# नेपाली बृहत् शब्दकोश

नेपाल प्रज्ञा-प्रतिष्ठान

# नेपाली बृहत् शब्दकोश

(संशोधित र परिवर्धित संस्करण)

## नेपाल प्रज्ञा–प्रतिष्ठान

**प्रकाशक**
**नेपाल प्रज्ञा–प्रतिष्ठान**
**कमलादी, काठमाडौं ।**

**प्रथम संस्करण** : १०,००० प्रति वि० सं० २०४०,

**पुनर्मुद्रण** : ५,००० प्रति वि० सं० २०५०

**पुनर्मुद्रण** : ५,००० प्रति वि० सं० २०५२

**पुनर्मुद्रण** : ५,००० प्रति वि० सं० २०५५

पुनर्मुद्रित संशोधित र परिवर्धित पाँचौं संस्करण– ५००० प्रति वि० सं० २०५८

पुनर्मुद्रित संशोधित र परिवर्धित छैटौं संस्करण– ५००० प्रति वि० सं० २०६०

पुनर्मुद्रित संशोधित र परिवर्धित सातौं संस्करण– ५००० प्रति वि० सं० २०६७

मूल्यः रू. ८७५।–

सर्वाधिकार नेपाल प्रज्ञा-प्रतिष्ठानमा सुरक्षित ।

ISBN No.: 978-99933-71-10-6

**मुद्रक**
**प्रज्ञा छापाखाना**
**कमलादी, काठमाडौँ ।**
**फोन नं. ४२२१२४२/४२२१२८३**

# नेपाली शब्दकोश समिति
**(सातौँ संस्करण)**

**अध्यक्ष**

**बैरागी काइँला**
कुलपति

**उपाध्यक्ष**

**गङ्गाप्रसाद उप्रेती**
उपकुलपति

**सदस्य**

डा. बेन्जु शर्मा □ प्रा. डा. महादेव अवस्थी □ भाउपन्थी
सुलोचना मानन्धर धिताल □ बूँद राना □ रामभरोस कापडि 'भ्रमर'
डा. संजीता वर्मा □ विष्णु प्रभात

**सदस्य–सचिव**

सनत रेग्मी

# नेपाली शब्दकोश समिति
**(प्रथम संस्करण)**

**अध्यक्ष**

**माधवप्रसाद घिमिरे**
उपकुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

**सदस्य**

प्रा० बालकृष्ण पोखरेल ☐ डा० वासुदेव त्रिपाठी ☐ डा० वल्लभमणि दाहाल
धनवज्र वज्राचार्य ☐ काशीनाथ तमोट

**सदस्य–सचिव**

विजयबहादुर मल्ल, सचिव,
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

**सहयोगी**

प्रस्तुत शब्दकोशमा केही थप पारिभाषिक शब्दको सुझाव दिनुभई सहयोग गर्नुहुने विद्वान्हरू

कमल दीक्षित ☐ केदार न्यौपाने ☐ घनश्याम कँडेल ☐ चूडानाथ भट्टराय ☐ डा० छविलाल गजुरेल ☐ जनकलाल शर्मा ☐ त्रैलोक्यमान प्रधानाङ्ग ☐ पूर्णप्रकाश 'यात्री' नेपाल ☐ फणीन्द्र काफ्ले ☐ भिक्टर प्रधान ☐ राजव ☐ राजेन्द्र सुवेदी ☐ रामप्रसाद शर्मा ☐ रेवतीरमण खनाल ☐ शरणहरि श्रेष्ठ ☐ शैलेन्द्रकुमार पोखरेल ☐ श्रीहरि रूपाखेती ☐ सोमनाथ घिमिरे ☐ हेमाङ्गराज अधिकारी ।

# नेपाली बृहत् शब्दकोश

## सम्पादक–मण्डल

**निर्देशक**

प्रा० बालकृष्ण पोखरेल
सदस्य (भाषा), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

**विशेष सम्पादक**

डा० वासुदेव त्रिपाठी
प्राध्यापक एवं अध्यक्ष, त्रि० वि० नेपाली शिक्षण समिति

डा० वल्लभमणि दाहाल
प्राध्यापक, त्रि० वि० नेपाली शिक्षण समिति

**सम्पादक**

कृष्णप्रसाद पराजुली
उपप्राध्यापक, त्रि० वि० नेपाली शिक्षण समिति

**सहसम्पादक**

गोपीकृष्ण शर्मा
सहप्राध्यापक, त्रि० वि० नेपाली शिक्षण समिति

**सहायक सम्पादक**

हर्षनाथ भट्टराई

# नेपाली शब्दकोश समिति

## सातौँ संस्करण तयारी समिति

### संयोजक

प्रा. डा. चूडामणि बन्धु

### सदस्य

प्रा. डा. हेमाङ्गराज अधिकारी

प्रा. डा. महादेव अवस्थी

प्रा. गोपीकृष्ण शर्मा

डा. जीवेन्द्रदेव गिरी

### सहयोगीहरू

प्रा. डा. बद्रीविशाल भट्टराई

प्रा. डा. योगेन्द्रप्रसाद यादव

प्रा. राजेन्द्र सुवेदी

डा. खगेन्द्र लुइँटेल

प्रा. डा. देवीप्रसाद गौतम

माधव ढुङ्गेल

# कुलपतिको मन्तव्य

नेपाल प्रज्ञा-प्रतिष्ठान नेपालको सांस्कृतिक, भाषिक र धार्मिक विविधतालाई ध्यानमा राखी समग्र वाङ्मयको संरक्षण र संवर्धन गर्नाका निम्ति सङ्गठित संस्था हो । नेपालका दर्शन, संस्कृति, भाषा, साहित्य, सङ्गीत, कला, नाट्य, सामाजिक शास्त्र आदिको अध्ययन-अनुसन्धान गराई तिनको प्राज्ञिक परम्परालाई सबल बनाउन २०१४ साल असार ९ गते नेपाल एकेडेमी (पछि रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)को स्थापना भएको थियो । २०६२/०६३ सालको जनआन्दोलनको सफलताबाट नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो र नेपाल प्रज्ञा-प्रतिष्ठान नेपालका सबै जातिका भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र समाजिक शास्त्रजस्ता वाङ्मयसँग सम्बन्धित प्रज्ञाको केन्द्र बन्यो । नेपाली वाङ्मयका यी प्रत्येक विषय र यिनका विभिन्न विधामा अध्ययन-अनुसन्धान गराई प्रकाशनमा ल्याउनु, पुराना ज्ञानको संशोधन र विस्तारका साथै नयाँ ज्ञानको स्थापना गर्नु र नेपालका लोपोन्मुख जातिका भाषा, लिपि, संस्कृति, श्रुतिपरम्परा, जीवनपद्धति र साहित्यको खोजी गरी तिनलाई जोगाउनु पनि यस प्रतिष्ठानको प्रमुख दायित्व हो । एक्काइसौँ शताब्दीको विश्वस्तरीय द्रुतवेगी ज्ञानप्रवाहबाट नेपाली प्राज्ञिक जगत्लाई र नेपालका नवीन प्राज्ञिक उपलब्धिबाट विश्वसमुदायलाई लाभान्वित तुल्याउनेतर्फ पनि यो प्रतिष्ठान सजग छ । वास्तवमा नेपालका सम्पूर्ण क्षेत्रको प्राज्ञिक उन्नयन र सृजनात्मक समृद्धिका निम्ति अग्रणी भूमिका खेल्दै राजधानी बाहिर पनि अनुकूल वातावरणको सिर्जना गरिदिनु यस प्रज्ञा-प्रतिष्ठानको दायित्व र कर्मक्षेत्र पनि हो ।

नेपालभित्र तथा नेपालबाहिरको सिङ्गो नेपाली प्राज्ञिक जगत्का सबै विद्वान्-विदुषी, स्रष्टा-द्रष्टा तथा प्रज्ञाकर्मीहरूका सद्भाव, सहयोगका साथै गोष्ठी र विचार-मन्थनमा सहकार्य गरी प्राज्ञिक वैचारिक आदान-प्रदानद्वारा नै नेपाली प्रज्ञा-जगत् विश्वको ज्ञानलहरीसँग होस्टेमा हैँसे गर्दै नेपालका ज्ञान-परम्पराको समुन्नयन गर्न र राष्ट्रिय गौरवको श्रीवृद्धिको कार्यमा समयोचित योगदान गर्न नेपाल प्रज्ञा-प्रतिष्ठान सफल हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

**२०६७ पौष**

**बैरागी काइँला**
कुलपति

राष्ट्रनायक **श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार**को वरद संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानको क्षेत्रमा उत्तरोत्तर विकास गर्दै जाने स्वर्ण अवसर प्राप्त गरेको छ। मौसुफ सरकारबाट बक्स भएको महान् प्रेरणा तथा निगाहको फलस्वरूप प्रज्ञा-प्रतिष्ठानबाट यो **नेपाली बृहत् शब्दकोश** प्रकाशित हुँदै छ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो। यस भाषामा भएको जीवन्तताले गर्दा यसले दिन-परदिन विशेष प्रगति गर्दै आएको कुरा सर्वविदित छ। नेपाली भाषामा प्रचलित शब्दहरू सङ्ग्रह गरी आवश्यक परिभाषा तथा उदाहरणसमेत दिएर व्यवहारोपयोगी शब्दकोश प्रकाशित गर्ने योजनाअन्तर्गत **नेपाली बृहत् शब्दकोश** तयार पारेर प्रज्ञा-प्रतिष्ठानले एउटा परम्परागत महत्त्वपूर्ण कार्य सम्पन्न गरेको छ। मुलुकको सर्वाङ्गीण विकासक्रममा राष्ट्रभाषाको व्यापक प्रचार, विकास तथा विस्तारमा यस शब्दकोशले ठूलो योगदान दिनेछ भन्ने मलाई विश्वास छ।

राष्ट्रको गौरव बढाउने यस्ता महत्त्वपूर्ण कार्यमा विद्वान्हरूबाट पाएको सहयोग र सद्भावनाका लागि प्रज्ञा-प्रतिष्ठान उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछ।

मिति : २०४० पौष १४ गते
प्रथम संस्करण

**लैनसिंह बाङ्गदेल**
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

**सातौँ संस्करण**

# प्रकाशकीय

नेपाली भाषाको अहिलेसम्म प्रकाशित सबैभन्दा आधिकारिक शब्दकोशमा नेपाल प्रज्ञा-प्रतिष्ठानको **नेपाली बृहत् शब्दकोश** रहिआएको छ । तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट तयार पारी यो कोश सर्वप्रथम वि.सं. २०४० मा प्रकाशित गरिएको हो । त्यसपछि क्रमशः वि.सं. २०५०, २०५२ र २०५५ मा यसका विभिन्न संस्करणहरू पुनर्मुद्रण भई प्रकाशमा आएका थिए । वि.सं. २०५८ मा तत्कालीन प्राज्ञ-परिषद्को नेतृत्वले यसलाई केही संशोधन र परिवर्धन समेत गरी यसका पाँचौं र छैटौं संस्करणलाई क्रमशः २०५८ र २०६० मा पुनर्मुद्रण गरेको हो । २०६० देखि लामो अवधिसम्म विभिन्न प्राविधिक कारणले यस शब्दकोशको अर्को संस्करण प्रकाशमा आउन सकेन । विशेष गरी वि.सं. २०६२ को दोस्रो जनआन्दोलनले मुलुकलाई नयाँ संरचनामा रूपान्तरण गरेपछि मुलुकका सबै अङ्गको नयाँ संरचना बन्ने बनाउने क्रममा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानलाई पनि नयाँ संरचनामा रूपान्तरण गर्न निकै समय लाग्यो र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले प्रतिष्ठानलाई नयाँ स्वरूपमा रूपान्तरण गरेपछि पनि यसका नेतृत्वदायी अङ्ग प्राज्ञ-सभा र प्राज्ञ-परिषद् गठनमा लामो समयसम्म पर्खनु परेकाले निर्णायक नेतृत्वदायी अङ्गको अनुपस्थितिमा प्रज्ञा-प्रतिष्ठानका अन्य काम थातीमा रहे जस्तै **नेपाली बृहत् शब्दकोश**को अर्को संस्करण प्रकाशनमा आउन सकेन । यसरी लामो समयसम्म यस कोशको पुनर्मुद्रण हुन नसकेकाले बजारमा यसको अत्यधिक माग रहेको कुरालाई ध्यानमा राखी नेपाल प्रज्ञा-प्रतिष्ठानको नवगठित प्राज्ञ-परिषद्ले यसको नयाँ संस्करण तुरुन्त प्रकाशन गर्ने निर्णय गरे बमोजिम कोशको सातौँ संस्करण हाल प्रकाशमा आएको छ ।

प्रस्तुत संस्करणलाई पूर्व प्रकाशित यस कोशको छैटौं संस्करणकै पुनर्मुद्रण भनेमा पनि फरक पर्दैन । मुलुकको बदलिंदो परिस्थिति अनुरूप नयाँ प्रयोगमा आएका केही शब्द र पुरानो संस्करणमा दिइएका केही शब्दका असान्दर्भिक अर्थलाई सान्दर्भिक रूपमा अर्थलेखन गर्नु सिवाय यस संस्करणमा तात्त्विक फेरबदल भएको छैन । प्रज्ञा-प्रतिष्ठानको आधिकारिक नेतृत्व गठन हुनुअघि नै तत्कालीन प्रज्ञा-प्रतिष्ठानको प्रशासनबाट यस कोशलाई समयानुकूल पार्न भाषाविज्ञहरूको समूह गठन गरिएको र यसरी गठित समितिले यस कोशको सातौँ संस्करण प्रकाशनका लागि तयार पारेका सुझाउहरूलाई आधार बनाई वर्तमान प्राज्ञ-परिषदले यो संस्करण प्रकाशन गर्ने निर्णय लिएको हो । यस कोशलाई नयाँ परिस्थिति अनुरूप धेरै कुरामा अद्यावधिक गर्न आवश्यक रहेको महसुस गर्दागर्दै पनि यसरी अद्यावधिक गर्न निकै समय लाग्ने भएकाले बजारको माग पूरा गर्न यसलाई यथास्थितिमा नै प्रकाशनमा ल्याउन परिषद् तयार भएको हो ।

प्रस्तुत कोशको यस संस्करणलाई तयार पार्न भाषाविद् प्रा. डा. चूडामणि बन्धुको संयोजकत्वमा प्रा. डा. हेमाङ्गराज अधिकारी, प्रा. डा. महादेव अवस्थी, प्रा. गोपीकृष्ण शर्मा र डा. जीवेन्द्रदेव गिरीले सदस्यको रूपमा रही विशेष प्रयत्न गर्नुभएको हो । नयाँ प्राज्ञपरिषद् गठन भएपछि नेपाली भाषा, व्याकरण र शब्दकोश हेर्न अख्तियारी पाएका उपकुलपति गङ्गाप्रसाद उप्रेतीको संयोजनमा माथिका विज्ञका अतिरिक्त प्रा. राजेन्द्र सुवेदी, प्रा. डा. देवीप्रसाद गौतम, प्रा. डा. बद्रीविशाल भट्टराई, डा. खगेन्द्र लुइँटेलसमेतले उल्लेखनीय सहयोग पुऱ्याउनु भएको छ । वस्तुतः प्रस्तुत कोशको यस संस्करणमा भएका राम्रा पक्ष र कमीकमजोरीको जस अफजस यसमा काम गर्ने माथि उल्लेख गरिएका विज्ञहरूमा नै जाने कुरा यहाँ उल्लेख गर्न आवश्यक ठान्दछु । यस संस्करणलाई यसरी प्रकाशन गर्न सहयोग पुऱ्याउने माथि उल्लेखित विद्वान्हरूलाई नेपाल प्रज्ञा-प्रतिष्ठान विशेष धन्यवाद ज्ञापन गर्दछ । यसका अतिरिक्त प्रज्ञा-प्रतिष्ठानका प्रमुख प्रशासक श्री हरिहर शर्मा लगायत यस काममा संलग्न अन्य प्रशासनिक अधिकारीहरू र यही कोशका लागि नै काम गर्न खटिएका (योजना) कर्मचारी श्री माधव ढुङ्गेलको परिश्रमको पनि सराहना गर्नु आवश्यक छ । वास्तवमा प्राज्ञ-परिषद्को अनुपस्थितिमा पनि प्रस्तुत कोशको यो संस्करण प्रकाशमा ल्याउनका निम्ति प्रतिष्ठानको तत्कालीन प्रशासनको जागरुकताले यो कोश यसरी प्रकाशनमा आउन सकेको हो । यसका लागि यसमा संलग्न सबै प्रशासनिक एवं प्राविधिक कर्मचारीहरू धन्यवादका पात्र छन् ।

नेपाली भाषाको लेख्य परम्परा सुरु भएको पनि एक हजार वर्षभन्दा बेसी भइसकेको छ । सुरुमा आर्यमूलका खस बाहुन छेत्री आदिबाट मातृभाषाको रूपमा बोलिने यो भाषा हाल नेपालका विभिन्न भाषाभाषी समुदायको सम्पर्क भाषा भएको छ । नेपाल सरकारको सरकारी कामकाजको भाषा पनि यही भाषा भएकाले नेपालका सबै जाति जनजातिका लागि पनि यो भाषा आफ्नो अभिव्यक्तिको अभिन्न अङ्ग भएको छ । नेपालको बढ्दो बाहिरी सम्पर्क र ज्ञानविज्ञानका क्षेत्रमा नेपालीहरूको प्रगतिउन्मुख पहुँचले यस भाषाको प्रयोग क्षेत्र अरू बढ्दै छ । भारतमा नेपाली भाषाले भारतीय नेपाली भाषाको रूपमा संवैधानिक मान्यता प्राप्त गरेको छ । भारत जस्तै विश्वका विभिन्न भागमा आप्रवासनका क्रममा पुगेका नेपालीहरूको जातीय पहिचानको रूपमा रहेको यस भाषाको विस्तार विश्वव्यापी रूपमा बढ्दै छ । त्यस्तै विश्वका विभिन्न विश्वविद्यालयले पनि नेपाली भाषा, साहित्य र संस्कृतिलाई पठनपाठन गराउने प्रक्रिया दिनप्रतिदिन बढ्दो छ । नेपाली भाषाको यस विकासशील स्वरूपलाई समेट्न २०४० सालमा प्रकाशित **नेपाली बृहत् शब्दकोश**को परिमार्जन र विस्तार गर्दै अद्यावधिक गर्न आवश्यक छ । विभिन्न भौगोलिक, जाति, जनजाति क्षेत्रमा प्रयोग भइरहेका नयाँ नयाँ शब्दहरूलाई समावेश गरी यस कोशलाई अद्यावधिक गर्ने विशेष योजना प्राज्ञ-परिषद्ले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्दै छ । यस कामका लागि सर्वप्रथम कोश अद्यावधिक गर्न आवश्यक केही मानक सिद्धान्तको निर्धारण गर्न  र नेपाली भाषाको मौलिकतालाई संरक्षण गर्दै नेपाली भाषाको वर्णविन्यास, लेखन पद्धतिलाई समयानुकूल बनाउन विज्ञहरूको विशेष छलफल हुनु आवश्यक छ । यही आवश्यकतालाई महसुस गरी नेपाली भाषा प्रयोगमा ल्याउने सबै समूहका प्रयोक्ता र देश विदेशमा रहेर नेपालभाषाको समृद्धिमा लागिपरेका विज्ञहरूको जमघट गराई नेपाली वर्ण-विन्यास र कोशनिर्माणका मानक निर्धारण गर्न यही आर्थिक वर्षमा बृहत् भाषिक संगोष्ठीको आयोजना प्राज्ञ-परिषद्ले गर्नेछ । यस संगोष्ठीले निर्धारण गरेका मानकहरूको जगमा टेकेर नै यस कोशलाई यसै वर्षदखि अद्यावधिक गर्ने कार्य सुरु गरी आगामी आर्थिक वर्षमा प्रकाशन गरिनेछ । बृहत् छलफलपछि तयार परिएका मानकहरूको आधारमा तयार पारिने **नेपाली बृहत् शब्दकोश**को नयाँ संस्करणले नेपाली भाषाको मानक रूप चिन्न चिनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने प्राज्ञ-परिषद्को अपेक्षा रहेको छ । यस कार्यलाई सफल पार्न नेपाली भाषाको क्षेत्रमा कार्यरत विज्ञहरूबाट अवश्य नै पूर्वाग्रहरहित सहयोग प्रतिष्ठानले प्राप्त गर्ने हाम्रो आशा छ ।

धेरै दिनदेखि अभावमा रहेको **नेपाली बृहत् शब्दकोश**लाई केही संशोधन सहित प्रकाशन गर्दा निश्चय पनि केही कमी कमजोरी रहेका होलान् । यस्ता समग्र कमीकमजोरी हटाउन विज्ञ पाठकबाट प्राप्त हुने सुझावलाई यस कोशको अद्यावधिक हुने नयाँ संस्करणमा समेटिने प्रतिबद्धता जाहेर गर्दै यो संस्करण तयार पार्न सहयोग गर्ने सम्पूर्ण महानुभाव एवं विशेष गरी यस शब्दकोशको कम्प्युटरसम्बन्धी सारा कार्य सम्पन्न गर्न राजकुमार श्रेष्ठ र मुद्रणसम्बन्धी सारा कार्य सम्पन्न गर्न प्रकाशन प्रमुख सन्ध्या पहाडी प्रज्ञा-छापाखानाका भिमप्रसाद सापकोटा, सुरेन्द्रकाजी सिन्दुराकार, इन्द्रप्रसाद सुवेदी, रामकृष्ण महर्जन, शेषराज देवकोटा, लोकेन्द्र याखा, कर्णबहादुर कुमाल, तथा भुलबहादुर श्रेष्ठ आदिले देखाउनु भएको उत्साह, जाँगर र कर्तव्यनिष्ठाको सराहना गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

२०६७ पौष १ गते
कमलादी, काठमाडौं ।

**गङ्गाप्रसाद उप्रेती**
**उपकुलपति**

<u>प्रथम संस्करण</u>

# प्रकाशकीय

नेपाली भाषा जीवन्त भाषा हो। यो भाषा जातीय जीवनभित्र हुर्कंदै आएको हो र हुर्कंदै छ। यसमा आफैभित्रबाट विकसित हुने र भाषान्तरका शब्दलाई आत्मसात् गर्ने शक्ति छ। यही नै यसको जीवन्तताको चिह्न हो। कोशकारको निम्ति यसका बोलीचालीबाट, लोकसाहित्यबाट, लिखित वाङ्मयबाट, भाषान्तरबाट शब्दसङ्कलन गर्ने कैयौँ फाँट पाइन्छन्। कोशकारले शब्दलाई त्यसरी सङ्कलन गर्छ जसरी चराले बचरालाई खुवाउने चारा चुन्छ। त्यसमा तोरीका गेडा पनि हुन्छन् र बालुवाका कण पनि हुन्छन्; तर त्यहाँ विष वर्जित हुन्छ। हामीले पाएजति शब्द सोहोरेर साध्य छैन, पच्नेजति मात्र चुनेर भाषाको पोषण गर्नुपर्छ। वक्ता र श्रोताका वस्तु र भावका बिम्बहरू परिस्थिति र मनःस्थितिअनुसार प्रतिपल अलिकति भए पनि भिन्नै हुन्छन्। तिनको निम्ति मनुष्यले कति नै शब्दको विस्तार गर्न सक्छ र ? नयाँ शब्दको प्राप्ति नौ अङ्कपछि शून्यको प्राप्तिजस्तै हुनपर्छ अनि आवश्यकता हेरी त्यस्तै अरू शब्दको साथ प्रस्तार गर्न पाइन्छ। कुनै जातिको भाषामा 'न्याय' शब्दको नयाँ प्रविष्टिबाट त्यो जातिभित्रै भइरहेको मूक भावनाले वाणी पाउँछ, त्यसैको माध्यमबाट जीवनमा त्यस भावनाले विस्तार पाउँछ। जुन भाषामा जति नै बढी शब्द पाइन्छन्, त्यो भाषा त्यति नै समृद्ध मानिन्छ। तर यसभन्दा पनि महत्त्वपूर्ण कुरा के छ भने जुन भाषाका शब्दमा जति बढी अभिव्यक्तिक्षमता पाइन्छ, त्यो भाषा त्यति नै समृद्ध हुन्छ। संस्कृतजस्तो समृद्ध भाषामा पनि एउटै 'योग' शब्दलाई अष्टाङ्गयोग, गणित, फलित ज्योतिष र आयुर्वेदले आ-आफ्ना परिभाषा दिएर प्रयोग गरेको पाइन्छ। नेपाली भाषाले शीतल शब्दलाई 'नदुखाउने' अर्थमा पनि प्रयोग गरेको छ र नै कपाल फाल्दा या घाउ निचोर्दा हामी शीतल हातलाई मन पराउँछौँ। आमालाई आमा भन्दाखेरि जति आत्मीयताको बोध हुन्छ, माता भन्दाखेरि त्यति हुँदैन। तर शब्दकोशमा यो अन्तर छुट्ट्याउने कुनै उपाय छैन। हामीलाई हाम्रै स्थानीय बोलीको 'सोल्टी' कति राम्रो लाग्छ, सामाजिक सम्बन्धको यति सङ्क्षिप्त सुन्दर अभिव्यक्ति अन्त कहाँ पाइन्छ र ! 'हिसी' शब्दको सौन्दर्य र सुकुमारीपनले भाषाकै अनुहार हिसी परेको देख्छौँ। 'पैसो'-मा जुन नगण्यता र क्षुद्रता आदि भावको व्यञ्जना छ, के त्यही नै भाव पुर्तगालीमा पाइएला ? हामीले 'नाबालिग'-लाई नाबालख बनाएर कुनै अन्याय गरिरहेका छैनौँ। हामीकहाँ जुन शब्द छैनन्, तिनलाई भाषान्तरबाट नलिने हो भने हामी अन्य जातिले उपलब्ध गरेका शिल्प र ज्ञानबाट वञ्चित हुन्छौँ र आजको प्रविधि र विज्ञानलाई विश्वबाट दोहन गर्न पनि सक्तैनौँ। तर अन्य भाषाका शब्द लिँदा छोरो बेचेर कमारो किन्ने जस्तो गर्ने होइन, छोराको निम्ति सिपालु र सुशील बुहारी बिहा गरिदिने जस्तो गर्नुपर्छ अनि मात्र उसका असल गुणहरू गुड पानीमा बिलाएजस्तै हामीकहाँ विलीन हुन्छन्। हामीले फारसीबाट बाबत शब्द लियौँ र बापती शब्द बनायौँ। त्यसैबाट आरोप लाग्नुको अर्थमा 'बात लाग्नु' वाक्यांश बनायौँ। यहाँको 'बात' शब्द 'वार्ता'-बाट आएको अनुमान गर्ने हो भने कनीकुथी लक्ष्यार्थ मान्नुपर्ने हुन्छ। शब्दकोशको मुख्य काम त अभिधेयार्थ दिनु नै हो। विश्वकै पहिलो शब्दकोश मानिने निघण्टुमा शब्दको निर्वचन गर्दा निरुक्तकार यास्क शब्दको अभिधेयार्थ नै दिन्छन्। यति हुँदाहुँदै पनि कोशकारले कुनै शब्दको अभिधेयार्थको साथै लक्ष्यार्थ पनि दिनुपर्छ नै। वस्तुको नामबाट त्यसका गुण, धर्म र स्वभावका भिन्नाभिन्नै बिम्ब बन्न पनि जान्छन्। एउटै 'पानी' शब्दबाट कान्तिको तरलता, हीराको निर्झरतुल्य आभा, घोडाको तेज, पुरुषको पौरुषवृत्ति आदि बुझिन्छन्। परन्तु शब्दको यस्तो अर्थ त्यहीँ मात्र खुल्छ, जहाँ त्यसले समास, वाक्यांश या वाक्यको प्रयोग र प्रसङ्ग पाउँछ। 'मूलको पानी, कुलकी छोरी' जस्ता वाक्यमा कन्याको कुलको र शीलको शुद्धता पानी शब्दबाटै व्यञ्जित हुन्छ। 'यो माया बग्ने पानी हो' जस्तो वाक्यमा माया निरवच्छिन्न लागिरहनु, स्वीकार नभए त्यसै खेर जानु आदि अनेक अर्थ ध्वनित हुन्छन्। यस्ता अर्थ दिन थाल्यो भने शब्दकोश त टीकाकोश बन्न जान्छ– यद्यपि त्यो ध्वनिको अनुरणन त्यही केन्द्रीय शब्दबाट नै निस्केको हुन्छ। तर कुनै शब्दको प्रसिद्ध लक्ष्यार्थलाई नदिने हो भने जनजीवनमा समेत भिजिसकेको भाषाको सौन्दर्य र सरसता नै त्यसै बिर्सिएर जान सक्छ। कहीँ त कोशकारले लक्ष्यार्थलाई नलिई सुखै छैन। 'जता मल्कू, त्यतै ढल्कू'-मा मल्कूको मुख्यार्थ नाङ्लो ढल्काएर केलाइने

मकैका खस्रा चामल भन्ने नै थाहा छैन र मन परेकी प्रेमिका भन्ने लक्ष्यार्थ चाहिँ प्रचलित छ । जसरी वृत्तिभेदले एकै शब्दका विभिन्न अर्थ लाग्छन्, त्यसरी नै हृदयको भाव बुझाउने विभिन्न शब्दको करिब-करिब अभिन्न अर्थ लाग्छ । प्रेमी र प्रेमिका माया पनि गर्छन्, प्रीति पनि गर्छन् र परस्पर मायाप्रीति पनि गर्छन् । हामीलाई माया सबैको लाग्छ, तर माया प्रियमा मात्र बस्छ । उही माया गर्दा, लाग्दा र बस्ता कति सूक्ष्म बन्दै जान्छ ! 'माया नगरे पनि दया त गर' भनेर माया र दयालाई भिन्नै ठान्छौँ; तर बचराको चल्ला कुल्चिएर मर्न लागेको देख्दा हामीलाई माया लाग्छ । जीवन्त भाषा सहज रूपले स्फुरित हुन्छ, त्यसमा भावहरू निर्झरमा बग्ने इन्द्रेनीका लुर्काझैँ कहिले छुट्टिएर, कहिले जोल्टिएर निस्किरहन्छन् । हामीले यसै भाषामा माया लगायौँ र एकै शब्दलाई पनि लिएर दिनभरि भावनामा प्रवाहित भयौँ । हामीले यसैमा सपना देख्यौँ र सुसेलीमा यसैको भाका अलाप्यौँ । मनुष्यहरू आफ्ना अन्तरतममा कता-कता ध्वनि र बिम्बलाई अभिन्न रूपमा अनुभव गर्छन्, अनि 'रूप' भन्नेको मनमा 'नाम' बन्छ र नाम सुन्नेको मनमा 'रूप' बन्छ । हामी शब्द र अर्थलाई परस्पर सम्पृक्त शिव र पार्वती मान्दछौँ, जसबाट मनुष्यको मानसविश्वको निरन्तर अभिव्यक्ति भइरहन्छ ।

नेपाली भाषा लेख्य रूपमा देखा पर्न थालेको एक हजार वर्ष भयो । यसमा सबभन्दा पहिले साहित्य, त्यसपछि व्याकरण र त्यसपछि मात्र कोशको निर्माण भयो । आजभन्दा करिब आधा शताब्दीअघि टर्नरको नेपाली कोश प्रकाशित भयो, जसको अर्थ अङ्ग्रेजीमा छ । त्यसपछि नेपालीमै अर्थ भएको नेपाली कोश चाहिँ नेपाली भाषाप्रकाशिनी समितिको शब्दकोश हो । समितिको कोश चन्द्रिका व्याकरणसम्मत वर्तनीमा आधृत छ भने टर्नरको कोशचाहिँ कथ्य नेपालीको वर्तनीको नजिकमा छ । हाम्रो साहित्यले समितिकै वर्तनी (हिज्जे)-को अनुसरण गर्‍यो । लेख्य भाषामा त्यसैको व्यापक प्रभाव पर्‍यो । यसरी नेपाली शब्दको स्वरूपलाई त्यस वेला व्याकरण, कोश र साहित्यले सम्मिलित रूपमा स्थिर गरे । अधिराज्यभरि र अधिराज्यबाहिर जहाँ लेखे पनि शब्दलाई त्यही रूपमा लेखिनु र त्यसको त्यही अर्थ बुझिनु भाषाको निम्ति एक ठूलो उपलब्धि हो । यद्यपि जीवित भाषालाई कोश र व्याकरणले जकडिराख्न सक्तैनन् र समयअनुसार त्यसका शब्द र अर्थमा परिवर्तन हुँदै आउनु जीवन्तताको लक्षण हो; तर त्यो परिवर्तन पनि सर्वग्राह्य हुन सके मात्र उपलब्धि ठहरिन जान्छ । वास्तवमा शब्दको अर्थ भन्नु सङ्केत हो, वर्तनी भन्नु बानी नै हो । तर एकदुई जनाले सङ्केत गर्दैमा शब्दमा शक्ति स्फुरित हुँदैन र एकदुई जनाको बानी बस्तैमा त्यसलाई सबैले स्वीकार गर्दैनन् । समितिकै कोशको परम्परामा बालचन्द्र शर्माको नेपाली शब्दकोश प्रज्ञा-प्रतिष्ठानबाट बीस वर्षअघि प्रकाशित भएको हो । आज टर्नर, समिति र शर्माको गौरवमय परम्परामा दुई पाइला अघि सार्दै यो **नेपाली बृहत् शब्दकोश** आएको छ । २०३३ सालमा तत्कालीन उपकुलपति श्री लैनसिंह बाङ्गदेल (वर्तमान कुलपति)-को अध्यक्षतामा शब्दकोश-समितिको गठन भएको थियो र त्यसैको परामर्शमा २५ प्रतिशत कार्य सम्पन्न भइसकेको थियो । २०३६ सालमा वर्तमान उपकुलपतिको अध्यक्षतामा केही परिवर्तनसाथ कोशसमितिको गठन भयो र त्यसको परामर्शअनुसार सम्पादनको कार्य अगाडि बढ्यो । हामीले सम्पादनकार्यमा भाषाविज्ञ, कोशनिर्माण-शिल्पका शिल्पी र विविध विषयका विशेषज्ञहरूको अधिकाधिक सङ्ख्यामा सहभागिता प्राप्त गर्‍यौं । यसमा बढी सङ्ख्या त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूकै छ र यसबाट शब्दस्वरूप र तिनको अर्थमा प्रज्ञा-प्रतिष्ठान र त्रि०वि०वि०-बीच समन्वय रहनेछ भन्ने हामीले आशा राखेका छौँ । यस कोशमा शब्दको अर्थको निम्ति पर्यायवाची शब्दको साथै यथासम्भव पारिभाषिक अर्थ दिने प्रयत्न भएको छ । जहाँ उस्तै-उस्तै अर्थ बुझाउने शब्दमा सूक्ष्म भेद छ, जहाँ एकै शब्दका विभिन्न विषयअन्तर्गत अनेक अर्थ छन्, जहाँ सभ्यताको विकासले गर्दा प्राचीन शब्दको अर्थ विस्मृत भइसकेको छ, जहाँ स्थूल अर्थ दिने उही शब्दले सूक्ष्म अर्थ दिएको छ, त्यस्ता स्थलमा हामीले उदाहरणसहित अर्थ खुलाउने उपाय गरेका छौँ । लोकसाहित्य र सूक्तिमा कतिपय शब्द मुख्यार्थमा भन्दा लक्ष्यार्थमा प्रचलित हुन्छन्, त्यस्ता शब्दको निम्ति लोकजीवनमा भिजेका उखान-टुक्का र विशिष्ट वाक्यांश पनि दिएका छौँ । प्रविधि र विज्ञान आदि विषयका लोप हुँदै गएका, प्रचलित भइरहेका र नयाँ प्रचलनमा आइरहेका केही पारिभाषिक शब्दलाई पनि समावेश गरेका छौँ ।

**राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार**बाट नेपाली भाषा र वाङ्मयको विकासमा राखिबक्सेको गहन रुचि र असीम निगाहाको फलस्वरूप नै यो **नेपाली बृहत् शब्दकोश** प्रकाशित हुन सकेकोमा मौसुफ सरकारसमक्ष सभक्ति कृतज्ञता बिन्ती चढाउँछौँ । सरकारबाट कृपापूर्ण सन्देश बक्सेर कोशसम्पादन-कार्यमा संलग्न हामी सबैलाई

कृतार्थ पारिबक्सेको छ। यस सन्देशमा निहित पवित्र भावनालाई हामीले राष्ट्रभाषाको अभिवृद्धि गर्ने कार्यमा अझ उत्साहले संलग्न रहनको निम्ति प्रेरणाप्रद आशीर्वाद सम्झेका छौँ।

श्री ५ को सरकारले शब्दकोश प्रकाशन गर्न र यसको आयबाट 'शब्दकोश-परिक्रमानिधि' स्थापना गर्न उदारतासाथ एकमुष्ट रकम प्रदान गरेको छ। यसको निम्ति श्री ५ को सरकारप्रति विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौँ।

शब्दकोश-समितिका सहयोगी विद्वान्हरूबाट हामीलाई अमूल्य परामर्श प्राप्त भएको छ। खास गरी, पारिभाषिक अर्थलेखनको निम्ति आधारभूत नमुना तयार पार्ने, शब्दका वैकल्पिक रूप कुन आधारमा कति दिने, सम्पादन भइसकेपछि अन्तिम रूप दिने जस्ता कार्यमा उहाँहरूबाट हामीले ठूलो सहयोग पायौँ। यसै गरी हाम्रा सहयोगी विद्वान्हरूले खास-खास विषयका प्रायः अज्ञात वा विस्मृत भईकन पनि उपयोगी केही शब्दहरूको सङ्कलन र पारिभाषिक अर्थलेखनमा रुचिसाथ सहयोग दिनुभयो। यसको निम्ति विद्वान् महानुभावलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत कोशको तयारीको क्रममा केही शब्दको अर्थलेखनमा सहयोग दिनुहुने प्राध्यापकहरू सर्वश्री घनश्याम कँडेल, डा० दयाराम श्रेष्ठ, नरेन्द्र चापागाईं र राजेन्द्र सुवेदीलाई पनि धन्यवाद नदिई रहन सकिन्न।

निर्देशक सम्पादक, हाम्रा भाषातर्फका सदस्य, प्राध्यापक बालकृष्ण पोखरेल, विशेष सम्पादकद्वय प्राध्यापक डा० वासुदेव त्रिपाठी र प्राध्यापक डा० बल्लभमणि दाहाल, सम्पादक उपप्राध्यापक कृष्णप्रसाद पराजुलीले यस कोशमा आफ्नो प्रतिभा र पसिना नै भिजाउनुभएको छ। यसको साथै सहसम्पादक सहप्राध्यापक गोपीकृष्ण शर्मा र कार्यकारी सम्पादक पं० हर्षनाथ भट्टराईले उल्लेखनीय कार्य गर्नुभएको छ। यसरी कोश सम्पादनको कार्यलाई पवित्र अनुष्ठानको रूपमा सम्पन्न गर्ने सम्पादकमण्डलका सबै सहकर्मी विद्वान्हरूलाई हार्दिक धन्यवाद प्रदान गर्दछु।

मुद्रणकार्यको निम्ति सुचारु रूपले सम्पूर्ण व्यवस्था मिलाउने प्रशासनप्रमुख लक्ष्मणप्रसाद लामिछाने, मुद्रणको वेलासम्म पनि मूल प्रतिको निरीक्षण, परिमार्जन र प्रुफ संशोधन गर्नुहुने कृष्णप्रसाद पराजुली, प्रुफ संशोधन गर्ने गोपीकृष्ण शर्मा, हर्षनाथ भट्टराई, कुमारधर शर्मा, बद्रीचन्द्र खनाल र वाराणसीमा मुद्रणव्यवस्थाको निम्ति सहयोग दिने साहित्यकार दुर्गाप्रसाद श्रेष्ठलाई हार्दिक धन्यवाद प्रदान गर्दछु।

यो कार्य सबैको सहभागिताबाट सम्पन्न भएको हो र यसको सफलताको श्रेय पनि सबैको हो। जो यसमा संलग्न छैनन्, ती भाषाप्रेमीबाट पनि भविष्यको कोशसम्पादनको निम्ति यसमा रहन गएका भूललाई औँल्याइदिने र भाषाको आकाशमा अझै देख्न शेष रहेका तारातिर इसारा गरिदिने आशा राख्दछौँ।

**२०४० साल, पौष १४ गते।**

**माधवप्रसाद घिमिरे**
**उपकुलपति**
**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**

# पुनर्मुद्रित संस्करणबारे

यस पुनर्मुद्रित संस्करणमा विभिन्न स्रोतबाट उपलब्ध भएका अशुद्धिहरूमात्र यथासम्भव सुधारिएका छन् । प्रथम संस्करणमा भएका अशुद्धिहरू पहिल्याइदिने विद्वान्हरूमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान शतशः धन्यवाद अर्पण गर्दछ ।

भविष्यमा पनि विद्वान्हरूबाट यस्तै शुद्धीकरणका सुझाउहरूको अपेक्षा गरिएको छ ।

**२०५० पौष १४ गते ।**
**दोस्रो संस्करण**

**ईश्वर बराल**
**उपकुलपति**
**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**

# सम्पादकीय

**१. प्रस्तावना**

मानवजीवनका सम्पूर्ण क्रियाकलाप, चिन्तनमनन तथा अभिव्यक्तिहरूको सबभन्दा सशक्त माध्यम भाषा नै हो । भाव तथा विचारको प्रस्फुटन तथा सञ्चारका क्रममा भाषाले सामाजिक जीवनलाई गतिशील बनाउनाका साथसाथै साहित्य तथा साहित्येतर ज्ञानविज्ञानको उचाइसम्म पुऱ्याउने गर्छ । भाषाको अभिव्यक्तिक्षमता यसका शब्दभण्डारको क्षमतामा निर्भर गर्छ र त्यस भाषामा खेलेका, भिजेका र रत्तिएका शब्दहरूकै समष्टि हो शब्दभण्डार । विश्वका हरेक जातिका भाषिक प्रयोगमा त्यस भाषाका शब्दएकाइहरूको महत्त्वपूर्ण स्थान हुन्छ । कुनै भाषाको सञ्चारसामर्थ्यको मापन गर्ने मूल आधार शब्दस्रोत पनि हो । शब्दसम्पन्नता र अर्थवहन-क्षमताले भाषालाई जीवन्त बनाउँछ । भाषामा आवश्यकता र परिस्थितिअनुसार हुने शब्दप्रयोग र अर्थविधानमा समयानुकूल परिष्कार वा परिवर्तन भइरहन्छन् । निश्चय नै शब्दकोश कुनै पनि भाषाको शब्दभण्डारको सूचक हो र त्यस भाषाको प्रयोग वा अध्ययन गर्नेहरूका लागि सहायक आधार पनि हो । अन्य भाषाभाषीहरू र विदेशीहरूका निम्ति त यसको झन् बढी उपयोगिता छ ।

नेपाली भाषा, व्याकरण आदिबारे नयाँ ढङ्गले चासो लिने विदेशीहरूमा डब्लु० जे० कर्कप्याट्रिक, सी० यु० एटन र ए० टर्नबुल आदिको कार्य प्रशंसनीय छ । कर्कप्याट्रिकले नेपालको इतिहास वा वंशावलीसम्बन्धी विवरणको पृष्ठभागमा नेपाली शब्दहरूको सूची पनि दिएका छन् । यस पुस्तकको प्रकाशन १८११ इ० मा भएको थियो । यसको नौ वर्षपछि १८२० इ० मा एटनले 'नेपाली व्याकरण' भन्ने पुस्तक कलकत्ताबाट प्रकाशित गराए । १८८७ इ० मा टर्नबुलको 'नेपाली व्याकरण र शब्दावली' को प्रथम संस्करण पनि दार्जिलिङबाट प्रकाशित भयो । नेपाली भाषाको अन्वेषण गर्ने, विद्वान्हरूमा आर० एल० टर्नरको नाम उल्लेख्य छ । उनको नेपाली शब्दको अर्थ अङ्ग्रेजी भाषामा लेखिएको **नेपाली-अङ्ग्रेजी शब्दकोश** १९३१ इ० मा प्रकाशित भयो । यस क्रममा नेपाली भाषामा शब्दकोशको निर्माण गर्ने नेपाली विद्वान्हरूमा पण्डित चक्रपाणि चालिसे, पण्डित रामचन्द्र ढुङ्गाना आदिका प्रयास उल्लेखनीय छन् ।

वि० सं० २०१९ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित बालचन्द्र शर्माद्वारा सम्पादित नेपाली शब्दकोशको विशेष योगदान रहेको छ । उक्त कोशले निकै समयसम्म अभावको पूर्ति गरेको हो तापनि त्यो फेरि प्रकाशित हुन सकेन ।

भाषाको क्षेत्रमा पाँच-दश वर्षमा पनि निकै नयाँनयाँ शब्दहरू प्रचलनमा आउने गर्छन् । त्यसैले यस्ता नयाँ शब्दहरूको पनि खोजमेल गरी शब्दकोशमा समाविष्ट गर्नुपर्ने आवश्यकता स्वभावतः बढ्दै जान्छ । यसै परिप्रेक्ष्यमा प्रज्ञा-प्रतिष्ठानद्वारा विभिन्न विद्वान्हरूको सहभागितामा एउटा स्तरीय शब्दकोश अपेक्षित ठानिएअनुसार प्रस्तुत शब्दकोश तयार भएको हो ।

शब्दकोशको सम्पादनकार्य श्रमसाध्य र समयसाध्य हुन्छ । प्रज्ञा-प्रतिष्ठानद्वारा २०३३ सालदेखि कोशको तयारी गर्ने निर्णय भई यस शब्दकोशको सम्पादनकार्य प्रारम्भ भए तापनि हाम्रा निम्ति भने अत्यन्त सीमित समय मात्र प्राप्त भयो र प्रायः सम्पूर्ण कार्य नयाँ रूपरेखामा लगभग नयाँ किसिमले पूर्ण गर्नुपऱ्यो । शब्दकोशसम्पादनको गुरुतर कार्यअनुरूप अधिकाधिक विद्वान्हरूको सहभागिता प्राप्त गरी सामूहिक यज्ञका रूपमा शब्दकोशको यो सम्पादनकार्य अगाडि बढ्यो । यस सन्दर्भमा एकरूपता कायम गर्नुदेखि लिएर अर्थको पुनर्लेखन तथा तिनको परिष्कार, छुट तथा कतिपय नयाँ शब्दहरू समावेश गर्नुसम्मका कार्य सम्पादनका क्रममा भएका छन् । यसैले अल्प अवधिमा जेजति हुन सक्यो, अत्यन्त श्रम-साधनाले मात्र हुन सकेको छ । मुद्रणका क्रममा गइसकेपछि पनि कतिपय शब्द र अर्थमा परिमार्जन तथा परिष्कार गर्नुपरेको छ । यसरी तयार भएको प्रस्तुत कोश त्रुटिरहित छ भन्ने दाबी छैन; तर पनि कोशलाई प्रामाणिक र स्तरीय बनाउन साधन र समयले दिएसम्म भरिसक्के प्रयासचाहिँ भएको छ ।

प्रस्तुत शब्दकोशको सम्पादनमा विभिन्न कठिनाइ आइपरे र तिनको यथासम्भव समाधान गरियो । सो समाधान के कसरी भएको छ भन्ने कुराको प्रमाण कोश नै छ तापनि यस सन्दर्भमा भन्नैपर्ने केही कुरा छन् । तीमध्ये शब्दचयन तथा प्रविष्टिअनुक्रम, व्युत्पत्ति, अर्थलेखन र वर्णविन्यास प्रमुख रूपमा आउँछन् । तिनका बारेमा तल क्रमशः सङ्क्षेपमा उल्लेख गरिएको छ र सङ्केत-सूची तथा चिह्न-सूचीद्वारा पनि कतिपय कुरा प्रस्ट हुनेछन् ।

**२. शब्दचयन तथा प्रविष्टिअनुक्रम**

प्रस्तुत शब्दकोशमा भाषिक व्यवहार र वाङ्मयका विभिन्न फाँटमा प्रचलनमा आएका नेपाली शब्दहरू दिने प्रयास गरिएको छ । ज्यादै अप्रचलित, अतिक्षेत्रीय र अतिकथ्य शब्दहरू कोशमा समाविष्ट गरिएका छैनन् । स्तरीय नेपालीमा एक पदमा भाव व्यक्त नहुने शब्द भेटिएमा विशेषतः क्षेत्रीय भाषिकाबाट लिने नीति अँगालिएको छ भने सांस्कृतिक जीवनमा प्रचलित शब्दलाई पनि थोरथोर भित्र्याइएको छ ।

संस्कृत तत्सम शब्दलाई लिँदा वर्तमान मानक वा स्तरीय नेपाली भाषामा ज्ञान-विज्ञानका विभिन्न फाँटमा प्रयोग भएसम्मका शब्दहरूलाई लिइएको छ । प्रयोग-औचित्य र आवश्यक ज्ञानका दृष्टिमा बाहेक नेपालीमा अप्रचलित रहेका संस्कृत तत्सम शब्दहरू यसमा समावेश गरिएका छैनन् । नेपाली शब्दले नै पर्याप्त अर्थ वहन गर्ने र तिनलाई प्रयोग गरिँदा हिन्दी-उर्दू आदिबाट प्रभावित भएका तथा बिटुला ठानिने आगन्तुक शब्द पनि यसमा गाभिएका छैनन् । यसरी पूर्ववर्ती कोशमा समाविष्ट अडचन, एहसान, दिक्कत, पडोसी, परेसान जस्ता थुप्रै शब्द हटाइएका छन् । अङ्ग्रेजी आदि भाषाका शब्दमा पनि नेपाली जिब्रामा पचिसकेका शब्दलाई मात्र प्रविष्टि दिइएको छ र त्यसरी दिनु आवश्यक भएका ठाउँमा पनि अधिकांशतः नेपाली शब्द हेर्न सङ्केत गरिएको छ ।

शब्दहरूको रखाइक्रम वा अनुक्रममा सादा एक वर्ण मात्र भएमा सर्वप्रथम सो वर्ण र त्यसपछि क्रमशः चन्द्रबिन्दु, शिरबिन्दु र विसर्गयुक्त वर्ण दिइएका छन् । देवनागरी लिपिका ॠ तथा ऌ, ॡ वर्णको प्रयोग नेपाली स्वरवर्णमा नहुने हुनाले ऌ वर्णको काम 'ल' व्यञ्जनवर्णका क्रममै हुन सक्ने भएकाले स्वरवर्णमा तिनको प्रविष्टि दिइएको छैन । क्ष, ज्ञ र त्र जस्ता संयुक्त वर्णलाई पूर्वप्रचलनअनुसार क्रमशः क्ष (क्+ष), ज्ञ (ज्+ञ) र त्र (त्+र) वर्णका अनुक्रममै दिइएको छ ।

प्रस्तुत शब्दकोशमा अँगालिएका उपर्युक्त रखाइक्रमले नछेकेसम्म क्रम पनि नबिगार्ने र मूल शब्दहरूका साथसाथ व्युत्पादित तथा समस्वरूपी सहसम्बन्धित शब्द पनि पेटबोलीमा दिने नीति लिइएको छ । यसो गर्दा शब्दलाई वर्णानुक्रममा हेर्न सकिनेछ । प्रातिपदिक, मूल, क्रियामूल र अनुकरणमूलहरूमा चाहिँ क्रमको व्यवधान नभएसम्म कोटि नै पिच्छे अनुच्छेद नफेरी मूल रूपसँगै राखिएको छ । पेटबोलीमा आउने गौण प्रविष्टिका शब्दहरूलाई तीन किसिमका चिह्न दिएर जोड्ने काम गरिएको छ; जस्तै –

(क) द्विखण्डीय हुन सक्ने अर्थात् आधाआधा छुट्टिने समस्त शब्दमा – (धर्को चिह्न) दिइएको छ । जस्तै–

| | | | |
|---|---|---|---|
| **अधिकार** | **– क्षेत्र** | **– पत्र** | **– वाला** |
| **कमल** | **– गट्टा** | **– नयन** | **– नयना** |
| **घर** | **– आँगन** | **– केटो** | **– खर्च** |
| | **– खेती** | **– गन्ती** | **– गाउँले** |

(ख) कृत्प्रत्यय र तद्धितप्रत्यय लागेर बनेका वा समरूपी सहसम्बन्धित शब्दमा खण्ड छुट्टयाउन नमिल्ने हुनाले > (व्युत्पादक चिह्न) दिइएको छ र शेषमा अर्को खण्डित रूप नआएसम्म सादा छोडिएको छ । जस्तै –

| | | | |
|---|---|---|---|
| **उपभोग** | > **उपभोगी** | **उपभोग्य** | |
| **खुलस्त** | > **खुलस्त्याइँ** | **खुलस्त्याइनु** | **खुलस्त्याउनु** |

(ग) एउटै अर्थएकाइका भए तापनि पदयोग नहुने विशेषणयुक्त शब्द, अलुक समास वा पदावली र टुक्कामा चाहिँ ~ (चिह्न) दिइएको छ । जस्तै –

| | | | |
|---|---|---|---|
| **अकासे** | **~ खेती** | **~ वृत्ति** | |
| **अँगालो** | **~ हाल्नु** | **घर** | **~ खानु** इ० |

तर कुनै व्युत्पादित शब्द स्वयम् पनि प्रजननशील रहेको देखिएका ठाउँमा औचित्य हेरी त्यस्ता शब्दलाई पेटबोलीमा नराखी मूल प्रविष्टिका रूपमै पनि दिइएको छ ।

मूल क्रियापदमा 'नु' को गणना गरिएको छैन अर्थात् 'नु' लाई शून्य मानेर प्रविष्टि दिइएको छ । व्युत्पादित क्रियामा भने यो नियम क्रियान्वित छैन र क्रियामूल कृदन्त शब्दहरूलाई उपर्युक्त किसिमले पेटबोलीमा नै दिइएको छ । क्रम छेकिनेमा चाहिँ स्वतन्त्र प्रविष्टि गरिएको छ र यस्ता क्रियामूल शब्दमा व्युत्पत्ति देखाई मूल शब्दलाई गाढा टाइपमा दिएर त्यस्ता क्रियाबाट व्युत्पादित गौण शब्दलाई पुनः जोड्ने काम पनि भएको छ ।

बेग्लाबेग्लै व्युत्पत्ति भएका दुई वा दुईभन्दा बढी एउटै मूल शब्द आएमा प्रायः शब्दका पछाडि मसिनु अङ्क १, २, ३, आदि क्रम जनाई छुट्टाछुट्टै दिइएका छन् । जस्तै – अरब$_{१}$, अरब$_{२}$; तर$_{१}$, तर$_{२}$, तर$_{३}$; साल$_{१}$, साल$_{२}$,

साल$_3$ इ० । अनि वर्णानुक्रम नबिग्रने र दुवै रूप समस्तरीय भएका शब्दलाई छड्के चिह्न दिएर एकै ठाउँमा पनि पारिएको छ । जस्तै– अलिबार/अलिबेर, कमिच/कमिज, डँडाली/डँडाल्नी इ० ।

स्त्रीलिङ्गी शब्दहरूको प्रविष्टि दिँदा भाले नाम (पुलिङ्ग) बाट स्त्रीलिङ्ग बनाउने व्युत्पादक प्रक्रिया सरल भएमा पेटबोलीमै त्यस्ता स्त्रीलिङ्गी शब्द स्त्री० जनाई दिइएका छन् र सो प्रक्रिया जटिल रहेका ठाउँमा भने अलग्गै प्रविष्टि दिइएको छ ।

नेपाली नामवाची उकारान्त शब्द एकवचन बुझाउँदा ओकारान्त पनि भएका देखिन्छन् । प्रचलन तथा अनुकूलता हेरी तिनका उकारान्त वा ओकारान्त दुवै रूप दिइएका छन् । तिनको अर्थ भने कुनै एक प्रचलित शब्दमा मात्र दिइएको छ । जस्तै – छानु–छानो, मानु-मानो इत्यादिमा । घोडो र घोडा, छोरो र छोरा जस्ता शब्दमा ओकारान्त रूपमा अर्थ दिई आकारान्तलाई उपस्तरीय मानिएको छ ।

नेपाली भाषामा अँगालो/अङालो, भँगालो/भङालो जस्ता रूप चलेका छन्; तर अङ्गालो, भङ्गालो जस्ता अप्रचलित उच्चारण भएका शब्दलाई हटाइएको छ । दुवै विकल्प रूपमा प्रयोग हुने गरेको देखिएका ठाउँमा दुवै थरी शब्दलाई समस्तरीय मानी प्रविष्टि दिइएको छ, अर्थ पनि प्रायः दुवै ठाउँमा लेखिएको छ ।

अनुकरणमूल (झल्, थर्, तर्) आदि शब्दलाई मूल प्रविष्टिमा दिइएको छैन; तर तिनबाट बनेका शब्दको प्रविष्टि (जस्तै– थर्कनु, तर्कनु इ०) दिइएको छ र अन्त्यमा प्रजननचिह्नमा भने मूल जनाइएको छ । जस्तै – तर्कनु (तर्), झल्कनु (झल्) इ० । यसरी जनाउँदा अ० मू० (अनुकरणमूल) भन्ने सङ्केत दिनाका साथै योगात्मक शब्द र द्वित्व भएका ठाउँमा (द्वि०) आदि पनि जनाइएको छ ।

प्रत्ययांशका बद्ध रूप सबैलाई प्रविष्टि नदिई बढी प्रचलित वा लोकप्रियलाई मात्र प्रविष्टि दिइएको छ । जस्तै – आइ, ओट, आवट, इलो इ० । 'ने' प्रत्यययुक्त व्युत्पन्न शब्दलाई स्थापित भइसकेका भएमा वा तिनबाट अरू व्युत्पन्न शब्द दिनुपर्ने भए मात्र दिइएको छ । जस्तै–काट्ने, लाग्ने र काट्ने हतियार, खाने हात इ० ।

**३. व्युत्पत्ति**

शब्दहरूको माउ रूप पहिल्याउन वा प्रस्टयाउनका निम्ति शब्दकोशमा व्युत्पत्ति वा उपपत्तिको पनि प्रमुख भूमिका रहन्छ । यस क्रममा व्युत्पत्ति वा उपपत्ति दिनु विभिन्न दृष्टिले अपेक्षित भएकाले समय र साधनले दिएसम्म यथासम्भव दिइएको छ । यसरी शब्दका व्युत्पत्ति दिँदा तद्भव आदि शब्दमा जुन भाषिक स्रोत हो त्यसको मूल दिने कार्य भएको छ । परन्तु तत्सम आदिमा मूल नदिई भाषाकै नाम सङ्केतद्वारा जनाइएको छ । जस्तै– सं० = संस्कृत, प्रा० = प्राकृत, अ० = अरबी, अङ्० = अङ्ग्रेजी इत्यादि । संस्कृत तत्सम शब्दमा संस्कृतकै प्रत्यय छुट्टयाएर देखाइएको छैन र 'अधिकारिन्' जस्ता संस्कृत रूपको प्रविष्टि पनि गरिएको छैन । संस्कृतका विसर्ग वा हलन्त र उर्दू-अरबीका उक्त रूपलाई पनि छाडिएको छ ।

संस्कृतबाट प्राकृत हुँदै आएका तद्भव शब्दमा आवश्यक देखिएका तथा सम्भव भएका ठाउँमा प्राकृत तथा संस्कृत दुवै स्रोत दिने प्रयास पनि गरिएको छ । अन्यत्र प्राकृत वा संस्कृत कुनै एक रूप दिइएको छ । कुनै भाषिक स्रोतको व्युत्पत्ति दिँदा त्यसका शाखा-प्रशाखा सुस्पष्ट नभएका शब्दहरूमा खलक मात्र पनि जनाइएको छ, जस्तै – भो० ब० (भोट-बर्मेली) ।

कुनै शब्दको व्युत्पत्ति सन्दिग्ध भएका ठाउँमा प्रश्नवाचक चिह्न मात्र पनि राखिएको छ वा केही नदिई खाली नै छाडिएको छ । व्युत्पत्ति नजनाइएका शब्द हाललाई नेपाली रूपमा स्वीकार गर्नुपरेको छ ।

**४. अर्थलेखन**

शब्दको अर्थ लेख्ता छोटकरीमा परिभाषित गर्ने वा व्याख्या गर्ने यथासम्भव प्रयास गरिएको छ । त्यसपछि उपलब्ध भएसम्मका पर्याय दिइएको छ । उही पर्यायहरू विभिन्न अर्थमा दोहरिने खण्ड परेमा कतैकतै आदिवाची इ० चिह्न दिएर सङ्क्षेपीकरण पनि गरिएको छ । अत्यावश्यक देखिएका शब्दमा विपरीतार्थी रूप पनि देखाइएको छ । शब्दको अर्थ दिँदा सबैतिर उदाहरण दिइएको छैन तापनि अत्यावश्यक ठाउँमा उदा०– सङ्केत गरी उदाहरण यथासम्भव समाविष्ट गरिएको छ ।

पर्याय नपुग भएका ठाउँमा अर्थ्याउँदा कहीँकहीँ कोष्ठभित्र अङ्ग्रेजी आदिका पर्याय पनि दिइएका छन् । अन्य भाषाका शब्द भएमा तीती भाषाको नामसङ्केत गरी कोष्ठमै दिइएको छ; तर यस्ता शब्दलाई प्रविष्टिमा समाविष्ट मानिएको छैन । जस्तै– गोलसन्जापको अर्थमा (पाइपिङ) इ० । पर्याय अर्थ अर्द्धविराम चिह्न (;)ले जनाइएको छ र अनेकार्थी अर्थमा १,२,३ आदि गर्दै क्रमशः अर्थ दिएर प्रत्येक सङ्ख्याको अर्थपछि पूर्णविराम चिह्न दिइएको छ ।

कुनै शब्दका मूल रूपमा धेरै अर्थ हुने र नेपालीमा आउँदा एकदुई अर्थमात्र प्रचलित छन् भने सबै अर्थ नदिई प्रायः ती प्रचलित अर्थ मात्र दिइएका छन् । त्यस्ता प्रचलित अर्थ दिँदा भाषिक व्यवहार वा वाङ्मयका कुन पक्ष वा विषयका हुन् सो जनाउने काम पनि गरिएको छ । जस्तै– साहित्यशास्त्रका अनुसार, विज्ञानका अनुसार, मनोविज्ञानका अनुसार, योगशास्त्रका अनुसार, ज्योतिषशास्त्रका अनुसार इ० ।

द्वित्व हुने शब्द वा धातुहरूमा आदित्वलाई स्तरीय मानी द्वित्वलाई उपस्तरीय मानिएको छ । जस्तै– आतेस, आत्तेस, अतालिनु, अत्तालिनु, अताल्लिनु आदिका आतेस, अतालिनु आदिलाई स्तरीय मानी अर्थ दिइएको छ र शेषलाई उपस्तरीय मानिएको छ । तरकारी/तर्कारी, सरकारी/सर्कारी, गोरखा/गोर्खा आदिमा पनि दुवैलाई प्रविष्टि दिएर स्वीकार्य वा विशेष प्रचलित एउटामा अर्थ दिइएको छ । यसरी स्तरीय शब्दमा अर्थ दिई उपस्तरीयको अर्थ लेख्ता प्रायः हे० गरिएको छ; अथवा पूरापूरा समानार्थीमा मात्र पनि यस्तो भएको छ ।

उखानटुक्काको प्रयोग आवश्यक देखिएका ठाउँमा यथासम्भव भएको छ । केही उखानको प्रयोग प्रविष्टिक्रममा भएको छ र कति त अर्थ प्रस्टयाउनका निम्ति र उदाहरण रूपमा पनि परेका छन् ।

**५. वर्णविन्यास**

वर्णविन्यास भाषाका लिखित, अभिलिखित, टङ्कित आदि रूपसँग सम्बन्धित हुन्छ । भाषाको लेखनपद्धतिअन्तर्गतका नियमहरूले लेख्य भाषामा पदयोग, पदवियोग लगायत स्तरीय वर्णविन्यास निर्धारित गर्छन् । नेपाली भाषाले छापाखानाका क्षेत्रमा प्रवेश गरेको केही वर्षदेखि मानक वर्णविन्यासका आवश्यकताको बोध हुन थाल्यो र त्यसबारे फाटफुट चर्चा पनि चल्दै गयो । हलन्तबहिष्कार आन्दोलन र त्यसका क्रियाप्रतिक्रियामा उठेका चर्चा यस सन्दर्भमा स्मरणीय छन् । विक्रमको बीसौँ शताब्दीको सातौँ दशकतिर नेपाली भाषामा व्याकरणका पुस्तक छापिन थालेका हुन् । यस प्रक्रियामा **चन्द्रिका** र **मध्यचन्द्रिका** जस्ता नेपाली व्याकरणका आधारमा नेपाली वर्णविन्यासको मानक रूपको निर्धारण हुन थाल्यो । तिनमा सर्वसम्मति नभए तापनि व्यापक सहमतिका साथै आधिकारिकता प्राप्त हुँदै गयो । नेपाली भाषाप्रकाशिनी समितिका माध्यमबाट लेखन र प्रकाशनका क्षेत्रमा नेपाली भाषामा उपयुक्त मानक रूपको कार्यान्वयन हुन थाल्यो । यस सन्दर्भमा समितिद्वारा प्रकाशित 'नेपाली कसरी शुद्ध लेख्ने ?' नामको लघुपुस्तिकाको व्यापक प्रभाव पनि स्मरणीय छ । यसरी मोटामोटी तीन-चार दशकका अवधिमा नेपाली वर्णविन्यासले आधारभूत स्वरूप प्राप्त गऱ्यो र प्रचलित हुँदै गयो । यसबारे सानातिना कुरामा कतिपय मतमतान्तर विद्यमान रहेका छन् । व्यापक स्वीकार्यताका आधारमा नेपाली वर्णविन्यासको मानक रूपको स्थिति निकै बसिसकेको छ । यस परिप्रेक्ष्यमा प्रस्तुत कोशमा शिष्ट परम्पराका मान्य स्वरूपलाई नै स्वीकार गरी एकाध कुरामा हाल देखा परेका नयाँ सहमतिका कुरालाई पनि वैकल्पिक रूपमा प्रयोग गरिएको छ ।

संस्कृत तत्सम शब्दलाई संस्कृतकै वर्णविन्यासका नियमअनुसार यथावत् कायम गरिएको छ र अति प्रचलित भई तद्‌भवतुल्य भएका बन, लसुन जस्ता शब्दलाई नेपाली शिष्टपरम्पराअनुसार नै स्वीकार गरी वैकल्पिक रूपमा प्रचलित नेपाली उच्चारणअनुसार पनि दिइएको छ । तर अरबी, फारसी, उर्दू, हिन्दी, पोर्तगाली, अङ्ग्रेजी आदि विभिन्न भाषाबाट आएका अधिकांश आगन्तुक शब्दलाई नेपाली वर्णविन्यासका नियम र ध्वनिअनुसार लेख्ने गरी मूल प्रविष्टि ह्रस्वमा दिइएको छ । जस्तै– जागिर, जुलुस, तालिम, नतिजा, मन्जुर, लिलाम, हाजिर आदि । पद वा दर्जामा अत्यधिक प्रचलित भइसकेका स्थान वा देशको नाम जनाउने केही आगन्तुक शब्द यथावत् नै राखिएका पनि छन् । जस्तै – चीफ, डीन, हकीम, ग्रीस इ० ।

सकारमा पनि संस्कृत तत्समबाहेक तद्‌भव तथा विदेशी शब्दहरूमा प्रायः 'स' लाई नै मूल रूपमा प्रयोग गरिएको छ । जस्तै– सुरु, सुरुआत, स्टेसन, करपोरेसन, असिस्टेन्ट इ० । नाम, थर, पदवी आदि जनाउने विशेष रूपले प्रचलित भइसकेका शब्दमा र सांस्कृतिक-सामाजिक महत्त्वका शब्दमा भने पूर्वरूप 'श' लाई नै कायम राखी प्रविष्टि दिइएको छ । जस्तै– शाह, शाहकाल, शमशेर, शाहजादा, शाहजादी, शहीद आदि ।

संस्कृत अवस्थाका शब्दका मध्यमा रहेका संयुक्त व्यञ्जनहरू प्राकृत अवस्थामा समीभवनको प्रक्रिया बेहोरी आधुनिक आर्यभाषाकालमा ती समीभूत व्यञ्जनमध्ये एक व्यञ्जनको लोप भई अग्रवर्ती स्वर दीर्घ भएको मान्ने शिष्ट नेपाली परम्पराअनुरूप दीर्घ नै स्वीकारिएको छ । यस्तै अर्द्ध तत्सम खालका शब्द तथा बलाघात, स्वराघात पर्ने दुईअक्षरे शब्दमा पनि केही अपवादबाहेक विकल्प नराखी पहिले चलेका नियमअनुसार दीर्घमै मात्र प्रविष्टि दिइएको छ । जस्तै– कीरो, कीलो, पीठो, दूध,मीत, चीज, बीज इ० । यसरी नै मध्य वर्णमा पनि केही शब्द दीर्घ नै प्रयुक्त छन् । जस्तै – कपूत, कपूर, अछूत इ० ।

दुई भिन्नाभिन्नै अर्थ हुने श्रुतिसम भिन्नार्थ शब्दहरूलाई पनि प्रचलित वर्णविन्यासअनुसार ह्रस्व-दीर्घ दुवै प्रयोग गरिएको छ । जस्तै– फुल (अन्डा, डिम्बा); फूल (पुष्प), तिन (उन), तीन (३ को अङ्क); पुरा (भोजन शेष), पूरा (पूर्ण, सिङ्गो) इ० ।

ठूलो, तीतो, मीठो, बूढो जस्ता शब्दलाई पनि शिष्ट परम्पराअनुसार दीर्घ नै प्रयोग गरिएको छ र तिनबाट बनेका तद्धित शब्दहरूमा भने ह्रस्व नै लागू गरिएको छ । जस्तै– बुढचाइँ, मिठास आदि ।

नेपाली शिष्ट परम्पराअनुसार नै अव्युत्पन्न अव्ययका अनि, पनि, चाहिँ आदि जस्ता शब्दका पदान्त रूप ह्रस्व प्रयोग भएका छन् र हरू, लाई आदि शब्दलाई दीर्घ नै प्रयोग गरिएको छ ।

अङ्कमा द्वि (दुई) र त्रि बाहेक अगाडि, बीचमा र पछाडि सबै दीर्घ, जस्तै– तीन, बीस, तीस, चालीस, साठी, असी इ० नै राखिएको छ। स्वरवर्ण छुट्टै आएको छ भने आदि, मध्य पनि ह्रस्व गरिएको छ। जस्तै– उन्नाइस, एक्काइस, बाइस, तेइस, सत्ताइस, अट्ठाइस, उनन्चास, उनसट्ठी, उनन्सत्तरी, उनासी आदि ।

नेपाली तद्भव र आगन्तुक शब्दहरूको अन्तमा हल् उच्चारण हुने (नाम, सर्वनाम, विशेषण र अनुकरणात्मक शब्दहरू) ठाउँमा पनि 'अ' स्वरसहितकै रूप लेखिने शिष्ट परम्पराअनुसार यथावत् कायम रहेका छन् । जस्तै – कपाल, कलम, गडबड, झलाझल, सलसल इ० । समासको पूर्वपदमा झर्रा (नेपाली प्राकृत) र तद्भव शब्दका मूल रूप दिने भए दीर्घत्व नबिगार्ने सिद्धान्तअनुसार दीर्घ नै प्रयोग गरिएको छ। जस्तै – पानीआन्द्रे, चरीचुच्चे, गाईजात्रा, दुईऔँले आदि ।

संस्कृत तत्सम शब्दका अनुस्वार ध्वनिलाई शिरबिन्दु वा वर्णको पञ्चम वर्णद्वारा व्यक्त गर्ने परिपाटी देखिन्छ तापनि यस कोशमा मुद्रण व्यवस्थाले दिएसम्म पञ्चम वर्णकै प्रयोग गरिएको छ; तर तद्भव तथा आगन्तुक शब्दहरूमा भने प्रचलित उच्चारणअनुसारकै हिज्जे कायम गरिएका छन् । जस्तै – सिन्की, झन्झट, सन्चो, टन्टा, मान्नु, सम्झनु इ० । अङ्ग, ढङ्ग, मङ्गल जस्ता शब्दलाई अफसेट टाइपमा असुविधा परेका कारणले अङ्ग, ढङ्ग, मङ्गल इत्यादिका रूपमा नै रहन दिइएको छ ।

तद्भव नेपाली शब्दमा ङ, न, म, र, ल का महाप्राणहरूलाई पनि संस्कृतका लेख्य परिपाटीमा ह्न, ह्म, ह्ल, ह्व आदि नलेखी यसरी प्रयोग गरिएको छ – गन्हाउनु, गऱ्हाउनु, अऱ्हाउनु, अऱ्होट इ० । संस्कृतका चिह्न, प्रह्लाद, ब्राह्मण इ० लाई भने पूर्व प्रचलनअनुसार नै राखिएको छ ।

पदयोग र पदवियोगका सम्बन्धमा स्वतन्त्र शब्द, निपात, विभक्तिपछि रहेको नामयोगी आदि छुट्ट्याउने र विभक्ति, समस्त शब्द, अनुकरणात्मक शब्द, द्वित्व शब्द, अकरणको 'न' आदि जोड्ने पूर्व नियमहरूलाई नै पालना गरिएको छ ।

विशेषणयुक्त नामशब्द नजोडी दिइएको छ । जस्तै– अकासे खेती, पाखुरे मोही, कान्छो बाबु, कालो मुन्टो, हाडे ओखर इ० । तर विकार भएका शब्दमा र कर्मधारय समास हुन सक्ने बाहेकका शब्दमा भने जोडेर लेखिएको छ । जस्तै–कालीकाठ, कालीमाटी, मूलपानी, बूढीमाउ, रातीगेडी, लालीगुराँस इ० ।

**६. उपसंहार**

प्रस्तुत नेपाली शब्दकोशको सम्पादनमा विभिन्न विद्वान्हरूको सहभागिताका साथसाथै पूर्वप्रकाशित हिन्दी, संस्कृत र अङ्ग्रेजीका कतिपय कोशहरूबाट पनि सहायता मिलेको छ । यस अनुष्ठानका निम्ति विद्वान्हरू तथा तिनका पुस्तकहरूबाट पाएको सहयोग चिरस्मरणीय रहनेछ । यसरी मर्मज्ञ विद्वान्हरूबाट पाएको सुझाउसल्लाह प्रेरणादायी हुनेछ र आगामी संस्करणमा प्रस्तुत शब्दकोशले अझै नयाँ अनुहार लिँदै प्रामाणिक रूपमा आउन सक्नेछ भन्ने विश्वास छ ।

नेपाली भाषा दिनपरदिन अगाडि लम्कँदै छ । यसमा विभिन्न विधा तथा विषयमा अभिव्यक्तिका नयाँ सम्भावना देखिएका छन् र नयाँ क्षितिज खुल्दै छन् । यस सन्दर्भमा हामीले नेपाली भाषालाई नेपाली माटो र मुटुमा भिजेका आफ्ना शब्दहरूको संरक्षणका साथै युगीन आवश्यकतानुसार नयाँनयाँ अभिव्यक्ति वहन गर्न सक्षम पार्नु छ र नयाँनयाँ शब्दलाई आत्मसात् गर्नुपर्ने भएको छ । नेपाली भाषा जीवित र विकासशील भाषा हो । यस भाषाको जीवन्तता आफ्नो पनलाई जोगाउँदै शब्दको पउल राशिमा खेल्नुमा छ । त्यसकै एउटा सत्प्रयासका रूपमा प्रस्तुत शब्दकोश विज्ञ पाठकहरूका सामु छ । आउँदा दिन र नयाँ छिमलहरूका निम्ति यस कोशले केही मार्गदर्शन गरेछ भने हामी सबैको प्रयास पुष्पित भएको अनुभव हुनेछ ।

**– सम्पादकमण्डल ।**

# संशोधक मण्डलको भनाइ

प्रथम प्रकाशनको सत्र वर्षपछि **नेपाली बृहत् शब्दकोश** संशोधित, परिमार्जित र किञ्चित् परिवर्धित रूपमा मुद्रित भएर प्रकाशमा आउँदै छ। यसको संशोधनकार्य वि.सं. २०५४ मा नै आरम्भ भएको हो र त्यतिखेर यो कार्य अल्पावधिमा डा० केशवप्रसाद उपाध्याय, शरच्चन्द्र शर्मा भट्टराई, हर्षनाथ भट्टराई एवं खगेन्द्रप्रसाद लुइटेलबाट गरिएको थियो। सं० २०५६ मा मुद्रणका लागि तयारी गर्ने सिलसिलामा यसको अध्ययन गर्दा यसमा नसच्याई नहुने निकै त्रुटिहरू बाँकी रहेका देखिए। मुद्रण कार्य जति सकेको छिटै सम्पन्न होस् भन्ने हेतुले यसको कम्प्युटर टाइप गर्ने क्रममा नै आवश्यक संशोधन-परिमार्जनका सँगसँगै प्रुफ पनि हेर्दै जाने र त्यसलाई अन्तिम रूप दिने सल्लाह भएअनुसार डा० केशवप्रसाद उपाध्यायको संयोजन र निर्देशनमा शरद्चन्द्र शर्मा भट्टराई र माधव लम्सालका सहयोगबाट कार्य सम्पन्न गरिएको हो।

यस शब्दकोशको संशोधन-परिमार्जन गर्दा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित सुझाउको उपयोग गरिएको छ भने यस क्रममा अनावश्यक लागेका केही शब्द हटाई अत्यावश्यक लागेका केही शब्द थप्ने काम पनि गरिएको छ। साथै द्विरूपात्मक शब्दलाई वैकल्पिक रूपमा एकै ठाउँमा राख्ने काम पनि यसमा गरिएको छ र खास गरी यसमा अर्थसम्बन्धी त्रुटि सच्याउने काम गरिएको छ। यसको संशोधन-परिमार्जनका क्रममा शब्द थप्दा केही अघिदेखि नै प्रचलनमा रहेका र केही वर्तमानमा व्यापक रूपमा प्रचलनमा आएका शब्द थपेर यस कोशलाई अद्यावधिक तुल्याउने प्रयास पनि गरिएको छ।

यस शब्दकोशको संशोधन-परिमार्जन यसका निर्माताहरूले प्रथम संस्करणका निमित्त अँगालेका कोश र व्याकरणसम्बन्धी नीति एवं नियमअन्तर्गत रहेर गरिएको छ।

यस शब्दकोशको कम्प्युटर टाइपको काम र मुद्रण सम्बन्धी यावत् काम पहिलो पटक प्रज्ञा छापाखानामा भएका हुन्। यी काम यस छापाखानामा कार्यरत प्राविधिक कर्मचारीहरूबाट सम्पन्न भएका हुन्। पहिलो प्रयास भए पनि आ-आफ्ना काम कुशलतासाथ सम्पन्न पार्नमा कम्प्युटर समायोजक सरोजकुमार श्रेष्ठ, राजकुमार श्रेष्ठ, राजेन्द्रकुमार शाही तथा मुद्रण व्यवस्थापक मीना गौतमले देखाउनुभएको उत्साह, जाँगर र कर्तव्यनिष्ठाको हामी मुरीमुरी प्रशंसा गर्छौं।

हाम्रो अनुभव र विचारमा शब्दकोशको संशोधन-परिमार्जन कार्यलाई निरन्तरता दिएर यसलाई अद्यावधिक पार्ने प्रयास भइरहनुपर्छ, यस विषयमा प्रतिष्ठानले विचार गर्ने नै छ।

यस प्रतिष्ठानका उपकुलपति र सदस्य-सचिव लगायत अन्य प्राज्ञ महोदयहरूले यस बृहत् शब्दकोशको संशोधन-परिमार्जनको गुरुतर दायित्व हामीलाई सुम्पनुभएकामा र आवश्यक सल्लाह, सहयोग एवं प्रोत्साहन दिनुभएकामा हामी उहाँहरूप्रति आभार प्रकट गर्दछौं, साथै हामी केही शब्द थप्न र अर्थ सच्याउन सुझाउ दिने विभिन्न व्यक्ति र संघ-संस्थाहरूप्रति पनि आभार प्रकट गर्दछौं।

**संशोधक मण्डल**
**२०५८**

**संशोधक**
**शरच्चन्द्र शर्मा भट्टराई**
**हर्षनाथ भट्टराई**
**खगेन्द्रप्रसाद लुइटेल**
**माधव लम्साल**

**संयोजक ⁄ निर्देशक**
**डा० केशवप्रसाद उपाध्याय**
**सदस्य**
**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**

## सङ्केतसूची

| | | | | | |
|---|---|---|---|---|---|
| अ० | – | अरबी । | प० स० | – | परसर्ग |
| अ० क्रि० | – | अकर्मक क्रिया | पू० स० | – | पूर्वसर्ग |
| अङ्० | – | अङ्ग्रेजी | पोर्त० | – | पोर्तगाली |
| अ० मू० | – | अनुकरण मूल | प्रा० | – | प्राकृत |
| अव्य० | – | अव्यय | प्रा० ने० | – | प्राचीन नेपाली |
| आ० ने० | – | आधुनिक नेपाली | प्रे० क्रि० | – | प्रेरणार्थक क्रिया |
| इ० | – | इत्यादि | फा० | – | फारसी |
| उडि० | – | उडिया | फ्रा० | – | फ्रान्सेली |
| उदा० | – | उदाहरण | फ्रे० | – | फ्रेन्च |
| उप० | – | उपसर्ग | ब० व० | – | बहुवचन |
| क० क्रि० | – | कर्मवाच्य क्रिया | बा० बो० | – | बालबोली |
| कथ्य० | – | कथ्य भाषा | भा० इ० | – | भारत-इरानेली |
| क्रि० प० | – | क्रिया-पदावली | भो० | – | भोजपुरी |
| क्रि० वि० | – | क्रियाविशेषण | भो० ब० | – | भोट-बर्मेली |
| ग्री० | – | ग्रीक, ग्रीस, ग्रिसेली | मग० | – | मगराँती |
| चिनि० | – | चिनियाँ | मरा० | – | मराठी |
| जापा० | – | जापानी | मै० | – | मैथिली |
| डो० | – | डोटेली | लि० | – | लिम्बू भाषा |
| तामा० | – | तामाङ्गी | वि० | – | विशेषण |
| ति० रू० | – | तिर्यक् रूप | विप० | – | विपरीतार्थक |
| तु० | – | तुर्की, तुर्केली | वि० बो० | – | विस्मयादिबोधक |
| तुल० | – | तुलना, तुलनीय | विभ० | – | विभक्ति |
| था० | – | थारू | सं० | – | संस्कृत |
| दङ० | – | दङाली | संक्षे० | – | सङ्क्षेपीकृत रूप |
| दिव्य० | – | दिव्यउपदेश | संयु० | – | संयुक्त |
| द्वि० | – | द्वित्व | संयो० | – | संयोजक |
| धिमा० | – | धिमाल | स० क्रि० | – | सकर्मक क्रिया |
| ना० | – | नाम | सर्व० | – | सर्वनाम |
| ना० यो० | – | नामयोगी | सात० | – | सातत्य |
| निपा० | – | निपात | स्त्री० | – | स्त्रीलिङ्ग |
| ने० | – | नेपाली | स्पे० | – | स्पेनिस |
| नेवा० | – | नेवारी | हि० | – | हिन्दी |
| प० ने० | – | पश्चिम नेपाल | हे० | – | हेर्नुहोस् |

## चिह्नसूची

| | | | |
|---|---|---|---|
| / | विभाजक (विकल्प रूप) | ( ) | गौण सङ्केत |
| – | निर्देशक चिह्न तथा समस्तपद सङ्केत | + | संयोजक वा जोड |
| ० | सङ्क्षेपीकृत चिह्न | ~ | विशेष्य नाम (नजोडिने) |
| [ >] | मूल व्युत्पन्न स्थान | < | अगाडि देखाइएको व्युत्पन्न रूप |
| √ | मूल रूपको किटान | > | पछाडि देखाइएको व्युत्पन्न रूप |

# अ

**अ**१– १. देवनागरी वर्णमालाको स्वरवर्णमध्ये पहिलो स्वरवर्ण; परम्परागत रूपमा कण्ठस्थानबाट उच्चारण हुने ह्रस्व स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार आधाखुला, केन्द्रीय स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न । २. लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन-उपविभाजनका निम्ति स्वरवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक पहिलो चिह्न ।

**अ**२– [सं०] ना० १. ॐ भित्र अन्तर्निहित मानिएका अ+उ+म् तीन ध्वनिमध्ये विष्णुलाई बुझाउने पहिलो ध्वनि । (उ तथा म् ध्वनि क्रमशः शिव तथा ब्रह्मालाई बुझाउने मानिन्छन् ।) २. संस्कृत एकाक्षरी कोशअनुसार मूलतः विष्णुलाई जनाउने मङ्गलवाची शब्द । ३. पू०स० शब्दका अगाडि लागी अभाव, भिन्नता, विपरीतता आदि अर्थ बुझाउने पूर्वसर्ग (अगति, अज्ञान, अफाप, अयोग्य इ०) ।

**अ**३– नि० झर्को, गाली, बेवास्ता, अस्वीकार आदि बुझाउन आवेगका अवस्थामा प्रयोग गरिने विस्मयादिबोधक शब्द; आ । (उदा०– अ, बिनसित्ति कति चलेको ? अ, म यति बेला बजार जान्नँ ।)

**अँ**– नि० [प्रा० आम < सं० आम्] स्वीकार, सम्झना, आश्चर्य, उपेक्षा, प्रसन्नता, पीडा आदि भाव जनाउने, प्रायः वाक्यका अगाडि आउने शब्द । (उदा०– अँ, मलाई सन्चो छैन । अँ, त्यस्तो पनि होला । अँ, तिमीले भनेर हुन्छ !)

**अँकाइ**– ना० [√ **आँक्** (+आइ)] आँक्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अँकाइनु**– क० क्रि० आँक्न लाइनु । **अँकाउनु**– प्रे० क्रि० आँक्न लाउनु; आँक्ने पार्नु ।

**अँगरखा/अँगर्खा**– ना० [प्रा० अङ्गरखा] घाँटीदेखि घुँडामन्तिरसम्मको लामो कुर्ताजस्तो प्रायः साधुसन्तहरूले र विशेष अवस्थामा राजा, मन्त्री आदिले पनि लगाउने वस्त्र ।

**अँगार**– ना० [प्रा० अंगारो < सं० अङ्गार] दाउरा आदि ज्वलनशील वस्तु बलेर कोइला भई निभेको, तर खरानी भइनसकेको प्राङ्गारिक, कालो वस्तु; गोल; अङ्गार; अडार । > **अँगारे**– वि० अँगारजस्तो कालो; ज्यादै कालो; अङ्गारे ।

**अँगाल्-नु**– स० क्रि० [अँगालो+नु] १. स्नेह वा आत्मीयता जनाउन कसैलाई दुई हातले च्यापेर छातीमा टाँस्नु; निकटता देखाउन परस्परमा अँगालो मार्नु; अङ्कमाल गर्नु । २. कुनै कामकुरा वा पेसालाई ग्रहण गर्नु; लिनु । (उदा० उनले शिक्षकको कार्य अँगाले ।) ३. सहायता गर्नु; पक्ष लिनु । > **अँगालाइ**– ना० अँगाल्ने भाव, क्रिया वा प्रक्रिया । **अँगालिनु**– क० क्रि० अँगाल्ने काम गरिनु; अँगालो हालिनु ।

**अँगाले**– वि० [अँगालो+ए] १. एक अँगालामा अटाउने; अँगालामा बोकिने; अँगालाभरिको । ना० २. खलामा धान चुट्ने वा झाँट्ने बेलामा धानका अँगाला बोक्ने खेतालो; बिटा बोक्ने मान्छे ।

**अँगालो**– ना० [सं० आलिङ्गन] १. स्नेह वा आत्मीयता जनाउन कसैलाई दुवै हातले च्यापेर आफ्नो छातीमा टाँस्ने काम; आत्मीयता वा निकटता जनाउन एकले अर्काको वा एक-अर्काको काँधमा हात राख्ने काम; आलिङ्गन; अङ्कमाल; अङ्गालो । २. दुई हात फैलाएर च्याप्न सकिने परिमाण; बाहाँभरिको परिमाण (एक अँगालो दाउरा, एक अँगालो घाँस, अँगालाभरिको रूख इ०) । ~ **दिनु**– टु० भिड्नु । (उदा०– निर्धाले बलियालाई अँगालो दिन सक्तैन ।) ~ **मार्नु/हाल्नु**– टु० अङ्कमाल गर्नु ।

**अँगुठी**– ना०हे० औँठी ।

**अँगुठो**– ना० [प्रा० अंगुट्ठो < सं० अङ्गुष्ठ] १. हात वा खुट्टाको दुई आँख्ला भएको मोटो औँलो; बूढी औँलो; औँठो । २. अँगुठाको छाप; ल्याप्चे सही ।

**अँगेठी**– ना० [प्रा० अगिट्ठो < सं० अग्निष्ठिका] आगो ताप्नाका निम्ति प्रयोग हुने, बोकेर चाहेका ठाउँमा लगिने माटो वा धातुको भाँडो; बोर्सी; मकल; अटल ।

**अँगेर**– ना० पोथ्रो होचो, पात रातोरातो तथा सानो र गेडा रातो हुने एक प्रकारको विषालु वनस्पति; केही मात्रामा गुलियो, तमतमाउँदो र बेसी मात्रामा खाँदा विषालु, वस्तुभाउले खाँदा असर गर्ने वनस्पति र वनस्पतिको फल ।

**अँगेरी**– ना० चैतमा पाउलिने, पाउलो लाग्दा रातो भावको देखिने र पछि हल्का हरियो पात हुने, ल्वाङका आकारका दाना फल्ने, वस्तुभाउले पालुवा खाँदा पेट ढाडिने र त्यसको असरले मर्न पनि सक्ने वनस्पति ।

**अँगोछा**– ना० शरीर पुछ्ने वा कछाडजस्तो गरी बेरिने रुमाल; गम्छा; उपर्ना; अङोछा ।

**अँचेट्-नु**– स० क्रि० १. कसैमाथि दबाब दिनु; वशमा ल्याउनु । २. कुनै लचिलो वस्तुलाई बेसरी थिच्नु; घचेट्नु; ठेल्नु । > **अँचेटाइ**– ना० अँचेट्ने भाव, क्रिया वा प्रक्रिया । **अँचेटाइनु**– क० क्रि० अँचेट्न लाइनु । **अँचेटाउनु**– प्रे० क्रि० अँचेट्न लाउनु; च्यापिने पार्नु । **अँचेटिनु**– क० क्रि० अँचेट्ने काम गरिनु;

च्यापिनु ।

**अँचेला–** ना० [सं० अञ्चल] खेतका गराका छेउमा माटो थुपारी बनाइएको आलीको माथिल्लो भाग ।

**अँजुल्–नु–** स० क्रि० [अँजुली+नु] १. अँजुलीले पानी, अन्न आदि वस्तु हुत्याउनु । २. कुनै वस्तु अँजुलीमा भर्नु । ३. दुइटा पसर जोड्नु; अँजुली पार्नु । >**अँजुलाइ–** ना० अँजुल्ने भाव, क्रिया वा प्रक्रिया । **अँजुलिनु–** क० क्रि० अँजुल्ने काम गरिनु ।

**अँजुली–** ना० [सं० अञ्जलि] १. दुई उत्ताना हत्केला जोडी औँलाहरू केही कुप्र्याएर खोची वा बटुकोजस्तो खोबिल्टो पारिएको स्थिति । २. प्रार्थना गर्दा उपर्युक्त किसिमले दुई हत्केला जोड्दा हुने मुद्रा । ३. दुई हत्केला जोडी बनाइएको खाल्टाभरिको कुनै वस्तुको परिमाण (एक अँजुली पानी, एक अँजुली फूल इ०); अञ्जली; करसम्पुट । ~**जोड्नु–** टु० बिन्तीभाउ गर्नु । ~**थाप्नु–** टु० नेहोरा गरी माग्नु । ~**दिनु–** टु० मृत्युसंस्कारअन्तर्गत मरेका व्यक्तिको सम्झनामा अँजुलीभरि तिलकुशसहित पानी दिनु ।

**अँटाइ–** ना० [आँट्+आइ] आँट्ने काम वा प्रक्रिया ।

**अँठि–नु–** अ० क्रि० [आँठ +इ+नु] १. अर्काको पन्जाभित्र पुग्नु; परवश हुनु । २. कुनै बन्धनले च्यापिनु, कसिनु वा मस्किनु ।

**अँठिया–** ना० गुदीमा मरीच जस्ता काला दाना र बोक्रामा कपासको बियाँमा हुने जस्तो भुस लाग्ने एक जातको केरा ।

**अँठ्याइ–** ना० [√ **अँठ्याउ** (+ **आइ**)] अँठ्याउने क्रिया वा प्रक्रिया । [ > ] **अँठ्याइनु–** क० क्रि० अँठ्याउने काम गरिनु; करेपिनु ।

**अँठ्याउ– नु–** स० क्रि० [आँठे +याउ +नु] १. नउम्कने गरी दह्रोसँग समाउनु; जोडले निचोर्नु वा थिच्नु । (उदा०– भाइचाले साथीको घोक्रो अँठ्यायो ।) २. अरू कसैलाई आफ्नो पन्जामा पार्नु; करेप्नु (उदा०– दाजुले कुरामा अँठ्याएकाले उनी केही बोल्न सकेनन्)।

**अँडिर–** ना० [सं० एरण्ड] कथ्य० अँडिल । १. सातकुने पात भएको, झुप्पामा फल फल्ने, रातो वा सेतो डाँठ भएको, फलबाट तेल निकालिने र पातचाहिँ रेसमका कीरालाई खुवाइने एक जातको बोट । २. त्यसै वनस्पतिको फल । (यस फलको तेल जुलाफका निम्ति प्रयोग गरिन्छ ।)

**अँडुवा–** वि० [सं० अण्ड+उवा] १. जहरवात भई वा स्वतः ठूला आँडा हुने; ठूलो अण्डकोष भएको; आँडावाल; आँडे । २. खसी नपारेको; नसुमरेको (साँढे, बहर, बोको, घोडो आदि) ।

**अँतेर्–नु–** स० क्रि० १. कसैलाई लखेट्तै छेक्तै लगी भित्तो, कुनु वा अप्ठ्यारोमा पुर्‍याई वशमा पार्नु; कसैलाई लडाई शरीरका खासखास भागमा घुँडाले टेकी हलचल गर्न नदिई कायल पार्नु । २. यातना दिई अत्याउनु । >**अँतेराइ–** ना० अँतेर्ने भाव, क्रिया वा प्रक्रिया । **अँतेरिनु–** अ०क्रि० अँतेर्ने काम गरिनु; अँचेटिनु ।

**अँधेर–** ना० [√ अँध्यार] प्रकाशको अभावमा वस्तुको यथार्थ ज्ञान नभएजस्तै समाजमा वा राज्यमा विवेकविचारशून्य भई अन्धकार भएको अवस्था; न्याय-निसाफ हुन नसकेको र कर्तव्य-अकर्तव्य वा असल- खराबको छ्यान-विचार नभई जथाभाबी भएको स्थिति; विभिन्न प्रकारले भएको अन्धकारको व्याप्ति; दृष्टिविहीनता; अन्धेर (उदा०– यहाँ दिउसै अँधेर भयो । यस्तो अँधेर सहन सकिँदैन ।) । वि० २. अँधेरो; अन्धकार । >**अँधेरी–** ना० १. सधिएका हात्ती, घोडा आदिको आँखामा लगाइने पर्दा । वि० २. कृष्णपक्षको; कालो; घाम नछिरी अँध्यारो हुने (अँधेरी रात, अँधेरी खोला, अँधेरी पाखा, अँधेरी वन इ०) ।

**अँधेरो–** ना०/वि० [√ अँध्यारो] अन्धकार; अँध्यारो ।

**अँध्यार–** ना०/वि० [सं० अन्धकार] अँध्यारो । – **खाउडे/खाउडो–** वि० अँध्यारमुखे । – **मुखे** – वि० अँध्यारो मुख भएको वा अँध्यारो मुख लाउने; घोसे ।

**अँध्यारो–** ना० [प्रा० अन्धकारो < सं० अन्धकार] १. प्रकाशको अभाव; उज्यालाको अभाव; मलिनता । वि० २. उज्यालो नभएको; निस्तेज; उज्जर नभएको; मड्किलो । (उदा०– अँध्यारो मुख लाउनु; मन अँध्यारो हुनु; यो लुगाको रङ अँध्यारो छ इ०) **अँध्याराको काम, खोलाको गीत** (उखान) । **अँध्याराको जँघार–** टु० भेउ नपाई गरिएको काम ।

**अँप–** ना० १. मर्दापर्दा दान गरिने अम्खोराको आकारको भाँडो । २. माटाको भाँडो ।

**अंश–** ना० [सं०] १. भाग; हिस्सा; खण्ड; टुक्रा । २. दाजुभाइ वा अन्य अंसियारका बीच हुने जायजेथाको भागबन्डा; सो भागबन्डाअन्तर्गतको एक खण्ड । ३. गणितमा भिन्नको सङ्ख्या वा अङ्क; वृत्तका परिधिको ३६० भागमध्ये एक भाग । ४. मेष, वृष आदि राशिका भोग्यकालको तीस भागको एक भाग । ५. चन्द्रमाको सोह्र खण्डमध्ये एक खण्ड । ६. संस्थान, निगम, कम्पनी आदिमा अधिकृत पुँजीअन्तर्गत निश्चित रकमको एक हिस्सा । ७. सङ्गीतमा रागको विस्तार वा थाट प्रकट हुने स्वर । – **तः–** क्रि०वि० केही अंशमा; केही हदसम्म; केही मात्रामा; अपूर्ण रूपमा । (उदा०– उहाँ कविताभन्दा नाटकमा अंशतः सफल हुनुहुन्छ । तपाईंको कुरा अंशतः सत्य हो ।) विप० पूर्णतः । ~ **दान–** ना० कुनै स्थानीय, क्षेत्रीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सामाजिक, धार्मिक आदि संस्था वा कोषमा आफ्ना अधिकारको अंश अर्पने काम; आफूले पाएका अंशको दान । – **धर–** ना० कुनै उद्योगव्यवसाय वा अन्य प्रकारका आर्थिक कारोबारसँग सम्बन्धित संस्था आदिमा पुँजी लगाउने व्यक्ति; हिस्सेदार; साझेदार; अंसियार । ~ **पत्र–** ना० अंशबन्डाको कागत; बन्डापत्र । ~ **बखेडा–** ना० अंशको बाँडफाँड वा भागबन्डा-सम्बन्धी कचिङ्गल । – **बन्डा–** ना० अंसियारहरूका बीचमा रहेको सगोलको श्रीसम्पत्तिको बाँडफाँड । – **भागी–** ना० अंशको हकदार । >**अंशावतार–** ना० भगवान्‌को वा महापुरुषको अंश लिएर जन्मेको व्यक्ति; अवतारी व्यक्ति ।

**अंशु–** ना० [सं०] सूर्यको किरण; प्रकाश; ज्योति । **–मान्–** ना०

सूर्य । – **माली**– ना० सूर्य । – **वर्मा**– ना० नेपालको इतिहासमा लिच्छविकालका एक प्रसिद्ध शासक; नेपालका राष्ट्रिय विभूतिमध्ये एक; आरम्भमा राजा शिवदेवसँग मिली महासामन्तका हैसियतले संयुक्त रूपमा र अन्तिम समयमा राजाका रूपमा नै शासन गर्ने एक लिच्छविकालीन शासक।

**अंस**– ना० [सं० अंश] हे० अंश । > **अंसियार**– ना० १. पुर्ख्यौली सम्पत्ति वा सगोलको सम्पत्तिमा अंश पाउने अधिकार भएको व्यक्ति; अंशको हकदार; अंशको अधिकारी; अंशभागी । २. कानुनी रूपमा अंश पाउने वंशहरूको समूह, जस्तो– अंसियार-बंसियार । > **अंसियारी**– वि० अंसियारसम्बन्धी; अंसियारको । **अंस्याहा**– ना० कुनै संस्थान, निगम, कम्पनी वा कारोबारको अधिकृत पुँजीमा निश्चित हिस्सा भएको व्यक्ति; उक्त हिस्साको नाताले हुन आउने हक र दायित्व भएको व्यक्ति ।

**अउ**– निपा० कसैलाई हातको हाउभाउसहित सम्बोधन गर्दा वा बोलाउँदा प्रयोग गरिने आह्वानसङ्केत; ए (उदा०– अउ, कान्छा ! कहिले आइस् ?)।

**अऋणी**– वि० [सं० अ+ऋणी] ऋण नभएको; रिन तिरिसकेको; ऋणमुक्त; उऋण । विप० ऋणी ।

**अकट**– ना० [सं० अकृत] १. गरी वा नगरीकन परिआएको अप्ठ्यारो अवस्था । २. पूरा नगरी नहुने खाँचो । (उदा०– मलाई पैसाको अकट पऱ्यो ।) । ~ **विकट**– वि० गर्न वा सँभाल्न गाह्रो पर्ने; साह्रोगाह्रो; गाह्रोसाँघुरो; अप्ठ्यारो । > **अकटिलो**– वि० अप्ठ्यारो परेको; असजिलो ।

**अकड**– ना० [सं० अकृत] हे० अकट; अक्कड ।

**अकडम-बकडम**– ना० हे० अगडम-बगडम ।

**अकडाइ**– ना० [√ अकड (+ आइ)] अकडिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अकडाइनु**– क० क्रि० अकडमा पारिनु; अकड्याइनु । **अकडाउनु**– अ०क्रि० १. अकडिने हुनु । प्रे० क्रि० २. अकडमा पार्नु; अकडिन लाउनु; अकड्याउनु । **अकडिनु**– अ० क्रि० १.आफ्ना काम-कुरामा डटेर अडान लिनु; ढिपी गर्ने हुनु । २. अड्भाङ्गे भएर बस्नु; ठर्रिनु । ३. कठ्याङ्ग्रिनु; कक्रिनु । **अकडी**– वि० अकड लिने; ढिपीवाल । **अकड्याइ**– ना० अकडिने भाव, क्रिया वा प्रक्रिया । **अकड्याइनु**– क० क्रि० अकडिन लाइनु; डटाइनु । **अकड्याउनु**– प्रे० क्रि० अकडिने पार्नु; अकडिन लाउनु ।

**अकण्टक**– वि० [सं०]१. काँडा नभएको । २. कुनै बाधा-विरोध वा डर आदि नभएको । ३. अजातशत्रु; शत्रुरहित ।

**अकथनीय**– वि० [सं०] वर्णन गर्न वा भन्न नसकिने; बाहिर प्रकट गर्न नसकिने; अकथ्य ।

**अकथित**– वि० [सं०] नभनिएको; वर्णन नगरिएको; अनुक्त ।

**अकथ्य**– वि० [सं०] हे० अकथनीय ।

**अकपट**– वि० [सं०] १. धुर्त्याइँ नभएको; जालझेल नजान्ने वा नगर्ने; खुला वा सफा मन भएको । २. हक्की ।

**अकबर**– ना० [अ०] मध्यकालीन भारतका मुगलवंशी एक प्रसिद्ध सम्राट् (शासन– वि०सं० १६१२ – १६६२)। > **अकबरी**– वि० १. अकबरको जस्तो अर्थात् उम्दा; असल; उत्तम वा उत्कृष्ट । २. नम्बरी (सुन) । **अकबरी सुनलाई कसी लाउनुपर्दैन** (उखान) । **अकबरे**– वि० १. डल्लो खालको र ज्यादै पिरो (खोर्सानी); राँगे; अब्बरे । ना० २. सोही जातको खोर्सानी ।

**अकबाल**– ना० [अ० इकबाल] १. ऐश्वर्य । २. प्रताप । ३. चकचकी । (उदा०– लङ्काको अकबाल् सुनौँ त पहिले कस्तो छ तेस्को तखत् । –भानुभक्त ।)

**अकमक**– ना० [अ० मू०] १. आनेकाने; दोमन । २. दोधार; द्विविधा । > **अकमकाइ**– ना० अकमकाउने भाव, क्रिया वा प्रक्रिया । **अकमकाइनु**– अ०क्रि० अकमकाउने काम हुनु; अकमक्क परिनु । **अकमकाउनु**– अ० क्रि० अकमक्क पर्ने स्थिति हुनु; यसो भनूँ कि उसो भनूँ भएर अलमलिनु । **अकमकिनु**– अ० क्रि० अकमक्क पर्नु; किंकर्तव्यविमूढ हुनु । **अकमक्क**– क्रि०वि० १. जिल्ल; जिल्लाराम । क्रि०वि० २. दोधारमा परेर; जिल्लाराम भएर । **अकमक्याइँ**– ना० अकमकाइ । **अकमक्याइनु**– क० क्रि० अकमकिने गराइनु, अकमक्क पारिनु । **अकमक्याउनु**– प्रे० क्रि० अकमकिने गराउनु; अकमक्क पार्नु ।

**अकम्पित**– वि० [सं०] १. नकाम्ने; स्थिर; नहल्लिएको; नडगेको । २. नडराएको ।

**अकर१**– वि० [सं०] १. सरकारी वा गैरसरकारी कर, पोत, शुल्क आदि नलाग्ने; कर मिनाहा भएको । २. हात नभएको; हातरहित । ३. सुँड नभएको ।

**अकर२**– ना० १. असजिलो वा अप्ठ्यारो स्थिति; अक्कर । २. खाँचो; साह्रोगाह्रो ।

**अकरकरा/अकरकला**– ना० [सं० आकरकरभ] पिरो र परपऱ्याउने स्वाद हुने, गर्मी बढाउने, दाँत दुखेको, वात, पिनास जस्ता रोगमा ओखतीका निम्ति प्रयोग गरिने वनस्पतिविशेष ।

**अकरण**– ना० [सं०] १. क्रियापदको करण अर्थको विपरीत निषेध अर्थ ।२. क्रियापदको करण रूपको विपरीत निषेधात्मक रूप । ३. वाक्यको उद्देश्यसँग सम्बन्धित विधेयको अर्थको खण्डन वा निषेध (जस्तो– करण : राम घर जान्छ; अकरण: राम घर जाँदैन इ०) ।

**अकरणी**– ना० गणितमा वर्गमूल नहुने सङ्ख्या । ~ **अङ्क**– ना० गणितमा वर्गमूलको हिसाबमा शेष रहने अङ्क (जस्तै- ८, १०, १५, १७, २४, २६ इ०) ।

**अकरणीय**– वि० [सं०] गर्न अनुचित; गर्न नहुने; अकर्तव्य ।

**अकरुण**– वि० [सं०] करुणा वा दयाको भावना नभएको; निष्ठुरी; निर्दयी ।

**अकर्ण** – ना० हे० अकर्न ।

**अकर्तव्य**– वि० [सं०] १. नैतिक सीमा वा मर्यादाले गर्न नसुहाउने; गर्न नहुने; अनुचित । ना० २. नराम्रो कार्य; कुकर्तव्य ।

**अकर्न–** ना० [फा०] १. मुलुकीखाना आदिमा कुनै कुरा निश्चित समयमा बुझाउँला भनी सर्तसहित अड्डाले गराएको कबुलियतको कागत । २. कार्यालयमा साबिकवाला कर्मचारीले हालवाला वा बहालवाला कर्मचारीलाई आफ्नो जिम्माको सरसामान, कागजात आदि बुझाउँदा बुझ्नेले लेखिदिने कागज; एक किसिमको भरपाई ।

**अकर्म–** ना० [सं०] १. कर्मको अभाव । २. गर्न अयोग्य काम । ३. खराब काम; कुकर्म । ४. क्षुद्र कर्म; नीच कर्म; दुष्कर्म ।

**अकर्मक–** वि० [सं०] व्याकरणका अनुसार अकर्मक धातु वा क्रियाको सङ्केत गर्ने । ~ **क्रिया–** ना० अर्थ पूरा हुनाका निम्ति कर्मको आवश्यकता नपर्ने क्रिया; कर्ताको कार्यव्यापारको फल कर्तामा नै टुङ्गिने क्रिया ।

**अकर्मण्य–** वि० [सं०] १. केही पनि काम नगर्ने; निकम्मा; अल्छी; निष्क्रिय । २. कुनै पनि उल्लेखनीय वा सार्थक काम गर्न नसक्ने; बेकार; व्यर्थ । – **ता–** ना० अकर्मण्य हुने चाल, अवस्था वा स्थिति; निष्क्रियता ।

**अकल–** ना० [अ० अक्ल] कुनै पनि काम छिटोछरितो रूपमा गर्ने वा तात्कालिक समस्या टार्न सक्ने सुझबुझ; कुशलतापूर्ण समझ; जुक्ति; अक्कल; अक्किल । – **गुम–** वि० १. होस हराएको; सुझबुझ नभएको । ना० २. होस हराएको वा सुझबुझ नभएको अवस्था । (उदा० अचेल उनको अकलगुम भएको छ ।) – **दार–** वि० १. अकल भएको; बुद्धि पुऱ्याएर काम गर्ने । २. सिपालु । – **मन्द–** वि० अकल भएको; अकलदार ।

**अकलुषित–** वि० [सं०] १. निर्मल; स्वच्छ । २. कुनै प्रकारको दुर्भावना नभएको; सफा हृदयको ।

**अकल्पित–** वि० [सं०] १. कल्पना नै गर्न नसकिने; कल्पनातीत; चिताउँदै नचिताइएको; सोच्तै नसोचिएको । २. अकाल्पनिक ।

**अकल्याण–** ना० [सं०] अर्काको कुभलो चिताउने वा गर्ने काम; कष्ट वा दुःख दिने काम; कुभलो ।

**अकस्मात्–** क्रि०वि० [सं०] के-कसरी भएको हो थाहा नपाई; अचानक; एकाएक; अपर्झट ।

**अकाटच–** वि० [सं०] १. खण्डन गर्न नसकिने । २. असत्य नठहरिने । ३. काट्न नसकिने ।

**अकाम–** ना० [सं०] १. गर्न नहुने काम; कुकर्म; खराब काम । वि० २. राग, द्वेष आदि कुनै पनि पक्षको चाहना नभएको; वीतरागी; वैरागी; निष्काम ।

**अकाय–** वि० [सं०] १. शरीर नभएको; निराकार । ना० २. अनङ्ग; कामदेव ।

**अकार–** ना० [सं०] 'अ' स्वरवर्ण । २. 'अ' स्वरवर्णको उच्चारण ।

**अकारण–** क्रि०वि० [सं०] १. कुनै पनि कारणविना; बिनसित्ति । वि० २. कारण नभएको; निराधार । ना० ३. कारणको अभाव ।

**अकारादि–** वि० [सं०] सुरुमा 'अ' भएको; 'अ' बाट प्रारम्भ भएको । – **क्रम–** ना० वर्णमालामा 'अ' देखि 'ह' सम्मका वर्णहरूको क्रमशः आउने क्रम ।

**अकारान्त–** वि० [सं०] अन्त्यमा 'अ' स्वरवर्ण हुने (शब्द; जस्तै – कृष्ण, वसन्त इ०) ।

**अकार्थ–** ना० [सं० अकार्यार्थ] १. कारणको अभाव; प्रयोजनको अभाव । क्रि०वि० २. विनाकारण; व्यर्थैमा ।

**अकाल–** ना० [सं०] १. अनिकाल । २. खराब समय । वि० ३. समय नपुगेको; दुर्घटना आदिमा परेको; असामयिक । ~ **मरण/मृत्यु–** ना० समय नपुगी वा दुर्घटनामा परी भएको मरण; आकस्मिक मृत्यु । (उदा०– उसको अकाल मरण वा मृत्यु भयो । )

**अकास–** ना० [सं० आकाश] १. ब्रह्माण्डको पृथ्वी, तेज, जल र वायुरहित अवस्था; अन्तरिक्ष; आकाश; नभ; सगर; गगन । २ स्वर्ग; देवलोक । – **को चरा खसाल्नु–** टु० असम्भवजस्तो काम पनि पूरा गर्नु । – **को फल–** ना० दुर्लभ वस्तु; असम्भव कुरो । **अकासको फल, आँखा तरी मर्** (उखान) । ~ **पत्ताल–** ना० १. आकाश र पाताल । २. फुर्तीफार्ती मिसिएको कथन । ~ **बत्ती–** ना० कार्तिक कृष्ण प्रतिपदादेखि कार्तिक पूर्णिमासम्म तुलसीको लिङ्गामा बालिने दीप; आकाशबत्ती । ~ **बेली–** ना० आकाशबेली; सुनलहरो ।

**अकासि-नु–** अ० क्रि० [अकास+इनु] १. अकासमा माथिमाथि उड्दै जानु । २. सतह वा जीवनको यथार्थबाट बहकिनु । ३. सम्पत्तिको मात्रा, वस्तुको मोल आदि वृद्धि हुनु ।

**अकासे–** वि० [अकास+ए] १. अकाससम्बन्धी । २. हिँड्दा आँखा माथि पार्ने । ३. आकाशबाट परेको पानी वा झरीमा आश्रित (खेती) । ४. नीलो रङको । ~ **खेती–** ना० अकासबाट परेको पानीको भरमा हुने खेती । ~ **वृत्ति–** ना० निश्चिततासाथ आय वा जीविका नहुने स्थिति; अनिश्चित पेसा ।

**अकास्याइ–** ना० [√ **अकासि**(+ याइ) अकासिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अकास्याइनु–** अ० क्रि० अकासिने पारिनु । **अकास्याउनु–** प्रे० क्रि० अकासिने पार्नु; अकासिन लाउनु; अकासमा उडाउनु ।

**अकिञ्चन–** वि० [सं०] १. धनविहीन; दरिद्र । २. स्वास्थ्य, साधन, शक्ति आदिले हीन; असहाय; बबुरो ।

**अकुण्ठा–** ना० [सं०] मानसिक अवरोध वा कुण्ठित हुने अवस्थाको अभाव; बाधाव्यवधान नहुने स्थिति वा सो स्थितिको बोध । > **अकुण्ठित–** वि० १. कुण्ठारहित । २. बाधारहित; निरवरोध; निर्बाध ।

**अकुत–** वि० विपुल; अपरिमित; यति नै छ भन्ने अनुमान गर्न नसकिने; भरपूर ।

**अकुल–** ना० [सं०] बेठेगानको कुल; नीच कुल; अप्रतिष्ठित कुल ।

**अकुलाइ–** ना० [√ **अकुलाउ** (+ आइ)] अकुलाउने क्रिया, प्रक्रिया वा स्थिति । [ > ] **अकुलाइनु–** क० क्रि० आकुल पारिनु ।

**अकुलाउनु–** अ० क्रि० [सं० आकुल+आउ+नु] आकुल हुनु; आत्तिनु; हडबडाउनु । > **अकुलाहट–** ना० आकुल हुने र पार्ने स्थिति,

भाव, क्रिया वा प्रक्रिया ।

**अकूत–** वि० हे० अकुत ।

**अकृतज्ञ–** वि० [सं०] अर्काले लगाएको गुन वा उपकारप्रति आभारी नहुने; बैगुनी; कृतघ्न ।

**अकेला–** वि० [ सं० एकल] साथमा कोही नभएको; एक्लो; फट्टा ।

**अक्कड१–** ना०[ सं० अकट] कुनै कुरामा एकोहोरो किसिमले लिइने जिद्दी; ढिपी; हठ; अकड ।

**अक्कड२–** प्रत्य० विशेषण बनाउनका लागि आउने एक कृत्-प्रत्यय (घुमक्कड, बोलक्कड इ०) ।

**अक्क न बक्क–** क्रि०वि० [(द्वि०) न+बक्क] अक्कलगुम; इन्तु न चिन्तु; अकमक्क; जिल्लाराम ।

**अक्कर–** ना० १. यताउति जान नसकिने अप्ठ्यारो ठाउँ; भीर, पहरो आदि भएको विकट ठाउँ; अकर । २. के गर्ने, कसो गर्ने भन्ने अप्ठ्यारो स्थिति; कठिनाइ । > **अक्करिलो–** वि० जान पुग्न नसकिने; अक्कर परेको; अप्ठ्यारो ।

**अक्कल–** ना० [अ० अक्ल] कुनै अप्ठ्यारो स्थिति वा समस्या सुल्झाउने दक्षता; जटिलभन्दा जटिल काम पनि फत्ते पार्ने खुबी; बुद्धि; चतुऱ्याइँ; समझ । **– दार–** वि० अक्कली । **– मन्द–** वि० अक्कली । > **अक्कली–** वि० अक्कल भएको; सिपालु; बुद्धिमान्; अकली ।

**अक्टोपस–** ना० [अङ्०] लहराजस्ता आठवटा खुट्टा हुने, साढे अठार फुटसम्म लामो, गुलाफी रङको हिंस्रक जलचर ।

**अक्टोबर–** ना० [अङ्०] असोजको आधाआधीदेखि कात्तिकको आधाआधीसम्म पर्ने, ग्रेगोरी पात्रोअनुसारको एकतीसदिने महिना; उक्त पात्रोअनुसार दसौँ महिना ।

**अक्तियार–** ना० हे० अख्तियार ।

**अक्र-नु–** अ० क्रि० १. कुनै कुरो कक्रक्क पर्नु; कठ्याङ्ग्रिनु । २. घमन्ड गर्नु; अभिमान गर्नु ।

**अक्रम–** वि० [सं०] क्रम नमिलेको; सिलसिला नभएको । **– ता–** ना० ठाउँमा नपरेर पदको क्रम नमिल्ने हुँदा हुने एक प्रकारको काव्यदोष; क्रमविहीनता । > **अक्रमातिशयोक्ति–** ना० अलङ्कारशास्त्रअनुसार कार्य र कारणको एकैसाथ अथवा पहिले कार्य पछि कारणको उल्लेख हुँदा पर्ने एक अलङ्कार; अतिशयोक्ति अलङ्कारको एक भेद ।

**अक्राइ–** ना० [√ अक्र (+ आइ)] अक्रने भाव, क्रिया वा प्रक्रिया; कक्रक्कपराइ । [ >] **अक्राइनु–** क० क्रि० अक्रने पार्नु; कक्र्याइनु । **अक्राउनु–** प्रे० क्रि० अक्रने पार्नु; कक्र्याउनु । **अक्राहट–** ना० अक्राइ । **अक्रिनु–** अ० क्रि० अक्रनु; कक्रिनु ।

**अक्रूर–** वि० [सं०] १. क्रूर वा निष्ठुर स्वभाव नभएको; दया भएको; दयालु । ना० २. कृष्णका काका तथा सल्लाहकारको नाम ।

**अक्ष–** ना० [सं०] १. पासा । २. पाङ्ग्राको प्वालमा हाल्ने डाँडी; धुरा । ३. पृथ्वीको उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म खिचिएको कल्पित विभाजक रेखा । **– क्रीडा–** ना० पासाको खेल ।

**अक्षत–** वि० [सं०] १. कतै घाउचोट नलागेको । २. नबिग्रिएको; क्षय नभएको । ३. अक्षता; अच्छेता । ~ **योनि–** वि० योनि क्षत नभएकी; पुरुषसित समागम नभएकी; कुमारी ।

**अक्षता–** ना० [सं०] १. चामलका सग्ला गेडा; देवपितृ-कार्यमा चढाउन, पूजा गर्न वा टीका लगाउन प्रयोग गरिने चामलका भिजाइएका गेडा; जोखना आदिमा प्रयोग गरिने चामलका गेडा; अच्छेता । वि० २. सम्भोगक्रियाद्वारा योनि क्षत नभएकी; कुमारी ।

**अक्षम–** वि० [सं०] क्षमता नभएको; अयोग्य; असमर्थ । **– ता–** ना० अक्षम हुनाको भाव वा अवस्था; असमर्थता; अशक्तता ।

**अक्षमा–** ना० [सं०] १. असहनशीलता; क्षमाको अभाव । २. निष्ठुरीपना; निष्ठुरता ।

**अक्षमाला–** ना०[सं०] १. गायत्री वा कुनै मन्त्र जप्ता जपसङ्ख्याको गन्ती गर्न बनाइएको माला; जपमाला । २. रुद्राक्षको दानाको माला । ३. वसिष्ठ ऋषिकी पत्नी ।

**अक्षम्य–** वि० [सं०] १. माफी दिन नसकिने वा नहुने । २. सहन नसकिने । ~ **अपराध–** ना० क्षमा दिन नहुने वा नसकिने अपराध ।

**अक्षय–** वि० [सं०] १. नाश नहुने; अविनाशी । २. कहिल्यै नघट्ने । **– कुमार–** ना० रावणको कान्छो छोरो । ~ **कोष–** ना० १. जति खर्च गरे पनि नसकिने खजाना । २. खर्च नगर्ने भनी अलग्ग राखिएको कोष । ~ **तृतीया–** ना० वैशाख महिनाको शुक्लपक्षको तेस्रो तिथि वा सो तिथिका दिनको पर्वविशेष । ~ **नवमी–** ना० सत्ययुग आरम्भ भएको दिनका रूपमा विश्वास गरिएको एक नवमी तिथि; कार्तिक शुक्ल नवमी; कुष्माण्डनवमी । **– वट–** ना० प्रयागमा गङ्गा र यमुना मिसिएको ठाउँमा पर्ने वरको एक प्राचीन र प्रसिद्ध रूख ।

**अक्षय्य–** वि० [सं०] नाश गर्न नसकिने; अक्षय । > **अक्षय्योदक–** ना० हिन्दूहरूद्वारा श्राद्धमा पिण्डदानपछि पितृहरूको अक्षय्य तृप्तिका निम्ति चढाइने जल ।

**अक्षर–** ना० [सं०] १. रूपभन्दा सानो र ध्वनिभन्दा ठूलो ध्वन्यात्मक एकाइ । (उदा०– इ, सार् इ०) २. शब्दको वा शब्दांशका आवाजको एउटै प्रयासमा उच्चरित हुने, प्रायः व्यञ्जनसहित वा रहित स्वर भएको सिङ्गो ध्वनि वा ध्वनिसमूह; अच्छेर । ३. ईश्वर; परमात्मा; ब्रह्म । वि० ४. नाश नहुने; अविनाशी । **–जीवी–** वि० लेखपढ गरेका भरमा जीउ पाल्ने; पढ्ने-पढाउने काम गरेर जीवनवृत्ति गर्ने । **– न्यास–** ना० तान्त्रिक पूजापाठमा आफ्ना अङ्गप्रत्यङ्गको रक्षाका निम्ति ती अङ्गप्रत्यङ्गका देवताहरूसित सम्बन्धित अक्षरहरूको स्थापना । ~ **पत्ती–** ना० बाक्लो कागजमा अक्षर लेखिएको टुक्रा; अक्षरसिकाइ वा चिनारीका लागि शिक्षणसामग्रीका रूपमा प्रयोग गरिने अक्षरअङ्कित कागत । ~ **विन्यास–** ना० वर्णविन्यास; हिज्जे;

खिप्ती; वर्तनी । **– शः–** क्रि०वि० १. एक-एक अक्षर गरेर; एक अक्षर पनि नछाडीकन । २. एकै अक्षर पनि नबिराई । (उदा०– हनुमान् रामको आज्ञा अक्षरशः पालन गर्थे ।) ~ **सङ्घात–** ना० १. विचित्र अर्थ र परिमित अक्षर भएको उक्ति हुने नाटकको एउटा लक्षण । २. कठोर ध्वनि उच्चारण गर्दा आइपर्ने अप्ठेरो ।

**अक्षरात्मक–** वि० [सं०] अक्षरको सृजना गर्ने विशेषता भएको । ~ **लिपि–** ना० स्वरको सहायताले मात्र लेख्न सकिने अक्षर वा वर्ण भएको लिपि (देवनागरी, ब्राह्मी, बङ्गाली इ०)।

**अक्षरारम्भ–** ना० [सं०] १. बालकलाई पढाउन प्रारम्भ गराउने एक धार्मिक कर्म; वैदिक पद्धतिअनुसार गरिने सोह्र संस्कारमध्ये एक । २. अक्षर वा लिपिका अध्ययनको आरम्भ ।

**अक्षरेखा–** ना० [सं०] पृथ्वी वा त्यसको मानचित्रमा उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म तानिएको कल्पित रेखा; अक्ष ।

**अक्षरेपि–** क्रि० वि० [सं०] रकमसम्बन्धी लेनदेनका कागतमा अङ्कलाई पुष्टि दिनका लागि अक्षरमा अङ्क जनाउनुभन्दा पहिले प्रयोग गरिने शब्द; अक्षरमा पनि । (उदा०– मैले आजका मितिमा रु. १००/- अक्षरेपि एक सय सापट लिएको ठीक-साँचो हो ।)।

**अक्षशाला–** ना० [सं०] जुवा खेलाउनका निम्ति व्यवस्था गरिएको घर ।

**अक्षांश–** ना० [सं०] पृथ्वीको अक्ष र भूमध्यरेखाको समानान्तरमा कोरिन सक्ने कल्पित रेखामध्ये कुनै एक; भूमध्यरेखा र ध्रुवताराका माझको कोणिक दूरी ।

**अक्षार–** वि० [सं०] क्षार पदार्थ वा नुनको अंश नभएको; क्षारभिन्न । ~ **लवण–** ना० खानीबाट निस्केको नुन; समुद्री नुनबाहेकको अन्य नुन (सिधेनुन, भोटेनुन ) ।

**अक्षि–** ना० [सं०] १. आँखा; नेत्र । २. आँख्लो ।

**अक्षीण–** वि० [सं०] क्षीण नभएको; नखिइएको; पुष्ट; मोटो ।

**अक्षुण्ण–** वि० [सं०] १. नटुटेको; नखुँडिएको । २. व्यवधानरहित; लगातार । **– ता–** ना० लगातार भइरहने वा गरिने भाव; कुनै रोकटोकविना चलिरहने भाव; नखुँडिने वा नखुँडिएको अवस्था; अखण्डता ।

**अक्षोभ–** ना० [सं०] क्षोभ, रिस वा असन्तोषको अभाव । > **अक्षोभ्य–** वि० १. डगाउन नसकिने; उत्तेजित पार्न नसकिने । २. अविचलित । ना० ३. पाँच महाबुद्धमध्ये दोस्रा ।

**अक्षौहिणी–** ना० [सं०] १. प्राचीन भारतीय सेनाको सबैभन्दा ठूलो एकाइ । २. घोडचढी, हस्त्यारोही, पैदल गरी जम्मा १,०९,३५० योद्धा हुने सैनिकसमूह ।

**अक्सर–** क्रि०वि० [अ०] धेरैजसो; प्रायः ।

**अक्सिजन–** ना० [अङ्०] रङ्गरहित, निर्गन्ध र ग्याँसयुक्त वातावरणको लगभग पञ्चमांश मात्रा भएको, जीवजन्तु र वनस्पतिको सास फेर्ने काममा , प्राणीको शरीरमा ताप दिने काममा र आगो बल्ने काममा सघाउ पुऱ्याउने रसायनशास्त्रमा $O_2$ का रूपमा संज्ञित हुने तत्त्व; उद्जन; प्राणवायु; अमृतवायु ।

**अखच–** ना० जुनसुकै वस्तु वा अवस्थाबाट पर्न आउने अप्ठ्यारो स्थिति । > **अखचिलो–** वि० गाह्रोसाँघुरो परिरहने; खाँचो पर्ने ।

**अखटो–** ना० [सं० आक्षत] १. रूख वा भिरालो पहाड चढ्दा उक्लन र ओर्लनका निम्ति खुट्टा टेक्न बनाइएको खोबिल्टो । २. डोरीका वा काठको लिस्नु ।

**अखट्ट–** ना० १. निकै ठूलो खाँचो वा अभाव । क्रि०वि० २. ज्यादै; निकै । (उदा०– मलाई दस रुपियाँको अखट्ट पऱ्यो । )।

**अखडा–** ना० [प्रा० अक्खआडो > सं० अक्षवाट] १. कसरत गर्ने वा कुस्ती आदि सिक्ने ठाउँ; अखाडा । २. जोगी, फकिर, गँजडी वा जुवाडी आदि भेला हुने ठाउँ । ३. कुनै व्यवसाय वा दलका व्यक्तिहरू थुप्रिएको ठाउँ । (उदा०– त्यो ठाउँ चोरको अखडा थियो ।) । ४. मनोरञ्जन गर्ने ठाउँ ।

**अखण्ड–** वि० [सं०] १. नटुक्रिएको; अटुट; सिङ्गो । २. बाधाविरोध वा रोकटोक नभएको । **– ता–** ना० अटुटपना; सिङ्गो अवस्था वा रूप । > **अखण्डनीय–** वि० १. टुक्र्याउन वा अलग्याउन नसकिने । २. काट्न नसकिने (तर्क, वाक्य, कथन इ०) ।

**अखण्डित–** वि० [सं०] खण्डन नभएको; खण्डित नभएको । ~ **प्रतीतपत्र –** ना० एक ब्याङ्कले अर्को ब्याङ्कका नाउँमा फलाना आयातकर्ताको यति रुपियाँले खामेसम्मको चेक, ड्राफ्ट वा हुन्डी स्वीकार गर्नू तथा निकासीकर्तालाई रकमको भुक्तानी दिनू भनी लेखिएको, निकासीकर्ताद्वारा प्रतीतपत्र खोलिएको ब्याङ्कको कबुलियतसमेत गाभिएको हुने र निकासीकर्ताको अग्रिम अनुमतिविना खण्डन वा खारेजी हुन नसक्ने पत्र ।

**अखने–** ना० [अखान+ए] दाइँको पराल तान्ने काम गरिने अङ्कुसे लट्ठी ।

**अखबार–** ना० [अ०] दैनिक, साप्ताहिक आदि निश्चित समयमा निस्किने खबरका साथै सम्पादकीय, टिप्पणी, लेख, विज्ञापन आदि छापिएको कागत; खबरकागत; समाचारपत्र । > **अखबारी–** वि० १. अखबारसम्बन्धी । २. अखबारमा दिइएको वा भएको ।

**अखाडा–** ना० हे० अखडा ।

**अखाद्य–** वि० [सं०] १. खान नहुने । ना० २. खान नहुने वस्तु । ३. खाँदा शरीरलाई अहित गर्ने वस्तु; कुखाद्य ।

**अखानु/अखानो–** वि० [सं० अक्षान्त] १. अमिल्दो; सङ्कटमा पारिएको; अकारण उल्झनको स्थितिमा पारिएको । (उदा०– काम बिगार्ने व्यक्ति अखानु हुनु स्वाभाविक छ ।)। ना० २. त्यस्तो स्थितिमा परेको व्यक्ति; अभियोज्य व्यक्ति ।

**अखिल–** वि० [सं०] प्रत्येकको; सबैलाई समेट्ने; सम्पूर्ण; समग्र; सारा (अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, अखिल नेपाल महिला सङ्घ इ०) ।

**अख्तियार–** ना०[अ०] १. नियम-कानुनद्वारा दिइएको अधिकार; हक; अक्तियार । २. अधिकारक्षेत्र । ३. प्रभुत्व; सामर्थ्य । ~ **दुरुपयोग अनुसन्धान आयोग–** ना० नेपाल अधिराज्यको संविधान,

२०३२ अनुसार राष्ट्रसेवकहरूले आफ्ना अधिकारहरूको नाजायज र अनियमित प्रयोग गरेमा कारबाई गर्नाका निम्ति गठन भएको एक संवैधानिक निकाय । – **नामा**– ना० कसैलाई आफ्ना तर्फबाट काम गर्नू भनी लेखिदिएको कागत; अधिकारपत्र; वारिसनामा । – **वाला**– वि० १. कुनै काम गर्न अधिकार पाएको; नियम-कानुनअनुसार लिखित रूपमा अख्तियार पाउने । ना० २. त्यस्तो अख्तियार पाएको व्यक्ति । > **अख्तियारी**– वि० १. अख्तियार प्राप्त गरेको; अख्तियारमा रहेको; अख्तियार-भित्रको । ना० २. अख्तियार हुनाको भाव वा अवस्था । > **अख्तियारे**– वि० अख्तियार प्राप्त गरेको (व्यक्ति); अख्तियारवाला ।

**अख–नु**– अ० क्रि० चिसो वा भिजेको वस्तु सुक्नु; थोरै सुक्नु । > **अखक्क**– वि० १. भिजीवरी सुकेर दह्रो भएको (कपडा, छाला इ०) । क्रि०वि० २. त्यसरी दह्रो हुने गरी । **अखाइ**– ना० अखने भाव, क्रिया वा प्रक्रिया । **अखाइनु**– क० क्रि० अखिने पारिनु । **अखाउनु**– प्रे० क्रि० अखन लाउनु; अखने पार्नु । **अखाहट**– ना० अखाइ । **अखिनु**– अ० क्रि० १. अखनु । २. अखने हुनु । **अख्याइ**– ना० अखिने भाव, क्रिया वा प्रक्रिया । **अख्याइनु**– क० क्रि० अखिने पारिनु । **अख्याउनु**– प्रे० क्रि० अखिने पार्नु । **अख्याहट**– ना० अख्याइ ।

**अगकल्चो**– वि०हे० अधकल्चो ।

**अगच**– वि० [सं० अगत्या/अगम्य] १. अकर; जान वा हिँड्न अप्ठेरो; अघच । ना० २. त्यस्तो अप्ठेरो ठाउँ वा स्थिति । > **अगचिलो**– वि० अगच पर्ने; अप्ठेरो हुने ।

**अगडम-बगडम**– वि० [अ.मू. अगडम (द्वि.)] १. धेरै सङ्ख्यामा भएकाले वा तुच्छ भएकाले अनुल्लेखनीय; ह्यानत्यान; फस्याङफुसुङ; फासफुसे । ना० २. त्यस्तो अनुल्लेखनीय वस्तु ।

**अगणनीय**– वि० [सं०] १. अगण्य; गन्न नसकिने; गनिनसक्नु; असङ्ख्य; बेगन्ती; अनगन्ती । २. गणना गर्न लायक नभएको; तुच्छ; छुद्र ।

**अगणित**– वि० [सं०] १. नगनिएको । २. गन्न नसकिने; धेरै; प्रशस्त ।

**अगण्य**– वि०हे० अगणनीय ।

**अगति**– ना० [सं०] १. नराम्रो गति; दुर्गति । २. नर्क । (उदा०– त्यस दुष्टको त मुख हेऱ्यो भने पनि अगति परिन्छ ।) वि० ३. गतिरहित ।

**अगतिलो**– वि० [अ+गतिलो] नराम्रो; बेकामे ।

**अगत्या**– क्रि०वि० [सं०] १. अन्य गति नरहनाले; अन्तमा; एक्कासि । २. नराम्रो संयोगले गर्दा; दुर्भाग्यवश ।

**अगम**– वि० [सं०] १. जान , जान्न वा थाहा पाउन नसकिने; अथाह । २. पार लगाउन नसकिने; अपार ।

**अगम्य**– वि० [सं०] अगम । > **अगम्या**– वि० भोग गर्न नहुने (नारी) ।

**अगर**– ना० [सं० अगरु] १. हिमालमा हुने, बास्ना आउने एक जातको धूपी; अगरु । २. उक्त धूपीको काठ । ३. धूपीको पात वा काठ मिसाई बनाएको धूप । – **बत्ती**– ना० सिन्कामा अगरको लेप लगाइएको धूप; सिन्के धूप ।

**अगरु**– ना० हे० अगर ।

**अगलबगल**– क्रि०वि० [(द्वि०) बगल] दायाँबायाँ; वरपर; छेउछाउ ।

**अगस्त**– ना० [अङ्०] ग्रेगोरी पात्रोअनुसार वर्षको आठौँ महिना; त्यसअनुसार साउनको पछिल्लो आधा भाग र भदौको अगिल्लो आधा भागमा पर्ने एकतीसदिने महिना ।

**अगस्ति**– ना० [सं०] १. मित्रावरुणले उर्वशीलाई देख्दा पतन भएको वीर्य कुम्भमा पर्दा जन्मेका भनिने एक ऋषि; कुम्भयोनि; पुराणमा वर्णित कथाअनुसार समुद्रको सम्पूर्ण जल पान गर्ने एक ऋषि; गोत्रप्रवर्तक अनेक ऋषिमध्ये एक । २. एक तारा; अगस्तितारो । वि० ३. घिचुवा; खन्चुवा । ~ **गोत्र**– ना० ढुङ्गेल आदि थरका नेपालीहरूको गोत्र । ~ **तारो**– ना० दक्षिण दिशाका ताराहरूमध्येको एउटा तारो । < **अगस्त्य**– ना० १. अगस्ति ऋषि । २. अगस्ति ।

**अगहन**– ना० [सं० अग्रहायण] मङ्सिर महिना । > **अगहनी**– ना० मङ्सिरमा फल्ने वा हुने (मार्सी आदि धान वा अरू अन्न) बाली ।

**अगाइ–नु**– अ० क्रि० हे० अघाइनु ।

**अगाउ–नु**– अ०क्रि० [सं० आघ्राण] हे० अघाउनु ।

**अगाडि**– क्रि०वि० [सं० अग्र+आडि] १. सामुन्नेमा; हाकाहाकी; अगिल्तिर । २. पहिले नै; अघिबाटै; उहिले ।

**अगाडी**– ना० काठी नखसोस् भनी घोडाको घाँटीमा लगाइने पेटी ।

**अगाध**– वि० [सं०] १. गहिरो; तर्न नसकिने । २. जानेर जान्न नसकिने; अथाह । क्रि०वि० ३. अत्यन्त; असाह्रै; अघोरै ।

**अगावै**– क्रि० वि० [अगि+आवै] पहिले नै; अगिबाटै; अगाडि नै ।

**अगि**– ना० यो० [सं० अग्र] १. सामुन्ने; मुखेन्जी; अगिल्तिर; अघि । क्रि० वि० २. उहिले; पहिले; – **अगि**– क्रि० वि० १. प्राचीन कालमा । २. अगाडि-अगाडि; अघिअघि ।

**अगिन्नर पछिन्नर**– ना० [डो०] कुनै काठ वा बाँसमा भार पारी अघिल्तिर र पछिल्तिर झुन्डिने किसिमले काँधमा बोकिने भारी; भारद्वारा बोकिने भारी ।

**अगिल्तिर**– क्रि०वि० [अगिल्लो+तिर] सामुन्नेपट्टि; अगाडिपट्टि; सम्मुख; अघिल्तिर ।

**अगिल्लो**– वि० [अगि+इल्लो] १. पहिलोचाहिँ; अगिको; अघिल्लो । २. अगाडिको; सामुन्नेको ।

**अगिसरा**– वि० [सं० अग्रसर] १. कुनै काममा अगाडि सर्ने स्वभावको; फुर्तिलो; अघिसरा । २. कर्तव्यपरायण ।

**अगुल्टो**– ना० [आगो+उल्टो] बलेको वा सल्केको दाउरो । **अगुल्टो पनि नठोसी बल्दैन** (उखान)।

**अगुवा१**– ना० [अगि+उवा] १. खेतीबारीको काम गर्न जग्गाधनीका तर्फबाट स्थायी वा अस्थायी रूपमा तैनाथ गरिएको कम्तियामुन्तिरको कर्मचारी; कम्तियाको सहायक ।

**अगुवा२**– वि० [अगि+ उवा] १. अगि हिँड्ने । २. कुनै काममा

अगि सर्ने; बाटो देखाउने; मार्गदर्शक; भेगियारे । ना० ३. नेता । > **अगुवाइ**– ना० नेताले गर्ने काम; नेतृत्व । – **गिरी**– ना० अगुवाइ; नेतृत्व ।

**अगेनु/अगेनो**– ना० [सं० अग्न्याधानम्] मझेरीमा ओछ्यानका छेउमा आगो बाल्न बनाइएको स्थायी अग्निकुण्ड ।

**अगोचर**– वि० [सं०] कुनै पनि इन्द्रियले ग्रहण गर्न नसक्ने; इन्द्रियको विषय नभएको; देख्न, सुन्न, चाट्न, सुँघ्न, छाम्न र सोच्न वा जान्न नसकिने; इन्द्रियातीत ।

**अगोड**– ना० [अगि+गोड] हौदाको अगिल्लो भागलाई नहल्लिने गरी कस्न दुईतिरबाट बाँध्ने डोरी ।

**अगोलित**– वि० [सं०] गोलाकार नभएको; गोलित वा वर्तुलित नभएको ।

**अगौटे**– वि० [अगि+औटे] १. अगि लाग्ने वा पाक्ने (बाली) । ना० २. त्यस्तो बाली (घैया, सठिया इ०) ।

**अघोर**– क्रि०वि० [अघोर] ज्यादै; चौपट्टै; निकै; अत्यन्त ।

**अग्नि**– ना० [सं०] १. कुनै पदार्थ जलेर ताप, प्रकाश वा ज्वाला पैदा हुने पुञ्ज; द्रुत रूपले हुने प्रज्वलन-कार्य वा प्रक्रिया; आगो । २. मुख्य रूपले पाचनक्रिया सञ्चालन गर्ने शारीरिक शक्ति । ३. तीनको सङ्ख्या बुझाउने शब्द । ४. आग्नेय कोणका स्वामी मानिएका अधिदेवता । ~ **कवच**– ना० १. आगोले नडढाउने वस्तु । २. आगाबाट बच्न लगाइने वस्त्र । ३. तन्त्रशास्त्रअनुसार शरीरको रक्षा गर्न विभिन्न अङ्ग छोई कल्पना गरिने विभिन्न नामका मन्त्र । ~ **काण्ड**– ना० आगाले गर्ने विनाश; आगलागी । ~ **कुण्ड**– ना० यज्ञ आदिमा हवन गर्नाका निम्ति आगो बाल्न बनाइएको खाडल; यज्ञवेदीको अगेनु । – **कुमार**– ना० १. प्रायः बालबालिकाहरूको पाचनशक्ति बढाउने आयुर्वेदिक औषधी । २. कार्तिकेय; कुमार । – **कोण**– ना० आग्नेय दिशा । ~ **चक्र**– ना० १. आगाका ज्वालाको भुमरी । २. योगशास्त्रअनुसार त्रिकोणाकार आधार भएको मणिपुर । ~ **चरो**– ना० भँगेराजस्तो आकारको, मीठो आवाज भएको एक प्रकारको चरो; तोपचरो । ~ **ज्वाला**– ना० आगाको राँको । – **दीपन**– ना० आयुर्वेदअनुसार पाचनशक्ति बढाउने वा भोक जगाउने एक प्रकारको खास औषधी । ~ **परीक्षा**– ना० १. आगामा पसेर आफ्नो निर्दोषपना साबित गर्ने प्राचीन प्रथा । (उदा०– सीताले अग्निपरीक्षाद्वारा आफ्नो सतीत्व प्रमाणित गरिन् ।) २. अत्यन्त कठिन वा ज्यान जोखिममा पर्ने किसिमको कुनै जाँच । – **पाक**– वि० १. आगामा पकाइएको । ना० २. कुनै वस्तुलाई आगामा पाक गर्ने प्रक्रिया । ~ **पुराण**– ना० अठार पुराणमध्ये एक; आठौँ महापुराण । – **पूजक**– वि० अग्निलाई नै इष्टदेवता मानी पूजा गर्ने (हिन्दू, पारसी आदि) । ~ **बाण**– ना० १. पुराणअनुसार आगो उत्पन्न गरी शत्रुलाई ध्वस्त पार्ने एक दिव्य अस्त्र । २. ज्योतिषशास्त्रअनुसार महिनामा शुक्लपक्षका द्वितीया र एकादशी तथा कृष्णपक्षका पञ्चमी र चतुर्दशी तिथिमा पर्ने अग्निभयको योग । – **मान्द्य**– ना० जठराग्नि मन्द हुने रोग; खाइएको वस्तु अपच हुने रोग; पाचनशक्ति कम हुने रोग । – **मोचक**– ना० दुर्घटनामा प्रयोग गर्न ठूलठूला भवनमा राखिने, आगो निभाउने यन्त्र । ~ **रेखा**– ना० १. डढेलाबाट जोगाउनका निम्ति जङ्गल खण्ड-खण्डमा विभाजित हुने गरी बीच-बीचमा बनाइएका चौडा बाटा । २. डढेलामा झैँ बीच-बीचमा रहेको आगाको पङ्क्ति । – **रोहिणी**– ना० १. राता-राता फोका निस्किने र जलन एवम् छटपटी पैदा गराउने एक रोग । २. प्लेग । – **वर्द्धक**– वि० खाएको वस्तु पचाउने; पाचनशक्ति बढाउने; जठराग्निलाई सक्रिय पार्ने । ~ **शर्मा**– वि० ज्यादै रिसाहा; अत्यन्त क्रोधी । (उदा०– तिमी त अग्निशर्मा नै रहेछौ !) । – **शाला**– ना० यज्ञकुण्डको लागि निर्मित घर । ~ **शिखा**– ना० १.आगाको लप्को; बल्दै गरेको आगाको ज्वाला । २. खोर्सानी । – **संस्कार**– ना० १. धर्मशास्त्रअनुसार यज्ञादिमा गरिने अग्निको सोढ्र संस्कार । २. हिन्दू संस्कारअन्तर्गत गरिने मरेका व्यक्तिको दाहसंस्कार । ~ **स्थापना**– ना० १. यज्ञकर्ममा वैदिक विधिपूर्वक अग्निको स्थापना गर्ने काम; तत्सम्बन्धी अनुष्ठान वा सो अनुष्ठान सम्पन्न गर्ने विधि । २. त्यसरी अग्निको स्थापना गर्ने विधि लेखिएको पुस्तक । – **होत्र**– ना० वैदिक प्रक्रियाअनुसार अग्निस्थापना गरी नियमित रूपले बिहान-बेलुका होम गर्ने क्रिया; त्यस्ता प्रकारले अग्निलाई अखण्ड राख्न गरिने नित्य हवन । – **होत्री**– ना० अग्निहोत्रसम्बन्धी कार्य गर्ने व्यक्ति वा सो काम गर्ने अधिकार भएको व्यक्ति । > **अग्न्यस्त्र**– ना० पुराण आदिमा वर्णन गरेअनुसार आगाको ज्वाला ओकल्ने प्राचीन अस्त्र ।

**अग्र**– वि० [सं०] मुख्य; पहिलो; प्रधान । ना० २. अगाडिको भाग; सामुन्नेको हिस्सा । – **गामी**– वि० १. कुनै यात्रा, कार्यक्रम, अभियान आदिमा नाइके वा अगुवा भई हिँड्ने । २. कुनै युग वा समाजको यथास्थितिसँग असन्तुष्ट भई त्यसमा आमूल परिवर्तनका निम्ति अग्रसर हुने । – **ज**– ना० १. अगाडि जन्मेको व्यक्ति । २. दाजु । ~ **जिह्वा**– ना० जिब्राको अघिल्लो भाग । > **अग्रणी**– वि० १. कुनै पनि काम वा विचारमा अगुवा । २. मुख्य; प्रधान । – **दूत**– ना० अगि आउने विचार, विषय वा व्यक्तिको सन्देश ल्याउने व्यक्ति; कुनै पनि कुरामा अरूभन्दा अगि बढेको व्यक्ति । ~ **पङ्क्ति**– ना० १. पहिलो पाँती । २. विशिष्ट व्यक्ति वा वस्तुमध्ये एक; अब्बल दर्जा । – **लेख**– ना० १. समाचारपत्रमा छापिने मुख्य लेख । २. गोष्ठी, कार्यशाला आदिमा छलफलका निम्ति प्रस्तुत गरिने पत्र । – **वर्ती**– वि० अगाडि रहेको; अगिल्तिर रहेको; अघिल्ला पङ्क्तिमा पर्ने । – **सर**– वि० कुनै पनि काम-कुरामा अगि सर्ने; कुनै पनि कुरामा अगि बढ्ने वा चासो लिने । ~ **स्वर**– ना० उच्चारणमा जिब्राको अग्रभाग सक्रिय भएको स्वरवर्ण । > **अग्रहायण**– ना० मङ्सिर महिना । – **हार**– ना० प्राचीन समयमा गुरुकुलबाट शिक्षा पाई

आउने विद्वान् ब्राह्मणलाई जीविकाका निम्ति चलनअनुसार दिइने गरेको जमिन वा जनपद । २. राजाद्वारा ब्राह्मणलाई जीविकोपार्जनका लागि दिइएको जग्गा; कुशबिर्ता ।

**अग्राख/अग्राठ–** ना० १. सालको काठ । २. कुनै पनि काठको भित्रको चुरो । (उदा०– काठको बाकलभित्र पलाँस र पलाँसभित्र अग्राख हुन्छ भन्ने चाल नपाउने तँ केको सिकर्मी !) । वि० ३. बलियो (काठपात आदि) । ४. शक्तिशाली (मान्छे) आदि ।

**अग्राशन–** ना० [सं०] खानुभन्दा पहिले देवता र पितृलाई चढाइने खानेकुरा; औसानी; बल ।

**अग्रासन–** ना० [सं०] कुनै अनुष्ठान, सभा वा गोष्ठीमा आमन्त्रित व्यक्तिहरूमध्ये मुख्य व्यक्तिलाई प्रदान गरिने आसन; उच्चतम आसन ।

**अग्राह्य–** वि० [सं०] १. लिन नहुने; स्वीकार गर्न नहुने वा नसकिने । २. त्याज्य; उपेक्षायोग्य ।

**अग्रिम–** वि० [सं०] १. अगिल्लो; अगाडिको; पहिलो । ना० २. कुनै काम गर्ने वा काम गर्न जिम्मा लिएको व्यक्तिले काम आरम्भ नहुँदै पाउने केही रकम; पेस्की; बैना । ~ **देय–** ना० कुनै कामकाजमा खटिने व्यक्तिलाई सरकारी वा गैरसरकारी कार्यालयद्वारा पछि हिसाब मिलाउने गरी पहिले नै दिइने नगदी वा जिन्सी; पेस्की; बैना; अग्रिम । ~ **धन–** ना० अग्रिम देय; पेस्की । ~ **रकम–** ना० अग्रिम धन ।

**अग्लाइ–** ना० [अग्लो+आइ] अग्लोपन; उचाइ ।

**अग्लि-नु–** अ० क्रि० [अग्लो+इ+नु] अग्लो हुँदै जानु; उचाइ बढ्नु; उच्चो हुनु ।

**अग्लो–** वि० [प्रा० अग्गो] खुट्टा वा फेद पत्तालतिर र टुप्पो वा टाउको अकासतिर गरी उभिएका दुई वा दुईभन्दा धेर प्राणी, पर्वत, वस्तु आदिमा सबैभन्दा लामो; अल्गो; अल्को ।

**अग्ल्याइ–** ना० [ √ **अग्लि** (+ याइ)] अग्लिने किसिम, क्रिया वा भाव । [ >] **अग्ल्याइनु** – क० क्रि० अग्लो पारिनु; उच्चो पारिनु । **अग्ल्याउनु–** प्रे० क्रि० अग्लो पार्नु; चुच्चो वा चुली पार्नु ।

**अग्ल्याउनु–** स० क्रि० [अग्लो+याउ+नु] १. ढोका, झ्याल आदिलाई आग्लो, चुकुल आदिले बन्द गर्नु । २. कुनै काम हुन नदिन भाँजी हाल्नु; अवरोध तेर्स्याउनु ।

**अघच–** वि० हे० अगच ।

**अघटित–** वि० [सं०] १. घटना नभएको । २. पहिले नभएको; अभूतपूर्व ।

**अघा–** ना० [सं० अग्र] गाई-भैँसीहरूलाई पघार लाउनुभन्दा अगाडि दुहिएको दूध; अगार; अघार ।

**अघाइ–** ना० [√ **अघाउ** (+ आइ)] अघाउने किसिम, क्रिया वा भाव । [ >] **अघाइनु–** अ० क्रि० अघाएको हुनु वा होइनु ।

**अघाउँजी–** क्रि०वि० [अघाउ+उन्जी] १. पेट टन्न होउन्जेल; खान मन लागेसम्म; अघाउन्जेल । २. धीत मरुन्जेल; सन्तुष्ट होइन्जेल ।

**अघाउ-नु–** अ० क्रि० [सं० आघ्राण] १. खाएर वा पिएर तृप्त हुनु; टम्म हुनु; अगाउनु । २. कुनै कुराबाट अमन हुनु; वाक्क हुनु; कुनै कुराबाट विरक्त हुनु । > **अघाउन्जेल/अघाउन्जेली–** क्रि०वि० अघाउँजी ।

**अघार–** ना०[सं० अग्र+ट] गाई-भैँसी दुहुँदा पघ्रिनुभन्दा अगाडि थुनमा रहेका गोटा दुहिएको दूध; अगार ।

**अघासुर–** ना० [सं०] १. श्रीमद्भागवत महापुराणमा वर्णित, कृष्णलाई मार्ने अभियानमा कंसले पठाएको र कृष्णले मारेको अजिङ्गररूपी राक्षस । वि० २. खन्चुवा; घिचास; अगस्ति ।

**अघि–** ना०यो०/क्रि०वि० [सं० अग्र] हे० अगि । ~ **अघि–** क्रि०वि० हे० अगिअगि ।

**अघिल्तिर–** क्रि०वि० [अघिल्लो+तिर] १. कुनै निश्चित वस्तु, समयरेखा, व्यक्ति आदिका सामुन्ने; अगाडिपट्टि । २. मुखेन्जी; हाकाहाकी ।

**अघिल्लो–** वि० [अघि+इल्लो] हे० अगिल्लो ।

**अघिसरा–** वि० [सं० अग्रसर] हे० अगिसरा ।

**अघोर–** वि० [सं० अ+घोर] १. ज्यादै डरलाग्दो । क्रि० वि० २. ज्यादै; धेरै; ज्यास्ती; बिछट्ट; अग्घोर; अग्घोरै । ना० ३. गोरखपन्थको औघड सम्प्रदाय । ४. कापालिक सम्प्रदाय । **–पन्थ–** ना० अघोर-मतावलम्बीहरूको सम्प्रदाय; अघोर सम्प्रदाय । **–पन्थी–** वि० १. अघोरपन्थको अनुयायी । ना० २. अघोरपन्थको जोगी । > **अघोरी–** ना० १. अघोरपन्थी । वि० २. नराम्रो वा जे पायो उही खाने; असत्ती । **अघोरै–** क्रि०वि० ज्यादै; अत्यन्तै; अघोर । **अघोऱ्याइँ–** ना० १. अघोरीपना; असुन्दरता । २. निर्लज्जता; घृणाको अभाव ।

**अघोलन–** ना० [सं०] पानीमा नपग्लने वा घोलन नहुने काम । –**शील–** वि० पानीमा हाल्दा नपग्लने वा पानीमा नमिल्ने ।

**अघोष–** वि० [सं०] १. स्वरचिम्टी यथास्थानमा रही दबाब र प्रकम्पनविना उच्चरित हुने (ध्वनि; जस्तै– क, च, ट, त, प, ख, छ, ठ, थ, फ, स) । २. राम्ररी नसुनिने वा अस्पष्ट (आवाज, स्वर इ०) । > **अघोषित–** वि० १. घोषणा नगरिएको; औपचारिक रूपमा नबताइएको; नियमपूर्वक दिनुपर्ने सूचना नदिइएको । २. अस्पष्ट (आवाज आदि) । **अघोषीभवन–** ना० भाषाविज्ञानअनुसार घोष ध्वनि (ग, ज, ड, द, ब इ०) अघोष (क, च, ट, त, प इ०) मा परिवर्तित हुने प्रक्रिया ।

**अङ्क–** ना० [सं०] १. सङ्ख्या, गन्ती वा सङ्ख्याका आधारभूत समष्टि बुझाउन प्रयोग गरिने प्रारम्भिक चिह्न, शब्द वा त्यस्ता चिह्न र शब्दहरूको समूह; हिन्दू, अरबी र देवनागरी पद्धतिअनुसार शून्यदेखि नौसम्मका सङ्ख्यासूचक चिह्न वा चिह्नसमूह; कुनै पनि कुरालाई खास क्रममा प्रयोग गरिने खास सङ्ख्या; (डिजिट) । २. नाटकको प्रकरणलाई छुट्ट्याउने, दृश्य रहन वा नरहन सक्ने भाग वा अध्याय । ३. रूपकका दस

भेदमध्ये करुणरसप्रधान, स्त्रीपात्र ज्यादा तथा साधारण चरित्रको नायक तथा एउटै अङ्क हुने एक भेद; त्यस्तो एकाङ्की काव्य । ४. दैनिक, साप्ताहिक, पाक्षिक आदि पत्रपत्रिकाको सङ्ख्या जनाउने अङ्क; नम्बर । ५. काख । ~ **गणित**– ना० १. अङ्कहरूको विज्ञान, अङ्कसम्बन्धी, गणितविद्या । २. अङ्क-विज्ञानको पुस्तक । ~ **धारण**– ना० १. कुनै चिह्नाङ्कित धातुको साधनलाई तताएर शरीरका अङ्गमा डामी चिह्न लगाउने काम; डाम्ने काम । २. कुनै सम्प्रदायको चिह्न शरीरमा धारण गर्ने काम । ३. चोरी, दामल आदिका अपराधमा दण्डित भएको देखाउन पाखुरा वा गाला आदिमा डाम्ने काम । ४. वृषोत्सर्ग-यज्ञमा शिवप्रीतिका निम्ति साँढेका दुवै पातामा चक्र र त्रिशूलले डामी चिह्न लगाउने काम । – **धारिणी**– ना० १. अङ्कधारण गरिएकी स्त्री; डामिएकी स्त्री । २. काखमा लिने स्त्री । वि० ३. अङ्कधारण गर्ने; डामिएको । ४. काखमा लिने । ५. गणना गरिएको; गनिएको । > **अङ्कन**– ना० १. कुनै वस्तुमा चिह्न लगाउने काम । २. छाप वा निस्सा आदि लगाउने काम । ३. कोर्ने काम; लेख्ने काम (चित्राङ्कन, चरित्राङ्कन, छायाङ्कन, नामाङ्कन इ०) । – **पत्र**– ना० छाप लागी मूल्य तोकिएका कागत, लिफा, टिकट आदि वस्तु । > **अङ्कमाल**– ना० स्नेह वा आत्मीयता जनाउन कसैलाई दुवै हातले बेरेर आफ्नो छातीमा टाँस्ने काम; अँगालो हाल्ने काम; आलिङ्गन; अँगालो । – **मुख**– ना० एक अङ्कभित्र पसेको बीजसमेत लिएर सबै अङ्कको सूचना गर्ने गर्भाङ्कजस्तो अंश । > **अङ्कावतार**– ना० अघिल्लो अङ्कका पात्रले सूचना गरेको, अघिल्लो परिशिष्टजस्तो गरी जोडिएको अंश ।

**अङ्कित**– वि० [सं०] १. कुनै कुरो जनाउनका निम्ति चिह्न लगाइएको; चिह्नित; छाप लगाइएको । २. लेखिएको; उल्लेख हुने (जस्तो– राजपत्राङ्कित) । ३. चित्रित । ४. गनिएको । ५. तोकिएको; निर्धारित (जस्तो– अङ्कित मूल्य) । विप० अनङ्कित ।

**अङ्कुर**– ना० [सं०] १. वनस्पतिको बीजबाट निक्लिएको टुसो; बीजले बिरुवाको रूप लिने क्रममा लिने प्राथमिक रूप; कुनै रूख वा बिरुवाबाट निक्लिएको नयाँ टुसो । २. त्यसरी नै प्रस्फुटित कुनै नयाँ कुरो; नयाँ विचारको आरम्भ । ३. आँकुरो; टुसो; मुना; पिपिरो; गाभो । > **अङ्कुरण**– ना० आँकुरा निक्लने काम; बीजमा आँकुरा आउने वा नयाँ आँकुरा लाग्ने काम; फूल वा अन्य वनस्पतिका बीजबाट बिरुवा टुसाउने कार्य वा अवस्था । (जस्तै– अङ्कुरण-क्षमता, अङ्कुरण-शक्ति आदि) । **अङ्कुराउनु**– अ० क्रि० १. टुसाउनु; वा पलाउनु; आँकुरा आउनु । २. कुनै कुरा आँकुरा आएजस्तै प्रकट हुनु । **अङ्कुरित**– वि० १. टुसाएको; पलाएको; आँकुरो आएको । २. कुनै कुरा आँकुरा आएजस्तै प्रकट भएको ।

**अङ्कुल**– ना० [सं० अङ्कोल] काभ्राका जस्ता पात हुने,ससाना पहेँला रङका फूल फुल्ने र रातो रङमा सेता धर्सा भएका फल फल्ने काँडादार एक वृक्ष ।

**अङ्कुश**– ना० [सं०] १. काँटा । २. वाहनलाई हाँक्ने छडी । ३. काँटा वा छडीले जस्तै कसैलाई रोक्ने, हाँक्ने वा नियन्त्रित गर्ने साधन । ४. बन्धन; अङ्कुसे ।

**अङ्कुसे**– ना० [सं० अङ्कुश] १. कुनै वस्तुलाई तान्न प्रयोग गरिने टुप्पो घुँगुरिएको वा कापे परेको एक किसिमको काँटा वा फलामको साधन । २. हात्ती हाँक्ने सिलसिलामा हात्तीलाई तह लगाउन माहुतेद्वारा प्रयोग गरिने, टुप्पो नुहेको र अरू भाग सोझो हुने दुईमुखे काँटा । ३. कुनै कामकुरा व्यवहारमा परेको वा पारिएको यस्तै कापे वा अड्को (उदा०– मैले अङ्कुसे मिलाइसकेकाले त्यो मान्छे उम्किन सक्ने सम्भावना छैन ।) । ~ **जुको**– ना० मानिसको आन्द्रामा पाइने, मुख अङ्कुसेजस्तो घुम्रिएको, गोलो, रातोरातो र खैरोखैरो रङको, रगत कम गराउने जुको ।

**अङ्खट**– ना० [सं० अकट] १. अभिभाराको वहन; कबोल; प्रतिज्ञा (उदा०– नसक्ने कामको अङ्खट बोक्नु हुँदैन ।) २. असजिलो अवस्था; खुँगे ।

**अङ्ग**– ना० [सं०] १. कुनै सिङ्गो वस्तु, प्रणाली वा संरचनाका अवयव वा हिस्सा । २. शरीरका भिन्न-भिन्न भाग; शरीर; जीउ; आङ । ३. भाग; टुक्रा; अंश; खण्ड; घटक; हिस्सा । ४. कुनै मूल वस्तुको पूरक, सहायक, सहयोगी, अप्रधान वा गौण अंश । ५. आजको बिहारको भागलपुर क्षेत्रको आसपाससम्म रहेको ठानिने प्राचीन भारतीय जनपद । ६. अङ्गुलको ६ गुना बराबरको नाप; ६ अमल बराबरको नाप । ~ **उपाङ्ग**– ना० कुनै वस्तु, प्रणाली वा संरचनाका प्रमुख अवयव वा खण्डका साथै ती अवयव वा खण्डको उपअवयव । ~ **क्षय**– ना० जीवको जो हुने शारीरिक विकास भइसकेपछि शारीरिक विकासको अवरोध वा क्रमिक ह्रासको स्थिति । – **ज**– वि० १. शरीर वा अङ्गबाट उत्पन्न भएको । ना० २. रौं, नङ आदि । ३. छोराछोरी; सन्तान । ४. कामदेव । ~ **पतन**– ना० १. शरीरका अङ्गहरू आफ्नो स्थान छोडी झर्ने वा उछिट्टिने क्रिया । २. पौराणिक पात्रहरूले मृत व्यक्तिको लास वहन गरी देशदेशान्तर डुल्दा सो लास सडी गली शरीरका अङ्गहरू झर्ने वा खस्ने प्रक्रिया । (उदा०– महादेवले काँधमा सतीदेवीको लास बोकी देश-देशान्तर डुल्दा जहाँ-जहाँ सतीदेवीको अङ्गपतन भयो, त्यहाँ-त्यहाँ एक-एकवटा पीठ कायम भयो ।) । ~ **पीडन**– ना० कुनै नसाका कारणबाट शरीरको कुनै क्षेत्र वा भागमा हुने दुखाइ । ~ **विच्छेदन**– ना० शल्यचिकित्साका क्रममा शरीरबाट यसको कुनै दूषित भाग वा अङ्ग काटेर छुट्ट्याउने क्रिया । ~ **संयोजन**– ना० शल्यचिकित्साका क्रममा शरीरको कुनै अङ्गलाई शरीरको अर्को वा अर्को भागको अङ्गसँग जोड्ने प्रक्रिया ।

**अङ्गतगुना**– वि० अङ्गहरूबाटै उत्पन्न भएको; शारीरिक वा अङ्गप्रत्यङ्गका कारणबाट उब्जिएको ।

**अङ्गद**– ना० [सं०] पाखुरामा बाँधिने रत्न, मोती आदि अमूल्य द्रव्य जडेको सुनको गहना; केयूर; बाजु । २. रामायणमा वर्णित राम-रावणयुद्धमा रामको पक्ष लिने एक प्रसिद्ध वानरसरदार; सुग्रीवको दाजु बालीको छोरो ।

**अङ्गना**– ना० [सं०] शुभ-लक्षणले युक्त भएकी स्त्री; सुन्दर अङ्ग भएकी नारी; सुलक्षणा नारी ।

**अङ्ग प्रत्यङ्ग**– ना० [सं०] हरेक अङ्ग; शरीर वा अन्य वस्तुको प्रत्येक भाग; शरीरका साना-ठूला सबै अङ्ग ।

**अङ्ग भङ्ग**– ना० [सं० अङ्ग+भङ्ग] १. शरीरको कुनै अवयवको टुटफुट वा भँचाइ । २. स्त्री-जातिका हाउभाउ वा कटाक्ष आदि चेष्टा । ३. कुटपिट आदिद्वारा ठूलै चोटपटक लागी भएको शरीरको कुनै भागको खती । **– को खत**– ना० कसैलाई कुटपिट गरी लगाएको चोट वा खत; अङ्गभङ्गका कारणबाट भएको घाउ वा दाग; गम्भीर चोट । > **अङ्गभङ्गी**– ना० दर्शकलाई मोहित पार्न पात्रद्वारा गरिने अभिनय; आँखा, मुख, हात आदि नचाएर नायिकाद्वारा प्रकट गरिने हाउभाउ ।

**अङ्ग रक्षक**– ना० [सं०] १. कसैका जीउज्यानको रक्षा गर्ने व्यक्ति । २. उच्च पदमा रहेका विशेष महत्त्वपूर्ण व्यक्तिहरूको सुरक्षाका निम्ति सधैँ साथमा रहने गरी तैनाथ गरिएको प्रहरी वा सैनिक; यस्ता प्रहरी वा सैनिकको समूह; आठपहरिया । ३. बालकहरूको हेरविचार गर्ने ददा ।

**अङ्ग रक्षा**– ना० [सं०] शरीरको रक्षा; जीउज्यानको सुरक्षा; शरीरका अङ्गहरूको हिफाजत ।

**अङ्गराग**– ना० [सं० अङ्ग+राग] विशेषत: प्राचीन र मध्यकालीन समाजमा प्रचलित, शरीरमा घसिने सुगन्धित द्रव्य ।

**अङ्ग वाक्य**– ना० [सं०] मिश्र वाक्यभित्र रहेको, अर्थ बुझाउन अर्को वाक्यको अपेक्षा राख्ने, पूरक वा कारकको रूपमा रहेको उपवाक्य । (जस्तै– 'जसको किताब हो उसैलाई देऊ ।' यो मिश्र वाक्यमा 'उसैलाई देऊ' अङ्गी वाक्यको अधीनमा रहेकाले 'जसको किताब हो' उपवाक्य अङ्गवाक्य बनेको छ ।)

**अङ्ग विकार**– ना० [सं०] शरीरको बनावटमा भएको दोष; जीउका अवयवहरूमा भएको विकृति (कुँजो, डुँडो, अन्धो आदि); शरीरका अवयवमा हुने घटबढ वा बाङ्गोटिङ्गो अवस्था ।

**अङ्ग विक्षेप**– ना० [सं०] १. दुखाइ वा संवेदनाले हातगोडा फ्याँक्ने काम । २. नाचगानमा भाव-प्रदर्शन गर्न हातगोडा आदि अङ्गहरू नचाउने कार्य; हातगोडाको हाउभाउ ।

**अङ्ग विद्या**– ना० [सं०] सामुद्रिक शास्त्रका अनुसार शरीरका अङ्ग-प्रत्यङ्गको गठन वा तिनमा रहेका विभिन्न चिह्न वा हातगोडाका रेखाहरू हेरेर भएको वा पछि हुने कुरा बताउने शास्त्र; हस्तरेखा हेरेर शुभाशुभ फल पत्ता लगाउने विद्या ।

**अङ्गा**– ना० [सं०अङ्गक] शरीरका माथिल्ला भागका अङ्गमा लगाइने लबेदा, भोटो आदि वस्त्र ।

**अङ्गाङ्गी भाव**– ना० [सं०] अङ्गीको र अङ्गी बन्न चाहिने अङ्गहरूको आपसी सम्बन्ध; गौण र मुख्यको परस्पर सम्बन्ध ।

**अङ्गार**– ना० [सं०] हे० अँगार । > **अङ्गारे**– वि० हे० अँगारे ।

**अङ्गालो**– ना० [सं० आलिङ्गन] हे० अँगालो ।

**अङ्गिका**– ना० [सं०] आइमाईले आङमा लगाउने पोसाक; चोलो ।

**अङ्गी**– ना० [सं०] १. प्रधान वा मुख्य अङ्ग; अरू अङ्ग आश्रित हुने कुनै प्रणाली वा संरचनाको मुख्य अङ्ग । वि० २. देहधारी; अङ्गहरू भएको । ३. मुख्य । ~ **रस**– ना० साहित्यिक कृतिमा पाइने मूल वा केन्द्रीय रस; अन्य सहकारी रसका साथमा आउने प्रधान रस ।

**अङ्गीकरण**– ना० [सं०] १. कुनै वस्तु, सल्लाह वा नीति आदिमा प्रदान गरिने स्वीकृति; सहमति; समर्थन; मन्जुरी । २. जिम्मेदारी अभिभारा ।

**अङ्गीकार**– ना० [सं०] १. स्वीकार; मन्जुरी । २. कबोल; प्रतिज्ञा । (उदा०– उसले अङ्गीकार गरेको कुरा नपुऱ्याई छाड्दैन ।) । ३. आइमाईले आङमा लगाउने पोसाक; चोलो ।

**अङ्गीकृत**– वि० [सं०] १. अँगालिएको; स्विकारिएको; अङ्ग तुल्याइएको । २. जन्मसिद्ध नभई निर्धारित कानुनी प्रक्रियाअन्तर्गत प्राप्त गरिएको (अङ्गीकृत नागरिक, अङ्गीकृत नागरिकता आदि) ।

**अङ्गी वाक्य**– ना० [सं०] व्याकरणमा मिश्र वाक्यअन्तर्गत अङ्गवाक्यलाई आफूमा मिलाउने मुख्य उपवाक्य । (हिजो मलाई श्यामले 'तँलाई म कोट दिन्छु' भन्यो– यस मिश्र वाक्यमा 'तँलाई कोट दिन्छु' भन्ने अङ्गवाक्य 'श्यामले भन्यो' मुख्य वाक्यको अङ्ग बनेकाले 'श्यामले भन्यो' अङ्गीवाक्य हो ।)

**अङ्गुठो**– ना० [सं०अङ्गुष्ठ] बूढी औँलो; औँठो ।

**अङ्गुर१**– ना० [फा० अङ्गूर] पातलो मिही चिल्लो बोक्रा भएको, ससाना सेता फूल फुल्ने, फिक्का पहेँलो रङ हुने दानादार झुप्पे फल फल्ने एक जातको लहरो; त्यसै खाइने वा रसबाट द्राक्षासव, चिनी, रक्सी आदि बनाइने, त्यसैको फल ।

**अङ्गुर२**– ना० [सं०अङ्गीकार] अङभर; जिम्मेदारी; जिम्मा; अभिभारा । (उदा०– गर्न नसकिने कामको अङ्गुर बोक्नु हुँदैन ।)

**अङ्गुल**– ना० [सं०] १. हात वा खुट्टाको औँलो । २. पुष्ट जौका आठवटा दाना मिलाएर नाप्ता ढाकिने नापोको परिमाण; एक औँलाको चौडाइको नापो; अमल ।

**अङ्गुलि**– ना० [सं०] औँलो; अमल । **– त्राण**– ना० १. ताँदोको चोट जोगाउन हातका औँलामा लाइने खोल । २. अम्तर्नु; लक्खु । ३. सितार बजाउँदा औँलामा लाइने तारको उपकरण; नक्खी । ~ **निर्देश**– ना० १. औँलो ठड्याउने काम । २. औँल्याइ । **– माल**– ना० बुद्धकालीन एक क्रूर व्यक्ति (मान्छेका औँला काटेर माला लगाउने व्यक्ति, जो पछि बुद्धको शरण पऱ्यो ।) । ~ **मुद्रा**– ना० नाउँ खोपेको औँठी; छापेमुद्रो ।

**अङ्गुष्ठ**– ना० [सं०] बूढी औँलो; औँठो ।

**अङ्ग्रेज**– ना० [अङ्०] संयुक्त अधिराज्य बेलायतका निवासी वा

अङ्गीकृत नागरिक; बेलायती मूलका गोरा जाति । > **अङ्ग्रेजी–** वि० १. संयुक्त अधिराज्य बेलायतसित सम्बन्धित वा सोको विशेषता भएको । २. अङ्ग्रेजको भाषासित सम्बन्धित । ना० ३. बेलायत, संयुक्तराज्य अमेरिका, अस्ट्रेलिया, क्यानाडा, न्युजिल्यान्ड र पहिले संयुक्त अधिराज्य बेलायतद्वारा अधीन तुल्याइएका क्षेत्रहरूमा बोलिने भाषा; इङ्गलिस ।

**अच्–** ना० [सं०] संस्कृतका अ-देखि औ-सम्मका स्वरहरूको सङ्क्षिप्तीकृत पारिभाषिक संज्ञा; स्वरवर्ण ।

**अचकच–** क्रि० वि० निर्णयमा पुग्न नसकेर; अकमक । > **अचकचाइ–** ना० अचकचाउने भाव, क्रिया वा प्रक्रिया । ~ **अचकचाइनु–** अ० क्रि० अकमकाइनु । ~ **अचकचाउनु–** अ० क्रि० निर्णय लिन नसक्नु; अकमकाउनु ।

**अचकन–** ना० [अ०?] पाँच कल्ली भएको, दुई ठाउँमा मात्र तुना लगाइने लामो कोटजस्तो लबेदा; एक किसिमको लामो दौरा ।

**अचकल्टो–** वि० [सं०अर्ध > प्रा० अद्ध+कच्च?] १. पूरा नभएको; अधुरो । २. आधा पाकेको; कट्मिरो । ३. पूरा परिपक्व नभएको; अर्धशिक्षित । ४. पूरा काम दिन नसक्ने; अधबेस्रो (अचकल्टो काम; अचकल्टो ठिटो; अचकल्टो पढाइ इ०)।

**अचकाली–** क्रि० वि० / ना० हे० अचाक्ली ।

**अचम्म–** ना० [प्रा० अच्चब्भुअ < सं० अत्यद्भुत] नचिताएको कुरो; उदेकलाग्दो कुरो; छक्कपराइ; गजब; आश्चर्य ।

**अचर–** वि० [सं०] १. नचल्ने; गतिरहित; स्थावर; जड (चर-अचर सृष्टि; चराचर जगत्) ।

**अचल–** वि० [सं०] १. नचल्ने; नडग्ने; चलाउन नसकिने । २. जड; स्थावर; स्थिर । ३. निश्चल; दृढ । ना० ४. पर्वत; पहाड; डाँडो (उदयाचल, अस्ताचल, हिमाचल इ०) । ~ **जायजेथा/सम्पत्ति–** ना० एक ठाउँबाट अर्को ठाउँमा लैजान वा सारनतारन गर्न नसकिने घर, जग्गा-जमिन आदि जायजेथा ।

**अचला–** ना० [सं०] १. पृथ्वी; धरती । २. बौद्ध धर्मका दशभूमि वा त्रयोदशभूमिमध्येको आठौँ भूमि । वि० ३. नचल्ने; स्थिर ।

**अचाइ१–** ना० [बा० बो०] अचार ।

**अचाइ२–** ना० [√ **अचाउ** (+ आइ)] आचमन गर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अचाइनु–** क० क्रि० अचाउने काम गरिनु ।

**अचाउ-नु–** स० क्रि० [सं० आचमन] हत्केलामा पानी राखी सुरुप्प-सुरुप्प खानु; छुवाछूत वा आशौचबाट शुद्ध हुनाका निम्ति यसरी पानी खानु; कुनै देवकार्य र पितृकार्यजस्ता धार्मिक कार्यका सिलसिलामा हत्केलामा केही पानी राखी मन्त्रको उच्चारणपूर्वक सुरुप्प-सुरुप्प खानु ।

**अचाक्ली–** क्रि०वि० १. हुनुपर्नेभन्दा ज्यादै बढी; मर्यादा नाघेर; अत्यन्तै; चौपट्टै; अचकाली । ना० २. अत्यधिकता; ज्यास्ती; अति गर्ने काम । ३. अन्याय; अत्याचार; थिचोमिचो ।

**अचाडु–** वि० [प्रा० अच्चाहिद < सं० अत्यहित] १. कसैसित नमिल्ने; छुच्चो; छुल्याहा; निहुँखोजाहा । २. अमिल्दो; नसुहाउने ।

**अचानक–** क्रि०वि० [सं० अज्ञानात् ] पूर्वसूचनाविना; एक्कासि; अपर्झट; अकस्मात्; एकाएक ।

**अचानु/अचानो–** ना० [सं०अञ्चन ] १. पशु आदि काट्ता हतियारको धार नबिग्रियोस् भनी काटिने पशुको गर्धनमुनि जमिनमा राखिने काठको ठेउको । २. मासु आदि काट्ता वा थुँग्दा राखिने काठको ठेउको; थुँगनी । ३. पशु आदि मार हान्दा अचानाले बेहोर्नु परेजस्तै चोट बेहोर्नुपर्ने स्थिति; त्यस प्रकारको सङ्कट । (उदा०– रामले श्यामसित बदला लिन मलाई अचानु बनायो ।) **अचानाको चोट खुकुरीले जान्दैन** (उखान) ।

**अचार–** ना० [फा०] मूला, करेला, गोलभैँडा आदि तरकारी, तिल, सिलाम आदि दानादार पदार्थ, निबुवा, कागती, लप्सी, आँप आदि अम्ल पदार्थ आदिलाई काटी, थिची वा पिँधी नुन, खोर्सानी र अमिलो तथा मरमसला र तेल हाली साँधिएको, पकाइएको वा सूर्यपाक गरिएको, भोजनलाई विशेष स्वादिलो बनाउन चाटिने वा खाइने पदार्थ । ~ **पार्नु–** ट० १. अचार बनाउनु । २. किचीमिची तुल्याउनु । (उदा०– धेरै नजिस्क्या, तँलाई अचार पारिदिउँला ।) ।

**अचिनारु–** वि० [अ+चिनारु] चिनजान नभएको; अपरिचित ।

**अचिन्तनीय–** वि० [सं०] १. मनले चिताउन नहुने वा नसकिने; अचिन्त्य । २. मन र बुद्धिभन्दा परको; अज्ञेय ।

**अचिन्तित–** वि० [सं०] १. नचिताएको; नसोचेको । २. अप्रत्याशित ।

**अचुक–** वि० [प्रा० अ+चुक्क] नचुक्ने; कहिले पनि खेर नजाने; भूल नगर्ने; विफल नहुने; अमोघ (अचूक निसाना, अचूक औषधी इ०)।

**अचेत–** वि० [सं०] चेतना नभएको; होस गुमेको; सुद्धी हराएको; बेहोस ।

**अचेतन–** वि० [सं०] १. ज्ञान नभएको; होस नभएको । वि० २. चेतन र अर्धचेतनपछिको, सचेत अवस्थामा थाहै नपाइने तर मानवीय क्रियाकलापलाई निर्दिष्ट गर्ने (मन) ।

**अचेल–** क्रि० वि० [सं० अद्यकल्प ] वर्तमान समयमा; हालसाल; हिजोआज; आजभोलि । **– भरि–** क्रि०वि० हिजोआजको समयमा; आजकाल; आजभोलि ।

**अचैतन्य–** वि० [सं०] १. चेतनारहित; ज्ञान नभएको; जड । २. तर्कसम्मत नभएको । ना० ३. चेतनाको अभाव; जड वस्तु ।

**अच्छा–** वि० [प्रा० अच्छअ < सं० अच्छक ] १. असल; भलो; बेस । २. राम्रो । निपा० ३. स्वीकृति जनाउन भनिने शब्द; ठीक; अँ; हो आदि ।

**अच्छिउँ–** ना० हे० अरिँगालजस्तै केही लाम्चो र खील गाडेर चिल्ने पखेटावाल बिखालु कीरो; अच्छ्यूँ ।

**अचकाली–** क्रि०वि०/ना० हे० अचाकली ।

**अचिन्त्य–** वि० [सं०] हे० अचिन्तनीय ।

**अच्छिन्न–** वि० [सं०] १. नकाटिएको वा छिँड नभएको । २. अखण्डित; निरन्तर (अच्छिन्न परम्परा ) ।

**अच्छेद्य–** वि० [सं०] १. काट्न नहुने वा नसकिने; टुक्र्याउन वा छेड्न नहुने वा नसकिने । २. नफाट्ने ।

**अच्छेर–** ना० [सं० अक्षर ] हे० अक्षर । > **अच्छेरी–** वि० पढ्न जान्ने; साक्षर ।

**अच्छ्यूँ–** हे० अच्छिउँ ।

**अच्युत–** वि० [सं०] १. कुनै कुरामा नचुकेको; आफ्नो स्थान वा स्थितिबाट नखसेको वा नडगेको । ना० २. विष्णु भगवान् वा उनका अवतारको नाम; विष्णु; कृष्ण ।

**अछापे–** वि० [अ+छापे ] छाप नलगाइएको; छाप नभएको; विनाछापको । (छाप नहुँदा अड्डाखाना वा कार्यालयका चिठीपत्रमा अछापे जनाई बाहिर पठाउने गरिन्छ ।)।

**अछाम–** ना० नेपालको सुदूर पश्चिमाञ्चल विकास-क्षेत्रभित्र पर्ने सेती अञ्चलको एक पहाडी जिल्ला । > **अछामे–** वि० अछाम जिल्लामा बस्ने वा त्यससित सम्बन्धित ।

**अछुत–** [हि० अछूत] ना० १. हिन्दू वर्णव्यवस्थाअनुसार नयाँ मुलुकी ऐन लागू हुनुभन्दा पहिले छुन नहुने वा पानी नचल्ने, छोईछिटो हाल्नुपर्ने भनी मानिएको समुदाय । वि० २. छुन नहुने वा नछोइएको; अस्पृश्य । > **अछुती–** ना० १. पहिले पहिले छुन नहुने मानिएको जात, अछुत । वि० २. छुन नहुने; तथाकथित तल्ला जातको । **अछुतोद्धार–** ना० अछुत जातिको उद्धार; अछुतीहरूको उद्धार; अछुत जातिसँग छुवाछूतको भेद नगर्ने काम, प्रक्रिया वा स्थिति ।

**अछेता/अछेतो–** ना० [सं० अक्षता ] १. हे० अक्षता । २. धानको चामल; टुमटुम गरी पुऱ्याउनुपर्ने चामल । – **पाती–** ना० देवदेवीका पूजासामान; अक्षता र फूलपाती ।

**अज–** वि० [सं०] १. आफैँआफ भएको; पहिल्यैदेखिको; जन्मँदै नजन्मेको । ना० २. विष्णु; नारायण । ३. ईश्वर; परमात्मा । ४. ब्रह्मा । ५. बाखाको भाले सन्तान; बोको । ६. छ-सात वर्ष पुरानो भएको धान; नउम्रने धान ।

**अजकल्चो–** वि०हे० अधकल्चो ।

**अजग–** ना० [अघच ] घन्चमन्च नहुने ठाउँ; अघच ।

**अजगन्धा–** ना० [सं०] झन्डै बनमाराजस्तो एक झार; बोकेझार ।

**अजङ–** वि० लम्बाइ, चौडाइ, उचाइ वा भार आदिमा ज्यादै ठूलो आकार वा प्रकारको । – **को–** वि० १. डरलाग्दो । २. बडेमाको; औधी ठूलो (अजङको रूख, अजङको भारी इ०)।

**अजनबी–** वि० [अ०] १. नचिनेको; अपरिचित । २. अर्को ठाउँबाट आएको; परदेशी । ३. अनौठो; अद्भुत ।

**अजन्ता–** ना० [हि०] दक्षिण भारतको सह्याद्रि पर्वतको काखमा बग्ने बागुरा नदीको घाटीमा स्थित कलात्मक गुफा र मन्दिरले गर्दा संसारप्रसिद्ध एक स्थान ।

**अजन्मा–** वि० [सं०] १. जन्म नलिने; नजन्मेको । ना० २. ईश्वर; परमात्मा । ३. ब्रह्मा ।

**अजप–** वि०हे० अजब ।

**अजपा–** ना० [सं०] १. प्रत्येक सास तान्दा र फ्याँक्दा थाहै नपाई जपिने गायत्री मन्त्र; मनमनै ध्यान मात्र गरिने मन्त्र; प्रत्येक प्रश्वास र निःश्वासमा स्वतः गरिने जप । २. योगशास्त्रमा वर्णन भएअनुसार श्वास बाहिर जाँदा 'हं' र भित्र आउँदा 'स' ध्वनिको उच्चारण भई 'हंस' अक्षरको चौबीस घण्टामा २१,६०० पटक स्वतः भइरहने जप ।

**अजब–** वि० [अ०] अनौठो; गजबको; विलक्षण; अजप । – **गजब–** ना० अचम्म; आश्चर्य; गजब । **अजब नेपाल, गजब काश्मीर** (उखान) ।

**अजमाइ–** ना० [√ **अजमाउ** (+ आइ)] अजमाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अजमाइनु–** क० क्रि० अजमाउने काम गरिनु; अजमाइस गरिनु ।

**अजमाइस–** ना० [फा० आजमाइस] १. के-कस्तो होला वा हुन्छ-हुँदैन भनी जाँची पर्गेली हेर्ने काम । २. जाँच; परीक्षा; परीक्षण । ३. पारख; परख । ४. प्रयोग वा कल्पना ।

**अजमाउ-नु–** स० क्रि० [फा० आज्मा+आउ+नु ] १. उपयोग वा प्रयोग गरी हेर्नु; परीक्षा वा जाँच गरी हेर्नु; परीक्षण गर्नु । २. पारख वा परख गर्नु । ३. ठीक-बेठीक वा हुने-नहुने जाँच्नु या पर्गेल्नु । ४. मनमा गढ्नु; कल्पना गर्नु; मनमा सोच्नु ।

**अजमोदा–** ना० [सं०] धनियाँका छाँटको पात हुने, मसिना झुप्पाकार फूल फुल्ने, ज्वानुजस्तै फल हुने एक झार; जङ्गली ज्वानु ।

**अजम्मर–** वि० [सं० अजरामर] कहिल्यै बूढो नहुने र नमर्ने; धेरै समयसम्म रहने । > **अजम्मरी–** ना० १. रङ्गीबिरङ्गी, ताजा छँदा पनि सुकेको जस्तो देखिने र पानीमा परे फेरि कोपिलाजस्तो हुने फूल फुल्ने एक बोट; त्यस्तो फूल । २. अजम्मर हुनाको भाव वा अवस्था । वि० ३. कहिल्यै बूढो नहुने र नमर्ने; सधैँ रहिरहने; अमर । ४. कहिल्यै नमर्ने ओखती हुने (बुटी) । **अजम्मरे–** वि० अजम्मरी ।

**अजय–** वि० [सं०] १. जित्न नसकिने; विजय गर्न नसकिने; अजेय । (उदा०– अजय छ हाम्रो झन्डा, अजय छ हाम्रो देश) । ना० २. पराजय; हार । – **पाल–** ना० १. सङ्गीतमा भैरव रागको छोरो; शुद्ध स्वर लाग्ने एक राग । २. काभ्राका जस्तै पात हुने, हरियो फूल फुल्ने, खैरो रङको फल फल्ने एक वृक्ष वा त्यसकै फल; जमालगोटा ।

**अजर–** वि० [सं०] १. कहिल्यै बूढो वा पुरानो नहुने; नाश नहुने । ना० २. देवता ।

**अजशृङ्गी–** ना० [सं०] पर्वत-प्रदेशमा उम्रिने, ठूलो रूख र रातो फूल हुने, डोलो, लामो र बटारिएको फल फल्ने रूख; त्यसकै फूल वा फल ।

**अजस्र–** क्रि० वि० [सं०] लगातार; नटुटीकन; निरन्तर; सधैँ ।

**अजहत्स्वार्था/अजहल्लक्षणा–** ना० [सं०] लक्षणाका दुई भेदमध्ये कुनै शब्दले आफ्नो वाच्य अर्थलाई नछाडीकन सोही अर्थसित सम्बन्धित, भिन्न वा अतिरिक्त लक्ष्य अर्थसमेत बुझाउने एक

भेद (जस्तो– 'बिरालाबाट दूध जोगाऊ' यहाँ वाच्य अर्थ बिरालाका साथै दूध खाने अन्य जीवातबाट दूध जोगाउने अर्थ लक्षित छ); उपादानलक्षणा ।

**अजा**– ना० [सं०] १. ईश्वरीय माया; प्रकृति । २. दुर्गा । ३. बाखी ।

**अजात**– वि० [सं०] १. तल्लो जातको; सानो जातको; जात काडिएको; जातिच्युत भएको; पतित; कुजात । २. नजन्मिएको; जन्म नभएको; उत्पन्न नभएको । ना० ३. सानो वा तल्लो जात । –**शत्रु**– वि० १. शत्रु हुँदै नभएको; शत्रु पैदा नभएको । २. कसैसँग पनि शत्रुता वा वैरभाव नगर्ने । ना० ३. महाभारतमा वर्णित पाँच पाण्डवमध्येका जेठा युधिष्ठिरको नाम । ४. राजगृह (मगध)-का राजा बिम्बिसारका छोराको नाम (उनी गौतम बुद्धका समकालीन थिए)। > **अजाति**– वि० १. जातबाट पतन भएको वा निकालिएको; पुरानो परम्पराअनुसार भात, पानी आदि काडिएको । २. तथाकथित सानो जातको; अछुत जात भनी ठानिएको । ३. अर्कै जातको; कुनै जातिसित सम्बन्ध नभएको ।

**अजान**– वि० [सं० अज्ञान ] १. ज्ञान नभएको; नजान्ने; अबोध; अनभिज्ञ; अबुझ; नासमझ । २. सुधो; सीधा; अनजान ।

**अजायब**– वि० [अ०] १. अचम्मको; विलक्षण; अनौठो; अद्भुत । २. असाधारण । – **घर**– ना० अनेक प्रकारका पुरातात्त्विक, कलाकौशलसम्बन्धी र अन्य महत्त्वपूर्ण तथा अनौठा वस्तुहरू सङ्ग्रह गरी संरक्षणका साथै जनसाधारणलाई देखाउनाका निम्ति राखिएको भवन वा कक्ष; अद्भुत वस्तुको सङ्ग्रहालय; कौतुकागार; म्युजियम । (उदा०– यो मान्छे त कस्तो अचम्मको रहेछ, अजायबघरमा लगेर राख्नुपर्ने जस्तो !)।

**अजार-बजार**– ना० ठूलो डाँको गरी गरिने बिलौना; आलापविलाप; विलाप । (उदा०– प्रिया ! म मरेँ भने तिमी अजार-बजार गरी नरोए ।)।

**अजिङ्गर**– ना० [सं० अजगर] १. विष नहुने तर सासले तानेर निली खाने, ज्यादै ठूलो किसिमको, उष्णकटिबन्धप्रदेशमा हुने सर्प । वि० २. अजिङ्गरजस्तै ज्यादा चलमलाउन नसक्ने किसिमको; ज्यादै ठूलो; अजङको । ३. अजिङ्गरजस्तै ज्यादै खाने वा सुत्ने । ४. अल्छी; अकर्मण्य । **अजिङ्गरको आहारा दैवले जुराउँछ/पुऱ्याउँछ** (उखान) । > **अजिङ्गरे**– वि० १. अजिङ्गरसम्बन्धी; अजिङ्गरको । २. ज्यादै ठूलो; अजङको । ३. धेरै खाने; खन्चुवा । ४. धेरै सुत्ने; सुताहा ।

**अजिटन**– ना० [अङ्० एड्जुटान्ट ] सेनामा कमान्डिङ अफिसरको सहायक अधिकृत; ऐटनपति । > **अजिटनी**– ना० अजिटनको पद वा दर्जा ।

**अजित**– वि० [सं०] १. कसैले जित्न नसकेको; अजेय । ना० २. विष्णु । ३. शिव ।

**अजिब**– वि० [अ० अजीब] अनौठो; आश्चर्यलाग्दो; गजबको; अद्भुत ।

**अजिमा**– ना० [नेवा०] १. बूढी बज्यै । २. नेवारी संस्कृतिअन्तर्गत बालरोग पन्छाउनाका निम्ति पूजा गरिने, काठमाडौँको स्वयम्भू स्तूपको देब्रेपट्टि रहेको मन्दिरकी देवी; शैवमार्गीहरूका बीच मातङ्गी नामले प्रख्यात भएकी देवी ।

**अजिमाना**– ना० कट नछुट्ट्याइएको जाँड ।

**अजिर/अजिरा**– वि० १. अटेर; जिराहा; हेपाहा । २. धिङ्न्याहा ।

**अजिर्न**– ना० [सं० अजीर्ण] हे० अजीर्ण । > **अजिर्निनु**– अ० क्रि० अजीर्ण हुनु; धेरै खानाले पच्न नसक्नु । **अजिर्न्याइ**– ना० अजिर्न पार्ने भाव, क्रिया वा प्रक्रिया । **अजिर्न्याइनु**– स० क्रि० अजिर्न पारिनु । **अजिर्न्याउनु**– स० क्रि० अजिर्न होउन्जेल खुवाउनु; पेट ढाडिउन्जेल खुवाउनु; अजिर्न पार्नु ।

**अजीर्ण**– ना० [सं०] १. खाएको कुरो नपच्दा हुन जाने पेटको रोग; अपच । वि० २. नपचेको; अपच । ३. जीर्ण नभएको ।

**अजीव**– वि० [सं०] १. जीव नभएको । २. प्राण गइसकेको; मरेको; मृतक; मुर्दा । ना० ३. मृत्यु; काल । ~ **कल्प**– ना० भूगर्भशास्त्रअनुसार जीवको सृष्टि हुनुभन्दा पहिलेको युग ।

**अजुर**– वि० [अ+जुर ] १. अमिल्दो; बेमेलेको । २. नजुर्ने; नजुरेको । ना० २. ज्योतिषशास्त्रअनुसार नजुर्ने वा उपयुक्त नठहरिने क्रिया वा स्थिति । (उदा०– जुर-अजुर हेरेर मात्र बिहा छिन्ने चलन छ ।)।

**अजेय**– वि० [सं०] जित्न नसकिने ।

**अजोग्गे**– वि० [सं० अयोग्य] अयोग्य; योग्य नभएको । विप० जोग्गे ।

**अजोड**– वि० [अ+जोड ] १. जोडा नभएको; बिजोडा; अजोर । २. जोडा लाग्न नसकिने; बेजोड; अनुपम; अद्वितीय । ३. ज्यादै ठूलो; भयानक । ४. ज्यादा; धेर । > **अजोडी**– वि० अजोड; अजोरी ।

**अजोर**– वि० [अ+जोर ] हे० अजोड; बेजोड । > **अजोरी**– वि० १. जोडा नभएको; बेजोड । २. अद्वितीय । ३. प्रतिद्वन्द्वी नभएको । (उदा०– तिमी त अजोरी मान्छे रहेछौ, कसैले पनि तिम्रो मुकाबिला गर्नै सकेन ।)।

**अज्यौली**– ना० [सं० अपजालिक] झगडातगडा गर्न थापिएको खोचे वा निहुँ; अर्घेली; अर्घेल्याइँ; अभ्यौली ।

**अज्ञ**– वि० [सं०] १. नजान्ने; नबुझ्ने; अनजान । २. नसम्झने; नासमझ; मूर्ख । विप० विज्ञ । – **ता**– ना० १. नजान्नेपन; अनजानपन । २. नासमझ; मूर्खता; अज्ञान ।

**अज्ञात**– वि० [सं०] १. नजानेको । २. नचिनेको; अपरिचित । ३. प्रकट नभएको; अप्रकट । ४. नदेखिएको । ५. भेउ नभएको; जानकारी नपाइएको; थाहा नपाइएको । ६. गुप्त । विप० ज्ञात । – **ता**– ना० नजानिएको अवस्था वा भाव; कुनै कुरासँगको अपरिचय; अनभिज्ञता । – **नामा**– वि० नाम थाहा पाउन नसकिएको; चिनापर्ची नभएको । ~ **यौवना**– ना० यौवनको आगमनप्रति सचेत नभएकी नायिका; मुग्धा नायिका । – **वास**– ना० कसैले थाहा नपाउने गरी लुकेर बसेको अवस्था; गुप्तवास;

गुप्तबसाइ ।

**अज्ञान**– ना० [सं०]१. ज्ञान वा बोध नहुने क्रिया, भाव वा स्थिति; ज्ञानको अभाव; ज्ञानको कमी; जानकारीको कमी । २. असल-खराबको छ्यान-विचार गर्ने क्षमता जागृत नरहेको स्थिति; आन्तरिक चेतना जागृत नभएको अवस्था । ३. मूर्खता । ४. अविद्या, माया वा मोह जसले गर्दा जीवले परब्रह्मसँग आफ्नो भिन्नता अनुभव गरी मिथ्या जगत्‌लाई वास्तविक ठानेको हुन्छ र त्यो हटेपछि मात्र जीव ब्रह्मसँग आफ्नो अभेदको अनुभव गर्न र मुक्त हुन सक्छ भनिन्छ । वि० ५. ज्ञान नभएको; अजान; मूर्ख । >**अज्ञानी**– वि० १. ज्ञान नभएको; ज्ञानरहित; अज्ञ । २. अबोध; अजान । ३. लट्ठक; मूर्ख । ४. अविद्या, माया वा मोहका वशमा रहेको; आफू नै परब्रह्म हुँ भन्ने ज्ञान नभएको ।

**अज्ञेय**– वि० [सं०]१. जान्न नसकिने; ज्ञान गर्न नसकिने । २. बुझ्न, सम्झन, भेउ पाउन वा थाहा पाउन नसकिने; दुर्बोध; अगम्य । विप० ज्ञेय । – **ता**– ना० १.नजानिँदोपन; नबुझिँदोपन । २. नबुझिँदो स्थिति; अगम्यता । – **वाद**– ना० दृश्य वा बोध्यभन्दा परको वस्तुलाई जान्न वा सोचेर मात्र निर्णय दिन सकिँदैन भन्ने सैद्धान्तिक मत ।

**अझ**– क्रि० वि० [प्रा० अज्ज <सं० अद्य]१. अहिलेसम्म; अद्यापि । (उदा०– राम अझ आएको छैन । अझ त्यो कुरा रहस्यमय नै रहेको छ । ) । २. फेरि पनि; अब पनि; अरू पनि । (उदा०– उसले हप्काए पनि अझ उसलाई भेट्ने रहर छ; मलाई अझ पढ्ने रहर छ ।) । ३. तैपनि; त्यसो भए पनि; त्यति हुँदाहुँदै पनि । (उदा०– मैले कति सम्झइ सकेँ; ऊ अझ मान्दैन ।) । ४. झन् । (पुरस्कार पाएपछि ऊ अझ उत्साहित छ ।) । ५. अटेरलाई सम्झाउँदा वा हप्काउँदा प्रयोग गरिने शब्द । (के गरेको ? अझ !) ।

**अझक**– ना० [अ+झक] केटाकेटी र गैह्र जिम्मेवार व्यक्तिहरू पुग्न र दखल दिन नसक्ने सुरक्षित ठाउँ । (उदा०– यो ऐना अझकमा राख, केटाकेटीले फुटाउलान् ।)।

**अझारो**– ना० [सं० अध्यारोप ]१. दोष लाउने काम; दोषारोपण; अभियोग । २. अत्तो; फत्तुर । ~ **र बझारो**– ना० १. गाली र बझौटी । २. दोषारोपण र बाझाबाझ ।

**अझेउलो**– ना० [√ अज्यौली ]१. टन्टा; लेठो । २. अन्याय; फटचाइँ; अचाडू कार्य ।

**अझेटो**– ना० [√ अचेटो ] बेपत्ताको रडाको; झमेला; लेठो; अनावश्यक टन्टा ।

**अझै**– क्रि०वि० [अझ+ऐ] अझ ज्यादा । (ऊ अझै निश्चिन्त हुन सकेको छैन ।)।

**अज्यौली**– ना०हे० अज्यौली ।

**अञ्चल**– ना० [सं०]१. शिर वा काँध भई छातीमा फैलिएको वा लपेटिएको सारी, पछ्यौरा आदिको भाग; सारी, पछ्यौरा आदिको छेउ वा किनारा; सप्को । २. किनार; तीर; तट । ३. घाटी; फेदी । ४. कुनै मुलुक वा प्रदेशको एक भाग; भूभाग; क्षेत्र; प्रदेश । ५. नेपालका चौध प्रादेशिक विभागमध्ये एक (मेची, कोसी, सगरमाथा, जनकपुर, वाग्मती, नारायणी, गण्डकी, लुम्बिनी, धवलागिरि, कर्णाली, राप्ती, सेती, भेरी र महाकाली) । ~**अदालत**– ना० जिल्ला अदालतबाट निर्णय भएका मुद्दामा पुनरावेदन सुन्ने पञ्चायतकालमा गठित अञ्चलस्तरीय अदालत । – **व्यापी**– वि० अञ्चलभरको; पूरै अञ्चलको; अञ्चलभर फैलिएको । ~**सभा**– ना० सम्बन्धित अञ्चलका सबै जिल्लाका पदाधिकारीहरू र सदस्यहरू समावेश भएको सभा । ~**सभापति**– ना० अञ्चलस्तरीय पञ्चायत वा अञ्चल तहमा गठित निकायका सभापति; अञ्चलस्तरीय कुनै सङ्गठनका सभापति । ~**स्तरीय**– वि० अञ्चल तहको; अञ्चल तहमा सीमित; अञ्चल तहमा हुने ।

**अञ्चलाधीश**– ना० अञ्चलको प्रशासनिक जिम्मेवारी पाएको पञ्चायतकालीन एक उच्च पदाधिकारी । ~ **कार्यालय**– ना० अञ्चलाधीशको अड्डा; अञ्चलाधीशका प्रत्यक्ष रेखदेखमा रही निजको कार्यसम्पादनमा सहयोग गर्ने अड्डा । – **को कार्यालय**– ना० अञ्चलाधीश-कार्यालय ।

**अञ्जन**– ना० [सं०]१. तोरीको तेलको बत्ती बाली त्यसमाथि कुनै भाँडो घोप्टचाई माथिबाट छोपी सो बत्ती बलेर समाप्त हुँदा माथिल्लो भाँडाको भित्री भागमा जम्मा भएको ध्वाँसोमा तेल आदि हाली संस्कार गरी तयार गरिएको, आँखाका कोसको डिलमा आँखाको निरोगिता र शोभाका निम्ति लगाइने एक प्रकारको मलम वा लेप; गाजल; सुर्मा । २. सोह्र शृङ्गारमा एक; अङ्गराग ।

**अञ्जलि/अञ्जली**– ना० [सं०] हे० अँजुली । – **पुट**– ना० १. दुवै खुला उत्ताना हत्केला जोडी ती हत्केलाको माथिल्लो भाग चाहिँ केही झुकाउँदा हुन आउने छत्रको जस्तो आकार परेको खोबिल्टो । २. आदर वा प्रार्थनाका मुद्रामा त्यसो गरी हत्केला जोड्ने काम; करपुट; करसम्पुट; अँजुली ।

**अञ्जीर**– ना० [सं०] डाँठ खोक्रो र लम्स्याइलो, तीनकुने पात हुने तिमिलाका जस्ता फल फल्ने, मल्बेरी परिवारको, उष्णतटबन्धीय प्रदेशमा हुने एक वृक्ष; पीपलका जस्ता मसिना बियाँ हुने त्यसैको गुलियो फल ।

**अट्-नु**– अ० क्रि० [सं० अट+नु ] बस्न, रहन आदिका लागि ठाउँ पुग्नु; अटाउने हुनु ।

**अटकल**– ना० हे० अडकल ।

**अटका**– ना० [उडि० आटिका ] देवतालाई भोग लगाइने वा अर्पण गरिने खाद्य पदार्थ; त्यसैको प्रसादस्वरूप पक्वान्न ।

**अटन**– ना० [सं०] घुमफिर गर्ने काम; हिँड्डुल; भ्रमण; पर्यटन (तीर्थाटन, देशाटन, भिक्षाटन इ०) ।

**अटपट**– ना० [अ० मू० पट्+अ (द्वि०)] १. गडबड; गोलमाल; खटपट; कठिनाइ । २. अस्पष्ट बोली; बालबोलीजस्तै अर्थ स्पष्ट

नखुल्ने बोली । ३. कुनै काम-कुरामा व्यक्तिहरूका बीच परेको खटपट वा मनोमालिन्यको स्थिति । (उदा०– तिनीहरूका बीच आजकल अटपट परेको छ ।)।

**अटमट्ट–** क्रि०वि० [अ० मू० (द्वि०) मट्+ट] १. अटाईनअटाई; नअटाउने गरी; अटेसमटेस; उरमुट्ट । वि० २. जीउमा लुगा लाउँदा कसाकस भएको; कुनै भाँडो वा ठाउँमा कुनै पदार्थ बेसरी खाँदिएको वा भरिएको; खाँदाखाँद भएको; कसिएको ।

**अटल१–** वि० [सं०] १. अडिग; स्थिर । २. आफ्नो सिद्धान्तबाट विचलित नहुने । ३. सधैं कायम रहने । ४. निश्चय हुने; अवश्यम्भावी ।

**अटल२–** ना० [नेवा० अथल] १. खास गरी माटाको र सामान्यतया धातु वा प्लास्टिकको पीँधभन्दा माथि खुल्दै गएको, लुगा धुने भाँडो । २. खुट्टा भएको थेप्चो र फराकिलो मुख भएको मकल ।

**अटाइ–** ना० [**अटाउ** (+ आइ)] अटाउने भाव, क्रिया वा प्रक्रिया । [>] **अटाइनु–** अ० क्रि० अटाउने होइनु ।

**अटाई नअटाई–** क्रि० वि० [अटाई+नअटाई] ठाउँ नपुगे पनि कोचाकोच पारी; अटेसमटेस परेर; ठसाठस भरिएर; उरमुट्ट ।

**अटाउ-नु–** अ० क्रि० [अट्+आउ+नु] १. कुनै कुरा वा वस्तु कुनै ठाउँ वा पात्रमा अट्न-रहन सक्ने हुनु; राख्ने वा हालिने ठाउँ पुग्नु । २. कुनै वस्तु राख्ने वा हाल्ने ठाउँ तुल्याउनु । (उदा०– मधु र कमल एउटै आसनमा अटाए ।)।

**अटाली–** ना० [सं०अट्टाल] हावा खान वा बसेर बाहिर हेर्नका निम्ति घरको दोस्रो, तेस्रो आदि तलाको मूल गारोबाट बाहिर निस्केको दलिन, खम्बा वा अन्य साधनद्वारा अडचाई बनाइएको सम्म खुला भाग; बार्दली; कौसी ।

**अटुट–** वि० [सं० अ+त्रुट] १. नटुट्ने; अखण्डित; सग्लो । क्रि० वि० २. नटुटीकन; लगातार; निरन्तर ।

**अट्काउ-नु–** स० क्रि० हे० अड्काउनु ।

**अटेक–** ना० [अ+टेक] सिद्धान्तमा नअड्ने काम; विचारमा स्थिर रहन नसक्ने स्वभाव; दोमन ।

**अटेर–** वि० [अ+टेर] भनेको कुरा नटेर्ने; भनेको नमान्ने; हेपाहा; मिचाहा । >**अटेर्‍याइँ–** ना० अटेर गर्ने भाव वा क्रिया; अटेरीपन । >**अटेरी–** वि० नटेर्ने; अटेर ।

**अटेर्नु१–** ना० [सं०अत्रिणु] घाँसपात आदिमा फीँजको डल्लोजस्तो गुँड लगाउने, घाँससित खाएमा भेडा-बाखा बिरामी हुने एक जातको सानो कीरो ।

**अटेर्नु२/अटेर्नो–** वि० [अटेर्+नु/नो] भुट्ता फूल नउठ्ने (मकै आदि); ठेट्नो ।

**अटेसमटेस–** क्रि० वि० [अट्+एस (द्वि०) ] सकेसम्म कोचकाच पारेर; अटाई-नअटाई; खचाखच; ठसाठस; ठेलमठेल ।

**अटैसा–** ना० बीच-बीचमा समान अन्तर पारी सातवटा वा नौवटा प्रायः सुनको बुट्टेदार गेडी हाली उनेर बनाएको पोतेको माला; नौगेडी ।

**अटो–** ना० [अङ्०] १. एक प्रकारको छाप्ने यन्त्र । २. स्वहस्तलेख; अटोग्राफ । ३. टेम्पो । वि० ४. स्वचालित; आफैँआफ चल्ने, हुने वा बन्ने (अटोबस, अटोरिक्सा, अटोमोबाइल्स इ०) । –**ग्राफ–** ना० स्वहस्तलेख । –**मेटिक–** वि० मानवीय नियन्त्रण वा सञ्चालनविना आफैँ चल्ने; स्वचालित (अटोमेटिक घडी; अटोमेटिक राइफल इ०) ।

**अट्काउ–** ना०हे० अड्काउ । –**पट्काउ–** ना०हे० अड्काउपड्काउ ।

**अट्टहास–** ना० [सं०] ठूलो स्वरको हाँसो; खित्का छोडेको हाँसो ।

**अट्टान–** वि० [सं० अट्ट+आन] अत्यन्त बलियो; हट्टाकट्टा; दह्रिलो ।

**अट्टालिका–** ना० [सं०] अटाली ।

**अट्टे–** ना० मार्सी धानको एक भेद ।

**अट्ठा–** ना० [प्रा० अट्ठ <सं० अष्ट ] तासको वा गन्जिफाको आठ फुट्टी भएको पत्ती; आठ फुट्टीवाला चक्की ।

**अट्ठाइस–** ना० [प्रा० अट्ठाईस <सं० अष्टाविंशति ] १. बीस र आठको योगसङ्ख्या; २८- को अङ्क । वि० २. गन्दै जाँदा अट्ठाइस सङ्ख्यामा पर्ने; सातको चार गुना हुने । >**अट्ठाइसौँ–** वि० १. गन्ने क्रममा अट्ठाइस चाहिँ सङ्ख्यामा हुने; कुनै बाँडिएका वा बाँडिने वस्तुको बराबरका अट्ठाइसमध्ये एउटा चाहिँ भाग भएको ।

**अठचालिस–** ना० [सं० अष्टचत्वारिंशत् ] १. चालीस र आठको योगसङ्ख्या; ४८- को अङ्क । वि० गन्दै जाँदा सतचालीसपछिको सङ्ख्यामा पर्ने; चालीस र आठका योगसङ्ख्याको । >**अठचालिसौँ–** वि० गन्तीका क्रममा अठचालीस सङ्ख्याको; अठचालीस सङ्ख्यामा पर्ने ।

**अठचालीस–** ना० हे० अठचालिस । >**अठचालीसौँ–** वि० हे० अठचालिसौँ ।

**अठतिस–** ना० [सं० अष्टत्रिंशत् ] १. तीस र आठको योगसङ्ख्या; ३८-को अङ्क । वि० गन्तीका क्रममा सैँतीसपछिका सङ्ख्याको । >**अठतिसौँ–** वि० गन्तीका क्रममा अठतीस सङ्ख्याको; अठतीस सङ्ख्यामा पर्ने ।

**अठतीस–** ना० हे० अठतिस । >**अठतीसौँ–** वि० हे० अठतिसौँ ।

**अठन्नी–** ना० [आठ+आना+ई ] पहिलेको भारतीय आधा रुपियाँ अर्थात् आठ आनाको सिक्का; बत्तीस पैसाको सिक्का ।

**अठपहरी/अठबरी/अठबरे–** ना० [भो० ब० (राई) ] लिम्ब्वानी र खम्ब्वानी मिश्रण भएको भाषा बोल्ने राई-जातिको एक शाखा ।

**अठबा–** वि० १. अप्ठचारो; गाह्रो; मुस्किल । ना० २. दोठचाङ; असजिलो स्थिति ।

**अठसट्ठी–** ना० [प्रा० अट्ठसट्ठी <सं० अष्टषष्टि] १. साठी र आठको योगसङ्ख्या; ६८-को अङ्क । वि० २. गन्तीका क्रममा सतसट्ठीपछिको सङ्ख्यामा पर्ने; साठी र आठका योगसङ्ख्याको । >**अठसट्ठिऔँ/अठसट्ठियौँ–** वि० गन्तीका क्रममा अठसट्ठी सङ्ख्यामा पर्ने; अठसट्ठी सङ्ख्याको ।

**अठहत्तर–** ना० [प्रा० अट्ठहत्तरि] १. सत्तरी र आठको योगसङ्ख्या;

७८-को अङ्क । वि० २. सतहत्तरपछिको सङ्ख्यामा पर्ने; सत्तरी र आठका योगसङ्ख्याको ।

**अठार–** ना० [प्रा० अट्ठार < सं० अष्टादश] १. दस र आठको योगसङ्ख्या; १८-को अङ्क । वि० २. गन्तीका क्रममा सत्रपछिको सङ्ख्यामा पर्ने; दस र आठका योगसङ्ख्याको । **– पोल–** ना० बोडीमा आधारित धार्नी प्रणालीकोअनुसार बिसौलीभन्दा कम परिमाणको तौल । > **अठारौँ–** वि० गन्दै लाँदा अठार सङ्ख्यामा पर्ने; अठार सङ्ख्याको ।

**अठासी–** ना० [प्रा० अट्ठासि < सं० अष्टाशीति ] १. असी र आठको योगसङ्ख्या; ८८-को अङ्क । वि० २. असी र आठका योगसङ्ख्याको; सतासीपछिको सङ्ख्यामा पर्ने । > **अठासिऔँ/अठासियौँ–** वि० अठासी सङ्ख्यामा पर्ने; अठासी सङ्ख्याको ।

**अठिँगर/अठिङर/अठिङ्गर–** ना० [आँठ+इँगर/ इङर/इङ्गर] शरीरको अङ्ग वा हाडको जोर्नी; आङ र पाताको जोर्नी ।

**अठिया–** ना० केराको एक जात; अठैँसो ।

**अठेङ–** ना०हे० अठ्याङ । **– मठेङ–** क्रि०वि०हे० अठ्याङमठ्याङ ।

**अठेसो–** ना० [अँठचाउ+एसो] झ्याल, ढोका आदिका खापामा खोल्न वा लगाउन हुने गरी जडिएको वस्तु; हातो; मुर्रा ।

**अठैँसो–** ना० [अट्ठिया+ऐँसो] कमसल खालको केराको एक भेद; अठिया ।

**अठोट्–नु–** स० क्रि० [अठोट+नु] १. निधो गर्नु; निर्णय गर्नु । २. बन्दोबस्त मिलाउनु; तजबिज गर्नु ।

**अठोट–** ना० [प्रा० अट्ठवत् < सं० अर्थवत्] १. पक्कासँग गरिएको निधो वा निर्णय; ठहर । २. तजबिज; तर्जुमा । ३. अनुमान; अडकल; लख ।

**अठोटाइ–** ना० [√ **अठोट्** (+आइ)] अठोट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अठोटाइनु–** क० क्रि०अठोट्न लाइनु; अठोट्ने काम गराइनु । **अठोटाउनु–** प्रे० क्रि० अठोट्न लाउनु; अठोट्ने काम गराउनु । **अठोटिनु–** स० क्रि० अठोट्ने काम गरिनु; अठोट गरिनु ।

**अठोत्तरसय–** वि० [सं०अष्टोत्तर+शत ] एकसय आठ सङ्ख्याको; १०८; धार्मिक दृष्टिले ज्यादै महत्त्वपूर्ण मानिने सो सङ्ख्याको । (उदा०– स्वस्थानीको व्रतपूजाअन्तर्गत अठोत्तरसय फूल, अक्षता आदि चढाइन्छ; पाँचसुते अठोत्तरसय बत्ती बाल्नाको ठूलो महिमा छ ।)

**अठ्याङ–** ना० [अ० मू०] १. कामकुरा गर्दै जाँदा पर्न आएको असजिलो अवस्था; अठेङ । २. कठिनाइ; मुस्किल । ३. कुनै काम गर्ने क्रममा पहिले कुन काम गर्ने भन्ने दोधार; अठेङ । **– मठ्याङ–** क्रि० वि० काम गर्न अप्ठ्यारो वा गोलमाल हुने गरी; गडबड; गोलमाल; दोठ्याङ ।

**अड्–नु–** अ० क्रि० [प्रा० अड्ड < सं० अट्ट+नु] १. गति बन्द हुनु; जहाँको तहीँ हुनु वा रहनु; रोकिनु; थामिनु । २. कुनै कुरामा अडिग रहनु । ३. अड्डी वा अडान लिनु । ४. गाईभैँसी आदि बाली हुने क्षणमा निश्चल रहनु ।

**अड–** ना० [प्रा० अड्ड ] ढिपी; जिद्दी; टेक ।

**अडकल–** ना० [सं० अट्+कल] कुनै व्यवहार, घटना आदि यस्तो भयो होला भन्ने सोचाइ; अनुमान; अन्दाज; अन्जाम; अड्कल । ~ **गीता–** ना० तथ्यद्वारा सिद्ध नभई खालि अन्दाजका भरमा गरिएको वा भनिएको कुरो; खालि अनुमान; फोस्रो कल्पना । **– पच्चु–** वि० १. अडकलबाजी गर्ने; अडकलगीता गाउने । ना० २. त्यस्तो व्यक्ति । ३. कोरा कल्पनाका आधारमा लगाइएको अन्दाज; कपोलकल्पित कुरो; पछि काम बिग्रिने बढी सम्भावना हुने कोरा अनुमान; बेप्रमाणको लख । **– बाज–** वि० १. अन्दाज वा अनुमान लगाउने; अडकल गर्न सिपालु । २. तथ्यतर्फ ज्यादा ध्यान नदिने; निराधार कुरा गर्न खप्पिस; अन्दाजै-अन्दाजका भरमा कुनै कामकुराबारे धारणा बनाउने; डिङ हाँक्ने वा गुड्डी हाँक्ने; अन्दाजबाज । **– बाजी–** ना० १. अन्दाज; अनुमान । २. प्रायः तथ्यमा आधारित नरहेको स्थिति । ३. कुनै काम-कुरामा चाहिनेभन्दा बढी अन्दाज लगाउने बानी । (उदा०– विज्ञानका क्षेत्रमा कोरा अडकलबाजीले काम चल्दैन । )

**अडग–** वि० [अ+डग ] नडग्ने; आफ्नो स्थान वा कुरामा टेक लिने; अटल ।

**अडङ्गा–** ना० [अड्+अङ्गा] १. कुनै कामकुरामा यो वा त्यो मिल्दैन भनी दिइएको बाधा वा बखेडा । (उदा०– राम जुनसुकै बखत पनि काममा खालि अडङ्गा हाल्छ ।) वि० २. त्यस्तो अडङ्गा वा अड्को हाल्ने (व्यक्ति; उदा०– राम त अडङ्गा छ है ।)

**अडबड–** ना० [अ० मू०] १. अप्ठेरो स्थिति; बाधाजनक अवस्था; दोठ्याङ । वि० २. सतह नमिलेको; उबडखाबड भएको; सम्म नपरेको ।

**अडबाङ्गे–** वि० [अडबाङ्गो+ए] १. कतै पनि नमिल्दो; अडभङ्गे । २. अर्धङ्गी ।

**अडबाङ्गो–** वि० [सं० अर्द्धभङ्ग ] १. अमिल्दो स्वभावको; मिलनसार नभएको । २. अर्धसिल्ली; अर्धङ्गी ।

**अडबेखडबे–** वि० [अ० मू०] अग्लो-होचो परी सतह नमिलेको; खाल्टाखुल्टी परेको (जमिन, ठाउँ आदि) ।

**अडभङ्गे–** वि० [प्रा० अड्ड+सं० भङ्ग] १. अप्ठ्यारो । २. कुरा नमिल्ने; अमिल्दो; मिलनसार नभएको; अडबाङ्गे । > **अडभङ्ग्याहा–** वि० अर्कासित अमिल्दो; अप्ठ्यारो स्वभाव भएको ।

**अडाइ–** ना० [√ **अड्** (+ आइ)] अड्ने भाव, क्रिया वा प्रक्रिया । [√ ] **अडाइनु–** क० क्रि० अडाउने काम गरिनु; अड्न लाइनु । **अडाउ–** वि० धेरै समयसम्म टिक्ने; टिकाउ; खपाउ । **अडाउनु–** स० क्रि० १. कुनै गतिमा भएको वा खस्ने चीजलाई कुनै आधारमा रोक्नु; थाम्नु । प्रे० क्रि० २. अडान लिने पार्नु; अडचाउनु; टिकाउनु ।

**अडान**– ना० [अड्+आन ]१. आफ्नो कुरामा दृढ हुने काम; जिद्दी; दृढ । २. अड्ने वा बिसाउने ठाउँ । ३. यति; विश्राम । ~ **लिनु**– टु० आफ्नो कुरामा टिकिरहनु; डेग नचल्नु ।

**अडाहा**– वि० [अड्+आहा ]१. कुरा उचित वा अनुचित जेजस्तो भए पनि अडान लिइरहने; आफ्नो कुरा नछाड्ने; अड्डी लिने; जिद्दीवाल । २. हिँड्दाहिँड्दै वा काम गर्दागर्दै टक्क रोकिने बानी भएको; अडैया; अडियल ।

**अडिग**– वि० [अ+डिग]१. डेग नचल्ने; नचलमलाउने वा नहल्लिने । २. आफ्नो कुरा नछाड्ने वा त्यसमा अडान लिने; दृढ ।

**अडिनी**– ना० [अड्+इनी] राजदरबार वा राणाहरूका दरबारका भान्सेहरूकी नाइकेनी; अडेनी; अडैनी ।

**अडिनु**– अ० क्रि० [अड्+इ+नु]१. अड्ने काम गरिनु; रोकिनु; थामिनु । २. आखिरी पर्नु; खाँचो पर्नु; गर्ज पर्नु । ३. अड्डी लिनु; हठी हुनु । ४. बसेको, पसेको आदि ठाउँबाट बाहिर ननिस्कनु; अड्कनु । ५. नचल्नु; नहल्लनु; राम्ररी गाडिनु ।

**अडिन्चे**– ना० [नेवा०] ससाना केटाकेटीलाई लाग्ने रुन्चे रोग । (पेट बोकेका वा भरखर बच्चा पाएका आइमाईले बालकलाई छोएमा अडिन्चे रोग लाग्छ भन्ने भनाइ थियो ।)।

**अडियल**– वि० [अड्+इयल ]१. जेजस्तो भए पनि आफ्ना कुरामा अडिरहने; अड्डी लिने; जिद्दीवाल । २. हिँड्दा-हिँड्दै बीचमा अडिने वा रोकिने स्वभाव भएको (घोडा); अडाहा ।

**अडिलो**– वि० [अड्+इलो] १. टिक्ने; आड दिने; दह्रिलो । २. अडी-अडी हिँड्ने स्वभावको; हिँड्दाहिँड्दै अड्ने (घोडा); अडाहा; अडियल ।

**अडेनी**– ना० हे० अडिनी ।

**अडेरी**– ना० [अण्ड+एरी ] लामा-लामा काँढा हुने र फैलेर झाडी हुने एक जातको वनस्पति ।

**अडेस**– ना० [अड्+एस]१. कुनै वस्तु, भित्तो, तकिया आदिमा ढल्किएर आड लिने काम; आड लिने वस्तु वा ठाउँ; आडा । २. ध्यान गर्दा हात अडचाइने, डल्याँठाका आकारको काठको साधन । – **दार**– वि० अडेस लाग्न हुने; अडेस लाग्ने वस्तु वा व्यवस्था भएको । > **अडेसा**– ना० अडेस; आड ।

**अडेसि-नु**– अ० क्रि० [अडेस+इ+नु] आड लिनु; भर पर्नु; अडेसा लाग्नु; ढेप्पिनु ।

**अडेसो**– ना० [अड्+एसो ]१. हावा आदिले झ्याल-ढोका बन्द नहोस् भनी खापामा लगाइने फलामे अङ्कुसे वा काठको चुकुल; खापा र चौकोसका बीचमा जडिएको ठचौको; झ्यालढोकाको आडा । २. झ्यालढोकालाई बन्द गरिराख्ने चुकुल ।

**अडैया**– वि० [अड्+ऐया] आफ्ना कुरामा अडिरहने; अडाहा; अडियल ।

**अडैनी**– ना० हे० अडिनी ।

**अड्क-नु**– अ० क्रि० [अड्को+नु]१. अल्झिएर रोकिनु । २. कुनै बाधा-अड्काउ परेर अडिनु । ३. कुनै कुरा प्वाल वा त्यस्तै ठाउँमा घुसेर-पसेर निस्कन नसक्नु; थामिनु । ४. खाँचो हुनु; गर्ज पर्नु; हर्जा हुनु ।

**अड्कल्-नु**– स० क्रि० [अडकल+नु] अन्दाज गर्नु; यो यति, यस्तो वा यत्रो छ भनी लख काट्नु; अनुमान गर्नु । > **अड्कलाइ**– ना० अड्कल गर्ने भाव, क्रिया वा प्रक्रिया; अनुमानगराइ । **अड्कलाइनु**– क० क्रि० अड्कलाउने काम गरिनु; अड्कल्न लाइनु । **अड्कलाउनु**– प्रे० क्रि० अड्कल्न लाउनु; अड्कल गर्न लगाउनु; अनुमान गराउनु । **अड्कलिनु**– क० क्रि० अड्कल गरिनु; अनुमान गरिनु ।

**अड्काइ**– ना० [√ **अड्क** (+ आइ)] अड्कने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अड्काइनु**– क० क्रि० अड्काउने काम होइनु; अड्कन लाइनु ।

**अड्काउ**– ना० [अड्क+आउ] कुनै कुराको खाँचो; हर्जा वा अड्को; बाधा; भाँजी; अट्काउ । > **अड्काउनु**– स० क्रि० १. चलिरहेको वा चल्ने कामकुरालाई रोक्नु वा बन्द गर्नु; थाम्नु । २. कुनै वस्तु कतै अल्झाउनु वा जोल्टचाउनु । ३. गर्ज पार्नु; खाँचो पार्नु । प्रे० क्रि० ४. अड्कने पार्नु; अल्झाउनु । – **पड्काउ**– ना० १. कुनै काम वा व्यवहारको गतिमा पर्ने बाधा; रोकटोक । २. अड्कोपड्को; हर्जा; गर्ज ।

**अड्कि-नु**– अ० क्रि० [अड्क+इ+नु]१. कुनै चलिरहेको वा चल्ने कुरा रोकिनु वा बन्द हुनु; थामिनु । २. अल्झनु; फस्नु । ३. खाँचो हुनु; गर्ज पर्नु; हर्जा हुनु ।

**अड्को**– ना० [अड्क+ओ]१. बाधा; अड्काउ; अल्झाइ । २. खाँचो; हर्जा वा गर्ज । ३. पहेली । ~ **थाप्नु**– टु० कुनै कुराको हल गर्नाका निम्ति समस्या खडा गर्नु; गाउँखाने कथा भन्नु । – **पड्को**– ना० खनखाँचो; अड्काउपड्काउ; आवश्यकता । **अड्कोपड्को तेलको धूप** (उखान) ।

**अड्डा**– ना० [सं० अड्ड] जागिरे व्यक्तिहरूले आफ्नो अधिकारको तहअनुसार काम गर्ने सरकारी वा गैरसरकारी सङ्गठन वा ठाउँ; कार्यालय । २. मुद्दामामिलाको छिनफान गरी न्याय-निसाफको काम गर्ने कानुनी कार्यालय; अदालत । ३. उही खालका वैध वा अवैध काम गर्ने अम्मली, गफाडी, चोर, डाँकू आदि जम्मा हुने वा रोकिने ठाउँ; अखडा । ~ **अदालत**– ना० देवानी, फौजदारी वा मालसम्बन्धी कार्यालय र अड्डाहरूको समूह; न्यायपालिका वा कार्यपालिकासम्बन्धी कार्यालयहरूको समुदाय; अड्डाखाना । – **खाना**– ना० अड्डा वा अड्डाहरू रहेको भवन; अड्डाहरूको समुदाय । ~ **जाँच**– ना० ऐनकानुन, नियम र सवालबमोजिम काम ठीकसँग भएनभएको वा कर्मचारीहरूले सोअनुसार काम गरेनगरेको प्रायः एकाएक छड्के जाँच गरी ऐनसवाल र रीतपूर्वक काम गर्न लगाउने सरकारी अड्डा । ~ **प्रमुख**– ना० अड्डामा काम गर्ने कर्मचारीहरूमा सबैभन्दा माथिल्लो दर्जाको कर्मचारी; अड्डाको हाकिम । ~ **बस्नु**/**लाग्नु**– टु० कार्यालय वा अदालतको काम सुरु हुनु । – **वाल**– वि० अड्डाको मान्छे; कर्मचारी; जागिरे ।

– **सार**– ना० सरकारवादी अभियुक्त वा दोषीलाई पक्राउ गरी एक अड्डाले अर्को अड्डालाई सुम्पँदै तोकिएको ठाउँमा पुऱ्याई बुझाउने काम ।

**अड्डी**– ना० [अड्+ई]१. झ्यालढोकाका खापाको खुरा अडचाउने खोबिल्टो; खुराघर । २. सेनाले दखल गरी बसेको ठाउँ । ३. आफ्नो कुरामा विचलित नभई अडिरहने काम; जिद्दी; हठ वा ढिपी । ~ **लिनु**– टु० आफ्नो बुँदा नछाड्नु ।

**अडचाइ**– ना० [√ **अडि** (+ याइ)] अडिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अडचाइनु**– क० क्रि० अडचाउने काम गरिनु; अड्न लाइनु । **अडचाउनु**– स० क्रि० अडिने पार्नु; अड्न लाउनु; थमाउनु ।

**अढाई**– वि० [प्रा० अड्डाइय] सङ्ख्यामा तीनभन्दा आधाले कम वा दुईभन्दा आधाले बढी; साढे दुई । > **अढैया**– ना० १. अढाई सेर तौलको ढक; दुई सेर र आधाको ढक । २. अढाई अङ्कको दुनोट । ३. ज्योतिषशास्त्रअनुसार आफ्ना जन्मराशिदेखि अष्टम स्थानमा रहँदासम्म एक राशिमा तीस महिना भोग गर्ने शनिग्रहको दशा ।

**अणिमा**– ना० [सं०]१. योगको अभ्यासद्वारा होइने अणुजस्तै सानोपन; सूक्ष्मता । २. योगका अष्टसिद्धि अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्वमध्ये पहिलो ।

**अणु**– ना० [सं०]१. कुनै पनि तत्त्वको साह्रै सानो र परमाणुभन्दा ठूलो तथा विशेष यन्त्रको सहायताविना देख्न, खण्डित गर्न वा टुक्रचाउन नसकिने, रासायनिक संयोजनमा रहेको खण्ड वा टुक्रा । (यो परमाणुहरू मिलेर बनेको हुन्छ जसको सङ्ख्या र सजावटद्वारा कुनै पनि पदार्थ अन्य पदार्थभन्दा भिन्न हुन्छ ।) । बमको केन्द्र भएर रहेको, सृजनात्मक वा ध्वंसात्मक शक्तिका रूपमा परिणत हुने सूक्ष्म कण । ३. आँखीझ्यालभित्र पसेको प्रकाशमा उडेको देखिने छ परमाणुजत्रो धूलाको सानो कण । ४. स्वतन्त्र अवस्थामा रहन सक्ने र पदार्थमा रहेका गुणहरूलाई सुरक्षित राख्न सक्ने पदार्थको अति सानो कण वा मात्रा । ~ **जगत्**– ना० दर्शनशास्त्रअनुसार जगत्लाई समष्टि मानेर त्यसका न्यूनतम एकाइहरूको सूक्ष्मतम वर्गीकरण गरिएको खण्ड वा अंश । ~ **तरङ्ग**– ना० विद्युत्बाट निक्लने एक प्रकारको ज्यादै हल्का सूक्ष्म तरङ्ग वा लहर (माइक्रोवेभ) । ~ **बम**– ना० विस्फोटक शक्ति भएका अणुहरूको नाभि (प्लुटोनियम र युरेनियम) को विच्छेदबाट पैदा हुने र प्रयोग गर्दा न्युट्रनबाट आणविक ऊर्जा निस्कने संहारकारी बम; अणुबाट बनाइएको, प्रहार गर्दा आणविक शक्तिले आफ्नो परिधिभित्रका समस्त वस्तुहरूलाई भस्म पार्ने र विकिरणले प्राणीहरूलाई अङ्गभङ्ग तुल्याउने बम । ~ **भार**– ना० १. अणुको वजन । २. अणुको गुरुत्व । – **वाद**– ना० १. दर्शनमा जीव वा आत्मालाई अणु मान्ने सिद्धान्त; बल्लभाचार्यको मत । २. पदार्थका अणुहरूलाई नित्य मान्ने सिद्धान्त; वैशेषिक दर्शन; साङ्ख्ययोग, गान्धर्ववेद्या तथा जैनहरू र केही वैयाकरणहरूका मतअनुसार शब्दहरू शब्दका अणु-अणु मिलेर बनेका हुन्छन् भन्ने सिद्धान्त । – **वादी**– वि० अणुवाद मान्ने वा त्यसको अनुयायी । २. नैयायिक; वैशेषिक दर्शन मान्ने; बल्लभाचार्यको अनुयायी (वैष्णव) । – **वीक्षण यन्त्र**– ना० अणु वा सूक्ष्म पदार्थलाई देख्न सकिने साधन वा उपकरण; सूक्ष्मदर्शक यन्त्र । – **व्रत**– ना० जैनसम्प्रदायमा निर्धारित गृहस्थ धर्मअन्तर्गतका पाँचवटा कार्य (प्राणातिपात, मृषावाद, अदत्तादान, मैथुन र परिग्रह)- बाट विरमण या निवृत्तिको अपेक्षा राखिने व्रत । (पातञ्जल योगशास्त्रमा यिनै पाँच कुरालाई ‘यम’ स्विकारिएको छ ।)

**अण्ड**– ना० [सं०]१. पोथी जीवजन्तुद्वारा उत्पादित प्रजननशील कीटाणुहरू भएको डिम्ब; उक्त डिम्बमा अन्तर्निहित प्रजननशील पदार्थ । २. चराचुरुङ्गी आदिले पार्ने प्रजननशील पदार्थ भएको डिम्ब र त्यसलाई बेर्ने जालोसमेत धारण गर्ने गोलो लाम्चो खोस्टोसमेत भएको वस्तु; अन्डा; डिम्ब; डिम्बा; फुल । ३. वीर्य; शुक्र । ४. जीवजन्तुको भाले जातिको जननेन्द्रियका फेदमा झुन्डिएका छालाका थैलाभित्रका दुई बाटुला गेडा; आँडा; अण्डकोश । ५. ब्रह्माण्ड; विश्व । – **कोष**– ना० स्तनपायी जीवजन्तुका भाले जातको लिङ्ग वा जननेन्द्रियका मन्तिरको वीर्यवाहक द्विफलक छालाको थैली; आँड । – **च्छेदन**– ना० अण्डकोषको चिरफार गर्ने काम । – **ज**– वि० अन्डाबाट पैदा हुने; फुलबाट जन्मने (चराचुरुङ्गी, सर्प, माछा इ०) । – **मूल**– ना० अण्ड वा आँडाको जरा; डिम्ब उत्पन्न हुने पोथी जीवका दुई प्रजनन-अवयवमध्ये कुनै एक; अण्ड उत्पत्ति हुने स्त्री-यौनाङ्ग । – **वाहिनी नली**– ना० स्त्री जातिका पाठेघरको मुखसम्म डिम्बहरू ल्याउने काम गर्ने नली । ~ **विकार**– ना० अण्डकोषसम्बन्धी कुनै पनि रोग । ~ **विच्छेदन**– ना० अण्डकोष काटेर छुट्टचाउने क्रिया । – **वृद्धि**– ना० अण्ड वा अण्डकोष बढ्ने वा सुन्निने कार्य; अण्डकोषमा पानी, बोसो आदि बढ्ने रोग; हन्डे रोग; हाइड्रोसिल । – **शोथ**– ना० अण्डकोषको सुजन; अण्डकोष सुन्निने क्रिया । ~ **स्थिरण**– ना० अण्डकोषलाई निश्चल गराउने क्रिया । ~ **स्थूलन**– ना० अण्डकोषमा पानीको मात्रा बढी भएर फुल्ने क्रिया ।

**अण्डा**– ना०हे० अन्डा ।

**अण्डाकार**/**अण्डाकृति**– वि० [सं०] चराचुरुङ्गीका फुलको जस्तै आकार भएको; अन्डाको बान्की परेको; गोलाइ मिलेको लाम्चिलो ।

**अण्डाशय**– ना० [सं० अण्ड+आशय] भाले जीवको अण्ड रहने ठाउँ ।

**अण्डे**– वि० [अण्डा+ए]१. अण्डकोष सुन्निएको; ठूला अण्ड भएको । २. आँडे ।

**अतः**– क्रि० वि० [सं०] यस कारणले; यसैले; यसनिम्ति; यसउसले । – **एव**– क्रि० वि० कारण जनाउने वा तथ्यहरू बताउने वाक्य वा वाक्यखण्डपछि सो कारणको फल, असर वा तथ्यको निचोड

दिने क्रममा प्रयोग गरिने, जोडसमेत बुझाउने शब्द; यसै कारण; यसै कारणले; यसैले ।

**अतथ्य–** वि० [सं०] झूटो; अयथार्थ; तथ्यभन्दा विपरीत । विप० तथ्य ।

**अतन्द्रित/अतन्द्रिल–** वि० [सं०] १.कुनै पनि ताना नलिने; नउँघ्ने; अल्छी नगर्ने । २. जागा; सावधान; सतर्क । विप० तन्द्रिल ।

**अतर्कनीय–** वि० [सं०] १. तर्कद्वारा जान्न-बुझ्न नसकिने; तर्कभन्दा परको; अतर्क्य ।

**अतर्कित–** वि० [सं०] १. सोच्तै नसोचेको; तर्कना नै नगरेको; कल्पना नै नगरिएको । २. आकस्मिक; अचानक आइपरेको ।

**अतर्क्य–** वि० [सं०] तर्क गर्नै नसकिने वा नपर्ने; अन्दाज गर्न नसकिने; अचिन्त्य ।

**अतल–** वि० [सं०] १. पींध पत्ता लगाउन नसकिने; भुइँ छुन नसकिने किसिमको ज्यादै गहिरो; थाहा पाइनसक्नु गहिरो; अथाह गहिरो । ना० २. पूर्वीय पौराणिक भूगोलअन्तर्गत सप्त पाताल (अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल)-मध्ये पहिलो । **– स्पर्शी–** वि० १. पींधसम्म छुने; पाताल छुने । २. ज्यादै गहिरो; थाहा पाइनसक्नु गहिरो; अथाह गहिरो; अत्यन्त गहन (उदा०– उहाँको अतलस्पर्शी विद्वत्ताबाट को प्रभावित नहोला !)।

**अताराङ्कित–** वि० [सं०] ताराको चिह्न नलागेको वा नदिइएको; विशिष्ट तुल्याउन ताराको चिह्न नलगाइएको; ताराको चिह्न नलगाइएको र लिखित रूपमा नै उत्तर दिनुपर्ने (विधायिकाको बैठकमा गरिने प्रश्न) । विप० ताराङ्कित ।

**अतालिनु–** अ० क्रि० [आत्ति+नु ] १. रुँदारुँदै सास फेर्न गाह्रो परी आत्तिएर झन्-झन् ठूलो स्वरले रुनु; कहालिएर रुनु । २. रुँदारुँदै सास रोकिएर बेहोसजस्तो हुनु; विह्वल हुनु; अलल्लिनु; अरल्लिनु । ३. बुद्धिभ्रम हुनु; आत्तिनु । > **अताले–** वि० अतालिने स्वभाव भएको; रुँदारुँदै बेहोसजस्तै हुने । **अताल्याइ–** ना० अतालिने क्रिया, किसिम वा भाव । **अताल्याइनु–** क० क्रि० अताल्याउने काम गरिनु; अतालिन लाइनु । **अताल्याउनु–** प्रे० क्रि०अतालिने पार्नु; अत्त्याउनु ।

**अतास–** ना० [प्रा० अत्तास < सं० अतित्रास ?] १. कुनै कुराबाट मन ज्यादै आत्तिने क्रिया; त्यसबाट डराउने वा त्रास मान्ने भाव । २. ठूलो डर, त्रास वा भय; अत्यास; आतुस । > **अतासिनु–** अ० क्रि० अतास मान्नु; अतासमा पर्नु; आत्तिनु । **अतास्याइ–** ना० अतासिने भाव, किसिम वा क्रिया । **अतास्याइनु–** क० क्रि० अतास्याउने काम गरिनु; अतासिन लाउनु । **अतास्याउनु–** प्रे० क्रि० अत्यास लाग्ने तुल्याउनु; अतासिन लाउनु; अत्त्याउनु ।

**अति–** उप० [सं०] १. नाम र विशेषण शब्दको अगिल्तिर लागी आधिक्य, सीमाउल्लङ्घन, श्रेष्ठता, अतिशयता आदि बुझाउने उपसर्ग (अतिवृष्टि, अतिक्रमण, अतिवृद्ध, अत्याचार इ०) । वि० २. ज्यादा; ज्यादै; औधी; अतिशय; अत्यन्त । (उदा०– राम त अति काम गर्दछ; ऊ अति सिपालु पनि छ ।) **– कण्ठ्य–** वि० भाषाशास्त्रअनुसार कण्ठस्थानको फेदबाट उच्चरित हुने (ध्वनि) । **– काल–** ना० १. निर्धारितभन्दा बढी समय; अबेर; विलम्ब । २. कुनै मङ्गलकार्य वा संस्कारका निम्ति निर्धारित समय बितेउप्रान्तको समय । **– क्रम–** ना० १. क्रम वा सिलसिलाको नघाइ । २. सीमा, मर्यादा वा नियमको उल्लङ्घन गर्ने र तिनका विरुद्ध व्यवहार गर्ने काम; समय बिताउने काम । **– क्रमण–** ना० १. कुनै कुराको स्वीकृत वा निर्धारित सीमा नाघ्ने काम । २. तोकिएको अधिकारका परिधिको उल्लङ्घन । ३. कुनै मुलुकको निर्धारित अन्तर्राष्ट्रिय सिमाना पार गर्ने काम; सम्प्रभुता रहेको भूभाग वा जलसीमा र वायुसीमाउपर अन्य मुलुक वा व्यक्तिद्वारा अवैध प्रवेश; त्यस किसिमको आक्रमण वा हस्तक्षेप । **– क्रम्य–** वि० अतिक्रमण गर्न सकिने । **– क्रान्त–** वि० १. नाघेको । २. मर्यादा वा सीमाभन्दा पर पुगेको । ३. बितेको; व्यतीत । ~ **गर्नु–** ट० अचाक्ली गर्नु । (उदा०– कुनै काममा पनि अति गर्नु हुँदैन ।) **अति गर्नू, अत्याचार नगर्नू** (उखान) । ~ **गोप्य–** वि० १. सम्बन्धित व्यक्तिबाहेक अरूले थाहा पाउन नहुने वा थाहा नपाएको । २. ज्यादै गोप्य गरी वा लुकाएर राख्नुपर्ने (चिट्ठीपत्र, कागजात आदि) । ना० ३. सम्बन्धित व्यक्तिबाहेक अरूले पढ्न निषेध गरिएको कागजातको बन्दी खाममा लेखिने वा छाप लगाइने शब्द । **– चार–** ना० १. अर्कालाई ज्यादै ठूलो बाधा वा कष्ट पुग्ने गरी मर्यादा वा सीमा नाघेर गरिने कार्य; गर्न नहुने वा गर्न नसुहाउने काम । २. कसैमाथिको ज्यादै ठूलो अन्याय; अत्याचार; ज्यादती । ३. ग्रह आदिको स्वाभाविक गतिभन्दा बढी गति भएको अवस्था । **अति गर्नू, अतिचार नगर्नू** (उखान) । **– चारी–** वि० अतिचार वा अत्याचार गर्ने; अत्याचारी; अन्यायी ।

**अतिथि–** ना० [सं०] १. तिथि नतोकीकन वा नबोलाईकन आउने पाहुना; अनाहूत । २. कुनै पनि पाहुना; अभ्यागत । ३. आमन्त्रित व्यक्ति । ४. समारोह आदिमा विशेष सम्मानका साथ निम्त्याइएको व्यक्ति । ५. कुनै कार्यालय, कम्पनी आदिबाट खटिएर सम्बन्धित कार्यालय, कम्पनी आदिमा विशेष कार्यवश आइपुगेको व्यक्ति । ~ **कक्ष–** ना० अतिथिको लागि बनाइएको कोठा । ~ **गृह–** ना० अतिथिको लागि बनाइएको घर; पाहुनाघर । **– त्व–** ना० अतिथिको गुण, पद वा आसन । ~ **निवास–** ना० पाहुनाघर । ~ **सत्कार–** ना० अतिथिको सेवा वा हेरचाह । ~ **सदन–** ना० पाहुनाघर । ~ **सेवा–** ना० अतिथिको सेवा; अतिथिसत्कार ।

**अतिदेय–** वि० [सं०] तोकिएको समयभित्र काम नसक्ता बुझाउनुपर्ने रकम नबुझाउँदा दिनुपर्ने; निर्धारित म्याद वा समय गुज्रेपछि पनि नियमले विशेष शुल्क तिरी कुनै काम सम्पन्न गर्न वा कुनै रकम बुझाउन छुट दिइएको अवस्थामा दिनुपर्ने (शुल्क इ०) ।

**अतिदेश–** ना० [सं०] १. विस्तारित प्रयोग । २. एउटाको गुण अर्कोमा सार्ने काम । ३. एउटामा लागू भएर पनि अर्कामा सादृश्यद्वारा लागू हुन सक्ने नियम (व्याकरणमा, दर्शनमा इ०) ।

**अतिधृति**– ना० [सं०] १. प्रत्येक पाउमा उन्नाईसवटा अक्षर हुने एक प्रकारको छन्दको भेद । २. वास्तु तथा मूर्तिकलामा सय इन्चबराबरको नापोलाई बुझाउन प्रयोग हुने शब्द ।

**अतिनूतनाश्मयुग**– ना० [सं०] आजभन्दा एक करोड चालीस लाख वर्ष पहिले प्रारम्भ भएको युग; शिवालिक पर्वत सृष्टि भएको युग ।

**अतिप्रजनन**– ना० [सं०] १. जन्माइको ठूलो क्रम वा दर; जनसङ्ख्याको अत्यासलाग्दो वृद्धि । २. मृत्युदरभन्दा बढी भएको जन्मदर ।

**अतिप्रसङ्ग**– ना० [सं०] कुनै कुराबारे सन्दर्भ अर्थात् आवश्यकताभन्दा बढी हुने चर्चा । २. उचितभन्दा धेर मात्रामा गरिने मैथुन ।

**अतिबला**– ना० [सं०] सुठुनीका जस्ता हरिया र चिल्ला पात हुने, गुन्ठुनिएको लहरो भुईँमा लत्रिएर बढ्ने, सेता र पहेँला रङका ससाना फूल फुल्ने र औषधिका निम्ति प्रयोग हुने एक जातको लहरो ।

**अतिमूत्र**– ना० [सं०] पटक-पटक पिसाब लागिरहने एक रोग; बहुमूत्र ।

**अतियथार्थवाद**– ना० [सं०] प्रथम विश्वयुद्धपछि यथार्थवादका विरुद्ध सञ्चालित, बाहिरी इन्द्रियका सामान्य आधारबाट प्रमाणित गर्न नसकिने र साधारण यथार्थभन्दा पनि गूढ तथ्यलाई तत्क्षणका अवचेतन मनका विशृङ्खल र स्वचालित अभिव्यक्तिमा जोड दिइने एक आन्दोलन वा त्यसअनुसारको सिद्धान्त; अधियथार्थवाद ।

**अतिरञ्जक**– वि० [सं०] १. कुनै कुरालाई चाहिनेभन्दा बढी वर्णन गर्ने; बढाई-चढाई फर्माएर बयान गर्ने । २. कुरा गर्दा फूलजडी भर्ने ।

**अतिरञ्जन/अतिरञ्जना**– ना० [सं०] १. चाहिनेभन्दा बढी बयान; ज्यादै फर्माएर वा बढाएर तारिफ गर्ने काम । २. उडन्ता वा तिलस्मी किसिमले कुनै घटना वा पात्र आदिको वर्णन गर्ने काम ।

**अतिरञ्जित**– वि० [सं०] अतिरञ्जन गरिएको; वास्तवमा भएभन्दा बढाई-चढाई बयान गरिएको ।

**अतिरथी**– ना० [सं०] रथीहरूमा सबभन्दा ठूलो पद; नेपाली सैनिकमा अङ्ग्रेजी सेनाको फिल्डमार्सल तहबराबरको पदवी ।

**अतिरिक्त**– वि० [सं०] १. भएकामा अरू थप । २. चाहिँदोभन्दा बढ्ता; फाल्तू । ३. उब्रिएको; उब्रने । ना० यो० ४. बाहेक । क्रि० वि० ५. बेसीमा; बढीमा । ~ **आय**– ना० नियमित आम्दानीभन्दा बेसी आम्दानी । ~ **कर**– ना० सामान्य करभन्दा बढी कर । ~ **क्रियाकलाप**– ना० शिक्षणसंस्थामा विद्यार्थीका लागि निर्धारित पाठ्यवस्तुभन्दा बाहिरको क्रियाकलाप (खेलकुद, नाटक, वादविवाद इ०) । ~ **न्यायाधीश**– ना० काममा तैनाथ मुख्य न्यायाधीशको मातहतमा नियुक्त थप न्यायाधीश । ~ **पत्र**– ना० प्रमुख पत्रसँगै थपिएको अर्को पत्र । ~ **बजेट**– ना० सामान्य बजेटदेखि भिन्न थप बजेट; विकासबजेट । ~ **भार**– ना० सामान्य काम, खर्च आदिभन्दा बढी पर्न गई हुने बोझ । ~ **लाभ**– ना० सामान्यभन्दा धेर मात्रामा प्राप्त हुन आएको लाभ वा लाभांश । ~ **व्यय**– ना० निर्धारितभन्दा धेर खर्च; सामान्यभन्दा धेर खर्च । ~ **हुलाक**– ना० सरकारबाट स्वीकृति प्राप्त गरी स्थानीय जनसहयोगबाट सञ्चालित हुलाक; छोटी हुलाकभन्दा तल्लो तहको हुलाक । > **अतिरिक्ताङ्क**– ना० १. नियमित समयमा प्रकाशित हुने पत्रपत्रिकाको अङ्कबाहेक खास अवसरमा निकालिने थप अङ्क । २. पत्र-पत्रिका आदिले खास दिन वा अवसरमा थपेर निकालेको अतिरिक्त पृष्ठ (जस्तो –शनिवासरीय अतिरिक्ताङ्क) ।

**अतिरुचिरा**– ना० [सं०] जगण, भगण, सगण र जगणद्वारा बन्ने बाह्र अक्षर भएको र चौथो अक्षरमा यति भएको वार्णिक छन्द ।

**अतिरेक**– ना० [सं०] १. आवश्यकताभन्दा बढी मात्रामा भएको स्थिति । २. हुनुपर्नेभन्दा बढी भएको अवस्था । ३. अतिरिक्त प्रचुरता; आधिक्य; पउल (भावातिरेक, हर्षातिरेक इ०) ।

**अतिवादी**– वि० [सं०] १. कुनै कुरा, सिद्धान्त वा काममा पराकाष्ठामा पुग्ने; उग्र । २. ज्यादै क्रान्तिकारी; उग्रपन्थी; उग्रवादी; चरमपन्थी ।

**अतिविस्तार**– ना० [सं०] १. कुनै वस्तु, विषय वा कामकुराको सुहाउँदोभन्दा धेर विस्तार । २. कुनै कामकुरा ज्यादै लम्बेतान भएको स्थिति । ३. लाग्नुपर्नेभन्दा ज्यादै समयको व्यय ।

**अतिवृष्टि**– ना० [सं०] १. चाहिनेभन्दा बढी परेको झरी । २. हानिनोक्सानी पुऱ्याउने वर्षा वा झरी ।

**अतिव्याप्ति**– ना० [सं०] १. फैलनुपर्नेभन्दा बढी फैलाइ । २. विशेष वस्तुलाई सामान्य लक्षणद्वारा परिभाषित गर्दा हुने तर्कशास्त्रीय वा न्यायशास्त्रीय दोष ।

**अतिशक्करी**– ना० [सं०] १. साठी इन्चबराबरको परिमाण । २. हरेक पाउमा पन्ध्र अक्षर हुने, शास्त्रीय छन्दको एक भेद ।

**अतिशय**– क्रि० वि० [सं०] १. ज्यादै; अत्यन्त । ना० २. कुनै कुराको उत्तरोत्तर सम्भावना वा असम्भावना देखाउने एक लक्षण । > **अतिशयोक्ति**– ना० वास्तविकताभन्दा बेसी बढाईचढाई राम्रो पारी भनिएको कुरामा हुन आउने एक अलङ्कार; उपमानलाई तिरस्कार गरी उपमेयलाई नै उपमानका स्थानमा प्रस्तुत गर्दा हुन आउने एक अर्थालङ्कार । (उदा०– चन्द्रमामा दुईवटा कमल हुँदा हुन् त उनको मुहुडाको उपमा दिन सकिन्थ्यो ।)

**अतिसार**– ना० [सं०] खाएका कुरा नपची पातलो दुर्गन्धी दिसा भइरहने रोग; आउँको रोग ।

**अतीत**– वि० [सं०] १. बितेको; गएको; भइसकेको; भूत । २. मरेको; मृत । ना० ३. बितेको समय; गुज्रेको काल; उहिलेको काल ।

**अतीन्द्रिय**– वि० [सं०] १. इन्द्रियको पहुँचभन्दा बाहिरको; इन्द्रियद्वारा

थाहा पाउन नसकिने; अगोचर । ना० २. साङ्ख्यदर्शनका अनुसार परमात्मा । ३. वेदान्तका अनुसार मन ।

**अतीव–** क्रि० वि० [सं०] खुबै; ज्यादै; अत्यन्त; अत्यन्तै; असाध्यै ।

**अतीस–** ना० [सं०] लामालामा फूल फुली किम्बुको जस्तो फल लाग्ने एक प्रकारको उत्तिसजस्तो रूख ।

**अतुकान्त–** वि० [सं०] अन्त्यमा तुक नमिलेको; अन्त्यानुप्रासविहीन ।

**अतुल–** वि० [सं०] १. अन्दाज गर्न वा तौलिन नसकिने । २. बराबरी नभएको; असमान । ३. उपमा नभएको; कसैसँग दाँज्न नमिल्ने; अनुपम । ४. अत्यधिक; अत्यन्तै बढी; ज्यादै बढी; ज्यादै ठूलो । > **अतुलनीय–** वि० अन्दाज गर्न वा दाँज्न नसकिने । २. बराबर नभएको; असमान । ३. उपमा नभएको; अनुपम । **अतुल्य–** वि० १. तुलना नै हुन वा गर्न नसकिने । २. जोडा नै नभएको । ३. नाप्न वा परिमाण लिन नसकिने । क्रि० वि० ४. अत्यन्तै; ज्यादै; बेजोड; अनुपम ।

**अतृप्त–** वि० [सं०] १. खाद्य वस्तुहरू खाएर पेट नभरिएको; भोक शान्त नभएको । २. जनुसुकै विषयको जिज्ञासाबाट सन्तुष्ट नभएको; बौद्धिक वा मानसिक भोकले सताएको । > **अतृप्ति–** ना० १. मन नअघाएको स्थिति; पेट नभरिने अवस्था ।

**अत्तर–** ना० [अ० इत्र ] १. फूल आदि सुगन्धित वस्तुबाट निकालिएको, विशेष किसिमको मगमग बास्ना आउने सार; खुस्बु । २. मीठो बास्ना वा सुगन्ध । ३. गाँजा, भाङ आदिबाट निकालिएको सार । ~ **गुलाफ**/**गुलाब–** ना० सामान्य गुलाफभन्दा धेरै रातो वा पहेँलो हुने, सुकेपछि पनि बास्ना रहिरहने, अत्तर बनाउने काममा प्रयोग हुने एक प्रकारको गुलाफ । – **छाला–** ना० १. शरीरको बाहिरी छालाभन्दा भित्र र रानीमासुभन्दा बाहिरको पातलो छाला । २. बोटबिरुवाको बोक्राभन्दा भित्र र पलाँसभन्दा बाहिरको पातलो जाली ।

**अत्तालि-नु–** अ० क्रि० हे० अतालिनु ।

**अत्तो–** ना० [प्रा० अत्त > सं० आत्त] १. नबिराएका कुरामा लगाइएको दोष वा आरोप; फतुर । २. अड्को । ~ **न पत्तो–** ना० कुनै कुराको छेउटुप्पो नजानिने वा भेउ नपाइने चाल; कुनै काम-कुराका बारेमा केही पनि थाहा नहुने स्थिति । – **पत्तो–** ना० कुनै किसिमको ठहरठेगाना; कसैका अवस्थाको सङ्केत वा चिह्न; सुइँको ।

**अत्त्याइ–** ना० [√ **आत्ति** (+ आइ ) ] १. डर, धाक, धम्की आदि उत्पन्न गराउने भाव, क्रिया वा किसिम; तर्साइ । [अत्त्याउ+आइ] २. अत्त्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **अत्त्याइनु** – क० क्रि० डर, धाक, धम्की आदिमा पारिनु; तर्साइनु । **अत्त्याउ** – ना० अत्त्याइ । **अत्त्याउनु–** स० क्रि०/प्रे० क्रि० डर, धाक, हप्की देखाउनु; भय उत्पन्न गराउनु; तर्साउने काम गर्नु; आत्तिने पार्नु वा पार्न लगाउनु । **अत्त्याहट–** ना० आत्तिने, अत्त्याउने वा अत्त्याइने क्रियाप्रक्रिया; अत्त्याइ; अत्याहट ।

**अत्यधिक–** वि० [सं०] १. ज्यादै बढी; एकदमै धेरै । क्रि० वि० २. अत्यन्तै ।

**अत्यन्त–** वि० [सं०] १. यतिउति भन्ने सीमा नाघेको; खूब; ज्यादा; अत्यधिक । क्रि० वि० २. अति धेरै मात्रामा; बिछट्टै । > **अत्यन्तातिशयोक्ति–** ना० काम हुनुभन्दा पहिले नै कार्यसिद्धिको वर्णन गरिने अतिशयोक्ति अलङ्कारको एक भेद । **अत्यन्ताभाव–** ना० १. कुनै कुराको कुनै समय (भूत, वर्तमान र भविष्यत्)-मा पनि अस्तित्व नहुने अवस्था । २. चार प्रकारका अभाव (प्रागभाव, प्रध्वंसाभाव, अन्योन्याभाव र अत्यन्ताभाव)-मध्ये चौथो; कहिल्यै कतै नहुने वा हुन असम्भव कुरो ।

**अत्यष्ठि–** ना० [सं०] असी अमलबराबरको नापोलाई बुझाउने शब्द; असी इन्चीको नापो ।

**अत्याइ–** ना० [**आति** (+ आइ) १. आतिने भाव, क्रिया वा प्रक्रिया; अत्त्याइ । [अत्याउ+आइ ] २. अत्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अत्याइनु–** क० क्रि० हे० अत्त्याइनु । **अत्याउनु–** प्रे० क्रि० हे० अत्त्याउनु ।

**अत्याचार–** ना० [सं०] १. अर्काउपर गरिने दबाउ; थिचोमिचो । २. नियमकानुन नाघेर कमजोरउपर गरिने अन्याय; जोरजुलुम; उधुम; अतिचार । ३. उपद्धो; राइँदाइँ । > **अत्याचारी–** वि० १. अत्याचार गर्ने । ना० २. अत्याचार गर्ने व्यक्ति ।

**अत्याज्य–** वि० [सं०] छोड्न नसकिने वा नहुने; त्याग्न नमिल्ने ।

**अत्याधुनिक–** वि० [सं०] समसामयिक वा आधुनिक अवधिमा सबभन्दा पछिल्ला समयको; ज्यादै नयाँ (विचार, कविता, धारा, शैली, परिपाटी इ०) ।

**अत्यास–** ना० [प्रा० अत्तास < सं० अतित्रास ] १. कुनै कारणले निकै डराउने वा तर्सिने क्रिया वा अवस्था; ठूलो डर र शङ्का भएको त्रास; अत्याहट । २. कामको हडबडी; आतुरी । – **मत्यास–** क्रि० वि० मन ठेगानमा नभएर विचलित हुने स्थिति; बेचैनी वा छटपटी लाग्ने किसिम । ~ **लाग्दो–** वि० १. डरलाग्दो; भयावह । > **अत्यासिलो**/**अत्यासे–** वि० १. अत्यास लाग्ने किसिमको; कहालीलाग्दो; डरलाग्दो । २. डराउने; डर मान्ने; अताले ।

**अत्याहट–** ना०हे० अत्त्याहट ।

**अत्युक्त–** वि० [सं०] बढाईचढाई भनिएको; नचाहिँदो; अयुक्त; अत्युक्तिपूर्ण । > **अत्युक्ता–** ना० एक चरणमा दुई अक्षर मात्र हुने छन्दको नाम; वार्णिक छन्दको एक भेद । > **अत्युक्ति–** ना० १. कुनै वस्तु, व्यक्ति वा काम-कुराका बारेमा वास्तवमा भएभन्दा बढाई-चढाईकन गरिने वर्णन; अतिशयोक्ति । २. भन्नपर्नेभन्दा बढी मात्रामा कुनै कुरा भन्ने काम; त्यस प्रकारको चर्चा वा भनाइ । ३. गुण वा दोषको बढाई-चढाई गरिने प्रसिद्ध एक काव्यालङ्कार ।

**अत्युत्तम–** वि० [सं०] १. उत्तमभन्दा पनि उत्तम; सबभन्दा उत्तम; अत्यन्त उत्तम । २. ज्यादै असल; ज्यादै बेस; ज्यादै उत्कृष्ट । ३. मूल्याङ्कनका क्रममा निर्धारित विभिन्न श्रेणीमध्ये उच्च ।

**अत्र–** क्रि० वि० [सं०] यहाँ । (प्राचीन शैलीका चिठीपत्रमा प्रयुक्त,

जस्तै – अत्र कुशल छ ।)

**अत्रि–** ना० [सं०] १. सप्तर्षि–कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वशिष्ठमध्ये एक; धर्मशास्त्रका प्रवर्तक र अत्रिसंहिताका निर्माता तिनै ऋषि । २. अत्रिगोत्रका प्रवर्तक ऋषि । ~ **गोत्र–** ना० अत्रि ऋषिको कुल वा वंशपरम्परामा पर्ने (गोतामे, चापागाईं, वस्ती, मिश्र, खतिवडा, ओझा, पोखरेल, पौडेल आदि थर हुने) बाहुनछेत्रीको गोत्र ।

**अथ–** क्रि०वि० [सं०] १. अब (प्राचीन र मध्यकालीन ग्रन्थको आरम्भमा र अझै पनि धार्मिक कार्यादि आरम्भ गर्दा प्रयोग गरिने ।) । वि० बो० २. अब आरम्भ हुन लाग्यो है ! ना० ३. आरम्भ; श्रीगणेश । (उदा०– तिमीलाई यसको न अथ थाहा छ न इति नै ।) – **इति–** ना० आरम्भ तथा अन्त्य ।

**अथक–** वि० [सं०] १. नथाकेको; नथाक्ने । २. नथाकीकन गरिएको ।

**अथर्व–** ना० [सं०] वेदका चार प्रकारमध्ये एक; अथर्ववेद; मुख्य रूपमा शान्ति, अभिचार आदिका बारेमा वर्णन गरिएको एक वेद । ~ **वेद–** ना० अथर्व । > **अथर्वा–** ना० अथर्ववेदका एक ऋषि ।

**अथवा–** संयो० [सं०] १. शब्द, वाक्य र वाक्यांशमा विकल्प जनाउने अव्यय; वा; कि । (उदा०– राम अथवा श्याम; यो काम हुन्छ अथवा हुँदैन इ०) । क्रि० वि० २. नभए; होइन भने; कि भने; कि त । (उदा०– अथवा तिमी नै जाऊ न त ।) । ३. वि० राम्रो; सन्चो (उदा०– रोगीलाई अलिक अथवा भयो ।) । ना० ४. सुबिस्ता; सन्चो ।

**अथ-विचार–** ना० [सं०] १. कुनै विषय, प्रसङ्ग वा कामकुराका बारेमा अब विचार गरौँ भन्ने आशय । २. कुनै कामकुरा गर्ने निधो भएपछि सो कामकुरा के-कसरी गर्ने भन्ने छलफल वा सोचविचार । ३. उत्तिकै जटिल वा समस्यापूर्ण ठानिएका दुई कुराका बारेमा सोचविचार वा छलफल गर्दै जाँदा एउटाचाहिँ कामकुरामा अलि कम जटिलता वा समस्या अनुभव गरी त्यसका पक्षमा गरिएको झुकाउ ।

**अथारी–** ना० दमाईंहरूले बजाउने सनई बाजाका बीचको अलिअलि घुमुर्किएको, लहरै प्वाल भएको काठको ढुङ्ग्रे भाग ।

**अथारे–** वि० [अथारो+ए] नसुहाउँदो वा भद्दा किसिमको ठूलो; ज्यादै बाक्लो (रोटी); भुकुचाँदे ।

**अथारो–** वि० बाक्लो, मोटो वा ढोसे (रोटी) ।

**अथाह–** वि० [प्रा० अत्थाह] १. ज्यादै गहिरो । २. थाहा पाउन गाह्रो पर्ने; अगाध; अगम ।

**अथुलाइ–** ना० [√ **अथुलाउ–** (+ आइ)] ज्यादा मोटो हुने किसिम, क्रिया वा भाव । [ > ] **अथुलाइनु–** अ० क्रि० थसुल्लो होइनु; मोटाइनु ।

**अथुलाउ-नु–** अ० क्रि० [अथुलो+आउ+नु] ज्यादै मोटो हुनु; थसुल्लो वा ढाडी हुनु ।

**अथुलो–** वि० [सं०अतिस्थूल] मोटाएर वा फुलेर भद्दा देखिने; स्थूल आकारको; ढाडी ।

**अदक्ष–** वि० [सं०] १. कुनै खास सीप वा विशेषज्ञता नभएको । २. गर्नुपर्ने काम राम्ररी गर्न नसक्ने; मखुन्डी । ३. अल्पज्ञ (शिल्पी, कर्मचारी इ०)। – **ता–** ना० अनिपुणता; अल्पज्ञता ।

**अदत/अदद–** ना० [अ० अदद ] जिन्सी मालसामानका गन्तीको एकाइ; जिन्सीको गोटा वा थान ।

**अदना–** वि० [फा०] १. केही नजान्ने; अज्ञानी; अबुझ । २. निस्सहाय; निराश्रित; आश्रयविहीन । (अदना केटाकेटी इ०)।

**अदप/अदब–** ना० [अ० अदब ] १. आदरणीय जनप्रतिको मानमर्यादा; ठूलाबडाको आदरभाउ । २. काइदा र तरिका पुऱ्याई गरिने व्यवहार; शिष्टाचार । ३. आफूभन्दा माथिल्ला तहका व्यक्तिको प्रभावमा हुने सङ्कोच वा डर; अनुशासन ।

**अदम्भ–** ना० [सं०] घमण्डको अभाव ।

**अदम्य–** वि० [सं०] १. कुनै किसिमले पनि आफ्नो वशमा पार्न नसकिने; दबाउन वा दमन गर्न नसकिने; केही गर्दा पनि तह नलाग्ने । २. खूब बलियो ।

**अदर्शन–** ना० [सं०] १. देखिन नसक्ने हुनाको भाव; दर्शनको अभाव । २. लोप; अलप । ३. नाश; विलय ।

**अदल१–** ना० [अ०] १. इन्साफ; सदाचारको नियम । २. मुलुकी ऐनको एक महल ।

**अदल२–** वि० [सं०] हे० अदलीय ।

**अदलबदल–** ना० [अ०] १. समय, मान्यता, मूल्य आदिमा देखा पर्ने फेरबदल; परिवर्तन; हेरफेर । २. सट्टापट्टा । ३. फेरफार । > **अदलाबदली/अदलीबदली–** ना० साटासाट वा साटफेर ।

**अदलीय–** वि० [सं०] १. कुनै दल वा पार्टीसित सम्बन्ध नभएको; दल वा पार्टीको पछि नलागेको; निर्दलीय । २. दलविहीन; बियाँ, दानु नभएको; अदल ।

**अदा–** ना० [अ०] १. चुक्ता वा फछ्र्यौट । २. हाउभाउ; भावभङ्गी । ३. रूप; सौन्दर्य ।

**अदाच्छे–** वि० [सं०अलक्ष ] ज्यादै धनी; धनाढ्य ।

**अदायगी–** ना० [अ०] रिन वा दिएको कुरो चुक्त्याउने वा भुक्तान गर्ने काम ।

**अदालत–** ना० [अ०] १. मुद्दामामिलामा न्यायइन्साफ गर्न राखिएको अड्डा । २. मुद्दामामिलाको इन्साफ गर्ने अधिकार पाएका व्यक्तिहरूको इजलास । – **को मानहानि–** ना० अदालतमा इजलास चलेको वा मुद्दाको बहस भएको बेलामा अदालतको वा अदालतका कर्मचारीको बेइज्जत हुने गरी गरिने कानुनविपरीत गालीगोफ्ता; अदालतका मर्यादामाथिको बेइज्जती । – **तहसिल–** ना० अदालतको फैसलाअनुसार उठतीपुठती आदिको काम गर्ने एक अड्डा ।

**अदालती–** वि० [अ० अदालत+ई ] १. अदालतसम्बन्धी; अदालतको । २. अदालतमा काम गर्ने । ३. मुद्दा लड्ने वा लडाउने; झेली ।

~ **जाँच–** ना० अदालतले कानुनअनुसार आवश्यक जाँचबुझ गर्ने काम; अदालतका कर्मचारीद्वारा कानुनका आधारमा नियमपूर्वक गरिने जाँचबुझ । ~ **बन्दोबस्त–** ना० न्यायपालिकाको प्रशासनिक व्यवस्था; न्यायपालिकाको प्रशासनिक व्यवस्थाका निम्ति मुलुकी ऐनमा व्यवस्था भएको एक खण्ड । ~ **लिखत–** ना०अदालतमा पेस भएका फिरादपत्र, प्रतिउत्तरपत्र आदि कागजात ।

**अदिति–** ना० [सं०] पुराण आदि अनुसार कश्यप ऋषिकी पत्नी; देवता वा आदित्यकी माता ।

**अदीक्षित–** वि० [सं०] दीक्षा नलिएको; दीक्षा प्राप्त नगरेको ।

**अदुवा–** ना० [प्रा० अद्द < सं० आर्द्रक ] १. झन्डै बेसारको जस्तो बोट र पात भई भुईंमनि पिरा गाना फल्ने एक वनस्पति । २. मसला वा औषधिका प्रयोगमा आउने उक्त गानु । – **पाने–** वि० गोडाका सबै औंला बूढी औंलातिर र बूढी औंलाचाहिँ भित्रतिर फर्केको (खुट्टा, मान्छे आदि); अदुवाको पानाजस्तो ।

**अदूरदर्शिता–** ना० [सं०] अदूरदर्शी हुनाको गुण, स्वभाव वा स्थिति ।

**अदूरदर्शी–** वि० [सं०] १. टाढा नहेर्ने वा नदेख्ने; नजिकको कुरा मात्र देख्ने वा हेर्ने; अल्पदर्शी । २. पछिको सोचविचार नगर्ने; भविष्यको कुरा नसोच्ने; तत्कालको फाइदा मात्र विचार गर्ने । ३. पृष्ठभूमि वा परिणामबारे ध्यान नदिने । ४. सोचसमझ नभएको; स्थूलबुद्धि ।

**अदूषित–** वि० [सं०] १. दोष नभएको; निर्दोष । २. चोखो; शुद्ध; पवित्र ।

**अदृश्य–** वि० [सं०] १. नदेखिने; आँखाको पँहुच वा दृष्टिभन्दा परको । २. अगोचर; पञ्च इन्द्रियले ज्ञान गर्न नसकिने । ३. लोप भएको वा लुप्त; हराएको; गायब; अन्तर्ध्यान भएको । ४. अप्रत्यक्ष; परोक्ष । ५. दैवी; ईश्वरीय ।

**अदृष्ट–** वि० [सं०] १. नदेखिएको; देखा नपरेको; आँखाका अगाडि नपरेको वा नरहेको । २. नदेखिने भएको; लुप्त; गुप्त; गायब । ३. अन्तर्निहित रहेको वा भएको; अन्तर्ध्यान भएको । ना० ४. भाग्य; प्रारब्ध; नियति । ५. जन्मान्तरको वासना; पूर्वजन्मको संस्कार । ६. धर्मअधर्म; पापपुण्य । – **पूर्व–** वि० पहिले कहिल्यै नदेखिएको वा नभेटिएको; अभूतपूर्व; अनौठो; विचित्र; विलक्षण; अचम्मको; आश्चर्यजनक; विस्मयकारी । ~ **फल–** ना० पाप अथवा पुण्यको भावी परोक्ष फल; जन्मान्तरका कर्मको परिणाम । – **वाद–** ना० १.खँदिला तर्क वा प्रत्यक्ष प्रमाणविना दैव, प्रारब्ध, परलोक, जन्मान्तर आदि परोक्ष कुरा मान्ने र त्यसको प्रतिपादन गर्ने सिद्धान्त; जन्मान्तरका अदृष्ट कर्मको फल मान्ने सिद्धान्त; भाग्यवाद; प्रारब्धवाद; नियतिवाद । – **वादी–** वि० अदृष्टवादलाई मान्ने; प्रारब्धवादी; भाग्यवादी; नियतिवादी; परलोकवादी; जन्मान्तरवादी ।

**अदेख–** वि० [अ+देख < प्रा० देक्ख ] १. नदेखिएको; अप्रत्यक्ष; परोक्ष । ना० २. नदेखिने ठाउँ; अदृष्ट स्थल । ३. हिँड्ने बाटामा नपरी ओल्टेकोल्टे परेको ठाउँ; झट्ट आँखा नपर्ने ठाउँ । ४. अनुपस्थिति; आफू नभएको अवस्था । ५. बुद्धि वा चेतले नभेटेको स्थिति । ६. उपेक्षा । > **अदेखा–** वि० १. नदेखेको । २. प्रकाशमा नआएको । ३. गोप्य; लुकेको ।

**अदेय–** वि० [सं०] दिन नसकिने वा नहुने; दिन लायक नभएको; दिन अयोग्य । (उदा०– दानी व्यक्तिहरूका निम्ति कुनै पनि चीज अदेय हुँदैन – राजा शिविले आफ्ना अङ्गको मासु पनि बाजलाई दान दिएथे ।)

**अदौरी–** ना० मस्यौराजस्तै वस्तु ।

**अद्भुत–** वि० [सं०] १. उदेकलाग्दो; आश्चर्यजनक; अजीवको; विलक्षण; अनौठो; विचित्रको । ना० २. आश्चर्य; अनौठो कुरो । ३. नवरसमध्ये आश्चर्य स्थायीभाव, रोमाञ्च आदि अनुभाव, वितर्क, हर्ष आदि व्यभिचारी भाव र विस्मय स्थायी भावको सम्बन्धबाट उत्पन्न हुने एक रस । > **अद्भुतोपमा–** ना० उपमेयमा भएका गुणहरू उपमानमा पनि असम्भव भएको रूपमा वर्णन गरिने एक अलङ्कार; उपमा अलङ्कारको एक भेद ।

**अद्य–** क्रि० वि० [सं०] आजको दिन; यो दिन; आज ।

**अद्यतन–** वि० [सं०] १. आजको; आधुनिक; आजका दिनको । २. हालसालको; आजभोलिको; आजकालको; अचेलको । ~ **भविष्यत्–** ना० अहिलेको क्षणदेखि भरे रातको पूर्वार्धसम्मको अवधिलाई ओगट्ने व्याकरणगत काल । ~ **भूत–** ना० अहिलेको क्षणदेखि गए रातको उत्तरार्धसम्मको समयलाई जनाउने व्याकरणगत काल ।

**अद्यापि–** क्रि० वि० [सं०] १. आजसम्म; आज पनि । २. अझ पनि; अझसम्म पनि । ३. अहिलेसम्म पनि; वर्तमानकालसम्म पनि; यतिखेर पनि । ४. विगत समयका साथै वर्तमान समयमा पनि । (उदा०– दुर्गम पहाडी क्षेत्रमा अद्यापि मुद्राका सट्टा वस्तुविनिमयको प्रथा प्रचलित छ ।)

**अद्यावधि–** क्रि० वि० १. आजसम्म; आजतक; आजपर्यन्त । २. अहिलेतक; हालसालसम्म । ३. बितेको समयदेखि हालसालको अवधिसम्म; अद्यापि । (उदा०– मल्लकालदेखि चलेका कैयौँ जात्रा अद्यावधि प्रचलित छन् ।) > **अद्यावधिक–** वि० अद्यावधिसम्मको ।

**अद्रि–** ना० [सं०] १. पहाड; पर्वत । २. हिमाल; हिमाद्रि ।

**अद्वितीय–** वि० [सं०] १. तुलना गर्न वा भिडाउन सुहाउने अर्को व्यक्ति नभएको; बेजोड; अतुलनीय । २. उम्दा; उत्तम; श्रेष्ठ । ३. अभूतपूर्व ।

**अद्वैत–** वि० [सं०] १. तुलना गर्न लायक दोस्रो नभएको; एकाकी; एक्लो । ना० २. द्वैतता वा द्वैधताको अभाव; ऐक्य । ३. परमात्मा र जीवात्माको अभेद वा ऐक्य । ४. परमतत्त्व; ब्रह्म । – **ता–** ना० अद्वैत (ब्रह्म, परमतत्त्व इ०)-को गुण वा विशेषता । – **वाद–** ना० सृष्टिमा परब्रह्म वा परमात्मा मात्र सत्य छ र बाँकी सारा विश्व मिथ्या छ भन्ने वेदान्तदर्शन । – **वादी–** वि०

अद्वैतवादको अनुयायी ।

**अधः**– क्रि० वि० [सं०] १. निर्दिष्ट रेखा वा ठाउँदेखि तल; मन्तिर; उँधो; तल । ना० २. तल्लो क्षेत्र वा स्थान (पाताल आदि लोक) । – **पतन**– ना० २. निर्धारित स्थानबाट तलतिर खस्ने वा झर्ने काम; गिर्ने काम । २. मान-मर्यादा, नैतिकता आदिबाट हुने पतन; अधोगति; अवनति; गिराइ । ३. दुर्गति ।

**अधकट्टी**– ना० [आधा+कट्टी] चन्दा, टिकट, रसिद आदिमा लेनदेनको उही बेहोरा दोहोरो लेखी च्यातेर एकातिरको बेहोरा एक पक्षले र अर्कोतिरको बेहोरा अर्को पक्षले लिन मिल्ने गरी व्यवस्था मिलाइएका दुई खण्डमध्ये कुनै एक खण्ड ।

**अधकपाली**– ना० [आधा+कपाली] रुघा बिग्रिई वा पिनास पल्टिई आधा कपाल (टाउकाको आधा पाटो) दुख्ने रोग; अधा ।

**अधकल्चाइ**– ना० [अधकल्चो+आइ] अधकल्चो हुनाको किसिम, भाव वा स्थिति ।

**अधकल्चि-नु**– अ० क्रि० [अधकल्चो+इ+नु] अधकल्चो हुनु; आधा मात्र काम हुनु ।

**अधकल्चो**– वि० [आधा+काँचो = कल्चो] १. आधा पाकेको आधा काँचो; अजकल्चो; अगल्चो । २. अर्धशिक्षित । ३. अधूरो; अपूरो । ४. अधमरो । ५. अपरिपक्व । ६. अधकल्टो; अधपिल्टो ।

**अधकल्च्याइ**– ना० [√ **अधकल्चि** (+ आइ)] अधकल्चिने क्रिया वा प्रक्रिया । [ > ] **अधकल्च्याइनु**– क० क्रि० अधकल्चो पारिनु; अधकल्च्याउन लाइनु । **अधकल्च्याउनु**– प्रे० क्रि० अधकल्चो पार्नु; अधकल्चिन लाउनु; अधकल्चिने पार्नु ।

**अधखुला**– वि० [आधा+खुला] खुला स्वर 'आ' भन्दा माथि र आधा बन्द स्वर 'ए' भन्दा तल जिब्रो रहेर उच्चरित हुने (स्वर) । २. आधा खुला ।

**अधन**– वि० [सं०] धन नभएको; निर्धनी; गरिब; तन्नमभगत; कङ्गाल; हरिकङ्गाल; हरिटट्टु ।

**अधन्नी**– ना० [आधा+आनी ] आधा आनाको सिक्का; दुईपैसे सिक्का; दुईपैसे ढ्याक ।

**अधपक्का / अधपक्को / अधपाको**– वि० [प्रा० अद्धपक्को < सं० अर्धपक्व ] १. आधा पाकेको आधा नपाकेको; अर्धपक्व । २. अपरिपक्व ।

**अधपिल्टो**– वि० [प्रा० अद्ध+पिलुट्ठ < सं० अर्ध+प्लुष्ट] १. आधा काम भएको । २. आधा टुक्रा पारिएको । ना० ३. कनिका, चामल, मकै आदि अन्नको आधा फग्ल्याँटो; खँडेउली ।

**अधबेसुरो / अधबेस्रो**– वि० [सं०अर्द्ध+बेसुरो ] कथ्य० अदबेस्रो । १. पूरा होस नभएको; आधा चेत ठेगानामा नभएको । २. गोज्याङ्ग्रो; लठेब्रो । ३. हुस्सू; लन्ठ ।

**अधबैंसे**– वि० [आधा+बैंसे < सं० अर्ध+वयस्क] आधा उमेर ढल्केको; बुढौतीतिर जान लागेको; तन्देरी अवस्था बितिसकेको; अर्धवयस्क ।

**अधम**– वि० [सं०] १. नीच; निकृष्ट । २. खराब; तल्ला तहको । ३. क्षुद्र; दुष्ट । – **ता**– ना० अधमको गुण वा भाव; नीचता ।

**अधमरा**– ना० [प्रा० अद्धमारओ ] गाउँ र बेसीका बीचको जमिन वा ठाउँ; आदमारा ।

**अधमरो**– वि० [आधा+मरो < प्रा० अद्धमरओ ] मर्नु र बाँच्नुको दोसाँधमा परेको; आधा मरेको; अर्धमृत ।

**अधमाङ्गुल**– ना० [सं०] छ जौ बराबरको नापो; पौने इन्चको नापो ।

**अधर**– ना० [सं०] १. तल्लो ओठ; ओठ । वि० २. उँधोतिरको; तल्लो । – **पान**– ना० ओठको चुम्बन; ओठमा म्वाइँ खाने काम । > **अधरामृत**– ना० प्रेमी वा प्रेमिकाको ओठको चुम्बनबाट पैदा हुने मधुर स्वाद । **अधरासव**– ना० प्रेमी वा प्रेमिकाका परस्परको चुम्बनमा प्राप्त हुने ओठको रसरूपी मदिरा; अधरामृत । **अधरोष्ठ**– ना० तल्लो ओठ; अधर ।

**अधर्म**– ना० [सं०] १. धर्मको विपरीत कार्य; पाप; कुकर्म । २. शास्त्रले निषेध गरेको कर्म । ३. अन्याय; कुकृत्य; दुष्कर्म । > **अधर्मी**– वि० १. धर्म नभएको; खराब आचार भएको । २. पापी; कुकर्मी । ३. अत्याचारी ।

**अधस्थ**– वि० [सं०] १. तलतिर रहेको वा राखिएको । २. तल्लो श्रेणी वा दर्जाको; निम्न कोटिको; चुत्थो ।

**अधा**– वि० [प्रा० अद्ध ] १.कपालको आधा भाग दुखेको । ना० २. अधकपाली रोग ।

**अधातु**– ना० [सं०] १. धातुबाहेक अरू वस्तु । २. नराम्रो धातु; कुधातु । वि० ३. नराम्रो धातुबाट तयार भएको । ना० ४. क्रियापदबाहेकका व्याकरणात्मक कोटि ।

**अधारी**– ना० [आधा+आरी ] श्लोकको आधा भाग; आधा श्लोक ।

**अधार्मिक**– वि० [सं०] धार्मिक नभएको; अधर्मी ।

**अधालो**– ना० [आधा+आलो (प्रा० ने० आलो = खेत] खेतको आधा भाग; आधा खेत ।

**अधि**– उप० [सं०] उच्च, माथि, ज्यादा, बढी आदि अर्थ दिने गरी मूल शब्दको आरम्भमा जोडिएर नयाँ शब्द निर्माण गर्ने उपसर्ग (अधिपति, अधिकार, अधिमास, अधिग्रहण इ०) ।

**अधिक**– वि० [सं०] १. धेरै; ज्यादा; बढ्ता । २. अतिरिक्त; अवशिष्ट; शेष । ना० ३. आधारभन्दा आधेयको बढ्ता वर्णन गर्दा हुने एक अर्थालङ्कार । (उदा०– आकाश पनि नाघेर कीर्ति चौतर्फ बढ्दछ ।) ~ **कोण**– ना० नब्बे डिग्रीभन्दा बढी र एकसय असी डिग्रीभन्दा कमको कोण; समकोणभन्दा ठूलो र बृहत्कोणभन्दा सानो कोण । – **तद्रूपक**– ना० उपमेयको अपेक्षा उपमानको अधिक गुण भएको व्यञ्जित हुने गरी उपमेयमा आरोप गरिँदा हुने एक अर्थालङ्कार । – **तम**– वि० १. कुनै पनि कुरामा सबभन्दा ठूलो; सबभन्दा बढी (सङ्ख्या, परिमाण, नाप, विस्तार आदि ) । २. ठूलो बहुमतमा भएको । ३. सबभन्दा माथिको । क्रि० वि० ४. ज्यादाभन्दा ज्यादा । – **तर**– क्रि० वि० १. ज्यादाजसो; प्रायशः; सामान्यतः । वि० २. ज्यादा; बढी; धेर । ~

**बीजकीकरण**– ना० पर्नेभन्दा निकै बढी मोल राखी लेखिएको बीजकका साथ वस्तु निकासी वा पैठारी गर्ने काम (उदा०– केही व्यापारीहरूले गलैँचा निकासी गर्दा अधिक बीजकीकरण गरी सरकारलाई ठूलो घाटा पारे ।) । ~ **भुक्तानी**– ना० अधिकर्षण । ~ **मास**– ना० हरेक तीन वर्षमा आउने, दुई औँसीका बीचमा सङ्क्रान्ति नपर्ने महिना; एक वर्षमा बाह्र महिनाभन्दा बढी हुने महिना; मलमास; पुरुषोत्तम महिना; अधिमास ।

**अधिकर**– ना० [सं०] निर्धारित रकमभन्दा बढी थपिएको शुल्क वा तिरो; अतिरिक्त कर ।

**अधिकरण**– ना० [सं०] १. व्याकरणका अनुसार सप्तमी विभक्ति (मा, माथि इ०) ले प्रतिनिधित्व गरेको कारक । २. कुनै सिद्धान्तको विवेचना गर्दा अँगालिने विषय, संशय, पूर्वपक्ष, उत्तरपक्ष र निर्णय भएको प्रकरण । ३. प्रकरण वा शीर्षक । ४. न्याय गर्ने संस्था; अदालत; न्यायालय । ५. सरकारले कानुनबमोजिम कसैको सम्पत्तिउपर कायम गर्ने अधिकार । > **अधिकरणिक**– ना० न्यायाधीश ।

**अधिकर्ता**– वि० [सं०] १. अधिकरण गर्ने; अधिकारमा ल्याउने । ना० २. अधिकरणिक ।

**अधिकर्म**– ना० [सं०] १. कार्यको प्रबन्ध; व्यवस्थिति; बन्दोबस्त । २. कुनै भ्रष्टाचारी, अनैतिक आदि कामको जाँचबुझ; निरीक्षण; जाँच । > **अधिकर्मी**– ना० कुनै कार्यालय, कारखाना आदिका कर्मचारीले गरेका कामको रेखदेख गर्ने व्यक्ति; निरीक्षक; जाँचकी ।

**अधिकर्षण**– ना० [सं०] ब्याङ्कमा आफ्ना नाउँको खातामा भएको भन्दा बढी रकम भुक्तानी लिने काम; अधिक भुक्तानी ।

**अधिक वर्ष**– ना० [सं०] हरेक चार-चार वर्षमा आउने ३६६ दिन हुने इस्वी वर्ष । (चारले भाग लाग्ने वर्षको फरवरी महिनामा २९ दिन हुन्छ र ३६५ दिनको वर्ष हुनुपर्नेमा १ दिन बढी हुन आउँछ ।)

**अधिकांश**– ना० [सं०] १. बढी अंश; धेर अंश । वि० २. धेरै; बढी । क्रि० वि० ३. प्रायः; अधिकतर ।

**अधिकार**– ना० [सं०] १. कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य न्यायोचित दाबी; स्वत्व; हक; अख्तियार । २. कब्जा । ३. क्षमता वा सामर्थ्य । ४. ज्ञान; ल्याकत । ५. नाटचशास्त्रमा रूपकको प्रधान फलको स्वामित्व वा त्यसको प्राप्तिको योग्यता । ~ **क्षेत्र**– ना० १. कुनै सरकारी कर्मचारी वा व्यक्तिले आफ्नो हक वा अख्तियारको प्रयोग गर्ने क्षेत्र । २. अदालतमा रहने, कानुनी प्रयोग गर्न पाउने अधिकारको हद । ~ **त्याग**– ना० पाएको अधिकारको त्याग; हकछोडाइ; राजीनामा । ~ **निषेध**– ना० पाएको अधिकारलाई विशेष अधिकारद्वारा नपाइने गराउने वा हटाउने काम; दिइएका अधिकारको हरण वा प्रतिबन्ध । ~ **पत्र**– ना० कुनै काम गर्नका निम्ति पाएको लिखत हकपत्र; अख्तियारनामा । – **पृच्छा**– ना० १. कुनै व्यक्ति वा संस्थासँग कसैको अधिकार, स्वतन्त्रता, पद 'कुन अधिकारअन्तर्गत खोसिएको वा दाबी गरिएको हो?' भनी सोध्न सर्वोच्च आदालतले दिएको लिखित आदेश । २. विभिन्न विषयमा कैफियत तलब गर्नलाई दिइने माथिल्लो तहका अड्डाको लिखित आदेश । –**प्रत्यायोजन**– ना० माथिल्ला तहका कर्मचारीले आफूमा रहेको हक केही समयका निमित्त तल्लो तहका कर्मचारीलाई सुम्पने काम । –**वाला**– वि० अधिकार पाएको वा भएको (व्यक्ति) । ~ **हनन**– ना० संविधान वा नियम-कानुनअन्तर्गत कसैले पाएको वा पाउने हक खोस्ने काम; सो हकमाथि परेको आघात; त्यस्तो हक खोसिनाले त्यसको उपभोग गर्न नपाइएको स्थिति । > **अधिकारी**– ना० १. कुनै अड्डा, सङ्गठित संस्था वा निकायको अधिकार पाएको व्यक्ति; पदाधिकारी; अधिकृत (जस्तो– भूमिसुधार अधिकारी, जिल्ला शिक्षा अधिकारी इ०); हाकिम; अफिसर । २. स्वामी; मालिक । ३. कुनै कुरामा राम्रो दखल भएको व्यक्ति । (उदा०– म यस विषयको अधिकारी होइन ।) ४. पूर्वीय प्राचीन परम्पराअनुसार कुनै पनि शास्त्रको थालनीमा सो शास्त्र पढ्न उपयुक्त पात्र ठहऱ्याइएको व्यक्ति; शास्त्रका आरम्भमा बताइने अनुबन्ध-चतुष्टय (विषय, सम्बन्ध, अधिकारी र प्रयोजन)-मध्ये एक । ५. नेपालका थारू, दनुवार, बाहुन, छेत्रीआदिको एक थर ।

**अधिकृत**– ना० [सं०] १. कुनै अड्डा वा कार्यालय आदिको अधिकारप्राप्त व्यक्ति । २. राजपत्राङ्कित वा सोसरहको कर्मचारी । वि० ३. कुनै काम गर्नका निम्ति अधिकार पाएको; तैनाथ गरिएको । ४. कसैका अधिकारमा वा कब्जामा परेको वा पारिएको ।

**अधिकोष**– ना० [सं०] सर्वसाधारणले नगद जम्मा (निक्षेप) गर्ने, निजले मागेमा ब्याजसहित रकम फर्काइदिने र सर्वसाधारणलाई उचित धितो राखी ऋण दिने आदि काम गर्न कानुनी रूपमा अधिकृत संस्था वा ब्याङ्क ।

**अधिक्रान्ति**– ना० [सं०] शक्ति, अधिकार वा धाकद्वारा अर्काको अधिकार हनन गर्ने वा अर्कालाई काममा लगाउने काम; जबरजस्ती दमन गरी अधिकार खोस्ने वा यस्तो काम गर्नै पर्छ भनी विवश तुल्याउने काम ।

**अधिक्रो**– ना०हे० अधिग्रो ।

**अधिक्षेत्र**– ना० [सं०] कुनै पनि अड्डा-अदालतका अधिकृतलाई आफ्नो अधिकार प्रयोग गर्न कानुनले दिएको अधिकारक्षेत्र; अधिकृत क्षेत्र (जुरिस्डिक्सन)।

**अधिगम/अधिगमन**– ना० [सं०] १. कुनै व्यापार वा कारोबारबाट हुन आउने लाभ; प्राप्ति; आम्दानी । २. चेतना; ज्ञान । ३. अध्ययन गर्ने काम; चिन्तन-मनन गर्ने काम । ४. पुग्ने काम; पहुँच । ५. अदालतमा न्यायाधीशले कुनै मुद्दा-मामिलाको मिसिलबाट निकालेको निचोड; निस्तुक; निष्कर्ष ।

**अधिगोष्ठी**– ना० [सं०] कुनै प्राज्ञिक वा व्यावहारिक विषयमा सो विषयका ज्ञाताहरू भेला भई व्याख्यान, छलफल आदिका माध्यमबाट निष्कर्ष निकाल्न आयोजित बैठक, सभा वा सम्मेलन; गोष्ठी; सङ्गोष्ठी ।

**अधिग्रहण–** ना० [सं०] कसैको हकदैयामा रहेको जग्गा-जमिन, घर आदि सम्पत्ति कानुनी तरिकाले तोकिएको क्षतिपूर्ति दिई सार्वजनिक प्रयोजनका निम्ति सरकारद्वारा कब्जामा लिने काम; अधिकरण । २. हावाले पानीको बाफ लिने क्रिया ।

**अधिग्राहक–** ना०[सं०] १. वैधानिक तवरबाट कुनै वस्तु पाउने अधिकार भएको व्यक्ति; कुनै वस्तुको प्राप्तिको अधिकारी । २. अधिग्रहण गर्ने अधिकारी । वि० ३. अधिग्रहण गर्ने ।

**अधिग्रो–** ना० [आधा+इग्रो ] समय नपुगी केही महिनामा नै तुहेको गर्भ; तुहेत्रो; अधिक्रो ।

**अधिति-नु–** अ० क्रि० [अधितो+इ+नु ] १. हलुङ्गो हुनु; भाररहित हुनु । २. बतासिनु । ३. पातलो हुनु; पन्यालिनु ।

**अधितो–** वि० [अ+धीत ] धीत-पत्यार नभएको; भर पर्न नसकिने; लफङ्गो ।

**अधित्यका–** ना० [सं०] पहाडमाथिको सम्म परेको जमिन । २. लेकको समथर जमिन । ३. लेक ।

**अधित्याइँ–** ना० [सं० अधितो+याइँ ] अधितो हुने काम; लकपकाउने स्वभाव ।

**अधिदेय–** ना० [सं०] सरकारी कामले गरिने यात्राको व्यय, घरभाडा आदिका सम्बन्धमा र कुनै अतिरिक्त कामका निम्ति पनि सरकारी कर्मचारीलाई दिइने निश्चित रकम वा भत्ता ।

**अधिदेव/अधिदेवता–** ना० [सं०] १. देवताहरूमध्ये आफूले सबभन्दा ठूलो वा बढ्ता मानेको देवता; ठूला देवता; देवाधिदेव । २. कुनै स्थान, वस्तु वा कार्यका अधिष्ठाता, स्वामी वा रक्षक मानिएका देवता । ३. इष्टदेव; कुलदेवता ।

**अधिनायक–** ना० [सं०] १. सबै कुराको अधिकार पाएको व्यक्ति; स्वामी । २. खास गरी सरकारमा निरङ्कुश रूपले अधिकार प्रयोग गर्ने व्यक्ति । ३. दमन र अत्याचारपूर्वक आफ्नो सम्पूर्ण अधिकार प्रयोग गर्ने शासक; तानाशाह । ~ **तन्त्र–** ना० कुनै व्यक्ति वा व्यक्तिसमूह अधिनायक बनी सञ्चालन गरेको राज्य-व्यवस्था वा सो व्यवस्थासम्बन्धी सिद्धान्त । **–त्व–** ना० कुनै छेकथुनविना पूर्ण रूपले गरिने अधिकारको प्रयोग; सर्वोच्च नेतृत्व; अधिनायक हुनाका भाव वा गुण । **–वाद–** ना० अधिनायकतन्त्र । **–वादी–** वि० अधिनायकवादको अनुयायी; अधिनायकवादप्रति विश्वस्त । > **अधिनायकी–** ना० अधिनायकको अधिकार ।

**अधिनियम–** ना० [सं०] मुख्य नियमभित्र खास व्यवस्था वा प्रबन्धका निम्ति बनाइएको विशेष नियम । > **अधिनियमन–** ना० १. अधिनियम बनाउने कार्य । २. संसद्, सङ्घ वा संस्था आदिद्वारा लागू गरिने विधान ।

**अधिनियमित–** वि० अधिनियमद्वारा सञ्चालित; अधिनियमसम्मत ।

**अधिनिष्कासन–** ना० [सं०] नियम-कानुनको आधारमा कसैलाई उसको घर, जग्गा-जमिन आदिबाट निकाल्ने कार्य; बेदखली ।

**अधिप–** ना० [सं०] १. स्वामी; मालिक । २. राजा । ३. ईश्वर ।

**अधिपति–** ना० [सं०] १. कुनै वस्तु, जमिन, धन आदिको स्वामी वा मालिक । २. राजा । ३. कुनै कार्य, विभाग, विषय आदिको मुख्य अधिकारी ।

**अधिपत्र–** ना० [सं०] माथिल्ला तहको कार्यालयद्वारा तल्ला तहका कार्यालयलाई विशेष काम गर्न दिइएको आदेशपत्र; परिपत्र ।

**अधिभार–** ना० [सं०] १. विशेष परिस्थितिमा वा विशेष कामका निम्ति सामान्य कर वा शुल्कका अतिरिक्त लगाइएको कर; शुल्क आदिको थप भार । २. ज्यादै बढी मात्रामा लादिएको बोझ ।

**अधिमास–** ना० [सं०] हे० अधिक-मास ।

**अधिमूल्य–** ना० [सं०] १. कुनै मालसामानको विशेष परिस्थितिमा हुने वा लिइने बढी मोल; विशेष मोल । २. बढ्न गएको मोल । > **अधिमूल्यन–** ना० १. कुनै वस्तु वा मुद्राको सामान्यभन्दा बढ्न गएको मूल्य; मूल्य वृद्धि गर्ने काम । २. मूल्यको आधारमा गरिने काम । ३. दैनिक उपभोगका वस्तुको बजारभाउमा वृद्धि देखा पर्ने काम; महँगीको वृद्धि ।

**अधियथार्थवाद–** ना० [सं०] हे० अतियथार्थवाद ।

**अधियाँ/अधिया–** ना० [सं० अर्धिक] जग्गा-जमिनमा हुने उब्जा मोही र तल्सिङमा आधा-आधा गरी बाँड्ने चलन; बटैयादारी; बटैया । **–दार–** ना० अधियाँमा जग्गा कमाउने किसान; बटैयादार; बटैदार । **– दारी–** ना० अधिया-प्रथा । > **अधियार–** ना० अधियाँदार ।

**अधियुक्त–** वि० [सं०] १. मासिक वेतन वा दैनिक पारिश्रमिक लिएर काम गर्ने; विशेष काम-कुराका निम्ति पारिश्रमिक दिई भर्ना गरिएको । ना० २. त्यस्तो व्यक्ति वा कर्मचारी ।

**अधियोजक–** ना० [सं०] अधियुक्त राख्ने वा भर्ना गर्ने व्यक्ति ।

**अधियोजन–** ना० [सं०] १. अधियोजकले अधियुक्त भर्ना गर्ने कार्य । २. अधियुक्तको सेवा वा कार्य ।

**अधिराज–** ना० [सं०] १. अधिराज्यका शीर्षस्थ राजा; सम्राट् । २. कुनै अधिराज्यका राजारजौटाहरूभन्दा माथिका वा सर्वोच्च राजकीय व्यक्तित्व । ३. महाराजभन्दा पनि उच्च राजकीय पदवी; महाराजाधिराज । **–कुमार–** ना० राजतन्त्रकालीन नेपालका राजाका भाइहरू र युवराजबाहेकका अन्य छोराहरूलाई जनाउने शब्द । **–कुमारी–** ना० राजाका छोरी, बुहारी तथा भाइबुहारीहरूलाई जनाउने शब्द ।

**अधिराज्य–** ना० [सं०] १. राजाद्वारा शासित सार्वभौमिकतासम्पन्न राज्य; राष्ट्रप्रमुखका रूपमा राजा रहेको देश । २. अनेकौं उपराज (महाराज)-उपर एक अधिराज (महाराजाधिराज)-को प्रभुत्व भएको राज्य । ३. साम्राज्य ।

**अधिरोहण–** ना० [सं०] १. कुनै अग्लो ठाउँमा चढ्ने काम । २. कुनै वाहनमा सवार हुने काम । ३. सम्मानपूर्ण पदमा आसीन हुने काम; उच्च पदमा बहाली लिने काम ।

**अधिरोही–** वि० [सं०] जमिनबाट उम्रेर ठाडै बढ्ने खालको; ठाडो

बढ्ने किसिमको (बोट-बिरुवा) । ~ **वृक्ष–** ना० वनको क्षेत्रभन्दा माथि उठ्ने गरी हुर्केको वा अग्लिएको रूख; वनको एक सतहमा भ्याम्म परेको भागभन्दा अग्लो भएको रूख ।

**अधिलाभ–** ना० [सं०] सामान्य प्राप्ति वा वेतनभन्दा बढी दिइने लाभ; विशेष लाभांश । > **अधिलाभांश–** ना० कुनै औद्योगिक वा व्यापारिक संस्थाका अंसियारहरूलाई दिइने वा अंसियारहरूले पाउने अधिलाभको अंश ।

**अधिवक्ता–** ना० [सं०] न्यायालयमा वादी वा प्रतिवादीका पक्षमा वकालत गर्ने अधिकारप्राप्त व्यक्ति वा कानुन-विशेषज्ञ; अधिकृत तहको कानुन-व्यवसायी (एडभोकेट) ।

**अधिवचन–** ना० [सं०] हे० अधिवाचन । > **अधिवचनालय–** ना० कानुनी पेसा अँगालेका वकिलहरूका आफ्ना हक, हित र पेसाको उन्नतिका निम्ति गठित संस्था; अधिवाचनालय ।

**अधिवर्ष–** ना० [सं०] मलमास परेको वर्ष; पुरुषोत्तम मास वा अधिकमास परेको वर्ष ।

**अधिवाचन–** ना० [सं०] न्यायालयमा आफूले लिएको पक्षको समर्थनमा अधिवक्ताले गर्ने वहस; पैरवी; अधिवचन । > **अधिवाचनालय–** ना० अधिवचनालय ।

**अधिवास–** ना० [सं०] १. राम्ररी बस्ने वा रहने ठाउँ । २. नागरिक अधिकारको हनन नहुने गरी एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने काम । ३. बास्ना आउने पदार्थ; अत्तर । > **अधिवासी–** ना० १. कुनै देश वा स्थानको पुर्ख्यौली बासिन्दा । २. एक देशबाट अर्को देशमा बसाइँ सरेर नागरिक अधिकार लिई बसेको व्यक्ति ।

**अधिवेशन–** ना० [सं०] १. कुनै सङ्घसंस्था, विधायिका आदिका विभन्न क्षेत्रका प्रतिनिधि सदस्यहरूको ठूलो सम्मेलन, भेला वा जमघट । २. सङ्घसंस्था, विधायिका आदिको कुनै खास अवधिमा हुने एउटै बैठक वा खास अवधिभित्र लगातार हुने विभिन्न बैठक । ~**नियमावली–** ना० संसद् वा सङ्घसंस्थाले गर्ने समारोह, उत्सव आदि सञ्चालनका निमित्त बनाइएका नियमहरूको समूह ।

**अधिशुल्क–** ना० [सं०] कुनै वस्तु वा पदार्थमा लागिरहेको नियमित अन्तःशुल्क वा भन्सारशुल्कका अतिरिक्त लगाइने शुल्क; थप शुल्क; अतिरिक्त शुल्क; विशेष शुल्क (सरचार्ज) ।

**अधिष्ठाता–** ना० [सं०] १. कुनै संस्था वा कार्यालयको प्रमुख व्यक्ति; अध्यक्ष । २. स्थापना गर्ने व्यक्ति; संस्थापक । ३. प्रमुख संरक्षक । ४. विश्वब्रह्माण्डका सञ्चालक वा अधिपति; परमात्मा; ईश्वर ।

**अधिष्ठात्री–** ना० [सं०] १. देवताहरूमध्ये सबैभन्दा बढी मानिएकी देवी । २. कुनै वस्तु, स्थान वा कार्यकी स्वामिनी वा संरक्षिका । ३. इष्टदेवी; कुलदेवी ।

**अधिष्ठान–** ना० [सं०] १. कुनै स्थानको बसोबास; वासस्थान; डेरा । २. नजिकैको जवाइ वा उभ्याइ । ३. सहर; बस्ती । ४. राजसिंहासन । ५. आधार ।

**अधिष्ठित–** वि० [सं०] १. माथितिर चढेको; कसैमाथि बसेको । २. ठूलो पदमा रहेको ।

**अधिसूचना–** ना० [सं०] माथिल्ला तहबाट तल्ला तहलाई दिइने विशेष सूचना ।

**अधीक्षक–** ना० [सं०] कुनै निश्चित एकाइका कर्मचारीहरूको कार्यसञ्चालनसम्बन्धी गतिविधि निरीक्षण गर्ने अधिकारी; निरीक्षक; सुपरिवेक्षक ।

**अधीक्षण–** ना० [सं०] अड्डाखानामा कर्मचारीहरूले गरेका कामकारबाईको निरीक्षण ।

**अधीन–** वि० [सं०] १. वशमा वा मातहतमा परेको । २. आश्रित । ३. विवश; लाचार; परतन्त्र । ~ **वाक्य–** ना० व्याकरणमा मिलित वा मिश्र वाक्यमा मुख्य वाक्यांशको पूरक, कर्म वा क्रियाविशेषण आदि भएर रहेको उपवाक्य; ('तँ राम्ररी पढ् भनी बाबाले मलाई भन्नुभयो' भन्ने मिश्र वाक्यभित्रको 'तँ राम्ररी पढ्' उपवाक्य 'बाबाले मलाई भन्नुभयो' भन्ने प्रधान उपवाक्यको आश्रित भएकाले अधीन उपवाक्य बनेको छ ।) **–ता–** ना० कसैलाई वशमा राख्ने कार्य वा कसैको वशमा पर्ने स्थिति । **– स्थ–** वि० १. अर्काका वशमा परेको वा रहेको; परतन्त्र; कसैको कब्जामा वा नियन्त्रणमा परेको । २. कसैका मातहतमा रहेको; कसैको अधिकारभित्रको । > **अधीनीकरण–** ना० आफ्नो अधीनमा राख्ने काम ।

**अधीर–** वि० [सं०] १. धैर्य नभएको; हडबडाएको । २. चञ्चल; अस्थिर । ३. व्याकुल ।

**अधीश–** ना० [सं०] १. मालिक वा स्वामी । २. अधिपति । ३. कुनै सङ्घसंस्था वा प्रदेशको मुख्य हाकिम । ४. राजा । ५. ईश्वर ।

**अधीश्वर–** ना० [सं०] १. सर्वोच्च अधिपति । २. राजा । ३. स्वामी; मालिक ।

**अधुना–** क्रि० वि० [सं०] वर्तमानको समयमा; अहिले; यतिखेर । > **अधुनातन–** वि० वर्तमानकालमा चलेको; अत्याधुनिक; हिजोआज चलेको; आजभोलिको ।

**अधुरो/अधूरो–** वि० कुनै कामकुरो गर्दा आधा मात्र सिद्धिएको; पूरा नभएको; अधकल्चो ।

**अधेरी–** वि० [आधा+एरी ] नसकिएको; अपूरो; आधा मात्र सकिएको; अधूरो ।

**अधेली–** ना० [आधा < सं० अर्ध+एली ] पैसाको पनि आधा मूल्य भएको मुद्रा; आधापैसे मुद्रा ।

**अधेलो–** ना० [आधा+एलो < सं० अर्द्ध+इल्लक ] आधा पैसा मूल्यको सिक्का; आधापैसे सिक्का; अधेली ।

**अधैर्य–** वि० [सं०] १. आत्मनियन्त्रण नभएको । २. उत्ताउलो; चञ्चल । ३. हडबडाएको; अधीर । ना० ४. धैर्यको अभाव; व्याकुलता; चञ्चलता; घबडाहट ।

**अधोगति–** ना० [सं०] १. तलतिर झर्ने गति; पतन । २. नराम्रो मार्गमा लाग्ने कार्य; दुष्कर्म । ३. उन्नति नहुने कामको अनुसरण वा त्यस्तो कामबाट भएको अवनति ।

**अधोगामी–** वि० [सं०] १. पतनको बाटो लागेको; तलतिर गिर्ने खालको । २. नारकीय बाटो लिएको; पापाचारबाट मिल्ने फल

कमाउन लागेको । ३. नीच; पतित ।

**अधोपतन**– ना० [सं० अधःपतन ] अधःपतन; अवनति ।

**अधोबिन्दु**– ना० [सं०] १. सबभन्दा तलको बिन्दु । २. भूगोलमा चर्चित अधःस्वस्तिक । ३. ध्वनि वा वर्णचिह्नका मुनि दिइने थोप्लो वा टिकी; तलथोप्ली ।

**अधोभूमि**– ना० [सं०] १.घरको भुईंतलाभन्दा मुनिको कोठाचोटा; तहखाना । २. होचो जमिन । ३. तलको भुईं ।

**अधोमति**– ना० [सं०] खस्केको बुद्धि; अधोगतिमा लाग्ने मति; कुमति; दुर्मति ।

**अधोमार्ग**– ना० [सं०] अधोगतिमा लाग्ने मार्ग; कुमार्ग; कुबाटो; अबाटो ।

**अधोमुख**– वि० [सं०] १. घोसमुन्टे; निहुरमुन्टे; घोसे; घोप्टे । ना० २. झुकेको मुख; निहुरिएको मुख ।

**अधोरेखा**– ना० [सं०] १. हरफका मुनि दिइने कच वा लाइन । २. त्रिभुजको आधार रेखा । > **अधोरेखाङ्कन**– ना० खास कुरालाई विशेष रूपमा महत्त्व दिन वा सङ्केत गर्न अक्षर, शब्द, वाक्य वा वाक्यसमूहको तलतिर दिइने तेर्सो रेखाचिह्न वा त्यस्तो रेखाचिह्न दिने काम; कच; ढाक; अन्डरलाइन । **अधोरेखाङ्कित**– वि० कच गरिएको; ढाकिएको ।

**अधोवस्त्र**– ना० [सं०] कमरभन्दा तलतिर लगाउने लुगा (कछाड, लगौँटी, धोती, सुरुवाल इ०) ।

**अधोवायु**– ना० [सं०] गुदद्वारबाट निस्कने दुर्गन्धी वायु; अपानवायु; पाद ।

**अधौ**– ना० [आधा < प्रा अद्ध < सं० अर्द्ध+औ ] १. कपडा आदिको थानको आधा भाग; आधा थान । २. जुत्ताको खुराभन्दा अगाडिको तलुवाको पात; जुत्ताका तलुवाको आधा पात ।

**अध्यक्ष**– ना० [सं०] १. कुनै संस्था, कम्पनी, समिति, सभा, संसद् आदिको प्रमुख । २. कुनै राष्ट्रको प्रमुख; राष्ट्राध्यक्ष । ३. कुनै कार्यालयको प्रमुख; मुख्य हाकिम; सञ्चालक । **–ता**– ना० १. अध्यक्ष हुनाको भाव वा अवस्था; अध्यक्षको आसन वा पद । २. हाकिमी । ३. सभापतित्व ।

**अध्ययन**– ना० [सं०] १. पढ्ने काम; पठन । २. कुनै विषयको जानकारीका निम्ति सो विषयलाई बुझ्ने, पहिचान्ने, गहिरिएर हेर्ने वा पढ्ने काम । ३. कुनै उद्देश्यप्राप्तिका लागि कुनै विषयका विभिन्न पक्षमा गरिने विचार (उदा०– नेपालमा शैक्षिक स्थितिको अध्ययन आवश्यक छ ।) । ~ **पत्र**– ना० विद्यार्थीलाई अध्ययन सुगम होस् भन्ने हेतुले विभिन्न पुस्तक-पत्रिकामा भएका बुँदा बटुली शिक्षकले सामान्य पत्रमा लेखेर प्रत्येक विद्यार्थीलाई उपलब्ध गराउने हस्तपत्र । ~ **बिदा**– ना० सरकारी, अर्धसरकारी, गैरसरकारी कर्मचारी वा शिक्षकहरूले कुनै पनि विषयको अध्ययनका निम्ति पाउने वा निजहरूलाई दिइने निर्धारित अवकाश वा छुट्टी । ~ **भ्रमण**– ना० कुनै शैक्षिक संस्थाबाट औपचारिक रूपमा वा व्यक्तिगत तवरबाट अनौपचारिक रूपमा भए पनि ज्ञानआर्जनका निम्ति गरिने भ्रमण; शैक्षिक भ्रमण । **–शील**– वि० १. कुनै पनि विषयको अध्ययनमा चाख लिई लागिरहने । २. ज्ञानप्राप्तिमा डुबेको । ३. प्राज्ञिक विषयमा प्रयत्न गर्ने । ~ **संस्थान**– ना० विश्वविद्यालयअन्तर्गत विद्याको खास क्षेत्र (मानविकी तथा सामाजिक शास्त्र, कानुन, विज्ञान आदि)-सित सम्बन्धित उच्च शिक्षाको अध्ययनअध्यापन र त्यसको सञ्चालन गर्ने एक निकाय । > **अध्ययनीय**– वि० अध्ययन गर्न योग्य; अध्ययन गर्नुपर्ने ।

**अध्यवसान**– ना० [सं०] १. उद्योग; व्यवसाय । २. दुई वस्तुको एकरूपताबाट पैदा हुने एक अलङ्कार । ३. कुनै ठूलो कामको समाप्ति ।

**अध्यवसाय**– ना० [सं०] १. कुनै काममा दृढतापूर्वक गरिने खुरन्धार । २. उत्साह र चाख लिएर कुनै काममा संलग्न भइरहने क्रिया । ३. उद्योग, उद्यम । ४. अठोट; दृढ विचार । > **अध्यवसायी**– वि० अध्यवसायसम्बन्धी; अध्यवसाय भएको वा गर्ने ।

**अध्यागमन**– ना० [सं०] विदेशी मुलुकको नागरिकलाई देशभित्र निश्चित अवधिभित्र प्रवेश गर्न दिइने कार्य ।

**अध्यागमित**– वि० [सं०] अध्यागमन अन्तर्गतको; अध्यागमनमा हिँडेको ।

**अध्यात्म**– ना० [सं०] १. आत्मज्ञान । २. तत्त्वमीमांसा । ३. आत्मा र परमात्माका गुण एवं तिनको पारस्परिक सम्बन्धका विषयमा गरिने चिन्तन, निरूपण वा विवेचना । ४. भित्री ज्ञान; तत्त्वज्ञान । ~ **ज्ञान**– ना० अध्यात्मसम्बन्धी ज्ञान; आत्मा र परमात्मासित सम्बन्ध राख्ने ज्ञान । **–वाद**– ना० आत्मा र परमात्माका गुण, स्वरूप र तिनको पारस्परिक सम्बन्ध आदिको विचार, विवेचन र निरूपण गरिने विद्या; अन्तिम सत्य वा वास्तविकता परमात्मा नै हो र सांसारिक विषयवस्तुचाहिँ झुट्टा र भ्रमपूर्ण हुन् भनी मान्ने मत । **–वादी**– वि० १. अध्यात्मवादसित सम्बन्धित । २. अत्यात्मवादको अनुसरण गर्ने, त्यसलाई मान्ने वा विश्वास गर्ने । ~ **विद्या**– ना० अध्यात्मवाद ।

**अध्यादेश**– ना० [सं०] विधायिका वा संसद्को अधिवेशन नभएको बेला खास समयका निम्ति आवश्यक परेमा राष्ट्रको सर्वोच्च सत्ताबाट विशेष अधिकारको प्रयोग गरी जारी भएको वा हुने कानुनसरहको मान्यताप्राप्त आदेश (अर्डिनेन्स) ।

**अध्यापक**– ना० [सं०] पढाउने पेसा लिएको व्यक्ति; पढाउने व्यक्ति । > **अध्यापकी**– ना० पढाउने काम; पढाइ; अध्यापन ।

**अध्यापन**– ना० [सं०] पढाउने काम; शिक्षण । ~ **अभ्यास**– ना० सिकाउने वा पढाउने अभ्यास; अध्यापनको सम्बन्धमा प्रशिक्षण लिइसकेपछि त्यसको अङ्ग वा पूरकका रूपमा सम्बन्धित विषयको कक्षामा गई तोकिएका शिक्षकको सुपरिवेक्षणमा रहेर प्रशिक्षार्थीद्वारा गरिने शिक्षणको अभ्यास । ~ **योजना**– ना० विद्यार्थीहरूका लागि खास वा विभिन्न विषय सिकाउने पूर्वतयारीका निमित्त शिक्षकद्वारा गरिने शिक्षणयोजना (उदा०–

कार्ययोजना, एकाइयोजना, पाठयोजना इ० ।) ।

**अध्यापिका**– ना० [सं०] पढाउने स्त्री; पढाउने पेसा लिएकी स्त्री; शिक्षिका ।

**अध्याय**– ना० [सं०]१. पुस्तक वा ग्रन्थका विभिन्न खण्डमध्ये कुनै एक । २. व्यक्ति वा समाजका इतिहासका प्रमुख चरणमध्ये कुनै एक; परिच्छेद; सर्ग; खण्ड ।

**अध्यारोप/अध्यारोपण**– ना० [सं०]१. एउटा वस्तुलाई अर्को वस्तु ठान्ने आभास; भ्रमले गर्दा एउटा वस्तुको गुणको अर्को वस्तुमा हुने आरोप (जस्तो – डोरीलाई सर्प भनी ठान्नु इ०) । २. एउटाको कार्यव्यापारको अर्कामा हुने आरोपण ।

**अध्यास**– ना० [सं०]१. झूटो ज्ञान; मिथ्या ज्ञान । २. एउटा वस्तुमा अर्को वस्तुको धारणा ।

**अध्याहार**– ना० [सं०]१. कुनै भनाइलाई पुष्टि गर्नुपर्दा मूल भनाइलाई पुष्टि गर्ने खालका अन्य उक्ति ल्याएर आवश्यक ठाउँमा जोड्ने काम; अस्पष्ट वाक्यलाई अन्यत्रका प्रमाण, उक्तिहरू ल्याएर स्पष्ट पार्ने काम । २. वादविवाद गर्ने काम; तर्क गर्ने काम ।

**अध्येता**– ना० [सं०] कुनै विषयको ज्ञानार्जनका निम्ति अध्ययन, अनुशीलन, चिन्तनमनन गर्ने व्यक्ति; पढ्ने व्यक्ति; विद्यार्थी; शिक्षार्थी ।

**अध्येय**– वि० [सं०] अध्ययन गर्न योग्य; पढ्न योग्य ।

**अन्**– पू० स० [सं०] विशेषतः सुरुमा स्वरवर्ण भएमा पद वा आधारपदका अगिल्तिर लागी अभाव, विपरीतता, न्यूनता, निषेध आदि जनाउने पूर्वसर्ग (अन्+आचार = अनाचार, अन्+उत्तरित = अनुत्तरित, अन्+अधिकृत = अनधिकृत इ०) ।

**अन**– पू० स० [सं० अन् ]१. नेपाली तद्भव आदि शब्दमा व्यञ्जनवर्णका अगाडि लागेर अभाव, हीनता, अति, विरुद्ध आदि नकारात्मक अर्थ बुझाउने पूर्वसर्ग (अनपढ, अनमोल, अनविश्वास, अनपत्यार, अनजान इ०) । २. नेपाली तत्सम शब्दमा अच्वर्णको अगाडि लागेर सोही-सोही अर्थ बुझाउने पूर्वसर्गबाहेकको सन्धिगत रूप (अनीश्वर, अनन्त, अनादि इ० ।); अन् ।

**अनकन**– ना० [(द्वि०) कन् ] काम गर्दा दर्साइने अतत्परता; आनेकाने; दोधार । > **अनकनाइ**– ना० अनकनाउने किसिम, क्रिया वा भाव । **अनकनाइनु**– अ० क्रि० अनकन गर्ने होइनु; के भनूँ कसो भनूँ गर्ने होइनु । **अनकनाउनु**– अ० क्रि० कुनै कुरा भन्न वा काम गर्न अकमक गर्नु; लकपकाउनु; अकमकाउनु । **अनकनाहट**– ना० अनकनाइ ।

**अनकन्टार/अनकन्तार**– ना० [सं० अन्धकान्तार ]१. निर्जन स्थल; एकान्त स्थल । २. मानिस हिँडडुल नगर्ने एकलासे बाटो । ३. वृन्दावन ।

**अनक्षर**– वि० [सं०]१. लेखपढ गर्न नजान्ने; निरक्षर । २. स्वरवर्णको धर्म नभएको; स्वरवर्णसँग नमिल्दो । ३. अक्षरनिर्माण गर्न नसक्ने । > **अनक्षरात्मक**– वि० अनक्षर; अक्षर नभएको ।

**अनखट**– ना० [सं० अकट = विकट]१. ठूलो खाँचो; अखट । २. साह्रोगाह्रो । ३. सङ्कट । वि० ४. ठूलो खाँचो, सङ्कट आदि पर्ने वा परेको । > **अनखट्टा**– ना०/वि० २. अनखट ।

**अनगन्ती/अनगिन्ती**– वि० [अन+गन्ती/गिन्ती] गनेर नसकिने; गन्न नभ्याइने; एकदमै धेरै; अत्यधिक; असङ्ख्य; बेगन्ती ।

**अनग्र**– वि० [सं०] अगाडि नभएको; पछि रहेको; पश्च (जस्तै– अनग्र स्वर उ, ओ इ०) ।

**अनङ्कित**– वि० [सं०]१. कुनै खाताबहीमा नचढाइएको । २. कतै अङ्कन वा उल्लेख नगरिएको (उदा०– नायब सुब्बाहरू राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारी हुन् ।)।

**अनङ्ग**– ना० [सं०]१. कामवासनाका देवता; कामदेव । वि० २. अङ्ग नभएको; शरीर नभएको; देहरहित । ~ **कीर्तन**– ना० प्रकृतिमा अङ्ग नहुने विषयको वर्णन गर्दा हुने एक प्रकारको काव्यदोष; एक प्रकारको रसदोष । ~ **क्रीडा**– ना० १. कामक्रीडा; मैथुनक्रीडा । २. छन्दका मुक्तक विषमवृत्तका दुई भेदमध्ये एक । > **अनङ्गार**– वि० हे० अनङ्गारिक । **अनङ्गारि**– ना० कामदेवका शत्रु; महादेव ।

**अनङ्गारिक**– वि० [सं०]१. रसायनशास्त्रका अनुसार जीवाणुविहीन; अजैव । २. निर्जीव वस्तुहरूबाट बनेको; कृत्रिम । ३. हाइड्रोकार्बन नपरेको तर कार्बनका अक्साइड र सल्फाइड परेको यौगिकसित सम्बन्धित; कार्बोनिक; कार्बनयुक्त । ४. आङ्गारिक तत्त्व नपरेको । ~ **मल**– ना० रासायनिक प्रक्रियाद्वारा तयार गरिएको जीवाणुविहीन कृत्रिम मल; रासायनिक मल ।

**अनजान**– वि० [अन+जान ]१. केही पनि नजान्ने; अज्ञानी; अबोध । २. खास विषयको जानकारी नभएको ३. कसैद्वारा नचिनिएको ।

**अनत**– वि० [सं०]१. ननुहेको वा ननिहुरिएको; ठाडो । २. अनम्र ।

**अनतिक्रमण**– ना० [सं०]१. नघाइ वा उल्लङ्घनको अभाव । २. एक देशले अर्का देशको सीमाको उल्लङ्घन नगर्ने र आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने भनी स्वीकार गरिएको नीति । > **अनतिक्रमणीय**– वि० अतिक्रमण वा उल्लङ्घन गर्न नहुने वा नसकिने ।

**अनदी**– ना० [? ]१. रातो, ठूलो र लाम्चो दाना हुने, पानी प्रशस्त भएको ठाउँमा लाग्ने, लामो समयमा पाक्ने एक प्रकारको धान । २. त्यस्तो धानको चामल ।

**अनद्यतन**– वि० [सं०] आजका दिनमा नभएको; आजका दिनसित असम्बद्ध । ~ **भविष्य(त्)**– ना० भरे आउने आधा रातपछिको समय बुझाउने काल; भविष्यत्कालको एक भेद । ~ **भूत**– ना० बितेको आधा रातभन्दा पहिलेको समय बुझाउने काल; भूतकालको एक भेद ।

**अनधिकार**– वि० [सं०]१. अधिकारहीन । २. अधिकारबाहिरको । ना० ३. अधिकारको अभाव । ~ **उपस्थिति**– ना० उपस्थित हुने अधिकार नभएका ठाउँको उपस्थिति । ~ **चर्चा**– ना० आफूले

थाहा नपाएका वा आफ्नो दखल नभएका कुराको चर्चा । ~ **चेष्टा–** ना० १ अधिकारभन्दा बाहिरको काम वा कुरामा दखल दिने कोसिस । २. नजाने-नबुझेको कुरामा हात हाल्ने प्रयत्न । ३. अख्तियारको दुरुपयोग गर्ने कोसिस । ~ **प्रकाशन–** ना० १. छापाखाना वा प्रकाशनसम्बन्धी ऐनकानुनअनुसार प्रकाशन गर्न नहुने विषय लेखी गरिएको प्रकाशन । २. नियमपूर्वक दर्ता, रजिस्ट्रेसन आदि नगरी छापिएका पुस्तक, पत्रपत्रिका आदि । ~ **प्रवेश–** ना० पस्न नपाइने ठाउँमा गरिएको प्रवेश । > **अनधिकारिक–** वि० हक एवं अधिकारले नभेट्ने; कुनै प्रकारको हकदाबी गर्ने अधिकार नभएको; बेहकको । **अनधिकारी–** ना० १. अधिकार प्राप्त नभएको व्यक्ति । २. सम्बन्धित विषयमा राम्रो दखल नभएको व्यक्ति । वि० ३. अधिकारविहीन । ४. अनधिकारिक ।

**अनधिकृत–** वि० [सं०] १. खास कुराका निम्ति अधिकार नदिइएको वा नपाइएको । २. आफ्नो अधिकारमा नल्याइएको । ३. अधिकारपूर्वक नगरिएको; आधिकारिक नभएको, अनधिकारिक (पत्र, विज्ञप्ति आदि ।)

**अनधीत–** वि० [सं०] अध्ययन नगरेको; नपढेको ।

**अनध्याय–** ना० [सं०] १. शास्त्रका अनुसार पढ्न नहुने दिन । २. पुरानो प्रचलनअनुसार पढाइका दृष्टिले छुट्टीको दिन (अष्टमी, प्रतिपदा, चतुर्दशी, पूर्णिमा, औँसी इ०)।

**अननुनासिक–** वि० [सं०] मुखबाट मात्र सास बाहिर निस्कँदा उच्चरित हुने ध्वनि; मौखिक ध्वनि ।

**अननुभूत–** वि० [सं०] १. अनुभव नगरिएको वा अनुभवमा नआएको । २. कुनै पनि ज्ञानेन्द्रियद्वारा ग्रहण नगरिएको; अनुभूतिविहीन ।

**अनन्त–** वि० [सं०] १. टुङ्गो नभएको; सीमा नभएको; छेउटुप्पो फेला नपर्ने; असीम; हद नभएको । २. गन्न नसकिने; अनगन्ती; धेरै । ३. कहिल्यै नाश नहुने । ४. साह्रै ठूलो । ५. ज्यादै धेरै । ना० ६. ईश्वर । ७. अष्ट महानाग (अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट, शङ्ख) मध्ये पहिलो नाग । ८. भाद्रशुक्ल चतुर्दशीका दिन अनन्त भगवान्को पूजा गरी प्रसाद रूपमा पाखुरामा धारण गरिने चौध गाँठो पारिएको डोरो । ~ **आकाश–** ना० कहिल्यै नटुङ्गिने आकाश वा त्यसको दूरी । ~ **काल–** ना० अन्त नहुने समय; समयको असीमित स्वरूप । ~ **चतुर्दशी–** ना० भाद्र शुक्ल चतुर्दशी । **– ता–** ना० कुनै पनि वस्तुको अन्त नहुने गुण; शाश्वतता । ~ **ब्रह्माण्ड–** ना० विश्वको विराट् स्वरूप । ~ **मूल–** ना० बाटुलो र तीखो टुप्पो भएको पात हुने, मन्दाग्नि, अरुचि, दम, खोकी र विषको दोष आदिको उपचारका निम्ति प्रयोग गरिने कालो वा सेतो रङ्गको एक थरी पोथ्रो; सहदेवा बुटी ।

**अनन्तर–** वि० [सं०] १. अन्तर नभएको; सीमा नभएको । २. बीचमा कुनै प्रकारको बाधाव्यवधान नभएको । ३. एकअर्कामा वा परस्परमा कुनै भिन्नता नभएको; समान वा सँगै रहेको । क्रि० वि० ४. पछि; यसभन्दा पछिल्तिर । ५. छिट्टै; झट्टै ।

**अनन्तलिङ्गेश्वर–** ना० [सं०] महादेवको एक स्वरूप ।

**अनन्तव्रत–** ना० [सं०] अनन्त चतुर्दशीमा लिइने व्रत ।

**अनन्य–** वि० [सं०] पराई नभएको; अभिन्न; आत्मीय; आफ्नो; स्वकीय ।

**अनन्वय–** ना० [सं०] १. अन्वयको अभाव; अर्काको पछि नलाग्ने बानी, कार्य वा नीति । २. उपमेयलाई नै उपमान मान्ने एक अलङ्कार; अतिशयोपमा । (जस्तै – राम र रावणको युद्ध रामरावणको युद्धजस्तै थियो ।)

**अनपढ–** वि० [अन+पढ] १. नपढेको; अपढ । २. अदीक्षित; निरक्षर; अशिक्षित ।

**अनपत्यार–** ना० [अन+पत्यार] विश्वासको अभाव; बेपत्यार; अविश्वास; अपत्यार । > **अनपत्यारिलो–** वि० १. विश्वास गर्न नसकिने वा नहुने; अनविश्वासी; अविश्वसनीय । २. ढाँट; छली; कपटी ।

**अनपाम्मे–** वि० [सं० अनुपमेय ] १. उपमा दिनै नसकिने; कतै नभएको । २. आश्चर्यजनक ।

**अनपेक्षा–** ना० [सं०] १. अपेक्षाको अभाव; उपेक्षा; बेवास्ता । २. मतलबनामेट व्यवहार, नीति वा कार्य । > **अनपेक्षित / अनपेक्ष्य–** वि० १. वास्ता नगरिएको वा नभएको । २. आवश्यकता, चाह वा पर्वाह नभएको ।

**अनभिज्ञ–** वि० [सं०] १. कुनै खास विषयका बारेमा केही नजान्ने; अनजान । २. मूर्ख । ३. केही थाहा नपाएको । **– ता–** ना० अनभिज्ञ हुनाको भाव वा अवस्था ।

**अनभिव्यक्त–** वि० [सं०] व्यक्त नभएको; अभिव्यक्ति नपाएको; शब्द, वाक्य वा इसारामार्फत कसैलाई थाहा नदिइएको ।

**अनभ्यस्त–** वि० [सं०] १. अभ्यास नभएको; अभ्यास नगरिएको । २. अपरिपक्व ।

**अनभ्यास–** ना० [सं०] १. अभ्यासको अभाव; कुनै कुरामा आदत वा बानीको अनुपस्थिति ।

**अनमन–** ना० [सं० अन्यमनस्क] १. खटपट; ठाकठुक । २. मनमुटाव; झैझगडा ।

**अनमेल–** ना० [अन+मेल] १. मेलमिलापको अभाव; बेमेल; फुट । २. असमानता; जोडाको अभाव । वि० ३. मेल नभएको; मिलाप नभएको । ४. जोडा नभएको । ~ **विवाह–** ना० वर र वधूको उमेरमा चाहिँदोभन्दा बढी फरक पारी गरिने वा गरिएको विवाह; उमेरका दृष्टिले गैरकानुनी विवाह; जोडा नमिलाई गरिएको विवाह; अमिल्दो बिहा ।

**अनमोल–** वि० [अन+मोल] १. अत्यन्त धेरै मोल पर्ने; अमूल्य; मोलै नभएको । २. दामी; बहुमूल्य ।

**अनम्र–** वि० [सं०] १. नझुकेको; ननिहुरेको । २. नम्र नभएको; अविनीत । ३. उद्दण्ड; उद्धत ।

**अनरसा–** ना०हे० अनर्सा ।

**अनरीत**– वि० [अन+रीत] १. नियम, आचरण वा व्यवहारको विपरीत; रीत नमिल्दो; बेरीतको । ना० २. खराब चलन; कुरीति; कुप्रथा । > **अनरीति**– ना० अनरीत; बेरीति ।

**अनरेरी**– वि० [अङ्०] १. अवैतनिक; बेतलबी । २. सम्मानपूर्ण; यशस्कर । ३. मानार्थ (पद वा उपाधि)

**अनर्गल**– वि० [सं०] १. रोकटोक वा बाधाविरोधविनाको; मनमानी, जथाभाबी वा मनपरीका साथ गरिएको (प्रचार, प्रलाप आदि) । २. आग्लोबिनाको ।

**अनर्घ्य**– वि० [सं०] अमूल्य; बहुमूल्य ।

**अनर्थ**– ना० [सं०] १. असामान्य घटना; अनुचित वा अशुभ घटना । २. गडबडी । ३. अत्याचार; अतिचार; अन्याय । वि० ४. अनुचित । ५. नचाहिँदो । ६. निरर्थक; अनर्थक; अर्थहीन । – **क**– वि० १. वाहियात । २. अनुचित । ३. अनर्थ वा खराब काम गर्ने । ४. अर्थरहित; निरर्थक । ५. व्यर्थको; बेकारको । – **कारी**– वि० १. उल्टो वा विपरीत काम गर्ने । २. अनुचित काम गर्ने; ज्यादै ठूलो हानिनोक्सानी गर्ने । – **ता**– ना० कुनै पदको नयाँ अर्थ भए पनि त्यस पदले प्रसङ्गानुकूल नयाँ अर्थ बुझाउन नसक्ने हुँदा हुने पददोष ।

**अनर्सा**– ना० [√ अनरसा] चामलको पीठो, घिउ र चिनी ठिक्क मात्रामा मिलाई मुछेर तिल वा बिरौँका दानामा पथारी घिउमा पकाइएको पुरीजस्तो गोल आकारको नेपाली रोटी; अनरसा; चिनीरोटी ।

**अनर्ह**– वि० [सं०] १. दण्ड वा पुरस्कारको पात्र नभएको । २. अपात्र; अयोग्य । ३. अपर्याप्त; अनुपयुक्त । – **ता**– ना० कुनै काम, पद, जिम्मेदारी आदिका लागि आवश्यक पर्ने योग्यताको अभाव; अयोग्यता ।

**अनल**– ना० [सं०] १. आगो । २. जठराग्नि । ३. आठ वसुमध्ये पाँचौं ।

**अनलङ्कृत**– वि० [सं०] १. सिँगारपटार वा सजधज नभएको वा नगरिएको । २. गरगहना र अन्य सामग्रीद्वारा नसिँगारिएको । ३. कुनै शब्दगत वा अर्थसम्बन्धी अलङ्कार नपरेको; सादा; अलङ्कारविहीन ।

**अनवकाश**– ना० [सं०] १. फुर्सदको अभाव । २. नोकरी वा फन्दाबाट अवकाशको अभाव । वि० ३. फुर्सद नभएको । ४. छुट्टी नपाएको ।

**अनवच्छिन्न**– वि० [सं०] कुनै कुराबाट अलग नभएको वा बीचमा नटुटेको; क्रम नटुटेको; लगातारको ।

**अनवरत**– वि० [सं०] १. निरन्तरको; लगातारको; बारम्बारको । क्रि० वि० २. निरन्तर; लगातार; बारम्बार ।

**अनवरोध**– ना० [सं०] १. अवरोध वा बाधाको अभाव । वि० २. नरोकिएको; बाधा नपरेको । क्रि० वि० ३. नरोकीकनै; अवरोधविना नै ।

**अनवसर**– ना० [सं०] १. बेमौका; कुयाम; कुअवसर । ~ **विच्छेद**– ना० प्रकृत रसलाई चटक्क छाडिदिँदा हुने काव्यदोष । ~ **विस्तार**– ना० बेमौकामा अनुपयोगी किसिमसँग रसको विस्तार गर्दा हुने एक प्रकारको काव्यदोष ।

**अनविश्वास**– ना० [अन+विश्वास ] विश्वासको अभाव; अपत्यार; अविश्वास । > **अनविश्वासी**– वि० १. विश्वास गर्न नहुने वा विश्वास नभएको; अपत्यारिलो; भर पर्न नसकिने । २. बेइमान ।

**अनवीकृत**– वि० [सं०] नवीकृत नभएको; नयाँ रूपमा नआएको । **–ता**– ना० बोली नौलो नभई उही हुँदा हुने एक प्रकारको काव्यदोष ।

**अनशन**– ना० [सं०] १. खान छाड्ने काम; आहारत्याग; उपवास । २. मोक्षप्राप्तिका निम्ति गरिने मर्नुभन्दा केही दिन अगाडिदेखिको आहारत्याग । ३. पीर-मर्का वा अन्याय आदिका विरुद्ध असन्तोष व्यक्त गर्ने उद्देश्यले वा कुनै माग पूरा नहुन्जेल पूर्वसूचनाका साथ गरिने आहारत्याग ।

**अनश्वर**– वि० [सं०] कहिल्यै नाश नहुने; अविनाशी ।

**अनसूया**– ना० [सं०] १. अत्रि ऋषिकी पत्नी । २. रिस, द्वेष वा ईर्ष्याजस्ता कुभाव नभएकी नारी । ३. कालिदासको प्रसिद्ध नाटक 'अभिज्ञान शाकुन्तलम्'-मा शकुन्तलाकी एउटी सँगिनी ।

**अनस्तित्व**– ना० [सं०] अस्तित्वको अभाव; विद्यमान नहुने खण्ड, स्थिति वा परिस्थिति ।

**अनाकर्षण**– ना० [सं०] १. आकर्षणको अभाव; कुनै कुरालाई आफूतिर तान्ने शक्ति वा सामर्थ्यको शून्यता वा क्षीणता ।

**अनाक्रमण**– ना० [सं०] १. हमलाको अभाव । २. हमला नगर्ने नीति वा समझदारी ।

**अनागत**– वि० [सं०] १. सामुन्ने नआएको; अनुपस्थित; अप्रस्तुत । २. भावी; होनहार । ३. अपरिचित; अज्ञात ।

**अनागरिक**– ना० [सं०] १. नागरिकता ऐनको परिधिभित्रबाट पाउनुपर्ने नागरिकता प्राप्त गर्न नसकेको व्यक्ति । २. घरबार, बसोबास नभएको व्यक्ति । ३. पाखे वा गाउँले व्यक्ति । **–ता**– ना० नागरिक हकको अभाव ।

**अनागारिक**– वि० [सं०] घरबार नभएको; घरबारविहीन । ना० विहारमा बस्ने बौद्ध भिक्षु । > **अनागारिका**– ना० विहारमा बस्ने बौद्ध भिक्षुणी ।

**अनाघात**– ना० [सं०] १. सङ्गीतको एक प्रकारको ताल । २. आघातको अभाव ।

**अनाचार**– ना० [सं०] १. आचारको अभाव; धर्म र नीतिविरुद्ध निन्दनीय आचरण । २. खराब चालचलन । ३. नराम्रो कामको लत । ४. कुरीति; कुचाल । ५. भ्रष्टाचार । > **अनाचारिणी**– वि० अनाचार गर्ने (आइमाई) । **अनाचारी**– वि० अनाचार गर्ने; भ्रष्टाचारी; दुराचारी ।

**अनाज**– ना० १. बालीनाली । २. खाद्यान्न; अन्न । – **पात**– ना० सबै किसिमको अन्न; बालीनाली; अन्नपात ।

**अनाडी**१– वि० [प्रा० अण्णाणी ] १. सुझबुझ नभएको; अनजान ।

कुनै सीप नभएको; नजान्ने; मूर्ख ।

**अनाडी२**– ना० [अ+नाडी ] चोटपटक लाग्दा अरू ठाउँभन्दा बढी असर पर्ने ठाउँ; मर्मस्थल; सन्नी; सन्धिस्थल ।

**अनात्मवाद**– ना०[सं०]१. आत्माको अस्तित्व स्वीकार नगर्ने एक दार्शनिक सिद्धान्त । २. रूप, विज्ञान, वेदना, संज्ञा, संस्कार – यी पञ्चस्कन्धबाहेक आत्मा छैन भन्ने बौद्ध दर्शन ।

**अनाथ**– वि० [सं०]१. हेरविचार वा पालनपोषण गर्ने कोही नभएको; आडभरोस नभएको; बेसहाय । २. टुहुरो । ३. दीन; दुःखी । ना० ४. टुहुरो व्यक्ति । > **अनाथालय/अनाथाश्रम**– ना० आमाबाबु नभएका वा बेवारिस बालबालिकालाई राखी पालनपोषणका साथै शिक्षासमेत दिने ठाउँ ।

**अनादर**– ना० [सं०]१. आदरको उपेक्षा वा अभाव; निरादर; बेइज्जती । २. तिरस्कार; अपमान; हेला ।

**अनादि**– वि० [सं०]१. आदि वा सुरु थाहा नभएको वा नहुने । २. परापूर्वकाल वा सदादेखि चलिआएको । ना० ३. आदि थाहा नभएको कुरो (आकाश, समय, परमात्मा इ०) – **त्व**– ना० आदि पत्ता नलाग्ने गुण वा विशेषता ।

**अनादिष्ट**– वि० [सं०]१. आदेश नदिइएको; आज्ञा नगरिएको; नअह्राइएको । २. निर्देशन नदिइएको; बाटो नदेखाइएको ।

**अनादृत**– वि० [सं०] आदर नगरिएको; सम्मान नगरिएको; हेला गरिएको ।

**अनानास**– ना० [पोर्त० ]१. भुइँकटहर; अनारस । २. भुइँकटहरको पातमा काँडा र फलमा बढी भुस नहुने जाति ।

**अनापसनाप**– ना० [सं० आलाप (द्वि०) ] बकवास; उटपटचाङ; छेउ न टुप्पाको कुरो ।

**अनाम**– वि० [सं०]१. नाम नभएको; बेनामी । २. नाम नचलेको; अप्रसिद्ध । ३. दुर्नाम; बदनाम । ना० ४ कुख्यात नाम; कुनाम ।

**अनामिका**– ना० [सं०]१. हातको कान्छी औँलो र माझी औँलाका बीचको औँलो; साहिँली औँलो । वि० २. नाम नभएकी वा नचलेकी (नारी) ।

**अनायक**– वि० [सं०]१. नाइके वा नेता नभएको; अनाथ । २. नाइके वा नेता नभएर गडबडिएको; अराजक ।

**अनायास**– क्रि० वि० [सं०]१. मिहिनेत नै नगरीकन; विनापरिश्रम; कुनै प्रयत्न वा प्रयास नै नगरीकन; बल वा शक्तिको प्रयोग नै नगरी; बसी-बसी; त्यत्तिकै; आफैँआफ; उसै; स्वतः । २. अकस्मात्; अचानक; एकाएक; सहसा ।

**अनार**– ना० [फा०]१. बेलजत्रो, डल्लो आकारको, रातो र कडा बोक्रो हुने, भित्रपट्टि हार मिलेर रहेका स्वादिला रसदार धेरै दाना हुने फल । २. शुष्क जलवायुमा हुने त्यस्तो फल फल्ने बोट; दारिम; दाडिम । ~ **गोला**– ना० अनारका दानाजस्ता रङ्गीचङ्गी झिल्का निस्कने आतसबाजी । ~ **दाना**– ना० १. अनार फलभित्रको रसदार स्वादिलो गेडो । वि० २. अनारको दानाजस्तो । (उदा०– अनारदाना दाँतका लहर खोलेर हाँस न । 'मुनामदन'– लक्ष्मीप्रसाद देवकोटा ।) ।

**अनारम्भ**– वि० [सं०]१. आरम्भ वा सुरु नभएको । ना० २. आरम्भको अभाव ।

**अनारस**– ना० [पोर्त०] उष्णकटिबन्ध प्रदेशमा हुने, वरिपरि पातले घेरिएर बीचमा रसदार अमिलो वा गुलियो स्वाद भएको दाना फल्ने बोट; त्यसको फल; अनानास; भुइँकटहर ।

**अनार्तव**– ना० [सं०]१. आइमाईको रजस्वलाधर्म रोकिने रोग । २. रजस्वलाधर्मको समाप्ति वा अन्त्य ।

**अनार्य**– वि० [सं०]१. आर्य नभएको । २. अश्रेष्ठ; असभ्य । ना० ३. आर्यजातिबाहेकको अन्य जाति । > **अनार्यक**– वि० १. आर्यका भूमिमा नभएको; अनार्यहरूका क्षेत्रमा मात्र हुने । ना० २. अगरु ।

**अनार्ष**– वि० [सं०]१. ऋषिहरूले नगरेको वा नबनाएको । २. ऋषिहरूसँग सम्बन्ध नभएको ।

**अनावरण**– ना० [सं०] ढाकिरहेको वा छोपिरहेको पर्दा वा अन्य आवरण हट्नेहटाउने क्रिया वा प्रक्रिया । ~ **समारोह**– ना० कुनै सालिक वा मूर्तिको विधिवत् आवरण हटाउने आयोजना ।

**अनावरित**– वि० [सं०] आवृत नभएको; नढाकिएको ।

**अनावर्तक**– वि० [सं०]१. बारम्बार नभई एकपल्ट मात्र हुने । २. आवर्तन नहुने ।

**अनावर्तन**– ना० [सं०]१. आवर्तनको अभाव; आवर्तित नहुने वा नफर्किने क्रियाप्रक्रिया । २. पुनर्जन्मदेखि मुक्ति; मोक्ष ।

**अनावश्यक**– वि० [सं०]१. नचाहिने; नचाहिएको; आवश्यकता नभएको । २. बेसरोकारको; चासो नभएको । – **ता**– ना० आवश्यकताको अभाव वा अनुपस्थिति; वाइहातेपना; बेवास्तेपन ।

**अनावासीय**– वि० [सं०] आवास वा घर नरहेको; सो नरहे पनि कुनै न कुनै प्रकारको सम्बन्ध भएको (अनावासीय दौत्य सम्बन्ध) ।

**अनावृत**– वि० [सं०] छोप्ने वा ढाक्ने नगरिएको; पर्दा नलागेको । २. मूर्ति आदिको अनावरणसम्बन्धी समारोह भएको ।

**अनावृत्ति**– ना० [सं०] आवृत्तिको अभाव; नदोहोरिने भाव, गुण वा क्रियाप्रक्रिया ।

**अनावृष्ट**– वि० [सं०] वर्षा नभएको; विनावर्षाको । > **अनावृष्टि**– ना० आकाशबाट पर्ने पानी पृथ्वीमा झर्ने काममा अवरोध वा विलम्ब; अनावर्षण ।

**अनाश्रय**– वि० [सं०]१. आश्रय नभएको; असहाय । ना० २. आश्रयको अभाव; आश्रयविहीनता ।

**अनाश्रित**– वि० [सं०] अनाश्रय; आश्रयविहीन; निराश्रित । ~ **वाक्य**– ना० अर्को वाक्यमा निर्भर नरहेको वाक्य ।

**अनासक्त**– वि० [सं०] कुनै पनि विषयमा आसक्त नभएको वा लागिनपर्ने; वैरागी । > **अनासक्ति**– ना० १. अनासक्त हुने गुण, क्रिया वा प्रक्रिया; तटस्थता; उदासीनता; वैराग्य । २. योगको एक किसिम ।

**अनासीन**– वि० [सं०]१. आसन ग्रहण नगरेको; नबसेको । २. पद वा स्थानबाट हटाइएको; अपदस्थ; पदच्युत ।

**अनास्था**– ना० [सं०] आस्था या श्रद्धाको अभाव; अनादर; अश्रद्धा ।
**अनाहक**– क्रि०वि० [सं०] १. विनाकाममा; नाहकमा; बिनसित्ति; बेफ्वाँकमा; व्यर्थै ।
**अनाहत**– वि० [सं०] १. नठोकिएको । २. क्षुब्ध नभएको । ३. गुणा नगरिएको; अगुणित । ना० ४. दुईवटा बूढी औँलाले दुवै कानका प्वाल थुनी ध्यान गर्दा सुनिने आवाज । ५. शरीरका छ चक्रमध्ये एक; हृदयमा रहेको बाह्रपत्रे कमल । ६. आघातविना नै आउने आवाज । ~ **मुद्रा**– ना० प्राचीन कालमा प्रचलित, छाप नलागेको वा कुनै चिह्न अङ्कित नभएको धातुको सामान्य मुद्रा ।
**अनाहपद**– ना० [सं०] वास्तु एवं मूर्तिकलाका क्षेत्रमा चौध अमलबराबरको नापोलाई बुझाउने शब्द; चौध इन्चको नापो ।
**अनाहार**– ना० [सं०] १. भोजनको अभाव वा त्याग । २. उपवास । वि० ३. भोको; निराहार ।
**अनि**– संयो० [प्रा० अण्ण < सं० अन्य ] १. समान स्तरका पद, पदावली, वाक्यांश वा वाक्यहरूलाई समयको पूर्वापर क्रम वा तत्कालता जनाई जोड्ने अव्यय; र; त्यसपछि; फेरि; एकपछि अर्को; तब । (उदा०– राम अनि श्याम आए; राम आयो अनि श्याम गयो इ०) । २. त्यसैले; पूर्वोक्त कारणले (उदा०– अनि त भनेको त्यसो नगर्नू भनेर ! ) । ३. अझ; अझै । (उदा०– ऊ विद्वान् छ, गुणी छ अनि धनी पनि छ । )
**अनिकाल**– ना० [सं०] १. अन्नपातको ठूलो अभाव । २. त्यस्तो अभाव भएको समय; अकाल; दुर्भिक्ष । ३. कुनै कुराको ज्यादै अभाव भएको अवस्था । (उदा०– आजभोलि मकहाँ रुपियाँपैसाको अनिकाल लागेको छ ।) > **अनिकाली**– वि० केही खानै नपाएजस्तो; अनिकाले । **अनिकाले**– वि० १. अनिकाल परेको बेलाको; अनिकालसम्बन्धी । २. पेटभरि खाएर पनि सन्तोष नमान्ने; घिचुवा । ३. असन्तोषी । ना० ४. साउनमा फल पाक्ने एक वनस्पति । ५. सलह कीरो; शलभ ।
**अनिच्छा**– ना०[सं०] इच्छाको अभाव वा कमी; चाहनाको अभाव वा कमी; अरुचि; अमन; वितृष्णा । > **अनिच्छित**– वि० इच्छा नगरिएको; चाहना नगरिएको; रुचि नराखिएको; अवाञ्छित । > **अनिच्छु/अनिच्छुक**– वि० इच्छा, रुचि वा चाहना नभएको; खायस नराख्ने ।
**अनित्य**– वि० [सं०] सधैँ नरहिरहने; कुनै न कुनै बखत नाश हुने; स्थायी नरहने; क्षणभङ्गुर; अस्थायी; विनाशी; नाशवान्; नश्वर । – **ता**– ना० अनित्य हुने गुण, भाव वा क्रिया (अनित्य चोला) ।
**अनिदो**– वि० [प्रा० अणिद्दो < सं० अनिद्र ] १. नीद नभएको वा निदाउन नपाएको; ननिदाएको; जाग्राम बसेको; नसुतेको; अनिद्रित । – **पन**– ना० २. अनिदो हुने वा अनिदो भएको स्थिति; अनिद्रा; जाग्राम ।
**अनिद्रा**– ना० [सं०] हे० अनिदो । > **अनिद्रित**– वि० ननिदाएको; जाग्राम बसेको ।
**अनिधो**– ना० [अ+निधो ] १. निधो वा ठेगान नहुनाको भाव वा अवस्था; निधोको अभाव; अनिश्चय; अनिर्णय; अनिश्चितता । वि० २. अनिश्चित; अनिर्णित ।
**अनिन्दा**– ना० [सं०] निन्दाको अभाव; प्रशंसा; स्तुति; गुणगान । > **अनिन्दनीय**– वि० १. निन्दा गर्न नहुने; निन्दा गर्न अयोग्य । २. निर्दोष; निष्कलङ्क । **अनिन्दित**– वि० बदनाम नभएको; निन्दा नगरिएको; कलङ्क नलागेको; निन्दारहित; निष्कलङ्क । **अनिन्द्य**– वि० १. अनिन्दनीय । २. खुनखोट केही नलागेको वा केही दोष देखाउन नसकिने किसिमको (जस्तो– अनिन्द्य सौन्दर्य ।) ।
**अनिपुण**– वि० [सं०] सिपालु नभएको; निपुणताको अभाव वा कमी रहेको; अकुशल; अप्रवीण । – **ता**– ना० अनिपुण हुनाको भाव वा अवस्था; निपुणताको कमी वा अभाव; अकुशलता; अप्रवीणता ।
**अनिमन्त्रित**– वि० [सं०] १. निम्तो नगरिएको; निमन्त्रणा नदिइएको; निम्तो नपाएको; ननिम्त्याइएको । २. नबोलाइएको; डाकबोलाउ नगरिएको । विप० निमन्त्रित ।
**अनिमिष/अनिमेष**– वि० [सं०] १. आँखा झिम्मसम्म पनि नगर्ने; ट्वालट्वालती वा एक टकले हेर्ने; आँखै नझिम्क्याउने वा नचिम्लने । २. आँखा खुला रहेको; जागा । क्रि०वि० ३. आँखै झिम्म नगरी; ट्वालट्वालती; एकटकले ।
**अनियत**– वि० [सं०] ठाउँ, समय, प्रक्रिया आदि नतोकिएको; कुनै नीति वा नियम नभएको; निर्धारित नभएको वा नगरिएको; नियमित तवरले नहुने; कुनै व्यवस्था नभएको; अनिर्धारित; अनियमित; अनिश्चित; अव्यवस्थित ।
**अनियन्त्रण**– ना० [सं०] रोकतोक, रेखदेख वा बन्देजको अभाव; नियन्त्रणको अभाव; स्वच्छन्दता; उन्मुक्तता ।
**अनियन्त्रित**– वि० [सं०] १. कुनै प्रकारको रोकतोक, बन्देज वा प्रतिबन्ध नलागेको; नियमद्वारा नबाँधिएको । २. स्वच्छन्द; स्वाधीन; उन्मुक्त । विप० नियन्त्रित ।
**अनियम**– ना० [सं०] १. नियमको अभाव; अव्यवस्था; बेथिति । वि० २. नियम नमान्ने ।
**अनियमित**– वि० [सं०] १. नियम नभएको; नियम नअँगालिएको । २. रुलनियमको पालन नगरिएको; रुलनियमविपरीत; रुलनियमले नमिल्ने । ३. व्यवस्था नभएको; अव्यवस्थित । ४. नियमित नभएको । ५. कुनै खास स्थान, समय वा प्रक्रिया आदि निर्धारित नभएको । ~ **गिरफ्तारी**– ना० १. कानुनको विधि नपुऱ्याई कसैलाई पक्राउ गर्ने काम; कुनै अभियुक्त अर्थात् दोषीलाई बिनापुर्जी गरिने गिरफ्तारी । २. कुनै पनि मान्छेलाई शान्तिसुरक्षाअन्तर्गत गरिने पक्राउ । –**ता**– ना० १. नियमअन्तर्गत नपर्नाको भाव वा अवस्था; नियमितताको अभाव । २. व्यवस्थितताको अभाव; अव्यवस्थितता । ३. कुनै खास तरिका वा प्रक्रिया नतोकिएको स्थिति । ४. ऐनकानुन र रुलनियमको पालना नभएको स्थिति । ५. निर्धारित नियम र प्रक्रिया नपुऱ्याई खर्चबर्च आदि गर्दा हुन आउने दोष ।
**अनिरुद्ध**– वि० [सं०] १. नरोकिएको; रोकतोक नभएको । २.

फुक्का; खुला; स्वच्छन्द । ना. ३. कृष्णका नाति; प्रद्युम्नका छोरा र उषाका प्रेमी तथा पति ।

**अनिर्णय–** ना० [सं०] १. निर्णय नहुनाको भाव, गुण वा अवस्था; निर्णयको अभाव । २. कुनै प्रश्न, समस्या वा कुराको छिनाफाना, निर्क्योल, समाधान आदि नभएको स्थिति । ३. कुनै मुद्दा, झगडा वा विवादको टुङ्गो नलागेको अवस्था । ४. अनिश्चय; बेनिधो ।

**अनिर्णीत–** वि० [सं०] छिनाफाना नगरिएको; निर्क्योल नगरिएको; टुङ्गो नलगाइएको; निर्णय नभएको ।

**अनिर्दिष्ट–** वि० [सं०] १. कुनै प्रकारको निर्देशन नभएको; दिशानिर्देश नगरिएको; निर्धारण नगरिएको । २. नबताइएको; नऔंल्याइएको; नअह्वाइएको; नतोकिएको । ३. कुनै लक्ष्य वा उद्देश्य नभएको । ४. अनिश्चित; अनिर्धारित; अनिर्देशित ।

**अनिर्धारित–** वि० [सं०] १. नतोकिएको; निर्धारण नगरिएको । २. निश्चित नगरिएको ।

**अनिर्वचनीय–** वि० [सं०] १. निर्वचन नगरिएको वा गर्न नसकिने । २. बताउन, परिभाषा दिन, वर्णन गर्न वा उल्लेख गर्न नसकिने; अवर्णनीय; वर्णनातीत ।

**अनिर्वाचित–** वि० [सं०] १. नचुनिएको; निर्वाचनको प्रक्रियाबाट नआएको । २. मनोनयन गरिएको; मनोनीत । ३. निर्वाचन नगराइएको ।

**अनिल–** ना० [सं०] हावा; बतास; वायु ।

**अनिवार्य–** वि० [सं०] १. हटाउन, पन्छाउन वा रोक्न नसकिने; निवारण गर्न नसकिने वा नहुने । २.भइछाड्ने; अवश्य हुने; अवश्यम्भावी । ३. बच्न नसकिने; त्याग्न वा छोड्न नसकिने र नहुने । ४. नभई काम नचल्ने; नभई नहुने; अत्यावश्यक; परमावश्यक । ५. विकल्प नभएको । ६. कुनै पाठ्यक्रमअन्तर्गत लिनै पर्ने वा अध्ययन गर्नै पर्ने; इच्छाधीन नभएको । ~ **अवकाश–** ना० कर्मचारीका सेवाको तोकिएको हदम्याद वा उमेर पूरा भएपछि र विशेष परिस्थिति वा कारणले बीचैमा पनि निजको नोकरी वा सेवा समाप्त गरी दिइने अवकाश । ~ **बचत–** ना० १. सेवापछिको अवधिका निम्ति गुजारा गर्न सजिलो होस् भनी कर्मचारीको तलबबाट नियमित रूपमा केही रकम काटी त्यति नै रकम सम्बन्धित कार्यालयबाट थपी चक्रवृद्धि ब्याजका साथ सञ्चित गरिने काम; सञ्चयकोषकट्टी । २. भूमिसुधार कार्यक्रमअन्तर्गत गाउँगाउँमा किसानहरूको आर्थिक उत्पादनबाट नियमानुसार नगदीजिन्सी रकम उठाई त्यसको ब्याजसहित खाता राखी बचत गरिने पद्धति । ~ **विषय–** ना० नेपालको शिक्षापरिपाटीअन्तर्गत विद्यार्थीले पढ्नै पर्ने नेपाली, अङ्ग्रेजीजस्ता विषय । ~ **विषय समिति–** ना० अनिवार्य विषयको पाठ्यक्रम आदिको व्यवस्था गर्ने समिति । ~ **शिक्षा–** ना० विद्यालयको शिक्षा ऐच्छिक कुरा नभएर सबैका लागि अनिवार्य गराउने गरी लागू गरिएको शिक्षाव्यवस्था ।

**अनिश्चय–** ना० [सं०] १.निधो नभएको स्थिति वा अवस्था; निधो नहुने गुण, क्रिया वा प्रक्रिया । २. निश्चयको अभाव; अनिर्णय; बेनिधो ।

**अनिश्चित–** वि० [सं०] निश्चय नभएको वा नगरिएको । – **ता–** ना० निश्चित नहुनाको भाव वा अवस्था ।

**अनिष्ट–** वि० [सं०] १. नचाहेको; नचिताएको; मन नपरेको; अभीष्ट नभएको; इच्छाको प्रतिकूल; इच्छाविरुद्ध; इच्छाको विपरीत; इच्छा गरेभन्दा उल्टो । २. खराब; अहितकर; हानिकारक । ३. अमङ्गलकारी; अशुभ (अनिष्ट ग्रह, अनिष्ट फल इ०) । ना० ४. अमङ्गल; अहित; दुर्भाग्य । ५. खराबी; हानि; अशुभ । – **कर–** वि० १. अनिष्ट गर्ने; कुभलो गर्ने । २. इष्ट वा भलो नगर्ने । – **कारी–** वि० अनिष्टकर ।

**अनीति–** ना० [सं०] १. नीति नहुनाको भाव वा अवस्था; नीतिको अभाव । २. नीतिको विरोध । ३. नीतिविरुद्ध व्यवहार (अन्याय, अत्याचार, जुलुम, मनोमानी, अन्धेर इ०) ।

**अनीश्वर–** वि० [सं०] १. ईश्वरको सत्तारहित । २. ईश्वरीय शक्ति नभएको (व्यक्ति) । ३. ईश्वर नमान्ने; ईश्वरको विरोधी । – **वाद–** ना० १. ईश्वर छैन भन्ने मत; ईश्वरको अस्तित्व वा सत्ताको खण्डन गर्ने वाद वा दर्शन; ईश्वरउपर अविश्वास वा आशङ्का प्रकट गर्ने मत; नास्तिकता; नास्तिकवाद; शून्यवाद; निरीश्वरवाद । – **वादी–** वि० १. ईश्वरलाई नमान्ने; ईश्वरको अस्तित्वमा शङ्का वा अविश्वास गर्ने; ईश्वर छैन भन्ने । २. नास्तिक ।

**अनु–** उप० [सं०] शब्द वा आधारपदको बायाँ वा अघिल्तिर लागी तत्पश्चात्, साहचर्य, सामीप्य, पुनरावृत्ति, अनुक्रम आदि अर्थ झल्काउने उपसर्ग (अनुकरण, अनुवाद, अनुकूल, अनुकम्पा, अनुशीलन, अनुसार, अनुबन्ध, अनुशासन, अनुरोध इ०) ।

**अनुकम्पा–** ना० [सं०] कसैको आपत्ति, दु:ख, कष्ट आदि देखी वा अनुभव गरी त्यस्ता व्यक्तिउपर सहानुभूतिपूर्वक गरिने सहयोग, कृपा वा दया; निगाहा; अनुग्रह । > **अनुकम्पित–** वि० अनुकम्पा वा विशेष कृपा गरिएको; अनुगृहीत ।

**अनुकरण–** ना० [सं०] कुनै वस्तु, विषय, विचार वा कामको अनुसरण; कसैले केही गरेको देखी त्यसैको देखासिकी वा नक्कल गर्ने काम; नक्कलगराइ; समान आचरण; देखासिकी; नक्कल; अनुकृति । २. प्रकृति वा जीवनजगत्को कलात्मक पुन:सृजन । ३. प्राचीन ग्रिसेली विद्वान् अरस्तुद्वारा काव्यशास्त्रमा प्रतिपादित सम्पूर्ण कलालाई प्रकृतिको वस्तुगत पुन:सृजन मान्ने साहित्य-सिद्धान्त । ~ **पाठ–** ना० शिक्षक वा अन्य कसैले आदर्श वा नमुनाका रूपमा गरेको सस्वर पठनलाई अनुकरण गरी पढ्ने अभ्यास; सस्वर पठनको एउटा अभ्यासक्रम । ~ **मूल–** ना० अनुकरणात्मक शब्दमा प्रत्ययांश वा द्वित्व भाग कटाई बाँकी रहने मूल अंश (जस्तै – 'टिनिन्न'-मा 'टिन्', 'सलल्ल'-मा 'सल्' इ०) । ~ **सिकाइ–** ना० कुनै वस्तु वा तत्सम्बन्धी क्रियाकलापको अनुसरणद्वारा गरिने सिकाइ ।

**अनुकरणात्मक–** वि० [सं०] कसैको वा कुनै कुराको अनुकरणमा आधारित; देखासिकी वा नक्कलका आधारमा गरिएको; अनुकरणप्रक्रियामा आधारित । **–ता–** ना० अनुकरणात्मक हुनाको स्वभाव, गुण वा स्थिति । ~**शब्द–** ना० शब्दनिर्माणप्रक्रियाअन्तर्गत शब्दका वर्गीकरणका क्रममा प्राकृतिक वा अन्य वस्तुका रूप, गति, आवाज र क्रियासम्बन्धी अनुकरणको फलस्वरूप उत्पन्न समध्वन्यात्मक किसिमका मानिएका शब्द (मिरमिर, झलमल्ल, चिटिक्क, भुसुक्क, छर्लङ्ग, ह्वाल्ल इ०) ।

**अनुकरणीय–** वि० [सं०] १. अनुकरण गर्न उचित; नक्कल वा देखासिकी गर्न योग्य; सिको गर्न लायक । २. नमुनालायक; आदर्श; उदाहरणस्वरूप । ३. उत्तम; असल ।

**अनुकर्ता–** वि० [सं०] अनुकरण गर्ने; नक्कल वा देखासिकी गर्ने ।

**अनुकलन–** ना० [सं०] १. कुनै बेहोराको अभिलेख राख्ने काम । २. कुनै हिसाबकिताबको विवरण राख्ने काम । ३. अरूका कुनै कुरा लिएर त्यसलाई आफ्नो अनुकूल बनाई ग्रहण गर्ने काम । ४. सम्भावनामा विचार पुऱ्याउँदै भावी कार्यका सम्बन्धमा अनुमान वा कल्पनाको सहायताले कुनै विचार, व्यय आदि निर्धारण गर्ने काम; अन्दाज; आकलन ।

**अनुकल्पना–** ना० [सं०] १. कुनै अनुसन्धानका प्रारम्भमा त्यस अनुसन्धानको समस्याबारे सम्बन्धित अनुसन्धानकर्ताले स्थापना गरेको र उक्त अनुसन्धानद्वारा खण्डनमण्डन, संशोधन वा परिष्कार हुन सक्ने किसिमको पूर्वमान्यता; प्राक्कल्पना । २. उपलब्ध तथ्यका आधारमा स्थापित गरिएको र कुनै कुराको विस्तृत अनुसन्धानका निम्ति पूर्वाधारका रूपमा स्विकारिएको मान्यता ।

**अनुकारी–** वि० [सं०] अनुकरण गर्ने; अनुकर्ता ।

**अनुकार्य–** वि० [सं०] १. अनुकरण, नक्कल वा देखासिकी गर्न लायक । २. प्रेरणा लिन वा सिको गर्न योग्य; आदर्श; नमुनायोग्य । ना० ३. कुनै कृतिमा अनुकरण गरिने प्रकृति वा जीवनजगत् ।

**अनुकूल–** वि० [सं०] १. आफ्नो इच्छा, रुचि, चाहना वा आवश्यकताअनुरूपको; आफूले चिताए वा भनेजस्तो । २. समय तथा वातावरणका दृष्टिले उपयुक्त ३. कुनै उद्देश्य वा प्रयोजनका निम्ति उपयोगी । ४. कुनै परिस्थितिमा जेजस्तो चाहिने हो सोमाफिक सब्ल्याँटो पर्ने । ५. आफ्नो हुँदो; आफ्नो पक्षको; आफूसँग सहमत; आफ्नो विरुद्ध नभएको । ६. फाइदा हुने; हितकारी । ७. सुविधाजनक । ८. मिल्दो; हुँदो; सर्दो । ना० ९. एउटै मात्र नायिका राख्ने नायक । **– ता–** ना० अनुकूल हुनाको भाव वा स्थिति; सर्दोपना; मिल्दोपन । > **अनुकूलन–** ना० १. कुनै कुरालाई आफ्नो अनुकूल तुल्याउने काम वा गुण । २. आफूलाई कुनै परिस्थिति वा कुनै कुराको अनुकूल तुल्याउने काम वा गुण । ३. कुनै वस्तुबाट वा कसैबाट कुनै कुरा लिई त्यसमा काटछाँट र थपघट गरी आफ्नो अनुकूल तुल्याउने काम वा गुण । (उदा०– माध्यमिककालीन नेपाली लेखकहरूले प्राचीन आख्यानहरूको अनुकूलन गरेका छन् ।) । ४. आफूलाई वातावरण वा वायुमण्डलअनुरूप ढाली त्यसैनुकूल जिउने र विकसित हुने जैविक गुण, शक्ति, प्रक्रिया वा कार्य (उदा०– वनस्पति र जीवजन्तुमा अनुकूलन गर्ने क्षमता अन्तर्निहित रहेको छ ।) । **अनुकूलित–** वि० अनुकूलन गरिएको ।

**अनुकृत–** वि०[सं०] १. कुनै वस्तु, विचार, कार्य आदिको अनुकरण, देखासिकी वा नक्कल गरिएको । २. प्रकृति वा जीवनजगत्को वस्तुगत पुनःसृजन गरिएको । ३. परमतत्त्वको प्रतिच्छायास्वरूप भएको । > **अनुकृति–** ना० १. नक्कल; अनुकरण; देखासिकी । २. प्रकृति वा जीवनजगत्को वस्तुगत पुनःसृजन (माइमेसिस) । ३. परमतत्त्व वा परब्रह्मको प्रतिकृति ।

**अनुक्त–** वि० [सं०] १. नभनिएको; नबताइएको; नकहिएको; अकथित । २. क्रियाद्वारा अभिहित वा कथित नभएको (जस्तै – 'रामद्वारा बाघ मारियो' भन्ने वाक्यमा संस्कृत व्याकरणका दृष्टिले कर्ता राम र कर्म बाघ अनुक्त मानिन्छन् ।) ~ **सिद्धि–** ना० विशेष कुरा बुझाउन तर्कना बढाइने अर्थ भएको एउटा नाटचलक्षण ।

**अनुक्रम–** ना० [सं०] १. क्रमिक रूपमा एकपछि अर्को हुने वा आउने क्रिया वा भाव । २. विषयवस्तु तथा पाठ्यवस्तुका सङ्गठनमा शृङ्खलाबद्धता वा क्रमबद्धतागत विशेषता । ३. नियमित रूपले चल्ने क्रम वा सिलसिला । ४. क्रमबद्ध रूपले अगाडि बढ्ने काम । ५. कुनै क्रमको अनुसरण गर्ने काम; क्रम; सिलसिला; शृङ्खला; पूर्वापरक्रम ।

**अनुक्रमण–** ना० [सं०] क्रमलाई व्यवस्थित ढङ्गले मिलाउने काम; सिलसिला मिलाउने काम । > **अनुक्रमणिका–** ना० १. वर्ण र मात्राको क्रमअनुसार तयार गरिएको ग्रन्थ वा कृति आदिको सूची । २. प्रायः ग्रन्थका अन्तमा दिइने कुनै ग्रन्थमा परेका विषय, प्रसङ्ग, मुख्य शब्द आदिको वर्णानुक्रमिक सूची । ३. ग्रन्थका प्रारम्भमा दिइने प्रमुख विषय वा शीर्षक-उपशीर्षकको अनुक्रम वा सिलसिला जनाउने सूची ।

**अनुक्रमिक–** वि० [सं०] क्रमानुसारको; क्रमबद्ध; सिलसिलेवार; सिलसिलाबद्ध ।

**अनुक्रिया–** ना० [सं०] १. कुनै कार्य वा क्रियापछि तथा त्यस क्रियाको फलस्वरूप हुने क्रियाप्रतिक्रिया । २. कुनै उद्दीपनको फलस्वरूप मनमा वा स्नायुतन्त्रमा घटित हुने प्रतिक्रिया; अनुभूति; आवेग; भावना ।

**अनुगत–** वि० [सं०] १. अनुगमन गर्ने; पछिल्तिर लागेर जाने । २. पछिल्तिर लागेको; पछ्याएको ।

**अनुगम–** ना० [सं०] १. कुनै कुरा वा वस्तुतथ्यको अनुसरण । २. तर्कशास्त्रअनुसार वस्तुतथ्यको पर्यवेक्षणबाट निकालिएको कुनै निष्कर्ष वा मान्यता; यसरी निष्कर्ष निकाल्ने वा मान्यताको स्थापना गर्ने तार्किक प्रक्रियाको परिणाम; आगमन; अनुगमन ।

**अनुगमन–** ना० [सं०] १. कसैका पछिपछि लाग्ने, कुनै मतका मार्गमा हिँड्ने, कुनै पद्धतिको अनुसरण गर्ने, कसैका नजिकमा

जाने वा कसैको सहयोगी हुने काम; अनुगम । > **अनुगमनात्मक–** वि० अनुगमनमा आधारित; अनुगमनबाट प्राप्त; अनुगमनवाला ।

**अनुगामी–** वि० [सं०] १. कसैका पछि लाग्ने; अरूका पछि लागेको; पुच्छे; अनुचर; अनुयायी ।

**अनुगुण–** वि० [सं०] १. समान गुण भएको; मिल्ने गुण भएको; त्यस्तै खालको लक्षण भएको । ना० २. राम्रो गुण भएका वस्तुको संसर्गले अरू वस्तुको उत्कर्ष पनि त्यत्तिकै रूपमा वर्णित हुने एक काव्यालङ्कार ।

**अनुगृहीत–** वि० [सं०] १. ठूलाबडाहरूको कृपा, दया, अनुकम्पा वा निगाह प्राप्त गरेको । २. कसैको अनुग्रह पाएको; उपकार गरिएको; उपकृत; अनुकम्पित ।

**अनुग्रह–** ना० [सं०] ठूलाबडाले साना व्यक्तिउपर प्रसन्न भई देखाउने दया, कृपा वा निगाह । २. ठूलाबडाले निगाह वा कृपा राखी साना व्यक्तिहरूलाई गर्ने उपकार वा भलाइ । > **अनुग्रहाङ्क–** ना० परीक्षार्थीले प्राप्त गरेका अङ्कमा थोरै मात्र थपिदिँदा उत्तीर्ण हुने भए परीक्षकले थपिदिने अङ्क; कृपाङ्क (ग्रेसमार्क) ।

**अनुचर–** ना० [सं०] १. नोकरचाकर । वि० २.पछि लाग्ने; पिछलग्गू ।

**अनुचित–** वि० [सं०] उचित नभएको; उपयुक्त नभएको; मनासिब नभएको; औचित्यको सीमाभन्दा परको । २. खराब; बेठीक । ३. न्यायसङ्गत नभएको; नसुहाउने; अनुपयुक्त; बेमनासिब । **–ता–** ना० उचित, उपयुक्त वा मनासिब नहुनाको भाव; औचित्यको अभाव; अनौचित्य । ~ **लाभ–** ना० १. कसैको अज्ञान, असमर्थता वा विवशतामा उठाइने फाइदा । २. बेरीतबाट प्राप्त गरिएको आम्दानी ।

**अनुच्च–** वि० [सं०] १. उच्च वा अग्लो नभएको; होचो; नीचो । २. तल्लो तहको; निम्न स्तरको । ३. पुड्को ।

**अनुच्चरित–** वि० [सं०] उच्चारण नभएको ।

**अनुच्चारण–** ना० [सं०] उच्चारणको अभाव वा अनुपस्थिति । > **अनुच्चारणीय–** वि० उच्चारणसम्म पनि गर्न नहुने । २. नामै लिन नहुने; मुखले भन्न नहुने । ३. तान्त्रिक अनुशासनअनुसार मनमनै सोचिने; मनमनै जपिने ।

**अनुच्चारित–** वि० [सं०] १. उच्चारण नगरिएको । २. बताउनसम्म पनि नबताइएको; मुखले नभनिएको । ३. तन्त्रमन्त्रको अनुशासनअनुसार मनमनै सोचिएको; जपिएको ।

**अनुच्चार्य–** ना० [सं०] उच्चारण नहुने वा हुन नसक्ने ।

**अनुच्छेद–** ना० [सं०] १. कमभन्दा कम वाक्यहरूको समूहबाट केही कुरो व्यक्त गरिएको आलेख । २. आलेखको सबैभन्दा तल्लो कोटि; कण्डिका; अभिव्यक्तिखण्ड; प्याराग्राफ । ३. कानुनको दफा । ४. लेख वा प्रबन्धका बुँदाहरूमध्ये कुनै एक ।

**अनुज–** वि० [सं०] १. आफूभन्दा पछि जन्मेको । ना० २. भाइ ।

**अनुजीवी–** वि० [सं०] १. कसैका आश्रयमा रही जीविका चलाउने; आफ्नो स्वतन्त्र कमाइधमाइ नभएको; आश्रित; पराश्रित; परावलम्बी; परजीवी । ना० २. सेवक; नोकर; चाकर ।

**अनुज्ञप्ति–** ना० [सं०] १. शुल्क तिरी सरकारी तबरबाट अनुमति लिएर मात्र वस्तुको उत्पादन, वितरण, उपभोग आदि गर्न पाइने अनुमतिपत्र; इजाजतपत्र; लाइसेन्स ।

**अनुज्ञा–** ना० [सं०] १. मुख्य आदेश वा विधानलाई व्याख्या गरिने उपआदेश; अनुमति; इजाजत । २. मुख्य हाकिमले आफ्ना मातहतका अधिकारीहरूलाई दिने आज्ञा । **– पत्र–** ना० इजाजतपत्र ।

**अनुतप्त–** वि० [सं०] १. मानसिक ताप वा सन्ताप परेको । २. कुनै पूर्वप्रसङ्गबारे पश्चात्ताप, क्लेश वा आत्मग्लानि अनुभव गर्ने; सन्तप्त ।

**अनुताप–** ना० [सं०] १. मानसिक ताप; सन्ताप; जलन; औडाहा । २. पश्चात्ताप; थकथकी; पछुतो । ३. आत्मग्लानि; मानसिक क्लेश; अपसोच ।

**अनुत्तम–** वि० [सं०] १. उत्तम नभएको; उम्दा नठहरिने । २. सामान्य खालको; औसत खाले; निम्नस्तरको; तल्लो खाले; घटिया; निकृष्ट; निम्न ।

**अनुत्तर–** वि० [सं०] १. उत्तर नभएको । २. प्रश्नको उत्तर दिन असमर्थ; कुनै गल्ती वा अपराधबारे सोधपुछ गर्दा जवाफ दिन नसक्ने; नाजवाफ । ३. मौन । **– दायित्व–** ना० १. उत्तरदायित्वको अभाव; उत्तरदायी नहुनाको भाव । २. कर्तव्य र दायित्वको उपेक्षा । **– दायी–** वि० १. उत्तरदायी नभएको वा नरहेको; आफ्नो ओहदा वा जिम्माका कामकुरामा दायित्व वा उत्तरदायित्वको बोध नगर्ने । २. कुनै कामकुरा बिग्रेकोमा वा त्रुटिगल्ती भएकोमा कुनै पनि प्रकारले उत्तरदायी ठान्न वा ठहऱ्याउन नसकिने । ३. कुनै कामकुरा बिग्रनामा जिम्मेवारी नभएको; गैरजिम्मेदार; गैरजिम्मेवार ।

**अनुत्तरित–** वि० [सं०] १. जवाफ वा उत्तर नदिइएको । २. पहेलीका रूपमा रहेको रहस्यात्मक; रहस्योद्घाटन हुन नसकेको । ३. अहिलेसम्म कुनै उत्तर वा समाधान प्राप्त नभएको; कुनै टुङ्गो लाग्न नसकेको; तात्त्विक (ज्ञानविज्ञानका विभिन्न क्षेत्रमा जति प्रश्न उठेका छन् तीमध्ये निकै प्रश्न अझै अनुत्तरित रूपमा छन् ।)। ~ **प्रश्न–** ना० १. उत्तर वा समाधान प्राप्त हुन नसकेको प्रश्न; समाधान हुन नसकेको समस्या । २. रहस्यमय अवस्थामा नै गुज्रिरहेको विषय ।

**अनुत्तीर्ण–** वि० [सं०] १. पार नभएको; नदी आदि तरेर पारि नपुगेको । २. परीक्षा आदिमा असफल । **– ता–** ना० पार नहुनाको वा पारि नपुग्नाको भाव, स्थिति वा गुण; असफलता; विफलता ।

**अनुत्पत्ति–** ना० [सं०] १. उत्पत्ति वा उद्‌भवको अभाव । २. प्रकट नहुनाको भाव वा स्थिति; अस्तित्वमा नआएको व्यवस्था । ३. विचार वा सिद्धान्तका स्फुरणको अभाव; नयाँ विचार वा सिद्धान्त आदिको उद्‌भव नभएको स्थिति ।

**अनुत्पन्न–** वि० [सं०] नजन्मेको; उत्पन्न नभएको । विप० उत्पन्न ।

**अनुत्पादक–** वि० [सं०] उत्पादन नगर्ने; उत्पादन गर्ने शक्ति, क्षमता वा सामर्थ्य नभएको । – **ता/त्व–** ना० अनुत्पादक हुनाको भाव, गुण वा स्थिति ।

**अनुत्पादन–** ना० [सं०] उत्पादनको अभाव; कुनै जग्गाजमिनमा उब्जा नभएको स्थिति; बालीनाली वा पैदावार प्राप्त नहुनाको भाव वा अवस्था ।

**अनुत्पादित–** वि० [सं०] उत्पादन नभएको वा नगरिएको ।

**अनुत्साह–** ना० [सं०]१. उत्साहको अभाव वा अनुपस्थिति । २. जाँगर र तत्परताको अभाव । ३. अरुचि; उदासीनता; नैराश्य । > **अनुत्साहित–** वि० उत्साह नभएको; उत्साह हराएको । **अनुत्साही–** वि० उत्साह नराख्ने; उत्साहित नहुने; उदासीन; उत्साहनामेट ।

**अनुदात्त–** वि० [सं०]१. उदात्त नभएको; अनुदार । २. क्षुद्र; तुच्छ; निकृष्ट; नीच; तल्लोखाले । ना० ३. स्वरवर्णको उच्चारण गर्दा स्वराघातमा विशेष जोड नपर्ने, स्वरका उदात्त, अनुदात्त र स्वरित तीन भेदमध्ये एक; सारस्वरसहित वैदिक मन्त्रको पाठ गर्दा हात तल झड्कारी अभिव्यक्त गरिने प्रक्रिया ।

**अनुदान–** ना० [सं०]१. कुनै राज्य, प्रशासनका तर्फबाट अथवा कुनै राष्ट्रियअन्तर्राष्ट्रिय आधिकारिक संस्थाका तर्फबाट विशेष कामका निम्ति संस्था वा उत्तरदायी व्यक्तिलाई प्रदान गरिएको वार्षिक वा पटके आर्थिक सहयोग । २. सो सहयोगस्वरूप दिइने रकम । ३. चन्दा; शुल्क ।

**अनुदार–** वि० [सं०]१. उदार नभएको; अरूका उपर दयाको भावना नराख्ने र अरूको भलो होस् भन्ने नचिताउने । २. कडा वा सङ्कुचित हृदय भएको । ३. पारिवारिक सुखसुविधा र सामाजिक हितका अत्यावश्यक कार्यमा मन फुकाएर खर्चबर्च नगर्ने; कृपण; कन्जुस । ४. प्रचलित सामाजिक मान्यतामा सुधार वा परिवर्तन नचाहने र त्यस्तो परिवर्तन वा सुधारको प्रतिरोधसमेत गर्ने; सङ्कीर्ण विचारधारा भएको; पुरातनपन्थी; रूढिवादी । – **ता–** ना० सङ्कुचितता; सङ्कीर्णता; रूढिवादिता; प्रतिक्रियावादी वा दक्षिणपन्थी दृष्टि । – **वाद–** ना० प्रचलित सामाजिक मान्यतामा सुधार वा परिवर्तन नचाहने; त्यस्तो परिवर्तन वा सुधारको प्रतिरोध गर्ने विचारधारा वा दृष्टिकोण; रूढिवाद; प्रतिक्रियावाद; यथास्थितिवाद । – **वादी–** वि० अनुदारवादमा विश्वास राख्ने; उदारवादको विरोधी ।

**अनुद्यम–** ना० [सं०]१. उद्यम वा उद्योगको अभाव; अनुद्योग । वि० २. उद्यम नगर्ने; उद्यममा नलागेको । > **अनुद्यमी–** वि० अनुद्योगी ।

**अनुद्योग–** ना० [सं०]१. उद्योगको अभाव; कुनै लक्ष्य हासिल गर्न आवश्यक उद्योग वा प्रयासको अभाव । २. आलस्य; अल्छचाइँ; अकर्मण्यता; निष्क्रियता; उदासीनता । > **अनुद्योगी–** वि० १. उद्योग, मिहेनत वा प्रयास नगर्ने । २. जाँगर नभएको; अल्छी; अकर्मण्य; निष्क्रिय ।

**अनुद्विग्न–** वि० [सं०]१. मनमा कुनै पनि चिन्ता, क्लेश वा आतङ्क अनुभव नगर्ने; उद्विग्न नभएको । २. नहडबडाउने; नआत्तिने । – **ता–** ना० निश्चिन्तता, स्थिरता; क्लेशविहीनता ।

**अनुद्वेग–** ना० [सं०] चिन्ता, क्लेश वा आतङ्कको अनुभव नभएको शान्त र स्थिर मनस्थिति; उद्वेगको अभाव ।

**अनुधारणा–** ना० [सं०] कुनै विषय वा समस्याका बारेमा चिन्तनमनन वा अनुसन्धानका क्रममा अँगालिएको पूर्वधारणा; त्यस्तो चिन्तनमनन वा अनुसन्धानका प्रारम्भमा अनुसरण गरिएको तर प्राप्त हुन आउने तथ्यहरूबाट खण्डनमण्डन दुवै हुन सक्ने किसिमको पूर्वमान्यता; अनुकल्पना; प्राक्कल्पना; शोधसामग्रीको प्रतिपाद्य वस्तु ।

**अनुनय–** ना० [सं०]१. शक्तिशाली वा प्रभावशाली व्यक्तिका सामु आफ्ना र अरू कसैका उद्धार तथा हितका निम्ति विनयपूर्वक गरिने प्रार्थना वा अनुरोध । २. आफूसित रिसाएको वा उदासीन रहेको कुनै व्यक्तिलाई बारम्बार फकाईफुल्याई वा रिझाई आफ्नो अनुकूल तुल्याउन गरिने प्रयास; विनय; बिन्ती; बिन्तीभाउ; प्रार्थना । ~ **विनय–** ना० बिन्तीभाउ; अनुनय ।

**अनुनाद–** ना० [सं०]१. कुनै ध्वनि वा आवाज आएपछि त्यसबाट उत्पन्न कम्पनको फलस्वरूप प्रकट हुने दोस्रो ध्वनि वा ध्वनितरङ्ग; प्रतिध्वनि; रन्को । २. नादविज्ञानअन्तर्गत एकै प्रकारका दुई सूक्ष्मनादका योगबाट उत्पन्न हुने गम्भीर तथा स्थूल नाद । ३. सङ्गीतमा वाद्यवादन गर्दा हुने कम्पनबाट प्राप्त भएको गमक । > **अनुनादक –** वि० प्रतिध्वनि पैदा गर्ने; गुञ्जन गर्ने; नाद पैदा गर्ने (उदा०– जलतरङ्ग अनुनादक बाजा हो ।) । **अनुनादित –** वि० प्रतिध्वनित भएको; गुँजेको ।

**अनुनासिक–** वि० [सं०]१. नाके स्वरले उच्चारण गरिने; मुख र नासिकाका योगबाट उच्चरित; नासिक्य । ना० २. नाके स्वरले बोलिने ध्वनि (ङ, ञ, ण, न, म इ०) । ३. अक्षरका शिरमा लागी नासिकीकरणलाई जनाउने चिह्न; चन्द्रविन्दु; जूनटिकी (जस्तै– डाँक, आँसु, हाँसो, बनाउँछु इ०) ।

**अनुन्नत–** वि० [सं०]१. उन्नति वा विकास नभएको; नउठेको; उन्नति वा उच्चतामा नपुगेको; उन्नतिरहित; उन्नतिहीन । २. होचो; पुड्को; अविकसित ।

**अनुन्मुक्त–** ना० [सं०]१. कुनै बाधाबन्देजबाट स्वतन्त्र हुन नपाएको; बन्धनमा परेको; नछोडिएको । २. परिशोधन नगरीकन राखिएको (ऋणपत्र) । ३. कारागारमा रहेको; कैदमुक्त नभएको (कैदी) ।

**अनुपकार–** ना० [सं०] उपकारको अभाव; कसैको भलाइ वा कल्याण गर्ने प्रवृत्तिको अभाव; अरूलाई सहयोग गर्ने वा मद्दत दिने गुणको अभाव; अपकार; कुभलो; अहित; हानि; अकल्याण । > **अनुपकारी –** वि० १. अनुपकार गर्ने । ना० २. अनुपकार गर्ने व्यक्ति ।

**अनुपपत्ति–** ना० [सं०]१. उपपत्ति, प्रमाण वा प्रामाणिक प्रतिपादनको अभाव । २. ठोस प्रमाणद्वारा युक्तिपूर्वक कुनै कुरा

सिद्ध गर्न नसकिएको वा साबित नभएको अवस्था; असिद्धि; अप्रतिपत्ति ।

**अनुपम–** वि० [सं०] १. उपमा नभएको; उपमा दिन नसकिने; अतुलनीय; बेजोड । २. उत्तम; श्रेष्ठ; उम्दा; निरुपम । **– ता–** ना० अनुपम अवस्था वा गुण; अतुलनीयता; निरुपमता । > **अनुपमेय –** वि० अनुपम ।

**अनुपयुक्त–** वि० [सं०] १. चाहिँदो काममा नआउने; नचाहिँदो; उपयुक्त नभएको । २. कामको लायक नभएको; काम नदिने । ३. अयोग्य । ४. नसुहाउँदो । ५. अपात्र । ६. अनुचित । **– ता–** ना० कुनै कामकुरा, विषय वा प्रसङ्गका निम्ति जेजस्तो हुनुपर्ने हो ठीक त्यस्तो नहुनाको भाव, गुण वा अवस्था; अयोग्यता; अपात्रता; अनुचितता; नसुहाउँदोपन; अमिल्दोपन ।

**अनुपयोग–** ना० [सं०] १. उपयोगको अभाव । २. उपयोग, व्यवहार, काम वा चलनचल्तीमा नआएको स्थिति । ३. जुन किसिमले प्रयोग गर्नुपर्ने हो त्यसको अभाव । ४. अनुचित तवरले गरिएको प्रयोग वा उपयोग; दुरुपयोग । > **अनुपयोगिता –** ना० १. उपयोग वा उपयोगिताको अभाव; उपयोगी नहुनाको वा अनुपयोगी हुनाको भाव; कुनै लाभ वा फाइदा नदिने वा नहुने स्थिति; बेकम्मापन; व्यर्थता; निरर्थकता । २. शास्त्रीय वा सैद्धान्तिक उपयोगिता भए पनि प्रयोग, व्यवहार वा चलनचल्तीका दृष्टिले कुनै पनि उपयोगिता नभएको स्थिति । **अनुपयोगी–** वि० १. उपयोगिताविहीन; उपयोगिता नभएको । ना० २. उपयोगिताविहीन व्यक्ति ।

**अनुपलब्ध–** वि० [सं०] १. नपाइएको; उपलब्ध नभएको; प्राप्त नभएको; नभेटिएको; मिल्न वा पाइन नसकेको । २. भेउ नपाइएको; पत्तो नलगाइएको; अज्ञात; अप्राप्त । **– ता–** ना० उपलब्धताको अभाव; अनुपलब्ध हुनाको वा उपलब्ध नहुनाको भाव वा स्थिति; अप्राप्यता । > **अनुपलब्धि –** ना० १. उपलब्धि वा प्राप्तिको अभाव; कुनै कुरा उपलब्ध नहुनाको भाव वा स्थिति; कुनै कुरा भेट्न, पाउन, मिल्न वा पत्ता लगाउन नसक्नाको भाव वा स्थिति; अप्राप्ति । २. कामकुरा गर्दा लक्ष्य हासिल हुन नसकेको अवस्था; असफलता; विफलता ।

**अनुपस्थित–** वि० [सं०] १. आफ्ना सामुन्ने नभएको वा नरहेको; उपस्थित नभएको । २. कुनै खास ठाउँ वा अवसरमा मौजुद नरहेको । ३. उपस्थित रहन भनी आधिकारिक रूपमा तोकिएको ठाउँ वा समयमा सामेल हुन नआएको । ४. काम गर्नुपर्ने अड्डा वा संस्थामा हाजिर हुन नआएको वा हाजिर नरहेको । ५. निर्धारित कक्षामा पढ्न नआई शिक्षकले हाजिर लिँदा नआएको भनी जनाइएको । > **अनुपस्थिति –** ना० १. उपस्थितिको अभाव; अनुपस्थित हुनाको भाव वा स्थिति । २. कुनै ठाउँ, समय वा अवसरमा उपस्थित नरहनाको भाव वा स्थिति । ३. बोलाइएको वा निम्त्याइएको ठाउँमा सम्मिलित हुन नआएको स्थिति । ४. अड्डा वा संस्थामा कुनै दिन वा केही समय गैरहाजिर रहेको अवस्था । ५. सामेलीका निम्ति आधिकारिक रूपमा तोकिएका समय र ठाउँमा सामेल नभएको स्थिति । ६. निर्धारित कक्षामा पढ्न नआई शिक्षकले हाजिर लिँदा नआएको भनी जनाइएको स्थिति; गैरहाजिरी; गयल; अविद्यमानता ।

**अनुपात–** ना० [सं०] १. सापेक्षता; दँजाइ वा दाँजो; तुलनात्मकता (उदा०– पढाइको अनुपातमा लेखाइमा बढी प्रतिभा चाहिन्छ ।) । २. कुनै खास तुलनात्मक वा सापेक्ष मापन, मानाङ्कन र मूल्याङ्कनका क्रममा हुन आउने मात्रा, भाग वा अंश (उदा०– यस व्यवसायमा रामले रु २५,००० र श्यामले २०,००० लगानी गरेकाले सोही अनुपातमा यसको नाफानोक्सान पनि तिनीहरूले बेहोर्ने भएका छन् ।) । ३. समान आयाम भएका कुनै दुई मान, मूल्य वा सङ्ख्याको मान, मूल्य वा सङ्ख्या एकअर्कासँग कति पटक गुणा वा भाग जान सक्छन् भन्ने हिसाबले निर्धारित हुने र सिङ्गो सङ्ख्या वा भिन्नका रूपमा पनि प्रकट हुन सक्ने परस्परसापेक्ष मात्रात्मक सम्बन्ध । (जस्तो – ३ र ४ मा त्यही अनुपात छ, जुन १२ र १६ वा २४ वा ३२ मा छ; ३ र ४ को अनुपातलाई गणितात्मक भाषामा ३:४ वा ३/४ भनी लेख्न सकिन्छ ।) । ४. प्रमाण र इच्छाका सापेक्ष मात्रागत सम्बन्धअनुरूप प्रमाणफल र इच्छाफलको सम्बन्धमा निर्धारित हुने त्रैराशिक वा पञ्चराशिक क्रिया । ५. कुनै काष्ठादि वा रसादि औषधी तयार गर्दा प्रयोग गरिने विभिन्न वस्तुको परस्परसापेक्ष मात्रा; अंश; भाग; भागबाँडो । > **अनुपाती–** वि० अनुपातको; अनुपातसम्बन्धी; आनुपातिक ।

**अनुपादेय–** वि० [सं०] १. उपादेयता वा उपयोगिता नभएको; अनुपयोगी । २. स्वीकार गर्न लायक नभएको; ग्राह्य नभएको; अग्राह्य । ३. कुनै प्रकारको पनि महत्त्व, मूल्य वा आवश्यकता नभएको; उपादेयतारहित; उपादेयताविहीन; अनावश्यक । **– ता–** ना० १. उपादेयता वा उपयोगिताको अभाव; अनुपादेय हुनाको भाव । २. ग्रहण गर्न वा स्वीकार गर्न लायक कुनै पनि गुणको अभाव; कुनै पनि प्रकारको महत्त्व, मूल्य, उपयोगिता वा प्रयोजनको अभाव ।

**अनुपान/अनुपाम–** ना० [सं० अनुपान] १. आयुर्वेदिक औषधीमा एक औषधीका साथसाथै मिसाइएको कुनै अर्को औषधी । २. औषधी खाएपछि वा साथसाथै खाइने अर्को औषधी वा खाद्य वस्तु । ३. औषधीको ठिक्क अड्कलिएको मात्रा ।

**अनुपूरक–** वि० [सं०] १. पहिले भएको कामको वा पहिलेका वस्तुको अपुगमा थपिने; नपुग भएमा थप गरिने; सम्पूरक । ना० २. त्यसरी थपिने वस्तु ।

**अनुपूरित–** वि० [सं०] भइसकेको काम, भएको वस्तु आदिमा कमी वा अपूर्ण भई पछिबाट पूर्ति गरिएको; पछिबाट थपिएको; पूरा गरिएको; सम्पूरित ।

**अनुप्रस्थ–** ना० [सं०] १. सितार, गितारजस्ता तारवाद्यमा औँलाले तारलाई रगड्दा पहिलोपल्ट निस्कने कम्पन; तार आदिबाट

पहिलोपल्ट आउने स्वर । वि० २. क्षितिजसँग सम्बन्ध रहेको; आकाशसँग सम्बन्धित; क्षैतिज ।

**अनुप्राणित**– वि० [सं०] १. प्राण हालिएको; सजीव तुल्याइएको । २. प्रेरणा प्रदान गरिएको; प्रेरित गरिएको । ३. निकै मात्रामा प्रभावित; प्राणवान्; सजीव; उत्प्रेरित; प्रेरित ।

**अनुप्रास**– ना० [सं०] साहित्यसिद्धान्तअनुसार पद वा पदावलीअन्तर्गत समान ध्वनि भएका एक वा अनेक व्यञ्जनवर्णको बारम्बार आवृत्ति हुँदा हुन जाने शब्दालङ्कार (छेकानुप्रास, वृत्त्यनुप्रास, श्रुत्यनुप्रास, लाटानुप्रास, अन्त्यानुप्रास इ० ।) ।

**अनुबद्ध**– वि० [सं०] कुनै मुख्य विषयवस्तुसँग सम्बद्ध; कसैका प्रति बफादारीपूर्वक संलग्न भएको ।

**अनुबन्ध**– ना० [सं०] १. दुई वा धेरै व्यक्ति, संस्था, पक्ष आदिका बीचको सम्झौता । २. त्यस्तो सम्झौताको लिखत । ३. ग्रन्थसँग सम्बन्धित विषय, प्रयोजन र विषयी – यी तीनैको सम्बन्धमध्ये कुनै एक । > **अनुबन्धन** – ना० अनुबन्ध; करार; सम्झौता । – **अधिकृत**– ना० कार्यालय आदिमा अनुबन्ध गर्ने अधिकारी । > **अनुबन्धित** – वि० अनुबन्ध गरिएको ।

**अनुभरण**– ना० [सं०] कुनै सेवामा जीवन बिताउने मान्छेका मृत्युपछि उनीहरूका स्वास्नी, छोराछोरीले जीवननिर्वाहका निमित्त पाउने जीवनवृत्ति; अनुवृत्ति ।

**अनुभव**– ना० [सं०] १. इन्द्रिय वा स्नायुहरूका माध्यमबाट उत्पन्न उद्दीपनको फलस्वरूप प्रकट हुने मानसिक अनुक्रिया; अनुभूति; संवेदन । २. पाँचै इन्द्रियले भोगी केही कुरो चाल पाउने क्रिया वा त्यसरी चाल पाएको ज्ञान । ३. भोगाइ, चेताइ, बेहोराइ आदिको क्रिया वा प्रक्रिया । ४. उक्त क्रियाप्रक्रियाबाट प्राप्त मानसिक बोध । ५. स्वाद, गुण, विशेषता आदिको उपभोग तथा त्यस्तो उपभोगबाट प्राप्त बौद्धिक लाभ । ६. उमेर, व्यस्तता, सहभागिता आदिले गर्दा विचार र शिल्पमा आउने परिपक्वता; दक्षता; चातुर्य । – **वाद**– ना० अनुभवलाई नै प्रधानता दिने एक दर्शन । – **वादी**– वि० अनुभववादसम्बन्धी; अनुभववादको अनुयायी । – **हीन**– वि० अनुभव नभएको । – **हीनता**– ना० अनुभवहीन चाल वा अवस्था । > **अनुभवात्मक** – वि० अनुभवसँग सम्बन्धित । **अनुभवाश्रित** – वि० अनुभवको भर परेको; अनुभवमा अडेको (ज्ञान, विचार इ०) । **अनुभवी**– वि० अनुभव भएको वा पाएको ।

**अनुभाव**– ना० [सं०] साहित्यशास्त्रअनुसार, मनमा कुनै भाव उब्जँदा र विशेषतः कुनै रसको अनुभूति हुँदा प्रकट हुने मानसिक र शारीरिक व्यापार; भावलाई उपयुक्त लक्षणद्वारा प्रकाशित गर्ने मानसिक र शारीरिक व्यापार । २. भरतको रसनिष्पत्तिसम्बन्धी सूत्रअनुसार विभाव र व्यभिचारी भावका साथ रसनिष्पत्तिमा भूमिका खेल्ने तत्त्व; स्थायी भाव उद्दीप्त भएपछि त्यसका आश्रयमा प्रकट भएर स्थायी भावलाई बाहिर प्रकाश गर्ने कार्यश्रेणीको व्यापार । ३. मर्यादा; चमक; शक्ति । ४. वैभव; प्रभाव । ५. सङ्कल्प; विश्वास । > **अनुभावन** – ना० १. शरीरका चेष्टा, मुद्रा वा भङ्गिमाद्वारा मनका भावको प्रकाशन । २. अनुभावव्यापार । **अनुभाव्य**– वि० १. अनुभव नगरी नहुने; अनुभव गर्नुपर्ने । २. अनुभव गर्न सकिने ।

**अनुभूत**– वि० [सं०] १. अनुभव गरिएको; अनुभूतिका रूपमा ग्रहण गरिएको । २. भोगिएको; बेहोरिएको । ३. अनुभवसिद्ध ।

**अनुभूति**– ना० [सं०] १. इन्द्रियहरू वा स्नायुहरूका माध्यमबाट प्राप्त उद्दीपनका फलस्वरूप प्रकट हुने मानसिक क्रिया, प्रतिक्रिया, अनुक्रिया, घटना वा व्यापार; मानसिक अनुभव; मनले अनुभव गर्ने व्यापार वा क्रिया; अनुभूत गर्ने व्यापार वा कार्य । २. अंशतः मानसिक तथा शारीरिक तर पूर्णतः इन्द्रियगतचाहिँ नभएको आनन्द, पीडा आदि अनुभूत हुने अनुक्रिया वा संवेदना; मनोदशा; मनस्थिति; मनोभाव वा मनोराग । ३. आन्तरिक प्रत्यक्षण, स्मृति या कल्पनाशक्तिद्वारा प्राप्त भएको मानसिक अनुभव; सो अनुभव गर्ने काम वा अनुभव भएको स्थिति । – **गत**– वि० अनुभूतिसम्बन्धी । – **जन्य**– वि० अनुभूतिबाट प्राप्त भएको । – **मूलक**– वि० अनुभूति मूल भई त्यसबाट उत्पन्न । – **शून्य**– वि० अनुभूति नभएको; अनुभूतिविहीन; अनुभूतिनामेट ।

**अनुमत**– वि० [सं०] स्वीकृतिप्राप्त; अनुमतिप्राप्त ।

**अनुमति**– ना० [सं०] १. कुनै कामकारवाई आदिका लागि पाइने वा दिइने स्वीकृति; आदेश; आज्ञा; हुकुम । २. मन्जुरी; स्वीकृति । ~ **पत्र**– ना० केही गर्न वा कतै जान दिइएको अनुमतिको प्रमाणपत्र । – **प्राप्त** – वि० अनुमति पाएको; स्वीकृति पाएको (काम, पाउने व्यक्ति इ०) ।

**अनुमान**– ना० [सं०] १. यस्तो होला वा हुन्छ भनी आफ्ना मनले अट्कल्ने वा अन्दाज लगाउने काम; लख; पूर्व-अनुभव र आफ्ना समझका आधारमा कुनै कामकुरा, वस्तु, व्यक्ति, विषय आदिबारे गरिने अन्दाज; भावी कामकुरा आदिबारे गरिएको अडकल । २. कुनै वस्तु वा व्यक्ति आदिको परिमाण वा इयत्ताबारे मोटामोटी हिसाब लगाई गरिने अन्दाज । (उदा०– त्यो खसी यति धार्नीको होला भन्ने अनुमान गरिएको छ ।) । ३. पूर्वीय न्यायशास्त्रले स्वीकारेका प्रत्यक्ष, अनुमान, उपमान र शब्द चार प्रमाणमध्ये प्रत्यक्ष साधनद्वारा अप्रत्यक्ष साध्यलाई प्रमाणित गरिने दोस्रो प्रमाण । ४. कुनै खास अवधिअन्तर्गत विभिन्न शीर्षकमा हुने आम्दानी-खर्चको अन्दाज गर्ने काम । – **तः**– क्रि०वि० अनुमानपूर्वक; अनुमानद्वारा । > **अनुमानित**– वि० अनुमान गरिएको; अनुमित ।

**अनुमित**– वि० [सं०] अनुमानद्वारा निर्णय गरिएको; अनुमान गरी टुङ्गो लगाइएको ।

**अनुमिति**– ना० [सं०] १. अनुमान; अन्दाज; अडकल । २. अनुमान गरिनाको वा अनुमानित हुनाको भाव वा अवस्था । ३. प्राचीन न्यायअनुसार तर्कप्रक्रियाद्वारा प्राप्त कुराका आधारमा निकालिएको, अनुभूतिका चार भेदमध्ये एक मानिने निष्कर्ष ।

– **वाद**– ना० रस अनुमानगम्य छ भन्ने साहित्यशास्त्रीय सिद्धान्त ।

**अनुमेय**– वि० [सं०] अनुमान गर्न लायक वा योग्य । २. अनुमानद्वारा जान्न सकिने ।

**अनुमोदक**– वि० [सं०] १. अनुमोदन गर्ने; समर्थन गर्ने । ना० २. कुनै सभा वा बैठकमा प्रस्तुत भएको प्रस्ताव वा विचारको समर्थन गर्ने व्यक्ति; समर्थक ।

**अनुमोदन**– ना० [सं०] १. कसैले उठाएको, सुझाएको वा प्रस्ताव गरेको कुरालाई समर्थन गर्ने काम । २. आधिकारिक रूपमा प्रस्तुत प्रस्तावलाई स्विकार्ने कार्य । ३. भइसकेको कुनै कामकुरालाई पछिबाट समर्थन गर्ने काम । ४. कसैले कुनै कामकुरा गर्न पाऊँ भनी निवेदन गर्दा निजलाई सो कामकुरा गर्न प्रदान गरिएको सहमति वा पूर्वस्वीकृति; समर्थन; स्वीकार; सहमति ।

**अनुमोदित**– वि० [सं०] अनुमोदन गरिएको; समर्थन प्राप्त भएको; समर्थित ।

**अनुयायी**– वि० [सं०] १. कसैको पछिपछि लाग्ने वा अनुसरण गर्ने । ना० २. कुनै आदर्श, सिद्धान्त वा वादको अनुसरण या अनुकरण गर्ने व्यक्ति । ३. कसैको उपदेश वा सिद्धान्त मानी त्यसैअनुसार आचरण गर्ने व्यक्ति; कुनै धर्म वा सम्प्रदाय मान्ने व्यक्ति; अनुगामी; समर्थक ।

**अनुयोग**– ना० [सं०] वाद्यवादनका विभिन्न स्वरलहरीबाट आवृत्ति भएका तानको एकरूपता; स्वरबाट आएको अनुतानको समानता ।

**अनुरक्त**– वि० [सं०] १. मनमा कसैप्रति वा कुनै कुराप्रति आकर्षण, अनुराग वा आसक्ति अनुभव गर्ने; लहसिएको; आसक्त; अनुरागी । २. स्नेही; प्रेमी । – **ता**– ना० अनुरक्त हुनाको भाव वा स्थिति; अनुराग । > **अनुरक्ति**– ना० कुनै विषयप्रतिको अत्यन्त लगाउ; अनुराग; प्रेम ।

**अनुरञ्जन**– ना० [सं०] मन बहलाउने कार्य; मनोविनोद ।

**अनुरणन**– ना० [सं०] १. घण्टा आदि कुनै वस्तुबाट निस्किएको ध्वनि वा आवाजको रन्को; सो ध्वनि वा आवाजको तरङ्ग । २. आघात वा घर्षणको फलस्वरूप कुनै वस्तुबाट टचाङटचाङ आदि खिरिलो ध्वनि वा रणन पैदा हुँदा लहरस्वरूप प्रकट हुने ग्याङरिङ आदि प्रतिध्वनि; रन्को । ३. नाद या शब्दको लहरका क्रमबाट प्रकट भई केही समयपछि विलीन हुने वा बिलाई समाप्त हुने स्वरको मुख्य रूप > **अनुरणनात्मक**– वि० अनुरणन भएको ।

**अनुरणित**– वि० [सं०] १. अनुरणन गरिएको वा भएको ।

**अनुरत** – वि० [सं०] अत्यन्त लागिपरेको; अनुरक्त; लट्टू; लग्गू ।

**अनुराग**– ना० [सं०] १. कसैप्रति वा कुनै कुराप्रति मनमा अनुभव हुने आकर्षण, संलग्नता तथा आसक्तिको भाव । २. कुनै वस्तु वा व्यक्तितर्फ मन प्रवृत्त हुने व्यापार वा अवस्था । ३. कुनै व्यक्ति वा कुराप्रति मनको झुकाउ; त्यसरी मन तानिएको वा संलग्न रहेको स्थिति । ४. शृङ्गारका सन्दर्भमा मिलन वा शारीरिक सम्पर्क हुनुभन्दा अगि नारी र पुरुषका बीच मानसिक स्तरमा अनुभव हुने प्रीतिको प्रारम्भिक भाव; आसक्ति; अनुरक्ति; स्नेह; प्यार; प्रीति; प्रेम; माया; प्रणय; मायापिर्ती । > **अनुरागी** – वि० १. कुनै विषयप्रति अनुराग भएको; अनुरक्त; झुकाउ भएको । ना० २. प्रेमी ।

**अनुराधा**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये सात ताराहरूका मिलनले गर्दा सर्पका आकारको देखिने र फलित ज्योतिषका दृष्टिले ज्यादै शुभ र मङ्गलकारी पनि मानिने सत्रौँ नक्षत्र ।

**अनुरूप**– वि० [सं०] १. उस्तै रूप भएको; काटीकुटी मिल्दो; दुरुस्तै उस्तो; समान रूपको; जस्ताको तस्तो । २. जेजस्तो चाहिएको हो ठीक त्यस्तो । ३. जेजस्तो गरिएको हो त्यसमाफिकको; उस्तै; सदृश; प्रतिरूप; उपयुक्त; योग्य; अनुकूल । – **ता**– ना० अनुरूप हुनाको भाव वा स्थिति; समानता; सादृश्य ।

**अनुरोध**– ना० [सं०] कसै समक्ष कुनै कामकुरा सम्पन्न गराउन वा केही कुरा प्राप्त गर्नाका निम्ति नम्रतापूर्वक प्रार्थना गर्ने काम; साग्रह निवेदन; विनय; बिन्तीभाउ । > **अनुरोधक** – वि० १. अनुरोध गर्ने । ना० २.अनुरोध गर्ने व्यक्ति । ~ **पत्र**– ना० दर्खास्त; निवेदनपत्र । **अनुरोधी**– वि० अनुरोधक ।

**अनुर्वर**– वि० [सं०] १. उर्वर वा उब्जाउ नभएको; बाँझो; रूखो । २. उत्पादन गर्न वा जन्म दिन नसक्ने; जन्माउन नसक्ने । ३. कम उब्जाउ वा कम उर्वर । – **ता**– ना० अनुर्वर हुनाको गुण, स्वभाव वा स्थिति ।

**अनुलाभ**– ना० [सं०] कुनै वस्तु वा कुराको प्राप्ति; परिलाभ; उपलब्धि; लाभ ।

**अनुलिपि**– ना० [सं०] १. एक लिपिबाट अर्का लिपिमा गरिएको उतार; एकखाले हस्ताक्षरबाट अर्कोखाले हस्ताक्षरमा उतार गर्ने काम (ट्रान्सलिटरेसन) । २. त्यसरी उतार गरिएको लिखत वा छापा ।

**अनुलेख**– ना० [सं०] लेखिएको कुरा सार्ने काम वा कार्यकलाप; प्रतिलिपि । > **अनुलेखन** – ना० १. पहिले लेखिएका उल्लेखनीय घटना आदिको विवरणको फेरि अर्को प्रति सार्ने काम; नक्कल सार्ने काम । २. प्रतिलिपिको उतार ।

**अनुलेप**– ना० [सं०] १. शरीरमा घसिने वा दलिने चन्दन, क्रिम आदि सुगन्धी वस्तु । २. सुन, चाँदी आदिमा जलप लगाउने काम; कुनै धातुमा सुन आदिको मुलम्मा लगाउने काम । > **अनुलेपन** – ना० १. एकचोटि लेपन गरिसकिएका कुनै वस्तुमाथि पुनः अर्कोचोटि लेपन गर्ने काम । २. शरीरमा सुगन्धित वस्तु घस्ने काम; अनुलेप ।

**अनुलोम**– ना० [सं०] १. माथिदेखि तलसम्म झर्ने, खस्ने वा आउने क्रम । २. ठूलादेखि सानातर्फ झर्ने वा आउने सिलसिला । ३. सुल्टो क्रम । ४. उच्च स्वरदेखि तल्ला स्वरहरूतर्फ ओर्लने अवरोहको क्रम । ५. परम्पराअनुसार उच्च वर्ण वा जातका पुरुषले आफ्नोभन्दा तल्लो वर्ण वा जातका आइमाईसँग विवाह गर्ने सुल्टो क्रम ।

**अनुल्लङ्घन–** ना० [सं०] उल्लङ्घन नगर्ने काम । > **अनुल्लङ्घनीय** – वि० १. उल्लङ्घन गर्न नहुने, नसकिने वा उचित नहुने । २. तोड्न वा मिच्न नहुने । ३. अकाट्य; अनुल्लङ्घ्य; अलङ्घ्य । ~**अनुल्लङ्घ्य** – वि० १. नाघ्न नहुने वा नसकिने । २. अकाट्य । ३. अनुल्लङ्घनीय ।

**अनुवंश–** ना० [सं०] १. कुनै एक साझा मूल पुर्खादेखि हाँगाबिँगा हाल्दै आएको एउटै कुल वा बिन्द्रालोका विभिन्न पुस्ता र सन्तान-दरसन्तानको क्रम । २. पुर्ख्यौली; वंशावली; वंशपरम्परा । ३. वंशानुक्रम; वंशक्रम; वंशवृक्ष । ४. वंशको नालीबेली; वंशवृत्त; वंशको इतिहास । > **अनुवंश्य–** वि० १. वंशक्रम वा वंशावलीसँग सम्बन्धित । २. कुनै वंशमा जन्मेको । ३. वंशवंश हुँदै आएको; वंशक्रममा सर्दै आएको; आनुवंशिक ।

**अनुवक्ता–** ना० [सं०] १. एक जनाले एक भाषामा बोलेको कुरा अर्को भाषामा दोहऱ्याउने व्यक्ति; दोभासे । २. अर्काले बोलेको कुरा जस्ताको तस्तै दोहोऱ्याउने व्यक्ति ।

**अनुवचन–** ना० [सं०] १. कुनै शब्द वा वाक्यको दुरुस्त अनुकरण गरी गरिने उच्चारण । २. भाषाशास्त्रअनुसार उही अर्थ भएको शब्दसँग द्वन्द्वसमासका रूपमा टाँसिन आउने कुनै शब्द (जस्तै– धनसम्पत्ति, दुःखदर्द, सागसब्जी इ० । ) । ३. त्यसरी टाँसिने क्रियाप्रक्रिया ।

**अनुवर्तन–** ना० [सं०] १. नक्कल गर्ने काम; अनुसरण; अनुकरण । २. समान आचरण; मिल्दोजुल्दो व्यवहार । ३. पछि लाग्ने वा पछ्याउने काम ।

**अनुवर्ती–** वि० [सं०] १. कुनै खास स्थान वा समयभन्दा पछिल्तिर रहने या रहेको; पश्चवर्ती । २. कुनै व्यक्तिको पछिपछि लाग्ने; कसैका अधीनमा वा मुठीमा रहेको; पछुवा; अनुयायी; अनुगामी । ~**कार्यक्रम–** ना० अनुवर्ती वा अनुगमनात्मक अध्ययनका लागि तयार गरिएको योजनाबद्ध कार्यक्रम ।

**अनुवाक–** ना० [सं०] शास्त्रीय ग्रन्थको कुनै खास भाग, खण्ड वा अंश । २. कुनै एक विषयको प्रतिपादन गर्ने वैदिक ऋचा, कण्डिका वा मन्त्रहरूको समूह; वेदका अध्याय वा प्रकरणको खास अंश वा एक पाठ ।

**अनुवाद–** ना० [सं०] एक भाषाको विषयवस्तुलाई अर्कोमा रूपान्तरित गर्ने काम; उल्था; भाषान्तर; भाषिक रूपान्तर । – **क**/**कर्ता–** वि० १. उल्था गर्ने । ना० २. उल्थ्याउने मान्छे । > **अनुवादन–** ना० अनुवाद । **अनुवादित–** वि० अनुवाद गरिएको; अनूदित । **अनुवादी–** ना० कुनै रागको वादी स्वरको अनुरूप र सहकारी भई त्यस रागको सौन्दर्य बढाउनामा सहयोगी र संवादी स्वरभन्दा गौण स्वर । **अनुवाद्य–** वि० अनुवाद गर्न योग्य; उल्था गर्न लायक ।

**अनुविभाग–** ना० [सं०] १. कुनै पुस्तक वा ग्रन्थमा रहेका मूल खण्डदेखि अतिरिक्त रहेको सानो खण्ड वा विभाग । २. आफ्नै किसिमका चालचलन एवं व्यवहार भएको कुनै समाज वा सम्प्रदायको खण्ड वा उपभेद । ३. कुनै कक्षामा रहेका समूहको विषय फरक हुने कारणले गर्दा छुट्टिएको सानो उपसमूह । ४. कुनै कार्यालयका विभिन्न विभागमध्ये एक; फाँट । > **अनुविभागीय** – वि० १. अनुविभागको; अनुविभागसम्बन्धी । २. सरकारी वा गैरसरकारी विभागहरूमध्ये कुनै एक विभागको (अधिकारी, अधिकृत इ०) ।

**अनुवृत्त–** वि० [सं०] १. कुनै सरकारी वा गैरसरकारी संस्थामा निर्धारित समय वा उमेरसम्म काम गरिसकेपछि सेवामुक्त भएको । २. व्याकरणअनुसार पहिलो सूत्रमा रहेको अर्थ पछिल्ला सूत्रमा पनि सम्बन्धित रहेको । ३. पछि आउने विषयसँग सम्बन्धित रहेको (दृष्टि वा विचार) । > **अनुवृत्ति–** ना० १. कुनै सरकारी वा गैरसरकारी संस्थामा निर्धारित समय वा उमेरसम्म काम गरी सेवाबाट मुक्त भइसकेपछि पनि निजलाई उक्त संस्थाबाट नियमित समयमा दिइने निश्चित रकम; निवृत्तिभरण । २. व्याकरणअनुसार अगिल्ला सूत्र वा नियमको अर्थ पछिल्ला सूत्र वा नियमसँग पनि सम्बन्धित रहने क्रिया ।

**अनुशयाना–** ना० [सं०] साहित्यशास्त्रअनुसार प्रेमीसँग भेट्ने स्थान नष्ट हुनाले दुःखी भएकी परकीया नायिका ।

**अनुशासक–** ना० [सं०] अनुशासनमा राख्ने व्यक्ति; आफ्ना अधीनस्थ वा आश्रित रहेका व्यक्तिहरूलाई शिष्टाचारमा राख्ने व्यक्ति ।

**अनुशासन–** ना० [सं०] १. सामाजिक, नैतिक, धार्मिक, राजनीतिक आदि नियमनियमावलीको मर्यादा वा सो मर्यादाभित्र रहने कार्य । २. आदर्श आचरण र त्यसको पालना । ३. मान्य वस्तु र मान्य जनप्रतिको आस्था । ४. शिक्षा; तालिम; शिक्षण । ५. शिक्षणक्रियाको एक पद्धति । ६. आफूमन्तिरकालाई काबूमा राख्ने कार्य; अदप । ७. नियमितता; सुव्यवस्था; शान्तिसुरक्षा । ८. संयम; आत्मसंयम । ~**पर्व–** ना० १. खण्डित अनुशासनलाई सुधार्ने प्रयास वा त्यो प्रयास भएको काल । २. महाभारतका अठार पर्वमध्येको एक पर्व । ~**प्रिय**/**प्रेमी–** वि० १. अनुशासन मन पराउने । ना० २. अनुशासन मन पराउने व्यक्ति । – **हीन–** वि० अनुशासन नभएको; अनुशासन नमान्ने; अनुशासनरहित ।

**अनुशासित–** वि० [सं०] १. अनुशासनमा रहेको; अनुशासन मान्ने । २. अनुशासनमा ल्याइएको वा राखिएको । – **ता–** ना० अनुशासित हुने तथा रहने कार्य वा गुण ।

**अनुशीलन–** ना० [सं०] १. कुनै कुरा वा विषयको खोजीनिती, छानबिन वा चिन्तनमनन गर्ने काम । २. कुनै ग्रन्थ, विषय, तथ्य वा समस्याका सबै अङ्गउपाङ्ग केलाई ज्यादै सूक्ष्म दृष्टिले विश्लेषणविवेचन गर्ने काम; त्यस्तो सूक्ष्म किसिमले गरिएको विश्लेषण र विवेचना । ३. कुनै ग्रन्थ वा विषयको बारम्बार अध्ययन तथा अभ्यास गरी सूक्ष्मातिसूक्ष्म जानकारी प्राप्त गर्ने काम; चिन्तन; मनन; निरूपण; अध्ययन; आलोचना । – **कर्ता**/**कारी–** वि० अनुशीलन गर्ने ।

**अनुश्रुत**– वि० [सं०] १.कहिल्यै नसुनिएको । २. सोच्तै नसोचिएको; कल्पनासम्म पनि नगरिएको । ३. के कारणले वा कुन प्रयोजनका लागि भन्नेबारे केही पनि जानकारी नभएको । > **अनुश्रुति**– ना० मौखिक परम्पराद्वारा पुस्तौँपुस्ता सुनिँदै आएको कुरा; कथ्य-श्रव्यरूपमा चलिआएको तर कुनै निश्चित स्रोत वा प्रमाण नभेटिने कुरा; जनश्रुति; किंवदन्ती ।

**अनुष्टुप्**– ना० [सं०] आठआठ अक्षरका चार पाउबाट बन्ने, वैदिक कालदेखि आधुनिक भारतीय आर्यभाषाकालसम्म चल्दै आएको, प्रत्येक पाउको पाँचौँ अक्षर लघु तथा छैटौँ अक्षर गुरु र दोस्रो-चौथो पाउको सातौँ अक्षर लघु, अन्य पाउको सातौँ अक्षर गुरु हुनाका साथै विभिन्न पाउका अन्य अक्षर लघु वा गुरु दुवै भई विभिन्न भेद हुन सक्ने एक छन्द ।

**अनुष्ठाता**– वि० [सं०] १. अनुष्ठान गर्ने वा गराउने; शास्त्रमा बताइएको विधिमुताबिक नियमपूर्वक यज्ञ आदि वा अन्य धार्मिक कार्य गर्नेगराउने । २. एकाग्र भई कुनै विशेष महत्त्वपूर्ण र कठिन कार्य गर्नेगराउने ।

**अनुष्ठान**– ना०[सं०] १. शास्त्रले बताएअनुसार यज्ञयागादि धार्मिक कार्य गर्ने काम । २. अभीष्ट फल वा चिताएको कुरा पाउनाका लागि शास्त्रमा बताइएको विधिमुताबिक नियमपूर्वक कुनै देवताको जप, पूजा, पाठ आदि गर्ने काम । ३. त्यस्तो किसिमको आराधना वा उपासना । ४. नियमपूर्वक एकाग्र वा दत्तचित्त भई गरिने कुनै धार्मिक, सामाजिक वा अन्य विशेष महत्त्वपूर्ण र कठिन कार्य । ५. त्यस्ता कार्यको शुभारम्भ गरी सफल पार्ने काम; आराधना; उपासना; पुरश्चरण; व्रत; कार्यारम्भ; विशेष कार्य । > **अनुष्ठानिक** – वि० १. अनुष्ठानसम्बन्धी; अनुष्ठान-बारेको । २. शास्त्रीय विधिपूर्वक वा शास्त्रीय नियमानुसार गरिएको कार्यसँग सम्बन्धित । ३. विशेष महत्त्वपूर्ण र कठिन सेवाकार्यसम्बन्धी ।

**अनुष्ठित**– वि० [सं०] अनुष्ठान गरिएको; नियमानुसार गरिएको; सम्पादित ।

**अनुष्ण**– वि० [सं०]१. गरम वा तातो नभएको; नगर्माएको; गर्मी नहुने । २. चिसो; शीतल । – **ता**– ना० शीतलता; चिसोपन ।

**अनुसन्धाता**– ना० [सं०] अनुसन्धान गर्ने व्यक्ति; शोधकर्ता ।

**अनुसन्धान**– ना० [सं०] १. कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम; गवेषणा; अन्वेषण; आविष्कार । २. शोध । ३. नयाँ सत्य वा तथ्यको खोजी । ४. प्रहरी आदिद्वारा गरिने छानबिन; तलासी । ~ **निर्देशक**– ना० विद्यावारिधि वा त्यसभन्दा तल्लो तहको अनुसन्धानमा शोधकर्तालाई निर्देशन गर्ने विशेषज्ञ; शोधनिर्देशक । ~ **निर्देशन**– ना० शोधनिर्देशकको दायित्व वा कार्य । ~ **परियोजना**– ना० खास मितिमा यति अनुसन्धान गर्ने भनी कुनै संस्थाद्वारा थालिएको परियोजना । ~ **प्रस्ताव**– ना० शोधार्थीले शोध दर्ता गराउनका लागि शोधको बेहोरा खोलेर प्रस्तुत गरेको लिखित प्रस्ताव; शोधप्रस्ताव । ~ **प्रहरी**– ना० छानबिनका लागि तैनाथ गरिएको प्रहरी वा प्रहरीदल । ~ **शाखा**– ना० विश्वविद्यालय आदिको शोधसम्बन्धी काम गर्ने फाँट । ~ **समिति**– ना० विश्वविद्यालय आदिमा अनुसन्धानका लागि गठित समिति । > **अनुसन्धानात्मक** – वि० अनुसन्धानसम्बन्धी ।

**अनुसन्धि**– ना० [सं०] कुनै विशेष कार्य सम्पन्न गर्नका निम्ति सम्बन्धित व्यक्तिले मात्र थाहा पाउने तर अरूले थाहा नपाउने गरी गरिएको सल्लाह वा सन्धि; गुप्त-सन्धि ।

**अनुसन्धित्सु**– ना० [सं०] शोधार्थी ।

**अनुसन्धेय**– वि० [सं०] अनुसन्धान गर्न उचित; शोध गर्न लायक ।

**अनुसमर्थन**– ना० [सं०] कुनै विशेष कार्य सम्पन्न गर्न वा सो विषयमा छलफल, विचारविमर्श आदि गर्नका निमित्त भेला भएका प्रतिनिधिहरूद्वारा गरिएको सम्झौता आदिको समर्थनलाई विधिपूर्वक संविदापत्रमा हस्ताक्षर आदिद्वारा गरिने स्वीकृति वा अभिपुष्टि । ~ **संलेख**– ना० दुई राष्ट्रले परस्परमा गरेका सन्धिलाई समर्थन गर्ने अधिकारप्राप्त सरकारी प्रमुख प्रतिनिधिले हस्ताक्षर गरेको सन्धिपत्र ।

**अनुसरण**– ना० [सं०] १. कुनै वस्तु, विषय, विचार, कुरा वा व्यक्तिको पछिपछि लाग्ने काम । २. कुनै व्यक्ति जुन दिशातर्फ गएको छ त्यसैतर्फ जाने काम । ३. कसैको आज्ञा वा आदेशको पालन गर्ने र सो आज्ञा-आदेशबमोजिम चल्ने वा आचरण गर्ने काम; ठहर वा निश्चय भएअनुसार गर्ने काम । ४. अनुकरण; नक्कल; देखासिकी ।

**अनुसर्ग**– ना० [सं०] व्याकरणमा विभक्ति वा अन्य प्रत्ययको काम गर्नका लागि मूल शब्दमा जोडिने रूपसङ्गठनात्मक तत्त्व (उदा०– को, का, की, लाई, देखि इ०) ।

**अनुसार**– ना० [सं०]१. इसारा; सान; अन्सार । २. लख; अडकल । ना० यो० ३. मुताबिक; बमोजिम; माफिक । ४. सरह; तुल्य; झैँ; अनुरूप । > **अनुसारी**– वि० १. अनुसरण गर्ने; अनुयायी । ना० २. नक्कलबाज ।

**अनुसूचक**– वि० [सं०] कुनै कुराको सूचना दिने; निर्देशक ।

**अनुसूचन**– ना० [सं०] विशेष किसिमको सूचना; निर्देश ।

**अनुसूचित**– वि० [सं०]१. अनुसूची, तालिका वा सारिणीमा सामेल गरिएको । २. कुनै खास प्रयोजनका निम्ति तयार गरिएको विशेष सूचीमा परेको । ३. परिगणित ।

**अनुसूची**– ना० [सं०] संविधान, ऐन, कानुन, सन्धि, करार आदि महत्त्वपूर्ण दस्तावेज वा कुनै ग्रन्थ, लेख, प्रतिवेदन आदिको मूल पाठलाई छोटोछरितो तथा सुसङ्गठित तुल्याउने अभिप्रायले मूल पाठमा खासखास कुराको मात्र उल्लेख गरी ती कुराको विस्तृत विवरण वा व्याख्याचाहिँ प्रायः वर्गीकृत गरेर परिशिष्ट वा पूरक अंशका रूपमा राख्ने प्रक्रियाअन्तर्गत परिशिष्टमा प्रयोग गरिएको सूची; तालिका; सारिणी ।

**अनुस्मरण**– ना० [सं०]१. बितेका वा भइसकेका कुरालाई सम्झने काम; पुराना कुराको सम्झना । २. कुनै विषयलाई मनमा धारणा गरिरहने क्रिया वा प्रक्रिया; बिर्सेका कुराको सम्झना;

सौँराइ; हेक्का ।

**अनुस्मृति**– ना० [सं०] स्मरण; सम्झना ।

**अनुस्वार**– ना० [सं०] नेपाली भाषामा शिरविन्दु ( ं ) र चन्द्रविन्दु ( ँ )- का सहायताले उच्चरित हुने स्वरवर्णको नाके अवस्था । (काँक्रो, जिउँदो, वंश, हंस इ०) ।

**अनुहार**– ना० [सं०] कथ्य० अनुवार । १. आकार; आकृति; रूप । २. चेहरा । ३. मुख, मुखाकृति; मुखमण्डल । ४. नक्कल; प्रतिकृति । वि० ५. समान; उस्तै; बराबर ।

**अनुहारी** – वि० [सं०] अरूको जस्तै अनुहार बनाउने; नक्कल पार्ने; अनुकरण गर्ने ।

**अनूढ**– वि० [सं०] १. विवाह नभएको; अविवाहित । २. कुमार । > **अनूढा** – वि० १. विवाह नभएकी; अविवाहिता । २. कुमारी; कन्या । ना० ३. विवाह नभएकी तर कुनै पुरुषसँग प्रेम गर्ने र उससित विवाह गर्न चाहने नायिका (साहित्यमा) ।

**अनूदित**– वि० [सं०] अनुवाद भएको वा गरिएको; उल्था गरिएको; रूपान्तरित; भाषान्तरित ।

**अनृण**– वि० [सं०] १. ऋण नलागेको; रिन नभएको; रिन नलिएको; कुनै साहू नभएको । २. ऋणबाट मुक्त; तिर्नुपर्ने रिनजति तिरिसकेको । ३. आफूप्रति कुनै गुन लगाउने वा उपकार गर्नेलाई आफूले पनि त्यस्तै गुन लगाई वा प्रत्युपकार गरी ऋणमुक्त भएको । ४. ऋणत्रय वा देवऋण, पितृऋण र ऋषिऋण गरी तीन ऋण क्रमशः यज्ञयागादि, छोरो जन्माउने र कुनै चेलालाई पढाउने काम गरेर तिरी ऋणमुक्त भएको; अऋणी; उऋण; ऋणमुक्त । – **ता**– ना० ऋणको अभाव; ऋणी नहुनाको भाव वा अवस्था; ऋणमुक्तता । > **अनृणी**– वि० अनृण ।

**अनृत**– वि० [सं०] झूटो; असत्य; मिथ्या । – **ता**– ना० असत्यता; झूट । ~ **भाषी**– वि० झूटो बोल्ने; साँचो नबोल्ने; असत्यवादी; मिथ्याभाषी । – **वादी**– वि० अनृतभाषी ।

**अनेक**– वि० [सं०] १. दुई वा दुईभन्दा बढी; धेरै; कैयौँ । २. असङ्ख्य; अनगन्ती; बेगन्ती । ३. धेरै थरी; विभिन्न; नाना; बहु । – **ता**– ना० १. अनेक हुनाको भाव वा अवस्था । २. कुनै कामकुराका बारेमा एकै राय नभई नाना विचार हुनाको भाव वा अवस्था; पारस्परिक एकता नहुनाको भाव वा अवस्था; मतभेद । > **अनेकन्** – वि० १. अनेक; अनेकौँ; नाना । २. धेरै; कैयौँ । ३. असङ्ख्य; बेगन्ती । ~ **रूप**– ना० १.कुनै शब्द वा पदका उच्चारण वा वर्णविन्याससम्बन्धी स्वीकार्य भेदका दृष्टिले हुन आउने एकभन्दा बढी प्रयोग वा रूप; कुनै शब्द वा क्रियाको रूपावलीअन्तर्गत कुनै खास स्थलमा हुने वैकल्पिक रूप । वि० २. नित्य वा स्थिर नभएको; परिवर्तनशील । ३. रूप बदल्ने; आकारप्रकार फेर्ने । ४. अनेक वा बहु रूप भएको; कैयौँ रूप लिने; नानाभाँतीको; बहुरूपी; नानारूपी । ~ **रूपता**– ना० अनेक रूप हुनाको भाव, गुण वा अवस्था; अनेकता; विभिन्नता; विषमता । ~ **वचन**– ना० १. कुनै वस्तु, व्यक्ति वा क्रियाको एकत्वभन्दा बढी, द्वित्व वा बहुत्वको विवक्षा गरिँदा भाषाले लिने अभिलक्षण । २. कुनै शब्द वा क्रियाको रूपावलीअन्तर्गत जनाइने एकभन्दा बढी वचन; द्विवचन वा बहुवचन ('हामीहरू जान्छौँ' मा 'हरू' र 'ौँ' ले क्रमशः कर्ता र क्रियाको अनेक वचन जनाएका छन् ।) । ~ **वर्ण**– वि० १. एकभन्दा बढी वा अनेक वर्ण वा रङ्ग भएको । ना० २. बीजगणितमा अज्ञात राशिको सङ्केत गर्ने अनेक वर्ण वा अक्षरको योग (क+ख – ग = घ इ०) । – **शः** – क्रि० वि० १. धेरैजसो; कैयन्पल्ट । २. अनेक किसिमले; नाना प्रकारले ।

**अनेकाक्षर**– ना० १. एकभन्दा बढी वा अनेक अक्षर; एकाधिक अक्षरको योग वा त्यस्तो समूह । वि० २. एकभन्दा बढी वा अनेक अक्षर भएको । **अनेकाक्षरी**– वि० [सं०] अनेक अक्षर भएको; अनेकाक्षर । > **अनेकाच्**– वि० एकभन्दा बढी वा अनेक अच् या स्वरवर्ण भएको । विप० एकाच् । **अनेकानेक**– वि० १. अनेकभन्दा पनि अनेक; अनेकौँ प्रकारको; नानावलीको; नानाथरी । २. हुँदोनहुँदो; बाह्रसत्ताइस (उदा०– उसले अनेकानेक कुरा देखाई सम्झाए पनि मेरो चित्त बुझेन ।) ।

**अनेकार्थ**– ना० [सं०] कुनै शब्द, वाक्य, अभिव्यक्ति वा कुराको एकभन्दा बढी अर्थ; नानार्थ; बहु अर्थ । वि० २. एकभन्दा बढी अर्थ वा अभिप्राय भएको; अनेक अर्थमा प्रयोग हुन सक्ने; नानार्थक; नानार्थी; अनेकार्थक; अनेकार्थी । > **अनेकार्थक** – वि० अनेकार्थ । – **ता**– ना० एकभन्दा बढी वा नाना अर्थ हुनाको भाव वा अवस्था; नानार्थता; नानार्थकता । > **अनेकार्थी** – वि० अनेकार्थ । (उदा०– माल नेपाली भाषाको अनेकार्थी शब्द हो ।)

**अनेकाश्रय**– वि० [सं०] एकभन्दा बढी आश्रय वा आधारस्थान भएको; एकभन्दा बढी कुरासँग सम्बन्ध राख्ने; एकभन्दा बढी प्रसङ्गमा लाग्ने । > **अनेकाश्रयी** वि० अनेकाश्रय । विप० एकाश्रयी ।

**अनेकाश्रित**– – वि० [सं०] एकभन्दा बढी वा अनेक कुरामा आश्रित, आधारित वा निर्भर; अनेकाश्रय । विप० एकाश्रित ।

**अनेकौँ**– वि० [अनेक+औँ] एकभन्दा बढी; अनेक; धेरै; कैयन; प्रशस्त; अनेकन् ।

**अनैकान्तिक**– वि० [सं०] १. एउटै वस्तु वा कुरामा स्थिर नरहने; अपरिहार्य नभएको । २. एकान्तमा बस्न नरुचाउने; एकान्तमा नभएको । ना० ३. पाँच प्रकारका हेत्वाभासमध्ये एक मात्र साधनका रूपमा नरहेको चाहिँ हेत्वाभास ।

**अनैक्य**– ना० [सं०] ऐक्य वा एकताको अभाव; अनेक हुनाको भाव वा अवस्था; एकरूप वा समान नहुनाको भाव वा अवस्था; अनेकता । विप० ऐक्य ।

**अनैच्छिक**– वि० [सं०] इच्छा नभएको; इच्छापूर्वक नगरिएको; अवाञ्छित । विप० ऐच्छिक ।

**अनैतिक**– वि० [सं०] १. कुनै समाजमा स्वीकृत वा प्रचलित भएभन्दा विपरीत आचरण गर्ने; कुनै संस्कृतिअन्तर्गत स्विकारिएका ठीक र बेठीक आचरणसम्बन्धी मर्यादाअनुकूल

नचल्ने; यसो गर्नु हुन्छ र यसो गर्नु हुँदैन भन्ने सामाजिक र वैयक्तिक आचरण वा विधिनिषेधको पालना नगर्ने; स्वीकृत नैतिक मूल्यको अनुसरण नगर्ने । २. नीतिअनुकूल नभएको; नीतिविरुद्ध; नीतिसङ्गत नभएको; नैतिकता नभएको । विप० नैतिक । **– ता–** ना० नैतिकताको अभाव; अनैतिक हुनाको भाव वा अवस्था ।

**अनैसर्गिक–** वि० [सं०] १. प्राकृतिक रूपमा जेजस्तो हुनुपर्ने हो त्यस्तो नभएको; प्रकृतिसित नमिल्ने; अप्राकृतिक । २. बनावटी; कृत्रिम; नक्कली । ३. प्रकृति वा स्वभावअनुसार जेजस्तो हुनुपर्ने हो त्यस्तो नभएको; अस्वाभाविक; स्वभावविपरीत । विप० नैसर्गिक । **– ता–** ना० नैसर्गिक वा प्राकृतिक नहुनाको भाव, गुण वा अवस्था; अप्राकृतिकता ।

**अनौ–** ना० [सं० अन्वक] खेतबारी जोत्नाका लागि प्रयोग गरिने, हलीले हातद्वारा समात्ने र त्यसै आधारमा हलालाई निश्चित दिशामा जोत्ने गरी चलाइने हलाको हातो वा मुठ ।

**अनौचित्य–** ना० [सं०] १. जेजस्तो हुनुपर्ने हो वा हुनु उचित हो त्यसको अभाव; औचित्य वा उचितताको अभाव । २. अनुचित वा अनुपयुक्त हुनाको भाव वा अवस्था । ३. आचार्य क्षेमेन्द्रद्वारा प्रस्तुत औचित्यवादअनुसार कुनै कृतिमा साहित्यिक तत्त्व, रस आदिको उचित उपयोग नभएको अवस्था ।

**अनौठो–** वि० [हि० अनूठा < प्रा० अनुट्ठो ] १. सामान्यतः हुने वा देखिनेभन्दा नौलो; नयाँ किसिमको । २. आफ्ना असाधारणता, विशिष्टता वा विलक्षणताले गर्दा चकित-विस्मित वा हक्क न बक्कका साथै प्रसन्न तुल्याउने । ३. यसो हुन्छ होला वा हुन सक्छ भनी लिइएको सामान्य धारणा तथा विश्वासभन्दा बिलकुलै बेग्लै; आश्चर्यलाग्दो; विस्मयकारी; विलक्षण; अचम्मको; अपूर्व; अद्‌भुत; विचित्र; गजबको; छक्कलाग्दो ।

**अनौपचारिक–** वि० [सं०] १. औपचारिक नभएको; तोकिएको विधि, रीत वा औपचारिकता नपुऱ्याई गरिएको (भ्रमण, पोसाक, शिक्षा इ०) । २. नियम वा दस्तुरअनुसार नभएको; आफूखुसी (समाचार, चिठीपत्र इ०) । ३. पूर्वयोजना नमिलाई वा पूर्वनिर्धारणविना आयोजन गरिएको (सभा, सम्मेलन इ०) । **– ता–** ना० औपचारिकताको अभाव; अनौपचारिक हुनाको भाव, गुण वा अवस्था ।

**अन्खासी–** वि० [अन्+खास+ई ] १. खास आफ्नो नभई पराई भएको; बिरानो (उदा०– दया भै अन्खासी, शठ हठ हट्यो वा लय भयो । – लेखनाथ, **तरुण तपसी** ।)

**अन्जाम–** ना० [फा०] १. कुनै कामकुराको परिणाम, फल वा असर । २. सो परिणाम, फल वा असरको पूर्व अनुमान; अन्दाज; अडकल । ३. परिणाम, नतिजा ।

**अन्ठाउन्न–** ना० [प्रा० अट्ठवन्नम् < सं० अष्टपञ्चाशत् ] १. पचास र आठका योगबाट बन्ने सङ्ख्या; ५८ को अङ्क । वि० २. पचास र आठका योगसङ्ख्याको । > **अन्ठाउन्नौँ** – वि० गणनाका क्रममा अन्ठाउन्न सङ्ख्यामा आउने; अन्ठाउन्न सङ्ख्यामा पर्ने ।

**अन्ठान्नब्बे–** ना० [प्रा० अट्ठानवे < सं० अष्टानवति] १. सन्तान्नब्बेभन्दा एक बढीको सङ्ख्या; ९८-अङ्कद्वारा जनाइने गन्तीको परिमाण । वि० २. नब्बे र आठका योगसङ्ख्याको । > **अन्ठान्नब्बेऔँ/अन्ठानब्बेयौँ–** वि० गन्तीका क्रममा अन्ठान्नब्बेचाहिँ सङ्ख्यामा पर्ने; अन्ठान्नब्बे सङ्ख्याको ।

**अन्डबन्ड–** क्रि०वि० [प्रा० अअण्ड-विअण्ड < सं० अकाण्डविकाण्ड ? ] १. कुनै कामकुरा जेजस्तो हुनुपर्ने हो नभई जथाभाबी वा जथबातथबा भएर; कुनै तौरतरिकाबिना; भद्रगोल वा गोलमाल तवरले; गडचाङ-मडचाङ । (उदा०– अन्डबन्ड गरी काम गरियो भने लक्ष्य प्राप्त हुनेछैन ।) ना० २. जेजसरी काम हुनपर्ने हो सोअनुसार काम नभएको अवस्था; भद्रगोल; गोलमाल (उदा०– अन्डबन्ड पर्लाजस्तो लागेकाले मैले त्यो काम नै छाडिदिएँ ।) । वि० ३. सिलसिला नमिलेको; असम्बद्ध र प्रलापजस्तो । (उदा०– आफ्ना हितैषीसँग पनि अन्डबन्ड कुरा गर्नु राम्रो होइन । )।

**अन्डर–** ना० [अङ्०] १. कसैको मातहत, अधीन, नियन्त्रण वा देखरेख । २. कसैभन्दा तल वा मनि रहेको स्थिति (उदा०– आफ्ना अन्डरमा काम गर्ने कर्मचारी वा जनशक्तिको भावना नबुझ्ने हाकिम सफल हुन सक्तैन ।) । ~ **पाइन्ट/पेन्ट/प्यान्ट–** ना० शरीरको तल्लो भागमा लगाइने एक प्रकारको सानो छोटो भित्री अधोवस्त्र; इँजारघर वा ग्याँटिस आदि राखी त्यस आधारमा कम्मरमा वा कम्मरमनि बाँधिने, शरीरको कम्मरमनिको तल्लो भागमध्ये पछिल्तिरको पुट्ठो र चाक तथा अगिल्तिरको मूत्राशयसम्मको भाग ढाक्ने तथा दुवै तिघ्राको फिलाको माथिल्लो केही भाग पनि ढाक्ने गरी दुई पाटा जोरी सिइएको र अग्रभागमा टाँक वा चेन लगाई केही भाग खोल्न र बन्द गर्न सकिने भएको वा नभएको भित्री वस्त्र; सानो जाँघिया वा जाँघे; भित्री कट्टु; कच्छा । ~ **लाइन–** ना० अधोरेखाङ्कित गर्ने काम; अधोरेखा; अधोरेखाङ्कन; कच; ढाक । ~ **वियर/वेयर–** ना० हे० अन्डरपाइन्ट ।

**अन्डस–** वि० [सं० अन्तर ] १. कुनै कामका निम्ति हुने असजिलो; गाह्रो; अप्ठेरो । ना० २. खुँगे; दोधार; अठबा ।

**अन्डा–** ना० [सं० अण्ड ] अस्तनपायी चराचुरुङ्गी आदि जीवका पोथीजातका गर्भाशयबाट उत्पन्न प्रजननशील कीटाणुहरू भएको डिम्बलाई धारण गर्ने र पछि त्यही जीवकै अनुरूप बच्चा काढिने गोलो पिण्ड; चराचुङ्गीको फुल; त्यसलाई तारी वा उसिनी तयार गरिएको खाइने परिकार; फुल; डिम्बा; अण्डा । **– वाल–** वि० १. नसुमरिएको; आँड भएको । २. अन्डाको व्यापार गर्ने । **– वाल्नी–** ना० अन्डाको व्यापार गर्ने आइमाई; अन्डाको व्यापार गर्नेकी पत्नी ।

**अन्डी–** ना० [सं०अणीर ?] १. रेसमका रेसाबाट अलि मोटो किसिमले बुनिने प्रायः भारतका आसाममा तयार हुने ओढ्ने

लुगा; एक प्रकारको भुलायो ।

**अन्तः**– अव्य० [सं०] कुनै उत्तरपदका अगिल्तिर लागी भित्री भाग वा आन्तरिक अंश आदि अभिप्राय बुझाउने पूर्वपद 'अन्तर'-को त्यो विशेष रूप जुन उत्तरपदको पहिलो अक्षर कवर्ग, पवर्ग तथा शकार वा सकार भएमा हुन जान्छ (जस्तो– अन्तःकरण, अन्तःपुर, अन्तःप्रेरणा इ०) । – **करण**– ना० अभ्यन्तर; अन्तस्करण । – **काल**– ना० हे० अन्त्यकाल । – **कालीन**– वि० दुई भिन्नाभिन्नै समय वा घटनाका बीचको; अन्तरिम कालको । – **पुर**– ना० १. राजामहाराजा आदिका दरबार वा महलका रानीहरू र अन्य आइमाईहरू रहने भित्री कोठा; रनिवास; खोपी; जनानाखाना । – **प्रेरणा**– ना० १. कुनै काम-कुराबारे मनमा आफैँआफ उब्जेको प्रेरक भावना वा विचार; भित्रैदेखि मनमा पैदा भएको प्रेरणा वा प्रवृत्ति । २. सहज वा स्वाभाविक रूपमा कुनै कामकुराबारे मनमा हुन आएको स्फुरण; बाहिरी कारणबाट प्रेरित नभई आन्तरिक रूपमा पैदा भएको प्रेरणा । ३. मनोविज्ञानका अनुसार कुनै काम-कुरा गर्न आन्तरिक रूपमा अनुभव गरिएको उद्दीपन; कुनै कामकुरामा प्रवृत्त हुन कसैलाई प्रेरित गर्ने आन्तरिक उद्दीपन; सहज प्रेरणा; स्वाभाविक प्रेरणा; आन्तरिक प्रेरणा (उदा०– यो काम कसैले लगाएर होइन, मैले आफ्नै अन्तःप्रेरणाले गरेको हुँ ।) – **शुद्धि**– ना० आत्मा वा अन्तस्करणको शुद्धता; हृदयमा कुनै पाप वा कालोमैलो नभई पवित्र, स्वच्छ वा उज्ज्वल हुनाको भाव वा अवस्था; चित्तशुद्धि । – **शुल्क**– ना० देशभित्र उब्जेका र आफ्ना देशमै तयार गरिएका कतिपय चीजबीज, मालसामान आदिको देशभित्रैको उत्पादन, बिक्री वा खपतमा सरकारद्वारा लगाइएको भित्री कर; भन्सार । – **शुल्क अधिकारी**– ना० देशभित्र बनेका उपभोग्य वस्तुहरूमाथि सरकारले लगाएको असुलउपर गर्ने प्रमुख अधिकारी । – **शुल्क कार्यालय**– ना० सो कर उठाउने काम गर्ने कार्यालय । – **सङ्गीत**– ना० कविता आदिमा अन्तर्निहित गेय गुण । – **सञ्चार**– ना० आन्तरिक विचारहरूको सञ्चार हुने क्रिया; आन्तरिक कुराकानी । – **साक्षी**– ना० १. भित्री हृदयका कुराहरूको साछी । २. अन्तर्यामी; परमात्मा । वि० ३. मनमा खेल्ने असल र खराब दुवै थरी भावना, विचार आदिको साछी भएर रहेको । – **स्थ**– वि० हे० अन्तस्थ । – **स्थ राज्य**– ना० दुई ठूलठूला राज्यहरूका बीचमा रहेको सानो राज्य ।

**अन्त१**– ना० [सं०] १. कुनै कामकुराको आखिरी अवस्था; सो कामकुरा वा ग्रन्थ, लेख आदि पूरा हुने वा टुङ्गिने समयविन्दु; आखिरी; टुङ्गो । २. कुनै वस्तु वा कुराको अस्तित्व, विस्तार आदिको अवसान वा समाप्ति हुने ठाउँ; हद । ३. कुनै कामकुरा खत्तम हुनाको भाव वा अवस्था; समाप्ति; नाश । ४. कुनै प्राणीको जीवनको समाप्ति; मरण; मृत्यु; देहावसान । ५. कुनै काम-कुराको आखिरी नतिजा वा अन्तिम परिणाम । ६. कुनै वस्तु, व्यक्ति, तत्त्व वा कामकुराबारेको यो यस्तो हो भन्ने रहस्य; वास्तविक तत्त्व वा भेद ।

**अन्त२**– क्रि० वि० [प्रा० अण्णत्र < सं० अन्यत्र ] वक्ताअनुसार जुन ठाउँको प्रसङ्ग छ त्यसभन्दा बाहेकको ठाउँमा; अरू ठाउँमा; अन्य स्थानमा; अन्यत्र ।

**अन्त३**– क्रि० वि० [अनि+त ] कुराका सिलसिलामा कसैको कुनै प्रसङ्ग वा कुरापछि अरू के कस्तो भयो भन्ने अतिरिक्त जिज्ञासा जनाउँदा दोस्रो वक्ताद्वारा प्रयोग गरिने शब्द; त्यसपछि; त्यसका अतिरिक्त । (उदा०– तिमीले रामलाई भेट्यौ, अन्त के भयो ?)

**अन्तक**– वि० [सं०] १. मार्ने । २. नाश गर्ने; टुङ्ग्याउने । ३. कुनै विन्दुमा पुगी टुङ्गिने, सकिने वा समाप्त हुने (दुःखान्तक, मरणान्तक इ०) । ना० ४. यमराज । ५. काल; मृत्यु ।

**अन्तकाल**– ना० [सं०] कुनै प्राणीको अन्त हुने वा मरणको अवस्था; अन्तिम काल; आखिरी घडी; मृत्युकाल; मरण-समय ।

**अन्ततः**– क्रि० वि० [सं०] कुनै कामकुराका सिलसिलामा सुरुमा वा बीचबीचमा जेजसो भए पनि आखिरमा; आखिरी विन्दुसम्ममा; अन्ततोगत्वा; आखिरमा; अन्तमा । > **अन्ततोगत्वा**– क्रि० वि० कुनै कामकुराका क्रममा थालनीमा वा माझमा जेजस्तो भए पनि आखिरमा गएर; अन्तिम बिन्दुसम्ममा पुगेर; अन्तमा आइपुगेपछि; अन्ततः; अन्तमा; आखिरमा । (उदा०– तिमीले स्वास्थ्यका कारणले अन्ततोगत्वा चुरोट खाने बानी छाड्नै पर्छ ।)

**अन्तर**– अव्य० [सं०] १. कुनै उत्तरपदका अगिल्तिर लागी सो आधारपदका सन्दर्भका माझमा, भित्री रूपमा, मातहतमा अथवा परस्परको भन्ने अभिप्राय जनाउने पूर्वपद (अन्तरविद्यालय, अन्तरात्मा इ०) । २. कुनै आधारपदका अगिल्तिर लागी त्यसको माझको वा मध्य भागको भन्ने अभिप्राय जनाउने पूर्वपद (जस्तै– अन्तरविद्यालय निबन्धप्रतियोगिता, अन्तर-संस्थान खेलकुद-कार्यक्रम इ०) । ना० ३. कुनै दुई वस्तु, व्यक्ति, सङ्ख्या, कामकुरा, ठाउँ, समय आदिका बीचको भिन्नता; फरक; भेद । ४. अवकाश, अन्तराल; दूरी । ५. दुई व्यक्ति वा समूहमध्ये एकलाई काखा र अर्कालाई पाखा गर्ने काम; भेदभाव; पक्षपात । (उदा०– बाबुआमाले छोरा र छोरीका बीच अन्तर गर्नु हुँदैन ।) ६. मन, हृदय वा अन्तस्करण । (उदा०– आफ्नो अन्तरको कुरा जो पायो उसलाई खोल्नुहुँदैन) । प०स० ७. कुनै आधारपद वा पूर्वपदका पछिल्तिर लागी सोभन्दा अर्को वा अन्य भन्ने वा त्यसको परिवर्तन बुझाउने उत्तरपद (कालान्तर, देशान्तर, स्थानान्तर इ०) । ~ **कुन्तर**– ना० १. कुनै वस्तु वा कुराका बीचबीचको वा भित्रभित्रको भाग । २. छेउछाउ; छेउकुना; कुनाकाप्चा; कुनाकाप्ची । (उदा०– मेरो कलम नहराई बिछ्यौनाका अन्तरकुन्तरमा परेको मात्र रहेछ ।) ~ **क्याम्पस**– वि० क्याम्पस-क्याम्पसका बीचको; क्याम्पसक्याम्पसका बीचमा भएको (प्रतियोगिता, साहित्यसम्मेलन इ०) । – **क्रिया**– १. ना० दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षका बीचमा हुने आपसी कुराकानी । २. पारस्परिक वार्तालाप ।

**अन्तरङ्ग–** वि० [सं०] १. भित्रभित्र हुने वा रहने; आन्तरिक कुरासँग सम्बन्ध राख्ने; भित्री; भित्रिया; आन्तरिक । २. कसैका भित्री वा गुह्य कुरासमेत जान्ने वा ती कुरासँग सम्बन्धित; आत्मीय । ३. ज्यादै मन परेको; हित्तचित्त मिलेको; लँगौटिया । विप० बहिरङ्ग । ~ **कक्ष –** ना० १. कुनै भवन आदिको भित्री भाग वा कोठा । २. कुनै चिकित्सालय वा अस्पतालमा उपचारका लागि आएका रोगीहरूमध्ये अस्पतालमै भर्ना भई त्यहीँ उपचार गरिने रोगीहरूको विभाग वा कक्ष । विप० बहिरङ्ग कक्ष । ~ **रोगी –** ना० अस्पतालकै शय्यामा रही उपचार गरिने बिरामी । ~ **सभा –** ना० आत्मीयहरू मिलेर गरिएको सभा; गुप्तसभा ।

**अन्तरण–** ना० [सं०] कुनै पूर्वपद वा आधारपदका पछिल्तिर लागी त्यसको सट्टामा अर्को कुनै कुरा हुने वा त्यसको स्थितिमा परिवर्तनको अभिप्राय जनाउने उत्तरपद । (स्थानान्तरण, हस्तान्तरण इ०) ।

**अन्तरदिशा –** ना० [सं०] दुई दिशाका बीचको कोण; उपदिशा; ईशान, आग्नेय, नैऋत्य र वायव्य दिशा ।

**अन्तरप्रजनन–** ना० [सं०] एउटै जातिका विभिन्न भेदका स्त्रीजाति र पुरुषजातिको सम्पर्क गराई मिश्रित जातिको सृष्टि गर्ने क्रिया; विभिन्न जातिका स्त्रीपुरुषमा सम्पर्क गराएर नयाँ जाति पैदा गराउने काम ।

**अन्तरराष्ट्रिय–** वि०हे० अन्तर्राष्ट्रिय ।

**अन्तरसम्बन्ध–** ना० [सं०] एक-अर्काको वा एक-अर्काका कार्यको पारस्परिक सम्बन्ध ।

**अन्तरस्थ–** वि० [सं०] १. बीचमा रहेको; मध्यस्थ । २. भित्र रहेको; गाभिएको ।

**अन्तरहिमयुग–** ना० [सं०] दुई हिमानीका बीचको समय ।

**अन्तरहिमानी–** ना० [सं०] दुई हिमयुगका बीचको समय ।

**अन्तरा–** ना० [सं०] १. कुनै गीतको पहिलो पद वा स्थायीलाई छोडी दोस्रो पद वा चरण; कुनै गीत गाउँदा गीतको बारबार दोहोरिने स्थायीले छोपिने बीचको अंश वा मध्य भाग; सो दोस्रो वा मध्यवर्ती चरण गाउने क्रिया । विप० स्थायी । क्रि० वि० २. नजिक; निकट; समीप । ३. माझ; बीच; मध्य । ४. रहित; विना; बाहेक ।

**अन्तरात्मा–** ना० [सं०] १. भित्री आत्मा; आत्मा; जीवात्मा; देही । २. आन्तरिक चेतना । ३. अन्तर मन; भित्री मन; अन्तर्हृदय; अन्तस्करण । ४. प्राण ।

**अन्तराप–** ना० ढोका; झ्याल, दराज आदिको खापाका दुई पाटालाई जोडी बन्द गर्न र ताल्चा लगाउन, खोल्नसमेत हुने गरी एकअर्कामा जोल्टिने धातुको उपकरण ।

**अन्तराल–** ना० [सं०] १. दुई रेखा वा विन्दु आदिका बीचको अवकाश, विस्तार वा स्थान । २. दुई ठाउँ वा समयबिन्दुका बीचको अंश । ३. त्यस्तो खाली ठाउँ; अन्तर; माझ; बीच; मध्य ।

**अन्तरिक्ष–** ना० [सं०] १. पृथ्वी तथा ग्रह, नक्षत्र आदिका बीचको वा दुई ग्रह र ताराका बीचको खाली स्थान । २. सम्पूर्ण भौतिक वस्तु अवस्थित हुने असीमित वा अत्यन्त विशाल एवम् लमाइ, चौडाइ र गहिराइका दृष्टिले त्रिआयामिक विस्तार भएको क्षेत्र; आकाश; नभ; व्योम । ~ **यात्रा–** ना० मानवसहित वा मानवरहित यानद्वारा पृथ्वीको गुरुत्वाकर्षणक्षेत्रभन्दा बाह्य अन्तरिक्षको भ्रमण । ~ **यात्री–** ना० बाह्य अन्तरिक्षको यात्रा गर्ने व्यक्ति । (युरी गागरिन प्रथम अन्तरिक्षयात्री मानिन्छन् ।) ~ **यान–** ना० पृथ्वीको वायुमण्डलभन्दा बाहिर मानवरहित वा मानवसहित भई यात्रा गर्ने रकेट आदि यात्रासाधन वा गाडी । – **युग–** ना० सन् १९५७ को अक्टोबर चार तारिखको प्रथम अन्तरिक्ष उपग्रह स्पुतनिकको सफल प्रक्षेपणबाट प्रवर्तित तथा अन्तरिक्ष-अनुसन्धान तथा समानव अन्तरिक्षयानहरूका माध्यमबाट गतिशील समयावधि । ~ **विज्ञान–** ना० १. अन्तरिक्षसम्बन्धी अध्ययनअनुसन्धान गरी त्यसको शास्त्रीय ज्ञान प्रदान गर्ने विद्या; खगोलशास्त्र । २. वातावरणसम्बन्धी गतिविधिको अध्ययन तथा विवेचन गर्ने र मौसमसम्बन्धी पूर्वजानकारीसमेत दिन प्रयास गर्ने शास्त्र ।

**अन्तरिन्द्रिय–** ना० [सं०] आन्तरिक इन्द्रिय; मन ।

**अन्तरिम–** वि० [सं०] १. दुई भिन्न कालका बीचको; मध्यवर्ती समयको । २. कुनै एक परिपाटी समाप्त भई अर्को परिपाटी थालिने प्रक्रियाका बीचका समयको; कुनै एक परिपाटी टुङ्गिए पनि अर्को नयाँ परिपाटी नथालिँदैका अवधिको । ३. सोबीचको अवधिको हुनाले अस्थायी वा केवल कामचलाउ किसिमको (अन्तरिम अवधि, अन्तरिम काल, अन्तरिम व्यवस्था, अन्तरिम शासन, अन्तरिम सरकार इ०); मध्यवर्ती; अस्थायी ।

**अन्तरी–** वि० [अन्तरे+ ई ] अन्तरेको स्त्रीलिङ्गी रूप; कुनै बाबुका छोरीहरूमध्ये जन्मका क्रमले छैटौँ; ठाहिँलीभन्दा पछिल्ली; छोरी, बुहारी, फुपू आदिका गणनाक्रममा छैटौँ ।

**अन्तरीप–** ना० [सं०] पातलो, साँगुरो र सोतो परी समुद्र वा विशाल तालको निकै भित्रसम्म पसेको भूभाग वा जमिनको विस्तार; सोतो परी निकै भित्रसम्म पसेका कारणले तीनैतर्फबाट समुद्रले घेरिएको भूभाग । (जस्तो– कन्याकुमारी अन्तरीप भारतको दक्षिणी भूसीमा हो । )

**अन्तरे–** वि० [अन्तर+ए ] कुनै बाबुका छोराहरूमध्ये जन्मका क्रमले छैटौँ; जन्मका क्रमले जेठो, माहिलो, साहिँलो, काहिँलो र ठाहिँलोपछिको ।

**अन्तर्कथा–** ना० [सं०] १. मनभित्र रहेको कुरा; मनको कुरा; आन्तरिक हालचाल । २. आन्तरिक कथा; भित्री कथा । ३. साङ्केतिक कुरा; गुप्त कुरा; रहस्यमय कुरा । ४. बाहिर प्रकट नभएको भित्री तत्त्व; कुनै वस्तु, व्यक्ति कार्य वा प्रसङ्गको अव्यक्त भित्री पक्ष । ५. कुनै ठूलो कथाभित्रको सानो कथा; उपकथा ।

**अन्तर्गत** – वि० [सं०] १. कुनै व्यापक सन्दर्भभित्र पर्ने; कुनै विषय वा प्रसङ्गअन्तर्गत समावेश भएको; कुनै वस्तु, व्यक्ति, विषय आदिका अङ्गका रूपमा रहेको; समाविष्ट; सम्मिलित; सामेल । २. कसैका मातहत वा तैनाथको; कसैका अधीनमा वा रेखदेखमा रहेको । (उदा०– भक्तपुर जिल्ला वाग्मती अञ्चलअन्तर्गत पर्छ । साहित्यअन्तर्गत गद्य र पद्यका साथै नाटक पनि पर्छ । मेराअन्तर्गत तीन जना कर्मचारी काम गर्छन् ।)

**अन्तर्घात**– ना० [सं०] आफ्नाले आफ्नैलाई भित्रभित्रै पुऱ्याउने हानि नोक्सानी; बाहिरबाहिर वा सम्मुखमा ठिक्क पारी भित्रभित्रै कैँची मार्ने काम । > **अन्तर्घाती**– वि० अन्तर्घात गर्ने ।

**अन्तर्जगत्**– ना० [सं०] १.भित्री दुनियाँ; आन्तरिक संसार । २. मनको संसार । ३. अन्तस्तल; हृदयतल ।

**अन्तर्जातीय**– वि० [सं०] विभिन्न जाति वा जातका बीचको; दुई वा दुईभन्दा बढी जातिका बीचको; अलगअलग जाति वा जातका बीचको । (उदा०– आजकल अन्तर्जातीय विवाहको प्रचलन बढ्दै गएको छ ।)

**अन्तर्ज्ञान**– ना० [सं०] १. मनमा वा अन्तस्करणमा हुने ज्ञान; अन्तर्बोध । २. प्रकृतिबाटै जीवननिर्वाह, आत्मसुरक्षा आदिका निम्ति जीवलाई प्राप्त भएको आन्तरिक, सहज वा नैसर्गिक चेतना; सहज ज्ञान; सहजानुभूति । ३. आफ्नै वा अरूका मनभित्रको कुरा जान्ने काम ।

**अन्तर्ज्वाला**– ना० [सं०] १. भित्रको आगो; मनको राँको । २. मानसिक दाह, दग्धि वा जलन; आन्तरिक रापताप; चिन्ता; सन्ताप ।

**अन्तर्दशा**– ना० [सं०] १. मनको अवस्था; आन्तरिक स्थिति; मनःस्थिति । २. जन्मकुण्डलीअन्तर्गत कुनै एक ग्रहको दशा वा महादशाअन्तर्गत पर्न आउने अन्य विभिन्न ग्रहको दशा वा भोगकाल ।

**अन्तर्दर्शी**– वि० [सं०] १. हृदय वा अन्तस्करणतर्फ हेर्ने । २. बाहिरको वस्तुजगत्भन्दा आफूभित्रको अन्तर्जगत्तर्फ बढी उन्मुख; अन्तर्मुखी । ३. अरूका मनका कुराको अन्दाज गर्न सक्ने ।

**अन्तर्दशाह**– ना० [सं०] हिन्दूसंस्कारअनुसार, मरेका व्यक्तिको आत्माको सद्गतिका लागि मरेका दिनदेखि दसौँ दिनसम्म गरिने काम वा कृत्य; सो दस दिनसम्म गरिने काजक्रिया; प्रेतकार्य ।

**अन्तर्दाह**– ना० [सं०] १. शरीर वा मनको दाह, दग्धि वा जलन; औडाहा । २. आन्तरिक रापताप; चर्को मानसिक कष्ट; मनको चर्को हुँडलो; मन पोल्ने काम; चर्को पीर ।

**अन्तर्दिशा**– ना० [सं०]१. दुई दिशाका बीचको कोणमा पर्ने दिशा; आग्नेय, नैऋत्य, वायव्य र ईशान चार उपदिशामध्ये एक ।

**अन्तर्दृष्टि**– ना० [सं०] १. कुनै कुरा देख्ने, पहिचान्ने, सम्झने वा बुझ्ने भित्री आँखा; त्यसो गर्ने वा गर्न सक्ने आन्तरिक शक्ति; भित्री दृष्टि । २. अन्तर्ज्ञान; स्फुरण । ३. आन्तरिक चेतना; प्रज्ञा; भित्री ब्रह्म; ज्ञानचक्षु; नैसर्गिक विवेक । (उदा०– साहित्यकारहरूका अन्तर्दृष्टिबाट जीवन र जगत्का नयाँनयाँ सत्य उद्घाटित हुन्छन् ।)

**अन्तर्देशीय**– वि० [सं०] १. देश वा मुलुकभित्रको; कुनै एक देशभित्र मात्र सीमित; आभ्यन्तर; आन्तरिक । २. दुई वा दुईभन्दा बढी देशहरूका बीचको; विभिन्न देशहरूसँग सम्बन्धित; अन्तर्राष्ट्रिय । ~**पत्र**– ना० हुलाकव्यवस्थाअन्तर्गत चल्ने भित्र चिठी लेख्न हुने र पटचाएपछि खामसमेतको काम दिने पत्र; हवाईपत्र ।

**अन्तर्द्धान**– ना० [सं०] भित्रको द्वन्द्व; कुनै ठाउँमा कुनै समयमा भइरहेको र देखिइरहेको कुनै चीज वा व्यक्ति आदि हेर्दाहेर्दै अचानक नदेखिने गरी बिलाउने, आँखाबाट ओझेल वा अलप हुने क्रिया; त्यसरी लुप्त वा गायब हुने काम; लोप; तिरोधान; अदृश्यता । (तपस्वीलाई वर दिनासाथ महादेव अन्तर्द्धान भए ।)

**अन्तर्द्वन्द्व**– ना० [सं०] मनमा यसो गरूँ कि उसो गरूँ हुनाको स्थिति; मानसिक द्विविधाको अवस्था; आन्तरिक द्वन्द्व ।

**अन्तर्द्वार**– ना० [सं०] घरको मूल ढोकाबाहेकको अर्को ढोका; जस्केलो ।

**अन्तर्धान**– ना०हे० अन्तर्द्धान ।

**अन्तर्धारा**– ना० [सं०] १. नदी वा समुद्रको माथिल्लो सतहमा प्रकट नभई सतहभन्दा तल वा भित्रभित्रै बग्ने पानी आदिको प्रवाह, सोतो वा धारा । २. कुनै समाज वा वर्ग आदिका भित्रभित्र फैलिएको तर समान्यतः बाहिरी रूपमा प्रकट नहुने खालको विचार वा धारणा आदिको प्रवाह । ३. मूल धारा वा प्रवाहका भित्रभित्र सञ्चारित हुने भित्री धारा; आन्तरिक धारा; भित्री धारा; गौण धारा । (उदा०– मोतीरामयुगको मूल धारा शृङ्गार भए पनि अन्तर्धाराका रूपमा चाहिँ भक्तिको पनि अस्तित्व रहेको छ) विप० मूल धारा; ।

**अन्तर्ध्यान**– ना० [सं०] १. मनमा गरिने ध्याउन्न वा ध्यान । २. कुनै कुराका बारेमा मनको सोचाइ, अन्तर्दृष्टि वा ध्यान केन्द्रित गर्ने क्रिया । ३. भित्री दृष्टि; मानसिक स्तरमा कुनै कुरामा तल्लीन भई डुब्ने र त्यसबारे मात्र सोच्ने क्रिया ।

**अन्तर्ध्वनि**– ना० [सं०] १. भित्री ध्वनि वा आवाज; मूल वा बाहिरी रूपमा प्रकट ध्वनिका भित्रभित्र सञ्चार हुने आन्तरिक ध्वनि; ध्वनिभित्रको ध्वनि । २. कसैको आत्माको आवाज; अन्तरात्माको पुकार वा भित्री हृदयको आह्वान । ३. आन्तरिक अभिप्राय; भित्री आशय ।

**अन्तर्नयन**– ना० [सं०] १. भित्री आँखा; दिव्य दृष्टि; ज्ञानचक्षु; प्रज्ञाचक्षु; अन्तर्दृष्टि ।

**अन्तर्निहित**– वि० [सं०] १. बाहिरी रूपमा नदेखिए पनि भित्री रूपमा रहेको । २. कुनै व्यक्ति वा कुराको भित्री अङ्गका रूपमा रहेको; छिपेर रहेको; छोपिएको । ३. कुनै मूल कुराभित्र अन्तर्भाव भएको । (उदा०– तपाइँका भनाइमा त चर्को व्यङ्ग्य

पो अन्तर्निहित छ नि !) – **ता**– ना० अन्तर्निहित हुनाको भाव, गुण वा अवस्था ।

**अन्तर्पट**– ना० [सं०] १. छेकबार; पर्दा; बार । २. आड; आधार; भर । ३. चराका आँखाका बाहिरी पटलभित्रको जाली । ४. आच्छादन; ओत; ढकनी ।

**अन्तर्प्रादेशिक**– वि० [सं०] दुई वा दुईभन्दा बढी प्रदेश वा क्षेत्रसँग सम्बन्धित; दुई वा दुईभन्दा बढी प्रदेशका बीचको ।

**अन्तर्बोध**– ना० [सं०] मनमा पैदा हुने अनुभूति वा ज्ञान; मानसिक चेतना; अन्तर्ज्ञान ।

**अन्तर्भाव/अन्तर्भावना**– ना० [सं०] १. भित्री भावना; आन्तरिक भाव; मनको भावना; भित्री आशय वा अभिप्राय; मनोभावना । २. आफ्नो अलग पहिचान वा अस्तित्व त्यागी अरूमा विलीन, सम्मिलित वा समाविष्ट हुने काम । ३. कुनै खास व्यापक सन्दर्भअन्तर्गत अन्य प्रासङ्गिक कुरालाई मिलाउने र गाभ्ने-गाभिने क्रिया । (उदा०– मैले राखेको प्रस्तावअन्तर्गत तपाईंले उठाएको कुराको पनि अन्तर्भाव छ ।) > **अन्तर्भावित**– वि० अन्तर्भाव भएको; समाविष्ट भएको; अन्तर्भूत ।

**अन्तर्भूत**– वि० [सं०] अर्कोमा विलीन भएको वा गाभिएको; समाविष्ट; अन्तर्भावित ।

**अन्तर्भौम**– वि० [सं०] जमिनभित्र रहेको; भूगर्भको ।

**अन्तर्मन**– ना० [सं०] १. भित्री मन; भित्री चेतना; अन्तर्हृदय; अन्तस्करण; अन्तरात्मा । २. अवचेतन मन ।

**अन्तर्मन्थन**– ना० [सं०] १. कुनै कुराका बारेमा सूक्ष्म सोचविचार गरी त्यसका पक्ष-विपक्ष, लाभ-हानि आदि सम्पूर्ण सम्भावना केलाउने काम । २. आन्तरिक तर्कवितर्क प्रशस्त मात्रामा गरी कुरा मथ्ने वा मनन गर्ने काम ।

**अन्तर्मुख/अन्तर्मुखी**– वि० [सं०] १. भित्रतर्फ उन्मुख; अन्तस्करणतर्फ उन्मुख हुने प्रवृत्ति भएको ।२. बाहिरी जगत्, क्रियाकलाप वा विषयतर्फभन्दा भित्री आध्यात्मिक कुराहरूमै लीन हुने । ३. आफ्नै विचार र कल्पनामा तल्लीन रहने र बाहिरी जगत्तर्फ कम रुचि राख्ने । ४. आफ्नो मनलाई आफैंमा वा आफूभित्रै केन्द्रित गर्ने । ५. अरूसँग उति सम्पर्क नराख्ने र बोलचाल नगर्ने अनि हिमचिम नबढाउने; आत्मकेन्द्री र सङ्कोची स्वभाव भएको । विप० बहिर्मुख/बहिर्मुखी ।

**अन्तर्यामी**– वि० [सं०] १. कसैका भित्री मनका सबै कुराहरू जान्ने; हृदय वा अन्तस्करणको रहस्य थाहा पाउने । २. अन्तरात्मामा रहने वा वास गर्ने; अन्तरात्मामा अधिकार राख्ने । ना० ३. परमात्मा; परमेश्वर ।

**अन्तर्राष्ट्र**– ना० [सं० अन्तर्+राष्ट्र ] विश्वका विभिन्न मुलुक; आफ्नो राष्ट्रबाहेकका अन्य राष्ट्र; स्वदेशबाहेक अन्य विभिन्न राष्ट्रको समुदाय; अन्तर्राष्ट्रिय जगत् । – **वाद**– ना० १. कुनै एक देशको परिधिभित्र केन्द्रित हुनुलाई सङ्कुचित ठानी सम्पूर्ण विश्वका विभिन्न राष्ट्रलाई एकै एकाइका रूपमा लिएर विश्व वा पूरै मानव-जातिलाई अखण्ड मानी तदनुरूप सङ्गठित वा असङ्गठित रूपमा आचरण तथा कार्य गर्नमा जोड दिने दर्शन वा सिद्धान्त । २. अन्तर्राष्ट्रिय स्तरका कार्यक्षेत्र, आधिपत्य, नियन्त्रण आदिमा विश्वास राख्ने वाद; विश्वबन्धुत्ववाद । – **वादी**– वि० अन्तर्राष्ट्रवादमा विश्वास राख्ने र तदनुसार आचरण तथा कार्य गर्ने ।

**अन्तर्राष्ट्रिय**– वि० [सं०] १. दुई वा दुईभन्दा बढी मुलुक वा राष्ट्रका बीचको; विश्वका विभिन्न राष्ट्रसँग सम्बन्धित; विभिन्न राष्ट्रहरूले भाग लिएको; विभिन्न राष्ट्रहरूमा सक्रिय व्यवहार गरिने वा प्रचलित; विभिन्न राष्ट्रहरूमा शाखा, सङ्गठन, सदस्यता, क्रियाकलाप आदि भएको । २. कुनै खास राष्ट्रको परिधिलाई नाघी सम्पूर्ण विश्व वा सिङ्गो मानव-जातिसँग सम्बन्ध राख्ने; अन्तरराष्ट्रिय; अन्ताराष्ट्रिय । ~ **आयोग** – ना० अन्तर्राष्ट्रिय काम-कारबाई एवं व्यवस्था आदिका निम्ति बनेको आयोग । – **करण**– ना० कुनै खास राष्ट्रअन्तर्गत नराखी अन्तर्राष्ट्रिय तुल्याउने कार्य । ~ **कानुन** – ना० राष्ट्र-राष्ट्रका बीच न्यायोचित व्यवहार गर्न बनेको कानुन । ~ **जलवायु केन्द्र** – ना० विभिन्न राष्ट्रहरूको जलवायु नाप गर्ने प्रमुख ठाउँ । – **ता**– ना० कुनै खास देशका सङ्कुचित स्वार्थ र सीमामा नखुम्चिई सम्पूर्ण विश्व वा पूरै मानव-जातिलाई आफ्ना चिन्तन र क्रियाकलापको लक्ष्य तुल्याउने मानवतावादी दृष्टिकोण, आस्था वा दर्शन । विप० राष्ट्रियता । ~ **तिथि रेखा**– ना० १८० डिग्रीको देशान्तर-रेखा । ~ **दूरसञ्चार सङ्घ**– ना० विभिन्न राष्ट्रहरूमा दूरसञ्चारको व्यवस्था मिलाउने सङ्घ वा समिति । ~ **नागरिक उड्डयन सङ्घ**– ना० विभिन्न राष्ट्रहरूमा वायुयानबाट वारपार गर्ने विशेष प्रबन्ध मिलाउनका निम्ति बनेको सङ्घ । ~ **न्यायालय**– ना० अन्तर्राष्ट्रिय मामिलाको जाँचबुझ एवं न्याय गर्ने अड्डा । ~ **परिपाटी**– ना० अन्तर्राष्ट्रिय चालचलन, रीतिस्थिति एवं नियम । ~ **भाषा**– ना० सबै राष्ट्रहरूमा सरदर प्रयोग हुने भाषा । ~ **मुद्राकोष**– ना० संयुक्त राष्ट्रसङ्घका सदस्य भएका विभिन्न राष्ट्रहरूका मुद्राहरूको विनिमय, मूल्य स्थिर राख्नमा सहायता गर्ने आदि कामका निम्ति संयुक्त राष्ट्रसङ्घका रेखदेखमा स्थापित कोष वा खजाना । ~ **विकास सङ्घ**– ना० विभिन्न राष्ट्रहरूको आवश्यक विकासका निमित्त गठित सङ्घ । ~ **वित्तनिगम**– ना० अन्तर्राष्ट्रिय सम्पत्तिको व्यवस्था गर्ने वा मुद्रासम्बन्धी कारोबार गर्ने संस्था । ~ **वित्तीय आयोग**– ना० अन्तर्राष्ट्रिय अर्थव्यवस्थाका निम्ति बनेको आयोग । ~ **समझदारी**– ना० अन्तर्राष्ट्रिय मेलमिलाप, मैत्रीव्यवस्था आदिका निम्ति हरेक राष्ट्रमा हुनुपर्ने समझदारी ।

**अन्तर्लापिका**– ना० [सं०] १. प्रश्नभित्रै उत्तर छिपेर रहेको प्रहेलिका; कूट । २. एक किसिमको गाउँखाने कथा ।

**अन्तर्वर्ती**– वि० [सं०] १. बीचमा रहेको; मध्यस्थ । २. भित्र रहेको; अन्तर्गत ।

**अन्तर्वाणिज्य**– ना० [सं०] कुनै देशभित्र गरिने व्यापार; देशभित्रको

व्यापार; भित्री व्यापार ।

**अन्तर्वार्ता–** ना० [सं०] १. कुनै पदमा योग्य व्यक्ति छान्नका निम्ति सम्बन्धित अधिकारी तथा विशेषज्ञहरूद्वारा उमेदवार-हरूलाई प्रश्न सोधेर तिनबाट उत्तर प्राप्त गरिने कार्य वा त्यस्तो कुराकानी । २. विशिष्ट व्यक्ति र पत्रकारहरूका बीचमा हुने सवाल-जवाफ । ३. व्यक्तिव्यक्तिका बीच आपसमा भएको गुप्त कुराकानी ।

**अन्तर्वाष्प–** वि० [सं०] भित्रभित्रै आँसु दबाई वा रोकी राखेको तर गहमा आँसु देखिने गरी चाहिँ नरोएको; अश्रुमय ।

**अन्तर्विरोध–** ना० [सं०] १. भित्री वा आन्तरिक विरोध; पारस्परिक विरोध; बाहिरी र भित्री रूपमा सामञ्जस्यको अभाव; देखावट र वास्तविकतामा भिन्नता; बाह्य स्तरमा ठानिए, स्विकारिए वा देखिएभन्दा विपरीतको आन्तरिक धर्म वा स्वभाव । २. कुनै वस्तु, व्यक्ति र कुरामा आफैँभित्र आत्मविरोध हुनाको वा आफूलाई खण्डन गर्ने तत्त्व हुनाको भाव वा अवस्था । (उदा०– उनको बोलाइ र कामगराइमा ठूलो अन्तर्विरोध देखियो । अनेकौँ विरोधाभास र अन्तर्विरोध भएकाले तपाईंको सिद्धान्त स्वीकार्य हुन सक्तैन ।) > **अन्तर्विरोधी–** वि० आन्तरिक विरोध भएको; आन्तरिक सामञ्जस्य नभएको; अन्तर्विरोधसँग सम्बन्ध राख्ने ।

**अन्तर्वेद–** ना० [सं०] दुई नदीका बीचको भूभाग; अन्तर्वेदी; ब्रह्मावर्त; अन्तर्वेदी ।

**अन्तर्वेदना–** ना० [सं०] आन्तरिक वेदना; मानसिक दुःख वा कष्ट; मनको बह; मनको पीर ।

**अन्तर्वेदी–** ना०हे० अन्तर्वेद ।

**अन्तर्व्यापार–** ना० [सं०] १. भित्री काम; अप्रकट रूपबाट गरिने काम । २. अन्तर्वाणिज्य ।

**अन्तश्चक्षु–** ना० [सं०] भित्री आँखा; ज्ञानदृष्टि; ज्ञानचक्षु ।

**अन्तश्चेतना–** ना० [सं०] पूर्ण चेतना नभई अर्द्धचेतना रहने स्थिति; अवचेतना ।

**अन्तस्करण–** ना० [सं०] १. मन; हृदय; भित्री हृदय; चित्त । २. आत्मा; अन्तरात्मा । ३. सुखदुःख, असलखराब, सत्यअसत्य आदि चिन्ने मनको आन्तरिक शक्ति; विवेक ।

**अन्तस्तल–** ना० [सं०] शरीरको आन्तरिक थलो; चित्त; मन; हृदय ।

**अन्तस्थ–** वि० [सं०] १. भित्र रहेको; भित्री । २. आखिरमा रहेको वा हुने; अन्तिम । ना० ३. य्, र्, ल्, व् – यी चारवटा वर्ण ।

**अन्तःस्फुरण–** ना० [सं०] ज्ञान, विचार आदि मनभित्र स्फुरण हुने क्रिया; मनमा हुने कुनै कुराको फुराइ ।

**अन्ताक्षरी–** ना० [सं०] अरूले भनेका गीत वा कविताको अन्तिम अक्षरबाट सुरु गरी अर्को गीत वा कविता भनिने क्रिया, खेल वा प्रतियोगिता ।

**अन्ताराष्ट्रिय–** वि०हे० अन्तर्राष्ट्रिय ।

**अन्तिम–** वि० [सं०] सबैभन्दा पछिको; पछिल्लो; आखिरमा गरिने (काम, कुरो, प्रयास इ०) । > **अन्तिमेत्थम्–** ना० कुनै सङ्गठन, कलकारखाना आदिमा कामदार, कर्मचारीहरूले कुनै काम वा माग पूरा गर्ने अन्तिम म्याद दिई त्यस म्यादभित्र काम नभएका खण्डमा अर्को पाइला चाल्ने धम्की दिने काम; अन्तिम चेतावनी; अल्टिमेटम ।

**अन्ती–** ना० [नेवा०] झारीका ढबको रक्सी हाल्ने धातुको भाँडो; मधुकलश ।

**अन्त्य–** वि० [सं०] १. पछिल्लो; पुछारको; आखिरको; अन्तिम । ना० २. आखिरी अवस्था; मर्ने बेला; अन्तिम घडी । ३. किनारा; छेउ । ४. समाप्ति; अवसान । ५. मृत्यु; मरण । ~ **कर्म–** ना० मरेपछि गरिने संस्कार; अन्तिम संस्कार; अन्त्येष्टि । – **ज–** वि० १. अन्त्यमा जन्मिएको; तल्लो जात मानिएकोबाट पैदा भएको । २. तल्लो जाति; शूद्र । ~ **युग–** ना० आखिरी युग; कलियुग । ~ **वर्ण–** ना० १. तल्लो श्रेणी वा जातको मानिस; निम्न वर्ण; शूद्र । २. अन्तिम वर्ण वा अक्षर । ३. कविताका चरण वा पदको आखिरी अक्षर । ~ **वर्ण लोप–** ना० कुनै शब्दमा अन्तिम वर्णको लोप हुने भाषावैज्ञानिक प्रक्रिया (जस्तै– राम , श्याम आदिको उच्चारणमा शब्दान्तको ‘अ’ ध्वनिको लोप) । ~ **स्वर लोप–** ना० पदका अन्त्यमा रहेका स्वरको लोप हुने क्रिया (जस्तै–जाति > जात) । ~ **स्वरागम–** ना० शब्द वा पदका अन्त्यमा स्वर थपिने क्रिया । (जस्तै– श्रीमान् > श्रीमान, कीर्तिमान् > कीर्तिमान इ०) । > **अन्त्याक्षरी** – ना० हे० अन्ताक्षरी । **अन्त्यानुप्रास** – ना० पद वा वाक्यका अन्त्यमा रहेको स्वर या व्यञ्जनमा सादृश्य हुँदा पर्ने शब्दालङ्कार; अनुप्रास शब्दालङ्कारको एक भेद ।

**अन्त्येष्टि–** ना० [सं०] मरेपछि गरिने अन्तिम काजक्रिया; अन्तिम संस्कार (दाहसंस्कार, दशक्रिया आदि) ।

**अन्त्र–** ना० [सं०] आन्द्रो; आँत । – **ज्वर–** ना० आन्द्रामा विशेष किसिमका कीटाणुहरूको प्रवेश हुँदा आउने जरो । – **वृद्धि–** ना० आन्द्रा । – **शोथ–** ना० आन्द्रामा हुने सुज ।

**अन्दाज–** ना० [फा०] १. अनुमान; अडकल; लख । २. नाप; जोख । > **अन्दाजी** – वि० अन्दाज गरेको; लख काटेको; अनुमानित ।

**अन्ध–** वि० [सं०] १. दुवै आँखा नदेख्ने; अन्धो । २. विवेक नभएको; निर्विवेकी । ३. मनपरी गर्ने; जथाभाबी गरी हिँड्ने । ना. ४. अँध्यारो । – **कार–** ना० १. प्रकाशको अभाव; अँध्यारो । २. मोह; अज्ञान; विवेकहीनता । – **कूप–** ना० १. ज्यादै अँध्यारो कुवा; गहिरो र अँध्यारो इनार । २. अज्ञान; मूर्खता । ३. पुराणअनुसार एक नरकको नाम । – **ता–** ना० अन्ध हुनाको भाव वा अवस्था; अन्धोपना; दुवै आँखाले देख्न नसक्ने स्थिति । ~ **परम्परा–** ना० पहिलेदेखि चलिआएको भनेर कुनै किसिमको सोच-विचारै नगरी अँगालिएको रीतिरिवाज; रूढि । – **मुष्टि–** ना० निस्पट्ट अँध्यारो; घोर अन्धकार; गाढा अन्धकार । ~ **राष्ट्रवाद–** ना० अर्को राष्ट्रभन्दा आफ्नै राष्ट्र उच्च ठान्ने र अन्य राष्ट्रको हितलाई पेलेर पनि आफ्नो राष्ट्रको उन्नति चाहने राजनीतिक

भावना तथा विचार । ~ **विश्वास**– ना० पहिलेदेखि नै चलिआएको रीति-रिवाज एवम् चालचलन भनेर कुनै किसिमको विवेक-विचार नराखी त्यसप्रति गरिने विश्वास; अन्धो सुरमा गरिने विश्वास । ~ **शक्ति**– ना० व्यक्तिको शक्ति र सामर्थ्यभन्दा पर प्रकृतिमा निहित शक्ति ।

**अन्धाधुन्ध**– क्रि० वि० [हि०] १. वेगले; जोडसित; अन्नाधुन्न । २. चौपट्टै; ज्यादै; साह्रै; अचाक्ली; अन्नाधुन्न । ३. ज्यादै कालो वा अन्धमुष्टि भएर । वि० ४. अत्यन्त; ज्यादा ।

**अन्धि-नु**– अ० क्रि० [अन्धो+इ+नु] अन्धो हुनु; अन्धो भइनु ।

**अन्धेर**– ना० १. अन्याय; अत्याचार; जुलुम; जोरजुलुम । २. उपद्रो; उपद्रव; गडबडी । ३. अँधेर ।

**अन्धो**– वि० [सं० अन्ध+ओ ]१. आँखा नदेख्ने; दुवै आँखा बन्द भएको; नेत्रहीन; अन्ध । २. विवेकबुद्धि नभएको; अज्ञानी; मूर्ख । ३. मनपरी गर्ने; जथाभावी गरेर हिँड्ने । ४. मात्तिएको; उन्मत्त । ५. होस नभएको; बेहोसी । ना० ६.परेलाका डिलमा आउने एक किसिमको खटिरो ।

**अन्न**– ना० [सं०] अनाज; धान, मकै, गहुँ, कोदो आदि खाद्य वस्तुका गेडा । – **कूट**– ना० कार्तिक शुक्ल पूर्णिमाका दिनमा देउदेउताका अगाडि अन्न, मिठाई आदिको थुप्रो राखी वा भोग लगाई गरिने एक प्रकारको धार्मिक कर्म । – **जल**– ना० खाने र पिउने वस्तु; अन्नपानी । – **दाता**– ना० १. खान दिने वा पालनपोषण गर्ने व्यक्ति; प्रतिपालक । २. किसान । – **पात**– ना० खाने अन्न तथा सागपात । – **पानी**– ना० खाने र पिउने वस्तु; दानापानी । – **पूर्णा**– ना० १. अन्न वा अनाजकी अधिष्ठात्री देवी । २. नेपालको गण्डकी अञ्चलमा रहेको अन्नपूर्णा प्रथम ८, ०९१ मिटर, अन्नपूर्णा द्वितीय ७, ९३७ मिटर, अन्नपूर्णा तृतीय ७, ५५७ मिटर र अन्नपूर्णा चतुर्थ ७, ५२७ मिटर अग्लो हिमशिखर । ~ **प्राशन**– ना० बालक छ महिना पुगेपछि भात खुवाउने संस्कार; पास्नी । – **बाली**– ना० अन्न उब्जाउनका लागि लगाइएको बाली; खाद्यान्न बाली; अन्नको खेती । – **मय**– वि० १. अन्न भएको वा अन्नबाट बनेको । २. अन्नका आधारमा रहेको (अन्नमय शरीर, अन्नमय कोष इ०) । ~ **सत्र**– ना० दीनदुःखीलाई पाकेको अन्न बाँड्ने ठाउँ; सदावर्त बाँड्ने वा खुवाउने ठाउँ ।

**अन्नाधुन्न**– क्रि० वि० हे० अन्धाधुन्ध ।

**अन्नो**– वि०/ना०हे० अन्धो ।

**अन्भनु**– अ० क्रि० बेहुला बेहुलीका घरतर्फ वा बेहुली बेहुलाका घरतर्फ प्रस्थान हुनु; त्यसरी प्रस्थान हुँदा मोटर, उलिन्काठ, डोली आदिमा बसेर मङ्गलपूर्वक बिदा हुनु; अन्मनु ।

**अन्भरिनु**– अ० क्रि० [√ अन्भाउ] मन नपरेको मानिस कसैका घरमा आउनु वा जानु; घस्कनु; तन्कनु । > **अन्भऱ्याइ**– ना० अन्भरिने भाव, क्रिया वा प्रक्रिया । **अन्भऱ्याइनु**– क० क्रि० अन्भरिने पारिनु, अन्भरिन लाइनु । **अन्भऱ्याउनु**– प्रे० क्रि० १. अन्भरिने पार्नु; अन्भरिन लगाउनु । स० क्रि० २. मन नपरीकन करकापले दिनु; अनिच्छापूर्वक दिनु । ३. मुस्किलसँग साहू तिर्नु; बल्लतल्ल रिन तिर्नु ।

**अन्भाइ**– ना० [√ **अन्भ** (+ आइ)] १. अन्भने भाव, क्रिया वा प्रक्रिया; अन्माइ । [अन्भाउ+आइ] २. अन्भाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अन्भाइनु**– क० क्रि० अन्भाउने काम गरिनु; अन्माइनु । **अन्भाउनु**– स० क्रि०/प्रे० क्रि० १. विवाह सिद्धिएपछि दुलाहादुलहीलाई मङ्गलपूर्वक बिदाइ गर्नु; दुलाहादुलहीलाई कन्यागृहबाट वरगृहतर्फ प्रस्थान गराउनु; अन्माउनु । २. दुलाहालाई दुलहीका घरतर्फ प्रस्थान गराउनु । **अन्भिनु**– अ० क्रि० अन्भने काम होइनु; अन्मिनु । २. अन्भनु ।

**अन्म-नु**– अ०क्रि०हे० अन्भनु ।

**अन्मरि-नु**– अ०क्रि०हे० अन्भरिनु ।

**अन्माइ**– ना०हे० अन्भाइ । > **अन्माइनु**– क०क्रि० अन्भाइनु । **अन्माउनु**– स०क्रि०/प्रे०क्रि० अन्भाउनु । **अन्मिनु**– क०क्रि० अन्भिनु ।

**अन्य**– वि० [सं०] १. अरू; अर्को । २. कुनै । ३. पराई; परचक्री । ~ **जातीय**– वि० अर्कै जातिको; निर्दिष्ट जातिबाहेकको । > **अन्यतम**– वि० १. धेरैमध्ये एक । २. सबैभन्दा आत्मीय वा घनिष्ठ । – **तर**– वि० दुईमध्ये एक । **अन्यत्र**– अव्य० कहीँ; कतै; अन्त । **अन्यत्री**– वि० परचक्री; पराई; बिरानो । **अन्यथा**– वि० १. उल्टो; विरुद्ध; विपरीत । २. असत्य; झूटो; मिथ्या । ३. अरू केही चिताए वा भनिएको भन्दा बेग्लै । ना० ४. हेला; अपमान; तिरस्कार । क्रि०वि० ५. त्यसो नभए; होइन भने; नत्र । ~ **पुरुष**– ना० आफ्नो अगाडि नभएको अन्य व्यक्ति वा तेस्रो व्यक्तिलाई बुझाउने सर्वनाम; तृतीय पुरुष । – **मनस्क**– वि० १. ध्यान वा मन लाग्नुपर्ने कुरामा नलागी अन्तै गएको; मन उडेको; मन ठेगानमा नभएको । २. चित्तवृत्ति अन्तैतिर लागेको । ~ **सापटी**– ना० मुख्य रूपमा लिएको भन्दा अतिरिक्त सापटी ।

**अन्याय**– ना० [सं०] १. न्यायको अभाव वा न्याय नभएको स्थिति; बेइन्साफ; नीतिको विरोध । २. अनुचित काम; अयोग्य व्यवहार । ३. अत्याचार; मनपरी; जथाभावी । – **वाला**– वि० १. अन्याय गर्ने; अन्यायी; कानुनविरोधी । २. जाली; अत्याचारी; फटाहा । ३. झगडियाले आफ्नो पक्षविरुद्धको वादी वा प्रतिवादीलाई तिरस्कारपूर्वक भन्ने शब्द । > **अन्यायी**– वि० अन्याय गर्ने; अत्याचार गर्ने; इन्साफ नगर्ने ।

**अन्योक्ति**– ना० [सं०] १. एउटालाई भन्दा अर्कामा घट्ने वा मिल्ने गरी भनिएको भनाइ । २. यस्तो पर्दा हुने एक प्रसिद्ध अर्थालङ्कार ।

**अन्योन्य**– क्रि० वि० [सं०] १. परस्पर; आसपासमा । ना० २. दुई वा दुईभन्दा बढी वस्तुले परस्परमा एउटै क्रिया गर्दा हुने एक प्रसिद्ध अर्थालङ्कार । > **अन्योन्याश्रय**– ना० १. परस्परमा एकमा अर्को आश्रित हुने क्रिया । २. न्यायमा एक वस्तुका ज्ञानबाट अर्को वस्तुको ज्ञान हुने क्रिया; सापेक्ष ज्ञान । **अन्योन्याश्रित** –

वि० १. परस्परमा एकमा अर्को आश्रित रहेको । २. एक वस्तुका ज्ञानबाट अर्को वस्तुको ज्ञान हुने । ३. स्वभावैले अभिन्न ।

**अन्योल–** क्रि०वि० [सं० अन्ध+योल ]१. अलमल्ल; अकमक्क । ना० २. किंकर्तव्यविमूढता । ३. पीर; मानसिक ताप । ४. बेसुद्धि; बुद्धिविभ्रम; सम्भ्रम । > **अन्योलिनु–** अ० क्रि० अन्योलमा पर्नु; यसो गरुँ कि उसो गरुँ हुनु । **अन्योली/अन्योले–** वि० अन्योलमा पार्ने; अत्याचारी । **अन्योल्याइ–** ना० अन्योलिने वा अन्योल्याउने भाव, क्रिया वा प्रक्रिया । **अन्योल्याउनु–** स० क्रि० अन्योलमा पार्नु ।

**अन्योल्याइ–** ना० अन्योलिने वा अन्योल्याउने भाव, क्रिया वा प्रक्रिया ।

**अन्वय–** ना० [सं०]१. कुनै दुई वा दुईभन्दा बढी कुराको पारस्परिक सम्बन्ध । २. पद्यका सङ्गति नमिलेका पदहरूलाई सङ्गतियुक्त गराउने क्रिया । ३. कुनै वाक्यमा रहेका पदहरूको सङ्गति मिलाएर अर्थ लगाउने क्रिया । ४. एउटा कुरा सिद्ध गर्न अर्कै कुराको सिद्धि वा क्रमिक सम्बन्ध देखाउने काम । ५. एकले अर्काको पछि लाग्ने क्रिया । ~ **विधि–** ना० १. आलङ्कारिक पदक्रममा व्यक्त भएका पद्यांश वा गद्यांशलाई सामान्य पदक्रममा ढाली भाषा सिकाउने प्रक्रिया ।

**अन्वर्थ –** वि० [सं०] शब्दका अर्थअनुसारको; नामअनुसार काम भएको ।

**अन्वष्टका–** ना० [सं०] पौष, माघ, फाल्गुन र आश्विन महिनाका कृष्णपक्षका नवमीका दिन गरिने मातृक श्राद्ध ।

**अन्वारम्भ–** ना० [सं०] स्त्रीले माइतबाट घर जाँदा लगिने धन; स्त्रीधन; दाइजो; पेवापात ।

**अन्वारोहण–** ना० [सं०] स्त्रीले पतिका साथ चितामा चढ्ने काम; सती जाने काम ।

**अन्वाहार्य–** ना० [सं०] मरेका मानिसका नाउँमा प्रतिमास गरिने श्राद्ध; मासिक श्राद्ध ।

**अन्वित–** वि० [सं०] १. अन्वय मिलेको । २. क्रमबद्ध रूपमा मिलेको; सङ्गत । > **अन्वितार्थ–** ना० १. अन्वय गरेर निकालेको अर्थ । २. लुकेको अर्थ । ३. गूढार्थ वा गूढाशय । **अन्विति–** ना० क्रमबद्ध रूपमा मिलेर रहनाको भाव; क्रमबद्धता; सङ्गति ।

**अन्वीक्षण –** ना० [सं०]१. राम्ररी खोजीनिधी गर्ने क्रिया; अनुसन्धान; खोज; शोध । २. कुनै विषयमा लेखिएको सामयिक प्रकाशित लेख।

**अन्वेषक–** ना० [सं०]१. बितेका वा लुके-छिपेका कुराको राम्रोसँग खोजीनिती गर्ने व्यक्ति; अनुसन्धाता; शोधकर्ता; शोधार्थी । वि० २. अन्वेण गर्ने ।

**अन्वेषण–** ना० [सं०] लुके-छिपेका कुराहरूको राम्रोसँग खोजीनिती गर्ने काम; अनुसन्धान; शोध ।

**अन्वेषी–** वि० [सं०] अन्वेषण गर्ने ।

**अन्सार–** ना० [√ अनुसार ]१. सान; इसारा । २. लख; अडकल; अनुसार । > **अन्सारी–** वि० अनुमान गर्ने; अडकल काट्ने; अन्दाज गर्ने; लख काट्ने ।

**अप–** उप० [सं०] शब्दका अगिल्तिर गाँसिएर अनुचित वा निन्दनीय, रहित वा हीन, विपरीत वा विरुद्ध; हीनता वा कमी, दूषण वा आकस्मिकता आदि अर्थ बुझाउने शब्द (अपव्यय, अपमान, अपभ्रंश, अपमृत्यु) । **– कर्ता–** वि० १. अपकार गर्ने वा हानि पुऱ्याउने; नोक्सान गर्ने; अपकारक । २. दुष्कर्म गर्ने; खराब आचरण भएको । **– कर्म–** ना० १. खराब वा अनुचित काम; निन्दनीय काम; गर्न नहुने काम; दुष्कर्म । २. पाप; अधर्म ।

**अपकर्ष–** ना० [सं०]१. कुनै वस्तुलाई पछिल्तिर धकेल्ने काम । २. घटाउने या घट्ने प्रक्रिया; ह्रास । ३. पद, प्रतिष्ठा, मान आदिमा हुने कमी वा न्यूनता; मानहानि; अपमान । ३. उन्नति घट्ने, नहुने वा नभएको स्थिति; अवनति । > **अपकर्षक –** वि० १. अपकर्ष गर्ने । २. अपकर्ष भएको । **अपकर्षण–** ना० १. अपकर्ष गर्ने वा हुने काम । २. पछाडि धकेल्ने प्रक्रिया । ३. घटाउने वा कमी गर्ने चाल । ४. मानहानि । ५. मोल घट्ने काम । ६.तल खस्ने वा ओर्लने प्रक्रिया ।

**अपकार–** ना० [सं०]१. अर्काको कुभलो हुने वा चिताउने काम; हानि; नोक्सानी; नोक्सान । २. अनुचित आचरण वा व्यवहार । > **अपकारक–** वि० अपकार गर्ने; अहित चिताउने वा हानि पुऱ्याउने । **अपकारिता–** ना० १. अपकारी हुनाको भाव वा अवस्था । २. अपकार । **अपकारी–** वि० अपकारक ।

**अपकीर्ति–** ना० [सं०] पहिलेको कीर्ति वा यशलाई हानि पुऱ्याउने खालको अनुचित कार्यबाट हुने बदनामी; अपयश; अबजस; दुर्नाम; दुष्कीर्ति ।

**अपकृत–** वि० [सं०] अपकार गरिएको; कुभलो गरिएको । > **अपकृति –** ना० हे० अपकार ।

**अपकृष्ट–** वि० [सं०]१. अपकर्ष गरिएको; घटाइएको; कम गरिएको । २. हटाइएको; पन्छाइएको । ३. तानिएको; तल ओरालिएको वा खसालिएको । ४. महत्त्व वा मान घटेको । ५. अधम; नीच; दुष्ट । ६. खराब । ना० ७. घृणित व्यक्ति; हीन व्यक्ति । ८. काग; कौवा ।

**अपक्रम–** ना० [सं०]१. भङ्ग भएको वा बिग्रेको क्रम; सिलसिला टुट्ने प्रक्रिया । २. उचित, उपयुक्त वा ठीक क्रमको अभाव । > **अपक्रमण –** ना० १. अपक्रम गर्ने काम वा भाव । २. असन्तोष, रोष वा विरोध प्रकट गर्दै सभा, समिति आदिलाई बहिष्कार गर्ने काम; सुइँकुच्चा ।

**अपक्रोश–** ना० [सं०]१. ज्यादै चर्को स्वरले कराउने काम । २. दुर्वाच्य वा कटु वचन बोल्ने काम । ३. गाली । ४. निन्दा ।

**अपक्व–** वि० [सं०]१. नपाकेको; अपरिपक्व; काँचो(फल, खाद्यान्न इ०) । २. पूर्ण विकास नभएको (बुद्धि) ३. अकुशल । **– ता–** ना० पक्व नहुनाको स्थिति वा भाव; काँचोपन ।

**अपक्ष–** वि० [सं०]१. कुनै पक्ष वा दलमा नलागेको; निष्पक्ष । २. समाजमा अरू कसैसँग मिलजुल गरेर बस्न नसक्ने । ३. पक्ष वा पखेटा नभएको । ४. आडभरोस वा आधार नभएको; निस्सहाय । **– पात–** वि० १. पक्षपात नभएको; निष्पक्ष;

पक्षपातरहित । ना० २. पक्षपात नगर्ने वा नगरेको स्थिति; निष्पक्षता ।

**अपक्षय–** ना० [सं०] ह्रास; च्युति; नाश ।

**अपक्षरण–** ना० [सं०] वर्षाका भौतिक कारणहरूबाट हुने भूक्षयको क्रिया वा प्रक्रिया ।

**अपखण्ड–** ना० [सं०] १. कुनै वस्तुको बिग्रेको भाग; अधुरो वा अपूर्ण हिस्सा । २. कुनै सडेगलेको अंश । ३. विनष्ट वा लुप्त वस्तुको बिग्रेको खण्ड ।

**अपगत–** वि० [सं०] १. ठीक ठाउँबाट यताउता भएको; ठाउँबाट हटेको वा पन्छिएको । २. मरेको; मृत ।३. नाश भएको; नष्ट । ४. टाढा हटेको । > **अपगति–** ना० १. निकृष्ट वा खराब गति; दुर्गति; खराब अवस्था । २. नराम्रो बाटो लाग्ने काम । ३. हट्ने वा ठाउँ छाड्ने काम । ४. नाश; विनाश ।

**अपघात–** ना० [सं०] १. अनुचित वा नराम्रो आघात; मार्ने वा हत्या गर्ने काम; हिंसा; वध । २. विश्वासघात । > **अपघाती –** वि० १. अपघात गर्ने; हत्यारो; हत्या वा हिंसा गर्ने । २. विश्वासघात गर्ने; विश्वासघाती ।

**अपच–** वि० [सं०] १.पाचन नहुने; नपच्ने । ना० २. अन्न आदि वस्तु नपच्ने काम वा अवस्था । ३. भोजन नपच्ने रोग ।

**अपचालक–** वि० [सं०] १. बलजफ्तीसँग कुनै कुरालाई लैजाने वा हिँडाउने । २. नराम्रोसँग सञ्चालन गर्ने ।३. विज्ञान वा प्रविधिका अनुसार प्रसार वा विस्तारमा प्रतिकूल असर पार्ने; फैलन नदिने ।

**अपचालन–** ना० [सं०] १. आफूले राखेको माग पूरा नहोउन्जेल यानका चालकलाई बलपूर्वक वा डर-त्रास देखाई आफूले भनेका ठाउँमा ओराल्न बाध्य गराउने काम; अपहरण । २. नराम्रोसँग चलाउने कार्य । ३. प्रसार वा विस्तारलाई अवरुद्ध पार्ने काम ।

**अपचालित–** वि० [सं०] अपचालन गरिएको; नराम्रोसित चलाइएको ।

**अपजस–** ना० [सं० अपयश ] १. बदनाम; अपकीर्ति । २. विनाकसूर आइलागेको आरोप; दोषारोपण; वृथा आरोप । > **अपजसे/ अपज-स्याहा –** वि० अपजस पाउने; अबजसे ।

**अपजात–** वि० [सं०] आफ्नो उत्पादक वा मूल वर्गको पूरै गुण नआएको; अपेक्षाकृत कम गुण भएको ।

**अपटु–** वि० [सं०] पटु वा कुशल नभएको ।

**अपठित–** वि० [सं०] १. नपढेको; पढ्ने काम नगरेको; अपढ; अनपढ (व्यक्ति) । २. नपढिएको (पाठ वा लेख) ।

**अपढ–** वि० [अ+पढ] १. लेखपढ नगरेको; अनपढ; नपढेको । २. अशिक्षित; मूर्ख । > **अपढन्ता–** वि० अपढ ।

**अपत्य–** ना० [सं०] सन्तान; छोराछोरी; सन्तति ।

**अपत्यार–** ना० [अ+पत्यार] कुनै विषय वा प्रसङ्गप्रति पत्यार नहुने अवस्था; अनपत्यार; अविश्वास । > **अपत्यारिलो–** वि० पत्यार नभएको । **अपत्यारो –** ना० अपत्यार ।

**अपथ–** ना० [सं०] १. हिँडडुल गर्न योग्य नभएको बाटो; विकट मार्ग । २. अनुचित वा खराब मार्ग; कुबाटो ।

**अपथ्य–** वि० [सं०] १. पथ्य नभएको; स्वास्थ्यलाई खराब गर्ने; स्वास्थ्यनाशक (खानेकुरो) । ना० २. स्वास्थ्यलाई हित नगर्ने वस्तु; हानिकारक चीजबीज ।

**अपदस्थ–** वि० [सं०] १. आफ्नो पद, स्थान वा सेवाबाट हटाइएको; पदच्युत । २. पद वा सेवामा नरहेको; पदबाट हटेको ।

**अपद्रव्य–** ना० [सं०] १. खराब वा निकृष्ट वस्तु; काम नलाग्ने चीजबीच । २. कुत्सित धन; घृणित सम्पत्ति ।

**अपनत्व–** ना० [हि० अपना+ सं० त्व ] स्वाधिकार; निजत्व; स्वत्व ।

**अपनयन–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिलाई हटाउने वा निकाल्ने काम । २. छुटकारा; वियोग । ३. कुनै स्त्री वा बालकलाई उसका पति वा बाबुको घरबाट लुकाई-बहकाई अन्यत्र कहीँ भगाउने काम; अपहरण ।

**अपनाम–** ना० [सं०] हे० दुर्नाम ।

**अपनिहिति–** ना० [सं०] कुनै व्यञ्जनको पछि रहेको स्वरवर्ण अनुवर्ती रहेर पनि अगाडि आइपुग्ने भाषावैज्ञानिक प्रक्रिया (हँसिया = हँइस्या, थाकियो = थाइक्यो इ०)।

**अपन्यास–** ना० [सं०] १. गीतका खण्ड-खण्ड अलग गरेर देखाइने स्वर । २. खराब ठाउँमा राख्ने काम ।

**अपभाषा–** ना० [सं०] १. भाषाको अपरिष्कृत तथा अशिष्ट रूप । २. अश्लील वा लाजभाँडको बोली ।

**अपभोग–** ना० [सं०] १. अर्काको सम्पत्ति अनुचित किसिमले भोग गर्ने काम । २. सम्पत्तिको दुरुपयोग वा दुर्व्यवहार । > **अपभोगी–** वि० १. अपभोग गर्ने; अर्काको सम्पत्ति अनुचित रूपमा फुक्ने । २. सम्पत्तिको दुरुपयोग गर्ने ।

**अपभ्रंश–** ना० [सं०] १. तलतिर खस्ने वा झर्ने काम; पतन । २. बिग्रेको स्थिति; विकृति । ३. मूल उच्चारण ठीक र शुद्ध किसिमले गर्न नसकी बिग्रेको शब्दरूप । ४. प्राचीन मध्यदेशीय प्राकृत भाषाभन्दा पछिको र आधुनिक आर्यभाषा जन्मनुभन्दा पहिलेको तथा सोही आधुनिक आर्यभाषाको विकास गराउने भाषा । ~ **भाषा–** ना० आधुनिक भारतवर्षीय आर्यभाषाको विकासभन्दा अघिल्लो चरणको भाषा ।

**अपभ्रष्ट–** वि० [सं०] १. खसेको वा गिरेको; पतित; च्युत ।२. बिग्रेको; विकृत । ३. संस्कृत तत्सम शब्दबाट आएर विकृत रूपमा प्रचलित; तद्भव (शब्द) ।

**अपमान–** ना० [सं०] १. अभिमानपूर्वक भनिएको र कसैको इज्जत वा मानमर्यादालाई चोट पुऱ्याउने कुरो । २. कसैको प्रतिष्ठा वा इज्जतलाई कम गराउने कामकाज; बेइज्जती । ३. तिरस्कार । ४. अपहेलना; दुत्कार । **– कारी–** वि० अपमान गर्ने । **– जनक–** वि० अपमान पुऱ्याउने (वचन वा कार्य) । > **अपमानित–** वि० अपमान गरिएको; तिरस्कृत । **अपमानी–** वि० अरूको अपमान गर्ने ।

**अपमार्जन–** ना० [सं०] १. शुद्धि, सफाइ वा संशोधन गर्ने काम वा भाव; फोहर-मैला, कसरमसर आदि साफ गर्ने काम; अपामार्जन । २. कुनै वस्तुमा बसेको दाग, कलङ्क आदि मेटाउने क्रिया । ३.

मेट्ने वा रद्द गर्ने काम ।

**अपमिश्रण–** ना० [सं०] असल वा उम्दा वस्तुमा खराब वस्तु मिसाउने काम; खाद्य वस्तु आदिमा दूषित पदार्थ मिलाउने काम; मिसावट ।

**अपमृत्यु–** ना० [सं०] असामयिक या आकस्मिक मृत्यु; अकालमृत्यु ।

**अपयश–** ना० [सं०] अपजस; अपकीर्ति; अबगाल ।

**अपयोग–** ना० [सं०] १. अनुचित वा खराब समय; कुसाइत; खराब मुहूर्त । २. नियमित मात्राभन्दा बढी वा कम औषधीको मिश्रण ।

**अपयोजन–** ना० [सं०] १. अर्काको धनसम्पत्ति अनुचित रूपले आफ्ना काममा खर्च गर्ने प्रक्रिया । २. कुनै वस्तुलाई खराब ढङ्गले उपयोगमा ल्याउने काम ।

**अपर–** वि० [सं०] १. अर्को; अरू; दोस्रो । २. अप्रतिद्वन्द्वी; बेजोड । – **तन्त्र–** वि० परतन्त्र नभएको; स्वाधीन; स्वतन्त्र । – **पक्ष–** ना० महालय श्राद्ध (सोह्र श्राद्ध) गरिने पक्ष; आश्विन कृष्णपक्ष; पितृपक्ष । ~ **पुरापाषाण–** ना० पुरापाषाणयुगका तीन विभाजनमध्ये अन्तिम तथा ओरनेक, सोलुत्रे, मदलेन र अजिल मानवले प्रयोग गरेका पाषाण-उपकरणको समय; त्यस्ता मानवले प्रयोग गरेका पाषाण-उपकरणको सामूहिक नाम । – **प्रातिनूतनाश्म–** ना० प्रातिनूतनाश्मका तीन विभाजनमध्ये अन्तिम विभाजन; आजभन्दा लगभग एक लाख पचास हजार वर्षपहिले प्रारम्भ भएको समय ।

**अपरम्पार–** वि० [सं०] पार पाइनसकिने; पार पाउन नसकिने; अपार; असीम; बेहद ।

**अपरस–** ना० [सं०] १. छालामा कत्ला-कत्लापर्ने एक प्रकारको रोग । २. बिग्रिएको रस; दूषित रस । वि० ३. अस्पृश्य । ४. अनासक्त ।

**अपरा–** ना० [सं०] १. अध्यात्म वा ब्रह्मविद्यादेखि भिन्न विद्या । २. लौकिक विद्या; पदार्थविद्या; भौतिक विद्या । ३. पश्चिम दिशा । ४. हात्तीको पछिल्लो भाग । ५. गर्भाशय । ६. जेठ महिनाको कृष्णपक्षको एकादशी ।

**अपराग–** ना० [सं०] १. प्रेम वा रागको विरोधी भाव । २. वैरभाव; द्वेष; शत्रुता । ३. अरुचि; मोहहीनता । ४. असन्तोष; अतृप्ति ।

**अपराजिता–** ना० [सं०] १. केराउको जस्ता कोसा हुने र सेतो वा नीलो फूल फुल्ने एक खालको लहरो । (सेतो फूल फुल्नेलाई गिरिकर्णिका र नीलो फूल फुल्नेलाई विष्णुक्रान्ता भनिन्छ ।) । २. दुर्गा । ३. एक योगिनी । ४. प्रत्येक पाउमा दुई नगण, एक रगण, एक सगण, एक लघु एक गुरु हुने वार्णिक छन्द ।

**अपराध–** ना० [सं०] १. कसैको अपमान वा हानि-नोक्सानी हुने काम । २. कानुनविरुद्धको काम; धार्मिक दृष्टिबाट गर्न नहुने आचरण । ३. पाप लाग्ने काम । ४. कसुर; दोष । ५. भूलचूक । ~ **विज्ञान–** ना० अपराध गर्नाको कारण खोजी गर्ने र सो अपराध गर्ने प्रवृत्ति हटाउने कुराको शास्त्र । ~ **स्वीकरण–** ना० अधिकारीवर्गका अगाडि आफ्नो अपराध वा पाप स्वयं स्वीकार गर्ने काम । ~ **संहिता–** ना० १. अपराधसम्बन्धी नियम-विनियमहरूको सँगालो । २. त्यससँग सम्बन्धित ग्रन्थ ।

**अपराधी–** वि० [सं०] अपराध गर्ने; पापकर्म गर्ने । ~ **सुम्पुवा–** ना० १. जिल्ला इलाकातिरका चौकीहरूले पक्रिएका दोषी, अपराधीलाई आफ्ना तालुक अड्डामा सुम्पिने वा बुझाउने काम । २. पक्राउ परेका विदेशी अपराधीहरूलाई तिनकै देशको सरकारछेउ सुम्पने काम ।

**अपरान्तिका–** ना० [सं०] एक नगण, दुई रगण र एक लघु तथा एक गुरु भएको वार्णिक छन्द । (यसैलाई ललित तथा कनकमञ्जरी पनि भनिन्छ ।)

**अपराह्ण–** ना० [सं०] १. दोपहर वा मध्याह्नपछि आरम्भ हुने दिनको भाग; दिनका पाँच भागमध्येको चौथो भाग; अपराह्न । २. सामान्यतः दिनको तेस्रो प्रहर ।

**अपराह्न–** ना०हे० अपराह्ण ।

**अपरिग्रह–** ना० [सं०] १. दान नलिने क्रिया; दानको परित्याग । २. जीवन-निर्वाहका लागि अत्यावश्यक वस्तुबाहेकका अन्य वस्तु ग्रहण नगर्ने काम । ३. मोह, राग, द्वेष, हिंसा आदिको त्याग । ४. योगशास्त्रका अनुसार पाँचौं यम; सङ्गत्याग । ५. ब्रह्मचर्य ।

**अपरिचित–** वि० [सं०] १.परिचित वा चिनजान नभएको; जानपहिचान नभएको; थाहा नभएको । २. पराई; परचक्री ।

**अपरिणय–** ना० [सं०] परिणय वा विवाह नभएको अवस्था; कौमार्य; कुमार-अवस्था ।

**अपरिणामी–** वि० [सं०] १. परिणाम ननिस्कने वा नहुने । २. अवस्था वा रूपमा हेरफेर नहुने; अविकारी ।

**अपरिणीता–** वि० [सं०] विवाह नभएकी; अविवाहिता; कुमारी; कन्या ।

**अपरिपक्व–** वि० [सं०] १. परिपक्व नभएको; काँचो । २. राम्रोसँग नपाकेको; अधकल्चो । ३. अपक्व । – **ता–** ना० १. अपरिपक्व हुनाको भाव वा अवस्था । २. खास कुरा सिक्ने वा ग्रहण गर्ने तत्परता बालकमा स्वाभाविक रूपमा देखिइनसकेको शारीरिक वा मानसिक अवस्था ।

**अपरिमित–** वि० [सं०] १. कुनै सीमा नभएको; सीमारहित; असीम; बेहद । २. असङ्ख्य; अगणित; अनगन्ती ।

**अपरिमेय–** वि० [सं०] १. परिमाण छुट्याउन वा नापतौल गर्न नसकिने; अडकल काट्न नसकिने २. असङ्ख्य; धेरै; अनगन्ती ।

**अपरिवर्तनीय–** वि० [सं०] १. परिवर्तन वा फेरबदल गर्न नसकिने; बदल्न नसकिने । २. कुनै कुराको सट्टा वा बदलामा दिन नसकिने । ३. सधैं एकनास रहने; नित्य ।

**अपरिवर्तित–** वि० [सं०] परिवर्तन वा फेरबदल नभएको; नबदलिएको; उस्तै ।

**अपरिवर्त्य–** वि० [सं०] परिवर्तन वा हेरफेर गर्न लायक नभएको; परिवर्तन नहुने वा गर्न नसकिने ।

**अपरिष्कृत–** वि० [सं०] १. परिष्कार वा संस्कार नभएको; असंस्कृत; अपरिमार्जित । २. ठीक वा उचित नपारिएको; नसुधारिएको ।

३. फोहोर-मैला भएको; गन्दा ।

**अपरिहार्य**– वि० [सं०] १. परिहार वा त्याग गर्न नसकिने; छाड्न नहुने; अत्याज्य । २. कामका निम्ति अत्यावश्यक; अनिवार्य । –**ता**– ना० १. छाड्न वा त्याग्न नसकिने गुण वा अवस्था । २. कुनै कामकुराका निम्ति नभई नहुने स्थिति ।

**अपरीक्षित**– वि० [सं०] १. परीक्षा नगरिएको वा नलिइएको; जाँचपडताल नभएको । २. रूप, गुण, वर्ण आदिको अनुसन्धान नगरिएको । ३.अप्रमाणित ।

**अपरुष**– वि० [सं०] १. परुष वा कठोर नभएको; कोमल । २. कठोर हृदय नभएको; नरिसाउने ।

**अपरूप**– वि० [सं०] १. नराम्रो रूप भएको; कुरूप । २. भद्दा ।

**अपरेटर**– ना० [अङ्०] १. मेसिन, यन्त्र आदि चलाउने व्यक्ति । २. फोनमा कुराकानी गर्नाका निम्ति लाइन दिने व्यक्ति ।

**अपरोग**– ना० [सं०] रोगको असर घट्तै गएको अवस्था; स्वास्थ्यलाभ गरेको स्थिति ।

**अपर्झट**– क्रि०वि० [सं० अपर+झटिति] १. अचानक; अब्झट; अकस्मात्; एक्कासि; अनायास । ना० २. एकाएक आइपरेको स्थिति । वि० ३. आकस्मिक; अप्रत्याशित ।

**अपर्णा**– ना० [सं०] १. शिवप्राप्तिका लागि तपस्या गर्दा पातसम्म पनि खान छोडेकी पार्वतीको नाम; पार्वती । २. दुर्गा । वि० ३. पात नभएको (लहरो इ०) ।

**अपर्याप्त**– वि० [सं०] १. पर्याप्त नभएको । २. सीमारहित; असीम । >**अपर्याप्ति** – ना० १. पर्याप्त नभएको अवस्था वा स्थिति । २. पूर्णताको अभाव; कमी; त्रुटि । ३. अयोग्यता; अक्षमता ।

**अपलाप**– ना० [सं०] १. व्यर्थको प्रलाप; नचाहिँदो बकबक । २. कुनै प्रसङ्ग टार्नका लागि यताउताको कुरा भन्ने काम; कुरा बनाउने काम । ३. सत्य कुरालाई ढाकछोप गर्ने आचरण ।

**अपव्याख्या**– ना० [सं०] गलत अर्थ गराइ; बेठीक व्याख्या ।

**अपवर्ग**– ना०[सं०] १. सबै खालको कष्टबाट हुने छुटकारा । २. सबै दुःखको नाश हुने न्यायवैशेषिक दर्शनले मानेको मोक्ष; मुक्ति; निर्वाण । ३. त्याग; बलिदान । ४. दान । ५. कार्यसमाप्ति-अनुसारको फलप्राप्ति ।

**अपवर्त्य**– वि० [सं०] १. बदल्न सकिने वा बदल्न हुने । २. फर्काउन योग्य; फिर्ता दिन लायक । ना० ३. कुनै एक सङ्ख्याले अर्को सङ्ख्यालाई गुणन गर्दा आउने गणितको राशि ।

**अपवाद**– ना० [सं०] १. कसैको सम्मानमा आघात पुग्ने लोकनिन्दा; बदनामी; तिरस्कार । २. नभए-नगरेका कुराको दोष वा आरोप; झूटो दोष । ३. व्यापक वा सामान्य नियमभित्र नपरेर त्यसको अतिरिक्त आउने विषयवस्तु वा कामकुरो; सामान्य लक्षणमा नअटाउने कुरो । ४. झूटो कुरो; असत्य वार्ता । ५. वेदान्तशास्त्रका अनुसार अध्यारोपको निराकरण । (जस्तो– डोरीमा सर्पको ज्ञान अध्यारोप हो भने डोरीको वास्तविक ज्ञानबाट सर्पको ज्ञानको निराकरण चाहिँ अपवाद हो ।) । >**अपवादक**/**अपवादी**– वि० अर्काको अपवाद वा बदनामी गर्ने; परनिन्दक ।

**अपवित्र** – वि० [सं०] १. पवित्र नभएको; चोखो नभएको; अशुद्ध; बिटुलो । २. जातिभ्रष्ट; जातिपतित । – **ता**– ना० पवित्र नभएको अवस्था; अशुद्धता ।

**अपविद्या**– ना० [सं०] १. अध्ययन गर्न उचित नभएको खराब वा निषिद्ध विद्या । २. हे० अविद्या ।

**अपव्यय**– ना० [सं०] १. अनावश्यक वा अनुचित मात्रामा गरिने व्यय; अनुचित रूपमा गरिएको खर्च; फजुल खर्च; धनको दुरुपयोग । २. खराब काममा गरिने खर्च । >**अपव्ययी** – वि० अपव्यय गर्ने; व्यर्थ खर्च गर्ने ।

**अपशकुन**– ना० [सं०] अशुभ वा खराब शकुन; नराम्रो लक्षण; अपसगुन ।

**अपशब्द**– ना० [सं०] १. कसैप्रति बोलिएको दुर्वाच्य; गाली; दुर्वचन । २. अश्लीलता भरिएको शब्द; अशुद्ध शब्द । ३. निरर्थक वा बेमतलबको कुरा; व्यर्थको बोली । ४. असम्बद्ध प्रलाप । ५. अपानवायु ।

**अपश्री**– वि० [सं०] १. श्री नष्ट भएको; शोभा, सौन्दर्य आदिले रहित । २. कुरूप; नराम्रो; भद्दा । ना० ३. श्री वा शोभा विकृत भएको अवस्था ।

**अपसगुन**– ना० [सं० अपशकुन] हे० अपशकुन ।

**अपसङ्ग्रह**/**अपसञ्चय**– ना० [सं०] अनियमित रूपले र धेरै मूल्यमा बेच्ने उद्देश्यले मालसामान जम्मा गरेर लुकाई-छिपाई राख्ने काम; पछाडि बढी मोलमा बिक्री गर्ने इरादाले सरसामग्री बढी सङ्ख्यामा जम्मा गर्ने काम ।

**अपसमायोजन**– ना० [सं०] खास वातावरण वा स्थितिमा प्रतिकूलित हुने वा त्यस रूपमा हेरिने स्थिति; कुसमायोजन ।

**अपसर्जन**– ना० [सं०] १. छाड्ने काम; त्याग । २. मोक्ष; मुक्ति ।

**अपसर्प**/**अपसर्पक**– ना० [सं०] १. जासुसी विद्या । २. त्यस्तो विद्या जान्ने जासुस; गुप्तचर । ३. अर्काको कुरा लगाउने छुल्याहा व्यक्ति ।

**अपसर्पण**– ना० [सं०] १. पछाडि हट्ने काम; खस्कने काम । २. भाग्ने काम; पलायन । ३. गुप्तचरको काम; जासुसी । ४. छुल्याइँ ।

**अपसव्य**– वि० [सं०] १. सव्यको उल्टो; दाहिने; दायाँ । २. उल्टो; विपरीत । ना० ३. पितृकार्य आदिमा दायाँ काँधमा जनै रहने स्थिति ।

**अपसार**– ना० [सं०] १. बाहिर जाने वा निक्लने काम । २. पानीको छिटा । >**अपसारक**– वि० भगाएर लैजाने । **अपसारण** – ना० १. कुनै वस्तु पन्छाउने वा हटाउने काम । २. बाटो दिने वा ठाउँ छाड्ने काम । **अपसारित**– वि० पन्छाइएको; हटाइएको; निकालिएको; पर सारिएको । **अपसारी**– वि० विरुद्ध जाने वा रहेको; उल्टो चल्ने; विपरीत बाटो हिँड्ने ।

**अपसिद्धान्त**– ना० [सं०] १. सिद्धान्तको विरुद्ध विचार; अनुचित सिद्धान्त । २. न्यायमा कुनै सिद्धान्त स्थिर गरेर पनि त्यसको विपरीत गरिने वा भनिने काम-कुरो ।

**अपसृत**– वि० [सं०] १. आफ्नो उत्तरदायित्व, पद, कार्य आदिबाट हटेको; निक्लिएको; पन्छिएको । २. पारपाचुके लिएको; सम्बन्धविच्छेद गरेको । > **अपसृता**– वि० सम्बन्ध विच्छेद गरिएकी; पारपाचुके दिएकी वा लिएकी; परित्यक्ता (स्त्री) ।

**अपसेट**– ना० [अङ्०] छाप्ने अक्षर वा सामग्रीको विशेष फोटो उतारी धातुको पातामा बिम्ब पारेर छापिने एक विशेष प्लेट । ~ **प्रतिलिपि**– ना० अपसेट पाताले छापेर तयार गरिएको प्रतिलिपि । ~ **प्रेस**– ना० अपसेटद्वारा छपाइको काम हुने प्रेस; सफा र आकर्षक छपाइ गर्ने आधुनिक मुद्रणयन्त्र ।

**अपसोच/अपसोस**– ना० [फा० अफसोस ] १. सुर्ता; शोक; बिस्मात । २. खेद; अफसोस ।

**अपस्नान**– ना० [सं०] १. आफ्नो कुनै सम्बन्धी वा कुटुम्बको मृत्युमा उदकक्रियाको समयमा गरिने स्नान; आशौचमा गरिने नुहाइ; खल्को । २. अपवित्र पानीमा नुहाउने काम ।

**अपस्मार**– ना० [सं०] १. रोगीको कलेजो काँपेर बेहोस भई जमिनमा गिर्ने काम; मूर्च्छा पर्ने रोग; छारेरोग; मिरगी; मिर्गी । २. वियोगजन्य कष्टले मिर्गीको रोगीजस्तै मूर्च्छित भएर पल्टने खालको प्रेमी वा प्रेमिकाको अवस्था; एक सञ्चारी भाव । > **अपस्मारी** – वि० अपस्मार रोगले पीडित ।

**अपहत**– वि० [सं०] १. हत्या गरिएको; मारिएको । २. टाढा पारिएको; हटाइएको ।

**अपहत्ते/अपहत्या**– ना० [सं० अपहत्या ] १. जानी-जानी आफ्नो ज्यान गुमाउने काम; आत्महत्या; आत्मघात । २. कृपा वा सहयोग पाउने आशाले आफैंलाई कष्टपूर्ण स्थितिमा पार्ने काम ।

**अपहरण**– ना० [सं०] १. कसैबाट कुनै वस्तु जबर्जस्ती खोसेर लैजाने काम; हरण । २. चोर्ने वा हरण गर्ने काम । ३. कुनै स्वार्थ साध्ने वा पैसा कमाउने उद्देश्यले कुनै व्यक्तिलाई जबरजस्ती उठाएर लैजाने काम । ४. तिरोभरो बचाउन कुनै मालसामान लुकीछिपी आयात वा निर्यात गर्ने काम । ५. नदी, हिमनदी, छाल आदि विकारक तत्त्वद्वारा धरातल खियाउने काम । –**कारी**– वि० अपहरण गर्ने ।

**अपहर्ता**– ना० [सं०] १. अर्काको धनमाल जबरजस्ती खोसेर लिने व्यक्ति; अपहरण गर्ने व्यक्ति । २. लुटेरा; चोर; डाँकू ।

**अपहसित**– वि० [सं०] १. अपहास वा उपहास गरिएको; खिल्ली उडाइएको । ना. २. असभ्य हाँसो; खित्का ।

**अपहार**– ना० [सं०] अर्काको धनमाल जबरजस्ती हरेर लैजाने काम; अपहरण । २. धोका वा बेइमानी गरेर अर्काको धनसम्पत्तिमा अधिकार जमाउने काम । > **अपहारक/अपहारी**– वि० १. अर्काको धनमाल जबरजस्ती हरण गरेर लिने; अपहरण गर्ने । ना० २. चोर; डाँकू; लुटेरो ।

**अपहृत**– वि० [सं०] हरण गरिएको; खोसिएको; लुटिएको ।

**अपहेलन/अपहेला**– ना० [सं०] वास्ता, मान र कदर नगर्ने इरादाले गरिएको उपेक्षा; तिरस्कार; हेला । > **अपहेलित**– वि० अपहेलन गरिएको ।

**अपह्नुति**– ना० [सं०] १. लुकाउने वा बहाना गर्ने काम । २. ढाँटेर एक थोकलाई अर्को थोकका रूपमा पेस गरेको देखाउँदा हुने एक अर्थालङ्कार ।

**अपाक**– ना० [सं०] १. नपाक्ने वा नपाकेको अवस्था; काँचोपन । २. अपच ।

**अपाक्य**– वि० [सं०] १. पकाउन लायक नभएको; पकाउन नसकिने ।२. नपाकेको; काँचो ।

**अपाङ्ग**– वि० [सं०] १. अङ्गभङ्ग भएको; शरीरको कुनै अङ्ग विकृत भएको; हात-गोडा आदि भाँचिएको वा नाक, कान, आँखा आदि विकृत भएको; विकलाङ्ग । ना० २. आँखाको कुनो ।

**अपात्र**– ना० [सं०] १. खराब आचरण वा बानीबेहोरा भएको व्यक्ति; कुपात्र; निन्दित व्यक्ति । २. खराब भाँडो; बिटुलो भाँडो । – **ता**– ना० खराब आचरण वा शील-स्वभाव; निन्दनीयता ।

**अपादान**– ना० [सं०] हटाउने वा पन्छाउने काम; छुट्ट्याउने वा अलग पार्ने प्रक्रिया । २. अवधि द्योतन गर्ने कारकचिह्न; पञ्चमी विभक्तिमा प्रयोग गरिने कारक (बाट, देखि) ।

**अपान**– ना० [सं०] १. पञ्च महाप्राणमध्ये एक । २. मलमूत्रलाई निकाल्ने अधोवायु । ३. गुदद्वार । ~ **वायु**– ना० गुदद्वारबाट निस्कने वायु; पाद ।

**अपामार्ग**– ना० [सं०] भुवादार पात हुने, आँख्लैआँख्ला परेका राता, हरिया तथा सेता डाँठ हुने, मञ्जरीजस्तो फूल लाग्ने र तिलका दानाजस्तो फल फल्ने एक झारविशेष; एक प्रकारको दतिवन (भाद्रशुक्ल पञ्चमी वा ऋषिपञ्चमीका दिन नारीजातिले लगाउने दतिवन ।)

**अपामार्जन**– ना०हे० अपमार्जन ।

**अपाम्मे**– वि० १. ज्यादै; धेरै; अत्यन्त; अगाध । क्रि०वि० २. ज्यादा; अति; धेर ।

**अपार**– वि० [सं०] १. पार हुन नसक्ने; सीमारहित; अनन्त । २. अत्यधिक; ज्यादै । ३. उग्र; तीव्र; प्रचण्ड । – **गामी**– वि० १. पार गर्न नसकिने । २. योग्य नभएको; अयोग्य । ३. समर्थ नभएको; असमर्थ । – **दर्शक/दर्शी**– वि० पारदर्शी नभएको; पूर्ण रूपले प्रकाश छिर्न नसक्ने; अर्कोतर्फ कुनै किसिमको छाया वा प्रकाश नदेखिने ।

**अपावन**– वि० [सं०] पवित्र नभएको; अपवित्र ।

**अपाहिज**– वि० [प्रा० अपाहेज्ज] १. हातगोडा नभएको; अङ्गहीन; विकलाङ्ग; अपाङ्ग । २. खोच्याउने; खञ्ज; लुलो-लङ्गडो । ३. कामका निम्ति योग्य नभएको; अयोग्य । ४. अल्सी ।

**अपाही**– वि० [अ+पाही] १. पाही नपरेको; पायक नपरेको । २.

कोल्टो; असजिलो; अप्ठेरो ।

**अपि–** संयो० [सं०] संस्कृतमा 'पनि'-को अर्थमा स्वतन्त्र रूपले प्रयोग हुने तर नेपालीमा भने सोही अर्थमा अरू शब्दसँग जोडिएर प्रयोग हुने एक शब्द (तथापि, यद्यपि, तदपि इ०) । > **अपितु–** संयो० १. वाक्यखण्डका बीच प्रयुक्त भएर संयुक्तवाक्य-निर्माणमा सघाउ पुऱ्याउने संयोजक शब्द । २. किन्तु; तर; परन्तु । ३. बरु ।

**अपिल–** ना० [अङ्०] १. विचार, स्वीकृति, न्याय वा सहायताका लागि विनयपूर्वक कसैसँग गरिने प्रार्थना वा निवेदन । २. सुरु वा तल्ला तहको अदालतको निर्णयमा चित्त नबुझी सो बदल्न वा पुनर्विचार गर्न माथिल्लो तहको अदालतमा दिइने निवेदन; पुनरावेदन । ३. कुनै अड्डाका कर्मचारीउपरको उजुर सुन्ने अधिकारप्राप्त अर्को अड्डा । ~**अड्डा–** ना० सुरुका अदालतउपरको उजुरी सुन्ने माथिल्लो अदालत । ~ **पत्र–** ना० सुरुका अड्डाले गरेको फैसलाउपर गरिएको नालिससम्बन्धी कागजात । – **वाला–** ना० अपिलाट । > **अपिलाट–** ना० अपिल गर्ने व्यक्ति; अपिलवाला; झगडिया ।

**अपुग–** वि० [अ+पुग] १. नपुगेको; कम भएको । २. पूरा नभएको; अपूरो; अपूर्ण । ना० ३. नपुगेको वा पूरा नभएको अंश; अपर्याप्तता; अपूर्णता ।

**अपुग्दो–** वि० [अ+पुग्+दो] नपुगेको वा नपुग्दो; कमी; अपर्याप्त; अपूर्ण ।

**अपुङ्गी–** क्रि० वि० १. मानिसैपिच्छे; जनही; प्रतिव्यक्ति ।

**अपुङ्गे–** वि० [अपुङ्गो+ए] १. अपुङ्गोजस्तै गरी बाँडिने; थोरथोरै; । २. फाल्तु; वाहियात; व्यर्थको ।

**अपुङ्गो–** ना० [सं० अपूपाङ्ग] घिउ, चिनी र गहुँको पीठो आदि मिसाएर बनाएको र देवकार्यमा चढाइने एक प्रकारको नैवेद्य; प्रायः सत्यनारायणको पूजामा चढाइने नैवेद्य वा खाद्य वस्तु ।

**अपुच्छ–** वि० [सं०] १. पुच्छर नभएको । ना० २. नरवानरानुगणभित्र पर्ने पुच्छर नहुने वानर । ~**ख्यात**~ **चतुष्क–** ना० नरवानरानुगणभित्र पर्ने अपुच्छ नरवानरमा चार प्रकारका प्रसिद्ध नरवानर (शाखावानर, बनमान्छे, मेध्यवानर र भीमवानर)। ~ **टाङ्गस–** ना० अफ्रिकाको टाङ्गसनामक स्थानको गुफामा अश्मीभूत अवस्थामा पाइएको, पुच्छर नभएको, मानवजस्तो नरवानर ।

**अपुत–** वि० [सं० अपुत्र ] १. पुत्र वा सन्तान नभएको; अपुत्र । ना० २. खराब छोरो; कपूत । वि० ३. फूल नफुल्ने ।

**अपुताली–** ना० [अपूत+आली] छोरा वा सन्तान नभएका व्यक्तिको जायजेथा; सम्पत्तिको उपभोग गर्ने निकटतम उत्तराधिकारी नहुने व्यक्तिको धनमाल; औताली ।

**अपुतो–** वि० [सं० अपुत्र ] १. पुत्र वा सन्तान नभएको; अपुत्र । ना० २. खराब छोरो; कपूत । वि० ३. फूल नफुल्ने ।

**अपूतो–** वि० हे० अपुतो ।

**अपुत्र/अपुत्रक** – वि० [सं०] १. सन्तान नभएको; छोराछोरी नभएको; निःसन्तान; अपूतो । २. छोरो नभएको; पुत्रहीन । > **अपुत्रिका** – ना० अपुत्रक पिताकी सन्तानहीन छोरी; अपुत्रक पिताको सम्पत्ति उपभोग गर्न नपाउने छोरी । **अपुत्री** – वि० १. सन्तान नजन्माएकी (नारी); छोराछोरी नपाएकी (स्त्री) । २. पुत्र वा सन्तान जन्मेर मर्दै गरेकाले कोख खाली भएकी (नारी) ।

**अपुरो–** वि० [सं० अपूर्ण ] १ पूर्ण वा भरिएको नभएको; खाली; रित्तो । २. कुनै कमी, त्रुटि वा दोष भएको । ३. पूरा वा समाप्त हुन बाँकी रहेको (काम वा वस्तु); अधुरो ।

**अपुष्ट–** वि० [सं०] १. पुष्ट नभएको; दुब्लो; पातलो; निर्धो । २. ख्याउटे; झीनो । ३. प्रमाणद्वारा सिद्ध नभएको; अप्रमाणित; मनगढन्त (समाचार, कुरा इ०) । ४. समर्थन नभएको; स्वीकार नगरिएको ।

**अपुष्पक–** ना० [सं०] वनस्पति-जगत्को फूल नफुल्ने वर्ग ।

**अपूप–** ना० [सं०] १. अपुङ्गो । २. पुवा वा मालपुवा । ३. महको चाको ।

**अपूरणीय–** वि० [सं०] कहिल्यै पूरा गर्न नसकिने; ज्यादै कष्टप्रद । (उदा०– प्रसिद्ध नाटककार बालकृष्ण समको निधनले नेपाली साहित्यमा अपूरणीय क्षति भएको छ ।)

**अपूरो–** वि० हे० अपुरो ।

**अपूर्ण–** वि० [सं०] हे० अपुरो ।

**अपूर्व–** वि० [सं०] १. पहिले कहीँ पनि नभएको वा नदेखिएको । २. नयाँ; हालसालको । ३. अनौठो; अद्भुत । ४. चिनजान नभएको; अज्ञात । ५. अद्भुत; विलक्षण । ६. अद्वितीय; अनुपम ।

**अपृष्ठवंश–** ना० [सं०] मेरुदण्ड नभएको जीवको प्रकार । > **अपृष्ठवंशीय युग–** ना० मेरुदण्ड नभएका जीवहरूको सृष्टि भएको युग; पुराजीवक प्रथम खण्डको समस्त समयलाई ओगट्ने जैविक युग; त्रिखण्डारम्भदेखि गिरि वा शैलयुगसम्मको समस्त युग ।

**अपेक्षणीय–** वि० [सं०] अपेक्षा वा वास्ता गर्न लायक ।

**अपेक्षा–** ना० [सं०] १. केही वस्तु पाउन त्यसमा दृष्टि वा लालच पुऱ्याउने काम; इच्छा; अभिलाषा; वास्ता; चाहना । २. अस्तित्व, क्रम, विकास, स्थिति आदिका दृष्टिले कुरा वा वस्तुहरूमा रहने स्वाभाविक सम्बन्ध । ३. आशा; भरोसा । ४. तुलना; दाँजो । – **कृत–** क्रि० वि० १. तुलना वा दाँजोमा । २. आशा गरेको भन्दा । > **अपेक्षित–** वि० १. अपेक्षा गरिएको; वाञ्छनीय । २. प्रयोजनीय; आवश्यक; जरुरी । **अपेक्ष्य–** वि० १. वाञ्छनीय; इच्छा गर्न लायक । २. प्रयोजनीय; आवश्यक ।

**अपेय–** वि० [सं०] पिउन नहुने वा नसकिने; पिउन लायक नभएको ।

**अपौरुष–** ना० [सं०] १. पौरुष वा वीरताको अभाव । २. साधारण मानिसमा नपाइने गुण; अलौकिक शक्ति; अलौकिकता । वि० ३. पुरुषार्थ नभएको; सामर्थ्यहीन ।४. अलौकिक; ईश्वरीय । > **अपौरुषेय–** वि० १. पुरुष वा मानिसले नबनाएको; अलौकिक । २. पौरुष नभएको; पुरुषार्थहीन; अपौरुष ।

**अपौष्टिक**– वि० [सं०] पौष्टिक नभएको; शरीरमा तागत नलाग्ने; पौष्टिकताहीन (खाद्य वस्तु आदि)।

**अप्ठेरो/अप्ठ्यारो**– वि० [सं० अपस्तार ] १. असजिलो; गाह्रो; कठिन । २. बाउँटो; बिँगठ्याहा; टेढो । क्रि०वि० ३. दोठचाङ; अन्डस; अडकाउ; अठवा ।

**अप्रकट**– वि० [सं०] प्रकट नभएको; उत्पन्न नभएको; नदेखिएको; लुकेको; छिपेको ।

**अप्रकरण**– ना० [सं०] प्रकरणबाहेकको विषयवस्तु; अप्राकरणिक विषय ।

**अप्रकाश**– ना० [सं०] १. प्रकाशको अभाव; अँध्यारो । वि० २. प्रकाश नआएको; उज्यालोविनाको । ३. लुकेको वा छिपेको; प्रकटमा नआएको । ४. ननिस्केको; प्रकाशमा नआएको; अप्रकाशित । > **अप्रकाशित**– वि० १. अँध्यारो; उज्यालो नभएको; प्रकाशविनाको २. प्रकट नभएको वा नगरिएको ३. गुप्त; नदेखिएको । ४. छापेर प्रचार नगरिएको ।

**अप्रकृत**– वि० [सं०] १. प्रकृत वा स्वाभाविक नभएको । २. विषय नमिलेको; भिन्न विषयको; अप्रासङ्गिक ।

**अप्रचलित**– वि० [सं०] प्रचलनमा नआएको; नचलेको; व्यवहारमा नल्याइएको; अप्रयुक्त ।

**अप्रतिकार**– वि० [सं०] १. प्रतिकार नगरिएको; बदला नलिइएको । ना० २. प्रतिकार वा प्रतिशोधको अभाव ।

**अप्रतिदेय**– वि० [सं०] १. सहायतार्थ दिइएको (धन) । २.फिर्ता गर्नु नपर्ने (ऋण) । ना० ३. दान ।

**अप्रतिद्वन्द्व**– वि० [सं०] १. आफ्नो बराबरीको कोही नभएको; जोडा नभएको; प्रतिद्वन्द्वी नभएको । २.कसैले जित्न नसक्ने; अजेय । ना० ३. प्रतिद्वन्द्व वा पारस्परिक भिडन्त नभएको अवस्था ।

**अप्रतिबन्ध**– वि० [सं०] १. रोकटोक नभएको; प्रतिबन्ध नलागेको; स्वच्छन्द । ना० २. प्रतिबन्धको अभाव वा अनुपस्थिति ।

**अप्रतिभ**– वि० [सं०] १. प्रतिभा नभएको; निर्बुद्धि; हतप्रभ । २. फुर्ती नभएको; सुस्त । ३. जाँगर नभएको; आलस्ययुक्त ।

**अप्रतिम**– वि० [सं०] जोडा नभएको; अद्वितीय; अनुपम ।

**अप्रतिष्ठा**– ना० [सं०] १. प्रतिष्ठाको अभाव; अनादर; तिरस्कार; हेला । २. अपयश; अकीर्ति । > **अप्रतिष्ठित**– वि० प्रतिष्ठा नभएको; मानमर्यादा नभएको; असम्मानित; अमर्यादित ।

**अप्रतीत**– वि० [सं०] १. अप्रसन्न; बेखुसी । २. नसम्झिने; नबुझिने; अस्पष्ट । **– ता**– ना० कुनै पदको नयाँ अर्थ भए तापनि कहिलेकाहीँ मात्र चलेको हुँदा त्यो अर्थ सबैले बुझ्न नसकिने भएमा हुने एक प्रकारको पददोष ।

**अप्रत्यक्ष**– वि० [सं०] १. प्रत्यक्ष नभएको; साक्षात्कार नभएको; परोक्ष । २. अदृष्ट; अगोचर । ३. थाहा नहुने किसिमले भएको; सोझो ढङ्गले नभएको । ~ **कर**– ना० प्रत्यक्ष रूपबाट नलिएर उपभोग्य वस्तुहरूको उत्पादक वा आयातकर्ताहरूबाटै लिइने कर । ~ **करार**– ना० अप्रत्यक्ष किसिमले राखिने सम्बन्ध; परोक्ष सम्झौता वा सर्तनामा । ~ **प्रतिलिपि**– ना० प्रत्यक्ष रूपमा स्पष्ट बुझिने नभई कुनै विशेष तरिका वा उपायले मात्र बुझ्न सकिने प्रतिलिपि; छायाचित्र । ~ **संरक्षण**– ना० अप्रत्यक्ष रूपले गरिएको हेरविचार वा संरक्षण ।

**अप्रत्याशित**– वि० [सं०] १. आशा नगरिएको । २. अचानक भएको; आकस्मिक ।

**अप्रदर्शित**– वि० [सं०] प्रदर्शन नगरिएको; नदेखाइएको; रङ्गमञ्चमा नल्याइएको ।

**अप्रधान**– वि० [सं०] १. प्रधान नभएको; अमुख्य । २. सहायक; गौण । ~ **उपवाक्य**– ना० व्याकरणमा मुख्य वाक्यका सहायकका रूपमा आउने उपवाक्य; सहायक वा गौण उपवाक्य ।

**अप्रमत्त**– वि० [सं०] १. नमात्तिएको; प्रमाद नभएको; उन्मत्त नभएको । २. सावधान; सतर्क । ३. बुद्धिमान्; विद्वान् ।

**अप्रमाण**– वि० [सं०] १. कुनै पनि प्रमाण नभएको; निस्सा नभएको । ना० २. प्रमाणको अभाव वा अनुपस्थिति । > **अप्रमाणित**– वि० प्रमाण नभएको; प्रमाणित नभएको ।

**अप्रमाद**– वि० [सं०] प्रमादरहित; सतर्क; सावधान ।

**अप्रमेय**– वि० [सं०] १. नाप्न नसकिने; असीम; अपरिमित; अनन्त २. तर्कबाट सिद्ध गर्न नसकिने । ३. यथार्थ रूपमा जान्न नसकिने । ना० ४. ब्रह्म; ईश्वर ।

**अप्रयुक्त**– वि० [सं०] १. प्रयोग नगरिएको; व्यवहारमा नल्याइएको; अव्यवहृत । ना० २. शास्त्रमा प्रसिद्ध भए तापनि व्यवहारमा प्रयोग गर्दा हुने पददोष ।

**अप्रवृत्ति**– ना० [सं०] व्यवहारमा नआउने क्रिया; काम नलाग्ने स्थिति; निष्क्रियता ।

**अप्रशिक्षित**– वि० [सं०] १. उत्तम शिक्षा नपाएको; राम्रो शिक्षा नपाएको । २. पूर्ण शिक्षा प्राप्त नगरेको; अर्धशिक्षित । ३. व्यावहारिक शिक्षा प्राप्त नगरेको; तालिम नपाएको ।

**अप्रसङ्ग**– वि० [सं०] १. विनाप्रसङ्गको; असम्बन्धित । २. प्रेम नभएको; अनुरागरहित । ना० बेमौका; अनुपयुक्त अवसर ।

**अप्रसन्न**– वि० [सं०] खुसी नभएको; प्रसन्न नभएको; अप्रफुल्ल । **–ता**– ना० अप्रसन्न हुनाको भाव वा स्थिति; अप्रफुल्लता; बेराजीपना ।

**अप्रसिद्ध**– वि० [सं०] प्रसिद्ध नभएको; प्रख्यात नभएको; चारैतिर नफैलिएको । > **अप्रसिद्धि**– ना० प्रसिद्धिको अभाव; ख्यातिहीनता; प्रख्यातिविहीनता ।

**अप्रस्तावित**– वि० [सं०] प्रस्ताव नराखिएको; प्रस्ताव पेस नभएको ।

**अप्रस्तुत**– वि० [सं०] १. पेस नगरिएको; प्रस्तुत नगरिएको । २. अगाडि नरहेको; उपस्थित नभएको । ३. प्रासङ्गिक नभएको; सङ्गति नमिलेको; प्रयोजन नभएको । ना० ४. उपमान । ~ **प्रशंसा**– ना० कुनै अप्रासङ्गिक कुरा गरेर प्रासङ्गिक कुरा बुझाएमा हुने एक अर्थालङ्कार ।

**अप्राकृत**– वि० [सं०] १. प्राकृत नभएको; अस्वाभाविक । २. साधारण

नभएको; असाधारण । > **अप्राकृतिक–** वि० १. प्राकृतिक नभएको; स्वाभाविक नभएको; अस्वाभाविक; अनैसर्गिक । २. अस्वाभाविक ढङ्गले गरिने (सम्बन्ध, मैथुन इ०) ।

**अप्राप्त–** वि० [सं०] १. प्राप्त नभएको; नपाइएको; नमिलेको । २. पाउन कठिन; अलभ्य; दुर्लभ । > **अप्राप्ति–** ना० प्राप्तिको अभाव; नपाइने स्थिति ।

**अप्राप्य–** वि० [सं०] पाउन नसकिने; अलभ्य; दुर्लभ ।

**अप्रामाणिक–** वि० [सं०] प्रामाणिक नभएको; प्रमाणबेगरको; प्रमाणरहित ।

**अप्रासङ्गिक–** वि० [सं०] प्रसङ्ग नमिलेको; बेप्रसङ्गको; सिलसिलादेखि बाहिरको; विनासन्दर्भको ।

**अप्रिय–** वि० [सं०] १. मन नपरेको; प्यारो नभएको; प्रेम नभएको । २. चाह नभएको; इच्छा नजाग्ने । ना० ३. शत्रु; वैरी । **– ता–** ना० अप्रिय हुनाको भाव वा अवस्था; स्नेहहीनता ।

**अप्रिल–** वि० [अङ्०] ग्रेगोरी पात्रोअनुसार इस्वी संवत्‌को चौथो महिना; वैशाख आधाआधीदेखि जेठको आधाआधीका बीचमा पर्ने अङ्ग्रेजी महिना । ~ **फुल–** ना० अप्रिल एक तारिखमा कसैलाई झुक्याउँदै मूर्ख बनाउने पर्व ।

**अप्रीति–** ना० [सं०] प्रीतिको अभाव; प्रीति वा माया नहुनाको अवस्था ।

**अप्रेन्टिस–** ना० [अङ्०] कुनै कार्यालयमा काम सिक्न अवैतनिक वा अल्पवैतनिक रूपले काम गर्ने कर्मचारी; सिकारु व्यक्ति ।

**अप्रेसन–** ना० [अङ०] चिरफार; शल्यक्रिया ।

**अप्रौढ–** वि० [सं०] १. प्रौढ नभएको; आलोकाँचो । २. डरपोक; काँतर । **– ता–** ना० १. प्रौढताको अभाव; आलोकाँचोपना; कट्‌मिरो अवस्था ।

**अप्रौढा–** वि० [सं०] १. विवाह नभएकी स्त्री; कन्या । २. भर्खर विवाह भएकी स्त्री; नवविवाहिता स्त्री । ३. नछुने नभएकी कन्या; रजोवती नभएकी कन्या ।

**अप्सरा–** ना० [सं०] १. इन्द्रको सभामा नाचगान गर्ने नटुवी; स्वर्गकी नर्तकी; देवाङ्गना; स्वर्वेश्या । २. जलकण; वाष्पकण । वि० ३. अत्यन्त राम्री; परम सुन्दरी (स्त्री) ।

**अप्सानी–** ना० [सं० अपोसान] अग्रासन; औसानी ।

**अफगान–** ना० [सं० अवगण] अफगानिस्तान देशमा बस्ने जाति । > **अफगानिस्तान–** ना० एसिया महादेशमा रहेको इरानपूर्वको एक देश ।

**अफताली–** ना० [?] राजा, महाराजा आदिका यात्रामा पहिले नै गएर बास आदिको प्रबन्ध गर्ने कर्मचारी; पेसगी ।

**अफल–** वि० [सं०] १. फल नभएको; निष्फल । २. निरर्थक; व्यर्थ ।३. खसी पारिएको; नपुंसक तुल्याइएको; लक्ख्याइएको । > **अफलाकाङ्क्षी –** वि० पारिश्रमिकको इच्छा नगर्ने; पुरस्कारको आशा नगर्ने; निस्वार्थी ।

**अफलातुन–** ना० [ग्रि०प्लातोन ] १. प्राचीन युनानका प्रसिद्ध दार्शनिक विद्वान् प्लेटोको अरबी नाउँ; प्लेटो । २. आफूलाई ठूलो विद्वान् ठान्ने व्यक्तिलाई व्यङ्ग्य गरी भनिने शब्द ।

**अफवाह–** ना० [अ०] सर्वसाधारण जनतामा चलेको हल्ला; होहल्ला ।

**अफसर–** ना० [अङ्०] हे० अफिसर । > **अफसरी–** ना० अफिसरी ।

**अफसोस–** ना० [फा०] १. दुःख । २. सुर्ता; शोक; बिस्मात । ३. आत्मग्लानि; पछुतो; पश्चात्ताप; खेद ।

**अफाप–** वि० [अ+फाप ] १. फाप नभएको; नफाप्ने वा नफापेको; हानि गर्ने; विघ्नकारक । ना० २. नफाप्ने वा अनिष्टकारक स्थिति; हानि ।

**अफाल्‌-नु–** स० क्रि० [सं० आस्फालन ] १. कुनै वस्तुलाई पर हुत्याउनु; फाल्नु; मिल्काउनु; फ्याँक्नु । २. छाड्नु; त्याग्नु । > **अफालाइ –** ना० अफाल्ने भाव, क्रिया वा प्रक्रिया । **अफालिनु –** क० क्रि० अफाल्ने काम गरिनु; फ्याँकिनु ।

**अफिम–** ना० [सं० अहिफेन ] १. काँढादार केस्रा परेका पात हुने, सेतो कलेजी, रातो वा नीलो रङको फूल फुल्ने, डल्ला परेका फलभित्र मसिना लट्टेजस्ता दाना फल्ने, एक जातको बोट वा त्यसैबाट निस्कने नशादार चोप; अहिफेन । > **अफिमची –** ना० १. अफिम खाने व्यक्ति; अम्मली । २. अल्छी; धिङ्‌न्याहा । ३. हगुरो ।

**अफिस–** ना० [अङ्०] कार्यालय; अड्डा; दफ्तर ।

**अफिसर–** ना० [अङ्० ] १. सरकारी उच्च कर्मचारी; अफसर । २. उच्च सैनिक पदाधिकारी; सेनानायक । ३. हाकिम; प्रधान; प्रमुख । > **अफिसरी–** ना० अफिसरले गर्ने काम; अफिसरको पद; अफसरी ।

**अफ्रिका–** ना० [अङ्०] पृथ्वीको पूर्वी गोलार्धमा भूमध्यसागरदेखि दक्षिणतिर रहेको एक महाद्वीप; पाँच महाद्वीपमध्ये एक । > **अफ्रिकाली–** वि० अफ्रिकासम्बन्धी; अफ्रिकाको बासिन्दा; अफ्रिकेली । **अफ्रिकी–** वि० अफ्रिकाली; अफ्रिकेली । **अफ्रिकेली–** वि० अफ्रिकाली; अफ्रिकी ।

**अब–** संयो० [सं० अथ ] १. यसपछि; अनि । २. यस बखत; यसै क्षण ।

**अबकारी–** ना० [फा० आबकारी ] १. रक्सी बनाउने ठाउँ; सराबखाना; भट्टी । २. भट्टीसम्बन्धी रकम; मादक पदार्थसम्बन्धी कर उठाउने अड्डा ।

**अबगाल–** ना० [अब+गाल ] हुनुपर्ने वा भनेजस्तो काम-कुरा नहुँदा आइलाग्ने दोष; गाल; अबजस; भनाइ ।

**अबजस–** ना० [सं० अपयश ] जस नपाइने क्रिया वा अवस्था; अबगाल; अपवाद; भनाइ; अपयश ।

**अबजुस–** ना० [फा० आबजोश ] बियाँ नभएको ठूलो रातो मुनक्का; दाख ।

**अबद्ध–** वि० [सं०] नबाँधिएको; बन्धनमा नपरेको; फुक्का; बद्ध नभएको ।

**अबन्ध्य–** वि० [सं०] बाँध्न नहुने; बाँध्न नसकिने ।

**अबरे–** ना० [अकबरे ] गोल आकारको ज्यादै पिरो खालको

खोर्सानी;डल्ले खोर्सानी; राँगे खोर्सानी; अकबरे ।

**अबल–** वि० [सं०] बल नभएको; दुर्बल; निर्धो; दुब्लो । > **अबला–** वि० १. बल नभएकी; दुर्बला; निर्बला । ना० २. आइमाई; स्वास्नीमान्छे (अबला वा अशक्त मानिने पुरानो धारणाअनुसार) ।

**अबस्से–** क्रि० वि० [सं० अवश्य] अवश्य; निस्सै ।

**अबाज–** ना० [फा० आवाज]१. शब्द; ध्वनि । २. बोली; आवाज ।

**अबाटो–** ना० [अ+बाटो] १. कुबाटो; खराब बाटो । २. बाटो नभएको ठाउँ; बाटो नपरेको ठाउँ ।

**अबाद–** ना० [फा० आबाद] बाँझो जग्गामा खनजोत र खेती-किसानी गर्ने तथा नयाँ बस्ती बसाउने काम; बाँझो जग्गा-जमिनको खनजोत; खेती-कमाइ; आबाद । > **अबादी –** वि० १. अबाद भएको; खनजोत गरी खेती गरिएको; आबादी । ना० २. मानिसहरूको बस्ती । ३. जनसङ्ख्या; आबादी ।

**अबाध–** वि० [सं०] १. बाधा-अड्काउ केही नभएको; निर्विघ्न; स्वच्छन्द । २. पीडा नभएको; डाह नभएको । क्रि० वि० ३. विनारोकटोक; निरन्तर । ~ **व्यापार –** ना० विभिन्न प्रकारका बन्देज वा कर आदि नलागेको व्यापार; उन्मुक्त वाणिज्य । > **अबाधित –** वि० १. बाधा नभएको; विनारोकटोकको । २. स्वच्छन्द; स्वतन्त्र । **अबाध्य–** वि० १. रोक्न नसकिने; भाँजी हाल्न नसकिने । २. नबाँधिएको; बाध्य नभएको । ३. अनिवार्य नभएको ।

**अबिजालो–** ना० [सं० अभिजाल] १. केराउका जस्ता बाटुला पात हुने एक प्रकारको झार वा बुटीविशेष । २. पिनासको रोगमा प्रयोग गरिने अर्मलेजस्तो एक झार । ३. कडा पिरो पदार्थ ।

**अबिर–** ना० [अ० अबीर] देवताको पूजा गर्ने र टिको आदि लगाउने काममा प्रयोग गरिने रातो धूलो; अबीर । > **अबिरी–** वि० १. अबिरको; अबिरजस्तो; अबिरसम्बन्धी । २. अबिरजस्तो रातो रङको;अबीरी ।

**अबीर–** ना०हे० अबिर । > **अबीरी–** वि० अबिरी ।

**अबुद्धि–** ना० [सं०] बुद्धि नहुने भाव वा अवस्था; निर्बुद्धिता; कुबुद्धि ।

**अबुझ–** वि० [प्रा० अबज्झ < सं० अबुद्ध] जति नै बुझाउँदा पनि नबुझ्ने; जति सम्झाए पनि नसम्झने; बोधो; नासमझ । > **अबुझकी–** वि० कुरा नबुझ्ने; अबुझ; मूर्ख ।

**अबेर–** क्रि० वि० [अ+बेर] बियाँलो; विलम्ब; अबेला; ढिलो ।

**अबेला–** ना० [अ+बेला ]१. अनुचित वा अनुपयुक्त समय; खराब समय; बेमौका; कुबेला । क्रि० वि० २. अबेर; ढिलो; बेला सकिएपछि ।

**अबेस्ता–** ना० [फा०] फारसीहरूको धर्मग्रन्थ; इरानका जरथुस्तद्वारा प्रतिपादित फारसी धर्मको आधारग्रन्थ ।

**अबेहोर–** वि० [अ+बेहोर ] खराब चालचलनको; दुराचारी; दुश्चरित्र ।

**अबोध–** वि० [सं०] केही पनि नबुझ्ने; केही नजान्ने; अज्ञानी; मूर्ख । **– गम्य–** वि० बुझ्न नसकिने; बोध वा सामर्थ्यभन्दा परको ।

**अबोला–** वि० [अ+बोला ] नबोल्ने स्वभावको; मौन प्रकृतिको ।

**अब्झट–** क्रि० वि० [√ अपर्झट] अपर्झट; अचानक; एक्कासि; अनायास ।

**अब्द–** ना० [सं०] १. वर्ष; साल । २. मेघ; बादल । ३. आकाश ।

**अब्धि–** ना० [सं०] १. समुद्र; सागर । २. सरोवर; तलाउ; जलाशय । ३. चारलाई बुझाउने सङ्ख्या । ४. अङ्गुल एवं मात्राको सात गुनाबराबरको नाप; दृष्टि, मुनि एवं पातालबराबरको नाप ।

**अब्बल–** वि० [अ० अव्वल ] १. असल; उत्तम; श्रेष्ठ । २. प्रथम दर्जाको; एक नम्बरको (जग्गाजमिन आदि) । ~ **स्वर –** ना० उच्चारणमा जिब्रोसँग सहमति जनाउँदै जिब्रो पश्च भएका बेलामा ओठ खुम्चिएर र जिब्रो अग्र भएका बेलामा ओठ तन्किएर उच्चारण हुने स्वरवर्ण ।

**अब्रख–** ना०हे० अभ्रक ।

**अब्रह्मचर्य–** ना० [सं०] १. ब्रह्मचर्यमा नरहेको अवस्था । वि० २. ब्रह्मचर्यको पालना नगर्ने ।

**अब्रह्मण्य–** वि० [सं०] १. ब्राह्मणलाई योग्य नभएको; ब्राह्मणले गर्न नहुने; ब्राह्मणको प्रतिकूल (कर्म) । २. ब्राह्मणमा आस्था नराख्ने । ना० ३. संस्कृत नाटकका अनुसार नाटकमा कुनै अनुचित कुराको सूचना गर्दा नेपथ्यमा उच्चारण गरिने शब्द ।

**अब्रवाँ–** ना० [अ० आवेरवाँ ] मिहिन र पातलो खालको एक जातको असल सेतो कपडा; एक प्रकारको असल मलमल ।

**अभक्ति–** ना० [सं०] १. भक्ति वा श्रद्धा नहुने स्थिति; भक्तिभावको अभाव । २. प्रेमहीनता; अनुरागविहीनता

**अभक्ष्य–** वि० [सं०] खान नहुने (वस्तु) । ना० २. अभोज्य चीज; अखाद्य पदार्थ; धर्मशास्त्रले निषेध गरेको वस्तु; अभच्छे ।

**अभग–** ना० [सं० अभङ्ग ] गीतको दोहोऱ्याई-तेहऱ्याई भनिने चरण; गीतको स्थायी ।

**अभङ्ग–** वि० [सं०] टुटफुट नभएको; भङ्ग नभएको; अखण्ड; पूर्ण । ~ **पद–** ना० पद वा अक्षरलाई भङ्ग नगरीकनै दुई वा बढी अर्थ निस्कने अर्थालङ्कार; श्लेषालङ्कारको एक भेद ।

**अभच्छे–** ना०/वि० [सं० अभक्ष्य ] हे० अभक्ष्य ।

**अभद्र–** वि० [सं०] १. भलादमीपन नभएको; भलो व्यवहार नगर्ने; अशिष्ट । २. खराब; अशुभ ।

**अभय–** ना० [सं०] १. भय नहुनाको भाव वा स्थिति; भयरहित स्थिति; निर्भय; निडर । २. शरणमा लिने क्रिया वा स्थिति; रक्षा । ~ **दान–** ना० ना० डरबाट बचाउने क्रिया; शरणमा लिने वा रक्षा गर्ने काम । ~ **पत्र–** ना० भयरहित गर्न कसैलाई दिइएको पत्र । ~ **पद–** ना० मोक्ष । ~ **मुद्रा–** ना० अभयदान दिने मुद्रा; दाहिने हात उठाएर हत्केला देखाइएको अभयदान दिने मुद्रा । ~ **वचन–** ना० भयबाट बचाउनका निम्ति गरिने प्रतिज्ञा; अभयदानको भरपर्दो बोली ।

**अभाग–** ना० [सं०] १. नराम्रो भाग्य; दुर्भाग्य; अभाग्य; खोटो कर्म । वि० भाग्य नभएको; कर्मखोटी; अभागी । ३. भाग नछुट्टयाइएको; अंशबन्डा नगरिएको; अविभक्त । > **अभागी –**

वि० १. भाग्य नभएको; खोटो कर्म भएको । २. जस नपाउने; अबजस्याहा ।

**अभाग्य–** ना० [सं०] अभाग; दुर्भाग्य ।

**अभाव–** ना० [सं०] १. नहुनाको भाव वा स्थिति; सत्ताहीनता । २. नपाइने स्थिति; अप्राप्ति । ३. नाश; मृत्यु । **– ग्रस्त–** वि० आवश्यक वस्तुको खाँचो हुनाले कठिन अवस्था भएको; अभावले सताएको । **– ग्रस्त क्षेत्र–** ना० खाद्यान्न आदि आवश्यक वस्तुको धेरै कमी भएको क्षेत्र वा ठाउँ ।

**अभावुक** – वि० [सं०] १. भावुक नभएको; भावनारहित । २. भावुक नभई विचार गरेर व्यवहार गर्ने; व्यावहारिक ।

**अभाषित–** वि० [सं०] नभनिएको; नकहिएको; नसुनाइएको ।

**अभि–** उप० [सं०] संज्ञावाचक तथा क्रियावाचक शब्दका अगिल्तिर लागेर मूल शब्दका अर्थमा परिवर्तन गराउने एक संस्कृत उपसर्ग (अभिनन्दन; अभिनय इ०) । **– करण–** ना० १. कुनै ठूला संस्थाका तर्फबाट नियत क्षेत्रमा काम गर्ने सानो संस्था; एजेन्सी । २. अभिकर्ताको काम गर्ने ठाउँ । **– कर्ता–** ना० १. कुनै व्यापारी, व्यापारिक संस्था वा राज्यका तर्फबाट प्रतिनिधिका रूपमा काम गर्ने वा कमिसनमा मालसामान बेच्ने व्यक्ति । २. मुद्दामामिलासम्बन्धी अदालती लेखापढी गर्न पाउने तर बहस गर्न नपाउने कानुनव्यवसायी । **– काङ्क्षा–** ना० गहिरो आशा वा अभिलाषा; अत्यधिक चाहना । **– काङ्क्षी–** वि० अभिलाषा गर्ने; अत्यधिक चाहना गर्ने । **– क्षमता–** ना० १. सबैतिर नियन्त्रण गर्न सक्ने क्षमता । २. आफूभन्दा निम्न श्रेणीका कर्मचारीलाई राम्ररी नियन्त्रण गर्न सक्ने क्षमता । ३. व्यावहारिक विषयवस्तुको उच्चस्तरीय प्रयोगात्मक ज्ञान हासिल गर्न सक्ने क्षमता । ४. प्राकृतिक विशेषता; स्वतन्त्र प्रकृति । ५. व्यक्तिमा रहने मानसिक क्षमता । ६. खास विषयप्रति शिक्षार्थीको झुकाउ वा क्षमता । **– गोष्ठी–** ना० १. खास-खास विषयहरूका विशेषज्ञहरूको सम्मेलन । २. अध्ययन-गोष्ठी । ३. सेमिनार । **– घात–** ना० १. काटमार; प्रहार । २. कसैप्रतिको आक्रमण; हमला । ३. व्यापारिक प्रतिष्ठा । ४. अतिप्रेरणा; ज्यादै झिझ्याहट । वि० ५. अति; अत्यन्त; ज्यादा । क्रि० वि० ६. धेरै; अति । **– घातक–** वि० १. मारकाट गर्ने; प्रहार गर्ने । २. आक्रमण गर्ने; हमला गर्ने । ३. रोकथाम गर्ने; छेकथुन गर्ने । **– चार–** ना० तन्त्रमन्त्र वा झारफुक आदिद्वारा गरिने मारण, मोहन, उच्चाटन आदि अनुचित कर्म । **– चारक–** वि० अभिचार-कर्म गर्ने वा त्यस्तो कर्मसित सम्बन्ध भएको; कुकर्मी; दुराचारी । **– जन–** ना० १. आफ्ना बन्धुवर्ग; वंश; कुटुम्ब । २. स्वदेश; आफ्नो देश ।

**अभिजात–** वि० [सं०] १. उत्तम कुलमा जन्मेको; कुलीन । २. बुद्धिमान्; पण्डित । ३. उपयुक्त; योग्य । ४. मान्य; पूज्य । ५. सुन्दर; मनोहर । ना० ६. खानदान । ~**तन्त्र–** ना० राम्रा तवरले काम चलाउन सक्ने सुयोग्य र कुलीन व्यक्तिका अधिकारमा रहेको शासन-प्रणाली । > **अभिजाति** – ना० विशेष किसिमको जाति; उत्तम जाति; सुन्दर जाति ।

**अभिजित्–** ना० [सं०] १. उत्तराषाढा नक्षत्रको पछिल्लो पन्ध्र घडी र श्रवण नक्षत्रको पहिलेका चार घडीको समय । २. पौने बाह्रदेखि डेढ बजेसम्मको मुहूर्त । ५. विजयमुहूर्त ।

**अभिज्ञ–** वि० [सं०] १. विशेष जान्ने; जान्नेसुन्ने; जानिफकार; विशेषज्ञ । २. कुशल; निपुण; प्रवीण । > **अभिज्ञा** – ना० १. प्राथमिक वैचारिक ज्ञान; सामान्य जानकारी । २. स्मरण; सम्झना; स्मृति । ३. बौद्धहरूका अनुसार चिताएजस्तो शरीर धारण गर्न सक्ने र तीनै कालका कुरा जान्ने तथा नजिक र टाढाका सबै मानिसका मनको कुरा जान्ने गौतम बुद्धको अलौकिक शक्ति ।

**अभिज्ञात–** वि० [सं०] १. विशेष रूपमा जानिएको; थाहा पाइएको । २. राम्ररी सम्झिएको; स्मरण भएको ।

**अभिज्ञान–** ना० [सं०] १. सम्झना; स्मृति । २. सम्झौटो; चिनु । ३. लक्षण; चिह्न । ४. चिनारी; परिचय ।

**अभिताप–** ना० [सं०] १. प्रचण्ड गर्मी; चर्को धूप । २. अत्यन्त दु:ख; अत्यधिक पीडा । ३. ठूलो चिन्ता ।

**अभिधा–** ना० [सं०] १. नाउँ; नाम । २. पदवी; दर्जा; श्रेणी; उपाधि । ३. शब्दको वाच्यार्थ वा सोझो अर्थको बोध गराउने शक्ति; वाचक शब्दद्वारा बुझिने सामान्य अर्थ । > **अभिधात्मक** – वि० वाच्यार्थ प्रधान भएको; अभिधामूलक ।

**अभिधान–** ना० [सं०] नाउँ; नाम; संज्ञा ।

**अभिधेय–** ना० [सं०] १. अर्थ; भाव; तात्पर्य; अभिप्राय । २. निचोर; निष्कर्ष । ३. कुनै शब्दको शाब्दिक अर्थ । ४. नाउँ; नाम । वि० ५. अभिधाद्वारा व्यक्त गर्न सकिने (वाच्य) ।

**अभिनन्दन–** ना० [सं०] १. कुनै महत्त्वपूर्ण कामकुरा वा योगदान गर्ने व्यक्तिलाई गरिने स्वागत, सत्कार, प्रशंसा, धन्यवाद आदि कार्य । २. हर्ष; खुसी; आनन्द; सन्तोष । ३. अभिवादन; प्रणाम । ४. विनयपूर्वक गरिएको प्रार्थना । ~**पत्र–** ना० कुनै प्रतिष्ठित व्यक्तिलाई उनका सत्कार्यको प्रशंसा लेखी समर्पण गरिने पत्र; सम्मानपत्र; प्रशस्तिपत्र । > **अभिनन्दनीय** – वि० प्रशंसनीय; श्लाघनीय । २. वन्दनीय; प्रणाम गरिने । ३. हर्षप्रद; आनन्दयुक्त । **अभिनन्दित–** अभिनन्दन गरिएको; प्रणाम गरिएको; अभिवादन गरिएको ।

**अभिनय–** ना० [सं०] १. नक्कल; देखासिकी; अनुकरण । २. नाटकमा पात्रपात्राद्वारा गरिने अर्थपूर्ण अङ्गसञ्चालन; हाउभाउ । ३. हृदयका भावलाई बाह्य चेष्टाद्वारा प्रदर्शन गर्ने काम ।

**अभिनव–** वि० [सं०] १. नयाँ; नवीन । २. आलो; ताजा; साजी । > **अभिनवन–** ना० पहिले सिकेका धारणा, व्यवहार वा कार्यकलापलाई पुनर्नवीकरण गर्ने कार्य; नयाँ-नयाँ ज्ञान र सीपद्वारा स्तर वृद्धि गर्ने काम ।

**अभिनीत–** वि० [सं०] १. नजिक ल्याइएको; अगिल्तिर ल्याइएको । २. सिँगार गरिएको; अलङ्कृत; सुसज्जित । ३. अभिनय गरिएको; रङ्गमञ्चमा प्रस्तुत गरिएको (नाटक) ।

**अभिनेता–** ना० [सं०] १. नृत्य, नाटक आदिमा अभिनय गर्ने व्यक्ति; रङ्गमञ्च वा चलचित्रमा अभिनय गर्ने कलाकार । २. चलचित्रको मुख्य पात्र; कुनै चरित्रको अनुकर्ता; नायक ।

**अभिनेत्री–** ना० [सं०] १. अभिनय गर्ने स्त्री; अभिनेताको स्त्रीरूप; महिला अभिनेता ।

**अभिनेय–** वि० [सं०] अभिनय गर्न योग्य वा सकिने; नाटक खेल्न लायक; नाटक खेल्न सकिने ।

**अभिन्न–** वि० [सं०] १. नछुट्टिएको वा नबेग्लिएको; भिन्न नभएको; नकाटिएको; सिङ्गो; सग्लो । २. टाँसिएको; मिलेको; लेप्सिएको । ३. लागेको; संलग्न; सम्वद्ध । – **ता**– ना० १. अभिन्न हुनाको भाव वा स्थिति; भिन्नताको अभाव । २. एकरूप वा समान हुनाको अवस्था; एकात्मता; एकरूपता । ३. अभिन्न सम्बन्ध । ~ **पद**– ना० हे० अभङ्ग पद ।

**अभिन्यास–** ना० [सं०] १. कुनै वस्तुलाई कुनै विभागमा राख्ने काम । २. कुनै वस्तुलाई क्रमबद्ध रूपमा राख्ने काम ।

**अभिपोषण–** ना० [सं०] अर्काले गरेका काममा स्वीकृति दिएर निश्चय गर्ने काम; समर्थन वा सदर गर्ने काम । > **अभिपोषणीय** – वि० अभिपोषण गर्न लायक; स्वीकृत हुन योग्य; पुष्टि गरिन योग्य; सदर वा समर्थन गर्न लायक ।

**अभिप्राय–** ना० [सं०] १. भन्न वा अर्थ्याउन खोजिएका कुराको सार; आशय; मतलब; तात्पर्य । २. उद्देश्य; लक्ष्य । ३. विचार । ४. अभिलाषा; इच्छा । ५. सम्मति; राय । ६. सादृश्यबाट असम्भव कुराको कल्पना गरिने नाटकको एउटा लक्षण ।

**अभिप्रेत–** वि० [सं०] १. खास उद्देश्य राखिएको; आन्तरिक इच्छा गरिएको; चाहेको; अभिलषित; वाञ्छित । ना० २. सम्मति; स्वीकृति ।

**अभिप्रेरणा–** ना० [सं०] कुनै विषय वा वस्तुप्रति विशेष रूपमा ध्यानाकर्षण गराउने काम ।

**अभिभाँत–** ना० [सं० आभिवर्त्र्य ] हे० ऐभाँत ।

**अभिभारा–** ना० [सं०] कुनै कामको जिम्मेवारी; जवाफदेही; उत्तरदायित्व ।

**अभिभावक–** वि० [सं०] १. पालनपोषण गर्ने; हेरविचार गर्ने; संरक्षक । २. छात्रछात्राको जिम्मा लिने वा जिम्मेदारी वहन गर्ने । ३. वशमा पार्ने । ४. जित्ने; पराजय गर्ने । ना० ५. बाबुआमा वा संरक्षक व्यक्ति ।

**अभिभावन–** ना० [सं०] १. पालनपोषण गर्ने काम; हेरविचार; संरक्षण । २. जित्ने वा विजय प्राप्त गर्ने काम । ३. अभिभावकले गर्ने काम ।

**अभिभाषण–** ना० [सं०] १. धेरै मानिस जम्मा भएका ठाउँमा कुनै विषयलाई लिएर गरिएको विद्वत्तापूर्ण भाषण; वक्तृता; व्याख्यान । २. मुद्दाको छलफल हुँदा वकिलले गरेको बहस; वकालत ।

**अभिभूत–** वि० [सं०] १. हराइएको; जितिएको; पराजित । २. दुःखित; पीडित । ३. कतै तानिएको; अधीनमा ल्याइएको; वशीभूत । ४. कुनै कुरा वा विचारले सताइएको; कुनै कुरा वा विचार बारबार मनमा आइरहेको ।

**अभिमत–** वि० [सं०] १. इच्छा एवं अभिलाषा राखिएको; चाहेको; रुचि लिइएको; वाञ्छित । २. प्यारो; प्रिय । ३. सम्मत; स्वीकृत । ना० ४. इच्छा; अभिलाषा । ५. विचार; राय ।

**अभिमन्त्रण/अभिमन्त्रणा–** ना० [सं०] १. मन्त्रणाद्वारा संस्कार गरिने क्रिया । २. निम्तो; निमन्त्रण; आमन्त्रण ।

**अभिमन्त्रित–** वि० [सं०] १. मन्त्रद्वारा संस्कार गरिएको । २. बोलाइएको; आमन्त्रित; निमन्त्रित ।

**अभिमन्यु–** ना० [सं०] सुभद्राको कोखबाट जन्मेका र कौरवको चक्रव्यूह तोड्ने, महाभारतप्रसिद्ध अर्जुनका वीर छोरा ।

**अभिमान–** ना० [सं०] १. आफ्नो मान, प्रतिष्ठा, सत्ता आदिको कल्पना वा ज्ञान । २. मान, प्रतिष्ठा, योग्यता आदिका सम्बन्धमा मनमा हुने प्रायः अनुचित धारणा; सेखी; घमन्ड; तुजुक; अहमत्याइँ; अहङ्कार । ३. आफूले आफैँलाई ठूलो सम्झेर अरूका अगाडि फुइँ लाउने काम; आत्मश्लाघा; आत्मप्रशंसा । > **अभिमानी** – वि० १. अभिमान गर्ने; सेखी गर्ने; घमन्डी । २. आफ्नो प्रशंसा आफैँ गर्ने; आत्मश्लाघी ।

**अभिमुख–** वि० [सं०] १. सामुन्ने फर्केको; सम्मुखमा पर्ने; प्राङ्मुख । २. पूर्वतिर फर्केको । ना० यो० ३. सामुन्ने; मुखेन्जी; नजिक ।

**अभिमुखी–** ना०[सं०] १. बौद्ध धर्मअनुसार दशभूमि र त्रयोदश-भूमिको छैटौँ भूमि । वि० २. अभिमुख भएको; सामुन्ने वा अगाडि फर्केको; अभिमुख । ३. योजनात्मक रूपले कुनै विषयमा विशेष जानकारी गराइएको । – **करण**– ना० १. अघि सार्ने काम; सामुन्ने राख्ने काम; प्राङ्मुखीकरण । २. कुनै अनुशासन, शास्त्र वा सिद्धान्तमा नयाँ मत, प्रविधि वा शिल्पलाई प्रस्तुत गर्ने कार्य । ३. सामूहिक रूपले रहेका शिक्षार्थीहरूलाई विशेषज्ञहरूद्वारा कुनै खास-खास विषयमा विशेष जानकारी दिने वा त्यसको प्राविधिक पक्षमा गरिने शिक्षण; प्रशिक्षण; तालिम ।

**अभियन्ता–** ना० [सं०] इन्जिनियर ।

**अभियन्त्रण–** ना० [सं०] १. अभियन्ता वा इन्जिनियरको काम । २. यन्त्र वा यान्त्रिकी विद्या; इन्जिनियरिङ ।

**अभियाचन–** ना० [सं०] आफ्नो इष्टसिद्धि वा प्राप्तिका लागि कसैसित प्रार्थना गर्ने काम; माग्ने काम; माग ।

**अभियान–** ना० [सं०] १. कुनै विशिष्ट कार्य, निश्चित उद्देश्य वा लक्ष्य प्राप्त गर्न प्रायः सामूहिक रूपमा गरिने प्रयास । २. युद्धका लागि गरिने सैनिक यात्रा; सेनाद्वारा गरिने चढाइ; आक्रमण; धावा ३. पहाडपर्वत आदिमा चढ्ने काम; आरोहण । ४. नजिक आउने वा जाने काम ।

**अभियुक्त–** वि० [सं०] १. अभियोग लागेको; दोष लागेको; बात लागेको । २. कुनै काममा लागेको; काममा व्यस्त रहेको । ३. ज्ञानी; विद्वान् ।

**अभियोक्ता–** वि [सं०] १. कसैका उपर अभियोग लगाउने वा

अपराधको दोषारोपण गर्ने; वादी । २. शत्रु; वैरी ।

**अभियोग–** ना० [सं०] १. कसैलाई लगाइने अपराधको दोषारोपण; फत्तुर; आरोप; दोष; फरेब । २. युद्धका निम्ति गरिने चढाइ; आक्रमण । ३. उद्योग; अध्यवसाय । ~ **पत्र–** ना० कसैलाई सम्बन्धित कार्यालयबाट कुनै अभियोग लगाई दिइएको वा लेखिएको जनाउपत्र । > **अभियोगाधीन–** वि० अदालतमा अभियोगसम्बन्धी कारबाई चलिरहेको; दोष वा अभियोगको निर्णय भइनसकेको । **अभियोगी–** वि० अभियोग लगाउने; दोषारोपण गर्ने; वादी । २. अभियोग लागेको; दोषारोपण गरिएको ।

**अभियोजन–** ना० [सं०] १. ठूलो योजना बनाउने कार्य । २. कसैका उपर फौजदारी मामिला चलाउने क्रिया ।

**अभिराम–** वि० [सं०] अति राम्रो; ज्यादै सुन्दर; अत्यन्त मनोहर ।

**अभिरुचि–** ना० [सं०] कुनै विषय वा वस्तुप्रति भएको तीव्र रुचि; चाह; अभिलाषा; इच्छा । > **अभिरुचित–** वि० सबैबाट रुचाइने; प्यारो गरिने (व्यक्ति); प्रेम गरिने (मानिस); प्रेमी; आसक ।

**अभिलषित–** वि० [सं०] इच्छा गरिएको; चाह राखिएको; वाञ्छित ।

**अभिलाष/अभिलाषा–** ना० [सं०] कुनै विषय वा वस्तुप्रतिको तीव्र चाहना; इच्छा; वाञ्छा; कामना । > **अभिलाषी–** वि० अभिलाषा गर्ने; इच्छा गर्ने; चाहना राख्ने; कामना गर्ने ।

**अभिलिखित–** वि० [सं०] विशेष रूपमा लेखिएको; धातु, शिला आदिमा खोपिएको ।

**अभिलेख–** ना० [सं०] १. सुन-तामाका पाता वा ढुङ्गा आदिमा कुनै महत्त्वको विषय लेखिएको वा कपिएको लेख; विविध महत्त्वका सामग्री भएको प्राचीन लेख । २. कुनै विषयको प्रामाणिक लेख वा रिकर्ड; प्रामाणिक लेख; लेखोट । ~ **अदालत–** ना० मुद्दाका अभिलेखहरू राखिने अदालत । > **अभिलेखन–** ना० १. कागज, पातो, धातु, पाषाण आदिमा कुनै महत्त्वपूर्ण कुरा लेख्ने काम; अभिलेख वा रेकर्ड राख्ने काम । २. लेख; लेखोट; धातु, शिला आदिमा लेखिएको वा खोपिएको विषय । ~ **सङ्ग्रहालय–** ना० प्राचीन हस्तलिखित ग्रन्थ एवं पुरातात्त्विक वस्तुहरूको सङ्ग्रह गरिएको घर । > **अभिलेखालय –** ना० १. अभिलेख राखिने घर वा कोठा । २. मिसिल जम्मा गरेर राखिने अड्डा; मिसिल-फाँट ।

**अभिलेखी–** वि० [सं०] अभिलेखसम्बन्धी; अभिलेखको । ~ **प्राकृत –** ना० अशोक, कनिष्क, रुद्रदामन आदिका अभिलेखहरूमा पाइएको प्राकृत भाषा ।

**अभिवक्ता–** ना० [सं०] १. वादी र प्रतिवादीका पक्षबाट कुनै मुद्दामामिलाका सम्बन्धमा अधिकारपूर्वक बोल्ने व्यक्ति (प्लिडर) । २. अधिवक्ताभन्दा तल्लो र अधिकर्ताभन्दा उपल्लो तहको वकिल ।

**अभिवन्दन/अभिवन्दना–** ना० [सं०] १. आदर एवम् सम्मानपूर्वक गरिएको प्रणाम; विनयपूर्वकको नमस्कार । २. स्तुति; प्रशंसा । > **अभिवन्दनीय/अभिवन्द्य–** वि० अभिवन्दना गर्न लायक; आदर तथा सम्मान गर्नुपर्ने ।

**अभिवादक–** वि० [सं०] अभिवादन गर्ने; सम्मानपूर्वक प्रणाम गर्ने; विनयपूर्वक नमस्कार गर्ने ।

**अभिवादन–** ना० [सं०] १. ढोग; नमस्कार; प्रणाम । २. ठूलाबडा वा सम्माननीय व्यक्तिहरूलाई गरिने आदरभाव । ३. शुभकामना; बधाई । ४. प्रशंसा; स्तुति ।

**अभिवृत्ति–** ना० [सं०] १. आन्तरिक विचार वा धारणा । २. कुनै वस्तुप्रतिको मानसिक दृष्टिकोण ।

**अभिवृद्धि–** ना० [सं०] १. तल्लो तहबाट माथिल्लो तहमा वृद्धि हुने काम । २. थोरैबाट धेरै हुने स्थिति । ३. उन्नति; बढि-बढाउ । ४. सामान्य अवस्थाबाट विशेष अवस्थामा पुग्ने प्रक्रिया ।

**अभिव्यक्त–** वि० [सं०] राम्ररी व्यक्त गरिएको; राम्रोसँग प्रकट गरिएको; अभिव्यक्ति दिइएको ।

**अभिव्यक्ति–** ना० [सं०] १. विषयवस्तुको अनुभूति वा हृदयमा पलाएको भावना प्रकट गर्ने क्रिया । २. शब्द,चेष्टा आदिद्वारा मनको भाव वा विचारलाई व्यक्त गरिने क्रिया । – **वाद–** ना० रसको उत्पत्ति भुक्ति आदि नभएर अभिव्यक्ति हुन्छ भन्ने संस्कृत साहित्यशास्त्रको सिद्धान्त ।

**अभिव्यञ्जक–** वि० [सं०] १. मनको भाव वा विचार प्रकट गर्ने; प्रकाशित गर्ने; व्यक्त गर्ने । २. शब्द; वाक्य आदिद्वारा आन्तरिक अर्थको अभिव्यञ्जना गर्ने ।

**अभिव्यञ्जन–** ना० [सं०] आफ्नो मनको विचार वा भाव सोझो ढङ्गले व्यक्त नगरी घुमाएर व्यक्त गरिने वा भनिने भाव, गुण वा अवस्था ।

**अभिव्यञ्जना–** ना० [सं०] १. कुनै शब्द वा वाक्यद्वारा कुनै कुरो सोझो र सरल ढङ्गले प्रकट नगरी व्यङ्ग्यात्मक वा ध्वन्यात्मक रूपले व्यक्त गर्ने भाव, गुण,प्रक्रिया वा अवस्था । २. विषयवस्तुको हृदयमा परेको कलात्मक छाप वा प्रभाव । – **वाद–** ना० कुनै पनि कविता वा कला कवि वा कलाकारको बाहिरी वस्तुजगत्‌भन्दा अन्तर्मनका अवस्थाको प्रस्फुटन हो भन्ने सिद्धान्त; कला र अभिव्यञ्जनालाई अभिन्न मान्ने र अभिव्यञ्जनालाई सहजानुभूति मान्ने मत वा सिद्धान्त । – **वादी–** वि० अभिव्यञ्जनावादमा विश्वास गर्ने; अभिव्यञ्जनावादको अनुयायी ।

**अभिव्याप्ति–** ना० [सं०] सबैतिर फैलिने वा ढाकिने स्थिति; सर्वव्यापकता ।

**अभिशङ्का–** ना० [सं०] १. कुनै विषय वा वस्तुप्रतिको सन्देह; शङ्का; अविश्वास । २. डर; भय; त्रास । ३. आरोप; अभियोग ।

**अभिशप्त–** वि० [सं०] बेसरी सरापिएको; सराप दिइएको; सराप्ने काम गरिएको; शापित ।

**अभिशाप–** ना० [सं०] १. कुनियतपूर्वक गरिएको गाली; सराप; शाप । २. फत्तुर; दोष; फरेब; आरोप । ३. बात; कलङ्क ।

**अभिशून्य–** ना० [सं०] १. अदालतले गरेका निर्णयलाई रद्द गर्ने क्रिया । २. मनमा कुनै किसिमको चिन्ता, ताप आदि नलिने किसिम । > **अभिशून्यीकृत –** वि० अदालतले गरेको निर्णय रद्द

गरिएको वा खाली गरिएको ।

**अभिश्रुति–** ना० [सं०] अपनिहिति स्वरसँग त्यसभन्दा पूर्वगामी वा पश्चगामी स्वरको समीभवन ।

**अभिषिक्त–** वि० [सं०] १. अभिषेक गरिएको; सेचन गरिएको । २. राज्याभिषेक गरिएको; राजतिलक दिइएको । ३. राजसिंहासनमा बसाइएको ।

**अभिषेक–** ना० [सं०] १.पानी छर्कने वा सेचन गर्ने काम; सिञ्चन । २. स्नान गर्ने वा नुहाउने काम । ३. विधिपूर्वक मन्त्र पढेर राजपदमा आरूढ गराउने काम । ४. यज्ञका समाप्तिपछि अभिमन्त्रित जलले स्नान गर्ने काम । ५. शिवलिङ्गमाथि जलधाराबाट पानी चुहाउने काम; रुद्राभिषेक । ६. रोगव्याधिको निवारण वा शान्ति र मङ्गलका निम्ति मन्त्र पढेर कुश, फूल आदिले जल छर्कने काम ।

**अभिषेचन–** ना० [सं०] हे० अभिषेक । > **अभिषेचनीय –** वि० १. अभिषेचन गर्न लायक; राज्याभिषेक गर्न योग्य । २. मङ्गलकलशका पानीले सेचन गर्न लायक ।

**अभिसार–** ना० [सं०] १. सैनिकले गरेको आक्रमण; हमला । २. प्रेमी वा प्रेमिकासँग भेट गर्नका निम्ति सङ्केत गरिएको वा पूर्वनिश्चित ठाउँमा जाने क्रिया । > **अभिसारण –** ना० १. नजिक वा छेउमा जाने काम । २. प्रियसँग भेट्नाका निम्ति जाने काम; सङ्केतस्थलमा जाने काम । **अभिसारिका –** ना० सङ्केत गरिएको वा पूर्वनिश्चित ठाउँमा प्रेमीसँग भेट गर्न जाने नायिका । **अभिसारी –** वि० १. कुनै कार्य आदिका निमित्त सहायक; कार्यसाधक । २. सङ्केत गरिएको वा पूर्वनिश्चित ठाउँमा भेट गर्न जाने । ३. आक्रमणकारी; हमला गर्ने ।

**अभिसूचक–** ना० [सं०] विभिन्न कुरा वा विषयको चर्चा वा उल्लेख कहाँ-कहाँ भएको छ, तत्सम्बन्धी स्रोत तथा सङ्केतहरू दिइएको कुनै विषयको वर्णानुक्रमिक सूची ।

**अभिसूचना–** ना० [सं०] कुनै आधिकारिक रूपमा प्रकाशित भएको सूचना; अधिसूचना ।

**अभिहरण–** ना० [सं०] १. नजिक वा सामुन्ने ल्याउने काम । २. हाजिर वा उपस्थित गराउने काम । ३. कुनै वस्तु लिएर भाग्ने अथवा हरण गर्ने काम वा अवस्था । ~ **अधिपत्र–** ना० ऋण, भाडा इत्यादिको असुलीका निम्ति न्यायालयका आदेशबाट कसैको जायदात, जमिन आदि जफत गर्न वा लिलाम गर्नलाई जारी गरिएको आदेशपत्र ।

**अभिहर्ता–** वि० [सं०] कुनै वस्तु लिएर भाग्ने; चोर; लुटेरा; डाँका ।

**अभीप्सा–** ना० [सं०] प्रबल इच्छा; तीव्र अभिलाषा; अतिमनोरथ । > **अभीप्सित –** वि० प्रबल रूपमा इच्छा गरिएको; ज्यादै अभिलाषा राखिएको; ज्यादै चाहना गरिएको; वाञ्छित ।

**अभीरु–** वि० [सं०] १. नडराउने; निडर । ना० २. शिव । ३. भैरव । ४.युद्धभूमि ।

**अभीष्ट–** वि० [सं०] १. इच्छा गरिएको; अभिलाषा राखिएको; अति इच्छित । २. ज्यादै मन परेको; अति प्यारो; अत्यन्त प्रिय ।

**अभुक्त–** वि० [सं०] १. केही पनि नखाएको; भोको । २. भोगचलन नगरिएको; व्यवहारमा नल्याइएको ।

**अभुज–** वि० [सं०] हात नभएको; डुँडो ।

**अभूत–** वि० [सं०] १. सत्ता नभएको; अनस्तित्व । २. अनौठो; अपूर्व । २. झूटो; मिथ्या; अयथार्थ । **– पूर्व–** वि० १. पहिले कहिल्यै नभएको; अपूर्व । २. अनौठो; अद्भुत ।

**अभूमि–** ना० [सं०] १. भूमि वा जग्गाजमिनबाहेक अन्य पदार्थ । २. उपयुक्त नभएको ठाउँ; अनुचित ठाउँ । ३. अपात्र; कुपात्र; अयोग्य व्यक्ति ।

**अभेक–** ना० [अ+भेक ] पाइक नपर्ने ठाउँ; बाटो नपर्ने ठाउँ; अपाही; कोल्टो; अभेग । > **अभेकिलो –** वि० पाइक नपर्ने; अपाही ।

**अभेग१–** ना०हे० अभेक । > **अभेगिलो–** वि० अभेकिलो ।

**अभेग२–** ना० १. विवाह गर्न हतपत भएकी वा हतारिएकी कन्याको अवस्था । २. उमेर पुगेकी कन्या ।

**अभेद–** वि० [सं०] भेद नभएको; भेदभावरहित; अभिन्न । ~ **रूपक–** ना० उपमेय र उपमानमा अभेद सूचित गर्ने रूपक ।

**अभेद्य–** वि० [सं०] १. छेड्न नहुने वा प्वाल पार्न नसकिने । २. भाँच्न नहुने वा नसकिने । ~ **चट्टान –** ना० पानी छिर्न नसक्ने खालको चट्टान; खँदिलो चट्टान ।

**अभोग–** वि० [सं०] उपभोग नगरिएको; चलनमा नल्याइएको; व्यवहार नगरिएको । > **अभोगी–** वि० भोग नगर्ने; त्यागी; विरक्त । **अभोग्य–** वि० भोग गर्न नहुने; उपभोग गर्न नसकिने वा नहुने; भोग गर्न अयोग्य ।

**अभोज्य–** वि० [सं०] खान नहुने; खान अयोग्य; अखाद्य ।

**अभौतिक–** वि० [सं०] १. भौतिक वस्तुसँग सम्बन्ध नभएको । २. परलोक वा अध्यात्मजगत्सँग सम्बन्ध भएको ।

**अभ्यञ्जन–** ना० [सं०] आँखामा लगाउने गाजल; अञ्जन; सुर्मा ।

**अभ्यन्तर–** ना० [सं०] १. भित्री मन । २. माझ; बीच; मध्य । ३. गुप्त कुरा; गुप्त रहस्य; गुप्त कथा ।

**अभ्यर्चन/अभ्यर्चना–** ना० [सं०] १. पूजा वा आराधना गर्ने भाव वा अवस्था; पूजन; अर्चना । २. सजावट; शृङ्गार । ३. आदर; सम्मान ।

**अभ्यर्थना–** ना० [सं०] १. प्रार्थना; बिन्ती; निवेदन । २. उठेर विनयपूर्वक प्रार्थना गर्ने काम । ३. कुनै विशिष्ट व्यक्तिसित कुनै कार्यविशेषका निम्ति गरिने नम्रतापूर्वकको प्रार्थना । > **अभ्यर्थनीय –** वि० १. प्रार्थना गरिने; बिन्ती बिसाइने । २. उठेर विनयपूर्वक स्वागत वा सत्कार गरिने ।

**अभ्यर्थी–** वि० [सं०] १. प्रार्थना गर्ने; प्रार्थी । २. कुनै कुरा माग्ने; याचक ।

**अभ्यसित–** वि० [सं०] १. अभ्यास गरिएको; प्रयोग गर्न जानिएको । २. पढेको; घोकेको; पठित; अभ्यस्त ।

**अभ्यस्त–** वि० [सं०] १. अभ्यास गरेको; रफत गरेको; मिहिनेत

गरेको । २. दक्ष; निपुण; प्रवीण ।

**अभ्यागत**– ना० [सं०] १. घरमा वास बस्ने गरी आएको सत्कारयोग्य व्यक्ति; अतिथि; पाहुना । वि० २. भेट गर्न आएको; अगाडि आएको ।

**अभ्यावेदन**– ना० [सं०] दुई सरकारका वादविवादमा पठाइने नम्रतापूर्वकको लेख वा चिठी ।

**अभ्यास**– ना० [सं०] १. कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याई-तेहऱ्याई पूर्ण ज्ञान प्राप्त गर्ने काम; रफत । २. कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार गरिने मिहिनेत । **– मूलक**– वि० अभ्यास गर्नुपर्ने; खूब मिहिनेतसँग व्यवहारमा ल्याउनुपर्ने । > **अभ्यासी** – वि० अभ्यास गर्ने; मिहिनेत गर्ने; रफत गर्ने; घोक्ने ।

**अभ्युक्ति**– ना० [सं०] १. आलोचना वा व्यङ्ग्यका ढाँचामा बताइएको कुनै कुरा । २. कसैका विषय वा सम्बन्धमा भनिएको उक्ति; टीका ।

**अभ्युत्थान**– ना० [सं०] १. पदोन्नति; उदय; बढिबढाउ । २. कुनै सभा आदिमा विशिष्ट व्यक्ति आउँदा सम्मानका निम्ति आसन छाडेर उठ्ने काम ।

**अभ्युदय**– ना० [सं०] १. उन्नति; समुन्नति; समृद्धि; बढिबढाउ । २. उदय; उत्पत्ति ।

**अभ्युन्नत**– वि० [सं०] उन्नति भएको; उठेको । > **अभ्युन्नति** – ना० १. समुन्नति; पदोन्नति; समृद्धि ।

**अभ्रक/अभ्रख**– ना० [सं०] आगाले नजल्ने पारदर्शी र पत्रेदार खनिज पदार्थविशेष; अब्रख ।

**अमङ्गल**– ना० [सं०] १. मङ्गल वा कल्याणको अभाव; अकल्याण; अशुभ; बिच्छुक; कुलच्छिन; अपशकुन । वि० २. मङ्गल नभएको; बिच्छुकी; अलच्छिनी । **– कारी**– वि० कसैको कल्याण नगर्ने; हित नगर्ने; अहितकारी ।

**अमचुर**– ना०हे० अम्चुर ।

**अमन१**– ना० [अ+मन ] कुनै वस्तु खाने इच्छा नहुने स्थिति; खान मन नलाग्ने वा छुद्दे नहुने स्थिति; अरुचि ।

**अमन२**– ना० [अ०] शान्ति; सुख; चैन । **– चैन**– ना० शान्ति र सुख; सुख र शान्ति ।

**अमनस्क**– वि० [सं०] १.मन वा चित्त ठीक नभएको; विमनस्क । २. उदास । ३. विवेकशक्तिहीन । ४. किंकर्तव्यविमूढ ।

**अमर**– वि० [सं०] १. कहिल्यै नमर्ने; सधैँ बाँचिरहने । ना० २. देवता । ३. पारो । ४. सुवर्ण; सुन । **– कोश**– ना० अमरसिंह नाउँका व्यक्तिले पद्यमा बनाएको संस्कृतको पर्यायवाची शब्दकोश । **– ता**– ना० १. अमर हुनाको भाव; कहिल्यै नमर्ने स्थिति; अविनाशिता । २. चिरजीवन । ३. देवत्व; अमरत्व । ~ **पद**– ना० देवताको पद; देवपद; देवपद प्राप्त गर्ने स्थिति; मोक्ष; मुक्ति । ~ **पदवी**– ना० अमरको पद वा पदवी; देवत्व । **– वल्ली**– ना० आकाशवल्ली । ~ **सिंह**– ना० १. अमरकोशका निर्माता । २. विक्रमी उन्नाइसौँ शताब्दीमा थापाकुलमा भएका नेपालका एक प्रसिद्ध व्यक्ति । > **अमराङ्गना**– ना० १. अप्सरा; स्वर्गकी वेश्या । २. देवताकी स्त्री; देवाङ्गना । **अमराधिप**– ना० १. अमरहरूका राजा; इन्द्र । २. ईश्वर । **अमरावती** – ना० देवताका राजा इन्द्रको राजधानी; इन्द्रपुरी; स्वर्ग; अमरपुरी । **अमरी** – ना० १. देवस्त्री; देवी; देवाङ्गना । २. इन्द्रको राजधानी; अमरावती ।

**अमर्त्य**– वि० [सं०] १. अविनाशी; नमर्ने; नाश नहुने; दैवी । ना० २.कहिल्यै नमर्ने जाति; देवता ।

**अमर्यादा**– ना० [सं०] १. अनुशासन, मान, सम्मान आदिको अभाव; अनुशासनहीनता । २.अभद्रता; मनपरी । > **अमर्यादित** – वि० अमर्यादा भएको; अमर्यादा गरिएको ।

**अमल१**– वि० [सं०] १. मल नभएको; निर्मल; स्वच्छ । २. निर्दोष; निष्कलङ्क; निष्पाप । ३. साँचो; सच्चा; सत्य । ४. शुद्ध; पवित्र ।

**अमल२**– ना० [सं० अङ्गुल ] एक औँलाको नापो; अङ्गुल ।

**अमल३**– ना० [अ०] १. सुर्ती; गाँजा; अफिम आदि लागू वस्तु; मादक पदार्थ; नशा; अम्मल । २. लत; बानी; आदत । ३. मातहतको इलाका; जिल्ला; हाता । ४. अधिकार; शासन । ५. व्यवहार । ६. विजय । > **अमलची** – वि० नशा सेवन गर्ने आदत भएको; मादक पदार्थ खाने आदत बसेको; अम्मली; नशाबाज । **– बाज**– वि० अमलची; अमली ।

**अमलतास**– ना० [सं०] सानासाना पात हुने, ठूला र चम्किला पहेँला फूल फुल्ने मझौला खालको वृक्षविशेष; राजवृक्ष ।

**अमलतनु**– ना० [सं० अङ्गुलित्राण ] दमाईं वा सुजीकारले लुगा सिउन सियो घचेट्दा औँलामा घाउ नलागोस् र सजिलो पनि होस् भनी औँलाका टुप्पामा टोपीजस्तो हुने गरी लगाउने छालाको, धातुको वा कपडाबाटै बनाइएको साधन; अम्तर्नु; लक्खु ।

**अमलदार**– ना० [अ० अमल+दार ] सुबेदारभन्दा तल र हवलदारभन्दा माथिको एक जङ्गी दर्जा ।

**अमलपित्त**– ना० [सं० अम्लपित्त ] पित्तका दोषले गर्दा खाएको वस्तु अमिलो हुने रोगविशेष; पित्त वमन हुने रोग; अम्लपित्त ।

**अमला**– ना [सं० आमलक] १. अमिलीका जस्ता मसिना पात हुने गोलाकार फल फल्ने बोटविशेष । २. त्यसैको फल; आमलक । ~ **झार**– ना० ससाना पातमा भुस भएको, पहेँलो फूल फुल्ने र चौडा कोसादार फल लाग्ने बोटविशेष । ~ **रङ्ग**– ना० अमलाका फलको जस्तो हल्का तथा फिक्का हरियो रङ ।

**अमली**– वि० [अ० अमल+ई ] अमलका रूपमा नशादार वस्तुहरूको सेवन गर्ने; लागू पदार्थ खाने; नशाबाज; अमलची; अम्मली ।

**अमलेख**– ना० [सं० अभयलेख ? ] करियाहरूलाई पार वा स्वतन्त्र गरिदिने काम; कमाराकमारीको छुटकारा; दासत्वमोचन । **– गन्ज**– ना० १. नेपालको नारायणी अञ्चलअन्तर्गत बारा जिल्लामा पर्ने एक बस्ती २. अमलेख गरिएका व्यक्तिहरूका निम्ति बसाइएको बस्ती ३. प्राचीन समयको 'भिक्षाखोरी' ।

**अमा**– ना० [सं०] १. चन्द्र र सूर्य एकै नक्षत्रमा सँगै बस्ने दिन; औँसी; अमावास्या । २. औँसीको कला । ३. घर; भवन; शाला । ४. मर्त्यलोक ।

**अमात्य**– ना० [सं०] १. सधैँ राजाका साथमा रही राजकाज चलाउन मद्दत गर्ने प्रमुख व्यक्ति; मन्त्री । २. नेवारसमुदायको एक थर ।

**अमान**– वि० [सं०] १. मान नभएको; अप्रतिष्ठित । २. परिमाणरहित; असीम । **अमानक**– वि० मानक नभएको । > **अमानकीकृत**– वि० निर्माण, सञ्चालन आदि कार्यका लागि कुनै सुनिश्चित प्रक्रिया नअँगालिएको (परीक्षण); मानकीकृत नभएको ।

**अमानत**– ना० [अ०] १. सरकार वा हकदारबाटै चलेको रकमकलम; त्यस्तो रकमकलम चलाउने काम । २. धरोट वा धितो राख्ने काम; थाती; जिम्मा । > **अमानती** – वि० १. धरौट वा नासो राखिएको । २. ठेक्कापट्टाबाट नचलाई आफैँबाट चलाइएको ।

**अमानव**– वि० [सं०] १. मान्छे भन्न नमिल्ने । ना० २. पशु । ३. राक्षस । ४. मानवेत्तर जीव । > **अमानवी** – वि० मानवसँग सम्बन्ध नभएको; मानवेतर प्राणीसम्बन्धी; अमानव ।

**अमानवीय**– वि० [सं०] १. मानिसले गर्न नसक्ने, नहुने वा नसुहाउने । २. दानवीय; आसुरी । – **ता** – ना० मानिसलाई उचित नहुने तथा नसुहाउने गुण वा व्यवहार ।

**अमानी**– वि० [सं०] १. ठूलो हुँ भन्ने अभिमान नभएको; मान नखोज्ने; विनीत; नम्र । २. मान नभएको; अप्रतिष्ठित ।

**अमानुष**– वि० [सं०] १. मनुष्यबाट हुन नसक्ने; अलौकिक । ना० २. मनुष्यदेखि अतिरिक्त प्राणी । ३ कपूत; कुजात; नीच व्यक्ति । > **अमानुषिक** – वि० १. अमानवीय । २. अलौकिक । **अमानुषी** – वि० अमानुषिक ।

**अमान्य**– वि० [सं०] १. मान्न वा मान गर्न अयोग्य; मान्नु नपर्ने । २. अस्वीकार्य ।

**अमारो**– ना० [सं०आम्रात ] १. सलिफाका जस्ता पात लाग्ने, लप्सीका जस्ता अमिला फल फल्ने र ससाना सेता फूल फुल्ने एक बोट । २. त्यसैको फल; आम्रात । > **अमारे** – वि० अमाराको जस्तो स्वाद भएको अथवा अमिलो र गुलियो स्वाद भएको ।

**अमार्जित**– वि० [सं०] सफा नगरिएको; अपरिष्कृत; नमाझिएको ।

**अमाल**– ना० [अ० अमल ] पहिलेपहिले गाउँघरको मुद्दामामिला हेर्ने र सरकारी तिरो उठाउने अड्डा । > **अमाली**– ना० अमाल-अड्डाको मुख्य हाकिम; द्वारे ।

**अमावस्या / अमावास्या**– ना० [सं०] औँसी; अमा ।

**अमित**– वि० [सं०] १. सीमा नभएको; असीमित; अपरिमित । २. अत्यधिक; धेरै । > **अमिताभ** – ना० पञ्चबुद्धमध्ये एक; पाण्डुराका पति; पद्मपाणिका पिता । २. चैत्यको पश्चिममा स्थापना गरिने देवता । वि० ३. असीमित आभा वा कान्ति भएको; कान्तिवान्; तेजस्वी; तेज नरित्तिने ।

**अमित्र**– ना० [सं०] मित्र नभएको व्यक्ति; भिन्न व्यक्ति; शत्रु; वैरी । – **ता**– ना० अमित्र हुनाको भाव वा स्थिति; शत्रुता ।

**अमिन**– वि० [अ० अमीन ] १. अमानत राख्ने । ना० २. जग्गाजमिनको नापजाँच गर्ने वा सो काममा खटिएको कर्मचारी । > **अमिनी** – ना० १. अघिको मधेसतराईको तल्ला तहको अदालत । २. जग्गाजमिनहरूको नापजाँचसम्बन्धी काम गर्ने कामदार । ~ **गोस्वारा**– ना० मोफसलका अमिनी अड्डाहरूका कागतपत्रहरू रहने अड्डा ।

**अमिर**– वि० [अ० अमीर] १. ज्यादै धनी; धनाढ्य; सम्पत्तिवान् । २. इज्जतदार; भलादमी । ३. ना० धनीमानी । > **अमिरी**– ना० १. धनीपना; धनाढ्यपन । २. गहकिलोपन । ३. भलादमीपना ।

**अमिलि-नु**– अ० क्रि० [अमिलो+इ+नु ] १. कुनै वस्तु विकृत भएर अमिलो हुनु । २. मनमा ठूलो पीर पर्नु; चिन्तित हुनु ।

**अमिली**– ना० [अमिलो+ई ] १. साना मसिना पात हुने र लामा कोसादार अमिलो फल फल्ने ठूलो जातको रूख; त्यसैको फल; तित्री । २. साना तीनचोसे आकारका पात हुने र मसिना अमिला कोसा फल्ने एक जातको झार; चरीअमिलो । ~ **घाँस**– ना० रातो रङको खण्डाकार फूल फुल्ने एक जातको घाँस ।

**अमिलुवा**– वि० [अ+मिल्+उवा ] मिलनसार नभएको; बेमेलको; अमिल्दो ।

**अमिले**– ना० [अमिलो+ए ] चरीअमिलो ।

**अमिलो**– ना० [सं० अम्ल+इलो ] १. निबुवा, कागती, सङ्खत्रो, बिमिरो आदिका रसको जस्तो स्वाद । २. चुक; च्वाँठ; अमिलो पदार्थ । वि० ३. चुकका स्वादको; अमिल्चुके । ~ **पालुङ्गो**– ना० अमिलो स्वाद हुने एक जातको पालुङ्गो । ~ **लुँडे** – ना० अमिलो स्वाद हुने एक जातको लुँडे । > **अमिल्चुके** – वि० कुनै वस्तु विकृत भएर अलिअलि अमिलो भएको; अमिल्ल्याहा । **अमिल्चो / अमिल्च्या / अमिल्च्याहा** – वि० अलिअलि अमिलो; थोरै अमिलो ।

**अमिल्दो**– वि० [अ+मिल्दो ] कसैसित पनि मिल्ने स्वभाव नभएको; मिलनसार नभएको; बेमेलको; अड्बाङ्गे ।

**अमिल्याइ**– ना० [√ **अमिलि** (+याइ ) ] अमिलिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अमिल्याइनु** – क० क्रि० अमिलिने पारिनु; अमिलो पारिनु ।

**अमिल्याउनु**– प्रे० क्रि० [अमिलि+याउ+नु ] १. अमिलिने पार्नु; अमिलो तुल्याउनु ।

**अमिल्सो / अमिल्स्या / अमिल्स्याहा**– वि० [अमिलो+सो / स्या / स्याहा] हे० अमिल्चो ।

**अमिश्रित**– वि० [सं०] १. कुनै पनि चीज नमिसिएको; मिसावट नभएको । २. शुद्ध; चोखो ।

**अमुक** – सर्व० [सं०] १. फलानो; ढिस्कानो । वि० २. खास । ३. तोकिएको । – **कालिक**– वि० कुनै खास समयमा केन्द्रित; समकालिक; एककालिक ।

**अमुक्त**– वि० [सं०] १. मुक्त नभएको; बाँधिएको । २. परतन्त्र;

परवश । > **अमुक्ति** – ना० १. मुक्त नभएको स्थिति; बन्धनमा परेको अवस्था; परतन्त्रता; पराधीनता । २. दासता; दासत्व ।

**अमुख्य–** वि० [सं०] मुख्य नभएको; अप्रधान; गौण ।

**अमुग्ध–** वि० [सं०] १. मुग्ध नभएको; अनासक्त । २. चतुरो; सिपालु ।

**अमूर्त–** वि० [सं०] १. मूर्ति नभएको; रूप नभएको; आकार नभएको; इन्द्रियबाट अनुभव गर्न नसकिने; निराकार । ना० २. परमेश्वर । ३. आत्मा । ४.काल । ५. आकाश । ६. वायु । ~ **भावना** – ना० छैटौं इन्द्रियको अनुभूतिको अभिव्यक्ति वा स्थापना । ~ **रूप** – ना० चक्षुरिन्द्रियले नदेखिने,तर मनले मात्र थाहा पाइने रूप । ~ **वाद** – ना० अन्तर्जगत्को अमूर्त चिन्तन गरिएको एक किसिमको दर्शन; आत्मवाद; शून्यवाद । > **अमूर्ति** – वि० १. मूर्ति नभएको; आकाररहित । ना० २. विष्णु ।

**अमूल–** वि० [सं०] १. मूल नभएको; निर्मूल । २. प्रमाण नभएको; निराधार; अप्रामाणिक । ३. मिथ्या; भ्रामक । ४. जरा नभएको । > **अमूलक** – वि० १. मूल वा जड नभएको; अमूल । २. निराधार । ३. मिथ्या; जड ।

**अमूल्य–** वि० [सं०] १. मोल गर्न नसकिने; अनमोल । २. बहुमूल्य; किम्मती । ३. उत्तम; श्रेष्ठ ।

**अमृत–** वि० [सं०] १. नमरेको; जिउँदो । २. अमरत्व दिने; नमर्ने; अमर । ३. अति मीठो । ४. प्यारो; अभीष्ट । ना० ५. खाँदा अमर हुने पदार्थ; सुधा; पीयूष । ६. पानी । ७. घिउ; दूध । – **कर**– ना० १. चन्द्रमा । २. वैद्य । ~ **गर्भ**– ना० जीवात्मा; परब्रह्म । – **तरङ्गिणी**– ना० १. जून । २. नदी । ~ **पानी**– ना० बिहानबेलुकी धानका बालाका टुप्पामा रहने पानी । ~ **फल**– ना० १. नास्पाती । २. सुन्तला । ~ **रश्मि**– ना० अमृतसमानका किरण हुने ग्रह; चन्द्रमा । – **वान**– लाहाको रोगन लगाइएको, माटाको भाँडो; घिउ, तेल, अचार आदि हाल्ने माटाको भाँडो । ~ **वायु**– ना० प्राणवायु; अक्सिजन । – **स्रवा**– ना० पानीलहरो । > **अमृतांशु** – ना० चन्द्रमा ।

**अमृत्यु–** वि० [सं०] १. नमर्ने; अमर । ना० २. नमर्ने स्थिति; अमरता ।

**अमेजन–** ना० [अङ्०] दक्षिण अमेरिकामा भएको, संसारमा सबभन्दा ठूलो नदी ।

**अमेरिकन–** वि० [अङ्०] अमेरिकाली ।

**अमेरिका–** ना० [अङ्०] १. पृथ्वीको पश्चिमी गोलार्धमा उत्तरी ध्रुवप्रदेशदेखि दक्षिणी ध्रुवप्रदेशसम्म फैलिएका दुई महाद्वीप । २. उत्तरी अमेरिकाको एक संयुक्त राज्य । > **अमेरिकाली** – वि० १. अमेरिकाको; अमेरिकासम्बन्धी । २. अमेरिकानिवासी । ना० ३. अमेरिकाको मान्छे । **अमेरिकी–** वि० अमेरिकाली ।

**अमेल–** ना० [अ+मेल ] १. बेमेल; फुट; वैमनस्य । वि० २. फुट्टा; सिलसिला नमिलेको; असम्बद्ध ।

**अमोक्ष–** वि० [सं०] १. मोक्ष नभएको; अमुक्त । २. प्रतिबन्धित । ना० ३. मोक्षको अभाव ।

**अमोघ–** वि० [सं०] १. खेर नजाने; नचुक्ने; अचूक; अव्यर्थ । ना० २. विष्णु । ~ **किरण**– ना० उदय र अस्त हुने बेलाको सूर्यकिरण । ~ **वाञ्छित**– वि० कहिल्यै निराश नहुने; आशावादी । ~ **सिद्धि**– ना० पञ्चध्यानी बुद्धमध्ये एक; चैत्यका उत्तरी भागमा राखिने देवता; ताराका पति; विश्वप्राणीका पिता ।

**अमोट–** ना०हे० अमोठ ।

**अमोठ–** ना० [सं० आम्र+ओठ ] पाकेका आँपको गुदी सुकाएर बनाइएको माडा; आँपको माडा; अम्मट; अमोट ।

**अमोल–** वि० [सं०] १. मोल नभएको; अनमोल, अमूल्य । २. धेरै मोल पर्ने; बहुमूल्य; किम्मती ।

**अमौलिक–** वि० [सं०] १.मूलसित सम्बन्ध नभएको; मौलिक नभएको । २. अर्काका कृति वा विचारधारासँग सम्बन्ध रहेको । ३. अरूको सारिएको, अनुसरण गरिएको वा उतारिएको ।

**अम्खोरा–** ना० [अ० आबखोर < ग्रि० अम्फोरियर] बिट फर्की मुख केही सानो भएको पेट फुकेको, पानी खाने भाँडो; आम्खोरा । > **अम्खोरी** – ना० अलि सानो किसिमको अम्खोरा ।

**अम्चुर–** ना० [प्रा० अम्मचुर < सं० आम्रचूर्ण ] काँचो आँपको सुकेका चाना कुटेर बनाइएको धूलो; काँचो आँपका टुक्राको सुकुटी; अमचुर ।

**अम्तर्नु–** ना० [अमलतनु < सं० अङ्गुलित्राण] सुजीकारले लुगा सिउँदा धागो अम्टार्न सियो घचेट्दा औंलामा घाउ नलागोस् र औंटार्न सजिलो होस् भनी खास गरी माझी औंलाका टुप्पामा टोपीजस्तो गरी लगाउने छाला, धातु वा कपडाको औंठीका आकारको साधन; अमलतनु; लक्खु ।

**अम्ब–** ना० [सं०] १. बाबु; पिता । २. वेदध्वनि । ३. आँखा । ४. पानी । > **अम्बक** – ना० १. आँखा । २. बाबु; अम्ब ।

**अम्बक–** ना० [सं० आम्र+क ] अम्बा वा बेलौती (फल) । > **अम्बके** – ना० १. अम्बासँग मिल्ने तर खुर्सानीका जत्रा फल लाग्ने एक जङ्गली वनस्पति । वि० २. अम्बकको जस्तो । ३. अम्बक खाएर वा बेचेर जीविका गर्ने ।

**अम्बर–** ना० [सं०] १. अकास; आकाश । २. लुगा; वस्त्र । ३. सुगन्धित द्रव्यविशेष । ~ **पथ**– ना० आकाश मार्ग ।

**अम्बल–** ना० [अ० अमल ] इलाका; अमल ।

**अम्बा१–** ना० [सं०] १. आमा; माता । २. दुर्गा । ३. महाभारतमा भीष्मलाई मार्न अर्को जन्ममा शिखण्डी भएर जन्मने प्रसिद्ध स्त्री ।

**अम्बा२–** ना० [सं० आम्रक ] लाम्चा र खस्रा पात हुने, मसलाको जस्तो पातलो अनि चिल्लो बोक्रो हुने र सो बोक्रो फेरिइरहने, रातो र फुस्रो काठ हुने, पाक्ता धेरै बियाँका साथ पहेँला फल फल्ने एक बोट वा त्यसैको फल; बेलौती; लताम ।

**अम्बिका–** ना० [सं०] १. आमा; माता; जननी । २. पार्वती; गौरी ।

**अम्बु–** ना० [सं०] पानी; जल । > **अम्बुज** – वि० १. पानीमा उम्रने

वा पैदा हुने । ना० २. कमल । ३. कपूर । ४. शङ्ख ।

**अम्बे**– वि० [अम्बा+ए] १. अम्बाजस्तो; अम्बासम्बन्धी । २. अम्बा हाल्ने वा बोक्ने । ~ **डोको** – ना० अम्बा हालेर बोक्न हुने खालको ससानो डोको ।

**अम्भर**– ना० [अ० अमल] जिम्मा; अभिभारा ।

**अम्मर**– ना० [सं० अमर] १. प्रतिज्ञा; कबुल । वि० २. अमर ।

**अम्मल**– ना० [अमल] अमल; नशा । > **अम्मली** – वि० अमली ।

**अम्रिसो**– ना० [सं० अवृक्ष] बाँसका जस्ता तर ठूला र लामा पात, खैरा र झुसिला झुप्पादार फूल फुल्ने र मसिना ज्वानुजस्ता गेडा लाग्ने विशेष गरी सुक्खा ठाउँ र भीरपहरा आदिमा हुने एक जातको घाँस; खरको एक जाति; अम्लिसो ।

**अम्लिसो**– ना०हे० अम्रिसो ।

**अम्रे**– वि० [अम्रो+ए] १. अम्रोजस्तो; अम्रोसम्बन्धी । २. भर्खरको; लैनू । ~ **गुहु** – ना० जन्मनेबित्तिकै बच्चाले हगेको गुहु; गर्भावस्थादेखि पेटमा रहेको र जन्मेपछि हगेर निकालेको गुहु । ~ **दूध** – ना० बच्चो पैदा हुनुभन्दा पहिले नै फाँचामा भरिएको दूध; बिगौते दूध ।

**अम्रो**– ना० [सं० अङ्कुर ] जनावरबाट बच्चा पैदा हुँदा साथमा आउने सालनाल ।

**अम्ल**– वि० [सं०] १. अमिलो । ना० २. षड्रसमध्ये एक रस; अमिलो स्वाद । – **जन**– ना० प्राणीका निम्ति आवश्यक वायुतत्त्व । – **पित्त**– ना० अमलपित्त ।

**अम्लान**– वि० [सं०] १. नओइलाएको; चाउरी नपरेको; म्लान नभएको । २. फुलेको; प्रफुल्ल । ३. उदास नभएको; प्रसन्न । ४. स्वच्छ; साफ ।

**अम्लेट**– ना० [अङ्०] कुखुरा आदिको फुल फिटेर मसला र प्याज आदिका टुक्रा मिलाई वा नमिलाईकनै बनाइएको रोटीजस्तो खानेकुरो ।

**अयत्न**– वि० [सं०] १. यत्न गर्न नपर्ने; प्रयास गर्न नपर्ने । ना० २. यत्नको अभाव; प्रयत्नहीनता । क्रि० वि० ३. यत्नविना नै ।

**अयथार्थ**– वि० [सं०] यथार्थ वा सत्य नभएको; झूटो; मिथ्या । – **ता**– ना० अयथार्थ हुनाको भाव वा स्थिति; असत्यता । > **अयथार्थ्य** – ना० १. यथार्थताको अभाव; असत्यता । २. असङ्गति; असंलग्नता ।

**अयन**– ना० [सं०] १. हिँडाइ; गति । २. बाटो; मार्ग । ३. सूर्यको उत्तरी र दक्षिणी गति । ४. आश्रय; घर । ५. काल; समय । ६. कल्चौँडो; फाँचो । ७. अङ्गुल एवं मात्राको छ गुनाबराबरको नाप । ८. करपाद, अङ्ग वा रसबराबरको नाप । ~ **वृत्त**– ना० ग्रहणरेखा । ~ **सङ्क्रान्ति**– ना० सूर्यको दक्षिणगति र उत्तरगतिको आरम्भ हुने माघे सङ्क्रान्ति र साउने सङ्क्रान्ति ।

**अयन्त्रित**– वि० [सं०] नियन्त्रणमा नरहेको; नियन्त्रण गर्न नसकिने; मनमानी गर्ने; उच्छृङ्खल ।

**अयश**– ना० [सं०] १. अपयश; अपकीर्ति । २. निन्दा; तिरस्कार । > **अयशस्वी** – वि० कीर्ति नभएको; यश नभएको; ख्याति नभएको ।

**अयस**– ना० [अ० ऐश ] मोजमज्जा; भोग-विलास; ऐस; आराम; चैन । > **अयसी** – वि० अयस गर्ने; ऐसी ।

**अयाचित**– वि० [सं०] १. नमागिएको; मागेर नलिइएको । २. आफैँ प्राप्त भएको ।

**अयाल**– ना० [तु० याल ] घोडा, सिंह आदिका गर्दनका लामालामा रौँ; याल ।

**अयु**– वि० बो० एक्कासि आश्चर्य, विस्मय, भय आदि जनाउँदा प्रयोग हुने शब्द । (उदा०– अयु, सर्प देखेर म त डरले भुतुक्कै भएँ !)

**अयुक्त**– वि० [सं०] १. नजोतिएको; नदाइएको । २. नमिलेको; नजोडिएको । ३. अयोग्य; अनुचित । > **अयुक्ति** – ना० युक्तिसङ्गत नभएको अवस्थिति; बेमेल ।

**अयुग्म**– वि० [सं०] जोडा नभएको; बेजोडा; बिजोडा ।

**अयुत**– ना० [सं०] १. दस हजारको सङ्ख्या । वि० २. दस हजार सङ्ख्याको ।

**अये** – वि० बो० सम्बोधन आदिमा प्रयोग हुने अनादरवाची शब्द; ए ।

**अयोग** – ना० [सं०] १. योगको अभाव; दुर्योग । २. सङ्कटकाल; मुस्किलको समय । ३. वियोग; बिछोड । > **अयोगव** – ना० बाबु शूद्र र आमा वेश्याबाट जन्मेको छोरो । **अयोगवाह** – ना० व्यञ्जनभिन्न ध्वनि; अनुस्वार र विसर्ग (संस्कार; छिः इ०) ।

**अयोगात्मक** – वि० [सं०] प्रकृति नजोडिएको; नजोडिने । ~ **भाषा** – ना० व्याकरणअनुसार रूप नचल्ने भाषा ।

**अयोग्य** – वि० [सं०] १. योग्य नभएको; नालायक; काममा निपुण नभएको । २. अनुपयुक्त; अनुचित । – **ता** – ना० १. योग्यताको अभाव; नालायकपन । २. कुपात्रता; अपात्रता । ३. अनौचित्य ।

**अयोध्या** – ना० [सं०] १. भारतका सात मोक्ष पुरीमध्ये एक; प्राचीन सूर्यवंशी राजाहरूको एक प्रसिद्ध राजधानी; साकेत । २. रामचन्द्रको राजधानी ।

**अयोनि** – वि० [सं०] १. नजन्मेको; अजात । २. नित्य । ना० ३. ब्रह्मा । > **अयोनिज** – वि० योनिबाट नजन्मेको; सामान्य प्राणीगत प्रक्रियाअनुसार नजन्मेको । **अयोनिजा**– वि० योनिबाट नजन्मेकी (जस्तो– रामायणका अनुसार सीता) ।

**अयौगिक** – वि० [सं०] १. यौगिक नभएको; शब्दसाधनका उपायबाट सिद्ध नहुने । २. दुई रासायनिक तत्त्वहरूको योग नभएको ।

**अयौन** – वि० [सं०] नपुंसक; अलैङ्गिक ।

**अर** – ना० [सं०] चक्का र धुरालाई जोड्ने स-साना काठ वा फलामका डन्डी ।

**अरक** – ना० [अ० अर्क ] सडाएका चीज उमालेर बाफका रूपमा निकालेको रस; आसव; रक्सी; तेजाब; अर्क; अरख ।

**अरकच्च** – क्रि० वि० [सं० अरघट्ट ] १. मेलो वा मेसो नपाएर; बाटो हराएर । २. अनिश्चित स्थितिले अलमलिएर; अलमल्ल;

बिलखबन्द; जिल्ल; वाल्ल; पक्क ।

**अरक्षित** – वि० [सं०] रक्षा नगरिएको वा नभएको; बचाउ नगरिएको; नजोगाइएको ।

**अरख** – ना०हे० अरक ।

**अरगज्ज**– क्रि० यो० [√ अरकच्च] अर्गज्ज ।

**अरघट्टी** – ना० [सं०] १. इनारबाट पानी झिक्ने घडाहरू झुन्ड्याइएको मालाकार यन्त्र; अरघट । क्रि० वि० २. घट्टझैँ निश्चल वा हलचल नगरीकन; ढसमस्स ।

**अरट्टो** – वि० [अरट्ट+ओ ] १. नदोब्रिने; जर्रो; कडा; ठर्रो; नरम नभएको; अररो । २. साह्रो; दरो ।

**अरणी** – ना० [सं०] १. ठूलठूला यज्ञमा आगो पार्ने काठको मदानीजस्तो साधन; अग्निमन्थ । २. सूर्य । ३. आगो; अग्नि । ४. चकमक ।

**अरण्य** – ना० [सं०] १. वन; जङ्गल । २. सन्न्यासीको एक भेद । – **रोदन** – ना० १. जङ्गलभित्र रोएजस्तो रुवाइ; कसैले नसुन्ने रुवाइ; कसैले नसुन्ने एकोहोरो गुनासो ।

**अरत** – वि० [सं०] १. नलहसिएको; विरक्त । २. नरमेको; रत नभएको । > **अरति** – ना० १. राग वा प्रेम नभएको स्थिति; विरक्ति । २. असन्तोष ।

**अरत्नि** – ना० [सं०] १. अङ्गुल वा मात्राको चौबीस गुना, करपादको चार गुना, मुष्टिको छ गुना र तुणीको तीन गुनाबराबरको नापो ।

**अरथी** – ना० [सं०] १. सिँगारिएको शव हालेर मसानमा लैजाने यान; मुर्दाको खट; टाँड; शवयान । वि० २. रथमा नबसेको; पैदल हिँडेको ।

**अरनिको** – ना० [चौ० अर्निको] इसाको तेह्रौँ शताब्दीमा भोट हुँदै चीन जाने र चिनियाँ सम्राट् कुब्ला खाँको दरबारमा ठूलो सम्मान पाउने एक विश्वप्रसिद्ध एक नेपाली कलाकार; बलबाहु; अर्निको । ~ **राजमार्ग**– ना० काठमाडौँबाट कोदारी हुँदै नेपाल-चीनको सीमा मितेरी साँघुसम्म पुग्ने राजपथ ।

**अरनी** – ना० १. बिहानबेलुका खाइने मुख्य खानादेखि बाहेकको खानेकुरा; नास्ता; जलपान । २. दिउँसो खाइने खानेकुरा; खाजा; दोपहरे; अर्नी ।

**अरन्डी** – ना० [सं० एरण्ड ] १. अन्डी; अन्डीको धागोबाट बनेको खास्टो । २. भुलायो ।

**अरब१**– ना० [सं० अर्बुद ] १. सय करोडको सङ्ख्या; सय करोड । वि० २. सय करोड सङ्ख्याको; अर्ब ।

**अरब२**– ना० [फा०] १. एसिया महाद्वीपको दक्षिणभागमा रहेको एक प्रसिद्ध भूभाग । २. त्यस भूभागका निवासी । ~ **लिग**– ना० मिस्र, इराक, सिरिया, जोर्डन, सउदी अरब, यमन आदि देशमा सहयोगसम्बन्ध कायम गर्नका निम्ति इ० १९४५ मा स्थापित र पछि लिबिया, सुडान, मोरक्को, कुबेत, अल्जेरिया, टचुनिसिया र दक्षिणी यमन पनि सामेल भएको एक संस्था । >

**अरबी** – वि० १. अरब देशको; अरबसम्बन्धी । ना० २. पानीदार र ठूलो जातको घोडा । ३. अरब देशमा पाइने घोडा ।

**अररि-नु** – अ० क्रि० [अररो+इ+नु ] १. जाडाले कक्रक्क पर्नु । २. काँचो वा चिसो अवस्थाको वस्तु सुकेर ठर्रिनु । ३. नशाको रगत सञ्चालित हुन रोकिनु; बाउँडिनु । ४. ठूलो दुःख हुनु ।

**अररी१** – ना० [अररो+ई ] १. डोरी बाट्दै गएपछि टुङ्ग्याउनीमा उब्रिएका पोया त्यसै डोरीका अन्तमा बेरेर नफुस्किने गरी सिउरिने काम । वि० २. काम गर्न गाह्रो मान्ने; अराएको काम गर्न गह्रुकाउने वा अप्ठचारो मान्ने (स्त्री) ।

**अररी२** – ना० [अररो+ई ] जङ्गलमा झाडीका रूपमा हुने एक जातको काँडो वा उक्त काँडो हुने वनस्पति ।

**अररो** – वि० १. जाडाले कक्रिएको । २. काँचो वा चिसो अवस्थाबाट सुकेर अरट्ट परेको । ३. रगतको सञ्चालन रोकिएर निश्चल भएको; त्यसरी कक्रक्क परेको वा ठर्रो (शरीर आदि) ।

**अरऱ्याइ** – ना० [√ **अररि** (+याइ) ] अररो हुनाको भाव वा स्थिति; अररिने क्रिया-प्रक्रिया । [ > ] **अरऱ्याइनु** – क० क्रि० अररो तुल्याइनु; अररिने पार्नु । **अरऱ्याउनु**– प्रे० क्रि० अररो तुल्याउनु; कक्रक्क पार्नु ।

**अरल्लिनु** – अ० क्रि० [अररो (लो)+इ+नु ] हे० अतालिनु । > **अरल्ल्याइ** – ना० अरल्लिने भाव, क्रिया वा प्रक्रिया । **अरल्ल्याइनु** – क० क्रि० अरल्लिने पारिनु । **अरल्ल्याउनु** – अ० क्रि० अरल्लिने पार्नु ।

**अरविन्द**– ना० [सं०] १. कमल । २. सारस । ३. तामा (धातु) । > **अरविन्दाक्ष** – ना० कमलनयन; बाटुला आँखा ।

**अरस**– वि० [सं०] १. रस नभएको; नीरस; छोक्राइलो । २. रसिलो नभएको; रस नभएको; झोलिलो नभएको । > **अरसिक** – वि० १. रसिलो नभएको (ठाउँ वा वस्तु) । २. रसिलो मिजास नभएको; हाँसख्याल नगर्ने (व्यक्ति) ।

**अराइ**– ना० [√ **अराउ** (+ आइ) ] अराउने भाव वा क्रियाप्रक्रिया । **अराइनु** – क० क्रि० अराउने काम गरिनु ।

**अराउ-नु** – स० क्रि० [सं० अर्ह+आउ+नु ] आज्ञा दिनु; कामका निम्ति खटाउनु; अह्राउनु ।

**अराउ**– ना० [√ अह्राउ ] अराउने काम; खट्न लगाउने काम; आज्ञा दिने काम । – **पराउ**– ना० काम लगाउने स्थिति; आज्ञा दिने आदि काम; खटाउपटाउ; अह्राउपह्राउ ।

**अराजक**– वि० [सं०] १. कुनै पनि किसिमको अनुशासन नभएको; शासनव्यवस्था नमिलेको; अव्यवस्था भएको; छाडा ।

**अराजकता**– ना० [सं०] शासनव्यवस्था, परिस्थिति, नियम-अनुशासन आदि नमिलेको अवस्था; शान्ति र सुखमय व्यवस्था नभएको शासन; ठूलो अव्यवस्था । – **वाद** – ना० राज्यहीन शासनव्यवस्था मान्ने मत; शासकविना समाज चल्छ भन्ने एक किसिमको सिद्धान्त । – **वादी** – ना० अराजकतावादको अनुयायी; अराजकतावादको समर्थक ।

**अराजी** – वि० [अ+राजी ] खुसी नभएको; राजी नभएको; बिराजी ।

**अरारी** – ना० [सं० आरी ] ससाना पात हुने र गुलाफी रङ्गका गोलाकार फूल फुल्ने एक बोट वा कलेजी रङ्गका लामा कोसा फल्ने र काठको अँगारबाट बारुद बनाइने काँडादार वनस्पति; त्यसैको फल; आरी ।

**अराल्-नु** – स० क्रि० [सं० अराल+नु ] अधकल्चो पारेर भुट्नु; राम्रोसँग नपाक्ने गरी भुट्नु; आधा काँचो हुने गरी मकै आदि भुट्नु । > **अरालाइ** – ना० अराल्ने भाव, क्रिया वा प्रक्रिया । **अरालिनु** – क० क्रि० अराल्ने काम गरिनु ।

**अरावट** – ना० [अराउ+आवट ] अह्राावट; अराउ ।

**अराष्ट्रिय** – वि० [अ+राष्ट्रिय ] राष्ट्रसँग सम्बन्ध नभएको; राष्ट्रप्रति अहित चिताउने । ~ **तत्त्व** – ना० कुनै पनि देशको, राष्ट्रको अहित चिताउने तत्त्व; पञ्चमाङ्गी तत्त्व । ~ **भावना** – ना० राष्ट्रका प्रति अहित चिताउने मानसिक सोचाइ वा विचार ।

**अरि** – ना० [सं०] शत्रु; वैरी ।

**अरिँगाल** – ना०हे० अरिङाल ।

**अरिङाल ⁄ अरिङ्गाल**– ना० [सं० अलि > अरि+इङ्र ⁄ इङ्गर > इङाल ⁄ इङ्गाल] बारुलाको आकारको, त्यसभन्दा ठूलो बच्छचुँभन्दा सानो, खील गाडेर चिल्ने बिखालु कीरो; अच्छचुँ; अरिँगाल ।

**अरित्र** – ना० [सं०] नाउ यताउति घुमाउनका निम्ति नाउकै पछिल्तिर जडिने काठको बहना; पतवार ।

**अरिनी** – वि० [सं० अऋणी ] १. रिनबाट मुक्त भएको; रिन तिरिसकेको । २. रिन नलिने; रिन नखाने; रिन नबोक्ने ।

**अरिमठे ⁄ अरिमुठे** – ना० [अरमट्ट+ए ] १. कनसुत्लाका आकारको तर ठूलो र मोटो, प्रायः कलेजी रङ हुने, धेरै खुट्टा हुने एक कीरो; सहस्रपाद । वि० २. अरट्ठ परेको; अरिमठेभैँ डोलो शरीर भएको; कसिलो र साह्रो ।

**अरिष्ट** – ना० [सं०] १. शारीरिक दुःख वा कष्ट । २. आपत्ति; विपत्ति । ३. अभाग्य; दुर्भाग्य । ४. अशुभ; अपशकुन । ५. ज्योतिषशास्त्रअनुसार खराब कुरा सूचित गर्ने ग्रहफल । ६. पकाएर राखिएका औषधीको रस (जस्तो – अशोकारिष्ट, सारस्वत्यारिष्ट इ०) ।

**अरुचि** – ना० [सं०] १. रुचि नहुने स्थिति वा परिस्थिति; अनिच्छा । २. रुचि नहुने रोग; अग्निमन्दता । ३. घृणा । – **कर** – वि० १. रुचि नहुने वा रुचि नगराउने । २. मन नपरेको; इच्छा नजाग्ने ।

**अरुण** – ना० [सं०] १. सूर्य; रवि; आदित्य । २. सूर्यको सारथि । ३. बिहान र बेलुकी पूर्वी तथा पश्चिमी आकाशमा देखिने रातो आभा । ४. पुन्नाग वृक्ष । ५. गाढा रातो रङ । ६. कुङ्कुम । ७. सिन्दूर । ८. तिब्बततर्फबाट वरुण हुँदै पूर्वी नेपालभित्र पसेर कोसी नदीमा मिल्ने एक ठूलो नदी; सप्तकोसीमध्ये एक । > **अरुणिमा** – ना० रातोपना; लाली; लालिमा; रक्त्योल । **अरुणोदय** – ना० बिहान रातो रङमा हुने सूर्यको उदय; सूर्य उदाउनुभन्दा पहिले पूर्वी आकाशमा देखिने रातो आभा; सूर्य उदाउनुभन्दा पहिलेको समय; ब्राह्ममुहूर्त; प्रातःकाल; भोर ।

**अरुन्धती** – ना० [सं०] १.वशिष्ठ ऋषिकी पत्नी । २. सप्तर्षि तारासमूहका बीचको एक तारो ।

**अरुवा१** – ना० [√ अलुवा ] नउसिनी कुटेका धानको चामल; अलुवा; अरवा ।

**अरुवा२** – वि० [अराउ+उवा ] अर्काका अरोटमा हिँड्ने; अर्काको लहलहैमा हिँड्ने ।

**अरू** – वि० [सं० अपर ] १. आफूदेखि बाहेकको; अन्य; अर्को; दोस्रो । २. पराई; परचक्री । ३. बढ्ता; थप । संयो० ४. अनि; फेरि । **अरूको लाख, आमाको काख** (उखान) ।

**अरूप** – वि० [सं०] १. रूप नभएको; निराकार । २. नराम्रो; विरूप; कुरूप । ३. असमान; असदृश । > **अरूपक** – वि० १. रूप नभएको; निराकार । ना० २. बौद्ध दर्शनानुसार योगको एक अवस्था; निर्जीव समाधि । **अरूपायित** – वि० रूप नचल्ने वा रूप नचलेको ।

**अरे** – निपा० १. कुनै अज्ञात कुरालाई जनाउँदा प्रयोग गरिने शब्द; रे (उदा०– उनी घर आए अरे !) । वि० बो० २. तल्ला खालको वा मन नपरेको व्यक्तिलाई गरिने सम्बोधन (उदा०– अरे मूर्ख ! तँ के गर्छस् ? ) ३. उदेक; आश्चर्य आदि जनाउँदा प्रयोग गरिने शब्द; अहो । (उदा०– अरे ! यो के भएको ?)

**अरेट्नु** – ना० [अटेर्नु ] १. ठेट्नो । २. बलढचाङ्ग्राजस्तो एक प्रकारको जङ्गली फूल ।

**अरेमरे** – ना० [अरे+मरे ] यसो गरूँ कि उसो गरूँ हुने अवस्था; दोधारे चाल; अलमलाइ ।

**अरोचक** – वि० [सं०] १. अरुचि पैदा गर्ने वा गराउने; बेस्वादिलो । २. चहकिलो नभएको; धमिलो; मलिन । ना० ३. अरुचि; अग्निमन्दता; खान मन नलाग्ने स्थिति वा अवस्था ।

**अरोट** – ना० [अराउ+ओट ] अराउने काम; आज्ञा; अह्रोट । > **अरौटे** – वि० १. अराउने काम गर्ने; आज्ञा दिने । २. अराएको काम गर्ने वा गराउने । ना० ३. अर्दली ।

**अर्क१** – ना० [सं०] १. सूर्य । २. तामा (धातु) । ३. आँक; मन्दार । ४. आइतबार । ५. उत्तरा फाल्गुनी नक्षत्र । ६. बाह्रको सङ्ख्या ।

**अर्क२** – ना० [अ० अर्क ] फलफूल, अनाज आदि उसिनेर बाफको रूपमा निकालेको रस वा पसिना (रक्सी, अत्तर, स्पिरिट इ०); अरक । ~ **कपूर** – ना० कपूर, पिपल्मेन्ट आदि मिलाएर अर्क भिकी बनाइएको औषधी ।

**अर्कना** – वि० [अर्को+ना ] अर्को (जस्तै– अर्कना दिन, अर्को दिन, आगामी दिन) ।

**अर्को**– वि० [सं० अपरक ] १. एकदेखि भिन्न; आर्को; दोस्रो; अरू; अन्य । २. भिन्न; बेग्लै । ३. कुनै; कोही । ४. पराई; परचक्री । ५. बिरानो ।

**अर्खु**– ना० [सं० आकर्षकारिका] एउटै भेट्नामा मसिना धेरै पात लाग्ने, रछाया सेता फूल फुल्ने र लामा कोसा फल्ने एक काँडेदार वृक्ष; ठूलो र सानो दुई भेद हुने त्यसैको फल ।

**अर्खौंले ⁄ अर्खौंलो**– ना० [अर्खौंलो+ए ] १. एक किसिमको घाँस । २.

पीपलका जस्ता ससाना गुलिया फल फल्ने एक वृक्ष । ३. भुट्ता फूल नउठ्ने दाना; अरालिएको ठेट्नु ।

**अर्गज्ज–** क्रि०वि० [√ अरगज्ज] आफूलाई ठूलो सम्झेर वा जान्नेसुन्ने मानेर बस्ने चालमा; गजक्क; गमक्क ।

**अर्गट–** ना० [सं०] घँगारुको बोट ।

**अर्गला–** ना० [सं०] १. ठूलो आग्लो; बिरेआग्लो; गजबार । २. प्रतिबन्ध; छेकथुन । ३. सूर्यको उदय र अस्त हुने समयमा देखिने रङ्गीबिरङ्गी बादल; डढेको सगर ।

**अर्गेली–** ना० बोक्राको पाट काटेर नेपाली कागत बनाउने काममा प्रयोग गरिने एक प्रकारको बुटो; कागजी पाट ।

**अर्घ–** ना० [सं०] १. हिन्दू धर्मानुसार षोडशोपचारमध्ये एक; जल, दूध, दही, जौ, कुश, दूबो आदि मिलाएर देवतालाई चढाउने काम । २. अँजुलीले जल चढाउने प्रक्रिया । ३. देवतालाई अर्घ दिइने भाँडो । ४. मूल्य; दाम; मोल । ~ **पात्र** – ना० अर्घ दिने भाँडो; अर्घौतो ।

**अर्घा–** ना० नेपालको अर्घाखाँची जिल्लामा पर्ने एक ऐतिहासिक स्थल । – **कोट–** ना० अर्घा । – **खाँची–** ना० लुम्बिनी अञ्चलअन्तर्गत रहेको एक पहाडी जिल्ला ।

**अर्घेउलो–** ना० [अर्घ+एउलो ] फाल्तू रहेको भाग; सबैलाई परिपन्च भाग लगाएर उब्रेको अंश ।

**अर्घेली–** ना० [अर्घ+एली] १. अर्घेलो हुनाको भाव वा अवस्था; बिजाइँ; बिगो; कसुर । वि० २. बढ्ता भएकी; मन नपरेकी; कसैसँग नमिल्ने (स्त्री) ।

**अर्घेलो–** वि० [अर्घ+एलो] १. नचाहिँदो; नसुहाउँदो; वाहियात । २. अमिल्दो; अचाडू । > **अर्घेल्याइँ** – ना० १. उपद्रो; कसुर; बिजाइँ । २. अमिल्दोपना; अचाडुपन ।

**अर्घो–** ना० [भो० ब०] गुरुङ जातिको कुनै व्यक्ति मरेको वर्ष दिन पुगेपछि गरिने वार्षिक श्राद्धादि क्रिया; अर्घु ।

**अर्घौतो–** ना० [अर्घ+औतो, सं० अर्घपात्र ] अर्घ दिने भाँडो; अर्घपात्र ।

**अर्घ्य–** ना०[सं०] १. देवता, अतिथि वा मान्यजनलाई सत्कार वा पूजा गर्दा चढाइने वा दिइने जल, पञ्चामृत, दूबो आदि वस्तु । वि० २. पूजा गर्न हुने वा लायक; पूज्य । ३. मोल धेरै पर्ने; मूल्यवान् ।

**अर्चन/अर्चना–** ना० [सं०] १. देउदेउताको प्रीतिका निम्ति गरिने पूजा । २. ठूलाबडालाई गरिने आदर एवं सत्कार । > **अर्चनीय** – वि० १. पूजनीय; पूजायोग्य । २. माननीय; प्रतिष्ठित ।

**अर्चल–** ना० गाईबाखालाई घाँस खुवाइने दुई अमलका हरिया, चिल्ला र अमिल्थ्या पात हुने एक प्रकारको बोट वा गुलियो स्वाद र कालो रङ हुने त्यसैको गेडा वा फल । > **अर्चले–** ना० १. कास्की जिल्लाअन्तर्गत पर्ने कविशिरोमणि लेखनाथ पौडचालको जन्म भएको एक प्रसिद्ध गाउँ । वि० २. अर्चल हुने ठाउँ ।

**अर्चा–** ना० [सं० अर्चना] पूजा ।

**अर्चिष्मति–** ना० [सं०] बौद्ध धर्मअनुसार दशभूमि वा त्रयोदशभूमिको चौथो श्रेणी ।

**अर्ज–** ना० [अ०] कसैप्रति गरिने बिन्तीभाउ; अनुरोध; विनय; प्रार्थना ।

**अर्जक–** वि० [सं०] कमाइ गर्ने; आम्दानी गर्ने; आर्जन गर्ने ।

**अर्जन–** ना० [सं०] कमाउने वा आर्जने काम; उपार्जन; आर्जन । > **अर्जनीय** – वि० अर्जन गर्न योग्य; कमाउन लायक ।

**अर्जाप्-नु–** स० क्रि० [सं० अर्चापयन] १. हतियारलाई लाग्ने पार्न पाइन चढाउनु; पाइन हाल्नु । २. हतियारमा साँध लगाउनु; धारिलो पार्नु । > **अर्जापिनु** – क० क्रि० अर्जाप्ने काम गरिनु ।

**अर्जित–** वि० [सं०] १. कमाएको; आर्जन गरेको; आम्दानी गरेको । २. जम्मा गरिएको; साँचिएको ।

**अर्जी–** ना० [अ०] १. कुनै इच्छित कुरा प्राप्त गर्नका लागि दिइने निवेदन; प्रार्थना । २. अड्डाले तोकेको दिन हाजिर हुन नसक्ता तारिख थाम्नका निम्ति झगडियाले मानिस वा हुलाकद्वारा तारिख थामिपाऊँ भनी अड्डामा पठाउने निवेदन । ३. उजुर; फिरादपत्र । ~ **पत्र–** ना०अर्जी ।

**अर्जुन–** ना० [सं०] १. पञ्चपाण्डवमध्ये एक भाइ (साहिँला) । २. कार्तवीर्य । ३. यसै नामको एक वृक्ष ।

**अर्णव–** ना० [सं०] १. समुद्र; सागर । २. सूर्य; भास्कर ।

**अर्ति–** ना० [सं०] १. पीडा; दुःख; कष्ट । २. धनुको टुप्पो ।

**अर्ती–** ना० [सं० अर्थ्य] हितका कुरा; भलो हुने कुरा; उपदेश; शिक्षा । ~ **बुद्धि–** ना० अर्ती तथा ज्ञानसम्बन्धी कुरा; अर्ती र बुद्धि ।

**अर्थ–** ना० [सं०] १. माने; मतलब; तात्पर्य; अभिप्राय । २. शब्दबाट प्रकट हुने मानवहृदयको आशय; शब्दशक्ति । ३. अभिधा, लक्षणा र व्यञ्जनाबाट बोध हुने तात्पर्य । ४. हेतु; निमित्त; प्रयोजन । ५. काम; इष्ट । ६. इन्द्रियको विषय । ७. धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थमध्ये एक । ८. धन; सम्पत्ति; ऐश्वर्य । ९. विनिमयको माध्यम । १०. मूल्यका रूपमा दिइने मुद्रा वा सुन, चाँदी आदि । ११. मूल्य निर्धारित द्रव्य । – **कर–** वि० धन प्राप्त गराउने; अर्थलाभ गराउने । – **करी–** ना० १. धन कमाउने विद्या वा सीप । वि० २. धन प्राप्त गराउने । – **चाल–** ना० मूल अर्थमा सङ्कोच वा विस्तार नभई केवल गुणको परिवर्तन हुने शब्दार्थप्रक्रिया, जस्तै – सं० जीव (आत्मा) > ने० जीउ (शरीर), सं० तुङ्ग (चुचुरो) > ने० ढुङ्गो (पत्थर) । – **चित्र–** ना० भित्री व्यङ्ग्य अर्थ केही नभएको बाहिरी अर्थ मात्र चमत्कारी भएको अवस्था; त्यस्तो काव्य वा कविता । – **तः–** क्रि० वि० १. शब्दको अर्थअनुसार वा अर्थका दृष्टिले । २. वास्तवमा; यथार्थमा; साँच्चै; वस्तुतः । – **तन्त्र–** ना० सरकारको अर्थसम्बन्धी कारोबार गर्ने प्रणाली । – **दण्ड–** ना० अपराध गरेबापत दण्डको रूपमा सरकार वा अन्य कसैलाई बुझाउनुपर्ने रकम; जरिवाना; डाँड । – **दूषण–** ना० १. नचाहिँदो काममा गरिने खर्च; अपव्यय । २. अन्यायसँग कसैको धन लिने काम । ३. शब्दका अर्थको दोष । – **दोष–** ना० पदको वा वाक्यको अर्थलाई दूषित बनाउने एक प्रकारको काव्यदोष । ~ **न बर्थ–** वि० कुनै खास रूपमा काम

पूरा गर्ने नभएको; कुनै खास अर्थ वा अभिप्राय नभएको; बेकामको; बेमतलबको । ~**न बर्थको**– वि० विनाप्रयोजनको; विना कामको; बेमतलबको । – **नीति**– ना० सरकारले देशको अर्थसम्बन्धी कारोबार सञ्चालन गर्न राष्ट्रिय आय-व्ययको सन्तुलन र स्थिरता कायम राख्ने दृष्टिले निर्धारण गरेको नीति वा प्रणाली; सोही नीतिअनुसार राष्ट्रमा क्रियान्वित गरिने अर्थसम्बन्धी सबै कामकुरा । ~ **न्यायालय**– ना० १. अर्थसम्बन्धी कारोबारको मुद्दा हेर्ने अदालत । २. देवानी अदालत वा आयकर अदालत । ~ **परिवर्तन**– ना० शब्दले आफ्नो रूढ अर्थलाई छाडेर अर्कै अर्थ अँगाल्ने क्रिया वा प्रक्रिया । (जस्तै– पहिले 'मृग'-को रूढ अर्थ सम्पूर्ण जङ्गली पशु थियो, अहिले यसको अर्थ 'हरिण' नाउँको पशु मात्र हुन्छ ।) ~ **पिचास⁄पिशाच**– ना० सम्पत्ति प्रशस्त भएर पनि खर्च गर्न इच्छा नभएको व्यक्ति; कन्जुस; द्रव्यपिशाच; मक्खीचुस । – **प्रकृति**– ना० प्रायः काव्य एवं नाटक आदिका कथावस्तुमा रहने बीजावस्थादेखि फलोत्पत्तिसम्मका पाँच कुरा (बीज, बिन्दु, पताका, प्रकरी र कार्य) । ~ **बोध**– ना० अर्थको ज्ञान; अर्थ बुझ्ने भाव वा अवस्था । ~ **बोध विधि**– ना० खास पद्यांश वा गद्यांशको शब्दार्थ वा भावार्थ बुझाउँदै जाने पद्धति । ~ **मन्त्री**– ना० अर्थ मन्त्रालयको अभिभारा सँभाल्ने र राष्ट्रको आय-व्ययसम्बन्धी योजना, नीतिको कार्यान्वयन गर्नेगराउने मन्त्री; वित्तमन्त्री । – **मूलक**– वि० अर्थकै विषय वा सम्बन्धलाई लिएर भएको; अर्थ नै मुख्य भएको । ~ **विवाद**– ना० धनसम्पत्ति वा लेनदेनसम्बन्धी कचिङलो; देवानी मुद्दा । ~ **विस्तार**– ना० शब्दार्थविज्ञानका अनुसार विशेष अर्थ जाहेर गर्ने शब्दले सामान्य अर्थ जाहेर गर्ने अवस्था वा स्थिति, जस्तै – प्रा० ने० गोठ (गौशाला) > आ० ने० गोठ (कुनै पनि गोठ) । – **शास्त्र**– ना० धनको उत्पत्ति, उपभोग, विनिमय, वितरण आदिको विवेचना गरिएको शास्त्र; सम्पत्ति र मनुष्यका सम्बन्धको व्याख्या गर्ने समाजशास्त्रको एक अङ्ग । – **शास्त्री**– वि० १. अर्थशास्त्रमा विशेष ज्ञान भएको; अर्थशास्त्र पढेको । ना० २. अर्थशास्त्रको विशेषज्ञ; अर्थशास्त्रवेत्ता । – **श्लेष**– ना० श्लेषालङ्कारका दुई भेदमध्ये अर्थमा श्लेष पर्ने एक अलङ्कार । ~ **सङ्कट**– ना० १. धनको अभावबाट पर्न आएको दुःख; धन नहुँदा पर्ने दुःख । २. धनहीन भएको स्थिति वा अवस्था । ~ **सचिव**– ना० सरकारद्वारा निर्धारित अर्थसम्बन्धी नीतिनियम सञ्चालन गराउनका निम्ति नियुक्त विशिष्ट दर्जाको अधिकृत; अर्थ-मन्त्रालयको कार्यभार लिने सचिव । ~ **समिति**– ना० कुनै कार्य वा योजनाको अर्थसम्बन्धी कारोबार वा व्यवस्था गर्न बनेको समिति । ~ **साध्य**– वि० धन खर्च गरेर सिद्ध हुन सक्ने; धनबाट काम पट्टिने; धनबाट पार लाग्ने । ~ **सिद्धि**– वि० १. प्रसङ्गले नै अर्थ बुझिने । २. धन खर्च गरेर हुन सक्ने । ना० ३. इच्छा गरेको कुरा पुग्ने काम वा स्थिति । ४. धनलाभ ।

**अर्थागम**– ना०[सं०]१. आम्दानी हुने स्थिति; आम्दानी; अर्थप्राप्ति । २. शब्दको व्युत्पत्तिमा नभएको अर्थ आउने स्थिति । (जस्तै– 'भयङ्कर'-को व्युत्पत्तिगत अर्थ 'असाध्यै' को अर्थमा हुन थालेको छ – राम भयङ्कर जाती छन्; कर्ण भयङ्कर दानी थिए इ० ।) ~ **विधि**– ना० १. अर्थ वा आयका प्राप्तिको विधान । २. शब्दको व्युत्पत्तिमा नभएको अर्थ आउने पद्धति वा तरिका ।

**अर्थात्**– संयो० [सं०]१. कुनै प्रसङ्गको विशेष विवरण दिँदा वा स्पष्टीकरण दिँदा प्रयोग गरिने शब्द । क्रि०वि० २. प्रसङ्गवश; स्वयमेव; स्वतः ।

**अर्थानुवाद**– ना० [सं०] शब्दगत अर्थलाई मात्र लिएर गरिएको अनुवाद; अर्थको उल्था वा अनुवाद ।

**अर्थान्तर**– ना० [सं०]१. अर्को अर्थ; भिन्न अभिप्राय; बेग्लै मतलब । २. अर्को अर्थ दिने प्रसङ्ग वा स्थिति । ३. कुनै शब्दले पुरानो अर्थ छाडेर नयाँ अर्थ लिने भाषागत अर्थवैज्ञानिक प्रक्रिया; एक प्रकारको अर्थपरिवर्तन । – **न्यास**– ना० सामान्य कुरालाई विशेष कुराले र विशेष कुरालाई सामान्य कुराले बुझाउँदा पर्ने एक अलङ्कार ।

**अर्थान्वित**– वि० [सं०]१. अर्थयुक्त । २. धनवान्; धनी । ३. रहस्यपूर्ण; महत्त्वपूर्ण । ४. अभिप्राययुक्त ।

**अर्थापकर्ष**– ना० [सं०] पहिले राम्रो अर्थमा चलेको शब्द पछि गएर नराम्रो अर्थमा चल्ने प्रक्रिया । (जस्तै– पहिले वेश्याको अर्थ 'विशु' वा 'बस्तीमा बस्ने' हुन्थ्यो, आजभोलि यसको अर्थ 'चरित्रहीन आइमाई' भएको छ ।)।

**अर्थापत्ति**– ना० [सं०] एउटा कुराको प्रमाणबाट अर्को कुरा सिद्ध हुन आउँदा पर्ने एक अर्थालङ्कार; त्यसरी सिद्ध गरिने नाटकको एउटा लक्षण ।

**अर्थालङ्कार**– ना० [सं०] साहित्यमा अर्थबाट मात्र चमत्कार उत्पन्न हुने प्रसिद्ध अलङ्कार ।

**अर्थावनति**– ना० [सं०] असल वा माथिल्लो तहको अर्थ बुझाउने शब्दले खराब वा तल्लो तहको अर्थ बुझाउने भाषागत अर्थवैज्ञानिक प्रक्रिया, जस्तै– सं० बुद्ध (प्रबुद्ध) > ने० बुद्धू (मूर्ख) ।

**अर्थिनु**– अ० क्रि० [अर्थ+इनु] अर्थ लाग्नु; अर्थ बुझिनु; अर्थ, अभिप्राय, कारण आदि छर्लङ्ग हुनु ।

**अर्थी**– वि० [सं०]१. चाहना गर्ने; इच्छा गर्ने; कामना गर्ने; प्रार्थना गर्ने; याचक । २. कुनै कामना पूरा गर्ने लक्ष्य भएको । ३. वादी; झगडिया । ४. धनी; धनवान् । ५. प्रयोजन राख्ने; अभिप्राय राख्ने । ६. अरथी ।

**अर्थुङो**– ना० [आरो+थुङो] अर्थुङ्गे ।

**अर्थुङ्गे**– ना० [अर्थुङ्गो+ए] खरका जस्ता लामा र तीखा पात तथा डाँठका टुप्पामा बिझ्ने खैरो झुस हुने एक जातको कुरे घाँस; अर्थुङ्गो; अर्थुङे; अर्थुङो ।

**अर्थोत्कर्ष**– ना० [सं०] कुनै शब्दको अर्थ पहिले नराम्रो र पछि त्यसको अर्थ राम्रो हुने प्रक्रिया । (जस्तो– पहिले 'साहस'-को अर्थ 'जबरजस्ती गरिने कुरा' थियो, अहिले त्यसको अर्थ 'आँट' भएको छ ।)।

**अर्थोन्नति–** ना० [सं०] मामुली अर्थ दिने शब्दले असल वा उच्चकोटिको अर्थ दिने भाषागत अर्थवैज्ञानिक प्रक्रिया, जस्तै– प्रा० ने० केटो (गैंडाको बच्चो) > आ० ने० केटो (मान्छेको बच्चो) ।

**अर्थोपक्षेपक–** ना० [सं०] कथाको सङ्गतिका निम्ति चाहिने तर देखाउन नहुने वा नीरस भएकाले अङ्गच्छेद गर्दा छोडेको विषयको सूचना दिने तत्त्व; विषयसूचक; कथायोजक ।

**अर्थोपचार–** ना० [सं०] धनसम्पत्तिद्वारा गरिने क्षतिपूर्ति; मुआबजा ।

**अर्थ्याइ–** ना० [√ अर्थि (+ आइ)] अर्थिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अर्थ्याइनु–** क० क्रि० अर्थिने पारिनु; अर्थ लगाइनु । **अर्थ्याउनु–** स० क्रि० ⁄ प्रे० क्रि० १. कथा, पुराण, काव्य आदिको अर्थ लगाउनु; माने बताउनु; मतलब बुझाउनु । २. कुरा सम्झाउनु वा बुझाउनु ।

**अर्दली–** ना० [अङ्० अर्डर्ली] अह्राएपह्राएको सानोतिनो काम गर्ने तल्ला तहको कर्मचारी (पिउन, सिपाही, चपरासी, टहलुवा आदि) ।

**अर्ध ⁄ अर्द्ध–** वि० [सं०] १. आधा; सिङ्गोलाई दुई भाग गर्दा बन्ने एक भाग । २. खण्ड; टुक्रा । > **अर्धङ्गी ⁄ अर्धङ्डी–** वि० १. बेढङ्गी; अर्धसिल्ली; एकोहोरो । २. आधा शरीर मात्र चल्ने; पक्षाघात भएको । **अर्धङ्ग्याइँ–** ना० अर्धङ्गी हुनाको भाव वा अवस्था; अर्धङ्गी अवस्था; अर्धङ्गीपना । ~ **चन्द्र–** ना० १. आधा मात्र देखिएको चन्द्रमा; अष्टमीका दिनमा देखिने चन्द्रमा । २. मयूरका प्वाँखमा भएको अर्धवृत्त बुट्टा; चन्द्रिका । ३. स्त्रीको कुचमर्दन गर्दा स्तनमा हुने नङको चिह्न; नखक्षत । ४. अर्धवृत्ताकार बाण । ५. अक्षरका शिरमा लगाउने अर्धवृत्त चिह्न; चन्द्रविन्दु; जूनटिकी । ६. घोक्र्याउँदा गर्धनमा लगाइने हातको मुद्रा । ~ **चन्द्राकार–** ना० १. अर्धचन्द्रको जस्तो आकार; अर्धवृत्ताकार । २. आधा बाटुलो । ~ **चन्द्राकृति–** ना० अर्धचन्द्रको जस्तो आकृति; अर्धवृत्ताकृति । – **चल जोर्नी–** ना० शरीरको एकापट्टि मात्र चल्ने जोर्नी; घुँडो, कुहिनु आदिको जोर्नीजस्तो पूरै नचलेर औँलाका टुप्पादेखि मुन्तिर मणिबन्धमा रहने जस्ता आधा मात्र चल्ने जोर्नी । – **चेतन ⁄ चेतना–** वि० १. पूर्ण रूपले चेतनशील पनि नभएको र पूरै मात्रामा बेहोस पनि नभएको (मन) । ना० २. आधा लट्ठिएको वा लट्ठ्याइएको अवस्था । – **जल–** ना० मर्न लागेका व्यक्तिलाई अधोअङ्गबाट प्राणवायु ननिस्कियोस् भनेर गरिने जलसंयोग; अन्तिम अवस्थामा पुगेको व्यक्तिलाई उसको मुक्तिका निम्ति कमरदेखि उँधो आधा शरीर पानीमा डुबाउने काम; अर्धोदक । ~ **दक्ष–** वि० कल-कारखाना आदिमा काम गर्ने कर्मचारीहरूमध्ये निम्नस्तरभन्दा माथिल्लो खालको दक्षभन्दा तल्लो खालको; सामान्य प्राविधिक तालिम पाएको (मजदुर, कामदार); सामान्य रूपले प्राविधिक वा व्यावहारिक शिक्षा पाएको; मझौला खालको (जनशक्ति) । ~ **द्वैभाषिकता–** ना० दुई भाषा बुझ्ने, तर जवाफ दिँदा आफ्नै मातृभाषामा मात्र दिन सक्ने स्थिति । ~ **नारीश्वर–** ना० दायाँ अङ्ग शिव र बायाँ अङ्ग पार्वतीको गरी दुवैका आधा-आधा अङ्ग मिलेर बनेको रूप; शिव र पार्वतीका आधा-आधा अङ्ग मिलेर बनेको संयुक्त रूप; शिव-शक्तिको संयुक्त रूप । – **पक्की–** वि० आधाआधी पक्की पारिएको (सडक आदि) । ~ **पारदर्शक–** वि० अपारदर्शक पनि नभएको र पूरै मात्रामा पारदर्शक पनि नभएको; आधाआधी देखिने वा धमिलो देखिने । – **पृष्ठ–** वि० उच्चारण गर्दा प्रथम चरणमा श्वासमार्गमा पूर्ण बाधा उपस्थित हुने र अन्ततोगत्वा ऊष्मीभूतमा झैँ सास उम्कन पाउने (जस्तै– नेपाली च, छ, ज, झ आदि वर्ण) । ~ **पौष्टिक–** वि० पूर्ण रूपले पौष्टिक तत्त्व नभएको र अपौष्टिक पनि नभएको; अधपक्को । ~ **प्रसृत स्वर–** ना० उच्चारणमा ओठ आधा फैलने स्वर; अग्र स्वरको आधा खुला अथवा आधा बन्द प्रकार (ए, य आदि); केन्द्रीय स्वर (अ आदि) । ~ **बहुभाषिकता–** ना० एकभन्दा बढी भाषा बुझ्ने, तर जवाफ दिनुपर्दा आफ्नै मातृभाषामा मात्र दिन सक्ने स्थिति । – **मागधी–** ना० प्राकृत भाषाको एक भेद; काशी र मथुराका बीचको क्षेत्रमा चलेको प्राकृत भाषा । – **मुदित–** वि० आधा खुलेको वा आधा चिम्लिएको; आधा बन्द (नयन, आँखा) । ~ **मूर्च्छित–** वि० आधा मूर्छा परेको र आधा होस भएको । – **मूर्ति–** ना० कुनै देवता वा महापुरुषको कमरदेखि मास्तिरको भाग मात्र रहेको मूर्ति । ~ **वयस्क–** वि० आधाआधी मात्र उमेर बितेको; अधबैँसे; प्रौढ । ~ **विकसित–** वि० पूरा नबढेको वा आधा बढेको; आधाआधी विकास भएको । ~ **विराम–** ना० ठूलठूला वाक्यभित्र रहेका वाक्यांशहरूमा पादविरामभन्दा बेसी र पूर्णविरामभन्दा कम्ती अडिनुपर्ने ठाउँ; त्यस्तो ठाउँमा दिइने (;) सङ्केत चिह्न । ~ **विवृत–** वि० जिब्रो तालुभन्दा बढी तलतिर झरेकाले मुख-विवर अर्द्धसंवृतमा भन्दा बढी खुलेको । ~ **वृत्त–** ना० वृत्तको एक भागबाट केन्द्र हुँदै सोझो अर्को भागमा हुँदा हुने गोलाको आधा भाग; अर्धगोलाकार; वृत्तको आधा । ~ **व्यञ्जन–** ना० अक्षरात्मक व्यञ्जन (र, ल, म, न आदि)-लाई दिइएको भाषावैज्ञानिक नाम; अक्षरात्मक व्यञ्जन । ~ **शुष्क–** वि० आधाआधी चिसो र आधाआधी सुकेको; अधसुक्खा; दरसुको । ~ **संवृत–** वि० संवृतमा जस्तो जिब्रो तालुको नजिकमा गएर टुङ्गिनुको साटो जिब्रो केही तल झर्नाले मुखविवर संवृतमा भन्दा केही बढी खुलेको (प्रयत्न) । – **सम–** ना० श्लोकको आधा भाग एक छाँटको र अर्को आधा भाग बेग्लै छाँटको वा पहिलो र तेस्रो पाउ एक लक्षणको र दोस्रो र चौथो पाउ अर्को लक्षण भएको छन्द । ~ **समवृत्त–** ना० अर्धसम । ~ **सरकारी–** वि० १. कुनै संस्थाको लगानी र आम्दानीमा सरकारको आधा हिस्सा भएको; सरकार र सर्वसाधारण जनताको आधा-आधा हक भएको । २. सरकारी तलब खाएको, तर किताबखानामा नाम दर्ता नभएको; संस्थान, निगम आदिमा काम गर्ने (कर्मचारी) । ~ **सामन्ती–** वि० उच्च सामन्ती नभई मझौला खालको सामन्ती; मध्यम स्तरको सामन्ती । ~ **सिल्ली–** वि० १. पूरा मात्रामा पागल नभएको; कहिले होसका कुरा गर्ने र कहिले बेहोसका कुरा गर्ने; चित्तवृत्ति स्थिर नभएको । २. बताहा; बढी फाइँफुट्टी

लगाएर हिँड्ने; बतासे । ~ **सुकुमवासी–** वि० आफ्ना नाउँमा जग्गा-जमिन, घर-घडेरी आदि भएर पनि राम्ररी खान लगाउन नसक्ने खालको सुकुमवासी । ~ **स्वर–** ना० कहीँ स्वरका रूपमा रहने र कहीँ व्यञ्जनकै रूपमा रहने (व अथवा य) वर्ण ।

**अर्धाङ्ग–** ना० [सं०] १. आधा अङ्ग; आधा शरीर; आधा जीउ । २. लोग्ने र स्वास्नी । > **अर्धाङ्गिनी–** ना० पत्नी; जोई; श्रीमती; स्वास्नी ।

**अर्धानु ⁄ अर्धानो–** वि० [सं० अर्धतन] आधा नयाँ र आधा पुरानो; आधा सुमरेको; आधा फाटेको र आधा सद्दे; फाटे पनि कामचलाउ रूपमा लगाइने ।

**अर्धाली–** ना० [सं०] १. आधा पङ्क्ति । २. आधा श्लोक ३. आधा भाग ।

**अर्धासन–** ना० [सं०] कसैलाई सम्मानपूर्वक वा कर्तव्यपूर्वक दिइने आफ्नो आसनको आधा भाग ।

**अर्धी–** ना० [सं०] गीतका अन्तराको आधा भाग; उत्तरार्ध ।

**अर्धो–** वि० [अर्ध+ओ] १. उमेरैमा स्वास्नी मरेको । २. अर्धाङ्गिनी नभएको; विधुर; राँडो ।

**अर्ना–** ना० [सं० आरण्यक] १. जङ्गली राँगो । २. बेसरी मोटाएको पशु; बराँठ । वि० ३. बेसरी मोटाएको (मानिस, पशु आदि) ।

**अर्नालिनु–** अ० क्रि० १. भोकले अतालिनु वा पीडित हुनु; भोकले सताइनु । २. धेरै फाइँफुइँ गरेर हिँड्नु । > **अर्नाल्याइ–** ना० अर्नालिने क्रिया वा प्रक्रिया । **अर्नाल्याइनु–** क० क्रि० अर्नालिने पारिनु । **अर्नाल्याउनु–** प्रे० क्रि० अर्नालिने पार्नु ।

**अर्निको–** ना० [चि०] हे० अरनिको ।

**अर्नेस्ट मनी–** ना० [अङ०] बढाबढ वा लिलामबाट सामान प्राप्त गर्ने व्यक्तिले जम्मा गर्नुपर्ने तोकिएको रकम; पछि फिर्ता हुने गरी जम्मा गरिने रकम; पेस्की ।

**अर्प–नु–** सं० क्रि० [सं० अर्पण] १. कसैलाई श्रद्धापूर्वक कुनै वस्तु दिनु; चढाउनु; अर्पण गर्नु । २. भाकल गर्नु; सङ्कल्प गर्नु ।

**अर्पक–** वि० [सं०] १. श्रद्धापूर्वक अर्पण गर्ने; विनयपूर्वक दिने वा चढाउने ।

**अर्पण–** ना० [सं०] श्रद्धापूर्वक दिने वा चढाउने काम; समर्पण; दान । २. सार्वजनिक कार्यका निम्ति निःस्वार्थ भावले कुनै विषयको काम गर्नेगराउने हेतुले गरिने अर्थप्रदान ।

**अर्पाइ–** ना० [√ अर्प (+ आइ)] अर्पने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अर्पाइनु–** क० क्रि० अर्पन लाइनु । **अर्पाउनु–** प्रे० क्रि० अर्पन लाउनु; अर्पण गराउनु ।

**अर्पित–** वि० [सं०] अर्पण गरिएको; चढाइएको; दिइएको; दान गरिएको ।

**अर्पिनु–** स० क्रि० [अर्प+इ+नु] अर्पने काम गरिनु ।

**अर्फु–** ना० पहेँलो केसर भएको, ससाना फूल फुल्ने, धेरै कुना भएका ठूलठूला पात हुने एक प्रकारको काँडे लहरो । (यसको रस माछाका निम्ति विष हुन्छ ।)

**अर्बुद–** ना० [सं०] १. अरब; अर्ब । २. क्यान्सर रोग । वि० ३. सय करोड सङ्ख्याको ।

**अर्मल्–नु–** स० क्रि० [अर्मल+नु] नोक्सान भए जतिको बिगो निर्धारित गर्नु; तौल आदिद्वारा अनुमान गर्नु; अर्मल तोक्नु ।

**अर्मल–** ना० गाईबस्तुले बाली खाँदा गाईबस्तुका धनीबाट बालीधनीलाई सरकार वा पञ्चले भराइदिने बिगो; बाली-नोक्सानीको हर्जाना ।

**अर्मलाइ–** ना० [√ अर्मल् (+आइ)] अर्मल्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अर्मलाइनु–** क० क्रि० अर्मल्न लगाइनु । **अर्मलाउनु–** प्रे०क्रि० अर्मल्न लाउनु । **अर्मलिनु–** क० क्रि० अर्मल्ने काम गरिनु ।

**अर्मले–** ना० पिरिया वा पिर्रेका आकारको, कलिला मुन्टाको तरकारी खाइने झारविशेष ।

**अर्माली–** ना० घरबाहिर पेटी वा पिँडीमा घामपानी छेक्नका निम्ति हालिने सानो छानो; पाली ।

**अर्वाचीन–** वि० [सं०] हालसालको; वर्तमान समयको; नयाँ; आधुनिक ।

**अर्श–** ना० [सं०] अलकाई; हर्सा ।

**अर्सा–** ना० खुदोमा वा चिनीको रसमा पीठो मुछेर पातलो गरी बेलेर घिउमा पकाइएको रोटीविशेष ।

**अर्ह–** वि० [सं०] १. पूजा वा सम्मान गर्न योग्य; पूजनीय; पूज्य । २. योग्य; लायक ।

**अर्हत्–** ना० [सं०] १. ठूला ज्ञानी; तीर्थङ्कर । २. जिन; बुद्ध । वि० ३. आराध्य; पूजा गर्न योग्य; पूज्य ।

**अर्हन्त–** ना० [सं०] १. बुद्ध । २. बौद्ध भिक्षु; भन्ते । वि० ३. योग्य; प्रतिष्ठित ।

**अलक–** ना० [सं०] १. निधारका दायाँबायाँ लर्केको कपाल । २. छाँटकाँट गरी आँखीभौँसम्म निधारमा लर्काइएको कपाल । ३. पालेर लामो गरी तलासेको कपाल; जुल्फी; बङ्गाली ।

**अलकतरा ⁄ अलकत्रा–** ना० [अ०.] बाटो पक्की तुल्याउँदा गिट्टी आदिसँग मलेर ओछ्याइने कालो लेदो; तारपिन आदिको तेल निकाल्दा आएको च्याटच्याटे लेदो ।

**अलका–** ना० [सं०] १. यक्ष वा गन्धर्वका राजा कुबेरको राजधानी । २. घुँगुरिएको कपाल; अलक । ३. आठदेखि दस वर्षसम्मकी केटी ।

**अलकाई–** ना० [नेवा० अलःकै] गुदद्वारमा आउने एक किसिमको खटिरो; अर्श; हर्सा ।

**अलकापुरी–** ना० [सं०] कुबेरको राजधानी; अलका; गन्धर्वपुरी ।

**अलकावलि ⁄ अलकावली–** ना० [सं०] १. केशको समूह; केशराशि । २. जुल्फी । ३. घुँगुरा परेको कपाल; मुन्द्रे कपाल ।

**अलक्षण–** वि० [सं०] १. खराब लक्षण भएको; कुलक्षणयुक्त; अलच्छिनी । ना० २. नराम्रो लक्षण; अपशकुन ।

**अलक्षित–** वि० [सं०] १. नदेखिएको; लक्ष्य नगरिएको; अदृश्य । २. अज्ञात, नजानिएको; गुप्त ।

**अलक्ष्मी–** ना० [सं०] १. पुराणकथाअनुसार लक्ष्मीसँगै समुद्रबाट निस्किएकी तर दुष्ट आचरणकी एक नारी; कश्यपपत्नी दिति । वि० २. अलच्छिनी ।

**अलक्ष्य–** वि० [सं०] १. नदेखिएको; लक्ष्य नगरिएको वा गर्न नसकिने । २. अदृष्ट । ३. नजानिएको; अज्ञात । ४. ध्येय नभएको; उद्देश्यरहित ।

**अलख–** वि०बो० [प्रा० अलख्य < सं० अलक्ष्य] १. जोगी-सन्न्यासीहरूले भिक्षा माग्दा उच्चारण गर्ने शब्द वा ईश्वरको नाम । २. अदृश्य ईश्वर । वि० नदेखिने; अदृश्य; अप्रत्यक्ष । **– धारी–** ना० १. गोरखपन्थीहरूको एक सम्प्रदाय र त्यसका अनुयायी । २. अलख जगाएर जीवन-निर्वाह गर्ने व्यक्ति । **– नामी–** ना० हे० अलखधारी । ~ **बम्बम्–** ना० १. अलक्ष्य ओम्-ओम् अर्थात् ब्रह्मा, विष्णु, शिवका रूपमा रहने ईश्वर । २. वि० बो० जोगी-सन्न्यासीहरूले भिक्षा माग्दा उच्चारण गर्ने सोही शब्द; अलख ।

**अलखा–** ना० [अ० अलफा] कठालो नभएको ह्वालाङ्गे कुर्था; अलख जगाउनेले लगाउने खोलक; जोगी-सन्न्यासीले लगाउने एक प्रकारको ह्वालाङ्गे कपडा; भर्थरी ।

**अलग–** क्रि० वि० [प्रा० अलग्ग < सं० अलग्न] १. अलग्ग; छुट्टै; पृथक्; फरक । वि० भिन्न; छुट्टो ।

**अलगर्जी–** वि० [अ० अलगरज] १. कामको पर्वाह नगर्ने; काममा निष्क्रिय रहने; अल्छी; अलमस्त; फिक्री नभएको । २. अकर्मण्य; बिकामे; बेकामे ।

**अलग्ग–** क्रि० वि० [प्रा० < सं० अलग्न] छुट्टै; भिन्नै; बेग्लै; पृथक्; अलग । > **अलग्गिनु–** अ० क्रि० अलग्ग हुनु; छुट्टिनु । **अलग्याइ–** ना० अलग्गिने भाव, क्रिया वा प्रक्रिया । **अलग्याइनु–** क० क्रि० अलग्गिने पारिनु । **अलग्याउनु–** प्रे० क्रि० अलग्गिने पार्नु । **अलग्याहट–** ना० अलग्याइ ।

**अलङ्करण–** ना० [सं०] १. गहना; आभूषण; शृङ्गारका सामग्री । २. सजावट; शृङ्गार । > **अलङ्करणीय–** वि० अलङ्कार्य ।

**अलङ्कार–** ना० [सं०] १. गहना; आभूषण; शृङ्गारका सामग्री । २. शृङ्गार; सजावट । ३. अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिँगार्ने तत्त्व भएको, साहित्यशास्त्रको एक अङ्ग; काव्यको चमत्कारपूर्ण वर्णनशैली । ~ **प्राधान्यवाद–** ना० अलङ्कारलाई नै काव्यको आत्मा मान्ने विचार वा सिद्धान्त । **– वादी–** वि० अलङ्कारलाई नै प्रमुखता दिने वा अलङ्कार-प्राधान्यवादको अनुयायी । ~ **विधान–** ना० काव्यमा अलङ्कारहरूको स्थापना वा संयोजन गर्ने क्रिया । **– शास्त्र–** ना० काव्यलाई रोचक र चमत्कारपूर्ण गराउने शैलीको विवेचना गरिएको शास्त्र । अलङ्कारका स्वरूपको वर्णन गरिएको शास्त्र । ~ **सम्प्रदाय–** ना० अलङ्कारलाई नै काव्यको आत्मा मान्ने आचार्यहरूको सम्प्रदाय । > **अलङ्कार्य–** वि० सिँगार्न वा सजाउन लायक; अलङ्करणीय ।

**अलङ्कृत–** वि० [सं०] १. अलङ्कार वा अलङ्करणले पूर्ण; सिँगारिएको; सजाइएको । २. साहित्यिक अलङ्कारद्वारा युक्त ।

**अलङ्घनीय/अलङ्घ्य–** वि० [सं०] उल्लङ्घन गर्न नसकिने वा नहुने; नाघ्न नसकिने वा नहुने ।

**अलचिलो–** वि० [अ+लचिलो] १. लचक नभएको; बेलचकदार । २. नरम नभएको; ठर्रो; कडा; साह्रो ।

**अलच्छिन–** ना० [सं० अलक्षण] खराब लक्षण; कुलक्षण; अमङ्गल; अपशकुन । > **अलच्छिनाहा/अलच्छिनी–** वि० खराब लक्षण भएको; कुलच्छिनको; पिराहा ।

**अलत्र–** क्रि० वि० [अलपत्र] १. लथालिङ्ग; जथाभावीसँग; अलपत्र । वि० २. अलपत्र परेको; यता न उता भएको ।

**अलनाबिलना–** ना० [सं० अलापन-विलापन] १. आफ्ना मनको भाव व्यक्त गर्ने र आफूमा भएको दुःख व्यक्त गर्ने क्रिया-प्रक्रिया । २. ईश्वर पुकारेर वा गुहारेर आफ्नो दुःख प्रकट गर्ने क्रिया-प्रक्रिया । ३. कसैबाट कुनै कुरा वा वस्तु हात पार्न अनेक किसिमका दुःख-सुखका कुरा गर्ने काम; ललौरीबिलौरी ।

**अलन्तर–** वि० [सं० अनन्तर] १. बीचमा परेको; नराम्ररी चेपमा परेको । २. बिलखबन्द ।

**अलप१–** ना० [सं० अलोप] १. देख्दादेख्दै हराउने क्रिया; लोप; गायब; बेपत्ता; अन्तर्धान । २. लुप्त हुने क्रिया । वि० ३. लुप्त; पूरै हराएको वा बिलाएको ।

**अलप२–** ना० [सं० आलेप] टुटेफुटेको शिलालेख; शिलापत्रको भग्नावशेष; आलेप लागेको शिलाखण्डीय अभिलेख ।

**अलपक्का–** ना० [स्पे० एलपाका] दक्षिण अमेरिकामा हुने उँटजस्तो जनावरको रौँ र रेसम वा सूत मिलाई बनाइएको एक जातको कपडा ।

**अलपत्र–** क्रि० वि० १. यता न उता; ठहर न ठेगान । वि० २. यता न उताको; ठहर न ठेगानको । > **अलपत्रिनु–** अ० क्रि० अलपत्र पर्नु; अलत्र पर्नु; बेथिति वा बेठेगानसँग रहनु । **अलपत्रे–** वि० काम सुरु गरेर लथालिङ्ग पारी बीचैमा छाड्ने; आवश्यक वस्तुहरूलाई प्रयोगमा नल्याई असुरक्षित रूपमा त्यसै राख्ने । **अलपत्र्याइ–** ना० अलपत्रिने किसिम, क्रिया वा प्रक्रिया । **अलपत्र्याइनु–** क० क्रि० अलपत्र पारिनु; अलपत्रिने तुल्याइनु । **अलपत्र्याउनु–** प्रे० क्रि० अलपत्रसँग कुनै मालसामान राख्न लगाउनु; अलपत्र पार्नु । **अलपत्र्याहट–** ना० अलपत्र्याइ ।

**अलफा–** ना० [अ० अलफा] जोगीहरूले लगाउने बाहुला नभएको कुर्था; विनाबाहुलाको खोलक; अलखा ।

**अलबत्ता–** ना० [अ०] १. निःसन्देह; पक्का; निश्चय; अवश्य । वि० बो० २. अचम्म; उदेक । क्रि० वि० ३. अकस्मात्; अपर्झट ।

**अलबम–** ना० [फ्रा० एलबम] फोटो वा टिकटहरूलाई सुरक्षित ढङ्गले राखिने पुस्तिका ।

**अलबल्ले–** वि० [अन +बल] सँभाल्न नसकिने; ज्यादै ठूलो; अजङको (भेल, बाढी आदि); अस्मेल ।

**अलभ्य–** वि० [सं०] १. पाउन नसकिने; अप्राप्य । २. अमूल्य अनमोल ।

**अलमल–** ना० [सं० अन्यमन] १. काम गर्दा, हिँड्दा वा सोच्दा कुनै बाधा उत्पन्न हुन गई हुने भ्रम । २. त्यस्तो भ्रम पैदा हुने स्थिति । ३. भ्रान्ति; अन्यमनस्कता; दिग्भ्रम । ४. बाधा; व्यवधान ।

५. झमेला; टन्टा । ६. जिल्लाराम । > **अलमलाइ–** ना० १. अलमल पैदा हुने क्रिया वा प्रक्रिया । २. अलमलिने भाव, क्रिया वा प्रक्रिया । **अलमलिनु–** अ० क्रि० १. अलमलमा पर्नु; अलमल्ल पर्नु । २. लरबरिनु; रुमलिनु । **अलमल्याइ–** ना० अलमलिने भाव, क्रिया वा प्रक्रिया । **अलमल्याइनु–** क० क्रि० अलमलिने पारिनु । **अलमल्याउनु–** प्रे० क्रि० अलमलिने पार्नु; अलमलिन लाउनु । **अलमल्ल–** वि० अलमलमा परेको; जिल्ल ।

**अलमस्त–** वि० [फा०] फिक्री नभएको; पर्वाह नगर्ने; मगनमस्त; मनमोजी । > **अलमस्ती–** ना० बेफिक्री; मग्नमस्ती; बेपर्वाह; मनमोजीपन ।

**अलम्–** वि० बो० [सं०] १. पर्याप्त भयो वा पुग्यो भन्ने शब्द । ना० २. हरिताल । ३. बिच्छीको डसाइ वा चिलाइ ।

**अलम्पट–** वि० [सं०] १. लम्पट नभएको; नलहसिएको; सच्चरित्र । ना० २. खोपी; अन्तपुर ।

**अलल-हिसाब–** ना० [अ०] पछि हिसाब लिइने गरी दिइएको धन ।

**अललिनु–** अ० क्रि० १. रुँदारुँदै सास रोकिनु; अतालिनु । २. खूबसँग खोलामा भेल बढ्नु । ३. पानी अटाईनअटाई भएर खोला आदि बढ्नु; बाढी आउनु । > **अलल्याइ–** ना० अललिने क्रिया वा प्रक्रिया । **अलल्याइनु–** क० क्रि० अललिने पारिनु । **अलल्याउनु–** प्रे० क्रि० अललिने पार्नु; अताल्याउनु ।

**अलवान–** ना० [अ०] एक खालको ऊनीको ओढ्ने; ऊनीको खास्टो ।

**अलस–** वि० [सं०] अल्छी; अल्छे; आलस्ययुक्त । **– ता–** ना० अल्छीपना; अल्छेपन; आलस्य । > **अलसाइ–** ना० अलसाउने भाव, क्रिया वा प्रक्रिया । **अलसाइनु–** क० क्रि० अलसाउने पारिनु । **अलसाइलो–** वि० अलसाउने पार्ला जस्तो । **अलसाउनु–** अ० क्रि० १. अल्छी मान्नु । प्रे० क्रि० २. अल्छी पार्नु वा पार्न लगाउनु । **अलसाहट–** ना० अलसाउने क्रिया वा प्रक्रिया ।

**अलाप्-नु–** अ० क्रि० [सं० आलापन] १. गानाको ताना छोड्नु; गानाको भाकामा गुनगुनाउनु । २. लेघ्रो तानेर कुनै कुरा भन्नु ।

**अलाप–** ना० [सं० आलाप] आलाप; बिलौना । ~ **विलाप–** ना० हे० आलाप-विलाप । > **अलापाइ–** ना० अलाप्ने भाव, क्रिया वा प्रक्रिया । **अलापिनु–** अ० क्रि० १. अलाप्ने होइनु । क० क्रि० २. मुखबाट अलाप छाड्नु ।

**अलाभ–** ना० [सं०] १. लाभ नहुने स्थिति; घाटा; हानि; नोक्सानी; नोक्सान । **– कर–** वि० लाभ नहुने; हानिकारक ।

**अलि–** ना० [सं०] १. भमरो; भँवरो; भ्रमर । २. कोइली । ३. कौवा; काग । ४. बिच्छी । ५. कुकुर । ६. मदिरा ।

**अलि/अलिक–** वि० [सं० अलीक] १. थोरै; कम; अलिकति; अल्प; अलिक; अलिकता । क्रि० वि० २. अझ । > **अलिकता/अलिकति–** क्रि० वि० थोरै; थोरै मात्रामा ।

**अलिखित–** वि० [सं०] नलेखिएको; लिपिबद्ध नभएको ।

**अलिखेर–** क्रि० वि० [अलि+खेर] एकछिन; अलिक बेर; अलिबार; थोरै बेर ।

**अलिनु१–** ना० [मै० अलना] लुगाफाटो आदि झुन्डयाउन टाँगिएको डोरी वा काठ आदिको डन्डीदार वस्तु; सिँगौरी ।

**अलिनु२–** वि० [सं० अलवण] १. नुन नभएको; नुन नहालेको; बिलिनु । २. खल्लो; बेस्वादको ।

**अलिनो–** वि० [सं० अलवण] हे० अलिनु२ । ~ **भट्ट–** वि० १. जन्मै नुन नखाई बस्ने । ना० २. नेपाली भट्ट ब्राह्मणको एक उपभेद (अलनापुरीबाट आएको अनुश्रुतिमा आधारित) ।

**अलिप्त–** वि० [सं०] १. नलिपिएको; नपोतिएको । २. नटाँसिएको; निर्लिप्त ।

**अलिफार्से/अलिफार्स्या–** ना० [अ० अल्+फारिग] तोकिएका म्यादमा पैसा बुझाउन नसके कबुलअनुसार धितो फार्से हुने कागत वा व्यवहार ।

**अलिबार/अलिबेर–** क्रि० वि० [अलि+बेला] एक छिन; थोरै बेर; अल्प समय ।

**अलिमाला–** ना० [सं०] भमराको ताँती वा पङ्क्ति ।

**अलुवा१–** ना० [आलो+उवा] नउसिनीकनै सुकाएर कुटाएको धानको चामल; अरुवा ।

**अलुवा२–** ना० सखरखण्ड; सुठुनी ।

**अलेख–** वि० [सं० अलक्ष] १. धनाढ्य; खूब धनी; सम्पत्तिशाली; सम्पन्न । २. ज्यादै; धेरै; प्रशस्त ।

**अलेख्य–** वि० [सं०] १. लेख्न नसकिने; नलेखिने । २. अलेख ।

**अलेरी–** ना० [आली+एरी] १. खेतमा आली लगाउने मानिस; आली लगाउने खेतालो ।

**अलैंची–** ना० [सं० एला] १. बेसार, पानीसरो आदिका झैँ लामा-लामा ठूला पात हुने, फेदमा पहेँलो फूल फुली सुकुमेलको जस्तो, तर भटमासे रङ्को केही ठूलो कोसोभित्र मसिना गेडा लाग्ने, पानी भएको वा रसिलो ठाउँमा हुने एक खालको बोट । २. त्यसैको फल; एला । ~ **कोठी–** ना० राणाशासनका समयमा अङ्ग्रेज सरकारसँग नेपाल सरकारको सम्बन्ध रहँदा पटनामा रहेको, नेपालतर्फको वाणिज्य-कार्यालय ।

**अलैङ्गिक–** वि० [सं०] लिङ्ग नछुट्टिएको; नपुंसक; अयौन ।

**अलोक–** वि० [सं०] १. नदेखिने; अदृश्य । २. निर्जन; एकान्त । ना० ३. परलोक । ४. मिथ्या दोष; कलङ्क ।

**अलोप–** वि० [सं०] लोप नभएको; अलुप्त । ~ **समास–** ना० विभक्ति एवं संयोजकको लोप नहुने समास । (उदा०– भारतका लागि नेपाली राजदूत, सुनमा सुगन्ध, मानविकी र सामाजिक शास्त्र, कानुन तथा न्याय मन्त्रालय इ०) ।

**अलौकिक–** वि० [सं०] १. यस लोकमा नहुने वा नपाइने; लोकोत्तर । २. अनौठो; अद्भुत ।

**अलौटो–** वि० [आलो+औटो] १. दूध सुके पनि पूर्णतः नसुकेको; आलो; काँचो (मकै) । २. काँचोकचिलो; नसुकाएको (मकै) । ३. अपरिपक्व; आलोकाँचो ।

**अलौपर्व–** ना० [अलौ+पर्व] नेपालको एक प्रसिद्ध ऐतिहासिक घटना; जङ्गबहादुरका फौजले तत्कालीन राजा राजेन्द्रका फौजलाई पर्सा जिल्लाको अलौ भन्ने ठाउँमा हराई राजालाई

पक्रेको इतिहासप्रसिद्ध घटना ।

**अल्की**– ना० [अ० अलफा] भित्री भोटो; गोलगन्जी; बनियान ।

**अल्खा**– ना० [सं० अलक] खण्डखण्ड पारी उठाएर बनाइएको कपाल ।

**अल्गाइ**– ना० [अल्गो+आइ] अल्गोपना; उचाइ; अग्लोपना ।

**अल्गि-नु**– अ० क्रि० [अल्गो+इ+नु] अल्गो हुनु; अरूको भन्दा बढी उचाइ हुनु; खास स्थान वा सतहभन्दा माथि रहनु ।

**अल्गो**– वि० [सं० अ+लग्न] विशेष पहुँच वा विस्तारभन्दा उँचो; माथि उठेको; खास ठाउँ वा सतहभन्दा माथितिर रहेको; अग्लो । > **अल्ग्याइ**– ना० अल्गिने भाव, क्रिया वा प्रक्रिया । **अल्ग्याइनु**– क० क्रि० अल्गो पारिनु; अल्गिने पारिनु । **अल्ग्याउनु**– प्रे० क्रि० अल्गो पार्नु; अल्गिने पार्नु ।

**अल्छाइ**– ना० [√ अल्छाउ (+आइ)] अल्छाउने क्रिया वा प्रक्रिया । [ > ] **अल्छाइनु**– अ० क्रि० अल्छाउने होइनु ।

**अल्छाउनु**– अ० क्रि० [अल्छी+आउ+नु] अल्छी हुनु; जाँगर मर्नु ।

**अल्छी / अल्छे**– वि० [सं० आलसी] अल्सी; जाँगरमरुवा; कामकारोबारमा निष्क्रिय बन्ने । > **अल्छ्याइँ**– ना० अल्छीपना; अल्छेपन; जाँगरमरुवा चाल ।

**अल्झ-नु**– अ० क्रि० [प्रा० उज्झलिअ+नु] १. फस्नु; अल्झिनु । २. रोकिनु; अड्कनु । ३. अलमलिनु; अल्झोमा पर्नु । > **अल्झाइ**– ना० अल्झने भाव, क्रिया वा प्रक्रिया । **अल्झाइनु**– क० क्रि० अल्झन लगाइनु; अड्कने पारिनु । **अल्झाउनु**– प्रे० क्रि० अल्झने वा अड्कने पार्नु; फस्न लगाउनु; अल्झोमा पार्नु ।

**अल्झाउने**– वि० [अल्झाउ+ने ] अल्झने पार्ने; अल्झोमा राख्ने । – **बिल्झाउने**– वि० घरव्यवहारका जन्जालमा फसाउने (केटा-केटी आदि जस्तै– दिदीका त अल्झाउनेबिल्झाउने कोही छैनन्) ।

**अल्झिनु**– अ० क्रि० [अल्झो+इ+नु ] अल्झने होइनु; अल्झनु ।

**अल्झो**– ना० [प्रा० उज्झलिओ ]१. अड्काउ; बाधा । २. अलमल; झमेला; रुमलो । ३. झन्झट; भ्याउलो । – **बिल्झो**– ना० अल्झाउने र बल्झाउने काम; छेकाबार । > **अल्झ्याइ**– ना० अल्झिने क्रिया वा प्रक्रिया । **अल्झ्याइनु**– क० क्रि० अल्झिने पारिनु । **अल्झ्याउनु**– प्रे० क्रि० अल्झिने पार्नु; अल्झाउनु ।

**अल्टिमेटम**– ना० [अङ्०] अन्तिमेत्थम् ।

**अल्तालिनु**– अ० क्रि० [अतालिनु ] अतालिनु ।

**अल्प-नु**– अ० क्रि० [अलप+नु ]१. नदेखिने हुनु; अलप हुनु; अन्तर्धान हुनु । २. छिप्नु; लुक्नु । ३. बिलाउनु; हराउनु ।

**अल्प**– वि० [सं०]१. थोरै; अलिकति; कम्ती । २. सानो; छोटो । – **कालिक**– वि० थोरै दिनको; थोरै समयको; केही दिनको; छोटो अवधिको; अल्पकालीन । – **कालीन**– वि० अल्पकालिक ।

**अल्पक्का**– ना० [स्पे० एलपाका] हे० अलपक्का ।

**अल्पजीवी**– वि० [सं०]१. थोरै आयु भएको; अल्पायु; थोरै दिनसम्म मात्र बाँच्ने ।

**अल्पज्ञ**– वि० [सं०]१. थोरै ज्ञान भएको; थोरै जान्ने; कम जान्ने । २. सानो बुद्धिको; छोटो बुद्धि भएको । ३. नासमझ । – **ता**– ना० थोरै ज्ञान भएको अवस्था वा गुण; नासमझपना ।

**अल्पता**– ना० [सं०] अल्प हुनाको भाव वा स्थिति; न्यूनता; कमी ।

**अल्पप्राण**– ना० [सं०] फोक्सोबाट कम मात्रामा सास प्रवाहित हुँदा उत्पत्ति हुने ध्वनि; नेपाली व्यञ्जनका प्रत्येक वर्गको प्रथम– (क, च, ट, त, प), तृतीय– (ग, ज, ड, द, ब), पञ्चम– (ङ, न, म), तथा– य, र, ल, व वर्ण । > **अल्पप्राणीभवन**– ना० शब्दमा रहेको महाप्राणध्वनि अल्पप्राणध्वनिमा परिवर्तित हुने प्रक्रिया । (जस्तै– 'बाघचाल' > 'बागचाल' हुँदा 'घ'-को 'ग' भएको छ ।) ।

**अल्पभोग योजना**– ना० [सं०]१. आवश्यक वस्तुको कम प्रयोग गर्ने र कष्ट भोगेर पनि थोरै पदार्थबाट नै काम चलाउन जोड दिने योजना; मितोपभोग योजना ।

**अल्पमत**– ना० [सं०]१. थोरै मत । २. थोरै राय । ३. चाहिनेभन्दा कम वा आवश्यक पर्नेभन्दा कम मत । ४. विजयीले पाएको भन्दा घटी मत । वि० ५. अल्पसङ्ख्यक ।

**अल्परक्त**– ना० [सं०]१. शरीरमा रगतको मात्रा आवश्यकताभन्दा कम भएको अवस्था ।

**अल्पवयस्क**– वि० [सं०]१. सानो उमेरको; केटाकेटी । २. नाबालिग ।

**अल्पवादी**– वि० [सं०]१. थोरै बोल्ने; कम बोल्ने । २. सभा वा समूहमा आफ्नो कम अनुभव र अरू कारणबाट कम बोल्ने (सदस्य वा व्यक्ति) ।

**अल्पविकसित**– वि० [सं०]१. थोरै मात्र विकसित भएको; कम मात्रामा विकास भएको । २. थोरै बढेको; राम्ररी नसप्रेको; जिलीगान्टे; ग्याँचे, बामपुड्के ।

**अल्पविराम**– ना० [सं०] शब्द, शब्दसमूह र वाक्यांशका पछिल्तिर लाग्ने एक प्रकारको विरामचिह्न; पादविराम (कमा) । ~ **चिह्न**– ना० अल्पविरामको चिनु ( , ) ।

**अल्पसङ्ख्यक**– वि० [सं०] थोरै सङ्ख्या भएको; गन्दा थोरै हुने ।

**अल्पांश**– ना० [सं०] अल्प अंश; थोरै भाग ।

**अल्पाइ**– ना० [√ **अल्प** (+ आइ)] अल्पने भाव, क्रिया वा प्रक्रिया । [> ] **अल्पाइनु**– क० क्रि० अल्पने पारिनु । **अल्पाउनु**– प्रे० क्रि० अल्पने पार्नु वा पार्न लाउनु ।

**अल्पायु**– वि० [सं०]१. थोरै आयु भएको; थोरै दिन बाँच्ने; कम आयुको । ना० २. थोरै वा छोटो आयु ।

**अल्पार्थक**– वि० [सं०] थोरै अर्थ बुझाउने; सङ्क्षिप्त अर्थवाचक (शब्द) ।

**अल्पावकाश**– ना० [सं०] विद्यालय, कार्यालय आदिमा वा खेल आदिका समयको बीचमा जलपान वा विश्रामका निम्ति पाइने थोरै छुट्टी; छोटो अवकाश वा फुर्सद; टिफिन ।

**अल्पावधि**– ना० [सं०] छोटो समय; थोरै समय । ~ **ऋण**– ना० थोरै समयका लागि मात्र लिइएको वा दिइएको ऋण; थोरै अवधिमा बुझाउनुपर्ने ऋण ।

**अल्पिनु**– अ० क्रि० [अल्प+इ+नु] १. अल्पने होइनु । २. अल्पनु ।

**अल्पीकरण**– ना० [सं०] अधिकार, प्रतिष्ठा, महत्त्व, शक्ति आदिलाई भइरहेको अवस्थाबाट कम गराउने क्रिया ।

**अल्फी**– ना० [अ० अलफी] एक किसिमको खुकुलो बाँकटे घाँगर ।

**अल्याङटल्याङ/अल्याङमल्याङ–** क्रि० वि० [अ० मू० अल्याङ (द्वि०)] अलमल; आलटाल ।

**अल्लड/अल्लढ–** वि० [अ+लहड] १. कुनै काम पनि एकाग्र भएर नगर्ने; अस्थिरचित्त; विचार पुऱ्याएर काम नगर्ने; मनमा जो आयो सो गर्ने; मनमोजी । २. अल्लारे; अलमस्त । ३. बेइलमी; निरुद्योग ।

**अल्ला–** ना० [अ० अल्लाह] मुसलमानहरूले मान्ने ईश्वर ।

**अल्लारि-नु–** अ० क्रि० [अल्लारे+इ+नु] १. अल्लारे बन्नु; बेकाममा यताउति हिँड्नु; बरालिनु; भौँतारिनु । २. बेइलमी हुनु; काम नपाउनु ।

**अल्लारे–** वि० [अल्लढ] १. बेकाममा यताउति हिँडिरहने; जतातते भौँतारिइरहने; अल्लढ । २. पूर्ण यौवनावस्थाको; मस्त जवान । ३. आलोकाँचो अवस्थाको । **– पना–** ना० अल्लारे चाल; आलोकाँचोपना ।

**अल्लाऱ्याइँ–** ना० [√ **अल्लारि** (+ आइँ)] अल्लारिने भाव, क्रिया वा प्रक्रिया । [>] **अल्लाऱ्याइनु–** क० क्रि० अल्लारिने पारिनु वा गराइनु । **अल्लाऱ्याउनु–** प्रे० क्रि० अल्लारिने पार्नु वा गराउनु; अल्लारिन लगाउनु ।

**अल्लि–** वि० [सं० अल्प] १. अलि (जोड दिँदा) । क्रि० वि० २. अझ; अरू ।

**अल्लेपाट–** ना० [अल्ले+पाट] नेपाली कागत बनाउन तथा धोक्रा, लुकुनी आदि बनाउनका निम्ति प्रयोग गरिने सिस्नुजस्तै एक प्रकारको बुटो (अल्लो)-को पाट ।

**अल्लो–** ना० [आरो] पाटको धागो बनाएर धोक्रा र अन्य लगाउने साधन बनाइने एक जातको ठूलो खालको सिस्नु; लेकाली सिस्नु ।

**अल्वान–** ना० [अ० अलवान] ऊनीको ओढ्ने; सल ।

**अल्सेसियन–** ना० [अङ्० एल्सेइशन] ब्वाँसो र कुकुर्नीका सम्पर्कबाट जन्मिएको कुकुरको एक जात ।

**अवंश–** वि० [सं०] १. निर्वंश; वंशहीन; अपुतो । ना० २. नराम्रो वंश; कुवंश ।

**अव–** उप० [सं०] शब्दका अगिल्तिर लागेर निश्चय, अनादर, न्यूनता आदि अर्थ बुझाउने उपसर्ग (अवधारणा, अवरोध, अवज्ञा इ०) । **– करण–** ना० दुई वा दुईभन्दा बढी रासायनिक पदार्थ मिलेर बनेको वस्तु वा यौगिकबाट कुनै एक तत्त्वलाई हटाउने वा अलग गर्ने क्रिया (जस्तै– पानीबाट अक्सिजन, गिन्नीबाट तामा इ०) । **– कर्षण–** ना० १. तलतिर घिस्स्याउने क्रिया । २. तान्ने वा खिच्ने क्रिया । **– कलन–** ना० १. जम्मा गर्ने वा सङ्कलन गर्ने क्रियाप्रक्रिया; मिलाउने वा समेट्ने क्रिया । २. हेर्ने वा विचार गर्ने क्रिया । ३. ग्रहण गर्ने वा लिने क्रिया । ४. जान्ने वा ज्ञान गर्ने क्रिया ।

**अवकाश–** ना० [सं०] १. विशेष काम नभएको समय; फुर्सद । २. बिदा; छुट्टी । ३. अवसर; मौका; याम । ४. खाली ठाउँ; शून्य स्थल । ~ **ग्रहण–** ना० कुनै काम वा पदबाट फुर्सद लिने क्रिया । ~ **प्राप्त–** वि० १. अवसर वा मौका पाएको । २. छुट्टी पाएको वा बिदा लिएको । ३. कुनै काम वा पदबाट छुटकारा पाएको । ४. सरकारी सेवा, सार्वजनिक जीवन आदिबाट विश्राम लिने वा हुने ।

**अवकीर्ण–** वि० [सं०] चारैतिर छरिएको; चौतर्फ फिँजिएको वा फैलिएको ।

**अवकुण्ठन–** ना० [सं०] १. ढाकछोप गर्ने वा छेकथुन गर्ने काम । २. आकृष्ट गर्ने काम वा प्रक्रिया ।

**अवकुण्ठित–** वि० [सं०] अवकुण्ठन भएको; ढाकिएको; छेकिएको वा रोकिएको ।

**अवक्तव्य–** वि० [सं०] १. भन्न नहुने; बोल्न नहुने । २. अश्लील; फोहोर । ना० ३. नराम्रो वक्तव्य; नराम्रो भाषण ।

**अवखण्डन–** ना० [सं०] काट्ने, खुँड्ने, टुक्र्याउने वा खण्डहरूमा विभाजित गर्ने काम; विखण्डन; खुँडाइ; टुक्र्याइ ।

**अवगत–** वि० [सं०] १. जानेको वा बुझेको; विदित; ज्ञात । २. तल झरेको; खसेको । > **अवगतार्थ–** वि० १. अवगत वा ज्ञात गर्न उपयोगी; सिक्न एवं बुझ्न लायक । क्रि० वि० २. ज्ञानका निम्ति; अवगत गर्नाका लागि; बोधार्थ । ना० ३. अवगत भएको अर्थ । **अवगति–** ना० १. अवगत हुनाको भाव वा अवस्था; जानकारी; ज्ञान । २. खराब गति; दुर्गति ।

**अवगुण–** ना० [सं०] खराब वा नराम्रो गुण; दुर्गुण; खोट; दोष ।

**अवगुण्ठन–** ना० [सं०] १. ढाक्ने वा छोप्ने क्रिया । २. घुम्टो; पर्दा ।

**अवगुण्ठित–** वि० [सं०] १. ढाकेको वा छोपेको । २. घुम्टो हालेको । ३. पर्दा लगाएको ।

**अवगुम्फन–** ना० [सं०] १. उन्ने वा गाँस्ने काम । २. तुन्ने वा सिउने क्रिया ।

**अवगुम्फित–** वि० [सं०] १. उनिएको वा गाँसिएको । २. तुनिएको वा सिइएको ।

**अवचेतन–** वि० [सं०] पूरा होस नभएको; पूर्ण चैतन्य नभएको; अन्तश्चेतनाको; बाह्य चेतनासँग सम्बन्धित नरहेको ।

**अवच्छिन्न–** वि० [सं०] १. चुँडालिएको; छिनालिएको । २. छुट्ट्याइएको; टुक्र्याइएको । ३. बीचबीचमा खण्डित रहेको वा बाधाबिघ्न आइपर्नाले रोकिन गएको (अवस्थिति) ।

**अवच्छेद–** ना० [सं०] १. छुट्ट्याउने वा अलग तुल्याउने क्रिया । २. टुङ्गो; हद; सीमा । ३. अवधारण; निश्चय । ४. भाग; खण्ड । ५. परिच्छेदका विभिन्न अङ्ग; कुनै लेख आदिमा उपशीर्षकद्वारा छुट्टिएको अंश; उपपरिच्छेद ।

**अवज्ञा–** ना० [सं०] १. अरूको उपेक्षा गर्ने वा आज्ञा नटेर्ने काम; हेला; तिरस्कार; निन्दा । २. कुनै आज्ञा वा नियमकानुनको उल्लङ्घन । **– वाद–** ना० कुनै प्रचलित वा परम्परागत विषयको अवहेलना गर्ने सिद्धान्त । > **अवज्ञात–** वि० अवज्ञा गरिएको; हेला गरिएको; तिरस्कृत; निन्दित ।

**अवतरण–** ना० [सं०] १. तल झर्ने वा ओर्लने क्रिया; यान आदि जमिनमा उत्रने काम । २. पार लाग्ने वा पार हुने काम । ३.

अवतार ग्रहण गर्ने, जन्मने वा प्रादुर्भाव हुने क्रिया । ४. सिँढी; घाट । ५. उद्धृत अंश; उद्धरण । ६. प्रतिकृति वा प्रतिमूर्ति । ~ **चिह्न–** ना० अवतरण जनाउने चिह्न; हे० उद्धरण-चिह्न । ~ **पथ–** ना० हवाईजहाज आदि उड्न वा उत्रनका लागि कुद्न हुने लामो बाटो । ~ **भूमि–** ना० हवाईजहाज उत्रने फराकिलो जमिन । > **अवतरणिका–** ना० कुनै ग्रन्थको मुख्य विषयसँग सम्बन्ध राख्ने भूमिका; उपोद्घात ।

**अवतरित–** वि० [सं०] १. तल झरेको वा उत्रेको; ओर्लिएको । २. उद्धरण गरिएको; उद्धृत । ३. अवतार लिएको ।

**अवतार–** ना० [सं०] १. जन्म लिने वा शरीर धारण गर्ने क्रिया । २. देवताहरूले मनुष्य वा अरू प्राणीहरूको शरीरमा जन्म लिने क्रिया; पुराणअनुसार विष्णु भगवान्का चौबीस अवतार (ब्रह्मा, वराह, नारद, नरनारायण, कपिल, दत्तात्रेय, यज्ञ, ऋषभ, पृथु, मत्स्य, कूर्म, धन्वन्तरि, मोहिनी, नृसिंह, वामन, परशुराम, वेदव्यास, राम, बलराम, कृष्ण, बुद्ध, कल्कि, हंस र हयग्रीव) । ३. तल झर्ने, ओर्लने एवं उँधो लाग्ने क्रिया । > **अवतारण–** ना० १. तल ओराल्ने वा झार्ने क्रिया । २. देखासिकी वा नक्कल । **अवतारी–** वि० १. प्राणीहरूका शरीरमा जन्म लिएको; अवतार लिएको । २. अनौठो स्वभावको; अपूर्वको; बेढब । ३. अनौठो काम गर्ने; चमत्कारी । ४. ओर्लने, तल झर्ने वा उँधो लाग्ने । ५. औतारी । **अवतारे–** वि० अवतारी; औतारी ।

**अवतीर्ण–** वि० [सं०] १. तल ओर्लेको वा झरेको । २. अवतार लिएको; अवतारी; औतारी ।

**अवदान–** ना० [सं०] १. पहिले भएको वीरता, शौर्य, त्याग आदि महत्त्वपूर्ण कार्य; पूर्ववृत्त । २. शुद्ध आचरण; पवित्र व्यवहार । ३. छुट्ट्याउने वा टुक्र्याउने काम; खण्डन ।

**अवध–** ना० [सं०] अयोध्या प्रान्त; कोशलदेश ।

**अवधान–** ना० [सं०] कुनै विषयमा भएको मनको एकाग्रता; चित्त स्थिर गराउने काम; मनोयोग; ध्यान ।

**अवधारण/अवधारणा–** ना० [सं०] १. कुनै विषयप्रति विचारपूर्वक गरिने निश्चय । २. कुनै कुरालाई किटेरै देखाउने वा भन्ने काम । ३. सीमा; हद; पराकाष्ठा । > **अवधारणार्थक–** वि० व्याकरणअनुसार वाक्य वा शब्दका प्रयोगमा सम्बन्धित वाक्य वा शब्दलाई निश्चित गर्न वा तिनमा निश्चितताको अर्थ दिन आउने (नै, ऐ आदि निपातका भेद) ।

**अवधारित–** वि० [सं०] निश्चय गरिएको; निधो गरिएको । २. किटिएको ।

**अवधि–** ना० [सं०] १. सीमा; हद । २. निर्धारित समय; म्याद । ३. अन्तिम समय; अन्तिम काल ।

**अवधूत–** ना० [सं०] १. नाथपन्थी सिद्ध योगी; साधु; सन्न्यासी । वि० २. भनेको नमान्ने; अटेरी; जिराहा । ३. अनौठो; अद्‌भुत शक्ति भएको ।

**अवध्य–** वि० [सं०] १. मार्न वा हिंसा गर्न नहुने; प्राणदण्ड दिन नहुने । २. मार्न वा हत्या गर्न नसकिने ।

**अवनत–** वि० [सं०] १. निहुरेको; नुहेको; झुकेको; विनम्र । २. गिरेको; खसेको; पतित । ३. अवनति भएको; उन्नति हुन नसकेको । विप० उन्नत । > **अवनति–** ना० १. अधोगति; हीन अवस्था; दुर्गति; पतन । २. नम्रता; विनम्रता । ३. न्यूनता; कमी ।

**अवनि/अवनी–** ना० [सं०] पृथ्वी; पृथिवी । > **अवनीश्वर–** ना० राजा; भूपति ।

**अवन्ति/अवन्ती–** ना० [सं०] हिन्दूहरूका सात मोक्षपुरीमध्ये एक; उज्जैन ।

**अवपात–** ना० [सं०] १. भौगोलिक दक्षिणोत्तर रेखा र चुम्बकीय दक्षिणोत्तर रेखाको परस्पर मिलन भएका स्थानको कोण । २. तल झर्ने वा खस्ने क्रिया ।

**अवबोध–** ना० [सं०] १. जान्ने, बुझ्ने वा सम्झने काम; बुझाइ; ज्ञान । २. जागा हुने क्रिया; ब्यूँझाइ । ३. विवेचना; व्याख्या ।

**अवबोधन–** ना० [सं०] बुझ्ने वा बुझाउने कार्य । ~ **कक्षा–** ना० ससाना समूहका विद्यार्थीहरूको खास विषयको सिकाइमा पुनरभ्यास वा अझ अभ्यास गराउन सहयोग हुने दृष्टिले शिक्षकबाट सञ्चालन हुने कक्षा ।

**अवमान–** ना० [सं०] अपमान; तिरस्कार; हेलाँ ।

**अवमूल्यन–** ना० [सं०] १. कुनै वस्तुको मूल्य घट्ने वा महत्त्व कम हुने क्रिया । २. सरकारले अरू देशका मुद्राका तुलनामा आफ्नो देशका मुद्राको मूल्य घटाउने काम ।

**अवयव–** ना० [सं०] १. कुनै सिङ्गो वस्तुको एक खण्ड वा अंश; भाग; हिस्सा । २. शरीरको कुनै भाग; अङ्ग । > **अवयवी–** वि० १. पूर्ण अङ्ग भएको; सिङ्गो; सग्लो । २. धेरै अवयव भएको । ३. अवयवधारी; अङ्गी ।

**अवयस्क–** वि० [सं०] उमेर नपुगेको; कम उमेरको; अल्पवयस्क ।

**अवर१–** वि० [सं० अपर] अर्को; अपर ।

**अवर२–** वि० [सं०] १. कमसल; नजाती २. तल्लो तहको । – **प्रवालयुग–** ना० प्रवालयुगभन्दा पहिलेको युग; मुगा पाइएका समयको युग; आजभन्दा पचास सय करोड वर्षपहिले प्रारम्भ भएको युग ।

**अवरुद्ध–** वि० [सं०] १. रोक लागेको; रोकिएको । २. बन्द गरिएको; थुनिएको । ३. लुकाएको; छिपाएको ।

**अवरोध–** ना० [सं०] रोकावट; बाधा; अड्काउ । > **अवरोधक–** वि० १. रोकावट गर्ने; छेक्ने; थुन्ने । २. घेर्ने; छेकारो मार्ने । **अवरोधन–** ना० रोक; अड्काउ; छेको; घेरो । **अवरोधित–** वि० रोकिएको; छेकिएको; थुनिएको । **अवरोधी–** वि० रोक्ने; छेक्ने; अवरोधक ।

**अवरोपण–** ना० [सं०] १. रोपेको वस्तु उखेल्ने काम; उन्मूलन । २. आरोप हटाउने क्रिया ।

**अवरोपित–** वि० [सं०] १. अवरोपण गरिएको । २. लागेको आरोप हटाइएको वा फिर्ता लिइएको ।

**अवरोह–** ना० [सं०] १. तल झर्ने वा ओर्लने क्रिया । २. सङ्गीतमा स्वरहरूलाई क्रमैले निषाददेखि षड्जतिर फर्काउने काम । ३.

बोल्दा वा पढ्दा हुने स्वरको ओर्लाइ । >**अवरोहण–** ना० माथिबाट तल झर्ने वा ओर्लने क्रियाप्रक्रिया; ओर्लाइ । **अवरोही–** वि० ओर्लने; ओर्लिरहेको ।

**अवर्ग–** वि० [सं०] १. वर्गमा नपरेको; वर्गबाहिरको; फुट्टा; छुट्टा । ना० २. नराम्रो वर्ग; कुवर्ग । ३. स्वरवर्ण ।

**अवर्ण–** वि० [सं०] १. वर्ण वा रोगन नमिल्ने । २. वर्ण वा गोत्रबाहिरको । ना० ३. नराम्रो रङ्ग वा वर्ण । ४. अकार अक्षर; अ ।

**अवर्णनीय–** वि० [सं०] वर्णन गर्न नसकिने वा नहुने; वर्णन नै गर्नु नपर्ने ।

**अवर्ण्य–** वि० [सं०] हे० अवर्णनीय ।

**अवलङ्घन–** ना० [सं०] नाघ्ने वा फड्कने काम; उल्लङ्घन ।

**अवलम्ब–** ना० [सं०] १. टिक्ने वा अड्ने ठाउँ; आश्रय; आधार; आलम्बन । वि० २. कुनै वस्तु वा कुरामा अडेको; झुन्डिएको; तुर्लुङ्गिएको । >**अवलम्बन–** ना० १. कुनै आधारमा टिक्ने-अड्ने भाव वा स्थिति; आश्रय; टेवा । २. ग्रहण वा धारण गर्ने काम; अङ्गीकार । ३. अनुकरण; अनुसरण । **अवलम्बनीय–** वि० आधार लिन योग्य; अवलम्बन गर्न लायक । **अवलम्बित–** वि० १. सहारा लिएको; आधारित; आश्रित । २. झुन्डिएको; उभिन्डिएको । **अवलम्बी–** वि० १. आधार लिने; अडिने; आश्रयी । २. झुन्डिने; उभिन्डिने ।

**अवलुञ्चन–** ना० [सं०] १. लुछ्ने वा चुँड्ने क्रिया । २. तान्ने वा लुँडचाउने क्रिया । ३. उखेल्ने क्रिया ।

**अवलुञ्चित–** वि० [सं०] १. लुछिएको; चुँडिएको; उखेलिएको । ना० २. दिगम्बर सम्प्रदायका जैन श्रमण (भिक्षु, सन्न्यासी) ।

**अवलुण्ठन–** ना० [सं०] १. लडीबडी गर्ने वा गुल्टी खेल्ने क्रिया । २. लुट्ने क्रिया वा प्रक्रिया ।

**अवलुण्ठित–** वि० [सं०] १. लडेको; ढलेको । २. लुटिएको; खोसिएको । ३. गुल्टी खेलेको; लडीबडी गरेको । ४. मिल्किएको ।

**अवलेखन–** ना० [सं०] १. ताछ्ने वा खुर्कने काम । २. रेखा तान्ने वा धर्को कोर्ने क्रिया । ३. कपालको कोराइ वा तलासाइ । ४. अभिलेख लेख्ने काम, कप्ने क्रिया । >**अवलेखनी–** ना० १. खरी; पेन्सिल । २. काइँयो; काङ्गियो । ३. बुरुस; कूची । ४. छिनु ।

**अवलेपन–** ना० [सं०] १. लिप्ने वा पोत्ने क्रिया । २. शरीरमा घस्ने तेल, पाउडर, बुकुवा आदि पदार्थ । ३. एकता; मेल । ४. अभिमान; सेखी; घमन्ड ।

**अवलेह/अवलेहन–** ना० [सं०] १. चाट्ने क्रिया । २. चाटेर खाइने पदार्थ ।

**अवलोकन–** ना० [सं०] १. सूक्ष्म रूपमा हेर्ने वा तथ्य पत्ता लगाउन अध्ययन गर्ने काम; निरीक्षण । २. आँखा; नयन; नेत्र । ~ **विधि–** ना० १. विद्यार्थीहरूका उच्चारण, पद, वाक्यगठन, विषयवस्तु, अभिव्यक्तिसामर्थ्य, शिल्पविधान आदिको निरीक्षण गर्ने पाठ्यविधि वा कला; निरीक्षणविधिद्वारा पढाइने एक तरिका । २. कुनै ग्रन्थभित्रका मुख्यमुख्य बुँदाहरू सरसरती हेरेर मोटामोटी अध्ययन गरिने पद्धति । >**अवलोकनीय–** वि० १. अवलोकन गर्न योग्य । २. अत्यन्त सुन्दर; दर्शनीय ।

**अवलोकित–** वि० [सं०] १. अवलोकन गरिएको; तथ्यातथ्य पत्ता लगाउने किसिमले हेरिएको वा निरीक्षण गरिएको । २. कुनै विषयवस्तुको निरूपणका निम्ति सूक्ष्म रूपमा अध्ययन गरिने (दृष्टि वा विचार) । >**अवलोकितेश्वर–** ना० १. ईश्वरलाई देखेको व्यक्ति । २. बोधिसत्त्व । ३. मत्स्येन्द्रनाथ; मछिन्द्रनाथ ।

**अवश–** वि० [सं०] कसैको वश वा अधीनमा नभएको; आफूखुसी गर्न पाइने; स्वाधीन; फुक्का । – **ता–** ना० अर्काका वशमा नरहेको स्थिति वा भाव; पराधीनताको अभाव; स्वतन्त्रता ।

**अवशिष्ट–** वि० [सं०] १. अवशेष रहेको; कुनै वस्तु कुनै काममा लगाएर बाँकी रहेको; बचेको; शेष रहेको । २. खाएर बाँकी रहेको; पेट भरिएर बचेको । ना० ३. पुरा । ~ **शक्ति–** ना० संविधान वा ऐनकानुन आदिमा स्पष्टसँग नतोकिएको भए पनि प्रसङ्गले प्रयोग गर्न सकिने शक्ति वा अधिकार । ~ **पर्वत–** ना० अनावृत्तीकरणद्वारा नरम भाग खिइएर बाँकी रहेको पहाडी भाग; पेखर ।

**अवशेष–** ना० [सं०] १. उपयोग वा उपभोगमा आएर बचेखुचेको वस्तु; शेष; पुरा । वि० २. अवशिष्ट ।

**अवश्य–** क्रि० वि० [सं०] १. नगरी नहुने; गर्नै पर्ने । २. निश्चय नै; जरुर; पक्का । >**अवश्यमेव–** क्रि० वि० निश्चय नै; पक्कापक्की । **अवश्यम्भावी–** वि० अवश्य भइछाड्ने; भविष्यमा कुनै घटना घट्ने निश्चय भएको; पक्कै हुने ।

**अवसन्न–** वि० [सं०] १. आपत्विपत्मा परेको; दुःख पाएको; विपन्न । २. खेदमा परेको; खिन्न ।

**अवसर–** ना० [सं०] १. कुनै कामकुरो गर्न मिल्दोजुल्दो स्थिति; अनुकूलता; मौका; समय । २. अवकाश; फुर्सद । ~ **ग्रहण–** ना० समय पाएको अवस्था; फुर्सद लिएको स्थिति । – **वाद–** ना० मौकाछोपाइबाट लाभ उठाउने वा स्वार्थपूर्ति गर्ने सिद्धान्त; ताकछोपुवा मत; ताकछोपाइको सिद्धान्त । – **वादिता–** ना० अवसर हेरेर लाभ उठाउने काम; मौकाछोपाइ; ताकछोपुवापन । – **वादी–** वि० १. अवसरवादको अनुयायी वा समर्थक । २. आफ्नो फाइदाको निम्ति मौका छोप्न सिपालु; आफ्नो मात्र चाँजोपाँजो मिलाउने (व्यक्ति) ।

**अवसाद–** ना० [सं०] १. मनमा पर्ने पछुताउ; खेद । २. उत्साह, आशा, शक्ति आदिको अभाव । ३. थकाइ; ग्लानि । ४. कमजोरी । > **अवसादन–** ना० हेला, बिछोड आदिबाट हुने मानसिक तथा सांवेगिक प्रतिकूलताको स्थिति ।

**अवसान–** ना० [सं०] १. कुनै कामकुराको टुङ्ग्याउनी; समाप्ति; टुङ्गो; अन्त । २. पुछार; किनारा; सीमा; छेउ । ३. साँझ; बेलुकी; सायङ्काल । ४. बिसाइ; विराम; विश्राम । ५. मृत्यु; मरण; नाश । – **कर–** वि० नाश गराउने; मृत्युकर ।

**अवसिञ्चन–** ना० [सं०] १. जल छर्कने काम । २. बालीनालीमा पानी पटाउने काम ।

**अवसिञ्चित–** वि० [सं०] १. सिञ्चन गरिएको वा छर्किएको । २. बालीनाली आदिमा पानी पटाइएको ।

**अवसेचन–** ना० [सं०] १. जल सिञ्चन गर्ने वा छर्कने काम । २. रोगीका शरीरबाट पसिना वा विकृत रगत झिक्ने कार्य वा प्रक्रिया ।

**अवस्थल–** ना० [सं०] पितापुर्खादेखि बसोबास गरिआएको ठाउँ; थात; थलो ।

**अवस्था–** ना० [सं०] १. कुनै घटना वा कार्यको स्थिति; हालत; दशा । २. बेला; समय; काल; मौका; अवसर । ३. उमेर; आयु; वय । ४. उमेरको स्थिति (शिशु, कुमार, किशोर, युवा, वृद्ध आदि) । ५. जीवित प्राणीको दैनन्दिन अवस्था (जाग्रत्, स्वप्न, सुषुप्ति) ।

**अवस्थित–** वि० [सं०] १. कुनै विशिष्ट स्थितिमा आएको; रहेको; बसेको । २. मौजुद; उपस्थित । ३. टिकेको; अडिएको । ४. भौगोलिक रूपमा रहेको । > **अवस्थिति–** ना० १. कुनै घटना वा कार्यको स्थिति; वर्तमानता । २. रहने काम; उपस्थिति । ३. रहने ठाउँ; बसोबास; निवास; घर ।

**अवहित्था–** ना० [सं०] भय, लज्जा, गौरव आदि कारणबाट आफूमा भएको हर्षोल्लास लुकाउने काम; साहित्यका तेत्तीस सञ्चारी भावमध्ये एक भाव ।

**अवहेलक–** वि० [सं०] अवहेलना गर्ने; अरू कसैलाई हेला वा अपमान गर्ने ।

**अवहेलना–** ना० [सं०] हेला वा घृणा गर्ने काम; हेपाइ; तिरस्कार; अपमान ।

**अवहेला–** ना० [सं०] हे० अवहेलना । > **अवहेलित–** वि० अवहेलना गरिएको; हेपिएको ।

**अवाइ–** ना० [आउ+आइ] आउने भाव, क्रिया वा प्रक्रिया । – **जवाइ–** ना० आउने र जाने काम; आइजाइ; आउजाउ ।

**अवाक्–** वि० [सं०] १. उमेर पुगेर पनि बोली नफुटेको; बोल्न नसक्ने । २. चुप; मौन । ३. अचम्म; चकित; विस्मित । ना० ४. बोली बन्द रहेको स्थिति ।

**अवाङ्मुख–** वि० [सं०] १. मुख तलतिर फर्केको; उँधमुन्टे; घोप्टो; उभिन्डो । २. लाज र धकले शिर नुहाएको; मुन्टो निहुराएको ।

**अवाच्य–** वि० [सं०] १. कसैलाई गाली वा दुर्वचन गर्न नहुने; अनिन्द्य । २. भन्न नहुने; अकथ्य । ३. कुरा उठाउन वा प्रसङ्ग चलाउन नमिल्ने । ४. दक्षिण दिशातिर हुने वा पाइने; दक्षिण दिशातिर व्यवहार गरिने । ना० ५. खराब बोली; कुवाच्य ।

**अवाञ्छनीय–** वि० [सं०] वाञ्छा वा चाहना नभएको; मन नपरेको; अनभीष्ट ।

**अवाञ्छित–** वि० [सं०] इच्छा नगरिएको; अवाञ्छनीय ।

**अवान्तर–** वि० [सं०] बीचमा रहेको; माझमा परेको; मध्यवर्ती । ~ **भेद–** ना० मूल प्रकार वा किसिमभित्र पर्ने ससाना प्रकार; गौण भेद ।

**अवार–** ना० [सं०] नदीको वल्लो किनार वा छेउ; वारि ।

**अवाल–** ना० [नेवा० अवा:] १. इँट, झिँगटी, टायल आदि पोल्ने भट्टा । २. इँट, झिँगटी आदि पोल्ने पेसा भएको जाति । > **अवाले–** ना० इँट, झिँगटी, टायल आदि बनाउने, पोल्ने आदि काम गर्ने व्यक्ति ।

**अवास्तव–** वि० [सं०] असत्य; झूटो; मिथ्या । > **अवास्तविक–** वि० १. वास्तविक नभएको; झूटो; असत्य । २. काल्पनिक ।

**अविकल–** वि० [सं०] १. सबै अङ्ग साबुत भएको; जस्ताको तस्तो; टुटफुट नभएको; सग्लो; सखल्ल; पूर्ण । २. विह्वल नभएको; नअतासिएको ।

**अविकल्प–** वि० [सं०] १. विकल्प नभएको; अर्को पक्ष नभएको; सट्टा नभएको; निर्विकल्प । २. सन्देह नभएको; निस्सन्दिग्ध । ना० ३. अर्को पक्ष वा विकल्प नहुनाको स्थिति; सन्देहको अभाव ।

**अविकसित–** वि० [सं०] १. कुनै ठाउँ वा प्रदेशको बाटोघाटो, बिजुलीपानी, स्वास्थ्यशिक्षा आदिको राम्रो व्यवस्था भइनसकेको; विकास वा निर्माण नभएको । २. नहुर्केको; नबढेको । ३. असभ्य; गँवार ।

**अविकार–** वि० [सं०] १. विकार नभएको; नबिग्रिएको; नबदलिएको; निर्विकार । २. नउग्लिएको; नसडेको । ३. नभत्किएको; नटुक्रिएको । > **अविकारी–** वि० १. विकार नहुने वा रूप नबदलिने (अनि, पनि आदि शब्द) ।

**अविकृत–** वि० [सं०] १. विकृत नभएको; नबिग्रिएको; ननासिएको । २. नफेरिएको; अपरिवर्तित । ३. नउग्लिएको; नसडेको ।

**अविघात–** वि० [सं०] १. चोटपटक नलागेको; ठेसठक्कर आदि नखाएको । २. विघ्नबाधा नभएको । ३. बिघ्नै; धेरै ।

**अविघ्न–** वि० [सं०] विघ्न नपरेको; निर्विघ्न ।

**अविचल–** वि० [सं०] एक ठाउँबाट अर्को ठाउँमा नसर्ने; अचल; स्थिर । > **अविचलित–** वि० विचलित नभएको; नडगमगाएको; अटल; स्थिर ।

**अविचार–** ना० [सं०] १. राम्रो विचारको अभाव; खराब विचार; कुविचार । वि० २. खराब विचार राख्ने; कुविचारी । > **अविचारित–** वि० विचार नपुऱ्याइएको । **अविचारी–** वि० उचितअनुचितको विचार नभएको ।

**अविच्छिन्न–** वि० [सं०] बीचबीचमा नटुटेको; विच्छिन्न नहुने; अटुट; लगातार; निरन्तर । ~ **उत्तराधिकारी–** ना० खण्डित नभईकन परम्परादेखि नै पाइआएको पैतृक हक ।

**अविच्छेद–** वि० [सं०] १. विच्छेद नभएको । ना० २ नछिनेको अवस्था; निरवच्छिन्नता ।

**अविजित–** वि० [सं०] विजय नगरिएको; नजितिएको; जित्न नसकिएको ।

**अविज्ञ–** वि० [सं०] विज्ञ नभएको; अजान । – **ता–** ना० अविज्ञ हुनाको भाव वा स्थिति; अनजानपन ।

**अविज्ञात–** वि० [सं०] १. नजानेको; थाहा नभएको । २. नजान्ने; थाहा नपाउने ।

**अविदित–** वि० [सं०] नजानिएको; थाहा नभएको; नसम्झिएको; नचिनिएको; अज्ञात ।

**अविद्यमान–** वि० [सं०] १. विद्यमान नभएको; अगाडि नरहेको; अनुपस्थित । २. झूटो; असत्य; मिथ्या ।

**अविद्या–** ना० [सं०]१. विद्याको अभाव; निरक्षरता । २. (दार्शनिक क्षेत्रमा) सांसारिक मायामोहमा फसाउने मिथ्या ज्ञान; आत्मिक दृष्टिले घातक मानिने इन्द्रियजन्य क्षणिक ज्ञान; अनित्यलाई नित्य सम्झने मिथ्या बुद्धि ।

**अविनय–** ना० [सं०]१. विनय वा नम्रताको अभाव; शिष्टता आदिको अभाव । २. उद्दण्डता; धृष्टता ।

**अविनश्वर–** वि० [सं०] नश्वर वा नाशवान् नभएको; नाश नहुने; अविनाशी ।

**अविनाभाव–** ना० [सं०] दुई वस्तुका बीच कहिल्यै नटुट्ने पारस्परिक अनिवार्य सम्बन्ध । (उदा०– आगो र धूवाँमा अविनाभाव सम्बन्ध रहेको हुन्छ) ।

**अविनाशी–** वि० [सं०]१. कहिल्यै विनाश नहुने; अनश्वर; अक्षय । २. शाश्वत; नित्य; स्थायी ।

**अविनीत–** वि० [सं०]१. विनीत नभएको; ननिहुरेको; विनयहीन । २. उद्दण्ड; धृष्ट; उच्छृङ्खल ।

**अविपन्न–** वि० [सं०]१. विपन्न नभएको; सुखी । २. निरोगी; स्वस्थ । ३. कुनै आघात वा चोट नलागेको; कुनै क्षति नपुगेको । ४. पवित्र; विशुद्ध ।

**अविभक्त–** वि० [सं०] विभक्त नभएको; अंशबन्डा नभएको; नछुट्टिएको (कुटुम्ब, परिवार इ०) ।

**अविभाज्य–** वि० [सं०]१. विभाजन वा बाँडफाँड नहुने; बाँड्न नसकिने । ना० २. कुनै भाजकबाट पनि निःशेष भाग नलाग्ने सङ्ख्या ।

**अविरल–** वि० [सं०]१. मिलेको; नछुट्टिएको; घना । क्रि० वि० २.लगातार; निरन्तर ।

**अविराम–** वि० [सं०]१. विराम नभएको; नरोकिएको । क्रि० वि० २. रोकटोकविना; निरन्तर; लगातार ।

**अविरुद्ध–** वि० [सं०] विरुद्ध नभएको; निर्विरुद्ध ।

**अविरोध–** ना० [सं०] विरोध नभएको अवस्था; विरोध नगर्ने काम । > **अविरोधी–** वि० विरोधी नभएको; विरोध नगर्ने ।

**अविलक्ष्य–** वि० [सं०]१. कुनै पनि लक्ष्य नभएको; उद्देश्यविहीन । २. औषधी नलाग्ने; चिकित्सा गर्न नसकिने ।

**अविलम्ब–** वि० [सं०]१. ढिलो नभएको; विलम्ब नगरिएको । क्रि० वि० २. चाँडै; तुरुन्त; झटपट ।

**अविलय–** वि० [सं०]१. विलय नहुने; फेटिएर तरल नबन्ने । २. नगुम्ने; नहराउने । ना० ३. विलयको अभाव; नबिलाउने स्थिति ।

**अविवाद–** ना० [सं०]१. विवादको अभाव; विवाद नहुने स्थिति; सहमति । वि० २. विवाद नभएको; निर्विवाद ।

**अविवाह–** वि० [सं०]१. विवाह नभएको; कुमार अवस्थाको । ना० २. विवाह नभएको अवस्था । > **अविवाहित–** वि० विवाह नभएको; कुमार अवस्थाको । **अविवाहिता–** वि० विवाह नभएकी; कुमारी अवस्थाकी ।

**अविवेक–** ना० [सं०]१. विवेकको अभाव; विवेकहीनता; अविचार । २. नासमझ; नादानी । ३. दर्शनशास्त्रमा विशिष्ट ज्ञानको अभाव; मिथ्या ज्ञान । ४. न्यायको अभाव; अन्याय । > **अविवेकिता–** ना० विवेकहीनता; अज्ञानता; मूर्खता । **अविवेकी–** वि० विवेक नभएको; अज्ञानी; मूर्ख ।

**अविश्रान्त–** वि० [सं०]१. विश्राम नगरेको; नथाक्ने । २. नरोकिने; लगातार कामकुरा गरिरहने ।

**अविश्वसनीय–** वि० [सं०] विश्वास गर्न नसकिने; विश्वासयोग्य नभएको ।

**अविश्वस्त–** वि० [सं०]१. विश्वास नगरिएको; सन्देहयुक्त; सन्दिग्ध । २. विश्वास गर्न नसकिने; अविश्वसनीय ।

**अविश्वास–** ना० [सं०]१. विश्वास वा निश्चित धारणाको अभाव; अपत्यार । २. सन्देह; शङ्का; सन्दिग्धता । ~ **प्रस्ताव–** ना० कुनै पदासीन व्यक्तिलाई पदबाट हटाउनाका निम्ति सदस्यहरूबाट ल्याइने प्रस्ताव । > **अविश्वासी–** वि० १. विश्वास नगर्ने; शङ्कालु । २. विश्वास नभएको; अनपत्यारिलो ।

**अविषय–** वि० [सं०] १. भनाइ, तर्क, विचार आदिको विषय नभएको । २. इन्द्रियद्वारा पक्रन नसकिने; अगोचर । ३. प्रतिपादन गर्न नसकिने; अनिर्वचनीय । ना० ४. नराम्रो विषय ।

**अविस्तीर्ण–** वि० [सं०] विस्तीर्ण नभएको; नफैलिएको ।

**अविस्तृत–** वि० [सं०] विस्तृत नभएको; नफैलिएको; नफिँजिएको ।

**अविस्मरणीय–** वि० [सं०]१. बिर्सन नसकिने; सम्झनै पर्ने । २. बिर्सन वा भुल्न नहुने ।

**अविहित–** वि० [सं०]१. उचित वा ठीक नभएको । २. कामकुरो गर्न नहुने; अनुचित । ३. शास्त्रमा विधान नभएको; निषिद्ध । ना० ४. व्याकरणमा कर्मकारकको एक भेद; निषिद्ध कर्म ।

**अवृष्टि–** ना० [सं०] वृष्टि वा वर्षाको अभाव; सुक्खा ।

**अवेकस–** ना० [अङ्०] गणितमा स्थानमान र त्यसको सम्बन्ध सिकाउन उपयोग गरिने शिक्षणसहायक सामग्री ।

**अवेक्षण–** ना० [सं०] हेर्ने वा देख्ने काम; अवलोकन; निरीक्षण; रेखदेख । > **अवेक्षणीय–** वि० हेर्न वा देख्न लायक; निरीक्षण गर्न योग्य ।

**अवेस्ता–** ना० [फा०] १. इरानका धर्मगुरु जरथुस्तले स्थापना गरेको र अझै फारसी धर्मावलम्बीहरूद्वारा मानिइआएको अग्निपूजन गर्ने सम्प्रदायको धर्मग्रन्थ । २. उक्त ग्रन्थमा प्रयुक्त भाषा । ३. उक्त ग्रन्थले प्रतिनिधित्व गरेको धर्म; जरथुस्तेली धर्म । > **अवेस्ताली–** वि० १. अवेस्तासम्बन्धी । ना० २. अवेस्ताको भाषा ।

**अवैज्ञानिक–** वि० [सं०] १. विज्ञानको ज्ञाता नभएको; विज्ञान नजान्ने । २. विज्ञानसँग सम्बन्धित नभएको । ३. वैज्ञानिक रीति वा सिद्धान्तबाट प्रतिपादन नभएको ।

**अवैतनिक–** वि० [सं०]१. वेतन वा पारिश्रमिक नलिई काम गर्ने । २. वेतन वा मजदुरी नपाइने ।

**अवैध–** वि० [सं०] वैध नभएको; विधि वा विधानको प्रतिकूल; नियमविरुद्ध; कानुनविरुद्ध; अवैधानिक । ~ **निरोधन–** ना० कुनै व्यक्तिलाई गैरकानुनी तवरबाट रोक्ने वा छेको हाल्ने काम । ~ **प्रेषण–** ना० कुनै सामान वा वस्तु अवैध तरिकाबाट एक ठाउँबाट

अर्को ठाउँ पठाउने काम । ~ **विवाह–** ना० उमेर नपुगी गरिएको विवाह; सामाजिक मर्यादा र नियमविपरीत गरिएको विवाह; ढाँटीछली गरिएको विवाह; कानुनले मान्यता दिन नसक्ने गरी गरिएको विवाह । ~ **साक्षी–** ना० कानुनअनुसार बस्न नहुने वा राख्न नहुने साक्षी; कानुनविरुद्ध साक्षी । > **अवैधाचरण–** ना० कानुनविरुद्ध गरिने व्यवहार वा आचरण ।

**अवैधानिक–** वि० [सं०] विधान वा संविधानको नियमअनुकूल नभएको; नियमविरुद्ध ।

**अव्यक्त–** वि० [सं०] १. व्यक्त वा प्रकट नभएको; प्रत्यक्ष नभएको; लुकेछिपेको; अज्ञात । २. नजानिएको; अथाह; अगोचर । ३. प्रतिपादन गर्न नसकिने; अनिर्वचनीय । ४. रूप, गुण केही नभएको । ना० ५. ईश्वर वा ब्रह्म । ६. जीवको सूक्ष्म शरीर । ७. शिव । ८. कामदेव । ९. प्रकृति (साङ्ख्य) । ~ **शब्द–** ना० वर्णहरू नखुट्टिने अस्पष्ट शब्द । > **अव्यक्तानुकरण–** ना० अव्यक्त पद वा शब्दको उच्चारणको मिल्दोजुल्दो अनुकरण; पशुपक्षीको बोलीको मानिसद्वारा गरिने अनुकरण ।

**अव्यय–** ना० [सं०] १. व्याकरणशास्त्रअनुसार लिङ्ग, वचन, कारक आदिका दृष्टिले सधैँ एक रूपमा रहने शब्द वा पद; अविकारी शब्द वा पद (अनि, पनि, र इ०) । वि० २. कुनै व्यय वा विकार नभएको; एकनास रहने । ३. आदि-अन्त्य नभएको । ४. नित्य; शाश्वत । ५. खर्च नहुने; अविनाशी ।

**अव्ययीभाव–** ना० [सं०] अव्ययका साथ पूर्वपद वा उत्तरपदको समास हुने र अव्ययकै अर्थ प्रधान हुने एक समास (हरसाल, जानेभैँ, तलमाथि इ०) । ~ **समास–** ना० समासका छ भेद तत्पुरुष, अव्ययीभाव, द्वन्द्व, द्विगु, कर्मधारय र बहुव्रीहिमध्ये एक भेद ।

**अव्यर्थ–** वि० [सं०] व्यर्थ नभएको वा नहुने; सफल; अचूक ।

**अव्यवसाय–** ना० [सं०] १. कुनै व्यवसाय या इलम नभएको स्थिति । २. नराम्रो व्यवसाय । वि० ३ बेकार; अनुद्यमी; अल्सी । > **अव्यवसायी–** वि० व्यवसाय नभएको; बेइलमी; अनुद्योगी ।

**अव्यवस्था–** ना० [सं०] १. व्यवस्था (क्रम, नियम, मर्यादा आदि)-को अभाव । २. शास्त्रविरुद्ध आचरण । ३. प्रबन्ध आदिमा गडबडी; गोलमाल; कुव्यवस्था । > **अव्यवस्थित–** वि० व्यवस्था नभएको वा नमिलेको ।

**अव्यवहार्य–** वि० [सं०] १. व्यवहार वा काममा लिन नसकिने; व्यवहारप्रतिकूल । २. व्यवहार गर्न नसकिने । ३. पतित ।

**अव्यवहृत–** वि० [सं०] व्यवहार नगरिएको; उपयोगमा नल्याइएको ।

**अव्याघात–** वि० [सं०] व्याघात वा विघ्न नभएको; छेकाभाँजा नभएको; बेरोकटोक ।

**अव्यापार–** ना० [सं०] व्यापार वा कामको अभाव; उद्योगहीनता ।

**अव्याप्त–** वि० [सं०] व्याप्त नभएको; नफैलिएको । > **अव्याप्ति–** ना० १. व्याप्तिको अभाव; व्याप्त नभएको अवस्था वा भाव । २. भनाइ, लक्षण वा विवरण पूरै प्रदेशमा नमिल्ने स्थिति; लक्षण वा परिभाषामा पर्न सक्ने तीन दोष अव्याप्ति, अतिव्याप्ति र असम्भवमध्ये एक ।

**अव्याहत–** वि० [सं०] १. कुनै बाधा वा विघ्न नभएको । २. कुनै क्षति वा टुटफुट नभएको । ३. पूरै ठीक वा साँचो ।

**अव्युत्पत्ति–** वि० [सं०] १. व्युत्पत्ति वा निर्वचन नभएको; व्युत्पत्तिहीन । ना० २. व्युत्पत्तिको अभाव; व्युत्पत्तिहीनता ।

**अव्युत्पन्न–** वि० [सं०] १. कसैबाट व्युत्पन्न नभएको; व्युत्पत्तिहीन । २. व्युत्पत्तिशास्त्रीय दृष्टिले सिद्ध नगरिएको; व्याकरणविपरीत । ३. राम्रो अनुभव वा ज्ञान नभएको (व्यक्ति) । ~ **शब्द–** ना० व्युत्पन्न नभएको शब्द; मूल शब्द ।

**अव्वल–** वि० [फा०] उत्तम कोटिको; अब्बल; असल ।

**अशक–** वि० [सं० अशक्त] १. असमर्थ; शक्तिहीन । २. अस्वस्थ; रोगी । – **वृत्ति–** ना० सरकारी कामकाजमा अङ्गभङ्ग वा रोगी हुँदा दिइने निर्वाहभत्ता ।

**अशक्त–** वि० [सं०] समर्थ नभएको; दुर्बल; निर्धो; कमजोर । – **ता–** ना० नसक्ने अवस्था वा स्थिति; असकपन । > **अशक्ति–** ना० शक्ति नभएको; दुर्बलता; असामर्थ्य; कमजोरी ।

**अशक्य–** वि० [सं०] हुन वा गर्न नसक्ने वा नसकिने; असाध्य; असम्भव । – **ता–** ना० असमर्थता; कमजोरी ।

**अशङ्कित–** वि० [सं०] १. शङ्का नभएको; सन्देहरहित । २. निर्भय; निडर; निर्भीक ।

**अशब्द–** वि० [सं०] १. शब्द वा ध्वनि नभएको; शब्द ननिस्कने । २. शब्दमा व्यक्त नगरिने । ३. अवैदिक । ना० ४. शब्दको अभाव । ५. ब्रह्म ।

**अशरण–** वि० [सं०] १. शरण वा सहारा नमिलेको; आडभरोसा नभएको; आश्रयहीन; निराश्रय । २. असहाय; निर्धो ।

**अशान्त–** वि० [सं०] १. शान्त नभएको; चञ्चल; व्यग्र । २. बेचैन; उद्विग्न । > **अशान्ति–** ना० १. शान्तिको अभाव; अस्थिरता; चञ्चलता । २. विद्रोह; आन्दोलन । ३. असन्तोष । ४. क्षोभ ।

**अशास्त्रीय–** वि० [सं०] शास्त्र वा शास्त्रको विचारबाट ठीक नभएको; शास्त्रविपरीत ।

**अशिक्षा–** ना० [सं०] शिक्षाको अभाव । > **अशिक्षित–** वि० १. शिक्षा नपाएको । २. लेखपढ नगरेको । ३. अज्ञानी; मूर्ख । ४. पाखे; गँवार; असभ्य ।

**अशिव–** वि० [सं०] १. अशुभ; अमङ्गलकारी; अकल्याणकारी । २. चोर ।

**अशिष्ट–** वि० [सं०] १. शिष्ट नभएको; अनुशासनमा नरहेको; असभ्य । २. उद्दण्ड, उज्जन्ड । – **ता–** ना० १. अशिष्ट हुनाको भाव वा अवस्था । २. उच्छृङ्खलता; मनपरीपन ।

**अशुचि–** वि० [सं०] १. शुचि वा पवित्र नभएको; अपवित्र; अशुद्ध । २. फोहोर; मैलो । ना० ३. मृतसूतक; जुठो; आशौच ।

**अशुद्ध–** वि० [सं०] १. शुद्ध नभएको; अपवित्र; अशुचि । २. स्वीकृत वा मानक स्तरका दृष्टिले नियम नपुगी त्रुटि रहेको (उच्चारण, भाषण, लेखन, प्रयोग इ०) । ३. संस्कार, परिमार्जन वा शोधन नभएको । – **ता–** ना० अशुद्ध हुनाको भाव वा अवस्था । >

**अशुद्धि–** ना० १. शुद्ध नहुनाको भाव वा अवस्था; अशुद्धता । २. गल्ती; त्रुटि; कसरमसर; भूल ।

**अशुभ–** वि० [सं०] १. शुभ नभएको; अमाङ्गलिक; अनिष्टसूचक । ना० २. पाप; अधर्म । ३. दोष; अपराध ।

**अशेष–** वि० [सं०] १. कुनै शेष वा बाँकी नरहेको; सबै; सम्पूर्ण । २. धेरै; असङ्ख्य; अनगन्ती । ३. समाप्त; खतम ।

**अशोक–** ना० [सं०] १. आँपका जस्ता पात हुने एक प्रकारको प्रसिद्ध रूख । २. भारतका एक मौर्यवंशी राजा । वि० ३. शोक नभएको; शोकरहित । ~ **वाटिका–** ना० रावणले सीतालाई बसाएको अशोक वृक्षहरू भएको बगैँचा । ~ **विनायक–** ना० प्रसिद्ध चार विनायक (अशोकविनायक, चन्द्रविनायक, सूर्यविनायक, जलविनायक)-मध्ये एक; काठमाडौँ टोलका एक गणेश, मरुगणेश ।

**अशोच्य–** वि० [सं०] शोक वा चिन्ता गर्न नसुहाउने ।

**अशोधित–** वि० [सं०] शोधन नगरिएको; संस्कार नभएको; अपरिष्कृत; अशुद्ध ।

**अशोभन/अशोभनीय–** वि० [सं०] १. नसुहाउँदो; नराम्रो; असुन्दर । २. बेठीक; छाँटकाँट नमिलेको; भद्दा ।

**अशौच–** ना० [सं०] १. अशुचि हुनाको भाव वा अवस्था । २. घरको कुनै व्यक्ति जन्मँदा वा मर्दा घरका मानिसलाई निश्चित समयसम्म कसैसँग छुवाछूत गर्न नहुने स्थिति; आशौच ।

**अश्म–** ना० [सं०] १. ढुङ्गो; पत्थर; शिला । २. पहाड; पर्वत । ३. बादल; मेघ । > **अश्मरी–** ना० मूत्राशयमा पत्थरी जम्ने एक रोग; मूत्रकृच्छ्र । **अश्मीभूत–** वि० १. लामो अवधिमा प्राणीका हाडखोर एवं काठपात आदि ढुङ्गामा परिणत भएको । ना० २. प्राणीका हाडखोर एवं काठपात आदि ढुङ्गाबराबर भएर रहेको वस्तु; जीवावशेष; जीवाश्म; फोसिल ।

**अश्रद्धा–** ना० [सं०] १. कुनै व्यक्ति वा देव-देवताप्रति श्रद्धाको अभाव; अभक्ति; अनास्था । २. अविश्वास; विश्वासहीनता ।

**अश्रान्त–** वि० [सं०] १. श्रान्त नभएको; नथाकेको; अथक; अथकित । क्रि० वि० २. नरोकिईकन; लगातार ।

**अश्राव्य–** वि० [सं०] १. कसैबाट सुन्न नसकिने वा नहुने । २. सुनाउन योग्य नभएको ।

**अश्रु–** ना० [सं०] आँसु । ~ **ग्याँस–** ना० कुनै आन्दोलनकारी भीडलाई छचानब्यान्न पार्न प्रयोग गरिने, आँखा पिरो तुल्याई हेर्न नहुने पारेर आँसु कढाउने एक प्रकारको बिखालु ग्याँस वा धुवाँ । ~ **ग्रन्थि–** ना० आँसु उत्पादन गर्ने ग्रन्थि ।

**अश्रुत–** वि० [सं०] १. नसुनेको; सुन्ने काम नगरिएको । २. थाहा नपाएको; अज्ञात । – **पूर्व–** वि० १. पहिले कहिल्यै नसुनिएको । २. अद्भुत; विलक्षण ।

**अश्रुपात–** ना० [सं०] १. आँसु झार्ने काम; आँसुको चुहान । २. पीडाका साथ रुने काम ।

**अश्रुसिक्त–** वि० [सं०] १. आँसुले भिजेको । २. बेसरी रोएको ।

**अश्रुस्थली–** ना० [सं०] आँसु झर्ने झोली (आँखाभित्रको एक अवयव) ।

**अश्लाघ्य–** वि० [सं०] १. प्रशंसनीय नभएको; सराहनीय नभएको; अप्रशंसनीय । २. तिरस्कार गरिने; निन्दायोग्य; निन्द्य ।

**अश्लिष्ट–** वि० [सं०] १. श्लेष नभएको; एक अर्थ मात्र भएको; एकार्थक । २. नमिलेको; नगाँसिएको; नजोडिएको । ३. असङ्गत; एक्लो ।

**अश्लील–** वि० [सं०] लाजभाँड बुझाउने; लज्जास्पद; लज्जाजनक; फोहोर (कुरो) । – **ता–** ना० अश्लीलपन; लाजभाँड ।

**अश्लेषा–** ना० [सं०] सत्ताइस नक्षत्रमध्ये नवौँ नक्षत्र; पुष्यपछिको नक्षत्र ।

**अश्व–** ना० [सं०] १. घोडा । २. ज्योतिषअनुसार सातको सङ्ख्या । ३. कामशास्त्रअनुसार चार प्रकारका पुरुषमध्ये एक । ~ **कर्ण–** ना० १. घोडाको कान । २. घोडाका कानजस्ता पात हुने एक जातको सानो खालको साल । ~ **काथरिका–** ना० भेडेकुरो । – **गन्धा–** ना० १. लाम्चा पात र खैरो प्यूठाने मुलाका झैँ कन्द हुने एक बुटी वा त्यसैको कन्द ।

**अश्वत्थ–** ना० [सं०] पीपल ।

**अश्वत्थामा–** ना० [सं०] महाभारतमा प्रसिद्ध द्रोणाचार्यका छोरा । – **बुटी–** ना० हिमप्रदेशमा हुने, मनुष्याकार, मुलाजस्तो बुटीविशेष; एक विशेष हिमकन्द ।

**अश्वमेध–** ना० [सं०] गोत्रहत्या, विप्रहत्या आदि महापापको प्रायश्चित्तको निम्ति वा छेउछाउका सबै राजाहरूलाई अधिकारमा राखी चक्रवर्ती बन्नका लागि एक वर्षसम्म खास लक्षणयुक्त घोडालाई स्वतन्त्र छाडी पछि त्यही घोडाको बलि दिएर गरिने एक किसिमको ठूलो यज्ञ ।

**अश्वयान–** ना० [सं०] घोडाले चलाउने सवारी; बग्गी; एक्का; घोडागाडी ।

**अश्वशक्ति–** ना० [सं०] १. घोडाको शक्तिबराबर नाप गर्ने एक नापो । २. आजभोलिको चलनअनुसार पौने सात मन वा ५५० पाउन्ड अथवा लगभग २५० किलोको भार एक फुट माथि उठाउनलाई चाहिनेजति तागत ।

**अश्वशाला–** ना० [सं०] घोडा बाँध्ने ठाउँ, तबेला ।

**अश्वशास्त्र–** ना० [सं०] १. घोडाका विषयमा शालिहोत्रीले लेखेको पुस्तक वा ग्रन्थ । २. घोडाको उपचारका सम्बन्धमा लेखिएको विषय; अश्वशुभाशुभपरीक्षा ।

**अश्वस्त–** वि० [सं०] उच्चारणमा सास कम खर्च हुने; अल्पप्राण (क च ट त प, ग ज ड द ब आदि व्यञ्जन) ।

**अश्वायुर्वेद–** ना० [सं०] अश्वचिकित्साशास्त्र; शालिहोत्र; घोडाको उपचारका सम्बन्धमा जानकारी दिने ग्रन्थ ।

**अश्वारोही–** वि० [सं०] घोडचढी; घोडसवार ।

**अश्विनी–** ना० [सं०] १. सत्ताइस नक्षत्रका गणनामा आउने पहिलो नक्षत्र । २. त्वष्टाकी छोरी संज्ञाले सूर्यबाट जोगिनका निम्ति लिएको घोडीको रूप । ३. अङ्गुल, विन्दु, मोक्ष, मात्रा आदिको दुई गुनाबराबरको नाप; कला, कोलक, पद्म, अक्षि आदि बराबरको

नाप । ~ **कुमार–** ना० १. अश्विनीका जम्ल्याहा छोरा (गद र अगद) । २. देवताहरूका वैद्य ।

**अषाढा–** ना० [सं०] अश्विनी आदि सत्ताइस नक्षत्रमध्ये बीसौँ र एक्काइसौँ नक्षत्र (पूर्व+अषाडा = पूर्वाषाडा, उत्तर+अषाडा = उत्तराषाडा) ।

**अष्ट–** ना० [सं०] आठ । – **क–** ना० १. आठ वस्तुको वर्ग वा समूह (जस्तो– हिङ्ग्वष्टक; लवङ्गाष्टक इ०) । २. आठ छन्द, श्लोक आदिको समूह (गफाष्टक, गणेशाष्टक इ०) । – **कुल–** ना० पुराणमा वर्णित सर्पका आठ कुल (शेष, वासुकि, तक्षक, कर्कोटक, पद्म, महापद्म, शङ्खचूड र कुलिक) । – **कुलक–** ना० प्राचीन कालका आठ न्यायकर्तालाई बुझाउने शब्द । – **कुली–** ना० अष्टकुलका सर्पको कुनै एक प्रकार । ~ **चिरञ्जीवी–** ना० प्राचीन कालका धेरै बाँच्ने मानिएका आठ प्रसिद्ध व्यक्ति (मार्कण्डेय, बलि, व्यास, हनुमान्, विभीषण, कृप, परशुराम र अश्वत्थामा) । – **छाप–** ना० गोस्वामी विट्ठलनाथजीले तर्जुमा गरेको सर्वोत्तम पुष्टिमार्गी (सूरदास, कुम्भनदास, परमानन्ददास, कृष्णदास, छीतस्वामी, गोविन्दस्वामी, चतुर्भुजदास र नन्ददास) कविहरूको एउटा वर्ग । – **दल–** ना० १. आठवटा पत्र भएको कमल वा त्यसको आकारको वस्तु । वि० २. आठवटा पात भएको; अष्टपर्ण । – **धातु–** ना० प्रसिद्ध आठ धातु (सुन, चाँदी, तामा, राङ, जस्ता, सिसा, फलाम र पितल) । – **पाद–** वि० १. आठ पाउ हुने; आठखुट्टे । ना० २. माकुरो । ३. सलह । ४. शरभ । ५. अक्टोपस (एक थरी जलचर) । ~ **प्रकृति–** ना० १. हिन्दू राज्यपद्धतिमा राज्यका आठ प्रधान कर्मचारी (सुमन्त्र, पण्डित, मन्त्री, प्रधान, सचिव, अमात्य, प्राड्विवाक र प्रतिनिधि) । २. राज्यका आठ अङ्ग (राजा, राष्ट्र, अमात्य, दुर्ग, बल वा सेना, कोष, सामन्त र प्रजा) । – **भुजा–** वि० १. आठ भुजा वा हात भएकी । ना० २ देवी; दुर्गा ।

**अष्टम–** वि० [सं०] आठौँ ।

**अष्टमण्डप–** ना० [सं०] चामल, मुगी, अदुवाको रस, सिधेनुन, धनियाँ, पिप्ला, हिङ, बेसार र जीरो उचित मात्रामा मिलाई पकाएर कपडछान गरी रोगीलाई खुवाइने पथ्य ।

**अष्टमी–** ना० [सं०] शुक्लपक्ष वा कृष्णपक्षको आठौँ तिथि; चन्द्रमामा आठ कलायुक्त हुने दिन वा तिथि ।

**अष्टमूर्ति–** ना० [सं०] १. महादेव; शिव । २. महादेवका आठ मूर्ति (पृथ्वी, जल, तेज, वायु, आकाश, सूर्य, चन्द्र र यजमान) ।

**अष्टवर्ग–** ना० [सं०] १. आठ औषधीहरूको समूह (जीवक, ऋषभक, मेदा, महामेदा, काकोली, क्षीरकाकोली, ऋद्धि र वृद्धि) । २. हिन्दू राज्यतन्त्रमा राज्यका आठ अङ्ग वा वर्ग (ऋषि, गाउँ-नगर आदि बस्ती, दुर्ग, सेतु, हस्तिबन्धन, खानी, करग्रहण र सैन्यसंस्थापन) । ३. वर्णहरूको आठ वर्ग (अवर्ग, कवर्ग, चवर्ग, टवर्ग, तवर्ग, पवर्ग, यवर्ग र शवर्ग) ।

**अष्टसिद्धि–** ना० [सं०] योगद्वारा प्राप्त गर्न सकिने आठ सिद्धि (अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व) ।

**अष्टसुगन्ध धूप–** ना० [सं०] श्रीखण्ड, रक्तचन्दन, सालधूप, कपूर, केशर, कस्तूरी, अगरु र गोकुलधूप राखेर बनाइएको विशेष प्रकारको धूप; देवदेवीका पूजामा सुगन्धका लागि बालिने उक्त धूप; हानिकारक वायुको असरबाट बच्न बालिने उक्त धूप ।

**अष्टाक्षर/अष्टाक्षरी–** वि० [सं०] १. आठ अक्षर भएको (मन्त्र); अष्टाक्षरी । ना० २. आठ अक्षर भएको दीक्षामन्त्र (वैष्णवको 'ओं नमो नारायणाय' नामक मन्त्र र वल्लभ-सम्प्रदायको 'श्रीकृष्णः शरणं मम' भन्ने मन्त्र) ।

**अष्टाङ्ग–** ना० [सं०] १. योगसाधनका आठ भेद (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि) । २. वैद्यक-चिकित्साका आठ विभाग (शल्य, शालाक्य, कायचिकित्सा, भूतविद्या, कौमारभृत्य, अगदतन्त्र, रसायनतन्त्र र वाजीकरण) । ३. शरीरका आठ अङ्ग (जाँघ, पाउ, हात, छाती, शिर, दृष्टि, वचन र बुद्धि) । ४. सूर्यलाई चढाइने आठ अर्घ्य (जल, दूध, घिउ, मह, दही, रक्तचन्दन, करवीर (कनेर) र कुश) । ~ **मार्ग–** ना० महात्मा बुद्धद्वारा प्रतिपादित आठ मार्ग (सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वाक्, सम्यक् कर्म, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि) ।

**अष्टादश–** ना० [सं०] अठार । ~ **पुराण–** ना० अठार महापुराण (ब्रह्म, पद्म, विष्णु, शिव, भागवत (श्रीमद्भागवत वा देवीभागवत), नारद, मार्कण्डेय, अग्नि, भविष्य, ब्रह्मवैवर्त, लिङ्ग, वराह, स्कन्द, वामन, कूर्म, मत्स्य, गरुड र ब्रह्माण्ड) ।

**अष्टावक्र–** ना० [सं०] १. अङ्ग बाङ्गोटिङ्गो भएका एक अद्वैतवादी ऋषि । २. हात, पाउ आदि अङ्ग धेरै ठाउँमा बाङ्गोटिङ्गो भएको व्यक्ति ।

**असंयत–** वि० [सं०] १. संयम नभएको; नियममा नरहने । २. नबाँधिएको; फुक्का ।

**असंयम–** ना० [सं०] संयमको अभाव; मन, इन्द्रिय आदि आफ्नो वशमा राख्न नसक्ने अवस्था ।

**असंयुक्त–** वि० [सं०] १. संयुक्त नभएको; राम्ररी नगाँसिएको; नजोडिएको ।

**असंयोग–** ना० [सं०] १. संयोगको अभाव । २. मेल वा सम्बन्ध नभएको स्थिति ।

**असंलग्न–** वि० [सं०] १. कुनै दल वा वर्गसँग संलग्न नभएको; कसैका पक्षमा नलाग्ने । २. कुनै राष्ट्रका नीतिमा नलाग्ने वा त्यसको अनुसरण नगर्ने । – **ता–** ना० कुनै पक्षमा पनि सम्बन्ध नराख्ने काम; कुनै राष्ट्रको राजनीतिको अनुसरण नगर्ने नीति । विप० संलग्नता ।

**असंवृत/असंवृत्त–** वि० [सं०] १. नढाकिएको; नछोपिएको; अनावृत । २. खुला भएको; संवृतको विपरीत ।

**असंशय–** वि० [सं०] मनमा संशय नभएको; असन्दिग्ध ।

**असंश्लिष्ट–** वि० [सं०] नटाँसिएको; नजोडिएको; नमिलेको ।

**असंसदीय–** वि० [सं०] १. संसद्को मर्यादाका विरुद्ध । २. संसदीय ढङ्गको नभएको ।

**असंसर्ग–** ना० [सं०] संसर्ग नभएको अवस्था; सम्बन्ध नहुने स्थिति ।
**असंस्कृत–** वि० [सं०] १. संस्कार वा सुधार नभएको; अपरिमार्जित । २. धर्मशास्त्रका अनुसार संस्कार (मुण्डन, व्रतबन्ध आदि) नभएको; व्रात्य । ३. असभ्य; अशिष्ट । ४. व्याकरणको नियममा नमिलेको । ना० ५. अशुद्ध शब्द; अपशब्द । ६. संस्कृतभिन्न भाषा ।
**असक–** वि० [सं० अशक्त] १. अशक्त; निर्धो; कमजोर; दुर्बल । २. अस्वस्थ; रोगी ।
**असक्त–** वि० [सं०] १. विषयभोगमा आसक्त नभएको; विरक्त । २. फलको इच्छा नगर्ने; निष्काम ।
**असगुन–** ना० [सं० अशकुन] खराब वा नराम्रो मानिएको आरम्भिक लक्षण; अशुभ साइत; अमङ्गल; अपसगुन; अपशकुन ।
**असङ्क्रान्ति मास–** ना० [सं०] सङ्क्रान्ति नपरेको महिना; मलमास; अधिकमास ।
**असङ्क्रामक–** ना० [सं०] १. रोग सार्न नसक्ने जीवाणुविशेष । वि० २. नसर्ने (रोग, कीटाणु इ०) ।
**असङ्खे–** वि० [सं० असङ्ख्य] १. असङ्ख्य । क्रि० वि० २. धेरै; प्रशस्त ।
**असङ्ख्य–** वि० [सं०] १. गन्न नसकिने; धेरै; अनगन्ती; असाध्य धेरै । क्रि० वि० २. असङ्खे ।
**असङ्ग–** वि० [सं०] विषयवासना वा सांसारिक प्रपञ्चबाट अलग रहेको; अनासक्त; व्यावहारिक झमेलाबाट पर रहेको ।
**असङ्गत–** वि० [सं०] १. रोहो वा क्रम नमिलेको; कुनै सिलसिला नबसेको; प्रसङ्ग नमिलेको । २. नसुहाउँदो; अशोभनीय । ~ **कोठा–** ना० गणितीय मापनमा दुइटा परस्पर नमिल्ने कोठा । > **असङ्गति–** ना० १. सङ्गतिको अभाव; सिलसिला नमिलेको स्थिति । २. उपयुक्त नहुनाको स्थिति वा अवस्था; अनुपयुक्तता । ३. उचित नभएको स्थिति; अनौचित्य । ४. साहित्यमा कार्य र कारण एकै ठाउँमा रहनुपर्ने कुरा बेग्लाबेग्लै ठाउँमा रहँदा पर्ने एक अलङ्कार ।
**असङ्गम–** वि० [सं०] १. सङ्गम नभएको; मेल नभएको; नमिलेको । ना० २. पार्थक्य; भिन्नता; असामञ्जस्य ।
**असजिलो–** वि० [अ+सजिलो] १.गाह्रो भएको; सजिलो नभएको; अप्ठेरो; गाह्रो । २. नमिलेको; अमिल्दो
**असञ्चय–** ना० [सं०] १. सञ्चयको अभाव; जम्मा नगर्ने काम, अवस्था वा स्थिति । वि० २. सङ्ग्रह नगरेको; सञ्चय नगरेको; नबटुलिएको; जम्मा नभएको ।
**असत्–** वि० [सं०] १. सार वा अस्तित्व नभएको; सत्ताहीन । २. झूटो; असत्य; मिथ्या । ३. बेठीक; अनुचित । > **असती–** वि० पतिव्रता धर्ममा नरहेकी; पतिको सत्‌मा नरहेकी; वेश्या; पुंश्चली । – **कृत–** वि० १. सत्कार वा मानमर्यादा नगरिएको; दुर्व्यवहार गरिएको । २. कुकर्म वा पाप गरिएको । **असत्ता–** ना० सत्ता वा अस्तित्वको अभाव; कुनै वस्तु वा व्यक्तिको अनुपस्थिति ।
**असत्ती–** वि० [सं० असत्य] १.साँचो व्यवहार नगर्ने; पेटमा राम नभएको; दुष्ट स्वभावको; दुराचारी । २. इमान-जमान नभएको; कपटी ।
**असत्य–** ना० [सं०] १. सत्यता नहुनाको भाव वा स्थिति । वि० २. सत्यता नभएको; झूटो । – **ता–** ना० सत्यताको अभाव; झूटोपना । – **वादी–** वि० असत्य वा झूटो बोल्ने; मिथ्यावादी; फटचाइँ कुरा गर्ने वा बोल्ने ।
**असदृश–** वि० [सं०] १. सदृश वा समान नभएको; त्यस्तै नदेखिने; असमान । २. अयोग्य; अनुचित । ३. अमिल्दो गुण भएको ।
**असद्भाव–** ना० [सं०] १. राम्रो भावना नहुनाको भाव वा स्थिति; खराब वा नराम्रो भावना; सद्भाव नभएको स्थिति । २. अस्तित्वको अभाव; कुनै वस्तु नभएको स्थिति; अनुपस्थिति ।
**असना–** ना० [सं० अशना] साजको बोट; एक जातको साल ।
**असन्तुलन–** ना० [सं०] १. सन्तुलनको अभाव; सन्तुलन नहुनाको स्थिति । २. बराबर नभएको स्थिति; घटीबढी ।
**असन्तुलित–** वि० [सं०] १. सन्तुलन नभएको; कमबेसी भएको; बराबरी नभएको । २. सन्तुलन नभएको वा नगरिएको; बराबरी नगरिएको; घटबढ भएको ।
**असन्तुष्ट–** वि० [सं०] १. सन्तुष्ट नभएको; मन नअघाएको । २. अतृप्त । ३. खुसी नभएको; अप्रसन्न ।
**असन्तोक–** ना० [सं० असन्तोष] १. सन्तोषको अभाव; असन्तोष । २. अप्रसन्नता; बेखुसी । > **असन्तोकी–** वि० सन्तोष नहुने वा नमान्ने; कहिल्यै नअघाउने; अतृप्त ।
**असन्तोष–** ना० [सं०] हे० असन्तोक । > **असन्तोषी–** वि० असन्तोकी ।
**असन्दिग्ध–** वि० [सं०] सन्देह नभएको; मनमा धुकचुक नभएको; निश्चिन्त ।
**असपट्ट–** क्रि० वि० उकुसमुकुस; आलसतालस; असरट्ठ; असमट्ट ।
**असफल–** वि० [सं०] १. सफल नभएको; कार्यसिद्धि नभएको । २. फेल भएको (जाँच आदिमा); अनुत्तीर्ण । – **ता–** ना० सफल नहुनाको भाव वा स्थिति; विफलता ।
**असबल्ले–** वि० [असबल्ल+ए] १. उर्लेर आएको; सँभालिनसक्नु भएको; असमल्ले (बाढी, भेल इ०) । क्रि०वि० २. बाढी, भेल आदि; अत्यन्तै उर्लिएर; सँभालिन नसक्ने गरी; असमल्ले ।
**असबाब–** ना० [अ०] १. मालमत्ता; सरसामान; खाद्यसामग्री । २. हतियार । – **खाना–** ना० लडाइँका सरसामान राख्ने ठाउँ; हातहतियार राख्ने ठाउँ, शस्त्रागार । ४. मालसामान जम्मा गरी राख्ने ठाउँ; गोदाम ।
**असभ्य–** वि० [सं०] १. सभ्य नभएको; राम्रो व्यवहार गर्न नजान्ने । २. गँवार; पाखे; कोर्काली; पार्कोटे; कुनाली; जङ्गली । – **ता–** ना० सभ्यताको अभाव; पाखेपन; ग्वाँजेपन; पार्कोटे चाल ।
**असम१–** वि० [सं०] १. बराबर नभएको; समान नभएको; उस्तै नभएको; असदृश । २. अग्लोहोचो; अड्बेखड्बे; उबडखाबड । ना० ३. एक प्रसिद्ध अर्थालङ्कार ।
**असम२–** ना० [सं० ऐषम] यस वर्ष; यस साल; असौँ ।
**असमञ्जस–** ना० [सं०] १. 'यसो गरूँ कि उसो गरूँ'को स्थिति; दोधारेपन; दुबिधा । २. असजिलो अवस्था । वि० ३. स्पष्ट

नभएको; नबुझिँदो । ४. अनुचित; सङ्गति नमिलेको; असङ्गत ।
**असमट्ट–** क्रि०वि०हे० असपट्ट ।
**असमय–** ना० [सं०] १. कुयाम; कुबेला, बेमौका । २. खराब समय; कुसमय ।
**असमर्थ–** वि० [सं०] १. बल वा शक्ति नभएको; समर्थ नभएको; बर्गतबुताविनाको; असक । २. लायक नभएको; अयोग्य । **– ता–** ना० सामर्थ्य नहुनाको भाव; सामर्थ्यहीनता; दुर्बलता ।
**असमल्ले–** वि०/क्रि०वि०हे० असबल्ले ।
**असमवयस्क–** वि० [सं०] १. घटीबढी उमेर भएका; बराबरी उमेर नभएका (दाजुभाइ, साथी आदि) । २. नयाँ र पुराना वा सानाठूला गरी छासमिस उमेरका (रूख, बिरुवा आदि) ।
**असमान–** वि० [सं०] समान वा बराबर नभएको; चारैतिर बराबर नभएको; विषमाकारको (क्षेत्र, वस्तु आदि); असदृश । **– ता–** ना० समानताको अभाव; बराबरी नहुनाको भाव वा स्थिति ।
**असमापिका–** ना० [सं०] वाक्यका अर्थको समापन नहुने क्रियाको व्यापार । ~ **क्रिया–** ना० वाक्यार्थको समापन गर्न नसक्ने खालको क्रिया (गरी, गरेर, गर्न, गर्दा इ०) ।
**असमाप्त–** वि० [सं०] समाप्त नभएको; काम-कुरो नसिद्धिएको; टुङ्गो नलागेको; अपूर्ण । > **असमाप्ति–** ना० समाप्तिको अभाव; नसिद्धिएको स्थिति; अपूर्णता ।
**असमायोजन–** ना० [सं०] खास वातावरण वा स्थितिमा अनुकूलित हुन नसकेको वा नसक्ने अवस्था ।
**असम्पर्कित–** वि० [सं०] सम्पर्क नभएको वा नगराइएको । ~ **स्वर–** ना० स्वरसँग सम्बद्ध नभई व्यञ्जनसँगै सम्बद्ध रहेको स्वर (जस्तो– ज्+अ+त्+अ +न्+अ = जतन) ।
**असम्प्रज्ञात–** वि० [सं०] राम्ररी नजानिएको; अज्ञात । ~ **समाधि–** ना० ज्ञाता, ज्ञेय र ज्ञानको भेद नरहने खालको अन्तिम चरणको समाधि; निर्विकल्प समाधि ।
**असम्बद्ध–** वि० [सं०] १. सम्बन्ध नभएको; असम्बन्धित; नमिलेको; असङ्गत । २. नबाँधिएको; बन्धनमा नपरेको । **– ता–** ना० असम्बद्ध हुनाको भाव वा स्थिति ।
**असम्भव–** वि० [सं०] सम्भव नभएको; हुनै नसक्ने ।
**असम्भार–** वि० [सं०] १. भत्कनबिग्रनबाट सम्भार गर्न नसकिने; समेट्न नसकिने । २. धेरै; असाध्य; ज्यादा ।
**असम्भावना–** ना० [सं०] सम्भावनाको अभाव; हुन नसक्ने स्थिति वा अवस्था; सम्भावनाहीनता ।
**असम्भावित–** वि० [सं०] सम्भावना नभएको; हुन नसक्ने अवस्थाको; असम्भव भएको ।
**असम्भाव्य–** वि० [सं०] सम्भाव्य नभएको; हुनै नसक्ने अवस्थाको ।
**असम्भ्रम–** वि० [सं०] १. सम्भ्रम नभएको; हडबड नगर्ने; शान्त । ना० २. धैर्य; शान्त अवस्था वा स्थिति ।
**असम्मत–** वि० [सं०] १. सम्मतिमा नआएको; समान विचार नभएको; मतो नमिलेको; बेराजी । २. स्वीकार नगरिएको; नामन्जुर; मन्जुर नगरिएको ।
**असम्मति–** ना० [सं०] सम्मतिको अभाव; कुनै कुरामा सम्मत नभएको स्थिति वा अवस्था; समान विचार नहुनाको भाव वा अवस्था ।
**असम्मान–** ना० [सं०] सम्मानको अभाव; निरादर; अनादर; हेलाँ ।
**असर–** ना० [अ०] १. कुनै व्यक्ति वा वस्तुमा परेको अर्काको प्रभाव; छाप; ढप । २. प्रतिक्रिया ।
**असरल्ल–** क्रि० वि० १. लथालिङ्ग; अलपत्र; भताभुङ्ग । वि० समालिन नसक्ने अवस्थाको । > **असरल्ले–** वि० असरल्ल परेको; अलपत्रे ।
**असर्द–** वि० [√ असर्दो] नछुने भएकी; रजस्वला; ऋतुमती ।
**असर्दो–** वि० [अ+सर्दो] १. सर्दो नभएको; मनले नखाएको; मन नपर्ने । २. पाइक नपर्ने; अनुकूल नपर्ने । ना० ३. गर्ज; हर्जा; खाँचो; आवश्यकता । ४. नारीको दोजिया भएको अवस्था; गर्भिणी अवस्था ।
**असर्फी–** ना० [फा० अशरफी] पुरानो समयको एक प्रकारको सुवर्णमुद्रा; सुनको मोहर वा रुपियाँ; गिन्नी । ~ **फूल–** ना० गाढा पहेँलो र थेप्चो आकारको फूलविशेष ।
**असल–** वि० [अ०] १. राम्रो; वेस; बढिया; उम्दा; उत्तम । २. मिसावट नभएको; शुद्ध । ३. उच्च; श्रेष्ठ; उत्कृष्ट । > **असला–** ना० असल जातको माछो; हिमाली खोला एवं नदीमा हुने सेतो र टल्कने ससानो खालको माछो । **असलियत–** ना० १. यथार्थता; वास्तविकता; सत्यता । २. मूल तत्त्व; सार ।
**असवर्ण–** वि० [सं०] समान वर्ण नभएको; भिन्न वर्णको; बेग्लै जातको; वर्णव्यवस्थादेखि बाहिरको ।
**असहन–** वि० [सं०] सहन नसक्ने; नसहने स्वभावको; असहिष्णु । > **असहनीय–** वि० सहन नसकिने; असह्य; सहन नहुने ।
**असहमत–** वि० [सं०] सहमत नभएको; नामन्जुर । > **असहमति–** ना० सहमतिको अभाव; एउटाका विचारमा अर्काको रुचि नहुने क्रिया वा गुण; विरोध; समान विचार आदिको अभाव ।
**असहयोग–** ना० [सं०] सहयोगको अभाव; असहायता; सहयोगहीनता; सहयोग नगर्नाको स्थिति । **– वाद–** ना० असहयोगद्वारा सरकारलाई प्रभाव पार्ने सिद्धान्त; सरकारलाई सहयोग नगर्ने सिद्धान्त । **– वादी–** वि० असहयोगवादलाई मान्ने; असहयोगवादको अनुयायी । > **असहयोगी–** वि० सहयोग नगर्ने ।
**असहाय–** वि० [सं०] साथ दिने व्यक्ति वा सहायक नभएको; मद्दत गर्ने कोही नभएको; निस्सहाय; एक्लो; नागो ।
**असहिष्णु–** वि० [सं०] सहन गर्न नसक्ने; असहनशील । **– ता–** ना० सहिष्णु नहुनाको भाव वा अवस्था ।
**असह्य–** वि० [सं०] सहन नसकिने; असहनीय ।
**असांसद–** वि० [सं०] संसद्को अनुसार वा अनुकूल नभएको; संसद्का मर्यादाको विपरीत ।
**असांसारिक–** वि० [सं०] १. संसारसँग असम्बन्धित; यस लोकमा नमिल्ने । २. परलोकसँग सम्बन्धित; आध्यात्मिक; अभौतिक ।
**असाक्षिक–** वि० [सं०] साछी नभएको वा नबसेको; गवाही नभएको; साछीविनाको ।
**असाद्धे–** वि० [सं० असाध्य] ज्यादा; धेरै; ज्यास्ति; अति; बेगिन्ती;

अनगिन्ती ।

**असाधारण–** वि० [सं०] १. साधारण नभएको; सामान्यभन्दा भिन्न; विशिष्ट । २. अनौठो; विलक्षण; अपूर्व । **– ता–** ना० साधारणताको अभाव; असामान्यता । ~ **बिदा–** ना० सरकारी वा अरू कर्मचारीले सबै किसिमका बिदा भुक्तान गरिसकेपछि फेरि चाहिएमा विशेष रूपले पाउने बेतलबी बिदा ।

**असाध्य–** वि० [सं०] १. साध्य नभएको; जति उपाय गरे पनि पार नलाग्ने; उपाय नलाग्ने । २. ज्यादा; धेरै; अति । ~ **साधन–** ना० कठिन एवं गाह्रो कार्य सम्पन्न गर्ने वस्तु वा सरसामान ।

**असामयिक–** वि० [सं०] ठीक समयमा नभएको वा नहुने; कुयामको; बेमौकाको; सामान्यत; तोकिएको वा मानिएको अवधि भोग्न नपाएको (जागिर, निधन आदि) । **– ता–** ना० असामयिक हुनाको भाव वा स्थिति; सामयिकताको अभाव ।

**असामर्थ्य–** ना० [सं०] सामर्थ्यको अभाव; कुनै काम गर्नाको निम्ति चाहिने शक्ति वा गुणको अभाव; अशक्तता ।

**असामान्य–** वि० [सं०] १. सामान्य नभएको; असाधारण । २. विलक्षण; अपूर्व । **– ता–** ना० असाधारणता ।

**असामी–** ना० [अ० आसामी] १. साहूसित रिन लिने मानिस; कर्जा लिने मानिस; कर्जदार । २. रिन लिने-दिने काम । ३. स्याहा, स्रेस्ता, लेख आदिमा महल छुट्ट्याई तल लेखिने कलम ।

**असाम्प्रदायिक–** वि० [सं०] १. कुनै सम्प्रदाय विशेषसित सम्बन्ध नराख्ने वा नभएको; सम्प्रदाय नमान्ने । २. परम्पराविरुद्ध; रूढिविरुद्ध ।

**असार१–** वि० [सं०] १. सार नभएको; निस्सार; गुदी नभएको; खोक्रो । २. खाली; शून्य; रित्तो । ३. तुच्छ; तल्लो खालको; क्षुद्र ।

**असार२–** ना० [सं० आषाढ] विक्रम संवत्अनुसार वैशाख महिनादेखि गन्दै जाँदा आउने तेस्रो महिना; जेठपछि र साउनभन्दा पहिले आउने महिना; आषाढ । **– पन्ध्र–** ना० १. असार महिनाको पन्ध्र गते; सो दिनमा पर्ने किसानहरूको दही-चिउरा खाने चाड । २. रोपाइँको चापाचाप । ३. मध्य असार; खेतीपातीका कामको बीच समय । > **असारे–** वि० १. असार महिनाको; असार महिनासँग सम्बन्धित । ना० २. असार महिनामा विभिन्न रङमा फुल्ने एक प्रकारको फूल । ३. असार महिनामा धानको रोपाइँ गर्दा गाइने एक प्रकारको लोकगीत ।

**असावधान–** वि० [सं०] सावधान नभएको; होसियार नभएको; लापर्बाही गर्ने; सतर्क नभएको । > **असावधानी–** ना० सावधानहीनता; बेहोसीपन ।

**असि–** ना० [सं०] लामो खड्ग; तरबार । **– असि जीवी–** वि० तरबार चलाएर निर्वाह गर्ने; हतियार चलाएर जीविका चलाउने; सैनिक ।

**असिऔँ–** वि० [असी + औँ] असी सङ्ख्यामा पर्ने; असी सङ्ख्याको ।

**असित–** वि० [सं०] १. कालो वर्णको; कालो रङको; कृष्ण वर्णको । २. खराब; कमसल ।

**असिद्ध–** वि० [सं०] १. सिद्ध नभएको; अप्रामाणिक । २. अपूरो; अपूर्ण । ३. निष्फल; विफल; असफल । > **असिद्धि–** ना० १. सिद्ध नहुने स्थिति वा अवस्था; अपूर्णता । २. सोमत नभएको व्यक्ति; बिसिद्धि । ३. छुक नभएको मानिस; बिछुकी ।

**असिनपसिन–** क्रि० वि० [(द्वि०) पसिना] धपेडी र पसिनाले भिज्ने गरी; सकी-नसकी परिश्रम गर्दागर्दै; तरबर ।

**असिना–** ना० [सं० अश्मन्] पानी पर्दा झर्ने गुच्चा, केराउ, आलु आदिका आकारका बरफका डल्ला । ~ **पानी–** ना० असिना र पानी ।

**असिनु–** ना० [√ असिना] असिनाको डल्लो ।

**असिने–** वि० [असिना+ए] असिनासम्बन्धी; असिनाको । ~ **पाथी–** ना० मन्त्रद्वारा असिनाको मेहरो तर्काउने विधि गर्ने प्रायः लामालाई दिइने अन्न ।

**असियौँ–** वि० [सं० असी+यौँ] असी सङ्ख्यामा पर्ने; असी सङ्ख्याको ।

**असी–** वि० [सं० अशीति] १. उनासी र एकको योगसङ्ख्याको । ना० २. उनासी र एकको योगबाट बन्ने अङ्क; ८०-को अङ्क ।

**असीऔँ/असीयौँ–** वि० हे० असिऔँ ।

**असीम–** वि० [सं०] १. सीमा नभएको; हदबन्दी नभएको; बेहदको । २. ज्यादा; अपार । ३. कुनै कुराले पनि आँक्न नसकिने ।

**असीमित–** वि० [सं०] १. सीमारहित; सीमित नभएको; हदबन्दी नतोकिएको । २. अपार; ज्यादा ।

**असुद्धी–** वि० १. चेतना कम भएको; बेसुद्धी । २. बेहोसी; हुस्सू ।

**असुन्दर–** वि० [सं०] १. सुन्दर नभएको; नराम्रो; हिसी नपरेको; छाँटकाँट नमिलेको; भद्दा । २. वाच्यार्थभन्दा पनि कम चमत्कार दिने अर्थ बुझाउने गुणीभूत व्यङ्ग्यको एक भेद ।

**असुबिस्ता–** ना० [सं० असुविधा] सुबिस्ताको अभाव; असुविधा ।

**असुभो–** वि० [सं० अशुभ] १. अशुभ । ना० २. शुभ वा असल नहुने स्थिति; अफाप ।

**असुर–** ना० [सं०] १. दैत्य; दानव; राक्षस । २. नीच वा हिंस्रक प्रवृत्तिको मानिस । ३. रात; निशा । ४. पृथ्वी । ५. सूर्य । ६. बादल । ७. राहु ।

**असुरक्षा–** ना० [सं०] सुरक्षाको अभाव; सुरक्षा नहुने स्थिति वा अवस्था । > **असुरक्षित–** वि० सुरक्षित नभएको; सुरक्षाको अभाव भएको; असंरक्षित; सुरक्षा नगरिएको वा नभएको ।

**असुरविद्या–** ना० [सं०] माया; आसुरी विद्या ।

**असुरविवाह–** ना० [सं०] वर वा वरपक्षकाले कन्याका माइती वा संरक्षकलाई धन दिएर गरिने बिहे; आसुर विवाह ।

**असुरो–** ना० [सं० अटरुष] बाघको मुखजस्तो, सेतो फूल फुल्ने र हरिया पात हुने एक प्रकारको बुटो ।

**असुल–** ना० [अ० वसूल] १. कहीँबाट लिनु वा उठाउनुपर्ने नगद वा जिन्सी आफ्नो हातमा पार्ने काम; चुक्ता गर्ने काम । २. दाखिला गर्ने काम । ~ **उपर–** ना० १. लगाइएको रुपियाँपैसा आफ्नो हात पार्ने काम । २. मोही आदिबाट बालीनाली उठतीपुठती गर्ने काम । ~ **तहसिल–** ना० लिनुपर्ने रुपियाँ-पैसा, बालीनाली आदि उठाउने काम; उठतीपुठती । > **असुली–** ना० असुल;

असुल्ने, उठाउने वा उपर गर्ने काम ।

**असुविधा–** ना० [सं०] सुविधाको अभाव; कुनै काममा अप्ठ्यारो पर्ने वा पार्ने स्थिति ।

**असैनिक–** वि० [सं०] १. सेनाबाहेकको; सेनासित सम्बन्ध नभएको; सेना नभएको; सेनारहित; सेनाभिन्न । २. निजामतीसम्बन्धी । > **असैनिकीकरण–** ना० कुनै स्थान वा क्षेत्रलाई सेनारहित पार्ने क्रिया वा प्रक्रिया ।

**असोज–** ना० [सं० आश्विन] विक्रम संवत्को छैटौँ महिना; कात्तिकभन्दा पहिले र भदौपछि आउने महिना; आश्विन । > **असोजे–** वि० असोजको; असोजसम्बन्धी; असोज महिनासित सम्बन्ध राख्ने ।

**असोमतिलो–** वि० [अ+सोमत+इलो] सोमत नभएको; असभ्य; गँवार; कोर्काली; काँठे; बेसोमतिलो ।

**असौँ–** क्रि० वि० [सं० ऐषम] यस पालि; यो वर्ष; यस पटक; चालू वर्ष ।

**असौ–** ना० [सं० अशोक] अशोक नाउँ गरेको वृक्ष; अशोक वृक्ष ।

**असौज–** ना० [√ असोज] असोज; आश्विन ।

**असौजे–** वि० [असौज+ए] असोज महिनासँग सम्बन्धित; असौजको । ~ **चरो–** ना० असोज महिनामा तोरीबारीहुँदो चर्दै हिँड्ने एक जातको सानो चरो; तोरीचरो; चुइँया ।

**असौम्य–** वि० [सं०] सौम्य नभएको; बेछाँटको; नराम्रो; भद्दा ।

**असौष्ठव–** ना० [सं०] नराम्रोपना; भद्दापन; कुरूपता ।

**अस्खलित–** वि० [सं०] नखसेको; पतन नभएको; नहल्लिएको; स्थिर; नचल्ने ।

**अस्ट्रिज–** ना० [अङ्०] लामो चुच्चो, डल्लो जीउ र लामो खुट्टा हुने, चाँडो दौडन सक्ने तर टाउकामा जिङ्ग्रिङ्ङ परेका प्वाँख भएको अस्ट्रेलिया र न्युजिल्यान्डमा पाइने चरो ।

**अस्ट्रेलिया–** ना० [अङ्०] पृथ्वीका छ महाद्वीपमध्ये सबभन्दा सानो महाद्वीप; पूर्वी गोलार्धमा रहेको एक महाद्वीप ।

**अस्त–** वि० [सं०] १. क्षितिजभन्दा तल गएको; डुबेको (सूर्य, चन्द्र आदि) । २. लुकेको; छिपेको । ३. नदेखिएको; अदृश्य । ४. नष्ट; विनष्ट; ध्वस्त । ना० ५. नदेखिने वा अस्त हुने क्रिया । ६. मृत्यु; मरण ।

**अस्तबल–** ना० [अ०] घोडा बाँधेर राख्ने ठाउँ; तबेला; अश्वशाला । – **खाना–** ना० अस्तबल ।

**अस्तर–** ना० [फा०] सिरक; डसना, दोलाइँ आदिको कपास राखी तगिने कपडा; लुगा सिलाउँदा जोर्नीमा हालिने पेटीको कपडा; कोटभित्र बक्रम अड्याउन सिइने कपडा ।

**अस्तव्यस्त–** वि० [सं०] १. लथालिङ्ग परेको; छ्यान्नब्यान्न भएको; अलपत्र परेको । २. रोग, चिन्ता, हैरानी इत्यादिले छटपटाएको; खटपटिएको; आकुलव्याकुल । ३. अशान्त अवस्थामा परेको ।

**अस्ताइ–** ना० √ अस्ताउ (+आइ)] अस्ताउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **अस्ताइनु–** अ० क्रि० अस्ताउने होइनु; विलुप्त होइनु; नदेखिने होइनु ।

**अस्ताउ-नु–** अ० क्रि० [सं० अस्त+आउ+नु] १. पश्चिमपट्टिको क्षितिजमा सूर्य डुब्नु; अस्ताचलको पछाडि सूर्य नदेखिने हुनु; घाम डुब्नु । २. अस्त हुनु । ३. लुक्नु; छिप्नु; गायब हुनु; अलप हुनु । ४. ग्रह, नक्षत्र आदि नदेखिने हुनु ।

**अस्ताचल–** ना० [सं०] पश्चिम दिशापट्टि सूर्य अस्त हुने पर्वत; पश्चिमाचल ।

**अस्ति१–** ना० [सं०] भाव; सत्ता; विद्यमानता; हुनुको सत्त्व; रहनुको भाव । (उदा०– भन्ने बेलामा भने अस्ति-अस्ति, दिने बेलामा चाहिँ नास्ति-नास्ति) ।

**अस्ति२–** क्रि० वि० [सं० आसीत्] १. हिजोभन्दा एक दिनअगाडि; दुई दिनपहिले । २. दुई वा दुईभन्दा धेरै दिन पहिले; केही दिनअघि । – **अस्ति–** क्रि० वि० बितेका दिनहरूमा; दुई वा दुईभन्दा पहिलेका दिनहरूमा; दुई वा धेरै दिनपहिले ।

**अस्तित्व–** ना० [सं०] कुनै वस्तुको हुनाको भाव वा अवस्था; सत्ता; विद्यमानता । – **वाद–** ना० जगत् र जीवनको विसङ्गतिको बोध गर्दै व्यक्तिको स्वतन्त्र निर्णय र वरण तथा उत्तरदायित्वलाई सकार्ने अनि मनुष्यजीवनको अस्तित्वमाथि चिन्तन गर्ने र उसको जन्म, मृत्यु, कुण्ठा, सन्त्रास आदिमा सही अर्थ खोज्ने दार्शनिक वा साहित्यिक मान्यता; मानिसलाई स्वतन्त्र प्राणीका रूपमा हेर्दै अस्तित्वलाई तत्त्वको पूर्वगामीका रूपमा सकार्ने, द्वितीय विश्वयुद्धपछि बढी प्रचारित एक साहित्यिक वाद वा सिद्धान्त ।

**अस्तु१–** अव्य० [सं०] १. कुनै कामकुराका प्रसङ्गमा आउने स्वीकृतिसूचक शब्द; होस् । २. जे जस्तो छ त्यही रहोस् । ३. ठीक; राम्रो; बेस ।

**अस्तु२–** ना० [सं० अस्थि] दाहसंस्कार गरिसकेपछि नदीमा सेलाउन झिकिने लासको हाड, खरानी आदि; मृत व्यक्तिको खप्परका अगाडिको हाडको टुक्रो ।

**अस्तुरा–** ना० [फा० उस्तुरा] रौँ खौरने धारिलो छुरा ।

**अस्तेय–** ना० [सं०] १. चोरी नगर्ने काम; नचोर्ने काम, गुण वा आचरण । २. दस मानवधर्ममध्ये एक । ३. बौद्ध धर्मानुसारको पञ्चशीलमध्ये एक ।

**अस्त्र–** ना० [सं०] १. फ्याँकेर प्रहार गरिने हतियार; क्षेप्यास्त्र (भाला, बाण आदि) । २. मन्त्रबलद्वारा प्रयोग गरिने हतियार; दिव्यास्त्र । ३. शत्रुबाट प्रहार गरिएको हतियार रोक्ने ढाल आदि । ४. चिकित्सकले चिरफार गर्ने हतियार । ~ **चिकित्सक–** ना० शारीरिक उपचारका लागि चिरफार गर्ने व्यक्ति वा चिकित्सक; शल्यचिकित्सक । ~ **चिकित्सा–** ना० अस्त्रद्वारा गरिने उपचार; शल्यचिकित्सा । ~ **विज्ञान–** ना० शस्त्र वा हतियार बनाउन र प्रयोग गर्न सिकाउने विज्ञान; अस्त्रविद्या । ~ **विद्या–** ना० १. अस्त्र चलाउन सिकाउने विद्या; हतियार चलाउने विद्या । २. धनुर्विद्या । – **शाला–** ना० १. अस्त्रशस्त्र राख्ने ठाउँ; शस्त्रागार; असबाबखाना । २. तोपखाना । > **अस्त्रागार–** ना० १. हातहतियारहरू राख्ने भँडार; अस्त्रशाला; असबाबखाना । २. तोपखाना ।

**अस्थान**– ना० [सं०] ठाउँमा नपरेको स्थिति वा अवस्था । – **पदता**– ना० पद ठाउँमा नपर्दा हुने एक प्रकारको काव्यदोष । – **समासता**– ना० समास नहुनुपर्ने ठाउँमा समास हुँदा हुने एक प्रकारको काव्यदोष ।

**अस्थायित्व**– ना० [सं०] स्थायी नहुनाको स्थिति वा भाव; अस्थायी हुने काम ।

**अस्थायी**– वि० [सं०] १. स्थायी नभएको; धेरै समय नटिक्ने । २. थोरै समयको; म्यादी । ~ **पद**– ना० १. म्याद वा अवधि तोकिएको कुनै पद; यति समयसम्म मात्र रहने भनी तोकिएको जागिरको दर्जा । २. म्यादी नोकरी वा दर्जा । ~ **सन्धि**– ना० म्यादी सन्धि; दुई देश वा अनेक देशहरूका बीचमा कुनै विषयलाई लिएर भएको सावधिक सन्धि ।

**अस्थि**– ना० [सं०] हाड; हाडखोर; हड्डी । – **कला**– ना० हाडमा कुँदिएको कालिगडी; अस्थिशिल्प । – **क्षय**– ना० तरुण अवस्थामा लाग्ने हाडको क्षयरोग । – **छेदक**– ना० शरीरका हाड काट्ने साधन वा उपकरण । – **पञ्जर**– ना० १. हाडैहाडको शरीरको पिँजरा; अस्थिमय शरीरको आकार; कङ्काल । २. दुब्लाएर हाड मात्र बाँकी रहेको शरीरको अवस्था ।

**अस्थिर**– वि० [सं०] १. स्थिर नभएको; चकचके; चञ्चल स्वभावको । २. अदलबदल भइरहने; अनिश्चित । – **ता**– ना० स्थिर नहुनाको भाव वा प्रक्रिया; चञ्चलता ।

**अस्थिशोथ**– ना० [सं०] १. हाडको सुज । २. हाड सुनिने एक प्रकारको रोग ।

**अस्थिसंहार**/**अस्थिसंहारक**– ना० [सं०] हे० हडचूर ।

**अस्थिसञ्चय**– ना० [सं०] १. शवदाह गरिसकेपछि कुनै पवित्र नदी वा पुण्य तीर्थमा प्रवाहित गर्नाका निम्ति हाड, खरानी आदि जम्मा गर्ने काम । २. हाडको थुप्रो वा रास । – **श्राद्ध**– ना० शवदाह गरेका तेस्रो वा पाँचौँ दिनमा गरिने प्रेतश्राद्ध ।

**अस्थिसार**– ना० [सं०] शरीरका लामालामा हाडको भित्री भागमा रहने नरम तन्तु वा रेसा; मासी ।

**अस्पट**– क्रि० वि० [सं० अस्+पट (जानु)] १. छटपट; खटपट; उकुसमुकुस । ना० २. साधारणभन्दा धेरै खानाले पेटमा हुने असजिलोपन । > **अस्पटाइ**– ना० अस्पटाउने भाव, क्रिया वा प्रक्रिया । **अस्पटाइनु**– अ० क्रि० अस्पटाउने काम होइनु; छटपटिनु । अ० क्रि० **अस्पटाउनु**– १. अस्पट हुनु; बेचैन हुनु; छटपटाउनु । २. अप्ठेरो वा गाह्रो हुनु । **अस्पटिनु**– अ० क्रि० अस्पट हुनु; छटपटिनु । **अस्पटी**– ना० हे० अस्पट; छटपटी । **अस्पटे**– वि० धेरै खाएर अस्पटाउने; छटपटिने । **अस्पट्ट**– क्रि० वि० १. पेट दुख्ने गरी धेर खाएर । २. असजिलो हुने गरी । **अस्पटचाइँ**– ना० अस्पट हुनाको भाव वा ढब । **अस्पटचाइ**– ना० अस्पटिने भाव, क्रिया वा प्रक्रिया । **अस्पटचाइनु**– क० क्रि० अस्पटिन लाइनु । **अस्पटचाउनु**– प्रे० क्रि० अस्पटिन लाउनु ।

**अस्पताल**– ना० [अङ्० हस्पिटल] रोगीको औषधी-उपचार गर्ने सार्वजनिक घर वा ठाउँ; चिकित्सालय; औषधालय ।

**अस्पर्श**– ना० [सं०] स्पर्शको अभाव; छुन नमिल्ने वा नछोइने स्थिति ।

**अस्पष्ट**– वि० [सं०] १. स्पष्ट नभएको; छचाङ्ङ नखुलेको । २. धमिलो; घुमैलो । ३. नबुझिने; सन्दिग्ध ।

**अस्पृश्य**– वि० [सं०] १. छुन-समात्न नहुने; कुनै रोगव्याध आदिका कारणले स्पर्श गर्न नहुने । २. अछूत । – **ता**– ना० अस्पृश्य हुनाको स्थिति वा परिस्थिति; छुन नहुनाको भाव वा अवस्था ।

**अस्पृह**– वि० [सं०] इच्छा वा चाहना नभएको; लोभ नगर्ने; निर्लोभी; निष्काम ।

**अस्फुट**– वि० [सं०] १. स्पष्ट नभएको; नबुझिने; अस्पष्ट । २. प्रकट नभएको; अप्रकट ।

**अस्मान**– ना० [फा० आस्मान] धेरै माथिको ठाउँ; आकाश; नभ; टुप्पो । > **अस्मानी**– ना० १. आकाशको जस्तो फिक्का नीलो रङ; अकासे रङ । २. प्राचीन कालमा पश्चिम नेपालको पहाडी भेगमा घरको धुरी नै पिच्छे लाग्ने एक प्रकारको तिरो वा रकम । वि० ३. अकासे रङको; आकाशको जस्तो रङ हुने । ४. आस्मान वा आकाशसम्बन्धी ।

**अस्मिता**– ना० [सं०] १. अहम्‌को भाव; अभिमान; अहङ्कार । २. अस्तित्व; विद्यमानता । ३. योगशास्त्रका पाँच क्लेशमध्ये एक ।

**अस्मेल**– वि० [असम्हाल] ज्यादै ठूलो; अलबल्ले; सँभाल्नै नसकिने (जरो, बाढी आदि) ।

**अस्योल**– ना० [फ्रा०] फ्रान्सको सेन्ट अस्योल भन्ने ठाउँमा पाइएको, प्राचीन मानवले प्रयोग गरेको उपकरण; सोही ठाउँमा पाइएको मानवीय जीवाश्म । ~ **मानव**– ना० चेलियन वा एब्बेविलियन मानवभन्दा पछिको मानव; फ्रान्सको सेन्ट अस्योल-नामक स्थानमा सबभन्दा पहिले पाइएको मानव; यस्ता मानवसित लक्षण मिल्ने संसारको जुनसुकै ठाउँमा पाइएको मानव ।

**अस्वस्थ**– वि० [सं०] १. स्वस्थ नभएको; बिरामी; रोगी; मदौरु; चिन्तित । २. दुर्बल; निर्बल; कमजोर । – **ता**– ना० अस्वस्थ हुनाको भाव वा अवस्था ।

**अस्वाभाविक**– वि० [सं०] १. स्वाभाविक नभएको; अप्राकृतिक; हुनुपर्ने जस्तो नभएको । २. बनावटी; कृत्रिम । – **ता**– ना० स्वाभाविक नहुनाको भाव वा अवस्था; अप्राकृतिक स्थिति ।

**अस्वामिक**– वि० [सं०] मालिक वा हकवाला कोही नभएको; बेवारिसी (मालमत्ता, जग्गा आदि) । – **ता**– ना० मालधनी वा हकवाला नहुनाको भाव; बेवारिसी ।

**अस्वास्थ्य**– ना० [सं०] स्वास्थ्य ठीक नहुनाको भाव वा स्थिति; शारीरिक वा मानसिक विकृतिले ग्रस्त अवस्था ।

**अस्वीकरण**– ना० [सं०] स्वीकार नगर्ने क्रियाप्रक्रिया वा गुण; अस्वीकार ।

**अस्वीकार**– ना० [सं०] १. स्वीकार नगर्ने क्रिया वा भाव; नामन्जुरी; बेमन्जुरी । २. असहमति; मन्जुर नगर्ने काम ।

**अस्वीकृत**– वि० [सं०] स्वीकार नगरिएको; नामन्जुर ।

**अस्वीकृति**– ना० [सं०] अस्वीकार; नामन्जुरी; बेमन्जुरी ।

**अस्वेरु–** ना० लगभग ७.२० से० मि० लामो, भेट्नापट्टि सुक्दै गएको, हरिया पात हुने र नीलो फूल फुल्ने नीलै रङको काफलजस्तो फल लाग्ने एक बुटो ।

**अहँ–** वि० बो० स्वरतन्त्री बन्द भई अघोष स्पर्शका रूपमा उच्चारण हुने र ठाडो रूपमा अस्वीकार, इन्कार, निषेध आदि बुझाउने अव्यय । (उदा०– अहँ, ज्यान गए पनि म यो कुरा मान्दिनँ)।

**अह–** ना० [सं० अहन्] १. दिन; दिवस । २. दिनका अधिष्ठाता देवता । ३. विष्णु । ४. सूर्य । ५. प्रायः सङ्ख्यावाची शब्दका पछाडि समास भएर जोडिने शब्द वा उत्तरपद (एकाह, सप्ताह, दशाह इ०) ।

**अहङ्कार–** ना० [सं०]१. आफूलाई सर्वेसर्वा सम्झने क्रिया, भाव वा गुण; अभिमान; घमन्ड; सेखी; मपाइँ, अहमत्याइँ । २. रिस; क्रोध ।>**अहङ्कारी–** वि०१. अहङ्कार गर्ने; अभिमानी; घमन्डी । २. रिसाहा; क्रोधी ।

**अहद–** ना० [अ०] १. सन्धि; सम्झौता; मिलाप । २. निश्चय; ठहर; पक्कापक्की । ३. कबुल; सङ्कल्प; प्रतिज्ञा । – **जाफ्ता–** ना० अरू देशसँगका सन्धिअनुसार बनेका नियमकानुन । – **नामा–** ना०१. दुई सरकारसम्बन्धी सिमाना र अरू व्यवस्था-समेतलाई नियममा राख्ने ऐनकानुन । २. दुई सरकारसम्बन्धी सन्धिपत्र ।

**अहन्ता–** ना० [सं०] अहङ्कार; सेखी; गर्व ।

**अहम्–** सर्व० [सं०]१. म । ना० २. गर्व; अहङ्कार । – **बाज–** वि० अहङ्कारी; घमन्डी । > **अहमत्याइँ–** ना० १. 'मै हुँ' भन्ने भाव; अभिमान । २. गम्क्याहट; मात । **अहम्भाव⁄अहम्मन्यता–** ना० हे० अहङ्कार । – **सबाल–** ना० महत्त्वपूर्ण सबाल वा प्रश्न ।

**अहर्निश–** क्रि० वि० [सं०]१. रातदिन; चौबीसै घण्टा; अहोरात्र; रातोदिन । २. सधैँ; नित्य ।

**अहल्कार–** ना० [फा० अहलकार] घरघरमा चिठीपत्र बाँड्ने हुलाकको सिपाही; हुलाकी; हल्कारा ।

**अहल्या–** वि० [सं०]१. हल नलगाएको वा नजोतेको (जमिन) । ना० २. गौतमकी पत्नी ।

**अहस्तक्षेप–** ना० [सं०] हस्तक्षेपको अभाव, कसैको हस्तक्षेप नभएको स्थिति । ~ **नीति–** ना० अन्तर्राष्ट्रिय सिद्धान्तअनुसार एक देशको भित्री मामला र व्यापार आदिमा अर्को देशले हस्तक्षेप नगर्ने सिद्धान्त ।

**अहह–** वि० बो० [सं०] आश्चर्य, खेद, दुःख, थकाइ, शोक, हर्ष आदि अर्थ बुझाउने अव्यय ।

**अहा–** वि० बो० [सं० अहो] अहो; अहह ।

**अहान–** ना० [सं० आख्यान] आहान ।

**अहार⁄अहारा–** ना० [सं० आहार] आहार ।

**अहार्य–** वि० [सं०] हरण गर्न नहुने वा नसकिने; चोर्न नहुने ।

**अहाल–** ना० आहाल ।

**अहिंसक–** वि० [सं०]१. हिंसा वा मारकाट नगर्ने । २. अर्कालाई पीडा वा नोक्सान हुने काम नगर्ने; शान्तिप्रिय ।

**अहिंसा–** ना० [सं०]१. हिंसाको अभाव; काटमार नगर्ने काम । २. प्राणीमात्रलाई दुःख, पीडा आदि हुने र चित्त दुख्ने आचरण नगर्ने काम । – **वाद–** ना० मारकाट वा हिंसा नगर्ने सिद्धान्त । – **वादी–** वि० अहिंसावादको अनुयायी; अहिंसावादको सिद्धान्त मान्ने; शान्तिप्रिय ।

**अहिंस्रक–** वि० [सं०] हिंसा वा काटमार नगर्ने: अहिंसक ।

**अहित–** ना० [सं०]१. हितको अभाव; कुभलो; अकल्याण; अपकार । २. खराबी; नराम्रोपना ।

**अहिर–** ना० [सं० आभीर] गाईभैँसी पालेर पेट पाल्ने व्यक्ति; ग्वाला ।

**अहिरो–** ना० [सं० आभीर्य] सिकार खेलिने जनावर; सिकार; ऐरो ।

**अहिले–** क्रि० वि० [यो +हिले] १. यस बखत; यति खेर; यही बखतमा । २. आजकाल; अब; हालसाल; हाल । – **घरि–** क्रि० वि० तुरुन्तै; तत्काल ।

**अहेतुक–** वि० [सं०] कारण नभएको; अकारण; मतलब नभएको; बेमतलबको ।

**अहै–** अव्य० [अ+है] आफू समानका साथीसँगीहरूलाई सम्बोधन गर्ने शब्द । (उदा०– अहै, तँ के गर्न लागिस् ?) ।

**अहो–** वि० बो० [सं०] आश्चर्य, विस्मय, प्रशंसा, आनन्द, खेद, शोक आदि बुझाउँदा प्रयोग गरिने अव्यय । (उदा०– अहो, कस्तो जाडो ! अहो, बिचरा साने भीरबाट लडेछ !) ।

**अहोरात्र–** क्रि० वि० [सं०]१. दिन र रात; रातोदिन; दिनरात; रातदिन; दिनहुँ; हरदिन । ना० २. रातदिनको समय; चौबीस घण्टाको समय ।

**अह्राइ–** ना० १. √ अह्राउ (+आइ)] अह्राउने भाव, क्रिया वा प्रक्रिया । [>] **अह्राइनु–** क० क्रि० अह्राउने काम गरिनु; खटाइनु । – **सिकाइ–** ना० अह्राउने र सिकाउने काम ।

**अह्राउ–** ना० [सं० अर्ह्+आउ] अह्राउने काम; खटाउने क्रिया वा प्रक्रिया; अह्रोट ।>**अह्राउनु–** स० क्रि० कसैलाई कुनै काम-कुरो गर्न लगाउनु; आज्ञा दिनु; काममा खटाउनु । – **पह्राउ–** ना० कसैलाई काम गर्नाका निम्ति आज्ञा दिने क्रिया वा प्रक्रिया; खटनपटन; अह्रावट; अह्रोटपह्रोट । **अह्रावट–** ना० अह्राउ; अह्रोट ।

**अह्रोट⁄अह्रौट–** ना० [अह्राउ+ओट⁄औट] अह्राउने काम; आज्ञा; खटन । > **अह्रौटे–** वि० अह्रोटअनुसार गर्ने; खटाएको मान्ने; आज्ञाकारी ।

# आ

**आ**१– देवनागरी वर्णमालाको स्वरवर्णमध्ये दोस्रो स्वरवर्ण; परम्परागत रूपमा कण्ठस्थानबाट उच्चारण हुने दीर्घ स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार केन्द्रीय, पश्च, खुला, अगोलित स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**आ**२– उप० [सं०] अलिकति, सम्म, भर, पूरा, व्याप्ति आदि अर्थ बुझाउन धातु वा शब्दका अगाडि जोडिने उपसर्ग (आरक्त, आमरण, आयोग इ०) ।

**आँ**– अव्य० [अ० मू०] १. मुख फट्टिने वा खुल्ने गरी; मुख बाउने वा खान माग्ने किसिमले । ना० २. बालक रोएको शब्द । **आँ गर्दा अन्सार बुझिन्छ** (उखान) ।

**आँक्-नु**– स० क्रि० [सं० अङ्कन] १. गाह्रो काम गर्ने साहस गर्नु; आँट गर्नु; ह्याउ राख्नु । २. चित्र बनाउनु ।

**आँक**१– ना० [सं० अङ्क] १. आँट; ह्याउ; हिम्मत । २. उखुका आँख्लाको टुसो उम्रने भाग; आँखो ।

**आँक**२– ना० [सं० अर्क] वरका छाँटको, भुवादार, दूध आउने र सेतो वा प्याजी रङको फूल फुल्ने एक बोट; अर्क ।

**आँकडा**– ना० [आँक+डा] कुनै पक्ष वा स्थिति सूचित गर्ने स्थिर अङ्क; तथ्याङ्क ।

**आँकिनु**– क० क्रि० [आँक्+इ+नु] आँक्ने काम गरिनु; आँटिनु ।

**आँकुरी**– ना० [आँकुरो+ई] मसिना पात, ससाना प्याजी रङका फूल र चनाका जस्ता कोसा फल्ने एक जातको घाँस ।

**आँकुरो**– ना० [सं० अङ्कुर] १. रूखका हाँगामा पलाएको टुसो; भर्खर निस्कन लागेको पात; टुसा; मुनु; पिपिरो; चिउलो; अङ्कुर । २. गँहुबारीमा हुने एक प्रकारको लहरे झार; कुटुलीकोसाको बोट । ३. आँकुरी ।

**आँखा**– ना० [आँखोको ब० व० वा ति० रू०] हे० आँखो । **– को नानी**– ना० १. आँखाको पुतली । वि० २. साह्रै मनपर्दो; औधी प्यारो । ~ **चिकुवा**– ना० आँखामा पर्दा पिरो हुने एक प्रकारको कालो रङ्गको सानो कीरो । ~ **छली**– ना० आँखा छलेर खेल्ने केटाकेटीको एक खेल । ~ **तरुवा**– ना० १. बाटुला र ससाना फूल फुल्ने, पाकेपछि पटपटी निस्कँदा आँखा तरेजस्तो देखिने, तेल आउने फल फल्ने सानो रूख; आँखातरे । वि० २. आँखा तरेर हेर्ने काम गर्ने । **– तरे**– ना० आँखातरुवा । **– दार**– वि० आँखा जवानीले लट्ठ परेको; नसादार । (उदा०– जिन्दगीको छिटो थुप्रो आँखादार नसाभरि । लक्ष्मीप्रसाद देवकोटा, 'सुलोचना') । ~ **फोडुवा/फोर**– ना० लामा खुट्टा हुने, झारपातमा बस्ने हरियो रङको लामो कीरो । **– लाग्दो**– वि० मनपर्दो; इच्छालाग्दो ।

**आँखी**– ना० [आँखो + ई] हेर्ने इन्द्रिय; दृष्टि; आँखो । २. ईर्ष्यायुक्त हेराइ; कुदृष्टि । ३. अर्घेलो । ~ **गेडी**– ना० १. आँखाको गेडो; अक्षिगोलक । २. रातीगेडी; लालगेडी । ~ **झ्याल**– ना० गाईका आँखाका बान्कीको वा साना-साना प्वाल भएको झ्याल; गवाक्ष । **– तरे**– ना० हे० आँखातरुवा । ~ **भुइँ**– ना० आँखामाथिको र निधारभन्दा मुनिको डिल र त्यहाँ उम्रने तेर्सो रौँको रेखा । **– भौँ**– ना० आँखीभुइँ ।

**आँखे**– वि० [आँखो + ए] आँखा भएको; आँखा हुने (एकआँखे, दुईआँखे आदि) । ~ **टिमुर**– ना० टिमुरको एक भेद; बोकेटिमुर । ~ **सल्लो**– ना० एक जातको सल्लो ।

**आँखो**– ना० [सं० अक्षि] १. अर्को वस्तु, जीव वा पदार्थका रूपरङ्ग, आकारप्रकार, भेद-विभेद आदिको ज्ञान गर्ने प्राणीको इन्द्रिय; हेर्ने इन्द्रिय; दृष्टि; नयन; नेत्र । २. उखु, बाँस आदिका जोर्नीको गाँठो; रूख आदिको गाँठिएको गिर्खो; आँख्लो । ३. कुदृष्टि; चोखी । ४. पिलोभित्र रगत र पीप जमेको डल्लो वा गिर्खो । वि० ५. सबैभन्दा राम्रो; रोजा; उत्तम ।

**आँख्ले**– वि० [आँख्लो + ए] १. आँख्लैआँख्ला भएको; धेरै आँखा भएको । २. ठूलठूला र बाहिर निस्केका आँखा भएको; बल्डयाङ्ग्रे । ~ **झार**– ना० आँख्लैआँख्ला हुने एक प्रकारको झार ।

**आँख्लो**– ना० [आँखो + लो] बाँस, निगालो, उखु, मकैको डाँक्लो, बन्सो आदिमा हुने जोर्नीबीचको गाँठो; हाँगा र बोटका जोर्नीको गाँठो; आँखो ।

**आँग**– ना०हे० आङ ।

**आँगन**– ना० [सं० प्राङ्गण] घरअघिल्तिर ताछी, खुर्की सफा पारी बनाइएको चौकुना मिलेको खुला जग्गा; आँङन । > **आँगनी**– ना० आँगनको सानो रूप; आँगन (लोकगीत, कविता आदिमा) ।

**आँगा**– ना० कमसल खालको कालो एक जातको धान; आङा ।

**आँच**– ना० [सं० अर्चिः] १. चुलामा बसाइएका भाँडाका पींधमा लाग्ने ताप वा राप । २. कुनै काम-कुराप्रति पुर्‍याइने सहयोग । ३. कुनै देशको राष्ट्रियता वा राजनीतिमा अर्को देशको प्रभाव वा हस्तक्षेपको गतिविधि देखा पर्ने स्थिति ।

**आँचल**– ना० [सं० अञ्चल] १. सारी, दोपट्टा आदिको छेउको भाग; सप्को । २. पछ्यौरा । ३. विवाहमा लगनगाँठो पार्ने कपडा । ~ **गाँठो**– ना० लगनगाँठो ।

**आँचिला**– ना० [आली + चिलो] हलुका चालले खेतको आली ताछ्ने काम; छरी ।

**आँचिलो**– वि० [आँच + इलो] आँच लाग्ने; आँच आउने; आँच भएको ।

**आँचोखाँचो**– ना० [(द्वि०) खाँचो] खनखाँचो; हर्जा; गर्ज ।

**आँट्-नु**– स० क्रि० [आँट + नु] १. मनले उत्साहपूर्वक कुनै काम

गर्ने सुरसार गर्नु; काम-कुराको चेष्टा गर्नु । २. साहस गर्नु; हिम्मत गर्नु । ३. कामको आरम्भ गर्नु; थाल्नु ।

**आँट१**– ना० बाहिर काँडादार बाक्लो बोक्रा हुने, भित्र कालो बियाँ भएको ससानो सेतो कोया हुने गुलियो फल; सलिफा ।

**आँट२**– ना० [आँत ?] कुनै काम-कुरो गर्ने मनको उत्साह; साहस; हिम्मत । – **काँट**– ना० आँट र उत्साह; आँट ।

**आँटा**– ना० [सं० अट्ट] गहुँ आदिको पीठो ।

**आँटि-नु**– क० क्रि० [आँट + इ + नु] आँट्ने काम गरिनु; आँकिनु ।

**आँटिलो**– वि० [आँट + इलो] आँट भएको; हिम्मतदार; साहसी; आँटी ।

**आँटी१**– वि० [आँट + ई] आँट भएको; आँटिलो; साहसी । **आँटी छोरालाई बाघले खाँदैन** (उखान) ।

**आँटी२**– ना० १. हे० आँट१ । २. बुइँगल वा चोटाको तलो ।

**आँटी३**– ना० रूखकटहरको कोयाभित्रको बियाँ ।

**आँटो**– ना० [सं० अट्ट] १. मकै पिँधेर पीठो भाग छाँटी बाँकी रहेको छोक्रा; मकैको भात । २. आँटा ।

**आँठ**– ना० [सं० अन्त्र] शरीरका करङको जोर्नी; करङ र मेरुदण्डका बीचको सन्धिस्थल । ~**अठिङर/अठिङ्गर**– ना० १. शरीरका अङ्ग-उपाङ्गहरूको सन्धिस्थल; हाडहरूको जोर्नी । २. कुनै वस्तु वा जीवका शरीरका दुई भागको सन्धिस्थल । – **काँठ**– ना० १. शरीरका अङ्ग-उपाङ्गको जोर्नी वा सन्धिस्थल । २. कुनै वस्तुहरू जोडिएको भाग । ३. काँठवरपरको भाग ।

**आँठा**– ना० [आँठोको ति० रू०] हे० आँठो । – **आँठी**– ना० सानाठूला धेरै आँठाको समूह । ~**सरह**– क्रि० वि० साँध-सिमानाका जग्गाको अनुसार वा सो जग्गामा चले-भएझैँ (मोलतोल, तिरो, उब्जनी इ०) ।

**आँठी**– ना० [आँठो+ई] पराल, घाँस आदिको सानो मुठो ।

**आँठे१**– वि० [आँठो+ए] आँठैआँठा भएको; मुठैमुठा पारेको; चुल्ठैचुल्ठा बनेको ।

**आँठे२**– ना० [आठ+ए] १. प्रायः आठ दिने म्यादी ज्वरो; आठ दिनमा बिरामी निको हुने वा मर्ने डरलाग्दो सरुवा ज्वरो । २. अन्तिम व्यथा । वि० ३. लठुवा ।

**आँठो**– ना० [सं० अन्त्र] १. खेतको सानो गरो वा फोगटो छुट्टिने गरी बीचमा लगाइएको आली । २. सानो फोगटो । ३. कसैका भागको खेतबारीका छेउको आली वा डिल; जग्गा-जमिनको साँध-सिमाना । ४. खर-परालको कल्ली वा मुठो । ५. पराल आदिका डोरीको पोयो । ६. सुर्तीको जगटा । ७. पातको मुठो । ८. केटाकेटीले सिन्कौली खेल्दा सिन्को लुकाउने बालुवा वा धूलाको थुप्रो । ९. एउटै पारी बाटिने कपालको चुल्ठो । ~**चुल्ठो**– ना० केश, धागो आदिको बटारिएको डोरो ।

**आँड**– ना० [प्रा० आँड्डो < सं० अण्ड] स्तनपायी जीवजन्तुको भाले लिङ्ग वा जननेन्द्रियमन्तिर वीर्यवाहिनी नाडी भएको द्विफलक वा दोहोरो छालाको थैली; अण्डकोश; आँडा; आँडो । ~**मोल्नु**– ट० कसैलाई रिझाउन तल्लोभन्दा तल्लो तहको सेवा-शुश्रूषा गर्नु । (उदा०– फाइदा हुन्छ भन्दैमा जसको पनि आँड मोल्नु नीचता हो) । > **आँडा**– ना० आँड; अण्डकोष । **आँडु**– वि० १. अण्डकोष वा आँडा भएको; लिङ्ग वा जननेन्द्रियको नसच्छेदन वा अन्य तरिकाद्वारा प्रजननशक्ति नछिनालिएको (घोडा, साँढे आदि), नसुमरिएको; खसी नपारिएको । २. नसुमरिएको घोडा, साँढे आदि जस्तै अचाडु वा अडमिल्दो । (उदा०– कोही पनि रामेलाई मन पराउँदैनन् ! किनभने ऊ आँडु छ ।) । **आँडे**– वि० १. आँड वा अण्डकोष भएको । २. एउटाका तुलनामा अर्कोचाहिँ आँड ठूलो भएको । ३. एउटै मात्र आँड भएको । ४. अडमिल्दो वा नमिल्दो । (उदा०– ए कान्छा, तँ त कस्तो आँडे कुरा गर्छस् हँ !) । **आँडो**– ना० अण्डकोष; आँड ।

**आँत**– ना० [सं० अन्त्र] १. अन्तःकरण; आशय; मनको भाव । २. आन्द्रो । ३. शरीरको भित्री भाग । ४. कुनै वस्तुको भित्री तह वा भाग ।

**आँतर**– ना० [सं० अन्तर] १. खेतबारी जोत्दा मेलो बढाउने क्रममा सियो डोबिएका ठाउँको बीचमा छुटेको बाँझो जग्गा । २. खेतबारी खन्ने काममा एकले अर्कालाई उछिन्ने काम ।

**आँधी**– ना० [सं० अन्ध + ई] १. धूलो र पातपतिङ्गर उडाउँदै, रूखबुट्टा र घरहरू हल्लाउँदै र लतार्दै वेगसित चलेको पानीको थोप्ला परेको वा नपरेको बतास; हुरी; आँधीबेहरी । २. ठूलो समस्या । ३. नभएको कुरा । – **बेहरी**– ना० आँधी ।

**आँधो**– ना० [सं० अन्ध] १. सर्पको जस्तो आकार भएको, आँखा नदेख्ने एक जातको माछो । वि० २. भनेको कुरा नबुझ्ने वा नसम्झने; अधबेस्रो । ३. अन्धो ।

**आँप**– ना० [सं० आम्र] १. वसन्त ऋतुमा मञ्जरी लाग्ने, फुल्ने र चिचिला फल फल्ने एक जातको बोट वा त्यसैको गुलियो ठूलठूलो फल (काली आँप, मिस्री आँप, बिजुवा आँप, सुपारी आँप इ०); आम्र । – **झुत्ते/झुप्पे**– वि० १. आँपका जस्तै झुत्तो वा झुप्पो लाग्ने । ना० २. आँपजस्तै झुत्तिएर फल्ने एक जातको धान ।

**आँसी**– ना० [सं० आशी] १. करौँतीजस्तो दाँते धार हुने ठूलो हँसिया; कचिया । २. हँसिया ।

**आँसु**– ना० [सं० अश्रु] हर्ष, शोक, पीडा आदिमा आँखाबाट आउने नुनिलो पानी; नेत्रजल; अश्रु । ~**पुछाउनी**– ना० दुःखमा परेका मानिसलाई दुःख बिर्साउन वा सन्तोषका निम्ति दिइने थोरै वस्तु ।

**आंशिक**– वि० [सं०] १. केही भागसित सम्बन्धित; थोरै भाग मात्र भएको । (उदा०– आंशिक रूपमा यो कुरा सत्य हो ।) । २. अंश वा भागसम्बन्धी; अंशविषयक । ३. विश्वविद्यालय वा अन्य कुनै तहको परीक्षाका निर्धारित विषय वा पत्रहरूमध्ये केहीसँग मात्र सम्बन्धित (आंशिक परीक्षा, आंशिक प्रयोजनका निम्ति

लेखिएको शोधपत्र इ०) ।

**आः**– वि० बो० हर्ष, आश्चर्य, झिँज्याहट, बेवास्ता, घृणा आदि बुझाउँदा प्रयोग गरिने अव्ययपद (उदा०– आः, सानोतिनो कुरामा किन अलमलिने ? आः, यसो नभन ।) ।

**आइँ**– ना० [सं० ह्वान] १. भैँसी वा पाडापाडी कराउँदा आउने शब्द । २. भैँसी वा पाडापाडी (बालबोलीमा) । ३. टोक्ने काम; हात गाड्ने काम; टोकाइ (बालबोलीमा) । – **काजी**– ना० भैँसीको मासु खानेलाई हियाएर भनिने शब्द । – **पाडो**– ना० भैँसीको पाडो । – **माता**– ना० भैँसी (व्यङ्ग्यार्थमा) ।

**आइ**– ना० [आउ + इ] आउने भाव, क्रिया वा प्रक्रिया ।

**आइकर**– ना० [अङ्०] घुमाएर काठ प्वाल पार्ने सुइरो; बर्मा ।

**आइजाइ**– ना० [आइ + जाइ] आउने र जाने क्रियाप्रक्रिया ।

**आइटिन/आइडिन**– ना० [अङ्० आयोडिन] घाउ भएमा लगाइने एक प्रकारको रासायनिक झोल औषधी ।

**आइत**– ना० [सं० आदित्य] १. आदित्य । २. आइतबार । – **बार**– ना० सातवारमध्ये पहिलो वार; शनिवार र सोमवारका बीचको बार । – **बारे**– वि० १. आइतबारमा जन्मेको; आइतबारसँग सम्बन्धित । ना० २. गाईवस्तुको रक्षाका निमित्त हरेक आइतबारका दिन गोठमा धूपधुवाँर गरिने देवता ।

**आइनु**– अ० क्रि० [आउ + इ + नु] कहीँबाट आउने काम होइनु; आगमन भइनु । ~ **न साइनु**– ना० नाता-सम्बन्ध केही नभएको अवस्था; नाता न गोता । – **साइनु**– ना० नातागोता; इष्टमित्र ।

**आइन्दा**– क्रि० वि० [फा० आइन्द] १. फेरि-फेरि; अर्कोपल्ट; बारम्बार । २. यसपछि; अबदेखि; अबउप्रान्त; भविष्यमा ।

**आइमाई**– ना० [सं० आर्यामाता] १. स्वास्नीमान्छे, नारीजाति; महिला ।

**आउँ**– ना० [सं० आम] १. कफका छाँटको सेतो चिप्लो र लेस्याइलो दिसा; मासी । २. छिन-छिनमा थोरै-थोरै त्यस्तो दिसा हुने रोग ।

**आउँदो**– वि० [आउँ + दो] पछि आउने; आउन लागेको; आगामी ।

**आउजाउ**– ना० [आउ + जाउ] आउने र जाने काम; आइजाइ ।

**आउती**– ना० विवाहमा दुलही भित्र्याएपछि आरतीस्याउँली गर्ने दिदीबहिनीहरूले दुवै कन्चटमा लाउने पिँधेका चामलको पीठो ।

**आउनी**– ना० [आउ + नी] आउने काम; हाजिरी; आगमन; उपस्थिति ।

**आउनु**– अ० क्रि० [आउ + नु] १. कहीँ कतैबाट तोकिएका ठाउँमा आइपुग्नु; आगमन हुनु । २. चल-अचल सम्पत्ति प्राप्त हुनु; आम्दानी हुनु ।

**आउरे**– वि० [आउ + रे] आउने; आगन्तुक । – **बाउरे**– वि० निम्तो गरेर आउने र निम्ताबिना नै आउने; कामले आउने र त्यसै आउने ।

**आकण्ठ**– क्रि० वि० [सं०] कण्ठ वा गलासम्म आउने गरी; पूरै पेट भरिने किसिमले; घाँटीसम्म (आकण्ठ स्नेह, आकण्ठ भोजन इ०) ।

**आकर**– ना० [सं०] खानी; उत्पत्तिस्थान । २. भण्डार; ढुकुटी । – **ग्रन्थ**– ना० सन्दर्भग्रन्थ; सहायक ग्रन्थ ।

**आकर्षक**– ना० [सं०] १. आकर्षण गर्ने वा खिँच्ने; तान्ने; घिच्च्याउने । २. प्रभावित वा मोहित गरेर आफूतिर तान्ने । ना० ३. चुम्बक । ४. कसी लगाउने पत्थर ।

**आकर्षण**– ना० [सं०] १. शक्ति, गुण, माया, विशेषता आदिले कसैलाई आफूतिर तान्ने क्रियाकलाप । २. मानिस वा वस्तुलाई आफूपट्टि तान्ने तान्त्रिक विद्या वा कुशलता; मुहुनी । ~ **शक्ति**– ना० कसैलाई प्रभावित वा मोहित पारी आफूतिर खिच्ने भौतिक शक्ति वा विशेषता ।

**आकर्षित**– वि० [सं०] आकर्षण गरिएको; घिच्च्याइएको; तानिएको ।

**आकलझुकल**– क्रि० वि० कुनैकुनै बेला; कहिलेकाहीँ; मुस्किलले एक-दुईपल्ट; आक्कलझुक्कल ।

**आकलन**– ना० [सं०] १. लिने, जम्मा गर्ने वा भेला गर्ने काम; सञ्चय गर्ने काम । २. गणना गर्ने काम; गन्ती । ३. भावी कार्यका बारेमा सोचेर गरिने कल्पना वा अनुमान । > **आकलनीय**– वि० आकलन गर्न योग्य; आकलन गर्न सुहाउँदो ।

**आकलित**– वि० [सं०] सञ्चय वा जम्मा गरिएको; आकलन गरिएको ।

**आकल्प**– क्रि० वि० [सं०] कल्प रहुन्जेल; पृथ्वी जलामय नभएसम्म; कल्पभर ।

**आकस्मिक**– वि० [सं०] अकस्मात् भएको; अचानक भएको वा गरिएको; अपर्झटको (कार्य, दुर्घटना इ०) । ~ **कोष**– ना० सरकारी वा गैरसरकारी संस्था आदिमा अकस्मात् पर्ने कामका निम्ति नगद वा जिन्सी जम्मा गरिएको राशि; जगेडा कोष ।

**आकस्मिकता**– ना० [सं०] अकस्मात् हुनाको भाव वा अवस्था; एकाएक घट्ने वा हुने प्रक्रिया; भवितव्यता । – **वाद**– ना० संसारमा जे-जति हुन्छ वा भएको छ अकस्मात् वा घटनावश नै हुन्छ भन्ने एक सिद्धान्त । – **वादी**– वि० आकस्मिकतावादको अनुयायी; आकस्मिकतावादको सिद्धान्त मान्ने ।

**आका**– ना० [बा० बो०] गुहु; आची ।

**आकाङ्क्षा**– ना० [सं०] १. कुनै कुराको इच्छा; अभिलाषा । २. वाक्यार्थको ज्ञानका निम्ति पछि आउने शब्दको चाहना गर्ने क्रिया । > **आकाङ्क्षित**– वि० इच्छा गरिएको; चाहिएको; अभिलषित । **आकाङ्क्षी**– वि० इच्छा गर्ने; चाहने; अभिलाषी ।

**आकार**– ना० [सं०] १. कुनै वस्तुको स्वरूप; आकृति (साइज) । २. कद । ३. बान्की; बनावट । ४. 'आ' अक्षर वा 'आ'-को चिह्न । ४. इसारा; सङ्केत । –**वान्**– वि० १. स्वरूप वा आकृति भएको; साकार । २. रूपवान्; सुन्दर । ३. सगुण । > **आकारान्त**– वि० अन्तमा 'आ' हुने (अक्षर) । ~ **आकारित**– वि० कुनै रूप वा आकार दिइएको; आकारमा ढालिएको ।

**आकाश**– ना० [सं०] १. पृथ्वी तथा ग्रह-नक्षत्रका बीचको मास्तिर

हेर्दा खुला र नीलो देखिने शून्य अपार स्थान; अकास; सगर; आसमान; अन्तरिक्ष । २. गणितमा शून्यको पर्याय । ~ **कुसुम–** ना० आकाशको फूल; हुनै नसक्ने कुरो । ~ **खेती–** ना० १. आकाशबाट परेका पानीको भरमा हुने खेती । २. आकाशवृत्ति । ३. बेकार भएर गएको खेती; बालीनालीशून्य खेती । **– गङ्गा–** ना० आकाशमा उत्तरदेखि दक्षिणसम्म ज्योतिपुञ्जका रूपमा फैलिएका साना-साना नक्षत्रहरूको समूह; निहारिका । **– चारी–** ना० आकाशमा हिँड्ने वा उड्ने नक्षत्र, ग्रह, पन्छी, देवता आदि । ~ **दीप–** ना० कात्तिक महिनामा अग्लो लिङ्गामा झुन्ड्याएर बालिने बत्ती; आकाशबत्ती । ~ **फल–** ना० आकाशमा रहेको फल; पाउन नसकिने कुरो । ~ **बत्ती–** ना० आकाशदीप । ~ **बेली–** ना० चमेलीका आकारको एक प्रकारको फूल फुल्ने लहरो । **– भाषित–** वि० नाटकमा नटले आकाशतिर फर्केर एक्लै गरेको वा बोलेको (कुरो); नाटकमा एक्लै अदृश्य व्यक्तिसित गरिएको वा बोलिएको (कुरो) । ~ **मण्डल–** ना० आकाशको घेरो । ~ **मार्ग–** ना० आकाशको बाटो; वायुयानको मार्ग । ~ **यान–** ना० हवाईजहाज; वायुयान; विमान । **– वल्ली–** ना० सिमाली आदिको बोट वा झाङमा स्वतः फैलिने पात, फल आदि केही नहुने हरियो वा पहेँलो लहरो; अमरवल्ली । **– वाणी–** ना० १. आकाशबाट बोलिने बोली; देववाणी । २. तारको सम्बन्धविना नै यन्त्रद्वारा आउने शब्द; रेडियोबाट सुनिने शब्द । **– वृत्ति–** ना० खानका निम्ति कुनै पेसा वा आधार नभएको तथा परिश्रम नगरिने अवस्था वा व्यवहार; अनिश्चित वृत्ति । **– सेवा पदक–** ना० हवाई सेवामा काम गर्ने कर्मचारीलाई प्रदान गर्ने उद्देश्यले २०२३ सालमा स्थापित एक पदक । > **आकाशोक्ति–** रङ्गमञ्चका कुनै पात्रले आकाशतिर हेरेर टेलिफोनमा जस्तै यसो भनेको हो र यसो भनेको होइन भन्दै एक्लै गर्ने कुरो वा मनोवाद ।

**आक्कलझुक्कल–** क्रि०वि०हे० आकलझुकल ।

**आकीर्ण–** वि० [सं०] चारैतिर छरिएको; फिँजिएको; व्याप्त भएको ।

**आकुञ्चन–** ना० [सं०] छरिएको वस्तुलाई एकत्रित तुल्याउने काम; समेट्ने काम; खुम्च्याउने काम ।

**आकुञ्चित–** वि० [सं०] १. समेटिएको; बटुलिएको । २. खुम्चिएको; दोब्रिएको ।

**आकुल–** वि० [सं०] १. हडबडाएको; आत्तिएको । २. दिग्दार; विह्वल । ३. क्षुब्ध; उद्विग्न । **– ता–** ना० आकुल हुनाको भाव वा अवस्था; व्याकुलता; बेचैनी; उद्विग्नता । ~ **व्याकुल–** वि० अत्यासमा परेको; हडबडाएको; आत्तिएको; उद्विग्न । > **आकुलित–** वि० घबडाएको; आत्तिएको; आतसमा परेको ।

**आकृति–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिको स्वरूप; आकार; अनुहार । २. बान्की; बनावट । ३. मुख; चेहरा । ~ **चित्र–** ना० १. आकृति, अनुहार वा मुखको चित्रण गरिएको कलाकृति; मुहारचित्र । २. कुनै योजनाका कार्यविधिलाई चित्रका रूपमा प्रस्तुत गरिएको ढाँचा वा रूप । **– मूलक वर्गीकरण–** ना० आकृति वा रूपतत्त्वका आधारमा गरिने वर्गीकरण; त्यस्तो भाषावर्गीकरण; पदनिर्माण तथा वाक्यनिर्माण गर्ने किसिमका योगात्मक र अयोगात्मक आदि स्वरूपका आधारमा विश्वका भाषालाई विभिन्न फाँटमा छुट्ट्याउने काम ।

**आकृष्ट–** वि० [सं०] १. प्रभावित भएको; आकर्षित । २. घिच्च्याइएको; तानिएको ।

**आक्रन्दन–** ना० [सं०] १. रोदन; रुवाइ; विलाप । २. कराइ; चिच्च्याहट ।

**आक्रन्दित–** वि० [सं०] १. रोएको; विलाप गरिएको; बिलौना गरिएको । २. चिच्च्याइएको; कराइएको ।

**आक्रमण–** ना० [सं०] बलपूर्वक सीमा उल्लङ्घन गरेर अर्काको राज्य वा भूभागमा गरिने चढाइ; धावा; हमला । **– कारी–** वि० आक्रमण गर्ने; हमला गर्ने ।

**आक्रमित–** वि० [सं०] आक्रमण गरिएको; हमला गरिएको; धावा बोलिएको ।

**आक्रान्त–** वि० [सं०] १. हमला गरिएको; चढाइ गरिएको । २. घेराभित्र पारिएको; घेराउ गरिएको; घेरिएको । ३. हराइएको; पराजित ।

**आक्रामक–** वि० [सं०] हमला गर्ने; चढाइ गर्ने; आक्रमण गर्ने ।

**आक्रोश–** ना० [सं०] १. क्रोधपूर्वक कठोर वा कर्कश स्वरमा गरिने भर्त्सना । २. गाली वा निन्दा गर्दै गरिने सराप । ३. चिच्च्याहट । ४. रिस; जङ ।

**आक्षेप–** ना० [सं०] १. कसैको कार्य, कथन वा आचरणसम्बन्धी दोषका निम्ति भनिने कटु वा कठोर वचन; व्यङ्ग्यपूर्वकको दोषारोपण; कलङ्क; बात । २. निन्दा; तिरस्कार । ३. फ्याँक्ने वा हुत्त्याउने काम । ४. भन्ने कुरामा निषेधजस्तो र अनिष्ट विषयमा विधिजस्तो बुझिएमा हुने एक अलङ्कार । > **आक्षेपक–** वि० १. आक्षेप लगाउने; दोषारोपण गर्ने । २. फ्याँक्ने; हुत्त्याउने । ३. सिकारी । ४. एक प्रकारको बाथको रोग । **आक्षेपण–** ना० १. दोष वा कलङ्क लगाउने काम । २. फ्याँक्ने वा हुत्त्याउने क्रिया ।

**आखत–** ना० [सं० अक्षत] १. अछेता । २. इष्टलग्नको कुण्डलीमा अछेता राखेर वा खसालेर हेरिने शुभाशुभ फल; जोखना ।

**आखर–** ना० [सं० अक्षर] हे० अक्षर ।

**आखिर–** वि० [फा०] १. सबैभन्दा पछिको; अन्तिम । क्रि० वि० २. अन्त्यमा; निचोरमा । ना० ३. खाँचो; हर्जा; गर्ज । **– कार–** क्रि० वि० आखिरमा; अन्तमा; अन्ततोगत्वा । > **आखिरी–** वि० १. पछिल्लो; पछाडिको; अन्तिमको; आखिरको । २. आखिर वा अन्त्यमा भएको (कुरो, निर्णय, तोक इ०) । ना० ३. अन्त्य ।

**आखेट–** ना० [सं०] सिकार खेलिने जीवजन्तु; सिकार; अहिरो । > **आखेटक–** वि० १. सिकार खेल्ने; अहिरो गर्ने । ना० २. सिकार खेल्ने व्यक्ति; सिकारी । **आखेटिक–** वि० सिकार खेल्न सिपालु;

सिकारी (पशु वा व्यक्ति) ।

**आख्ता–** ना० [फा० आखत] खसी पारिएको घोडा; सुमरेको घोडा । >**आख्ते–** वि० खसी पारिएको (पशु वा घोडा) ।

**आख्यात–** वि० [सं०] १. भनिएको; कथिएको; कहिएको । २. सबैले थाहा पाएको; प्रसिद्ध; ख्यातिप्राप्त । ना० ३. समापिका क्रिया बुझाउन धातुमा लगाइने प्रत्यय; तिङ्प्रत्यय । ~ **प्रत्यय–** ना० समापिका क्रिया बुझाउन धातुमा जोडिने प्रत्यय (गर् + यो = गऱ्यो, भन् + ला = भन्ला इ०) ।

**आख्यान–** ना० [सं०] १. कहिने वा भनिने कुरो वा भाव; बयान; वर्णन; वृत्तान्त । २. कहानी; कथा-उपन्यास । ३. उपन्यासका विभिन्न भेदमध्ये पात्रद्वारा केही नभनाई स्वयम् उपन्यासकारले सबै कुरा भन्ने एक भेद । >**आख्यानक–** ना० छोटो किस्सा; लघुकथा; छोटो कथा । **आख्यानात्मक–** वि० कथा वा कथानकको शृङ्खला भएको; किस्साले युक्त ।

**आख्यायक–** वि० [सं०] १. केही कुरा भन्ने वा बताउने । २. समाचार दिने; सूचनावाहक ।

**आख्यायिका–** ना० [सं०] १. सिलसिला मिलेको सानो कहानी वा कथा । २. पात्रहरूद्वारा आफ्नो चरित्र केही मात्रामा आफैँले वर्णन गरिने आख्यान ।

**आगत–** वि० [सं०] १. आएको; आइपुगेको; पुग्नुपर्ने ठाउँमा पुगेको । २. पाएको; प्राप्त भएको । – **पतिका–** ना० परदेशबाट सकुशल फर्केर आएको पतिसँग भेट हुँदा हर्ष र आनन्दले गद्गद भएकी नायिका । ~ **स्वागत–** ना० पाहुनाहरूलाई गरिने स्वागत; आगन्तुकको सत्कार ।

**आगन्तुक–** वि० [सं०] १. कतैबाट आइपुगेको; अपर्झट वा अचानक आएको (व्यक्ति) । २. एक भाषाबाट अर्को भाषामा आएको (शब्द आदि) । ना० ३. अतिथि; पाहुना । ~ **दर्ता–** ना० आगन्तुकहरू के-कति कहाँ-कहाँबाट आएका हुन् भनी लिपिबद्ध गर्ने काम । ~ **पुस्तिका–** ना० आगन्तुकहरूद्वारा हस्ताक्षर गरिने पुस्तिका ।

**आगम–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्ति कतैबाट आउने वा ठाउँमा पुग्ने काम (अर्थागम, समागम इ०) । २. कुनै शब्दमा ध्वनि, वर्ण, अर्थ आदि थपिने काम (स्वरागम, व्यञ्जनागम, आदिवर्णागम, अर्थागम आदि ।) । ३. भेट; प्राप्ति सङ्गम । ४. आम्दानी; आय । ५. जन्म; उत्पत्ति । ६. मूल; निर्गमस्थान । ७. आउने समय; भविष्य । ८. तन्त्रशास्त्र ।

**आगमन–** ना० [सं०] १. आउने वा आइपुग्ने क्रिया वा प्रक्रिया । २. बाहिरबाट विभिन्न तत्त्व आएर भाषालाई प्रभावित पार्ने प्रक्रिया । ~ **विधि–** ना० खास विषयमा प्रशस्त तथ्य वा उदाहरण उपलब्ध गराई तिनको सामान्यीकरणद्वारा खास सिद्धान्त, नियम वा तथ्यमा पुग्ने प्रक्रिया वा विधि; अध्ययन, खोज तथा तर्क गर्ने क्रममा विशिष्टताबाट सामान्यतातिर बढ्दै जाने त्यस्तो पद्धति । > **आगमनात्मक–** वि० १. तथ्यहरूबाट सामान्यीकरण गरी निष्कर्ष निकालिने आगमन वा अनुगमन भनिने तर्कपद्धतिसँग सम्बन्ध राख्ने । २. प्रयोग एवं व्यवहारद्वारा जानिने । ३. भाषामा आगम-ध्वनि वा शब्दहरू प्रशस्त रूपमा पाइने ।

**आगरी–** ना०हे० आग्री ।

**आगलागी–** ना० [आगो + लागी] घर, बस्ती आदिमा अचानकसित आगो लाग्ने वा आगो सल्केर घर-सम्पत्ति सखाप पार्ने काम; अग्निकाण्ड । **आगलागी झुपडी, डेढ घडी भद्रा** (उखान) ।

**आगामी–** वि० [सं०] पछि आउने; पछि हुने; भविष्यसँग सम्बन्धित; आउँदो ।

**आगार–** ना० [सं०] १. बस्ने घर; वासस्थान । २. वस्तुहरू राखिने भण्डार; भँडार; ढुकुटी ।

**आगे–** क्रि० वि० [सं० अग्रे] १. पहिले; अगि; अगाडि (भरपाई आदि लिखतमा प्रयुक्त) । २. यसपछि; उप्रान्त ।

**आगो–** ना० [सं० अग्नि] १. तेजपुञ्ज वा दाहक तत्त्वको दृश्यरूप; माथितिर ज्वाला उठ्ने प्रकाशक वस्तु; अग्नि । २. रिस; क्रोध । ~ **पानी–** ना० १. आगो र पानी । २. वैरभाव; शत्रुता ।

**आग्निक–** वि० [सं०] आगाको; आगोसम्बन्धी ।

**आग्नेय–** वि० [सं०] १. आगाको; आगोसम्बन्धी । ना० २. पूर्व र दक्षिण दिशाको कोण; अग्निकोण । ~ **परिवार–** ना० हे० अग्नेली परिवार । >**आग्नेयास्त्र–** ना० प्रहार गर्दा आगाको वर्षा हुने एक अस्त्र; अग्निबाण; दिव्यास्त्र ।

**आग्रह–** ना० [सं०] १. कुनै कुराका निम्ति कसैलाई विनय तथा जोडसाथ गरिने अनुरोध; बारम्बारको प्रार्थना । २. हठ; जिद्दी । ३. तत्परता । ४. लिने वा ग्रहण गर्ने क्रिया ।

**आग्रहायण–** ना० [सं०] मङ्सिर महिना; मार्गशीर्ष महिना; अघन; अगहन ।

**आग्रही–** वि० [सं०] १. आग्रह गर्ने; प्रार्थना गर्ने । २. हठी; जिद्दीवाल ।

**आग्री–** ना० [सं० आकारिक] १. ढुङ्गाको काम गर्ने कालिगड वा एक जाति; खानीबाट ढुङ्गा झिक्ने कामदार; आगरी । २. फलामखानीमा काम गर्ने मजदुर । वि० ३. सन्तोष नहुने; असन्तोषी ।

**आग्लिनु–** अ०क्रि० [आग्लो + इ + नु] १. आग्लो लाग्नु । २. बन्द हुनु ।

**आग्ले–** वि० [आग्लो+ए] १. आग्लो भएको; आग्लोसम्बन्धी । ~ **घर–** ना० दैलाको भित्री भागमा आग्लो छिराउन बनाइएको प्वाल वा कापो; दैलाको गाँड ।

**आग्लो–** ना० [सं० अर्गल] १. झ्याल-ढोका बन्द गर्ने मोटो र लामो काठ वा डन्डी । २. अर्काको काम-कुरामा हालिने भाँजी; काममा आइपर्ने बाधा वा अड्काउ ।

**आघात–** ना० [सं०] १. एक्कासि लाग्ने ठक्कर वा धक्का; प्रहार । २. चोटपटक । ३. मानसिक कष्ट वा व्यथा । ४. हत्या; वध । ५. वाक्यभित्रको खास शब्दमाथि र शब्दभित्रको खास अक्षरमाथि दिइने विशेष जोड; स्वराघात ।

**आघुँ**– क्रि० वि० [आघौँ] अर्को साल; आउँदो वर्ष; आघौँ ।

**आघोष**– ना० [सं०] १. ठूलो स्वरले बोलाउने काम; आह्वान । २. हपार्ने वा झपार्ने काम ।

**आघौँ**– क्रि० वि० [सं० अग्र] आउने साल; आउँदो वर्ष; आगामी वर्ष; आघुँ ।

**आघ्राण**– ना० [सं०] १. सुँघ्ने वा बास्ना लिने काम । २. अघाउने वा तृप्त हुने गरी सुँघ्ने क्रिया ।

**आघ्रात**– वि० [सं०] १. सुँघिएको; बास्ना लिइएको । २. सन्तुष्ट; तृप्त ।

**आङ**– ना० [सं० अङ्ग] १. शरीर; देह । २. पछाडि पट्टिको ढाड; पिठिउँ; आँग । ~**अठिङर/अठिङ्गर**– ना० शरीरका अवयव र तिनीहरूको जोर्नी । ~**खोलाइ**– ना० तलासी लिने काम; साथमा राख्न नहुने कुरा शरीरभित्र लुकाएर राखिएको छ कि भनी छाम्ने वा हेर्ने प्रक्रिया ।

**आङन**– ना०हे० आँगन ।

**आङ फर्काइ**– ना० [आङ + फर्काइ] १. कोल्टे फेर्ने काम । २. अरूका कुरा मन नपरी पछाडि फर्कने चाल वा स्थिति । ३. बालक पैदा हुँदा पाठेघरसमेत साथसाथै बाहिर निस्कने अवस्था; भँडाल्नुफर्काइ ।

**आङ लाग्नु**– टु० खाएका कुराको रस शरीरमा भिज्नु र पोस लाग्नु ।

**आङा**– ना०हे० आँगा ।

**आङ्गारिक**– वि० [सं०] १. अँगारसम्बन्धी; अँगारको काम गर्ने । ना० २. गोल वा कोइलाको काम गर्ने व्यक्ति; अँगार पोल्ने वा बेच्ने व्यक्ति ।

**आङ्गिक**– वि० [सं०] १. अङ्गसम्बन्धी; शरीरको । २. अङ्गहरूद्वारा नक्कल गरिने (अभिनय, मुद्रा आदि) । ना० ३. मादल, तबला आदि बजाएर सङ्गीतमा साथ दिने व्यक्ति ।

**आङ्ग्ल**– वि० [सं०] १. अङ्ग्रेजसम्बन्धी; अङ्ग्रेजको । २. अङ्ग्रेजीसम्बन्धी । ~**भाषा**– ना० अङ्ग्रेजी भाषा ।

**आचमन**– ना० [सं०] पूजा वा धार्मिक कार्यमा शुद्ध हुनका लागि मन्त्रपूर्वक पानी अचाउने काम । >**आचमनी**– ना० आचमन गर्ने एक किसिमको चम्चा; पञ्चपात्रको पानी झिक्ने सानो डाडुजस्तो वस्तु ।

**आचरण**– ना० [सं०] १. व्यक्तिमा हुने र नैतिक दृष्टिले हेरिने राम्रो-नराम्रो सबै काम-कुरा; चालचलन; चरित्र । २. बानीबेहोर । ३. व्यवहार । ~ **पञ्जिका/पुस्तिका**– ना० कर्मचारीहरूको कर्तव्यपालन, अनुशासन आदि चरित्रसम्बन्धी विवरण लेखिएको पुस्तिका । >**आचरणीय**– वि० आचरण गर्न योग्य; अनुसरणीय ।

**आचरित**– वि० [सं०] आचरण गरिएको; नियमपालन गरिएको ।

**आचार**– ना० [सं०] १. कुनै नियम, सिद्धान्त आदिमा आउने र पालन गर्नुपर्ने आचरण तथा व्यवहारको परिष्कृत र नैतिक रूप; त्यसै आधारमा गरिने व्यवहार, रीति वा प्रथा; चालचलन; बानीबेहोर; चरित्र । २. रीतिस्थिति । ३. सदाचार; आचरण । ४. पारस्परिक व्यवहार वा आदान-प्रदान । – **भ्रष्ट**– वि० आचारका दृष्टिले भ्रष्ट वा पतित; आचारको पालना नगर्ने; दुराचारी । – **वान्**– वि० शुद्ध आचरणमा रहने; नियममा रहने; सच्चरित्र; सदाचारी । – **विचार**– ना० १. आचरण; चालचलन; बानीबेहोरा । २. रहनसहन; धार्मिक दृष्टिले शुद्ध दैनिक आचरण । – **शास्त्र**– ना० मानिसको चरित्र, आचरण आदिको विवेचना गरिएको शास्त्र । ~ **संहिता**– ना० आचरण वा व्यवहारको परिष्कृत नैतिक नियम प्रतिपादित गरी लेखिएको शास्त्र वा विद्या । > **आचारिक**– वि० आचारसम्बन्धी; आचारको । **आचारी**– वि० आचारमा रहेको; आचारवान्; सदाचारी ।

**आचार्य**– ना० [सं०] १. व्रतबन्धमा गायत्री मन्त्र सुनाउने गुरु । २. आचारको ज्ञाता तथा वेद आदि पढाउने गुरु; अध्यापक । ३. विशिष्ट विद्वान् । ४. कर्मकाण्डको ज्ञाता; मुख्य पुरोहित । ५. भाष्यकार; टीकाकार । ६. संस्कृत परीक्षाको स्नातकोत्तर तहको एक उच्च उपाधि । ७. ब्राह्मण-जातिको एक थर । >**आचार्या**– ना० १. आचार्यको काम गर्ने स्त्री; अध्यापिका; उपाध्याया । २. पूजनीया तथा विदुषी स्त्री । ३. स्त्री । **आचार्याणी**– ना० आचार्यकी पत्नी; गुरुपत्नी ।

**आचिन्त्य**– वि० [सं०] चिन्तन गर्न लायक; विचारणीय; विचार गर्न योग्य ।

**आची**– ना० [बा० बो०] गुहु वा फोहोर वस्तु; आका ।

**आचे/आच्चे**– वि० बो० [सं० आश्चर्य] अचम्म, विस्मय, थकथकी आदि प्रकट गर्दा निस्कने अव्यय शब्द; आम्मै (उदा०– आच्चे ! तिमीले के कुरा गरेको त्यस्तो !) ।

**आच्छन्न**– वि० [सं०] ढाकिएको; छोपिएको; आच्छादित ।

**आच्छाद**– ना० [सं०] १. लगाउने लुगा वा वस्त्र । २. ढाक्ने वस्तु; छोप्ने वस्तु; बिर्को; ढकनी; झापन । >**आच्छादक**– वि० ढाक्ने वा छोप्ने । **आच्छादन**– ना० १. ढाक्ने वा छोप्ने काम । २. वस्त्र; लुगा । ३. ढकनी; बिर्को; झापन । **आच्छादित**– वि० ढाकिएको; छोपिएको; आच्छन्न ।

**आच्छु**– वि० बो० [सं. आर्त] १. चिसो पानी, शीत आदि लाग्दा वा धेरै जाडो हुँदा भनिने शब्द । – **आच्छु**– क्रि० वि० १. आपद् पर्दा यसो गरूँ कि उसो गरूँ भएर; धौधौ । ना० २. मुस्किल; कठिनाइ । ३. हायलकायल ।

**आच्छ्युँ**– ना० [हाच्छ्युँ] छिउँ; हाच्छ्युँ ।

**आच्छ्यूँ**– ना० हे० छिउँ ।

**आछा**– ना० [सं० आशा] आशा; आश्रय । – **पिछा**– क्रि० वि० १. दृष्टिगोचरमा । २. छेउछाउमा रहँदै । ना० ३. आश्रय; आधार ।

**आज**– अव्य० [सं० अद्य] १. यो दिन; वर्तमान दिन; अहिले भइरहेको दिन; अद्य । २. वर्तमान समय; हाल । – **कल/काल**– क्रि० वि० अचेलभरि; हिजोआज; वर्तमान समयमा ।

**आजन्म**– अव्य० [सं०] १. जन्मिएदेखि आजसम्म । २. जीवनभरि;

बाँचुन्जेल; आजीवन; भरजन्म ।

**आजाद**– वि० [फा०] स्वतन्त्र; मुक्त । >**आजादी**– ना० स्वतन्त्रता; मुक्ति ।

**आजानु बाहु**– वि० [सं०] घुँडासम्म पुग्ने लामा हात भएको; लामा-लामा हात भएको; दीर्घबाहु ।

**आजित**– वि० [अ० आजिज] हैरान; दिक्क भएको ।

**आजीवन**– क्रि० वि० [सं०] जिन्दगीभर नै; बाँचुन्जेल; जीवनपर्यन्त; आमरण । ~**बिमा**– ना० आफ्नो ज्यान तलमाथि भएपछि निर्धारित रकम प्राप्त हुने किसिमले गरिएको जीवनबिमा ।

**आजीविका**– ना० [सं०] जीवन-निर्वाह गर्नका लागि गरिने काम; रोजगार; पेसा । ~**कर**– ना० जीवन-निर्वाहका लागि प्राप्त हुने धन वा व्यवसायमा लगाइने कर ।

**आजु**– ना० [नेवा०] केटाकेटीका तेलकासा, लुकामारी आदि खेलमा डुम हुनेले लघार्दा बच्नका निम्ति छोइने निश्चित स्थान वा वस्तु ।

**आज्ञप्त**– वि० [सं०] आज्ञा दिइएको; अह्राइएको । >**आज्ञप्ति**– ना० १. नियमकानुनका आधारमा दिइने आधिकारिक आज्ञा वा निर्णय । २. सर्वोच्च अदालत वा न्यायाधीशको लिखित निर्णय । ३. आज्ञा; आदेश ।

**आज्ञा**– ना० [सं०] १. आफ्ना अधीनमा रहेका वा आफूभन्दा साना कुनै व्यक्ति, कर्मचारी आदिलाई मौखिक वा लिखित रूपमा दिइने निर्देश; अह्रोट; आदेश । २. कुनै कामकुरो गर्नाका लागि पाइने अनुमति । – **कारी**– वि० भनेको मान्ने; आज्ञापालन गर्ने; आज्ञापालक । – **चक्र**– ना० योगशास्त्रका अनुसार शरीरमा रहेका षट्चक्रमध्ये भ्रूमध्यमा हुने द्विदलीय एक चक्र । >**आज्ञापक**– वि० आज्ञा दिने; अह्राउने । ~ **पत्र**– ना० कसैलाई केही काम गर्नका निम्ति अह्राइएको पत्र; कुनै आज्ञा लेखेर दिइएको पत्र; आदेशपत्र । **आज्ञापन**– ना० १. सूचना वा जनाउ दिने काम । २. अह्राउने वा आज्ञा दिने काम । – **पालक**– वि० भनेको मान्ने; आज्ञापालन गर्ने; आज्ञाकारी । ~**पालन**– ना० भनेको वा अह्राएको मान्ने काम; आदेशपालन । **आज्ञापित**– वि० १. सूचित गरिएको; जनाउ दिइएको । २. आज्ञा वा अनुमति दिइएको; अह्राइएको । ~ **भङ्ग**– ना० मान्य जनको आज्ञा नमान्ने वा नटेर्ने काम; आज्ञाविरुद्ध आचरण । – **ले**– क्रि० वि० आज्ञानुसार; अह्राएबमोजिम (चिठीपत्र आदिको अन्तमा) ।

**आज्य**– ना० [सं०] १. घिउ । २. यज्ञमा आहुति दिइने वा होम गरिने घिउ आदि पदार्थ ।

**आञ्जलिक**– वि० [सं०] अँजुलीको; अँजुलीसम्बन्धी ।

**आट**– ना० [सं० अट्ट] प्रायः घरभित्र कुनै सामान राख्न वा पर्दाका निम्ति उठाइएको केही अग्लो गारो; होचो डिल वा पेटी; आँटी ।

**आटा**– ना० [आँटा] गोरखनाथलाई भोग लगाउन बनाइने खास किसिमको ठूलो रोटी; रोटो ।

**आटिलोपाटिलो**– ना० [आँटिलो (द्वि०)] आँखा चिम्लने व्यक्तिलाई थाप्लामा हिर्काई भाग्दै गरी खेलिने, केटाकेटीको एक खेल ।

**आठ**– ना० [प्रा० अट्ठ < सं० अष्टम] १. सातपछिको सङ्ख्या; नौभन्दा पहिले आउने अङ्क । वि० २. छ र दुईका योगसङ्ख्याको; गन्तीका क्रममा सातपछि आउने । ~ **पहरिया**– ना० राजा-महाराजाका साथमा आठै प्रहर वा दिनरात सँगै रहने अङ्गरक्षक । >**आठा⁄आठाङ**– वि० आठ दोबर (दुनोट पढ्दाको शब्द); आठ गुना । **आठै पहर**– ना० रातोदिन; चौबीसै घण्टा ।

**आड**– ना० [सं० अट्ट⁄अड्डु] १. अडेस लाग्ने कुरो वा वस्तु; अडिने ठाउँ; आडा; अडेसा; अडेसो । २. आधार; सहारा । ३. छेक्ने वस्तु; छेको; छेकाबार । >**अडेसो**– ना० सघाउपघाउ; भरथेग । ~**भरोस⁄भरोसा**– ना० १. सहायता; मद्दत । २. भरोसा; आश्रय । ३. ढाडस; आश्वासन ।

**आडम्बर**– ना० [सं०] १. देखावटी ठाँटबाँट; बोक्रे धाक; बाहिरी ढाँचा; स्वाङ । २. सेखी; घमन्ड ।

**आडर**– ना० [अङ्० अर्डर] आज्ञा; आदेश ।

**आडा**– ना० [आड + आ] १. सुगा आदि पक्षीलाई खुट्टामा बाँधेर राखिने खुला पिँजरा । २. पिँजराभित्र चरा बस्ने टाँड । ३. जोगीहरूले चिन्तन गर्दा हात अडयाउने तोक्माका आकारको काठको साधन । ४. आड; आधार । ५. टेवा; टेको ।

**आडिलो**– वि० [आड + इलो] १. आड दिने; दर्बिलो; तागतिलो । २. थाम्न सक्ने; दृढ; अड्न सक्ने; अडिलो । ३. अड्डीवाल ।

**आढ्य**– वि० [सं०] धनी; धनवान्; सम्पत्तिशाली ।

**आणविक**– वि० [सं०] अणुका रूपमा हुने वा अणुसित सम्बन्धित; अणुबाट तयार हुने (हतियार आदि) ।

**आतङ्क**– ना० [सं०] १. कुनै महामारीको प्रकोप, कठोर अत्याचार आदिबाट उत्पन्न हुने भय । २. पीडा, रोग आदिबाट हुने शारीरिक कष्ट; बेचैनी । ३. आशङ्का; सन्देह । – **कारी**– वि० आतङ्क मच्चाउने; त्रासको वातावरण सिर्जना गर्ने । – **पूर्ण**– वि० आतङ्कले भरिएको; डर र त्रासले युक्त । ~ **युद्ध**– ना० प्रचार आदिद्वारा आतङ्क वा त्रास फिँजाएर वैरीको नैतिक साहस भताभुङ्ग पार्ने र उसको युद्धक्षमता घटाउने स्थिति । – **वाद**– ना० मानिसलाई डर देखाएर, धम्काएर वा त्रास उत्पन्न गराएर हिंसात्मक विद्रोहका रूपमा प्रभुत्वस्थापन वा कार्यसिद्धि गर्ने विचार वा सिद्धान्त । – **वादी**– वि० आतङ्कवादमा लागेको; आतङ्कवादको अनुयायी । >**आतङ्कित**– वि० भय एवम् त्रासले विकल भएको; आतङ्कद्वारा प्रभावित ।

**आततायी**– वि० [सं०] अर्काको सम्पत्ति लुट्ने, घरमा आगो लगाउने र स्त्रीहरूमाथि बलात्कार गर्ने आदि उत्पात मच्चाउने; साह्रै ठूलो उपद्रवी वा दुष्ट; दुष्कर्मी; दुराचारी ।

**आतप**– ना० [सं०] १. सूर्यको प्रकाश; धूप; घाम । २. तातो; राप; गर्मी । वि० ३. दुःख दिने; कष्ट दिने । – **त्र**– ना० घामबाट जोगिन प्रयोग गरिने पात वा रेसमबाट बनाइएको ओढो; छाता; छत्र । ~ **स्नान**– ना० स्वास्थ्य ठीक राख्न प्राकृतिक

चिकित्साअनुसार सूर्यका किरणले शरीर सेक्ने प्रक्रिया; धूपस्नान; सूर्यस्नान । >**आतपी**– वि० १. धूप वा घामसित सम्बन्ध राख्ने; घामसम्बन्धी । २. दुःख-कष्ट दिने । ३. मनमनै जल्ने; ईर्ष्यालु । ना० ४. सूर्य ।

**आतस१**– ना० [सं० अतित्रास] अत्यास; अत्याहट; कहाली ।

**आतस२**– ना० [फा० आतिश] आगो; अग्नि । – **खान**– ना० कोठा न्यानो पार्न वा आगो ताप्नका निम्ति बनाइएको आगो बाल्ने ठाउँ; अगेनु । – **बाजी**– ना० सल्काउँदा रङ्गीबिरङ्गी झिल्का निस्कने बारुद, सोडा, गन्धक आदि मिलाएर बनाइएको खेलौना ।

**आतिनु**– ना० क्रि० हे० आत्तिनु ।

**आतिथेय**– ना० [सं०] १. अतिथिको राम्रो स्वागतसत्कार गर्ने व्यक्ति । २. कसैलाई अतिथिका रूपमा आफूकहाँ राख्ने मानिस । वि० ३. अतिथिप्रति राम्रो व्यवहार गर्ने; अतिथिसम्बन्धी ।

**आतिथ्य**– ना० [सं०] १. अतिथि हुनाको अवस्था वा भाव । २. अतिथिको सत्कार; पाहुनाको मानभाउ । वि० ३. अतिथिको अनुकूल; मान्नुपर्ने पाहुनासुहाउँदो ।

**आती**– वि० [आउ + ती] आउँदा लाग्ने; आउँदाखेरिको । – **जाती**– वि० आउँदा र जाँदा लाग्ने; आउँदा र जाँदाखेरिको; आतेजाते ।

**आतुर**– वि० [सं०]१. घाउ-चोट लागेको; अस्वस्थ; बिरामी; रोगी । २. कुनै कार्य वा फलको विकलतापूर्वक प्रतीक्षा गर्ने; अधीर; हडबडाएको । ३. विकल; बेचैन । ४. दुःखी । क्रि० वि० ५. चाँडो; छिटो । – **काल**– ना० मर्ने बेला; अन्त्यकाल । – **ता**– ना० आतुर हुनाको भाव वा अवस्था; व्याकुलता । ~**सन्न्यास**– ना० मर्ने बेलामा लिइने सन्न्यास; आखिरी समयमा ग्रहण गरिने चतुर्थाश्रम । >**आतुरी**– ना० १. हडबड; हतपत । २. अबेर; बियाँलो; विलम्ब । ३. आच्छुआच्छु ।

**आतुस**– ना० [प्रा० अत्तास <सं० अतित्रास] हे० आतस; अत्यास ।

**आते**– वि० [आउ + ते] आउँदा लाग्ने; आउँदाखेरिको । – **जाते**– वि० आउँदा र जाँदा लाग्ने; आउँदा र जाँदासँग सम्बन्धित (खर्च, भाडा आदि) । – **पाते**– ना० विधि नपुगेको हडबडको पूजा; मन नलगाई-नलगाई करबलले गरिएको पूजा ।

**आत्ति-नु**– अ० क्रि० [आतस + इ + नु] १. आतसमा पर्नु; अत्यासमा पर्नु; आतिनु; अतासिनु; आतिनु । २. कहालिनु; डराउनु । ३. तर्सनु; दच्कनु ।

**आत्तुरी**– ना० [आतुरी <सं० आतुर + ई] हे० आतुरी ।

**आत्था**– वि० बो० [सं० आर्त] प्रायः आगाले पोल्दा र काँडा आदिले घोच्दा आत्तिएर बोलिने पीडासूचक शब्द । >**आत्थु**– वि० बो० आत्था ।

**आत्म**– वि० [सं० आत्मन] आफ्नो आत्मा वा मनसित सम्बन्धित; आफ्नो । >**आत्मक**– वि० १. आत्मासित सम्बन्ध राख्ने; आत्मासम्बन्धी । २. (यौगिक शब्दका अन्तमा) भरिएको; युक्त; मय; (हिंसात्मक, दुःखात्मक, व्यङ्ग्यात्मक इ०) । – **कथा**– ना० आफ्ना सम्बन्धमा आफैँले लेखेको वा भनिएको कथा; आफैँले बनाएको आफ्नै वृत्तान्त; आफ्नै जीवनचरित्र; आत्मचरित्र । – **गत**– वि० १. आफूमा भएको वा आत्मासँग सम्बन्धित । २. मनको; दिलको; स्वगत । विप० परगत । – **गौरव**– ना० आफ्नो बढाइँ; आत्मप्रतिष्ठा; आत्मसम्मान । – **घात**– ना० आफूले आफैँलाई मार्ने काम; आत्महत्या । – **घातक/घाती**– वि० आफूले आफैँलाई मार्ने; आत्महत्या गर्ने । – **चरित/चरित्र**– ना० आफैँले लेखेको वा भनेको आफ्नो जीवनी; जीवनकथा; आत्मकथा । – **ज**– वि० १. आफूबाट पैदा भएको वा जन्मेको । ना० २. छोरो । ३. कामदेव । – **ज्ञान**– ना० आत्मा र परमात्मासम्बन्धी ज्ञान; ब्रह्मज्ञान; तत्त्वज्ञान । – **त्याग**– ना० १. अर्काका भलाइका निम्ति आफ्नो स्वार्थ त्याग्ने काम । २. परोपकारका निम्ति आफ्नो प्राण त्याग गर्ने काम । – **त्यागी**– वि० आत्मत्याग गर्ने; आफ्नो मतलब साध्नपट्टि नलाग्ने; स्वार्थ त्याग्ने । – **निर्भर**– वि० आफ्नै खुट्टामा टेक्ने; बाँच्नका लागि अरूको भर पर्नु नपर्ने; स्वावलम्बी । – **निर्भरता**– ना० आफूमै निर्भर हुने वा आफ्नै भरोसामा रहने काम; आफ्नै भर वा खुट्टाको दऱ्हो टेकाइ । – **निवेदन**– ना० १. आफूसमेत आफ्नो सर्वस्व इष्टदेवतालाई चढाउने काम; आत्मसमर्पण । २. आत्मादेखिकै अनुरोध; आत्म-पुकार । – **निष्ठ**– वि० आत्मामा निष्ठा राख्ने; आत्मविद्याको खोजीमा लागेको । – **निष्ठता**– ना० आत्मनिष्ठ हुनाको भाव वा अवस्था; व्यक्तिको वैयक्तिक दृष्टिकोण वा आग्रहलाई विशेष महत्त्व दिने गुण । >**आत्मनेपद**– ना० १. संस्कृत व्याकरणका केही धातुमा लाग्ने दुई प्रकारका आख्यात-प्रत्ययमध्ये एक । २. सो प्रत्यय लाग्दा बन्ने क्रियाको रूप । – **परक**– वि० १. आत्मासँग सम्बन्धित; आत्माको कुरो भएको । २. लेखकीय व्यक्तित्वले भरिएको; वस्तुपरक नभएको; आत्मनिष्ठ । – **पीडन**– ना० आफैँले आफूलाई दुःख दिएर वा अरू कसैद्वारा पीडित गराएर सन्तुष्टि लिने प्रवृत्ति वा रुचि । – **प्रशंसा**– ना० आफ्नै मुखले गरिने आफ्नो प्रशंसा; आत्मश्लाघा । – **बल**– ना० १. आत्मामा निहित बल; मानसिक शक्ति । २. हाँसी-हाँसी दुःख-सुख सहने निजी क्षमता । – **बोध**– ना० आफैँआफ आत्माका सम्बन्धमा हुने बोध वा ज्ञान; आत्मज्ञान; तत्त्वज्ञान । – **भू**– वि० १. आफैँ उत्पन्न भएको; स्वयम् पैदा भएको । ना० २. आफैँआफ उत्पन्न भएका मानिने ब्रह्मा, विष्णु र शिव । ३. कामदेव । ४. छोरो । – **रक्षा**– ना० आफैँले गरिने आफ्नो बचाउ; आफ्नो रक्षा । – **रति**– ना० १. आफू आफैँमा रत वा लीन रहने भाव वा अवस्था; आफूबाट आफैँ तृप्त हुने वा आफूलाई आफैँले प्रेम गर्ने मानसिक स्थिति । २. अन्त कतैतिर ध्यान जान नदिने आत्मज्ञान । – **वञ्चक**– वि० आफूले आफैँलाई ठग्ने वा धोका दिने । – **वञ्चना**– ना० आफूले आफैलाई ठग्ने काम; आफूले आफैँलाई धोका दिने क्रिया । – **वाद**– ना० अध्यात्मवाद । – **वादी**– वि० आत्मवादसम्बन्धी; आत्मवादको अनुयायी । – **विक्रय**–

ना० आफूले आफैँलाई बेच्ने क्रिया; आफ्नो स्वतन्त्रतालाई बेच्ने काम । – **विक्रयी–** वि० आफूलाई आफैँले बेच्ने । – **विचार–** ना० आत्मतत्त्वसम्बन्धी मनन वा चिन्तन; आध्यात्मिक विवेचना वा विश्लेषण । – **विद्या–** ना० आत्मासम्बन्धी ज्ञान गराउने शास्त्र वा उपदेश; अध्यात्मविद्या; ब्रह्मविद्या; वेदान्तशास्त्र । – **विश्वास–** ना० आफ्ना कार्य, योग्यता, सामर्थ्य, सिद्धान्त आदिको सत्यता र उपयुक्तताका सम्बन्धमा आफूलाई हुने दृढ निश्चय; आफ्नै विश्वास वा भरोसामा रहने काम । – **विश्वासी–** वि० आफ्नो सोचाइ वा कामगराइप्रति आफैँ विश्वास गर्ने; आत्मविश्वास भएको । – **विस्मृति–** ना० आफूले आफैँलाई एकदमै बिर्सने वा भुल्ने काम । – **वृत्तान्त–** ना० आत्मकथा । – **शुद्धि–** ना० १. आत्माको शुद्धि; आत्मालाई पवित्र राख्ने काम; आत्मसंस्कार । २. मनको पवित्रता; चित्तशुद्धि । ३. आफूलाई सधैँ सफा-सुग्घर वा शुद्ध राख्ने काम; देहशुद्धि । – **श्लाघा–** ना० आफैँले गरिने आफ्नो प्रशंसा; आत्मप्रशंसा । – **श्लाघी–** वि० आफ्नो प्रशंसा आफैँ गर्ने; आत्मप्रशंसक । – **संयम–** ना० आफ्ना खराब इच्छा तथा वासना आदिलाई दबाएर नीतिसङ्गत आचरण गर्ने काम; मन तथा इन्द्रियलाई वशमा राख्ने काम । – **संयमी–** वि० आफ्नो मन तथा इन्द्रियलाई वशमा राख्ने; आत्मसंयम गर्ने । – **सन्तोष–** ना० आफूदेखि आफैँ सन्तुष्ट हुने काम; स्वयम् हुने सन्तोष । – **समर्पण–** ना० २. पूरै अर्काको अधीन वा वशमा रहने काम । २. युद्धका अवसरमा विजेतापक्षको अधीनता स्विकार्ने काम । ३. आफूलाई आफ्ना सारा शक्तिसहित कुनै काममा लगाउने काम । – **सात्–** वि० १. पूरै आफ्नो अन्तर्गत ल्याइएको । २. आफूमा गाभिएको; आफूमा मिलाइएको । – **सिद्ध–** वि० आफैँआफ हुने; विनाप्रयास हुने; स्वयंसिद्ध । – **सिद्धि–** वि० १. आत्मा वा परमात्माको सम्यक् ज्ञान । २. मोक्ष; मुक्ति । – **स्तुति–** ना० आत्मप्रशंसा; आत्मश्लाघा । – **हत्या–** ना० आफूले आफैँलाई मार्ने काम; जानी-जानी आफैँले आफ्नो हत्या गर्ने काम; आत्मघात ।

**आत्मा–** ना० [सं०] १. शरीरमा रहेमा त्यसलाई जीवित राख्ने र क्रियाशील बनाउने तथा नरहेमा निष्क्रिय वा मुर्दा बनाउने अविनाशी, अतीन्द्रिय र अभौतिक शक्ति । २. मन वा अन्तःकरणका व्यापारको ज्ञान गराउने सत्ता; जीवात्मा । ३. सत्-चित्-आनन्दसम्बन्धी पदार्थ; चैतन्य तत्त्व । ४. मन; चित्त; हृदय । ५. कुनै वस्तुको गूढ वा सार तत्त्व । (शब्दको आत्मा, काव्यको आत्मा इ०) । >**आत्मानन्द–** ना० आत्माको ज्ञान वा आत्मामा लीन भएर प्राप्त हुने आनन्द । **आत्मानुभव–** ना० १. स्वयम् प्राप्त अनुभव । २. आत्माको अस्तित्वको अनुभव । **आत्मानुभूति–** ना० १. आत्माको स्वरूप आदिका सम्बन्धमा हुने अनुभव वा ज्ञान; आत्मज्ञान; आत्मबोध । २. आफैँआफ हुने अनुभूति । **आत्माभिमान–** ना० आफ्नो सम्मान र प्रतिष्ठाको विचार; आफ्नो मान-अपमानको ज्ञान; स्वाभिमान; आत्मगौरव । **आत्माभिमानी–** वि० आफ्नो इज्जत र प्रतिष्ठा राख्ने; स्वाभिमानी । **आत्माभिमुख–** वि० आत्मातर्फ उन्मुख; अन्तर्मुख । **आत्माराम–** ना० आफ्नै आत्मामा लीन हुने वा आत्मज्ञानले तृप्त योगी; आत्मज्ञानी; आत्मज्ञानद्वारा आनन्दमग्न भएको व्यक्ति । **आत्मालोचना–** ना० १. आफैँले आफूमा भएका गुणदोषहरूको बारेमा गरिने आलोचना वा मूल्याङ्कन । २. साम्यवादी दलका कार्यकर्ताहरूलाई अनुशासित तुल्याउनका निम्ति आफ्नो भूल आफैँले प्रकाशमा ल्याउन प्रत्येक बैठकमा गरिने गुणदोषको विवेचना । **आत्मावलम्बी–** ना० अरू कसैको आश्रयमा नरहेर आफ्नै भरोसामा काम गर्ने व्यक्ति ।

**आत्मिक–** वि० [सं०] १. आत्मासम्बन्धी; आत्माको । २. आफ्नो; आफूसँग सम्बन्धित; निजी । ३. मनसम्बन्धी; मानसिक । ४. ज्यादै नजिकको । – **ता–** ना० १. आत्मिक हुने अवस्था वा भाव ।

**आत्मीय–** वि० [सं०] १. आत्मासम्बन्धी; आत्मासँग मिल्ने । २. निजी; आफ्नो । ३. आफ्नो पक्षको । ना० ४. आफ्नो मानिस । ५. नातेदार; इष्टमित्र; कुटुम्ब । ६. मन मिलेको व्यक्ति – **ता–** ना० १. आत्मीय हुनाको अवस्था वा भाव; आत्मीयपन; आफ्नोपन । २. हार्दिकता; मैत्रीभाव ।

**आत्मोत्सर्ग–** ना० [सं०] अर्काको भलाइका निम्ति आफ्ना सुख-दुःखहरूको ख्याल नगर्ने काम; परोपकारका निम्ति आफ्नो जीवन सुम्पने क्रिया; आत्मत्याग; आत्मबलिदान ।

**आत्मोद्धार–** ना० [सं०] १. आफ्नो आत्मालाई सांसारिक बन्धनबाट मुक्त गर्ने क्रिया । २. ब्रह्ममा मिल्ने क्रिया; मोक्ष ।

**आत्मोन्नति–** ना० [सं०] १. आत्माको उन्नति । २. आफैँआफ गरिने आफ्नो तरक्की । ३. मनोबललाई बढाउने काम । – **बिदा–** ना० विश्वविद्यालयजस्ता शैक्षिक निकायका शिक्षकहरूले खास सेवाअवधि पूरा गरेपछि आत्मोन्नतिका लागि गरिने अध्ययन-अनुसन्धान-कार्यका निम्ति पाउन सक्ने नियमानुसारको एकबर्से वा तोकिएको अवधिको बिदा ।

**आत्मोपजीवी–** वि० [सं०] आफ्नै परिश्रमबाट जीविका चलाउने; स्वावलम्बी ।

**आत्रामात्रा–** ना० [(द्वि०) मात्रा] जे-जति भएको खिच्रीमिच्री; सानोतिनो चीजबीज; खत्र्याकखुत्रुक; जेतेमेते ।

**आत्रेय–** वि० [सं०] १. अत्रि-गोत्र भएको; अत्रि-गोत्रमा जन्मिएको । ना० २. अत्रिका छोरा दत्तात्रेय । **गोत्र–** ना० दुवाडी, दुलाल, पौडेल, पानी-पोखरेल आदिको वंशपरिचयात्मक नाम । >**आत्रेयी–** ना० १. अत्रि-गोत्रमा जन्मिएकी स्त्री । २. वेदान्तविद्यामा निपुण एक प्रसिद्ध विदुषी । ३. ऋतुमती वा रजस्वला स्त्री ।

**आदत–** ना० [अ०] १. अभ्यास । २. स्वभाव; प्रकृति । ३. बानी; बेहोरा; आचरण; लत; व्यवसाय ।

**आदम–** ना० [अ०] १. इसाई, मुसलमान र यहुदीहरूका अनुसार मानव-जाति उत्पन्न गर्ने आदिपुरुष; हिन्दूहरूका मनुको समकक्ष

सृष्टिका आदिमनुष्य वा व्यक्ति । २. आदमका सन्तान वा मनुष्य ।
**आदमारा–** ना० लेक र बेसीका बीचको बस्ती बस्ने भाग; कछाडको बस्ती ।
**आदमी–** ना० [अ०] आदमका वंशज वा सन्तान; मनुष्य; मानव ।
**आदर–** ना० [सं०] १. कुनै व्यक्तिमा गरिने सम्मान वा सत्कारको भाव । २. मानभाउ; कदर । ३. कुनै व्यक्तिप्रति अनुराग वा स्नेहका दृष्टिले गरिने सत्कार । ४. प्रतिष्ठा; इज्जत । > **आदरणीय–** वि० आदर गर्न योग्य; सम्माननीय । ~ **पत्र–** ना० इमानदारीसाथ राम्रो काम गर्ने कर्मचारी वा समाजसेवीलाई कुनै सङ्घ, संस्था, सरकार आदिबाट दिइने प्रशंसापत्र । – **भाउ–** ना० सत्कार; मानभाउ; इज्जत; प्रतिष्ठा । ~ **भाव–** ना० आदरभाउ ।
**आदरार्थी–** वि० [सं०] १. आदर जनाउन प्रयोग गरिने; आदर बुझाउने (व्याकरणका विभिन्न रूपायक प्रत्यय वा बहुवचन, उदा०– तिमी जाऊ, तपाईं जानुहोस्, हजुर पाल्नुभयो, मौसुफको फिर्ती सवारी भयो इ०) । २. आदर खोज्ने; आदरको अभिलाषा राख्ने ।
**आदर्श–** ना० [सं०] १. रूप, गुण र विचारको अनुकरण गर्न सुहाउँदो व्यक्ति, पदार्थ वा सिद्धान्त । २. कुनै वस्तु वा क्रियाको पूर्णता तथा उत्तमताको खास नमुना वा स्तर । ३. ऐना । ४. टीका; व्याख्या । वि० ५. सत् र न्यायी स्वभाव भएको (व्यक्ति) । ~ **जनसङ्ख्या–** ना० रूप, गुण, शील, स्वभाव आदि मानवमुखी भएका जनताहरूको सङ्ख्या; रोग, शोक र भोकले नसताइएका जनताहरूको समूह । – **वाद–** ना० मानिसले सधैँ आदर्श वा असल कुरालाई लक्ष्य गरेर त्यसको सिद्धि वा प्राप्तिका निम्ति काम गरेमा संसार अवश्य नै सुन्दर र सुखद हुनेछ भन्ने सिद्धान्त; त्यस्तो गुणसम्पन्न रूपमा विभूषित साहित्यिक रचना गर्ने प्रवृत्ति । – **वादिता–** ना० आदर्शवादमा हुने गुण वा त्यसको स्वरुप; आदर्शवादको नीतिनियम । – **वादी–** वि० आदर्शवादलाई मान्ने; आदर्शवादको अनुयायी । ~ **विज्ञान–** ना० कल्पना आदिबाट विवेचना गरिने विज्ञानको एक शाखा । > **आदर्शीकरण–** ना० कुनै वस्तु वा कार्यलाई आदर्शका रूपमा प्रस्तुत गर्ने क्रिया वा प्रक्रिया ।
**आदाता–** वि० [सं०] लिने वा ग्रहण गर्ने; प्राप्त गर्ने; प्रापक ।
**आदान–** ना० [सं०] लिने वा प्राप्त गर्ने काम; स्वीकार । ~ **प्रदान–** ना० लिनेदिने काम; लेनदेन ।
**आदि–** ना० [सं०] १. थालनी; सुरु; प्रारम्भ; आरम्भ । २. यस्तै किसिमले अरू वा बाँकी पनि सबै; इत्यादि । वि० ३. पहिलो; प्रथम । ४. सुरुको; प्रारम्भिक । ५. मुख्य; प्रधान । – **कवि–** ना० प्रथम महत्त्वपूर्ण वा प्रभावशाली कवि; परम्परा खडा गर्ने प्रारम्भका कवि (संस्कृतका वाल्मीकि, नेपालीका भानुभक्त, अङ्ग्रेजीका चौसर इ०) । – **कारण–** ना० १. सृष्टिको मूलकारण वा हेतु । २. ईश्वर वा प्रकृति ।
**आदित्य–** ना० [सं०] १. सूर्य; रवि । २. कश्यपका अदितिपट्टिका सन्तान; देवता । – **वार–** ना० आइतबार; रविवार ।
**आदिनाथ–** ना० [सं०] १. शिव; महादेव । २. काठमाडौँदेखि दक्षिणतिर चोभार नामक स्थानमा रहेको बुद्धमूर्ति; आदिबुद्ध । (यिनी मत्स्येन्द्रनाथका गुरु मानिन्छन्) ।
**आदिनूतनाश्म युग–** ना० [सं०] चार करोड पचास लाख वर्षपहिले प्रारम्भ भएको युग ।
**आदिपुरुष–** ना० [सं०] १. सृष्टिका पहिला पुरुष; मनु । २. कुल, गोत्र वा वंशको पहिलो व्यक्ति; कुलपुरुष । ३. पुर्खा । ४. विष्णु । ५. परमेश्वर ।
**आदिभूत–** वि० [सं०] सुरुमा पैदा भएको; प्रारम्भमा उत्पन्न भएको ।
**आदिभूमि–** ना० [सं०] १. कुनै जाति, व्यक्ति वा वस्तु जन्मेको मुख्य ठाउँ; उद्‌भव भूमि । २. सुरुको ठाउँ ।
**आदिम–** वि० [सं०] १. पहिलो; प्रथम; आदिकालीन; प्राक्कालीन । २. प्राचीन; पुरानो । ~ **जाति–** ना० कुनै देशमा सबैभन्दा पहिले बसोबास गर्ने मानव-जाति ।
**आदिमता–** ना० [सं०] आदिम हुनाको भाव, अवस्था वा स्थिति । – **परक–** वि० पुराकथा, दन्त्यकथा र साहित्यलाई निकटतम ठान्ने र साहित्यको अध्ययनमा आदिम संस्कृतिमा अन्तर्निहित आद्यस्वरूपको महत्त्व देखाउने (समालोचना आदि) ।
**आदिवासी–** ना० [सं०] कुनै भूभाग, देश वा स्थानमा पहिलेदेखि नै बसोबास गरिआएको जाति; आदिम निवासी; आदिम जाति ।
**आदिशक्ति–** ना० [सं०] १. महामाया; दुर्गादेवी । २. शक्तिसिद्धान्तका अनुसार सृष्टिको आदितत्त्व मानिएकी देवी ।
**आदिष्ट–** वि० [सं०] आदेश दिइएको; आज्ञा प्राप्त गरेको; अह्राइएको ।
**आदिस्वरलोप–** ना० [सं०] शब्दका अगिल्तिरको स्वर लोप हुने क्रिया (जस्तै– अभ्यन्तर > भित्र, अघैया > घैया (धान) इ०) ।
**आदिस्वरागम–** ना० [सं०] कुनै शब्दका अगाडि स्वर थपिने क्रिया (स्कुल > इस्कुल, स्नान > इस्नान इ०) ।
**आदी–** वि० [अ०] कुनै काम वा कुरा गर्ने आदत बसेको; बानी परेको; अभ्यस्त ।
**आदेना–** ना० जौको जस्तो बोट हुने एक प्रकारको अन्न; जई ।
**आदेय–** वि० [सं०] लिन हुने; ग्रहण गर्न योग्य; ग्राह्य ।
**आदेश–** ना० [सं०] १. कुनै काम-कारबाईका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासापुकासा वा निर्णयसम्बन्धी आज्ञा । २. आज्ञा; अह्रोट । ३. सन्देश; खबर । ४. उपदेश; अर्ती । ५. गोरख-मतानुयायी साधुहरूले नमस्कार गर्दा उच्चारण गर्ने शब्द । ६. संस्कृत व्याकरणका अनुसार एक वर्णका स्थानमा अर्को वर्ण वा ध्वनि आउने क्रिया; अक्षर-परिवर्तन । ~ **उपदेश–** ना० आदेश र उपदेश; अह्रोट र अर्ती । > **आदेशक–** वि० आदेश दिने; आज्ञा दिने; अह्राउने । **आदेशानुसार–** क्रि० वि० आदेशअनुसार; आज्ञा भएबमोजिम; अह्राएमुताबिक ।

**आद्य–** वि० [सं०] १. पहिले भएको; पहिलेको; पहिलो; प्रारम्भिक । २. मुख्य; प्रमुख; प्रधान ।

**आद्यन्त–** क्रि० वि० [सं०] आदिदेखि अन्तसम्म; आरम्भदेखि समाप्तिसम्म; थालनीदेखि टुङ्ग्याउनीसम्म ।

**आद्या–** ना० [सं०] १. आदिशक्ति । २. दशमहाविद्याहरूमा पहिलो महाविद्या । ३. प्रतिपदा तिथि ।

**आद्यक्षर–** ना० [सं०] १. पहिलो अक्षर । २. कुनै शब्द वा नामको सङ्क्षेप जनाउनलाई लेखिने शब्द वा नामको पहिलो अक्षर (जस्तै– नेपाल प्रज्ञा-प्रतिष्ठान= ने० प्र० प्र०, कृपया उता पल्टाउनुहोस् = कृ० उ० प०, इत्यादि = इ०) ।

**आद्याशक्ति–** ना० [सं०] हे० आदिशक्ति ।

**आद्योपान्त–** क्रि० वि० [सं०] १. आदिदेखि उपान्तसम्म; सुरुदेखि आखिरीसम्म; थालनीदेखि टुङ्ग्याउनीसम्म । वि० २. सबै; भएभरको; सम्पूर्ण ।

**आधा–** वि० [प्रा० अद्ध < सं० अर्ध] कुनै वस्तुको बराबर दुई भागमध्ये एक; अर्ध । – **आधी–** वि० अन्दाजी वा ठीक आधा; झन्डै-झन्डै वा पूरापूर आधा ।

**आधान–** ना० [सं०] १. राख्ने काम; स्थापना । २. लिने काम; प्राप्त हुने अवस्था । ३. फिर्ता गर्ने काम ।

**आधाबोटी–** ना० [आधा + बोटी] धार्नी प्रणालीका तौलमा धार्नीको सोह्रौँ भाग ।

**आधामाने–** वि० [आधा + मानो] आधा मानु अट्ने; पाँचमुठे (भाँडो) ।

**आधार–** ना० [सं०] १. कुनै वस्तु अड्ने वा रहने ठाउँ; आश्रय; अडान; टेको । २. सहारा; आलम्बन । ~ **तत्त्व–** ना० शब्दको संरचनामा एउटा अवयवका रूपमा रहने अर्थको प्रधानता भएको रूपिम; पूर्वसर्ग वा परसर्ग गाँसिने मूलशब्द । ~ **पद–** ना० मूल शब्दका पछाडि लाग्ने प्रत्यय वा पद । – **भूत–** वि० १. आधार भएको; आश्रयस्वरूप । २. जग बनेको; पृष्ठभूमि तयार भएको । ~ **शिक्षा–** ना० गान्धीवादी दृष्टिकोण अनुरूपको शिक्षा; समाजको सदस्यका रूपमा व्यक्तिलाई आफ्ना सामान्य आवश्यकतापूर्तिका निम्ति आधारभूत खालका सीपहरू सिकाउने शिक्षा । – **शिला–** ना० १. गाह्रो अडचाउन राखिएको सबभन्दा तलको ढुङ्गो । २. कुनै पनि कार्यको मुख्य आधार; पहिलो पृष्ठभूमि । > **आधारित–** वि० आधारमा रहेको; कुनै कुरालाई आधार बनाई तयार पारिएको ।

**आधार्य–** वि० [सं०] कुनै वस्तु आदिको आधार बनेको; कुनै वस्तु आदि आधारित हुने ।

**आधि–** ना० [सं०] १. मानसिक पीडा; मनको भुटो; चिन्ता । २. बन्धक; धरोट ।

**आधिकरणिक–** ना० [सं०] १. हाकिम वा प्रमुख अधिकारी । २. न्यायाधीश । वि० ३. अधिकरण वा न्यायालयसँग सम्बन्धित ।

**आधिकारिक–** वि० [सं०] १. कुनै प्रकारको अख्तियार पाएको; अधिकारयुक्त; साधिकार । ना० २. अधिकारप्राप्त व्यक्ति; अधिकारी । > **आधिकारिकी–** ना० १. कुनै विशेष अधिकार पाएका र त्यस्तो अधिकारको प्रयोग गर्ने व्यक्तिहरूको समूह; अधिकारीहरूको समुदाय । २. न्यायाधीशहरूको समूह । ~ **कथावस्तु–** ना० मुख्य फल पाउने नायकसँग सम्बन्ध राख्ने, आदिदेखि अन्तसम्म पुगेको मूल कथानक ।

**आधिक्य–** ना० [सं०] १. अधिक हुनाको भाव वा अवस्था; अधिकता । २. सबैभन्दा असल हुनाको भाव; सर्वोत्कृष्टता ।

**आधिदैविक–** वि० [सं०] १. दैव, प्रकृति आदिबाट प्राप्त हुने; देवताहरूबाट प्रेरित । २. भूतप्रेत आदिबाट हुने । ३. भाग्यले हुने ।

**आधिपत्य–** ना० [सं०] अधिपति हुनाको भाव वा अवस्था; प्रभुत्व; स्वामित्व ।

**आधिभौतिक–** वि० [सं०] १. भौतिक पदार्थ तथा बाघ, भालु, सर्प आदि जीवजन्तुका कारणले वा तिनद्वारा उत्पन्न हुने (भय, पीडा, रोग इ०) ।

**आधिव्याधि–** ना० [सं०] मानसिक र शारीरिक पीडा; व्यर्थको भुटो र कष्ट; मन र शरीरमा हुने कष्ट ।

**आधुनिक–** वि० [सं०] भर्खर-भर्खरै निस्केको, चलेको वा अस्तित्वमा आएको; हालसालको; आजकालको; वर्तमान समयको; नयाँ । – **ता–** ना० आधुनिक हुनाको अवस्था वा भाव; नवीनता; अर्वाचीनता । ~ **आर्यभाषा–** ना० संस्कृत भाषाबाट प्राकृत र प्राकृतबाट अपभ्रंश हुँदै रूपान्तरण भएका आर्यभाषाका विविध रूप । ~ **मानव–** ना० इसापूर्व दस हजार वर्षपहिलेको मानव; आधुनिक युगको मान्छे । ~ **मानव युग–** ना० इसापूर्व दस हजार वर्षपहिले प्रारम्भ भएको मानवयुग । ~ **युग–** ना० इसाभन्दा दस हजार वर्षपहिले सुरु भएको र आजसम्म चल्दै आएको युग । > **आधुनिकीकरण–** ना० पुरानो परम्परा, रीतिरिवाज एवम् सभ्यतालाई नयाँ वा आधुनिक बनाउने काम वा प्रक्रिया ।

**आधेय–** ना० [सं०] १. कुनै आधारमाथि राखिएको वस्तु; आश्रित वस्तु । २. व्याकरणअनुसार सप्तमी विभक्तिको चिह्न । वि० ३. स्थापित गरिएको; राखिएको । ~ **तत्त्व–** ना० शब्दको संरचनामा एउटा अवयवका रूपमा रहने अर्थको प्रधानता नभएको रूपिम; मूल शब्दमा गाँसिने पूर्वसर्ग, परसर्ग आदि ।

**आध्यात्मिक–** वि० [सं०] १. अध्यात्मसित सम्बन्ध राख्ने; अध्यात्मसम्बन्धी; आत्मासम्बन्धी । २. ब्रह्म वा जीवसम्बन्धी ।

**आनका तान–** वि० [हि० आन (दोस्रो) + का + तान] कताको कता; ज्यादै; धेरै; अत्यन्त ठूलो (फरक) ।

**आनत–** वि० [सं०] १. निहुरेको; झुकेको; नुहेको । २. नम्र; विनयी; विनीत । > **आनति–** ना० १. झुकाइ; निहुराइ । २. नमस्कार गर्ने काम; प्रणाम । ३. सत्कार; सम्मान ।

**आनन–** ना० [सं०] १. मुख; मुहार; चेहरा । (प्रायः समस्त शब्दका पछिल्तिर, जस्तै– चतुरानन, पञ्चानन, षडानन, गजानन आदि) । २. अध्याय; परिच्छेद ।

**आनन्द**– ना० [सं०] १. कुनै अभीष्ट वस्तुको प्राप्ति तथा सुखद स्थितिमा वा कुनै मङ्गलकार्य सम्पन्न हुँदा मनमा हुने प्रिय अनुभूति; हर्ष; प्रसन्नता; खुसी । २. कुनै आपत्ति वा दुःख-कष्ट, बिस्मात आदि नभएको मानसिक अवस्था । ३. सन्चो; सजिलोपना । **– मय–** वि० १. आनन्दले भरिएको; सुखपूर्ण; हर्षयुक्त । ना० २. परब्रह्म; परमानन्द । **– मय कोश–** ना० वेदान्तशास्त्रका अनुसार आत्माका पाँच कोश वा आवरणमध्ये एक; अन्नमय, प्राणमय, मनोमय र विज्ञानमय कोशपछि परिगणित अन्तिम कोश । **– दायी–** वि० आनन्द दिने; सुख दिने; हर्षप्रद । **– मत्ता/सम्मोहिता–** ना० सम्भोगको आनन्दमा अत्यन्त निमग्न र मुग्ध भएकी प्रौढा नायिका । >**आनन्दातिरेक–** ना० आनन्दको पराकाष्ठा; अति आनन्द; हर्षातिरेक । **आनन्दाश्रु–** ना० ज्यादै खुसी वा आनन्दका बेलामा आउने आँसु; हर्षाश्रु । **आनन्दित–** वि० आनन्दमा निमग्न भएको; हर्षित; प्रसन्न; प्रफुल्ल । **आनन्दी–** वि० १. अति सुख चाहने; सोखी; मनमोजी; अलमस्त । २. सधैँ प्रसन्न वा खुसी रहने ।

**आनम्य–** वि० [सं०] १. निहुरने; लचिलो । २. फेर्न सकिने । ~ **संविधान–** ना० देश, काल, परिस्थितिअनुसार परिवर्तन गर्न सकिने संविधान ।

**आना–** ना० [सं० आणक] १. चार पैसाको समुदाय; रुपियाँको पच्चीसौँ भाग । २. सोह्र भागको एक भाग (जमिन, सम्पत्ति आदि) ।

**आनाकानी–** ना० [सं० अनाकर्णन] आलटाल; आनेकाने; लस्याङ-लुसुङ ।

**आनामानी–** वि० यता न उताको; अलपत्र परेको; बीचको (उदा०– **जेठो छोरो, कान्छो नानी, माहिलो छोरो आनामानी ।** – उखान) ।

**आनामासे–** ना० [आना + मासे] महिना दिनभरिमा एक रुपियाँको एक आना ब्याज पाक्ने दर ।

**आनासुका–** ना० [आना + सुका] १. मोहोरभन्दा घटीका चानचुन पैसा; खुजुरा पैसा । २. आना र सुका; आनादेखि सुकासम्मका पैसा । >**आनासुकी–** ना० आनासुका ।

**आनीत–** वि० [सं०] बाहिरबाट ल्याइएको; खोजेर तयार पारिएको; उपस्थित गराइएको ।

**आनीबानी–** ना० [आनी + बानी] चालचलन; शीलस्वभाव; बानीबेहोरा; चरित्र ।

**आनु–** ना० [सं० अन्ध] आनो; अन्धो ।

**आनुकूलिक–** वि० [सं०] जस्तो हुनुपर्ने हो त्यस्तो भएको वा बनाइएको; अनुकूल पारिएको; उपयुक्त वा सामयिक तुल्याइएको ।

**आनुकूल्य–** ना० [सं०] १. अनुकूल हुनाको भाव वा अवस्था; अनुकूलता; उपयुक्तता । २. अनुग्रह; कृपा; दया ।

**आनुक्रमिक–** वि० [सं०] शृङ्खलाबद्ध रूपमा रहेको; क्रम मिलेको; क्रमानुसारको ।

**आनुपातिक–** वि० [सं०] अनुपातसम्बन्धी; अनुपातका दृष्टिबाट ठीक ठहरिएको; दामासाही मिलाइएको; अनुपात मिलेको । ~ **प्रतिनिधि–** ना० सबै दल वा सङ्गठनलाई तिनीहरूले पाएका सबै मतको अनुपातबाट प्रतिनिधित्व दिने व्यवस्थाअनुसार चुनिएको व्यक्ति ।

**आनुपूर्विक/आनुपूर्वी–** वि० [सं०] एकपछि अर्को क्रम मिलेको; सिलसिला मिलेको; क्रमानुसारको ।

**आनुबन्धिक–** वि० [सं०] अनुबन्धसित सम्बन्धित; अनुबन्ध भएको । ~ **सिकाइ–** ना० एक अनुक्रियाले अर्को अनुक्रियाका लागि उत्तेजकको काम गर्ने किसिमको सिकाइ ।

**आनुमानिक–** वि० [सं०] अनुमानमा आधारित; अनुमान गरिएको; अनुमानसँग सम्बन्धित; अडकल वा अन्दाज गरिएको; लख काटिएको ।

**आनुमानु–** ना० [आनु + मानु] १. जस्ताको तस्तो हुने काम; साविकबमोजिम हुने प्रक्रिया । २. सामान्य व्यवहारमा लेनदेन गरिने थोरै नगद वा जिन्सी वस्तु ।

**आनुवंशिक–** वि० [सं०] वंशपरम्पराबाट पाइएको वा आएको; पुर्ख्यौली; वंशानुगत । **– ता–** ना० आनुवंशिक हुनाको भाव, अवस्था वा परम्परा;पुर्ख्यौलीपन; वंशानुगत स्थिति ।

**आनुवृत्तिक–** वि० [सं०] अनुवृत्तिसम्बन्धी; अनुवृत्ति पाएको (पेन्सनियर) ।

**आनुश्राविक–** वि० [सं०] परम्परादेखि सुनेर आएको; अनुश्रुतिअनुसारको; कर्णपरम्पराबाट सुनिएको ।

**आनुषङ्गिक–** वि० [सं०] १. ज्यादै घनिष्ठ वा निकटको सम्बन्ध राख्ने । २. मुख्यका साथसाथै लागेर आउने; गौण; प्रासङ्गिक ।

**आने–** वि० [आना + ए] १. चार पैसाको; चार पैसा पर्ने । ना० २. चार पैसाको बीचमा प्वाल भएको मुद्रा; आने ढ्याक ।

**आनेकाने–** ना० हे० आनाकानी ।

**आने ब्याज–** ना० [आने + ब्याज] एक रुपियाँको एक महिनामा एक आनाका दरले लाग्ने वा लिने चलनअनुसारको ब्याज ।

**आन्तरिक–** वि० [सं०] १. भित्रको; भित्री । २. मनको; मानसिक । ~ **मूल्याङकन–** ना० सत्रअन्तर्गत कक्षामा लिइने तथा विद्यार्थीहरूको अनुशासन, पढाइको खिप्ती, बोधक्षमता, अभिव्यक्ति-कुशलता आदिको मूल्याङ्कन गरिने परीक्षा ।

**आन्दोलक–** वि० [सं०] १. आन्दोलन गर्ने; हलचल मचाउने । २. हल्लाउने; झुल्ने ।

**आन्दोलन–** ना० [सं०] १. जनमानसलाई उत्तेजित गर्न वा कुनै आवेगपूर्ण र अशान्त परिस्थिति सिर्जनाका निम्ति गरिने कार्य; हलचल; उथलपुथल; होहल्ला । २. यताउति हल्लने वा झुल्ने काम । **– कारी–** वि० आन्दोलन गर्ने वा हलचल मचाउने ।

**आन्दोलित–** वि० [सं०] १. आन्दोलन भएको वा गरिएको । २. हल्लाइएको; झुलाइएको ।

**आन्द्रो/आन्रो–** ना० [सं० अन्त्र] पेटभित्रको मल निकाल्ने, गुदद्वारसम्म

पुगेको नली; आँत ।

**आन्वीक्षिकी**– ना० [सं०] तर्कशास्त्र ।

**आपण**– ना० [सं०] १. पसल; दोकान । २. हाट; हटिया; बजार; मेला । ~**कर**– ना० कुनै व्यक्तिले मेला आदिमा पसल राखेबापत लाग्ने दस्तुर । >**आपणिक**– वि० पसले; दोकानदार; बेपारी ।

**आपत्**– ना० [सं०] १. सङ्कट; फसाद; मुस्किल । २. सकसिलो स्थिति; अप्ठेरो वातावरण । – **काल**– ना० आपत् परेको बेला; दुखःको समय; दुर्दिन । – **कालिक**– वि० आपत्कालमा हुने; सङ्कटकालीन । – **कालीन**– आपत् परेका बेलाको; आपत्कालको; सङ्कटकालको ।

**आपत्ति**– ना० [सं०] १. आपत्; विपत्ति; सङ्कट । २. बिचल्ली । ३. बाधा । – **जनक**– वि० आपत्ति पार्ने खालको; असजिलो पर्ने; सङ्कट पैदा गर्ने । ~ **पत्र**– ना० १. कुनै काम वा विषयमा परिआउने असुविधा, विघ्नबाधा आदिको विवरणपत्र । २. पीर-बाधा देखाइएको पत्र ।

**आपद्**– ना० [सं०] आपत्; आपत्ति । – **ग्रस्त**– वि० आपद्‌विपद्‌मा फसेको; सङ्कटमा परेको; सङ्कटैसङ्कटले घेरिएको । ~ **धर्म**– ना० आचारका दृष्टिले गर्न उचित नभए तापनि आपत्तिका बेलामा बाध्य भई अँगालिएको काम वा कुरो ।

**आपन्न**– वि० [सं०] आपद्‌मा फसेको; सङ्कटमा जेलिएको; आपद्‌ग्रस्त ।

**आपरिवर्तन**– ना० [सं०] १. एउटा ध्वनि उच्चारण गर्दा अर्को ध्वनिको उच्चारण थपिने भाषावैज्ञानिक प्रक्रिया । २. व्यापक परिवर्तन । ३. आमूल परिवर्तन ।

**आपस**– ना० [हि०] १. आत्मीयहरूको समुदाय; आफुस । २. नजिककाहरूको समुदाय । ३. नजिक; छेउ; पार्श्व । वि० ४. आफन्त; आत्मीय । >**आपस्त**– वि० आफन्त ।

**आपात**– ना० [सं०] १. अग्लो ठाउँबाट खस्ने वा झर्ने क्रिया-प्रक्रिया । २. अकस्मात् आइपर्ने वा आइपरेको घटना वा स्थिति । > **आपाततः**– अव्य० १. तुरुन्त; उत्तिखेरै । २. अचानक; अकस्मात् । ३. आखिरमा; अन्त्यमा; निचोरमा । ४. सामान्य दृष्टिले विचार गर्दा; सरसरी हेर्दा । ~**दृष्टि**– ना० कुनै वस्तु वा घटनालाई तत्काल सरसरती हेर्ने क्रिया; सद्य दृष्टि; सामान्य दृष्टि । >**आपातिक**– वि० अकस्मात् घटेको; अचानक देखा पर्ने; अपर्झट आइपरेको ।

**आपी**– ना० [भो० ब०] पश्चिमी नेपालमा रहेको एक हिमालचुलीको नाउँ ।

**आपूरण**– ना० [सं०] भर्ने काम; पूरा गर्ने क्रिया वा प्रक्रिया ।

**आपूरित**– वि० [सं०] राम्ररी भरिएको; भरिभराउ भएको; पूरापूर भएको ।

**आपूर्ति**– ना० [सं०] १. दैनिक तथा सामयिक उपभोग्य विषयवस्तु पूरा गर्ने काम । २. आवश्यक उपभोग्य वस्तु खाँचो भएमा सामान्य जनतालाई उपलब्ध गराउने काम ।

**आपेक्षिक**– वि० [सं०] १. कसैको अपेक्षा राख्ने; सापेक्षक । २. अरूको आश्रयमा रहने; आश्रित ।

**आप्त**– वि० [सं०] १. पाएको; प्राप्त । २. विश्वासप्राप्त; विश्वासयोग्य । ना० ३. विश्वास भएको व्यक्ति; आत्मीय जन । ४. योगशास्त्रअनुसार मानिने शब्द-प्रमाण । – **काम**– वि० १. इच्छा पूरा भएको; मनले सोचेको कुरो पुगेको । २. सांसारिक विषयवासना त्याग गरेको । – **कारी**– वि० १. लुकेर काम गर्ने । ना० २. भरपर्दो सेवक । ~ **जन/वर्ग**– ना० आफ्ना र आफन्तहरूको वर्ग वा समूह; मित्रमण्डली । ~ **वाक्य**– ना० आफन्तहरूको कुरो; शिष्ट वा मान्य जनहरूको वाक्य । > **आप्ति**– ना० १. पाउने काम; लाभ; प्राप्ति; उपलब्धि । २. निर्दिष्ट स्थानमा पुग्ने स्थिति; मिलन । ३. पूर्णता ।

**आप्पै**– वि० बो० पीडा, हर्ष, उन्माद आदिमा अचानक मुखबाट निकालिने शब्द । (उदा०– आप्पै ! कस्तो चिसो पानी रहेछ !) ।

**आप्रवास**– ना० [सं०] एक देशको मानिस अर्को देशमा गएर बस्ने काम; बसाइँसराइ । > **आप्रवासी**– वि० अर्कै देशबाट आएर बस्ने वा बसेको (व्यक्ति) ।

**आप्रोन**– ना० [अङ्०] जीउमा फोहरमैलो नलागोस् भनी भान्सामा भात पकाउँदा भान्सेले अथवा ज्यासल, कारखानाहरूमा काम गर्दा प्राविधिकहरूले लगाउने जामाका आकारको आवरण ।

**आप्लावन**– ना० [सं०] १. नदी, तलाउ आदिमा नुहाउने काम; पानीमा चोपलिएर शरीर भिजाउने प्रक्रिया । २. गोता मार्ने काम; डुबुल्की ।

**आप्लावित**– वि० [सं०] आप्लावन भएको वा गरिएको; डुबुल्की लगाएको । २. भिजाइएको ।

**आफन्त**– ना० [आफू + अन्त] १. आपस; आपस्त । २. नातेदार; आत्मीय व्यक्ति । ३. नाताकुटुम्ब; बन्धुवर्ग । ४. हितेच्छु; शुभेच्छु । >**आफन्ती**– वि० आफन्तको; आफन्तसम्बन्धी; आत्मीय ।

**आफल्-नु**– स० क्रि० [√ आफाल्] १. कुनै वस्तु पर पुग्ने गरी हुत्त्याउनु; फ्याँक्नु; फाल्नु; मिल्काउनु । २. छाड्नु; त्याग्नु; त्याग गर्नु । ३. हुर्याउनु; हुत्त्याउनु । ४. पर सार्नु; टाढा पुऱ्याउनु; हटाउनु ।

**आफल**– ना० [सं० आस्फालन] १. मिल्काउने काम; मिल्काइ । २. मिल्काइएको वस्तु वा कुरो । – **ताफल**– ना० १. छेलोखेलो । ३. छिरलो । ~ **तोरी**– ना० साग मात्र खाइने एक प्रकारको ठूलो तोरी; पानीतोरी; सर्स्यूं । – **सिङ**– वि० बेवास्तासँग फालिएको; मिल्किएको; फाल्तू । >**आफलाआफल**– ना० परस्परमा मिल्काउने काम; धेरैले एकैसाथ फालाफाल गर्ने काम ।

**आफलाइ**– ना० [√ आफल् (+आइ)] आफल्ने वा आफल्न लाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **आफलिनु**– अ० क्रि० फालिनु; फ्याँकिनु; मिल्काइनु; हुत्त्याइनु ।

**आफस**– ना० [आफू + अस] आपस; आफुस ।

**आफसे आफ**– क्रि० वि० [हि० आप से आप] आफैँ आफ; स्वयमेव;

आफैँ नै; आफआफैँ ।

**आफस्त–** ना० [आपस] आपस्त; आफन्त ।

**आफाल्-नु–** स० क्रि० [सं० आस्फालन + नु] हे० आफल्नु; अफाल्नु । >**आफालिनु–** क० क्रि० आफल्ने काम गरिनु; आफलिनु; अफालिनु ।

**आफिस–** ना० [अङ्०] अड्डा; कार्यालय ।

**आफुस–** ना० [आफू + स] आपस; आफस ।

**आफू–** सर्व० [सं० आत्मा] १. आफैँ; स्वयम्; खास आफू नै । २. तपाईं । ३. पति; स्वामी । ४. स्वयम् । ~ **खुसी–** क्रि० वि० १. आफ्नो इच्छानुसार; मनमाफिक; इच्छामुताबिक; राजीखुसीले । वि० २. इच्छाअनुसारको; मनमाफिकको । ~ **मिल्दो–** वि० आफूअनुसारको; आफ्नो स्वभावसुहाउँदो । ~ **सक्के–** क्रि० वि० आफूले सकेजति; आफ्नो शक्तिले भ्याएसम्म ।

**आफैँ/आफै–** क्रि० वि० [आफू + नै] १. आफू नै; म नै; स्वयम् नै । २. यहाँ नै; तपाईं नै । **– आफ–** क्रि० वि० प्रयत्न नगरीकनै; आफआफैँ; आफैँ नै; स्वयमेव; स्वतः ।

**आफ्नू/आफ्नो–** वि० [सं० आत्मन्] आफ्नो; आफ्नो अधिकारको; निजी; स्वकीय । ~ **मान्छे–** ना० १. आत्मीय व्यक्ति । २. लोग्ने । ३. स्वास्नी ।

**आबद्ध–** वि० [सं०] हरतरहबाट बाँधिएको; बन्धनमा परेको; सम्बन्ध भएको ।

**आबन्ध–** ना० [सं०] १. बन्धन । २. बाँध्ने डोरी; दाम्लो; जुइन् । > **आबन्धक–** वि० बाँध्ने काममा प्रयोग हुने; बन्धनमा पार्ने । **आबन्धन–** ना० १. डोरी; बन्धन । २. फेरो । ३. छाँद ।

**आबरु–** ना० [फा० आबरु] १. मानमर्यादा; इज्जत; सम्मान । २. लाज, सरम ।

**आबर्जे–** ना० [फा० आबार] गोस्वारा स्रेस्तामा भएको लगत वा आम्दानी-खर्चहरूबाट एक किसिमको कित्ता एकै महलमा पर्ने गरी रकम-कलम छुट्याई लेखिएको कागत ।

**आबहवा–** ना० [फा०] कुनै देशको सर्दी-गर्मी वा स्वास्थ्यको दृष्टिबाट हुने प्राकृतिक स्थिति; जलवायु ।

**आबाद–** वि० [फा०] १. मानिस बसेर गुल्जार भएको; बस्ती बसेको । २. खनजोत गरेर बालीनाली लगाउन सकिने पारिएको । > **आबादी–** ना० १. बस्ती; बसोबास भएको ठाउँ । २. कुनै देशको जनसङ्ख्या; जनसमूह । ३. खनजोत गरेको जमिन ।

**आबा न काबा–** वि० [हावा + न + काबा] होस हराएको; बेहोसी; सुद्धीबुद्धि नभएको; ग्वाँजे ।

**आबा न चाबा–** वि० [भो०ब० आबा+न+चाबा] तेल न पानीको; बेकामको; अर्थ न बर्थको; व्यर्थको; बिनसित्तिको ।

**आबाल–** क्रि० वि० [सं०] बालकलगायत; बालकदेखि लिएर । ~ **वनिता–** क्रि०वि० स्वास्नीमान्छे र केटाकेटी लगायत; स्त्री र बालकसमेत । ~ **वृद्ध–** क्रि० वि० बालकदेखि लिएर बूढासम्म; बूढो र बालकसमेत ।

**आभरण–** ना० [सं०] १. शरीरमा लगाउने गहना; आभूषण । २. पालनपोषण; भरणपोषण ।

**आभा–** ना० [सं०] १. कुनै वस्तु आदिमा देखा पर्ने चमक; कान्ति; दीप्ति । २. झलक; प्रतिबिम्ब; छाया ।

**आभार–** ना० [सं०] १. गुणग्राहिता; कृतज्ञता; गुन । २. कुनै वस्तु वा कार्यको बोझ; भारी । ३. गृहस्थीको भार; परिवारलाई पालनपोषण र रेखदेख गर्ने अभिभारा । > **आभारी–** वि० १. अर्काले गरेको उपकार मान्ने; गुनिलो । २. कृतज्ञ ।

**आभास–** ना० [सं०] १. नहुने कुरा पनि भएजस्तो हुने मिथ्या ज्ञान; भान; झझल्को । २. झल्को; अस्पष्ट सम्झना; छनक । > **आभासित–** वि० १. नहुने कुरा पनि भएजस्तो देखिने । २. झझल्को लाग्ने वा लागेको ।

**आभिजात्य–** ना० [सं०] उत्तम कुल वा वर्गमा जन्मनाको भाव वा अवस्था; कुलीनता; श्रेष्ठता । **– वाद–** ना० कुलीनता तथा शास्त्रीयतालाई बढी महत्त्व दिने एक सिद्धान्त ।

**आभीर–** ना० [सं०] १. गाई पालेर जीविका चलाउने जाति; ग्वाला । २. पाउमा एघार मात्रा र अन्तिम जगण हुने एक छन्द । ३. भैरव रागको छोरो ।

**आभूषण–** ना० [सं०] १. शरीरमा शोभा बढाउनाका निम्ति लगाइने रत्न आदि जडिएको गहना; अलङ्कार; गहनागुरिया; आभरण । २. शृङ्गार; सजावट ।

**आभूषित–** वि० [सं०] गहना लगाएको; सिँगारिएको; रत्नादिका शृङ्गारले सजिसजाउ भएको; गहना, वस्त्र आदिले झरिझुट्ट भएको ।

**आभ्यन्तर–** वि० [सं०] भित्रपट्टिको; भित्रको; भित्री; भित्री भागमा रहेको । ~ **कोप–** ना० भित्री जलन; मानसिक ईर्ष्या; डाहा । ~ **प्रयत्न–** ना० किलकिलेदेखि ओठसम्मको भागमा वर्णोच्चारणमा हुने विभिन्न प्राकृतिक प्रयत्न । >**आभ्यन्तरिक–** वि० आभ्यन्तर ।

**आभ्यासिक–** वि० [सं०] अभ्याससम्बन्धी; अभ्यासबाट भएको; अभ्याससित सम्बन्धित ।

**आभ्युदयिक–** वि० [सं०] १. कुनै माङ्गलिक कार्य वा अभ्युदयसित सम्बन्धित । ना० २. कुनै ठूला मङ्गल-कार्य (व्रतबन्ध, विवाह, सप्ताह आदि)-मा पितृहरूका उद्देश्यले गरिने श्राद्ध; वृद्धिश्राद्ध; नान्दीमुख ।

**आम१–** ना० [सं०] १. आउँ । २. रोग; व्याधि । वि० ३. काँचो; कचिलो ।

**आम२–** वि० [फा०] १. मामुली; साधारण; सामान्य । २. सर्वसाधारणका लागिको; जनताका लागिको । ~ **जनता–** ना० साधारण जनता; सम्पूर्ण जनता । ~ **माफी–** ना० सर्वमाफी । (राणाशासन समाप्त भएपछि स्व० श्री ५ त्रिभुवनबाट राणाहरूलाई आममाफी बक्सेको थियो । यस्तो माफी दिने अधिकार राष्ट्राध्यक्षमा मात्र हुन्छ) ।

**आमद–** ना० [फा०] आम्दानी; आय । **– रफ्त–** ना० १. आम्दानी-

खर्च । २. आवतजावत (दिव्य०) ।

**आमदानी**– ना०हे० आम्दानी ।

**आमनिर्वाचन**– ना० [फा० आम + सं० निर्वाचन] सम्पूर्ण जनताले आफ्नो प्रतिनिधि छान्ने काम; देशको प्रतिनिधिसभाका लागि गरिने अधिराज्यव्यापी चुनाव ।

**आमनेसामने**– क्रि० वि० [(द्वि०) सामुन्ने] एक अर्काको सम्मुखमा; मुखामुख गरेर; आमुन्नेसामुन्ने ।

**आमन्त्रण/आमन्त्रणा**– ना० [सं०]१. निम्तो; निमन्त्रण । २. कसैलाई स्नेह-श्रद्धाले पुकार्ने वा बोलाउने काम । ३. सल्लाह; परामर्श । >**आमन्त्रणीय**– वि० निम्तो गर्न सुहाउने; निमन्त्रण गर्न लायक; बोलाउनुपर्ने ।

**आमन्त्रयिता**– वि० [सं०] निम्तो गर्ने; निमन्त्रण दिने; डाकबोलाउ गर्ने; आमन्त्रणकर्ता ।

**आमन्त्रित**– वि० [सं०] निम्तो गरिएको; बोलाइएको; निमन्त्रित; निम्तारो; निम्तालु ।

**आमरण**– अव्य० [सं०] बाँचुन्जेल; नमरुन्जेल; मर्ने बेलासम्म; आखिरी घडीसम्म । >**आमरणान्त**– वि० बाँचेसम्म टिक्ने; नमरेसम्म रहने वा अड्ने; नमरुन्जेल रहने ।

**आमलक**– ना० [सं०] अमला । >**आमलकी**– ना० १. अमला । २. फाल्गुन शुक्ल एकादशी ।

**आमवात**– ना० [सं०] आउँको विकारबाट शरीरका विभिन्न भाग दुख्ने र जोर्नी सुनिने एक प्रकारको रोग ।

**आमशिक्षा**– ना० [फा० आम + सं० शिक्षा] देशका तमाम बालबालिका तथा प्रौढहरूलाई व्यापक स्तरमा उपलब्ध गराइने शिक्षा ।

**आमसभा**– ना० [फा० आम + सं० सभा] ठूलो जनसमूह सम्मिलित भई गरिएको सार्वजनिक सभा; सर्वसाधारण जनसमूह जम्मा भएर गरिएको सभा ।

**आमा**– ना० [सं० अम्बा] आफूलाई जन्म दिने स्त्री; जननी; माता; महतारी । **– को काख**– ना० न्यानो वा सुख-सन्चको अवस्था । **आमाको काख, अरूको लाख** (उखान) ।

**आमाङ्लाम**– ना० [भो० ब०] नेपालको सोलुखुम्बु जिल्लामा पर्ने ६,८५६ मिटर अग्लो हिमाली चुचुरो ।

**आमाचकारी**– ना० [आमा + चकारी] जथाभावीसित लाजभाँडका शब्द प्रयोग गर्दै गरिने गाली; मनपरी बोलाइ ।

**आमाजू/आमाज्यू**– ना० [आमा + ज्यू] पतिकी दिदी; लोग्नेकी दिदी ।

**आमातिसार**– ना० [सं०] बारम्बार रगत नमिसिएको आउँ दिसा हुने रोगविशेष ।

**आमान्न**– ना० [सं०]१. काँचो अन्न; नपकाएको अन्न । २. पितृका उद्देश्यले दान गरिने सिधा ।

**आमावास्य**– वि० [सं०]१. औँसीको; औँसीसित सम्बन्धित; औँस्याहा । २. औँसीमा जन्मेको ।

**आमाशय**– ना० [सं०] पेटभित्र खाएको पदार्थ रहने थैली; पाकस्थली ।

**आमिष**– ना० [सं०]१. मासु । २. देवकार्य र पितृकार्यमा निषिद्ध गरिएको खाद्य वस्तु; अपवित्र मानिएको खाद्य पदार्थ । > **आमिषाशी**– वि० माछामासु खाने; मांसाहारी ।

**आमुख**– ना० [सं०]१. सुरु; थालनी । २. नाटकको प्रस्तावना वा भूमिका । ३. भूमिका; प्रस्तावना । ना० यो० ४. सम्मुख; अगाडि ।

**आमुन्नेसामुन्ने**– क्रि० वि० [(द्वि०) सामुन्ने] परस्परमा एक अर्काको अगाडि; सामुन्ने-सामुन्ने; आमनेसामने; मुखामुख; हाराहारी ।

**आमूल**– अव्य० [सं०] जरासम्म; मूलपर्यन्त; टुप्पादेखि फेदसम्म (जस्तै– आमूल परिवर्तन) ।

**आमै**– ना० [आमा + नै] १. आमा; जननी । २. बज्यै; हजुरआमा । ३. आमाजस्तै मान्य स्त्री । वि० बो० ४. तर्सँदा, झस्कँदा वा आश्चर्य हुँदा बोलिने शब्द; आम्मै (उदा०– आमै ! कत्रो सर्प आयो !) । ~ **बाबै**– ना० आमै र बाबै ।

**आमोद**– ना० [सं०]१. आनन्द; खुसी; खुसीयाली; हर्ष । २. रमिता । ३. सुगन्ध; सुवास; बास्ना । ~ **प्रमोद**– ना० भोगविलास; मनमोज; सुख-चैन; मोजगिरी । >**आमोदित**– वि० १. प्रसन्न पारिएको वा भएको; खुसी पारिएको वा भएको; हर्षित । २. सुगन्धित; सुवासित; सुवास भएको वा आएको । **आमोदी**– वि० १. प्रसन्न रहने; हर्षित । २. सुवासित; सुगन्धित ।

**आमोली**– ना० केटाकेटीहरूको खेलमा केटाकेटीले आफूलाई डुम बनाएपछि केही समय खेलबाट अलग राख्न गरिको सङ्केत; फुक्की; फुट्टी ।

**आम्खोरा**– ना० [फा० आबखोर] पेट फुकेको, केही साँगुरिएको घाँटी र खुला मुख भएको, लाम्चो किसिमको पानी खाने भाँडो; अम्खोरा । >**आम्खोरी**– ना० सानो अम्खोरा ।

**आम्दानी**– ना० [फा० आमदनी] १. कुनै काम, रोजगार व्यापार आदिबाट कमाइएको धनसम्पत्ति; आय; आयस्ता । २. लाभ; प्राप्ति; उपलब्धि । ~ **खर्च**– ना० आम्दानी र खर्च; आय र व्यय ।

**आम्नाय**– ना० [सं०]१. श्रुति; वेद । २. परम्पराबाट चलेर आएको परिपाटी; कुलको रीतिथिति । ३. चलेर आएको उपदेश; गुरुबाट प्राप्त शिक्षा । ४. सल्लाह; मन्त्रणा; परामर्श ।

**आम्मे**– प्रत्य० [सं० मय (ट्)] कुनै शब्दका पछिल्तिर गाँसिएर अधिकता वा व्याप्तिको अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (जल + आम्मे = जलाम्मे, रातो + आम्मे = राताम्मे इ०) ।

**आम्मै**– वि० बो० [आमै] डर, आश्चर्य, विषाद आदिका क्षणमा एकाएक मुखबाट निस्कने शब्द; आमै । (उदा०– आम्मै, तिमीले त्यसो गऱ्यौ भने म त मरिहालेँ नि !)। ~**नि**– वि० बो० आम्मै । >**आम्मैले**– वि० बो० आम्मै ।

**आम्र**– ना० [सं०]१. आँप । २. आँपको रूख । **– गन्धा**– ना० साधारण भालाजस्तो पात हुने, गुलाफी रङको फूल फुल्ने र आँपको जस्तो बास्ना आउने एक जातको हलेदो । **– हरिद्रा**–

ना० आँपको गन्ध आउने र उसिनेर साँधी अचार खाइने एक प्रकारको कन्दमूल; हर्दीआँप ।

**आम्रात/आम्रातक–** ना० [सं०] अमाराको रूख; अमारो ।

**आम्ल–** ना० [सं०] १. अमिलीको रूख; अमिली । २. अमिलो स्वाद; अमिलोपन । ३. पित्त अमिलो हुने रोगविशेष । >**आम्लिका–** ना० अमिली ।

**आय–** ना० [सं०] १. आम्दानी । २. फाइदा; लाभ । ~ **कर–** ना० सबै किसिमका आम्दानीमा नियमबमोजिम लगाइएको कर । – **कर अदालत–** ना० आयकरसम्बन्धी मुद्दामामिलको कारबाई गर्ने अड्डा ।

**आयत–** वि० [सं०] १. फैलिएको; फराकिलो; विस्तृत; विशाल । २. लामो; दीर्घ । >**आयतन–** ना० १. आकाशको खास क्षेत्र ओगट्ने कुनै वस्तुको आकृति वा गुण । २. वस्तुको आकृतिबाट देखिने आकाशको परिधि वा क्षेत्रफल । ३. लमाइ र चौडाइ बराबर नभए पनि चार समकोण भएको कुनै क्षेत्र । ४ गृह; घर । ५. ठाउँ; स्थान । ६. मन्दिर; देवालय । ७. अग्निकुण्ड; यज्ञवेदी ।

**आय विवरण–** ना० [सं०] कुन रकम कहाँबाट कसरी आयो भन्ने कुराको विवरण; आम्दानीको लेखाजोखा; आर्जनको लेखा वा टिपोट ।

**आयव्यय–** ना० [सं०] आम्दानी र खर्च; नाफा र नोक्सान; लाभ-हानि । >**आय-व्ययक–** ना० १. आगामी वर्षको निमित्त विभिन्न विभाग वा कामका निम्ति इन्तिजाम गरिएको आम्दानी-खर्चको लेखाजोखा; बजेट; एक वर्ष वा अरू कुनै समयावधिका लागि अनुमान गरिएअनुसार भविष्यको कार्य-सञ्चालनमा प्रस्तुत गरिएको आर्थिक योजना । २. कुनै सरकारी, अर्धसरकारी संस्था आदिको सालभरमा हुने आम्दानी-खर्चको अनुमानित लेखाजोखा । ~ **गणना–** ना० कुनै राष्ट्र वा सङ्घ-संस्था आदिको सालभर वा कुनै खास अवधिभित्र हुने सम्भावित आय र व्ययको अनुमानित लेखाजोखा; आयव्ययको तथ्याङ्क । ~ **चक्र–** ना० आम्दानी र खर्चको नियमित क्रम; आम्दानीअनुसारको खर्च र खर्चअनुसारको आम्दानी गर्ने प्रक्रिया । ~ **विवरण–** ना० आम्दानी र खर्चको विवरण वा लेखा । **आयव्ययिक–** ना० आय-व्ययक; बजेट ।

**आयस्ता–** ना० [√ आय] १. जग्गाजमिन, व्यापार आदिबाट निश्चित रूपमा हुने आम्दानी; स्थायी आयस्रोत । २. प्राप्ति; लाभ; फाइदा ।

**आयात–** ना० [सं०] १. विदेशबाट झिकाइएका मालसामान आउने काम; पैठारी । वि० २. विदेशबाट खरिद गरिएको; झिकाइएको । ३. आएको; आगत । >**आयातक–** ना० विदेशबाट मालसामान मगाउने स्वीकृति पाएको; व्यवसायी । ~ **कर–** ना० विदेशबाट झिकाइएका तयारी वा कच्चा मालसामानमा भन्सारको नियमानुसार उठाइने वा लिइने शुल्क; आयातशुल्क । ~ **निर्यात–** ना० मालसामानहरू विदेशबाट स्वदेशमा मगाउने र स्वदेशबाट विदेशमा पठाउने काम; निकासी-पैठारी । – **मुण्ड–** वि० लाम्चो टाउको भएको; मानवशास्त्रअनुसार लाम्चो आकारको टाउको हुने ।

**आयाम–** ना० [सं०] १. वस्तुको लमाइ, चौडाइ र मोटाइमध्ये कुनै एक थोक । २. फैलावट; विस्तार । >**आयामिक–** वि० १. लम्बाइ, चौडाइ, उचाइ र गहिराइ मिलेको । २. आयामसँग सम्बन्धित; आयामको । **आयामेली–** वि० आयामको; आयामसँग सम्बन्धित ।

**आयास–** ना० [सं०] १. मिहिनेत; प्रयास; परिश्रम । २. थकाइ । – **कर–** वि० कुनै मिहिनेत, प्रयत्न आदिबाट कमाइएको निश्चित रकम छाडेर बढीमा लाग्ने सरकारी कर वा दस्तुर ।

**आयु–** ना० [सं०] १. नमरुन्जेलसम्मको समय; आयुष्य; आयुर्दा । २. उमेर; वय । ३. जीवन ।

**आयुक्त–** वि० [सं०] १. टाँसिएको; जोडिएको; गाँसिएको । २. कुनै पदमा भर्ना भएको; नियुक्त । ना० ३. कुनै आयोगको अध्यक्ष वा सदस्य (निर्वाचन-आयुक्त) आदि ।

**आयुध–** ना० [सं०] १. हतियार; शस्त्र; अस्त्र । २. अङ्गुल र मात्राको दस गुनाबराबरको नाप; सयताल, दिशा, नाडी वा प्रादुर्भावबराबरको नाप । – **जीवी–** वि० हतियार चलाएर जीविका गर्ने; शस्त्रजीवी । >**आयुधिक–** वि० १. हतियारसम्बन्धी; शस्त्रसम्बन्धी । ना० २. सिपाही; सैनिक; योद्धा । **आयुधी–** वि० १. हतियार भिर्ने; शस्त्रधारण गर्ने । ना० २. सैनिक; सिपाही; योद्धा । **आयुधीय–** वि० १. हतियार वा शस्त्रसँग सम्बन्धित; हातहतियारको । ना० २. लडाकू; योद्धा ।

**आयुर्दा–** ना० [सं० आयु] बाँचेको वा जीवित समय; आयु ।

**आयुर्वेद–** ना० [सं०] पौर्वात्य दृष्टिकोणबाट पाँचौ वेद मानिने, रोग निदानपछि काष्ठादि, रसादि औषधीको प्रयोग गरिने र शल्यक्रिया आदिका उपायद्वारा पनि चिकित्सा गरिने प्रसिद्ध प्राचीन चिकित्साशास्त्र; चरक, सुश्रुत, वाग्भट आदिद्वारा प्रणीत पौर्वात्य चिकित्सा-पद्धति । >**आयुर्वेदिक–** वि० आयुर्वेदसम्बन्धी; आयुर्वेदीय । **आयुर्वेदीय–** वि० आयुर्वेदिक; वैदाङ्गी ।

**आयुशेष–** ना० [सं०] बाँकी रहेको आयु वा उमेर; बाँकी जीवन; शेष जीवन ।

**आयुष्मान्–** वि० [सं०] १. लामो आयु भएको; चिरञ्जीवी; दीर्घजीवी । २. बाँचेको; जिउँदो ।

**आयुष्य–** ना० [सं०] १. बाँचेको उमेर वा वय; आयु; जीवनकाल । वि० २. आयु बढाउने; धेरै बाँच्ने गराउने; आयु लामो गराउने ।

**आयोग–** ना० [सं०] १. कुनै निश्चित कार्यका निम्ति सरकारबाट गठित संस्था वा निकाय (निर्वाचन-आयोग, लोकसेवा-आयोग इ०) । २. सरकारी र अर्धसरकारी विशेष कामका लागि स्थायी वा अस्थायी रूपमा खडा गरिएको एक वा अनेक व्यक्तिको समिति (शाही आयोग, सेवा-आयोग इ०) ।

**आयोजक–** वि० [सं०] कुनै काम-कुराको प्रबन्ध गर्ने; कुनै योजनाको सञ्चालन गर्ने; बन्दोबस्त मिलाउने; प्रबन्धक; व्यवस्थापक । ~ **समिति–** ना० कुनै कार्यको व्यवस्था एवं प्रबन्ध गर्नाका निम्ति

गठन गरिएको सम्बन्धित आयोजकहरूको समिति ।

**आयोजन/आयोजना**– ना० [सं०] १. कुनै काम पूरा गर्नाका निम्ति पहिलेदेखि गरिएको प्रबन्ध; इन्तजाम; बन्दोबस्त । २. कसैलाई कुनै काममा लगाउने काम; नियुक्ति । ३. मिलाउने वा जोड्ने प्रक्रिया । ४. उद्योग; उन्नति । ५. सामग्री; सामान ।

**आयोजित**– वि० [सं०] आयोजन वा आयोजना गरिएको; प्रबन्ध मिलाइएको; बन्दोवस्त भएको वा गरिएको ।

**आरक्त**– वि० [सं०] रछ्यायाँ रङको; हल्का रातो; अलि-अलि रातो; रातो-रातो ।

**आरक्ष**– ना० [सं०] वन्यजन्तुको सुरक्षा र रूख-बिरुवाहरूको बचाउका निम्ति जङ्गललाई चारैतिरबाट घेर्ने काम; आरक्षण । >**आरक्षक**– ना० १. सबै किसिमका कठिनाइबाट बचाउ गर्ने व्यक्ति । २. प्रहरी; पुलिस । **आरक्षण**– ना० १. चारैतिरबाट रक्षा गर्ने वा जोगाउने क्रिया । २. वन्यजन्तु र बोट-बिरुवाहरूको बचाउका निम्ति जङ्गललाई सुरक्षित राख्ने काम । ~ **दल**– ना० आरक्षकको दल वा समूह; प्रहरीटोली ।

**आरक्षित**– वि० [सं०] चारैतिरबाट रक्षा गरिएको; जोगाइएको; बचाइएको । ~ **कोष**– ना० विशेष आवश्यकता पर्दा वा सङ्कटका समयमा काम दिन सकोस् भनी जम्मा गरिने कोष; सञ्चित कोष । ~ **विषय**– ना० विशेष दृष्टिबाट वा विशेष व्यक्तिहरूका निम्ति सुरक्षित राखिएको विषय ।

**आरक्षी**– वि० [सं०] १. चारैतिरबाट बचाउ गर्ने । २. रक्षक ।

**आरण्य**– वि० [सं०] १. जङ्गलसम्बन्धी; जङ्गली; बनैया; जङ्गलको; जङ्गलमा रहेको । ना० २. जङ्गल; वन; कानन । ३. खेती नगरीकन पैदा भएको अन्न; जङ्गली अन्न । ४. जङ्गली जनावर । ५. अर्ना । >**आरण्यक**– वि० १. जङ्गली; बनुवा । ना० २. वन-जङ्गलको बाटोघाटो आदि । ३. वन-जङ्गलमा रहने मानिस; वनवासी । ४. वानप्रस्थ-आश्रमसम्बन्धी कार्यको विवरण लेखिएको वेदको एक खण्ड वा भाग । ~ **कुक्कुट**– ना० जङ्गली कुखुरो; लुइँचे ।

**आरती१**– ना० [सं० आरात्रिक] १. देवताका पूजाआजामा धूप, बत्ती बालेर घुमाउने क्रिया; निराजन । २. धेरै मुख भएको बत्ती बाल्ने भाँडो । ३. बेलुका गरिने देवताको पूजा वा आराधन । ~ **स्याउँली**– ना० विवाहमा दुलही भित्र्याउँदा दुलाहाका दिदी-बहिनीले थालमा विभिन्न आकारका बुट्टामा बत्ती बाली गरिने आरती; निराजन ।

**आरती२**– ना० खुरा भएका झ्याल-ढोकामा खापाको खुरा अडचाउने प्वाल भएको तलमाथि रहने तेर्सो काठ ।

**आरन**– ना० [सं० आयस् + अरण] कामी, कौ आदिको फलाम पोल्ने अगेनु; फलाम पोल्ने आगाको भट्टी ।

**आरब्ध**– वि० [सं०] १. थालनी गरेको; सुरु भएको; आरम्भिक । ना० २. सुरु; आरम्भ ।

**आरभटी**– ना० [सं०] १. क्रोध, भयानकता, रौद्रता आदि उग्रभावको चेष्टा । २. एक साहित्यिक वृत्ति; रौद्र, वीर, भयानक आदि रसको वर्णन वा प्रयोग भएको अंश ।

**आरम्भ**– ना० [सं०] १. थालनी; सुरु; उठान; प्रारम्भ । २. कार्यावस्था; कथावस्तुका पाँच अवस्थामध्ये पहिलो अवस्था; फलप्राप्तिका निमित्त उत्सुकता देखाइने अवस्था । – **तः**– अव्य० थालेदेखि; सुरुदेखि; प्रारम्भदेखि । ~ **निष्पत्ति**– ना० १. चाहिँदो माल तयार पार्ने वा अभावपूर्ति गर्ने काम । २. वस्तुको उत्पादन गर्दा लाग्ने खर्च । ३. उपलब्धि; प्राप्ति । > **आरम्भिक**– वि० १. सुरुको; थालनी गर्ने अवस्थाको; पहिलेको; प्रारम्भिक । २. खास प्रविधि, साधन तथा प्रक्रियाको पूर्वपरीक्षणका लागि गरिने (अध्ययन, अभ्यास इ०) ।

**आरसी**– ना० [सं० आदर्शिका] १. प्राचीन कालको धातुको ऐना; आर्सी । २. देवी, देवताको पूजा गरिने अष्टदल लेखिएको धातुको थाली ।

**आरा**– ना० [सं०] एउटाले तान्ने र अर्काले घुचेट्ने गरी ठूलठूला काठ चिर्ने ठूलो खालको करौँती ।

**आराधक**– वि० [सं०] आराधना गर्ने; उपासक; पूजक ।

**आराधन/आराधना**– ना० [सं०] १. ईश्वरलाई प्रसन्न पार्न गरिने उपासना; पूजा; ध्यान । २. सम्मान; सेवा; टहल । >**आराधनीय**– वि० आराधना गर्न योग्य; पूज्य ।

**आराधित**– वि० [सं०] आराधना गरिएको; पुजिएको; पूजा गरिएको; पूजित; सेवित ।

**आराध्य**– वि० [सं०] १. आराधना गर्न योग्य; पूजनीय; आराधनीय । २. आफूले आराधना, उपासना, पूजा आदि गरिएको (देवता, इष्टदेवता) ।

**आराम**– ना० [सं०] १. थकाइ मार्ने वा विश्राम गर्ने काम; सुस्ताउने क्रिया; श्रमशान्ति । २. सन्चो; सन्चसुबिस्ता; निको; आनन्द; निकानन्द । ३. सुख; चैन । ४. उपवन; बगैँचा । ~ **कुर्सी**– ना० लामो आकारको पल्टेर बस्न हुने मेच वा कुर्सी । ~ **गृह**– ना० आराम गर्ने घर वा कोठा; विश्राम गर्ने घर; विश्रामालय । ~ **बिराम**– ना० सन्चोबिसन्चो; सुखदुःख ।

**आरामी**– वि० [आराम + ई] १. आरामको; आरामसम्बन्धी । २. आराम चाहने; विलासप्रिय । ३. अल्सी; अल्छी; सुस्त । ~ **पत्र**– ना० सन्चोसुबिस्ता लेखिएको चिठी; कुशल समाचारको चिठीपत्र ।

**आरारुट/आरारोट**– ना० [अङ्० आरारुट] १. लाम्चो भेट्नामा लामा र ठूला पात हुने, खैरा धर्साहरू भएको सेतो गानु हुने एक प्रकारको बोट । २. हल्का हुनाले बिरामीलाई पथ्यको निम्ति पेय बनाई खुवाइने त्यसैको कन्द वा पीठो ।

**आरिस**– ना० [√ आहारिस] ईर्ष्या; डाहा; आहारिस । > **आरिसे**– वि० अर्काको सुखसम्पत्ति वा उन्नति देख्न, सहन नसक्ने स्वभावको; डाहा गर्ने बानी भएको; इखालु; डाहिलो; डाहे । >**आरिस्याइँ**– ना० आरिसे हुनाको भाव, अवस्था वा प्रवृत्ति ।

**आरी१**– ना० [सं०] ससाना पात हुने, गुलाफी रङका बाटुला फूल

फुल्ने काँडादार रूख वा कलेजी रङका लामा कोसा फल्ने त्यसैको फल ।

**आरी**२– ना० [सं० आढक] अचार बनाउने वा अचार हाल्ने काममा आउने काठ, माटो आदिको सानो भिउँट; बिट नफर्किएको काठ वा माटाको फराकिलो भाँडो; आढी । – **स्याँगी**– ना० १. सङ्कटकालीन अवस्था; चरीघाँटी । २. आरी र स्याँगी ।

**आरु**– ना० [सं०] लाम्चा पात हुने, कलेजी रङका सेता ससाना फूल फुल्ने एक जातको बोट वा त्यही बोटको भित्र हाडे बियाँ हुने फुस्रो रङको फल । – **पाते**– ना० आरुको जस्तो पात हुने एक प्रकारको घाँस ।

**आरूढ**– वि० [सं०] १. चढेको; कुनै वस्तुमाथि बसेको । २. तत्पर; सन्नद्ध । ~ **यौवना**– ना० १. बैँसले मत्त भएकी तरुनी; उमेर पुगेकी युवती । २. मध्या नायिकाका चार भेदमध्ये एक ।

**आरेख**– ना० [सं०] खास विचारलाई रेखाको माध्यमद्वारा प्रस्तुत गरिने ग्राफिक प्रविधि ।

**आरो/करौँती**– ना० [सं० आर] १. करौँती । २. जुत्ता सिउने, चुच्चो थोरै दोब्रिएको सियो । ३. फलामको तीखो घोच्ने हतियार; सुइरो ।

**आरोग्य**– ना० [सं०] १. रोग नभएको वा नलागेको अवस्था; स्वस्थता; तन्दुरुस्ती । २. रोग नलाग्ने क्रिया वा भाव । ~ **आश्रम/शाला**– ना० १. बिरामीहरूलाई उपचार गर्न राखिने वा उपचार गरिने घर; स्वस्थ वातावरण भएको घर । २. चिकित्सालय; अस्पताल ।

**आरोप**– ना० [सं०] १. कसैलाई कुनै खराब काम गरेबापतमा लगाइएको दोष; बात वा फरेब; अभियोग । २. कसैलाई खराब काम गरेकोमा बात वा दोष लगाउने क्रिया वा व्यवहार । ३. एक पदार्थमा अर्का पदार्थका गुणको कल्पना गर्ने काम । ४. रोप्ने वा घुसार्ने काम । > **आरोपक**– वि० १. आरोप लाउने; फत्तुर लाउने; दोष वा बात लगाउने । २. बोटबिरुवा आदि रोप्ने । **आरोपण**– ना० १. उखेलेका बोटबिरुवा आदि अर्का ठाउँमा रोप्ने काम । २. एक व्यक्तिले अर्का व्यक्तिको भाव देखाउने वा एक वस्तुमा अर्को वस्तु जड्ने काम । ३. एउटा बिरुवामा अर्को बिरुवाको टुसो वा सानो हाँगो घुसार्ने वा टाँसेर एकरूप पार्ने काम । ४. चढाउने वा उकाल्ने काम । ५. दोषबात लगाउने काम । ६. झूटो कल्पना; भ्रम । ~ **पत्र**– ना० अड्डाअदालतबाट कुनै व्यक्तिका उपर आरोप लगाइएको बेहोरा वा बयान लेखिएको कागत । **आरोपित**– वि० १. दोष लगाइएको; बात लगाइएको । २. सारिएको; रोपिएको (बिरुवा) । **आरोप्य**– वि० १. आरोप लगाउन हुने; बात लगाउन लायक । २. सार्न वा रोप्न हुने (बोटबिरुवा) ।

**आरोह**– ना० [सं०] १. घोडा आदि चढ्ने मानिस; सवार । २. चढ्ने वा उक्लने काम । ३. अग्लो जमिन; उच्च स्थान । ४. सङ्गीतमा निम्न स्वरबाट क्रमशः स्वर चढाउँदै लैजाने काम । ५. चढाइ; धावा । ६. पहाड आदि चढ्ने वा उक्लने काम । ७. बोल्दा वा वाचन गर्दा स्वर उरालिँदै जाने प्रवृत्ति । > **आरोहक**– वि० १. घोडा आदि चढ्ने; पर्खाल आदि उक्लने । ना० २. रथ हाँक्ने व्यक्ति; सारथि; घोडा आदि चढ्ने व्यक्ति; घोडचढी । **आरोहण**– ना० १. चढ्ने वा उक्लने काम वा प्रक्रिया । २. मास्तिर चढ्ने साधन; सिँढी; भऱ्याङ । ३. बीउ, पालुवा आदि टुसाउने वा पलाउने काम । ४. नाचगानका निम्ति बनाइएको अग्लो ठाउँ; मञ्च । **आरोहावरोह**– ना० १. चढ्ने र उत्रने काम; उक्लने र ओर्लने काम । २. सङ्गीतमा स्वर चढाउने र उतार्ने क्रिया वा अवस्था । **आरोही**– वि० १. पहाड, रूख आदिमा चढ्ने वा उक्लने । २. घोडचढी; सवारीमा चढ्ने (मानिस, सवार इ०) । ना० ३. गाउँदा वा बजाउँदा 'स'-देखि 'नि'-सम्म क्रमशः बढाउँदै लैजाने स्वरसाधनको प्रक्रिया ।

**आर्घो**– ना० [भो० ब०] गुरुङ जातिको आफ्नो चलनअनुसार गरिने शुद्धशान्ति; आर्घुं; घेवा ।

**आर्ज-नु**– स० क्रि० [सं० आर्जन + नु] आर्जन गर्नु; कमाउनु; आम्दानी गर्नु ।

**आर्जन**– ना० [सं० अर्जन] खेतीपाती, उद्योग, श्रम आदिबाट हुने आर्थिक वा अन्य आय; कमाइ; आम्दानी । **आर्जन भए भोर्जन मिल्छ** (उखान) ।

**आर्जिनु**– क० क्रि० [आर्ज + इ + नु] आर्जन गरिनु; कमाइनु ।

**आर्जे**– ना० कुनै हराएपराएको अथवा भागेको वस्तु वा मान्छे कतातिर छ भनी पत्ता लगाउने उद्देश्यले ज्योतिष वा धामीले अक्षता आदि प्रयोग गरी हेर्ने जोखना ।

**आर्त**– वि० [सं०] १. सङ्कट वा विपत्मा परको । २. दुःखी । ३. बिरामी; रोगी; अस्वस्थ । ४. पीडा भएको; पीडित । – **नाद**– ना० दुःख वा पीडाले कराएको आवाज; करुण क्रन्दन ।

**आर्तव**– वि० [सं०] १. ऋतु वा मौसमसित सम्बन्धित; कुनै खास ऋतुमा हुने; मौसमी । ना० २. नछुने आइमाईको महिनामहिनामा निस्कने रज वा रगत ।

**आर्थिक**– वि० [सं०] १. धनसम्पत्तिसम्बन्धी; वित्तीय । २. राजनीति तथा समाजशास्त्रका अनुसार धनसम्पत्ति तथा यसको आर्जन, उत्पादन, विभाजन, वितरण आदिसित सम्बन्ध राख्ने । ३. शब्द, वाक्य आदिको तात्पर्यसँग सम्बन्धित; अर्थसँग सम्बन्ध राख्ने । ~ **ऐन**– ना० सरकारले देशको आयव्ययसम्बन्धी व्यवस्थाका निम्ति तर्जुमा गरी निकालेको ऐन । ~ **प्रणाली**– ना० राष्ट्रिय सम्पत्तिको आयव्यय गरिने नीति तथा प्रक्रिया । ~ **भूगोल**– ना० आर्थिक दृष्टिले देशका विभिन्न भाग तथा तिनका उत्पादन आदिको अध्ययन गरिने विद्या । ~ **योजना**– ना० अर्थसम्बन्धी योजना; राष्ट्रिय योजनाअनुसार अर्थका सम्बन्धमा तय गरिएको योजना । ~ **वर्ष**– ना० नयाँ आर्थिक योजना प्रारम्भ गरिने वर्ष (नेपालमा साउन महिनादेखि अर्को असार मसान्तसम्म आर्थिक वर्ष हुन्छ ।) । ~ **सल्लाहकार**– ना० सरकारलाई अर्थसम्बन्धी कामकुराको सल्लाह दिने व्यक्ति वा समिति ।

**आर्थी व्यञ्जना**– ना० [सं०] शब्दका आधारमा नभएर अर्थका आधारमा व्यङ्ग्यार्थ बुझाउने व्यञ्जना ।

**आर्द्र**– वि० [सं०] १. पानीले भिजेको; चिसो । २. गिलो; नरम । ३. रसयुक्त; रसिलो । ४. पग्लेको । ~**खेती**– ना० पानी पुग्ने खेतमा लगाइने बालीनाली । >**आर्द्रक**– वि० १. भित्र वा बाहिर पानीको अंश भएको; भिजेको । २. गिलो; नरम । ना० ३. अदुवा । –**ता**– ना० आर्द्र हुनाको भाव; पानीले भिज्ने भाव वा अवस्था; चिसोपन ।

**आर्द्रा**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक नक्षत्र; छैटौँ नक्षत्र ।

**आर्मेनियाली**– ना० [आर्मेनिया (स्थान) + आली] भारोपेली भाषा परिवारको शतम्‌वर्गको एक उपशाखा ।

**आर्य**– वि० [सं०] १. उत्तम; श्रेष्ठ । २. आदरणीय; मान्य । ३. प्रगतिशील; उत्तम संस्कारयुक्त । ना० ४. उत्तम वा उदात्त चरित्र भएको मानिस । ५. सानाले ठूलालाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द । ६. सभ्य मानिएको एक प्राचीन जाति । ~**जाति**– ना० आर्यहरूको जाति; आर्य । ~**धर्म**– ना० आर्यहरूले अँगालेको धर्म; सनातन-धर्म । ~**पुत्र**– ना० १. प्राचीन कालमा पत्नीले पतिलाई सम्बोधन गर्दा भनिने शब्द । २. आर्यकुलमा जन्मेको पुरुष । ~**सभ्यता**– ना० आर्यहरूले स्थापित गरेको सभ्यता; आर्य-संस्कृति । ~**समाज**– ना० १. सनातन-धर्ममा उदारता ल्याउन भारतका स्वामी दयानन्द सरस्वतीले चलाएको एक धार्मिक सम्प्रदाय २. आर्य-जातिको समाज । ~**समाजी**– वि० आर्यसमाजको सिद्धान्त मान्ने; आर्य-समाजको (सदस्य, सिद्धान्त इ०) ।

**आर्या**– ना० [सं०] १. मान्य स्त्री । २. पार्वती; दुर्गा । ३. पहिलो र तेस्रो पाउमा बाह्र-बाह्र मात्रा, दोस्रो पाउमा अठार मात्रा अनि चौथो पाउमा पन्ध्र मात्रा हुने मात्रिक छन्दको एक भेद । –**गीति**– ना० आर्याको पूर्वार्धमा एक गुरु र उत्तरार्धमा पनि एक गुरु थपिएर बनेको र दुवै पदको अन्तिम गण मगण भएको मात्रिक छन्द ।

**आर्यावर्त**– ना० [सं०] १. आर्यहरूको निवासस्थल; पौराणिक मान्यताअनुसार हिमालदेखि विन्ध्याचलसम्म र पूर्वी समुद्रदेखि पश्चिमी समुद्रसम्म फैलिएको विस्तृत भूभाग । २. भारतवर्ष ।

**आर्याष्टाङ्ग मार्ग**– ना० [सं०] बुद्धद्वारा प्रतिपादित दुःख-निवृत्तिका आठ मार्ग ।

**आर्येरानी**– ना० [सं०] भारोपेली भाषा-परिवारका दस शाखामध्ये एक; भारत-इरानेली । ~**भाषा**– ना० आर्येरानी शाखामा पर्ने कुनै पनि भाषा । ~**मूल**– ना० संस्कृत र फारसीको साझे मूल मानिने प्रागैतिहासिक भारोपेली भाषा ।

**आर्येली**– ना० [आर्य+एली] भारोपेली परिवारको एउटा शाखा; भारत-इरानेली; आर्येरानी ।

**आर्योत्तरयुग**– ना० [सं०] इतिहासका अनुसार धातुयुगपछि आउने समय; प्रायद्वीपमा आर्यहरूको प्रवेशपछिको युग ।

**आर्ष**– वि० [सं०] १. ऋषिसँग सम्बन्धित; ऋषिहरूद्वारा प्रयुक्त; ऋषिको । २. प्राचीन । ३. वैदिक । ~**प्रयोग**– ना० पाणिनि आदिका व्याकरणअनुसार अशुद्ध ठहरिए पनि वेद तथा पुराणमा प्रचलित भएको आधारमा शुद्ध मानिने भाषिक प्रयोग । ~**विवाह**– ना० कन्याका पिताले वरसित दुइटा गोरु लिएर गरिदिने वैदिक विवाह; आठ प्रकारका विवाहमध्ये एक ।

**आर्सी**– ना०हे० आरसी ।

**आह्रिस**– ना० [आहारिस] डाह; ईर्ष्या; आरिस । >**अह्रिसे**– वि० डाहे; ईर्ष्यालु; आरिसे । **आह्रिस्याइँ**– ना० आह्रिसेको स्वभाव, व्यवहार वा आचरण; आरिस्याइँ ।

**आलङ्कारिक**– वि० [सं०] १. साहित्यशास्त्रका अनुसार अलङ्कारले युक्त (कुनै रचना) । २. अलङ्कार परेको (कथन, उक्ति आदि) । ३. ज्यादै चखिलो वा घुमाउरो (भनाइ वा बोली) । ४. गहनासम्बन्धी; गहनाले युक्त । ना० ५ अलङ्कारशास्त्र जान्ने व्यक्ति; अलङ्कारशास्त्रको ज्ञाता ।

**आलटाल**– ना० [(द्वि०) + टाल] १. मनले नखाएको काममा लाग्नुपर्दा ढिलाइ गर्ने बानी; अलमल; अल्याङमल्याङ; आलेटाले; आनाकानी । २. काममा भरसक हच्कने प्रक्रिया; टारटुर ।

**आलपिन**– ना० [पोर्त० अल्फिनेट] अलग्गिएका वा छरिएका कागजपत्र नत्थी गर्ने, नाथ्रीका ठाउँमा ल्वाङकाँटीको झैँ छातो हुने सियो ।

**आलमारी**– ना० [पोर्त० अलमारियो] भित्र तह-तह मिलाएर फलेकहरू जडी खण्ड-खण्ड गराइएको, ढोका लगाउन हुने र मालमत्ता राख्न हुने धातु वा काठको ठाडो सन्दुस; बोकेर ठाउँ सार्न मिल्ने दराज ।

**आलमाल**– ना० [(द्वि०) माल] मालमत्ता; झिटीमिटी; झिटीझाम्टा; मालताल ।

**आलम्ब**– ना० [सं०] १. आश्रय; आधार; सहारा । २. उत्तोलकलाई अडचाउने आड । >**आलम्बन**– ना० १. आश्रय; सहारा; अवलम्ब । २. साहित्यशास्त्रमा रस-निष्पत्तिको कारण; आलम्बन विभाव । **आलम्बी**– वि० सहारा लिने वा दिने; आश्रित वा आश्रयी ।

**आलय**– ना० [सं०] १. घर; गृह; वासस्थान । २. आश्रय; आधार । ३. ठाउँ; स्थान ।

**आलवाल**– ना० [सं०] बोटबिरुवा हुर्काउनका लागि फेदमा पानी अडचाउन वरिपरि बनाइएको डिल; आली ।

**आलस१**– ना० [सं० अतसी] गहतजस्तो थेप्चो, कैलो रङको, चिल्लो र लाम्चो तैलान्न; तिसी ।

**आलस२**– ना० [सं० अलस] १. आलस्य; अल्छीपन । वि० २. आलसी; अल्सी; जाँगर नभएको । –**तालस**– ना० १. कामको बोझ; व्यस्तता । २. गर्मी, पीडा आदिले बेचैन हुने किसिम वा चाल; थकित अवस्था । वि० ३. लखतरान; हैरान । ४. अस्तव्यस्त ।

**आलस्य**– ना० [सं०] काममा मन नलाग्ने भाव; जाँगर नभएको स्थिति; अल्सीपन; सुस्ती; अल्छी ।

**आलान**– ना० [सं०] १. हात्ती बाँध्ने बलियो काठको मोटो खम्बा; खमारी । २. हात्ती बाँध्ने बलियो डोरी वा फलामे सिक्री । ३. अल्झो; बन्धन ।

**आलाप**– ना० [सं०] १. कुराकानी; बोलचाल; बातचित; गफ । २. सङ्गीतको तानविशेष; स्वर-साधन । ~ **विलाप**– ना० मनको तीव्र

वेदना पोखेर चिच्याउँदै रुने-कराउने काम; अलापविलाप; बिलौना ।

**आलिखित–** वि० [सं०] स्पष्टसँग लेखिएको; चित्रित; अङ्कित ।

**आलि–** ना० [सं०] १. नारीकी महिला मित्र; आली । २. पङ्क्ति; रेखा । ३. भ्रमर; भँवरो ।

**आलिङ्गन–** ना० [सं०] व्यक्ति वा वस्तुलाई बाहुपाशले बेर्ने काम; अँगालो; अङ्कमाल ।

**आलिङ्ग्य–** वि [सं०] १. अँगालो हाल्न हुने; अङ्कमाल गर्न योग्य । ना० २. मृदङ्ग; मादल ।

**आली१–** ना० [सं०] नारीकी स्त्री-साथी वा सँगिनी ।

**आली२–** ना [सं०] खेतको सिमाना अलग्याउन वा पानी अडिने बनाउन चारैतिर केही उठाइएको माटाको डिल; खेतको एक फगटालाई अर्कोसँग छुट्ट्याउने साँध । ~ **धुर–** ना० सानो आली र ठूलो धुर ।

**आलु–** ना [सं० आलुक] १. जरामा रातो वा सेतो डल्ला फल्ने, गोलभैँडाको जस्तो पात र हाँगा हुने बोट । २. त्यसको फल । – **गिट्ठो–** ना० जमिनमुनि कन्द वा फल नलाग्ने तरुलको लहरामा फल्ने आलुजस्तो डल्लो आकारको फल ।

**आलुचा–** ना० [फा० आलूच] एक प्रकारको पहेँलो र सानो खालको फल फल्ने आलुबखडाको बोट वा सोही बोटको फल ।

**आलुदम–** ना० [आलु + दम] उसिनेको आलु छोडाएर सिङ्गै वा फ्याक पारेर तयार गरिएको झोलदार तरकारी ।

**आलुबखडा–** ना० [फा० आलूबुखारा] लाम्चा हरिया पात र झीनो पातलो बोटमा सेतो फूल हुने अनि बोटैमा गुलियो-अमिलो स्वादको गोल-गोल फल लाग्ने बोट; त्यसैको फल ।

**आलेख–** ना० [सं०] लेखोट; लेख; लिखत; अभिलेख । >**आलेखन–** ना० १. चित्रका पङ्क्ति कोर्ने काम; चित्र लेख्ने काम । २. लेख्ने काम; लेखन । **आलेख्य–** वि० लेख्न हुने; लेख्न योग्य ।

**आलेटाले–** ना० [(द्वि०) टाल् + ए] टारटुर; आलटाल ।

**आलेप–** ना० [सं०] १. लेस्न वा लिप्न मिल्ने खालको बाक्लो लेदो; बाक्लो द्रवपदार्थ; लेप । २. शरीरमा घसिने भुटेको तोरी र हलेदो; बुकुवा । >**आलेपन–** ना० १. आलेप लेस्ने, लिप्ने, पोत्ने वा घस्ने काम । २. शरीरमा सुगन्धी द्रव्य लगाउने काम ।

**आलो–** वि० [सं० आर्द्र] १. भर्खर ल्याइएको; साजी; ताजा । २. नओइलाएको; रसिलो । ३. कम उमेरको; अनुभवहीन ।

**आलोक–** ना० [सं०] १. उज्यालो; सेतो चहक; प्रकाश । २. हेराइ; दृष्टि । ३. सापेक्षता; आधारशिला । >**आलोकन–** ना० १. हेर्ने वा देख्ने काम । २. सोचविचार; गहिरो दृष्टि । **आलोकनीय–** वि० हेर्न वा विचार गर्न योग्य; चिन्तनीय । ~ **स्तम्भ–** ना० १. प्रकाशका लागि बत्ती जडिएको स्तम्भ; प्रकाशस्तम्भ । २. सबैलाई राम्रो बाटो देखाउने मान्छे ।

**आलोकाँचो–** वि० [आलो + काँचो] १. अधकल्चो । २. अपरिपक्व; बुद्धि नपुगेको ।

**आलोकित–** वि० [सं०] १. उज्यालो पारिएको; चमक दिइएको । २. देखिएको; हेरिएको । ३. चम्किलो; चम्केको ।

**आलोचक–** वि० [सं०] १. आलोचना गर्ने । २. ना० साहित्यको गुण-अवगुणको निर्णय गर्ने व्यक्ति; आलोचना गर्ने व्यक्ति; समीक्षक । ३. विवेचना गर्ने व्यक्ति; विवेचक ।

**आलोचन/आलोचना–** ना० [सं०] १. जान्ने काम; ज्ञान । २. गुण-दोषको विवेचन; पारख; निष्पक्ष दृष्टि । ३. आलोचना; समीक्षा; टीकाटिप्पणी । ४. देख्ने काम । >**आलोचनात्मक–** वि० आलोचना भएको; आलोचनायुक्त । **आलोचनीय–** वि० आलोचना गर्न लायक ।

**आलोचित–** वि० [सं०] आलोचना गरिएको; विवेचित ।

**आलोच्य–** वि० [सं०] आलोचना गर्न योग्य; विवेच्य; आलोचनीय ।

**आलोडन–** ना० [सं०] १. दही आदि मथ्ने काम; हुँडल्ने काम । २. छानबिन; विवेचन । ३. मन-मथिङ्गलले भ्याएसम्म सोच्ने काम ।

**आलोडित–** वि० [सं०] आलोडन भएको; हुँडलिएको; मथिएको ।

**आलोपालो–** ना० [(द्वि०)+पालो] १. कुनै सुविधा, काम वा कष्ट आदिमा एकपछि अर्काले भाग लिने काम; पालोको साटफेर । क्रि० वि० २. पालैसँग; क्रमैसँग ।

**आलोबालो–** ना० [(द्वि०) + बालो] १. भर्खरै जन्मेको शिशु; दूधमुखे बालक । २. जहान-परिवार; जहान-केटाकेटी ।

**आल्तुफाल्तु–** वि० [(द्वि०) + फाल्तु] १. काम नलाग्ने; बेकम्मा; नचाहिँदो । २. वास्ता नगरिने; कुनै सरोकार नभएको ।

**आवत जावत–** ना० [आउ + वत + जा + वत] १. परस्पर आउने-जाने काम; ओहोरदोहोर । २. भेटघाट; बसाउठी; बसउठ । ३. घनिष्ठता; निकट सम्पर्क; मेलमिलाप ।

**आवधिक–** वि० [सं०] १. निर्धारित समयभित्रको; तोकिएका अवधिको । २. तोकिएको समय-समयमा निस्कने वा पूरा हुने (पत्रिका, योजना इ०) ।

**आवरण–** ना० [सं०] १. माथिबाट छोप्ने काम; ढाक्ने प्रक्रिया । २. ढक्कन; बिर्को । ३. कुनै पुस्तक आदिको सौन्दर्य जोगाउन बाहिरबाट बेर्ने कागज; गाता; जिल्द । ~ **पृष्ठ–** ना० कुनै पुस्तक वा लिखित सामग्रीको ढकनाका रूपमा रहने पाना । ~ **बाली–** ना० पहिरो जाने सम्भावना भएको ठाउँमा पहिरो जानबाट रोक्नका लागि लगाइने बालीनाली; भूक्षय रोक्नाका निम्ति लगाइएको जङ्गल ।

**आवर्त–** ना० [सं०] १. बीच भागलाई केन्द्र मानेर त्यसको चारैतिर घुमिरहने पानी; भुँवरी । २. मानिस वा पशुको शरीरमा पाइने रौँको भुँवरी वा चक्र । ३. पानी नपार्ने बादल । ४. घुमाइ; परिक्रमा । >**आवर्तक–** वि० १. चारैतिर घुमाउने; रिगाँउने । २. लगातार घुमिरहने; रिङ्ने । ३. फेरि-फेरि दोहोरिने; पुनः पुनः भइरहने । ना० ४. भुँवरी । **आवर्तन–** ना० १. बारम्बार घुम्ने प्रक्रिया; रिङ्ने काम । २. मदानीले दही मथ्ने काम; आलोडन । ३. दोहोऱ्याउने काम । ४. पग्लने प्रक्रिया । ५. बाङ्गिने वा टेढिने काम । ~ **विन्दु–** ना० १ हावा र पानीको भुमरीमा देखिने केन्द्रीय विन्दु वा स्थल । २. गणितमा विभिन्न निष्कर्ष निकालिने प्रारम्भिक अङ्कबीज ।

**आवलि/आवली–** ना० [सं०] १. क्रमैले मिलाएर राखिएको वस्तुसमूह । २. लहर; ताँती; श्रेणी; पङ्क्ति । (समासमा प्रायः उत्तरवर्ती भएर यो शब्द आउँछ । जस्तै– नामावली, विरुदावली इ०) ।

**आवश्यक**– वि० [सं०] खाँचो परेको; चाहिएको; नभई नहुने; जरुरी । **– ता**– ना० आवश्यक भएको स्थिति; खाँचो; जरुरत । > **आवश्यकी**– वि० आवश्यकता भएको ।

**आवह**– ना० [सं०] १. सात प्रकारका वायुमध्ये एक; पृथ्वी र स्वर्गमा वहने वायु । वि० २. पैदा गर्ने; उत्पादक । (यो शब्द प्रायः शब्दको अन्तमा आउँछ । जस्तै– भयावह, सुखावह इ०) ।

**आवागमन**– ना० [सं०] आउने-जाने काम; आवतजावत; आतेजाते; ओहोरदोहोर ।

**आवाज**– ना० [फा०] १. वस्तुको पारस्परिक सङ्घर्ष वा हावाको ठक्करबाट निस्कने ध्वनि; मुखोच्चरित ध्वनि; आबाज; शब्द; नाद । २. बोली; वाणी । ३. हल्ला; खलबल ।

**आवारा**– वि० [फा०] १. विनाकाम यताउति घुम्ने; बेकार यताउति हल्लने; बराला । २ घर-परिवार र समाजको कुनै पर्बाह नगर्ने; अलमस्त । ३. घरगृहस्थीको ठेगाना नभएको; निस्फिक्रीको; नागो ।

**आवास**– ना० [सं०] १. जीउ ओत्ने ठाउँ; घर; गृह । २. बस्ने ठाउँ; निवासस्थान । ~ **गृह**– ना० बसोबास गर्ने घर । ~ **स्थल**– ना० आवासगृह । > **आवासिक**– वि० आवासको; आवाससम्बन्धी । **आवासीय**– वि० नियत स्थानमै बसेर काम गर्ने; खटाएको ठाउँमा निश्चित अवधिसम्म रहने ।

**आवाहक**– वि० [सं०] प्रतिमा, मूर्ति आदिमा मन्त्रद्वारा देव-देवीको प्राण-प्रतिष्ठा गर्ने; आवाहन गर्ने; बोलाउने; डाक्ने । > **आवाहन**– ना० १. पूजाआजामा देवताहरूलाई बोलाउन गरिने मन्त्रयुक्त प्रार्थना; फूल-अक्षता चढाएर देव-देवीलाई बोलाउने काम । २. आह्वान; निमन्त्रण; बोलाहट ।

**आविद्ध**– वि० [सं०] खोपिएको; रोपिएको; प्वाल पारिएको; छेडिएको ।

**आविर्भाव/आविर्भावन**– ना० [सं०] १. उत्पत्ति; पैदा; प्रकट । २. नयाँ वस्तुको उत्पादन; आविष्कार । ३. सामु देखिने कार्य; बाहिर दृश्य रूपमा प्रकट हुने काम । > **आविर्भूत**– वि० १. पैदा भएको; उत्पन्न । २. बाहिर दृश्य रूपमा आएको; निस्केको । ३. अभिव्यक्त; प्रकट भएको ।

**आविष्करण**– ना० [सं०] नयाँनयाँ सिद्धान्तहरू पत्ता लगाउने काम; नयाँनयाँ वस्तुहरूको उत्पादन; आविष्कार ।

**आविष्कर्ता**– वि० [सं०] नयाँ-नयाँ सिद्धान्त र वस्तुहरू पैदा गर्ने; आविष्कार गर्ने; पत्ता लगाउने ।

**आविष्कार**– वि० [सं०] नयाँ सिद्धान्तको प्रतिपादन; नयाँ-नयाँ वस्तुको उत्पादन; आविष्करण । > **आविष्कारक**– वि० आविष्कार गर्ने; आविष्कर्ता । **आविष्कृत**– वि० आविष्कार गरिएको; नयाँ-नयाँ सिद्धान्त वा वस्तुहरूको पत्ता लगाइएको ।

**आविष्ट**– वि० [सं०] १. आवेशमा आएको; जोस चढेको; उत्तेजित । २. भूत-प्रेत आदि लागेको; मन्त्रतन्त्रबाट वश गरिएको ।

**आवृत**– वि० [सं०] १. छोपिएको; ढाकिएको । २. बेह्रिएको; घेरिएको । ३. छेकिएको; बारिएको ।

**आवृत्त**– वि० [सं०] १. दोहोऱ्याइएको; डब्ल्याइएको । २. रिँगाइएको; घुमाइएको । ३. फर्काइएको । > **आवृत्ति**– ना० १. कुनै पाठ वा मन्त्र आदि आद्योपान्त पढ्ने क्रिया-प्रक्रिया; कुनै पाठ वा मन्त्रको सुरुदेखि अन्तसम्मको वाचन । २. कुनै कुरामा बारम्बार गरिने अभ्यास; दोहोऱ्याउने काम । ३. पुस्तकको मुद्रण वा प्रकाशन; संस्करण; पुनः संस्करण । ~ **दीपक**– ना० दीपक अलङ्कारमा धर्मलाई पटक-पटक दोहोऱ्याउँदा हुने एक अलङ्कार ।

**आवृष्टि**– ना० [सं०] पानी पर्ने काम; झरी; वर्षा ।

**आवेग**– ना० [सं०] १. कुनै खराब वा असल कामको प्रतिक्रिया तथा प्रभावले अकस्मात् मनमा उठ्ने सहज प्रवृत्ति वा विकृति; झोक; मनोविकार । २. मानसिक उत्तेजनाको प्रभावले गरिएको काम । ३. मनको असामान्य अवस्था; चेतनमाथि परेको अचेतनको प्रभुत्व । ४. उत्पात आदिबाट हुने हडबडी आदिलाई बुझाउने व्यभिचारी भावको एक भेद । ~ **जाल**– ना० मनमा उब्जने आवेगहरूको समूह; मनोविकार ।

**आवेदक**– वि० [सं०] १. कुनै संस्था, कार्यालय वा व्यक्तिछेउ जागिर आदिको माग गरेर पत्र लेख्ने । २. आवेदन गर्ने; बिन्तीपत्र दिने; निवेदक; प्रार्थी । ३. माग गर्ने; अर्को संस्था वा कार्यालय आदिबाट सुविधा चाहने ।

**आवेदन**– ना० [सं०] १. कुनै काम गराइपाउन लेखिएको अनुरोधपत्र; दर्खास्त; निवेदन । २. प्रार्थना; अनुरोध; बिन्तीपत्र । ~ **पत्र**– ना० निवेदनपत्र; प्रार्थनापत्र ।

**आवेश**– ना० [सं०] १. कुनै बाह्य प्रभावबाट मनमा आउने प्रक्रिया; मनको प्रबल वेग; झोक; जोस । २. असामान्य मनःस्थिति; अचेतन मनको प्रभाव । ३. प्रवेश; पस्ने काम । ४. भूत-प्रेत आदिको असर; तन्त्र-मोहनी आदिको प्रभाव ।

**आवेष्टन**– ना० [सं०] १. कपडा आदिले कुनै वस्तुलाई बेर्ने वा लपेट्ने काम; ढाक्ने वा छोप्ने कार्य । २. बेर्ने वा लपेट्ने वस्तु; बासा; खोल; बेठन; ढक्कन ।

**आवेष्टित**– वि० [सं०] आवेष्टन गरिएको ।

**आव्रजन**– ना० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा बसोबास सर्ने काम; आप्रवास; बसाइँ । २. सन्न्यास; गार्हस्थ्य-जीवन छाडेर शिखासूत्र त्याग गरी चौथो आश्रमको नियम पालन गर्ने काम ।

**आशंसा**– ना० [सं०] १. उमेद; आशा । २. शङ्का; सन्देह; दुबिधा । ३. इच्छा; कामना । ४. प्रशंसा; तारिफ । ५. सम्मान; आदर । > **आशंसित**– वि० आशंसा गरिएको ।

**आशक**– ना०हे० आसक ।

**आशक्त**– वि० [सं०] शक्तिशाली; समर्थ; जे पनि गर्न सक्ने । > **आशक्ति**– ना० सामर्थ्य; बल; बुता; शक्ति ।

**आशङ्का**– ना० [सं०] १. दुविधा; शङ्का; सन्देह । २. कुनै अनिष्ट काम-कुराको सम्भावनाले पैदा हुने डर; कुनै अनिष्ट परिणामको सम्भाव्यता । > **आशङ्कित**– वि० आशङ्का गरिएको; सन्देहयुक्त । **आशङ्की**– वि० शङ्का गर्ने; शङ्कालु ।

**आशय**– ना० [सं०] १. भाव; मतलब; तात्पर्य । २. इच्छा; कामना । ३. उद्देश्य; नियत । ४. गूढ अभिप्राय ।

**आशा**– ना० [सं०] १. चाहेको वस्तु पाउने इच्छा; अभिलाषा; चाहना । २. लोभ; लालच । **– कारी**– वि० आसे बानी भएको । ~ **खेती**– ना० आशा नै खेती; अकासे वृत्ति । **– जनक**– ना०

आसलाग्दो । > **आशातीत**– वि० आशा गरिएको भन्दा बढ्ता; सोच्दै नसोचेको । **आशान्वित**– वि० आशाले युक्त भएको; आशावान् । – **मुखी**– वि० आस गर्ने; अर्काको भरमा मात्र जीवन धान्ने । – **वाद**– ना० भविष्यको आशा वा सुखप्राप्तिमा विश्वास गर्ने विचार वा सिद्धान्त । – **वादी**– वि० आशावादको अनुयायी; आसे बानी भएको ।

**आशिष्**– ना० [सं०] प्रायः मान्यजनबाट दिइने शुभकामना; आशीर्वाद; आसिक ।

**आशीर्वचन / आशीर्वाद**– ना० [सं०] १. प्रायः मान्यजनले आफूमन्तिरकाको सफलता वा कल्याणको कामनाले प्रकट गर्ने शुभेच्छा । २. ब्राह्मणवर्गबाट यजमानको उन्नतिका लागि मन्त्र पढेर दिइने शुभकामना; आशिष् ।

**आशु**– वि० [सं०] चाँडो; तुरुन्त; छिटो । – **कवि**– वि० १. छिटोछिटो कविता रच्न सक्ने (कवि) । ना० २. कुनै दृश्य वा घटनालाई तत्काल कवितामय भाषामा वर्णन गर्ने कवि । – **तोष**– वि० १. चाँडै नै सन्तुष्ट हुने । ना० २. महादेव । – **पत्र**– ना० छिटो गरी पठाइने पत्र; जरुरी चिठी । – **लिपिक**– वि० छिटोछिटो लेख्न सक्ने ।

**आशौच**– ना० [सं०] १. जन्मदा वा मर्दा सगोत्री दाजुभाइ र नजिकका नातेदारलाई निश्चित अवधिसम्म लाग्ने अशुद्धि; सूतक; सुत्केरो; जुठो । २. बाबुआमाको मृत्युपछि छोरालाई वर्ष दिनसम्म लाग्ने अशुद्धि; बरखी । > **आशौची**– वि० जुठो वा सूतक परेको; आशौच लागेको वा बारेको ।

**आश्चर्य**– ना० [सं०] १. नयाँ; अनौठा र अद्‌भुत वस्तु वा दृश्य देख्दा मनमा उठ्ने भाव; आसर्जे; उदेक । वि० २. अनौठो; ताजुबलाग्दो । ~ **चकित**– वि० अनौठो वस्तु वा दृश्य देखेर दङ्ग परेको; उदेकमा परेको । – **भूत**– वि० आश्चर्यमा परेको । > **आश्चर्यित**– वि० चकित ।

**आश्रम**– ना० [सं०] १. प्राचीन ऋषिमुनिहरूले बस्नका निम्ति प्रायः जङ्गलमा बनाएको आवास; कुटी; गुफा । २. समाधि वा तपस्या गर्ने ठाउँ; तपोवन । ३. ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्न्यासनामक वर्णाश्रममध्ये कुनै एकको आश्रयस्थल । ४. हिन्दू संस्कृतिअनुसार चार वर्णाश्रमधर्ममध्ये आयुको विभाजनबाट ग्रहण गरिने जीवनप्रक्रियाविशेष; एक प्रकारको जीवनचर्या । ~ **धर्म**– ना० ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्न्यासनामक चारै वर्णाश्रमका व्यक्तिहरूले पालन गर्नुपर्ने धर्म । ~ **भ्रष्ट**– वि० आफ्नो वर्णाश्रममा रहँदा नियमानुसार धर्मको पालन नगर्ने; आश्रमधर्मबाट पतित । – **वासी**– वि० आश्रमको धर्मपालना गरेर बस्ने । > **आश्रमी**– वि० आफ्नो आश्रम-धर्मको अनुकूल आचरण गर्ने; आश्रमवासी ।

**आश्रय**– ना० [सं०] १. कुनै वस्तु वा संरक्षकत्व प्रदान गरेर दिइने मद्दत; सहारा; आधार; टेको । २. विश्राम गर्ने ठाउँ; बिसौनी; ओत । ३. शरणार्थीहरूको बस्ने ठाउँ; क्षणिक आवास । ४. घर । ५. भर; आड; भरोसा । – **दाता**– ना० आश्रय दिने व्यक्ति । > **आश्रयी**– वि० सहारा चाहने; आश्रय लिने; आश्रयमा रहेको ।

**आश्रित**– वि० [सं०] मद्दत पाएको; आश्रयमा रहेको; सहारामा रहेको; शरणमा बाँचेको । ~ **उपवाक्य**– ना० व्याकरणअनुसार मिश्र वाक्यको मुख्य उपवाक्यबाहेक अर्को अङ्ग उपवाक्य; जो, जुन आदि संयोजकमार्फत मुख्य उपवाक्यसँग सम्बन्धित रहने वाक्यांश ।

**आश्लिष्ट**– वि० [सं०] १. अर्को वस्तुसँगै गाँसिएको; जोडिएको; टाँसिएको । २. आलिङ्गन गरेको; अँगालो हालेको; जोल्टिएको ।

**आश्लेष / आश्लेषण**– ना० [सं०] १. एक-अर्कासँग गाँसिने काम; टाँस्ने काम; जोड । २. अङ्कमाल; आलिङ्गन; अँगालो ।

**आश्वस्त**– वि० [सं०] १. चाहेको कुरा पूरा गरिदिने वचन पाएको; आश्वासन मिलेको; भरविश्वास पाएको; आशाप्राप्त । २. डर, त्रास, शङ्का, चिन्ता आदिबाट मुक्त ।

**आश्वास / आश्वासन**– ना० [सं०] १. सास फेर्ने काम; फोक्साले वायु भित्र तान्ने प्रक्रिया । २. भरोसा; पत्यार; विश्वास; भर । ३. ठूलाबडाबाट दिइने आडभरोसा; अभयदान । > **आश्वासी**– वि० १. आडभरोसा दिएर मन शान्त बनाउने; सम्झाउने । २. आश्वासनको भरमा बाँच्न चाहने; आफ्नो बुद्धिबर्गत केही नभएको ।

**आश्विन**– ना० [सं०] विक्रम संवत्‌को वार्षिक समयक्रममा वैशाखदेखि गन्दा आउने छैटौँ महिना; अश्विनी नक्षत्रले युक्त भएको पूर्णिमा हुने महिना; असौज ।

**आषाढ**– ना० [सं०] विक्रम संवत्‌को वार्षिक समयक्रममा वैशाखदेखि गन्दा आउने तेस्रो महिना; आषाढा नक्षत्रले युक्त पूर्णिमा भएको महिना; असार । > **आषाढा**– ना० अश्विनी आदि सत्ताइस नक्षत्रमध्ये बीसौँ र एक्काइसौँ नक्षत्र; पूर्वाषाढा र उत्तराषाढा नक्षत्रको संयुक्त नाम । **आषाढी**– ना० आषाढा नक्षत्रले युक्त भएको आषाढ शुक्ल पूर्णिमा ।

**आस**– ना० [सं०] आशा; अभिलाषा ।

**आसक**– ना० [अ० आशिक] १. प्रेम गर्ने व्यक्ति; प्रेमी; आशक । २. प्रेम; प्रणय; अनुराग ।

**आसक्त**– वि० [सं०] १. कुनै कामका लागि मरिमेट्ने; कुनै विषयमा एकचित्त भएर लागेको; तल्लीन; लग्गू । २. लोभ-लालचमा नराम्रोसँग फस्ने; लालची; अबुझ । > **आसक्ति**– ना० १. कुनै कामविशेषमा एकरस भएर लाग्ने भाव; आसक्त बन्ने प्रकृति; प्रलोभन । २. अनुराग; प्रेम ।

**आसत्ति**– ना० [सं०] १. नजिकको भाव; निकटता; सामीप्य । २. लाभ; प्राप्ति । ३. वाक्य पूरा गर्नका लागि चाहिने तीन तत्त्व (योग्यता, आकाङ्क्षा र आसत्ति) मध्ये एक ।

**आसन१**– ना० [सं० अशना] १. एक प्रकारको सालको रूख; पीत साल; पहेँलो वर्णको कडा काठ; असना । २. साज ।

**आसन२**– ना० [सं०] १. रहने वा बस्ने ठाउँ; वासस्थान । २. बसिने वस्तु (आसनी, मेच, कुर्ची आदि) । ३. बस्ने तरिका वा ढाँचा; बसाइ । ४. आसनका पद्मासन, सिद्धासन आदि चौरासी प्रकार । > **आसनी**– ना० १. सन्ध्योपासना, मन्त्रजप, पाठ, पूजा आदि गर्दा ओछ्याइने कुश वा मृगचर्म आदिको साधन; कुशासन; मृगचर्म । २. बस्नौटो ।

**आसन्दिका**– ना० [सं०] १. सिंहासनको अगाडि तलतिर पाउ

अडचाउन राखिने सानो चौकी वा आसन; पाउदान; पादपीठ । २. त्रिपाई; सानो खालको कुर्सी ।

**आसन्दी**– ना० [सं०] १. लचकदार मेच; आराम कुर्सी; गद्दा भएको कुर्सी; कौच; सोफा । २. आसन; आसनी ।

**आसन्न**– वि० [सं०] १. आइपरेको; नजिकमा रहेको; निकटवर्ती । २. वस्तुतथ्यको नजिक पुगेको; याथार्थिक । ~ **काल**– वि० १. समय आइपुगेको; नजिकका समयको । ना० २. मर्ने अवस्था; अन्त्य स्थिति । ~ **कोण**– ना० ज्यामितिअनुसार कुनै एक कोणसँग जोडिएको अर्को कोण; एक सरल रेखामाथि खडा गरिएका रेखाहरूबाट बनेका दुई वा दुईभन्दा बढी कोण । ~ **प्रसवा**– वि० साँझ-बिहान भएकी दोजिया । ~ **भविष्यत्**– ना० व्याकरणअनुसार वर्तमानको सन्निकटमा रहेको भविष्यत्; तत्कालको भविष्यत्; समीपस्थ भविष्यत् । ~ **भूत**– वि० व्याकरणअनुसार अतीतका क्रियाको पूर्णता र वर्तमानको सामीप्य देखाउने भूतकालिक क्रिया । ~ **मृत्यु**– ना० १. नजिकै आइपुगेको मृत्यु । वि० २. छिटै मर्न लागेको; मरणासन्न ।

**आसपास**– क्रि० वि० [प्रा० अस्स + पस्स] १. नजिकमा; वरपर; अगलबगल; नजिकपुँडो; उँडोपुँडो । ना० २. नजिकको थलो; वरपरको ठाउँ ।

**आसमान**– ना० [फा० आसमान] १. अकास; आकाश । २. स्वर्ग; देवलोक । >**आसमानी**– वि० १. आसमानी रङ्गको; अकासे रङको । ना० २. अकासे रङ ।

**आसमुद्र**– क्रि० वि० [सं०] समुद्रसम्म; समुद्रपर्यन्त ।

**आसरा**– ना० [सं० आश्रय] १. आड-भरोसा; आश्रय; आस्रा; आधार; सहारा । २. आशा ।

**आसर्जे**– ना० [सं० आश्चर्य] आश्चर्य; छक्क ।

**आसव**– ना० [सं०] १. फलफूल, जडीबुटी आदिको सार झिकेर औषधीका लागि बनाइएको रक्सी । २. रक्सी; मदिरा; अर्क ।

**आसा**– ना० [सं० आश्रय > आस्रा] १. ढाल, कवच आदिको बीचमा जडिएको टाँकजस्तो फूली वा कीलो । २. आसागुर्जा । – **खण्ड**– ना० मटान । – **गुर्जा**– ना० राजामहाराजाहरूको सवारी वा उत्सव आदिमा चोबदारहरूले अघि-अघि लिएर हिँड्ने सुन-चाँदीको दण्ड आदि; राजचिह्न ।

**आसाम**– वि० [सं० असम्] नेपालीहरूको निकै सङ्ख्यामा बसोबासो भएको, भारतको पूर्वोत्तरमा स्थित एक राज्य । >**आसामी**– १. आसाम प्रदेशको; आसाममा बस्ने । ना० २. आसाम प्रदेशको स्थानीय भाषा (असमिया) वा जाति ।

**आसामी**– ना० [अ० असामी] ऋण लिने व्यक्ति; कर्जादार; असामी ।

**आसिक**– ना० [सं० आशिष्] आशीर्वाद; आशिष् ।

**आसिक्त**– वि० [सं०] सेचन गरिएको; अभिषिक्त ।

**आसिर**– ना० [अङ्० ऑस्ट्रिच] ज्यादै लाम्चो गर्धन हुने र प्रायः मरुभूमिमा पाइने एक जातको ठूलो चरो; सुतुरमुर्ग ।

**आसीन**– वि० [सं०] बसोबास गरेको; पलैंटी मारेको; बसेको ।

**आसुर**– वि० [सं०] असुरसम्बन्धी; असुरको ।

**आसुरी**– वि० [सं०] १. दानवी; दैत्यसम्बन्धी; आसुर । ना० २. दानवी; असुरपत्नी । ~ **चिकित्सा**– ना० चिरफारद्वारा गरिने चिकित्सा; शल्यचिकित्सा । ~ **विवाह**– ना० केटाको तर्फबाट केटीलाई पाल्ने कबोलअनुसार बाबु-आमा वा संरक्षकलाई पैसा दिई गरिने विवाह; पोल्टे विवाह; बेचिएकी कन्यासँग गरिने विवाह । ~ **सम्पत्**– ना० १. कुकर्मबाट कमाएको धन-सम्पत्ति; अन्यायबाट आर्जित धन; कालो धन । २. व्यक्तिमा रहने दम्भ, दर्प, अभिमान, क्रोध, पारुष्य र अज्ञानजस्ता नराम्रा भावहरूमध्ये कुनै एक ।

**आसे**– वि० [आस + ए] १. आफ्नो केही हुती नभई अर्काको भरमा बाँच्ने; आस गर्ने; आशामुखी । ना० २. विदेसिएको पोइ फर्केर आउने आसमा झुन्डिएकी स्त्री; आसे राँड । ~ **गाँसे**– वि० १. आसले धाउने; गाँसको आसा गर्ने; केही पाउने आसामा निम्तारुका पछि लागी आउने । ना० २. त्यस्तो व्यक्ति । **आसे गाँसे सबै एकैनासे** (उखान) ।

**आसेपासे१**– ना० [नेवा०] काम-कुरो पन्छाउन गरिने आलटाल; अल्याङमल्याङ ।

**आसेपासे२**– वि० [आसपास + ए] १. केही होला वा पाइएला भन्ने आसमा झुन्डिने; परमुखापेक्षी । ना० २. अगलबगलमा रहेका निमुखा गरिबहरू । ३. मूल देवी-देवताका अनुचर-सेवकहरू । ४. भूत-प्रेत वा बोक्सी-डङ्किनीहरू ।

**आसे राँड/आसे राँडी**– ना० [आसे + राँडी] बेपत्ता भएको पति फर्केर आउने आसमा रहेकी स्त्री (हेय) ।

**आसेवन**– ना० [सं०] १. लगातार गरिने सेवा-टहल; सेवा-शुश्रूषा । २. मन लगाएर उत्साहका साथ कुनै काम बार-बार दोहोऱ्याएर गर्ने प्रक्रिया ।

**आसेवी**– वि० [सं०] आफ्नो हुँदो सम्झेर सेवा-टहल गर्ने; मन लगाएर सेवा-शुश्रूषा गर्ने ।

**आस्तरण**– ना० [सं०] १. फैलाउने काम; फिँजाउने प्रक्रिया । २. कुनै कपडा आदि ओछ्याउने काम । ३. तन्ना; बिछ्यौना । ४. यज्ञ-वेदीमा चारैतिर ओछ्याइने कुश ।

**आस्तिक**– वि० [सं०] १. परलोकको अस्तित्व मान्ने; परलोकमा श्रद्धा वा आस्था राख्ने । २. वेद, ईश्वर, पूर्वजन्म, परलोक र परजन्म आदिमा विश्वास राख्ने; ईश्वरवादी । – **ता**– ना० १. आस्तिक बन्ने भाव वा स्थिति; ईश्वरमा आस्था राख्ने प्रकृति । >**आस्तिक्य**– ना० आस्तिक गुण वा धर्म ।

**आस्ते**– क्रि० वि० [फा० आहिस्त] केही हतार नगरीकन; बिस्तारै । ~ **आस्ते**– क्रि० वि० बिस्तार-बिस्तारै ।

**आस्थगन**– ना० [सं०] सर्वोच्च शक्तिबाट संविधानको कुनै धारा वा कानुनको कुनै दफा आदि केही समयका लागि निष्क्रिय बनाउने काम; कुनै कानुनी नियम-विनियम आदिको चलनचल्तीलाई रोक्ने काम ।

**आस्था**– ना० [सं०] १. दिलैदेखि जागेको सम्मान; श्रद्धा; अखण्ड विश्वास । २. विश्वास; पत्यार । ३. सहारा; आलम्बन; भरोसा । – **रहित**– वि० १. श्रद्धा नभएको; विश्वासहीन । २. देखावटी; अन्धभावनाले युक्त । – **वान्**– वि० १. विश्वास वा आस्था भएको; सम्मान गर्ने । २. सद्भावनाले युक्त; सज्जन । – **हीन**–

वि० आस्था नभएको; आस्थाशून्य ।

**आस्थित–** वि० [सं०] १. रहेको; बसेको; अवस्थित । २. सहारा पाएको; आधार भएको; आड लिएको ।

**आस्पद–** ना० [सं०] १. ठाउँ; स्थान; आसन । २. पद; दर्जा । ३. थर; उपाधि । वि० ४. भएको वा हुने (लज्जास्पद, घृणास्पद, हास्यास्पद इ०) ।

**आस्रा–** ना० [सं०] आश्रय; आधार; भर । >**आस्रिनु–** अ० क्रि० १. आश्रय वा आस्रामा रहनु । २. पेटमा बच्चा रहनु; साहा जानु; गर्भ रहनु । >**आस्र्याइ–** ना० आस्रिने क्रिया वा प्रक्रिया ।

**आस्वाद–** ना० [सं०] १. षड्रसमध्ये कुनै रसको चर्वण । २. रसपानबाट प्राप्त हुने आनन्दानुभूति; रसास्वादन । ३. चाख्ने काम; चखाइ । ४. शृङ्गार आदि साहित्यिक रसहरूको उपभोग; आत्मिक तृप्ति । >**आस्वादक–** वि० आस्वाद लिने; चाख्ने; रसको चर्वण गर्ने । **आस्वादन–** ना० आस्वाद । **आस्वादनीय–** वि० स्वाद लिन लायक; आस्वादयोग्य । **आस्वादित–** वि० स्वाद लिइएको; चाखिएको । **आस्वाद्य–** वि० १. आस्वाद लिन सकिने । २. आस्वाद योग्य; चाख्न लायक; आस्वादनीय । ३. चखिलो; स्वादिलो ।

**आह–** वि० बो० [सं० अहह] १. कुनै दुःखकष्ट र बाधा आइपर्दा अनायास मुखबाट प्रकट हुने शब्द; अफसोस बुझाउने ध्वनि; सुस्केरा; निश्वास । ना० २. व्यथा; बह; पीडा ।

**आहत–** वि० [सं०] १. घन, दण्ड आदिले ठटाइएको; पिटिएको; थिलथिलिएको । २. कुनै दुर्घटना आदिमा परेर चोटपटक लागेको वा अङ्गभङ्ग भएको; घाइते; घायल । ना० ३. ठोकेर बजाइने बाजाविशेष (ढोल, मादल इ०) । ~ **मुद्रा–** ना० छाप वा कुनै चिह्न लागेको मुद्रा ।

**आहा–** वि० बो० [सं० अहह] आश्चर्य, हर्ष, विस्मय आदिका आकस्मिक स्थितिमा निस्कने शब्द; अहह ।

**आहान–** ना० [सं० आख्यान] उखान, टुक्का; लोकोक्ति आदिको पुष्टिका लागि सुनाइने अत्यन्त छोटा लोककथा; दृष्टान्तमूलक साना कथा ।

**आहार–** ना० [सं०] १. खाइने वस्तु; खानेकुरो; खाद्य पदार्थ । २. ल्याउने काम; आदान । ~**जाहार–** ना० १. सरसामान; मालमत्ता; झिटीमिटी । २. आलबाल; सिसोबासो । ~ **विज्ञान–** ना० खाद्य वस्तुको गुण-दोषको निरूपण गर्ने शास्त्र । ~ **विहार–** ना० खानपान; पथपरहेज; रहनसहन । ~ **शास्त्र–** ना० आहारविज्ञान ।

**आहारा–** ना० [सं० आहार] १. आहार; खानेकुरो । २. चराचुरुङ्गीको दाना; चारो । ३. पशुको खाद्य पदार्थ; दाना । ४. दैनिक खाद्यवस्तुको मात्रा (उदा०– आजकाल बिरामीको आहारा घट्दै गएको छ) ।

**आहारिस–** ना० ईर्ष्या; डाहा; डाढ । >**आहारिसे–** वि० डाहा गर्ने; ईर्ष्यालु; अरू फलेफुलेको वा समृद्ध भएको देख्न नसक्ने । **आहारिस्याइँ–** ना० आहारिसे हुनाको भाव वा अवस्था ।

**आहारी–** वि० [सं०] १. आहारा गर्ने; भोजन गर्ने; खाने । २. जबरजस्ती लिने; अधिग्रहण गर्ने ।

**आहार्य–** वि० [सं०] १. लिन सुहाउने; ग्रहण गर्न योग्य । २. खान हुने; खाद्य । ३. नाटचशास्त्रका अनुसार वेशभूषा, आभूषण आदिद्वारा सम्पन्न गरिने (अभिनय) ।

**आहाल–** ना० [सं० आखात] १. भैँसी, राँगो, सुँगुर आदि डुब्ने वा खेल्ने पानीपोखरी । २. भैँसी आदिले दलदले पोखरी वा नदीमा डुब्ने वा बस्ने काम ।

**आहुत–** वि० [सं०] १. हवन गरिएको; अग्निमा चढाइएको; देवतालाई सुम्पिएको । ना० २. अतिथि-अभ्यागतलाई दिइने भोजन । ३. पाँच महायज्ञमध्ये एक । **आहुति–** ना० १. अग्निमा हवन गर्ने सामग्री; होम गर्न टक्र्याइएको चरु, पायस, घिउ आदि; हवि । २. अग्निमा हवन गर्ने काम; हवन; बलि ।

**आहूत–** वि० [सं०] १. श्रद्धाका साथ डाकिएको; बोलाइएको; आवाहन गरिएको । २. निम्त्याइएको; निम्तो गरिएको; निमन्त्रित । ३. हाँक गरिएको ।

**आहृत–** वि० [सं०] १. हरण गरेर ल्याइएको । २. हरण गरेर लगिएको । ३. लुटिएको; खोसिएको ।

**आह्निक–** वि० [सं०] १. दिन-दिनको; प्रतिदिनको; दैनिक । ना० २. एक दिनमा गरिने काम; नित्य कर्म । ३. अध्ययन; पढाइ ।

**आह्री–** ना०हे० आरी२ ।

**आह्रो–** ना०हे० आरो ।

**आह्लाद–** ना० [सं०] अभीष्ट वस्तुको प्राप्तिबाट मनमा उठ्ने खुसियाली; आनन्द; हर्ष; सन्तोषपूर्ण तृप्ति । >**आह्लादक–** वि० आनन्द दिने; हर्ष गराउने; मन प्रसन्न पार्ने । **आह्लादन–** ना० खुसी पार्ने काम, आनन्द दिने काम । **आह्लादित–** वि० आह्लादयुक्त; हर्षित; प्रसन्न । **आह्लादी–** वि० खुसी हुने; आनन्दी ।

**आह्वान–** ना० [सं०] १. बोलाउने काम; आमन्त्रण । २. प्रार्थना; अपिल । ३. सरकारबाट कार्यालयमा बोलाउने काम । ~ **पत्र–** ना० १. अड्डाअदालतमा उपस्थित हुने आदेश; समन; इतलायनामा । २. युद्धमा गरिएको बोलाहट । – **गीत–** ना० १. कसैलाई सम्बोधन गरेर लेखिएको गीत । २. कसैको आह्वान गरेर लेखिएको गीत । ३. गीतिकविताको एक प्रकार ।

# इ

**इ**– देवनागरी वर्णमालाको स्वरवर्णमध्ये तेस्रो स्वरवर्ण; परम्परागत रूपमा तालव्यस्थानबाट उच्चारण हुने, ह्रस्व स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार अग्र, बन्द, अगोलित स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**इँजार**– ना० [अ० इजारबन्द] तल्लो धडमा लगाइने सुरुवाल, पाइजामा, पेटीकोट आदि लुगालाई कमरमा अडचाउन ती लुगाको माथिल्लो भागमा रहेको नेफाको प्वालघरभित्र छिराई त्यसका दायाँ-बायाँ जोडेर सुर्काउनी पारी बाँधिने डोरो; इजार । ~ **घर**– ना० सुरुवाल, पाइजामा आदि लुगालाई कमरमा बाँध्न ती लुगाको नेफामा दोब्र्याई सिई इँजार हाल्न बनाइएको प्वाल ।

**इँट**– ना० [सं० इष्टका] १. मुछेको गिलो माटो इँट पार्ने साँचोमा ढालेर पछि घाममा सुकाई अवाल, भट्टा आदिमा पोलेर तयार पारिने चारपाटे लाम्चो खालको, घर बनाउने साधन; इँटा । २. तासका चार रङमध्ये रातो रङको चारकुने बुट्टा वा आकार ।

**इँटा**– ना० [√ इँट] हे० इँट । ~ **टायल कारखाना**– ना० इँट, टायल, झिँगटी आदिको अभाव हटाउने र राष्ट्रिय वास्तुकलाको महत्त्वसमेत बढाउने लक्ष्यले पहिले ललितपुरको हरिसिद्धि तथा पछि भक्तपुरको सूर्यविनायकमा स्थापित प्रसिद्ध कारखाना ।

**इः**– वि० बो० १. चित्त नबुझ्दो कुरा गर्दा हिस्स्याएर हीन भाव प्रकट गर्ने गरी प्रयोग गरिने शब्द । (उदा०– इः, के खुल्क्याउँछौ र तिमीले !) । २. लोप्पा खुवाउँदा प्रयोग गरिने शब्द । (इः खालास् सित्तैँमा !) ।

**इकरार**– ना० [अ०] कबुल; प्रतिज्ञा; हे० करार ।

**इकार**– ना० [सं०] स्वरवर्णको ‘इ’ अक्षर; बाइमात्रा ( ि ) चिह्न ।

**इक्रा**– ना० घरको गारोको सट्टा सिमेन्ट गर्न मिल्ने गरी बाँसका भाटाबाट तयार गरिने टाटी ।

**इक्षु**– ना० [सं०] उखु । – **मती**– ना० काठमाडौँका रुद्रमती र विष्णुमतीका बीच भागमा बग्ने हालको ‘टुकुचा’ खोलाको पुरानो सांस्कृतिक नाम ।

**इक्ष्वाकु**– ना० [सं०] पुराणअनुसार वैवस्वत मनुका छोरा; सूर्यवंशका पहिला प्रसिद्ध राजा ।

**इख**– ना० [प्रा० इक्ख] १. अरूको लाग्ने वचन सुनेर वा अरू व्यक्ति बनेको वा सप्रेको देखेर नजानिँदो किसिमले मनमा उठ्ने डाहा; प्रतिशोधका भावनाले मनमा उठ्ने द्वेष । २. रिस, इबी । > **इखालु**– वि० १. ईख भएको; ईर्ष्यालु । २. डाहा गर्ने; डाहिल्लो । ३. कसैले आफूलाई हियाए वा अपमानित गरेमा त्यसको ईख लिई केही गरेर देखाउने आत्मसङ्कल्प राख्ने ।

**इखि-नु**– अ० क्रि० [ईख + इ + नु] कसैले आफूलाई हियाए वा अपमानित गरेमा केही गरेर देखाउने मानसिक अठोट गर्ने भाव वा काम । (उदा०– पण्डित पितृप्रसादका कटु वचनले लेखनाथ इखिए र पछि ठूला कवि बने ।) । > **इख्याइ**– ना० इखिने वा इख्याउने भाव वा क्रिया । **इख्याइनु**– अ० क्रि० इख्याउने काम गरिनु । **इख्याउनु**– प्रे० क्रि० इखिने पार्नु; लोभ्याउनु ।

**इङ्गर**– प्रत्य० नाम-शब्दका पछिल्तिर गाँसिएर प्रायः क्षुद्रता वा तुच्छताको अर्थ बुझाउने तद्धित-प्रत्यय (पात + इङ्गर = पतिङ्गर आदि) ।

**इङ्गल**– प्रत्य० नाम-शब्दका पछिल्तिर गाँसिई विशेष अर्थ बुझाउने तद्धित-प्रत्यय (काँचो + इङ्गल = कचिङ्गल, माथा + इङ्गल = मथिङ्गल आदि) ।

**इङ्गला**– ना० [सं०] योगशास्त्रअनुसार नाकको बायाँ प्वालबाट श्वास भित्र-बाहिर गराउने नाडी; ईडा नाडी । (पिङ्गलाको उच्चारण-सादृश्यमा) ।

**इङ्गल्यान्ड**– ना० [अङ्०] बेलायत ।

**इङ्गित**– ना० [सं०] १. शरीरका अङ्ग-प्रत्यङ्गका हाउभाउ र चेष्टाबाट मनको भाव प्रकट गर्ने काम; सङ्केत; इसारा । वि० २. सङ्केत गरिएको; सङ्केतित ।

**इङ्ग्लिस**– ना० [अङ्०] हे० अङ्ग्रेजी ।

**इचङ्गु**– ना० [नेवा०] काठमाडौँ नगरदेखि पश्चिम दिशामा रहेको र यसै नामका नारायणको मन्दिरले गर्दा प्रसिद्ध भएको ठाउँ; काठमाडौँ उपत्यकाका चार नारायणमध्ये एक । ~ **नारायण**– ना० चार नारायणमध्ये इचङ्गुमा रहेका एक नारायण ।

**इचला**– ना० १. खेतको चारैतिर पानी अडचाउन बनाइएको केही अग्लो डिल; आली; खेतको आँठो । २. आँचल ।

**इचा**– ना० [नेवा०] चुच्चो बाङ्गो भएको र डेढ फुटजति लामो, धातुका भाँडाहरूको निर्माण गर्दा प्रयोग गरिने एक खालको ज्याबल ।

**इच्छा**– ना० [सं०] १. कुनै चीजको प्राप्ति, समृद्धि, क्षय, ह्रास आदिबारे मनमा लाग्ने आशा; यस्तो होस्, उस्तो होस् भन्ने कुराको आन्तरिक कल्पना; कामना; अभिलाषा । २. चाहना; लालसा । > **इच्छाधीन**– वि० इच्छामा अडेको वा रहेको; इच्छामुताबिकको; रोजीछाडी; ऐच्छिक । **इच्छानुरूप**– वि० चाहनाअनुसारको; भनेजस्तो । ~ **पत्र**– ना० राजीखुसीले आफ्नो अधिकारमा रहेको चलअचल सम्पत्ति अरू कुनै पनि व्यक्तिले पाउने गरी लेखिदिएको कागत । ~ **भोजन**– ना० चाहेबमोजिमको भोजन; मनमाफिकको खाना । **इच्छित**– वि० इच्छा गरिएको; चिताइएको; वाञ्छित । **इच्छिनु**– अ० क्रि० आफ्नो अधिकारको कुनै मालताल अरू कसैलाई दिने इच्छा हुनु ।

**इच्छु**– वि० [सं०] इच्छा गर्ने; चाहना गर्ने; इच्छुक (प्रायः शब्दको पछिल्तिर गाँसिएर प्रयुक्त हुने, जस्तै– शुभेच्छु, हितेच्छु इ०) । > **इच्छुक**– वि० इच्छा गर्ने; चाहना गर्ने; मनसुबा भएको; अभिलाषी; अर्थी ।

**इच्छ्याइनु**– क० क्रि० [इच्छ्याउ + इ + नु] इच्छ्याउने काम होइनु ।

**इच्छ्याउनु**– स० क्रि० [इच्छा + याउ + नु] १. इच्छा प्रकट गर्नु; मनले चाहेको कुरो खोल्नु । २. आफ्ना हकभित्रको जायजेथा वा चल-अचल सम्पत्ति राजीखुसीले अर्काको हक हुने गरी लिखत गरिदिनु; इच्छापत्र लेखिदिनु । ३. आफ्नो साटो कुनै काम गर्न वा आफूले पाउने कुनै कुरा भन्न-लिन अर्को व्यक्तिलाई रोज्नु ।

**इजरायल**– ना० [हिब्रु] एसियाको पश्चिमी भागमा अवस्थित, जेरुसेलम राजधानी भएको, यहुदीहरूको स्वतन्त्र राष्ट्र । > **इजरायली**– वि० इजरायल देशको; इजरायलसम्बन्धी ।

**इजलास**– ना० [अ०] १. मुद्दामामिलाको काम गर्ने न्यायिक निकाय; अदालत; न्यायालय; कचहरी । २. मुद्दा बहस हुँदा न्यायाधीश बस्ने ठाउँ; बेन्च । ३. सभा; बैठक ।

**इजहार**– ना० [अ०] १. अदालतले सोधेका सवाल वा प्रश्नको लिखित वा मौखिक जवाफ; अदालतमा दिइने बयान । २. फिरादपत्र; उजुरीपत्र; नालिस ।

**इजहारा**– ना० [अ० इजार] ठेक्कापट्टा; ठेक्का; ठेक; इजारा ।

**इजा**– ना० (खास गरी डोटी, जुम्ला भेगका लोकसाहित्यमा प्रचलित) आमा ।

**इजाजत**– ना० [अ०] १. कुनै अख्तियारवाला अड्डा वा कार्यालयले कुनै कामकुराका निम्ति दिएको अनुमति, आज्ञा, मन्जुरी वा स्वीकृति । २. लाइसेन्स । ~**पत्र**– ना० कुनै कामकुराका निम्ति सम्बन्धित संस्थाबाट इजाजत दिइएको बेहोरा जनाई सो प्रमाणित गरिएको कागत; अनुमतिपत्र; लाइसेन्स । ~**प्राप्त**– वि० कुनै कामकुरा, ठेक्कापट्टा आदिका निम्ति सम्बन्धित अड्डा वा कार्यालयबाट इजाजत पाएको ।

**इजार**– ना०हे० इँजार ।

**इजारा**– ना० [अ० इजहारा] १. ठेक; ठेक्कापट्टा । २. कुनै काम गरेबापत त्यसका बदलामा ज्याला वा त्यस्तै अन्य कुनै कुरा दिइने बन्दोबस्त ।

**इज्जत**– ना० [अ०] १. समाज वा सम्बन्धित क्षेत्रबाट दिइने आदर; मान; प्रतिष्ठा । २. हुर्मत; आबरु । – **दार**– वि० इज्जत कमाएको; प्रतिष्ठित; सम्मानित ।

**इज्या**– ना० [सं०] १. यज्ञ; होम; हवन । २. धार्मिक अनुष्ठान । ३. हिन्दू धर्मका आठ अङ्ग (इज्या, अध्ययन, दान, तप, सत्य, धृति, क्षमा र अलोभ)-मध्ये पहिलो ।

**इटाचपली**– ना० प्राचीन नेपालअन्तर्गत काठमाडौँमा (हनुमान-ढोकामा) रूखका वरिपरि इँटको गाह्रो लगाई बनाइएको न्यायिक चौतारो; पुरानो न्यायाधिकरण; प्राचीन फौजदारी अदालत ।

**इटाली**– ना० युरोप महाद्वीपको दक्षिणी भागमा भूमध्यसागरको किनारामा अवस्थित, रोममा राजधानी रहेको एक देश । > **इटालेली**– वि० १. इटाली देशसँग सम्बन्धित; इटाली देशको बासिन्दा; इटालीमा बनेको । ना० २. भारोपेली भाषापरिवारिभित्रको एक शाखा ।

**इडली**– ना० [म०] चामलका पीठाको डल्लो पारी बनाइने एक प्रकारको दक्षिणभारतीय खाद्य पदार्थ ।

**इडा**– ना० [सं०] १. शरीका पिठचूँको बायाँपट्टिबाट नाकसम्म गएको नाडी; नाडीका तीन भेद– इडा, पिङ्गला, सुषुम्नामध्ये पहिलो । २. वैवस्वत मनुकी कान्छी रानी ।

**इतर**– वि० [सं०] १. अर्को; दोस्रो; अन्य; भिन्न । २. अतिरिक्त; बाहेक । ३. कुनै नाम शब्दका पछाडि गाँसिई सोभन्दा अन्य, भिन्न, बाहेक वा अतिरिक्त आदि अर्थ बुझाउने शब्द । (उदा०– नेपाली भाषामा साहित्येतर ग्रन्थहरू पनि प्रशस्त छन्) । – **बितर**– क्रि० वि० कुनै कुरा वा वस्तु व्यवस्थित रूपमा नरही छिरलबिरल वा छरपुस्ट हुनाको किसिम; तितरबितर ।

**इतरि-नु**– अ० क्रि० [इत्तरो + इ + नु] १. साथीभाइ वा प्रेमीप्रेमिकाका बीच आपसमा हाँसखेल वा ख्यालठट्टा गर्नु; छिल्लिनु; जिस्किनु; गिज्जिनु । २. चाहिँदोनचाहिँदो किसिमले आसक वा लाडे भएर चल्नु वा कुरा गर्नु ।

**इतरेतर**– अव्य० [सं०] १. परस्पर; एकअर्कामा; आपसमा; आफू-आफूमा; अन्योन्य । २. द्वन्द्व समासका विभिन्न भेदमध्ये 'यो' र 'त्यो' भन्ने अर्थ बुझाउने एक भेद (राम र लक्ष्मण = रामलक्ष्मण, दाजु र भाइ = दाजुभाइ इ०) । ~**योग**– ना० इतरेतर द्वन्द्व समास ।

**इतऱ्याइ**– ना० [√ इतरि (+आइ)] इतरिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **इतऱ्याइनु**– क० क्रि० इतरिन लाइनु । **इतऱ्याउनु**– प्रे० क्रि० इतरिन लाउनु; जिस्क्याउनु ।

**इतलायनामा**– ना० [अ० इत्तलानामा] देवानी मुद्दामा नालिस वा फिराद परेपछि प्रतिवादीलाई म्यादभित्र प्रतिवादी दिन आउनू भनी अदालतबाट जारी गरिने सूचना वा पुर्जी; समाह्वान; समन ।

**इति**– ना० [सं०] १. परिमाण, विस्तार आदिको अन्त; अन्त्य; आखिरी । २. काम पूरा हुने वा भएको अवस्था; समाप्ति; पूर्णता; टुङ्ग्याउनी । ३. कुनै ग्रन्थ वा ग्रन्थको अंश र लेख, रचना, कागज आदिको पुछारमा त्यसको समाप्तिको सूचना दिन प्रयोग गरिने शब्द । (उदा०– इति तोतामैनाको कथाको पहिलो भाग समाप्त । इति संवत् २०३८ साल पुस ७ गते रोज ३ शुभम्) । – **वृत्त**– ना० १. पुरानो यथार्थ कथा; बितेको सत्य घटना; कुनै काम-कुरा जे-जसरी भएको हो त्यसको पूर्ण विवरण वा वृत्तान्त । २. ऐतिहासिक वृत्तान्त; इतिहास – **श्री**– ना० १. भएभरको सबै सम्पत्ति, काम-काज वा अन्य कुरा खत्तम भएको वा टुङ्गिएको अवस्था; समाप्ति; स्वाहा; निःशेषता; निर्मूलन ।

२. कुनै ग्रन्थ वा ग्रन्थांशको पुछारमा सो समाप्त भएको कुरा जनाउने शब्द (.... इतिश्री स्कन्दपुराणे केदारखण्डे माघमहात्म्ये ... प्रथमोऽध्यायः) ।

**इतिहास–** ना० [सं०] १. अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्ने ज्ञानको एक शाखा; अतीतको अनुसन्धान र छानबिनमा आधारित अध्ययन; तत्सम्बन्धी ग्रन्थ । २. कुनै मुलुक, जाति, संस्था, विषय आदिका अतीतका घटनाहरूको क्रमबद्ध वर्णन वा वृत्तान्त । ३. अतीतका सानाठूला घटनाहरूको सारांश वा विवरण; अतीतका असाधारण तथा स्मरणीय चरित्र आदिको वृत्तान्त वा विवरण; पुर्ख्यौली । ~ **विद्/वेत्ता–** वि० इतिहासको ज्ञाता । ~**शिरोमणि–** ना० नेपालमा इतिहासका क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिलाई राष्ट्रका तर्फबाट प्रदान गरिने एक उपाधि (स्व० बाबुराम आचार्यलाई 'इतिहास-शिरोमणि'को उपाधि दिइएको थियो ।) ।

**इत्तरो–** वि० [सं० उत्तरण] लाज-सरम पचेको; जिस्किने वा छिल्लिने; नकच्चरो; थेत्तरो ।

**इत्यादि–** अव्य० [सं०] १. यो र यस प्रकारका; यसबाहेक अन्य पनि; यस्तै; अरू पनि; आदि; प्रभृति । २. लगायत; समेत । ३. कुनै लेखाइ वा बोलाइका क्रममा प्रमुख कुराहरूको उल्लेख गरी त्यस्तै प्रकारका अन्य कुराको सङ्केत दिन प्रयुक्त हुने शब्द (उदा०– साहित्यमा कविता, कथा, उपन्यास इत्यादि विधा देखिएका छन् ।) ।

**इत्रिनु–** अ० क्रि० हे० इतरिनु ।

**इथर–** ना० [अङ्०] १. सम्पूर्ण आकाशमा व्याप्त भएको र त्यसैबाट प्रकाशका किरण पृथ्वीमा आउने पारदर्शी सूक्ष्म तत्त्व । २. गन्धकको तेजाब र मद्य-सारबाट तयार हुने एक रासायनिक पदार्थ ।

**इद–** ना० [अ० ईद] मुसलमानको एक प्रसिद्ध चाड ।

**इदगाह–** ना० [अ०] इदका दिन सबै मुसलमान भेला भएर नमाज पढ्ने ठाउँ ।

**इदमित्थ/इदमित्थम्–** ना० [सं० इदमित्थम्] १. यो कुरा यस्तै हो वा यस कुरामा यसै गर्ने भन्ने निर्क्यौल, निधो वा ठहर; अठोट; अन्तिम टुङ्गो । २. ठेगान; तहकिकात । ३. कुनै काम-कुराका बारेमा यस अवधिसम्म यसो नभएमा यसो गरिनेछ भनी दिइने म्यादसहितको अन्तिम चेतावनी; अल्टिमेटम । (उदा०– मजदुरहरूद्वारा आफ्ना सात सूत्रीय माग एक साताभित्र पूरा नभएमा हडताल गर्ने इदमित्थम् दिइएको खबर छ ।) ।

**इनसोल–** ना० [अङ्०] जुत्ताभित्रको तलुवा; जुत्ताको भित्री तलुवा; गुरुपात ।

**इनाम–** ना० [अ० इनआम] कुनै उल्लेखनीय वा चित्तबुझ्दो काम गरेबापत सो काम गर्ने व्यक्तिको हौसला बढाउन दिइने पुरस्कार; पारितोषिक; बकस; बक्सिस ।

**इनामपाट–** ना० डकर्मीले घरको गाह्रो लगाउँदा तलमाथिको सुर सीधा पार्न झुन्डयाएर हेर्ने घण्टीको डोरी ।

**इनामेल–** ना० [अङ्०] काठ, फलाम, ढुङ्गा, सिसा आदि वस्तुको सजावट वा संरक्षणका निम्ति रङ लगाउन वा त्यस्ता वस्तुमा केही लेख्न र चित्रकारी गर्न प्रयोग गरिने विभिन्न रङको रासायनिक तरल पदार्थ ।

**इनार–** ना० जमिनमा खनेर पानीको मूल भेट्टाई इँट आदिको गोलाकार गाह्रो लगाएर बनाइएको, डोरीमा घल्चा, बाल्टी आदि झुन्डयाएर डुबाई पानी झिकिने गहिरो खाल्डो ।

**इनेगिने–** वि० [हि०] छानिएका वा रोजिएका केही; नाम चलेका वा गनिएका मध्ये थोरै; धेरैमध्ये केही वा दुई-चार ।

**इन्कार्-नु–** स० क्रि० [इन्कार + नु] इन्कार गर्नु; अस्वीकार गर्नु; नामन्जुरी जनाउनु ।

**इन्कार–** ना० [अ०] १. नकारात्मक उत्तर; अस्वीकार; नामन्जुरी । विप० मन्जुरी; स्वीकार । २. कसैले आफूमाथि कुनै कुराको अभियोग वा आरोप लगाउँदा सो कुरा होइन भनी वा त्यसको खण्डन गरी दिइने जवाफ । >**इन्कारी–** ना० १. इन्कार वा अस्वीकार गर्ने काम । २. आफूमाथि आइपरेको वा लगाइएको कुनै अभियोग वा आरोपको अस्वीकार; त्यस्तो अभियोग वा आरोपबाट सफाइ लिने चेष्टा वा प्रयास ~**पत्र–** ना० अभियोग लगाइएको व्यक्तिले आफूले त्यसो गरेको छैन भनी लेखिदिने कागत; नामन्जुरीको लिखत वा कागत ।

**इन्क्लाब–** ना० [अ० इनकलाब] १. सामूहिक विरोध-प्रदर्शन, जुलुस आदिमा प्रेरणा वा उल्लास जागृत गर्न नाराका रूपमा प्रयोग गरिने शब्द (जस्तो– इन्क्लाब जिन्दावाद) । २. क्रान्ति; परिवर्तन ।

**इन्च–** ना० [अङ्०] एक फुटको बाह्रौँ भाग वा त्यसबराबरको नापो । > **इन्ची–** ना० इन्च ।

**इन्जन/इन्जिन–** ना० [अङ्०] १. बाफबाट चल्ने, बाटो पेल्ने गह्रौँ र भद्दा किसिमको कल । २. बाफ अथवा बिजुलीका बलले रेलका डिब्बाहरू तान्ने यन्त्र । ३. शक्तिउत्पादक यन्त्र ।

**इन्जिनियर–** ना० [अङ्०] १. सडक, घर, पुल आदि बनाउने वा मरम्मत गर्ने शिल्पविद्यामा विश्वविद्यालयबाट स्नातकको उपाधिप्राप्त व्यक्ति; वास्तुकला-विशेषज्ञ । २. कल, इन्जिन आदि बनाउने वा मरम्मत गर्ने काममा स्नातक भएको व्यक्ति; यन्त्रविद्या-विशेषज्ञ । >**इन्जिनियरिङ–** ना० १. कलपुर्जा आदि बनाउने वा मरम्मत गर्ने विद्या; यन्त्रविद्या । २. घर, पुल, बाटो आदि बनाउने विद्या; वास्तुकला । ३. इन्जिनियरको काम । **इन्जिनियरी–** ना० इन्जिनियरिङ ।

**इन्जेक्सन–** ना० [अङ्०] १. शरीरको नसा, मांसलस्थान आदिमा सियोद्वारा औषधीको अन्तःक्षेपण ।

**इन्जेल–** प्रत्य० धातु वा सर्वनाम शब्दका पछाडि गाँसिएर लगातारको क्रमिकता जनाउने प्रत्यय (खाइन्जेल, बसिन्जेल, त्यतिन्जेल, कतिन्जेल इ०) ।

**इन्टरभ्यु**– ना० [अङ्०] अन्तर्वार्ता ।

**इन्टरमिडियट**– वि० [अङ्०] १. प्रवेशिका र स्नातकका बीचको (कक्षा) । २. बीचको; मध्यवर्ती ।

**इन्ट्रेन्स**– ना० [अङ्०] १. प्रवेशिका परीक्षा; म्याट्रिकुलेसन । २. प्रवेश । ३. द्वार; ढोका ।

**इन्डेक्स**– ना० [अङ्०] रिङ भएको र बाक्लो फाइल; सूचकाङ्क ।

**इन्तजाम/इन्तिजाम**– ना० [अ० इन्तिजाम] पछि हुने वा गर्नुपर्ने कुनै काम-कुराको लागि पहिले नै मिलाइने आवश्यक चाँजोपाँजो; बन्दोबस्त; प्रबन्ध ।

**इन्तुचिन्तु**– ना० [(द्वि०) चिन्ता] १. होसहवास; सुद्धीबुद्धि; अत्तोपत्तो; खोज-खबर । २. के गरूँ कसो गरूँ भन्ने चिन्ता; किंकर्तव्यविमूढता । >**इन्तु न चिन्तु**– ना० होसहवास वा थाहासुद्धी केही नहुनु; बेखबर; विचेत हुनु ।

**इन्दिरा**– ना० [सं०] १. विष्णुकी पत्नी; लक्ष्मी । २. आश्विन कृष्ण एकादशी ।

**इन्दीवर**– ना० [सं०] नीलकमल । >**इन्दीवरा**– ना० औषधीमा प्रयोग हुने एक जडीबुटी; बोकेलहरो; अजशृङ्गी ।

**इन्दु**– ना० [सं०] १. चन्द्रमा । २. एकको सङ्ख्या । ३. कपूर । ~**कला**– ना० चन्द्रकिरण; जून । – **वदना**– ना० भगण, जगण, सगण, नगण र दुई गुरु भएको, पाचौँ अक्षरमा यति हुने एक वार्णिक छन्द ।

**इन्द्र**– ना० [सं०] १. स्वर्गका राजा; देवताका राजा । २. पानी पार्ने देवता । ३. स्वरसन्धि हुँदा अधिपतिको अर्थ दिने वा स्वामी वा राजालाई बुझाउने शब्द (राजेन्द्र, सुरेन्द्र मृगेन्द्र, महेन्द्र इ०) । ~**कमल**– ना० रूखमा फुल्ने एक प्रकारको सुगन्धी थलकमल । ~**जात्रा**– ना० भाद्र शुक्ल चतुर्दशीका दिन काठमाडौँमा गरिने कुमारी, भैरव, गणेश आदिको प्रसिद्ध रथयात्रा । ~ **जाल**– ना० दर्शकका आँखा छलेर वा तन्त्रमन्त्रद्वारा अनौठा-अनौठा काम गरेर देखाइने खेल; चटक; जादुगरी । – **जाली**– वि० इन्द्रजाल गर्ने; जादुगर; चटकी । – **जित्**– वि० १. इन्द्रलाई जित्ने । २. रावणको जेठो छोरो मेघनाद । – **जौ**– ना० ठूलो कुरो वा त्यसकै फूल । – **दमन**– ना० वर्षाकालमा गङ्गा आदि नदीको जल बढेर बाटोमाथि रहेका कुण्ड, वर र पीपलका जरामा पानी पुग्दा मनाइने पर्व । – **धनु/धनुष**– ना० वर्षायाममा सूर्यको विपरीत दिशातिर आकाशमा देखिने रङ्गीबिरङ्गी वा सप्तरङ्गी अर्धवृत्त; इन्द्रेनी । – **ध्वज**– ना० १. इन्द्रको झन्डा; लिङ्गोसहितको पताका । २. प्रायः भाद्रशुक्ल द्वादशीका दिन इन्द्रको पूजा गरेर उभ्याइने ठूलो ध्वजा; लिङ्गो । – **ध्वज-पातन**– ना० इन्द्रजात्राको आखिरी दिन इन्द्रध्वजलाई पल्टाई नदीमा सेलाउने काम; इन्द्रजात्राको लिङ्गो ढाल्ने काम । – **ध्वजोत्थान**– ना० भाद्रशुक्ल द्वादशीका दिन इन्द्रजात्रा सुरु गर्दा इन्द्रको सम्मानमा लिङ्गो ठडयाउने काम (पौराणिक कालमा पनि यस्तो प्रचलन भएको पाइन्छ ।) । – **नील**– ना० नीलो रङ्गको मणि; नीर; नीरमणि । – **पुर**– ना० इन्द्रको शहर; सुखी ठाउँ । – **प्रस्थ**– ना० महाभारतकालीन पाण्डवहरूको राजधानी (वर्तमान दिल्लीको नजिक) । – **यात्रा**– ना० इन्द्रजात्रा । ~**राज्यलक्ष्मी प्रज्ञा पुरस्कार**– ना० कलाका क्षेत्रमा उल्लेखनीय साधना गर्ने व्यक्ति वा संस्थालाई प्रदान गर्ने गरिएको एक पुरस्कार । ~**लोक**– ना० स्वर्ग । – **वंशा**– ना० दुई तगण, एक जगण र एक रगण हुने वार्णिक छन्द । – **वज्रा**– ना० दुई तगण, एक जगण र दुई गुरुवर्ण हुने एक वार्णिक छन्द । ~ **सभा**– ना० इन्द्रको सभा; देवसभा; सुधर्मा ।

**इन्द्राणी**– ना० [सं०] १. इन्द्रकी पत्नी । २. सेता वा पहेँला धर्सा परेका नीला फल फल्ने, राता, नीला र पहेँला फूल फुल्ने एक लहरो ।

**इन्द्रायुध**– ना० [सं०] १. इन्द्रधनु; इन्द्रेनी । २. इन्द्रको हतियार; वज्र ।

**इन्द्रावती**– ना० [सं०] सप्तकोसीका सातमध्ये एक नदी; पूर्वी नेपालको जुगल हिमालको पाँचपोखरीबाट उत्पन्न भई दोलालघाटनिर सुनकोसी नदीमा मिसिने एक नदी ।

**इन्द्रासन**– ना० [सं०] १. इन्द्रको सिंहासन । २. राजसिंहासन; राजगद्दी । ३. सबै किसिमको सुख मिल्ने ठाउँ ।

**इन्द्रिय**– ना० [सं०] १. ज्ञानशक्ति र कर्मशक्तिका मानवीय अङ्ग वा साधन; पाँच ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिब्रो र छाला) र पाँच कर्मेन्द्रिय (वाक्, पाणि, पाद, वायु र उपस्थ)-का सामूहिक वा अलग-अलग नाम । २. माथिका आधारमा पाँचको सङ्ख्या । ३. योनि वा लिङ्ग । ४. जननेन्द्रिय । ५. एक अङ्गुलको पाँच गुनाबराबरको नाप; पाँच अमलबराबरको नाप; पाँच अङ्गुल । – **गोचर**– ना० इन्द्रियको विषय; इन्द्रियद्वारा संवेदन गर्न सकिने; इन्द्रियग्राह्य । – **ग्राम**– ना० पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियको समूह । – **जित्**– वि० इन्द्रियको दमन गर्न सक्ने; जितेन्द्रिय । – **निग्रह**– ना० इन्द्रियलाई वशमा राख्ने काम । – **संवेद्य**– वि० इन्द्रियद्वारा छिटै ग्रहण गरिने । >**इन्द्रियातीत**– वि० इन्द्रियद्वारा ज्ञान गर्न नसकिने; अगोचर । **इन्द्रियार्थवाद**– ना० इन्द्रियहरूको अनुभूतिद्वारा नै सबै किसिमको ज्ञान प्राप्त हुन्छ भन्ने दार्शनिक सिद्धान्त; इन्द्रियद्वारा सुखभोग गर्ने काम ।

**इन्द्रेनी**– ना० [इन्द्र + एनी] घामपानी भएको बेला घामको विपरीत दिशातर्फ देखिने अस्मानी, नीलो, हरियो, पहेँलो, रातो बैजनी र सुन्तला रङ हुने, धनुका आकारको अर्धवृत्त; इन्द्रधनु; इन्द्रधनुष ।

**इन्धन**– ना० [सं०] १. उष्णता वा तापको माध्यमबाट शक्ति प्रदान गर्ने साधन । २. दाउरा वा त्यसको बदलामा अरू केही बालेर ताप वा शक्ति पैदा गर्ने उपकरण (मट्टीतेल, डिजेल, पेट्रोल, कोइला आदि) । ~**संस्थान**– ना० इन्धनसँग सम्बन्धित कारोबार गर्ने तथा आवश्यक इन्धन जुटाउने अधिकारप्राप्त संस्थान ।

**इन्साफ–** ना० [अ०] १. सम्बन्धित क्षेत्रबाट गरिने सत्य वा असत्यको टुङ्गो; न्याय; निसाफ; नियाँ-निसाफ । २. अदालतबाट वादी-प्रतिवादीको पक्ष वा विपक्षमा दिइने न्याय; निर्णय; फैसला ।

**इन्सेट–** ना० [अङ्०] ठूलो चित्रभित्रको सानो चित्र ।

**इन्स्टिच्युट–** ना० [अङ्०] अध्ययन-संस्थान ।

**इन्स्पेक्टर–** ना० [अङ्०] प्रहरीसेवाको एक दर्जा; प्रहरीनिरीक्षक ।

**इवी–** ना० मनमा गुप्त रूपमा राखिएको ईख; धेरै पहिलेदेखिको ईख; दगा । **– अदावत–** ना० दगा वा निहुँ झिक्ने बाटो; चूक देखाउने निहुँ ।

**इमर्जेन्सी–** ना० [अङ्०] १. एकाएक आइपर्ने दुःखद घटना; आकस्मिक दुर्घटना । २. आकस्मिक दुर्घटना वा बिमारीले पीडित व्यक्तिका लागि गरिने उपचार वा त्यस्तो उपचार गरिने कक्ष । ~ **लाइट–** ना० विद्युत् आपूर्ति बन्द हुँदा प्रयोग गरिने, विद्युत्‌तरङ्गबाटै बल्ने एक किसिमको बिजुलीलालटिन ।

**इमान–** ना० [अ० ईमान] १. लेनदेन, नियम, अनुशासन आदि व्यवहारमा गरिने सत्यता; सच्चाइ; छल-कपटरहित व्यवहार; असल नियत । २. ईश्वर वा धर्मप्रति रहेको विश्वास; आस्तिक बुद्धि । **– जमान–** ना० बोलेअनुसार व्यवहार गर्ने प्रकृति; व्यवहारमा काम-कुराको ठीक-ठीक पालना; सत्यनिष्ठा; कर्तव्यपरायणता । **– दार–** वि० इमान भएको; निष्कपट; बोलेको कुरा पुऱ्याउने; सत्यनिष्ठ । **– दारी–** ना० इमानदार बन्नाको भाव वा अवस्था; सत्यनिष्ठा; सच्चाइ ।

**इमारत–** ना० [अ०] भव्य तथा पक्की घर; विशालकाय भवन; महल ।

**इमासङ–** ना० [लि०] लिम्बू-जातिमा पूजा गरिने इष्टदेवी; महामाया ।

**इमु–** ना० [अङ्०] अस्ट्रेलियामा पाइने डेढ मिटर उचाइ र लगभग पचास के० जी० वजन भएको, घाँस खाने, लामा खुट्टा र लामो गर्धन हुने, तीन औँला भएको ठूलो चरो ।

**इम्पोज–** ना० [अङ्०] छाप्ने स्थितिमा पुगेको फर्मालाई व्यवस्थित गर्ने काम; फर्मा ढाल्ने काम ।

**इम्प्रेसन–** ना० [अङ्०] एक पल्टको छपाइ वा थिचाइ ।

**इयत्ता–** ना० [सं०] १. पुग्न सकिनेसम्मको अवधि; सीमा; हद । २. नियम सङ्ख्या; तोकिएको परिमाण । ३. जम्मा यति नै छ भन्ने किटान ।

**इयरिङ–** ना० [अङ्० इयर-रिङ] कानका लोतीमा झुन्ड्याएर पहिरिने सुनको झुम्के गहना; यारिङ ।

**इराक–** ना० [अ०] एसिया महाद्वीपमा पर्ने, बगदाद राजधानी भएको, प्रायः खनिज तेलका लागि प्रसिद्ध एक देश । > **इराकी–** वि० इराक देशको; इराकसँग सम्बन्धित ।

**इरादा–** ना० [अ०] १. मनसुबा; कामना; इच्छा । २. निर्णय; अठोट; सङ्कल्प । ३. भावना; सोचाइ; विचार ।

**इरान–** ना० [अ०] एसिया महाद्वीपमा पर्ने, तेहरान राजधानी भएको, प्रायः खनिज तेलका लागि प्रसिद्ध एक देश । > **इरानेली–** वि० इरानको; इरान देशसँग सम्बन्धित ।

**इरु–** ना० कोपिला रातो हुने एक फूलको बोट वा त्यसकै सेतो फूल ।

**इलम–** ना० [अ० इल्म] १. पेसा; व्यवसाय; रोजगार; कामकाज । २. जानकारी; ज्ञान; बोध । ३. विद्या । ४. जागिर; नोकरी । ५. पश्चिमी नेपाली भाषिकामा स्त्रीको जननेन्द्रिय । > **इलमी–** वि० १. इलम गर्ने; कुनै रोजगारमा लागेको; व्यवसायी; उद्यमी । २. इलमसम्बन्धी ।

**इलाका–** ना० [अ० इलाक] १. कुनै नाउँबाट चिनिएको स्थान वा निश्चित भूखण्ड । २. अधिकारक्षेत्र । ३. हाता; लगा । ~**अदालत–** ना० कुनै जिल्ला वा इलाकामा रहेको न्यायालय; सुरु अदालत; जिल्ला अदालत । **– वाद–** ना० सम्पूर्ण देश वा भूभागको समस्यालाई वास्ता नगरी कुनै खास इलाकालाई मात्र महत्त्व दिने साँघुरो गुटबन्दी विचार ।

**इलाज–** ना० [अ०] १. शरीरको रोग निको पार्न गरिने उपाय वा प्रयत्न; उपचार; चिकित्सा । २. ओखती; दबाई ।

**इलाम–** ना० मेची अञ्चलअन्तर्गतको एक जिल्ला । > **इलामे–** वि० १. इलामको, इलामसम्बन्धी; इलाममा हुने वा पाइने । ना० २. काटेको वा खोस्सिएको घाउमा निचोरेर झोल लगाउँदा आराम गराउने र गाईबस्तुले घाँस खाने एक थरी भुईंझार ।

**इलास्टिक–** ना० [अङ्०] तान्दा तन्कने रबर र कपडा राखी इँजार आदिको काम लिन बनाइएको साधन; तन्कने र खुम्चने फित्ता; ग्याँटिस ।

**इलिकमिलिक–** ना० [अ० मू० मिलिक् + अ (द्वि०)] १. छिनमा देखिने र छिनमा बेपत्ता हुने चाल; आकलझुकल । क्रि० वि० २. एकै छिनमा हराउने गरी ।

**इलिमिली–** ना० [अ० मू०] क्षणिक चहलपहल; एक छिनको चहकमहक; झिलिमिली ।

**इलेक्ट्रिक–** वि० [अङ्०] विद्युत्‌शक्तिबाट उत्पन्न हुने; बिजुली-सम्बन्धी; बिजुलीको । **पोल–** ना० बिजुलीको तार लैजाने खम्बा; विद्युत्स्तम्भ; ट्रलीबसको विद्युत्‌शक्तिको तार अडचाउने खम्बा ।

**इलो–** ना० [नेवा० इलाँ] घरको मूल थाम वा खम्बा अडचाउने ढुङ्गो; आधारशिला ।

**इव–** अव्य० [सं०] सादृश्य वा उपमा जनाउने शब्द; समान; तुल्य; सदृश (पुत्रइव, अनुजइव इ०) ।

**इशारा–** ना० [अ०] हे० इसारा ।

**इश्तिहार–** ना० [अ०] हे० इस्तिहार ।

**इष्ट–** वि० [सं०] १. इच्छा गरिएको; रोजेको; चाहेको; वाञ्छित । ना० २. प्रिय व्यक्ति; हितैषी मित्र । ३. अग्निहोत्र आदि शुभ कर्म । ४. इष्ट देवता; प्रिय देवता ।

**इष्टका–** वि० [सं०] ईंट; इँटा । ~**तरङ्ग–** ना० सङ्गीतशिरोमणि यज्ञराज शर्माले तयार पारेको इँटको स्वरवाद्य वा वाद्ययन्त्रबाट

निस्कने स्वरलहरी । ~ **पथ**– ना० इँटले बनेको बाटो ।

**इष्टदेव/इष्टदेवता**– ना० [सं०] १. कुलपरम्पराबाट पुजिँदै आएका आराध्य देवता । २. दीक्षामन्त्रका अधिष्ठाता देवता ।

**इष्टमित्र**– ना० [सं०] १. कल्याण चाहने व्यक्ति; हितैषी मानिस; साथी; मित्र । २. नातेदार; बन्धुबान्धव; सम्बन्धी ।

**इष्टापत्ति**– ना० [सं०] अरूबाट गरिएको कुभलो पनि आफ्ना लागि फलदायी बन्ने काम; आपत्ति पनि इष्ट भएको स्थिति ।

**इस्**– अव्य० रिस वा झोक प्रकट गर्दा अरूलाई खिस्स्याएर प्रयोग गरिने शब्द; लोप्पा ख्वाउँदा भनिने लवज (उदा०– इस्, तैँले भन्दैमा पत्याउँछु र !) ।

**इसबगोल**– ना० [फा० यशबगोल] रछ्यायो किसिमको वा फुस्रो रङको तिलजस्ता ससाना दाना फल्ने बोट; आउँ-रगत, दिसा आदि रोग भएमा खाइने त्यसैका दाना वा भुसी ।

**इसा**– ना० [अ० ईसा] इसाई वा क्रिश्चियन धर्मका प्रवर्तक; इसाई धर्म चलाउने महापुरुष; यिसुखिस्ट । > **इसाई**– वि० इसाले चलाएको धर्म मान्ने; इसाई धर्मको अनुयायी; क्रिस्चियन; क्रिस्तान ।

**इसारा**– ना० [अ० इशारा] १. नबोलेर भावसम्प्रेषण गर्न गरिने अङ्ग-सञ्चालन; सान; सङ्केत; इशारा । २. अरूले नबुझ्ने गरी दिइएको सन्देश; गुप्त जनाउ ।

**इस्कुल**– ना०हे० इस्कुस ।

**इस्कुस**– ना० [अङ्० स्क्वास] लहरामा फल्ने केही लाम्चो र ससानो मेवाका ढबको, फलमा काँढा हुने वा नहुने हरियो तरकारी; इस्कुल ।

**इस्टकोट**– ना० [अङ्० वेस्टकोट] कोटका साथमा वा कोटबाहेक नै लगाइने, बाउला नभएको, कम्मरसम्म आउने भित्री सानो कोट; इस्कोट ।

**इस्तिफा**– ना० [अ० इस्तअफा] आफूले गर्दै आएको सेवा वा नोकरी छोड्नका लागि दिइने निवेदनपत्र; त्यागपत्र; राजीनामा ।

**इस्तिरी**– ना० कोइला वा विद्युत्शक्तिले तताएर धोएका कपडा सम्म्याउने, मिलाउने फलामे साधन; इस्त्री (आइरन) ।

**इस्त्री**– ना०हे० इस्तिरी ।

**इस्तिहार**– ना० [अ० इश्तिहार] सरकारका तर्फबाट सम्बन्धित समुदायलाई सार्वजनिक रूपमा दिइने सूचना वा विशेष आदेश; विज्ञप्ति; जनाउ; इश्तिहार ।

**इस्तेमाल**– ना० [अ० इस्तअमाल] कुनै वस्तुलाई प्रयोगमा ल्याउने प्रक्रिया; उपयोग; प्रयोग; व्यवहार ।

**इस्पात**– ना० [पोर्तु० स्पेडर] १. प्रशोधन गरी तयार गरिएको कडा, असल फलाम । वि० २. ज्यादै चतुरो; चलाक; बित्पाते ।

**इस्लाम**– ना० [अ०] १. ईश्वरका मार्गमा प्राण दिन प्रस्तुत हुने काम । २. मुहम्मदले प्रचलनमा ल्याएको मुसलमानी धर्म । ३. मुस्लिमहरूको धार्मिक सम्प्रदाय वा मत । ४. मुसलमान हुने क्रिया ।

**इस्वी**– ना० [अ० ईसवी] १. इसाको मरणकालपछि चलेको संवत्; सन् । वि० २. इसाको; इसासम्बन्धी ।

**इह**– सर्व [सं०] यहाँ । – **लीला**– ना० यस लोकको जिन्दगानी; सांसारिक प्रपञ्च; जिन्दगी । – **लोक**– ना० १. यो लोक; देखिने संसार । २. यो जीवन; सांसारिक जन्म । – **लौकिक**– वि० यस लोकको; यस लोकसँग सम्बन्धित ।

# ई

**ई**१– देवनागरी वर्णमालाको स्वरवर्णमध्ये चौथो स्वरवर्ण; परम्परागत रूपमा तालव्यस्थानबाट उच्चारण हुने, दीर्घ स्वर मानिएको र भाषाविज्ञानअनुसार अग्र बन्द दीर्घ स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**ई**२– वि० बो० [सं० इः] १. घृणा, अवहेलना र झिँझ्याहट आदि मनका भाव प्रकट गर्दा प्रयोग गरिने शब्द । (उदा०– ई, जति गाली गरे पनि आफ्नो बानी छाडिन्छ र !) । २. अरूलाई हियाउँदा वा लोप्पा खुवाउँदा प्रयोग गरिने शब्द । (उदा०– ई, गर् ! ई, खा !) । ३. कुनै नजिकको वस्तु औँल्याउँदा उच्चारण गरिने शब्द । (उदा०– ई, तिमीले खोजेको माल यहीँ रहेछ) ।

**ईकार**– ना० [सं०] १. इकारको दीर्घ रूप; 'ई' अक्षर । २. व्यञ्जनसँग गाँसिदा दाहिनेपट्टिबाट दिइने चिह्न ( ी ) ।

**ईक्षक**– वि० [सं०] १. सरसरती हेर्ने; आँखाले ठम्याउने; देख्ने । २. निरूपण गर्ने; परीक्षा गर्ने; जाँच्ने । (समीक्षक, परीक्षक इ०) ।

**ईक्षण**– ना० [सं०] १. हेर्ने वा देख्ने काम; दर्शन; अवलोकन । २. आँखा; नेत्र । ३. विचार; विवेचन; जाँचबुझ (परीक्षण, पर्यवेक्षण, सर्वेक्षण इ०) ।

**ईख**– ना० हे० इख ।

**ईडा**– ना० [सं०] १. हठयोगका नियमअनुसार प्राणायाम गर्दा नाकको देब्रेपट्टिबाट श्वास चलाइने नाडी । २. गङ्गा । ३. प्रशंसा; स्तुति ।

**ईथर**– ना० हे० इथर ।

**ईप्सा**– ना० [सं०] कुनै वस्तु प्राप्त गर्ने उत्कट इच्छा; तीव्र चाहना; अभिलाषा । > **ईप्सित**– वि० ईप्सा वा इच्छा गरिएको; चाहेको । **ईप्सु**– वि० इच्छा गर्ने; चाहना गर्ने; इच्छुक ।

**ईर्ष्या**– ना० [सं०] अर्काको बनिबनाउ वा समृद्धि देखेर मनमा उब्जने डाह; द्वेष; ईख; मात्सर्य । > **ईर्ष्यालु**– वि० ईख गर्ने; इखालु ।

**ईश**– ना० [सं०] १. ईश्वर; देवता । २. अधिपति; स्वामी; मालिक । ३. पति; लोग्ने । ४. राजा । ५. शिव; महादेव ।

**ईशान**– ना० [सं०] १. शिव; महादेव; एघार रुद्रमध्ये एक । २. ईशान कोण । ~ **कोण**– ना० पूर्व र उत्तर दिशाका बीचको कुनु । > **ईशानेश्वर**– ना० लमजुङ जिल्लाको मादी नदीको किनारमा अवस्थित प्रतिवर्ष शिवरात्रिमा ठूलो मेला लाग्ने शिव-मन्दिर ।

**ईश्वर**– ना० [सं०] १. सम्पूर्ण विश्व-ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता; भगवान्; परमेश्वर । २. अधिपति; स्वामी; मालिक । ३. ऐश्वर्यशाली । – **निष्ठ**– वि० ईश्वरमा विश्वास गर्ने; आस्तिक । ~ **प्रणिधान**– ना० योगशास्त्रमा पाँच प्रणिधानमध्ये एक; ईश्वरमाथि पूर्ण श्रद्धा राख्तै गरिने कर्म र त्यसको फल ईश्वरलाई नै समर्पण गर्ने काम । – **वाद**– ना० ईश्वर मान्ने सिद्धान्त; सृष्टि, स्थिति र संहारका मूल कारण ईश्वर हुन् भन्ने मत वा वाद । – **वादी**– वि० ईश्वरवादको अनुयायी वा समर्थक; ईश्वरभक्त । > **ईश्वराधीन**– वि० ईश्वरका अधीनमा रहेको वा ईश्वरको इच्छाअनुसार हुने । **ईश्वरी**– ना० १. देवी; भवानी; दुर्गा । २. लक्ष्मी; भगवती । ३. अधिष्ठात्री । **ईश्वरीय**– वि० ईश्वरसँग सम्बन्धित; ईश्वरको ।

**ईषत्/ईषद्**– अव्य० [सं०] १. केही; अलिकति; थोरै; कम । ना० २. थोरै मुस्कुराहट; मन्द मुस्कान । – **विवृत**– वि० १. जिब्रो तालुको एकदमै नजिक नगएर मुखविवर केही खुलेको । ना० २. आभ्यन्तर प्रयत्नको एक नाम ।

**ईसवी**– ना० हे० इस्वी ।

**ईसा**– ना० [अ०] हे० इसा । > **ईसाई**– वि० इसाई ।

**ईहा**– ना० [सं०] १. इच्छा; ईप्सा; चाहना; लालसा । २. चेष्टा; प्रयास । – **मृग**– ना० १. ब्वाँसो । २. दृश्यकाव्यअन्तर्गत रूपकका दस भेदमध्ये एक; चार अङ्कमा विभक्त, इतिहास र कल्पनामिश्रित शृङ्गारप्रधान एक नाटक ।

# उ

**उ**– देवनागरी वर्णमालाको स्वरवर्णमध्ये पाँचौं स्वरवर्ण; परम्परागत रूपमा ओष्ठचस्थानबाट उच्चारण हुने ह्रस्व स्वर मानिएको र भाषाविज्ञानअनुसार पश्च, बन्द, गोलित स्वरवर्ण । लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**उँ**– निपा० [सं० हुम्] १. तिरस्कार वा उपेक्षापूर्ण भाव व्यक्त गर्दा भनिने अव्यय शब्द । (उदा०– उँ, अर्कालाई त्यसै पनि जिस्क्याउने !) । २. रिस उठ्ने कुरा सुन्दा वा जोस निकाल्दा प्रयुक्त हुने अव्यय । (उदा०– उँ, त्यस पाजीले मसँग घमन्ड गर्ने ?) ।

**उँग्–नु**– अ० क्रि० [उँग+नु] बस्दाबस्दै निद्राले लट्ठिएर झुल्नु; अर्धनिद्राको वशमा पर्नु; आधा होस, आधा बेहोसजस्तो भएर झकाउनु; तन्द्रामा पुग्नु; उँघ्नु ।

**उँग**– ना० [प्रा० उङ्घ] बस्दाबस्दै निद्राको जोडले आँखा लट्ठिने स्थिति; निद्रा लाग्ने-लाग्ने बेलाको पूर्वरूप; झकाइ; तन्द्रा; उँघ; उङ ।

**उँगाइ**– ना० [√ उँग् (+आइ)] उँग्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उँगाइनु**– क० क्रि० उँग्न लाइनु । **उँगाउनु**– प्रे० क्रि० उँग्न लाउनु ।

**उँघ्–नु**– अ० क्रि० [उँघ्+नु] हे० उँग्नु ।

**उँघ**– ना० [प्रा० उङ्घ] हे० उँग ।

**उँघाइ**– ना० [उँघ् (+आइ)] उँगाइ । [ > ] **उँघाइनु**– क० क्रि० उँघ्न लाइनु । **उँघाउनु**– प्रे० क्रि० उँघ्न लाउनु ।

**उँचाइ**– ना० [उँचो+आइ] हे० उचाइ ।

**उँचो**– वि० [सं० उच्च] १. पृथ्वीको विपरीत दिशातिर लम्बिएको । २. उचो; अग्लो; टडरो ।

**उँट**– ना० [प्रा० उट्ट < सं० उष्ट्र] लामो तानिएको घाँटी र लामा-लामा खुट्टा हुने, खैरो रङको, स्तनपायी तथा शाकाहारी, प्रायः मरुभूमिमा भारी बोक्ने र सवारीको काम लिइने चौपाया ।

**उँडोपुँडो**– ना० [पुँडो (द्वि०)] लगभगको स्थिति; झन्डैझन्डैको अवस्था; पुगनपुगको अवस्था ।

**उँधमुन्टे**– वि० [उँधो+मुन्टे] १. उँधो मुन्टो लगाउने; मुन्टो निहुरेको; घोसे । ना० २. पुरुषको लिङ्ग ।

**उँधै उँभै**– ना० [उँधो+उँभो] उखालपखाल; झाडा-बान्ता ।

**उँधो**– ना० यो० [सं० अध] तल; तलतिर; मन्तिर; मुनि । ~ **मुन्टो**– ना० निहुरेको वा निहुराएको मुन्टो; तलतिर फर्केको टाउको ।

**उँधौली**– वि० [उँधो+औली] १. तलतिरको; मन्तिरको; उँधोको । २. मङ्सिर महिनाको शुक्लपक्षको पूर्णिमा; अगहनपूर्णिमा (नेपालका पहाडी भेकका बासिन्दाहरूको चलनअनुसार यसै दिनदेखि जाडो सुरु हुने भएकाले भेडीगोठ, गाईगोठ आदि बेसीतिर झारिन्छ र बेसीतिरका देवीदेवताको पूजा गरिन्छ । त्यसैले यस दिनलाई उँधौली भनिएको हो ।) । ~ **उँभौली**– ना० १. वैशाख र मङ्सिर पूर्णिमाका ताक गरिने गोठधूप र कुलदेवता आदिको पूजाआजा । २. उँधो झर्ने र उँभो लाग्नेहरूको ताँती; परदेश लाग्ने र घर फर्कनेहरूको लहर ।

**उँभो**– ना० यो० [सं० ऊर्ध्व] माथितिर; मास्तिर; अग्लो ठाउँमा; उचाइमा । > **उँभौली**– वि० १. मास्तिरको; अग्लो ठाउँको । ना० २. वैशाख महिनाको शुक्लपक्षमा पर्ने पूर्णिमा; वैशाखी पूर्णिमा । (नेपालका पहाडी भेकका बासिन्दाहरूको चलनअनुसार यसै दिनदेखि गर्मी सुरु हुने भएकाले भेडीगोठ, गाईगोठ आदि लेकतिर लगिन्छ र वनका देवीदेवताको पूजा गरिन्छ । त्यसो हुनाले यस दिनलाई उँभौली भनिएको हो ।) ।

**उः**– अव्य० [सं०] १. कुनै वस्तुलाई औँल्याएर देखाउँदा बोलिने शब्द । (उदा०– उः त्यही मान्छे हो, यस वर्ष प्रवेशिका परीक्षामा सर्वप्रथम भएको ।) । २. आश्चर्य, ग्लानि, कष्ट, हैरानी आदि भाव व्यक्त गर्ने शब्द । (उदा०– उः, जिन्दगीमा कहिल्यै सुख पाइएन ।) ।

**उइँट्–नु**– स० क्रि० [उइँटो+नु] यन्त्रमा कपास हालेर बियाँ छुट्ट्याउनु वा अलग्याउनु; कपास केलाउनु । > **उइँटाइ**– ना० उइँटने काम वा प्रक्रिया । **उइँटाइनु**– क० क्रि० उइँटाउने काम गरिनु । **उइँटाउनु**– प्रे० क्रि० उइँटन लाउनु । **उइँटिनु**– क० क्रि० उइँटने काम गरिनु ।

**उइँटो**– ना० कपासका बियाँ वा गेडा अलग्याउने यन्त्र वा साधन ।

**उइँटचाइ**– ना० [√ उइँटि (+याइ)] १. उइँटिने क्रिया वा प्रक्रिया । [उइँटचाउ+आइ] २. उइँटचाउने क्रिया वा प्रक्रिया । [ > ] **उइँटचाइनु**– क० क्रि० उइँटने काम गरिनु । **उइँटचाउनु**– स० क्रि०/प्रे० क्रि० उइँटिने काम गर्नु; कपास केलाउनु ।

**उऋण**– वि० [सं०] ऋणबाट मुक्त भएको; रिन चुक्ता गरेको; रिन तिरिसकेको; ऋणमुक्त ।

**उकल्चि–नु**– अ० क्रि० एक पटक निको भइसकेको घाउखटिरा, रोग आदि फेरि उल्टिनु; घाउखटिरा छिटै निको नभएर गहिरिँदै र फराकिँदै जानु; उकुच पल्टनु । > **उकल्च्याइ**– ना० उकल्चिने काम वा प्रक्रिया । **उकल्च्याइनु**– क० क्रि० उकल्च्याउने काम गरिनु । **उकल्च्याउनु**– प्रे० क्रि० उकल्चिने पार्नु; उकल्चिन लाउनु ।

**उकार**– ना० [सं०] 'उ' अक्षर; व्यञ्जनवर्णका मुनि लाग्ने चिह्न; तर्कुले ( ु ) ।

**उकाल्–नु**– स० क्रि० [उकालो+नु] कुनै वस्तुलाई अग्लो ठाउँमा

पुऱ्याउनु; मास्तिर चढाउनु; उँभो लगाउनु । > **उकालाइ–** ना० उकाल्ने क्रिया वा भाव । **उकालिनु–** क० क्रि० उकाल्ने काम गरिनु ।

**उकाली–** ना० [उकालो+ई] उकालोको लघु रूप; छोटोसानो उकालो । ~ **ओराली–** ना० सानाठूला उकालाओराला; उकाली र ओरालीको समूह ।

**उकालो–** ना० [सं० उच्चाल] १. होचो भागबाट मास्तिर लागेको ठाउँ; माथि लाग्ने बाटो; ठाडो बाटो; उकाली । २. चढाउ; ठाडो ।

**उकास्-नु–** स० क्रि० [उकास+नु] १. भास्सिएको वा दबिएको कुनै वस्तुलाई माथि उठाउनु; तल रहेको वस्तुलाई मास्तिर पुऱ्याउनु । २. गहिरो भागमा माटो आदि हाली अग्लो पार्नु; अग्ल्याउनु । ३. तल्लो स्तरको मानिसलाई माथिल्लो स्तरमा पुऱ्याउनु; उठाउनु । ४. आपद्विपद्बाट छुटकारा दिलाउनु ।

**उकास–** ना० [प्रा० उक्कास] १. चाहिएजति काम गरेर बाँकी रहेको वस्तु; बचत; शेष; रहल । २. कुनै ठाउँको उठेको भाग; उघाउनी । ३. पुरानो जमिनदारी प्रथाअनुसार दुई नम्बरको सिर जग्गा । वि० ४. कसैको हकभोग बाँकी नभई सरकारको हक भएको (जग्गा) ।

**उकासाइ–** ना० [उकास् (+आइ)] उकास्ने काम वा प्रक्रिया । [ > ] **उकासिनु–** क० क्रि० उकास्ने काम गरिनु ।

**उकुच–** ना० [सं० उत्कोठ] एक पल्ट निको भई फेरि उकल्चेको घाउ; कुनै खराबीले निको नभई धेरै दिनसम्म पाकिरहेको घाउ; सइनखटिरा । ~ **पल्टनु–** ट० कुनै घाउखटिरा निको नभई धेरै दिनसम्म पाक्नु ।

**उकुस–** वि० [प्रा० उक्कस] खाएर टम्म; टिलटिलती । – **पुकुस/मुकुस–** ना० १. उखुम गर्मीले अथवा हावा रोकिएर असजिलो वा कष्ट अनुभव हुने किसिम; उसिसनिसिस । २. मनमा ज्यादा कुरा खेलेर अतालिने अवस्था । क्रि० वि० ३. धेरै खाना खानाले बस्नहिँड्न पनि अप्ठ्यारो हुने गरी ।

**उकेर्-नु–** स० क्रि० [उकेरा+नु] १. वरपरको माटो ल्याएर बोटबिरुवाका फेदमा थुप्र्याउनु; उकेरा लाउनु; गोडमेल गर्नु । २. गहिरो ठाउँमा रहेको माटो मास्तिर ल्याउनु । ३. कुनै व्यक्तिलाई नचाहिँदो वा व्यर्थको कामकुरो गर्न उक्साउनु ।

**उकेरा–** ना० [प्रा० उक्कर] गोडमेल गरी चारैतिरको माटो जरामा थुप्र्याएर बोटबिरुवालाई दिइने आड; गोडमेल गर्ने काम ।

**उकेराइ–** ना० [√ उकेर् (+आइ)] उकेर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उकेराइनु–** क० क्रि० उकेरा दिन लाइनु । **उकेराउनु–** प्रे० क्रि० उकेरा दिलाउनु; उकेर्न लाउनु । **उकेरिनु–** क० क्रि० उकेर्ने काम गरिनु; उकेर्न लाइनु ।

**उकेल्-नु–** स० क्रि० [सं० उद्गिरण+नु] खाएको कुरा पेटमा नपुग्दै मुखैबाट जोड गरेर निकाल्नु; ओकल्नु । > **उकेलाइ–** ना० उकेल्ने काम वा प्रक्रिया । **उकेलाइनु–** क० क्रि० उकेल्न लाइनु । **उकेलाउनु–** प्रे०क्रि०/स०क्रि० उकेल्न लाउनु । **उकेलिनु–** क० क्रि० उकेल्ने काम गरिनु ।

**उक्क-नु–** अ० क्रि० [उप्क+नु] टाँसिएको कुरो वा वस्तु छुट्टिएर आउनु; गाँसिएको वा जोडिएको वस्तु फुस्कनु; उप्कनु । > **उक्काइ–** ना० उक्कने काम वा प्रक्रिया । **उक्काइनु–** क० क्रि० उक्काउन लाइनु । **उक्काउनु–** स० क्रि० उक्कन लाउनु । **उक्किनु–** अ० क्रि० उक्कनु ।

**उक्त–** वि० [सं०] १. भनिएको; बताइएको; वर्णन गरिएको । २. माथिको; भर्खरैको ।

**उक्ता–** ना० [सं०] एक पाउमा एक मात्र अक्षर हुने वर्णवृत्त ।

**उक्ताइ–** ना० [√ उक्ताउ+आइ] उक्ताउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उक्ताइनु–** अ० क्रि० उक्ताउने होइनु; उच्चाट लाग्ने होइनु ।

**उक्ताउनु–** अ० क्रि० [उक्त+आउ+नु] कुनै कामकुराबाट दिक्क हुनु वा वाक्क हुनु; उच्चाट लाग्नु; अमन हुनु ।

**उक्ति–** ना० [सं०] १. भनाइ; कथन । २. खास महत्त्वको वाक्य; सारगर्भित भनाइ । ~ **प्रत्युक्ति–** ना० सवालजवाफ; कुराकानी; संवाद; कथोपकथन ।

**उक्रिम–** ना० रिन चुक्ता भएको स्थिति; ऋणबाट छुटकारा; ऋणमुक्ति; उऋण ।

**उक्ल-नु–** अ० क्रि० [उकालो+अ+नु] माथितिर लाग्नु वा जानु; मास्तिर पर्नु; उकालो लाग्नु । > **उक्लाइ–** ना० उक्लने काम वा प्रक्रिया । **उक्लाइनु–** क० क्रि० १. उक्लन लाइनु । २. उकेरा लाउने काम गरिनु । **उक्लाउनु–** प्रे०क्रि०/स०क्रि० उक्लन लाउनु ।

**उक्लाउनु–** स० क्रि० [उकेरा+लाउ+नु] पहिले खनजोत गरेको जमिनलाई बाली लाउने बेलामा फेरि खनजोत गरी खुकुलो पार्नु ।

**उक्लिनु–** अ० क्रि० [उक्ल+इ+नु] हे० १. उक्लनु । २. उकालो लागिनु ।

**उक्स-नु–** अ० क्रि० [प्रा० उक्सरण+नु] १. रोटी आदि पकाउँदा वा आगोमा सेकाउँदा फुलेर आउनु; हुप्प फुल्नु; भुक्लुक्क हुनु । २. घाउखटिरा सुनिनु । ३. कामबाट फुर्सत पाउनु; उत्रनु । > **उक्साइ–** ना० उक्सने भाव वा क्रियाप्रक्रिया । **उक्साइनु–** क० क्रि० उक्सने पारिनु; उक्सन लाइनु । **उक्साउनु–** प्रे० क्रि० उक्सने पार्नु; उक्सन लाउनु । **उक्सिनु–** अ० क्रि० १. उक्सनु । २. उक्सने काम होइनु ।

**उखडा–** ना० [उखाड् < सं० उत्खात ?] रैतीका नाउँमा नम्बरी दर्ता नभई जमिनदारले आफ्नो इच्छाअनुसार नगदी वा जिन्सी उठाउन पाउने गरी कमाउन दिने जमिन; रैतीले कमाउने त्यस्तो व्यवस्था भएको जग्गा । (१९८१ सालमा 'क' नं० को फारम खडा गरी जमिनदारले 'उखडा'-का नाउँमा दर्ता गरेको यस्तो जग्गा भूमिसुधार ऐन, २०२० लागू भएपछि केही मुआबजा

दिएर रैतीका नाउँमा दर्ता गरिएको छ र उखडा उन्मूलन भइसकेको छ ।) ।

**उखन्ड१**– वि० [सं० अखण्ड] ज्यादा; अति; बिछट्ट; धेरै; असाध्यै ।

**उखन्ड२**– वि० [उकास+खण्ड] रैतीका नाउँमा दर्ता नभई सरकारको अधीनमा रहेको (जमिन) ।

**उखरमाउलो**– ना० १. टन्टलापुर घाम; घामको चर्को वा पोल्ने राप । २. ज्यादै कडा गर्मी; भावर । ३. छुकछुके बानी; अति चञ्चलता । ४. उच्छृङ्खलता । ५. प्रेमीप्रेमिका आदिका बीच परस्परमा अचानक आघात पर्दा हुने हृदयको छटपटी; मानसिक कष्ट वा दुःख । ६. सहिनसक्नु झगडा । वि० ७. ज्यादै चञ्चल; अस्थिर ।

**उखाड्-नु**– स० क्रि० [प्रा० उक्खाड+नु] १. बोटबिरुवा आदिलाई जरैसहित उखेल्नु । २. रहेबसेको ठाउँबाट हटाउनु; झिक्नु । > **उखाडाइ**– ना० उखाड्ने क्रिया वा प्रक्रिया । **उखाडिनु**– क० क्रि० उखाड्ने काम गरिनु ।

**उखान**– ना० [सं० उपाख्यान] लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला उक्ति; लोकोक्ति; आहान; कहावत । ~**तुक्का/टुक्का**– ना० लोकोक्ति र मुहाबरा ।

**उखार्ता**– ना० उखुको टुप्पो; उखुको बीउ ।

**उखाल**– ना० [सं० उत्क्षाल] वमन; वान्ता; छाद; उल्टी; वाक । –**पखाल**– क्रि० वि० १. सँभालिनसक्ने गरी (वमन र दिसा हुने किसिम); उपर्तली । २. थामिनसक्ने गरी (काम पर्ने चाल); छेलोखेलो ।

**उखाल्-नु**– स० क्रि० [प्रा० उक्खाल+नु] १. कसैलाई उठीबास लाउनु; ढुटीमाटी पार्नु । २. बोटबिरुवा आदि जरैसहित उक्काउनु; गाडेको खाँबो, बाँस आदि उखेल्नु; उखाड्नु । ३. व्यापारव्यवसाय बिगारेर टाट उल्टाउनु । > **उखालाइ**– ना० उखाल्ने क्रिया वा प्रक्रिया । **उखालिनु**– क० क्रि० उखाल्ने काम गरिनु; उठीबास लाइनु ।

**उखु**– ना० [प्रा० इक्खु] सुलुत्त परेको तथा आँख्लादार डाँठ हुने, चपाउँदा वा पेल्दा गुलियो रस निस्कने र चिनी-सखर आदि बनाइने गेमरा, ढोडे, कोसेर, सिटे आदि नामले प्रसिद्ध बोट; इक्षु ।

**उखुम**– ना० [सं० उष्म] १. कडा घाम; चर्को गर्मी; असह्य ताप । वि० २. ज्यादै; असाढ्े; असह्य (गर्मी) ।

**उखेतो**– ना० [उखु+एतो] उखु काटिसकेपछि छोडिएको भागबाट पलाउने उखु; उखु काटिसकेपछि खँगारेको पात, टुप्पो आदि वस्तु । (खर नपाइने ठाउँमा उखेतोबाट पनि घर छाउने गरिन्छ ।) ।

**उखेल्-नु**– स० क्रि० [सं० उत्खात+नु] १. जरैसहित बोटबिरुवा आदि उक्काउनु; गाडेको बाँस, खम्बा, कीला आदिलाई बाहिर झिक्नु; उखाल्नु । २. रहेको ठाउँबाट हटाउनु; उखाड्नु ।

**उखेल**– ना० [उखेल्+अ] उखेल्ने काम । –**पाखेल**– ना० उखेल्ने र जथाभाबी फ्याँक्ने काम ।

**उखेलाइ**– ना० [√ उखेल्+(आइ)] उखेल्ने क्रिया वा प्रक्रिया [ >] **उखेलाइनु**– क० क्रि० उखेल्न वा उखाड्न लाउनु । **उखेलाउनु**– प्रे० क्रि० उखेल्न लाउनु; उखाड्न लाउनु । **उखेलिनु**– क० क्रि० उखेल्ने काम गरिनु; उखाडिनु ।

**उखोधर्म**– ना० १. कुनै कामकुरामा एकोहोरिने काम; खुरन्धार । २. नहुने वा नपाइने काम-कुरामा पनि लिसो लाग्ने प्रवृत्ति वा झिँजोल्ने चाल । क्रि० वि० ३. असाढ्े; ज्यादै; अति ।

**उखौतो**– ना० [उखु+औतो] हे० उखेतो ।

**उगल्चि-नु**– अ० क्रि० [√ उकल्चिनु] उकुच पल्टनु; उकल्चिनु । > **उगल्च्याइ**– ना० उगल्चिने काम वा प्रक्रिया । **उगल्च्याइनु**– क० क्रि० उगल्च्याउने काम गरिनु । **उगल्च्याउनु**– प्रे० क्रि० उगल्चिन लाउनु ।

**उगाउनी**– ना०/वि० [उगाउ+नी] हे० उघाउनी ।

**उगाल्-नु**– स० क्रि० [सं० उद्गाल+नु] १. बोटबिरुवा आदि जरैसहित उखेली बिमाख पार्नु; जो भएका बुटाबुटी पनि मासेर रूखो गराउनु; उखाड्नु । २. पित्तल, तामा आदि धातुका भाँडामा अमिलो वस्तु हाली उगाल निकाल्नु; उग्लने गराउनु । ३. सत्यानाश पार्नु; निर्मूल गराउनु ।

**उगाल**– ना० [सं० उद्गाल ?] १. तामा, पित्तल आदि धातुका भाँडामा अमिलो वस्तु पर्दा देखिने विकृति; उग्लेर धातुका भाँडामा जम्ने हरियो पदार्थ । २. भाँडा उग्लेर खाने वस्तुमा आउने तमतमाउँदो स्वाद । ३. मात; पात्तिएको स्थिति । ४. अमिल्दो मिश्रणले वा जलवायुको विकारले रङमा आउने विकृति । > **उगालाइ**– ना० उगाल्ने अवस्था वा क्रियाप्रक्रिया । **उगालिनु**– क० क्रि० उगाल्ने काम गरिनु ।

**उगेरा**– ना० [√ उग्राउनु] गाईभैँसी आदि पशुले खाइसकेको वस्तु मुखमा ल्याएर चपाउने काम; उग्राउने क्रिया वा अवस्था; उग्राइ ।

**उगेल्-नु**– स० क्रि० [√ उकेल्नु] हे० उकेल्नु । > **उगेलाइ**– ना० उगेल्ने काम वा प्रक्रिया । **उगेलाइनु**– क० क्रि० उगेल्न लाइनु । **उगेलाउनु**– प्रे० क्रि० उगेल्न लाउनु । **उगेलिनु**– क० क्रि० उगेल्ने काम गरिनु ।

**उग्याँ**– ना० पछिल्तिर लामालामा डोरीका फुर्का र अगिल्तिर पाँच चोसा तथा ती चोसामा पञ्चमहाबुद्धका चित्र अङ्कित हुने, गुरुङजातिका पुरोहित ध्याप्रीले शिरमा लगाउने धातुनिर्मित मुकुट वा शिरपोस ।

**उग्र**– वि० [सं०] १. हम्मेसि नजिक पर्न नसकिने वा क्रूरतापूर्ण व्यवहार भएको; भयङ्कर; डरलाग्दो । २. तीव्र । ३. उत्कट वा विकट रूपमा सक्रिय रहने; सहजै शान्त नहुने; कडा; चर्को । ४. अति; असाढ्े; ज्यादा । ना० ५. शिव; महादेव । –**कर्मा**– वि० साहसिलो र डरलाग्दो कर्म गर्ने; अनैतिक, भ्रष्टकर्ममा लाग्ने । –**गन्ध**– ना० १. कडा गन्ध; परपराउँदो वा तमतमाउँदो

गन्ध । वि० २. त्यस्तो गन्ध भएको (लसुन, हिङ आदि) । – **ता–** १. उग्र हुनाको भाव वा स्थिति; डरलाग्दोपन; कडापन; कठोरता; प्रचण्डता । २. वीर रसमा पाइने व्यभिचारी भावको एक भेद । – **तारा–** ना० दस-महाविद्यामध्ये एक विद्या; एक प्रसिद्ध तारा । – **पन्थी–** वि० सामान्यभन्दा विपरीत बाटामा हिँड्ने; चलेको व्यवस्था वा सिद्धान्तको चर्को प्रतिरोध गर्ने; विपरीत सिद्धान्तको चरमपन्थी । –**वाद–** ना० हत्या, लुटजस्ता अशान्ति मच्चाएर पनि आर्थिक समानता ल्याउन चाहने वाद वा सिद्धान्त । –**वादी–** वि० त्यस्तो सिद्धान्तमा लाग्ने; प्रतिगामी ।

**उग्राइ–** ना० [√ **उग्राउ** (+आइ)] उग्राउने काम वा प्रक्रिया । [ > ] **उग्राइनु–** क० क्रि० उग्राउने काम गरिनु; पागुर मारिनु ।

**उग्राउनु–** स० क्रि० [प्रा० उग्गिर <सं० उद्‌गिरण+नु] १. गाई-भैँसी आदि पशुले निलिसकेको घाँस, पराल आदि फेरि मुखमा फर्काई चपाउनु; पागुर मार्नु । २. ज्यादा खानु; धेरै खानु ।

**उग्ल-नु–** अ० क्रि० [सं० उद्‌गल+नु] १. पित्तल, तामा आदि धातुका भाँडामा अमिलो वस्तु परेर नराम्रो दाग बस्नु; उगाल निस्कनु । २. सर्वनाश हुनु; निर्मूल हुनु । ३. नमिल्दो मिश्रण वा यस्तै विकृतिले रङमा विकार देखिनु । > **उग्लाइ–** ना० उग्लने काम वा प्रक्रिया । **उग्लाइनु–** क० क्रि० उग्लने पारिनु; उग्लन लाइनु; उगालिनु । **उग्लाउनु–** प्रे० क्रि० उग्लन लाउनु; उग्लने पार्नु । **उग्लिँदो–** वि० उग्लिएको; तमतमिएको; बेस्वादको । **उग्लिनु–** अ० क्रि० १. उग्लनु । २. उग्लने होइनु ।

**उघल–** ना० [उघाउ+अल] ठूलो गोलो काठको डुँडमा मोटो र डोलो काठकै बियोद्वारा फुलो च्यापी त्रिकाठीद्वारा घुमाएर वा बटारेर तेल पेल्ने साधन; ओख्ले कोल; घुमुवा कोल ।

**उघाइ–** ना० [**उघाउ** (+आइ)] उघाउने क्रिया वा प्रक्रिया । [ > ] **उघाइनु–** क० क्रि० उघाउने काम गरिनु; उभाइनु ।

**उघाउ-नु–** स० क्रि० [√ उभाउनु] १. अञ्जुली गाडेर वा भाँडो डुबाएर पानी, अन्न आदि झिक्नु; उभाउनु । २. अलिअलि गरी धेरै जनाबाट नगद वा जिन्सी जम्मा गर्नु । ३. यथाशक्य आवश्यक खर्चसमेत कटौती गरी पैसा जोगाउनु ।

**उघाउनी–** ना० [उघाउ+नी] १. पानी आदि उघाउने भाँडो । २. एक पल्ट उभाएर भाँडामा झिकेको वस्तु । ३. चन्दा वा दान उभाएर जम्मा पार्ने काम; सङ्ग्रह । ४. साउने सङ्क्रान्ति, फागुजस्ता पर्वमा प्रायः गाउँघरतिर उठाइने नगद वा जिन्सी । ५. योग; योगदान । वि० ६. बचेको; बाँकी रहेको । ~**पुघाउनी–** ना० गाउँघरका रैतीहरूले तिर्नुपर्ने साउने, फागु आदि रकम उठाई मालकार्यालयमा बुझाउने काम ।

**उघार्-नु–** स० क्रि० [सं० उद्‌घाट+नु] १. आवरण वा खोल हटाउनु; खोल्नु; खुला पार्नु । २. ढप्काएको खापा आदिलाई घुचेडेर एक कुनामा पुऱ्याउनु; ह्वाङ्ङ पार्नु । > **उघाराइ–** ना० उघार्ने क्रिया वा प्रक्रिया । **उघारिनु–** क० क्रि० उघार्ने काम गरिनु । **उघारो–** वि० १. कहीँ कतै पनि बारबन्देज वा छेकथुन केही नभएको; चारैतिर खुला रहेको (ठाउँ) । २. सबैतिर निकास भएको (जग्गा) । ३. झरी, बादल, तुवाँलो आदि नभएको (दिन); खुलेर घाम लागेको ।

**उघ्रँदो–** वि० [उघ्र+दो] उघ्रन लागेको; उघ्रिएको; खुल्दो; छ्याङ्ङ ।

**उघ्र-नु–** अ० क्रि० [प्रा० उग्घाड <सं० उद्‌घाट] १. ढोकाको खापा आदि खुलेको हुनु; उघारो हुनु; खुल्नु । २. झरी, बादल आदि केही नभई दिन उज्यालो हुनु; आकाशमा बादल फाट्नु । ३. राम्रो देखिनु; सुहाउनु । ४. सफा हुनु; कञ्चन देखिनु । > **उघ्राइ–** ना० उघ्रने भाव, क्रिया वा प्रक्रिया । **उघ्राइनु–** क० क्रि० उघार्ने काम गरिनु; उघ्रन लाइनु । **उघ्राउनु–** प्रे० क्रि० उघारो पार्नु; उघ्रन लाउनु; उघार्नु । **उघ्रिनु–** अ० क्रि० उघ्रनु ।

**उङ्-नु–** अ० क्रि० [उङ+नु] बस्दाबस्दै निद्राले झुल्नु; उँग लाग्नु ।

**उङ–** ना० [प्रा० उङ्ग] निद्राले लट्ठचाएको स्थिति; निद्राको तन्द्रा; उँग ।

**उङाइ–** ना० [√ **उङ्** (+आइ)] उङ्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उङाइनु–** क० क्रि० उङ्न लाइनु; उङ्ने पारिनु । **उङाउनु–** प्रे० क्रि० उङ्न लाउनु; उङ्ने पार्नु । **उङिनु–** अ० क्रि० उङ्ने काम होइनु ।

**उचनिच–** ना० [सं० उच्च+नीच] १. अज्ञान वा भूलले भएको त्रुटि; प्रमाद; तलमाथि परेको कुरा; भूलचूक ।

**उचनीच–** ना० हे० उचनिच ।

**उचाइ–** ना० [उच्च+आइ] उच्च हुनाको भाव वा अवस्था; अग्लोपना; उँचाइ ।

**उचाल्-नु–** स० क्रि० [प्रा० उच्चाडण+नु] १. जमिनमा वा कुनै आडमा रहेको वस्तुलाई हात वा यन्त्रको मद्दतले माथि ल्याउनु; मास्तिर उठाउनु । २. पिठचूँमा हाल्नु; बोक्नु । ३. कसैलाई कुनै खराब काम गर्न उक्साउनु; उराल्नु । ४. अग्ल्याउनु; उँचो पार्नु । > **उचालाइ–** ना० उचाल्ने क्रिया वा प्रक्रिया । **उचालिनु–** क० क्रि० उचाल्ने काम गरिनु; उठाइनु ।

**उचित–** वि० [सं०] कुनै अवसर, परिस्थिति आदिका निम्ति उपयुक्त वा अनुकूल; जस्तो हुनुपर्ने हो त्यस्तै; सुहाउँदो; ठिक्क; योग्य; मिल्दो; मुनासिब ।

**उचेर्-नु–** स० क्रि० [सं० उच्चलन] छाएको पराल वा खर आदि फेर्नका लागि झिक्नु वा च्यात्नु; उघार्नु । > **उचेराइ–** ना० उचेर्ने काम वा प्रक्रिया । **उचेराइनु–** क० क्रि० उचेर्न लाइनु । **उचेराउनु–** प्रे० क्रि० उचेर्न वा उघार्न लाउनु । **उचेरिनु–** क० क्रि० उचेर्ने काम गरिनु; उघारिनु ।

**उचेरो–** ना० [सं० उच्चाल] नङको फेदनेर कुनाकानीमा उप्कने छालाको धर्सो वा पाप्रो ।

**उच्च–** वि० [सं०] १. अरूको अपेक्षा बढी उचाइ भएको; अग्लो; उँचो । २. असल; श्रेष्ठ; उत्तम; विशिष्ट । ३. सबभन्दा माथि रहेको; माथिल्लो । ४. उपल्लो तहको; स्तरीय । ~**अदालत–** ना० जिल्ला अदालतभन्दा माथिल्लो र सर्वोच्च अदालतभन्दा

तल्लो तहको न्यायालय; क्षेत्रीय अदालत । – **तम**– वि० सबैभन्दा अग्लो; हद उँचो; सर्वश्रेष्ठ; सर्वोत्तम ।

**उच्चता**– ना० [सं०] उच्च हुनाको भाव वा अवस्था; उँचाइ; श्रेष्ठता । – **बोध**– ना० आफू ठूलो हुँ भन्ने मानसिकता; उच्चताग्रन्थि । – **भास**– ना० आफूलाई आफ्नो स्तर वा क्षमताभन्दा ठूलो ठान्ने मनोवृत्ति; उच्चताबोध; गुरुताभास ।

**उच्चरण**– ना० [सं०] कण्ठ, तालु, दन्त आदि स्थानबाट शब्द निस्कने काम; उच्चारण ।

**उच्चरित**– वि० [सं०] मुखबाट शब्द निकालिएको; उच्चारण गरिएको; बोलिएको ।

**उच्च वर्ग**– ना० [सं०] समाजमा धन र प्रतिष्ठाका दृष्टिले माथिल्लो तहको जनसमुदाय; धनिकवर्ग; धनीमानी ।

**उच्च शिक्षा**– ना० [सं०] प्रवेशिकाभन्दा माथिल्लो तहको शिक्षा; स्नातक तहदेखि माथिको शिक्षा ।

**उच्च सदन**– ना० [सं०] द्विसदनात्मक व्यवस्थापिका भएको राज्य-व्यवस्थामा निर्वाचित वा मनोनीतसमेतका प्रतिनिधिको माथिल्लो सदन ।

**उच्चस्तरीय**– वि० [सं०] १. माथिल्लो तहको; दर्जा, मान, प्रतिष्ठा आदिका दृष्टिले नाम चलेको । २. कुलपरम्परा, धनसम्पत्ति र सभ्यताका दृष्टिले प्रख्यात ।

**उच्चाकाङ्क्षा**– ना० [सं०] महान् वा महत्त्वपूर्ण कामकुराको आकाङ्क्षा; ठूलो इच्छा वा चाहना । > **उच्चाकाङ्क्षी**– वि० महत्त्वाकाङ्क्षी ।

**उच्चाट**– ना० [सं०] १. लगातार एउटै काममा लागिरहँदा हुने दिक्दारी; विरक्ति; नरमाइलोपना; उराठ । २. तन्त्रमन्त्रको प्रयोगले गराइने त्रास वा विरक्ति । ३. तन्त्रका छ अभिचारकर्ममध्ये एक । ४. लुछ्ने वा उखेल्ने काम ।

**उच्चाटन**– ना० [सं०] १. तन्त्रमन्त्रको प्रयोगले गरिने त्रास वा संहार; तन्त्रका छ अभिचारकर्ममध्ये एक । २. उराठ; झर्को ।

**उच्चाटिलो**– वि० [उच्चाट+इलो] उराठलाग्दो; उच्चाटलाग्दो ।

**उच्चायुक्त**– ना० [सं०] कुनै विशेष विभाग वा कामका निम्ति नियुक्त उच्च अधिकारी (चीफ कमिस्नर) ।

**उच्चार**– ना० [सं०] मुखबाट वर्णात्मक ध्वनि निकाल्ने काम; बोली; उच्चारण ।

**उच्चारक**– वि० [सं०] उच्चार वा उच्चारण गर्ने; बोल्ने । – **अङ्ग**– ना० स्वरयन्त्रदेखि माथिका विभिन्न उच्चारणअवयव ।

**उच्चारण**– ना० [सं०] १. अरूले सुन्ने गरी मुखबाट वर्णात्मक ध्वनि निकाल्ने काम; बोली । २. मनमा लागेका कुरा मुखबाट व्यक्त गर्ने चाल; बोलाइ । ~ **अवयव**– ना० मुखभित्रबाट निस्केको वायु ठक्कर खाएर वर्णको रूप प्रदान गर्ने मुखभित्रका अवयव (कण्ठ, तालु, ओष्ठ, दन्त, मूर्द्धा आदि) । ~**स्थान**– आंशिक वा पूर्ण स्पर्शद्वारा ध्वनि उत्पन्न हुने ओठदेखि गलासम्मका विभिन्न शारीरिक स्थल । > **उच्चारणीय**– वि० बोल्न लायक; उच्चरण गर्न योग्य; उच्चारण हुन सक्ने ।

**उच्चारित**– वि० [सं०] बोलिएको; उच्चारण गरिएको; उच्चरित ।

**उच्चार्य**– वि० [सं०] उच्चारण गर्न वा बोल्न लायक; उच्चारणीय ।

**उच्चैःश्रवा**– ना० [सं०] १. देवराज इन्द्रको वाहन; इन्द्र सवार हुने घोडा । वि० २. बहिरो; कान नसुन्ने ।

**उच्चो**– वि० [सं० उच्च] अग्लो; उँचो; उच्च ।

**उच्छट्ट**– वि० [सं० उच्चट] बिछट्ट; उत्पात; चर्को; उज्जन्ड ।

**उच्छन्न**– वि० [सं०] १. खतम पारिएको; विनष्ट । २. हराएको वा लुप्त ।

**उच्छल**– वि० [सं०] १. छाल उठेको; उर्लिएको । २. सहज निस्सृत । > **उच्छलन**– ना० उर्लने काम; तरङ्गित अवस्था ।

**उच्छाइलो**– वि० उघ्रिएको; सुहाउँदो; चारैतिर खुलेको ।

**उच्छिन्न**– वि० [सं०] काटेर, फाँडेर र तोडफोड गरेर नष्ट पारिएको । ~ **विच्छिन्न**– वि० तहसनहस पारिएको; फाँडफुँड गरी बिगारिएको ।

**उच्छिष्ट**– वि० [सं०] १. खाएर बाँकी रहेको; पुरा; जुठो । ना० २. त्यस्तो खानेकुरो ।

**उच्छृङ्खल**– वि० [सं०] १. नियमअनुशासनको पालन नगर्ने; मनपरी व्यवहार गर्ने वा बोल्ने; स्वेच्छाचारी । २. सोमत नभएको; उत्ताउलो; उद्दण्ड । ३. क्रम नमिलेको; सिलसिला नभएको । – **ता**– ना० जथाभाबी गर्ने प्रवृत्ति; उत्ताउलोपन ।

**उच्छेत्ता**– वि० [सं०] १. उच्छेद वा नष्ट गर्ने; नाश पार्ने । २. लछारपछार पार्ने; लुछ्ने; उखेल्ने ।

**उच्छेद/उच्छेदन**– ना० [सं०] १. जरैदेखि खतम गर्ने वा उखेल्ने काम; निर्मूल पार्ने क्रिया वा भाव; उछित्तो । २. सत्यानाश; विनाश; संहार । ३. खण्डन ।

**उच्छेली**– ना० [सं० उच्छाल] १. प्रेमीप्रेमिकाका बीच आपसमा गरिने बिगार; बिठचाइँ । २. कसुर; अपराध । ३. भाँडभैलो ।

**उच्छ्वसित**– वि० [सं०] १. हर्षले फुलेको; ज्यादै प्रसन्न; हर्षित । २. मूर्च्छाबाट ब्यूँझिएको; सास फेरेको ।

**उच्छ्वास**– ना० [सं०] १. वेदना प्रकट गर्ने सूचकका रूपमा निस्कने मास्तिर तानिएको लामो सास । २. गहिरो र लामो सास; सुस्केरा । ३. आख्यायिका, उपन्यास आदि प्रबन्धकाव्यको अध्याय; सर्ग । > **उच्छ्वासी**– वि० १. लामो सास फेर्ने; सुस्केरा हाल्ने । २. वैलाएको । ३. मर्न लागेको; मरणासन्न ।

**उछार**– ना० फुर्सद; अवकाश । ~ **पछार**– ना० १. अवसर; मौका; फुर्सद; अवकाश । २. लुगा आदि वस्तु धुँदा थिचथाच पार्ने काम । –**पाटो**– ना० केटाकेटीले अलमल्याएर केही काम गर्न नदिने स्थिति; मेलोमेसो नपाइने अवस्था; उछारपछार ।

**उछाल**– ना० [सं० उच्छालन] वमन; बान्ता; उल्टी ।

**उछिट्टि–नु**– अ० क्रि० [सं० उच्छलन+इ+नु] १.कुनै वस्तु ठीक ठाउँमा नपरी पर पुग्नु; उफ्रिनु । २. उम्कनु; भाग्नु; फुत्कनु । ३. टाप कस्नु । > **उछिट्टचाइ**– ना० उछिट्टिने अवस्था वा

काम । **उछिट्टयाइनु**– क० क्रि० उछिट्टिने पारिनु । **उछिट्टयाउनु**– प्रे० क्रि० उछिट्टिने गराउनु; उछिट्टिन लाउनु; उम्काउनु ।

**उछितो/उछित्तो**– ना० [प्रा० उच्छित्त<सं० उच्छेता] १. सर्वनाश; सत्यनाश; उठीबास । २. मृत्यु; मरण ।

**उछिन्-नु**– स० क्रि० [सं० उच्छिन्न+नु] १. कुनै काम-कुरामा आफूभन्दा अगाडि भएकालाई जितेर स्वयम् अघि लाग्नु; अघि हुनु; जित्नु । २. अर्काको पालो मिच्नु ।

**उछिनपाछिन**– ना० [उछिन (द्वि०)] तँछाडमछाड गरेर अगाडि लाग्ने प्रतिस्पर्धा; परस्परको उछिनाइ ।

**उछिनाइ**– ना० [ √ **उछिन्** (+आइ)] उछिन्ने क्रिया वा प्रक्रिया । [ > ] **उछिनाइनु**– क० क्रि० उछिन्न लाइनु; अघि लगाइनु ।

**उछिनाउछिन**– ना० [उछिन+आ+उछिन] उछिनपाछिन ।

**उछिनाउनु**– प्रे० क्रि० [उछिन्+आउ+नु] उछिन्न लाउनु; उछिन्ने पार्नु ।

**उछिनिनु**– क० क्रि० [उछिन्+इ+नु] उछिन्ने काम गरिनु; अगि लागिनु ।

**उछिल्लि-नु**– अ० क्रि० [सं० उत्+शील+इ+नु] १. चाहिँदोनचाहिँदो कुरा मात्र गरिरहनु; छिल्लिनु; उचक्का हुनु । २. मात निकाल्नु; पात्तिनु । > **उछिल्ल्याइँ**– ना० उछिल्लिने क्रिया वा भाव; छिहिल्याइ; उटुङ्ग्याइँ । **उछिल्ल्याइ**– ना० उछिल्लिने काम वा प्रक्रिया । **उछिल्ल्याइनु**– क० क्रि० उछिल्लिन लाइनु । **उछिल्ल्याउनु**– प्रे० क्रि० उछिल्लिने पार्नु । **उछिल्ल्याहा**– वि० उछिल्ल्याइँ गर्ने; उछिल्लिएको; उच्छृङ्खल ।

**उछ्र-नु**– अ० क्रि० [सं० उच्छ्रयण+नु] गर्मीले, ज्वर आदिका उत्तापले, जुठो खानाले र त्यस्तै विषाक्त कुरो लाग्नाले छालामा ससाना बिमिरा वा फोकाहरू निस्कनु; डाबर उठ्नु । > **उछ्राइ**– ना० उछ्रने भाव वा क्रियाप्रक्रिया । **उछ्राइनु**– क० क्रि० उछ्रिने पारिनु । **उछ्राउनु**– प्रे० क्रि० उछ्रन लाउनु । **उछ्रिनु**– अ० क्रि० हे० उछ्रनु ।

**उजन्ड**– वि० हे० उज्जन्ड ।

**उजराती**– ना० [अ० वजा+रजीअ ?] कुनै कारणले सदर स्याहामा आम्दानी वा खर्च बाँध्न नमिल्ने भई बाँकी रहेको रकमकलम; फर्छिन बाँकी रहेको आम्दानीखर्च; उज्राँती ।

**उजाइ**– ना० [√ **उजाउ** (+आइ)] उजाउने क्रिया वा प्रक्रिया । [ > ] **उजाइनु**– क० क्रि० हतियारले ताकिनु; उजाउने काम गरिनु ।

**उजाउ-नु**– स० क्रि० [सं० उद्यतन+नु] हिर्काइहाल्ने हो कि जस्तो गरेर हतियार उठाउनु; हतियारले ताक्नु; खसी आदिको मार हान्न ठिक्क पर्नु; दाग्नु; मच्चाउनु ।

**उजाड्-नु**– स० क्रि० [उजाड+नु] उजार्नु; फाँड्नु ।

**उजाड**– ना० [सं० उज्जाड] १. जरैसमेत मासिने गरी बोटबिरुवा आदि निमोठनामोठ पार्ने काम; उखेल्ने वा उजाड्ने काम । २. बोटबिरुवा नभएको वा प्राणीहरू कोही नबस्ने ठाउँ; सुनसान बस्ती । ३. सत्यानाश; विनाश । ४. बालीनाली केही नलाग्ने । वि० ५. उराठलाग्दो; चिच्च्याहटलाग्दो ।

**उजाडिनु**– क० क्रि० [उजाड+इ+नु] उजाड्ने काम गरिनु; उजारिनु ।

**उजार्-नु**– स० क्रि० [उजाड+नु] १. जो भएको बोटबिरुवा आदि निमोठनामोठ पार्नु; सखाप पार्नु; फाँड्नु; मास्नु । २. खाली पार्नु; शून्य गराउनु ।

**उजार**– ना० [√ उजाड] शून्य स्थिति; विनाश; उजाड ।

**उजारिनु**– क० क्रि० उजार्ने काम गरिनु ।

**उजिलि-नु**– अ० क्रि० [उज्यालो+इ+नु] १. चहकिलो हुनु; उज्यालो हुनु; चम्कनु । २. आगोमा गालेपछि वा पाकेपछि सुनचाँदी आदि दागरहित हुनु; सफा हुनु । > **उजिल्याइ**– ना० उजिलिने वा उजिल्याउने क्रियाप्रक्रिया । **उजिल्याइनु**– क० क्रि० उजिल्याउने काम गरिनु । **उजिल्याउनु**– प्रे० क्रि० उज्यालो पार्नु; चम्काउनु ।

**उजुर**– ना० [अ० उज्र] आफूमाथि परेको अन्याय वा पीरमर्का खोली सम्बन्धित अधिकारीलाई अवगत गराउने काम; त्यस्तो पीरमर्का परेको कुरा लेखी कानुनी कारबाईका निम्ति सम्बन्धित व्यक्ति वा कार्यालय आदिमा पेस गर्ने निवेदन; उजुरी । ~**बाजुर**– ना० नालिस, उजुर आदि । **-वाला**– वि० कुनै मुद्दा-मामिला गर्न सकिने कुरामा अड्डाअदालतमा गएर उजुर गर्ने वा न्याय माग्ने (व्यक्ति) ।

**उजुरी**– ना० [उजुर+ई] १. अधिकारीका समक्ष पीरमर्का पोख्ने काम; उजुर गर्ने काम । २. उजुर । ~**पत्र**– ना० उजुरीको कागत ।

**उजेल्-नु**– स० क्रि० [उजेली+नु] भाँडाकुँडा, गरगहना आदिलाई आगोमा पोलेर वा अमिलो पदार्थ आदिले धोएर चम्किलो पार्नु; चमकदार बनाउनु । > **उजेलिनु**– क० क्रि० उजेलो पार्ने काम गरिनु ।

**उजेली**– वि० [उज्यालो+ई] १. झकझकी उज्यालो भएको; उज्ज्वल; जून लागेको (रात) । २. अँध्यारोमा चमक आउने (ढुङ्गा, रूख आदि) । ~**काठ**– ना० राति उज्यालो देखिने काठ । ~**पच्छे**– ना० शुक्लपक्ष । ~**रात**– ना० जुनेली रात ।

**उज्जन्ड**– वि० [उद्दण्ड] १. नियमअनुशासनको पालन नगर्ने; रूखो स्वभावको; उच्छृङ्खल; उद्धत । २. कसैलाई नगन्ने; अटेरी । ३. खरो स्वभावको; उद्दण्ड ।

**उज्जर**– वि० [उज्ज्वल] १. चहकिलो; खुल्दो; चम्किलो । २. सफा; सुकिलो । ३. उज्यालो ।

**उज्जीवन**– ना० [सं०] बाँच्ने आस हराएको व्यक्तिले उपचार आदिद्वारा स्वास्थ्यलाभ गर्ने काम; नयाँ जीवनको प्राप्ति ।

**उज्जीवित**– वि० [सं०] पुनर्जीवन पाएको; फेरि जीवन प्राप्त गरेको ।

**उज्जैन**– ना० [सं० उज्जयिनी] भारतमा स्थित सात मोक्षपुरीमध्ये

एक; महाकवि कालिदासको 'मेघदूत' खण्डकाव्यमा उल्लिखित ऐतिहासिक स्थान ।

**उज्ज्वल–** वि० [सं०] १. उज्यालो; चहकदार । २. सफा; सुकिलो; निर्मल । ३. निष्कलङ्क; बेदाग; कञ्चन । **–ता–** ना० उज्ज्वल हुनाको भाव, गुण वा स्थिति; उज्यालोपन; चहक; चमक ।

**उज्ज्वलन–** ना०सं० १. चमक; कान्ति । २. बल्ने काम । ३. आगो । > **उज्ज्वलित–** वि० चम्किलो; उज्ज्वल पारिएको ।

**उज्यालिनु–** अ० क्रि० [उज्यालो+इ+नु] उज्यालो देखिनु; चमकदार देखिनु ।

**उज्यालो–** वि० [सं० उज्ज्वल] १. अँध्यारो नभएको; प्रकाशयुक्त । २. उज्जर; चम्किलो । ३. सुहाउँदो; खुल्दो । ना० ४. प्रकाश; ज्योति ।

**उज्रॉती–** ना० [उजराती] हे० उजराती ।

**उझाइ–** ना० [√ **उझाउ** (+आइ)] उझाउने काम वा प्रक्रिया; उजाइ । [ > ] **उझाइनु–** क० क्रि० उझाउने काम गरिनु; उजाइनु ।

**उझाउ–नु–** स० क्रि० हे० उजाउनु ।

**उझिन्डि–नु–** अ० क्रि० [उझिन्डो+इ+नु] १. कुनै वस्तु अग्लो ठाउँमा डोरी आदिले बाँधिएर लट्किनु; झुन्डिनु; टाँगिनु । २. घाँटीमा डोरी आदिको पासो लाएर आत्महत्या गर्नु ।

**उझिन्डो–** ना० [सं० उत्+धृत्र] १. कुनै वस्तु झुन्डयाउन दलिनमा बाँधी तल खसालिएको डोरी वा कडा; ठेकी, भुँड्को वा यस्तै भाँडाको घाँटीमा बाँधिने डोरी । २. घाँडो; अल्झो ।

**उझिन्डयाइ–** ना० [√ **उझिन्डयाउ** (+आइ)] उझिन्डिने अवस्था वा काम । [ > ] **उझिन्डयाइनु–** क० क्रि० उझिन्डयाउने काम गरिनु ।

**उझिन्डयाउनु–** स० क्रि० [उझिन्डो+याउ+नु] १. झुन्डयाउनु; टाँग्नु; लट्काउनु । प्रे० क्रि० [उझिन्डि+याउ+नु] २. उझिन्डो पार्नु; उझिन्डिन लाउनु । ३. घाँडो वा अल्झो लाउनु ।

**उञ्छ–** ना० [सं०] खेतबारीबाट बालीनाली काटेर भित्र्याइसकेपछि भुईंमा बाँकी रहेका वा मिल्किएका अन्न; सिला । **–वृत्ति–** ना० खेतबारीमा बाली भित्र्याएपछि रहेपहेको अन्न वा बाला जम्मा गरेर जीविका चलाउने काम; त्यस्तो किसिमले गरिने जीवन-निर्वाह । **–शील–** वि० सिला खोजेर जीवन धान्ने (व्यक्ति) ।

**उटक–** ना० [सं० उच्चक] १. पाहारिलो जमिन; अग्लो भूमि; थुम्की; टारी जमिन । २. पानी नलाग्ने जग्गा ।

**उटज–** ना० [सं०] घाँसपराल वा स्याउला आदिले बनेको सानो घर; छाप्रो; झुप्रो; कुटी; झुपडी ।

**उटपटाङ**/**उटपटयाङ–** वि० १. नचाहिँदो उपद्रो मात्र गरिरहने; उरन्ठेउलो । २. चकचके; चञ्चल स्वभावको । ३. ठट्टामस्करी गर्नुपर्ने; ठट्चौलो; उटुङ्ग्याहा ।

**उटुङ्गी–** वि० [उटुङ्गो+ई] १. उटपटयाङ कामकुरा गरेर हँसीठट्टा गर्ने; ठट्चौलो; मजाकी ।

**उटुङ्गो–** वि० १. हे० उटुङ्गी । ना० २. हँस्सी; ठट्टा; दिल्लगी । > **उटुङ्ग्याइँ–** ना० हँसीदिल्लगी; ठट्टामस्करी; ख्यालठट्टा । **उटुङ्ग्याहा–** वि० उटुङ्गी ।

**उट्टङ्कित–** वि० [सं०] १. मुद्रित; छापिएको । २. उल्लेख गरिएको; उल्लिखित ।

**उट्ठा–** ना० [प्रा० उट्ठा] १. बसोबास गरेको ठाउँ छाड्ने वा छोडाउने काम; उठीबास । २. बसेको ठाउँबाट रिन आदिको निहुँमा साहूले आसामीलाई हटाउने काम; बास आदि उठाउने काम । **–बास–** ना० १. बसेको ठाउँ वा घरबाट साहू आदिले जबर्जस्ती हटाउने काम; बेदखल गर्ने काम । २. गरिरहेको व्यापार आदि बिग्रने काम; टाट उल्टने स्थिति ।

**उट्ठीबास–** ना० हे० उट्ठाबास ।

**उठ्–नु–** अ० क्रि० [प्रा० उट्ठ+नु] १. सुतेको वा बसेको स्थितिबाट खडा हुनु; उभिनु; ठिङ्ग हुनु । २. निद्राले छाड्नु; बिउँझनु । ३. बसेको ठाउँ छाड्नु; बसाइँ सर्नु । ४. पहिलेभन्दा उन्नति हुनु; उँभो लाग्नु । ५. आसामी, मोही आदिबाट लिनुपर्ने रुपियाँ, बाली आदि असुलउपर हुनु । ६. गहिरो भाग पुरिनु; अग्लो हुनु ।

**उठ–** ना० [सं० उत्थित] बसेको वा सुतेको स्थितिबाट उभिने काम; खडा हुने क्रिया । (उदा०– घरमा तिनलाई उठ र बस गर्ने स्थिति परेको छ ।) ।

**उठती–** ना० [उठ्+ती] आसामीबाट आउने ब्याज वा मोहीबाट आउने बालीनाली आदि; असुल; तहसिल; आयस्ता । **– पुठती–** ना० आयस्ता; उठती; असुल-तहसिल ।

**उठबस–** ना० [उठ्+बस्] १. उठ्ने र बस्ने काम । २. बसाउठी; मेलमिलाप । ३. सजाय वा व्यायामका निम्ति उठ्तैबस्तै गर्ने प्रक्रिया ।

**उठाइ–** ना० [√ **उठ्** (+आइ)] उठ्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उठाइनु–** क० क्रि० उठाउन लाइनु; बिउँझाइनु ।

**उठाउ–नु–** प्रे० क्रि० [उठ्+आउ+नु] १. निद्राबाट जगाउनु; बिउँझाउनु । २. ठाडो पार्नु; ठडयाउनु; उभ्याउनु; खडा गर्नु । ३. बसोबास गरेको ठाउँबाट हटाउनु; उठीबास लाउनु । ४. आसामीबाट सावाँब्याज आदि लिनु; मोहीबाट कुत, अधियाँ वा हुन्डा आदि लिनु; असुल गर्नु । स० क्रि० ५. कुनै कामको थालनी गर्नु; काम सुरु गर्नु । ६. कामको जिम्मा लिनु; अभिभारा बोक्नु । ७. कसैलाई काम गर्ने प्रेरणा दिनु; उत्साहित पार्नु । ८. कसैको उन्नतिका लागि धन आदिले मद्दत गर्नु; उद्योगमा लगाउनु । ९. उचाल्नु; धाप दिनु; माथि पुऱ्याउनु । > **उठाउनी–** ना० उठाउने काम वा उठाएको भाग ।

**उठान–** ना० [सं० उत्थान] थालनी; सुरु; आरम्भ; प्रारम्भ; उत्थान । ~**पठान–** ना० उठाउने र पठाउने काम; मरेका पितृका नाउँमा शय्या आदि दान दिने काम । ~**बैठान–** ना० आरम्भ र समाप्ति; थालनी र तुर्नी; खेवारा र मैझारो ।

**उठिनु–** अ० क्रि० [उठ्+इ+नु] उठ्ने काम होइनु; उभिनु ।

**उठीचिल्ली–** ना० [उठी+बिचल्ली] १. उट्ठीबास । २. बसोबास गरेको ठाउँ बलात् छाड्नुपर्दा आइपर्ने दुखेसो; बिचल्ली; चिल्लीबिल्ली ।

**उठीबास–** ना० [उठ्+बास] हे० उट्ठाबास; उट्ठीबास ।

**उड्-नु–** अ० क्रि० [सं० उड्डयन+नु] १. चरा आदिले पखेटा चलाएर आकाशमार्गमा घुम्नु । २. हवाईजहाज, हेलिकोप्टर, रकेट आदि माथि जानु वा तिनमा बसेर आकाशमार्गद्वारा एक ठाउँबाट अर्को ठाउँमा पुग्नु । ३. सिद्धिनु; खतम हुनु; नासिनु । ४. हटाउनु; मेटिनु । ५. नचाहिँदो किसिमले धनपैसा सकिनु; खर्च हुनु ।

**उडका–** ना० लामो चुच्चो हुने बट्टाईका रङ्गको सारौँजत्रो, सिमसारमा पाइने एक चरो; चाहा; लामचुच्चे ।

**उडन–** ना० [उड्+अन] उड्ने काम । ~**तस्तरी–** ना० परी-कथाहरूमा पाइने आकाशमा उड्ने डुङ्गा; काल्पनिक हवाई-जहाज । **–धर्मी–** वि० उड्ने वा उडेर बिलाउने स्वभावको (चरो, हावा, कपुर आदि) ।

**उडन्ता–** वि० [उड्+अन्ता] १. कुनै प्रमाण वा दसी नभएको; बेप्रमाणको; उडुवा (हल्ला वा कुरा) । २. नचाहिँदो किसिमले खर्च गर्ने; फजुलखर्ची; खर्चालु । ३. जहाँतहीँ पुग्ने; घुमन्ता ।

**उडन्ताम्–** वि० [उड्+अन्ताम्] हे० उडन्ता ।

**उडन्ती–** वि० [उड्+अन्ती] हे० उडन्ता ।

**उडन्ते–** वि० [उड्+अन्ते] उड्ने जातको; उडुवा ।

**उडाइ–** ना० [√ **उड्** (+आइ)] उड्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उडाइनु–** क० क्रि० उड्ने पारिनु; उड्न लाइनु । **उडाउनु–** प्रे० क्रि० १. उड्न लाउनु; उड्ने पार्नु । स० क्रि० २. खिसिटिउरी गर्नु; गिज्याउनु । ३. भए-नभएको कुरा गाँसेर उराल्नु, फुर्क्याउनु । ४. नचाहिँदो किसिमले धन-पैसा मास्नु; बेतरिकाले खर्च गर्नु; अपव्यय गर्नु । ५. बतासले धूलोमाटो आदि सगरमा लानु । ६. नाङ्लो आदि हम्केर बतास लगाई भुस, पगटा आदि हटाउनु । ७. कुनै वस्तु थाहा नपाई लानु; चोर्नु । ८. कुनै काम-कुरो मिलिक्कै सक्नु । ९. खानेकुरो फुर्तीसाथ छिटै खानु ।

**उडान–** ना० [उड्+आन] १.पखेटा वा अन्य साधनको सहायताले आकाशमा माथिसम्म पुग्ने काम; हवाईजहाजद्वारा एक ठाउँबाट अर्को ठाउँका लागि गरिने प्रस्थान । २. उड्ने क्रिया वा भाव; उडाइ । ~**कर–** ना० हवाईजहाजबाट प्रस्थान गर्दा विमान-स्थलमा उठाइने अतिरिक्त शुल्क । ~**सेवा–** ना० हवाईसेवा ।

**उडालु–** वि० [उड्+आलु] १. धेरै समयसम्म उड्ने स्वभावको । २. अनियन्त्रित रूपमा खर्च गर्ने; खर्चालु ।

**उडिल्याइँ–** ना० [उडिल्याउ+आइँ] उडिल्याउने चाल; बहकावट ।

**उडिल्याउनु–** स० क्रि० कसैलाई नभएका कामकुरामा सर्काउनु वा जिस्क्याउनु; उडाउनु ।

**उडु–** ना० [सं०] १. नक्षत्र; तारा । २. चरा; पक्षी । ३. डुङ्गा; नाउ । **– गण–** ना० ताराको समूह; नक्षत्रपुञ्ज । **–पति–** ना० चन्द्रमा ।

**उडुल्को–** ना० सम्म ठाउँमा केही उठेको भाग ।

**उडुवा–** वि० [उड्+उवा] १. उड्ने स्वभावको । २. बेप्रमाणको; आधारहीन; उडन्ता । ३. चाहिँदोभन्दा बढ्ता खर्च गर्ने; फजुलखर्ची । ~**भ्यागुतो–** ना० सानो र सलक्क परेको, पातला लामा खुट्टा हुने र औंलाका कापमा पातलो छाला हुने, टुप्पा गाँठा-गाँठा परेको, रूखमा बस्ने र एक रूखबाट अर्को रूखमा हात-खुट्टा फैलाई सजिलै जानसक्ने एक भ्यागुतो (उभयचर समूहमा पर्ने यो भ्यागुतो, नेपाल, भारत आदि देशमा पाइन्छ ।) । ~**माछो–** ना० अगाडि पखेटा फैलिएर चराको जस्तै भएको, फुत्त-फुत्त पानीमा उड्न सक्ने, अन्दाजी १० इन्च लामो हुने एक माछो (माछासमूहमा पर्ने यो माछो हिन्द र आन्ध्र महासागरमा पाइन्छ ।) । ~**लोखर्के–** ना० लामो, भुवादार, ध्वाँसे परेको शरीर र ठूला कान भएको, रूखमा बस्ने, राति हिँडडुल गर्ने र १३५ मिटरसम्म उड्न सक्ने लोखर्के । (स्तनधारी समूहमा पर्ने यस लोखर्केको छाला फैलिएर पखेटाजस्तो बनेको हुन्छ) ।

**उडुस–** ना० [सं० उद्दंश] पलङ, बिछ्यौना, झूल आदिमा हुने, गहतजस्तो कलेजी रङको, मानिसको रगत चुस्ने च्याप्टो कीरा । > **उडुसे–** वि० उडुसजस्तो; उडुसको छाँटको ।

**उड्क-नु–** स० क्रि० १. कुनै विषयका बारेमा दोष देखाउनु वा भाँजी हाल्ने चर्चा गर्नु; अर्काको कमजोरी लगातार कोटचाइरहनु । २. आफूबाट भए-गरेका कामकुरा बारम्बार दोहोऱ्याउनु । ३. राम्रो सम्बन्ध भएका व्यक्तिसँग पनि चाहिने-नचाहिने कुरा गरेर बाझ्नु । ४. चिल्लो लागेका भाँडाबर्तन आदिलाई फुको भूस वा खरानी दलेर सफा गर्नु । > **उड्काइ–** ना० उड्कने भाव वा क्रियाप्रक्रिया । **उड्काइनु–** क० क्रि० उड्कन लाइनु । **उड्काउनु–** प्रे० क्रि० उड्कन लाउनु; अर्काको दोष कोट्याउनु ।

**उड्कुसी-मुड्कुसी–** ना० [उड्कुसी (द्वि०)] केटाकेटीले भुइँमा हात फिँजारी परस्परमा मुड्कीले हिर्काएर खेल्ने एक खेल ।

**उड्केला–** ना० [सं० उत्कृतेरू] चाक र दुई पैतालाले मात्र टेकेर बस्ने काम; टुक्रुक्कको बसाइ ।

**उड्डयन–** ना० [सं०] जमिन छाडेर आकाशमार्गबाट हिँड्ने काम; उडान (जस्तो– हवाईउड्डयन) ।

**उड्दो–** वि० [उड्+दो] उडिरहेको; छिटो-छरितो । स्त्री० उड्दी । ~**चरो खसाल्नु–** टु० असम्भव काम गर्नु ।

**उत्–** उप० [सं०] उत्कर्ष, उठान, सन्देह, प्रश्न, विचार आदिको अर्थ-द्योतन गर्ने उपसर्ग (उद्योग, उत्पात, उत्पादन इ०) ।

**उतर्सि-नु–** अ० क्रि० [सं० उत्+तृष्+नु] १. दिक्क मानेर बोल्नु, झर्कनु; च्याँट्टिनु । २. ज्यादा उत्कण्ठित भएर हतारिनु; आत्तिएर काम लतपत पार्नु । > **उतर्स्याइ–** ना० उतर्सिने क्रिया वा प्रक्रिया । **उतर्स्याइनु–** क० क्रि० उतर्सिने गराइनु; उतर्सिन

लाइनु । **उतर्स्याउनु–** प्रे० क्रि० उतर्सिन लाउनु; झर्कने पार्नु ।

**उता–** ना० यो० [उ+ता] उसतर्फ; त्यता; उहाँ । **–उति–** क्रि० वि० उता कतै; उतातिर; यताउति; उताहुँदो ।

**उतार्-नु–** स० क्रि० [उतार+नु] १. गडेको वा डुबेको धन-माल, प्राणी आदिलाई बाहिर झिक्नु; उकास्नु । २. कुनै वस्तुलाई माथि तान्नु; खिच्नु । ३. मूल प्रतिबाट जस्ताको तस्तै सार्नु; नकल लेख्नु; टिपोट गर्नु ।

**उतार–** ना० [सं० उत्तार] १. सकलबाट सारेको पत्र; नकल । २. टिपोट; टिप्पणी । ३. उद्धृत अंश; उद्धरण । ४. सङ्गीतमा चढेको स्वर ओर्लने काम; अवरोह । **– पतार–** ना० अर्कालाई होच्याउने र खेदो गर्ने काम; ऐरोखेदो ।

**उतारिनु–** क० क्रि० [उतार्+इ+नु] उतार्ने काम गरिनु; उकासिनु ।

**उतार्नी–** ना० [उतार+नी] कसैको पछाडि उसको दोषको बखान गर्ने काम; अर्काको कुरा काट्ने काम; बदख्वाइँ ।

**उति–** वि० [उ+ति] १. पहिलेको नाप वा भनाइसरह; ऊजति; उत्ति; त्यत्ति; जति । २. धेरै; प्रशस्त । **– को–** वि० त्यति धेरै; भनेजस्तै बढी; धेरै; ज्यादा; उत्तिको । > **उतिन्जेल–** क्रि० वि० तोकिएको बेलासम्म; त्यतिबेरसम्म; त्यतिन्जेल; उतिन्ज्याल । **उतिन्ज्याल–** क्रि० वि० उतिन्जेल । **– माथि–** क्रि० वि० यति भनेर पनि; भन्दाभन्दै; एक पटक फेरि राम्ररी बुझाएर पनि ।

**उतिस–** ना० [उत्तिस] हे० उत्तिस ।

**उत्कट–** वि० [सं०] ज्यादै तीव्र; कडा । **– ता–** ना० उत्कट हुनाको भाव वा अवस्था; तीव्रता; कडापन; उग्रता ।

**उत्कण्ठा–** ना० [सं०] कुनै विषयबारे सुन्न, देख्न वा कुनै वस्तु पाउनका निम्ति हुने छटपटी; प्रबल इच्छा; चौचौ; उत्सुकता ।

**उत्कण्ठित–** ना० [सं०] उत्सुक । **– ता–** ना० उत्कण्ठित हुने भाव वा अवस्था । > **उत्कण्ठिता–** ना० साहित्यमा सङ्केतस्थानमा आफ्नो इष्ट नायकसँग भेट नहुँदा नाना तर्क गर्ने नायिका ।

**उत्कर्ष–** ना० [सं०] १. मास्तिर तान्ने वा खिच्ने काम; उठाउने काम । २. बढोत्तरी; उन्नति; समृद्धि । ३. भाउ, मूल्य आदिमा हुने वृद्धि । > **उत्कर्षक–** वि० १. मास्तिर तान्ने । २. उत्कर्ष वा उन्नति गर्ने; उन्नायक । **उत्कर्षण–** ना० खनजोत गर्ने काम; तान्ने वा घिच्च्याउने काम । **उत्कर्षी–** वि० उत्कर्ष गराउने ।

**उत्कालिका–** ना० [सं०] १. उत्कण्ठा; उत्सुकता । २. फूलको कोपिला । ३. तरङ्ग; लहर । ४. लामो-लामो समास हुने गद्य ।

**उत्कीर्ण–** वि० [सं०] १. धातु, शिलापत्र आदिमा खोपिएको; कुँदिएको । २. लेखिएको; लिखित; अङ्कित । ३. छरिएको; छिरलिएको । ४. जडिएको; खचित ।

**उत्कृष्ट–** वि० [सं०] १. सबभन्दा राम्रो; उम्दा; असल; श्रेष्ठ; उत्तम । २. माथि उठेको; चढेको । ३. राम्रोसँग खनजोत गरिएको; जोतिएको । **– ता–** ना० उत्कृष्ट हुनाको भाव वा अवस्था ।

**उत्कोच–** ना० [सं०] अधिकारवालालाई आफ्नो हुँदो गर्न प्रलोभनका निम्ति दिइने वस्तु वा पैसा; घुस ।

**उत्क्रम–** ना० [सं०] १. माथि चढ्ने वा उक्लने काम; उत्थान । २. हिँड्ने काम; प्रस्थान । > **उत्क्रमण–** ना० उत्क्रम ।

**उत्क्रान्ति–** ना० [सं०] १. बहिर्गमन; प्रस्थान; हिँड्ने काम । २. उफ्रने काम; फड्को । ३. प्राणत्याग; मृत्यु । ~ **धेनु–** ना० धर्मशास्त्रअनुसार प्राण जाने बेलामा गरिने गाईदान ।

**उत्क्रोश–** ना० [सं०] १. ठूलो स्वर; ठूलो खलबली; कोलाहल; चिच्च्याहट । २. घोषणा; गर्जन ।

**उत्क्षिप्त–** ना० [सं०] १. जिब्राको टुप्पाले तालुलाई पिट्दा उच्चरित हुने ध्वनि । वि० २. उफारिएको; मास्तिर फ्याँकिएको ।

**उत्क्षेप / उत्क्षेपण–** ना० [सं०] १. मास्तिर फ्याँक्ने काम; प्रक्षेपण; माथि पठाउने काम ।

**उत्खनक–** वि० [सं०] माटामुनि गडेदबेका धन, माल आदि खनेर निकाल्ने; जमिन खनेर पुरातात्त्विक अवशेषको खोजी गर्ने (व्यक्ति) ।

**उत्खनन–** ना० [सं०] १. जमिनमुनि खनेर पुरातात्विक अवशेष खोज्ने काम; प्रागैतिहासिक कालको अवशेष पत्ता लाउन जमिन खोतल्ने काम । २. गडेको धन, माल आदि झिक्न जमिन खन्ने काम ।

**उत्तप्त–** वि० [सं०] १. ज्यादै तातो पारिएको; धकधकाउँदो । २. अतासिएको; सन्तप्त । ३. रिसाएको; क्रुद्ध ।

**उत्तम–** वि० [सं०] १. सबैभन्दा असल; जाती; बेस; उम्दा । **– ता–** ना० उत्तम बन्नाको भाव वा अवस्था; श्रेष्ठता । ~ **पुरुष–** ना० १. सबै कुराबाट माथिल्लो तहको मानिस । २. संस्कृत तथा नेपाली व्याकरणका अनुसार बोल्ने व्यक्तिलाई बुझाउने सर्वनाम (म, हामी) ।

**उत्तमा–** ना० [सं०] १. श्रेष्ठ स्त्री । २. एक प्रकारको जडीबुटी । ~ **दूती–** ना० साहित्यमा मीठा-मीठा र राम्रा कुराले नायक-नायिकालाई सम्झाई-बुझाई गर्ने दूती । ~ **नायिका–** ना० क्रुद्ध पतिलाई समेत सँभालेर अनुकूल बनाउने पतिव्रता नायिका; स्वकीया नायिका ।

**उत्तमाङ्गुल–** ना० [सं०] १. आठ जौबराबरको नापो; पौने इन्ची । २. ठूलो औँला; मानक अङ्गुल ।

**उत्तमोत्तम–** वि० [सं०] सबभन्दा असल; सर्वोत्तम; सर्वश्रेष्ठ ।

**उत्तर–** ना० [सं०] १. कुनै प्रश्न, शङ्का आदिको समाधानका निम्ति भनिने कुरो; जवाफ । २. परीक्षामा सोधिएका प्रश्नका सम्बन्धमा लिखित वा मौखिक रूपमा दिइने बयान वा कुरा । ३. सूर्योदय भएतिर मुख फर्काउँदा देब्रेतिर पर्ने दिशा; दक्षिण दिशाको विपरीत दिशा । ४.पछि आउने समय । ५. महाभारतकालीन विराट् राजाको छोराको नाम । वि० ६. पछिको; पछिल्लो । ~ **काण्ड–** ना० उत्तरार्धका कथा वा घटनाको वर्णन भएको अंश (रामायणको उत्तरकाण्ड) । ~ **काल–** ना० आउँदो समय; भविष्यत्काल । ~ **क्रिया–** ना० मानिसको प्राण गएपछि मृतकका उद्धारका लागि गरिने काजक्रिया; दाहसंस्कार; अन्त्येष्टि ।

– **तर्फका कम्यान्डिङ जनरल**– राणाशासनकालमा दक्षिणतर्फका कम्यान्डिङ जनरलपछिको रोलवाला । – **दाता**– वि० १. उत्तर दिने; जवाफ दिने । २. उत्तरदायी; जिम्मेवार । – **दायित्व**– ना० जवाफदेही; जिम्मेवारी । – **दायी**– वि० जिम्मेवार; जवाफदेही हुने । ~**पक्ष**– ना० प्रश्नको मण्डन वा खण्डन; जवाफ; पछिल्लो भाग । ~**पत्र**– ना० परीक्षा आदिमा प्रश्नको जवाफ लेख्ने कापी; उत्तरपुस्तिका । – **पद**– ना० समस्त पदका पछिल्लो वा अन्तमा आउने पद; अन्तिम पद । – **पुस्तिका**– ना० प्रश्नको उत्तर दिने पुस्तिका वा कागत । ~**मध्यमा**– ना० संस्कृततर्फ पूर्वमध्यमा र शास्त्रीका बीचको इन्टर वा प्रमाणपत्रसमकक्षको परीक्षा वा तह । ~ **प्रत्युत्तर**– ना० जवाफ-सवाल; प्रश्नोत्तर; भनाभन । ~ **फाल्गुनी**– ना० सत्ताइस नक्षत्रमध्ये एक नक्षत्र; बाह्रौँ नक्षत्र । ~**भाद्रपद**– ना० सत्ताइस नक्षत्रमध्ये एक; छब्बीसौँ नक्षत्र । ~**मीमांसा**– ना० पूर्वमीमांसा र उत्तरमीमांसामध्ये एक; वेदान्त-दर्शन ।

**उत्तरा**– ना० [उत्तर] १. उत्तर; जवाफ । २. महाभारतप्रसिद्ध अभिमन्युकी पत्नी ।

**उत्तराकाङ्क्षी**– वि० [सं०] जवाफ चाहने; उत्तरको आशा गर्ने (व्यक्ति) ।

**उत्तराखण्ड**– ना० [सं०] देवदेवताको निवासस्थल तथा पुण्यभूमि मानिएको भारतवर्षको उत्तरपट्टिको भाग; हिमालका आसपासको खण्ड ।

**उत्तराधिकार**– ना० [सं०] कुनै व्यक्ति मरेपछि वा उसको हक छुटेपछि निजको सम्पत्ति, अधिकार वा पद आदि पाउने हक । >**उत्तराधिकारी**– वि० उत्तराधिकार पाउने; हकवाला ।

**उत्तरापेक्षी**– वि० [सं०] जवाफको आशा गर्ने; उत्तर चाहने ।

**उत्तराभिमुख**– वि० [सं०] १.उत्तरतर्फ मुख फर्काएको; उत्तरतिर हेरेको । २. उत्तर दिन तम्सेको ।

**उत्तरायण**– ना० [सं०] १. पृथ्वीका गोलार्धमा सूर्य उत्तर दिशातिर ढल्कने माघे सङ्क्रान्तिदेखि आषाढ मसान्तसम्मको लगभग छ महिनाको समय । २. सूर्य मकररेखाबाट उत्तरतर्फ लाग्ने काम ।

**उत्तरार्द्ध/उत्तरार्ध**– ना० [सं०] कुनै वस्तुको पछिल्लो आधा भाग; पछिल्लो आधा; दुई भागमध्ये अन्तिम भाग (ग्रन्थ आदिको); अर्धी ।

**उत्तराषाढा**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक नक्षत्र; एक्काइसौँ नक्षत्र ।

**उत्तरित**– वि० [सं०] जवाफ दिइसकिएको; उत्तर दिइएको ।

**उत्तरीय**– ना० [सं०] १. पछ्यौरा; मजेत्रो; खास्टो; ओढ्ने । वि० २. उत्तर दिशाको; उत्तर दिशासँग सम्बन्धित । ३. माथिको; मास्तिरको; माथिल्लो । ~**वस्त्र**– ना० १. घाँटीमुनि र कम्मरमाथि लगाइने, कुनै-कुनै अवस्थामा फेर कम्मर वा घुँडामुन्तिरसम्म पुग्ने लुगा (चोलो, भोटो, दौरा, मयलपोस, क्वाँच, कोट, इस्टकोट, लबेदा, चोँगा इ०); आङको लुगा । २. पछ्यौरा; बर्को; खास्टो ।

**उत्तरोत्तर**– क्रि० वि० [सं०] १. पछिपछि बढ्दै वा घट्दै जाने क्रम; जति पछि भयो उति बढ्ता वा कम । २. दिनदिनै; प्रतिदिन । ३. एकपछि अर्को; क्रमशः; लगातार ।

**उत्ताउलो**– वि० [सं० उत्ताल] १. उचितभन्दा बढ्ता । २. अस्वाभाविक ढाँचा देखाउने; उचितभन्दा बढ्ता ठाँट पार्ने । ३. निर्लज्ज; लाज नभएको । >**उत्ताउल्याइँ**– ना० उत्ताउलो हुनाको भाव; उत्ताउलोपन ।

**उत्तान**– वि० [सं०] जमिनतर्फ पिठ्यूँ अड्याएर सुतेको; चित परेको; उत्तानो ।

**उत्ताना टाङ**– ना० [उत्तानो+टाङ] १. गोडा उत्तानो हुने गरी पछारिने काम; चित भएको स्थिति । २. जिल्लाराम; हरेस । ३. पूर्ण असफलता; पराजय; हार ।

**उत्तानु/उत्तानू**– वि० [उत्तानो+ऊ] हे० उत्तानो ।

**उत्ताने**– वि० [उत्तानो+ए] उत्तानो परेको; उत्तानो परेर गरिने वा खेलिने (पौडी आदि) ।

**उत्तानो**– वि० [सं० उत्तान] १. जमिनतर्फ पिठ्यूँ फर्काएर सुतेको; आकाशतर्फ फर्केर पल्टेको; मास्तिर फर्केर सुतेको । २. गहिरो नभएको; बीचको भाग बिटसँग नजिक भएको (तावा, ताप्के आदि) ।

**उत्ताप**– ना० [सं०] १. गर्मी; तातो; उष्णता । २. आँच; ताप । ३. मनको पीडा; वेदना; दर्द; दुखाइ । ४. चिन्ता; व्यग्रता; आकुल स्थिति । > **उत्तापित**– वि० १. गर्माइएको; तताइएको । २. उत्तेजित गरिएको । ३. दुःखी; पीडित ।

**उत्तारण**– ना० [सं०] १. पार लगाउने काम; उतार्ने काम । २. समस्या वा सङ्कटबाट जोगाउने काम; उद्धार ।

**उत्ताल**– वि० [सं०] १. धेरै अग्लो; ज्यादै उँचो । २. भयङ्कर; कडा; प्रचण्ड ।

**उत्ति**– वि० [उति] उति; त्यत्ति । – **को**– वि० ऊजत्तिको; उतिको । – **खेर**– क्रि० वि० भनेकै समयमा; तत्काल; त्यसै बेला; उसै समयमा ।

**उत्तिष्ठवानर**– ना० [सं०] ढाड कुप्रो भए पनि आजको मान्छेझैँ पूरै दुई खुट्टाले टेकेर हिँड्ने आजभन्दा पाँच लाख वर्षपहिले सृष्टि भई लगभग सवा लाख वर्षसम्म पृथ्वीमा कायम रहेको आदिमानव; आग्नेय वानरभन्दा पछिको र नियन्डर मानवभन्दा पूर्वको आदिमानव; जाबा, केन्या, पेकिङ, हाइडेलवर्ग आदि ठाउँमा पाइएका जीवाश्मले प्रतिनिधित्व गरेको आदिम मानव ।

**उत्तिस**– ना० [सं० अतीस] किम्बुको जस्तो फल हुने, लहरे फूल फुल्ने र तीन-चार इन्च लामो केही चौडा पात हुने एक जातको रूख ।

**उत्तीर्ण**– वि० [सं०] १. कुनै परीक्षा दिएर पास भएको; सफल । २. झैझमेलाबाट पार भएको; समस्याबाट उम्केको । ३. उत्रेको; निस्केको । ४. नदी तरेको; पार भएको । >**उत्तीर्णाङ्क**– ना० विद्यार्थीले खास पाठ्यांश वा पत्रमा सफलता हासिल गर्नका

लागि पाउनुपर्ने आवश्यक न्यूनतम अङ्क ।

**उत्तुङ–** ना० [सं० उत्तुङ्ग] एउटा खुट्टाले काम नदिने वा खुट्टो नभएका अपाङ्गहरूले हिँड्न र आडका लागि लिइने काठे लट्ठी ।

**उत्तुङ्ग–** वि० [सं०] ज्यादै अग्लो; अति उच्च । (जस्तो– हिमालयको उत्तुङ्ग शिखर) ।

**उत्तेजक–** वि० [सं०] १. हौसला प्रदान गर्ने; प्रेरणा दिने; प्रेरक । २. कसैलाई कुनै काममा उल्काउने वा उक्साउने; बिथोल्ने; उचाल्ने । ३. उत्तेजना उत्पन्न गर्ने; जोस भरिदिने । ४. चर्को प्रकाश फ्याँक्ने ।

**उत्तेजन–** ना० [सं०] १. कसैलाई सुर्‍याउने वा जोस्याउने काम । २. भड्काउने वा उचाल्ने काम । ३. उत्तेजना । > **उत्तेजना–** ना० १. हौसला दिने काम; प्रेरणा; प्रोत्साहन । २. क्रोध; आवेश; रिस । ३. भड्काउने प्रवृत्ति; खलबल्याउने चाल । ४. मन चञ्चल पारी शीघ्रतापूर्वक कुनै काम गर्न प्रवृत्त गर्ने काम वा कुरा ।

**उत्तेजित–** वि० [सं०] १. मानसिक उत्तेजनाले युक्त; उत्तेजनामा आएको । २. हौसला पाएको; प्रेरणा मिलेको; प्रेरित; प्रोत्साहित । ३. भड्काइएको; उचालिएको । ४. जिस्क्याएर क्रुद्ध गराइएको; रुष्ट ।

**उत्तोलक–** ना० [सं०] १. मुढो वा ढुङ्गो आदिलाई आधार बनाएर गह्रौं वस्तु हल्लाउने वा उचाल्ने फलामे साधन; नोल । २. गह्रौं वस्तु उचाल्ने यन्त्र; क्रेन । ३. बिजुलीको भरेङ; लिफ्ट । ४. कुनै दण्डलाई स्थिर बिन्दुमा अडचाएर चारैतिरको भाग घुमाउन सकिने यन्त्र; धुरी । ५. किनबेच गर्दा सानातिना सामान तौलने साधन; तराजु । वि० ६. उभ्याउने; उठाउने; उचाल्ने ।

**उत्तोलन–** ना० [सं०] १. उभ्याउने वा उठाउने काम । २. कुनै संस्था, दल वा यस्तै कुनै समुदायको प्रतीक-चिह्नलाई विशेष अवसरमा गाडिएको दण्ड आदिमा माथि पुर्‍याएर फहराउने काम (जस्तै– ध्वजोत्तोलन, झन्डोत्तोलन) ।

**उत्थान–** ना० [सं०] १. कुनै निम्न स्थितिबाट उन्नत वा उच्च स्तरमा पुग्ने अवस्था वा भाव; समृद्ध स्थिति; उन्नति; अभिवृद्धि । २. कामको प्रारम्भ वा थाल्नी; उठान । ३. उठ्ने वा उभिने काम ।

**उत्थापक–** वि० [सं०] १. उत्थान गराउने; उभ्याउने; उठाउने । २. स्थापना गर्ने; थाल्ने; सुरु गर्ने । ३. बिउँझाउने; जगाउने ।

**उत्थापन–** ना० [सं०] १. माथि उठाउने काम; उत्थान । २. जगाउने काम; बिउँझाउने काम । ३. स्थापना; प्रारम्भ ।

**उत्थापित–** वि० [सं०] १. उत्थापन गरिएको २. स्थापित ।

**उत्थित–** वि० [सं०] १. उत्थान भएको; उन्नत; समृद्ध । २. उठेको; उभिएको । ~**नरवानर–** ना० वानरसदृशानुगण र मानवानुगण दुवैमा पर्ने, गोडाको भरमा उठेर हिँड्ने मानवजस्तो वानर । ~**मानव–** ना० उठेर हिँड्न सक्ने मानवानुगणभित्र पर्ने प्राचीन समयको मानव ।

**उत्तिखेर–** क्रि० वि० [उति+नै+खेर] कुनै काम वा घटना भएकै बेलामा; त्यसै समयमा; तत्काल; तुरुन्तै; उतिखेर । > **उत्तिखेरै–** क्रि० वि० तुरुन्त नै; समयको प्रतीक्षा नगरीकनै; तत्कालै ।

**उत्पत तेल–** ना० [उत्पत्ति+तेल] रूखका विभिन्न अङ्गबाट उडेर जाने सुवासयुक्त तेल ।

**उत्पत्ति–** ना० [सं०] १. जन्म; आविर्भाव; पैदा; उद्‌भव । २. निस्कने काम; आउने काम । ३. देखा पर्ने काम; प्रकट । **– वाद–** ना० १. मानवसमुदाय, भाषा आदि सबै कुरा कुनै ईश्वरीय तत्त्वबाट पैदा भएका हुन् भन्ने मत वा सिद्धान्त; ईश्वरवाद । २. भरतको रससूत्रका व्याख्याता भट्टलोल्लटद्वारा प्रतिपादित रसको उत्पत्ति हुन्छ भन्ने सिद्धान्त । ३. शब्दार्थका सम्बन्धमा अर्थबाट शब्द उत्पत्ति हुन्छ भनेर मान्ने सिद्धान्त ।

**उत्पन्न–** वि० [सं०] १. पैदा भएको; जन्मेको; आविर्भूत । २. देखावटमा आएको; निस्केको; प्रकट । ३. निर्माण गरिएको; बनाइएको । ४. उब्जाइएको वा उब्जेको ।

**उत्पल–** ना० [सं०] कमल, खास गरी नीलकमल ।

**उत्पात–** ना० [सं०] १. आकस्मिक रूपमा हुने कष्टदायक कुनै घटना; उपद्रव (आगलागी, उल्कापात, भूकम्प, बाढी, महामारी इ०) । २. अशान्ति; कोलाहल; हलचल । ३. ठूलो झैझगडा; दङ्गा । > **उत्पाती–** वि० उत्पात गर्ने; उपद्रवी; उत्पातसम्बन्धी ।

**उत्पादक–** वि० [सं०] १. जन्माउने; पैदा गर्ने । २. नयाँ वस्तु निकाल्ने; यन्त्र, कारखाना आदिबाट औद्योगिक सामग्रीको उत्पादन गर्ने (समुदाय वा व्यक्ति) । **– ता/त्व–** ना० उत्पादन गर्ने अवस्था वा भाव ।

**उत्पादन–** ना० [सं०] १. उब्जा; पैदावार; उब्जनी । २. उत्पन्न गर्ने वा जन्माउने काम । ३. औद्योगिक यन्त्रबाट नयाँ-नयाँ मालसामान तयार गर्ने वा बनाउने काम । ४. उत्पन्न गरेर वा उब्जाएर तयार पारिएको वस्तु । ~**कर–** ना० उत्पादन गरेबापत सरकारका तर्फबाट लाग्ने शुल्क । ~**कार्य–** ना० उपभोग्य सामग्रीहरूको उत्पादन गर्ने काम; आवश्यक वस्तुहरू तयार गर्दै जाने काम । ~**रेखा–** ना० औद्योगिक संस्था आदिबाट भएका वा हुने कुनै वस्तुका पैदावारीको खास बिन्दु वा सीमाको मापन । ~**व्यय–** ना० उत्पादनमा लाग्ने खर्च । ~**शक्ति–** ना० उत्पादन गर्ने क्षमता । **– शील–** वि० उत्पादन गर्ने । ~**शुल्क–** ना० देशमा उत्पादन भएका वस्तुमा सरकारबाट लिइने वा लगाइने शुल्क; उत्पादनकर ।

**उत्पादित–** वि० [सं०] १. पैदा गरिएको; उब्जाइएको । २. उत्पादन गरिएको; तयार पारिएको । ३. जन्माइएको ।

**उत्पादी–** वि० [सं०] उत्पादक; उत्पादन गर्ने; पैदा गर्ने ।

**उत्पीडक–** वि० [सं०] अर्कालाई सताउने; कष्ट वा दुःख दिने ।

**उत्पीडन–** ना० [सं०] पीडा; कष्ट; सताउने काम ।

**उत्पीडित–** वि० [सं०] दुःख दिइएको; सताइएको; पीडित ।

**उत्पुलक**– वि० [सं०] १. अति हर्षले रोमाञ्चित; खुसीले आङ जुरुङ्ङ भएको । २. अति प्रसन्न; प्रहर्षित ।

**उत्प्रसव**– ना० [सं०] आमाको गर्भबाट समय नपुग्दै बच्चा झरेर मर्ने काम; गर्भ तुहिने काम; गर्भपात ।

**उत्प्रेक्षक**– वि० [सं०] उत्प्रेक्षा गर्ने; सोच्ने ।

**उत्प्रेक्षण**– ना० [सं०] १. सावधान भएर वा ध्यानपूर्वक हेरविचार गर्ने काम । २. एक वस्तुसँग अर्को वस्तुलाई गरिने तुलना ।

**उत्प्रेक्षा**– ना० [सं०] १. अन्दाज; अनुमान । २. असावधानी; लापर्बाही । ३. हे० उत्प्रेक्षण । ४. प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको आरोप गरिँदा पर्ने अर्थालङ्कार । (जस्तै– जून पनि आयो कि त उनकै रूप हेरी) ।

**उत्प्रेरक**– ना० [सं०] १. रासायनिक प्रक्रियालाई तीव्र पार्ने एक प्रकारको वस्तु । २. उत्प्रेरणा सिर्जना गर्ने तत्त्व; उद्दीपक । वि० ३. मनमा प्रेरणा जगाइदिने; हौसला बढाइदिने (व्यक्ति वा वस्तु) ।

**उत्प्रेरणा**– ना० [सं०] १. मनमा उठेको प्रेरणा; भित्री प्रेरणा । २. शैक्षिक कार्यकलापमा विद्यार्थीको उत्सुकता सृजना गरी त्यसलाई उद्देश्यपूर्तिका लागि अखण्डित बनाइरहने प्रक्रिया; अभिप्रेरणा ।

**उत्प्रेषण**– ना० [सं०] १. पुनरावलोकन वा अन्वेषणका निम्ति प्रचलित रिट; तल्लो तहको अदालतले गरेका कारबाईको पुनरावलोकन गर्ने समादेश । २. त्यसअनुसार सर्वोच्च अदालतले उजुरी परेका कुनै मुद्दामामिलासँग सम्बद्ध मिसिलहरू मातहतका अड्डाअदालतहरूबाट विचारार्थ झिकाउने काम । ~**लेख**– ना० उत्प्रेषणको आदेश । > **उत्प्रेषणादेश**– ना० उत्प्रेषणको आदेश; उत्प्रेषणलेख ।

**उत्फुल्ल**– वि० [सं०] १. राम्रोसँग फुलेको; ढकमक्क भएर फुलेको । २. प्रसन्न; हर्षित । – **ता**– १. उत्फुल्ल हुनुको भाव वा अवस्था; ढकमक्क फुलाइ । २. खुसी हुनाको भाव वा स्थिति; प्रसन्नता ।

**उत्र-नु**– अ० क्रि० [प्रा० उत्तरण+नु] १. धसिएको वा गाडिएको ठाउँबाट बाहिर निस्कनु । २. खोला, नदी आदिबाट पार हुनु । ३. दुःख, पीडा, सङ्कट आदिबाट छुटकारा पाउनु । ४. झोलिलो पदार्थमा कुनै वस्तु माथि उठेर आउनु; तहरिनु; तर पर्नु । ५. ऋणबाट मुक्त हुनु; उऋण हुनु; उक्सनु । > **उत्राइ**– ना० उत्रने क्रिया वा प्रक्रिया । **उत्राइनु**– क० क्रि० उत्रने पारिनु; उत्रन लाइनु । **उत्राउनु**– प्रे० क्रि० उत्रने पार्नु; उतार्नु । **उत्रिनु**– अ० क्रि० १. उत्रनु । २. उत्रने काम गरिनु ।

**उत्रुङ**– ना० [उत्र+उङ] लामो लट्ठीको छेउमा वा बीचमा फल्याक घुसारी त्यसमा टेकेर हिँड्दै खेलतमासा देखाउने र कसरत गर्ने साधन ।

**उत्रो**– वि० [ऊ+जत्रो] १. ऊजस्तो; त्यत्रो; उति ठूलो; ऊजति ठूलो । २. धेरै ठूलो; ज्यादै ठूलो ।

**उत्स**– ना० [सं०] १. बगिरहेको पानीको स्रोत वा धारा । २. झरना; छाँगो । ३. भित्री भाग; चुरो; सारतत्त्व । ४. कोख ।

**उत्सर्ग**– ना० [सं०] १. कुनै विशिष्ट कार्यका निम्ति कुनै कुरा छाड्ने वा त्याग्ने काम; त्याग । २. छुट्ट्याउने वा अलग पार्ने काम । ३. कसैलाई दान आदि दिने काम; दान । ४. पितृका उद्देश्यले गरिने कार्य (वृषोत्सर्ग) । > **उत्सर्गी**– वि० उत्सर्ग गर्ने; त्यागी ।

**उत्सर्जन**– ना० [सं०] १. छाड्ने वा त्याग्ने काम । २. दिने वा दान गर्ने काम । ३. त्याग; उत्सर्ग । ४. कसैलाई कुनै पदबाट हटाउने क्रिया ।

**उत्सर्जित**– वि० [सं०] त्यागिएको; उत्सर्जन गरिएको ।

**उत्सव**– ना० [सं०] १. कुनै विशेष अवसरमा खुसियाली मनाउँदै धूमधामसँग गरिने सार्वजनिक पर्व वा मङ्गल-कार्य । २. सांस्कृतिक महत्त्व भएको वा राष्ट्रिय विभूतिहरूको जीवन र पुरुषार्थसँग सम्बन्धित त्यस्तो पर्व मनाइने विशेष दिन; चाडपर्व ।

**उत्साह**– ना० [सं०] १. तत्परतापूर्वक कामकुरा गर्ने कुनै मनोवृत्ति; आँट; हिम्मत; साहस । २. हौसला; उमेद । ३. जोस; उमङ्ग; फुर्ती । ४. प्रेरणा । ५. वीररसको स्थायी भाव । > **उत्साहक**– वि० उत्साह दिने; उत्साहित गर्ने; उत्साही; आँटी; साहसी । – **प्रद**– वि० उत्साह दिने; रउस लाग्ने; हौसला बढाउने । **उत्साहित**– वि० उत्साह पाएको; प्रेरणा पाएको; हौसिएको । **उत्साही**– वि० उत्साह भएको; हौसला बढेको ।

**उत्सुक**– वि० [सं०] १. कुनै कामकुरो गर्नाका निम्ति अत्यन्त इच्छुक; उत्कण्ठित । २. प्रबल अभिलाषा भएको; केही गर्ने चाहनाले अधीर । – **ता**– ना० उत्सुक हुनाको भाव वा अवस्था; उत्कण्ठा; सकसकी ।

**उत्सृष्ट**– वि० [सं०] १. उत्सर्ग भएको वा गरिएको । २. छोडिएको; बन्धनमुक्त भएको (व्यक्ति) । ३. उपयोगमा ल्याइएको; प्रयुक्त । ~**वृत्ति**– ना० अरूले त्यागेको वा छाडेको अन्नले निर्वाह गर्ने वृत्ति । > **उत्सृष्टाङ्क**– ना० कविले प्रसिद्ध कथालाई बढाएर तयार पारेको, एकअङ्के, पामर नायक तथा करुण रस मुख्य भएको, धेरै स्त्री रुने-कराउने, वाग्युद्ध भई जय-पराजय भएको र वैराग्यका धेरै उक्ति भएको, रूपकका दस भेदमध्ये एक ।

**उत्सेचन**– ना० [सं०] १. पानी आदि तरल पदार्थ छर्कने वा छम्कने काम; सिञ्चन । २. उमालाइ; उबाल ।

**उत्स्वेदन**– ना० [सं०] पानी बाफ बन्ने प्रक्रिया; जलवाष्पीकरण ।

**उथलपुथल**– ना० [प्रा० उत्थल (द्वि०)] १. माथिको तल र तलको माथि हुने काम; उलटपुलट । २. ठूलो परिवर्तन; हेरफेर; अदलबदल । ३. ठूलो हलचल; चर्को आन्दोलन ।

**उद्**– उप० [सं०] शब्दको अगाडि लागेर माथि, अघि, पारि, प्रबलता आदि अर्थ बुझाउने उपसर्ग (उद्बोधन, उद्गम, उत्तीर्ण इ०) ।

**उद**– ना० [सं० उद्र] न्याउरी मुसोजस्तो, पानीमा पसी माछा मार्ने एक प्रकारको जन्तु; ओत; ओद; पानीबिरालो ।

**उदक**– ना० [सं०] पानी; जल । ~**क्रिया**– ना० पितृहरूलाई तृप्त

पार्नका लागि दिइने तर्पण; तिलाञ्जलि ।

**उदजन**– ना० [सं० उद्+जन] एक किसिमको दृश्य, गन्ध र वर्णहीन बाष्प; हाइड्रोजन । ~**बम**– ना० उदजन बाष्पको बम; हाइड्रोजन बम ।

**उदधि**– ना० [सं०] १. समुद्र; सागर । २. मेघ; बादल । ३. कलश; घडा ।

**उदय**– ना० [सं०] १. मास्तिर उठ्ने वा बढ्ने काम । २. उदाउने वा झुल्कने क्रिया । ३. ग्रह, नक्षत्र आदि क्षितिजबाट उठेर आकाशमा आउने तथा देखिने अवस्था । ४. प्रकट वा प्रत्यक्ष हुने काम । ५. पद आदिमा हुने उन्नति; बनिबनाउ; दबदबा । ६. उत्पत्तिस्थान; उद्गम । ७. अधिकारप्राप्ति । ~**गिरि**– ना० हे० उदयाचल ।

**उदयन**– ना० [सं०] १. 'स्वप्नवासवदत्ता' नाटकका नायक वत्सराज । २. कुसुमाञ्जलिकार उदयनाचार्य ।

**उदयपुर**– ना० [सं०] नेपालको पूर्वाञ्चल विकासक्षेत्रभित्र पर्ने सगरमाथा अञ्चलअन्तर्गत धेरै पहाडी भाग र केही भित्री मधेस पनि भएको एक जिल्ला । ~**गढी**– ना० उदयपुरमा रहेको एक प्रमुख क्षेत्र वा गढी ।

**उदयाचल**– ना० [सं०] सूर्य उदाउने पूर्वतर्फको पहाड; उदयगिरि ।

**उदयास्त**– ना० [सं०] १. सप्रने वा भत्कने क्रिया वा अवस्था; उत्थानपतन । २. उदय र अस्त ।

**उदयी**– वि० [सं०] १. उदाउने; उदय हुने; झुल्कने । २. उन्नतिशील ।

**उदयोन्मुख**– वि० [सं०] १. उदाउने बेलाको । २. उन्नति गर्नपट्टि लागेको; विकासोन्मुख ।

**उदर**– ना० [सं०] १. पेट । २. शरीरको बीचको भाग; भुँडी । –**गुहा**– ना० पेटका विभिन्न अङ्ग रहनका निम्ति बनेको खोक्रो स्थान । –**पीडा**– ना० पेट दुख्ने क्रिया; पेटदुखाइ । >**उदरम्भर**– वि० १. पेट भर्न पाए पुग्ने । २. स्वार्थी; मतलबी । **उदरम्भरी**– वि० १. आफ्नो मात्र पेट भर्न खोज्ने; मतलबी । २. धेरै खाने; घिच्चू । ३. पेटपाला । **उदरावरण**– ना० आन्द्राभुँडी र पेटका अरू सबै भाग छोप्ने जालो । **उदरी**– वि० १. ठूलो पेट भएको; भुँडीवाल; घ्याम्पे पेट भएको । ना० २. पेट बोकेकी स्त्री; गर्भवती नारी ।

**उदाइ**– ना० [√ **उदाउ** (+आइ) ] उदाउने क्रिया वा प्रक्रिया; प्रकट हुने काम; उदय । [ > ] **उदाइनु**– अ० क्रि० उदाउने होइनु; प्रकट होइनु ।

**उदाउनु**– अ० क्रि० [सं० उदय+आउ+नु] १. उदय हुनु; झुल्कनु; प्रकट हुनु । २. देखा पर्नु; साक्षात्कार हुनु । ३. उन्नति हुनु; वृद्धि हुनु; बढ्नु; अभ्युदय हुनु ।

**उदाङ्ग/उदाङ्गो**– वि० [सं० उदङ्ग] १. नछोपिएको; नढाकिएको; खुला । २. उघ्रिएको; ड्वाङड्वाङती भएको; ह्वाङ्ङ भएको ।

**उदाङ्ङ/उदाङ्ङो**– वि० [सं० उदङ्ग] हे० उदाङ्ग/ उदाङ्गो ।

**उदात्त**– वि० [सं०] १. ठूलो स्वरले उच्चारण गरिने वा गरिएको । २. उच्चारण गर्दा मुखमा मास्तिरपट्टि केही बेसी आघात पर्ने (अ, आ आदि स्वरवर्ण) । ३. फुक्का मनको; दयालु; दाता; उदार । ४. श्रेष्ठ; महान् । ५. वैदिक ऋचाका उच्चारणको एक भेद । ६. ज्यादै बढाई-चढाई सम्भाव्य सम्पत्तिको वर्णन गरेको देखाउँदा हुने एक अलङ्कार ।

**उदान**– ना० [सं०] प्राणीका शरीरमा डकार, हिक्का आदिका रूपमा माथि आउने वायु; शरीरका पाँच वायु प्राण, अपान, समान, व्यान र उदानमध्ये एक ।

**उदार्-नु**– स० क्रि० [सं० उद्धरण] हे० उधार्नु ।

**उदार**– वि० [सं०] १. दिन र खान सक्ने मन भएको; मनकारी; दाता; दिलदार । २. उत्तम; श्रेष्ठ; विशिष्ट । ३. सङ्कुचित विचारधारा र स्वार्थदेखि टाढा रहेर विचार गर्ने । – **चरित**– वि० १. असल चरित्र भएको; सच्चरित्र । २. सबैलाई समान रूपले व्यवहार गर्ने । – **चेता**– वि० उदार चित्त भएको; उदारचरित । – **ता**– ना० १. उदार हुनाको अवस्था वा गुण । २. उच्च तथा उत्तम विचार; हितकारी भावना । ३. ग्रामीणता नहुने र पद नाचेजस्तो हुने, काव्यका दस गुणमध्ये एक । – **वाद**– ना० १. आधुनिक राजनीतिक तथा आर्थिक क्षेत्रमा प्रचलित, सबै जनतामा समान सुविधा तथा स्वतन्त्रताको अधिकार मिल्नुपर्छ भन्ने सिद्धान्त । २. उदार नीति भएको विचार वा मत । – **वादिता**– ना० उदारवादको भाव वा अवस्था । – **वादी**– वि० १. उदारवादको अनुयायी वा समर्थक; उदार विचार राख्ने । २. उदारतासम्बन्धी; उदार विचार भएको ।

**उदाराइ**– ना० [उदार्+आइ] उदार्ने काम वा प्रक्रिया; उधाराइ ।

**उदाराशय**– वि० [सं०] १. उच्च विचार भएको; ठूलो उद्देश्य लिने । २. उदार आशय भएको ।

**उदारिनु**– क० क्रि० [उदार्+इ+नु] उदार्ने काम गरिनु ।

**उदारीकरण**– ना० राजनीतिक-आर्थिक क्षेत्रमा अँगालिने उदार नीति ।

**उदास**– वि० [सं०] १. कुनै कुराको अभाव वा भावी अनिष्टको आशङ्काले मन चिन्तित र खिन्न हुने अवस्था; दिक्क; दिकदार; विरक्त । २. कसैका पक्षमा नलागेको; तटस्थ । ३. दुःखी । ४. नचाहिँदो खर्च गर्ने; उडन्ता । ना० ५. बुद्ध धर्मावलम्बी नेवारजातिको एक भेद । > **उदासिलो**– वि० उदास लाग्ने किसिमको; उदासलाग्दो; उराठलाग्दो; नरमाइलो । **उदासी**– वि० १. उदास; दिकदार । ना० २. सन्न्यासीको एक भेद ।

**उदासीन**– वि० [सं०] १. विरक्त; उदास । २. कसैको पक्ष नलिने; निर्लिप्त; तटस्थ; निरपेक्ष । ३. विषयप्रपञ्चबाट अलग रहेको । ४. सन्न्यासीको एक भेद । ~**अंसियार**– ना० कुनै व्यापार, उद्योग आदिमा लगानी गरे तापनि त्यसप्रति कुनै वास्ता नगर्ने भागीदार वा साझेदार व्यक्ति । – **ता**– ना० १. उदासीन हुनाको भाव वा अवस्था; विरक्ति । २. तटस्थता; मध्यस्थता; निर्लिप्तता ।

३. दिग्दारी; खिन्नता ।

**उदासे–** ना० १. मसिनो फूल फुल्ने र हरिया डाँख्ला हुने एक प्रकारको झार । २. नचाहिँदो खर्च गर्ने; उडन्ता ।

**उदाहरण–** ना० [सं०] १. कुनै कथन, सिद्धान्त आदिको तुलना, प्रमाण, सत्यता आदि सिद्ध गर्न प्रकट गरिने कुरा वा तथ्य; नमुना; दृष्टान्त; उपमा । २. अनुसरण वा अनुकरण गर्न प्रोत्साहित गरिने कुनै आचरण वा क्रियाकलाप । > **उदाहरणार्थ–** क्रि० वि० उदाहरणका लागि; उदाहरणका निम्ति । **उदाहरणीय–** वि० उदाहरण दिन लायक; उदाहरण दिन योग्य ।

**उदाहृत–** वि० [सं०] १. भनिएको; कथित । २. वर्णन गरिएको; वर्णित । ३. उपमा वा दृष्टान्त दिइएको; उदाहरणका रूपमा प्रस्तुत ।

**उदित–** १. उदय भएको; उदाएको २. प्रकट भएको; निस्केको । ३. उज्ज्वल; स्वच्छ । ४. प्रचलित । ~ **यौवना–** ना० भर्खर बैँस चढेकी स्त्री; भर्खरै जवानीमा प्रवेश गरेकी नायिका; मुग्धानायिका ।

**उदीची–** ना० [सं०] उत्तर दिशा ।

**उदीच्य–** वि० [सं०] उत्तर दिशाको; उत्तर दिशासम्बन्धी । ~ **संस्कृत–** ना० शौरसेनीजस्ता प्राकृतलाई जन्माउने, संस्कृत भाषाको उत्तरी भाषिका ।

**उदीयमान–** वि० [सं०] १. उदय भइरहेको; उदाइरहेको । २. पहिलेदेखि नै असल वा महान् हुने लक्षण देखिएको; होनहार; फलोन्मुख ।

**उदेक–** ना० [सं० उद्वेग] अचम्म; गजब; आश्चर्य; ताजुब । > **उदेकाइ–** ना० उदेकाउने क्रिया वा प्रक्रिया । **उदेकाइनु–** अ० क्रि० उदेक मान्ने होइनु; छक्क परिनु । **उदेकाउनु–** अ० क्रि० छक्क पर्नु; अचम्म मान्नु; उदेक मान्नु । **उदेकिलो–** वि० उदेकलाग्दो; छक्क पार्ने खालको; अचम्मको ।

**उद्‌गम–** ना० [सं०] १. उदय; आविर्भाव; प्रादुर्भाव । २. मुहान; मूल । ३. उत्पत्तिस्थान; पैदा हुने ठाउँ । > **उद्‌गमन–** ना० सबैका सामु देखिने वा प्रकट हुने काम; उदय ।

**उद्‌गाता–** वि० [सं०] १. यज्ञहरूमा वैदिक पाठको गायन गर्ने; सारस्वरसहित सामवेदका मन्त्र गाउने; सामवेदी । ना० २. वैदिक मन्त्र पाठ गर्ने व्यक्ति ।

**उद्‌गार–** ना० [सं०] १. हर्ष, शोक, बिस्मात आदि मनका भाव व्यक्त गर्ने काम; मनका भाव वा विचारको अभिव्यक्ति । २. मुखबाट बाहिर निकाल्ने वा ओकल्ने क्रिया । ~ **चिह्न–** ना० हर्ष, आनन्द, शोक आदि बुझाउने शब्द वा वाक्यमा प्रयोग गरिने चिह्न ( ! ) । > **उद्‌गारित–** वि० १. उद्‌गारका रूपमा व्यक्त । २. मुखबाट बाहिर निकालिएको; ओकलिएको । **उद्‌गारी–** वि० १. मनको भाव प्रकट गर्ने । २. उद्‌गार निकाल्ने ।

**उद्‌गीथ–** ना० [सं०] १. वेदको गीतिसम्बद्ध भाग; गीतितत्त्व भएको वेदको अंश । २. सामवेद । ३. मङ्गलमय सामूहिक गान वा नारा ।

**उद्‌ग्रहण–** ना० [सं०] ऋण, शुल्क, कर आदि असुलउपर गर्ने काम ।

**उद्‌घाटक–** वि० [सं०] १. उद्‌घाटन गर्ने; खोल्ने । ना० २. साँचो । ३. ताल ।

**उद्‌घाटन–** ना० [सं०] १. आवरण वा पर्दा हटाउने काम । २. खोल्ने वा प्रकट गर्ने-गराउने काम । ३. कुनै नयाँ समारोह, सार्वजनिक उत्सव, सम्मेलन आदिको महत्त्व र गौरव बढाउनका निम्ति कुनै विशिष्ट व्यक्तिद्वारा औपचारिक उत्सव वा कृत्यका रूपमा कार्यारम्भ गरिने आधुनिक पारिपाटी ।

**उद्‌घाटित–** वि० [सं०] उद्‌घाटन गरिएको; खोलिएको; उघारिएको ।

**उद्‌घोष–** ना० [सं०] १. ठूलो स्वरले केही भन्ने वा सुनाउने काम; घोषणा । २. सार्वजनिक सूचना; जनाउ । ३. चिच्च्याएर वा जोडसित बोल्दा निस्कने शब्द; गर्जना ।

**उद्‌घोषक–** वि० [सं०] उद्‌घोषणा गर्ने; सार्वजनिक सूचना दिने ।

**उद्‌घोषण / उद्‌घोषणा–** ना० [सं०] १. बेसरी कराउँदै वा सबैलाई सुनाउँदै कुनै कुरा भन्ने काम । २. सरकारका तर्फबाट सार्वजनिक रूपमा कुनै महत्त्वपूर्ण कुरा वा नीतिसम्बन्धी सन्देश सार्वजनिक रूपमा प्रकट वा प्रसारित गर्ने काम; घोषणा ।

**उद्‌घोषित–** वि० [सं०] घोषणा गरिएको; सूचना गरिएको ।

**उद्दण्ड–** वि० [सं०] १. दण्ड वा लाठीका भरमा अरूलाई वशमा राख्न चाहने; आक्रामक । २. दण्डको भय नभएको; सजायको डर नभएको । ३. निडर; निर्भय । ४. कडा स्वभावको; प्रचण्ड; जन्ड ।

**उद्दाम–** वि० [सं०] १. कुनै बन्धनमा नपरेको; बन्धनरहित । २. कडा; प्रचण्ड; उग्र । ३. भयङ्कर; डरलाग्दो ।

**उद्दिष्ट–** वि० [सं०] १. औँल्याइएको; तोकेर देखाइएको । २. उद्देश्य लिइएको; लक्षित । ३. बयान गरिएको; बताइएको । ४. व्याख्या गरिएको ।

**उद्दीप–** ना० [सं०] १. बल्ने वा प्रज्वलित हुने काम । २. उत्तेजित गर्ने वा हुने काम ।

**उद्दीपक–** वि० [सं०] १. उद्दीपन गर्ने; उत्तेजक । २. हृदयको भावलाई जाग्रत् वा दीप्त गर्ने । ना० ३. इन्द्रिय तथा संवेगी अङ्गलाई सचेत र उत्तेजित गराउन सक्ने कुनै पनि तत्त्व ।

**उद्दीपन–** ना० [सं०] १. उत्तेजित गर्ने वा भड्काउने काम वा अवस्था । २. मनमा रहेका सुषुप्त स्थायी भावलाई उत्तेजित वा प्रदीप्त गराउने वस्तु, व्यक्ति वा परिस्थिति । ३. रसनिष्पत्तिको कारणभूत विभावका दुई भेद आलम्बन र उद्दीपनमध्ये एक ।

**उद्दीपित–** वि० [सं०] १. उद्दीपन गराइएको; जगाइएको । २. बलेको; प्रज्वलित; उद्दीप्त ।

**उद्दीप्त–** वि० [सं०] १. बिउँझाइएको; जागृत । २. उद्दीपन भएको; उत्तेजित । ३. देदीप्यमान; चम्केको; प्रज्वलित । > **उद्दीप्ति–** ना० उद्दीप्त हुनाको भाव वा अवस्था ।

**उद्देश–** ना० [सं०] १. कुनै काम-कुराका बारेमा निर्देश वा सङ्केत

गर्ने काम । २. चाहना; इच्छा; अभिलाषा । ३. कुनै नयाँ कुराको खोजी; अन्वेषण । ४. कारण; हेतु । ५. न्यायशास्त्रमा प्रतिज्ञा नामक तत्त्व । ६. लक्ष्य; ध्येय; उद्देश्य । ७. लिच्छविकालमा देशमा विभिन्न भागलाई इलाका वा क्षेत्रमा विभाजित गरिएको खण्ड ।

**उद्देश्य–** ना० [सं०] १. कुनै खास काम-कुरामा प्रवृत्त गराउने मनोभाव; केही भन्न वा गर्न प्रवृत्त गराउने भाव वा विचार; इच्छा; कामना । २. चाहना गरिएको काम, पदार्थ वा विषय; लक्ष्य; ध्येय । ३. केही काम-कुरा भनिने वाक्यको पहिलो अंश वा खण्ड; वाक्यका दुई अङ्ग उद्देश्य र विधेय वा कर्तृपद र कर्मपदमध्ये पहिलो भाग । – **मूलक–** वि० कुनै विशेषता प्राप्त गर्ने दृष्टिले गरिने; उद्देश्यप्रधान भएको । ~**विधेय–** ना० वाक्यका कर्ता र क्रियासँग सम्बद्ध दुई भाग वा खण्ड; उद्देश्य र विधेय । ~**सावधिक–** वि० खास अवधिभित्र पूरा गर्ने दृष्टिले बनाइएको र सो अवधिमा पूरा गर्न सकिने ।

**उद्द्योत–** ना० [सं०] १. चमक; प्रकाश । २. ग्रन्थको विभाग; अध्याय । वि० ३. चम्किलो; उज्ज्वल । > **उद्द्योतित–** वि० प्रकाशयुक्त; प्रज्वलित ।

**उद्धत–** वि० [सं०] १. खरो मिजासको; कडा स्वभाव भएको; प्रचण्ड; उग्र । २. चपर्चन्ड; उच्छृङ्खल । ३. धक नभएको; ढिटो ।

**उद्धरण–** ना० [सं०] १. उठाउने वा उकास्ने काम । २. कष्ट वा सङ्कट आदिबाट कुनै व्यक्तिलाई छुटकारा दिलाउने काम; उद्धार । ३. खराब अवस्थाबाट असल अवस्थातिर आउने क्रिया; सप्रने काम । ४. एक चोटि पढिसिद्धचाएको कुरो फेरि दोहोऱ्याउने काम । ५. कुनै लेख वा पुस्तकबाट उदाहरण, दृष्टान्त वा प्रमाणका लागि लिइएको अंश । > **उद्धरणी–** ना० पढिसकेको पाठ अभ्यासको लागि दोहोऱ्याउने क्रियाप्रक्रिया; उद्धरण । **उद्धरणीय–** वि० १. उद्धार गर्न योग्य । २. उद्धरण दिन लायक ।

**उद्धर्षण–** ना० [सं०] १. आनन्द वा प्रहर्षित गराउने काम । २. उत्तेजना । ३. रोमाञ्च ।

**उद्धव–** ना० [सं०] १. नातामा मामा पर्ने कृष्णका एक मित्र; देवश्रवा । २. यज्ञको अग्नि । ३. उत्सव; पर्व ।

**उद्धार–** ना० [सं०] १. कसैलाई दयनीय वा कष्टपूर्ण स्थितिबाट उठाएर वा उतारेर उन्नत अवस्थामा पुऱ्याउने वा पार लगाउने काम; त्यसरी नै कष्ट, विपत्ति वा सङ्कटबाट छुटकारा दिलाउने काम; उपकार; भलाइ । २. तलबाट उठाएर मास्तिर राख्ने काम; झिक्ने क्रिया । ३. सुधार; मर्मत; जीर्णोद्धार । > **उद्धारक–** वि० १. उद्धार गर्ने; उपकार गर्ने; सच्याउने ।

**उद्धृत–** वि० [सं०] १. कुनै ग्रन्थ, लेख आदिबाट उदाहरण वा प्रमाणका लागि प्रस्तुत गरिएको (अंश) । २. माथि उठाइएको; ठडचाइएको; मास्तिर तानिएको । ३. उखेलिएको; उक्काइएको; उक्साइएको । ४. उद्धार गरिएको; सुधार गरिएको; बचाइएको । ५. खोलिएको; उधारिएको ।

**उद्बन्ध–** ना० [सं०] १. पासो लगाउने वा झुन्डिने काम; उद्बन्धन । २. मास्तिरबाट कसिएको बन्धन । वि० ३. बन्धनबाट छुटेको; नबाँधिएको ।

**उद्बन्धन–** ना० हे० उद्बन्ध ।

**उद्बुद्ध–** वि० [सं०] १. ज्ञान पाएको; प्रबुद्ध । २. बिउँझिएको; जागेको; जागृत ।

**उद्बोध–** ना० [सं०] १. बोध वा ज्ञान प्राप्त हुने काम; जागृति; जागरण । २. फेरि पनि हेक्का हुने स्थिति वा क्रिया; अनुस्मरण । > **उद्बोधक–** वि० १. बोध वा ज्ञान गराउने; सम्यक् ज्ञान दिने । २. सम्झना दिलाउने । ३. उद्दीप्त गराउने; जगाउने । **उद्बोधन–** ना० १. बोध वा ज्ञान गराउने क्रिया वा भाव । २. बिउँझाउने वा जाग्रत् गराउने काम । **उद्बोधित–** वि० बोध गराइएको; ज्ञान गराइएको । **उद्बोधनीय–** वि० उद्बोधन गर्न लायक; ज्ञान गराउन योग्य; बिउँझाउन उचित ।

**उद्भट–** वि० [सं०] १. उत्कृष्ट; श्रेष्ठ; उत्तम; असल । २. प्रचण्ड; प्रकाण्ड; प्रबल । ३. ज्यादै ठूलो; अजङको ।

**उद्भाव–** ना० [सं०] १. प्रत्यक्ष हुने वा अस्तित्वमा आउने काम; जन्म; उत्पत्ति; प्रादुर्भाव । २. उद्गम; मूल । ३. वृद्धि; उन्नति ।

**उद्भाव/उद्भावना–** ना० [सं०] १. उत्पन्न हुने वा अस्तित्वमा आउने क्रिया । २. मनमा उब्जने अनौठो भाव वा विचार । ३. कल्पनाबाट प्राप्त हुने भाव वा विचार । ४. कुनै नयाँ विचार आदिलाई जनसमक्ष प्रस्तुत गर्ने सुझ वा कुरा । > **उद्भावित–** वि० १. मनमा कल्पना गरिएको; अजमाइएको । २. उब्जाइएको; जन्माइएको ।

**उद्भास–** ना० [सं०] १. दीप्ति; चमक; कान्ति । २. उदय; उन्नति । ३. मनमा हुने वैचारिक स्फुरण । ४. विवेक; ज्ञान । > **उद्भासित–** वि० १. सुन्दर रूपमा भएको; चमकदार; प्रज्वलित । २. फुरेको; उदित । **उद्भासी–** वि० १. चहकिलो; चम्किलो; जाज्वल्यमान । २. प्रकटमा ल्याउने; प्रकाशित गराउने ।

**उद्भिद्/उद्भिद–** ना० [सं० उद्भिद्] १. जमिनबाट उम्रने रूख, लहरा, झार आदि वनस्पति; बोटबिरुवा । २. समुद्री नुन, धूलो नुन । वि० ३. जमिनबाट उम्रने वा निस्कने । ४. आँकुरा हालेको; टुसाएको । ~**विद्या–** ना० वनस्पतिशास्त्र ।

**उद्भूत–** वि० [सं०] १. पैदा भएको; उत्पन्न । २. प्रकट भएको; देखिएको । > **उद्भूति–** ना० १. जन्म उत्पत्ति; उद्भव । २. अभिवृद्धि; उन्नति ।

**उद्भेद/उद्भेदन–** ना० [सं०] १. बीजबाट अङ्कुर फुट्ने काम; टुसाउने क्रिया । २. प्रकट हुने वा बाहिर आउने काम; आविर्भाव ।

**उद्भ्रम–** ना० [सं०] १. चारैतिर घुम्ने क्रिया; चक्कर । २. मिथ्या बोध; भ्रान्ति । ३. दिमाग चक्कराउने काम; रिँगटा । ४. मनको उद्वेग; तरङ्ग ।

**उद्भ्रान्त–** वि० [सं०] १. चक्कर खाएको वा घुमेको । २. भ्रममा

परेको; भुक्किएको । ३. छक्क परेको; चकित । ४. सिल्ली; पागल; बौलाहा; छँटाहा । ५. विह्वल; उद्विग्न । ६. बाटो बिराएको ।

**उद्यत–** वि० [सं०] १. मास्तिर ल्याइएको; उठाइएको । २. तयार भएको; तत्पर । ३. काममा लागेको ।

**उद्यम–** ना० [सं०] १. जीविकाका लागि गरिने उपार्जन वा कुनै उद्देश्यको सिद्धिका निम्ति गरिने शारीरिक कार्य वा व्यापार; उद्योग । २. मेहनत; परिश्रम । ३. पेसा; रोजगार; इलम । > **उद्यमी–** वि० १. उद्यममा लाग्ने वा लागेको; उद्योग गर्ने; उद्योगी । २. मिहिनेती; परिश्रमी ।

**उद्याइ–** ना० [√ **उद्याउ** (+आइ)] उद्याउने क्रिया वा प्रक्रिया । [ > ] **उद्याइनु–** क० क्रि० उद्याउने पारिनु; उद्याउन लाइनु ।

**उद्याउनु–** स० क्रि० [प्रा० उद्धर+याउ+नु] काट्ने हतियारलाई लाग्ने तुल्याउन ढुङ्गा, सान आदिमा धार घोट्नु; सान लगाउनु; उध्याउनु ।

**उद्यान–** ना० [सं०] १. फलफूलको बारी; फूलबारी; बगैँचा । २. प्रायः प्राकृतिक रूखहरू भएको ठूलो बगैँचा ।

**उद्यापन–** ना० [सं०] १. कुनै यज्ञ वा व्रतको समाप्तिमा गरिने पूजा, हवन, दान आदि प्रतिष्ठापूर्ण कार्य; साङ्गे । २. विधिपूर्वक कुनै कार्य पूरा गर्ने क्रिया; उपसंहार ।

**उद्योग–** ना० [सं०] १. कुनै उद्देश्य वा कार्यसिद्धिका निम्ति परिश्रमपूर्वक लाग्ने काम; उद्यम । २. प्रयत्न; कोसिस; प्रयास । ३. परिश्रम; मिहिनेत । ~**धन्दा–** ना० कच्चा मालबाट व्यवहारमा चाहिने मालसामान बनाउने व्यवस्था वा कारखाना; इलम-उद्योग । – **पति–** ना० उपभोगका मालसामान बनाउने कारखानाको मालिक; उद्योग स्थापना गर्ने व्यक्ति; कारखानाको अधिपति । ~ **वाणिज्य तथा आपूर्ति मन्त्रालय–** ना० उद्योग, वाणिज्य र आपूर्तिसम्बन्धी विभागको कार्य-सञ्चालन गर्ने मन्त्रालय । ~**विभाग–** ना० उद्योग तथा वाणिज्यसम्बन्धी काम गर्ने विभाग । > **उद्योगी–** वि० उद्योग गर्ने वा प्रयत्न गर्ने; कुनै उद्योग खोल्ने; मिहिनेती; उद्यमी ।

**उद्र-नु–** अ० क्रि० [प्रा० उद्धर+नु] हे० उध्रनु > **उद्रिनु–** अ० क्रि० उध्रिनु ।

**उद्रेक–** ना० [सं०] १. भावनाहरू उकुसमुकुस भएर मनमा नअटाउने अवस्था वा भाव; विचार-प्रवाहको आधिक्य । २. अधिकता; प्रचुरता ।

**उद्विग्न–** वि० [सं०] १. उद्वेगले भरिएको; आकुल; व्याकुल । २. भय र त्रासले आतङ्कित; चिन्तित; दुःखित । – **ता–** ना० उद्विग्न हुनाको भाव; आकुलता; चिन्ता; व्याकुलता ।

**उद्वीक्षण–** ना० [सं०] मास्तिर हेर्ने काम; टाढासम्म हेर्ने क्रिया वा अवस्था; दूरवीक्षण ।

**उद्वेग–** ना० [सं०] १. तीव्र वेग वा गति; छिटो हिँडाइ । २. मनको हडबडी; अस्थिर स्थिति । ३. रिसको आवेग; झोक ।

**उद्वेलन–** ना० [सं०] १. मडारिएर वा अटाई-नअटाई बग्ने काम । २. छचल्किने भाव वा अवस्था ।

**उद्वेलित–** वि० १. बाढी आएको; प्रवाहित । २. छचल्केको ।

**उधमुन्टे–** वि० [उँधो+मुन्टे] १. मुख तलतिर फर्केको; निहुरमुन्टे; घोसे । ना० २. पुरुषको जननेन्द्रिय; लिङ्ग ।

**उधार्-नु–** स० क्रि० [प्रा० उद्धर+नु] १. सिउनी वा बन्धन खुस्काउनु; सिएको वा बाँधेको वस्तु फुकाउनु । २. घरका छानाको खर, पराल आदि झिक्नु; उचेर्नु । > **उधाराइ–** ना० उधार्ने क्रिया वा प्रक्रिया । **उधारिनु–** क० क्रि० उधार्ने काम गरिनु; बन्धन खुस्काइनु ।

**उधारो–** ना० [प्रा० उद्धारो < सं० उद्धार] १. पछि मोल चुक्त्याउने गरी किनबेच गर्ने काम वा प्रक्रिया । २. पछि मोल तिर्ने गरी लिएको जिन्सी ऋण ।

**उधि-नु–** अ० क्रि० [सं० उद्धर+इ+नु] हतियार उध्याउँदा काट्न वा खुइल्याउन सक्ने हुनु; सान लाग्नु; धारिलो हुनु ।

**उधिन्-नु–** स० क्रि० [प्रा० उद्धिअ+नु] १. गाडिएको वस्तु खनीखोस्री झिक्नु; खोतल्नु । २. व्यवस्थित रहेका मालमत्तालाई अस्तव्यस्त हुने गरी कुनै निहुँ वा कारणले खोतल्नु । > **उधिनपाधिन–** उधिन्ने काम वा प्रक्रिया; खोतल्ने चाल; खोतलखातल; खोस्रीखास्री । **उधिनाइ–** ना० उधिन्ने क्रिया वा प्रक्रिया । **उधिनाहा–** वि० उधिन्ने स्वभावको; खोतल्ने बानी भएको । **उधिनिनु–** क० क्रि० उधिन्ने काम गरिनु; खोतलिनु ।

**उधुम–** वि० [प्रा० उद्धुम] १. चौपट्ट; ज्यादा; अति; औधी । ना० २. राडो; रडाको, बिघ्न । > **उधुमी / उधुमे–** वि० उधुम मच्चाउने; रडाको निकाल्ने; उपद्र्याहा; भस्मासुरे । **उधुम्याहा–** वि० उधुमी; उधुमे ।

**उध्याइ–** ना० [√ **उधि** (+याइ)] १. उधिने क्रिया वा प्रक्रिया । [उध्याउ+आइ] २. उध्याउने क्रिया वा प्रक्रिया । [ > ] **उध्याइनु–** क० क्रि० उधिन लाइनु; सान लगाइनु । **उध्याउनु–** स० क्रि० १. काट्ने हतियारलाई ढुङ्गामा वा सानमा घोटेर धार निकाल्नु; सान लाउनु; धारिलो पार्नु । प्रे० क्रि० २. उधिन लाउने पार्नु; धारिलो बनाउन लगाउनु ।

**उध्र-नु–** अ० क्रि० [प्रा० उद्धर+नु] १. सिउनी खुस्कनु; बन्धन फुस्कनु । स० क्रि० २. कुनै पाठ वा उक्तिलाई बारबार पढिरहनु; दोहोऱ्याउनु; आवृत्ति गर्नु । > **उध्राइ–** ना० उध्रने क्रिया वा प्रक्रिया । **उध्रिनु–** अ० क्रि० उध्रने काम होइनु; सिउनी वा बन्धन खुस्कनु ।

**उन्-नु–** स० क्रि० [प्रा० उन्न+नु] १. सियाको नाथ्रीमा छिराएको धागोमा वा तार अदिमा घुसाएर कुनै वस्तु मिलाउनु । २. पुवाँलो, पोते आदि गाँस्नु; माला गाँथ्नु; गुँथ्नु ।

**उन१–** सर्व० [√ उनी] विभक्ति प्रत्यय लाग्दा तिर्यक्‌रूपमा परिवर्तित हुने 'ऊ'-को रूप (उनलाई; उनको इ०) ।

**उन२–** ना० [सं० ऊर्णा] च्याङ्ग्रा, भेडा आदि पशुहरूको नरम रौँ । – **मैन–** ना० वनस्पतिबाट प्राप्त हुने एक खालको मैन; रूखका

चोपबाट बनाइएको मैन; खोटो । > **उनी–** वि० उनबाट बनेको; ऊनको ।

**उनन्चालिस–** ना० [सं० ऊनचत्वारिंशत्] १. तीस र नौको योग हुँदाको सङ्ख्या; ३९-को अङ्क । वि० २. तीस र नौका योगसङ्ख्याको; एक कम चालीस । > **उनन्चालिसौँ–** वि० तीस र नौको योगसङ्ख्यामा आउने; गणनाका क्रमले उनन्चा-लीस सङ्ख्यामा पर्ने ।

**उनन्चालीस–** ना० हे० उनन्चालिस । > **उनन्चालीसौँ–** वि० हे० उनन्चालिसौँ ।

**उनन्चास–** ना० [सं० ऊनपञ्चाशत्] १. चालीस र नौको योग हुँदाको सङ्ख्या; ४९-को अङ्क । वि० २. चालीस र नौका योगसङ्ख्याको । > **उनन्चासौँ–** वि० गणनाका क्रमले उनन्चास सङ्ख्यामा आउने; उनन्चास सङ्ख्यामा पर्ने ।

**उनन्तिस–** ना० [सं० ऊनत्रिंशत्] १. बीस र नौको योगसङ्ख्या; २९-को अङ्क । वि० २. बीस र नौका योगसङ्ख्याको । > **उनन्तिसौँ–** वि० गणनाका क्रमले उनन्तीसमा परेको; उन्तीस सङ्ख्यामा आउने वा आएको ।

**उनन्तीस–** ना० हे० उनन्तिस । > **उनन्तीसौँ–** वि० हे० उनन्तिसौँ ।

**उनन्सत्तरी–** ना० [सं० ऊनसप्तति] १. साठी र नौको योगसङ्ख्या; ६९-को अङ्क । वि० २. साठी र नौको योगसङ्ख्याको । > **उनन्सत्तरिऔँ/उनन्सत्तरियौँ–** वि० गणनाका क्रमले उनन्सत्तरी सङ्ख्यामा पर्ने; उनन्सत्तरी सङ्ख्यामा आउने ।

**उनसट्ठी/उनसाठी–** ना० [सं० ऊनषष्टि] १. पचास र नौको योग; ५९-को अङ्क । वि० २. पचास र नौको योगसङ्ख्याको; एक कम साठी । > **उनन्साठिऔँ/उनसाठियौँ–** वि० गणनाक्रमले उनन्साठीमा पर्ने; उनन्साठी सङ्ख्यामा आउने ।

**उनहत्तर–** ना० [सं० ऊनसप्तति] १. साठी र नौको योगबाट बन्ने सङ्ख्या; ६९-को अङ्क । वि० २. साठी र नौको योग हुने सङ्ख्याको । > **उनहत्तरौँ–** वि० गन्तीका क्रमले उनहत्तर सङ्ख्यामा परेको; उनहत्तर सङ्ख्यामा आउने ।

**उनाइ–** ना० [√ **उन्** (+आइ)] उन्ने भाव, क्रिया वा प्रक्रिया । [>] **उनाइनु–** क० क्रि० उन्न लाइनु; उन्ने पारिनु; गुथाइनु । **उनाउनु–** प्रे० क्रि० उन्न लाउनु; उन्ने पार्नु; गुथाउनु ।

**उनाउलो–** ना० [सं० पर्णवलक = पर्णावली] निखुर्को वा पतझडमा सुकेका खर, बाबियो, सालिम्बो आदि घाँसपातहरू ग्रीष्मकालीन वर्षापछि पुनः पलाएको अवस्था (उदा०– उनाउलो नपलाएसम्म बस्तुले चरन पाउँदैनन् ।) ।

**उनाऊ–** वि० [सं० अन्यक] १. कुनै खास वर्गदेखि बाहिरको । २. तोकिएको भन्दा बढ्ता । ३. नचाहिँदो; काम नलाग्ने; फाल्तू । ४. सम्बन्ध नभएको ।

**उनान्नब्बे–** ना० [सं० ऊननवति] १. असी र नौको योगसङ्ख्या; ८९-को अङ्क । वि० २. असी र नौका योगसङ्ख्याको; एक कम नब्बे । > **उनान्नब्बेऔँ/उनान्ब्बेयौँ–** वि० गणनाका क्रममा उनान्नब्बे सङ्ख्यामा पर्ने; उनान्नब्बे सङ्ख्यामा आउने ।

**उनान्सय–** ना० [सं० ऊनशत] १. नब्बे र नौको योगसङ्ख्या; ९९-को अङ्क । वि० २. नब्बे र नौको योगसङ्ख्याको; एक कम सय । > **उनान्सयौँ–** वि० गणनाका क्रमले उनान्सय सङ्ख्यामा पर्ने; उनान्सय सङ्ख्यामा आउने ।

**उनासी–** ना० [सं० ऊनाशीति] १. सत्तरी र नौको योगसङ्ख्या; ७९-को अङ्क । वि० २. सत्तरी र नौका योगसङ्ख्याको; एक कम असी । > **उनासिऔँ/उनासियौँ–** वि० गन्ती गर्दा उनासी सङ्ख्यामा पुगेको; उनासी सङ्ख्याको ।

**उनिउँ–** ना० फल र फूल नहुने, मसिनो पात र कलेजी रङको वा हरियो-सेतो मिलेको डाँठ हुने, डाँठको कलम पनि बनाइने एक झार; उन्यू ।

**उनिनु–** क० क्रि० [उन्+इ+नु] उन्ने काम गरिनु; गुथिनु ।

**उनियाँ–** ना० मधेसतिर सुर्की कुट्ने काम वा पेसा भएको मानिस वा एक जाति ।

**उनी–** सर्व० [ऊ] 'ऊ' सर्वनामको मध्यम आदरार्थी शब्द; तिनी ।

**उन्जेल–** प्रत्य० क्रियाका पछाडि लागेर उद्देश्यको अवधि सूचित गरी 'तक' वा 'सम्म'-को अर्थ बुझाउने एक प्रत्यय । (गरुन्जेल, खाउन्जेल, भनुन्जेल इ०) ।

**उन्नत–** वि० [सं०] १. मास्तिर उठेको; अग्लो; उँचो । २. उत्तम; श्रेष्ठ । ३. उन्नति भएको; समृद्ध । ~ **बीज–** ना० राम्रोसँग बालीनाली सप्रने असल बीउ ।

**उन्नति–** ना० [सं०] १. उन्नत हुनाको अवस्था, क्रिया वा भाव; बढिबढाउ; चर्तिकला; तरक्की; अभिवृद्धि । २. कुनै कार्य वा क्षेत्रमा भएको उद्योग; उद्यम; व्यवसाय । – **शील–** वि० १. उन्नतितिर लम्केको; उन्नति गर्न चाहने । २. उन्नति गर्ने योग्यता भएको ।

**उन्नतोदर–** ना० [सं०] १. वृत्तको बीच भाग उठेको खण्ड वा अंश । वि० २. पेट बढेको वा फुलेको ।

**उन्नयन–** ना० [सं०] १. उन्नति गर्ने काम; माथितिर उठाउने वा लैजाने काम । २. माथिल्लो कक्षा, प्रमुख स्थान, उच्च पद आदिमा पुऱ्याउने काम ३. नेपालीमा प्रकाशित एक पत्रिका ।

**उन्नाइस–** ना० [सं० ऊनविंशति] १. दस र नौको योगसङ्ख्या; १९-को अङ्क । वि० २. दस र नौका योगसङ्ख्याको; एक कम बीस । > **उन्नाइसौँ–** वि० गन्तीका क्रमले उन्नाइस सङ्ख्यामा पर्ने; उन्नाइस सङ्ख्याको ।

**उन्नायक–** वि० [सं०] १. उन्नयन गर्ने, माथि लैजाने वा उठाउने । २. अग्ल्याउने; उन्नत पार्ने । ३. बढाउने; वृद्धि गर्ने । ४. सपार्ने ।

**उन्निद्र–** वि० [सं०] १. निद्रा नलाग्ने; निद्रा नपर्ने । २. फुलेको; विकसित । ना० ३ निद्रा नलाग्ने वा साह्रै कम निद्रा लाग्ने एक रोग ।

**उन्नैस–** ना० [उन्नाइस] हे० उन्नाइस । > **उन्नैसौँ–** वि० उन्नाइसौँ ।

**उन्मत्त–** वि० [सं०]१. मात्तिएको; उद्धत । २. नसा लागेको; मदमत्त; मदान्ध । ३. सिल्ली; बहुलाहा । **– ता–** ना० उन्मत्त हुनाको भाव वा अवस्था; उद्धतपना; पागलपन । ~**भैरव–** ना० पशुपतिनाथका मन्दिरदेखि दक्षिणपट्टि रहेका एक प्रसिद्ध भैरव । ~**लिङ्गी–** वि० बहुलाएको वा छँटाएको बहाना गर्ने; सन्कीको स्वाङ पार्ने ।

**उन्मनी–** ना० [सं०] एकनाससित नाकका टुप्पामा दृष्टि लगाउने हठयोगको एक क्रिया वा स्थिति ।

**उन्माद–** ना० [सं०]१. मन ठेगानमा नरहने र जे पायो त्यही बोल्ने वा काम गर्न थाल्ने मस्तिष्कको रोग; छाँटा; पागलपन; बहुलट्टी । २. शोक, वियोग आदिले चित्तविभ्रम हुने सञ्चारी भावको एक भेद । > **उन्मादक–** वि० उन्माद चढाउने; मात लाउने; नशाले लट्ठ पार्ने । **– ग्रस्त–** वि० १.उन्मादको रोग लागेको; बहुलाएको । ना० २. बहुलाहा । > **उन्मादी–** वि० १. मात चढेको; नशा लागेको; उन्मत्त । ना० २. बहुलाए; पागल ।

**उन्मीलन–** ना० [सं०]१. आँखा खुल्ने वा उघ्रने काम । २. फुल्ने क्रिया वा अवस्था (फूल) । ३. विकसित हुने काम । ४. प्रकट हुने वा सामुन्ने आउने काम ।

**उन्मीलित–** वि० [सं०]१. खुलेको; उघ्रेको । २. फुलेको; विकसित । ३. मीलित भई दबिएको कुरा थाहा भएमा हुने एक अलङ्कार ।

**उन्मुक्त–** वि० [सं०]१. मुक्त गरिएको; छाडिएको । २. बन्धनरहित; स्वतन्त्र । ~**पोताश्रय–** ना० कुनै किसिमको कर नलाग्ने तथा प्रतिबन्ध नभएको पानीजहाज आउँदाजाँदा अड्ने बन्दरगाह; जहाजघाट ।

**उन्मुक्ति–** ना० [सं०] १. उन्मुक्त हुनाको भाव वा अवस्था । २. कुनै प्रकारको बन्धन, अभियोग आदिबाट छोड्ने काम; छुटकारा ।

**उन्मुख–** वि० [सं०] १. माथितिर मुख फर्काएको; ऊर्ध्वमुख । २. उत्सुक; उत्कण्ठित । ३. कुनै दिशातिर लागेको; कसैपट्टि फर्केको । ४. उत्कण्ठापूर्वक प्रतीक्षा गरिरहेको ।

**उन्मूलक–** वि० [सं०] उन्मूलन गर्ने; निर्मूल पार्ने ।

**उन्मूलन–** ना० [सं०] फेद वा जरैदेखि उखेल्ने क्रिया वा भाव; समूल नष्ट पार्ने काम; मूलोच्छेदन ।

**उन्मेष–** ना० [सं०]१. आँखा खुल्ने वा उघ्रने क्रिया । २. फुल्ने वा विकसित हुने क्रिया । ३. सम्झने वा स्मरण गर्ने स्थिति । ४. प्रकाश; चमक; टलक । > **उन्मेषित–** वि० १. खुलेको वा उघ्रेको (आँखा) । २. विकसित; फुलेको ।

**उन्यू–** ना० हे० उनिउँ ।

**उप–** उप० [सं०]१. शब्दका अगाडि लागेर अधिकता, अतिरिक्तता, न्यूनता, सामीप्य, व्याप्ति, सहायक भाव आदि अर्थ बुझाउने उपसर्ग (उपयोग, उपवास, उपप्रधानमन्त्री, उपहार) । वि० २. आफैँ अरूभन्दा जान्ने-बुझ्ने हुन खोज्ने; बढ्ता; उद्धत । (उदा०– तिमी यस कुरामा उपबुज्रुक नहोऊ) । **– आयोग–** ना० कुनै खास कामको तर्जुमा वा कार्यान्वयनका निम्ति मुख्य आयोगभित्र गठित अर्को सानो आयोग; मुख्य आयोगलाई सहयोग गर्ने आयोग । **– एकाइ–** ना० १. कुनै वस्तु वा विषयका निम्नतम एकाइको पनि सूक्ष्मतम एकाइ । २. एकाइसमानकै अर्को एकाइ । **– कथन–** ना० १. पहिले भनिसकिएका कुरामा पछि थपिएको भाग; माथिबाट थपिएको कुरो । २.बढी कुरो; फुर्क्याइएको कुरो । **– कथा–** ना० ठूला कथालाई पुष्ट पार्न वा रोचक तुल्याउनका निम्ति थपिएको अतिरिक्त कथा; ठूलो कथाभित्रको सानो कथा । **– कर–** ना० करमाथि वा करका अनुपातमा लगाइने थप कर ।

**उपकरण–** ना० [सं०]१. कामकाज गर्ने सरसामान; औजार; सामग्री । २. छत्र, चामर आदि राजचिह्न ।

**उपकर्ता–** वि० [सं०]१. उपकार गर्ने; उपकारी । २. कर्ताको सहायक ।

**उपकार–** ना० [सं०]१. अरूको कष्टनिवारण तथा हित वा भलाइका निम्ति गरिने कुनै असल वा शुभ कार्य । २. सेवा र सहायता । ३. कुनै असल र लाभदायक कार्य वा फल । > **उपकारक/उपकारी–** वि० अर्काको हित वा भलाई गर्ने; उपकार गर्ने ।

**उपकार्य–** वि० [सं०] १. उपकार गर्न योग्य; भलाइ वा हित गर्नुपर्ने । ना० २. मुख्य कामका बीचमा आइपरेको कार्य; गौण कार्य ।

**उपकुलपति–** ना० [सं०] विश्वविद्यालय, प्रज्ञा-प्रतिष्ठान आदिको उपप्रधान अध्यक्ष (भाइस-चान्सलर) ।

**उपकृत–** वि० [सं०]१. उपकार वा हित गरिएको; सहायता गरिएको । २. कृतज्ञ ।

**उपक्रम–** ना० [सं०]१. कुनै कामविशेषको आयोजना; तयारी । २. थालनी; सुरु; आरम्भ । ३. भूमिका; प्रस्तावना ।

**उपक्रमणिका–** ना० [सं०]१. पुस्तक, पत्रिका आदिमा दिइएको विषयसूची; अनुक्रमणिका । २. वेदका मन्त्र र सूक्तहरूका ऋषि तथा छन्दको उल्लेख भएको वैदिक ग्रन्थ ।

**उपक्षेत्र–** ना० [सं०] मुख्य क्षेत्रभित्र पर्ने सानो क्षेत्र; सानो इलाका ।

**उपक्षेत्रीय–** वि० [सं०] उपक्षेत्रसम्बन्धी; उपक्षेत्रको । ~**प्रसारकेन्द्र–** ना० क्षेत्रीय आधारमा स्थापना गरिएका प्रसारकेन्द्रदेखि अतिरिक्त ठाउँमा स्थापना गरिएको सानो प्रसारकेन्द्र ।

**उपक्षेप–** ना० [सं०]१. अभिनयको प्रारम्भमा नाटकको कथावस्तु वा वृत्तान्तको सङ्क्षिप्त कथन । २. फ्याँक्ने वा मिल्काउने काम । ३. तिरस्कार ।

**उपखण्ड–** ना० [सं०] कुनै ग्रन्थ वा पुस्तकका पछि थपिएको भाग; क्षेपकखण्ड ।

**उपगीति–** ना० [सं०] आर्या छन्दअन्तर्गतको, सम चरणमा पन्ध्र-पन्ध्र र विषम चरणमा बाह्र-बाह मात्रा हुने एक छन्द ।

**उपग्रह–** ना० [सं०]१. कुनै ठूलो ग्रह वा पृथ्वीको चारैतिर घुम्ने अपेक्षाकृत सानो ग्रह । २. अचेलभरि पृथ्वी आदि ग्रहको परिक्रमा गर्नाका निम्ति आकाशमा छोडिने कुनै यान्त्रिक गोला वा आणविक

उपकरण। ३. पक्राउ; गिरफ्तारी। ४. कैदी; थुनुवा।

**उपग्रहण**– ना० [सं०] १. पक्रने वा गिरफ्तार गर्ने काम। २. नजरबन्दी। ३. संस्कारपूर्वक वेदको अध्ययन गर्ने क्रिया।

**उपघात**– ना० [सं०] १. सकेसम्मको जोड लगाउने काम; हत्तेहलाइ। २. काटमार गर्ने काम; प्रहार; वध; चोट; नाश; संहार। ३. इन्द्रिय शिथिल हुने क्रिया। > **उपघातक**/**उपघाती**– वि० उपघात गर्ने; प्रहार गर्ने; आघात पुऱ्याउने।

**उपचर्या**– ना० [सं०] १. सेवा; टहल; शुश्रूषा। २. उपचार; चिकित्सा।

**उपचार**– ना० [सं०] १. बिरामीका छेउमा रहेर रोग निको पार्नका निम्ति गरिने उपाय वा कार्य; ओखतीमूलो; इलाज। २. बिरामीको सेवा-शुश्रूषा वा टहल-चाकरी। ३. देखावटी सत्कार; बनावटी मानभाउ। ४. पूजाको अङ्ग वा विधान। ५. खुसामद। ६. घुस। > **उपचारक**– वि० १. उपचार गर्ने। २. सेवा वा टहल गर्ने। ना० ३. चिकित्सक। ~**कक्ष**– ना० १. डाक्टर, वैद्य, कम्पाउन्डर आदिले व्यक्तिगत रूपमा सेवा गर्न तथा व्यवसाय चलाउन खोलेको उपचार गर्ने कक्ष। २. कुनै संस्था वा निकायले परोपकारका निम्ति निःशुल्क जाँच गर्ने र यथाशक्ति औषधी पनि वितरण गर्ने कक्ष। ~**खर्च**– ना० कुनै कर्मचारीलाई सरकारी कामका सिलसिलामा बिरामी परेमा वा चोटपटक लागी घाइते भएमा उपचार वा तन्दुरुस्तीका लागि सम्बन्धित कार्यालय वा संस्थाबाट एकमुस्ट वा पटक-पटक गरी दिइने खर्च।

**उपचारात्मक**– वि० [सं०] १. उपचारसम्बन्धी; उपचार नै प्रमुख भएको। २. कुनै रोग लागेपछि रोग निको पार्न वा रोग हटाउन गरिने (प्रक्रिया, शिक्षण इ०)। –**ता**– ना० उपचारात्मक हुनाको भाव, स्थिति वा प्रक्रिया।

**उपचारी**– वि० [सं०] उपचार गर्ने; उपचारक।

**उपचुनाव**– ना० [उप+चुनाव] उपनिर्वाचन।

**उपज**– ना० [सं०] १. खेतबारीबाट बाली, बिरुवा, फल आदिका रूपमा उत्पन्न हुने खाद्य वस्तु। २. कुनै कारखाना आदिबाट बनाइने वा तयार हुने वस्तु। ३. मनमा उठ्ने कुनै भावना; सुझबुझ। ४. सोधखोज आदिबाट प्राप्त हुने कुनै नयाँ कुरो।

**उपजाति**– ना० [सं०] १. जातिभित्र रहेका विभिन्न भेद; जातिको एक उपभेद। २. अघिल्लो एउटा तगण वा जगण जे भए पनि हुने गरी इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दको संयोगबाट बन्ने एक वार्णिक छन्द।

**उपजीविका**– ना० [सं०] प्रधान जीविकादेखि अतिरिक्त अर्को आम्दानी; फुटकर वा अतिरिक्त आय।

**उपजीवी**– वि० [सं०] अरूको आश्रय वा आधारमा जीवननिर्वाह गर्ने; परतन्त्र।

**उपजीव्य**– वि० [सं०] १. अर्काको भरोसामा बाँचेको; अर्काको आडमा जीवित रहेको। ना० २. कुनै काव्यकृतिका कथावस्तुको मूल स्रोत वा आधारभूमि।

**उपट्ट**– वि० १. चौपट्ट; बिछट्ट; औधी। क्रि० वि० २. अति नै; ज्यादै।

**उपताल**– ना० [उप+ताल] समुद्रको पानी थुनिएर बनेको ताल; समुद्रको छेउछाउमा भँगालो फाटेर बनेको ताल।

**उपती**– ना० [प्रा० उप्पति] १. कुनै काम वा खेतीपाती, रोजगार आदिबाट भएको आम्दानी; कमाइ; आय। २. आयस्ता।

**उपत्यका**– ना० [सं०] पहाडका फेदीको समथर जमिन; बेसी।

**उपदंश**– ना० [सं०] लिङ्गको छाला वा टोप्रामा ससाना बिमिरा निस्कने एक प्रकारको सरुवा रोग; भिरङ्गी। > **उपदंशी**– वि० उपदंश रोगले पीडित; भिरङ्गे।

**उपदफा**– ना० [सं० उप+ फा० दफा] ठूलो दफाभित्रको सानो दफा; लघु अनुच्छेद; उपबन्ध।

**उपदान**– ना० [सं०] १. निवृत्तिभरण नपाईकनै सेवाबाट छुटेका कर्मचारीले पाउने वा सम्बन्धित निकायद्वारा नियमानुसार निजलाई दिइने एकमुस्ट रकम। २. कोसेली; भेट। ३. घुस।

**उपदिशा**– ना० [सं०] दुई दिशाका बीचमा रहेको दिशा; विदिशा; कोण (आग्नेय, नैऋत्य, वायव्य र ईशान)।

**उपदिष्ट**– वि० [सं०] १. उपदेश गरिएको; अर्ती दिइएको। २. शास्त्रअनुसारको मनोहर वाक्य भन्ने अर्थ बुझाउने नाटकको एक लक्षण।

**उपदेश**– ना० [सं०] १. कसैलाई राम्रो बाटामा लगाउन वा धर्म, नीति र ज्ञानसम्बन्धी असल-असल कुरा सिकाउनका निम्ति दिइने शिक्षा; अर्ती। २. आज्ञा; निर्देश। ३. गुरुमन्त्र; दीक्षा। ४. धर्मसम्बन्धी प्रवचन; धार्मिक व्याख्यान। > **उपदेशक**– वि० १. उपदेश दिने; अर्ती दिने। ना० २. गुरु; शिक्षक; अध्यापक। **उपदेशन**– ना० साहित्यमा शिक्षा दिने तात्पर्य भएको नाटचालङ्कारको एक भेद।

**उपद्रव**– ना० [सं०] १. बिजाइँ; उत्पात। २. आकस्मिक आपत्ति; सङ्कट। ३. हे० उपद्रो। > **उपद्रवी**– वि० उपद्रव मचाउने; बिजाइँ गर्ने; उपद्रचाहा।

**उपद्रो**– ना० [सं० उपद्रव] १. कुनै दुःखद वा कष्टप्रद घटना; बिजाइँ; उपद्रव। २. भाँडभैलो; उधुम; उत्पात। > **उपद्रचाइँ**– ना० उपद्रवीको काम; उपद्रव; बिजाइँ। **उपद्रचाहा**– वि० १. उपद्रो गर्ने; उपद्रवी। २. फटाहा; हुल्याहा।

**उपद्वार**– ना० [सं०] मूल ढोकाभन्दा बाहेकको अर्को सानो ढोका; जस्केलो।

**उपद्वीप**– ना० [सं०] सानो द्वीप; टापु।

**उपधर्म**– ना० [सं०] कुनै प्रमुख धर्मभित्र रहेको वा गाँसिएको अर्को गौण वा सानो धर्म। > **उपधर्मी**– वि० उपधर्म मान्ने।

**उपधातु**– ना० [सं०] १. प्रधान वा मिश्रित धातुदेखि भिन्न धातु; अप्रधान धातु (सुनामक्खी, रूपामक्खी, नीलोतुथो, मुर्दासङ्ख, सिन्दूर, धाउ इ०)। २. शरीरका प्रधान सात धातुबाट उत्पन्न हुने अप्रधान धातु (दूध, रगत, बोसो, पसिना, दाँत, कपाल, ओठ)।

**उपधान–** ना० [सं०] १. तकिया; बालिस्ट; अडेस । २. विशेषता; व्यक्तित्व । ३. स्नेह; कृपा । ४. नजिकै राख्ने क्रिया वा भाव । > **उपधानी–** ना० १. तकिया । २. सिंहासनका मनि पाउ राख्नलाई राखिने सानो पिर्काका आकारको चौकी; पादपीठ, पाउदानी ।

**उपधारा–** ना० [सं०] कुनै नियम, विधान आदिभित्र रहेको सानो विभाग वा खण्ड; उपदफा ।

**उपध्वनि–** ना० [सं०] कुनै पनि मूल ध्वनिको स्थानानुसारी भेद ।

**उपनक्षत्र–** ना० [सं०] १. गौण नक्षत्र; सत्ताइस नक्षत्रदेखि बाहेकका नक्षत्र । २. मनुष्यद्वारा निर्मित ग्रह ।

**उपनगर–** ना० [सं०] ठूलो शहरका बाहिरी भागमा वा त्यसैको क्रममा बसेको सानो शहर; शाखा-नगर ।

**उपनदी–** ना० [सं०] कुनै ठूलो नदीमा मिसिने सानो नदी; सहायक नदी ।

**उपनयन–** ना० [सं०] व्रतबन्ध; यज्ञोपवीत-संस्कार ।

**उपनागरिका–** ना० [सं०] १. वृत्त्यानुप्रासको एक भेद मानिएको, ट ठ ड ढ वर्णहरूलाई छोडेर श्रुतिमधुर वर्ण मात्र बारम्बार आउने, ससाना र थोरै समास हुने एक शैली वा वृत्ति ।

**उपनाम–** ना० [सं०] १. कुनै व्यक्तिको खास नाउँदेखि बेग्लै अर्को प्रसिद्ध नाम; बोलाउने नाउँ । २. आफ्नो वास्तविक नामदेखि अतिरिक्त कवि, लेखकहरूले राखेको अर्को छोटकरी नाम । ३. वंशपरम्परादेखि चलिआएको, नामका आखिरमा रहने नाम; थर ।

**उपनायक–** ना० [सं०] १. अगुवाको अधिकार पाएको सहयोगी; उपनेता । २. काव्यमा प्रधान नायकको सहायकका रूपमा रहने पात्र; अप्रधान नायक; गौण नायक । स्त्री० उपनायिका ।

**उपनिक्षेप–** ना० [सं०] धरौटी; नासो ।

**उपनियम–** ना० [सं०] कुनै नियमअन्तर्गत बनेको सानो नियम; सहायक नियम ।

**उपनिरीक्षक–** ना० [सं०] निरीक्षकभन्दा तल्लो वा निरीक्षकको सहायकका रूपमा काम गर्ने कर्मचारी ।

**उपनिर्देशक–** वि० [सं०] निर्देशकभन्दा तल्लो वा निर्देशकको सहायकका रूपमा काम गर्ने कर्मचारी (डेपुटी डाइरेक्टर) ।

**उपनिर्वाचन–** ना० [सं०] कुनै निर्वाचित सदस्यको स्थान वा पद कारणवश निर्धारित अवधिभन्दा पहिले रिक्त भएमा त्यसको पूर्तिका निम्ति हुने अर्को चुनाव; उपचुनाव ।

**उपनिवेश–** ना० [सं०] १. कुनै शक्तिशाली देशले साम्राज्यको विस्तारअन्तर्गत विदेशमा बसालेका खासखास अधिकारबाट वञ्चित वा आंशिक अधिकार मात्र प्राप्त प्रान्त । २. त्यस्तो शक्तिशाली देशले सार्वभौम सत्तासम्पन्न अर्को कुनै पनि देशउपर आधिपत्य जमाउने प्रवृत्ति । ३. सामयिक आवासहेतु बनाइएका घरहरूको समूह । ४. अन्यत्रबाट आई बसेका समधर्मी जाति वा व्यवसायीहरू वा तिनको सामूहिक बस्ती । – **वाद–** ना० उपनिवेश बनाउने वा कायम गर्ने सिद्धान्त । – **वादी–** वि० उपनिवेशवादको अनुयायी वा समर्थक । > **उपनिवेशी–** वि० १. उपनिवेशमा बस्ने; उपनिवेशवासी । २. उपनिवेशसम्बन्धी; उपनिवेशको ।

**उपनिषत्–** ना० [सं०] आर्यहरूको गूढ आध्यात्मिक र दार्शनिक विचार भरिएको तथा आत्मा र परमात्माको निरूपण गर्ने, वेदका शाखाहरूमध्ये ब्राह्मणअंशको पछिल्लो भाग ।

**उपनेता–** ना० [सं०] १. नेताको सहायक पात्र; उपनायक । वि० २. उपनयन संस्कार गराउने (गुरु वा आचार्य) । ३. नजिक लैजाने ।

**उपनेत्र–** ना० [सं०] चस्मा ।

**उपन्यास–** ना० [सं०] १. धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा; चरित्रप्रधान गद्य-महाकाव्य । २. वाक्यको उपक्रम । – **कार–** ना० उपन्यास लेख्ने व्यक्ति; उपन्यासको लेखक ।

**उपपति–** ना० [सं०] परस्त्रीसँग प्रेम गर्ने वा लसपस गर्ने व्यक्ति; अवैध पति; नाठो ।

**उपपत्ति–** ना० [सं०] १. कारणद्वारा शब्द वा कुनै वस्तुको स्थितिलाई निश्चित गर्ने काम; व्युत्पत्ति; निर्वचन । २. जन्मस्थान; उत्पत्तिस्थान; प्रजननस्थान । ३. चरितार्थ हुने क्रिया; सङ्गति । ४. युक्ति; प्रमाण ।

**उपपत्नी–** ना० [सं०] ल्याइएकी स्त्री; रखौटी स्वास्नी ।

**उपपद–** ना० [सं०] १. सम्मिलित शब्दमा पहिले आउने वा पढिने पद; समासको प्रारम्भिक पद । २. उपाधि; पदवी । ~ **समास–** ना० समास नहुँदा स्वतन्त्र रूपले प्रयोगमा नआउने तर कृदन्तका साथ उत्तरपदका रूपमा आउने समास ।

**उपपरिच्छेद–** ना० [सं०] पुस्तकको मूल परिच्छेदबाहेकको सानो परिच्छेद ।

**उपपादक–** ना० [सं०] कुनै विषय, तर्क वा तथ्यलाई प्रमाण दिएर सिद्ध गर्ने; उपपत्ति वा उपपादन गर्ने ।

**उपपादन–** ना० [सं०] १. कुनै कुरा वा तर्कलाई युक्तिपूर्वक सिद्ध गर्ने काम; राम्ररी प्रतिपादन गर्ने काम-कुरो । २. काम फत्ते गर्ने प्रक्रिया; कार्य सिद्ध गर्ने विधि ।

**उपपाद्य–** वि० [सं०] प्रमाण दिएर सिद्ध गर्न लायक; उपपत्ति वा उपपादन गर्न योग्य ।

**उपपुराण–** ना० [सं०] अठार महापुराणदेखि अतिरिक्त अरू ससाना पुराण (सनत्कुमार, नारसिंह, नारदीय, शिव, दुर्वासा, कपिल, मानव, औशनस, वरुण, कालिक, शाम्ब, नन्दी, सौर, पराशर, आदित्य, माहेश्वर, भार्गव र वशिष्ठ आदि) ।

**उपप्रधान–** वि० [सं०] प्रधानदेखि तल्लो तहको; मुख्यभन्दा एक तह सानो । ~ **पञ्च–** ना० पञ्चायती व्यवस्था छँदा स्थापित भएको गाउँ वा नगरपञ्चायतको प्रधान पञ्चपछिको पञ्चले पाएको पद । ~ **मन्त्री–** ना० प्रधान मन्त्रीभन्दा सानो र अन्य मन्त्रीभन्दा ठूलो तहको तथा प्रधान मन्त्रीको अनुपस्थितिमा उनको सट्टा मन्त्रिमण्डलको नेतृत्व गर्ने मन्त्री ।

**उपप्रशासक–** ना० [सं०] प्रशासनका तहमा सहायक प्रशासकभन्दा माथिल्लो र सहप्रशासकभन्दा तल्लो, राजपत्राङ्कित द्वितीय श्रेणी स्तरको कर्मचारी ।

**उपप्रशिक्षक–** ना० [सं०] प्रशिक्षकको तहभन्दा तल्लो तहको शिक्षक ।

**उपप्रश्न–** ना० [सं०] प्रश्नभित्र उठेको अर्को प्रश्न; पूरक प्रश्न; गौण प्रश्न ।

**उपप्राचार्य–** ना० [सं०] क्याम्पस वा महाविद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यसञ्चालन गर्ने उपप्रमुख वा अधिकारी ।

**उपप्राध्यापक–** ना० [सं०] विश्वविद्यालय, महाविद्यालय आदिमा पढाउने प्राध्यापकका चार तहका – प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक र सहायक प्राध्यापकमध्ये तेस्रो तहको प्राध्यापक; द्वितीय श्रेणीको प्राध्यापक ।

**उपबन्ध–** ना० [सं०] १. कुनै सम्भावनालाई ध्यानमा राखी प्रबन्ध गरिएको कुनै विधि वा प्रलेखको अङ्ग वा धारा; उपदफा । २. सानोतिनो संयोग; मेल । ३. रतिक्रियाको एक आसन ।

**उपबुज्रुक–** ना० [उप+बुज्रुक] बुज्रुकमाथि पनि बुज्रुक बन्न खोज्ने तर खँदिलो तर्क र निर्णय दिन नसक्ने व्यक्ति; जान्ने नभए पनि जान्ने हुन चाहने व्यक्ति ।

**उपभाषा–** ना० [सं०] कुनै पनि देशको राष्ट्रभाषा वा प्रधान भाषादेखि भिन्न भाषा; भाषिका । > **उपभाषिका–** ना० भाषिकाको उपभेद ।

**उपभुक्त–** वि० [सं०] १. भोग वा उपयोग गरिएको । २. जुठो; उच्छिष्ट ।

**उपभोक्ता–** वि० [सं०] काममा ल्याउने वा व्यवहार गर्ने; उपभोग गर्ने (व्यक्ति) ।

**उपभोग–** ना० [सं०] १. सुख वा आनन्दको प्राप्तिका निम्ति कुनै वस्तुलाई भोग्ने वा व्यवहारमा ल्याउने काम । २. भोजन गर्ने काम । ३. भोगविलास । ४. स्त्रीसहवास गर्ने काम । ५. कारखाना वा कृषिफर्म आदिबाट उत्पादन भएका वस्तुको भोगचलन गर्ने काम । > **उपभोगी–** वि० उपभोग गर्ने । **उपभोग्य–** वि० उपभोग गर्न लायक; भोग गर्न सुहाउँदो ।

**उपभोज्य–** वि० [सं०] खान लायक; भोजन गर्न सकिने ।

**उपमण्डल–** ना० [सं०] कुनै परिषद् वा मण्डलभित्रको सानो विभाग ।

**उपमन्त्री–** ना० [सं०] मन्त्रीभन्दा तल्लो तहको मन्त्री ।

**उपमन्यु–** ना० [सं०] एक गोत्रप्रवर्तक वैदिक ऋषिको नाम । – **गोत्र–** ना० उपमन्यु ऋषिका नाममा चलेको गोत्र वा वंशपरिचायक नाम (ढकाल, ओली आदिको गोत्र) ।

**उपमहाद्वीप–** ना० [सं०] महाद्वीपभित्रको वा महाद्वीपका नजिकै रहेको ठूलो टापु; सानो महाद्वीप ।

**उपमा–** ना० [सं०] १. कुनै एक वस्तुलाई अर्को वस्तुका साथ दाँज्ने वा तुलना गर्ने काम । २. दृष्टान्त; उदाहरण । ३. समान रूप वा गुणको सादृश्य देखाउँदा हुने एक अर्थालङ्कार । (उदा०– चम्पा छन् चन्द्रमाजस्ती हेर्दा अत्यन्त सुन्दरी) ।

**उपमाता–** ना० [सं०] १. आमाबराबरकी स्त्री; धाईआमा । २. सौतेनी आमा । वि० ३. उपमा दिने; तुलना गर्ने ।

**उपमान–** ना० [सं०] १. कुनै अर्को वस्तुको बराबरी वा समानता बताउने वस्तु वा व्यक्ति; उपमेयलाई पुष्टि गर्ने तत्त्व । २. न्यायका चार प्रकारका प्रमाणमध्ये एक ।

**उपमित–** वि० [सं०] उपमा दिइएको; दाँजिएको ।

**उपमित्र–** ना० [सं०] मीत नलगाइएको तर व्यवहारले हितैषी भएको सँगी; साधारण साथी ।

**उपमेय–** वि० [सं०] १. उपमा दिन योग्य; तुलना गर्न लायक । २. वर्णन गर्न योग्य; वर्णनीय । ना० ३. विशेष गुण वा आरोप भएको वस्तु; उपमानद्वारा प्रतिपाद्य वस्तु । > **उपमेयोपमा–** ना० दुई समान वस्तुका पर्यायक्रमले परस्परमा उपमेय र उपमान हुने उपमा अलङ्कारको एक भेद ।

**उपयुक्त–** वि० [सं०] १. ठीक; उचित; मनासिब । २. सुहाउँदो; चाहिँदो; अनुकूल । ३. लायक; योग्य । ४. चलनमा ल्याइएको; उपयोग गरिएको । – **ता–** ना० उपयुक्त हुनाको भाव वा अवस्था; औचित्य ।

**उपयोग–** ना० [सं०] १. कुनै वस्तुलाई उपयोग वा व्यवहारमा ल्याउने काम; प्रयोग; व्यवहार । २. फाइदा; लाभ ।

**उपयोगिता–** ना० [सं०] १. उपयोगी हुनाको भाव वा स्थिति । २. काम लाग्ने वा चलनमा आउन सक्ने कुनै वस्तुको गुण वा तत्त्व । – **वाद–** ना० कुनै वस्तु वा सम्बन्धको महत्त्व त्यसको भौतिक उपयोगिता वा मानव-समाजको कल्याणका निम्ति निर्भर हुनुपर्छ भन्ने सिद्धान्त । – **वादी–** वि० उपयोगितावादको अनुयायी वा समर्थक ।

**उपयोगी–** वि० [सं०] १. काममा प्रयोग गर्न हुने वा सकिने; काम लाग्ने । २. चलनचल्तीमा ल्याउन सकिने; उपयोगमा ल्याउन लायक; प्रयोजनीय । ३. ठीक; चाहिँदो; योग्य । ४. फाइदा दिने; लाभकारी ।

**उपर–** ना० [सं० उपरि] १. कसैबाट लिनुपर्ने धनमाल, श्रीसम्पत्ति आदि लिने काम; असुल । ना० यो० २. माथि; मा ।

**उपरक्षक–** वि० [सं०] १. पहरा बस्ने; चौकीदार । २. मुख्य रक्षकका मातहतमा रहेर काम गर्ने रक्षकभन्दा एक तहमनिको रक्षक ।

**उपरखुट्टी–** ना० [उपर+खुट्टी] सुतेर वा खुट्टा भुईंमा झारी अग्लो ठाउँमा बस्ता एउटा घुँडामाथि अर्को खुट्टो अडचाएर बस्ने आसन; त्यस्तो बसाइको चाल ।

**उपरचट/उपरचोट–** वि० [उपर+चोट] १. वज्र परेझैं एक्कासि आइपरेको; माथिबाट खसेको वा झरेको (विपत्ति) । ना० २. चोटमाथिको चोट ।

**उपरचोट्टा–** वि० [उपर+चोट्टा] चोट्टालाई पनि माथ गर्ने गरी आएको धूर्त; ठग; वञ्चक ।

**उपरतली**– ना० [उप+तल+ई] छाद्ने र छेर्ने अवस्था वा रोग; झाडाबान्ता; दिसा र बमन; हैजा ।

**उपरत्न**– ना० [सं०] खास रत्नभन्दा तल्लो र कम दर्जाको रत्न; कमसल खालको रत्न (स्फटिक, सिपी आदि) ।

**उपरथुपर**– ना० [उपर+थुपर] भइरहेका काममाथिको थप काम; थपमाथि थप; थपका थप ।

**उपरस**– ना० [सं०] १. पारोजस्तै गुणकारी मानिएको रस वा खनिज पदार्थ । २. चित्तमा पैदा भएको निर्विकार सोचाइ; भाव (साहित्यमा) ।

**उपराज**– ना० [सं०] १. राजाको अनुपस्थिति वा असमर्थतामा प्रतिनिधि भएर काम गर्ने व्यक्ति । २. सामन्त राजा ।

**उपरान्त**– अव्य० [सं०] कसैको अन्तमा; पछिबाट; त्यसपछि; अलिपछि; अनन्तर ।

**उपराष्ट्रपति**– ना० [सं०] गणतान्त्रिक राष्ट्रमा राष्ट्रपतिको कार्यभार सघाउने वा राष्ट्रपतिको अनुपस्थिति र असमर्थतामा राष्ट्रपतिको कार्य-सम्पादनसमेत गर्ने राष्ट्रपतिभन्दा मुनिको पद ।

**उपरि**– ना० यो० [सं०] माथि; उपर; हे० सर्वोपरि ।

**उपरिया**– ना० [उपर+इया] १. मालसामान किनेर बीचैमा नाफा खाई बिक्री गर्ने व्यापारी; मालसामान बोकी घरघर घुमेर बेच्ने व्यक्ति । २. उनाऊ व्यक्ति ।

**उपरीक्षक**– ना० [सं०] १. हेरविचार गर्ने व्यक्ति; अधीक्षक । २. निरीक्षकभन्दा माथिल्लो दर्जाको प्रहरी कर्मचारी ।

**उपरूपक**– ना० [सं०] प्रमुख दसवटा रूपकदेखि भिन्न अठार प्रकारका दृश्यकाव्य (नाटिका, त्रोटक, गोष्ठी, सट्टक, नाटचरासक, प्रस्थान, उल्लाप्य, काव्य, प्रेक्षण, रासक, संलापक, श्रीगदित, शिल्पक, विलासिका, दुर्मल्लिका, प्रकरणिका, हल्लीश र भाणिका) ।

**उपरोक्त**– वि०हे० उपर्युक्त ।

**उपर्झट**– वि० [उपर+झट्ट] १. अकस्मात् आइपरेको । क्रि०वि० २. अपर्झट ।

**उपर्ना**– ना० [उपर+ना] १. ओढ्ने पछेउरा; उत्तरीय । २. माथिल्लो अङ्गमा प्रयोग गरिने ऊनी कपडा ।

**उपर्युक्त**– वि० [सं०] माथि बताइएको; माथि भनिएको; अगाडि उल्लेख गरिएको; उपरोक्त ।

**उपलक्षण**– ना० [सं०] १. कुनै खास लक्षणभित्रको गौण लक्षण; कुनै स्पष्ट निर्देश भएका तत्त्वको छनक दिने गौण कुरो । २. गौरसँग हेर्ने काम; निरीक्षण । ३. कुनै अस्थायी चिह्न वा सङ्केत ।

**उपलक्ष्य**– ना० [सं०] १. कुनै कुराको लक्षण, चिह्न वा सङ्केत । २. लक्ष्य; उद्देश्य । ३. भइसकेको वा पछि हुने कुनै राम्रो काम-कुराको अवसर (पूजा, उत्सव, भोज इ०)।

**उपलब्ध**– वि० [सं०] १. पाइएको; प्राप्त । २. थाहा पाइएको; ज्ञात । > **उपलब्धि**– ना० १. उपलब्ध हुने अवस्था, क्रिया वा भाव; प्राप्ति । २. खास खोज वा अध्ययनबाट प्राप्त सफलता वा निष्कर्ष । ३. अनुभूति; ज्ञान । ४. बुद्धि ।

**उपलभ्य**– वि० [सं०] १. प्राप्त गर्न सकिने; उपलब्ध गर्न योग्य; प्राप्य । २. ज्ञान गर्न लायक; जान्न योग्य । ३. आदर वा प्रशंसा गर्न योग्य ।

**उपल्ली**– वि० [उपल्लो+ई] माथिको; माथि रहेको; माथिल्लो । ~ **बिस**– ना० पहिलो बिस; पूर्वार्धतिरको बिस । ~ **वेद**– ना० शुक्लयजुर्वेदका पहिला अध्यायदेखि बीसौँ अध्यायसम्मको खण्ड; अघिल्लो बीस अध्यायमा हुने वेद ।

**उपल्लो**– वि० [उपर+लो] माथिल्लो; मास्तिरको; उँभोको ।

**उपवक्ता**– वि० [सं०] मूल वक्ताको सहायक; उपवाचक ।

**उपवचन**– ना० [सं०] द्वित्वीभूत शब्दहरूमा आंशिक द्वित्व भएर बनेका शब्दका अगाडि आउने पद (झैंझगडा, तरतमसुक, बरबन्दोबस्त इ०) ।

**उपवन**– ना० [सं०] १. ससानो वन वा जङ्गल । २. खुला मैदान वा चौर भएको बगैँचा; फूलबारी; उद्यान । ३. कृत्रिम जङ्गल ।

**उपवर्ग**– ना० [सं०] कुनै खास वर्गभित्र रहेका ससाना वर्गको समूह;समूहभित्रको सानो समूह; उपसमूह ।

**उपवाक्य**– ना० [सं०] ठूलो वाक्यभित्र रहेको कुनै समापिका क्रियासहितको सानो वाक्य ।

**उपवाचक**– वि० [सं०] पुराण आदिका वाचकको सहायक; पुराण आदि बाच्ता मुख्य वाचकीका बिरामहरूको विचार गरी सच्याउने (व्यक्ति) ।

**उपवाणिज्यदूत**– ना० [सं०] वाणिज्यदूतका अनुपस्थितिमा कार्यभार ग्रहण गरी कार्यसञ्चालन गर्ने दूत ।

**उपवास**– ना० [सं०] १. दिनभर वा अहोरात्र भोजन नगर्ने काम; केही पनि नखाई व्रत बस्ने काम; निराहार । २. अनशन; लङ्घन । > **उपवासक**/**उपवासी**– वि० उपवास गर्ने; निराहार बस्ने ।

**उपविद्या**– ना० [सं०] १. व्यावहारिक वा लौकिक विद्या । २. गौण वा साधारण विद्या ।

**उपविधा**– ना० [सं०] विभिन्न विधाका अङ्ग-उपाङ्ग; विधाका अन्तर्गत आउने ससाना विधा ।

**उपविधि**– ना० [सं०] १. कुनै विधि वा नियमअन्तर्गत बनेको सानो नियम; विनियम । २. गौण वा अपेक्षाकृत कम महत्त्वको विधि ।

**उपविभाग**– ना० [सं०] कुनै ठूलो विभागअन्तर्गतको सानो विभाग; शाखा ।

**उपविभाजन**– ना० [सं०] मूल विभाजनअन्तर्गतको विभाजन; सानोतिनो विभाजन ।

**उपविष**– ना० [सं०] विशेष घातक नभएको हल्का किसिमको विष (भाङ, धतुरो आदि) ।

**उपविषय**– ना० [सं०] मुख्य विषयअन्तर्गत रहेको सानोतिनो खालको विषय ।

**उपविष्ट**– वि० [सं०] बसेको वा रहेको ।

**उपवीत**– ना० [सं०] १. जनै; यज्ञसूत्र । २. व्रतबन्ध; उपनयन ।

**उपवेद**– ना० [सं०] १. मुख्य चार वेददेखि भिन्न वेद (आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्यवेद); लौकिक विद्या ।

**उपव्याख्या**– ना० [सं०] व्याख्याअन्तर्गत आउने सानोतिनो व्याख्या; व्याख्यापछिको व्याख्या ।

**उपशमन**– ना० [सं०] १. मनको इच्छा वा वासनालाई शमन गर्ने काम; इन्द्रिय-निग्रह । २. शान्त रहने स्थिति वा काम ।

**उपशङ्का**– ना० [सं०] शङ्कामाथिको पनि शङ्का; शङ्कामा पनि शङ्का ।

**उपशाखा**– ना० [सं०] शाखाको पनि शाखा; सानो शाखा; प्रशाखा ।

**उपशाला**– ना० [सं०] घरमा आएका पाहुनाहरूलाई बसाउने सानो घर; पाहुनाघर ।

**उपशिक्षक**– ना० [सं०] प्रधान शिक्षकपछिको शिक्षक; सहायक शिक्षक ।

**उपशिष्य**– ना० [सं०] शिष्यको पनि शिष्य; चेलाको चेलो ।

**उपशीर्षक**– ना० [सं०] मुख्य शीर्षकअन्तर्गत रहने सानो शीर्षक; सहायक शीर्षक ।

**उपसंवाद**– ना० [सं०] १. मुख्य संवादका पहिले गरिने सामान्य संवाद । २. परस्परको प्रतिज्ञा वा कबुल; सम्झौता; सन्धि ।

**उपसंस्कार**– ना० [सं०] मुख्य संस्कारको अङ्ग बनेको संस्कार; पछि गरिएको संस्कार; गौण संस्कार ।

**उपसंहार**– ना० [सं०] १. कुनै विषयको समाप्ति; अन्त । २. कुनै पुस्तक वा लेखको मुख्य विषयक्रमलाई टुङ्ग्याउन वा निचोडरूप दिन लेखिने अन्तिम अंश । ३. सारांश; निचोर । > **उपसंहारी**– वि० १. उपसंहार गर्ने । २. उपसंहार लेख्ने ।

**उपसचिव**– ना० [सं०] राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरहका कर्मचारीको पद ।

**उपसभापति**– ना० [सं०] सभापतिलाई सघाउने वा निजको अनुपस्थितिमा सभापतिको काम सँभाल्ने अधिकारी; उपाध्यक्ष ।

**उपसभामुख**– ना० [सं०] कुनै देशको प्रतिनिधिसभामा सभामुखको सहायकका रूपमा रहने वा निजको अनुपस्थितिमा सभामुखको कार्यभार सँभाल्ने व्यक्ति वा त्यस्तो पद ।

**उपसमिति**– ना० [सं०] कुनै कार्य सम्पन्न गर्न गठित, मुख्य समितिअन्तर्गतको सानो समिति ।

**उपसम्पादक**– वि० [सं०] १. सम्पादकका मातहतमा रहेर वा निजलाई सघाई सम्पादनको काम गर्ने । ना० २. सहयोगी सम्पादक ।

**उपसर्ग**– ना० [सं०] शब्दका अगाडि रहेर मूल शब्दका अर्थमा उकाल, ओराल, भिन्नता आदिको अर्थ दिने अव्यय शब्द (प्र, परा, अप, सम् आदि) ।

**उपसागर**– ना० [सं०] भूभागभित्र घुसेको समुद्रको भाग; सानो समुद्र; खाडी ।

**उपसीमान्त भूमि**– ना० [सं०] विशेष किसिमले फाइदा नहुने खेतीपाती भएको जग्गा; अनुर्वरा भूमि ।

**उपस्थ**– ना० [सं०] १. तल्लो भाग; पुछारको अंश । २. जननेन्द्रियका आसपासको प्रदेश; काछ । ३. काख ।

**उपस्थापन**– ना० [सं०] कुनै सभा, संस्था आदिमा प्रस्ताव राख्ने वा प्रस्ताव पेस गर्ने काम वा प्रक्रिया ।

**उपस्थित**– वि० [सं०] १. हाजिर भएको; नजिक रहेको । २. हेक्का भएको; सम्झनामा आएको ।

**उपस्थिति**– ना० [सं०] उपस्थित हुने काम वा अवस्था; हाजिरी; विद्यमानता । ~**पञ्जिका/पुस्तिका**– ना० हाजिरी जनाउने कापी; हाजिरी बही ।

**उपहसित**– वि० [सं०] उपहास गरिएको; हँस्सी उडाइएको; हँसीठट्टा गरिएको ।

**उपहार**– ना० [सं०] १. कुनै खुसियालीका प्रसङ्गमा मान्य जन वा मित्रलाई दिइने भेट; कोसेली; सौगात; नजराना । २. राम्रो वा योग्य काम गर्नेलाई सम्मानार्थ चिनुस्वरूप दिइने वस्तु । > **उपहारक**– वि० उपहार दिने; कोसेली चढाउने ।

**उपहास**– ना० [सं०] १. अर्कालाई लज्जित तुल्याउन वा खिसीटिउरी गर्नका निम्ति गरिने हँस्सीठट्टा; गिल्ला । २. निन्दा; बदनामी । > **उपहासक**– वि० उपहास गर्ने; हँस्सी उडाउने; गिल्ला गर्ने । **उपहास्य**– वि० उपहास गर्न योग्य; हँस्सी गर्न लायक ।

**उपहृत**– वि० [सं०] उपहार चढाइएको; सौगात दिइएको ।

**उपांशु**– ना० [सं०] एकान्तमा अरूले सुनिने गरी गरिएको देवताको प्रार्थना; मन्त्र-जप ।

**उपाखण्ड**– ना० [सं०] उत्पात; ज्यादा; औधी; उधुम ।

**उपाख्यान**– ना० [सं०] १. पुरानो कथा; प्राचीन वृत्तान्त । २. ठूलो कथाअन्तर्गत रहने सानो कथा । ३. उखान ।

**उपाङ्ग**– ना० [सं०] १. कुनै अङ्गको भाग; अवयव । २. कुनै वस्तुको अभावपूर्ति गर्ने अर्को सहायक वा पूरक वस्तु ।

**उपादान**– ना० [सं०] १. लिने वा ग्रहण गर्ने काम । २. पाउने काम; प्राप्ति; उपलब्धि । ३. कुनै वस्तुको उपयोग गर्ने काम वा प्रक्रिया । ४. बोध; ज्ञान । ५. कुनै वस्तु तयार हुने सामग्री; साधन; कारण; हेतु । ६. कुनै कामका निम्ति दिइएको एकमुस्ट रकम । ~**कारण**– ना० कुनै वस्तुका उत्पादनमा रहने मुख्य भौतिक वस्तु (जस्तै– कपडाको उपादान कारण धागो) ।

**उपादेय**– वि० [सं०] १. लिन लायक; ग्रहण गर्न योग्य । २. उत्तम; श्रेष्ठ । ३. काम लाग्ने; उपयोगी । – **ता**– ना० १. ग्रहण गर्न योग्य हुनाको भाव वा अवस्था । २. उपयोगिता ।

**उपाधि**– ना० [सं०] १. योग्यता, महत्त्व, सम्मान आदि जनाउने पद वा शब्द; पदवी; पद; दर्जा । २. एउटा कुरालाई अर्कै कुरा बताउने छल; कपट । ३. उपद्रव; उत्पात । ४. कर्तव्यको विचार; धार्मिक चिन्तन । – **धारी**– वि० उपाधि पाएको; पदवी पाएको ।

**उपाध्यक्ष**– ना० [सं०] कुनै संस्था आदिमा अध्यक्षको सहायक

भएर काम गर्ने अधिकारी; उपसभापति ।

**उपाध्याय–** ना० [सं०]१. वेदवेदाङ्ग पढाउने गुरु । २. शिक्षण वा अध्यापनकार्य गर्ने व्यक्ति । ३. उत्तम ब्राह्मण-जाति भन्ने बुझाउँदा प्रयोग गरिने शब्द । > **उपाध्यायी–** ना० १. शिक्षिका; उपाध्याया । २. अध्यापककी पत्नी; गुरुमा ।

**उपान्त–** वि० [सं०]१. अन्त्यभन्दा पहिलेको; छेउका नजिकको । ना० २. लेख्दा दायाँ-बायाँ छोडिने कागतको भाग; मार्जिन ।

**उपाम्मे–** वि० [√ अपाम्मे] अगाध; ज्यादै; अपाम्मे ।

**उपाय–** ना० [सं०]१. कुनै असजिलो वा अप्ठेरो काम सजिलोसँग गर्ने युक्ति; जुक्ति । २. उद्योग; प्रयत्न; सफलताका नजिक पुऱ्याउने मुख्य कुरो । – **सिद्ध–** वि० उपायबाट सिद्ध हुन सक्ने । > **उपायान्तर–** वि० खास उपायदेखि बाहेकको; उपायदेखि भिन्न ।

**उपार्जन–** ना० [सं०] खेतीपाती, इलम-उद्योग आदिबाट गरिने कमाइ; आम्दानी । > **उपार्जनीय–** वि० १. कमाउन योग्य । २. सङ्ग्रह गर्न लायक ।

**उपार्जित–** वि० [सं०]१. कमाइएको; आम्दानी गरिएको । २. सङ्ग्रह गरिएको; बटुलिएको ।

**उपालम्भ–** ना० [सं०]१. कसैको अशिष्ट वा अनुचित व्यवहारका निम्ति उसैसँग गरिने सिकायत; सम्झाइ-बुझाइसहितको हप्की; गुनासो; दुखेसो । २. निन्दा; अपवाद ।

**उपास्-नु–** अ० क्रि० [सं० उपवास+नु] केही नखाईकन बस्नु; निराहार बस्नु; व्रत बस्नु ।

**उपासक–** वि० [सं०]१. उपासना वा आराधना गर्ने; भक्त । २. भिक्षुदेखि बाहेकको बुद्धपूजक; बुद्धमार्गी ।

**उपासन/उपासना–** ना० [सं०]१. देवता वा पूज्य व्यक्तिका छेउमा बसेर प्रसन्न तुल्याउनका निम्ति गरिने चिन्तन, पूजन वा आराधन । २. कुनै विषय वा कुरामा ध्यान दिने वा लागिपर्ने काम ।

**उपासाइ–** ना० [**उपास्** (+आइ)] उपास्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उपासिनु–** अ० क्रि० केही नखाईकन बस्ने काम गरिनु; व्रत बसिनु ।

**उपासी–** वि० [सं०] उपासना गर्ने; उपासक ।

**उपास्य–** वि० [सं०]१. उपासना गर्न योग्य वा उचित; पूज्य; आराध्य । २. सेवा गरिएको (देवता वा पूज्यजन) ।

**उपिउँ/उपियाँ–** ना० जुम्राजत्रो, फडकेर हिँड्ने, कलेजी रङको, प्राणीको रगतचुसुवा कीरो ।

**उपेक्षक–** वि० [सं०]१. उपेक्षा गर्ने; वास्ता नगर्ने; हेला गर्ने । २. उदासीन ।

**उपेक्षणीय–** वि० [सं०] उपेक्षा गर्न योग्य वा उचित; घृणा गर्न लायक ।

**उपेक्षा–** ना० [सं०]१. कसैलाई अयोग्य वा तुच्छ ठानेर उसप्रति ध्यान नदिने काम; बेवास्ता; लापर्बाही । २. तिरस्कार; निन्दा; अनादर । > **उपेक्षित–** वि० उपेक्षा गरिएको; निन्दित; तिरस्कृत ।

**उपेन्द्र–** ना० [सं०]१. इन्द्रका कान्छो भाइको नाम । २. वामनरूप विष्णु । – **वज्रा–** ना० जगण, तगण, जगण र दुई गुरु भएको प्रत्येक पाउमा एघार अक्षर हुने वार्णिक छन्द ।

**उपोद्घात–** ना० [सं०]१. आरम्भ; थालनी; सुरु । २. पुस्तकका प्रारम्भमा रहने वक्तव्य; भूमिका; प्रस्तावना ।

**उपोष्ण–** वि० [सं०] कम उष्णता भएको; गर्मीले थोरै छोएको । ~ **प्रदेश–** ना० कम उष्णता भएको प्रदेश; उष्ण प्रदेशका छेउछाउको प्रदेश ।

**उप्क-नु–** अ० क्रि० [सं० उत्पट] टाँसिएको वस्तु छुट्टिएर आउनु; पाप्रा निस्कनु । > **उप्काइ–** ना० उप्कने भाव, क्रिया वा प्रक्रिया । **उप्काइनु–** क० क्रि० उप्काउन लाइनु । **उप्काउनु–** प्रे० क्रि० १. उप्कने पार्नु । स० क्रि० २. पाप्रा उप्काउने काम गर्नु । **उप्किनु–** अ० क्रि० उप्कनु ।

**उप्रान्त–** अव्य० [सं० उपरान्त] अब; उपरान्त ।

**उप्रीथुप्री–** क्रि० वि० [उपरि+थुप्रो] एकमाथि अर्को भएर थुप्रने गरी; थपाथप; खातैखात; थोपरथापर ।

**उफान–** ना० [उफार] १. दूध आदि उम्लेर माथि उठेको फीँजसहितको भाग; उमाल । २. मनोद्वेग; मानसिक झोक्का ।

**उफार्-नु–** स० क्रि० [उफ्र+आर+नु] कुनै वस्तुलाई माथितिर हुत्त्याउनु; उँभो फाल्नु; उराल्नु । > **उफाराइ–** ना० उफार्ने क्रिया वा प्रक्रिया । **उफारिनु–** क० क्रि० उफार्ने काम गरिनु; उफ्राइको पात्र हुनु ।

**उफ्र-नु–** अ० क्रि० [सं० उस्स्फारण] १. जमिन छाडेर माथि बुर्लुक्क हुत्तिनु वा उछिट्टिनु । २. नाघ्नु; फड्कनु । ३. मात्तिनु; औताउनु; उर्लनु । ४. अति क्रुद्ध हुनु । > **उफ्राइ–** ना० उफ्रने क्रिया वा प्रक्रिया ।

**उफ्राउफ्री–** ना० [उफ्र+उफ्र] उफ्री-उफ्री हिँड्ने काम; परस्पर उफ्रने क्रिया; सामूहिक उफ्राइ ।

**उफ्रि-नु–** अ० क्रि० [उफ्र+इ+नु] १. हे० उफ्रनु । २. उफ्रने हुनु ।

**उफ्रौला–** ना० [उफ्र+औला] १. फुरौला (व्यङ्ग्यार्थमा) । २. टुटुल्को (ऐजनमा) ।

**उबडखाबड–** वि० [हि०]१. अग्लो र होचो भएको; खाल्डाखुल्डी परेको; गल्डचाङगुल्डुङ; खल्डचाङखुल्डुङ । ना० २. त्यस्तो बाटो वा ठाउँ ।

**उबाइ–** ना० [√ **उबाउ** (+आइ)] उबाउने क्रिया वा प्रक्रिया । [ > ] **उबाइनु–** क० क्रि० उबाउने काम गरिनु; उघाइनु ।

**उबाउनु–** स० क्रि० [सं० उद्वाहन] पानी, अनाज आदिमा अँजुली वा भाँडा गाडेर झिक्नु; उघाउनु ।

**उबार्-नु–** स० क्रि० [सं० उपसिकरण]१. कुनै निश्चित कामका लागि ठेकिएको वस्तु किफायत गरेर जोगाउनु; खर्च गरेर बचाउनु । २. जगेरा राख्नु; जतन गर्नु । > **उबार–** ना० जोगिएर रहेको अंश वा मात्रा; बचत । **उबाराइ–** ना० उबार्ने क्रिया वा

प्रक्रिया । **उबारिनु–** क० क्रि० उबार्ने काम गरिनु । **उबारु–** वि० १. उबार्ने (मान्छे) । २. उब्रेको (वस्तु) ।

**उब्ज–नु–** अ० क्रि० [सं० उत्पादन] १. उब्जा हुनु; बालीनाली फल्नु । २. अकस्मात् निस्कनु; प्रकट हुनु । ३. विचार फुर्नु ।

**उब्जनी–** ना० [उब्जा+नी] उब्जा; उत्पादन; उब्जाबाली ।~ **शक्ति–** ना० उब्जा हुने क्षमता; जग्गाजमिनको बालीनाली राम्रोसँग सप्रने शक्ति ।

**उब्जा–** ना० [सं० उत्पाद] १. जग्गाजमिनबाट हुने अन्नपातको आम्दानी; उब्जनी । २. उत्पादन ।

**उब्जाइ–** ना० [√ **उब्ज** (+आइ)] उब्जने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उब्जाइनु–** क० क्रि० उब्जाउने काम गरिनु । **उब्जाउ–** ना० १. उब्जा हुने क्रिया वा प्रक्रिया । २. उब्जा । वि० ३. प्रशस्त मात्रामा उब्जा हुने; उर्वर । **उब्जाउनु–** प्रे० क्रि० १. उब्जने पार्नु; उब्जा हुने तुल्याउनु । २. उत्पन्न गर्नु; उत्पादन गर्नु । **उब्जिनु–** अ० क्रि० १. हे० उब्जनु । २. उत्पादन हुनु; उत्पादित हुनु । **उब्जिलो–** वि० १. उब्जाउ; उत्पादनशील । २. उर्वर ।

**उब्र–नु–** अ० क्रि० [सं० उद्वृ+नु] बचत हुनु; शेष रहनु; बाँकी रहनु ।

**उब्रा–** ना० [उपर] जुम्लामा प्रचलित चलनअनुसार छरछिमेकीहरू बसी गफ गर्ने घरको एक खण्ड; ओथरा; बैठकघर; पञ्चायती घर ।

**उब्राइ–** ना० [**उब्र** √ (+आइ)] उब्रने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उब्रिनु–** अ० क्रि० १. हे० उब्रनु । २. उब्रने होइनु ।

**उब्रीपाब्री ⁄ उब्रेपाब्रे ⁄ उब्रोपाब्रो–** ना० [उब्री (द्वि०)] १. उब्रेको वस्तु; उबारु वस्तु । २. रहलपहल ।

**उभड्–नु–** अ० क्रि० [सं० उद्भरण] १. उत्तेजित हुनु; भड्कनु; उभारिनु । २. उक्सनु; माथि आउनु; प्रकट हुनु । > **उभडाइ–** ना० उभड्ने भाव, क्रिया वा प्रक्रिया ।

**उभय–** क्रि० वि० [सं०] दुई नै; दुवै । – **चर–** वि० जल र थल दुवै स्थानमा गति भएको वा हिँड्न सक्ने (भ्यागुतो, कछुवा इ० ।) । – **तः–** क्रि० वि० १. दुवैतिर; दुवैपट्टि । २. दुवैतर्फबाट । – **निष्ठ–** वि० १. दुवैमा बराबर आस्था वा निष्ठा राख्ने । २. दुवैमा रहेको । ~ **पक्ष–** ना० शुक्ल र कृष्ण पक्ष । – **पक्षीय–** वि० १. दुईतिरको; दुईतर्फी वा दुई पक्ष भएको । २. दुवै पक्षसित सम्बन्ध भएको । ~ **मध्यस्थ–** वि० दुई थरीका बीचमा रहेर काम गर्ने (बिहेको लमी, कुराकानीको दोभासे इ०) । – **मुखी–** वि० १. दुईतिर मुख हुने; दुई मुख हुने; दुईमुखे । २. दुईतिर हेर्ने । ३. दुईतिर आशा गर्ने । – **लिङ्गी–** वि० १. व्याकरणमा दुवै लिङ्गमा प्रयोग हुने; स्त्रीलिङ्ग र पुलिङ्ग नछुट्टिने । २. स्त्री र पुरुष दुवैको चिह्न भएको । ~ **सङ्कट–** ना० काम गरे पनि, नगरे पनि आइपर्ने सङ्कट; धर्मसङ्कट । > **उभयार्थी–** वि० दुई अर्थ लाग्ने (शब्द वा वाक्य) । **उभयालङ्कार–** ना० शब्द र अर्थ दुवैमा भएको अलङ्कार ।

**उभाइ–** ना० [√ **उभाउ** (+आइ)] उभाउने क्रिया वा प्रक्रिया । [ > ] **उभाइनु–** क० क्रि० उभाउने काम गरिनु ।

**उभाउ–नु–** स० क्रि० [उबाउ+नु] उबाउनु ।

**उभाड्–नु–** स० क्रि० [सं० उद्भरण] उत्तेजित पार्नु; भड्काउनु; उकास्नु । > **उभाडाइ–** ना० उभाड्ने क्रिया वा प्रक्रिया । **उभाडिनु–** क० क्रि० उभाड्ने काम गरिनु ।

**उभार्–नु–** स० क्रि० [उबार+नु] हे० उबार्नु । > **उभार–** ना० उबार । **उभाराइ–** ना० उभार्ने क्रिया वा प्रक्रिया । **उभारिनु–** क० क्रि० उभार्ने काम गरिनु । **उभारु–** वि० उबारु ।

**उभिनु–** अ० क्रि० [प्रा० उब्भ + नु] १. खडा हुनु; ठडिनु । २. उठ्नु; ठिङ्गिनु ।

**उभिन्डिनु–** अ० क्रि० [उभिन्डो+इ+नु] टाउको तल र खुट्टा माथि पर्नु; उभिन्डो हुनु; उँधमुन्टिनु ।

**उभिन्डो–** वि० [सं० उद्मुण्डक > प्रा० उभ्भिण्ण्य] १. टाउको वा मुख मुन्तिर परेको; घोप्टो परेको । २. उल्टो । ~ **कोटेरो–** ना० १. सिमलजस्ता अग्ला रूखका हाँगामा तलैतला वा कोठैकोठा भएको उभिन्डो गुँड बनाउने चरो; तोपचरो; दमाईचरो; बगेडी । २. गोडा र टाउको जथाभाबी पारी सुतेको मान्छे । ३. उल्टो काम गर्ने वा कोग्ल्याँटो बुद्धिको मान्छे ।

**उभिन्ड्याइ–** ना० [√ **उभिन्डि** (+याइ)] उभिन्डिने क्रिया वा प्रक्रिया । [ > ] **उभिन्ड्याइनु–** क० क्रि० उभिन्डो पारिनु । **उभिन्ड्याउनु–** प्रे० क्रि० उभिन्डो पार्नु वा पार्न लगाउनु; उभिन्डिने पार्नु ।

**उभेटो–** ना० [उभाउ+एटो] केही कुरो ढल्न नदिन आश्रयका रूपमा ठाडो किसिमले राखिएको टेवा (थाम, बाँस, घोचो इ०) ।

**उभ्याइ–** ना० [√ **उभि** (+याइ)] उभिने क्रिया वा प्रक्रिया । [ > ] **उभ्याइनु–** क० क्रि० उभ्याउने काम गरिनु । **उभ्याउनु–** प्रे० क्रि० १. उभिने पार्नु; उभिन लाउनु । २. ठड्याउनु; ठाडो पार्नु ।

**उम्–नु–** अ० क्रि० [उम+नु] उँग्नु; उङ्नु ।

**उम–** ना० [प्रा० उङ्ख] उङ; उँघ ।

**उमङ्ग–** ना० [सं०] कुनै इच्छा लागेको काम गर्नलाई मनमा उब्जेको उत्साह; उल्लास; मनको उद्वेग; फुर्ती; तत्परता । – **शील–** वि० उमङ्ग भएको; उत्साही; फुर्तिलो ।

**उमठ्–नु–** अ० क्रि० [प्रा० उम्मत्थ+नु] भित्रको वस्तु कुनै विकारद्वारा हुँडलिनु; पेटका आन्द्रा उमेठिनु; मडारिनु; बटारिनु । > **उमठाइ–** ना० उमठ्ने क्रिया वा प्रक्रिया । **उमठाइनु–** क० क्रि० उमठ्ने पारिनु । **उमठाउनु–** प्रे० क्रि० उमठ्ने पार्नु । **उमठिनु–** अ० क्रि० उमठ्ने होइनु वा हुनु ।

**उमराउ ⁄ उमराव–** ना० [अ० उमराव] १. अमिर; धनीमानी । २. भाइभारदार ।

**उमर्क-नु**– अ० क्रि० [उमर्को+नु] उमर्कोद्वारा सास रोक्नु; निसासिलो हुनु । > **उमर्काइ**– ना० उमर्कने क्रिया वा प्रक्रिया । **उमर्काइनु**– अ० क्रि० उमर्कने पारिनु । **उमर्काउनु**– प्रे० क्रि० उमर्कन लाउनु । **उमर्किनु**– अ० क्रि० सास रोकिनु; निसासिनु; उमर्कनु ।

**उमर्को**– ना० [सं० उष्म+को] सासको रोकाहट; निसासिने क्रिया ।

**उमा**– ना० [सं०] महादेवकी पत्नी वा शक्ति; दुर्गा; पार्वती ।

**उमाइ**– ना० [√ **उम्** (+आइ)] उम्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **उमाइनु**– क० क्रि० उम्ने पारिनु; उम्न लाइनु; उँगाइनु । **उमाउनु**– प्रे० क्रि० उम्ने पार्नु; उम्न लाउनु ।

**उमापति**– ना० [सं०] महादेव ।

**उमार्-नु**– प्रे० क्रि० [सं० अङ्कुर ?] उम्रने पार्नु; उम्रन लगाउनु । > **उमार**– ना० १. उम्रने क्रिया वा प्रक्रिया । २. उम्राइको छिमल (उदा०– एकै उमारमा बारी हरियै भएछ ।) । **उमाराइ**– ना० उमार्ने क्रिया वा प्रक्रिया । **उमारिनु**– क० क्रि० उमार्ने काम गरिनु; उम्रने पारिनु ।

**उमाल्-नु**– प्रे० क्रि० [प्रा० उण्ह+ल्नु] उम्लने पार्नु; उम्लन लाउनु; उम्लाउनु । > **उमाल**– ना० १. उम्लने क्रिया; उम्लाइ । २. दूध, तेल आदि उम्लँदाखेरि उठेको भुल्को । **उमालिनु**– क० क्रि० उमाल्ने काम गरिनु; उम्लने पारिनु ।

**उमिनु**– अ० क्रि० [उम्+इ+नु] उम्ने होइनु; उँगिनु; उङिनु ।

**उमेठ्-नु**– अ० क्रि० [उमठ्+नु] हे० उमठ्नु । > **उमेठाइ**– ना० उमेठ्ने भाव, क्रिया वा प्रक्रिया । **उमेठाइनु**– अ० क्रि० उमठिने पारिनु । **उमेठिनु**– अ० क्रि० उमठिने होइनु ।

**उमेद**– ना० [फा० उम्मेद] हे० उम्मेद । **– वार**– वि० उम्मेदवार । **– वारी**– ना० उम्मेदवारी ।

**उमेर**– ना० [अ० उम्र] १. आफ्नो जन्मदेखि वर्तमान अवस्था-सम्मको समयको योग । २. जीवनको कुनै पनि अवस्था (बाल्य-काल, यौवन, वार्धक्य इ०) । ३. तरुणावस्था; बैंस । **– दार**– वि० १. पाको उमेरको; हुर्किएको । २.तन्नेरी; बैंसालु । **– दारी**– ना० १. उमेर बाँकी नै रहेको व्यक्ति; तन्नेरी; पट्ठो । वि० २. भर्खरको उमेरको; पट्ठो ।

**उम्क-नु**– अ० क्रि० [सं० उन्मुक्त] १. बन्धनबाट मुक्त हुनु; छुट्नु । २. कुनै खतरा वा सकसिलो परिस्थितिबाट बच्नु; जोगिनु । ३. खुल्नु; खुस्कनु । ४. भाग्नु; फुत्कनु । ५. कामबाट छुटकारा पाउनु । > **उम्काइ**– ना० उम्कने क्रिया वा प्रक्रिया । **उम्काइनु**– क० क्रि० उम्कने पारिनु; उम्कन लगाइनु । **उम्काउनु**– प्रे० क्रि० उम्कने गराउनु; फुत्काउनु । **उम्किनु**– अ० क्रि० १. उम्कनु । २. उम्कने होइनु । **उम्क्याइ**– ना० उम्किने क्रिया वा प्रक्रिया; उम्काइ ।

**उम्ट-नु**– स० क्रि० [उइँटो+नु] ज्यापु झार्नका निम्ति उइँटोद्वारा रुवा पेल्नु । > **उम्टाइ**– ना० उम्टने क्रिया वा प्रक्रिया । **उम्टाइनु**– क० क्रि० उम्टने पारिनु; उम्टन लगाइनु । **उम्टाउनु**– प्रे० क्रि० उम्टने पार्नु; उम्टन लगाउनु ।

**उम्त्ति-नु**– अ० क्रि० [सं० उन्मत्त] उन्मत्त हुनु; मात्तिनु; उम्लिनु । > **उम्त्याइँ**– ना० उम्तिने क्रिया वा प्रक्रिया । **उम्त्याइनु**– क० क्रि० उम्तिने पारिनु । **उम्त्याउनु**– प्रे० क्रि० उम्तिने पार्नु । **उम्त्याहट**– ना० उम्तिने क्रिया वा प्रक्रिया । **उम्त्याहा**– वि० उम्तिने स्वभावको; अहमत्याइँ लागेको ।

**उम्दा**– वि० [अ० उम्द] उत्तम; बेस ।

**उम्मेद**– ना० [फा० उम्मीद] आशा; भरोसा; इच्छा । **– वार**– वि० १. उमेद राख्ने; आशाकारी । ना० २. कुनै नोकरी वा विद्या हासिल गर्ने अवसर पाउने आशा राख्ने व्यक्ति । ३. कुनै पदमा रोजिनाका निम्ति आवेदन दिने व्यक्ति; प्रत्याशी । **– वारी**– ना० १. उम्मेदवार हुनाको क्रिया वा प्रक्रिया । २. आशा; आसरा । ३. पद वा सेवाको लागि औपचारिक रूपमा खडा हुने कार्य । ४. उम्मेदवारको दायित्व ।

**उम्र-नु**– अ० क्रि० [सं० अङ्कुरण] १. बीजबाट टुसा आउनु; टुसा निस्कनु; अङ्कुराउनु । २. बोटबिरुवा आदि पैदा हुनु; उब्जनु । ३. मनमा विचार उत्पन्न हुनु । > **उम्राइ**– ना० उम्रने क्रिया वा प्रक्रिया । **उम्राइनु**– क० क्रि० उम्रने पारिनु । **उम्राउनु**– प्रे० क्रि० उम्रन वा उमार्न लगाउनु; उम्रने पार्नु । **उम्रिनु**– अ० क्रि० १. हे० उम्रनु । २. उम्रने होइनु ।

**उम्ल-नु**– अ० क्रि० [सं० उष्म+ल+नु] धेरै तातोले गर्दा झोलिलो पदार्थ फीँज तथा बाफसहित भएर माथि उठ्नु; छड्कनु । > **उम्लाइ**– ना० उम्लने क्रिया वा प्रक्रिया । **उम्लिनु**– अ० क्रि० उम्लनु । **उम्लाउनु**– प्रे० क्रि० १. उम्लन लगाउनु; उम्लने पार्नु । २. उमाल्नु । **उम्ल्याइ**– ना० उम्लिने क्रिया वा प्रक्रिया; उम्लाइ । **उम्ल्याहट**– ना० उम्लिने क्रिया वा प्रक्रिया; उम्ल्याइ; उम्लाइ ।

**उरःपीडा**– ना० [सं०] छाती दुख्ने क्रिया; छातीको दुखाइ; पेटदुखाइ ।

**उर**– ना० [सं० उरस्] छाती; वक्षस्थल । **– क्षत**– ना० १. कुनै कारणबाट फोक्सामा परेको प्वाल । २. श्वास निकाल्न छातीमा बनाइने प्वाल । **– ग**– ना० छातीले घस्रेर हिँड्ने जीव । ~ **चिकित्सा**– ना० छातीका रोगको उपचार । ~ **चिकित्सालय**– ना० छातीका रोगको उपचार गर्ने अस्पताल (चेस्ट क्लिनिक) । **– छेदन**– ना० मुटु, फोक्सो र ग्रासनलीको शल्यक्रिया गर्न छातीको सतहमा प्वाल पार्ने काम वा प्रणाली ।

**उरन्ठेउला उरन्ठेउली**– वि० [उरन्ठेउलो+उरन्ठेउली] बढ्ता चकचक गर्ने; आलाकाँचा; बुद्धि नछिप्पिएका (केटाकेटी) ।

**उरन्ठेउली**– वि० [उरन्ठेउलो+ई] आलीकाँची; अति चकचके; बुद्धि नछिप्पिएकी ।

**उरन्ठेउलो/उरन्ठ्याउलो**– वि० [उल्लु+ठेउलो] बढ्ता चकचके भई नचाहिँदो काम गर्ने स्वभावको; उटपटचाङ्गे; बुद्धि नछिप्पिएको; आलोकाँचो ।

**उरमुट्ट**– वि० [उग्रमुष्ठ] १. सफासँग नचिनिने; घुमैलो । २. कुनै चीज कुनै भाँडामा कसिलोसँग खाँदिएको; अरमट्ट परेको । ३.

ज्यादै डोलो र खँदिलो ।

**उरस्त्राण–** ना० [सं०] युद्धमा छातीको बचाउ गर्न लगाइने वस्तु; कवच ।

**उराठ–** ना० नरमाइलोपन; दिक्दारी; विरक्ति । > **उराठिनु–** अ० क्रि० उदास हुनु वा उराठ लाग्नु । **उराठिलो–** वि० उराठ लाग्ने; दिक्दार लाग्ने; नरमाइलो लाग्ने । **उराठे–** वि० १. उदास । २. उराठिलो ।

**उराल्-नु–** स० क्रि० [सं० उर्रल्लक] १. आकाशतिर फ्याँक्नु; उफार्नु । २. पुलपुल्याउनु; मत्त्याउनु । ३. बहकाउनु । > **उरालाइ–** ना० उराल्ने क्रिया वा प्रक्रिया । **उरालिनु** – क० क्रि० उराल्ने काम गरिनु ।

**उराल–** ना० [सं० उर्रल्ल] आकाशतिर हुत्त्याउने क्रिया; माथितिर हुर्‍याउने क्रिया । – **धुराल–** ना० उराल्ने र छर्ने काम; चम्काउने र धुरा पस्ने काम । – **पाँजे–** वि० १. धान रोप्ता एक पाँजो बीउ माथितिर हुत्त्याई त्यो माथिबाट खसिनसक्तै आफ्ना हातको बीउ रोपिसक्ने; असाढे छिटो खेत रोप्न जान्ने । २. छिटो; छरितो ।

**उरिलो–** ना० तिलको जस्तो मसिनो पात भई पहेँलो फूल फुल्ने एक प्रकारको झार ।

**उरुङ–** ना० [सं० उरु] थुप्रो; रास; थाक; चाङ । ~**खात–** वि० १. धेरै; प्रशस्त । क्रि० वि० २. धेरै ।

**उरोज–** ना० [सं०] छातीमा हुने विशेष किसिमका अङ्ग; स्तन; कुच; दूध ।

**उर्गल–** ना० [सं० उद्गल] चिउरा, धान आदि कुट्ने काठको ओखल ।

**उर्दी–** ना० [अ० वर्दी] निश्चित कामका लागि सार्वजनिक रूपमा दिइएको अधिकारीको आज्ञा; आदेश । ~**पोसाक–** ना० कार्यालय आदिको औपचारिक पोसाक ।

**उर्दु–** ना० [तु० उर्दू] अधिक मात्रामा अरबी अनि कम मात्रामा फारसी र तुर्केली भाषाका शब्द मिसिएको, फारसी लिपिमा लेखिने एक भाषा ।

**उर्दू–** ना० हे० उर्दु ।

**उर्नी–** ना० [धि०] एउटा मात्र तारको धागो हुने र रेटेर बजाइने एक खालको बाजा; एकतारे बाजा ।

**उर्फ–** संयो० [अ०] हे० अथवा ।

**उर्लंदो–** वि० [उर्ल+दो] उर्लिरहेको ।

**उर्ल-नु–** अ० क्रि० [सं० उद्रोहण] १. नदी, नाला, खोला आदिमा छाल उठ्नु; तरङ्ग आउनु; बाढी आउनु; खोला बढ्नु । २. मात्तिनु; उन्मत्त हुनु; बढ्ता हुनु । ३. बम्कनु; जङ्गिनु । > **उर्लाइ–** ना० उर्लने क्रिया वा प्रक्रिया । **उर्लाइनु–** क० क्रि० उर्लने पारिनु । **उर्लाउनु–** प्रे० क्रि० उर्लने पार्नु । **उर्लाहट–** ना० उर्लने क्रिया वा प्रक्रिया । **उर्लिंदो–** वि० उर्लने खालको; उर्लने; बेगिलो । **उर्ल्याइँ–** उर्लिने क्रिया वा प्रक्रिया; उर्लाइ । **उर्ल्याहट–** ना० उर्लिने क्रिया वा प्रक्रिया; उर्ल्याइँ ।

**उर्वर–** ना० [सं०] धेरै उब्जनी हुने; धेरै कुरा वा वस्तु निस्कन सक्ने; उब्जाउ । – **क–** वि० १. उर्वर गराउने; मलिलो तुल्याउने । ना० २. माटाको उर्वराशक्ति बढाउनका निम्ति खेतमा प्रयोग गरिने वस्तु; मल । ~**क्षमता–** ना० भूमिलाई उर्वर तुल्याउने शक्ति; मलिलो पार्ने सामर्थ्य । – **ता–** ना० १. उर्वरपना; मलिलोपना । २. जन्माउन वा उमार्न सक्ने गुण वा क्षमता ।

**उर्वरा–** ना० [सं०] १. धेरै उब्जाउ हुने भूमि; उब्जाउ जग्गा । वि० २. हे० उर्वर ।

**उर्वशी–** ना० [सं०] एक प्रसिद्ध अप्सरा; वसिष्ठ र अगस्त्यकी आमा ।

**उर्वी–** ना० [सं०] १. पृथ्वी । २. विस्तृत भूमि; मैदान ।

**उलटपलट/उलटपुलट–** ना० [उल्ट+पल्ट] १. ठूलो परिवर्तन; हेरफेर; अदलीबदली । २. अव्यवस्था; गोलमाल । ३. परिवर्तन ।

**उलटफेर–** ना० [उल्ट+फेर] उलटपुलट ।

**उलामाला–** ना० [√ उल्याउनु] अर्काको लैलै; होहोरे ।

**उलिनी–** ना० [सं० उर्ण+?] आगो पार्न प्रयोग गरिने धार नभएको कर्द; चकमक ।

**उलिन्काठ–** ना० [अङ्० वेइङ-कट] छत नभएको, कसैलाई बसाएर दुईतिरबाट दुई वा तीन जनाले बोकी लैजान हुने सवारी साधन; तामदान; ओलिन्काठ ।

**उलूक–** ना० [सं०] उल्लू चरो; लाटोकोसेरो ।

**उलेली–** ना० [सं० उल्लोल] विशेष गरी यौवन वा कामवासनाको उत्तेजना; यौनेच्छा; कामेच्छा ।

**उल्कनु–** अ० क्रि० [सं० उल्का+नु] १. उल्काझैँ नराम्रो परिणाम देखाउने काम हुनु । २. छिहिलिनु; जिस्कनु; इत्तरिनु । ३. लाजभाँड बोल्नु ।

**उल्का–** ना० [सं०] १. कुनै बेला रातमा आकाशबाट खस्न लागेको वा एक दिशातिर गइरहेको देखिने तेजःपुञ्ज; धूमकेतु । २. आकस्मिक रूपमा हुने उत्पात; अचानक आइपरेको उपद्रो । ३. अगुल्टो; बल्दो दाउरो ।

**उल्काइ–** ना० [√ **उल्क**(+आइ)] उल्कने क्रिया वा प्रक्रिया । [>] **उल्काइनु–** क० क्रि० उल्कने पारिनु; उल्कन लाइनु । **उल्काउनु–** प्रे० क्रि० १. उल्कने पार्नु; उल्कन लाउनु । २. उल्लीबिल्ली पार्नु ।

**उल्कामुख–** ना० [सं०] १. एक प्रकारको राँकेभूत; राँकेभूत । २. स्याल ।

**उल्काहट–** ना० [उल्काउ+आहट] उल्कने तथा उल्काउने क्रिया वा प्रक्रिया ।

**उल्कि-नु–** अ० क्रि० [उल्क+इ+नु] १. हे० उल्कनु । २. उल्कने होइनु । > **उल्की–** ना० उल्क्याइँ । **उल्क्याइँ–** ना० उल्किने क्रिया वा प्रक्रिया । **उल्क्याइनु–** क० क्रि० उल्किने पारिनु; उल्किन लगाइनु । **उल्क्याउनु–** प्रे० क्रि० उल्किने पार्नु; उल्किन

लगाउनु । **उल्क्याहट–** ना० उल्किने अथवा उल्काउने क्रिया वा प्रक्रिया । **उल्क्याहा–** वि० उल्किने स्वभावको; उल्कीमा लाग्ने ।

**उल्छि-नु–** अ० क्रि० [तुल० हि० हिलक = बोक्रा] कुनै फलफूल आदिको बोक्रा छोडिनु; बोक्रा नङ्गिनु । > **उल्छ्याइ–** ना० उल्छिने क्रिया वा प्रक्रिया । **उल्छ्याइनु–** अ० क्रि० उल्छिने होइनु । **उल्छ्याउनु–** प्रे० क्रि० उल्छिने पार्नु ।

**उल्झ-नु–** स० क्रि० [प्रा० उल्झलिअ] १. पानी, अनाज आदि अँजुली वा भाँडाले उघाउँदै फाल्ने काम गर्नु; हुत्त्याउनु । २. बेकाममा वा नचाहिँदो रूपमा खर्च गर्नु । अ० क्रि० ३. झन्झटमा फस्नु । > **उल्झन–** ना० उल्झने स्थिति वा प्रक्रिया । **उल्झाइ–** ना० उल्झने क्रिया वा प्रक्रिया । **उल्झाइनु–** क० क्रि० उल्झने पारिनु; उल्झन लगाइनु । **उल्झाउनु–** स० क्रि० कुनै वस्तु हातले वा कुनै साधनले हुत्त्याउने काम गर्नु । **उल्झाहट–** ना० उल्झने क्रिया वा प्रक्रिया । **उल्झिनु–** क० क्रि० उल्झने काम गरिनु ।

**उल्ट-नु–** अ० क्रि० [सं० उल्लोटन] १. उल्टो हुनु; पल्टनु । २. एक पटक बाली भइसकेका गाईभैँसीले पुनः बहर वा राँगो खोज्नु । ३. एक अड्डाले गरेका कुनै मुद्दाको फैसलाको विरुद्ध माथिल्लो अड्डाबाट फैसला हुनु; बदर हुनु । स० क्रि० ४. पानी नहालीकन फुको भुस, खरानी आदिले भाँडा साफ गर्नु; उड्कनु । ५. फिँजिएको वा छरिएको बिस्कुन थुप्र्याउनु । ६. फर्काउनु; उल्टो पार्नु । > **उल्टाइ–** ना० उल्टिने भाव, क्रिया वा प्रक्रिया । **उल्टाइनु–** क० क्रि० उल्टने पारिनु; उल्टन लगाइनु । **उल्टाइ-पल्टाइ–** ना० राम्ररी गरिने हेरफेर; उल्टापाल्टी । **उल्टाउनु–** प्रे० क्रि० १. उल्टो पार्नु । २. बदर वा खारेज गराउनु अथवा गर्न लगाउनु ।

**उल्टापाल्टा/उल्टापाल्टी/उल्टापुल्टा–** ना० [उल्टो (द्वि०)+ पाल्टा/पाल्टी/पुल्टा ] १. उलटपलट; हेरफेर; अदलीबदली । २. साटफेर; सट्टापट्टा । वि० ३. विनाक्रमको; जथाभावी ।

**उल्टिनु–** अ० क्रि० [उल्ट+इ+नु] १. उल्टनु । २. उल्टने होइनु ।

**उल्टी–** ना० [उल्ट+ई] १. घिन वा दिगमिगले गर्दा वा कुनै समयमा मुखतिरैबाट फर्किएको खाएको अन्न । २. त्यसरी अन्न फर्कने प्रक्रिया; वमन; बान्ता; छाद । ३. उल्टो । ~**कोट–** ना० १. बोल-तुरुपमा विपक्षीले सबै प्वाइन्ट खाएमा हुने, तासको एक खेल वा दाउ । २. उल्टो पारेर लगाउन हुने कोट । ~ **म्याद–** ना० अदालतमा परेका मुद्दा छिनिएपछि हरुवाले हारेको सो मुद्दा उल्टाउनलाई माथिल्लो अदालतमा दायर गर्न तोकिएको समय ।

**उल्टो–** वि० [उल्ट+ओ] १. सामान्य गुण, अनुभव, धारणा र मान्यतासँग नमिल्ने; सुल्टोको विपरीत; बिल्लैँटो । २. उल्टो स्वभावको; अधबेस्रो; वाममार्गी । ~**चक्रवात–** ना० जुन दिशा भएर बहनुपर्ने हो सो नभई उल्टो दिशातिर बहने खालको वायुको गति; भुमरी; हुन्डरी । – **पाल्टो–** ना० हे० उल्टापाल्टा; उल्टापाल्टी । ~ **सुल्टो–** वि० मनपरी; जथानाम । ~**चपत–** ना० दोचन्डा; नोक्सानी ।

**उल्था–** ना० [उल्टा] एक भाषामा लेखिएको वा भनिएको कुरा वा लेख अर्को भाषामा लेख्ने वा भन्ने काम; अनुवाद । > **उल्थिनु–** अ० क्रि० उल्था हुनु; अनूदित हुनु । **उल्थ्याइ–** ना० उल्थिने भाव, क्रिया वा प्रक्रिया । **उल्थ्याइनु–** क० क्रि० उल्था गरिनु; उल्थिन लाइनु । **उल्थ्याउनु–** स० क्रि०/प्रे० क्रि० उल्था गर्नु; उल्थिने पार्नु ।

**उल्फत/उल्फा–** वि० [सं०] १. नचाहिँदो; फजुल; अनावश्यक । ना० २. नचाहिँदो काम-कारबाई । ३. फोकटको वस्तु ।

**उल्लङ्घन–** ना० [सं०] १. नाघ्ने वा फड्कने क्रिया । २. मर्यादाको त्याग; नियमको अवहेलना । > **उल्लङ्घनीय/उल्लङ्घ्य–** वि० उल्लङ्घन गर्न लायक ।

**उल्लसित–** वि० [सं०] उल्लासमय; प्रसन्न ।

**उल्लास–** ना० [सं०] १. आनन्द; हर्ष । २. प्रकाश; चमक । ३. ग्रन्थको विभाग; अध्याय । ४. एउटाको गुण वा दोष अर्कामा गुण वा दोष हुन जाने एक काव्यालङ्कार । > **उल्लासक–** वि० उल्लास दिने । **उल्लासित–** वि० उल्लास दिलाइएको; उल्लसित पारिएको । **उल्लासी–** वि० उल्लासपूर्ण (व्यक्ति इ०) ।

**उल्लि-नु–** अ० क्रि० [उल्लू+इ+नु] १. जिस्किनु; गिजिनु । २. उल्लू बन्नु; मूर्ख बन्नु ।

**उल्लिखित–** वि० [सं०] १. उल्लेख गरिएको; पूर्वोक्त । २. लेखिएको; खोपिएको; कपिएको; उत्कीर्ण । ३. चित्र वा तस्बिर लेखिएको; चित्रित; अङ्कित । ४. सान गरिएको; इङ्गित ।

**उल्लीबिल्ली–** ना० [उल्लि (द्वि०)] १. मर्म पर्ने वा पुऱ्याउने किसिमको ठट्टा; घोचपेचको दिल्लगी; छनक हानेर गरिएको ख्यालठट्टा । २. हाँसोमा उडाएर जिल्ल पार्ने व्यङ्ग्य ।

**उल्लु–** ना० [सं० उलूक] १. लाटोकोसेरो वा भुल्का । वि० २. निर्बुद्धि; मूर्ख, बेकुफ । ३. उरन्ठेउलो; बदमास; सिल्ली ।

**उल्लू–** ना० हे० उल्लु ।

**उल्लेख–** ना० [सं०] १. कुनै कुरा, विचार आदि लेखको रूपमा ल्याउने वा लेख्ने क्रिया । २. लिखत; लेख । ३. विवरण; वर्णन; उद्धरण; चर्चा; प्रसङ्ग । ४. एउटै व्यक्तिलाई धेरैले अनेक प्रकारका नाताले वा धेरैले एउटै नाताले उल्लेख गरेमा पर्ने एक अर्थालङ्कार । > **उल्लेखनीय–** वि० उल्लेख गर्न योग्य ।

**उल्लोल–** ना० [सं०] १. छाल; लहर; तरङ्ग । वि० २. चञ्चल; अस्थिर; लल्याकलुलुक हुने ।

**उल्ल्याइँ–** ना० [उल्लु+याइँ] १. उल्लूमा हुने गुण; उल्लूपना । २. हलुङ्गो ठट्टा; सिल्ल्याइँ ।

**उल्ल्याइ–** ना० [ √ **उल्ल्याउ** (+आइ)] उल्लिने भाव, क्रिया वा प्रक्रिया । [>] **उल्ल्याइनु–** क० क्रि० उल्लिने पारिनु; उल्लिन लाउनु ।

**उल्ल्याउनु–** प्रे० क्रि० [उल्लि+आउ+नु] १. उल्लिने पार्नु; उल्लिन

लगाउनु । २. उल्लीबिल्ली पार्नु; मूर्ख तुल्याउनु । > **उल्ल्याहट–** ना० उल्लिने क्रिया वा प्रक्रिया; उल्लूपना ।

**उवा–** ना० हिमालतिर हुने एक प्रसिद्ध अन्न ।

**उशीर–** ना० [सं०] जरो सुगन्धित हुने कुशका जातको घाँस; खसखसको बोट ।

**उष** (:)– ना० [सं०] उषा; प्रभात । – **काल–** ना० बिहानीपखको समय; अरुणोदयभन्दा पहिलेको समय । ~ **पाषाण–** ना० प्रागैतिहासिक पुरातत्त्वविद् बेन्जामिन हेरिसनले जम्मा गरेका पाषाण उपकरण ।

**उषा–** ना० [सं०] १. अरुणोदय हुने बेला; भिसमिसे उज्यालो; प्रभात; उषःकाल । २. अरुणोदयको आकाशको लाली । ३. वाणासुरकी छोरी । ~ **काल–** ना० मिरमिरे बिहानी; उषःकाल । > **उषाश्मयुग–** ना० आजभन्दा सात करोड वर्षपहिले प्रारम्भ भएको युग; स्तनपायी प्राणीको सृष्टि प्रारम्भ भएको युग ।

**उष्ट्र–** ना० [सं०] उँट ।

**उष्ण–** वि० [सं०] १. धेरै तातो; अति गरम; तप्त । ना० २. गर्मी; घाम । ३. राप । ४. ग्रीष्म ऋतु । ~ **कटिबन्ध–** ना० भूगोलका कर्कट र मकररेखाहरूका बीचमा पर्ने ज्यादै गर्मी हुने भाग । ~ **प्रदेश–** ना० गर्मी हुने भाग वा क्षेत्र; गर्मी मुलुक । > **उष्णोत्स–** ना० धरातलका छिद्रबाट जोडसँग निस्कने तातो पानीको फोहोरा ।

**उष्म–** ना० [सं०] १. गर्मीको समय; ग्रीष्म ऋतु । २. गर्मी; ताप । ३. गरम मिजास । ४. सकारको साथमा उच्चरित हुने (श, ष स इ०)। > **उष्मज–** ना० गर्मीको समयमा वा गर्मीबाट पैदा हुने कीरो । **उष्मीभवन–** ना० शब्दका अनुष्म ध्वनिहरू उष्म ध्वनिमा परिवर्तन हुने प्रक्रिया (जस्तो – माथितिर > मास्तिर) ।

**उस्–** वि० बो० १. कुनै काम गर्न भिँजो वा पटचार लाग्दा मुखबाट निस्कने आवाज । २. अर्काले भनेका कुरालाई मन नपराएको जनाउने शब्द ।

**उस–** सर्व० [प्रा० अवैहच > भा० इ० अवस्य] विभक्ति लाग्दा हुने 'ऊ'को तिर्यक् रूप (जस्तै – उसले, उसलाई इ०) ।

**उसर–** ना० [सं० ऊषर] १. नुनिलो माटो भएको जमिन । २. बोटबिरुवाहरू केही नउम्रने जमिन; बाँझो जग्गा; ऊषर ।

**उसरी–** क्रि० वि० [उसो+गरी] उसो गरी; त्यसरी ।

**उसिन्–नु–** स० क्रि० [सं० उष्णायन] अनाज, फल, मासु आदिलाई पानी हालेर पकाउनु; गुम्स्याउनु; उमाल्नु; बफाउनु । > **उसिनपसिन–** ना० हे० असिनपसिन । **उसिनपासिन–** ना० १. पकाउने, पस्कने आदि भान्साको काम । २. इच्छा नहुँदा नहुँदै पनि करबलले पकाई पस्की खान दिने क्रिया । **उसिना–** वि० १. उसिनेको; बफाएको । ना० २. उसिनेको धान वा त्यस्तो धानको चामल । **उसिनाइ–** ना० उसिन्ने भाव, क्रिया वा प्रक्रिया । **उसिनाहा/उसिनुवा–** वि०/ना० उसिना ।

**उसिसनिसिस–** क्रि० वि० [सं० उच्छ्वास+निःश्वास] १. हावा बन्द हुँदा वा ज्यादा घन्चमन्च हुँदा गर्मी भई सास फेर्न असजिलो हुने किसिमले वा निसासिने गरी; उकुसमुकुस । २. ना० त्यसरी असजिलो हुने वा निसासिने स्थिति ।

**उसै–** क्रि० वि० [उसो+ऐ] १. उसो नै, त्यसै । २. विनाकामले; काम नभईकन । ३. पैसा वा मोल नतिरीकनै ।

**उसो–** वि० [उस+ओ] ऊजस्तो; उस्तो ।

**उस्ताद–** ना० [अ०] १. सङ्गीत, नृत्य आदिको गुरु । २. गवैया । वि० ३. काम गर्न सिपालु; निपुण; पोख्त । ४. धूर्त । > **उस्तादी–** ना० उस्तादमा रहेको गुण वा दायित्व ।

**उस्तै–** वि० [उस्तो+ऐ] उस्तो नै, ऊजस्तै; त्यस्तै ।

**उस्तो–** वि० [उ+जस्तो] १. ऊजस्तो; त्यस्तो । क्रि० वि० २. त्यत्तिको; प्रायः; त्यति धेर ।

**उहाँ–** सर्व० [ऊ+हाँ] १. 'ऊ'-को सम्मानसूचक शब्द; मान्य जनलाई सङ्केत गर्दा भनिने शब्द । क्रि० वि० २. त्यहाँ; त्यस ठाउँमा; वहाँ ।

**उहिले–** क्रि० वि०[ऊ+हिले] धेरै वर्षपहिले; प्राचीन कालमा; अघि नै । > **उहिल्यै–** क्रि० वि० उहिले नै; पहिले नै ।

**उहीँ–** अव्य० [उहाँ+नै] १. उहाँ नै; त्यहाँ नै । सर्व० २. उहाँ नै ।

**उही–** सर्व० [ऊ+ई] ऊ नै; त्यही ।

**उहुँ–** वि० बो० १. अस्वीकार वा निषेध बुझाउने शब्द; अहँ । २. कुनै पीडा, स्वाङ, नक्कल इ० बुझाउँदा प्रयोग गरिने शब्द ।

**उहु–** वि० बो० असहच पीडा वा दुःख हुँदा मुखबाट निस्कने शब्द । (उदा०– उहु, मेरो पेट साह्रै दुख्यो !) ।

# ऊ

**ऊ१**– देवनागरी वर्णमालाको स्वरवर्णमध्ये छैटौँ स्वरवर्ण; परम्परागत रूपमा ओष्ठस्थानबाट उच्चारण हुने, दीर्घ स्वर मानिएको र भाषाविज्ञानअनुसार पश्च र बन्दसमेत मानिएको दीर्घ स्वर; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**ऊ२**– सर्व० [सं० अदस्] १. प्रथम पुरुषको एकवचन बुझाउने शब्द; त्यो । २. टाढाको वस्तुलाई औँल्याएर वा तोकेर देखाउँदा भनिने शब्द ।

**ऊँचनीच**– ना० [सं० उच्च+नीच] हे० उचनिच ।

**ऊँचाइ**– ना० [ऊँचो+आइ] हे० उचाइ ।

**ऊँचो**– वि० [सं० उच्च] हे० उचो ।

**ऊँट**– ना० [सं० उष्ट्र] हे० उँट ।

**ऊकार**– ना० [सं०] १. 'ऊ' अक्षर । २. उकारको दीर्घ रूप ( ू ) ।

**ऊ जुनी**– ना० [उ+सं० योनि] १. पूर्वजन्म । २. मरेपछि फेरि हुने जन्म ।

**ऊढ**– वि० [सं०] १. बिहा भएको; विवाहित । २. स्वास्नी पाल्ने अभिभारा बोकेको । > **ऊढा**– वि० बिहा भएकी; विवाहिता ।

**ऊद**– ना० हे० उद ।

**ऊन**– ना० हे० उन । > **ऊनी**– ना० हे० उनी ।

**ऊरु**– ना० [सं०] तिघ्रा । > **ऊरुज**– वि० १. जाँघबाट उत्पन्न भएको । ना० २. परम्परित वार्णाश्रमको धारणाअनुसार भगवान्को जाँघबाट जन्मेको भनिने वैश्यजाति । ~ **स्तम्भ**– ना० गोडा कक्रिने वा जकडिने एक रोग; वातरोगको एक भेद ।

**ऊर्ज**– ना० [सं०] १. आत्मबल; आत्मशक्ति; प्राण; हिम्मत । – > **ऊर्जस्वल / ऊर्जस्वी**– वि० १. बलवान्; शक्तिशाली । २. प्राणवान् । ३. हिम्मत भएको ।

**ऊर्जा**– ना० [सं०] १. बल; शक्ति । २. भोजन । ३. सास; श्वास । ४. उत्साह । ५. कुनै वस्तुले उत्पन्न गर्न सक्ने सम्पूर्ण कार्यको योगफल । – **प्रजनक**– ना० जेनरेटर । ~ **सङ्कट**– ना० ऊर्जाको अभावमा हुने दुःख वा आपत्ति ।

**ऊर्ण**– ना० [सं०] १. हे० ऊन । – **नाभ**– ना० माकुरो ।

**ऊर्ध्व**– वि० [सं०] माथिल्लो; माथिको; उँभो । – **केश**– वि० ठाडा-ठाडा कपाल हुने; कपाल जिङ्ग्रिङ्ङ परेको । – **गामी**– वि० १.मास्तिर जाने; चढ्ने । २. मुक्त; निर्वाणप्राप्त । – **देह**– ना० मरेपछि प्राप्त हुने शरीर; प्रेतशरीर । – **पातन**– ना० तरल पदार्थलाई बाफ बनाई मास्तिर हुत्याउने वा फ्याँक्ने क्रिया । – **पुण्ड्र**– ना० वैष्णव सम्प्रदायका अनुयायीहरूले लगाउने टिको; ठाडो टिको । – **बाहु**– ना० १. एउटा हात देवताका नाउँमा माथि उठाइराख्ने तपस्वी । वि० २. माथितिर हात उठाएको । – **मुख**– वि० १. मास्तिर मुख फर्केको । ना० २. आगो । – **मूल**– वि० १. माथितिर जरा हुने (वेदवृक्ष) । ना० २. संसार; जगत् । ~ **रेखा**– ना० हात वा पैतालाको बीचमा हुने भाग्यसूचक ठाडो रेखा; भाग्यरेखा । – **रेता**– वि० वीर्यस्खलन नभई ऊर्ध्वगामी भएको (पूर्ण ब्रह्मचारी) । – **लोक**– ना० हे० स्वर्ग । – **वायु**– ना० डकार । – **श्वास**– ना० मर्ने बेलामा वेगसँग बढेको सास; आखिरी अवस्थाको सास ।

**ऊर्मि**– ना० [सं०] १. नदी, समुद्र आदिमा हावा आदिले ल्याउने छाल; लहर; तरङ्ग । २. दुःख; पीडा । > **ऊर्मिल**– वि० लहर उठेको; छाल उठेको; तरङ्गित ।

**ऊषर**– ना० [सं०] हे० ऊसर ।

**ऊषा**– ना० [सं०] हे० उषा ।

**ऊष्म**– ना० [सं०] १. तातोपना; गर्मी; उष्णता । वि० २. गरम; तातो; उष्ण (वस्तु आदि) । ~ **वर्ण**– ना० उच्चारण गर्दा बढ्ता श्वास खर्च गर्नुपर्ने श, ष, स, ह – यी चार वर्ण ।

**ऊष्मा**– ना० [सं०] १. ज्यादै गर्मी हुने समय; ग्रीष्म ऋतु; गर्मीको याम । २. तातोपना; ताप; गर्मी । ३. तातो पानीबाट धुवाँका रूपमा निस्कने जलकणको समूह; बाफ; भाप ।

**ऊष्मीभवन**– ना० [सं०] कुनै ध्वनि ऊष्मध्वनिमा परिवर्तित हुने प्रक्रिया ।

**ऊष्मीभूत**– वि० [सं०] पृष्ठध्वनिमा घर्षण उत्पन्न भएर सास छिर्न पाउँदा उच्चरित हुने (व्यञ्जन); घृष्ट; सङ्घर्षी (व्यञ्जन) ।

**ऊसर**– ना० हे० उसर ।

**ऊह**– ना० [सं०] १. कुनै वस्तु वा विषयका सम्बन्धमा गरिने तर्क; विचार । २. अनुमान; अन्दाज । > **ऊहापोह**– ना० मनमा उठ्ने अनेक प्रकारका तर्कवितर्क वा सोचविचार ।

# ऋ

**ऋ**– देवनागरी वर्णमालाको स्वरवर्णमध्ये सातौँ स्वरवर्ण; परम्परागत रूपमा मूर्द्धास्थानबाट उच्चारण हुने, ह्रस्व स्वरवर्ण मानिएको र नेपाली भाषामा 'रि'-का रूपमा उच्चारण गरिने वर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**ऋक्**– ना० [सं०] १. पद्यमा लेखिएको वेदमन्त्र; ऋचा । २. चार वेदमध्ये पहिलो वेद; ऋग्वेद ।

**ऋकार**– ना० [सं०] १. 'ऋ' अक्षर । २. व्यञ्जनवर्णमा ऋस्वर जोड्दा दिइने चिह्न ( ृ ) ।

**ऋक्ष**– ना० [सं०] १. नक्षत्र; तारा । २. भालु । – **पति**– १. चन्द्रमा । २. रामको सेनापतिका रूपमा काम गर्ने रामायणप्रसिद्ध भालु; जाम्बवान् ।

**ऋग्वेद**– ना० [सं०] चार वेदमध्ये पहिलो वेद; वेदको पद्यसंहिता । > **ऋग्वेदी**– वि० १. ऋग्वेदको ज्ञाता । २. ऋग्वेद पाठ गर्ने वा ऋग्वेदको अनुयायी । ३. ऋग्वेदका मन्त्रहरूद्वारा संस्कार गरिने (ब्राह्मण) ।

**ऋचा**– ना० [सं०] पद्यमा लेखिएको वैदिक मन्त्र; वेदको पद्यसंहिता; कण्डिका ।

**ऋजु**– वि० [सं०] १. बाङ्गो वा टेढो नभएको; सोझो; सरल । २. छल, प्रपञ्च नभएको; सीधा-साधा; सज्जन । ३. अनुकूल । – **ता**– ना० १. ऋजु हुनाको भाव वा अवस्था; सोझोपना; सरलता; साधुता । २. सौजन्य । ३. सरल स्वभाव वा प्रवृत्ति ।

**ऋण**– ना० [सं०] पछि फिर्ता दिनेलिने सर्तमा अरूसँग लिइएको वा अरूलाई दिइएको धन; कर्जा; सापट; रिन । – **कर्ता**– वि० १. ऋण काढ्ने वा ऋण लिने । ना० २. ऋण लिने मान्छे; असामी । – **ग्राही**– वि० अर्काबाट ऋण लिने; रिनमा डुबेको; ऋणी; असामी । – **दाता**– वि० कसैलाई ऋण दिने; कर्जा दिने; साहू । ~ **पत्र**– ना० १. असामीले ऋण लिएको प्रमाणस्वरूप साहूलाई लेखिदिने कागत; तमसुक । २. राष्ट्र ब्याङ्कद्वारा निर्धारित समयमा साँवा-ब्याज फर्काउने गरी समय-समयमा जारी गरिने वा खरिद-बिक्री हुने विभिन्न रकमको पत्र । – **मुक्त**– वि० लिएको ऋण तिरिसकेको; ऋणबाट छुटकारा पाएको; अऋणी । ~ **मुक्ति/मोचन**– ना० ऋणबाट मुक्त हुने काम; ऋण तिरिसकेको अवस्था; रिनबाट छुटकारा । – **सीमा**– ना० किसानहरूलाई ऋण दिँदा लागत र उत्पादनका आधारमा सुहाउँदो गरी तोकिएको ऋणको अवधि; रिन फर्काउने भाका वा म्याद ।

**ऋणात्मक**– वि० [सं०] ऋणका रूपमा लिइएको; ऋणरूप । विप० धनात्मक । ~ **कण**– ना० धन-विद्युत्कण (प्रोटोन) का वरिपरि घुमिरहने ऋण-विद्युत् शक्तिको सूक्ष्म कण ।

**ऋणी**– वि० [सं०] १. पछि फिर्ता गर्ने गरी कसैबाट सापट लिने; ऋण लिने (व्यक्ति) । २. आफूलाई गरेको उपकारलाई सम्झने; कृतज्ञ; अनुगृहीत; आभारी । ~ **पक्ष**– ना० १. ऋण लिनेको पक्ष; असामीको तरफदारी । २. ऋणीको जमात वा डफ्फा ।

**ऋत**– वि० [सं०] १. सत्य; साँचो । २. उचित; ठीक । ३. पूजा गरिएको; सम्मान गरिएको । ४. चारैतिर प्रकाश छर्ने; चम्किलो; चहकिलो । ना० ५. मुक्ति; मोक्ष । ६. सृष्टिको आदि तत्त्व वा कारण । ७. ईश्वरीय नियम ।

**ऋतम्भरा**– ना० [सं०] १. सत्यको धारणालाई बल दिने वा पुष्ट पार्ने चित्तवृत्ति । २. सधैँ एकरस वा एकनास रहने सात्त्विक वृत्ति वा बुद्धि ।

**ऋतव्रत**– वि० [सं०] १. साँचो बोल्ने; सत्यवादी । ना० २. साँचो बोल्ने व्रत ।

**ऋतु**– ना० [सं०] १. प्राचीन कालमा वैदिक कृत्य गर्नलाई उपयुक्त र शुभ मानिएको समय । २. प्राकृतिक अवस्थानुसार वर्षभरिको दुई-दुई महिनाका दरले फेरिने वातावरणिक स्थिति वा त्यसअनुसार हुने समय-विभाजन (ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिर र वसन्त) । ३. स्त्रीहरू गर्भधारण गर्न योग्य हुने रजोदर्शनपछिको समय; आइमाई रजस्वला भएको समय । ४. आइमाईको मासिक रजःस्रावका चार दिन । ५. आइमाईको पर सर्ने वा नछुने हुने क्रिया वा स्थिति । ६. कुनै बोट-बिरुवा आदिको फल्नेफुल्ने, उपयुक्त तथा निश्चित समय । ~ **अपक्षय**– ना० घाम, वर्षा, वायु आदि मौसमी तत्त्वद्वारा धरातल खिइने क्रिया । – **ग्रह**– ना० यज्ञमा सोमरस हवन गर्ने पात्र । – **चर्या**– ना० १. ऋतुअनुसारको दैनिक कार्यक्रम तथा आचरण । २. ऋतुअनुसारको खानपिन; ऋतुअनुसारको आहारविहार । – **दान**– ना० सन्तानका इच्छाले ऋतुकालपछि ऋतुमती स्त्रीका साथ गरिने सम्भोग; गर्भाधान । – **मती**– वि० रजस्वला भएकी; पर सरेकी; नछुने भएकी; पन्छिएकी; रजोवती (स्त्री) । – **राज**– ना० वसन्त ऋतु । – **विपर्यय**– ना० कुनै ऋतुमा देखा पर्ने इतर ऋतुसम्बन्धी गुण वा परिस्थिति । – **सन्धि**– ना० एउटा ऋतु सकिएर अर्को ऋतु सुरु हुने समय; दुई ऋतुका बीचको समय; दुई ऋतुको मध्यकाल । – **स्नान**– ना० रजस्वला भएकी स्त्रीले चौथो दिनमा गर्ने स्नान ।

**ऋत्विज्**– ना० [सं०] १. यज्ञमा दीक्षित भएको ब्राह्मण; यजमानका घरमा यज्ञ-यागादि गराउने होता, उद्गाता, अध्वर्यु, ब्रह्मा । २. प्रतिदिन ठीक समयमा काम गर्ने व्यक्ति ।

**ऋद्ध**– वि० [सं०] १. समृद्ध; सम्पन्न ।

**ऋद्धि**– ना० [सं०] १. धनधान्य आदिको प्रचुरता वा अधिकता; बढिबढाउ; समृद्धि; सम्पन्नता । २. उद्देश्यको सफलता; साफल्य; सिद्धि । ३. अलौकिक शक्ति । ४. गणेशका दुई सेविकामध्ये

एक। ५. लक्ष्मी। ६. पार्वती। – **सिद्धि–** ना० १. धनसम्पत्ति वा ऐश्वर्यको वृद्धि र इच्छित कार्यमा सफलता; समृद्धि र सफलता। २. गणेशका दुई सेविका (ऋद्धि र सिद्धि)।

**ऋषभ–** ना० [सं०] १. धार्मिक उद्देश्यले डामेर छोडिएको बहर; साँढे; बयल। २. सङ्गीतका सात स्वरमध्ये दोस्रो (रे)। ३. श्रेष्ठ; उत्तम। – **देव–** ना० १. पुराणअनुसार राजा नाभिका पुत्र र विष्णुका चौबीस अवतारमध्ये एक। २. जैन धर्मका आदितीर्थङ्कर। > **ऋषभी–** ना० १. पुरुषको जस्तो दाह्री-जुँगा पलाएकी स्त्री; मर्दानी आइमाई। २. गाई।

**ऋषि–** ना० [सं०] १. सात्त्विक र साधनारत जीवन व्यतीत गर्ने तथा जीवन र जगत्का आध्यात्मिक र भौतिक तत्त्वहरूलाई साक्षात्कार गर्ने व्यक्ति। २. वैदिक मन्त्रका प्रथम द्रष्टा मानिएका व्यक्ति; वैदिक साहित्यको रचना र व्यवस्थित रूपमा सङ्कलन गर्ने व्यक्ति; मुनि; तपस्वी। ~ **ऋण–** ना० ऋषिहरूबाट प्राप्त आध्यात्मिक, भौतिक आदि ज्ञानका बदलामा ब्राह्मण, क्षत्रिय, वैश्यहरूले ऋषिहरूका प्रति गर्नुपर्ने कर्तव्य, वेदको अध्ययन-अध्यापन, दान, यज्ञ आदि। – **कल्प–** वि० ऋषिहरूमा हुने गुण भएको; ज्ञान, आचरण र व्यवहारले ऋषिजस्तो; ऋषिसमान; ऋषितुल्य। ~ **कुल–** ना० १. ऋषिहरूको वंश। २. प्राचीन समयमा ऋषिहरू बस्ने आश्रम। ३. विद्यार्थीहरूलाई वेद-वेदाङ्गादि पढाउने आश्रम; गुरुकुल। – **तर्पणी–** ना० गोत्र, प्रवर आदिका प्रवर्तक ऋषिहरूलाई सम्झेर तर्पण गरिने पूर्णिमा; श्रावण शुक्ल पूर्णिमा; जनैपूर्णिमा। ~ **पञ्चमी–** ना० शरीरशुद्धिका निम्ति पर सर्न थालेका र विवाहित स्त्रीहरूद्वारा सप्तर्षिको पूजा गरिने दिन; भाद्र शुक्ल पञ्चमी।

**ऋष्टि–** ना० [सं०] १. दुवैतिर धार भएको तरबार। २. हातहतियार।

**ऋष्य–** ना० [सं०] एक प्रकारको जङ्गली गाई; नील गाई। – **मूक–** ना० रामायणका कथाअनुसार वानरका राजा सुग्रीव बस्ने, दक्षिण भारतको एक पर्वत। – **शृङ्ग–** ना० विभाण्डक नाउँका ऋषिका पुत्र; एक प्रसिद्ध पौराणिक ऋषि।

# ए

**ए**१– संस्कृत वर्णमालाको एघारौँ तथा देवनागरी वर्णमालाका खास प्रचलित स्वरवर्णमध्ये आठौँ स्वरवर्ण; परम्परागत रूपमा कण्ठ-तालुस्थानबाट उच्चारण हुने स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार अग्र, आधाबन्द, अगोलित स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**ए**२– वि० बो० [सं०] १. एकाएक सम्झना, जोस, रिस, तिरस्कार, आश्चर्य आदि जनाउँदा प्रयोग हुने शब्द । (उदा०– ए, मैले भनेको थिएँ । ए, हो र भन्या !) । २. कसैलाई बोलाउँदा वा डाक्दा नामका अगाडि वा एक्लै प्रयोग गरिने शब्द (ए राम ! आज यति काम गर है ? ए यता आइज ।) ।

**एउटा**– वि० [एक + वटा] कुनै वस्तु वा कुराको एक सङ्ख्यालाई बुझाउने; एकवटा; एक मात्र; यौटा ।

**एक**– ना० [सं०] १. पूर्ण राशिमा सङ्ख्या-क्रमका हिसाबले पहिलो सङ्ख्या; १-को अङ्क । वि० २. एउटा; यौटा । ३. अरूभन्दा श्रेष्ठ; सर्वश्रेष्ठ; अद्वितीय; मुख्य; प्रमुख । ४. शक्ति, गुण आदिका दृष्टिले उस्तै; तुल्य; सदृश । (उदा०– हाम्रा लागि दुवै छिमेकी एक हुन् ।) । ~ **कण्ठ**– वि० दुई वा तीन जना मिली कविता, वेद आदि पढ्दा र गीत गाउँदा एउटै स्वर हुने वा आउने । ~ **काँधे**– ना० हल गोरुमध्ये एउटा निर्धो भई हल नमिल्ने भएमा बलिया गोरुलाई बढी भार पर्ने गरी हल्लुँडो सारी जोत्ने काम । – **कालिक / कालीन**– वि० १. कुनै एउटा समयमा मात्र हुने; एक चोटि मात्र हुने; एक पटकको; एक पटके । २. एउटै समयमा भएको; साथसाथै भएको; एउटै कालको; समकालीन । ~ **कुण्डल** – ना० १. एउटा कानमा मात्र कुण्डल लगाउने व्यक्ति । २. शेषनाग । ३. बलराम । ४. कुबेर । ~ **कोषीय**– वि० एक कोष भएको; त्रिखण्डारम्भ युगको (जीव वा प्राणी) । ~ **खुट्टे**– वि० १. एउटा मात्र खुट्टो हुने वा एक खुट्टाले टेकेर हिँड्ने; एउटा खुट्टो मात्र सद्दे भएको । ना० २. एउटा खुट्टो देखिने वा त्यस्तै आकारको 'ए' स्वर वर्णको नेपाली नाम । ३. एउटा खुट्टाले मात्र टेकेर उफ्रँदै खेलिने खेल । ~ **खुरे**– वि० एउटा मात्र खुर भएको; खुर नफाटेको (गधा, टट्टू आदि) । ~ **गेडे**– वि० १. एउटा मात्र गेडा भएको । ना० २. एउटा मात्र गेडा हुने एक किसिमको माला । ~ **चक्र**– वि० १. एउटै मात्र चक्र वा पाङ्ग्रो भएको (रथ, बग्गी आदि) । २. एउटै राजाद्वारा शासन गरिएको (देश, प्रदेश आदि) । ३. चक्रवर्ती । ना० ४. सूर्य । ५. सूर्यको रथ ।

**एकचालिस**– ना० [प्रा० एक्कचालीस] १. चालीस र एकको योगबाट बनेको वा बन्ने सङ्ख्या; ४१-को अङ्क । वि० २. चालीस र एकको योगबाट बनेको; गन्तीका क्रममा चालीसपछि आउने । > **एकचालिसौँ**– वि० गन्दै जाँदा एकचालीस सङ्ख्यामा परेको; चालीसभन्दा लगत्तै पछिको; एकचालीस सङ्ख्याको ।

**एकचालीस**– ना० हे० एकचालिस । > **एकचालीसौँ**– वि० हे० एकचालिसौँ ।

**एक चित्त**– क्रि० वि० [सं०] १. मन वा चित्तलाई अन्त नडुलाईकन एउटै कुरामा मात्र केन्द्रित गरेर; एउटै कुरामा मात्र मन लगाएर; एकाग्र भएर; एकोहोरो मनले । वि० २. एउटा कुरामा मात्र ध्यान दिएको; एकाग्र ।

**एक चुल्ठे**– वि० [एक+चुल्ठे] १. एउटै मात्र चुल्ठो पारी बाटिएको; एउटा चुल्ठो भएको । ना० २. एक चुल्ठो पारी बाटिएको कपाल ।

**एक चोटि**– क्रि०वि० एकपटक; एकझमट; एकपल्ट ।

**एकछत्त**– वि० [सं० एक+ प्रा० छत्त] ठूलोसानो, राम्रोनराम्रो र जूठोचोखोको कुनै भेदभाव नभएको; सबै उस्तै भएको; एकनास; समान ।

**एकछत्र**– वि० [सं०] १. एउटै व्यक्तिको प्रभुता वा अधिकारभित्र रहेको; एकै जनाको शासनाधिकारभित्र रहेको; एउटै शासकद्वारा शासित (राज्य आदि) । ना० २. एकतन्त्र ।

**एक छाक**– ना० [एक+छाक] १. एक दिनमा कुनै पनि समय एकपल्ट मात्र खाना खाने काम; त्यसरी खाइने खाना । २. एकछाकी; हविष्य भोजन । > **एकछाकी / एकछाके**– ना० १. व्रत आदिका लागि वा स्वास्थ्यका दृष्टिले एक छाक मात्र खाने दिन; श्राद्धको अघिल्लो दिन । वि० २. दिनभरमा एकछाक मात्र खाने ।

**एक छापे**– वि० [एक+छापे ] नेपालमा राणाशासनको समयमा मुख्तियारको मात्र छाप लागेको कागत; एउटै मात्र छाप लागेको कागत ।

**एकजाइ**– ना० [एक+रजाइँ] एउटैको मात्र अधिकार; एकलौटी भएको अवस्था; एकछत्र ।

**एक जात**– क्रि० वि० [एक+जात] १. अलिकति पनि; कत्ति पनि; थोरै पनि । वि० २. एउटै आमाबाबुबाट जन्मेको; एउटै शाखाको; सहोदर (दाजु, भाइ; बान्धव आदि) । ना० ३. एउटै जात; अभिन्न जात; उस्तै जाति; समान जाति ।

**एक जाति**– वि० [सं०] १. एउटै जातको; उस्तै जातको । २. एउटै वंशमा जन्मेको; एउटै वंशको । ना० ३. एउटै जाति; एकै जात; > **एक जातीय** – वि० एउटै जातिमा जन्मेको; एउटै वर्ग वा समुदायको; एउटै जातको ।

**एक जिउ**– वि० [सं० एकजीव] अलगअलग भए पनि एउटै जीउका जस्ता; एउटै ज्यानजस्ता; सान्है मिलेका ।

**एक जुवा**– ना० [एक+जुवा] १. घाम झुल्किएर एकडेढ घण्टा

जति दिन चढेको बिहानको समय वा घाम अस्ताउन एकडेढ घण्टा बाँकी भएको बेलुकाको समयलाई बुझाउने शब्द । वि० २. अन्दाजी एकजुवा बराबर नापको (घाम) ।

**एक झप्को**– ना० [एक+झप्को ] १.एकपल्ट झपक्क लाग्ने निद्रा । २. एकपल्ट झपक्क निदाएपछिको बिउँझाइ ।

**एक झमट**– क्रि० वि० [एक+झमट] १. एकचोटि; एकपटक; एकपल्ट । ना० २. तत्काल आउने एउटा वेग वा झोक्का । ३. ताक; एकपल्टको नियालाइ ।

**एक टक**– क्रि० वि० [एक+टक] आँखा नचिम्लीकन हेरेको हेऱ्यै; एकनाससित नियालेर ।

**एकट्ठा**– वि० [प्रा० एक्कठ्ठो] एक ठाउँमा जम्मा भएको; एकत्र (भेला) ।

**एकड**– ना० [अङ्० एकर] चारहजार आठसय चालीस वर्गगज भूमिको नाप ।

**एकतन्त्र**– ना० [सं०] १. राज्यसञ्चालनको सबै अधिकार एउटै व्यक्तिका हातमा भएको शासनव्यवस्था; देशको सार्वभौमिकता एउटै व्यक्तिमा निहित शासनव्यवस्था । वि० २. एउटै व्यक्तिको मात्र अधिकार भएको; एउटा व्यक्तिभन्दा अरू कसैको हकभोग नभएको; एकछत्र । – **वाद**– ना० एउटै व्यक्तिको शासनाधिकारमा विश्वास गर्ने राजनीतिक सिद्धान्त; एकतन्त्रमा विश्वास गर्ने मत वा वाद । – **वादी**– वि० एकतन्त्रवादमा विश्वास गर्ने; एकतन्त्रवादको अनुयायी । > **एकतन्त्री**– वि० राज्यको शासन व्यवस्थामा एउटै व्यक्तिको मात्र अधिकार भएको (शासन) ।

**एकतमास**– ना० [एक+तमास] १. अरूभन्दा भिन्न हुनाको अवस्था वा भाव; अनौठोपन; विलक्षणता । २. एउटै मात्र विचारमा तल्लीन रहने बानी; एकोहोरोपन; एकसुरेपन; । – **को**– वि० १. अरूभन्दा भिन्न किसिमको; अनौठो किसिमको; विलक्षण । २. एकोहोरो; एकसुरे ।

**एकतर्फी**– वि० [एक+तर्फ+ई] एउटा पक्षसित मात्र सम्बन्ध भएको; एक पक्षबारे मात्र सोचिएको; एकतर्फको; एकपक्षको; एकलौटी । ~**फैसला**– ना० अदालतमा परेको कुनै मुद्दामा एक पक्ष हाजिर नभई भएको फैसला ।

**एकता**– ना० [सं०] १. एक हुनाको भाव वा अवस्था । २. विचार, उद्देश्य आदिमा सबै परस्पर मिलेर बस्ने काम; ऐक्य । ३. समानता; बराबरी ।

**एकतान**– वि० [सं०] १. एउटै विचारमा मात्र लागेको; कुनै एउटा कुरामा तल्लीन; एकचित्त भएको; एकसुरे; तन्मय । २. बीचमा क्रम नटुटेको अक्षुण्ण ।

**एकतारे**– ना० [एक+तार+ए] १. आधा पारिएको तुम्बालाई छालाले मोहोरी बीचमा बाँस आदिको लठ्ठी घुसारी, एउटा मात्र तार जडेको, नक्खीले बजाइने एक प्रसिद्ध बाजा । वि० २. एउटा मात्र ताराको चिह्न भएको (झन्डा आदि) ।

**एकतारै**– क्रि० वि० [एक+तार+ऐ] एकनाससँग; निरन्तर; लगातार ।

**एक ताली**– क्रि० वि० [एक+ताली ] एक पालि; एक पल्ट ।

**एकतिस**– ना० [प्रा० एक्कतीस] १. तीस र एकको योगबाट बनेको संङ्या; ३१– को अङ्क । वि० २. तीस र एकको योगबाट वनेको । > **एकतिसौँ**– वि० १. गन्दै जाँदा एकतीस सङ्ख्यामा परेको; एकतीस सङ्ख्याको ।

**एकतीस**– ना० हे० एकतिस ।> **एकतीसौँ**– वि० हे० एकतिसौँ ।

**एकत्र**– क्रि० वि० [सं०] १. एकै स्थानमा जम्मा भएर; एकै ठाउँमा; एक समूहमा । > **एकत्रित**– वि० एकै ठाउँमा जम्मा गरिएको; समेटिएको; एकत्र पारिएको ।

**एकत्व**– ना० [सं० ] एक हुनाको अवस्था वा भाव; एकता ।

**एकदंष्ट्र**– ना० [सं०] १. गणेश । वि० २. एउटा मात्र दाऱ्हा भएको; एकदाऱ्हे ।

**एकदन्त**– वि० [सं०] एउटै मात्र दाँत भएको (हात्ती आदि) । ना० २. गणेश । > **एकदन्ता/एकदन्ते**– वि० एउटा मात्र दन्त वा दाँत भएको (हात्ती) ।

**एकदम**– क्रि० वि० [सं० एक+फा० दम] १. एकाएक; अकस्मात् । २. तत्काल; झट्ट; तुरुन्त । वि० ३. पर्याप्त; थुप्रै; धेरै; ज्यादै ।

**एक दल**– ना० [सं०] १. कुनै उद्देश्यमा संलग्न मानिसहरूको एउटा गुट वा समूह; एउटा पार्टी । २. एक दिउल । ३. तरकारी, सागपात आदिको अङ्कुर पलाउनुअघिको समूह वा बीज । > **एक दलीय**– वि० एउटै मात्र दल भएको (व्यवस्था शासन-पद्धति इ०) । २. एक दिउल वा फग्ल्याँटो भएको । ३. एकदल बीउ राखिएको ।

**एकदेशी/एकदेशीय**– वि० [सं०] १. कुनै एउटा देश, ठाउँ वा खण्डसित मात्र सम्बन्ध राख्ने; कुनै एक देश वा ठाउँमा मात्र हुने । २. कुनै खास अवसर वा ठाउँमा मात्र लागू हुने; जहाँतहीँ प्रयोग नहुने । ३. कुनै एक देशको वा त्यस देशसँग सम्बन्धित ।

**एक धर्मी**– वि० [सं०] १. एक धर्म मान्ने; एउटै धर्मको अनुयायी । २. परस्परमा समान गुण वा स्वभाव भएको; उस्तै ।

**एकनास**– वि० [सं० एक+अ० नक्श] १. परस्पर एउटै किसिमको; समान रूपको; उस्तै देखिने । २. परस्पर घटीबढी नभएको; बराबरको । क्रि० वि० ३. नरोकिईकन; उस्तै गरेर; लगातार; निरन्तर ।

**एकनिष्ठ**– वि० [सं०] १. एउटै कुरामा मात्र श्रद्धा, विश्वास वा निष्ठा नभएको । २. एउटै विषय वा कुरामा मात्र मन दिने; एकाग्र चित्त भएर एउटै कामकुरामा लागिरहने ।

**एकन्नी**– ना० [एक+आना+ई] १. चार पैसाबराबर मूल्य भएको सिक्का; चारपैसे मुद्रा; एकआने सिक्का । २. चार पैसा वा एक आनाको भारतीय मुद्रा ।

**एक पक्षीय**– वि० [सं०] १. एउटै पक्ष वा दलसित मात्र सम्बन्ध राख्ने; एउटै पक्षको । २. एकतर्फबाट मात्र हुने, गरिने वा एक तर्फलाई मात्र फाइदा हुने; एकतर्फी ।

**एक पत्नी**– ना० [सं०] १. पतिव्रता स्त्री । २. विवाहिता स्त्री । ~ **व्रत**– ना० १. एउटै स्त्रीसित बाहेक अर्कोसित विवाह वा प्रेमसम्बन्ध नराख्ने व्रत वा सिद्धान्त । वि० २. त्यसरी एउटी पत्नीसँग मात्र प्रेमसम्बन्ध स्थापित गर्ने (पुरुष) ।

**एकपदी**– वि० [सं०] एउटा मात्र पद वा चरण भएको (छन्द वा पद्य ।) ।

**एकपाठी**– वि० [सं०] कुनै कुरालाई एक पटक पढ्दा वा पाठ गर्दा कण्ठस्थ हुने; एकश्रुत (व्यक्ति) ।

**एकपाने**– वि० [एक+पानी+ए] १. एक ठाउँको मात्र पानी खाएको । २. देश-परदेश नडुलेको । ३. एकपल्टको पानीमा मात्र पकाइएको; एकपल्ट हालेको पानीमा पकाएर तयार पारिएको (रक्सी आदि) ।

**एकभक्त**– वि० [सं०] १. दिनमा एकैचोटि मात्र भोजन गर्ने; एकछाकी । २. एकछाक मात्र खाने (दिन) ।

**एकभन्दा अर्को**– क्रि० वि० [एक+भन्दा+अर्को] १. विभिन्न व्यक्ति वा वस्तुमा एकभन्दा अर्को बढी र अर्कोभन्दा झन् अर्को बढी हुने गरी; हरेकको महत्त्व हुने गरी । वि० २. एकभन्दा बढी अर्को र अर्कोभन्दा झन् बढी अर्को (एकसे एक) ।

**एकभाषिक**– वि० [सं०] एउटा भाषा मात्र जान्ने (व्यक्ति) ।

**एक मत**– वि० [सं०] सबैको एउटै राय वा मत भएको; उपस्थित सबैको विचार मिलेको ।

**एकमना**– वि० [सं०] १. एउटै विचार, मत वा सिद्धान्तमा स्थिर भएको; एउटै वादको । २. एकचित्त ।

**एक माने**– वि० [एक+माने] १. एक माना मात्र पाक्ने वा अटाउने (भाँडो) । २. खानलाई सम्म दुःख नभएको; एक माना खान पुग्ने । ३. सानो घरानको ।

**एकमुख**– वि० [सं०] सबै एउटै लक्ष्यमा प्रवृत्त हुने वा सबैले एउटै कुरा बोल्ने; सबैबाट एउटै सिद्धान्त वा विचार प्रकट गरिएको । २. एउटै मुख भएको । > **एकमुखी / एकमुखे**– वि० एउटै मात्र मुख भएको (चुलो, रुद्राक्ष इ०) ।

**एकमुस्ट**– क्रि० वि० [सं० एकमुष्ठि] एकै पटक; एकै पल्ट; डक्क ।

**एकमेलो**– ना० [एक+मेलो] खनजोत आदि गर्दा एक जनाले दिनभरिमा गरिसक्ने काम; एक जनाको मेलो; एकलग ।

**एक रङ्ग**– वि० [सं०] १. भित्रबाहिर एउटै जस्तो भएको; एउटै रङ्गको । २. छलछाम नभएको; निश्छल; निष्कपट । ३. एउटै किसिमको; उस्तै; बराबर; समान । > **एकरङ्गा / एकरङ्गी**– वि० एउटा मात्र रङ्ग भएको; एकभन्दा बढी रङ्ग नभएको; धेरै रङ्ग नमिसिएको (सारी वा अन्य कपडा) ।

**एक रस**– वि० [सं०] १. एउटै मात्र रस भएको; एकै भावको; समान भावको । २. एकै किसिमको; उस्तै भएर मिलेको ।

**एक राजतन्त्र**– ना० [सं०] राजाले मन्त्री, भारदार वा सल्लाह-कारहरूको सहायता लिई आफ्नै राज्यको शासनव्यवस्था चलाउने एक प्राचीन प्रणाली ।

**एकराते**– वि० [एक+राते] एक रात मात्र बितेको; अघिल्लो दिन मात्र जमाएको; एक रातको (दही इ०) ।

**एकरारनामा**– ना० [अ०] हे० करारनामा ।

**एकरूप**– वि० [सं०] १. एउटै रूप भएको; समान रूपको; एउटै आकृतिको; हेर्दा उस्तै देखिने । २. सधैं एकनास रहने । – **ता**– ना० एकरूप हुनाको भाव वा अवस्था; अनुरूपता; समानता; सादृश्य ।

**एकल**– वि० [सं०] १. एकाकी; एक्लो (व्यक्ति, परिवार इ०) । ना० २. न्यूनतम अंश । – **काँटे**– वि० अरूसँग नमिल्ने स्वभावको; एकोहोरो; एक ढड्डीको ।

**एकलख**– ना० [एक+लख] देवनागरी लिपिमा अकारान्त व्यजनवर्णको माथि लाग्ने एकारको चिह्न वा मात्रा; एकार ( े ) ।

**एकलग**– ना० [एक+लग] १. जीवन धान्नका लागि एक व्यक्तिले दिनभरमा गर्ने कुनै काम; एउटाको दिनभरिको मेलो । वि० २. एकाग्र; तल्लीन ।

**एकलास**– ना० [एकल+आस] १. कोही नभएको सुनसान ठाउँ; मान्छे हत्तपत्त नपुग्ने ठाउँ; एकान्त स्थान; निर्जन स्थल । वि० २. एकान्त; सुनसान; निछ्याम ।

**एकले**– वि० [एकल+ए] एकाकी; एकलो । ~ **गीत** – ना० स्त्री वा पुरुषले जोडीविना एक्लै गाउने गीत । ~ **नाच**– ना० जोडा वा जोडीविना नाचिने नाच; एक्लै नाचिने नाच । ~ **बाँदर**– ना० १. बगालबाट छुट्टिई एक्लै हिँड्ने बाँदर । २. साथीभाइहरूसित बसउठ नगर्ने र एक्लै हिँड्ने स्वभावको मानिस; एकलकाँटे । ~ **बिर**– ना० दुईदेखि पाँच मिटर अग्लो, लाम्चो, दाँती परेका हरिया पात हुने गुलाफी वा कलेजी रङका फूल फुल्ने, पात र फूल विषालु मानिने एक जातको बोट ।

**एकलै**– क्रि० वि० [एकल+ऐ] एक जना मात्र; एकलो मात्र; आफू मात्र । – **दोकलै**– क्रि० वि० एकदुई जना मात्र; बढीमा दुई जनासम्म ।

**एकलो**– वि० [एकल+ओ] जहान-परिवार कोही नभएको; साथीभाई नभएको; आफू मात्रै भएको; एकल । २. बिहे नगरेको; जोडा नभएको; ठिङ्गो । > **एकलौटी**– वि० १. अंश वा अरू धनमालमा आफू एक्लै मात्र भोगचलन गर्न पाइने; अरूको भाग वा अंश नलाग्ने । २. कसैलाई बाँड्न नपर्ने; आफ्नै मात्र । ३. एकाधिकारको ।

**एक वचन**– ना० [सं०] १. एकपल्ट मात्र बोलिएको वचन; एक शब्द; एक बोली । २. व्याकरणमा गन्तीमा एउटा वस्तु वा व्यक्तिलाई मात्र बुझाउने शब्द वा पद । > **एक वचनान्त**– वि० एकवचनको विभक्ति वा रूपप्रत्यय लागेको ।

**एकवर्ण**– वि० [सं०] १. एउटै वर्ण वा जातको । २. एउटै रङ भएको; अरू रङ नमिसिएको । ३. एउटै अनुहारको ।

**एकवस्त्रा**– वि० [सं०] एउटा मात्र वस्त्र लाएकी वा पर सरेकी (रजस्वला हुँदा एउटै मात्र वस्त्र पहिरने विधानअनुसार ।) ।

**एकवार**– क्रि० वि० [एक+वारि] छेउछेउ; तीरैतीर; किनारा लागेर; किनारै-किनार ।

**एकवेणी**– ना० [सं०] १. एकचुल्ठे (स्त्री) । २. पति परदेश जानाले शृङ्गार त्यागेर बसेकी स्त्री; वियोगिनी वा विरहिणी स्त्री ।

**एकश्रुत**– वि० [सं०] हे० एकपाठी ।

**एकसट्ठी**– ना० [प्रा० एक्कसट्ठी] १. साठी र एकको योगबाट बनेको सङ्ख्या; ६१-को अङ्क । वि० २. साठी र एकको योगबाट बनेको । > **एकसट्ठिऔँ**/**एकसट्ठियौँ**– वि० गन्दै जाँदा एकसट्ठी सङ्ख्यामा पर्ने; साठी र एकको योगबाट बनेको; एकसट्ठी सङ्ख्याको ।

**एकसदनात्मक**– वि० [सं०] एउटा मात्र सदन भएको (व्यवस्थापिका वा विधायिनी सभा) ।

**एकसरि-नु**– अ० क्रि० [एकसरो+इ+नु] १. ढिकीमा कुटेको धान केही बाँकी रही आधाभन्दा बेसी चामल हुनु; आधाआधीभन्दा बढी कुटिनु । २. कुनै काम आधाआधीभन्दा बेसी वा एकोहोरो रूपमा गरिनु ।

**एकसरो**– वि० [सं० एकस्तर] १. भित्री नभएको वा भित्री नहालिएको; दोबरी नभएको; दोबरी नपारिएको; एक तह मात्र भएको; एक तहको (लुगा) । २. एक जनाको मात्र व्यवहार चल्ने (मालसामान) ; कुनै मालसामान नदोहोऱ्याईकन एक-एकवटा मात्र जोडिएको ।

**एकसऱ्याइ**– ना० [√**एकसरि**+(आइ)] एकसरिने क्रिया वा प्रक्रिया । > **एकसऱ्याइनु**– क० क्रि० एकसरिने पारिनु । **एकसऱ्याउनु**– स० क्रि० एकसरिने पार्नु; एकसरो तुल्याउनु ।

**एकसूत्रीकरण**– ना० [सं०] १. भिन्न-भिन्न वस्तुलाई एउटै स्तरमा ल्याउने वा परस्पर सम्बद्ध बनाउने काम वा प्रक्रिया । २. छरिएका वस्तुलाई एउटै सूत्रमा उन्ने काम ।

**एकस्व**– ना० [सं०] १. कसैले निर्माण , रचना वा उत्पादन गरेको वस्तु वा रचना आदिबाट हुने आयमाथि निजैको एकाधिकार हुने गरी दिइएको सरकारी मुद्राङ्कित प्रलेख । २. कसैले निर्माण गरेको, रचना गरेको वा उत्पादन गरेको वस्तुबाट त्यसो गर्ने व्यक्तिलाई एकाधिकारको रूपमा प्राप्त हुने आय । **– पत्र**– ना० कुनै व्यक्तिलाई कुनै काम-कुरा गर्ने एकाधिकार प्रदान गरिएको लिखित पत्र; एकाधिकारपत्र ।

**एकहट्टी**– ना० [एक+हट्टी] कुनै उद्योग, व्यापार वा ठेक्का आदिको काम एउटै व्यक्तिबाट गर्ने गरी मिलाइएको बन्दोबस्त ।

**एकहत्तर**– ना० [प्रा० एकहत्तरी] १. सत्तरी र एकको योगबाट बन्ने सङ्ख्या; ७१-को अङ्क । वि० २. सत्तरी र एकका योगले बन्ने वा बनेको । > **एकहत्तरौँ**– वि० गन्दै जाँदा एकहत्तर सङ्ख्यामा पर्ने; एकहत्तर सङ्ख्याको ।

**एकहाते**– वि० [एक+हाते] १. एक व्यक्तिले मात्र खुवाउने-पियाउने गरेको; एउटै व्यक्तिसित मात्र रत्तिएको । २. एउटा व्यक्तिलाई मात्र दूध दुहुन दिने (गाई, भैँसी आदि) । ३. एक हात नापो भएको । ४. एउटा मात्र हात भएको ।

**एकाइ**– ना० [एक+आइ] १. सङ्ख्या वा गन्तीमा एक हुनाको भाव वा अवस्था । २. कुनै राशिलाई सानासाना अंशमा बाँड्दा बनेको वा समूहभित्र रहेको एउटा सानो तर पूर्ण खण्ड । ~ **परीक्षा**– ना० निर्धारित विषयमध्ये सम्पूर्ण विषयको वा कुनै विषयका सम्पूर्ण अंशको परीक्षा नभएर केही अंश वा एकाइको मात्र परीक्षा । ~ **योजना**– ना० कुनै खास पाठ्यांशका एकाइको शिक्षणउद्देश्य निश्चित गरी सिकाइने शिक्षणप्रक्रिया; शिक्षण-सामग्री र मूल्याङ्कन-प्रक्रियासमेत बुझाइएको शिक्षण-योजना ।

**एकाउन्ट**– ना० [अङ्०] सरकारी वा गैरसरकारी कुनै कार्यालयको आय-व्ययसम्बन्धी हिसाब; लेखा । > **एकाउन्टेन्ट**– ना० सरकारी वा गैरसरकारी कुनै कार्यालय वा कुनै सङ्घसंस्था आदिमा आयव्ययसम्बन्धी काम गर्ने व्यक्ति; लेखापाल ।

**एकाउन्न**– ना० [प्रा० एकावन्न] १. पचास र एकको योगबाट बनेको सङ्ख्या; ५१-को अङ्क । वि० २. पचास र एकको योगबाट बनेको; पचास र एकका योगको । > **एकाउन्नौँ**– वि० गन्दै लैजाँदा एकाउन्न सङ्ख्यामा परेको; एकाउन्न सङ्ख्याको ।

**एकाएक**– क्रि० वि० [फा० यकायक] कुनै कामकुरा वा कुनै घटना थाहै नपाई हुने वा घट्ने गरी; सोच-विचारविना; एक्कासि; अपर्झट; अकस्मात्; अचानक ।

**एकाकार**– वि० [सं०] १. एउटै रूपको; एउटै आकारको; हेर्दा उस्तै देखिने; एउटै किसिमको; एकरूप । २. अर्को वस्तुसँग मिसिएर वा अर्को वस्तुमा मिलेर बनेको; एकात्म ।

**एकाकी**– वि० [सं०] १. एक्लो; अकेलो । २. एक्लो गतिविधि मन पराउने; एकलकाँटे ।

**एकाक्षर**– वि० [सं०] १. एउटा मात्र अक्षर भएको; एकाक्षरी । ना० २. एक अक्षर मात्र भएको मन्त्र; एकाक्षरी मन्त्र । **– परिवार**– ना० वाक्यका प्रत्येक शब्द एक अक्षरको हुने, वाक्यमा शब्द जहाँ आए पनि त्यसको रूपमा परिवर्तन नहुने भाषिक परिवार (तिब्बती, चिनियाँ, बर्मेली आदि) । > **एकाक्षरी**– वि० १. एउटा अक्षर मात्र भएको (मन्त्र; कोश आदि ) । २. एक अक्षरबाट मात्र बनेको (शब्द) ।

**एकाग्र**– वि० [सं०] १. मन वा चित्तलाई अन्त नडुलाई एउटै कुरामा मात्र केन्द्रित गरेको; एउटै कुरामा मात्र मन लगाएको; स्थिर मन भएको; एकचित्त । क्रि० वि० २. मनलाई एउटै कुरामा मात्र केन्द्रित गरेर; एउटै कुरामा मात्र ध्यान दिएर; एकचित्त भएर । ~ **चित्त**– वि० मन वा चित्तलाई एउटै कुरामा मात्र केन्द्रित गर्ने; एउटै कुरा वा विचारमा मात्र मन दिने; एकचित्त । **– ता**– ना० एउटै कुरामा मात्र मनलाई केन्द्रित गर्ने प्रवृत्ति; एकाग्र हुनाको भाव वा अवस्था ।

**एकाघर**– ना० [एक+घर] १. भिन्न नभएको परिवार; अंशबन्डा भई तेरो-मेरो नभएको परिवार; मानु नछुट्टिएको परिवार; सगोलमा बसेको परिवार । २. सगोलमा बसेका परिवारको घर; साझा

घर ।

**एकाङ्की–** ना० [सं०] १. एक अङ्क मात्र भएको वा हुने आफैंमा पूर्ण; छोटो नाटक; एक अङ्क मात्र हुने एक प्रकारको दृश्यकाव्य । २. रूपकका दस भेदमध्ये भाण, व्यायोग, उत्सृष्टाङ्क, वीथीजस्ता एक अङ्क मात्र हुने रूपक । वि० ३. एक अङ्ग भएको ।

**एकाङ्गिता–** ना० [सं०] एउटै अङ्ग भएको अवस्था; परस्परको सम्बद्धता ।

**एकाङ्गी–** वि० [सं०] १. एक अङ्ग मात्र भएको; एक अङ्ग मात्र सक्रिय भएको; विकलाङ्ग । २. कुनै निर्णय आदि दिँदा एक अङ्गका सम्बन्धमा मात्र विचार गरेर दिइएको; एक पक्षका बारेमा मात्र सोचिएको; एकतर्फी (कुरा, निर्णय आदि) । ३. एउटै कुरामा मात्र लागिरहने; आफ्नो जिद्दी नछोड्ने; एकोहोरो; एकसुरे ।

**एकात्म–** वि० [सं०] अर्को वस्तुसँग मिसिएर वा अर्को वस्तुमा मिलेर एक भएको; एकाकार; अभिन्न । **– ता–** ना० १. एकाकार हुनाको भाव वा अवस्था; गुण, प्रकृति आदिका दृष्टिले समान हुने भाव, गुण वा स्थिति । २. अभिन्नता; एकता । **– वाद–** ना० सृष्टिका जड, चेतन सबै वस्तुमा एउटै आत्मा व्याप्त छ भन्ने सिद्धान्त; जीवात्मा र परमात्माका बीचमा अभेद सम्बन्ध मान्ने सिद्धान्त; जीव र ईश्वरका बीचमा एकता देख्ने सिद्धान्त; अद्वैतवादी सिद्धान्त । **– वादी–** वि० एकात्मवादको अनुयायी; एकात्मवादको अनुसरण गर्ने ।

**एकादशाह–** ना० [सं०] १. मृतकका उद्देश्यले एघारौँ दिनमा गरिने क्रिया; एघारौँमा गरिने प्रेतकर्म । २. कोही व्यक्ति मरेको एघारौँ दिन । ३. एघारौँ दिन ।

**एकादशी–** ना० [सं०] हरेक महिनाको शुक्ल र कृष्ण पक्षको एघारौँ तिथि; दशमीपछिको तिथि ।

**एकादेश–** ना० [सं० एक+देश] अरूलाई दन्त्यकथा सुनाउँदा वा भन्दा सुरुमा अनिश्चित देशलाई निर्देशन गर्न भनिने शब्द; अनिश्चित देश; कुनै देश ।

**एकाध–** वि० [एक+आधा] १. पर्याप्त मात्रामा नभएर कताकतै मात्र भएको; एकदुई; कोहीकोही; कुनैकुनै । २. अनिश्चित र थोरै सङ्ख्याको; एक वा आधा; केही-केही ।

**एकाधिक–** वि० [सं०] एकभन्दा बढी सङ्ख्याको; एकभन्दा बेसी; कैयौँ ।

**एकाधिकार–** ना० [सं०] कुनै उद्योगव्यापार, खरिदबिक्री, काम-कुरो आदिमा एउटा व्यक्तिको मात्र आधिपत्य हुने वा भएको स्थिति; कुनै काम, वस्तु वा व्यापारमा एउटै व्यक्तिको मात्र पूर्ण अधिकार; एकलौटी अधिकार; एकाधिपत्य । > **एकाधिकारी–** वि० एकाधिकार भएको; एकाधिकार चाहने वा गर्ने । **– वाद–** ना० एकाधिकारमा विश्वास गर्ने मान्यता वा सिद्धान्त । **– वादी–** वि० एकाधिकारवादको अनुयायी; एकाधिकारमा विश्वास गर्ने ।

**एकाधिपति–** ना० [सं०] कुनै कामकुरो, देश आदिमा पूर्ण आधिपत्य भएको व्यक्ति; एकछत्र शासन चलाउने व्यक्ति । > **एकाधिपत्य–** ना० १. कुनै काम, वस्तु वा देशमा कुनै एक व्यक्तिको पूर्ण प्रभुत्व हुने वा भएको स्थिति; एकाधिपति हुनाको भाव वा अवस्था । २. एकाधिकार ।

**एकान–** वि० [एक+आन] १. एकगुना (दुनोट पढ्दा) । २. एक जनाले मात्र थाहा पाउने; एउटामा मात्र सीमित; एक जनामा टुङ्गिने । ~ **दोकान–** वि० एक जनाको मुखबाट अर्काको कानमा पुग्ने; एकदुई जनाले मात्र जान्ने ।

**एकाना–** ना० [सं० एक+आणक] १. चार पैसा बराबर मूल्य भएको सिक्का; चारपैसे मुद्रा; एकआने सिक्का; एकन्नी । २. चार पैसा ।

**एकानी–** वि० [एकाना+ई] १. एउटा बिराम वा भूल गर्ने । ना० २. एक आना । ~ **दोकानी–** ना० एकअर्कामा अलिअलि गर्दै भनाभन हुने काम; थोरैथोरै हुँदाहुँदै चर्कने भनाबैरी; बाझाबाझ ।

**एकाने–** वि० [एकाना+ए ] एक आना मूल्य बराबरको; एक आना मोलको; एक आना पर्ने । ~ **दोकाने–** क्रि० वि० एक जनाको मुखबाट अर्काको कानमा, अर्काको मुखबाट झन् अर्काको कानमा पुगेर (गोप्य कुरा फैलिने किसिम); एकान-दोकान हुने किसमले ।

**एकान्त–** वि० [सं०] १. कोही नभएको; मानिस हत्तपत्त नपुग्ने (ठाउँ); सुनसान; निछ्याम; एकलास । ना० २. गोप्य वार्ता । **– वास–** ना० कोही नभएका ठाउँमा वा हत्तपत्त कोही नुपग्ने ठाउँमा बस्ने काम; एकान्तको बास; एक्लो बसाइ । **– वासी–** वि० एकान्तवास गर्ने; एक्लै बस्ने वा रहने । > **एकान्ती–** वि० १. माझमा एउटा मात्र कान हुने र फित्ता, खीप आदि नहुने (एक प्रकारको जुत्ता); एककाने । २. बाहिरी-भित्री नभएको; एकसरो (टोपी) ।

**एकान्नब्बे–** ना० [प्रा० एक्काण्उइ] १. नब्बे र एकको योगबाट बनेको सङ्ख्या; ९१-को अङ्क । वि० २. नब्बे र एकको योगबाट बनेको । > **एकान्नब्बेऔँ/एकान्नब्बेयौँ–** वि० गन्दै जाँदा एकान्नब्बे सङ्ख्यामा पर्ने; एकान्नब्बे सङ्ख्याको ।

**एकान्वित–** ना० [सं०] कार्य, स्थान र समयमध्ये कुनै एक मिलेको स्थिति ।

**एकापार्वण–** ना० [सं०] १. औँसी वा पितृपक्षमा मर्नेका लागि सोही तिथिमा गरिने श्राद्ध । २. एउटाको मात्र उद्देश्यले पर्वविशेषमा गरिने श्राद्ध ।

**एकाबिहान–** ना० [एक+बिहान] रात सकिएर अलि-अलि उज्यालो हुने बिहानको समय; मिरमिरे उज्यालो हुने बेला; झिसमिसे; सखार ।

**एकाम्मे/एकाम्य–** वि० [सं० एक+मय] एकसमान पारिएको; एकै प्रकारको; एकछत्त; एकनास ।

**एकार–** ना० [सं०] १. 'ए' अक्षर । २. व्यञ्जनवर्णमाथि लाग्ने 'ए' को चिह्न; एकलख ( े ) ।

**एकार्थक–** वि०[सं०] १. एउटै मात्र अर्थ भएको; अलग-अलग अर्थ नभएको; एकार्थी । २. परस्पर समान वा उस्तै अर्थ भएको; समानार्थक; समानार्थी (सूर्य र भानु, आँखा र नयन, पुस्तक र किताब इ०) । २. खण्डकाव्यभन्दा ठूलो महाकाव्यभन्दा; मझौला काव्य; उपमहाकाव्य ।

**एकावली–** ना० [सं०] १. साहित्यमा कुनै वर्णनका क्रममा एकपछि अर्को वस्तु वा कुराको शृङ्खलाबद्ध वर्णन हुँदा पर्ने एक अलङ्कार । २. एक लहर मात्र भएको मोतीको माला ।

**एकाश्रयी–** वि० [सं०] एउटैको मात्र आश्रय भएको; एकाधीन । ~ **काव्य–** ना० महाकाव्य बन्नाका लागि आवश्यक सबै अङ्ग पूरा नभए तापनि कथासूत्रमा बाँधिएको, आठभन्दा बढी सर्ग भएको, अति कम पात्र भएको एक प्रकारको काव्य ।

**एकाह–** वि० [सं०] १. एकै दिनमा पूरा गरिने; एक दिनमा सकिने । ना० २. प्रायः सातब्राह्मणद्वारा एकै दिनमा पूरा गरिने श्रीमद्‌भागवतको पारायण; एक दिनमा सकिने भागवतको पाठ ।

**एकासी–** ना० [सं० एकाशीति > प्रा० एक्कासी ] १. असी र एकको योगबाट बनेको सङ्ख्या; ८१-को अङ्क । वि० २. असी र एकको योगबाट बनेको; असी र एकका योगको । > **एकासिऔँ/एकासियौँ–** वि० गन्दै लैजाँदा एकासी सङ्ख्यामा परेको; एकासी सङ्ख्याको ।

**एकीकरण–** ना० [सं०] दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति, संस्था आदिलाई मिलाएर एक बनाउने काम । २. सम्बन्धित विषयवस्तुलाई मिलाएर एकता वा मतैक्य स्थापित गर्ने काम ।

**एकीकृत–** वि० [सं०] धेरै विषयवस्तुलाई मिलाएर एक बनाइएको; एकीकरण गरिएको । ~ **पाठ्यक्रम–** ना० एकअर्का विषयक्षेत्रको रेखालाई वास्ता नगरी अध्ययनीय विस्तृत क्षेत्र वा समग्र जीवनका महत्त्वपूर्ण समस्यामा केन्द्रित गरी विभिन्न एकाइ वा खण्डहरूको अर्थ पूरा र सङ्गठित रूपमा मिश्रण गरिएको पाठ्यक्रम ।

**एकीभाव–** ना० [सं०] १. एउटै वा एकै रूपको हुने काम वा स्थिति । २. एकत्र हुने काम; जम्मा हुने काम ।

**एकीभूत–** वि० [सं०] १. भिन्न-भिन्न वस्तु घुलमिल भएर एउटै भएको; मिसिएको; मिलेको । २. जम्मा भएको; एकत्रित ।

**एकुन्टा–** वि० [एकोटा] १. एक-एकवटा । क्रि० वि० २. एक-एक गरेर ।

**एकुन्द्रो–** वि० [सं० एकान्तर] १. एक दिन बिराएर आउने (ज्वरो) । २. एक दिन बिराएर हुने वा गरिने (काम) ।

**एकुवा१–** ना० शरीरमा बल्झिरहने कुनै पनि घाउ (उदा०– जति ओखती गरे पनि उनको घाउमा एकुवा पल्टिरहेकै छ ।)।

**एकुवा२–** ना० ढिम्रीलाई सानो वा ठूलो पार्ने ज्याबल ।

**एकुवार–** ना० [सं० एकपार] १. कुनै खोलाको एकातिरको मात्र तीर । २. अप्ठेरो ठाउँ । ३. दुईखापे ढोकाको कुनै एउटा फग्लैंटो; एउटा खापा । > **एकुवारै–** क्रि० वि० जँगार नतरीकन; खोलाको एकापट्टिको तीरतीरै ।

**एकुवा हिलो–** ना० [एकुवा+हिलो] हिउँद-बर्खें औँलाको काप खाइरहने हिले रोग ।

**एकेउटा–** वि० [एक+एक+ओटा] हे० एकौटा ।

**एकेक–** वि० [एक+एक] एक-एक; हरेक; प्रत्येक ।

**एकेडेमी–** ना० [अङ्०] १. साहित्य, कला, संस्कृति, विज्ञानको क्षेत्रमा विशिष्ट काम गर्ने एक संस्था । हे० प्रज्ञा-प्रतिष्ठान । २. शिक्षण-संस्थाहरूको शैक्षिक विभाग ।

**एकेन्द्रिय–** ना० [सं०] १. स्त्री र पुरुषजातिका शारीरिक बनोटमा भिन्नता नहुने वा एउटै लिङ्ग हुने प्राणी (गँड्यौला, जुको इ०) । २. इन्द्रियलाई सबै किसिमका विषयवासनाबाट हटाएर मनतिर तान्ने काम ।

**एकेश्वरवाद–** ना० [सं०] समस्त सृष्टिको कर्ता, भर्ता र हर्ताका रूपमा एउटै ईश्वरको अस्तित्व मान्ने सिद्धान्त । > **एकेश्वरवादी–** वि० एकेश्वरवादमा विश्वास गर्ने; एकेश्वरवादको अनुयायी वा समर्थक ।

**एकैनास–** वि० आकार-प्रकार वा गुण आदिका दृष्टिले एउटै किसिमको; उस्तै देखिने ।

**एको–** ना० [एक+ओ] डन्डीबियो खेल्दा डन्डीले जमिन नाप्ने सिलसिलामा एकलाई जनाउने शब्द ।

**एकोटा–** वि० [एक+ओटा] एक-एकवटा; एकेउटा; एकौटा ।

**एकोतार–** क्रि० वि० [एक+ताल] कुनै एउटै कामकुरालाई दोहोऱ्याईतेहऱ्याई; तारन्तार; बारम्बार; फेरिफेरि; लगातार । > **एकोतारै–** क्रि० वि० एकोतार ।

**एकोद्दिष्ट–** ना० [सं०] एउटा मात्र पितृका उद्देश्यले गरिने श्राद्ध; आमाबाबु वा पति आदिका तिथिमा गरिने श्राद्ध ।

**एकोहरि-नु–** अ० क्रि० [एकोहोरो+इ+नु] हे० एकोहोरिनु ।

**एकोहरो–** वि० [एकोहोरो] हे० एकोहोरो ।

**एकोहऱ्याइँ–** ना० [√ **एकोहरो**+याइँ] हे० एकोहोऱ्याइँ । > **एकोहऱ्याउनु–** प्रे० क्रि० एकोहोऱ्याउनु । **एकोहऱ्याहट–** ना० हे० एकोहोऱ्याई ।

**एकोहोरि-नु–** अ० क्रि० [एकोहोरो+इ+नु] १. कुनै कामकुरामा एकोहोरो भएर लागिपर्नु; एकसुरले काम गर्नु; एक चित्त भएर काम गर्नु । २. राम्रो सोचबिचार नगरी एउटा पक्षको समर्थन गर्नु; एकतर्फी बन्नु । ३. कुनै काम वा कुरा एकातिर लाग्नु; एउटै विषय वा प्रसङ्गमा मात्र केन्द्रित हुनु । ४. अरूका कुरा नसुनी आफ्नै कुरामा मात्र हठ गरिरहनु ।

**एकोहोरो–** वि० [एक+सरो] १. एउटै सोचबिचारमा मात्र लाग्ने; आफ्नै सुरले मात्र चल्ने; एकसुरे । २. दुई तह नभएको; एकसरो । ३. क्रि० वि० एकचित्त भएर । ४. एकै बाजि; एकै खेप । > **एकोहोऱ्याइँ–** ना० एकोहोरिने भाव, क्रिया वा प्रक्रिया । **एकोहोऱ्याइनु–** क० क्रि० एकोहोऱ्याइने काम गरिनु । **एकोहोऱ्याउनु–** प्रे० क्रि० एकोहोरो पार्नु; एकोहोरिन लाउनु । **एकोहोऱ्याहट–** ना० एकोहोरिएर काम गर्ने भाव, अवस्था क्रिया

वा प्रक्रिया; एकोहोऱ्याइँ ।

**एकौटा**– वि० [एक+औटा] एकएकवटा; एकेउटा; एकोटा ।

**एकौटी**– वि० [एक+औटी] १. एकएकवटी; हरेककी; प्रत्येककी (स्त्री) । २. आफ्नै मात्र हकको; एकलौटी ।

**एक्का**– ना० [प्रा० एक्क] १. एक फुट्टी मात्र भएको तासको चक्की । २. एकएक घोडा मात्र नारिएको बग्गी; एकघोडे बग्गी । वि० ३. समूहदेखि भिन्न; फुट्टा; ठिङ्गो; एकलो । ४. सबभन्दा बढी मन परेको । ५. अरूभन्दा श्रेष्ठ; प्रधान; मुख्य ।

**एक्काइस**– ना० [सं० एकविंशति > प्रा० एक्कवीस] १. बीस र एकको योगबाट बनेको सङ्ख्या; २१-को अङ्क । वि० २. बीस र एकको योगले बनेको; बीस र एकका योगको । > **एक्काइसौँ**– वि० गन्दै लैजाँदा एक्काइसमा परेको; बीस र एकको योगको; एक्काइस सङ्ख्याको ।

**एक्कावान**– ना० [एक्का+वान] एकघोडे बग्गी हाँक्ने व्यक्ति; एक्का चलाउने मानिस ।

**एक्कासि**– क्रि० वि० १. अकस्मात्; सहसा; एकदम; एकाएक । २. विनासोचविचार; विनाकारण ।

**एक्ले**– वि० [√ **एकले**] एकले; एक्लो ।

**एक्लो**– वि० [√ एकलो] कोही नभएको; एकलो ।

**एक्सप्रेस**– वि० [अङ्०] मुख्यमुख्य स्टेसनमा मात्र केही छिनका लागि अडिई अरूभन्दा छिटो गन्तव्य स्थानमा पुग्ने (गाडी, रेल, मोटर इ०) ।

**एक्स-रे**– ना० [अङ्०] शरीरभित्रका अवयवको आकृति दृष्टिगोचर गराउने एक किसिमको अदृश्य विद्युत्-किरण; क्ष-किरण ।

**एघार**– ना० [सं० एकादश > प्रा० एगारस] १. दस र एकको योगबाट बन्ने सङ्ख्या; ११-को अङ्क । वि० २. दस र एकका योगले बनेको; दस र एकका योगको । ~ **दुई**– ना० त्रिपासाका खेलमा पन्जा, छक्का र दुवा मिलेर बन्ने एक दाउ । > **एघारौँ**– ना० १. कुनै व्यक्ति मरेको एघारौँ दिन । २. मृतकका उद्देश्यले एघारौँ दिनमा गरिने काजक्रिया । वि० ३. गन्तीको क्रममा दस र एकको योगसङ्ख्यामा पर्ने; एघार सङ्ख्याको ।

**एजेन्ट**– ना० [अङ्०] १. कुनै कल-कारखाना, व्यापारिक संस्था आदिको प्रतिनिधिका रूपमा काम गर्ने व्यक्ति; गुमस्ता । २. अरूको प्रतिनिधिका रूपमा काम गर्ने व्यक्ति; वारिस ।

**एजेन्डा**– ना० [अङ्०] कुनै सभा, बैठक आदिमा विचार वा छलफलका निम्ति तयार पारिएको कामको सूची; कार्यसूची ।

**एजेन्सी**– ना० [अङ्०] एजेन्टको काम हुने वा एजेन्ट बस्ने स्थान वा स्थिति; एजेन्टको पद, भाव वा क्रिया; गुमस्त्याइँ ।

**एटर्नी**– ना० [अङ्०] १. अधिवक्ता; वकिल । २. नियमानुसार काम गर्न अधिकार प्राप्त कुनै प्रतिनिधि ।

**एड्स**– ना० [अङ्०] एच्० आई० भी० जीवाणुबाट उत्पन्न हुने एक भयानक रोग । २. रोगको प्राकृतिक प्रतिरोधक क्षमता नष्ट गर्ने खतरनाक रोग ।

**एतदर्थ**– अव्य० [सं०] १. यस कारण; यस निमित्त; यस उद्देश्यले । २. तदर्थ ।

**एत्तेरी**– वि० बो० [ए+तेरो+ई] उदेक, आश्चर्य आदि प्रकट गर्दा बोलिने अव्ययशब्द (उदा०– एत्तेरी, तैँले पनि फुर्ती पो गरिस् !) ।

**एत्रुको**– वि० [यत्रो+को?] सानोसानो किसिमको; ससानो ।

**एभरेस्ट**– ना० [अङ्०] हे० सगरमाथा ।

**एम्बुलेन्स**– ना० [अङ्०] आकस्मिक दुर्घटनामा परेको रोगीलाई स्वास्थ्यशिविर वा हस्पिटलमा पुऱ्याउने सवारी साधन; बिरामीलाई ओसारपसार गर्ने मोटर ।

**एयर**– ना० [अङ्०] हावा; वायु । ~ **कन्डिसन**– ना० हे० वातानुकूलन । ~ **डकुमेन्ट**– ना० हवाईजहाजद्वारा ल्याउनेलैजाने व्यवस्था गरिने चिठीपत्र वा अन्य सामग्री ।

**एरण्ड**– ना० [सं०] अँडिर ।

**एरात्तै**– वि० बो० आश्चर्य, विस्मय, जोस आदि प्रकट गर्दा भनिने शब्द; एत्तेरी (उदा०– एरात्तै, त्यो फुच्चो पनि पल्टनमा जागिरे भयो रे ।) ।

**एलपाँधिमे**– ना० [नेवा०] धिमेभन्दा केही सानो तर उस्तै प्रकारको एक बाजा ।

**एलोरा**– ना० प्राचीन भित्तेचित्र भएको पश्चिम भारतस्थित एक प्रसिद्ध गुफा ।

**एवं**/**एवम्**– अव्य० [सं०] १. यस्तै किसिमले; यसै प्रकार; यस्तै । संयो० २. दुई समान रूपका वाक्य वा पदहरूलाई जोड्ने शब्द; र; अनि; तथा । > **एवमस्तु**– अव्य० कसैले कुनै वर वा आशीर्वाद माग्दा मागेको कुरा पूरा होस् भनी बोलिने शब्द; चाहेजस्तै होस्; यस्तै होस्; तथास्तु ।

**एषणा**– ना० [सं०] १. अन्वेषण; खोज । २. कामना; इच्छा अभिलाषा ।

**एसिया**– ना० [अङ्०] पृथ्वीका छ महाद्वीपहरूमध्ये एक महाद्वीप; पूर्वी गोलार्द्धमा रहेको महाद्वीप । > **एसियाली**– वि० एसियामा जन्मेको वा भएको; एसियाको; एसियासम्बन्धी ।

**एहे**– वि० बो० [सं० अहो] हर्ष, शोक, आश्चर्य, जोस आदिको भाव व्यक्त गर्दा बोलिने शब्द (उदा०– एहे, त्यस्तो पो रहेछ ! एहे, बिचरा साइकलबाट लड्यो !)।

**एहोइ**– ना० [ए+है] १. वनजङ्गलमा बस्तुभाउ चराउँदा गोठालाहरूले हिंस्रक जनावरहरूलाई धपाउनका लागि आफू-आफूमा कराउने शब्द; हौट । २. मिल्दा साथीभाइहरूमा वा आफूभन्दा मनिका व्यक्तिलाई गरिने सम्बोधन । (उदा०– एहोइ कान्छा ! तँ कता जान लागिस् हँ ?) ।

# ऐ

**ऐ**१– देवनागरी वर्णमालाको खास चलनचल्तीका स्वरवर्णमध्ये नवौँ स्वरवर्ण; परम्परागत रूपमा कण्ठ तालुस्थानबाट उच्चारण हुने, दीर्घ स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार केन्द्रीय, आधा बन्द स्थितिदेखि अग्र बन्द बिन्दुमा पुगी टुङ्गिने द्विस्वर; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**ऐ**२– वि० बो० [सं०] १. कसैलाई डाक्दा वा हकार्दा भनिने अव्यय शब्द; ए (उदा०– ऐ श्याम ! तँ कता जान लागेको ? ऐ, किन चल्छस् हँ ?) । ना० २. शिव ।

**ऐँकटी**– ना० [नेवा०] परम्परागत प्रविधिमा तनाइएको काम गर्ने अङ्कुसेदार लट्ठी ।

**ऐँच**– ना० [सं० अञ्च] १. कुनै व्यक्तिलाई कतैबाट र कसै गरी पनि उम्कन नदिई अधीनमा ल्याउने काम; वशमा राख्ने काम; काबू; दबाउ । २. परस्पर तानातानी गर्ने काम; तनाइ; तन्काइ ।

**ऐँच-नु**– स० क्रि० [ऐँचँ +नु ] १. कसैलाई कसै गरी पनि उम्कन-भाग्न नदिई अधीनमा ल्याउनु; ऐँचमा पार्नु; काबूमा राख्नु; वशमा राख्नु; । २. कुनै व्यक्ति वा वस्तुलाई अँठ्याउनु; बेसरी थिच्नु; दबाउनु । ३. कुनै स्थान आदिमा कब्जा गर्नु; दखल गर्नु । ४. परस्पर तानातानी गर्नु; तान्नु । > **ऐँचाइ**– ना० ऐँचने भाव, क्रिया वा प्रक्रिया । **ऐँचाइनु**– क० क्रि० ऐँचन लाइनु; वश वा अधीनमा पार्न लाइनु । **ऐँचाउनु**– प्रे० क्रि० ऐँचन लाउनु; वश वा अधीनमा राख्न लगाउनु । **ऐँचातानी**– ना० खिचातानी; तानातानी । **ऐँचिनु**– क० क्रि० ऐँचने काम गरिनु; तानिनु । **ऐँची**– वि० ऐँचने स्वभावको; खिचुवा ।

**ऐँचो**– ना० [ऐँच+ओ] १. परवशता; खटन । २. पैँचोको अग्रक । – **पैँचो**– ना० १. खाँचो भएको अन्नपात वा अन्य वस्तु पैँचो दिने र पैँचो लिने काम । २. रुपियाँ-पैसा आदि सापट दिने र लिने काम; सरसापटी । ३. दोहोरो व्यवहार वा लेनदेन ।

**ऐँजेरु**– ना० हे० ऐजेरु ।

**ऐँठ-नु**– स० क्रि० [ऐँठन+नु] १. कसैलाई भाग्न-उम्कन नसक्ने गरी च्याप्नु; अँठ्याउनु । २. दबाउनु; थिच्नु; अँचेट्नु । ३. बटारेर निचोर्नु; निमोठ्नु ।

**ऐँठन**– ना० [सं० अधिवेष्टन] १. निद्रित अवस्था वा सपनामा रक्तसञ्चार वा श्वासको गतिमा कुनै कारणवश व्यवधान भएमा हुने कष्ट र छटपटी; त्यसरी हुने अरऱ्याइ वा उमर्को । २. दबाउ; थिचाइ । – **बाज**– वि० शरीरलाई कऱ्याककुरुक पारी ऐँठन गर्न जान्ने (व्यक्ति) ।

**ऐँठाइ**– ना० [√ ऐँठ (+आइ)] ऐँठने भाव, क्रिया वा प्रक्रिया । [ > ] **ऐँठाउनु**– प्रे० क्रि ऐँठन लाउनु ।

**ऐँठिनु**– क० क्रि० ऐँठने काम गरिनु; अँठ्याइनु ।

**ऐँठे**– ना० [ऐँठ+ए] गहुँका पीठाको बाक्लो लेदोलाई बाङ्गोटिङ्गो वा घुमर्किएका आकारको बनाई घिउमा पकाएर पाकमा डुबाएको एक प्रकारको हलुवाई रोटी ।

**ऐँठ्याइ**– ना० [√ **ऐँठि** (+याइ)] ऐँठने भाव, क्रिया वा प्रक्रिया । [ > ] **ऐँठ्याइनु**– क० क्रि० ऐँठिन लाइनु; निमोठ्याइनु । **ऐँठ्याउनु**– स० क्रि० १. ऐँठिन लाउनु; ऐँठिने पार्नु । २. निमोठ्न लाउनु; बटार्न लाउनु ।

**ऐँसेलु**– ना० पातला काँडा र बाक्लो भुस हुने, पोथ्रामा फल्ने, काफलका जत्रा दाना हुने र चैत-वैशाखतिर पहेँलो भएर पाक्ने, गुलियो स्वादको नरम फल ।

**ऐकमत्य**– ना० [सं०] एक मत हुनाको भाव वा अवस्था; मतैक्य ।

**ऐकान्तिक**– वि० [सं०] १. एकान्तमा हुने वा सम्बन्ध राख्ने । २. विशेष रूपले कुनै एक विषय, व्यक्ति आदिसित सम्बन्धित । ३. सम्पूर्ण; पूरा । ४. निश्चित; विश्वस्त । ~ **समाचार**– ना० १. कुनै संवाददाताले कतैबाट खोजमेल गरी वा निकाली अन्यत्र प्रकाशित हुनुभन्दा पहिले आफ्नो पत्रलाई दिएको समाचार; कुनै स्रोतबाट आफैँ प्राप्त गरेको मौलिक समाचार । २. विशेष महत्त्वको समाचार । – **ता**– ना० एकान्त हुनाको भाव वा अवस्था ।

**ऐकार**– ना० [सं०] १. 'ऐ' अक्षर । २. व्यञ्जनवर्णमाथि लाग्ने 'ऐ' को चिह्न; दोलख ( ै ) ।

**ऐक्य**– ना० [सं०] एकता; एकत्व; मेल; ।

**ऐक्षव**– ना० [सं०] १. उखुबाट बन्ने वा बनेको पदार्थ (सखर, चिनी आदि) । २. एक प्रकारको रक्सी ।

**ऐच्छिक**– वि० [सं०] १. इच्छानुसारको; चिताएजस्तो; इच्छामुताबिक । २. दुइटामध्ये इच्छानुसार कुनै रोज्न सकिने; इच्छाधीन; वैकल्पिक । ~ **विषय**– ना० अभिरुचि, झुकाव तथा क्षमतानुसार शिक्षार्थीले कुनै एक वा दुई विषय आफ्नो स्वेच्छाले छान्ने व्यवस्था भएको विषय वा पाठ्यवस्तु ।

**ऐजन**– अव्य० [अ०] माथि लेखिएअनुसार; माथि लेखिएबमोजिम; उक्त; सो; निज ।

**ऐजेरु / ऐझेरु**– ना० [सं० अङ्गबजार] १. अर्कै रूखको कापमा उम्रने, लाम्चा पात हुने, रातो फूल फुल्ने, गुलिया ससाना फल फल्ने बुटी; बन्दाक । २. शरीरमा फुकुन्डा उठ्ने रोगविशेष ।

**ऐटन**– ना० [अङ्० एड्जुटेन्ट] सैनिक सेवामा लप्टनभन्दा मुनिको अधिकृत; लप्टनको सहायक पल्टनियाँ अफिसर ।

**ऐतिहासिक**– वि० [सं०] १. इतिहासमा उल्लेख भएको; इतिहासमा वर्णन गरिएको । २. इतिहाससम्बन्धी; इतिहासको । ३. इतिहास जान्ने; इतिहासको ज्ञाता; इतिहासविद् । – **ता**– ना० १.

ऐतिहासिक हुनाको भाव वा अवस्था । २. इतिहासका दृष्टिले प्रसिद्ध हुनाको भाव वा अवस्था । ~ **भौतिकवाद–** ना० वाद र विवादको अन्तर्द्वन्द्वद्वारा दुवैको अस्तित्व समाप्त भई संवादको प्रादुर्भाव हुन्छ भन्ने हेगेलको द्वन्दात्मक दर्शन र लुडविग फेरवाकको भौतिकवादी दर्शनको सम्मिश्रण गरी मार्क्सले प्रतिपादन गरेको द्वन्द्वात्मक भौतिकवादलाई ऐतिहासिक कसीमा लागू गरी निर्माण गरिएको तथा त्यसै आधारमा समाजलाई हेरिने दर्शन ।

**ऐन**१– वि० [अ०] ठीक; उपयुक्त (उदा०– ऊ ऐन मौकामा हामीकहाँ आयो) ।

**ऐन**२– ना० [अ० आईन] कुनै विषयलाई व्यवस्थित रूपमा गर्नगराउन बनेको सरकारी नियम; कानुन; विधान । ~ **कानुन–** ना० सरकारका तर्फबाट बनेको नियम, कानुन वा विधि-विधान । – **को उल्लेख–** ना० १. अड्डा वा अदालतबाट कुनै कामकुराका सम्बन्धमा लेखापढी वा निर्णय गर्दा प्रमाणका निम्ति दिइने कानुनी महल, दफा, उपदफा आदिको हुलिया । २. फलाना ऐनको फलानो नम्बर (दफा, उपदफा)-ले यस्तो भएको र यस्तो हुनुपर्छ भनी देखाइएको ऐनको नजिर; नजिरको उल्लेख । – **को म्याद–** ना० कुनै विषयमा कानुनी कामकारबाही कहिले सुरु गर्ने वा समाप्त गर्ने भनी ऐनमा तोकिएको समय । – **खाना–** ना० कानुनविभाग । ~ **बर्खिलाप–** वि० १. ऐनकानुनविरुद्ध । २. कानुनका दृष्टिले आपत्तिजनक । ~ **सवाल–** ना० १. ऐनकानुन र त्यसअन्तर्गत बनेका नियम, उपनियम आदि । २. अड्डाअदालतलाई जारी गरिएको सवाल र ऐन ।

**ऐना–** ना० [फा० आइना] पृष्ठ भागमा पारो लगाएर अनुहार आदि हेर्नको लागि अपारदर्शी बनाइएको सिसा; दर्पण । ~ **घर–** ना० दियो छोप्ने लम्फाका आकारको ऐनाको घर ।

**ऐन्द्र–** वि० [सं०] १. इन्द्रसम्बन्धी; इन्द्रको । ना० २. पाणिनिपूर्वका संस्कृत व्याकरणको परिपाटीमध्ये एक । – **कूट–** वि० इन्द्रकूट पर्वतसम्बन्धी । – **जाल–** ना० चटकीको विद्या; इन्द्रजालीको विद्या; जादु; टुनामुना । – **जालिक–** वि० इन्द्रजाल विद्या जान्ने; जादु विद्या जान्ने; चटक गर्ने; चटकी ।

**ऐपन–** ना० [सं० आलिम्पन] १. प्रायः कूर्माञ्चलका बासिन्दाहरूले विवाह-व्रतबन्ध आदि र अन्य धार्मिक कृत्य गर्दा चामलका पीठाको लेदो बनाई हालिने विभिन्न बुट्टाका आकारका रेखी । २. जिउँती ।

**ऐब–** ना० [अ०] दोष; खोट; अयब । > **ऐबी–** वि० खोट लागेको; दोषयुक्त ।

**ऐभाँत–** ना० [सं० आविभर्त्र्य] १. स्त्रीको पति भएको अवस्था; सधवापन । २. स्त्रीको सौभाग्य । > **ऐभाँतिनी–** वि० १. ऐभाँती । ना० २. ऐभाँती नारी । **ऐभाँती–** वि० पति भएकी; सधवा; सौभाग्यवती ।

**ऐभारा–** ना० [सं० अभिभारा] अभिभारा; दायित्व; उत्तरदायित्व; सिरोभरो ।

**ऐया–** वि० बो० चोटपटक लाग्दा, शरीर दुख्दा वा थाक्दा मुखबाट निस्कने शब्द (उदा०– ऐया, धेरै हाँसियो बा, आज त) । ~ **आमा–** वि० बो० हे० ऐया । ~ **बाबा–** वि० बो० हे० ऐया ।

**ऐयार–** ना० [अ०] १. गोप्य कार्यका लागि तैनाथ गरिएको विशेष व्यक्ति; जासुस; गुप्तचर । वि० २. बाठो; चलाख; चड्ख । > **ऐयारी–** ना० १. चलाखी । २. धूर्तता । ३. ऐयारले गर्ने काम ।

**ऐयास–** वि० [अ०] खूब ऐसआराम गर्ने; विषयसुखको खूब आनन्द लिने; भोग-विलासमा खूब रम्ने; ऐयासी गर्ने । > **ऐयासी–** ना० १. भोगविलास; मोज; मोजमज्जा । वि० २. ऐयास ।

**ऐराकी–** वि० [सं० अभिरागी] नाच्नगाउनमा निकै सिपालु; नाचगानमा दक्ष ।

**ऐरावत–** ना० [सं०] १. इन्द्रले चढ्ने हात्ती; चार दिग्गजमध्ये पूर्व दिशाको दिग्गज । २. इन्द्रधनु; इन्द्रेणी । ३. बिजुली चम्केको कालो बादल ।

**ऐरी–** ना० [सं० आभीरी ] १. एक प्रकारको भूतप्रेत । २. सिकारी । ३. क्षेत्री वा पावई जातिको एक थर ।

**ऐरेगैरे–** वि० [(द्वि०) गैरे] १. कुनै सम्बन्ध नभएको; नातागोता केही नपर्ने । २. चानचुने; भारेभुरे; विनामहत्त्वको ।

**ऐरेलु–** ना० [सं० उर्वारु] जङ्गलमा पाइने एक प्रकारको तीतो काँक्रो ।

**ऐरेलो–** ना० [ओइरो+लो] कुनै वस्तु वा मालसामान आदिको थुप्रो; अव्यवस्थित रूपमा रहेको डङ्गुर; ओइरो ।

**ऐरो–** ना० [√ अहिरो] १. प्रायः जङ्गलबाट मारेर ल्याइएको सिकार । २. सिकारीले जङ्गलमा भेटेको सिकारलायक जन्तु । ३. ओइरो । – **खेदो–** ना० खुरन्धार; लट्ठो लिने काम । – **पैरो–** ना० अप्ठेरो काम; पार लगाउन मुस्किल पर्ने काम । २. गाह्रो-साङ्ग्रो ।

**ऐल–** ना० [सं०] १. इलाको छोरो; पुराणप्रसिद्ध सोमवंशी राजा पुरुरवा । २. मङ्गल ।

**ऐलानी–** ना० [फा० ] १. सरकारी रूपमा कसैको नाममा दर्ता नभएको खेतीयोग्य पर्ती जग्गा । २. आबादी गर्नाका निमित्त फुकाइएको पर्ती जग्गा । वि० ३. सरकारी रूपमा कसैको नाममा दर्ता नभएको ।

**ऐले–** क्रि० वि० [√ अहिले] हे० अहिले; यस बेला ।

**ऐश्वर्य–** ना० [सं०] १. श्रीसम्पत्ति; धनसम्पत्ति; विपुल धनराशि । २. प्रभुत्व; आधिपत्य; प्रभुता । ३. अष्टसिद्धिमध्ये एक । ४. ईश्वरीय पद वा गुण; शक्ति । – **मत्त–** वि० धनसम्पत्तिको आधिक्यले गर्दा मात्तिएको; धनले मदमत्त । – **वान्–** वि० ऐश्वर्यले युक्त भएको; धनवान्; सम्पन्न; सम्पत्तिशाली । – **शाली–** वि० प्रशस्त सम्पत्ति भएको; सम्पत्तिशाली; धनवान् ।

**ऐस–** ना० [अ० ऐश] १. जीवनको भौतिक सुखसुविधा; सोखसयल; आराम; चैन । २. जीवनमा प्राप्त गर्ने विषयवासनाको सुख; भोगविलास; अयस । ~ **आराम–** ना० जीवनमा भोगिने सुखसुविधा; आरामचैन; भोगविलास; मोजमज्जा । > **ऐसी–** वि० हे ऐयासी ।

**ऐहलौकिक–** वि० [सं०] यसै लोकमा भएको; यसै लोकसँग सम्बद्ध; यसै लोकको; सांसारिक; ऐहिक; इहलोकको ।

**ऐहिक–** वि० [सं०] हे० ऐहलौकिक । – **ता–** ना० यस लोकमा हुनाको भाव; इहलौकिकता; सांसारिकता ।

# ओ

**ओ**१– देवनागरी वर्णमालाको खास चलनचल्तीका स्वरवर्णमध्ये दसौँ स्वरवर्ण; परम्परागत रूपमा कण्ठ-ओष्ठस्थानबाट उच्चारण हुने स्वरवर्ण मानिएको, भाषाविज्ञानअनुसार पश्च र आधाबन्द, गोलित स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**ओ**२– वि० बो० [सं० अहो] १. सम्झना, विस्मय आदिमा बोलिने शब्द । (उदा०– ओ बल्ल पो मैले बुझेँ) । २. आफूभन्दा मनिकालाई बोलाउँदा प्रयोग गरिने शब्द; ए (उदा०– ओ श्याम ! यता आऊ) ।

**ओं**– ना० [सं०] १. क्रमशः विष्णु, शिव र ब्रह्मालाई बुझाउने अ, उ, म मिलेर बनेको शब्द । २. वेदपाठ गर्दा मन्त्रका रूपमा ऋचाका आगाडि-पछाडि उच्चारण गरिने पवित्र ध्वनि (ॐ); प्रणव । **– कार**– ना० १. ओं अक्षर; प्रणव । २. धार्मिक विश्वास-अनुसार ब्रह्मा (अ), विष्णु (उ) र महेश्वर (म) को संयुक्त रूप । ~ **रामपट्ट**– ना० राजपरिवारका सदस्य तथा हिन्दू धर्मको विशिष्ट व्यक्तिलाई प्रदान गर्ने उद्देश्यले २००३ सालमा स्थापित एक पदक ।

**ओइ**– वि० बो० [सं० अहो+इ] हे० ओ ।

**ओइर-नु**– स० क्रि० [ओइरो+नु] १. चुलो, अगेनु आदिमा बसालिएको भाँडामा पकाउनाका निम्ति दाल, चामल, तरकारी आदि हाल्नु; ओइरिनु । २. कल, कोल आदिमा धान-मकै कुट्नपिँध्नका लागि हाल्नु । ३. रिसले कुनै वस्तु कसैलाई धेरै दिनु । अ० क्रि० ४. तरल, धूलो वा दानादार वस्तु ठूलो परिमाणमा पोखिनु वा चुहिनु । ५. लस्कर लाग्नु । ६. जाइलाग्नु । > **ओइराइ**– ना० ओइरिने भाव, क्रिया वा प्रक्रिया । **ओइराउनु**– प्रे० क्रि० ओइरिन लाउनु ।

**ओइरान**– ना० [ओइरो+आन] १. सतहसम्म नभई भिरालो परेको पाखो जग्गा, पहिरो । २. बेलाबेलामा भत्किरहने फस्को पाखो ।

**ओइरालो**– वि० [ओइरो+आलो] छेलोखेलो; आफलताफल; पउल ।

**ओइरिनु**– स०क्रि०हे० ओइरनु ।

**ओइरो**– ना० [सं० अवरोहण] १. नरोकिईकन निरन्तर खसिरहने पानी, अन्न आदिको ठूलो धारो । २. लगातार आइरहेका धेरै मानिसको ताँती । ३. अन्न आदिको थुप्रो । ४. गाँस । **– पहिरो**– वि० छेलोखेलो; आफलताफल ।

**ओइल-नु**– अ० क्रि० [सं० अवलीन] फूल, पत्र, सागपात आदिको ताजापन नष्ट हुनु । > **ओइलाइ**– ना० ओइलाउने क्रिया वा भाव । **ओइलाइनु**– अ० क्रि० ओइलाउने काम होइनु । **ओइलाउनु**– स० क्रि० /प्रे० क्रि० १. फूल, पत्र, सागपात आदिलाई घाममा राखेर अलिअलि सुकाउनु; दरसुको पार्नु; ओइलिएको पार्नु । अ० क्रि० २. ओइलनु । **ओइलिनु**– अ० क्रि० सागपात आदिको ताजापन निख्रनु; ओइलनु । **ओइल्याइ**– ना० ओइलाइ । **ओइल्याइनु**– क० क्रि० ओइलिने पार्न लाइनु । **ओइल्याउनु**– प्रे० क्रि० ओइलिने पार्न लगाउनु; ओइलिने पार्नु; दरसुको पार्नु; केही-केही सुकाउनु ।

**ओकट्-नु**– स० क्रि० हे० ओगट्नु । > **ओकटिनु**– क० क्रि० ओगटिनु ।

**ओकल्-नु**– स० क्रि० [सं० उद्गीरण+नु ] खाएको वस्तु पेटमा नपुऱ्याई मुखैबाट बाहिर निकाल्नु; उकेल्नु ।

**ओकलदोकल**– ना० [एकल+दोकल] केटाकेटीले खेल्ने एक खेल र त्यस खेलमा गाइने गीत ।

**ओकलाइ**– ना० [√ **ओकल्** (+आइ)] ओकल्ने किसिम, क्रिया वा भाव । [>] **ओकलाउनु**– प्रे० क्रि० ओकल्न लाउनु; ओकल्ने बनाउनु । **ओकलिनु**– क० क्रि० ओकलाइमा पर्नु ।

**ओकार**– ना० [सं०] १. 'ओ' स्वरवर्णलाई बुझाउने शब्द; 'ओ' अक्षर । २. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमाथि लाग्ने 'ओ'को चिह्न; लखकानो ( ो ) ।

**ओक्रापा**– ना० बढीमा दुई फिटजति लम्बाइको, भुवादार जीउ, रातो ढाड, कालो पेट भएको र पुच्छर खण्ड-खण्ड परेजस्तो हुने मांसाहारी समूहमा पर्ने (दाँत र नङ्ग्रा दह्रा भएको) तर शाकाहारी एक जन्तु ।

**ओखती**– ना० [सं० औषधी] १. रोग निको पार्नलाई प्रयोग गरिने वस्तु वा सामान; औषधी । २. उपचार; उपाय । ~ **मूलो**– ना० १. औषधीमा वा औषधीका रूपमा प्रयोग हुने जडीबुटी । २. विभिन्न प्रकारका औषधी; औषधीहरूको समुदाय । ३. उपचार ।

**ओखर**– ना० [सं० अक्षोट] लाम्चा पात हुने, आरूजस्तो फल फल्ने र जमानेमान्द्राका जस्ता लामालामा मञ्जरी लाग्ने, हाडे दानाभित्र गुलियो खाद्य पदार्थ हुने ठूलो जातको रूख; हाडे र दाँते गरी दुई प्रकारको हुने त्यसैको फल । ~ **पाङ्ग्रे**– ना० १. गुरुङ जातिमा बिहे हुँदा कन्याका तर्फबाट वरलाई दिइने ओखर तथा पाङग्रो । २. आपसमा नमिल्ने व्यक्ति वा वस्तु । ३. मिलापको निम्ति प्रतिकूल स्थिति । वि० ४. असजिलो । ५. बेमेलको । ~ **पाङ्ग्रो फिर्ता**– ना० गुरुङजातिको पारपाचुके ।

**ओखल**– ना० [प्रा० ओक्खल < सं० उलूखल] चिउरा, धान आदि कुट्न खोपिल्टो पारी बनाइएको काठ वा ढुङ्गाको साधन; उर्गल । **– ढुङ्गा**– ना० १. पूर्वी नेपालको सगरमाथा अञ्चलमा पर्ने एक जिल्ला । २. त्यस जिल्लाको सदर मुकाम ।

**ओखली**– ना० [ओखल+इ] सानो ओखल । ~ **मुसली**– ना० १. कुट्नका लागि धान आदि हालिने ओखल र कुट्ने मुसल; ओखल र मुस्ली । २. कुट्ने धन्दा; ढिकीजाँतो ।

**ओगट्‌-नु–** स० क्रि० [अग्रवर्तन] १. कुनै ठाउँलाई अरू कोही आउनुभन्दा पहिले नै छेकथुन गरिराख्नु; अरू कसैलाई नदिईकन कुनै वस्तुलाई कब्जामा लिइराख्नु; रोक्नु; छेक्नु; ओकट्नु । २. कुनै व्यक्ति वा प्राणीविशेषलाई अलमल्याएर अन्त जान वा अरूको हुन नदिनु । ३. कुनै वस्तु वा व्यक्तिले आफूभरिको ठाउँ लिनु । > **ओगटाइ–** ना० ओगट्ने किसिम, क्रिया वा भाव । **ओगटाउनु–** प्रे० क्रि० ओगट्न लाउनु । **ओगटिनु–** क० क्रि० ओगटाइमा पर्नु ।

**ओछाइ–** ना० [√ **ओछाउ** (+आइ)] ओछाउने भाव, क्रिया वा प्रक्रिया । [>] **ओछाइनु–** अ० क्रि० ओछाउने काम होइनु ।

**ओछाउनु–** अ० क्रि० कुनै कामकुरा गर्न अल्छी मान्नु; गरूँ कि नगरूँ भनेझैं गरी दोमन हुनु; कामकुरा गर्न जाँगर मरेर आउनु; हतोत्साह हुनु; अल्छी बन्नु ।

**ओछि-नु–** अ० क्रि० [ओछ्याउ+इ+नु] १. ज्यादै सानो वा तुच्छजस्तो बनेर गोडामन्तिर पर्नु; पाउ पर्नु; शरण पर्नु । २. व्यक्ति वा वस्तुका मुनितिर पर्नु । ३. ओछ्यान बन्नु; बिछिनु; फिँजिनु; पसारिनु; । ४.फैलिएर छरिनु । ५. युद्ध आदिमा मारिनु; सोत्रिनु ।

**ओछो–** वि० [प्रा० उच्छ] कुनै महत्त्व नभएको; सानो विचारको; नगण्य किसिमको; तुच्छ ।

**ओछ्याइ–** ना० [√ **ओछ्याउ** (+आइ)] ओछ्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **ओछ्याइनु–** क० क्रि० ओछ्याउने काम गरिनु ।

**ओछ्याउ-नु–** स० क्रि० [ओछि+याउ+नु] १. सुकुल, गुन्द्री वा अन्य ओछ्याउने जमिन, खाट आदिमा बिछ्याउनु; ओछ्यान फिँजाउनु; पसार्नु । २. युद्ध आदिमा धेरै मानिसलाई धमाधम मारेर सोतर पार्नु ।

**ओछ्याउने–** ना० [√ ना० ओछ्यान] १. सुबिस्तासाथ बस्न वा सुत्नका निम्ति बनाइएको वस्तु (सुकुल, गुन्द्री, डसना इ०); ओछ्यान; बिछ्यौना । वि० २. बिछ्याउने; ओछ्याइने ।

**ओछ्यान–** ना० [सं० अवच्छन्नक] १. खाट, भुइँ आदिमा बस्न वा सुत्नको लागि फैलाइने वस्तु (गुन्द्री, दरी, डसना, गलैँचा इ०) । २. उक्त वस्तुहरूमध्ये खास गरी डसना; बिछौना ।

**ओज–** ना० [सं० ओजस] १. व्यक्तिको व्यक्तित्व बढाउने शक्ति; बल; प्रताप; तेज; स्फूर्ति । २. प्रकाश । ३. प्राणीलाई स्वस्थ राख्ने शारीरिक गुण । ४. काव्यको एक गुण ।

**ओजन–** ना० [अ० वजन] हे० वजन ।

**ओजस्विता–** ना० [सं०] १. ओजस्वीपन; तेजस्विता; । २. तेज; स्फूर्ति ।

**ओजस्वी–** वि० [सं०] शरीरमा शक्ति वा स्फूर्ति भएको; ओज भएको; प्रतापी; प्रभावशाली । – **राजन्य–** ना० राजा-रानी, राजपरिवारका सदस्य वा राष्ट्राध्यक्ष र उनकी पत्नीलाई प्रदान गर्ने उद्देश्यले १९९१ सालमा स्थापित एक तक्मा ।

**ओझा–** ना० [सं० उपाध्याय] १. ब्राह्मण आदि जातिको एक थर । २. झाँक्री; धामी ।

**ओझाइ–** ना० [√ **ओझाउ** +आइ)] ओझाउने भाव, क्रिया वा प्रक्रिया । **ओझाइनु–** क० क्रि० ओझाउने काम गरिनु ।

**ओझाउ-नु–** स० क्रि० [ओझि+आउ+नु] १. आगाको चर्को रापलाई घटाएर केही मलिन बनाउनु; आगाको आँच कम गर्नु । अ० क्रि० २. आगाको राप घटेर केही मलिनु हुनु; आगाको आँच कम हुनु; ओझिनु ।

**ओझि-नु–** अ० क्रि० आगाको राप घटेर केही मलिन हुनु; आगाको आँच कम हुनु ।

**ओझिनी–** ना० [ओझा+इनी] १. ओझा थरकी ब्राह्मणी; ओझाकी पत्नी । २. आइमाई धामी; धमिनी ।

**ओझेल–** ना० [सं० अवजाल] १. केही वस्तुले प्रकाश छेक्नाले बनेको छाया; घाम छेकिएको ठाउँ; सियाँल । २. छहारी । > **ओझेली–** ना० गीत आदिमा प्रयोग हुने ओझेलको रूप ।

**ओट्‌-नु–** स० क्रि० कपास आदिबाट बियाँ झिक्नु; उइँटनु । > **ओटाइ–** ना० ओट्ने क्रिया वा प्रक्रिया । **ओटाइनु–** क० क्रि० ओट्ने काम गरिनु । **ओटाउनु–** प्रे० क्रि० ओट्न लगाउनु ।

**ओट–** ना० [ओत] कसैको पक्ष लिने काम; तरफदारी; पक्षग्रहण; धुरा ।

**ओटा–** प्रत्यय [गोटा] सङ्ख्यावाची शब्दका पछिल्तिर लागेर थान बुझाउने एउटा प्रत्यय (चारोटा, पाँचोटा इ०) ।

**ओटालो–** ना० [ओट+आलो] घरअगाडिको सफा, सम्म ठाउँ; घरको आँगन ।

**ओटिलो–** ना० [ओट+इलो] ओट्ने काम भएको ।

**ओठ–** ना० [सं० ओष्ठ] मुख ढाक्ने अवयव । ~ **काटचो–** ना० 'ट' वर्णका लागि प्रारम्भिक कक्षाका विद्यार्थीको निम्ति प्रयोग गरिने शब्द; टकार । ~ **मिलायो–** ना० 'ठ' वर्णको लागि प्रारम्भिक तहका विद्यार्थीको निम्ति प्रयोग गरिने शब्द; ठकार; कण्ठ-मिलायो ।

**ओठे–** वि० [ओठ+ए] १. नसुहाँउदो किसिमले मोटो वा भद्दा ओठ भएको वा हुने । २. धेरै ओठ चलाउने; धेरै मुख चलाउने; मुखाले, बझुवा; भगडालु । ~ **जबाफ–** ना० १. सोचविचार नगरीकन तत्काल दिइने जवाफ, ठाडाठाडै दिइने जवाफ । २. अशिष्ट किसिमको रूखो वा ठाडो जवाफ ।

**ओड–** ना० [ओट] हे० ओट ।

**ओडव–** ना० [सं०] सात स्वरमध्ये पाँच स्वर मात्र प्रयोग हुने सङ्गीतको राग ।

**ओडा–** ना० [अङ्० वार्ड] १. स्थानीय क्षेत्रको निर्वाचनमा एकजना जनप्रतिनिधि छानिन तोकिएको क्षेत्र । २. कसैका अधिकारभित्रको इलाका वा क्षेत्र । ~ **अध्यक्ष–** ना० गाउँ वा नगरका ओडाको अध्यक्ष । ~ **समिति–** ना० सम्बन्धित ओडाका नगर-सभासद्‌ वा

गाउँ-सभासद्को समिति ।

**ओडार–** ना० [उदार] १. पहाडको पाखा-भित्तामा मानिस वा अन्य जीवजन्तु बस्न हुने किसिमले बनेको खोपाको आकारको खाली ठाउँ; गुफा । २. पहाड-पर्वतमा बनेको ठूलो प्वाल; भ्वाङ; भड्खारो; कन्दरा ।

**ओडाल्–नु–** स० क्रि० [सं० अवदलन] ढिडो वा अन्य लेदो पदार्थ पकाउँदा पन्यूँ, दाबिलो आदि साधनले राम्ररी मिल्ने गरी बेसरी चलाउनु; मस्काउनु; हुँडल्नु । > **ओडालाइ–** ना० ओडाल्ने वा ओडालिने किसिम, क्रिया वा भाव । **ओडालिनु–** क० क्रि० १. ओडाल्ने काम गरिनु; हुँडलिनु । अ० क्रि० २. मनमा धेरै कुरा खेल्नु; धेरै पीर पर्नु ।

**ओडो–** क्रि० वि० ओटनजिक; ओर; वरतिर ।

**ओढ्–नु–** स० क्रि० [सं० उपवेष्टन] १. जाडो आदिबाट बच्नाका निम्ति न्यानो कुनै लुगाले जम्मै जीउ वा कुनै अङ्ग मात्र छोप्नु; ओढ्नेले जीउ ढाक्नु । २. घामपानीबाट बच्न छाता, घुम, छत्री आदि साधनले शरीर ढाक्नु ।

**ओढनी–** ना० [था०] गजाले रेटेर बजाइने तीनतारे बाजा ।

**ओढाइ–** ना० [√ **ओढ्** (+आइ)] ओढ्ने भाव, क्रिया वा प्रक्रिया । > **ओढाइनु–** क० क्रि० १. ओढ्न लाइनु । २. ओढ्नेले ढाकिनु । **ओढाउनु–** प्रे० क्रि० १. कसैलाई ओढ्ने वस्तुले ढाकिदिनु; ओढ्ने वस्तुले छोप्नु । २. लुगा वा छाता आदि ओढ्न लाउनु; ओढ्ने वा छाता आदिले ढाक्न लाउनु । **ओढिनु–** क० क्रि० ओढ्ने काम गरिनु; ओढ्नेले ढाकिनु ।

**ओढो–** ना० [ओढो+ओ ] १. घाम, पानीबाट बच्नका निम्ति शिरमाथि ओढ्ने साधन (छाता, घुम इ०) ।

**ओढ्ने–** ना० [ओढो+ने] १. जाडो आदिबाट बच्न जम्मै जीउ वा कुनै अङ्ग ढाक्ने वस्त्र (सिरक, दोलाइँ, पछ्यौरा, बर्को इ०) । वि० २. ओढ्न मिल्ने; ओढ्न हुने । ३. ओढ्ने काम गर्ने ।

**ओत१–** ना० [सं० उद ] पानीभित्र निकैबेर डुबुल्की मार्न सक्ने एक मत्स्यभक्षी, स्तनपायी, उभयचर प्राणी ।

**ओत२–** ना० १. [सं० अवित ] १. चर्को घाम, वर्षा आदिबाट जोगिन शरण लिइने ठाउँ; घामपानी आदिले नभेट्ने सुरक्षित ठाउँ; ओट; आड । २. आपद्‌विपद् परेका बेलामा शरण लिइने व्यक्ति, वस्तु वा ठाउँ; आडभरोसा; सहारा; आश्रय ।

**ओतप्रोत–** वि० [सं०] १. अर्को वस्तु वा कुरासँग छुट्ट्याउन नसकिने गरी मुछिएको; एकअर्कासँग राम्रोसित मिसिएको । २. यन्त्र वा हातद्वारा बुनिएको; एकअर्कासँग गाँसिएको । ३. सबैतिर फिँजिएको; चारैतिर व्याप्त भएको ; विस्तृत । ४. भित्र फिँजिएको; अन्तर्व्याप्त ।

**ओताइ–** ना० [√ **ओत्** (+आइ) ] ओत्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **ओताइनु–** क० क्रि० ओत्न लाउनु । **ओताउनु–** अ० क्रि १. ओतिनु । प्रे० क्रि २. ओत्न लाउनु । **ओतिनु–** अ० क्रि० चर्को घाम, वर्षा आदिबाट जोगिन सुरक्षित ठाउँमा जानु; ओत लाग्नु ।

**ओथरा–** ना० हे० ओथारो ।

**ओथाइ–** ना० [√ **ओथाउ** (+आइ)] ओथाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **ओथाइनु–** क० क्रि० ओथाउने काम गरिनु । – **पथाइ–** ना० पाकेको भात आदि ओथाउने र पस्कने क्रिया वा किसिम ।

**ओथाउ–नु–** स० क्रि० [सं० अव+स्थ ] पाकिसकेपछि भातआदिलाई चुलाबाट झिकेर केही बेर रहन दिनु; थरक मार्नु; सेलाउनु ।

**ओथारो–** ना० [सं० अवस्तर ] १. अण्डज जातिका कुखुरा आदि पक्षीले आफ्ना र अरूका पनि फूलबाट चल्ला काढ्नका निम्ति वा चल्ला काढिसकेपछि तिनलाई आफ्ना प्वाँखका भुवाले छोप्ने काम । २. चराचुरुङ्गी बस्ने गुँड; ओथरा; ओथ्रा ।

**ओथि–नु–** अ० क्रि० [ओथि+नु ] पाकेर चुलाबाट झिकिसकेको भात आदि केही चिसो हुनु; केही सेलाउनु ।

**ओथ्र–नु–** स० क्रि० [ओथ्रो+नु ] कुखुरा आदि पक्षीले आफ्ना र साथै राखिएका अरूका समेत फुललाई कोरल्नुभन्दा पहिले छोपेर बस्नु; ओथारो बस्नु; ओथ्रा बस्नु; ओथ्राउनु ।

**ओथ्रा–** ना० [ओथारो ] हे० ओथारो । > **ओथ्राइ–** ना० ओथ्रने किसिम, क्रिया वा भाव । **ओथ्राउनु–** स० क्रि० १. ओथ्रनु । प्रे० क्रि० २. ओथ्रा बस्न लाउनु । **ओथ्रिनु–** क० क्रि० ओथ्रा बसिनु ।

**ओथ्रो–** ना० [√ ओथारो] ओथारो; गुँड ।

**ओद–** ना० [सं० उद्र] जलमा बस्ने विशेष किसिमको बिरालो; पानी-बिरालो; ओत ।

**ओदान–** ना०हे० ओधान ।

**ओदार्–नु–** स० क्रि० [सं० अवदारण] १. औजारद्वारा जमिनको माटो खुकुलो पार्नु; खन्नु; खोस्रनु । २. निर्मित घर आदिलाई भत्काउनु; भताभुङ्ग पार्नु । > **ओदाराइ–** ना० ओदार्ने किसिम, क्रिया वा भाव । **ओदारिनु–** क० क्रि० ओदार्ने काम गरिनु । **ओदार्‍याउनु–** प्रे० क्रि० ओदार्न लाउनु ।

**ओदाल–** ना० [सं० उद्दार] पाट बनाउने काममा र गाईभैँसी आदिको घाँसका रूपमा प्रयोग गरिने ठूला पात हुने एक जातको रूख ।

**ओद्रा–** ना० [सं० उद्दार] जुइनाको रूपमा प्रयोग गरिने पाट आदिको बोक्रो ।

**ओद्रो–** ना० [ओथ्रो] घरको मालसामान राख्ने कोठा ।

**ओधान/ओधानी–** ना० [सं० अवधान] भाँडा बसाल्नको लागि बलेको अगेनामाथि राखिने तीन खुट्टा भएको फलामे साधन; ओदान । > **ओधाने–** वि० ओधानजस्तो आकारको ।

**ओपी–** ना० [सं० वापी] सानो जलाशय; कुवा; वापी ।

**ओबट्–नु–** स० क्रि० [सं० उद्‌वर्तन+नु] शरीरलाई सफा, सुन्दर बनाउनका निम्ति बुकुवा आदि घस्नु । > **ओबटाइ–** ना० ओबट्ने भाव, क्रिया वा प्रक्रिया । **ओबटाउनु–** प्रे० क्रि० ओबट्ने काम गराउनु । **ओबटिनु–** क० क्रि० ओबट्ने काम गरिनु ।

**ओबाइ–** ना० [√ **ओबाउ** (+आइ)] ओबाउने भाव, क्रिया वा प्रक्रिया । [>] **ओबाइनु–** क० क्रि० १. ओबानो पारिनु; सुकाइनु । अ० क्रि० २. ओबानो होइनु ।

**ओबाउनु–** स० क्रि० [ओबानो+आउ+नु] १. ओबानो पार्नु । अ० क्रि० २. ओबानो हुनु ।

**ओबानु/ओबानो–** वि० १. पानी वा चिसोपन नभएको; पानी सुकेको; सुखो; सुक्खा; ओभानु; ओभानो । २. सिँदुर नभएको (सिउँदो) ।

**ओभर–** वि० बो० [अङ्०] १. आकाशवाणीमा कसैसँग कुराकानी गर्दा समाप्त भएको जनाउने शब्द । वि० २. सकिएको, समाप्त । ~ **कोट–** ना० घाँटीदेखि पिँडुलासम्म आउने एक किसिमको लामो कोट; ह्वार्लाङ्गे कोट । ~ **टाइम–** ना० कुनै कामकुरा गर्दा निर्धारित समयभन्दा बढी समय; अतिरिक्त समय । ~ **टाइम भत्ता–** ना० ओभरटाइममा काम गरेबापत पाउने अतिरिक्त पारिश्रमिक । ~ **लोड–** ना० बोक्न सक्ने वा अटाउन सक्नेभन्दा बढी भारी; थाम्न सक्नेभन्दा बढी बोझ । – **सियर–** ना० घर, पुल, बाटो आदि बनाउने कामको निरीक्षक; इन्जिनियरभन्दा तल्लो दर्जाको विशेषज्ञ । – **हल–** ना० साइकल, मोटर आदि यान्त्रिक सरसामानको पूरै मरम्मत, सरसफाइ आदि ।

**ओभाइ–** ना० [√ **ओभाउ** (+आइ)] हे० ओबाइ । **ओभाइनु–** क० क्रि० ओबाइनु । **ओभाउनु–** स० क्रि० ओबाउनु ।

**ओभानु/ओभानो–** वि०हे० ओबानू ।

**ओमराह–** ना० [अ० उमरा] प्राचीनकालमा उपत्यकाबाहिर सैनिक तैनाथ गर्न खडा गरिएको पद; उमराव ।

**ओर–** क्रि० वि० [ओट] १. नजिक; वर; वरतिर । ना० यो० २. नजिक (उदा०– म ओर आऊँ कि ? ) । – **पश्चिमा–** ना० १. अछाम, बाजुरा र बझाङमा बोलिने नेपाली भाषाको कुनै एक भाषिका । वि० २. निकटपच्छिमी ।

**ओर्ल्ह-नु–** अ०क्रि०हे० ओर्लनु ।

**ओरा–** वि० [ओर+आ] थोरै; 'अत्यन्त धेरै' भन्ने अर्थ जनाउन प्रश्नवाचक र निषेधवाचक वाक्यमा प्रयोग गरिने शब्द । (उदा०– ओरा आनन्द लुटियो र ? ओरा आनन्द लुटिएन)।

**ओराङ्गुटन–** ना० [अङ्० ओराङ्ओटाङ] बोर्नियो र सुमात्राका टापुका जङ्गलमा पाइने वनमान्छे ।

**ओराल्-नु–** स० क्रि० [ओरालो+नु] कुनै व्यक्ति वा वस्तुलाई माथिबाट तलतिर झार्नु; तलतिर ल्याउनु; ओह्राल्नु । > **ओरालिनु–** क० क्रि० ओराल्ने काम गरिनु; ओह्रालिनु ।

**ओराली–** ना० [ओरालो+ई] हे० ओरालो । ~ **उकाली–** ना० ओरालो र उकालो । २. उत्थान र पतन ।

**ओरालो–** ना० [सं० अवतरण ?] १. तलतिर ढाल परेको स्थल; भिरालो ठाउँ; ओह्रालो । वि० २. ओर्लनुपर्ने; भिरालो ।

**ओरी१–** क्रि० वि० [ओर+ई] आत्मीय; आफन्त; पक्षधर ।

**ओरी२–** ना० [सं० उपद्रव] बदमासी; ओऱ्याइँ; उपद्रयाइँ ।

**ओर्कनुफर्कनु–** स० क्रि० [(द्वि०) फर्कनु] १. ओर्कीफर्की गर्नु; बराबर फर्कनु । २. ओल्टनुपल्टनु । **ओर्काइफर्काइ–** ना० ओर्कनेफर्कने क्रिया वा प्रक्रिया; ओल्टाइपल्टाइ । **ओर्कीफर्की–** ना० फेरिफेरि फर्केर आउने, हेर्ने वा केही गर्ने क्रिया । २. कोल्टेफर्काइ ।

**ओऱ्याइँ–** ना० [उपद्रो+ याइँ] नचाहिँदो काम; उपद्रव, उपद्रयाइँ; ओह्रयाइँ ।

**ओर्ल-नु–** अ० क्रि० [ओरालो+नु] १. माथिबाट तलतिर झर्नु; ओरालो लाग्नु । २. घरगृहस्थी तथा अन्य व्यवहार बिग्रँदै जानु; घरङ्घाट हुनु; अवनति हुनु । > **ओर्लाइ–** ना० ओर्लने किसिम, क्रिया वा भाव । **ओर्लिनु–** अ० क्रि० ओर्लेको होइनु; ओर्लनु ।

**ओल–** ना० [सं०] १. एकै भेट्नामा लामालामा धेरै पात हुने बाँकाको जस्तो नीलो फूल फुल्ने, हरियो घोगामा राता, पहेँला फल फल्ने र ठूलो कन्द हुने सानो एक बोट; एक प्रकारको जङ्गली कन्द; ओलक; सूरण । वि० २. भिजेको; चिसो ।

**ओलक/ओलख–** ना० [वलक] १. मोही, रैतीहरूले तल्सिङलाई दिन ल्याउने कोसेली; वलक । २. करको एक प्रकार । > **ओलके–** वि० ओलक दिने; ओलकसम्बन्धी; ओलकको; ओल्के ।

**ओलन–** ना० [सं० ओलिनक] १. गाईभैँसी दुहुँदा दुहुनेले बाछा-पाडाको निम्ति थुनमै अड्कलेर छोडिएको दूध । २. दूध ।

**ओला–** ना० [सं० उपल] असिना ।

**ओलिन्काठ–** ना० हे० उलिन्काठ ।

**ओलेँसी–** ना० भोजन स्वादिलो र रुचिकर बनाउन साथमा खाइने पदार्थ; सितन ।

**ओल्कि-नु–** स० क्रि० बिहेमा दमाईंहरूले जन्तीलाई बाजागाजा बजाई साथ लिएर जानु ।

**ओल्चि-नु–** अ० क्रि० [√ ओल्सिनु] १. अर्काको मानमर्यादा नराखी वा अदब, डर, धाक आदि नमानी कुरा गर्नु; हेपेर वा होच्याएर कुरा गर्नु । २. कसैलाई अलग गर्नु; छुटचाउनु ।

**ओल्छि-नु–** अ० क्रि० [√ ओल्सिनु] सागपात आदि हरियो तरकारी घिउतेलमा वा त्यसै ओइरिएर केही ओल्टाइपल्टाइ पार्दा पाकेजस्तो हुनु । > **ओल्छ्याइ–** ना० ओल्छिने किसिम, क्रिया वा भाव । **ओल्छ्याउनु–** स० क्रि० सागपात आदि हरिया तरकारी घिउ-तेलमा वा त्यसै ओइरिएर केही बेर ओल्टाइपल्टाई गरी पाकेजस्तो बनाउनु ।

**ओल्ट-नु–** अ० क्रि० [उल्टो+नु] एकातिर फर्कनु; उल्टनु । – **पल्टनु–** अ० क्रि० ओर्कनुफर्कनु । > **ओल्टाइपल्टाइ–** ना० धेरै पल्टाइरहने क्रिया वा प्रक्रिया; ओर्काइफर्काइ ।

**ओल्टाकोल्टा–** ना० [(द्वि०) कोल्टा] १. यताउता फर्कने क्रिया; ओर्कनेफर्कने क्रिया; ओल्टनेपल्टने क्रिया । क्रि० वि० २. यताउता; अगलबगल; वरपर । ३. कताकति ।

**ओल्टी–** ना० १. ऋण लिएबापत कसैलाई बन्धक राख्ने क्रिया; बाँधा राख्ने क्रिया । २. ऋण लिएबापत बन्धक बसेको मानिस ।

**ओल्टो–** वि० [√ उल्टो] सोझो दृष्टि नपर्ने; आँखासामु नपर्ने

(ठाउँ) । – **कोल्टो**– क्रि० वि० हे० ओल्टाकोल्टा ।

**ओल्टचाङपल्टचाङ**– ना० [(द्वि०) पल्टचाङ्+अ] १. बारबार पल्टचाङ खाने काम; पल्टनबाजी खाने काम; ओल्डचाङ-बल्डचाङ । हे० ओल्टाइपल्टाइ ।

**ओल्डचाङबल्डचाङ**– ना० [(द्वि०) बल्डचाङ्+अ] हे० ओल्टचाङ-पल्टचाङ ।

**ओल्स-नु/ओल्सि-नु**– अ० क्रि० [सं० अपश्लथन] हे० ओल्छिनु । > **ओल्स्याइ**– ना० ओल्सने वा ओल्स्याउने क्रिया-प्रक्रिया । **ओल्स्याइनु**– क० क्रि० ओल्सने पारिनु । **ओल्स्याउनु**– प्रे० क्रि० ओल्सने पार्नु वा पार्न लगाउनु । **ओल्स्याहट**– ना० ओल्सिने क्रिया-प्रक्रिया ।

**ओषधि/ओषधी**– ना० [सं० ओषधि] १. औषधीका रूपमा वा औषधीका काममा प्रयोग हुने जडीबुटी; वनस्पति । २. फल पाकेपछि सुक्ने बोटबिरुवा । - **नाथ**- ना० चन्द्रमा ।

**ओष्ठ**– ना० [सं०] ओठ । – **स्थानी**– वि० ओठबाट वा ओठमा ठक्कर लागेर उच्चरित हुने (वर्ण); ओष्ठस्थानबाट उच्चरित हुने; ओष्ठस्थान भएको; ओष्ठ्य (उ र पवर्गका वर्ण) ।

**ओष्ठ्य**– वि० [सं०] १. ओठसम्बन्धी; ओठको । २. ओष्ठस्थानबाट उच्चारण हुने (वर्ण) । ना० ३. ओष्ठस्थानीय वर्ण (प,फ,ब,भ,म इ०) । ~ **दन्त्य**– वि० तल्लो ओठलाई माथिल्लो दाँतले छोएर उच्चारण गरिने (व्यञ्जन); दन्तोष्ठ्य ।

**ओस**– ना० [प्रा० अस्साव] १. रातीको चिसो हावाबाट पानी बनेर बर्सने जलकण; शीत । २. भुइँको चिसो; चिस्यान । ३. हावामा हुने पानीको अंश । **ओस चाटेर तिर्खा मर्दैन** (उखान)

**ओसरा**– ना० [सं० अवश्रयणी ] मूलढोकाबाहिरको दलान; सिकुवा ।

**ओसराउनु**– अ० क्रि० [ओसरा +आउ+नु] गाईभैँसीले बाली हुन वा साहा खोज्न लाग्नु; खेदिनु; सेपिनु ।

**ओसाइ**– ना० [√**ओसाउ** (+आइ)] ओसाउने किसिम, क्रिया वा भाव । [ > ] **ओसाइनु**– अ० क्रि० ओसाएको होइनु ।

**ओसाउ-नु**– अ० क्रि० [ओस+आउ+नु] १. ओस वा सर्दी लाग्ने किसिमको हुनु; ओसिलो हुनु; चिसो हुनु; ढाडिनु । २. तातो वस्तु चिसो हुनु; सेलाउनु; ओथाउनु ।

**ओसार्-नु**– स० क्रि० [सं० अपसारण] कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा ल्याउनु वा लैजानु ।

**ओसार**– ना० [सं० अपसरण] एक ठाउँबाट अर्को ठाउँमा कुनै वस्तु सार्ने क्रिया वा काम; मालसामानको खेप गर्ने क्रिया वा काम; ओसारो । – **पसार**– ना० मालसामान एक ठाउँबाट अर्को ठाउँमा बराबर ल्याउने लैजानेकाम; परिवहन ।

**ओसाराइ**– ना० [√**ओसार्** (+आइ)] ओसार्ने भाव, क्रिया वा प्रक्रिया । [>] **ओसारिनु**– क० क्रि० ओसार्ने काम गरिनु ।

**ओसारो**– ना० [ओसार+ओ] हे० ओसार । – **पसारो**– ना० ओसारपसार ।

**ओसि-नु**– अ० क्रि० [ओस+इ+नु ] हे० ओसाउनु ।

**ओसिलो**– वि० [ओस+इलो] ओस वा सर्दी लाग्ने किसिमको; ओस भएको; अलिअलि चिसो; चिसमिरो; सेपिलो ।

**ओसी**– ना० धागो वा कपडा नीलो पार्नुपर्दा रञ्जितकारले प्रयोग गर्ने रङ; नीलो रङ; नीर ।

**ओसेरो**– ना० [ओसरा] १. दाउरा राख्न घरनजिक बनेको कटेरो । २. ढिकीकटेरो ।

**ओस्याइ**– ना० [√**ओस्याउ** (+आइ)] ओस्याउने क्रिया वा प्रक्रिया । [ > ] **ओस्याइनु**– क० क्रि० ओस्याउने पारिनु ।

**ओस्याउनु**– प्रे० क्रि० [ओसि+याउ+नु] ओसाउनु । > **ओस्याहट**– ना० ओस्याउने क्रिया वा प्रक्रिया ।

**ओह**– वि० बो० [सं० अहो] हर्ष, आश्चर्य, शोक, दुःख आदिका अवस्थामा मुखबाट निस्कने शब्द; अहो ।

**ओहदा**– ना० [अ० अहद] १. कुनै सरकारी वा गैरसरकारी कार्यालय, संस्था आदिका कर्मचारी वा पदाधिकारीको दर्जा; पद । २. कसैको आर्थिक स्तर वा योग्यता; हैसियत; औकात; ल्याकत । – **दार**– वि० कुनै दर्जा वा पदमा भएको; ओहदामा भएको ।

**ओहाली**– ना० खेत रोप्दा गाइने तर असारेभन्दा बेग्लै खालको कुनै कथामा आधारित एक किसिमको गीत ।

**ओहो**– वि० बो० [सं० अहो] हे० ओह; अहो ।

**ओहोदा**– ना० [ओहदा] हे० ओहदा । – **वाला**– वि० ओहदादार ।

**ओहोरदोहोर**– ना० [(द्वि०)+दोहोरो] ओहोरोदोहोरो । > **ओहोरीदोहोरी**– ना० ओहोरोदोहोरो । > **ओहोरोदोहोरो**– ना० १. खाँबो समातेर खेलिने केटाकेटीको एक खेल । २. आउने-जाने भाव, क्रम वा प्रक्रिया; आवतजावत; आवागमन । ३. दुई थरीका बीचमा हुने कुनै विषय वा कुराको उत्तरप्रत्युत्तर । ४. आदानप्रदान; लेनदेन ।

**ओह्राल्-नु**– स० क्रि० हे० ओराल्नु ।

**ओह्रालो**– ना०/वि० हे० ओरालो ।

**ओह्रचाइँ**– ना० हे० ओऱ्याइँ ।

# औ

**औ**१– संस्कृत वर्णमालाको चौधौँ तथा देवनागरी वर्णमालाको खास चलनचल्तीका स्वरवर्णमध्ये एघारौँ स्वरवर्ण; परम्परागत रूपमा कण्ठ-ओष्ठस्थानबाट उच्चारण हुने दीर्घ स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार केन्द्रीय अर्द्धबन्द बिन्दुबाट थाली पश्चबन्द बिन्दुमा पुगी टुङ्गिने द्विस्वर ।

**औ**२– संयो० [सं० अपर] दुई वा दुईभन्दा बढी शब्द वा वाक्यलाई जोड्ने संयोजक; र; अरू; अनि; तथा ।

**औँटर्-नु**– ना० [√ अमलतुनु] सियोले लामा फट्का गरेर वा टाँका मारी सिउनु । >**औँटार्नु**– स० क्रि० औँटर्नु । **औँटाराइ**– ना० औँटार्ने क्रिया वा प्रक्रिया । **औँटारिनु**– क० क्रि० लामा फड्का गरेर टाका मारी सिइनु ।

**औँठा**– ना० [औँठीको ति० रू०] हे० औँठो । ~**छाप**– ना० १. कुनै लेनदेन वा कारोबार गर्दा प्रमाणस्वरूप लेखिएको कागतपत्रमा लगाइने हातका बूढी औँलाको ल्याप्चे; सहीछाप । २. सो सहीछाप लगाउन मोसो वा मसी धसी बूढी औँलाले कागतमा थिच्ने कार्य ।

**औँठी**– ना० [सं० अङ्गुष्ठी] शोभाका लागि औँलामा लगाइने, मुन्द्रीका आकारको सुन वा चाँदीको गहना; अङ्गुलिका; अँगुठी । – **छापा**– ना० १. व्यक्तिको नाम र संवत् खोपिएको, औँठीमा जडिने धातु वा हकिबको सानो छाप ।

**औँठो**– ना० [सं० अङ्गुष्ठ] १. हात वा गोडाको सबभन्दा मोटो औँलो; बूढी औँलो; अँगुठो । २. अँगुठाको छाप; ल्याप्चे; सही ।

**औँरो**– ना० [सं० अङ्कुर ] अम्रो; सालनाल ।

**औँला ⁄ औँलो**– ना० [सं० अङ्गुली] प्रत्येक हात वा गोडाको अगिल्लो भागमा नङ वा नङ्ग्रासहितका पाँच डोला अङ्गमध्ये कुनै एक । > **औँल्याइ**– ना० औँल्याउने किसिम, क्रिया वा भाव । – **औँल्याइनु**– क० क्रि० औँलाले देखाइनु । **औँल्याउनु**– स० क्रि० १. कुनै व्यक्ति, वस्तु वा ठाउँ आदिलाई औँलो तेर्स्याएर देखाउनु; औँलाले तोकेर निर्देशन गर्नु; औँलाले देखाउनु; अङ्गुलीनिर्देश गर्नु । २. कुनै व्यक्ति, वस्तु, स्थान आदितर्फ सङ्केत गर्नु; इसारा गर्नु ।

**औँसा**– ना० धेरै बासी वा सडेगलेका मासु र अरू त्यस्तै पदार्थहरूमा वा जीवजन्तुका घाउमा भिँगाले फुल पारेपछि त्यसैबाट विकसित हुने सानासाना, प्रायः सेता कीराका बीजरूप; कीराहरूको विकासको दोस्रो अवस्थाको जीव ।

**औँसिया**– वि० [औँसी+इया] औँसीका दिन जन्मेको; औँस्याहा ।

**औँसी**– ना० [सं० अमावस्या] चान्द्रमासअनुसार कृष्णपक्षको अन्तिम तिथि; अमावास्या; अमावस्या; अमा । > **औँस्याहा**– वि० हे० औँसिया । **औँस्याही**– वि० औँसीका दिन जन्मेकी ।

**औकात ⁄ औगात**– ना० [अ० औकात] १. कुनै व्यक्तिको सामाजिक, आर्थिक, बौद्धिक स्थिति वा अवस्था । २. कुनै व्यक्तिको आय र त्यसअनुसार उसले गर्न सक्ने खर्चको स्थिति, अवस्था वा स्तर; हैसियत; साबगास; बर्कत; ल्यागत ।

**औचित्य**– ना० [सं०] उचित हुनाको भाव; उपयुक्तता; उचितपना । ~ **प्राधान्यवाद**– ना० काव्यको रचना गर्दा विषयानुरूप उचित किसिमले सबै कुरा आवश्यकतानुसार ठीकठीक मिलेको हुनुपर्छ भन्ने वा यस्तो हुनुलाई काव्यको आत्मतत्त्व मान्ने संस्कृत आचार्य क्षेमेन्द्रद्वारा प्रतिपादित एक सिद्धान्त । ~**सम्प्रदाय**– ना० काव्यका सबै अङ्गप्रत्यङ्गको उचित विकास र सङ्गठन भएपछि मात्र काव्यका सौन्दर्यको सृजना हुन सक्छ भनेर मान्ने आचार्य क्षेमेन्द्रद्वारा प्रवर्तित साहित्यशास्त्रीय सम्प्रदाय ।

**औजस**– ना० [सं० अपयश] अपयश; अपकीर्ति ।

**औजार**– ना० [अ०] विभिन्न थरीका कालिगडले आफ्नो पेसासँग सम्बन्धित कामका निम्ति प्रयोग गर्ने विभिन्न सरसामान; ज्याबल; हातहतियार ।

**औटा**– प्रत्य० [√ ओटा ] सङ्ख्यावाची शब्दका पछिल्तिर लाग्ने र त्यस्तो शब्दलाई विशेषण बनाउने एक प्रत्यय (उदा०– चारौटा, पाँचौटा इ०); ओटा; गोटा ।

**औडव**– ना०[सं०] सङ्गीतका सात स्वरमध्ये कुनै दुई स्वरलाई वर्जित गरी पाँच स्वर मात्र प्रयोग गरेर गाइने रागको एक प्रकार ।

**औडाहा**– ना० [सं० अवदाह] १. कुनै चिन्ता, व्यथा आदिबाट मनमा हुने जलन; मानसिक व्यथा; छटपटी; उकुसमुकुस । २. घाम, गर्मी आदिको आधिक्यले गर्दा हुने खरोपन; अतिशय गर्मीको स्थिति ।

**औताइ**– ना० [√ **औताउ** (+आइ)] औताउने भाव, क्रिया वा प्रक्रिया [>] **औताइनु**– अ० क्रि० औताउने होइनु ।

**औताउ-नु**– अ० क्रि० [सं० आकुल+नु] १. कसैले गर्न लागेको काम वा इच्छामा भएको कुरा के होला, कसो होला भनी चिन्ता लिनु । २. चौचौ लाग्नु; उत्कण्ठित हुनु । ३. आत्तिनु ।

**औतार**– ना० [सं० अवतार] १. वैष्णव धारणाअनुसार विष्णु भगवान्ले पृथ्वीमा लिएका विभिन्न जन्म (माछो, कछुवा, वराह, नृसिंह, राम, कृष्ण इ०) मध्ये कुनै एक; अवतार । २. कुनै देवतासँग तुलना गर्न योग्य मान्छे (उदा०– तँ त शिवकै औतार रहिछस्) । ३. देवताले ग्रहण गर्ने वा विभिन्न भेषमध्ये कुनै एक ।

**औतारी–** वि० [सं०] १. बौद्धधर्म वा सिद्धसम्प्रदायअनुसार आफैँ उत्पन्न भएको; जन्मजन्मातरको घटनासित अवगत र आफ्नो इच्छाअनुसार प्रकट हुन र लोप हुन सक्ने (व्यक्ति); अन्तर्यामी; अवतारी । ~ **लामा–** ना० औतारी गुण भएको लामा । > **औतारे–** वि० औतारी ।

**औताली–** ना० हे० अपुताली ।

**औत्कण्ठ्य–** ना० [सं०] १. उत्कण्ठित हुने भाव, क्रिया वा प्रक्रिया । २. उत्कण्ठा ।

**औत्पत्तिक–** वि० [सं०] उत्पत्तिसम्बधी; उत्पत्तिको ।

**औत्सुक्य–** ना० [सं०] उत्कण्ठा; हे० उत्सुकता ।

**औदार्य–** ना० [सं०] हे० उदारता ।

**औदास्य–** ना० [सं०] उदासीन हुनाको भाव; उदासीनता ।

**औदुम्बर–** वि० [सं०] १. डुम्रीको; डुम्रीसम्बन्धी । ना० २. ब्राह्मण-जातिको एक वर्ग ।

**औद्धत्य–** ना० [सं०] उद्धत हुनाको भाव; उद्दण्डता; उच्छृङ्खलता ।

**औद्‌भिद–** वि० [सं०] १. भुइँ फोरेर निस्कने वा उम्रने; भुइँ फोरेर उम्रेको; भुइँफुट्टा । ना० २. छहराको पानी । ३. सिँधे नुन ।

**औद्योगिक–** वि०[सं०] १. उद्योगसित सम्बन्धित; उद्योगको । २. उद्यमसँग सम्बन्धित; उद्यमको । ~ **क्रान्ति–** ना० १. युरोपमा सन् १८५१-देखि औपचारिक रूपमा आरम्भ भएर सन् १९५१-मा टुङ्गिएको एक व्यावसायिक आन्दोलन । २. उद्योगका क्षेत्रमा हुने व्यापक परिवर्तन वा विकास । ~ **क्षेत्र–** ना० कल-कारखाना, उद्योगधन्दाका निम्ति प्रशासनद्वारा निर्धारित गरिएको क्षेत्र । ~ **तथ्य–** ना० उद्योगधन्दासित सम्बन्धित प्रामाणिक कुरा; कलकारखानासम्बन्धी यथार्थ विवरण । ~ **नगर–** ना० कलकारखाना र उद्योगधन्दाका लागि स्थापित औपनिवेशिक शहर । ~ **बाली–** ना० खानेकुराका अतिरिक्त अन्य उपयोगमा आउने बाली; नगदे बाली (क्यास-क्रप) । ~ **व्यवसाय–** ना० कम्पनीकानुनका अनुशासनमा रही लाभ हासिल गर्ने उद्देश्यले लगानी लगाएर गरिने व्यवसाय । ~ **शक्ति–** ना० १. उद्योगका लागि आवश्यक साधन वा श्रम । २. उद्योगका दृष्टिले अग्रणी मानिने देश । ~ **सेवा–** ना० १. उद्योगसम्बन्धी सेवा । २. उद्योगका माध्यमबाट गरिने समाजसेवा । > **औद्योगीकरण–** ना० १. विभिन्न कलकारखाना तथा उद्योगधन्दाको स्थापना तथा सञ्चालन गरेर देशलाई उद्योगप्रधान बनाउने कार्य । २. उद्योगको आरम्भ, विकास वा उन्नति ।

**औधी–** क्रि० वि० [सं०] १.धेरै; निकै; अत्यन्तै । ना० २. उपद्रो; फटचाइँ; बदमासी ।

**औपचारिक–** वि० [सं०] १. शिष्टाचारको पालनका निम्ति गरिएको; शिष्टाचारसुहाउँदो । २. नियमानुसार भएको; नियमपूर्वकको; रीतिपूर्वकको; दस्तुरबमोजिमको । ३. रोगनिवारणका निमित्त गरिने उपचारसम्बन्धी । ~ **भाषा–** ना० १. भाषण आदिमा वा कसैसित औपचारिकरूपमा कुराकानी गर्दा बोलिने भाषा । २. कानुनी वा वैधानिक भाषा; नियमसम्बन्धी भाषा । ३. हृदयको भाव लुकाई लोलोपोतो देखाउने उद्देश्यले बोलिने कृत्रिम बोली । ~ **शिक्षा–** ना० शिक्षणसंस्थाबाट रीत पुर्‍याएर ग्रहण गरिएको शिक्षा ।

**औपदेशिक–** वि० [सं०] १. उपदेशसम्बन्धी । २. अर्कालाई उपदेश दिने वा शिक्षा दिने कामबाट जीवनयापन गर्ने (व्यक्ति) ।

**औपनिवेशिक–** वि० [सं०] १. उपनिवेशसम्बन्धी; उपनिवेशमा हुने; उपनिवेशको । २. उपनिवेशमा बस्ने; उपनिवेशनिवासी ।

**औपन्यासिक–** वि० [सं०] १. उपन्यासमा भएको; उपन्यासमा पाइने; उपन्यासको; उपन्याससम्बन्धी । २. उपन्यासका किसिमको; उपन्यासजस्तो । ३. अनौठो किसिमको; अद्‌भुत । ~ **चरित्र–** ना० १. उपन्याससुहाउँदो चरित्र । २. अनौठो चरित्र ।

**औपपत्तिक–** वि० [सं०] १. युक्ति वा उपपत्तिले युक्त भएको; युक्तिसङ्गत; उपपत्तियुक्त । २. तर्कद्वारा सिद्ध गर्न सकिने वा सिद्ध हुने; प्रमाणद्वारा पुष्ट गर्न सकिने ।

**औपसर्गिक–** वि० [सं०] १. उपसर्गबाट बनेको; उपसर्गसम्बन्धी ।

**औपस्थिक–** वि० [सं०] अनैतिक यौनव्यवहारबाट जीविका चलाउने; व्यभिचारबाट जीविका चलाउने ।

**औरस–** ना० [सं०] विवाहिता स्त्रीबाट जन्मेको छोरो; वैधानिक पुत्र; ठ्या छोरो ।

**और्ध्वदेहिक–** वि० [सं०] १.मरेका व्यक्तिका उद्देश्यले दस दिनसम्म गरिने; मृत व्यक्तिसम्बन्धी (काजक्रिया) । ना० २. प्रेतकर्म ।

**औल–** ना० [सं० आकुल] १. बेसी वा मधेशको सम्म र गर्मी ठाउँ । २. त्यस्तो ठाउँमा लाम्खुट्टे लाग्ने हुँदा त्यसबाट फैलने कामज्वरो; मलेरिया; औलो ।

**औलाद–** ना० [अ०] सन्तान ।

**औलाधौला–** ना० [औलत+दौलत] छोराछोरी र प्रशस्त सुख-सम्पत्ति; सन्तति र प्रशस्त सम्पत्ति; पौलो ।

**औलिया१–** ना० [अ०] इस्लाम धर्म वा मुस्लिम सम्प्रदायको सन्त वा बाबा ।

**औलिया२–** वि० [औलो+इया] औलो लागेको; औलको ज्वरो बराबर आउने; औलले ग्रस्त । ~ **बयर–** ना० औल लाग्ने ठाउँमा लहरामा फल्ने एक प्रकारको फल; कोल ।

**औली–** ना० [था०] धान काटिसकेपछि थारूहरूद्वारा मनाइने एक उत्सव ।

**औले–** वि० [औल+ए] औलको; औलसम्बन्धी; औलिया (ज्वरो) । ~ **जरो–** ना० औलले गर्दा आउने जरो; कामजरो ।

**औलो–** ना० [औल+ओ] १. हे० औल । वि० २. औल लाग्ने; औलिया । ~ **उन्मूलन–** ना० औलो ल्याउने लाम्खुट्टेलाई समाप्त गरी औलोको रोगाणुलाई निर्मूल पार्ने क्रिया

वा अभियान । > **औल्याहा–** वि० औलोको; औलो लाग्ने; औलिया ।

**औवा-ठेउवा–** ना० [(द्वि०) ठेउवा] नीलकण्ठ चरो ।

**औषध–** ना० [सं०] १. औषधीका काममा आउने विभिन्न वनस्पति; जडीबुटी । २. रोग निको पार्नाका निमित्त विभिन्न जडीबुटी मिलाई प्रयोग गरिने औषधी; ओखती । > **औषधालय–** ना० रोगको उपचार गर्ने र आवश्यकतानुसार रोगीहरूलाई भर्नासमेत गर्ने घर; अस्पताल । **औषधाश्रित–** वि० १. सधैँ औषधी गरिरहनुपर्ने । २. औषधीका भरमा बाँचेको ।

**औषधि/औषधी–** ना० [सं०] १. रोग निको पार्ने वा शरीर तन्दुरुस्त पार्ने वस्तु; ओखती । २. उपाय; प्रयत्न । ~ **विज्ञान–** ना० औषधीको निर्माण, प्रयोग, प्रतिक्रिया आदिका सम्बन्धमा विस्तृत चर्चा भएको शास्त्र; औषधीसम्बन्धी विषयको जानकारी गराउने शास्त्र; खाने र लाउने औषधीसँग सम्बन्धित विज्ञान । – **वेत्ता–** ना० औषधीविज्ञानको विशेषज्ञ (फिजिसियन) ।

**औषधोपचार–** ना० [सं०] औषधी सेवन गरिने उपचार । ~**सापटी–** ना० कुनै संस्था वा कार्यालयले आफ्ना कर्मचारीहरूलाई कुनै रोग लागेको उपचार गराउन दिने सहायता वा सापटी ।

**औष्म्य–** वि० [सं०] १. ग्रीष्म ऋतुसम्बन्धी; गर्मीसम्बन्धी; ऊष्मसम्बन्धी । ना० २. उष्णता ।

**औसत–** ना० [अ०] १. सालाखाला; सरदर । वि० २. बीचको; साधारण । ~ **तलब–** ना० कुनै संस्था वा कार्यालयका कर्मचारीहरूले सरदर वा सालाखाला रूपमा पाउने तलब । ~**ताप–** ना० अधिकतम र न्यूनतम तापको सरदर वा सालाखाला ताप । ~ **वर्षा–** ना० अधिकतम र न्यूनतम वर्षाको सरदर वा सालाखाला वर्षा ।

**औसर–** ना० [सं० अवसर] १. अवसर; मौका; याम; ताक । २. अपराध; बिराम; गल्ती; भूल । > **औसरवादी–** वि० अवसरवादी; ताकछोपुवा । > **औसरिया–** वि० १. विद्रोही । २. अवसरवादी ।

**औसानी–** ना० [सं० अपोशान] १. वैदिक संस्कृतिअनुसार भोजन गर्नुभन्दा पहिले देवता वा पितृका निम्ति दिइने पाँच चिम्टी अन्न; बलि । २. भात खानुभन्दा पहिले हातमा पानी लिएर आफ्नो अगाडिको भोजनको वरिपरि घुमाउने क्रिया; अप्सानी । ३. गर्भवती आइमाईलाई खानेकुरा खाँदा लाग्ने वाकवाकी; गह्नाउने ।

**औस्या–** वि० [औँसी+या ] नमिल्दो स्वभावको; ओखरपाङ्ग्रे ।

# क

**क–** १. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये पहिलो वर्ण; कण्ठस्थानबाट उच्चारण हुने, स्पर्शी, अल्पप्राण तथा अघोष ध्वनि; लेख्यरूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; कपुरी क । २. कुनै वस्तु, विषय वा कुराको वर्गीकरण वा मूल्याङ्कन गर्दा पहिलो वा उम्दा श्रेणीलाई छुट्ट्याई चिनाउन प्रयोग गरिने श्रेणीबोधक अक्षरसङ्केत; लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन-उपविभाजनका निम्ति व्यञ्जनवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक पहिलो चिह्न ।

**कँचिया–** वि० [काँचो+इया] १. काँचोपन बाँकी रहेको; नपाकेको । २. राम्ररी नसुकेको (रूख, दाउरा आदि) ।

**कँठिनी–** वि० [काँठे+इनी] १. काँठमा बस्ने; काँठमा घर हुने वा रहने (स्त्री) । ना० २. काँठे आइमाई; काँठे पुरुषकी पत्नी ।

**कँडारो–** ना० कामी र सर्किनीबाट जन्मेको सन्तान; कामीको तथाकथित तल्लो कोटि । स्त्री० कँडार्नी ।

**कँडाली–** ना० [सं० करण्डी] प्रायः पूजासामान, फलफूल, तरकारी र अरू सामान आदि हालिने, उभिन्डो भएको चोयाको वा धातुको भाँडो ।

**कँडेकेशरी–** ना० [काँडे+केशरी] गुलाफको जस्तै पात हुने जङ्गली काँडे फूलको बोट ।

**कँडेचमेली–** ना० [काँडे+चमेली] बोटमा काँडा भएको, कनिकाजस्ता पात हुने, चमेलीको जस्तै बास्ना आउने र सेतो रङ्गको फूल फुल्ने एक जातको चमेली फूल वा त्यसको बोट ।

**कँडेल–** ना० [सं० करवीर] १. विभिन्न रङ्गका फूल फुल्ने, एक बित्तासम्मको लामो र करिब एक अङ्गुल चौडा पात हुने बिखालु बोट; करवीर । २. नेपालीहरूको एउटा थर ।

**कँधेउली–** ना० [काँध+एउली] दुवैपट्टि भारी झुन्ड्याएर काँधमा बोक्ने काठ वा बाँस आदिको घोचो; नोल ।

**कँधेरी–** ना० कँध्यौरी [काँध+एरी] काँधमा भिर्ने वस्त्र; काँधे ।

**कँधेली–** ना० [काँध+एली] कँधेरी; कँधेउली ।

**कँध्याइ–** ना० [√ काँधि (+याइ)] काँधिने भाव, क्रिया वा प्रक्रिया । > **कँध्याइनु–** क० क्रि० १. काँधिने पारिनु; काँधिन लाइनु । २. मोटाइनु । **कँध्याउनु–** प्रे० क्रि० १. काँधिने पार्नु । २. मोटो बनाइनु ।

**कँध्याहा–** वि० [काँध+याहा] १. झैझगडा आदिमा एक पक्षलाई बहकाएर अर्को पक्षका विरुद्ध उचाल्ने; बोकाहा । २. काँधे; कँधेउरी ।

**कँपाइ–** ना० [√ काँप् (+आइ)] काँप्ने भाव, क्रिया वा प्रक्रिया; कम्पन । [ > ] **कँपाइनु–** क० क्रि० काँप्न लगाइनु; काँप्ने पारिनु; कम्प गराइनु । **कँपाउनु–** प्रे० क्रि० काँप्ने वा थरथराउने पार्नु; कम्प गराउनु; कमाउनु ।

**कँवर–** ना० [सं० कुमार] १. कनफट्टा जोगीको कर्म नचलेको अर्थात् कान नचिरेको सन्तति । २. हे० कुँवर ।

**कंस–** ना० [सं०] १. भारतको मथुरा प्रदेशमा राज्य गर्ने उग्रसेनका छोरा वा कृष्णका मामाको नाम । वि० २. दुर्जन; अत्याचारी ।

**कउल१–** ना० [गोल?] आगाको भरभराउँदो फिलिङ्गो; अँगेठ; भुङ्ग्रो ।

**कउल२–** ना० [नेवा० कवः] हे० कवल ।

**ककडी–** ना० [सं० कर्कटी] चिन्चिडो वा लामो घिरौँलाजस्तो, काँक्राको जातको, प्रायः गर्मी समयमा बालुवाप्रधान चिसमिरो जमिनमा फल्ने फल; लम्काँक्री ।

**ककनन–** ना० [बा० बो०] अध्ययन; पढाइ । ~ **गर्नु–** ट० राम्ररी बाच्न वा पढ्न नसकी कनीकनी पढ्नु ।

**ककनी–** ना० [सं० कङ्कणी] १. तराई प्रदेशका स्त्रीजातिले नाडीमा लगाउने काँस वा पित्तलको चुराका आकारको गहना । २. पानीको धारो वा त्यस्तो धारो भएको ओस्याइलो ठाउँ । ३. काठमाडौँको उत्तरपश्चिममा रहेको एक दर्शनीय स्थल ।

**ककनु–** ना० [सं० कङ्कण] चुरो; बाला ।

**ककरी–** ना० [सं० कर्कटी] ककडी । **– मकरी–** ना० मकै, भटमास आदि सामान्य खानेकुरा ।

**ककस–** सर्व० [कस+कस] १. 'कोको'-को तिर्यक् रूप (उदा०– ककसले काम गरे, मलाई सुनाऊ) । २. 'कसकस'-को संक्षिप्त रूप ।

**कका–** ना० [नेवा०] चङ्गामा ओजन मिलाई राम्ररी उडाउन बीचको कप्टेराको सिरान र पुछारमा बाँधिएको धागाको उभिन्डो ।

**ककार–** ना० [सं०] 'क' वर्ण; नेपाली वर्णमालाको पहिलो व्यञ्जनवर्ण ।

**ककुद–** ना० [सं०] १. पहाडको टाकुरो; शिखर । २. साँढेको जुरो । ३. राजचिह्न ।

**ककुभ–** ना० [सं०] १. वीणाको घुमेको दण्ड । २. अर्जुन वृक्ष; काउलो ।

**कक्कड–** ना० [प्रा० कक्कर] सानो चिलिममा भरेर धुवाँ तान्ने, सुर्तीको एक प्रकारको धूलो; तमाखु र सुर्ती मिलाएर धूम्रपानका लागि कुटेर तयार पारिएको केही ओसिलो चूर्ण ।

**कक्र–नु–** अ० क्रि० [अ० मू० कक्रक्+न] कक्रक्क पर्नु; जाडोले गँगरिनु; कठ्याङ्ग्रिनु ।

**कक्रक्क–** क्रि० वि० [अ० मू० कक्रक्+नु] जाडो वा रोग आदिले अङ्ग-प्रत्यङ्ग नचल्ने किसिमले; हल न चल हुने गरी; कठाङ्ग्रिएर वा कठ्याङ्ग्रिने गरी ।

**कक्राइ–** ना० [√ कक्र (+आइ)] १. कक्रने काम वा प्रक्रिया ।

[कक्राउ+आइ] २. कक्राउने काम वा प्रक्रिया । [ > ] **कक्राइनु–** क० क्रि० कक्रक्क पारिनु; कक्रन लाइनु । **कक्राउनु–** प्रे० क्रि० कक्रक्क पार्नु; कक्रने गराउनु । **कक्रिनु–** अ० क्रि० कक्रक्क होइनु वा परिनु; कक्रनु ।

**कक्रेजा–** ना० [फा० काकरेज] १. रातो भुइँमा सेतो वा सेतोमा रातो बुट्टा भएको कुनै वस्त्र वा जन्तु (घोडा आदि) । वि० २. त्यस्तो रङ र बुट्टा भएको ।

**कक्याक्क–** क्रि० वि० [अ० मू० कक्र (या) क्+क] हल न चल हुने गरी; बेसरी अँठ्याउने किसिमले; चल्न-चटपटाउन नसक्ने गरी । द्वि० कक्रयाक्कुक्क ।

**कक्ष–** ना० [सं०] १. काखी; कोखा । २. धोतीको काछ । ३. घरको कोठा । ४. कछाड; देहात । ५. काखीको खटिरो; कखौतो । ६. एक वस्तुलाई केन्द्र तुल्याई त्यसको वरिपरि अर्को वस्तु घुम्दा त्यसले ग्रहण गर्ने पथ ।

**कक्षा–** ना० [सं०] १. दर्जा; श्रेणी; स्तर । २. घेरा; कक्ष । ३. ग्रहहरू घुम्ने मार्ग; कक्ष । ४. पढाइ सञ्चालन गरिने कोठा (विद्यालयको) । ~**सञ्चालन–** ना० कक्षा चलाउने वा त्यसको प्रबन्ध मिलाउने कार्य । > **कक्षोन्नति–** ना० १. बढी मेधावी छात्रलाई सामान्य स्थितिमा भन्दा कम्तीमा एक तह माथिल्लो कक्षामा प्रवेश दिइने कार्य । २. पदोन्नति; बढुवा ।

**कखरा/कखहरा–** ना० [क+ख+ह+रा] १. कखदेखि हसम्मको नेपाली व्यञ्जनवर्णहरूको समुदाय; नेपाली वर्णमालाको व्यञ्जनखण्ड । २. देवनागरी लिपिका वर्ण वा साउँ-अक्षर; साक्षर हुन प्रयास गर्नेले पहिले चिन्नुपर्ने अक्षर; बाह्रखरी ।

**कखौतो–** ना० [काखी+औतो] १. काखीको निश्चित स्थान । २. काखीमा आउने एक प्रकारको खटिरो ।

**कग्राँटो–** ना० डढेका लुगाको पिरो धुवाँ, पोलिएका कपडाको खार ।

**कङ्क–** ना० [सं०] मांसाहारी ठूलो जातको एक चरो जसको प्वाँख पहिलेपहिले बाणको फेदमा लगाइन्थ्यो; सेतो चील ।

**कङ्कड–** ना० [प्रा०] ढुङ्गाका ससाना टुक्रा; गिट्टी; गट्टी ।

**कङ्कण–** ना० [सं०] प्रायः स्त्रीजातिले नाडीमा पहिरने, सुनचाँदी आदिको बाला; ककनी ।

**कङ्कला–** वि० [सं० कङ्काल] कङ्कालको जस्तो; आत्तिएको र उराठलाग्दो । ~**शब्द–** ना० १. धेरै मानिस सामूहिक रूपबाट एकैचोटि रुँदाको उराठलाग्दो ध्वनि । २. जनविश्वासअनुसार कङ्काल अथवा मसानहरू मध्यरातमा सामूहिक रूपमा रुँदाको आवाज । ~**सुर–** ना० १. लगातारको झर्को लाग्ने रुवाइ वा कराइ । २. कङ्कलाशब्द ।

**कङ्काल–** ना० [सं०] प्राणीका शरीरका हाड मात्रको आकार; अस्थिपञ्जर; हाडखोर । – **माली–** वि० १. कङ्कालको कुनै अंशको माला उनेर लाउने । ना० २. शिव; भैरव । > **कङ्कालिनी–** ना० १. दुर्गा । वि० २. दुब्ली र प्रचण्ड स्वभावकी (स्त्री) । ३. कर्कशा अथवा राकस स्वभावकी (स्त्री) ।

**कङ्क्रिट–** ना० [अङ्०] १. चून, बालुवा, इँटका टुक्रा आदि वा सिमेन्ट, बालुवा र पत्थरका टुक्रा मिलाई घोलेर बनाइएको ढलान गरिने मसला । २. इँटपत्थरका ससाना टुक्रा ।

**कङ्गना–** ना० [सं० कङ्कण] १. दुलहाको नाडीमा बाँध्ने डोरो । २. बाला ।

**कङ्गाल–** वि० [सं० कङ्काल] धनसम्पत्ति केही नभएको; गरिब; निर्धन; दरिद्र । > **कङ्गाली–** वि० केही नभएको; दरिद्र; गरिब ।

**कङ्ग्रेस–** ना० [अङ्०] १. कुनै सङ्गठन अथवा समुदायविशेषका प्रतिनिधिहरूको ठूलो जमघट वा विशेष बैठक; सदन; काङ्ग्रेस । २. कुनै राजनीतिक उद्देश्यका निम्ति सङ्गठित संस्था वा दलविशेष । ३. सम्मेलन ।

**कङल्याङकुङलुङ–** क्रि० वि० [अ० मू० कङ्ल्याङ्+अ (द्वि०)] धेरै जनाले बोलेको अस्पष्ट शब्द नबुझिने किसिमले; खल्याङबल्याङ ।

**कच१–** ना० [फा० कज] १. लेखका बीचमा भएका विशेष कुरा सूचित गर्नलाई शब्द वा वाक्यको तलतिर दिइने धर्को; अधोरेखा; अन्डरलाइन; ढाक । २. एक दफा सकिएर अर्को दफा आरम्भ हुँदा ती दुई दफाका बीचमा बायाँदेखि दायाँ कोरिने खण्डित अथवा अखण्डित रेखा ।

**कच२–** ना० [सं०] १. कपालको रौँ; केश । २. एक पौराणिक चरित्र; वृहस्पतिको पुत्र । ३. सुगन्धबाल (बुटी) ।

**कचकच–** ना० [अ० मू० कच (द्वि०)] १. शब्दबाट झर्कोलाग्दो किसिमले जनाउने असन्तोष; फतफत; क्याउँक्याउँ; गनगन आदि । २. व्यवहारबाट झर्कोलाग्दो किसिमले जनाउने असन्तोष वा आग्रह; करकर; तिरिखिरि । > **कचकचाइ–** ना० कचकचाउने काम वा भाव । **कचकचाइनु–** क० क्रि० कचकच गरिनु **कचकचाउनु–** प्रे० क्रि० कचकच गर्नु; कचकचाउन लगाउनु; कचकचाउने पार्नु । **कचकचिया–** ना० १. रछ्यायो टाउको, रातो पखेटा, आँखा र पुच्छर सेतो हुने एक जातको चरो । २. फुस्रोखैरो भुल्ला, पहेँलो चुच्चो र पहेँलै खुट्टा हुने एक प्रकारको चरो । वि० ३. कचकचे । > **कचकचे–** वि० कचकच गर्ने; करकरे; फतफते ।

**कचकरो–** वि० [प्रा० कच्च+सं० कृत] भुट्दा फूल नउठेको (मकै, जुनेलो, रामदाना आदि) ।

**कचडो–** वि० [सं० कच्चर] १. कुराकानीमा नमिल्ने; उरन्ठेउलो । २. आत्मबल नभएको र दोधारे; तुलबुले; कचेडे ।

**कचपच–** ना० हे० कचमच । > **कचपचिनु–** अ० क्रि० कचमचिनु ।

**कचमच–** ना० [अ० मू० कच्+अ (द्वि०)] १. परस्परको कुनै काम वा कुराकानीमा हुने गडबड; खिचोला । २. स्वास्थ्यलाई हानि गर्ने खानेकुरा; अस्वास्थ्यकर वा अपाच्य खाद्य पदार्थबाट पेट खराब हुने अवस्था । ३. कुनै कारणले निद्रा गडबडिने स्थिति । **कचमचिनु–** अ० क्रि० कुनै कामकुरा बीचैमा बिथोलिनु वा अचकल्टो हुनु; गडबडिनु; कचमच उत्पन्न हुनु; खिचोला पैदा

हुनु । > **कचमच्याइ–** ना० कचमचिने भाव, क्रिया वा प्रक्रिया । **कचमच्याइनु–** क० क्रि० कचमच्याउने काम गरिनु । **कचमच्याउनु–** प्रे० क्रि० कचमचिने गराउनु; अचकल्टो पार्नु ।

**कचर–** ना० [सं० कच्चर ] १. मल; दूषित वस्तु; फोहर खाद्य वस्तु । वि० २. फोहर; मैलो; गन्दा । – **पचर–** ना० प्रायः नपच्ने अनियमित खाद्य पदार्थ; कच्याङकुचुङ ।

**कचरस–** ना० आउँ; आउँमासी ।

**कचरिया–** ना० [कच्चिडो ?] लहरामा फल्ने, पहेँलो फूल र बाटुला पात हुने, ऐँसेलुजस्तो सानो फल; घुर्मी ।

**कचल्टि-नु–** अ० क्रि० [कचल्टो+इ+नु] कचल्टो हुनु; अचकल्टो पर्नु ।

**कचल्टो–** वि० [प्रा० कच्चल्ल+टो] १. पूरा पाक्न नपाएको; केही काँचो (आँप, अम्बा वा बेलौती, तर्कारी इ०) । २. पूर्ण नभएको; खण्डित (निद्रा, भाषण, अध्ययन इ०) । ३. पूरा वयस्क नभएको (उमेर, मान्छे इ०)।

**कचल्ट्याइँ–** ना० [√ **कचल्टि** (+ याइँ)] कचल्टिने पन, कचल्टो अवस्था । [ > ] **कचल्टचाइ–** ना० कचल्टो हुने, कचल्टिने वा कचल्टचाउने काम वा भाव । **कचल्टचाइनु–** क० क्रि० कचल्टो पारिनु; अधकल्चो गराइनु । **कचल्टचाउनु–** प्रे० क्रि० कचल्टो पार्नु; अधकल्चो गराउनु; खण्डित पार्नु ।

**कचहरी–** ना० [प्रा० कच्चहरिआ] १. न्यायनिसाफ हेर्ने अड्डा । २. अदालत; न्यायालय । ३. सभा; गोष्ठी ।

**कचिङल ⁄ कचिङ्गल–** ना० [कच+इङल ⁄ इङ्गल] १. कुनै कुरा वा विषयमा दुई थरीका बीच हुने फाटो वा बेमेलको स्थिति; झगडा; कलह । २. खिचोला; हस्तक्षेप । ३. भाँजी; बिघ्न; बाधा ।

**कचिया–** ना० [सं० क्रकचिका] करौँतीका जस्ता दाँत भएको, खर, धान आदि रेटेर काट्ने हँसिया; आँसी । **कचियाले आफैँतिर तान्छ** (उखान) ।

**कचिला–** ना० [नेवा०] साँधेको आलो मासु (नेवारी भोजनका परिकारमध्ये एक) ।

**कचिलो–** वि० [काँचो < प्रा० कच्च+इलो] १. पाक्ने बेलाभन्दा पहिलेको; छिप्पिइसके तापनि नपाकेको । २. गिजिज्ज परेको; चुरो नमरेको ।

**कचिल्लो–** वि० [काँचो+इलो] भिजेर फतक्क भएको; गलेको । २. कचिलो ।

**कचुवा–** ना० लिङ्गको टोप्रामा जम्ने प्रायः सेतो रङको काई; काठे; काठो ।

**कचुर–** ना० [सं० कर्चूर] हलेदाको जस्तो पात र फूल भई कपूरको जस्तो बास्ना आउने एक बोट र प्रायः औषधीमा प्रयोग हुने त्यसैको कन्द ।

**कचेट्-नु–** स० क्रि० [कचेटो+नु] १. कसैलाई बलजफतीसँग कतै पठाइनु । २. करकाप गरेर मन नपरेको ठाउँमा पनि बसाइनु । > **कचेटाइ–** ना० कचेट्ने तथा कचेटाउने भाव, क्रिया वा प्रक्रिया । **कचेटाउनु–** प्रे० क्रि० कचेटोमा पार्नु; कचेट्न लाउनु । **कचेटिनु–** क० क्रि० १. कचेटोमा पारिनु; कचेट्ने काम गरिनु । अ० क्रि० २. कचेटोमा पर्नु; थच्चिनु ।

**कचेटो–** ना० [सं० कच्चर] १. अरूलाई मन नपर्ने खालका काम-कुराको झमेला वा झचाउलो; बिनसित्तिको झन्झट; कचडो । २. किचोला; खिचोला ।

**कचेडा–** ना० झगडा ।

**कचेरा–** ना० [सं० कच्चरक] १. चिप्रा । २. फोहर; मैला । > **कचेरे–** वि० कचेरावाल; चिप्रे; फोहोरी । स्त्री० कचेरी ⁄ कचेर्नी ।

**कचोट्-नु–** अ० क्रि० [तुल० हि० कचोट] कसैको नराम्रो व्यवहारले मन दुख्नु वा मन कोतर्नु । > **कचोटाइ–** ना० कचोट्ने काम वा भाव ।

**कचौँडो–** ना०हे० कल्चौँडो ।

**कचौडी–** ना० [तुल० तमिल० कच = दाल] भित्र गुभामा मस्यौटो हालेर पकाइने एक प्रकारको पुरी; कचौरी ।

**कचौरा–** ना० [कास+औरा] भोजनका सामग्रीमध्ये तिहुन, तरकारी आदि हाल्ने भाँडो; कचौरो; बटुको; डबको । > **कचौरी–** ना० १. सानो कचौरा; खोला (जाँडरक्सी खाने) । २. सानो खोपिल्टो परेको जगमग गर्ने टीका; झल्कने एक प्रकारको टीका (प्रायः काँचको) ।

**कचौरी–** ना० १. सानो कचौरा । २. हे० कचौडी ।

**कच्चा–** वि० [प्रा० कच्चअ] १. नपाकेको; अपरिपक्व, काँचो; चाँडै बिग्रने (व्यक्ति, उमेर, बुद्धि इ०) । २. कमजोर (माल, सामान, वस्तु इ०); छोइपासे; बिल्पारी । – **वारी–** ना० स्रेस्तामा प्रत्येक कलमको देहाय; फाँटवारी ।

**कच्चिडो–** ना० भन्टाको जस्तो र झन्डै त्यत्रै हुने, डाँठ र पातमा तीखा काँडा भएको एक वनस्पति र काँचोमा हरियो र पाकेपछि पहेँलो हुने त्यसैको गोलाकार बास्नादार फल; कण्टकारी ।

**कच्चि-नु–** अ० क्रि० थुप्रिनु; थच्चिनु; कुर्चिनु । > **कच्च्याइ–** ना० कच्चिने वा कच्याइने क्रिया वा प्रक्रिया । **कच्च्याइनु–** क० क्रि० कच्चिने पारिनु । **कच्याउनु–** प्रे० क्रि० कच्चिने पार्नु ।

**कच्ची–** वि० [कच्चा+ई] १. कच्चा । २. काँचो इँट वा माटाका डल्ला आदि जोडेर बनाइएको (घर, पर्खाल आदि) । ३. धेरै समयसम्म नटिक्ने (रङ, चित्र, रोगन इ०)। ~ **टाँका–** ना० प्रायः रेसमी आदि कपडा सिउँदा मेसो बिग्रने डरले अन्तिम सियाइभन्दा पहिले सिइने कामचलाउ सियाइ ।

**कच्चे–** ना० पोट, पन्जा र छक्का मिलेर पर्ने पासाको एक दाउ; कच्चेबाह्र ।

**कच्चेट–** ना० १. कामको घुइँचो; भीड; धेरै काम । २. कुनै वस्तुको थुप्रो; खात । ३. बाल्नालाई काटिराखेको चिर्नु नपर्ने दाउरा; नचिरिएका मसिना वा झिँजा दाउरा ।

**कच्चेबाह्र–** ना० [कच्चे+बाह्र] हे० कच्चे ।

**कच्चेवारी**– ना० हे० कच्चावारी ।

**कच्चो**– वि० [प्रा० कच्चओ] १. पूरा वा पाको नभएको; कच्चा । २. कच्ची । ३. नपाकेको काँचो ।

**कच्छ**– ना० [सं०] १. नदी वा समुद्रको छेउ; किनारा; जलाशय । २. सीमा । ३. जलप्रायः प्रदेश । ४. धोती वा आङमा बेरिने लुगाको छेउ । ५. पश्चिमी भारतमा पर्ने गुजरातको एक प्रख्यात अन्तरीप ।

**कच्छप**– ना० [सं०] एक उभयचर जन्तुविशेष; कछुवा; ठोटरी । ~ **अवतार**– ना० विष्णुका दस अवतारमध्ये दोस्रो अवतार ।

**कच्याककुचुक**– ना० [अ० मू० कच्याक्+अ (द्वि०)] १. कच्याङकुचुङ । वि० २. खुम्चिएको; गजमजिएको; खजमजिएको । क्रि० वि० ३. धेरै नराम्रोसँग खुम्चिएर, खजमजिएर वा कुच्चिएर धातु आदिका भाँडा, कागत, कपडा आदि बिग्रने किसिमसित ।

**कच्याङकुचुङ/कच्याङमच्याङ**– ना० [अ० मू० कच्याङ्+अ+(द्वि०)] १. प्रायः पचाउन नसकिने अनियमित खाद्य पदार्थ । २. जेतेमेते; कचरपचर । ३. झिजो लाग्ने कुरा, व्यवहार वा प्रसङ्ग ।

**कछ**– ना० [क+छ] उचित-अनुचित, सत्य-असत्य, राम्रो-नराम्रो आदिको ध्यान गरी निकालिएको अन्तिम निर्णय; पक्कापक्की; अठोट ।

**कछाड**– ना० [सं० कच्छ+ट] १. छोटो धोती; लगौँटी । २. नदीका छेउको जमिन; तट; बगर; खुँज । ३. शहरका छेउको इलाका; काँठ । > **कछाडिया**– वि० कछाडमा बस्ने; काँठे; खुँजेली ।

**कछार**– ना० [कछाड] हे० कछाड । > **कछारिया**– वि० कछाडिया । **कछारी**– वि० कछारिया; कछाडी ।

**कछु**– वि० [तुल० हि० कुछ] केही; अलिकता; थोरै (भानुभक्त आदि पुराना कविमा पाइने प्रयोग) ।

**कछुवा**– ना० [सं० कच्छप] कटाह अर्थात् हाडे खपटाले पिठिउँ ढाकिएको, जल र स्थलमा हिँड्ने जन्तुविशेष; कच्छप; ठोटरी ।

**कजलिस्ट**– ना० [अङ्०] अदालतमा न्यायाधीशसमक्ष पेस गरिने मुद्दाको सूची ।

**कजाइँ**– ना० [काजी+आइँ] १. काजीको पद वा दायित्व; कज्याइँ । २. मन्त्रित्व ।

**कजाइ**– ना० [√ **कजाउ** (+आइ)] कजाउने काम । [>] **कजाइनु**– क० क्रि० काममा जोतिनु; लदाइनु ।

**कजाउनु**– स० क्रि० [काज+आउ+नु] १. काममा खूब लगाउनु, लदाउनु । २. आफ्नो हैकममा ल्याउनु; ऐँचमा पार्नु ।

**कजिनी**– ना० [काजी+इनी] १. काजीकी स्त्री । २. बाहुनबाहेक क्षत्री आदि नेपाली स्त्रीको आदरसूचक नाम ।

**कजिनु**– अ० क्रि० [काज+इ+नु] १. काममा जोतिनु वा लादिनु । २. काबूमा ल्याइनु; अरूको हैकममा ल्याइनु; अरूको वशमा पर्नु ।

**कजिया**– ना० [काज+इया] कामकाज गर्ने नोकर; चाकर ।

**कज्जल**– ना० [सं०] १. गाजल; नेत्राञ्जन । २. सुर्मा ।

**कज्याइँ**– ना० [काजी+याइँ] काजीको काम वा पन; कजाइँ ।

**कज्याइ**– ना० [√ **कज्याउ** (+आइ)] कज्याउने काम वा किसिम; कज्याइँ । [>] **कज्याइनु**– क० क्रि० कजिने पारिनु; कजिन लगाइनु ।

**कज्याउ-नु**– प्रे० क्रि० [काज+याउ+नु] १. काजमा लगाउनु; काममा जोत्नु वा लाइनु । २. काबूमा ल्याउनु; वशमा पार्नु ।

**कञ्चन**– ना० [सं०] १. सुन; सुवर्ण । वि० २. स्वच्छ; शुद्ध; निर्मल; सङ्लो; सफा, – **जङ्घा**– ना० [भो० ब० गोङ्जोङ-चोङ्गा] नेपालको पूर्वोत्तरको कुनामा रहेको कुम्भकर्ण हिमाल-शृङ्खलाको सर्वोच्च शिखर । – **पुर**– ना० नेपालको महाकाली अञ्चलमा पर्ने तराई भागको एक जिल्ला ।

**कञ्चुक**– ना० [सं०] १. शरीरको माथिदेखि तलसम्म लगाउने एक प्रकारको लुगा; जामा; । २. कपडा; वस्त्र । ३. सर्पको काँचुली । ४. कवच । > **कञ्चुकी**– ना० १. छरितो कञ्चुक; चोली । २. अन्तःपुरका दासीहरूको नाइके; अन्तःपुरको रक्षक । ३. द्वारपाल । ४. संस्कृत नाटकमा पाइने एक पात्र ।

**कट**१– ना० [नेवा०] रक्सी वा निगार निकालेर शेष रहेको जाँडको छोक्रा वा सिट्ठी ।

**कट**२– ना० [अङ्०] बनोटको ढप; छाँट; काँट; छाँटकाँट (उदा०– अचेल राम त डेनी कट कपाल ढल्काएर हिँड्न थालेछ ।) ।

**कटक**– ना० [सं०] १. झगडा; आक्रमण । २. लडाइँ, युद्ध (उदा०– **जाई कटक नगर्नू झिकी कटक गर्नू** । दिव्य०) ।

**कटकट**– ना० [अ० मू० कट्+अ (द्वि०)] १. घिउतेल आदि तताउँदा छड्केर आउने, दाह्रा किट्दा उत्पन्न हुने, कुनै वस्तु हतियारले वा दाँतले काट्ता सुनिने तथा बाक्लो मैल जम्मा भएको कपडा आदि चलाउँदा निस्कने ध्वनि वा आवाज । क्रि० वि० २. त्यस्तो ध्वनि उत्पन्न हुने वा गर्ने गरी । > **कटकटती**– क्रि० वि० कटकट गरेर दुखाउने, काट्ने आवाज निकाल्ने किसिमले । **कटकटाइ**– ना० कटकटाउने क्रिया वा प्रक्रिया । **कटाकटाउँदो**– वि० कटकटाउने स्वभावको । **कटकटाउनु**– अ० क्रि० कटकट आवाज निस्कनु वा उत्पन्न हुनु; कटकट गर्नु । **कटकटिनु**– अ० क्रि० लेसाइलो पदार्थ वा मैल आदि टाँसिएर सुक्नु । **कटकटी**– क्रि०वि० कटकट गरेर दुख्ने गरी; कटकटती । **कटकटचाइ**– ना० कटकटिने क्रिया वा भाव । **कटकटचाइनु**– क० क्रि० कटकटिने पारिनु । **कटकटचाउनु**– स० क्रि० कटकटिने पार्नु ।

**कटक बिजुली**– ना० चुम्बकीय उपकरणद्वारा हल्काखाले बिजुली उत्पन्न गराई तारमार्फत शरीरमा पुऱ्याएर सर्कस आदिमा हिंस्रक जन्तुलाई नियन्त्रणमा राख्ने, अपराधीलाई साबित गराउने अथवा बाथवर्गको रोग निको पार्ने काममा प्रयोग गरिने एक यन्त्र; कठ-बिजुली ।

**कटकरी**– ना० धानको फोस्रो दानु; धानको पगटो वा पोगटो ।

**कटकाल**– ना० [कटक+वाल] १. गाउँमा उर्दीपुर्जी गरी हिँड्ने मानिस; कटुवाल । २. दुलाहाको साथी; बेहुलातर्फको लोकन्ते ।

**कटकालो**– ना० [कटक+वालो] नेपाली ब्राह्मणको तथाकथित तल्लो श्रेणी; जैसी ।

**कटकिना**– ना० [अङ्० कन्ट्र्याक्ट] ठेकेदारसँग ठेक्कामा लिइने ठेक्का वा काम; कटकिन्दारी ।

**कटकिन्दार**– ना० [अङ्० कन्ट्र्याक्टर] ठूलो ठेकेदारसँग ठेक्कामा काम लिने भुरे ठेकेदार; कटकिना लिने व्यक्ति । > **कटकिन्दारी**– ना० हे० कटकिना ।

**कटक्क**– क्रि० वि० [अ० मू० कट् > कटक्+क] एकै चोटि टुक्रिने, कटकटाउने, काटिने, काट्टिने र आउँ आदिले पेट अथवा कटु व्यवहारले मन आदि दुखाउने गरी; केही कुरो दुख्ने, काटिने, काट्टिने आदि किसिमसित ।

**कटज**– ना० [सं०] वन वा कृषि-विभागका तर्फबाट अथवा त्यस्तै समान संस्थाका तर्फबाट वृक्षारोपणका निमित्त दल राखेर उमारिएका एक वर्षमनिका बिरुवा । – **रोपाइँ**– ना० कटजहरू रोप्ने काम ।

**कटनी**– ना० [काट्+अनी] १. काट्ने काम, कटाइ (रकम, तलब आदि) । २. कट्टी (तलब, रकम आदिको) । ३. बालीनाली वा रूख आदि काट्ने काम । – **मटनी**– ना० काट्ने र फाँड्ने काम; कटमट; कट्टीमट्टी ।

**कटबाँस**– ना० [सं० काष्ठ+वंश] भित्र खोक्रो नभएको (प्रायः लट्ठीको काममा प्रयोग गरिने) बाँसको एक जात; मकुला बाँस ।

**कटबिच्छी**– वि० १. अग्घोर काट्ने; साह्रै मुखाले । २. बित्पाते; बिच्छी । ना० २. बिच्छीको एक धेर विषालु जात ।

**कटबिजुली**– वि० १. बिजुलीका वेगको; असाध्यै चनाखो; बाठो; साह्रै मुखाले । ना० २. हे० कटक-बिजुली ।

**कटमट**– ना० १. कट्टीमट्टी; छिनाफाना । २. मानसिक द्वेष; मनोमालिन्य; भित्रभित्रै गुम्सिएर रहेको मानसिक द्वेष । ३. अनियमित खाद्य पदार्थ; कटचाङकुटुङ ।

**कटर**– ना० [अङ्० कटराइज ?] एक जातको सूती कपडा ।

**कटसरैया**– ना० [हि०] विभिन्न रङका फूलका भेदले चारजातको मानिएको, त्रिदोषलाई शमन गर्ने एक प्रकारको बुटी । (हे० त्रिदोष पनि) ।

**कटहर**– ना० [हि० कटहल सं० कण्टक+धर?] खस्रो काँडादार बोक्रा भएको, भित्र झुत्रा र गुलियो स्वादका कोया फल्ने र कोयाभित्र चिउरीका झैँ गेडा हुने, काँचो अवस्थामा तर्कारीका रूपमा पनि खाइने एक लोकप्रिय फल; रूखकटहर । ~ **चम्पा**– ना० कटहरको जस्तै बास्ना आउने एक प्रकारको लहरे फूल । – **हन्डे**– वि० कटहरजस्तो (प्रायः ठूलो अण्डकोष भएको व्यक्ति) । > **कटहरे**– वि० १. कटहरका रूखहरू भएको ठाउँ, बस्ती वा गाउँ । २. कटहरको कारोबार गर्ने (व्यक्ति) ।

**कटाइ**– ना० [√ **काट्** ( + आइ)] काट्ने क्रिया वा प्रक्रिया । [ > ] **कटाइनु**– क० क्रि० काट्न लाइनु; काट्ने काम गराइनु ।

**कटाउनु**– प्रे० क्रि० काट्न लाउनु; काट्ने काम गराउनु ।

**कटाकट**– क्रि० वि० [अ० मू० कट्+आ+कट्] एकपछि अर्को गर्दै काट्दै जाने प्रक्रियासँग; छटाछट; चटाचट ।

**कटाक्ष**– ना० [सं०] १. आँखाको एक भागले अर्थात् कुनाबाट हेर्ने हेराइ; कर्के हेराइ; छड्के हेराइ । २. बाझाबाझ; कटाच्छे । ३. अप्रसन्नता जाहेर गर्ने किसिमको हेराइ; घुइरो हेराइ । – **पात**– ना० प्रेम, क्रोध,ईर्ष्या आदि जनाउने किसिमको हेराइ ।

**कटान**– ना० [काट्+आन] १. हतियारले केही कुरो काट्ने क्रिया वा प्रक्रिया । २. पहिरो, नदी आदिले तटवर्ती जमिनलाई धस्काउने क्रिया वा प्रक्रिया । ३. फँडानी (जङ्गलको) । > **कटानी**– ना० कटनी; फँडानी ।

**कटार/कटारी**– ना० [सं० कर्तरी] प्रायः दुवैतिर धार भएको छुरीविशेष । > **कटारे**– ना० छरिएका पात र सानसाना काँडा हुने, हिँड्दा कपडामा बिझ्ने एकथरी घाँस वा झार । **कटारो**– ना० ठूलो कटारी ।

**कटारो**– ना० १. कसैलाई गाली गर्ने वा होच्याएर भनिने शब्द; छुस्केरा । २. चटारो ।

**कटाहा**– ना० [सं०] १. ठूलो कराही । २. कछुवाका पिठचूँको खप्पर वा खपटा ।

**कटाहा**– वि० [काट्+आहा] १. छुच्चो; किरन्टोकी; कन्जुस । २. अर्काले खाएपाएकोमा रिस गर्ने; आहारिसे; डाहे । ३. काट्ने खालको वा काट्ने (कीरो, मुसो आदि) ।

**कटि**– ना० [सं०] नितम्बभन्दा माथि दुवै कोखा र तल्लो पेटभन्दा मनिको शारीरिक अवयव; कमर; कम्मर; कटी । – **बद्ध**– वि० तम्सिएको; तत्पर । – **बन्ध**– ना० १. पटुका; कम्मरपेटी । २. पृथ्वीका दुई ध्रुवका बीचका भूभागलाई हावापानी आदिका हिसाबले बाँड्दा हुन आउने पाँच भागमध्ये कुनै एक । (ऊष्ण कटिबन्ध, शीत कटिबन्ध, समशीतोष्ण कटिबन्ध तथा नात्यूष्ण कटिबन्ध) । – **सूत्र**– ना० १. कन्धनी । २. इँजार ।

**कटिया**– ना० [भो० पु०] सानो घाटी भएको सानो आकारको माटाको भुँड्को ।

**कटी**– ना०हे० कटि ।

**कटु**– वि० [सं०] १. नमीठा स्वादहरूमध्ये कुनै एक (तीतो, टर्रो, पिरो इ०) । २. रूखो; कर्कश; मन नपर्ने; अप्रिय (बानी, व्यवहार, वचन इ०) ।

**कटुवा**१– वि० [काट्+उवा] काटिएको; कट्टी गरिएको; कटान भएको ।

**कटुवा**२– ना० १. खोस्टो या पातमा बेरेर कक्कडजस्तै खाइने सुर्ती । २. बिस्कुटको एक विशेष प्रकार ।

**कटुवाल**– ना० [सं० कोट्टपाल] १. पहिलेको पहाडी मौजामा सरकारी उर्दी कुर्लेर जनतालाई सुनाउने व्यक्ति । २. शाहकालीन जिल्लाप्रशासनको लगभग मुखियासरहको एक पद । ३. गाउँघरमा उर्दीपुर्दी सुनाउने कामको निम्ति राखिएको, प्रायः गैरसरकारी कर्मचारी । ४. क्षत्री तथा पावैहरूको एक थर ।

स्त्री० कटुवाल्नी ।

**कटुस–** ना० खसु, फलाँट आदिका जस्ता पात र गेडा फल्ने, सारो काठ हुने रूखविशेष वा त्यसको फल ।

**कटेरो–** ना० [काष्ठ+गृह] १. गाईबस्तु बाँध्ने ठाउँ; गोठ; ग्वाली । २. छाप्रो; टहरो; खोल्मा; थारो ।

**कटेहर नाच–** ना० थारू जातिमा प्रचलित, रोइलानाचका ढाँचाको, कटेहरिया, कठघोरी र कठौरिया नाम पनि भएको एक नृत्य ।

**कटौती–** ना० [काट्+औती] १. काटेर घटाउने काम (रकम, तलब, पारिश्रमिक इ०) । वि० २. काटेर घटाइएको (रकम, तलब, पारिश्रमिक इ०) । **– को प्रस्ताव–** ना० सरकारको कुनै विभागको कार्यमा लाग्ने खर्चको फाँटबाट सानो रकम घटाइदिने प्रस्ताव ।

**कटौरा–** ना० [सं० कटोर ] कचौरा; बटुको ।

**कटौरी–** ना० [कटौरा+ई] कचौरी; बटुकी । ~ **चोली–** ना० सेप नलिई अर्को टुक्रा कपडा अगाडि छातीमा गाँसेर सिइएको चोलो ।

**कटौरे–** वि० [कटौरो+ए] १. कटौराजस्तो; कटौराका बान्कीको । २. सानो वा छोटो चित्त भएको । घुमाएर कुरा गर्ने, बतौरे ।

**कट्क-नु–** अ० क्रि० [अ० मू० कट्+क+नु] १. कटकट शब्द आउने गरी घिउतेल आदि तात्नु; कड्कनु; कटकटाउनु । २. गाली गर्दै उच्च स्वरमा कराउनु; बम्कनु । > **कट्काइ–** ना० कट्कने अथवा कट्काउने क्रिया वा प्रक्रिया । **कट्काइनु–** क० क्रि० कट्कन लगाइनु । **कट्काउनु–** प्रे० क्रि० कट्कन लगाउनु; कट्कन दिनु । **कट्किनु–** अ० क्रि० कट्कनु ।

**कट्कुरो–** ना० [सं० काष्ठकुटीर] १. दाउरा, पराल, घाँस आदि राख्न घरको छेउमा बनाइएको सानो कटेरो । २. दाउरा, घाँस, पराल आदि राख्नलाई प्रायः मूलघरमै टाँसेर बनाइएको काठको ओतदार टाँड; चट्टी; लाफो । ३. दाउराको हार वा खलियो ।

**कट्ट–** क्रि० वि० [अ० मू० कट्+ट] १. एकै चोटि छिनिने गरी काट्ने तरिकासँग; कटक्क । २. नराम्रो अनुभव हुने गरी पेट, मन आदि दुख्ने किसिमले ।

**कट्टर–** वि० [सं० कठोर] १. अरूको तर्क वा उपपत्तिमा ध्यान नदिई आफ्नो धर्म वा विचारमा दृढ रहने । २. परम्परागत रूढिवादी (कट्टर सनातनी, कट्टर धार्मिक इ० ) । **– ता–** ना० कट्टरको स्वभाव; कट्टर हुने क्रिया वा प्रक्रिया । **– पन्थी–** वि० कट्टरतावादी; उग्रवादी; परम्परावादी । **– वादी–** वि० कट्टरताका सिद्धान्तको अनुयायी ।

**कट्टरवा–** ना० [था०] सुदूर पश्चिमी इलाकाका थारुहरूको एक नृत्य; महर्वा ।

**कट्टा–** ना० [काट्+आ] १. काट्ने काम (जस्तो– आफ्नो पैसा कट्टा गर); कट्टी । वि० २. काटिएको; कट्टू ।

**कट्टी–** ना० [काट्+ई] १. काट्ने काम; कट्टा । २. चुक्ती; फर्स्योट; छिनाफाना; चुक्ता । ३. आउँ आदि व्यथाबाट पेटमा हुने पीडा । **– मट्टी–** ना० छिनाफाना; फछर्यौट ।

**कट्टु१–** ना० [काट्+उ] १. घुँडाभन्दा माथिमात्र आउने, फराकिलो मुख भएको ठुटे सुरुवाल; जाँघे; इँजारवाला हाफपाइन्ट ।

**कट्टु२–** वि० [काट्+उ] काटिएको; कट्टा (पदार्थ); ठुटे ।

**कट्टू–** वि० हे० कट्टु२ ।

**कट्टो–** वि० काँचो; राम्रोसित नपाकेको; कट्मिरो; अधकल्चो ।

**कट्ठा–** ना० [सं० काष्ठा ?] सोह्र सय बीस वर्ग हातको जमिनको नाप; एक बिघाको बीसौँ भाग; बीस धुरको नापबराबरको जग्गा ।

**कट्मिरो⁄कट्मेरो–** वि० [सं० कट्वम्ल] १. चलाउँदा बिग्रिएला जस्तो खालको (काठ, वस्तु आदि); छोइपासे; बिल्पारी । २. राम्रोसित नपाकेको; आधा काँचो आधा पाको; अधकल्चो; कट्टो । ३. अलिअलि टर्रो स्वादको; तीतो र अमिलो मिसिएको (स्वाद) ।

**कट्याककुटुक–** ना० [अ० मू० कटयाक्+अ (द्वि०)] १. भएभरको सारा मालताल; सिरीखुरी । २. कटयाङकुटुङ । ४. काठ आदि चल्दा वा चलाउँदा आउने ध्वनिविशेष; ठाकठुक; टाकटुक । वि० ४. सबै; सम्पूर्ण; भएभरको ।

**कटयाक्क–** क्रि० वि० [अ० मू० कटयाक+क] कटयाक्को ध्वनि उत्पन्न हुने गरी; कुनै दह्रो वा साह्रो पदार्थ भाँचिने, फुट्ने, टोकिने आदि किसिमले ।

**कटयाङ–** ना० [अ० मू०] १. दाँतले साह्रो पदार्थ फोर्दा आउने शब्द । **– कुटुङ–** ना० १. लगातार आइरहने कटयाङको ध्वनि । २. अनियमित खाद्य पदार्थ (प्रायः कुपथ्य) । ३. कटयाककुटुक । > **कटयाङ्ङ–** क्रि० वि० कटयाङको ध्वनि निकालेर (केही कुरो दाँतले फोर्ने किसिम) ।

**कठ१–** ना० कुनै समासको पूर्वपदका रूपमा आउँदाको 'काठ' शब्दको विशेष रूप (काठ+महल = कठमहल, काठ+घर = कठघर, काठ+बिजुली = कठबिजुली इ०) ।

**कठ२–** ना० [सं०] १. एक प्राचीन जाति । २. यजुर्वेदको एक शाखाका प्रवर्तक ऋषि; वैशम्पायनका एक शिष्य । ~ **उपनिषद्–** ना० कठ ऋषि मन्त्रद्रष्टाका रूपमा रहेको एक उपनिषद् ।

**कठघर⁄कठघरा–** ना० [काठ+घर] १. काठको घर; कठमहल । २. अदालतमा न्यायाधीशको समक्ष बयान दिँदा अभियुक्त उभिने काठको बार लागेको ठाउँ । ३. सानोतिनो पसल राख्ने काठेघर ।

**कठचित्र–** ना० [सं० काष्ठचित्र] काठको फलकमा खोपिएको चित्र; काष्ठचित्र ।

**कठताल–** ना० [सं० काष्ठताल] मुजुराजस्ता धातुका पाताहरू बीच-बीचमा जडिएका वा सादा हातले बजाइने दुई टुक्रा काठको बाजा; करताल ।

**कठपत्र–** ना० [सं० काष्ठपत्र ] अक्षर खोपिएको काठको फल्याक; काष्ठपत्र (अभिलेखको एक प्रकार ) ।

**कठपाइले–** वि० [√ कठपाउ] खराउको जस्तो पैताला भएको वा पैतालाको बीचको भागले भुइँ नछोई कुर्कुच्चा र औँलातिरका भागले मात्र भुइँ छुने (व्यक्ति); खराउखुट्टे ।

**कठपाउ–** ना० [सं० काष्ठ-पादुका] १. रबर, कपडा वा मुर्रा जडिएको

काठको चट्टी; खराउ । २. टेक्ता मध्यभागले जमीन नछुने, जनविश्वासअनुसार कुलक्षण मानिने, खराउका आकारको पैताला; खराउखुट्टी ।

**कठपाउलो–** ना० [काठ+पाउलो] एक प्रकारको काठको चट्टी; कठपाउ; खराउ ।

**कठपुतली–** ना० [काष्ठ+पुतली] १. धागो, तार, रौँ आदिद्वारा नचाइने काठ, कपडा आदिको पुतली । २. अर्काको इसारामा नाच्ने व्यक्ति; अरूको लहैलहैमा लागी काम गर्ने व्यक्ति । वि० ३. कठपुतलीका स्वभावको; कठपुतलीजस्तो ।

**कठबाँस–** ना० [काष्ठ+वंश] हे० कटबाँस ।

**कठबार–** ना० [सं० काष्ठ+बार] घरभित्र एक कोठा वा खण्डलाई अर्कोबाट छुट्ट्याउने काठको भित्तो ।

**कठबिजुली–** ना० [काठ+बिजुली] हे० कटकबिजुली ।

**कठमहल–** ना० [काठ+अ० महल] काठैकाठले बनेको विशाल भवन; काठको ठूलो घर; कठघर ।

**कठमहाल–** ना० [काठ+अ० माल?] १. काठपातसम्बन्धी काम गर्ने अड्डा । २. तीन फिटभन्दा बढी मोटाइ हुने काठको कित्ता वा तह ।

**कठाङ्ग्रि-नु–** अ० क्रि० [सं० काष्ठाङ्गित?] जाडोले हातगोडा काठझैँ कक्रक्क पर्नु; कक्रिनु; काट्ठिनु; गँगरिनु ।

**कठालो–** ना० [सं० कण्ठ+टालो] कमिज, मयलपोस, कोट आदिको घाँटीवरिपरिको घेरो ।

**कठिङ्ग्रि-नु–** अ० क्रि० हे० कठाङ्ग्रिनु । > **कठिङ्ग्याइ–** ना० कठिङ्ग्रिने भाव, क्रिया वा प्रक्रिया । **कठिङ्ग्याइनु–** क० क्रि० कठिङ्ग्रिने पारिनु; कक्रचाइनु; कठ्याङ्ग्याइनु । **कठिङ्ग्याउनु–** प्रे० क्रि० जाडाले हातगोडा कक्रक्क पार्नु; कठ्याङग्याउनु; कक्रचाउनु ।

**कठिन–** वि० [सं०] १. सजिलोसित वा चाँडै गर्न नसकिने; गाह्रो; अप्ठ्यारो; मापाको; मुस्किल । २. कडा; कठोर; साह्रो । **– ता–** ना० कठिन हुने भाव, स्वभाव आदि । > **कठिनाइ–** ना० कठिनता ।

**कठुवा–** ना० [सं० काष्ठक] पानी वा रक्सी आदि झोलिलो वस्तु राख्ने आरीजस्तो काठको ठूलो भाँडो; भिउँटको आकारको काठको आह्री ।

**कठै–** वि० बो० सहानुभूति, करुणा, दया आदि भाव प्रकट गर्दा प्रयोग गरिने शब्द । (उदा०– कठै ! तिमी त दुब्लाएछौ ।)। ~ **नि–** वि० बो० कठै । **– बरा/बरी/बरै–** वि० बो० कठै; कठै नि ।

**कठोपनिषद्–** ना० [सं०] अष्टोत्तरशतोपनिषत्भित्रको एक प्रसिद्ध उपनिषद् ग्रन्थ ।

**कठोर–** वि० बो० [सं०] १. गाह्रो; कठिन । २. कडा; साह्रो; सख्त । ३. निर्दय; निष्ठुर । **– ता–** ना० कठोर हुने स्वभाव; कठोर गुण, स्वभाव, प्रकृति आदि । ~**तालु–** ना० मुखविवरभित्रको माथिल्लो च्यापुको कठोर भाग; वर्त्सभन्दा पछि र कोमल तालुभन्दा अगाडिको भाग । ~ **वर्ण–** ना० व्यञ्जनवर्णका अघोष प्रकार; (क,च,ट,त,प,ख,छ,ठ,थ,फ,श,ष तथा स) मध्ये कुनै एक ।

**कठौती–** ना० [काठ+औती] काठको आरी; सानो आकारको कठुवा ।

**कठौतो–** ना० [काठ+औतो] पढ्ने बेलामा पुस्तक राख्ने काठको चेपुवा शैलीको विशेष प्रकारको नेपाली टेबुल; कापे; रिल; चेपुवा ।

**कठ्याङ्ग्रि-नु–** अ० क्रि० हे० कठाङ्ग्रिनु । > **कठ्याङ्ग्याइनु–** क० क्रि० कठ्याङ्ग्रिने पारिनु; कक्रक्क बनाइनु । **कठ्याङ्ग्याउनु–** स० क्रि० १. चिसो वा ठन्डामा राखेर घिउ आदि तरल वस्तुलाई जमाउनु । प्रे० क्रि० कठ्याङ्ग्रिने पार्नु; कक्रक्क बनाउनु ।

**कठ्यौरी–** ना० [काठ+यौरी] झिक्रामा मह पार्ने सानो खालको मौरी; कुट्का ।

**कडकड–** क्रि० वि० हे० कटकट ।

**कडा१–** ना० [सं० कटक ] १. सुन, चाँदी आदि धातुका नाडीमा लगाइने बालाविशेष । २. भाँडाबर्तन आदिमा समाउनका निमित्त एकातिर (बिर्काको टुप्पोमा) वा दुईतिर (खँडकुलो, झाँगा इ० मा) जडिने धातुको मुन्द्रो ।

**कडा२–** वि० [सं० कड्ड] १. साह्रो; कठोर; चाम्रो । २. गाह्रो; कठिन; दुष्कर । ३. चर्को (ध्वनि, स्वाद, घाम इ०) । ४. नियम, अनुशासन, कर्तव्य आदि पालन गर्नगराउन दयामायासमेत नराखी सक्रिय रहने । ५. निष्ठुर; निठुरी; निर्दयी । > **कडाइ–** ना० कडा हुने वा कडा गर्ने काम; कडा व्यवहार; कठोरता; कडापना । **– कडी–** ना० कडा व्यवहार; कडिकडाउ; कडिकडाइ । **– पना–** ना० कडाइ । ~ **पानी–** ना० ज्यादै चिसो पानी; साबुन आदिले धुँदा फीँज निकाल्न मुस्किल पर्ने अथवा नउमाली खाँदा पचाउन कठिन पर्ने पानी ।

**कडिकडाउ–** ना० [(द्वि०) कडाउ] हे० कडाकडी ।

**कडी१–** ना० [तुल० काड्नु : झिक्नु] १. जुक्ती; युक्ति; किल्ली; उपाय । २. मस्तिष्कको प्रणाली; स्नायु (उदा०– उसको दिमागको कडी खुस्किएछ ।)।

**कडी२–** ना० [कडा+ई] सानो कडा वा मुन्द्रो ।

**कडीकमान–** ना० [कडी+कमान] कडासँग अर्थात् दृढतापूर्वक गरिएको व्यवहार ।

**कडुवा–** वि० [सं० कटुक] १. पिरो (खोर्सानी, मरीच, सुठो इ०) । २. राग भएको (तोरीको तेल, सस्यूँको तेल आदि । ३. टर्रो, तीतो इ० । ४. नमीठो (स्वाद) ।

**कडेलचोक–** ना० [नेवा कन्हेहोलचोक] (राणाकालसम्म प्रचलित) सरकारी घरखजाना, गहनागुरिया र सुनचाँदीका सामानहरू राखिने हनुमान्ढोका राजदरबारभित्रको अड्डा ।

**कडोर–** ना० [सं० कोटि] १. सय लाखको सङ्ख्या; उक्त सङ्ख्यालाई व्यक्त गर्ने अङ्क; करोड (१,००,००,०००) । वि० २. उक्त सङ्ख्या वा अङ्कबराबरको (थान, गेडा, वस्तु आदि) । > **कडोरन्–**

वि० कैयौं करोडबराबरको । – **पति**– ना० १. करोडको मालिक । वि० २. करोडको मालिक बनेको । > **कडोरौं**– वि० कडोरन् ।

**कड्क–नु**– अ० क्रि० [√ कट्कनु] १. रिसाएर वा गाली गर्दै ठूलो स्वरले बोल्नु; कट्कनु । २. बम्कनु; गड्कनु; कटकनु । > **कड्काइ**– ना० कड्कने भाव, क्रिया वा प्रक्रिया । **कड्काकड्की**– ना० दुई विरोधी व्यक्ति वा समूहका बीच झगडा आदिका सन्दर्भमा हुने कडा गाली, वचन आदिको आदानप्रदान; खडाजङ्गी; बाझाबाझ; दन्तबझान ।

**कड्कुँलो**– ना० [काष्ठ+कुटि] दुईतिर घर भई बीचको खाली भाग; घरमा लाफो गाँसिएको खण्ड; लाफो; कट्कुरो ।

**कडयौलो**– ना० [कडा+यौलो] वीर्यस्खलन हुनुभन्दा पहिले बग्ने चिप्लो पानी ।

**कढी**– ना० [हि० कढी; तुल० सं० क्वाथ] अमिलो दही वा मोहीमा चनाको पीठो, नुन, मसला आदि हाली पकाइएको खाद्य वस्तु ।

**कण**– ना० [सं०] १. धूलो आदिको ज्यादै मसिनु खण्ड । २. ढुङ्गा, अन्न आदि फुटेर बनेका ससाना टुक्रामध्ये कुनै एक (जस्तै– कनिका , च्याँख्ला आदि ) । ३. पानीको थोपाको सानो अवस्था; जलबिन्दु ।

**कणाली**– ना० [सं० करण्ड] बाँसका चोयाले बुनेको उभिन्डोवाल भाँडो ।

**कणिका**– ना० [सं०] ज्यादै सानो कण; कण ।

**कणेल**– ना० [सं० कणेर] करवीरको फूल ।

**कणेली**– ना० [कण+एली] घोडाको लगाम; करेली ।

**कण्टक**– ना० [सं०] १. कुनै-कुनै (गुलाफ, सिमल, नीलकाँडा इ०)-का अवयवमा हुने घोचुवा सुइरे अङ्ग; काँडो । २. फलाम आदि धातुबाट निर्मित वस्तु (काँटी, किल्ला इ०) । ३. कुनै कार्य (यात्रा, काम, लक्ष्य इ०) मा पर्ने विघ्न वा सो विघ्न उपस्थित पार्ने व्यक्ति, वस्तु वा स्थिति; विघ्न; व्यवधान । वि० ४. लोभी; किरनटोकी ।

**कण्टकारी**– ना० [सं०] पात र डाँठमा काँडा हुने, ससाना सेता वा नीला फूल फुल्ने, पहेँलो बाटुलो फल फल्ने एक प्रकारको बोट वा त्यसको फल; कच्चिडो ।

**कण्ठ**– ना० [सं०] १. खकाल्नु र मेरुदण्डको सिरानदेखि लिएर चिउँडो र खोप्रेबूढीसम्मको शारीरिक (खास मान्छेको) अवयव; घिच्रो; गलो, गर्धन, घोक्रो इ०-को सामूहिक नाम; घाँटी । वि० २. आउँदो भएको (पाठ, कविता इ०); मुखाग्र, कण्ठस्थ । ~ **तालव्य**– वि० कण्ठ र तालुबाट उच्चारण हुने (ए, ऐ आदि वर्ण) । ~ **नली**– ना० कण्ठपेटारीमा आएर टुङ्गिने फोक्साको भेट्नु; श्वासनली । ~ **पेटारी**– ना० घाँटीको रुद्रघण्टीका समीपको भाग, जसले श्वासनलीको टुप्पामा रहेको स्वरचिम्टीको सुरक्षा गरी स्वर र व्यञ्जनवर्णको निर्धारण तथा व्यञ्जनवर्णको घोषीभवनमा गुञ्जन उत्पन्न गर्न स्वरचिम्टीलाई सघाउँछ । – **मणि**– ना० १. घाँटीमा लगाउने गहनाको एक प्रकार । २. घोडाको घाँटीमा हुने भुँवरी । ~ **माला**– ना० १. घाँटीमा लगाउने गहनाको एक प्रकार; कण्ठश्री । २. घाँटीमा पलाउने मासुको फोकुन्डो वा सो फोकुन्डो पलाउने रोग; गाँड; गलगण्ड । ~ **शोथ**– ना० घाँटी सुन्निने कुनै पनि रोग । – **श्री**– ना० घाँटीमा लगाइने एक प्रकारको सुनको गहना; कण्ठमाला । – **स्थ**– वि० १. आउँदो भएको (पाठ इ०); कण्ठाग्र । २. घाँटीमा रहेको; कण्ठमा रहेको । ~ **हार**– ना० १. प्रायः उच्च घरानका महिलाले घाँटीमा लगाउने मालाका आकारको गहना (नेकलेस) । २. घाँटीमा लगाइने मालाका आकारको कुनै पनि गहना (कण्ठश्री, कण्ठमाला, तिलहरी इ०) ।

**कण्ठा**– ना० [सं०] १. सुनले मोरेको २७ वा ३२ दानाको रुद्राक्षको माला । २. पशुपक्षीको घाँटीमा हुने (भिन्नभिन्न रङको) रेखा; कण्ठी । ३. त्यस्तो रेखा भएको पशुपक्षी ।

**कण्ठाग्र**– वि० [सं०] हे० कण्ठस्थ ।

**कण्ठी**– ना० [सं० कण्ठ+ई] १. सानो कण्ठा । २. तुलसीको डाँठको सानो माला ।

**कण्ठे**– वि० [सं० कण्ठ+ए] १. घाँटीमा अर्धचन्द्राकार रेखा भएको (पशु वा पक्षी) । २. कण्ठसम्बन्धी; कण्ठको (घाँटीको) । ३. कण्ठावाल वा कण्ठीवाल । ~ **काग ⁄ कौवा**– ना० घाँटीमा सेतो कण्ठी भएको काग ।

**कण्ठ्य**– वि० [सं० कण्ठ+य] १. कण्ठसम्बन्धी; घाँटीको । २. कण्ठबाट उच्चरित हुने (क ख ग घ ङ अ इ आदि वर्ण) । > **कण्ठयोष्ठ्य**– वि० कण्ठ र ओष्ठबाट उच्चारण हुने (ओ, औ इ० वर्ण) ।

**कण्डारक**– ना० [सं०] लोकविश्वासअनुसार लुतो आदि रोगको कारण मानिएको एक पौराणिक मानवेतर दुष्ट, रहस्यमय प्राणी (यसलाई मन्छाउन साउने सङ्क्रान्तिका दिन साँझमा विशेष प्रकारले पूजा गरी लुतो फालेर सेलाइन्छ ।) ।

**कण्डिका**– ना० [सं०] १. वेदको ऋचा । २. भाषिक रचनाको वाक्यभन्दा बृहत् तर अध्याय आदिभन्दा सानो विशेष स्वरूप; कथनको एक अंश, अनुच्छेद; प्याराग्राफ ।

**कण्डोल**– ना० [सं०] १. अनाज राख्ने चोयाले बनेको एक प्रकारको भाँडो । २. भण्डार, गोदाम ।

**कतरन**– ना० [कतर्+अन] १. कागत, कपडा आदि कत्रिँदा निस्केका टुक्रा, धरा वा धुजा । २. कत्रने क्रिया वा प्रक्रिया ।

**कतर्नु**– ना० [सं० कर्तनी] नेपाली सुजीकारले प्रायः गाउँघरतिर प्रयोग गर्ने, परम्परागत फलामे कैँचीको एक प्रकार ।

**कतली**– ना० निधारमा टाँसेर लगाइने काँच, प्लास्टिक आदिको टिको; टिकुली ।

**कता**– क्रि० वि० [सं० कुत्र ⁄ कुतः] कतातिर; कुन दिशातिर; कसतर्फ ।

**कताइ**– ना० [√ **कात्** (+आइ)] धागो आदि कात्ने किसिम, क्रिया वा भाव । [ > ] **कताइनु**– क० क्रि० कात्न लाइनु; धागो बनाउन

लाइनु । – **बुनाइ–** ना० कात्ने-बुन्ने काम शिल्प (धागो, सुइटर, गन्जी, मोजा इ०) । **कताउनु–** प्रे० क्रि० कात्न लाउनु; धागो बनाउन लाउनु ।

**कताकति–** क्रि० वि० [कता+कति] १. कुनैकुनै ठाउँमा मात्र; फाट्टफुट्ट; झल्याकझुलुक । २. नगण्य वा अस्पष्ट रूपमा (उदा०– कताकति उसलाई मैले देखेको हुँ कि जस्तो लाग्छ ।)।

**कतार–** ना० [अ० कितार] १. पङ्क्ति; श्रेणी; ताँती; लाइन; लहर; लाम; लस्कर । २. ना० पर्सियाली खाडीको सानो मुस्लिम देश ।

**कति–** वि० [सं०] १. अमूर्त (समय, दूरी इ०) र मूर्त (गनिने, जोखिने, भरिने, नापिने इ०) वस्तुको मात्रा; सङ्ख्या, परिमाण आदि बुझ्नको लागि गरिने प्रश्न (उदा०– कति मान्छे आयौ ?) । क्रि० वि० २. कुनै गुण, भाव, कार्य वा प्रक्रियाको हद, सीमा, स्वभाव जान्नका लागि गरिने प्रश्न (उदा०– कति खायौ ? तिमी कति चाहन्छौ ?) । ~ **कति–** निपा० भनेर, गनेर वा बयान गरेर कहाँ सकिन्छ र भन्ने भाव व्यक्त गर्ने शब्द (उदा०– जीवनमा थोरै मोज गरियो र, थोरै ठाउँ डुलियो र ? कति-कति !) । – **को–** क्रि० वि०/वि०बो० १. हे० कत्तिको । वि० २. कति (उमेर, नाप, परिमाण इ०) को; कति पर्ने । > **न कति–** वि० शून्य; केही नभएको; फुस्सा । – **पय–** वि० १. जम्मै नभई केही मात्र । २. विभिन्न; विविध ।

**कतुवा–** ना० [कात्+उवा] १. चर्खाले झैँ धागो कात्ने र तोस्राले डोरीबाटेझैँ धागो बाट्ने हाते साधनविशेष । वि० २. कातेको (धागो, डोरी, बत्ती इ०) ।~ **धागो–** ना० ठूला यन्त्रबाहेक चर्खा, कतुवा आदि हाते यन्त्रले कातेको धागो ।

**कतै–** क्रि० वि० [कता+ई] १. कुनै (पनि) तर्फ; कुनैतर्फ पनि । (उदा०– मैले कतै पनि उसलाई भेटिनँ ।) । २. कुनै (पनि) ठाउँमा; कुनै ठाउँमा (पनि); कहीँ । ~ **कतै–** कि० वि० १. कुनैकुनै ठाउँतर्फ; कुनैकुनै ठाउँमा । २. कताकति; फाट्टफुट्ट । वि० बो० ३. केटाकेटीलाई रुवाउनका लागि प्रयोग गरिने स्नेहपूर्ण शब्द; कठैकठै; बड; बडी ।

**कत्तर–** ना० [अ० कितार] १. काठ, बाँस, नर्कट, सिउँटा आदिको लाम लगाएर बारेको बार । २. घर छाप्ने पातलो काठ; चिर्पट ।

**कत्तल–** ना० [अ० कत्ल] मार्ने वा हत्या गर्ने काम; वध; हिंसा; हत्या ।

**कत्ति–** क्रि० वि० [सं० कति] १. अलिकति पनि; थोरै पनि (मात्रा, सङ्ख्यामा) । २. ज्यादै; हदभन्दा धेर । (उदा०– कत्ति कराएको; कत्ति राम्रो अनुहार इ० ।) । – **को–** क्रि० वि० १. कत्ति; धेरै; असाद्धे । वि० बो० २. पहिले भनेको नमान्ने र पछि धोका परेपछि चाहिँ अँध्यारो मुख लगाउने व्यक्तिलाई आड मर्ने गरी जवाफ दिँदा भनिने शब्द; खुच्चिङ; पाइस् कि त स्वाद (उदा०– पहिले भनेको नमान्दा कस्तो हुँदो रहेछ, खाइस् कित अब, कत्तिको !) ।

**कत्ती–** ना० [सं० कर्ती] खसी, राँगाहरू काट्ने ठूलो हतियार ।

**कत्थक/कत्थकी/कत्थके–** वि० [सं० कथक] १. सिलोक, गीत, कथा आदि सहज रूपमा कथ्न सक्ने । ना० २. त्यस्तो व्यक्ति ।

**कत्था–** ना० पान-सुर्ती आदि नशावाल खाद्य पदार्थमा मिसाउन, मसी आदि बनाउन वा औषधी बनाउन प्रयोग गरिने खास प्रकारको रूखबाट निकालिने खोटी; खयर ।

**कत्र-नु–** स० क्रि० [कतर्नु] कचिया, कैँची, कतर्नु आदिले (कपाल, झार, घाँस, धानको बाला इ० ) काट्नु । > **कत्राइ–** ना० कत्रने क्रिया वा प्रक्रिया । **कत्राइनु–** क० क्रि० कत्रन लाइनु । **कत्राउनु–** स० क्रि० कत्रन लगाउनु । **कत्रिनु–** स० क्रि० हे० कत्रनु ।

**कत्रो–** वि० [के/को+त्रो] १. केजत्रो; कोजत्रो । २. ठूलो; बडेमाको (उदा०– राम सानै होला भनेको कत्रो पो भएछ, ए !)।

**कत्ला–** ना० १. माछाको शरीरमा छालाको आवरणका रूपमा रहने पाप्राझैँ तर टलकदार पदार्थ । २. सालकको शरीरमा सर्वत्र बाहिरी आवरणका रूपमा हुने हाडे खबडाहरूमध्ये कुनै एक । ३. लुगा, शरीर आदिमा लागेको मैलो दाग ।

**कत्ले–** वि० [कत्ला+ए] १. कत्ला भएको । २. फोहरी । ~ **माछो–** ना० माछाको एक प्रसिद्ध जात ।

**कत्लेआम–** ना० [अ०] सार्वजनिक हत्या; सर्वसंहार ।

**कथ्-नु–** स० क्रि० [कथ्+नु] १. कुरा बनाउनु वा खियाउनु; कुरा अजमाउनु; कल्पना गर्नु । २. रचना गर्नु (कविता, कथा इ०) ।

**कथङ्–** क्रि० वि० [सं० कथम्] केही गरी; कथम्कदाचित्; कथम् । (उदा०– कथङ् भोलि म आइपुगिनँ भने पनि तिमी नआत्तिनू ।) । – **कदाचित्–** क्रि० वि० कथङ्; कदाचित् । (उदा०– कथङ्कदाचित् म आइपुगिनँ भने तिमीले मेरो काम गरिदिनू ।)।

**कथञ्चित्–** क्रि० वि० [सं०] हे० कथङ्; कदाचित् ।

**कथन–** ना० [सं०] १. भनाइ; भनाउ; बोली; वचन; । २. उक्ति; भाषण । ३. तर्क; अभिव्यक्ति; वर्णन; बयान; विवरण ।> **कथनीय–** वि० कथन गर्न योग्य, भन्न उचित ।

**कथम्–** क्रि० वि० [सं०] हे० कथङ् । > **कथमपि–** क्रि० वि० कुनै हालतमा पनि; कसै गरे पनि; कुनै उपायले पनि ।

**कथयिता–** ना० [सं०] कथन गर्ने व्यक्ति, कथ्ने; वक्ता ।

**कथा–** ना [सं०] १. प्रबन्धात्मक रूपमा गद्यमा लेखिएको आख्यानात्मक लघु रचना; कहानी; गल्प । २. नाटक, उपन्यास, महाकाव्य आदिमा पाइने कथावस्तु; कथानक; कथासार । ३. चम्पूका रूपमा अथवा विशुद्ध गद्यमा लेखिएका आधुनिक कथा अथवा उपन्यासका पूर्वरूप मानिने विविध आकारप्रकारमा विभक्त आख्यानसाहित्यको पुरातन रूप; उपाख्यान; दन्तेकथा; आहान; किस्सा; कुथुङ्ग्री । ४. उक्ति; कथन; भनाइ । ५. नालीबेली; पुर्ब्यौली; पुख्यौली; इतिवृत्त; इतिहास ।

**कथाइ–** ना० [कथ्+आइ] कथ्ने कार्य वा प्रक्रिया ।

**कथा कथन–** ना० [सं०] कथा सुन्नेसुनाउने कार्यकलाप वा कथाको

वाचन ।

**कथा कुथुङ्ग्री–** ना० [कथा+कुथुङ्ग्री] कथा वा त्यस्तै स्वभावको खास गरी लोककाव्य ।

**कथानक–** ना० [सं०] दृश्य र श्रव्य काव्य (नाटक, उपन्यास, कथा इ०) मा पाइने घटनाको पूर्वापर क्रम एवं चरित्रको तादात्म्य मिलेको कथावस्तु; कथासार । ~ **चलचित्र–** ना० कथानक भएको चलचित्र, फिचर फिल्म ।

**कथा नायक–** ना० [सं०] कथा, उपन्यास, नाटक आदिको प्रमुख पात्र; नायक (तुल० अङ्० हिरो) ।

**कथान्तर–** ना० [सं०] एक कथाका बीचमा पसेको अर्को कथा; उपकथा; गर्भकथा ।

**कथा प्रसङ्ग–** ना० [सं०] १. कथा, उपन्यास आदिमा प्रसङ्गवश आउने विषय, वृत्तान्त । २. आधिकारिक कथानकअन्तर्गत रहने प्रासङ्गिक कथानक ।

**कथामुख–** ना० [सं०] दृश्य वा श्रव्य काव्यका प्रस्तावना; कथाको प्रारम्भिक अंश ।

**कथालिका–** ना० [सं०] एक कथामा अर्को कथा जोडिँदै जाने शैलीको एक पुरातन आख्यानसाहित्य; कथा ।

**कथावस्तु–** ना० [सं०] आख्यान साहित्यमा परस्पर शृङ्खलामा आधारित घटनावस्तु वा विषयवस्तु ।

**कथावार्ता–** ना० [सं०] १. दुई वा दुईभन्दा धेर व्यक्तिका बीचको प्रायः औपचारिक कुराकानी; गफ; गफगाफ; वार्तालाप; बातचित । २. पौराणिक आख्यान ।

**कथित–** वि० [सं०] १. भनिएको; वर्णन गरिएको; वर्णित; उल्लिखित । २. तोकिएको; भनाउँदो; भन्ने; उक्त । (उदा०– कथित व्यक्तिले व्यभिचार गरेको हो भन्ने साबिती बयान दिएकोले निजलाई कैद गरिएको छ ।) ।

**कथिनु–** क० क्रि० [कथ्+इ+नु] रचिनु; कथ्ने कार्य हुनु ।

**कथुरे–** वि० [कथुरो+ए] कथुरो अर्थात् कस्तूरी मृगको झैं रङ भएको (गोरु, बाछो आदि) । स्त्री० कथुरी ।

**कथुरो–** ना० [सं० कस्तूरिक/कस्तूर] मुखमा दाह्रा हुने फुस्रो रङको ससानो गाँठीको कस्तूरी मृग ।

**कथुऱ्याइ–** ना० [√ **कथुऱ्याउ** (+आइ)] कथुऱ्याउने क्रिया वा प्रक्रिया । [ > ] **कथुऱ्याइनु–** क० क्रि० कथुऱ्याउन लाइनु; कथुऱ्याउने पारिनु ।

**कथुऱ्याउ-नु–** स० क्रि० [√सं० कथ्+उर्+याउ+नु] १. यताउताका कुरा ल्याई ठिक्क पार्नु; कुरा कथ्नु; कुरा खेलाउनु । २. कुनै कामकुरामा कसैलाई अक्करमा पार्नु; अक्कऱ्याउनु ।

**कथुवा–** वि० [कथ्+उवा] कथ्ने; कत्थक; कत्थके । > **कथुवी/कथुवै–** ना० कत्थकी नारी ।

**कथोद्‍घात–** ना० [सं०] नाटकमा सूत्रधारका तर्फबाट कथा प्रारम्भ गर्नका निम्ति विभिन्न शैलीमा राखिने प्रस्ताव; प्रस्तावना ।

**कथोपकथन–** ना० [सं०] १. नाटक, कथा, उपन्यास आदिमा पात्रहरूका बीच हुने वार्तालाप वा संवाद । २. गफगाफ; कथावार्ता; कुराकानी ।

**कथ्ने–** वि० [कथ्+ने] कथुवा; कल्पनाकार; रचनाकार ।

**कथ्य–** वि० [सं०] १. बोलिने; भनिने; बोलचालको । २. बोल्न वा भन्न हुने । ~ **भाषा–** ना० (लेखिने भाषाको विपरीत) बोलीचालीको भाषा । ~ **संस्कृत–** ना० भाषाशास्त्रीय अनुसन्धाताहरूका मतमा संस्कृत भाषा स्तरीकृत हुनुभन्दा पहिलेको बोलीचालीको संस्कृत भाषा, जसका विशेष सङ्केतहरू वैदिक वा पश्चवैदिक वाङ्मयमा अवशेषका रूपमा देखा पर्छन् ।

**कद–** ना० [अ०] शरीरको (खास गरी मान्छेको) उचाइ, अग्लाइ, मोटाइ आदिको समष्टिरूप; जीउडाल; डबल; डौल; डिलडौल ।

**कदम१–** ना० [अ०] १. पाइलो; फट्को । २. तालिम पाएका घोडाको हिँडाइका प्रकारमध्ये केही विशेष प्रकार (छोटी कदम, बडी कदम) ।

**कदम२–** ना० [सं० कदम्ब ] लाम्चिला पात र बाटुला पहेँला गेडामा भकुन्डा आकारका साना फूल फुल्ने एक वृक्ष ।

**कदम्ब–** ना० [सं०] हे० कदमर ।

**कदर–** ना० [अ० कद्र] १. सदुपयोग । (उदा०– माल पाएर मात्र हुँदैन त्यसको कदर गर्न पनि जान्नुपर्छ ।) । २. सद्व्यवहार (उदा०– आजको जमानामा विनाकदर नोकरचाकर पनि टिक्तैनन् ।) । ३. सम्मान; आदर । ४. प्रशंसा; सह्रनी । ५. उपाय; तरिका (उदा०– जुन कदरले भए पनि यो काम गर्नुपर्छ ।) । ~ **दान–** वि० गुणग्राही; मान गर्ने; कदर गर्ने । – **पत्र–** ना० कदर गर्ने उद्देश्यले लिखित रूपमा दिइएको कुनै प्रकारको पत्र; प्रशंसापत्र ।

**कदर्य–** वि० [सं०] १. चाहिँदो काममा पनि पैसा खर्च गर्न नसक्ने; कन्जुस; मक्खीचुस; कृपण । २. तुच्छ; नीच ।

**कदली–** ना० [सं०] केरा । ~ **स्तम्भ–** ना० केराको थाम (खास गरी यज्ञ आदिमा शुभ चिह्नका रूपमा पाँच दिशामा गाडिने वा प्रवेशद्वार आदिमा ठडयाइने चाहिँ ) ।

**कदाचार–** वि० [सं०] १. नजाती चालचलन भएको; बानीबेहोर असल नभएको; दुराचारी । ना० २. नराम्रो चालचलन; दुराचार ।

**कदाचित्–** क्रि० वि० [सं०] १. केही गरी; कुनै कारणले । २. कुनै बखत; कुनै समयमा; कहिले; कहिलेकाहीँ ।

**कदापि–** क्रि० वि० [सं०] १. कहिल्यै; कुनै बखतमा पनि । २. केही गरेर पनि; कुनै हालतमा पनि; किमार्थ (उदा०– रीता जस्ती केटी कदापि कुलतमा लाग्न सक्तिन ।) ।

**कद्दर–** ना० [अ० कद्र] हे० कदर । – **को–** वि० काइदाको; राम्रो; आकर्षक (उदा०– श्याम त कद्दरको मान्छे छ ।) । ~ **काइदा–** ना० तौरतरिका ।

**कद्दु–** ना० [फा० कद्दु] फर्सी (बोट, कैँडो, फल आदि) ।

**कन्‌-नु–** अ० क्रि० १. कुनै रोग वा परिश्रम आदिले कष्ट हुँदा मुखबाट अँ-अँ शब्द निकाल्नु । २. सकी-नसकी भन्नु; पढ्नु ।

३. ठूलो परिश्रम गर्नु । (उदा०– कनेरै भए पनि 'क' टिमले यो साल 'ख' टिमलाई जितिछाडचो ) ।

**कन**१– प्रत्य० १. कर्मकारक र सम्प्रदान कारकको अर्थमा प्रयोगमा आउने ठीक अचेलको 'लाई'-को अर्थ दिने अलिक पुरानो वाङ्मयमा पाइने द्वितीया वा चतुर्थी विभक्ति (मकन, रामकन इ०) । २. योजकवाची अव्ययको अर्थ बुझाउने असमापिका क्रियामा लाग्ने 'ई' प्रत्ययमा ऐच्छिक रूपले जोडिन आउने स्वार्थिक प्रत्यय (गरीकन, बसीकन, भनीकन इ०) ।

**कन**२– ना० [सं० कण] १. गहुँको भुस । २. अन्नको सानो दाना; सरौँलो । ३. ज्यादै सानो टुक्रा ।

**कनक**– ना [सं०] १. प्रायः प्राकृतिक अवस्थामै प्रशोधित रूपमा फेला पर्ने र कतैकतै धाउका रूपमा समेत भेटिने, सर्वसाधारणदेखि उच्च वर्गसम्म गहनाका रूपमा, केवल उच्चवर्गमा भाँडाकुँडाका रूपमा र प्राचीन कालमा मुद्राको रूपमा समेत प्रयोगमा आएको देखिने पहेँलो रङको बहुमूल्य खनिज पदार्थ, सुन; सुवर्ण; स्वर्ण । २. धतुरो । ३. पलाश । –**गिरि**– ना० पौराणिक वाङ्मयमा उल्लिखित एक प्रसिद्ध पर्वतः सुमेरु पर्वत; स्वर्णाचल । – **चम्पा**– ना० गुम्सँदा कडा बास्ना आउने पहेँलो सानो आकारको फूल; एकजातको बगैँचे चाँप । – **जीरा**– ना० हेर्दा गोलाभैँ डल्लो दाना फल्ने तर मसिनो जातको एक प्रकारको धान । ~ **पत्र**– ना० सुनका पातामा अङ्कित अभिलेख (उदा०– जुम्लाका अपाडराज पृथ्वीमल्ल शाहको कनकपत्र, सं० १४१३) ।

**कनकटुवा**– वि० [कान+कटुवा] च्यातिएर, चुँडिएर, लुछिएर वा काटिएर आंशिक वा पूर्ण रूपमा कान बिग्रिएको (कानबुच्चे, कानकोत्रे आदि) ।

**कनकट्टा**– वि० [कान+कट्टा] हे० कनकटुवा ।

**कनफट्टा**– ना० [कान+फट्टा] १. गोरक्षमतानुयायी संन्यासी, कान चिरेको जोगी । २. कृतघ्न व्यक्ति ।

**कनकमय**– वि० [सं०] १. सुवर्णमय; सुनौलो । २. पहेँलो ।

**कनकर्नु**– ना० कानेगुजी निकाल्न प्रयोग गरिने आचमनीका आकारको तर अत्यन्त सानो एक प्रकारको औजार , उपकरण ।

**कनकाई**– ना० [सं० कनक+माई] पूर्वी नेपालको मेची अञ्चलको एक प्रसिद्ध नदी जसको आधारमा मेची अञ्चललाई माई अञ्चल भन्ने पनि चलन छ; बडी माई; माई ।

**कनखजुरो**– ना० [कान+खजुरो < सं० कर्ण+खर्जूर] खजुराको वर्गको तर सानो, अँध्यारोमा जूनकीरीभैँ चम्कने लाम्चो एक कीरो; कनसुत्लो ।

**कनचिरा**– वि० [कान+चिर] १. कान चिरेको । २. कनफट्टा । ना० ३. कनफट्टा जोगी ।

**कनचिर्नु**– ना० भीर र रूखका कापामा उम्रने ठूलठूला दुई पात मात्र हुने बोट (तुल० अङ्० मनीप्लान्ट, सं० श्रीवल्ली) ।

**कनपट**– ना० [सं० कर्णपट्ट] आँखा र कानका बीचको अवयव; कन्चट । (उच्चा० 'कम्पट' पनि) । > **कनपटी**– ना० कनपट ।

**कनपारो**– ना० [सं० कर्णपट्ट] कनपट; कन्चट; कन्पारो ।

**कनपास**– ना० [सं० कर्णपाश्व] हे० कन्चट । > **कनपासे**– वि० कन्चट उठेको व्यक्ति वा प्राणी ।

**कनफट्टा**– ना० [कान+फट्टा] १. गोरक्ष मतानुयायी बाह्रपन्थी योगी । २. सन्न्यासी र जङ्गमसँग मिल्दोजुल्दो पर्वते वर्गको एक नेपाली जात; जोगी । वि० ३. कनचिरा; कनकटुवा ।

**कनफुरा**– ना० [कान+फुर] प्रायः मोटा मानिसको च्यापुनेरि भुक्क उठेको मासु; गलफुलो ।

**कनसिरी**– ना० [सं० कर्ण+शिर] १. कनपारोको सिराननेरको भाग; कन्चट; कन्सिरी । २. कन्सिरीको भुत्ला वा रौँ ।

**कनसुत्ली**– वि० [कनसुत्लो+ई] कनसुत्ले ( आईमाई) ।

**कनसुत्ले**– वि० [कनसुत्लो+ए] १. गोप्य किसिमले अर्काको कुरो सुन्ने स्वभावको ( व्यक्ति) । २. परोक्षमा अर्काको कुरा कसैलाई सुनाउने स्वभावको ।

**कनसुत्लो**– ना० [कान+सुत्लो] १. ठीक खजुराका भैँ धेरै खुट्टा हुने तर मसिनो लाम्चो आकारको कीराविशेष; कनखजुरो । वि० २. लुकीछिपी अर्काको गुप्त कुरा सुन्ने व्यक्ति; कनसुत्ले (कनसुत्लो लाग्नु, कनसुत्लो पस्नु आदि) ।

**कनाइ**– ना० [कन्+आइ] कन्ने क्रिया वा प्रक्रिया; ठसठस; परिश्रम ।

**कनात**– ना० [तु०] १. कुनै ठाउँमा चारैतिरबाट घेर्ने बाक्लो कपडा; भीत; सायर । २. पर्दा; छेकाबार ।

**कनि-नु**– अ० क्रि० [कन्+इ+नु] कन्ने काम गरिनु ।

**कनिका**– ना० [सं० कणिका] कुट्दा खुँदिएर वा काटिएर बनेका चामलका मसिना टुक्रा । – **कनिकी**– ना० कनिका र सोसरहका चामलको राशि ।

**कनिके**– वि० [कनिका+ए] १. कनिकाजस्तो । २. मसिनु (कुरो, कागुनो आदि) । ३. गरिब; केही नभएको; माग्ने । ~ **कागुनो**– ना० मसिना दाना फल्ने एक जातको कागुनो । ~ **कुरो**– ना० कपडा आदिमा टाँसिने कुराको एक जात; चोर काँटी । ~ **जाउली**– ना० कनिकाको जाउलो । ~ **फूल**– ना० पात टाढाबाट हेर्दा सिस्नाको जस्तो र फूलचाहिँ भुप्पादार मसिनो हुने, बनमारा भारको एक प्रकार ।

**कनिक्याउ-नु**– स० क्रि० [कनिका+याउ+नु] कुटेर वा खुँडचाएर धुल्याउनु; मसिन्याउनु; ढुटचाउनु ।

**कनिष्ठ**– वि० [सं०] १. सबभन्दा कम उमेरको; कान्छो । २. अल्प; तुच्छ । – **ता**– ना० कान्छोपना; अल्पता; तुच्छता । **कनिष्ठिका**– ना० कान्छी औँलो; कान्छी औँली ।

**कनिस्टर**– ना० [अङ्० क्यानिस्ट] तेल, घिउ, मटीतेल आदि हाल्ने टिनको भाँडो (चौथाइ, हाफटिन, ठूलो टिन आदि) ।

**कनीकुथी**– क्रि० वि० [कनी+कथ्+ई] सकीनसकी; बल्लतल्ल; कठिन किसिमले । ( उदा०– कनीकुथी सुनाएको पुराण लोकप्रिय हुँदैन ।) ।

**कनीनिका**– ना० [सं०] आँखाको पुतलीको केन्द्रीय भाग; नानी ।

**कनुवा**– ना० [कन्+उवा] एक सेरको सोह्रौं भाग; एक पाउको चतुर्थांश; छटाक ।

**कनेघडो**– ना० भ्रान्ति; भरङ्ग; अरेमरे ।

**कनौज**– ना० [सं० कान्यकुब्ज] आर्यावर्तको एक प्राचीन देश; कान्यकुज । > **कनौजिया**– वि० पञ्चमहागौड वर्गमा पर्ने ब्राह्मणहरूको एक कोटि; कान्यकुब्जीय ।

**कनौटो**– ना० लोकविश्वासअनुसार कुकुरको झैँ स्वरूप हुने र यात्रीहरूको मार्गमा बाधा उत्पन्न गर्ने एक अनिष्टकारी काल्पनिक प्राणी ।

**कनौती**– ना० पोल्टो, चुमान ।

**कन्कन**– ना० [सं० कङ्कण] गहनाका रूपमा वा धार्मिक चिह्नका रूपमा हातमा लाउने सुन, चाँदी, पत्थर, प्लास्टिक आदिको बाला; कङ्कण ।

**कन्चट**– ना० [सं० कर्णतट] कनपारोको माथिल्लो भाग; कन्सिरी ।

**कन्चन**– वि० [सं० कञ्चन] १. सफा; स्वच्छ । २. दोषरहित (कमाइ, धनसम्पत्ति आदि); नखत । (उदा०– यो मैले ठगेर कमाएको पैसा होइन, कन्चन धन हो ।)।

**कन्चुस**– वि० हे० कन्जुस ।> **कन्चुसी**– ना० कन्जुसी । **कन्चुस्याइँ**– ना० कन्चुसपना; कन्जुस्याइँ ।

**कन्जरभेटर**– ना० [अङ्०] वनजङ्गलको सुरक्षा तथा संवर्द्धनका निम्ति खटिने अधिकृत (फरेस्ट अफिसर) ।

**कन्जरो**– ना० [कन्द+जर] १. नसप्रिएको वा झीनो लम्बाकार कन्दमूल (मूला, गाजर, सुठुनी, तरुल, सखरखण्ड आदि) । २. साह्रै झीनो खालको मूला, सखरखण्ड आदि नमोटाएको सानो जरो ।

**कन्जुस**– वि० लोभी; किरन्टोकी; मक्खीचुस । > **कन्जुसी**– ना० लोभ; कन्जुस्याइँ । **कन्जुस्याइँ**– ना० दिन वा खर्च गर्न गाह्रो मान्ने नीति; लोभ; कृपणता; लोभीपन; ।

**कन्टर**– ना० [अङ्० क्यानिस्टर] तेल, घिउ आदि हाल्ने टिनको भाँडो (चौथाई, हाफटिन, ठूलो टिन आदि) ।

**कन्टेनर**– ना० [अङ्०] फलामबाट बनेको फोहोर जम्मा पार्ने ठूलो आकारको ढ्वाङ् वा भाँडो ।

**कन्ठचाइ**– ना० [√ **कन्ठचाउ** (+आइ)] कन्ठचाउने भाव, क्रिया वा प्रक्रिया; हसुराइ; घिचाइ । [ <] **कन्ठचाइनु**– क० क्रि० कन्ठचाउने काम गरिनु ।

**कन्ठचाउनु**– स० क्रि० [सं० कण्ठ+याउ+नु] घाँटीसम्म आउने गरी खानु; घिच्नु; हसुर्नु ।

**कन्डम**– ना० [अङ०] १. सम्भोगको समयमा परिवारनिरोधका निम्ति लिङ्ग घुसारिने रबर आदिको अत्यन्त मुलायम खोलका आकारको वस्तु; ढाल । वि० २. काम नलाग्ने; रद्दी ।

**कन्डापरि**– क्रि० वि० [कण्डो+परि] अपरोक्ष रूपले; अप्रत्यक्ष किसिमले ।

**कन्डेउली**– ना० [कन्डो+एउली] ढाडदेखि चाकका फिलाको माझसम्मको भाग । ~**हाड**– ना० सोही भागको ठाडो हाड ।

**कन्डेउलो**– ना० [कन्डा+एउलो] कम्मरदेखि तल र तिघ्रादेखि माथिको भाग; चाकको फिलो; नितम्ब; पुट्ठो; कन्डचौलो ।

**कन्डैसित**/**कन्डैसिति**– वि० बो० [कण्डो+ऐ+सित] बेवास्ता वा उपेक्षा, निन्दा वा व्यङ्ग्य गरेर भनिने शब्द; भुत्रैसित; यत्रैसित; खुच्चिङ । (उदा०– तँ आउँदैनस् भने कन्डैसित ! नआए पनि मलाई वास्ता छैन)।

**कन्डो**– ना० १. भुँडी र छातीका उल्टोतिरको शारीरिक भाग; गर्धनदेखि तल तथा फिलादेखि माथि ढाडका दायाँ-बायाँको अवयव; पिठिउँ; पीठ; कन्धो । २. गुदद्वारका दुवैतिरको मांसल भाग; पुट्ठो; पुठो; चाक । ३. स्त्रीयोनि ।

**कन्ड्चौलो**– ना०हे० कन्डेउलो ।

**कन्ढो**– ना०हे० कन्डो ।

**कन्तबिजोक**/**कन्तबिजोग**– ना० [सं० कान्त+वियोग] साह्रै ठूलो आपत्ति; चिहिलबिहिल; चिल्लीबिल्ली; बिल्लीबाठ; सर्वनाश ।

**कन्ती**– ना० [कडा+ती] कडा लागेको फलाम वा किटको बस्तुभाउलाई दाना दिने अथवा भात, तिहुन आदि पकाउने काममा प्रयुक्त हुने विशेष प्रकारको आह्री; कराही ।

**कन्तुर**– ना० [अङ्० काउन्टर] १. तत्काल बिक्री भएका सामानबाट आएको नगद राख्नको लागि पसलेले प्रयोग गर्ने, प्रायः दुलोबाट पैसा छिराउन मिल्ने, धातु अथवा काठ आदिको छरितो बाकस । २. त्यस्तै काममा प्रयोग गरिने भित्र अलग-अलग वर्गका मुद्रालाई छुट्टाछुट्टै राख्न मिल्ने गरी बनाइएको दुलो नभएको बाकस । ३. गहनागुरिया र दामी वस्तु राख्नका निम्ति बनाइएको बाकसभित्र राखिने गुप्ती बाकस । ४. बाकस; सन्दुस; पेटी ।

**कन्था**– ना० [सं०] १. थाङ्नो; झुम्रो; चिथ्राचिथ्रा परेको लुगा । २. धेरै टुक्राटाक्री गाँसगुस पारी बनाइएको कपडा । – **धारी**– वि० कन्था पहिरिने; गरिब; झुत्रे । ना० जोगी; भिक्षुक; माग्ने ।

**कन्द**– ना० [सं०] वनस्पति आदिको जरामा माटामुनि विकसित हुने गोलाकार (गिट्ठा, आलु आदि) अथवा लम्बाकार (तरुल, सुठुनी आदि) गानु, जसमध्ये अधिकांश खाद्यका रूपमा र केही अखाद्यका रूपमा (पानीअमला, गुँदेरगानु आदि) पनि हुन्छन् ।

**कन्दनी**– ना० हे० कन्धनी ।> **कन्दने**– वि० कन्दनीधारी; कन्धने ।

**कन्दमूल**– ना० [सं०] १. माटामनि जराका रूपमा फल्ने डल्लो वा लाम्चो फल; कन्द । २. तराईतिर पाइने मादल वा मुडाका आकारको कोमल जरो, जसलाई काँचै खाइन्छ ।

**कन्दरा**– ना० [सं०] १. पहाडका पहराहुँदो ओत लाग्न मिल्ने किसिमले निर्मित प्राकृतिक गुफा, ओडार वा सुरुङ । २. पहाडी प्रदेशको साँघुरो उपत्यका; पहाडी साँघुरो बेँसी ।

**कन्दर्प**– ना० [सं०] कामदेव । ~ **ज्वर**– ना० कामवासनाले शरीरमा ताप चढ्नु ।

**कन्दुक**– ना० [सं०] १. भकुन्डो । २. सानो तकिया ।

**कन्धनी**– ना० [प्रा० ने० कडिधनि < सं० कटि+बन्धनी] धोती, लगौँटी आदि घुसार्नको निम्ति कम्मरवरिपरि बाँधिने धागो; डोरी, सिक्री आदिको फन्को वा बेरुवा; कन्दनी । > **कन्धने**– वि० १. कन्धनी लाउने; कन्दने (एक किसिमको गाली मात्र) । २. सानो वा ज्याम्तो (बालक) ।

**कन्ने**– ना० [सं० कन्या] १. अविवाहिता केटी; कन्या । वि० २. बिहे नभएको अथवा बिहे नभएकी (कन्ने केटो/केटी) । ~ **केटी**– ना० कुमारी केटी । ~ **केटो**– ना० कुमार केटो ।

**कन्पारो**– ना०हे० कनपारो ।

**कन्या**– ना० [सं०] १. अविवाहिता केटी; कन्ने केटी । २. विवाहका निम्ति ठीक पारिएकी केटी; दुलही; बेहुली; । ३. रजस्वला नभएकी, खास गरी दस वर्ष ननाघेकी बालिका । ४. ज्योतिषशास्त्रअनुसार बाह्र राशिमध्ये छैटौँ राशि; कन्या राशि ।

**कन्याइ**– ना० [√ **कन्याउ** (+आइ)] कन्याउने क्रिया वा प्रक्रिया; चिलाइ मार्ने कार्य वा सो कार्य गर्ने तरिका । [ > ] **कन्याइनु**– क० क्रि० कन्याउने काम गरिनु । **कन्याइभन्दा चिलाइ ठूलो** (उखान) ।

**कन्याउ-नु**– स० क्रि० [सं० कण्डू+याउ+नु] चिलाएको वा खसमस भएको ठाउँमा चिलाइ मार्नाका निम्ति नङ आदिले रगड्नु; घाउ नहुने गरी केवल चिलाइ मात्र मर्ने गरी शरीरको कुनै अङ्ग कोपर्नु ।

**कन्याकुमारी**– ना० [सं०] १. कन्या । २. दक्षिण भारतको तमिलनाडूमा पर्ने समुद्रतटवर्ती एक स्थान ।

**कन्या केटी**– ना० [कन्या+केटी] कुमारी केटी; कन्ने केटी ।

**कन्यादान**– ना० [सं०] आफ्नी अथवा अरूकी कन्यालाई वैदिक विधिअनुसार सङ्कल्प गरी दुलाहाको हातमा जिम्मा दिने सामाजिक रीति ।

**कन्याधन**– ना० [सं०] दाइजो ।

**कन्यार्थ**– ना० [सं०] कन्यापक्षका समक्ष कुनै योग्य वरको नाम प्रस्तावित गर्ने कार्य ।

**कन्यार्थी/कन्यार्थु**– ना० [सं०] १. कन्या माग्न जाने व्यक्ति, समूह वा पक्ष । वि० २. कन्या माग्नको निम्ति जाने ।

**कन्सल**– ना० [अङ्०] राजकीय वाणिज्यदूत । ~ **जनरल**– ना० वाणिज्यसम्बन्धी काम गर्न एक देशबाट अर्को देशमा गएर बस्ने उच्चस्तरीय कर्मचारी; वाणिज्यदूत ।

**कन्सिरी**– ना० [√ **कनसिरी**] कानको सामुन्नेको माथ्लो भागमा उम्रेका रौँ; कनसिरी ।

**कन्सुलेट**– ना० [अङ्०] कन्सलको पदवी, कार्यभार वा कार्यालय । ~ **जनरल**– ना० कन्सलजनरल ।

**कन्हेहोल चोक**– ना० [नेवा०] हनुमान्ढोका दरबारभित्रको एक प्रसिद्ध चोक ।

**कप्-नु**– स० क्रि० [सं० क्षिप्+नु] १. काठ, ढुङ्गा आदिलाई कुनै हतियारले खोप्नु । २. त्यसरी खोपेर बुट्टा, मूर्ति, अभिलेख आदि निर्माण गर्नु; कुँद्नु । ३. कपेरा निकाल्ने गरी काठ, ढुङ्गा, भुइँ आदिलाई ताछ्नु । ४. खोपी खेल्दा वारि च्याँखे थापिएको अग्लो लक्कुलाई नछुने गरी पारिको निर्दिष्ट पैसा (धातु, ढुङ्गा आदिको) लाई मात्र लाग्ने गरी घ्वाइँले हिर्काउनु ।

**कप**१– ना० [तुल० सं० क्षप् = फाल्नु, छेप्नु] १. मुखभित्र डल्लो खाद्य पदार्थ हाल्ने काम । (उदा०– उसले जम्मै मिठाई एकै पल्ट कप पाऱ्यो ।); स्वाप । क्रि० वि० २. पच पारिएको; हड्पिएको; फिर्ता नगर्ने उद्देश्यले लिइएको । (उदा०– उसले मेरो धन कप पारिदियो ।)।

**कप**२– ना० [अङ्०] १. चिया, दूध आदि खाइने एक प्रकारको कचौरा; प्याला । २. खेलकुद, नृत्य, गायन आदिको प्रतियोगितामा विजयीलाई पुरस्कारस्वरूप दिइने विशेष प्रकारका पात्रहरूमध्ये कुनै एक ।

**कपट**– ना० [सं०] १. छकाएर; झुक्याएर वा सत्यलाई लुकाएर कसैलाई दिइने धोका; छल; छक्क्यावट । २. मनमा लुकेको दुष्ट भावना वा विचार । ३. एक पदार्थ (जस्तै– सुन, चाँदी आदि) मा सुटुक्क मिसाइएको अर्को पदार्थ; कसर; दोष; कैफत । > **कपटी**– वि० १. कपट भएको; धोकेबाज; छली । २. भनेको नमान्ने; सुनेको नसुन्यै गर्ने; बुझ पचाउने; अटेर । ३. मनको भेद अरूलाई नदिने (प्रायः निन्दार्थमा, जस्तो– रामेजस्तो दुष्ट र कपटी मान्छेको मनको कुरो चाल पाउँला भनी आस त गर, तर भर नपर)।

**कपडछान**– ना० [कपडा+छान] तरल पदार्थ अथवा चूर्ण पदार्थलाई पातलो कपडामा राखी त्यसमा रहेका मोटा, जर्खरा र स्थूल तत्त्वलाई पन्छाउने काम (प्रायः ओखतीमूलोमा) ।

**कपडमट्टी**– ना० [कपडा+मट्टी] आयुर्वेदीय रसादि औषधी पुट गर्ने काममा भाँडाको मुख टाल्न माटोमा मुछिएको कपडा ।

**कपडा**– ना० [प्रा० कप्पड < सं० कर्पट] कपास आदिका धागालाई तानबानमा राखेर बुनिएको वस्त्र वा पहिरन (कोट, धोती, दौरा आदि ) र तन्ना, खोल, रुमाल, झन्डा र पर्दा बनाउनका लागि प्रयोगमा आउने प्रायः नसिइएको चाहिँ वस्तु; वस्त्र; लुगा । ~ **कारखाना**– ना० कपडा बुन्ने यन्त्रालय वा तानघर ।

**कपना**– ना० [सं० कल्पन] १. कोदो फल्दाको झुप्पो । २. काठ वा भुइँ कप्दा निस्कने चोइटो, चपरी आदि । ३. भर्खर पलाएको पाउलाको झुप्पो ।

**कपनी**१– ना० [सं० कर्पण ?] माटाको सानो पाला ।

**कपनी**२– ना० घरकरेसासँग सम्मिलित रूपमा दर्ता भएको खेत वा बारी; करेसाको खेत; करेसाको बारी (प्रायः लिम्बुवानमा प्रचलित) ।

**कपनु**– ना० [सं० कल्पन] १. काँचो रूख काटेर, ढलेर, भाँचिएर वा डढेर रहेका ठाउँमा पलाएको मुनु; पिपिरो; टुसो; काइनो । २. हे० कपना ।

**कपरकोट**– ना० [सं० कर्पटकूट] कपडाले छाएको र बारेको थोरै

दिन बस्ने ठाउँ; दिवाली आदि गरिँदा कपडाले बारेको पूजास्थान ।

**कपरदार–** ना० [सं० कपर्दधारक] १. शाहकालीन दरबारमा राजाको खजानाको जिन्सी मालसामानको हेरचाह गर्ने उच्च कर्मचारी; जिन्सी खजान्ची । २. आधुनिक कालीन राजदरबारको एक साधारण कर्मचारी । > **कपरदारी–** ना० कपरदारको कार्य वा पद ।

**कपर्द–** ना० [सं०] १. शङ्खवर्गमा पर्ने सानोखाले वस्तु; कौडी; कौडा । २. जोगीहरूले शिरमा बनाएको कपालको जुरो । > **कपर्दी–** ना० कपर्दधारी व्यक्ति; महादेव ।

**कपर्दी–** ना० [तुल० हि० कबड्डी] मैदानलाई दुई भागमा बाँडेर बराबर सङ्ख्यामा प्रत्येक भागमा पक्षी-विपक्षी भई आलोपालो गरी एक पक्षको खेलाडी एकोहोरो सासले विशेष ध्वनि उच्चारण गरी विपक्षीको इलाकामा पुगी कसैलाई छोएर फर्की आउँदा सफल तर उतै घेरिएर सास फेर्न वाध्य हुँदा असफल भई मैदानबाट निकालिने एक रैथाने खेल (यस खेलमा उक्त खेलाडीद्वारा छोइएको विपक्षी पनि निकालिन्छ); हरिगुडुडु; हुतुतु-पन्जा ।

**कपाइ–** ना० [√ कप् (+आइ )] कप्ने काम वा प्रक्रिया । [ >] **कपाइनु–** क० क्रि० कप्न लाइनु । **कपाउनु–** प्रे० क्रि० कप्न लाउनु ।

**कपाकप–** क्रि० वि० [कप्+आ+कप्] लगातार एक गाँसपछि अर्को गाँस हाल्दै (खाँदै जाने किसिम); खपाखप; गपागप ।

**कपाट–** ना० [सं०] १. झ्याल वा ढोका । २. ढोका; दैलो । ३. झ्याल वा ढोकाका दुई फग्लेँटामध्ये कुनै एक; खापा । ४. फरिको ।

**कपाल–** ना० [सं०] १. मान्छे वा सो सरहको जनावरको टाउको । २. कुनै पनि प्राणीको टाउकाको प्रायः सिङ्गो हाड; खप्पर; खोर (तुल० हाड-खोर) । ३. मान्छे आदिका टाउकाको रौँ; केश । ४. जोगी-सन्न्यासी आदिको भिक्षापात्र । ~ **क्रिया–** ना० दाह-संस्कारको टाउकासँग सम्बन्धित कार्यकलाप । ~ **दुखाइ–** ना० टाउको दुख्ने रोग; टाउकाको कुनै भाग वा सम्पूर्ण टाउकोमा उत्पन्न हुने पीडा; चिन्ता वा फिक्री । (उदा०– तिमीले मलाई चिठी नलेखेर कपालदुखाइको सिकार तुल्यायौ)।

**कपालिका–** ना० [सं०] १. देवीको मुण्डमाला लगाउने र हातमा खप्परको पात्र लिने एक विशेष रूप; काली; चण्डी ।

**कपाली**१– ना० [सं०] १.खप्परमा भीख मागेर खाने व्यक्ति (भिक्षुक, सन्न्यासी इ०) । २. शिव; महादेव । ३. भैरव । ४. नेवारी भाषा मातृभाषाका रूपमा बोल्ने नाथसम्प्रदायी एक जात; कुस्ले ।

**कपाली**२– ना० १. धितो नभएको अथवा धितो भए तापनि कारणवश धितोरहित हुन पुगेको तमसुकको एक किसिम । वि० २. त्यस किसिमको (तमसुक); कपालीसँग सम्बन्धित (लेनदेन इ०) ।~ **तमसुक–** ना० त्यस किसिमको लिखत; तमसुक ।

**कपास–** ना० [सं० कार्पास] १. हिउँदे नगदी बालीका रूपमा पाखो जमिनमा लगाइने, बोट प्रायः डेढ-दुई हात अग्लो, पात पाँचचुच्चे, फूल आरम्भमा सेतो अथवा पहेँलो र अन्त्यमा हल्का रातो, फल झन्डै अफिमको दानु झैँ हुने र फल फुटेपछि सिमलका जस्तै भुवा निस्कने तथा सो भुवाबाट कपडा आदिका लागि धागो कातिने एक प्रकारको वनस्पति । २. कपासको झैँ भुवा दिने कुनै पनि वनस्पति । (उदा०– रूखकपास) । ३. कपास वा रूखकपास आदिबाट निस्कने, धागो कात्ने काममा प्रयोगमा आउने कुनै पनि किसिमको भुवा ।

**कपासी–** ना० छहारी वा शोभाका निम्ति लगाइने रूख ।

**कपासे–** वि० [कपास+ए] कपासका रङ्को; कपासजस्तो; सेतो अथवा पहेँल्चो ।

**कपि–** ना० [सं०] मान्छेका आकारको तर शरीरमा टम्म भुत्ला हुने, दुई थुन आदि लक्षणहरू दुरुस्त मान्छेकै झैँ हुने एवं पुच्छर हुने (जस्तै-ढेडु, बाँदर, बनकर इ०) अथवा पुच्छर नहुने (जस्तै– वनमान्छे) जङ्गली प्राणी ।

**कपि-नु–** क० क्रि० [कप्+इ+नु] कपाइमा पारिनु; कप्ने काम गरिनु ।

**कपित्थ–** ना० [सं०] बेलजस्तो रूख हुने, साह्रो, खैरो, बेलजस्तै र त्यत्रै फल लाग्ने एक प्रकारको बोट; त्यसैको फल; कैथ ।

**कपिध्वज–** ना० [सं०] आफ्नो सेनाको चिह्नस्वरूप रथमा बाँदर भएको झन्डा टाँग्ने पुराण, महाभारत आदिमा वर्णित एक वीर योद्धा; अर्जुन ।

**कपिल–** ना० [सं०] १. विष्णुका चौबीस अवतारमध्ये एक मानिएका, साङ्ख्य दर्शनका प्रवर्तक एक मुनि । २. अग्निको एक रूप । ३. शिलाजित । वि० ४. बाँदरको जस्तो रङ भएको; कैलो । ~ **मुनि–** ना० कपिल । – **वस्तु–** ना० १. नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलको दक्षिण-पश्चिमी भागमा पर्ने एक जिल्ला । २. हालको लुम्बिनी अञ्चलमा पर्ने एक प्राचीन सहर वा जनपद जहाँका राजा शुद्धोदनका पुत्रको रूपमा गौतम बुद्ध जन्मिएका थिए । (हालको तिलौराकोटलाई नै उक्त ठाउँ मानिएको छ)। ~ **कपिला–** ना० १. कैलो रङको गाई । २. सुधी, दुधालु, सन्तानी वा गोताले गाई ।

**कपी–** ना० [अङ्०] १. प्रतिकृति; प्रतिलिपि; नकल । २. प्रति । ३. पाण्डुलिपि; हस्तलेख । ~ **होल्डर–** ना० छापाखानामा कम्पोज भइसकेका लेख आदिलाई मुद्रित गर्नुभन्दा पूर्व अशुद्धि नहोस् भन्ने हेतुले गुरुकापीसँग भिडाई रुजु गर्न गुरुकापी स्पष्ट उच्चारणका साथ बाचेर प्रुफरिडरलाई सघाउने व्यक्ति; सहायक प्रुफरिडर ।

**कपुरी**१– ना० नेपाली वर्णमालाअनुसार शिशुहरूको सुविधाको निम्ति 'क' वर्णलाई दिइएको एक नाम (जस्तै-कपुरी 'क', मोटो 'ख', गाईगोडे 'ग' आदि) ।

**कपुरी**२– ना० सिकार काटेर निकालिएको आन्द्राभुँडी (डोल्पाली) ।

**कपुरी ⁄ कपुरे**– वि० [कपूर+इ ⁄ ए] १. कपूरजस्तो (बास्ना आउने वा गोरो ) । ना० २. पानको एक निम्न जाति । ~ **पान**– ना० कपुरी ⁄ कपुरे । ~ **आँप**– ना० कपूरझैँ बास्ना आउने आँप ।

**कपुत**– ना० [सं० कुपुत्र ] १. खराब आचरण भएको छोरो; बदमास छोरो; कुपुत्र; । वि० २. फटाहा; दुष्ट; बदमास ।

**कपुर**– ना० [सं० कर्पूर] १. सिन्नामोमम क्याम्फोरा नामक वृक्ष अथवा उक्त वृक्षबाट प्राप्त हुने स्फटिकझैँ पारदर्शक, उडनधर्मी औषधी, पूजनकार्यमा बालिने बत्ती आदिका रूपमा प्रयोगमा आउने पदार्थ । २. कपूरझैँ स्फटिकाकार रूपमा परिणत फिनायल; भोटेकपूर । - **नली**– ना० एक प्रकारको रूख । – **पत्ती ⁄ पाती**– ना० कपूरको झैँ बास्ना आउने तीतेपातीको जत्रो बोट हुने वनस्पति । – **बत्ती**– ना० पूजाआजा गर्दा आरतीका रूपमा बालिने कपूरको बत्ती ।

**कपूत**– ना० हे० कपुत ।

**कपूर**– ना० हे० कपुर ।

**कपेरो**– ना० [सं०] १. बाँसको भाटोभन्दा पनि पातलो चिरो । २. कपेर झिकेको भाटो, भात आदिको चोइली; चोइली । ३. कप्ताखेरि निस्किएको ढुङ्गा, काठ आदिको चोइटो । ४. बाँसको आँख्लैपिच्छे लपेटिएर रहने, सुकेपछि आफैँ झर्ने र च्याम्पटी घुमाउने, तितौरा पार्ने आदि काममा प्रयोग गरिने सुप्लो; खबटो ।

**कपोत**– ना० [सं०] ढुकुरसँग मिल्दोजुल्दो एक प्रकारको पक्षी जसका विभिन्न प्रकार हुन्छन् (घरपाला, मलेवा, देउबखुँ इ०) । – **वृत्ति**– ना० भविष्यको लागि सञ्चय नगर्ने बानी वा नीति; दस ठाउँ चहारी गरिने जीविका (जस्तै– पुरेत्याइँ, भिक्षाटन, पुहुन्की इ०); कुक्कुटवृत्ति । – **व्रती**– वि० सहनशील; सहने ।

**कपोल**– ना० [सं०] मान्छे वा पशुको कन्चटमुनि कान र मुखका बीचको मोटाउँदा पुक्क उठ्ने र दुब्लाउँदा स्याप्प बस्ने भाग; गालो; गाला । ~ **कल्पना**– ना० अव्यावहारिक वा कोरा कल्पना; मनगढन्ते कल्पना; निराधार अनुमान वा अडकल । ~ **कल्पित**– वि० कपोल-कल्पना गरिएको ।

**कप्टेरि-नु**– अ० क्रि० [कप्टेरो+इ+नु] बाँस वा त्यसै वर्गका वनस्पति (निगालो, मालिङ्गो आदि) चिरिएर वा फोरिएर कप्टेरामा परिणत हुनु ।

**कप्टेरो**– ना० [कप्+टेरो] बाँस आदिको सिन्कोभन्दा मोटो भाटो अथवा कप्टेरोभन्दा मसिनु चिरो ।

**कप्टेऱ्याइ**– ना० [√ **कप्टेरि** (+आइ)] ना० कप्टेरो पर्ने क्रिया वा प्रक्रिया । [ > ] **कप्टेऱ्याइनु**– क० क्रि० कप्टेरा पारिनु । **कप्टेऱ्याउनु**– प्रे० क्रि० कप्टेरामा परिणत गराउनु; कप्टेरो पार्नु ।

**कप्तान**– ना० [अङ्० क्याप्टन] १. पल्टनको लप्टनभन्दा माथि एवं मेजरभन्दा मुनिको सैनिक अफिसर वा उसको पद; सहसेनानी । २. पानीजहाज वा हवाईजहाजको मुख्य चालक । ३. भकुन्डो आदि खेलमा प्रत्येक टिमको नायक ।

**कप्प**– क्रि० यो० [अ० मू० कप्+प] एकै गप्फा हुने गरी (केही कुरो मुखभित्र हाल्ने तरिका); क्वाप्प; ख्वाप्प ।

**कप्पु**१– ना० [सं० कर्पर] टाउकाको एउटा हाड ।

**कप्पु**२– ना० [कप्प+उ] हातैले कोचेर मुखमा हालिने पदार्थ (मासुको चोक्टो, भात, लड्डु, पेडा, कुराउनी आदि) को गाँस; गप्फा; गप्फु; । > **कप्प्याइ**– ना० कप्प्याउने क्रिया वा प्रक्रिया । **कप्प्याइनु**– क० क्रि० कप्पु लगाइनु; गप्फा लगाएर निलिनु; कप्लक्क खाइनु वा निलिनु । **कप्प्याउनु**– स० क्रि० कप्पु लगाउनु; गप्फा लगाएर निल्नु; कप्लक्क खानु वा निल्नु; गप्फ्याउनु ।

**कप्लक्क**– क्रि० वि० [अ० मू० कप्लक्+क] एकै कप्पु हुने गरी (खाने वा निल्ने किसिम) ।

**कप्ल्याउनु**– स० क्रि० [कप्लक्क+याउ+नु] कप्लक्क खानु वा निल्नु ।

**कप्ल्याककप्लुक**– क्रि० वि० [अ० मू० कप्ल्याक्+अ (द्वि०)] हतारिँदै लगातार एकपछि अर्को गप्फा निलेर; त्यसरी कुनै खाद्य पदार्थ सक्ने किसिमले ।

**कप्ल्याक्क**– क्रि० वि० [अ० मू० कप्ल्याक्+क] कप्लक्क खाँदाको भन्दा ठूलो गाँस मुखमा हालेर (निल्ने किसिम) ।

**कफ**१– ना० [सं०] १. प्रायः श्वासनलीबाट र कहिलेकहीँ फोक्साबाटै पनि ख्वाक्क खोकेर बाहिर निकालिने सिङाने पदार्थ; श्लेष्म; खकार । २. आयुर्वेदका अनुसार तीन दोष (वात, पित्त, कफ)-मध्ये एक । – **कारी**– वि० खाँदा कफ बढाउने (वस्तु) । – **जनित**– वि० कफद्वारा उत्पन्न भएको (रोग, विकार आदि) । – **नाशक**– वि० कफ निको पार्ने वा घटाउने (औषधी) ।

**कफ**२– ना० [अङ्०] कमिजका बाहुलाको मुख; मोहोतो ।

**कफल्ल ⁄ कफल्लो**– वि० [सं० कफल ?] १. बेस्वादको खल्लो । २. बेकम्मा; रद्दी । ३. निर्धो; निर्बलियो ।

**कफी**– ना० [अङ्०] १. चिउलीका जस्ता पात र खनिउँका जस्ता झुप्पा-झुप्पा भएर सेतो रङको फल फल्ने एक बोट; त्यसको फल वा उक्त फल भुटी बनाइएको धूलो । २. उक्त धूलो पानीमा मिलाएर चियाझैँ खाइने पेय पदार्थ ।

**कबई**– ना० [तुल० सं० काकमाची] बिहीँका झैँ तर पाकेपछि काला वा राता झन्डै लालगेडीका जत्रा फल फल्ने एक झार; कबै । ~ **माछा**– ना० भित्र काँढैकाँढा हुने सानो जातको माछा ।

**कबच ⁄ कबज**– ना० [अ०] हालको राष्ट्रब्याङ्क उहिले मुलुकीखानाको अवस्थामा छँदा हाकिम आदिको हालसाबिकी हुँदा नगदी वा जिन्सी सम्पत्तिको बुझबुझारथपछि हालवालाले साबिकवालालाई दिने भरपाई ।

**कबन्ध**– ना० [सं०] १. टाउको नभएको शरीर; गिँड । २. दण्यकारण्यमा रामचन्द्रले मारेको राक्षस ।

**कबरी**– ना० [सं०] चुल्ठो ।

**कबाफ**– ना० [अ० कबाब] विशेष प्रकारको घिउ-तेल, मरमसला हाली झोलविना गुम्साएर पकाइएको मासु; पक्कु । ~ **चिनी**–

ना० सजिवनका सुकेका कोसाको चपाएर पानी खाँदा गुलियोपन अनुभव हुने दिउल; शीतलचिनी ।

**कबास–** ना० हे० कपास । > **कबासे–** ना० १. प्रायः कबास मात्र हुने पाखो जमिन । वि० २. हे० कपासे ।

**कबिर–** ना० [अ० कबीर] धार्मिक सम्प्रदायप्रवर्तक एक भारतीय सन्त कवि; कबीरपन्थका संस्थापक । – **पन्थ–** ना० कबीरप्रवर्तित एक धार्मिक सम्प्रदाय । – **पन्थी–** वि० कबीरपन्थको सदस्य वा अनुयायी ।

**कबिलदार/कबिलदारी–** वि० [अ० कविला+फा० दार+(ई)] जहान-छोराछोरी भएको; परिवारयुक्त; जहानियाँ ।

**कबिला–** ना० [अ० कबीला] १. परिवार; जहान; जहानछोराछोरी । २. सिङ्गै एक जाति एक परिवारका रूपमा रहेका (अरब, मध्य-एसिया आदिमा प्राचीन कालदेखि माध्यमिक कालसम्म प्रशस्त देखा परिआएका परन्तु आधुनिक कालमा नवसभ्यताका प्रभावले गर्दा लुप्त प्रायः) असङ्ख्य मानव-दलमध्ये कुनै एक (उदा०– बाबरको कबिला, तैमुरलङको कबिला, चङ्गेज खाँको कबिला, अब्राहमको कबिला, इस्रायलको कबिला, मुसाको कबिला आदि) ।

**कबीर–** ना० हे० कबिर । – **पन्थ–** ना० हे० कबिरपन्थ । – **पन्थी–** वि० हे० कबिरपन्थी ।

**कबुल्-नु–** स० क्रि० [अ० कबूल] कबुल गर्नु; प्रतिक्षा गर्नु; मन्जुर गर्नु; स्वीकार गर्नु; मान्नु । > **कबुलाइ–** ना० कबुल्ने क्रिया वा प्रक्रिया ।

**कबुल–** ना० [अ० कबूल] १. कुनै कुरो दिने, मान्ने वा गर्ने वचन; वाचाबन्धन; बोलकबोल । २. स्वीकृति; स्वीकारोक्ति; वचनबद्धता । ३. प्रतिज्ञा; प्रण; अठोट; सङ्कल्प । – **नामा–** ना० बोलकबोल लेखिएको लिखत; मन्जुरीनामा; स्वीकृतिपत्र ।

**कबुलियत–** ना० [अ० कबुलियत] आफूले कबुल गरेको कुरा लेखिएको कागत; प्रतिज्ञापत्र; मन्जुरनामा; भाकापत्र । – **नामा–** बोलकबोल लेखिएको लिखत ।

**कबेली–** ना० [काक+बल्ली ?] काँक्राको झैँ लहरामा घण्टी आकारका ठूलाठूला पहेँला भाले-पोथी फूल फुली पोथीचाहिँ फूलबाट आरम्भमा गट्टा वा कैँडा फली पछि बडेमा आकारको फल फल्ने एक प्रसिद्ध लहरो वा तर्कारी आदिका रूपमा प्रयुक्त हुने त्यसैको फल; फर्सी; कद्दु ।

**कबै–** क्रि० वि० [सं० कदापि] कुनै पनि समयमा; कहिले पनि (प्रायः निषेधवाक्यमा पुराना पद्यहरूमा प्रयुक्त, जस्तै– 'छोरो हो भनि प्रेम गर्नु सबले हेला नगर्नू कबै') ।

**कबोल–** ना० हे० कबुल ।

**कब्जा१–** ना० [अ० कब्ज] १. कुनै व्यक्ति, वस्तु वा ठाउँउपर जमाइने अधिकार; वश; नियन्त्रण; आधिपत्य । वि० २. कब्जा भएको वस्तु, ठाउँ वा व्यक्ति । (उदा०– युद्धमा सैनिकहरूले आफ्ना सामानसँग नमिसाई कब्जा सामानहरूलाई अलग्ग राखे ।)

**कब्जा२–** ना० [अ० कब्ज] झ्याल, ढोकाका खापालाई चौकोसमा जड्ने अथवा सन्दुस आदिका घोप्टेलाई मूल भागसित जड्ने काममा प्रयुक्त हुने, कापे, रिल वा चेपुवाझैँ दोबार्न र फट्टाउन मिल्ने हुँदा उघार्न र लगाउन सजिलो पर्ने धातुको एक प्रकारको सामान ।

**कब्जियत–** ना० [अ० कब्ज+फा० इयत] विभिन्न कारणले समयमा दिसा नहुने, भए तापनि खलास नहुने अथवा बड्कौँला वा गोटाका आकारको दिसा हुने रोग; कोष्ठबद्धता ।

**कब्र–** ना० [अ०] मुर्दा गाड्ने वा गाडिएको ठाउँ (प्रायः मुसलमान-समाजमा बोलिने); चिहान । > **कब्रिस्तान–** ना० कब्र; चिहाने चौर (बगैँचा, थलो इ०) ।

**कम–** वि० [फा०] १. कुनै खास मात्रा, सङ्ख्या, गुण, परिमाण आदिभन्दा थोरै; घटी; कम्ती । २. अपर्याप्त वा नगण्यमात्रा, सङ्ख्या आदिको; थोरै; अलिकति; न्यून ।

**कमजोर–** वि० [फा०] बल नभएको, निर्बलियो; दुर्बल; निम्छरो; निम्सरो । > **कमजोरी–** ना० कमजोर अवस्था, स्थिति, स्वभाव आदि; दुर्बलता; नातागती ।

**कमण्डलु–** ना० [सं०] साधुसन्न्यासीले कतै यात्रा गर्दा हातमा झुन्ड्याएर हिँड्न मिल्ने, टुटी भएको अथवा नभएको उभिन्डोवाल धातु, नरिवल आदिको जलपात्र ।

**कमनीय–** वि० [सं०] १. अति राम्रो; रमणीय; रहरलाग्दो; मनोहर; सुन्दर । २. कामना गर्न योग्य; इच्छा गर्न लायक; काम्य । – **ता–** ना० कमनीय अवस्था, बानी, गुण वा रूप ।

**कमर–** ना० [फा०] मान्छे वा सोसरहका प्राणीको अथवा चौपायामध्ये पनि सिंह, भालु, आदि केही प्राणीको तिघ्रा र पेटको जोर्नीनेरको भाग; कटि; कम्मर । – **पेटी/बन्द/बन्दी–** ना० मुख्य रूपमा कम्मरमुनिको लुगा सरेर तल नझरोस् भन्ने हेतुले र गौण रूपमा कम्मरमाथिका पोसाक (मयलपोस, दौरा इ०) छरितोसँग जीउमा मिलोस् भन्ने अथवा पेट ठूलो भए सो भद्दा नदेखियोस् भन्ने हेतुले कम्मरनेरि बाँधिने विशेष प्रकारको फित्ता ।

**कमल–** ना० [सं०] पोखरी वा जलाशयमा उम्रने पिँडाल्ने, पानपाते, कुम्भी, जलकुम्भी आदिझैँ देखिने पानीभित्र पिँडालुका जस्ता डाँठ हुने, पानीमाथि भन्दै पिँडालुका झैँ पात तहरिएर रहने र मूल डाँठ केही अकासिएर माथि पुगी त्यसमा जातअनुसारको (रातो,नीलो,सेतो,पहेँलो आदि) रङको फूल फुल्ने एक वनस्पति वा त्यसको फूल; पद्म; कुमुद; पङ्कज । ~ **केसर–** ना० कमलको फूलको गुभामा हुने परागयुक्त केस्रा । – **गट्टा–** ना० प्रायः लेकाली जातका कमलमा लाग्ने र दिउल भुटेर फुराएपछि मखना कहलाउने फल; पद्मबीज । ~ **नयन–** वि० कमलफूलका पत्रझैँ लाम्चा आँखा भएको (व्यक्ति) । – **नयना/नयनी–** वि० १. त्यस्ता आँखा हुने (स्त्री); पत्राक्षी । ना० २. विष्णुका एक हजार नाममध्ये एक । – **नाभ–** वि० १. नाभिमा कमल भएको

(व्यक्ति) । ना० २. विष्णुका हजार नाममध्ये एक । – **नाल–** ना० कमलको डाँठ; कमलको नाल वा डाँख्लो । – **पित्त–** ना० कलेजामा कुनै प्रकारको विकार हुँदा पित्तप्रणालीमा गडबडी उत्पन्न हुन गई आरम्भमा आँखा र अलिपछि सारा शरीर पहेँलो हुने एक प्रकारको घातक रोग; पहेँले; पित्तरोग; गायो; कामला ।

**कमला१–** ना० [सं० कमल] १. विष्णु भगवान्‌की पत्नी लक्ष्मीको एक नाम । २. धनकी देवी । ३. नेपालको एक प्रसिद्ध नदीको नाम; कमलामाई

**कमला२–** ना० [तुल० बङ्० कमला लेम्बु = सुन्तला] हेर्दा सुन्तलाजस्तै देखिने, खाँदा भने केही अमिलो बोध हुने जुनारसँग मिल्दोजुल्दो एक फल वा त्यसको बोट ।

**कमलाकर-** ना० [सं०] १. कमलको झ्याङ । २. कमलपोखरी । ३. विष्णु । ४. ब्रह्मा ।

**कमलाक्ष–** वि० [सं०] कमलका फूलको पत्रझैँ लाम्चा आँखा भएको; कमलनयन । > **कमलाक्षी–** वि० १. त्यस्ता आँखा भएकी (स्त्री); कमलनयना; कमलनयनी । ना० २. काठमाडौँमा रहेको एक प्रख्यात टोल ।

**कमलादी–** ना० [सं० कमलादि] नेपाल अधिराज्यको राजधानी काठमाडौँभित्र पर्ने एक टोल; एक प्रसिद्ध गणेशस्थान ।

**कमलामाई–** ना० पूर्वी नेपालको जनकपुर अञ्चलमा पर्ने, तटमा अनेकौँ तीर्थस्थल भएको एक प्रसिद्ध नदी ।

**कमलासन–** वि० [सं०] १. कमलको आसनमा बस्ने (व्यक्ति) । ना० २. सृष्टिकर्ता ब्रह्माजीको एक नाम; पद्मासन ।

**कमलिनी–** ना० [सं०] जुनेली रातमा फुल्ने भनी प्राचीन काव्यहरूमा वर्णन गरिएको एक जातको कमल ।

**कमलो–** वि० [सं० कोमल] १. कोमल; चिल्लो; सलक्क परेको; मुलायम । २. टोक्दा, फोर्दा सजिलै टोकिने वा फोरिने; नरम; । ३. दयालु; कोमल चित्त भएको; अर्काको वा आफ्नो दुःखद्वारा विह्वल हुने स्वभावको । ४. दानी स्वभावको; फकाउँदा सजिलै फकिने ।

**कमसल–** वि० [फा० कम+असल] १. मोल, गुण, बानी, स्तर, टिकाउपन, उपयोगिता आदिमा अपेक्षाकृत कम महत्त्वपूर्ण; घटिया । २. खराब; नराम्रो । ३. नालायक ।

**कमाइ–** ना० [√ **कमाउ** (+आइ)] १. कमाउने वा आर्जिने क्रिया वा प्रक्रिया । – **धमाइ–** ना० कमाउनै पर्ने काम । २. कम्प हुने क्रिया वा प्रक्रिया । [ > ] **कमाइनु–** क० क्रि० १. कमाउने काम गरिनु; आर्जिनु । २. काम्न लगाइनु, थरथराइनु ।

**कमाउनु१–** स० क्रि० [सं० कम्प = काम+आउ+नु] १. हल्लाउनु । (उदा०– उसले शरीर बेसरी कमायो)। प्रे० क्रि० २. काम्न लगाउनु । (उदा०– धामीले चिन्ता बसेर मधौरुलाई निकै बेरसम्म कमायो)।

**कमाउनु२–** स० क्रि० [काम+आउ+नु] १. चल वा अचल सम्पत्ति जम्मा गर्नु; आर्जन वा उपार्जन गर्नु; कमाइ गर्नु; आर्जिनु । २. खेत वा बारीमा बाली लगाई भोगचलन गर्नु । ३. सुन, चाँदी आदि धातुलाई गहनामा परिणत गर्नु; गहनागुरिया बनाउनु । ४. पुरानो चलनअनुसार वर्षैपिच्छे बाली भर्ने गरी दमाइँले लुगा सिउने, कामीले हतियार बनाउने आदि काम गर्नु ।

**कमाड चिफ–** ना० हे० कमान्डर इन चिफ ।

**कमान१–** ना० [अङ्० कमान्ड ] जङ्गी हैकम वा अख्तियार; जङ्गी आदेश ।

**कमान२–** ना० [फा०] बाँस वा धातुबाट निर्मित, नुगाउनका निम्ति दुई टुप्पामा ताँदो जडिने धनुषको अर्धवृत्ताकार भाग; धनु ।

**कमानी–** ना० [फा० कमान] १. भारोत्तोलनका लागि जडिने, दह्रो तारबाट निर्मित लचिलो यान्त्रिक उपकरण; स्प्रिङ । २. घडीमा दम दिँदा पटुका कसिएझैँ कसिने र दम निखँदा खुकुलिएर फुक्ने एक यान्त्रिक प्रणाली । ३. स्मरणशक्ति तथा विवेकसँग सम्बन्धित स्नायुहरूको प्रणाली (मान्छेमा सीमित) । – **दार–** वि० १. बुद्धिमान्; स्मरणशाली; तेजस्वी (व्यक्ति) । २. कमानीवाला; हैकमवाला ।

**कमान्डर–** ना० [अङ्०] सेनाको एक उपाधि; पति (जस्तै– चमूपतिः कोर कमान्डर) । ~ **इन-चिफ–** ना० १. प्रधान सेनापति । २. राणाकालीन चीफसाहेब अथवा कमाडचीफ ।

**कमान्डरी–** वि० [कमान्डर+ई] १. कमान्डरसम्बन्धी; कमान्डरको काम गर्ने । ना० २. कमान्डरको चाला (उदा०– तपाईंको कमान्डरीले मलाई के गर्‍यो खै !) । ~ **किताबखाना–** ना० सरकारी जागिरदारहरूको नामनामासी र तलबको लगत दर्ता गर्ने अड्डा (कर्मचारी प्रशासन व्यवस्था विभागको पूर्वरूप ।) ।

**कमारागिरी–** ना० [कमारो+गिरी] कमार्तन; दासता ।

**कमारो–** ना० [सं० कर्मार; कामी] सं० १९८१ सालमा करिया-अमलेख हुनुभन्दा पूर्व कृषिदेखि लिएर घरेलु काममा समेत गृहस्थले सम्पत्तिका रूपमा किनबेच गर्ने गरेको श्रमिकवर्गको व्यक्ति; करिया; दास; घर्ती; खवासे । स्त्री० कमारी । > **कमार्तन–** ना० कमारागिरी; दासता; दासत्व ।

**कमाल–** ना० [अ०] १. कुनै अनौठो, अद्‌भुत वा चमत्कारिलो कार्य; चमत्कार । २. आश्चर्यजनक दक्षता वा कुशलता । (उदा०– तेन्जिङ नोर्गेले सगरमाथा चढेर कमाल गरे ।) – **को–** वि० अनौठो; अद्‌भुत; आश्चर्यजनक (व्यक्ति, कार्य, वस्तु, इ०) ।

**कमिच / कमिज–** ना० [अ० कमीस] दौरा, कुर्ता, मयलपोस आदिझैँ कमरभन्दा माथि लगाइने, तनाको साटो टाँक, चेन आदि जडिने, बाहुला पूरा वा आधा हुने, आधा बाहुला भए साधारण मोहोता हुने, पूरा बाहुला भए कफ हुने तथा घाँटीमा कलर नामक कर्णाकार कठालो हुने अनेकौँ प्रकारका उत्तरीय वस्त्रमध्ये कुनै एक (हाफ कमिज, फुल कमिज आदि) ।

**कमिटी–** ना० [अङ्०] हे० समिति ।

**कमिनी–** ना० [कामी+इनी] १. कामीको स्त्रीलिङ्गी रूप । २. कामी-जातकी नारी वा कामीकी पत्नी ।

**कमिली सलह–** क्रि० वि० [कमिलो+सरह] १. कमिलैसरह; छ्यासछ्यासती; स्याउँस्याउँती; बग्रेल्ती । वि० २. धेरै; प्रशस्त (प्रायः सङ्ख्या) ।

**कमिलो–** ना० [तुल० पालि किपीलिका] गुलियो आदि स्वादिला पदार्थ रुचाउने, दुला, गोला वा पातमा गुँड लगाएर फुल पार्ने, ऋतुअनुसार फुल आदि बोकेर ठाउँ सर्ने, भविष्यको लागि अन्न फूल आदि सञ्चय गर्ने र पीँधमा बारुला आदिको झैँ चिल्ने खील हुने, जीवविज्ञानका अनुसार फर्मिसिडी परिवारमा पर्ने ज्यादै सानोदेखि लिएर ठिक्कको सानो आकारमा र जातअनुसारको रङमा देखा पर्ने भाले, पोथी र नपुंसकसमेत सम्मिलित भएर समुदाय गठन गरी सामूहिक रूपमा रहने एक जातको कीरो ।

**कमिसन–** ना० [अङ्०] १. कुनै वस्तु किनबेच गर्दा बेपारीले माल किन्ने गाहकीलाई मोलमा केही रकम घटाएर दिने सुविधा । २. कुनै उत्पादक वा थोक वितरकले खुजुरा बेपारीलाई थोक माल लिएबापत निर्धारित मोलमा केही प्रतिशत घटाई दिने सुविधा । ३. व्यापारिक दलाल वा मध्यस्थ व्यापारीले आफूभन्दा माथिल्लो तहको व्यापारीबाट आफूले दलाली वा मध्यस्थता गरेबापत पाउने पारिश्रमिक; दलाली । ४. हे० आयोग ।

**कमिस्नर–** ना० [अङ्०] १. राजनीतिक नियुक्तिका आधारमा नियुक्त हुने अञ्चल वा जिल्लाका प्रमुख समस्याहरूको रेखदेख गर्ने एक उच्च पद वा पदाधिकारी । २. अञ्चलाधीशको व्यवस्था हुनुभन्दा पहिले नेपालको राजधानी काठमाडौँमा बडाहाकिमको साटो काम गर्ने गरी तैनाथ गरिएको बडाहाकिमभन्दा माथिल्लो तहको पद वा पदाधिकारी ।

**कमी–** ना० [कम+ई] १. चाहिँदोभन्दा कम हुने भइरहेको सङ्ख्या, मात्रा, दर्जा, मान, गुण, परिमाण आदि घट्न जाने अवस्था वा स्थिति; भएको वा चाहिएको भन्दा थोर हुने अवस्था; अल्पता; न्यूनता; अपर्याप्तता; घटी । २. भाउ आदिको मन्दी ।

**कमेना/कमेनी–** ना० [कामी+एना/एनी] कामी-जातकी स्त्रीलाई मान जनाउने शब्द ।

**कमेरे–** वि० [कमेरो+ए] कमेरोजस्तो; कमेराका छाँटको सेतो रङको धमिलो (प्रायः तरल पदार्थ) । ~ **पानी–** ना० सेतो रङको धमिलो पानीसँग मिल्दोजुल्दो भएको आधारमा जाँडलाई दिइने गरेको व्यङ्ग्यात्मक संज्ञा (तुल० नर्सिङट्वाक– रक्सी, नरम चाना– सुँगुरको मासु, भुत्ले साग-कुखुराको मासु आदि) ।

**कमेरो–** ना० [सं० कु = पृथ्वी+मृत्तक = माटो ?] चूनजस्तै पोतेर घर आदि सिँगार्ने काम लिइने एक प्रकारको चिप्लो सेतो माटो (तुल० जुमली कुमेटो-कमेरो) ।

**कमै–** ना० [कम+ई] १. प्रायः घुम छाप्ने काममा आउने एक प्रकारको ठूलठूला पात भएको लहरो । वि० २. अल्पताबोधक शब्द 'कम'-को निश्चय, सीमा, अवधारणा, अठोट आदि जनाउँदाको रूप । (उदा०– धनमा म तिमीभन्दा कमै हुँला, तर मनमा कम छैन) ।

**कमैया–** ना० [काम+ऐया] १. जग्गाधनीकै नगदी र जिन्सी कर्जा लिएर सपरिवार अर्काको जग्गा कमाउने किसान; हरुवा (तुल० मैथिली हरवा) । वि० २. काममा साह्रै जोतिन सक्ने; कमाइवाल; आर्जनी; पौरखी; हिकमती (तुल० मैथिली कमकर) ।

**कमोत–** ना० [काम+ओत] खेतबारी कमाउने काम । ~ **बस्ती–** ना० कमोत भएको वा हुन लायक बस्ती; आबाद बस्ती । > **कमोती–** ना० १. कमोत । २. कमोतबाट आएको आयस्ता; आर्जन ।

**कमौट–** ना० [काम+ओट] १. हे० कमोत । २. गहनागुरिया वा भाँडाकुँडा आदि कमाउने वा कमाउन लगाउने काम । > **कमौटे–** ना० कमोत वा कमौट गर्ने व्यक्ति वा जाति (खेताला, हली, सुनार, लोहार आदि) । वि० ३. कमोत वा कमौट गर्ने ।

**कमौत–** ना० [काम+औत] जग्गाजमिन कमाउने काम; कमौट । > **कमौती–** ना० कमोती । **कमौते–** ना०/वि० कमौटे ।

**कम्घासा–** ना० [नेवा० कङ्घासा] सानु जातको केराउ पानीमा ढडचाई पिँधेर लेदो पारी बनाइएको आलो अचार ।

**कम्ता–** वि० [कम+ता] कम्ती; थोरै; घटी; न्यून ।

**कम्तिया–** ना० [कामत+इया] खेतबारीको कमाइका निम्ति जग्गाधनीले कामतमा राखेको प्रमुख कर्मचारी; कोठारी; सेरालो ।

**कम्ती–** वि० [कम+ती] १. थोरै; कम; घटी; अपर्याप्त; न्यून (उदा०– तिमीले दिएको मिठाई धेरै कम्ती भयो ।) । क्रि० वि० २. थोर मात्रा, सङ्ख्या, परिमाण वा गुण । (उदा०– हिजो तिमीले सुनाएको गीत कम्ती मीठो थिएन) । ~ **पनि–** क्रि० वि० कमभन्दा कम मान्दा पनि; थोरैभन्दा थोरै हुँदा पनि । – **मा–** क्रि० वि० थोरैभन्दा थोरै मात्रा आदिमा । – **मा पनि–** क्रि० वि० कम्ती पनि; कम्तीमा ।

**कम्प–** ना० [सं०] भैँचालो, कामज्वरो, हावा आदिद्वारा भुइँ, जीउ, पात आदि हल्लिएझैँ हल्लिने अथवा काँप्ने क्रिया वा प्रक्रिया; कँपाइ; कम्पन; हल्लाइ; थतर्को; थर्को ।

**कम्पन–** ना० [सं०] काँप्ने वा थरथराउने काम; कम्प ।

**कम्पनी–** ना० [अङ्०] १. ब्रिटिसकालमा चलेको भारतीय मुद्रा । २. सैनिकको गणभन्दा सानो एक खास एकाइ; गुल्म । ३. फौजी जवानहरूको समूहविशेष (दिव्यो०) । ४. औद्योगिक वा व्यापारिक संस्था सञ्चालन गर्न कानुनी आधारमा सङ्गठित व्यक्तिहरूको समुदाय । ५. उक्त समुदायसँग सम्बन्धित संस्था वा कार्यालय । ~ **कानुन–** ना० कम्पनीका नियम, ऐन, दायित्व, अधिकार आदिसँग सम्बन्धित कानुन; कम्पनीलाई नियन्त्रित गर्ने कानुन । ~ **सरकार–** ना० सन् १८५७ को सिपाही विद्रोहपछि सोझै ब्रिटिस सरकारले शासन हातमा लिनुभन्दा पहिले राजधानी कलकत्ताबाट केही अङ्ग्रेजहरूले बेलाइतको अनुमति लिएर चलाएको अर्ध-स्वायत्त सरकार ।

**कम्पाउन्ड–** ना० [अङ्०] १. गिर्दा, पर्खाल वा कुनै प्रकारको बार आदिमा रहेको एक वा एकभन्दा बढी प्रवेशद्वारबाट भित्र पस्ने

भवन, आँगन, पटाङ्गिनी, कोठेबारी आदिसहितको जग्गा; क्याम्प । २. रासायनिक वस्तुहरूको मिश्रण ।

**कम्पाउन्डर**– ना० [अङ्०] १. अस्पतालहरूमा डाक्टरलाई सघाउने, औषधी-उपचारको सम्बन्धमा समेत शास्त्रीय ज्ञान भएको एक पद वा सो पदको व्यक्ति । २. स्नातक उपाधिभन्दा तलको उपाधिप्राप्त पुरुष औषधीविशेषज्ञ; स्वास्थ्य-सहायक; हेल्थ-असिस्टेन्ट । > **कम्पाउन्डरी**– ना० कम्पाउन्डरले पढ्ने विद्या वा गर्ने कार्य ।

**कम्पायमान**– वि० [सं०] काँपिरहेको; थरहरी भइरहेको; डोलायमान ।

**कम्पारो**– ना० [कान+पारो] हे० कन्पारो ।

**कम्पास**– ना० [अङ्०] १. दिशाहरू छुट्याउने यन्त्र; दिग्दर्शन-यन्त्र; दिक्साधनयन्त्र । २. रेखागणित, चित्रकला आदिमा वृत्त, अर्धवृत्त वा खण्डवृत्त कोर्ने एक सामान; पर्काल । > **कम्पासे**– वि० कम्पासको काम गर्ने । ना० कम्पासद्वारा जमिनको नक्सा आदि कोर्ने काममा अमिनलाई सघाउने कामदार ।

**कम्पित**– वि० [सं०] काँपेको; कामेको; हल्लिएको; थर्किएको । – **शिर**– ना० १. टाउको काम्ने रोग । वि० २. सो रोग लागेको (व्यक्ति) ।

**कम्पु**– ना० [अङ्० क्याम्प] सैनिकहरूको छाउनी; जङ्गी उपनिवेश । ~ **कोत**– ना० पल्टनको पोसाक, साजबाज, निसान, हातहतियार आदि राख्ने घर; असबाबखाना । ~ **तिर्जा**– ना० राणाकालीन शासनमा सैनिक जवानहरूलाई बहाल छउन्जेल वेतनको साटो एक वर्षको बाली खान पाउने सर्तमा दिइने गरेको गहिरी वा पाखो जग्गा तोकिएको सरकारी पुर्जा; जङ्गी जग्गाभर्नाको कागत ।

**कम्पोज**– ना० [अङ्०] छापाखानामा अक्षरमा विभिन्न टाइपहरूलाई गुरुकापीबमोजिम पङ्क्तिबद्ध गर्ने कार्य । > **कम्पोजिङ**– ना० कम्पोज । **कम्पोजिङ ट्विजर**– ना० कम्पोजको काम गर्दा टाइप थुत्ने र मिलाउने काममा (प्रायः प्रुफ संशोधन गर्दा) प्रयोग गरिने चिम्टा । **कम्पोजिटर**– ना० कम्पोज गर्ने व्यक्ति वा कर्मचारी ।

**कम्पोस्ट**– ना० [अङ्०] गोबर, स्याउला, सोतर आदिलाई कुहाएर मल बनाउने काम; मलखाल्डो वा भकारे खाल्टोमा मल बनाउने प्रक्रिया । ~ **मल**– ना० मलखाल्डो वा भकारे खाल्टोमा सडेर बनेको मल ।

**कम्प्युटर**– ना० [अङ्०] १. विविध प्रकारका तथ्याङ्क वा कार्यक्रमहरूलाई चक्का वा चुम्बकीय फित्तामा भण्डारण, संयोजन र पुनःसंयोजन गर्ने अत्याधुनिक विद्युतीय संयन्त्र । २. भण्डारितबाट संयोजित सामग्रीसम्बन्धी जानकारी यथासम्भव अपेक्षित रूपमा प्राप्त गर्न सकिने विद्युतीय संयन्त्र । ३. हिसाबसम्बन्धी जटिल समस्याहरूको समाधान द्रुत गतिमा प्रदान गर्ने विद्युतीय संयन्त्र । ४. नक्सा बनाउँदा अक्षांश, देशान्तर र क्षेत्रफलजस्ता कुराहरूको हिसाब गर्ने व्यक्ति । ५. टङ्कण गर्ने, नक्सा, चित्र आदि बनाउने संयन्त्र ।

**कम्बल**– ना० [सं०] १. सिरक आदिझैँ जाडामा ओढिने ऊनीको बाक्लो ओढ्ने; पाखी । २. ओछ्याउने काममा आउने र आवश्यक पर्दा ओढ्न र पानी ओत्नसमेत मिल्ने ऊनीको पाखी आदि भन्दा पनि बाक्लो कपडा; राडी; काम्लो ।

**कम्मर**– ना० [√ कमर] कटि; कमर । ~ **पेटी**– ना० कमरपेटी । – **बन्दी**– ना० कमरबन्दी । > **कम्मरी**– ना० घरको माथिल्लो तलामा टायल, झिङटी आदिको छानामुन्तिर ट्वाकललाई टेकाउन चारैतिर जडिएको पटुवाका आकारको काठ ।

**कम्मल**– ना० हे० कम्बल ।

**कम्युन**– [अङ्०] १. समाजवादी व्यवस्थामा आर्थिक, सामाजिक, सांस्कृतिक वा वर्णका दृष्टिले समवर्गी ठहरिने व्यक्तिहरूको सामूहिक बसोबास । २. त्यस्ता व्यक्तिहरूको समुदाय; जनपद । > **कम्युनिज्म**– ना० कम्युन अर्थात् सामाजिक समुदाय स्वयंले आफ्ना कार्य गर्नु सम्भव भएकाले पुलिस, सिपाही, सरकार आदिको आवश्यकता छैन र सो कम्युन एक किसिमको परिवारसरह हुने हुँदा प्रत्येक कम्युनवासीको मर्म सबैमा अवगत हुने तथा हरेक व्यक्तिलाई उसको सरोकार र आवश्यकताअनुसार उपभोगका सामग्री वितरण गर्न सकिने सिद्धान्तमा विश्वास राख्ने कार्लमार्क्स, फ्रेडरिक एङ्गेल्स, लेनिन आदिद्वारा प्रतिपादित राजनीतिक तथा आर्थिक सिद्धान्त; मार्क्सवाद; साम्यवाद । > **कम्युनिस्ट**– वि० कम्युनिज्मको अनुयायी ।

**कम्री**– ना० रूखकटहरभित्रको झुत्रो ।

**कम्लाइ**– [√ **कम्लाउ** (+आइ)] कम्लाउने क्रिया वा प्रक्रिया । [ > ] **कम्लाइनु**– क० क्रि० कम्लाउने काम गरिनु ।

**कम्लाउनु**– अ० क्रि० गाभिनु गाई आदि वस्तुभाउको स्पष्ट देखिने गरी फाँचो र सुत बढ्दै जानु ।

**कम्सा**– ना० [सं० कंश = जलपात्रविशेष] सुमेरु र नली मात्र हुने एक प्रकारको सोते हुक्का ।

**कयथ**– ना० [प्रा० कइत्थ < सं० कपित्थ] फेरोनिया लिमोनिया जातिको काँडादार एक रूख र त्यसको फल; कैथ ।

**कर१**– ना० [सं०] अरू शब्दको पछिल्तिर लागेर दिने, गर्ने आदि अर्थ बुझाई विशेषण एवं नाम बनाउने हाल नेपालीमा अनुसर्गात्मक प्रत्यय मानिने तर संस्कृत मूलको नियमानुसार समासको उत्तरपद ठहरिने एक रूप (दिवाकर, प्रभाकर, दिनकर, सुखकर इ०) ।

**कर२**– ना० [सं० कृ] १. कसैलाई इच्छाका विरुद्ध दबाउमा पारी कुनै कुरा गर्न, गराउन वा हुन वाध्य तुल्याउने क्रिया-प्रक्रिया । २. त्यस प्रकारको वाध्यताका निम्ति दिइने जोड; करकाप । ३. प्रेरणा; जिद्दी ।

**कर३**– ना० [सं०] १. राजस्वमा दाखिल हुने गरी नागरिकले सरकारी सरोकारवाला कार्यालयलाई अनिवार्य दातव्यका रूपमा दिनुपर्ने विभिन्न प्रकारको तिरो वा रकम (आयकर, मालपोत, बिक्रीकर, अन्तःशुल्क, आयातकर, निर्यातकर, बाटोकर (रोडसेस)

इ०) । २. प्राचीन कालमा एक राष्ट्रले आफूभन्दा बलियो अर्को राष्ट्रलाई बुझाउने दस्तुर; सिर्तो । ३. पहिलेपहिले रैतीले भेटीका रूपमा जिमीदार-तालुकदार आदिलाई दिने गरिएको विभिन्न प्रकारको रकम (ओलक, ठेकी, चारदाम, साउने फागु, कुत, बेठ इ०) । ४. मान्छे, बाँदर आदिको हात । ५. हात्तीको हात अर्थात् सुँड । ६. प्रकाशको हात अर्थात् किरण । ~ **अड्डा**– ना० करकार्यालय । ~ **अदालत**– ना० करसम्बन्धी हेर्ने अदालत वा अदालती फाँट । ~ **अधिकारी**– ना० करअधिकृत । ~ **अधिकृत**– ना० करकार्यालयको कम्तीमा राजपत्राङ्कित तृतीय तहको हाकिम वा फाँटवाला ।

**कर**४– ना० [सं०] हात, हत्केलो ।

**करकर**– क्रि० यो० [अ० मू० कर्+अ (द्वि०)] कसैसँग झर्को लाग्ने किसिमले कराउने, केही माग्ने वा अनुरोध गर्ने गरी; कचकच; फतफत; क्याउँक्याउँ । > **करकरे**– वि० करकर गर्ने; करकरसँग सम्बन्धित; कचकचे; फतफते ।

**करकाप**– ना० [कर+काप] १. इच्छाका विरुद्ध कसैलाई केही हुन, गर्न वा गराउन वाध्य तुल्याउने क्रियाप्रक्रिया । २. बलप्रयोग; जबर्जस्ती; थिचोमिचो ।

**कर कार्यालय**– ना० [सं० ] सरकारी कर आदि असुलउपर गर्ने अर्थमन्त्रालयका मातहतका विभिन्न तह (जिल्ला, अञ्चल वा क्षेत्र)-को कार्यालय; करअड्डा ।

**करकोसिस**– ना० [(द्वि०) कोसिस] कोसिस वा सोसमानको कुनै कार्य; कोसिसका साथै सहायक कार्यका रूपमा गरिने समानधर्मी एवं समान लक्ष्य भएको अन्य कार्य; मरमिहिनेत ।

**करक्क**– क्रि० वि० [अ० मू० कर् > करक्+क] १. एकै प्रयासमा भाँचिने गरी; काठ, लट्ठी, उखु आदि वस्तुलाई दोबारेर खण्डित गर्ने किसिमले; पटक्क । २. 'कर्' वा 'पट्'-को आवाज आउने गरी कुनै काठ, लठ्ठी आदि भाँचिने किसिमसँग । ३. उठ्दा, बस्दा वा अन्य कुनै कारणवश गम्भीर पीडा भई शरीरको कुनै अङ्ग दुखेर कर्किने गरी ।

**करङ**– ना० [सं० करङ्क = हाडखोर] १. ढाडबाट आरम्भ भएर छातीको मध्य भागमा पुगी जोडिने र भित्र्याँस (मुटु, कलेजो, फोक्सो, फियो आदि)-को रक्षा गर्न सघाउ पुऱ्याउने हाडका पाताहरूबाट निर्मित पिँजडाका आकारको अस्थिप्रणाली । २. आकारमा दोब्रिएको तरवारझैँ देखिने उक्त प्रणालीको कुनै एक हाड । > **करङे**– ना० १. एक प्रकारको सानो र डोलो माछो । २. साधारण व्यवहारको लागि बनाइएको दलुवा डसना; लम्पट । वि० ३. करङ छ्याङ्गै देखिने अर्थात् दुब्लो ।

**करचेप**– ना० [कर+च्याप] बलपूर्वकको आग्रह; जोडदार ढिपी ।

**करछुली**– ना० [सं० करछोदनी] हे० कर्छुली ।

**करजोरी**– ना० [सं० कर+जोरी] दुई हत्केलालाई जोडेर गरिने अभिवादनको एक प्रकार; बिन्ती; नमस्कार; प्रणाम; नमस्ते । (उदा०– मेरो करजोरी बिन्तीले उनलाई कसो नरिझाउला !) । ~ **बिन्ती**– ना० करजोरी ।

**करण**– ना० [सं० ] १. व्याकरणमा, तृतीया विभक्तिद्वारा प्रतिनिधित्व हुने कारक । २. क्रियापदमा निषेध, अभाव आदिका विरुद्ध विधि, भाव आदि बुझाउने प्रत्यय वा सो प्रत्ययसम्बन्धी प्रणाली । (उदा०– म जान्नँ, तिमी नखाऊ आदिका विरुद्ध म जान्छु, तिमी खाऊ आदि) । ३. ज्योतिषशास्त्रमा बब, बालव, कौलब, तैतिल, गर, बणिज, विष्टि आदि उभयपक्ष (शुक्लपक्ष र कृष्णपक्ष)-का सात र शकुनी चतुष्पाद तथा नाग गरी केवल कृष्णपक्षका तीन अनि कृष्णपक्षमा आरम्भ भएर शुक्लपक्षको प्रतिपदाको थालनीको भागलाई भेट्ने किस्तुघ्न गरी सङ्ख्यामा एघार पुग्ने एक ज्योतिषशास्त्रीय स्थापना जो पञ्चाङ्ग (पात्रो)का पाँच अङ्ग (तिथि, वार, नक्षत्र, योग, करण)- मध्ये एक ठहरिन्छ र प्रत्येक तिथिमा दुई सङ्ख्याका दरले पर्दै तिथिक्रमका साथै अघि बढ्दै जान्छ । ४. लिच्छविकालीन अड्डाभित्र पर्ने कुनै एक फाँट वा विभाग ।

**करणी**१– ना० [सं० ] गणितमा वर्गमूल जनाउने चिह्न ($\sqrt{}$ वा $2\sqrt{}$ ) । – **अङ्क**– ना० गणितको वर्गमूलको हिसाबमा शेष नरहने अङ्क (जस्तै– ४, ९, १६, २५ आदि ।) ।

**करणी**२– ना० मैथुन; सम्भोग; करनी ।

**करणीय**– वि० [सं० ] गर्न योग्य; गर्नुपर्ने; गर्न हुने; गर्न सकिने ।

**करण्ड**– ना० [सं० ] १. बाँस वा बाँस जातिका चोयाबाट तयार भएको झुन्डयाएर हिँड्न मिल्ने ढक्कीविशेष; कणाली; उझिन्डोदार पेटारो वा टोकरी । २. माहुरीको चाको ।

**करतल**– ना० [सं० ] हातको हर्थुङ्गा र नङका माझको उत्तानो भाग; हत्केलो । ~ **ध्वनि**– ना० दुई हत्केला ठटाएर स्वागत, प्रशंसा, निन्दा, उपहास आदि जनाउन निकालिने ध्वनि; थपडी; ताली ।

**करताल**– ना० [सं० ] १. हे० करतल-ध्वनि । २. दुई काठका टुक्रा औँलाका कापले च्यापेर ध्वनि उत्पन्न हुने गरी प्रायः धार्मिक कार्यमा बजाइने एक बाजा; कठताल; करताली । > **करताली**– ना० १ करताल । २. करतल-ध्वनि ।

**करतुत**– ना० [सं० कर्तव्य] हे० कर्तुत ।

**करद**– ना० [सं०] कर तिर्ने; कर दिने (व्यक्ति, राष्ट्र आदि) ।

**करदाता**– ना० [सं०] १. कर तिर्ने संस्था वा व्यक्ति । वि० २. करद ।

**कर निर्धारण**– ना० [सं०] सरोकारवाला कार्यालय वा संस्थाले कर असुलसम्बन्धी नीति एवं नियमहरूको निर्धारण गर्ने वा सोअनुसार लाग्ने कर तोक्ने काम ।

**करनी** – ना० [सं० करणी] १. बलात्कारका साथमा गरिने गैरकानुनी सम्भोग । २. सम्भोग; मैथुन (प्रायः अविवाहितहरूका बीच) । ३. कुकर्तव्य; कर्तुत; षड्यन्त्र; खराब नियत ।

**करन्यास**– ना० [सं० ] जप अथवा पाठका क्रममा शरीरका अङ्गहरूलाई बीजमन्त्र (नमः, फट् आदि)-का उच्चारणका

साथमा छोएर गरिने क्रिया; अङ्गन्यास; पूर्णन्यास वा न्यासका शाखाको रूपमा हातलाई मात्र छोएर गरिने एक विधि, जसमा पहिले चोर औँलाले बूढी औँलालाई छोएर र त्यसपछि बूढी औँलाले अरू औँलालाई छोएर तत्तत् अङ्गमा इष्टदेवलाई आवाहन गरिन्छ ।

**करपात्री–** वि० [सं० ] १. भोजन वा जलपान आदि गर्दा, थाल, गिलास आदि भाँडाको साटो पसर वा अँजुली व्यवहार गर्ने (व्यक्ति) । ना० २. भारतीय साधुसन्तहरूको एक सम्प्रदाय वा त्यसको अनुयायी ।

**करपाद–** ना० [सं० ] वास्तुकला वा मूर्तिकलामा प्रचलन हुने छ मात्रा वा छ अङ्गुलबराबरको नाप ।

**करबल–** ना० [कर+बल] १. जबरजस्तीसहितको व्यवहार; इच्छाका विरुद्ध कसैलाई काममा लगाउने क्रिया वा प्रक्रिया; करकाप; बलजफती; जबरजस्ती । २. अन्याय; थिचोमिचो; अत्याचार ।

**करबाल–** ना० [सं० ] हातले हान्ने हतियार (खड्ग, तरबार वा खुकुरी) ।

**करबिरे–** ना० [सं० करवीर+ए] करौँते झारसँग मिल्दोजुल्दो एक झार ।

**करभ–** ना० [सं०] १. हातको हत्केलाको उल्टो भाग; हत्केलाको पृष्ठभाग; डुँडुलो । २. हात्तीको सुँड वा बच्चो । ३. उँटको बच्चो ।

**कर भुक्तानी–** ना० [सं० कर+ने० भुक्तानी] कर तिर्ने काम; करको तिरोभरो ।

**करभोरु–** वि० [सं० ] करभ (हात्तीको सुँडझैँ सलक्क परेको तिघ्रा) भएकी (स्त्री) ।

**करम–** ना० [सं० कलम्बी] १. गर्मी प्रदेशमा पोखरी वा तलाउमा उम्रने, सखरखण्डको जस्तो पात, खोक्रो डाँठ र सेतो फूल हुने एक साग; करमी । २. पहेँलो काठ हुने एक वृक्ष; कर्मा ।

**करमपात्रो–** ना० हे० कर्मपात्रो ।

**करमाला–** ना० [सं० ] जपमन्त्र आदिको सङ्ख्या गन्ने क्रममा स्फटिक, तुलसी वा रुद्राक्षका मालाको साटो औँलाका हत्केलातिरका जोर्नीका रेखालाई गन्ने कामको आधार मान्दा तिनका निम्ति प्रयुक्त हुने सामूहिक संज्ञा । > **करमाली–** १. वि० करमालाका आधारमा जप आदि गर्ने (व्यक्ति) । २. आफ्ना किरणलाई स्वयं आफैँले मालाका रूपमा धारण गर्ने एक देवता; सूर्यनारायण । ३. सूर्य ।

**करमी–** ना०हे० करम ।

**करयुगल–** ना० [सं०] १. अभिन्न रूपमा दुई हातलाई जनाउने साझे संज्ञा । २. जम्लाहात; करजोरी ।

**करयोग्य मूल्य–** ना० [सं० ] कर-कार्यालयले मिनाहा गरेको करमुक्त मूल्यभन्दा बढी मूल्य; कर लाग्ने चाहिँ मूल्य (घर, जग्गा आदिको) ।

**करवीर१–** ना० [सं० ] १. सुइरे पात हुने, पहेँलो रङको फूल फुल्ने र हाडेबदामका जत्रा दानाभित्र झन्डै आरुका झैँ खबटा हुने फल लाग्ने ठिक्क आकारको वृक्ष वा त्यसको फूल । २. झन्डै वज्रदन्तीको जत्रो बोट हुने र त्यसरी नै झाँगिने सेतो अथवा रातो फूल फुल्ने एक वृक्ष वा त्यसको फूल ।

**करवीर२–** ना० [सं० करवीर = चिहान वा मसानघाट] नेपाली लौकिक अनुश्रुतिअनुसारको एक प्रसिद्ध मसान; काठमाडौँको विष्णुमती र भद्रमतीको दोभानमा रहेको प्रसिद्ध मसानघाट ।

**कर शाखा–** ना० [सं० ] अर्थ-मन्त्रालयको मातहत रहेको करको असुलउपर गर्ने मुख्य कार्यालयभन्दा तल्लो तहको शाखा कार्यालय (जिल्लास्तरीय वा अञ्चलस्तरीय) ।

**करसम्पुट–** ना० [सं० ] अभिवादनका समयमा नमस्कार आदिमा झैँ दुई हत्केलालाई पूरै नजोडी औँलाका टुप्पा र मणिबन्ध मात्र जोडेर बूढी औँलातिर खुला राख्ने एक विशेष मुद्रा (प्रायः धार्मिक); अञ्जलिमुद्रा ।

**कराँत–** ना० [सं० क्रान्त] १. समात्न वा पक्रन अनुकूल पर्ने स्थिति (कुस्ती खेल्दा, भारी बोक्ता आदि ) । (उदा०– राम त बलियै हो, तर कराँत नपरेकाले कुस्तीमा उसको जित हुन सकेन) । २. बल; तागत; शक्ति । > **कराँतिलो–** वि० १. बोक्ता, समाउँदा वा अँगाल्दा प्रतिकूल नहुने । २. बलियो; शक्तिशाली; दह्रो; दर्बिलो । **कराँते–** ना० जापान र त्यसका छिमेकका देशहरूमा प्रचलित मर्मस्थलमा प्रहार गरेर आफूभन्दा निकै बलियो विपक्षीलाई समेत पराजित गर्ने केही प्रसिद्ध दाउ; कुम्फु, कराँते, जुडो आदिमध्ये एक (जसका आधुनिक प्रवर्तक ब्रुस-ली मानिन्छन् ।) ।

**कराँसो–** ना० हे० करेँसो । – **घराँसो–** ना० घरघडेरी ।

**कराइ–** ना० [√ **कराउ** (+आइ )] कराउने काम वा प्रक्रिया । [ > ] **कराइनु–** अ० क्रि० ठूलो स्वरले बोलिनु; चिच्याइनु ।

**कराउ-नु–** अ० क्रि० [सं० कलायन] १. रुने, हप्काउने, विरोध जनाउने, बोलाउने आदि उद्देश्यले ठूलो स्वर गरी चिच्याउनु । २. नचाहिँदो किसिमले चर्को स्वर निकाली बोल्नु । (उदा०– माली गाईले धान खायो, नकरा कान्छी कान खायो) । ३. झर्को लाग्ने गरी बोलेर केही सुनाउनु, माग्नु, प्रशंसा गर्नु वा निन्दा गर्नु; कचकचाउनु; करकराउनु; । ४. अन्याय र थिचोमिचोका विरुद्ध मर्कामा पर्नेले प्रायः मौखिक वा अलिखित रूपमा उजुर गर्नु; फिराद गर्नु ।

**कराकर–** ना० [तुल० गडगडाउनु, कडकडाउनु] १. ठूलो काम वा कार्जे (बिहे, बर्तमन, रोपाइँ, मेला, जात्रा, भोज इ०)-मा हुने असाधारण व्यस्तता; चटारो; लछारो । २. त्यस्तै अवसरमा भेला हुने समुदाय; हूल; घुइँचो; ठेलमठेल; किचाघान ।

**करामत–** ना० [अ० करामात] १. असाधारण वा असामान्य काम; चमत्कार; कमाल; । २. पुरुषार्थ; बहादुरी ।

**करायँ–** वि० सलामी परेको; अलिअलि ढल्केको; करालो; थालेभन्दा कम सम्म र भिरालोभन्दा कम ढल्किएको ।

**करार–** ना० [अ०] १. कुनै कार्य लिखत रूपमा जिम्मा लिने काम वा त्यसरी जिम्मा लिएको दायित्व । २. त्यसरी जिम्मा लिन गरिने लिखित कबुल वा प्रतिज्ञा । – **नामा–** ना० एक पक्षले अर्को पक्षलाई कुनै सेवा, भारा, अभिभारा आदि सुम्पँदा र घर, पसल, गाडी आदि भाडामा दिँदा दुवै पक्षले करार गरी सही गरेको लिखत; कबुलनामा; कबुलियतनामा । ~ **पत्र–** ना० करारनामा । ~ **सेवा–** ना० तलब, कार्यावधि, सेवासर्त आदि तोकिएर नियुक्त हुने कर्मचारीको पद वा सेवा ।

**करारोपण–** ना० [सं०] सरोकारवाला सरकारी निकायले संविधान वा ऐन-कानुनअनुसार नागरिकहरूलाई कर लगाउने कार्य ।

**कराल–** वि० [सं०] डरलाग्दो; भयङ्कर; विकराल ।

**करालो–** ना० [सं० कराल] भिरालो जग्गा; ओह्रालो । वि० अलि-अलि ढल्किएको; करायँ ।

**कराहट–** ना० [कराउ+आहट] कराउने काम, चिच्च्याहट; करकराहट; कचकचाहट ।

**कराही१–** ना० [सं० कराह] दुईतिर कडा लागेको र मुख फराक हुने पकाउने भाँडो ।

**कराही२–** ना० [सं० कटभी] शिरीषको जस्तो बोट हुने र सेतो अपराजिताको झैँ फूल फुल्ने एक तराइली वृक्ष वा त्यसको टर्रो स्वादको फल ।

**करिब–** क्रि० वि० [अ० करीब] १. नजिकमा; छेउमा; पासमा (उदा०– म उसलाई सधैँ आफ्नो करिब देख्न चाहन्छु ।) । २. प्रायः; झन्डै; झन्डैले; लगभग (उदा०– तिम्रो अनुहार करिब रामसित मिल्छ ।) । – **करिब–** क्रि० वि० झन्डै-झन्डै; पुग-नपुग; लगभग ।

**करिया–** ना० अमलेख गर्नुभन्दा पहिले दासका रूपमा किनबेच हुने गरेका घरेलु नोकर; कमारो; बाँधा; दास । ~ **अमलेख–** सं० १९८१ मा श्री ३ चन्द्रको पालामा करियाहरूलाई प्रदान गरिएको मुक्ति; दासत्वमोचन । ~ **प्रथा–** ना० दासप्रथा ।

**करीर–** ना० [सं०] खार वा गेगर जमिनमा हुने, पात नहुने, वसन्त ऋतुमा हरिया डाँठका टुप्पामा ससाना गोल राता फूल फुल्ने र फूल झरेपछि गोलकाँक्रीजस्ता बाटुला फल फल्ने एक प्रकारको बोट ।

**करीष–** ना० [सं०] १. गाईभैँसी आदिको मल विभिन्न आकारमा सुकाई बाल्नका निम्ति बनाइएको विशेष प्रकारको गुइँठो ।

**करु–** ना० [तुल० सं० कुरी = अन्नविशेष] हिमाली भागको लेकतिर खेती गरिने, बोट र दाना जौका आकारको हुने एक प्रकारको अन्नविशेष । (यसको सत्तु बनाएर उपयोग गरिन्छ ) ।

**करुण–** ना० [सं०] १.कसैप्रति उसको स्वभाव, अवस्था आदिले गर्दा उपकारका निमित्त दर्साइने दयाको भाव; करुणा; दया । २. साहित्यमा नवरसमध्येको एक रस ।

**करुणा–** ना० [सं०] करुण; दया; माया । – **निधान–** वि० दुःखी, दरिद्री, रोगी आदिलाई दया गर्ने स्वभाव भएको; दयालु; मायालु । – **निधि–** वि० करुणा भएको; अरूलाई दयामाया गर्ने; दयालु ।> **करुणार्द्र–** वि० अर्काको दुःख देखेर मन पग्लने; अर्काको दुःखमा आफू पनि दुःखी हुने; करुणामय; दयामायाले ओतप्रोत । **करुणावतार–** ना० प्राणीहरूमा आइपरेको वा आइपर्ने दुःख हटाउन र आफ्ना भक्तका उपर दया गर्नका निम्ति भगवान्‌ले लिएको अवतार; करुणामूर्ति; अति दयालु मानिने रूप ।

**करुवा१–** ना० [सं० कर्करिका] पेट फुकी घाँटी सानो भएर मुखमा छाताजस्तो भई बिट फर्केको, पेटको माथिल्लो भागमा ठाडो टुटी लागेको पानीको भाँडो ।

**करुवा२–** ना० [सं० कटक] १. फल्याकको जोर्नीमा ठोकिने फलामको दुईखुट्टे कीला । २. सँघारठेलोमा ढोकाको मास्तिर ठोकिने फलामको तीनखुट्टे कीला ।

**करेउली–** ना० [कडी+एउली] १. मनको भित्री इरादा (द्विव्य०) । २. करकाप ।

**करेट्-नु–** स० क्रि० १. अरूलाई धेरै मर्कामा पार्नु; करेटोमा अल्झाउनु । २. करौँतीले रेटेजस्तै गरी रेट्नु । > **करेटाइ–** ना० करेट्ने, करेटिने वा करेटाउने क्रिया-प्रक्रिया । **करेटाइनु–** क० क्रि० करेट्ने काम गराइनु; करेट्न लाइनु । **करेटाउनु–** प्रे० क्रि० करेटोमा पार्नु; करेट्न लाउनु ।

**करेत–** ना० [सं० कर्कटी] निकै विषालु, चार फिटजति लामो, हल्का पहेँलो र कालो घेराले बनेको शरीर हुने आकर्षक सर्प (यो गोमन सर्पसँग मिल्दोजुल्दो हुन्छ, तर फँडा हुँदैन, यसले अरू ससाना सर्प खान्छ ।) ।

**करेन्ट–** ना० [अङ्०] १. पानी, कोइला वा तेलबाट वैज्ञानिक प्रक्रियाद्वारा उत्पादित बिजुलीबत्ती बाल्ने र मेसिन आदि चलाउने काममा प्रयोग गरिने एक प्रकारको अदृश्य शक्ति; विद्युत्-प्रवाह; विद्युत्तरङ्ग । २. नदी आदिको पानीको प्रवाह; पानीको धारा ।

**करेप्-नु–** अ० क्रि० [करेप+नु] १. हलचल गर्न नसक्ने गरी समाउनु; अँठ्याउनु । २. अक्करमा वा पासोमा पार्नु; करमा पार्नु; करकाप गर्नु; ञ्याखञ्याखती पार्नु ।

**करेप–** ना० १. हलचल गर्न नसकिने अँठ्याइ, समाइ, पासो आदिबाट भएको वा परेको बन्धन । २. कुनै काम नगरीनहुने वा टार्नै पर्ने कर; करकाप ।

**करेपाइ–** ना० [√ करेप् (+आइ)] करेप्ने वा करेपिने क्रिया वा प्रक्रिया । [ > ] **करेपाइनु–** क० क्रि० करेप्न लाइनु । **करेपाउनु–** प्रे० क्रि० करेपमा पार्नु वा पार्न लाउनु । **करेपिनु–** क० क्रि० करेप्ने काम गरिनु; अँठ्याइनु ।

**करेली–** ना० [प्रा० कडाली] १. काठी कसेको बखत घोडाका टाउकामा लाउने छालाको साज; मोहोडा । २. लगाम ।

**करेलो–** ना० [सं० कारवेल्ल] वर्षायाममा तीनचोसे पात हुने लहरामा फल्ने, चोसैचोसा निस्कने र तीतो स्वादको हुने, तरकारी वा अचार बनाएर खाइने लाम्चो फल; तीते करेलो ।

**करेसाबारी**– ना० [करेसो+बारी] घरले चर्चेको तर घर र आँगनले ओगटेर बाँकी रहेको, घरका दायाँबायाँ र पछिल्तिरको तरकारी खेती गर्ने बारी; घरका वरिपरिको तरकारी खेती गर्ने जग्गा ।

**करेसो**– ना० [घर+एसो] < सं० गृहांश] घरले चर्चेको र आँगनले ओगटेर बाँकी रहेको जग्गा (दायाँ-बायाँका पटाङ्गिनी र पछाडिको बारीसमेत) ।

**करोड**– ना० [सं० कोटि] सय लाखको सङ्ख्या; कडोर । > **करोडन्**– वि० अनेक करोड । – **पति**– ना० करोडौँ रुपियाँको मालिक; कडोरपति । **करोडौँ**– वि० करोडन्; कडोरौँ ।

**करौँजा / करौँजी**– ना० [हि० कलौंजी, सं० करञ्ज] १. पिरो, तीतो स्वादको भईकन गरम र दीपनगुण हुने, तीन चोसा परेको सानासाना काला दाना हुने एक प्रकारको वनस्पति; कालो जीरा; मुग्रेलो; मुङ्रेलो । २. तीतो र अमिलो स्वाद हुने, रातो-सेतो रङ्को, आयुर्वेदमा रुचिकारक, कफपित्तवर्धक र तृष्णानाशक भनी बताइएको वनस्पति फलविशेष; करौँदा ।

**करौँत**– ना० [हि० करौत, सं० कर्तनी] काठ चिर्ने काम गरिने, चौकोसमा जडिएको, दाँती भएको, चेप्टो र लामो फलामको पाता; ठूलो आरा । **करौँती**– ना० रेटेर काठ आदि चिर्ने एकापट्टि मुठ जडिएको एक किसिमको दाँतीदार फलामे हतियार; सानो खालको आरा ।

**करौँते**– ना० [करौँती+ए] १. खस्रा र लामा पात हुने, सेतो फूल फुल्ने, भुइँमा वा पानीमा लहरा फैलने दूबोजातको एक प्रकारको झार; पानीदूबो । २. पात ज्यादै खस्रो हुने सानो खालको एक प्रकारको बाँस । वि० ३. करौँतीजस्तो रेट्ने वा अर्कालाई निर्दयी चालले दुःख दिने स्वभावको; करौँतीजस्तो । ~ **झार**– ना० पातका दुई छेउमा करौँतीका जस्ता मसिना काँढा हुने झार (घाँस) ।

**करौँदा**– ना० [सं० करमर्द] १. ससाना पात, सेतो फूल, साना गोल फल लाग्ने एक प्रकारको काँडे रूख । २. त्यसैको फल; करमर्द । ३. सेतो-रातो मिसिएको अमिलो फल; करञ्ज ।

**कर्क-नु**– अ० क्रि० [कर्के+नु] १. सोझो भएर ठडिनुपर्ने वस्तु (घरको गाह्रो, लिङ्गो, बाँस, खामो आदि) बाङ्गिनु; टेढिनु; कर्के हुनु । २. कसैलाई देखेको नदेख्यै गरी अर्कातिर लाग्नु; बाटो छलेर हिँड्नु ।

**कर्कट**– ना० [सं०] १. बाह्र राशिमध्ये चौथो राशि; कर्क राशि; कर्कट राशि । २. छिपछिपे पानी भईकन ढुङ्ग्यान ठाउँमा बस्ने छ खुट्टाजति भएको र अघिल्तिर केही मोटा, चिम्टे, धारिला, चेपुवाजस्ता दुई नङ्ग्रा हुने एक जलजन्तु; गँगटो । ३. मालसामान जोख्ने तराजुको तेर्सो डाँठको दुवैतिर घुमुर्किएको, पल्ला थाली झुन्डचाइने टुप्पो । ~ **राशि**– ना० कर्कट ।

**कर्कटपाता**– ना० [अङ्० करुगेटेड+पाता] घर छाउने काममा प्रयोग हुने, डिल र खोल्सी वा डाँडी र डोल्सीहरू परेको टिन वा जस्ताको पाता; जस्तापाता ।

**कर्कट रेखा**– ना० [सं०] हे० कर्करेखा ।

**कर्कटशृङ्गी**– ना० [सं०] लाम्चा पात, खैरा रङका लाम्चिला फल फल्ने, अर्को कुनै पनि वृक्षका साथ जोडिएर फस्टाउने एक प्रकारको परजीवी वृक्ष; हिक्का, वायु, अतिसार र रक्तदोषमा हित गर्ने गुण बताइएको त्यसैको फल ।

**कर्कटिका**– ना० [सं०] मानिसको जन्मदेखि जीवनपर्यन्त शरीरका विभिन्न अङ्गमा रहने, कारणवश बढेर उग्र रूप लिएमा ज्यानै जाने सम्भावना पनि हुने मांसकोषको गिर्खा वा ग्रन्थि; अर्बुद ।

**कर्करेखा**– ना० [सं०] भूगोलको विषुवत्रेखा वा भूमध्यरेखादेखि २३½° अंश उत्तरतिर भएको भूमध्यरेखाको समानान्तर रूपमा रहेको कल्पित भौगोलिक रेखा ।

**कर्कली**– ना० [कर्कलो+ई] कर्कलाको लघु रूप; कर्कलो । (**खाऊँ त कर्कली पेट फर्कली, नखाऊँ कर्कली सासू झर्कली** । – उखान ।)

**कर्कलो**– ना० [सं० कर्कालुक] छाताजस्तै ठूलठूला नरम पात हुने, पहेँलो घोगाजस्तो फूल फुल्ने र धेरै सेला भएको कन्द हुने एक बोट; पिँडालुको बोट ।

**कर्कश**– **वि०** [सं०] १. रूखो मिजास भएको; टर्रो स्वभावको । २. लोलोपोतो गर्न नजान्ने; खस्रो । – **ता**– ना० रूखो मिजास; कर्कश हुने भाव वा काम; करकरेपन ।

**कर्काइ**– ना० [√ **कर्क** (+आइ)] कर्कने भाव, क्रिया वा प्रक्रिया । [ > ] **कर्काइनु**– क० क्रि० कर्कन लाइनु; टेढचाइनु; बङ्ग्याइनु । **कर्काउनु**– प्रे० क्रि० १. टेढो पार्नु; बङ्ग्याउनु; मर्काउनु । २. आँखा सन्काउनु । ३. काँक्रो फल आदि करक्क चपाउनु ।

**कर्काउली**– ना० [सं० कर+छोदली] हर्पे, चौँठो आदिबाट घिउ, तेल आदि झिक्ने सानो डाडु; करछुली ।

**कर्काटो**– ना० [सं० कर्कट] चारैतिरबाट बाटुलो रेखा खिच्ने एक साधन; पकोल ।

**कर्कि-नु**– अ० क्रि० [कर्के+इ+नु] कर्के होइनु; टेढिनु; बाङ्गिनु ।

**कर्के**– वि० [सं० करक+ए] १. करकापमा परेको; अठचाडमा परेको; द्विविधा अथवा सन्धिसर्पन आदिले गर्दा किंकर्तव्यविमूढ भएको । २. त्यस्तो प्रकारको स्थितिमा पार्ने (कर्के दाउ, कर्के चाल इ०) । ना० ३. कुस्तीको एक विशेष दाउ (विपक्षीलाई उम्कन नदिने गरी अँठचाउने चाहिँ) । ४. बाङ्गो, छड्के, टेढो ।

**कर्कोटक**– ना० [सं०] पुराणप्रसिद्ध आठ नागमध्ये एक ।

**कर्क्याइ**– ना० [√ **कर्कि** (+आइ)] कर्क्याउने काम वा प्रक्रिया । [ > ] **कर्क्याहट**– ना० कर्किने चाल वा भाव; सोझो स्थितिबाट झुक्ने वा ढल्न खोज्ने स्थिति ।

**कर्क्यौली**– ना० हे० कर्काउली ।

**कर्खा**– ना० १. वीरता तथा वीर पुरुषका प्रशंसा वा सम्झनामा गाइने साहस र वीरता सञ्चारित गर्ने गाथा । २. वीरताको बखान गरिने र त्यस्तै वा थेगो भएको एक प्रकारको नेपाली लोकगीत र लोकगाथा; नेपालका गन्धर्व जातिले कुनै वीर पुरुषका सम्झनामा गाउने प्रसिद्ध गीत वा गाथा । **वाल**– ना० कर्खा

गाउने जाति; वीरपूजक; भाट ।

**कर्चुलो**– ना० एकातिर डाडु र अर्कातिर पन्यूँ भएको वा एकातिर पन्यूँ मात्र भएको, पकाएको वस्तु चलाउने भाँडो ।

**कर्छुली**– ना० [√ करछुली] हर्पे, ठेकी आदिमा राखिएको वस्तु (घिउतेल आदि) झिक्ने अर्थात् घिउतेल सुमर्ने सानो डाडु; कर्क्यौली ।

**कर्जा**– ना० [अ० कर्ज] निश्चित अवधिमा ब्याजसहित वा विनाब्याज फर्काउने गरी अरूबाट लिइएको रकम; रिन; ऋण; सापट । ~ **सुरक्षण**– ना० कसैलाई दिइएको रिन वा सापट नडुबोस् भनी मिलाइने चाँजो; ऋणका रूपमा प्राप्त चल-अचल सम्पत्ति हिनामिना हुन नदिने प्रबन्ध । ~ **सुरक्षण नियम**– ना० ऋण वा धितोको सुरक्षाका लागि सम्बन्धित वित्तीय निकायबाट तर्जुमा गरिएको नियम ।

**कर्ण**– ना० [सं०] १. कान । २. त्रिभुजका समकोणका सामुन्नेको रेखा । ३. पटला वा नाउको गतिलाई हावाद्वारा नियन्त्रित गराउने साधन; पतवार । ४. अविवाहित अवस्थामा कुन्तीबाट जन्मेका महाभारतप्रसिद्ध सूर्यपुत्र । वि० ५. महादानी; अति उदार । – **कटु**– वि० कानले सुन्न पनि अप्ठेरोलाग्दो; सुन्दा अप्रिय लाग्ने; श्रुतिकटु । – **गोचर**– वि० थाहा पाइएको; कानले सुनिएको; जानकारी भएको । – **धार**– ना० १. नाउ वा डुङ्गा खियाएर जीविका गर्ने व्यक्ति; बोटे; माझी; मल्लाह । २. कुनै संस्था वा कार्यालयको मुख्य अधिकारी; प्रमुख शासक । वि० ३. पार लाउने (व्यक्ति); सिपालु; पोख्त । ~ **परम्परा**– ना० १. एक कानबाट अर्को कान र त्यसबाट पनि अर्को कान हुँदै फैलिएर आएको कुरा; मान्छे-मान्छे वा पुस्ता-पुस्ताबाट सुनिँदै आएको खबर; श्रुतिपरम्परा; हल्ला । २. गोप्य राख्न खोजिएको तर कानेखुसी हुँदै झन् फैलिएको कुरोकन्थो । ~ **परीक्षण**– ना० यन्त्रद्वारा गरिने, कानभित्र भएको रोगसम्बन्धी जाँच-पडताल; श्रवणशक्तिको मापन । – **पिशाची**– ना० तन्त्रशास्त्रका अनुसार अदृश्य रूपमा साधकसामु आई कानमा खुसुक्क परोक्ष ज्ञान दिने भनिएको एक देवयोनि । ~ **पीडा**– ना० कान दुख्ने रोग; कानको दुखाइ । – **फुल**– ना० आइमाईले कानको कोपिलामा लगाउने ल्वाङजस्तै आकारको प्रायः सुनबाट बनेको गहना; कानमा पहिरिने फुली । – **भूषण**– ना० प्रायः नारी-जातिले शृङ्गारका लागि कानमा लगाउने गहना (ढुङ्ग्री, टप, मुन्द्री आदि) । – **वेध**– ना० गर्भाधानदेखि लिएर विवाहपर्यन्त गरिने षोडश संस्कारमध्ये कान छेड्ने वैदिक वा तान्त्रिक कर्म । – **शूल**– ना० १. कान दुख्ने रोग; कानको शूल; कर्णपीडा । २. कानको जरामा आउने एक किसिमको खटिरो; काने खटिरो ।

**कर्णाली**– ना० १. पश्चिम नेपालको प्रसिद्ध र ठूलो नदी; कर्नाली । २. सोही नदीका नाममा नामाकरण गरिएको अञ्चल; कर्णाली अञ्चल ।

**कर्णिका**– ना० [सं०] १. कमलको बीचमा रहने ग्रन्थि वा गाँठो; कमलगट्टा । २. कर्णफूल । ३. माझी औँलो ।

**कर्णिकार**– ना० [सं०] ल्वाङका आकारको बास्नादार फूल फुल्ने सानो रूख; कनकचम्पा; काँढे चाँप ।

**कर्णेजप**– वि० [सं०] १. खोजी-खोजी अर्काको चुक्ली लाएर हिँड्ने; मन्त्र जपेजस्तै अरूले नसुन्ने गरी कसैको नराम्रो कुरा अर्काको कानमा सुटुक्क भन्ने; छुल्याहा । ना० २. चुक्ली लगाई हिँड्ने व्यक्ति ।

**कर्णेल**– ना० [अङ्० कोलोनल] मेजरभन्दा माथिल्लो तहको पल्टनिया एक दर्जा; प्रमुख महासेनानी ।

**कर्तन**– ना० [सं०] छुरी, चुलेँसी आदिले काट्ने वा खोल्स्याउने काम; तह मिलाएर केश, नीलकाँडा आदि छाँट्ने काम । > **कर्तनी**– ना० चोर औँलो र बूढी औँलो प्वालभित्र पसालेर अँठ्याउँदा धातु आदिका दुई फग्ल्याँटाको धार जोडिई कपडा, केश आदि काट्न वा छाँट्न मिल्ने, बीचमा सानो चुकुल भएको हतियार; कैँची; कर्तनु । २. चक्कु; छुरा ।

**कर्तरी**– ना० [सं०] हे० कर्तनी ।

**कर्तव्य**– ना० [सं०] १. कुलपरम्परा, नीतिनियम तथा सामाजिक आवश्यकतानुसार गर्नुपर्ने वा अँगालिने काम; गर्न लायक राम्रो आचरण वा क्रियाकलाप । २. नैतिकताविरुद्ध हुने काम; नजाती आचरण; टुना, मोहनी, विषप्रयोग र प्रहार आदिबाट कुनै व्यक्तिको ज्यान लिने दुस्साहस; कालो कर्तुत । (उदा०– काकालाई कर्तव्य गरी मारेको अभियोगमा समरबहादुर पक्राउमा परेको छ ।) ~ **परायण**– वि० कर्तव्यअनुकूल आचरण गर्ने; कर्तव्यनिष्ठ; धर्मपरायण । ~ **पालन**– ना० कर्तव्यअनुसारको व्यवहार; गर्न लायक आचरण वा उचित व्यवहारको पालना । – **ले मरेको**– वि० आफ्नै कालगतिले मरेको नभई अरूकै बदमासी, प्रहार वा विषप्रयोग आदिबाट मरेको; कुनियतबाट ज्यान गएको । > **कर्तव्याकर्तव्य**– ना० सामाजिक-धार्मिक नीति-नियमबमोजिम गर्न हुने र गर्न नहुने काम; उचित र अनुचित आचरण ।

**कर्ता**– वि० [सं०] १. गर्ने । २. बनाउने; रचना गर्ने । ना० ३. कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारकमध्ये पहिलो कारक; क्रियाव्यापारको प्रमुख सञ्चालक; प्रायः प्रथमा विभक्तिद्वारा प्रतिनिधित्व गरिने कारक; कर्तृकारक । ४. ब्रह्मा । ५. ईश्वर । ६. मरेका जन्तुको पोलिएको छाला (प० ने०) । – **धर्ता**– १. कुनै कामकुरामा बढी खट्ने वा प्रमुख रूपमा रहेको व्यक्ति; परिवार, संस्था, विशेष कार्य आदिको मूली व्यक्ति; सर्वेसर्वा । वि० २. कुनै कामकुरो गर्ने वा गर्न सक्ने अधिकार पाएको; हर्ताकर्ता ।

**कर्तार**– वि० [सं० कर्तृ] १. गर्ने; कर्ता । ना० २. ईश्वर ।

**कर्तु**– वि० [सं० कर्तृ] काम गर्ने । ना० २. कर्ता (ईश्वर, ब्रह्मा, शिव, विष्णु, भाग्य इ०) । (उदा०– उनी मानिसको सुखका निम्ति कार्य र कर्तु मिल्नुपर्छ भन्ने विश्वास राख्छन् ।)

**कर्तुत**– ना० [सं० कर्तृत्व] १. योजनाबद्ध तरिकाबाट गरिएको

नराम्रो कार्य; षड्यन्त्र; कर्तव्य । (उदा०– विनाकर्तुत श्याम मरेको होइन भनी डाक्टरहरूले पुलिससमक्ष विवरण पेस गरे ।) २. नराम्रो ढङ्गको काम, बसउठ, बोलीचाली, व्यवहार, चालामाला आदि । (उदा०– उसको कर्तुत देखेर मलाई दिक्क लागिसक्यो ।)

**कर्तृक–** वि० [सं०] कुनै नामको पछि समस्त रूपमा रहेर 'बनाएको' भन्ने अर्थ बुझाउने एक उत्तरपद (ईश्वरकर्तृक, भानुभक्तकर्तृक, स्वकर्तृक इ०) ।

**कर्तृत्व–** ना० [सं०] १. कुनै कार्य गर्ने वा गर्न सक्ने सामर्थ्य; कर्ताको भाव वा धर्म । २. व्याकरणअनुसार कर्ताकारक रहेको स्थिति ।

**कर्तृवर्ग–** ना० [सं०] कार्यकर्ता वा कर्मचारीहरूको समूह ।

**कर्तृवाचक–** वि० [सं०] व्याकरणमा कर्तालाई बुझाउने वा जनाउने (पद वा क्रिया) ।

**कर्तृवाच्य–** ना० [सं०] व्याकरणको नियमअनुसार क्रियाव्यापारले प्रत्यक्ष रूपमा कर्तापदलाई सङ्केत गर्ने वाच्य । (जस्तो– 'राम पुस्तक पढ्छ' यो कर्तृवाच्य हो) ।

**कर्द–** ना० [सं० कर्तनी] चक्कुजस्तो नमोडिने सानो हतियार; चक्कुका आकारको सानो हतियार । (**खुकुरीभन्दा कर्द लाग्ने, बाबुभन्दा छोरो जान्ने ।** – उखान ।)

**कर्दम–** ना० [सं०] १. हिलो । २. मयल; कसर । ३. स्वयम्भू मन्वन्तरका एक प्रसिद्ध प्रजापति ।

**कर्नाल–** ना० [अ० करनाम] नर्सिङ्गाझैँ नघुमेको तर आकारप्रकारमा उत्तिकै वा अझ धेरै ठूलो, फुक्ने ठाउँमा झीनो अनि बज्ने ठाउँमा लाउडस्पिकरको ढ्वाङ्झैँ फुकेको मुख हुने बीचमा भाँच्न मिल्ने एक धात्विक बाजा; भ्वाँकुरु ।

**कर्नाली–** ना० पश्चिम नेपालको प्रसिद्ध र ठूलो नदी; कर्णाली (भारतभूमिमा पुगेपछि यो घाघरा र सरयूको नामले प्रसिद्ध हुन्छ) । – **अञ्चल–** ना० यस नामको अञ्चल; कर्णाली अञ्चल ।

**कर्नास–** ना० फुसको वा जस्ताको छानो अडचाउन घरको माथिल्लो भागमा केही बाहिर झिकिएको काठको डन्डी; बतासी । > **कर्नासी–** ना० कर्नास ।

**कर्नी–** ना० [करनी < सं० करण] १. हे० करणी; करनी । २. बाँस खुर्कने खुर्पो; पसनी ।

**कर्पन–** ना० न्यायालयमा तिरिने एक प्रकारको पुरानो दस्तुर ।

**कर्पर–** ना० [सं०] घिउतेलमा रोटी पकाउन आगामा बसालिने ठूलो बाटा; कराही । २. खप्पर, कपाल । ३. दही राख्ने माटाको आरी; कहतारो ।

**कर्पोरेसन–** ना० [अङ्०] कुनै उद्देश्यको पूर्तिका लागि साझेदारी वा अर्धसरकारी संस्थाका रूपमा सञ्चालित सङ्गठन; निगम; संस्थान ।

**कर्फ्यु–** ना० [अङ्० कर्फ्यू] सामूहिक रूपमा हिँड्न, जुलुस, नारा लगाउन र सभाबैठक आदि गर्न सरकारका तर्फबाट गरिने निषेधाज्ञा; जहाँ पुगिएको छ त्यहीँ टक्क रोकिई हिँड्न नपाइने स्थिति ।

**कर्म–** ना० [सं०] १. काम; कार्य । २. भाग्य; तकदिर; प्रारब्ध । ३. वैदिक वा लौकिक संस्कार; व्रतबन्ध, विवाह आदि संस्कार । ४. व्याकरणमा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरणमध्ये दोस्रो कारक; प्रायः द्वितीया विभक्तिद्वारा प्रतिनिधित्व गरिने कारक; कर्मकारक । ५. अङ्गुल वा मात्राको छ गुनाबराबरको नापो; करपाद, अङ्ग वा रसबराबरको परिमाण; छ अङ्गुल । – **कर–** ना० १. नोकर; दास; कमारो; टहलुवा । २. मजदुर; श्रमजीवी । – **कार–** ना० १. फलाम, सुन, आदिको काम गर्ने कालिगढ । २. दास, करिया । – **काण्ड–** ना० १. गृहस्थीले गर्नुपर्ने नित्य-नैमित्तिक र वैदिक तथा लौकिक कर्मसमूह । २. षोडशसंस्कारको विधिविधान उल्लेख भएको हिन्दू शास्त्र; विवाह-व्रतबन्ध । ३. जन्ममृत्यु आदि कर्मको विवेचन गरिएको वेदको एक खण्ड वा भाग । – **काण्डी–** वि० कर्मकाण्ड गर्ने वा गराउने (व्यक्ति) । ~ **क्षेत्र–** ना० १. काम गर्ने ठाउँ; कार्यक्षेत्र; कर्मभूमि । २. संसार **।** – **चण्डाल–** वि० १. चण्डालको जस्तो नीच आचरण गर्ने; कर्मद्वारा चण्डालजस्तो भएको । ना० २. खराब काम गर्ने व्यक्ति, माथिल्लो जात वा संस्कारमा जन्मेर पनि शूद्रवत् आचरण गर्ने नीच व्यक्ति । – **चाण्डाल–** ना० कर्मचण्डाल ।

**कर्मचारी–** वि० [सं०] १. अह्राएखटाएको काम गर्ने (व्यक्ति); कर्मिष्ठ । ना० २. सरकारी ओहदामा रहेको व्यक्ति; तलब खाएर काम गर्ने व्यक्ति; कामदार; कारिन्दा । ~ **तन्त्र–** ना० कर्मचारीहरूबाट सञ्चालित शासनप्रणाली; नोकरशाही तन्त्र । ~ **प्रशासन–** ना० आफ्ना मातहतका कर्मचारीहरूको सरुवाबढुवा र निवृत्ति आदिका व्यवस्थाको रेखदेखका साथै त्यस्तो काम गर्ने प्रणाली । – **प्रशासन शाखा–** ना० कर्मचारीको नियुक्ति वा कार्यसम्बन्धी व्यवस्था, विवरण आदि राख्ने, हेर्ने सरकारी वा गैरसरकारी निकाय । – **वृन्द–** ना० कर्मचारीहरूको समूह ।

**कर्मठ–** वि० [सं०] १. कुनै पनि काम दत्तचित्त भएर गर्ने; सधैँभरि ज्यान दिएर काममा लागिरहने; सक्रिय । २. खट्न, काम गर्नमा सिपालु वा पोख्त; कार्यकुशल ।

**कर्मणा–** क्रि० वि० [सं०] कामअनुसार; कामले । (उदा०– मनसा, वाचा, कर्मणा सबैको हित चिताउनु हाम्रो कर्तव्य हो ।)

**कर्मण्य–** वि० [सं०] राम्रो र असल काममा दिलोज्यान दिएर खट्ने; कर्मनिष्ठ । – **ता–** कर्मण्य हुनाको भाव; कार्यतत्परता ।

**कर्मधारय–** ना० [सं०] विशेषण र विशेष्यको समास भई प्रायः उत्तरपदको अर्थ प्रधान हुने एक समास (भलादमी, लालमोहर आदि ।) ।

**कर्मनिष्ठ–** वि० [सं०] १. कुनै पनि काममा आत्मविश्वासका साथ लगनशील भई लाग्ने वा खट्ने; कर्मठ । २. नियमबमोजिम धार्मिक अनुष्ठान गर्ने; कर्मकाण्डी ।

**कर्मपात्र–** ना० [सं०] पूजाआजा, यज्ञ, होम आदि धार्मिक कार्यमा

सङ्कल्प, विनियोग आदिका लागि मन्त्रपूर्वक कुश, जौ, तिल, अक्षता, जल, फूल आदि मिलाएर राखिएको भाँडो (तमौरा, अर्घ, दुना, कचौरा आदि ।); तिलानी ।

**कर्मप्रधान–** वि० [सं०] व्याकरणअनुसार क्रियाद्वारा कर्मवत् भई क्रियाको लिङ्ग, वचन पनि कर्मकै अनुसार रहने (प्रक्रिया, वाक्य इ०) ।

**कर्मफल–** ना० [सं०] सनातन धर्म वा धारणाअनुसार पूर्वजन्ममा गरिएको मानिने कर्महरूको फल वा जन्मजन्मान्तरको संस्कारबाट वर्तमान जुनीसम्म आएको शुभ वा अशुभ भोगभाग्य वा प्रारब्धको परिणाम ।

**कर्मभूमि–** ना० [सं०] धार्मिक मान्यताअनुसार यज्ञ, तप, अनुष्ठान आदि धार्मिक कर्म गर्नाका निम्तिको उचित भूमि; आर्यावर्त । (पुराणहरूले भारतवर्षलाई कर्मभूमि भनेका छन्) । २. काम गर्ने स्थान; कर्मक्षेत्र । ३. संसार ।

**कर्मभोग–** ना० [सं०] जन्मजन्मान्तरको शुभाशुभ कर्मको भोग; कर्मफलअनुसार पाइने सुखदुःख ।

**कर्ममार्ग–** ना० [सं०] १. वैदिक कर्मकाण्डका माध्यमबाट ईश्वरका सान्निध्यसम्म पुग्ने बाटो; यज्ञ, पूजा आदि धार्मिक अनुष्ठान । (ज्ञानमार्गभन्दा कर्ममार्गबाट सजिलै ईश्वरछेउ पुग्न सकिन्छ भनिन्छ ।) २. भौतिक शरीरलाई धर्मको साधन सम्झेर रातदिन धार्मिक अनुष्ठान गरी परलोक सुधार्ने पद्धति; कर्मयोग ।

**कर्मयोग–** ना० [सं०] १. चित्तशुद्धि गर्ने शास्त्रविहित कर्म । २. सफलता र विफलताको वास्ता नराखी समान भावले गरिने शुभ कार्य; कुलपरम्परा र शास्त्रीय विधिविधानअनुसार कर्तव्य सम्झी गरिने आचरण । (गीतामा ज्ञानयोग, कर्मयोग र भक्तियोगको राम्रो वर्णन छ ।) >**कर्मयोगी–** वि० १. कर्मयोगमा विश्वास राख्ने; परिणामनिरपेक्ष भएर कर्तव्यमा सरिक हुने । २. निष्ठापूर्वक काममा लाग्ने ।

**कर्मरेखा–** ना० [सं०] पूर्वजन्मको शुभअशुभ कर्मअनुसार बनेको वा भाग्यसूचक मानिने शरीरका अङ्ग ( हात, पैताला आदि)-मा कोरिएका रेखा वा धर्का; हस्तरेखा ।

**कर्मवाच्य–** ना० [सं०] १. व्याकरणअनुसार तीन वाच्य कर्तृ, कर्म र भावमध्ये एक; वाक्यको बनोटमा क्रियाद्वारा प्रत्यक्षतः कर्म सम्बन्धित हुने पदयोजना । २. कर्म मुख्य भई कर्मअनुसार क्रियापद हुने समासविशेष ।

**कर्मवाद–** ना० [सं०] दर्शनशास्त्रअनुसार शुभ वा अशुभ कर्मको फल अवश्य भोग्नुपर्छ भन्ने सिद्धान्त; कर्ममा विश्वास गर्ने वाद । > **कर्मवादी–** वि० कर्मवादमा विश्वास राख्ने; कर्मवादको अनुयायी ।

**कर्मविपाक–** ना० [सं०] १. पूर्वजन्ममा गरिएका शुभ र अशुभ कर्मअनुसार भएको मानिने असल वा खराब फल । २. जन्म-जन्मान्तरका संस्कारको भोगाइ ।

**कर्मवीर–** वि० [सं०] १. साहसिलो वा उल्लेखनीय काम गर्नाले वीर कहलाएको; काममा साह्रै खट्ने । २. कुनै विघ्नबाधाको परवाह नगरी कर्तव्यपालनमा अटल रहने । ३. परोपकारको भावनाले निःस्वार्थ काम गर्ने ।

**कर्महीन–** वि० [सं०] १. लोकव्यवहार र परम्पराअनुसार गर्नुपर्ने नित्यनैमित्तिक कर्मबाट च्युत भएको । २. काम नगर्ने, अकर्मण्य । ३. भाग्य नभएको; अभागी । – **ता–** ना० कर्तव्य तथा कर्मबाट पछि हट्ने बानी ।

**कर्मा–** ना० १. बाटुलो आकारको पात र पहेँलो काठ हुने एक वृक्ष; करम । २. कर्माचार्यको छोटो रूप ।

**कर्माश्रित कामकला–** ना० [सं०] कामशास्त्रमा उल्लिखित चारप्रकारका कामकलामध्ये नृत्य, सङ्गीत, वाद्य आदिमा आश्रित कामकला ।

**कर्मिष्ठ–** वि० [सं०] १. हिन्दूशास्त्रका अनुसार कर्मकाण्डी; वैदिक-तान्त्रिक अनुष्ठानमा लागिपर्ने । २. काममा लगन भएको; कर्मठ ।

**कर्मी–** वि० [सं०] १. काठ, इँट, ढुङ्गा आदि वस्तुद्वारा कुनै चीजको निर्माण गर्ने । २. दत्तचित्त भएर काममा खट्ने; कर्मठ । ना० ३. काठ, ढुङ्गा, वज्र आदिको काम गर्ने व्यक्ति; कालिगड ।

**कर्मु–** ना० [गुरुङ] गुरुङजातिमा महिलाले फिला छोप्ने गरी लर्काएर कम्मरमा बाँध्ने कपडा; ताम्लो ।

**कर्मेन्द्रिय–** ना० [सं०] बाह्य क्षेत्रमा काम गर्ने मुख्य इन्द्रिय; मुख, हात, गोडा, गुदद्वार र उपस्थ– यी पाँच इन्द्रिय ।

**कर्‍याँसो–** ना० हे० करेँसो ।

**क्याककुरुक–** ना० [अ० मू० क्याक्+अ (द्वि०)] १. कुनै दह्रो, फुरिएको वा सुकेको काठ आदि भाँचिँदा आउने वा सुनिने आवाज; मच्याकमुरुक । २. यताउति फैलिएको फुरो वस्तुलाई एकै ठाउँमा समेटी पोको पार्दा निस्कने शब्द । क्रि० वि० ३. सुकेको वा फुरिएको काठ आदि भाँचिँदा आवाज सुनिने किसिमले ।

**क्याक्क–** क्रि० वि० [अ० मू० क्याक्+क] दह्रो काठ आदि एकै चोटि भाँच्दा वा भाँचिँदा आवाज सुनिने गरी; करक्क; मच्याक्क ।

**क्याङकुरुङ–** ना० [सं० कुरङ्कर] हाँसको जस्तो टाउको र ठुँडो भई बाँकी शरीर कुखुराको जस्तो हुने, घाँटी सेतो र अरू भाग कालो हुने तथा जलाशयमा रहने एक जातको चरो; क्रौञ्च पक्षी ।

**क्याप्प–** क्रि० वि० [अ० मू० क्याप्+प] १. दह्रो काठ आदि भाँचिँदा आवाज आउने किसिमले; क्याक्क । २. उम्कन नपाउने गरी समाउने ढङ्गमा; चाल नपाउने गरी एक्कासि पक्रने किसिमसँग; च्याप्प ।

**क्यामकुरुम–** ना० [अ० मू० क्याम्+अ (द्वि०)] १. फुरिएको वस्तु समाउँदा वा चपाउँदा भाँचिएर आउने आवाज । क्रि० वि० २. फुरिएको खाद्य वस्तु चपाउँदा आवाज निस्कने गरी; कुनै खाद्य पदार्थ चपाएर खाइसक्ने चालमा ।

**क्याम्म–** क्रि० वि० [अ० मू० क्याम्+म] १. दह्रो वस्तु भाँचिने

वा भाँचिँदा आवाज आउने चालमा; कऱ्याक्क । २. साह्रो वस्तु चपाउने ढङ्गले; मऱ्याक्क ।

**करौं**– वि० १. नरम वा गिलो नभएको; कडा; साह्रो खालको; रूखो । (उदा०– कान्छीको लोग्ने करौं रहेछ, यसैले उनले घर खान सकिनन्) ।

**कर्ष**– ना० [सं०] १. तान्ने काम; घिच्च्याइ । २. जोत्ने वा खन्ने काम । ३. सोह्र मासाबराबरको तौल । ४. भूमिव्यवस्थामा रोपनीको चार खण्डको एक खण्ड । ५. प्राचीन मुद्राको एक प्रकार । > **कर्षक**– वि० १. तान्ने; घिच्च्याउने । ना० २. खनजोत गर्ने व्यक्ति; खेतीवाल; किसान; कृषक । **कर्षण**– ना० १. तान्ने काम; घिच्च्याइ । २. खनजोत गरी बाली लगाउने काम । ३. ताछ्ने वा खुर्कने काम ।

**कल**१– ना० [सं० कला] धेरै पुर्जा जोडेर बनाइएको विभिन्न कामका लागि प्रयोग गरिने साधन; यन्त्र; मेसिन (धान कुट्ने कल, तेल पिँध्ने कल, लुगा सिउने कल, गन्जी बुन्ने कल इ०) ।

**कल**२– ना० [सं० कलह] कलह; बाझाबाझ ।

**कल**३– ना० [अङ्०] टेलिफोनबाट हुने वा गरिने कुराकानीका निम्तिको बोलावट वा खबर ।

**कल**४– ना० [सं०] १. मानसिक सन्तुष्टि; आन्तरिक शान्ति । २. मन; इच्छा । वि० ३. अर्थ नबुझिए पनि सुनिरहूँजस्तो मीठो र सुरिलो (कलरव, कलस्वर, कलध्वनि इ० ।) । – **कण्ठ**– वि० १. मीठो स्वर भएको; सुरिलो स्वरको । (उदा०– **सुनिन्छ मीठो कलकण्ठ गौरव ।** – लेखनाथ) । २. कोइली; कोकिल । ३. हाँस ४. परेवा ।

**कलककलक**– क्रि० वि० [अ० मू० कलक्+अ (द्वि०)] चर्को तिर्खा मेट्न भाँडाबाट धारा छुटाई घाँटी उँभो लाएर पानी खाँदा आवाज निस्कने किसिमले; कलकली ।

**कलकल**– ना० [अ० मू० कल्+अ० (द्वि०)] १. कुलो, सोतो आदिको पानी बग्दा आउने मधुर शब्द । २. चराचुरुङ्गीको मधुर आवाज । ३. धेरै मानिस एकै चोटि बोल्दा सुनिने अस्पष्ट ध्वनि । ४. हे० कलककलक । > **कलकलाइ**– ना० १. कलकल गर्ने किसिम (पानीको आवाज, चराको बोली आदि) । २. कलिलोपन; पालुवा लागेको अवस्था । **कलकलाइनु**– अ० क्रि० १. कलकल शब्द गर्दै बगिनु । २. कलिलो होइनु । **कलकलाउँदो/कलकलाउँदी**– वि० १.कलकल शब्द निकाल्ने (नदी, झरना आदि) (**कलकलाउँदी, दूरमा नदी**– देवकोटा)। २. भर्खर मुना पलाएको वा पालुवा चढेको; कमलो (रूखपात, लहरा इ०) । ३. भर्खर बैंस चढ्न लागेको; लर्के (केटो, उमेर इ०) । **कलकलाउनु**– अ० क्रि० १. कलकल शब्द गर्दै पानी बग्नु । २. कलिलो, हलक्क बढेको र हेर्दा राम्रो देखिने हुनु । **कलकलाहट**– ना० कलकल हुने किसिम वा अवस्था । **कलकलिनु**– क० क्रि० कलकलाउने होइनु । **कलकली**– ना० १. अम्खोरा, करुवा आदिबाट ठाडो घाँटी लगाएर पानी खाँदा आउने शब्द । क्रि० वि० २. केही खाऊँ वा पिऊँजस्तै भई भोक वा तिर्खा लाग्ने किसिमसँग । ३. उँभो घाँटी लाएर पानी खाँदा शब्द आउने चालमा; कलककलक । **कलकले**– ना० सेतो घाँटी हुने खालको एक जातको चरो ।

**कलघट्ट**– ना० [कल+घट्ट] पीठो आदि पिँध्ने घट्ट ।

**कलघर**– ना० [कल+घर] १. कलपुर्जाहरू सँभालेर राखिने घर, यन्त्रशाला । २. धान कुट्ने, तेल पेल्ने, पीठो पिँध्ने यन्त्र आदि राखिएको घर वा कोठा ।

**कलङ्क**– ना० [सं०] १. कुनै वस्तुमा नसुहाउने किसिमले रहेको दाग वा टाटो । २. कुनै नराम्रो कामबाट लाग्ने दोष; कसुर । ३. दुष्कीर्ति; लाञ्छना; अपवाद; अपजस । > **कलङ्कित**– वि० कलङ्क लागेको; दागी । **कलङ्की**– वि० १. कलङ्क भएको; दाग देखिएको; खोट लागेको; खोटी । २. चन्द्रमा ।

**कलचौंडो**– वि० [कालो+हि० चमडा] कालो रोगन भएको; कालो वर्णको ।

**कलजिभ्रे**– वि० [कालो+जिभ्रे] १. कालो जिभ्रो भएको । २. बोक्सो (व्यक्ति) । ना० ३. दुर्वचन बोल्ने मानिस; कटु वाक्य प्रयोग गर्ने व्यक्ति ।

**कल झगडा**– ना० १. आफुसमा बाझ्नेजुध्ने काम; दुई विपक्षीका बीचको आरोप-प्रत्यारोप; गालीगलौजले भरिएको भनाभन । २. परस्पर देखिने वैमनस्य ।

**कलत्र**– ना० [सं०] १. स्वास्नी; पत्नी; गृहिणी । २. नितम्ब; कटिभन्दा पछाडिको भाग; पुट्ठा ।

**कलधारा**– ना० [कल+धारा ] मुहानबाट पाइपद्वारा ल्याइएको पानी खोल्न र बन्द गर्न हुने प्रायः धातुको टुटी जडिएको पानीको धारा ।

**कलन**– ना० [सं०] १. छरिएको वस्तु वा विषयलाई समेटेर एक ठाउँ भेला पार्ने काम; जम्मा । २. साजसज्जा; शृङ्गार; सजावट । ३. लाउने काम; धारण ।

**कलना**– ना० [सं०] १. ज्ञान; विवेक । २. निर्माण; संरचना । ३. कल्पना । ४. स्वरसंयोजन । ५. विचार; आशय; अनुभूति ।

**कलनाद**– वि० [सं०] १. सुरिलो र मीठो स्वर भएको । ना० २. सुनिरहूँजस्तो सुरिलो आवाज; श्रुतिमधुर ध्वनि ।

**कलनासो**– ना० भित्र तालुनजिकै झुन्डिएको मासुको टुक्रो; नासिक्य ध्वनि निकाल्न मद्दत गर्ने उच्चारणअवयव ।

**कलप**– ना० [सं० कल्प] १. फुलेका केश र जुँगा आदि कालो पार्ने औषधी, खिजाब; केशकल्प । २. कपडा दह्रो पार्नका लागि लगाइने माड । ३. गजुर, औंठी र अन्य धातुमा माथिबाट चढाइने जलप; पाइन ।

**कल पर्नु**– अ० क्रि०/ट० मन पर्नु; चाखलाग्दो हुनु ।

**कलबिख**– ना० [कालो+बिख] १. कर्कलाका आकारको लाम्चो पात हुने, नीलो फूल फुल्ने र कालो फल लाग्ने बिखालु एक वनस्पति । वि० २. खानै नसकिने खालको तीतो; ज्यादै तीतो ।

**कलभ–** ना० [सं०] १. हात्तीको बच्चो; छावा । २. उँटको बच्चो; उल्लू ।

**कलभर्ट–** ना० [अङ्०] खोल्साखाल्सीमा ह्युम पाइप जडी वा ढलान गरी बनाइएको पानी जाने ढल; सानो खालको पुल; पुलेसो ।

**कलम१–** ना० [अङ्० कालम] १. स्याहा-स्रेस्तामा जनाइएका रकमहरूको कित्ता वा खण्ड । २. पत्रपत्रिका वा पुस्तकका पानाका हरफहरूको ठाडो लहर; स्तम्भ ।

**कलम२**-ना० [अ०] १. जमिनमा वा अर्को रूखमा सार्नका लागि कुनै रूखको हाँगो काट्ने काम; हाँगालाई बिरुवाका रूपमा परिणत गर्ने विधि; बिरुवा, हाँगा आदिबाट सर्ने बिरुवा निकाल्ने वा छाँट्ने काम ।

**कलम३–** ना० [सं०] १. बाँस, निगालो वा धातुबाट बनेको लेख्ने साधन; लेखनी । २. धानको नलजस्तो भित्र प्वाल परेको डाँठ हुने सानो बाँस; एक जातको निगालो, सर । ३. असारमा रोपेर मङ्सिरमा पाक्ने एक जातको धान । ४. तस्वीर बनाउने हाते कूची; चित्र लेख्ने साधन । **– जीवी–** वि० १. कलमकै भरमा परिश्रम गरेर जीविका चलाउने; लेखनवृत्तिका आडमा बाँच्ने; लेखक । **– दान/दानी–** ना० कलमको सुरक्षाका लागि टुप्पोपट्टिबाट घुसार्ने ढुङ्ग्रोको आकारको भाँडो; कलमदाप । **– दाप–** ना० कलमदान/कलमदानी । **– नाम–** ना० सामान्य व्यवहारमा चल्ती गरिनेभन्दा भिन्न नाम; लेखरचनामा कहिलेकाहीँ प्रयोग गरिने छद्मनाम; फुल नाम; उपनाम; । **– बाज–** वि० १. लेख्ने पेसा अँगालेको; कलमजीवी । २. वादी-प्रतिवादी लेख्न र स्याहास्रेस्ता मिलाउनमा पोख्त । **~हडताल–** ना० सम्बन्धित उच्च निकायका सामु आफ्ना मागहरू राखी कर्मचारीहरूले कार्यालयमा हाजिर भएर पनि तोकिएको काम नगर्ने एक प्रकारको हडताल; हाजिर भएर पनि लेखपढको काम नगर्ने जिद्दी ।

**कलमी–** वि० [कलम+ई] १. कलम काटेर सारेको; कलम बनाइएको । २. कलम सारेको बोटमा फलेको । ३. हाँगा काटेर वा छाँटेर सारिएको (फलफूल आदि) । ४. लेख्न जान्ने; कलमजीवी । **~सोडा–** ना० सुँगुरको मूतबाट बन्ने एक प्रकारको सोडा; विस्फोटक पदार्थ बनाउन सकिने र औषधीमा पनि प्रयोग गरिने सोडा ।

**कलमुखा–** वि० [कालो+मुख] १. कालो अनुहार भएको; अँध्यारमुखे; घोसे । २. मुखाले; दुर्मुखा ।

**कलर–** ना० [अङ्०] १. कोट, कमिज आदिको घाँटीमा फर्काइने कठालो । २. कुकुरको घाँटीमा बाँध्ने छाला आदिको पेटी ।

**कलरव–** ना० [सं०] १. मीठो र सुरिलो आवाज; कोमल र मधुर ध्वनि । २. परेवाहरूको सामूहिक आवाज ।

**कलल–** ना० [सं०] गर्भाशयभित्र प्रविष्ट शुक्र र रजको सम्मिश्रण हुने थलथले अवस्थाको गर्भ वा भ्रूण; पहिलो रातको गर्भ ।

**कलवार–** ना० [प्रा० कल्लवाल < सं० कल्यपाल] १. नेपालको तराई भागमा रहने एक जाति । २. रक्सी पार्ने र बेच्ने मानिस; भट्टीवाल । स्त्री० कलवार्नी ।

**कलश–** ना० [सं०] १. बिहानबेलुका पानी भरेर राखिने जलपात्र; गाग्रो; घैँटो । २. पूजाआजामा वरुण, नवग्रह आदि देवताको आवाहन गर्न स्थापना गरिने जलपूर्ण घडा; तामाको जलपात्र । ३. मन्दिरको गजुर । ४. विवाहमा सगुनका निम्ति अघि लाएर हिँडाइने, विशेष सजिसजाउ पारिएको, मन्दिरका आकारको मङ्गलपात्र ।

**कलसाउँदो/कलसौँदो–** वि० [√ कलचौँडो] अनुहारमा अलि-अलि कालो रोगन भएको; कालो अनुहारको; कालोकालो वर्णको जीउ भएको ।

**कलस्यौली–** ना० [कलश+यौली] विवाह आदि मङ्गलकार्यमा सगुनका रूपमा विशेष किसिमले सजाइएको कलश बोकेर जन्तीमा बेहुला-बेहुलीका अगाडि हिँड्ने कन्या वा सधवा स्त्री ।

**कलहंस–** ना० [सं०] १. मानसरोवर आदि तलाउमा मधुर आवाज निकाल्दै खेल्ने हाँस; रजहाँस; राजहंश । २. हाँस ।

**कलह–** ना० [सं०] पक्ष-विपक्षका बीच कुनै कुरा वा विषयमा हुने भनाभन; परस्परको भनावैरी; बाझाबाझ । **– प्रिय–** वि० झगडा गर्ने स्वभावको; झगडालु । > **कलहान्तरिता–** ना० पहिले कलहद्वारा पतिको अवहेलना गरेर पछि पछुताउने नायिका; नायिकाका दस भेदमध्ये एक । **कलही–** वि० झगडा गर्ने स्वभावको; बाझ्ने; कलहप्रिय ।

**कलाँट–** ना० [अङ्० क्ल्यारिनेट] प्रायः विवाह आदि मङ्गलकार्यमा बजाइने सनईजस्तो एक बाजा ।

**कला–** ना० [सं०] १. कुनै पनि काम राम्रोसित गर्ने सीप, कौशल आदि व्यवहारोपयोगी चौसट्ठी कला । [जस्तै– गायन, वादन, नर्तन, नाटच, चित्रकारी, विशेषकच्छेद्य (टीकाटाला गर्नु), तण्डुलकुसुमावलि (चामलका दानाले फूलबुट्टा बनाउनु), पुष्पास्तरण (फूलैफूलको शृङ्गार रच्नु), अङ्गराग (बुकुवा, पाउडर आदि लगाउनु), मणिभूमिका-कर्म (घर सजाउनु), शयनरचना (बिछ्याउना सजाउनु), उदकवाद्य (जलतरङ्ग बजाउनु), उदकाघात (पचका हान्नु), चित्रायोग (उमेर वा अवस्था-परिवर्तन), माल्यग्रन्थन (माला गाँस्नु), केशशेखरापीड (कपालमा फूल सजाउनु), नेपथ्ययोग (पोसाक फेर्नु), कर्णपत्रभङ्ग (ढुङ्ग्री, काँटा आदि लगाउनु), गन्धयुक्ति (अत्तर आदि लगाउनु), अलङ्कार-योग (गहना पहिरनु), ऐन्द्रजाल (चटक गर्नु), कौचुमार-योग (रूपरचना), हस्तलाघव (हल्का हातले चाँडो काम गर्नु), सूपकर्म (खाना पकाउने काम), पानकादि भोजन (सर्बत आदि बनाउनु), सूचिकर्म (सिलाइको काम), सूत्रक्रिया (धागो, बत्ती आदि काल्नु), वीणा-डमरुवाद्य (सितार, तबला आदि बजाउनु), प्रहेलिका (जान्ने-गाउँखाने कविता, कथा रच्नु), प्रतिमाला (अन्त्याक्षरी मिलाएर श्लोक भन्नु), दुर्वाचक-योग (कठिन पदहरूको अर्थ गर्नु), पुस्तक-

वाचन (राम्रोसित पुस्तक पढ्नु), नाटचकला (हाउभाउ झिकेर नाटकहरू खेल्नुखेलाउनु), समस्यापूर्ति (एक पाउमा अरू पाउ थपेर श्लोक पूरा गर्नु), पट्टिकाबाण-विकल्प (मेच, कुर्सी आदि बनाउनु), तक्षकर्म (काठको मरमती काम), तक्षण (सिकर्मी काम), वास्तुकर्म (घर आदि बनाउने काम), रूप्यरत्न-परीक्षा (सुन-चाँदीको काम), धातुकर्म, मणिराग-ज्ञान (जुहारती काम), आकरज्ञान (खनिजविद्या), वृक्षायुर्वेद-योग (बगैँचा बनाउने काम), सजीवद्यूत (चरा, भेडा आदि लडाउने काम), शुकसारिका-प्रलापन (सुगा-मैना पालेर पढाउनु), उत्सादन (तेल मालिस गर्ने काम), अक्षरमुष्टिका कथन (साङ्केतिक शब्द वा अक्षरबाट कुरा गर्नु), स्लेच्छितविकल्प (विदेशी भाषाहरू जान्नु), देशभाषा-ज्ञान (देशका विभिन्न भाषा जान्नु), पुष्पशकटिका निमित्तज्ञान (प्राकृतिक लक्षणद्वारा शुभाशुभ कुरा जान्नु), यन्त्रमातृका (जन्तरमन्तर गर्नु), धारणमातृका (रक्षाबुटी बाँध्ने काम), सम्पाठच (अर्काले पढेको सुनेर त्यस्तै पढ्नु), मानसी-काव्यक्रिया (कविता, काव्य आदि रच्दै सुनाउनु), अभिधानकोश-छन्दोज्ञान (शब्दकोश र छन्दका लयहरू जान्नु), क्रियाविकल्प (क्रियाको प्रभाव बदल्नु) छलितयोग (ठगी वा ऐयारी गर्नु), वस्त्रगोपन (लत्ताकपडाको हिफाजत), द्यूतक्रीडा (जुवा), आकर्षकक्रीडा (पासा, बुद्धिचाल आदि खेल), बालक्रीडन (केटाकेटीको खेल), वैनायिकी (नम्रता, शिष्टाचार), वैतालिकी (हात्ती-घोडा आदि सधाउनु), वैजयिकी (लडाइँ, कुस्ती, कसरत आदि)] । २. वास्तु, मूर्ति, चित्र, सङ्गीत, साहित्य आदि ललित कला वा विद्या । ३. कुनै काम प्रशंसित तथा आकर्षक रूपमा गर्ने ढङ्ग; जुक्ति । ४. तेज; प्रभाव । ५. शोभा । ६. इन्द्रजाली वा चटकीको काम । ७. खेलबाड । ८. चन्द्रकलाको सोह्रौँ भाग । ९. सूर्यका प्रकाशको बाह्रौँ भाग । १०. अग्निमण्डलको दसौँ भाग । ११. छल । १२. राशिको तीसौँ भागको साठीयौँ भागको पनि साठीयौँ भाग । १३. अनुभव तथा ज्ञानका आधारमा सम्बद्ध सिद्धान्तलाई ध्यानमा राख्तै कुनै काम नियमित रूपमा गर्ने वा कृति प्रस्तुत गर्ने कौशल । १४. मानिसको जीवननिर्वाह तथा उच्च कोटिको ज्ञानप्राप्तिका निम्ति योग्य बनाउने अध्ययन तथा अनुशीलनको एक अङ्ग वा महत्त्वपूर्ण क्षेत्र (तुल० अङ्० आर्ट्स्) । १५. वास्तु वा मूर्तिकलामा दुई मात्राबराबरको नाप; दुई अङ्गुलबराबरको परिमाण ।

**कलाकार–** वि० [सं०] १. कुनै कलाको ज्ञाता; वास्तु, मूर्ति, चित्र, सङ्गीत आदि कुनै कलाकृतिको निर्माण गर्ने; कलापूर्ण काम गर्ने । ना० २. कुनै पनि कलापूर्ण काम गर्ने वा कलात्मक सीप देखाउने व्यक्ति ( साहित्यकार, सङ्गीतकार, मूर्तिकार, शिल्पकार, नृत्यकार, अभिनेता इ०) । > **कलाकारिता–** ना० कलापूर्ण ढङ्गले सजाउने काम; रङ्गरोगन भरेर सिँगारपटार गर्ने प्रविधि । (उदा०– पाटनको कृष्णमन्दिरमा मल्लकालीन कलाकरिताको राम्रो नमुना देखिन्छ) ।

**कलाकुशल–** वि० [सं०] कलाका विषयमा पोख्त; कलामा निपुण ।

**कलाकृति–** ना० [सं०] कलाकारद्वारा निर्मित रचना, कालिगडीको शिल्प, कलाकारका चित्र ।

**कलाकौशल–** ना० [सं०] १. कलाक्षेत्रमा प्राप्त गरेको सीप; कलामा निपुणता । २. कालिगडी; सीप; शिल्प ।

**कलाजीवी–** वि० [सं०] कलाको क्षेत्रमा काम गरेर जीविका चलाउने; आफ्नै सीपबाट आर्जेको सम्पत्तिले जीवननिर्वाह गर्ने ।

**कलात्मक–** वि० [सं०] कलापूर्ण ढङ्गले सजाइएको; कालिगडी भरिएको; आकर्षक । **– ता–** ना० कलात्मक हुनाको भाव, गुण वा अवस्था ।

**कलाधर–** ना० [सं०] १. चन्द्रमा । २. महादेव; शिव । ३. कलाविशेषज्ञ, कलाविद् ।

**कलानिधि–** ना० [सं०] चन्द्रमा ।

**कलाप–** ना० [सं०] १. धेरै परिमाण; रास; समूह; थुप्रो । २. मुजुरको पुच्छर । ३. बिटो; मुठो । ४. धनु । ५. कात्यायनद्वारा प्रणीत व्याकरणको नाम । > **कलापिनी–** ना० रात; रात्रि । **कलापी–** ना० १. मुजुर । २. कोइली । वि० ३. कालप-व्याकरण पढ्ने । ४. बथानमा बस्ने ।

**कलाबत्तु–** ना० [तु० कलाबतून] रेसमका डोरामा बेरिएको सुनौला र रूपौला झीनो तार ।

**कलामर्मज्ञ–** वि० [सं०] १. कुनै वस्तुको सौन्दर्यबारे राम्रो पारख गर्ने; कलाको भित्री मर्म चिन्ने । २. कलाकार ।

**कलावन्त–** वि० [सं० कलावान्] कला जान्ने; कलाकार ।

**कलावान्/कलाविद्–** वि० [सं०] कलाको ज्ञाता; कलाकार ।

**कलास्नातक–** ना० [सं०] साहित्य, सङ्गीत आदि ललित कलाको स्नातक; तत्सम्बन्धी तह, डिग्री वा उपाधि (बी० ए०)। > **कलास्नातकोत्तर–** ना० कलास्नातकभन्दा उपल्लो तह, डिग्री वा उपाधि (एम्० ए०) ।

**कलि–** ना० [सं०] १. सत्य, त्रेता, द्वापर र कलि चार युगमध्ये पछिल्लो युग; वर्तमान युग; । २. आपसको द्वेषपूर्ण भनाभन; झगडा; कलह । ३. पाप । ४. दुःख, क्लेश । ५. युद्ध, सङ्ग्राम । ६. फक्रनुभन्दा पहिलो अवस्थाको फूल; कोपिला । **– कर्म–** ना० १. परस्परमा कलह पार्ने वा बझाउने काम । २. लडाइँ; झगडा, युद्ध ।

**कलिका–** ना० [सं०] नफक्रेको फूल; कोपिला ।

**कलिकाल–** ना० [सं०] कलियुग; कलियुगको समय ।

**कलिङ्ग–** ना० [सं०] १. फुस्रो रङ्गको लामो गर्धन र रातो टाउको हुने एक प्रकारको चरो । २. तरबुजो । ३. भारतको उडिसा प्रदेशको प्राचीन नाम ।

**कलिजुग–** ना० [सं० कलियुग] हे० कलियुग ।

**कलिन्द–** ना० [सं०] १. यमुना नदी निस्केको पर्वत । २. सूर्य । ३. बर्रो । > **कलिन्दजा–** ना० कलिन्द प्रदेशबाट निस्कने वा निस्केको नदी; यमुना नदी, कालिन्दी ।

**कलियुग–** ना० [सं०] पुराणअनुसार चार युग सत्य, त्रेता, द्वापर र कलिमध्ये पछिल्लो युग > **कलियुगी–** वि० कलियुगमा हुने वा कलियुगसित सम्बन्धित (विशेषता, गुण, धर्म इ०) ।

**कलियो–** ना० [सं० कल्य] १. केटीपक्षले वा केटापक्षले 'मसँग विवाह गर' भनी कुरो उठाउने पहिलो बोली वा कुराकानी । २. विवाहको काम निश्चित गर्न वर वा वधूपक्षबाट दिइने उपहार; कोसेली । ३. सन्देश ।

**कलिलो–** वि० [सं० कलि+प्रा० इल्ल] १. बाल उमेरको; भरखरको । २. नरम; कमलो; कोमल । ३. नछिप्पिएको; कलकलाउँदो । स्त्री० कलिली ।

**कली–** ना० [सं०] १. नफक्रेको फूल; कोपिलो; कुड्मल; कलिका । २. प्रेमी; मायालु ।

**कलुष–** ना० [सं०] १. अधर्म; पाप । २. क्रोध, रिस । ३. मयल; दाग । ४. खराब भाव, दूषित विचार । वि० ५. फोहर; मैलो । ६. खराब; निन्दनीय । > **कलुषित–** वि० १. अपवित्र; दूषित । २. रुष्ट; क्षुब्ध । ३. दुष्ट; कलङ्कित । **कलुषी–** वि० कलुषित ।

**कलेज–** ना० [अङ्०] उच्च शिक्षाको अध्यापन गराउने शैक्षिक संस्था; महाविद्यालय; हालको क्याम्पस ।

**कलेजी–** वि० [कलेजो+ई] १. कलेजाको जस्तो रङ भएको; रातो-कालो मिसिएको रङ भएको । ना० २. कलेजाको रङ्ग; रातोमा केही कालो मिसिएको रङ । ३. कलेजो ।

**कलेजो–** ना० शरीरमा पाकस्थलीदेखि दाहिनेतर्फ, फोक्सोको मुन्तिर रहने रछ्याहा रङको र कमलो भित्री अवयव; यकृत् ।

**कलेटी–** ना० १. भोक, रोग वा कुपोषणले मुख सुकी नीरस ओठमा देखिने पाप्रा । २. भोक वा तिर्खाले ओठ सुकेको स्थिति ।

**कलेरा–** ना० [अङ्०] हैजा; छेराउटी ।

**कलेवर–** ना० [सं०] १. प्राणीको बाह्य रूप; शरीर; देह । २. देवताको प्रतिमा वा तस्बिर । ३. बाहिरी आवरण; खोल ।

**कलेवा–** ना० [सं० कल्यवर्त] बिहानीपखको वा बिहान भोजन गर्नुभन्दा पहिलेको चमेना ।

**कल्क–** ना० [सं०] १. तोरी पेलेर तेल बनिसकेपछि बाँकी रहेको खोस्टा; तेलको थिग्रो; पिना । २. बुकुवा । ३. धूलो; चूर्ण ।४. मयल; दाग; कलङ्क । ५. अधर्म; दूषित आचरण; पाप ।

**कल्कि–** ना० [सं०] पुराणअनुसार विष्णुका दस अवतारमध्ये पछिल्लो एक; विष्णु । ~ **अवतार–** ना० विष्णुको एक अवतार ।

**कल्की–** ना० [तु० कलगी] १. राजा-महाराजाका शिरपेचमा घुसारिने हुमाउँ-चराको प्वाँख । २. एक प्रकारको चरोविशेष । ३. चराको टाउकाको सिउर । ~ **फुल–** ना० सुरिलो आकारका हाँगामा लाम्चा, मसिना, खस्रा पात र टुप्पामा सिउरका आकारको रातो फुल फुल्ने, भेट्नामा हरिया गेडा फल्ने एक जातको रूख वा त्यसैको फुल ।

**कल्चौँडी–** वि० [कल्चौँडो+ई] १. हेयार्थमा प्रयुक्त हुने, कालो जीउ र ठूलठूला स्तन भएकी; भालुथुने (स्त्री०) । २. भद्दा जीउ भएकी र कालो वर्णकी (स्त्री) ।

**कल्चौँडे–** ना० [कल्चौँडो+ए] १. पहरामा गुँड बनाउने, चिबेजस्तो कालो रङको एक जातको चरो । वि० २. ठूलठूला कल्चौँडो भएकी; कालो जीउकी; कल्चौँडी ।

**कल्चौँडो–** ना० [सं० कलचुण्ड] १. स्तनपायीहरूको दूध रहने फाँचो; थुन भुन्डिने दूधको फाँचो; कचौँडो । वि० २. केही कालो वर्णको; भद्दा जीउ भएको र कालो ।

**कल्छे–** ना० १. प्रायः नदीका किनारमा देखिने, टाउकामा सिउर हुने एक प्रकारको चरो । २. एक जातको तरुल; कल्छे-तरुल । – **तरुल–** ना० प्याजी रङको लामो गिठा र गुलाफी रङको लामो कन्द हुने एक जातको तरुल ।

**कल्छो–** ना० [सं० कृष्णल] १. अनुहारको कालो पोतो; केही कालो वर्ण । वि० २. त्यस्तो रोगन वा वर्ण भएको ।

**कल्प-नु–** अ० क्रि० [सं० कल्पन+नु] १. कुनै वस्तु देखेर पाउने वा लिने चाहना हुनु; तिर्सना बढ्नु; मन लोभिनु । २. थक्कथक्क पर्नु; चुकचुकाउनु; पछुताउनु ।

**कल्प१–** ना० [सं०] १. माङ्गलिक तथा शुभ कार्यका शास्त्रीय विधिविधान । २. वेदका छ अङ्ग– शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषमध्ये बलिदान, यज्ञ आदिसित सम्बन्धित विधि बताउने एक अङ्ग । ३. हिन्दू पञ्चाङ्गअनुसार चौध मन्वन्तर वा एक हजार महायुग अर्थात् चार अरब, बत्तीस करोड मानव वर्ष बताइएको कालका समयको साह्रै ठूलो विभाग । ४. पुराणअनुसार ब्रह्माको एक दिन मानिने प्रत्येक कल्प (श्वेत-वाराह, नीललोहित, वामदेव, रथन्तर, रौरव, प्राण, वृहत्कल्प, कन्दर्प, सत्य, ईशान, व्यान, सारस्वत, उदान, गारुड, कौर्म, नारसिंह, समान, आग्नेय, सोम, मानव, पुमान, वैकुण्ठ, लक्ष्मी, सावित्री, घोर, वाराह, वैराज, गौरी, माहेश्वर र पितृ) । ५. आधुनिक पुराशास्त्र तथा भूशास्त्रका अनुसार कतिपय युगमा बाँडिएको र पृथ्वीको केही स्वतन्त्र विकासात्मक अवस्था हुने विशिष्ट कालविभाग (आदिकल्प, उत्तरकल्प, मध्यकल्प, नवकल्प इ०) । ६. प्रलय । ७. आयुर्वेद मतानुसार शरीरको कुनै अङ्गलाई पुनः नयाँ र स्वस्थ बनाउने युक्ति; वैद्यशास्त्रीय चिकित्सा विधान (केशकल्प, नेत्रकल्प, कायाकल्प इ०) । ८.पूर्ण वा वास्तविक नभए पनि समान वा बराबरी हुने; समान; तुल्य (देवकल्प, ऋषिकल्प इ०) ।

**कल्प२–** ना० [सं० कल्पना] सानो, मिहीँ कल्पना । (उदा०– **झीना कल्पहरू बोल्थे ।** – देवकोटा) । – **क–** वि० कल्पना गर्ने; रचना गर्ने । – **कल्पान्तर–** ना० १. युगौँयुगसम्मको अवधि; ज्यादै लामो समय । २. बितेका वा आउने युगौँयुग; धेरै पहिलेदेखि धेरै पछिसम्मको समय । – **कार–** ना० वैदिक विधिविधानको वर्णन गर्ने तथा तत्सम्बन्धी शास्त्र बनाउने व्यक्ति; कल्पशास्त्र तथा गृह्य श्रौतसूत्रका रचयिता । – **क्षय–** ना० कार्यरूप पृथ्वी, जल आदि तत्त्व आफ्नो कारणमा लीन हुँदै प्रकृतिपर्यन्त अव्यक्त

अवस्थामा रहेको स्थिति; संसारको नाश; प्रलय । – **तरु/द्रुम–** ना० हे० कल्पवृक्ष ।

**कल्पना–** ना० [सं०] १. स्मृतिपटमा अनौठा नयाँ कुरा वा वस्तुको प्रतिमा तथा रूपरेखा बनाएर काव्य, चित्र, प्रतिमा आदिका रूपमा उतार्ने वा मूर्त रूप दिने क्रियात्मक मानसिक शक्ति । २. त्यसरी नदेखेको वा नसुनेको कुनै नयाँ र अनौठो कुरा मनले अजमाउने वा प्रस्तुत गर्ने काम । ३. अनुमान; अन्जाम; तर्कना । ४. सुन्दर रचना; कृति । ५. सजावट, सिँगारपटार । ६. मनगढन्त कुरो; मनचिन्ते बोली । ७. कुनै एउटा कुरालाई अर्को मानेर त्यसबाट भावसौन्दर्य प्राप्त गर्ने काव्यगत गुण । ~**तत्त्व–** ना० संवेदनशील कवि र कलाकारले आफ्ना कृतिका लागि निर्माण गर्ने आधारसामग्री; कल्पनाको आधारतत्त्व । > **कल्पनातीत–** वि० १. कल्पनादेखि बाहिरको; कल्पना गर्न नसकिने । २. जान्नबुझ्न वा सोचविचार पुऱ्याउन नसकिने; अज्ञेय । – **प्रधान–** वि० कल्पना बेसी भएको; कल्पनामा गाँसिएको; कल्पनैकल्पनाले सजिएको (काव्य, रचना इ०) । ~**शक्ति–** ना० कल्पना गर्न सक्ने शक्ति; सोचविचार गर्ने क्षमता । > **कल्पनाश्रित–** वि० कल्पनामा आधारित; कल्पनामा अडेको । **कल्पनीय–** वि० १. कल्पना गर्न सकिने; कल्पना गर्न उचित । २. विचार पुऱ्याउन सम्भव हुने । ३. मायालाग्दो; दयनीय ।

**कल्पलता–** ना० [सं०] १. स्पर्श वा छाया लाग्नासाथ मनको इच्छा पूर्ण हुन्छ भनी कल्पना गरिएको स्वर्गको एक लहरो । २. हठयोगमा उन्मनी मुद्रा अर्थात् मनलाई परमात्मामा लगाउने अवस्था ।

**कल्पवास–** ना० [सं०] एक कल्पभरि तीर्थवास गरेको पुण्य कमाउनको लागि संयम र निष्ठापूर्वक माघ महिनाभर गङ्गा, यमुना आदि नदीका तटमा गरिने निवास ।

**कल्पवृक्ष–** ना० [सं०] आफूले चिताएको कुरा दिने भनी अलौकिक रूपमा प्रसिद्ध स्वर्गको एक रूख; कल्पतरु ।

**कल्पाइ–** ना० [√ **कल्प** (+आइ)] कल्पने भाव, क्रिया वा प्रक्रिया । [>] **कल्पाइनु–** क० क्रि० कल्पन लाइनु; तिर्सना जगाइनु; लोभ्याइनु । **कल्पाउनु–** प्रे० क्रि० कल्पन लाउनु; औधी तिर्सना जगाउनु; लोभ्याउनु; ललचाउनु ।

**कल्पान्त–** ना० [सं०] सबै सृष्टि दबिने वा नासिने आखिरी समय; प्राकृतिक प्रलय ।

**कल्पित–** वि० [सं०] १. कल्पना गरिएको । २. मनमा गढेको; मनगढन्त । ३. नक्कली; बनावटी ।

**कल्पिनु–** अ० क्रि० [कल्प+इ+नु] १. कल्पने होइनु । २. कल्पनु ।

**कल्मष–** ना० [सं०] १. पाप; कुकर्म । २. मयल; कस; दाग ।

**कल्य–** ना० [सं०] प्रातःकाल; उषाकाल; बिहानीपख ।

**कल्याङकुलुङ/कल्याङमल्याङ–** ना० [अ० मू० कल्याङ+अ (द्वि०)] १. धेरै मानिस एकै पल्ट बोलेको आवाज; कल्याङबल्याङ । क्रि० वि० २. त्यसरी बोल्ने वा कराउने चालमा ।

**कल्याण–** ना० [सं०] १. सबै किसिमले हुने भलो तथा बढिबढाउ; असल; भलाइ; हित । २. शुभकर्म । ३. सङ्गीतमा रातको पहिलो पहरमा गाइने एक प्रसिद्ध राग । – **कारी–** वि० कल्याण गर्ने; भलाइ गर्ने; मङ्गलकारी । – **कारी राज्य–** ना० समाजका सबै वर्गको क्रमशः उन्नति गराउँदै लैजाने राज्यव्यवस्था । ~ **धन–** ना० १. गाडिराखेको बेवारिसी धन; गडुवा धन । २. बेवारिस मानिस मर्दा सरकार लागेको धन; ~ **कोष–** ना० १. कुनै कल्याणकार्यका निम्ति स्थापित वा सङ्कलित कोष । २. सामाजिक-शैक्षिक संस्था-सङ्गठन वा तिनका कर्मचारीहरूको हितसंरक्षणका निम्ति राखिएको कोष । ~ **मित्र–** ना० कुनै स्वार्थको भाव नराखी कल्याण गर्ने मित्र; हितैषी साथी । > **कल्याणी–** वि० १. कल्याण गर्ने (स्त्री); कल्याणमयी । २. सुखी; भाग्यशालिनी । ३. रूपवती; सुन्दरी ।

**कल्यान–** ना० १. तह-तह परेका खेतका पाटा । २. खेतमा पानी अडचाउन लगाइएको आली ।

**कल्याहा–** वि० [कलह+याहा] १. झगडा गर्ने; कलह गर्ने; झगडालु; बझुवा; बाझ्ने । २. रुन्चे; रोऱ्याहा ।

**कल्ल–** क्रि० वि० [अ० मू० कल्+ल] पानी खाँदा वा पानी बग्दा शब्द निस्कने किसिमले ।

**कल्लार–** ना० [कल+दार] मुगलकालको पुरानो असर्फी ।

**कल्लिया–** ना० [कलियो+या] विवाह गर्नका लागि केटाको घरतर्फबाट केटी माग्न जाने व्यक्ति; लमी ।

**कल्ली१–** ना० [सं० कटक] स्त्रीजातिले गोडामा लाउने सुन वा चाँदीको गोलाकार बुट्टे वा सादा गहना ।

**कल्ली२–** ना० [सं० कलाप] १. ससाना पाँच-सात मुठा जम्मा पारी बाँधेको पराल आदिको ठूलो मुठो । २. घाँसको मुठो; चाकी ।

**कल्ली३–** ना० [सं० कलिका] लबेदाको फेरमा गाँसिने कपडाको तीनकुने टुक्रा ।

**कल्लोल–** ना० [सं०] १. नदी, समुद्र आदिका पानीको सतहमा उठ्ने छाल; पानीको ठूलो तरङ्ग । २. युवकयुवतीका बीचको प्रेमप्रसङ्ग; रतिक्रीडा । ३. आमोदप्रमोद; खेलबाड । – **मालिनी–** ना० ठूलठूला तरङ्ग वा छाल उठ्ने नदी । > **कल्लोलिनी–** ना० छाल उठ्ने वा तरङ्गयुक्त नदी ।

**कल्साउँदो/कल्सौँदो–** वि० हे० कलसाउँदो/कलसौँदो ।

**कवच१–** ना० [अ० कब्ज-उल-वसूल] पहिले-पहिले मुलुकीखानामा रकम बुझाएपछि अड्डाबाट दिइने गरेको रसिद; कबच ।

**कवच२–** ना० [सं०] योद्धाहरूले लडाइँमा शस्त्रको प्रहारबाट बच्न शरीरमा लगाउने धातुको भोटो; जङ्गी पोसाक । २. आवरण । ३. छाला, बोक्रा । ४. तन्त्रशास्त्रअनुसार शरीरका अङ्ग-प्रत्यङ्गको रक्षा र दिशा-विदिशाबाट पनि सुरक्षा प्राप्त गर्नका लागि पाठ गरिने स्तोत्र; देवी-देवताको प्रार्थना गरी रचिएको तान्त्रिक मन्त्र (दुर्गाकवच आदि) । – **धारी–** वि० कवच धारण

गर्ने; कवच लगाएको (योद्धा); कवची । > **कवची–** वि० कवचधारी ।

**कवयित्री–** ना० [सं०] कविता रच्ने स्त्री; स्त्री कवि ।

**कवरी–** ना० [सं०] आइमाईहरूको सजाइएको केशपाश; चुल्ठो; वेणी ।

**कवर्ग–** ना० [सं०] देवनागरी लिपिको वर्णव्यवस्थामा व्यञ्जनवर्णका पाँच वर्ग (कवर्ग, चवर्ग, टवर्ग, तवर्ग, पवर्ग) मध्ये पहिलो वर्ग; क, ख, ग, घ, ङ– यी पाँच अक्षर ।

**कवल–** ना० [नेवा०] दलान, पसल, आदिका दुई थामका बीचको स्थान; दुकानको लङ वा भागलाई बीचबीचका खम्बा वा द्वारले छुटयाइएको सानो खण्ड ।

**कवाइ टाँक–** ना० [अङ्० काउब्वाई+टाँक] प्रायः तामो, पित्तल आदि धातुबाट बनाइएको, पाइन्ट, जाकेट आदिमा लगाइने बुट्टेदार वा सादा टाँक (ली-बटम) ।

**कवाज–** ना० [अ० कवायद] सैनिकहरूलाई सामूहिक रूपमा दिइने विभिन्न प्रकार एवं कक्षाको शारीरिक प्रशिक्षण; फौजी रफत; सैनिक तालिम ।

**कवायद–** ना० [अ०] हे० कवाज ।

**कवास–** ना० [कपास < सं० कर्पास] हे० कपास । > **कवासी–** वि० कपासजस्तै सेतो (गाई) । **कवासे–** वि० कवास हुने; कवासजस्तो ।

**कवि–** ना० [सं०] १. कविता वा काव्यको रचना गर्ने व्यक्ति । २. शुक्राचार्य; दैत्यगुरु । ३. वाल्मीकि । ४. क्रान्तदर्शी; ईश्वर । – **कर्म–** ना० कविको काम; कविता वा काव्य रचना गर्ने काम । – **केशरी–** ना० १. नेपाली कविहरूलाई प्रदान गरिने नेपालको एक पदवी । २. कविहरूमध्येमा सिंह; श्रेष्ठ कवि ।

**कविता–** ना० [सं०] १. कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक साहित्यिक कृति वा रचना; काव्य; कविको भाव वा कविकर्म । २. व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक वा गद्यात्मक रचना र सामान्यतः छन्द, गीत वा मुक्तकका विभिन्न प्रकारमा रचिएका कुनै एक विषय वा भावनाका फुटकर पद्यात्मक वा गद्यात्मक लययुक्त रचना ।

**कवित्व–** ना० [सं०] १. कविता वा काव्यरचनाको क्रिया, गुण, भाव वा विशिष्ट रूप । २. कवि वा कवितामा निहित गुण, विशेषता वा शक्ति ।

**कविराज–** ना० [सं०] १. आयुर्वेदीय औषधी-प्रणालीमा शिक्षित वा विशिष्ट वैद्यको एक उपाधि । २. कविहरूमा श्रेष्ठ; श्रेष्ठ कवि ।

**कविवर–** वि० [सं०] कविमा वरण गरिन योग्य; कविहरूमा श्रेष्ठतर ।

**कविशिरोमणि–** ना० [सं०] १. कविहरूमध्ये श्रेष्ठ वा शीर्षस्थ कवि । २. त्यस्ता कविलाई दिइने नेपालको एक राष्ट्रिय पदवी । [यो पदवी नेपाली भाषाका प्रसिद्ध कवि लेखनाथ पौडयाल (वि०सं० १९४१-२०२२)-लाई प्रदान गरिएको थियो ।]

**कविसमय–** ना० [सं०] प्रकृतिमा नहुने वा देश, काल आदिका कुरालाई पनि कविहरूले आफ्नो परम्परामा प्रयोग गर्दै आएका केही विशिष्ट परिपाटी वा मान्यता । (उदा०– युवतीका पादस्पर्शले अशोक फुल्छ; चातकले बादलबाट बर्सेको पानी चुच्चोमा थापेर खान्छ; इ०) ।

**कवि सम्मेलन–** ना० [सं०] कवितापाठको कार्यक्रम सञ्चालित हुने कविहरूको सभा वा गोष्ठी; कुनै उत्सव, समारोह आदिमा भएको प्रतियोगी वा अप्रतियोगी कविजमातको जमघट ।

**कवीन्द्र–** ना० [सं०] कविहरूमध्येमा श्रेष्ठ कवि; महाकवि । (कान्तिपुरका मल्लराजा प्रतापमल्लले स्वयम् यो पदवी धारण गरेका थिए ।) – **पुर–** ना० १. उत्कृष्ट कविहरूले निवास गरेको ठाउँ । २. प्रताप मल्लले बनाएको कान्तिपुरको मरुसत्तलअगाडिको भवन ।

**कवै**१– क्रि० वि० [सं० कदापि] कहिल्यै पनि, कदापि ।

**कवै**२– ना० [सं० काकमाच] अलि कालो र फुस्रो गरी दुई प्रकारको हुने, गोल आकारका गेडा लाग्ने, सागले निद्रा लगाउने, पश्चिम नेपालमा 'कुर्सानि' नामले चिनिने एक प्रकारको वनस्पति ।

**कव्य–** ना० [सं०] पितृदेवताहरूका निम्ति दिइने वा होमिने वस्तु (अन्न) ।

**कशा–** ना० [सं०] १. कोर्रा; चाबुक । २. डोरी ।

**कशेरु–** ना० [सं०] १. कसुर (एक प्रकारको सुपारी) । २. मेरुदण्डको हाड ।

**कश्चित्–** सर्व० [सं०] कोही; कुनै ।

**कश्मल–** ना० [सं०] १. पाप । २. मोह । ३. मूर्च्छा; बेहोसी ।

**कश्मीर–** ना० [सं०] भारतको पश्चिमोत्तर भागमा रहको, पर्वतीय प्राकृतिक सौन्दर्यले युक्त तथा भारतीय सङ्घअन्तर्गतको प्रसिद्ध प्रान्तीय राज्य ।

**कश्मीरी–** वि० हे० कस्मिरी । ~ **मुद्रा–** ना० हे० कस्मिरी मुद्रा । ~ **केशर–** ना० हे० कस्मिरी केशर ।

**कश्यप–** ना० [सं०] १. ब्रह्माका पौत्र तथा मरीचिका मानस पुत्र एक विख्यात प्रजापति; देवता तथा दानवहरूका जनक; मन्त्रद्रष्टा तथा गोत्रप्रवर्तक एक ऋषि; काश्यप (यिनका दिति, अदिति, दनु, विनता, खसा, कद्रू, मुनि, क्रोधा, अरिष्टा, इरा, ताम्रा, इला र प्रधा गरी तेह्र स्त्रीहरू थिए भनिन्छ । यिनैबाट कश्यप र काश्यप गोत्रको परम्परा चलेको हो ।) । २. सप्तर्षिमण्डलका एक ताराको नाम ।

**कषाय–** वि० [सं०] १. टर्रो स्वादको (काँचो सुपारी, अमला, फटकिरी आदिको स्वादजस्तो) । २. सुगन्धित । ३. रँगाइएको विशेषतः गेरु रङको (जस्तो– कषाय वस्त्र) ।

**कष्ट–** ना० [सं०] १. कुनै अभाव वा न्यूनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभव; दुःख; पीडा । २. आपद्; सङ्कट । – **कर–** वि० कष्ट दिने; कष्ट पुऱ्याउने; कष्ट हुने । ~ **कल्पना–**

ना० प्रयोगमा ल्याउन कठिन हुने कल्पना वा सोचाइ । – **कारक–** वि० कष्टकर । – **साध्य–** वि० मुस्किलले मात्र सफल पार्न सकिने, साह्रै मेहनतले मात्र सिद्ध हुने ।

**कस्‌–नु–** स० क्रि० [प्रा० कस्सण] १. कुनै वस्तुलाई डोरीले मस्काउनु; बेस्करी बाँध्नु; टुर्‍याउनु । २. पेच, ढिम्री आदि घुमाएर टम्म पार्नु । ३. किनमेल गर्दा सकेसम्म मोल घटाउने प्रयास गर्नु; कसाकस गर्नु; घटाघट गर्नु । ४. किफायत गर्नु; खर्च घटाउनु । ५. करकापमा पारेर लिनु; पैसा-पैसाको हिसाब गर्नु । ६. स्रेस्तामा आम्दानी-खर्च बाँध्नु ।

**कस१–** ना० [सं० कष] १. धातुका भाँडाकुँडामा लाग्ने खिया; काई; खई । २. उगाल; थिग्रो । ३. धूवाँ आदिको कसर । ४. दाग; कपट ।

**कस२–** सर्व० [प्रा० कस्स < सं० कस्य] विभक्ति लाग्दा बन्ने 'को' शब्दको तिर्यक्‌ रूप (कसको, कसलाई, कसबाट, कसले इ०) ।

**कसकास–** ना० [कस्‌+(द्वि०)] कस्ने वा मस्काउने चाल वा क्रिया ।

**कसकुट–** ना० [काँस+कुट < सं० कांस्यकृत] तामा र जस्ता मिसाइएको, काँसोजस्तो तर नफुट्ने खालको अलि उज्जर धातु । > **कसकुटे–** वि० कसकुटको; कसकुटसम्बन्धी (भाँडाकुँडा) ।

**कसक्क–** क्रि० वि० [अ० मू० कसक्‌+क] अँगालाले बेरेर, डोरीले बाँधेर कस्ने किसिमले वा कस्ने चालमा ।

**कसनतमन–** ना० [काँस+तामा] काँस, तामा आदि धातुका भाँडावर्तन; ढलौटे भाँडाकुँडा ।

**कसम–** ना० [अ०] हे० किरिया; शपथ ।

**कसमी–** ना० [अ० कसबी] वेश्या; व्याभिचारिणी स्त्री; पातर ।

**कसर–** ना० [अ०] १. कुनै वस्तुमा मिसिएको काम नलाग्ने र फाल्ने वस्तु, कसिङ्गर । २. थिग्रो; थिग्रेनी । ४. कपट; पाप । ४. सुक्दा वा फोहर वस्तु छुट्ट्याउँदा कुनै वस्तुमा हुने नोक्सानी; जर्ती । ५. गुठीको जग्गामा लाग्ने मालपोत वा तिरो; छुवायबाली ।

**कसरत–** ना० [अ० ] १. शरीर निरोगी र हृष्टपुष्ट पार्नलाई गरिने दण्डबैठक आदि अभ्यास; व्यायाम । २. मिहिनेत, परिश्रम; खप्याइँ (प० ने०) । > **कसरती–** वि० कसरत गर्ने; व्यायाम गर्ने ।

**कसरमसर–** ना० [कसर (द्वि०)] १. रहेपहेको वस्तु; थिगर । २. त्रुटि; अशुद्धि । ३. दोष; दाग ।

**कसरी–** क्रि० वि० [कसो+गरी] कसो गरी; के गरी; कुन किसिमले; कुन तरहले ।

**कसला–** ना० पीर; तकलिफ । (उदा०– **लिएथैं त्यो शिक्षा तब अनि घटचो कष्ट कसला ।** – लेखनाथ, 'तरुण तपसी') ।

**कसाइ–** ना० [√ **कस्‌** (+आइ)] कस्ने काम वा प्रक्रिया । [ > ] **कसाइनु–** क० क्रि० कस्न लाइनु; मस्काउन लाइनु ।

**कसाई–** ना० [अ०] १. प्रायः मासु र फलफूलको व्यापार गर्ने नेवारको एक जाति; खड्गी । वि० २. वधिक; घाती । ३. निर्दयी; निष्ठुर ।

**कसाउनु–** प्रे० क्रि० [कस्‌+आउ+नु] कस्न लाउनु; मस्काउन लाउनु ।

**कसाकस–** ना० [कस्‌+आ+कस्‌] १. भाउ घटाउने काम, घटाघट । २. धमाधम कस्ने काम । ३. परस्परको कसाइ ।

**कसार–** ना० विवाह, व्रतबन्ध आदि शुभ कार्यमा खट्टेको पीठो र खुदो मुछी मुठीले बटारेर बनाइएको लड्डु । (पश्चिम नेपालमा खाजा खानका लागि पनि कसार बनाउने गरिन्छ ।)।

**कसाहा–** वि० [कस्‌+आहा] कस्ने स्वभावको; किरन्टोकी ।

**कसिकसाउ–** ना० [कसि+कसाउ] सजिसजाउ, तम्तयार ।

**कसिङर/कसिङ्गर–** ना० [कसर+इङर/इङ्गर] १. धूलोमूलो; घसरपसर; पातपतिङ्गर; घुरान । २. फालिने वा बढारिएको फोहर वस्तु; रद्दी पदार्थ । ३. मन नपरेको मानिस; अप्रिय व्यक्ति (जस्तो– आँखाको कसिङ्गर) ।

**कसिदा–** ना० [फा० कशीद] कपडामा सियो-धागोले बेलबुट्टा आदि काढ्ने काम ।

**कसिनु–** क० क्रि० [कस्‌+इ+नु] १. बाँधिनु; टुर्रिनु । २. तम्सिनु; आँट्नु । ३. ठाँट पार्नु; कसिकसाउ हुनु ।

**कसिलो–** वि० [कस्‌+इलो] १. कसिएको; गठिलो; साह्रो । २. कस्ने; दुःख दिने । ३. कस लाग्ने; नराम्रो पार्ने ।

**कसी–** ना० [सं० निकष] १. सुन, चाँदी आदि धातुलाई असल–कमसल छुट्ट्याउनका निम्ति घोटेर हेर्ने कालो चिप्लो ढुङ्गो; कसौटी । २. वस्तुस्तरको निर्धारण गर्ने साधन; मापदण्ड । – **घोटाइ–** ना० पूरै पारख; विवेक ।

**कसुणी–** ना० भात पकाउने ढलोटको भाँडो; कसौँडी ।

**कसुर१–** ना० [सं० कसेरुक] १. लामा-लामा पात, कोदाको बालाजस्तो खैरो फूल र रौँजस्ता जरा भएको कन्दफल फल्ने एक बोट । २. त्यसैको फल; कसेरुक ।

**कसुर२–** ना० [अ० कुसूर] १. दोष; अपराध; खाइबिराम; । २. विशेषतः अज्ञात रूपमा हुने त्रुटि । ३. प्रचलित कानुनले निषेध गरेका कामकुरा गरेमा सजायभागी बन्नुपर्ने कार्य; बात । – **दार–** वि० १. कसुर वा बिराम गर्ने; दोषी; बापती । ना० २. भनी बिराउने वा गरी बिराउने व्यक्ति । – **बन्द–** ना० कसुर वा अपराध गर्ने वा त्यसमा साबित भएको; दोषी । – **वार–** वि० कसुरदार ।

**कसै–** कि० यो० [कसो+ऐ] १. कुनै तरहले पनि; केही गरे पनि । सर्व० २. कोही; कुनै (विभक्ति लाग्ने रूपमा) ।

**कसैलो–** वि० [सं० कषाय] टर्रो ।

**कसो–** वि० बो० [कस+ओ] १. प्रश्न, शङ्का आदि बुझाउने शब्द; क्याहो । सर्व० २. कस्तो ।

**कसौँडी–** ना० [कसुणी < सं० कांस्यवर्तनी] मुख केही सानो भएको र पेट फुकेको, दालभात आदि पकाइने, काँसको वा कुनै धातुको भाँडो; कसुणी ।

**कसौटी–** ना० [कसी+औटी] १. वस्तुको समुचित मूल्य वा महत्त्व

आँकिने कुनै मानक आधार । २. हे० कसी ।

**कस्केली–** वि० [कास्की+एली] कास्की जिल्लाको; कास्कीमा रहने (बासिन्दा); कास्की जिल्लामा भएको वा बनाइएको (वस्तु) ।

**कस्तरी–** क्रि० वि० [कस्तो+गरी] कस्तो गरी; कसरी ।

**कस्तूरी–** ना० [सं०] १. नेपालमा प्रायः हिमप्रदेशमा हुने, हिउँबाट बगेर आएको पानी र हिउँ पग्लेपछि ढुङ्गाका लेउ खाने, छोटो, पुच्छर, झीना खुट्टा र नरको नाभिनेर सुगन्धी बिना भएको, मृगका जातको झन्डै स्यालजत्रो प्रसिद्ध जन्तु; नेपालमा पाइने बदामी रङगको, कामरूप देश (पश्चिम आसाम)-मा पाइने कालो रङगको र कश्मीरमा पाइने पिङ्गल वर्णको गरी तीन जात मानिएका र मध्य एसियाका घना जङ्गलमा पनि ठन्डा ठाउँमा पाइने सोही जन्तु । २. त्यसै जन्तुको नाभिनेर हुने र अनेक सुगन्धित वस्तु तथा औषधि बनाउनमा प्रयोग गरिने सुगन्धी द्रव्यको गोलो थैली; बिना । ~ **मल्लिका ⁄ वल्लिका–** ना० बियाँमा कस्तूरीको बास्ना आउने एक प्रकारको लता; लताकस्तूरी ।

**कस्तै–** क्रि० यो० [कस्तो+ऐ] १. कस्तो नै; जस्तोसुकै । वि० २. कुनजस्तो ।

**कस्तो–** वि० [के+जस्तो] १. केजस्तो, कुन किसिमको । २. आश्चर्य, रिस, झर्को, उदेक आदिमा प्रयोग गरिने शब्द (उदा०– कस्तो नजाती काम हुन गएछ; कस्तो मूर्ख मान्छे ! इ०) ।

**कस्मिरा ⁄ कस्मेरा–** ना० [सं० कश्मीर, तुल = अङ्० कैश्मीअर] १. विशेष किसिमको ऊनबाट बनेको कोट आदि सिइने असल कपडा । २. कश्मीरमा बनेर नेपाल आएको त्यस्तो लुगा ।

**कस्मिरी–** वि० [कश्मीर+ई] कश्मीरको; कश्मीरसित सम्बन्धित वा कश्मीरमा बनेको । ~ **मुद्रा–** ना० गोरखपन्थी साधुहरूले कानमा लाउने, पहिले कश्मीरमा बन्ने गरेको स्फटिकको कुण्डल । ~ **केशर–** ना० कश्मीरको पाम्पोर नाम गरेको स्थानमा विशेष मात्रामा पैदा हुने एक जातको फूलको केशर; काश्मीरी-केशर ।

**कस्य–** विभ० [सं०] पुरानो स्रेस्ता वा चिठीपत्र आदिमा प्रचलित 'स्य' प्रत्यययुक्त षष्ठी विभक्तिको रूप; को (सुब्बाकस्य पत्रम्; मुखियाकस्य पत्रमिदम्; इत बलभद्रकस्य कोटिकोटि कुर्णेस इ०) ।

**कस्यान–** ना० [काँस+यान] काँसैकाँस भएको वन वा जग्गा; काँसघारी ।

**कहतारो–** ना० [सं० कर्पर] आरीका छाँटको दही आदि जमाइने माटाको भाँडो ।

**कह-नु–** स० क्रि० [प्रा० कहइ < कथन+नु] बताउनु; भन्नु (कुरो, सम्चार, कथा आदि) ।

**कहर–** ना० [अ० कह्] १. विपत्ति; आपत्; सङ्कट । २. दुःख; हैरानी । ~ **काट्नु–** टु० दुःख खेप्नु । (उदा०– यस पल्ट त कहर काटेर पनि माल निखन्नै पऱ्यो) ।

**कहराउनु–** अ० क्रि० [कहर+आउ+नु] कुनै कुराले च्याँठिनु; झर्किनु ।

**कहलाइ–** ना० [√ **कहलाउ** (+आइ)] कहलाउने भाव क्रिया वा प्रक्रिया । [ > ] **कहलाइनु–** अ० क्रि० प्रसिद्ध होइनु; राम्रो वा नराम्रो नाम चलेको होइनु ।

**कहलाउ-नु–** अ० क्रि० [कह+लाउ+नु] नाउँ चल्नु; नामी हुनु; प्रसिद्ध हुनु; कहलिनु ।

**कहलिनु–** अ० क्रि० [कहलाउ+इ+नु] प्रसिद्ध हुनु; नाउँ चल्नु । > **कहल्याइ–** ना० कहलिने भाव, क्रिया वा प्रक्रिया ।

**कहल्याइनु–** क० क्रि० [कहल्याउ+इ+नु ] साबित गराइनु; कायल पारिनु ।

**कहल्याउ–नु–** स० क्रि० [कहालि+याउ+नु] १. कायल पार्नु; साबित पार्नु । २. हप्काउनु; तर्साउनु ।

**कहाँ–** क्रि० वि० [प्रा० कहि < सं० कुत्र ] १. कुन ठाउँमा; कता । अव्य० २. कहाँ हो कहाँ; समता वा तुलनामा अति भिन्नता बुझाउने शब्द । (उदा०– **कहाँ राजा भोज, कहाँ गङ्गू तेली ।** – उखान ।)

**कहाइ–** ना० [√ **कह** (+आइ)] कहने भाव, क्रिया वा प्रक्रिया । [ > ] **कहाइनु–** क० क्रि० भनाइनु; कहन लाइनु । **कहाउनु–** प्रे० क्रि० भनाउनु; कहन लाउनु ।

**कहानी–** ना० [मरा० कहाणी < प्रा० कहाणिआ < सं० कथनिका] मौखिक वा लिखित र वास्तविक वा कल्पित तथा गद्यमा लेखिएको, विशेषतः मनोरञ्जन गराउने वा शिक्षा दिने उद्देश्यले कथासूत्रमा उनिएको भावप्रधान वा विषयप्रधान घटना भएको रचना; कथा; किस्सा; आख्यायिका ।

**कहार–** ना० परम्परागत रूपमा भारी, डोली, पानी आदि बोकेर जीविका चलाउने एक जाति । स्त्री० कहार्नी; कहारिन ।

**कहालिनु–** अ० क्रि० [कहाली+नु] डर वा अत्यासले रिँगटा लाग्नु; कहाली लाग्नु; डराउनु; तर्सनु; आत्तिनु ।

**कहाली–** ना० १. कुन्नै अग्लो ठाउँबाट तलतिर हेर्दा लाग्ने डर वा रिँगटा । २. डरलाग्दो वस्तु देख्ता हुने अत्यास ।

**कहावत–** ना० [हि० कहा (कह)+बात (वत)] कुनै तथ्य वा अनुभूत सत्य भएको लोकप्रचलित कथन; लोकोक्ति; उखान ।

**कहिनु–** क० क्रि० [कह०+इ+नु ] भनिनु; बताइनु ।

**कहिरन–** ना० [कह+इरन] थाहा दिने उद्देश्यले कहिएको वा भनिएको कुरा; बयान; विवरण; हुलिया ।

**कहिले–** क्रि० वि० [को+हिले] कुन समयमा, कुन बखतमा; कुन बेला । ~ **कहीं ⁄ काहीं–** क्रि० वि० कुनै-कुनै समयमा; बेलाबखत; आकलझुक्कल । > **कहिल्यै–** क्रि० वि० कहिले पनि ।

**कहीं–** क्रि० वि० [कहाँ+ई] १. कुनै ठाउँमा; कतै । २. कुनै बेला; कुनै समयमा; कोही बखतमा ।

**का–** प्रत्य० [को] १. सम्बन्धकारक, षष्ठी विभक्ति 'को'-को बहुवचन वा आदरार्थी रूप; संज्ञा शब्दसँग सम्बन्ध देखाउने एक विभक्तिचिह्न । ना० यो० २. 'सबै' वा 'थप'-को अर्थ बुझाउने गरी द्विरुक्त नाम शब्दका बीचमा आउने शब्द (घरका घर,

पोकाका पोका; लामका लाम इ०) ।

**काँकरी**– ना० [√ काँक्री] हे० काँक्री । (उदा०– **काँकरीको बानैबान, कुदी आयो हनुमान; काँकरीलाई थाँकरी त फर्सीलाई छानु** (उखान) ।

**काँक्री**– ना० [काँक्रो+ई] ससानो खालको काँक्रो; काँक्रोको क्षुद्रतावाचक शब्द; काँकरी । – **बियाँ**– वि० काँक्राको बियाँजस्तो; त्यस्तै आकार वा बान्की भएको (दाँत, टीकी, बुट्टा इ०) ।

**काँक्रेविहार**– ना० [काँक्री+विहार] सुर्खेत उपत्यकाको दक्षिणी भागमा पर्ने भग्नावशेष मात्र रहेको एक ऐतिहासिक स्थल । (उक्त भग्नावशेषमा ठूलठूला शिलाहरू छन् र तिनमा प्राचीन वास्तुकलाका नमुना पाइन्छन् ।)

**काँक्रो**– ना० [सं० कर्कटी] खास गरी वर्षाकालमा लहरामा झाङ्गिएर फल्ने, हरियो वा सेतो, पातलो बोक्रा भएको र लाम्चो आकारको, सलादमा राखिने वा अचार पार्न हुने फलविशेष; ककडी । **काँक्रो चोरलाई मुड्कीको सास्ती** (उखान) ।

**काँगियो**– ना० [सं० कङ्कतिका] १. केश मिलाउने वा सफा गर्ने कडा रबर, प्लास्टिक, काठ (बाँस, श्रीखण्ड), धातु आदिद्वारा बनाइएको दाँतीदार वस्तु; कपाल कोर्न प्रयोग गरिने साधन; काँइयो; कँगयो; कँगिनी; काइँयो । २. काँगियो-जस्तो देखिने हरिया चिल्ला पात हुने तथा पहेँलो फूल फुल्ने एक जातको रूख । ३. केराका कोसाहरूको पङ्क्तिदार समूह (एक घरीमा धेरै काँगियो केरा हुन्छन् ।) । ४. कपडा बुन्ने तानमा धागो छिराएर मिलाइने अवयव ।

**काँग्रेस**– ना० हे० कङ्ग्रेस ।

**काँच**– ना० [सं० काच] बालुवा, सोडा, चून आदि मिसाएर तयार पारिएको तथा चुरा, बोतल, ऐना आदि बनाइने चम्किलो, पारदर्शक, कडा र फुट्ने वस्तु; सिसा ।

**काँचुली**– ना० [सं० कञ्चुक] शरीरबाट अलग भएर फेरिने सर्पको बाहिरी पातलो छाला वा पत्र । ~ **फेरिनु**– टु० खराब अवस्थाबाट राम्रो अवस्थामा पुग्नु; स्थितिमा परिवर्तन आउनु ।

**काँचो**– वि० [सं० कच्चर] १. नपाकेको; प्राकृतिक अवस्थाको (काँचो धागो, काँचो माटो, काँचो इँट इ०); २. यन्त्र वा कलाद्वारा परिष्कृत नपारिएको (काँचो फलाम, काँचो पदार्थ इ०); अपरिपक्व । ३. बुद्धि, विचार, व्यवहार आदिमा पाको नभएको (काँचो मान्छे, काँचो उमेर इ०) । ~ **कचिलो**– वि० नपाकेको र चिचिलो (फलफूल वा खाद्य पदार्थ ) । ~ **पदार्थ**– ना० माल तयार हुनुभन्दा पूर्वको वस्तु; कच्चा पदार्थ । ~ **पात**– ना० सुर्ती; तमाखु । ~ **बारुद**– ना० बन्दुकको नालमा भर्न, टोटा वा केप बनाउन तयार पारिएको धूलो बारुद । ~ **भाँडो**– ना० विश्वास गर्न नसकिने मानिस; अपत्यारिलो मान्छे । ~ **माटो**– ना० १. खनजोत गर्दा नमरेको माटो; पोल्दा नपाकेको माटो । २. मर्ने चोला; नाशवान् शरीर । (उदा०– शरीर काँचो माटो हो, यसको के ठेगान ! ) ~ **मासु**– ना० १. नपकाइएको वा नपाकेको मासु । २. स्त्रीको गुप्तेन्द्रिय । ~ **लाहा**– ना० शोधन नगरिएको वा आगोमा पगालेर छाप आदिमा प्रयोग नगरेका अवस्थाको लाहा ।

**काँजी**– ना० [सं० काञ्जिक] सखर, मह, दही, मिलाएर बनाइने पेय औषधी; महारस; कुञ्जल ।

**काँजो**– ना० [सं० काञ्जी] खुकुरी, कर्द, हँसिया, आदिका बिँडको टाउकामा जडिने पित्तल वा अरू कुनै धातुको मुन्द्रा ।

**काँट**– ना० १. ढाँचाकाँचा; छाँट; ढङ्ग; किसिम (उदा०– तिनको काँट राम्रै छ ।) । २. औकात; हैसियत (उदा०– आफ्नो काँटअनुसार पो बिहेवारी गर्नुपर्छ त !) । ३. समानता; बराबरी (उदा०– ती दुई भाइ काँट मिल्दा छन्) । – **छाँट**– ना० १. काट्ने र छाँट्ने काम; संशोधन; शुद्धि; परिष्कार । २. रूखहरू काट्ने र छिमल्ने काम; काटकुट ।

**काँटा१**– ना० जिल्लाअन्तर्गतको भूभाग; तप्पा (प०ने०) ।

**काँटा२**– ना० [सं० कण्टक] १. सुनचाँदी जोख्ने सानो तुलो वा मालताल जोख्ने ठूलो तुलो; तराजु । २. त्यसरी मालसामान जोख्ने तुलाका डन्डी सोझिएको देखाउने जिब्री । ३. खानेकुरो खाँदा प्रयोग गरिने चुच्चाचुच्चा परेको चम्चा । ४. आइमाईहरूले कपालको शृङ्गार गर्दा प्रयोग गर्ने चेपुवा वस्तु; चिम्टी । ५. इनार, कुवा आदिमा खसेका कुनै वस्तु बाहिर झिक्न प्रयोग गरिने अङ्कुसे । ६. माछा आदि जलजन्तु समात्ने चुच्चे चिम्टी । ७. स्वेटर आदि हातले बुन्दा प्रयोग गरिने सुइरो । ८. काँढो; कण्टक । ~ **चम्चा**– ना० आधुनिक चलनमा खानेकुरो खाँदा सँगसँगै प्रयोग गरिने काँटा र चम्चा; काँटीचम्चा । – **वाल**– वि० काँटा भएको वा हुने ।

**काँटी**– ना० १. सानो काँटा । २. सर्प समाउने काममा प्रयोग गरिने टुप्पामा अङकुसे लागेको सानो लट्ठी । ३. नेल र हतकडी । ४. सलाईका एकातिर बारुद लगाइएका ससाना छेस्का । ५. काठ जोड्न वा भित्तामा केही झुन्डचाउन ठोकिने एकातिर छातो भएको तीखो फलामे कीलो । ६. घोडाको पीठमा जिनका साथ कसिने एक साधन । ~ **चम्चा**– ना० हे० काँटा चम्चा ।

**काँटे**– वि० [काँटा+ए] काँटा भएको; काँटासम्बन्धी; काँटाको । ~ **आरो**– ना० जुत्ता आदि सिउने काममा प्रयोग गरिने सानो वा अन्य कुनै प्रकारको काँटावाल आरो ।

**काँठ१**– ना० [सं० कण्ठ ] केटाकेटीको घाँटीमा लगाइने कपडाले मोरिएको जन्तर; काँठो ।

**काँठ२**– ना० [सं० कच्छ] सहर-बजारदेखि बाहिरको ठाउँ; गाउँ-बस्ती; कछाड । > **काँठे**– वि० १. काँठमा बस्ने; कछाडिया; गाउँले; कुनाली । २. सभ्यता नसिकेको; असभ्य; गँवार (काँठे मान्छे; काँठे मिजास; काँठे बोली इ०) ।

**काँठो**– ना० [काठ+ओ] १. दालभात आदि पकाएको भाँडाको मुखनेर टाँसिएर रहने फीँजको लेउ वा तर । २. दुई छेउमा तुना लगाई गलामा बाँध्न हुने र पूरै छाती छोप्ने गरी बनाइएको,

बच्चाले लगाउने भित्री लुगा; काँठ । ३. बादल, कुइरो आदिको घेरो । ~ **भोटो–** ना० न्वारानका दिन बालकलाई लगाइदिने भोटो र कपडाले मोरिएको जन्तर; काँठो ।

**काँड–** ना० [सं० काण्ड] एक किसिमको शूल; बाण; तीर; शर । – **पाते–** ना० गाईबस्तुलाई घाँस खुवाइने काँडका आकारको दुधिलो बुट्टे निगालो ।

**काँडपाते–** ना० [काँडो+पाते] पातमा काँडैकाडा हुने एक जातको बोटविशेष ।

**काँडा–** ना० [काँडोको ति० रू०] हे० काँडो । ~ **उम्रनु–** टु० डर लाग्नु; रौँको जरा दरदराउँदो हुनु । ~ **थिच्नु–** टु० मसानघाटबाट घर फर्कँदा प्रेत नफर्कोस् भन्ने आशयले बाटामा मलामीले काँडा थिचेर धूप दिनु । – **वाल–** वि० काँडा भएको; काँडेदार ।

**काँडे–** वि० [काँडो+ए] काँडैकाँडा भएको; काँडेदार; काँडावाल । ~ **अम्बा–** ना० रूखमा मयलका जस्तै काँडा र पात हुने अम्बा वा बेलौती । ~ **कुरो–** ना० काँडैकाँडा हुने एक प्रकारको घाँस वा त्यसमा हुने कुरो (लुगामा टाँसिने झुस) । ~ **कुवेराक्ष–** ना० बोट र कोसामा समेत काँडैकाँडा हुने, नीलो गेडा फल्ने, पहेँलो फूल फुल्ने र अमिलीको जस्तो पात हुने एक लहरो वा त्यसैको गेडा (फल); कुवेराक्षी; लता-करञ्ज । ~ **चाँप–** ना० कनकचम्पा; कर्णिकार । ~ **चुत्रो–** ना० मसिना काँडा र सिताराभन्दा अलि ठूला पात हुने एक प्रकारको चुत्रो । ~ **तार–** ना० काँडैकाँडा पारी बनाइएको फलाम वा अन्य कुनै धातुको बार बार्ने तार । – **दार–** वि० काँडैकाँडाले युक्त; काँडाजस्तो भएको; काँडे । ~ **पैयुँ–** ना० पैयुँको भन्दा सानो बोट; साना-साना पात हुने, काँडेदार पैयुँको एक जात । ~ **भन्टा/भिँडा–** ना० डाँठ, पात, भेट्नु आदिमा काँडा हुने, ठूलो र नीलो रङको एक प्रकारको भन्टा । ~ **भ्याकुर–** ना० नेपालमा मात्र पाइने एक प्रकारको चरो । ~ **मयल–** ना० काँडा हुने, सानो कालो फल फल्ने एक जातको मयलको बोट । ~ **रायो–** ना० पातको एक पाटामा छ चोसासम्म काँडा हुने एक जातको रायोको साग । ~ **लुँडे–** ना० काँडैकाँडा हुने एक प्रकारको लुँडे । ~ **सल्लो–** ना० रातो खोटो आउने र काँडा हुने एक प्रकारको सल्लो ।

**काँडो–** ना० [सं० कण्टक ]१. हाँगा, डाँठ, पात आदिमा पलाउने आलपिन वा सियाको टुप्पोजस्तो घोच्ने वस्तु । २. दुःख दिने मानिस; शत्रु । ३. सङ्कष्ट । ४. बाधा; अड्काउ; व्यवधान; भाँजो । ५. सालनाल । ६. डरले शरीरमा ठडिएका रौँ । ७. नदीनालामा बग्ने एक किसिमको विषालु फीँज ।

**काँढा–** ना० [सं० क्वाथ] औषधी वा अनुपानका लागि जरीबुटी हाली राम्रोसँग पकाइएको रस; पानीमा मिस्री, मरिच, सुकुमेल, सुठो आदि हाली पकाइएको तागतिलो पेय पदार्थ; क्वाथ ।

**काँतर–** वि० [सं० कातर ]१. कुनै कामकुरामा आँट गर्न नसक्ने; दह्रो मुटु नभएको; डरछेरुवा; काथर; नामर्द; भीरु; हुपहारा; पानीमरुवा; पानीआन्द्रे । २. हडबडाएको; व्याकुल; अधीर । > **काँतरिनु–** अ० क्रि० डराउनु; काँतर बन्नु ।

**काँध–** ना० [सं० स्कन्ध] पाखुरा जोडिएको जोर्नीदेखि गर्धनसम्मको शरीरको भाग; कुम; स्कन्ध । – **मा काँध मिलाउनु–** टु० एकले अर्कालाई सहयोग गर्नु; समर्थन गर्नु; एकजुट हुनु । ~ **हाल्नु–** टु० टेवा दिनु; सहयोग गर्नु; उक्साउनु । > **काँधिनु–** अ० क्रि० १. काम गर्न अल्छी गर्नु; ढिलाइ गर्नु । २. काँधे (बोकाहा) हुनु । ३. गह्रुकाउनु । ४. मोटाउनु ।

**काँधीकाठ–** ना० [काँध+ई+काठ] मुर्दा बाँध्नका लागि प्रयोग गरिने बाँस वा काठ; मुर्दा बोकेर लैजाने काठ; घारो ।

**काँधे–** वि० [काँध+ए] १. अर्काको झगडा वा मामला बोकेर हिँड्ने । २. काँध थापिदिने; आड दिने; उक्साउने । ना० ३. काँधमा राखिने वस्त्रादि; गलबन्दी; कँधेरी । ~ **लौरी–** ना० १. काँधमा मुढा आदि हाली तेर्छो पारेर बोक्दा त्यसमनि अर्को काँधबाट हालिने लाठो । २. 'ध' अक्षरको शिरमा तानिने डिको वा सो अक्षरलाई चिनाउने नाम ।

**काँप्-नु–** अ० क्रि० [सं० कम्प+नु] हे० काम्नु । > **काँपिनु–** अ० क्रि० काँप्ने होइनु; कामिनु ।

**काँस–** ना० [सं० काश] १. सेतो झुप्पे फूल फुल्ने, कुशको जातको एक झार; काश । २. हे० काँसो१ । – **घारी–** ना० धेरै काँस भएको ठाउँ; काँसको घारी ।

**काँसो१–** ना० [सं० कांस्य] तामा र राङको मेलबाट बन्ने एक उपधातु; काँस; कसकुट; कांस्य ।

**काँसो२–** ना० [सं० काश] घाँटी खसखसाउने गरी लागेको खोकी ।

**कांस्य–** ना० [सं०] १ तामा र राङको मिश्रणबाट बन्ने, सेतो चहक हुने र ठक्कर लाग्दा पट्ट फुट्ने स्वभावको धातु; काँसो, चरेस । वि० २. काँसाको; चरेसबाट बनेको । – **कार–** ना० काँसो वा चरेसको भाँडा बनाउने काम गर्ने एक जाति; नेवार-जातिको एक थर; कंसाकार । – **ताल–** ना० काँसो धातुबाट बनेको दुई हातमा अल्झाई परस्पर रगडेर बजाइने बाजा; मुजुरा; भ्याली । २. मुजुरा वा भ्याली बजाउँदा सुनिने ध्वनि-तरङ्ग । ~ **युग–** ना० काँसाको हतियारद्वारा युद्ध गर्ने युग; पुरातत्त्व-विज्ञानअनुसार पाषाणयुग र लौहयुगका बीचको समयावधि ।

**काइँकुइँ–** क्रि० वि० [अ० मू० कुइँ (द्वि०)] मुखबाट अस्वीकृति वा नकारात्मक शब्द ननिकालीकन; नाइँनास्ति; आनेकाने; चुँक्क ।

**काइँकोरी–** ना० [बा० बो० ] कपाल कोर्ने काम ।

**काइँयो–** ना०हे० काँगियो ।

**काइँली–** ना०हे० काहिँली ।

**काइँलो–** ना०हे० काहिँलो ।

**काइते–** ना० [सं० कायस्थ] लेखनदासको काम गर्ने वा त्यस्तो पेसा भएको एक वैश्य जाति; कायस्थ । ~ **अक्षर–** ना० डिको नदिई प्रायः एकनासले लेखिएका र किरमिर खालका वा अन्सारले मात्र बुझ्नुपर्ने हस्तलिपि ।

**काइदा**– ना० [अ० कायद] १. काम गर्ने तौरतरिका; कायदा; रीति; नियम । वि० २. राम्रो; सुन्दर; असल (काइदाको घर, काइदाको दही इ०) ।

**काइना**– ना० ठूलठूला पात र फूलहरू धेरैजसो झरिसकेपछि रहलपहल रहेका ससाना पात र फूल ।

**काई**– ना० १. सिमसार वा रूखमा उम्रने हरियो मसिनु झ्याउ; पानीझ्याउ । २. दाँत वा जिब्रामा लाग्ने सेतो गनाउने लेउ; कस । ३. बिरामी पर्दा हत्केला, पैताला, नङ आदिमा देखा पर्ने कालो मयल । ४. सफा नगर्दा लिङ्ग वा योनिमा जम्ने मयल । ५. ढुङ्गा, माटो आदिमा लाग्ने चिप्लो वस्तु; लेउ । ६. काठ, धातु आदिका भाँडाभित्र जम्ने मयल; काउली ।

**काउँकाउँ**– क्रि० वि० [अ० मू० काउँ (द्वि०)] हे० क्याउँक्याउँ ।

**काउकाउ**– क्रि० वि० [अ० मू० काउ (द्वि०)] १. कुतकुती लाग्ने वा लगाउने किसिमले । ना० २. कागको बचेरो (बालबोलीमा) ।

**काउकुती**– ना० शरीरका खास-खास अङ्गमा हलुका स्पर्श गर्दा वा घोच्दा पैदा हुने हाँसो वा झस्को; कुतकुती; गुदगुदी ।

**काउछे**– ना० [काउछो+ए] १. सहिदहरूका कारणले चर्चित सिन्धुली जिल्लाको एक गाउँ । वि० २. हे० काउसे । ~ **सिमी**– ना० हे० काउसे सिमी ।

**काउछो**– ना० हे० काउसो ।

**काउडीकाने**– वि० खास गरी बालकलाई माया गर्दा भनिने शव्द ।

**काउडो**– वि० भैँसीलाई गाली गर्दा भनिने शब्द ।

**काउन्टर**– ना० [अङ्० ] पसल, ब्याङ्क आदिमा पैसाको कारोबार वा लेनदेन गर्न व्यवस्था गरिएको अलग एकाइ वा ठाउँविशेष; पैसा गन्ती गर्ने व्यक्ति ।

**काउबुजी**– ना० [बा० बो०] १. कीरो; गुजी; बुजी; । (उदा०– काउबुजी आयो भनेर डराउनु हुँदैन है भाइ ! ) । २. हे० काउबुडी ।

**काउबुडी**– ना० १. केटाकेटीहरूलाई काउकुती लगाउँदा भनिने शब्द; काउबुजी । २. काउकुती ।

**काउली१**– ना० [अङ्० क्यालीफ्लावर] चारैतिर हरिया ठूला पात हुने र बीचमा सेतो ठूलो खँदिलो फूल फुल्ने तरकारीविशेष; फूलकोपी; फूलगोभी; कोपी ।

**काउली२**– ना० [काई ] हे० काई; लेउ ।

**काउलो**– ना० [सं० ककुभ] चिलाउनेका जस्ता पात हुने र गोल फल फल्ने, हृदयरोगलाई हित हुने फलविशेष ।

**काउसे**– वि० [काउसो+ए] काउसोजस्तो; काउसाको छाँटको । ~ **सिमी**– ना० नीलो तथा सेतो पत्र भएको फूल फुल्ने, कोसामा काउसाको जस्तो भुस हुने एक जातको सिमीको बोट वा त्यसैको कोसा ।

**काउसो**– ना० [√ काउछो ] १. नीलो फूल फुल्ने, खैरो रङको, टुप्पो घुमेको, सिमीको जस्तो कोसा लाग्ने र कोसामा विषालु सेतो भुस हुने, सो भुस शरीरमा लाग्दा साह्रै चिलाउने लहरो; काउछो । वि० २. पछि लागेर छोड्दै नछोड्ने वा साह्रै रोऱ्याइँ गर्ने (मानिस) ।

**काक**– ना० [सं०] काग; कौवा । – **गवेषण**– ना० १. असम्भव कुरा वा वस्तुको खोजी । २. कागको जस्तो तीखो चलाखीले गरिने खोज-तलास । – **गोलक**– ना० जुन आँखाले हेर्नुपऱ्यो त्यतैपट्टि सर्ने कागको आँखाको नानी । (त्यसै कल्पनामा कागलाई 'एकदृक्' भनिएको हो ।) – **जङ्घा**– ना० १. कागको जाँघजस्तो आकारका राता फूल फुल्ने एक प्रकारको बुटी । २. लालगेडी; रातीगेडी; रत्ती । ३. मसी । – **जम्बु**– ना० कुवा वा तलाउ, नदीको नजिकमा हुने, अतिसानो, प्रायः कागैले मात्र खाने जामुनका जातको फल । – **ताली**– ना० १. अकस्मात् वा अप्रत्याशित रूपबाट भएको दुर्घटना । क्रि० वि० २. संयोगले; पूर्वयोजनाविना नै । – **तालीन्याय**– ना० संयोगवश हुन वा मिल्न जाने कुनै घटना । – **दन्त**– ना० १. कागको दाँत । २. अस्तित्व नै नभएको असम्भव कुरो । – **पक्ष**– ना० बालक वा तन्नेरीहरूका दुवै कनपटीका लामा-लामा केश (विशेष गरेर छेत्रीहरूको) । – **पद / पाद**– ना० १. हस्तलिखित ग्रन्थादि पाण्डुलिपिमा कुनै अक्षर, पद आदि छुटेको सङ्केत गर्दा प्रयोग गरिने चिह्न (‸); कागखुट्टे । २. सम्भोगको एक विशेष रीति । – **पुष्ट**– ना० कोइली; कोकिल । – **बलि**– ना० १. कार्तिक कृष्ण त्रयोदशीका दिन धार्मिक दृष्टिकोणले कागलाई खान दिइने चीजबीज; कागतिहारको दिन कौवालाई दिइने बलि । २. श्राद्धका समयमा कौवालाई दिइने भोजनको अंश । – **वन्ध्या**– ना० एउटा मात्र छोरो पाएर फेरि कुनै सन्तान नजन्माउने स्त्री ।

**काकली**– ना० [सं०] १. मधुर अस्फुट ध्वनि; श्रुतिमधुर तरङ्ग; मन्दमधुर स्वर । २. कैँची ।

**काका१**– ना० [फा०] बाबुको भाइ; कान्छा बाबु; कान्छाबा ।

**काका२**– क्रि० वि० [अ० मू० का (द्वि०)] १. काग वा कौवा कराउँदा आवाज निस्कने चालमा । ना० २ त्यस्तो आवाज ।

**काकाकुल**– ना० [सं० काककुल ] १. पानीका लागि मेघमा भर पर्ने एक पक्षी; चातक । २. पानी खान लाग्दा नदिनेलाई प्रयोग गरिने शब्द ।

**काकाकौवा**– ना० [√ काकातुवा] १. कल्की भएको, रङगीबिरङ्गी सुगा जातिको एक पक्षी वा चरो; काकातुवा । २. सालको पातलाई बीचमा चिरी सिन्का घुसारेर कौवाका पखेटाजस्तै पारी हल्लाउँदै केटाकेटीले खेल्ने खेल ।

**काकातिल**– ना० घाँटीमा रातो डल्लो झुन्डिएको एक पक्षी ।

**काकातुवा**– ना० [मल० ककतुअ] हे० काकाकौवा ।

**काकी**– ना० [काका+ई] काकाकी स्त्री; कान्छी आमा ।

**काकु**– ना० [सं०] १. भय, शोक, क्रोध आदि संवेगका कारणले स्वरमा आउने परिवर्तन । २. स्वीकारात्मक अर्थलाई प्रकट गर्ने निषेधात्मक शब्द । ३. गुनगुनाहट । ४. जिब्रो ।

**काकुल**– ना० [सं० काकपक्ष] मिलाएर छाँट पारी काटिएको

कपाल; जुल्फी । > **काकुलाइ–** ना० काकुलिने क्रिया वा प्रक्रिया । **काकुलिनु–** अ० क्रि० घुम्रिनु; कुलकुलाउँदो हुनु (कपाल आदि) ।

**काकुवक्रोक्ति–** ना० [सं०] कण्ठध्वनि-विकारका आधारमा वक्ताले बोलेको वाक्य सुनेर श्रोताले अभिप्रेत अर्थबाट इतर अर्थको व्यञ्जना गर्ने वाक्-विन्यास; वक्रोक्ति अलङ्कारको एक भेद ।

**काकोल–** ना० [सं०] १. एक जातको काग; कालो काग, पहाडी काग; ढोले । २. सर्प । ३. विष (हलाहल) ।

**काकोली–** ना० [सं०] मरुई लताविशेष ।

**काख–** ना० [प्रा० कक्ख > सं० कक्ष] बसेका अवस्थामा मानिसको कम्मरदेखि घुँडासम्मको अग्रभाग; पलैँटीको माथिल्लो भाग; अङ्क । **-को बालो–** ना० चिचिलो बालक; साह्रै सानो नानी ।

**काखी–** ना० [प्रा० कक्ख] काँधको जोर्नी पर्ने कुममन्तिरको खोपिल्टो; खुकुनी; कोखेलो ।

**काखे–** वि० [काख+ए] १. अर्काको काखमा मात्र बसिरहन मन गर्ने (बालक) । २. काखमा राख्न मात्र ठिक्क हुने ।

**काग१–** ना० [अङ्० कर्क] १. औषधी आदि राखिएको बोतलमा बिर्को लगाउन प्रयोग गरिने कमलो काठको वस्तु; भित्री बिर्को; बुजो । २. मटीतेल आदि खन्याउन प्रयोग गरिने सोली; ट्वाक ।

**काग२–** ना० [सं० काक] चिल्लो कालो प्वाँख हुने, रूखो र कर्कश स्वर निकालेर कराउने एक जातको केही लाम्चो चरा; कौवा; काक । **– खुट्टे–** ना० हे० काकपद/काकपाद । **– चुच्चे–** ना० कागको टाउकाको जस्तो आकारको फल फल्ने, नीलो फूल फुल्ने, करेलाको भैँ पात हुने लताविशेष; त्यसकै फल वा फूल ।

**कागज–** ना० [फा०] कागत; पत्र । ~ **जाँच–** ना० हे० कागत-जाँच । > **कागजात–** ना० विभिन्न विषय लेखिएका कागजहरूको फाइल; कागजपत्र; मिसिल ।

**कागजी–** वि० [कागज+ई] १. कागजसम्बन्धी; कागजमा आधारित । २. कागजको जस्तै पातलो खोस्टा वा बोक्रा हुने (फलफूल आदि) । ३. व्यवहारमा आउन कठिन भई सिद्धान्तमा मात्र आधारित (कागजी योजना, कागजी कार्यक्रम इ०)। ~ **पाट–** ना० नेपाली कागज बनाउने एक कच्चा पदार्थ । ~ **बदाम–** ना० लाम्चा पात, ससाना राता फूल र लाम्चो आकारको फल फल्ने एक रूख वा त्यसैको फल ।

**कागत–** ना० [अ०] १. लेख्न, छाप्न, चित्र बनाउन, पोकापोकी पार्न आदि कामका निम्ति प्रयोग हुने, काठ, गुदी, भुत्रो आदिबाट बनाइने पातलो र लचिलो वस्तु; कागज; पत्र । २. लिखित प्रमाण (तमसुक, भर्पाई आदि) । ~ **जाँच–** ना० अड्डा वा कार्यालयमा भएका आय-व्यय तथा अन्य विषयसम्बन्धी कागजातहरूको जाँचबुझ गर्ने काम; कार्यालयीय कागजपत्र-हरूको निरीक्षण । ~ **पत्र–** ना० कागजपत्रहरूको समूह; कागजात ।

**कागतिहार–** ना० [काक+तिहार] कार्तिक कृष्ण त्रयोदशीका दिन कागलाई बलि दिने परम्पराअनुसारको चाड; तिहारका चाडको पहिलो दिन ।

**कागती–** ना० [√कागजी] अर्धउष्ण प्रदेशमा फल्ने, फिक्का पहेँलो बोक्रा र रसिलो तथा अमिलो गुदी हुने, अचार बनाइने र दाल-तरकारीमा निचोरेर खाइने गोलाकार तथा केस्रादार एक फल ।

**कागते–** ना० [कागत+ए] कागतको; कागतपत्रसम्बन्धी । ~ **हुलाक–** ना० पृथ्वीनारायण शाहका पालामा कागतपत्र मात्र ओसारपसार गर्ने हुलाकी ।

**कागुनु–** ना० [सं० कङ्गु] जौका जस्तै पात र बाला हुने एक बोट वा त्यसैका बालामा फल्ने घिउ रङको सस्र्यूँजस्तो दाना; आयुर्वेदअनुसार वायुवर्द्धक र पुष्टिकारक गुण भएको पहेँलो, सेतो र कालो रङ हुने त्यसैका भिन्न-भिन्न भेद ।

**कागे–** वि० [काग+ए] १. कागजस्तो; कालो; सिकुटे । २. कागे भेडो । ~ **किरो–** ना० काला खबटे पखेटा हुने एक जातको सानो फटचाङ्ग्रो । ~ **जिउ–** ना० पातलो सिकुटे शरीर । ~ **भिँजा–** ना० कागले गुँड लाउने जस्ता मसिना भिक्राभिकी । ~ **ठेकी–** ना० बिहामा दुलहापट्टिबाट दुलहीकहाँ पठाइने लग्नपत्रिका र मङ्गलका निमित्तको दही-ठेकी; साइपाटो । ~ **भलायो–** ना० भलायोको एक प्रकार । ~ **भेडो–** ना० एक प्रकारको घरपालुवा भेडो ।

**काङ्क्षा–** ना० [सं०] १. इच्छा; चाहा; अभिलाषा; कामना । २. झुकाउ; रुचि । > **काङ्क्षित–** वि० काङ्क्षा वा इच्छा गरिएको; अभिलषित । **काङ्क्षी–** वि० कामना गर्ने; चाहना गर्ने; इच्छुक; अभिलाषी (आकाङ्क्षी, शुभाकाङ्क्षी इ०) ।

**काङ्गियो–** ना० [सं० कङ्कतिका] १. हे० काँगियो । २. प्रायः घैया गोड्ने काममा प्रयोग हुने दाँतैदाँत भएको फलामे हतियार; एक किसिमको लिँडुल्को ।

**काङ्ग्रेस–** ना० हे० कङ्ग्रेस ।

**काछ–** [सं० कच्छ] १. तिघ्रा र भुँडीको जोर्नीस्थल; तिघ्राको काप; जाँघे । २. किनार; छेउ । **– बन्दी–** ना० सानो खालको धोती; ठाडो धरो; लगौँटी । > **काछे–** ना० सिलाएको लँगौटी ।

**काज१–** ना० [अङ्० कग] लुगाहरूमा टाँक छिराई बन्द गर्नाका निम्ति बनाइएको प्वाल; टाँकघर ।

**काज२–** ना० [सं० कार्य] १. कार्य; काम । २. केही वा निर्धारित अवधिका निमित्त कुनै पनि सरकारी वा गैरसरकारी सेवामा रहेको बहालवाला कर्मचारी, शिक्षक आदिले अर्को संस्था वा कार्यालयमा गई गरेको सावधिक सेवाकार्य । ~ **किरिया–** ना० परम्परागत रीतिअनुसार मृतकका नाउँमा तेह्र दिनभित्र गरिने अञ्जलिदान, पिण्डदान आदि अन्त्येष्टि क्रिया; मरौपरौको काम; क्रियाकर्म । **– वार–** ना० १. चाडपर्व; कार्यक्रम । २. मेलोमेसो । ३. जोहो ।

**काजी–** ना० [अ०] १. माध्यमिककालीन नेपालको मुख्य प्रशासक; मन्त्री वा सो सरहको पद । २. निजामतीतर्फ उच्च दर्जाको

अधिकारी वा सो अधिकारीको पद । ३. क्षत्रीलाई आदर गर्दा प्रयोग गरिने शब्द । ४. नेवारका केटाकेटीलाई स्नेह जनाउँदा वा मान राख्दा प्रयोग गरिने शब्द । वि० ४. कर्मशील; क्रियावान् (कामकाजी मान्छे, कामकाजी कुरो इ०) ।

**काजु१–** ना० [अङ्० कास] उष्ण-प्रदेशमा फल्ने बदामजस्तो तर केही घुमुर्किएको र सेतो रङको हुने, मरमसलामा प्रसिद्ध सुक्खा फलविशेष ।

**काजु२–** वि० [काज+उ] काममा पोख्त; कार्यदक्ष ।

**काजू–** वि० हे० काजु२ ।

**काञ्चन–** ना० [सं०] १. सुन; सुवर्ण । २. धनसम्पत्ति; ऐश्वर्य । ३. प्रभा; दीप्ति । ४. कोमल तन्तु । ५. धतुराको बोट । ६. चाँपको फूल । ~ **पुरुष–** ना० आशौचको एघारौं दिनमा मृतकको उद्धारका निम्ति महाब्राह्मणलाई दानस्वरूप दिइने सुवर्णपत्रमा लेखिएको पुरुषको आकृति ।

**काञ्ची–** ना० [सं०] १. स्वास्नीमानिसहरूको मेखला; करधनी; कन्धनी । २. हिन्दूहरूमा पवित्र ठानिएका सात नगरीमध्ये दक्षिण भारतमा स्थित एक नगरी ।

**काञ्जिक–** ना० [सं०] दूध-दहीको पानी फटाई त्यसमा नुन, मसला हाली साँधेको पेय पदार्थ; माडको अचार; काँजी ।

**काट्-नु–** स० क्रि० [सं० कर्तन] १. कुनै वस्तुलाई हतियारले हान्नु । २. टुक्रा पार्नु; छिन्ने गराउनु । ३. अक्षर केर्नु वा मेट्नु । ४. रेल, मोटर आदिको टिकट किन्नु । ५. बिल, चेक, पुर्जी आदि लेखी जारी गर्नु । ६. समय बिताउनु । ७. उल्लङ्घन गर्नु; नाघ्नु । ८. अर्काले बोलेको कुरा नटुङ्गिँदै बीचैमा बोल्नु । ९. हिसाब आदि कट्टी गर्नु । १०. कुनै आज्ञा, आदेश, तर्क आदिलाई रद्दी पार्नु वा तिनको खण्डन गर्नु ।

**काट–** ना० [सं० कर्त्त] काट्ने काम; कटाइ (काटछाँट, मारकाट इ०) । – **कुट–** ना० १. कुनै वस्तुलाई काटेर वा फोरेर ससाना टुक्रा पार्ने काम । २. भाषाका अशुद्ध रूप र अनावश्यक अंशलाई हटाएर परिष्कृत रूप दिने कार्य । – **छाँट–** ना० काट्ने र छाँट्ने काम; काटकुट । – **मार–** ना० १. काटोछिनु; लडाइँ । २. देवस्थल आदिमा बलि वा भोग दिने कार्य; काट्ने र मार्ने काम; हिंसा ।

**काटा–** ना० काट्ने साधन वा भाँडो; हतियार (बालबोलीमा) ।

**काटाकाट–** ना० [काट्+आ+काट्] १. बाझाबाझ; काटोछिनु । २. एकले अर्काको हानि पुऱ्याउने काम । ३. परस्परमा खुकुरी आदि हतियार प्रयोग गर्ने काम । ४. वैरभाव; शत्रुता । ५. एकले अर्काको भनाइ, सिद्धान्त आदिको खण्डन वा विरोध गर्ने काम ।

**काटिनु–** क० क्रि० [काट्+इ+नु] काट्ने काम गरिनु; टुक्र्याइनु ।

**काटीकुटी–** ना० [काट+ई+कट+ई] १. दुई मानिसका बीचमा वा कुनै दुई थरी विषय वा कुराका बारेमा परस्पर रूप, ढाँचा, बोलाइ, आचरण आदि गुणको तुलना गर्दा प्रयोग गरिने शब्द । २. दुरुस्त; उस्तै । (उदा०– राम काटीकुटी उसको बाबुजस्तै छ । )

**काटे–** क्रि० वि० [काट्+ए] काट्ता पनि; पटक्क; ठ्याम्म । ~ **नमिल्ने–** वि० पटक्क नमिल्ने; ठ्याम्म नहुने ।

**काटोछिनु–** ना० [काट्+छिनु ] ठूलो शत्रुता; काटाकाट; मारामार ।

**काट्टे–** वि० [काट्टो+ए] १. एघारौंका दिनमा मृतकका नाउँमा दिइएको अन्न हसुर्ने; काट्टो खाने । ना० २. त्यस्तो काट्टो खाने खालको बाहुनलाई अपहेलनापूर्वक भनिने शब्द ।

**काट्टो–** ना० १. मरेका एघारौं दिनमा मृतकका उद्देश्यले खुवाइने भोजन तथा दान गरिने वस्तु । २. बिरालाको बिष्टा । ३. बलैले खानुपर्ने तुच्छ खानेकुरो ।

**काट्ने–** वि० [काट्+ने] १. धारिला हतियारले हान्ने वा दाँतिला हतियारले रेट्ने । २. काट्नुपर्ने । ३. साह्रै चिसाले काट्ला जस्तो; असाध्यै ठिहिऱ्याउने । ४. बिटसम्म आउने । ५. उछिनेर बोल्ने । ना० ६. उपर्युक्त प्रकारको मानिस वा वस्तु । ~ **निम्ठो–** ना० बिटको बराबरी; बिटसम्म (उदा०– चिउरा हो र भुसी भर्नलाई ? चामल त काट्ने निम्ठो नै भरिन्छ नि ।) । ~ **भाँडो–** ना० धारिलो हतियार (खुकुरी, खुर्पा, हँसिया इ०) ।

**काट्नेसी र कुट्नेसी–** ना० [काट्ने+असि, कुट्ने+असि] १. काट्ने हतियार र कुट्ने सामान । २. काट्ने र कुट्ने काम ।

**काठ–** ना० [प्रा० कट्ठ < सं० काष्ठ] १. रूखका बोक्राभित्रको कडा वस्तु; रूख ढाली बनाइएका थाम, दलिन, बिम, निदाल, तखता आदि घर बनाउने सामग्री; कुर्सी, मेच, ढोका, टेबुल आदि तयार गर्ने कच्चा पदार्थ; टिम्मा । २. दाउरा । ३. मूला, गाजर, ग्याँठकोपी आदिमा छिप्पिएपछि गुदीका पत्रमा लाग्ने काठजस्तो साह्रो जालो । ~ **गोदाम–** ना० संस्थान वा निजी स्तरमा दलिन, निदाल आदि काठहरू ल्याएर थुपार्ने र बिक्री-बेपार गर्ने निश्चित ठाउँ । ~ **तुलसी–** ना० धानको एक प्रकार । – **पात–** ना० सबै खालका काठलाई सामूहिक रूपमा भनिने नाम; काठहरूको समूह; दाउरा, झिँजा आदि । ~ **महल–** ना० पहिले-पहिलेको वनविभाग ।

**काठमाडौँ–** ना० [सं० काष्ठमण्डप] १. नेपालको राजधानी सहर; कान्तिपुर; कान्तिपुरी । २. मल्लकालका उपत्यकाका तीन राज्यमध्ये एकको राजधानी । – **ले/ली–** वि० काठमाडौँको निवासी; काठमाडौँको रैथाने ।

**काठि-नु–** अ० क्रि० [काठ+इ+नु] काठझैँ अररो हुनु; जाडोले कठ्याङ्ग्रिनु; गँगरिनु ।

**काठिन्य–** ना० [सं०] कठिनाइ; कठिनता ।

**काठिया–** ना० लाटोकोसेरोजस्तो एक जातको चरो ।

**काठी१–** ना० [सं० काष्ठ] १. घोडाको पिठ्यूँमा बस्नाका निम्ति जिनमनि कसिने खास गरी छालाको आसन वा काठको साँचो । २. साइकल, मोटर साइकल आदिमा बस्नका निम्ति राखिने सिट ।

**काठी२**– ना० [काठो+ई ] 'काठो'-को स्त्रीलिङ्गी शब्द ।

**काठे**– वि० [काठ+ए] १. काठको; काठसम्बन्धी; काठमा हुने । २. काठ वा छोक्रा धेरै भई रस कम भएको । ना० ३. लिङ्गका अखटामा देखापर्ने गन्हाउने सेतो पदार्थ । ~**अमला**– ना० ससाना गेडा हुने एक जातको अमला । ~**उखु**– ना० काठझैँ साह्रो हुने एक प्रकारको उखु; ढोडे उखु । ~**किरो**– ना० काठमै उत्पन्न भई काठ खाएरै बाँच्ने एक कीरो । ~**केरा**– ना० कोसामा साह्रो नसा हुने एक जातको केरा । ~**चाँप**– ना० पहेँलो फूल फुल्ने, राता गेडाका झुप्पा लाग्ने, सेतो काठ हुने एक जातको चाँप; वनचाँप । ~**च्याउ**– ना० रूखमा उम्रने, सेतो वा खैरो रङ्गको डाँठ हुने एक प्रकारको च्याउ । ~**ज्यामिर**– ना० पहेँलो बोक्रा हुने एक खालको ज्यामिर; नाइटे ज्यामिर । ~**डुम्री**– ना० एक जातको डुम्रीको रूख । ~ **न्याउरी**– ना० न्याउरीमुसोको एक प्रकार । ~ **पिपल**– ना० पीपलको जस्तो पात भई ठूलठूला पहेँला फूल फुल्ने र गोल फल फल्ने रूखविशेष वा त्यसैको फल; फलीश । – **पाते**– वि० काठपातसम्बन्धी; काठपातबाट तयार पारिएको; काठको ।~ **फुसी**– ना० जननेन्द्रियमा उब्जने गन्हाउने मयल । ~ **मन्सरा**– ना० मोटो-मोटो हुने मन्सरा जातको धान वा त्यसको चामल ।

**काठो**– ना० [काट्हो + ?] अन्य जातले बाहुनलाई हियाएर भन्ने शब्द ।

**काढ्-नु**– स० क्रि० १. उखेल्नु (धान, कोदो आदिको बीउ) । २. थुत्नु; फुकाल्नु (छाला, लुगा इ०) । ३. निकाल्नु; झिक्नु (भातको माड, मह इ०) । ४. चुहाउनु (राल, आँसु इ०) । ५. ओराल्नु; हटक गर्नु (जात, भात इ०) । ६. बचरा निकाल्नु (फुलबाट) । ७. माग्नु वा लिनु (ऋण, सापट इ०) । ८. उच्चारण गर्नु (अक्षर, नाम इ०) । > **काढाकाढ**– ना० पालैपालो काढ्ने काम । **काढिनु**– क० क्रि० काढ्ने काम गरिनु ।

**काण्ड**– ना० [सं०] १. कुनै वस्तुको खण्ड वा भाग । २. रूखको हाँगो; डाली; शाखा; आँख्लो । ३. पुस्तक आदिका कुनै अध्याय वा प्रकरण । ४. अप्रिय तथा नराम्रो घटना (लाइब्रेरी काण्ड, हत्याकाण्ड इ०); अशान्तिको स्थिति । ५. कुनै कुराको हद वा सीमा (काण्ड पुग्नु, काण्ड पुऱ्याउनु इ०) । ६. धनुका बीचको मोटो भाग; बाण; तीर ।

**कात्-नु**– स० क्रि० धागो बनाउनु; सूत निकाल्नु; धागो निकाल्नु; बत्ती पार्नु ।

**कातन्त्र**– ना० [सं०] सर्ववर्माद्वारा लेखिएको एक संस्कृत व्याकरण; कलाप-व्याकरण ।

**कातर**– वि० [सं०] हे० काँतर ।

**कातिनु**– क० क्रि० [कात्+इ+नु] बत्तीको धागो बनाइनु; बत्ती बाटिनु ।

**काती**– ना० [सं० कातैल] १. पिनासमेत मिसिएर थिग्रिएको तेलको लेदो; थिग्रेनी । २. टुकी आदि बाल्दा डढेर रहेको सलेदो वा फित्ताको कालो सिट्ठी; थुर । वि० ३. औधी मैलो; साह्रै मैलो ।

**कात्तिक**– ना० [सं० कार्तिक] वर्षको सातौँ महिना; असोज र मङसिरका बीचको महिना ।

**कात्तिके**– वि० [कात्तिक+ए] १. कामातुर; बढी सम्भोगको इच्छा गर्ने (कुकुर, मानिस आदि) । २. कात्तिक महिनासँग सम्बन्धित; कात्तिकमा फल्ने, उम्रने वा पाक्ने (बालीनाली) ।~ **औलो**– ना० कात्तिकमा जाडो र गर्मीको दोसाँध हुने बेला कछार, घाँच र खोचतिर आउने जरो । ~ **बोडी**– ना० कात्तिक महिनामा फल्ने गाढा हरियो र छोटो कोसामा सेतो गेडा लाग्ने एक जातको गुलियो-गुलियो स्वादको बोडी ।

**कात्यायन**– ना० [सं०] १. पाणिनिको अष्टाध्यायीका व्याकरण-सूत्रलाई पूर्ण पार्न वार्तिकको रचना गर्ने एक प्रसिद्ध वैयाकरण ऋषि । २. श्रौतसूत्रका प्रवर्तक; वररुचि; पुनर्वसु; मेधाजित् । > **कात्यायनी**– ना० १. दुर्गाको एक मूर्ति वा रूप । २. कात्यायन ऋषिकी पत्नी । ३. गेरु वस्त्र धारण गर्ने अधबैँसे विधवा ।

**कात्री**– ना० १. पिङको काम्रो । २. कोलको बियो र ढिकुवालाई जोड्ने तेर्सो काठ ।

**कात्रो**– ना० [सं० कृत] मुर्दालाई ढाक्ने र बेर्ने सेतो कपडा; शववस्त्र ।

**काथर**– वि० [√ कातर] हे० काँतर ।

**कादम्बरी**– [सं०] १. कदम्बका फूलबाट बनाइएको रक्सी; उखुको मदिरा । २. हात्तीको गण्डस्थलबाट बहने मद । ३. सरस्वतीको एक उपाधि । ४. पोथी कोइली । ५. बाणभट्टरचित एक गद्यकाव्य ।

**कादम्बिनी**– ना० [सं०] १. बादलको लामो पङ्क्ति वा तह; मेघमाला । २. मेघ-रागको एक रागिनी ।

**कादो**– ना० [सं० कर्दम] हिलो; धान रोपाइँ गर्न हिल्याइएको माटो ।

**कान**– ना० [सं० कर्ण ] १. ध्वनितरङ्ग वा शब्दलाई ग्रहण गर्ने शरीरको अङ्ग; शरीरको एक ज्ञानेन्द्रिय; श्रवणेन्द्रिय; कर्ण । २. कानका आकारको कुनै वस्तु (भाँडाबर्तनका कडा आदि) । ३. बाह्रखरीको एक मात्रा; आकार (ा); काननानी । ४. नाम्लाको पातामा बरियो छिराउन बनाइएको बीचमा प्वाल भएको दुईतिरको भाग । ~**उखेल्नु**– टु० सास्ती दिनु । – **कटुवा ⁄ कटटु**– वि० कान काटिएको वा चिरिएको; कनफट्टा; कनकट्टा; बुच्चे; कानचिरा । ~ **काट्नु**– टु० १. पक्कै हो भन्नु । (उदा०– यो कुरो नभए मेरो कान काटिदेऊ) । २. सास्ती दिनु । ~ **खानु**– टु० झर्को लाग्नु । ~ **खाने**– वि० धेरै कराउने; चर्को; दिक्क लाग्ने । – **चिरा**– वि० कानकटुवा; कनफट्टा । ~ **ढाक्ने**– ना० कान छोप्ने वस्त्र; ओढ्ने । – **ढुङ्ग्री**– ना० महिलाहरूले कानमा लगाउने सुनको गहना ।

**कानन**– ना० [सं०] १. वन; जङ्गल । २. बगैँचा । ३. घर ।

**कानपाते**– ना० [कान+पाते] हे० सरताप्रे ।

**कानपासा**– ना० [कान+पासा] नारीहरूले कानमा लगाउने टपजस्तो तीन चोसा परेको बीचको चोसो अलि माथिसम्म उठेर केही घुमेको गहना ।

**कान मन्त्राइ**– ना० [कान+मन्त्राइ] १. कुरा सिकाउने काम । २. पोललगाइ ।

**कानसिन्की**– ना० [कान+सिन्की] हे० कालीसिन्की ।

**काना१**– ना० [√ कान ] कान । (कानाकाटी आदि ) ।

**काना२**– ना० [कानो+आ] १. तीनवटै पोट मिली हुने पासा खेलको एक दाउ । वि० २. कानो । – **कौडी**– ना० १. फुटेको वा खोटो कौडी । २. ज्यादै थोरै वा नगण्य धनसम्पत्ति; थोरै धन । (तुल० पैसा न कौडी बजार-बजार दौडी । )

**कानीन**– ना० [सं०] १. अविवाहित वा कुमारी स्त्रीबाट जन्मिएको छोरो; कन्यापुत्र । २. व्यास । ३. कर्ण ।

**कानु**– वि० [√ कानो] १. एउटा आँखाले मात्र देख्ने; एकआँखे; कानो । २. ना० मधेशतिर बस्ने एक जाति ।

**कानुन**– ना० [अ० कानून] जनताद्वारा निर्वाचित राष्ट्रिय प्रतिनिधि-हरू भएको व्यवस्थापिकासभाले राष्ट्रलाई व्यवस्थित रूप दिन बनाएको नियमले ऐनको रूप लिएको समूह; राज्यमा सुचारु रूपले न्यायिक व्यवस्था कायम राख्न बनाइएका नियमावलीहरूको समष्टि रूप; ऐन, सवाल, नियम, आदेश आदि । ~ **किताब**– ना० ऐनकानुनको पुस्तक; विधिशास्त्र । > **कानुनतः**– क्रि० वि० कानुनअनुसार; कानुनले तोके वा निर्दिष्ट गरेअनुसार । – **बद्ध**– वि० ऐनकानुनद्वारा बाँधिएको; कानुनको परिधिभित्रको । ~ **बर्खिलाप**– वि० ऐनकानुनको विरुद्ध वा विपरीत; कानुनले निषेध गरेको (कामकारबाई, आचरण आदि) । ~ **विषयक समिति**– ना० कानुनसम्बन्धी सरसल्लाह, निर्देशन आदि दिने, छलफल गर्ने, समस्या सुल्झाउने एक अङ्ग । ~ **व्यवसाय**– ना० कानुनसम्बन्धी पेसा वा तद्विषयक लेखपढ, बहस आदिको काम; वकालत । ~ **व्यवसायी**– वि० १. कानुनसम्बन्धी पेसामा लागेको वा कानुनसँग सम्बद्ध काममै संलग्न । ना० २. त्यस्तो व्यक्ति । ~ **सम्बन्धी**– वि० ऐनकानुनसँग सम्बन्ध भएको ।

**कानुनी**– वि० [कानुन+ई ]१. कानुनसम्बन्धी; कानुनको; कानुनमा बाँधिएको; कानुनभित्रको । ना० २. कानुनको ज्ञाता; कानुन छाँट्ने व्यक्ति । ~ **लिखत**– ना० १. कानुनमा स्पष्टसँग उल्लिखित विषय, कानुनी बुँदा वा आधार । २. कुनै काम-कारबाईका सम्बन्धमा अड्डा-अदालतबाट गरिने ऐनसवाल, रुलनियम-अनुसारका आवश्यक लिखित प्रमाण वा कागजात । ~ **कारबाई**– ना० १. कानुनमुताबिक गरिने वा गरिएको कामकारबाई । कुनै उजुरी वा काम-कर्तव्यबारे अदालत आदिबाट लिइने निर्णय । ~ **दाबी**– ना० कानुनका आधारमा गरिने वा गर्न पाउने दाबी वा अधिकार; कानुनप्रदत्त दाबी । ~ **ब्याज**– ना० रिन-सापट लिँदा-दिँदा कानुनले तोकेबमोजिम लिइने वा लिनुपर्ने ब्याज । ~ **मान्यता**– ना० कानुनले गर्न हुने भनिएको वा कानुनबाट कुनै बाधा-अड्काउ नभएको; कानुनद्वारा मान्य । ~ **विवाह**– ना० अड्डाबाट कानुनी रूपमा पति-पत्नी भएको विवरण दर्ता गरी विवाह गरिने प्रथा वा त्यस प्रकारले गरिएको विवाह । ~ **स्तर**– ना० कानुनद्वारा निर्धारित वा मान्य स्तर; कानुनी दृष्टिबाट निर्धारित हुन गएको कुनै पद, प्रतिष्ठा आदिको तह वा मान्यता ।

**कानू**– वि० हे० कानो ।

**काने**– ना० [कान+ए] १. लाम्चा ससाना पात हुने र चिप्लो झोल निस्कने एक प्रकारको भुईंझार । वि० २. कानका आकारको कडा भएको (काने कसौंडी) । ३. कानसमेत ढाकिने वा छोपिने (काने टोपी) । ४. ठूला कान भएको (वस्तु, मानिस इ०) । ~ **कसौंडी**– ना० दुवैतिर कडा भएको ससानो कसौंडी । ~ **काने पिच्च**– ना० आँखामा पट्टी बाँधिएको डुमले अरू खेलाडीहरूलाई छुने र छोइएको खेलाडी नै डुम बन्ने, बालकहरूको मनोरञ्जक खेल । – **कोर्सि**– क्रि० वि० चार रातपछि आउने दिन; निकोर्सिको भोलिपल्ट । – **खुसी**– ना० १. स्वरयन्त्रमा कुनै कम्पन नल्याई सास मात्रले अरूका कानमा भनिने गोप्य कुरो; अरूले नसुनून् भन्ने उद्देश्यले ज्यादै मसिनो स्वरमा खुसुक्क बोल्ने काम; साउती; खासखुस; कानाखुसी; कानफुकाइ । २. भित्री प्रचारकार्य । (उदा०– चुनावमा मतदातालाई कानेखुसी नगरे जित्न नै सकिँदैन ।) । – **गुजी**– ना० कानको दुलोभित्र हुने पहेँल्छ्या कालो र मैनजस्तो फोहर पदार्थ; कानको मयल; कर्णमल । ~ **च्याउ**– ना० रूखका ठुटामा उम्रने कानजस्तो आकारको एक प्रकारको च्याउ । ~ **टोपी**– ना० दुवै कान ढाक्ने, चिउँडामुनि तुना बाँध्न हुने बालकहरूको टोपी । – **पर्सि**– क्रि० वि० हे० कानेकोर्सि । – **सिन्को**– ना० पानीले छोडेको बगरमा उम्रने, पहेँलो फूल र हाँसका पाइलाको आकारका पात हुने एक प्रकारको घाँस ।

**कानो**– वि० [सं० काण] एउटा आँखो नदेख्ने; एकआँखे; कानू ।

**कान्छा**– वि० [कान्छोको ति० रू०] १. कम उमेरको वा पछि जन्मेको । ना० २. त्यस्तो व्यक्ति । ३. कम उमेरको व्यक्तिलाई बोलाउने शब्द । (उदा०– ए कान्छा ! तिमी यता आऊ न ।) ~ **बा**– ना० कान्छो बाबु; काका । ~ **बाबू**– ना० आफूभन्दा सानो र कान्छो उमेरका पुरुषलाई भन्ने स्नेहको बोली ।

**कान्छी**– वि० [कान्छो+ई] १. सबैभन्दा पछि जन्मेकी (छोरी); सबभन्दा कम वा थोरै उमेरकी; सबभन्दा पछिकी । ना० २. कान्छो भाइ वा छोराकी पत्नी । ३. प्रेमीले प्रेमिकालाई बोलाउने शब्द; कान्छी नानी । ~ **आमा**– ना० १. कान्छाबाकी पत्नी । २. आमाकी सानी सौता; सौतेनी आमा । ~ **औँलो**– ना० हात-खुट्टाका औँलाभन्दा सानो र पातलो पुछारको औँलो । ~ **नानी**– ना० १. कान्छी छोरी, बहिनी आदि । २. रुपियाँपैसा; धन । (उदा०-समाजमा कान्छीनानी हुनेकै इज्जत छ । )

**कान्छो**– वि० [सं० कनिष्ठ] १. सबभन्दा पछि जन्मेको (छोरो, सन्तान इ०) । २. कम उमेरको । ३. तल्लो श्रेणीको (जस्तो-

कान्छो सुन) । ना० ४. लोकगीतमा प्रयोग हुने र प्रायः दोहोरिने शब्द (रहनी) । ~ **बाबु–** ना० आफूलाई जन्माउने बाबुको भाइ; कान्छाबा; काका ।

**कान्टवाद–** ना० [कान्ट ( व्यक्ति )+वाद] इम्यानुयल कान्ट (इ० १७२४-१८०४) भन्ने प्रसिद्ध जर्मनेली दार्शनिकद्वारा प्रतिपादित एक सिद्धान्त वा मत । > **कान्टवादी–** वि० कान्टवादको अनुसरण गर्ने ।

**कान्त–** ना० [सं०] १. इष्टजन; प्रिय व्यक्ति । २. अनुराग राख्ने वा प्रेम गर्ने व्यक्ति; प्रेमी; मायालु । ३. पति; लोग्ने; स्वामी (लक्ष्मीकान्त, श्रीकान्त इ०) । ४. चन्द्रमा । ५. वसन्त ऋतु । ६. एक जातको फलाम । ७. रत्न । ८. कार्तिकेयको उपाधि । वि० ९. प्रिय र रुचिकर; कोमल र मनोहर । १०. सुन्दर । > **कान्ता–** ना० १. प्रिया वा सुन्दरी स्त्री; रूपलावण्य भएकी नारी । २. स्वास्नी; पत्नी; भार्या । ३. प्रेमिका ।

**कान्तार–** ना० [सं०] १. बाक्लो र डरलाग्दो जङ्गल वा वन । २. उजार स्थान; नराम्रो बाटो; दुर्गम पथ । ३. दुलो; प्वाल । ४. किराँती उखु ।

**कान्तासम्मित–** वि० [सं०] प्रेयसीसमान; प्रेमिकाबराबर । ~ **उपदेश–** ना० पूर्वीय काव्यशास्त्रका प्रयोजनअन्तर्गत तीन प्रकारका उपदेश (प्रभुसम्मित, सुहृत्सम्मित र कान्तासम्मित)-मध्ये एक उपदेश; मोहक र हृदयग्राही शिक्षा ।

**कान्ति–** ना० [सं०] १. दीप्ति; प्रभा; तेज । २. शोभा; सौन्दर्य । ३. कामना; इच्छा । ४. सुन्दरी स्त्री । ५. दुर्गाको उपाधि । ६. चन्द्रमाका सोह्र कलामध्ये एक । ७. काव्यका दस गुणमध्ये रस उद्दीप्त गराउने एक गुण ।

**कान्तिपुर–** ना० [सं०] काष्ठमण्डप; काठमाडौँ । > **कान्तिपुरी–** ना० काठमाडौँ । (उदा०– **अमरावति कान्तिपुरी नगरी । -** भानुभक्त ।)

**कान्तिमान्–** वि० [सं०] १. कान्तियुक्त; दीप्ति भएको; उज्ज्वल शोभायुक्त; सुशोभित । ना० २. चन्द्रमा ।

**कान्दानी ⁄ कान्नानी–** ना० व्यञ्जनवर्णमा जोडिने आकारको मात्रा (ा); कान ।

**कान्यकुब्ज–** ना० [सं०] भारतको उत्तरी भागमा गङ्गाको सहायक नदीका किनारमा पर्ने एक प्राचीन नगर; वर्तमान कन्नौज ।

**कान्लो–** ना० [सं० स्कन्धल] खेत, बारी आदिको वरिपरिको अग्लो डिल; पाटाको डिल; माटाको ढिस्कुरो; काँल्लो ।

**काप–** ना० [प्रा० कप्प] १. रूखको हाँगा फाटेर चोके परेको ठाउँ; कापो; अन्तर । २. कुनै वस्तु दुई-तीनतिरबाट फाटेर खोच परेको ठाउँ; अक्कर ।

**कापालिक–** ना० [सं०] १. मानिसको खप्पर बोकेर हिँड्ने र रक्सी, मासु आदि खाने भैरव वा शक्तिका उपासक तान्त्रिक साधु । २. शरीरको छाला साह्रो, कालो र रूखो भएर फाट्ने एक प्रकारको कोर । ३. बङ्गालमा रहने पुरानो एक वर्णसङ्कर जाति । वि० ४. कपालसम्बन्धी; खप्परसम्बन्धी ।

**कापि-नु–** अ० क्रि० [काप्+इ+नु] १. कापमा पर्नु; चेपिनु; च्याप्टिनु । २. दुई वस्तु वा समस्याका बीचमा अल्झिनु ।

**कापी–** ना० [अङ्० कपी] १. धर्को भएको वा नभएको लेख्नका निम्ति प्रयोग हुने खाली कागतको पुस्तिका । २. पुस्तक, चित्र आदिको प्रति वा सङ्ख्या । ३. प्रतिलिपि; सरौट; नक्कल । ४. छाप्ने-छापिने आदि कामका निम्ति दिइने हस्तलेख । ~ **राइट–** ना० लेखक, सङ्गीतकार वा कलाकारलाई कानुनले दिएको त्यो अधिकार जसअनुसार साहित्य, सङ्गीत वा कलाविषयक कुनै पनि कृति वा कार्यको प्रकाशन, उत्पादन र बिक्रीमा खास अवधिसम्मका लागि कानुनी सुरक्षा प्रदान गरिएको हुन्छ; लेखकाधिकार; स्वत्वाधिकार; प्रतिलिप्यधिकार; सर्वाधिकार । यसको अन्तर्राष्ट्रिय चिह्न यस्तो (©) हुन्छ ।

**कापुरुष–** ना० [सं०] काँतर पुरुष; नीच वा तुच्छ व्यक्ति; पानीआन्द्रे मान्छे ।

**कापे–** ना० [काप+ए] १. पढ्दा वा पाठ गर्दा किताब राख्न सजिलो हुने गरी बनाइएको काठको एक प्रकारको चेपुवा खटिया । वि० २. कापो परेको; काप भएको ।

**काफर–** वि० [अ०] हे० काँतर ।

**काफल–** ना० [सं० कट्फल] लाम्चा पात हुने, गुच्छागुच्छा राता साना फल फल्ने एक वृक्ष; त्यसैको गर्मी महिनामा फल्ने फल । ~ **चरी–** ना० काफल पाक्ने बेलामा 'काफल पाक्यो' भनेर कराई हिँड्ने एक चरो । ~ **पाक्यो–** ना० काफलचरीले काफल पाक्ने समयमा बोल्ने र त्यस्तै सुनिने स्वर ।

**काफिर–** ना० [अ०] १. ईश्वरको अस्तित्व नमान्ने मानिस । २. मुसलमानी धर्म नमान्ने मानिस । ३. दक्षिण अफ्रिकाका बान्टुभाषी जाति । ४. अफगानिस्तानको सरहदमा बस्ने एक जाति । वि० ५. नास्तिक । ६. दुष्ट । ७. निर्दय ।

**काफी१–** ना० [अ०] चाहिएजति; यथेष्ट; मनग्य; पर्याप्त; प्रशस्त ।

**काफी२–** ना० [अङ्० कफी] १. खनायोका जस्ता झुप्पै-झुप्पा राता रङका फल र चिउलीका जस्ता ठूलठूला पात हुने उष्णप्रदेशीय बिरुवा । २. त्यसैका साना-साना बीजलाई यान्त्रिक प्रक्रियाद्वारा धूलो बनाएर तयार पारिने गाढा खैरो रङको र सुगन्धले युक्त एक प्रसिद्ध पेय पदार्थ; कफी ।

**काबिल–** वि० [अ० ] खास-खास विषयको ज्ञाता; पढेलेखेको र योग्य; विद्वान्; पण्डित; शिक्षित ।

**काबु–** ना० [तु०] १. कुनै व्यक्तिको नियन्त्रण वा अधीनमा रहने काम; अधीनता; नियन्त्रण; वश; हैकम । वि० २. कायल; साबित । ३. चेतबाबा भएको; पछुतो मानेर कान समात्ने ।

**काबुज–** ना० [तु० काबू] बट्टाई चरालाई राखिने पिँजडा ।

**काबुल–** ना० [सं० कुभा] १. उत्तरपूर्वी भागमा पर्ने अफगानिस्तानको राजधानी । २. सिन्धुनदीमा गएर मिसिने अफगानिस्तानको एक नदी ।

**काबुली**– वि० [काबुल+ई] काबुल प्रदेशको; काबुलसँग सम्बन्धित । ~ **चना**– ना० सेतो रङको ठूलो दाना हुने एक प्रकारको चना ।

**काबू**– ना० हे० काबु ।

**काब्रो**– ना०हे० काभ्रो ।

**काभ्रे**– ना० [काभ्रो+ए] १. नेपाल अधिराज्यको बाग्मती अञ्चलमा रहेको, काठमाडौँ उपत्यकाको पूर्व-दक्षिणमा पर्ने एक जिल्ला (काभ्रे-पलान्चोक) । २. काभ्रोसम्बन्धी; काभ्रो हुने वा पाइने; काभ्राको । ~ **चरो**– ना० फुस्रो रङको ज्यादै सानो एक चरो । – **पलान्चोक**– ना० हाल क्रमशः 'काभ्रे' नाउँले मात्र चिनिन थालेको, पहिले पूर्व १ नम्बरअन्तर्गतका काभ्रे-पलान्चोक र सिन्धु-पाल्चोकमध्ये एक जिल्ला । ~ **माछो**– ना० एक प्रकारको माछोविशेष ।

**काभ्रो**– ना० १. लाम्चा पात हुने, सेतो वा हरियो फूल फुल्ने, सेता बाटुला फल लाग्ने हाँगाभरि पातले झ्याम्मिएको एक वृक्ष । २. अमिलो खालको तरकारी र अचार बनाएर खाइने तथा आयुर्वेदमा ठन्डा गुण हुने र रक्तदोष, मूर्च्छा, रिँगटा आदिमा फाइदा गर्ने भनी बताइएको त्यसकै फूल वा कोसा; काब्रो ।

**काम्-नु**– अ० क्रि० [सं० कम्प्+नु] डर, अत्यास आदिले जीउ थरथर हल्लनु; कम्प छुट्नु; डगमगाउनु; कम्पित हुनु; थरथराउनु; डग्नु; थर्र हुनु; काँप्नु ।

**काम१**– ना० [सं० कम्प] काम्ने वा कामेको अवस्था; कँपाइ; कम्प (जस्तो– कामजरो) ।

**काम२**– ना० [प्रा० कम्म < सं० कर्म] १. कुनै कुरा, उद्योग वा प्रयोजनका लागि हात-खुट्टा आदि शारीरिक अङ्ग चलाएर गरिने कार्य; मन वा बुद्धि खियाउने प्रक्रिया वा स्थिति; दस-नङ्ग्राखियाइ । २. कुनै पनि कार्य वा क्रिया (उद्योगधन्दा, इलम-व्यवसाय, पठनपाठन इ०) । ३. गर्नुपर्ने कर्म, कार्य, व्यापार । ~ **काज**– ना० काम र काज; उद्योगधन्दा; इलम; व्यवसाय; रोजगार । ~ **काजी**– वि० कुनै नोकरी, पेसा वा काममा लागेको; रोजगार समातेको; इलमी । ~ **कारबाई/कारबाही**– ना० कुनै काम, उद्योगधन्दा वा व्यवसायका लागि गरिने चाँजोपाँजो; बरबन्दोबस्त; कारोबार । ~ **कुरो**– ना० १. गर्नुपर्ने वा टुङ्गो लाउनुपर्ने कुनै कामधन्दा आदि; काम र कुरो । २. केटा र केटीको विवाह हुने कुरो पक्कापक्की गर्ने वा छिन्ने काम (कामकुरो छिन्नु)। ~ **चलाउ**– वि० १. अस्थायी कालका निम्ति जसोतसो कामसम्म चलाउने वा चल्ने; तत्कालीन आवश्यकता र प्रयोजनका निम्ति मात्रको । २. पूरापूर काम दिन नसक्ने । ~ **चोर**– वि० १. गर्नुपर्ने काम नगरी छली-छली हिँड्ने वा ठग्ने । २. काम नै नगर्ने वा नरुचाउने; उत्तरदायित्वबाट पन्छने बानी भएको । – **जरो**– ना० एनोफिलिस् जातको लामखुट्टेले टोकेर मानिसको शरीरमा प्रोटोजुवा सारिदिएपछि लाग्ने एक प्रत्यावर्ती सङ्क्रामक रोग; कम्प छुट्ने ज्वर; औलो जरो; औलिया ज्वर; मलेरिया ।

**काम३**– ना० [सं०] १. विषयभोग वा सुखसुविधाको इच्छा वा चाहना; इच्छा; कामना; वासना; । २. स्त्री-पुरुषका बीच सहवासको तीव्र उत्कण्ठा; मैथुनको इच्छा; यौनेच्छा । ३. कामदेव; अनङ्ग । ४. चार पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष)-मध्ये तेस्रो । ~ **कला**– ना० रतिक्रियासम्बन्धी कला; यौनसहवास-सम्बन्धी कौशल; कोकशास्त्रीय कला । – **केलि**– ना० कामक्रीडा; रतिक्रीडा; यौनक्रिया । – **जित्**– वि० १. कामवासनाको उत्तेजनालाई नियन्त्रण गर्न सक्ने; जितेन्द्रिय । ना० २. शिव; महादेव । ३. बुद्ध । – **ज्वर**– ना० अतृप्त र अपूर्ण यौनेच्छाका कारणले उत्पन्न हुने मानसिक अवस्था; अतृप्त कामवासनाबाट उत्पन्न हुने मनोविकृति । – **तः**– क्रि० वि० १. कुनै इच्छा वा चाहना लिएर; कामनापूर्वक । २. कामुकतावश ।

**कामत**– ना० [कमोत] मूल निवासस्थलदेखि टाढा रहेको खेतीपातीको निम्ति बनाइएको घर; कृषिगृह ।

**कामद**– वि० [सं०] इच्छा सफल पार्ने; अभिलाषा पूरा गर्ने; मनोरथ पूर्ण पार्ने ।

**कामदार**– ना० [काम+दार] १. काम गर्ने व्यक्ति; कर्मचारी । २. पारिश्रमिक, ज्याला वा मजुरी लिएर काम सघाइदिने व्यक्ति; खेताला; कुल्ली; श्रमिक । वि० ३. पारिश्रमिक नलिईकन सघाउपघाउमा लाग्ने व्यक्ति; सहयोगी । > **कामदारी**– वि० १. काम गर्ने; कामदार; ज्यालादारी । ना० २. कामदारद्वारा काम गर्ने-गराउने प्रथा । ३. कामदारको दायित्व वा पद ।

**कामदी**– ना० [अङ्० कमेडी] हास्यमूलक वा हर्षप्रधान रहनाका साथै संयोगमा गई टुङ्गिने एक प्रकारको नाटक; संयोगान्त नाटक; सुखान्त । विप० त्रासदी ।

**कामदेव**– ना० [सं०] कामवृत्ति वा प्रेम र रतिरागका अधिष्ठाता मानिएका पौराणिक देवता; स्त्रीपुरुषका बीच यौनेच्छा जगाइदिने देवता; अनङ्ग; मदन; काम ।

**कामधन्दा/कामधन्धा**– ना० [काम+धन्दा/धन्धा] १. संलग्न भएर गर्नुपर्ने वा गरिने कुनै काम; कामकाज । २. इलम; रोजगार ।

**कामधेनु**– ना० [सं०] १. समुद्रमन्थनबाट पैदा भएकी, सम्पूर्ण इच्छा पूरा गरिदिने भनी प्रसिद्ध एक गाई; सुरधेनु; सुरभि । २. गोरखा जिल्लाको 'गाइखुर' भन्ने ठाउँमा अवस्थित एक देवस्थल ।

**काम न काज**– क्रि० वि० [काम+न+काज] विनाप्रयोजन; सित्तैं; व्यर्थ; अनाहक ।

**कामना**– ना० [सं०] अभीष्ट वा हार्दिक इच्छा; अभिलाषा; मनोरथ ।

**कामबाण**– ना० [सं०] कामदेवका पाँच बाण-मोहन, उन्मादन, सन्तपन, शोषण र निश्चेष्टीकरण; कामायुध ।

**काममोहित**– वि० [सं०] कामवासनाको मोहमा परेको; कामासक्त; कामातुर ।

**कामयाब**– वि० [फा०] १. सफलता प्राप्त भएको; सफल । २. इच्छा वा मनोरथ पूर्ण भएको । > **कामयाबी**– ना० इच्छा; मनोरथ आदिको पूर्णता; उद्देश्यको सिद्धि; सफलता ।

**कामर**– ना० [सं० स्कन्धभार > हि० काँवर] १. प्रसिद्ध तीर्थस्थलका शिवलिङ्गमा गङ्गा वा कुनै पवित्र नदीको जल चढाउन जाने कामार्थुले बाँसका भाटालाई सिँगारपटार गरेर बनाइएको डन्डीका टुप्पामा झुन्ड्याएर काँधमा बोकी लगिने जलपात्रको हलुका भारी । २. कामार्थुले जलपात्र र पूजासामग्रीका साथै आफूले उपयोग गर्ने लत्ताकपडा, भाँडावर्तन र खाद्यवस्तुसमेत बाँसका चोयाबाट बनेका पात्रमा हाली तिनलाई रातोरङ्को कपडाको आवरणले नै ढाकेर मेहनाको रूप दिइएको बाँसका नोलका दुईतिरका टुप्पामा अड्काएर काँधमा बोकी लैजाने गन्हुँगो भारी ।

**कामरूप**– वि० [सं०] १. सुन्दर; मनोहर । २. इच्छाअनुसार जुनसुकै रूप पनि फेर्न सक्ने । ना० ३. कामाक्षादेवीको मन्दिर भएको भारतको आसाम-प्रदेशको एक क्षेत्र ।

**कामला**– ना० [सं०] पित्तको प्रकोपले गर्दा आँखा, छाला र पिसाब-समेत असाधारण रूपले पहेँलो हुने एक सरुवा रोग; कमलपित्त ।

**कामवती**– वि० [सं०] १. यौनतृप्ति वा विषयभोगको चाहना गर्ने (स्त्री) । २. रूपवती; सुन्दरी ।

**कामवन**– ना० [सं०] शिवजीले तेस्रो नेत्र खोली कामदेवलाई भस्म गरेको वनप्रदेश ।

**काम शास्त्र**– ना० [सं०] स्त्रीपुरुषको प्रेम वा यौनविषयक व्यवहार तथा कलाको वर्णन गरिएको विज्ञान; यौनविज्ञान; रतिशास्त्र; कामविद्या ।

**काम सूत्र**– ना० [सं०] वात्स्यायनले बनाएको कामशास्त्र ।

**काम हडताल**– ना० [काम+हडताल] कुनै कार्यालय, निगम, कारखाना आदिका सेवारत कर्मचारी वा कामदारले आफूले प्रस्तुत गरेको कुनै माग पूरा नभएसम्म काम नगरी चुपचाप बसेर गर्ने हडताल ।

**कामातुर**– वि० [सं०] कामवासनाले गर्दा आकुल तथा उद्विग्न भएको; कामविह्वल ।

**कामान्ध**– वि० [सं०] प्रेम वा कामोन्मादका कारणले अन्धो भएको; यौनेच्छाको तीव्र उद्वेगले बुद्धिसुद्धि पनि हराएको ।

**कामायुध**– ना० [सं०] १. कामदेवको अस्त्र; कामबाण; २. पुरुषेन्द्रिय । ३. आँपको रूख ।

**कामारि**– ना० [सं०] कामदेवको शत्रु; महादेव ।

**कामार्थु**– ना० [सं०] कायर लिएर तीर्थयात्रामा जाने मान्छे ।

**कामिता**– ना० [सं०] कामुक हुनाको भाव; जीवहरूमा कामवासना उत्पन्न हुने गुण ।

**कामिनी**– ना० [सं०] १. राम्री वा सुन्दरी स्त्री । २. मनमा कामवासना भएकी स्त्री; कामवती । ३. कामना गर्न सकिने वा स्नेहमयी स्त्री । ~ **दह**– ना० नारायणी अञ्चलको अमलेख-गन्जदेखि दक्षिणी भागमा पर्ने एक प्रसिद्ध दहको नाम ।

**कामिनु**– अ० क्रि० [काम्+इ+नु] काम्ने होइनु; हल्लिनु ।

**कामी**१– वि० [सं०] १. मनमा कुनै कामना भएको; कुनै काम-कुराको चाहना गर्ने । २. कामवासनामा रत हुने; कामुक; विषयलम्पट ।

**कामी**२– ना० [सं० कारन्धमी] परम्परित रूपमा फलामको काम गर्दै आएको एक जाति; लोहार; लौहकार; विश्वकर्मा ।

**कामुक**– वि० [सं०] कामवासनामा लट्ठिएको; विलासी; कामातुर; विषयभोगी; स्त्रीलम्पट । > **कामुकी**– वि० १. कामवासनाको प्रबलता भएकी; कामातुर (स्त्री) । २. सतीत्व नभएकी; व्यभिचारिणी ।

**कामोद्दीपक**– वि० [सं०] कामवासनालाई उद्दीप्त पार्ने; रतिराग जगाउने; सहवासका इच्छाको उत्तेजना बढाउने ।

**कामोद्दीपन**– ना० [सं०] सहवासको उत्तेजना; काम-वासनाको वृद्धि ।

**काम्ने**– वि० [काम्+ने] १. शरीर थुरथुर हल्लाउने; कम्प दिने; थरथरे । २. तान्त्रिक विधिमा शरीरमा देउता चढाएर हल्लने; देउता बस्ने (धामी, झाँक्री आदि) ।

**काम्पोस**– ना० दक्षिण अमेरिकामा रहेको ब्राजिलका पठारको उष्ण तृणभूमि; घाँसे फाँट ।

**काम्य**– वि० [सं०] १. कामना गरिएको; इच्छचाइएको; अभिलषित । २. इच्छानुसार हुने; ऐच्छिक । ३. कुनै विशेष उद्देश्यद्वारा गरिएको । ४. सुन्दर; मनोहर; राम्रो । ~ **कर्म**– ना० कामना-प्राप्तिका लागि वा भावी फलका आशाले गरिएको कार्य; खास उद्देश्यद्वारा प्रेरित भएर गरिएको धर्मानुष्ठान । ~ **वृषोत्सर्ग**– ना० सन्तान नहुनेले जीवित अवस्थामा पारलौकिक सुधारका लागि गरिने वृषोत्सर्ग ।

**काम्येष्टि**– ना० [सं०] कुनै उद्देश्यपूर्ति वा कामनासिद्धिका लागि गरिने यज्ञ; फलप्राप्तिको उद्देश्यले गरिने अनुष्ठान ।

**काम्रो**– ना० १. हातगोडा आदिका हड्डी भाँचिएमा वा फुटेमा ठीक पार्नका लागि बाहिर कपडाले बाँधेर प्रयोग गरिने बाँस आदिको कप्टेरो । २. लिङ्गे पिङहरूमा बस्नका लागि काठका कप्टेरामा डोरीले बाँधी बनाइएको आसन । ३. डोको, थुन्से, ढाकर आदिलाई बलियो र जब्बर तुल्याउनका लागि ठाउँ-ठाउँमा घुसारिने दह्रो कप्टेरो ।

**काम्लाको सातु**– ना० फोहरी काम; नराम्रो व्यवहार ।

**काम्ली**– ना० [काम्लो+ई] सानो काम्लो ।

**काम्ले**– ना० [काम्लो+ए] १. काम्लो बोक्ने; काम्लो लिएको; काम्लो मात्रै हुने । ना० २. बाटुला र खस्रा पात हुने एक प्रकारको बुटे घाँस ।

**काम्लो**– ना० [सं० कम्बल] ऊनीद्वारा बनाइएको ओछ्याउन वा ओढ्न हुने बाक्लो साधन; कम्बल; राडी वा पाखी । – **काम्ली**– ना० धेरै काम्लाको समूह; काम्लो र काम्ली ।

**काय**– ना० [सं०] जीउ; आङ; शरीर; देह । – **कर्म**– ना० १. शरीरद्वारा गरिने शुभ कार्य । २. आशौच आदिमा वा धार्मिक अनुष्ठानमा शरीरशुद्धिका निम्ति गरिने स्नान, दान आदि काम । – **कल्प**– ना० १. औषधी-उपचारद्वारा रुग्ण वा वृद्ध व्यक्तिलाई तन्दुरुस्त वा युवक बनाउने क्रिया । २. उलटपलट; परिवर्तन । ~ **चिकित्सा**– ना० शरीरका सबै रोगको औषधोपचार गर्ने

आयुर्वेदको एक विभाग ।

**कायदा–** वि० [अ० कायद] हे० काइदा ।

**कायम–** वि० [अ०] १. जहाँको तहीँ रहेको; टसमस नभएको; स्थिर । २. पहिलेजस्तो; जस्ताको तस्तो । ३. तोकिएको; मुकर्रर । ४. ठेगानामा आएको; साबित । ~ **मुकायम–** वि० कुनै पदको स्थायी कर्मचारी कारणवश अनुपस्थित रहेमा वा सो पद खाली भएमा काम चलाउनका लागि सोही पदमा काम गर्ने (व्यक्ति); माथिल्लो तहको कर्मचारीको अनुपस्थितिमा सो तहको अधिकार र सुविधा पाउने गरी मुकर्रर गरिएको (कायममुकायम सचिव, कायममुकायम जिल्ला शिक्षा अधिकारी इ०); कार्यवाहक; स्थानापन्न । सङ्क्षे०– का० मु० ।

**कायर–** वि० [सं० कातर] हे० काँतर ।

**कायल–** वि० [अ०] १. कुनै कसूर वा अपराधबारे साबित हुने; आफ्नो दोष वा गल्तीमा कायल भएको; साबित । २. पाइला-पाइलामा सताइएको; हैरान; लाचार । – **नामा–** ना० अपराध, कसूर वा गल्ती स्वीकार गरी लेखिदिने कागत; अड्डा-अदालतका रोहबरमा साबित हुने व्यक्तिले कायल भई लेखिदिने कागत वा लिखत ।

**कायस्थ–** ना० [सं० < ग्रिक० स्काइथी] १. लेखापढी गरेर जीवन चलाउने व्यक्ति; मुनिम । २. प्रायः तराईमा बस्ने एक जाति; काइते ।

**काया–** ना० [सं० काय] शरीर; देह । (उदा०– मायामा काया फाल्न सकिँदैन ।) – **कल्प–** ना० १. शरीरको पूरै शुद्धि वा परिवर्तन हुने क्रिया वा व्यवस्था । २. तरुनोपना ल्याउने त्यस्तो चिकित्सा । – **कैरन–** ना० १. भएभरको बेहोरा; वृत्तान्त-वर्णन । २. धामीले बक्ने शब्द । – **पलट–** ना० १. ठूलो परिवर्तन; भारी हेरफेर । २. शरीर वा रूप अर्कै भएर फेरिने काम; कायाकल्प हुने अवस्था ।

**कायिक–** वि० [सं०] काया वा शरीरसम्बन्धी; शारीरिक; देहविषयक ।

**कार१–** वि० [सं०] १. नाम शब्दको पछाडि लागेर 'बनाउने', 'गराउने', 'रचना गर्ने' आदि कार्यबोध गराउने शब्द (ग्रन्थकार, कथाकार इ०) । २. काम गर्ने, कार्य गर्ने । ना० ३. वर्णमालाका अक्षरको पछाडि लागेर तिनलाई नामका रूपमा चिनाउने शब्द (आकार, उकार इ०) । ४. अनुकरण आदि ध्वनिको बोध गराउने शब्द (हुङ्कार; झङ्कार इ०) । ५. पूरकका रूपमा आउने शब्द (केरकार, कोरकार इ०) ।

**कार२–** ना० [अङ्०] चार पाङ्ग्रा भएको, इन्धनले चल्ने सानो आरामदायी सवारी साधन; मोटरकार ।

**कारक–** ना० [सं०] १. व्याकरणमा क्रियाका साथ साक्षात् सम्बन्ध राख्ने शब्द; वाक्यविन्यासगत सम्बन्ध देखाउन नाम, सर्वनाम वा विशेषणमा देखा परेको रूपभिन्नता । वि० २. बनाउने; अभिनय गर्ने; सम्पादन गर्ने (व्यक्ति) । ३. कुनै पनि रूपले कार्यसम्पादन गर्न प्रत्यक्ष रूपले सहायक । ~ **ग्रह–** ना० जन्म-कुण्डलीमा रहने मुख्य ग्रह ।

**कारकेर–** ना० [कार+केर] १. अभियुक्त वा दोषीलाई केर्ने काम; साबिती बयान लिने कार्य; सोधपुछ गर्दै तथ्य पत्तो लगाउने कार्य; केरकार । २. केर्ने र मेट्ने काम; केरमेट ।

**कारखाना–** ना० [फा०] कुनै चीजबीज तयार पार्ने, बनाउने वा उत्पादन गर्ने घर; हात वा यन्त्रद्वारा मालसामानहरू तयार पार्ने ठाउँ; औद्योगिक प्रतिष्ठान ।

**कारण–** ना० [सं०] १. प्रभाव वा परिणाम उत्पन्न गर्ने कुनै पनि मूल तत्त्व वा व्यक्ति; कुनै पनि कार्य, भावना आदिका निमित्तको हेतु; अभिप्रेरणा वा आधार; हेतु; तर्क; आधार; प्रयोजन; उद्देश्य । २. उपकरण; साधन । ३. काव्य वा नाटकको मूल वा कथावस्तु । ४. प्रमाण दस्तावेज । ~ **पूजा–** ना० विशेष पर्व वा उत्सवहरूमा देवतालाई स्नान गराई परम्परागत विधिविधानअनुसार पूजादि गर्ने क्रिया; देवपूजाको एक विशेष विधि । ~ **माला–** ना० १. वर्णित वस्तुको कार्यकारण सम्बन्ध देखाउँदा पूर्व-पूर्व कारण र पर-पर कार्य अथवा पूर्व-पूर्व कार्य र पर-पर कारणको क्रमलाई आधार बनाइने शृङ्खलामूलक अर्थालङ्कारको प्रकार । २. कारणहरूको परस्परसम्बद्ध शृङ्खला । – **वश–** क्रि० वि० कुनै कारणको अधीनमा परेर; कुनै उद्देश्य वा प्रयोजनले गर्दा ।

**कारणी–** वि० [सं०] १. मुख्य; नाइके; प्रधान; मूल; कारनी । ना० २. कुनै काम गर्ने धेरै व्यक्तिहरूमध्ये प्रमुख व्यक्ति; सम्बद्ध व्यक्ति ।

**कारतुस–** ना० [कारतूस < पोर्त० कारटूस] हे० कार्तोस ।

**कारबाई–** ना०हे० कारबाही ।

**कारबार–** ना० [फा०] हे० कारोबार ।

**कारबाही–** ना० [फा० काररवाई] १. काम; काज । २. व्यवहार; कारबार । ३. गुप्त प्रयत्न; चाल । ४. कार्यतत्परता; कर्मण्यता । ५. अड्डा-अदालतबाट कुनै समस्या, झगडा वा मुद्दाको छानबिन गरी फैसला गर्दा अँगालिने प्रक्रिया; निर्णयका निम्ति गरिने त्यस्तो कार्य ।

**कारयिता–** वि० [सं०] १. सृष्टिकर्ता; रचनाकार । २. गराउने; गर्न लाउने ।

**कारवाई–** ना०हे० कारबाही ।

**कारा–** ना० [सं०] १. कैद; बन्धन । २. कारावास; झ्यालखाना; कैदखाना; जेल; बन्दीगृह । ३. वीणाको गर्धनको तल्लो भाग । ४. पीडा; कष्ट । ५. सुनको काम गर्ने आइमाई । > **कारागार–** ना० जेल; झ्यालखाना; बन्दीगृह; कारा । **कारागारिक–** ना० जेलखानामा बन्दीहरूको व्यवस्था, रेखदेख आदि कार्य गर्ने मुख्य अधिकारी; जेलको हाकिम । – **गृह–** ना० कारागार; जेलखाना । – **दण्ड–** ना० जेलमा थुन्ने सजाय; कैद सजाय; थुना । > **काराध्यक्ष–** ना० कारागृहको प्रशासनिक अधिकृत; जेलखानाको मुख्य हाकिम । – **बन्दी–** ना० कैदी; बन्दी; थुनुवा । – **वास–** ना० जेलमा थुनिने काम; कारागारको सजाय भोग्ने

काम ।

**कारिका**– ना० [सं०] १. थोरैमा धेरै अर्थ दिने गद्यमय वा पद्यमय सूक्ति । २. नर्तकी । ३. व्यवसाय; पेसा । ४. व्याकरण, दर्शन आदिसँग सम्बद्ध ग्रन्थ (साङ्ख्यकारिका आदि) ।

**कारिगर**– ना० [फा० कारीगर] १. धातु, काठ, पत्थर आदिको राम्रो मूर्ति बनाउने व्यक्ति; कलाकार; शिल्पकार; शिल्पी । २. कलपुर्जाको काम गर्ने व्यक्ति; कालिगड । > **कारिगरी**– ना० कारिगरको काम वा पेसा; कालिगडी; शिल्पकार्य ।

**कारिणी**– वि० [सं०] कारी; गर्ने; विशेषतः शब्दको पछिल्तिर जोडिएर 'गर्ने' भन्ने अर्थमा उत्तरपदका रूपमा आउने (कार्यकारिणी, प्रबन्धकारिणी इ०) ।

**कारित**– वि० [सं०] गराइएको; बनाइएको ।

**कारिता**– ना० [सं०] १. ऋणीको स्वीकृतिमा प्रचलित कानुनले तोकेभन्दा बढी दरमा लिइने ब्याज । २. कुनै शब्दको पछिल्तिर जोडिएर गर्नेपन वा गराउने भाव आदि अर्थ बुझाउने शब्द (काव्यकारिता, नाटचकारिता इ०) ।

**कारिन्दा**– ना० [फा० कारिन्द] निजामती सेवातर्फ लेखनदासको काम गर्ने निम्नस्तरीय कर्मचारी; काइते; क्लर्क ।

**कारी**– वि० [सं०] 'गर्ने' वा 'बनाउने' भन्ने अर्थ लिएर शब्दको पछिल्तिर उत्तरपदका रूपमा जोडिने (आज्ञाकारी, कार्यकारी इ०) ।

**कारुणिक**– वि० [सं०] १. करुणाको भाव भएको; दयालु; कृपालु । २. करुणायुक्त; करुणाले भरिएको ।

**कारुण्य**– ना० [सं०] करुणाको भाव वा अवस्था; दया वा कृपा ।

**कारोबार**– ना० [कारबार ]१. कुनै मालमत्ता बेचबिखन गरी जीविका चलाउने काम; व्यापार । २. रकम वा कुनै वस्तु लिनेदिने काम; लेनदेन; सरसापट; ऐँचोपैँचो । ३. उद्योगधन्दा; इलम; व्यवसाय । > **कारोबारी**– वि० कारोबार गर्ने; बेपारको पेसा अँगाल्ने; लेनदेन गर्ने ।

**कार्गो**– ना० [अङ्० ] जल, स्थल वा हवाईमार्ग हुँदै एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउन ल्याइएको मालमत्ता । ~ **बुक**– ना० कुनै कम्पनी वा संस्था आदिले कार्गो-सेवा उपलब्ध गर्नाका निम्ति गरिने अग्रिम अनुबन्ध । ~ **सेवा**– ना० जल, स्थल वा हवाई-मार्गबाट मालताल ल्याउनेलाने वा ओसारपसार गर्ने कार्य ।

**कार्चोप**– ना० [फा० कारचोब] १. कपडामा बुट्टा भर्ने कला वा काम; बत्तुभराइ; बेलबुट्टा; कारचोब (इम्ब्राइडरी) । २. बुट्टा भर्नका निमित्त कपडा तानेर राख्ने एक साधन ।

**कार्चोपी**– वि० [फा० कारचोबी] कार्चोप वा बत्तु भरिएको; बुट्टा हालिएको । ~ **टोपी**– ना० मखमलमा रेसमका धागाले बुट्टा भरिएको, बीचमा जालीदार गट्टा राखिएको विशेष प्रकारको नेपाली टोपी; बिर्के टोपी ।

**कार्टुन**– ना० [अङ्० कार्टून] कुनै व्यक्ति वा घटनाको उपहास गर्न वा कुनै सत्यतर्फ औँल्याउन व्यङ्ग्यात्मक ढङ्गले लेखिएको चित्र; हास्यसहितको व्यङ्ग्यचित्र; व्यङ्ग्यचित्र ।

**कार्ड**– ना० [अङ्०] कुनै पर्व, उत्सव वा विवाह आदिका निमन्त्रणा छापिने वा अन्य विशेष लेखपढ आदिमा प्रयोग गरिने आयताकार, बाक्लो र दह्रो कागजको टुक्रा; पत्र । (निमन्त्रणाकार्ड, पोस्टकार्ड, पुस्तक-लेनदेनकार्ड इ०) ।

**कार्तवीर्य**– ना० [सं०] कृतवीर्यका छोरा तथा रावणका समकालीन हैहय देशका राजा; दस हजार यज्ञ गर्ने, दीर्घजीवी र तन्त्रशास्त्रका आचार्यका रूपमा प्रख्यात तिनै व्यक्ति; सहस्रार्जुन ।

**कार्तिक**– ना० [सं०] असौज र मङ्सिरका बीचको महिना; सातौँ महिना; कात्तिक ।

**कार्तिकेय**– ना० [सं०] युद्धका देवता वा देवताहरूका सेनाध्यक्ष मानिएका, ६ टाउका, बाह्र हात र बाह्रवटै आँखा भएको वर्णन गरिएका शिवपुत्र; स्कन्द; अग्निभू; गङ्गापुत्र; षडानन; षण्मुख; कुमार; स्वामी-कार्तिक; मयूरवाहन ।

**कार्तोस**– ना० [√ कारतुस] बाक्लो गत्ता, धातु आदिबाट बनाइएको, टोटावाल बन्दुक, तोप, पिस्तौलमा बारुदजस्ता विस्फोटक पदार्थ बन्द गरिएको वस्तु; टोटा (पानीभित्र विस्फोट गराई यसबाट माछा मार्ने काम पनि गरिन्छ ।)

**कार्नेस**– ना० [अङ्० कर्निस्] घर, भवन आदिका बाहिरपट्टिको पर्खाल वा गाह्रोलाई पानीबाट बचाउन र बाछिटा आदि भित्र जान नदिनाका लागि आवश्यकताअनुसार प्रत्येक तलाका बीचमा त्यसै पर्खाल वा गाह्रोसँग जोडी केही बाहिर निकालिएको इँट, टायल, कर्कटपाता आदिको फल्याकजस्तो छत ।

**कार्पेट**– ना० [अङ्०] १. भुइँ ढाक्न ओछ्याइने बाक्लो सादा वा बुट्टेदार कपडा; दरी । २. पालकीका विभिन्न भेदमध्ये एक । ~ **उन**– ना० कार्पेट वा गलैँचा बनाउने खास किसिमको उन ।

**कार्बन**– ना० [अङ्०] कोइला, अङ्गार आदिमा विद्यमान रहने एक रासायनिक तत्त्व (हीरा र सिसालाई विशुद्ध कार्बन मानिन्छ); प्राङ्गार । ~ **पेपर**– ना० टङ्कन आदिमा प्रतिलिपि निकाल्न कागतको बीचमा हाली प्रयोग गरिने एकापट्टि कार्बन लगाइएको पातलो पत्र वा कागत; प्राङ्गारपत्र ।

**कार्य**– ना० [सं०] १. काम; कृत्य; काज । २. कर्तव्य । ३. पेसा; व्यवसाय । ४. धार्मिक कृत्य वा अनुष्ठान । ५. प्रयोजन; उद्देश्य । ६. नाटकको उपसंहार । – **कर्ता**– ना० १. खास उद्देश्य वा कारणले काम गर्ने व्यक्ति; कर्मी; कर्मचारी; श्रमिक । २. जिल्ला र गाउँगाउँ घुमेर राजनीतिक, सामाजिक आदि सिद्धान्तको प्रचारप्रसार गर्ने व्यक्ति । – **कलाप**– ना० कामसम्बन्धी गतिविधि; कामकारबाई; काम गर्ने विधि वा तरिका । ~ **कारण**– ना० कारण र कार्य; उद्देश्य र प्रयोजन; हेतु; संयोग । ~ **कारण भाव**– ना० कार्य र कारणको सम्बन्ध; उत्पाद्य र उत्पादक भाव । – **कारिणी**– ना० १. कुनै विशेष काम गर्न वा व्यवस्था मिलाउन आधिकारिक रूपबाट चुनिएका वा मनोनीत भएका विशिष्ट व्यक्तिहरूको समिति; सञ्चालक समिति; कार्यसमिति । वि० २.

कार्यको व्यवस्था गर्ने वा मिलाउने (सचिव, समिति, सभा, परिषद् इ०) । – **कारी**– ना० १. विशेष रूपले कुनै काम गर्ने व्यक्ति; कार्यकर्ता । २. कसैको अनुपस्थितिमा त्यस व्यक्तिको सम्पूर्ण अधिकार उपभोग गरी काम गर्ने व्यक्ति । ३. कसैलाई कुनै विशिष्ट पद केवल सम्मानार्थ दिँदा विशेष अवस्थामा त्यस पदबाट गर्नुपर्ने काम सम्पन्न गर्ने अर्को व्यक्ति । – **काल**– ना० १. काम गर्ने समय; मौसम; उपयुक्त समय वा अवसर । २. कुनै पद वा सेवामा रहँदा तोकिएको समयावधि; पदावधि । – **कुशल**– वि० सिपालु; प्रवीण; खप्पिस; निपुण; दक्ष । ~ **कुशलता**– ना० कार्यकुशल हुनाको भाव; ल्याकत; दक्षता; निपुणता । – **क्रम**– ना० १. कुनै विशेष काम (समारोह, आयोजना, गोष्ठी; सेमिनार आदि)-का विविध अङ्गको सम्पादन गर्न तयार पारिएको क्रम वा सिलसिलापछि हुने कुनै पनि कामको योजना वा प्रक्रिया । २. त्यस्ता कामकुराको मुद्रित सूची; तालिका । ~ **क्षेत्र**– ना० काम गर्नका निम्ति प्रदत्त अधिकार वा निर्देशनको सीमा । ~ **टोली**– ना० निर्दिष्ट वा खास-खास काम गर्नाका निम्ति बनाइएको कार्यकर्ताहरूको समूह; काम गर्ने व्यक्तिहरूको विभाजित एकाइ; तोकिएको क्षेत्रमा गई काम गर्नेहरूको डफ्फा । – **दक्ष**– वि० काम गर्नमा योग्य वा सिपालु; कार्यकुशल । ~ **दक्षता**– ना० कार्यदक्ष हुनाको भाव वा स्थिति; कार्यकुशलता । – **निष्ठ**– वि० काममा आस्था राख्ने; काममा अनुरक्त; काममा सङ्कल्पित; काममा संलग्न । – **पञ्चक**– ना० ईश्वरका पाँच विशेष कार्य (सृष्टि, स्थिति, प्रलय, निग्रह र अनुग्रह) । ~ **पत्र**– ना० सेमिनार, कार्यशालागोष्ठी आदिमा छलफल, टिप्पणी, आलोचना आदि गर्नाका निम्ति प्रस्तुत गरिने कुनै पनि समस्याविषयक लेख; गोष्ठीपत्र । ~ **पद्धति**– ना० कुनै काम गर्ने स्वीकृत विधि वा तरिका; कार्यप्रणाली । ~ **परिषद्**– ना० कुनै काम र परिस्थितिअनुसार आन्दोलन आदिको सञ्चालन, नियन्त्रण आदि गर्न गठित समिति वा औपचारिक अङ्ग; खास कामका निम्ति बनाइएको समितिविशेष । ~ **पालिका**– ना० सरकारका तीन अङ्ग– कार्यपालिका, न्यायपालिका र विधायिकामध्ये व्यवस्थापिका सभाले पारित गरेका कानुन वा प्रस्तावलाई कार्यान्वयन गर्ने र देशको प्रशासन वा शासनव्यवस्था सुचारु रूपले चलाउने एक प्रमुख अङ्ग । ~ **प्रणाली**– ना० हे० कार्यपद्धति ।

**कार्यभार**– ना० [सं०] कुनै पदमा रहँदाको सम्पूर्ण उत्तरदायित्व; सेवाअवधिको अभिभारा; आफूले गर्नुपर्ने कामको जिम्मेवारी । ~ **मुक्त**– वि० कुनै पद वा जिम्मेवारीबाट च्युत गरिएको; सेवाबाट अवकाश दिइएको वा पाएको; खोसिएको । >**कार्यभारी**– वि० कार्यभार वहन गर्ने; कुनै काम वा पदको जिम्मा लिने ।

**कार्यमूलक**– वि० [सं०] व्यवहारमा ल्याउन सकिने वा आउन सक्ने गुणको प्रधानता भएको; काममा ल्याउन सकिने; व्यावहारिक उपयोगिता वा पक्ष विद्यमान रहेको (कार्यमूलक योजना, कार्यमूलक सिद्धान्त इ०) । – **ता**– ना० कार्यमूलक हुनाको भाव; उपयोगी व्यावहारिकता । ~ **योजना**– ना० व्यवहारमा उतारी उपयोगी बनाउन सकिने कुनै योजना; कार्यान्वयन पक्षलाई प्रधानता दिने आयोजना ।

**कार्यवश**– क्रि० वि० [सं०] कामविशेषले; कुनै काम आइलागेकाले; कामका कारणले ।

**कार्यवाहक**– वि० [सं०] कुनै व्यक्तिको अनुपस्थितिमा नियमानुसार त्यस व्यक्तिको अधिकार लिई अस्थायी रूपमा काम गर्ने (कर्मचारी वा पदाधिकारी); कामको जिम्मा लिने; कार्यकारी; कायममुकायम । ~ **सङ्ख्या**– ना० कुनै सभा वा बैठकलाई औपचारिक रूप दिन उपस्थित हुनुपर्ने निम्नतम सदस्यसङ्ख्या; हे० गणपूरक सङ्ख्या ।

**कार्यवाही**– वि० [सं०] १. हे० कार्यवाहक । २. हे० कारबाई । – **योग्यता**– ना० विशिष्ट सभा, मन्त्रिपरिषद् आदिको बैठकमा गरिएका काम, वादविवाद, निर्णय आदिलाई गोप्य राख्ने कार्य वा व्यवस्था ।

**कार्यविधि**– ना० [सं०] नियम, ऐनकानुनमा उल्लेख भएअनुसारका कार्यप्रणाली; कामको सवाल वा सिद्धान्त ।

**कार्य विनायक**– ना० [सं०] काठमाडौँ उपत्यकाका प्रसिद्ध विनायक (गणेश)-मध्ये पाटन जिल्लाको सैँबु भन्ने ठाउँमा रहेका एक विनायक ।

**कार्य विवरण**– ना० [सं०] १. कुनै कामको क्रमबद्ध व्याख्या गरिएको विवरण वा तथ्यप्रतिवेदन । २. कामको फाँटवारी; कार्यसूची ।

**कार्य व्यवस्था**– ना० [सं०] सरकारी वा महाजनी कामको रप्फाडप्फा; राम्रोसँग मिलेको कामको रोहो वा स्थिति ।

**कार्य व्यापार**– ना० [सं०] घटना; व्यापार; इन्द्रियद्वारा प्रतिपादित कामकाज ।

**कार्य शक्ति**– ना० [सं०] कुनै भौतिक वा मानसिक काम गर्नाका निम्ति चाहिने बल वा योग्यता; काम गर्ने सामर्थ्य वा दक्षता ।

**कार्यशाला**– ना० [सं०] यन्त्र आदिको मर्मत, निर्माण, प्रयोग आदि गर्ने कारखाना; ज्यासल; काम गर्ने ठाउँ । ~ **गोष्ठी**– ना० गोष्ठी, सेमिनार आदिमा सहभागीहरूलाई सम्बन्धित विषयमा अभ्यास गराई प्रशिक्षण दिने कार्य वा त्यस्तो कार्य गर्ने शिविर ।

**कार्यसक्षम**– वि० [सं०] काम गर्ने योग्यता वा क्षमता भएको; काम गर्न सक्ने । – **ता**– ना० कार्यसक्षम हुनाको भाव वा स्थिति ।

**कार्य समिति**– ना० [सं०] कुनै विशेष कामको सञ्चालन वा सम्पादनका निम्ति बनेको समिति; कार्यकारिणी समिति ।

**कार्य सम्पादन**– ना० [सं०] तोकिएको काम वा उत्तरदायित्वलाई पूरा गर्ने कार्य; कामको कार्यान्वयन । ~ **मूल्याङ्कन**– ना० कार्यसम्पादनको कामको लेखाजोखा; कुनै सम्बन्धित व्यक्तिलाई सुम्पिएको काम वा जिम्मेवारीको महत्त्व देखाउने वा आँक्ने काम ।

**कार्य सूची**– ना० [सं०] १. कामको विवरण वा बाँडफाँडबारे लेखिएको कागज; गर्नुपर्ने कामको स्पष्ट उल्लेख भएको विवरणपत्र;

कामको फिरिस्त; कार्यावली । २. सभा, बैठक आदिमा अनुमोदन वा पारित गर्नुपर्ने प्रस्ताव (एजेन्डा) ।

**कार्य स्थगन**– ना० [सं०] काम स्थगित गर्ने प्रक्रिया वा व्यवस्था । ~ **प्रस्ताव**– ना० कुनै आवश्यक एवं सार्वजनिक महत्त्वका प्रश्नमा विचार गर्नाका निम्ति अन्य कार्य छाडेर यसै आवश्यक विषयलाई प्राथमिकता दिन विधानसभा, प्रतिनिधिसभा, राष्ट्रिय सभा, राजसभा आदिमा राखिने प्रस्ताव ।

**कार्यस्थल**– ना० [सं०] काम गर्ने ठाउँ वा थलो । ~ **अनुसन्धान**– ना० कार्यस्थल वा सम्बन्धित क्षेत्रमा नै निष्कर्ष निकाल्नुपर्ने अनुसन्धान-कार्य ।

**कार्याधिकारी**– ना० [सं०] निर्धारित कामको परिचालन, कार्यान्वयन, व्यवस्थापन आदि गर्ने अधिकारी वा प्रमुख व्यक्ति; खास-खास कामको जिम्मा लिएको हाकिम ।

**कार्याध्यक्ष**– ना० [सं०] उच्चतम पदमा रहेर कुनै कामको सञ्चालन वा सम्पादन गर्ने अधिकारी ।

**कार्यान्वयन**– ना० [सं०] लिखित वा मौखिक रूपबाट गर्न ठहर भएको काम-कारबाईलाई विधिपूर्वक व्यवहारमा ल्याउने कार्य ।

**कार्यान्वित**– वि० [सं०] कार्यरूपमा ल्याइएको वा व्यवहारमा प्रयोग गरिएको; काम भएको । > **कार्यान्विति**– ना० १. कार्यान्वित हुने क्रिया वा अवस्था । २. नाटक, उपन्यास, काव्य, कथा आदिमा सुरुदेखि अन्तसम्म एउटै मूल कथा हुनुपर्छ भन्ने मान्यता ।

**कार्यार्थ**– ना० यो० [सं०] १. उल्लेख भएअनुसार काम गर्नका लागि; सम्बद्ध कार्यलाई व्यवहारमा परिणत गर्नका निम्ति (अनुरोध वा आदेश) । ना० २. त्यस्तै काममा चिठीपत्रको देहायमा लेखिने शब्द; बोधार्थ र कार्यार्थमध्ये एक । > **कार्यार्थी**– वि० आफ्नो काम पूरा गर्न प्रयास गर्ने; कार्यसिद्धिको चाहना गर्ने ।

**कार्यालय**– ना० [सं०] १. कुनै विशेष काम वा व्यवसाय गर्ने घर; कारखानाघर । २. प्रशासनसम्बन्धी कामकुरा गर्ने निश्चित ठाउँ; अड्डा । ~ **प्रति**– ना० चिठीपत्र, सूचना आदि अन्यत्र पठाउँदा कार्यालयमा रहने प्रति; प्रतिलिपि; नकल । ~ **सचिव**– ना० कार्यालयसँग सम्बन्धित पत्राचारको काम सँभाल्ने, विभिन्न विषयको अभिलेख वा रेकर्ड राख्ने आदि कार्यसम्पादन गर्ने व्यक्ति; कुनै संस्था, कम्पनी, क्लब आदिको कार्यालयलाई सञ्चालन गर्न खटाइएको वैतनिक वा अवैतनिक व्यक्ति । > **कार्यालयीय**– वि० कार्यालयसँग सम्बन्धित; कार्यालयको ।

**कार्यावली**– ना० [सं०] हे० कार्यसूची ।

**कार्यावस्था**– ना० [सं०] नाटकसाहित्यमा पञ्चसन्धि अर्थात् कथावस्तुमा अपेक्षित कार्यका पाँच अवस्था (आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम) ।

**कार्षापण**– ना० [सं०] १. असी रत्ती हुने अति पुरानो तामाको मुद्रा; भिन्न-भिन्न मूल्यका मुद्रा । २. सोह्र पणबराबरको लिच्छविकालीन तामाको सिक्का ।

**काल**– ना० [सं०] १. वर्ष, महिना, बार, दिन, रात, घडी आदिका रूपमा गणना हुने दुई घटना वा क्रियाका बीचको समय; बेला; बखत; अवधि; टाइम; मौसम । २. कुनै कार्य गर्नका निमित्त उपयुक्त घडी वा अवसर । ३. समयको कुनै निश्चित अवधि वा सूचक मान (उदयकाल, प्रातःकाल, सायङ्काल इ०) । ४. मृत्युका देवता; यम । ५. मृत्यु; मरण; नियति । ६. शनिग्रह । ७. खण्ड; अनुभाग । ८. शिव । ९. व्याकरणमा कार्य वा अवस्थाका समयलाई बोध गराउने क्रियाको रूप वा रूपावली (भूत, वर्तमान र भविष्यत्) । १०. सङ्गीत तथा छन्दशास्त्रमा कालको नपाइ । वि० ११. कालो रङको; कृष्ण वर्णको । – **कटनी**– ना० समय बिताउने काम; दुःखजिलोसाथ गरिने जीवन-निर्वाह । – **कण्ठ**– ना० १. मुजुर । २. नीलकण्ठे चरा । ३. शिवजीको उपाधि; महादेव । – **कला**– ना० १. कालको रहस्यमय स्थिति वा काम; कालगति । २. मृत्यु र रोगव्याध; मृत्यु र लागलगन । – **कूट**– ना० समुद्रमन्थन गर्दा निस्केको र महादेवले निलेको साह्रै कडा विष; हलाहल । – **कोठरी**– ना० झ्यालखाना-भित्र बनाइएको, ठूला अपराधीलाई यातना दिइने साँघुरो र अँध्यारो कोठो । – **क्रम**– ना० काल वा समयको क्रमिक घटना वा अनुक्रम; घटनाका आधारमा संवत्, दिन, मिति आदिको क्रमन्यास । – **क्रमिक**– वि० १. कालक्रमसम्बन्धी; कालक्रमको । २. कालक्रमका विचारले प्रस्तुत हुने वा गरिने (कालक्रमिक भाषाविज्ञान, कालक्रमिक तथ्याङ्क इ०) । – **क्षेपण**– ना० १. समय बिताउने काम; दिन बियाँल्ने काम; दिनकटनी । २. जीवननिर्वाह; गुजारा; गुजरान । – **खण्ड**– ना० १. कालको कुनै विभाग; अवधि । २. परमेश्वर । ३. कलेजो । – **गति**– ना० १. समयको फेरबदल; कालको क्रम वा परिवर्तन हुने सम्भावना । २. मृत्युको गति वा क्रम । – **चक्र**– ना० समयको चक्र वा हेरफेर; जीवन, परिस्थिति, धनसम्पत्ति आदिको घुमाइफिराइ । – **जरो**– ना० १. लाम्चो पानपाते र नङ्ग्रा हुने एक जातको लहरो वा ठन्डी, दम र ज्वरमा फाइदा गर्ने तथा रुचि बढाउने त्यसैको बुटी; कट्वी । २. सन्निपातज्वर; कालज्वर । – **जीरो**– ना० मुङ्रेलो; मुग्रेलो; कलौँजी । – **ज्वर**– ना० सबै शरीर कालो पार्ने विषमज्वर; सन्निपातज्वर; कालजरो । – **ज्ञ**– ना० १. समयको गति वा परिवर्तनको ज्ञाता; ज्योतिषी । २. कुखुरो । – **ज्ञान**– ना० १. स्थिति वा अवस्थाको जानकारी । २. मृत्यु हुने समयको पूर्वज्ञान हुने क्रिया वा स्थिति । – **टिम्बुर**– ना० कालो खालको दाना हुने एक जातको टिम्बुर । – **त्रय**– ना० भूत, भविष्यत् र वर्तमान तीन काल । – **दण्ड**– ना० यमराजको डन्डा; मृत्यु; मरण । – **दोष**– ना० घटना र तथ्यहरूलाई ठीक कालक्रममा नराखिने दोष; कालक्रममा हुने भूल । – **धर्म**– ना० १. निश्चित समयविशेषका निम्ति उपयुक्त धर्म । २. मृत्यु; काल; निधन । – **पाश**– ना० १. यमराज वा मृत्युको जाल वा पासो । २. समयको बन्धन वा नियम । – **पुरुष**– ना० १. समयको कल्पित मानवी रूप । २. ईश्वरको विराट् रूप । ३. मृत्युका देवता; कालदेवता । ४. ग्रहदोष हटाउन वा अरिष्ट

शान्त गर्न दान गरिने फलामको प्रतिमा । – **फाल–** ना० मरे पनि सँगै मर्ने र उन्नति गर्न सके पनि साथै रही उन्नति गर्ने भनी जोडिएको गहिरो सम्बन्ध वा भावनात्मक ऐक्य । – **भैरव–** ना० १. एकादश रुद्रमध्ये एक; शिवजीका मुख्य गणमा एक गण । २. काठमाडौँको हनुमान्ढोकानजिक रहेका एक प्रसिद्ध भैरव ।

**कालम–** ना० [अङ्०] समाचारपत्र आदिका पृष्ठहरूमा बीचको लामो धर्का वा खाली अङ्गबाट अलग-अलग छुट्ट्याइने ठाडा वा लामा खण्ड; हे० स्तम्भ ।

**कालमान–** ना० [सं०] काल वा समयको पूर्वापर अवधि; समयको नापो वा मान ।

**कालयापन–** ना० [सं०] हे० कालक्षेपण ।

**कालरात्रि–** ना० [सं०] १. अँध्यारो र डरलाग्दो रात । २. सारा विश्वको महाप्रलय हुने रात; मृत्युको रात । ३. नवरात्रिमध्ये आश्विन शुक्ल अष्टमीको रात तथा त्यस रातमा गरिने दुर्गाको पूजा । ४. दुर्गाको मूर्ति वा रूप ।

**कालवेला–** ना० [सं०] १. दिनमान र रातमानलाई विभाजन गर्दा प्रत्येक दिन पर्न आउने शनिश्चरको बेला; शनिकाल । २. कुनै काम, यात्रा आदि गर्न निषिद्ध समय; अशुभ मुहूर्त । ३. उचित परिस्थिति वा अवसर; मौका ।

**कालसमय–** ना० [सं०] १. मौका र परिस्थिति; समयको चाँजोपाँजो । २. बेलाबखत ।

**कालसर्प–** ना० [सं०] १. डस्नासाथ मानिस मर्ने ज्यादै विषालु र डरलाग्दो कालो साँप; कालरूपी सर्प । २. अरूको ठूलो हानि गर्ने दुष्ट व्यक्ति ।

**कालाजिन–** ना० [सं०] कृष्णसार मृगको छाला; कालो मृगको छाला ।

**कालातीत–** वि० [सं०] समयभन्दा परको; समयले भ्याउन नसक्ने; समय बितेको ।

**कालानल–** ना० [सं०] १. प्रलयकालको आगो; कालाग्नि । २. प्रलयाग्निका अधिष्ठाता देवता; महादेव; रुद्र । ३. पाँचमुखे रुद्राक्ष ।

**कालानुक्रम–** ना० [सं०] हे० कालक्रम ।

**कालान्तर–** ना० [सं०] १. समयको फेरो; समयान्तर; अर्को समय; धेरै पछिको समय । २. मौका परेको कुनै बेला । ~ **विष–** ना० मुसा, कुकुर आदिले टोकेको धेरै दिनपछि लाग्ने विष; मन्दविष ।

**कालापानी–** ना० [कालो+पानी] १. भारतमा अङ्ग्रेजी शासन छँदा आजन्म कारावासको सजाय दिने चारैतिर समुद्रले घेरिएको टापु (अन्डमन र निकोबार) । २. प्रायः जङ्गलछेउको अति गर्मी हुने, डरलाग्दो र औलको प्रकोप भएको ठाउँ । ३. भारतसँगको सीमा विवादका कारण विशेष चर्चित दार्जुला जिल्लाको भूभाग ।

**कालाबन्जार–** ना० [कालो+बन्जार] कहिल्यै आवाद नगरिएको वा नफाँडिएको ठूलो घना जङ्गल ।

**कालास्त्र–** ना० [सं०] प्रहार गरेपछि निश्चित रूपले शत्रुको संहार गर्ने एक प्रकारको बाण; साङ्घातिक वा विषयुक्त बाण ।

**कालिक–** वि० [सं०] १. काल वा समयको; समयसम्बन्धी । २. कालाश्रित । ३. मौसमअनुकूल; सामयिक ।

**कालिका–** ना० [सं०] १. दैत्यको संहार गर्न अवतरित भएकी प्रसिद्ध देवी; महाकाली; दुर्गा; चण्डिका; काली । ~ **पुराण–** ना० कालिकादेवीको माहात्म्य वर्णन गरिएको एक उपपुराण ।

**कालिकुत्तिम–** ना० निक्खरा कालो कुकुर (कालिकुत्तिम महाउत्तिम) ।

**कालिगड–** ना० [फा० कारीगर] हस्तकलाको कुनै पनि काम गर्ने व्यक्ति; शिल्पी; कर्मी; कारिगर । > **कालिगडी–** ना० कालिगडको काम, पेसा वा सीप ।

**कालिङ्गे च्याउ–** ना० प्रायः पहेँलो माटो भएको ठाउँमा उम्रने, खान हुने, ठूलो एक प्रकारको च्याउ ।

**कालिज–** ना० [सं० कालेय] मासु खाइने कुखुराका जातको कालो जङ्गली चरो ।

**कालिदास–** ना० [सं०] संस्कृत साहित्यका प्रसिद्ध नाटक (अभिज्ञानशाकुन्तल, विक्रमोर्वशीय, मालविकाग्निमित्र), महाकाव्य (रघुवंश, कुमारसम्भव) र खण्डकाव्य (मेघदूत र ऋतुसंहार)-को रचना गर्ने एक विख्यात महाकवि; संस्कृत साहित्यका प्रतिनिधि नाटककार तथा काव्यकार ।

**कालिन–** ना० [अ० कालीन] थरीथरी बेलबुट्टा भएको कार्पेट वा गलैँचाजस्तो एक किसिमको बिछ्यौना ।

**कालिन्चोक–** ना० दोलखा बजारदेखि झन्डै ६ माइल टाढा ३,८४२ मिटर अग्लाइमा स्थित एक स्थान । ~ **माई–** ना० सोही ठाउँकी एक प्रसिद्ध देवी तथा शिवजी, गणेश र सरस्वतीका मूर्तिहरूका साथै एउटा कुण्ड पनि भएको एक तीर्थस्थल ।

**कालिन्दी–** ना० [सं०] १. कलिन्द पहाडबाट निस्केकी यमुना नदी; कृष्णा । २. कृष्णका प्रमुख आठ पटरानीमध्ये एक ।

**कालिमा–** ना० [सं०] १. कालो हुनाको भाव वा स्थिति; कालोपन । २. कलङ्क; दाग; दोष । ३. लाञ्छना; अपवाद ।

**काली**१**–** ना० [सं०] १. कालिका देवी; दुर्गा; चण्डी । २. सोह्र विद्यादेवीमध्ये एक । ३. पार्वतीको एक नाम वा उपाधि । ४. कालिमा । ५. अग्निका सात जिह्वामध्ये एक । ६. रात । ७. काला बादलको पङ्क्ति । ८. हिमालयको मुक्तिनाथ क्षेत्रबाट निस्केर नेपालको पश्चिम भागमा बग्ने एक प्रसिद्ध नदी; शालिग्राम पाइने नदी; काली वा कृष्णा गण्डकी; सप्तगण्डकीमध्ये एक (उदा०– कालीपार, कालीवार) ।

**काली**२**–** वि० [कालो+ई] १. कालो अनुहार वा वर्ण भएकी; कालो पोतेकी (स्त्री) । ना० २. 'कालो' शब्दको स्त्रीलिङ्गी रूप; मायाले वा गालीले कुनै नारीलाई भनिने शब्द । ना० ३. जुत्तामा लाउने कालो पालिस वा रोगन । ~ **आँप–** ना० मीठो स्वाद भएको असल जातको एक आँप; बोक्रामा कालो-कालो टीका बसेको, सानो कोयो हुने र झुत्रो नहुने महजस्तै स्वादिलो

एक आँप; लङ्गडा आँप । ~ **ऐँसेलु–** ना० लहरामा फल्ने र राता टोप्रा हुने एक जातको ऐँसेलु । ~ **काठ–** ना० चिल्ला बाक्ला पात, सेता टीका-टीका परेको कालो बोक्रा र तीतो स्वादको हुने तथा दतिउनको काम लिइने ससानो रूखको पोथ्रो वा त्यसकै काठ । – **कुच्ची–** ना० ज्यादै कालो वर्णकी स्त्रीलाई गाली गर्दा अथवा कुनै पनि आइमाईलाई खिज्याउँदा भनिने अपमानबोधक शब्द । – **कुत्तिम–** वि० १. ज्यादा कालो; गाढा कालो । २. ज्यादै मैलो; थोत्रोपुरानो । – **कोट–** ना० नेपाल अधिराज्यको कर्णाली अञ्चलमा रहेको एक जिल्ला । – **कोप्ची–** ना० कालो वर्ण, गहिरा आँखा र घोप्टे हेराइ भएकी आइमाईलाई गाली गर्दा प्रयोग गरिने शब्द । – **खोले–** ना० १. काली खोलावरपरका बासिन्दा । २. खोलाको छेउछाउ बसेर मीठा स्वरले गाउने एक प्रकारको चरो । ~ **ज्यामिर–** ना० गाढा पहेँलो तथा रातो बोक्रा हुने एक जातको अमिलो फल । ~ **ढकायो–** ना० डाँठको टुप्पामा प्रायः तीनवटा पात हुने, घोगाका रूपमा पहेँलो फूल फुल्ने र बाँकोको जस्तो कन्द हुने एक बुटी वा त्यसैको कन्द । – **तोप–** ना० प्राचीन कालको एक प्रसिद्ध तोपको नाम । – **दह–** ना० १. ज्यादै गहिरो हुनाको कारणले पानी कालो देखिने दह; भयङ्करको दह; काली रह । वि० २. असाध्यै मौलाएको; सप्रिएको । (उदा०– यो साल बारीमा कालीदह मकै भएको छ । )

**कालीन–** वि० [सं०] १. कुनै काल वा समयसँग सम्बन्धित; खास समयको; कालिक (महाभारतकालीन, राणाकालीन इ०) । २. ऋतु वा यामअनुकूल । (उदा०-शरत्कालीन आकाश स्वच्छ र निर्मल देखिन्छ) ।

**कालीनाथ्रो–** ना० [कालो+नाथ्रो] मङ्सिरमा पाक्ने, कालो नाथ्रो भएको एक प्रकारको धान; पहेँलो मार्सी; कालो काठे ।

**काली निउरो–** ना० [कालो+निउरो] कालो, मोटो र कमलो डाँठ हुने र तरकारी खाइने एक जातको निउरो ।

**कालीपोके–** ना० [कालो+पोके] अन्नपातलाई नै कालो तुल्याइदिने, बालीबिरुवामा लाग्ने एक रोग; गहुँ आदिका डाँठपात र बालामा अँगारको धूलोजस्तो कालाकाला पोका लाग्ने रोगविशेष ।

**काली बम्बई–** ना० [कालो+बम्बई] बम्बई आँपको एक प्रकार; असल जातको आँप ।

**काली बिराली–** ना० [काली+बिराली] ओखतीमूलोका निम्ति प्रयोग गरिने कालो रङको बिरालो ।

**काली बूढी–** ना० [काली+बूढी] हुकुमको मिस्सी आफ्नो तासले खाएमा कालीबूढी बोकिन्छ भन्ने गरी चार जना मिलेर खेलिने तासको खेल ।

**काली बोक्सी–** ना० [काली+बोक्सी] काली र नजाती स्वास्नीमान्छेलाई गाली गर्दा प्रयोग गरिने अपमानबोधक शब्द ।

**काली भीर–** ना० [कालो+भीर ] माथिबाट हेर्दा रिँगटा वा अत्यास लाग्ने डरलाग्दो भीर; कहालीलाग्दो भीर ।

**काली मकै–** ना० [कालो+मकै] केराको बुँगाजस्तो छोटो घोगा लाग्ने, दानाभित्र कालो पीठोजस्तो पदार्थ हुने एक जातको मकै ।

**कालीमाटी–** ना० [कालो+माटो ] १. जमिनमनि रहेको कालो, नरम र मलिलो माटो; खेतीमा मलका रूपमा प्रयोग गरिने माटो । २. काठमाडौँ उपत्यकाको टेकुदोभाननजिक रहेको एक ठाउँ ।

**कालीमाल–** ना० परदेश वा प्रवास; परदेश जाँदा बाटामा पर्ने वास ।

**कालीमुन्टे–** ना० [कालो+मुन्टो+ए] १. खेततिर पाइने, टुप्पामा कालो हुने एक प्रकारको घाँस; कालीमुन्टो; वनमारा । २. मुन्टो मात्र कालो भई बाँकी जीउ सबै अरू नै रङको हुने बाख्रो । वि० ३. कालो मुन्टो भएको ।

**कालीरह–** ना० [कालो+रह ] हे० कालीदह ।

**काली लहरो–** ना० [कालो+लहरो] गाईबस्तुलाई खुवाइने एक प्रकारको जङ्गली घाँस ।

**काली सिन्की–** ना० [कालो+सिन्को] कालोकालो सिन्का हुने एक झार; कान छेडेपछि प्वाल नटालियोस् भनेर लगाइने सानो सिन्को; कानसिन्की; दमकन्ने ।

**कालु–** वि० [कालो+उ] 'कालो' शब्दको सङ्क्षिप्त रूप । ~ **पाँडे–** ना० पृथ्वीनारायण शाहका समयमा गोर्खा राज्यको काजी भएका र कीर्तिपुरसँग पहिलो युद्धमा दिवङ्गत भएका इतिहासप्रसिद्ध एक व्यक्ति ।

**कालुष्य–** ना० [सं०] १. कलुष वा मलिन हुनाको भाव; मलिनता; फोहोर । २. वैमनस्य ।

**कालू–** ना० स्नेहका साथ बोलाउँदा प्रयोग गरिने शब्द ।

**कालो–** ना० [सं० काल] १. प्रकाश वा सेतोको विपरीत रङ; मोसो, गाजल, अँगार, गोल आदिको जस्तो रङ्ग । २. प्रकाश नभएको स्थिति; अन्धकार । ३. निग्रो जाति । ४. दोष, कलङ्क; खोट । ५. पाप; कल्मष । वि० ६. उज्यालो नभएको; अँध्यारो; मैलो वा धमिलो । ७. कृष्ण वर्णको; कल्साउँदो; साँवलो; गाजले । ८. मन सफा नभएको; रिसाएको; नजाती; दुष्ट । ९. आशा नभएको; पत्तो नपाइने (कालो भविष्य, कालो भावना इ०) । ~ **अडेरी–** ना० कालोकालो खालको अडेरीविशेष । ~ **अरिङ्गाल–** ना० एक जातको कालो रङको अरिङ्गाल । ~ **उखु–** ना० गाढा कलेजी वा कालो रङको, औषधीका लागि पनि काम लाग्ने राम्रो खालको उखु । ~ **कपास–** ना० कालोकालो भुवा हुने एक जातको कपास । ~ **कर्तुत–** ना० अरूको कुभलोका लागि गरिने निन्दनीय कार्य; स्वार्थसिद्धिका लागि गरिने नियमविरुद्ध काम; छलकपट; षड्यन्त्र । ~ **काँठे–** ना० हे० कालीनाथ्रो । ~ **काल–** ना० कर्कलाको जस्तो बोटमा सलिफाजस्तो तर केही लाम्चो आकारको घोगा फल्ने एक स्थावर विष । ~ **किरो–** ना० १. ब्वाँसोजस्तो ढाडे कीरो; भाउसो । २. सालक नामको एक जङ्गली

जनावर । ~ **कुकुर**– ना० १ हुँदै नभएको मानिस । २. तुच्छ प्राणी । ~ **कौवा**– ना० सर्वाङ्ग शरीर कालो हुने, केही ठूलो र तीखो चुच्चो भएको एक जातको काग; ढोले काग; लेकाली काग; डुम काग । ~ **गैंवरा**– ना० कालो र मोटो खालको, थुप्रै रस हुने एक प्रकारको असल खालको उखु । ~ **गौँथली**– ना० प्रायः पहरातिर गुँड पार्ने कालो रङको गौँथली चरो । ~ **चिया**– ना० दूध, तर आदि नहालिएको, चिनी र चियाको रङ मात्र भएको चिया; फिक्का चिया । ~ **जरो**– ना० हे० कालज्वर । ~ **जिरो**– ना० हे० कालजीरो ~ **धतुरो**– ना० रछ्यायो भावको नीलो फूल फुल्ने र कालो डाँठ हुने एक जातको धतुरो । ~ **नुनियाँ**– ना० कालो रङको एक जातको धानविशेष । – **नीलो**– वि० १. डरले आत्तिएको वा रिसले चूर भएको । २. कालो तथा नीलो रूपको । ~ **नुन**– ना० अपच, डकार आदिमा फाइदा गर्ने एक प्रकारको नुन; बिरेनुन । ~ **पत्र**– ना० १. सडकलाई पक्की बनाउन प्राविधिक किसिमले रोडा, अलकत्रा आदि छापिएको सतह; पिच । २. कोलटार, पेट्रोलियम आदिमा घोलिएको कालो र च्यापच्यापे पदार्थ; अलकत्रा । ~ **पातल**– ना० निर्जन वन; तरी; भयावह जङ्गल । – **पोके**– ना० गहुँ, जौ आदि बालीमा लाग्ने, बालो कालो हुँदै जाने एक प्रकारको रोग । ~ **बजार**– ना० १. सरकारद्वारा आयातनिर्यातका लागि प्रतिबन्धित मालसामानहरू बढी नाफा कमाउन अवैध किसिमले लुकीछिपी आयात वा निर्यात गर्ने काम । २. कुनै मालसामानको कृत्रिम अभाव खडा गरी अत्यधिक नाफा लिएर बिक्री गर्ने काम वा स्थिति । ३. त्यस्तो मालसामान खरिद-बिक्री गर्ने ठाउँ; चोरबजार । ~ **बजारिया**– वि० कालोबजार गर्ने; तस्करव्यापारी; चोरबजारिया । ~ **बजारी**– ना० कालो बजार गर्ने काम; अवैध किसिमले मालसामानको किनबेच आदि गर्ने काम; तस्करी धन्दा । ~ **बडहरी**– ना० कालो भुस हुने एक जातको धान वा त्यसैको चामल । ~ **बलु**– ना० १. पीपलका जस्ता पात, पहेँला फूल, हरिया चक्राकार फल फल्ने एक जातको लहरो; अतिबला; आयुर्वेदका अनुसार पौष्टिक र वीर्यवर्धक गुण भएको त्यसैको फल । ~ **भटमास**– ना० निक्खर कालो बोक्रा हुने एक प्रकारको भटमास । ~ **मसान**– ना० मसानघाटमा रहेको भनिने भूतप्रेत; मसाने भूत । ~ **मार्सी**– ना० कालो रङ हुने एक जातको धान वा त्यसकै चामल । ~ **मास**– ना० बोक्रा हुने, दालका लागि प्रसिद्ध एक जातको मास । ~ **मुन्टे**– ना० हे० कालीमुन्टे । ~ **मोहर**– ना० पहिले तिब्बती सरकारले चलाएको मुद्रा; भोटे मोहर । ~ **शिरीष**– ना० गाढा नीलो फूल फुल्ने एक जातको शिरीषको बोट वा सोही बोटको फूल । ~ **सर्प/साँप**– ना० १. अत्यन्त विषालु, कालो रङको सर्प; कालसर्प । २. दुष्ट मानिस; खतरनाक व्यक्ति । ~ **सिमी**– ना० काला गेडा हुने सिमीको एक जात । ~ **सिसौ**– ना० कालो चुरो हुने एक जातको सिसौको रूख; कृष्णशिंशपा । ~ **हलेदो**– ना० सुकेपछि कालो हुने एक प्रकारको हलेदो ।

**काल्चीमिस्री**– ना० [काल्फीमिस्री] असल किसिमको मिस्री; काल्फीमिस्री ।

**काल्चे**– ना० [काल+चेप] १. अप्ठेरो अवस्था; खुँगे । २. युक्ति; उपाय; जुक्ति ।

**काल्टिकी**– ना० [कालो+टिको] कालो टीका ।

**काल्तोरी**– ना० [कालो+तोरी] कलेजी रङको जरा हुने, साधारण तोरीका भन्दा केही ठूला पात हुने र सागको तरकारी खाइने एक जातको तोरी ।

**काल्पनिक**– वि० [सं०] १.कल्पना गरिएको; अजमायसी; कल्पित । २. बनावटी; नक्कली ।

**काल्फीमिस्री**– ना० [?+मिस्री] हे० काल्चीमिस्री ।

**कावर**– ना० [मरा० कावड < प्रा० काव] नाविकहरूले ठूलठूला माछा मार्न प्रयोग गर्ने एक प्रकारको जाल वा पासो ।

**कावा**– ना० [फा०] १. वृत्ताकार मार्गमा हिँड्ने वा उड्ने कार्य; गोलाकार वृत्तको हिँडाइ वा उडान; चक्कर खाने काम । २. घोडालाई सधाउन वा रफत गराउन वृत्तमा दौडाउने काम ।

**काव्य**– ना० [सं०] १. साहित्य (व्यापक अर्थमा) । २. कविता (सूक्ष्म अर्थमा); मुक्तक, स्फुट काव्य, गीतिकाव्य, खण्डकाव्य र महाकाव्य । ३. प्रत्येक चरणमा चौबीस मात्रा हुने एक मात्रिक छन्द । ~ **पुरुष**– ना० साहित्यिक पुराकथामा काव्यलाई दिइएको एक मानवाकार स्वरूप जो मात्तिँदा तह लगाउन एक काव्यनारी (समीक्षा)-को सृष्टि भएको हो भन्ने किंवदन्ती छ । ~ **प्रवृत्ति**– ना० कविता, महाकाव्य आदिमा रचनाकारले विशिष्ट दिशा वा मार्गतर्फ अग्रसर हुन देखाएको आन्तरिक झुकाउ; कुनै वस्तु वा विचारप्रति रहेको रचनाकारको विशिष्ट उद्देश्य वा दृष्टिकोण; कविको विशिष्ट रुचि । – **लिङ्ग**– ना० वाक्यार्थ वा पदार्थरूपले हेतु प्रतिपादन गर्दा हुने एक अर्थालङ्कार; कुनै नयाँ अर्थलाई बोध गराउने एक अर्थालङ्कार । ~ **साधना**– ना० कवितादिको सिर्जनाका निम्ति स्रष्टाद्वारा गरिएको अनुष्ठान; कवितादिको पूजा वा आराधना ।

**काश**– ना० [सं०] १. नदीनालाका छेउछाउमा उम्रने, घरका छाना छाउन वा गाईवस्तुलाई खुवाउन प्रयोग गरिने एक जातको बुटे झार; काँस (घाँस) । २. खोकी ।

**काशिका**– ना० [सं०] जयादित्य र वामनाचार्यद्वारा रचित पाणिनीय व्याकरणको एक प्रसिद्ध वृत्ति वा टीका ।

**काशी**– ना० [सं०] १. उत्तर-भारतमा गङ्गाको किनारमा रहेको एक प्रसिद्ध नगरी वा तीर्थस्थल; बनारस सहर; वाराणसी; हिन्दूहरूका सात मोक्षपुरीमध्ये एक । वि० २. उज्यालो; चहकिलो राम्रो ।

**काश्मीर**– ना० [सं०] कश्मीर देश ।

**काश्मीरी**– वि० हे० कास्मिरी । ~ **केशर**– ना० हे० कास्मिरी केशर ।

**काश्यप–** ना० [सं०] १. एक प्रसिद्ध ऋषिको नाम । वि० २. कश्यपको वंश वा गोत्रमा पैदा भएको; कश्यपसम्बन्धी । ~ **गोत्र–** ना० काश्यप ऋषिको कुल वा वंशको परिचयात्मक नाम; अधिकारी, घिमिरे, पाँडे, बडाल, ठकुरी, माझी, थापा, गर्तौला, बोकटी आदि थर हुनेहरूको गोत्र ।

**काषाय–** वि० [सं०] १. गेरु रङमा रँगाइएको; गेरु रङको । ना० २. कपडा; गेरु रङको कपडा । ३. टर्रो स्वाद । – **वस्त्र–** ना० गेरुवा रङको कपडा; साधु-सन्न्यासीहरूले लगाउने वस्त्र ।

**काष्ठ–** ना० [सं०] १. काठ । २. दाउरा; इन्धन । – **कला–** ना० काठका कलात्मक वस्तु, मूर्ति, सजावटका सामान आदि बनाउने काम वा सीप । – **कुट्ट/कूट–** ना० लाहाँचे चरो; काठफोरुवा चरो । – **पत्र–** ना० १. काठको फल्याक; कठपत्र । २. अभिलेखका रूपमा रहेको काठको पातो । – **पुत्तलिका–** ना० १. कठपुतली; काठको प्रतिमा । २. घट्टको सोलीबाट दाना खसाल्नका लागि सोलीको डुँडमा बाँधिएको काठको ठेउको वा पुतली । – **मण्डप–** ना० १. काठको मण्डप । २. हनुमान्ढोकानेर अशोकविनायकको सामुन्ने स्थित एउटै रूखका काठबाट तयार पारिएको भनिने प्रसिद्ध घर । ३. काठमाडौँ ।

**काष्ठा–** ना० [सं०] १. पूर्व, पश्चिम आदि दिशा । २. अन्तिम सीमा वा हद (पराकाष्ठा) । ३. अन्तरिक्षमा बादल र वायुको मार्ग । ४. अठार पलाको समयको माप । ५. आठ माना । ६. एक विघाको १/२० भाग अर्थात् एक कट्ठा ।

**काष्ठादि–** ना० [सं०] जरीबुटीलाई पिँधेर धूलो बनाइएको आयुर्वेदिक औषधी ।

**कास–** ना० [सं०] १. खोकी । २. सजिवनको रूख । ३. काँस तृण ।

**कासी बयर–** ना० [काशी+बयर] लाम्चा गेडा फल्ने खल्लो गुलियो स्वादको एक जातको बयर ।

**कास्की–** ना० १. नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत गण्डकी अञ्चलमा पर्ने एक जिल्ला । २. मध्यकालको चौबीसे राज्यमध्ये एक ।

**कास्टिक–** वि० [अङ्०] १. रासायनिक प्रक्रियाद्वारा तन्तुहरूलाई जलाउने वा नष्ट पार्ने; क्षारक; दाहक । ना० २. जलाउने वा नष्ट गर्ने पदार्थ वा वस्तु । ~ **सोडा–** ना० एक प्रकारको सोडा ।

**कास्टिङ मेसिन–** ना० [अङ्०] मुद्रणकलामा मोनोटाइप बनाउने वा ढाल्ने यन्त्रविशेष ।

**काहा–** ना० [नेवा०] पोङ्गा र पैँताभन्दा केही लामो, फुकेर बजाइने, तामाको एक किसिमको ढुङ्ग्रे बाजा ।

**काश्मिरी–** वि० [काश्मीर+ई] काश्मीरका बासिन्दा; काश्मीरसम्बन्धी । ~ **केशर–** ना० १. मसिना लामालामा पात हुने, रातो केशर भएको, सेता फूल फुल्ने, लसुनका जस्ता पोटी हुने एक बुटी । २. त्यसैको फूलको बास्नादार केशर; कुङ्कुम ।

**काहार–** ना० नेपालको तराइली मूलका घर्ती; डोली बोक्ने एक जाति; भुइया; खतबे ।

**काहिँली–** वि० [काहिँलो+ई] १. जन्म, नातासम्बन्ध वा अरू कुनै क्रमले चौथी (स्त्री); साहिँलीपछिकी; काइँली । ना० २. काहिँलो छोरो वा भाइकी पत्नी ।

**काहिँलो–** वि० [सं० कनीयान्] साहिँलोभन्दा पछिको; जन्मका क्रमले चौथो (छोरो, भाइ आदि); काइँलो ।

**कि–** संयो० [सं० किम् ] १. दुई कुरा वा विषयमध्ये कुनै एक बुझाउन बीचमा प्रयोग गरिने अव्यय; वा; अथवा (उदा०– पढ्छौ कि पढ्दैनौ ? ) । २. मिश्र वाक्यमा आश्रित उपवाक्यलाई जोड्ने शब्द । (उदा०– कि तिमी जाऊ कि मलाई जान देऊ ।) । निपा० ३. प्रश्न वा सन्देह बुझाउँदा वाक्यान्तमा प्रयोग हुने शब्द (उदा०– उसले मलाई पढाउँछ कि ? ऊ त्यहाँ छैन कि ?) । ४. उनको भनाइ छ कि कवितामा अनुप्रास हुनुपर्छ (अस्त०) ।

**किंकर्तव्यविमूढ–** वि० [सं०] निर्णयशक्तिको अभावमा कुनै काम गर्न के गरूँ, कसो गरूँ भई अलमलिएको; आफूले गर्नुपर्ने काम वा कर्तव्यबारे ठहर गर्न नसकी दोधारमा परेको; रनभुल्लमा परेको; बिलखबन्द ।

**किंवदन्ती–** ना० [सं०] १. समाजमा परम्परादेखि चल्दै आएका र केही अन्धविश्वाससमेत भएका घटना, कथा वा कुरा; जनश्रुति । २. हल्ला; अफवाह ।

**किंवा–** संयो० [सं०] दुई वा दुईभन्दा वढी शब्द, पदावली वा वाक्यांशलाई जोडी कुनै एकलाई बुझाउन वैकल्पिक रूपमा प्रयुक्त हुने अव्यय; वा; अथवा । (उदा०– ज्ञान-विज्ञानका क्षेत्रमा साहित्य किंवा दर्शनको ठूलो महत्त्व छ ।)

**किंशुक–** ना० [सं०] पलाँसको रूख; पलाँसको फूल ।

**किउँकाफल–** ना० [किम्बु+काफल] काला लाम्चा दाना हुने एक प्रकारको काफल ।

**किकी–** ना० जुम्रा (बालबोलीमा) ।

**किक्क–** क्रि० वि० [अ० मू० किक्+क] बाडुली लागेर वा घाँटीभित्र कुनै चीज अड्किएर श्वासनलीमा वाधा परी विचित्रको ध्वनि निस्कने गरी ।

**किक्लिक्क–** वि० [अ० मू० किक्लिक्+क] घाँटीमा कुनै चीज अड्किँदा वा घाँटी अँठ्याउँदा ऊर्ध्व-वायुको झोक्का निस्कने गरी हुने शारीरिक प्रतिक्रिया ।

**किङ्कर–** ना० [सं०] चाकर; नोकर; दास; सेवक; भृत्य ।

**किङ्कर्तव्यविमूढ–** वि० [सं०] हे० किंकर्तव्यविमूढ ।

**किङ्किणी–** ना० [सं०] १. घुँगरुदार आभूषण; चाँप; घँगला; क्षुद्र-घण्टिका । २. कम्मरपेटी ।

**किङ्गरी–** ना० १. भिक्षावृत्ति भएको, तराईमा बस्ने एक जाति । २. त्यस जातिले बजाउने एक थरी बाजा ।

**किच्–नु–** स० क्रि० [प्रा० किच्चन्त+नु] १. कुनै वस्तुलाई गह्रुँगो पदार्थले थिच्नु; थ्याच्च पार्नु; मिच्नु । २. दमन गर्नु; दबाउनु; जित्नु ।

**किचकन्नी**– ना० [सं० कृत्याकन्या] पैतला पछाडिपट्टि फर्किएको र पिठ्यूँ खोक्रो हुने कल्पित सुन्दरी; स्त्रीका रूपमा रहने एक प्रेतयोनि; अगतिमा परेका स्त्रीहरूको प्रेतात्मा ।

**किचकाच**– क्रि० वि० [अ० मू० किच्+अ (द्वि०)] सग्लो वस्तुलाई किचिमिची पारेर बिगार्ने काम; किच्ने र थिच्ने काम; किचमिच; थिचथाच ।

**किचकिच**– ना० [अ० मू० किच्+अ (द्वि०)] १. झर्को लाग्ने गरी कुरा गर्ने स्वभाव; दिक्क लाग्ने गरी गरिएको कुनै कुरा; कचकच; गनगन । क्रि० वि० २. झर्को लाग्ने गरी; सताउने किसिमले ।

**किचमिच**– ना० [किच्+मिच्] किच्ने र मिच्ने काम; थिचमिच; किचकाच ।

**किचाइ**– ना० [√ **किच्** (+आइ)] किच्ने काम वा प्रक्रिया । [ > ] **किचाइनु**– क० क्रि० किच्न लाइनु; थिचाइनु । **किचाउनु**– प्रे० क्रि० किच्न लाउनु; थिचाउनु ।

**किचाकिच**– ना० [किच्+आ+किच्] परस्परमा वा धमाधम किच्ने काम; थिचाथिच; मिचामिच; ठेलमठेल ।

**किचाघान**– ना० [किच्+घान] भीडभाडमा ठेलिने, लड्ने र किचिने काम वा स्थिति; थिचोमिचो ।

**किचिनु**– क० क्रि० [किच्+इ+नु] किच्ने काम गरिनु; थिचिनु; मिचिनु ।

**किचिपिची / किचिमिची**– ना० [किच्+पिच्च / मिच् ] १. किच्ने र मिच्ने काम; किचमिच । २. गिलो पदार्थलाई बेसरी माड्ने काम; गिजोल्ने काम । ३. घाउ खटिरा आदिमा जमेको पीप फुटेर छ्याल्लब्याल्ल हुने काम । ४. अस्पष्ट र फोहोर खालको लेखाइ ।

**किचिरपिचिर / किचिरमिचिर**– ना० [√ किचिपिची / किचिमिची] हे० किचिमिची ।

**किच्च**– क्रि० वि० [अ० मू० किच्+च] कुनै कारणले वा स्वभावैले थोरै हाँस्ने गरी; मुस्कुराउने किसिमले । > **किच्चक**– वि० कुनै कारण वा प्रयोजनविना नै किच्च-किच्च हाँसिरहने ।

**किच्चि-नु**– अ० क्रि० [किच्च+इ+नु] किचिनु; थिचिनु । > **किच्च्याइ**– ना० किच्चिने काम, भाव वा अवस्था । **किच्च्याइनु**– क० क्रि० किच्याउने काम गरिनु; गिज्याउनु । **किच्च्याउनु**– प्रे० क्रि० किच्चिन लाउनु । **किच्च्याहट**– ना० किच्चिने काम; किच्च्याइ ।

**किजात**– ना० [सं० कुजात] किरिया हाल्दा प्रयोग गरिने शब्द; कुजात ।

**किञ्चित्**– वि० [सं०] १. थोरै; अल्पशः अलिकति; इषत्; केही; मनाक् । क्रि० वि० २. अलिकति पनि; थोरै पनि; केही पनि ।

**किञ्जल्क**– ना० [सं०] १. कमलको केसर (उदा०– मैले न्वाउनलाइ शैलतटमा छन् दूधका पोखरी । टल्कन्छन् जलमा जहाँ किरणका किञ्जल्क रेखा परी । – माधव घिमिरे ।) । २. नागकेसर । वि० ३. केसरको रङजस्तो पहेँलो ।

**किट्-नु१**– स० क्रि० [किटकिट+नु] रिस, आवेग वा तीव्र असन्तोषका भावनाले तलमाथिका दाँत रगड्नु; दाँत रगडेर किर्र-किर्र आवाज निकाल्नु । (उदा०-रिसको झोकमा हरिले दाँत किटयो) ।

**किट्-नु२**– स० क्रि० [प्रा० किट्ट+नु] १. कुनै कामकुराका बारेमा यही नै हो भनेर टुङ्गो लाउनु; यस्तै हो भनेर तोक्नु । २. निधो गर्नु; तोक्नु । ३. मर्यादा निश्चित गर्नु ।

**किट**– ना० [सं० किट्ट] धातु खार्दा निस्किएको कस वा कसर; किट्ट ।

**किटाइ**– ना० [√ **किट्** (+आइ)] १. झोकले तलमाथिका दाँत रगड्ने काम वा प्रक्रिया । २. कुनै कामकुराका बारेमा तोक्ने वा निधो गर्ने क्रियाप्रक्रिया । [ > ] **किटाइनु**– क० क्रि० १. झोकले दाह्रा किट्न लाइनु । २. कुनै कामकुरो तोक्न लाइनु । **किटाउनु**– प्रे० क्रि० १. झोकले दाह्रा किट्न लाउनु । २. निधो गराउनु; तोक्न लाउनु ।

**किटान**– ना० [किट्+आन] कुनै कामकुराका बारेमा यही नै हो भनी किट्ने वा तोक्ने काम; निश्चय; निधो । > **किटानी**– ना० निश्चयसाथ भनिएको कुरो; तोकिएको कुरो ।

**किटुवा**– वि० [किट्+उवा] १. निश्चय वा निधो गरिएको; तोकिएको (काम वा कुरो) । २. किटान गर्ने; तोक्ने (व्यक्ति) ।

**किट्ट१**– ना० [सं०] १. थेग्रिएर रहेको पदार्थ; थिग्रेनी । २. फलाम आदिको मैल; कीट । ३. मल; विष्ठा ।

**किट्ट२**– क्रि० वि० [अ० मू० किट्+ट] किट् आवाज आउने गरी । (उदा०– उसले दाँत किट्ट किटयो ।)

**किट्टी**– ना० चार जना बसेर प्रायः नौ-नौ पत्ती तासमा प्रत्येकमा तीन-तीन पत्ती मिलाएर एक अर्कोलाई जित्दै बाजीमाथ गर्ने एक प्रकारको तासको खेल ।

**किट्नी**– ना० [अङ्० किड्नी] मूत्राशय ।

**किताप**– ना० [अ० किताब] हे० किताब । > **कितापी**– वि० किताबी ।

**किताब**– ना० [अ०] मुद्रित गरिएको वा लेखिएको र सुरक्षित तुल्याउन एकापट्टि धागो वा तारले बाँधी प्रायः बाक्लो र बलियो गातासमेत लगाइएको पत्रैपत्र कागतको समूह वा ठेली; पुस्तक; पोस्तक; पोथी; किताप; ग्रन्थ । – **खाना**– ना० १. किताबहरू राख्ने ठाउँ; पुस्तक-भण्डार । २. जङ्गी, निजामती आदि कर्मचारीहरूको नियुक्ति, बढुवा, सरुवा, खोसुवा आदिसम्बन्धी रेकर्ड राख्ने अड्डा । ~ **दर्ता**– ना० कर्मचारी पदको बहाली भएपछि किताबखानामा रेकर्ड गरिने काम ।

**किताबी**– वि० [किताब+ई] १. किताबसम्बन्धी । २. कर्मचारीहरूको रेकर्ड भरिएको किताबको काम गर्ने । ३. व्यवहार-इतर (किताबी ज्ञान) । ~ **किरो**– ना० पुस्तक मात्र अध्ययन गर्ने व्यक्ति । ~ **सवाल**– ना० स्रेस्ता अड्डालाई भएको सवाल । (सो खारेज भई पछि 'मुलुकी सवाल' बनेको हो ।)

**कित्ता**– ना० [अ० किता] १. श्रेणी; तह; कक्षा; दर्जा; ओहदा । २.

टुक्रा; खण्ड । ३. थान; गोटा । ४. किसिम; जात; वर्ग; जाति । **– काट–** ना० कुनै कित्ताको जग्गामध्येबाट बेचबिखन गर्दा वा भाग छुट्याउँदा नापी अड्डाले लिखत तथा नापनक्साअनुसार पहिलेको कित्ता फोरी छुट्टाछुट्टै कित्ता कायम गरिदिने काम; कित्ताफोड । **– फोड–** ना० कित्ताकाट ।

**किल्ली–** ना० [अङ्० किटल] पानी उमाल्ने वा पकाउने, बिर्को र समौटोसमेत भएको भाँडो; चियादानी ।

**किश्रो–** ना० १. किलकिले । २. कीट-पतङ्गादि वर्गको एक जाति (फटचाङ्ग्रो इ०) ।

**किन्–नु–** स० क्रि० [सं० क्री > किन्+नु] मोल तिरेर कुनै माल लिनु वा आफ्नो हकमा पार्नु; बेसाउनु; खरिद्नु ।

**किन–** क्रि० वि० [सं० किमर्थम्] कुनै काम वा विषयको कारण सोद्धा प्रयोग गरिने शब्द; कुन हेतुले वा के उद्देश्यले ? के कारणले ? ~ **किन–** अव्य० थाहा नभएको कारणबारे विस्मयपूर्वक भनिने शब्द; संशय, अनिच्छा वा अरुचि जनाउने शब्द । (उदा०– किनकिन आज मलाई पढ्न नजाऊँजस्तो भइरहेछ ।)

**किनखाब–** ना० [फा० कम-ख्वाव] सुनचाँदीका बत्तुले बुट्टा काढिएको झलझलाउँदो रेसमी कपडा; बहुमूल्य रेसमी कपडा ।

**किनबेच–** ना० [किन्+बेच्] किन्ने र बेच्ने काम; खरिद-बिक्री; बेचबिखन; क्रय-विक्रय ।

**किनमेल–** ना० [किन्+मेलो] मालसामानहरू किन्ने वा खरिद गर्ने काम; बजारमा गएर मोल तिरी आफूलाई चाहिने सामान लिने काम ।

**किनाइ–** ना० [√ **किन्** (+आइ)] किन्ने भाव, क्रिया वा प्रक्रिया; खरिद । [ > ] **किनाइनु–** क० क्रि० किन्न लाइनु; खरिद गराइनु । **किनाउनु–** प्रे० क्रि० किन्न लाउनु; खरिद गराउनु ।

**किनामा–** ना० [लि०] भटमास उसिनेर खरानीमा मुछी धेरै दिनसम्म गुम्स्याएर राखिएको खाद्य पदार्थ । (राई-लिम्बूहरूमा यो खाद्य पदार्थ निकै प्रचलित छ ।)

**किनार–** ना० [फा०] १. कुनै वस्तुको लमाइ वा गजपट्टिको अन्तिम छेउ; किनारा; पारी । २. नदी, तलाउ आदिका वारिपारिको जग्गा; तट; तीर । ३. छेउछाउ; पार्श्व । **– दार–** वि० किनार वा पारी भएको; किनारावाल; किनारे (धोती, सारी आदि) ।

**किनारा–** ना० [फा० किनार] १. कुनै वस्तुको लमाइ वा गजतर्फको पछिल्लो छेउ; धोती वा अन्य नसिएका कपडाको लमाइको तलमाथिको फेरो; किनार । २. नदी, तलाउ वा जलाशयको तीर; तट । ३. आसपासको ठाउँ; छेउछाउ; पार्श्व । ४. धोती, चादर, पछ्यौरा आदि कपडामा भिन्न बुनोटको वा अलग रङको लामो फेर । ५. कपडाको छेउछाउमा हुने विशेष खालको बुट्टा; खिका । ६. दुबिधा भएको कुनै कामकुरामा लगाइएको टुङ्गो; निधो; निर्णय; इदमित्थं । (उदा०– अदालतले मुद्दाको किनारा लगाइसक्यो) । **– दार–** वि० कपडाको छेउछाउमा विशेष किसिमले रँगाएको वा बुनेको बुट्टा वा किनारा भएको; बुट्टेदार फेर भएको; किनारावाल; किनारे । **– वाल–** वि० किनारादार; किनारा भएको । > **किनारे–** वि० किनारा भएको; किनारावाल ।

**किनिनु–** क० क्रि० [किन्+इ+नु] किन्ने काम गरिनु; खरिद गरिनु; बेसाइनु ।

**किनिया–** ना० अफ्रिकाको एक देश । ~ **नर–** ना० अश्मीभूत अस्थि-अवशेषका रूपमा किनियामा पाइएको मानवजस्तो देखिने नरवानर; रामवानरको हालसम्म पाइएका अश्मीभूत रूपमध्ये सबैभन्दा प्राचीन रूप । ~ **मानव–** ना० किनिया-नर । ~ **वानर–** ना० किनिया–नर ।

**किनुवा–** वि० [किन्+उवा] १. किनिएको; खरिद गरिएको । २. पैसा तिरेर लिइएको ।

**किन्तु–** संयो० [सं०] तर; परन्तु; अपितु ।

**किन्नर–** ना० [सं०] १. पुराणअनुसार मानिसको जस्तो मुख र घोडाको जस्तो शरीर वा मानिसको जस्तो शरीर र घोडाको जस्तो मुख हुने, देवताहरूका पर्वोत्सवहरूमा गानबजान गर्ने एक देवयोनि; किम्पुरुष; अश्वमुख । वि० २. अति राम्रो; सुन्दर । > **किन्नरी–** ना० १. किन्नरजातकी स्त्री । २. एक प्रकारको वीणा । वि० ३. सुन्दरी; ज्यादै राम्री ।

**किन्ने–** वि० [किन्+ने] खरिद गर्ने; गाहकी; क्रेता । ~ **बेच्ने–** वि० किन्ने र बेच्ने; खरिदबिक्री गर्ने; गाहकी र बेपारी; क्रेता र विक्रेता ।

**किप–** ना० [कीप < अ० कीफ] कालीज्यामिरका जातिको एक किसिमको अमिलो फल ।

**किपट–** ना० केही पूर्वका शताब्दीहरूमा धेरै इलाकामा प्रचलित भए पनि भूमिसुधार आरम्भ हुने समयमा भने पूर्वी नेपालका माझ किराँत तथा पल्लो किराँतमा मात्र प्रचलित राई-लिम्बूहरूलाई लालमोहर गरेर दिइएको कहिल्यै राजीनामा हुन नसक्ने अथवा जसका नाममा सो जग्गा लेखिएको छ उसैका सन्तान-दरसन्तानले भोगचलन गर्नुपर्ने जग्गा । > **किपटिया–** ना० किपट जग्गा पाउने व्यक्ति ।

**किफायत–** ना० [अ०] १. पुऱ्याएर वा कम गरेर खर्च गर्ने काम; फारो; मितव्ययिता । २. बचत; बचाउ । ३. कम मूल्य; सस्तो दाम । > **किफायती–** वि० १. किफायत गर्ने; कम खर्चालु; मितव्ययी । २. कम मूल्यको; सस्तो ।

**किम्–** क्रि० वि० [सं०] १. के कारणले; किन । २. कुन; के ।

**किमा–** ना० [अ० कीमा] मसिना टुक्रा पारी काटिएको मासु वा त्यसरी काटेर बनाइएको मासुको परिकार ।

**किमाम–** ना० [अ० किवाम] सुर्ती, अफिम आदिको रसमा सुगन्धित पदार्थ हाली पकाएर जमाइएको रस वा लेदो ।

**किमार्थ–** क्रि० वि० [सं०] कसै गरेर पनि; केही गरे पनि ; कुनै स्थिति वा अवस्थामा पनि; निश्चय नै; पटक्कै ।

**किम्पुरुष–** ना० [सं०] १. हे० किन्नर । २. पुराणअनुसार हिमालय

र हेमकूट पर्वतका बीचमा रहेको उक्त जाति रहने ठाउँ ।

**किम्बु–** ना० खरीको जस्तो लाम्चा पात हुने, मञ्जरीजस्तो भएर मसिना पहेँला फूल फुल्ने, पिप्लाका आकारको सेता, हरिया वा प्याजी रङ्गका फल फल्ने एक रूख वा त्यसैको फल; किम्मु ।

**किम्मत–** ना० [अ० कीमत] १. कुनै मालको मूल्य; दाम; मोल । २. महत्त्व । ३. पुरुषार्थ; आश्चर्यजनक काम । > **किम्मती–** वि० १. धेरै मोल पर्ने; मूल्यवान्; दामी; । २. महत्त्वपूर्ण; महान् । ३. प्रशंसनीय; तारिफलाग्दो ।

**किम्मु–** ना०हे० किम्बु ।

**किरकिटी–** ना० [सं० कृत्तिका] सत्ताइस नक्षत्रमध्ये तेस्रोचाहिँ तथा ६ वटा ताराहरूको पुञ्ज रहने नक्षत्र; किर्किटी; कृत्तिका नक्षत्र ।

**किरकिर–** क्रि० वि० [अ० मू० किर्+अ (द्वि०)] मसिना ढुङ्गा, बालुवा आदि वस्तु खानामा मिसिएर दाँतमा लाग्ने गरी; कुनै कडा वस्तुसँग रगडिँदा आवाज आउने किसिमले । > **किरकिरी–** क्रि० वि० १. मसिनो ढुङ्गा, बालुवा आदि आँखामा बिझाउने वा दाँतमा लाग्ने गरी । ना० २. तरकारी, खाना आदिमा मिसिएका ससाना गेगर वा बालुवा । **किरकिरे–** ना० भाँचिएको हाडको टुप्पा घोटिँदा आउने आवाज ।

**किरण–** ना० [सं०] प्रकाशमय पुञ्ज (सूर्य, चन्द्र, बत्ती इ०)-बाट निस्किएको चम्किलो वस्तुको मिहिन रेखा; चम्किला वस्तुबाट चारैतिर फिँजिने उज्यालो रेखा; ज्योति; रश्मि; प्रभा; कान्ति; तेज । – **केतु–** ना० सूर्य । ~ **केन्द्र–** ना० समानान्तर रूपले आइरहेको किरणलाई एकत्र पारिएको स्थान । ~ **चित्र–** ना० कुनै प्रकाशपुञ्जलाई धेरै क्षणसम्म लगातार हेरेर अन्त हेर्दा आँखा अगिल्तिर देखिने रातो-पहेँलो किरण वा रङ्गीबिरङ्गी बिम्ब । – **माली–** ना० सूर्य ।

**किरन्टोकी–** वि० १. चाहिने खर्च पनि नगरी पैसा साँचेर राख्ने; कन्जुस; मक्खीचुस; कृपण; चुइयाँ; छुच्चो । २. झिँगाको बोसो काढ्ने; लोभी ।

**किरमिर–** क्रि० वि० [अ० मू० किर् (द्वि०)] अक्षर, लेखाइ आदि बाङ्गोटिङ्गो हुने चाल; धर्काधर्की ।

**किरमिरे–** वि० [किरमिर+ए] किरमिर भएको; किरमिर लेखिएको; धर्काधर्की परेको । ~ **हाँस–** ना० सेता आँखा हुने र धर्काधर्की परेको ससानो खालको हाँस ।

**किराँत–** ना० [सं० किरात] १. पूर्वी नेपालमा पर्ने माझ किराँत तथा पल्लो किराँतका नामले प्रसिद्ध एक प्रदेश; किरात । २. उक्त प्रदेशमा बसोबास गर्ने प्राचीन एक जाति; राई-लिम्बू । ३. हिमवत्खण्डमा उल्लिखित, सिकारबाट जीविका चलाउने आदिम पहाडी जाति । स्त्री० किराँतिनी । ४. प्राचीन नेपालमा शासन गर्ने एक राजवंश । – **पति–** ना० १. किराँतका हाङ्ग वा राजा । २. शिव ।

**किराँती–** वि० [किराँत+ई ] १. किराँतसम्बन्धी; किराँतप्रदेशको; किराँतवंशको किरात । ना० २. किराँत-प्रदेशमा बसोबास गर्ने एक जाति । ~ **उखु–** पहेँलो रङको एक जातको उखु; कान्तार । ~ **बिस–** ना० चिन्डेका जस्तो आकारको हल्का हरियो पात र रातो भेट्नु हुने, गाईबस्तुलाई घाँस खुवाइने एक रूख ।

**किरात–** ना० [सं०] हे० किराँत । – **पति–** ना० किराँतपति । > **किराती–** वि० ⁄ ना० किराँती ।

**किराना–** ना० दैनिक उपभोग र आवश्यकताका मसिना खाद्य वस्तु (नुन, तेल, घिउ, खोर्सानी, बेसार आदि मरमसला); खिच्रीमिच्री; खत्र्याकखुत्रुक । ~ **पसल–** ना० किराना सामान किन्न पाइने ठाउँ ।

**किरानी–** ना० कारिन्दा ।

**किरा फटचाङ्ग्रा–** ना० [कीरो+फटचाङ्ग्रो] भुइँमा घस्रेर हिँड्ने र उड्ने ससाना जीवहरूको समूह; कीटपतङ्ग ।

**किराया–** ना० [अ० किराय] घर, जमिन, सवारीसाधन आदि उपयोग गरेबापत निर्धारित समयमा दिइने तोकिएको रकम; हे० भाडा; बहाल । – **दार–** वि० किरायामा घर, पसल वा अरू कुनै पनि मालमत्ता लिने (व्यक्ति); किरायामा बस्ने; भाडावाल । > **किरायेदार–** वि० किरायादार; भाडावाल ।

**किरिककिरिक–** क्रि० वि० [अ० मू० किरिक्+अ (द्वि०)] १. दाँतमा धूलो, बालुवा आदि लाग्ने गरी । २. ससाना हाँगाबिँगा भाँचिने गरी ।

**किरिकिरी–** क्रि० वि० [अ० मू० किर्+इ (द्वि०)] बेसी किरकिर हुने किसिमले ।

**किरिङमिरिङ–** वि० [अ० मू० किरिङ्+अ (द्वि०)] १. निश्चित आकार नभएको; टेढोमेढो । क्रि० वि० २. छिटोछिटो वा मनपरीसँग नराम्रो अक्षर लेख्ने किसिमले; किरिमिरी ।

**किरिच–** ना० टुप्पोले घोचेर प्रहार गर्ने तरवारजस्तो एक किसिमको सोझो हतियार ।

**किरिटी–** वि० १. किरीट धारण गर्ने; मुकुट लगाउने । ना० २. राजा । ३. इन्द्र । ४. अर्जुन ।

**किरिमिरी–** क्रि० वि० [अ० मू० किर्+इ (द्वि०)] स्पष्ट र सफा नभई अव्यवस्थित रूपमा कारकेर गरी; किरिङमिरिङ ।

**किरिया–** ना० [सं० क्रिया] १. कुनै काम वा कर्तव्य गर्ने वा नगर्ने कुराको मन्जुरी; शपथ; प्रतिज्ञा । २. मृतकका उद्देश्यले मरेका दिनदेखि तेह्र दिनसम्म गरिने श्राद्ध आदि पारलौकिक कर्म । – **काष्ठा–** ना० १. अन्त्येष्टि क्रिया । २. ठूलो शपथ । – **पुत्री–** ना० किरिया गर्ने छोरो वा सोसरहको कुनै व्यक्ति । ~ **बिदा–** ना० सेवासम्बन्धी नियमावलीमा उल्लेख भएअनुसार आमा-बाबु आदिको मृत्यु हुँदा सरकारी, अर्धसरकारी वा गैह्रसरकारी सेवामा रहेका कर्मचारी, पदाधिकारी आदिले पाउने पन्ध्र दिनसम्मको बिदा ।

**किरी–** ना० [√ कीरी] किरो; कुरी (बालबोलीमा) ।

**किरीट–** ना० [सं०] शिरमा लगाइने एक प्रकारको आभूषण; मुकुट; श्रीपेच; शिरपेच; चूडा ।

**किरुवा**– ना० [कीरो+ऊवा] कीरो (बाघ)-को मासु खानेहरूलाई निन्दा वा हेला गर्दा प्रयोग गरिने शब्द; किरे ।

**किरे**– ना० [कीरो+ए] हे० किरुवा ।

**किरो**– ना० [सं० कीट] १. हाड नहुने ससाना कीट (कमिला, उडुस, जुम्रा, माकुरा इ०) । २. बाघ ।

**किर्किटी**– ना०हे० किरकिटी ।

**किर्किल**– ना० सियाँलो जग्गामा पाइने कन्दमूलविशेष ।

**किर्की**– ना० उखु । > **किर्को**– ना० उखुको गिँड ।

**किर्कौले**– वि० [किर्कौलो+ए] किर्कौलाजस्तो; किर्कौलाका ढाँचाको ।

**किर्कौलो**– ना० [किरकिर+अर्कौलो] दानादार अन्नहरूका भित्र हुने सामान्य गेडाभन्दा सानो, साह्रो र नपाक्ने किसिमको दाना; चोर गेडो ।

**किर्थो**– ना० फटेङ्ग्राजस्तो सानो एक प्रकारको कीरो ।

**किर्ते**– वि० [सं० कृत्य] कृत्रिम; बनावटी; झुट्ठो; नक्कली; जालसाजी; कीर्त्ते (कागतपत्र, कामकुरो इ०) । ~**साक्षी**– ना० झुट्ठो साक्षी; मिथ्या गवाह ।

**किर्नु**– ना० [कीरो+नु] गाईबस्तुका शरीरमा लाग्ने एक प्रकारको डल्लो कीरो ।

**किलकिञ्चित्**– ना० [सं०] संयोग शृङ्गारअन्तर्गत ज्यादै प्रिय वस्तु प्राप्त हुँदाको हर्षबाट नायिकामा उत्पन्न हुने मुस्कुराहट तथा हाँसो, रुदन, डर, क्रोध, भ्रम आदिको विचित्र मिश्रण; नायिकाले एकसाथ अनेक किसिमका भाव प्रकट गर्ने स्वाभाविक हाउभाव ।

**किलकिले**– ना० [सं० किलकिल] जिब्राको पछिल्लो भागमा झुन्डिएको कोमल तालुको सानो मांसल खण्ड; रुद्रघण्टी; लिगलिगे ।

**किलास**– ना० [किल्ला] दुई घर एकैसाथ जोडिएको गारो वा साँध; दुई घरको एक सन्धिस्थल । – **को गारो**– ना० साँधको घरसँगै जोडिएको गारो ।

**किलिककिलिक**– क्रि० वि० [अ० मू० किलिक्+अ (द्वि०)] पानी वा कुनै झोल पदार्थ उँभो घाँटी लगाई निल्ने गरी; किक्लिककिक्लिक ।

**किलिप**– ना० [अङ्० क्लिप] १. कपाल मिलाउन, तह लाउन वा सिँगार्न स्वास्नीमानिसले शिरमा लगाउने प्लास्टिक, धातु आदिका वस्तु; चिम्टी; काँटा । २. कागजपत्र आदि च्याप्न प्रयोग गरिने एक साधन; चेपुवा ।

**किला**– ना० [कीलोको ति० रू०] हे० कीलो । – **काँटा**– ना० जोर्ने र गाँस्ने काममा प्रयोग गरिने कीला वा यस्तै अन्य सरसामान ।

**किले जोर्नी**– ना० [किलो+जोर्नी] हात, खुट्टा आदिका हड्डीहरू चलाउन हुने गरी खप्टिएको जोर्नी; कीलाझैँ गरेर जोडिएको हड्डीको जोर्नी ।

**किलो१**– ना० [अङ्०] १. हजार सङ्ख्याको समष्टि रूप । २. एक हजार ग्रामबराबरको नापो; किलोग्राम । ३. किलोमिटरको सङ्क्षिप्त रूप । ~**ग्राम**– ना० एक हजार ग्रामबराबरको तौल वा राशिको एकाइ । ~**मिटर**– ना० सय मिटर अर्थात् एक माइलको ५/८ भाग बराबरको नापो । ~**वाट**– ना० एक हजार वाटबराबरको विद्युत्-शक्तिको एकाइ ।

**किलो२**– ना० [सं० कील] १. कुर्सी, टेबुल आदि बनाउँदा काठका टुक्रालाई हतौडीले हानेर जोड्न वा भित्ता आदिमा कुनै वस्तु झुन्डयाउन खुटीका रूपमा समेत प्रयोग गरिने, एक छेउ मोडिएको र अर्को छेउ तिखारिएको, फलाम, काठ आदिको लाम्चो काँटा । २. सुइरो । ३. जमिन, भित्ता आदिमा ठोकेर वा गाडेर बस्तुभाउ बाँधिने काठ, फलाम आदिको लाम्चो टुक्रो ।

**किल्ला**– ना० [अ० किला] १. सामरिक प्रतिरक्षाका निमित्त चारैतिरबाट घेरी सुरक्षित तुल्याइएको ठाउँ वा घर; गढी; गढ; दुर्ग; खावा; कोट । २. सिमाना; साँध । – **बन्दी**– ना० १. किल्ला बनाउने काम; व्यूह-रचना । २. बुद्धिचालको खेलमा बादशाहलाई किस्त नलाग्ने गरी राखिने गोटी ।

**किल्ली**– ना० [सं० कीलक] १. उपाय; युक्ति । २. चलाकी; बठयाइँ । ३. दाउपेच ।

**किशलय**– ना० [सं०] १. बोटबिरुवाबाट भर्खरै पलाएको कलिलो पात; पालुवा; पल्लव । २. कोपिला । ३. मुना; अङ्कुर ।

**किशोर**– ना० [सं०] १. पन्ध्र वर्षभन्दा कम र एघार वर्षभन्दा बढी उमेरको केटो; अवयस्क; नाबालक । २. घोडाको बच्चो; बछेडो । ३. छोरो; पुत्र । ४. बालसूर्य । वि० ५. एघार वर्षदेखि पन्ध्र वर्षभित्रको (केटो) । > **किशोरी**– ना० १. एघार वर्षदेखि पन्ध्र वर्षसम्मकी बालिका । वि० २. त्यस उमेरकी (केटी) ।

**किष्किन्धा**– ना० [सं०] दक्षिणी भारतको ‘किष्किन्ध’ नामक देशको राजधानी ।

**किसमिस**– ना० [फा० किशमिश] प्रायः बीज नहुने सुकेको मीठो दाख; सानो दाख ।

**किसान**– ना० खेतीपातीको काम गरेर जीविका चलाउने व्यक्ति; खेतीवाल; कृषक; कृषिजीवी; माटीकोरे । ~**गिरी**– ना० किसानको काम वा पेसा; किसानी । – **सङ्गठन**– ना० किसानहरूको भलाइका निम्ति वा देशको विकासमा किसानहरूलाई संलग्न गराउने सङ्गठित संस्था ।

**किसानी**– ना० [किसान+ई] किसानको काम वा पेसा; कृषि; कोरीमाटी; किसानगिरी । ~**ऋण**– ना० कृषिसम्बन्धी औजार किन्नका निम्ति वा खेतीसम्बन्धी कामका निम्ति सम्बन्धित निकायबाट दिइने सापट ।

**किसिम**– ना० [अ० किस्म] एक थरीका वस्तु, गुण, कार्य, विचार आदिलाई अर्का थरीको तुलनामा भिन्न ठहऱ्याउने तत्त्व; प्रकार; ढाँचा; काइदा; तरिका; प्रणाली; चाला । – **को**– वि० राम्रो; आकर्षक; काइदाको; खासा ।

**किस्त**– ना० [अ०] १. बुद्धिचाल-प्रतियोगितामा विपक्षी गोटीले बादशाहलाई पारेको असुरक्षित अवस्था वा लखेटाइ । २. किस्ता ।

**किस्ता–** ना० [अ० किस्त] १. यति-यति समय गुज्रिएपछि यति-यति मात्रा वा अनुपातमा लिने वा दिने भनी पहिले नै निर्धारित गरिएका मात्रा वा अनुपातहरूमध्ये कुनै एक; किस्त । २. महिना भुक्तान भएपछि कर्मचारीलाई दिइने तलब; महिनावारी । **– बन्दी–** ना० १. किस्ता बुझाउने काम वा व्यवस्था; पटक-पटक गरी तोकिएको रकम वा वस्तु बुझाउने काम । २. किस्ताको निश्चित रकम तथा समय-निर्धारण गर्दाको सीमा । ~ **तलबी–** ना० पटक-पटक गरेर पाइने तलबमा काम गर्ने मन्जुरी; त्यसरी काम गरेबापत पटकपटक गरेर मिल्ने तलब ।

**किस्ती–** ना० [फा० कश्ती] १. सजाइने वा उपहार दिइने चीजबीज राखिने बिटवाल, थेप्चो र चारपाटे वा गोलाकार काठ वा धातुको भाँडो । २. एक प्रकारको डुङ्गा वा नाउ । ३. सोभ्रो मात्र चल्ने बुद्धिचालको एक गोटी ।

**किस्मत–** ना० [अ०] १. भाग्य; प्रारब्ध । २. मेहनत; परिश्रम । ३. युक्ति; चातुर्य । > **किस्मती–** वि० १. भाग्यमानी । २. परिश्रमी; मेहनती । ३. चतुर; जुक्ति जान्ने ।

**किस्सा–** ना० [अ० किस्स] कथा वा कहानीभन्दा विस्तृत आकारको र अनेक घटनाको संयोजन हुने, मनोरञ्जनका निमित्त लेखिएको कथात्मक कृति (किस्सा तोता-मैना, किस्सा बेताल-पच्चीसी इ०) ।

**कीचक–** ना० [सं०] १. विराट राजाको सेनापति तथा सालो । २. खोक्रो बाँस; हावा जोडले चल्दा आवाज निकाल्ने बाँस । ३. एक जातिको नाम । ~ **वध–** ना० १. सैरन्ध्रीको भेषमा रहेकी द्रौपदीको सतीत्व लुट्ने धृष्टता गर्दा भीमद्वारा भएको कीचकको हत्या ।

**कीट१–** ना० हे० किट ।

**कीट२–** ना० [सं०] कीरो, कृमि । **– नाशक–** वि० कीरा मार्ने वा नाश गर्ने । ~ **पतङ्ग–** ना० जमिनमा हिँड्ने वा उड्ने कमिलो, माकुरो, भिँगो, फटचाङ्ग्रो आदि ससाना कीराको समूह; कीराफटचाङ्ग्रा । ~ **विज्ञान–** ना० कीराहरूका बारेमा शास्त्रीय ढङ्गले वर्णन तथा विवेचना गरिएको विद्या वा शास्त्र ।

**कीटाणु–** ना० [सं०] रोग उत्पन्न गर्ने सूक्ष्मदर्शी सजीव वस्तु । ~ **नाशक–** वि० कीटाणुहरूलाई मार्ने वा नाश गर्ने ।

**कीटाहारी–** ना० [सं०] कीरा खाने एक थरी बिरुवा; पूर्णकलश ।

**कीमत–** ना० [अ० कीमत] हे० किम्मत । > **कीमती–** वि० हे० किम्मती ।

**कीरा-फटचाङ्ग्रा–** ना० हे० किरा फट्याङ्ग्रा ।

**कीरी–** ना० हे० किरी ।

**कीरो–** ना० हे० किरो ।

**कीर्ण–** वि० [सं०] १. छरिएको; फैलिएको; फ्याँकिएको । २. ढाकिएको; भरिएको । ३. राखिएको; रहेको । ४. चोट परेको ।

**कीर्तन–** ना० [सं०] १. अरूका गुण, यश आदिको वर्णन; गुणानुवर्णन; गुणगान । २. देवदेवताको नाम तथा यशको विशेषतः गाउँदै-बजाउँदै गरिने स्तुति; भजन; हरिकीर्तन । > **कीर्तनियाँ–** वि० कीर्तन गर्ने; भजन गर्ने ।

**कीर्ति–** ना० [सं०] १. असल तथा ठूलो काम र बहादुरी आदिबाट प्राप्त हुने र धेरै समयसम्म टिकिरहने सुनाम वा प्रसिद्धि; ख्याति; जस; नेकनामी । २. प्रशंसा । ३. पुण्य । **– पुर–** ना० काठमाडौँको दक्षिण-पश्चिमपट्टि केही अग्लो भागमा रहेको प्रसिद्ध स्थल । ~ **मान्/मान–** वि० १. कीर्तियुक्त; प्रसिद्ध । ना० २. प्रतियोगितामा कुनै खेलाडी, उम्मेदवार आदिले स्थापित गरेको सर्वोच्च सीमा । **– शाली–** वि० कीर्तिमान् । **– शेष–** वि० १. कीर्ति शेष रहन गएको; मृत । ना० २. मृत्यु; मरण । ~ **स्तम्भ–** ना० कुनै व्यक्तिको स्मरणमा उसको नामबाट खडा गरिएको स्तम्भ (भीमसेनस्तम्भ, अशोकस्तम्भ इ०) ।

**कीर्ते–** वि०हे० किर्ते । ~ **साक्षी–** ना० किर्तेसाक्षी ।

**कील–** ना० [सं०] १. फलाम वा काठको कीलो । २. खम्बा; स्तम्भ । ३. बिग्रेर वा मरेर पाठेघरमा अड्केको गर्भ ।

**कीलक–** ना० [सं०] १. कील; कीलो । २. अर्काले प्रयोग गरेको मन्त्रशक्तिलाई निष्क्रिय पार्ने मन्त्र ।

**कीलाक्षर–** ना० [सं०] सुमेर, इरान आदि देशमा आआफ्नै किसिमले प्राचीन कालमा प्रचलित बाणाकार लिपि; बाणमुख लिपि ।

**कीलीकरण–** ना० [सं०] १. पुरातत्त्वका अनुसार, उत्खनन गरिने ठाउँमा कीला ठोक्ने काम । २. कीला ठोक्ने क्रिया ।

**कु१–** पू० स० [सं०] नामपदको अघिल्तिर जोडिएर, खराब, ह्रास, अवमूल्यन, अनुचित, पाप, अशुभ, अभाव इ० भाव सङ्केत गर्ने उपसर्ग (कुपात्र, कुकर्म, कुदृष्टि, कुरूप, कुबेला इ०) ।

**कु२–** ना० [अ० मू०] तालिम दिनेले बट्टाईको कानमा बेलाबखत उच्चारण गर्ने शब्द । ~ **खुवाउनु–** ट० बट्टाईको कानमा कु शब्द उच्चारण गर्नु ।

**कु३–** ना० [अङ्०] सैनिक विद्रोह ।

**कुँच–** ना० [तु० कूच] १. सेनाले अनुशासनपूर्वक ताल मिलाएर हिँड्ने काम; पल्टनले गर्ने मार्च; कूच । २. छिटो चालको हिँडाइ; दौडाइ । ३. भाग्ने काम ।

**कुँजि-नु–** अ० क्रि० [कूँजो+इ+नु] कूँजो हुनु; रोगादिका कारणले हातगोडा खुम्चिनु । > **कुँज्याइ–** ना० कुँज्याउने र कुँजिने क्रिया वा भाव । **कुँज्याइनु–** क० क्रि० कुँजिने पारिनु । **कुँज्याउनु–** प्रे० क्रि० कूँजो पार्नु; हातगोडा नचल्ने पार्नु ।

**कुँजो–** वि० [सं० कुब्ज] १. शारीरिक विकारले वा रोगले हात-गोडा आदि खुम्चिएको । २. हातगोडा आदि नचल्ने अवस्थाको; कुजो ।

**कुँड्-नु–** स० क्रि० [सं० कुण्ठ ?+नु०] १. चक्कु, खुकुरी आदि हतियारको धार भार्नु वा दोब्र्याउनु; भुत्त्याउनु; कुँढ्नु । २. कागती, निबुवा, खाँदेको अचार आदिका अमिलाले दाँतमा खिहिर्‍याहट पैदा गर्नु वा दाँतको शक्ति कम पार्नु । ३. चित्त दुखाउनु । > **कुँडाइ–** ना० कुँड्ने काम वा प्रक्रिया । **कुँडाइनु–** क० क्रि० कुँड्न लाइनु; कुँडचाइनु । **कुँडाउनु–** प्रे० क्रि० कुड्न

लाउनु; कुँडचाउनु ।

**कुँडार–** ना० [सं० कुण्डागार] चारैतिर बेरेर सुरक्षित पारेको ठाउँ ।

**कुँडि-नु–** अ० क्रि० [कुँड्+इ+नु] १. चक्कु, तरबार, हँसिया आदि फलामे हतियारको धार झर्नु वा दोब्रिनु; भुत्तिनु । २. चित्त दुख्नु; मन पाक्नु; भित्र-भित्र चिढिनु । ३. अमिलाले दाँतमा खिहिरोपन पैदा हुनु वा दाँतको शक्ति कम हुनु ।

**कुँडिया–** ना० [कुँडो+इया] १. सानो कुँडे । २. ताउलो ।

**कुँडी–** ना० [कुँडो+ई] १. सानो कुँडे; कुँडिया । २. तेल पेल्ने कोलको पाथीघरमुनि हररीसँगै रहने कमण्डलुजस्तो अवयव ।

**कुँडुलि-नु–** अ० क्रि० [कुँडुलो+इ+नु] कुनै वस्तु कुँडुलो पर्नु; गुँडुल्किनु; कुँडुल्किनु; घुँगुरिनु ।

**कुँडुली–** ना० [सं० कुण्डली] सानो कुँडुलो ।

**कुँडुलो–** ना० [सं० कुण्डल] १. नाङ्लाको बिट । २. वृत्ताकार रेखा, डोरी वा त्यस्तै कुनै पदार्थ; गुँडुलो । ३. पोको परेको; फुकन्डो ।

**कुँडुल्किनु–** अ० क्रि० [सं० कुण्डलक > कुँडुल्क+इ+नु] हे० कुँडुलिनु । > **कुँडुल्क्याइ–** ना० कुँडुल्किने क्रिया वा प्रक्रिया । **कुँडुल्क्याइनु–** क० क्रि० कुँडुल्किने पारिनु । **कुँडुल्क्याउनु–** प्रे० क्रि० कुँडुल्याउनु ।

**कुँडुल्याइ–** ना० [√ **कुँडुलि** (+याइ)] १. कुँडुलिने भाव, क्रिया वा प्रक्रिया । [कुँडुल्याउ+आइ] २. कुँडुल्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **कुँडुल्याइनु–** क० क्रि० कुँडुलो पारिनु । **कुँडुल्याउनु–** प्रे० क्रि० कुँडुलो पार्नु ।

**कुँडे–** ना० [सं० कुण्ड] १. दूध तताउने भाँडो । २. गाईबस्तुलाई कुँडो पकाउने वा खुवाउने भाँडो ।

**कुँडो–** ना० [सं० कुण्ड] पीठो आदि हाली पकाएर गाईबस्तुलाई खुवाइने खोले ।

**कुँडचाइ–** ना० [√ **कुँडि** (+याइ)] १. कुँडिने भाव, क्रिया वा प्रक्रिया । [कुँडचाउ+आइ] २. कुँडचाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **कुँडचाइनु–** क० क्रि० कुँडचाउने काम गरिनु । **कुँडचाउनु–** स० क्रि० १. हतियारको धार झार्नु; भुत्ते पार्नु । २. चित्त दुखाउनु; चिढचाउनु । प्रे० क्रि० ३. अमिलाले दाँत खिहिरो पार्नु वा दाँतको शक्ति कम पार्नु ।

**कुँढ्-नु–** स० क्रि० [सं० कुण्ठा+नु] हे० कुँड्नु ।

**कुँढर–** ना० [सं० कुण्डल] हे० कुँडुलो ।

**कुँढाइ–** ना० [√ **कुँढ्** (+आइ)] हे० कुँडाइ । [ > ] **कुँढाइनु–** क० क्रि० कुँडाइनु । **कुँढाउनु–** प्रे० क्रि० कुँडाउनु ।

**कुँढि-नु–** अ० क्रि० [सं० कुण्ठ+नु] हे० कुँडिनु । > **कुँढचाइ–** ना० कुँडचाइ । **कुँढचाइनु–** क० क्रि० कुँडचाइनु । **कुँढचाउनु–** प्रे० क्रि० कुँडचाउनु ।

**कुँद्-नु–** स० क्रि० [सं० क्षोदन+नु] काठ, धातु, सिसा आदिमा बेलबुट्टा, अक्षर, चित्र आदि काट्नु; छाँटछुँट वा काटछाँट गर्नु (रत्न, मणि आदि) । > **कुँदाइ–** ना० कुँद्ने क्रिया वा प्रक्रिया । **कुँदाइनु–** क० क्रि० कुँद्न लाइनु । **कुँदाउनु–** प्रे० क्रि० काठ, धातु, आदिमा बुट्टा, चित्र, अक्षर आदि खोप्न लाउनु; कुँद्न लाउनु । **कुँदुवा–** वि० १. कुँदेर बुट्टा पारिएको; कुँदिएको । २. कुँद्ने वा अक्षर खोप्ने (व्यक्ति) ।

**कुँवर–** ना० [सं० कुमार] १. अघिअघिका राजारजौटाका सन्तान; राजकुमार; कुमार । २. क्षत्रीको एक थर । स्त्री० कुँवर्नी ।

**कुँवा भट्टा–** ना० काँसका भाँडा आदि बनाउन प्रयोग गरिने भट्टा ।

**कुइँ–** क्रि० वि० [अ० मू०] १. तीखो आवाज आउने गरी (कुकुरको छाउरो कराउँदा, झ्याल-ढोका आदि उघार्दा इ०) । वि० २. डरलाग्दो; कहालीलाग्दो । – **कुइँ–** क्रि० वि० दोहरिएको कुइँ आवाज आउने गरी । – **भिर–** ना० कहालीलाग्दो भीर ।

**कुइँयासी–** ना० [सं० कुण + ?] एक प्रकारको जङ्गली फल; डम्फर ।

**कुइगन्ध–** ना० [कुही+गन्ध] कुनै वस्तु कुहिएर वा सडेर निस्केको नराम्रो गन्ध; असाध्यै दुर्गन्ध ।

**कुइनाइन–** ना० [अङ्०] चिराइतो वा सिन्कोनाको बोक्राबाट तयार पारिने, ज्यादै तीतो स्वादको दानादार पदार्थ; औलज्वर वा मलेरियाको औषधीका रूपमा प्रयोग गरिने त्यस्तै सानो चक्की ।

**कुइनु–** ना० हे० कुहिनु ।

**कुइनेटो–** ना० [कुनो+एटो] १. कुनो परेको ठाउँविशेष; डाँडाको फेदीदेखि उचालिँदै डाँडामाथिसम्म पुगेको ठाउँ; डाँडाको एकापट्टिको पाटो नाघी अर्कापट्टिको पाटामा लाग्ने ठाउँ । २. बगेको पानी पहाडको घुमेका ठाउँमा ठोक्किई नदीले बाटो फेर्ने ठाउँ; केही घुमेको ठाउँ ।

**कुइपु–** ना० [अङ्०] पेरुका आदिवासीहरूले विभिन्न रङका डोरीमा खास-खास किसिमका गाँठा पारेर पत्रव्यवहार गर्ने लिपि; डोरीगाँठे लिपि ।

**कुइरी मण्डल–** ना० [कुइरो+मण्डल] कुइरोजस्तो भएर चारैतिर व्याप्त भएको धूवाँ, बाफ, धूलो आदि ।

**कुइरे–** वि० [कुइरो+ए] १. कुइरो वा कैलो आँखा हुने । ना० २. कुइरा आँखा हुने पाश्चात्य गोरा जाति; फिरङ्गी; अङ्ग्रेज ।

**कुइरो–** ना० [सं० कुज्झटि] वायुमा मिलेर बाफका रूपमा पृथ्वीमाथि ढाकिएको देखिने ससाना जलकणहरूको समूह; हुस्सु; कुहिरो ।

**कुइसे–** वि० कैलो आँखा हुने ।

**कुइसो–** ना० कैलो ।

**कुई–** ना० [नेवा० क्वँय] झ्याल, ढोकाका भित्र लगाइएको चुकुल खोल्न प्रयोग गरिने फलामको एक प्रकारको साँचो; अङ्कुसे ।

**कुकर्म–** ना० [सं०] नीतिनियम तथा आचरणविरुद्ध गरिने नराम्रो काम; खराब काम; नीच कर्म; गर्न नहुने काम (पाप, अपराध इ०) । > **कुकर्मी–** वि० कुकर्म गर्ने; नकाम गर्ने; दुष्कर्मी; नीच ।

**कुकाइ–** ना० [√ **कुकाउ** (+आइ)] कुकाउने भाव, क्रिया वा

प्रक्रिया । [ > ] **कुकाइनु–** अ० क्रि० कुकाइने होइनु ।

**कुकाउ–नु–** अ० क्रि० [कुक्+आउ+नु] रुनुकराउनु । (उदा०- भाँड कुकायो ।)

**कुकाठ–** ना० [कु+काठ] १. बोका झिकिएको नालुको डाँठ । २. सार वा चुरो नभएको काठ; अग्राख जातभन्दा बाहिरको काठ; कमसल काठ; बेजातको काठ ।

**कुकुना–** ना० फलाम, पित्तल आदि धातुको काम गर्ने कालिगडहरूले आगो तह लगाउने हन्बेर्नु; अङ्कुसे ।

**कुकुर–** ना० [सं० कुक्कुर] स्याल, फचाउरो, ब्वाँसो आदिका जातको प्राय: रखवारीका लागि पालिने घरपाला जनावर; श्वान; कुत्ता । ~ **गाँठो–** ना० मैथुनका समयमा कुकुर जोल्टिएको अश्लील उदाहरण दिएर माया-प्रीतिमा लठ्ठिने जोडीलाई गिज्याइने शब्द । ~ **जोल्टाइ–** ना० कामक्रीडामा हुने बढी आसक्ति । ~ **झिँगो–** ना० कुकुरको जिउमा टाँसिएर बसिरहने चेप्टो खैरो झिँगो । – **डाइनु–** ना० पानका झैँ ठूलठूला पात हुने, पहेँलो फूल फुल्ने, झुप्पा-झुप्पा राता गोल फल फल्ने काँडे लहरो वा त्यसको मुना । ~ **डुलाइ–** ना० बिना काम वा उद्देश्यको हिँडाइ; लखरलखर डुल्ने चाल । ~ **तिहार–** ना० कार्तिक कृष्ण चतुदर्शीका दिन कुकुरको पूजा गरिने र परम्पराअनुसार मनाइने चाडपर्व; तिहारको दोस्रो दिन । ~ **दाँत–** ना० मुखका माथिल्ला हारका अघिल्ला दाँत र बङ्गाराका माझमा रहने अरू दाँतभन्दा तीखा चारचुच्चे दाँत । – **पुछ्रे–** वि० कुकुरको पुच्छरजस्तो ('ढ' अक्षर) । – **बन्सो–** ना० बन्सो घाँसको एक प्रकार । ~ **बिरालो–** ना० १. परस्परमा बाझ्ने वा झगडा गर्ने चाल; बेमेल वा असहमति । २. बालकहरूले खेल्ने एक खेल । ~ **भुकाइ–** ना० १. कुकुर भुकेको शब्द । २. महत्त्व वा सार नभएको र प्रभाव नपर्ने भाषण । ३. फोस्रो धाक । ~ **मराइ–** ना० कष्टपूर्ण मृत्यु; साह्रै दु:खको मरण । – **मुखा–** वि० कुकुरको जस्तो मुख भएको; कुरूप । – **मुखे–** वि० कुकुरमुखा । – **मुत्ते–** ना० रूखमा उम्रने एक थरी च्याउ ।

**कुकुरी–** ना० [कुखुरी] काँचो धागाको डल्लो ।

**कुकुरे–** ना० [सं० कुक्कुरद्रु] सेतो भुवादार पात हुने र प्याजी रङका ससाना फूल फुल्ने एक बुटी ।

**कुकुर्कि–नु–** अ० क्रि० [कुक्रुक्क+इ+नु] कुक्रुक्क पर्नु; खुम्चिनु; कुचुर्किनु । > **कुकुर्क्याइ–** ना० कुकुर्किने भाव, क्रिया वा प्रक्रिया । **कुकुर्क्याइनु–** क० क्रि० कुक्रुक्क पारिनु; खुम्च्याइनु । **कुकुर्क्याउनु–** प्रे० क्रि० कुक्रुक्क पार्नु; खुम्च्याउनु ।

**कुकुलढुक–** ना० [अ० मू० कुकुल्+ढचाक्क] मुखमा अटाईनअटाई खानेकुरो कोचेर निल्न खोज्दा आउने आवाज ।

**कुकृत्य–** ना० [सं०] नराम्रो वा नजाती काम; दुष्कर्म; कुकर्म ।

**कुक्क–** क्रि० वि० [अ० मू० कुक्+क] १. खाँदा गला लागेर वा घाँटीमा कुनै वस्तु अड्केर वेगसित वायु निस्कन नपाउँदा आवाज आउने गरी; असजिलो भएर गलाबाट कुक-कुक शब्द निस्कने चालले । ना० २. बाडुली वा हिक्का आउँदा निस्कने शब्द; किक्क ।

**कुक्कु–** ना० [सं० कुक्कुभ] 'कुक्कु'-को आवाज निकालेर गर्मी याममा कराई हिँड्ने कोइलीका जातको चरो ।

**कुक्कुट–** ना० [सं०] १. जङ्गली कुखुरो; लुइँचे । २. कुखुरो । ३. आगाको फिलिङ्गो वा झिल्को ।

**कुक्कुर–** ना० [सं०] हे० कुकुर ।

**कुक्रुक्क–** क्रि० वि० [अ० मू० कुक्रुक्+क] गोडा दोब्र्याउने वा खुम्च्याउने गरी (जाडो, बुढचाइँ, बाथ आदिले) ।

**कुक्लुक्क–** क्रि० वि० [अ० मू० कुक्लुक्+क] एकै चोटि निल्ने गरी; कुक्क ।

**कुक्षि–** ना० [सं०] १. पेट; उदर । २. गर्भाशय; कोख । ३. कुनै चीजको भित्री भाग । – **शूल–** ना० पेट दुख्ने शूलको रोग; पेटदुखाइ ।

**कुखुरी**१– ना० चर्खाको सुइरोबाट झिकिएको धागाको लट्टी; कुकुरी ।

**कुखुरी**२– ना० [कुखुरो+ई] पोथी कुखुरो । – **काँ–** ना० भाले कुखुरो बास्दा आउने आवाज ।

**कुखुरे–** वि० [कुखुरो+ए] कुखुरोजस्तो; कुखुराका स्वभावको; कुखुरो खाने । ~ **आन्द्रो–** ना० लाम्चा पात, हरियो र सेतो मिसिएका साना फूल र अपामार्गको जस्तो डाँठ हुने, वीर्यवर्धक मानिने एक लहरो । ~ **निद्रा–** ना० पातलो वा बेला-बेलामा खुलिरहने निद्रा; चाँडचाँडै खुल्ने नीद ।~ **बिख–** ना० एउटा मात्र डाँठ हुने र विषालु जरो हुने एक प्रकारको बर्खे बुटी । ~ **बैँस–** ना० कुरकुराउँदो वा अल्लारे जवानी; उत्ताउलो बैँस ।

**कुखुरो–** ना० [सं० कुक्कुट] टाउकामा छालाको रातो सिउर हुने, अण्डाबाट चल्ला कोरल्ने, मासु खानका लागि प्रसिद्ध दुईखुट्टे घरपालुवा चरो; घडीचरो; कुपङ्खी; कुपक्षी ।

**कुख्यात–** वि० [सं०] नराम्रो कामकुरामा प्रसिद्धि पाएको; बदनाम; निन्दित । > **कुख्याति–** ना० नराम्रो वा निन्दनीय कामबाट भएको प्रसिद्धि; बदनामी ।

**कुङ्कुम–** ना० [सं०] कश्मीरी-केशर; केशर । – **पाती–** ना० पीपलका आकारको पात हुने र घण्टाका आकारको रातो फूल फुल्ने, ढुङ्गाको कापमा उम्रने एक बुटी; तृणकुङ्कुम ।

**कुच**१– ना० [सं०] स्त्रीजातिको छातीमा उठ्ने गोलो र चुच्चे मांसपिण्ड; उरोज; स्तन; दूध ।

**कुच**२– ना० [तु० कुच] १. पल्टनले गर्ने मार्च । २. दौडाइ । ३. भाग्ने काम ।। ४. कुनै यात्राको प्रारम्भ; प्रस्थान; कूँच ।

**कुचक्र–** ना० [सं०] छलपूर्ण वा रहस्यमय ढङ्गले हानि पुऱ्याउने उद्देश्य राखी बनाइएको योजना; अरूलाई धोका दिई जालमा फसाउने षड्यन्त्र । > **कुचक्री–** वि० कुचक्र गर्ने; षड्यन्त्र रच्ने ।

**कुचाग्र–** ना० [सं०] स्तनको टुप्पो; दूधको मुन्टो ।

**कुचाल–** ना० [सं०] १. खराब वा निन्दनीय चाल; नराम्रो आचरण;

दुराचार । २. दुष्टता; खराबी । > **कुचालक–** ना० १. कुनै पनि काम वा क्रिया राम्रोसँग चलाउन नसक्ने (व्यक्ति) । २. विद्युत् र ताप सजिलै परिचालन हुन नसक्ने; विद्युत्-तरङ्ग सञ्चारित हुन नसक्ने (रबर, सुकेको काठ आदि) ।

**कुचिन–** ना० [चिनी० क्वीचिन] धागो वा जरीद्वारा बेल-बुट्टा काढिएको मूल्यवान् रेसमी कपडा ।

**कुचिन्डो–** ना० [कुच्च+उभिन्डो] १. उभिन्डो छिनेर बिर्को हराई उदाङ्गो भएको ढुङ्ग्रो । २. बिग्रिएको अनुहार ।

**कुचिला–** ना० धर्के पात हुने, राता फल फल्ने र ससाना सेता फूल फुल्ने एक वृक्ष वा त्यसैको फल ।

**कुची–** ना० [सं० कूर्ची] १. टुप्पामा रौँ भएको, रङले चित्र लेख्ने वा बुट्टा भर्ने कलम; तुलिक । २. सानो कूचो । ३. धान र सखरको डल्लोलाई परालले बेरेर बनाइने हात्तीको दाना । –**कार–** ना० १. कूचीको काम गर्ने व्यक्ति । २. सडक, चोक आदि बढारकुँढार गरी सफाइ गर्ने वा कूचो बढारेर जीविका चलाउने मानिस ।

**कुचुक्क–** क्रि० वि० [अ० मू० कुचुक्+क] खुम्चिने गरी; साँघुरिएर; अप्ठेरो चालले (बस्ने वा दोब्रिने ढङ्ग) ।

**कुचुर्कि-नु–** अ० क्रि० [कुच्रुक्क+इ+नु] एकै ठाउँ थुप्रिनु; कुच्रुक्क पर्नु; खुम्चिनु; कुच्चिनु । **कुचुर्क्याइ–** ना० कुच्रुक्क हुने भाव, क्रिया वा प्रक्रिया । **कुचुर्क्याइनु–** क० क्रि० कुचुर्किने गरी राखिनु । **कुचुर्क्याउनु–** प्रे० क्रि० कुच्रुक्क पर्ने किसिमले राख्नु ।

**कुचेष्टा–** ना० [सं०] १. नचाहिँदो र नजाती कामकुराको चेष्टा वा अभिप्राय; कुत्सित व्यवहार; नराम्रो बानीबेहोर । २. खराब उद्देश्य लिएर गरिने हाउभाउ ।

**कुचैल–** ना० [सं०] १. मैलो वा फोहोर लुगा । वि० २. मैलो लुगा लगाउने (व्यक्ति) ।

**कुचो–** ना० [प्रा० कुच्चो] धूलो, कसिङ्गर आदि बढार्ने बाबियो, सिरु, पराल, अम्रिसो आदिको मुठो ।

**कुचोद्य–** ना० [सं०] व्यर्थको रडाको; नचाहिँदो गनगन; बेफ्वाँकको तर्क-वितर्क; वितण्डा ।

**कुच्च–** क्रि० वि० [अ० मू० कुच्+च] १. साँघुरो किसिमले वा खाँदिएर । २. बिस्तारै छोइने गरी ।

**कुच्चाबाज–** ना० [कुच्चे+बाज] १. बूढो भइसकेको बाज चरो । २. तागत सकिएको दुब्लो मानिस ।

**कुच्चि-नु–** स० क्रि० [कुच्च+इ+नु] धातुका भाँडाकुँडा ठक्कर लागेर बिट दोब्रिनु वा भित्र खोपिल्टाखोपिल्टी पर्नु; कच्याककुचुक हुनु; थेप्चिनु ।

**कुच्चे–** वि० [सं० कुच+ए] कुच्चिएको (जस्तो– तालुकुच्चे) ।

**कुच्च्याइ–** ना० [√ **कुच्चि** (+याइ)] कुच्चिने काम वा क्रिया-प्रक्रिया । [>] **कुच्च्याइनु–** क० क्रि० कुच्चिने पारिनु । **कुच्च्याउनु–** प्रे० क्रि० कुच्चिने पार्नु ।

**कुच्र-नु–** अ० क्रि० [कुर्चा+नु] हलचल गर्न नपाई एकै ठाउँमा बस्नु; कुचुक्क पर्नु; कुर्चा खानु । > **कुच्राइनु–** क० क्रि० कुच्रन लाइनु । **कुच्राउनु–** अ० क्रि० कुच्रन लाउनु । **कुच्रिनु–** अ० क्रि० कुच्रनु ।

**कुच्रुक्क–** क्रि० वि० [अ० मू० कुच्रुक्+क] हलचल गर्न नपाई; कुर्चा खाएर (बस्ने वा खुम्चिने किसिम); कुच्च ।

**कुच्र्याइ–** ना० [√ कुच्रि (+याइ)] कुच्रिने क्रिया वा प्रक्रिया । [>] **कुच्र्याइनु–** क० क्रि० कुच्रुक्क पारिनु; कुर्चा खुवाइनु । **कुच्र्याउनु–** प्रे० क्रि० कुच्रिन लाउनु; कुर्चा खुवाउनु; कुच्राउनु ।

**कुज–** वि० [सं०] १. पृथ्वीबाट जन्मेको । ना० २. मङ्गलग्रह; भौम । ३. कृष्णद्वारा मारिएको नरकासुर नामक राक्षस ।

**कुजात–** ना० [सं० कुजाति] १. नीच जाति; कुजाति । २. खराब जात; किजात । > **कुजाति–** ना० १. तल्लो वा नीच जाति; समाजद्वारा हीन मानिएको जाति । २. आनुवंशिक जातिबाट च्युत व्यक्ति; झरेको जात । वि० ३. निम्नस्तरको; तल्लो जातको । ४. अधम; दुष्ट ।

**कुजि-नु–** अ० क्रि० [कुजो+इ+नु] शारीरिक विकार वा रोगले हातखुट्टा खुम्चनु वा नचल्नु; कुँजिनु ।

**कुजो–** वि० [सं० कुब्ज] रोगले वा जन्मैदेखि हात-गोडा नचल्ने; हातगोडा तन्काउन नमिल्ने; कूँजो ।

**कुञ्चन–** ना० [सं०] १. जाडो, लाज, अवस्था आदिका कारणले चाउरी पर्ने वा खुम्चने चाल; खाँदिने, मुजा पर्ने वा कक्रिने स्थिति; खुम्च्याइ । २. केशको घुमुर्क्याइ । ३. परेला घुमुर्किने आँखाको रोग ।

**कुञ्चिका–** ना० [सं०] १. ताल्चा खोल्ने साँचो । २. बाँसका छेस्का ।

**कुञ्चित–** वि० [सं०] खुम्चिएको वा बाङ्गिएको; घुँगुरिएको; बङ्ग्याइएको ।

**कुञ्ज–** ना० [सं०] १. लहरा र रूखपातले ढाकिएको प्रायः गोलाकार ठाउँ; पर्णशाला; पर्णकुटी; लतागृह । २. हात्तीको दाँत । ~ **कुटीर–** ना० लतागृह; लतामण्डप ।

**कुञ्जर–** ना० [सं०] १. हात्ती । (उदा०– गाउँमा अचेल नर वा कुञ्जर कोही छैन) । वि० २. श्रेष्ठ; उत्तम (नर-कुञ्जर, वीर-कुञ्जर इ०) ।

**कुञ्जी–** ना० हे० कुन्जी ।

**कुट्-नु–** स० क्रि० [सं० कुट्ट+नु] १. मान्छे वा बस्तुभाउलाई तह लाउन र सास्ती दिन मुड्की, लबटो, लौरो आदिले हिर्काउनु; ताडना गर्नु; पिट्नु; ठोक्नु; ठटाउनु । २. लोहोरो, मुस्ली आदिले टुक्रिने वा धुजिने गरी औषधी, मसला आदि पिँध्नु । ३. मूला, अदुवा, काँचा आँप आदिलाई थ्याचथ्याच पार्नु । ४. मुसलको चोट पारी चिउरा, चामल आदि बनाउनु । ५. मास, गहत, कोदो आदिका दाना झार्न घोचाले हिर्काउनु । ६. परेका पानीले भिजाउनु; चुट्नु ।

**कुट१–** ना० [सं०] १. किल्ला; दुर्ग; गढ । २. घर; छाप्रो । ३. पहाड । ४. रूख; वृक्ष । ५. पत्थर आदि फोर्ने हतौडो; घन ।

**कुट**२– ना० [सं० किट्ट] मौरीको चाकामा हुने च्याटच्याटी लाग्ने पहेँलो पदार्थ; महको कसर वा छोक्रा; मैन ।

**कुटका**– ना० [सं० कुटक] एक जातको मौरी; कठचौरी ।

**कुटकाट**– ना० [कुट्+काट्] कुट्ने र काट्ने काम; टुक्राटुक्री पार्ने काम ।

**कुटकी**– ना० झुप्पा-झुप्पा पात लाग्ने, नीलो फूल फुल्ने र कालो फल फल्ने एक भुइँझार वा त्यसको डाँठ अथवा जरा ।

**कुटकुटे**– ना० १. भेरी अञ्चलको सुर्खेततिर लोकगीत र धुनहरूमा बढी प्रचलित, बोल तथा प्रकार । २. काटीकुटी टयाम्कोसँग मिल्ने तर टयाम्कोभन्दा सानो एक बाजा ।

**कुटज**– ना० [सं०] १. एक जङ्गली बोट वा त्यसैको फल; ठूलोकुरो । २. कमल ।

**कुटन पिँधन**– ना० [कुट्+पिँध्] कुनै चीज कुट्ने र पिँध्ने काम; मसला, औषधी आदि कुटी-पिँधी धूलो पार्ने काम; कुटाइ-पिँधाइ ।

**कुटपिट**– ना० [कुट्+पिट्] १. परस्परमा कुट्ने र पिट्ने काम; कुटाइ र पिटाइ; कुटामारी । २. कुटाइ र पिटाइका कारणबाट उब्जिएको झगडा वा मुद्दा ।

**कुटमिरो**– ना० [सं० कूट शाल्मली] बाटुला र चिल्ला पात हुने, ससाना झुप्पादार फूल फुल्ने तथा पीपलका जस्ता गेडा हुने एक वृक्ष ।

**कुटसिमल**– ना० अर्को रूखको आड लिएर झाँगिने र गाईवस्तुका निमित्त पोसिलो घाँस हुने एक लहरो ।

**कुटाइ**– ना० [√ कुट्+आइ] कुट्ने क्रिया वा प्रक्रिया । [ > ] **कुटाइनु**– क० क्रि० कुट्न लाइनु । ~ **पिँधाइ**– ना० कुट्ने र पिँध्ने काम; कुटनपिँधन । ~ **पिटाइ**– ना० हे० कुटपिट ।

**कुटाइम**– ना० [सं० कु+अङ्० टाइम] कुसमय; कुबेला; बेमौका ।

**कुटाउनी**– ना० [कुट्+आउनी] धान आदि कुटाएबापत कुट्नेलाई दिइने मजुरी वा भाग; कुटानी ।

**कुटाउनु**– क० क्रि० [कुटाउ+इ+नु] कुट्न लाउनु; पिटाउनु ।

**कुटाकुट**– ना० [कुट्+आ+कुट्] परस्परमा कुट्ने काम; पिटापिट; हानाहान; कुटामारी ।

**कुटानी**– ना०हे० कुटाउनी ।

**कुटामारी**– ना० [कुट्+मार] कुट्ने र ठोक्ने काम; कुटाकुट; पिटापिट ।

**कुटि**– ना० गाईवस्तुलाई खुवाउनका लागि काटेर छोटोछोटो पारिएको घाँस-पराल आदि; छाँटी ।

**कुटि-नु**– क० क्रि० [कुट्+इ+नु] कुट्ने काम गरिनु; पिटिनु ।

**कुटिल**– वि० [सं०] १. टेढो; बाङ्गो; बाउँठो । २. जालझेल गर्ने; कपटी; छली । – **ता**– ना० १. स्वभावले कुटिल बन्ने भाव वा अवस्था । २. बाङ्गोपन; वक्रता ।

**कुटिला लिपि**– ना० [सं०] गुप्त-लिपिपछिको तथा नवौँ र दसौँ शताब्दीमा चलेको लिपि ।

**कुटी**१– ना० [सं०] १. एकान्त वा सुनसान ठाउँमा माटाले बनाइएको र खर-पराल आदिले छाइएको सानो घर; झुपडी; छाप्रो; झुप्रो । २. ऋषि-मुनिहरू बस्ने घर ।

**कुटी**२– ना० [कुट्+ई] गाईवस्तुलाई खुवाउन टुक्रा पारी काटेको घाँस-पराल (मदेस) । – **घा**– ना० १. भएभरको श्रीसम्पत्ति; सर्वस्व; लट्टिपट्टी । २. कुटपिटबाट भएको घाउ । ~ **माम**– ना० चामलको भात (बालबोलीमा) ।

**कुटीर**– ना० [सं०] कुटी; कुटिया । ~ **उद्योग**– ना० घरमै चलाउन सकिने सानातिना उद्योगधन्दा; घरेलु उद्योग वा इलम । – **शिल्प**– ना० घरैमा गर्न सकिने सीप वा इलम; कुटीर-उद्योग ।

**कुटु**– ना० [सं०] फापरको बोट वा अन्न ।

**कुटुकुटु**– ना० [अ० मू० कुट्+उ (द्वि०)] १. अन्नका कडा दाना एक-एक गरी दाँतले टोक्ने वा फोर्ने काम; त्यसरी टोक्दा वा फोर्दा आउने आवाज । क्रि० वि० २. कुटुकुटु आवाज निस्कने गरी ।

**कुटुक्क**– क्रि० वि० [अ० मू० कुटुक्+क] १. एकै बाजि दाँतले टोक्दा वा फोर्दा आवाज आउने गरी (जस्तो– काफलगेडी कुटुक्क) । २. पेट चस्स घोच्ने चालले ।

**कुटुनी**१– ना० [सं० कुट्टिनी] १. केटीहरू फकाई परपुरुषसँग फसाउने र पैसा कमाउने आइमाई; कामुक पुरुषका लागि वेश्या उपलब्ध गराइदिने नारी; कुटिनी । २. चुक्ली लगाएर दुई पक्षका बीचमा झगडा गराइदिने स्त्री ।

**कुटुनी**२– ना० १. दाम्लाको गाँठो; गलमगाँठो । २. हात्ती बाँध्ने डोरी; अग्रन । ३. माटाभित्र मात्र बस्ने एक कीरो ।

**कुटुम्ब**– ना० [सं०] १. एकाघरका जहान; घरपरिवार । २. दाजुभाइ र छोराछोरीतर्फका सन्तान । ३. बन्धुवर्ग; नातागोता । – **तन्त्र**– वि० कुटुम्बको हैकम भएको व्यवस्था; जहानियाँ चाल । > **कुटुम्बिनी**– ना० १. धेरै सन्तान जन्माउने नारी; पत्नी; स्त्री । २. रातो-रातो रङको डाँठ हुने एक जातको दूधे झार । वि० ३. जहानियाँ (स्त्री) । **कुटुम्बी**– वि० गृहस्थी; जहान-परिवार र नाता-गोता भएको । **कुटुम्बेरी**– ना० १. कुटुम्बको वा कुटुम्बको जस्तो सम्बन्ध । वि० २. नातागोताभित्रको; साइनु पर्ने; सम्बन्धी ।

**कुटुरो**– ना० [सं० कुट्मल] सानोतिनो गठरो; सानो पोको; पन्तरो ।

**कुटुलीकोसा**– ना० [सं० कुटिल-कोष] खेत-बारीका डिल-डिलमा उम्रने, आँकुरो झारमा फल्ने र किकौँले गेडा र केराउका जस्ता कोसा हुने सानो कोसा ।

**कुटुवा**– वि० [कुट्+उवा] १. ढिकी, ओखल आदिमा कुटिएको; कुटेर बनाइएको । २. कुट्ने स्वभावको; कुटाहार ।

**कुटे**– वि० [कुटो+ए] कुटोजस्तो; कुटाको ।

**कुटो**– ना० [सं० कुट्टक] फूलबारी, करेसाबारी आदिमा गोडमेल गर्दा प्रयोग गरिने कोदालाका आकारको हलुका सानो फलामे हतियार । ~ **कोदालो**– ना० १. कुटो र कोदालो; खेती गर्दा प्रयोगमा ल्याइने ससानो हाते साधन । २. खेतीपातीको काम; कृषिकर्म ।

**कुट्का**– ना० [कुट्कोको ति० रू०] कुनै ठोस वस्तु काटेर पारिएका साना टुक्रा; कुड्का । ~ **कुट्की**– ना० साना-ठूला कुट्काहरूको समूह; टुक्राटाक्री ।

**कुट्कि-नु**– अ० क्रि० [कुट्को+इ+नु] कुट्का पर्नु; टुक्रिनु; कुड्किनु ।

**कुट्को**– ना० [सं० कुट्ट] कुड्को; कुट्का ।

**कुट्क्याइ**– ना० [√ कुट्कि (+याइ)] कुट्किने काम वा प्रक्रिया । [ > ] **कुट्क्याइनु**– क० क्रि० कुट्किने पारिनु । **कुट्क्याउनु**– प्रे० क्रि० कुट्का पार्नु; टुक्र्याउनु ।

**कुट्टन**– ना० [सं०] अन्न आदि कुट्ने काम; कुटाइ ।

**कुट्टमित**– ना० [सं०] प्रेमीसँग संयोग हुँदा नायिका वा स्त्रीले प्रकट गर्ने देखावटी दुःख-चेष्टा ।

**कुटुमिरो**– ना० गाईवस्तुलाई खुवाउने डाले घाँस ।

**कुठाउँ**– ना० [कु+ठाउँ] १. अनुचित स्थान; खराब ठाउँ वा अवसर । २. शरीरको कोमल तथा सुकुमार अङ्ग; मर्मस्थल ।

**कुठार**– ना० [सं०] फर्सा; बन्चरो । – **पाणि**– वि० १. हातमा बन्चरो लिने; कुठारधारी । ना० २. परशुराम । > **कुठाराघात**– ना० १. बन्चरोको हनाइ वा चोट; पूरै खतम गर्ने खालको प्रहार । २. कुनै व्यक्तिको काम-कुरामा हानि पुऱ्याउने लाक्षणिक शब्द; हानि-नोक्सानी; बाधा-अड्काउ ।

**कुड**– ना० [सं० कुट] हलोको फाली अडचाउने ठाउँ ।

**कुडव**– ना० [सं०] १. दुई माना अन्नको नापो । २. दुई माना नापो भएको भाँडो; कुरुवा ।

**कुड्का**– ना० टुक्रा; कुट्का । – **कुड्की**– ना० कुट्काकुट्की; टुक्राटाक्री ।

**कुड्किनु**– अ० क्रि० [कुड्को+इ+नु] कुनै चीज कुड्का पर्नु; टुक्रिनु; गिँडिनु; कुट्किनु ।

**कुड्को**– वि० [√ कुट्को] कुनै ठोस वस्तुलाई काटेर वा फोरेर पारिएको टुक्रो; कुट्को ।

**कुड्क्याइ**– ना० [√ कुड्की (+याइ)] १. कुड्किने भाव वा क्रिया-प्रक्रिया । [कुड्क्याउ+आइ] २. कुड्क्याउने काम वा प्रक्रिया । [ > ] **कुड्क्याइनु**– क० क्रि० कुड्क्याउने काम गरिनु; टुक्र्याइनु । **कुड्क्याउनु**– प्रे० क्रि० कुड्का पार्नु ।

**कुड्मल**– ना० [सं०] १. कोपिलो; कली । २. फूल ।

**कुणिया**– ना० गाउँघरमा तिरो तिर्नका निम्ति जम्मा हुने घर ।

**कुण्ठ**– वि० [सं०] १. जुम्सो; सुस्त; मन्द; कमजोर; अल्छी । २. धारिलो नभएको; भुत्ते ।

**कुण्ठा**– ना० [सं०] १. कुनै व्यक्तिमा सुषुप्त रूपले रहने मानसिक असन्तुष्टि वा अतृप्तिको भावना । २. प्रगतिका कार्यमा बाधा पुऱ्याउने सङ्कोच वा लाजले युक्त हीन मनोभाव । ३. बाधा-अड्काउ; अवरोध । – **ग्रस्त**– वि० लज्जा, सङ्कोच आदिले प्रगति गर्न नसकेको; प्रतिभा नफुरेको; कुण्ठाले युक्त; कुण्ठित ।

**कुण्ठित**– वि० [सं०] १. हे० कुण्ठाग्रस्त । २. धार दोब्रिएको; भुत्ते (हतियार) । ३. मन्दबुद्धि भएको । ४. बीचैमा रोकिएको; अवरुद्ध (विचार, भावना आदि) ।

**कुण्ड**– ना० [सं०] १. सानो जलाशय; पोखरी; कुवा; इनार । २. कमण्डलु; भिक्षापात्र । ३. होम गर्ने वेदी वा खाल्डो । ४. लोग्ने छँदाछँदै अर्कै लोग्नेमानिससँगको सम्बन्धबाट जन्मेको सन्तान; जारपुत्र । ५. बटुको । ६. उत्खनन गर्दा हुन गएको खाडल । ७. बाइसी-चौबीसी काल र त्यसभन्दा पहिलेको समयका बत्तीस करमध्येको एक कर वा छत्तीस रकममध्येको एक रकम ।

**कुण्डल**– ना० [सं०] १. कानको लोतीमा झुन्डिने गरी लगाइने एक प्रकारको मण्डलाकार गहना; मुन्द्रो । २. गोरखपन्थीका साधुहरूले कानमा लगाउने स्फटिक, सिङ, काठ आदिको मुन्द्रो । ३. चन्द्रमा वा सूर्यको चारैतिर देखिने बादलको गोलो घेरा । > **कुण्डलिनी**– ना० १. मूलाधार चक्रको नजिक तीन फन्का भएर रहेको नाडी । २. षट्चक्रको अभ्यासमा सर्वप्रथम कल्पना गरिएको सर्प । **कुण्डली**– ना० १. मानिसको जन्मकालमा भएका ग्रहस्थिति सूचित गर्ने बाह्र कोठा भएको कुण्डलाकार चक्र; जन्मकुण्डली । २. सर्प । ३. कुण्डलिनी । वि० ४. कुण्डल (गहना) लगाएको । ५. कुण्डलाकार वा बाटुलो भएर बसेको; वर्तुल ।

**कुण्डी**– ना० [सं०] १. सानो कुण्ड । २. टुटी-धाराको पानी राख्ने ढुङ्गे भाँडो ।

**कुण्या**– ना० १. कलश राख्ने तामा वा पित्तलको ठूलो थाल; झापी । २. पीठो मुछ्ने भाँडो ।

**कुत**– ना० [प्रा० कुत्त] कबुलअनुसार खेत वा बारी कमाउँदा मोहीले जग्गाधनीलाई बुझाउनुपर्ने निश्चित अन्न; बालीको ठेक्का; मोहीबाट तल्सिङले पाउने अन्नबाली; तिरो । ~ **तिरो**– ना० कुत र तिरो ।

**कुतकुती**– ना० १. पैताला, पेट, काखी, घाँटी आदिमा छुँदा लाग्ने सगसगी; काउकुती । २. कुनै काम गर्ने संवेगात्मक सक्रियता; चौचो; उत्कण्ठा । > **कुतकुत्याइ**– ना० कुतकुत्याउने काम वा प्रक्रिया । **कुतकुत्याइनु**– क० क्रि० कुतकुती लाइनु । **कुतकुत्याउनु**– स० क्रि० १. कुतकुती लगाउनु; काउकुती लाउनु । २. आपद्मा पार्न खोज्नु । ३. उत्तेजित पार्नु ।

**कुतत्त्व**– ना० [सं०] १. खराब वा हानिकारक तत्त्व; फाइदा नगर्ने वस्तु ।

**कुतर्क**– ना० [सं०] अनुचित वा असङ्गत तर्क; वितण्डा । > **कुतर्की**– वि० कुतर्क गर्ने; वितण्डावादी; नचाहिँदो तर्क गर्ने ।

**कुती१**– ना० [भो० ब०] नेपाल-तिब्बतको सिमानानजिक रहेको एक ऐतिहासिक स्थल । (**लासा जाने कुतीको बाटो**– उखान)

**कुती२**– ना० [√ कुत्ता] कुकुर; कुत्ता (बालबोलीमा) ।

**कुतुक**– ना० [सं०] १. आश्चर्य तथा उत्सुकता जगाउने विलक्षण कामकुरो । २. आश्चर्य; अचम्म । ३. मन बहलाउने हाँसखेल; दिल्लगी । ४. इच्छा; चाहना ।

**कुतूहल**– ना० [सं०] १. कुनै नयाँ र विलक्षण वस्तु वा रहस्यमय कामकुरो जान्न वा सिक्न मनमा हुने प्रबल इच्छा; उत्सुकता;

उत्कण्ठा । २. आश्चर्य । ३. खेलबाड; क्रीडा ।

**कुत्ता–** ना० [प्रा० कुत्ती <सं० कुक्कुर] १. हे० कुकुर । २. दुष्ट, लुच्चो वा लोभी व्यक्तिलाई बुझाउने लाक्षणिक शब्द । ३. घडी आदिको कुनै एक पुर्जा ।

**कुत्तेबन्सो–** ना० ज्वानुका जस्ता गेडा हुने र टुप्पामा कोसाजस्तो देखिने लामो खालको बन्सो ।

**कुत्सा–** ना० [सं०] निन्दा; भर्त्सना; घृणा । >**कुत्सित–** वि० निन्दित; घृणित ।

**कुथ–** ना० [सं०] हौदामाथि बिछ्याइने कार्चोप भरिएको मूल्यवान् कपडा; हात्तीको झल्लर ।

**कुथुङ्ग्रि-नु–** अ० क्रि० [कुथुङ्ग्री+नु] कोचिएर सुत्नु; साँघुरो ठाउँमा लेट्नु वा अटाउनु ।

**कुथुङ्ग्री–** ना० [सं० कथ्+उङ्ग्री] तत्काल आवश्यकतापूर्तिका निम्ति कथिएको सानो कथा; कथा । >**कुथुङ्ग्रे–** वि० कुथुङ्ग्री कहने वा कथ्ने (व्यक्ति) ।

**कुथुर्कि-नु–** अ० क्रि० [कुथुर्के+इ+नु] सानो ठाउँमा अटाउनु; कुथुङ्ग्रिनु ।

**कुथुर्के–** ना० [सं० कुथ] १. तरकारी खाइने, सानो खालको एक जातको निहुरो । २. रूखमा प्वाल पारेर गुँड बनाउने एक थरी सानो चरो ।

**कुथेर–** ना० [किराँ०] राजस्व उठाउने र भूमिसम्बन्धी काम गर्ने लिच्छविकालीन अड्डाअदालत । ~**अधिकरण–** ना० लिच्छविकालमा राजाका तर्फबाट कर उठतीपुठती गर्ने शाखा अड्डा । ~**वृत्ताधिकृत–** ना० कुथेर अधिकरणका तालुकदार वा हाकिम ।

**कुद्-नु–** अ० क्रि० [सं० कूर्द+नु] १. कुनै एक छेउबाट छिटोछिटो हिँडेर अर्को छेउ पुग्नु; वेगसित जानु; दौडनु । २. सुइँकिनु; भाग्नु ।

**कुदरत–** ना० [अ०] हे० कुद्रत । >**कुदरती–** वि० हे० कुद्रती ।

**कुदर्शन–** ना० [सं०] १. नराम्रो वा असुन्दर रूप; कुरूप; भद्दा । २. अशुभसूचक दृश्य ।

**कुदाइ–** ना० [√ कुद् (+आइ)] कुद्ने भाव, क्रिया वा प्रक्रिया । [>] **कुदाइनु–** क० क्रि० कुदाउने काम गरिनु; दौडाइनु । **कुदाउनु–** प्रे० क्रि० कुद्न लाउनु; दौडाउनु ।

**कुदाकुद–** ना० [कुद्+आ+कुद्] कुद्ने र दौडने काम; दौडादौडी; दगुरादगुर ।

**कुदान–** ना० [सं०] १. अशुभ कार्य वा अशुभ अवसरमा दिइने दान । २. कुपात्रमा परेको दान । ३. तौलिहवाको एक प्रख्यात देवस्थल ।

**कुदि-नु–** अ० क्रि० [कुद्+इ+नु] दौडिनु; दगुरिनु ।

**कुदिकुदाइ–** ना० [कुद्+इ+कुदाइ] कुद्नेवर्ने काम; कुदाकुद ।

**कुदिन–** ना० [सं०] १. स्थितिविपरीत भएको दिन; अशुभ घटना घटेको दिन वा सङ्कटमा परेको दिन; खराब दिन । २. झरी, बादल धेरै लागेको दिन; दुर्दिन ।

**कुदृष्टि–** ना० [सं०] अधिकारविना वा नराम्रो उद्देश्यले कसैमाथि आँखा लगाउने काम; खराब चालको हेराइ; अनुचित दृष्टि ।

**कुद्रत–** ना० [अ०] १. शक्ति; सामर्थ्य । २. सीप; कारिगरी । ३. प्रकृति; माया । >**कुद्रती–** वि० १. उद्योगी; उद्यमी; क्रियाशील । २. आँटी ।

**कुन१–** सर्व० [सं० किम्] धेरैमध्ये कुनै एकलाई किट्नुपर्दा प्रयोग गरिने प्रश्नवाचक सर्वनाम; को; के ।

**कुन२–** ना० जौका बोटको तीखो टुप्पो; टुँडो ।

**कुनखी–** वि० [सं०] नराम्रो वा कोप्रो परेको नङ भएको ।

**कुननाल–** ना० पश्चिम नेपालको भेरी अञ्चलअन्तर्गत जाजरकोट जिल्लामा पर्ने एक ताल ।

**कुना–** ना० [सं० कोण] १. हे० कुनु । २. सुत्केरी कोठा । –**कानी–** ना० कुनाकाप्चा; अन्तरकुन्तर । –**काप्चा/काप्ची–** ना० कुनाकानी । ~**पस्नु–** टु० १. सुत्केरी हुनु । २. पहिलो पल्ट रजस्वला हुँदा घरभित्र छिपेर बस्नु ।

**कुनाम–** ना० [सं०] अपजस; बदनामी ।

**कुनिउँ–** ना० [सं० कोण] पराल, मकै आदि थुपारेर बनाइएको चाङ; टौवा (परालको); सुली (मकैको); खलियो ।

**कुनीति–** ना० [सं०] खराब नीति वा अभिप्राय; नीच उद्देश्य ।

**कुनु–** ना० [सं० कोण] १. कुनै दुईतिरका भित्ता जोरिएको वा दुई दिशाका बीचको भित्री भाग; कोप्चो परेको ठाउँ; कुना; कोण । विप० छेउ । २. सुत्केरी बस्ने कोठो ।

**कुनेटो–** ना० [कुनु+एटो] १. डाँडाका फेदीको खोल्सो वा गहिरो ठाउँदेखि अग्लिँदै डाँडामाथिसम्म पुगेको ठाउँ; डाँडाको एकातिरको पाटो नाघेर अर्कापट्टि लाग्ने ठाउँ; कुहुनेटो । २. पानी आदि बग्दै जाँदा घुमेका ठाउँमा ठोक्किएर नदीले बाटो फेर्ने ठाउँ ।

**कुएँत्रो–** ना० [कुनु+एत्रो] लुगाका कुनामा कुनै धारिलो वा घोच्ने वस्तुले तान्दा पर्ने सानोतिनो प्वाल अथवा चिरा ।

**कुनै–** सर्व० [कुन+ऐ] अनिश्चय जनाउने शब्द; कोही ।

**कुनौरो–** ना० [कुनु+औरो] मास, बोडी, भटमास आदिका गेडा चुटेर छुट्ट्याएको कोसा, पात आदिको समूह; कुनाउरो ।

**कुन्दा१–** ना० [फा० कुन्द] १. धोबीले कपडा सम्म्याउन र पालिस चम्काउन कपडामा ठोक्ने गोलाकार काठको ठूलो मुङ्ग्रो । २. एक किसिमको मुङ्ग्रो; सानो घन । ३. काँधमा अडचाइने बन्दुकको फराकिलो काठको भाग; कुन्दा ।

**कुन्जा२–** ना० [फा० कूज] माटाको गोलो डल्लो पालामा जमाइएको मिस्रीको डल्लो; मिस्रीको चक्का ।

**कुन्जी–** ना० [सं० कुञ्चिका] १. ताल्चा खोल्ने र बन्द गर्ने वस्तु; साँचो । २. गाँठी कुरो । ३. कुनै पाठ्यपुस्तकको टीका लेखिएको सहायक पुस्तक ।

**कुन्त–** ना० [सं०] १. प्वाँख लगाइएको बाण; भाला; बर्छा । २. साना जन्तु; कीरा ।

**कुन्तल–** ना० [सं०] १. केशपाश; चुल्ठो; वेणी । २. पानी खाने लोहोटा,

आम्खोरा आदि भाँडो । ३. चोल देशको उत्तरमा पर्ने भारतीय प्राचीन स्थान (वर्तमान हैदराबादको दक्षिण-पश्चिम भाग) ।

**कुन्तवाही–** ना० [सं०] देशको सर्वोच्च व्यक्तिको औपचारिक सवारीका अवसरमा अघिपछि भाला लिएर हिँड्ने अनुचर; रिसल्ला ।

**कुन्ती–** ना० [सं०] महाभारतका प्रसिद्ध राजा पाण्डुकी रानी तथा शूर नामक यादवकी पुत्री; युधिष्ठिर, भीम र अर्जुनकी आमा; कृष्णकी फुपू; पृथा ।

**कुन्द–** ना० [सं०] चमेलीका छाँटको सेतो फूल फुल्ने बोट । –**पुष्प–** ना० सेतो, नरम र सुगन्धित हुने कुन्दको फूल ।

**कुन्दा–** ना० [फा० कुन्द] १. बन्दुकको फेदमा रहने काठको फराकिलो अवयव । २. धोबीले कपडा सम्म्याउन र पालिस चढाउनलाई कपडामा ठोक्ने काठको ठूलो मुङ्ग्रो । > **कुन्दी–** ना० कपडामा मुङ्ग्राले ठोकी सम्म्याउने काम ।

**कुन्नि–** अव्य० [सं० को नि] कुनै विषयमा कसैले सोध्दा ‘थाहा छैन’ भन्ने भाव बुझाउने शब्द; नकारात्मक प्रतिक्रिया जनाउने शब्द; कोनि । (उदा०– तपाईंले के भन्नुभयो कुन्नि, मलाई थाहै छैन) ।

**कुन्यू–** ना० हे० कुनिउँ ।

**कुपक्षी / कुपङ्खी–** ना० [सं० कुपक्षी] कुखुरो ।

**कुपथ१–** ना० [सं० कुपथ्य] स्वास्थ्यमा प्रतिकूल असर पार्ने खानेकुरो; कुफत; अपथ्य ।

**कुपथ२–** ना० [सं०] १. नजाती बाटो; कुमार्ग । २. खराब आचरण; नराम्रो बानीबेहोरा ।

**कुपथ्य–** ना० [सं०] हे० कुपथ ।

**कुपन–** ना० [अङ्०] दैनिक उपभोगका सरसामान कसैलाई निर्धारित परिमाणमा दिनू भनी लेखिएको प्रामाणिक पत्र वा पुर्जा । ~ **प्रणाली–** ना० त्यस्ता सरसामान लिन कुपनको अनिवार्यता हुने प्रणाली ।

**कुपाठ–** ना० [सं०] खराब आचरण; नराम्रो बानीबेहोरा; कुलत ।

**कुपात्र–** ना० [सं०] १. अयोग्य वा खराब व्यक्ति । २. शास्त्रमा दान दिन निषेध गरिएको व्यक्ति । ३. चुहिने भाँडो; बेठीकको भाँडो । वि० ४. अयोग्य; नालायक ।

**कुपित–** वि० [सं०] १. रिसाएको; जङ्गिएको; क्रुद्ध । २. खुसी नभएको; अप्रसन्न ।

**कुपिल–** ना० भाँडाकुँडा आदिमा पर्ने वा देखिने साना प्वाल ।

**कुपी–** ना० सलेदो हाली मट्टीतेलमा बालिने साधारण बत्ती; टुकी; ढिब्री ।

**कुपुकुपु–** क्रि० वि० [कुप्+उ (द्वि०)] नरोकिने गरी; धमाधम (खाने चाल) ।

**कुपुक्क–** क्रि० वि० [अ० मू० कुपुक्+क] एकै पल्ट खाने गरी (डल्लो पदार्थ मुखमा हाल्ने किसिम) ।

**कुपुत्र–** ना० [सं०] खराब वा दुष्ट छोरो; कपूत ।

**कुपोषण–** ना० [सं०] शरीरका लागि अनुपयुक्त तथा हानिकारक खाद्यपदार्थ; पौष्टिक तत्त्व कम भएको खाद्य वस्तु ।

**कुप्प–** क्रि० वि० [अ० मू० कुप्+प] सानोतिनो डल्लो खानेकुरो एकै खेप खाने वा निल्ने गरी ।

**कुप्र-नु–** स० क्रि० [कुप्रो+नु] ढाड वा कमर अगाडि निहुरनु; कुप्रो हुनु; कुप्रिनु ।

**कुप्रथा–** ना० [सं०] सामाजिक व्यवहारलाई अहित गर्ने नराम्रो चलनचाँजो; खराब प्रथा; नराम्रो परम्परा; कुरीति ।

**कुप्रबन्ध–** ना० [सं०] राम्रोसँग नगरिएको इन्तजाम; नराम्रो बन्दोबस्त; खराब प्रबन्ध ।

**कुप्रभाव–** ना० [सं०] नराम्रो र अहित गर्ने असर वा प्रभाव; प्रतिकूल प्रभाव ।

**कुप्रयास–** ना० [सं०] नजाती अभिप्रायले गरिएको प्रयास; दुष्प्रयास; धृष्टता ।

**कुप्रयोग–** ना० [सं०] अनुचित प्रयोग; दुरुपयोग ।

**कुप्राकुप्री–** ना० [कुप्रो+कुप्री] कुप्रो र कुप्रीको समूह; बूढाबूढी ।

**कुप्रि-नु–** स० क्रि० [कुप्रो+नु] कुप्रो हुनु; कुप्रनु ।

**कुप्रे–** वि० [कुप्रो+ए] कुप्रिएको; कुप्रो ।

**कुप्रो–** वि० [सं० कुब्ज] रोग, बुढ्याइँ वा शारीरिक विकारले कमर नुहेर ठाडो हुन नसक्ने; कुप्रिएको; कुप्रे । > **कुप्र्याइँ–** ना० कुप्रो हुनाको भाव, क्रिया वा प्रक्रिया । **कुप्र्याइनु–** क० क्रि० कुप्र्याउने काम गरिनु । **कुप्र्याउनु–** प्रे० क्रि० कुप्रो पार्नु ।

**कुप्लुक्क–** क्रि० वि० [अ० मू० कुप्लुक्+क] हे० कुपुक्क ।

**कुफत–** ना० [सं० कुपथ] स्वास्थ्यलाई हानि गर्ने चीजबीजको खानपान; कुपथ; कुपथ्य ।

**कुफल–** ना० [सं०] कुनै कार्य वा कारणबाट भएको नजाती परिणाम; दुष्परिणाम; खराब नतिजा ।

**कुफ्री–** ना० आलुको एक जात जनाउने शब्द । ~ **चन्द्रमुखी–** ना० एक जातको आलुको नाम । ~ **ज्योति–** ना० आलुको एक जात । ~ **सिन्दुरी–** ना० खास गरी तराई खण्डमा हुने एक जातको आलु ।

**कुबाटो–** ना० [कु+बाटो] १. खराब बाटो; कुपथ; कुमार्ग । २. नराम्रो बानी; कुलत ।

**कुबानी–** ना० [कु+बानी] नराम्रो वा खराब चालचलन; कुलत; नराम्रो आदत ।

**कुबुद्धि–** ना० [सं०] १. खराब वा हानिकारक बुद्धि; मूर्खता; दुर्बुद्धि । वि० २. खराब बुद्धि भएको; मूर्ख ।

**कुबेर–** ना० [सं०] १. धनसम्पत्तिका अधिष्ठाता देवता; उत्तर दिशाका स्वामी; यक्ष र किन्नरहरूका राजा तथा रुद्रका मित्र । वि० २. ज्यादै धनी; धनाढ्य; सम्पत्तिवाल । – **को ढुकुटी–** ना० जति झिके वा खर्च गरे पनि नसिद्धिने धनको भँडार; जे माल खोजे पनि पाइने ठाउँ वा घर ।

**कुबेला–** ना० [कु+बेला] १. खराब बेला वा समय; घटिया मौका । २. भड्किसकेको बेला; बेमौका; अनिश्चित समय; अनवसर ।

**कुब्ज**– वि० [सं०] १. कूँजो; कुप्रो । ना० २. कुप्रिएको तरबार । > **कुब्जा**– वि० १. कूँजी वा कुप्री (आइमाई) । ना० २. शरीरमा तीन ठाउँ विकृति भएकी कंसकी एक सेविका । **कुब्जिका**– ना० १. आठ वर्षकी अविवाहिता कन्या । २. योगिनी ।

**कुभलो**– ना० [कु+भलो] अहित; अनिष्ट; हानि; खराबी ।

**कुभाव**– ना० [सं०] नराम्रो वा खराब भाव; दुर्भाव ।

**कुभिन्डो**– ना० [सं० कुष्माण्ड] काँक्रो, फर्सी आदिका जस्तै लहरा लागी सेता वा पहेँला फूल फुल्ने, फल पाकेपछि सेता-सेता भुवा हुने र अचार, तरकारी, मुरब्बा आदि बनाएर खाइने एक फल; कुष्माण्ड; काशीफल ।

**कुम**– ना० [सं० स्कन्ध] काखीमाथिको हातको पातो र काँधको जोर्नीको भाग; काँधको छेउ र आङको शिर जोरिएको भाग । – **काटे**– वि० आधा बाहुला काटिएको (चोलो, भोटो इ०) । – **को बलो**– ना० घरकटेराका छानामा दुवै कुमगारोमाथि राखिने बलो । – **गारो**– ना० धुरीभन्दा केही होचो हुने, पाखी छानो भएका घरकटेराको दुवैतिरको गारो । – **ठेलो**– ना० १. दुईपाखे घरको छानामनि बलो अडचाइने काठ वा टेको । २. कुलो खनाउने नाइकेको वारिस । ~**ठोक्नु**– ट० प्रतिस्पर्धा गर्नु; सेखासेख गर्नु । (उदा०– तँ कृष्णसँग कुम ठोकेर बस्न सक्छस् ?) ।

**कुमति**– ना० [सं०] १. खराब बुद्धि; दुर्बुद्धि । वि० २. बुद्धि बिग्रेको; दुर्मति ।

**कुमन्त्र**– ना० [सं०] १. खराब उपदेश वा अनुचित सल्लाह । २. अरूलाई अहित हुने मन्त्र वा मन्त्रणा ।

**कुमाईं**– ना० [कुमाउँ+ई] कुमाउँ-प्रदेशका बासिन्दा; पहिले कुमाउँबाट आएका नेपालका ब्राह्मण जाति; पुर्बिया र कुमाइँमध्ये एक ।

**कुमाउनी**– ना० [कुमाउँ+नी] भारतको कुमाउँ प्रदेशमा बोलिने एक पहाडी भाषा वा त्यस प्रदेशमा रहने मानिस ।

**कुमान्छे**– ना० [सं० कु+मान्छे] १. घरज्वाइँ । वि० २. खराब (मान्छे) ।

**कुमार**– ना० [सं०] १. पाँच वर्षसम्मको सानो बालक । २. विवाह नभएको केटो; अविवाहित व्यक्ति । ३. छोरो । ४. राजकुमार । ५. कार्तिकेयको नाम । वि० ६. विवाह नभएको; अविवाहित । ~**केटो**– ना० विवाह गर्ने उमेरको केटो; अविवाहित व्यक्ति । ~ **ग्रह**– ना० विवाहमा पुजिने ग्रह; बालग्रह । – **तन्त्र**– ना० आयुर्वेदअनुसार बालचिकित्सा गर्ने विधि लेखिएको शास्त्र । – **पाठी**– ना० बोकासँग नमिसिएकी पाठी । – **भृत्या**– ना० १. गर्भिणी अथवा नवजात शिशुका रोगको चिकित्सा; प्रसूतिविद्या । २. गर्भिणी आइमाईहरूको प्रसूतिसम्बन्धी हेरविचार; प्रसूति विद्या । – **सम्भव**– ना० १. कुमारको जन्म । २. महाकवि कालिदासकृत एक प्रसिद्ध महाकाव्य । > **कुमारामात्य**– ना० प्राचीन कालको शासनपद्धतिमा उपमन्त्री वा सहायक मन्त्रीबराबरको एक पद ।

**कुमारिका**– ना० [सं०] १. कुमारी । २. पुत्री ।

**कुमारिल भट्ट**– ना० [सं०] बौद्ध प्रभावबाट ह्रास हुँदै गएको वैदिक धर्मको पुनरुद्धार गर्ने, शङ्कराचार्यका समकालीन एक महान् आचार्य; शाबर भाष्यका रचयिता तथा अन्य श्रौतसूत्रका प्रख्यात टीकाकार ।

**कुमारी**– ना० [सं०] १. बाह्र वर्षसम्मकी अविवाहिता कन्या । २. छोरी; पुत्री । ३. पार्वती । ४. दुर्गा । ५. भाद्र कृष्णपक्षमा यात्रा गरिने काठमाडौँकी एक देवी । ~**चोक**– ना० इन्द्रजात्रामा रथयात्रा गरिने कुमारी बस्ने घरको चोक । ~ **चोक अड्डा**– ना० अघि काठमाडौँ हनुमान्ढोकाको नजिक कुमारीचोकमा रहेको बही बुझ्ने अड्डा; सरकारी अड्डाखानाको हिसाब बुझ्ने अर्थ-मन्त्रालयअन्तर्गतको एक अड्डा (अहिलेको महालेखा कार्यालय) । – **देवी**– ना० भाद्र शुक्ल चतुर्दशी वा इन्द्रजात्राका दिन रथयात्रा गरिने काठमाडौँ उपत्यकाकी एक जीवित देवी ।

**कुमार्ग**– ना० [सं०] १. अनुचित वा खराब बाटो; कुपथ । २. अधर्म; पाप । > **कुमार्गी**– वि० कुमार्गमा लाग्ने; अधर्मी; पापी ।

**कुमालकोटी**– ना० [सं० कुम्भकार+कीट] भित्तातिर माटाको गोला बनाएर बस्ने, बारुलाका आकारको नीलो लाम्चो एक कीरो । (यसले कुनै कीरो खोजेर ल्याई आफ्नो गोलाभित्र थुन्छ र आफ्नो भुँभुँ शब्द सुनाउँदै त्यस कीरालाई पनि आफैँजस्तो कुमालकोटी नै बनाउँछ भन्ने धारणा छ) । – **को न्याय**– ना० अरूलाई आफ्ना सिद्धान्त वा मतमा ल्याउने खुबी ।

**कुमाली**– ना० हे० कुमालकोटी ।

**कुमाले**– ना० [सं० कुम्भकार] १. माटाका भाँडाकुँडा बनाउने एक जाति; कुम्भकार; कुम्हाल । २. कानको माथिल्लो लोतीमा मङ्गलका निम्ति लगाइने मुन्द्रो; बाँडेमुन्द्रो – **को चक्र**– ना० कालको परिवर्तनशील स्वरूप, प्रकृति वा गति; जीवनमा पर्ने सुखदु:खको घुमाइफिराइ ।

**कुमुद**– ना० [सं०] राति फुल्ने सेतो कमल; चन्द्रमाको किरण पर्दा वा जून लाग्दा फुल्ने सेतो कमल । > **कुमुदिनी**– ना० सेता तर साना फूल फुल्ने कमलको बोट वा त्यसैको फूल ।

**कुमेद**– ना० [अ० कुम्मैत] गाढा तेल रङ्गको एक थरी घोडा ।

**कुमेदान**– ना० [अ० कुम्भ+फा० दान] राजा र जनपदका बीचमा रही काम गर्ने सैनिक भारदार ।

**कुमेरु**– ना० [सं०] १. पृथ्वीको दक्षिणी छेउ । २. दक्षिणी ध्रुव । – **वृत्त**– ना० ६६½° दक्षिण अक्षांशको रेखा ।

**कुम्कुर**– ना० [सं० कार्यकर] मन दिएर खेतीपातीको काम गर्ने मानिस ।

**कुम्खा**– ना० [नेवा०] छानाको छेउमा जडिने चराका आकारको झिँगटी ।

**कुम्ठी**– ना० कुलाराको नाइके; कुलो खनाउने मूली; खेतमा पानी पुगेनपुगेको हेर्ने मानिस ।

**कुम्भ**– ना० [सं०] १. कुनै मङ्गलकार्यका निम्ति पानी भरेर नियत स्थानमा राखिने माटाको भाँडो; जलपात्र । २. घडा; घट;

गाग्रो । ३. हात्तीका टाउकाको दुवैतिर उठेको माथिल्लो भाग (जुरो) । ४. ज्योतिषशास्त्रमा बाह्र राशिमध्ये एघारौं राशि । ५. बाह्र वर्षको अन्तर वा अवधि ।

**कुम्भक–** ना० [सं०] प्रणायाम गर्दा माथि तानिएको सासलाई नाक र मुख बन्द गरी रोकेर पेटलाई कुम्भजस्तो बनाउने काम ।

**कुम्भकर्ण–** ना० [सं०] १. केकसीको गर्भबाट जन्मेको, विश्रवा मुनिको माहिँलो छोरो; छ महिनासम्म सुत्ने भनी प्रसिद्ध रावणको माहिँलो भाइ । २. पूर्वी नेपालमा पर्ने हिमालयको एक शृङ्खला । वि० ३. धेरै सुत्ने; सुताहा । ४. महाको अल्छी ।

**कुम्भकार–** ना० [सं०] हाँडी, गाग्रा आदि माटाका भाँडाकुँडा बनाउने शिल्पकार; कुमाले ।

**कुम्भजन्मा–** ना० [सं०] १. अगस्त्य मुनि । २. वशिष्ठ ऋषि । ३. द्रोणाचार्य ।

**कुम्भमेला–** ना० [सं०] कुम्भराशिमा बृहस्पति र सूर्य एकसाथ भएको बेलामा एक महिनासम्म लाग्ने ठूलो मेला । (यो मेला हरेक बाह्र वर्षमा प्रयाग, हरिद्वार, कुरुक्षेत्र आदिमा लाग्ने गर्छ) ।

**कुम्भिका–** ना० [सं०] अनदी धान ।

**कुम्भी–** ना० [सं०] १. ठूलठूला पात, गुलाफजामुनाका ढाँचाको फूल र लाम्चा हरिया फल हुने विशेषतः तराईमा पाइने एक वृक्ष वा त्यसैको फल । २. हात्ती । ३. ग्राह । **– पाक–** ना० १. प्राणीको हत्या गर्नेलाई यातना दिइने भनी प्रसिद्ध एक महानरक । २. उसिनेजस्तो साह्रै गर्मी हुने ठाउँ ।

**कुम्भील–** ना० [सं०] हतियारले सुरुङ खनेर घरभित्र पसी चोर्ने चोर; नकबजनी गर्ने चोर ।

**कुम्लाकुम्ली–** ना० [कुम्लो+कुम्ली] साना-ठूला धेरै कुम्लाको समूह ।

**कुम्लि-नु–** अ० क्रि० [कुम्लो+इ+नु] १. कुम्लो हुनु । २. गर्भवती हुनु ।

**कुम्ली–** ना० [कुम्लो+ई] सानो कुम्लो ।

**कुम्ले–** वि० [कुम्लो+ए] १. कुम्लो बोक्ने; कुम्लो बोकेको वा कुम्लोजस्तो । २. परदेशी चालको । ३. पाएजति सोहोर्न खोज्ने खालको । ४. मगन्ते । ~ **बिहे–** ना० १. केही दिनको बाटो पर गएर वा बेहुलीकै घरगाउँमा बसेर गरिने छोटकरी किसिमको बिहे; परदेशी चालको बिहे । २. बाजा नबजाई थोरै जन्ती लगेर वा जन्तीविना नै गरिने बिहा ।

**कुम्लो–** ना० [कुम+लो] कुममा झुन्ड्याई डँडाल्नामा बोकिने ठूलो पोको; कुटुरो । ~ **कसाइ–** ना० परदेश जान आँट्ने काम । ~ **कुटुरो–** ना० पोकापोकी पारेर कुममा बोकिने भारी । **कुम्लो बोकी बसैँ, परेवा काटी दसैँ** (उखान) ।

**कुम्ल्याइ–** ना० [√ कुम्ल्याउ (+आइ)] कुम्लो पार्ने वा कुम्ल्याउने क्रिया-प्रक्रिया । [ > ] **कुम्ल्याइनु–** क० क्रि० १. कुम्लो पारिनु; पोको बाँधिनु । २. बोकेर लगिनु; कुम्ल्याउने काम गरिनु । **कुम्ल्याउनु–** स० क्रि० १. कुम्लो पार्नु; पोको बाँध्नु । २. बोकेर लानु । ३. जम्मै हातलागी गर्नु । **कुम्ल्यौटो–** ना० १. कुम्लो पार्नका निम्ति उपयोग गरिने बर्को वा यस्तै कपडा । (उदा०– घरमा यौटा कुम्ल्यौटोसम्म नभएपछि कसरी सामान लैजानु !) । २. चकटी । ३. रुमाल ।

**कुम्हाल ⁄ कुम्हाले–** ना० [सं० कुम्भकार] हे० कुमाले ।

**कुयश–** ना० [सं०] १. नराम्रो ख्याति; अपयश (उदा०– कुयशमा लाग्ने मानिसलाई कसैले पनि मन पराउँदैनन् ।) । २. बदनामी ।

**कुयाम–** ना० [कु+याम] तोकिएको भन्दा बाहेकको समय वा मौसम ।

**कुयँत्रो–** ना० १. ज्यादा घोटिएर वा रगडिएर पातलिँदै लुगा फाटेको ठाउँ । (उदा०– भएको एउटा लुगामा पनि कुयँत्रो लागिसक्यो, के लाएर बिहेमा जानु ?) । २. कीला, काँडा आदिमा लुगा अड्केर च्यातिएको ठाउँ ।

**कुयेर–** ना० [सं० कुण्डन > कुँडन > कुँडर] १. रास; थुप्रो (उखुको) । २. केही देख्न, पाउन वा हेर्न झुम्मिएका मानिसहरूको समूह । (उदा०– टुँडिखेलमा घोडेजात्रा हेर्न मानिसहरू कुयेर लागेर बसिरहेका छन्) ।

**कुर्-नु–** अ० क्रि० [सं० कुण्डन] १. कसैलाई पर्खेर बस्ने काम गर्नु; पर्खनु; प्रतीक्षा गर्नु; रुङ्नु । २. कुनै वस्तु वा व्यक्तिको रखवारी गर्नु; देखरेख गर्नु । ३. खान पाउने आशाले पर्खनु; ढुक्नु ।

**कुर–** ना० [सं० कुल] १. खास गरी जाडो याममा माछाहरू एकै ठाउँमा थुप्रिएर बस्ने काम वा त्यस्तो ठाउँ; माछाको गुँड । २. थुप्रो; रास । ३. अंश; भाग– जस्तै– एक कुर–सय भागको एक भाग, त्रिकुर– तीन भागको एक भाग । यस्तै चौकुर, पचकुर आदि । (पश्चिम भेगका थारू जातिमा जग्गाको कुत बाँड्ने हिसाबमा यो चलन प्रसिद्ध छ) ।

**कुरकुर–** क्रि० वि० [अ० मू० कुर+अ (द्वि०)] १. 'कुर'-को आवाज वा ध्वनि बराबर निस्कने गरी । ना० २. त्यस्तो ध्वनि वा आवाज ।

**कुरकुरे१–** ना० पात नहुने, पहेँलो फूल फुल्ने, डाँठ वा हाँगामा धेरै आँख्ला हुने र केटाकेटीहरूले ती आँख्लाद्वारा आँखामा ताल्चा मारी खेल्ने एक घाँस ।

**कुरकुरे२–** वि० [कुरकुर+ए] कुरकुर शब्द गर्ने; कुरकुरको आवाज निकाल्ने । ~ **बैँस–** ना० भर्खर-भर्खर आउन लागेको वा जोबनको अल्लारेपना ननिखिएको बैँस; कुखुरेबैँस । ~ **रोटी–** ना० घिउ-चिनीमा खस्रो पीठो मुछेर पकाइने एक प्रकारको मिठाई (खजुरी) । ~ **हाड–** ना० ढाडमा हुने नरम हाड ।

**कुरङ्ग–** ना० [सं०] १. कृष्णसारका आकारप्रकारको र खैरो रङ हुने ठूलो मृगको एक जाति । २. हरिण; मृग । ३. तासको तुरुप खेलमा बोलिएको रङ्ग (तुरुप) बाहेक अरू तीन रङ्ग । ४. बदरङ्ग; बजरङ्ग । ५. पासा, पच्चीसका खेलमा रातो, सेतो वा पहेँलोबाहेकको कालो वा हरियो गोटी ।

**कुरञ्जन–** ना० हे० कुरन्जन ।

**कुरन्जन–** ना० [सं० कुलञ्जन] १. आयुर्वेदमा अग्निवर्द्धक, रुचिकारक, गरम र खोकी हटाउने गुण बताइएको पानका लहराको जरो । २. कुलिञ्जन ।

**कुरमुन्याइ–** ना० [√ कुरमुन्याउ (+आइ)] कुरमुन्याउने क्रिया वा प्रक्रिया । [ > ] **कुरमुन्याइनु–** क० क्रि० कुरमुन्याउने काम गरिनु ।

**कुरमुन्याउनु–** स० क्रि० जे-जति भएको सबै लिएर जानु; गुटमुटचाउनु; कुम्ल्याउनु ।

**कुरा–** ना० [√ कुरो] कुरोको बहुवचन हुँदा बन्ने रूप; कुरो ।

**कुराइ–** ना० [√ कुर् (+आइ)] कुर्ने काम वा प्रक्रिया; पर्खाइ; ढुकाइ । [ > ] **कुराइनु–** क० क्रि० कुर्न लाइनु; पर्खाइनु; रुङाइनु ।

**कुराउटे–** वि० [कुरो+आउटे] १. कुरा गरिरहने । २. चाहिँदा-नचाहिँदा धेरै कुरा गर्ने वा त्यस्तो स्वभावको; कुरौटे; गफी । ३. छुल्याइँ गर्ने; छुल्याहा ।

**कुराउनी–** ना० [सं० कूर्चिका] १. धेरै बेर दूध तताएर बाक्लो पारी बनाइएको खाने कुरा; खुवा; कुरौनी । २. तताउँदा दूध डढेर कुँडेमा नै जमेको पाप्रो ।

**कुराउनु–** प्रे० क्रि० [कुर्+आउ+नु] कुर्न लाउनु; पर्खाउनु; रुङाउनु; ढुकाउनु ।

**कुराकानी–** ना० [कुरा+कहानी] १. कुनै पनि प्रसङ्गमा आफुसमा गरिने कुरोकन्थो; बातचित । २. बोलचाल ।

**कुरा चपाउनु–** टु० ङचाङ्ङुङ् गरेर कुरा राम्ररी नखोल्नु । (उदा०– तपाईं त भएको कुरा पनि राम्ररी भन्नुहुन्न, किन कुरा चपाएको ?) ।

**कुरान–** ना० [अ०] हजरत मुहम्मदका वाणीको सङ्कलन भएको, मुसलमानहरूको प्रसिद्ध धर्मग्रन्थ ।

**कुरी कुरी–** ना० १. कुनै व्यक्तिप्रति समयमा गर्नुपर्ने कुरा नगर्दा पछि हुने थकथकी वा कुनै काम नगर्दा हुने लज्जाको बोध; मनको सगसगी । २. बालबोलीमा लज्जा; कीरी (जुम्रो) ।

**कुरिज–** ना० [फा० कुरीँज] १. चराचुरुङ्गीका पुराना प्वाँखहरू झरेर आउने नयाँ प्वाँखहरूको उम्राइ । २. कुर्चा । ३. उत्तीर्ण नभएर धेरै वर्षसम्म एउटै कक्षामा डल्लिइरहने स्थिति । ४. असफलता ।

**कुरिन–** ना० १. हँसिया, खुर्पा आदि हतियारमा धार लगाउन, सान बनाउन हुने खस्रो कालो ढुङ्गो । २. मैदाझैँ धूलो तुल्याई लाहासँग मिसाएर पकाई सान बनाउने काममा प्रयोगमा आउने, ठूला नदीका किनारमा कतै-कतै थुप्रिएर रहने किर्कौंले ढुङ्गो ।

**कुरिनु–** क० क्रि० [कुर्+इ+नु] कुर्ने काम गरिनु ।

**कुरिया–** ना० [कुर्+इया] १. अरूको जग्गाजमिनमा घरबास गरी तिरो तिरेर बस्ने रैती; बिर्तावारको जग्गामा घर बनाएर बस्ने मोही (एक प्रकारको बाँधा) । वि० २. कुनै मालमत्ता, जग्गाजमिन आदि कुर्ने (व्यक्ति); कुरुवा ।

**कुरिलो–** ना० [सं० करीर] हरिया-पहेल्लछ्या मसिना पात हुने, ससानो सेतो फूल फुल्ने र रातो गोल फल फल्ने एक जातको काँडादार बोट (यो ठूलो र सानो दुई किसिमको हुन्छ । यसका टुसा तरकारीका निम्ति खास गरी बिरामीलाई खुवाउनमा प्रसिद्ध छ) ।

**कुरी–** ना० [सं० कुटी] १. बाँसका चोयाले बुनेको हाँस आदि हाल्ने एक किसिमको कोक्रो । २. खेतबारीमा बनाइएको बाली कुर्ने सानो छाप्रो । ३. कीरा (बालबोलीमा); गुजी; जुम्रो । ४. बालकको जननेन्द्रिय; तुरी; तुतुरो ।

**कुरीति–** ना० [सं०] सामाजिक हित र वास्तविकताका विपरीत चल्ने नजाती रीति; कुप्रथा; नराम्रो र अनुचित चलन ।

**कुरुक्क–** क्रि० वि० [अ० मू० कुरुक्+क] हल्का चालले भाँचिँदा वा साह्रो पदार्थ चपाउँदा शब्द निस्कने किसिम ।

**कुरुक्षेत्र–** ना० [सं०] १. भारतको दिल्लीनजिकै हरियाणा राज्यमा पर्ने एक प्रसिद्ध तीर्थ; प्राचीन कालमा कौरव र पाण्डवहरूका बीच युद्ध भएको भूमि । २. घमासानको लडाइँ । वि० ३. छेलोखेलो; प्रशस्त; धेरै । **– को मेला–** ना० १. रक्तपातपूर्ण ठूलो युद्ध । २. कुरुक्षेत्रमा श्रीकृष्णले अर्जुनलाई गीताको उपदेश गरेको ठाउँको कुण्डमा प्रायः सूर्यग्रहण लागेका अवसरमा हुने मेला ।

**कुरुर्र–** क्रि० वि० [अ० मू० कुर्] हे० कुर्र (लगातारको अर्थमा) ।

**कुरुवा१–** वि० [कुर्+उवा] १. कुर्ने वा पर्खने; रुङ्ने । २. हेर-विचार वा रखवारी गर्ने । ३. ढुक्ने ।

**कुरुवा२–** ना० [सं० कुडव] १. दुई माना वा बीस मुठीको नापो । २. दुई माना भरिने प्रायः पित्तले धातुको भाँडो । वि० ३. दुईमाने; बीस मुठीबराबरको ।

**कुरूप–** वि० [सं०] १. हिस्सी वा अनुहार नपरेको; नराम्रो; विरूप; अपाङ्ग । २. छाँट नमिलेको; बेढङ्गको । **– ता–** ना० कुरूप हुनाको अवस्था, कारण वा भाव ।

**कुरूपा–** वि० [सं०] रूप नभएकी; नराम्री; अपाङ्ग भएकी ।

**कुरे–** वि० [कुरो+ए] धेरै कुरा गर्ने; हे० कुरौटे ।

**कुरेत–** वि० [कुर+एत] १. बूढी औँलो र चोर औँलो तन्काउँदाका नापोभरिको । ना० २. हातको बूढी औँलो र चोरऔँलो तन्काएर गरिने नापो ।

**कुरो१–** ना० [सं० कुटज] लुगामा बिझ्ने वा टाँसिने एक जातको घाँसको झुस ।

**कुरो२–** ना० [सं० कुर] १. कुनै विषयमा कसैलाई केही भन्ने काम; वार्ता; बोली; वचन । २. भन्नाको तात्पर्य; भनाइ । ३. विषय; प्रसङ्ग । ४. चीज; वस्तु । **– कन्थो–** ना० कुरो र कथन; कुराकानी ।

**कुरौटे–** वि० [कुरा+औटे] हे० कुराउटे ।

**कुरौनी–** ना०हे० कुराउनी ।

**कुर्की१–** ना० [तु० कुर्क+ई] १. सरकारी आज्ञाअनुसार कसैको सम्पत्ति लिलाम गर्ने काम । २. दिएको ऋण सधाउन वैध उपायले ऋणीको सम्पत्ति आफ्नो अधीन तुल्याउने वा लिलाम

गर्ने काम ।

**कुर्की**२– ना० [ ?] डन्डी आदिमा पेच काट्ने फलामे ज्याबल; एकुवा ।

**कुर्कुच्चे**– वि० [कुर्कच्चो+ए] कुर्कुच्चो भएको; कुर्कुच्चाको । ~ **जुत्ता**– ना० अग्लो कुर्कुच्चा भएको एक प्रकारको जुत्ता ।

**कुर्कुच्चो**– ना० पैतालाको पछाडिपट्टिको वा गोलीगाँठादेखि मन्तिरको डल्लो साह्रो भाग ।

**कुर्कुरे**– ना० [सं० कुरु] साना कोसा हुने एक जातको केरा ।

**कुर्चा**– ना० [फा० कुरीज] असजिलो पाराको एकै ठाउँको बसाइ; डल्लिएर एकै ठाउँमा बस्नुपर्ने स्थिति वा वाध्यता । ~ **खानु**– टु० लन्ठिएर बस्नु; डल्लिनु ।

**कुर्चि-नु**– अ० क्रि० [कुर्चा+इ+नु] कुर्चा खानु; असजिलोसँग बस्नु ।

**कुर्ची**– ना० हे० कुर्सी ।

**कुर्च्याइ**– ना० कुर्चिने काम वा प्रक्रिया । **कुर्च्याइनु**– क० क्रि० कुर्चिन लाइनु; कुर्चा खुवाइनु । **कुर्च्याउनु**– प्रे० क्रि० कुर्चा खुवाउनु; कुर्चिन लाउनु; असजिलोसँग बसाउनु ।

**कुर्ता**– ना० [तु० कुर्त्त] कठालो भएको वा नभएको र बाहुलामा कफ नभएको, कुना परेको फेर हुने, प्रायः गर्मी याम वा गर्मी ठाउँमा लगाइने कमिजका ढाँचाको पहिरन; एक प्रकारको फत्तु वा अलखा । – **सलवार**– ना० कुर्तासहितको सलवार; कुर्ता र सलवार ।

**कुर्था**– ना० [तु० कुर्त्त] हे० कुर्ता ।

**कुर्नी**– ना० एक प्रकारको जङ्गली लहरो ।

**कुर्नेस**⁄**कुर्नैस**– ना० [फा० कोरनिश] १. नुहेर गरिने सलाम; नम्रतापूर्वक गरिने नमस्कार । (यो शब्द नेपालीमा विशेष गरी एकतन्त्री जहानियाँ शासनमा प्रचलित थियो) । २. साइकलका पाङ्ग्राको बीचमा पर्ने डन्डीका दुवैतिर रहने गेडी अडचाउने एक प्रकारको ढिम्री ।

**कुर्बानी**– ना० बलि हुने काम; बलिदान ।

**कुर्मी**– ना० तराईतिर बस्ने तरकारी बेच्ने एक जाति ।

**कुर्र**– क्रि० वि० [अ० मू० कुर्+र] १. ससाना बालकसँग खेल्दा कानैमा मुख लगेर 'कानाकाना' गर्दै स्नेहपूर्वक भनिने शब्द । २. गीतको टुङ्ग्याउनी वा रहनीमा सुर मिलाउन भनिने प्रेमसूचक शब्द ।

**कुर्लनु**– अ० क्रि० [कुर (शब्द)+सं० लक (जानु)] १. चड्का स्वरले बोल्नु वा जोस र रिसले कराउनु । २. ढुकुर आदि चराले बोल्नु । > **कुर्लाइ**– ना० कुर्लने काम वा प्रक्रिया । **कुर्लाइनु**– क० क्रि० कराउन लाइनु; कुर्लन लाइनु । **कुर्लाउनु**– प्रे० क्रि० कराउन लाउनु; कुर्लन लाउनु । **कुर्लिनु**– अ० क्रि० ठूलो स्वरले कराउनु वा बोलिनु ।

**कुर्ले-ढुकुर**– ना० [कुर्ल+ए+ढुकुर] चड्का र गुन्जने खालको बोली हुने ठूलो जातको ढुकुर ।

**कुर्सिँलो**– ना० चिन्डेका जस्तै पात हुने, पहराहुँदो पलाउने एक प्रकारको घाँस ।

**कुर्सियो**– ना० [अङ्० क्राचेट] कपडामा बुट्टा काढ्ने आरोका ढाँचाको टुप्पो मास्तिर फर्केको सुइरो ।

**कुर्सी**– ना० [अ०] पछिल्तिर आडा भएको चारखुट्टे अग्लो आसन; गद्दादार मेच; कुर्ची ।

**कुल**१– वि० [अ०] जम्मा; सबै; समस्त; सम्पूर्ण; तमाम; बेमाख ।

**कुल**२– ना० [सं०] १. पिता-पुर्खादेखिको एउटै थर, गोत्र, सम्बन्ध आदिको घराना; वंश । २. जातिबन्धुहरूको समूह; बिन्द्रालो; खानदान । ३. समूह; समुदाय । > **कुलक**– वि० १. असल कुलमा जन्मेको । २. कारिगर तहको प्रधान । ना० ३. उच्च कुलमा जन्मेको शिल्पकार । ४. एक वाक्यभित्र पर्ने पाँच र पाँचभन्दा बढी श्लोकहरूको समूह । – **कलङ्क**– ना० १. कुलको मानप्रतिष्ठा स्वाहा पार्ने काम । वि० २. कुलमा कलङ्क वा दाग लगाउने; कुलाङ्गार । ~ **कबिला**– ना० जहानछोराछोरी । ~ **कुटुम्ब**– ना० जाति र सरसाइनुका नातादार; इष्टमित्र; बन्धुवर्ग ।

**कुलक्षण**– ना० [सं०] खराब लक्षण; कुलच्छिन; अलच्छिन; अमङ्गल; बिच्छुक । > **कुलक्षणी**– वि० खराब लक्षण भएकी; अलच्छिनी (स्त्री) ।

**कुलगुरु**– ना० [सं०] पिता-पुर्खादेखि मान्दै वा पुज्दै आएका गुरु; कुलका गुरु; वंशका गुरु ।

**कुलघर**– ना० [सं० कुल+प्रा० घर] १. कुल-परम्परादेखि बसिआएको जेठो घर । २. वंशको मुख्य घर । ३. कुलीनको घर ।

**कुल घरान**– ना० [कुल+घरान] १. असल चालचलन भएको घर; श्रेष्ठ घराना; उत्तम खानदान; उच्च कुल । २. वंश र घरको चालचलन । > **कुलघरानियाँ**– वि० उत्तम कुलको; कुलघरानको ।

**कुलच्छिन**– ना० [सं० कुलक्षण] नराम्रो वा नजाती लच्छिन; अलच्छिन; अमङ्गल । > **कुलच्छिनी**– वि० १. कुलच्छिन भएको । २. नराम्रो लच्छिन हुने (स्त्री) ।

**कुलट**– ना० [सं०] आफूले जन्माएदेखि बाहेकका छोरा; धर्मपुत्र; पालित पुत्र ।

**कुलटा**– ना० [सं०] १. धेरै मानिससँग सम्बन्ध राख्ने आइमाई; व्यभिचारिणी स्त्री; रण्डी; वेश्या । २. विवाहित पतिलाई छोडी पोइल जाने स्त्री ।

**कुलत**– ना० [कु+लत] नराम्रो बानीबेहोर; खराब वा नजाती लत; कुव्यसन ।

**कुल तन्त्र**– ना० [सं०] कुनै विशिष्ट कुलको नायकले नै राज्यको शासन गर्ने वा चलाउने शासनपद्धति ।

**कुलतिलक**– ना० [सं०] कुलको इज्जत उज्यालो पार्ने व्यक्ति; कुलको प्रकाश; कुलदीपक ।

**कुल दीपक**– ना० [सं०] कुललाई उज्ज्वल पार्ने व्यक्ति; कुलको प्रकाश; कुलतिलक ।

**कुल देउता**– ना० [सं० कुलदेवता] हे० कुलदेव⁄कुलदेवता ।

**कुल देव/कुल देवता**– ना० [सं०] १. परम्परादेखि मानिआएका देवता; पुर्ख्यौली देवता । २. देवालीमा पूजा गरिने देवता ।

**कुल धर्म**– ना० [सं०] पिता-पुर्खादेखि चलेर आएको आचरण वा व्यवहार; कुलले मान्ने गरेको धर्म ।

**कुलधूल**– ना० [कुल+धूल] हाडनाता वा त्यस्तो नातामा भएको सम्बन्ध ।

**कुलना**– ना० डोलीको काठमा अड्याउने साधन ।

**कुलन्जन**– ना० [फा० खोलंजन] पानको जरा ।

**कुलपति**– ना० [सं०] १. विश्वविद्यालय, विद्यापीठ वा प्रज्ञा-प्रतिष्ठानका उच्चतम अधिकारी । २. विद्यार्थीहरूलाई भरणपोषण गर्दै शिक्षा दिने अध्यापक । ३. दस हजार विद्यार्थीलाई भोजन र शिक्षादीक्षा दिने ऋषि ।

**कुल परम्परा**– ना० [सं०] पितापुर्खादेखि चलिआएको रीतिथिति वा चलन; कुलको परम्परा; वंशपरम्परा ।

**कुलपर्वत**– ना० [सं०] पौराणिक कथाअनुसार महेन्द्र, मलय, सह्य, शक्तिमान, ऋक्ष, विन्ध्य र पारियात्र नाउँ गरेका पृथ्वीका सातवटा पर्वतको समूह ।

**कुल पुरुष**– ना० [सं०] १. कुनै कुलका आदिपुरुष । २. वंशका सञ्चालक प्रसिद्ध पुरुष ।

**कुल पुरोहित**– ना० [सं०] कुलमा पहिलेदेखि मानिआएका पुरोहित; वंशका पुरोहित ।

**कुलफा**– ना० [फा० खुर्फा] साग खाइने एक प्रकारको मसिनु झार ।

**कुल योग**– वि० [कुल+योग] हरहिसाबको जोडमा पुछारमा निकालिने जम्माजम्मी; सम्पूर्ण ।

**कुल वधू**– ना० [सं०] १. असल कुलकी वधू; घरानियाँ बुहारी । २. कुलीन स्त्री ।

**कुलवन्त**– वि० [कुल+वन्त] असल कुलघरानाको; कुलीन; खानदानी ।

**कुलवान्**– वि० [सं०] कुलीन; खानदानी ।

**कुल सचिव**– ना० [सं०] विश्वविद्यालय, विद्यापीठ, गुरुकुल आदिमा संस्थाको कागतपत्रसहित आवश्यक विषयव्यवस्थाका सबै विवरण राख्ने र राम्रो प्रबन्ध पनि गर्ने प्रमुख पदाधिकारी; रजिस्ट्रार; पञ्जिकाधिकारी; सदस्यसचिव ।

**कुलाङ्गार**– वि० [कुल+अङ्गार] कुलमा कलङ्क लगाउने; कुलको नाश गर्ने । (उदा०– कुलाङ्गार छोराले धेरै सत्यानाश नपारी के छोड्छ र !)

**कुलाचार**– ना० [सं०] कुलमा चलिआएको रीतिथिति वा आचार-व्यवहार; कुलधर्म ।

**कुलायन**– ना० [सं०] १. कुलपुर्खाले मानिआएका देवता; कुलदेवता । २. वंशपरम्परा ।

**कुलायिका**– ना० [सं०] १. चराचुरुङ्गीहरू राखिने स्थान; पक्षीशाला; चिडियाखाना । २. पिँजडा ।

**कुलारा**– ना० [√ कुलारो] कुलो खन्न जाने गाउँलेहरूको ताँती वा समूह ।

**कुलारो**– ना० [कुलो+आरो] १. कुलो खन्ने मानिस । २. नेपालीको एक थरी जात वा थर ।

**कुलिक**– ना० [सं०] हरेउ सर्प ।

**कुलिञ्जन**– ना० [सं०] १. अदुवाका छाँटको कन्द हुने एक प्रकारको वनस्पति ।

**कुलिन**– ना० माटाको सानो भाँडो; गोल्फु । > **कुलिने**– ना० कुलिन बोक्ने मानिस; दूध बेच्ने काम गर्ने व्यक्ति ।

**कुलीन**– वि० [सं०] उच्च वा असल कुलको; घरानियाँ; खानदानी । ~ **तन्त्र**– ना० उच्च कुलका व्यक्तिहरूद्वारा चलाइने शासन-पद्धति ।

**कुलुकुलु**– क्रि० वि० [अ० मू० कुल्+उ (द्वि०)] १. पानी, कुलो आदि बग्दा आवाज आउने किसिमले । २. कुल्ला गर्दा शब्द निस्कने गरी ।

**कुलुल्ल**– क्रि० वि० [अ० मू० कुल्+उल्ल] पानी, कुलो आदि बग्दा वा कुल्ला गर्दा जोडले शब्द आउने गरी ।

**कुलू**– ना० [नेवा०] मृदङ्ग, तबला आदिमा छाला मोहोर्ने काम गर्ने एक जाति ।

**कुलेलम१**– ना० [कुद्+लमलम] अरूलाई थाहापत्तै नदिई भाग्ने काम; सुइँकुच्चा ।

**कुलेलम२**– क्रि० वि० [कुद्+लमलम] १. अरूलाई थाहा-पत्तै नदिई । ना० २. बलेनीको पानी जम्न नदिनाका निम्ति घरको वरिपरि खनेर बनाइएको पानीको सानो निकास; तोस । ३. खेतबारीको सानो खाँद ।

**कुलो**– ना० [सं० कुल्या] खेतबारीमा पानी पटाउन नदी, तलाउ आदिबाट खनेर ल्याइने पानीको सोतो; त्यसरी ल्याइएको पानी हिँड्ने गहिरो बाटो ।

**कुल्कुली**– ना० मनको तुलबुली । (उदा०– घर छाडेर आएदेखि उनको सम्झनाले मनमा कुल्कुली लागेकै छ) ।

**कुल्च-नु**– स० क्रि० [सं० कुञ्चन] १. कुनै वस्तुमाथि गोडाले टेक्नु; पैतालाले मचक्क पारी थिच्नु । २. सजिलैसँग जित्नु; किच्नु । > **कुल्चाइ**– ना० कुल्चने काम वा प्रक्रिया । **कुल्चाइनु**– क० क्रि० गोडाले टेकाइनु; कुल्चन लाइनु । **कुल्चाउनु**– प्रे० क्रि० कुल्चन लाउनु; पैतालाले थिचाउनु ।

**कुल्चिनु**– क० क्रि० १. गोडाले टेकिनु; कुल्चने काम गरिनु । अ० क्रि० २. कुल्चने काम हुनु । स० क्रि० ३. कुल्चनु; गोडाले थिच्नु ।

**कुल्चीमिल्ची**– क्रि० वि० [कुल्च+ई (द्वि०)] बेसरी कुल्चने वा खुँद्ने किसिमले ।

**कुल्च्याइ**– ना० [कुल्चि+याइ] कुल्चिने काम वा प्रक्रिया ।

**कुल्फी**– ना० [अ०] १. चुरोट हालेर खाइने धातु, ढुङ्गा आदिको सानो नली वा ढुङ्ग्रो । २. हुक्काका नलीको टुप्पामा जडिने धातुको बाङ्गो नली वा ढुङ्ग्रो । ३. कुनै चीजमा घुम्न वा

त्यसलाई घुमाउन कसिने धातुको टुक्रो । ४. दूध हालेर बरफजस्तै जमाइने टिनको गोलो, लाम्चिलो भाँडो वा ढुङ्ग्रो । ५. मलाई-बरफ ।

**कुल्या**– ना० [सं०] १. कुलो; नहर । २. नाला; सानो नदी ।

**कुल्यान**– वि० [कुल+यान] कुलको; कुलमा चलेको; कुल वा परम्परासम्बन्धी ।

**कुल्याहा**– वि० [कुल+आहा] १. कुललाई पिर्ने; कुललाई बिगार गर्ने । २. विद्रोही; षड्यन्त्रकारी ।

**कुल्ल**– क्रि० वि० [अ० मू० कुल्+ल] पानी, कुलो आदि बग्दा वा कुल्ला गर्दा एकै झमटमा आवाज आउने किसिमले ।

**कुल्ला**– ना० [सं० कुल्या] मुख सफा पार्न मुखमा पानी लिएर कुलकुल गरी थुक्ने काम ।

**कुल्ली**– ना० [तु० कुली] खास गरी कारखाना, स्टेसन आदिमा भारी बोकेर जीविका चलाउने ज्यामी; भरिया; मजदुर ।

**कुवा**– ना० [सं० कूप] हातले पानी उभाउन सकिने वा भेटिने, मानिसले बनाएको सानो जलाशय; कूवा । **– को ब्याङ**– वि० केही नदेख्ने वा थाहा नपाउने; अँध्यारोमा बसेको; बुद्धू ।

**कुवाच्य**– ना० [सं०] १. अरूको मनमा बिभ्ने वचन; दुर्वचन; दुर्वाच्य । २. हेलाको बोली; गाली ।

**कुवापाते**– ना० लाम्चिला पात तथा बाहिर सेतो र भित्र हरियो हुने, गाईवस्तुलाई खुवाइने एक प्रकारको बुटो ।

**कुविचार**– ना० [सं०] खराब विचार; नराम्रो भावना । (उदा०– कुविचारमा लाग्ने मानिस उँभो लाग्न गाह्रो हुन्छ ।) ।

**कुवेर**– ना० [सं०] हे० कुबेर ।

**कुव्यवहार**– ना० [सं०] कसैप्रति गरिने खराब वा नराम्रो व्यवहार; अनुचित काम वा व्यवहार । (उदा०– कुव्यवहार गर्ने मानिससित सङ्गतै नगरे बेस हुन्छ) ।

**कुश**– ना० [सं०] १. धार्मिक कार्य तथा यज्ञ आदिमा चाहिने पवित्र मानिएको काँसजस्तो एक प्रकारको झार वा घाँस । २. दुवैपट्टि धारमा मसिना दाँतजस्ता काँढा भएको धेरै प्राचीन कालको एक हतियार । ३. रामका जेठा छोराको नाम । ४. पुराणअनुसार एक द्वीपको नाउँ । **– कण्डिका**– कुशद्वारा यज्ञवेदीको संस्कार गर्ने वेदमन्त्र; अग्निस्थापना गर्ने प्रारम्भिक काम । **– ग्रन्थि**– ना० १. कुशको ग्रन्थि । २. कुनै-कुनै कुशको जरामा पाइने विशेष प्रकारको गाँठो । **– बिर्ता**– ना० राजा-महाराजाहरूबाट हातमा तिलकुश लिई सबै तिरोको रकम माफ गरेर ब्राह्मणलाई दानका रूपमा बकस दिएको बिर्ता (जग्गा) ।

**कुशल**– वि० [सं०] १. कुश नामको हतियार चलाउन सिपालु । २. कुनै पनि कामकुरा राम्ररी गर्न जान्ने वा योग्य रूपमा कार्य सम्पादित गर्ने; निपुण; प्रवीण; दक्ष । ३. चलाख; चतुरो । ना० ४. सन्चो; आराम । ५. शुभ; मङ्गल; भलो । **– क्षेम**– ना० कुशल, सम्पन्न तथा स्वस्थ स्थिति; सन्चोसुबिस्ता । **– ता**– ना० कुशल हुनाको भाव वा अवस्था ।

**कुशाग्र**– वि० [सं०] कुशको टुप्पोजस्तो तीखो; अति तीक्ष्ण; साह्रै चनाखो । ~**बुद्धि**– वि० अत्यन्त तीक्ष्ण बुद्धि भएको; बुद्धिमान् ।

**कुशासन**– ना० [सं०] १. पूजापाठ तथा शुभ कार्यहरू गर्दा बस्नका निम्ति बनाइएको कुशको आसन । २. खराब किसिमले चलाइएको वा देशमा अव्यवस्था फैलिने शासन; दुःशासन ।

**कुशिक**– ना० [सं०] १. विश्वामित्र ऋषिका बाजेको नाम । २. त्यसै नाममा चलेको एक प्राचीन आर्यवंश वा उक्त वंशको व्यक्ति ।

**कुशे**– वि० हे० कुसे । ~**औंसी**– ना० हे० कुसे औंसी ।

**कुशेश्वर**– ना० [सं०] नेपालको जनकपुर अञ्चलमा पर्ने दुम्जामा स्थित प्रसिद्ध एक शिवलिङ्ग ।

**कुष्ठ**– ना० [सं०] शरीरमा रक्तविकारबाट उत्पन्न हुने तथा छाला, नसा आदि गल्दै र सड्दै जाने एक कडा रोग; महारोग; कोर । >**कुष्ठी**– वि० कुष्ठरोग लागेको; महारोगी; कोरी ।

**कुष्माण्ड**– ना० [सं०] १. छिप्पिँदा फुस्रो पात हुने, तरकारी वा अचार खाइने एक लहरे फल; कुभिन्डो । २. शिवको एक गण । ~**नवमी**– ना० कात्तिक शुक्ल नवमी; त्रेतायुगादि नवमी; कुभिन्डो दान गर्ने महत्त्व बताइएको उक्त तिथिको दिन ।

**कुसङ्ग**– ना० [सं०] खराब वा नजाती मानिसहरूसँगको बसउठ; नराम्रो सङ्गत । >**कुसङ्गत**– ना० कुसङ्ग । **कुसङ्गति**– ना० नराम्रो सङ्गति; नजाती मानिससितको बसाउठी ।

**कुसन**– ना० [अङ्० कुशन] बस्नका निम्ति ओछ्याइने मोटो गद्दा । **– दार**– वि० त्यस्तो गद्दा भएको; कुसनका ढाँचाको ।

**कुसमय**– ना० [सं०] १. उपयुक्त नभएको, स्थिति बिग्रेको वा नराम्रो समय; कुबेला । २. अनुकूल नभएको समय; बेमौका । ३. कुनै शुभ कार्यका निम्ति निषेध गरिएको समय; कुसाइत । ४. दुःखकष्टको बेला ।

**कुसरक्पा**– ना० [लि०] १. च्याब्रुङ नाचमा गाइने मङ्गलाचरण र त्यस्तो गीतसहितको नाच । २. वीर रसयुक्त गीत ।

**कुसाइत**– ना० [सं०] लच्छिन नभएको वा नराम्रो साइत; कुसमय ।

**कुसाउरो**– ना० [कोसा+आउरो] मास, मस्याङ, भटमास आदि चुटेर गेडा छुट्ट्याई बचेका खोस्टे कोसा, पात, झिक्रा आदि वस्तु; कुसौरो ।

**कुसाकठी**– ना० [नेवा० कुसाकथि] चिउरा कुट्ता घान लाउने काठ, बाँस आदिको दाबिलोजस्तै साधन ।

**कुसाख**– वि० १. असल साख नभएको । २. बिरानो, नातासाइनु राम्रो नपर्ने । (उदा०– सुग्रीव् हो कति साख् म हूँ कति कुसाख् हा दैव क्या मन् दियौ ! –भानुभक्त) ।

**कुसुन्डो**– ना० १. काठमाडौंको पश्चिम-दक्षिणको जङ्गली भेगमा बस्ने अचेल खिइँदै गएको घुमन्ता एक जाति । वि० २. असभ्य । ३. धुस्रोफुस्रो र नाङ्गो-भुतुङ्गो । स्त्री० कुसुन्डी ।

**कुसुम**– ना० [सं०] १. फूल; पुष्प । २. रजस्वला हुँदा निस्कने स्त्रीको रज । ३. ससानो वाक्यमा लेखिएको गद्य । ४. पहेंलो

फूल फुल्ने र बीजबाट तेल निस्कने एक बोट । – **कलिका–** ना० फूलको कोपिला । – **फल–** ना० लाम्चा पात हुने, सेता मसिना फूल फुल्ने, पहेँला गोल फल फल्ने एक बोट वा त्यसैको फल; साराम्ल । – **बाण–** ना० १. सम्भोगको तीव्र इच्छाले हुने उत्पीडन । २. कामदेव; कुसुमशर । – **वाटी–** ना० एक प्रकारको वनस्पतिविशेष । – **शर–** ना० कामदेव; कुसुमबाण । – **स्तवक–** ना० फूलको गुच्छा ।

**कुसुमाकर–** ना० [सं०] १. वसन्त ऋतु (उदा०– कुसुमाकरको आँचल पक्री, मलाई कति खोज्दी हुन् प्रकृति । – सिद्धिचरण) । २. फूलबारी; बगैँचा ।

**कुसुमाञ्जलि–** ना० [सं०] १. देवतालाई चढाउन अँजुलीमा लिइएको फूल; पुष्पाञ्जलि । २. उदयनाचार्यद्वारा लिखित एक प्रसिद्ध न्यायग्रन्थ ।

**कुसुमायुध–** ना० [सं०] कामदेव ।

**कुसुमे–** वि० [कुसुम+ए] हल्का रातो रङ्गको; कुसुम रङ्गको । (उदा०– सानोमा सानो कुसुमे रुमाल धोइदिने कोई छैन, बिरानो देशमा मै मरिगए रोइदिने कोई छैन । लोकगीत) ।

**कुसुम्भ–** ना० [सं०] १. कुसुमको बोट वा फूल । २. केसर; कुङ्कुम ।

**कुसुरो–** ना० टुसाका जस्तो आकारको कुनै वस्तु ।

**कुसे–** वि० [कुश+ए] कुशको; कुशसम्बन्धी । ~**औँसी–** ना० भदौ महिनाको अमावस्या तिथि । (यस दिन काटिएको कुश वर्ष दिनसम्म बासी मानिन्न) ।

**कुसेत्रो–** ना० [नेवा० कुसा+एत्रो] १. पुरानो वा सानोतिनो कामचलाउ छाता; घुम । २. थोत्रो र रद्दी कपडा वा यस्तै कुनै वस्तु ।

**कुसौरो–** ना०हे० कुसाउरो ।

**कुस्त–** वि० चाहिने वा लिनबोक्न सकेसम्मको; पूरापूर; प्रशस्त; भरमार ।

**कुस्ताकुस्ती–** ना० [कुस्ती+कुस्ती] परस्परमा एकले अर्कालाई पछार्न पर्ने कुस्ती; आफुस-आफुसको लडन्त ।

**कुस्ती–** ना० [फा० कुश्ती] परस्परमा एकले अर्कालाई पछार्नका लागि गरिने लडन्त वा त्यस्तो खेल; मल्लयुद्ध; पहलमानी । – **बाज–** ना० कुस्ती खेल्ने वा कुस्ती लड्ने सोख भएको मानिस; पहलमान ।

**कुस्तुर–** वि० साह्रै डराएको; त्रस्त; लुगलुग कामेको; भयभीत ।

**कुस्ले–** ना० [सं० कुशीलव] बाजा बजाउने, लुगा सिउने आदि काम गर्ने पेसा भएको नेवारीभाषी एक जाति । ~**बाजा–** ना० कुस्लेहरूले बजाउने बाजा ।

**कुहर–** ना० [सं०] दुलो; प्वाल । (उदा०– जति भने पनि उनको कर्णकुहरमा केही घुसेन) ।

**कुहाइ–** ना० [√ कुहु (+आइ)] कुहुने क्रिया वा प्रक्रिया । [ > ] **कुहाइनु–** क० क्रि० सडाइनु; कुहुन लाइनु । **कुहाउनु–** प्रे० क्रि० सडाउनु; कुहुन लाउनु । **कुहिनु–** अ० क्रि० कुहुने काम होइनु; सडिनु ।

**कुहिनेटो–** ना० [कुहिनु+एटो] कुनो परेको ठाउँ; केही घुमेको ठाउँ; कुहुनेटो; कुइनेटो ।

**कुहिरी मण्डल–** ना० [कुहिरो+इ+सं० मण्डल] बादल; तुवाँलो, धूवाँ, धूलो आदिले ढपक्क ढाक्ने काम ।

**कुहिरे–** वि० [कुहिरो+ए] १. कुहिरो आँखा भएको; कुइरे । ना० २. अङ्ग्रेज; युरोपमा बस्ने जाति ।

**कुहिरो–** ना० १. धूवाँजस्तो देखिने चिसो हावामा मिलेको जलकण; कुइरो; हुस्सु । वि० २. धूवाँ लागेजस्तो; कैलो (आँखा) । – **को कागः–** ट० केही थाहा नपाइने अवस्था वा अन्योलमा पर्दा दृष्टान्त दिने बोली ।

**कुहु-नु–** अ० क्रि० [प्रा० कुह < सं० कुथ] कुनै वस्तु चिसो लागेर, ओइलेर, गलेर सड्नु; दुर्गन्धी हुनु; बिग्रनु; बयेलिनु ।

**कुहु कुहु–** ना० [अ० मू० कुहू (द्वि०)] कोइलीको सुरिलो आवाज ।

**कुहुनु–** ना० [सं० कूर्पर] पाखुरा र नारीका जोर्नीको तल्लो साह्रो भाग ।

**कुहुनेटो–** ना० हे० कुहिनेटो ।

**कुहू–** ना० [सं०] चन्द्रमाको कला नदेखिने औँसीको रात ।

**कुहू कुहू–** ना० हे० कुहु कुहु । [अ० मू० कुहू (द्वि०)] कोइलीको सुरिलो आवाज ।

**कुहेत्रो–** ना० [कुहु+एत्रो] १. शरीरका अङ्गहरू कुहिने एक रोग । २. कुहेको चीज वा वस्तु ।

**कुहयान–** वि० [कुहु+यान] १. कुहिएको; सडेको । २. ना० कुहिएर सडेको वस्तु ।

**कूँच–** ना० हे० कुँच ।

**कूँजो–** वि० हे० कुँजो ।

**कूच–** ना० [तु०] हे० कुच२ ।

**कूची–** ना० हे० कुची । – **कार–** ना० हे० कुचीकार ।

**कूचो–** ना० हे० कुचो ।

**कूज–** ना० [सं०] पक्षीहरूको मीठो बोली; कूजन ।

**कूजन–** ना० [सं०] पक्षीहरूको मधुर स्वरको बोली; चराचुरुङ्गी कराएको शब्द ।

**कूजित–** वि० [सं०] १. बोलिएको वा भनिएको; ध्वनित । २. ध्वनिपूर्ण; गुँजेको । ३. पक्षीहरूको मधुर स्वरले युक्त । ना० ४. पक्षीहरूको बोली; कूज ।

**कूट–** ना० [सं०] १. रहस्यपूर्ण तथा अनेक अर्थ लाग्ने कविता वा रचना । २. पहेली; प्रहेलिका । ३. अप्ठेरो वा उत्तर दिन कठिन प्रश्न । ४. पर्वतको शिखर; टाकुरो । ५. मन्दिर, दरबार आदिका शिखरको गजुर । ६. थुप्रो; रास । ७. लिही । ८ माया; छल; कपट । वि० ९ दुर्गम वा दुर्बोध । १० निश्चल; अडिलो । ११. भूटो बोल्ने; मिथ्यावादी । ~**कविता–** ना० व्यक्त गर्न खोजिएको अर्थलाई लुकाएर बुझ्न गाह्रो बनाइएको कविता; अड्को थाप्ने कविता; प्रहेलिका । – **नीति–** ना० १ राष्ट्रराष्ट्रका बीचको

राजनीतिक सम्बन्ध वा त्यस्तो सम्बन्ध दक्षतापूर्वक सञ्चालन गर्ने नीति । २. व्यक्तिव्यक्ति वा राष्ट्रराष्ट्रका बीच पारस्परिक व्यवहारमा दाउपेच गर्ने नीति । ३. रहस्य बुझ्न गाह्रो पर्ने र अरूलाई अलमल्याउने तथा आफू सधैँ ओबानु रहन सक्ने राजनीतिको बाठो चाल; गुप्त चाल । ४. जसरी पनि आफ्नै अनुकूल अर्थ लाउन सकिने वचन वा शैली । – **नीतिक**– वि० कूटनीतिसम्बन्धी; कूटनीति जान्ने; कूटनीतिज्ञ । – **नीतिज्ञ**– वि० कूटनीति जान्ने; कूटनीतिक । – **पाश**– ना० पशुपक्षीहरूलाई अल्झाउने पासो; जाल । ~**प्रमाणपत्र**– ना० बनावटी प्रमाणपत्र; नक्कली प्रमाणपत्र । ~**प्रश्न**– ना० पहेली; प्रहेलिका । – **मान**– ना० घटीबढी पारिएको र कपटी नापो वा तौल भएको मानु, पाथी, ढक आदि; खोटो मानु, पाथी वा ढक । ~**मुद्रा**– ना० प्रचलितबाहेक बाहिरबाट अवैध रूपमा निकालिएको मुद्रा; खोटो टक; नचल्ने सिक्का । ~**युद्ध**– ना० १. शत्रुलाई झुक्कलमा पारी गरिने लडाइँ; छलकपटपूर्वकको युद्ध । २. नकली युद्ध; झूटो लडाइँ । ~**योजना**– ना० नराम्रो विचारले वा छल-कपटपूर्वक गरिने कुनै कामको योजना; षड्यन्त्र । – **साक्षी**– ना० जसले साक्षी राखेको छ उसैको नहुँदो ढङ्गले बकपत्र गर्ने साक्षी; झूटो साक्षी वा गवाह ।

**कूटस्थ**– वि० [सं०] १. माथिल्लो । २. नटाँसिएको; निर्लिप्त । ३. अचल; गुप्त ।

**कूत**– ना० हे० कुत । ~ **तिरो**– ना० कुत र तिरो ।

**कूप**– ना० [सं०] १. कुवा; वापी । २. प्वाल; खाल्टो । – **मण्डूक**– ना० १. कुवामा बसेको भ्यागुतोजस्तो सीमित घेराको कुरा मात्र देखेबुझेको र बाहिरका कुरा केही थाहा नपाउने व्यक्ति; कुवाको ब्याङ । वि० २. सीमित वा थोरै ज्ञान भएको । – **यन्त्र**– ना० इनारबाट पानी झिक्ने यन्त्र; अरघट्टघटी ।

**कूर्च**– ना० [सं०] १. मयूरको प्वाँख वा पुच्छर । २. शिखा । ३. मुठो; मुठी । ४. दुई आँखीभुइँका बीचको ठाउँ । ५. यज्ञकाससाना पात्रहरू राख्ने ठूलो भाँडो । – **मर्कट**– ना० कूर्चमर्कटानुगणभित्र पर्ने एक प्रकारको सानो वानर । २. कूचोजस्तो पुच्छर हुने सानो जातको वानर । – **मर्कटानुगण**– ना० कूर्चमर्कटजस्तै एक प्रकारको सानो जातको वानर ।

**कूर्म**– ना० [सं०] कछुवा; विष्णुले कछुवा अवतार लिएको मानिने एक रूप । ~**पुराण**– ना० अठार पुराणमध्ये विष्णुले कछुवाको अवतार लिएको कथा र माहात्म्य वर्णन भएको एक पुराण ।

**कूर्माञ्चली**– वि० [सं० कूर्माञ्चलीय] अघिको एक राज्य कूर्माञ्चलको; कूर्माञ्चलसम्बन्धी ।

**कूल**– ना० [सं०] नदी वा पोखरीको किनार; तट; तीर । – **ध्वनि**– ना० सजातीय एवं निकटतम ध्वनिहरूको समूह ।

**कूवा**– ना०हे० कुवा ।

**कृच्छ्र**– वि० [सं०] १. दुःखदायक; कष्टदायक; मुस्किल । २. पञ्चगव्य खाई अर्को दिन उपवास बस्ने प्रायश्चित्तका निम्तिको व्रत ।

**कृत्**– ना० [सं०] १. धातुबाट नाम, विशेषण, अव्यय शब्दहरू बन्दा मूल धातुमा गाँसिने व्युत्पादक प्रत्यय (बन्+आइ, चल्+उवा, हाँस्+एर इ० ।) । २. वस्तुवाचक शब्दको पछिल्तिर रही 'बनाउने' अर्थ बुझाउने विशेषणवाची शब्द (शास्त्रकृत्, भाष्यकृत् इ०) ।

**कृत**– वि० [सं०] १. गरिएको; बनाइएको वा रचिएको (कुनै कार्य वा कृति); रचित; सम्पादित (उदा०– भानुभक्तकृत रामायणको नेपालमा ठूलो महिमा छ ।) । २. गरिसकिएको; पूरा भएको । ना० ३. चार युगमध्ये पहिलो युग; सत्ययुग ।

**कृतक**– वि० [सं०] बनाइएको; बनावटी; नकली । ~ **पुत्र**– ना० बनाइएको छोरो; धर्मपुत्र ।

**कृतकार्य**– वि० [सं०] कार्य पूरा भएको वा सिद्ध गरेको; मनोरथ पूर्ण भएको; कृतार्थ; कृतकृत्य ।

**कृतकृत्य**– वि० [सं०] गर्नुपर्ने कुनै कार्य सम्पन्न गरेको; कृतकार्य; सफल; धन्य । (उदा०– तपाईंले गर्नुभएको सहयोगका निम्ति म कृतकृत्य छु) ।

**कृतघ्न**– वि० [सं०] १. गरेको उपकार नदेख्ने वा नमान्ने; बैगुनी । २. आफूलाई उपकार गर्ने व्यक्तिको अपकार गर्ने । (उदा०– त्यो मानिसलाई मैले भाइजस्तै ठानेको थिएँ तर अहिले मैसँग शत्रुता गर्छ, कस्तो कृतघ्न रहेछ !) । – **ता**– ना० कृतघ्न हुनाको भाव वा अवस्था; बैगुनीपन ।

**कृतज्ञ**– वि० [सं०] गरेको उपकार देख्ने वा मान्ने; गुन मान्ने । (उदा०– आफू भन्नेहरूप्रति कृतज्ञ रहनु मानिसको ठूलो गुण हो) ।

**कृतज्ञता**– ना० [सं०] कृतज्ञ हुनाको काम, भाव वा अवस्था । – **ज्ञापन**– ना० कुनै उपकारपूर्ण कार्यका निम्ति कसैको गुन मानेर त्यो कुरो जनाउने वा बताउने काम; आभारको हार्दिक अभिव्यक्ति । (उदा०– प्रस्तुत ग्रन्थमा विद्वान्‌हरूबाट पाएको सहयोगका निम्ति म उहाँहरूप्रति कृतज्ञताज्ञापन गर्दछु) ।

**कृतपूर्व**– वि० [सं०] १. आफूप्रति कर्तव्य-पालना गरिसकेको । २. गर्नुपर्ने काम पहिल्यै गरिसकिएको; पहिले बनाइएको ।

**कृतप्रतिज्ञ**– वि० [सं०] कुनै कुराका निम्ति प्रतिज्ञा वा अठोट गरिसकेको; गर्ने वा नगर्ने कबुल गरिसकेको ।

**कृतयुग**– ना० [सं०] चार युगमध्ये पहिलो युग; सत्ययुग ।

**कृतविद्य**– वि० राम्ररी विद्या प्राप्त गरेको; कुनै विद्याको पूर्ण विद्वान् ।

**कृतवीर्य**– वि० [सं०] १. बलवान्; बलियो; वीर्यसम्पन्न । ना० २. सहस्रार्जुनका बाबुको नाम ।

**कृतसङ्कल्प**– वि० [सं०] कुनै कार्यका निम्ति निश्चय वा अठोट गरिसकेको; सङ्कल्प गरिसकेको; गर्नै खोजेको वा पक्का गर्ने भएको ।

**कृतहस्त**– ना० [सं०] हातले काम गर्नमा सिपालु; सिद्धहस्त; कुशल ।

**कृतार्थ**– वि० [सं०] १. काम सिद्ध हुनाले खुसी र सन्तोष भएको; मनोरथ पूर्ण भएको । २. गर्नुपर्ने काम सिद्धचाइसकेको; उद्देश्य पूरा गरिसकेको । ३. कृतकृत्य ।

**कृति**– ना० [सं०] १. गरिएको कुनै असल वा ठूलो काम; पूरा गरेको कार्य । २. कुनै पुस्तक, चित्र आदिको रचना । ३. परोपकारका निम्ति बनाइएका सार्वजनिक उपभोगका वस्तु (पाटी, पौवा, मन्दिर आदि) । ४. एक पाउमा बीस अक्षर हुने छन्दका सबै भेद । – **त्व**– ना० कृतिमा हुने वा रहने गुण वा विशेषता । ~ **सूची**– ना० कृतिहरूको नामनामेसी, रचयिता, प्रकाशनमिति आदि लेखिएको विवरण; अनुक्रमणिका । – **स्वाम्य**– ना० कुनै पुस्तक, लेख, रचना आदि फेरि प्रकाशनमा ल्याउने-बेच्ने आदि अधिकार; स्वत्वाधिकार; कपीराइट ।

**कृती**– वि० [सं० कृतिन्] १. कुनै विशिष्ट वा असल र उम्दा काम गर्ने; कृति रच्ने वा बनाउने । २. कुशल; निपुण । ३. पुण्यात्मा । ४. साधु । ५. कृतकार्य । ६. कृतार्थ । ७. विद्वान् ।

**कृत्ति**– ना० [सं०] १. हरिण, हात्ती आदिको छाला; मृगचर्म । २. छाला; चर्म ।

**कृत्तिका**– ना० [सं०] १. सत्ताइस नक्षत्रमध्ये तेस्रो नक्षत्र । २. आकाशमा देखिने अग्निको शिखाजस्तो आकार भएको छवटा ताराको समूह; किरकिटी ।

**कृत्तिवास**– ना० [सं०] १. हात्ती र मृगचर्म परिधान भएका शिव; महादेव । २. बङ्गला भाषामा रामायणका प्रणेता प्रसिद्ध व्यक्ति ।

**कृत्परसर्ग**– ना० [सं०] शब्दका पछाडि गाँसिने प्रत्ययको एक भेद; कृदन्त प्रत्यय ।

**कृत्य**– ना० [सं०] १. धामिर्क दृष्टि वा सदिच्छाले गरिने शास्त्रविहित आवश्यक कर्म । २. कुनै अधिकारीले आफ्नो पदअनुसार गर्नुपर्ने काम । ३. कर्तव्य; कार्य; काम । वि० ४. गर्नुपर्ने; गर्न योग्य ।

**कृत्या**– ना० [सं०] १. आफ्नो कार्यसिद्धिका निम्ति वा अरूमाथि अनिष्ट कार्य गराउन उत्पन्न गरिने भागवत पुराणमा चर्चित एक राक्षसी । २. तन्त्रमन्त्रबाट उत्पादित शक्तिद्वारा गरिने घातक काम । ३. दुष्टा र कर्कशा स्त्री ।

**कृत्याकृत्य**– वि० [सं०] गर्न हुने र नहुने वा उचित र अनुचित (काम); कर्तव्याकर्तव्य ।

**कृत्रिम**– वि० [सं०] १. प्राकृतिक वा स्वाभाविक नभएको; बनावटी । २. नकली । ३. जाली; कीर्ते । ~ **अभाव**– ना० कुनै वस्तु वा माल हुँदाहुँदै पनि व्यापारी वर्गद्वारा सीमित स्वार्थका नम्ति नभएजस्तो पारी हराउने वा बिलाउने गरिने बनावटी स्थिति । (उदा०– बजारमा व्यापारीहरूद्वारा सिर्जिएको कृत्रिम अभावले खाद्यान्न वस्तुमा जनतालाई निकै मर्का परेको छ) । ~ **गर्भाधान**– ना० पिचकारीजस्तो यन्त्रको मदतले गर्भाशयमा वीर्य पुऱ्याएर पेट बोकाउने काम; कृत्रिम रूपमा गर्भधारण गराउने काम । ~ **श्वास**– ना० फोक्साले काम गर्न छोडेको अवस्थामा रोगीबिरामीलाई बचाउन नली वा पाइपद्वारा कृत्रिम रूपमा हालिने श्वास ।

**कृदन्त**– ना० [सं०] धातुमा 'कृत्' प्रत्यय गाँसिएर बनेका वा व्युत्पन्न भएका नाम, विशेषण, अव्यय आदि शब्द (लेख्+आइ = लेखाइ, चल्+उवा = चलुवा, बस्+एर = बसेर इ०) ।

**कृपण**– वि० [सं०] साह्रै छुच्चो; कन्जुस; किरन्टोकी; चुइयाँ । – **ता**– ना० छुच्चोपन; कन्जुस्याइँ । > **कृपणी**– वि० १. कन्जुस; कृपण । २. दुःखी; दीन ।

**कृपया**– क्रि० यो० [सं०] कृपापूर्वक; कृपा गरेर; मेहरबानी गरी ।

**कृपा**– ना० [सं०] करुणापूर्वक कसैमाथि गरिने दयामाया; अनुग्रह; निगाह । – **कर**– वि० कृपा गर्ने; दयामाया गर्ने; कृपालु । – **काङ्क्षी**– वि० नम्र स्वभावले कुनै आकाङ्क्षा गर्ने; कृपा चाहने । > **कृपाङ्क**– ना० परीक्षामा उत्तीर्णाङ्क योग पुगेर पनि एक वा दुई विषयसम्म थोरै अङ्कले अनुत्तीर्ण हुने विद्यार्थीलाई सम्बन्धित परीक्षानिकायले निर्णय गरेअनुसार थप्ने वा जोडिदिने अङ्क; थप प्राप्ताङ्क ।

**कृपाण**– ना० [सं०] तरबार; खड्ग; कटार । > **कृपाणिका**– ना० सानो तरबार; सानो हतियार ।

**कृपापात्र**– वि० [सं०] १. कृपा गर्न योग्य; दयामायाको अधिकारी । २. कृपा पाएको; ममता गरिएको ।

**कृपालु**– वि० [सं०] कृपा गर्ने स्वभाव वा बानी भएको; दयामाया राख्ने; कृपायुक्त । – **ता**– ना० कृपालु हुनाको भाव वा अवस्था; दयालु वा मायालुपन ।

**कृपावाद**– ना० [सं०] योग्यता नहेरी आफ्नो चाकरी गर्नेलाई कृपा गर्ने अनुचित सिद्धान्त वा प्रवृत्ति ।

**कृमि**– ना० [सं०] १. पेटभित्र पर्ने जुका आदि कीरा । २. ससाना कीरा; कीट । – **कोश**– ना० १. रेसमका कीराको गुँड; रेसमको कोयो । २. पुतलीहरू बन्ने कीराका लार्भा । ~ **रोग**– ना० आमाशय र पक्वाशयमा पर्ने जुका आदिको रोग । ~ **विज्ञान**– ना० कीराहरूको उत्पत्ति, विनाश, गुण, दोष आदिको विचार गरिने विद्या, कीटविज्ञान । – **शैल**– ना० धमिराको गोलो ।

**कृश**– वि० [सं०] १. दुब्लो; पातलो; झीनो; ख्याउटे । २. कमजोर; निर्धो । – **ता**– ना० कृश हुनाको भाव वा अवस्था; दुब्लोपन; निर्धोपन । – **काय**– वि० दुब्लो शरीर भएको; क्षीण शरीर भएको । > **कृशाङ्गी**– वि० तन्वङ्गी; पातलो र चिटिक्क परेको शरीर भएकी; दुब्लो शरीर भएकी; तन्वङ्गी (स्त्री) । ~ **कृशोदरी**– वि० पातलो र झीनो कमर भएकी (स्त्री) ।

**कृषक**– ना० [सं०] किसान; खेतीवाल । ~ **अगुवा**– ना० कृषि विभागले कृषिसम्बन्धी तालिम दिएर वैज्ञानिक तथा उन्नत रूपमा खेती गर्न कुशल बनाइएका किसान वा तिनको नाइके ।

**कृषाण**– ना० [सं०] १. कृषक; किसान; खेतीवाल । २. हलो जोत्ने व्यक्ति; हली ।

**कृषि**– ना० [सं०] खनजोत गर्नुपर्ने तथा बालीनाली लगाउनुपर्ने र तत्सम्बन्धी सबै काम; खेती; किसानी । ~ **अर्थशास्त्र**– ना० कृषिद्वारा

राज्यको अर्थशक्ति बढाउन गर्नुपर्ने काम तथा कृषिव्यवसायलाई उन्नत र उपलब्धिमूलक तुल्याउन आवश्यक सीप वा दक्षताको विकास गर्न सघाउ पुऱ्याउने शास्त्र । ~ **अर्थशास्त्री**– ना० कृषिअर्थशास्त्रका ज्ञाता वा विशिष्ट विद्वान् । – **ऋण**– ना० खेतीपातीको काममा खर्च गर्न तथा गोरु, भैँसी, बङ्गुर, कुखुरा, फलफूल आदिको व्यवसाय गर्न किसानहरूलाई सरल ब्याजमा दिइने ऋण; कृषिकार्यका निम्ति सहयोगस्वरूप दिइने कर्जा । ~ **उपज**– ना० खेतीकिसानीबाट उत्पादन हुने अन्नपात, पशुपक्षी, दूधघिउ, फलफूल आदि वस्तु । ~ **उत्पादन**– ना० १. कृषिव्यवसायद्वारा उत्पन्न हुने खाद्यान्न, फलफूल, सागपात, पशुपक्षी, बस्तुभाउ, दूधघिउ आदि । २. बालीनाली, बस्तुभाउ, फलफूल आदि बढाउने, हुर्काउने र फैलाउने काम । ~ **ऐन**– ना० कृषिव्यवसायसम्बन्धी कानुन; जग्गाधनी, मोही र सरकारका बीच सुसम्बन्ध कायम गर्न तथा कृषिउद्योगको विकास गर्नका निम्ति तर्जुमा गरिएको नीति । ~ **कर्म**– ना० खेतीपातीको काम; खनजोत गर्ने काम; खेती । ~ **गृह**– ना० खेतीपातीको रेखदेखका निम्ति बनेको घर; कामत । ~ **चून**– ना० जमिनको अम्लपन हटाई खेतीयोग्य बनाउन तथा उत्पादनवृद्धि गर्नका निम्ति उपयोग गरिने चून । – **जीवी**– वि० खेती गरेर निर्वाह गर्ने वा जीविका चलाउने । – **प्रधान**– वि० खेती नै मुख्य पेसा वा आधार भएको । (उदा०– नेपाल कृषिप्रधान देश हो) । ~ **मौसम आयोग**– ना० कृषिका निम्ति उपयुक्त मौसमको विचार गर्ने र आवश्यक तथ्याङ्क, विवरण, माप आदि निकाल्ने काम गर्ने राज्यको अङ्गविशेष । ~ **यन्त्र**– ना० इन्जन जोरिएको, खेत जोत्ने, बाली काट्ने, दाउनेजस्ता खेतीसम्बन्धी काम गर्ने मसिन । ~ **वर्ष**– ना० १. इ० १९७७ मा संयुक्त राष्ट्रसङ्घको आह्वानअनुसार अन्तर्राष्ट्रिय स्तरमा मनाइएको कृषिसम्बन्धी अभियान वा पर्वको विशेष वर्ष । २. नेपालको पुरानो चलनचल्तीअनुसार मोही पजनी, बाली वा रिन लिनेदिने आदि कृषिसम्बन्धी काम वा हरहिसाब गर्दा प्रयोग गरिने, अघिल्लो वर्षको श्रीपञ्चमीदेखि अर्को वर्षको श्रीपञ्चमीभित्रको अवधि । ~ **विकास बैङ्क**– ना० कृषि-विकासका निम्ति आवश्यक सरसहयोग जुटाउन, तत्सम्बन्धी आधार तथा उद्योग स्थापित गर्न र भएका आधार तथा उद्योगको सुदृढीकरण गर्न सहायता गर्ने ब्याङ्क । ~ **विज्ञान**– ना० कृषिसम्बन्धी विषयमा वैज्ञानिक रूपले विचार गरिएको अनुसन्धान तथा अनुभवपूर्ण ज्ञान वा त्यसै विषयको ग्रन्थ । ~ **विभाग**– ना० कृषिसम्बन्धी कार्यव्यवस्था तथा नीतिनियमको सञ्चालन गर्ने र आवश्यक सरसाधनको प्रबन्ध मिलाई तत्सम्बन्धी कार्यको अवलोकनसमेत गर्ने केन्द्रीय अड्डा । ~ **व्यवसाय**– ना० खेतीपातीसम्बन्धी उद्योगधन्दा वा पेसा । ~ **समिति**– ना० खेतीपातीको उद्योगधन्दा वा पेसालाई वैज्ञानिकीकरण गर्ने र सुधार ल्याउने कामका निम्ति सरकारी-गैरसरकारी प्रतिनिधिहरू सामेल गरी बनाइने संस्था वा सङ्गठन । ~ **साधन**– ना० खेतीपातीका निम्ति आवश्यक पर्ने हलो-कोदालो, मल-बीउ आदि सामग्री र सिँचाइकुलो आदि साधन ।

**कृष्ट**– वि० [सं०] १. खनजोत गरिएको । २. तानिएको; घिच्याइएको । ~ **भूमि**– ना० खनजोत गरिएको तथा बालीनाली रोपिएको जमिन । > **कृष्टि**– ना० १. खन्नेजोत्ने काम । २. तान्ने काम वा अवस्था । ३. विद्वान् व्यक्ति ।

**कृष्ण**– ना० [सं०] १. विष्णुका दस अवतारमध्ये आठौँ अवतार लिएर वसुदेव र देवकीका पुत्र भई गोकुलमा जन्मेका द्वापरयुगका प्रसिद्ध महापुरुष वा नेता । २. व्यास र अर्जुनको उपनाम । ३. केशव, गोविन्द, जनार्दन, माधव, मुरलीधर, मुरारि, वासुदेव, श्याम इ० । वि० ४. कालो वर्णको; कालो; साँवलो ।

**कृष्णक**– ना० [सं०] १. कालो मृगको छाला; कालो मृगचर्म । २. कालो रङको सर्स्यूँ ।

**कृष्णकली**– ना० [कृष्ण+कली] एउटै आँख्लामा दुईतिरै हाँगा हाल्ने, खोर्सानीका जस्ता पात हुने र बाहिरपट्टि गुलाफी चारवटा पटल तथा भित्रपट्टि बैजनी रङका दल हुने फूलको बोट वा त्यसैको फूल ।

**कृष्णचरित्र**– ना० [सं०] कृष्णको जीवनी, व्यक्तित्व र कृतित्वको वर्णन भएको कथा वा उनैको चरित्रमा आधारित काव्यकृति ।

**कृष्णजिरा**– ना० [सं० कृष्णजीरक] १. केही बास्ना आउने कालो रङको जीरा; कालोजीरा । २. मसिना गेडा हुने असल खालको धान वा त्यसैको चामल ।

**कृष्णद्वैपायन**– ना० [सं०] वेदव्यास ।

**कृष्णपक्ष**– ना० [सं०] पूर्णिमापछि प्रतिपदादेखि अमावस्यासम्मका पन्ध्र दिन वा तिथिको समूह; चान्द्रमासको अँध्यारो पक्ष; औँसी पच्छे ।

**कृष्ण प्रणामी**– ना० [सं०] आडम्बरी चलन नमान्ने र माछामासु पनि नखाने वैष्णवसम्प्रदायको एक शाखा ।

**कृष्णभोग**– ना० [सं०] १. बास्ना आउने कालो, मसिनु एक जातको धान वा त्यसैको चामल । २. एक जातको असल आँप ।

**कृष्ण यजुर्वेद**– ना० [सं०] यजुर्वेदका दुई प्रमुख शाखा कृष्णयजुर्वेद र शुक्लयजुर्वेदमध्ये एक ।

**कृष्ण लवण**– ना० [सं०] बिरेनुन ।

**कृष्णलोह**– ना० [सं०] चुम्बक ।

**कृष्णशालि**– ना० [सं०] कृष्णभोग धान ।

**कृष्णसार**– ना० [सं०] कालो पिठ्यूँ, सेतो पेट र लामा बटारिएका सिङ हुने एक जातको मृग; कालो हरिण ।

**कृष्णा**– ना० [सं०] १. काला पात भएको तुलसी । २. द्रौपदीको एक नाम । ३. दक्षिण भारतको एक प्रसिद्ध नदी । ४. कालीगण्डकी ।

**कृष्णागरु**– ना० [सं०] लेपमा प्रयोग गरिने एक प्रकारको बुटी ।

**कृष्णाजिन**– ना० [सं०] कृष्णसार मृगको छाला; कालो मृगको छाला; कृष्णक ।

**कृष्णाभिसारिका**– ना० [सं०] अँधेरी रातमा काला लुगा लाएर नायकले दिएको सङ्केतस्थलमा जाने नायिका ।

**कृष्णाष्टमी**– ना० [सं०] कृष्ण जन्मेको तिथि; कृष्णजयन्ती; भाद्र कृष्ण अष्टमी ।

**कृष्य**– वि० [सं०] खेती गर्न योग्य; आबाद गर्न लायक (जमिन) ।

**के१**– सर्व० [सं० किम्] प्रश्न गर्दा वा निन्दा, वितर्क, सन्देह आदि बुझाउँदा प्रयोग गरिने शब्द; कुन (वस्तु, कुरो, काम आदि) ।

**के२**– विभ० पुरानो चलनमा खास गरी कागतपत्रमा प्रयुक्त हुने सम्प्रदान कारकको चिह्न; लाई; लागि । (उदा०– रु० ५००।– दिनुपर्ने मध्ये गएको रामके रु० १५०।–, श्यामके रु० १००।; आगे झिँगनपुर बस्ने अकले दनुवारके यथोचित) ।

**केक**– ना० [अङ्०] मसला, नौनी आदि हालेर बनाइने एक किसिमको बेलाइती गुलियो रोटी ।

**केका**– ना० [सं०] मयूरको शब्द वा बोली ।

**केकी**– ना० [सं०] मयूर; मुजुर ।

**केके जाति**– वि० [केके+जाति] अनेक भाँति; नानावली ।

**केजाति**– अव्य० [के+जाति] चाहिएको नाम वा कामकुरो हेक्का नहुँदा भनिने शब्द । (उदा०– उनले भनेको कुरो केजाति सम्झना पनि भएन) ।

**केजी**– ना० [अङ्०] किलोग्रामको छोटकरी रूप; एक हजार ग्रामको तौल ।

**केजो**– ना० अग्ला पहाडतिर उम्रने, मोटो डाँठ र हाँगादार हुने, हाँगाहरू कलिलो छँदा गुलियो हुने अनि छिप्पिएपछि तीतो हुने र अचार खाइने एक बोट ।

**केटाकेटी**– ना० [केटा+केटी] १. साना नानीहरू; बालक-बालिका; भुराभुरी । २. छोराछोरी; बालबच्चा । ३. बेउला-बेउली; वरवधू । ४. गैँडाका बच्चा । वि० ५. बुद्धि नछिप्पिएको; आलोकाँचो ।

**केटी**– ना० [केटो+ई] १. सानी ठिटी; बालिका । २. बिहे गर्ने बेलाकी स्त्री; कन्या । ३. दासी; सुसारे ।

**केटो**– ना० [सं० चेट] १. सानो ठिटो; बालक । २. बिहे गर्ने बेलाको पुरुष; कुमार । ३. गैँडाको बच्चो । >**केटौली**– ना० १. केटाकेटी अवस्था; ठिटौली । २. उमेर नछिप्पिएको अवस्था वा अल्लारेपन । **केटौलो**– वि० १. केटौली अवस्थाको; केटाकेटीपनाको । २. अल्लारे ।

**केतक/केतकी**– ना० [सं०] लामा साँप्लाजस्ता तीखा र चिल्ला पात हुने, डाँठ र पातमा काँढा लाग्ने, डाँठबाट बरका जस्ता जरा निस्कने, घोगो परेको र सेतो सुगन्धी फूल फुल्ने एक जातको झाड वा त्यसैको फूल; केत्तुके; केवडा ।

**केतन**– ना० [सं०] १. घर; भवन । २. ठाउँ; स्थान । ३. ध्वजा; झन्डा ।

**केतु**– ना० [सं०] १. नवग्रहमध्ये एक ग्रह; गिँड मात्रमा कल्पना गरिएको ग्रह । २. पुच्छ्रेतारा; धूम्रकेतु । ३. ध्वजा; झन्डा ।

**केतुवा**– ना० रम्बाँस; हातीवार ।

**केत्तुके**– ना० [सं० केतकी] १. केतकी; काँढादार लामा पातबाट पाट बनाउनमा प्रसिद्ध एक बोट । २. सयपत्रीको नाभो फूल ।

**केदार**– ना० [सं०] १. धानखेतको गरो, आली वा बगैँचाको डचाङ; क्यारी । २. गङ्गोत्तरी र बदरीनाथका बीचमा रहेको हिमालयको एक शिखर वा त्यस शिखरमा अवस्थित प्रसिद्ध शिवलिङ्ग । ३. रातको दोस्रो प्रहरमा गाइने ओडव-षाडव जातिको एक राग । – **खण्ड**– ना० केदारनाथको माहात्म्य वर्णन गरिएको स्कन्द पुराणको एक भाग । – **नाथ**– ना० हिमाली खण्डको केदारपर्वतमा रहेका प्रसिद्ध शिवजी; हिन्दूहरूको एक प्रसिद्ध तीर्थस्थल ।

**केन**– ना० [सं०] एघार उपनिषद्मध्ये एक ।

**केन्तुम् शाखा**– ना० [ल्या० केन्तुम्+सं० शाखा] भारोपेली भाषा खलकमा 'सय' शब्दलाई बुझाउने थालनीको इरानेली रूप 'शतम्' र ल्याटिन रूप 'केन्तुम्'का आधारमा मुख्य दुई हाँगामा विभाजित शाखामध्ये एक; त्यसरी 'स' ध्वनिलाई 'क'-को प्रयोग वा उच्चारण गर्ने भाषाखलकको वर्ग वा शाखा [केन्तुम् (ल्याटिन), केत् (प्राचीन आयरेली), कन्द (तोखारेली), केन्तो (इटालेली), खेन्त (फ्रान्सेली), हन्ड (अङ्ग्रेजी), हैक्तोन (ग्रिसेली) आदि] ।

**केन्द्र**– ना० [सं०] १. कुनै स्थान वा वस्तुको मध्य भाग वा बिन्दु; माझ; बीचको ठाउँ; नाभि । २. विभिन्न कार्यसञ्चालन हुने मुख्य ठाउँ वा सदर मुकाम । ३. सङ्घसंस्था आदिको प्रधान कार्यालय रहेको स्थान । ४. सधैँ बस्ने ठाउँ । ५. तैनाथ गर्ने विभाग । ६. फलित ज्योतिषअनुसार जन्मकुण्डलीको पहिलो, चौथो, सातौँ र दसौँ स्थान । ~**बिन्दु**– ना० कुनै घेराको माझमा रहेको स्थिर बिन्दु; मध्यबिन्दु । ~ **मण्डल**– पृथ्वीभित्रका केन्द्रवरिपरिको खण्ड । >**केन्द्राभिमुख**– वि० बाहिरबाट केन्द्रतिर जाने वा आफ्ना सम्भावना र शक्तिको उपयोग नगरी केन्द्रतिरको मुख मात्र ताक्ने । **केन्द्रित**– वि० केन्द्र बनाइएको; एकै ठाउँमा भेला गरिएको; केन्द्रीभूत ।

**केन्द्री**– वि० [सं०] केन्द्रमा रहेको वा रहने; केन्द्रस्थित । – **करण**– ना० १. केन्द्रमा नै समेट्ने वा केन्द्रद्वारा नै सबै कार्य परिचालन गर्ने काम; केन्द्रित गर्ने वा पार्ने काम । २. एकै ठाउँमा जम्मा गर्ने काम । – **भूत**– वि० केन्द्र वा प्रमुख स्थानमा रहेको; चारैतिरबाट एकै ठाउँमा जम्मा भएको; केन्द्रित ।

**केन्द्रीय**– वि० [सं०] १. केन्द्रसम्बन्धी; केन्द्रको । २. केन्द्र वा मध्य भागको; प्रधान; मुख्य । ३. कुनै राज्य वा राष्ट्रको केन्द्रस्थान वा राजधानीसित सम्बन्धित (केन्द्रीय कार्यालय, केन्द्रीय शासन, केन्द्रीय सरकार इ०) । ~**बैङ्क/ब्याङ्क**– ना० १. ब्याङ्कहरूको प्रधान अङ्ग वा ब्याङ्कहरूको पनि ब्याङ्क । २. वित्तीय कारोबारका साथै मातहतका सम्पूर्ण ब्याङ्कहरू सञ्चालन गर्ने ब्याङ्कहरूको प्रधान कार्यालय; राष्ट्र बैङ्क । ~ **शासन**– ना० कुनै राष्ट्रमा केन्द्रीय सरकारमै शासनसत्ताको अधिकार रहने र केन्द्र वा राजधानीबाटै देशको सम्पूर्ण शासन चलाउने व्यवस्था । ~ **सङ्गठन**– ना० गाउँ वा जिल्लास्तरमा भएका

सङ्गठनका कार्यहरूलाई नियन्त्रित वा सञ्चालित गर्न केन्द्रको रूपमा स्थापना गरिएको वा केन्द्रमा स्थापना भएको सङ्गठन । ~ **सरकार**– ना० राष्ट्रको केन्द्रमा रहेर वा राष्ट्रिय स्तरमा देशको शासन व्यवस्था मिलाउने र चलाउने मुख्य सरकार; केन्द्रीय मन्त्रिमण्डल वा मन्त्रिपरिषद् ।

**केन्द्रोन्मुखी**– वि० [सं०] केन्द्रपट्टि झुकेको वा केन्द्रलाई नै मुख्य लक्ष्य बनाएको; केन्द्रको मात्र भर परेको ।

**केप**– ना० [अङ्०] टोटामा जडिने, टोपीका आकारको आगो पार्ने धातुको साधन ।

**केमाच**– ना० कसुरजस्तो कन्द, सेतो जरा र लामालामा पात हुने, पानीभित्र उम्रने एक जातको झ्याउ वा एक किसिमको घाँस ।

**केयूर**– ना० [सं०] पाखुरामा लगाइने नवरत्न जडिएको एक गहना; बाजु ।

**केर्-नु१**– स० क्रि० [√ कोर्] लेखिएका अक्षर, शब्द आदिलाई धर्सो तानेर रद्दी पार्नु; केरमेट गर्नु; मेट्नु ।

**केर्-नु२**– स० क्रि० दोषी वा बापतीलाई उसले गरेको अपराधका बारेमा सोधपुछ गर्नु; अपराधको पत्ता लगाउन कारकेर गर्नु; खोहोऱ्याउनु ।

**केरकार**– ना० [केर्+कार] दोषी वा बापतीलाई सोधपुछ गर्ने काम; कारकेर । २. केर्ने र मेट्ने काम; केरमेट ।

**केरमेट**– ना० [केर्+मेट्] लेखिएका अक्षर, शब्द आदिमा धर्का तानेर रद्दी पार्ने काम; केरकार ।

**केरा**– ना० [सं० कदली] निकै ठूला लामा पात हुने, कलेजी रङको कमलका आकारको बुङ्गो लाग्ने, पाकेपछि पहेँला, राता, हरिया रङका बोक्रा हुने लाम्चा गुलिया कोसे फल फल्ने जातजातको बोट वा त्यसैको फल; कदली ।

**केराइ**– ना० [√ केर् (+आइ)] १. केर्ने काम वा किसिम; मेटाइ । २. कारकेर गर्ने काम; खोहोऱ्याइ । **केराइनु**– क० क्रि० १. केर्न लाइनु; मेटाइनु; केरमेट गराइनु । २. खोहोऱ्याइनु; कारकेर गरिनु ।

**केराउ**– ना० [सं० कलाप] डाँठमा दुईतिर सँगसँगै लाम्चिला जोर पात पलाउने, नीला, सेता वा कलेजी रङका फूल फुल्ने, लामालामा नङ्ग्रा हुने र लाम्चिला कोसा फल्ने दाल जातको लहरो वा त्यसैको फल । – **कोसे**– ना० केराउका जत्रा पोटिला कोसा हुने एक जातको सिमी ।

**केराउनु**– प्रे० क्रि० [केर्+आउ+नु] १. केर्न लाउनु; मेटाउनु; केरमेट गराउनु । २. कारकेर गराउनु; खोहोऱ्याउनु ।

**केरिनु**– क० क्रि० [केर्+इ+नु] १. केर्ने मेट्ने काम गरिनु । २. सोधिनु; खोहोऱ्याइनु ।

**केरे**– अव्य० [के+रे] कुराकानीमा आउने एक किसिमको थेगो । (उदा०– तपाईंले भन्नुभएको कुरो केरे–अलमलमा भुसुक्कै बिर्सेछु) ।

**केरो**– ना० [√ केरा] १. केरा (प्रायः तुच्छार्थमा) । २. पुरुष जनेनन्द्रिय (अश्ली०) ।

**केलाइ**– ना० [√ केलाउ (+आइ)] केलाउने काम वा प्रक्रिया । – **कुलाइ**– ना० सबै केलाउने काम; छान्ने काम; छानबिन [ > ] **केलाइनु**– क० क्रि० केलाउने काम गरिनु; छानबिन गरिनु ।

**केलाउ-नु**– स० क्रि० [प्रा० केलाय] मिसिएको वा छासमिसे वस्तुबाट कुनै एक वस्तु छुट्ट्याई झिकी अलग पार्नु वा चाहिने वस्तु लिनु; एक-एक गरेर त्यही वस्तु मात्र छान्नु; छानबिन गर्नु ।

**केलि**– ना० [सं०] १. प्रेमीप्रेमिकासँग परस्परमा गरिने रागात्मक सम्बन्धको खेल वा क्रीडा; आमोदप्रमोद । २. हाँसखेल; हँस्सीठट्टा । ३. स्त्रीप्रसङ्ग; मैथुन । – **कला**– ना० कामक्रीडा; मैथुनसम्बन्धी कला । – **गृह**– ना० सहवास गर्ने ठाउँ; रतिगृह ।

**केल्टेली**– वि० [केल्ट (स्थान)+एली] युरोपभित्र बोलिने भारोपेली भाषापरिवारको एक शाखा ।

**केवँरा**– ना० [सं० केविका] लाम्चा ठूलठूला हरिया पात हुने, टुप्पामा घोगा लागी त्यसमा पहेँला र सेता फूल फुल्ने र जरामा गदको जस्तो गाना हुने बोट वा त्यसैको फूल ।

**केवट**– ना० [प्रा० केवट्ट < सं० कैवर्त] खोलानालामा माछा मार्ने र डुङ्गा तार्ने कामबाट जीवन निर्वाह गर्ने एक जाति वा त्यस जातिको व्यक्ति; माझी; मल्लाह ।

**केवल**– अव्य० [सं०] १. खालि; त्यही एक मात्र । २. सिवाय । ना० ३. भ्रान्तिरहित विशुद्ध ज्ञान । – **ज्ञानी**– ना० विशुद्ध ज्ञान प्राप्त भएको साधु ।

**केश**– ना० [सं०] टाउकाको रौँ; कपाल । – **कर्म**– ना० कपाल तलास्ने, कोर्ने, काट्ने, खौरने, छाँट्ने आदि काम । – **कलाप**– ना० कपालको समूह । – **पतन**– ना० रौँ झर्ने वा खोइरो लाग्ने रोग । – **पाश**– ना० कपालको चुल्ठो । – **प्रसाधनी**– ना० काइँयो । – **मार्जन**– ना० कपाल नुहाउने, कोर्ने वा तलास्ने काम ।

**केशर**– ना० [सं०] १. फूलभित्र हुने पराग र मकरन्दयुक्त मसिनो कोमल भुवा; केसर । २. प्रायः काश्मीरमा पाइने, सानो भुइँझारमा फुल्ने हल्का प्याजी रङ भएको फूलमा हुने सुगन्धी पहेँलो केस्रा; केसर । ३. कुङ्कुम; किञ्जल्क । ४. सिंह, घोडा आदिका घिच्रामाथि हुने लामालामा रौँ; याल; जगर ।

**केशरी**– ना० [सं०] १. पूजाआजामा प्रयोग गरिने केशर मिलाएर घोटिएको चन्दन; केसरी । २. नागकेशर । ३. सिंह । वि० ४. केशर हुने वा भएको ।

**केशव**– ना० [सं०] १. कृष्ण । २. विष्णु । ३. ब्रह्म; परमेश्वर । वि० ४. केश भएको ।

**केशविन्यास**– ना० [सं०] कपाल तलास्ने, चुल्ठो बाट्ने वा केश सजाउने काम ।

**केस**– ना० [अङ्०] १. हल्का वस्तु राख्ने कपडा, छाला आदिको बाकस । २. झगडा; मुद्दा । ३. रोग वा रोगीको स्थिति । ४. छापिने टाइपका अक्षरहरू राखिने खुला खण्डेदार बाकस ।

**केसर–** ना०हे० केशर ।

**केसरनामा–** ना० [?] प्राचीन कालमा दुई सरकारका उच्च ओहदाका व्यक्तिहरूले सहीछाप गरेको व्यापारसम्बन्धी कामकुरो लेखिएको कागत ।

**केसरिया–** वि० [केसर+इया] केशरका रङको; रातो र पहेँलो मिसिएजस्तो रङ भएको ।

**केसरी–** ना०हे० केशरी ।

**केसऱ्याक–** ना० [अङ्०] टाइपकेसहरू सुरक्षित राख्ने विशेष किसिमको खण्डे दराज ।

**केसौर–** ना० [सं० कसेरु] चाम्रो, पातलो, खैरो रङको बोक्रा र गुलियो, सेतो नरम गुदी हुने सखरखण्डका ढाँचाको डल्लो कन्द ।

**केस्राकेस्री–** ना० [केस्रा+केस्रा] सानाठूला धेरै केस्रा ।

**केस्रि-नु–** अ० क्रि० [केस्रो+इ+नु] केस्राहरू छुट्टिनु; केस्राकेस्रा पर्नु ।

**केस्रो–** ना० [सं० केसर] सुन्तला, चाक्सी, ज्यामिर, भोगटे आदि रसदार फलको बोक्राभित्र रहने खाद्य वस्तुको खण्ड वा तह ।

**केही–** वि० [सं० किंहि] १. अलिकति; थोरै । २. कुनै; एक न एक ।

**कैँची–** ना० [तु० कैची] १. तलमाथिका पातका धारले च्यापेर कपडा, कागत आदि काट्ने फलामे साधन; कतर्नु; कर्तरी । २. दुई काठ, फग्लेँटा, इँट आदिलाई तलमाथि फट्टाएर जोड्न वा मिलाउन बनाइने चेपुवा साधन । ३. साइकल आदिको एक साधन ।

**कैँजल–** ना० हर्राका जस्ता पात हुने अमिलो स्वादको, बोक्रा अतिसार रोगमा औषधीका निम्ति उपयोग गरिने एक जातको बोट ।

**कैँडा–** ना० १. धेरै हिँड्दा शरीरको थकाइ र नसाको तन्काइले पिँडौला वा तिघ्रामा पर्ने सुम्लो । २. कैँडो ।

**कैँडे–** वि० [कैँडो+ए] १. कैँडाका आकारको वा कैँडाजस्तो । २. अण्डकोष ठूलो हुने; आँडे ।

**कैँडो–** ना० [सं० गञ्जा] फर्सी, कुभिन्डो आदिको सानो फल वा गट्टो ।

**कैकेयी–** ना० [सं०] १. केकय देशमा जन्मेकी तथा केकयराजकी छोरी; दशरथकी कान्छी रानी र भरतकी आमा । वि० २. डाहिल्ले; दुष्टा । (उदा०– अस्ति बिहे गरेकी दुलही त कैकेयी नै छ क्यारे) ।

**कैटभ–** ना० [सं०] पुराणअनुसार विष्णुद्वारा मारिएको र मधु नाम गरेको दैत्यका भाइ; एक दैत्य ।

**कैटे–** ना० [सं० कट] काछमा हुने वा आउने वातसम्बन्धी खटिरो ।

**कैतव–** ना० [सं०] १. छल; धोका । २. जुवा । > **कैतवापह्नुति–** ना० वास्तविक कुरालाई छलछामसाथ निषेध गरिने अपह्नुति अलङ्कारको एक भेद ।

**कैथ–** ना० [प्रा० कइत्थ] बाहिर खैरो अत्तरछाला हुने र गुदीचाहिँ अमिलो हुने बेलजस्तो एक फल ।

**कैद–** ना० [अ०] झ्यालखानामा राखिने सजाय; बन्धन; कारावास; थुना । ~ **कट्टी–** ना० थुनुवाले बस्नुपर्ने कैद पूरा हुने वा घट्ने काम । – **खाना–** ना० बन्दीगृह; झ्यालखाना; जेल; कारागार; कारागृह ।

**कैदी–** वि० [अ०] कैद वा थुनामा परेको; झ्यालखानियाँ; बन्दी; थुनुवा । ~ **पुर्जी–** ना० थुनुवा पुर्जी ।

**कैपुँचा–** ना० [नेवा०] गोलो थालका आकारको केही उठेको बिट भएको ठोकेर बजाइने मात्रिक तालबाजा ।

**कैफत१–** ना० [सं० कुपथ्य] १. खानेकुरा आदिबाट हुने बिगार वा खराबी; कुपथ्य । २. कपट; छलछाम । ३. ढाँट व्यवहार; ठग्ने प्रवृत्ति ।

**कैफत२–** ना० [अ० कैफियत] १. कुनै कामकुरामा जानीजानी हुन गएको बिगार वा खराबी; विघ्न । २. कपट; दोष । ३. कैफियत । > **कैफती–** वि० कैफत गर्ने; गालपारा; बिगार गर्ने; कपटी ।

**कैफियत–** ना० [अ०] कुनै कारण वा कुरा प्रस्टचाउनका निम्ति कागतपत्रको आखिरी महलमा लेखिने बेहोरा; विशेष विवरण । ~ **तलब–** ना० नबुझिएको र स्पष्ट खुलाई जवाफ दिनुपर्ने कुरा सम्बन्धित अड्डाखाना वा अधिकारप्राप्त तहबाट लेखापढी गरी बुझ्ने र स्पष्टीकरण माग्ने काम ।

**कैयन्–** वि०हे० कैयौँ ।

**कैयाँ–** ना० १. प्रायः व्यापारको काम गर्ने एक वर्ग वा जाति । २. धूर्त वा चुइयाँ खालको व्यापारी ।

**कैयौँ–** वि० धेरै; अनेक; अनगन्ती; प्रशस्त; कैयन् ।

**कैरन–** ना० [√ कहिरन] नालीबेली वा वृत्तान्त ।

**कैरव–** ना० [सं०] चन्द्रमा उदाउँदा फुल्ने सेतो कमल; कुमुद ।

**कैरात–** ना० [सं०] पहेँलोपहेँलो देखिने एक जातको श्रीखण्ड ।

**कैरुवा–** ना० चम्सुरका जस्ता मसिना पात हुने, कलेजी रङका मसिना फूल फुल्ने, मसिनै दाना फल्ने र पहेँलो जरा हुने एक साग; पर्पट ।

**कैलाली–** ना० नेपालको सुदूर पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने सेती अञ्चलको दक्षिण भागमा रहेको एक जिल्ला ।

**कैलाश–** ना० [सं०] हिमालयमा मानसरोवरको किनारमा पर्ने एक प्रसिद्ध शिखर र तीर्थस्थल; शिवजीको वासस्थान । – **कूट भवन–** ना० अंशुवर्माको पालामा बनेको नेपालको प्रसिद्ध ऐतिहासिक राजदरबार । – **पति–** ना० शिव; महादेव । – **वास–** ना० मृत्यु; मरण ।

**कैली–** वि० [कैलो+ई] कैला रौँ वा कैलो वर्ण भएकी (गाई, स्त्री आदि) ।

**कैले–** क्रि० यो० [√ कहिले] हे० कहिले ।

**कैलो–** वि० [प्रा० कइलो] १. खैरो वा सुनौला रङको । ना० २.

त्यस्तै रङ । ~ **भटमास–** ना० कैला गेडा हुने भटमासको एक जाति । ~ **सिमी–** ना० कैला गेडा हुने सिमीको एक जात । ~ **सिसौ–** ना० कैलो चुरो हुने एक जातको सिसौ ।

**कैवर्त–** ना० [सं०] माझी; मल्लाह ।

**कैवल्य–** ना० [सं०] १. एकत्व; एकान्तता । २. मुक्ति; मोक्ष । ३. मिश्रित नहुने काम; शुद्धता ।

**कैशिक–** वि० [सं०] १. रौँ भएको वा केशयुक्त । २. रौँजस्तो मसिनु वा झीनू ।

**कैशिकी वृत्ति–** ना० [सं०] सुकोमल तथा सुकुमार अर्थ र सन्दर्भ भएको एवं चित्तलाई द्रवित पार्ने मधुरतायुक्त रचनाशैली; काव्यवृत्तिका तीन वृत्तिमध्ये एक ।

**कैशोर–** ना० [सं०] एघारदेखि पन्ध्र वर्षसम्मको अवस्था; किशोर अवस्था वा उमेर ।

**को१–** सर्व० [सं० कः] १. कसैको चिनारी पाउन सोध्दा प्रयोग हुने शब्द; कुन; कुनचाहिँ । प्रत्य० २. विशेषण बन्दा जोडिने शब्द (एकतमासको, असमेलको, भन्नुको इ०) ।

**को२–** विभ० [प्रा० केरओ] नेपाली व्याकरणअनुसार षष्ठीको सामान्य एक वचनमा लागेर अधीनस्थ वा सम्बन्ध बुझाउने विभक्ति वा रूपप्रत्यय ।

**कौँचाखीँ–** ना० [नेवा०] १. बायाँ हातले काखी च्यापी दायाँ हातका औँलाले बजाइने, तबला र बामको बोल दुवै निस्कने, अर्धमृदङ्ग जातको एकमुखे बाजा । (नाटचेश्वरलाई मन पर्ने भनिएको यो बाजा धार्मिक यात्रा, विवाह आदिमा उपत्यकाका मानन्धर र महर्जनहरूद्वारा बजाउने गरिन्छ) । २. पञ्चताल-वाद्यमध्येको मुख्य तालबाजा; पञ्चताल ।

**कोइरालो१–** ना० [सं० कोविदार] एकै भेट्नामा दुई टुप्पा भएका पात हुने, रातो वा सेतो फूल फुल्ने र लामालामा कोसा फल्ने एक बोट वा तरकारी, अचार आदि बनाएर खाइने त्यसैको फूल ।

**कोइरालो२–** ना० १. रातोरातो खैरो रङ्गको, बिरालाका जातको सानो जङ्गली जन्तु । २. बिरालालाई खाने एक जातको ठूलो चरो ।

**कोइरी–** ना० तराईतिर तरकारीको खेती गर्ने र बेच्ने काम गर्ने एक जाति ।

**कोइला–** ना० [प्रा० कोइलो] १. खैरो वा कालो रङको बल्ने खनिजपदार्थ; पत्थरकोइला । २. अँगार; गोल । – **पानी–** ना० इन्जिन चलाउनका निम्ति रेल, जहाज आदिमा दिइने कोइला र पानी ।

**कोइली–** ना० [सं० कोकिल] १. कागजस्तै तर चिल्लो कालो रङको, पुच्छर अलि लामो हुने, वसन्त ऋतुमा झ्याम्म परेको रूखको हाँगामा बसेर सुरिलो स्वरले 'कुहू-कुहू' वा 'को हो ? को हो ?' भन्दै कराउने प्रसिद्ध चरो । २. कोइलीको जस्तै स्वर भएकी प्रेमिकालाई प्रेमीले बोलाउँदा भन्ने शब्द; मायालु । ३. विरहिणी (प० ने०) ।

**कोइलो–** ना० [प्रा० कोइल] मही पार्ने मधानीमा बेर्ने डोरीका टुप्पामा लगाइने काठको हत्ता; नेतीको टुप्पामा लगाइने मसिनु काठको टुक्रो ।

**कोइल्याँटो–** ना० [कोइला+याँटो] १. देवपितृलाई धूप हालिने माटाको वा धातुको भाँडो; धुपौरो । २. कोइला सल्काउने भाँडो ।

**कोक१–** ना० [सं०] १. पानीमा रहने हाँसजस्तो कालो पक्षी; चक्रवाक; चखेवा । २. कोइली । ३. कामशास्त्रका रचयिता एक आचार्य ।

**कोक२–** ना० [अङ्०] बोतलबन्द पेय, कोकाकोलाको छोटकरी रूप । हे० कोकाकोला ।

**कोकरी–** ना० [√ कोक्रो] बालबोलीमा कोक्रो; सानो कोक्रो ।

**कोकले–** ना० सुगाजत्रै र सुगाजस्तै रङको, टाउको रातो र चुच्चो हरियो हुने, आफैँले रूखमा टोड्को पारेर बस्ने र 'कुकुल-कुकुल' गरी कराउने चरो ।

**कोकशास्त्र–** ना० [सं०] कोक नामक आचार्यद्वारा प्रणीत रतिविज्ञान वा कामकलासम्बन्धी ग्रन्थ; कामशास्त्र; रतिशास्त्र ।

**कोका१–** ना० [?] दक्षिणबाट उत्तरतिर बगेर बराहक्षेत्रमा कोसीसँग मिल्ने सानो खोलो ।

**कोका२–** ना० [नेवा० कका] तानमा धागाको टुंकी घुसारी दायाँबायाँ दुवैतिर वारपार छिराएर कपडा बुन्ने काठ; तानको बुनौटो ।

**कोका३–** ना० [अङ्०] पातहरू टिपी सुकाएर चियाजस्तै सेवन गरिने, दक्षिण-अमेरिकामा पाइने एक जातको रूख वा त्यसै रूखको संस्कार गरिएको पात । – **कोला–** ना० फलफूलको रस र सोडासमेत मिसाई रासायनिक प्रक्रियाद्वारा प्रशोधित गरेर बोतलमा भरिएको पेय पदार्थ ।

**कोकिंचा मुहाली–** ना० [नेवा०] साह्रै तीखो स्वर हुने, मुहाली-परिवारको फुकेर बजाइने सबभन्दा सानो बाजा ।

**कोकिल–** ना० [सं०] कोइली ।

**कोकिला–** ना० [सं०] कोइलीको पोथी; पोथी कोइली ।

**कोकिस–** ना० [ ?] लाम्चा र बाङ्गा आकारका पारेर बनाइने केक रोटीको एक प्रकार ।

**कोकेन–** ना० [अङ्०] कोका नामको वृक्षका पातबाट बनाइने मादक पदार्थ वा एक प्रकारको नसालु वस्तु ।

**कोको–** ना० [अङ्०] ताडकै जस्तो रूखमा गुराँसका आकारका खस्रा र फुस्रा पात हुने, हाँगा वा काण्डमा पाटेदार खुर्सानी आकारका राता फल फल्ने एक वृक्ष वा त्यसैको फल ।

**कोकोहोलो–** ना० [सं० कोलाहल] कुनै विशेष स्थितिमा वा आत्तिएर धेरै जनाले एकैपल्ट कराउँदा आउने आवाज; ठूलो हल्ला; होहल्ला; हल्लीखल्ली; कोलाहल; कोहोलो ।

**कोक्कि-नु–** अ० क्रि० [सं० कषाय] १. काँचो कर्कलो, पिँडालु आदि खाँदा घाँटी क्याक्क हुनु वा जिब्रामा लागेर सगसगाउनु । २. मनमा ठूलो पीर परे तापनि आवाज नफुट्नु; पीरले भित्रभित्रै कम्प छुटेर रुनु ।

**कोक्ती**– ना० [लि०] मकै, गहुँ, मास, भटमास, केराउ आदि ढडचाएर बनाई तरकारीजस्तै खाइने एक प्रकारको क्वाँटी ।

**कोक्याइ**– ना० [√ कोक्याउ (+याइ)] कोक्किने वा कोक्याउने क्रिया-प्रक्रिया । [ > ] **कोक्याइनु**– क० क्रि० कोक्याउने बनिनु ।

**कोक्याउ-नु**– स० क्रि० [कोक्कि+याउ+नु] पिँडालु, कर्कलो आदि खाँदा जिभ्रामा लागेर सगसगाउनु वा खसखस हुनु ।

**कोक्रो**– ना० [सं० क्रोडक] १. नानीहरूलाई सुताएर हल्लाउने काममा प्रयोग गरिने चोया, बेत, तार, पाट आदिबाट बुनेको टोक्रो; झुलना; कोर्को । २. कैदीहरू हालेर बोकिने वा सजाय दिन झुन्डचाइने टोकरी; तुरुङ । ३. चोयाको टोक्रो; चोयाको पिँजडा । ४. माछा समाउन बुनेको सानो ढडिया; माछा थाप्ने टोकरी ।

**कोक्ल्याँटो**– वि० परिस्थिति र व्यवहारको वास्ता नगरी आफ्नै सुरले वा एकोहोरो पाराले चल्ने; लट्टक; नासमझ; अबुझ; कोग्ल्याँटो ।

**कोख**– ना० [प्रा० कोक्ख < सं० कुक्षि] १. नारीजातिको पाठेघर; गर्भाशय; गर्भस्थली । २. शरीरका दायाँबायाँ काखीभन्दा तल र कमरभन्दा माथि रहेको भाग; कोखो ।

**कोखा१**– ना० देवताको प्रसादस्वरूप लगाइने रातो वा पहेँलो धागाको माला; रक्षासूत्र ।

**कोखा२**– ना० [√ कोखो] कोखोको बहुवचन रूप; दुवै पाटाको कोखो । – **को घा**– ना० कोखाको घाउ । – **को घाउ**– ना० १. आफैँले पूरा स्नेहसाथ संरक्षण गर्नुपर्ने सन्तान; छोराछोरी । २. सन्तानको शोकसुर्ता ।

**कोखी**– ना० [कोखो+ई] कोखाको सानो भाग; कोखो ।

**कोखे**– वि० [कोखो+ए] १. कोखामा भएको; कोखापट्टिको वा कोखाको । २. एउटै कोख वा कोखाबाट पैदा भएको (जस्तो– कोखे दाजु, कोखे भाइ, कोखे दिदी, कोखे बहिनी इ०) । ~ **घाउ**– ना० कोखाको घाउ; सन्तानको शोकसुर्ता । ~ **चोइली**– ना० कसौँडी आदिको कोखाबाट पन्यूँले भात पस्कँदा आउने चपरी; ठूलो चोइली । ~ **सारङ्गी**– ना० चारवटा नहर लागेको सानो खालको सारङ्गी बाजा ।

**कोखेलो**– ना० [कोखो+एलो] कोखाको भाग; काखी । (उदा०– यो दुःख मेरो भाउजूले सुने कोखेलो बजाउलिन् – लोकगीत ।)

**कोखो**– ना० [प्रा० कोक्ख < सं० कौक्ष] १. अगाडिका आङको दायाँबायाँ पर्ने कमरमाथि र कमरमनिको भाग वा कोल्टे पाटो; काखीमन्तिरको मर्म पर्ने ठाउँ । २. कसौँडी आदि भाँडाका भित्तापट्टिको ठाउँ । ~ **बजाउनु**– टु० अरूको नाश वा अवनति देखेर खुसी मनाउनु ।

**कोग्ल्याँटो**– वि० आफ्नै तरङ्ग वा सुरमा चल्ने; अधबैंसो; कोक्ल्याँटो ।

**कोगिटा**– ना० [सं० कुक्कुटी] १. खैरो रङको कपास फल्ने एक प्रकारको कपासको बोट । २. त्यसै बोटको कपासबाट बुनिएको कपडा । ३. पहेँलो र खैरो मिसिएजस्तो रङ ।

**कोच्-नु**– स० क्रि० [सं० कोचन] १. मन नपरीकन पगितो हुने गरी खानु । २. अटाईनअटाई हुने गरी खाँद्नु । > **कोचकाच**– ना० एकै ठाउँमा ठेस्ने वा ठेल्ने काम; खाँदखुँद ।

**कोचल्-नु**– स० क्रि० [सं० कुचालन] हे० कोचेल्नु । > **कोचलाइ**– ना० कोचेल्ने काम वा प्रक्रिया । **कोचलिनु**– क० क्रि० कोचल्ने काम गरिनु ।

**कोचवान**– ना० [अङ्० कोचम्यान] १. बग्गी हाँक्ने चालक वा सवार । २. टाँगावाला ।

**कोचाइ**– ना० [√ कोच् (+आइ)] कोच्ने क्रिया वा प्रक्रिया । [ > ] **कोचाइनु**– क० क्रि० कोच्न लगाइनु । **कोचाउनु**– प्रे० क्रि० जबर्जस्ती खुवाउनु; बेसरी खाँद्न लगाउनु । **कोचाकोच**– ना० परस्परमा वा जथाभावी र अव्यवस्थित पाराले कोच्ने काम; बेसरी हुल्ने काम; खाँदाखाँद ।

**कोचार्-नु**– स० क्रि० [कोचारो+नु < सं० कोचन] कुनै वस्तु एकै ठाउँमा अटाईनअटाई हुने गरी खाँद्नु; कोच्नु । > **कोचारिनु**– क० क्रि० कोचार्ने काम गरिनु; खाँदेर हालिनु ।

**कोचारो**– ना० [कोच्+आरो] एकै ठाउँमा झुम्मिने वा खाँदाखाँद गरिने ढङ्ग; घचारो; घुइँचो; साँघुरो ।

**कोचेलो**– ना० [सं० कुचोद्य] बीचमा अरूको बिगार हुने गरी निहुँ झिक्ने वा बिथोल्न खोज्ने काम; कचिङ्गल; हुँडलो; झैझगडा ।

**कोचेल्-नु**– स० क्रि० [कोचेलो+नु] मुछिने खानेकुरो वा कुनै तरल वस्तु घिन लाग्ने किसिमले चलाउनु; हात हालेर हल्लाउनु; कोचल्नु; हुँडल्नु; गिजोल्नु । > **कोचेलाइ**– ना० कोचेल्ने काम वा प्रक्रिया । **कोचेलिनु**– क० क्रि० कोचेल्ने काम गरिनु; हुँडलिनु; गिजोलिनु ।

**कोच्छे**– ना० दौराकै जस्तो फेर हुने र तुना बाँध्नुपर्ने एक पोसाक; लबेदाका छाँटको आङको लुगा ।

**कोजागर**– ना० [सं०] आश्विन शुक्ल पूर्णिमाको दिन गरिने लक्ष्मीको व्रत-उत्सव ।

**कोजाग्रत**– ना० [सं०] आश्विन शुक्ल पूर्णिमाको दिन; त्यसै रात गरिने पूजाव्रत ।

**कोजानि**– अव्य० [सं० कः जानाति] को जान्दछ वा थाहा छैन भन्ने आशयले अनिश्चय जनाउने शब्द; कुन्नि । (उदा०– उनको घरमा कोजानि कसले भएनभएको कुरो लाइदिएछ, लोग्नेस्वास्नीमै झगडा परेर छुट्टी छ) ।

**कोट१**– ना० [अङ्०] दौरा वा कमिजभन्दा बाहिर लगाइने, अघिल्तिर खुला भएको र भित्रबाहिर बगली राखिएको बाहुलादार पोसाक; उत्तरीय पहिरन ।

**कोट२**– ना० [सं० कोट्ट] १. प्राचीन कालमा राज्यको सीमासुरक्षाको व्यवस्था गर्ने ठाउँ; किल्ला; दुर्ग; गढी । २. चुली परेको र गढी तुल्याउन योग्य स्थान । ३. मौलो पुज्ने ठाउँ । – **काली**– ना० १. कोटकी वा कोटमा स्थापना गरिएकी देवी । २. नेपालको गोरखा जिल्लामा पर्ने आरुघाट भन्ने ठाउँमा अवस्थित देवी वा तिनै देवीको मन्दिर ।

**कोटतुरुप**– ना० [कोट+तुरुप] तासको तुरुप खेलमा विपक्षी खेलाडीले एक हात पनि खान नपाई आफ्नो तुरुपले सबै हात खाने काम वा त्यस्तो जित ।

**कोटपाल**– ना० [सं० कोट्टपाल] किल्लाको सुरक्षा गर्ने व्यक्ति; कोटको अधिपति; दुर्गरक्षक ।

**कोटफ्रक**– ना० [अङ्०] दुई-तीन रङका कपडा प्रयोग गर्न सकिने अगाडि पाँच र पछाडि दुई टुक्रा गाँसी बनाइने विशेष प्रकारको फ्रक; कोटका छाँटको घाँगर ।

**कोटर**– ना० [सं०] रूखको टोड्को वा धोद्रो ।

**कोटा**– ना० [अङ्०] कसैसित लिन वा कसैलाई दिन निश्चित गरिएको कुनै वस्तुको हिस्सा वा भाग; बिक्रीवितरण हुने वस्तु र योजना पूरा गरिने खर्चमा अनुपातले पाइने सम्पूर्ण भागको एक पटकमा दिइने वा लिइने अंश ।

**कोटाल**– ना० [नेवा०] १. झ्यालढोकाको पल्ला अड्याइने चौकोसका दायाँबायाँ ठाडा काठमा झन्डै आधा खोली गहिरो बनाएर त्यसमा छिराई झ्यालढोका बन्द गरिने फल्याक । २. झ्यालको तल्लो आधा भागमा जडिने डन्डी, रेलिङ आदि । > **कोटाली**– ना० १. झ्यालको तल्लो भागमा डन्डी हाली बनाइएको सानो खण्ड । वि० २. कोटमा बस्ने; कोटको बासिन्दा ।

**कोटि**– ना० [सं०] हे० कोटी ।

**कोटिला**– ना० [सं०] दैलेख जिल्लाको छामगाउँ खोलाको पूर्वी किनारमा स्थित महादेवको मन्दिर ।

**कोटिलिङ्ग**– ना० [सं०] शिवजीका करोड लिङ्गमूर्ति । ~**अदालत**– ना० मध्यकालीन नेपालको कोटिलिङ्गको स्थापना गरिएको ठाउँमा रहेको सबैभन्दा माथिल्लो देवानी अदालत ।

**कोटिशः**– क्रि० वि० [सं०] १. धेरै किसिमले; अनेकौं प्रकारले । वि० २. करोडौं; धेरै; असङ्ख्य ।

**कोटी**– ना० [सं०] १. सय लाखको सङख्या; करोड; कोटि । २. हतियारको चुच्चो वा धार । ३. धनुको टुप्पो । ४. श्रेणी; स्तर; दर्जा । ५. कुनै विवादको पूर्वपक्ष । वि० ६. सय लाख; करोड ।

**कोटे**– वि० [कोट+ए] कोटमा बस्ने वा कोटको बासिन्दा (मुसीकोटे, माझकोटे, नुवाकोटे इ०) ।

**कोटेरो**– ना० भँगेराजस्तै रङको, फिस्टोभन्दा केही सानो, डल्लो आकारको, झाडीमा बटुकाका ढाँचाको लाम्चो गुँड लाउने एक चरो; बगेडी ।

**कोटेसन**– ना० [अङ्०] कुनै पनि कार्यालयको मागअनुसार आवश्यक मालसामान वा खर्चको दरभाउ खुलाई सम्बन्धित विक्रेता वा व्यक्तिले दिने विवरणपत्र ।

**कोट्ट**– ना० [सं०] दुर्ग; किल्ला; कोट ।

**कोट्टि-नु**– अ० क्रि० [सं० कोट्टयन] १. कुनै विषयवस्तुसित सम्बन्धित प्रसङ्ग वा कुरो उठ्नु; कामकुरो प्रारम्भ हुनु; उक्किनु । २. चिम्टँदा, कोतर्दा, खोस्रँदा, खन्दा कुनै चीज वा वस्तुको पाप्रो, तह आदि निस्कनु; उप्कनु । > **कोट्टयाइ**– ना० १. कोट्टिने क्रिया वा प्रक्रिया । २. कोट्टयाउने काम वा प्रक्रिया । **कोट्टयाइनु**– क० क्रि० कोट्टयाउने काम गरिनु; उक्काइनु; कोतरिनु; उफाइनु । **कोट्टयाउनु**– स० क्रि० १. कुनै विषयवस्तुको प्रसङ्ग वा कुरो उठाउनु; कामकुरो थाल्नु । २. थोरैथोरै गरेर खन्नु वा उप्काउनु; खोतल्नु । ३. इसाराका निम्ति वा सतर्क पार्न हातले छुनु; खुसुक्क चिमोट्नु ।

**कोठरी**– ना० [सं० कोष्ठ] सानो वा साँघुरो कोठो; कम्ती उज्यालो भएको र चल्नफिर्न असजिलो पर्ने कोठो ।

**कोठाकोठी**– ना० [कोठो+कोठी] १. घरका सानाठूला कोठाहरूको समूह । २. बाकस, भाँडा आदिका ससाना धेरै खण्ड ।

**कोठामचे**/**कोठामोचे**– ना० [नेवा० कोठामचा] कोठाको कामधन्दा गर्ने मान्छे; कोठे नोकर ।

**कोठार**– ना० [सं० कोष्ठ+आकार] १. अन्नपात राख्ने ठूलो ढुकुटी; धनसार । २. सिएका लुगाको आडपट्टि पर्ने भाग । ३. पेटभित्रको भाग; गर्भाशय; पाठेघर । ४. पेट; भुँडी । > **कोठारिन**– कोठारको खटनपटन गर्ने वा काम गर्ने आइमाई; कोठाको काम वा भित्रिया काम गर्ने स्वास्नीमान्छे । **कोठारी**– ना० जिमीदारको जग्गामा कोठारको जिम्मा लिएर काम गर्ने कर्मचारी; कोठारको रक्षक वा धरालो ।

**कोठी१**– ना० [सं० कोष्ठ] जीउमा निस्कने कालो वा रातो नमेटिने मसिनु दाग वा थोप्लो; तिल ।

**कोठी२**– ना० [कोठो+ई] १. ठूलठूलो लेनदेन वा व्यापारको कारोबार हुने घर; ठूलो पसल । २. रन्डीहरू बस्ने घर वा कोठा; वेश्यालय । ३. चियाबगान, अलैंचीबगान आदिका व्यवस्थापकहरू रहने घर । ४. धनसार । – **वाल**– वि० १. कोठी भएको; ठूलो व्यापार चलाउने । ना० २. महाजन; सेठ । – **वाल्नी**– ना० १. कोठीवालको स्त्रीलिङ्गी रूप; महाजनस्त्री । २. रन्डीहरूको व्यवस्था मिलाएर जीवनवृत्ति गर्ने आइमाई; रन्डीकी नाइकेनी ।

**कोठे**– वि० [कोठो+ए] १. कोठाजस्तो देखिने वा कोठैकोठा भएको (लुगाफाटाका बुट्टा आदि) । २. कोठैमा बस्ने, हुने, गरिने वा टुङ्गिने (काम, कुरा, गफ इ०) । ३. कोठाको । ~ **गफ**– ना० कोठामै मात्र गरिने र खास महत्त्व नभएको गफ वा कुरा । ~ **तुक्का**– ना० कुरौटे मान्छेले सहज रूपमा गर्ने कुरा; कोठामा बसेर कुरा गर्दा झिकिने साधारण हँस्यौली वा रमाइलो भएका टुक्का । ~ **दङ्गा**– ना० घरभित्रै हुने खलबली वा बझौटी; कोठाभन्दा बाहिर ननिस्कने सामान्य होहल्ला । ~ **पण्डित**– ना० भित्रभित्र गफ गरे तापनि बाहिर परेका ठाउँमा चुँ गर्न नसक्ने व्यक्ति; मुखको मात्र परिपाठ गर्ने मानिस । ~ **पद**– ना० ठाडो तेर्सो कोठैकोठा भएको हारमा नपुग अक्षरहरू दुवैतिरबाट थपी मिलाई कोठा तयार पार्नेले सोचेअनुसारको अर्थ निक्लने गरी भर्ने अभ्यास वा उत्तर । ~ **बाबु**– ना० घरमा चाहिँ डुक्रने, बाहिर भने बोल्नै नसक्ने मानिस; घरसाँढा; पिँढीसाँढे । ~ **बारी**– ना० घरवरिपरि फलफूल, तरकारी आदि लगाइने बारी;

करेसाबारी । ~ **मालिक–** ना० १. घरमा छउन्जेल कुर्लने, बाहिर गएपछि भने लुरुक्क पर्ने व्यक्ति; कोठे बाबु । २. चुइयाँ; लोभी । ~ **राजनीति–** ना० बाहिर प्रभाव नपार्ने तर भित्रभित्र अकास-पत्ताल हाँक्ने राजनीति वा त्यस्तो चाल; मुढेबल । ~ **रानी–** ना० सिँगारपटार गरी कोठामा बसेको बस्यै गरिरहने आइमाई; कामकाजमा भन्दा सिँगारपटारमा ध्यान दिएर घरै बस्ने तरुनी स्त्री वा भित्रिनी स्वास्नी ।

**कोठो–** ना० [सं० कोष्ठ] १. बीचबीचमा काठ, गारो आदिले बारेर घरभित्र बनाइएको सानो वा ठूलो खण्ड । २. दराज, बाकस आदिमा फल्याक आदि ठोकेर बनाइएको खाना; खण्ड । ३. कागत, लुगा, भुइँ आदिमा त्यसै वा बुट्टा भर्ने अभिप्रायले तेर्सा र ठाडा धर्सा पारी बनाइएको खाना । ४. धान, चामल आदि राख्ने चोयाले बुनेको भाँडो; भकारी ।

**कोढ–** ना० [सं० कुष्ठ] हे० कोर ।

**कोण–** ना० [सं०] १. दुई दिशाका बीचको दिशा; उपदिशा । २. दुई दिशाबाट आएका सरल रेखाहरू जोडिने ठाउँ वा कुनु । – **धारी–** वि० सबैतिर फिँजिएको वा कोण परेको । – **धारी वन–** ना० त्यस्तै बाक्लो वन ।

**कोत–** ना० [सं० कोट्ट] सरकारी फौजको खरखजाना, हातहतियार आदि राखिने घर; मौलो पूजा गरिने ठाउँ; कोट । – **पर्व–** ना० नेपालको इतिहासप्रसिद्ध, वि० सं० १९०३-मा हनुमान्ढोका दरबारको कोतमा भएको जङ्गबहादुरद्वारा रचित आफू प्रधानमन्त्री हुन गरिएको भाइभारदारहरूको नृशंस हत्यापूर्ण ठूलो राजनीतिक घटना वा काण्ड ।

**कोतर्‌-नु–** स० क्रि० [सं० कोटरण] १. कुनै वस्तुलाई हातले वा अन्य साधनले कोट्ट्याउनु; कोत्रनु । २. चुच्चाले ठुँग्नु; टुकटुक पार्नु । ३. नङ्ग्रा आदिले चिथोर्नु; कोपर्नु । > **कोतरिनु–** क० क्रि० कोतर्ने काम गरिनु; कोट्टिनु । **कोतऱ्याइ–** ना० कोतर्ने काम वा प्रक्रिया । **कोतऱ्याउनु–** प्रे० क्रि० कोतर्न लाउनु ।

**कोतवाल–** ना० [सं० कोट्टपाल] कुनै प्रमुख केन्द्र; किल्ला वा सीमामा स्थानीय शान्तिसुरक्षाका लागि राखिएको प्रहरीअधिकृत । > **कोतवाली–** ना० प्रहरीसम्बन्धी काम-कारबाई र सानातिना फौजदारी मुद्दाको कारबाई गर्ने कोतवालको अड्डा वा ठाना ।

**कोताखान–** ना० [ ? ] कम्मरमा बाँध्न हुने एक प्रकारको लिगलिगे तरबार (दिव्य०) ।

**कोते–** ना० [कोत+ए] सेनाको खरखजाना राख्ने ठाउँको रेखदेख गर्ने सरकारिया जागिरदार । ~ **धन्दा–** ना० १. कोतेले गर्ने खालको काम वा धन्दा । २. घरायसी झर्कोलाग्दो काम; सुसेधन्दा ।

**कोत्रा–** ना० [√ कोत्रो] माछाको एक जात ।

**कोत्रि-नु–** अ० क्रि० [कोत्रो+इ+नु] खोस्रिएर वा ससाना खाल्टा परेर घाउखत लाग्नु; छ्याकटे हुनु ।

**कोत्रे–** वि० [कोत्रो+ए] मुख वा अन्य अङ्गप्रत्यङ्ग कोत्रिएको; कोत्र्याहा; छ्याका परेको; छ्याकटे ।

**कोत्रो–** ना० [सं० कोटर] कीट, आल्मोनियमका भाँडा आदिमा आम्ल वस्तु पर्नाले भएका मसिना छिद्र वा खाल्टाखुल्टी ।

**कोत्र्याइ–** ना० [√ कोत्रि (+याइ)] कोत्रिने काम वा प्रक्रिया । [ > ] **कोत्र्याइनु–** क० क्रि० कोत्रिन लाइनु; कोत्रिने गराइनु । **कोत्र्याउनु–** प्रे० क्रि० कोत्रिन लाउनु; कोत्रिने गराउनु । **कोत्र्याहा–** वि० मुख आदि अङ्ग कोत्रिएको; छ्याका परेको; छ्याकटे; छ्याके ।

**कोत्लेगाँडो–** वि० [कोते+गाँडो] कतैपट्टि पनि नमिल्ने; काम नलाग्ने खालको ।

**कोथा–** ना० [√ कोथो] १. बस्तुभाउको सिङ फुक्लँदा भित्रपट्टि देखिने कलिलो टुप्पो । २. हे० कोथो ।

**कोथाउनु–** अ० क्रि० [कोथो+आउ+नु] कोथा आउनु; बाला, फूल आदि निस्कनु वा पसाउनु ।

**कोथी–** ना० [सं० कौक्षी] तरबारको म्यान वा खुकुरीको दापका टुप्पामा जडिने धातुको सादा वा बुट्टादार च्याप्टो ढुङ्ग्री । – **मुहुडा–** ना० खुकुरी आदिको दापमा जडिएको टुप्पाको ढुङ्ग्री र मुखपट्टिको धातुको बेरुवा ।

**कोथो–** ना० [प्रा० कोत्थ] १. केरा, उखु आदिको फेदमा पलाउने टुसो; नयाँ बिरुवा । २. धान, गहुँ आदिको बाला निस्कने गर्भ; बाली पसाउने नली ।

**कोदण्ड–** ना० [सं०] ताँदोबाहेक धनुको सबै भाग; धनुष; धनु ।

**कोदाली–** ना० [सं० कुद्दालिका] छोटो बिँड र चाक्लो पाता भएको दुवै हातले समाई खेतबारी खन्ने फलामे हतियार । – **पाते–** वि० कोदालीको पातोजस्तो; कोदालीका पाताका ढाँचाको ('त' अक्षर) ।

**कोदाले–** वि० [कोदालो+ए] १. कोदालो चलाएर जीविका गर्ने वा कोदालाकै भरमा बाँच्ने । ना० २. एकतन्त्री शासनकालमा लिइने मालपोतका दुई किसिम हले र कोदालेमध्ये एक; गोरु पाल्न नसक्नेलाई लाग्ने सहुलियत दिइएको जग्गाकर ।

**कोदालो–** ना० [सं० कुद्दाल] लामो काठको बिँड र लाम्चो पातो हुने, खेतबारी खन्ने काममा प्रयोग गरिने फलामे हतियार ।

**कोदे–** वि० [कोदो+ए] १. कोदो खाएर जीविका गर्ने; कोदोबाहेक अरू अन्न खान नपाएको । २. कुनाकाप्चामा बसेर दुखजिलो गरी जीवन बिताउने; कुनै सभ्य संसार नदेखेको ।

**कोदो–** ना० [सं० कोद्रव] सिरुका जस्तै पात हुने र टुप्पामा झुप्पे बाला लाग्ने बोट वा त्यसै बोटका बालामा फल्ने तोरीका दानाजस्तै आकार र रङ हुने दाना (अन्न); कुअन्न ।

**कोनि–** अव्य० [को+नि] कुराकानीमा हो होइन भन्ने वा थाहा नभएको बुझाउने शब्द; कुन्नि । (उदा०– राम हिजो त यहीँ थिए, आज कोनि कता गए) ।

**कोप१–** ना० [सं० कुड्म] रूखकटहरको गुदीको कोया ।

**कोप२–** ना० [सं०] कसैप्रतिको विरोध वा असन्तुष्टिबाट उब्जने मनोभाव; क्रोध; रिस । ~ **भवन–** ना० कुनै मान्छे रिसाउँदा वा

ठुस्किँदा गएर बस्ने घर वा कोठो । – **भागी**– वि० कसैको रिसको झोकमा गाली वा झापट खानुपर्ने; रिसको भागी ।

**कोपर्-नु**– स० क्रि० [तुल० कोतर्नु] कुनै वस्तुलाई हातका नङ्ग्रा, दाह्रा वा अरू कुनै वस्तुले चिथोर्नु; दार्नु; नङ्ग्र्याउनु; कोतर्नु ।

**कोपरा**– ना० [हि० कोपर < सं० कर्पर] प्रायः पिसाब फेरिने र केटाकेटी वा बिरामीलाई दिसापिसाब गराइने पित्तल, तामचिन, आलमोनियम आदिको भाँडो ।

**कोपराइ**– ना० [कोपर्+आइ] कोपर्ने क्रिया वा प्रक्रिया ।

**कोपराकोपर**– ना० [कोपर्+कोपर] परस्परमा एकले अर्कालाई कोपर्ने काम; चिथोराचिथोर ।

**कोपरिनु**– क० क्रि० [कोपर्+इ+नु] कोपर्ने काम गरिनु; चिथोरिनु ।

**कोपिला/कोपिलो**– ना० १. फुल्न तयार परेका कलिला फूल । २. कनपारो र कानका बीचमा पर्ने त्रिकोणाकार अवयव । – **कोपिली**– ना० १. प्रेमीप्रेमिकाका बीच सम्बोधन गर्दा प्रयुक्त हुने शब्द । २. मसिना केटाकेटी; चिचिलाचिचिली ।

**कोपी१**– वि० [सं०] १. कोप गर्ने वा कोप भएको; क्रोधी । ना० २. पानीछेउ वा नदीकिनारमा बस्ने परेवाका जातको पक्षी; जलपरेवा; पानीपरेवा ।

**कोपी२**– ना० [√ कोबी] काउली; फूलकोपी; कोभी । ~**बाँस**– ना० टुप्पामा कोपिला हाल्ने एक जातको बाँस ।

**कोपु**– ना० [√ कप्पु] घर बनाउँदा झ्यालढोकामाथि हालिने काठ वा डन्डी बाँधी ढलान गरिने आड ।

**कोप्चाकोप्ची**– ना० कुनाकानी परेको वा छेउछाउको ठाउँ; कुनाकाप्चा; अन्तरकुन्तर ।

**कोप्चि-नु**– अ० क्रि० [कोप्चो+इ+नु] १. नाक, मुख, आँखा आदिको बनोट नमिलेको हुनु; कोप्चो पर्नु; कोप्रिनु । २. साँघुरो हुँदै जानु (बाटो, जग्गा, ठाउँ इ०) ।

**कोप्चे**– वि० [कोप्चो+ए] कोप्चो परेको; छाँटकाँट नमिलेको ।

**कोप्चो**– वि० आँखा, नाक, मुख आदि अलि भित्र पसेको वा दबेको; अनुहारको बान्की नमिलेको; सलक्क नपरेको । > **कोप्च्याइ**– ना० कोप्चो पार्ने वा कोप्च्याउने क्रिया-प्रक्रिया । **कोप्च्याइनु**– क० क्रि० कोप्चो पारिनु; कोप्चो गराइनु । **कोप्च्याउनु**– प्रे० क्रि० कोप्चो पार्नु; कोप्चो गराउनु; साङ्ग्रो वा नमिल्ने पार्नु ।

**कोप्पा**– ना० घाँटीपछाडि गर्दनदेखि मास्तिरको खाल्टो परेको ठाउँ; बूढी खोप्रो; घुच्चुक ।

**कोप्रि-नु**– अ० क्रि० [कोप्रो+इ+नु] उमेर वा अन्य कुनै विशेष कारणले शरीर कोप्रो पर्नु; खुम्चिनु ।

**कोप्रो**– वि० [√ कुप्रो] कुच्चिएर, खुम्चिएर, दोब्रिएर आदि कुनै कारणले बाहिरि पत्र वा भाग भित्रपट्टि दबेको; कुप्रिएको ।

**कोप्याइ**– ना० [√ कोप्याउ (+आइ)] कोप्रिने क्रिया वा प्रक्रिया । [ > ] **कोप्याइनु**– क० क्रि० कोप्याउने काम गरिनु; कोप्रो पारिनु ।

**कोप्याउनु**– प्रे० क्रि० [कोप्रि+याउ+नु] कोप्रो पार्नु; कोप्रो तुल्याउनु ।

**कोप्ल्याइ**– ना० [√ कोप्ल्याउ+(आइ)] कोप्ल्याक्क पार्ने क्रिया वा प्रक्रिया [ > ] **कोप्ल्याइनु**– क० क्रि० कोप्ल्याउने काम गरिनु ।

**कोप्ल्याउनु**– स० क्रि० [कोप्ल्याक्क+आउ+नु] ठूलठूला गाँस हालेर वा कोप्ल्याक्क-कोप्ल्याक्क हुने गरी खानु ।

**कोप्ल्याक्क**– क्रि० वि० [अ० मू० कोप्ल्याक्+क] नरम खानेकुरो एकै खेपमा खाने गरी ।

**कोफ्ता**– ना० [फा० कोफ्त] कुटेको मासु वा पिँधेको दाल-तरकारी आदिलाई घिउतेलमा तारेर विशेष प्रकारले बनाइने साना डल्ला परिकार वा त्यसैद्वारा बनाइने रसदार तरकारी ।

**कोब्रा**– ना० [अङ्०] अत्यन्त विषालु र रिस उठेपछि फणा उठाएर खेद्ने खतरनाक सर्प; गोमन साँप ।

**कोमल**– वि० [सं०] १. देख्दा, सुन्दा वा छुँदा प्यारो लाग्ने र सुखद संवेदन हुने; कमलो; नरम; मुलायम; सुकुमार । २. कलिलो; कलकलाउँदो । ३. सुन्दर; मनोहर । ४. मधुर; मन्द (स्वर आदि) । – **ता**– ना० कोमल हुने विशेषता वा भाव । ~**तालु**– ना० कलनसोभन्दा माथि र कठोर तालुभन्दा तल पर्ने, ध्वनिहरूको उच्चारण हुने एक अवयव ।

**कोमला वृत्ति**– ना० [सं०] संस्कृत साहित्यशास्त्रका अनुसार छोटा-छोटा समास, कोमल शब्दावली, ल, व, स तथा वर्गका तेस्रा वर्ण (ग, द आदि) को बढी प्रयोग हुने र शृङ्गार, शान्त, अद्भुत आदि रस तथा कोमल सुकुमार भावको अभिव्यक्ति दिइने एक वृत्ति; साहित्यका तीनवटा वर्णगत वृत्ति (उपनागरिकावृत्ति, पुरुषावृत्ति र कोमलावृत्ति) मध्ये एक ।

**कोमलास्थि**– ना० [सं०] कमलो वा कलिलो हाड; कुरकुरे हाड ।

**कोयो**– ना० [सं० कोष] १. आँप, कटहर आदि फलको भित्र रहेको बियाँ; फलफूलभित्रको दानु । २. रेसमका कीराले आफू बस्न लाएको गुँड ।

**कोर्-नु**– स० क्रि० [सं० कुट्टन] १. कुनै तीखो वा चुच्चो वस्तुले धर्को पार्नु; कोतर्नु । २. नङ, नङ्ग्रा आदिले शरीरका अङ्गमा दरफऱ्याउनु; फहराउनु । ३. पाछ्नु; खोस्याउनु । ४. थाँक्रो, काइँयो आदिले कपाल तलास्नु; केश बाट्न तयार पार्नु ।

**कोर**– ना० [सं० कुष्ठ] १. रक्तविकारबाट पैदा भई हातगोडाका औँलाहरू गल्दै र झर्दै जाने रोग; कुष्ठरोग ।

**कोरकार**– ना० [कोर्+कोर] १. कुनै वस्तुमा वा ठाउँमा छेस्का आदिले कोर्ने वा धर्को पार्ने काम । २. ज्योतिषीले धुलौटोमा अनेक रेखा र कोण तानी ग्रहगतिको फल खुट्टयाउने काम । ३. तुच्छ किसिमको लेखाइ वा खनजोतजस्ता काम ।

**कोरम**– ना० [अङ्०] कुनै सङ्घसंस्था आदिको बैठक बस्न र प्रस्ताव वा बुँदाहरू पारित गर्न आवश्यक पर्ने, नियमविधानमा तोकिएअनुसारको सदस्यसङ्ख्या; गणपूरक सङ्ख्या ।

**कोरल्-नु**– स० क्रि० [कोर्+नु] माउले फुलबाट बच्चा झिक्नु; बच्चा काढ्नु । > **कोरलाइ**– ना० कोरल्ने काम वा प्रक्रिया । **कोरलिनु**– क० क्रि० फुलबाट चल्ला निकालिनु; कोरल्ने काम

गरिनु ।

**कोरली–** वि० [कोरलो+ई] बहर वा साँढेसँग नमिसिएकी; तरुनी (गाई) ।

**कोरलो–** वि० भालेसित मिसिने बेला पुगेको; तरुनो अवस्थाको (गाईबस्तु); कोरली ।

**कोरा१–** ना० [सं० कड्ड] १. सादा, सेतो र माड नपछारिएको बाक्लो कपडा । वि० २. मालसामान तयार पार्न काम लाग्ने र कच्चा (चीजवस्तु) । ३. अनुभव नपाएको वा आवश्यक विषयव्यवहार नबुझ्ेको; काँचो; सिकारु । ४. परिष्कार नभएको; नमाझिएको ।

**कोरा२–** ना० [सं० कोष्ठ] आमाबाबु, लोग्ने वा आफूले किरिया बस्नुपर्ने मानिस मर्दा किरियापुत्रीले अरूलाई नछुने र सेतो चोखो धोती फेरी एकान्त कोठो बारेर अलग्गै बस्ने काम; किरिया बस्ने काम (कोरा पस्नु, केरा बस्नु, कोरा बार्नु आदि) ।

**कोराइ–** ना० [कोर्+आइ] कोर्ने काम वा प्रक्रिया ।

**कोराकोर–** ना० [कोर्+आ+कोर्] एकभन्दा बढीले परस्परमा एकनाससित कोर्ने वा लुछाचुँडी गर्ने काम; चिथोराचिथोर; कोपराकोपर ।

**कोरा माल–** ना० [कोरा+माल] प्रशोधित गर्न बाँकी रहेको वा उपभोगका वस्तु तयार गर्नुभन्दा पहिलेका अवस्थाको कच्चा वस्तु वा सामान (बोरा बुन्नुभन्दा पहिलेको सनपाट, जुत्ता सिउनुभन्दा पहिलेको छाला, औषधी बनाउनुभन्दा पहिलेको झारपात इ०) ।

**कोरिनु–** क० क्रि० [कोर्+इ+नु] १. कुनै तीखो वा चुच्चो वस्तुले धर्को पारिनु; दरखरिनु । २. थाँक्रो वा काइँयोले कपाल तलासिनु ।

**कोरी१–** ना० [अङ्० स्कोर] १. बीसको सङ्ख्यालाई एक एकाइ मानेर गन्ने प्रणालीअनुसार बीसवटा वस्तुको समूह; एक बीस । २. बीस ढेप कागतको ठेली वा समूह । (उदा०– हाम्रो कार्यालयलाई तीन कोरी नेपाली कागत चाहिएको छ) ।

**कोरी२–** ना० [सं० कुट्टन] ठूलो पात भएको र भेट्नामा लामो बिँड लगाइएको माटाको काममा प्रयोग हुने हतियार; बेल्चा ।

**कोरी३–** ना० [सं० कुष्ठ] कुष्ठरोगी; महारोगी; कोह्री; कोढी; कोर्दी । **– खाना–** ना० कोरीहरूलाई राख्ने र औषधी-उपचारसमेत गर्ने व्यवस्था भएको ठाउँ ।

**कोरी बाटी–** ना० [कोर्+ई+बाट्+ई] कपाल कोर्ने र चुल्ठो बाट्ने काम; केश आदि सलक्क पारेर मिलाउने, तलास्ने र सिँगार्ने काम ।

**कोरैंसो–** ना० [कोर्+ऐंसो] कोर्‍याँसो ।

**कोरो–** ना० [सं० कोष्ठ] किरियापुत्रीहरूले कोरा धागाले बारी बस्न बनाइएको ठाउँ; हे० कोरा२ ।

**कोर्काली–** वि० [कोर्को+आली] जङ्गली स्वभावको; सभ्य र शिष्ट नभएको; पाखे ।

**कोर्को–** ना० १. केटाकेटी सुताउन पीँधतिर दह्रा काम्रा राखी बाँस, बेत आदिका चोयाले बुनेको खटियाका आकारको बिट भएको भाँडो; झोलुङ्गो; कोक्रो । २. बालीनाली भएको ठाउँबाट बस्तुभाउ हिँडाउँदा र बालीको छेउछाउमा गोरु जोत्दा बाली खान नदिन मुखमा लगाइदिने फुर्लुङ; महला । ३. कुनु परेको वा सानो ठाउँ ।

**कोर्ट–** ना० [अङ्०] अदालत; न्यायालय । ~ **फी–** ना० देवानी मुद्दा दर्ता गर्दा अदालतमा नियमसवालअनुसार टिकट वा बिगोको केही प्रतिशत धरौटी राख्नुपर्ने दस्तुर; अधिकरणशुल्क । ~ **मार्सल–** ना० सैनिक अधिकारीहरूद्वारा मुद्दामामिला हेरिने अदालत; सैनिक अदालत ।

**कोर्ने–** ना० जमिन सम्म भएनभएको जाँच्ने एक यन्त्र ।

**कोर्‍याँसो–** ना० [कोर्+याँसो] कुभिन्डो, मूला, काँक्रो, पिँडालु आदि कोरेर अचार, तरकारी बनाउन हुने गरी भुजुरी पार्ने धारिलो र ससाना प्वाल भएको धातुको दाँते साधन; कोरैंसो ।

**कोर्‍याककोर्‍याक–** क्रि० वि० [अ० मू० कोर्‍याक्+अ (द्वि०)] काँक्रो, मूला, गाँजर आदि काँचैमा चपाउँदा पटक-पटक आवाज निस्कने किसिमले ।

**कोर्‍याक्क–** क्रि० वि० [अ० मू० कोर्‍याक्+क] काँक्रो, गाँजर, मूला आदि काँचैमा चपाउँदा अलि ठूलो आवाज आउने किसिमले; मर्‍याक्क ।

**कोर्‍याहा–** वि० [कोर्+याहा] १. कुष्ठ रोगले सताएको; कोर भएको । ना० २. कसैलाई घृणापूर्वक गाली गर्दा प्रयोग हुने शब्द । स्त्री० कोर्‍याही ।

**कोर्रा–** ना० [तु० कोर] काठ वा बेतको समाउने मूठ भएको र छालाका लोतीहरूको चुल्ठी वा डोरी बाटिएको, घोडालाई तह लाउन वा अपराधीलाई कायल पार्न पिट्ने साधन ।

**कोल१–** ना० १. गोरु वा मानिसले घुमाई उखु, तोरी, तेल आदि पेलेर तेल वा रस निकालिने काठले बनेको यन्त्र; साल । २. नाइटादेखि माथि र घाँटीभन्दा तलको अङ्ग; छाती; कोख (प० ने०) ।

**कोल२–** ना० तरकारी खाइने एक प्रकारको हिउँदे सिमी ।

**कोलम्बो–** ना० श्रीलङ्काको राजधानी । ~ **योजना–** ना० राष्ट्रमण्डलका तर्फबाट दक्षिण र दक्षिणपूर्वी एसियाका मित्र राष्ट्रहरूलाई दिइने सहायता ।

**कोलाँ–** ना० [नेवा०] कोटालको माथिल्लापट्टि राखिने तेर्सो काठ; डँडाली ।

**कोलाकोला–** ना० [अ० मू० कोला (द्वि०)] १. केटाकेटीलाई नुहाउँदा चिसोले नआत्तियून् र सातो नजाओस् भनी बालकको ध्यान आफूतिर तान्नका निम्ति भनिने शब्द । २. कुनै काम-व्यवहारबाट आत्तिनुपर्ने स्थिति; के गरूँ, कसो गरूँ हुने सङ्कटपूर्ण अवस्था ।

**कोलाहल–** ना० [सं०] कुनै अत्यासिलो अवस्थामा धेरै मानिसले बोलेको टाढासम्म सुनिने अस्पष्ट आवाज; अत्तालिँदो होहल्ला; कोहोलो; कोकोहोलो ।

**कोली**– ना० १. प्रेमी-प्रेमिकाको प्रेमालापका प्रसङ्गमा काखलाई बुझाउने शब्द; ठिटा-ठिटीको मायालु काख । २. नेपालीको एउटा थर । – **भाट**– ना० नेपालीकै एउटा थर ।

**कोलोनी**– ना० [अङ्०] १. साम्राज्यवादी देशहरूले आफ्नो व्यापार, शिक्षा, प्रशासन आदि विभिन्न प्रभाव फैलाएको क्षेत्र; उपनिवेश । २. कुनै-कुनै वर्गीय वा पेसागत व्यक्तिका समुदायले बसोबास गरेको क्षेत्र । ३. सहरी क्षेत्रमा व्यवस्थित किसिमले बनाइएको वा बसाइएको बस्ती ।

**कोल्टे**– वि० [कोल्टो+ए] सीधा वा आँखासोझी नभई दायाँ-बायाँतिर ढल्केको; कोल्टो परेको; आँखा छलिएको ।

**कोल्टो**– ना० [सं० कक्षवर्त] १. सीधा र सरल नभई टेढोमेढो परेको ठाउँ वा वस्तु । २. दायाँ वा बायाँ कोखले टेकेर छड्के सुत्ने ढाँचा । वि० ३. आँखासोझी नभएको; पायक नपरेको; अपाही ।

**कोल्था**– ना० अल्लाको पाटबाट तयार पारिने बोरा वा नाम्लाजस्तो घरेलु वस्तु ।

**कोविद**– ना० [सं०] १. विद्या र बुद्धि भएको; विद्वान्; पण्डित । २. अनुभवी तथा कुशल; निपुण; पोख्त ।

**कोविदार**– ना० [सं०] कोइरालोको वृक्ष वा फूल; कोइरालो ।

**कोश**– ना० [सं०] १. अन्नपात वा धनमाल सुरक्षित राख्ने भण्डार; ढुकुटी; खजाना; कोष । २. कुनै निश्चित क्रम-नियम तथा वर्णव्याकरणात्मक व्यवस्थाअनुसार शब्दहरू भेला पारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थ; शब्दकोश । ३. तरबार, खुकुरी आदि हतियारको दाप । ४. कुनै वस्तु वा जीवको खोल (अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय) । ५. रूख-बिरुवा वा सागपातको फूल । ६. कोपिला; कोसो; कोयो । ७. अण्ड; अण्डकोश । – **कार**– ना० १. शब्दकोशको सम्पादन गर्ने व्यक्ति वा कोशको निर्माता । २. धन राख्ने भाँडो वा तरबार, खुकुरी राख्ने दाप बनाउने व्यक्ति । ३. आफ्नो आवरण वा कोश स्वयम् बनाइने अर्थमा रेसमको कीरो । ४. स्वयम् जालो बुन्ने अर्थमा माकुरो । – **पाल**– ना० ढुकुटीको सुरक्षा गर्ने व्यक्ति, भँडारे; खजान्ची । ~ **विज्ञान**– ना० कोश-रचनासम्बन्धी विज्ञान; शब्दकोशका निर्माणकलाको सिद्धान्त विवेचना भएको विद्या । ~ **वृद्धि**– ना० १. भण्डारको अभिवृद्धि हुने वा धन-सम्पत्ति बढ्ने काम । २. अण्डकोश ठूलो हुने रोग । > **कोशागार**– ना० अन्नपात वा धनसम्पत्ति सञ्चय गर्ने घर; ढुकुटी; धनसार; भण्डार । **कोशाध्यक्ष**– ना० १. संस्था वा कुनै आर्थिक कारोबार गर्नुपर्ने कार्यालयको सम्पत्ति रेखदेख गर्ने काम जिम्मा लिएको व्यक्ति; खजान्ची । २. कुनै सङ्गठनको कार्यकारिणी समितिको एकाइमा आर्थिक कारोबार हेर्ने व्यक्तिको पद; त्यसै पदमा रहने व्यक्ति । **कोशालय**– ना० कुनै प्रकोप वा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार वा सहायताका निम्ति जम्मा गरिएको रकम र मालसामानको वितरण तथा सञ्चालन गर्ने कार्यालय; धर्मढुकुटीका रूपको अड्डा ।

**कोष**– ना० [सं०] १. हे० कोश । २. पातलो झिल्लीले बेरिएको र जीवनरसको केन्द्रसमेत भएको शरीरमा रहने मांसपिण्ड वा कण । – **काव्य**– ना० पूर्वापर सम्बन्ध नभएको तर उही विषयलाई लिएर लेखिएको पद्यसङ्ग्रह । – **केन्द्र**– ना० जीवकोषको जीवनरस रहने बाक्लो भित्री भाग । – **रस**– ना० जीवकोषमा रहने जीवनरसबाहेकको अन्य तरल पदार्थ । > **कोषाध्यक्ष**– ना० हे० कोशाध्यक्ष । **कोषावरण**– ना० जीवरस रहने कोषहरूलाई एक अर्काबाट छुट्ट्याउने र रक्षा गर्ने पातलो झिल्ली; जीवनरस रहने कोषको आवरण ।

**कोष्ठ**– ना० [सं०] १. कोठो । २. पेटको भित्री तह वा भाग । ३. ढुकुटी; भण्डार ।

**कोष्ठक**– ना० [सं०] कोठा; खण्ड; खाना । ~ **चिह्न**– ना० व्याख्या, सङ्केत, सूचना, स्पष्टीकरण आदि छर्लङ्ग पार्न अगाडि र पछाडि छेक्ने चिह्न; गणित, विज्ञान आदिमा कुनै एक वर्ग वा समूह छुट्ट्याउने चिह्न (जस्तै– ( ), [ ] इ०) ।

**कोष्ठबद्ध**– वि० [सं०] १. कोष्ठक चिह्नहरूले बाँधिएको वा ती चिह्नले छुट्ट्याइएको । ना० २. ठीक समयमा नभएको दिसाको रोकाइ वा पेट साफ नहुने काम; कब्जियत; गोटा पर्ने रोग । – **ता**– ना० १. कोष्ठक चिह्नले छेक्ने काम वा ढाँचा । २. दिसा नहुने वा रोकिने स्थिति; कब्जियत ।

**कोस**– ना० [सं० क्रोश] १. जमिनको लम्बाइ नाप्दा दुई माइल लामो परिमाण; आठ हजार हात वा चार हजार गज लम्बाइको नापो; आठ सय धनु वा पैँतीस सय बीस गजको दूरी । २. आँखाका दुवैतिरको कुनु वा चोसो । ३. गाजल लगाउने सिन्को ।

**कोसल**– ना० [सं०] कर्णाली (सरयू) नदीका दुवै किनारमा रहेको प्राचीन एक देश । > **कोसलेय**– ना० १. कोसल देशका अधिपति; रामचन्द्र । वि० २. कोसल देशसँग सम्बन्धित ।

**कोसाकोसी**– ना० [कोसो+कोसो] सानाठूला धेरै कोसाको समूह ।

**कोसियार**– ना० उखुका गेवँरा, चिनियाँ, ढोडे, बेरेजस्तै एक भेद; एक जातको उखु; कोसेर-उखु ।

**कोसिस**– ना० [फा० कोशिश] कुनै पनि काम गर्नका निम्ति विशेष रूपले गरिने प्रयत्न; चेष्टा; जमर्को; प्रयास ।

**कोसी१**– ना० [सं० कोश] दही, मही, अचार आदि राख्ने काममा प्रयोग हुने धातु, काठ वा माटाको भाँडो; सानो आरी ।

**कोसी२**– ना० [सं० कौशिका] पूर्वी नेपालमा सुनकोसी, इन्द्रावती, दूधकोसी, तामाकोसी, तमोर, अरुण र लिखु मिलेका प्रसिद्ध सात नदी; सप्तकोसी । ~ **अञ्चल**– ना० नेपालका चौध अञ्चलमध्ये तथा पूर्वाञ्चल विकासक्षेत्रका तीन अञ्चलमध्ये मेची र सगरमाथाका बीचमा रहेको उत्तरतिर चीन र दक्षिणतिर भारतसँग सिमाना जोडिएको एक अञ्चल ।

**कोसे१**– वि० [कोसो+ए] कोसा भएको वा कोसा निस्कने; कोसाजस्तो (हे० कोसेबाली) ।

**कोसे२–** वि० [कोस+ए] कोस भएको; कोसका परिमाणको। (चारकोसे झाडी, चारकोसे बाटो इ०)। ~ **ढुङ्गो–** ना० १. कोस-कोसका फरकमा राखिने ढुङ्गो। २. सीमानिर्धारण गर्न योग्य घटना; उल्लेखनीय कुरा।

**कोसे बाली–** ना० [कोसे+बाली] मास, मस्याङ, सिमी, बोडी, भटमास, केराउ आदि जस्ता कोसा फल्ने बाली।

**कोसेर उखु–** ना० पहेँलो र मोटो डाँठ हुने एक जातको उखु; कोसियार।

**कोसेली–** ना० कसैलाई सम्झना र चिनुस्वरूप आफ्ना राजीले दिइने कुनै चीज वा वस्तु; सौगात; उपहार; नजराना। ~ **पेरुङ्गो–** ना० पेरुङ्गामा हालेर ल्याइने चलनअनुसारको कोसेली; कोसेली र अरू सामग्री।

**कोसो–** ना० [सं० कोष] १. बोडी, केराउ, मास, मस्याङ, सिमी आदिका भित्र गेडा रहने खोल वा खोलसहितको फल। २. कोसाकै रूपमा फल्ने केरा, रामतोरियाँ आदिको फल।

**कोहिनुर–** ना० [फा० कोहेनूर] १. गोलकुण्डामा फेला परेको र केही समय मुगल सम्राट्का अधिकारमा रही पछि ब्रिटिस सम्राट्का श्रीपेचमा जडिन पुगेको विश्वको सर्वश्रेष्ठ हीरा; सर्वोत्तम कोटिको हीरा; कोहेनुर। २. अति तेजिलो प्रकाश; प्रकाशको पहाड।

**कोही–** सर्व० [सं० कः हि] कसैलाई नतोकी वा अपरिचित व्यक्तिका नाममा प्रयोग हुने अनिश्चयबोधक शब्द; कुनै।

**कोहेनुर–** ना० [फा० कोहेनूर] हे० कोहिनुर।

**कोहोलो–** ना० [सं० कोलाहल] कोलाहल; कोकोहोलो।

**कौ–** ना० [नेवा०] फलामको काम गर्ने नेवारजातिको एक वर्ग।

**कौँचा–** ना० काँचको फूलदान वा गमला।

**कौँटी–** ना० [√ कोल्टो] उड्दै गएको चङ्गालाई लट्टाईको धागो झड्कारेर कोल्टो फर्काई तलतिर झार्ने काम।

**कौच–** ना० [अङ्० काउच] बीचमा लचकदार पाताहरू राखी नरिवलका जटा, रुवा आदि हालेर बाहिर कपडा, चट्टी आदिले मोहोरी बनाइएको गद्दीदार मेच; सोफा।

**कौटकिक–** ना० [सं०] चराचुरुङ्गी समात्ने वा मार्ने व्यक्ति; चराको सिकारी; शाकुनिक।

**कौटिलीय–** वि० [सं०] कौटिल्य विद्वान्ले तयार गरेको; कौटिल्यसम्बन्धी।

**कौटिल्य–** ना० [सं०] १. इसापूर्व तृतीय शताब्दीका मानिने अर्थशास्त्रका रचयिता तथा प्रसिद्ध कूटनीतिज्ञ आचार्य; चाणक्य। २. कुटिल हुनाको काम, भाव वा अवस्था; कुटिलता; टेढोपन। ३. छलकपट; बेइमानी।

**कौटुम्बिक–** वि० [सं०] १. कुटुम्ब वा नातागोता भएको; कुटुम्बसम्बन्धी; कुटुम्बी। ना० २. घरको मूली वा जेठोबाठो; थकाली; बाबु।

**कौडिन्य–** ना० [सं० कौण्डिन्य] पराशर र कौण्डिनीबाट जन्मिएका गोत्रप्रवर्तक एक ऋषि। ~ **गोत्र–** ना० कौडिन्य ऋषिको कुल वा वंशको परिचयात्मक नाम; पराजुली, प्याकुरेल, अचार्ज, सापकोटा, सत्याल, बासकोटा, न्यौपाने, खड्का, बगालेथापा, मरासिनी र पनेरू थर हुनेहरूको गोत्र।

**कौडी–** ना० [कौडो+ई] १. सानो खालको कौडो। २. तल्लो तहको दाम; थोरै मूल्यको पैसो। (उदा०– साथमा एक कौडी छैन, कसरी महिना चलाउने ?)।

**कौडे–** वि० [कौडो+ए] १. कौडा झुन्डचाएर वा भिरेर हिँड्ने; कौडीवाल। २. आँखामा फुलो परेको; कौडाजस्तो आँखा भएको। ना० ३. दास; कमारो; नोकर। ~ **कमारो–** ना० उहिलेको चलनअनुसार कानमा कौडी झुन्डचाई पालिने कमारो; खास कमारो।

**कौडो१–** ना० [सं० कपर्द] १. घुँगीजस्तै एक थरी पानीकीराको सिपी वा शङ्ख जातको एकापट्टि दाँतीदार मुख हुने अस्थिकोष वा हाडको ढकनी। २. अघिको किनबेचको साधन वा माध्यम। ३. सोह्रवटा कौडा मिलाई तिया, चौका, पन्जा र छक्का चार दाउ मानेर आफूले लिएको दाउ परे मार्ने, नपरे हार्ने बाजीमा खेलिने अवैध खेल।

**कौडो२–** ना० खुकुरीको काँजोनिर धारमा बनाइएको अर्धचन्द्राकार घेरो।

**कौतुक–** ना० [सं०] १. कुनै विलक्षण विषयप्रति जाग्ने विनोदपूर्ण उत्कण्ठा; कुतूहल। २. आश्चर्यजनक वस्तु; तमासा। ३. विवाहमा मङ्गलमन्त्र पढी विधिपूर्वक बनाइने कपडाको गाँठो; लगनगाँठो।

**कौतुकागार/कौतुकालय–** ना० [सं०] १. ऐतिहासिक वा सांस्कृतिक महत्त्वका दर्शनीय वस्तुहरूको सङ्ग्रहालय; म्युजियम; अजायबघर। २. बिहाका दिनमा दुलहीलाई सिँगारपटार गर्ने र कपडा पहिराउने कोठो। ३. कन्यादान गर्ने ठाउँ। ४. मनोरञ्जन गर्ने ठाउँ वा घर।

**कौतुकी–** वि० [सं०] १. कौतुक गर्ने; विनोदप्रिय; लहडी स्वभावको। २. वैवाहिक सम्बन्ध मिलाउने; लमीको काम गर्ने। ३. खेल-तमासा देखाउने; चटके; जादुगर।

**कौतूहल–** ना० [सं०] हे० कुतूहल।

**कौपीन–** ना० [सं०] १. ठाडो सानो धोती; लँगौटी (प्रायः सन्न्यासी र ब्रह्मचारीले लाउने)। २. योगीसन्न्यासीहरूले काँधमा भिर्ने कपडा। **– धारी–** वि० कौपीन धारण गर्ने वा लगाउने (व्यक्ति)।

**कौबेरी–** ना० [सं०] १. उत्तर दिशा। २. कुबेरको शक्ति।

**कौमार–** ना० [सं०] १. कुमार हुनाको भाव, गुण वा अवस्था; कुमारमा रहने कुरा; कौमार्य। २. जन्मेदेखि सोह्र वर्ष नपुगेसम्मको अवस्था वा उमेर। ~ **व्रत–** ना० आजन्म अविवाहित रहेर ब्रह्मचर्यका नियमको पालन वा धारण गर्ने व्रत; जिन्दगीभर कुमारै रहने वा विवाह नगर्ने व्रत वा प्रतिज्ञा।

**कौमार्य–** ना० [सं०] १. बालकपन वा युवावस्था; कौमार। २. पुरुषको संसर्गमा नपरेकी केटीको स्त्रीत्व; कुमारीत्व।

**कौमुदी–** ना० [सं०] १. चन्द्रमाको किरण; ज्योत्स्ना। २. कार्तिक शुक्लपक्षको पूर्णिमा। ३. पाणिनि व्याकरणका आधारमा निर्मित

संस्कृत भाषाका लघु, मध्य र सिद्धान्त नामका व्याकरणसम्बन्धी प्रसिद्ध ग्रन्थ ।

**कौमोदकी–** ना० [सं०] विष्णुका चार हातमा रहने शङ्ख, चक्र, गदा, पद्ममध्ये गदा, विष्णुको गदा ।

**कौरव–** ना० [सं०] १. कुरु नामका पौराणिक राजाको वंशमा जन्मेका सन्तति । २. कुरुवंशी राजा धृतराष्ट्रका छोरा (दुर्योधन आदि)।

**कौरा–** ना० एक लहर लोग्नेमान्छे र एक लहर स्वास्नीमान्छे उभिई डम्फु र खैँजडी बजाएको तालमा नाचगान गरिने एक प्राचीन नृत्य; कडुवा; करुवा ।

**कौरो–** ना० [√ कोरो] किरियापुत्रीहरू बस्ने ठाउँ; हे० कोरो । –**ढिकुरो–** ना० १. मरेको दस दिनसम्म मृतकलाई पिण्डपानी दिन जलाशयनजिकै बनाइएको वेदी; ढिकुरो । २. कौरो र ढिकुरो गर्ने काम ।

**कौल१–** ना० [√ कउल] हे० कउल ।

**कौल२–** ना० [फा० कबल] घोडाका काठीको अघिल्लो भागमा दायाँबायाँ दुवैतिर पर्ने गरी अडचाइने ब्यागजस्तो वस्तु ।

**कौल३–** ना० [सं०] वाममार्गी समुदायको शाक्त मतमा विश्वास गर्ने व्यक्ति वा त्यस्तो सम्प्रदाय ।

**कौल करार–** ना० [कबुल+करार] कुनै विषयमा कबुल गरिने वा पुऱ्याइने करार; सर्तनामा ।

**कौलटेय–** ना० [सं०] व्यावसायिक रूपमा वेश्यावृत्ति गर्ने नारीको छोरो; वेश्यापुत्र; कुलटाको सन्तान ।

**कौलतड–** ना० [फा० कबल तङ्ग] घोडाको काठीमा कौल कस्ने छालाको पेटी ।

**कौलास्-नु–** स० क्रि० [कौलासो+नु] १. कसैलाई टाढाबाट चिच्च्याएर बोलाउनु; हकार्नु; गुहार्नु । अ० क्रि० २. आत्तिएर कराउनु; चिच्च्याउनु । > **कौलासाइ–** ना० कौलास्ने काम वा प्रक्रिया । **कौलासिनु–** क० क्रि० कौलास्ने काम गरिनु ।

**कौलासो–** ना० [ ?] आपद्‌को समयमा गुहार माग्दा वा टाढैबाट कसैलाई पुकार्दा ठूलो स्वरले कराउने काम; ठूलो स्वरको हकाराइ, बोलाइ वा चिच्च्याहट ।

**कौली–** ना० उज्यालो राम्रो नहुँदैको समय; सबेर; बिहान; सखारै ।

**कौलो–** ना० खेतको सानो गरो; गोरु नलाग्ने फगटो ।

**कौवा–** ना० [सं० काक] १. समाचार कहन्छ भन्ने लोकधारणा भएको एक चरो; काग । – **ठोरी–** ना० कागका चुच्चाजस्तो सेता र नीला रङका फूल फुल्ने एक जातको बनैयाँ लहरो । ~ **फल–** ना० भुइँझारमा हुने र काफलका जस्ता दाना लाग्ने फल; भुइँकाफल ।

**कौवाली–** ना० [अ० कवाल = एक किसिमको बाँसुरी] १. मुसलमानहरूमा धेरै मानिस मिलेर गाइने एक प्रकारको धार्मिक गीत । २. त्यस्ता गीतका धुन वा ती धुनमा गाइने गीत । ३. उपर्युक्त प्रकारका गीत गाउनेको पेसा ।

**कौवे–** ना० खोलामा पाइने एक जातको माछो ।

**कौशल–** ना० [सं०] कुनै पनि विषय वा काममा हुने योग्यता वा युक्तिपूर्वकको शिल्पदक्षता; कुशल वा सिपालु हुनाको भाव वा स्थिति; सीप; चातुर्य; प्रवीणता; कुशलता ।

**कौशिक–** ना० [सं०] १. कुशिक ऋषिको वंशपरम्परा वा गोत्र । २. विश्वामित्र । ३. इन्द्र; देवराज । ४. लाटोकोसेरो । ~ **गोत्र–** ना० कौशिक ऋषिको कुल वा वंशको परिचयात्मक नाम; कुशिक वंशबाट प्रवर्तित रेग्मी, विणारी, रिमाल, ढुङ्गाना, तिवारी, लुइँटेल, पुडासैनी, रघुवंशी, भँडारी, खप्तरी विष्ट, खप्तरी बूढाथोकी, खप्तरी खड्का, रायमाझी, खप्तरी बस्नेत र बानियाँहरूको गोत्र ।

**कौशिकी–** ना० [सं०] कोशी नदी; सप्तकोसी ।

**कौशेय–** वि० [सं०] १. रेसमको धागोबाट बनेको; रेसमी । ना० २. रेसम नामको कीराबाट बनेको एक प्रकारको तन्तु; रेसम ।

**कौस१–** वि० [सं० कोश] रेसमको धागोबाट बनेको; रेसमी ।

**कौस२–** वि० [सं० कुश] कुशबाट निर्मित; कुशसम्बन्धी; कुशको ।

**कौसल–** ना० [अङ्० काउन्सिल] १. नेपालमा राणाकालताका कुनै जल्दोबल्दो विषयमा विशेष विचार पुऱ्याई निर्णयमा पुग्न खडा गरिएको सभा वा शासकलाई शासनसम्बन्धी सरसल्लाह पुऱ्याउने त्यस्तो अड्डा । २. कानुनविद्‌हरूको सभा; कानुन तथा न्यायसम्बन्धी काम गर्ने अड्डा ।

**कौसल्या–** ना० [सं०] दक्षिण कोसलकी राजकुमारी तथा उत्तर कोसलका राजा दशरथकी जेठी रानी; रामचन्द्रकी आमा ।

**कौसी१–** ना० [नेवा० कः सि] घरका तलाहरूमा खास गरी बुइँगल तलामा घाम ताप्न वा गर्मी छल्न छाना नहाली बनाइएको खुला ठाउँ; अटाली वा बुर्जाविशेष ।

**कौसी२–** ना० [सं० कोश ?] सरकारी आम्दानी-खर्चको फाँटवारी हिसाबसमेत राख्ने नेपालको पुरानो सरकारिया ढुकुटी । ~ **तोसाखाना–** ना० एकतन्त्री जहानियाँ शासनकालसम्म कायम रहेको र विभिन्न प्रकारका व्यावसायिक ब्याङ्कहरू चल्तीमा आउनुभन्दा पहिले नै नेपालको चल धनसम्पत्ति राख्ने जिल्ला-जिल्लाको र सदरको ढुकुटी अड्डा ।

**कौस्तुभ–** ना० [सं०] समुद्रमन्थनमा निस्केको, विष्णुको वक्षस्थलमा लाइने एक प्रसिद्ध मणि वा रत्न ।

**क्या–** निपा० उदेक, खुसी; झर्को, सम्भावना, शङ्का आदि जनाउने वा कुनै कुरामा जोड दिन प्रयुक्त हुने अव्यय; के; कस्तो; कत्तिको; खुप । (उदा०– बिनसित्ति पनि क्या झमेला आइलाग्यो बा ! आज फुटबल हेर्दा क्या मजा भयो ! मैले अस्ति नै भनेको कुरो क्या, बिर्स्यौ कि कसो ?) ।

**क्याँक्-नु–** स० क्रि० [क्याँक्+नु] अर्द्धचन्द्राकार हत्केलाले पछाडिपट्टि घाँटी समातेर अँचेट्नु; घोक्रो समाउनु; उँधो मुन्टो पारी पिठचूँबाट ङचाक्नु ।

**क्याँकक्याँक–** ना० [अ० मू० क्याँक्+अ (द्वि०)] हाँस, मुजुर, सुगा आदि चरा कराउँदा निस्कने शब्द वा बोली ।

**क्याँकिनु–** क० क्रि० [क्याँक्+इ+नु] क्याँक्ने काम गरिनु ।

**क्याँकी–** ना० [क्याँक+ई] १. मानिस वा पशुको गलो; घोक्रो; घाँटी । २. एक जातको चरो । वि० ३. निम्नस्तरीय; सामान्य सुझबुझ पनि नभएको ।

**क्याँट–** ना० [√ काँट] १. कागजी मुद्रा वा नोटको बिटो; गड्डागड्डा पारिएको कागजी मुद्रा । २. मोटो रकम; पुँजी; जेथा । **– वाल–** वि० धनी; पैसावाल ।

**क्याउँक्याउँ–** ना० [अ० मू० क्याउँ+(द्वि०)] १. नचाहिँदो वा नहुने कुरामा पनि झर्कोलाग्दो गरी कराउने काम; कचकच । २. सामान्य कुरामा पनि हल्ला हुने गरी भएको खलबल; ख्याउँख्याउँ ।

**क्याकक्याक–** क्रि० वि० [क्याक्+अ (द्वि०)] घाँटी अँठचाउँदा सास रोकिएर एकनासले शब्द निस्कने किसिमले । > **क्याकक्याकती / क्याकक्याकी–** क्रि० वि० त्यसरी नै सास रोकिएर छिटोछिटो शब्द निस्कने किसिमसँग ।

**क्याक्क–** क्रि० वि० [अ० मू० क्याक्+क] घाँटी अँठचाउँदा सास रोकिनाले शब्द निस्कने किसिमले; किक्क; किक्लिक्क ।

**क्याचक्याच–** क्रि० वि० [अ० मू० क्याच्+अ (द्वि०)] लगातार थिचिरहने किसिमले । > **क्याचक्याचती / क्याचक्याची–** क्रि० वि० त्यसरी नै अझ छिटो थिच्ने किसिमसित ।

**क्याचुक–** ना० १. ढुङ्गेन जग्गाको ढिस्कोमा उम्रने सिउँडीको एक जात । २. शारीरिक अवयव ठीक-ठीक नभएको व्यक्ति ।

**क्याच्च–** क्रि० वि० [क्याच्+च] कसैलाई थेप्चो पारेर थिच्ने चाल वा किसिमले ।

**क्याजुयल–** वि० [अङ्०] पहिले थाहा नपाएको तर अपर्झट परिआउने; आकस्मिक; खण्डे । ~ **कनेक्सन–** ना० आकस्मिक वा अस्थायी रूपमा जडिने टेलिफोनको जडान । ~ **बिदा–** ना० आकस्मिक बिदा; भइपरिआउने बिदा । सङ्क्षे०– क्या० बि० ।

**क्यान–** क्रि० वि० [सं० किम्] के कारणका लागि; किन (उदा०– क्या भन्छन् ति कि राम ईश्वर भया शोक् क्यान तिन्ले गऱ्या । – भानुभक्तको रामायण) ।

**क्यानरी–** ना० [अङ्०] प्रायः पहेँलो रङको, मीठो बोली बोल्ने, भँगेराजत्रो सानो एक जातको चरो ।

**क्यान्सर–** ना० [अङ्०] हाड, मासु, रगत आदिमा असर गरेर बिस्तारै बढ्दै जाने वा शरीरबाहिरको मासुमा खटिराको रूपमा निस्की काउलीको फूलजस्तै बढेर अन्तमा मृत्युसम्म गराउन सक्ने भयङ्कर रोग ।

**क्याप्टेन–** ना० [अङ्०] हे० कप्तान ।

**क्याप्प–** क्रि० वि० [अ० मू० क्याप्+प] हात, सनासो आदिले समाउने वा दाँतले एकै पल्ट टोक्ने किसिमले; टच्याप्प ।

**क्याबात–** वि० बो० [क्या+बात] कुनै राम्रो काम वा बहादुरीको निम्ति पिठचूँमा धाप मारेर र त्यसै पनि प्रोत्साहन दिँदा प्रयोग गरिने शब्द; स्याबास । (उदा०– क्याबात, वीरहरूले देशका निम्ति खुप लडेछन् !) ।

**क्याबिन–** ना० [अङ्०] १. अस्पतालमा रोगीलाई राख्न व्यवस्था गरिएको छुट्टै विशेष कोठो । २. व्यक्तिगत कोठो । ३. जहाजमा बस्नसुत्न हुने सानो कोठो ।

**क्याबिनेट–** ना० [अङ्०] १. प्रमुख मन्त्रीहरू बसेर आवश्यक र महत्त्वपूर्ण विषयमा निर्णय लिने बैठक; मन्त्रीहरूको सभा । २. मन्त्रिमण्डल; मन्त्रिपरिषद् ।

**क्यामकल–** ना० [अङ्०] औँठी, फूली, ढुङ्ग्री आदिमा जडिने टल्कने पत्थरविशेष ।

**क्यामरा–** ना० [अङ्०] कुनै व्यक्ति, दृश्य वा स्थलको दुरुस्त चित्र आउने गरी फोटो खिच्ने यन्त्र; छायाङ्कन गर्ने वा तस्बिर खिच्ने वैज्ञानिक उपकरण ।

**क्यामुनु–** ना० तीन अङ्गुलजति फराक र एक कुरेतबराबर लामा चिल्ला पात हुने, पहेँलो फूल फुल्ने र बोक्रा नसको काममा लिइने एक प्रकारको रूख ।

**क्याम्प–** ना० [अङ्०] १. कम्पाउन्ड; हाता; गिर्दा; क्याम्पा । २. सिपाहीहरू गएर बसोबास गर्ने ठाउँ; शिविर । **– खाट–** ना० क्याम्पमा रोगीलाई अस्पताल पुऱ्याउने खाट । **– फायर–** ना० सिपाहीहरूले विशेष उत्सवमा वा तालिम लिँदा बन्दुक आदि पड्काउने काम ।

**क्याम्पस–** ना० [अङ्०] प्रमाणपत्र वा आई० ए० तह र सोभन्दा माथिको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था; विद्यापीठ; पहिलेको कलेज वा महाविद्यालय । ~ **प्रमुख–** ना० क्याम्पसको प्रशासनिक तथा प्राज्ञिक कार्यसञ्चालन गर्ने प्रमुख व्यक्ति ।

**क्याम्पा–** ना० [√ क्याम्प] चारैतिर पर्खाल वा बारले घेरिएको घरजग्गा वा कार्यालय; गिर्दा; हाता; क्याम्प ।

**क्यार–** निपा० वाक्यको पछाडि लागेर संशय बुझाउने अव्यय, क्यारे । (उदा०– भाइहरू घर आएका छैनन् क्यार !)

**क्यारम बोर्ड–** ना० [अङ्०] दुई रङका ससाना गोटी स्टाइगरले हुत्त्याएर निर्धारित छिद्रमा पसाली घरकोठामा खेलिने खेलमा प्रयुक्त तख्ता वा बोर्ड ।

**क्यारी–** ना० [सं० केदार] १. ससाना बोटबिरुवा लगाउन लाम्चो डचाङ वा खाल्डो पारी बनाइएको खलो । २. बगैँचाका बाटाका दुवैतिर फूलको बिरुवा वा घारी लगाइएको त्यस्तो लाम्चो ठाउँ ।

**क्यारे–** निपा० शङ्का, संशय आदि बुझाउन वाक्यको पछाडि प्रयुक्त हुने अव्यय । (उदा०– तपाईंले भन्नुभएको कुरो होइन क्यारे !)

**क्यालकुलेटर–** ना० [अङ्०] जोड-घटाउ, भाग-गुणन र वर्गमूल, प्रतिशत आदिको हिसाब तुरुन्त निकाल्न सक्ने वैज्ञानिक उपकरण; गणक ।

**क्यालेन्डर–** ना० [अङ्०] वर्षभरिका महिना, गते, वार, छुट्टीका दिन तथा चाडपर्व आदि अङ्कित गरिएको, भित्तामा झुन्डचाइने छोटकरी पात्रो; भित्तेपात्रो ।

**क्युरिओ/क्युरियो–** ना० [अङ्० क्युरिओ] १. कुनै देशको निजत्व झल्काउने मूर्ति, मुद्रा, कपडा वा यस्तै सांस्कृतिक महत्त्वका वस्तु बिक्री गरिने पसल । २. त्यस्ता सांस्कृतिक महत्त्वका वस्तु राखिने ठाउँ ।

**क्रकुच्छन्द–** ना० [सं०] भद्र नामक कल्पका पाँच बुद्धमध्ये श्लेष्मान्तक वनमा तपस्या गर्ने भनी प्रसिद्ध एक प्राचीन मानव-बुद्ध ।

**क्रतु–** ना० [सं०] कुनै पर्व वा अन्य दिनमा गरिने धार्मिक कार्य; हवन; यज्ञ ।

**क्रन्दन–** ना० [सं०] १. दुःखपूर्ण चिच्च्याहट; विलाप; रुवाइ । २. युद्धका निम्ति गरिएको आह्वान; हाँक ।

**क्रम–** ना० [सं०] १. बीचमा नरोकिई चल्दै आउने प्रक्रिया; सिलसिला; मेलो । २. रुल; नियम । ३. पाइलो चलाइ; कदम; फड्को । **– बद्ध–** वि० सिलसिला मिलाइएको । **– बद्धता–** ना० क्रम मिलेको अवस्था वा पन । **– विहीन–** वि० क्रम नभएको । **– शः–** अव्य० १. पालैपालो गरेर; क्रमैसित; रोलैसँग । २. बिस्तार-बिस्तारै; अलि-अलि गरेर । ~ **सङ्ख्या–** ना० नाम, विषय आदिको क्रम देखाउन एकपछि अर्को पालैसित राखिएको अङ्क वा सङ्ख्या; सिलसिलेवार नम्बर । > **क्रमागत–** वि० १. क्रमैसित वा पालैपालो गरी आएको; क्रममा आएको । २. पितापुर्खाका पालादेखि चलिआएको; परम्परागत । **क्रमाङ्क–** ना० १. क्रमसङ्ख्या; सिलसिलेवार नम्बर । २. परीक्षार्थीहरूको रजिस्टरमा दर्ता भएको नम्बर; रोल नम्बर । **क्रमाङ्कन–** ना० १. कुनै विषयलाई क्रम वा सिलसिलाअनुसार सङ्ख्यामा बाँध्ने काम । २. कार्यालय आदिको रजिस्टरमा अकारादि क्रम मिलाई वा नमिलाई कुनै विषय वा कुरो सङ्ख्या दिएर लेख्ने काम । **क्रमानुसार–** अव्य० क्रममुताबिक; रोलबमोजिम; क्रमशः । **क्रमिक–** वि० १. क्रमैसँग वा पालैसित आएको; क्रमागत । २. सिलसिला मिलेको; क्रम भएको । ३. बिस्तार-बिस्तार; अलि-अलि ।

**क्रय–** ना० [सं०] नगद व्यवहार गरी कुनै मालसामान लिएर आफ्नो अधिकारमा पार्ने काम; किन्ने काम; खरिद । ~ **विक्रय–** ना० १. खरिदबिक्री; किनबेच । २. हानिनोक्सानी; मर्का । **– शक्ति–** ना० १. अत्यावश्यक उपभोग्य पदार्थ किन्ने क्षमता वा सामर्थ्य । २. अर्थशास्त्रमा जनताको आर्थिक स्तरको मापन गर्दा प्रयोग हुने शब्द ।

**क्राइस्ट–** ना० [अङ्०] इसाई धर्मका प्रवर्तक एक प्रसिद्ध महात्मा; इसा ।

**क्राउन–** ना० [अङ्०] बीस इन्च लामो र पन्ध्र इन्च चौडा भएको कागतको नापो ।

**क्रान्त–** वि० [सं०] १. आफ्नो सीमा वा मर्यादा पार गरेको; नाघेको वा गइसकेको । २. आक्रमण गरिएको; थिचिएको । **– दर्शी–** वि० १. विलक्षण बुद्धि भएको; सर्वज्ञ । २. युगानुकूल व्यवहार गर्ने; परिवर्तनका गतिमा कुशल ।

**क्रान्ति–** ना० [सं०] १. कुनै शासन, सत्ता, स्थिति आदिको परिवर्तनका निम्ति हुने जनशक्तिको प्रयास वा क्रियाकलाप; विद्रोह । २. त्यसरी भएको ठूलो परिवर्तन वा उल्टापाल्टी; हेरफेर; अदलाबदली । ३. अगाडि लम्कने वा विजय पाउने क्रिया, गति वा चाल । **– कारिता–** ना० क्रान्तिको भाव वा क्रिया; परिवर्तन ल्याइने कामकुराको गतिमयता । **– कारी–** वि० प्रचलित शासनव्यवस्था, परम्परा, सामाजिक स्थिति आदिमा परिवर्तन ल्याउन चाहने; त्यस प्रकार फेरबदल गर्ने; विद्रोही । ~ **मण्डल–** ना० पृथ्वीबाट देखिने सूर्यको गतिपथ; क्रान्तिवृत्त । **– वाद–** ना० भइरहेको स्थितिमा क्रान्ति वा आमूल परिवर्तन गर्ने राजनीतिक सिद्धान्त । **– वादी–** वि० क्रान्ति वा आमूल परिवर्तनको सिद्धान्तलाई मान्ने वा त्यसको अनुयायी । ~ **वृत्त–** ना० क्रान्तिमण्डल ।

**क्रिकेट–** ना० [अङ्०] दाबिलाका छाँटको लट्ठीले सानो बललाई हानेर रन बनाउन प्रतिस्पर्धा गरिने एक खेल ।

**क्रिम–** ना० [अङ्०] १. अनुहारको छाला मुलायम पार्ने वा मुख सिँगार्न प्रयोग गरिने केही जमेको लेदो शृङ्गारसामान । २. दूध वा दहीबाट झिकिने तागतिलो सारभूत वस्तु; मखन; नौनी ।

**क्रिया–** ना० [सं०] १. कुनै पनि काम भइरहनाको अवस्था वा भाव । २. तनमन र वचनले गरिने वा नित्य हुने कुनै पनि कार्य वा कर्म (दैनिक क्रिया, प्रातः क्रिया इ०) । ३. कुनै पनि काम गर्ने चेष्टा, ढङ्ग वा विधि (लेखनक्रिया, शोधनक्रिया इ०); प्रयत्न । ४. कुनै पनि क्षेत्रका रूप अथवा तीसित सम्बन्धित नियमअनुसार हुने काम (व्यावहारिक क्रिया, शल्यक्रिया इ०) । ५. व्याकरणमा कार्यव्यापार जनाउने वा कुनै कार्य, घटना आदि हुनु-गरिनुको वाचक शब्द । ६. मृतकको अन्त्येष्टि कर्म; किरिया । ~ **कर्म–** ना० मृतकको अन्त्येष्टि कर्म; काज-किरिया । **– कलाप–** ना० कुनै क्षेत्र वा समयमा हुने कामको गतिविधि । ~ **खर्च–** ना० काज-किरियामा लागेको खर्च; काज-किरियाका लागि सरकारी तह वा अन्यत्र कतैबाट दिइने त्यस्तो खर्च । **– चतुर–** ना० १. शृङ्गार रसको आलम्बन बनेको, अनेक कौशल वा छलछामबाटै काम पटचाउने नायक । वि० २. काममा सिपालु; कार्यदक्ष ।

**क्रियात्मक–** वि० [सं०] १. कोरा सिद्धान्तलाई कार्यरूपमा वा व्यवहारमा परिणत गरिएको; कार्यरूपमा उपयुक्त हुने; व्यावहारिक । २. क्रिया वा कार्यका रूपमा आएको वा गरिएको । **– ता–** ना० क्रियात्मक हुनाको भाव वा स्थिति ।

**क्रियान्वयन–** ना० [सं०] कुनै सिद्धान्त वा नियमलाई व्यवहारमा ल्याउने वा प्रयोग गर्ने काम ।

**क्रियान्वयी–** वि० [सं०] १. क्रियामा अन्वित हुने वा क्रियासित विशेष सम्बद्ध (उता, छिटो, गरेर, पढी, खेल्न इ०) । ना० २.

क्रियायोगीका दुई भेद (क्रियाविशेषण र क्रियान्वयी) मानिएका मध्ये एक ।

**क्रियापद–** ना० [सं०] क्रियाको वाचक वा कार्यव्यापारका रूपमा प्रयुक्त हुने र वाक्यमा केन्द्रीय बिन्दुका रूपमा रहने क्रियारूपायित पद वा शब्द; खास गरी वाक्य पूरा गर्ने समापिका क्रिया (जान्छु, जान्छौं, बस्छ, बस्छन्, हेऱ्यो, हेरे, लेख्ला, लेखेछ इ०) ।

**क्रियापुत्री–** ना० [सं०] मृतकका नाउँमा तेह्रौं दिनसम्म गर्नुपर्ने पिण्डपानी आदि और्ध्वदेहिक कार्य गर्ने व्यक्ति; किरिया बस्ने छोरो, छोरोसरह मानिएको वंशज वा अन्य कुनै व्यक्ति ।

**क्रियाबिदा–** ना० [क्रिया+बिदा] मृतकको काज-किरिया आफैँ गर्नुपर्ने कर्मचारीले सम्बन्धित संस्था वा कार्यालयबाट पन्ध्र दिनसम्म पाउने बिदा ।

**क्रियायोगी–** ना० [सं०] समापक वा असमापक क्रियासँग साक्षात् सम्बन्ध राख्ने शब्द (क्रियाविशेषण र क्रियान्वयी) ।

**क्रियारत–** ना० [सं०] कुनै पनि काममा लागेको; कार्यसंलग्न; उद्यमी ।

**क्रियाविशेषण–** ना० [सं०] क्रियाको विशेषता र गुण बुझाउने र त्यसका प्रकार, रूप, स्थान आदिको बोध गराउने अव्यय शब्द (मिरमिर, रनक्क, सलसल, राम्ररी इ०) ।

**क्रिस्तान–** वि० [अङ्० खिश्चियन] इसा वा इसाई धर्मको अनुयायी; इसाई ।

**क्रीडन–** ना० [सं०] क्रीडा गर्ने वा खेल्ने काम; खेलबाड । > **क्रीडनक–** ना० १. खेलबाडका सामान; खेलौना । २. खेल-तमासा ।

**क्रीडा–** ना० [सं०] १. मन बहलाउन वा समय काट्नका निम्ति गरिने कुनै पनि मनोरञ्जक कामकुरा; खेल; खेलबाड; आमोदप्रमोद; मनबहलाउ । २. सम्भोग; स्त्रीपुरुषका बीच परस्परको शारीरिक सम्बन्धले आनन्द लिइने कार्य; मैथुन । ~ **कानन–** ना० मनोविनोद, खेलबाड आदि गर्ने ठाउँ वा बगैँचा; प्रमोदवन; आनन्दवन । ~ **गृह–** ना० प्रेमीप्रेमिकाले आमोदप्रमोद गर्ने भवन; रतिक्रीडा गर्ने घर वा कोठो; खेलबाड गर्ने घर । ~ **स्थान–** ना० घरबाहिर वा घरभित्र खेलिने खेलका निम्ति बनाइएको ठाउँ; रङ्गशाला; रङ्गभूमि ।

**क्रीत–** वि० [सं०] नगद दिएर कुनै वस्तु आफ्नो अधिकारमा ल्याइएको; किनिएको; खरिद गरिएको । > **क्रीतक–** ना० १. किनिएको नोकर; कमारो । २. किनेको छोरो; क्रीतपुत्र ।

**क्रुद्ध–** वि० [सं०] कसैप्रतिको मानसिक आवेगमा उत्रेको; क्रोध भएको वा क्रोध गर्ने; झोकिएको; रिसाएको ।

**क्रूर–** वि० [सं०] १. अरूलाई सताउने, पीर-मर्का पार्ने वा निर्मम कार्य गर्ने, निष्ठुर; निर्दयी; दुष्ट । २. झोक्किने प्रवृत्ति भएको; रिसाहा । – **कर्मा–** वि० क्रूर स्वभाव भएको; जघन्य काम गर्ने; निष्ठुर । – **ग्रह–** वि० ज्योतिषशास्त्रअनुसार पापग्रह (सूर्य, मङ्गल, शनि, राहु, केतु यी पाँच ग्रह र पापग्रहका साथै एउटै राशिमा बसेको बुध पनि) । – **ता–** ना० क्रूर प्रकृति तथा नीच वृत्ति हुनाको भाव वा अवस्था; दुष्टता । – **दृक्–** वि० १. खराब दृष्टि भएको । ना० २. शनि वा मङ्गलग्रह ।

**क्रेटर–** ना० [अङ्०] पग्लेको चट्टान, आगो, खरानी, ग्याँस आदि निस्कने ज्वालामुखीको मुख ।

**क्रेता–** वि० [सं०] किनमेल गर्ने; खरिद गर्ने, किन्ने; गाहकी ।

**क्रेन–** ना० [अङ्०] गह्रौं र ठूलठूला फलामे दलिन, लट्ठा, पाइप आदिलाई एक ठाउँबाट उठाएर वा च्यापेर जडिने ठाउँमा राख्ने भीमकाय यान्त्रिक साधन ।

**क्रोड–** ना० [सं०] १. आलिङ्गन गर्ने मुद्राका दुई हातका माझको भाग; भुजान्तर । २. वक्षस्थल; छाती, कोख । ~ **पत्र–** ना० पत्र-पत्रिकाका बीचमा घुसाइने समसामयिक महत्त्वका विषय छापिएका अलग पाना; थपुवा अंश; अतिरिक्त पाठ्यसामग्री ।

**क्रोध–** ना० [सं०] १. कुनै अनुचित र हानिकारक वा मन नपर्ने काम-कुरो भएको देखेर मनमा उब्जने उग्र तथा तीक्ष्ण आवेग; रिस; रोष । २. ज्योतिषशास्त्रका साठी संवत्सरमध्ये उनान्साठीयौं एक संवत्सर । ३. साहित्यमा रौद्र रसको स्थायी भाव । > **क्रोधागार–** ना० रिसाएका बेलामा गुत्थ परेर बस्ने घर; कोपभवन । **क्रोधी–** वि० १. क्रोध भएको वा क्रोध गर्ने; क्रुद्ध; रिसाहा । २. सानातिना कुराहरूमा पनि छिटै रिसाउने; झोकी; झडङ्ग्याहा ।

**क्रोनर–** ना० [ ? ] स्विडेन, नर्वे, डेनमार्क आदि देशका मुद्राको नाम ।

**क्रोनोमिटर–** ना० [अङ्०] बेलायतको ग्रीनवीच भन्ने ठाउँमा समय सूचित गर्ने घडीजस्तो प्रसिद्ध यन्त्र ।

**क्रोमोआँ–** ना० [अङ्०] प्रागैतिहासिक क्रोमेआँ मानवले प्रयोग गरेको उपकरण । ~ **मानव–** ना० फ्रान्सको क्रोमेआँ नामक स्थानमा पाइएको मानव; ओरनेक मानवको उपजाति ।

**क्रोश–** ना० [सं०] १. कराउने काम; चीत्कार; रोदन । २. सय धनु वा पैँतीस सय बीस गजको दूरी; कोस । ३. सहस्रदण्डबराबर वा धनुषको हजार गुनाबराबरको नापो ।

**क्रौञ्च–** ना० [सं०] १. कऱ्याङकुरुङ चरा । २. हिमालयको टाकुरो । – **रन्ध्र–** ना० हिमाली गुफा ।

**क्याङ–** ना० [अङ्०] साइकल, मोटर साइकल आदि वाहनको जन्जिर अड्किने दाँतीदार चक्का ।

**क्लब–** ना० [अङ्०] १. आमोदप्रमोद वा मनोरञ्जनका निम्ति प्रायः समान स्तरका मानिसको जमघट हुने स्थान; त्यस्तै अभिप्रायका निम्ति खोलिएको सार्वजनिक संस्था । २. होटेल वा क्रीडागृहमा मन बहलाउन जम्मा हुने मानिसको जमात । ३. एक किसिमको रोदीघर ।

**क्लर्क–** ना० [अङ्०] कार्यालय वा संस्थाहरूमा काम गर्ने निम्नवैतनिक कर्मचारी; हे० कारिन्दा ।

**क्लान्त–** वि० [सं०] १. थाकेको; थकित; श्रान्त । २. ओइलाएको; मुखमुद्रा क्षीण भएको । > **क्लान्ति–** ना० क्लान्त हुनाको अवस्था

वा भाव; थकावट; थकाइ ।

**क्लास–** ना० [अङ्०] १. कक्षा । २. श्रेणी; दर्जा; वर्ग । >**क्लासिकल–** वि० १. साहित्यमा कलापक्षलाई विशेष जोड दिने; शास्त्रीय । २. उच्च कोटिका साहित्यको ।

**क्लिनर–** ना० [अङ्०] १. सरसफाइ गर्ने व्यक्ति । २. बस, ट्रक आदिमा काम गर्ने साधारण कामदार; हे० खलासी ।

**क्लिनिक–** ना० [अङ्०] उपचारकक्ष ।

**क्लिप–** ना० [अङ्०] हे० किलिप ।

**क्लिष्ट–** वि० [सं०] १. हम्मेसी नबुझिने वा अर्थ्याउन गाह्रो पर्ने; दुरूह; कठिन (क्लिष्ट शब्द, क्लिष्ट वाक्य, क्लिष्ट शैली इ०) । २. पार लाउन गाह्रो पर्ने; मुस्किल; अप्ठचारो । ३. कष्ट पुऱ्याउने खालको; कष्ट हुने; क्लेशयुक्त । **– ता–** ना० क्लिष्ट हुनाको भाव वा अवस्था; दुरूहता । **– त्व–** ना० क्लिष्टता; लहरे साङ्ली परी अर्थ वा भाव राम्ररी नखुल्ने काव्यरचनाको दोष ।

**क्लीब–** वि० [सं०] १. सन्तान जन्माउन सक्ने प्रजननशक्ति क्षीण भएको (व्यक्ति); नपुंसक; हिजडा । २. आँट नभएको; हुतीहारा; नामर्द । **– ता/त्व–** ना० प्रजननशक्ति नहुने भाव; पुंसत्वहीनता; नपुंसकपन ।

**क्लेद–** ना० [सं०] १. पानी वा यस्तै तरल पदार्थले भिजाउने काम; चिसोपना; आर्द्रता । २. पसिना ।

**क्लेश–** ना० [सं०] १. कुनै आघात परेर वा चिन्ताका कारणले मानिस व्याकुल तथा सन्तप्त रहने कष्टपूर्ण मानसिक स्थिति; आन्तरिक दुःख, पीडा वा वेदना । २. घरव्यवहारमा आफुसमा हुने कलह वा मनोमालिन्य ।

**क्लोम–** ना० [सं०] कलेजो; फोक्सो । ~ **चित्र–** ना० विद्युतीय विकिरणद्वारा लिइएको फोक्सोको चित्र । ~ **ध्वनि–** ना० छातीबाट सुन्न सकिने फोक्सोको आवाज; सास फेर्दा आउने शब्द ।

**क्वण–** ना० [सं०] वीणा, सितार आदि वाद्ययन्त्रबाट निस्कने श्रुतिमधुर शब्द; झन्कार ।

**क्वथन–** ना० [सं०] तरल वस्तु उमाल्ने वा भकभकी पार्ने काम । > **क्वथनाङ्क–** ना० तापमानमा पानी उमाल्न सक्ने १०० डिग्रीको माप; क्वथनको निश्चित बिन्दु ।

**क्वाँक–** वि० [अ० मू० क्वाँक्+अ] भनेको कुरा राम्ररी नबुझ्ने; लट्टक; बुद्धू । (उदा०– जति भने पनि हरि सम्झँदै सम्झँदैन, कस्तो क्वाँक रहेछ) ।

**क्वाँक्वाँ–** क्रि० वि० [अ० मू० क्वाँ (द्वि०)] १. मानसिक वेदना खप्न नसकेर वा कसैको भनाइ खाएर चर्को स्वरले रुने किसिम । ना० २. डाँको छाडेर रोएको आवाज ।

**क्वाँटी–** ना० [नेवा० क्वा] केराउ, चना, मुगी, मास, सिमी, भटमास आदि दालजातका गेडागुडी छासमिस पारी पानीमा भिजाएर टुसा निक्लिएपछि पकाएको रस र तिनै गेडागुडी वा बिरौँला ।

**क्वाइँक्वाइँ–** क्रि० वि० [अ० मू० क्वाइँ (द्वि०)] १. कुटाइ वा किचाइमा परेर कुकुर रुने-कराउने किसिम । २. दुख्ने गरी जगल्टा भुत्ल्याउने चाल ।

**क्वाटर–** ना० [अङ्० क्वार्टर] १. चतुर्थांश; चौथाइ । २. छपाइका निम्ति अक्षर मिलाउँदा कम्पोज भएका पृष्ठको खाली ठाउँमा भरिने सिसाका ससाना ढिका वा टुक्रा; क्वाड ।

**क्वाड–** ना० [अङ्०] हे० क्वाटर ।

**क्वाथ–** ना० [सं०] १. काष्ठादि औषधी पानीमा धेरै बेर पकाएर झिकिएको बाक्लो रस; काँडा । २. सुरुवा ।

**क्वापक्वाप–** क्रि० वि० [अ० मू० क्वाप्+अ (द्वि०)] डल्लो खानेकुरो धमाधम मुखमा हाल्ने किसिमले । > **क्वापक्वापती/क्वापक्वापी–** क्रि० वि० डल्लो खानेकुरो छिटोछिटो मुखमा हाल्ने किसिमसँग ।

**क्वाप्प–** क्रि० वि० [अ० मू० क्वाप्+प] डल्लो खानेकुरो एकै बाजि मुखमा हाल्ने किसिमले ।

**क्वारक्वार–** क्रि० वि० [अ० मू० क्वार्+अ (द्वि०)] एकटकले हेर्ने, चाँचाँडो कोर्ने वा साह्रो खानेकुरा चपाउँदा आवाज आउने गरी । > **क्वारक्वारती/क्वारक्वारी–** क्रि० वि० तिनै काम अझ छिटो गर्ने किसिमले ।

**क्वार्र–** क्रि० वि० [अ० मू० क्वार्+र] १. धर्को तानेर कोर्ने वा कुनै तीखो वस्तुद्वारा आफैँ कोरिने किसिमले । २. कीरा-फटचाङ्ग्रा आदि कराउँदा आवाज आउने किसिमसँग ।

**क्वालक्वाल–** क्रि० वि० [अ० मू० क्वाल्+अ (द्वि०)] लगातार पेट कराउने वा पानी बग्ने किसिमले । > **क्वालक्वालती/क्वालक्वाली–** क्रि० वि० एकनासले पेट कराउने वा पानी बग्ने गरी ।

**क्वाल्ल–** क्रि० वि० [अ० मू० क्वाल्+ल] एकै बाजि ठूलो स्वरले पेट कराउने वा पानी बग्ने किसिमसँग ।

**क्विज–** ना० [अङ्०] सामान्यज्ञानको जाँच, बुद्धि जाँच्नका निम्ति प्रश्नहरू सोधिने प्रतियोगिता; हाजिरजवाफ ।

**क्विन्टल–** ना० [अङ्०] सय किलोग्रामको तौल (पुरानो हिसाबअनुसार दुई मन साढे सत्ताइस सेर) ।

**क्ष–** देवनागरी वर्णमालामा र पञ्चाशत वर्णमातृकामा स्वतन्त्र अस्तित्व पनि मानिएको, कण्ठ र मूर्द्धास्थानबाट उच्चारण हुने ‘क’ र ‘ष’ को संयुक्त रूप वा सो रूपको संयुक्त व्यञ्जनवर्ण (संयुक्ताक्षर); लेख्य रूपमा सो संयुक्त व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न ।

**क्ष-किरण–** ना० [सं०] शरीर वा कुनै ठोस वस्तुका भित्री भागको चित्र उतारिने विकिरण प्रविधिका प्रमुख विकिरण वा विद्युत्धाराको अदृश्य किरण; एक्सरे ।

**क्षण–** ना० [सं०] १. समयको साह्रै सानो भाग वा थोरै परिणाम; छिन । २. एक मुहूर्तको बाह्र भागको एक भाग (चारपाँच सेकेन्ड वा तीस पला) । ३. आँखा झिम्काउन्जेलको समय; निमेष । ४. खाली समय; अवसर; मौका । **– भङ्गुर–** वि० १.

छिनभरमा नाश हुने; अल्प समयमै नष्ट हुने; अनित्य; अस्थिर । २. क्षणसम्बन्धी; क्षणको; अस्थायी ।

**क्षणिक**– वि० [सं०] १. एकै छिन मात्र रहने वा हुने; क्षणभङ्गुर; अनित्य; अस्थिर । २. क्षणसम्बन्धी; क्षणको । – **ता**– ना० क्षणिक हुनाको भाव वा अवस्था । > **क्षणिका**– ना० बादलमा चम्किने बिजुली; विद्युत् ।

**क्षणी**– वि० [सं०] क्षणभर मात्र रहने वा हुने; केही छिनको; क्षणिक ।

**क्षत**– वि० [सं०] १. क्षति वा हानि भएको; चोट लागेको; घाइते । २. कुनै भाग टुटेको; खण्डित (वस्तु) । ना० ३. घाउ; चोट; जखम । – **ज**– वि० १. घाउबाट निस्कने (क्षतज ज्वर) । ना० २. रगत वा पीप । – **योनि**– वि० पुरुषसित मिसिइसकेकी; योनिक्षत भएकी; कौमार्य नष्ट भएकी । ~ **विक्षत**– वि० कहीँ अलिकति र कहीँ बेसरी शरीरभर चोटपटक लागेको; रक्त्योल; रक्ताम्मे ।

**क्षता**– वि० [सं०] योनि क्षत भएकी; कौमार्य खण्डित भएकी (कन्या) ।

**क्षति**– ना० [सं०] १. कुनै काम, वस्तु, समय आदिमा हुन गएको हानि वा नोक्सानी; खति; घाटा; नाश । २. आघात वा चोट लाग्नाले भएको घाउ; चोटपटक । – **ग्रस्त**– वि० बिग्रेको, भत्केको, नासिएको वा खति भएको । (उदा०– प्रधानमन्त्री भुइँचालाले क्षतिग्रस्त इलाकाको निरीक्षण गर्दै हुनुहुन्छ ।) ~ **पूर्ति**– ना० १. कसैको केही हानि-नोक्सानी भएको वस्तु पूरा गरिदिने वा नोक्सानी भराइदिने काम । २. क्षति भएका वस्तुको सट्टामा दिइने रकम वा धन; हर्जाना; भरताल ।

**क्षत्र**– ना० [सं०] १. राज्य; राष्ट्र । २. क्षत्रिय जाति वा त्यस जातिका व्यक्ति । ३. शरीर । – **कर्म**– ना० क्षत्रियले गर्नुपर्ने युद्धबाट विमुख नहुनु, शत्रुलाई हटाउनु, दान दिनु आदि काम । – **धर्म**– ना० १. क्षत्रियले गर्नुपर्ने अध्ययन, दान, प्रजापालन, यज्ञ आदि काम वा धर्म । २. शौर्य; बहादुरी । – **पति**– ना० कुनै क्षत्र वा राज्यका स्वामी; राजा ।

**क्षत्रिय**– ना० [सं०] हिन्दूहरूका चार जातमध्ये एक जात वा चार वर्णमध्ये दोस्रो वर्ण । ~ **देवता**– ना० इन्द्र, यम र वरुण ।

**क्षत्री**– ना० [सं०] १. क्षत्रिय; छेत्री ।

**क्षन्तव्य**– वि० [सं०] क्षमा गर्न योग्य; क्षम्य ।

**क्षपणक**– ना० [सं०] १. प्रायः नाङ्गो रहेर उपासना वा जीवनयापन गर्ने जैन भिक्षु वा साधु । २. विक्रमादित्यका राजसभामा रहने नवरत्नमध्ये एक । वि० ३. लाज नमान्ने; निर्लज्ज ।

**क्षम**– वि० [सं०] १. काम गर्ने क्षमता वा योग्यता भएको; समर्थ; योग्य । २. चुप रहने; सहनशील; सहिष्णु । ना० ३. शक्ति; बल । – **ता**– ना० कुनै काम गर्ने वा केही धारण गर्न सक्ने शक्ति वा विशेषता; सामर्थ्य; तागत ।

**क्षमा**– ना० [सं०] १. अरूले दिएका दुःखको साटो फेर्ने विचार छाडी त्यसलाई सहने मानिसका मनको भावना वा वृत्ति; दोषीलाई छाडिदिने वा आफ्नो भूल स्वीकार गर्ने त्यस्तै भाव; माफी; क्षान्ति । २. सहिष्णुता; सहनशीलता । ३. पृथ्वी; धर्ती । – **प्रार्थना/याचना**– ना० आफूले बिराएका कुरामा क्षमा वा माफी माग्ने काम । – **वान्**– वि० माफी दिने; क्षमाशील । – **शील**– वि० क्षमा गर्ने; शान्त वा सीधासादा प्रकृतिको ।

**क्षम्य**– वि० [सं०] क्षमा गर्न योग्य; माफ दिन लायक ।

**क्षय**– ना० [सं०] १. प्रकृतिले नै बिस्तारबिस्तार खिइँदै जाने क्रिया वा स्थिति; ह्रास; घटती; नाश । २. कल्पको अन्त; प्रलय । ३. राजयक्ष्मा; टी० बी० रोग । – **कर**– वि० क्षय गर्ने; नाश गर्ने । – **काल**– ना० प्रलयको समय । – **तिथि**– ना० टुटेको वा लोप भएको तिथि । – **पक्ष**– ना० चन्द्रमाको कला क्षीण हुँदै जाने पक्ष; कृष्णपक्ष । – **मास**– ना० घटीमा १९ वर्ष र बढीमा १४१ वर्षको अन्तरमा दुई औँसीभित्र दुई सङ्क्रान्ति पर्ने चान्द्रमास (क्षयमास परेको सालमा अगाडि र पछाडि गरी दुई अधिक मास पर्छ, क्षय हुने महिनाको पहिलो पक्ष अघिल्लो महिनामा र दोस्रो पक्ष पछिल्लो महिनामा गनिन्छ) । – **रोग**– ना० फोक्सामा विशेष किसिमका कीटाणुले प्रवेश गर्नाले घाउ भई बिस्तारै रोगी गल्दै जाने प्रसिद्ध रोग; राजयक्ष्मा; टी० बी०; सुकेनास; राजरोग ।

**क्षयी**– वि० [सं०] १. क्षय हुने; नाश हुने । २. क्षयरोग लागेको । ना० ३. चन्द्रमा – **करण**– ना० नासिँदै, गल्दै वा खिइँदै जाने काम वा प्रक्रिया ।

**क्षर**– ना० [सं०] १. तरल पदार्थको चुहाइ, तप्काइ वा बगाइ । २. पानी; बादल । ३. शरीर; देह । ४. सबै जड पदार्थ । वि० ५. नाश हुने; नाशवान्; नश्वर ।

**क्षरण**– ना० [सं०] थोपा-थोपा हुँदै चुहुने, तप्किने, झर्ने, रसाउने आदि काम ।

**क्षात्र**– वि० [सं०] क्षत्रियको; क्षत्रियसम्बन्धी ।

**क्षान्ति**– ना० [सं०] सहन सक्ने क्षमता; सहनशीलता; धैर्य ।

**क्षार**– ना० [सं०] १. दाहक, जारक आदि औषधी वा खनिज पदार्थहरूको भस्मबाट रासायनिक प्रक्रियाले बनाइने नुन । २. सोडा । ३. सुहाग । ४. नुनिलो पदार्थ । ५. भस्म; खरानी । वि० ६. चर्को; नुनिलो । ७. नुन भएको (समुद्र) । – **क**– वि० क्षार गर्ने वा जलाउने; दाहक; कास्टिक । ~ **भूमि**– ना० क्षार मिसिएको माटो भएको जमिन; उर्वर भूमि । ~ **समुद्र**– ना० नुनिलो पानी भएको समुद्र; क्षारोद ।

**क्षारोद**– ना० [सं०] १. नुनिलो पानीको समुद्र; क्षारसमुद्र । २. क्षारको अंश भएको कुनै पदार्थ ।

**क्षालन**– ना० [सं०] धुने वा सफा गर्ने काम (लुगा; भाँडा आदि) ।

**क्षिति**– ना० [सं०] १. वासस्थान; निवासस्थान; घर । २. पृथ्वी । – **ज**– ना० १. चारैतिर पृथ्वी र आकाश जोरिएजस्तो देखिने स्थान वा गोलो परिधि । २. मङ्गलग्रह । ३. वृक्ष; रूख । – **तल**– ना० [सं०] धरातल; पृथ्वी । – **पति**– ना० राजा । ~ **मण्डल**– ना० भूमण्डल; पृथ्वी ।

**क्षिप्र**– क्रि० वि० [सं०] तुरुन्त, तत्काल; शीघ्र; चाँडै । – **कारी**– वि० चाँडचाँडै काम गर्ने; छिटो काम पूरा गर्ने ।

**क्षीण**– वि० [सं०] १. खिएको, घट्तै गएको वा अवस्था बिग्रेको ।

२. दुब्लो; पातलो; निर्धो । – **काय**– वि० दुब्लो वा पातलो शरीरको । – **ता**– ना० क्षीण हुनाको अवस्था वा भाव; दुर्बलता; निर्धोपन ।

**क्षीर**– ना० [सं०] १. दूध । २. खीर । ३. जल; पानी । ४. रूखको दूधजस्तो सेतो चोब । – **धि**– ना० दूधजस्तो फीँज उठ्ने पानी भएको समुद्र । ~ **सागर**– ना० दूधको समुद्र वा दुग्ध-समुद्र पनि भनिने, सात समुद्रमध्ये एक ।

**क्षुण्ण**– वि० [सं०] १. टुक्रा पारिएको वा टुक्र्याइएको । २. टुटफुट भएको वा बिग्रेको; खण्डित । ३. खुँदिएको । ४. राम्ररी विचार गरिएको ।

**क्षुद्र**– वि० [सं०] १. नीच वा अधम प्रवृत्तिको; तुच्छ विचारको; जाबो । २. अल्प; सानो । ३. दरिद्र; निर्धन । ४. कृपण; कन्जुस । – **घण्टिका**– ना० आभूषणका रूपमा पहिरिने ससाना घण्टी; चाँप; घुँगरु । – **ता**– ना० क्षुद्र हुनाको भाव वा अवस्था; नीच व्यक्तिमा रहने अवगुण; नीचता; तुच्छता । ~ **धान्य**– ना० कोदो; कुअन्न ।

**क्षुधा**– ना० [सं०] १. खाने इच्छा; भोक; छुद्दे । २. कुनै कुरा पाउने चाहना; तृष्णा । > **क्षुधातुर**– वि० साह्रै भोकाएको; भोकले आत्तिएको वा छटपटाएको । **क्षुधित**– वि० साह्रै भोकाएको; भोको ।

**क्षुब्ध**– वि० [सं०] १. कुनै कारण वा कुराले रिसाएको; क्षोभ भएको; क्रुद्ध । २. अधीर; चञ्चल । ३. विह्वल; व्याकुल; दिग्दार ।

**क्षुर**– ना० [सं०] १. कपाल काट्ने हतियार; छुरा । २. पशुको खुर ।

**क्षेत्र**– ना० [सं०] १. बाली रोपिने जग्गाजमिन; खेत; भूमि; फाँट-मैदान । २. उत्पत्तिस्थान । ३. पुण्यतीर्थ; धाम (कुरुक्षेत्र, वराहक्षेत्र, मुक्तिक्षेत्र इ०); पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय आदिले युक्त शरीर । ४. वीर्यको स्थापना गरी सन्तान उत्पन्न गर्ने रूपमा पत्नी वा स्त्री; कोख । ५. राजनीतिक, सामाजिक, साहित्यिक, भौगोलिक आदि विचारले वा त्यस्तो कुनै कामविशेषका निम्ति निर्धारित स्थल । ६. पुरातात्त्विक वस्तु प्राप्त गर्ने उद्देश्यले उत्खनन वा अन्वेषण गरिने ठाउँ । ७. नेपालका पाँच खण्डमा विभाजित विकासक्षेत्र (पूर्वाञ्चल विकासक्षेत्र, मध्यमाञ्चल विकासक्षेत्र, पश्चिमाञ्चल विकासक्षेत्र, मध्य पश्चिमाञ्चल विकासक्षेत्र र सुदूर पश्चिमाञ्चल विकासक्षेत्र) । – **ज्ञ**– ना० १. क्षेत्र वा शरीरको अधिष्ठाता; जीवात्मा; परमात्मा । २. किसान; खेतीवाल । ३. शरीरशास्त्रका विज्ञाता । – **पति**– ना० जमिनको मालिक; जग्गाधनी । – **पाल**– ना० १. खेतमा लगाएको बाली कुर्ने व्यक्ति । २. स्थानाधिपति देवता (पश्चिम दिशाका भैरव द्वारपाल); भूमे । – **फल**– ना० कुनै जमिनको लमाइ र चौडाइको गुणाबाट निक्लने वर्गात्मक अङ्क वा परिमाण । – **मिति**– ना० रेखाहरूको लमाइ, धरातलको क्षेत्रफल र ठोस वस्तुको घनफल निकाल्ने नियमविवरण भएको गणितको एक शाखा । – **सन्न्यास**– ना० कुनै क्षेत्रको सीमा काटेर बाहिरफेर नजाने व्रत वा सङ्कल्प । > **क्षेत्राधिकार**– ना० १. कुनै विशेष क्षेत्रको वा विशेष किसिमको मुद्दा सुन्ने अधिकार । २. कुनै खास क्षेत्रसम्बन्धी कामको अख्तियार ।

**क्षेत्रीय**– वि० [सं० क्षेत्रिय] १. खेतको वा खेतसम्बन्धी; खेतमा उब्जेको । २. खेत भएको; खेतीवाल । ३. क्षेत्रसम्बन्धी; स्थानीय (क्षेत्रीय कार्यालय, क्षेत्रीय शिक्षानिर्देशनालय आदि) । ~ **कार्य**– ना० कुनै कार्य वा अनुसन्धान गरिने विषयमा क्षेत्रमा गएर गरिने काम । ~ **पुस्तिका**– ना० कुनै तोकिएको क्षेत्र वा त्यस क्षेत्रभित्र भएका जग्गाजमिन आदिको तथ्याङ्क, विवरण आदि लेखेर राख्ने पुस्तिका (फिल्डबुक) । ~ **प्रभुत्ववाद**– ना० ठूलो शक्तिको आडमा रही वरिपरिका क्षेत्रलाई हडपेर वा वशमा पारेर आफ्नो प्रभुत्व कायम गर्न चाहने राजनीतिक कार्य, विचार वा सिद्धान्त । ~ **विकास**– ना० क्षेत्रविशेषमा हुने वा गरिने विकास । ~ **वितरण**– ना० कुनै निश्चित क्षेत्रका आधारमा गरिने वा कोटाअनुसार हुने वितरण (रकम, अन्न, सहुलियत आदि) ।

**क्षेत्रोपवास**– ना० [सं०] किरियापुत्रीले कोरा पसेका दिन गरिने उपवास; छेत्रवास ।

**क्षेपक**– वि० [सं०] १. फ्याँक्ने वा मिल्काउने । २. हुत्याउने; उल्फने । ३. नाउ खियाउने; कर्णधार । ना० ४. पुस्तक आदिमा ग्रन्थकारले लेखेबाहेक पछि अरूले थपेको वा मिलाएको अंश; थपुवा भाग; थपनी ।

**क्षेपण**– ना० [सं०] १. कुनै वस्तु फ्याँक्ने वा मिल्काउने काम; हुत्याइ; उल्फाइ (अस्तुक्षेपण) २. समय गुजार्ने काम; बेलाकटनी (कालक्षेपण आदि) ।

**क्षेपणी**– ना० [सं०] १. फ्याँकेर चलाइने अस्त्र । २. डुङ्गा खियाइने दाबिलोजस्तो लामो काठ वा डाँडा; बहना । ३. माछा मार्ने जाल ।

**क्षेप्य**– वि० [सं०] फ्याँक्न योग्य; मिल्काउन लायक । > **क्षेप्यास्त्र**– ना० टाढैबाट हुत्याएर हिर्काइने वा प्रयोग गरिने विशेष अस्त्र वा हतियार; रकेट ।

**क्षेम**– ना० [सं०] १. सन्चसुबिस्ता; कुशलमङ्गल । २. आनन्द; सुख । ३. रक्षा; सुरक्षा । ४. मुक्ति । – **कुशल**– ना० आनन्द र मङ्गल; निकानन्द; भलाकुसारी ।

**क्षोभ**– ना० [सं०] १. कुनै आपत्तिजनक कुरो वा व्यवहार देखेर कसैप्रति मनमा उठ्ने व्याकुलतासहितको रिस वा क्रोध । २. मनको हलचल; खलबली; असन्तोष । ३. डर; भय; कँपकँपाइ ।

**क्षोभक**– वि० [सं०] क्षोभ पैदा गराउने; क्षुब्ध पार्ने ।

**क्षोभमण्डल**– ना० [सं०] पृथ्वीको धरातलदेखि ठीक माथिल्लो वायुमण्डलको तह ।

**क्षोभी**– वि० [सं०] १. रिस र असन्तोष भएको; क्षुब्ध । २. व्याकुल; विह्वल ।

**क्षौर**– ना० [सं०] छुराले केश काट्ने वा कपाल खौरने काम; मुण्डन । – **कर्म**– ना० छुरा लाएर केश काट्ने विधि वा काम; मुण्डन गरिने कार्य ।

# ख

**ख**१– १. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये दोस्रो वर्ण; कण्ठस्थानबाट उच्चारण हुने, स्पर्शी, अघोष, महाप्राण ध्वनि; कवर्गको दोस्रो वर्ण; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; खरायो ख । २. कुनै वस्तु, विषय वा कुराको वर्गीकरण या मूल्याङ्कन गर्दा दोस्रो वा मध्यम श्रेणीलाई छुट्ट्याई चिनाउन प्रयोग गरिने श्रेणीबोधक अक्षरसङ्केत; लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन-उपविभाजनका निम्ति व्यञ्जनवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक दोस्रो चिह्न ।

**ख**२– ना० [नेवा ख:] निश्चय; पक्का; निधो । (उदा०– पहिले आफूआफूमै ख भइसकेपछि मात्र यो काम गर्नु बेस हुन्छ) ।

**खँगार्-नु**– स० क्रि० [खँगार+नु] १. पानी, घिउ, तेल आदि नहालीकनै खानेकुरो सुक्खा भुट्नु; सुक्खा नै पाक गर्नु; खडार्नु । २. नचाहिँदो खर्च गरेर भएको जेथा सिद्ध्याउनु; धनसम्पत्ति सिरीखुरी पार्नु । ३. तल झार्नु; खसाल्नु; खुरमुऱ्याउनु । ४. रोगले शरीर क्षीण पार्नु ।

**खँगार**– ना० १. सम्पत्तिको दुरुपयोग गरी सिध्याएर भएको गरिबी; दरिद्रता । २. रोग लागेर हुने कमजोरी; क्षीणता । ३. खँगार्ने काम । > **खँगाराइ**– ना० खँगार पार्ने वा खँगार्ने भाव, क्रिया वा प्रक्रिया । **खँगारिनु**– क० क्रि० खँगार्ने काम गरिनु ।

**खँगालो**– ना० [ता०] मालामा उनेर हार बनाई लगाइने एक प्रकारको चाँदीको गहना ।

**खँचाइ**– ना० [खाँच्+आइ] खाँच्ने भाव, क्रिया वा प्रक्रिया ।

**खँजाहा**– ना० [सं० खञ्ज+आहा] खोरन्डो; लङ्गडो; खुनी । (उदा०– विजातीय शब्द ओसारी नेपाली भाषालाई खँजाहा पार्नु राम्रो होइन) ।

**खँडिया**– ना० [सं० खण्ड+इया] टुटेफुटेका भाँडाकुँडा । – **मडिया**– ना० टुटेफुटेका र अरू भाँडाकुँडा आदि ।

**खँडियो**– ना० [सं० खण्ड+इयो] मसिनु कनिका; मियाँ ।

**खँडेउली**– ना० [खण्ड+एउली] १. आधा टुक्रिएको वा काटिएको चामल; खस्रा कनिका । २. कनिकाको जाउलो ।

**खँड्गेली**– ना० [ ?] ढोकाको अगाडिपट्टिको जमिन; अलिन्द ।

**खँडचौली**– ना० [खण्ड+यौली] हे० खँडेउली ।

**खँदाइ**– ना० [खाँद्+आइ] खाँद्ने भाव, क्रिया वा प्रक्रिया ।

**खँदार्-नु**– स० क्रि० [खाँद्+आर+नु] तलतिर घिसार्नु वा झार्नु; खँगार्नु । > **खँदाराइ**– ना० खँदार्ने काम वा भाव । **खँदारिनु**– क० क्रि० खँदार्ने काम गरिनु ।

**खँदिलो**– वि० [खाँद्+इलो] खूब खाँदिएको; ठोस; गहकिलो; वजनदार ।

**खँदुवा**– वि० [खाँद्+उवा] भित्र खोक्रो नभएको; राम्ररी खाँदिएको; खँदिलो; ठोस । ~ **बन्दुक**– ना० गोली, बारुद आदि भरिएको बन्दुक ।

**खँदेल**– ना० लेकाली भेगमा मुख्य रूपले आलुको खेती गरी जीवननिर्वाह गर्ने एक जाति ।

**खइन**– ना० १. खानका निम्ति प्रयोग गरिने अन्न । २. चिसो र ढुसीले सड्न वा गल्न लागेको चीज ।

**खई**– ना० [प्रा० खइ < सं० क्षयिन्] पित्तल, फलाम, दाँत आदिमा लाग्ने कस; खिया; खुई ।

**खउर**– ना० [प्रा० खइर] खयरका जस्तै पात र काँढा हुने तर खयरको जस्तो रङ नआउने, तराईमा हुने एक जातको वृक्ष ।

**खकन/खकानु**– ना० १. भारी बोक्ता त्यसको बोझ थाप्लामा मात्र नपरोस् भनी डोका वा ढाकरहरूमा लगाइएको काखीमा छिराई काँधमा अडचाइने डोरी वा सानो नाम्लो । २. घाँगर, पाइन्ट आदि अडचाउन काँधमा अड्काइने फित्ता ।

**खकार्-नु**– स० क्रि० [खकार+नु] खोकेर घाँटीबाट सास बाहिर निकाली कफ झिक्नु ।

**खकार**१– ना० [सं०] 'ख' वर्ण ।

**खकार**२– ना० [सं० खट्कार] श्वासमार्गको ग्रन्थिबाट निस्कने र घाँटीबाट ख्वाक्क गरी बाहिर निकालिने बाक्लो लेसाइलो सिँगान वा पीपजस्तो पदार्थ ।

**खकाराइ**– ना० [√ खकार् (+आइ)] खकार्ने क्रिया वा प्रक्रिया । [ > ] **खकारिनु**– क० क्रि० खकार्ने काम गरिनु ।

**खकाल्-नु**– स० क्रि० [सं० क्षालन] पानीले भाँडाकुँडा धुनु; पखाल्नु । > **खकालखुकुल**– क्रि० यो० एक झमट पानीले भाँडाकुँडा पखाल्ने प्रक्रिया । **खकालाइ**– ना० खकाल्ने काम वा किसिम । **खकालिनु**– क० क्रि० धोइनु; पखालिनु ।

**खकुन्डो**– ना०हे० खगन्डो ।

**खग**– ना० [सं०] १. आकाशमा उड्ने वा रहने जीव; पक्षी; चरो । २. गन्धर्व । ३. ग्रहनक्षत्र आदि । ४. बाण । ५. सूर्य । ६. चन्द्रमा ।

**खगर**– ना० वर्षभरिमा नौ महिना हिउँले ढाकिई तीन महिना मात्र हिउँ पग्लेर खाली हुने ठाउँ; हिमाल र समतल भूमिका माझको प्रदेश ।

**खगन्डो**– ना० डोको, ढाकर आदि बोक्दा कुममा लगाइने खिरिलो नाम्लो वा डोरी; खकन; खकुण्डो ।

**खगाम**– ना० लमाइचौडाइ बराबरी भएको कपडाको टुक्रो ।

**खगालो**– ना० [खगाल्+ओ] १. खगाल्नु देखिने गरी फाटेको लुगा; झुत्रोझाम्रो लुगा । २. गाईगोरुका घाँटीमनि लर्किएको छाला; गलाम (प० ने०) ।

**खगाल्नु**– ना० काँधमन्तिरको तेर्सो हाड; खगालो ।

**खगेश**– ना० [सं०] गरुड ।

**खगोल**– ना० [सं०] आकाशमण्डल; अन्तरिक्ष । ~ **विद्या**– ना०

आकाशका ग्रह-नक्षत्र, आकाशगङ्गा, धूमकेतु आदिका गतिविधिको अध्ययन तथा विवेचना गर्ने विद्या ।

**खगौती**– ना० [खगौतो+ई] खगौतोको लघु रूप; सानो खगौतो ।

**खगौतो**– ना० [खाग+औतो] गैँडाका खागको तर्पण गरिने पात्र; खागको अर्घौतो ।

**खग्गड / खग्गु**– वि० [प्रा० खग्गूड] खूब बाठो; खप्पिस ।

**खग्गू**– वि० हे० खग्गु ।

**खग्रास**– ना० [सं०] चन्द्र वा सूर्यलाई सम्पूर्ण ढाक्ने ग्रहण ।

**खङ्ग्रङ्ग / खङ्ग्रङ्ङ**– क्रि० यो० [अ० मू० खङ्ग्रङ्+ग / ङ] १. कुनै डरलाग्दो वस्तु देखेर वा आपद्-विपद्का कुरा सुनेर तर्सने, आत्तिने वा डराउने किसिमले; थरहरी हुने चालमा; खङ्रङ्ङ । २. एकदम जम्मै सुक्ने किसिमसित ।

**खङ्ग्राङखुङ्रुङ**– क्रि० यो० [अ० मू० खङ्ग्रङ् (द्वि०)] १. एक्कासि माथिबाट तल खस्ने वा झर्ने किसिमले । २. होसहवास उड्ने किसिमसँग ।

**खङ्रङ्ङ**– क्रि०यो०हे० खङ्ग्रङ्ङ ।

**खङार्-नु**– स०क्रि०हे० खँगार्नु ।

**खच**– ना० खाँचो; अभाव । (उदा०– जसलाई खच परेको छ उसैले नै रिन माग्छ) ।

**खचमच**– ना० नचाहिने कुरामा गरिने खिचोला; कचमच; गडबड ।

**खचाखच**– क्रि० यो० [खच्+खच्] १. मानिसहरू वा कुनै चीज-वस्तुको भरिभराउ; टनाटन । २. ठेलमठेल ।

**खचिखचाउ**– क्रि० यो० [√ खचाखच] अटाईनअटाई हुने गरी भएको भरिभराउ; टमाटम; खचाखच ।

**खचित**– वि० [सं०] १. थुप्प्राइएको, भरिएको वा खाँदिएको । २. जडान गरिएको; जडिएको । ३. लिखित वा चित्रित ।

**खच्कनु**– अ० क्रि० १. खस्कनु; दुब्लाउनु । २. हच्कनु; दच्कनु । ३. हतोत्साह हुनु । > **खच्काइ**– ना० खच्कने क्रिया वा प्रक्रिया । **खच्काइनु**– क० क्रि० खच्कन लाइनु; खस्काइनु; दच्काइनु । **खच्काउनु**– प्रे० क्रि० खच्कन लाउनु; खस्काउनु; दच्काउनु । **खच्किनु**– अ० क्रि० खस्किनु; दच्किनु; हच्किनु । **खच्को**– ना० काम रोकिने स्थिति ।

**खच्चड / खच्चर**– ना० [तु० खच्चर] १. गधा र घोडीको संयोगबाट जन्मिएको पशु । वि० २. वर्णसङ्कर; ठिमाहा; ठिम्मल । ~ **डाक**– ना० इ० १८६० अप्रिलदेखि १८६१ अक्टोबरसम्म 'पोन्नी-एक्सप्रेस'-का नाउँले प्रचलित, खच्चरबाट हुलाक ओसारपसार गर्ने डाक ।

**खच्याकखुचुक**– क्रि० यो० [अ० मू० खच्याक्+अ (द्वि०)] कुनै चीज खजमजिने ढाँचा वा किसिमले ।

**खच्याङखच्याङ**– क्रि० यो० [अ० मू० खच्याङ्+अ (द्वि०)] १. तामदान, डोली आदि बोकेर छिटछिटो हिँड्दा, बोकाइको तालमा आउने आवाजको किसिमले । २. खोरन्डाहरूको हिँडाइको चालमा ।

**खच्याङखुचुङ**– ना० [अ० मू० खच्याङ्+अ (द्वि०)] १. सानोतिनो खालको काम; खत्र्याकखुत्रुक काम वा कुरो । २. अप्ठेरो बाटो वा ठाउँ ।

**खजमज**– ना० [सं० खज्+मच] कुनै सरसामान यताको उता हुने अवस्था; अस्तव्यस्त हुने स्थिति; छासमिस; गजमौरो । > **खजमजिनु**– अ० क्रि० यताका उता हुनु; मेलोमेसो नै नपाइने गरी मिसिनु; छासमिस हुनु । **खजमज्याइ**– ना० खजमज्याउने काम वा किसिम । **खजमज्याइनु**– क० क्रि० खजमज पारिनु । **खजमज्याउनु**– प्रे० क्रि० खजमज पार्नु ।

**खजाना**– ना० [अ० खजान] १. मालसामान राखिने ढुकुटी; भँडार । २. लडाइँका सरसामान; हातहतियार ।

**खजान्ची**– ना० [फा० खजानची] १. कुनै व्यक्ति वा संस्थाको खजाना जिम्मा लिने अधिकारी । २. कोषाध्यक्ष । ३. कौसी तोसाखानाका हाकिम ।

**खजित**– वि० [सं० खचित] १. खचाखच भएको; भरिभराउ । २. थुप्प्राइएको; चाङ लगाइएको ।

**खजुर**– ना० [सं०] टुप्पामा मात्र बाँसका ढाँचाका पात हुने, पहेँलो फूल फुल्ने र छोहराका जस्ता फल फल्ने स्तम्भजस्तो ठूलो काण्ड हुने एक बोट; खर्जूर ।

**खजुर टाँका**– ना० [खजुर+टाँका] लुगा सिउँदा धागो फुक्न नदिनका निम्ति पहिले खुटेर सिउने सिलाइ ।

**खजुरा**– ना० मल्लिँडो नामको झारमा फल्ने जीराजस्तो मसिनु एक प्रकारको फल ।

**खजुरी**– ना० [सं० खर्जूरी] घिउचिनी र पीठो मुछेर पकाइने एक किसिमको चक्कादार मिठाई ।

**खजुरो**– ना० [सं० खर्जुर] धेरै खुट्टा हुने, कन्सुत्लोजस्तो तर अलि ठूलो एक विषालु कीरो ।

**खजूर**– ना० हे० खजुर ।

**खज्याङमज्याङ**– क्रि० यो० [अ० मू० खज्याङ्+अ (द्वि०)] कुनै चीज वा कुरो खजमजिने किसिमले; खजमज हुने गरी ।

**खज्यौरी**– ना० [खाजा+यौरी] थाकलको बोटमा फल्ने, काँचोमा हरिया तथा पाकेपछि काला दाना हुने र खाइने एक फल ।

**खञ्ज**– वि० [सं०] लङ्गडो; खोरन्डो ।

**खञ्जन**– ना० [सं०] हे० बाहुनचरी ।

**खट्-नु**– अ० क्रि० [√ खटन] १. गर्नुपर्ने वा गरिने काममा सकेसम्म लागिपर्नु; धेरै मिहिनेत गर्नु । २. जीउको माया नगरी काम गर्नु ।

**खट**– ना० [सं० खटिका] १. चाडपर्वमा देवदेवी बोकेर हिँडाइने काठको सिंहासन वा खटिया । २. मुर्दा बोक्ने यान; शवयान । ३. घरमन्दिर बनाउँदा डकर्मी, ज्यामी आदि बसेर काम गर्न बनाइने काठ, बाँस आदिको टाँड ।

**खट खट**– क्रि० यो० [अ० मू० खट्+अ (द्वि०)] १. ढोका, काठ आदिमा ठोक्दा वा हिर्काउँदा आवाज आउने किसिमले । २. घिउ-तेल छड्कँदा शब्द निस्कने किसिमसँग । > **खटखटाइ**– ना० खटखटाउने क्रिया वा प्रक्रिया । **खटखटाइनु**– अ० क्रि०

१. झ्याल-ढोका आदिबाट खटखट आवाज निस्कनु । २. घिउतेल आदि कट्कनु । **खटखटाउनु–** स० क्रि० ३. खटखट पार्नु; ढोकामा औँलाले हिर्काउनु ।

**खटछप्पर–** ना० [खट+छप्पर] पलङ वा खाटमाथि झूल अडचाउन जडिएका ठाडा र तेर्सा काठ, डन्डी आदि ।

**खटन–** ना० [सं०] १. कुनै वस्तु खटाएर वा अड्कलेर दिने काम । २. कसैलाई काममा पठाइने निधो; नियुक्ति । ३. अह्रोट; आज्ञा । ~**खानु–** टु० अर्कोले अड्कलेर दिएको खाइलाइ गरेर बस्नु । –**पटन–** ना० कुनै काममा गरिने नियुक्ति वा त्यसका निम्ति लगाइपगाइ गर्ने काम; अह्राउपह्राउ । ~**पुर्जी–** ना० खटाइएको बेहोरा जनाइएको कागत वा चिठी; आदेशपत्र; नियुक्तिपत्र । > **खटनिया–** वि० नियुक्ति गरेर पठाउने; खटन गर्ने । **खटनी–** ना० खटेर गरिने काम; परिश्रम; मेहनत ।

**खटपट–** ना० १. परस्परमा मन नमिलेर हुने ठाकठुक वा बझौटो । २. मनोमालिन्य; वैमनस्य । > **खटपटी–** ना० १. खटपट हुने काम । २. चटपटी; छटपटी । **खटपटे–** वि० खटपट गर्ने बानी भएको; बेमेलको; असजिलो ।

**खटप्वाल–** ना० [खट+प्वाल] खट बाँध्ने आदि कामका निम्ति घरको गारोमा राखिएको वा बनाइएको प्वाल ।

**खटाइ–** ना० [√ खट् (+आइ)] खट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खटाइ–** ना० खटाउने भाव, किया वा प्रक्रिया । **खटाइनु–** क० क्रि० खटाउने काम गरिनु; अह्राइनु ।

**खटाउनु–** स० क्रि० [खटन+आउ+नु] १. कसैलाई कुनै काम गर्न आज्ञा दिनु; अह्राउनु । २. कुनै काम गर्नका निम्ति कतै पठाउनु । ३. अड्कलेर दिनु वा झिक्नु ।

**खटाखट–** क्रि० वि० [खट्+आ+खट्] जाँगर चलाएर वा फुर्तीसाथ काम गर्ने चाल; खराखर; सटासट ।

**खटिनु–** अ० क्रि० [खट्+इ+नु] खट्ने काम गरिनु ।

**खटिया–** ना० [खाट+इया] १. पुस्तक आदि राख्ने काममा प्रयोग हुने, खुट्टा भएको चारकुने सानो टेबिल । २. सानो खाट ।

**खटिरा–** ना० [खटिरोको ति० रूः] हे० खटिरो । – **पटिरा–** ना० सानातिना धेरै घाउ-खटिरा ।

**खटिरे–** वि० [खटिरो+ए] खटिरा भएको; खटिरा भइरहने ।

**खटिरो–** ना० [सं० क्षत] शरीरमा कुनै किसिमको विकार पैदा भएमा निस्कने फोको ।

**खटुवा–** वि० [खटाउ+उवा] खटाएको काम गर्ने; अह्रोट पूरा गर्ने; काममा अग्घोर खट्न सक्ने ।

**खटौली** [हि० खटोली] म्याना, खट ।

**खट्क-नु–** अ० क्रि० [सं० खट्ट+नु] १. नमिलेको अनुभव हुनु; शङ्का लाग्नु; खट्को लाग्नु । २. बिर्सेजस्तो लाग्नु । ३. थामिनु; रोकिनु । > **खट्काइ–** ना० खट्कने काम वा किसिम । **खट्काउनु–** प्रे० क्रि० खट्कन लाउनु । **खट्किनु–** अ० क्रि० खट्को लागिनु । **खट्को–** ना० खट्कने काम; आपद्‌विपद्‌को आशङ्का ।

**खट्टा–** ना० [अ० मू० खट्+टा] १. रोक्ने काम वा कुरो । २. खाँचो; हर्जा ।

**खट्टे–** ना० [सं० खण्डिका] १. हाँडीमा चामल भुटेको खानेकुरो । वि० २. खस्रो स्वभाव र ठाडो मिजासको; ठिमाहा । ~**धान–** ना० लाम्चिलो, मोटो, झुस भएको, खट्टे बनाउनका लागि प्रयोग गरिने चिनियाँ जातको एक प्रकारको धान ।

**खट्टै–** ना० [खट्टा+ऐ] नभइनहुने स्थिति; साह्रै खाँचो; असाध्यै हर्जा ।

**खटचाक्क–** क्रि० यो० [अ० मू० खटचाक्+क] १. काठ, झ्यालढोका आदि ठोकिँदा आवाज आउने किसिमले । २. एक्कासि ठक्कर लाग्ने चालमा । ३. एकदम रोकिने वा खट्कने किसिमसँग ।

**खड–** ना० [√ खडा] १. नवजात शिशुलाई लाग्ने एक प्रकारको दिसा । २. पहरो; ठाडो भीर ।

**खडखड–** क्रि० यो० [अ० मू० खड्+अ (द्वि०)] १. नबिसाईकन वा लगातार; खडाखड । २. खटखट । > **खडखडाइ–** ना० खडखडाउने काम वा किसिम । **खडखडाइनु–** अ० क्रि० खडखडाउने काम गरिनु । **खडखडाउनु–** अ० क्रि० १. खडखड आवाज आउनु; खटखटाउनु । २. स० क्रि० खडखड पार्नु । **खडखडिया–** ना० एक किसिमको सवारीको साधन ।

**खडबड–** ना० १. परस्परमा भएको फाटो वा बाझो; मनोमालिन्य । २. गडबड; खटपट ।

**खडा–** वि० [सं० खडक] १. चलहल नगरी ठिङ्ग उभिएको; सोझो उभिएको । २. प्रस्तुत; तयार । ३. मौजुदा; हाजिर । ४. सिर्जना गरिएको; निर्मित ।

**खडाइ–** ना० [खडा+आइ] खडा हुने क्रिया वा प्रक्रिया । ~**मोल–** ना० कुनै वस्तुको मनोमानी मोल; कुनै-कुनै चीजबीचको लागत मूल्य र उचित मुनाफाभन्दा बढीको मोल ।

**खडाउ–** ना०हे० खराउ ।

**खडाखडी–** ना० [खडा+खडा] १. बच्चेर खेल्ने खोपी आदि खेलमा बच्चने मानिसले उभिएर बच्चने वा हान्ने चिनु (खोपी, घेरो, कप इ०) । क्रि० वि० २. त्यस्तो खेलमा उभिएर बच्चने वा हान्ने ढाँचाले । ३. उभिएको उभियै; नबसीकनै । ४. तुरुन्तातुरुन्तै; उत्निखेरै ।

**खडाङ्ग–** ना० [सं० षडङ्ग] रुद्री गर्दा शिवका छ अङ्ग तथा तिनको पूजाविधि । > **खडाङ्गे–** खडाङ्ग भएको; खडाङ्ग पूजासहितको ।

**खडाजङ्गी–** ना० [खडा+जङ्गी] दुई थरीका बीच कुनै कामकुरामा भएको चर्को भनाभन; धूमधामसितको बाझाबाझ; चर्काचर्की; भनावैरी ।

**खडायत–** ना० १. पुरानो समयमा शस्त्रजीवी मानिएका विशेष किसिमका छेत्रीहरूका सन्तान । २. नेपालको सुदूर पश्चिमी भेगका बासिन्दा छेत्रीहरूको थर ।

**खडारस–** ना० [सं० षड्रस] अमिलोपन नहटेको गुलियो जातको फलको रस; अमिलो र गुलियो मिसिएको स्वाद ।

**खडा हाजिर–** वि० [खडा+हाजिर] आफैँ हाजिर भएको; स्वयम् उपस्थित ।

**खडुका–** ना० [था०] वनका पशुपन्छीहरू समात्न थापिने एक प्रकारको खोर ।

**खडेरी–** ना० खेतीपाती गर्ने वर्षायाममा वा पानी पर्नुपर्ने समयमा पानी नपरी सुक्खा लागेको अवस्था; लामो समयदेखि पानी नपरेको अवस्था; सुक्खा; अनावृष्टि ।

**खड्कुँली–** ना० [खट्कुँलो+ई] सानो खड्कुँलो ।

**खड्कुँलो–** ना० [सं० षट्कुण्डली] सामान्यतया दुईतिर कडा लागेको, फराक मुख भएको, विशेष गरेर बिहाव्रतबन्ध, चाडपर्व आदिमा भात, दाल आदि पकाउने काममा प्रयोग गरिने, तामा, पित्तल आदि धातुको ठूलो भाँडो; खड्कौँलो ।

**खड्कौँला खड्कौँली–** ना० [खड्कौँलो+खड्कौँली] सानाठूला धेरै खड्कुँला; खड्कौँला र खड्कौँलीको समूह ।

**खड्कौँले–** वि० [खड्कौँला+ए] खड्कौँलाको; खड्कौँलासम्बन्धी; खड्कौँलाजस्तो । ~**दह–** ना० पूजाआजा गरेर दहका छेउ गई शुभ कार्यका निम्ति खड्कौँला आदि मागेमा पाइने भन्ने किंवदन्ती भएको दह ।

**खड्कौँलो–** ना०हे० खड्कुँलो ।

**खड्केली–** ना०हे० खड्गेली ।

**खड्ग–** ना० [सं०]१. फलामबाट बनेको एक किसिमको घातक हतियार; सोझो किसिमको तरबार । २. गैँडाको नाकमाथि उठेको सिङजस्तो भाग; खाग । ~ **निसाना–** ना० राणा शासनकालमा प्रचलित खड्गको चिह्नसहितको श्री ३ को छाप-दस्खत ।

**खड्गाष्टक–** ना० हे० खड्गास्टक ।

**खड्गास्टक–** ना० [सं० षडष्टक] १. ठूलो झगडा । २. विवाह गर्न चिना मिलाउँदा वरवधूको राशिबाट छैटौँ र आठौँमा परेको अशुभ योग; ज्योतिषशास्त्रअनुसार वरवधूको चिना हेर्दा आफुसमा विवाह नजुर्ने ग्रहराशि ।

**खड्गी–** ना० [सं०]१. गैँडा । २. नेवारको एक जात; कसाई । वि० ३. हातमा खड्ग लिने ।

**खड्गेली–** ना० ढोका सामुन्ने छेवैको टेक्ने जमिन; खँड्गेली; अलिन्द; खड्केली ।

**खड्गो–** ना० [सं० खड्ग] ज्योतिषशास्त्रअनुसार जन्मकुण्डलीमा मारकेश स्थान अर्थात् लग्नदेखि दोस्रो र सातौँ स्थानमा पर्ने राशिका स्वामीको भोग परेको समय वा त्यस्तो समयमा परेका व्यक्तिलाई ठूलो आपत्ति आइपर्ने र मरणासन्न बिरामी हुने अवस्थामा पुऱ्याउँछ भनी मानिने योग ।

**खड्याङखुडुङ–** ना० १. सानोतिनो झगडा; ठाकठुक । २. अग्लो होचो भएर वा इँटढुङ्गाका टुक्राटाक्री छरिएर हिँड्न असजिलो हुने खालको जमिन; खाल्टाखुल्टी । वि० ३. खाल्टाखुल्टी परेको; होचोअग्लो भएको ।

**खण्ड–** ना० [सं०]१. कुनै सिङ्गो वस्तुको भाग, टुक्रा, अंश इ० । २. कुनै वस्तुका तह वा खानामध्ये कुनै एउटा तह वा खाना । ३. कुनै भवन आदिका धेरै तलामध्ये कुनै एक तला । ४. कुनै वस्तु वा कुराका विभिन्न अवस्थामध्ये कुनै एक अवस्था; कारण । ५. अकस्मात् परिआउने कुरा; संयोग ।

**खण्डक–** वि० [सं०]१. अर्काको मत वा कुराको खण्डन गर्ने । २. काट्ने; टुक्र्याउने ।

**खण्डकथा–** ना० [सं०] एउटै घटनाको, एउटै विषयको, काव्यका कुनै एक अंशको वर्णन हुने एक काव्यविधा; खण्डकाव्य; सङ्घात ।

**खण्डकाव्य–** ना० [सं०] कुनै एक विषयको वर्णन भएको सर्ग भएको वा नभएको प्रबन्धात्मक लघुकाव्य ।

**खण्डखाद्दे–** ना० [सं० खण्डखाद्य] हे० खण्डखाद्य ।

**खण्डखाद्य–** ना० [सं०]१. हुन लागेको कुनै कुरा आकस्मिक घटना वा संयोगले गर्दा रोकिने वा अल्झिने अवस्था; बाधा; अडकाउ; रोकावट; अड्कोपड्को; कार्यकारण; खण्डखातिर । २. ना० वि० सं० १६८४ मा नेपालीमा अनुवाद गरिएको ज्योतिष विषयको ग्रन्थ ।

**खण्ड खातिर–** ना० [खण्ड+खातिर] अकस्मात् परिआउने कुरा; संयोग; खण्डखाद्य ।

**खण्डन–** ना० [सं०]१. अर्काको मत, सिद्धान्त वा कुरा काट्ने काम; कुनै बुँदाका विरुद्धमा गरिने आलोचना; प्रतिवाद । २. टुक्र्याउने काम; काट्ने काम । ~**मण्डन–** ना० कुनै मत, सिद्धान्त आदिको प्रतिवाद तथा समर्थन; तर्क दिएर कुरो काट्ने वा सकार्ने काम; खण्डन र मण्डन ।

**खण्डन्यायाधिकरण–** ना० [सं०] दुई जना न्यायाधीशको इजलास; सिङ्गल बेन्चभन्दा माथिल्लो तहको र फुल बेन्चभन्दा तल्लो तहको दुई न्यायाधीश बस्ने इजलास ।

**खण्डपाल–** ना० [सं०]१. सखर, चिनी, मिस्रीसम्बन्धी चीजबीचको काम गर्ने व्यक्ति । २. हलुवाई । ३. छोटी अड्डाको काम गर्ने व्यक्ति ।

**खण्डप्रलय–** ना० [सं०] महाप्रलयभन्दा सानो प्रलय ।

**खण्डवर्षा–** ना० [सं०] हे० खण्डवृष्टि ।

**खण्डवाल–** वि० [खण्ड+वाल] खण्ड भएको; एकभन्दा धेरै तह वा भाग भएको; खण्डे ।

**खण्डवृष्टि–** ना० [सं०] एकै चोटि ससानो स्थलमा मात्र परेको पानी; व्यापक रूपमा नभएको वर्षा; आंशिक वर्षा; खण्डवर्षा ।

**खण्डहर–** ना० [सं०] बिग्रीभत्की केही अवशेष मात्र बचेका प्राचीन स्मारकको समूह; भग्नावशिष्ट प्राचीन भवन; भग्नावशेष ।

**खण्डाकार–** ना० [सं०] संस्कृत व्याकरणका प्रक्रियाअनुसार अकारको सन्धि भएका ठाउँमा लेखिने डकारको चिह्न; लुप्त अकार (ऽ) ।

**खण्डाश्मा–** ना० [सं०] मिसिनद्वारा वा घन आदिका सहायताले साह्रो पत्थर फोरेर बनाइएको मसिनो टुक्रा; रोडा । >**खण्डाश्मित–**

वि० १. सडकलाई पक्की बनाउनका लागि कालोपत्र गर्नुभन्दा पहिले खण्डाश्मा वा ढुङ्गाका टुक्रा बिछ्याइएको । २. रोडा छापिएको; ग्राभेलिङ गरिएको ।

**खण्डिता–** ना० [सं०] १. शास्त्रीय लक्षणका आधारमा नायिकाको एक भेद । २. परस्त्री संसर्ग गर्ने पतिको आचरण थाहा पाएर रिसाएकी नायिका ।

**खण्डी–** ना० हे० खन्डी ।

**खण्डीय–** वि० [सं०] खण्ड हुने; खण्ड गर्न सकिने । ~ **वर्ण–** ना० स्वतन्त्र रूपमा रहेका वा छुट्टै उच्चारण गर्न सकिने वर्ण (स्वर वा व्यञ्जन) ।

**खण्डे–** वि० हे० खन्डे ।

**खण्डेतर–** वि० [सं०] खण्डबाहेकको; अर्को खण्डको । ~ **वर्ण–** ना० खण्डीय वर्णसँग मिलेर बसेका स्वतन्त्र रूपमा छुट्टै उच्चारण हुन नसक्ने वर्ण । (स्वरका दीर्घता, उदात्तता, लय, ताल आदि खण्डेतर वर्णतत्त्व हुन्) ।

**खण्डे थाल–** ना० हे० खन्डे थाल ।

**खण्डो–** ना० हे० खन्डो ।

**खत–** ना० [सं० क्षत] १. शरीरमा लागेका चोटपटक, घाउखटिरा निको भएपछि बसेको दाग । २. अदालतबाट कुनै अभियोगमा ठहर गरिएको कसूर; अपराध; अदालतको फैसलाअनुसार साबित भएको कसूर (उदा०– पञ्चखतमा सजाय पाएका व्यक्ति समाजबाट पनि बहिष्कृत हुन्छन् ।) । ३. दाह्री खौरँदा वा कपाल काट्दा कनसिरीका रौँको कटाइ; कलम ।

**खतखत–** क्रि० वि० [अ० मू० खत्+अ (द्वि०)] १. लेदो पदार्थ पकाउँदा छड्कन वा फत्कन थालेपछि आवाज आउने किसिम । २. सानो मुख भएका भाँडाबाट दही आदि बाक्लो लेदो पदार्थ खन्याउँदा आवाज आउने किसिम ।

**खतबात–** ना० [खत+बात] अदालतबाट कुनै अभियोगमा ठहर भएको कसुर; अदालतद्वारा मुद्दाबाट ठहरिएको बातकसुर ।

**खतम–** ना० [अ० खत्म] १. कुनै कामकुराको टुङ्ग्याइ; समाप्ति । २. अन्त; आखिरी । ३. नाश; लोप । ४. मृत्यु; देहावसान; मरण ।

**खतरनाक–** वि० [अ० खतर+फा० नाक] १. खतराले भरिएको वा खतरा पैदा गर्ने; जोखिमी । २. भयङ्कर; डरलाग्दो । ३. कुलक्षणी; अनिष्टकारक । (उदा०– खतरनाक काममा अल्झियो, टुङ्गो लाग्ने त निधै छैन) ।

**खतरा–** ना० [अ० खतर] १. सम्भावित विपत्ति; डर; भय । २. आशङ्का; सन्देह ।

**खती–** ना० [सं० क्षति] १. सँभाल्दासँभाल्दै पनि अकार्थमा हुने धनसम्पत्तिको व्यय; हानि; नोक्सानी; क्षति । २. नचाहिँदो खर्च; बरबादी; अपव्यय । ३. नाश । **– उपती–** ना० ऋण र धन; खति र उपती; हानि र लाभ; नाफानोक्सान । **– पती–** ना० कसैलाई उसको इज्जतमान केही नराखेर भन्ने काम; इज्जत आबरु ।

**खतुकी–** वि० [√ खत] कुनै अपराधमा अदालतबाट सजाय पाएको; खतबात लागेको; कसूरदार; दोषी; बापती; अपराधी ।

**खतेर्‌–नु–** स० क्रि० [खात+एर्+नु] १. कुनै वस्तुको थुप्रो लाउनु; चाङ लाउनु; कुनै वस्तु सोहोरेर थुपार्नु । २. सोहोर्नु, जम्मा गर्नु । > **खतेराइ–** ना० खतेर्ने काम; चाङ लगाउने काम । **खतेरिनु–** अ० क्रि० सोहोरिनु; एकत्र थुप्रिनु । **खतेराउनु–** प्रे० क्रि० खतेर्न लाउनु ।

**खत्क–नु–** अ० क्रि० [अ० मू० खत्+क+नु] कुनै लेदो पदार्थ आगामा पकाउँदा खतखत गरी आवाज आउनु; फत्कनु; छड्कनु; खतखत गरेर पाक्नु । > **खत्काइ–** ना० खत्कने क्रिया वा भाव । **खत्काइनु–** क० क्रि० खत्काउने काम गरिनु । **खत्काउनु–** प्रे० क्रि० खत्कने पार्नु; खत्कन लाउनु । **खत्कि–नु–** अ० क्रि० हे० खत्कनु । **खत्क्याइनु–** क० क्रि० खत्किने पारिनु; छड्काइनु । **खत्क्याउनु–** प्रे० क्रि० खतखत आवाज आउने गरी पकाउनु; छड्काउनु ।

**खत्ति–नु–** अ० क्रि० [अ० मू० खत्+इ+नु] १. पानी आदि तरल पदार्थ एकै चोटि सबै पोखिनु; एकै पल्ट धेरै मात्रामा खनिनु । २. धेरै जना एकै पल्ट आइलाग्नु; ओइरिनु । > **खत्त्याइ–** ना० खत्त्याउने प्रक्रिया वा भाव । **खत्त्याइनु–** क० क्रि० खन्याइनु; पोखिनु । **खत्त्याउनु–** स० क्रि० खन्याउनु; एकै चोटि सबै पोख्ने काम गर्नु; खन्याउनु; धेरै दिनु ।

**खत्रक्क–** क्रि० वि० [अ० मू० खत्रक्+क] १. कुनै वस्तु केही माथिबाट तल खस्ने वा त्यसरी खस्दा आवाज आउने किसिमले । २. कसैले कुनै काम बिराएमा, कुनै गल्ती गरेमा वा कुनै कुरा भन्न चाहेजस्तो नभएमा त्यस्तो लाचार, लज्जित वा निराश हुने ढङ्गमा ।

**खत्री–** ना० [सं० क्षत्रिय] १. पुरानो चलनअनुसार बाहुनको आफूभन्दा तल्लो जातकी केटीसँग वा छेत्रीको पानी चल्ने आफ्नोभन्दा भिन्न जातकी केटीसँगको दाम्पत्य जीवनबाट पैदा भएका सन्तान र तिनीहरूको वर्ग । २. वर्णसङ्कर ।

**खत्र्याकखुत्रुक–** क्रि० वि० [अ० मू० खत्र्याक्+अ (द्वि०)] १. सानोतिनो वस्तु चलाउँदा वा हल्लाउँदा आवाज आउने किसिमले । ना० २. सानोतिनो सरसामान; मालमत्ता; जेतेमेते । ३. सानोतिनो कामकाज; साधारण काम ।

**खत्र्याङखुत्रुङ–** क्रि० वि० [अ० मू० खत्रङ् > खत्र्याङ् (द्वि०)] हे० खत्र्याकखुत्रुक ।

**खद्दर–** ना० [हि० खद्दी] हातले काती, बुनी घरेलु तानमा तयार पारिने सूतको मोटो कपडा; खादी; खाँडी ।

**खद्योत–** ना० [सं०] जूनकीरी ।

**खन्‌–नु–** स० क्रि० [सं० खन] १. कुटो, कोदालो, कोदाली आदि विभिन्न आकारका फलामे हतियारले जमिन खोस्रनु । २. बाली लगाउनका लागि खेतबारीको माटो ओल्टाइपल्टाइ गर्नु वा खुकुलो

पार्नु । ३. थाहा नपाउने चालले अर्कालाई दुःख दिनु वा सताउने प्रयास गर्नु । (उदा०– उसले भित्रभित्रै तिम्रो जरोकीलो खन्न लागेको छ) ।

**खनक–** वि० जग्गाजमिन खन्ने; खनजोत गर्ने ।

**खनखन–** क्रि० वि० [अ० मू० खन्+अ (द्वि०)] १. धातुका रुपियाँ वा सिक्का गन्दा आवाज आउने किसिमले । ना० २. कचकच; फतफत । > **खनखनती/खनखनी–** क्रि० वि० धातुका रुपियाँ वा सिक्का धमाधम गन्ने गरी ।

**खनखाँचो–** ना० [खण्ड+खाँचो] आवश्यक पर्ने वस्तु आफूसँग नभएको बेला वा कुनै कुराको खाँचो परेको बेला; गाह्रोसाह्रो; हर्जा; खाँचो; असर्दो ।

**खनजोत–** ना० [खन्+जोत] हला, कोदाला आदि साधनले जग्गाजमिन आबाद गर्ने काम; खेतबारी खन्नेजोत्ने काम; खनीखोस्री ।

**खनाइ–** ना० [खन्+आइ] खन्ने क्रिया वा प्रक्रिया । > **खनाइनु–** क० क्रि० खन्ने काम गराइनु । **खनाउनु–** प्रे० क्रि० खन्न लाउनु; खन्ने काम गराउनु ।

**खनाखन–** क्रि० वि० [अ० मू० खन्+आ (द्वि०)] धातुका रुपियाँ वा सिक्का गन्ने किसिमले; खनखनती ।

**खनाति–** ना० आफ्नो पाँच पुस्तापछिको पुरुष सन्तति; पाँच पुस्ताको नाति; जनातिको छोरो ।

**खनायो/खनिउँ–** ना० केही बाटुला र टुप्पातिर चुच्चे आकारका ठूला, बाक्ला पात हुने, फेदमा लिचीजत्रा फलका माटाबाहिर झुप्पा लाग्ने र माटाभित्र जरामा समेत फल्ने, पाकेपछि गुलियो स्वादको हुने एक किसिमको डाले घाँसको बोट वा त्यसैको फल; खन्यू; हात्तीपाइले ।

**खनिचा–** ना० [नेवा०] गोलाकार टुप्पो र धारिलो बिट हुने एक प्रकारको छिनु ।

**खनिज–** वि० [सं०] भूगर्भभित्र रहेको, खानीबाट निस्कने वा निकालिने; खानीमा पाइने । ~ **उत्पादन–** ना० खानीबाट पैदा हुने वा निस्कने वस्तु । ~ **पदार्थ–** ना० खानीबाट निस्कने वस्तु; खानीमा रहने वस्तु । ~ **पानी–** ना० खनिज तत्त्वको आधिक्य भएको पानी । ~ **विज्ञान–** ना० भूगर्भमा रहेको खानी पत्ता लगाउने र खानीबाट निस्कने वस्तुको विवेचना गर्ने विद्या; खनिजसम्बन्धी विज्ञान । ~ **साधन–** ना० खानीबाट निकालिने सामान; खानीबाट निक्लने सामग्री ।

**खनिनु–** अ० क्रि० [खन्+इ+नु] १. पानी आदि तरल पदार्थ बेसरी पोखिनु; आकाशबाट दर्केर पानी पर्नु । २. कसैले वा केही वस्तुले ओगटेको ठाउँ खाली हुनु; रित्तिनु । ३. कुनै वस्तु एकै पल्ट धेरै मात्रा वा सङ्ख्यामा वैरिनु; आइलाग्नु; धुरिनु ।

**खनी–** वि० [सं० क्षणी] १. समय मिल्ने वा पाउने; फुर्सद भएको । २. थोरै बेर मात्र रहने; एकै छिनको; क्षणिक । ना० यो० ३. निम्तिको अर्थ बुझाउने पुरानो शब्द । ~ **उकाली–** ना० एकै छिनको सुख वा उन्नति; मूतको न्यानो । ~ **ओराली–** ना० छिनभरको अवनति; अवनतिको क्षणभङ्गुरता; एकै छिनको दुःख वा अवनति । (उदा०– आफूलाई त कैले खनीउकाली, कैले खनीओराली पो भएको छ) ।

**खनी खोस्री–** ना० [खन्+खोस्र] कुटो, कोदालो आदि साधनले खेतबारी वा जग्गाजमिनको थाउलो खन्ने, खोस्रने काम; खनखान; खनजोत ।

**खन्चा–** ना० [नेवा०] धातु आदिका वस्तुमा प्वाल पार्ने साधन; पन्चिङ गर्ने एक प्रकारको सामान ।

**खन्चुरो–** वि० [खन्चुवा+उरो] १. जतिखेर भेट्टाए पनि वा बेला न कुबेला चुभुरचुभुर खाइरहने । २. धेरै खाने; खन्चुवा ।

**खन्चुवा–** वि० [खानु+उवा] धेरै खाने स्वभावको; खाइरहन खोज्ने; खन्चुरो । > **खन्चुवी–** धेरै खाने वा खाइरहन खोज्ने स्वभावकी (स्त्री) ।

**खन्जर–** ना० फलामबाट बनेको काट्ने हतियार; छुरी; कटारी ।

**खन्जो–** वि० [सं० खञ्ज] खोरन्डो, लङ्गडो ।

**खन्डखाद्दे–** खण्डखाद्य ।

**खन्डि–नु–** अ० क्रि० [सं० खण्ड+इ+नु] टुक्राटुक्रा हुनु; खण्डखण्ड हुनु; टुक्रिनु ।

**खन्डचाइ–** ना० खन्डिने वा खन्डचाउने काम वा प्रक्रिया । **खन्डचाइनु–** क० क्रि० खण्डखण्ड पारिनु; टुक्र्याइनु । **खन्डचाउनु–** प्रे० क्रि० खन्डिने पार्नु; टुक्र्याउनु ।

**खन्डी–** ना० [सं० खण्ड+ई] १. खण्डखण्ड पारिएको पञ्चपालाजस्तो थाल; खण्डेथाल । २. सानो खण्ड, टुक्रा वा भागलाई बुझाउने र सङ्ख्यावाची शब्दमा पछिल्तिर गाँसिने शब्द (जस्तै– त्रिखण्डी, चौखण्डी) ।

**खन्डे–** वि० १. खण्डखण्ड परेको; धेरै खाना भएको; खण्डसम्बन्धी । २. कुनै वस्तुका धेरै भागमध्ये एक भाग पाउने; एक भागको अधिकारी । ~ **खन्डे थाल–** ना० [खण्डे+थाल] विभिन्न व्यञ्जन राख्न मिल्ने बटुकी आकारका सानाठूला खोपिल्टा परेको थाल; खण्डी ।

**खन्डो–** ना० [सं० खण्ड] १. खेत, बारी आदिको कुनै भाग । २. भान्छाकोठाको हाताभित्र भात खाँदा पिर्का राखेर बसी खान मिल्ने गरी बनाइएको सानोतिनो चौको ।

**खन्तरे–** वि० [षट्+अन्तरीय] सहोदर भाइमा जन्मका क्रमले सातौँ; जन्तरेपछिको ।

**खन्ती–** ना० [सं० खनित्र] जमिनमा प्वाल पार्ने वा गहिरो खाल्टो खन्ने डन्डीजस्तो फलामको चुच्चे हतियार; एक किसिमको गल । ~ **खलास–** वि० सबै कुरा सिद्धिइसकेको; केही नभएको; टाट पल्टेको ।

**खन्याइ–** ना० [√ **खन्याउ** (+आइ)] खन्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खन्याइनु–** स० क्रि० बेसरी पोखिनु; खत्त्याइनु ।

**खन्याउनु–** स० क्रि० [खनि+याउ+नु] १. बेसरी पोख्नु; खत्त्याउनु ।

२. रित्याउनु; खाली पार्नु ।

**खन्यू–** ना०हे० खनिउँ ।

**खप्-नु–** अ० क्रि० १. कुनै कुरा धेरै दिनसम्म रहिरहनु; दिगो हुनु; टिक्नु । २. फारो हुनु । स० क्रि० ३. दुःख-कष्ट, आपद्-विपद् आदि सहनु; बेहोर्नु ।

**खपखप–** क्रि० वि० [अ० मू० खप्+अ (द्वि०)] बीचमा, नरोकिईकन छिट्‌छिटो खाने वा निल्ने गरी; कपकप; खुपुखुपु । > **खपखपती** ⁄ **खपखपी–** क्रि० वि० अझ छिटो खपखप खाने वा निल्ने किसिमले ।

**खपटिनु–** अ० क्रि० [खपटो+इ+नु] खपटाजस्तो पातलो भएर सुक्तै जानु; दुब्लाउनु; दुब्लोपातलो हुनु ।

**खपटे–** वि० [खपटो+ए] १. खपटाजस्तै सुकेको; दुब्लो; पातलो; ख्याउटे । २. खपटाको वा खपटाले बनेको; खपटासम्बन्धी ।

**खपटो–** ना० [सं० खर्पर] १. माटाको भाँडो फुटेको टुक्रो; खप्टो । २. बाँस आदिको पातजस्तो बोक्रो । ३. पक्षीका फुलको बोक्रो । ४. नेपालको तराई क्षेत्रमा घर छाउने काममा आउने एक प्रकारको झिँगटी; खपडा ।

**खपटचाइ–** ना० [√ **खपटि** (+आइ)] खपटिने क्रिया वा प्रक्रिया । [ > ] **खपटचाइनु–** क० क्रि० खपटाजस्तो बनाइनु; खपटिन लाइनु । **खपटचाउनु–** प्रे० क्रि० खपटाजस्तो बनाउनु; खपटिने पार्नु ।

**खपडा–** ना० १. माटाको ढुङ्ग्रो बनाई बीचमा फ्याक पारी पोली बनाइएको घर छाउने साधन; खपरा । २. बाँसका आँख्लाको खपटो ।

**खपत–** ना० [खप्+अत] १. बिक्रीका निम्ति बजारमा आएका मालताल पूरै रूपमा बिक्ने काम; सबै मालको बिक्री । २. कुनै वस्तु नबची पूर्ण रूपमा हुने खर्च; व्यय; उपभोग ।

**खपरा–** ना० हे० खपडा ।

**खपरु–** ना० [सं० खर्पर] १. जोगी, सन्न्यासी आदिले घरघरमा गएर भिक्षा माग्ने भाँडो; भिक्षापात्र । २. नरिवल आदिको खप्पर ।

**खपऱ्याङ–** ना० [खपरा+याङ] १. बाँसको सुकेपछि आफैं फुक्लिएर झर्ने खबटा । २. तराईमा बढी प्रयोग हुने, माटाको टायलजस्तो छाउने साधन; एक प्रकारको टायल; झिँगटी ।

**खपाइ१–** ना० [खाप्+आइ] १. खाप्ने किसिम, क्रिया वा भाव ।

**खपाइ२–** ना० [√ **खप्** (+आइ)] खप्ने भाव, क्रिया वा प्रक्रिया; टिकाइ । [ > ] **खपाइनु–** क० क्रि० धेरै समयसम्म पुऱ्याइनु; टिकाइनु । **खपाउ–** वि० धेरै समयसम्म खप्ने वा टिक्ने; टिकाउ । **खपाउनु–** प्रे० क्रि० १. धेरै समयसम्म पुऱ्याउनु; टिकाउनु । स० क्रि० २. बिक्री गर्नु; समाप्त पार्नु ।

**खपाखप–** क्रि० वि० [खप्+खप्] धमाधम खाने किसिमले; कपाकप ।

**खपिनु–** अ० क्रि० [खप्+इ+नु] दिगो होइनु; टिकिनु ।

**खपिस–** वि० [अ० खबीस] १. कुनै काम-कुरामा सिपालु; कार्यकुशल; अनुभवी; दक्ष; पोख्त; खपिस । २. खग्गड; खग्गू । > **खपिसी** ⁄ **खपिस्याइँ–** ना० खपिस हुनाको चाल; पोख्त हुने ढाँचा; चतुऱ्याइँ ।

**खपुवा–** वि० [खप्+उवा] धेरै समयसम्म रहिरहने; निकै दिनसम्म टिक्ने; खप्ने; टिकाउ ।

**खपैँचो–** ना० [खपटा+ऐँचो] माटाका भाँडा फुटेका खबटा ।

**खप्क-नु–** स० क्रि० [खाप्+क+नु] कुनै भाँडाले अन्न आदि खाँदेर भर्नु; खम्कनु । > **खप्काइ–** ना० खप्कने काम वा प्रक्रिया । **खप्काइनु–** क० क्रि० खाँदेर भर्न लाइनु; खम्काइनु । **खप्काउनु–** प्रे० क्रि० खाँदेर भर्न लाउनु; खम्काउनु । **खप्किनु–** क० क्रि० अटाएसम्म उभाइनु; खाँदेर भरिनु ।

**खप्की–** ना० [फा० खफगी] कुनै काम बिगारे वा बिराएमा गरिने फट्‌कार; डाँटडपेट; हप्की; झँटाइ ।

**खप्ट-नु–** स० क्रि० [√ खपट] १. कुनै एउटा वस्तुमाथि फेरि अर्को वस्तु राख्नु; खातमाथि खात लाउनु । २. थपथाप गर्नु; थप्नु । > **खप्टाइ–** ना० खप्टने काम वा प्रक्रिया । **खप्टाइनु–** क० क्रि० खप्टने काम गरिनु । **खप्टाउनु–** प्रे० क्रि० खप्टने काम गराउनु; खप्टने पार्नु ।

**खप्टिनु–** क० क्रि० [खप्ट+इ+नु] कुनै एक वस्तुमाथि अर्को वस्तु राखिनु; खातमाथि खात लाइनु । > **खप्टचाइ–** ना० खप्टिने काम वा प्रक्रिया । **खप्टचाइनु–** क० क्रि० खप्टिने काम गरिनु । **खप्टचाउनु–** प्रे० क्रि० १. खप्टिने पार्नु । स० क्रि० २. एक वस्तुमाथि अर्को वस्तु राख्नु; खप्टनु ।

**खप्टुवा–** वि० [खप्ट+उवा] खप्टेको; एउटामाथि अर्को थपेको ।

**खप्टो–** ना०हे० खपटो ।

**खप्तड–** ना० पश्चिमी नेपालमा सेती अञ्चलअन्तर्गत डोटी जिल्लामा पर्ने एक ऐतिहासिक स्थान वा त्यसैको लेक । ~ **निगालो–** ना० खैरो भुइँ भएको र त्यसमाथि कालो छिर्कामिर्का परेको, मोटो खालको तर टुप्पा मसिङ्ग्रिँदै गएको, प्रायः खप्तडका लेकतिर पाइने प्रसिद्ध निगालो । > **खप्तडी–** ना० १. खप्तडका बासिन्दा; खप्तरी । २. नली वा कलम बनाइने एक जातको निगालो; खप्तड-निगालो । ३. नेपालका छेत्रीहरूको एक थर । **खप्तडेली–** ना० १. नेपाली भाषाको डोटी र डँडेलधुरा क्षेत्रमा बोलिने मध्य पच्छिमा भाषिकालाई सङ्क्षेपमा जनाउने नाउँ । वि० २. खप्तडसित सम्बन्धित; खप्तडको ।

**खप्तर–** ना० हे० खप्तड ।

**खप्पु–** क्रि० वि० [अ० मू० खप्+प] नचपाईकन एकै पल्ट एकदम निल्ने वा खाने किसिमले । – **खप्प–** क्रि० वि० लगातार खप्प पार्ने किसिमसँग ।

**खप्पू–** ना० हे० खप्पु ।

**खप्पर–** ना० [सं० खर्पर] १. टाउकाको माथिल्लो भागमा रहेको हाड; कपाल; खोपडी । २. जोगीहरूले भिक्षा माग्ने भाँडो; भिक्षापात्र । ३. भाग्य; किस्मत । ४. नरिवल, बेल आदिको बाहिरी साह्रो बोक्रो । > **खप्परु–** ना० जोगीको भिक्षापात्र; खप्पर ।

**खप्परे**– वि० १. ठूलो वा अग्लो खप्पर भएको । २. हातमा खप्पर लिएको ।

**खप्पिस**– वि० [√ खपिस] हे० खपिस ।

**खप्पू**– ना० [√ खाप्+उ] केही थप भइरहेकामा फेरि थप; थपमाथिको थप; खापमाथिको खाप; खप्टचाइ ।

**खप्प्याइ**– ना० [√ **खप्प्याउ** (+आइ)] खप्प्याउने क्रिया वा प्रक्रिया । [ > ] **खप्प्याइनु**– क० क्रि० खप्याउने काम गरिनु ।

**खप्प्याउनु**– स० क्रि० [खप्प+अयाउ+नु] कुनै गिलो पदार्थ फटाफट खानु; गफल्क्याउनु ।

**खप्लक्क**– क्रि० वि० [अ० मू० खप्लक्+क] कुनै कुरा एउटै गाँसमा खाने किसिम वा ढङ्गमा; कप्लक्क ।

**खप्ल्याइ**– ना० [√ **खप्ल्याउ** (+आइ)] खप्ल्याउने क्रिया वा प्रक्रिया । [ > ] **खप्ल्याइनु**– क० क्रि० धमाधम खाइनु; गफल्क्याइनु ।

**खप्ल्याउनु**– स० क्रि० [खप्लक्क+याउ+नु] कुनै खाद्य पदार्थ धमाधम खानु; गफल्क्याउनु ।

**खप्ल्याक्क**– क्रि० वि० [अ० मू० खप्ल्याक्+क] एकै गाँसमा खाने किसिमले; खप्लक्क ।

**खबटा**– ना० [खबटोको ति० रू०] हे० खबटो । – **खबटी**– ना० साना-ठूला खबटाको समूह; साना-ठूला धेरै खबटा ।

**खबटि-नु**– अ० क्रि० [खबटो+इ+नु] हे० खपटिनु ।

**खबटे**– वि० [खबटो+ए] हे० खपटे । ~ **टीको**– ना० विवाह हुन लागेकी केटीले लगनका समयमा र विवाहित आइमाईले तीजका समयमा सौभाग्यचिह्नका रूपमा निधारमा लाउने काँचको टीको; आइमाईले निधारमा लाउने खबटोजस्तो ठूलो टीको ।

**खबटे**– ना० [सं० खर्पर] १. माटाको भाँडाको फुटेको टुक्रो; खपटो । २. अन्डाको फुटेको कडा खोल वा बोक्रो ।

**खबर**– ना० [अ०] समाचार; हाल; वृत्तान्त; सूचना; जानकारी । – **कागत**/**कागज**– ना० सञ्चारको एउटा महत्त्वपूर्ण माध्यमका रूपमा रहेको र सर्वसाधारणलाई देशविदेशका महत्त्वपूर्ण समाचार; तात्कालिक घटना आदिको जानकारी दिनका लागि प्रकाशित हुने पत्र; समाचारपत्र ।

**खबरदार**– ना० [फा०] कुनै सम्भावित खतराप्रति सजग गराउँदा र नराम्रो बाटामा हिँड्न लागेको वा नराम्रो काम गर्न लागेको व्यक्तिलाई चेतावनी दिँदा भनिने शब्द; सावधान; होसियार । > **खबरदारी**– ना० खबरदार गराउने काम; सचेत गराउने काम; सावधानी ।

**खबरपाटी**– ना० [खबर+पाटी] सम्बन्धित सबैको जानकारीका लागि सूचना, समाचार आदि टाँसिने पाटी; सूचनापाटी ।

**खमण्डल**– ना० [सं०] आकाशको गोल परिधिभित्र हुने सूर्य, चन्द्र, तारा आदि ग्रहनक्षत्रहरूको समूह; आकाशमण्डल; व्योममण्डल ।

**खमरन्डा**/**खमरन्दा**– ना० [अ० खम+फा० रन्दा] काठ ताछेर चिल्लो पार्ने काममा प्रयोग गरिने एक प्रकारको सानो रन्डा ।

**खमाइ**– ना० [खाम्+आइ] खाम्ने क्रिया वा प्रक्रिया ।

**खमारी१**– ना० [खम्बा+आरी] हात्ती बाँधिने खम्बा; आलानस्तम्भ ।

**खमारी२**– ना० [सं० गम्भारी] पीपलका जस्ता पात, सेतो बोक्रो, पहेँला फूल र फल हुने, दूध निस्कने एक जातको रूख वा त्यसैको फल ।

**खमिर**– ना० [अ० खमीर] सडाईगलाई अमिल्याएको पीठो, खुदो आदि वस्तु । > **खमिरा**– वि० खमिर हालेको; खमिर भएको ।

**खम्कनु**– स० क्रि० [अ० मू० खम्+क+नु] कुनै भरिने वस्तु अटाएसम्म उभाउनु; खाँदेर भर्नु; खप्कनु । > **खम्काइ**– ना० खम्कने क्रिया वा प्रक्रिया । **खम्काइनु**– क० क्रि० खम्कन लाइनु; खप्काइनु । **खम्काउनु**– प्रे० क्रि० खम्कने गराउनु; खम्कन लाउनु; खप्काउनु । **खम्किनु**– क० क्रि० खाँदेर भरिनु; खप्किनु ।

**खम्बा**– ना० [सं० स्तम्भ] १. घर, सत्तल, पुल आदिको दलिन, तला वा छानो थाम्न वा तिनलाई आड दिन र बिजुलीका तार अडचाउन फलाम, काठ, ढलान आदिबाट बनेको सोझो खामो; खाँबो; थाम; खम्भा । २. मौलो ।

**खम्बानी**– ना० [लि०] अग्नेली खलकको पहाडवर्गमा पर्ने, पूर्वी नेपालमा बोलिने लिम्बू भाषाका विभिन्न भेदमध्ये एक प्रमुख भेद ।

**खम्बिर**– वि० खम्बाजस्तै अडिग; स्थिर; गम्भीर ।

**खम्बु**– ना० गुप्त सल्लाह; भित्री मतो ।

**खम्भा**– ना०हे० खम्बा ।

**खम्स-नु**– स० क्रि० १. झालेपोथी जोल्टिनु; स्त्रीप्रसङ्ग गर्नु; मैथुन गर्नु । २. खँगारिनु; झर्नु । ३. बेपर्वाहसँग अन्न भर्नु वा भरेर दिनु । > **खम्साइ**– ना० खम्सने क्रिया वा प्रक्रिया । **खम्साखम्सी**– ना० धमाधम खम्सने काम । **खम्सिनु**– अ० क्रि० १. खँगारिनु; झर्नु । २. मिसिनु; जोल्टिनु । **खम्स्याइ**– ना० खम्स्याउने क्रिया वा प्रक्रिया । **खम्स्याइनु**– स० क्रि० स्त्री-प्रसङ्ग गरिनु; खम्सिनु । **खम्स्याउनु**– स० क्रि० खम्सनु; स्त्री-प्रसङ्ग गर्नु ।

**खयर**– ना० [प्रा० खइर, सं० खदिर] अमलाका जस्ता ससाना पात हुने, मञ्जरीका छाँटका सेता सानासाना फूल फुल्ने, खैरो लामो कोसा र खैरै काठ हुने काँढादार बोट वा त्यसैको काठ पकाएर झिकेको सारवस्तु ।

**खर१**– वि० [सं०] १. कडा स्वभावको; खरो मिजासको । २. रामायणको कथाअनुसार रामद्वारा मारिएको एक राक्षस । ३. गधा ।

**खर२**– ना० [सं० खड] बाबियोका जस्ता लामा-लामा सिन्के पात हुने, घर, गोठ आदि छाउने काममा प्रयोग गरिने एक प्रकारको झार; सालिम्मो (प० ने०) । – **क**– ना० हे० खर्क । – **कट्टी**– ना० खर पालेको जग्गा; खरघारी । – **कमल**– ना० खरबारीमा उम्रने कमलजस्तो एक जातको फूल ।

**खरकस**– ना० काठमा खोल झिक्न वा काठ ताछ्नका निम्ति सोझो चिनु लाउन प्रयोग गरिने, बीचमा सानो कीलो गाडेको सिकर्मीको ज्याबल ।

**खरखजाना**– ना० १. लडाइँमा प्रयोग गरिने गोली, बारुद आदि सरसामान; हातहतियार; खजाना । २. सुन, चाँदी, रुपियाँपैसा आदि धनसम्पत्ति; नगद रकम ।

**खरखर१**– ना० [अ० मू० खर्+अ० (द्वि०)] १. मुसा, खरायो आदिले खोस्रँदा आउने आवाज । क्रि० वि० २. त्यसरी खोस्रँदा आवाज आउने किसिमले ।

**खरखर२**– क्रि० वि० [खुरुखुरु] कुनै काम नरोकीकन फटाफट गर्ने किसिमले; खुरुखुरु । > **खरखरती**– क्रि० वि० नरोकीकन, धमाधम; खुरुखुरु ।

**खरखराइ**– ना० [√ **खरखराउ** (+आइ)] खरखराउने क्रिया वा प्रक्रिया । [ > ] **खरखराइनु**– अ० क्रि० खरखर शब्द निस्किनु ।

**खरखराउनु**– अ० क्रि० [खरखर+आउ+नु] १. मुसा, बिराला आदिले खोस्रेको वा कोरेको आवाज आउनु; खरखर शब्द निस्कनु । २. पैसा, अन्न आदि धमाधम झर्नु ।

**खरखरी**– क्रि० वि० [खरखर+ई] हे० खरखरती ।

**खरखरे**– ना० [खरखर+ए] टेबुल, दराज आदिमा बाहिर तान्न र भित्र घुसार्न हुने गरी मालसामान राख्न बनाइएको सानो खण्ड; घर्रा ।

**खरखाँचो**– ना० [(द्वि०) खाँचो] आफूलाई चाहिएको कुनै वस्तु आफूसँग नभएको बेला; कुनै कुराको खाँचो परेको अवस्था; हर्जा; खनखाँचो; गाह्रोसाह्रो; असर्दो ।

**खरखिचोला**– ना० [(द्वि०) खिचोला] खिचोला आदि गर्ने काम; विघ्न-बाधा ।

**खरखुवाई**– ना० [अ० खैरख्वाही] कसैको भलो चिताउने काम; शुभेच्छा; मङ्गलकामना ।

**खरदार**– ना० [अ० खराज+फा० दार] राजपत्र अनङ्कित तहको द्वितीय श्रेणीका कर्मचारीको एक दर्जा; निजामती कर्मचारीको एक तह । > **खरदारी**– ना० खरदारको काम, पद वा अवस्था ।

**खरब**– ना० [सं० खर्व] सय अरबको सङ्ख्या; १,००,००,००,००,००० ।

**खरबुजो**– ना० [फा० खर्बुजा] फर्सीको जस्तो डल्लो आकारमा हरिया र सेता धर्का हुने काँक्राका जस्ता बियाँ लाग्ने र पाकेपछि गुलियो गुदी हुने, प्रायः बालुवाप्रधान भूमिमा फल्ने एक फल ।

**खरमासो**– ना० दैलाको बाहिरपट्टि साँचो लाउनका निम्ति गाडिएको पाङ्ग्रो ।

**खररा**– ना० १. खर, घाँस आदिबाट बनेको झार्नेबढार्ने साधन । २. गाई, घोडा आदिको जीउ मल्ने र बुरुसमा लागेका रौँ र धूलोसमेत झार्ने बुरुसजस्तै फलामे साधन ।

**खराइ**– ना० [√ **खराउ** (+आइ)] खराउने क्रिया वा प्रक्रिया । [ > ] **खराइनु**– क० क्रि० खरो पारिनु; सुकाइनु ।

**खराउ**– ना० [सं० काष्ठ+पादुका] खुट्टाका औँलाको कापले माथि उठेको सानो काठ च्याप्ने गरी वा खुट्टाका पन्जालाई टायर आदिका फित्ताले अडयाउने गरी बनाइएको काठका फल्याकको तलुवा मात्र भएको चट्टीजस्तो जुत्ता; पादुका; कठपाउ; खडाउ ।

**खराउ-नु**– स० क्रि० [खरो+आउ+नु] १. कुनै वस्तु भुटेर वा घाममा सुकाएर खरो पार्नु । २. खूब तताउनु; ज्यादै सुकाउनु ।

**खराउ खुट्टे**– वि० [खराउ+खुट्टे] १. पैतालाका बीच भागले नछोई कुर्कुच्चा र औँलाले मात्र जमिन छुने खुट्टा भएको; कठपाउ भएको । ना० २. त्यस्तो खुट्टा वा पैताला भएको मान्छे ।

**खराखर**– क्रि० वि० [√ खरखर] धमाधम; खरखरी; खुरुखुरु । > **खराखरी**– क्रि० वि० सरासरी; नरोकीकन ।

**खराज/खराद**– ना० [फा० खैराद] १. काठ, धातु आदिका वस्तु सम्म्याउने वा सफा गर्ने औजारविशेष । २. काठ, धातु आदिका वस्तुहरू मेसिनमा चढाई सफा गर्ने वा चिल्लो पार्ने काम । – **कल**– ना० अम्खोरा आदि धातुका भाँडा बनाउँदा आकार दिइसकेपछि धातुका बाँकी रहेका नमिल्दा चोसाचोसीलाई सफा गरी चिल्लो टल्कने बनाउने कल ।

**खरानी**– ना० [सं० क्षरणी] दाउरा आदि वस्तु बलिसकेपछि बाँकी रहने धूलो वा क्षार पदार्थ; भस्म; खाक । ~ **दानी**– ना० खरानी हाल्ने वा खरानी फ्याँक्ने, झार्ने भाँडो; ठुटौरो (एस्ट्रे) । > **खराने**– वि० १. खरानी रङको; खरानीसम्बन्धी । २. बेकम्मा; रद्दी । ना० ३. एक प्रकारको बनैयाँ झार ।

**खराब**– वि० [अ०] १. ननिको चालको; काम नलाग्ने; नजाती; बेकम्मा; बेठीक । २. चालचलन बिग्रेको; दुर्जन; दुष्ट । ३. छुल्याइँपुल्याइँ गर्ने वा कुभलो चिताउने; हानिकारक; अहितकर । ४. सामाजिक मर्यादाको प्रतिकूल वा प्रचलित नियमकानुनको विपरीत (चालचलन, बानीबेहोरा, आचरण इ०) । > **खराबी**– ना० १. खराब हुने काम वा चाल; नजातीपन; दोष, त्रुटि; अवगुण; कमी । २. हानि; नोक्सानी ।

**खरायो**– ना० [फा० खरगोश] मुसाका जातको, बिरालोजत्रो, लामा कान हुने र उफ्रिँदै दगुर्ने, शाकाहारी एक जङ्गली प्राणी; चौघडा ।

**खरि-नु**– अ० क्रि० [खरो+इ+नु] १. कुनै वस्तु आगो वा घामले खरो हुनु; डढ्लाजस्तो भएर भुटिनु । २. आकाङ्क्षा बढ्नु; उत्कण्ठित हुनु । ३. रुखिनु; भोक, प्यासले पीडित हुनु । ४. धान, गहुँ आदि बाली ज्यादा पाकेर वा सुकेर झर्ने हुनु ।

**खरिद्-नु**– स० क्रि० [खरिद+नु] अर्काका अधिकारमा रहेको कुनै वस्तु वा मालसामान मूल्य तिरेर आफ्नो बनाउनु; खरिद गर्नु; किन्नु; बेसाउनु ।

**खरिद**– ना० [फा० खरीद] अर्काको अधिकारमा रहेको कुनै मालसामान मूल्य तिरेर आफ्नो अधिकारमा पार्ने काम; किन्ने काम; बेसाउने काम; किनमेल । ~ **आदेश**– ना० सरकारी वा गैरसरकारी कार्यालयहरूमा कुनै मालसामान बजारभाउअनुसार किन्न वा खरिद गर्नका लागि कार्यालयप्रमुखद्वारा दिइने आदेश । – **दार**– वि० मालसामान खरिद गर्ने; किन्ने; ग्राहक; गाहक । – **दारी**– ना० खरिद गर्ने वा किन्नेको काम; खरिददारको

काम । ~ **बिक्री–** ना० किन्ने र बेच्ने काम; किनबेच; क्रयविक्रय ।

**खरिदाइ–** ना० [√ **खरिद्** (+आइ)] खरिद्ने क्रिया वा प्रक्रिया [ > ] **खरिदाइनु–** क० क्रि० खरिद गर्न लाइनु; किनाइनु । **खरिदाउनु–** प्रे० क्रि० किन्न लाउनु; खरिद गराउनु ।

**खरिदार–** ना० [अ० खराज+फा० दार] हे० खरदार; खर्दार । > **खरिदारी–** ना० खरदारी; खर्दारी ।

**खरिदिनु–** क० क्रि० [खरिद्+इ+नु] खरिद गरिनु; किनिनु ।

**खरिदी–** वि० [खरिद+ई] खरिद गरिएको; लाग्ने मोल तिरेर लिइएको वा आफ्नो पारिएको । ~ **बिर्ता–** ना० बिर्तावालबाट किनिएको बिर्ता जग्गा ।

**खरियो–** ना० भाँडाकुँडा बनाउँदा मिलाउने एक प्रकारको हतियार ।

**खरी१–** ना० १.ससाना खस्रा पात हुने, मसिना सेता फूल फुल्ने, मरीचका जत्रा दाना फल्ने र डाँठको बोक्रा सेतो हुने ठूलो एक रूख । २. निगालेझाँप्राको आकारका पात हुने, घोडालाई मन पर्ने, एक प्रकारको सानो झार; मुसेखरी ।

**खरी२–** ना० [सं० खटी] १. सिलोट, धुलौटो आदिमा लेख्ने नरम जातको सेतो पत्थर । २. मादल, तबला आदिमा मढेका छालामा गोलाकार पारी लगाइने मसला । ~ **गाँठे–** वि० १. सभ्य संसारको चालचलन नजानेको (व्यक्ति); असभ्य; गँवार; पाखे । २. भुसतिघ्रे । ~ **घसा–** वि० खरी घसेर वा खरीले लेखेर एकएक पैसाको हिसाब गर्ने; लेनदेन व्यवहारमा सानातिना वा मामुली कुराको पनि हिसाब गर्ने । ~ **घसाइ–** ना० खरी घस्ने खालको काम वा चाल; एकएक दामको हरहिसाब; सानोतिनो कुराको पनि लेखोजोखो । ~ **घोटाइ–** ना० खरी घोट्ने काम; लेनदेन व्यवहारमा एकएक पैसाको हिसाब गर्ने वा सानातिना कुराको पनि लेखोजोखो गर्ने चाल; कसिकसाइ । ~ **जुको–** ना० रूखमा रहने खरीरङको एक जातको ठूलो जुको ।

**खरीमट्टी–** ना० [खरी+मट्टी, सं० खटिक-मृत्तिका] सिलोट, धुलौटो आदिमा लेख्ने सेतो र नरम खालको ढुङ्गो; खरी ।

**खरी साउँलो–** वि० [खरी+साउँलो, सं० खटिक-श्यामल] गहुँगोरोभन्दा केही बढी गोरो र खाइलाग्दो (मानिस) ।

**खरुकी–** ना० घोडाले मन पराएर खाने निगालेझाँप्रोजस्तो एक प्रकारको घाँस ।

**खरुको–** ना० [√ खर] सानो र मसिनो एक जातको खर; खरी ।

**खरुवा१–** वि० [खार्+उवा] आगामा बेस्करी तताएर खारेको; शुद्ध पारेको (घिउ) ।

**खरुवा२–** ना० [सं० क्षारक] तराईतिर बुनिने एक प्रकारको मोटो र खस्रो कपडा; रातो वा कलेजी रङको खाँडी ।

**खरेटो–** ना० [खर+एटो] १. मसिना पात हुने, डाँठबाट बढार-कुँढार गर्न कूचाको काम लिइने एक जातको बुटेन । २. बाँसको मसिना कप्टेरा वा चोयाबाट बनेको कूचो; पुयँटी ।

**खरो–** वि० [सं० खर] १. खराएको; खूब भुटिएको वा सुकेको । २. रूखो; बिरसिलो; कडा स्वभावको । ना० ३. तिर्खा; तृष्णा । ४. भोक, तिर्खा, गर्मी आदिबाट हुने डाहा ।

**खरोष्ट्री/खरोष्ठी–** ना० [सं०] पहिले दाहिनेतिरबाट बायाँतिर लेखिने गरिएको अशोककालीन प्राचीन भारतेली एक लिपि; गान्धार लिपि ।

**खरौँचा–** ना० १. खनिउँका जातको एक झार । २. त्यसैका डाँठबाट बनाइएको कूचो ।

**खर्क–** ना० [√ खरक] गाईबस्तुको गोठ राख्न र तिनीहरूलाई चराउनका लागि राखिएको बाँझो रैकर जग्गा ।

**खर्क-नु–** अ० क्रि० पशुहरू एकै ठाउँमा जम्मा भएर बस्नु; बथान मिलेर बस्नु । > **खर्काइ–** ना० खर्कने काम वा क्रिया । **खर्काइनु–** क० क्रि० खर्कन लाइनु । **खर्काउनु–** स० क्रि० पशुहरूलाई एकै ठाउँमा जम्मा पार्नु; बथान मिलाएर राख्नु । **खर्किनु–** अ० क्रि० एकै ठाउँमा जम्मा भएर वा बथान मिलेर बसिनु ।

**खर्च–** ना० [फा०] १. कुनै काम वा वस्तुका निम्ति दिइने वा मासिने रुपियाँपैसा; व्यय । २. कुनै कार्यका निम्ति उपयोग गरिने वा प्रयोगमा ल्याइने नगद रकम वा जिन्सी माल ।

**खर्च-नु–** स० क्रि० [खर्च+नु] कुनै काम वा वस्तुका निम्ति नगद वा जिन्सी खर्च गर्नु; मास्नु; किनमेल गरेर रुपियाँपैसा सक्नु ।

**खर्चखाता–** ना० [खर्च+खाता] खर्चको हिसाबकिताब लेखिने वा राखिने ठूलो कापी; बहीखाता ।

**खर्चबर्च–** ना० [खर्च (द्वि०)] १. कुनै काम वा वस्तुका निमित्त चाहिने नगदी वा जिन्सी; सामलतुमल र रुपियाँपैसा । २. भइपरी आउने काममा गरिने सामान्य खर्च ।

**खर्चरी–** ना० [खरक+चर+इ] १. गाईभैँसी, भेडा-बाखा आदिको चरनका निमित्त कर तिरी छुट्ट्याएर राखिएको जग्गा; खर्क । २. वनपाखामा गाईभैँसी, भेडाबाखा आदि बस्तुभाउ चराउँदा लाग्ने दस्तुर वा तिरो ।

**खर्चाइ–** ना० [√ **खर्च** (+आइ)] खर्च गर्ने क्रिया वा प्रक्रिया । [ > ] **खर्चाइनु–** क० क्रि० खर्च गर्न लाइनु । **खर्चाउनु–** प्रे० क्रि० खर्च गराउनु वा खर्चन लाउनु ।

**खर्चालु–** वि० [खर्च+आलु] आवश्यकताभन्दा बढी रुपियाँ-पैसा आदि खर्च गर्ने; धेरै खर्च गर्ने बानी भएको; खर्ची ।

**खर्चिनु–** क० क्रि० [खर्च+इ+नु] खर्च गरिनु; मासिनु ।

**खर्चिलो–** वि० [खर्च+इलो] १. चाहिनेभन्दा बेसी खर्च हुने; धेरै खर्च हुने । २. धेरै खर्च गर्ने; खर्चालु ।

**खर्ची–** वि० [खर्च+ई] धेरै खर्च गर्ने; खर्चालु ।

**खर्जूर–** ना० [सं०] हे० खजुर ।

**खर्दार–** ना० [√ खरदार] हे० खरदार, खरिदार ।

**खर्पन–** ना० [नेवा०] १. नोलका दुवै छेउमा डालाका आकारका भाँडा झुन्ड्याई नोललाई काँधमा हाली मालसामान बोक्ने साधन (विशेषतः काठमाडौँ उपत्यकामा प्रचलित) । २. त्यसैको दायाँबायाँ झुन्डिने डालाजस्ता भाँडा । > **खर्पने–** वि० खर्पन बोक्ने ।

**खऱ्याइँ**– ना० [खरो+याइँ] खरोपन; खरो चाल ।

**खऱ्याइ**– ना० [√ **खरि** (+याइ)] खरिने भाव, क्रिया वा प्रक्रिया । [>] **खऱ्याइनु**– अ० क्रि० खरिने पारिनु । **खऱ्याउनु**– स० क्रि०/प्रे० क्रि० खरिने पार्नु ।

**खऱ्याकखुरुक**– क्रि० वि० [अ० मू० खऱ्याक्+अ (द्वि०)] १. सानो-ठूलो खऱ्याक्कको आवाज बार-बार आउने किसिमले । ना० २. भएभरको जेथा; सिरीखुरी; श्रीसम्पत्ति; खऱ्यापखुरूप ।

**खऱ्याक्क**– क्रि० वि० [अ० मू० खऱ्याक्+क] १. कराई आदि भाँडा कोर्दा आवाज आउने किसिमसँग । २. ढोका आदि उघ्रँदा वा सुकेका वस्तुमा कुनै वस्तुले छुँदा वा चलाउँदा आवाज आउने चालमा ।

**खऱ्याङखुरुङ**– क्रि० वि० [अ० मू० खऱ्याङ+अ (द्वि०)] १. पकाएका भाँडाकुँडामा टाँसिएको वस्तु खुर्कँदा शब्द निस्कने किसिमले; भएभरको टकटक्याउने चालमा । ना० २. भएभरको सबै वस्तु; खऱ्याकखुरुक ।

**खऱ्यान**– ना० [खर+यान] खर उम्रेको वा खर हुने जग्गा; खरबारी; खरघारी ।

**खऱ्यौटो**– ना० [खर+यौटो] भँगेरोभन्दा केही ठूलो खैरो रङको चरो ।

**खर्रा**– ना० १. बस्न बिछ्याइने लामो गुन्द्री । वि० २. स्पष्ट; खरो; खस्रो (कुरा) । (उदा०– **रोटी चिल्ला मिठा, कुरा खर्रा** (खस्रा) **मिठा** । –उखान) ।

**खर्रो**– वि० [√ खरो] चर्को स्वभावको; खरो; रूखो ।

**खर्लपखर्लप**– क्रि० वि० [अ० मू० खर्लप्+अ (द्वि०)] बार-बार खस्ने, खाने, हडप्ने आदि काम गर्ने किसिमले ।

**खर्लप्प**– क्रि० वि० [अ० मू० खर्लप्+प] १. कुनै कुरा एकै चोटि माथिबाट तल झर्ने वा खस्ने किसिमसँग । २. एकै चोटि पूरै खाने किसिमले । ३. अर्काको वस्तु वा सम्पत्ति सबै हडप्ने चालमा ।

**खर्ल्याङ्खुट्टी**– ना० [अ० मू० खर्ल्याङ+खुट्टी] १. एउटा खुट्टा उचालेर अर्को एक खुट्टाले मात्र दौडने केटाकेटीको खेल; खल्याङ्खुट्टी । २. लङ्गडाहरूले हिँड्दा काखीमनि च्यापेर टेक्ने लौरो; बैसाखी ।

**खर्ल्याप्प**– क्रि० वि० [अ० मू० खर्ल्याप्+प] १. कत्ति पनि बाँकी नराखीकन जम्मै खाने किसिमले । २. अर्काको जायजेथा, श्रीसम्पत्ति सबै हडप्ने किसिमसँग; ख्वाप्ल्याक्क ।

**खर्व**– ना० [सं०] १. सय अरबको सङ्ख्या; सय अरब । वि० २. बाउन्ने; बामपुड्के; पुड्के; छोटो ।

**खर्सु**– ना० प्रायः लेकतिर रसिलो ठाउँमा हुने एक प्रकारको घाँस वा त्यसैको बोट ।

**खल१**– वि० [सं०] १. बुद्धि नभएको; मूर्ख; हुस्सू । २. बदमास; दुष्ट । ना० ३. मरमसला, औषधी आदि कुट्ने ढुङ्गा वा फलामको भाँडो । ४. खलो; ठाउँ ।

**खल२**– ना० १. कुनै विषयमा दुई वा दुईभन्दा धेरै व्यक्तिमा हुने बहस; छलफल । २. पारस्परिक विचारविमर्शद्वारा कुनै विषयमा टुङ्गो लाउने प्रयास ।

**खलक**– ना० [अ० खल्क] कुनै एउटा वंशमा जन्मिएका शाखासन्तान; कुल; परिवार; वंश । > **खलकी**– ना० १. नोकरचाकरहरूको समुदाय; भृत्यवर्ग । २. नोकरचाकरका निम्ति बनेको खाना । वि० ३. खलकमा मिलेको वा बसेको; खलकको ।

**खलक्क**– क्रि० वि० [अ० मू० लखक्+क] नरम पदार्थ नचपाईकन एकै पल्ट पेटमा पुऱ्याउने किसिमले ।

**खलखल**– क्रि० वि० [अ० मू० खल्+अ (द्वि०)] १. नरोकिईकन पानी बग्ने किसिमले; कलकल । २. प्रशस्त पसिना आउने किसिमसँग । ३. पानीले भाँडाकुँडा आदि राम्ररी पखाल्ने छाँट झिकेर । ४. बेस्करी पानी खन्याएर नुहाउने किसिमले । > **खलखलती/खलखली**– क्रि० वि० अझ शीघ्रताका साथ खलखल हुने किसिमसँग ।

**खलङ्गा**– ना० [√ खलक] १. धेरै मानिस बस्ने डेरा; टहरो । २. नोकरचाकर बस्ने घर वा टहराको लङ । ३. पश्चिमी नेपालको कर्णाली अञ्चलमा पर्ने जुम्ला जिल्लाको सदर मुकाम । ४. गल्ली; गल्छेडो (प० ने०) ।

**खलडी**– ना० [सं० खल्ल] लिङ्गको अघिल्लो भाग छोप्ने छाला; लिङ्गका टुप्पाको छाला ।

**खलनायक**– ना० [सं०] १. नाटक, चलचित्र आदिमा नायकका विरुद्ध भूमिका खेल्ने पात्र; प्रतिनायक । २. हुन लागेको कुनै काम पनि अघि सरेर भाँड्ने व्यक्ति । स्त्री० खलनायिका ।

**खलपत्र**– ना० १. कसैले गर्न आँटेको वा गर्न लागेको काम पार लाउन नसक्ने देख्दा वा के-के न गर्छु भनेर सेखी मात्र गर्दा भनिने व्यङ्ग्यात्मक शब्द; लछारपाटो । वि० २. रूपरङ्गविनाको; खुइलिएको वा चाउरिएको । स्त्री० खलपत्री ।

**खलबल**– ना० [खल+बल] १. कुनै झैझगडा पर्दा धेरै मानिस कराउनाले भएको हल्लाखल्ला; बाझाबाझ गरेको आवाज; खल्याङमल्याङ । २. कुनै अन्यायअत्याचारका विरोधमा उठेको सामूहिक आवाज; होहल्ला । > **खलबलाइ**– ना० खलबल गर्ने वा खलबलाउने काम । **खलबलाइनु**– अ० क्रि० मन डगडग होइनु; तुलबुलाइनु । **खलबलाउनु**– अ० क्रि० मन डगडग हुनु; तुलबुलाउनु । **खलबलिनु**– अ० क्रि० १. मिलेर बसेको कुनै कुराको तह वा क्रम बिग्रनु; गडबडिनु । २. खलबल मच्चिनु; अशान्ति मच्चिनु; हल्ला हुनु । ३. कामको वा वस्तुको सिलसिला नमिल्नु । **खलबली**– ना० खल्याङमल्याङ; खैलाबैला; होहल्ला; खलबल । **खलबले**– वि० खलबल गर्ने; ठूलो स्वरले धेरै बोल्ने; हल्ला मच्चाउने । **खलबल्याइ**– ना० खलबल्याउने क्रिया वा प्रक्रिया । **खलबल्याइनु**– क० क्रि० खलबल गरिनु; हल्ला मचाइनु । **खलबल्याउनु**– स० क्रि० १. खलबल गर्नु; हल्ला मचाउनु । २. तलमाथि पार्नु; स्थिति वा तह बिगार्नु; गोलमाल पार्नु ।

**खलमल**– क्रि० वि० [सं० कलमल] जम्मै जीउ राम्ररी नुहाउने

चाल; खलखली; खलमल्ल ।

**खलल–** ना० [अ०] चल्दै आएको चलन भाँड्ने वा बिगार्ने काम; बिघ्न-बाधा; विरोध ।

**खलाँती–** ना० [सं० खल्ल+आँती] आरनमा आगो फुक्न हावा दिने छालाको थैलो ।

**खलास–** वि० [अ०] १. समाप्त; खतम । २. मरेको; मृत । ३. कसरमसर बाँकी नभएको; सफा; स्वच्छ ।

**खलासी–** ना० १. पिपासरहको एक सरकारी कर्मचारी वा दर्जा । २. बस, मोटर, जहाज आदिको रेखदेख र सरसफाइ गर्ने टहलुवा; क्लिनर । ३. ठूलठूला काठ चिर्ने रामोजस्तो ठूलो फलामे हतियार ।

**खलिकपुर/खलिखपुर–** वि० [सं० खलेकपोत] एकै पल्ट भएभरको जम्मै; जो भएका सबै; भएजति; सम्पूर्ण ।

**खलिता–** ना० [अ० खरीत] चिठी; खलितापत्र । ~**पत्र–** ना० एक राजाबाट अर्का राजा-महाराजालाई पठाइएको कुनै बन्दोबस्तसम्बन्धी चिठी ।

**खलिपा/खलिफा–** वि० [अ० खलीफ] १. खुब जान्ने; सिपालु; पोख्त । २. बाठो; चलाख । ३. धूर्त; छट्टु । ४. मध्यकालमा बगदादबाट इस्लामजगत्‌लाई शासन गर्ने धर्माधिकारी; बादशाह ।

**खलियान–** ना० [खलो+यान] १. खलाहरूको समूह । २. खलो ।

**खलियो–** ना० [सं० कलित] काठ, दाउरा आदि मिलाएर वा चाङ लाएर राखेको थुप्रो; कुनिउँ; चट्टा ।

**खली१–** ना० [सं०] पीना ।

**खली२–** ना० [खलियो] १. अगति परेका प्रेतात्माको उद्धारका निम्ति तन्त्रमन्त्रका बलले आगोमा फाल हालेर धामीले गर्ने उद्धारक क्रिया । २. भोगेर पाएको अनुभव; भुक्तभोग । ~**खानु–** टु० जीवनमा धेरै हन्डर खाएर पाको हुनु; सुखदुःख सबै झेलिसक्नु ।

**खलीमट्टी–** ना० [खरी+मट्टी] खरी पत्थर ।

**खलु–** क्रि० वि० [सं०] १. निश्चय नै; पक्का पनि । ना० २. मनाही; निषेध ।

**खले–** वि० [खलो+ए] खलाको; खलासँग सम्बन्धित । ~**गरो–** ना० खेतको धान थुपार्न, चुट्न र दाइँ गर्न खुर्की, ताछी खलो बनाइने ठूलो, बाटुलो मुख्य गरो । ~**जाँतो–** ना० खलाको काम सकिएपछि खुवाइने रमाइलो भोज वा भतेर । ~**पूजा–** ना० कृषकहरूद्वारा खलामा गरिने भुमे पूजा । ~**भाग–** ना० दमाईं, कामी, हली आदिलाई खलाबाट नै भरिने बर्खे बाली ।

**खलो–** ना० [सं० खल] काटेर, टिपेर वा उखेलेर ल्याइएका डाँठसहितका अन्न थुपार्न, माड्न, चुट्न वा दाइँ गर्न खेतबारीको कुनै भागलाई ताछतुछ पारेर, लिपेर सफा बनाइएको ठाउँ । –**खुलो–** ना० खलोफुलो । –**पुलो–** ना० खेती गरिएको जग्गाको जो भएको अन्न उठाइसकेपछि कसैले सिला खोजेर जम्मा गरेको अन्न (धान, गहुँ आदि) । –**फुलो–** ना० देवकार्य वा पितृकार्यमा अर्पण गरिएका नगदी, जिन्सी मालसामान; देवपितृकार्यमा पुरोहितले पाउने सरसामान । –**मैरो–** ना० खलामा थुपारेको अन्न उठाइसकेपछि खलाको बढार-कुँढारबाट आएको अन्न ।

**खल्काइ–** ना० [√ **खल्काउ** (+आइ)] खल्काउने क्रिया वा प्रक्रिया । [ > ] **खल्काइनु–** क० क्रि० खल्काउने काम गरिनु; निलिनु ।

**खल्काउनु–** स० क्रि० [खलक्क+आउ+नु] नरम खानेकुरो मुखले नचपाईकन पेटमा पुऱ्याउनु; निल्नु ।

**खल्को–** ना० [सं० क्षालक] जूठो लाग्ने आफ्ना बन्धु-बान्धवको मृत्यु सुनेपछि गरिने स्नान; आशौच स्नान ।

**खल्टचान–** ना० [खाल्टो+यान] १. खाल्टाखुल्टी परेको ठाउँ वा जग्गा । २. रोपिएको वा छरिएको बीउ पर्याप्त नउम्रने उबडखाबड र रूखो जग्गा ।

**खल्ती–** ना० [फा० खलीता] कोट, कमिज, पाइन्ट आदिमा कपडाको टुक्रा जोडेर केही राख्न बनाइएको ठाउँ; गोजी; जेब; बगली ।

**खल्पी–** ना० [सं० खल] रायो, बेसार, नुन, तेल आदिमा मुछेर केही दिन घाम वा आगाको रापमा राखेर अमिल्याइएको काँक्राको अचार ।

**खल्मा१–** ना० [नेवा० खैम] ताल्चा मार्नका निम्ति ढोकामा जडिएको फलामको मुन्द्रो ।

**खल्मा२–** ना० पाखा बाली राख्ने ठाउँ; खोल्मा ।

**खल्याकखुलुक्क–** क्रि० वि० [अ० मू० खल्याक्+अ (द्वि०)] घाउखटिरामा जमेको रगत, पीप आदि एकै पटक बाहिर निस्कने गरी; भएभरको मल साफ हुने किसिमले; खल्यातखुलुत्त; खातखुत्त ।

**खल्याङखुट्टी–** ना० [√ खर्ल्याङखुट्टी] एउटा खुट्टा उचालेर अर्को खुट्टाले मात्र टेकेर दौडने एक प्रकारको खेल; खर्ल्याङखुट्टी ।

**खल्याङखुलुङ–** क्रि० वि० [अ०मू० खल्याङ्+अ (द्वि०)] १. जुठा भाँडाकुँडा पानीले खकालेर (सफा गर्ने किसिम); खकालखुकुल । २. खल्याङमल्याङ; खलबल ।

**खल्याङबल्याङ–** ना० [√ खलबल] १. धेरै मानिसले बोलेको अस्पष्ट आवाज; हल्लीखल्ली; कोलाहल; होहल्ला; खल्याङमल्याङ । क्रि० वि० २. जमातले नै होहल्ला गर्ने गरी ।

**खल्याङमल्याङ–** ना० [√ खलमल] १. धेरै मानिसले बोलेको अस्पष्ट शब्द; कोलाहल; खल्याङबल्याङ । क्रि० वि० २. धेरै पानीले जम्मै जीउ भिज्ने गरी (नुहाउने किसिम) । वि० ३. खलबलिएको; अस्तव्यस्त ।

**खल्यातखुलुत्त–** क्रि० वि० [अ० मू० (द्वि०) खुलुत्त] पेटको कसरमसर एकै चोटि साफ हुने गरी (दिसा लाग्ने किसिम); खल्याकखुलुक्क ।

**खल्ल–** क्रि० वि० [अ० मू० खल्+ल] एकै चोटि बग्ने गरी पानी खन्याउने किसिमले ।

**खल्लड–** वि० हाडछालामात्र बाँकी रहेको, ज्यादै दुब्लो, ज्यादै

बूढो ।

**खल्लन**– वि० [खल्लो+अन] नुन, जिरा, भुटुन आदि नपुगेको; बढी पानी थपिएको; बेस्वादको; खल्लो (तिहुन, तरकारी आदि) ।

**खल्लने**– वि० खल्लन ।

**खल्लबल्ल**– ना० [√ खलबल] हे० खलबल ।

**खल्लमल्ल**– क्रि० वि० [√ खलमल] जीउ भिज्ने गरी पानी खत्त्याएर (नुहाउने किसिम) ।

**खल्लर१**– वि० [खल्लो+अर] हे० खल्लन ।

**खल्लर२**– वि० [खाल+अर] १. हाडछाला मात्र रहेको; ज्यादै दुब्लो । २. बूढो । ३. खल्लड ।

**खल्लु**– ना० काला गेडा र राता-राता बियाँ हुने एक वृक्ष वा चुसेर खाइने त्यसैको फल ।

**खल्लो**– वि० [प्रा० खल्ल < सं० स्खलित] नुन वा चिनी आदि कम्ती भएर स्वाद बिग्रेको; बेस्वादको; बढी पानी भएर सार उत्रेको (तरकारी, चिया इ०) । – **मल्लो**– खल्लो, बेस्वादको । > **खल्ल्याइ**– ना० खल्लोपना; अस्वादुता; बेस्वाद ।

**खल्वाट**– वि० [सं०] टाउकाका रौँ खुइलिएको; खल्वाटे; खुइले; खोइरे । > **खल्वाटे**– वि० खल्वाट ।

**खवाइ**– ना० [खा+आइ] खाने भाव, क्रिया वा प्रक्रिया ।

**खवास**– ना० [अ०] शरीरको सेवा गर्ने नोकर; परिचर । > **खवासे**– ना० मालिकको शारीरिक टहलसुसार गर्ने नोकर; खवास ।

**खवैया**– वि० [खा+ऐया] १. खन्चुवा; धेरै खाने; थुप्रै खाने । २. मीठो स्वादिलो खाना खाने ।

**खश**– ना०हे० खस ।

**खस्-नु**– अ० क्रि० [सं० स्खल्+नु] १. माथिबाट तलतिर झर्नु; गिर्नु । २. देहान्त हुनु; मर्नु ।

**खस१**– ना० [फा०] उशीरका जरा ।

**खस२**– ना० [सं०] १. रामायणमहाभारतकालदेखि प्रसिद्ध तथा सातौँआठौँ शताब्दीदेखि पश्चिमी नेपालको विस्तृत पहाडी प्रदेशमा शासन गर्दै आएको वीरता र सभ्यताका निम्ति प्रसिद्ध एक प्राचीन जाति; खसानको बासिन्दा; खश । २. खसकुरा अर्थात् नेपाली भाषा बोल्ने बाहुन, क्षत्री, कामी, दमाईं आदिको सामूहिक नाम । ३. प्राचीन क्षत्रियको एक जाति । ~ **कुरो**– ना० खसजातिले बोल्ने भाषा; नेपाली भाषाको पुरानो नाम ।

**खसक्क**– क्रि० वि० [अ० मू० खसक्+क] १. अरूले चाल नपाउने गरी (हिँड्ने किसिम); खुसुक्क । २. थाहै नदिई; लुसुक्क ।

**खसखस१**– ना० [फा० खस (द्वि०)] १. एउटै डाँठमा बग्रेल्ती लामा-लामा पात हुने, कुशका जस्ता पहेँला फूल फुल्ने, बास्ना आउने र जरा हुने एक जातको घाँस; उशीर । २. त्यसैका जरा ।

**खसखस२**– क्रि० वि० [अ० मू० खस्+अ (द्वि०)] १. कफ जम्नाले असजिलो हुने गरी घाँटी सगसगाउने किसिमले; फुको खोकी लाग्दा घाँटी सकसकाएर; सगसग; सगसगी । ना० २. मनमा लागेका कुरा बोल्न वा गर्न नपाउँदा हुने असजिलोपन; मनको तुलबुली । > **खसखसाइ**– ना० खसखसाउने काम वा प्रक्रिया । **खसखसाइनु**– अ० क्रि० खसखस लागिनु । **खसखसाउनु**– अ० क्रि० घाँटीमा कफ टाँसिनाले वा अरू कुनै खराबीले असजिलो भान हुनु; घाँटी चिलाउनु; सगसगाउनु; खसखस लाग्नु । **खसखसिनु**– अ० क्रि० घाँटीमा खसखस लाग्नु; खसखसाउनु । **खसखसी**– ना० मनमा खेलेका कुरा अरूसँग खोल्न नपाउँदा हुने असजिलोपन; कुनै कामकुरो प्रस्टचाउन नपाउँदा हुने सगसगी । **खसखसे**– वि० नचाहिँदो कुराको चासो लिने; सरोकार नपरेका कुराको चियोचर्चो गर्ने; चाहिँदानचाहिँदा कुरामा लागिपर्ने ।

**खस देश**– ना० [सं०] खसहरूको निवासभूमि; खस-जाति रहने देश; खसप्रदेश; खसान ।

**खस प्राकृत**– ना० [खस+प्राकृत] खसजातिका विशाल राज्यमा बोलिने तिनताकको भाषा ।

**खस बाहुन**– ना० [खस+बाहुन] खसहरूको समूह; छेत्रीबाहुन । स्त्री० खसिनीबाहुनी ।

**खस बोली**– ना० [खस+बोली] खसहरूद्वारा बोलिने बोली; खसप्रदेशमा बोलिने बोली; खसकुरो; खसभाषा ।

**खस भाषा**– ना० [खस+भाषा] प्राचीन नेपाली भाषाले गोर्खाली भाषाको रूप पाउनुभन्दा पूर्वको रूप; खस-प्रदेशमा बोलिने भाषा; प्राचीन नेपाली भाषा; सिँजाली भाषा; खसकुरो ।

**खसम**– ना० [अ० खस्म] १. लोग्ने; पति; पोइ । २. मालिक; स्वामी ।

**खसमस**– क्रि० वि० [खसखस] घाँटी खसखसाउने गरी; खसखस । > **खसमसाइनु**– अ० क्रि० खसखस लागिनु; खसखसाइनु । **खसमसाउनु**– अ० क्रि० खसखसाउनु । **खसमसिनु**– अ० क्रि० खसमसाउनु ।

**खसरमसर**– ना० क्रम वा स्थितिको बेमेल; गडबड ।

**खसरात**– ना० [खस+राज्य] खसजाति बसेको नेपालको पश्चिमी प्रदेश; खस-प्रदेश ।

**खसाइ**– ना० [√ **खस्** (+आइ)] खस्ने क्रिया-प्रक्रिया । [ > ] **खसाइनु**– क० क्रि० खसालिनु । **खसाउनु**– प्रे० क्रि० खस्न लाउनु ।

**खसाखस**– क्रि० वि० [खसोखास] १. एकजात नढाँटीकन; खसोखास । २. सरासर; खुरुखुरु ।

**खसान**– ना० [खस+आन] प्राचीन पश्चिमी नेपालका खसराज्यको एक प्रमुख भाग; सिन्जासाम्राज्यका दुई प्रमुख प्रान्त खसान र जडानमध्ये एक; खसप्रदेश । > **खसानी**– ना० १. खसानप्रदेशसित सम्बन्धित; खसानको । २. मध्यकालीन नेपाली भाषाको एक प्रमुख भेद ।

**खसाल्-नु**– स० क्रि० [खस्] १. तलतिर झार्नु; गिराउनु । प्रे० क्रि० २. अर्कालाई होच्याउनु; हेला गरेर बोल्नु । > **खसालाइ**– ना० खसाल्ने काम वा प्रक्रिया । **खसालिनु**– क० क्रि० झारिनु;

गिराइनु ।

**खसिनु**– अ० क्रि० [खस्+इ+नु] झरिनु; गिरिनु ।

**खसिपा**– ना० [नेवा०] झ्याल, ढोका आदि बनाउने काममा प्रयोग गरिने काठका तछुवा, चारपाटे टुक्रा ।

**खसिया**– ना० [खस+इया] विशेषतः आसामको भूभागमा रहेको मातृसत्ता प्रधान हुने एक जाति ।

**खसी**– ना० [अ०] अण्डकोषको नसा चुँडाली नपुंसक बनाइएको बोको ।

**खसेउली**– ना० [खस+एउली] १. खसहरू बसेको ठाउँ । २. लुम्बिनी अञ्चलको रूपन्देही जिल्लामा पर्ने बुटवलको एक बजार; खस्यौली ।

**खसेत्रो**– ना० [खस+एत्रो] १. खास्टो, मजेत्रो, बर्को आदि पातलो ओढ्ने । २. खस वा छेत्रीलाई हेला गरेर भनिने शब्द ।

**खसोखास**– वि० [खास+खास] १. जस्तो भएको हो त्यस्तै; जस्ताको तस्तो; यथार्थ; सत्य । २. साफसाफ; सफासफी; खसाखस ।

**खस्क-नु**– अ० क्रि० [खस्+नु] १. बसेको ठाउँबाट अरूलाई थाहा नदिई हिँड्नु; ठाउँ सर्नु; हट्नु । २. कमजोर हुनु; निस्तेज वा हतप्रभ हुनु । ३. उमेर ढल्कनु । > **खस्काइ**– ना० खस्किने काम वा प्रक्रिया । **खस्काइनु**– क० क्रि० खस्कन लाइनु । **खस्काउनु**– स० क्रि० १. खसाल्नु । प्रे० क्रि० २. खस्कन लाउनु । **खस्किनु**– अ० क्रि० खस्कनु । **खस्क्याहट**– ना० खस्कने काम वा अवस्था ।

**खस्ती-पर्ती**– ना० [फा० खस्त+पर्ती] पहिले आबादी भएको तर पछि कुनै कारणले पर्ती रहेको जग्गा ।

**खस्मिनी**– ना० [खसम+इनी] कमाराकमारी वा नोकरनोकर्नीबाट मालिक्नीलाई सम्बोधन गरिने शब्द; स्वामिनी ।

**खस्याकखुसुक**– क्रि० वि० [अ० मू० (द्वि०) खुसुक्+अ] १. जोसित कुरा गरिएको हो उसभन्दा बाहेक अरूले नसुन्ने गरी (कुरा गर्ने, कानेखुसी गर्ने, साउती मार्ने किसिम); खासखुस । ना० २. फोहर-मैला ।

**खस्याङखुसुङ/खस्याङमस्याङ**– ना० [अ० मू० खस्याङ्+अ (द्वि०)] १. सानोतिनो मालसामान; खत्र्याकखुत्रुक; जेतेमेते । क्रि० वि० २. बिस्तारै; केही मात्र आवाज सुनिने तर स्पष्ट नबुझिने किसिमले ।

**खस्रक्क**– क्रि० वि० [अ० मू० खस्रक्+क] सोचेचाहेजस्तो नभएर (मन खिन्न हुने किसिम) ।

**खस्राङखुस्रुङ**– क्रि० वि० [अ० मू० खस्र्याङ्+अ (द्वि०)] सुकेका पातपतिङ्गर आदि चलाउँदा वा कुल्चँदा आवाज आएझैं ।

**खस्रि-नु**– अ० क्रि० [खस्रो+इ+नु] कुनै कुरा खस्रो वा दर्फन्याउने किसिमको हुनु; छिप्पिनु; परिपक्व हुनु ।

**खस्रु**– ना० [खस्रो+उ] खरीका जस्ता खस्रा पात हुने र बोहरीका जस्ता फूल फुल्ने एक जातको रूख ।

**खस्रे**– ना० [खस्रो+ए] १. गाईबस्तुलाई डाले घाँसका रूपमा पातहरू खुवाइने एक जातको रूख । वि० २. खस्रोपना भएको; रूखो ।

**खस्रेतो**– ना० [खस्रो+एतो] ठूलठूला खस्रा पात हुने र उन्यूका जस्ता गेडा फल्ने बोटविशेष ।

**खस्रे भ्याउतो**– ना० [खस्रे+भ्यागुतो] पाखामा हुने खस्रो खालको एक जातको भ्यागुतो ।

**खस्रो**– वि० [सं० कर्कश] १. चिल्लो वा मिहिन नभएको; दरफन्याउने । २. कडा; साह्रो; मन नपर्दो । ३. पेटमा कपट नराख्ने; खसोखास कुरा गर्ने । ~ **कुरो**– ना० जस्ताको तस्तो कुरो; चिप्लो नघसिएको कुरो । (उदा०– **रोटी चिल्ला मिठा, कुरा खस्रा मिठा** । – उखान) । ~ **मसिनु**– ना० १. कुनै कुरा मनमा केही नराखी गरिने भनाभन; ठाकठुक; तलबितल । वि० २. मोटो र मिहिन (चामल आदि) ।

**खस्र्याइ**– ना० [√ **खस्रि** (+आइ)] खस्रिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खस्र्याइनु**– क० क्रि० खस्र्याउने काम गरिनु । **खस्र्याउनु**– प्रे० क्रि० खस्रिन लाउनु ।

**खस्र्याकखुस्रुक**– क्रि० वि० [अ० मू० खस्र्याक+(द्वि०)] १. हलुका आवाज आउने गरी (खोस्मेरा, पतकर, कागज आदि चलाउने वा कुल्चने किसिम) ।

**खस्र्याङखुस्रुङ**– ना० [अ० मू० खस्र्याङ+अ(द्वि०)] १. सानोतिनो काम; खत्र्याकखुत्रुक । क्रि० वि० २. हे० खस्र्याकखुस्रुक ।

**खस्र्याङमस्र्याङ**– क्रि० वि० [अ० मू० खस्र्याङ्+अ (द्वि०)] १. कागतपत्र वा सुकेका पातपतिङ्गर चलाउँदा शब्द आउने गरी । २. खत्र्याकखुत्रुक ।

**खस्र्याहट**– ना० [खस्रि+याहट] खस्रिने काम वा अवस्था ।

**खस्वस्तिक**– ना० [सं०] शिरका ठीक माथि आकाशमा कल्पना गरिएको बिन्दु; शीर्षबिन्दु ।

**खहरि-नु**– अ० क्रि० [खरो+इ+नु] १. खडेरी आदिले बोटबिरुवाहरू सुक्तै जानु । २. बिफर, घाउखटिरा आदिमा खाटा बस्न थाल्नु । ३. घरगृहस्थी आदि बिग्रँदै जानु; घरङ्घाट लाग्नु । ४. आगामा भुटेको वस्तु पाकेर केही डढ्न थाल्नु ।

**खहरे**– ना० [सं० खरहर] वर्षा याममा मात्र भेल आउने सानोतिनो खोलो; खोल्सो । (उदा०– **उर्लंदो खहरे हेर कत्तिको गड्गडाउँछ ।** – लेखनाथ) । – **तान**– ना० कुनै ठाउँबाट घिच्च्याउँदै ल्याउने काम; घिसार्ने काम ।

**खहऱ्याइ**– ना० [√ **खहरि** (+याइ)] खहऱ्याउने भाव वा क्रिया-प्रक्रिया । [ > ] **खहऱ्याइनु**– क० क्रि० खरो पारिनु; खूबसित सुकाइनु वा भुटिनु । **खहऱ्याउनु**– स० क्रि० १. भुटिने वा पोलिने वस्तुलाई बढ्ता आगो लगाएर खरो पार्नु; सुकाउनु; खँगार्नु । प्रे० क्रि० २. माथिबाट तल झार्नु; तलतिर घिच्च्याउनु; खुरमुऱ्याउनु । ३. बिगार्नु; घरङ्घाट लाउनु ।

**खा**– ना० [सं० ज्या?] साढे बाइस हात लामो र चार हात गज भएको, घर बनाउने जमिनको नापो ।

**खाँकर**– ना० १. नाचगान गर्दा खुट्टामा लगाइने फलामको खोक्रो नलीबाट बनेको बाजा । २. शिरीषको जस्ता पात भएको,

बलियो काठ हुने र औलो जग्गामा पाइने एक बोट ।

**खाँखाँ–** ना० [अ० मू० खाँ (द्वि०)] चर्को भोकले जे भए पनि खाऊँ-खाऊँ लाग्ने अवस्था; खाने तीव्र इच्छा; भोक ।

**खाँच्-नु–** स० क्रि० [खाँच+नु] धोएर घोट, कलप आदि गरेको कपडामा खुम्चिएका बुट्टा पार्नु; चुन्नु ।

**खाँच१–** ना० [सं० खटिका] बट्टाईहरू थुनेर बोकिने पिँजरा ।

**खाँच२–** ना० [सं० खण्ड?] कपडा चुन्दा बन्ने बुट्टा; खाँच्ता वा कपडा दोब्र्याउँदा पर्ने डिल र खोल्सा परेका बुट्टा; खाँज ।

**खाँचिनु–** क० क्रि० [खाँच्+इ+नु] कपडामा बुट्टा चुनिनु; खाँच्ने काम गरिनु ।

**खाँची–** ना० [खाँच्+ई] गोबर वा ढिस्काको माटो फ्याँक्न नर्कट आदि जेलेर बनाइएको, मुख फुकेको ठूलो टोकरी ।

**खाँचीकोट–** ना० लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्लामा स्थित पुरानो दरबारका भग्नावशेष र भगवतीको मन्दिर भएको, बडादसैंको त्रयोदशीका दिन ठूलो मेला लाग्ने प्रसिद्ध ऐतिहासिक स्थल ।

**खाँचो–** ना० १. कुनै आवश्यक कुरा नभएको अवस्था; अभाव; हर्जा । २. आवश्यकता; चासो; जरुरत ।

**खाँज–** ना० [सं० खण्ड] १. लुगा-कपडाको दोब्रिएको वा चुनेको भाग; भाँजा; मुजा । २. कुनै वस्तु खाँदेका माझमा खाली रहेको ठाउँ ।

**खाँटी–** वि० खासा; शुद्ध; निक्खर; झर्रो ।

**खाँड–** ना० [सं० खण्ड] संस्कार नपुगेको रातो वा सेतो सखर; नखारिएको चिनी । – **सारी–** ना० सफा नगरिएको खैरो रङको चिनी ।

**खाँडी–** ना० [सं० खण्ड] घरेलु तानमा बुनिएको मोटो खस्रो कपडा; एक प्रकारको खादी वा खद्दर ।

**खाँडो–** ना० [खाणो < सं० खड्ग] १. खड्ग; तरबार । २. विवाहमण्डपमा हातमा खुकुरी वा तरबार लिएर गाइने एक प्रकारको वीरगाथा; विरुदावली । ३. भाग्य । ~ **जगाउनु–** टु० १ विवाहमण्डपमा दुलाहा-दुलहीका सामुन्ने खडा भई जान्ने मान्छेले खाँडो भन्नु । २. बढाई-चढाई प्रशंसा वा गुणगान गर्नु ।

**खाँद्-नु–** स० क्रि० [सं० खात+नु] १. कुनै वस्तुलाई हातखुट्टाले वा अन्य कुनै साधनले थिचीथिची भाँडामा हाल्नु; अटाएसम्म कोच्नु । २. थिच्नु; दबाउनु । ३. लात्तीले बेस्करी हान्नु; गोद्नु; पिट्नु ।

**खाँद१–** ना० [सं० खण्ड?] कुनु; खुँज; खाँच ।

**खाँद२–** ना० [सं० खात] १. खेतबारीमा जमेको अनावश्यक वा बढी पानी फाल्नका निम्ति बनाइएको खोल्सो । २. बारीमा गाई, साँढे आदिलाई पस्न नदिन खनिएको गहिरो खाल्डो; गहिरो परेको जमिन ।

**खाँदखुँद–** ना० [खाँद्+खुँद्] कुनै वस्तुलाई हात, खुट्टा वा अन्य कुनै साधनले खाँद्ने र खुँद्ने काम ।

**खाँदाखाँद–** ना० [खाँद्+खाँद्] १. परस्परमा खाँद्ने काम; कोचाकोच । २. ठेलमठेल ।

**खाँदिनु–** क० क्रि० [खाँद्+इ+नु] १. ठेलमठेल भएर बस्नु; कोच्चिनु; थिचिनु । २. गोदिनु; पिटिनु ।

**खाँदोपिँदो–** वि० [खा+दो+पिउ+दो] इच्छामाफिक वा मीठोमसिनो खानेपिउने; खानलाउन दुःखकष्ट नभएको; हुँदोखाँदो; धनी ।

**खाँबे–** वि० [खाँबो+ए] १. खाँबोका आकारको; खाँबोजस्तो; खाँभे । ना० २. 'र' अक्षर ।

**खाँबो–** ना० [√ खाँभो] घरगोठ आदिको दलिन, छानो आदिलाई थाम्न बनाइएको कापे थाम; चोके परेको मोटो काठ; खाँभो ।

**खाँभे–** वि०हे० खाँबे ।

**खाँभो–** ना०हे० खाँबो ।

**खाँस–** ना० [√ खाँच] झ्यालढोका दुवैतिर खापा लाउन हुने गरी चौकोसमा खाँद काटिएको भाग; खाँच ।

**खा-नु–** स० क्रि० [सं० खाद्+नु] १. खानेकुरा मुखमा हाली चपाई वा नचपाई निल्नु; भोजन गर्नु । २. गुतार्नु; हसुर्नु; घिच्नु (निन्दार्थमा) । ३. अर्काको रुपियाँपैसा वा मालसामान आदि लिएर नतिर्नु वा फिर्ता नदिनु; पचाउनु । ४. दुःख, कष्ट, हन्डर, गोता आदि भोग्नु; बेहोर्नु । ५ कुनै काम बनाइदिने निहुँले घुस लिनु; भ्रष्टाचार गर्नु ।

**खाइ–** ना० [सं० खाद्य] खाने काम वा प्रक्रिया । – **कुपथ–** ना० कुनै विकृत वा हानिकारक पदार्थ खाँदा शरीरमा पर्ने नजाती असर । – **खर्च–** ना० १. खानका लागि लाग्ने खर्च । २. खाएर मात्र रित्तिने आम्दानी । – **खुई–** वि० तल्लो तहको; साधारण हैसियतको; निम्छरो । – **खेती–** ना० १. व्यवसायविहीन अवस्था; बेकार अवस्था । २. पुगेस-पुगेसको स्थिति; टुमटुमको अवस्था; जिनतिनको गुज्रान; लिउँचिउँ । – **जाडो–** ना० खाएपछि हुने जाडो । – **जियो–** ना० खान मात्र पुग्ने कमाइ; खाइजीविका; पेटपालो । – **जीविका–** ना० खान मात्र पुग्ने कमाइ; जीवनवृत्ति; निर्वाह; खाइजियो । – **द्यौ–** वि० कामकाज केही नगरेर खान मात्र खोज्ने वा खाइ मात्र रहने; खाइबा ।

**खाइन–** ना० [सं० खादन] खाएभोगेको वस्तु; राम्रो भोजन । – **पाइन–** ना० १. राम्ररी खाएपाएको जग्गाजमिन । २. भोजनअनुसारको बल ।

**खाइनु–** क० क्रि० [खा+इ+नु] खाने काम गरिनु ।

**खाइपाइ–** ना० [खाइ+पाइ] पहिलेदेखि खाँदै, भोग्दै आएको कुरा; खाने र भोग्ने काम (तलब, भत्ता आदि) ।

**खाइब–** ना० [भो० ब०] थाङ्क कपडामा बुट्टा भर्ने र चित्र लेख्ने लामा; थाङ्क चित्रकार ।

**खाइबा–** वि० [खाइ+बाबु] कामकाज केही नगरी खान मात्र खोज्ने; खाइ मात्र रहने; खाइद्यौ ।

**खाइ बिराम–** ना० [खाइ+बिराम] कानुनअनुसार लिन, खान नहुने कुरा लिँदा वा खाँदा हुने अपराध वा कसूर ।

**खाइ लाग्दो**– वि० [खाइ+लाग्दो] झलक्क हेर्दा रहरलाग्दो; खाएअनुसार जीउडाल भएको; भरभराउँदो; हेरिरहूँ जस्तो ।

**खाइसार**– ना० [खाइ+सार] कुनै कुरालाई खाएर प्रयोजनमा ल्याउने काम; कुनै कुरालाई खाएर वा उपभोग गरेर लिइने सार्थकता । **खाइसार कि लाइसार मरेपछि लम्पसार** (उखान) ।

**खाइ हाल्दो**– वि० [खाइ+हाल्दो] १. घरगृहस्थी राम्रो भएको; खानेपिउने कुराको राम्रो बन्दोबस्त भएको; हुँदोखाँदो । २. सुन्दर; हृष्टपुष्ट; खाइलाग्दो ।

**खाई**– ना० [प्रा० खाअ < सं० खात] १. चारैतिर अग्लो, बीचमा गहिरो भएको जमिन; खाल्डो; खाडल । २. किल्ला, सहर आदिको रक्षाका निमित्त वरिपरि खनेर पानी भरिएको खाडल; खावा; खौलो ।

**खाक**– ना० [फा०] १. कुनै वस्तु बेस्करी बलिसकेपछि बाँकी रहने क्षार पदार्थ; खरानी; भस्म । २. माटो; धूलो ।

**खाकर**– वि० खान नपाएर ज्यादै दुब्लाएको ।

**खाका**– ना० [फा० खाक] १. रेखाहरूबाट निर्मित आकृति वा चित्रको प्रारम्भिक रूप; रङ भर्न बाँकी रहेको रेखाचित्र । २. त्यसै खालको रेखा वा ढाँचा बनाइने कागज; नक्सा; मानचित्र । ३. समयसमयमा हुने उतारचढाउ, परिवर्तन आदि सूचना गर्ने रेखात्मक अङ्कन; ग्राफ । ४. कुनै पत्र, लेख, विधान आदिको आरम्भिक रूप; रूपरेखा; मसौदा (ड्राफ्ट) ।

**खाकी**– वि० [फा०] मटचाइलो खैरो रङको; खैरो (कपडा आदि) ।

**खाक्सी**– ना० [फा० खाक+नेवा० सी] १. खस्रा पात हुने र झुप्पादार मसिना सेता फूल फुल्ने एक रूख वा त्यसैका ससाना हरिया फल; ठेकीभाँडा आदि गन्हाएमा मस्काएर सफा पार्ने काममा प्रयोग गरिने सोही रूखको पात; खाग्सी । २. काठपात आदि चिल्ल्याउन र धातुका वस्तुहरूमा जमेको कस सफा गर्न कागत वा कपडामा काँचको धूलो टाँसी बनाइएको रगड्ने खस्रो कागत ।

**खाग१**– ना० [सं० खड्ग] गैँडाको नाकमाथिको मूल्यवान् अङ्ग ।

**खाग२**– ना० [खाक] १. एक प्रकारको बलियो काठ; अग्राख । वि० २. जान्नेसुन्ने; टाठोबाटो; खप्पिस; खग्गू; खग्गड । – **मौरो**– ना० रूखमा चाका लगाएर बस्ने, मौरीले जस्तै मह पार्ने, अरिङ्गालजत्रो एक प्रकारको ठूलो मौरी ।

**खागी**– वि० [खाक+ई] १. हे० खाकी । २. जोसमनी सन्तसम्प्रदायका खागी र त्यागी दुई भेदमध्ये एक ।

**खागो**– ना० भीरमा चाका लगाएर बस्ने एक प्रकारको ठूलो मौरी; भीरमौरी; खागमौरो ।

**खाग्सी**– ना०हे० खाक्सी ।

**खाङ्ग्रे**– ना० [खाङ्ग्रो+ए] १. ठूलो आकारको डोको; खाङ्ग्रो । वि० २. खाङ्ग्रो बोकेर हिँड्ने । ~**डोको**– ना० खोस्मेरा, पत्कर, घुसान आदि बोक्ने ठूलो डोको ।

**खाङ्ग्रो**– ना० घाँस, पत्कर, खोस्मेरा आदि बोक्ने ठूलो आकारको डोको; खाङ्ग्रे ।

**खाजा१**– ना० [खजमज?] १. पोते उन्दा धागामा नउनिई छिरलिएका दाना । २. छाप्ने अक्षरका विभिन्न टाइप एकै ठाउँ मिसिएको रास वा थुप्रो ।

**खाजा२**– ना० [प्रा० खज्ज < सं० खाद्य] १. मध्याह्न घर्केपछि खाइने खानेकुरो; दिउँसोको साधारण खाना; चमेना; अर्नी । २. विवाह भएको वर्ष दिनपछि दुलाहाबाट दुलहीका माइतमा कोसेलीका रूपमा पठाइने सेलरोटी, फलफूल आदि खानेकुरो ।

**खाट**– ना० [सं० खट्वा] मानिस सुत्ने वा बस्ने, काठ आदिबाट बनाइएको प्रायः चारखुट्टे, ठूलो, लामो खटिया; ठाउँ सार्न मिल्ने टाँड वा ओछ्यौटो । – **तौली**– ना० आँगा र थापाचिनियाँ दुई थरी मिसिएको धान ।

**खाटा**– ना० [खत ? सं० क्षत] घाउखटिरा निको भएर छालामा बसेको पाप्रो; घाउको बाहिरी भाग सुकेको पाप्रो वा डोब ।

**खाडल**– ना० [सं० खात] खनेर वा भलबाढी आदिले जमिनमा परेको गहिरो ठाउँ; अग्लो जमिनका बीचमा परेको खाँद; खाल्टो; भड्खारो ।

**खाडी**– ना० [खाडल] १. दलदले वा आहालजस्तो भएको जमिन वा ठाउँ; धाप । २. सनपाट, छाला आदि कुहाएर धुनका लागि बनाइएको ससानो पोखरी । ३. तीनतिर जमिनले घेरिएको समुद्रको सानो भाग; उपसागर ।

**खात**– ना० १. एकमाथि अर्को गर्दै धेरै वस्तुको खप्टचाइ; चाङ; तह; ठेली । २. रास; थुप्रो ।

**खाता**– ना० १. कुनै कार्य, विभाग वा व्यक्ति आदिको आयव्यय वा लेनदेनको लेखा । २. हरेक ग्राहक, असामी आदिको लेनदेन वा यस्तै हिसाब राख्ने किताब; बही । ३. जमिनको नाप, आम्दानी आदिको बेहोरा लेख्ने सरकारी बही; क्षेत्रीय पुस्तिका ।

**खाताखात**– ना० [खात+खात] खातमाथि खात; अटाईनअटाई हुने काम ।

**खाता जाँच**– ना० [खाता+जाँच] सरकारी अड्डाखाना वा कम्पनी, महाजन आदिको आम्दानीखर्चको हिसाबबही जाँच्ने काम ।

**खातापाता**– ना० [खात+पाटो] दुवैतिर गालामा बाक्लो गरी उम्रेको दाह्री ।

**खाता बही**– ना० [खाता+बही] सरकारी तथा गैरसरकारी निकाय वा व्यक्तिविशेषको आम्दानी-खर्च, रकमकलम आदि हिसाब लेखिने बही; बहीखाता (लेजर) ।

**खातिर**– ना० यो० [अ०] १. निम्ति; लागि । ना० २. आदर; सम्मान । ३. मनमा गडेको कुरा; खुट्को । – **जमा/जामा**– ना० १. सन्तोष; विश्वास । २. सान्त्वना; भरोसा । ३. भलो मनसुबा; आफ्नो कर्तव्य सम्झेर गरिने व्यवहार । – **दारी**– ना० आगन्तुक, अतिथि वा मान्य जनको आदरसत्कार गर्ने काम; आदरभाव । > **खातिरी**– ना० खातिरदारी ।

**खाते**– ना० फोहोरको खातबाट चीजबीज बटुली त्यसैको बेचबिखन

गरेर जीविका चलाउने मान्छे ।

**खातै खात–** ना० [खात+ऐ+खात] एकमाथि अर्को खप्टचाएर वा एकै ठाउँमा राखिएका वस्तुहरूको चाङ; रास; थुप्रो; धेरै तह ।

**खात्ति-नु–** अ० क्रि० [सं० खात+इ+नु] एकमाथि अर्को हुँदै चाङ पर्नु; खात लाग्नु ।

**खाद–** ना० १. खेत, बारी आदिलाई मलिलो बनाउने गोबर वा कुहिएको पातपतिङ्गर; मल । २. खेतबारीलाई उब्जाइलो बनाउनका निम्ति रासायनिक प्रक्रियाद्वारा तयार पारिएको पदार्थ; उर्वरक ।

**खादक–** वि० [सं०] कुनै वस्तुलाई खाने वा भोग्ने; भक्षक ।

**खादन–** ना० [सं०] खाने काम; भोजन; खवाइ ।

**खादा–** ना० [तिब्ब० ?] देवदेवीको पूजाआजामा चढाइने र विशिष्ट व्यक्तिका स्वागत तथा सम्मानमा मालाका रूपमा प्रदान गरिने सेतो पातलो कपडाको उपहार ।

**खादी–** ना० [√ खद्दर] खद्दर; खाँडी ।

**खाद्य–** वि० [सं०] १. खाइने वा खान लायक । ना० २. खाइने पदार्थ (अन्न, फलफूल आदि) । ~ **कृषि बजार सेवा विभाग–** ना० कृषिमन्त्रालयअन्तर्गत खाद्य, कृषि, हाटबजार आदिको विकास र निर्देशनसँग सम्बन्धित एक विभाग । ~ **नली–** ना० श्वासनलीको समानान्तर रूपमा रहेको र खाएको पदार्थ पेटसम्म पुऱ्याउने नली; गोजेरो । ~ **नियन्त्रण–** ना० खाद्य सामग्रीलाई कुनै स्थानमा बढी र कुनै स्थानमा घटी हुन नदिई सबै ठाउँमा समान रूपले उपलब्ध गराइने चाँजोपाँजो; खाद्य सामग्रीमाथिको नियन्त्रण । ~ **पदार्थ–** ना० खाइने चीजबीज; अन्नपात । ~ **सङ्कट–** ना० भोजन-सामग्रीको चर्को अभाव; भोज्य वस्तुको ठूलो कमी । ~ **सञ्चय–** ना० अनिकाल, खडेरी आदि समयका निम्ति पहिलेदेखि नै सँगाली राखिएको अन्नपात; खाद्य वस्तुको सञ्चय । ~ **स्थिति–** ना० खाद्यपदार्थ पुग्ने वा नपुग्ने अवस्था; खाइने वस्तुको कमबेसी आदि हेरिने व्यवस्था वा स्थिति ।

**खाद्यान्न–** ना० [सं०] खाइने अन्न (धान, मकै, गहुँ आदि) । ~ **कोश–** ना० अनिकाल, भोकमरी आदि प्रकोपका निम्ति छुट्टयाएर राखिने खाद्यान्नको भँडार; खाद्यान्न थुपार्ने गोदाम ।

**खाद्योज–** ना० [सं०] खाद्य पदार्थमा पाइने पौष्टिक तत्त्व; भिटामिन ।

**खान–** ना० [फा०] नेपालका शाहवंशीय राजाका पुर्खाले धारण गरेको पदवी । – **खवास–** ना० १. जातभात केही पनि थाहा नभएको व्यक्ति; सरकारद्वारा पालिएको, जातभात पत्ता नलागेको मानिस । वि० २. घरबार, सम्पत्ति आदि नष्ट भएको; निराश्रित; अभागी ।

**खानगी–** ना० [फा०] हे० खान्की/खान्गी ।

**खानज्यादा–** ना० [फा० खान+ज्याद] १. शासकको सन्तान; राजकुलको व्यक्ति (दिव्य०) । २. भित्रेनीबाट जन्मेको सन्तान ।

**खानतलासी–** ना० [फा० खाना-तलासी] १. सरकारवादी मुद्दाका सिलसिलामा अपराधसम्बन्धी दसीप्रमाण वा मालसामान रहेको शङ्का वा सन्देह लागेका ठाउँमा गई तत्सम्बन्धी खोजतलास वा छानबिन गर्ने काम; चोरीछिपाई राखिएको चीजको लागि कुनै घरमा गरिने खोजतलास । २. कुनै घरमा अभियुक्त लुकेको वा अवैध मालसामान लुकाइएको शङ्का लागेमा वा सर्वस्व गर्नुपरेमा सरकारबाट लिइने तलासी ।

**खानदान–** ना० [फा० खान्दान] १. खानेकुरा हालेर लगिने तहतह परेको कचौरा आकारका भाँडाको बट्टा । २. कुलघरान; उच्च कुल; घराना । > **खानदानी–** वि० १. उच्च खानदान वा कुलघरानको; घरानियाँ; कुलीन । २. वंशपरम्पराबाट आएको; पैतृक ।

**खानपान–** ना० [खान+पान] १. खाने र पिउने काम; खुवाइ र पियाइ । २. खाइने र पिइने वस्तु; अन्नपानी । ३. खाने र पिउने व्यवहारसँग सम्बन्धित कामकुरो ।

**खानसा–** ना० [फा० खानसामाँ] तरकारी, अचार आदि खानेकुरो बनाइने ठाउँ; अगेनु ।

**खानसामाँ–** ना० [फा०] खाइने सामग्री तयार गर्ने भान्छे; खाना पकाउने मानिस ।

**खाना१–** ना० [प्रा० खाअन < सं० खादन] १. खानेकुरो; खाद्य वस्तु; भोज्य पदार्थ । २. खाने वा भोजन गर्ने काम ।

**खाना२–** ना० [फा० खान] १. घर वा कुनै ठाउँको खण्ड; तह; कोठा । २. घर (कोरीखाना, पागलखाना इ०) । ३. सरसामान राख्नका लागि गाह्रो, आलमारी, टेबुल आदिमा बनाइने खण्ड वा विभाग । ४. सानो डिब्बा ।

**खानाबदोस–** वि० [फा० खानाबदोश] कुनै एउटा निश्चित ठाउँमा घरबार नभई गृहस्थीका सबै मालसामान लिएर ठाउँठाउँ घुमी गुजारा गर्ने; घुमन्ते; यायावर । (उदा०– आर्यहरू प्रारम्भमा खानाबदोस जीवन बिताउँथे) ।

**खानि–** ना० [सं०] हे० खानी ।

**खानी–** ना० [सं० खानि] १. पृथ्वीभित्र धातु, पत्थर, कोइला, तेल आदि प्राकृतिक सम्पत्ति रहेको ठाउँ; खनिज पदार्थ पाइने भूगर्भ (ढुङ्गाखानी, तामाखानी, कोइलाखानी इ०) । २. धेरै चीजबीज उत्पन्न हुने वा पाइने ठाउँ; खानि । ~ **क्षेत्र–** ना० खानी भएको क्षेत्र वा ठाउँ । ~ **ठेक्का–** ना० ठेक्कासम्बन्धी ऐनमा बताएका नियमबमोजिम खानी खोल्ने कामको ठेक्का ।

**खाने–** वि० [खा+ने] १. खाने काम गर्ने; खाएको । २. सिद्ध्याउने । – **कुरो–** ना० खाने वस्तु वा सामलतुमल । ~ **चून–** ना० पान आदिमा राखेर खाइने सिपीबाट बनेको चून । ~ **सोडा–** ना० पानीमा मिसाएर त्यसै वा पेट दुख्दा औषधीका रूपमा खाइने र रोटी फुलाउन पीठामा मिसाउने आदि काममा प्रयोग गरिने सेतो नुनिलो पदार्थ ।

**खान्की/खान्गी–** ना० [फा० खानगी] १. निश्चित समयमा पाउने गरी ठेकिएको रकम वा वस्तु; तलब; बेतन; महिनावारी । २. खानका लागि ठेकिएको वस्तु । ३. अघि नेपालमा कुनैकुनै

कर्मचारीले तलबबापत खान पाउने जग्गाजमिनको उठतीपुठती ।

**खान्सा**– ना० [√ खानसा] हे० खानसा । >**खान्से**– ना० खान्साको काम गर्ने व्यक्ति; अचार, तरकारी, खानेकुरा आदि बनाउने व्यक्ति; खानसामाँ

**खाप्-नु**– स० क्रि० [खप्ट+नु] एउटा वस्तुमाथि अर्को वस्तु राख्नु; एउटा कुरामाथि अर्को कुरा थप्नु; खप्टनु ।

**खाप**– ना० [खप्ट] एउटामाथि अर्को खप्टने काम; खात; पत्र; तह ।

**खापा१**– ना० [नेवा०] १. झ्यालढोकामा जडिएको लगाउने र खोल्ने फग्ल्याँटो; कपाट । २. काठमा ठाडा मेसा पार्ने काम ।

**खापा२**– ना० [खाप्+आ] एक पटक नापिसकेको अन्नपात आदि फेरि पछि नापो लिँदा नपुग हुने भाग वा परिणाम; जर्ती ।

**खापाखाप**– क्रि० वि० [खाप्+आ+खाप्] परस्परमा वा एकअर्कामाथि खाप्ने काम; खाताखात; पत्रैपत्र ।

**खापिनु**– क० क्रि० एकमाथि अर्को थपिनु; खप्टिनु ।

**खापी**– ना० नैनसुतजस्तो पातलो छाप्ने एक थरी कपडा ।

**खापैखाप**– ना० [खाप+ऐ+खाप] एउटा खापमाथि अर्को खाप; एउटा तहमाथि अर्को तह; खापहरूको समूह; खातैखात ।

**खाप्टा**– ना० [नेवा० हापा] मोटामोटा बाँसलाई तीनचार चिरा पारी प्याङ आदि बनाउन तयार पारिएको फराकिलो भाटा ।

**खाप्रे**– ना० [सं० खर्पर] जस्ताको खानीबाट निस्कने धातुजस्तो पदार्थ; एक प्रकारको उपधातु ।

**खाप्रो**– ना० [सं० कर्पट] कपडा (छारखाप्रो) ।

**खाप्सियो**– ना० राडी, पाखी, धोक्रो, बोरा आदि सिउने ठूलो सियो; भोटेसियो ।

**खाभाङ**– ना० [लि०] राईलिम्बूका घरको कुनामा माटाको भाँडामा झुन्डयाइने इष्टदेवता ।

**खाम्-नु**– स० क्रि० [खाम+नु] १. खामभित्र चिठीपत्र हालेर बन्द गर्नु । २. पसाउनु; हुल्नु । ३. थाम्नु; थेग्नु । अ० क्रि० ४. अटाउनु । ५. पुग्ने हुनु; ठीक हुनु । ६. कुनै काम गर्न सकिन्छ भन्ने ठान्नु । (उदा०– मनले खाम्छ भने यो काम गर्नु मनासिब छ) ।

**खाम**– ना० [सं० स्कम्भ] १. ठिक्क वा लाम्चो चारकुने आकारमा काटी चारैतिर दोब्र्याएर बनाइएको चिठीपत्र हाल्ने कागतको थैलो; लिफाफा । २. दुवै कुमका फेददेखि हातका माझी औँलासम्म कोप्रो पार्दा बन्ने आकार; फेरो; अँगालो ।

**खाम कुरा**– ना० [भो० ब० खाम+कुरा] मगराँती भाषालाई भनिने शब्द; मगरभाषा; मगरकुरा ।

**खामस**– वि० [फा० खामोश] १. आपद्-विपत् परे पनि धैर्य लिन सक्ने; शान्त; सहनशील; चुप । ना० २. धैर्य; शान्ति । ~**खानु**– टु० धैर्य लिनु ।

**खामिनु**– अ० क्रि० [खाम्+इ+नु] १. अटाउनु; भित्र पस्नु । २. पुग्नु; ठीक हुनु ।

**खामी**– ना० पोते, मोती, सिक्री आदि झुन्डयाउनाका निम्ति स्वास्नीमानिसले कुममा लाउने सुनचाँदीको बाटुलो गहना ।

**खामो**– ना० [प्रा० खम्भो] हे० खाँबो ।

**खामोस**– ना० [फा० खामोश] १. धैर्य; सहनशीलता । २. चुपचाप; मौन । वि० ३. धैर्य भएको; सहनशील; चुप लागेको । >**खामोसी**– ना० खामोस रहने भाव वा अवस्था ।

**खायल**– ना० [√ खलो] १. कुनै घरले चर्चेको जमिनको कित्ता वा खण्ड; खेती गरिने जग्गा । २. किसिम; प्रकार ।

**खायस**– ना० [फा० ख्वाहिश] १. कुनै कुराको चाह; रुचि; चासो; वास्ता । २. प्रयोजन; आवश्यकता; जरुरत ।

**खायोजियो**– ना० [खाउ+जिउ] १. खाइजीविका; गुजारा; निर्वाह ।

**खार्-नु**– स० क्रि० [प्रा० खार+नु] १. नौनी आदिलाई पकाएर कस फ्याँकी निक्खर पार्नु; शोधन गर्नु; परिष्कार गर्नु । २. नमिलेका कान्लाकान्ली वा ढिस्काढिस्की जमिनलाई खनेर, ताछेर सम्म्याउनु । ३. शिक्षा-शास्त्र, गुरु-उपदेश आदिद्वारा बुद्धिलाई प्रखर बनाउनु । ४. कुनै पुस्तक वा पुस्तकको कुनै विषयलाई दोहोऱ्याई-तेहऱ्याई पढेर नबिर्सने पार्नु ।

**खार१**– ना० [प्रा० खार < सं० क्षार] १. कुनै वनस्पति आदिलाई जलाएर वा रासायनिक प्रक्रियाद्वारा निकालेर औषधी तथा औद्योगिक कार्यमा प्रयोग गरिने क्षार पदार्थ; क्षार । २. वनस्पति वा खनिज पदार्थबाट प्राप्त हुने लवणांश वा नुनको भाग ।

**खार२**– ना० [फा०] १. खोर्सानी आदि डढेर वा अन्य कुनै कारणले घाँटी, नाक, आँखा आदिमा जलन पैदा गर्ने कडा गन्ध वा पिरो राग । २. शारीरिक तथा मानसिक जलन; डाहा ।

**खारखेर**– ना० [खार्+केर्] अभियुक्तलाई खार्ने र केर्ने काम; कारकेर ।

**खारखोलो**– ना० [खार+खोलो] पानीमा खारको स्वाद मिसिएको खोलो; खोलाको पानी वा वरिपरिको तट भागबाट खारको गन्ध आउने वा खारयुक्त खनिज पाइने खोलो ।

**खारि**– ना० [सं०] पहिले प्रचलित बीस पाथीबराबरको परिमाण; मुरी ।

**खारि-नु**– क० क्रि० [खार्+इ+नु] १. खार्ने काम गरिनु; तिखारिनु । २. अग्लो जमिन खनेर सम्म पारिनु ।

**खारिक**– ना० [सं०] एक खारि वा बीस पाथी धानको बीउ लाग्ने खेत ।

**खारिज**– वि० [अ०] १. कुनै स्थान, सीमा, पद आदिबाट निकालिएको; निष्कासित; बहिष्कृत । २. अस्वीकृत गरिएको (फिराद, दाबी आदि) । ३. फेरि क्रियान्वित वा लागू नहुने गरिएको (नियम, कानुन इ०) । >**खारिजी**– ना० खारिज गर्ने काम; निकाल्ने वा बरखास्त गर्ने काम; निष्कासन, सेवामुक्ति ।

**खारिलो**– वि० [खार+इलो] १. खारको स्वाद वा गन्ध आउने; खारजस्तो नुनिलो । २. खुर्सानी डढ्दा आउने रागजस्तो; खार भएको ।

**खारी**– वि० [खार (प्रा० खार < सं० क्षार)+ई] खार भएको;

क्षारयुक्त । ~ **नुन**– ना० प्रायः ऊषर भूमिबाट झिकिने त्यस्तो नुन ।

**खारेज**– वि० [अ० खारिज] हे० खारिज । > **खारेजी**– ना० हे० खारिजी ।

**खार्तोक**– ना० [भो० ब०] किराँत-संस्कृतिअनुसार असोज महिनामा पृथ्वीको पूजा गरी मनाइने एक चाड ।

**खार्पा१**– ना० लबेदा-सुरुवाल, भोटो, चौबन्दी चोलो आदि सिउँदा काखीमनि पर्ने गरी गाँसिने तीनचोसे कपडाको लाम्चिलो टुक्रो ।

**खार्पा२**– ना० ओखलढुङ्गा जिल्लाको एक ठाउँ ।

**खाल१**– ना० [सं० क्षाल] १. पशु आदिको शरीरबाट निकालिएको छाला; त्वचा; चर्म । २. बोक्रो; बाह्य आवरण ।

**खाल२**– ना० [सं० खल्ल] १. जुवा खेल्न जुट्ने ठाउँ; जुवा खेल्दा कौडा हान्ने ठाउँ । २. एक-अर्काका आआफ्ना विशेषता वा प्रकार; किसिम । ३. श्रेणी; स्तर । ४. पुरानो समयको इजलास । ~ **थाप्नु**– ट० अवैध तरिकाले जुवा खेल्ने ठाउँ बनाउनु; जुवा खेल्ने खाल बनाउनु । ~ **धनी**– ना० खाल थापेर जुवा खेलाउने मान्छे; जुवाडेलाई जम्मा पारी धन कमाउने व्यक्ति; खाले ।

**खाला**– ना० [खाल+आ] १. छालाको बाहिरी तह; अत्तर छाला । २. बोक्रो; बाह्य आवरण ।

**खालासाला**– क्रि० वि० [खाल (द्वि०)] हे० सालाखाला ।

**खालि**– क्रि० वि० [अ० खाली] केवल; मात्र ।

**खालिसा**– ना० [अ० खालिस] कुनै व्यक्तिको मोहियानी हक र बिर्ता नभएको जग्गा; सरकारकै अधिकारमा रहेको जमिन ।

**खाली**– वि० [अ०] १. भित्र केही नभएको; रित्तो (खाली भाँडो, खाली खल्ती इ०) । २. कोही नबसेको (खाली कुर्सी) । ३. खानेकुरा केही नपरेको (खाली पेट) । ४. गहना वा श्रीसम्पत्ति केही नभएको (खाली कान, खाली हात इ०) । ५. केही रोजगार वा कामधन्दा नभएको (खाली दिन; खाली समय इ०) । ~ **खण्ड**– ना० खोसिएर वा मरेर रित्तो भएको पद वा ठाउँ; कसैको बहाली नभएको ठाउँ; खालीखाल्सा; खारिजी । ~ **खाल्सा**– ना० अड्डाखानाका कुनै कर्मचारी अन्यत्र सरुवाबढुवा भई वा खोसुवामा परी अथवा मरेर खाली भएको ठाउँ वा त्यसरी रिक्त हुन आएको पद; खालीखण्ड ।

**खाले**– ना० [खाल+ए] १. जुवा खेलाउने वा जुवाको खाल थाप्ने व्यक्ति; खालको मालिक; खालधनी । २. जुवाको खालमा कुनै दाउ लिएर खेल्न बसेको व्यक्ति वा खेलाडी ।

**खाल्टाखुल्टी**– ना० [खाल्टो+खाल्टो] सानातिना धेरै खाल्टाको समूह ।

**खाल्टो/खाल्डो**– ना० [सं० खण्ड?] खनेर अथवा अन्य कुनै कारणबाट बनेको खाडल; भ्वाङ; भड्खारो; भड्दालो ।

**खाल्पा**– वि० [√ खाल] बुढ्याइँले मासु झोलुङ्गिएको (मानिस); बेत बसेको वा काम नलाग्ने अवस्थामा पुगेको (गाई, भैंसी इ०) ।

**खाल्वा**– ना० [भो० ब०] हिमाली भेगमा भारी बोकी ओहरदोहर गर्ने भेडा ।

**खावा१**– ना० [सं० खात] १. किल्ला, सहर आदिको सुरक्षाका निमित्त हातावरिपरि खनेर बनाइएको जलपूर्ण खाडल; खाई । २. शत्रुले हमला गर्न नसक्ने उद्देश्यले गहिरो र नाघ्न नसकिने गरी किल्लामा बनाइएको खाल्टो वा सानो घाटी ।

**खावा२**– ना० कुनै काम गर्नाका लागि तोकिएको अवधि; भाका; म्याद । (उदा०– हरिलाई रुपियाँ तिर्न दस दिनको खावा दिइएको छ) ।

**खावा३**– ना० बेसरी उमालेर बाक्लो पारी तताइएको दूध । – **खीर**– ना० १. खावा र खीर । २. खावा र खीरजस्तै मीठो भोजन ।

**खास**– वि० [अ०] १. जस्तो छ त्यस्तो; जस्ताको त्यस्तो । २. प्रमुख; विशेष; मुख्य ।

**खासखुस**– क्रि० वि० [अ० मू० खुस्+अ (द्वि०)] १. नजिकका व्यक्तिले पनि सुन्न नसक्ने गरी; गुप्त किसिमले (कुरा गर्ने ढङ्ग); खुसखुस । ना० २. भित्रभित्रै भइरहेको कुनै गोप्य कुरा वा निन्दनीय कामका बारेमा बाहिर अलि-अलि सुनिन थालेको हल्ला; गाइँगुइँ । ३. गोप्य कुराकानी; कानेखुसी; साउती । > **खासखुसे**– वि० खासखुस गर्ने; साउती गरेजस्तो ।

**खासा**– वि० [अ० खास] १. राम्रो असल; उम्दा; जाती; बेस; विशेष किसिमको । २. ना० कोदारीनजिकैको तिब्बती बजार ।

**खासी१**– ना० [नेवा०] तामा, पित्तल आदि धातुको पकाउने ठूलो भाँडो; ठो ।

**खासी२**– वि० [अ० खास+ई] १. मन परेको; प्यारो; प्रिय; अन्तरङ्ग । २. पत्यारको; भरपर्दो; विश्वास गर्न सकिने ।

**खास्टो**– ना० डम्बरकुमारी वा ढाकालाई प्रायः मलमल कपडाले छापी बनाइएको ओढ्ने; दुई वा तीन तह भएको बाक्लो सुती पछ्यौरा ।

**खाहमखाह**– क्रि० वि० [फा० ख्वाहमख्वाह] इच्छा नभए पनि; नाहक; जबरजस्ती ।

**खिँच्-नु**– स० क्रि० [√ खिच्नु] हे० खिच्नु । > **खिँचाइ**– ना० खिचाइ । **खिँचाइनु**– क० क्रि० खिचाइनु । **खिँचाउनु**– प्रे० क्रि० खिचाउनु ।

**खिँचातान**– ना० [खिचातान] हे० खिचातान । > **खिँचातानी**– हे० खिचातानी ।

**खिइ-नु**– अ० क्रि० [प्रा० खय < सं० क्षय+नु] १. घोटिएर वा दलिएर घट्न जानु; सानो हुँदै जानु; पातलिँदै जानु । २. खई जम्नु; खिया लाग्नु । ३. सन्तान नसप्रनु । ४. दुब्लाउनु; ख्याउटे बन्नु । ५. मासिँदै जानु ।

**खिउनी**– ना० काँचो दूधमा वा पानीमा चामलको पीठो फेटेर झाँजरबाट चुहाई पकाइएको रोटी; झिलैयाँ ।

**खिका**– ना० [नेवा०] धोती, पछ्यौरा आदिको किनारा ।

**खिङ्गुली–** वि० १. कन्जुस; मक्खीचुस; किरन्टोकी । २. तल्लो तहको; नीच; निन्दनीय ।

**खिच्‌–नु–** स० क्रि० १. कुनै वस्तुलाई आफूतिर तान्नु; घिच्च्याउनु; खैँचनु । २. फैलिएका वस्तुहरू एकै ठाउँमा सँगेट्नु; समेट्नु; केन्द्रीभूत पार्नु । ३. कम खर्च गर्नु; फर्माइस नगर्नु; किफायत गर्नु । ४. सारांश झिक्नु; तेरिज निकाल्नु । ५. क्यामराले फोटो लिनु; तस्बिर वा चित्र उतार्नु ।

**खिचखिच–** क्रि० वि० [खिच्+अ (द्वि०)] नचाहिँदो किसिमले कुरा काट्ने गरी; खिचोला झिक्ने किसिमले ।

**खिचडी–** ना० [सं० कृसर] १. खिच्रो । २. एकै ठाउँमा विभिन्न वस्तुको सम्मिश्रण वा मिलावट । वि० ३. थरी-थरीका वस्तु एकै ठाउँमा मिलेको; छ्यासमिसे । – **मिचडी–** ना० १. जथाभावी मिसिएको धेरै वस्तुको थुप्रो । २. जेतेमेते; खत्र्याकखुत्रुक ।

**खिचलो–** ना० [√ खिचोला] १. हे० खिचोला । २. छ्यासमिस (दिव्य०) ।

**खिचा१–** वि० [म०] जेठा । – **खान–** ना० भिर्कोटे राजा भूपाल रायका जेठा छोरा हरिहरसिंहको स्थानीय जीवनमा प्रचलित नाम ।

**खिचा२–** ना० [नेवा०] कुकुर; सानो कुरामा पनि झगडा गर्ने मानिस; खिच्चा ।

**खिचाइ–** ना० [√ **खिच्** (+आइ)] खिच्ने क्रिया वा भाव [ > ] **खिचाइनु–** क० क्रि० खिच्न लाइनु । **खिचाउनु–** प्रे० क्रि० खिच्न लाउनु; तनाउनु । **खिचाखिच–** ना० परस्परमा तान्ने काम; तानातान; खिँचातानी ।

**खिचातान–** ना० [खिच्+तान] तानातान; खिँचातान । > **खिचातानी–** ना० १. एउटै वस्तुलाई दुईतर्फबाट तान्ने क्रिया वा स्थिति; तानातान; खिचातानी; खिँचातान । २. कुनै कामकुरालाई दुईतीनतिरबाट घुमाउने वा बङ्ग्याउने चाल; परस्परमा हुने विरोधी उद्योग ।

**खिचिनु–** क० क्रि० [खिच्+इ+नु] खिच्ने काम गरिनु ।

**खिचीखिची–** क्रि० वि० [√ खिचखिच] अझ चड्का खिचखिच हुने गरी ।

**खिचुवा–** वि० [खिच्+उवा] १. खिच्ने; तान्ने । २. खिचिएको; उतारिएको (अर्क आदि) । ३. तानिएको; घिच्च्याइएको ।

**खिचोला–** ना० [प्रा० खिच्च+ओला] १. झगडा गर्ने निहुँ; कचिङ्गल मचाउने कुरा । २. गडबड; गोलमाल; कचिङ्गल; झगडा; खिचलो ।

**खिच्चड–** वि० [खिच्+अड] काम न काजको; खिचखिच गरिरहने ।

**खिच्चा–** ना० ['खिच्चो' को ति०रू०] हे० खिच्चो ।

**खिच्चु/खिच्चुक–** वि० [प्रा० खिच्च+ऊ/उक] १. सानो चित्त भएको; कन्जुस; कृपणी; किरन्टोकी; खिच्चो; छुच्चो । २. शीलस्वभाव नभएको; मुफतमा कचकच गरिरहने ।

**खिच्चू–** वि० हे० खिच्चुक ।

**खिच्चो–** वि० [प्रा० खिच्च+ओ, तु० नेवा० खिच्चा] १. छुच्चो; खिच्चुक । २. झर्को लाग्ने र नचाहिने किसिमले कचकचाउने । ना० ३. काम न काज भुकिरहने कुकुर ।

**खिच्रीमिच्री–** ना० थरीथरीका धेरै वस्तु; खत्र्याकखुत्रुक; जेतेमेते; खिचडीमिचडी ।

**खिच्रो–** ना० [प्रा० खिच्च < सं० कृसर] कथ्य० खित्रो पनि । दाल, चामल एकै ठाउँमा मिसाई नुन, बेसार, मसला आदि हालेर पकाइएको जाउलो; खिचडी ।

**खिजाब–** ना० [अ०] फुलेको कपाल, दाह्री-जुँगा आदि रँगाएर कालो बनाउने औषधी; केशकल्प; कलप ।

**खिजि–नु–** अ० क्रि० [प्रा० खिज्जइ+नु] चिढिनु; दिक्दारी हुनु; रिस उठ्नु । > **खिज्याइ–** ना० खिजिने काम वा प्रक्रिया । **खिज्याइनु–** क० क्रि० १. खिसी गरिनु; हेला गरिनु । २. रिस उठाइनु । **खिज्याउनु–** स० क्रि० गिज्याउनु; खिसी गर्नु; हेला गर्नु; जिस्क्याउनु । **खिज्याहट–** ना० खिजिने र खिज्याउने क्रिया वा अवस्था ।

**खितखित–** क्रि० वि० [अ० मू० खित्+अ (द्वि०)] मधुर आवाज निस्कने गरी (हाँस्ने चाल) ।

**खिताब–** ना० [अ०] दर्जा; उपाधि; पदवी ।

**खित्का–** ना० [सं० खित्तक] बेसरी हाँस्दाको आवाज; उन्मुक्त हाँसो ।

**खित्त–** क्रि० वि० [अ० मू० खित्+त] मधुर हाँसो फुट्ने गरी; उन्मुक्त हाँसो हाँस्ने गरी । सात० खितितिति ।

**खित्रिक्क–** ना० [अ० मू० खित्रिक्+क] १. कुनै कुरालाई बिस्तारै चलाउँदा आउने आवाज; कुनै सानो वस्तु खस्दा सुनिने शब्द । २. सानोतिनो कसूर; अलिकति दोष । (उदा०– काममा खित्रिक्क भयो कि हाकिमको गाली खानुपर्छ) ।

**खिदमत–** ना० [अ०] तल्लो तहको सेवाटहल; चाकरी ।

**खिनाउरो–** वि० [सं० क्षीण+आउरो] हे० ख्याउटो ।

**खिन्न–** वि० [सं०] १. चिन्ता र पश्चात्तापले सताइएको; खेद मानेको; क्षुब्ध । २. दिक्दार; दिक्क भएको; उदास । – **ता–** ना० खिन्न हुनाको भाव वा क्रिया; मानसिक ग्लानि; चिन्ता ।

**खिप्‌–नु–** स० क्रि० [सं० क्षिप्+नु] १. कसेर बुन्नु वा मिलाउनु । २. मसिनु पारेर सिउनु । ३. इच्छा गरेको दाउ पार्ने मनसायले पासा वा कौडा हान्न मिलाउनु ।

**खिप–** ना० [अङ्० क्लिप] जुत्ता, कम्मरपेटी आदि अड्याउन धातुबाट बनेको अङ्कुसे ।

**खिपाइ–** ना० खिप्ने क्रिया वा प्रक्रिया । **खिपाइनु–** क० क्रि० खिप्न लाइनु । **खिपाउनु–** प्रे० क्रि० खिप्न लाउनु; खिप्ने पार्नु ।

**खिपाडोरी–** ना० [खिप्+डोरी] बटारेर वा खिपेर बनाइएको बाबियोको खिरिलो, बलियो डोरी ।

**खिपाहा–** वि० [खिप्+आहा] १. खिप्न सिपालु; खिप्न जान्ने । २. खिपेर वा मिलाएर पासा वा कौडा हान्ने ।

**खिपुवा**– वि० [खिप्+उवा] खिपेर बनाइएको; खिपिएको ।

**खिप्ती**– ना० [खिप्+ती] १. कुनै काम मिहिनेतसँग गर्ने अटूट प्रक्रिया । २. शब्दहरूको निर्वचन; व्युत्पत्ति ।

**खिमी**– ना० [थ०] थकाली परिवारमा कुनै व्यक्तिको मृत्यु हुँदा माउथलोमा दस-बाह्र फुट चाक्लो र चार फुटजति अग्लो पारी मानेका आकारमा ढुङ्गाले बनाइने र त्यसै खाडलमा अस्थि राखिने मठ ।

**खिया**– ना० [सं० क्षिया] धातुका भाँडामा लाग्ने कस; खई ।

**खियाइ**– ना० [√ **खिइ**+(याइ)] १. खिइने क्रिया वा प्रक्रिया । [खियाउ+आइ] २. खियाउने क्रिया वा प्रक्रिया । [ > ] **खियाइनु**– क० क्रि० १. खिइने पारिनु । २. डुङ्गा, नाउ आदि खियाउने काम गरिनु ।

**खियाउ-नु**– स० क्रि० [सं० क्षेप+याउ+नु] १. डुङ्गा चलाउनु; बहना चलाउनु । २. पौडनु; पौडी खेल्नु । ३. बाटो हिँड्नु ।

**खियाउनु**– प्रे० क्रि० [खिइ+याउ+नु] १. घोटेर वा दलेर पातलो पार्नु; घटाउनु । २. खिया लाग्ने पार्नु ।

**खियौना**– ना० [खियाउ+यौना] डुङ्गा खियाउने डाँडी; बहना ।

**खिर**– ना० [सं० क्षीर] दूधमा पकाइएको भात; दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ठ खाद्य पदार्थ; पायस; तस्मै । – **काँक्रो**– ना० सेतो जातको एक थरी काँक्रो ।

**खिरखिर**– ना० [अ० मू० खिर्+अ (द्वि०)] हे० खिरिखिरी । > **खिरिखिरी**– ना० १. गरिखाने मेलो । २. चुरीफुरी; तुजुक । **खिरखिरे**– ना० १. घट्टमा अन्न झर्ने डुँड थर्काउनका निम्ति सोलीका पीँधमा झुन्ड्याइने वस्तु; पुतली । २. इनारबाट पानी झिक्न सजिलो र डोरो नखिइने पार्न इनारमाथि जडिएको पाङ्ग्रो; घिर्नी ।

**खिरिलो**– वि० [सं० क्षीण+इलो] १. मसिनो र खँदिलो; कसिएर बाटिएको (डोरी) । २. सानो भईकन दह्रो; दर्बिलो; पुष्ट ।

**खिरौँलो**– ना० [खिर्रो+औँलो] लामा पात, साना राता फूल, लाम्चा, चिप्ला साना फल र कालो गुदी तथा कन्द हुने र आयुर्वेदका अनुसार रुचिकारक र धातु बग्ने रोगलाई नाश गर्ने गुण भएको एक बुटी; कालो र सेतो दुई भेद हुने त्यसैको कन्द ।

**खिर्नी**– ना० [सं० क्षीरिणी] टुप्पा थोरै फाटेका पात हुने, सेता फूल फुल्ने एक वृक्ष वा जुरेकाफलका जस्ता दाना हुने त्यसैको फल; राजादनी ।

**खिऱ्याइ**– ना० [√ **खिऱ्याउ** (+आइ)] हे० खिहिऱ्याइ । [ > ] **खिऱ्याइनु**– अ० क्रि० खिहिऱ्याइनु ।

**खिऱ्याउनु**– अ० क्रि० [खिहिरि+याउ+नु] नमीठो स्वाद आउनु; खिहिऱ्याउनु ।

**खिर्रो**– ना० [सं० क्षीर] लाम्चा, मसिना पात हुने र चोप निस्कने विषालु किसिमको एक रूख वा ससाना गेडा हुने त्यसैको फल ।

**खिल्-नु**– स० क्रि० [खील+नु] १. मौरी, बारुला, अरिङ्गाल आदि कीराले खील गाड्नु; डस्नु । २. गोभ्नु; रोप्नु । ३. उन्नु; गाँस्नु । ४. सिउनु ।

**खिल**– ना० [सं० कील] १. बारुलो, अरिङ्गाल आदिले टोक्ता गडेको विषालु काँडो वा आरो । २. बिझेका काँडा आदि ननिस्कनाले भित्र सडेर जमेको मासुको साह्रो डल्लो; तुस । ३. पात आदि गाँस्ने सिन्का; सिन्का । ४. आलपिन; पिन । ~ **पल्टनु**– ट० काँडा आदि बिझेर ननिस्कनु; घाउ, खटिरा पाकेर भित्र पीप जमेको ठाउँमा मासुको डल्लो बन्नु; खील बन्नु ।

**खिलखिल**– क्रि० वि० [अ० मू० खिल्+अ (द्वि०)] जोडले हाँस्ने गरी; खितखित गरेर । > **खिलखिलाइ**– ना० खिलखिलाउने भाव वा क्रिया-प्रक्रिया । **खिलखिलाइनु**– अ० क्रि० खिलखिल हाँसिनु । **खिलखिलाउनु**– अ० क्रि० प्रसन्न भएर हाँस्नु; मसिनो आवाज निकालेर हाँस्नु । **खिलखिलाहट**– ना० १. खिलखिलाउने क्रिया वा अवस्था । २. खिलखिलाउँदा मुखबाट निस्कने शब्द ।

**खिलाइ**– ना० [√ **खिल्** (+आइ)] खिल्ने क्रिया वा प्रक्रिया [ > ] **खिलाइनु**– क० क्रि० खिल्न लाइनु; डसाइनु । **खिलाउनु**– प्रे० क्रि० खील गाड्न लाउनु ।

**खिलान**– ना० झ्यालढोकामाथि पारिने अर्धवृत्ताकार बान्की; गुम्बज ।

**खिलाफ**– वि० [फा०] १. कुनै काम-कुराको विरोध गर्ने (व्यक्ति) । २. कुनै सिद्धान्त वा वस्तुसँग मेल नखाने; उल्टो (कुरा) । ३. विरुद्ध; विपरीत ।

**खिलिनु**– क० क्रि० [खिल्+इ+नु] खील गाडिनु; डसिनु ।

**खिलुवा**– ना० [खिल्+उवा] काँडादार ससाना पात र सेता साना फूल हुने एक बोट वा त्यसैको राता गोल दाना हुने फल ।

**खिल्लत**– ना० [अ० खिलअत] उल्लेखनीय काम गरेबापत राजामहाराजाबाट पुरस्कारका रूपमा दिइने वस्त्र, आभूषण आदि ।

**खिल्ली१**– ना० उल्ल्याहट; हँसी; दिल्लगी; मजाक ।

**खिल्ली२**– ना० १. पानको बिरा । २. बिँडी, चुरोट आदिको एक एकाइ (एक खिल्ली चुरोट, पाँच खिल्ली बिँडी आदि) ।

**खिसिक्क**– क्रि० वि० [अ० मू० खिसिक्+क] १. बिस्तारै वा मुख थोरै खोलेर (हाँस्ने चाल) । २. काम पूरा नभएर; भनेजस्तो नभई (निराश हुने चाल); दिक्क । ३. हे० खिस्रिक्क ।

**खिसी**– ना० [खिस्स+ई] १. अरूलाई होच्याउने वा खसाल्ने चाल; दिल्लगी; हँसी; गिल्ला । २. हेला; घृणा । – **टिउरी/टिबुरी**– ना० १. हँसी-ठट्टा; दिल्लगी । २. हेला; गिल्ला ।

**खिस्रिक्क**– क्रि० वि० [अ० मू० खिस्रिक्+क] १. नसोचेजस्तै; नभएजस्तै गरी (निराश हुने किसिम); दिक्क । २. हिस्सिने गरी; अलपत्रिएर (धोखा पाउने चाल); ङिच्च ।

**खिस्स**– क्रि० वि० [अ० मू० खिस्+स] १. बिस्तारै मुस्कुराउने किसिमले; मुसुक्क । २. हलुका किसिमले; बाहिरी रूपले मात्र (हाँस्न खोज्ने किसिम) । ३. निराश भएर; आसै नरही (जिल्लिने चाल); जिल्ल ।

**खिस्सा**– ना० [अ० कीस] १. खुकुरीका दापभित्र घुसारिने सानो

थैली । २. साधारण थैली; जेब ।

**खिस्स्याइ–** ना० [√ **खिस्स्याउ** (+याइ)] खिस्स्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खिस्स्याइनु–** क० क्रि० खिस्स्याउने काम गरिनु; जिस्क्याइनु; गिज्याइनु ।

**खिस्स्याउनु–** स० क्रि० [खिस्स+याउ+नु] हिस्स पार्नु; हिस्स्याउनु; खिसी गर्नु ।

**खिहिरो–** वि० १. चिल्लो पदार्थ कुहेर वा सडेर एक किसिमको नमीठो स्वाद भएको; खिहिऱ्याउने । ना० २. चिल्लो पदार्थ सडेर आउने नमीठो स्वाद; खिहिऱ्याहट ।

**खिहिऱ्याइ–** ना० [√ **खिहिऱ्याउ** (+याइ)] खिहिऱ्याउने काम वा प्रक्रिया । [ > ] **खिहिऱ्याइनु–** अ० क्रि० खिहिरो वा खिहिरिँदो स्वादको होइनु; खिहिऱ्याउने होइनु ।

**खिहिऱ्याउनु–** अ० क्रि० [खिहिरो+याउ+नु] चिल्लो पदार्थ सडेर वा कुहिएर नमीठो स्वाद आउनु; खिहिऱ्याउने स्वादको हुनु ।

**खीप–** ना० हे० खिप ।

**खीर–** ना० हे० खिर ।

**खील–** ना० हे० खिल । ~ **पल्टनु–** ट० हे० खिल पल्टनु ।

**खुँखार–** वि० [फा० खूँख्वार] १. ठूलो दुस्साहसका साथ नराम्रो काममा लाग्ने; डरलाग्दो । २. हत्यारो; नृशंस ।

**खुँगा–** ना० मुखपट्टि फुकेको, तलतिर साँघुरो भएको र भित्रपट्टि काँडा वा चोसा फर्काइएको चोयाको माछा मार्ने साधन । > **खुँगे–** ना० १. अप्ठेरो कुरा; असजिलो अवस्था; खोते; अड्को । २. खुँगा ।

**खुँज–** ना० [सं० कुञ्ज] १. लहरा र रूख-पातले झ्याम्म परेको ठाउँ; लताकुञ्ज । २. अप्ठेरो ठाउँ; घाँच । > **खुँजेली–** वि० १. खुँजमा बस्ने मान्छे । २. अशिक्षित; रहनसहन राम्रो नभएको; असभ्य । ३. नेपाली जातिको एक थर ।

**खुँड्-नु–** स० क्रि० [प्रा० खुण्ण+नु] पुवा, तरकारी आदि डाडुले थिचेर टुक्रयाउनु; थिच्नु; धुल्याउनु ।

**खुँडा–** ना० [सं० खड्ग] टुप्पो चेप्टो र थोरै घुमाउरो भएको अर्धचन्द्राकार ठूलो खड्ग; विशेषतः दसैँघरमा मार हान्दा प्रयोग हुने एक किसिमको घातक हतियार ।

**खुँडाइ–** ना० [√ **खुँड्** (आइ)] खुँड्ने काम वा प्रक्रिया । [ > ] **खुँडाइनु–** क० क्रि० खुँड्न लाइनु । **खुँडाउनु–** प्रे० क्रि० दाल, तरकारी आदि डाडुले थिचेर टुक्रयाउन लाउनु; खुँड्न लाउनु । **खुँडिनु–** अ० क्रि० १. खुँड्ने काम गरिनु; धुल्याइनु । २. धूलो हुनु; मसिनिनु ।

**खुँडे–** वि० [खुँडो+ए] १. ओठको बीच भाग काटिएको वा चिरिएको । २. मोहडा भाँचिएको वा काटिएको; खुँडो ।

**खुँडो–** वि० [प्रा० खुण्ण] हे० खुँडे ।

**खुँद्-नु–** स० क्रि० [प्रा० खुण्ण+नु] खुट्टाले कुल्चीकाल्ची पार्नु; थिचीमिची पार्नु । > **खुँदाइ–** ना० खुँद्ने क्रिया वा भाव । **खुँदाइनु–** क० क्रि० थिचीमिची पारिनु; खुँद्न लाइनु । **खुँदाउनु–** प्रे० क्रि० खुँद्न लाउनु । **खुँदाखुँद–** ना० पालैसित गरिने कुल्चीकाल्ची; परस्परमा खुँद्ने काम । **खुँदिनु–** अ० क्रि० खुँद्ने काम गरिनु ।

**खुइय्य–** ना० [अ० मू० खुइ] ज्यादै थकाइ लाग्दा वा दिग्दार हुँदा मुखबाट निक्लने शब्द; सुइय्य ।

**खुइरे–** वि० [खुइरो+ए] खुइलिएको; खुइले ।

**खुइलिनु–** अ० क्रि० [खुइलो+इ+नु] १. रोगविशेषले वा तातो पानी पर्नाले रौँ झर्नु; खल्वाट हुनु । २. कुनै कारणवश रङ उड्नु; रङ फीका पर्नु । ३. लडेर वा पोलेर छाला जानु; छाला ताछिनु ।

**खुइले–** वि० [खुइलो+ए] १. कपालका रौँ खुइलिएको; खुइरे । २. रूखबिरुवा केही नभएको; नाङ्गो (पाटो, डाँडो आदि) ।

**खुइलो–** ना० [सं० खल्वाट] तालु-खुइले ।

**खुइल्याइ–** ना० [√ **खुइलि** (+याइ)] खुइलिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खुइल्याइनु–** क० क्रि० खुइलिने पारिनु; भुत्ल्याइनु । **खुइल्याउनु–** स० क्रि० खुइलिने पार्नु; भुत्ल्याउनु ।

**खुई१–** ना० १. खला आदिमा सुकाइएको बिस्कुन थुप्र्याउने, कोदालाका आकारको लामो बिँड भएको काठको साधन; फ्याउरी । २. ज्यादै थकाइ लागेका बखत मुखबाट निकालिने उराठिलो सुस्केरा ।

**खुई२–** ना० [√ काई] खिया; खई ।

**खुकुन्डी–** ना० [खुकुन्डो+ई] १. काखी । २. काखीबाट आउने पसिनाको गन्ध ।

**खुकुन्डो–** ना० १. तलमाथि डोरी र बीचमा काठ हाली बनाइएको, गाईबस्तु बाँध्ने दाम्लो । २. गाईबस्तु नभागून् भनी गलामा झुन्डयाइने कीलो; घाँडो ।

**खुकुरी–** ना० केही घुमेको र बीचमा थोरै नुहेको सिरुपाते, तरबारे, भुँडे आदि भेद हुने एक प्रसिद्ध नेपाली हतियार ।

**खुकुलो–** वि० [सं० श्लथ] १. नकसिएको; सजिलैसँग फुस्कने; होलो; फस्को । २. फितलो स्वभाव भएको; पेटमा कुरा नअडयाउने ।

**खुङ्खार–** वि० [फा० खूँख्वार] डरलाग्दो; भयानक; नृशंस; खुँखार ।

**खुच्चिङ–** वि० बो० गर्न नहुने वा नगर्नुपर्ने काम गर्दा दुःख पाउनेलाई इख्याएर भनिने शब्द; खाइस् त ! (उदा०– खुच्चिङ, भनेको नमानेर कुदेको होइन ? लडियो नि !) ।

**खुजुरा–** ना० [√ खुद्रा] फुटकर पैसा; चानचुन पैसा; खुद्रा; रेजगी ।

**खुट्-नु–** स० क्रि० [प्रा० खुट्ट+नु] १. सियोधागोले बलियो र मसिनो पारी लुगा आदि सिउनु । २. सिन्को घोचेर भाँची दुना, टपरी आदि बनाउनु ।

**खुट१–** ना० भराइको खेप (एक खुट तोरी, पाँच खुट नुन इ०) ।

**खुट२–** ना० १. हराएको कुनै कुराको पत्तो; अत्तोपत्तो; ठेगाना; दिशा । (उदा०– भाइ कहाँ पुगेका रहेछन्, केही खुट लाग्यो कि ?) । २. निधो; निश्चय । (उदा०– यस कामको छिटै खुट

गरिहाल्नुपर्‍यो) । ३. खुट्को, गडेको पीर । ~**खबर**– ना० पक्का खबर; निश्चित समाचार ।

**खुटाइ**– ना० [√ **खुट्** (+आइ)] खुट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खुटाइनु**– क० क्रि० खुट्न लाइनु । **खुटाउनु**– प्रे० क्रि० खुट्न लाउनु । **खुटिनु**– क० क्रि० बलियो र मसिनो पारी सिइनु; खुट्ने काम गरिनु ।

**खुटी**– ना० [प्रा० खोड] १. लुगाहरू झुन्ड्याउनाका निम्ति भित्तामा ठोकिने सानो चेप्टो फल्याक । २. सानो कीलो; कीलो । –**वाल**– वि० गोठ कुर्ने; गोठमा बसेर गाईबस्तुको रेखदेख गर्ने ।

**खुटुवा**– वि० [खुट्+उवा] खुटेर बलियोसँग सिइएको ।

**खुट्किलो**– ना० [खुट+कीलो] फल्याक आदि हालेर वा खण्ड-खण्ड पारी माटो ताछेर बनाइएको सिँढी; भऱ्याङको तह; खुड्किलो ।

**खुट्को**– ना० [प्रा० खुडुक्किअ] १. कसैका मनमा गडेको कुरो; भित्रै अडेर रहेको कुरो; खुड्को । २. मर्ने वा छुट्टिने बेलामा कसैले आफन्तसँग गरेको मनमा गड्ने कुरो; धोको । ३. एक चोटि खुटेर सिइएको डोब; सुर्को ।

**खुट्टि–नु**– अ० क्रि० [खुट्+इ+नु] कुनै कुरा 'यही हो' भनेर ठम्मिनु; किटिनु वा तोकिनु; निश्चय हुनु; ठहरिनु ।

**खुट्टी**– ना० [खुट्टो+ई] १. सानो र दुब्लो खुट्टो । २. काटेका खसी, बोका आदिको खुट्टो ।

**खुट्टैंसो**– ना० [खुट्टो+एँसो] गाईबस्तुका खुट्टामा बाँधिने सानो दाम्लो ।

**खुट्टे**– वि० [खुट्टो+ए] १. गोडा सुन्निएको; ठूलो गोडा भएको; हात्तीपाइले । २. खुट्टा भएको (खाट, पिर्का आदि) । ~**किलो**– ना० १. चढ्नका निम्ति रूखमा काटेको डोब । २. भीर-पहरामा उक्लँदा टेक्न र समाउन गाडिएको कीलो । ~**डोरी**– ना० विशेष गरेर दुहुने बेला गाईबस्तुको खुट्टा अल्झाउने डोरी ।

**खुट्टो**– ना० [प्रा० खुट्ट] हिँड्ने काम गर्ने शरीरको तल्लो अवयव; गोडा; पाउ; चरण । > **खुट्टयाँसो**– ना० हे० खुट्टैंसो ।

**खुट्टयाइ**– ना० [√ **खुट्टि** (+याइ)] खुट्टिने काम, क्रिया वा प्रक्रिया । [ > ] **खुट्टयाइनु**– क० क्रि० निधो गरिनु; ठहऱ्याइनु । **खुट्टयाउनु**– स० क्रि० १. 'यही हो' भनेर ठम्याउनु; किट्नु; तोक्नु; निधो गर्नु । २. पत्ता लाउनु । प्रे० क्रि० ३. खुट्टिने पार्नु ।

**खुट्ने**– वि० [खुट्+ने] खुट्ने काम गर्ने; सिउने । ~**टाँका**– ना० सामान्य सिलाइपछि बलियो बनाउनका लागि गरिने सिलाइ वा टाँका; लुगा सिउने एक किसिमको टाँका ।

**खुट्ला**– ना० [था०] थारूजातिका अविवाहित युवतीले नाकमा लगाउने एक प्रकारको गहना ।

**खुड्किलो**– ना० [खुट्टा+किलो] भऱ्याङको तह; लिस्नाको खण्ड; सिँढी; खुट्किलो ।

**खुड्को**– ना०हे० खुट्को ।

**खुतखुती**– क्रि० वि० [अ० मू० खुत्+अ (द्वि०)] १. केही मुख खोलेर, अलिअलि हाँस्ने गरी; खितखिती । २. फुतफुती ।

**खुतुतुतु**– क्रि० वि० [अ० मू० खुत् (सात०)] १. खित्का छाडेर हाँस्ने गरी; खितितिति । २. बाक्लो तरल पदार्थ खत्त्याउँदा आवाज आउने गरी ।

**खुतुर्के**– ना०हे० खुत्रुके ।

**खुत्त**– क्रि० वि० [अ० मू० खत्+त] १. थाहा नदिईकन (बाहिर निस्कने किसिम); फुत्त । २. एक्कासि, अपर्झट (छाला आदि खुइलने वा उप्कने किसिम) ।

**खुत्तिनु**– अ० क्रि० [खुत्त+इ+नु] १. छाला उप्कनु; छाला जानु; खुइलिनु । २. गरेको काममा असफल हुनु (निन्दाको अर्थमा) । ३. नाश हुनु; नासिनु । ४. मर्नु । ५. सेवा, पद आदिबाट निकालिनु । ६. बिस्तारै निस्केर हिँड्नु; उम्कनु । > **खुत्त्याइ**– ना० खुत्तिने काम वा प्रक्रिया । **खुत्त्याइनु**– क० क्रि० खुत्तिने पारिनु; खुइल्याइनु; खुल्क्याइनु । **खुत्त्याउनु**– प्रे० क्रि० १. खुल्क्याउनु; खुइल्याउनु । २. जागिरबाट हटाउनु वा निकाल्नु; खोस्नु ।

**खुत्रुके**– ना० [खुत्रुक+ए] रुपैयाँपैसा छिराउने प्वाल भएको काठ वा धातुको कन्तुर; गोलक; खुतुर्के ।

**खुत्रुक्क**– क्रि० वि० [अ० मू० खुत्रुक्+क] १. बिस्तारै (ओर्लने किसिम) । २. खुत्रुक् आवाज निस्कने गरी (सानोतिनो माल खस्ने किसिम) । ३. सजिलैसित (मर्ने किसिम); भुतुक्क । ४. चालै नपाइने गरी (आउने वा जाने किसिम) ।

**खुद**– वि० [फा०] १. आफैँ; स्वयम् । २. वास्तविक; खास (खुद आय, खुद नाफा इ०) । ~**आय**– ना० लागत खर्च कटाएर बचेको आम्दानी; वास्तविक आय; चोखो नाफा । ~**नाफा**– ना० कुनै उद्योग, व्यवसाय आदिमा लागेको सम्पूर्ण खर्च कटाई बाँकी रहेको नाफा; खास नाफा; खुद आय ।

**खुदरा**– ना०हे० खुद्रा ।

**खुदा**– ना० [फा०] ईश्वर; देवता; परमात्मा ।

**खुदो**– ना० [सं० इक्षुद्रव] बाक्लो लस्सादार लेदो हुने गरी पकाइएको उखुको रस । ~**हुनु**– टु० आफूले भनेजस्तै परिणाम निस्कनु; भनेजस्तो वा राम्रो हुनु ।

**खुद्रा**– ना० [फा० खुर्दा, प्रा० खुद्द, सं० क्षुद्र] १. सानोतिनो वस्तु; फुटकर मालसामान; खुजुरा । २. बिक्रीका निमित्त राखिएका धेरै प्रकारका वस्तु; थोरैथोरै वस्तु । विप० थोक । वि० ४. खण्ड वा टुक्राका रूपमा रहेको; फुटकर; चानचुन । –**खुद्री**– ना० १. सानोतिनो वस्तु; फुटकर मालसामान । २. फुटकर पैसा; खुजुरा । ~**वस्तु**– ना० साधारण वा सानोतिनो वस्तु; चानचुन सरसामान । ~**बेपारी**– ना० थोरैथोरै वा फुटकर किसिमका विभिन्न वस्तुको विक्रेता; सानातिना मालसामानहरूको बेपारी ।

**खुन१**– ना० [फा०] १. मानिस, पशु आदिका नाडी र नसाहरूमा रहेर शरीरभर फैलने रातो तरल पदार्थ; रगत । २. रगतले शरीर लतपतिने गरी भएको हत्या; हिंसा; काटमार; घात ।

~ **खराबी**– ना० एक-अर्काका शरीरबाट रगत बग्ने किसिमले गरिने मारपिट; काटमार; मारकाट । > **खुनी**– वि० खून गर्ने; हत्या गर्ने; हत्यारो; घातक ।

**खुन२**– ना० [फा० खून] १. खोट; दोष । २. दाग; लाञ्छना; कलङ्क । ३. छुच्च्याइँ । – **खुन**– ना० गनगन; कचकच ।

**खुनी**– वि० १. खुन भएको; दागी; दोषी । २. छुच्चो; किरन्टोकी । **खुन्याहा**– वि० १. अङ्गभङ्ग भएको; खुनी । २. कन्जुस; छुच्चो ।

**खुन्रि-नु**– अ० क्रि० [खुन्रो+इ+नु] १. बुढ्याइँले शरीर सुकेर खुम्चिनु; खुम्रिनु । २. खिइएर वा दोब्रिएर काम नदिने हुनु ।

**खुन्रे**– वि० [खुन्रो+ए] खिइएको; धेरै घिसिएको; खुन्रो । ~ **किरो**– ना० मकै आदिका जरामा लाग्ने कालो रङको कीरो; खुम्रेकीरो ।

**खुन्रो**– वि० निकै दिन काम लिँदा-लिँदा खिइएर बेकम्मा भएको (कुटो, कोदालो, डाडु, पन्यू इ०) ।

**खुन्सि-नु**– अ० क्रि० [खुस्स+इ+नु] १. कुनै कामकुरामा रिसले ठुस्किनु; ठुस्कनु । २. खिन्न हुनु; चित्त दुख्नु; मन पाक्नु । > **खुन्स्याइ**– ना० खुन्सिने क्रिया वा प्रक्रिया । **खुन्स्याइनु**– क० क्रि० खुन्स्याउने काम गरिनु; ठुस्स्याइनु । **खुन्स्याउनु**– प्रे० क्रि० रिसाउने बनाउनु; ठुस्स पार्नु ।

**खुपिया**– ना० समाउने कडा नलागेको खड्कौँलोजस्तो भात पकाउने भाँडो ।

**खुपी**– ना०हे० खुबी ।

**खुपुक्क**– क्रि० वि० [अ० मू० खुपुक्+क] १. एकै पटक निल्ने गरी (खाने किसिम) । २. नबिग्रने गरी (कुनै सरसामान राख्ने किसिम) ।

**खुपुखुपु**– क्रि० वि० [अ० मू० खुप्+उ (द्वि०)] धमाधम; कुपुकुपु ।

**खुपैँचा**– ना० [सं० क्षुरप्र] जमिनमा उम्रेका घाँसहरू खुर्कने एक प्रकारको हतियार; खुर्पी ।

**खुप्प**– क्रि० वि० [अ० मू० खुप्+प] नचपाईकन च्वाट्ट निल्ने गरी (खाने किसिम) ।

**खुफिया**– वि० [फा०] लुकेर बसी अपराध, अवाञ्छनीय तत्त्व आदि कुराको पत्ता लगाउने; गुप्त रूपले काम गर्ने; गुप्तचर; भेदिया । ~ **पुलिस**– ना० १. गुप्त रूपले अपराध आदिको जाँच गर्ने र अपराधीको पत्ता लगाउने विभाग । २. त्यस विभागको कर्मचारी; गुप्ती पुलिस; गुप्तचर । ~ **विभाग**– ना० खुफिया पुलिस; गुप्तचर विभाग ।

**खुब**– वि० [फा०] १. धेरै; प्रशस्त; ज्यादा । २. सबै किसिमले राम्रो वा उत्तम; बढिया; खुब ।

**खुबी/खुपी**– ना० [फा० खूबी] १. कामको निपुणता; चलाकी; सीप । २. राम्रो गुण; योग्यता; विशेषता ।

**खुमारी**– ना० [फा०] नशा उत्रने बेलामा वा जागराम बस्ता हुने हल्का किसिमको थकावट ।

**खुम्च-नु**– अ० क्रि० [सं० कुञ्च+नु] हे० खुम्चिनु ।

**खुम्चा**– ना० [खुम्च+आ] १. छाला चाउरी पर्दा शरीरमा देखा पर्ने मुजा; चाउरी । २. कुखुरा, परेवा आदि हाल्न बनाइएको चोयाको भाँडो । ३. एक प्रकारको खोटी ।

**खुम्चि-नु**– अ० क्रि० [सं० कुञ्च+नु] १. मुजा पारेर एकातिर सोहोरिनु; साँघुरिनु । २. चाउरिनु; चाउरी पर्नु । ३. लज्जित हुनु; सङ्कुचित हुनु । ४. चल्न-चटपटाउन नपाउनु । ५. मन फुकाएर कुनै काम-कुरा गर्न नपाउनु । > **खुम्च्याइ**– ना० खुम्चिने भाव, क्रिया वा प्रक्रिया । **खुम्च्याइनु**– क० क्रि० साँघुऱ्याइनु; खुम्चिने पारिनु । **खुम्च्याउनु**– स० क्रि० १. साँघुरो पार्नु; साँघुऱ्याउनु । २. मुजा पार्नु; चाउरी पार्नु । **खुम्च्याहट**– ना० खुम्चिने क्रिया वा अवस्था ।

**खुम्रि-नु**– अ० क्रि० [खुम्रो+इ+नु] बुढ्याइँले सुक्दै गएर शरीर खुम्चिनु; खुम्रे हुनु; खुन्रिनु ।

**खुम्रे**– वि० [खुम्रो+ए] १. घिसिएको; थोत्रिएको । २. बाहुला काटिएको (भोटो, कमिज इ०) । ३. बूढो भएको । स्त्री० खुम्री । ~ **किरो**– ना० मकै आदिका जरामा लाग्ने किरो; खुम्लेकीरो ।

**खुम्रो**– ना० [सं० कुब्ज?] बुढ्याइँले कुँजिएको वा दोब्रिएको; जराजीर्ण; खुन्रो ।

**खुम्र्याइ**– ना० [√ **खुम्रि** (+याइ)] खुम्रिने क्रिया वा प्रक्रिया । [ > ] **खुम्र्याइनु**– क० क्रि० खुम्र्याउने काम गरिनु । **खुम्र्याउनु**– स० क्रि० खुम्रिन लाउनु; खुम्रिने पार्नु ।

**खुम्ले**– वि० [√ कुम्ले] कुम्लो बोकेजस्तो । ~ **किरो**– ना० हे० खुम्रेकीरो । ~ **बूढो**– ना० साह्रै बूढो भई कुप्रो परेर पिठ्यूँमा कुम्लो बोकेजस्तो देखिने व्यक्ति; कुप्रे बूढो । स्त्री० खुम्ले बूढी ।

**खुर**– ना० [सं०] गाईबस्तु आदि पशुको खुट्टामा रहेको, प्रायः गोल र दुई भागमा फाटेको कडा टेक्ने भाग; टाप ।

**खुरन्धार**– ना० कुनै कामकुरामा एकोहोरो लाग्ने काम वा स्थिति; कुनै कामकुरो फत्ते पार्न मरिमेट्ने चाल; तल्लीनता ।

**खुरमुरिनु**– अ० क्रि० [सं० क्षर] माथिबाट तलतिर ठाडै झर्नु; रूख आदिबाट खँगारिनु । > **खुरमुऱ्याइ**– ना० खुरमुरिने काम वा प्रक्रिया । **खुरमुऱ्याइनु**– क० क्रि० ठाडै माथिबाट तलतिर झारिनु । **खुरमुऱ्याउनु**– प्रे० क्रि० ठाडै माथिबाट तलतिर झार्नु; खसाल्ने काम गराउनु ।

**खुरा**– ना० [सं० खुर] १. जुत्ताको कुर्कुच्चा । २. ढोकाको तल्लो वा माथिल्लो आरतीका प्वालमा पस्ने खापाको चुच्चो भाग ।

**खुराक**– ना० [फा० खूराक] १. तागतका निम्ति खाइने खानेकुरा; खाद्य पदार्थ; भोजन । २. एकपल्ट वा एक दिनमा खाइने खानाको मात्रा वा परिमाण । ३. एक पटकमा खानुपर्ने औषधीको मात्रा वा परिमाण । > **खुराकिलो**– वि० खुराक लाग्ने खालको; तागतिलो; पोसिलो; पौष्टिक । **खुराकी**– ना० १. खुराकका लागि दिइने धन वा वस्तु; भोजन आदिको सरसामान । वि० ३. खुराक खाने ।

**खुराफात**– ना० [अ०] १. गर्न नहुने वा अरूलाई बाधा पार्ने खालको कामकुरो; उटपटचाङ; उपद्यो । २. ज्यादै फोहरी वा बिगार पार्ने कुराकानी । > **खुराफाती**– वि० खुराफात गर्ने;

खुराफातसम्बन्धी ।

**खुरि-नु–** अ० क्रि० [खरो+इ+नु] १. धान, जौ, गहुँ आदि अन्नको बाली धेरै पाकेर वा सुकेर झर्ने अवस्थामा पुग्नु । २. अन्नपात ज्यादा सुक्नु; झुरिनु ।

**खुरिखन्ड–** वि० [खोइरो+खण्ड] समाप्त; सखाप; निःशेष; खतम । (उदा०– अचेल पाखाभित्ताहरू खुरिखण्ड छन्, यसैले घाँस पाइँदैन) ।

**खुरुक्क–** क्रि० वि० [अ० मू० खुरुक्+क] सजिलैसित; कुनै बाधाविरोधविना (काम गर्ने किसिम); सुरुक्क ।

**खुरुखुरु–** क्रि० वि० [अ० मू० खुर्+उ (द्वि०)] लगातार; नरोकीकन (काम गर्दै जाने किसिम) ।

**खुरुङ्गो–** वि० धेरै खिइसकेको, पातलो र सानो (डाडु, पन्यू, हँसिया इ०) ।

**खुर्क-नु–** स० क्रि० [सं० क्षुरक+नु] १. काट्ने हतियारले वा अन्य कुनै साधनले फल, वृक्ष आदिको बोक्रा फाल्नु; ताछ्नु । २. बाहिर सतहमा उम्रेको वा टाँसिएको कुनै वस्तु कुटो, खुर्पी आदि हतियारले वा अन्य कुनै साधनले कोर्नु; उप्काउनु । > **खुर्काइ–** ना० खुर्कने क्रिया वा प्रक्रिया । **खुर्काइनु–** क० क्रि० खुर्कन लाइनु; तछाइनु । **खुर्काउनु–** प्रे० क्रि० खुर्कन लाउनु; तछाउनु । **खुर्किनु–** स० क्रि० खुर्कनु ।

**खुर्ची–** ना० [फा० खुर्जी] हात्ती, घोडा, गोरु आदिलाई बोकाइने भारी हाल्ने ठूलो थैलो ।

**खुर्पा–** ना० [सं० क्षुरप्र] १. दाउरा, स्याउला, डालेघाँस आदि काट्ने हँसियाभन्दा केही ठूलो र बलियो हतियार । २. जमिनको घाँस खुर्कने फलामको पन्यूजस्तो हतियार ।

**खुर्पानी–** ना० [फा० खूबानी] आरुका जस्ता पात र फूल हुने आरुकै जातको एक बोट वा केही पहेँलो, चिल्लो फल लाग्ने त्यसको फल ।

**खुर्पी–** ना० [खुर्पा+ई] सानो खुर्पा; खुपैँचा ।

**खुर्पे–** वि० [खुर्पा+ए] खुर्पाजस्तो; खुर्पासम्बन्धी; खुर्पाका बान्कीको । ~**चाँद–** ना० १. खुर्पाको जस्तो आकार भएको चन्द्रमा; अर्द्धचन्द्र । २. पहिलेपहिले फौजी हवलदार आदिका पगरीमा दर्जा जनाउन जडिने वा लगाइने चाँदीको अर्धचन्द्र ।

**खुर्पेटो–** वि० [खुर्पा+एटो] जीउमा भिरेर खुर्पा हाल्ने काठको दाप; खुर्पेठचाक ।

**खुर्पेठचाक–** ना० १. खुर्पाले जङ्गल फाँडेर आबाद गरेको जग्गाजमिन । २. खुर्पाको दाप; खुर्पेटो ।

**खुर्र–** क्रि० वि० [अ० मू० खुर्+र] छिटो गरी; तुरुन्त (दौडने किसिम) ।

**खुर्राँट–** ना० [खुर्र+आँट] ज्यादै चलाख व्यक्ति; साह्रै बाठो मानिस ।

**खुर्रा–** ना० [खुर्र+आ] गुलेलीको जोत अडचाउने डोरीपट्टिको टुप्पाको खाल्टो; धनुमा डोरी अडचाउन परेन्जाका वल्लापल्ला छेउमा बनाइने खाल्टो ।

**खुर्रे/खुर्रो–** वि० [सं० कृश] पातलो र सानो; खिइसकेको (ताप्के, कचौरा, डाडु इ०) ।

**खुर्लिङ्गो–** वि० बाङ्गोटिङ्गो; टेढोमेढो; वक्र; टेढो ।

**खुर्लुक्क–** क्रि० वि० [अ० मू० खुर्लुक्+क] खुलुक्क; सलक्क ।

**खुर्लुप्प–** क्रि० वि० [अ० मू० खुर्लुप्+प] १. सबै सिद्धचाउने गरी (अर्काको भएभरको जायजेथा हडप्ने किसिम) । २. चाउरिएर वा गलेर (दुब्लाउने चाल) । ३. खात्तखुत्त (सबै कुरा खाने वा निल्ने किसिम) ।

**खुर्सानी–** ना० [खुरासान (फारस देशको एक प्रान्त)+ई] तिहुन, तरकारी, अचार आदिमा हालिने र मसलाका रूपमा समेत लिइने लाम्चो, कोसाका आकारको, पिरो प्रसिद्ध फल । > **खुर्सानी–** ना० लाम्चा पात हुने, साना गुलाफी फूल फुल्ने र फूलभित्र बियाँ हुने, आयुर्वेदअनुसार सर्प, बिच्छी आदिको विष नाश गर्ने गुणले युक्त बर्खे झार; चित्लाँगे; मूलखर्के ।

**खुर्सिङ–** ना० मट्टीतेल आदिका टिन वा अरू कुनै भारी हालेर पिठचूँमा बोक्न बनाइएको काठ, बेत आदिको बारा मात्र भएको साधन ।

**खुल्-नु–** अ० क्रि० [सं० खुड+नु] १. खुला हुनु; उघ्रनु; फुस्कनु; फुक्नु । २. बन्धनबाट मुक्त हुनु; फुक्का हुनु; छाडा हुनु । ३. नयाँ विद्यालय, संस्था आदि सुरु हुनु । ४. बन्द भएको कुरा फेरि हुन थाल्नु वा चलनमा आउनु । ५. नयाँ वस्तु निस्कनु; प्रकाशित हुनु । ६. सुहाउनु । ७. स्पष्ट देखिने हुनु; छर्लङ्गिनु । ८. अर्थ स्पष्ट हुनु । ९. लुकेको रहस्य आदि थाहा हुनु ।

**खुलखुल–** क्रि० वि० [अ० मू० खुल्+अ (द्वि०)] अलिअलि आवाज निकालेर (थोरै पानी बग्ने किसिम) । > **खुलखुले–** ना० १. पातलो दिसा अलिअलि भइरहने एक रोग; सुलसुले । २. झाडाबान्ता; हैजा; उपर्तली । वि० ३. खुलखुल पानी बग्ने ।

**खुलदुल–** ना० १. कुनै कुरा वा विषयका बारेमा मनमा लाग्ने उत्कण्ठा; उत्सुकता; दुबिधा; खुलदुली । २. मनको खलबली; खैलाबैला । > **खुलदुली–** ना० खुलदुल हुने क्रिया वा अवस्था; खुलदुल ।

**खुलमखुला–** क्रि० वि० [खुला (द्वि०)] खुलेआम; खुल्लमखुल्ला ।

**खुलस्त–** वि० [अ० खुलास] १. नलुकाईकन व्यक्त गरिएको; यथार्थ; स्पष्ट; सफा (भनाइ, बयान इ०) । २. कुनै प्रकारको बाधाअड्काउ नभएको । ३. फैलिएको; विस्तृत । > **खुलस्त्याइँ–** ना० खुलस्त पार्ने काम; खुलस्तपन; असन्दिग्धता । **खुलस्त्याइनु–** क० क्रि० खुलस्त पारिनु । **खुलस्त्याउनु–** स० क्रि० खुलस्त वा स्पष्ट पार्नु; बुझ्न सकिने गरी प्रस्टचाउनु ।

**खुला–** वि० [खुल्+आ] १. बन्द नभएको; उघारो; उदाङ्ग । २. नछोपिएको वा नढाकिएको (छाना, कौसी आदि) । ३. बाधाव्यवधान वा रोकटोक केही नभएको । ४. खुलमखुला; खुलस्त । ~**अदालत–** ना० १. कचहरी वा इजलास बसेका बेलाको सबैले हेर्नसुन्न पाउने अदालतको सभा । २. इजलास

वा मुद्दाको बहस चलिरहेको अदालत । ~**मञ्च**– ना० सार्वजनिक सभा, समारोह आदि हुँदा जनसाधारण भेला हुने वा सबैले हेर्न, सुन्न सक्ने खुला ठाउँ ।

**खुलाइ**– ना० [√ **खुल्** (+आइ)] खुल्ने भाव वा प्रक्रिया । [खुलाउ+आइ] ना० खुलाउने भाव वा प्रक्रिया । [ > ] **खुलाइनु**– क० क्रि० खुला पारिनु; खुल्न लाइनु । **खुलाउनु**– प्रे० क्रि० १. खुला पार्नु; उदाङ्गो गराउनु । २. स्पष्ट वा खुलस्त पार्नु । ३. बाधाअड्काउ फुकाउनु । ४. बन्धनबाट छुटाउनु; मुक्त पार्नु । ५. सुहाउने तुल्याउनु ।

**खुलासा**– वि० [अ० खुलास] १.साफसाफ, सफा; स्पष्ट । २. खुलस्त,खुला ।

**खुलुक्क**– क्रि० वि० [अ० मू० खुलुक्+क] एकै चोटि वा नरोकिने गरी (खाने वा निल्ने किसिम), खुर्लुक्क, सलक्क ।

**खुलुल्ल**– क्रि० वि० [अ० मू० खुल्+उल्ल] अलि चड्का छाँटले (पानी बग्ने किसिम); सलल्ल; सुलुल्ल । (उदा०– खेतको पानी निकास पाउनासाथ खुलुल्ल बग्छ) ।

**खुलेआम**– क्रि० वि० [खुला+आम] सबैको सामु; विनाढाकछोप; खुल्लमखुल्ला ।

**खुल्कि-नु**– [सं० क्षुरक+इ+नु] १. शरीरका रौँ वा भुत्ला निक्लनु; खुइलिनु । २. लिङ्गको छाला उत्रनु वा सोहोरिनु । ३. मात्तिनु; निफुल्किनु; छेक्राउनु । ४. सोचेजस्तो परिणाममा नपुग्नु वा असफल हुनु । > **खुल्क्याइ**– ना० खुल्किने काम वा प्रक्रिया । **खुल्क्याइनु**– क० क्रि० खुल्किन लाइनु; खुइल्याइनु । **खुल्क्याउनु**– प्रे० क्रि० १. काटिइसकेका खसी, बोका आदिका रौँलाई तातो पानी हालेर खुर्किनु; खुइल्याउनु । स० क्रि० २. राम्रो परिणाममा पुग्न नसकेका वा असफल भएकालाई खिस्याएर व्यङ्ग्य गर्नु । **खुल्क्याहट**– ना० खुल्क्याउने क्रिया वा प्रक्रिया; खुल्क्याइ ।

**खुल्लमखुल्ला**– क्रि० वि० [फा० खुल्लम+खुल्ला] ढाकछोप केही नगरीकन; खुलस्तसित; खुलेआम ।

**खुवा**१– ना० [सं० क्षोद्र] धेरै बेरसम्म दूध पकाउँदै घोट्दै गरेर बनाइएको, पेडा आदि मिठाई बनाइने खाद्य पदार्थ; कुराउनी ।

**खुवा**२– ना० राणाशासनमा विभिन्न पदका रोलवालाहरूको हातखर्चका लागि उठती पाउने गरी पदअनुसार ठेकिएका जग्गा; एक किसिमको बिर्ता । ~ **खान्की**– ना० १. खुवाबाट आउने तलब; महिनावारी; वेतन । २. ठेकिएको वस्तु वा रकम । ३. खवाइ; खाना । ~**खान्गी**– ना० खुवा खान्की ।

**खुवाइ**– ना० [√ **खुवाउ** (+आइ)] खुवाउने क्रिया वा प्रक्रिया । [ > ] **खुवाइनु**– क० क्रि० खान लाइनु; भोजन गराइनु ।

**खुवाउनु**– प्रे० क्रि० [खा+आउ+नु] खान लाउनु वा दिनु; भोजन गराउनु ।

**खुस**– वि० [फा० खुश] १. आफ्नो स्थिति वा परिस्थितिसँग पूरै सन्तुष्ट भएको; प्रसन्न । २. आफू वा अरू कसैद्वारा गरिएको कार्यबाट सन्तोष अनुभव गर्ने; आनन्दित । ३. प्यारो, राम्रो वा मन पर्ने; सुन्दर (खुसखबर) । ना० ४. इच्छा । (उदा०– खुस परे जाऊ, नपरे नजाऊ) । – **खबरी**– ना० खुसीको खबर वा समाचार; सुन्दा मन प्रसन्न गराउने खबर ।

**खुसखुसे**– वि० [खुसखुस+ए] १. अरूले नसुन्ने गरी कसैसँग बिस्तारै कुरा गर्ने; साउती गर्ने; खुसखुस गर्ने । २. अर्काको चुक्ली लगाउने; छुल्याहा; पेटाहा; घुसघुसे ।

**खुसबु**– ना० [फा० खुशबू] १. मीठो बास्ना; सुगन्ध; सौरभ । २. अत्तर; सेन्ट ।

**खुसमिजाज**– वि० [फा० खुशमिजाज] हँसमुख; प्रसन्न स्वभावको; प्रसन्नचित्त ।

**खुसहाल**– वि० [फा० खुशहाली] सुखी; सम्पन्न; कुनै कुराको कमी नभएको । > **खुसहाली**– ना० १. खुसहाल हुने काम वा अवस्था; सन्तोष; प्रसन्नता । २. जायजेथा पर्याप्त भएको अवस्था; सम्पन्नता ।

**खुसामद**– ना० [फा० खुशामद] आफ्नो काम पटाउन वा स्वार्थसिद्धिका लागि कसैलाई प्रसन्न पार्न गरिने भूटो प्रशंसा; चाकडी; चापलुसी । > **खुसामदी**– वि० खुसामद गर्ने; मिथ्या प्रशंसा वा चाकडीद्वारा स्वार्थसिद्धि गर्ने ।

**खुसी**– ना० [फा० खुशी] १. मनमा हुने सुखद अनुभूति; हर्ष; प्रसन्नता । २. मनको भाव; इच्छा । > **खुसीयाली**– ना० खुसी वा प्रसन्न भएको अवस्था; हर्षबढाइँ ।

**खुसुक्क**– क्रि० वि० [अ० मू० खुसुक्+क] १. अरूले चाल नपाउने गरी (केही वस्तु लैजाने किसिम); सुटुक्क । २. अरूलाई थाहा नदिई वा अरूले थाहा नपाउने गरी (जाने वा भाग्ने किसिम); खुरुक्क; लुसुक्क । ३. थाहा नपाइने गरी (गाँठो आदि फुस्कने किसिम) ।

**खुसुखुसु**– क्रि० वि० [अ० मू० खुस्+उ (द्वि०)] अरूले चाल नपाउने गरी (कुरा लाउने किसिम) ।

**खुस्क-नु**– अ० क्रि० [खुकुलो+नु] १. फुस्कनु; खुल्नु । २. मुक्त हुनु; छुट्नु । ३. बिग्रनु (दिमाग) । ४. चुक्नु; भुल्नु । ५. नाश हुनु; मर्नु । ६. उम्कनु; भाग्नु । ७. गुज्रनु; बित्नु । > **खुस्काइ**– ना० खुस्कने वा खुस्काउने क्रिया वा प्रक्रिया । **खुस्काइनु**– क० क्रि० खुस्कन लाइनु; फुकाइनु; खोलिनु । **खुस्काउनु**– प्रे० क्रि० १. फुकाउनु; खोल्नु; उम्काउनु; फुत्काउनु । स० क्रि० २. चापलुसी वा लोलोपोतो गरेर कसैबाट कुनै वस्तु लिनु वा हात पार्नु । **खुस्किनु**– अ० क्रि० १. फुस्किनु । २. हे० खुस्कनु ।

**खुस्रुक्क**– क्रि० वि० [अ० मू० खुस्रुक्+क] १. थाहा नदिईकन (कुनै वस्तु लैजाने किसिम); खुसुक्क । २. पिरिने वा हिम्मत हराउने गरी; मुख निन्याउरो हुने किसिमले; खिस्रिक्क । ३. घुस्रने गरी । ४. कसैले पत्ता नपाईकन (मर्ने किसिम); घुस्रुक्क ।

**खुस्स**– क्रि० वि० [अ० मू० खुस्+स] अरूले चाल नपाउने गरी; कानेखुसी वा साउती गर्ने चालले; खुसुक्क ।

**खून**– ना० हे० खेन१ ।

**खूब**– वि० हे० खुब ।

**खेचर**– वि० [सं०] आकाशमा घुम्ने वा चहार्ने (ग्रह, देवता, बादल, चराचुरुङ्गी, विमान आदि); गगनविहारी; आकाशगामी; व्योमचर ।

**खेचरी**– ना० [सं०] आकाशमा चहार्ने वा घुम्ने (पोथी चराचुरुङ्गी आदि जीव वा देवी, राक्षसी आदि) । ~ **गुटिका**– ना० मुखमा हाल्दा आकाशमार्गबाट जान सक्ने शक्ति पैदा हुने भनिएको गुटिका वा गोली । ~ **मुद्रा**– ना० जिब्रो तालुमा लगी दृष्टि भ्रूमध्यमा केन्द्रित गर्ने एक मुद्रा ।

**खेत**– ना० [सं० क्षेत्र] १. गरागरामा बाँडिएको र आली लगाई, पानी जमाएर धानको खेती गरिने जमिन; धान रोप्ने जग्गा । २. पच्चीस रोपनीबराबरको जग्गा वा त्यस्तो जग्गाको नापो । ~ **बारी**– ना० धान रोप्ने खेत र मकै आदि रोप्ने पाखो बारी; खेत र बारी । > **खेतारी**– ना० धान वा कोदो रोप्ने आईमाई; रोपाहार; रोपार ।

**खेताले**– वि० [खेतालो+ए] खेतालाका ढाँचाको; खेतालाको जस्तो; खेतालाको ।

**खेतालो**– ना० [सं० क्षेत्रपाल > खेतवाल] ज्याला लिएर खेत, बारीमा काम गर्ने व्यक्ति; पारिश्रमिक लिएर अर्काको काम सघाउने व्यक्ति; ज्यालादार ।

**खेती**– ना० [खेत+ई] १. खेतबारीमा अन्न आदि पैदा गर्ने काम; खनजोतदेखि बाली नभित्र्याएसम्म गरिने जमिनको सबै काम; कृषि; किसानी । २. बाली; उब्जा । ~ **किसानी**– ना० खेतीपाती । – **पाती**– ना० खेतीसम्बन्धी काम; खेतीकिसानी; कृषि । – **वाल**– ना० खेतीको पेसा भएको व्यक्ति; कृषक; किसान ।

**खेद्–नु**– स० क्रि० [सं० खेद+नु] १. धम्काएर वा तर्साएर कहीँबाट बलपूर्वक भगाउनु वा हटाउनु; लखेट्नु; लघार्नु; धपाउनु । २. दपेट्नु; सताउनु । ३. टोकस्नु ।

**खेद**– ना० [सं०] १. अदूरदर्शिताले गर्दा जानीजानी वा होस नपुगी कुनै राम्रो काम गर्न चुकेको परिणामस्वरूप मनमा उत्पन्न हुने पश्चात्ताप । २. कसैको अप्रिय बोलीवचन, व्यवहार आदिका विरुद्ध दर्साइने क्षोभ । ३. उक्त पश्चात्ताप, क्षोभ आदिका निम्ति निकालिने शब्द, गरिने इसारा वा देखाइने मुद्रा । ४. चिन्ता; मानसिक पीडा; मानसिक कष्ट ।

**खेदा**– ना० [खेद्+आ] १. हात्तीको सिकार; जङ्गली हात्तीलाई पक्रने तरिका । २. वन्य जन्तुलाई लखेटेर, खेदेर वा धपाएर चारैतिर बारले घेरिएको ठाउँमा फसाई वा लखतरान पारी वशमा ल्याउने काम (बाजखेदा, हात्तीखेदा, गैंडाखेदा इ०) ।

**खेदाइ**– ना० [√ **खेद्** (+आइ)] खेद्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खेदाइनु**– क० क्रि० खेद्न लाइनु; लखेटाइनु । **खेदाउनु**– प्रे० क्रि० खेद्न लाउनु; लखेटाउनु । **खेदिनु**– क० क्रि० खेद्ने काम गरिनु; लखेटिनु ।

**खेदुवा**– वि० [खेद्+उवा] १. खेदिएको; लखेटिएको । २. धपाइएको; लघारिएको ।

**खेदेपाइलो**– ना० [खेद्+ए+पाइलो] १. पाइलो पनि टिक्न नदिने खालको खेदो; पाइलापाइलामा खेदो खन्ने काम । २. बस्न वा टिक्न नहुने गरी पाइलैपिच्छे गरिने निन्दा वा अहित कार्य ।

**खेदो**– ना० [खेद्+ओ] १. कुनै कारणले वा कारणविना पनि कसैको चियोचर्चो गर्दै बस्नटिक्न नदिने प्रयास; ईर्ष्या वा शत्रुतावश अरूको जरोकीलो मास्न खोज्ने कामकुरो; खोइरो; उछित्तो; टोकसो । २. सिकार; अहिरो ।

**खेप्–नु**– स० क्रि० [सं० क्षेप+नु] १. कुनै मालसामान पटकपटक गरी ओसारपसार गर्नु; खेप गर्नु । २. निर्वाह गर्नु; गुजरान गर्नु; धान्नु; थेग्नु ।

**खेप**– ना० [प्रा० खेप्प < सं० क्षेप] १. एक पटकमा खेपेर वा बोकेर लगिने मालसामान । २. त्यस्तो मालसामान ओसारपसार गर्दाको पटक । ३. व्यापार आदिको यात्रा । ४. पटक; पल्ट; बाजि; चोटि ।

**खेपुवा**– वि० [खेप्+उवा] १. पटक-पटक गर्दै ओसारिएको; खेप हालेको वा खेप हाल्ने । २. खेप्ने स्वभावको; ओसार्ने । ३. खेप गरेर जीविका चलाउने (व्यक्ति) ।

**खेमा**– ना० [अ० खेम] अस्थायी तवरले बनाइने प्रायः बाक्लो कपडा आदिको झुप्रो; शिविर; पाल ।

**खेर्–नु**– क० क्रि० [√ केर्नु] केरकार गर्नु; केर्नु ।

**खेर१**– क्रि० वि० [सं० क्षर] बरबाद; बिगार; नाश; हानि (खेर जानु, खेर फाल्नु, खेर हाल्नु इ०) ।

**खेर२**– ना० यो० [प्रा० खण < सं० क्षण] समयमा; छिनमा; बेलामा; बखतमा । (उदा०– ऊ कतिखेर गयो ?) ।

**खेराइ**– ना० [√ **खेर्** (+आइ)] खेर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खेराइनु**– क० क्रि० खेर्न लाइनु; केराइनु । **खेराउनु**– प्रे० क्रि० खेर्न लाउनु; केराउनु ।

**खेरि**– क्रि० वि० [खेर+इ] समयमा; बेलामा; बखतमा । (उदा०– उसले यहाँ आउँदाखेरि मलाई भेटचो) ।

**खेल्–नु**– स० क्रि० [सं० खेल्+नु] १. धन लगाएर वा नलगाईकन हारजितको बाजीमा सम्मिलित हुनु; तासजुवा आदिको खेलमा सामेल हुनु । २. मन बहलाउन, व्यायाम गर्न वा समय बिताउनका निम्ति कुनै खेलबाडमा भाग लिनु; राष्ट्रिय वा अन्तरराष्ट्रिय आदि खेलप्रतियोगितामा सामेल हुनु । (उदा०– यस वर्षको फुटबल प्रतियोगितामा विदेशबाट पनि केही टिम फुटबल खेल्न आउँदै छन्) । ३. नाटक आदिमा अभिनय गर्नु; नाचतमासा गर्नु । ४. व्यापारमा पैसा लगाउनु; उद्योगव्यवसायमा धन खर्च गर्नु । अ० क्रि० ५. मनमा शब्द, विचार आदिको तर्कवितर्क उब्जनु; भएनभएका कुरा मनमा उब्जनु । ६. आफूभन्दा बलियोसँग जुध्नु । (उदा०– ऊ बाघसँग खेलिरहेको छ) । ७. हावाले हाँगा, पात आदि हल्लनु । ८. हर्ष आदिले मन प्रसन्न हुनु । ९. साना बालकहरू कुनै वस्तु, विचार वा चालमा

एक्लै वा सामूहिक रूपमा अलमलिनु ।

**खेल–** ना० [सं०] १. मन बहलाउन वा दिन काट्नका निम्ति गरिने काम; मनोविनोद; खेलबाड; क्रीडा । २. व्यायामका लागि गरिने कामकुरो (कपर्दीको खेल, भकुन्डोको खेल इ०) । ३. धन कमाउन गरिने मनोरञ्जनपूर्ण काम; तमासा (जादुको खेल) । ४. लीला । ५. चालबाजी; पेच । ६. अति सजिलो वा तुच्छ काम । ७. विचित्र वा अद्भुत काम (भाग्यको खेल, दैवी खेल) । ८. जाल; झेल । – **कुद–** ना० मन बहलाउन वा व्यायामका निम्ति खेल्ने वा कुद्ने काम; खेल; क्रीडा । – **खाल–** ना० १. षड्यन्त्र; जालझेल; छलकपट । २. तन्त्रमन्त्रपूर्वकको मारण, मोहन, उच्चाटन आदि अभिचारबाट हुने बाधा । ३. चुक्लीचाक्ली; करनी; छेडपेच । – **बहाड⁄बाड–** ना० १. सामान्य खेल वा क्रीडाका रूपमा गरिने काम; खेलाँची; ख्यालख्याल; ख्यालठट्टा । २. दिल बहलाउने काम; मनोविनोद । ३. बेवास्ता; हेलचेक्र्याइँ । > **खेलबाडी–** ना० खेलबाड गर्ने; खेलाडी ।

**खेलाँची–** ना० [खेल+आँची] १. कुनै काम-कुरो गम्भीरतासाथ नलिने चाल; ख्यालख्याल; ख्यालठट्टा । २. हेलचेक्र्याइँ ।

**खेला–** ना० [सं०] १. क्रीडा; खेल । २. रङ्गमञ्चमा प्रदर्शित गरिने कुनै खेल (नाच, नाटक, चलचित्र इ०) । ३. जादु; टुना ।

**खेलाइ–** ना० [√ **खेल्** (+आइ)] खेल्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खेलाइनु–** क० क्रि० खेल्न लाइनु; नचाइनु । **खेलाउनु–** प्रे० क्रि० १. नाटक आदिमा अभिनय गराउनु; नचाउनु; नाच्न लाउनु । २. खेल्न लाउनु । ३. कसैलाई त्रस्त वा दुःखी पार्नु ।

**खेलाडी–** वि० [खेल्+आडी] १. सधैँ वा बराबर खेलिरहने; खेलकुदमा रुचि भएको; खेल्ने बानी भएको । २. भकुन्डो, बुद्धिचाल आदि खेलमा पोख्त; खेल्न सिपालु । ना० ३. खेलकुदमा सक्रिय तथा निपुण व्यक्ति ।

**खेलिनु–** क० क्रि० [खेल्+इ+नु] खेल्ने काम गरिनु ।

**खेली खेली–** [खेल्+ई (द्वि०)] १. सजिलोसित; हेलैले; विनापरिश्रम; अनायासै । ना० २. खेल्ने काम; खेल (बालबोलीमा) ।

**खेलुवा–** वि० [खेल्+उवा] १. धेरै खेल्ने; खेलबाड गर्ने । २. फस्को; खुकुलो; फुको ।

**खेलो–** ना० [खेल्+ओ] व्यापार-व्यवसाय आदिमा नाफा कमाउने उद्देश्यले पुँजी लगाउने काम; व्यवसाय; उद्यम; बेपार । – **फर्को⁄फुर्को–** ना० खरिद-बिक्रीको पेसा; बन्दबेपार; खेलो ।

**खेलौना–** ना० [खेल्+औना] १. केटाकेटीले खेल्ने पुतली आदि सामान । २. खेलबाडको सामग्री । ३. अर्काको इसारामा नाच्ने मानिस; कठपुतली ।

**खेवरा–** ना० कुनै कामकुराको थालनी; प्रारम्भ; सुरु । (उदा०– तिम्रो रोपाइँ सकिएछ, आफ्नो त खेवरा पनि भएको छैन) । विप० मैझारो ।

**खेवा१–** ना० [प्रा० खेप] १. व्यापार आदिका मालसामान एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम; खेप; ओसारपसार । २. उक्त खेपको सामग्रीका रूपमा प्रयोग गरिने मालसामान ।

**खेवा२–** ना० [√ खियाउ] १. नाउ वा डुङ्गाबाट नदी पार गर्दा लिइने महसुल; नाउबाट नदी तारेको ज्याला । २. नदी तर्ने वा तार्ने काम ।

**खेवैया–** ना० [खियाउ+ऐया] १. नाउ, डुङ्गा आदि खियाएर नदी तार्ने व्यक्ति; माझी; बोटे; मल्लाह । २. कुनै दुःख, सङ्कटबाट पार लगाउने व्यक्ति ।

**खेस–** ना० [फा० खेश] ज्यादै मोटो धागाले बुनेको एक प्रकारको कपडा ।

**खेसरी⁄खेसारी–** ना० हिउँदमा तराईतिर भुइँलहरामा फल्ने दाल जातिको एक थरी अन्न ।

**खेस्रा–** ना० [√ खस्रो] कुनै कागतपत्र, लेखरचना आदिको सरसरती लेखिएको रूप; मसौदा; प्रारूप । > **खेस्रो–** ना० सानोतिनो कागत; साधारण किसिमको वा खास महत्त्व नभएको कागतको टुक्रो ।

**खै१–** ना० १. कुनै कुरा थाहा पाउन गरिने खोजीनिती; चियोचर्चो । २. कुनै विषयको सोधपुछ; केरकार ।

**खै२–** ना० [प्रा० खइ] फलाम, पित्तल, दाँत आदिमा लाग्ने कस; खिया; खई; काई ।

**खै३–** निपा० [√ खोइ] विस्मय, दिक्दारी, अनिश्चय, बेवास्ता, गाली आदि बुझाउने अव्यय । (उदा०– खै, मलाई त थाहा छैन । खै, तेरो चाला त निको छैन है !) ।

**खैँच–नु–** स० क्रि० [√ खिच्नु] १. कुनै वस्तुलाई बलपूर्वक आफूतिर खिच्नु वा तान्नु । २. कसैको ध्यान आफूतिर आकर्षित गर्नु । ३. खर्च कम गर्नु; किफायत गर्नु । ४. शक्ति वा प्रभावले आफ्नो पक्षमा मिलाउनु; काबूमा राख्नु; ऐँचमा ल्याउनु । > **खैँचाइ–** ना० खैँचने भाव, क्रिया वा प्रक्रिया । **खैँचाउनु–** प्रे० क्रि० खैँचन लाउनु; तान्न लाउनु । **खैँचिनु–** अ० क्रि० तानिनु; कसिनु ।

**खैँजडी–** ना० डम्फुजस्तो तर डम्फुभन्दा केही सानो हुने, घेरामा प्रायः मुजुरा जडिएको, एकातिर मात्र छालाले मढिएको, भजनकीर्तन आदिमा बजाइने प्रसिद्ध एक तालबाजा । > **खैँजडे–** वि० १. कुनै पर्व, उत्सव वा भोजभतेरमा नडाकीकन आउने; निम्तोविना पनि सम्मिलित हुने । २. निम्त्याइएका व्यक्तिका साथ पछि लागेर आउने; कसैको पुच्छर भएर हिँड्ने । ३. खैँजडी बजाएर हिँड्ने ।

**खैखबर–** ना० [खोइ+खबर] १. खोजखबर; हालखबर । २. अवस्थाविशेषको कुरो वा घटनाक्रम ।

**खैनी–** ना० [हि०] चून मिलाएर खाइने सुर्तीका पातको नशादार धूलो ।

**खैमल–** ना० ढोकामा ताल्चा मार्नाका निम्ति जडिने साधन; खल्मा ।

**खैर–** ना० [फा०] १. कुशल; क्षेम; कुशलमङ्गल । अव्य० २. 'जे भयो भयो, केही फिक्री छैन' भन्ने जनाउन प्रयोग गरिने उद्गार; अस्तु ।

**खैराँते–** वि० [अ० खैरात+ए] १. निम्न तहको; तल्लो कक्षाको । २. असभ्य; अशिष्ट; नसुहाउँदो । ३. माग्ने स्वभावको र भुत्रे झाम्रे । ४. लेनदेन आदिको व्यवहारमा नमिल्ने ।

**खैरा–** ना० [सं० खदिर+आ] १. खयरको ठेक्का लिने व्यक्ति । वि० २. खयरसम्बन्धी; खयरको (जङ्गल) ।

**खैरे–** वि० [खैरो+ए] १. खैरो रङको (कुकुर आदि) । २. काम नलाग्ने; बेकम्मा ।

**खैरेनी–** ना० [खयर+एनी] १. खयरको वन; प्रशस्त खयर भएको वन; खयरघारी । २. स्थानको नाम ।

**खैरो–** वि० [सं० खदिर] १. खयरको जस्तो रङको; फुस्रो रङ्गको; फुस्रो । २. फुस्रो रङ । ~**पानी–** ना० जाँड-रक्सी । ~**बेत–** ना० धाप नभएका वनजङ्गलमा उम्रने, डाँठ र पातमा कोप्रिएका काँडा हुने, बलियो र चाम्रो, सुकेपछि तेर्सो र चिराचिरा पर्ने एक प्रकारको पानीबेत ।

**खैलाबैला–** ना० [√ खलबल] खलबल; हल्लाखल्ला; कोकोहोलो ।

**खोँच–** ना० हे० खोच ।

**खोइ–** निपा० कुनै काम-कुरो वा अग्रसरता बुझाउने र विस्मय, बेवास्ता आदि जनाउने विस्मयात्मक तथा प्रश्नात्मक अव्यय; खै । (उदा०– राम खोइ कता गयो ? खोइ दाइ ! म अगि जान्छु) ।

**खोइरे–** वि० [खोइरो+ए] खोइरो लागेको; खुइलिएको; खुइले ।

**खोइरो१–** ना० [सं० खल्वाट] १. मानिसका टाउकोका रौँ खुइलिने वा मुडुलो हुने एक रोग । २. पशु आदिका आङको रौँ झर्ने रोग ।

**खोइरो२–** ना० [√ खोर्ना] १. केरा, पिँडालु आदिका कन्द वा गानामा लाग्ने एक जातको कीरो । २. खेदो; अहिरो ।

**खोइलो–** ना० उखु, दारिम, कागती आदि पेलेर रस झिकिसकेपछि बचेको छोक्रा; खोस्टो; टुखल ।

**खोक्-नु–** स० क्रि० [खोकी+नु] घाँटीको कफ निकाल्न वा सकसकी मेट्न ख्वाकख्वाक शब्द निकाल्नु; ख्वाकख्वाक शब्दका साथ श्वासनलीबाट वेगसहित वायु निकाल्नु ।

**खोक–** ना० [√ खोच] १. कुनु परेको ठाउँ; ससानो खोच । २. खेतको हिलो सम्म्याउने काठ; लिँडुल्के; हेँगा ।

**खोकल्-नु–** स० क्रि० [√ खकाल्नु] मुखमा पानी हालेर कुलुकुलु आवाज आउने गरी सफा गर्नु; कुल्ला गर्नु; खकाल्नु । > **खोकलाइ–** ना० खोकल्ने भाव, क्रिया वा प्रक्रिया । **खोकलिनु–** क० क्रि० खोकल्ने काम गरिनु; कुल्ला गरिनु ।

**खोकाइ–** ना० [√ **खोक्** (+आइ)] खोक्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खोकाइनु–** क० क्रि० खोक्न लाइनु; ख्वाकख्वाक गराइनु । **खोकाउनु–** प्रे० क्रि० खोक्न लाउनु; ख्वाकख्वाक गराउनु ।

**खोकार–** ना० [खोक+आर] खेतमा गरिने रोपाइँमा खोक वा साठा चलाउने हली ।

**खोकिनु–** क० क्रि० [खोक्+इ+नु] ख्वाकख्वाक गरिनु; खोक्ने काम गरिनु ।

**खोकिम–** ना० राता डाँठ, खस्रा, खैरा पात र खैरै फूल हुने, डाँठको तरकारी वा अचार बनाइने र जरा पिँधी हाड भाँचिएका ठाउँमा औषधीका रूपमा लगाइने एक बोट ।

**खोकिलो–** ना० [√ कोख] १. बाहुलावाल लुगाको काखीको भाग । २. मान्छेको शरीरको काखीलगायत त्यसले स्पर्श गर्ने करङ आदिको भाग ।

**खोकी–** ना० [सं० कास] घाँटीमा खसखस लागेर निस्कने आवाज; खोक्ने रोग; काँसो ।

**खोक्पा–** ना० जङ्गली जनावरले आधा खाई बाँकी छाडेको सिकार ।

**खोक्रि-नु–** अ० क्रि० [खोक्रो+इ+नु] २. भित्री गुदी वा सार नभएको हुनु; खोक्रो हुनु । २. खाली हुनु; रित्तो हुनु; रित्तिनु । ३. शक्ति वा सम्पत्ति नभएको हुनु ।

**खोक्रे–** वि० [खोक्रो+ए] रित्तिएको; खोक्रिएको; खोक्रो । ~**सिमी–** ना० सेता फूल र लामालामा पुष्ट कोसा हुने सिमीको लहरो वा त्यसैका कोसाभित्रको दाना ।

**खोक्रो–** वि० [√ खुकुलो] भित्रपट्टि खाली भएको; भित्र केही नभएको; रित्तो ।

**खोक्र्याइ–** ना० [√ **खोक्रि** (+याइ)] खोक्रिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खोक्र्याइनु–** क० क्रि० खाली पारिनु; रित्त्याइनु; खोक्रो पारिनु । **खोक्र्याउनु–** प्रे० क्रि० भित्र खाली पार्नु; रित्त्याउनु; खोक्रो पार्नु ।

**खोखा–** ना० गोलीको खोल ।

**खोङ्गी–** ना० कुखुरा हालिने चोयाको कोक्रो; फुर्लुङ ।

**खोच–** ना० [√ खुम्चा] १. दुई पहाडका बीचको गहिरो र साँघुरो ठाउँ; खोच्याप्रो ठाउँ; खाँच । २. पहाडी ढालमा पानी बगेर गहिरिएको जमिन । ३. कुयेँत्रो ।

**खोचा–** ना० [खोचोको ति० रू०] मरेका व्यक्तिको किरिया गर्दा एघारौँ दिनका दिन घडाका प्रतीक मानेर बगाइने एकसरो पातका तीन सय साठीवटा दुना ।

**खोचि-नु–** अ० क्रि० [सं० खञ्ज+इ+नु] गोडामा घाउचोट लाग्नाले वा कुनै कारणवश गोडा लामोछोटो हुनाले लेच्याएर वा खोच्याएर हिँड्ने हुनु ।

**खोचे–** ना० [सं० कुञ्च] माछा मार्ने साधन; खुँगो; खोतो । राम्रो कुरोलाई पनि बङ्ग्याएर नराम्रो अर्थ निकाल्ने काम; निहुँ; बिङठ्याइँ; अड्को; खोते ।

**खोचो–** ना० [खोच+ओ] एकसरो पातबाट बनाइएको दुनु ।

**खोच्याइ–** ना० [√ खोचि (+याइ)] खोचिने क्रिया वा प्रक्रिया । [ > ] **खोच्याइनु–** क० क्रि० हिँडिनु; लँगडाइनु ।

**खोच्याउनु–** स० क्रि० [सं० खञ्ज+याउ+नु] गोडामा घाउचोट लाग्नाले वा गोडा लामोछोटो हुनाले लेच्याएर वा खोच्याएर हिँड्नु ।

**खोच्याङखोच्याङ–** क्रि० वि० [अ० मू० खोच्याङ्+अ (द्वि०)]

खोच्याउने गरी (लँगडो मानिस हिँड्ने चाल) ।

**खोच्याङ्ग्रो**– वि० [अ० मू० खोच्याङ्+ग्रो] खोच्याएर हिँड्ने; लँगडो ।

**खोच्याप्रो**– वि० [खोच+याप्रो] खोच परेको (ठाउँ) ।

**खोज्-नु**– स० क्रि० [सं० खुज्+नु] १. हराएको वा पत्ता नलागेको वस्तु पत्ता लगाउने कोसिस गर्नु; खोजी गर्नु; तलास गर्नु; खोजतलास गर्नु । २. कुनै कुरा पाउने चेष्टा गर्नु; अन्वेषण गर्नु । ३. चाहना गर्नु; इच्छा गर्नु ।

**खोज**– ना० [खोज्+अ] खोज गर्ने काम; खोजी; अन्वेषण । – **खबर**– ना० खोजतलास; खबर । – **खाज**– ना० खोज्नेवर्ने काम; खोजतलास । – **तलास**– ना० खोजी; खोजखबर । – **मेल**– ना० खोजखाज; खोजी; खोज्ने काम ।

**खोजी**– ना० [खोज+ई] खोज्ने काम; खोज । – **निती**/**निधी**– ना० १. कुनै कामकुरामा चासो लिएर गरिने खोजी । २. कुनै विषयको यथार्थ सोधपुछ ।

**खोट**– ना० [सं० क्षोट] १. कुनै नराम्रो आरोप वा आक्षेप; दोष । २. अवगुण; दुर्गुण । ३. अपजस ।

**खोटाकिला**– ना० [खुटो+कीला] पहिरो थाम्न वा नदी आदिका किनार बचाउन ठोकिने काठ, बाँस आदिका कीला वा घोचा ।

**खोटाङ**– ना० नेपाल अधिराज्यको पूर्वाञ्चल विकासक्षेत्रभित्र पर्ने सगरमाथा अञ्चलको एक पहाडी जिल्ला ।

**खोटाचलन**– ना० [खोटो+चलन] १. निर्धारित गुणस्तरअनुरूप नभई प्रचलित कानुनका दृष्टिमा दोषयुक्त मानिने मालसामानको व्यवहार । २. सरकारबाट अनुमति नलिई ढक, माना, पाथी, गज, मिटर आदिको आफूखुसी गरिएको चलन ।

**खोटाटक**– ना० [खोटो+टक] कुनै व्यक्ति वा संस्थाले बनाएको अवैध रुपियाँ, मोहर, पैसा आदि ।

**खोटिनु**– अ० क्रि० [खोटो+इ+नु] १. दोषयुक्त हुनु; खोटो हुनु । २. खर्च भएर कम हुनु; घट्नु; मासिनु । ३. खति हुनु; नोक्सान हुनु ।

**खोटी१**– वि० [खोट+ई] १. खोट भएको; दोषी । २. साह्रै छुच्चो; कन्जुस । ३. छोटो चित्त भएको; कपटी ।

**खोटी२**– ना० [खोट+ई] घाउमा लगाइने खोटोबाट बनेको एक प्रकारको औषधी ।

**खोटेत्रो**– ना० [खोटो+एत्रो] वृक्षका फल वा हाँगाबिँगामा खोटो लाग्ने वा जम्ने रोग ।

**खोटे सल्लो**– ना० [खोटो+सल्लो] खोटो निस्कने एक थरी सल्लो; औलेसल्लो; दियालेसल्लो ।

**खोटो१**– ना० १. सल्ला आदिको रूखमा चोट लागेर वा नलागेरै निस्कने लेस्याइलो पदार्थ; सुकेको वा नसुकेको त्यस्तो चोप । २. लैना गाई-भैँसी आदिको दूध पग्रनुभन्दा अगाडि आउने च्याटच्याटे पदार्थ ।

**खोटो२**– वि० १. व्यवहारमा नचल्ने; दाग लागेको; दागी (रुपियाँ, पैसा, टिकट आदि) । २. खोट लागेको; दोषी । ३. काम नलाग्ने; खराब (मालमत्ता आदि) ।

**खोटचाइ**– ना० [√ **खोटचाउ** (+आइ)] खोटचाउने क्रिया वा प्रक्रिया । [>] **खोटचाइनु**– क० क्रि० मास्ने काम गरिनु; घटाइनु ।

**खोटचाउनु**– स० क्रि० [खोटि+याउ+नु] १. खर्च गर्नु; मास्नु । प्रे० क्रि० २. घटाउनु; कम गर्नु ।

**खोतर्-नु**– स० क्रि० [खोतर+नु] हे० खोतल्नु ।

**खोतर**– ना० [सं० कर्तर] केही कुरो पकाउँदा डढेर भाँडाभित्र पीँधहुँदो जम्ने पाप्रो ।

**खोतराइ**– ना० [√ **खोतर्** (+आइ)] खोतर्ने क्रिया वा प्रक्रिया । [>] **खोतराइनु**– क० क्रि० खोतर्न लाइनु; खोतलाइनु । **खोतराउनु**– प्रे० क्रि० खोतर्न लाउनु; खोतलाउनु । **खोतरिनु**– अ० क्रि० खोतर्ने काम हुनु; खोतलिनु ।

**खोतल्-नु**– स० क्रि० [सं० क्षोदन] १. खनीखोस्रीकन कुनै वस्तु झिक्नु; निकाल्नु; खोस्रनु । २. यताउतिबाट राम्ररी खन्नु; खोदल्नु । ३. प्वाल पार्नु । ४. कुरा धुत्नु । > **खोतलखातल**– ना० १. खन्ने वा खोस्रने क्रिया वा प्रक्रिया । २. जमेको वा राम्ररी राखिएको वस्तुलाई असावधानीका साथ हातले वा कुनै साधनले हुँडल्ने कार्य । ३. खोजखाज । ४. अर्काले लुकाएको रहस्यको उद्घाटन गर्ने कार्य । **खोतलाइ**– ना० खोतल्ने भाव, क्रिया वा प्रक्रिया । **खोतलाइनु**– क० क्रि० खोतल्न लाइनु । **खोतलाउनु**– प्रे० क्रि० खोतल्न लाउनु । **खोतलिनु**– क० क्रि० खोतल्ने काम गरिनु ।

**खोते**– ना०हे० खोचे ।

**खोत्ति-नु**– अ० क्रि० [खत्ति+नु] १. खत्तिनु । २. छाला खोल्सिनु । > **खोत्त्याइ**– ना० खोत्त्याउने क्रिया वा प्रक्रिया । **खोत्त्याइनु**– क० क्रि० खोत्त्याउने काम गरिनु । **खोत्त्याउनु**– स० क्रि० १. खन्याउनु । २. छाला खोल्स्याउनु ।

**खोद्-नु**– स० क्रि० [सं० खुड्+नु] १. कुटो, कोदालो, कोदाली, चाँदे आदिद्वारा जमिनको माटो ओल्टाइपल्टाइ गर्नु; खन्नु; खोस्रनु; कोट्याउनु । २. कुँद्नु; खोप्नु ।

**खोदल्-नु**– स० क्रि० हे० खोतल्नु ।

**खोदाइ**– ना० [√ **खोद्** (+आइ)] खोद्ने क्रिया वा प्रक्रिया । [>] **खोदाइनु**– क० क्रि० खोद्न लाइनु; खोद्ने काम गराइनु । **खोदाउनु**– प्रे० क्रि० खोद्न लाउनु ।

**खोप्-नु**– स० क्रि० [प्रा० खुपै+नु] १. छिनो आदि साधनले काठ, ढुङ्गा आदिमा प्वाल पार्नु; खोपिल्टो पार्नु; कुँद्नु । २. घट्ट, जाँतो आदिमा दाँत निकाल्नु । ३. शीतलावेध गर्नु; बिफरको टीका लगाउनु । ४. रोप्नु; गोभ्नु ।

**खोप१**– ना० विशेष किसिमका रोग लाग्नुबाट पहिलेदेखि जोगिन शरीरमा टीका लगाउने काम ।

**खोप२**– ना० [प्रा० खुप्प] दुई पहाडका बीचको साङ्ग्रो ठाउँ; खोच ।

**खोप३**– ना० [सं० क्षोभ] कसैका प्रति मनभित्र गढेको कुनै अप्रिय वा दुःखद कुरो ।

**खोपडी**– ना० [सं० खर्पर] १. टाउकाको सबभन्दा माथिको हाड;

खप्पर । २. टाउको; शिर । ३. दिमाग; मस्तिष्क ।

**खोपाइ–** ना० [√ **खोप्** (+आइ)] खोप्ने क्रिया वा प्रक्रिया । [ > ] **खोपाइनु–** क० क्रि० खोपाउने काम गरिनु । **खोपाउनु–** प्रे० क्रि० खोप्ने काम गराउनु; खोप्न लाउनु । **खोपिनु–** क० क्रि० खोप्ने काम गरिनु; प्वाल पारिनु ।

**खोपिल्टो–** ना० [खोपो+इल्टो] सानो खोपो; साँघुरिएको प्वाल ।

**खोपी–** ना० [खोपो+ई] १. पैसा बच्चेर खेल्नका लागि भुइँमा पारिने सानो, बाटुलो प्वाल वा चिनो । २. त्यस्तो प्वालमा पैसा वा अरू कुनै कुरो बच्चेर वा भलेर खेलिने खेल । ३. डन्डीबियोका खेलमा बियो हुच्चन बनाइएको खोपिल्टो । ४. सानो कोठा । ५. आइमाईहरू बस्ने गुप्ती खण्ड; रनिबास ।

**खोपे–** वि० [खोपो+ए] १. खोपो परेको; गहिरो । २. आँखाका गह भासिएको (व्यक्ति) ।

**खोपो–** ना० [प्रा० खुप्प < सं० गुम्फ] १. राखनधरनको लागि भित्री गाह्रोमा बनाइएको सानो खण्ड । २. गाह्रो लगाउँदा डकर्मीहरू उभिनको लागि भार बनाउन बाँस वा काठ तेर्स्याइने प्वाल; खटप्वाल ।

**खोप्राखोप्री–** ना० [खोप्रो+खोप्रो] साना-ठूला खोप्राहरूको समुदाय ।

**खोप्री–** ना० [खोप्रो+ई] सानो खोप्रो ।

**खोप्रे–** वि० [खोप्रो+ए] १. खोप्रामा बस्ने । २. खोप्राको; खोप्रोसँग सम्बन्धित । ~ **नैनी–** ना० बुकुवा, तेल आदि लाउने वा नङ पालिस आदि गरी मालिक्नीको सुसार गर्ने स्त्री । ~ **बूढी–** ना० १. जीउको गर्दनका बीचमा परेको खोपिल्टो; बूढीखोप्री; खोप्ले । २. खोप्रामा बस्ने नारी; बूढी कमारी । वि० ३. ज्यादै बूढी; खुम्रे बूढी ।

**खोप्रो–** ना० [खोपो+रो] १. करियाअमलेख हुनुभन्दा अगाडि कमाराकमारी बस्ने सानो घर वा खण्ड । २. छाप्रो; कुप्रो; खोल्मा ।

**खोप्ले–** ना० [खोप्लो+ए] गर्दनका बीचमा परेको खोपिल्टो ।

**खोप्लो–** ना० [खोपो+लो] सानो खाल्टो; खोपिल्टो ।

**खोयाबिर्के–** ना० पारम्परिक प्रविधिबाट घरमा तयार पारी बोतलमा हालेर मकैको खोयाको बिर्को लगाईकन राखिएको रक्सी ।

**खोयो–** ना० [सं० कोष] १. मकैका घोगामा गेडाहरू अडिने खोप्लाखोप्ला परेको कोयो; मकैको भित्री डाँठ । २. आँप आदि फलभित्र रहने ठूलो बीजकोष; फलको भित्री डल्लो वा साह्रो भाग ।

**खोर१–** ना० [सं० खुरप्र] १. जीवजन्तु पाल्न वा थुन्न बनाइएको साँघुरो कोठो । २. बाघभालु आदिलाई भुक्क्याई समात्नाका लागि थापिने पिँजडा वा त्यस प्रयोजनका लागि प्रयोग गरिने कटेरो वा कोठोजस्तो वस्तु । ३. थुनुवालाई थुन्ने साँघुरो कोठो; थुनाघर; थुनुवाघर ।

**खोर२–** वि० [फा०] कुनै संज्ञाका पछिल्तिर जोडिई सूक्ष्म व्यङ्ग्यसहित 'ज्यादै खाने' भन्ने अर्थ व्यक्त गर्ने प्रत्ययधर्मी उत्तरपद वा उपपद (हावाखोर, गोताखोर आदि) ।

**खोरन्डो–** वि० [प्रा० खोडो < सं० खोड] खुट्टा खोच्याएर हिँड्ने; लँगडो ।

**खोरबारी–** ना० [खोर+बारी] १. पशुपक्षी आदिलाई अल्भ्काउन बनाइएको खोर रहेको सुनसान बारी । २. फूलबारी ।

**खोरिया–** ना० [खोर+इया] १. बाली लगाउनाका लागि रूख, बुटा आदि काटी, फाँडी प्रायः डढेलोसमेत लगाएर बिराएको जमिन; पाखाभित्ताको बाँझो जग्गा; भस्मे; लोहोसे । २. आली, कान्ला आदि भत्केर बिग्रेको जग्गा । > **खोरियानी–** ना० १. खोरिया फाँड्ने काम । २. खोरिया फाँडिएको जग्गा वा ठाउँ ।

**खोरी१–** ना० [खोरो+ई] गुलेलीको मटचाङ्ग्रा अड्काउने रबडका बीचको भाग ।

**खोरी२–** ना० १. सानो दुनु । २. चन्दन आदि राखिने सानो पात्र वा भाँडो (चन्दनखोरी) ।

**खोरी३–** वि० [फा० खोर+ई] कुनै संज्ञाका पछिल्तिर जोडिई खाने भाव वा क्रियाको अर्थ जनाउने प्रत्ययधर्मी उत्तरपद वा उपपद (हावाखोरी, गोताखोरी आदि) ।

**खोरैँत–** ना०हे० खोऱ्याँत ।

**खोरे–** ना०हे० खोरो ।

**खोरो१–** ना० [खोर+ओ] पैतला, कुर्कुच्चा आदि फुट्ने रोग; हरिनास; हर्नाठ; खोरे ।

**खोरो२–** ना० १. [फा० खूर] सानो, पातलो, रद्दी किसिमको भाँडो । २. सानो दुनु ।

**खोर्ना–** ना० [खोर+ना] पैतालामा प्वालैप्वालको दाग हुने एक प्रकारको रोग ।

**खोऱ्याँत–** ना० [खुर+यात] गाईबस्तुको खुर र मुखभित्र खटिरा आउने एक प्रकारको रोग; खोरैँत; खोरे ।

**खोऱ्याइ–** ना० [√ **खोऱ्याउ** (+आइ)] खोऱ्याउने क्रिया वा प्रक्रिया । [ > ] **खोऱ्याइनु–** क० क्रि० खोऱ्याउने काम गरिनु; केरिनु; खेरिनु ।

**खोऱ्याउनु–** स० क्रि० [खोर+याउ+नु] कुनै कुराको पत्तो लगाउन दोहऱ्याईतेहऱ्याई सोध्नु; कुनै अभियुक्तबाट उसले गरेको कसुरबारे यथावत् र विस्तृत जानकारी लिनाका लागि नाना तरहले सोधपुछ गर्नु; केर्नु; खेर्नु ।

**खोर्सानी–** ना० [√ खुर्सानी] हे० खुर्सानी ।

**खोल्–नु–** स० क्रि० [खुला+नु] १. बन्द भएको अवस्थाबाट खुला पार्नु; उघार्नु । २. बन्धनबाट मुक्त पार्नु; फुक्का गर्नु वा छाडा गर्नु । ३. नयाँ पसल, कारखाना, विद्यालय आदिको स्थापना गर्नु; उद्घाटन गर्नु । ४. बन्द भएको कामकुरो फेरि सुरु गराउनु वा चलनमा ल्याउनु । ५. निकाल्नु; आविष्कार गर्नु । ६. दाम्लो, खोर आदिबाट फुक्का गर्नु; छाड्नु । ७. कविता आदि वा कुनै शास्त्रीय विषयको स्पष्ट नभएको अर्थ स्पष्ट गराउनु; व्याख्या गर्नु । ८. अनावृत गराउनु । ९. दौडाउनु;

कुदाउनु ।

**खोल१**– ना० [सं० खोलक] कुनै वस्तुको बचाउ वा ढाकछोपका लागि तयार गरिने त्यसै आकारको कपडा, कागत आदिको थैलो ।

**खोल२**– ना० [खोल्सो] काठ कपेर ऐना वा फल्याक जड्न बनाइएको खोल्सो ।

**खोलखाल**– ना० [खोल्+अ (द्वि०)] खोल्ने वा उघार्ने काम; उदाङ्गो पार्ने काम ।

**खोले ठाकुर**– ना० धिमालजातिका ग्रामदेवता; थानपति देवता ।

**खोलपाटो**– ना० [खोल+पाटो] खोलको एकापट्टिको भाग वा खण्ड; भित्र रुवा नपाजिँदैका अवस्थाको खोल । ~ **पर्नु**– टु० पटक्कै नमिल्नु; अमिल्दो हुनु ।

**खोला१**– ना० [नेवा०] रक्सी खानका लागि प्रयोगमा ल्याइने सानो खालको कटौरा ।

**खोला२**– ना० ['खोलो' को ति०रू०] हे० खोलो ।

**खोलाइ**– ना० [√ **खोल्** (+आइ)] खोल्ने क्रिया वा प्रक्रिया [ > ] **खोलाइनु**– क० क्रि० खोल्न वा उघार्न लाइनु । **खोलाउनु**– प्रे० क्रि० खुला पार्न वा खोल्न लाउनु ।

**खोलाखोली**– ना० [खोलो+खोली] सानाठूला धेरै खोला; सानाठूला खोलाहरूको समूह ।

**खोलाटोला**– ना० [खोला+टोला] खोलाको छेउछाउमा रहेको गाउँले बस्ती; पानीघाट र चरन एउटै भएको गाउँठाउँ ।

**खोलाधोबी**– ना० खोलाटोलामा हुने एक किसिमको धोबीचरो ।

**खोलानाला**– ना० [खोला+नाला] नदी र नालाहरूको समूह; साना-ठूला धेरै खोला; नदीनाला; खोलाखोली ।

**खोली**– ना० [खोलो+ई] १. खोपाएका रोगीलाई अरूका संसर्गमा आउन नदिई छुट्टै राख्न बनाइएको अस्थायी छाप्रो; खोपाउने वैद्यको थर्पु । २. सानो खोलो । ~ **बाँसुरी**– ना० केही बाँकी नरहेका कुरा; भएभरका जम्मै कुरा; सिरीखुरी ।

**खोले**– ना० [√ खोलो] १. गाईबस्तुलाई खुवाउन मकै, चामल, भटमास आदिको पीठो पकाइएको बाक्लो झोल; कुँडो । २. प्रायः गरिबहरूले खाने, मकैको पीठो, कनिका, सागपात आदि मिसाएर पकाइएको लेदो खाद्य पदार्थ; फाँडो । वि० ३. सभ्यता नजानेको; अशिष्ट; गँवार (मानिस) । ४. कष्टले जीवननिर्वाह गर्ने; दुःखी । ~ **खेत**– ना० खोलाको छेउछाउमा रहेको वा खोलाको पानी लाग्ने खेत; खोलाले छाडेको जमिन बिराएर बनाइएको खेत । ~ **फाँडो**– ना० पीठो, कनिका आदिमा साग-सिस्नु मिसाई पकाइएको लेदो खाद्य पदार्थ; गरिब-गुरुवाहरूको निम्न स्तरको भोजन । ~ **भूत**– ना० लोकविश्वासअनुसार खोलानालामा हिँडडुल गर्ने एक किसिमको भूत ।

**खोलेस**– ना० [खोर > खोल+एस] कुखुरा आदिको ओथारो बस्ने ठाउँ ।

**खोलो**– ना० १. सानोतिनो नदी; झन्डै नदीजस्तो सानो जलप्रवाह । २. खोलाको नजिक रहेको सानो बस्ती; नदीका नजिकको गाउँघर । ~ **पैह्रो**–ना० वर्षा वा भल-बाढी आदिले गर्दा जग्गाजमिनलाई नोक्सान पुऱ्याउने किसिमको खोला र पहिरो; बाढी-पैह्रो ।

**खोल्मा**– ना० १. माथिल्लो तलामा खेतीपातीका सरसामान राख्न र तल्लो तलामा गाईभैँसी आदि बाँध्न हुने गरी घरआँगनछेउ बनाइएको सानो झुप्रो; तला भएको गोठ । २. पाखाबाली राख्ने ठाउँ; खल्मा; उरिम । > **खोल्मे**– वि० खोल्माजस्तो; खोल्माका आकारको ।

**खोल्याँसो**– ना० [खोलो+याँसो] खेतका गरामा लागेको बेसी पानी निकाल्न गरैपिच्छे कुनै ठाउँ आलीको डिल काटेर बनाइएको निकास वा त्यस्तो पानी जाने ठाउँ; खोलिएको समाहा ।

**खोल्याङ**– ना० [खोलो+याङ] एउटाभन्दा अर्को ससानो गरा हुँदै गएको खेत ।

**खोल्साखोल्सी**– ना० [खोल्सो+खोल्सी] सानाठूला धेरै खोल्सा; खोल्साहरूको समूह ।

**खोल्सि-नु**– अ० क्रि० [खोल्सो+इ+नु] १. खोल्सो पर्नु; कुलेसो पर्नु । २. शरीरको अत्तरछाला वा रूखपातको बाहिरी पातलो बोक्रा उप्कनु ।

**खोल्सी**– ना० [खोल्सो+ई] सानो खोल्सो ।

**खोल्से**– वि० [खोल्सो+ए] १. खोल्साको; खोल्सासम्बन्धी । २. खोल्सामा गएको (पहिरो); जमिन धसिएर बनेको (खोल्से भूक्षय) ।

**खोल्सो**– ना० [खोलो+सो] १. दुई डाँडा वा अग्ला जमिनका बीचको, सानो सोतो बग्ने, साङ्गुरो र गहिरो ठाउँ; भिरालो धरातलमा पानी बगेर गहिरिएको जमिनको भाग; खोँच; खाई । २. सानोतिनो खोलो; खहरे । ३. कुलैँसो; कुलो ।

**खोल्स्याइ**– ना० [√ **खोल्सि** (+याइ)] खोल्सिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खोल्स्याइनु**– क० क्रि० खोल्सो वा कुलेसो पारिनु । **खोल्स्याउनु**– प्रे० क्रि० खोल्सो गराउनु; कुलेसो पार्नु ।

**खोस्-नु**– स० क्रि० १. अर्काका अधिकारमा रहेको वा अरूलाई दिइएको कुनै वस्तु बलजफतीसँग वा मन्जुरीविना नै लिनु; हर्नु । २. कसैलाई खाइरहेको जागिर वा पदबाट निकाल्नु; पदच्युत गर्नु । ३. अरूका हातमा रहेको माल झम्टेर तान्नु वा लिनु । > **खोसमोस**– ना० कमाएको जग्गाजमिन वा खाईपाई आएको जागिर आदि खोस्नेवर्ने काम; खोस्ने र लिने काम ।

**खोसल्टि-नु**– अ० क्रि० [खोसल्टो+इ+नु] सुकेर वा झुरिएर काम नलाग्ने हुनु; रद्दी हुनु; खोसेल्टिनु ।

**खोसल्टो**– ना०हे० खोसेल्टो ।

**खोसल्टयाइ**– ना० [√ **खोसल्टि** (+याइ)] खोसल्टिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खोसल्टयाइनु**– क० क्रि० खोसल्टो पारिनु; थोत्र्याइनु । **खोसल्टयाउनु**– प्रे० क्रि० खोसल्टो तुल्याउनु; थोत्र्याउनु ।

**खोसाइ**– ना० [√ **खोस्** (+आइ)] खोस्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **खोसाइनु**– क० क्रि० खोस्न लाइनु; खोस्ने काम गराइनु । **खोसाउनु**– प्रे० क्रि० खोस्न लाउनु; खोस्ने काम गराउनु ।

**खोसाखोस**– ना० [खोस्+खोस्] परस्परमा जथाभाबीसँग कुनै वस्तु खोस्ने वा हडप्ने काम; खोस्ने र धुत्ने काम ।

**खोसिनु–** क० क्रि० [खोस्+इ+नु] १. अर्काको सामान जबरजस्ती लिइनु । २. जागिरबाट बर्खास्त गरिनु ।

**खोसुवा–** वि० [खोस्+उवा] १. खोस्ने काम गर्ने । २. भइरहेको पद वा स्थानबाट हटाउने; खोसिएको; पदच्युत; खोस्ने । ~ **पुर्जी–** ना० कुनै कारणवश खाई-पाई आएको जागिरबाट हटाउनका निम्ति सम्बन्धित कार्यालयले दिने पत्र ।

**खोसेल्–नु–** स० क्रि० [खोस्र+नु] बाँधिएको वा थान्कोमुन्कोमा रहेको मालताल झिकेर वा उधिनेर अलपत्र पार्नु; तलमाथि वा यताउति पार्नु; खजमज्याउनु । > **खोसेलाइ–** ना० खोसेल्ने क्रिया वा प्रक्रिया । **खोसेलिनु–** क० क्रि० खज्याङमज्याङ पारिनु; खजमज्याइनु ।

**खोसेलो–** ना० [खोसेल्+ओ] १. खजमजिएको वा छिरलिएको घाँस, पराल, खोस्टा आदि वस्तु; छिरलो । २. छिरलिएको कागत, कपडा, रौँ आदिको समूह । ३. मकैका घोगामा रहेको गेडा छोप्ने आवरण; खोसेल्टो; खोस्टो ।

**खोसेल्टि–नु–** अ० क्रि० [खोसेल्टो+इ+नु] खोसेल्टोजस्तो हुनु; सुकेर झुर्रिनु वा झुत्रिनु ।

**खोसेल्टो–** ना० [खोसेल्+टो] १. च्यातिएको वा झुर्रिएको पात, बोक्रो, कागज आदि; खोसल्टो । २. झासझुस । ३. हे० खोसेलो ।

**खोसेल्टचाइ–** ना० [√ **खोसेल्टि** (+याइ)] खोसेल्टिने क्रिया वा प्रक्रिया । [ > ] **खोसेल्टचाइनु–** क० क्रि० खोसल्टिने पारिनु; छिरलिनु । **खोसेल्टचाउनु–** स० क्रि० १. घाँस, पराल आदि छिरल्नु । २. दुना, टपरी आदि गाँस्नु । प्रे० क्रि० ३. खोसेल्टो तुल्याउनु; झुत्र्याउनु; खोसल्टचाउनु ।

**खोस्टि–नु–** अ० क्रि० [खोस्टो+इ+नु] १. खोस्टो छुट्टिनु; बाहिरी बोक्रा अलग हुनु । २. रद्दी हुनु; खोसेल्टिनु ।

**खोस्टे–** वि० [खोस्टो+ए] खोस्टा भएको; खोस्टा हुने (खोस्टे मुगी; खोस्टे दाल इ०) ।

**खोस्टो–** ना० [साद्० लोस्टो] १. अन्न, फल आदिका गेडा वा गुदीको बाहिरपट्टि रहने सुक्खा बोक्रो । २. मकैका घोगा आदिको पात; खोसेलो; खोसेल्टो । ३. रुपियाँ-पैसा; लोस्टो (महत्त्वहीन अर्थमा) । ४. सुकेको पात, रद्दी कागतपत्र आदि ।

**खोस्मेरो–** ना० [√ खोस्टो] १. मकैका घोगा आदिका पात; खोसेलो; खोसेल्टो । २. सुकेको पात, रद्दी कागतपत्र आदि । ३. रुपियाँ-पैसा ।

**खोस्याइ–** ना० [√ **खोस्याउ** (+आइ)] खोस्याउने क्रिया वा प्रक्रिया । [ > ] **खोस्याइनु–** क० क्रि० छाला खुत्तिने गरी घाउचोट लागिनु; अत्तर-छाला खुत्तिनु ।

**खोस्याउनु–** अ० क्रि० [खोस्र+याउ+नु] १. बाहिरी छालासमेत खुत्तिने गरी चोट लाग्नु । २. केही भागसम्म सकिनु; कोट्टिनु ।

**खोस्याकखोस्याक–** क्रि० वि० [अ० मू० खोस्याक्+अ (द्वि०)] खोस्याकको आवाज सुनिने गरी (पात-पतिङ्गर हल्लने वा चल्ने किसिम) ।

**खोस्र–नु–** स० क्रि० १. माथिल्लो सतहको माटो खन्नु; पाप्रा बसेको माटो उछिन्नु । २. बोट-बिरुवामा उकेरा लाउनु; गोड्नु । ३. खुट्टाले भुइँ कोतर्नु । ४. खनेर प्वाल पार्नु; खोदल्नु । > **खोस्राइ–** ना० खोस्रने भाव, क्रिया वा प्रक्रिया । **खोस्राइनु–** क० क्रि० खोस्रने काम गराइनु; खोस्रन लाइनु; गोडाइनु । **खोस्राउनु–** प्रे० क्रि० खोस्रन लाउनु; गोडाउनु । **खोस्रिनु–** स० क्रि० १. खोस्रनु । क० क्रि० २. खोस्रने काम गरिनु; गोडिनु । **खोस्रीखास्री–** ना० खन्ने-खोस्रने काम ।

**खोस्रो–** ना० १. मरेका पशुपक्षीहरूको छालाभित्र घाँस, पराल, भुवा आदि कोची बनाइएको त्यसै आकृतिको दुरुस्त मूर्ति । २. कुनै हतियारको दाप, म्यान, खोल आदि । ३. ज्याबलहरू हाल्ने छालाको थैलो । ४. रिसल्लाका भालाको मोठ घुसारिने, रिकापमा जडिएको छालाको ढुङ्ग्रो । ५. खोस्टो ।

**खोस्याकखोस्याक–** ना० [अ० मू० खोस्याक्+अ (द्वि०)] १. खोस्रँदा आउने आवाज । क्रि० वि० २. खोस्याकको आवाज आउने गरी; खोस्याकखोस्याक ।

**खोस्याङखोस्याङ–** क्रि० वि० [अ० मू० खोस्याङ्+अ (द्वि०)] खोस्याङको आवाज निस्कने गरी; खोस्याकखोस्याक ।

**खौ–** ना० १. मादल आदि बाजाका छालाको मध्य भागमा लगाइने कालो चक्का । २. एक प्रकारको मसला ।

**खौकिया–** ना० [प्रा० ने०] १. खप्की; हप्की; दप्की । २. आदेश; उर्दी ।

**खौडी–** ना० [√ खप्पर] खोल्सोजस्तो परेर टाउकातिर गएको गर्धनको भाग । ~ **बूढी–** ना० घाँटी र टाउकापछाडिका जोर्नीको खाल्टो परेको भाग; खोप्रेबूढी ।

**खौर–नु–** स० क्रि० [सं० क्षौर+नु] १. छुराले रौँ खुर्कनु वा काट्नु; मुण्डन गर्नु; मुडाउनु । २. कुनै काम गर्न नसक्नेलाई होच्याउनु; 'नापिस्' भन्नु । > **खौराइ–** ना० खौरने क्रिया वा प्रक्रिया । **खौराइनु–** क० क्रि० खौरन लाइनु; मुण्डन गराइनु । **खौराउनु–** प्रे० क्रि० खौरन लाउनु; मुण्डन गराउनु ।

**खौरि–नु–** स० क्रि० [खौर+इ+नु] १. खौरनु । क० क्रि० २. छुरा आदिले कपालका रौँ खुर्किनु; मुण्डन गरिनु ।

**खौरी मसिनु–** ना० [खौर+ई+मसिनु] काम तामेल गर्न नसक्ने तर काम गरेजस्तो देखाउने व्यक्तिलाई होच्याएर भनिने शब्द । (उदा०– उसले कति न गर्छु भन्थ्यो, खौरीमसिनु लाइहालेछ नि) ।

**खौलाखौली–** ना० [खौलो+खौली] साना-ठूला धेरै खौला; भड्खाराको समूह ।

**खौलि–नु–** अ० क्रि० [खोलो+इ+नु] १. भकभक पानी उम्लनु । २. खौलामा पर्नु; भड्खारामा पर्नु; जाकिनु; गिर्नु ।

**खौली–** ना० [खौलो+ई] सानो खौलो ।

**खौलो–** ना० [√ खाल्टो] खाडल परेको ठाउँ; खाल्टो; भड्खारो । **खौलोमा परेपछि डिँगो पनि चेल्छ** (उखान) ।

**खौल्याइ–** ना० [√ **खौलि** ⁄ **खौल्याउ** (+आइ)] खौलिने वा खौल्याउने क्रियाप्रक्रिया । [ > ] **खौल्याइनु–** क० क्रि० खाल्टो वा भड्खारोमा पारिनु । **खौल्याउनु–** प्रे० क्रि० खौलामा पार्नु; भड्खारामा जाक्नु ।

**खौवा–** वि० [खा+औवा] धेरै खाने; खन्चुवा; खवैया ।

**ख्याँच्–नु–** स० क्रि० १. कुनै बाजीमा प्रतियोगीलाई पछार्नु;

प्रतियोगितामा जित्नु । २. दबाउनु; सताउनु । > **ख्याँचिनु–** क० क्रि० ख्याँच्ने काम गरिनु ।

**ख्याइनु–** क० क्रि० [ख्याउ+इ+नु] १. नदीमा डुङ्गा, नाउ आदि चलाइनु; खियाइनु । २. खिइने पारिनु; खियाइनु ।

**ख्याउ-नु१–** स० क्रि० डुङ्गा आदि चलाउनु; खियाउनु ।

**ख्याउ-नु२–** प्रे० क्रि० [खिइ+याउ+नु] खिइने पार्नु; खियाउनु ।

**ख्याउटी–** वि० [ख्याउटो+ई] पातलो शरीरकी; दुब्ली; सिकटी ।

**ख्याउटे–** वि० [ख्याउटो+ए] दुब्लो र पातलो शरीर भएको; गाला भित्र पसेको; सिकटो; सिकटे; ख्याउटो ।

**ख्याउटो–** वि० [सं० खबर्ट] पातलो र दुब्लो शरीर भएको; सिकटे ।

**ख्याक–** ना० [नेवा० ख्या] १. प्रायः सहरका पुराना ठूला घरका अँध्यारो कुनामा बस्ने र तर्साउने भनिएको भूत । वि० २. साह्रै दुब्लो र बूढो ।

**ख्याकख्याक–** ना० [अ० मू० ख्याक्+अ (द्वि०)] १. खोक्ता घाँटीबाट निस्कने आवाज । क्रि० वि० २. ख्याकख्याक आवाज आउने गरी । > **ख्याकख्याके–** ना० ख्याकख्याक गरेर कराउने, स्यालजस्तो र स्यालकै जातको जङ्गली जन्तु; हाप्सिलो ।

**ख्यात–** वि० [सं०] ख्याति कमाएको; नाउँ चलेको; विख्यात; प्रसिद्ध । – **नामा–** वि० नाम चलेको; यश वा कीर्ति फैलिएको ।

**ख्याति–** ना० [सं०] नाउँ चल्ने क्रिया वा अवस्था; सिद्धि ।

**ख्याप्टो–** वि० हे० ख्याउटो ।

**ख्याप्लाक्क–** क्रि० वि० [अ० मू० ख्याप्लाक्+क] हाडछाला किङ्ग्रिङ्ग देखिने गरी (दुब्लाउने किसिम) ।

**ख्याम्सो–** वि० १. निर्धो; लुलो । २. दुब्लो; पातलो ।

**ख्याल१–** ना० [अ० खयाल] १. विचार; विवेक; सोचाइ । २. सम्झना; समझ ।

**ख्याल२–** ना० [√ खेल] १. गम्भीरतासाथ नलिइने वा जिस्किने र रमाइने कुरो; ठट्टा; हँसीदिल्लगी । २. खेलबाड; खेलाँची; हेलचेक्र्याइँ । ३. ज्यादै तन्काइएको लयमा गाइने प्रणाली । – **ठट्टा–** ना० हँसीदिल्लगी; ठट्टा; ख्याल । > **ख्याली–** ना० १. विशेष चाडपर्वमा वा पूजाआजामा खैंजडी, मजुरा आदि बजाउँदै गाइने लोकगीत; चुड्का । २. तन्नेरीतरुनीहरू भेला भई गाइने एक प्रकारको जुवारी । वि० ३. खूब ख्यालठट्टा गर्ने स्वभावको; ठटचौलो ।

**ख्यासख्यास–** क्रि० वि० [अ० मू० ख्यास्+अ (द्वि०)] १. छिटोछिटोसँग वा मन नलगाई (कुनै कुरा लेख्ने किसिम) । २. घाँटीमा सकसक लाग्ने गरी । ३. मनै नदिई (कुनै वस्तु रगड्ने किसिम) ।

**ख्यास्स–** क्रि० वि० [अ० मू० ख्यास्+स] १. बेवास्ता झल्कने गरी (नरम वस्तुमा कुनै तीखो, साह्रो वस्तु घुसार्ने किसिम) । २. रगड्ने चालले । > **ख्यास्सिनु–** अ० क्रि० तलतिर लाग्नु; उँधो झर्नु; लछारपाटो लाउनु ।

**खिस्टीय–** वि० [अङ्० क्राइस्ट] १. खिस्टसँग सम्बन्धित; इसासम्बन्धी । २. क्राइस्टको जन्मदिनदेखि गणना गरिएको ।

**ख्वाँट्टा–** वि० १. आलोपालो गरी खेलिने खेलमा सबैभन्दा पछि पालो आउने । ना० २. सबभन्दा पछिल्लो खेलाडी ।

**ख्वाकख्वाक–** क्रि० वि० [अ० मू० ख्वाक्+अ (द्वि०)] १. घाँटीबाट लगातार खोकेको जस्तो धोत्रो आवाज निस्कने गरी; ख्याकख्याक । २. लगातार आवाज आउने गरी (खोक्ने किसिम) ।

**ख्वाक्क–** क्रि० वि० [अ० मू० खयाक्+क] खोक्ता घाँटीबाट धोत्रो, कम्पित, तीखो आवाज आउने गरी ।

**ख्वाट्ट–** क्रि० वि० [अ० मू० ख्वाट्+ट] केही नगरीकन; अनायासमै (कुनै काम हुने किसिम) ।

**ख्वातख्वात–** क्रि० वि० [अ० मू० ख्वात्+अ (द्वि०)] कुनै लेदो वस्तु खस्ता आवाज आउने गरी । > **ख्वातख्वाती–** क्रि० वि० अझै चड्कासित ख्वातख्वात हुने गरी ।

**ख्वात्त–** क्रि० वि० [अ० मू० ख्वात्+त] सबै रित्तिने गरी (कुनै पन्यालो पदार्थ खसाउने वा खन्याउने किसिम) ।

**ख्वापख्वाप–** क्रि० वि० [अ० मू० ख्वाप्+अ (द्वि०)] नरोकिईकन (कुनै खाद्य वस्तु मुखमा हाल्ने किसिम); क्वापक्वाप । > **ख्वापख्वापती/ख्वापख्वापी–** क्रि० वि० अझै छिटो ख्वापख्वाप हुने गरी ।

**ख्वाप्प–** क्रि० वि० [अ० मू० ख्वाप्+प] १. एकै चोटि (कुनै डल्लो खाद्य वस्तु मुखमा हाल्ने किसिम); क्वाप्प । २. कुनै तीखो वस्तु रोपिने वा पस्ने गरी ।

**ख्वामित–** ना० [अ० खाविन्द] १. सम्मानबोधक शब्द; श्रीमान् । २. मालिक; प्रभु; स्वामी ।

**ख्वाम्म–** क्रि० वि० [अ० मू० ख्वाम्+म] पींधसम्म पुग्ने गरी (कुनै तीखो वस्तु रोप्ने किसिम); स्वाम्म ।

**ख्वाम्लाङ्ङ–** क्रि० वि० [अ० मू० ख्वाम्] चालै नपाई; एक्कासि (खाल्टामा पर्ने किसिम) ।

**ख्वारख्वार–** क्रि० वि० [अ० मू० ख्वार्+अ (द्वि०)] नरोकिईकन; स्वारस्वार । > **ख्वारख्वारती/ख्वारख्वारी–** क्रि० वि० नरोकिईकन; स्वाटस्वाटी ।

**ख्वार्र–** क्रि० वि० [अ० मू० ख्वार्+र] १. छिटो-छिटो चालसँग; नरोकीकन (दगुर्ने वा हिँड्ने किसिम) । २. गेडाहरू झर्ने वा पोखिने गरी; स्वार्र ।

**ख्वालख्वाल–** क्रि० वि० [अ० मू० ख्वाल्+अ (द्वि०)] कत्ति पनि नरोकिईकन पानी आदि पन्यालो पदार्थ बग्ने वा पोखिने किसिम; ह्वालह्वाल । > **ख्वालख्वालती/ख्वालख्वाली–** क्रि० वि० अझ तीखो रूपमा ख्वालख्वाल हुने गरी ।

**ख्वाले–** वि० [√ खोले] १. नचाहिँदो हल्ला गर्ने । २. असभ्य; गँवार ।

**ख्वाल्ल–** क्रि० वि० [अ० मू० ख्वाल्+ल] एकै बाजि खनिएर; नरोकिईकन (पानी आदि बग्ने वा पोखिने किसिम); ह्वाल्ल ।

**ख्वास्स–** क्रि० वि० [अ० मू० ख्वास्+स] थाहै नपाईकन; नचिताएको ढाँचाले; बिस्तारै हाल्ने, हुल्ने वा घुसाउने गरी; ह्वास्स ।

# ग

**ग**– १. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये तेस्रो व्यञ्जनवर्ण; कण्ठस्थानबाट उच्चारण हुने, स्पर्शी, घोष, अल्पप्राण व्यञ्जनवर्ण; कवर्गको तेस्रो वर्ण; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; गाइगोडे ग । २. कुनै वस्तु, विषय वा कुराको वर्गीकरण या मूल्याङ्कन गर्दा तेस्रो वा निम्न श्रेणीलाई छुट्ट्याई चिनाउन प्रयोग गरिने श्रेणीबोधक अक्षरसङ्केत; लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन उपविभाजनका निम्ति व्यञ्जनवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक तेस्रो चिह्न ।

**गँगटे**– ना० [गँगटो+ए] हातका औँलामा लगाइने घुम्रिएको औँठी; मुन्द्री; मुन्द्रो ।

**गँगटो**– ना० [सं० कर्कट] हिँड्नका लागि आठवटा खुट्टा हुने र च्याप्न र आफ्नो रक्षा गर्नका लागि दुईवटा सुँडजस्ता काँडादार अङ्ग हुने, पानीका छेउछाउका काप र ढाँडहरूमा बस्ने जलजीवी प्राणी ।

**गँगरि-नु**– अ० क्रि० जाडो वा चिसोले शरीरका अङ्गहरू कठ्याङ्ग्रिनु, गँगर्किनु; अररिनु ।

**गँगर्किनु**– अ० क्रि० जाडो वा चिसोले कठ्याङ्ग्रिनु; गँगरिनु । > **गँगर्क्याइ**– ना० गँगर्किने भाव, क्रिया वा प्रक्रिया । **गँगर्क्याइनु**– क० क्रि० जाडोले कक्रक्क पारिनु; गँगऱ्याइनु । **गँगर्क्याउनु**– प्रे० क्रि० जाडोले कक्रक्क पार्नु; परिस्थितिले गँगऱ्याउनु ।

**गँगऱ्याइ**– ना० [√ **गँगरि**(+याइ)] गँगरिने किसिम, क्रिया वा प्रक्रिया । [>] **गँगऱ्याइनु**– क० क्रि० जाडोले कक्रक्क पारिनु; गँगर्क्याइनु । **गँगऱ्याउनु**– स० क्रि०/प्रे० क्रि० १. जाडोले कक्रक्क पार्नु, गँगर्क्याउनु । २. गँगरिन लाउनु ।

**गँगौटी**– ना० [सं० गङ्गा+औटी] १. गङ्गाको स्पर्शले पखालिएर पवित्र भएको माटो । २. नदीका किनारको माटो; गङ्गामाटी ।

**गँजडी**– वि० [गाँजा+अडी] गाँजा खाने बानी भएको; गाँजाको अम्मली; गँज्याहा ।

**गँजौटो**– ना० [गाँज्+औटो] एक हातको पन्जामा अटाउन सक्नेसम्मको नापो; एक पसरको परिमाण ।

**गँज्याहा**– वि० [गाँजा+याहा] गाँजाको अम्मली; गँजडी ।

**गँडास**– ना० काठको आधारमा अडचाइएको, सुपारी काट्ने सरौतोजस्तो बिँड भएको, पराल, घाँस आदि काटेर भुसा बनाउने हतियार; तराईतिर घाँसबाट भुसा तयार पार्ने सरौताका आकारको हतियार ।

**गँडासो**– ना० [गँडास+ओ] दाउरा, मुढा, काठपात, घाँस आदि काट्ने काममा प्रयोग गरिने बिँड भएको हतियार ।

**गँडाहा**– वि० [गाँड+आहा] गाँड भएको वा गाँड उम्रेको; गँडोहो; गँडचाहा ।

**गँडेउलो**– ना०हे० गँड्यौलो ।

**गँडेरो**– ना० [सं० गन्धकर] १. हिलोमा बस्न रुचाउने सानो खालको माछो । २. गण्डकी नदीमा पाइने सोही जातको तर ठूलो आकारको माछो; राइगँडेरो ।

**गँडेला**– ना० [सं० गण्ड+एला] दुब्लो र पातलो देखिने साखिने खालको एक जातको माछो ।

**गँडोहो**– वि० [गँडहा] गाँड भएको; गँडाहा ।

**गँड्याहा**– ना० [गाँड+याहा] हे० गँडाहा ।

**गँड्यौलो**– ना० [सं० गण्ड+यौलो] १. वर्षाकालमा झरीका बेला बग्रेल्ती निस्कने, गोबर, मलको रास वा चिसो माटोमा घुस्रिएर बस्ने, प्राणीका पेटको जुकाजस्तो हाड नभएको, लगभग एक बित्तासम्म लमाइ हुने, तामोजस्तै रङको, राती टल्कने र सर्पझैँ घस्रिने कृमिवर्गको एक कीरो; गँडेउलो; बस्यौँलो ।

**गँथाइ**– ना० [गाँथ्+आइ] गाँथ्ने भाव, क्रिया वा प्रक्रिया ।

**गँदे**– ना०हे० गन्धेझार ।

**गँधारा**– ना० [दङ्०] मसिना खुट्टा हुने र अलि-अलि उड्ने, विभिन्न रङ भएको, छोइदिँदा ठस्स गनाउने खालको, प्रायः धानमा लाग्ने रोगाणुजातको कीरो; पतेरो ।

**गँधे**– ना० [सं० गन्ध] सखरखण्डका आकारका पात हुने, जरामा सखरखण्डकै जस्तो कन्द फल्ने, त्यसै फललाई थेबेझैँ कुटेर अचार खाइने, कडा गन्ध भएको एक जातको झार; गँदे ।

**गँवार**– वि० [हि० गाँव+वार] १. सहरिया सभ्यतादेखि टाढै बसेको वा भएको गाउँको बासिन्दा; गाउँले । २. शिष्टता नजानेको; असभ्य; मूर्ख ।

**गँवैया**– वि० [गाउँ+ऐया] गाउँमा बस्ने; गाउँले; ग्रामीण ।

**गँसाइ**– ना० [**गाँस**+(आइ)] गाँस्ने भाव, क्रिया वा प्रक्रिया । [>] **गँसाइनु**– क० क्रि० गाँस्न लाइनु । **गँसाउनु**– प्रे० क्रि० गाँस्न लाउनु । **गँसुवा**– वि० दुइटा जोडिएको; गाँसिएको । **गँसोट**– ना० १. गाँसिएको स्थिति वा अवस्था; गाँस । २. गाँस्ने प्रक्रिया । ३. गाँसिएको ठाउँ ।

**गइँनेनी**– ना० [गाइने+नी] गाएर जीवन-निर्वाह गर्ने जातकी आइमाई; गाइने जातकी स्त्री; गाइनेकी पत्नी ।

**गइनु**– अ० क्रि० [जा+इ+नु] जाने काम हुनु; जाइनु ।

**गउँत**– ना० [सं० गोमूत्र] १. गाईको मूत; गोमूत्र । २. चोखीनितीका निम्ति खाइने गाईको मूत । > **गउँते**– वि० १. गउँतको जस्तै रङ भएको; गउँतका स्वादको । २.सड्न थालेको । **गउँत्याइ**– ना० गउँत्याउने काम वा किसिम । **गउँत्याइनु**– क० क्रि० गाई-बाछीद्वारा मूत्रत्याग गरिनु । **गउँत्याउनु**– स० क्रि० गाईले गउँत दिनु; गाईले मुत्नु ।

**गउन**– ना० [सं० गम] हे० गौन ।

**गकार**– ना० [सं०] देवनागरी वर्णमालाको तेस्रो व्यञ्जनवर्ण; 'ग' अक्षर ।

**गगन**– ना० [सं०] १. आकाश; नभ; अन्तरिक्ष । २. शून्य । – **चर**– ना० १. आकाशमार्गबाट आवतजावत गर्ने देवता । २. ग्रह (तारा, नक्षत्र इ०) । ३. पक्षी । वि० ४. आकाशमा विचरण गर्ने; आकाशमार्गले हिँड्ने । – **चारी**– वि० आकाशमा हिँड्ने; गगनचर । – **चुम्बी**– वि० आकाशसम्म पुगेभैँ देखिने; अति अग्लो; आकाश छुने । – **धूलि**– ना० १. आकाशमा उड्ने वा तुवाँलोका रूपमा व्याप्त हुने मसिनु धूलो । २. केतकीको फूल फक्रिँदा परागको रूपमा उड्ने धूलो; केतकी पराग । – **भेदी**– वि० आकाशलाई भेदन गर्ने वा चिर्ने; आकाशभेदी; ठूलो र चर्को (शब्द वा स्वर) । ~**विहारी**– वि० गगनचारी (चन्द्र, सूर्य, पक्षी) । – **सिंह**– ना० वि०सं० १९०३ मा रहस्यमय ढङ्गले हत्या गरिएका एक भारदार । – **स्पर्शी**– वि० आकाशमा छुन पुग्ने; आकाश छुने; गगनचुम्बी ।

**गगल**– ना० [अङ्०] धूलोमैलो, घामको प्रखर किरण आदिबाट आँखा जोगाउन लगाइने कालो, नीलो आदि रङको चस्मा ।

**गग्रेटो**– ना० [गाग्रो+एटो] पानीका भरी गाग्रा राख्न बनाइएको ठाउँ; गाग्रो राख्ने आट वा टाँड ।

**गग्लेटो**– ना० हे० गौलेतो ।

**गङटो**– ना० हे० गँगटो ।

**गङ्गा**– ना० [सं०] १. हिमालय (गङ्गोत्री)-बाट निस्की दक्षिण-पूर्वी कोणतिर बग्दै गएर बङ्गोपसागरमा मिल्ने, हिन्दूहरूको पवित्र जलाशय र पितृमुक्तिको प्रतीक मानिएको भारतवर्षको प्रसिद्ध एक नदी; पुराणअनुसार सगरका छोराहरूको मुक्तिका निम्ति भगीरथ राजाले तपस्याद्वारा पृथ्वीमा ल्याइएको भनी प्रख्यात भएको नदी; भागीरथी; जाह्नवी । २. षड्चक्रको अभ्यास गर्ने योगसाधकको समाधि अवस्थामा प्रयोग हुने नाडी; ईडानाडी । ~**जमुना**– ना० १. महाभारत वा अन्य पुराणले र भारतवर्षको प्राचीन इतिहासले चर्चा गर्दै आएका, पुण्यका स्रोत मानिने, प्रयागमा मिलेका दुई नदी; गङ्गा र जमुना नदी; पाण्डवहरूको तीर्थयात्रामा चर्चित गङ्गा र कृष्णको कालीयदमनमा चर्चित नदी । २. कुनै पनि जुम्ल्याही दिदीबहिनी (नाम राख्ने चलनअनुसार) । ~**जमुनी**– ना० १. नित्यकर्म तथा पूजाआजामा पानी चढाउन प्रयोग गरिने, तामो, पित्तल आदि धातु मिसाएर बनाइएको (जलपात्र) । २. पित्तल वा ढलोट र फलाम गाँसी सितारमा जड्नका लागि बनाइएको पर्दा । – **जल**– ना० गङ्गा नदीको पानी; भागीरथीको जल (प्रायः देव-पितृकार्यमा प्रयोग गरिने वा स्वच्छता, पवित्रता र निर्मलताको सङ्केत दिने अर्थमा, उदा०– **गङ्गाजलले सूर्यलाई अर्घ** । – उखान) । ~**दशहरा**– ना० ज्येष्ठ शुक्ल प्रतिपदादेखि आरम्भ भई नियमित रूपमा स्नान गरी दशमीका दिन पापविमोचनका निम्ति हुने उत्सव; दशहरास्नानको समापन समारोह; दशहरा । – **द्वार**– ना० गङ्गा नदीले पहाडको बाटो छिचोली तराई प्रवेश गर्न लागेका ठाउँमा पर्ने तीर्थ; हरिद्वार । – **धर**– ना० शिरमा गङ्गाको वेग वहन गर्ने महादेव; शिव । ~**पुत्र**– ना० १. शन्तनु तथा गङ्गाका छोरा; भीष्म । २. गङ्गातटमा बसेर दान-दक्षिणा लिने ब्राह्मण; पण्डा । – **माटी**– ना० गङ्गा नदीका स्पर्शले बराबर पखालेर पवित्र बनाइएको माटो; नदीका तटको माटो । ~**यात्रा**– ना० १. मरण निश्चय भइसकेपछि बिरामीलाई जिउँदै घाटमा लैजाने काम । २. मृत्यु; मरण; परलोकको यात्रारम्भ । ~**लहरी**– ना० हावाका वेगले उठ्ने गङ्गाको तरङ्ग वा लहर । २. महाकवि जगन्नाथरचित गङ्गाविषयक प्रसिद्ध स्तुति-साहित्य । – **लाभ**– ना० हिन्दू-संस्कारअनुसार मोक्षपद प्राप्तिको कारण मानिने पवित्र स्थल, पुण्यनदी आदिमा भएको मरण; गङ्गातटको मृत्यु । ~**सागर**– ना० समुद्रमा गङ्गा मिलेको ठाउँ; हिन्दूहरूको एक प्रख्यात तीर्थ जनकपुरको एक प्रसिद्ध ताल ।

**गच्क-नु**– अ० क्रि० [गजक्क+नु] मनको खुसी वा फुर्ती देखाउने गरी गजक्क पर्नु; गम्कनु । > **गच्काइ**– ना० गच्कने क्रिया वा प्रक्रिया । **गच्काइनु**– क० क्रि० गच्कने पारिनु । **गच्काउनु**– प्रे० क्रि० गम्काउनु । **गच्किनु**– अ० क्रि० गच्कनु ।

**गच्छ-गच्छ**– ना० [सं०] १. जानुपर्ने ठाउँमा जाने वा आफ्नोआफ्नो बाटो लाग्ने काम; लाखापाखा; यत्रतत्र । २. विसर्जन; समाप्ति; टुङ्ग्याउनी ।

**गच्छे**– ना० [प्रा० गच्छ] १. जुनसुकै काम गर्न आवश्यक पर्ने भौतिक वा बौद्धिक साधन; सामर्थ्य; औकात; हैसियत । २. आर्थिक क्षमता; पुँजी; सम्पत्ति । ३. हकदार वा प्रतिनिधिलाई हक बुझाइदिने काम; जिम्मा ।

**गच्छ्याइ**– ना० [√ **गच्छ्याउ**(+आइ)] गच्छ्याउने भाव, क्रिया वा प्रक्रिया । [> ] **गच्छ्याइनु**– क० क्रि० गँसाइनु; जोडाइनु; खप्टचाइनु ।

**गच्छ्याउ-नु**– स० क्रि० [गुच्छा+याउ+नु] १. एकभन्दा बढी वस्तु वा टुक्राहरू गाँस्नु; जोड्नु; खाप्नु; अन्तर्भाव गराउनु; मिलाउनु; जोल्टचाउनु; अल्झाउनु । [गच्छे+आउ+नु] २. अर्काको मालसामान बुझाउनु; नासो जिम्मा लाइदिनु ।

**गज१**– ना० [सं०] १. हात्ती । २. ज्योतिषशास्त्रमा आठको अङ्क ।

**गज२**– ना० [फा०] १.गजप्रणालीमा सोह्र गिरा वा छत्तीस इन्च अर्थात् तीन फुट लमाइको नापो । २. दुई हात लमाइबराबरको नाप्ने डन्डी । ३. सारङ्गी, बेला आदि बजाउने साधन; कमानी; गजो । ४. घाउ-खटिरा आदिमा औषधी लगाइने सुल्लो । ५. कुनै वस्तुको चौडाइतिरको भाग । ६. भरुवा बन्दुकमा बारुद र लत्ता खाँद्ने फलामे डन्डी । वि० ७. दुई हात लमाइ भएको; तीन फुटको ।

**गजक**– ना० [फा०] रक्सी खाइसकेपछि मुखको स्वाद फेर्न खाइने मसला जातको कुनै खानेकुरो ।

**गजक्क–** क्रि० वि० [अ० मू० गजक्+क] रिसले वा फुर्ती र धाकले गम्किने गरी; गमक्क ।

**गजगज–** क्रि० वि० [अ० मू० गज्+अ (द्वि०)] १. गिलो वा लेदो वस्तुलाई मुछ्ने वा मथेल्ने किसिमले । २. मान्छेले रोगले आक्रमण गरेका बेला अथवा बस्तुभाउले त्यस्तै साह्रो घाँस खाएका बेला मुखबाट फीँज काढ्ने गरी । >**गजगजी–** क्रि० वि० शीघ्रताका साथ मुखबाट फीँज निस्कने किसिमले ।

**गजगिरी–** ना० [गज+गिरि] पुल, साँघु आदि बनाउँदा लट्ठालाई दरो र तन्किलो पार्न वरिपरिका जमिनमा गाडी ढुङ्गा, इँट आदिले बलियो बनाइएको खम्बा; सेतुस्तम्भ ।

**गजघट्ट–** क्रि० वि० [गज+घट्ट] कुनै काम नगरी, अनावश्यक रूपमा ठाउँ ओगटेर समय बिताउने ढाँचाले; हात्ती बसेझैँ बस्ने किसिमसँग; ढसमस्स ।

**गजज्ज–** क्रि० वि० हे० गजगज ।

**गजटो–** ना० एउटा हातले समातेर वा उभाएर झिक्दा आउन सक्ने अन्न, घाँस, पराल आदिको परिमाण । >**गजटचाइ–** ना० गजटचाउने क्रिया वा प्रक्रिया । **गजटचाइनु–** क० क्रि० हातको पन्जामा अटाएसम्म झिकिनु; गमर्क्याइनु ।। **गजटचाउनु–** स० क्रि० हातले गमर्क्याउनु; हातमा अट्न सकेजति झिक्नु; हातले भ्याएसम्म उभाउनु; गमर्क्याउनु ।

**गजदन्त–** ना० [सं०] १. हात्तीको दाँत; हस्तीदन्त । २. गणेश । ~ **मणि–** ना० हात्ती पूरै छिप्पिएपछि त्यसका दाँतभित्र पाइने ठूला खालको मोतीका दानाजत्रो पदार्थ; हात्तीका दाँतको बहुमूल्य पदार्थ ।

**गजदान–** ना० [सं०] १. मस्त उमेर भएका हात्तीको मद । २. विधिपूर्वक गरिने हात्तीको दान ।

**गजधम्म–** क्रि० वि० [गजधुम्म] ठूलो रास वा थुप्रो परेर रहने किसिमले; नचलमलाईकन; धुमधुमती । >**गजधम्मे–** वि० गजधम्म परेको; टसको मस नभई बस्ने ।

**गजधुम्म–** क्रि० वि० [सं० गज+ प्रा० धुम्म] हे० गजधम्म । >**गजधुम्मे–** गजधुम्म परेको; गजधम्मे ।

**गजपाल–** ना० [सं०] हात्तीको पालनपोषण गर्ने मान्छे; हात्तीको रखवारी गर्ने व्यक्ति; माहुते ।

**गजपिप्पली–** ना० [सं०] ठूलो जातको पिप्ला ।

**गजब–** वि० [अ०] १. विशेष किसिमको; अनौठो; विलक्षण; अद्भुत । ना० २. आश्चर्य; छक्क ।

**गजबन्धन–** ना० [सं०] हात्ती बाँध्ने थाम वा ठूलो मोटो कीलो; खमारी ।

**गजबार१–** ना० [फा० गज+ सं० वारण] ढोका बन्द गर्न गारैमा जडिएको लामो गर्भे आग्लो; बिरेआग्लो ।

**गजबार२–** ना० विशेष गरी डोरी, नाम्ला, दाम्ला आदि बनाउन पाटका रूपमा प्रयोग गरिने हरियो रङ्गका लामा-लामा डुँड आकारका लोप्रा हुने र ती लोप्राको दुवै छेउ र टुप्पामा घोच्ने काँडा भएको ठूलाठूला झ्याङ हुने र त्यसै झ्याङबाट निस्किएको टुसो बढी फुटेर फलसमेत लाग्ने एक थरी बुटो ।

**गजमणि–** ना० [सं०] हात्तीका मस्तकमा रहने रातो रङको विशिष्ट प्रकारको मोतीजस्तो देखिने अमूल्य पदार्थ; गजमुक्ता; गजमोती ।

**गजमुक्ता–** ना० [सं०] हे० गजमणि ।

**गजमोती–** ना० [सं० गजमुक्ता] हे० गजमणि ।

**गजमोरो–** ना० हे० गज्मौरो ।

**गजर–** ना० [सं० गर्ज] समय-सङ्केतक घण्ट बज्नुभन्दा पहिले वा पछि बज्ने बाजा (कुनै टेबुल वा भित्ते घडी आदिमा); बीचमा दिइने घण्ट, घण्टी आदिको नाद वा आवाज ।

**गजरा–** ना० [सं० गुच्छट] १. मान्द्रेमेसो बुट्टा देखिने गरी बुनिएको परालको सुकुल । २. मोटो र बाक्लो देखिने हिसाबले उनेको फूलको माला; पुष्पहार ।

**गजराज–** ना० [सं०] १. ठूलो हात्ती; श्रेष्ठ हात्ती; बथानको नाइके हात्ती । २. इन्द्रको वाहन; ऐरावत ।

**गजल–** ना० [अ०] उर्दू र फारसीमा लेखिने, नायिकाको सौन्दर्य र उसप्रतिको प्रेमको वर्णन हुने त्यस्तो कविता-भेद जसमा ५ देखि ११ सम्म शेर (युग्मक) हुन्छन् । सबै शेर एउटै रदिफ (काफियापछि आउने शब्दसमूह) र काफिया (अन्त्यानुप्रास) मा रचिएका हुन्छन् र प्रत्येक शेरको विषय भिन्न हुन्छ । पहिलो शेर मत्ला कहिन्छ र यसका दुवै मिसरा (पङ्क्ति) सानुप्रास हुन्छन् अनि अन्तिम शेर मक्ता कहिन्छ र यसमा शायरले आफ्नो उपनाम प्रस्तुत गर्दछ ।

**गजशाला–** ना० [सं०] हात्तीहरू बाँध्ने घर वा ठाउँ; हात्तीसार ।

**गजानन–** ना० [सं०] हात्तीको जस्तो मुख भएका देवता; गौरीपुत्र; गणेश ।

**गजिलो–** वि० [फा० गज] गज वा चौडाइतिरको भाग फराकिलो भएको; ठूलो गजको ।

**गजी–** वि० [गज+ई] ठूलो गज भएको; गजिलो । – **खल–** ना० वैद्यहरूको रसादि औषधी पिँध्ने ठूलो र गहिरो खालको खल ।

**गजुर–** ना० [फा० गुर्ज] देवदेवीका मन्दिरमा राखिने शिखरका आकारको ठाडो चुच्चे धुरी; कलश ।

**गजुवा–** वि० कालो रङको शरीर र खैरो रङको टाउको वा थुतुनो भएको (गोरु) ।

**गजेट–** ना० [अङ०] सर्वसाधारणको जानकारीका लागि आधिकारिक र औपचारिक कुरा प्रकाशित गरिने सरकारी पत्र; राजपत्र । >**गजेटेड–** वि० १. राजपत्रमा उल्लेख भएको; राजपत्राङ्कित (पद, सूचना, नाम इ०) । २. अधिकृत स्तरको ।

**गजेटो–** ना० [गाज+एटो] उखुको रसबाट खुदो वा सखर बनाउँदा र ज्यामिर आदिको चुक पकाउँदा गाजको रूपमा मैलो फीँज निकाल्ने बेल्चाका आकारको चोयाको साधन ।

**गजेन्द्र–** ना० [सं०] १. गजराज; ठूलो हात्ती; श्रेष्ठ हात्ती । २. ऐरावत; इन्द्रको वाहन । – **मोक्ष–** ना० १. पुराण आदिका

अनुसार हात्तीलाई ग्राहले समातेका बेला विष्णुले सुदर्शन चक्रद्वारा ग्राहलाई मारी गजराजलाई बचाएको प्रसङ्गमा आधारित कथानक । २. दैवी विपत्तिमा बहादुरीपूर्वक कार्य गर्ने व्यक्तिलाई प्रदान गर्ने उद्देश्यले १९९५ सालमा स्थापित नेपालको एक राष्ट्रिय पदक ।

**गजो–** ना० [फा० गज] १. बेला, सारङ्गी आदि तारका बाजाहरू रेटेर बजाइने धनुजस्तो आकारको साधन; गज । २. टचाम्को, दमाहा, नगराजस्ता छालाले मोरेका बाजा बजाइने छोटो-छोटो डन्डी । ३. हनुमान् नाच्ने नचुवाहरूले परस्परमा जुधाउन लिने लौरो ।

**गज्क-नु–** अ० क्रि० [गजक्क+नु] गजक्क पर्नु; गच्कनु; गम्कनु । >**गज्काइ–** ना० गज्कने क्रिया वा प्रक्रिया । **गज्काइनु–** क० क्रि० गज्कन लाइनु; गजक्क पारिनु । **गज्काउनु–** प्रे० क्रि० गजक्क हुने पार्नु; गज्कन लाउनु; गम्काउनु । **गज्किनु–** अ० क्रि० १. गजक्क परिनु । २. गच्कनु; गम्कनु ।

**गज्ज–** क्रि० वि० [अ० मू० गज्+ज] गिलो वस्तु एकै पल्ट मुछ्ने, मथेल्ने वा मुखबाट धेरै फीँज काढ्ने किसिमले ।

**गजमोरो–** ना०हे० गज्मौरो ।

**गज्मौरिनु–** अ० क्रि० [गज्मौरो+इ+नु] १. गजमज र खजमज हुनु; एकै ठाउँमा गुजुमुज्ज हुनु । २. अलपत्र पर्नु; बिथोलिनु ।

**गज्मौरो–** ना० १. मालसामानको थान्कोमान्को हुन नसकी असरल्ल परेको स्थिति; अलपत्र परेका मालतालको समूह; गज्मोरो । २. घन्चमन्च गरेर बस्नुपर्ने चाल; एकै ठाउँको गुजुमुज्ज बसाइ वा ठेलमठेल । ३. साँगुरो अवस्था; भीडभाड ।

**गज्याङगुजुङ/गज्याङमज्याङ–** क्रि० वि० [अ० मू० गज्याङ (द्वि०)] १. अनेक प्रकारका वस्तु एकै ठाउँमा अव्यवस्थित ढङ्गले मिसमास हुने किसिमले । ना० २. त्यस्तो अव्यवस्थित स्थिति वा ढङ्ग ।

**गज्यौटो–** ना० [गाजल+औटो] गाजल राख्ने भाँडो; गाजलको बट्टा ।

**गट्टा–** ना० [गट्टो+आ] १. केटाकेटीले खेल्ने मसिना र गोल मिलेका ढुङ्गाका टुक्रा । २. कमलको फूल वा गेडा । ३. नरिवल, बेल आदिको फल । ४. नरिवल वा गुड्गुडे हुक्काको पानी रहने भाँडो । ५. टुपी नराख्ने जातिलाई हियाउँदा भन्ने शब्द । ६. गोल वा डल्लो वस्तु । – **गट्टी–** ना० गट्टा र गट्टीको समूह; साना-ठूला धेरै गट्टा । >**गट्टी–** ना० १. गुच्चा खेलमा पहिलोपल्ट हानिने ठाउँमा राखिने ढुङ्गा वा अरू वस्तु । २. गट्टाको खेलमा प्रयोग गरिने मसिना, बाटुला ढुङ्गा वा अरू कुनै साना र डल्ला वस्तु; गट्टा । ३. कलमको पाइपनिर राखिने एक किसिमको ढिम्री ।

**गट्टे–** ना० [गट्टो+ए] १. फल वा गेडा झारिसकेको तोरी, फापर, तिल आदिको बोट; जरुवा । वि० २. गट्टाका ढाँचाको; गट्टा भएको । ~**पिङ–** ना० दायाँ-बायाँ दुवैतिर पाङ्ग्रा राखी बीचको फल्याकमा मान्छे बस्ने र डोरी वा लट्ठीले तानेर पिङका रूपमा खेलिने केटाकेटीको एक खेल ।

**गट्टो–** ना० कटहर आदिको कलिलो फल; छिप्पिइनसकेको फर्सी; कैँडो ।

**गट्ठा१–** ना० १. जमघट; भेला वा जम्मा; गठ । २. बलियो गरी कसेको ठूलो भारी ।

**गट्ठा२–** ना० तोप, बन्दुक आदि अस्त्रको गोली, बारुद आदि विस्फोटक वस्तु । – **घर–** ना० सेना वा सैनिकसम्बन्धी हातहतियार, गोला, बारुद आदि राख्ने सरकारी घर; शस्त्रागार ।

**गठ–** ना० १. एकै ठाउँमा एकै उद्देश्यले हुने धेरै जनाको बटुलो; जम्मा; भेला । २. मतो वा सल्लाह मिलेका मानिसहरूको समूह ।

**गठन–** ना० १. कुनै निश्चित उद्देश्यको परिपूर्तिका निम्ति कुनै दल वा संस्थाको निर्माण । २. बनाउने काम; सङ्घटन; निर्माण; रचना । – **कर्ता–** वि० गठन गर्ने वा बनाउने; सङ्गठित रूप दिने ।

**गठनी–** ना० [सं० ग्रन्थनी] १. गाईबस्तु बाँध्ने दाम्लाको गाँठो; गलमगाँठो ।

**गठबन्धन–** ना० [गठ+बन्धन] १. कुनै कामकुराका लागि एक भएर मिल्ने काम; परस्परको मिलोमतो । २. कुनै स्वार्थसिद्धिका लागि गरिने आपसी साँठगाँठ ।

**गठरि-नु–** अ० क्रि० [गठरो+इ+नु] १. गाँठागाँठा पर्नु; गठरी वा पोकोजस्तो हुनु; जोल्टिनु; लठारिनु । २. पुड्को वा ग्याँचे हुनु; ग्याँच्च परेको हुनु । ३. साह्रो हुनु ।

**गठरी–** ना० [गठरो+इ] १. रुमाल, बर्को, चादर आदिमा केही वस्तु हाली गठ्याइएको सानो पोको; पोकोपन्तरो; कुटुरो । वि० २. होचो कदकी; होची (हेय) । – **मठरी–** ना० धेरै सरसामान गठ्याइएका पोका वा कुटुराको समूह; पोकोपन्तरो ।

**गठरो–** वि० १. गाँठैगाँठा परेको; गठरिएको । २. बढ्न नसकेर गान्टिएको; पुर्सुने; पुड्को । ना० ३. ठूलो पोको ।

**गठ्याइ–** ना० [√**गठरि** (+याइ)] गठरिने भाव क्रिया वा प्रक्रिया । [>] **गठ्याइनु–** क० क्रि० गठरो पारिनु; जोल्टचाइनु । **गठ्याउनु–** स० क्रि० १. पोको पार्नु; गाँठो पार्नु; कुम्ल्याउनु । २. अल्झाउनु; जोल्टचाउनु ।

**गठिउन–** ना० [सं० ग्रन्थिपर्ण] १. आँख्लाका दुवैपट्टि पात पलाउने, त्यसै ठाउँबाट हाँगा हाल्ने र नीला फूल फुल्ने, बुटीका निम्ति उपयोगी एक सुगन्धयुक्त वनस्पति ।

**गठित–** वि० [सं०] १. कुनै कार्यको सञ्चालनका लागि बनाइएको वा तयार पारिएको; गठन गरिएको ।

**गठियावात–** ना० [सं० ग्रन्थिवात] शरीरका जोर्नीजोर्नी सुनिएर दुख्ने एक किसिमको बाथरोग; आँख्लेबाथ ।

**गठिलो–** वि० [गाँठो+इलो] पोटिलो र दह्रो; खँदिलो; भरिलो ।

**गठे–** ना० [नेवा० गथु] १. तान्त्रिक मत वा धर्मपरम्परा मान्ने नेवारजातिको पुजारीजस्तो एक वर्ग । वि० २. बुद्धि नभएको;

गल्डचाङ्ग्रो; गोजेरो ।

**गठेचा**– ना० [नेवा० गथुचा] चिप्लो र लेस्याइलो एक थरी माटो ।

**गठेमङ्गल**– ना० [नेवा० गथामुगल] १. श्रावण कृष्णपक्षको चतुर्दशीको दिन । २. श्रावण कृष्ण चतुर्दशीका दिन पूजा गरिने कल्पित राक्षस; घण्टाकर्ण ।

**गठेरो**– वि० [गठे+एरो] १. राम्ररी बोल्न नसक्ने; गल्डचाङ्ग्रो; लठेब्रो । २. बुद्धि नभएको; गठे ।

**गठ्याङगुठुङ**– ना० [अ० मू० गठ्याङ (द्वि०)] १. स्पष्टसँग बुझ्न नसकिने र क्रमबद्ध पनि हुन नसकेको कामकुरो वा विषय; जालेमाले भएको काम । २. जो भएको सबै वस्तु; भएजति सरसामान ।

**गठ्याङमठ्याङ**– ना० [अ० मू० गठ्याङ् (द्वि०)] १. गठ्याङगुठुङ; गज्याङगुजुङ २. झगडा; मनोमालिन्य ।

**गठ्याङ्ग्रो**– वि० [गाँठी+याङ्ग्रो] शरीर सलक्क भई बढ्न नसकेको; ग्याँचे; गठरो ।

**गड**– ना० [सं०] १. पर्दा आदिले छेकिएको ठाउँ; छेकाबार । २. खोलो; नदी । ३. खाल्टो; खोल्सो । ४. इलाका; हाता ।

**गडगड**– क्रि० वि० [अ० मू० गड(द्वि०)] मेघ गर्जेजस्तो शब्द आउने गरी । > **गडगडाइ**– ना० गडगड शब्द निकाल्ने क्रिया वा प्रक्रिया । **गडगडाइनु**– अ० क्रि० गडगड शब्द निकालिनु; ठूलो स्वरले गर्जिनु । **गडगडाउनु**– अ० क्रि० १. गडगड शब्द निकाल्नु; गर्जिनु । २. बडो फुर्तीसाथ आइजाइ गर्नु । **गडगडाहट**– ना० गडगडाउने किसिम वा चाल ।

**गडगाडि-नु**– अ० क्रि० [गडगड+इ+नु] अरूलाई मन नपर्ने खालको कुरो गर्नु; बकबकिनु । > **गडगड्याइ**– ना० गडगडिने क्रिया वा प्रक्रिया ।

**गडतीर**– ना० [गड+तीर] १. खोलाको वारि र पारिका किनारको पत्थरिलो वा ढुङ्ग्यान जमिन; खोलाको प्रायः अक्करिलो तीर । २. पानी लाग्न सक्ने वा नसक्ने ससानो बगर । ३. नदीतट ।

**गडन्ता/गडन्ते**– वि० [गड्+अन्ता/अन्ते] १. कुनै काममा घोरिने र त्यस कामलाई फत्ते गर्न खट्ने स्वभावको । २. गहिरोसम्म गाडिने (घोचो, घारो, कुरो इ०) । ३. काल्पनिक; मनगडन्ते ।

**गडप**– ना० [गड्+अप] १. गहिराइसम्म पुग्ने वा डुब्ने काम । २. अर्काको सामान लिएपछि नदिने चाला; धितो पचाउने काम; हडप ।

**गडबड**– ना० [गड्+बढ्] नियमअनुसार नभई तलमाथि पर्ने काम; गोलमाल; अन्डबन्ड । > **गडबडाइ**– ना० गडबड गर्ने वा गडबडाउने भाव, क्रिया वा प्रक्रिया । **गडबडाइनु**– अ० क्रि० गडबड होइनु । **गडबडाउनु**– अ० क्रि० तलमाथि परी अव्यवस्थित देखिनु; गडबड हुनु; गोलमाल हुनु । **गडबडिनु**– अ० क्रि० गडबड होइनु; तलमाथि परिनु । **गडबडे**– वि० १. गोलमाल भएको; तलमाथि परेको; सिलसिला नमिलेको । २. गडबड गर्ने; जथाभाबी गर्ने । **गडबड्याइ**– ना० गडबडिने भाव, क्रिया वा प्रक्रिया । **गडबड्याइनु**– क० क्रि० गोलमाल गरिनु; गडबड पारिनु । **गडबड्याउनु**– प्रे० क्रि० क्रम वा नियम बिगार्नु; गडबड पार्नु; गोलमाल गर्नु ।

**गडऱ्याङगुडुरुङ**– क्रि० वि० [अ० मू० गडऱ्याङ्+अ(द्वि०)] १. मेघ गर्जने किसिमले । ना० २. मेघ गर्जंदाको गडचाङगुडुङ ध्वनि ।

**गडऱ्याङ्ङ**– क्रि० वि० [अ० मू० गडऱ्याङ्+अ (द्वि०)] चटचाङ पर्दा वा मेघ गर्जंदा ठूलो आवाज आउने किसिमसित ।

**गडल**– वि० [गड्+अल] गहिरोसम्म भासिएको; गड्ने खालको । – **गाडल**– ना० गाड्नेवर्ने काम ।

**गडाइ**– ना० [√ **गड्**(+आइ)] १. गड्ने भाव, क्रिया वा प्रक्रिया । [√ **गाड्**(+आइ)] २. गाड्ने भाव, क्रिया वा प्रक्रिया । [> ] **गडाइनु**– क० क्रि० गड्न वा गाड्न लाइनु । **गडाउ**– वि० १. गाडिएको वा धसिएको; गड्वा । २. मुद्दा-मामिला वा चारित्रिक अभियोगमा कसुरदार ठहरिँदै गएको । **गडाउनु**– प्रे० क्रि० १. भास्न लाउनु; गड्न लाउनु । २. गाड्न लाउनु । **गडिनु**– अ० क्रि० गाडिनु; भासिनु ।

**गडी**– ना० [बा० बो०] गेडागुडी खानेकुरो (मकै, चना, भटमास इ०) ।

**गड्वा१**– ना० [√ करुवा] टुटी गाँसिएको पानीको भाँडो; करुवा ।

**गड्वा२**– वि० [गड्+उवा] गडेको वा गाडिएको; गडल ।

**गडेरी**– ना० [गड्ढा+एरी] सानोतिनो खोल्सामा वा सुलसुले र मैलो पानी भएको ठाउँमा हुने एक जातको माछो ।

**गड्कनु**– अ० क्रि० [तुल० कड्कनु, गर्जनु] रवाफिलो पाराले वा डरधाक देखाउने उद्देश्यले आवेगमा आएर ठूलो स्वरले बोल्नु; कड्कनु; गर्जनु । > **गड्काइ**– ना० गड्किने भाव, क्रिया वा प्रक्रिया । **गड्काइनु**– क० क्रि० फुर्ती देखाइनु; कड्काइनु । **गड्काउनु**– प्रे० क्रि० गड्कने पार्नु; रवाफ देखाउनु । **गड्किनु**– अ० क्रि० १. रवाफ वा फुर्तीसाथ बोलिनु; कड्किनु । २. गड्कनु ।

**गड्ढा**– ना० [सं० गर्त] जमिनमा खनेर वा आफैँ खोलिएर बनेको खाल्डो; खाडल; खाडी ।

**गड्चाङगुडुङ**– क्रि० वि० [अ० मू० गडचाङ्+अ(द्वि०)] १. मेघ गर्जंदाझैँ ठूलठूलो आवाज आउने किसिमले ।२. कुनै पनि गह्रौं सामान यताउति थचारिँदाझैँ आवाज निस्कने गरी । ना० ३. मेघको गर्जन; बादलको कड्काइ । ४. गडबड; गोलमाल ।

**गड्चाङमड्चाङ**– ना० [अ० मू० गडचाङ्+अ(द्वि०)] गोलमाल; गडबड ।

**गड्चाङ्ङ**– क्रि० वि० [अ० मू० गडचाङ्+ङ] चटचाङ वा वज्र पर्दाझैँ ठूलो आवाज आउने चालले ।

**गढ्-नु**– अ० क्रि० १. कुनै विषयमा भित्री तहसम्म पुग्नु; गहिरिनु; एकाग्रतासाथ लाग्नु । २. कुनै तीखो वस्तु वा पेचिलो कुरो मर्मसम्म पुग्नु; गड्नु; बिझ्नु । ३. असत्य वा अजमाएका कुरामा

लाग्नु ।

**गढ–** ना० [सं० गड] १. प्राचीन राज्य-व्यवस्थामा सुरक्षाको बन्दोबस्त मिलाउने ठाउँ वा गौंडो । २.सेना वा हातहतियार तैनाथ गरिएको ठाउँ; गढी; किल्ला; दुर्ग ।

**गढन्त–** वि० [गढ्+अन्त] १. कुनै विषयमा गम्भीररूपले विचार गर्ने; विचारवान् । २. वास्तविकता नभए पनि कुराले ठिक्क पारिएको; हो जस्तो बनाइएको । ३. काल्पनिक; गडन्ता ।

**गढाइ–** ना० [√ **गढ** (+**आइ**)] गढ्ने क्रिया वा प्रक्रिया । [>] **गढाइनु–** क० क्रि० गहिरो रूपमा विचार गर्न लाइनु । **गढाउनु–** प्रे० क्रि० गहिराइसम्म पुऱ्याउनु; विचार गर्ने पार्नु । **गढिनु–** अ० क्रि० गहिरिएर सोचिनु; अजमाइनु ।

**गढी–** ना० [गढ+ई] सानो गढ (चिसापानी गढी, सिँधुली गढी, उदयपुर गढी इ०) ।

**गण–** ना० [सं०] १. कुनै एक विषयमा समानता भएका मानिस वा देवताको समुदाय; जमात; समूह; वर्ग । २. चर; दूत । ३. अनुचर; सेवक । ४. शिवका पार्षद वा अनुचरहरूको दल । ५. छन्दशास्त्रअनुसार लघुगुरुका हिसाबले रहेका तीनतीन अक्षरको आठ समूह (यगण, मगण, तगण, रगण, जगण, भगण, नगण र सगण) । ६. पाणिनिका व्याकरणमा एकएक जमातमा छुट्ट्याइएका भू, अद्, चुर् आदि धातुसमूह । ७. ज्योतिषशास्त्र-अनुसार मानिसमा रहेका तथा वरवधूका जन्मपत्रिका हेर्दा जुराइने देवगण, मनुष्यगण, राक्षसगण जस्ता तीन तहमध्ये कुनै एक । ८. बहुवचन जनाउने एक चिह्न (महिलागण, सज्जनगण इ०) ।

**गणक–** वि० [सं०] १. गणना गर्ने; गन्ने । ना० २. हिसाब गर्ने यन्त्र (क्यालकुलेटर) । ३. गणित-ज्योतिषी; दैवज्ञ ।

**गणचिह्न–** ना० [सं०] आफ्ना पुर्खाहरूको सम्झनामा सङ्केतस्वरूप पुजिने चिह्न ।

**गणतन्त्र–** ना० [सं०] १. देशको शासनप्रणाली स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै जनताद्वारा निर्वाचित प्रतिनिधिहरूबाट सञ्चालित हुने राजनीतिक व्यवस्था; जनतन्त्र । **– वादी–** ना० गणतन्त्रमा विश्वास गर्ने वा गणतन्त्रका सिद्धान्तअनुसार चल्ने; गणतन्त्रको पक्षपाती । > **गणतन्त्री–** वि० १. गणतन्त्रसम्बन्धी; गणतन्त्रका सिद्धान्तअनुरूपको । २. गणतन्त्रको अनुयायी । **गणतन्त्रीय–** वि० गणतन्त्री । **गणतान्त्रिक–** वि० गणतन्त्री ।

**गणदेवता–** ना० [सं०] समूहका रूपमा रहने देवता, आदित्य, विश्वदेवा, वसु, तृषित, अभाश्वर, अनिल, महाराजिक, साध्य र रुद्र – यी देवताको समूह ।

**गणद्रव्य–** ना० [सं०] सामूहिक हितका निम्ति कुनै संस्थामा जम्मा गरिएको धनराशि; साझा सम्पत्ति ।

**गणन–** ना० [सं०] गन्ने काम; गन्ती; गणना ।

**गणना–** ना० [सं०] १. गन्ती गर्ने काम; गनाइ । २. हिसाब; लेखा । ३. श्रेणी वा स्तरको निर्धारण; मान्ने काम ।

**गणनायक–** ना० [सं०] १. गणेश; गौरीपुत्र; गणपति । २. कुनै गणको वा समूहको नायक; दलको नेता ।

**गणपति–** ना० [सं०] १. गणेश; गणनायक । २. कुनै गण वा समूहको नेता । ३. सैनिक गणको प्रमुख ।

**गणपाठ–** ना० [सं०] एउटै नियमभित्र आउन सक्ने शब्दसमूह ।

**गणपूरक–** वि० [सं०] सभा, बैठक आदि सञ्चालन गर्दा कुनै प्रस्ताव पारित गर्न आवश्यक पर्ने अथवा गणपूर्तिका निम्ति तोकिएअनुसारको (सङ्ख्या) ।

**गणपूर्ति–** ना० [सं०] बैठक वा सभाको सञ्चालन गर्नका निम्ति नियमविधानअनुसार चाहिने सदस्यहरूको उपस्थिति; सदस्यसङ्ख्याको पुग्दो भेला (कोरम) ।

**गणराज्य–** ना० [सं०] प्लेटोद्वारा परिकल्पित तथा स्वायत्त शासनका गणमा सम्बद्ध राज्य; गणतन्त्री राज्य ।

**गणिका–** ना० [सं०] मूल्य लिएर यौवन बिक्री गरी जीविका चलाउने स्त्री; वेश्या; रन्डी ।

**गणित–** ना० [सं०] १. सङ्ख्या र परिणामसम्बन्धी विषयको शास्त्र; हिसाबको ज्ञान गराउने शास्त्र । २. गन्ने काम; गणना । वि० ३. हिसाब गरिएको; गणना गरिएको । **– ज्ञ–** वि० १. गणित जान्ने; गणितशास्त्रको ज्ञाता; गणितको विशेषज्ञ । २. ज्योतिषी ।

**गणेश–** ना० [सं०] १. हात्तीको जस्तो टाउको र मानिसको शरीर भएको, निर्विघ्नताका प्रतीक मानिने एक देवता; गणपति; विनायक । २. गण वा दलको मालिक । ३. सेनापति; सेनाध्यक्ष । ~**चतुर्थी–** ना० गणेशका व्रतको लागि उत्तम मानिएको भाद्र शुक्ल पक्षको र माघ कृष्ण पक्षको चतुर्थी (भाद्र शुक्ल चौथीका दिन चन्द्रमा हेर्नु हुँदैन र हेरियो, देखियो भने अर्काको फलफूल बिमाख गरे दोषमुक्त होइन्छ भनेर चौथी हान्ने चलन छ) । ~**चौथी–** ना० गणेश-चतुर्थी । ~**पुराण–** ना० गणेशको माहात्म्य वर्णन भएको एक पुराण । ~**पूजा–** ना० जुनसुकै शुभ कार्यका प्रारम्भमा निर्विघ्न कार्यसमाप्तिको कामना गरी सिद्धिदाताका रूपमा गरिने गणेशको पूजा । ~**हिमाल–** ना० नेपाल अधिराज्यको धादिङ जिल्लामा पर्ने ७,४०९ मिटर अग्लो, हिउँ नै हिउँले ढाकिएको एक पर्वतश्रेणी ।

**गण्ड–** ना० [सं०] १. मुखको दायाँबायाँ तथा आँखाका मन्तिर पर्ने दुई पाटा; गाला । २. हात्तीको कनपटी । ३. घाउ-खटिरो । ४. गाँड । ५. गैंडा । ६. आँख्लो; गाँठो ।

**गण्डक–** ना० [सं० गण्डकी] हे० गण्डकी ।

**गण्डकी–** ना० [सं०] १. नेपालको मध्यपश्चिम क्षेत्रमा बग्ने प्रसिद्ध नदी । २. नेपालको पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने एक अञ्चल ।

**गण्डदूर्वा–** ना० [सं०] घोडेदूबो ।

**गण्डमाला–** ना० [सं०] घाँटीमा वरिपरि मालाका आकारको गाँठैगाँठा परेर आउने रोग; कण्ठमाला ।

**गण्डस्थल–** ना० [सं०] कपोल; गालाको पाटो; गाला ।

**गण्डा–** ना० हे० गन्डा१ ।

**गण्डास्थि–** ना० [सं०] गालाको माथिल्लो भाग र आँखाको तल्लो भागमा पर्ने हाड; गालाको हड्डी ।

**गण्य–** वि० [सं०] सामाजिक तथा नैतिक मर्यादामा प्रतिष्ठित; गणना गर्न लायक; गन्न योग्य । – **मान्य–** वि० १. समाजका विभिन्न आदर्श र प्रतिष्ठाले युक्त; गन्नु र मान्नुपर्ने; सम्मानित । ना० २. सम्माननीय व्यक्ति ।

**गत१–** ना० [सं० गति] १. दयनीय स्थिति; नजाती हालत; दुर्गति । २. सङ्गीतशास्त्रका अनुसार विभिन्न रागरागिनीका निर्धारित स्वर वा लय बाजामा उतार्ने काम ।

**गत२–** वि० [सं०] १. गइसकेको; हिँडेको; गएको । २. समाप्त भएको; बितेको । ३. जीवनबाट मुक्त भइसकेको; मरेको; मृत । > **गतागत–** ना० १. निरन्तर रूपमा हुने आवतजावत; आवागमन । २. आध्यात्मिक अर्थमा संसारचक्रमा भइरहने आवागमन; जन्म-मरण । वि० ३. आएगएको; आइ-जाइ गरेको । **गताङ्क–** ना० १. पत्रपत्रिका आदिको गएको पल्ट प्रकाशित भएको अङ्क; सन्दर्भमा आएको अङ्कभन्दा पहिलेको अङ्क; यसभन्दा अघिल्लो अङ्क । २. गएको वा घटाइएको अङ्क (गणितमा) ।

**गतानुगत–** ना० परम्परागत प्रथाको जस्ताको तस्तै पालन वा अनुसरण । **गतानुगतिक–** वि० परम्परागत कुराका हित र अहितको छानबिन, तर्क, विश्लेषण र विचारका आधारमा नगरी अन्धानुसरण गर्ने; पुराना रीतिथितिको अन्धानुयायी; सोच-विचारविना अरूको पछि लाग्ने । **गतार्थ–** वि० विदित भइसकेको विषय; आद्योपान्त खुलस्त र छर्लङ्ग भएको ।

**गति–** ना० [सं०] १. एक स्थिति, रूप आदिबाट अर्को स्थिति, रूपआदिसम्मको परिवर्तन वा एक ठाउँदेखि अर्को ठाउँसम्मको गमन; चाल; हिँडाइ; सराइ; वेग । २. कुनै पनि वस्तु वा प्राणीको दशा; अवस्था । ३. सम्भावित प्रयासको सीमा; क्षमता; शक्ति; तागत । ४. जीवात्माले मृत्युपछि प्राप्त गर्ने अवस्था । ५. मृतकको देहावसानपछि दाहसंस्कारदेखि लिएर दस दिनसम्मको काजक्रिया । ६. ईश्वरीय स्वरूप; मोक्ष; मुक्ति । ७. प्रवेश; पहुँच । ८. मार्ग; बाटो । ९. वास्तु तथा मूर्तिकलामा तीस अङ्गुल वा प्रादुर्भावको तीन गुणाबराबरको नापो (तीस इन्च); नाडी । – **छाडा–** वि० १. आफ्नो इज्जत र मर्यादाअनुसार नचल्ने; गतिपति नभएको । २. काम गर्ने शक्ति भए पनि वास्ता नगर्ने वा हातखुट्टा नचलाउने; हुतीहारा । – **जन्य–** वि० गतिबाट उत्पन्न भएको; गति जनाउने; गतिसम्बन्धी । ~**न गरास–** ना० खाने-लाउने र बस्ने व्यवस्था नभएको स्थिति; अति दीनहीन वा दुर्बल अवस्था । ~**न पति–** ना० आफ्नो राम्रो अवस्था पनि नभएको र कोही रक्षक पनि नभएको स्थिति । – **पति–** ना० अवस्था; हालत । – **मति–** ना० अवस्था र बुद्धि; बुद्धि र परिस्थिति दुवैले साथ नदिएको हालत वा निर्धो अवस्था । – **मय–** वि० निरन्तर चलिरहने; गति भएको; चलायमान् । – **मान्–** वि० गति भएको; गतिशील; वेगवान् । – **रहित–** वि० गति वा वेगहीन; गतिशीलताको अभाव भएको; निश्चल । – **रोध–** ना० जुनसुकै कामकुराको क्रमिक गतिमा बाधा परेको अवस्था; गतिको व्यवधान; बाधा-अड्काउ ।

**गतिलो–** वि० [सं० गतिल] राम्रो भएको; असल; बेस; गहकिलो ।

**गतिवाद–** ना० [सं०] कुनै पनि पदार्थ वा वस्तुको गतिसम्बन्धी दर्शन वा सिद्धान्त; खगोल तथा भूगोलका विभिन्न वस्तुहरूको गतिसिद्धान्त ।

**गतिविज्ञान–** ना० [सं०] वस्तु वा पदार्थको गतिसम्बन्धी ज्ञान गराउने शास्त्र; गतिको वैज्ञानिक अध्ययन गराउने विद्या ।

**गतिविधि–** ना० [सं०] १. कुनै पनि व्यक्ति, कामकुरा आदिको व्यवस्था वा स्थिति; प्रकृतिका सम्पूर्ण पक्षमा हेरफेर भइरहने रङ्गढङ्ग । २. चालचलन; हिँडाइचलाइ; हालचाल; चेष्टा ।

**गतिशील–** वि० [सं०] १. एकै ठाउँमा वा एउटै स्थितिमा सीमित नभई निरन्तर अगाडि लम्कने; हिँडडुल गर्ने; चल्ने; चलायमान । २. आफ्नो साथसाथै अरूलाई पनि सक्रिय बनाउन चेष्टा गर्ने; लक्ष्यमा अग्रसर हुने । ३. उन्नतिशील । ~**ऊर्जा–** ना० कुनै पनि वस्तुमा रहेको गतिबाट उत्पन्न भएको शक्ति; इन्धनशक्ति । **ता–** ना० गतिशील हुनाको भाव वा अवस्था । ~**नेतृत्व–** ना० सक्षम नेताद्वारा अवस्थाअनुकूल मोड लिँदै र परिष्कृत हुँदै जाने वा जनतालाई दिइने अग्रगामी तथा उचित पथ-प्रदर्शन ।

**गतिहारा–** वि० [गति+हारा] १. जाँगरमरुवा । २. गतिछाडा ।

**गतिहीन–** ना० [सं०] १. कुनै गति वा उपाय नभएको; रोकिएको वा अडिएको । २. असहाय र दुःखी ।

**गते–** ना० [सं० गते] १. सूर्य एक राशिबाट अर्को राशिमा सरेको दिनलाई एक गते मानी त्यस राशिमा सूर्य रहन्जेल बढ्दै जाने प्रत्येक दिन; मिति ।

**गत्त–** वि० [गत] १. गएगुज्रेको; गति न पतिको; अवस्था बिग्रेको ।

**गत्तम–** वि० [गत्त] गतिमति नभएको; गएगुज्रेको; रद्दी ।

**गत्यवरोध–** ना० [सं०] हे० गतिरोध ।

**गथासो–** ना० [सं० गाथा] धेरै कालदेखि मनमा गाढिएर बसेका सुखदुःख वा पीडामर्मको गन्थन; दुःखपुकारा; दुखेसो ।

**गद१–** ना० [सं०] १. व्याधि; रोग । २. विष; विषालु पदार्थ । ३. पुराणका अनुसार कृष्णका एक भाइको नाम । ४. अश्विनीकुमार ।

**गद२–** ना० लामा र ठूला पात हुने, घोगाका आकारका ठूला फूल फुल्ने र पहेँलो रङको कन्द हुने एक वन्य बुटी वा त्यसैको कन्द; मुरा ।

**गदर–** ना० [अ० गद्र] १. व्यक्ति, समाज वा राष्ट्रको परस्पर विद्रोह; विप्लव; उपद्रव । २. होहल्ला; खलबली ।

**गदरा–** ना० ठूलो र फराकिलो डोरीवाल सुकुल; गजरा ।

**गदरी–** वि० [गुदी+अरी] भर्खर हार पस्न लागेको वा कलिलो र

दुधिलो मकै ।

**गदा–** ना० [सं०] १. विष्णुका चार भुजामध्ये एक भुजामा रहने हतियार । २. प्राचीनकालमा युद्धमा प्रयोग गरिने, टुप्पातिर धातु वा काठको ठूलो गाँठो भएको एक हतियार । – **धर–** ना० विष्णु ।

**गदालो–** ना० दौरासुरुवाल लगाउँदा दौराबाहिर लगाइने लुगा; कोट ।

**गदाल्नु–** ना० नेपालको कर्णाली अञ्चलका लेकाली भेगतिर पाइने एक वन्य औषधी वा बुटी ।

**गद्क-नु–** अ० क्रि० आगो बालेर उमाल्दा भात, तरकारी आदि छड्कनु; गद्गद् गर्नु । > **गद्काइ–** ना० गद्कने क्रिया वा प्रक्रिया । **गद्काइनु–** क० क्रि० गद्कने पारिनु । **गद्काउनु–** स० क्रि० गद्कने पार्नु; छट्काउनु ।

**गद्गद–** वि० [सं०] १. कुनै प्राप्ति वा सफलतामा प्रसन्न भएको; हर्षित । २. हर्षले बोलेको वा भकभकाएको (बोली वा स्वर) ना० ३. आनन्द; हर्ष ।

**गद्गद्–** क्रि० वि० [अ० मू० गद् (द्वि०)] बाक्लो वा लेदो पदार्थ छड्कने वा गद्कने चालमा ।

**गद्दर–** ना० १. थलथल गर्ने हिलो; भास; धाप । २. फोहर; मैला । वि० ३. फोहरी । – **पोस–** ना० गोडा पुछ्नका निम्ति ढोकामा बिछ्याइने सनपाट, नरिवल, तार आदिबाट बनेको खस्रो चकटी ।

**गद्दा–** ना० [हि०] रुवा, रबड आदिबाट बनेको नरम र बाक्लो बिछ्याउना; गद्दी ।

**गद्दार–** वि० [अ०] १. आपसी हक, हित र विश्वासमा आघात पुऱ्याउने; धोखेबाज, बेइमान । २. शान्ति र सुव्यवस्थामा हलचल ल्याउने वा उत्पात मच्चाउने; ठूलो विद्रोह वा आतङ्क गर्ने । > **गद्दारी–** ना० गद्दारको कार्य वा स्वभाव; बेइमानी; धोकाबाजी ।

**गद्दी–** ना० [गद्दा+ई] १. राजसिंहासन; गादी । २. हात्तीका हौदामा बिछ्याइने आसन । ३. बाक्लो, नरम खालको बिछ्याउना; गद्दा; डसना । – **नरसिंह/नसिन–** वि० सिंहासनमा आरोहण भएको; गद्दीमा बसेको । ~ **बैठक–** ना० पहिले राजाको गद्दी रहेको हनुमान्ढोकास्थित बैठक; गादीबैठक ।

**गद्दु–** ना० १. माउबाट छुट्टिने बेला नभएको भालुको बच्चो । वि० २. काम नलाग्ने; बेकम्मा; लद्दू ।

**गद्य–** ना० [सं०] काव्य वा साहित्यका संरचनात्मक शिल्प तथा शैलीविशेषका आधारमा विभाजित भेदमध्ये एक; छन्द र लयको औपचारिक बन्धनमा आधारित नभएको भेद । ~ **कविता–** ना० छन्द र लयको औपचारिकताविना अभिव्यक्तिमा कवितात्मक तत्त्व भरिएको रचना; छन्दमुक्त कविता । ~ **काव्य–** ना० छन्दमा नबाँधिई गद्यमा नै कवितात्मक तत्त्व भरिएको स्वतन्त्र वा मुक्त रूपमा रचित काव्य ।

**गद्यात्मक–** वि० [सं०] गद्यका रूपमा लेखिएको; गद्यसम्बन्धी; गद्यप्रधान । – **ता–** ना० गद्यात्मक हुनाको भाव, क्रिया वा स्थिति ।

**गद्र्याकगुद्रुक–** क्रि० वि० [अ० मू० गद्र्याक (द्वि०)] १. मानिस वा अन्य प्राणीका चालचुल वा भिडन्तबाट झैँ आवाज उत्पन्न हुने किसिमले । ना० २. सानोतिनो मालसामान; जेतेमेते; खत्र्याकखुत्रुक ।

**गधा–** ना० [सं० गर्दभ] १. घोडाका जातिको तर घोडाभन्दा सानो र प्रायः खैरो रङको हुने, भारी बोक्ने काममा लगाइने, स्तनपायीवर्गको पाल्तु जनावर । २. बुद्धि र विवेकहीन मान्छेलाई गाली गर्दा प्रयोग गरिने शब्द । ~ **पच्चिसी–** ना० उमेरका दृष्टिले जवान भएको तर विवेक र बुद्धिका दृष्टिले प्रौढता आइनसकेको अवस्था; सोह्र वर्षमाथि र पच्चीस वर्षमनिको, चञ्चलता, अस्थिरता र उच्छृङ्खलताको सम्भावना भएको अवस्था । (उदा०– अहिले उसले गधापच्चीसी नै पार गरेको छैन, जे मन लाग्यो त्यही गर्छ) ।

**गन्-नु–** स० क्रि० [सं०√ गण्+नु] १. कुनै पनि वस्तुको सङ्ख्या वा परिमाण निकाल्नु; गन्ती गर्नु; हिसाब गर्नु । २. श्रेणी वा स्तरमा स्विकार्नु; मान्नु । ३. आज्ञापालन गर्नु; टेर्नु ।

**गनगन–** ना० [अ० मू० गन्+अ(द्वि०)] मन्दस्वरमा झर्को लाग्ने गरी आउने बोली वा आवाज; त्यसरी बारम्बार गरिरहेको कुरो; कचकच; फतफत । > **गनगनाइ–** ना० गनगनाउने क्रिया वा प्रक्रिया । **गनगनाइनु–** अ० क्रि० गनगन गरिनु; फतफताइनु । **गनगनाउनु–** अ० क्रि० १. अलिअलि गरी झर्को लाग्ने पाराले कचकचाउनु; फतरफतर गर्नु । २. मनले खाएकासँग आफ्नो पीरमर्का र दुःखसुखका कुरा खोल्नु । **गनगनाहट–** ना० गनगनाउने क्रियाप्रक्रिया, अवस्था वा चाल । **गनगने–** वि० गनगन गर्ने; गनगनाउने ।

**गनथन–** ना०हे० गन्थन ।

**गनाइ–** ना० [√ **गन्** (+आइ)] १. गन्ने भाव, क्रिया वा प्रक्रिया । [गनाउ+आइ] २. गनाउने भाव, क्रिया वा प्रक्रिया । [>] **गनाइनु–** क० क्रि० १. गन्ती गराइनु; गन्न लाइनु । अ० क्रि० २. गण्यमान्य हुनु । ३. दुर्गन्ध आइनु । **गनाउनु–** प्रे० क्रि० गन्ती गराउनु; गन्न लाउनु ।

**गनाउनु–** अ० क्रि० [सं० गन्ध+आउ+नु] १. नराम्रो गन्ध आउनु; दुर्गन्ध फैलनु । २. बदनामी हुनु; बिडबिडाउनु ।

**गनारी–** ना० पानी लाग्ने वा पुग्ने गहिरी खेत ।

**गनिगनाउ–** ना० १. गन्नेवर्ने काम; गणना गर्ने काम । २. मालसामानको किनबेच गर्दानगर्दै लिनेदिने काम; हाताहाती ।

**गनिनु–** क० क्रि० [गन्+इ+नु] १. गन्ती गरिनु; गणना गरिनु । २. गण्यमान्य होइनु; प्रख्यात बनिनु ।

**गनिमत–** ना० [अ० गनीमत] थोरैमा पनि सन्तोष वा समाधान हुने कुरो; चित्तबुझाइ ।

**गनी–** अव्य० [गन्+ई] गन्ने काम गरेर; गनेर । ~ **किस्ता–** ना० १. ठेकदार वा व्यापारीले किस्ताबन्दीको रकम सबै पहिले नै

बुझाउने काम । २. तोकिएको मितिमा बुझाउनुपर्ने वा चुक्ता गर्नुपर्ने किस्ता वा धनराशि । ~महसुल– ना० व्यापारी वा ठेकदारहरूले सालभरको कर, महसुल आदि पटकपटक नगरी एकै मुस्ट बुझाउनुपर्ने वा बुझाउने रकम; गनिगनाउ चुक्ता ।

**गनोट**– ना० [गन्+ओट] १. गन्ने काम; गणना; गन्ती । २. गणितविद्या ।

**गनौटो**– वि०[गन्+औटो] १. एक-एक गरी गनिएको; गन्ती गरिएको । ना० २. गन्ने साधन; हिसाब गर्ने साधन; गणक ।

**गन्ज**– ना० [फा०] १. गारो वा भित्तोमा खोपैखोपा पारेर बनाइएको, परेवा पाल्ने काठको बाकस; परेवाको गुँड । २. कलम, कर्द, चकमक आदि घुसारेर राखिने खुकुरीको दापमा जडिएको थपुवा खण्ड । ३. नामका अन्तमा प्रत्ययका रूपमा लागेर बस्ती वा बजारको वाचक बन्ने शब्द; नगर; बजार (अमलेखगन्ज, महाराजगन्ज, नेपालगन्ज इ०) ।

**गन्जागोल**– ना० [फा० गन्ज+गोल] १. स्थिति, गति, नीति, पद्धति आदिमा उत्पन्न हुने गडबडी; भद्रगोल; गज्याङगुजुङ । २. धेरै मानिस, मालसामान आदि जथाभाबी भएर एकै ठाउँमा छरिने स्थिति; छ्यासमिस ।

**गन्जिफा**– ना० [फा० गन्जीफ] एक रङमा बाह्र पत्ती र आठ रङ हुने बाटुला आकारका तास वा छयान्नब्बे पत्ती हुने त्यसैको खेल ।

**गन्जी१**– ना० टाउको र हात छिराएर लाउनुपर्ने, धागोले बुनेको पेटे भोटोको रूपमा भित्री भागमा लगाइने लुगा ।

**गन्जी२**– ना० एक प्रकारको कन्द; सुठुनी; सखरखण्ड ।

**गन्डा१**– ना० [सं० गण्ड] देवताको प्रसादका रूपमा घाँटीमा माला लगाइने डोरो ।

**गन्डा२**– ना० [सं० गणना] १. पैसा, तौल आदिको गणना वा परिमाण बुझाउँदा चारको समूहलाई बुझाउने शब्द । २. मुद्राप्रणालीमा चार एकाइको समूह; आना । >**गन्डी**– वि० १. गन्डासम्बन्धी; गन्डाको (गन्डी हिसाब, गन्डी चाल इ०) । ना० २. चार तोलाको समूह; सेरको बिसौँ भाग बराबरको तौल । ३. गन्डा ।

**गन्तव्य**– ना० [सं०] १. गइने ठाउँ; जाने वा पुग्ने स्थान । वि० २. जान योग्य; जान उचित; जानुपर्ने ।

**गन्ती**– ना० [गन्+ती] गणना गर्ने काम; गनाइ; गिन्ती ।

**गन्थन**– ना० [सं० ग्रन्थनम्] १. अनावश्यक वा बेप्रसङ्गको लामो कुरो; गनथन । २. दुःखसुख खोलेर गरिने बातचित । >**गन्थनाइ**– ना० गन्थन गर्ने भाव, क्रिया वा प्रक्रिया । **गन्थनाइनु**– अ० क्रि० गन्थन गरिनु । **गन्थनाउनु**– अ० क्रि० १. नचाहिने वा बेप्रसङ्गको लामो कुरा गर्नु । २. सुखदुःखका गथासा व्यक्त गर्नु । **गन्थने**– वि० नचाहिँदो लामो कुरा गर्ने; गन्थन गर्ने; गनगने ।

**गन्दगी**– ना० [फा०] १. फोहरमैला; घिनलाग्दो वा दूषित वस्तु ।

**गन्दा**– वि० [फा०] १. फोहरमैला भएको; घिनलाग्दो; दुर्गन्धपूर्ण ।

**गन्ध**– ना० [सं०] १. नाकद्वारा चाल पाउन सकिने, हावामा मिलेर फिँजिएको कुनै वस्तुका सूक्ष्मकणहरूको प्रसार; वासन; बास; महक; बास्ना । २. पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) मध्ये पृथ्वीको गुण । ३. पञ्चतन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) मध्ये एक । ४. थोरै मात्रा; सारै थोरै अंश; लेश । ५. दुर्गन्ध; हरक । ६. कुनै कुराको साह्रै मसिनु रूपले वा लक्षणद्वारा मात्र भएको ज्ञान ।

**गन्धक**– ना० [सं०] बारुद आदि विष्फोटक पदार्थमा र कीटाणुनाशक विषालु औषधीमा प्रयोग हुने, तीखो हरक र पहेँलो रङ भएको एक खनिज पदार्थ वा उपधातु ।

**गन्धकाकुली**– ना० [सं०] मञ्जरीका रूपमा खैराखैरा फूल फुल्ने र एउटै भेट्नामा धेरै लामालामा पात हुने, गरम, त्रिदोषनाशक, विषनाशक र ज्वरनाशक गुण भएको आयुर्वेदिक बुटी ।

**गन्धतृण**– ना० [सं०] बाबियाको जस्तै पात हुने र सानो सेतो रङको फूल फुल्ने सुगन्धी घाँस; तेलीबाबियो ।

**गन्धद्रव्य**– ना० [सं०] १. मीठो बास्ना चल्ने पदार्थ । २. आफूमा रहेको सुगन्धले अन्य वस्तुलाई समेत सुगन्धित पार्ने वस्तु (श्रीखण्ड, कस्तूरी, केशर इ०) ।

**गन्धराज**– ना० [सं०] खुर्सानीफूलजस्तै लहरामा फुल्ने, हल्का रामतिलकजस्तै वा सेतो रङको हुने, मीठो बास्ना आउने एक जातको लाम्चो फूल ।

**गन्धर्व**– ना० [सं०] १. गाउने र बजाउने कलामा प्रवीण एक देवयोनि । २. गानबजान नै पेसा भएको एक जाति; गाइने । ~**नगर**– ना० १. महाभारतप्रसिद्ध गन्धर्वहरूको बस्ती वा राजधानी । २. वायुमा आएको उष्णताको प्रभावले आकाशमा परेको प्रतिबिम्ब जलथलमा अनुबिम्बित हुन जाँदा देखिने सहर, ग्राम, जङ्गल आदिको दृश्य । ३. काल्पनिक नगर; मिथ्यालोक । ४. अवास्तविक वस्तुमा पनि हुने वास्तविकताको भान । ५. चन्द्रमण्डल । ~**विद्या**– ना० गानबजानसम्बन्धी विद्या; सङ्गीतशास्त्र । ~**विवाह**– ना० हिन्दू धर्मशास्त्र (मनुस्मृति) का अनुसार आठ प्रकारका विवाहमध्ये आमाबाबुको अनुमति नलिई प्रेम भएका केटा र केटीका आफ्नै राजीखुसीले गरिने विवाह; प्रेमविवाह । ~**वेद**– ना० चार उपवेदमध्ये एक वेद; गन्धर्वविद्या; सङ्गीतशास्त्र ।

**गन्धवह**– ना० [सं०] १. हावा; वायु । २. श्रीखण्ड; चन्दन । वि० ३. गन्ध लैजाने; गन्धवाहक । ४. सुगन्धित ।

**गन्धाक्षत**– ना० [सं०] १. चन्दन, अक्षता आदि पूजाका सरसामान । २. पूजासामानद्वारा देवता, ब्राह्मण आदिलाई टीका लगाइदिने काम । >**गन्धाक्षती**– ना० जनश्रुतिअनुसार विधवाका माइतीले दियोकलश पुजेर दिएको उत्तम जैसीमा गनिने सन्तान ।

**गन्धालु**– वि० [सं०] बास्ना आउने; बास्नादार; गन्धयुक्त ।

**गन्धिक**– ना० [सं०] हे० गान्धिक; गन्धी ।

**गन्धिलो**– वि० [गन्ध+इलो] गन्ध भएको; गन्धयुक्त ।

**गन्धी**– वि० [सं०]१. बास्ना आउने; गन्धयुक्त; सुवासित । ना० २. बास्नादार वस्तुको व्यापार गर्ने व्यक्ति ।

**गन्धे**– वि० [गन्ध+ए] १. दुर्गन्धी; फोहरमैला भएको । ना० २. सार्की आदिलाई होच्याएर गाली गर्ने गरिएको शब्द । स्त्री० गन्धिनी; गन्धेनी । ३. पानका आकारका केही ठूला पात हुने, बीचमा पहेँला रङका घोगाजस्ता कर्णिकारमा सेता फूल र घोगाकै आकारका फल फल्ने, जरो, अरुचि, कफ तथा पित्तनाशक र पथ्य गुण भएको एक बुटी । ~**झार**– ना० १. सेता वा नीला रङका ससाना फूल फुल्ने एक किसिमको झार; गोब्रेझार । २. गनाउने झार ।

**गन्नेमान्ने**– वि० [सं० गण्यमान्य]समाजमा मर्यादित तथा प्रतिष्ठित; ठूलाठालू; भलाद्मी ।

**गन्हाइ**– ना० [√ **गन्हाउ**(+आइ)] गन्हाउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **गन्हाइनु**– अ० क्रि० दुर्गन्ध आइनु ।

**गन्हाउ-नु**– अ० क्रि० [सं० गन्ध+आउ+नु] दुर्गन्ध आउनु; दुर्नाम चल्नु । > **गन्हाउने**– ना० गर्भवती आइमाईलाई हुने अरुचि; औसाने ।

**गप्फड**– वि० [गफ+अड] महाको गफी; गफाडी ।

**गप्फा**– ना० [गाँस] मुखमा नअटाएसम्मको ठूलो गाँस; गप्फू ।

**गप्फु**– वि० [गला+फुल] ठूलो घाँटी भएको; गर्धने ।

**गप्फू१**– ना० हे० गप्फा ।

**गप्फू२**– वि० हे० गप्फु ।

**गप्फ्याइ**– ना० [**गप्फ्याउ**(+आइ)] गप्फ्याउने काम वा प्रक्रिया । [⊳] **गप्फ्याइनु**– क० क्रि० ठूलठूला गाँस हालेर खाइनु; गप्फा हालिनु ।

**गप्फ्याउ-नु**– स० क्रि० [गप्फा+याउ+नु] ठूलो गाँस हालेर धमाधम खानु; गप्फा हसुर्नु ।

**गफ**– ना० [प्रा० गप्प ? सं० क्लप] १. मन बहलाउन वा समयकटनीका लागि गरिने बातचित; खालि मनोरञ्जनको कुरा; गफगाफ । २. हुँदै नभएको कुरा; झूटो कुरा । ३. ठटचौलो कुरा; हाँसखेलको कुरा । > **गफगाफ**– ना० १. उद्देश्यविनाको कुराकानी । २. खालि हँस्यौली वा ठटचौलीका कुरा । **गफाडी**– वि० धेरै गफ गर्ने स्वभावको; गुड्डी हाँक्ने; गप्फड; गफी ।

**गफलक्क**– क्रि० वि० [अ० मू० गफलक्+क] खाँदा ठूलठूला गाँस हालेर अटाईनअटाई खाने गरी ।

**गफलत**– ना० [अ०] १. प्रमाद वा असावधानीबाट हुने गल्ती; भूलचूक । २. बेपरवाही; बेहोसी ।

**गफल्क्याइ**– ना० [√ **गफल्क्याउ**(+आइ)] ठूलठूला गाँस हालेर खाने क्रिया वा किसिम । [⊳] **गफल्क्याइनु**– क० क्रि० गफलक्क खाइनु; एकै गप्फा पारिनु ।

**गफल्क्याउ-नु**– स० क्रि० [गफलक्क+याउ+नु] ठूलठूला गाँस हालेर एकदममै खानु; गप्फ्याउनु ।

**गफसफ**– ना० [गफ(द्वि०)] हे० गफगाफ ।

**गफागफ**– क्रि० वि० [अ० मू०] खाँदा गप्फाका गप्फा हालेर; कपाकप ।

**गफाडी**– वि० [गफ+आडी] हे० गफडी ।

**गफास्ट/गफास्टक**– वि० [सं० गल्पाष्ट/गल्पाष्टक]१. भएनभएका कुरा जोडेर गफ छाँट्ने; गफी; गफाडी । ना० २. त्यस्ता धेरै कुराको समुदाय वा सङ्कलन ।

**गफी**– वि० [गफ+ई] १. धेरै गफ गर्ने; गफडी । २. भएनभएका कुरा गर्ने खालको; फटाहा ।

**गबडु**– वि० [फा० खूबरू] कुरकुरे बैँसको; भर्खर जवानी चढेको; पट्ठो ।

**गबुल्लो**– वि० [गब्बू+उल्लो] छाँट न काँटको; लठचौरो; हबुल्लो ।

**गबुवा**– ना० गाईभैँसीको दूध दुहुने काठ वा बाँसबाट बनेको भाँडो; ढुङ्ग्रो; दुधेरो ।

**गब्बू**– वि० हे० हब्बु ।

**गब्रुड**– ना० [फा० गम्बरुन] एक प्रकारको खाकी रङको कपडा ।

**गब्रुवा**– वि० [गब्रुड+उवा] हल्का खालको खैरो; फुस्रो खैरो ।

**गभर्नर**– ना० [अङ्०]१. कुनै प्रान्त वा प्रदेशको शासक; प्रशासक । २. राज्यपाल; क्षेत्रपाल ।३. मौद्रिक नीति क्रियान्वित गर्ने तथा राष्ट्रबैङ्कको प्रशासन सञ्चालित गर्ने प्रमुख पदाधिकारी ।

**गभारो**– ना० [गाभो+आरो] १. केरा, कर्कलो, मकै आदिका फेदमा रोगको रूपमा उब्जने सेतो रङको, गँडचौलाजस्तो कीरो । २. त्यस्ता कीराबाट उब्जने सो रोग ।

**गभीर**– वि० [सं०]१. गहिरो; गहकिलो; गम्भीर ।

**गम्-नु**– स० क्रि० १. कुनै काम कुरामा नहडबडाई विचार गर्नु; धैर्यपूर्वक सोच्नु; मनन गर्नु । २. गौर गर्नु; सम्झनु; घोरिनु ।

**गम१**– ना० [सं०]१. हिँड्ने काम; गमन । २. प्रस्थान । ३. बाटो; मार्ग । ४. चाल; गति ।

**गम२**– ना० [अ०] १. मनमा हुने गहिरो दुःख, शोक; मानसिक चिन्ता । २. पछुताउ; फिक्री ।

**गम३**– ना० [सं० गम्य]१. विचलित नभईकन गरिने विचार; धैर्यपूर्वकको सोचाइ; गौर । २. प्रेम गर्दा प्रेमीप्रेमिकामा रहने गाम्भीर्य वा आन्तरिक विश्वास । ३. भेउ; पत्तो ।

**गमक१**– वि० [सं०]१. खबरको ओसारपसार गर्ने; सङ्केत गर्ने; सूचना दिने । २. सम्झाउने; कुनै कुराको स्मरण गराउने । ३. कुनै पनि वस्तुलाई हिँडाउने वा सञ्चालन गराउने; गति दिने । ना० ४. नगरा, मृदङ्ग, तबला आदि बाजाको गम्भीर ध्वनिप्रसार । ५. सङ्गीतमा आरोहअवरोहजस्ता तत्त्वका आधारमा एक स्वरबाट अर्को स्वरमा जाने रीति वा विभिन्न स्वरलाई स्पर्श गर्दै जाने गति; सङ्गीतको स्वरप्रवाह ।

**गमक२**– ना० [√ गम्य] सुगन्ध; महक; बास्ना ।

**गमक्क**– क्रि० वि० [अ० मू० गमक्+क] गम्कने वा गज्कने चालले; गजक्क ।

**गम खानु**– टु० पर्खेर वा गौर गरेर विचार गर्नु ।

**गमगिर**– ना० [गम+गिर] सानो खाल्टो बनाएर त्यहीँ बसी गिर्राले हिर्काइने र छोप्तै गरी खेलिने भकुन्डाको एक खेल ।

**गमडी**– ना० [सं० गर्भ+डी] बाला नलागी दुम्सीकाँडे भई गुभैमा फल्ने अगितया धान ।

**गमन**– ना० [सं०]१. एक ठाउँबाट अर्को ठाउँ पुगुन्जेलको यात्रा; त्यस्तो यात्रामा प्रस्थान गर्ने काम; हिँडाइ । २. कुनै ठाउँमा पुग्ने वा जाने काम । ३. कसैमाथिको हमला; आक्रमण । ४. स्त्रीसँगको सहवास; रतिक्रीडा; सम्भोग । >**गमनागमन**– ना० जाने र आउने काम; आवतजावत; आइजाइ । **गमनीय**– वि० गमन गर्न उचित; जान लायक; जानुपर्ने ।

**गम पाउनु**– ट० कुनै कुराको सुइँको वा अन्त पाउनु ।

**गमर्को**– ना० [सं० कर्कट+को] १. हातको पसरमा वा अँजुलीमा अटाएसम्मको अन्न, पैसा आदिको परिमाण; हातले उभाउन सकेजति वस्तु । २. मुखमा अटाएसम्मको गाँस वा अँगालाले भ्याएसम्मको अँठ्याइ । ३. जाडो आदिले वा स्वेच्छाले गँगटोझैँ भएको हात आदिको मुद्रा । >**गमर्क्याइ**– ना० गमर्क्याउने क्रिया वा प्रक्रिया । **गमर्क्याइनु**– क० क्रि० गमर्कोमा अटाएसम्म झिकिनु । **गमर्क्याउनु**– स० क्रि० १. हातमा अटाएसम्म मुठ्याउनु; मुठी वा अँजुलीमा अटाईनअटाई झिक्नु । २. गाईबस्तुले मुख गाडेर खानु । ३. अँगालोमा नअटाएसम्म बेसरी च्याप्नु; अँगालाले अँठ्याउनु ।

**गमला**– ना० [पोर्त०] शोभाका लागि कौसी, बार्दली, ढोका आदिमा फूल वा अन्य ससाना बिरुवापात लगाइने र सजाइने बाल्टी वा आरीका ढाँचाको माटो, धातु आदिको भाँडो ।

**गमार**– वि० [√ गँवार] हे० गँवार ।

**गमिलो**– वि० [गम+इलो] गम्भीर स्वभावको; धैर्यपूर्वक विचार गर्ने; गम भएको ।

**गमी**– वि० [गम+ई] गम गर्ने; गमिलो; गम्दारी ।

**गम्क-नु**– अ० क्रि० [गमक्क+नु] १. रूप, सीप, बल, बुद्धि, धन आदिले मत्त हुनु; मात्तिनु; कसैलाई टेरपुच्छर नलाउनु; गमक्क पर्नु । २. बाजागाजा धूमधामसित बज्नु । ३. खूब बास्ना आउनु; सुवास चल्नु । >**गम्काइ**– ना० गम्कने वा गम्काउने क्रियाप्रक्रिया । **गम्काइनु**– क० क्रि० गम्कने पारिनु; गमक्क पारिनु । **गम्काउनु**– स० क्रि०/प्रे० क्रि० कुनै काम सजधज वा तडकभडकका साथ गर्नु; गम्कने पार्नु; गम्कन लाउनु । **गम्किनु**– अ० क्रि० १. गमक्क परिनु । २. हे० गम्कनु । **गम्क्याइ**– ना० गम्कने क्रियाप्रक्रिया । **गम्क्याहट**– ना० गम्कने काम वा अवस्था; गम्क्याइ ।

**गम्छा**– ना० [बङ्गा० गाम्छा]घाँटीमा बेरिने, आङ पुछ्ने र कछाडका रूपमा समेत प्रयोग गरिने पातलो लाम्चो रुमाल ।

**गम्दार**– वि० [गम+दार] गम्भीर स्वभावको; कम बोल्ने; शान्त मिजासको । >**गम्दारी**– ना० १. गम्दारको गुण वा विशेषता; गम्दार हुने पन । वि० २. गम्दार ।

**गम्बु**– ना० काठको ठेकी आकारको, घिउ राख्ने बट्टा; घिउबट्टा ।

**गम्बुठ**– ना० [अङ० गम+बुट] पिँडौलासम्म घुस्ने गरी लगाइने छालाको बुटजुत्ता ।

**गम्भीर**– वि० [सं०]१. गहिराइ थाहा नपाइने; गहिरो । २. शान्त; धीर । ३. विचारपूर्ण; गहन । ४. जटिल; दुरुह (गम्भीर समस्या, गम्भीर स्थिति इ०) । ५. घना; सघन । – **ता**– ना० गम्भीर हुनाको भाव, स्थिति वा गुण ।

**गम्म**– क्रि० वि० [अ० मू० गम्+म] १. गमक्क पर्ने चालले; गम्किने किसिमले । २. कुनै वस्तु पूरा भरिने किसिमले; डम्म; टम्म । ३. न्यानो हुने किसिमले । ४. निश्चिन्त वा मग्न भई बस्ने किसिमले । ५. चारैतिर बास्ना मगमगाउने किसिमले ।

**गम्मागम्म**– वि० [गमागम] १. टनाटन; भरिभराउ । २. गम्म । ३. बढिबढाउ । >**गम्मागम्मी**– वि० १. भरिभराउ; गम्मागम्म । २. गम्म ।

**गम्मारी**– ना० पीपलका आकारका पात र सेतो बोक्रो हुने, पहेँलो रङको फूल फुल्ने, दूध निस्कने एक वनस्पति ।

**गम्य**– वि० [सं०]१. जान योग्य; जान लायक । २. स्त्रीसमागम गर्न योग्य । ३. ज्ञान गर्नुपर्ने; जान्न-बुझ्न उचित । ४. सजिलैसँग जान सकिने; पुग्न सकिने ।

**गम्रङ्ग/गम्रङ्ङ**– क्रि० वि० [अ० मू० गम्रङ्+ग/ङ] पूरै बाहाँ फैलाएर अँगालो हाल्ने किसिमले; अङ्कमाल गर्ने ढाँचासित ।

**गयब**– वि० १. काम नलाग्ने; रद्दी । २. खराब; नजाती ।

**गयल**– ना० [अ० गैर] हाजिर नहुनुको चाल वा अवस्था; गैरहाजिरी; अनुपस्थिति । ~**कट्टी**– ना० कुनै पनि संस्था, कार्यालय आदिमा कर्मचारीले बिदा स्वीकृत नगराई वा हाजिर नभई बसेमा हुने सो अवधिको तलबको कट्टी । ~**खाली**– ना० कर्मचारीले कुनै कारण वा स्वीकृतिविना साधारणतः लगातार सोह्र दिनसम्म गयल रहेमा स्वतः खाली हुने पद वा त्यसरी कर्मचारीलाई हटाउने काम ।

**गया**– ना० [सं०]भारतको बिहार प्रान्तमा रहेको पितृश्राद्ध तथा तीर्थकर्म गरिने हिन्दूहरूको प्रसिद्ध धार्मिक स्थल; पितृतीर्थ ।

**गर्-नु**– स० क्रि० [प्रा० कर+नु] १. कुनै काम-कुरो थाल्नु वा पूर्ण तुल्याउनु । २. काममा हात हाल्नु; काम फत्ते पार्ने प्रयासमा लाग्नु । ३. कुनै नीति, सिद्धान्त आदिलाई कार्यान्वयनको रूप दिई टुङ्गोमा पुऱ्याउनु । ४. स्त्री-समागम गर्नु ।

**गरगहना**– ना० [गहना(द्वि०)] गहना-लुगा आदि शृङ्गारका साधन ।

**गरज**– ना० [अ०] १. आवश्यकता; जरुरत । २. हर्जा; खाँचो ।

**गरम**– ना० [फा० गर्म] १. तातोपन; गर्मी । वि० २. तातो; पोल्ने; उष्ण । ३. एकाएक आवेगमा आउने; खरो; उग्र (स्वभाव वा मिजास) । ~**कपडा**– ना० न्यानो कपडा; जाडो याममा लगाइने ऊनी आदिको लुगा । ~**टोपी**– ना० १. न्यानो टोपी; जाडो याममा लगाइने टोपी । २. ऊनी वा पस्मिनाबाट बनेको टोपी । ३. माकल-टोपी; बाँदर-टोपी । ~**मसला**– ना० विशेषतः

कवाफ, मासु आदि पकाउँदा हालिने ल्वाङ, मरीच, सुकुमेल, जाइफल आदि सुगन्धित द्रव्य वा काजु, किसमिस, छोडा आदि गुलिया वस्तुको मिश्रणबाट समेत बनेको सुगन्धित मसला ।

**गरमागरम–** वि० [गरम+गरम] १. ज्यादै तातो; पाक्तापाक्तैको; तात्तातो । २. जोसिलो, उत्तेजित (छलफल, बहस इ०) । ना० ३. बहसको क्रममा आएको उत्तेजना; चर्काचर्की । >**गरमागरमी–** ना० जोसिलो बहस; चर्को भनाभन; रन्कारन्की ।

**गरमाहट–** ना० [गरम+आहट] गरम हुनाको भाव वा स्थिति; गर्मी; उष्णता ।

**गरमी–** ना० [फा०] हे० गर्मी ।

**गरल–** ना० [सं०] विष; जहर; हलाहल ।

**गरहडुवा–** ना० [सं० गवेधुका] यज्ञमा समिधाका लागि प्रयोग गरिने वृक्षविशेष;भिर्गौले ।

**गरही–** ना० [गड्ढा+ही] मधेशका पोखरी वा दहतिर पाइने एक जातको माछा ।

**गराइ–** ना० [√गर्(+आइ)] गर्ने काम वा प्रक्रिया; आचरण । [>] **गराइनु–** क० क्रि० गर्न लाइनु; गर्ने प्रेरणा दिइनु । **गराउनु–** प्रे० क्रि० गर्न लाउनु; गर्ने प्रेरणा दिनु । **गरागर–** ना० परस्परको गराइ; पालैपालोसँग गर्ने काम ।

**गरारा–** ना० [फा०] गोलीगाँठामाथि र घुँडामनि कल्ली गाँसेर बनाएको केटीहरूको सुरुवाल ।

**गरालागराली–** ना० [गरालो+गराली] साना-ठूला गरालाको समूह ।

**गराली–** ना० [गरालो+ई] तगारोमा तेर्सो पारेर राख्ने काठ; सानो गरालो ।

**गरालो–** ना० १. पिङमा डोरी झुन्डचाउन लिङ्गामा वा खाँबामा तेर्सो पारेर राखिने काठ; बलो । २. घर, गोठ आदिमा टाँड छाप्नका निम्ति तेर्स्याइने लामो काठ ।

**गरिनु–** क० क्रि० [गर्+इ+नु] कुनै काम तामेल पारिनु ।

**गरिप–** वि०हे० गरिब । > **गरिपी–** ना० हे० गरिबी ।

**गरिब–** वि० [अ० गरीब] १. धन-सम्पत्ति केही नभएको; निर्धन; निर्धो; दरिद्र; कङ्गाल; गरिप । २. दीनहीन; दुःखी । ~**गुरुवा–** ना० गरिबहरूको समुदाय; गरिब जनता । ~**परवर–** वि० गरिबगुरुवाहरूको पालनपोषण गर्ने; दीनदयालु । – **मारा–** वि० गरिबहरूलाई सताउने; गरिबगुरुवाप्रति अन्याय गर्ने । >**गरिबी–** ना० गरिब हुनाको भाव; दीनता; निर्धनता; गरिपी ।

**गरिमा–** ना० [सं०] १. गह्रौंपना; गुरुता; गुरुत्व । २. महत्त्व; गौरव । ३. अष्टसिद्धिमध्ये शरीरको इच्छाअनुसार वजन बढाउन सकिने एक सिद्धि ।

**गरियो–** ना० ढुङ्ग्रोजस्तै सोझो, मुख सानो भएको र बिर्को लाइने ठेकीको आकारको, विभिन्न प्रकारको तेल हाल्ने काठको भाँडो ।

**गरिष्ठ–** वि० [सं०] १. धेरै गाह्रोसित र ढिलो पच्ने; पचाउन कठिन; दुष्पाच्य (भोजन) । २. धेरै गह्रौं । ३. महत्त्वपूर्ण । ४. सबैभन्दा नजाती ।

**गरी–** ना० [सं० गुलिका] १. नरिवलको भित्री भागमा रहेको नरम गुदी; मसलाका रूपमा वा त्यसै खाइने त्यही गुदीका टुक्रा ।

**गरुड–** ना० [सं०] १. गिद्धका जातिको ठूलो पक्षीविशेष; कश्यपपत्नी विनताको पुत्र । २. विष्णुको वाहन । ~**ध्वज–** ना० १. विष्णु । २. प्राचीन कालमा बनेका स्तम्भमा रहेको गरुडको आकृति । ~**पुराण–** ना० नरकको बयान तथा प्रेतकर्मको विधान आदि वर्णन भएको महापुराण; अठार पुराणमध्ये एक । – **सिंह–** ना० गरुडका ढाँचाको मुख र सिंहका ढाँचाको शरीर हुने कल्पना गरिएको एक प्राणी ।

**गरो–** ना० [गहिरो] पानी जमाएर धान रोप्न डिलमा आली लगाई बनाइने खेतका अलग-अलग भाग; फोगटो ।

**गर्खा–** ना० जिल्लाअन्तर्गतका गाउँ वा मौजाहरूको समुदाय (दिव्य०); गाउँहरूको समष्टिगत एकाइ । >**गर्खिनु–** अ० क्रि० एकै ठाउँमा झुरुम्म हुनु; थुप्रिनु । **गर्ख्याइ–** ना० गर्खिने क्रिया वा प्रक्रिया । **गर्ख्याइनु–** क० क्रि० एकै ठाउँमा थुप्याइनु । **गर्ख्याउनु–** प्रे० क्रि० एकै ठाउँमा भेला पार्नु; झुरुम्म पार्नु; एकै ठाउँमा थुप्याउनु । **गर्ख्याहट–** ना० गर्खिने काम वा अवस्था ।

**गर्ग–** ना० [सं०] १. अङ्गिरस भरद्वाजका वंशज र वैदिक मन्त्रद्रष्टा एक ऋषि । २. ज्योतिषशास्त्रका एक प्राचीन आचार्य; गर्गसंहिताका स्रष्टा । ३. गोत्रप्रवर्तक एक ऋषि । ~**गोत्र–** ना० गर्ग ऋषिको कुल वा वंशको परिचयात्मक नाम; बाँस्तोला, गजुरेल, भट्ट, रिसाल, लामिछाने आदि थर हुनेहरूको गोत्र ।

**गर्गर–** ना० [सं०] १. एक किसिमको पुरानो बाजा । २. एक प्रकारको माछा । ३. भुमरी; आवर्त । ४. गाग्रो । >**गर्गरी–** ना० १. दही जमाउने ठेको; मदानी; मन्थनी । २. गाग्री; घैँटो; घल्चा ।

**गर्चो–** वि० [नेवा० ग्वाराचा] होचो हुनाका साथै खास गरी घाँटी छोटो भएको; पुड्को; ग्वाँचे ।

**गर्ज-नु–** अ० क्रि० [सं० √ गर्ज+नु] १. रिस, घमन्ड, धमास आदिले ठूलो स्वरमा कराउनु । २. हकारपकार गर्नु; गड्कनु; कुर्लनु । ३. गडचाङगुडुङ गर्नु; मेघ कराउनु । ४. बाघ कराउनु ।

**गर्ज–** ना० [अ० गरज] खाँचो; आवश्यकता; अभाव; हर्जा ।

**गर्जक–** वि० [सं०] ठूलो स्वरले बोल्ने; गडचाङगुडुङ गर्ने; गर्जने ।

**गर्ज गुमान–** ना० [सं० गर्जन+फा० गुमान] अभिमान; सेखी ।

**गर्जन/गर्जना–** ना० [सं०] १. ठूलो स्वरले कराउँदाको ध्वनि; गर्जदाको शब्द; गर्जाइ । २. मेघको गडचाङगुडुङ । ३. हप्की; खप्की; झपाराइ । – **तर्जन–** ना० हप्कीदप्की; धम्कीधमास; हकारपकार ।

**गर्जने–** वि० [गर्जन+ए] १. गर्जन गर्ने । ~**चालिसा–** ना० दक्षिण गोलार्द्धमा ४०° अक्षांशदेखि ६०° अक्षांशसम्मको भागमा जोडसँग बहने प्रबल पश्चिमी वायु । **गर्जने बाघले खाँदैन । गर्जने मेघ बर्सँदैन** (उखान) ।

**गर्जाइ**– [√ **गर्ज**(+आइ)] गर्जने काम वा प्रक्रिया । [> ] **गर्जिनु**– अ० क्रि० १. गर्जना गरिनु । २. गर्जनु ।

**गर्जित**– वि० [सं०] गर्जना गरिएको; गर्जेको ।

**गर्त**– ना० [सं०] सतहभन्दा धेरै गहिरो ठाउँ; खाल्टो; खाडल । (उदा०–काढी तरक्क पसिना दिनरात डोको, बोके पनि उदर-गर्त रहन्छ भोको । – लेखनाथ) ।

**गर्दन**– ना० [फा०] पिठ्यूँदेखि माथि र घुच्चुकदेखि तल रहेको घाँटीको पछिल्तिरको भाग; शरीर र टाउकालाई जोड्ने भाग । > **गर्दनी**– ना० गर्दनमा समातेर हुत्त्याउने काम; गलहत्ती; घोक्रेछुत्ती । **गर्दने**– वि० ठूलो, मोटो र नसुहाउँदो गर्दन हुने (निन्दा वा गालीमा) । **गर्दन्याइ**– ना० गर्दन्याउने भाव, क्रिया वा प्रक्रिया । **गर्दन्याइनु**– क० क्रि० गलहत्ती लगाइनु; घोक्र्याइनु । **गर्दन्याउनु**– प्रे० क्रि० गर्दनमा समातेर हुत्त्याउनु; गलहत्ती लगाउनु; घोक्र्याउनु ।

**गर्दभ**– ना० [सं०] गधा । – **राग**– ना० धोधो मोटो नमिठो स्वर ।

**गर्दागर्दी**– ना० [गर्दी (द्वि०)] ठूलो भिडन्त; घोर लडन्त; गर्दीघमासान; घम्साघम्सी ।

**गर्दी**– ना० [फा० गुर्द+ई] १. समय वा परम्पराको ठूलो परिवर्तन; क्रान्ति । २. घम्साघम्सी; लडन्तभिडन्त ।

**गर्धन**– ना० [फा० गर्दन] हे० गर्दन । > **गर्धनी**– ना० गर्दनी । **गर्धने**– वि० गर्दने । **गर्धन्याइ**– ना० गर्धन्याउने भाव, क्रिया वा प्रक्रिया । **गर्धन्याइनु**– क० क्रि० गर्दन्याइनु । **गर्धन्याउनु**– स० क्रि० गर्दन्याउनु ।

**गर्नेभन्ने**– वि० [गर्ने+भन्ने] गरीभनी गर्ने; कर्ता र वक्ता; कामकुरो फत्ते गर्ने ।

**गर्भ**– ना० [सं०] १. पेटभित्र बच्चा रहने ठाउँ; पाठेघर; बच्चादानी; गर्भाशय; कोख । २. गर्भाशयमा रहेको बच्चो; सालनालसहितको भ्रूण । ३. मध्यभाग; भित्रीभाग; गोप्यस्थान । – **क**– ना० १. अघिल्लो दिनको साँझदेखि पर्सिपल्ट झिसमिसेसम्मको समय; पूरा दुई रात र त्यसबीचको समय । २. कपालको बीचमा पगरीजस्तो पारेर लाइने फूलमाला । – **काल**– ना० गर्भधारणका लागि अनुकूल समय; ऋतुकाल । ~ **केसर**– ना० फलका गर्भनालमाथि रहने तन्तु; परागमा रहने पुंकेसर वा स्त्रीकेसर तत्त्व । – **कोश**– ना० पाठेघर; गर्भाशय । – **घातिनी**– ना० १. गर्भपतन गराउने ओखतीका रूपमा प्रयोग गरिने वनस्पति; लाङ्गलिका । वि० २. गर्भ तुहाउने; गर्भपात गर्ने (स्त्री) । – **घाती**– वि० गर्भपात गर्ने; भ्रूणहत्या गर्ने; पेटको बच्चा तुहाउने । – **ज**– वि० गर्भबाट उत्पन्न भएको । – **जातक**– ना० अट्ठाइस हप्ता पुगेको गर्भ; सातमहिनाको गर्भ । – **दास**– ना० जन्मदेखिकै कमारो; जन्मजात करिया वा दास । ~ **धारण**– स्त्रीपुरुषको सम्भोगबाट गर्भाशयमा शुक्रकीट रहने क्रिया; गर्भवती हुने काम; पेटबोकाइ । – **नाल**– ना० फक्रिएका फूलका थुँगामा पराग रहने नाल; फूलको केसर रहने नली । ~ **निरोध**– ना० गर्भको सम्भावना बन्द गराउने काम; जन्मनिरोध । ~ **पतन**– ना० गर्भ तुहुने काम; अधिग्रो जाने काम । ~ **पत्र**– ना० फूलको भित्री तहको कमलो पात; कोपिलो; गाभा । – **पात**– ना० गर्भ तुहाउने काम; गर्भपतन । – **पातक**– वि० गर्भपात गराउने; पेट खोलाउने; गर्भ तुहाउने । – **पाती**– वि० गर्भपात गर्ने । – **मास**– ना० गर्भ रहेको महिना; पेट बोकेको महिना । – **वती**– वि० गर्भधारण गरेकी; पेट बोकेकी; भुँडी बोकेकी; गर्भिणी; दोजिया । – **वध**– ना० गर्भपात गर्ने क्रिया; भ्रूणहत्या । – **वास**– ना० १. गर्भभित्र बच्चा रहने काम । २. गर्भाशय; कोख । ~ **विज्ञान**– ना० गर्भमा रहेका बच्चाको अवस्था, विषय आदिको अध्ययनविवेचन गरिएको शास्त्र । – **विष**– ना० कल्लैकल्ला भएको, डोलो आकारको र कालो रङको माछोविशेष । – **सन्धि**– ना० साहित्यशास्त्रका अनुसार रूपकका पाँच सन्धिमध्ये अर्थप्रकृतिअनुसार पताका र अवस्थाअनुसार प्राप्त्याशाका अवस्थालाई जोड्ने सन्धि । – **स्थ**– गर्भमा रहेको वा रहने । – **स्थली**– ना० गर्भाशय; कोख । ~ **हत्या**– ना० पेटमा रहेको बच्चा मार्ने काम; भ्रूणहत्या; गर्भवध । > **गर्भाङ्क**– ना० नाटकका बीचमा आउने र अलग्गै प्रसङ्गको कथा देखाउने वा मूल प्रसङ्गको रहस्य उद्घाटन गर्ने उप-अङ्क । **गर्भाधान**– ना० गर्भधारण गर्ने-गराउने काम; पेट बोक्ने काम । **गर्भामुख**– ना० फूलको सतहमा स्त्रीकेसर जम्मा हुने ठाउँ ।

**गर्भाशय**– ना० [सं०] गर्भ रहने ठाउँ; गर्भस्थली; पाठेघर; बच्चादानी; गर्भ; कोख । ~ **स्खलन**– ना० पाठेघर खुस्किएर बिस्तारै बाहिर आउने क्रिया; भँडाल्नो फर्किने काम ।

**गर्भिणी**– ना० [सं०] गर्भवती स्त्री; दोजिया ।

**गर्भित**– वि० [सं०] १. गर्भ भएको; गर्भयुक्त । २. भरिएको; भित्र रहेको; गाभिएको । – **ता**– ना० मूल वाक्यको पेटभित्र दोस्रो वाक्य पर्दा हुने काव्यको एक दोष ।

**गर्भे**– वि० [गर्भ+ए] १.गर्भसम्बन्धी; गर्भको । २. गर्भमा रहेको । > **गर्भेउलो**– वि० गर्भैदेखिको; गर्भैमा आएको । ~ **उन**– ना० भेडा आदिको गर्भैदेखि आएको ऊन; सानो पाठोलाई पहिलो पटक मुडेर प्राप्त गरिएको नरम उच्चस्तरको ऊन । ~ **टुहुरो**– ना० गर्भमा छँदै बाबु मरेको बालक । स्त्री० गर्भेटुहुरी । ~ **हिलो**– ना० धान रोपाइँ गर्न हिल्याईवरी तयार पारिएको रात रहेको हिलो ।

**गर्माइ**– ना० [√ **गर्माउ**(+आइ)] गर्माउने भाव, क्रिया वा प्रक्रिया । [> ] **गर्माइनु**– क० क्रि० १. गरम पारिनु; तातो गराइनु । अ० क्रि० २. तातो होइनु; तातिनु ।

**गर्माउनु**– स० क्रि० [गरम+आउ+नु] १. गरम पार्नु; तातो गराउनु; न्यानो पार्नु । अ० क्रि० २. रिसले चुर हुनु; रिसाउनु; जोसमा आउनु; तात्नु । > **गर्माहट**– ना० गर्माउने काम, अवस्था वा स्थिति; गर्मी; उष्णता ।

**गर्मी**– ना० [फा०] १. तातोपन; पोल्ने स्थिति; उष्णता । २. गरम

हुने ऋतु; घाम चर्किने समय; ग्रीष्म ऋतु । ३. रन्कने वा जोसिने स्थिति वा आवेग; रिस; क्रोध । ४. भिरिङ्गी रोग ।

**गर्ल्यामगुर्लुम–** क्रि० वि० [अ० मू० गर्ल्याम् (द्वि०)] पूरै भत्किने वा लड्ने किसिमले (रूख, घर, पर्खाल, डाँडो इ०) ।

**गर्व–** ना० [सं०] १. कुनै ठूलो कामकुरा, वस्तु, व्यक्ति आदिसित सम्बन्धित औचित्यपूर्ण अहंभावना । २. मै जान्ने-सुन्ने हुँ भन्ने घमन्ड; अभिमान; सेखी; अहमत्याइँ । > **गर्वित–** वि० गर्व गर्ने; घमन्डी; सेखीवाल । **गर्विता–** वि० आफ्नो रूप, उमेर, गुण आदिको घमन्ड भएकी (स्त्री) । **गर्वी–** वि० गर्व गर्ने; अभिमानी; घमन्डी ।

**गर्हण–** ना० [सं०] १. गिराउने व्यवहार; निन्दा; हेला । २. छिद्रान्वेषण गरेर दोष फेला पारी निन्दा र फलाको गरिने भरतनाट्यपरम्पराका नाटकअन्तर्गत रहने छत्तीस लक्षणहरूमध्येको एक लक्षण । > **गर्हणीय–** वि० निन्दा गर्न योग्य; निन्दनीय ।

**गर्हित–** वि० [सं०] निन्दा गरिएको; निन्दित ।

**गर्ह्य–** वि० [सं०] निन्दा गर्न योग्य; निन्दनीय; निन्द्य ।

**गल्-नु–** अ० क्रि० [सं० गल्] १. थकित हुनु; थाक्नु; कडा परिश्रमपछि शारीरिक थकान बढ्नु । २. पाकेर गलक्क हुनु; नरम हुनु । ३. अपराध सकारी कायल हुनु; लाचार हुनु । ४. अर्काका अघिल्तिर आफ्नो कमजोरी स्विकार्नु; लत्रनु; झुक्नु । ५. दुब्लाउनु; खर्ल्याकखुर्लुक हुनु । ६. आफ्नो टेक लिन असमर्थ हुनु । ७. निर्धन हुनु; गरिब हुनु ।

**गल१–** वि० [सं० गर्त] डोल वा गहिरी परेको र कुलोपानी लाग्ने; अव्वल (खेत) ।

**गल२–** ना० कुनै गह्रुङ्गो वस्तुलाई पल्टाउने वा उप्काउने फलाम वा काठ, बाँस आदिको दह्रो डन्डी ।

**गल३–** ना० [सं०] १. गला; घाँटी; कण्ठ । २. घाँटीको भित्रपट्टिको भाग । – **कट्टा–** वि० १. घाँटी काट्ने; गलो रेट्ने; घिच्रो सेर्ने । २. निर्धाको रगत चुस्ने; शोषक; घातक । – **कट्नु/कट्नो–** वि० गलकट्टा । – **कम्बल–** ना० गाईगोरुका घाँटीमा तलदेखि माथिसम्म झुन्डिएको लुर्कने छाला; माला ।

**गलकोट–** ना० नेपालको धौलागिरि अञ्चलअन्तर्गत बागलुङ जिल्लामा पर्ने ऐतिहासिक स्थल (पुरानो राज्य) वा त्यसैको वरिपरिको ठाउँ । > **गलकोटे–** वि० गलकोटमा बस्ने; गलकोटको बासिन्दा । स्त्री० गलकोटेनी ।

**गलक्क–** क्रि० वि० [अ० मू० गलक्+क] पाकेर वा सडेर ज्यादै गल्ने गरी; फतक्क ।

**गलगण्ड–** ना० [सं०] घाँटीमा रुद्रघण्टीका वरिपरि नसामा पानी जमेर फुल्दै जाने रोग; गाँड; गलगाँड ।

**गलगाँठो–** ना० [गल+गाँठो] १. घाँटीमा कुनै पनि भागमा निस्किएको खटिरो । २. घाँटीमा फेरो पुग्ने ठाउँमा पारिएको गाँठो ।

**गलगाँड–** ना० [सं० गलगण्ड] १. गलाको गाँड; गलगण्ड । २. वरिपरि भन्टचाङभुन्टुङ केटाकेटी आदिको घेरो ।

**गलगिज्ज/गलगिद्ध–** क्रि० वि० [सं० गल+गिज्ज/गिद्ध] घाँटी टन्न हुने गरी खाने चालसँग; कोची-कोची वा अटेसमटेस होउन्जेल खाने गरी ।

**गलगौँडी–** ना० [गल+गौँडी] झ्याप्प परेको बोट हुने, सानो केराउका दानाजत्रा राता रङका फल फल्ने एक प्रकारको वनस्पति वा त्यसैको फल ।

**गलग्रह–** ना० [सं०] १. कफ बढेर सास फेर्न असजिलो पार्ने घाँटीको एक रोग । २. घोक्रेछुत्ती लाउने वा गलहत्त्याउने काम; टिप्पा । ३. ज्योतिषशास्त्रअनुसार कृष्णपक्षका प्रतिपदा, चतुर्थी, सप्तमी, अष्टमी, नवमी र अमावस्या तिथि । ४. मुस्किलले मात्र पन्छाउन सकिने दुःख ।

**गलघण्ट–** ना० [सं०] १. पशुको गलामा झुन्डचाइने घण्ट; घाँडो । २. करबलले मात्र बेहोर्नुपरेको त्यस्तै दुःख; छोड्न पनि नसकिने र लिन पनि मन नहुने झ्याउलो ।

**गलचेप–** ना० [सं० गल+च्याप्] १. गला च्याप्ने वा अँठचाउने उपकरण (मुसा मार्ने चेपुवा, जङ्गली पशु समाउने पासो, हात्ती बाँध्ने साङ्लो इ०) । २. गला रेट्ने काम; जबरजस्ती; करकाप ।

**गलजिब्रो–** ना० [सं० गलजिह्वा] श्वासनलीको मुखलाई खानेकुरा खाँदा बन्द र सास फेर्दा खुला गर्दा सर्किने सम्भावनाबाट जोगाउने मासुको लुर्कन ।

**गलत–** वि० [अ०] १. ठीक नभएको; बेठीक; अनुचित; गल्ती । २. झूटो; असत्य; मिथ्या (कुरा, भनाइ, लिखत आदि) । ३. अशुद्ध । ~**फहमी–** ना० १. नभएको वा अपत्यारिलो हल्ला; होहल्ला । २. झुक्यान; भ्रम । > **गलती–** ना० हे० गल्ती ।

**गलथना–** ना० छाँद्ने क्रममा घोडाको थुतुनामा लगाइने छालाको साज ।

**गलन–** ना० [सं०] १. चुहुने काम; चुहाइ । २. खस्ने वा गिर्ने काम । ३. ग्लानि; गलाइ ।

**गलन्ज्या–** ना० [सं० गर्ह्यज] आइमाईले तल्लो जातसँग पोइल गएर वा सहवास गरेर रहेको गर्भ ।

**गलन्तिका/गलन्ती–** ना० [सं०] १. सानो झारी; कमण्डलु । २. जलपात्र; जलहरी ।

**गलपासो–** ना० [सं० गलपाश] १. गलाको पासो; घाँटीको डोरी । २. पशुहरूलाई बाँध्न गलामा कसिने पासो । ३. आत्महत्या गर्न झुन्डिने डोरी ।४. गलफन्दी । ५. झन्झटलाग्दो गरी गर्नुपर्ने कुनै काम-कुरो ।

**गलफती/गलफदी–** ना०हे० गलबदी ।

**गलफन्दी–** ना० [गला+फन्दा] सजाय दिन अपराधीका गलामा भिराइने फलामे बन्धन; गलपासो ।

**गलफाँसी–** ना० [गला+फाँसी] गलपासो; घटेसी ।

**गलफुले–** ना० [गलफुलो+ए] १. चम्सुरका जस्ता पात हुने, बीचमा

गाँठेगाँठाको झाम्टो परेको, गाईबस्तुले खाएमा गला फुल्ने एक प्रकारको भुइँझार । २. गलफुलो ।

**गलफुलो**– ना० [गला+फुल्+ओ] च्यापु सुनिने वा घाँटी फुलेर फुकुन्डो आउने रोग ।

**गलबदी**– ना० [अ० गलब] चाहिँदा-नचाहिँदा कुरामा गरिने बहस; निधोमा पुग्न नसकी धेरै जनाले कुरो काटाकाट मात्रै गरेको खैलाबैला; गलफती; गलफदी ।

**गलबन्द**– ना० [सं० गल+बन्ध] गलबन्दी । > **गलबन्दी**– ना० प्रायः जाडोबाट बच्न गलामा बेरिने वस्त्र; मफलर ।

**गलबा**– ना० [अ० गलब] हूलदङ्गा; दङ्गा-फसाद; विद्रोह; हल्ला ।

**गलमगाँठो**– ना० [गलम+गाँठो] बस्तुभाउ बाँध्दा गलामा सुर्काउनी पर्नबाट जोगाउने दाम्लाको गाँठो ।

**गलमुद्रा**– ना० [सं०] शिवजीलाई प्रसन्न गराउन पूजा गर्दा डमरुको आवाज निकाली गाला बजाउने मुद्रा ।

**गलल्ल**– क्रि० वि० [अ० मू० > गलल्+ल] खित्का छोडेर धेरै जना हाँस्ने गरी ।

**गलसेरा**– वि० [गला+सेर्+आ] १. गलो सेर्ने वा रेट्ने । २. दीनदुःखीलाई सताउने; गरिबमारा ।

**गलस्तन**– ना० [सं०] १. बाख्राका गलामा झुन्डिने थुनजस्ता मासुका लुर्का । > **गलस्तनी**– ना० गलामा मासुका लुर्का झुन्डिएको वा चारकाने बाख्रो ।

**गलहत्ती**– ना० [गला+हुत्त्याउ, सं० गलहस्ती] अँठ्याएर हुत्त्याउने वा पछार्ने काम; घोक्रेछुत्ती; गर्दनी । > **गलहत्त्याइ**– ना० गलहत्ती लगाउने क्रिया वा प्रक्रिया । **गलहत्त्याइनु**– क० क्रि० गलहत्ती लाइनु; गर्दन्याइनु । **गलहत्त्याउनु**– स० क्रि० गलहत्ती लाउनु; घोक्र्याउनु; गर्दन्याउनु ।

**गलहस्त**– ना० [सं०] घोक्र्याउन तयार पारिएको हातको मुद्रा; अर्द्धचन्द्र । > **गलहस्ती**– ना० हे० गलहत्ती ।

**गलहार**– ना० [सं०] गलामा लगाइने, रत्न आदि अमूल्य वस्तु जडिएको हार; सुनचाँदीको माला ।

**गला**– ना० [सं० गल] १. टाउको र धडलाई जोड्ने बीचको गोलाकार केही लामो अङ्ग; घाँटी; कण्ठ । २. सङ्गीतात्मक स्वर; आवाज ।

**गलाइ**– ना० [√ **गल्** (+आइ)] गल्ने भाव, क्रिया वा प्रक्रिया । [>] **गलाइनु**– क० क्रि० गलाउने काम गरिनु; गल्ने पारिनु । **गलाउनु**– प्रे० क्रि० १. गल्ने बनाउनु; गलक्क हुने तुल्याउनु । २.टेक लिनेलाई कायल पार्नु; अपराध सकार्ने बनाउनु; पग्लाउनु ।

**गलाम**– ना० [सं० गल] १. बस्तुभाउ बाँध्दा गलामा पर्ने दाम्लाको भाग । (उदा०– गलाम सानो भए बस्तुलाई घटेसी लाग्ने डर हुन्छ) । वि० २. गलामा फेरो पुग्ने; गलाभरिको । ~**गाँठो**– ना० गलामा फेरो पुग्ने ठाउँमा पारिएको गाँठो; गलमगाँठो ।

**गला लाग्नु**– टु० १. खाएको कुरा घाँटीमा गएर अड्किनु । २. कुनै काम नगर भन्दाभन्दै गरेर बिग्रिसकेपछि चुकचुकाउनु; पछुताउ लाग्नु ।

**गलित**– वि० [सं०] १. गिलो भएको; गलेको । २. चुहेको; खसेको । ३. सडेको; कुहेको । ४. शिथिल भएको; थाकेको । ~**कुष्ठ**– ना० हातगोडाका औँला र त्यसपछि जोर्नीसम्मका अङ्ग गलेर बिस्तारै झर्ने कुष्ठ रोग । ~**यौवना**– वि० जवानी बित्नाले सबै कुरो हराइसकेकी (स्त्री) ।

**गलिनु**– अ० क्रि० [गल्+इ+नु] गल्ने होइनु; पग्लिनु ।

**गले**– वि० [गल्+ए] गलेको; थाकेको; जुम्सो । – **गन्ड**– ना० गलामा छालाको थैलो झुन्डिएको एक जातको चरो । ~**गोरु**– ना० १. काँधिएर राम्ररी नहिँड्ने वा मुस्किलले ठेलीठेली हिँडाउनुपर्ने गोरु । २. त्यस्तै गह्रुङ्गो स्वभावको मान्छे; अल्छी र लोसो मानिस ।

**गलेनी**– ना० १. गोडाका औँलाका काप फुट्ने, च्यातिने र पाक्ने रोग । २. पाकेपछि कालो र खाँदा गुलियो स्वादको हुने, असारतिर पलाएर फली कात्तिकमा पाक्ने र मङ्सिरपुसमा मर्ने एक वनस्पति वा त्यसैको फल ।

**गलेबन्द**– ना० गलबन्दी (उदा०–खुला दो-कान को राख्छ गलेबन्द भए कुनै । – लेखनाथ) ।

**गलेश्वर**– ना० [सं०] म्याग्दी जिल्लाको बेनी बजारबाट एक कोस उत्तरपट्टि कालीगण्डकी र राखुघाट खोलाका दोभानमा अवस्थित महादेव; पौराणिक उपाख्यानअनुसार सतीदेवीको गलो पतन भई शिवजी उत्पन्न भएको र प्रत्येक वर्ष बालाचतुर्दशीमा मेला लाग्ने सोही ठाउँ ।

**गलैँचा**– ना० [फा० गालीच] तनौटोमा सूतीको डोरी र बुनौटोमा भेडा वा भ्याङलुङको ऊन प्रयोग गरी विभिन्न रङका बुट्टा पारेर बुनिने, बाक्लो, नरम बिछ्यौना ।

**गलैँची फुल**– ना० [गलैँचा+फुल] ससानो बोट हुने र रङ्गीबिरङ्गी फूल फुल्ने एक जातको फूल ।

**गलो**– ना० [सं० गल] १. कण्ठ; घाँटी; गला । – **सेरा**– वि० हे० गलसेरा ।

**गल्छी**– ना० १. एक ठाउँबाट अर्को ठाउँसम्म पुग्न ओर्लने वा उक्लने गौँडो; कतैबाट उम्कने वा कहीँ पस्ने गल्छेडो । २. दुई पहाडका बीचमा खोँच वा सोतो परेको ठाउँ । > **गल्छेडो**– ना० १. सानो बाङ्गोटिङ्गो र अप्ठेरो बाटो; साँघुरो गल्ली । २. बस्तुभाउ हिँड्ने वा मूलबाटोमा मोडिने छोटो बाटो; उनाउ बाटो । ३. खोँच परेको ठाउँ; त्यस्तै अप्ठेरो काम ।

**गल्डचाङ्ग्रो / गल्ढचाङ्ग्रो**– वि० १. राम्रोसँग बोल्न नजान्ने वा बोली स्पष्ट नभएको; लठेब्रो । २. स्वर मात्र ठूलो तर बुद्धि नभएको; सीधासाधा; लाटोसुधो । ३. हुस्सू; लन्ठ । स्त्री० गल्डचाङ्ग्री / गल्ढचाङ्ग्री ।

**गल्ती**– ना० [अ० गलती] १. नियम, रीति, सिद्धान्त आदिका दृष्टिले हुने वा गरिने भूल; भूलचूक; बिराम । २. भाषा, व्याकरणका दृष्टिले भएको वा गरिने भूल; अशुद्धि । ३. अनुचित काम; नसुहाउँदो आचरण ।

**गल्थो**– ना० १. मुजा पारेर लाइएका फरियाको पोल्टामा पर्ने मुठो वा गाँठो । २. धानको रोपो सप्रेर मुठीभरि गाँजिएको झाङ;

घाँस वा झारको ठूलो मुठो । – **वाल**– वि० मुजा परेको गल्थो देखिने फरियाको पहिरन हुने (स्त्री) । ~ **सराइ**– ना० धान रोप्ने काम । > **गल्थ्याइ**– ना० गल्थ्याउने क्रिया वा प्रक्रिया । **गल्थ्याइनु**– क० क्रि० गल्थो पारिनु; मुठो पारिनु । – **गल्थ्याउनु**– स० क्रि० अगाडि पर्ने फरियाको मुजा पटुकाले कसेर अँचेट्नु; गल्थो पार्नु; मुठा पार्नु ।

**गल्प**– ना० [सं०] १. विचारप्रधान वा भावपूर्ण घटनात्मक ससानो कहानी; छोटो कथा । २. मिथ्या प्रलाप; गफ ।

**गल्मट**– ना० पिँडालुको गाना काटेर दालमा मिसाइने चाना वा टुक्रा ।

**गल्याँठो**– ना० [गोल+याँठो] काठ वा अरू कुनै वस्तुको छोटो गिँड; रूखमा वा मान्छेको शरीरमा निस्केको गाँठो वा गानु ।

**गल्याकगुलुक**– क्रि० वि० [अ० मू० गल्याक्+अ (द्वि०)] फलफूल आदि पाकेर ज्यादै गल्ने किसिमले; फत्याकफुतुक ।

**गल्याङमल्याङ**– क्रि० वि० [अ० मू० गल्याङ्+अ (द्वि०)] हल्ला हुने वा खलबल हुने चालसँग; खल्याङमल्याङ ।

**गल्ल**– क्रि० वि० [अ० मू० गल्+ल (द्वि०)] खुसी वा खिसी व्यक्त गर्दा खित्का छाडेर हाँस्ने गरी ।

**गल्ला**– ना० [अ० गल्ल] १. अन्नपात; धानचामल, मकै आदि अन्न; अनाज । २. खास गरी विदेशी सेनामा भर्ना गर्न भेला गरिएका युवकहरूको समूह (रङ्गरुट) । ३. खुत्रुकेजस्तै तर खोल्ने , बन्द गर्ने गरिएको पसलेहरूको सानो बाकस । – **वाल**– ना० १. अन्नपातको बिक्री गर्ने व्यक्ति; अनाजको व्यापारी । २. सेनामा भर्ना गर्न रङ्गरुट जम्मा गरी लाने व्यक्ति ।

**गल्ली**– ना० [सं० गल] १. प्रायः सहरभित्रका घरहरूका पङ्क्तिबीचमा रहेको साँघुरो बाटो । २.सानो र नराम्रो बाटो ।

**गवाइ**– ना० [√ **गाउ**(+याइ)] गाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **गवाइनु**– क० क्रि० गाउन लाइनु; गाउन प्रेरित गरिनु । **गवाउनु**– प्रे० क्रि० गाउन लाउनु; गाउने पार्नु ।

**गवाक्ष**– ना० [सं०] आँखीझ्याल ।

**गवाह**– ना० [फा०] १. कुनै घटना जान्ने वा देख्ने व्यक्ति; कुनै विवरण वा घटनाको जानकारी राख्ने व्यक्ति । २. कुनै वादविवादमा अड्डाअदालतसमक्ष आफूले जानेबुझेको कुरा बताएर प्रमाण दिने व्यक्ति; साक्षी । > **गवाही**– ना० १. देखेजानेका घटनाबारे दिइने बयान । २. देवानी वा फौजदारी मुद्दामा अड्डाअदालतमा गएर गरिने बयान; साक्षी; प्रमाण ।

**गवेषक**– वि० [सं०] गवेषणा गर्ने; अन्वेषक; अनुसन्धानकर्ता ।

**गवेषण**– ना० [सं०] १. कुनै वस्तु वा विषयको यथार्थ तथ्य पत्ता लगाई गरिने विधिपूर्वकको अध्ययन-विश्लेषण; अनुसन्धान । २. हराएको वस्तु खोजेर पत्ता लगाउने काम; खोजी । – **शाला**– ना० गवेषण वा अनुसन्धान गरिने ठाउँ वा घर । > **गवेषणा**– ना० गवेषण ।

**गवेषी**– वि० [सं०] कुनै विषयको गहिरो छानबिन गर्ने; खोजी गर्ने; अनुसन्धाता ।

**गवैया**– ना० [गाउ+ऐया] गीत वा राग गाउने व्यक्ति; गाउने मान्छे; गायक; वस्ताज ।

**गव्य**– वि० [सं०] १. गाईबाट प्राप्त हुने (दूध, दही, घिउ, गहुँत र गोबर) । २. गाईभैँसीलाई खुवाइने (घाँस, भुस, कुँडो इ०) ।

**गस्ती**– ना० [फा०] १. ठाउँ-ठाउँको घुमफिर; भ्रमण । २. पहरा वा रखवारीका निम्तिको घुमाइ; कुनै क्षेत्रमा सुरक्षा कायम गर्न तथा असामान्य स्थितिको नियन्त्रण गर्न वा अन्य विशेष प्रयोजनका लागि खटिएको टोली वा व्यक्तिले सावधानीपूर्वक घुम्ने र रेखदेख गर्ने काम (गस्ती प्रहरी, गस्ती पुलिस आदि) ।

**गह१**– ना० आँखाको गेडी रहने खोपिल्टो वा आँसु भरिएर डबडबाउने त्यसैको डिलडिलसम्मको ठाउँ ।

**गह२**– ना० प्रायः टोपी सिउन प्रयोग गरिने एक प्रकारको कालो खुटुवा कपडा ।

**गहक**– ना० गहकिलोपन; वजन; तौल । > **गहकिलो**– वि० १. खँदिलो भईकन महत्त्वपूर्ण; गहक भएको; वजनदार । २. सार वा तत्त्व भएको; राम्रो र गतिलो ।

**गहत**– ना० [सं० कुलत्थ] १. एकै भेट्नामा फुस्रा तीन पात हुने, पहेँला फूल फुल्ने र लाम्चा कोसा लाग्ने, दाल-जातको लहरो वा त्यसैको कोसामा फल्ने सेतो,रातो र कालो तीन जातको हुने चेप्टो आकार भएको गेडादार अन्न ।

**गहते**– वि० [गहत+ए] १. गहतका रङको; गहतजस्तो वर्ण भएको । २. पाखे; असभ्य । ३. पेटभरि खान नपुग्ने; आर्थिक अवस्था कमजोर भएको । ना० ४. गहतजस्तै बोट हुने तर फल नलाग्ने एक जातको वनस्पति (घाँस) । ~ **काठो**– ना० गहत खाएर निर्वाह गर्ने बाहुन; दुःखी बाहुन (निन्दार्थमा) । ~ **किरो**– ना० गर्मीमा फैलने रक्तजीवी कीरो; उडुस । ~ **जाउलो**– ना० गहत मिसाएर बनाइने जाउलो । ~ **डाँडो** / **पाखो**– ना० गहत मात्र उब्जने जग्गा-जमिन; रूखो पाखो ।

**गहन**– वि० [सं०] १. गहिराइ छिटै थाहा नपाइने; गहिरो; गम्भीर । २. बाक्लो; सघन । ३. पुग्न नसकिने; दुर्गम; अगम्य । ४. मुस्किलसँग मात्र बुझिने; दुर्बोध्य; क्लिष्ट । ५. आदि र अन्तको पहिचान गर्न कठिन; रहस्यमय । – **ता**– ना० १. गहन हुनाको भाव वा अवस्था; गहिराइ; गम्भीरता । २. दुर्गमता ।

**गहना**– ना० १. सुन-चाँदी आदिबाट बनाइने सिँगारपटारका साधन; शरीर वा व्यक्तित्वको बाह्य शोभा बढाउनका लागि शरीरका नाक, कान, घाँटी आदि विभिन्न भागमा लगाइने वा पहिरिने तिनै वस्तु; अलङ्कार । २. शोभा दिने र बाह्य इज्जत बढाउने किसिमका कुरा वा गुण । (उदा०– चरित्र नै मान्छेको सबभन्दा ठूलो गहना हो) । ~ **गुरिया** / **पात**– ना० गहनाहरूको समुदाय; गरगहना ।

**गहरी**– ना० गहिरो परेका ठाउँतिर बग्दै वा घिस्रिँदै जाने गरी खेल्ने केटाकेटीहरूको एक खेल ।

c:\Sabdkosh\Ga.p65



**गहिराइ–** ना० [गहिरो+आइ] १. गहिरो हुनाको भाव वा अवस्था; गहिरोपन; गाम्भीर्य; गम्भीरता । २. उत्खनन आदि गर्ने क्रममा सङ्केत गरिएकोभन्दा तलको ठाउँ ।

**गहिरिनु–** अ० क्रि० [गहिरो+इ+नु] १. गहिरो हुनु । २. भित्री तहसम्म पुग्नु ।

**गहिरी–** वि० [गहिरो+ई] १. अलि-अलि गहिरो; थोरै गहिरो । २. आँत-भेउ पाउन नसकिने (स्त्री) । ३. गहिरो परेको जमिन; गलखेत; डोलखेत ।

**गहिरो–** वि० [सं० गभीर] १. वरिपरि अग्लो भई माझको भाग भासिएको वा गाडिएको; सतहभन्दा तलको । २. भित्रसम्म पुगेको (गहिरो घाउ, गहिरो चोट, गहिरो भनाइ इ०) । ३. सजिलैसँग बुझ्न नसकिने; भित्री अर्थ भएको । ४. आँत-भेउ पाउन गाह्रो वा पार लाउन नसकिने ।

**गहिऱ्याइ–** ना० [√ **गहिऱ्याउ** (+आइ)] गहिऱ्याउने भाव, क्रिया वा प्रक्रिया । [> ] **गहिऱ्याइनु–** क० क्रि० गहिरो पारिनु, गहिऱ्याउन लाइनु ।

**गहिऱ्याउनु–** प्रे० क्रि० [गहिरो+याउ+नु] गहिरो पार्नु; गहिरिने तुल्याउनु ।

**गहुँ–** ना० [प्रा० गोहूम] एकापट्टिको भाग केही गहिरो परेको र बीचमा छेउ-पुछार चिरा परेको हुने, सुनौला रङका गेडा भएको, सप्तधान्यमध्येको एक प्रसिद्ध अन्न । **– गोरो–** वि० गहुँको जस्तो वर्ण भएको; हल्का वा केही खैरो भाव देखिने रङ वा वर्णको (मानिस, अनुहार) ।

**गहुँत–** ना० [सं० गोमूत्र] सूतक, आशौच आदिका शुद्धिकार्यमा प्रयोग गरिने र पवित्र मानिने गाईको मूत; पञ्चगव्य (गाईको दूध, दही, घिउ, गउँत र गोबर)-मध्ये एक ।

**गहुँगो–** वि० [√ गह्रुङ्गो] हे० गह्रुङ्गो/गह्रुङ्डो ।

**गह्रुकाइ–** ना० [√ **गह्रुकाउ**(+आइ)] गह्रुकाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **गह्रुकाइनु–** अ० क्रि० गह्रुको होइनु ।

**गह्रुकाउनु–** अ० क्रि० [गह्रुको+आउ+नु] काम गर्न अप्ठ्यारो मान्नु; अल्सी गर्नु; अल्साउनु ।

**गह्रुको–** वि० [√ गह्रुङ्गो] भारी; गह्रौं; गरुको । विप० हलुको ।

**गह्रुङ्गो/गह्रुङ्डो–** वि० [गह्रौं] बेसी वजन भएको; धेरै तौल भएको; उचाल्न गाह्रो पर्ने । विप० हलुङ्गो ।

**गह्रौं–** वि० [सं० गुरु] १. गह्रुङ्गो । विप० हलौं ।

**गह्वर–** ना० [सं०] १. बाहिरबाट केही थाहा नपाइने वा लुक्न-बस्न हुने गहिरो र अँध्यारो ठाउँ (ओढार, गुफा,सुरुङ, दुलो इ०) । २. झाडीले घेरिएको एकान्त स्थान; वन; लतागृह; कुञ्ज । वि० ३ जान गाह्रो पर्ने; दुर्गम; विषम । > **गह्वरी–** ना० गुफा; कन्दरा ।

**गाँज्-नु–** स० क्रि० [गाँज+नु] १. छोप्नु; आफ्नो कब्जामा पार्नु । २. झम्टेर टिप्नु; च्याप्प पारेर अँठ्याउनु । ३. प्रभावमा पार्नु ।

**गाँज–** ना० [सं० गर्जन] १. धान, कोदो, घाँस आदिको फेददेखि पलाएको एउटै बुटो; झाङिन सकेजति समूह । २. अँगालाभरि वा मुठीभरि अटाएजति वस्तु । ३. कागती र ज्यामिरको रस पकाएर चुक बनाउँदा उमालले किनारामा लगाउने फीँज ।

**गाँजा–** ना० एउटै भेट्नुमा चार-पाँचवटा लामा-लामा पात लाग्ने, खैरो रङको झुरुप्प फूल फुल्ने, सिलामका जस्तै दाना फल्ने र मात लाग्ने एक झार; त्यसैको फल-पात सबै पिँधेर सर्बतमा हाली नशाका रूपमा प्रयोग गरिने, चरेस बनाउन छिप्प्याएर चोप भेला गरिने र सुर्ती वा कक्कडमा मिसाएर चिलिम, सुल्फा आदिबाट धूवाँ खाइने वस्तु; शिवबुटी; भाङ ।

**गाँजि-नु१–** अ० क्रि० [गाँज+इ+नु] १. कुनै बोटबिरुवा हाँगाबिँगाले युक्त हुनु; झाङिनु; झाम्टिनु; मौलाउनु; फैलिनु । २. धनसम्पत्ति, कुलकुटुम्ब आदिले परिपूर्ण हुँदै जानु; सम्पन्न हुनु ।

**गाँजि-नु२–** क० क्रि० [गाँज्+इ+नु] कुनै सङ्कटपूर्ण स्थिति वा समस्याले छोपिनु; ऐँचमा परिनु ।

**गाँठ–** ना० [गाँठो < सं० ग्रन्थि] १. धागो, सनपाट, कपडा आदि बाँधेको पूरा भारी; गठरी । २. मूल धन; सञ्चित पुँजी । वि० ३. गठरिएको; पुड्को; गान्टे । **– कोपी/गोभी–** ना० माटामाथि सलगमको जस्तै गाँठो लाग्ने र तर्कारी खाइने काउलीका जातको डल्लो वस्तु वा त्यसैका मुन्टा । ~ **न गुठी–** ना० दयनीय अवस्था वा केही नभएको स्थिति । (**गाँठी न गुठी जरजरी उठी** । – उखान) ।

**गाँठा–** ना० [गाँठोको ति० रू०] १. शरीरमा भित्रभित्रै विकार पैदा भई भयङ्कर रूप लिँदै जाने असाध्य मानिएको खटिरो वा रोग; सइन-खटिरो; क्यान्सर । २. रहस्यका कुरा । **– गुँठी–** ना० सलक्क मिल्न नसकेर गठचाङगुठुङ परेका वस्तु; सानाठूला धेरै गाँठा ।

**गाँठिनु–** अ० क्रि० [गाँठ+इ+नु] १. डोरी वा धागो आदि वस्तु गाँठो पर्नु । २. वस्तु वा व्यक्तिहरू एकै ठाउँमा जोल्टिनु ।

**गाँठी–** ना० [प्रा० गण्ठि > सं० ग्रन्थि] १. कुनै काम वा समस्यालाई सुल्झाउन सहायक हुने उपाय; जुक्ति; तरिका । २. भित्री अभिप्राय; अभ्यन्तरको कुरो; कुराको मुख्य सार । ३. मूलधन; पुँजी । ४. अग्लोहोचो; सानोठूलो आदि शरीरको कद; जीउडाल । ~ **कुरो–** ना० भन्न खोजेको मुख्य कुरो; भित्री सारभूत कुरो; मूल मर्म वा अभिप्राय ।

**गाँठे१–** वि० बो० कुनै प्रसङ्गमा उदेक, रउस आदिको भाव जनाउने शब्द । (उदा०– लालेले त पुतलीलाई बिहे नै गरिसकेछ, ए गाँठे ! नभन्दै गाँठे ! उसले पनि जागिर खाएछ !) ।

**गाँठे२–** वि० [गाँठो+ए] १. सलक्क नभई गाँठैगाँठा परेको । २. चाहिँदो मात्रामा बढ्न नसकेको; गान्टे; पुड्के । ~ **काल्तोरी–** ना० मूलाजस्तै जरामा फल्ने तर अलिक बाटुलो फल हुने तरकारी खाने एक जातको वनस्पति । **– मूला–** ना० हे० गान्टेमूला ।

**गाँठो–** ना० [प्रा० गण्ठो < सं० ग्रन्थ] १. डोरी, धागो, सुतली

आदि वस्तु नफुस्कोस् भनी मस्काउँदा वा आफैँ फेरो परेर हुने डल्ले; ग्रन्थि । २. गानु; डल्लो । ३. बाँस, उखुजस्ता हाँगा पलाउने जातका वस्तुहरूको आँख्लो । ४. अड्को; समस्या; रहस्य । ~**पर्नु**– टु० १. कुरो नमिल्नु; समस्या आइपर्नु । २. मायाप्रीति बस्नु । ~**लुकाइ**– ना० रुमाल, पटुका वा डोरी गाँठो पारी सो गाँठो लुकाएर छकाउँदै खेलिने, केटाकेटीहरूको एक खेल ।

**गाँड**– ना० [सं० गण्ड] १. रोगका कारणले विशेषतः आयोडिन नमिसिएको नुन वा दूषित पानीका प्रभावबाट घाँटीका नसाहरूमा पानी जमी मासु फुलेर आउने ठूलो डल्लो; गलगण्ड । २. रूखहरूमा चोट लागेका ठाउँमा निस्कने गाँठो । ३. सुपारी, कटहरजस्ता फलहरूको समुदाय वा तिनको गाँठो परेको भाग । ४. एकै ठाउँ भुम्मिएका कमिला, मौरी, अरिङ्गाल आदिको गोलो वा समूह । ~**कोराकोर**– ना० परस्परमा गर्दन अँठ्याउन खोज्ने अड्डी; परस्परको कचिङ्गलोले दुःखद रूप लिएको अवस्था ।

**गाँडागर्चा**– वि० [सं० गाँडा+गर्चो] सलक्क नपरेका वा गान्टा र नसप्रेका (केटाकेटी र फलफूल) ।

**गाँडी**– ना० स्त्रीजातिको जननेन्द्रिय; योनि; भग । – **मुखे**– वि० योनिको जस्तो मुख भएको; रिसउठ्दो र मननपर्ने अनुहारको (अश्लील गालीमा हुने प्रयोग) ।

**गाँडु**– ना० १. माउबाट छुट्ट्याउने अवस्थामा नपुगेको गधा; गधाको बच्चो । वि० २. सरसल्लाहमा मिल्न नसक्ने वा उचित रूपले काम गर्न नसक्ने; बेमेलको; काम नलाग्ने; रद्दी; चुत्थो ।

**गाँडू**– ना० हे० गाँडु ।

**गाँडे**– वि० [गाँड+ए] घाँटीमा गाँड निस्किएको; गाँड भएको; गँडाहा । २. नमिल्दो स्वभाव भएको; असुहाउँदिलो; अस्वाभाविक । ~**ऐँसेलु**– ना० पतिनाका जस्तै आकारको गाढा हरियो पात हुने, ऐँसेलुका छाँटको पाक्ता रातो र खाँदा टर्रो गुलियो स्वाद भएको फल फल्ने झार वा सोही झारको फल । ~**काग**– ना० प्रायः चार हजार फिटभन्दा उचाइमा बस्ने र एक हाँचमा हजारौँ भएर मकै आदि खान घुम्ने लेकाली काग । ~**काफल**– ना० गाँडे-ऐँसेलु । ~**प्रीति**– ना० नसुहाउँदो प्रेम; मुखले मात्र चेपारो पार्ने देखावटी प्रेम; चाउरे माया । ~**माला**– ना० जुनेलाका जस्ता आकारका तर निकै साना पात हुने रछ्यानहुँदो उम्रने एक झार; केटाकेटीलाई छेरौटीको औषधीका रूपमा दाना छेडी माला लाइदिने चलन भएको त्यसैको फल; भिकौँले ।

**गाँडो**– वि० [गाँड+ओ] १. घाँटीमा गाँड भएको; गँडाहा । २. मिलनसार नभएको; गाँडू । ३. काममै नलाग्ने; हलम्बू; लट्ठक ।

**गाँती**– ना० चिसोबाट बच्चनका लागि कान, घाँटी र टाउको छोप्ने गरी तीन चोसे पारी बनाइएको, गलबन्दीको काम दिने कपडा ।

**गाँथ्-नु**– स० क्रि० [सं० ग्रन्थ+नु] १. धागोमा फूल, पोते आदि उन्नु; माला आदि गाँस्नु । २. एकै झुत्तो बनाउनु; जोर्नु; झुन्ड्याउनु; जोल्ट्याउनु । >**गाँथिनु**– क० क्रि० माला आदि उनिनु; गाँसिनु ।

**गाँवल**– ना० [सं० ग्राम] गाउँघर; छरछिमेक; गामल ।

**गाँस्-नु**– स० क्रि० [सं० ग्रथ्+नु] १. कुनै दुई टुक्रा वस्तुलाई जोड्नु; मिलाउनु; टाँस्नु । २. लुगाफाटाको छेउ जोडेर सिउनु । ३. सिन्काले पात खुटेर दुना, बोहोता, टपरी आदि बनाउनु । ४. डोरी वा डोराको मुख जोडेर गाँठो बनाउनु । ५. पारस्परिक सम्बन्ध जोड्नु; निकट ल्याउनु । ६. गाँथ्नु; उन्नु । >**गाँस**– ना० १. दुई वस्तु वा टुक्राको जोड; गँसोट; जोडाइ । २. त्यस्तो गाँसिएको वा जोडिएको ठाउँ; जोर्ती; जोर्नी ।

**गाँस**– ना० [सं० ग्रास] एकपल्टमा मुखमा हाली खाइने खानेकुराको परिमाण; गप्फा । ~**काट्नु**– टु० आफूले पूरा नखाएर पनि उभार्नु; अरूलाई खुवाउन आफूले थोरै खानु ।

**गाँसगुँस**– ना० [गाँस(द्वि०)] जोडजाड पार्ने काम; टुक्राटाक्री जोडेर एउटै गँसोट बनाउने काम ।

**गाँस टुट्नु**– टु० पेट पाल्ने बाटो रोकिनु; खाने मेलो हराउनु ।

**गाँसबास**– ना० [गाँस+बास] खान र बस्न आवश्यक पर्ने कमाइ र घर; पेट पाल्न चाहिने खाद्यान्न र बास बस्न चाहिने घरको व्यवस्था ।

**गाँसिनु**– क० क्रि० [गाँस्+इ+नु] १. दुई अलग वस्तु परस्परमा जोडिनु; जोल्टिनु । २. आफुसमा नङ र मासुझैँ मिल्नु; मेलमिलाप हुनु ।

**गाँसे**– वि० [गाँस+ए] १.गाँसिने किसिमको; गाँसिएको; गाँसिन आउने । २. अर्काले दिएको गाँसकै आडमा बाँच्ने; गाँसको आस गर्ने । (उदा०– **आसेगाँसे सबै एकैनासे** । – उखान) ।

**गाँसो**– ना० [गाँस्+ओ] गाँसिने वा गाँसिएको ठाउँ; दुई वा दुईभन्दा बढी टुक्राको जोर्नी; जोडाइ ।

**गाइँगुइँ**– ना० [अ० मू० गाइँ(द्वि०)] कुनै विषयको घुइरोघुइरो कुरा; नजानिँदो किसिमले भित्रभित्रै चलेको हल्ला ।

**गाइनु**– क० क्रि० [गाउ+इ+नु] गाउने काम गरिनु; लययुक्त स्वरमा गीत, भजन आदि भनिनु; प्रशंसा गरिनु ।

**गाइने**– ना० [गाउने< सं० गायन] १. मुखैमुखमा नेपालको राष्ट्रिय गाथा सुरक्षित राखेर घरघर र गाउँगाउँ घुम्दै पेसागत रूपमा गीत गाएर जीविका गर्ने एक जाति । २. गीत गाउन सिपालु व्यक्ति । स्त्री० गाइनेनी । ~**किरो**– ना० रूखरूखमा उड्दै हिँड्ने फटचाङ्ग्रोका जातको एक कीरो ।

**गाई**– ना० [प्रा० गाअ < सं० गौ] स्थानभेदले विभिन्न छाँटका हुने, काँधमा जुरो र घाँटीमुनि माल भएको शाकाहारी तथा घरपाला प्रसिद्ध पशु; गौ । – **काने बराठ**– ना० गाईका जस्तै कान हुने एक किसिमको बराठ मृग । – **को नहर**– वि० १. बचाउन पनि नसकिने र मार्न पनि नहुने । ना० २. साह्रै अप्ठेरो समस्या । – **खुरे**– वि० १. परस्परमा गाईका खुरजस्तै भई नजोरिएको वा नमिलेको; मिलनसार नभएको; बेमेलको । ना० २. गाईका खुरमा लाग्ने एक रोग; खोर्याँत । – **गाँठो**– ना० धार्मिक विधि वा संस्कारअनुसार जनैमा पारिने विशेष प्रकारको

शिखा वा गाँठो । – **गोडे**– वि० गाईका जस्तै गोडा भएको; केही घुमेको वा गोडा अगाडि फर्केको ('ग' अक्षर) । – **जात्रा**– ना० १. भाद्रकृष्ण प्रतिपदाका दिन (जनैपूर्णिमाको भोलिपल्ट) मनाइने, परिवारका कुनै सदस्यको मृत्यु भएका वर्ष मृतकको मुक्तिका उद्देश्यले गाईलाई सिँगारेर अथवा मान्छेलाई गाईको रूपमा सिँगारेर शहर परिक्रमा गराइने देशिक यात्रा; गोयात्रा । २. सोही अवसरमा मनोविनोदका रूपमा देखाइने हास्यव्यङ्ग्ययुक्त प्रदर्शन । ३. बेइज्जती हुने खालको वा मर्यादा नभएको र अव्यवस्थित काम-कुरो । – **जात्रे**– वि० १. छाँटकाँट, रङ्गढङ्ग केही नमिलेको; अव्यवस्थित भएको; रद्दी । २. गाईजात्रा गर्ने; गाईजात्रासम्बन्धी (गाईजात्रे पत्रिका, गाईजात्रे अङ्क आदि ।) – **जिभ्रे**– ना० १. मूलाजस्तो जरो वा कन्द हुने, पछिल्तिर टीकाटीका हुने र भाँच्दा दूध आउने लामा-लामा पात हुने भुइँफार । २. गाईको जिभ्रोजस्तै खस्रा पात हुने, ठेकी-भाँडा मल्दा मैलो फाल्न प्रयोग गरिने र बस्तुलाई घाँस खुवाइने वनस्पतिविशेष; खाक्सी । ~**तियार**– ना० तिहारका पाँच दिनमध्ये तेस्रो दिनको चाड; कात्तिक कृष्ण औँसीका दिन गाईलाई पुजिने र सायङ्कालमा लक्ष्मीको आह्वान गरिने उत्सव; लक्ष्मीपूजा; दीपमालिका; गाईतिहार । ~**तियारे**– ना० फुस्रो रङको भुसैभुस भएका लाम्चा पात हुने र पहेँला रङका मसिना फूल फुल्ने, गोवर्धन पूजामा गोबरको पर्वत-प्रतिमा बनाएर त्यसैका वरिपरि लिङ्गाका रूपमा गाडिने एक भार; चिल्लाडे; गाईतिहारे । ~**तिहार**– ना० गाईतियार; लक्ष्मीपूजा । ~**तिहारे**– गाईतियारे; चिल्लाडे । – **पाला**– वि० गाई पालेर जीविका गर्ने; धेरै गाई पाल्ने । – **प्राणी**/**प्रानी**– वि० मनमा कुनै पाप नभई सीधासाधा व्यवहार गर्ने; कसैको खती हुने काम नगर्ने; मनमा पापकपट नभएको र सुधो । – **वस्तु**– ना० जीविका चलाउनका निम्ति घरमा पालिने गाई-भैँसी, भेडा-बाखा आदि पशुधन; गाई, भैँसी आदि पशुहरूको समुदाय । – **माई**– ना० १. विवेक राख्नुपर्ने सीधासाधा व्यक्ति; गाईप्राणी । २. हेरचाह वा खातिर गर्नुपर्ने जनसमुदाय (आइमाई, केटाकेटी, माग्ने , साधु, सन्त, ब्राह्मण इ०) ।

**गाउँ**– ना० [प्रा० गाम <सं० ग्राम] नगरबाहिर रहेको ससानो बस्ती;प्रायः कृषकहरूको बसोबास भएको थलो; ग्राम । – **कोश**– गाउँको खरखाँचो टार्न वा विकासकार्यमा सघाउ पुऱ्याउनका निम्ति गाउँलेहरूबाट उब्जनी आयस्ताको केही प्रतिशत छुट्ट्याएर वा अन्य किसिमले सङ्कलित साझा ढुकुटी; धरमभकारी; धर्मढुकुटी । ~**खानु**– टु० १. गाउँखाने कथामा दिएको गाउँ लिनु । २. गाउँलाई नै सोसेर वा कज्याएर आफ्नो हुँदो पार्नु र हैकम चलाउनु । ~**खाने कथा**– ना० वक्ताले प्रश्नको रूपमा अड्को हाल्ने र श्रोताले नाउँ मात्रको गाउँ दिएपछि सो अड्को फुकाइदिने कथा; जान्ने कथा; कूट; पहेली । – **घर**– ना० नगरबाहिरको घरबस्ती भएको ठाउँ; भारोपर्म गर्दा र हारगुहार गर्दा सधैँजसो भेटघाट र सघाउपघाउ गरिरहने छरछिमेक । ~**पञ्चायत**– ना० पञ्चायती व्यवस्थाअनुसार व्यवस्थापिकाको प्रारम्भिक अङ्गका रूपमा रहेको, पहाडी क्षेत्रमा दुई हजारदेखि चार हजार र तराई क्षेत्रमा चार हजारदेखि आठ हजारसम्म जनसङ्ख्या पर्ने हिसाबले छुट्ट्याइएको प्रत्येक नौ वडामा विभाजित एक पञ्चायत वा गाउँ । ~**फर्क**– ना० सहरतिर थुप्रिने प्रवृत्तिलाई गाउँतिर उन्मुख गराई गाउँकै उन्नतिबाट देशको सम्पूर्ण क्षेत्रमा विकास हुन सक्ने ठानिएको पञ्चायत व्यवस्थामा प्रतिपादित सिद्धान्त (गाउँ फर्क कार्यक्रम, गाउँ फर्क राष्ट्रिय अभियान आदि) । >**गाउँले**– वि० १. गाउँको बासिन्दा; गाउँमा बस्ने; ग्रामीण । २. एकै गाउँ-ठाउँमा बस्ने; गाउँघरको । ३. गाउँको सभ्यतामा हुर्केको; आधुनिक चालचलन नजान्ने । ~**विकास समिति**– ना० गाउँलाई नौ वटा वडाहरूमा बाँडी त्यहाँको विकास गर्नका लागि निर्माण गरिएको समिति । ~**सभा**– ना० गाउँ-पञ्चायत ऐनअनुसार तोकिएको पञ्चायती व्यवस्थाको सबभन्दा तल्लो तह तथा कुनै एक गाउँ वा गाउँको समूह ।

**गाउ-नु**– स० क्रि० [सं० गायन+नु] १. ताल, सुर, लय आदि मिलाएर गीत भन्नु; राग वा तान अलाप्नु; बन्दना वा भजन गर्नु । २. बढाई-चढाई प्रशंसा गर्नु; फुर्क्याउनु ।

**गाउजो**– ना० पानका छाँटका पात हुने एक जातको लहरो वा त्यसैको घाँस ।

**गाउन**– ना० [अङ्०] १. दीक्षान्त समारोहमा विश्वविद्यालयका उच्च पदाधिकारी र स्नातक तथा स्नाताकोत्तर उपाधि लिने छात्रहरूले लाउने औपचारिक पोसाक । २. न्यायाधीशले इजलासमा बस्दा वा वकिलले बहस गर्दा पहिरिने पोसाक ।

**गागन**– ना० अघिल्लो छेउ तीखो हुने हाँसको जस्तै चुच्चो भएको एक प्रकारको पानीहाँस ।

**गागा**– ना० बालबोलीमा चिउरा वा अन्य गेडागुडी खानेकुरो; खेडी ।

**गाग्री**– ना० [प्रा० गगरी <सं० गर्गरी] पानी भरिने तामो, पित्तल आदि धातुको भाँडो; सानो वा मझौला गाग्रो ।

**गाग्रो**– ना० [प्रा० गगरा <सं० गर्गर] १. घ्याम्पोभन्दा सानो र गाग्रीभन्दा ठूलो आकारको पानीको भाँडो । २. पानी भरिने प्रायः माटाको ठूलो भाँडो ।

**गाङ्गेय**– वि० [सं०] १. गङ्गाबाट पैदा भएको; गङ्गासित सम्बन्धित । ना० २. भीष्म पितामह । ३. कार्तिकेय ।

**गाछ**– ना० [सं० गच्छ] १. गाछी । >**गाछी**– ना० रूख, बोट (बरगाछी, पीपलगाछी इ०) ।

**गाज**– ना० [अ० मू० गज] पानीमा साबुन आदि घोलिँदा वा आगामा छड्कने पदार्थ पाक्ता आउने फीँज ।

**गाजर**– ना० [सं० गृञ्जन] मूलाका जातको, सूपका जस्तै पात र सेतो-पहेँलो रङ हुने, त्यसै वा तरकारी, अचार आदि बनाएर तथा सलादमा हालेर खाइने एक प्रसिद्ध कन्द ।

**गाजल**– ना० [सं० कज्जल] सुगन्धित औषधीसमेत हाली मोसो र तेल मिलाएर बनाइएको आँखाका कोसमा लगाउने कालो-खैरो शृङ्गारसाधन । > **गाजली**– ना० १. गाजल लगाएकी आइमाई । २. आँखाका वरिपरि कालो-खैरो रङ भएकी गाई । **गाजलु**– ना० गाजल; लोकगीतमा बादलु, मादलुका किसिमले गाजलको पर्यायमा प्रयुक्त शब्द । (उदा०– झमझम परेली आँखैमा गाजलु सम्झने क्वै छैन । – लोकगीत) । **गाजले**– वि० १. गाजलजस्तो; गाजलको रङको । २. गाजल लाएजस्तो आँखा देखिने (मान्छे) । ३. आँखाका वरिपरि कालो-खैरो रङ देखिने (गोरु) । ४. कालो नाथ्री हुने (अनाज) ।

**गाजेमाजे**– वि० १. छासमिस वा मिसमास भएर छुट्याउन नसकिने भएको; तलमाथि परेको । २. सुल्झाउन अप्ठ्यारो पर्ने; गज्याङगुजुङ परेको ।

**गाटर**– ना० खाँबा गाडेर बनाइने तराईतिरका घरको निदाल; मेठविना राखिने निदाल ।

**गाड्-नु**– स० क्रि० [प्रा० गड्ड+नु] १. कुनै वस्तुलाई जमिनमुनि घुसार्नु; रोप्नु । २. अँचेटेर थिच्नु; खाडलमा हालेर पुर्नु । ३. रिनमा डुबाउनु; रिनमा पार्नु; धोका दिनु । ४. अवनति गराउनु ।

**गाड**– ना० [प्रा० गड्ड < सं० गर्त] १. वर्षाका कारणले तत्कालै बढेर आउने भल; बाढी; भलपहिरो । २. नदीभन्दा सानो खोलाभन्दा ठूलो हिँउदमा जँघार तर्न सकिने छरितो नदी । ~**चल्नु**– स० क्रि० भल बग्नु; बाढी आउनु । – **धन**– ना० कसैले नभेट्टाओस् भनी सुरक्षासाथ माटामा गाडेर लुकाइएको सुन, चाँदी, काँसो, तामो आदि जायजेथा; गाडेको धन-सम्पत्ति ।

**गाडा**– ना० [प्रा० गड्डीआ] १. मालसामान हालेर गुडाउँदै एक ठाउँबाट अर्का ठाउँमा लगिने, गोरु, राँगा, मानिस आदिले तान्ने चक्कावाल गाडी । २. उखु वा आलु रोप्नका लागि बाटुलो खाडल पारेर खनिने डयाङ; डाँफा । – **वान/वाल**– ना० १. गाडा ठेल्ने वा हाँक्ने व्यक्ति । २. गोरु वा राँगागाडीको चालक ।

**गाडिनु**– क० क्रि० [गाड्+इ+नु] गडिनु; भित्र पस्नु; भासिनु ।

**गाडी**– ना० [प्रा० गड्डीआ] मालमत्ता वा यात्रीलाई एक ठाउँबाट अर्को ठाउँ ओसारपसार गर्ने वाहन; सवारी (मोटर, रेल, बग्गी इ०) । – **वान/वाल**– ना० गाडी हाँक्ने व्यक्ति; गाडावान; गाडावाल ।

**गाडे**– वि० [गाड्+ए] १. बीच डाँडीमा दुवैतिर सीधा पर्ने गरी भुमरी परेको (बस्तुभाउ) । २. जोर भुमरी परेको (हलपिराहा मानिने गोरु) ।

**गाढ**– वि० [सं०] १. ज्यादै; घनिष्ठ; धेरै दह्रो; बलियो । २. बाक्लो; घना । ना० ३. पानीको धार वा प्रवाह; बाढी; गाड ।

**गाढा**– वि० [सं० गाढ] १. धेरै; ज्यादै; अतिशय । २. बाक्लो; जम्दै गएको (झोल पदार्थ) ३. हल्का नभएको; चम्किलो (रङ) । ४. घनिष्ट; मिलनशील (प्रेम, सम्बन्ध) ।

**गाण्डीव**– ना० [सं०] पुराणअनुसार अग्निदेवबाट प्राप्त भएको अर्जुनको धनु ।

**गाता**– ना० [प्रा० गात्त] पत्रदार पुस्तकको बचाउका लागि अघिल्लो र पछिल्लो छेउमा पत्रकै आकार बनाएर राखिने काठको पातलो फल्याक वा गत्ता आदिको दह्रो पातो; पुस्तकको जिल्द । – **बन्दी**– वि० गाता बाँधिएको; जिल्द हालिएको ।

**गातो**– ना० [प्रा० गात्त] गाता; जिल्द ।

**गात्र**– ना० [सं०] पृथ्वी, वायु, जल, तेज र आकाशजस्ता पञ्च महाभूततत्त्वबाट निर्मित अन्नमय शरीर; स्थूल शरीर; देह ।

**गाथ**– ना० [सं० गात्र] १. मान्य जनको सन्चोबिसन्चोबारे प्रयोग गरिने शरीरवाची शब्द; शरीर; जीउ । – **गादी**– ना० गाथ र गादी; राजाको गाथ र राजसिंहासन ।

**गाथा**– ना० [सं०] १. सरलता तथा विस्तारपूर्वक गाइने सत्य घटना र विशिष्ट तथ्ययुक्त प्रभावोत्पादक गीतिकथा; गीतात्मक कथा वा वृत्तान्त (व्याले) । २. कसैको प्रशंसा वा स्तुति; स्तोत्र; गुणगान ।

**गाथिक**– ना० [सं०] गाथा गाउने व्यक्ति । स्त्री० गाथिका ।

**गादी१**– ना० [सं० गर्त] १. छाला नरम पार्ने वा टाँस्ने कामका निम्ति बोसो वा माड हाल्ने सिङ (ठोक्रो) ।

**गादी२**– [गद्दी] राजकीय अभिषेकपूर्वक आरोहण गरिने गद्दी; राजसिंहासन; राजगद्दी । ~**बैठक**– ना० हे० गद्दीबैठक । ~**मुबारक/मुमारख**– ना० १. राज्याभिषेकपछि पहिलोपल्ट राजगद्दीमा बसी जनसाधारणलाई दर्शन दिँदा जनताले राजालाई चढाउने नगदी वा जिन्सी उपहार । २. त्यस किसिमको राजकीय शुल्क वा कर ।

**गादो**– ना० [सं० गात्र] पछिल्तिर कम्मरबाट दुवै छेउ अघिल्तिर ल्याई दाहिनेछेउ देब्रे काँधमा र देब्रेछेउ दाहिने काँधमा सप्को मारी दोहोरो छड्के पारेर शरीरमा भिर्ने वा लाउने कपडा; दौरा आदिको साटो बेरिने आङको पहिरन ।

**गाध**– वि० [सं०] १. गहिराइ थाहा पाइने; सजिलैसँग तर्न सकिने । ना० २. पार तर्न सकिने नदी; चाँचल; जँघार ।

**गान**– ना० [सं०] १. लय, ताल, सुर आदि मिलाएर गाइने गीत; गाना; भजनकीर्तन । २. वर्णन; प्रशंसा । ~**बजान**– ना० गाउने र बजाउने काम; स्वर र बाजा मिलाएर गाइने भजनकीर्तन, गीत-गान आदि । ~**विद्या**– ना० शास्त्रीय सिद्धान्तअनुसार सङ्गीतको ताल, सुर र लयको सूत्रबद्ध ज्ञान गराउने शास्त्र; सङ्गीतविद्या ।

**गाना**– ना० [सं० गान] गीत; गान । ~**बजाना**– ना० हे० गानबजान ।

**गानिनु**– अ० क्रि० [गानु+इ+नु] १. आइमाईको स्तनमा धेरै दूध भएर चर्कनु; कल्चौँडामा दूध भरिएर टन्कनु । २. पीप-रगत आदि भरिएर खटिरो टन्कनु । ३. गानुजस्तै साह्रो हुनु ।

**गानु/गानो**– ना० [सं० ग्रन्थि] १. डल्लो । २. पिँडालु, गुन्दरगानु आदिको कन्द । ३. वायुविकारबाट उत्पन्न हुने पेटको रोग;

गोला; शूल ।

**गान्टे**– वि० [गान्टो+ए] १. स्वाभाविक रूपमा बढ्न नसकी गाँठिएको; गान्टो परेको । २. पुड्के; डल्ले; ग्याँचे । ~**काल्तोरी**– ना० हे० गाँठेकाल्तोरी । – **मुला**– ना० सलगमको आकारको एक जातको मूला; लेकाली मूला; डल्ले मूला; गाँठेमूला ।

**गान्टो**– वि० [गाँठो] १. सलक्क बढ्न नसकी गठचाङ्रिएको; राम्ररी नबढेको; पुड्को; डल्लो । ना० २. फूलको पराग रहने गाँठो; कर्णिकार ।

**गान्धर्व**– वि० [सं०] गन्धर्वसँग सम्बन्धित; गन्धर्वको । – **क**– ना० नाचगानका क्रियामा निपुण व्यक्ति; गवैया; उस्ताद । ~**विवाह**– ना० बाबुआमाको अनुमतिविना नै केटाकेटीको प्रेम बसेर राजीखुसीले गरिने विवाह; प्रेमविवाह; गन्धर्वविवाह । ~**वेद**– ना० सामवेदअन्तर्गत एक उपवेद; वैदिक सङ्गीतशास्त्र ।

**गान्धार**– ना० [सं०] १. सङ्गीतशास्त्रअनुसार सात स्वर (सा, रे, ग, म, प, ध, नि) मध्येको एक स्वर; तीन सय नादलहरी हुने 'ग' स्वर । २. सिन्धुनदीको पश्चिमतटमा स्थित एक प्राचीन देश; पौराणिक देश ।

**गान्धिक**– ना० [सं०] गन्धसम्बन्धी द्रव्यको कारोबार गर्ने व्यक्ति; अत्तर, कस्तूरी, केसरी, तेल, कपूरजस्ता सुगन्धी वस्तुहरूको व्यापारी ।

**गान्धी**– ना० [सं० गान्धिक] १. गुजराती वैश्यजातिको एक वर्ग । २. भारतलाई अङ्ग्रेजी उपनिवेशबाट मुक्ति दिलाउन ठूलो त्याग गर्ने, सत्य र अहिंसाका पक्षपाती, भारतीय नेता मोहनदास कर्मचन्द गान्धी; बीसौँ शताब्दीका भारतीय महापुरुष । – **वाद**– ना० अहिंसा र सत्याग्रहका आधारमा चलाइने, गान्धीद्वारा प्रतिपादित राजनीतिक सिद्धान्त । – **वादी**– वि० गान्धीवादमा विश्वास राख्ने; गान्धीवादको अनुयायी ।

**गाप**– ना० [सं० गर्भ] १. घरको जगमा हालिने बलियो ढुङ्गो; गर्भे ढुङ्गो; जगको ढुङ्गो । २. बाली भएको चारपाँच दिनमा गाईभैँसीले फ्याँक्ने सेपजस्तो फोहर । ~**पाक्नु**– टु० बाली भएका चारपाँच दिनमा गाईभैँसीले सेपजस्तो फोहर निकाल्नु ।

**गाफिल**– ना० [अ०] १. काम गर्दा आइलाग्ने दोष; अबगाल; औजस । २. थाहै नपाईकन गरिने गल्ती; भूलचूक । वि० ३. थाहा-पत्ता नभएको; बेखबर । ४. बुद्धि-सुद्धी हराएको; बेहोस ।

**गाबो**– ना० हे० गाभो ।

**गाभ्-नु**– स० क्रि० [सं० गर्भ+नु] १. एक वस्तुमा अर्को वस्तु खप्टनु; कुनै दुई वस्तुलाई एकै ठाउँ मिलाउनु; जोड्नु । २. गाँस्नु; जोर्नु; गच्छ्याउनु ।

**गाभ**– ना० [सं० गर्भ] १. गाप; गर्भ; पशुको सेप । २. गुप्त छलकपट; छद्म व्यवहार ।

**गाभा**– ना० [सं० गर्भ] १. कर्कलो अथवा मानेको भित्री पात; गुभे पात; टुसो; पिपिरो । २. धान वा कोदो रोप्दा जमिनमुनि घुसारिने बीउको मुठो । ३. अर्को रूखमा उम्रने, पात भाँच्दा चिप्लो चोप आउने र साना लाम्चा केराका जस्ता पात हुने, लहरो वा त्यसैको फूल; सुनाखरीको एक जात ।

**गाभिन/गाभिनी**– वि० [सं० गर्भिणी] १. गर्भिणी; दोजिया; बियाउने (गाई, भैँसी आदि) ।

**गाभिनु१**– अ० क्रि० [गाभ्+इ+नु] कुनै वस्तु एक-अर्कासँग जोरिनु; एक अर्कामा खापिनु; मिसिनु; जोल्टिनु; गाँसिनु ।

**गाभिनु२**– वि० गर्भिणी; गर्भ धारण गरेकी (गाई, भैँसी) ।

**गाभो**– ना० [सं० गर्भ] १. कर्कलो, माने आदिको भित्री पात; गुभे पात; टुसो; पिपिरो । २. धान वा कोदो रोप्दा एकपल्टमा जमिनमुनि घुसारिने बीउको मुठो । ३. केराका पातजस्तै आकारका साना र छोटा पात हुने, अरू रूखमा टाँसिने एक झार; एक जातको सुनाखरी ।

**गामगुम**– ना० [अ० मू० गुम्+अ(द्वि०)] १. प्रकाशमा नआईकन भित्रभित्रै चलेको हल्ला; खासखुस । २. कुनै निन्दित काम बाहिर फैलन नदिने वा कुनै गोप्य कुरो सहसा लुकाउने चालबाजी ।

**गामगुम्म**– क्रि० वि० [गुम्म(द्वि०)] १. गोप्यता बचाउन तुरुन्तै चुपचाप वा सतर्क हुने चाल; गाम्मगुम्म । २. झ्याल ढोका थुन्ने वा धेरै लुगाफाटा लाउनेओढ्ने गरी जीउलाई गरम र न्यानो पार्ने किसिम ।

**गाम्मगुम्म**– क्रि०वि० १. भकाभक खाने चालले । २. गामगुम्म ।

**गामल**– ना० [सं० ग्रामीण] गाउँघर; छरछिमेक; गाँवल ।

**गामस्थान**– ना० [सं० ग्रामस्थान] प्रायः धिमाल जातिले खेतीका देवीदेवीका प्रतिमा बनाएर खेतका माझमा स्थापना गरेको मन्दिर; कृषिदेवता ।

**गामी**– वि० [सं०] १. गतिशील; गमन गर्ने; यात्री (अग्रगामी, दूरगामी इ०] २. गमन गर्ने; सम्भोग गर्ने (वेश्यागामी, परस्त्रीगामी इ०) ।

**गाम्भीर्य**– ना० [सं०] १. गम्भीर हुनाको भाव वा स्थिति; धैर्य; गम्भीरता । २. नाटकका नेतामा रहने सात्विक गुण; डर, शोक, क्रोध र हर्षको अवस्थामा पनि नायकमा विकार नदेखिने गुण ।

**गायक**– ना० [सं०] स्वर, लय, ताल आदि मिलाएर गीत गाउने व्यक्ति; गवैया; उस्ताद । >**गायकी**– ना० गानविद्याका अनुसार ठीकसँग गाउने क्रिया वा स्थिति; गाउने प्रवीणता ।

**गायत्री**– ना० [सं०] १. चौबीस मात्रा हुने एक वैदिक छन्द । २. उक्त छन्दमा रचित आर्यहरूमा पवित्र मानिने साँझ-बिहान जपिने प्रसिद्ध वैदिक मन्त्र । ३. जप र चिन्तन गर्नेलाई रक्षा गर्ने मानिएकी आराध्य देवी; गायत्री मन्त्रकी अधिष्ठात्री ।

**गायन**– ना० [सं०] १. गाउने क्रिया वा भाव । २. सुर, लय र तालसहित गाइने रचना; गाना; गीत ।

**गायब**– ना० [अ०] पत्तै नलाग्ने गरी गुम्ने वा हराउने काम; बेपत्ता; अलप ।

**गायिका**– ना० [सं०] गीत गाउने नारी; स्त्री गायक ।

**गायिनी**– ना० [सं०] गानबजानको पेसा लिने स्त्री; गानबजान गरी जीविका गर्ने आइमाई ।

**गायो१**– ना० [प्रा० गायो/गयो <सं० गद] पित्तको रोग ।

**गायो२**– ना० पालुवा छँदा बस्तुभाउले खाएमा गला लागेर मर्ने डर रहने, छिप्पिएपछि भने घाँस हुने, बाटुला र ठूलठूला पात भएको एक बोट ।

**गारत/गारद**– ना० [अङ्० गार्ड] १. पालोपहराका लागि तैनाथ गरिएको पल्टन; सेनाको सुरक्षा टोली । २. अङ्गरक्षक दल; रक्षक । ३. रास; खात; थुप्रो ।

**गारुड**– वि० [सं०] १. गरुडसम्बन्धी; गरुडका आकारको । ना० २. देवता गरुड भएको मन्त्र; सर्पको विष झार्ने गरुडको मन्त्र ।

**गारुडिक/गारुडी**– ना० [सं०] सर्पले टोकेको विष झार्ने व्यक्ति; विषनाशक मन्त्रको ज्ञाता; विषवैद्य; सपेरा । ~**विद्या**– ना० सर्पको विष झार्ने मन्त्र; सर्पलाई वशीकरण गर्ने वा त्यसको औषधी निर्माण गरिने विद्या; सर्पविद्या ।

**गारो१**– ना० [प्रा० गार √ सं० ग्रावा] घर, मन्दिर आदि बनाउँदा हिलो माटो वा सिमेन्टले जोडेर लगाइने इँट, ढुङ्गा आदिको भित्तो; पर्खाल; आट ।

**गारो२**– वि० [सं० गाढ] १. हे० गाह्रो ।

**गार्ड**– ना० [अङ्०] पहरा दिने व्यक्ति; रक्षक; हे० गारत/गारद । ~**अफ अनर**– ना० सम्मानगारत ।

**गार्हपत्य**– ना० [सं०] अग्निका तीन भेद; आह्वनीय, दाक्षिणात्य र गार्हपत्यमध्ये तेस्रो; गृहस्थहरूको पाक-यज्ञको अग्नि; सहस्राग्नि ।

**गार्हस्थ्य**– ना० [सं०] १. गृहस्थ हुनाको भाव वा अवस्था; गृहस्थाश्रम । २. गृहस्थीहरूले गर्नुपर्ने आचरण वा धर्मकार्य; गृहस्थीको काम ।

**गाल्-नु**– स० क्रि० [गल्+नु] १. सुन, चाँदीजस्तो ठोस वस्तुलाई पगाल्नु । २. निर्धो पार्नु; थकाउनु । ३. विवश तुल्याउनु; हैरान पार्नु ।

**गाल१**– ना० [सं० गालि] कुनै काम-कुरा बिग्रँदा आइलाग्ने अपजस; अबगाल; औजस ।

**गाल२**– ना० [सं० गाढ] १. भल सोहोरिएर एकत्रित भई बग्दै जाने नाली; खोल्सो; ढल । २. खाडल; खाल्टो ।

**गालन**– ना० [सं०] ठोस वस्तुलाई तरल रूपमा परिणत गर्ने काम; सुन, चाँदीजस्ता धातुलाई आगोमा गलाउने काम ।

**गालपारा**– वि० [गाल+पारा] अबगाल पार्ने; गाल पार्ने ।

**गाला**– ना० [सं० गल्ल] मुखका दाहिने-देब्रे रहेका, आँखामुनिका र कानसामुन्नेका दुई पाटा; कपोल ।

**गालित**– वि० [सं०] १. कपडछान गरिएको; छानिएको । २. ढालिएको; गालिएको ।

**गालिम**– ना० चाल्नीमा छानेर बचेको महीको थिग्रो भेला पारी बनाइएको डल्लो; महीका छोक्राको डल्लो ।

**गाली**– ना० [सं० गालि] १. कसैप्रति रिसाएर वा क्रोधले गरिने अश्लील वा अपमानजनक वचन; दुर्वाच्य । २. डर र धाक देखाउने धम्की; हप्की । ३. व्यङ्ग्य वा कटु वचनद्वारा दिइने चेतावनी । ~**गलौज**– ना० परस्परमा गरिने आरोप-प्रत्यारोप; एक-दोस्राका बीचको भनाभैरी । ~**गोप्ता**– ना० परस्परमा गरिने गाली वा दुर्वाच्य; एकदोस्रोमा हुने भनाभैरी ।

**गालीमोली**– ना० [गाल्+ई+मोल्+ई] सुन, चाँदी आदि वस्तुका पुराना वा तयारी माललाई गालेर मूल्य किट्ने वा सापोनापो एकै ठाउँमा मिलाउने काम ।

**गाले**– वि० [गाल+ए] भद्दा गाला भएको; गाला पुक्क उठेको । ~**तकिया**– ना० कोल्टे परेर सुत्दा गाला अडचाइने सानो सिरानी ।

**गाहक**– वि० [सं० ग्राहक] १. बजार आदिमा गएर मालसामान खरिद गर्ने; सरसामान किन्ने; ग्राहक । ना० २. मूल्य तिरेर कुनै सामान किन्ने व्यक्ति; गाहकी । >**गाहकी**– ना० गाहक ।

**गाहारो/गाह्रो**– वि० १. मुस्किलसँग मात्र काम फत्ते गर्न सकिने; कठिन । २. असजिलो; अप्ठेरो । ~**साँगुरो/साँघुरो**– वि० हे० खनखाँचो; गाह्रोसाङ्ग्रो; गाह्रोसाह्रो । ~**साङ्ग्रो**– वि० असजिलो वा अप्ठेरो; मर्का पर्ने । ~**साह्रो**– वि० व्यवहार चलाउन धौंधौ पर्ने; अड्कोपड्को; खनखाँचो; गाह्रोसाङ्ग्रो ।

**गिँड्-नु**– स० क्रि० [गिँड+नु] काठपात आदि कुनै लामा, डोलो वस्तु तेर्सापट्टि काटेर गिँड पार्नु; टुक्र्याउनु; ठुन्क्याउनु ।

**गिँड**– ना० [प्रा० गण्ड] १. शरीरलाई टाउकोबाट अलग्याई बाँकी रहेको जीउ; धड । २. रूखलाई गिँडेर आराले काट्न ठीक पारिएको छोटोमोटो टुक्रो; गिँडुल्को । ३. उखुको गिँडी वा डाँठ ।

**गिँडाइ**– ना० [**गिँड** √ (+आइ)] गिँड्ने भाव, क्रिया वा प्रक्रिया । [⊵] **गिँडाइनु**– क० क्रि० गिँड्न लाइनु । **गिँडाउनु**– प्रे० क्रि० गिँड्न लाउनु; टुक्रा-टुक्रा पार्नु । **गिँडिनु**– क० क्रि० गिँड्ने काम गरिनु; टुक्रिनु; ठुन्किनु ।

**गिँडी**– ना० [गिँड+ई] १. उखुको टुक्रा; गिँड । २. पेल्न ठिक्क पारेका उखुका डाँठ ।

**गिँडुल्कागिँडुल्की**– ना० [गिँडुल्को+ गिँडुल्को] साना-ठूला धेरै गिँडुल्का ।

**गिँडुल्किनु**– अ० क्रि० [गिँडुल्को+इ+नु] लामो डोलो वस्तु काट्दा गिँडुल्का हुनु; गिँडुल्को पर्नु ।

**गिँडुल्को**– ना० [√ गिँड] १. रूख, उखु आदिको छोटोमोटो टुक्रो; ठुन्को; गिँड । वि० २. भद्दा खालको डल्लो; नसुहाउँदो ।

**गिँडुल्क्याइ**– ना० [√ **गिँडुल्कि** (+याइ)] गिँडुल्किने भाव, क्रिया वा प्रक्रिया; गिँडुल्को पार्ने काम [⊵] **गिँडुल्क्याइनु**– क० क्रि० गिँडुल्को पारिनु । **गिँडुल्क्याउनु**– प्रे० क्रि० गिँडुल्को पार्नु ।

**गिँडो**– ना० चनौटोमा चन्दन घोटिने श्रीखण्ड, रक्तचन्दन आदिको टुक्रे काठ ।

c:\Sabdkosh\Ga.p65



**गिजल्-नु–** स० क्रि० [प्रा० गिज्झ+नु] हे० गिजोल्नु । >**गिजलाइ–** ना० गिजल्ने भाव, क्रिया वा प्रक्रिया । **गिजलाइनु–** क० क्रि० गिजल्न लाइनु । **गिजलाउनु–** प्रे० क्रि० गिजल्न लाउनु । **गिजलिनु–** क० क्रि० गिजोलिनु । **गिजलो–** ना० हे० गिजोलो ।

**गिजा–** ना० दाँत उम्रने र दाँतलाई सुरक्षित राख्ने अङ्ग; दाँतको घर ।

**गिजि-नु–** अ० क्रि० [प्रा० गिज्झ+इ+नु] १. रमाइलो वा मनबहलाउका लागि ख्यालठट्टा गर्नु; जिस्किनु; ठट्टामस्करी गर्नु । २. निर्लज्ज भएर बोल्नु; इतरिनु; छिहिलिनु; छाडा कुरा गर्नु ।

**गिजिङमिजिङ–** क्रि० वि० [अ० मू० गिजिङ्+अ(द्वि०)] १. एकै ठाउँमा थुप्रिने वा सगबगाउने गरी (वस्तु, मानिस आदि) २. ढङ्ग नपुऱ्याईकन ।

**गिजिमिजी–** क्रि० वि० [अ० मू० गिज्+ई(द्वि०)]सगबगाउने चाल वा अस्पष्ट शब्दसित; गिजिङमिजिङ ।

**गिजोल्-नु–** स० क्रि० [गिज्ज+नु] गिलो वस्तुलाई हातले बेसरी मुछ्नु वा मथेल्नु; गिजोलो पार्नु; हुँडल्नु; फोहरी ढङ्गले माडमुड पार्नु । >**गिजोलाइ–** ना० गिजोल्ने क्रिया वा प्रक्रिया । **गिजोलाइनु–** क० क्रि० गिजोल्ने काम गराइनु; गिजलाइनु । **गिजोलाउनु–** प्रे० क्रि० गिजोल्न लाउनु वा फोहरी पाराले मथेल्न लगाउनु । **गिजोलिनु–** अ० क्रि० गिजोलिने वा मथेलिने काम हुनु; मथेलमाथेल हुनु । **गिजोलो–** वि० १. दाल-भात, दही-चिउरा आदि खानेकुरा मुछेर घिनलाग्दो बनाएको । २. धेरै थरी काम मिसाएर गज्मौरो पारेको ।

**गिज्ज–** क्रि० वि० [अ० मू० गिज्+ज] मुखबाट फीँज काढ्ने वा निस्कने गरी (राल काढ्ने वा थुक निकाल्ने किसिम); घिनलाग्दो किसिमले (गिलो वस्तु मुछ्ने चाल) । >**गिज्जिनु–** हे० गिजिनु ।

**गिज्याइ–** ना० [√**गिजि** (+याइ)] १. गिजिने भाव, क्रिया वा प्रक्रिया । [गिज्याउ+आइ] २. गिज्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **गिज्याइनु–** क० क्रि० गिज्याउने काम गरिनु; जिस्क्याइनु । **गिज्याउनु–** स० क्रि० १. नाक, मुख आदि चलाएर कसैलाई जिस्क्याउनु; गिज्याउने काम गर्नु । २. अर्कालाई लाज हुने खालको कुरा गरेर हँसी उडाउनु; ख्यालठट्टा गर्नु । ३. कसैलाई उत्तेजित पार्नु ।

**गिटकारी–** ना० गायनमा ताना छोड्दा घाँटीभित्र हुने एक प्रकारको स्वर-कम्पन ।

**गिट्टी–** ना० [सं० गिरिज, हि० गिट्टी] मेसिनमा टुक्र्याएर अथवा घनले हिर्काएर मसिना पारिएका ढुङ्गाका टुक्रा; रोडा; खण्डाश्म ।

**गिट्ठो/गिठो–** ना० तरुलका लहरामा फल्ने डल्लो वा लाम्चो फल ।

**गिडगिड–** क्रि० वि० [अ० मू० गिड(द्वि०)] लत्रेर प्रार्थना गर्ने किसिमले; मन नपर्ने गरी; घिडघिड । >**गिडगिडाइ–** ना० गिडगिडाउने भाव, क्रिया वा प्रक्रिया । **गिडगिडाइनु–** क० क्रि० गिडगिडाउने काम गरिनु । **गिडगिडाउनु–** अ० क्रि० १. ज्यादै बिन्तिभाउ गर्नु; निमुखा भएर प्रार्थना गर्नु; घिडघिडाउनु । २. दिक्क लाग्ने गरी कचकचाउनु । ३. हाँस आदि चरा कराउनु ।

**गिडान–** ना० [गिँड+आन] रूख काटिसकेपछि हाँगाबिँगा छिमलेर ठाउँ-ठाउँमा गिँडी गिँड बनाउने काम ।

**गिताङ्गे–** ना० [सं० गीताङ्ग] गीत गाउने व्यक्ति; गानबजान गर्ने मानिस; गायक ।

**गितार–** ना० [अङ्० गिटार] सारङ्गीका आकारको सितारजस्तै गरी रेटेर बजाइने छवटा तार लागेको एक बाजा ।

**गितारु–** वि० [गीत+आरु] गायक ।

**गिद–** ना० हे० गीत । >**गिदाउडी/गिदाउडो–** ना० तन्नेरी गायक; गिताङ्गे युवक; तन्नेरी र खाइलाग्दो गायक नेता (प० ने०) ।

**गिदी–** ना० [सं० गोर्द] १. टाउकामा खप्परभित्र रहने र चेतनाको सृजक तत्त्व मानिने मासीजस्तो पदार्थ; मथिङ्गल; मगज; मस्तिष्क । २. सोचविचार तथा तर्क, निर्णय आदि गर्ने शक्ति; बुद्धि ।

**गिदेरी–** ना० केही लाम्चा र नरम पात हुने, गाईबस्तुलाई घाँस खुवाइने, बिछ्यौनामा च्याप्दा उडुस, उपियाँको औषधी हुने बुटो; सेतो, खैरो र कालो तीन किसिमका हुने सेतो गिदेरी, खैरी गिदेरी र कालो गिदेरी नामको बोट ।

**गिद्ध–** ना० [सं० गृद्ध] १. मरेका प्राणीहरूको मासु खाने, धेरै टाढाको सिनो पनि देख्ने, प्रायः गर्मी प्रदेशमा बस्ने मांसाहारी ठूलो पक्षी । वि० २. मासु खान भनेपछि मरिमेट्ने; मासुको साह्रै लोभी ।

**गिद्धे–** वि० [गिद्ध+ए] १.मासु खान ज्यादै मरिमेट्ने; मासु खानमा असाध्यै लोभी । २. गिद्ध जस्तो; गिद्धका आकारको । ~**एकादशी–** ना० (एकादशी नै भए पनि प्रायः बचेखुचेको मासु खाइने हुनाले) दसैँको टीकाका भोलिपल्टको एकादशी । ~**पहरो–** ना० १. गिद्ध बस्ने वा गिद्धजस्तै देखिने पहरो । २. दार्जिलिङ जाने बाटामा पर्ने खर्साङका छेउको प्रसिद्ध पहरो । ~**प्रेस–** ना० नेपालका प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायतबाट फर्कँदा वि० सं० १९०८-मा सँगसँगै ल्याएको भन्ने विश्वास गरिएको गिद्ध-चिह्नअङ्कित ऐतिहासिक प्रेस वा मुद्रणयन्त्र ।

**गिद्री–** ना० [गिद्रो+ई] घुँडासम्मको भित्री नाप । ~**लम्बाइ–** ना० पाइन्टको भित्री लम्बाइ वा टाङको लम्बाइ ।

**गिद्रो–** ना० [सं० गोर्द] १. काँक्रा, फर्सी, घिरौँला, लौका आदि फलफूलको गुदी । २. बाँस, मालिङ्गो, निगालो आदि वस्तुको भित्री भाग ।

**गिनिफोर–** ना० [अङ्० गिनी-फाउल] नीलो अकासे रङमा कालो रङ मिसिएको र केही सेता टीका देखिने पखेटा भएको एक जातको पाल्तु चरो; लौकाट ।

**गिनुङ–** ना० [भो० ब० ?] लिच्छविकालीन नेपालमा प्रचलित एक प्रकारको वृत्ति ।

**गिनेरी–** ना० [सं० गणिकारिका] सेतो रङको फूल फुल्ने र

खयररङका ससाना फल फल्ने, साना-ठूला दुई भेद हुने, सानोका पात लाम्चा र ठूलोका पात नीमका जस्ता हुने एक वृक्ष ।

**गिन्ती–** ना०हे० गन्ती ।

**गिन्नी–** ना० सुनको एक प्रकारको सिक्का वा मुद्रा ।

**गिर्-नु–** स० क्रि० [सं० किर] १. तलतिर जानु; झर्नु; खस्नु । २. रूख वा भीर, पहराबाट लड्नु; खुरमुरिनु; लोट्नु । ३. आर्थिक वा मर्यादाका दृष्टिले खस्कनु; पतन हुनु ।

**गिर–** ना० [अ० मू० गिर्+अ] काठको भकुन्डो । ~**खेल्नु–** टु० आफू गरेर खान अल्छी गरी अर्काको कमाइमा मोजमज्जा गर्नु ।

**गिरफ्तार–** वि० [फा०] कुनै अपराधको अभियोगमा पक्राउ परेको; अपराधी ठानेर अधिकारीवर्गद्वारा समातिएको । > **गिरफ्तारी–** ना० गिरफ्तार हुनाको अवस्था, क्रिया वा भाव ।

**गिरमुङ्ग्री/गिरलौरी–** ना० [गिर+मुङ्ग्री/लौरी] टेबुल टेनिसभन्दा केही ठूलो बल एक जनाले हान्ने र अर्काले मुङ्ग्राले फर्काउँदै खेल्ने खेल; क्रिकेटको खेल ।

**गिरह–** ना० [फा०] सवा दुई इन्चबराबरको नापो; गजको नाप प्रणालीअनुसार गजको सोह्रौँ भाग ।

**गिरा–** ना० [सं०] वाणी; भाषा; बोली ।

**गिराइ–** ना० [√ **गिर्** (+आइ)] गिर्ने भाव, क्रिया वा प्रक्रिया । [▷] **गिराइनु–** क० क्रि० गिराउने काम गरिनु; खसाइनु । **गिराउनु–** प्रे० क्रि० गिर्न लाउनु; खसाउनु; लडाउनु ।

**गिरान–** ना० [गिर्+आन] १. खस्ने वा पतन हुने काम; गिराइ । २. टुट्टा वा घाटा पर्ने काम; हानि; नोक्सानी । > **गिरानी–** ना० १. ठेक्कापट्टा वा व्यापार-व्यवसायसम्बन्धी कारोबारमा सावाँसमेत खतम हुँदै गएको अवस्था; मूल धन घटेर पर्ने घाटा; हानिनोक्सानी; टुट्टा । २. गिराइ ।

**गिरि–** ना० [सं०] १. पृथ्वीको विषम धरातल भएका ठाउँको अग्लो भाग; पहाड; पर्वत । २. सन्न्यास धारण गर्ने योगीहरूका दश भेदमध्ये एक उपाधि । **– कर्णिका–** ना० सेतो रङको फूल फुल्ने अपराजिता । **– जा–** ना० हिमालय पर्वतकी पुत्री; गिरितनया; पार्वती । **– धर/धारी–** ना० कृष्ण । **– नाथ–** ना० हिमालय पर्वत; शिव ।

**गिरिनु–** अ० क्रि० [गिर्+इ+नु] खसिनु; झरिनु ।

**गिरिप्रस्थ–** ना० [सं०] पहाडका बीच भागमा रहेको समथर भूमि; अधित्यका ।

**गिरिराज–** ना० [सं०] पर्वतहरूको राजा; ठूलो पर्वत (हिमालय पर्वत, सुमेरु पर्वत, गोवर्द्धन पर्वत) ।

**गिरिशृङ्ग–** ना० [सं०] पहाडको टाकुरो; पर्वतको शिखर ।

**गिरिसुत–** ना० [सं०] १. इन्द्रको बज्रले टाकुरा काटिएको प्रसङ्ग भएको एक पर्वत; मैनाक पर्वत ।

**गिरिसुता–** ना० [सं०] पार्वती ।

**गिरी१–** ना० [सं० गिरि] १. सन्न्यासीहरूको सम्मानसूचक एक पदवी । २. सन्न्यासीहरूको एक थर ।

**गिरी२–** ना० [फा० गीर] अरू शब्दका पछाडि लागेर काम, पेसा, इलम आदि अर्थ बुझाउने उत्तरपद (कारिन्दागिरी, किसानगिरी, मोजगिरी इ०) ।

**गिरीश–** ना० [सं०] १. ठूलो पर्वत; गिरिराज । २. महादेव; शिव ।

**गिर्खो–** ना० १. सानोतिनो फोको, फुकुन्डो वा खटिरो । २. सानो आँख्लो । ३. ढुङ्गा, माटा आदिको सानो टुक्रो ।

**गिर्जाघर–** ना० [पोर्त० इग्रिजिया] इसाई धर्म मान्नेहरूले ईश्वरको प्रार्थना गर्ने घर ।

**गिर्दा–** ना० [फा० गिर्द] १. चारैतिर लगाइएको घेरा; क्याम्पा; कुँडुलो । २. छरछिमेकको ठाउँ; घरगाउँ; हाता ।

**गिर्रा–** ना० [गिर्+रा] भकुन्डो खेल्ने एकातिर टाउको भएको लट्ठी ।

**गिलगिल्याइ–** ना० [√ **गिलगिल्याउ** (+आइ)] गिलगिल्याउने काम वा प्रक्रिया । [▷] **गिलगिल्याइनु–** क० क्रि० थिचेर वा चलाएर गिलो पारिनु; गिल्याइनु ।

**गिलगिल्याउनु–** स० क्रि० [गिलो (द्वि०)+याउ+नु] थिचथाच पारी चलाएर गिलो गराउनु; गिल्याउनु । > **गिलगिल्याहट–** ना० गिलगिल्याउने भाव, स्थिति, क्रिया वा प्रक्रिया; गिलगिल्याइ ।

**गिलसिरिन–** ना० [अङ्० ग्लिसिरिन्] कुर्कुच्चामा बन्चरे हुँदा, पैताला फाट्दा वा हातमुखको छाला नरम पार्न लेसेर लाइने लेदो चिल्लो पदार्थ ।

**गिलाफ–** ना० [अ०] पिँजरा छोप्ने ढक्कन; तकिया आदिको खोल ।

**गिलास–** ना० [अङ्० ग्लास] पीँध केही सानो र मुख फुकेको पित्तल, स्टिल, सिसा आदिबाट बनेको पानी, चिया आदि खाने ठाडो लाम्चो भाँडो ।

**गिलिक्क/गिलित्त–** क्रि० वि० [अ० मू० गिलिक्+क/त] गिलो हुने गरी (पाकेर वा सडेर); गलक्क; फतक्क ।

**गिलिल्ल–** क्रि० वि० [अ० मू० गिल् > गिलिल्+ल] खित्का छोड्ने गरी; चर्को स्वरले (हाँस्ने किसिम) ।

**गिलो–** वि० [प्रा० गलिअ < सं० गलित] १. पानी मिसिएर नरम भएको । २. ठर्रो वा साह्रो नभएको; कमलो । ३. समय पुगेर वा बढ्ता पाकी नरम भएको (फलफूल) ।

**गिल्टी१–** ना० [अङ्० गिल्ड] १. सेतो, हल्का र सस्तो एक प्रकारको धातु; आलमोनियम । २. धातुका भाँडाहरूमा मुलम्मा लगाइने एक किसिमको धातु; निकल ।

**गिल्टी२–** ना० सर्दी लागेर, नसा खुम्चिएर वा जीउमा कुनै तोड आदि परेर शरीरका जोर्नीजोर्नीमा निस्कने गाँठो; फुकुन्डो ।

**गिल्डर–** ना० हल्यान्ड वा नेदरल्यान्डका मुद्राको नाम ।

**गिल्याइ–** ना० [√ **गिल्याउ** (+आइ)] गिल्याउने भाव, क्रिया वा प्रक्रिया । [▷] **गिल्याइनु–** क० क्रि० गिलो पारिनु ।

**गिल्याउनु–** स० क्रि० [गिलो+याउ+नु] कुनै चीजलाई पानी हालेर वा थिचेर नरम पार्नु; गिलो तुल्याउनु ।

**गिल्ल–** क्रि० वि० [अ० मू० गिल्+ल] एकै खेप तीखो खित्का छाड्ने गरी (हाँस्ने किसिम) ।

**गिल्ला–** ना० [फा० गिल] १. घोचपेचका साथ गरिने हँस्सी; ठट्टा । २. कसैलाई हियाएर गरिने निन्दा; घृणा; हेला । ३. दोष लगाउने काम; आक्षेप । >**गिल्लिनु–** अ० क्रि० हे० गिज्जिनु । **गिल्ली–** ना० हँसी; ठट्टा । **गिल्ल्याइ–** ना० गिल्लिने र गिल्ल्याउने भाव, क्रिया वा प्रक्रिया । **गिल्ल्याइनु–** क० क्रि० गिल्ला गरिनु; गिज्याइनु । **गिल्ल्याउनु–** स० क्रि० गिल्ला गर्नु; गिज्याउनु ।

**गीत–** ना० [सं०] विशेषतः गाउनका निम्ति रचिएको लयात्मक तथा सुललित पद्यरचना; गाना; गान । **– कार–** वि० गीत रच्ने; गाना बनाउने । ~ **गुञ्जन–** ना० गीतको मधुर लय वा ध्वनि; गानाको सुरिलो प्रतिध्वनि । ~ **गोविन्द–** जयदेवद्वारा रचित प्रख्यात संस्कृत गीतिकाव्य ।

**गीता–** ना० [सं०] १. महाभारतमा युद्धबाट विमुख हुन लागेका अर्जुनलाई ज्ञान, कर्म र भक्तियोगका साथै मानवीय कर्तव्यबारे श्रीकृष्णले दिएको उपदेश । २. हिन्दूहरूको प्रसिद्ध दार्शनिक ग्रन्थ; भगवद्गीता । ३. ठूला महापुरुषले दिएका छन्दोबद्ध तथा ज्ञानमय उपदेश (रामगीता, भगवद्गीता, शिवगीता इ०) ।

**गीताञ्जली–** ना० [सं०] १. प्रार्थना गर्दै जोडिएको अँजुली । २. रवीन्द्रनाथ ठाकुरद्वारा रचित नोबेल पुरस्कार प्राप्त प्रसिद्ध एक गीतिकाव्य ।

**गीति–** ना० [सं०] १. लयात्मक पद्य-रचना; गीत; गान । २. आर्या छन्दको एक भेद । **– का–** ना० १. लघु गीत । सानो वा छोटो गान । २. सगण, जगण, भगण, रगण, सगण र लघु-गुरु हुने एक वार्णिक छन्द । ~ **काव्य–** ना० गीतैगीत भएको वा गीति तत्त्वलाई प्रमुखता दिएर रचिएको काव्य; गेयात्मक गुणले युक्त काव्य । ~ **नाटक/नाटच–** ना० गीतप्रधान भएको अभिनयकाव्य; प्रायः पद्यमा लेखिएको एक प्रकारको रूपक । **– मय–** वि० गीति-तत्त्वले युक्त; सङ्गीतप्रधान; लय वा सुर मिलेको । ~ **रूपक–** ना० गीतिनाटक/गीतिनाटच ।

**गीर्वाण–** ना० [सं०] देवता; सुर । **– युद्धविक्रम शाह–** ना० वि० सं० १८५४-मा जन्म भई ऐ० ५५-मा राजगद्दीमा बस्ने र वि० सं० १८७३-मा दिवङ्गत हुने शाहवंशीय चौथा राजा ।

**गुँगो–** वि० [फा० गुँग] बोली राम्ररी नफुटेको; बोल्न नसक्ने; लाटो; लठेब्रो ।

**गुँज–** ना० माछोभैँ पानीमा बस्ने, माछाको जस्तै तर विशाल शरीर भएको, फुल पार्ने साटो पशुभैँ बियाउने र बच्चालाई दूध चुसाउने एक अनौठो भीमकाय मत्स्यजाति; सौँस (डल्फिन) ।

**गुँड–** ना० १. चराचुरुङ्गीले रूखका हाँगा, टोड्का आदि र घरका दलिन, खटप्वाल आदिमा बनाएको बास बस्ने ठाउँ वा घर; चराहरूको घर । २. गर्भ । ३. आमा (एकै गुँडका छोराछोरी) ।

**गुँडुलि-नु–** अ० क्रि० [गुँडुलो+इ+नु] १. सेलरोटीजस्तो बाटुलो हुनु; गुँडुलो पर्नु; गुँडुल्किनु; घुँगुरिनु । २. मान्द्रो, कपडा, बोरा आदि बेरिएजस्तो हुनु । >**गुँडुली–** ना० गुँडुलिने काम वा प्रक्रिया ।

**गुँडुलो–** ना० [√ कुँडुलो] वृत्ताकार रेखा, डोरी वा त्यस्तै खालको कुनै पदार्थ; कुँडुलो ।

**गुँडुल्याइ–** ना० [√ **गुँडुलि**(+याइ)] गुँडुलिने भाव, क्रिया वा प्रक्रिया । [>] **गुँडुल्याइनु–** क० क्रि० गुँडुलिने पारिनु । **गुँडुल्याउनु–** प्रे० क्रि० गुँडुलिने पार्नु; गुँडुलो तुल्याउनु ।

**गुँडुल्कि-नु–** अ० क्रि० [गुँडुल्को+इ+नु] गुँडुलिनु ।

**गुँडुल्को–** ना० [गुँडुलो+को] १. गुँडुलो । वि० २. गुँडुलोजस्तो; वृत्ताकार । >**गुँडुल्क्याइ–** ना० गुँडुल्किने भाव, क्रिया वा प्रक्रिया । **गुँडुल्क्याइनु–** क० क्रि० गुडुल्को पारिनु । **गुँडुल्क्याउनु–** प्रे० क्रि० गुडुल्को पार्नु; गुँडुल्याउनु; गुँडुलिन लाउनु ।

**गुँडुल्याइ–** ना० [√ **गुँडुलि**(+याइ)] गुँडुलिने भाव, क्रिया वा प्रक्रिया । [>] **गुँडुल्याइनु–** क० क्रि० गुँडुलो पारिनु । **गुँडुल्याउनु–** स० क्रि० १. गुँडुलो पार्नु; बाटुलो पार्नु । प्रे० क्रि० २. गुँडुलिन लाउनु ।

**गुँद१–** ना० सिम परेको ठाउँमा पलाउने, बोजोका जस्तै च्याप्टा तर लामा पात हुने, पातका टुप्पामा कोदाका जस्तै भुप्पादार फल फल्ने तथा गुन्द्री, सुकुल आदि बुन्न उपयोग हुने एक जातको भार वा त्यसैको जरो; ठूलो जातको मोथे ।

**गुँद२–** ना० [सं० गुग्गुल] विशेष प्रकारको खोटोबाट बन्ने, अखाद्य भेदमा कागत, कपडा आदि टाँस्ने काममा प्रयोग हुने र खाद्य भेदमा मिठाई, औषधी आदि बनाउन प्रयोग हुने पदार्थ । **– पाक–** ना० गुँद मिसाई बनेको मिठाई ।

**गुँदरी–** ना० हे० गुन्द्री ।

**गुँला–** ना० [नेवा०] १. दुवैतिर छालाले मोरेको, दायाँतिर हातले र बायाँतिर गजाले बजाइने ढोलक जातको एक बाजा । २. श्रावण शुक्लपक्षको प्रतिपदादेखि भाद्र कृष्ण अमावास्यासम्मका जम्मा तीस दिन बौद्ध धर्मावलम्बीहरूले मान्ने धार्मिक चाड वा मेला ।

**गुइँठे–** वि० [गुइँठो+ए] जीउडाल र शरीरको ढाँचा नमिलेको; पुड्को; ग्याँचे ।

**गुइँठो–** ना० [सं० गोविष्ठा] १. गाईबस्तुको गोबर सुकी बनेको पदार्थ । २. गोबरको बाटुलो वा थेप्चो चक्का बनाई भित्ताहुँदो सुकाएर बाल्नका निम्ति तयार पारिने मोटो पाप्रो; सुकाएका गोबरको इन्धन ।

**गुइयाँ–** ना० [प्रा० गोत्रिय] १. भित्री सल्लाह; मतो । २. आत्मीयता; गहिरो मित्रता । ३. खेलकुदमा आफ्नो पक्षको साथी; हित्तचित्त मिलेको साथी; जोडा वा जोडी; सहयोगी । ४. कुनै कुराको प्रचार वा हल्ला ।

**गुएलो–** ना०हे० गुहेली ।

**गुघुती–** ना० हे० घुगुती ।

**गुचमुच्च–** क्रि० वि० हे० गुजमुज्ज ।

**गुच्चा–** ना० [सं० गुट+चा] गुडाएर खेल्ने काँच, मसिना आकारको

ढुङ्गा आदिको मटचाङ्ग्राका आकारको सानो गोली; गुज्जा ।
**गुच्छ/गुच्छक**– ना० [सं०] गुच्छा ।
**गुच्छा**– ना० [गुच्छोको ति० रू०] एकै भेट्नामा फलेका अनेक फल वा एकै भेट्नामा फुलेका अनेक फूलको झुप्पा; गुच्छ; गुच्छक । – **दार**– वि० गुच्छैगुच्छा भएको; गुच्छा परेको ।
**गुच्छो**– ना० [सं० गुच्छ] १. फूलहरूको झुप्पो; फूलहरू बाँधिएको मुठो । २. पोते, धागो, रिबन आदिको झुप्पो ।
**गुजमुज**– ना० [अ० मू० गुज्+अ(द्वि०)] सलक्क र सिनित्त पर्नुपर्ने कुनै पनि वस्तुमा परेका खुम्चाखुम्ची; खजमज । >**गुजमुजिनु**– अ० क्रि० लुगा आदि वस्तुमा मुजा-मुजा पर्नु; खजमजिनु; गुजुमुज्ज पर्नु । **गुजमुजे**– वि० गुजुमुजु परेको; खुम्चिएको; मुजैमुजा परेको (गुजमुजे कपाल, गुजमुजे बुट्टा, गजुमुजे सयपत्री इ०) ।
**गुजमुज्ज**– क्रि० वि० [अ० मू० गुज्+मुज्] १. कागत, कपडा आदि खुम्चिने वा गुजमुजिने गरी । २. धागो, डोरी आदि वस्तु अल्झेर गुजुल्टिने किसिमले । ३. धेरै मानिस, मालमत्ता वा बस्तुभाउ एकै ठाउँ गज्मौरिने ढङ्गमा ।
**गुजराती**– ना० [गुजरात (स्थान)+ई] हे० गुज्राँती ।
**गुजरान**– ना० [फा० गुजर] निर्वाह; जीविका; गुजारा ।
**गुजार्-नु**– स० क्रि० [फा० गुजार+नु] १. जसोतसो गरी समय बिताउनु; जीवननिर्वाह गर्नु; गुजेस्ता चलाउनु । २. म्याद वा तारिख कटाउनु; म्याद नघाउनु ।
**गुजारा**– ना० [फा० गुजार] जीवननिर्वाहका निम्ति अँगालिएको वा दिइएको पेसा; जीवनवृत्तिको बाटो; गुजरान; निर्वाह; गुजेस्ता; पेटपालो ।
**गुजारिनु**– क० क्रि० [गुजार्+इ+नु] गुजार्ने काम गरिनु; समय बिताइनु ।
**गुजी/गुजु**– ना० [बा० बो०] डरलाग्दो वस्तु वा कुरो; हाउ; बुजी; कुरी ।
**गुजुक्क**– क्रि० वि० [अ० मू० गुजुक्+क] साँघुरो ठाउँमा लजाएर वा कुच्रिएर बस्ने किसिमले ।
**गुजुमुजु**– क्रि० वि० [गुजमुज] मुजा पर्ने वा खुम्चिने चालसित ।
**गुजुल्टागुजुल्टी**– ना० [गुजुल्टो+गुजुल्टी] सानाठूला गुजुल्टाहरूको समूह ।
**गुजुल्टिनु**– अ० क्रि० [गुजुल्टो+इ+नु] एकै ठाउँमा समेटिएर गुजुमुज्ज पर्नु; गुजुल्टो पर्नु ।
**गुजुल्टी**– ना० [गुजुल्टो+ई] सानो गुजुल्टो ।
**गुजुल्टो**– ना० १. डोरी, धागो, कपाल आदिको गुजमुजिएको गुल्थो । २. एक हातले बोक्न सकिने घाँस, पराल आदिको गुजमुजिएको मुठो । >**गुजुल्टचाइ**– ना० गुजुल्टो पर्ने वा गुजुल्टिने भाव, क्रिया वा प्रक्रिया । **गुजुल्टचाइनु**– क० क्रि० मुठो पारिनु; गुजुल्टचाउने गरिनु । **गुजुल्टचाउनु**– स० क्रि० गुजुल्टो पार्नु; गुजुल्टिन लाउनु ।
**गुजेस्ता**– ना० [फा० गुजार] जीवननिर्वाह; जीविका; गुजारा; गुजरान ।
**गुजो**– ना० [अ० मू० गुज्+ओ] धागो आदिले डल्लिएको गुजुल्टो ।
**गुज्ज**– क्रि० वि० [अ० मू० गुज्+ज] रिसाएर नबोल्ने वा रहस्यमय हुने किसिमले ।
**गुज्जा**– ना०हे० गुच्चा ।
**गुज्जि-नु**– अ० क्रि० [गुज्ज+इ+नु] रिसाएझैं गरी नबोलेर बस्नु; गुज्ज पर्नु ।
**गुज्र-नु**– अ० क्रि० [फा० गुजर्+नु] १. कुनै उपयुक्त समय बित्नु; बेला टरेर जानु । २. मुद्दा-मामिलामा आफ्नो तारिख नाघ्नु; अवधि नाघ्नु; म्याद नाघ्नु । ३. नाश हुनु; दुर्लभ हुनु । ४. मर्नु; चोला उठ्नु । >**गुज्राइ**– ना० गुज्रने क्रिया वा प्रक्रिया । **गुज्राइनु**– क० क्रि० गुज्रने काम गराइनु । **गुज्राउनु**– प्रे० क्रि० गुज्रन लाउनु; गुज्रने पार्नु ।
**गुज्राँती**– वि० [√ गुजराती] भारतको गुजरात-प्रदेशको; गुजरातमा बनेको वा पाइने; गुजरातसम्बन्धी । ~**गाई**– ना० दूधको लागि प्रसिद्ध एक किसिमको गाई । ~**बाजा**– ना० पन्चैबाजा; बाच्छैबाजा । ~**भैंसी**– ना० घुम्रिएका सिङ हुने, जीउमा भुत्ला नगण्य मात्रामा हुने, कालो रङको दुधालु भैंसी । ~**मुहाली**– ना० छिद्र भएको फुकेर बजाइने एक प्रकारको बाजा ।
**गुञ्जन**– ना० [सं०] १. भमरा, माहुरी आदिको शब्द; भुनभुनाहट । २. मधुर ध्वनि; मधुर शब्द; ध्वनितरङ्ग ।
**गुञ्जायमान**– वि० [सं०] चारैतिर गुँजिरहेको; मधुर ध्वनि आइरहेको ।
**गुट**– ना० [गठ] कुनै खास उद्देश्य लिएर केही व्यक्तिको पक्ष, मत वा स्वार्थका आधारमा बनेको सानो दल वा जमात; पारस्परिक मतभेद वा रागद्वेषका कारणले कुनै ठूलो सङ्गठन वा समूहभित्र तयार भएको सानो सङ्गठन । – **बन्दी**– ना० गुट बनाउने क्रिया वा स्थिति; दलबन्दी ।
**गुटमुटि-नु**– अ० क्रि० [गुटुमुटु+इ+नु] १. गुटुमुटु परी एउटै पोकोजस्तो हुनु;सिरक, धुस्सा आदिले ढाकिएर सुत्नु । २. भएभरको धन-सम्पत्ति वा मालमत्ता एकैपल्ट हातलागी हुनु । ३. लडीबडी हुनु; घुसमुन्टिनु । >**गुटमुटचाइ**– ना० गुटमुटचाउने क्रिया वा प्रक्रिया । **गुटमुटचाइनु**– क० क्रि० गुटुमुटु पारिनु । **गुटमुटचाउनु**– स० क्रि० १. कुनै मालमत्ता वा वस्तु गुटुमुटु पारेर बेर्नु; कागत, कपडा आदिले छोप्नु । २. भएभरको सामान सबै बोकेर हिँड्नु; जम्मै गुटुमुटु पारेर लैजानु । प्रे० क्रि० ३. गुटमुटिन लाउनु ।
**गुटिका/गुटी**– ना० [सं०] १. औषधी आदिको सानो गोली; बुटी । २. सानो आकारको पुस्तक (उमामहेश्वरगुटिका; गौरीशङ्कर गुटिका इ०) । ३. योगशास्त्रअनुसार मुखमा हाल्नासाथ अदृश्य भएर जहाँ मन लाग्यो त्यहाँ पुग्न सकिन्छ भन्ने मन्त्रसिद्ध गोली ।
**गुटुमुटु**– क्रि० वि० [अ० मू० गुट्(द्वि०)] १. लुगा कपडा आदि ओढेर राम्ररी ढाकिने वा छोपिने किसिमले । २. कागत, कपडा

आदि वस्तुले चारैतिर बेर्ने चालमा ।

**गुठियार**– ना० [गुठी+इयार] १. गुठीको सदस्यका रूपमा रहेको, गुठीसित सम्बन्धित वा गुठीभित्रको व्यक्ति २. परिवार; खलक ।

**गुठिल**– वि० [हि० गुट्ठल] १.गोप्य रूपमा रहेको; लुकेको; छिपेको; गुप्त । ना० २. धनको गाँठ; सम्पत्तिको पोको ।

**गुठी**– ना० [सं० गोष्ठी] १. धार्मिक वा परोपकारी कार्य-सञ्चालनका लागि छुट्ट्याइएको, त्यसैबाट आउने आयस्ताले देव-पितृको पूजाआजा आदि चलाइने र जग्गा, घर, सम्पत्ति आदिको रेखदेख गर्ने सामाजिक संस्था । २. गुठीले मात्र प्रयोग गर्न सक्ने वा गुठीका नाममा रहेका घर, जग्गा, श्रीसम्पत्ति आदि । ~ **गाना**– ना० गुठीहरूको समुदाय; गुठी र गुठीसम्बन्धी अन्य कुरा । ~ **धन**– ना० गुठीका रूपमा रहेको तथा गुठीबाट गरिने कामका निम्ति खर्च गरिने नगद वा जिन्सी; गुठीअन्तर्गतको घर, जग्गा, पाटीपौवा आदि सम्पत्ति; देवस्व । ~ **संस्थान**– ना० सरकारी गुठीको रूपमा स्थापना भएका र देशका विभिन्न स्थानमा रहेका, देवल, पाटीपौवा, पुल, साँघु, जग्गा-जमिन आदिको हेरचाह र त्यसबाट आएको आम्दानीले तिनै वस्तुको संरक्षण, दैनिक पूजा, सिधा आदि कार्यहरू र अन्य जीर्णोद्धार, निर्माण आदि कार्यसञ्चालनका निम्ति स्थापित संस्थान ।

**गुठुरि-नु**– अ० क्रि० [गुठुरो+इ+नु] गुठुरो पर्नु; एउटै पोको हुनु ।

**गुठुरी**– ना०हे० गुठुरो ।

**गुठुरो**– ना० [हि० गठरी] १. मालसामानको सानो पोको; कुटुरो; गुठुरी । २. धनको पोको । वि० ३. गठरो; ग्याँचे ।

**गुठुऱ्याइ**– ना० [√ **गुठुरि**(+याइ)] गुठुरिने भाव, क्रिया वा प्रक्रिया । [⊵] **गुठुऱ्याइनु**– क० क्रि० गुठुरो पारिनु । **गुठुऱ्याउनु**– प्रे० क्रि० १. गुठुरो पार्नु; कुरमुऱ्याउनु । २. गुठुरिन लाउनु ।

**गुठे**– ना० [गुठी+ए] आलोपालोसँग मिलेर काम गरिने सङ्गठन; भारोपर्म ।

**गुड्-नु**– अ० क्रि० [सं० गुड्+नु] बाटुलो, गोलो वा चक्का आकारको वस्तु भुइँमा दगुर्दै जानु; गुडिनु ।

**गुड**– ना० [सं०] उखुको रस पकाई बनाइएको गुलियो पदार्थ; सखर ।

**गुडगुच्चे**– ना० [गुड्+गुच्चा] १. गुड्ने क्रिया; गुडेर जाने काम । २. त्यस्तो खेल ।

**गुडगुड**– क्रि० वि० [अ० मू० गुड्+अ(द्वि०)] १. डल्लो वा बाटुलो वस्तु गुड्दा आवाज आउने किसिमले । २. वायुविकारले पेट कराउने चालमा । ना० ३. पानी भरेको हुक्कामा तमाखु खाँदा आवाज निस्कने किसिम । > **गुडगुडाइ**– ना० गुडगुडाउने क्रिया वा प्रक्रिया । **गुडगुडाइनु**– क्रि० बाटुलो वस्तु गुड्ने गरी लडाइनु; गुडाइनु । **गुडगुडाउनु**– स० क्रि० १. बाटुलो वस्तु गुड्ने गरी पठाउनु; गुडाउनु । २. पेट कराउनु; पेटमा गुडगुड आवाज आउनु । ३. हुक्का गुडगुड गर्ने गरी तमाखु खानु । **गुडगुडाहट**– ना० गुडगुडाउने क्रिया वा अवस्था; गुडगुडाइ । **गुडगुडे**– १. सेतो नाश्री र खैरो कालो रङको बोक्रो भएको गेडा फल्ने मार्सी जातको धान । २.गुडगुड आवाज आउने कसकुट वा पित्तल आदिको ढलौटे हुक्का । वि० ३. गुडगुड आवाज निकाल्ने ।

**गुडपाक**– ना० [सं०] गुडको चास्नी बनाएर नरिवल आदि मिसाई तयार गरिएको पौष्टिक पदार्थ गुदपाक ।

**गुडाइ**– ना० [√ **गुड्** (+आइ)] गुड्ने क्रिया वा प्रक्रिया । [⊵] **गुडाइनु**– क० क्रि० बाटुलो गोलो वस्तु गुडाइनु; गुडाउने काम गरिनु । **गुडाउनु**– प्रे० क्रि० बाटुलो वस्तु लडाउनु; घचेट्नु; गुर्‍याउनु ।

**गुडाकेश**– ना० [सं०] १. निद्रालाई जित्ने व्यक्ति; निद्राविजयी । २. शिव; महादेव । ३. अर्जुन ।

**गुडिनु**– अ० क्रि० [गुड्+इ+नु] गुड्ने काम होइनु; गुर्रिनु ।

**गुडुघुट्ट**– ना० [गुड+घोटक⊵घुट्ट] घोडाझैँ दौडेर खेलिने केटाकेटीको एक खेल ।

**गुडुरा / गुडुरे**– ना० बगरहुँदो फल्ने, डल्लो र खैरो मार्सी जातको धान ।

**गुड्क-नु**– अ० क्रि० [गुड्+क+नु] चक्काजस्तो वा डल्लो वस्तु गुड्नु; गुड्दै जानु; हिँड्नु । > **गुड्काइ**– ना० गुड्कने वा गुड्काउने क्रिया वा प्रक्रिया । **गुड्काइनु**– क० क्रि० गुड्कन लाइनु वा हिँडाइनु । **गुड्काउनु**– प्रे० क्रि० गुड्कने पार्नु; गुड्दै जाने तुल्याउनु ।

**गुड्ड**– क्रि० वि० [अ० मू० गुड्+ड] चक्का वा पाङ्ग्रा भएको कुनै वस्तु गुड्ने चालमा; गुर्र ।

**गुड्डी**– ना० [सं० गुण्ड ?] १. नचाहिँदो विषयमा देखाइने धाक; व्यर्थको गफ वा फुर्ती । ~ **हाँक्नु**– टु० धाक छोड्नु; नचाहिँदो फुर्ती लाउनु ।

**गुण**– ना० [सं०] १. कुनै पनि वस्तुलाई अरू सजातीय वस्तुबाट छुट्ट्याउन वा अलग्याउन सहायक हुने निजी स्वभाव, विशेषता वा धर्म । २. कुनै मानिसमा रहको असल स्वभाव; सद्गुण । ३. एक अर्कालाई प्रभाव पार्न सक्ने तत्त्व वा प्रशंसनीय विषय । ४. कुनै वस्तुको निर्माण, काम, विद्या, व्यवहार आदिको सीप; निपुणता । ५. वस्तुबाट प्राप्त हुने फाइदा वा लाभ; उपयोगिता । ६. ब्रह्माण्डका प्राकृतिक धर्म वा वृत्ति (सत्व, रज, तम) । ७. योगशास्त्रका अनुसार स्वभावमा देखिने शम, दम र तितिक्षा तीन गुण । ८. उपर्युक्त वृत्ति वा गुणका आधारमा तीन सङ्ख्याको सूचक शब्द । ९. पूर्वीय काव्यशास्त्रका अनुसार रसलाई उत्कर्ष प्रदान गर्ने श्लेष, समाधि, औदार्य, माधुर्य, ओज, प्रसाद, अर्थव्यक्ति, कान्ति, सुकुमारता र समतानामक तत्त्व । १०. व्याकरणमा स्वरसन्धिका अ, उ, ओ तीनवटा अक्षर । ११. एक अङ्कलाई अर्को अङ्कले गुणन गर्ने काम; गुणा । १२. धनुको ताँदो वा डोरी । १३. धागो; डोरी; सूत । १४. वास्तु वा मूर्तिकलामा तीन इन्चबराबरको नापो; तीन अमल । – **क**– ना० १. कुनै अङ्कलाई गुणन गर्ने अङ्क; गुन्ने अङ्क । २. गुणन गर्ने मानिस; गुन्नेवाला ।

~**कथन**– ना० १. कसैका गुणबारे गरिने प्रशंसा; गुणगान; गुणानुवर्णन । २. काव्यमा वियोग शृङ्गारमा हुने नायकका दस दशामध्येको एक । ~**कामदेव**– ना० काठमाडौँ सहर बसाल्ने र स्वयम्भूको स्तूप बनाउने भनी वंशावलीमा चर्चित नेपालका लिच्छविकालीन प्राचीन राजा । – **कारक**⁄**कारी**– वि० कुनै न कुनै प्रकारको गुण भएको वा फाइदा गर्ने; लाभदायक । ~**कीर्तन**– ना० १. गुण र यशको प्रशंसा गरिने नाटकको एउटा लक्षण । २. गुणको बखान; गुणानुवर्णन । – **गान**– ना० कसैको गुण, स्वभाव आदि विषयलाई लिई गरिने प्रशंसा; बढाईचढाई गरिने गुणको बखान । ~**ग्रहण**– ना० १. अर्कामा रहेको सद्‌गुण वा राम्रा कुराको सिको । २. अरूले गरेको गुण सम्झने काम; कृतज्ञतास्वीकार । ~**ग्राही**– वि० गुणको वा गुणीको कदर गर्ने; गुण सम्झने । – **ज्ञ**– वि० असल कुरा वा गुणको मर्म बुझ्ने; गुण जान्ने; गुणको कदर गर्ने । – **त्रय**– ना० प्राकृतिक प्रमुख तीन गुण (सत्त्व, रज, तम) । ~**धर्म**⁄**धर्मिता**– ना० कुनै पदार्थमा पाइने विशेषता वा स्वभाव; वस्तुगत विशेषता ।

**गुणन**– ना० [सं०] एक अङ्कले अर्को अङ्कलाई गुन्ने काम; गुणा । – **फल**– ना० एक अङ्कले अर्को अङ्कलाई गुणन गर्दा निस्कने परिणाम; गुणा गरेर निकालिएको उत्तर; गुनेर आएको सङ्ख्या ।

**गुणनिधि**– वि० [सं०] धेरै उत्तम गुण भएको; धेरै गुण हुने; गुणहरूको खानी; गुणवान्; गुणी ।

**गुणवाचक**– वि० [सं०] १. गुण वा विशेषताको बोध गराउने । ना० २. व्याकरणअनुसार नाम, सर्वनामको गुण, विशेषता, स्वभाव आदिको बोध गराउने विशेषण शब्द (राम्रो, बाठो, मीठो, उज्यालो, रातो, कालो इ०) ।

**गुणवान्**– वि० [सं०] विभिन्न गुणले युक्त; गुण भएको; गुणी ।

**गुणसागर**– वि० [सं०] विशिष्ट गुण भएको; ठूलो गुणी ।

**गुणस्तर**– ना० [सं०] कुनै वस्तु वा पदार्थमा रहेको गुणको मात्रा; त्यस्तो गुणको मूल्याङ्कन गरी निर्धारण गरिने स्तर ।

**गुणहीन**– वि० [सं०] कुनै गुण वा विशेषता नभएको; गुणरहित; निर्गुणी ।

**गुणा**– वि० [सं० गुणन] १. कुनै अर्को सङ्ख्यालाई कुनै सङ्ख्याले गुनिएको; गुणन गरिएको (दोबर, तेवर वा दुना, तिना इ०) । ना० २. गणितमा कुनै एक सङ्ख्याले कुनै अर्को सङ्ख्यालाई गुन्ने क्रिया वा विधि; गुणन ।

**गुणाकर**– वि० [सं०] धेरै गुण भएको; गुणहरूको खानी भएको; गुणनिधि ।

**गुणाङ्क**– ना० [सं०] १. गणितमा गुणा गरिने सङ्ख्या । २. लिच्छविकालका ‘गुण’ पद भएका कुनै राजाका पालाको ‘गुण’ शब्द-अङ्कित सिक्का ।

**गुणाढ्य**– वि० [सं०] १. धेरै असल गुण भएको; सद्‌गुणी । ना० २. पैशाची प्राकृतमा ‘बड्ड कहा’ (बृहत् कथा) नामक ग्रन्थ लेख्ने प्रसिद्ध कवि ।

**गुणातिशय**– ना० [सं०] साहित्यशास्त्रअनुसार नाटकका गुणको असाधारण उत्कर्ष गराउने एक लक्षण ।

**गुणातीत**– वि० [सं०] १. प्राकृतिक गुणहरूदेखि मुक्त रहेको; निर्गुण; निर्विकार । ना० २. परमेश्वर ।

**गुणात्मक**– वि० [सं०] गुणलाई महत्त्व दिइएको; गुण बेसी भएको; गुण बढाउने । – **ता**– ना० गुणात्मक हुनाको भाव वा स्थिति । ~**मूल्याङ्कन**– ना० गुण र स्तर निर्धारण गर्नका निम्ति गरिने मूल्याङ्कन; वस्तुको सङ्ख्यात्मक र वस्तुगत पक्षलाई छाडी आन्तरिक मूल्य निर्धारित गर्ने क्रिया वा व्यवस्था ।

**गुणानुवाद**– ना० [सं०] गुण वा चरित्रको बखान; कसैमा भएका राम्रा गुणको प्रशंसा; गुणगान; प्रशंसा ।

**गुणान्वित**– वि० [सं०] असल गुणले युक्त; गुणवान् ।

**गुणी**– वि० [सं०] १. गुण भएको; गुणयुक्त; गुणवान् । ना० २. दोखपिचास लाग्दा झारफुक गर्ने व्यक्ति; धामी वा झाँक्री ।

**गुणीभूत**– वि० [सं०] मुख्य अर्थ नभएको; गौण बनेको; अप्रधान । ~**व्यङ्ग्य**– ना० काव्यमा मूल रूपमा अभिधा अर्थ र गौण रूपमा व्यञ्जना अर्थ भएको अप्रधान व्यङ्ग्य; मध्यमस्तरको काव्य ।

**गुणेश्वर**– ना० [सं०] सत्त्व, रज र तम तीनै गुणका प्रभावलाई जित्ने व्यक्ति; परमेश्वर; ईश्वर ।

**गुण्ठन**– ना० [सं०] १. वस्त्र आदिले ढाकछोप गर्ने काम । २. पछ्यौरा; फेटा । ३. ढकना; बिर्को ।

**गुण्ठित**– वि० [सं०] १. ढाकिएको वा छोपिएको । २. घेरिएको; बारिएको ।

**गुत्-नु**– स० क्रि० [सं० गुण्ठन+नु] पगरी, फेटा, पछ्यौरा आदि कपडा शिरमा वा घाँटीमा पहिरनु; गलबन्दी, मफलर आदि बाँध्नु; बेर्नु; गुथ्नु । >**गुताइ**– ना० गुत्ने क्रिया वा प्रक्रिया । **गुताइनु**– क० क्रि० गुताउने काम गरिनु । **गुताउनु**– प्रे० क्रि० गुत्ने पार्नु; गुत्न लाउनु ।

**गुतार्-नु**– स० क्रि० [सं० गुप्ताहार] खान निषेध गरिएको वा सित्तैँमा पाएको वस्तु पेटलाग्दो खानु; बेसरी खानु । >**गुताराइ**– ना० गुतार्ने क्रिया वा प्रक्रिया । **गुतारिनु**– क० क्रि० गुतार्ने काम गरिनु ।

**गुतिनु**– क० क्रि० [गुत्+इ+नु] गुत्ने काम गरिनु; गुथिनु ।

**गुत्थ**– ना० [अ० मू० गुत्+थ] रिसले ठुस्स हुने वा ठुस्सिने किसिम । >**गुत्थिनु**– अ० क्रि० १. गुत्थ पर्नु; धुम्म हुनु; ठुस्सिनु । २. दल बाँधेर एक गठ हुनु; आफू-आफू एक भएर बस्नु ।

**गुत्थी**– ना० [गुत्थो+इ] महत्त्वपूर्ण रहस्यमय कुरो; तात्पर्य मिलेको कुरो; गाँठी कुरो ।

**गुत्थो**– ना० [प्रा०] १. फूलको ठूलो झुप्पो । २. मोती, पोते आदिका धेरै लुङको समूह ।

**गुत्थ्याइ**– ना० [√ **गुत्थि** (+याइ)] गुत्थिने भाव, क्रिया वा प्रक्रिया ।

c:\Sabdkosh\Ga.p65



[⊳] **गुत्थ्याइनु**– क० क्रि० गुत्थिने तुल्याइनु; गुत्थ पारिनु। **गुत्थ्याउनु**– प्रे० क्रि० गुत्थिने तुल्याउनु; गुत्थ पार्नु। **गुत्थ्याहट**– ना० गुत्थिने भाव, स्थिति, क्रिया वा प्रक्रिया; गुत्थ्याइ।

**गुथ्–नु**– स० क्रि० [सं० ग्रन्थन+नु] माला, पोते, तोरण आदि उन्नु वा गाँस्नु। > **गुथाइ**– ना० गुथ्ने क्रिया वा प्रक्रिया। **गुथाइनु**– क० क्रि० गुथ्न लाइनु। **गुथाउनु**– प्रे० क्रि० माला आदि गुथ्न लाउनु; गुथ्ने पार्नु। **गुथिनु**– क० क्रि० गुथ्ने काम गरिनु; पगरी, फेटा आदि पहिरिनु।

**गुद**– ना० [सं०] दिसा गर्ने अङ्ग; चाक; गुदा। – **द्वार**– ना० प्राणीहरूले खाएको अन्न, फल आदि पाकस्थलीमा पुगेर मल वा विष्ठाका रूपमा शरीरबाट बाहिर निस्कने प्वाल; चाकको प्वाल; मलद्वार; गुदा।

**गुदपाक**– ना० चास्नी, नरिवल आदि मिसाएर बनाइएको एक प्रकारको मिठाई; गुडपाक।

**गुदा**– ना० [सं०] गुद; चाक। – **द्वार**– गुदद्वार।

**गुदिलो**– वि० [गुदी+इलो] गुदी भएको; सारवान्।

**गुदी**– ना० [सं० गूढ] १. फलफूल आदिको बोक्राभन्दा भित्र रहेको उपयोगी नरम पदार्थ। २. भित्री भागमा रहेको सार तत्त्व। ३. भित्रको दह्रो शक्ति वा खँदिलोपन; विशेषता; खुपी। ४. सम्पत्ति; धन।

**गुदुगुदु**– क्रि० वि० [अ० मू० गुद्+उ(द्वि०)] ठिक्क आगाको रापमा पाक्तै गरेको दाल, भात आदि हल्का चालले उम्लने वा पाक्ने गरी।

**गुदो**– ना० [गुदी+ओ] १. गुदी। २. गुप्त धन वा सम्पत्ति। ३. सँगालिएको कुरो वा सम्पत्ति।

**गुन्–नु**– स० क्रि० [सं० गुणन+नु] १. एक अङ्कले अर्को अङ्कलाई गुणा गर्नु। २. कुनै विषयमा गम्भीर रूपले सोच्नु; गौर गर्नु; विचार गर्नु।

**गुन**– ना० [सं० गुण] १. वस्तु वा प्राणीको असल स्वभाव वा विशेषता; गुण। २. उपकार; भलाइ; हित। विप० बैगुन।

**गुनकेसरी**– ना० लसुनको जस्तै पात र पोटी हुने, पहेँलो रङको केसर हुने र सेता फूल फुल्ने बोट वा त्यसैको फूल।

**गुनगुन**– क्रि० वि० [अ० मू० गुन्+अ(द्वि०)] अर्काले नसुन्ने वा स्पष्टसँग नबुभ्ने गरी एक्लै वा कसैसँग बिस्तारै बोल्ने अथवा गीत गाउने गरी; गुनगुनाउने चालमा। > **गुनगुनाइ**– ना० गुनगुन गर्ने क्रिया वा प्रक्रिया। **गुनगुनाइनु**– अ० क्रि० गुनगुन गरिनु। **गुनगुनाउनु**– अ० क्रि० स्पष्टसँग सुन्न नसक्ने गरी बोल्नु वा गाउनु। **गुनगुनाहट**– ना० गुनगुनाउने चाल वा काम।

**गुना१**– ना० [√ गुणा] १. पल्ट; खेप; ताल। २. स्तनपायी वर्गमा पर्ने, लामो पुच्छर भएको, वानर-जातिको एक प्रकार; लामपुच्छ्रे बाँदर। वि० ३. हे० गुणा।

**गुना२**– ना० पेच काटिएको रेखा।

**गुनाइ**– ना० [√ **गुन्** (+आइ)] गुन्ने भाव, क्रिया वा प्रक्रिया। [⊳] **गुनाइनु**– क० क्रि० गुन्न लाइनु। **गुनाउनु**– प्रे० क्रि० गुन्न लाउनु।

**गुनासो**– ना० [अ० मू० गुनगुन+आसो] १. आत्मीय जनसँग प्रकट गरिने मनको पीर-मर्का वा दुखेसो। २. शोक-प्रकट; पछुतो।

**गुनाह**– [फा०] १. दोष; कसुर; अपराध। २. पाप। – **गार**– वि० १. अपराधी; कसुरदार; अभियुक्त। २. पापी।

**गुनिउँ**– ना० गुन्यू। ~**चोलो**– ना० गुन्यूचोलो।

**गुनिनु**– क० क्रि० [गुन्+इ+नु] विचार गरिनु; सोचिनु।

**गुनिया**– ना० हे० गुन्यू। ~**चोलो**– ना० गुन्यूचोलो।

**गुनिलो**– वि० [गुन+इलो] १. अर्काले गरेको गुणलाई नबिर्सने; गुणको कदर गर्ने; कृतज्ञ। २. गुणवान्; गुनी।

**गुनी१**– ना० कालो अनुहार हुने र पुच्छर लामो हुने, शरीरको रङ सेतो र कालो मिसिएर खैरोखैरो देखिने एक जातको वानर; पहरे बाँदर।

**गुनी२**– ना० [गुन+ई] गुण भएको; कृतज्ञ; गुणी।

**गुनुगुनु**– क्रि० वि० [अ० मू० गुन्+उ(द्वि०)] स्पष्टसँग नसुनिने गरी बिस्तारै कुरा गर्ने वा गाउने किसिमले; अफ्न चड्का गुनगुन हुने चालमा।

**गुनेरगानु**– ना० हे० गुन्दरगानु।

**गुन्जाइस**– ना० [फा० गुन्जाइश] हुने, रहने, राखिने वा अटाउने ठाउँ; अवकाश।

**गुन्टा**– ना० [गुन्टोको ति० रू०] हे० गुन्टो। – **गुन्टी**– ना० साना-ठूला धेरै गुन्टा; पोकोपन्तरो; कुम्लोकुटुरो। > **गुन्टिनु**– अ० क्रि० १. गुन्टाजस्तो भई बेरिनु; एकै पोको परेर बेरिनु। २. ग्याँचे हुनु; पुड्को हुनु। ३. असफल वा फेल हुनु। ४. खतम हुनु; घुसमुन्टिनु।

**गुन्टे**– वि० [गुन्टो+ए] १. गुन्टाका छाँटको; ग्याँचे; पुड्को। २. गुन्टेमार्सी। ~**मार्सी**– ना० खैरा, बाटुला गेडा फल्ने एक जातको धान; त्यसैको चामल; गुन्टे।

**गुन्टो**– ना० [प्रा० गुन्ठो] ओढ्नेबिछ्याउने आदि बेरेर डोरीले कसेको ठूलो पोको; त्यस्ता लुगाफाटाको गठुरो (बेडिङ)।

**गुन्टयाइ**– ना० [√ **गुन्टि** (+याइ)] गुन्टिने क्रिया वा प्रक्रिया। [⊳] **गुन्टयाइनु**– क० क्रि० गुन्टयाउने काम गरिनु। **गुन्टयाउनु**– स० क्रि० गुन्टा बनाउनु; गुन्टाजस्तो पार्नु।

**गुन्ठनि–नु**– अ० क्रि० १. गाँठागाँठा पारेर बटारिनु वा साह्रो हुनु; पुक्कपुक्क परी मसिना डल्ला निस्कनु। २. ग्याँचे हुनु; डल्लिनु वा पुड्किनु।

**गुन्डा**– ना० [गुन्डोको ति० रू०] हे० गुन्डो। – **गिरी**– ना० दल वा गठ बनाई सीधासाधा व्यक्तिहरूलाई ढाँट्ने, छल्ने, लुट्ने, पिट्ने आदि काम; बदमासी चाल।

**गुन्डो**– वि० [सं० गुण्डक ?] १. ठाँटबाँट र रवाफ देखाउने तथा बदमास स्वभाव पनि भएको। २. सजिसजाउ भएको; ठाँटिलो।

३. लाज-घिन पचेको वा स्वास्नीमानिससँग लहसिन खोज्ने; रन्डीबाज । >**गुन्डचाइँ**– ना० गुन्डो हुनाको क्रिया वा ढाँचा ।

**गुन्दरगानु**– ना० [सं० गुडुचीकन्द] बाटुला पात हुने, पहेँलाससाना फूल फुल्ने, राता मसिना बाटुला फल लाग्ने, जरामा फल्ने तथा विषनाशक र सन्निपात ज्वर नाश गर्ने गुण भएको भ्याकुरजस्तो कन्द ।

**गुन्द्री**– ना० [गुँदरी] पराल, पाट वा बाबियाका डोरीहरूको तान लगाई गुँद, पराल आदिबाट बुनेको सुकुलजस्तो ओछ्याउने ।

**गुन्द्रुक**– ना० सागपात आदि भुँड्काभुँड्कीमा खाँदी अमिल्याएर सुकाइएको, तिहुन वा सितन बनाएर खाइने वस्तु । >**गुन्द्रुके**– वि० १. गुन्द्रुकसँग सम्बन्धित; गुन्द्रुकजस्तै । २. गुन्द्रुक खाएर जीवन-निर्वाह गर्नुपर्ने (मानिस) । ३. निम्न स्तरको; रद्दी ।

**गुन्द्रुङ्ग/गुन्द्रुङ्ङ**– क्रि० वि० [अ० मू० गुन्द्रुङ्+ग/ङ] कुनै प्राणी वा वस्तु फाल हाल्दा वा खस्दाको आवाज आउने गरी ।

**गुन्न**– क्रि० वि० [अ० मू० गन्+न] १. मौरी, भमरा आदि भुनभुनाएको स्वर आउने किसिमले । २. धेरै जनाले एकै साथ बिस्तारै कुरा गर्दा आवाज आउने चालमा ।

**गुन्यु**– ना० १. आइमाईले कम्मरभन्दा मुनि लाउने सानो फरिया । २. पेटीकोटजस्तो दुई छेउ गाँसेर इँजार हाली लाइने सानो खालको फरिया । ३. साधारण खालको वा जडाउरी फरिया । ~**चोलो**– ना० १. गुन्यू र चोलो । २. परम्पराअनुसार कन्या पाँच वर्षकी हुँदा विधिपूर्वक दिइने धोती र चोलो । (उदा०– भैलिनी आइन् आँगन, गुन्यू-चोलो मागन (लोकगीत) ।

**गुन्यू**– ना० हे० गुन्यु ।

**गुपचुप**– ना० [सं० गुप्त+चुप] १.बाहिर प्रकट नहुने गरी भित्रभित्रै कुनै काम-कुरो दबाउने चाल वा स्थिति; ढाकछोप; चुपचाप । २. खुवा र मैदा मिसाएर डल्लो पारी घिउमा पकाएर चिनीको चास्नीमा डुबाइएको, भित्र खोक्रो भएको गुलाफजामुनका किसिमको मिठाई ।

**गुप्त**– वि० [सं०] १. बाहिर प्रकट वा व्यक्त नभएको; भित्रभित्रै छिपेर रहेको; लुकेको; भित्री; नदेखिने; अदृश्य । २. सुरक्षित गरिएको; जोगाइएको (गुप्त धन, गुप्त प्रेमी इ०) । ३. मुस्किलले जानिने; गूढ । ना० ४. मध्यकालीन भारतको मगध राज्यको एक नामुद राजवंश (गुप्तवंश); एक प्रकारको थर । – **चर**– ना० गोप्य तरिकाले सक्रिय भई कुनै कुराको भेद पत्ता लगाउने काममा खटिएको व्यक्ति; गोप्य रूपमा स्वदेशभित्र वा बाहिरका विभिन्न कामकुरा, व्यक्ति, संस्था आदिको भेद, रहस्य वा विशेष जानकारी प्राप्त गर्न खटाइएको व्यक्ति; गुप्त दूत; जासुस; भेदिया; गुप्ती प्रहरी वा पुलिस (सी.आई.डी) । – **चर विभाग**– ना० सरकारका तर्फबाट गुप्तचरसम्बन्धी कार्यको परिचालन गर्ने जिम्मेवारी सुम्पिएको प्रशासनिक निकाय; गुप्तचरहरूमार्फत कुनै खास अपराध, भ्रष्टाचार वा मामिलाको छानबिन गर्ने अड्डा; जासुसको काम गर्ने सरकारी अड्डा । – **चरी**– ना० १. गुप्तचरको काम वा भाव । २. गुप्तचरको काममा नियुक्त स्त्री; आइमाई जासुस । ~**दान**– ना० कुनै प्रचार नगरी गोप्य रूपमा दिइने दान; दान दिने व्यक्तिबाहेक अरू कसैले यति र यस्तो वस्तु दियो भन्ने थाहा पाउन नसकिने दान । ~**धन**– ना० कसैलाई पनि जानकारी नदिई गोप्य रूपमा राखिएको सम्पत्ति; गाडधन । ~**लिपि**– ना० १. गुप्तकालीन लिपि । २. सर्वसाधारणले बुझ्न नसक्ने गरी विशेष सङ्केतका आधारमा लिखित लिपि; कूटलिपि । ~**वेश**– ना० कुनै खास प्रयोजनका निम्ति आफ्नो रूप वा पहिचान छिपाई अरूले आफूलाई चिन्न नसक्ने पार्नका निम्ति विशेष वेशभूषा वा पहिरन प्रयोग गरिएको स्थिति; त्यस्तो पहिरन वा रूपविन्यास; छद्मवेश ।

**गुप्ति**– ना० [सं०] १. लुकाउने, छिपाउने वा गोप्य राख्ने काम; कसैले पनि देख्न र थाहा पाउन नसक्ने गरी गोप्य राखिएको स्थिति वा व्यवस्था; गोपन । २. रक्षा; संरक्षण ।

**गुप्ती**– वि० [गुप्ति] १. ढाकिएको; गुप्त; गुह्य; भित्री (गुप्ती कुरो; गुप्ती पैसो इ०) । ना० २. भित्रतिर तरबार वा किरिच लुकाई राख्ने गरी बनाइएको लट्ठी । ३. गुप्तचर । ४. तहखाना; ताइखाना; भूगृह । ~**कुरो**– ना० थाहा पाउन नहुने वा थाहा पाउन नसकिने कुरो; रहस्यमय कुरो; गोप्य विषय वा सन्दर्भ । ~**कोठो**– ना० कुनै कुरो अरूले थाहा पाउलान् भनी गोप्य वा एकान्त रहेको कोठो; भित्री कोठो; भँडार । ~**पुलिस**– ना० विभिन्न कुराको भेद वा अपराध तथा भ्रष्टाचार आदिको वस्तुतथ्य गोप्य रूपमा पत्ता लगाउने काममा नियुक्त प्रहरी; कुनै विशेष मामिलाको गुप्त छानबिन गर्ने प्रहरी । – **मारा**– वि० थाहा नै नदिई भित्रभित्रै अर्काको जरो काट्ने (व्यक्ति); अर्काको नहुँदो गर्ने; कपटी ।

**गुफा**– ना० [सं० गुहा] १. पहरो, ढुङ्ग्यान आदि जमिनमा बनेको सुरुङ; ओडार । २. ऋषि, मुनि वा जोगी-सन्न्यासी बस्ने कुटी । ३. बाघ-भालु आदिको ओडार ।

**गुब्बारा**– ना० [अ० गुबार] हावा भरेर उडाइने, हल्का र पातलो, रङ्गीचङ्गी रबरको थैलो; बेलुन ।

**गुभाजु**– ना० [नेवा०] १. नेपालको बौद्ध सम्प्रदायमा पर्ने नेवारको एक वर्ग वा जात; बौद्ध धर्म मान्ने नेवारको गुरु वा पुरोहित । २. बिरामीहरूलाई झारफुक आदि गर्ने, सोही वर्गको तान्त्रिक व्यक्ति ।

**गुभाजू**– ना० हे० गुभाजु ।

**गुभे**– वि० [गुभो+ए] १. गुभो भएको । २. गुभोजस्तै कमलो वा कलिलो । ~**डोरी**– ना० पोयो लाएर बाटेको डोरीलाई नै फेरि जम्मा तीन पोयो हुने गरी बाटेको डोरी; पोयाको हिसाबले नौ पोया हुने डोरी । ~**पात**– ना० कुनै बोटबिरुवाको गुभोको पात; गर्भे पात ।

**गुभो**– वि० [सं० गर्भ] १. कर्कलो, मकै, धान, केरा आदि बोट-बिरुवाको भित्रपट्टिको कमलो भाग; गुदी भाग; गर्भाङ्कुर; टुसो ।

c:\Sabdkosh\Ga.p65



२. विशेष ढाँचाले बाटेको डोरीभित्रको पोयो वा डोरी ।

**गुम्-नु–** अ० क्रि० [फा० गुम+नु] १. मौका आएर पनि कुनै वस्तु आफूले नपाउने हुनु; हराउनु । २. समय बित्नु; बेला नाघ्नु । ३. हिस्स पर्नु; भुस्सिनु ।

**गुम–** ना० [फा०] १. बेपत्ता; गायब; अलप । वि० २. छिपेको; लुप्त ।

**गुमज–** ना० [फा० गुम्बद] झ्याल, ढोका, छानो, पुल आदिमा बनाइएको अर्धवृत्ताकार बान्की; बिखुम; गुमोज ।

**गुमटी–** ना० [फा० गुम्बद] १. सिँढीमाथि बनेको छत । २. रेलवे लाइनको किनारमा बनाइएको खलासी बस्ने गोलाकार कोठो । ३. सडकका किनारमा वा चोकमा सानोतिनो पसल रहेको काठको घर ।

**गुमनाम–** वि० [गुम+नाम] प्रकाशमा आउन नदिने उद्देश्यले कसैको नाम नलेखिएको; बेनामी (चिठी, लेख, कविता इ०) ।

**गुमपाती–** ना० [गुम+पाती] भीमसेनपातीजस्तै फुस्रा र लाम्चा पात हुने तर बास्ना नआउने एक जातको वनस्पति ।

**गुमक्र्याइ–** ना० [√ **गुमक्र्याउ**(+आइ)] गुमक्र्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **गुमक्र्याइनु–** क० क्रि० अटाईनअटाई पन्जा वा अँगालाले भिकिनु ।

**गुमक्र्याउनु–** स० क्रि० १. हातका पन्जाले वा अँगालाले अटाउन्जेल कुनै चीज भिक्नु । २. मुख गाडेर सकेसम्म खानु । ३. अँगालो मारेर सकेसम्म च्याप्नु; अँठ्याउनु ।

**गुमस्ता–** ना० [फा० गुमाश्त] १.गोप्य रूपमा गरिने कामको सरसल्लाह; मतो वा कुराकानी; आन्तरिक योजना । २. व्यापारी वा उद्योगपतिले कुनै कामविशेषमा तलब वा आयस्ताको हिस्सा दिएर नियुक्त गरेको व्यक्ति; एजेन्ट ।

**गुमाइ–** ना० [√ **गुम्**(+आइ)] गुमाउने भाव, क्रिया वा प्रक्रिया । [>] **गुमाइनु–** क० क्रि० गुमाउने काम गरिनु । **गुमाउनु–** स० क्रि० १. पाइसकेको वा पाउनुपर्ने कुनै वस्तु असावधानी आदिका कारणले नपाउनु; हराउनु; चुक्नु । प्रे० क्रि० २. गुम्ने पार्नु ।

**गुमान–** ना० [फा०] १. आफ्नो रूप, सीप, सम्पत्ति आदिबाट हुने घमन्ड वा अभिमान । २. अनुमान; अन्दाज । ३. कल्पना वा अनुमानका भरमा गरिने सन्देह; शङ्का ।

**गुमिनु–** अ० क्रि० [गुम्+इ+नु] नपाइने होइनु; हराइनु ।

**गुमोज–** ना०हे० गुमज ।

**गुम्फन–** ना० [सं०] १. गुँथ्ने वा गाँस्ने काम; उनाइ । २. शृङ्खलित वा क्रमबद्ध गर्ने काम; मिलाउने काम । ३. सजावट; सजिसजाउ ।

**गुम्फित–** वि० [सं०] गुम्फन भएको वा गरिएको; गाँसिएको; मिलाइएको ।

**गुम्बज–** ना० [√ गुमज] हे० गुमज । > **गुम्बजाकार–** वि० गुमज आकारको देखिने (पर्वत, घर आदि) ।

**गुम्बा–** ना० महायानी मतका बौद्ध धर्मावलम्बी लामाहरूको देवमन्दिर; लामाहरूको देवालय; ध्यान वा उपासना केन्द्र ।

**गुम्म–** क्रि० वि० [अ० मू० गुम्+म] १. घमन्ड वा रिसले फुलेर नबोली बस्ने गरी; गजक्क । २. हावा बन्द भई गुम्सने किसिमले ।

**गुम्सँदो–** वि० [गुम्स+दो] गुम्सिरहने; गुम्सिँदो ।

**गुम्स-नु–** अ० क्रि० [गुम्स+नु] हावा बन्द हुनु; बाफिनु; गुम्सिनु । > **गुम्साइ–** ना० गुम्सने भाव, क्रिया वा प्रक्रिया । **गुम्साइनु–** क० क्रि० गुम्सने पारिनु; बफाइनु । **गुम्साउनु–** प्रे० क्रि० गुम्सन लाउनु; गुम्स्याउनु । **गुम्सिँदो–** वि० गुम्सिने खालको; गुम्सिरहने ।

**गुम्सि-नु–** अ० क्रि० [गुम्स+इ+नु] हावाको आवतजावत बन्द भई वा हावा खेल्न नपाउने गरी थुनिनु; ढाकछोप भएर तातो हुनु; बाफ, गर्मी आदिले उसिनिनु; बाफिनु; गुम्सनु । > **गुम्साइँदो–** वि० गुम्सिने किसिमको; गुम्स्याइलो । **गुम्स्याइ–** ना० गुम्सिने काम वा प्रक्रिया । **गुम्स्याइनु–** क० क्रि० गुम्सिने पारिनु; बफ्याइनु । **गुम्स्याइलो–** वि० गुम्सिने खालको; गुम्सिएको; बफाइँदो; बाफिएको । **गुम्स्याउनु–** प्रे० क्रि० गुम्सिने पार्नु; गुम्सिन लाउनु । **गुम्स्याहट–** ना० गुम्सिने क्रिया वा अवस्था; गुम्स्याउने चाल; गुम्स्याइ ।

**गुरगुर–** क्रि० वि० [अ० मू० गुर्+अ(द्वि०)] १. धेरै मान्छे वा वस्तुका हिँडाइको आवाज आउने किसिमले । २. आगो दन्कने गरी; हुरहुर । > **गुरगुरती–** क्रि० वि० अझ बेसी गुरगुर हुने गरी । **गुरगुराइ–** ना० गुरगुराउने क्रिया वा प्रक्रिया । **गुरगुराइनु–** अ०क्रि० गुरगुर आवाज निकालिनु । **गुरगुराउनु–** अ० क्रि० १. गुरगुर शब्द गर्नु; गुरगुर आवाज निकाल्नु । २. रिसले गर्जनु । **गुरगुरी–** क्रि० वि० गुरगुरती ।

**गुराँस–** ना० [सं० गौर] १. प्रायः चार हजार फिटभन्दा माथि र दस हजार फिटभन्दा तलको उचाइका पहाडमा पाइने, लाम्चा, खस्रा र मोटा पात हुने, धेरैजसो रातो र कतै सेतो पनि फूल फुल्ने एक वृक्ष वा त्यसैको फूल । २. रातो रङमा फुल्नेचाहिँ नेपालको राष्ट्रिय फूल (लालीगुराँस) । ३. दाल खाइने; मस्याङजस्तो एकथरी अन्न । **– थुँगे–** वि० गुराँसका थुँगाजस्तो; झपक्क परेको वा भरभराउँदो । > **गुराँसे–** वि० १. गुराँसजस्तो रातो; गुराँससम्बन्धी; निकै सिँगारिनुपर्ने; नक्कले; झिल्के । स्त्री० गुराँसी ।

**गुराउ–** ना० [सं० गुरु] १. मन्त्रबलले बाघ, भालु आदिको रूप लिन सक्ने भनी विश्वास गरिएको व्यक्ति । २. थारूसमाजमा धर्मकर्म वा तन्त्रमन्त्रको काम गर्ने व्यक्ति; थारूहरूको तान्त्रिक सम्प्रदाय ।

**गुरिया–** ना० [हि० गुडिया] काठ, काँच, प्लास्टिक आदिका टुक्रालाई माझमा प्वाल पारी धागोमा उनेर चिटिक्क पारी बनाइने गहना (गहनासित जोडिएर प्रयुक्त हुने ।) ।

**गुरिल्ला–** ना० [अङ्०] १. अफ्रिकाको जङ्गलमा रहने एक थरी वनमान्छे; धेरैजसो मानिसका आकारसित मिल्ने ठूलो जातको बाँदर; गोरिल्ला । २. गुरिल्लाजस्तै सधाइएका लडाकू; लडाकू

जाति । ~**युद्ध**– ना० ससाना दलमा बाँडिई मौका छोपेर दुस्मनमाथि गरिने आक्रमण; गुरिल्लाले झैं गरिने हमला ।

**गुरु**– ना० [सं०] १. कुनै पनि विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति; शिक्षक; अध्यापक । सङ्गीतकला आदि सिकाउने व्यक्ति; उस्ताद । ३. गायत्री, वेदमन्त्र आदि दीक्षा दिने व्यक्ति; आचार्य । ४. बुद्धि, बल, उमेर, विद्या आदिमा श्रेष्ठ तथा आदरणीय वा पूज्य व्यक्ति; मान्य जन । ५. छन्दशास्त्रअनुसार दुई मात्रा हुने अक्षर; दीर्घ अक्षर वा सो जनाउने चिह्न (ऽ) । ६. सङ्गीतमा एउटा दीर्घ वा दुइटा लघु मात्रा हुने तालको अंश । ७. नवग्रहमध्ये एक; बृहस्पति । वि० ८. तौल वा भार भएको; कठिन (गुरुभार, गुरुकार्य इ०) । ९. गाह्रोसित पच्ने वा पाक्ने (गुरुपाक) । १०. वजनदार; गहकिलो । ११. बडेमाको; महत्त्वपूर्ण; ठूलो । ~ **आमा**– ना० १. गुरुपत्नी; गुरुमा । २. अध्यापन गर्ने महिला; शिक्षिका । ~ **कापी**– ना० १. मुद्रणका निम्ति प्रेसमा पठाइएको पाण्डुलिपि; छाप्न दिइएको मूल प्रति । २. सक्कल पत्र । – **कुल**– ना० १. विद्यार्थीहरूलाई सिधा र आवासको निःशुल्क व्यवस्था गरी पठनपाठन आदि गराउने आश्रम; गुरुको सेवाशुश्रूषा गरी विद्याको आर्जन तथा अध्ययन गर्नुपर्ने प्राचीन पद्धतिको विद्याकेन्द्र २. गुरुको वंश; गुरुखलक; गुरुघराना । ~ **गृह**– ना० १. गुरुको घर; गुरुको आश्रम । २. गुरुकुल । ~ **घण्टाल**– ना० १. मन्दिर, देवालय आदिका पूजाआजामा हुने भजनकीर्तन, गानबजान आदि नसुन्ने उद्देश्यले आफ्नै कानमा घण्टी झुन्ड्याएर बजाउँदै हिँड्ने भनी कहलिएका एक गुरु । २. आफैंलाई श्रेष्ठ मान्ने अहङ्कारी व्यक्ति; मै हुँ भन्ने मानिस । ३. साह्रै चलाख वा धूर्त व्यक्ति । ~ **घराना**– १. ना० राज-खानदानका गुरु खलक; राजकुलका गुरु । २. गुरुपरम्परा ।

**गुरुङ**– ना० [भो०ब०] विशेष गरी नेपालका मध्यपश्चिमी पहाडी क्षेत्रमा बसोबास गर्ने तिब्बतबर्मेली भाषापरिवारमूलको एक जाति । ~ **मादल**– ना० ठूलो चक्का, बाक्लो खरी र गर्जनदार आवाज हुने मादल । >**गुरुङ्सिनी/गुरुङ्सेनी**– ना० गुरुङ-जातिकी स्त्री; गुरुङ आइमाई ।

**गुरुजन**– ना० [सं०] १. मान्नुपर्ने बाबुआमा, गुरु आदि पूज्य र ठूला व्यक्तिको समूह; आदरणीय वा मान्यवर्ग ।

**गुरुजल**– ना० [सं०] १. लवणांशको आधिक्यले गर्दा गरिष्ठ भएको समुद्रको पानी; आणविक गुणयुक्त पानी (हेभी वाटर) ।

**गुरुज्यू**– ना० [गुरु+ज्यू] १. गुरुको आदरका निमित्त प्रयोग गरिने शब्द; आचार्य । २. राजपरिवारले मानेका वा राजपरिवारलाई मन्त्रदान दिने गुरु ।

**गुरुता**– ना० [सं०] १. गुरु हुनाको भाव वा स्थिति; गुरु कहलाउन मद्दत मिल्ने गुण । २. गुरुको पद वा अधिकार; गुरुत्व । ३. बोझ; भार । – **भास**– ना० अरूभन्दा आफूलाई श्रेष्ठ ठान्ने मनोभावना वा सोचाइ; उच्चताबोध ।

**गुरुत्व**– ना० [सं०] १. गुरु हुनाको भाव वा अवस्था; गुरुता । २. गहकिलोपन; महत्त्व । ~ **केन्द्र**– ना० कुनै भौतिक पदार्थको सम्पूर्ण भार केन्द्रित हुने बिन्दु; मध्यबिन्दु । >**गुरुत्वाकर्षण**– ना० कुनै पिण्डले अर्को पिण्डलाई आफूतिर खिच्ने अथवा सो पिण्ड आफैं अर्को पिण्डतर्फ खिचिने भौतिक शक्ति; पृथ्वी आदि ग्रहमा रहेको पारस्परिक आकर्षणको शक्ति वा गति ।

**गुरु दक्षिणा**– ना० [सं०] शिक्षादान गरे वा पढाएबापत अथवा मन्त्रदीक्षा दिएबापत गुरुलाई अर्पिने श्रद्धाको रकम; गुरुभेटी ।

**गुरुपाक**– वि० [सं०] सजिलैसित नपच्ने वा नपाक्ने ।

**गुरुपात**– ना० [गुरु+पात] जुत्ता सिउँदा छाला अडचाउन हालिने भित्री तलुवा ।

**गुरुपुष्य**– ना० [सं०] ज्योतिषशास्त्रअनुसार बिहीबारका दिन पुष्य नक्षत्र पर्ने र कुनै कार्यारम्भका निम्ति शुभ मानिने योग वा पर्व ।

**गुरु पूजा**– ना० [सं०] १. विशेष रूपमा श्रद्धापूर्वक गरिने गुरुको पूजा । २. त्यस्तो पूजा गरिने माहात्म्य भएको गुरुपूर्णिमाको दिन वा पर्व ।

**गुरु पूर्णिमा**– ना० [सं०] गुरुको विशेष रूपमा पूजा गरिने वा त्यस्तो पूजाको माहात्म्य भएको आषाढ शुक्ल पूर्णिमाको दिन; व्यासपूर्णिमा ।

**गुरुबक्स कम्पनी**– ना० [सं० गुरु+अङ्० बक्स+कम्पनी] एउटा पुरानो नेपाली सैनिक टोलीको नाम ।

**गुरुबा/गुरुबाबु**– ना० [गुरु+बा/बाबु] १. विद्यादान गर्ने व्यक्ति; गुरु; शिक्षक; अध्यापक । २. मन्त्रदान गर्ने आचार्य । ३. पण्डित बाजे; पुरोहित बाजे । ४. विरोधी कुरो सिकाउने (व्यङ्ग्यमा) ।

**गुरु भाटो**– ना० [गुरु+भाटो] छाना छाउँदा दाँतीका दुवैतिरबाट च्यापेर लगाइने मुख्य भाटो; ज्वारभाटो; धरमभाटो ।

**गुरुभेटी**– ना० हे० गुरुदक्षिणा ।

**गुरु मन्त्र**– ना० [सं०] १. गुरुद्वारा दीक्षाका रूपमा गुप्तरूपले दिइने मन्त्र; गायत्री मन्त्र । २. कुनै खास कामका निम्ति योग्य वा अनुभवी व्यक्तिबाट पाइने युक्ति; प्रेरणा वा मन्त्रणा । ३. खराब कामका निम्ति उक्साउने वा हौस्याउने सल्लाह (व्यङ्ग्यार्थमा) ।

**गुरुमा**– ना० [गुरु+आमा] १. पढाउने स्त्री; गुरुआमा; शिक्षिका; अध्यापिका । २. गुरुपत्नी । ३. मन्त्रदान गर्ने स्त्री ।

**गुरुमापा**– ना० [नेवा०] नेपालको प्राचीन इतिहासमा प्रसिद्ध, फागुन शुक्ल पूर्णिमाका राति काठमाडौंको टुँडिखेलमा भोजन दिइने गरिएको एक बालभक्षक राक्षस ।

**गुरुमुख**– ना० [सं०] १. गुरुको मुखारविन्द । २ गुरुका मुखबाट मन्त्र सुन्ने वा दीक्षा लिने काम । वि० ३. कुनै गुरुबाट धार्मिक दृष्टिले मन्त्र लिइएको वा सिकिएको । **गुरुमुखी**– ना० पञ्जाबी भाषाको लिपि ।

**गुरु योजना**– ना० [सं०] कुनै निर्माणकार्य वा उद्योग आदिको सञ्चालनका लागि तयार गरिएको मुख्य योजना वा कार्यक्रम ।

**गुरुवार/गुरुवासर**– ना० [सं०] बृहस्पतिवार; बिहीबार ।

**गुर्क-नु**– अ० क्रि० [गुड्क+नु] भीरपहरा आदिबाट खस्नु वा

झर्नु; लड्नु; मर्नु । >**गुर्काइ–** ना० गुर्किने वा गुर्काउने क्रिया-प्रक्रिया । **गुर्काइनु–** क० क्रि० गुर्किने पारिनु । **गुर्काउनु–** स० क्रि० १. कुनै वस्तुलाई साहसपूर्वक पल्टाउनु; कुनै काम हिम्मतसाथ गर्नु । २. फुर्तीसाथ खानु । ३. मैथुन गर्नु; बलात्कार गर्नु । **गुर्किनु–** अ० क्रि० १. भीरपहराबाट खसेर वा फाल हालेर मर्नु; चोला उठ्नु । २. गुर्कनु । **गुर्क्याइ–** ना० गुर्किने भाव, क्रिया वा प्रक्रिया ।

**गुर्जा–** ना० [फा० गुर्ज] सुनचाँदीबाट बनाइएको विशेष खालको माङ्गलिक दण्ड वा गदा ।

**गुर्जु–** ना० [सं० गुरु+नेवा० जु] १. बौद्धमार्गी नेवार-जातिको पुरोहित; वज्राचार्य । २. वज्राचार्यजातिका पुरुषलाई सम्बोधन गर्दा भनिने आदरसूचक शब्द ।

**गुर्जो–** ना० [सं० गुडूची] पीपलका जस्तै पात हुने, मसिना राता फल फल्ने र पहेँला फूल फुल्ने तथा मोटो डाँठ हुने, आयुर्वेदिक औषधीका निम्ति उपयुक्त लहरो वा बुटी; गुडूची ।

**गुर्दुङ–** ना० घर छाइसकेपछि मेलो मार्न डाँडा, भाँटा र खरलाई चोयाले कस्ने काम; धुरी मार्ने काम ।

**गुर्दुम–** ना० ढुङ्गा, माटा आदिको ढिस्को; चट्टान ।

**गुर्दौली–** ना० [फा० गुलदाउदी] मसिना थुँगा र पहेँलो रङको फूल फुल्ने एक जातको फूल; हे० गोदावरी ।

**गुर्बो–** ना० एउटै भेट्नामा सेता टीका-टीका परेका अनेक पात हुने र बीचमा घुम्रेको शङ्खाकार रातो रङको ठूलो एउटा पात हुने, त्यसका बीचमा घोगो र घोगाका माथिल्लापट्टि पहेँलो कोपिला हुने, भ्याकुरजस्तो सेतो कन्द फल्ने एक वनस्पति; आयुर्वेदका अनुसार शूलरोग र अलकाईलाई नाश गर्ने त्यसैको कन्द ।

**गुर्भे–** ना० दिनमा आँखा नदेख्ने र लाटोजस्तो भएर एकै ठाउँमा गुँडुल्किरहने एक थरी विषालु सर्प ।

**गुर्र–** क्रि० वि० [अ० मू० गुर्+र] गुडेको शब्द सुनिने गरी (कुनै वस्तु); कराएको वा गर्जेको आवाज आउने गरी (पेट कराउने, बाघ-भालु गर्जने, बादल गड्कने आदि किसिम) । >**गुर्रागुर्री–** ना० परस्परमा आवेशपूर्वक देखाउने आक्रोश; डार्रडुर्र । **गुर्रिनु–** अ० क्रि० १. गुरगुर शब्द गर्नु; वायुविकारले पेट कराउनु । २. बाघ, भालु आदि गर्जनु । ३. गोलो वा चक्काकावाल वस्तु गुड्नु वा गुडेको आवाज आउनु । **गुर्र्याइ–** ना० गर्रिने तथा गुर्र्याइने भाव, क्रिया वा प्रक्रिया । **गुर्र्याइनु–** क० क्रि० गुर्र्याउने काम गरिनु; गुडाइनु । **गुर्र्याउनु–** प्रे० क्रि० १. कुनै गोलो परेको वस्तुलाई गुडाउनु; हुत्त्याउनु; हुर्र्याउनु । २. गुर्रिन लाउनु ।

**गुलकन्द–** ना० [फा०] अत्तरगुलाफका पातहरू माडेर चिनीमा मली काँचको भाँडामा हालेर सूर्यपाकद्वारा तयार गरिएको सुगन्धित मुरब्बा ।

**गुलजार–** वि० [फा०] १. चहलपहल वा रमिताले पूर्ण भएको (बस्ती, सहर आदि); हरिलोभरिलो तथा आकर्षक (खेती, बगैँचा आदि) । २. आनन्ददायक; शोभायुक्त; सुशोभित (घर, परिवार आदि) ।

**गुलदस्ता–** ना० [फा०] फूल र पातहरू सजाई राम्ररी बाँधिएको सुन्दर गुच्छा वा झुप्पा ।

**गुलबकावली–** ना० [फा० गुल+सं० बकावली] धाप वा गिलो जमिनमा उम्रने, विभिन्न रङका लामा र सुगन्धित फूल फुल्ने एक बोट वा त्यसैको फूल ।

**गुला–** ना० [प्रा० गुलिआ] पुरुषजातिको लिङ्गसँगै झुन्डिएर रहेको जोडी कोष; अण्डकोष; अण्ड; आँडो ।

**गुलाफ–** ना० [फा० गुलाब] १. एउटै भेट्नामा तीनचारवटा पात हुने, फेददेखि टुप्पासम्म डम्फरका जस्ता काँडा हुने, विभिन्न रङका सुगन्धी फूल फुल्ने बोट; अत्तर, सुगन्धी जल आदि बनाइने त्यसकै फूल । २. परिवार नियोजनका निम्ति गर्भनिरोध गर्न स्त्रीले खाने चक्की औषधीलाई दिइएको नाम; पिल्स । – **जल–** ना० सुगन्धित द्रव्य मिसाई गुलाफको फूलबाट तयार गरिने अरक । ~**जामुन–** ना० १. खुवा र मैदा मुछेको ससानो वा ठिक्कको डल्लो घिउमा पकाएर रातो-रातो भएपछि पागमा डुबाई तयार गरिने मिठाइ; लालमोहन । २. भित्र दुई फग्ल्याँटा परेको खैरो बियाँ हुने, पहेँलो अम्बाका रङको खाँदा गुलियो स्वाद हुने फल ।

**गुलाफी–** वि० [गुलाफ+ई] १. गुलाफजस्तो रङको; हल्का रातो रङ भएको । २. गुलाफसम्बन्धी; गुलाफको । ३. हल्का; नजानिँदो छाँटको (घोचपेच, नशा, पीडा आदि) । ~**छेड–** ना० बाहिर थाहै नपाइने, भित्र भने बिभन्ने किसिमले गरिने कुरो; चाल नपाउने किसिमले गरिएको व्यङ्ग्य; छड्के भनाइ ।

**गुलाब–** ना० [फा०] हे० गुलाफ । – **जल–** ना० गुलाफजल । ~**जामुन–** ना० गुलाफजामुन । ~**तकिया–** ना० गाँजा काटेर मसिनो पार्ने प्रेमकटारीको अचानो । – **पास–** ना० गुलाफजल हालेर छर्कने सुराहीजस्तो सानो भाँडो । >**गुलाबी–** वि० हे० गुलाफी ।

**गुलाम–** ना० [अ०] १. कमारो; दास । २. अधीनस्थ व्यक्ति; ऐँचमा परेको मान्छे । ३. दहर र मिमका बीचको एघार फुट्टीलाई सङ्केत गर्ने तासको पत्ती । ~**चोर–** ना० तास खेलमा पत्ती थुत्दै जाँदा अन्तिममा जससँग गुलाम बाँकी रहन्छ उसले हार्ने एक खेल । >**गुलामी–** ना० गुलाम हुनाको भाव वा अवस्था; दासता ।

**गुलियो–** ना० [सं० गुल्य] १. मिस्री, चिनी, मह आदिको स्वाद । वि० २. त्यस्तो स्वादको; मधुर; मीठो । ~**गोलकाँक्री–** ना० तीनकुने पात हुने, लामा नङ्ग्रा निस्कने, पहेँला फूल फुल्ने, काँचामा हरिया र पाक्ता राता हुने र फल फल्ने एक लहरो; सोही लहरामा फलेको फल ।

**गुलुब–** ना० [अङ्० ग्लोब] बिजुली, टर्चलाइट आदिको बत्ती बल्ने चिम; बल्ब ।

**गुलेर–** ना० एक प्रकारको बोट वा त्यसैको फल ।

**गुलेली–** ना० [फा० गिलूल] १. दुईचोके सानो काठमा रबरको फित्ता लगाई हातले तन्काएर मटचाङ्ग्रा हुर्याई चराचुरुङ्गीको सिकार गरिने अस्त्र । २. चोयाको ताँदो लाएर मटचाङ्ग्राले हानी चराचुरुङ्गीको सिकार गरिने धनुष ।

**गुलो–** ना० गुलाको एक बचनको रूप ।

**गुल्ट-नु–** अ० क्रि० [गुन्टो+नु] १. थाहै नपाई एक्कासि लड्नु; पछारिनु; घुसमुन्टिनु । २. उत्तानो टाङ हुनु; उभिन्डिनु । ३. प्रयास खेर जानु; फेल हुनु । ४. पराजित हुनु; हार्नु । ५. मर्नु; जिब्रो टोक्नु । ६.सखाप हुनु; बिग्रनु; नष्ट हुनु । > **गुल्टाइ–** ना० गुल्टने वा गुल्टाउने क्रिया-प्रक्रिया । **गुल्टाइनु–** क० क्रि० गुल्टने पारिनु; गुल्टचाइनु । **गुल्टाउनु–** प्रे० क्रि० गुल्टने पार्नु; गुल्टचाउनु । **गुल्टिनु–** अ० क्रि० १. अचानक लड्नु; पछारिनु । २. मुन्टाको भर पर्नु; उभिन्डिनु । ३. असफल हुनु; फेल हुनु । ४. हार्नु । ५. मर्नु । ६. बिग्रनु; नष्ट हुनु । **गुल्टचाइ–** ना० गुल्टिने क्रिया वा प्रक्रिया । **गुल्टचाउनु–** प्रे० क्रि० १. पछार्नु; लडाउनु । २. मुन्टचाउनु; उभिन्डचाउनु । ३. हराउनु; पराजित गर्नु । **गुल्टचाहट–** ना० गुल्टिने स्थिति वा क्रिया-प्रक्रिया; गुल्टचाइ ।

**गुल्म–** ना० [सं०] १. एकै फेदबाट धेरै हाँगा निस्कने बोट (उखु, बाँस, धान आदि) । २. नौवटा हात्ती, नौवटा रथ, सत्ताइसवटा घोडा र पैँतालीसवटा पैदल सिपाही रहने, प्राचीन कालको सैनिक एकाइ; सेनाहरूको एक गण । ३. एक सुरक्षा चौकी । ४. वात, कफ, पित्त आदिका विकारबाट पेटभित्र वायुको गोला जम्ने रोग; वायुगोला; गानुगोला ।

**गुल्मी–** ना० नेपालको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने लुम्बिनी अञ्चलको पहाडी भेगमा रहेको एक जिल्ला ।

**गुह–** ना० [सं०] १. निषाद जातिको एक नायक तथा रामका वनवासकालको एक मित्र । २. गुफा; कन्दरा । ३. कार्तिकेय; कुमार । ४. विष्णु ।

**गुहा–** ना० [सं०] गुफा; कन्दरा; ओडार ।

**गुहाई–** ना० [फा० गवाही] साक्षी; गवाही ।

**गुहायुग–** ना० [सं०] मान्छेले कन्दरा र ओडारमा वास गर्न थालेपछिको युग; पुरातात्त्विक प्रागैतिहासिक युग ।

**गुहार्-नु–** स० क्रि० [गुहार्+नु] आपद् पर्दा मदतका लागि पुकार गर्नु; सहायता माग्नु ।

**गुहार–** ना० [सं० गोहार] १. अपर्झट कुनै दुर्घटना वा विपत्ति पर्दा मदतका निम्ति पुकारिने शब्द; दुहाई । २. मदत; सहायता; सघाउपघाउ ।

**गुहाराइ–** [√ **गुहार्**(+आइ)] गुहार्ने भाव, क्रिया वा प्रक्रिया । [>] **गुहारिनु–** क० क्रि० गुहार मागिनु; गुहार्ने काम गरिनु ।

**गुहु–** ना० [प्रा० गूह] पेटमा खानेकुरा पचिसकेपछि गुदद्वारबाट फ्याँकिने मल; विष्ठा; टट्टी; दिसा; आची । – **धाई–** ना० १. बालकहरूको स्याहारसुसार गर्ने स्त्री; आइमाई धरालो । २. केटाकेटीका थाङ्नाथरा धुने स्वास्नीमानिस ।

**गुहे–** वि० [गुहु+ए] १. गुहुजस्तो फोहर; घिनलाग्दो । २. गुहुको; गुहुसम्बन्धी । ~**किरो–** ना० गुहुमा उब्जिने र गुहुमै दुलो पारेर बस्ने, भमरोजस्तो कालो रङको कीरो; गैँडेकीरो । ~**चाँचर–** ना० खोलानालाका किनारमा बस्ने एक जातको चाँचर चरो । ~**चिल–** ना० चुच्चो पहेँलो र शरीर प्रायः सेतो हुने, दिनमा आँखा नदेख्ने, लाटोकोसेरोभन्दा केही ठूलो चील; हुचील । ~**थाङ्ना–** ना० कोक्रो नछोडेको केटाकेटीका थाङ्ना; गुहु-मूतले मुछिएको थाङ्ना । ~**धन्दा–** ना० मन नपर्ने खालको साधारण काम; झन्झटलाग्दो सानोतिनो काम ।

**गुहेली–** ना० केही ठूलठूला पात हुने, काठको जुवा बनाइने, मसिना पहेँला फल फल्ने एक रूख वा त्यसै रूखको पाक्ता रातो रङ र गुलियो स्वाद हुने फल; गुएलो ।

**गुह्य–** वि० [सं०] १. छिपाउनुपर्ने; लुकाउन लायक; गोप्य । २. मुस्किलले मात्र बुझ्न सकिने; रहस्यपूर्ण; गूढ । ३. लुकेको; छिपेको; गुप्त । – **काली–** ना० हे० गुह्येश्वरी । – **द्वार–** ना० १. मल त्याग्ने इन्द्रिय; गुदद्वार । २. कसैले चाल नपाउने ढोका; गुप्तद्वार ।

**गुह्यान–** ना० [गुहु+यान] गुहु नै गुहु भएको ठाउँ; फोहर ।

**गुह्येश्वरी–** ना० [सं०] सतीदेवीको गुह्यपतन भएर देवी शक्ति उत्पन्न भएकी मानिने, काठमाडौँको पूर्वी भागमा पर्ने बाग्मती नदीका दक्षिण किनारमा स्थित प्रसिद्ध पीठ वा ठाउँ; गुह्यकाली ।

**गूढ–** वि० [सं०] १. लुकेको; गुप्त । २. छोपिएको; ढाकिएको । ३. विशेष अभिप्राय लुकेको; वास्तविक अर्थ छिपेको; अर्थगर्भित । – **ता–** ना० गूढ हुनाको भाव वा अवस्था । – **त्व–** ना० गूढता । ~**पुरुष–** ना० गुप्त रहस्य पत्ता लगाउन खटिएको पुरुष; गुप्तचर; जासुस; गुप्ती पुलिस । ~**मार्ग–** ना० १. गुप्त बाटो । २. किल्ला, दरबार आदिबाट शत्रुले थाहा नपाउने गरी सुटुक्क भाग्नका निम्ति भुईंभित्रभित्रै खनेर बनाइएको सुरुङ । > **गूढाशय–** वि० १. बुझ्न कठिन; गम्भीर अभिप्राय भएको । ना० २. भित्री अर्थ ।

**गृध्र–** वि० [सं०] १. लोभी; लोलुप; लालची । ना० २. गिद्ध । – **पति / राज–** ना० गिद्धको राजा; जटायु ।

**गृह–** ना० [सं०] १. घर; वासस्थान; बासो । २. स्वास्नी; पत्नी । ३. स्वदेश । ~**उद्योग–** ना० घरैमा बसी-बसी गरिने वा गर्न सकिने उद्योग; घरेलु उद्योग । ~**कर्म–** ना० १. गृहस्थीले गर्नुपर्ने काम; गृहकार्य । २. घरेलु धन्दा; घरेलु काम । ~**कलह–** ना० १. घरझगडा; पारिवारिक कलह । २. राष्ट्रभित्र जाति, धर्म वा अन्य कारणबाट सत्ताका निम्ति उठेको झगडा । – **कार्य–** ना० १. घरमा गरिने काम; घरको कामकाज; घरधन्दा; घरायसी कामकाज; गृहकर्म । २. विद्यार्थीलाई घरमा गर्न दिइने वा लगाइने पढाइ, लेखाइ आदि काम । – **जन–** ना० घरको परिवार; कुलकुटुम्ब । ~**त्याग–** ना० घर छोड्ने काम; गृहस्थाश्रमको

त्याग । ~देवता– ना० १. घरमा दैनिक पूजा गरिने देवता । २. कुलदेवता; वास्तुदेवता । – **पति**– ना० १. घरको मालिक वा स्वामी; घरपट्टी । २. गृहस्थ व्यक्ति; घरको मूली । – **पाल**– ना० १. घरको मालिक; गृहपति । २. घरको रखवारीका निम्ति पालिएको कुकुर । ३. चौकीदार । ~**प्रवेश**– ना० शास्त्रोक्त विधिपूर्वक नयाँ घरमा प्रवेश गर्ने काम । ~**मन्त्री**– ना० राज्य वा देशभित्रको आन्तरिक व्यवस्था तथा शान्ति-सुरक्षा कायम गर्ने मन्त्री; गृह-विभागको मन्त्री । – **मेध**– ना० गृहस्थीहरूले प्रतिदिन गर्नुपर्ने पञ्च महायज्ञ (देवयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, नृयज्ञ र भूतयज्ञ) । ~**युद्ध**– ना० १. घरका परिवारहरूका बीचमा भएको बाझो; गृहकलह । २. कुनै देशका निवासीहरूका बीचको पारस्परिक युद्ध वा लडाइँ; आपसी झगडा । ~**रक्षक**– ना० युद्ध वा देशव्यापी अशान्तिका अवस्थामा सहर, गाउँ, टोल, जिल्ला आदिको रक्षा गर्ने नागरिक सेनाका सदस्य । ~**लक्ष्मी**– ना० १. घरकी लक्ष्मी । २. असल स्वभावकी गृहिणी; सुशीला गृहिणी । ~**वाटिका**– ना० घरवरिपरि लगाइएको फलफूल आदिको बगैँचा; घरसँगैको फूलबारी; करेसाबारी । – **वासी**– वि० घरैमा बस्ने; घरगौँडे । ~**सन्न्यास**– ना० १. घरैमा बसेर सन्न्यासी जीवन बिताउने काम । २. घरमा रहेर पनि गृहस्थीको बन्धनदेखि मुक्त रहनु । ~**सन्न्यासी**– ना० १. गृहसन्न्यास लिने व्यक्ति । २. घरबाट बाहिर ननिस्कने प्रतिज्ञा लिएको व्यक्ति । ३. घरगौँडे । ४. घरैमा बसेर सबै काम गर्ने व्यक्ति । ~**सचिव**– ना० गृह-मन्त्रालयको सचिव ।

**गृहस्थ**– वि० [सं०] घरमा बस्ने; घरबार गरेर बस्ने; गृहस्थाश्रममा रहेको । – **सूत्र**– ना० गृहस्थका कर्म र संस्कार आदिका विधि-विधान लेखिएको वैदिक ग्रन्थ । >**गृहस्थाश्रम**– ना० घर, गृहस्थी गरेर बस्ने आश्रम; चार आश्रममध्येको दोस्रो आश्रम । **गृहस्थी**– ना० १. घरबार गरेर बस्ने व्यक्ति; गृहस्थाश्रममा रहेको व्यक्ति; गृहस्थ । २. घरको व्यवस्था; गृहस्थाश्रमको कामकाज; घरबार । ३. परिवार ।

**गृहिणी**– ना० [सं०] १. घरकी मालिकनी; गृहस्वामिनी । २. पत्नी; स्वास्नी ।

**गृहीत**– वि० [सं०] १. ग्रहण गरिएको; लिइएको । २. मन्जुर गरिएको; स्वीकृत । ३. उपलब्ध; प्राप्त । ४. जाने वा बुझेको । >**गृहीतार्थ**– वि० १. अर्थ लागेको; मतलब बुझिएको । २. जानेको; थाहा पाएको; ज्ञात ।

**गृहोद्यान**– ना० [सं०] घरको बगैँचा; गृहवाटिका ।

**गृहोपकरण**– ना० [सं०] घरगृहस्थीका निम्ति चाहिने मालसामान; गृहस्थीका मालमत्ता ।

**गृह्य**– वि० [सं०] १. घर वा घरबारसँग सम्बन्धित; घरको । २. घरमा गरिने (कर्म) । ३. घरपाला; आश्रित ।

**गेगर**– ना० [सं० कर्कर] १. ढुङ्गाका सानातिना टुक्रा; मसिना भएर टुक्रिएका ढुङ्गा । २. माटो जति पानीले पखालिसकेपछि बचेका मसिना ढुङ्गा वा खस्रा बालुवाका कण । >**गेगरान**– वि० ढुङ्गा वा इँटका टुक्रैटुक्रा भएको; ढुङ्ग्यान; ढुङ्गे (बाटो, जमिन)।

**गेग्रिन**– वि० [गेगर+इन] १. गेगर भएको; गेग्यान । ना० २. गेगर । ~**पाखो**– ना० रूख, बुटा केही नभएको, खर मात्र पलाउने पाखो; गेगरैगेगर भएको; रूखबिरुवा नहुने सुक्खा जमिन ।

**गेग्यान**– वि० [गेगर+यान] हे० गेग्रान ।

**गेडागुडी**– ना० [√ **गेडागेडी**] चना, सिमी, केराउ, भटमास आदिका ठूलासाना गेडाको समूह; गेडागेडी ।

**गेडी**– ना० [गेडो+ई] १.सानो गेडो । २. दानु; गेडो (बालबोलीमा) । ३. शरीरका अङ्गहरूका हाडको जोर्नी । ४. पोतेका साथ उनेर लगाइने सुनको गहना (नौगेडी) । ५. मोटर, साइकल आदिको गति हलुको पार्दै गुड्न मदत गर्ने जोर्नीमा रहेका विभिन्न आकारका फलामका बाटुला टुक्रा ।

**गेडे मल**– ना० [गेडो+मल] सेतो, खैरो र कालो रङका ससाना दाना हुने तथा नाइट्रोजन, फसफोरस र पोटास तीन तत्त्व भएको रासायनिक मल (कम्प्लेक्स मल) ।

**गेडो**– ना० १. मकै, केराउ, सिमी, चना आदिको दाना; अन्नको सानो-ठूलो बीज । २. फल । – **मुठो**– ना० मुठीले सोहोर्न सकिने र औँलाले टिप्न सकिने अनाजका सबै दाना; गेडागेडी ।

**गेमरा**– हे० गेवँरा ।

**गेय१**– ना० [अ० गैज] मनमा दुःखपूर्वक लिइएको ईख; रिस, इबी । (उदा०– तिमी मनमा गेय राख्छौ भने कसरी सँगै बस्नु ?) ।

**गेय२**– वि० [सं०] लयमा ढालेर गाउन सकिने; गाउन लायक; गाउन योग्य । ~**काव्य**– ना० सङ्गीतको प्रधानता रहेको, प्रवाहमय तथा कविका आत्मानुभूतिले पूर्ण काव्य; काव्यत्व र गेयता समप्रधान रूपमा रहेको काव्य; प्रगीतकाव्य ।

**गेयात्मक**– वि० [सं०] गीतितत्त्व प्रधान भएको; गेय गुण भएको (काव्य, कविता आदि) । – **ता**– ना० गेयात्मक हुनाको भाव, गुण वा स्थिति ।

**गेरु**– ना० [सं० गैरिक] घर, कोठा र लुगा (प्रायः जोगीका) आदि रँगाउन प्रयोग गरिने फुस्रो रातो रङको खनिज वा रछाहा पहेँल्यो माटो । >**गेरुवा**– वि० गेरु रङको; गेरुले रँगाएको; गेरु रङ पोतिएको ।

**गेवँरा**– ना० १. सेतो, मोटो, कमलो र स्वादिलो असल जातको उखु; गेमरा । २. अदुवाका जस्ता ठूलालाम्चा पात हुने, एक बर्खे बोट वा त्यसैको पहेँलो सेतो सुगन्धी फूल । ~**उखु**– ना० सेतो कमलो उखु ।

**गेह**– ना० [सं०] घर; गृह । >**गेहिनी**– ना० गृहिणी; पत्नी ।

**गेहे**– ना० हे० गेय ।

**गैँची**– ना० समुद्र वा ठूला नदीमा पाइने माछाको एक भेद ।

**गैँडा**– ना० [सं० गण्डक] नाकको डँडाल्नीमा एउटा सिङ हुने,

ठूलो, भद्दा आकारको, शाकाहारी जङ्गली जनावर; खड्गी ।

**गैँडे**– वि० [गैँडा+ए] गैँडाजस्तो; मोटोघाटो भईकन पनि पुड्को । स्त्री० गैँडी । ~**किरो**– ना० गोबरमा पैदा हुने भमराजस्तो कालो कीरो; गोब्रेकीरो; गुहेकीरो ।

**गैँती**– ना० जमेको हिउँ खनेर बाटो साफ गर्ने र माटो आदि उक्काउने काठको बिँड भएको चुच्चे फलामे हतियार ।

**गैडु**– ना० [सं० गोष्ठ] लोकविश्वासअनुसार गाईबस्तुको रक्षाका निम्ति मार्गशुक्ल पूर्णिमाका दिन गोठमा पूजा गरिने देवता । ~**पूजा**– ना० गैडु देवताको पूजा ।

**गैमार**– वि० रद्दी; बिकम्मा ।

**गैर**– ना० [अ० गैर] १. गयल; अनुपस्थिति । २. पदको अघिल्तिर जोडिई भिन्न वा बाहेक अर्थ बुझाउने शब्द (गैरसरकारी; गैरकानुनी, गैरनेपाली इ०) । ~**कानुनी**– वि० कानुनविरुद्ध वा कानुनद्वारा अपराध ठहरिने; अड्डा-अदालतमा मुद्दा चलाउन सकिने; अवैधानिक (व्यवहार, आचरण, काम-कुरा आदि) । ~**जिम्मेदार**– वि० जिम्मेदारी नभएको; अनुत्तरदायी । ~**जिम्मेदारी**– ना० जिम्मेदार नरहेको विषय; अनुत्तरदायित्व । ~**सरकारी**– वि० सरकारको स्वामित्व नभएको; व्यक्ति वा व्यक्तिसमुदायमा निहित । ~**हाजिर**– वि० हाजिर वा उपस्थित नभएको; गयल; अनुपस्थित । ~**हाजिरी**– ना० अनुपस्थिति ।

**गैरिक**– ना० [सं०] १. गेरु । २. सुन । वि० ३. गेरु रङको; गेरुवा ।

**गैरी**– वि० [गहिरो+ई] छेउछाउको जमिनको तुलनामा होचो; भासिएको; गहिरो; गैह्री । ~**खेत**– ना० छिपछिपे भए पनि पानी जमिरहने खेत; कुलो लाग्ने असल खेत; गहिरी खेत । ~**जँघार**– ना० कुनै नदी केही उठेको जमिनमा फैलिई पैदल वारपार गर्न सकिने ठाउँ । ~**जानु**– टु० छोराछोरी नहुनु ।

**गैरो**– वि० [√ गहिरो] वरिपरि अग्लो भई बीचमा होचो भएको; खाडलजस्तो परेको; गहिरो; गैह्रो ।

**गैवार**– वि० [√ **गँवार**] काम नलाग्ने; रद्दी; बेकम्मा । २. फोहरी; घिनाहा । ३. कहिल्यै पानी नसुक्ने गह्रो (खेत); खाडी ।

**गैह्र**– वि० [अ० वगैरह] इत्यादि; जो भएको सबै; समस्त; जम्मै ।

**गैह्री**– वि० छेउछाउको जमिनको तुलनामा होचो; गहिरो; गैह्रो; गैरी । ~ **खेत**– ना० गैरी खेत; गहिरी खेत । ~ **जँघार**– ना० गैरी जँगार; गहिरी जँघार । ~ **जानु**– टु० बाँझी हुनु; गैरी जानु ।

**गैह्रो**– वि० गहिरो; गैरो ।

**गोँज१**– ना० [नेवा०] मसानघाटमा मुर्दा पोल्ने काम गर्ने नेवारहरूको एक जात ।

**गोँज२**– ना० [सं० गोधा] १. गोही; ग्राह । वि० २. गोज्याङ्ग्रो; लठेप्रो ।

**गो**– ना० [सं०] १. गाई; गौ । २. पृथिवी । ३. गोरु । ४. इन्द्रिय । – **कर्ण**– ना० १. काठमाडौँको पूर्वोत्तरमा रहेको एक प्रसिद्ध तीर्थ; त्यस तीर्थमा स्थापित शिवलिङ्ग । २. गाईका जस्ता कान हुने एक मृग; गाईकाने बराँठ । ३. भागवतप्रसिद्ध धुन्धुकारीका भाइको नाम । ४. अङ्गुल वा मात्राको एघार गुनाबराबरको नाप । वि० ५. गाईका जस्ता कान हुने । – **कुल**– ना० १. गाईको बथान; गोसमूह । २. यमुनाका तटमा रहेको एक प्रसिद्ध हिन्दूतीर्थ । ३. कानका लोतीमा लगाइने एक किसिमको सुनको गहना ।

**गोकुल धूप**– ना० [सं० गुग्गुल+धूप] मसिना पात, खैरा ससाना फूल र लाम्चा ठूला हरिया पात हुने एक रूख; त्यसै रूखको सुगन्धी खोटो वा धूप ।

**गोकुले**– वि० [गोकुल+ए] गोकुलजस्तो; गोकुलसँग सम्बन्धित ।

**गोखरु/गोखुर**– ना० [सं० गोक्षुरक] १. गाईको खुर । २. ससाना पात हुने, सेतो फूल फुल्ने एक बोट वा त्यसैको काँढावाल फल ।

**गोगन**– ना० ठूलठूला र खस्रा पात हुने, गाईबस्तुले खाने, विशेष गरेर मध्य लेकमा पाइने एक जातको रूख । – **पाते**– वि० गोगन वृक्षका पातबाट बनेको (खोचो, दुना, टपरी आदि) ।

**गोग्रास**– ना० [सं०] भोजन गर्न लाग्दा पहिले नै गाईलाई खुवाउनका निम्ति छुट्ट्याइने अन्न ।

**गोघात**– ना० [सं०] गाई मार्ने काम; गोहत्या; गोवध । >**गोघाती**– वि० गाई मार्ने; गोवध गर्ने; गोहत्या गर्ने ।

**गोचर**– वि० [सं०] १. इन्द्रियग्राह्य; इन्द्रियद्वारा जानिने । ना० २. इन्द्रियद्वारा ग्रहण गर्न सकिने वस्तु (रूप,रस, गन्ध,स्पर्श, शब्द आदि); इन्द्रियको विषय । ३. गाई चर्नका लागि छाडिएको जमिन; गौचर; गौचरन । ४. ज्योतिषशास्त्रअनुसार मानिसका नाउँका आधारमा गणना गरिने ग्रहको गति । ~**भूमि**– ना० पत्थरका बसाहा वा त्रिशूलको स्थापना गरी गाईबस्तु चर्नका निम्ति छोडिएको जमिन; गौचर; गौचरन ।

**गोचर्म**– ना० [सं०] १. गाईको छाला । २. चर्सा । ३. जमिन नाप्ने प्राचीन कालको एक थरी नाप ।

**गोचारक**– ना० [सं०] गाई चराउने मानिस; गोठालो ।

**गोचारण**– ना० [सं०] गाई चराउने काम; गोठालो लाग्ने काम ।

**गोजिह्वा**– ना० [सं०] गाईको जिब्रोजस्तो पात हुने एक झार; गाईजिब्रे झार ।

**गोजी**– ना० १. भित्रपट्टि मसला हालेर बनाइने खुवाको रोटी । २. बगली; खल्ती; जेब । – **चोलो**– ना० गोजी वा खल्ती भएको चोलो । – **भराइ**– ना० लोग्नेले स्वास्नीलाई छाड्दा वा पारपाचुके गर्दा दिनुपर्ने रकम । >**गोजेरो**– ना० १. श्वासनलीको समानान्तर रहेको, खाएको कुरो पेटमा जाने नली । २. सिँघान । वि० ३. सिँघाने; गोज्याङ्ग्रो ।

**गोज्याङ्ग्रो**– वि० राम्ररी बोल्न नजान्ने; लठेप्रो; ग्वाँजे; सिँघाने ।

**गोटा१**– ना० [सं०] १. राम्राका लागि धोती वा पछ्यौराका छेउमा लगाइने सुनौला वा रूपौला तारले बुनेको फित्ता ।

**गोटा२–** ना० १. ओटा; थान; प्रति । २. कब्जियत भएको दिसा; डल्लो परेर गुइँठिएको दिसा; मटचाङ्ग्राका आकारमा पेटभित्र जमेको मल । ३. गाईभैँसीका थुनमा पघ्रनुभन्दा पहिले नै जमेको दूध । >**गोटाउनु–** स० क्रि० गाईभैँसीका थुन पुष्ट हुनु । **–गन्ती–** ना० थानगन्ती । **– गोटी–** ना० छुट्टाछुट्टै; हरेक थान; एउटा-दुइटा; गोटागन्ती । >**गोटिनु–** क० क्रि० १. गोटा बाँधिनु; गोटा हुनु । २. भेला हुनु; बटुलिनु ।

**गोटी–** ना० [सं० गुटिका] १. त्रिपासा, बुद्धिचाल आदि खेलमा चालिने गट्टा वा गुच्चा । २. माछा पक्रने जालका छेउछाउमा झुन्डचाइने सिसा, फलाम आदिका गोली वा डल्ला । ३. पशुका घाँटीमा हुने एक किसिमको खटिरो वा रोग; फोको; गाँठो । ४. सानो गोल मिलेको गेडो; गोली । **– चाल–** ना० १. गोटी चालेर खेलिने एक प्रकारको खेल । २. गोटी चालेजस्तै गरेर बुद्धिविचार पुऱ्याई गरिने काम ।

**गोठ–** ना० [सं० गोष्ठ] पराल, खर, स्याउला आदिले छाएको गाईबस्तु राख्ने वा बाँध्ने घर; ठूलो कटेरो; गोशाला । **– गाई–** ना० गोठभरिको नाइके वा सेरा गाई; बथानको अगुवा गाई । **– धूप–** ना० पशुधनको सुरक्षाको निम्ति गैडु देवतालाई धूपधुवाँर गरिने र खीर चढाइने पूजा । **– पाला–** वि० गोठ पाल्ने; गोठमा पालेको; गोठ राखेर पशुहरूको व्यवसाय गर्ने । **– पालो–** ना० गोठको पालो; धेरै गोठ भएका ठाउँमा पालोअनुसार एउटा गोठले गर्नुपर्ने काम ।

**गोठाला–** ना० [गोठालोको ति० रू०] हे० गोठालो । ~**खेताला–** ना० गोठको काम गर्ने मानिस र खेतीमा काम गर्ने ज्यामी; साधारण श्रमिकवर्ग ।

**गोठाली–** ना० [गोठालो+ई] आइमाई गोठालो; गोठाल्नी । ~**घाँस–** ना० एक अङ्गुल लामा पात हुने र मानिसले पनि खाने एक प्रकारको घाँस ।

**गोठाले–** वि० [गोठालो+ए] १. गोठालाको जस्तो स्वभाव भएको; गोठालोसम्बन्धी; गोठालोको काम गर्ने । २. ठूला र खस्रा पात हुने र खनिउँका जस्ता फल फल्ने एक जातको वनस्पति; खस्रेतो । ~**काँक्री–** ना० गोलकाँक्रीका आकारको एक जातको हरियो फल । ~**चरो–** ना० कोइलीका आकारको एक जातको चरो । ~**झार–** ना० पहेँला फूल फुल्ने र खानसमेत हुने एक किसिमको भुइँझार । ~**साग–** ना० दूधजस्तो चोप निस्कने लामा-लामा पात, सेता वा पहेँला फूल र सेतो मूला हुने एक प्रकारको झार; दुग्धफेनी ।

**गोठालो–** ना० [प्रा० गोट्ठालो <सं० गोष्ठपाल] १. गाईबस्तुहरूको हेरचाह गर्ने व्यक्ति; गाईबस्तु हेर्ने वा चराउने मानिस । २. पछि-पछि लागेर हेरविचार गर्ने व्यक्ति; कुनै वस्तुको रखवारी गर्ने व्यक्ति; धरालो । स्त्री० गोठाल्नी ।

**गोठे–** वि० [गोठ+ए] गोठसम्बन्धी; गोठको । ~**च्याउ–** ना० गोबरमा उम्रने च्याउ; गोब्रेच्याउ । ~**झाँक्री–** ना० मध्य रातमा गोठालाले थाहा नपाउने गरी गोठगोठ डुल्ने झाँक्री । >**गोठेरी–** ना० १. पोकोपन्तरो; सानो पोको । २. गोठ बस्ने आइमाई । वि० ३. डल्ली; गान्टी । ~**लौरी–** ना० १. औँलामा लौरो अडचाएर खेलिने केटाकेटीको एक खेल । क्रि० वि० २. गोठैपिच्छे ।

**गोड्-नु–** स० क्रि० [प्रा० गोड्ड+नु] बिरुवावरिपरिका झार वा घाँस उखेलेर उघारो पार्नु; बिरुवावरिपरिको माटो खनेर बिरुवामा उकेरा दिनु; गोडमेल गर्नु । >**गोड–** ना० वरिपरिको झार उखेली बोटबिरुवामा माटाले उकेरा दिने काम; गोड्ने काम; गोडमेल ।

**गोडधुवा–** ना० [गोडा+धुवा] विवाहमा दुलहा-दुलहीका गोडा धुँदा दुलहीपक्षबाट दिइने उपहारका वस्तु वा रुपियाँ-पैसा ।

**गोडमेल–** ना० [गोड+मेल] १. बोटबिरुवामा उकेरा दिने वा बालीनालीका वरिपरिका झारपात उखेलेर साफ गर्ने काम; गोड्ने र मिलाउने काम । २. आफ्नो काम फत्ते पार्न अरूलाई फकाइफुलाइ गर्ने काम ।

**गोडा–** ना० [गोडोको ब० व० वा ति० रू०] खुट्टा; हे० गोडो ।

**गोडाइ–** ना० [√ **गोड्**(+आइ)] गोड्ने क्रिया वा प्रक्रिया । [> ] **गोडाइनु–** क० क्रि० गोड्न लाइनु । **गोडाउनु–** प्रे० क्रि० गोड्न लाउनु; गोडमेल गराउनु ।

**गोडायत–** ना० [फा० गोइन्द] गाउँको चौकीदार; गोडैत ।

**गोडि-नु–** क० क्रि० [गोड्+इ+नु] गोड्ने काम गरिनु ।

**गोडी–** ना० [गोडा+ई] गोडा (बालबोलीमा) ।

**गोडैत–** ना०हे० गोडायत ।

**गोडो–** ना० [प्रा० गोड] खुट्टो; पाउ; पयर ।

**गोत–** ना० [प्रा० गोत्त <सं० गोत्र] १. गोत्र; पुर्खौली । २. कुल; वंश; गोती । ३. गोता । >**गोता–** ना० पुर्खासँग मिल्दो स्वरूप वा गुण; गोत (बाबुगोता गएको, आमागोता गएको, नाता र गोता इ०) ।

**गोता–** ना० [अ० गोत] १. पानीमा डुब्ने काम; डुबुल्की । २. हैरानी; शासना । **– खोर–** वि० डुब्ने; डुबुल्की मार्ने ।

**गोताले–** वि० [गोत्र+आले] सन्तानी ।

**गोतिया–** वि० [गोत्र+इया] एकै गोत्रको; गोत्र मिल्दो; सगोत्री; गोतियार; गोती ।

**गोतियार–** ना० [गोत+ इयार] एकै गोत्रको; गोत्र मिल्दो; सगोत्री; गोतिया; गोती ।

**गोती–** वि० [प्रा० गोत्तीअ <सं० गोत्रिक] १. एकै गोत्रको;सगोत्री; गोतिया; गोतियार ।२. उस्तै स्वभावको; अनुहार मिल्दो । ना० ३. अपर्झट पर्ने डरको कारण । (उदा०– तिम्रा गोतीले बिताइहाल्यो नि ।) स्त्री० गोतिनी ।

**गोतीर्थ–** ना० [सं०] गोठ; गोशाला ।

**गोतुल–** ना० १. नाच्ने र गाउने घर; नृत्य तथा सङ्गीत-सदन । २. रोदीघर ।

**गोत्र–** ना० [सं०] १. वंशप्रवर्तक ऋषिमुनिहरूका नामबाट चलि-

आएको पुर्ख्यौली चिनाउने उपनाम (कौडिण्य, कश्यप, वसिष्ठ, भारद्वाज इ०)। २. वंश; कुल; पुर्ख्यौली । ३. जाति; वर्ग । ४. सन्तान । ५. नाम; संज्ञा । ६. गाईलाई रक्षा गर्ने व्यक्ति; गोरक्षक । ७. पृथ्वी । – **पट**– ना० वंशावली । ~**प्रवर्तक**– वि० गोत्र चलाउने; वंशका आदिपुरुष मानिने (वसिष्ठ, भारद्वाज, काश्यप, अत्रि, विश्वामित्र, गर्ग इ०) । >**गोत्रिक**– वि० गोत्रसँग सम्बन्धित; गोत्र मिल्दो; एकै गोत्रको; सगोत्री । **गोत्री / गोत्रीय**– वि० एउटै गोत्रको; सगोत्री; गोती ।

**गोथेली**– ना० जर्मनेली शाखामा पर्ने एक भाषा ।

**गोद्‌-नु**– स० क्रि० [सं० गुर्द+नु]१. लात्तीले हान्नु; लट्ठी वा हातले पिट्नु; खाँद्नु; ठोक्नु; भकुर्नु । २. घोच्नु; गाड्नु । >**गोदगाद**– ना० गोद्नेवर्ने काम । **गोदना**– ना० नीर वा कोइला हालेको पानीमा डुबाइएका सियाले शरीरमा खोपेर बनाइने विशिष्ट आकृति वा शृङ्गारिक बुट्टा । **गोदाइ**– ना० गोद्ने भाव, क्रिया वा प्रक्रिया । **गोदाइनु**– क० क्रि० गोद्न लाइनु । **गोदाउनु**– प्रे० क्रि० गोद्न लाउनु; ठोकाउनु । **गोदागोद**– ना० परस्परको गोदाइ; कुटाकुट; खाँदाखाँद ।

**गोदान**– ना० [सं०]१. कुनै विशेष मङ्गल-कार्यमा वा अवसरमा प्रायश्चित्त आदिका निम्ति शास्त्रीय विधिअनुसार सङ्कल्प गरेर ब्राह्मणलाई गाईदान गर्ने क्रिया वा व्यवस्था; गौदान । २. ब्राह्मणका षोडश संस्कारमध्ये एक; क्षौरकर्म; छेवर ।

**गोदाम**– ना० [अङ्० गोडाउन] बिक्री गर्ने जिन्सी मालसामान आदि प्रशस्त मात्रामा राख्ने घर वा टहरो । ~**घर**– ना० गोदाम रहेको ठाउँ वा घर ।

**गोदावरी१**– ना० [सं०]१. बाग्मती अञ्चलको ललितपुर सहरका आग्नेय कोणमा रहेको हरेक बाह्र वर्षमा मेला लाग्ने एक प्रसिद्ध तीर्थ । २. दक्षिण भारतमा रहेको एक प्रसिद्ध नदी; हिन्दूहरूका पवित्र सात नदीमध्ये एक ।

**गोदावरी२**– ना० [फा० गुलदाउदी] कुना-कुना परेका नरम, भुवादार पात हुने र शरद् ऋतुमा केस्रादार सेता, पहेँला फूल फुल्ने एक बोट तथा त्यसैको फूल ।

**गोदाहा**– वि० [गोद्+आहा] गोद्न सक्ने; गोद्ने स्वभावको ।

**गोदि-नु**– क० क्रि० [गोद्+इ+नु] गोद्ने काम गरिनु ।

**गोदोहनी**– ना० [सं०]गाई दुहुने भाँडा; गबुवा; दुधेरो; ढुङ्ग्रो ।

**गोद्दे**– ना० हक्कीजस्तो एक प्रकारको खेल ।

**गोधन**– ना० [सं०]गाईबस्तु आदि धन; पशुधन ।

**गोधूलि**– ना० [सं०]वनमा चरेर घाम डुब्ने बेला गोठतिर फर्केका गाईका खुरले उडाएको धूलो, शुभ कार्यका निम्ति उपयुक्त मानिने धूलो; घाम डाँडामा बस्ने बेला भएको समय; प्रसिद्ध एक मुहूर्त ।

**गोप**– ना० [सं०]१. गाई पाल्ने व्यक्ति; गोपाल । २. गाईको रक्षा गर्ने व्यक्ति; गोरक्षक । ३. गोशालाको मालिक; गोठालो । ४. नायक । ५. राजा ।

**गोपति**– ना० [सं०]१. गाईको मालिक; गाईको धनी । २. साँढे । ३. शिव । ४. सूर्य ।

**गोपन**– ना० [सं०]१. लुकाउने वा छिपाउने काम; ढकाइ; छोपाइ । २. पाल्ने काम; रक्षा ।

**गोपनीय**– वि० [सं०]१. खास व्यक्ति, वर्ग वा समूहदेखि बाहिर नजाओस् भनी लुकाएर राख्न आवश्यक; छिपाउन लायक । २. प्रकट गर्न नहुने (वस्तु, काम, कुरो वा रहस्य) । ३. पाल्न योग्य; रक्षणीय । – **ता**– ना० गोपनीय रहनाको भाव वा अवस्था ।

**गोपा**– ना० [सं०]१. गोप-जातिकी स्त्री । २. गोठाल्नी; गाई पाल्ने स्त्री । ३. गौतमबुद्धकी पत्नी; यशोधरा । ४. श्यामालता; कालीलहरो ।

**गोपाल**– ना० [सं०]१. गाई पाल्ने व्यक्ति वा गाईको धनी; ग्वाला; गोठालो । २. श्रीकृष्ण । ३. नेपालको प्रथम एक राजवंश ।

**गोपाष्टमी**– ना० [सं०]गोपूजन, गोप्रदक्षिणा आदिको माहात्म्य भएको कार्तिक शुक्ल अष्टमी तिथि ।

**गोपिका**– ना० [सं०]१. गोपजातिकी स्त्री; गोपिनी । वि० २. पालनपोषण गर्ने; संरक्षिका; धाई ।

**गोपिनी**– ना० [सं० गोपी]१. गोपस्त्री; गोपी; गोपिका । २. श्रीकृष्णकी प्रेमिका । ३. गोठाल्नी ।

**गोपी**– ना० [सं०]गोपजातिकी स्त्री; गोपिका । ~**चन्दन**– ना० द्वारकाका सरोवरमा पाइने, वैष्णवहरूले तिलक लगाउने पहेँलो भावको माटो । ~**बाँस**– ना० बाँसुरी तथा मुरली बनाउन प्रयोग गरिने सानो र पातलो खालको बाँस; गोपेबाँस ।

**गोपुर**– ना० [सं०]१. सहर, किल्ला, दरबार, मन्दिर आदिको अग्लो ठूलो ढोका; मुख्य ढोका । २. गोलोक; स्वर्ग ।

**गोपे**– ना० [सं० गोप]निगालाका जातको एक बुटो । ~**बाँस**– ना० हे० गोपीबाँस । ~**लौरी**– ना० अरूले गोडाका लट्ठीलाई आफ्ना लट्ठीले ढाली खप्टचाउन सकेमा ढाल्ने व्यक्तिले ढालेको लट्ठी काट्न पाउने एक खेल ।

**गोप्य**– वि० [सं०]१. लुकाउन लायक; गोपनीय । २. रक्षा गर्न लायक; रक्षणीय । – **ता**– ना० हे० गोपनीयता । ~**रिपोर्ट**– ना० सम्बन्धित व्यक्तिले बाहेक अरूले थाहा नपाउने गरी पठाइएको विशेष कुरा वा जाहेरी ।

**गोप्राणी**– वि० [सं०]गाईप्राणी; गौप्राणी; साह्रै सोझो; अति सज्जन; निरीह ।

**गोफ्ले**– वि० भद्दा किसिमको; नसुहाउँदो खालको मोटो; ग्वाँचे ।

**गोबर**– ना० [सं० गोबिष्टा]१. गाईको मल; गोमय (लिपपोत, शुद्धता आदि धार्मिक दृष्टिमा) । २. गाई, गोरु, भैँसी, राँगा आदिको मल (सामान्य प्रचलित अर्थमा) । ~**गणेश**– वि० गोबरले बनाएको गणेशझैँ भद्दा किसिमको; केही नजान्ने; बुद्धि नभएको; हरिलट्टक; डुकुलन्ठ; बुद्धू; शुद्धबुद्ध । ~**ग्याँस**– ना० गाई-भैँसीको गोबरलाई विशेष रूपमा पाक गराएर मल तयार गर्ने र बत्ती, चुलो आदिको काम चलाउनाका निम्ति ग्याँस पैदा गरिने

c:\Sabdkosh\Ga.p65



सानोतिनो उद्योग । ~**मल**– ना० गाई-भैँसी आदिको गोबरमा घाँसपात, स्याउला आदि सडाएर तयार पारिएको मल । > **गोबरी**– १. ना० गोबर र माटो मिलाएर गरिने लिपाइ वा पोताइ । २. वि० गोबरले पोतिएको ।

**गोब्रे**– वि० [गोबर+ए] १. बुद्धू; गोबरगणेश । २. भद्दा किसिमको मोटो; गोफ्ले । ३. गोबरसम्बन्धी; गोबरजस्तो । ~**किरो**– ना० गोबरमा पैदा हुने र गोबरमै खेल्ने एक कीरो । ~**चाँप**– ना० पहेँलो फूल फुल्ने एक जातको चाँप । ~**च्याउ**– ना० गोबरमा उम्रने, खैरो वा सेतो रङको एक जातको च्याउ । ~**झार**– ना० ठूलठूला खस्रा पात र गोलभैँडाजस्ता फल फल्ने बर्खाका समयमा पलाउने एक जातको घाँसपात । ~**पालुङ्गो**– ना० हिलामा उम्रने वा पलाउने ठूलठूला पात भएको पालुङ्गो साग; हिलेपालुङ्गो । ~**प्वाल**– ना० गोठबाट गोबर बाहिर फाल्न गाह्रो वा फरिकामा बनाइएको प्वाल; गोबर फाल्ने दुलो । ~**मल**– ना० गाईबस्तुका गोबरको मल । ~**मसी**– ना० ध्वाँसो वा मोसोबाट तयार हुने कालो वा फुस्रो मसी । ~**सल्लो**– ना० गोबरको थासोजस्तो फल फल्ने एक जातको सल्लो ।

**गोब्याइ**– ना० [√ **गोब्याउ**(+आइ)] गोब्याउने क्रिया वा प्रक्रिया । [>] **गोब्याइनु**– क० क्रि० गोब्याउने काम गरिनु ।

**गोब्याउ-नु**– स० क्रि० [गोबर+याउ+नु] गाई-भैँसीले बिस्टचाउने काम गर्नु; गाई-भैँसीले हग्नु ।

**गोभ्-नु**– स० क्रि० [सं० गुम्फ+नु] १. कुनै वस्तुमा हतियार आदिले घोप्नु वा घोच्नु । २. खोप्नु; छेड्नु । > **गोभाइ**– ना० गोभ्ने क्रिया वा प्रक्रिया । **गोभाइनु**– क० क्रि० गोभ्न लाइनु । **गोभाउनु**– प्रे० क्रि० गोभ्न लाउनु; घोपाउनु । **गोभिनु**– क० क्रि० गोभ्ने पारिनु ।

**गोभी**– ना० काउली; कोपी (फूलगोभी, बन्दगोभी) ।

**गोमटाँका**– ना० सिलाइको एक प्रकार; खजुरटाँका ।

**गोमन**– ना० [सं० गोनस] रिसाउँदा फणा फिँजाउने कालो वा गहुँका रङको ज्यादै विषालु सर्प ।

**गोमय**– ना० [सं०] गोबर ।

**गोमुख**– ना० [सं०] १. गाईको जस्तो मुख भएको फुकेर बजाइने तामाको एक किसिमको बाजा; नरसिङ्गा । २. गाईका मुखका आकारको जपमाला हाल्ने थैलो; गोमुखी । > **गोमुखी**– ना० १. भन्टाका जस्ता पात र फूल हुने एक बुटी वा त्यसैको चुच्चो घुमेको लाम्चो फल । २. गाईका मुखका आकारको जपमाला हाल्ने थैलो; गोमुख । **गोमुखे**– ना० गोमुखी (बाजा) ।

**गोमूत्र**– ना० [सं०] हिन्दूहरूमा पवित्र तथा अनेक रोगको औषधी मानिने गाईको मूत; गउँत । > **गोमूत्रिका**– ना० १. लहरेदार रेखाका रूपमा रहने वा बन्ध एक प्रकारको चित्रकाव्य । २. एक प्रकारको अङ्कन वा गुणन-रीति । ३. सुगन्धित बीज हुने एक प्रकारको घाँस; कुकुरबन्सो ।

**गोमेद**– ना० [सं०] रातो-रातो परेको पहेँलो रङ हुने एक प्रसिद्ध रत्न ।

**गोमेध**– ना० [सं०] गोवध गरी सम्पन्न गरिने प्राचीन कालको एक वैदिक यज्ञ ।

**गोयम**– ना० अचार, मुरब्बा आदि हाल्ने चिनियाँ माटाको भाँडो ।

**गोयात्रा**– ना० [सं०] भाद्र कृष्णप्रतिपदाका दिन हुने एक यात्रा; हे० गाईजात्रा ।

**गोरक्ष**– ना० [सं०] १. गाई पाल्ने व्यक्ति; गोपाल । २. गोरखनाथ ।

**गोरक्षक**– ना० [सं०] गाईको रक्षा गर्ने व्यक्ति; गाई पाल्ने व्यक्ति; गोप; ग्वाला; अहिर ।

**गोरख**– ना० [गोरखनाथ (योगी)] गोरखनाथ । – **काली**– ना० गोरखा जिल्लाको सदर मुकाममा अवस्थित एक प्रसिद्ध देवी । – **तुम्बा**– ना० लौकाका जस्ता पात र सेता फूल हुने,लहरामा फल्ने, तरकारी खान हुने, लौकाजस्तै तर अलि डल्लो एक जातको फल । – **धन्दा**– ना० १. तारका धेरै मुन्द्रा वा काठका टुक्रा जुक्तिसाथ जोड्ने र छुट्टचाउने बुद्धि-बलको खेल । २. गोरखनाथले निर्माण गरेको, मनलाई एकाग्र गराउने त्यस्तो धन्दा वा काम । ३. धेरै अलमलिनुपर्ने वा छुटकारा नपाइने झमेलाको काम; कोतेधन्दा ।

**गोरखनाथ**– ना० [सं० गोरक्षनाथ] प्राचीन समयका एक प्रसिद्ध हठयोगी अवधूत महात्मा; कनफट्टा मत चलाउने नाथसम्प्रदायका एक प्रसिद्ध साधु; चौरासी सिद्धमध्ये एक; गोरक्षपा । ~**गुफा**– ना० नेपालको गोरखा जिल्लामा पर्ने एक प्रसिद्ध गुफा ।

**गोरख पन्थ**– ना० [गोरख+पन्थ] सिद्ध एवं महात्मा गोरखनाथले चलाएको सम्प्रदाय वा मत । > **गोरख पन्थी**– ना० १. गोरखनाथले चलाएको मतको अनुयायी साधु; कनफट्टा जोगी । वि० २. गोरखसम्प्रदायको अनुयायी ।

**गोरखपान**– ना० [गोरखमुण्डी+पान] १. गोरखमुण्डी झार । २. सोही झारको पेय रस वा त्यसैलाई पिउने काम ।

**गोरखमुण्डी**– ना० हे० गोरखमुन्डी ।

**गोरखमुन्डी**– ना० [सं० गोरक्षमुण्डी] राता केसर, ससाना डल्ला फूल र मसिना पात हुने धातुवर्द्धक तथा सुशोधक आयुर्वेदिक एक झार ।

**गोरखा**– ना० [√ **गोरख**] नेपालको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने गण्डकी अञ्चलको एक जिल्ला; गोर्खा । ~**दक्षिण बाहु**– ना० वि० सं० १९५२ मा स्थापित विभिन्न श्रेणीमा विभक्त नेपालको राष्ट्रिय पदक । ~**दरबार**– ना० नेपालको गोरखा जिल्लामा रहेको गोरखा राज्य खडा भएपछि गोरखाका राजाले निर्माण गरेको एक ऐतिहासिक दरबार । ~**पत्र**– सं० १९५८ मा साप्ताहिकका रूपमा प्रकाशित हुन थालेको, त्यसपछि हप्तामा दुई पटक र त्यसपछि हप्तामा तीन पटक प्रकाशित हुँदै सं० २०१७ देखि दैनिक हुन पुगेको नेपाल सरकारको मुखपत्र ।

**गोरखाली**– वि० [गोरखा+ली] १. गोरखामा रहने; गोरखाको । २. गोरखा जिल्लाका निवासी । ना० ३. विदेशीहरूले वीरताको

ख्याल गरी नेपालीहरूलाई भन्ने शब्द ।

**गोरखे लहुरी–** ना० [गोरखा+लहुरी] हे० गोर्खेलौरी ।

**गोरम–** ना० [सं० गुड+आम्र] काँचो आँपका चानामा मसला हाली पागमा पकाएको लेदो खाद्य पदार्थ ।

**गोरस–** ना० [सं०] गाईका दूधबाट बन्ने पदार्थ (दूध, दही, मही, घिउ आदि) ।

**गोरा–** ना० [सं० गौर] १. युरोप, अमेरिका आदिका गौरवर्णका जाति । वि० २. गौर वा गोरो वर्ण भएको ।

**गोराइ–** ना० [गोरो+आइ] गोरो हुनाको भाव वा अवस्था; गोरोपन ।

**गोराखिलो–** वि० [गोरक्ष+इलो] धेरै दहीदूध खाएको; खाइलाग्दो ।

**गोरा पल्टन–** ना० [गोरा+पल्टन] अङ्ग्रेज आदि जातिको पल्टन वा सेना ।

**गोरिल्ला–** ना० [गुरिल्ला] हे० गुरिल्ला ।

**गोरु–** ना० [सं० गोरूप] १. गाईको बाछो वा बहरलाई गाईका पछि लागेर दुर्बल होला र खेतीपातीको काम नदेला भनी सुमरेर बलिष्ठ राख्ने काम गरिएको घरपाला पशु; बयल । वि० २. अबुझ र सोझो; मूर्ख । ~**चुटाइ–** ना० गोरुलाई चुटेजस्तो चुटाइ; साह्रै चर्को पिटाइ । ~**जोताइ–** ना० गोरुलाई जस्तै रातोदिन काममा दल्ने काम; काममा दिइने सकस वा घोट्टा । ~**तिहार–** ना० गोवर्धन पूजा र गोरुको पूजा गरिने भाइटीकाको अघिल्लो दिन; हलतिहार । **– मुते–** ना० १. एकप्रकारको झार । वि० २. बेकम्मा; रद्दी । ३. अबुझ; मूर्ख । ४.बाङ्गोटिङ्गो (गोरुमुते अक्षर आदि) । ~**मोलाइ–** ना० नापजोख नगरी कुनै वस्तुको मोटामोटी मूल्य राख्ने काम; हचुवा । **– सिङ्गे–** १. वि० गोरुका सिङजस्तो आकारको ('ञ' अक्षर) । ना० २. पश्चिम तराईमा राजमार्गछेउमा रहेको यस नामको ठाउँ ।

**गोरे–** वि० [गोरो+ए] गोरो वर्ण भएको; गोरो छाला हुने ।

**गोरेटो–** ना० [गोडो+एटो] मानिस वा गाईगोरु आदि पशु ओहोरदोहोर गर्दा टेकिएर बनेको सानो वा झीनो बाटो; डोरेटो ।

**गोरो–** वि० [सं० गौर] श्वेतवर्ण भएको; सेतो रङको ।

**गोरोचन/गोरोचना–** ना० [सं०] पहेँलो र सुगन्धी डाँठ हुने तथा घोटेर चन्दन बनाइने एक प्रकारको बुटी ।

**गोर्खा–** ना० [√ गोरखा] हे० गोरखा । >**गोर्खाली–** वि० गोर्खाको; गोर्खामा रहने वा बस्ने; गोरखाली । **गोर्खेउलो–** वि० गोर्खा वा गोर्खालीसम्बन्धी; गोर्खालीको ।

**गोर्खे लौरी–** ना० [गोर्खा+लौरी] काँधमा र घुँडामुनि गरालो हालेर डोरीले बाँधी अपराधीलाई दिइने सजाय; गोरखेलहुरी ।

**गोल१–** वि० [सं०] १. बाटुलो; वृत्ताकार; मण्डलाकार । ना० २. वृत्ताकारको बनोट वा रचना ।

**गोल२–** ना० [फा०] १. समूह; जमात; झुन्ड । २. रक्तसम्बन्ध वा अन्य कुनै सम्बन्धसूत्रद्वारा बाँधिएको समूह । (उदा०– गोल फुट्नु हुँदैन) ।

**गोल३–** ना० काठपात आदिलाई बाली खरानी हुन नपाउँदै आगो निभी वा निभाई बाँकी रहेको कालो पदार्थ; निभेको कोइला; अँगार ।

**गोल४–** ना० [अङ्०] १. भकुन्डो, हकी आदिका खेलमैदानमा पक्षतर्फबाट सुरक्षा गरिएको तर विपक्षका खेलाडीहरूले विजयका निम्ति भकुन्डो आदि पुऱ्याउनुपर्ने निर्धारित क्षेत्र वा ठाउँ । २. उक्त खेलहरूका खेलमैदानमा एक पक्षका खेलाडीबाट सुरक्षा गरिँदागरिँदै पनि अर्को पक्षका खेलाडीहरूले निर्धारित क्षेत्रमा भकुन्डो आदि पुऱ्याई वा पसाई प्राप्त गरेको विजय (उदा०– ठमेल एघारले सङ्कटा एघारका विरुद्ध खेल सुरु भएको पाँच मिनेटमै पहिलो गोल गऱ्यो) ।

**गोलक–** ना० [सं०] १. बाटुलो वा पिण्डाकार वस्तु । २. रुपियाँपैसा छिराउने प्वाल भएको कन्तुर; खुतुर्के; खुत्रुके । ३. विधवा स्त्रीले परपुरुषको सम्पर्कबाट पैदा गरेको छोरो; विधवाको जारज पुत्र ।

**गोलकर्मी–** ना० [गोल+कर्मी] दाउरा बालेर गोल बनाउने मान्छे; गोल पोल्ने व्यक्ति ।

**गोलकाँक्री–** ना० [गोल+काँक्री] परबरका जस्ता कोसा र काँक्राको जस्तै गुदी, बियाँ र स्वाद हुने नङ्ग्रादार एक लहरो वा त्यसैको सानो लाम्चो फल ।

**गोलकोट–** ना० [गोल+कोट] फ्रक, बेलबटम सुट, कुर्था आदिसँग लगाइने अगाडिको पाटा गोलाकार भएको प्रायः स्त्रीजातिको कोट ।

**गोलगेडी–** ना० [गोल+गेडी] छुनासाथ वा कुनै वस्तुमा ठोकिनासाथ गुच्चाजस्तो डल्लो पर्ने एक प्रकारको लाम्चो कीरो; बाघेकीरो ।

**गोलघर–** ना० [गोल+घर] १. बाटुलो वा वृत्ताकार घर । २. काठमाडौँको केन्द्रीय कारागारभित्र ज्यानमारा तथा महसुर डाकाहरूलाई कठोर सास्ती वा सजाय दिन जेलको माझमा बनाइएको पिँजराजस्तो साँघुरो खोर ।

**गोलटोल–** ना० [गोल+टोल] धेरै जना मिलेर बसेको गाउँ; मिलेर बसेका छरछिमेकी ।

**गोलत किया–** ना० [गोल+तकिया] मूल तकियाको सहायक तकिया; गोलो तकिया वा सिरानी ।

**गोल दारिम–** ना० [गोल+दारिम] टिम्बुरका जस्ता साना दाना फल्ने काँडादार एक बोट; त्यसैको फल ।

**गोलन्दाज–** ना० [फा०] ठीक ठाउँमा पर्ने अन्दाज गरी तोपद्वारा गोला प्रहार गर्ने व्यक्ति; तोप हान्ने मानिस ।

**गोलफुकी–** ना० [नेवा०] भुटेर राम्ररी फूल उठाइएको चिनियाँ धानको खट्टे; सिरौँलाको खट्टे ।

**गोलबद्ध–** वि० गोलबन्द; एकताबद्ध ।

**गोलबन्द–** वि० एकताबद्ध ।

**गोलबन्दी–** ना० [गोल+बन्दी] १. वृत्ताकार घेरामा रहने वा बस्ने काम; गोलो आकारमा साँगुरिएर बस्ने वा त्यसरी राख्ने काम । २. विपक्षका विरुद्ध गरिने मोर्चाबन्दी ।

**गोल बोली**– ना० [गोल+बोली] यही हो भनेर अर्थ किट्न नसकिने गरी बोलिएको दोधारे कुरो; कुनै एक कुरालाई नखुट्टयाई त्यस्ता मिल्दाजुल्दा अनेकौं कुराको समावेश हुन सक्ने साझे बोली वा त्यस्तो लिखत ।

**गोलभिँडा/गोलभेँडा**– ना० [गोल+भन्टा] आलुका जातका बोटमा फल्ने, खास गरी अचार र तरकारीका रूपमा खाइने,पाक्ता थोरै पहेँलो र धेरै रातो हुने प्रायः गोलो फल; टमाटर; रामभेँडा ।

**गोलमटोल**– वि० [गोल(द्वि०)] १. अर्थ राम्ररी नखुलेको वा बुझ्न धौधौ पर्ने; अर्थ वा भावलाई भाँचकुँच पारिएको । २. एकभन्दा बढी अर्थ लाग्ने; अस्पष्ट ।

**गोलमाल**– ना० [गोल+माल] १.कुनै कामकुरामा हुन आएको गडबडी वा अव्यवस्था २. धेरै थरी वस्तुको छ्यासमिस; भद्रगोल । क्रि० वि० ३. तलमाथि पर्ने चाल; जथाभावी ।

**गोलमोल**– ना० [गोल+मोल] १. सानाठूला सबै वस्तु मिलाइएको मूल्य; हचुवा मोल । वि० २. अस्पष्ट; नबुझिने ।

**गोलयोग**– ना० [सं०] ज्योतिषशास्त्रअनुसार छ वा सातवटा ग्रह एकै ठाउँमा वरिपरि भएर बस्ता पर्ने अशुभ योग ।

**गोल सन्जाप**– ना० [गोल+सन्जाप] भोटो, लबेदा, चोलो आदिमा लगाइने डोलो आकारको सन्जाप (पाइपिङ) ।

**गोलसामी**– ना० [गोल+सामी] खुर्सानी, बेसार, मसला, चिउरा आदि कुट्ने मुसलमा जोडिएको धार नभएको गोलो पाता; धार नभएको गोलो सामी ।

**गोलसिमल**– ना० प्रायः राति कराउने र लोककथामा प्रसिद्ध एक जातको बनैयाँ चरो । > **गोलसिमले**– वि० गोलसिमलजस्तो; गोलसिमलसम्बन्धी ।

**गोला**– वि० [सं० गोल] १. बाटुलो; वृत्ताकार; गोलो । ना० २. कुनै पनि गोलो पदार्थ वा पिण्ड (भकुन्डो, अरिङ्गालको गोलो, भोगटेको दानु इ०) । ३. हातैले वा तोप आदि कुनै प्रहारक अस्त्रका सहायताले हुत्त्याएर प्रहार गरिने गोलो विस्फोटक वस्तु । ४. वायुविकारबाट वा अन्य कारणबाट हुने पेटको रोग; वायुगोला; गानु । ५. थुप्रै अरिङ्गाल, मान्छे, कमिला आदि एकै ठाउँमा झुम्मिएको अवस्था; बाक्लो हूल । ६. अनाज आदिका व्यापारीको क्रयविक्रयको थलो । ७. बाँडफाँड, लेनदेन, छनोट वा चुनाउ आदिमा सामान्य प्रकारले छिनोफानो हुन नसक्ता निर्णयको लागि प्रयोग गरिने चिट्ठासँग मिल्दोजुल्दो पद्धति वा सोको साधन ।

**गोलाइ**– ना० [गोलो+आइ] गोल हुनाको स्थिति वा प्रक्रिया; बाटुलोपन; गोलो परेको रूप; गोलाकार ।

**गोलाकार**– वि० [गोल+आकार] गोलो आकारको; बाटुलो ।

**गोलाबारी**– ना० [गोल+अङ्० वार] दुस्मनको क्षेत्रमा आकाशमार्गबाट वा जमिनबाटै गरिने गोला, बम आदिको वर्षा ।

**गोला बारुद**– ना० [गोला+बारुद] १. गोला र बारुद । २. लडाइँमा शत्रुलाई नाश गर्ने एक प्रकारको अस्त्र ।

**गोलार्द्ध/गोलार्ध**– ना० [सं०] १. कुनै गोलो वस्तुको आधा भाग; अर्धवृत्त । २. एक ध्रुवदेखि अर्को ध्रुवसम्म रेखा तानी पृथ्वीको मानचित्रलाई बीचमा काट्ता वा विषुवत् रेखाद्वारा छुट्टयाउँदा हुने भूगोलको आधा भाग । (भूमध्यरेखाले पृथ्वीलाई उत्तरी र दक्षिणी गोलार्धमा विभाजित गर्छ भने खमध्य रेखाले पृथ्वीलाई पूर्वी तथा पश्चिमी गोलार्धमा बाँड्दछ) ।

**गोलिँदो**– वि० [गोलो+इँदो] गोलो हुने खालको; गोलो ढाँचाको ।

**गोलि-नु**– अ० क्रि० [गोलो+इ+नु] गोल हुनु; बाटुलो पर्नु; घेरा पर्नु ।

**गोलिनु**– ना० अल्लाका पाटले बुनेको ओछ्याउने दरी ।

**गोलिया**– ना० [गोलो+इया] रूख ढालेर टुक्र्याइएको गोलोगोलो मुढा ।

**गोली**– ना० [गोल+ई] १. सानो गोलाकार वस्तु । २. औषधी आदिको बुटी; टिकिया । ३. बन्दुक, पिस्तौल आदिमा भरेर हानिने सिसा आदि धातुको डल्लो वा लाम्चो साधन । ~**काण्ड**– ना० १. दुई पक्षका बीचमा झगडा हुँदा परस्परमा गोली चल्ने काम । २. उत्तेजित रूपमा चर्किरहेको उग्र हूललाई शान्त पार्न वा दमन गर्नका लागि गोली चलेको घटना वा स्थिति । – **गट्ठा**– ना० लगाइँका निम्ति आवश्यक गोली, बारुद आदि हतियार । – **गाँठो**– ना० खुट्टामा कुर्कुच्चाभन्दा केही मास्तिर उठेको दायाँबायाँको गोलाकार हाड । ~**धागो**– ना० डल्लो पारी बेरेको लुगा आदि सिउने धागो ।

**गोलुवा**– ना० [गोलो+उवा] १. गोलोगोलो गिँड बनाइएको काठ वा दाउरा । वि० २. गोल आकारको ।

**गोलेँसो**– ना० [गोल+एँसो] रुमालका चारै कुना बाँधेर पारिएको पोको । > **गोलेँस्याइ**– ना० गोलेँसो पार्ने काम वा प्रक्रिया । **गोलेँस्याइनु**– क० क्रि० गोलेँसो पारिनु । **गोलेँस्याउनु**– स० क्रि० रुमालका चार कुना बाँधी पोको पार्नु; गोलेँसो पार्नु; गोलेँसो बोक्नु । **गोलेँस्याहट**– ना० गोलेँसो पार्ने काम ।

**गोले**– वि० [गोल+ए] १. गोलो वा बाटुलो भएको; गोलो परेको । गोल बेच्ने; कोइलाको बिक्री गर्ने ।

**गोलैँची**– ना० खस्रा, लाम्चा पात हुने, चाँपका आकारका कलेजी, टोटा परेका वा सेता रङका र बास्ना आउने फूल फुल्ने, डाँठबाट दूध निस्कने एक जातको बोट; त्यसैको फूल, चुवा ।

**गोलो**– ना० [सं० गोल] १. धमिरा, कमिला, अरिङ्गाल आदि कीराको गुँड । वि० २. डोलो; गोल; बाटुलो ।

**गोलोक**– ना० [सं०] गर्गसंहिताअनुसार कृष्णको प्रसिद्ध धाम वा वासस्थान ।

**गोलोचन**– गाईको मुखबाट ओकलिँदा निस्कने रौँको नरम गुजुल्टो ।

**गोल्की**– ना० [अङ्० गोलकीपर] भकुन्डो आदिका खेलमैदानमा गोल गरिने निश्चित ठाउँमा रहेर विपक्षका खेलाडीबाट हानिएको भकुन्डो आदिलाई निर्धारित गोलक्षेत्रमा छिर्न वा पस्न नदिने दायित्व लिएको पक्षतर्फको खेलाडी; गोलरक्षक । ~**बाजा**– ना० बाँसको ढुङ्ग्राबाट निस्केको धागामा गट्टाले हानेर बजाइने एक

प्रकारको सहायक तालबाजा ।

**गोल्टिन–** ना० [गोल+टिन] बाटुलो टिनको डिब्बा; चुरोट हाल्ने टिनको बाटुलो वा गोलाकार बट्टा ।

**गोल्ठे–** वि० [गोल्ठो+ए] गोलागोला परेको; गोल्ठोजस्तो; गोल्ठो ।

**गोल्ठो–** वि० [गोल+ठो] गोलोगोलो आकारको; डल्लो र साह्रो ।

**गोल्फु–** ना० माटाको सानो घैँटो ।

**गोल्फे–** ना० तरकारी खान हुने एक प्रकारको सिमी ।

**गोल्याँसो–** ना० [गोल+याँसो] लुगाफाटाको पोको; कुटुरो ।

**गोल्याइ–** ना० [√ **गोल्याउ**(+आइ)] गोल्याउने काम वा प्रक्रिया; गोलोपन; गोलाइ । [>] **गोल्याइनु–** क० क्रि० गोलाकार पारिनु; बाटुलो बनाइनु ।

**गोल्याउनु–** स० क्रि० [गोल+याउ+नु] १. गोलाकार पार्नु; बाटुलो बनाउनु । २. भेडा, बाखा, गाईबस्तु आदि समेटेर एकत्रित पार्नु । ३. आगोको बचाउका लागि बोर्सीमा अँगार, खरानी आदिलाई एक ठाउँमा समेट्नु । > **गोल्याहा–** वि० १. गोलो भएको; गोलो परेको । २. पूरा नसल्की आगो निभिहाल्ने; बढी गोल रहने ।

**गोल्लाँडे–** ना० [गोरु+लाँडे] पुरुषलाई गालीगलौजमा प्रयोग हुने अश्लील शब्द ।

**गोवध–** ना० [सं०] हिन्दू धर्मअनुसार निषिद्ध मानिने गाई वा साँढे आदिको हत्या; गोहत्या; गोघात ।

**गोवर्द्धन–** ना० [सं०] १. गाईगोरुको पालन र सुरक्षा गर्ने काम; गाईगोरुको सन्तान फैलाउने काम । २. पुराणअनुसार अतिवृष्टिबाट व्रजवासीहरूको रक्षाका निम्ति कृष्णले औँलामा उठाएको वृन्दावनको एक प्रसिद्ध पर्वत । ३. उक्त पर्वतको नजिकको बस्ती ।

**गोविन्द–** ना० [सं०] १. परब्रह्म; परमात्मा । २. श्रीकृष्ण । ३. शङ्कराचार्यको गुरुको नाम । ४. गोठको मालिक । ~**द्वादशी–** ना० फागुन महिनाका शुक्लपक्षको द्वादशी तिथि । ~**सिंह–** एकजना सिक्ख गुरुको नाम ।

**गोवैद्य–** ना० [सं०] १. पशुको चिकित्सा गर्ने वैद्य; पशु-चिकित्सक; पशुवैद्य । २. मूर्ख वा अज्ञानी चिकित्सक ।

**गोशाला–** ना० [सं०] थुप्रै गाई पाल्ने र राख्ने ठाउँ; गोठ ।

**गोष्ठ–** ना० [सं०] गाई रहने ठाउँ; गोशाला; गोठ ।

**गोष्ठी–** ना० [सं०] १. कुनै विषयको विचारविमर्शका निम्ति बस्ने सम्बन्धित व्यक्ति वा विद्वान्हरूको औपचारिक बैठक वा सभा; वार्तालाप; परामर्श । २. थोरै मानिसहरूको सभा; सानो बैठक । ३. नौ-दस पुरुष पात्र र पाँच-सात स्त्री पात्र रहने रूपकको एक भेद । ~**पत्र–** ना० गोष्ठीमा परामर्श वा छलफलका निम्ति तयार पारिएको कुनै निर्धारित विषयको गहकिलो लेख; कार्यपत्र ।

**गोसाईं–** ना० [सं० गोस्वामी] १. गेरुवा वस्त्र पहिरेर त्यागीझैँ देखिने र गृहस्थी जीवन नै व्यतीत गर्ने एक जाति; गोस्वामी । २. साधु-सन्न्यासी र त्यागीहरूलाई गरिने एक सम्बोधन; योगी; महन्त । ३. इन्द्रिय जित्ने व्यक्ति; जितेन्द्रिय । ४. मालिक; स्वामी । ५. ईश्वर । – **कुण्ड–** ना० नेपालको बाग्मती अञ्चलअन्तर्गत रसुवा जिल्लामा पर्ने लामटाङ हिमालका काखमा रहेको एक प्रसिद्ध तीर्थस्थल । (यो समुद्र सतहदेखि १०,००० फिटभन्दा बढी अग्लाइमा रहेको छ र यस कुण्डको पूर्व र पश्चिममा सरस्वतीकुण्ड, भैरवकुण्ड, सूर्यकुण्ड, गणेशकुण्ड आदि नौ कुण्ड छन् । यस इलाकामा १०८ कुण्ड छन् भन्ने जनश्रुति पनि छ । यहाँ हरेक वर्ष दशहरा र जनैपूर्णिमामा ठूलो मेला लाग्छ) । – **थान–** ना० गोसाईंकुण्ड ।

**गोस्नौटी–** ना० [गोस्नौटो+ई] १. कमाराकमारीले मालिककी छोरीलाई भन्ने शब्द । २. बिहामा लोकन्तीले दुलहीलाई भन्ने शब्द ।

**गोस्नौटो–** ना० १. कमाराकमारी वा दासदासीले आफ्ना मालिकका छोराछोरीलाई लाउने साइनु । २. दुलहादुलहीलाई सम्बोधन गर्ने शब्द ।

**गोस्वामी–** ना० [सं०] १. गाईको मालिक; गाई पाल्ने व्यक्ति । २. इन्द्रियलाई वश गर्ने; जितेन्द्रिय । ३. वैष्णवसम्प्रदायमा आचार्यका उत्तराधिकारी; माध्व, वल्लभ र निम्बार्क मतका वैष्णवहरूका महन्तले पाउने पदवी ।

**गोस्वारा–** वि० [फा० गोशवारा] १. एउटै समूह वा समष्टिका रूपमा रहेको, गाभिएको वा मिलेको; सगोल; साझा (गोस्वारा दर्ता, गोस्वारा लगत इ०) । २. प्रमुख; मुख्य; प्रथम तहको (गोस्वारा हुलाक, गोस्वारा भाउचर आदि) । ना० ३. पहिलेपहिले बडाहाकिम बस्ने र जिल्लाभरको शान्ति-सुरक्षासम्बन्धी काम गर्ने प्रशासनिक अड्डा । ~**धन–** ना० सगोलमा रहेको सम्पत्ति । ~**भाउचर–** ना० प्रत्येक विषयको आय-व्यय अलग-अलग रूपमा देखाइने सङ्क्षिप्त लेखोट । ~**हुलाक–** ना० केन्द्रीय हुलाक अड्डा (जनरल पोस्ट अफिस) । > **गोस्वारी/गोस्वारे–** वि० १. गोस्वारासम्बन्धी; साझा; सगोलको । ना० २. एक प्रकारको गुलियो मिठाई ।

**गोहत्या–** ना० [सं०] गोवध; गोघात ।

**गोहार–** ना० [सं०] उहिले गाई हरेर लैजाँदा सहायता पाउन 'गाईको हरण भयो' भन्ने अर्थमा कराएर भनिने शब्द; गुहार ।

**गोही–** ना० [प्रा० गोहिआ < सं० गोधिका] माउसुलीका ढबको तर ज्यादै ठूलो, पानीभित्र धेरै रहने, उभयचर, सपुच्छ एक जन्तु; सरीसृपसमूहको एक हिंस्रक भेद; घडियाल ।

**गोहेलो–** ना० [गोहो+एलो] मुसाका लिँडजस्तै मसिना काला गेडा फल्ने एक जातको सानो रूख ।

**गोहो–** ना० [सं० गोपथ] १. गाई हिँड्दा बसेको डाम वा चिह्न । २. हिँडाइको डाम;पैतालाका छाप; पदचिह्न ।

**गोहोरो–** ना० [सं० गोधा] करौँतीजस्तो पुच्छर हुने, छेपाराका ढबको ठूलो एक जङ्गली जन्तु ।

**गौँडा–** ना० [सं० गढ] १. अक्कर परेको ठाउँ; असजिलो र अप्ठेरो ठाउँ । २. गढी बनाइएको ठाउँ । ३. पहिलेपहिले गोस्वारासरहको काम गर्ने पहाडी अड्डा (धनकुटा गौँडा, पाल्पा गौँडा आदि) वा

त्यस अड्डाका मातहतको इलाका । ४. कसैको हैकम चल्ने ठाउँ । – **को बाघ–** ना० शरण नपरी सुखै नपाइने डरलाग्दो मानिस; कुनै खास ठाउँमा धाक जमाएर बसेको व्यक्ति । ~**गल्छेँडा–** ना० १. मुस्किलसँग आवतजावत गर्न सकिने बाटोघाटो; गौँडो र गल्छेँडो । २. समाधान वा निर्णयमा पुग्न अप्ठेरो पर्ने समस्या । ~**गोस्वारा–** ना० वर्तमान प्रशासनिक सुधारभन्दा पहिले पहाड र मधेसमा शान्तिसुरक्षा आदिको काम गर्ने मुख्य अड्डा; गौँडा र गोस्वारा ।

**गौँडे–** वि० [गौँडो+ए] १. गौँडो ढुकेर बस्ने; गौँडामा बस्ने (चोर) । २. गौँडोसम्बन्धी; गौँडाको ।

**गौँडो–** ना० [प्रा० गड्डो] १. अन्तबाट जान नसकी त्यसै ठाउँबाट मात्र आवतजावत गर्नुपर्ने ठाउँ । २. घरबाट मूलबाटामा निस्कने सानो गोरेटो । ३. बाघ आदि वन्यजन्तुलाई पासो वा खोर थाप्ने ठाउँ ।

**गौँत–** ना० [सं० गोमूत्र] १. हे० गउँत । **गौँत्याइ–** ना० गौँत्याउने क्रिया वा प्रक्रिया । **गौँत्याइनु–** क० क्रि० गौँत्याउन लगाइनु । **गौँत्याउनु–** स० क्रि० गाईले मुत्नु; गउँत्याउनु ।

**गौँथली–** ना० १. टाउको, पखेटा र पुच्छर कालो र पेट सेतो हुने, प्रायः बर्खायाममा देखिने धोबीचरोजत्रै एक चरो; भीरमा गुँड लाउने भीरगौँथली र घरका दलीन आदिमा गुँड लाउने घरगौँथली नामको चरो । २. घरको छानाका दाँतीमा दोहोरो पारेर कसिने भाटो । ~**फूल–** ना० लहरामा फुल्ने एक जातको फूल ।

**गौ–** ना० [सं०] गाई । – **गोटी–** ना० गाईबस्तुका घाँटीमा आउने एक प्रकारको खटिरो । – **चर/चरन–** ना० गाईबस्तु चराउनका निम्ति बसाहा वा त्रिशुल राखी छोडिएको बाँझो जमिन; गोचर ।

**गौड१–** ना० [सं०] १. भारतको बङ्गालप्रदेशको प्राचीन नाम । २. विन्ध्यपर्वतका उत्तरपट्टि बस्ने ब्राह्मणजातिको एक वर्ग । (कान्यकुब्ज, गौड, उत्कल, मैथिल र सारस्वत– यी पाँचलाई पञ्चगौड भनिन्छ) ।

**गौड२–** ना० [अ० गोर] सोचविचार; चिन्तनमनन; घोत्ल्याइँ; हे० गौर पनि ।

**गौडा–** ना० [√गौँडा] गढी बनाउन योग्य वा गढी बनाइएको ठाउँ (दिव्य०); गौँडा ।

**गौडी–** ना० [सं०] १. काव्यरचना गर्ने तीन रीति (पाञ्चाली, वैदर्भी र गौडी) मध्ये एक । २. सखरको रक्सी ।

**गौण–** वि० [सं०] १. कुनै अर्को वस्तु वा कुराको तुलनामा महत्त्व, मान, विशेषता आदि कम भएको; मुख्य नभएको; अप्रधान (गौण उत्पादन, गौण उद्योग इ०) । २. मुख्य वा मूल अर्थबाट भिन्न; लाक्षणिक (गौण अर्थ, गौण भाव इ०) । ३. गुण जाहेर गर्ने; गुणबोधक ।

**गौतम–** ना० [सं०] १. इन्द्रका साथ अनुचित सम्बन्ध भएका कारणले आफ्नी पत्नी अहल्यालाई श्राप दिएर पछि रामचन्द्रले उद्धार नगरेसम्म पत्थर पारिदिने एक ऋषि; न्यायशास्त्रका प्रसिद्ध आचार्य र प्रणेता एक ऋषि । २. बौद्ध धर्मका प्रवर्तक बुद्धको एक नाम । ३. सप्तर्षिमध्येका एक ऋषि वा तारा । ४. गौतम ऋषिको वंशमा जन्मेको व्यक्ति । – **गोत्र–** ना० गौतम ऋषिको कुल वा वंशको गोत्र; अत्रिगोत्र । >**गौतमी–** ना० १. गौतमकी पत्नी; अहल्या । २. महाभारतप्रसिद्ध कृपाचार्यकी स्त्री । ३. गोदावरी नदी ।

**गौदान–** ना० [सं० गोदान] कुनै पुण्यकार्य वा प्रायश्चित्त आदिका लागि शास्त्रीय विधिले ब्राह्मणलाई गाई दान गर्ने कर्म; गोदान ।

**गौधेरक–** ना० [सं०] झाले कृष्णसर्प र पोथी गोहोरोबाट पैदा भएको तथा त्यसले टोकेमा मानिस तत्काल मर्छ भन्ने बताइएको, छेपाराको ढबको टाउकोदेखि पुच्छरसम्म सेता र काला ठाडा धर्सा देखिने, गुलाफी रङको ठुटो पुच्छर हुने एक बित्ताजति लामो जन्तु ।

**गौन–** ना० [सं० अङ्० गाउन] प्रायः फरिया वा गुनिउँ लगाउन उपयोग हुने रङ्गीचङ्गी बुट्टा भएको एक जातको कपडा ।

**गौना–** ना० [भो०पु०] द्विरागमन ।

**गौमुखी–** ना० [गौ+मुखी] हे० गोमुखी ।

**गौमुखे–** ना० [गौ+मुख] १. बिहीँका छाँटका पात हुने एक जातको बोट वा त्यसैमा फल्ने चुच्चो घुँगुरिएको र बीचमा खाल्टो परेको फल । वि० २. गाईको जस्तो मुख भएको ।

**गौर१–** वि० [सं०] १. गोरो रङको; सेतो; गोरो । २. चम्किलो; उज्ज्वल । ना० ३. पहेँलो रङ । ४. सेतो रङ ५. केशर । ६. नफाटेको खुर हुने मृग ।

**गौर२–** ना० नेपालको नारायणी अञ्चलअन्तर्गत पर्ने रौतहट जिल्लाको सदरमुकाम ।

**गौर३–** ना० [अ०] कुनै विषयमा घोरिएर गरिने सोचविचार; त्यसरी गरिने मनन वा चिन्तन ।

**गौरव–** ना० [सं०] १. गुरु अर्थात् महान् हुनाको अवस्था वा भाव; महत्त्व; महिमा; गहकिलोपन; गम्भीरता । २. इज्जत; आदर; सम्मान; प्रतिष्ठा । ३. गह्रुङ्गोपन; भारी हुनाको अवस्था । ४. उदय; उन्नति; उत्कर्ष । – **शाली–** वि० गौरव वा महिमाले युक्त; सम्मानित । >**गौरवान्वित–** वि० गौरव भएको; गौरवशाली ।

**गौरा–** ना० [सं० गौरी] १. पार्वती; गौरी । २. गोरो रङ भएकी स्त्री । ३. सङ्गीतमा एक प्रकारको रागिनी । ४. भदौ महिनामा कृष्णाष्टमीका अघिल्लो दिनदेखि खास गरी दार्चुला, डडेलधुरा जिल्लातिर बाहुन, क्षत्री र ठकुरीहरूद्वारा छसात दिनसम्म मनाइने प्रसिद्ध चाड । >**गौराङ्ग–** ना० १. विष्णु । २. शिव । ३. चैतन्य महाप्रभु । ४. गोरा; अङ्ग्रेज । **गौराङ्गना–** ना० गोरो वर्णकी युरोपेली आइमाई; गोरा-जातिकी स्त्री । **गौराङ्गी–** वि० गोरो शरीर वा अङ्ग भएको; गोरा । ~**पार्वती–** ना० पूर्वी नेपालको दोलखा जिल्लामा रहेको एक प्रसिद्ध हिमशिखर; गौरीशङ्कर । ~**पूजन–** ना० गौरा (चाड) ।

**गौरिया–** ना० १.माटाले बनेको सानो हुक्का । २. एक प्रकारको

मोटो कपडा । ३. प्रायः पानी लागिरहने खेतमा हुने एक प्रकारको मसिनो धान ।

**गौरी**– ना० [सं०] १. पार्वती । २. आठ वर्षकी कन्या । ३. गोरो वर्णकी स्त्री । ४. सेतो दूबो । ~ **गाई**– ना० मोटा-मोटा सिङ हुने र ती सिङको जलहरी बनाएर शिवलिङ्गमा अभिषेक गरिने एक जातको जङ्गली गाई । ~ **चन्दन**– ना० रातो चन्दन । ~ **बेत**– ना० एक प्रकारको बेत । ~ **शङ्कर**– ना० १. शिवपार्वती । २. दोलखा जिल्लामा रहेको ७,१४६ मिटर अग्लो एक प्रसिद्ध हिमशिखर; गौरापार्वती । ३. दुई रेखा वा दुई मुख भएको रुद्राक्ष । > **गौरीश्वर**– ना० १. शिवपार्वतीको संयुक्त रूप; अर्द्धनारीश्वर । २. शिव; महादेव ।

**गौरुङ**– ना० पहाडका गाउँको मुखियाभन्दा तलको एक पद; गाउँमा हैकम भएको व्यक्ति वा ठालु । – **पाती**– ना० एक प्रकारको रूख ।

**गौलेतो**– ना० खोल्साखोल्सी र सिम परेका ठाउँमा पलाउने मसिना पात हुने एक भुइँझार ।

**गौलोचन**– ना० हे० गोरोचन ।

**गौल्मिक**– ना० [सं०] १. लिच्छविकालीन सुरक्षाचौकीको अधिकारी; सैनिक गुल्मको नायक । वि० २. गुल्मसम्बन्धी ।

**गौशाला**– ना० [सं०] १. गोशाला । २. काठमाडौँ उपत्यका र महोत्तरी जिल्लामा रहेका प्रख्यात बस्ती ।

**गौहत्या**– ना० [सं० गोहत्या] गोहत्या; गोवध ।

**ग्याँचे**– वि० १. जीउडाल सानो भएको; गुइँठे; पुड्के; गठरो । २. गर्धन छोटो भएको; भुन्टो ।

**ग्याँटिस**– ना० [अङ्० गार्टर] मोजा राम्ररी अडचाउनका निम्ति पिडौँलामाथि बाँधिने, तन्कने र खुम्चिने फित्ता ।

**ग्याँठ१**– ना० [ग्याँटिस] रबर र धागो मिलाई बुनेको तानिने र खुम्चिने फित्ता; ग्याँटिस ।

**ग्याँठ२**– ना० [गाँठे] १. कुनै गाँठो परेको वा डल्लो वस्तु । २. ठूलो पोको वा बन्डल । – **कोपी / गोभी**– ना० गान्टे मूलाका छाँटको र तरकारी खाइने, बोटको मास्तिर डल्लो हुने एक जातको गोभी ।

**ग्याँठवाल**– वि० [ग्याँठ+वाल] फित्ताको सट्टा ग्याटिस लगाइएको; ग्याँठ भएको (जुत्ता) ।

**ग्याँस**– ना० [अङ० ग्यास] सामान्य तापमानमा तरल वा ठोस रूपमा परिणत नहुने वायुतत्त्व; विशेष गुणयुक्त वायु । ~ **इन्धन**– ना० बाफबाट तयार गरिएको इन्धनको साधन; वाष्पशक्ति । – **चुलो**– ना० ग्याँसबाट बल्ने वा चल्ने चुलो ।

**ग्याइँग्याइँ**– क्रि० वि० [अ० मू० ग्याइँ (द्वि०)] १. धेरै मानिस एकै साथ बोल्दा अस्पष्ट शब्द आउने गरी । ना० २. धेरै मानिसहरूले एकै साथ बोल्दाको आवाज; खलबल ।

**ग्याचुङगाङ**– ना० [भो०ब०] नेपालको सोलुखुम्बु जिल्लामा पर्ने ७,९२२ मिटर अग्लो एक हिमशिखर ।

**ग्यान्टो**– वि० [√ गान्टो] पुड्को; छोटोमोटो ।

**ग्यान्तका**– ना० गोदावरी फूलका जातको विभिन्न रङमा फुल्ने एक प्रकारको फूल ।

**ग्यारेज**– ना० [अङ्०] मोटरहरू राख्ने सुरक्षित ठाउँ वा घर ।

**ग्यारेन्टी**– ना० [अङ्०] १. यो कुरा यतिखेर, यसै हुन्छ वा हुँदैन भन्ने कुराको ठोकुवा; पक्कापक्की; भरपत्यार । २. कुनै मालमत्ता बिग्रने, नासिने वा हानि-नोक्सानी नहुने विश्वासका निम्ति दिइने वचन; त्यसरी कुनै खास अवधिका निम्ति लिइने मालको स्थायित्व र उम्दापनको जिम्मेवारी ।

**ग्यालन**– ना० [अङ्०] कुनै तरल पदार्थको लगभग एक पाथीबराबरको परिमाण वा नापो ।

**ग्यालिङ**– ना० [सेर्पा०] सनईजस्तो तामाको सोझो आकारको हिमाली सेर्पा लामाहरूमा प्रचलित एक प्रकारको बाजा । (लामोछोटो दुवै प्रकारको हुने यो बाजा धार्मिक कार्य तथा पूजाआजामा फुकेर बजाइन्छ) ।

**ग्याली**– ना० [अङ्०] १. छापाखानामा कम्पोज भएका टाइप सजाउने किस्ती; छापाकिस्ती । २. त्यसरी पाता बाँध्नुभन्दा पहिले छपाइशुद्धि हेर्न निकालिएको मुद्रित अक्षर (प्रुफ) । – **र्‍याक**– ना० छापाका किस्तीहरू राख्ने दराज ।

**ग्रथित**– वि० [सं०] १. बाँधिएको; उनिएको; गाँसिएको । २. रचना गरिएको; बनाइएको; रचित । ३. गाढा तुल्याइएको; जमाइएको ।

**ग्रन्थ**– ना० [सं०] १. पुस्तक; किताब । २. पहिले-पहिले पढिसकेपछि पाताहरू बासा बाँधेर राख्ने गरिएको पुस्तक वा किताब । ३. साहित्यिक, भाषिक आदि दृष्टिले कुनै महत्त्वपूर्ण ठूलो पुस्तक । ४. गाँठो; ग्रन्थि । – **कर्ता**– ना० ग्रन्थ वा पुस्तक लेख्ने व्यक्ति; ग्रन्थकार । – **कार**– ना० ग्रन्थकर्ता । – **न**– ना० १. गाँठो पारेर जोड्ने काम । २. गँसाइ; उन्ने काम । ३. ग्रन्थ वा पुस्तकको रचना गर्ने काम । – **पाल**– ना० पुस्तकालयको अध्यक्ष; पुस्तकालयाध्यक्ष; लाइब्रेरियन । > **ग्रन्थालय**– ना० ग्रन्थ वा पुस्तकहरू राखिने ठाउँ वा घर; पुस्तकालय । **ग्रन्थावली**– ना० एउटै ठाउँबाट समयसमयमा प्रकाशित हुने एक प्रकार वा एकै वर्गका पुस्तकहरूको शृङ्खला; ग्रन्थमाला ।

**ग्रन्थि**– ना० [सं०] १. धागो, डोरी आदिमा परेको वा पारिएको गाँठो । २. बन्धन । ३. उखु, बाँस आदिको आँख्लो । ४. दुई अङ्गको जोर्नी । ५. वायु आदिको विकारले गाँठा-गाँठा परेर फुल्ने एक प्रकारको रोग । ६. शरीरभित्र कोषाणुको योगले बनेको प्रत्येक गाँठो । ~ **बन्धन**– ना० १. दुई वा धेरै वस्तुलाई गाँठो पारेर एकसाथ राख्ने काम; गाँठो बाँध्ने काम । २. विवाहमा वर-बधूका बीच परस्पर घनिष्ठ सम्बन्ध कायम भएको सूचित गर्न दुवैतर्फका कपडाको छेउ बाँध्ने काम; लगनगाँठो । – **मूल**– ना० जरामा गाँठा परेर फल्ने लसुन, प्याज, सलगम आदि तरकारी जातको वनस्पति; कन्दमूल ।

**ग्रसन**– ना० [सं०] १. खाने वा निल्ने काम; भोजन । २. समाउने

काम; पक्राउ । ३. गाँस; बुजो । ४. फलित ज्योतिषअनुसार दस प्रकारका ग्रहणमध्ये अभिमानीहरूको पतन वा नाशको फल मानिने खण्डग्रहण ।

**ग्रसित–** वि० [सं०] १. मुखमा हालेर निलिएको; खाइएको । २. गाँस हालिएको । ३. समातिएको; पक्रिएको; अँठ्याइएको ।

**ग्रस्त–** वि० [सं०] १. समातिएको; पक्रिएको; अँठ्याइएको । २. पीडित; दुःखित (ज्वरग्रस्त आदि) । ३. खाइएको; निलिएको । ४. ग्रसित । > **ग्रस्तास्त–** ना० ग्रहण लाग्दालाग्दै वा पूर्ण मोक्ष नभईकनै सूर्य वा चन्द्रमा अस्त हुने ग्रहण । **ग्रस्तोदय–** ना० ग्रहण लागेको अवस्थामै सूर्य वा चन्द्रमा उदाएको अवस्था ।

**ग्रह–** ना० [सं०] १. सूर्य र सूर्यका वरिपरि घुम्ने सौर्यपरिवारकै आकाशीय पिण्ड (सूर्य, चन्द्र, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतु) । २. सूर्यको परिक्रमा गर्ने तारा । ३. लिने वा समात्ने काम; ग्रहण । ४. नौ ग्रहका आधारमा नौ सङ्ख्याको सूचक शब्द । ५. नौ अङ्गुल, नौ मात्रा, प्रादेश, सूत्रद्वार वा शक्तिबराबरको नाप । ~**गति–** ना० १. मानिसको भाग्यलाई वशमा राख्ने वा प्रभावित गर्ने भनी मानिएका नौ ग्रहको चाल वा गति । २. शुभ वा अशुभ भाग्य; दिनदशा । ~**गोचर–** ना० जन्मकुण्डलीअनुसार ग्रहको शुभाशुभ फल ।

**ग्रहण–** ना० [सं०] १. लिने वा समात्ने काम । २. कुनै कुरो स्वीकार गर्ने वा मान्ने प्रक्रिया; स्वीकार । ३. सम्झने वा बुझ्ने चाल । ४. सूर्यलाई चन्द्रमाले छेक्दा वा चन्द्रमामा पृथ्वीको छाया पर्दा देखिने कालो छाया; उपराग । – **कर्ता–** वि० १. समात्ने; पक्रने । २. लिने; प्राप्त गर्ने । ३. स्वीकार गर्ने; प्राप्ति गर्ने ।

**ग्रहणी–** ना० [सं०] १. अग्नि वा पित्तको मुख्य आधार मानिएको; पक्वाशय र आमाशयका बीचको एक नाडी । २. खाएको पदार्थ नपचेर लगातार दिसा लाग्ने एक रोग; अतिसार ।

**ग्रहणीय–** वि० [सं०] १. ग्रहण गर्न उचित; स्वीकार गर्न योग्य; लिन लायक । २. नियम वा विधिअनुकूल ।

**ग्रहतिलक–** ना० [सं०] विवाहमा पुरोहितले मन्त्रवाचन गर्दै आशिष् दिएर दुलहादुलहीलाई पालैसित लगाइने टीका ।

**ग्रहदशा–** ना० [सं०] १. जन्मकुण्डलीका कुनै स्थानमा रहेका ग्रहका प्रभावले मानिसलाई हुने शुभ वा अशुभ परिणाम । २. खराब दिन; दुर्भाग्य । ३. ग्रह-गोचरको स्थिति ।

**ग्रहदोष–** ना० [सं०] सूर्य, चन्द्र आदि ग्रहका स्थितिबाट हुने खराब फल; ग्रहगतिको दोष ।

**ग्रहनायक–** ना० [सं०] १. सूर्य । २. शनिश्चर ।

**ग्रहमैत्री–** ना० [सं०] ज्योतिषअनुसार विवाहका लागि भिडाइने वर र वधूका ग्रहका स्वामीको मित्रता वा अनुकूलता ।

**ग्रहयज्ञ–** ना० [सं०] ग्रहहरूको उग्रता वा प्रकोपको शान्तिका लागि गरिने पूजा वा यज्ञ ।

**ग्रहयुद्ध–** ना० [सं०] सूर्यसिद्धान्तका अनुसार बुध, बृहस्पति, शुक्र, शनि वा मङ्गलमध्ये कुनै एक ग्रहको चन्द्रमाका साथ अथवा उक्त ग्रहमा कुनै दुई ग्रहको एकैसाथ एउटै राशिको एउटै अंशमा एकत्र भएर खराब परिणाम दिने योग ।

**ग्रहयोग–** ना० [सं०] एकै राशिको एकै अंश वा घडीमा एकभन्दा बढी ग्रह एकत्रित हुने स्थिति ।

**ग्रहराज–** ना० [सं०] १. सूर्य । २. चन्द्रमा । ३. बृहस्पति ।

**ग्रहशान्ति–** ना० [सं०] १. ग्रहहरूको दोष हटाउनका निम्ति गरिने ग्रहको पूजा वा यज्ञ । २. विवाह-व्रतबन्ध आदि शुभ कार्यमा ग्रहको सम्भावित अरिष्ट शान्त पार्न गरिने पूजा । ३. ग्रहको प्रकोप शान्त हुने अवस्था वा भाव ।

**ग्रहस्वर–** ना० [सं०] रागरागिनी गाउँदा सर्वप्रथम प्रारम्भ गरिने स्वर ।

**ग्रहीतव्य–** वि० [सं०] लिन लायक; ग्रहण गर्न योग्य ।

**ग्राफ–** ना० [अङ्०] गणित, रसायनशास्त्र आदिको प्रणाली जाहेर गर्ने चिह्नसँग सम्बन्धित रेखाचित्र; रेखात्मक चित्र; लेखाचित्र ।

**ग्राभेल–** ना० [अङ्] सडकमा कालोपत्र लाउनुभन्दा पहिले बिछ्याइने रोडा वा ढुङ्गाका टुक्राटाक्री । > **ग्राभेलिङ–** ना० सडकमा कालोपत्र लाउनुभन्दा पहिले रोडा वा कङ्क्रिट भरेर बुल्डोजरले पेल्ने काम ।

**ग्राम१–** ना० [अङ्०] १५।४३२ ग्रेन अथवा ०.०९ तोलाको मान ।

**ग्राम२–** ना० [सं०] १. सानो-सानो बस्ती; गाउँ । २. जमात; समूह; समुदाय । ३. सङ्गीतमा वा वाद्यवादन र गायन आदिमा प्रयोग हुने शुद्ध सात स्वरहरूको समूह; सप्तस्वर; सप्तक । (यसका तीन खण्ड छन्– षडज, मध्यम र गान्धार । यी क्रमशः मन्द, मध्य र तीव्र अथवा नन्द्यावर्त, जीमूत र सुभद्र पनि भनिन्छन्) । ४. लिच्छविकालीन बस्तीको सबैभन्दा तल्लो तहको एकाइ; तल । ~**देवता–** ना० गाउँका देवता; गाउँको रक्षाका निम्ति स्थापना गरिएका वा गाउँमा पूजा गरिने देवता । – **वासी–** वि० गाउँमा बसोबास गर्ने; गाउँको बासिन्दा; गाउँले । ~**समिति–** ना० गाउँको सभा वा समिति; गाउँसमिति ।

**ग्रामीण–** वि० [सं०] १. गाउँको; ग्रामसँग सम्बन्धित । २. असभ्य; गँवार । ३. गाउँले; ग्रामवासी । ~**उद्योग–** ना० गाउँघरमा चलाइने सानाखाले उद्योग; गाउँका बासिन्दाले थोरै लागतमा गर्न सक्ने सानो किसिमको घरेलु उद्योग; लघुउद्योग ।

**ग्रामोन्मुखी–** वि० [सं०] १. गाउँतिर फर्केको; गाउँतर्फ झुकेको । २. गाउँको भलाइ चाहने; ग्रामीण जनतासित सम्बन्धित ।

**ग्रामोफोन–** ना० [अङ्०] गोल लाहाका चक्कामा भरिएको गीत यान्त्रिक प्रणालीद्वारा सुईले कोतरेर बजाइने फोनबाजा ।

**ग्राम्य–** वि० [सं०] १. गाउँसँग सम्बन्ध राख्ने; गाउँको । २. गाउँले; ग्रामीण । ३. गँवार; असभ्य । ४. फोहोर; अश्लील (शब्द) । ५. घरपाला (पशु) । ~**कर्म–** ना० गाउँलेहरूको काम वा पेसा; गाउँको कामकाज । २. स्त्रीप्रसङ्ग । ~**दोष–** ना० अशिष्ट शब्दको प्रयोग हुँदा पर्ने काव्यको दोष । ~**धर्म–** ना० १. गाउँको

र गाउँलेहरूको चालचलन वा धर्म । २. खेती; किसानी । ~पशु– ना० मानिसका नजिकमा रहने गाईबस्तु, कुकुर, सुँगुर आदि; घरपाला पशु ।

**ग्रास**– ना० [सं०] १. खाँदाखेरि एक पटकमा मुखमा हालिनेजति भोज्य वस्तु; गाँस; बुजो । २. निल्ने काम । ३. समात्ने वा पक्रने काम; ग्रहण । ४. ग्रस्त अंशको दृष्टिबाट भनिने, चन्द्र वा सूर्यको ग्रहणको स्थिति (खण्डग्रास, खग्रास, सर्वग्रास आदि) ।

**ग्राह**– ना० [सं०] १. गोही; घडियाल । २. पक्रने काम; ग्रहण । ३. सूर्य र चन्द्रमामा लाग्ने ग्रहण । ४. धारणा; ज्ञान; समझ ।

**ग्राहक**– वि० [सं०] १. लिने; समाउने । ना० २. मूल्य तिरेर कुनै वस्तु किन्ने व्यक्ति; गाहकी ।

**ग्राही**– वि० [सं०] १. लिने वा ग्रहण गर्ने । २. पक्रने; समात्ने । ३. आदरपूर्वक स्वीकार गर्ने (गुणग्राही, रसग्राही इ०) । ४. दिसा वा मल रोक्ने; गोटा पर्ने; कब्जियत गर्ने (औषधी) ।

**ग्राह्य**– वि० [सं०] १. ग्रहण गर्न लायक; लिन योग्य । २. इन्द्रियले देख्न वा सुन्न सकिने; इन्द्रियग्राह्य । ३. अनुभव गर्न सकिने; बुझ्न वा जान्न सकिने ।

**ग्रिक**– वि० [अङ्०] १. युनान देश अथवा त्यहाँका निवासीसँग सम्बन्धित; युनानी । ना० २. युनान देशका बासिन्दा । ३. युनान देशको प्राचीन भाषा ।

**ग्रिज**– ना० [अङ्०] मेसिन आदिलाई घोटिएर खिइनबाट बचाउनका लागि हाल्ने भ्यास्लिनजस्तो लेदो चिल्लो पदार्थ ।

**ग्रिमाल्दी मानव**– ना० फ्रान्सको अधिकृत क्षेत्र मानिएको गुफामा १९०१ इ०-मा पाइएको प्राचीन मानव; अरनेक मानवको उपजाति ।

**ग्रिसेली**– ना० १. भारोपेली परिवारको केन्तुम्-वर्गभित्र पर्ने एक भाषा । वि० २. ग्रिसको निवासी, ग्रिस देशसँग सम्बन्धित ।

**ग्रीक**– वि० [अङ्०] हे० ग्रिक ।

**ग्रीवा**– ना० [सं०] टाउको र धडलाई जोड्ने अङ्ग; घाँटी; गर्दन । >**ग्रीवी**– वि० १. लामो र राम्रो घाँटी हुने । ना० २. उँट ।

**ग्रीष्म**– ना० [सं०] १. छ ऋतुमध्ये ज्यादै गर्मी हुने दोस्रो ऋतु; जेठ र असार महिना; गर्मी मौसम । २. गर्मी; ताप । ~**ऋतु**– ना० १. गर्मीको समय । २. छ ऋतुमध्ये दोस्रो ऋतु । ~**काल**– ना० ग्रीष्म ऋतुको समय; गर्मी याम । ~**कालीन**– वि० ग्रीष्मकालसित सम्बन्धित; गर्मी यामको; गर्मीको मौसममा भएको । ~**क्रान्ति**– ना० सूर्य कर्कट रेखामा पुग्ने जून महिनाको एक्काइसौँ दिन; उत्तरी गोलार्द्धमा सबभन्दा लामो दिन । – **जा**– ना० नेवारी फूल; नवमल्लिका । >**ग्रीष्मावकाश**– ना० गर्मी प्रदेशमा कर्मचारी, विद्यार्थी आदिलाई नियमानुसार ग्रीष्म ऋतुमा हुने वा दिइने बिदा; गर्मीको बिदा; बर्खे छुट्टी ।

**ग्रुस**– [अङ्०] बाह्र दर्जनको समुदाय; एक सय चवालीस थान गन्तीको समूह ।

**ग्रेड**– ना० [अङ्०] स्थायी कर्मचारीले हरेक आर्थिक वर्ष भुक्तान गरेपछि सुरु तलबमाथि मासिक रूपमा पाउने थप रकम; वार्षिक वृद्धि । ~**रोक्का**– ना० कर्मचारीले पाउने मासिक वेतनमाथि वर्षैपिच्छे थप निश्चित रकम रोक्का हुने काम । ~**वृद्धि**– ना० कर्मचारीले मासिक रूपमा पाउने वेतनमाथि वर्षैपिच्छे थपिने वार्षिक वृद्धिमा अतिरिक्त रूपले अरू वर्षको पनि हुने थपवृद्धि ।

**ग्रेन**– ना० [अङ्०] झन्डै आधा रत्तीको अङ्ग्रेजी तौल ।

**ग्रेनाइट**– ना० [अङ्०] कडा, टलकदार र हल्का खैरो रङको आग्नेय चट्टान ।

**ग्रैष्म/ग्रैष्मिक**– वि० [सं०] १. ग्रीष्मको; ग्रीष्म ऋतुसम्बन्धी । २. ग्रीष्म ऋतुमा रोपिने वा पाक्ने (अन्न) ।

**ग्र्याजुएट**– ना० [अङ्०] कुनै विश्वविद्यालयबाट शास्त्री, बी० ए०, बी० कम०, बी० एस्सी० वा तत्समकक्ष कुनै परीक्षा उत्तीर्ण गरी स्नातक उपाधि प्राप्त गरेको व्यक्ति; स्नातक ।

**ग्लानि**– ना० [सं०] १. शारीरिक वा मानसिक शिथिलता; थकाइ; थकावट । २. कुनै कामको खराबी चाल पाएर हुने पछुतो; मानसिक खेद; पश्चात्ताप । ३. हतोत्साह; अनुत्साह ।

**ग्लास**– ना० [अङ्०] १. हे० गिलास । २.काँच; सिसा ।

**ग्लुकोज**– ना० [अङ्०] पानीमा रयालेर वा त्यसै खाँदा भित्र शीतल पार्ने चिनी, अङ्गुर आदिबाट रासायनिक प्रक्रियाले बनाइएको गुलियो तागतिलो धूलो ।

**ग्लोब**– ना० [अङ्०] पृथ्वीको आकारमा बनेको बाटुलो मानचित्र; पृथ्वी वा तारासमूहको डल्लो नक्सा ।

**ग्वाँक**– ना० [नेवा०] चङ्गाका दुई पखेटाको वजन मिलाउन एकातिर अड्काइने कागतको टुक्रो ।

**ग्वाँगे**– वि० [ग्वाँगो+ए] लठेप्रो; ग्वाङ्ग्रे ।

**ग्वाँगो**– ना० लठेप्रो; ग्वाङ्ग्रो ।

**ग्वाँचे**– वि० पुड्को कदको; ग्याँचे ।

**ग्वाँजे**– वि० लठेप्रो पाराको; ग्वाँगे ।

**ग्वाक**– ना० १. खेतमा कान्लामुनिको पोतेला; कान्लामुनि निस्किएको जमिन । २. बादल, कुइरो बढी लाग्ने ठाउँमा कोदाको बाला, मकैका घोगा आदि सुकाउन निश्चित ठाउँमा थन्क्याउने काम । >**ग्वाके**– ना० धानका बोटमा लाग्ने एक जातको कीरो ।

**ग्वाक्क**– क्रि० वि० [अ० मू० ग्वाक्+क] भएभरको एकैचोटि दिएर वा पाएर; डक्क; ग्वाम्म ।

**ग्वाङग्रे**– वि० [ग्वाङ्ग्रो+ए] ग्वाङग्रो ।

**ग्वाङ्ग्रो**– वि० राम्रोसित बोल्न नसक्ने; लठेप्रो ।

**ग्वाच्च**– क्रि० वि० [अ० मू० ग्वाच्+च] १. लक्कु मिलाएर (जुवामा धेरै रुपियाँपैसा थाप्ने किसिम) । २. लापर्बाहीसँग (एकमुस्ट पैसा दिने वा लिने चाल) । ३. एक्कासि (हिलो, खाल्टो आदिमा गाडिने किसिम) ।

**ग्वादग्वाद**– ना० [अ० मू० ग्वाद्(द्वि०)] भात छड्कँदाको शब्द ।

**ग्वाम्म**– क्रि० वि० [अ० मू० ग्वाम्+म] १. एकमुस्ट पारी धेरै

लिने वा दिने किसिमले; ग्वाच्च । २. स्वाट्ट हात हालेर अटाएसम्म झिक्ने चालमा । ३. अपर्झटसँग हिलो, खाल्टो आदिमा गाडिने गरी ।

**ग्वारग्वार**– क्रि० वि० [अ० मू० ग्वार्+अ(द्वि०)] १. ग्वार शब्द लगातार आउने गरी (बाटुला चीजबीज, अनाज आदि खन्याउँदा वा रूखबाट धेरै फल भुइँमा खस्ता शब्द आउने किसिम) । २. धेरै मानिस दगुरेर । >**ग्वारग्वारती**/**ग्वारग्वारी**– क्रि० वि० अफ ग्वारग्वारसँग ।

**ग्वार्र**– क्रि० वि० [अ० मू० ग्वार्+र] ग्वार शब्द एकै चोटि निस्कने चालमा ।

**ग्वारामरी**– ना० [नेवा०] पीठो डल्लो पारी फुरौलाजस्तो गरी पकाइने विशेष प्रकारको रोटी ।

**ग्वार्चा**– ना० [नेवा०] पानीरोटी ।

**ग्वार्लाम्म**– क्रि० वि० [अ० ग्वार्लाम्+म] पर्खाल, भित्तो वा तह मिलाई राखिएको वस्तु एक्कासि ढल्ने किसिमसँग ।

**ग्वाला**– ना० [सं० गोपाल] गाईबस्तु पालेर जीविका चलाउने एक जाति; अहिर ।

**ग्वाली**– ना० [नेवा०] १. जुत्ताको खुरा, हिल वा कुर्कुच्चा । २. कुर्कुच्चा ।

**ग्वालो**– ना० [सं० गोपाल] हे० ग्वाला ।

**ग्वाल्ल**– क्रि० वि० [अ० मू० ग्वाल्+ल] पानी बग्दाको जस्तो आवाज आउने गरी (गुड्ने, पेट कराउने आदि किसिम) ।

**ग्वाहा**– ना० [√ गवाह] हे० गवाह । >**ग्वाही**– ना० गवाही; साक्षी ।

# घ

**घ**– १. देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये चौथो व्यञ्जन वर्ण; कण्ठ्यस्थानबाट उच्चारण हुने, स्पर्शी, सघोष, महाप्राण व्यञ्जनवर्ण; कवर्गको चौथो वर्ण; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; घरजस्तो घ। २. लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन, उपविभाजनका निम्ति व्यञ्जनवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक चौथो चिह्न।

**घँगला**– ना० [नेवा०] उपत्यकामा लाखेनाच र राक्षसहरूको नाच गर्दा कम्मरमा बाँधेर तथा पहाडतिर धामीझाँक्रीले पनि काँध र कमरमा भिरेर बजाउने चाँपभन्दा ठूलो आकारको ताल-बाजा।

**घँगारु**– ना० ससाना पात र पहेँलो केशर हुने, सेता र साना फूल फुल्ने, गोला वा बाटुला फल फल्ने अनि ठूलठूला काँडा हुने एक बोट वा त्यसैको फल; घङारु।

**घँसिनी**– ना० [घाँस+इनी] घाँस काट्ने स्त्री; घाँस काटेर जीवन-निर्वाह गर्ने स्त्री।

**घँसिलो**– वि० [घाँस+इलो] घाँस हुने; प्रशस्त घाँस पाइने।

**घँसुवा**– वि० [घाँस+उवा] काटेको घाँस खुवाएर प्रायः बाँधेर पालिएको; हरियोपरियो घाँस खाने (गाईबस्तु)।

**घँसेटाघँसेटी**– ना० [घँसेटो+घँसेटो] खसीबाखा, गाईबस्तु आदिले डालेघाँसका पातजति खाइसकेर बाँकी रहेका डाँख्लाडुँख्लीको समूह।

**घँसेटो**– ना० [घाँस+एटो] बाखापाठा वा गाईबस्तुले पात खाइसकेर बाँकी रहेको डालेघाँसको डाँख्लो।

**घँसेनी**– ना० [घाँस+एनी] घाँस धेरै भएको ठाउँ; घाँसैघाँस भएको जग्गा।

**घँस्याइ**– ना० [√ **घँस्याउ** (+आइ)] घँस्याउने काम; घाँस खुवाउने काम वा प्रक्रिया। [▷] **घँस्याइनु**– क० क्रि० घँस्याउने काम गरिनु।

**घँस्याउनु**– स० क्रि० [घाँस+याउ+नु] घाँस खुवाउने काम गर्नु; घाँस खुवाउनु।

**घँस्यौटो**– ना० [घाँस+यौटो] १. घाँसको डाँख्लो; घाँसपातको झिक्राझिक्री। घाँस खुवाएर पालिने पशु।

**घकार**– ना० [सं०] 'घ' अक्षर; कवर्गको चौथो वर्ण।

**घकालो**– ना० बारबाट भित्र नछिरोस् भन्नाका निम्ति काठको त्रिकोणाकार जस्तो बनाई सुँगुरका घाँटीमा लगाइने वस्तु; एक प्रकारको पेरुङ्गो।

**घग्गेरानी**– ना० वरिपरि केटाकेटीको घेरा लाग्ने र बीचमा बसेका नाइकेले आफ्ना गोडा छुँदै 'यति यति पानी' भन्दा घेरा लागेर बस्नेहरूले क्रमैसँग तलदेखि माथिसम्मका विभिन्न अङ्ग देखाउँदै 'घग्गेरानी' भनेर खेल्ने एक खेल। (यस खेलमा नाइकेले टाउकामा हात पुऱ्याएपछि अरू सबै भाग्छन्। नाइके तिनीहरूलाई लखेट्छ)।

**घङघङ**– ना० [अ० मू० घङ्+अ (द्वि०)] १. भोटे कुकुर वा जङ्गी कुकुरका भुकाइको शब्द। २. घाँटीमा कफ भरिएका अवस्थामा प्रायः बूढो मान्छेले खोक्ताको आवाज। ३. खोलो गडगडाएर कराउँदाको शब्द।

**घङारु**– ना०हे० घँगारु।

**घच**– ना० १. पोखिन, ढोलिन, लोटिन आदि सम्भव हुने अप्ठेरो ठाउँ; धराप। २. थिचाइ, ठेलाइ आदि जनाउने शब्द; घच्चा। ३. कुनै कुराको विचार; जोखना।

**घचक्क**– क्रि० वि० [अ० मू० घच्>घचक्+क] कुनै वस्तु एकाएक रोकिने वा अडिने किसिम; घचक शब्द र वेग आउने गरी। (उदा०– मोटर घचक्क रोकियो)।

**घचघच**– क्रि० वि० [अ० मू० घच्+अ (द्वि०)] झ्यालढोका आदि हल्लाउँदा शब्द निस्कने चालमा। >**घचघचिनु**– अ० क्रि० घचघच हुनु। **घचघच्याइ**– घचघच्याउने क्रिया वा प्रक्रिया। **घचघच्याइनु**– क० क्रि० बारबार घचेटिनु। **घचघच्याउनु**– स० क्रि० १. बारबार हल्लाउनु; फेरिफेरि घचेट्नु वा ठेल्नु। २. बिउँझाउनलाई बारबार शरीरमा धक्का दिनु वा हल्लाउनु। ३. खोल्नका लागि झ्यालढोका आदि हल्लाउनु। **घचघच्याहट**– ना० घचघच्याउने किसिम, क्रिया वा स्थिति।

**घचमच**– ना० [अ० मू० घच्+अ (द्वि०)] भीड भई हुने ठेलमठेल; घन्चमन्च; घुइँचो।

**घचारो**– ना० [घचेट्+आरो] अटाई-नअटाई हुने खाँदाखाँद; घुइँचो; घचघच; ठेलमठेल।

**घचिलो१**– वि० [घच+इलो] घच पर्ने चालको; घचलाग्दो।

**घचिलो२**– वि० [घच्च+इलो] घच्चा लाग्ने; टाँसिएर ठेल्ने; साँघुरो।

**घचेट्-नु**– स० क्रि० १. कुनै वस्तु वा व्यक्तिलाई समातेर ठेल्नु; घचघच्याउनु; धकेल्नु; घच्याट्नु। २. बलपूर्वक ठेलेर कतैतिर सार्नु; हटाउनु। >**घचेटाइ**– ना० घचेट्ने क्रिया वा प्रक्रिया। **घचेटाइनु**– क० क्रि० घचेट्न लाइनु। **घचेटाउनु**– प्रे० क्रि० घचेट्न लाउनु; ठेलाउनु। **घचेटाघचेट**– ना० परस्परमा घचेट्ने काम परस्परको घचेटाइ। **घचेटाहट**– ना० घचेट्ने काम। **घचेटाहा**– वि० घचेट्ने काम गर्ने; पेलाहा। **घचेटिनु**– क० क्रि० घचेट्ने काम गरिनु; ठेलिनु। **घचेटो**– ना० घचेटाइ; ठेलाइ; धक्का।

**घच्का**– ना० [√ घोच] अरूलाई पीर पर्ने गरी वा छेडछाड गरेर भनिने कुरा; घोचपेच; घच्चा। – **पच्का**– ना० बाधा हुने गरी घोचेर वा बिझाएर भन्ने काम; घोचपेच; छेडछाड।

**घच्को–** ना० [घच्चा+को] कुनै कुरामा आइपर्ने बिघ्नबाधा; अड्को ।

**घच्चा–** ना० [प्रा० घस्स <सं० घर्ष] १. मर्का पर्ने गरी टाँसिएर ठेल्ने काम; भीड; घचारो । २. धक्का; बाधा । – **घच्ची–** ना० १. परस्परको ठेलाठेल । २. जुधाजुध; कुस्ताकुस्ती । **घच्च्याइ–** ना० घच्च्याउने क्रिया वा प्रक्रिया । **घच्च्याइनु–** क० क्रि० घच्चा दिइनु; धकेलिनु । **घच्च्याउनु–** स० क्रि० एकले अर्कालाई घच्चा दिनु; धकेल्नु; धक्का दिनु । **घच्च्याहट–** ना० घच्च्याउने काम वा प्रक्रिया ।

**घच्याकघच्याक–** क्रि० वि० [अ० मू० घच्याक्+अ (द्वि०)] झ्याल-ढोका आदि लगातार हल्लाउँदा आवाज आउने गरी ।

**घच्याकघुचुक–** ना० [अ० मू० घच्याक्+अ (द्वि०)] परस्परको रन्कारन्की; आफुसको लडन्त; हातमिसामिस ।

**घच्याक्क–** क्रि० वि० [अ० मू० घच्याक्+क] झ्यालढोका आदि हल्लाउँदा वा खोल्दा एकै पल्ट आवाज आउने गरी ।

**घच्याट्–नु–** स०क्रि०हे० घचेट्नु ।

**घट्–नु१–** अ० क्रि० [प्रा० घट्टई+नु] १. कुनै वस्तु धेरैबाट थोरै हुनु; घटी हुनु; कम हुनु; छोटिनु । २. मासिनु; खर्च हुनु । ३. दुब्लो हुनु ।

**घट्–नु२–** अ० क्रि० [घट+नु] १. घटना हुनु; कुनै विषय घटित हुनु; संयोगले केही काम हुनु । २. दाँज्नु; मिल्नु । ३. दृष्टान्त वा उदाहरण दिनु ।

**घट–** ना० [सं०] १. गाग्रो; घडा । २. हात्तीको गण्डस्थल । ३. हृदय । ४. कुम्भराशि ।

**घटक–** वि० [सं०] १. बीचमा रहने; मध्यस्थ । ना० २. बिहा आदिको काम मिलाउने लमी । ३.चलाकीसाथ आफ्नो काम सिद्ध गर्ने व्यक्ति; धूर्त व्यक्ति । ४. कुनै घटना घटाउने कारणतत्त्व; संरचना वा निर्माणतत्त्वको खास अवयव ।

**घटकर्पर–** ना० [सं०] विक्रमादित्यका सभाका नवरत्नमध्ये एक तथा प्रसिद्ध महाकविको नाम ।

**घटकार–** ना० [सं०] माटाका भाँडा बनाउने, कुमाले ।

**घटघट–** क्रि० वि० [अ० मू० घट्+अ (द्वि०)] ठाडो घाँटी लाएर पानी, मही आदि झोलयुक्त पदार्थ धमाधम खाने गरी वा सो खाँदा आवाज आउने चालले । > **घटघटी–** क्रि० वि० अझ छिटो वा निरन्तर हुने घटघट ।

**घटन–** ना० [सं०] १. प्रयास; प्रयत्न । २. संयोग; मेल । ३. निर्माण; रचना । ४. घटना ।

**घटना–** ना० [सं०] १. अकस्मात् भएको कुनै पनि कुरो वा कारबाई; काण्ड; पर्व । २. मारपिट; वारदात । ~ **क्रम–** ना० घटनाको सिलसिला । ~ **चक्र–** ना० १. घटनाहरूको तारतम्य; घटनापरम्परा । २. घटनाहरूको समूह । ~ **प्रधान–** वि० वस्तुपक्षप्रधान; चरित्र, मनोदशा आदिभन्दा बढी घटना र कथावस्तुलाई प्रधानता दिइएको (कृति) । > **घटनावली–** ना० घटनाहरूको समूह वा शृङ्खला; घटनाचक्र; घटनाजाल । ~ **वृत्त–** ना० कुनै पनि प्रकारका घटना घटेका कुराको सिलसिलेवार वृत्तान्त वा विवरण । ~ **वृत्त अभिलेख–** ना० घटनासम्बन्धी विवरण लेखिएको लेखोट । ~ **स्थल–** ना० घटना घटेको वा वारदात भएको ठाउँ ।

**घटबढ–** ना० [घट+बढ] घट्ने र बढ्ने काम; घटीबढी; कमबेसी ।

**घटमान–** ना० [सं०] फुटकर कविता रचना गर्न सफल तर प्रबन्ध काव्यको रचनामा सफल हुन नसकेको मुक्तक कवि ।

**घटवादन–** ना० [सं०] तबला बजाएझैं गरी माटाको गाग्रो बजाउने काम ।

**घटवारे–** ना० [घाट+वार+ए] १. घाटमा बस्ने व्यक्ति; घाटे । २. खोला, नदीमा डुङ्गा तार्ने व्यक्ति; माझी; मलाहा । ३. घाटको ठेक्का उठाउने वा जम्मा गर्ने व्यक्ति । ४. वनजाँचको चौकीमा बस्ने कर्मचारी ।

**घटस्थापना–** ना० [सं०] १. नौ दिनसम्म दुर्गाको पूजा गर्नका लागि आश्विन शुक्ल प्रतिपदाका दिन घट (कलश) स्थापना गर्ने काम । २. कुनै पनि धार्मिक क्रिया वा देवदेवीका पूजाको आयोजनामा विधिपूर्वक गरिने, पानी भरिएको घडाको स्थापना ।

**घटा–** ना० [सं०] १. प्रयत्न; उद्योग । २. समूह । ३. मेघको समूह; मेघमाला ।

**घटाइ–** ना० [√ **घट्** (+आइ)] १. घट्ने वा घटी हुने क्रिया-प्रक्रिया । २. घटना घट्ने वा मिल्ने क्रिया-प्रक्रिया । > **घटाइनु–** क० क्रि० १. घट्ने पारिनु; कम गरिनु । २. घटना घट्ने पारिनु; दाँज्ने वा मिल्ने गराइनु ।

**घटाउ–** ना० १. घटी हुने चाल । २. घटाउने काम वा क्रिया । ३. गणितमा बढी सङ्ख्याबाट अर्को सङ्ख्या झिक्ने वा कम गर्ने प्रक्रिया । > **घटाउनु–** प्रे० क्रि० १. घट्ने पार्नु; कम गराउनु । २. मासिने वा खर्च हुने पार्नु । ३. छोटो हुने पार्नु; छोट्ट्याउनु । ४. दुब्लो तुल्याउनु । ५. ठूलो अङ्क वा राशि कटाउनु । ६. घटना घट्ने पार्नु । स० क्रि० ७. दाँजिने, मिल्ने वा दृष्टान्त, उदाहरण आदि दिने काम गर्नु ।

**घटाकाश–** ना० [सं०] घडाभित्र रहेको आकाश; घडाभित्रको खाली ठाउँ ।

**घटाघट–** ना० [घट्+आ+घट्] १. मालसामान लिलाम गर्दा वा लिँदा-दिँदा एकले अरूको दाँजोमा कम गर्ने वा घटाउने काम । २. सिकिस्त बिरामी भएको स्थिति; आखिरी अवस्था; घिटीघिटी । > **घटाघटी–** ना० घटाघट ।

**घटाटोप–** ना० [सं०] १. बादलको मेहेरो; मेघमाला । २. तामदान वा म्यानाको ढाक्ने पर्दा; झापन ।

**घटिक–** ना० [सं०] १. पानीको घडा लिने व्यक्ति । २. धर्मशाला, पाटी-पौवा आदिमा पानी खुवाउने व्यक्ति ।

**घटिका–** ना० [सं०] १. चौबीस मिनेटको समय; घडी । २. पीँधमा भएका साना प्वालबाट पानी छिरेर चौबीस मिनेटमा डुब्ने जलपात्र । ३. सानो घडा; भुँड्को ।

**घटित–** वि० [सं०] १. घटना घटेको वा भएको । २. बनाइएको; रचित । ३. लक्ष्यमा लक्षण मिलाइएको । ४. अर्थ ठीक भएको ।

**घटिनु**– अ० क्रि० [घट्+इ+नु] १. घटी होइनु; कम होइनु । २. दाँजिने वा दृष्टान्त दिइने होइनु ।

**घटिया**– वि० [घट्+इया] १. कमसल खालको; कम्ती मूल्यको । २. खराब; नजाती ।

**घटी१**– ना० [सं०] १. चालीस पलाको समय; चौबीस मिनेटको अवधि; घडी । २. घण्टा, मिनेट आदि सूचित गर्ने यन्त्र; घडी । ३. सानो घडा ।

**घटी२**– वि० [घट्+ई] कम; थोरै; न्यून; अल्प । ~ **बढी**– ना० सानोठूलो; घटबढ; कमबेसी ।

**घटुवा**– वि० [घट्+उवा] घट्ने खालको; कम हुने किसिमको; नबढ्ने ।

**घटुवारे**– ना० हे० घटवारे ।

**घटेरो**– ना० [घट्ट+एरो] घट्ट राख्ने वा घट्ट चलाएर बस्ने व्यक्ति; घट्टमा काम गर्ने व्यक्ति । स्त्री० घटेर्नी ।

**घटेसी**– ना० [घाँटी+एसी] १. घाँटीमा लाइने पोतेको छोटो र सानो माला; मुगाको माला । २. घाँटीमा कसिएको डोरी; पासो । ३. ठूलो सङ्कट ।

**घट्काइ**– ना० [√ **घट्काउ** (+आइ)] घट्काउने क्रिया वा प्रक्रिया । [>] **घट्काइनु**– क० क्रि० घटघट पारिनु; घुट्क्याइनु ।

**घट्काउ-नु**– स० क्रि० [घुट्को+आउ+नु] पानी, दूध आदि तरल पदार्थ निल्नु; घटघट पार्नु; घुट्क्याउनु । > **घट्काहट**– ना० घट्काउने काम वा चाल ।

**घट्ट१**– ना० [प्रा०] पीठो पिँध्ने यन्त्र; कुलामा ल्याइएको पानीको धारले काठको पङ्खा घुमाई पीठो पिँध्ने ठूलो खालको जाँतोजस्तो साधन ।

**घट्ट२**– ना० [सं०] नदीको तीर; घाट । ~ **कर**– ना० नदी पार गर्दा लाग्ने दस्तुर; घाट तरेको कर । ~ **कुटी**– ना० घाटमा वारपार गर्दा लाग्ने दस्तुर उठाउने चौकी वा अड्डा । ~ **घुमाइ**– ना० घट्टको जस्तो घुमाइ; दुःख र झमेलामा रिङ्नुपर्ने स्थिति । – **जीवी**– ना० घाटको दस्तुर उठाएर वा घाटमा काम गरेर पेटपालो गर्ने व्यक्ति ।

**घट्टे**– वि० [घट्ट+ए] घट्टको काम गर्ने; घट्ट थाप्ने; घट्ट भएको; घट्टसम्बन्धी । ~ **कुलो**– ना० घट्ट चलाउनका लागि पानी लैजाने कुलो; एउटा घट्ट चल्न सक्ने जति पानी बग्ने कुलो । ~ **ढुङ्गो**– ना० छिरबिरे, खस्रो र जमोटजस्तो भएको घट्ट बनाउन हुने खालको ढुङ्गो ।

**घट्ती**– ना० [घट्+ती] कमी; घटी; न्यूनता ।

**घडघड**– क्रि० वि० [अ० मू० घड्+अ (द्वि०)] खस्रो वा ढुङ्ग्यान जमिनमा ठोस पदार्थ घिच्चिँदा शब्द आउने चालले । > **घडघडाइ**– ना० घडघडाउने किसिम, क्रिया वा प्रक्रिया । **घडघडाइनु**– अ० क्रि० घडघड आवाज निकालिनु । **घडघडाउनु**– अ० क्रि० खस्रो वा ढुङ्ग्यान जमिनमा कुनै ठूलो वस्तु घिसार्दा घडघड शब्द निस्कनु । **घडघडाहट**– ना० घडघड आवाज आउने चाल वा क्रिया-प्रक्रिया । **घडघडे**– वि० आफ्नो काम फत्ते पार्नका लागि जिद्दी गरिरहने; रोऱ्याइँ गर्ने; हठी । **घडघडो**– वि० आफ्नो काम फत्ते गराउन लिँडे ढिपी लिइरहने; घडघडे ।

**घडा**– ना० [सं० घट] १. पानी हाल्ने ठूलो भाँडो; गाग्रो । २. पूजा, उत्सव, साइत आदिमा सिँगारेर तथा पानी भरेर राखिने जलपात्र; कलश ।

**घडियाल**– ना० एक जातको ग्राह ।

**घडी**– ना० [सं० घटी] १. चौबीस मिनेटको समय; रातदिनको साठी भागको एक भाग । २. समय बताउने यन्त्र; मिनेट, घण्टा आदि जनाउने यन्त्र । ३. अवसर; मौका; समय । ~ **घडी**– क्रि० वि० घरीघरी; बारबार; फेरिफेरि; छिनछिनमा । ~ **चरो**– ना० प्रायः रातको प्रहर-प्रहरमा बासेर समयको सूचना गर्ने चरो; कुखुरो । ~ **फुल**– ना० घडीको डायलजस्तो गोलो एवम् बाटुलो देखिने, लहरामा फुल्ने रङ्गीबिरङ्गी खण्डखण्ड परेको वृत्ताकार फूल । – **बाज**– ना० घडी बाँधेर हिँड्ने व्यक्ति (प्रायः फुर्ती लगाउने अर्थमा); घडी लाएको वा भिरेको व्यक्ति । – **साज**– ना० बिग्रेको घडी बनाउने, सफा गर्ने वा मर्मत गर्ने व्यक्ति; घडीको काम गर्ने कालिगड । – **साजी**– ना० घडीसाजको काम; घडी बनाउने वा मरम्मत गर्ने पेसा ।

**घडेरी**– ना० [√ घर] १. घर बनाएको जग्गा; घरले चर्चेको जमिन । २. घर बनाउन लिएको जग्गा; घर बनाउने ठाउँ ।

**घण्ट**– ना० हे० घन्ट ।

**घण्टा**– ना० [सं०] १. अढाई घडीको समय; साठी मिनेटको समय; दिनरातको चौबीस भागको एक भाग । २. हातले हल्लाउँदा लङ्गुर ठक्कर खाएर बज्ने एक बाजा; घण्ट ।

**घण्टाकर्ण**– ना० [सं०] १. श्रावण कृष्ण चतुर्दशीका साँझमा पूजा गरिने एक रात्रिचर वा कल्पित राक्षस; गठेमङ्गल । २. कानमा घण्ट बाँधेर हिड्ने व्यक्ति । ~ **चतुर्दशी**– ना० श्रावण कृष्ण चतुर्दशी ।

**घण्टा घर**– ना० [घण्टा+घर] सर्वसाधारणलाई समयको ज्ञान दिलाउन केही प्रमुख स्थानमा बनाइएको चारैतिर घडी जडिएको अग्लो भवन; घण्टाको आवाज टाढासम्म पुग्ने गरी बनाइएको घडी जडिएको अग्लो घर ।

**घण्टिक**– ना० [सं०] मसिनो र लामो थुतुनो हुने गोहीका जातको एक जलजन्तु ।

**घण्टिका**– ना० [सं०] १. सानो आकारको घण्ट । २. चाँप ।

**घण्टी**– ना० [सं०] १. सानो घण्ट । २. साइकल आदिका अगाडि रहने, टिन्न बजाइने एक यन्त्र । ३. कार्यालय आदिमा टेबुलमा रहने र थिचेर बजाई पियन आदिलाई बोलावटको सङ्केत दिने यन्त्र । ४. कुनैकुनै घरमा जडिएको ढोकामा स्विच थिचेर आगमनको सूचना दिने यन्त्र ।

**घण्टे**– वि० हे० घन्टे ।

**घत**– ना० [सं० घात] १. राम्रो वा नराम्रो हुने पूर्वलक्षण; छुक । २. जोखना; आखत । ३. विचार । ४. मनमा पर्ने असर; प्रभाव ।

**घतघत–** क्रि० वि० [अ० मू० घत्+अ (द्वि०)] गाग्राबाट एकै चोटि पानी खन्याउँदा शब्द निस्कने चालमा । >**घतघतिनु–** अ० क्रि० घतघत हुनु । **घतघती–** क्रि० वि० अझ शीघ्र घतघत हुने गरी । **घतघत्याइ–** ना० घतघत्याउने काम वा प्रक्रिया । **घतघत्याइनु–** क० क्रि० घतघत पारिनु वा गराइनु । **घतघत्याउनु–** स० क्रि०/प्रे० क्रि० गाग्राबाट पानी एकै चोटि खन्याउनु; घतघत पार्नु ।

**घतविघत–** ना० [सं० घात+विघात] राम्रो वा नराम्रोको छुकविचार ।

**घत लाग्नु–** टु० चित्त बुझ्नु; चाख लाग्नु; मन पर्नु । (उदा०– लोककथा बालकहरूका लागि साह्रै घतलाग्दो हुन्छ) ।

**घती–** वि० [घत+ई] राम्रो, नराम्रोको छुक हेर्ने; जोखना गर्ने; घत निकाल्ने ।

**घतेलो–** ना० [घत+एलो] झुप्पा-झुप्पा परेको काँढा हुने एक प्रकारको रूख वा बोट ।

**घत्त–** क्रि० वि० [अ० मू० घत्+त] पानी आदि र बाक्लो तरल वस्तु एक्कासि खन्याउँदा वा पोख्ता एकै पल्ट हुत्त निस्कने गरी ।

**घत्रक्क–** क्रि० वि० [अ० मू० घत्रक्+क] कुनै ठोस वस्तु भर्दा वा खस्ता शब्द निस्कने गरी ।

**घत्र्याकघुत्रुक–** क्रि० वि० [अ० मू० घत्र्याक्+क (द्वि०)] १. कुनै जन्तु ओर्लिएको, लडेको, हिँडेको वा कुदेको आवाज आउने चालले । ना० २. त्यस किसिमको शब्द ।

**घद्रक्क–** क्रि० वि० [अ० मू० घद्रक+क] हे० घत्रक्क ।

**घद्र्याकघुद्रुक–** क्रि० वि० [अ० मू० घद्र्याक्+क (द्वि०)] १. लडन्तभिडन्त पर्दा शब्द निस्कने चालले; घत्र्याकघुत्रुक । ना० २. त्यस प्रकारको शब्द ।

**घन–** ना० [सं०] १. बादल; मेघ । २. मुखमा डल्लो परेको फलामको कडा मुङ्ग्रो । ३. खँदिलोपन; बाक्लोपन; कडापन । ४. उहीउही अङ्कको तीन पटक गुणन गर्ने क्रिया वा त्यसरी गुणन गर्दा भएको सङ्ख्या; कुनै खँदिलो वस्तुको लमाइ, चौडाइ र उचाइको गुणा गर्दा हुने सङ्ख्या । ५. वेदमन्त्रको पाठ गर्ने एक विधि । ६. ठूलो मुजुरा; घण्टा ।

**घनक्क–** क्रि० वि० [अ० मू० घनक्+क] एकै चोटि घन्कने गरी; रन्को फर्कने गरी बाजा आदि एकै साथ बज्ने चालमा ।

**घनक्षेत्र–** ना० [सं०] कुनै खँदिलो पदार्थको लमाइ, चौडाइ र मोटाइ वा गहिराइको विस्तार वा फैलावट ।

**घनघटा–** ना० [सं०] बादलको ताँती; तहतह परेको बादल; मेघमाला ।

**घनघन–** ना० [अ० मू० घन्+अ (द्वि०)] १. एक प्रकारको ठूलो डम्फु । क्रि० वि० २. बाजा आदि बज्दा घन्केर आवाज आउने गरी ।

**घनघोर–** वि० [सं०] १. उत्पातको; ज्यादै घना; धेरै बाक्लो । २. भयङ्कर; भीषण; डरलाग्दो; धूमधामको । ना० ३. बादलको गर्जाहट; मेघको गर्जना । ४. डरलाग्दो आवाज ।

**घन चक्कर–** ना० [सं० घन+चक्र] १. ठूलो भ्रम; भयङ्कर भूल । २. झमेला; झन्झट; टन्टा । ३. छुकछुके मानिस; अस्थिर वा चञ्चल बुद्धिको व्यक्ति । वि० ४. मूर्ख; बेकुफ ।

**घनज्वाला–** ना० [सं०] कालो बादलका बीच चम्कने बिजुली; चटचाङ पर्दा निस्कने प्रकाश ।

**घन टाउके–** वि० [घन+टाउके] घनजत्रो अर्थात् ठूलो टाउको हुने; टाउके; घन्टाउके ।

**घनता–** ना० [सं०] घना हुनाको स्थिति; बाक्लोपन; खँदिलोपन; घनत्व ।

**घनत्व–** ना० [सं०] १. घनता । २. कुनै नापको एकाइभित्रको सङ्ख्या; कुनै वस्तुको लम्बाइ, चौडाइ, मोटाइ वा गहिराइको परिमाण वा औसत नापो । **– वाद–** ना० १. साहित्यमा, लम्बाइ, चौडाइमात्र नभएर गहिराइमा विश्वास गर्ने र कलात्मक एकतामा सम्पूर्णता हुनुपर्छ भन्ने, अनि मूर्ततामाभन्दा अमूर्ततामा विश्वास गर्ने एक सिद्धान्त । २. विश्वसाहित्यमा देखा परेको र नेपालीमा तेस्रो आयामको साहित्यिक दर्शन बनेको त्यसै व्यापकतालाई अँगाल्न खोज्ने वाद वा सिद्धान्त । **– वादी–** वि० घनत्ववादमा कलाको निर्माण गर्ने; घनत्ववादको अनुयायी ।

**घनन–** क्रि० वि० [अ० मू० घन्+अ (सात०)] लगातार घन्कने ढङ्गले; ठूलो आवाज घन्केर आउने चालमा ।

**घननाद–** ना० [सं०] मेघको गर्जना; मेघनाद; चटचाङचुटुङ ।

**घनफल–** ना० [सं०] १. लम्बाइ, चौडाइ र मोटाइ वा गहिराइको गुणनफल । २. कुनै अङ्कलाई त्यही अङ्कले पालैसित दुई पटक गुणन गर्दा निस्कने गुणनफल ।

**घन फुट–** ना० [घन+फुट] १ X १ X १ अर्थात् उचाइ, चौडाइ र मोटाइ वा गहिराइ एकएक फुट भएको वस्तु वा त्यस्तो नाप; क्युबिक फुट ।

**घन मण्डल–** ना० [सं०] पृथ्वीको बनोटमा सबभन्दा भित्रपट्टिको खण्ड ।

**घन मिटर–** ना० [घन+मिटर] उचाइ, चौडाइ र गहिराइ वा मोटाइ सबै एकएक मिटर भएको वस्तु वा नापो ।

**घनमूल–** ना० [सं०] कुनै घनराशिको मूल अङ्क । (उदा०– २७ को घनमूल ३ हो) ।

**घनरस–** ना० [सं०] १. आकाशबाट परेको पानी; जल । २. अरक; रक्सी । ३. कपूर । ४. हात्तीलाई लाग्ने एक प्रकारको रक्तरोग ।

**घनवर्धन–** ना० [सं०] धातु आदिलाई पिटेर फराकिलो वा ठूलो पार्ने काम । >**घनवर्धनीयता–** ना० पिट्ताखेरि ठूलो हुने वा बढ्ने धातु आदिको गुण ।

**घनश्याम–** ना० [सं०] १. कालो बादल । २. राम । ३. कृष्ण । वि० ४. पानी बोक्ने बादलजस्तो कालो ।

**घन श्रेणी–** ना० [सं०] बादलको ताँती; मेघमाला ।

**घन सेन्टिमिटर–** ना० [घन+सेन्टिमिटर] १ X १ X १ सेन्टिमिटरको

वस्तु वा नाप ।

**घना–** वि० [सं०] १. भ्याम्म परेको; वरपरबाट नजिकिँदै जोडिएको; बाक्लो । २. खाँदिएको; सघन । ३. धेरै; प्रशस्त; छेलोखेलो ।

**घनाकार–** ना० [सं०] लमाइ, चौडाइ तथा मोटाइ (उचाइ वा गहिराइ) बराबर भएको आकृति ।

**घनात्मक–** वि० [सं०] १. लम्बाइ, चौडाइ र मोटाइ बराबर हुने । ना० २. लम्बाइ, चौडाइ र मोटाइका गुणनबाट निस्केको फल । **– ता–** ना० घनात्मक हुनाको भाव वा स्थिति ।

**घनान्धकार–** ना० [सं०] घोर अन्धकार; गाढा अँध्यारो; चुक घोप्टचाएजस्तो अँध्यारो ।

**घनिघसाइ–** ना० [सं० घन+घसाइ] चर्को मिहिनेत; कठोर परिश्रम ।

**घनिष्ठ–** वि० [सं०] १. ज्यादै नजिकको; निकटको । २. खूब घना; बाक्लो । **– ता–** ना० घनिष्ठ हुनाको भाव वा स्थिति; सामीप्य; निकटता ।

**घनीभाव–** ना० [सं०] १. गाढा हुनाको भाव; घनत्व, घनता । २. एकै ठाउँमा थुप्रो लाग्ने काम; केन्द्रीभूत भाव ।

**घनीभूत–** वि० [सं०] १. घना भएको; साह्रो; जमेको । २. केन्द्रीभूत । ३. गाढा; बाक्लो ।

**घनू–** वि० हे० घना ।

**घनेरा–** वि० [घना+एरा] १. प्रशस्त; मनग्गे; ज्यादा; धेरै । ना० २. थुप्रो; रास । ~**बात–** ना० जसो होला भन्ने ठूलो आँट; हिम्मत; साहस ।

**घनौटो–** ना० [घन+औटो] गोल चलाउने अङ्कुसे परेको हतियार ।

**घन्क-नु–** अ० क्रि० [घनक्क+नु] १. धेरै जनाले एकैसाथ बोल्दा, पाठ गर्दा वा लोली मिलाउँदा ठूलो आवाज आउनु; धेरै बाजा एकै चोटि बज्दा ठूलो स्वर निस्कनु । २. रन्को छुट्नु; प्रतिध्वनि निस्कनु । > **घन्काइ–** ना० घन्कने क्रिया वा प्रक्रिया । **घन्काइनु–** क० क्रि० घन्कने पारिनु । **घन्काउनु–** प्रे० क्रि० घन्नघन्न आवाज निकाल्नु; घन्कने पार्नु । **घन्किनु–** अ० क्रि० घन्न आवाज निस्कनु; घन्कनु । **घन्को–** ना० घन्केको ध्वनि; घन्काइ; रन्को । **घन्क्याइ–** ना० घन्किने क्रिया वा प्रक्रिया । **घन्क्याइनु–** क० क्रि० घन्किने पारिनु । **घन्क्याउनु–** प्रे० क्रि० घन्किने पार्नु; घन्किन लाउनु । **घन्क्याहट–** ना० घन्कने चाल वा किसिम; घन्क्याइ ।

**घन्चमन्च–** ना० [√ घचमच] धेरै मानिसको ठेलमठेल; घचमच; घचारो; घुइँचो ।

**घन्ट–** ना० [सं० घन्टा] देवदेवीको पूजाआजा गर्दा हातले हल्लाई बजाइने रालो भएको बाजा; घण्टा ।

**घन्टाउके–** वि०हे० घनटाउके ।

**घन्टे–** वि० [घन्ट+ए] १. घण्टजस्तो; घण्टका आकारको । ना० २. सेतो वा रातो रङमा फुल्ने, घण्टजस्तो देखिने, एक प्रकारको फूल ।

**घन्टेसो–** ना० [घण्ट+एसो] १. घाँटीको गिर्खो; गाँड । २. किलकिले ।

**घपना–** ना० कुनै भाँडोमाथि घोप्टो पारेर छोपिने बिर्को; ढकना । > **घपनी–** ना० सानो घपना; ढकनी ।

**घपु–** ना० [अ० मू० घप्+उ] ना० १. जुवामा गन्दै नगनी धेरै रुपियाँपैसा थाप्ने काम; घप्पु । २. थप्ने काम; थप ।

**घप्प–** क्रि० वि० [अ० मू० घप्+प] एकै पल्ट घोप्टचाउने वा पोख्ने किसिमले ।

**घप्पु–** ना० १. लङ्गुरबुर्जा खेल । २. घपु ।

**घबडाइ–** ना० [√ **घबडाउ** (+आइ)] घबडाउने भाव, क्रिया वा प्रक्रिया । [≥] **घबडाइनु–** अ० क्रि० हे० घबराइनु ।

**घबडाउ-नु–** अ० क्रि० [प्रा० घुण्डई] हे० घबराउनु । > **घबडाहट–** ना० घबराहट ।

**घबराइ–** ना० [√ **घबराउ** (+आइ)] घबराउने क्रिया वा प्रक्रिया । [≥] **घबराइनु–** अ० क्रि० घबराउने होइनु; हडबडाइनु ।

**घबराउ-नु–** अ० क्रि० [√ घबडाउनु] १. दुःख वा डरबाट मन विचलित हुनु; हडबडाउनु । २. अत्यासमा पर्नु; आत्तिनु । > **घबराहट–** ना० घबराउने स्थिति, क्रिया वा प्रक्रिया ।

**घमन्ड–** ना० आफआफ्नो बुद्धि, बल र सामर्थ्यलाई बेसी महत्त्व दिएर अरूलाई हेय ठानिने अहंभावनाको अनुचित तथा उग्र रूप; अभिमान; सेखी; तुजुक, अहङ्कार; मैमत्ता । > **घमन्डी–** वि० घमन्ड भएको; घमन्ड गर्ने; तुजुकी; सेखीवाल; अभिमानी ।

**घमाइलो–** वि० [घाम+आइलो] लामो झरी वा बदली उघ्रिएर घाम लागेको; घाम लागेको; घाम लाग्ने भएको; पहारिलो ।

**घमाउ-नु–** अ० क्रि० [घाम+आउ+नु] घामले बेसरी तात्नु; टट्टाउनु ।

**घमास–** ना० [सं० घर्मांश] वर्षाकालमा हावा नचल्दा हुने गुम्स्याहट; उकुसमुकुस हुने गर्मी ।

**घमासान–** ना० [अ० मू० घम्+सान] ठूलो डरलाग्दो लडाइँ वा झगडा; घम्साघम्सी ।

**घमौरा–** ना० [घाम+औरा] गर्मी याममा पसिनाबाट उछ्रने साना बिमिरा; गर्मीबाट छालामा आउने मसिना खटिरा ।

**घम्साघम्सी–** ना० [√ घमासान] परस्परको लुछाचुँडी; मारामार; सङ्घर्ष; मुठभेड; ठूलो लडाइँ ।

**घर–** ना० [प्रा०] १. गारो लगाई छानु हालेर बनाएको मानिस बस्ने ठाउँ; गृह; आलय; भवन; निकेतन; निवासस्थान; आवास । २. खाना; कोठा (थर्की आदिको) । ३. कुण्डलीमा ग्रहको आफ्ना राशिको स्थान । ४. गृहस्थीको व्यवस्था; गृहस्थी । ५. पतिगृह । ~**आँगन–** ना० १. घर र आँगन; घरको आँगन । २. धेरै नजिकको ठाउँ; आँखाकै सामुन्नेको ठाउँ । ~**कटेरो–** ना० मानिस बस्ने घर र गाईबस्तु बाँध्ने वा सरसामान राख्ने कटेरो । ~**केटो–** ना० छोरी बिहा गरेर दिनलाई हेरिने केटो वा त्यस्तो केटो र उसका घरको स्थिति । ~**खर्च–** ना० घर-गृहस्थी चलाउनका निम्ति लाग्ने वा लागेको रुपियाँ, पैसा आदि सम्पत्ति । ~**खानु–** ट० १. पतिका घरमा पठाइएकी छोरी-चेलीले सो

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



घरको कामधन्दा राम्ररी चलाउनु; बुहारीले राम्रोसँग घरको काम गर्नु । २. घरमा आगो लाग्नु; आगाले घर भस्म पार्नु । ~ **खायल–** ना० घर बनाउने ठाउँ; घर बनाएर बस्न पुग्ने जमिन; घरघडेरी । ~ **खेत–** ना० १. घर र खेत; घरजग्गा; घरबास; गाँसबास । २. सर्वस्व । ~ **खेती–** ना० घर र खेती; घरखेत । **– खोप्री–** ना० केटाकेटीहरूले साना ढुङ्गाको घर बनाई खेल्ने एक खेल वा त्यस्तो खेलौना । ~ **गन्ती–** ना० घरको गन्ती; प्रत्येक घर । ~ **गाउँले–** ना० बिहामा दुलहीपट्टिका गाउँलेहरूलाई भनिने शब्द; दुलहीका दाजुभाइ । ~ **गृहस्थ–** वि० घरगृहस्थी भएको; घरजम भएको वा घरजम गरेर बसेको; गृहस्थ । ~ **गृहस्थी–** ना० १. घरजम । २. घर र घरका सबै सरसामान । ~ **गौँथली–** ना० घरका दलिनहुँदो माटाको गुँड लगाएर बस्ने एक प्रकारको चरो । ~ **घडेरी–** ना० घर र त्यसले चर्चेको जग्गा-जमिन ।

**घरघर–** क्रि० वि० [अ० मू० घर्+अ० (द्वि०)] गाडी आदि चल्दा शब्द आउने किसिमले; साह्रो र ढुङ्ग्यान जमिनमा गह्रौं र ठोस बस्तु घिस्सिँदा आवाज आउने गरी । >**घरघराइ–** ना० घरघराउने क्रिया वा प्रक्रिया । **घरघराइनु–** अ० क्रि० घरघर शब्द निक्लिनु । **घरघराउनु–** अ० क्रि० घरघर शब्द आउनु ।

**घर घराना–** ना० [घर+घराना] १. घर र जेथा; घर र घरका सरसामान । २. घरसार; घरायस; घैघराना ।

**घरघराहट–** ना० [घरघराउ+आहट] घरघर गर्ने चाल वा किसिम ।

**घरघरि-नु–** अ० क्रि० [घरघर+इ+नु] घरघर शब्द निक्लिनु ।

**घरघरे–** वि० [घरघर+ए] घरघर शब्द गर्ने ।

**घर घुरिया–** ना० [था०] थारूजातिका परिवारको नाइके; घरको मूली ।

**घरङ्घाट–** ना० [घर न घाट] १. घरगृहस्थी बिग्रँदै गएको अवस्था; आर्थिक स्थिति घर्कंदै गएको चाल; ओरालो लाग्ने काम; अवनति । २. सर्वनाश; सत्यानाश ।

**घर जग्गा–** ना० [घर+जग्गा] घर र खेतबारी । ~**कर–** ना० घर र जग्गामा लाग्ने नियम-कानुनबमोजिमको निर्धारित कर । **– वाला–** ना० घर र जग्गाको मालिक वा स्वामी; घर र जग्गाको धनी ।

**घरजम–** ना० [घर+जम्] घरबार तथा परिवारसमेतको बन्दोबस्त गरेर बस्ने काम; घर-गृहस्थी; गृहस्थाश्रम ।

**घर जुवाइँ/घर ज्वाइँ–** ना० [घर+जुवाइँ/ज्वाइँ] ससुरालीमा बसेर जीविका चलाउने जुवाइँ ।

**घर झगडा–** ना० [घर+झगडा] घरभित्र हुने झगडा वा बाझो; गृहकलह ।

**घर झारो–** ना० [घर+झारा] प्रत्येक घरबाट मद्दत लिने काम; घरलौरी ।

**घर तरुल–** ना० [घर+तरुल] १. पानका जस्ता पात हुने, मञ्जरीजस्तो फूल फुल्ने र गिट्ठाजस्ता खैरा फल फल्ने, लामा र विभिन्न रङका कन्द हुने एक लहरो । २. त्यसैको कन्द वा गानो ।

**घरदर–** ना० [घर+दर] १. जनगणना; जनगणनासम्बन्धी काम । २. घरको सङ्ख्या; घरधुरी ।

**घरद्वार–** ना० [घर+द्वार] घरबार; घरबास ।

**घरधनी–** ना० [घर+धनी] घरको मालिक; गृहस्वामी; गृहपति ।

**घर धन्दा–** ना० [घर+धन्दा] घरको कामकाज; घरेलु व्यवहार; घरेलु धन्दा; घरायसी काम; कोठेधन्दा ।

**घरपटी/घरपट्टी–** ना० [घर+पति] घरको मालिक; घरधनी; गृहपति; गृहस्वामी ।

**घर पाइक–** ना० [घर+पाइक] घरको नजिक; घरको छेउछाउ ।

**घर पारुवा–** वि० ना० अन्न तथा फलफूल आदिबाट पारम्परिक घरेलु प्रविधिद्वारा तयार पारिएको रक्सी ।

**घरपाला/घर पालुवा–** वि० [घर+पाल] घरमा पालेको वा पालिने; घरेलु (पशुपक्षी आदि) । ~**मौरी–** ना० घरका बारी, बगैंचा आदि ठाउँमा पालिने र चाकाबाट धेरै मह र थोरै मैन प्राप्त हुने एक प्रकारको मौरी ।

**घर पैँचो–** ना० [प्रा० घर+पवेसो] १. नयाँ घरको प्रतिष्ठा; घरको वास्तुकर्म । २. बाहिरफेरको लिनुदिनु नभई घरैमा गरिएको पैँचो वा सापटी ।

**घरफोरा–** वि० [घर+फोरा] १. घरको भेद शत्रुलाई बताउने; घर बझाउने वा घरमा फुट ल्याउने । २. घर फोर्ने; चोरी गर्ने ।

**घर बन्दी–** ना० [घर+बन्दी] घरमै थुनेर राख्ने काम; घरबाहिर जान नदिने गरी लगाइने बन्देज ।

**घरबार–** ना० [घर+बारी] १. घर र बारीको बन्दोबस्त; घरजम; घरगृहस्थी । २. विवाह ।

**घर बारी–** ना० [घर+बारी] घर र खेतीपाती; घर र घरवरिपरिको जमिन; गृहस्थी । ~**सन्न्यासी–** ना० १. जोगी र जोगिनीबाट जन्मेको व्यक्ति; जन्मदेखि नै सन्न्यासी । २. घरबार गरी बसेको सन्न्यासी; गृहस्थ सन्न्यासी ।

**घर बास–** ना० [घर+बास] आफू बस्ने घर; रासोबासो; घरबार ।

**घर बिदा–** ना० [घर+बिदा] सरकारी वा कुनै पनि संस्थानका कर्मचारीले सालभरमा नियमले तोकेबमोजिम घर बस्न पाउने बिदा ।

**घरबुना–** ना० [घर+बुन्] घरेलु तानमा तयार गरिने एक जातको मोटो कपडा; खाँडी; खादी ।

**घरबेटी–** ना०हे० घरभेटी ।

**घर भँडुवा/घर भाँडा–** वि० [घर+भँडुवा/भाँडा] १. घर-परिवारमा नचाहिँदा झमेला झिकेर घर भाँड्ने काम गर्ने; घरको मूली वा मालिकका अदबमा नरही जथाभाबी गरेर अरू जहानको मन बिगार्ने । ना० २. त्यस्तो किसिमको मानिस ।

**घर भाडा–** ना० [घर+भाडा] आफ्नो घर अरू कसैलाई निश्चित वा केही समयका लागि चलन गर्न दिएबापत पाइने बहाल;

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



महसुल; किराया ।

**घरभेटी–** ना० [√ घरपट्टी] १. घरजग्गाको धनी; घरको मालिक; घरबेटी । २. भाडा तिरेर घरमा बस्नेहरूले घरधनीलाई भन्ने शब्द; घरपट्टी ।

**घरमठाकुर–** ना० धिमालजातिका ग्रामदेवता ।

**घरवाला–** ना० [घर+वाला] घरको मालिक; घरपट्टी; घरबेटी ।

**घरसङ्गा–** ना० [घर+सं० सन्धान] घर बनाउन चाहिने मालसामान (खाँबो, बलो आदि काठपात) । >**घरसङ्गी–** ना० घरसङ्गा ।

**घर साङ्लो–** ना० प्रायः दही, दूध भएका घरमा हुने कैलो-कैलो रङको साङ्लो ।

**घर सापटी–** ना० घरखर्चका निम्ति एक घरका मानिसले अर्का घरका मानिससँग लिने सापटी ।

**घरसार–** ना० [घर+सार] १. घरायसी काम; घरधन्दा । २. घरगृहस्थी; घरजम; घरायस । – **को–** वि० घरमा गरिएको वा लेखिएको (लिखत); घरसम्बन्धी ।

**घरान१–** ना० [√ घराना] घरको सम्पत्ति तथा मर्यादा; वंश; कुल; खानदान ।

**घरान२–** ना० कपडा आदिको लमाइ र चौडाइको नाप ।

**घराना–** ना० [घर+आना] १. उच्च कुल; प्रसिद्ध खानदान । २. वंश; कुल ।

**घरानियाँ–** वि० [घरान+इयाँ] १. ठूलो कुलको; घरानको; खानदानी; कुलीन । २. कुलको; वंशको ।

**घरानी–** वि० [घरान+ई] घरानियाँ ।

**घरायस–** ना० [√ घर] गाउँघर; घरसार । >**घरायसी–** वि० घरसारको; घरैमा हुने वा गरिने (लिखत आदि); घरेलु ।

**घरिना–** ना० [सं० गृहिणी] १. पत्नी; स्वास्नी । २. घरपट्टी महिला ।

**घरिया–** ना० [सं० घटिका] सुनचाँदी गाल्ने माटाको भाँडो ।

**घरियाल–** ना० [सं० कुम्भीर] एक जातको ग्राह; घडियाल ।

**घरी१–** ना० [√ घारी] केराका काइँया भएको सिङ्गो भुप्पो; डाँठसमेतका केराका काइँयाहरूको ठूलो गुच्छो ।

**घरी२–** ना० [√ घडी] घडी; थोरै समय; एकै छिन । – **को घराँस–** ना० आतुरीको बेला । ~ **घरी–** क्रि० वि० १. छिनछिन; थोरथोरै समयमा । २. बारम्बार; बारबार; पटक-पटक; घडीघडी ।

**घरुवा–** ना० [घेर्+उवा] वरिपरि डिल पारी बीचको पानी उल्फेर माछा मार्न वा समात्न बनाइएको ठाउँ ।

**घरेलु–** वि० [घर+एलु] १. घरको; घरसम्बन्धी; घरायसी । २. घरमा पालिने वा पालिएको; घरपालुवा । ~**इलम–** ना० आफ्नै घरमा बसी-बसी गर्न सकिने सानो खालको उद्योग वा शिल्प; घरेलु उद्योग । ~**उद्योग–** ना० १. घरेलु इलम; घरमा स्थापना गर्न सकिने वा घरधन्दाको कामबाट फुर्सत भएका बेला काम गरिनेससानो उद्योग; परम्परागत प्रविधिअनुसार जात-जातविशेषले प्रयोग गर्दै आएका ससाना उद्योग । २. बढीमा दुई लाखसम्मको स्थिर पुँजी लगानी गरेर चलाइने उद्योग; कुटीर उद्योग ।

**घरेस–** ना० [घर+एस] गृहप्रबन्ध (दिव्योपदेश) ।

**घर्क-नु–** अ० क्रि० १. घट्तै जानु; सिद्धिँदै जानु; घहरिनु । २. खस्कनु; अवनति हुनु । ३. ढल्कनु; बित्तै जानु । ४. एक ठाउँबाट अर्को ठाउँमा सुइँकिनु; भाग्नु । >**घर्काइ–** ना० घर्कने काम वा प्रक्रिया । **घर्काइनु–** क० क्रि० घर्कन लाइनु । **घर्काउनु–** प्रे० क्रि० घर्कन लगाउनु । **घर्काहट–** ना० घर्कने काम वा अवस्था । **घर्काहा–** वि० घर्कने खालको । **घर्किनु–** अ० क्रि० घर्कने होइनु । **घर्क्याइ–** ना० घर्किने क्रिया वा प्रक्रिया ।

**घर्घर–** ना० [सं०]१. गाडा, बग्गी आदिको आवाज । २. सुतेका मानिस घुर्दा आउने आवाज । ३. हे० घरघर ।

**घर्घरिका–** ना० [सं०]१. मही पार्ने ठेको । २. एक प्रकारको पुरानो बाजा ।

**घर्ती–** ना० [सं० गृह+ऐति] १. नेपालमा दासत्वबाट मुक्त भएपछि बनेको एक वर्ग । स्त्री० घर्तिनी । २. क्षत्रीको एक थर । > **घर्तेना–** ना० घर्तीजातकी स्त्रीलाई आदर जनाउँदा प्रयोग हुने शब्द; घर्तिनी ।

**घर्म–** ना० [सं०]१. घाम । २. गर्मी । ३. ग्रीष्म ऋतु; गर्मी याम ।

**घर्‍याँस–** ना० [घरी+याँस] घर्केको बेला; थोरै समय । (उदा०– एकै छिनमा घरीको घर्‍याँस भइहाल्यो) ।

**घर्र–** क्रि० वि० [अ० मू० घर्+र] गह्रौं र खँदिलो वस्तु घिस्स्याउँदा आवाज आउने गरी ।

**घर्रा–** ना० [घर्र+आ] दराज, टेबिल आदिमा मालसामान राखिने, तानेर खोल्न हुने खण्ड ।

**घर्ष–** ना० [सं०]१. रगडाइ; रगेडा; रगड्ने काम; घर्षण । २. पिँध्ने काम; पिँधाइ । >**घर्षक–** वि० १. रगड्ने; घोट्ने । २. पिँध्ने । **घर्षण–** ना० १. रगड्ने काम; रगेडाइ; घोटाइ । २. पिँध्ने काम; पिँधाइ । ३. कुनै ठोस पदार्थ ढल्दा निस्कने सापेक्ष शक्ति । **घर्षित–** वि० १. घोटिएको; रगेडिएको; दलिएको । २. पिँधिएको ।

**घलघल–** ना० [अ० मू० घल्+अ (द्वि०)] पेटमा वायु भरिएर कराउने किसिमले; तरल पदार्थ पोखिँदा वा खन्याउँदा शब्द निस्कने गरी । >**घलघलती/घलघली–** क्रि० वि० अभ्र घलघल शब्द गर्ने किसिमले ।

**घला–** ना० [भो० ब०] हिमाली प्रदेशतिर बढी प्रचलित, पाखीबाट तयार पारिएको लोग्नेमानिसले लाउने पोसाक ।

**घले–** ना० गुरुङजातिको एक थर ।

**घलेक–** ना० [भो० ब०] १. गुरुङसेनीहरूले पिठिउँमा गादोजस्तै गरी भिर्ने कपडा । २. दौरा; पेटाङे (प० ने०) ।

**घल्चा–** ना० [सं० घट+नेवा०चा] तामा, पित्तल आदिको एक हातले उचाल्न सकिने सानो गाग्री । >**घल्ची–** ना० सानो घल्चा ।

**घल्ल–** क्रि० वि० [अ० मू० घल्+ल] पेटमा वायु भरिएर कराउने किसिमले; तरल पदार्थ पोखिँदा वा खन्याउँदा शब्द निस्कने गरी । ~ **घल्ल–** क्रि० वि० त्यस्तो शब्द आइरहने किसिमले ।

**घस्-नु–** स० क्रि० [सं०घर्ष्+नु] १. बिस्तारै दल्नु वा रगड्नु । २. मालिस गर्नु; तेल लगाउनु । ३. लिप्नु (घर, चुलो, आँगन इ०) ।

**घसक्क–** क्रि० वि० [अ० मू० घसक्+क] यताउति घस्कने चालमा ।

**घसघस–** ना० [अ० मू० घस्+अ (द्वि०)] गह्रुँगो वस्तु घिसिँदा शब्द आउने क्रिया वा किसिम । >**घसघसी–** क्रि० वि० त्यस्तो शब्द आउने गरी ।

**घसघास–** ना० [घस्+घस्] घस्ने आदि काम ।

**घसरपसर–** ना० [घाँसपात] १. कसिङ्गर बढारेर फ्याँकिने घाँस, पराल, कागत आदिका फोहर टुक्रा; निकृष्ट वस्तु । २. नचाहिँदो कामकाज; झन्झटको काम । क्रि० वि० ३. कुनै वस्तु वा सामान खजमजिने किसिमले; घस्याङघुसुङ । वि० ४. चाँजोपाँजो नमिलेको; प्रबन्ध नभएको; अव्यवस्थित ।

**घसरमसर–** वि० हे० घसरपसर ।

**घसाइ–** ना० [√ **घस्** (+आइ)] घस्ने क्रिया वा प्रक्रिया । [>] **घसाइनु–** क० क्रि० घस्न लाइनु । **घसाउनु–** प्रे० क्रि० घस्न लाउनु ।

**घसार्-नु–** स० क्रि० [सं०घृष्+नु] १. कुनै खँदिलो वस्तुलाई भुइँमा घस्रने गरी तान्नु; घिसार्नु । २. लिपपोत गर्नु; लिप्नु; पोत्नु । ३. मालिस गर्नु; घस्नु । ४. घस्टचाउनु । >**घसाराइ–** ना० घसार्ने काम वा प्रक्रिया । **घसारिनु–** क० क्रि० घसार्ने काम गरिनु ।

**घसिट–** ना० [√ घसेट्] डिको नदिई छिटोछिटो लेखिएको लेख, खेस्रा वा साधारण ढङ्गको टिपोट ।

**घसिनु–** क० क्रि० [घस्+इ+नु] घस्ने काम गरिनु; लिपिनु ।

**घसेउटो–** वि० [घाँस+एउटो] १. काम नलाग्ने; रद्दी; बेकम्मा । ना० २. घस्यौटी ।

**घसेउटी–** ना० तेल घस्ने स्त्री; घसेटी ।

**घसेट्-नु–** स० क्रि० [सं० घृष्ट] १. चाँडो-चाँडो लेख्नु; घसिट लेख्नु । २. घसार्नु; घिसार्नु । >**घसेटाइ–** ना० घसेट्ने काम वा प्रक्रिया । **घसेटाइनु–** क० क्रि० घसेट्ने काम गरिनु । **घसेटाउनु–** प्रे० क्रि० घसेट्न लाउनु; छिटो-छिटो लेखाउनु । **घसेटिनु–** क० क्रि० घसेट्ने काम गरिनु ।

**घसेटी–** ना० हे० घसेउटी ।

**घसेटो–** ना० [घस्+एटो] तेल लगाउँदा वा फोहोर काम गर्दा लगाउने धोती ।

**घसेडी–** ना० [घाँस+एडी] पशुले खाएको घाँस रहने झिक्रो ।

**घस्क-नु–** अ० क्रि० [घसक्क+नु] मन नपरेको मानिस अन्त जानु; अन्भरिनु । >**घस्काइ–** ना० घस्कने भाव, क्रिया वा प्रक्रिया । **घस्काइनु–** क० क्रि० घस्कने पारिनु । **घस्काउनु–** प्रे० क्रि० घस्कन लाउनु । **घस्काहट–** ना० घस्कने काम वा चाल; घस्काइ । **घस्काहा–** वि० घस्कने; अन्भरिने । **घस्किनु–** अ० क्रि० घस्कनु । **घस्क्याइ–** ना० घस्किने किसिम, क्रिया वा भाव ।

**घस्ट-नु–** अ० क्रि० [सं० घृष्ट+नु] १. लुगाफाटा आदिलाई जथाभाबीसँग उपयोग गर्दा पुरानो हुनु; थोत्रो हुनु । २. मैलो हुनु । >**घस्टाइ–** ना० घस्टने क्रिया वा प्रक्रिया । **घस्टाइनु–** क० क्रि० घस्टाउने काम गरिनु । **घस्टाउनु–** प्रे० क्रि० घस्टने पार्नु । **घस्टिनु–** अ० क्रि० घस्टने काम हुनु; घस्टनु । >**घस्टचाइ–** ना० घस्टिने क्रिया वा प्रक्रिया । **घस्टचाइनु–** क० क्रि० घस्टिने पारिनु । **घस्टचाउनु–** प्रे० क्रि० घस्टिने पार्नु ।

**घस्याङघुसुङ–** ना० [अ० मू० घस्याङ्+अ (द्वि०)] १. काम नलाग्ने चीजबीज; रद्दी वस्तु वा खानेकुरो । क्रि० वि० २. हे० घसरपसर ।

**घस्यानी–** ना० [घाँस+यानी] घाँस हुने ठाउँ; घाँस पाइने बारी वा खर्क ।

**घस्यौटी–** वि०हे० घसेउटो ।

**घस्यौटो–** ना० १. घाँस, झारपात उम्रेको अथवा फोहर थुप्रिएको ठाउँ । वि० २. हे० घसेउटो ।

**घस्र-नु–** अ० क्रि० [सं० घृष्ट] भुइँमा रगडिने गरी हिँड्नु; भुइँमै टाँसिएर अगाडि सर्नु; घिस्रनु । >**घस्राइ–** ना० घस्रने क्रिया वा प्रक्रिया । **घस्राइनु–** क० क्रि० घस्रन लाइनु । **घस्राउनु–** प्रे० क्रि० घस्रन लाउनु; रगडाउनु । **घस्रिनु–** अ० क्रि० १. घस्रनु । २. घिस्रिनु । >**घस्रीपस्री–** क्रि० वि० सकी-नसकी आउने वा जाने गरी; घस्रिने चालमा ।

**घस्रु–** ना० गाईबस्तुले खाने एक किसिमको झार ।

**घस्र्याइ–** ना० [√ **घस्रि** (+याइ)] घस्रिने क्रिया वा प्रक्रिया; रगडाइ । [>] **घस्र्याइनु–** क० क्रि० घस्रिने पारिनु । **घस्र्याउनु–** प्रे० क्रि० घस्रिने पार्नु । **घस्र्याहट–** ना० घस्रिने काम, किसिम वा अवस्था । **घस्र्याहा–** वि० घस्रिएर हिँड्ने; घस्रिने ।

**घस्स–** क्रि० वि० [अ० मू० घस्+स] गह्रुँगो वस्तु भुइँमा ढल्दा शब्द आउने चालमा ।

**घहराइ–** ना० [√ **घहराउ** (+आइ)] घहरिने क्रिया वा प्रक्रिया । [>] **घहराइनु–** क० क्रि० घहरिन लगाइनु; घर्काइनु ।

**घहराउनु–** प्रे० क्रि० [घहरि+आउ+नु] घहरिन लाउनु; घर्काउनु । >**घहराहट–** ना० घहरिने चाल वा अवस्था; घहराइ ।

**घहरि-नु–** अ० क्रि० १. घट्तै जानु; घर्कनु । २. पतन हुँदै जानु; ओरालो लाग्नु । >**घहऱ्याइ–** ना० घहरिने भाव, क्रिया वा प्रक्रिया । **घहऱ्याइनु–** क० क्रि० घहरिन लाइनु । **घहऱ्याउनु–** प्रे० क्रि० घहरिन लाउनु; घहरिने पार्नु ।

**घा१–** ना० [सं० घट्टन] सम्झौता; सन्धि; मेलमिलाप (उदा०– चीनका बादशाहसित घा गर्नु; दिव्य०)

**घा२–** ना० [सं० घात] घाउचोट; चोट; घाउ ।

**घाँगर/घाँघर–** ना० बालिकाहरूले लाउने, कम्मरदेखि घुँडासम्म फुकेको फेर हुने पोसाक; जामा ।

**घाँच**– ना० १. जङ्गल वरिपरिको उबडखाबड परेको जमिन; जङ्गलको छेउछाउ । २. पहाडको फेदी; दुई डाँडाका बीच वा पुछारको सोतो जमिन ।

**घाँटी**– ना० १. धडमाथि र शिरमुनि रहेको गोलाकार तथा लामो, भित्रबाट सास फेर्ने, बोल्ने र खाएको कुरा पेटमा पुऱ्याउने नलीहरू भएको अङ्ग; कण्ठ; गलो । २. गर्धन; घिच्रो । ३. दुई पहाडका बीचको बाटो वा जमिन; छेडो; घाटी । **– को पासो**– ना० नगरी धर नपाइने साह्रै कष्टदायक काम । ~**पर्नु**– टु० नगरी धर नपाउनु; ज्यादै सकसमा पर्नु । **घाँटी हेरी हाड निल्नू** (उखान) ।

**घाँटु**– ना० धर्सादार पात हुने, राता फूल फुल्ने र सानो बोट हुने वनस्पतिविशेष ।

**घाँटे१**– ना० [सं० घण्टा] घण्टीजस्तो फूल हुने, एक प्रकारको बुट्टे झार ।

**घाँटे२**– वि० [घाँटी+ए] घाँटीको; घाँटीसम्बन्धी । ~**तिलहरी**– ना० घाँटीमा मात्र ठीक हुने ऐभाँतको चिह्न; सानो खालको तिलहरी ।

**घाँटो**– ना० [√ घाँटी] केराका काइँयाहरू लाग्ने ठूलो डाँठ ।

**घाँडो**– ना० [सं० घण्ट] १. गाई, भैँसी, कुकुर आदिका गलामा झुन्ड्याइने घण्ट । २. भाग्ने वा चोर बस्तुभाउका घाँटीमा झुन्ड्याइने काठको ठेउको वा मुङ्ग्रो । ३. झन्झटको काम वा वस्तु ।

**घाँस**– ना० [सं० घास] गाईबस्तुले आहारको रूपमा खाने झार, तृण आदि र रूख वा पोथ्राका पात, मुन्टा आदि हरियोपरियो चीज । ~**खाने**– वि० पशुजस्तो; बुद्धि नभएको । ~**पात**– ना० १. भुईँघाँस र डालेघाँस; घाँसफुस; पातपतिङ्गर । २. महत्त्वहीन वस्तु; रद्दी चीज; बेकम्मा वस्तु । **– फुस**– ना० घाँसपात ।

**घाँसी**– ना० [घाँस+ई] घाँस काट्ने इलम लिएको मान्छे; घाँस काटेर बेची जीविका चलाउने व्यक्ति ।

**घाँसे**– वि० [घाँस+ए] १. घाँस काट्ने र बेच्ने इलम लिएको । २. घाँसको; घाँससम्बन्धी । ~**गीत**– ना० घाँसीहरूले गाउने गीत; घाँस काट्ता गाइने एक प्रकारको लोकगीत (काठमाडौँ उपत्यकाका काँठ र त्यसदेखि निकट पूर्वपश्चिमका भेगमा बढी प्रचलित) । ~**डोको**– ना० घाँसपात गर्दा बोक्ने पानीडोकोभन्दा ठूलो खालको डोको ।

**घाइते**– वि० [सं० घात] १. चोटपटक लागेको; घायल । २. जुवामा खालेले पैसा मारिएको (च्याँखे) ।

**घाउ**– ना० [सं० घात] १. रगत आउने गरी कुनै हतियारबाट लागेको वा कुटपिट, ठक्कर आदिबाट भएको चोट । २. फुटेको वा पिलिएको खटिरो । ~**पुछाउनी**– ना० कुट्नेले कुटिनेलाई दिने धन ।

**घाखत**– ना० [सं० घातक्षत] चोटपटक; चोट; जखम ।

**घागडान/घाघडान**– वि० [हि० घाघ] १. खुब अनुभवी र चलाख । २. धेरै सिपालु; पोख्त; निपुण ।

**घाचोट**– ना० [घा+चोट] पिटिएर, लडेर वा कुनै दुर्घटना आदिबाट भएको घाउचोट ।

**घाजाँच**– ना० [घा+जाँच] कसैले कसैलाई कुटपिट गरेका अवस्थामा अड्डामार्फत चिकित्सकद्वारा घाउचोट, खतको रूप र अवस्था जाँच गराउने काम ।

**घाट**– ना० [सं० घट्ट] १. नदीको दायाँबायाँको किनार; तीर्थस्थल । २. नदी वा जलाशयको पानी भएको ठाउँसम्म पुग्न सकिने सुगम स्थान । ३. जहाज, डुङ्गा आदिबाट ओर्लने वा तिनमा चढ्ने ठाउँ । ४. वनजाँचको चौकी । ५. गाहकीहरूको भीड । ६. आवागमनका निम्ति सजिलो पर्ने ठाउँ । ~**कर**– ना० नाउद्वारा वा पुलबाट नदी वारपार गर्दा वा मालसामान ओसारपसार गर्दा घाटमा लिइने दस्तुर । **– गड्डी**– ना० जङ्गलबाट काठ काटेर नदीमा बगाई वा अरू कुनै प्रकारले ढुवानी गरी ल्याएर जम्मा गरिने ठाउँ ।

**घाटा**– ना० [घट्+आ] बन्दबेपार गर्दा वा मालसामान खरिदबिक्री गर्दा साउँ वा परलभन्दा घटी हुने आय; हानि; नोक्सानी; टुट्टा । विप० मुनाफा ।

**घाटी**– ना० दुई पहाडका बीचको आवतजावत गर्ने जमिन वा बाटो । ~**मार्ग**– ना० ठूलठूला पहाडका बीचमा नदीको पानी वा प्रवाहले काटेका ठाउँमा बनेको साँघुरो बाटो ।

**घाटु**– ना० [भो० ब०] कुमारी युवतीहरूले मन्त्रसहितको गीत गाएर अङ्गविन्यासका साथ नाचिने पुराना कथामा आधारित गुरुङ-जातिको लोकनृत्य ।

**घाटे**– ना० [घाट+ए] १. घाटमा बस्ने व्यक्ति । २. पण्डा; तीर्थपुरोहित । ३. मुर्दा पोलेर जीविका चलाउने व्यक्ति । वि० ४. घाटसम्बन्धी; घाटको । ~**दस्तुर**– ना० घाटमा मुर्दा पोल्दा तिर्नुपर्ने दस्तुर । ~**पाथी**– ना० घाट लाग्ने खोलाका वरिपरिका गाउँमा माझीले वर्षको एक पटक घरैपिच्छे चन्दास्वरूप उठाउने एक पाथी अन्न । ~**भूत**– ना० मसानघाटमा रहने भनिएको एक प्रकारको भूत । ~**वैद्य**– ना० घाटमा लगिने अवस्थाका र घाटमा लगिएका बिरामीहरूको उपचार तथा तिनका आखिरी अवस्थाको विचार गर्ने, प्रायः घाटकै छेउछाउमा बसेका वैद्य ।

**घात**– ना० [सं०] १. हातहतियारले कसैलाई मार्नेपिट्ने काम; चोट; प्रहार; आघात; हत्या; वध । २. धक्का; ठक्कर । ३. खराबी; अहित । ४. गणितमा कुनै सङ्ख्याले त्यसै सङ्ख्यालाई गुन्ने क्रिया वा त्यसबाट निस्कने गुणनफल । ५. जीउ छाड्ने चाल; हत्तेहलाइ ।

**घातक**– वि० [सं०] १. घात गर्ने; मार हान्ने; प्रहार गर्ने । २. वध गर्ने; हत्यारो । ३. बिगार गर्ने; हानिकारक (घातक विचार, घातक दृष्टि, घातक रोग इ०) । >**घातकी**– वि० घातक; हत्यारो ।

**घातन**– ना० [सं०] घात गर्ने क्रिया वा भाव; मार्ने काम ।

**घात प्रतिघात**– ना० [सं०] १. परस्परको हानाहान वा मारामार;

ठुँगाठुँग । २. ठक्करका ठक्कर; मुक्काका मुक्का । ३. यसो गरूँ कि उसो गरूँको अवस्था भई मनमा उठेको सङ्घर्ष; मानसिक द्वन्द्व ।

**घाताङ्क**– ना० [सं०] कुनै सङ्ख्यालाई कुनै सङ्ख्याले गुणा गर्दा निस्किएको सङ्ख्या; गुणनफल ।

**घाती**– वि० [सं०] १. घात वा प्रहार गर्ने; हान्ने । २. हत्या गर्ने; हत्यारो । ३. नाश गर्ने; बिगार्ने ।

**घान**– ना० [सं० घन] १. एक पटकमा भुटिने, कुटिने, पोलिने, पकाइने वा सुकाइने अन्न आदि वस्तुको मात्रा । २. एक पटकमा कुनै काममा लगाइने, पठाइने आदि वस्तु वा मानिसको समूह । ३. कुनै हूलमूलमा परेर भएको पक्राउ वा सजाय । ४. आइपरेको कुनै काम । >**घानी**– ना० कल, कोल आदिको ओखल; घान हाल्ने भाँडो ।

**घाप्से हाल्नु**– अ० क्रि० ट० युवकयुवतीले एकले अर्कालाई प्रेमले भरिएका कुराले घोचेर भन्नु; मायाले छेडपेच हान्नु ।

**घाबन्दोबस्त**– ना० [घा+बन्दोबस्त] शान्तिसन्धि वा सम्झौताको काम । (उदा०– नेपाल र भोटका बीचमा धेरै पल्ट घाबन्दोबस्त भएको थियो ।)

**घाम**– ना० [सं० घर्म] १. सूर्यको तापयुक्त प्रकाश; सूर्यको राप; धूप । २. सूर्य । ~**किरी**– ना० गाइने कीरो; झ्यालिन्चा (ड्रगनफ्लाइ) । ~**छायाँ**– ना० १. घाम र छायाँ; पहार र ओझेल । २. सुख र दुःख । ~**झुल्को**– ना० घामको झुल्को; सूर्योदय ।

**घामड**– वि० [√ घमन्ड] १. घमन्डी; अभिमानी । २. हत्तेरो । ३. असजिलो; अप्ठेरो । ४. अबुझ; नासमझ ।

**घाम पानी**– ना० [घाम+पानी] १. घाम लागिरहेका बेलामा परेको पानी; घाम र पानी । २. सुख र दुःख ।

**घायल**– वि० [सं० घातक] घाउचोट लागेको; घाइते ।

**घार**– ना० [घर] ठूलो र मोटो काठलाई भित्र खोपेर बनाइएको वा बाकसजस्तो, मौरी बस्ने घर; मौरीको गुँड; मौरीको छातो; पोलो ।

**घारघार घुरघुर**– क्रि० वि० [घारघुर (द्वि०)] १. कुकुर, ब्वाँसा आदि हिंस्रक पशुहरूले आफुसमा झगडा गर्दा कराउने चालमा । ना० २. त्यस्तो आवाज ।

**घारघुर**– क्रि० वि० [अ० मू० घुर्+अ (द्वि०)] १. मही पार्दा शब्द निस्कने गरी । २. नेती तानेझैँ कुनै वस्तु तान्ने चालमा । ना० ३. जसोतसो गरी काम गर्ने ढङ्ग । ४. पाङ्ग्रा भएका सवारीहरू चल्दा आउने शब्द । ५. आफुसको झगडा; बाझो; कलह; गडबडी । >**घारघुरे**– वि० १. घारघुर गर्ने । ना० २. तेजपातका जस्ता पात र फुस्रो डाँठ हुने काँडादार बुटोविशेष । ३. एक किसिमको बालखेल ।

**घारी**– ना० १. झ्याम्म परेको बाक्लो जङ्गल । २. लेकको फेदी वा बेसीका माझको ससानो वन । ३. फेदी वा घाँचको जमिन । ४. बाँस, निगालो, केरा आदिको झाङ ।

**घारे**– वि० [घारो+ए] घारोजस्तो; घारो भएको ।

**घारेघुरे**– ना० फल तरकारी खाइने र पात बस्तुलाई स्याउला खुवाइने एक जातको टिमिलो ।

**घारो**– ना० १. लामो, डोलो काठ; लाठो । २. मुर्दा बोक्ने बाँस ।

**घाल**– स० क्रि० हाल्नु (प्राचीन नेपालीमा) ।

**घालघुल**– क्रि० वि० [अ० मू० घुल्+अ (द्वि०)] दुई थरी झोल वस्तु मिलाउनलाई हल्लाउने वा त्यसरी हल्लाउँदा शब्द निस्कने गरी; घोल्ने वा मिसाउने किसिमले; हुँडल्ने ढङ्गमा ।

**घाल्ल**– क्रि० वि० [अ० मू० घाल्+ल] पन्यालो वस्तु पोखिँदा वा खन्याउँदा आवाज आउने किसिमले । – **घाल्ल**– क्रि० वि० त्यस्तो शब्द पटकपटक आइरहने गरी ।

**घाहा**– ना० [सं० घात] घा; घाउ ।

**घिउ**– ना० [सं० घृत] दूध, दही मथेर निकालिने सार वस्तु; पगालेको वा खारेको नौनी; घृत; घ्यू । ~**कमिलो**– ना० घिउमा लाग्ने सानो जातको कमिलो । – **कुमारी**– ना० भित्रपट्टि लस्सादार पदार्थ रहने, केत्तुकेका जस्ता पात हुने, बीचका डाँठमा साना र पहेँला फूल फुल्ने, पोलेका ठाउँमा लगाउँदा शीतल गर्ने र विषालु खटिरामा औषधी लगाइने एक प्रकारको बोट । ~**केरा**– ना० मसिना कोसा हुने एक जातको केरा वा त्यसैको बोट । – **खट्टे**– ना० घिउमा भुटेर वा मुछेर खाइने खट्टे । ~**खानी**– ना० १. घिउ खाने भनेर साहूले आसामीसित लिने, साउँ र ब्याजबाहेकको धन । २. रैकर वा बिर्ता जग्गामा लगाइएको रकम वा दस्तुर । ३. घिउ धेरै हुने ठाउँ । ~**खोर्सानी**– ना० पिरो कम हुने मोटो र लामो खालको खोर्सानी । ~**चिउरा**– ना० १. घिउमा मिसाएर वा भुटेर खाइने चिउरा । २. दुई ओठ समातेर 'घिउ-चिउरा' भन्दा ओठ जोड्ने केटाकेटीको एक खेल । ~**बोडी**– ना० भित्र राता गेडा हुने मोटो र छोटो खालको एक जातको बोडी । ~**भेडो**– ना० १. पछिल्ला दुवै सपेटाका भित्रपट्टि बोसै बोसो भरिएर पोको हुने एक जातको भेडो । ~**मानिस**– ना० नरम स्वभावको बेस मान्छे । ~**रङ**– ना० घिउको जस्तो पहेँलोपहेँलो हल्का रङ । ~**रोटी**– ना० घेवर; झर । ~ **सिमी**– ना० छिप्पिँदा पनि कमलो हुने र बोक्राको भित्री भागमा सेतो-सेतो घिउजस्तै देखिने एक जातको सिमी ।

**घिच्–नु**– स० क्रि० १. नराम्रो किसिमले खानु; हसुर्नु । २. अर्कालाई मन नपर्ने गरी खानु; अन्याय वा अपमान हुने गरी खानु । > **घिचन्ताम्**– वि० धेरै खान खोज्ने; घिचिरहने । **घिचाइ**– ना० घिच्ने काम वा प्रक्रिया । **घिचाइनु**– क० क्रि० घिच्न लाइनु; हसुराइनु । **घिचाउनु**– प्रे० क्रि० घिच्न लाउनु; मन नपर्ने गरी करबलले खुवाउनु; हसुराउनु । **घिचास**– वि० १. नराम्रो चालले खाने; घिच्ने । २. धेरै खाने; अजीर्ण वा अपच हुने गरी खाने; घिचाहा । **घिचाहा**– वि० घिच्ने; घिचुवा; घिचास । **घिचिनु**– क० क्रि० नराम्रो किसिमले खाइनु ।

**घिचिमिरो**– ना० वर्षायाममा पानी परेर रहिसकेपछि माटामुनिबाट

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



निस्कने पखेटादार कीरो; छिचिमिरो ।

**घिचुवा**– वि० [घिच्+उवा] घिच्ने; घिचास ।

**घिचौटी**– ना० [घिच्+औटी] घिस्स्याउने र घिसारिमाग्ने एक प्रकारको घटना वा खेल ।

**घिच्चि-नु**– अ० क्रि० १. कसैद्वारा तानिनु; खिचिनु; घिस्सिनु । २. सकी-नसकी हिँड्नु । ३. करबलले मात्र जानु ।

**घिच्चु**– वि० [घिच्+उ] घिचुवा; घिचास; घिचाहा ।

**घिच्चू**– वि० हे० घिच्चु ।

**घिच्च्याइ**– ना० [√ **घिच्चि** (+याइ)] घिच्चिने भाव, क्रिया वा प्रक्रिया । [⊳] **घिच्च्याइनु**– क० क्रि० घिच्चिने पारिनु; घिसारिनु । ~ **मुन्टचाइ**– ना० घिच्च्याउने र मुन्टचाउने काम; घिच्च्याइ र मुन्टचाइ; लछारपछार ।

**घिच्च्याउ-नु**– स० क्रि० [घिच्चि+याउ+नु] १. हातमा वा डोरी, पटुका आदिमा समाएर तान्नु; खिच्नु; घिसार्नु । २. जबरजस्तीसित लैजानु; घिस्स्याउनु । >**घिच्च्याहट**– ना० घिच्चिने काम वा अवस्था; घिच्चिनेको गुहार वा पुकार ।

**घिन्रो**– ना० घोक्रो (तुच्छार्थमा र प्रायः पशुको) ।

**घिटीघिटी**– क्रि० वि० १. मर्ने बेला सास रोकिई थुक निल्न पनि गाह्रो हुने किसिमले । ना० २. अन्तिम अवस्था; सास जान लागेको स्थिति ।

**घिट्को**– ना० [अ० मू० घिट्+को] १. च्यापच्याप घाँटी सुकेका अवस्थामा थुक निल्दा उत्पन्न हुने शब्द । २. तरल पदार्थ घुटुक्क निल्दाखेरिको आवाज ।

**घिडघिड**– ना० १. कुनै कुराका निम्ति अरूछेउ अड्डी लिएर गरिने प्रार्थना वा करकर । २. मनको प्रबल इच्छा; भित्री चाहना; धोको । >**घिडघिडाइ**– ना० घिडघिडाउने काम वा प्रक्रिया । **घिडघिडाइनु**– क० क्रि० घिडघिड गरिनु । **घिडघिडाउनु**– स० क्रि० आफ्नो कार्यसिद्धिका निम्ति अर्कालाई दिक्क लाग्ने गरी पुकार्नु; घिडघिड गर्नु । **घिडघिडे**– वि० घिडघिड गर्ने; घडघडे । **घिडघिडो**– वि० १. छोड्न पनि नसकिने र स्वीकार गरिहाल्न पनि नहुने । २. कत्ति नै सम्झाएबुझाए पनि नमान्ने; एकोहोरो । ३. मर्न लागेको; अधमरो । ना० ४. आँटेको काम गर्न नपाउँदा हुने मनको बेचैनी । ५. धोको; अन्तिम इच्छा ।

**घिन**– ना० [सं० घृणा] कुनै मन नपर्दो वा फोहर कुरो देख्ता मनमा हुने सिकसिको; घीन; घृणा । ~ **लाग्दो**– वि० १. फोहर; फोहरी । २. अनाचारी । स्त्री० घिनलाग्दी । >**घिनाइ**– ना० घिनाउने भाव, क्रिया वा प्रक्रिया । **घिनाइनु**– अ० क्रि० घिन मानिनु । **घिनाउनु**– अ० क्रि० १. घिन मान्नु; सिकसिको लाग्नु; दिगमिगाउनु । स० क्रि० २. घृणा गर्नु; छिःछिः र दूरदूर गर्नु । **घिनाहा**– वि० घिनलाग्दो; फोहरी; दुष्ट ।

**घिन्ताङ घिन्ताङ**– क्रि० वि० [अ० मू० घिन्ताङ्+अ (द्वि०)] १. मादल बजाउँदा आवाज आउने किसिमले । ना० २. त्यसरी आएको तीखो आवाज ।

**घिन्तामुनी**– ना० [घिन्ताङ+मुनि] १. मादल बजाएर नाच्ने एक प्रकारको नाच । २. त्यस्तो नाच नाच्ने व्यक्ति ।

**घिरघिर**– क्रि० वि० [अ० मू० घिर्+अ (द्वि०)] १. पाङ्ग्रा लागेको वस्तु घिसार्दा वा गुडाउँदा शब्द आउने गरी । २. घुर्रो घुम्दा आवाज निस्कने चालमा । >**घिरघिराइ**– ना० घिरघिर शब्द आउने क्रिया वा प्रक्रिया । **घिरघिराइनु**– अ० क्रि० घिरघिर होइनु । **घिरघिराउनु**– अ० क्रि० घिरघिर आवाज आउनु । **घिरघिरे**– वि० घिरघिर गर्ने ।

**घिरिङ**– ना० [अ० मू० घिर्+इङ] १. चिप्लेर वा घिस्रेर खेलिने एक प्रकारको खेल; चिप्लेटी । २. कुनै कामको असफलता वा विफलता । ३. घिर्नी; घिर्रो ।

**घिरौँलो**– ना० [घिउ+औँलो] खस्रा र चोसाचोसा परेका पात, पहेँला फूल र लामालामा फल फल्ने, नङ्ग्रा हुने एक जातको लहरो वा तरकारी खाइने त्यसैको फल; तोरियाँ ।

**घिर्कौँलो**– ना० निगाले उखुका जस्ता पात र डाँठ हुने, नीला फूल फुल्ने, झुप्पा-झुप्पा परेर विभिन्न रङका चिल्ला फल फल्ने एक बोट वा त्यसैको फल ।

**घिर्नी**– ना० [घिर्+नी] १. रगडिने, घस्रिने र घोटिने ठाउँमा जडिने धातु वा काठका साना पाङ्ग्रा । २. डोला डन्डीमा घुम्ने, परिधिमा खाल्डो परेको पाङ्ग्रो; घिर्रो । ~**पाङ्ग्रो**– ना० जमिनमुनिको पानी निकाल्ने एक प्रकारको साधन ।

**घिर्र**– क्रि० वि० [अ० मू० घिर्+र] पाङ्ग्रा लागेको वस्तु घिसार्दा वा गुडाउँदा शब्द आउने किसिमले । ~**घिर्र**– क्रि० वि० त्यस्तो शब्द पटकपटक आउने गरी ।

**घिर्रा**– ना० [घिर्र+आ] कुनै वस्तु गुडाएर लैजानलाई सजिलो पार्न जडिएको पाङ्ग्रो ।

**घिर्रि-नु**– अ० क्रि० [घिर्र+इ+नु] पाङ्ग्रो लागेको वस्तु घिर्र आवाज आउने गरी तानिनु ।

**घिर्रो**– ना० [घिर्र+ओ] घुमाई-घुमाई खेलिने एक प्रकारको बाटुलो आकारको खेलौना वा त्यसैको खेल ।

**घिर्र्याइ**– ना० [√ **घिर्र्याउ** (+आइ)] घिर्र्याउने काम वा प्रक्रिया । **घिर्र्याइनु**– क० क्रि० घिर्र आवाज आउने गरी तानिनु; घिर्र्याउने काम गरिनु ।

**घिर्र्याउनु**– स० क्रि० [घिर्र+याउ+नु] घिर्र आवाज आउने गरी तान्नु; घिस्स्याउनु ।

**घिर्लिङ**– ना० खोला वा नदीमा वारपार गर्नाका निम्ति टाँगिएका लट्ठामा झुन्डचाइएको, मानिस बस्न हुने, सानोमा कोक्रोजस्तो देखि ठूलोमा मोटर तार्न हुनेसम्मको, तानेर वा यन्त्रद्वारा चलाइने साधन वा वाहन; एक प्रकारको तुइन । ~**बाटो**– ना० घिर्लिङ टाँगिने वा घिर्लिङ भएर गइने बाटो; घिर्लिङजस्तो बाटो ।

**घिवालु**– वि० [घिउ+आलु] धेरै घिउ लाग्ने ।

**घिसार्-नु**– स० क्रि० [सं० घृष्] कुनै वस्तुलाई नउचाली तान्नु; घिच्च्याउनु; घिस्स्याउनु; घिर्र्याउनु । >**घिसाराइ**– ना० घिसार्ने

क्रिया वा प्रक्रिया । **घिसारिनु–** क० क्रि० घिसार्ने काम गरिनु ।

**घिस्र-नु–** अ० क्रि० हे० घस्रनु । >**घिस्राइ–** ना० घिस्रने काम वा प्रक्रिया । **घिस्राइनु–** क० क्रि० घिस्रने पारिनु । **घिस्राउनु–** स० क्रि० घिसार्नु । **घिस्रिनु–** अ० क्रि० घस्रिनु । **घिस्र्याइ–** ना० घिस्रिने काम वा प्रक्रिया । **घिस्र्याइनु–** क० क्रि० घिस्रिने पारिनु । **घिस्र्याउनु–** प्रे० क्रि० घिस्रिने पार्नु; घिस्रिन लाउनु । **घिस्र्याहट–** ना० घिस्रिने काम वा अवस्था ।

**घिस्सा–** ना० बग्गीमा लाग्ने घोडा सधाउनका लागि बग्गीको सट्टा तान्न लगाइने एक प्रकारको यान ।

**घिस्सि-नु–** अ० क्रि० [सं० घृष्+इ+नु] १. घिच्चिनु; तानिनु । २. अरूको करबलमा परेर जानु । ३. घोटिएर थोत्रो हुनु । > **घिस्स्याइ–** ना० घिस्सिने क्रिया वा प्रक्रिया । **घिस्स्याइनु–** क० क्रि० घिसारिनु; घिच्च्याइनु । **घिस्स्याउनु–** स० क्रि० १. घिसार्नु; घिच्च्याउनु । २. तान्नु; खिच्नु । ३. उपयोग गरेर थोत्रो पार्नु । **घिस्स्याहट–** ना० घिस्सिने काम वा अवस्था ।

**घुँक्क–** क्रि० वि० [अ० मू० घुँक्+क] नरमाइलोसित वा चित्त दुखाएर आवाज निकाली रुने गरी; मुटुमा भक्कानो पारी वा पर्ने गरी रुने किसिमले । ~ **घुँक्क–** क्रि० वि० नटुटाई वा एकनाससित घुँक्क गर्ने किसिमले ।

**घुँगरु–** ना० हे० घुँगुरा; घुङरु ।

**घुँगी–** ना० १. निगाले चितुवा । २. शङ्खजस्तो गुँडमा बस्ने एक जातको कीरो । ३. त्यसैको शङ्खजस्तो गुँड । ४. अर्काले भनेको नखाने एकोहोरो स्वभावको व्यक्ति ।

**घुँगुरा–** ना० १. हल्लाउँदा छमछम आवाज आउने, सानासाना घण्टी जडिएको, गोडामा बाँधिने, एक प्रकारको गहना; चाँप; घुङुरा । २. फलफूलका लहराको नङ्ग्रा । ३. कपाल आदिमा पर्ने मुन्द्रा । ४. दुर्गम स्थानमा जाने हुलाकीका लट्ठीमा जडिएको छर्ल्याङछर्ल्याङ गर्ने वस्तु । – **वाल–** ना० १. घुँगुरा लगाउने वा बेच्ने । २. घुँगुरा बजाउँदै हिँड्ने । ३. घुँगुरा हुने ।

**घुँगुरि-नु–** अ० क्रि० [घुँगुरो+इ+नु] बाटुलो पर्नु; घुम्रिनु; गुँडुल्किनु ।

**घुँगुरो–** वि० १. बाटुलो परेको; वृत्ताकार परेको; घुमेको; घुङुरो । ना० २. हे० घुँगुरा ।

**घुँगुर्कि-नु–** अ० क्रि० घुँगुरो पर्नु; मुन्द्रा पर्नु; बाटुलो हुनु । > **घुँगुर्क्याइ–** ना० घुँगुर्किने क्रिया वा प्रक्रिया । **घुँगुर्क्याइनु–** क० क्रि० घुँगुर्किने पारिनु । **घुँगुर्क्याउनु–** प्रे० क्रि० घुँगुर्किने पार्नु; मुन्द्रामुन्द्रा बनाउनु । **घुँगुर्क्याहट–** ना० घुँगुर्किने किसिम वा अवस्था । **घुँगुर्क्याहा–** वि० घुँगुर्किने ।

**घुँगुऱ्याइ–** ना० [√ **घुँगुरि** (+याइ)] घुँगुरिने काम वा प्रक्रिया । [⊳] **घुँगुऱ्याइनु–** क० क्रि० घुँगुरो पारिनु; घुँगुरिने बनाइनु । **घुँगुऱ्याउनु–** प्रे० क्रि० घुँगुरो पार्नु; बाटुलो वा गोलाकार पार्नु । **घुँगुऱ्याहट–** ना० घुँगुरिने काम वा अवस्था ।

**घुँगे–** ना० १. घुँगी खाने व्यक्ति । २. कसैलाई हेय ठानेर गाली गरिने शब्द । स्त्री० घुँगी ।

**घुँग्रुके–** वि० [घुँग्रुक्क+ए] १. घुँग्रुक्क परेको; घुमुर्किएको; घुँगुर्किएको; घुङुके ।

**घुँग्रुक्क/घुङुक्क–** क्रि० वि० [अ० मू० घुँग्रुक्+क] घुँगुरा पर्ने गरी; मुन्द्रा पर्ने किसिमले ।

**घुँघुँ–** ना० [अ० मू० घुँ (द्वि०)] सुँगुर (बालबोलीमा) । >**घुँघुँर–** ना० सुँगुर, बँदेल, बङ्गुर आदिका गलाबाट निस्कने शब्द वा आवाज ।

**घुँडा–** ना० [घुँडोको ति० रू०] १. हे० घुँडो । २. मुख्य ठाउँ (दिव्य०) । ~ **घुँडा–** वि० १. घुँडासम्म आउने (पानी) । २. घुँडासम्म पुगेको (कट्टु, धोती आदि) । ~ **धसाइ–** ना० धेरै मिहिनेत वा बल गर्ने काम । ~ **मुताइ–** ना० बिग्रँदो वा निर्धो चाल (उदा०– यस्तो घुँडामुताइले पनि के काम हुन्छ र !) ।

**घुँडी–** ना० [सं० घुण्टिक] १. तुना वा टाँकको साटो पस्यौटामा घुसार्ने गरी बनाएको धातु वा कपडा आदिको डल्लो; एक प्रकारको टाँक । २. दाम्लाका एक छेउका टुप्पाको गाँठो । ~ **खोप्रो–** ना० घुँडीदेखि मुनि वा पछाडिपट्टिको खोबिल्टो । ~ **घर–** ना० घुँडा पसाउनका निम्ति दोब्र्याइएको तुनु; पस्यौटो ।

**घुँडे–** वि० [घुँडो+ए] १. मोटा वा ठूला घुँडा हुने; घुँडाजस्तो; घुँडासम्म आउने । २. जात वा पङ्क्तिमा लाग्ने । ~ **भाग–** ना० जन्ती आएका दिन दुलहीतर्फबाट दुलाहालाई दिइने र जन्तेबाखो खाने दिन दुलाहातिरकाले दुलहीलाई दिइने विशेष भाग । ~ **सुरुवाल–** ना० घुँडासम्म आउने सुरुवाल; लामो सुरुवाल काटेर घुँडासम्म राखिएको बुच्चे सुरुवाल; जाँघे ।

**घुँडो–** ना० [सं० घुण्ट] तिघ्रा र पिडौँलाका बीचको अघिल्लो भागमा डल्लो वा पाङ्ग्रोजस्तो भई उठेको अङ्ग; तिघ्रा र पिडौँलाको जोर्नी परेको ठाउँ ।

**घुइँकि-नु–** अ० क्रि० १. कुनै वस्तु वेगसित जानु; हुत्तिनु । २. हानिनु । ३. बित्नु; मर्नु; नासिनु । ४. कुनै काम सजिलैसित बन्नु वा तामेल हुनु । >**घुइँक्याइ–** ना० घुइँकिने क्रिया वा प्रक्रिया । **घुइँक्याइनु–** क० क्रि० घुइँकिने पारिनु । **घुइँक्याउनु–** स० क्रि० १. कुनै वस्तुलाई जोडसित फ्याँक्नु; वेगले हुत्याउनु; हान्नु । २. कुनै काम सजिलैसित पार लाउनु । ३. सर गर्नु; जित्नु ।

**घुइँचो–** ना० धेरै मानिसहरूको भीडभाड; घन्चमन्च; घचारो; ठेलमठेल ।

**घुइरो–** ना० थाहा नपाइँदो गरी सुनिएको भित्री कुरो; हल्ला । ~ **घुइरो–** ना० भित्रभित्रै चलेको हल्ला; खासखुस; गल्लीहल्ला ।

**घुक्-नु–** अ० क्रि० कुकुर कराउनु; भुक्नु । >**घुकाइ–** ना० घुक्ने काम वा प्रक्रिया । **घुकाइनु–** क० क्रि० घुक्न लाइनु; भुकाइनु । **घुकाउनु–** प्रे० क्रि० घुक्ने पार्नु; भुकाउनु । **घुकाहट–** ना० घुक्ने चाल वा अवस्था । **घुकाहा–** वि० घुक्ने; भुकाहा । **घुकिनु–** क० क्रि० घुक्ने काम गरिनु; भुकिनु ।

**घुगुती–** ना० १. आफू उत्तानु सुतेर खुम्च्याइएका दुवै खुट्टामा

केटाकेटीलाई राखी उफार्दै खेलाउने काम; गुघुती । २. पराल वा कपडा बिछ्याइएका ठाउँमा केटाकेटीले मुन्टो टेकेर पर्लक्क पल्टँदै खेल्ने खेल । ३. ढुकुर ।

**घुङरु**– ना०हे० घुँगरु ।

**घुङ्रा**– ना०हे० घुँगुरा ।

**घुङ्रो**– ना०हे० घुँगुरो ।

**घुङ्रि-नु**– अ० क्रि० [घुङ्रो+इ+नु] हे० घुँगुरिनु ।

**घुङ्रिङ**– ना० किर्कौलाजस्ता गेडा फल्ने, उखुजस्तो एक जातको बोट । २. बाँस आदिका डन्ठीको टुप्पो कुच्याएर गुजुल्टा उठाएको, धामीलाई चाहिने वस्तु । ३. मुन्द्री परेको केश ।

**घुङ्रुके**– हे० घुँग्रुके ।

**घुङ्रुक्क**– क्रि०वि०हे० घुँग्रुक्क ।

**घुचेट्-नु**– स० क्रि० [घचेट्+नु] हे० घचेट्नु । >**घुचेटाइ**– ना० घुचेट्ने काम वा प्रक्रिया । **घुचेटाइनु**– क० क्रि० घुचेट्न लाइनु । **घुचेटाउनु**– प्रे० क्रि० घुचेट्न लाउनु; घचेटाउनु । **घुचेटिनु**– क० क्रि० घुचेट्ने काम गरिनु; घचेटिनु ।

**घुच्च**– क्रि० वि० [अ० मू० घुच्+च] घुस्सा वा घुच्ची दिने चालमा; त्यसो गर्दा शब्द निस्केझैँ गरी ।

**घुच्चा**– ना० [घुच्च+आ] १. साह्रो गरी ठाडा मुड्कीले कोखामा हान्ने काम । २. कुहिनु वा कुमको धक्का दिने हनाइ । – **घुच्ची**– ना० सानो-ठूलो धेरै घुच्चा ।

**घुच्ची**– ना० [घुच्चा+ई] १. सानो घुच्चा । २. घुच्चा । ३. ~ **खेल्नु**– ट० दुई वा दुईभन्दा बढी व्यक्तिले कुहिना वा बटारिएका मुठीद्वारा परस्परमा हानाहान गरी खेल्ने काम । ~**हान्नु**– ट० कुहिना वा बटारिएका मुठीद्वारा एकले अर्काको कोखो ताकेर हान्नु ।

**घुच्चुक**– ना० गलाको पछिल्लो भाग; घाँटीको पछिल्तिरको हिस्सा; गर्धन ।

**घुच्च्याइ**– ना० [√ **घुच्च्याउ** (+आइ)] घुच्च्याउने काम वा प्रक्रिया । [>] **घुच्च्याइनु**– क० क्रि० घुच्चा हानिनु ।

**घुच्च्याउ-नु**– स० क्रि० [घुच्चा+याउ+नु] १. घुच्चा हान्नु; घुच्ची दिनु; घुस्सा मार्नु । २. घचेट्नु; ठेल्नु । >**घुच्च्याहट**– ना० घुच्च्याउने काम, चाल वा अवस्था ।

**घुटघुट**– क्रि० वि० [अ० मू० घुट्+अ (द्वि०)] पन्यालो वस्तु निल्ने वा त्यसरी निल्दा घाँटीबाट शब्द आउने किसिमले । >**घुटघुटी**– ना० घुटघुट पार्ने काम ।

**घुटुक्क**– क्रि० वि० [अ० मू० घुटुक्+क] दूध, पानी, औषधी आदि पन्यालो पदार्थ एकै घुट्कामा निल्ने गरी वा त्यसरी निल्दा शब्द आउने किसिमले ।

**घुटुघुटु**– क्रि० वि० [अ० मू० घुट्+उ (द्वि०)] १. झोलिलो पदार्थ अलि-अलि गरेर निल्ने किसिमले । २. अरूले खाएको देख्ता थुक निलिने चालमा ।

**घुट्की**– ना० [अ० मू० घुट्+की] १. एक पटकमा निलिने झोल पदार्थको परिमाण । २. त्यसरी निल्दा निस्कने शब्द । >**घुट्को**– ना० सानो घुट्की । **घुट्क्याइ**– ना० घुट्क्याउने काम वा प्रक्रिया । **घुट्क्याइनु**– क० क्रि० घुट्क्याउने काम गरिनु । **घुट्क्याउनु**– स० क्रि० पन्यालो पदार्थ घुटुक्क निल्नु । **घुट्क्याहट**– ना० घुट्क्याउने काम, प्रक्रिया वा अवस्था ।

**घुट्ट**– क्रि० वि० [अ० मू० घुट्+ट] झोल वस्तु निल्दा घाँटीबाट शब्द उत्पन्न हुने गरी । ~ **घुट्ट**– क्रि० वि० त्यस्तो शब्द पटकपटक आएजस्तै ।

**घुण**– ना० [सं०] १. अन्न । २. हे० घुन । >**घुणाक्षर न्याय**– ना० घुनले पात खाँदै जाँदा संयोगवश कुनै अक्षर बनेजस्तै मिहिनेत नगरी कुनै काम सिद्ध हुने प्रक्रिया ।

**घुत्रुक्क**– क्रि० वि० [अ० मू० घुत्रुक्+क] १. कुनामा एकातिर गएर घुस्रने किसिमले; घुस्रुक्क; घुप्लुक्क । २. तुरुन्तै मर्दाको चालमा; खुत्रुक्क ।

**घुन**– ना० [सं० घुण] अन्न, काठपात आदिमा लाग्ने, फुस्रा र काला रङका पखेटा हुने एक प्रकारको सानो कीरो; घुण ।

**घुनघुन**– क्रि० वि० [अ० मू० घुन्+अ (द्वि०)] भमरा, माहुरी आदि उड्दा वा कराउँदा शब्द आउने किसिमले; भुनभुन । > **घुनघुनाइ**– ना० घुनघुन गर्ने क्रिया वा प्रक्रिया । **घुनघुनाइनु**– क० क्रि० घुनघुन गरिनु; भुनभुनाइनु । **घुनघुनाउनु**– अ० क्रि० भमरा, माहुरी आदि उड्दा वा कराउँदा घुनघुन शब्द निस्कनु । **घुनघुनाहट**– ना० घुनघुनाउने काम, चाल वा अवस्था ।

**घुन्डी**– ना० १. दम दिने र सुई मिलाउने घडीका एकापट्टिको सानो डल्लो पुर्जा । २. चर्खाको हातो; हतौडी; घुँडी । – **वाल**– वि० घुन्डी लागेको; घुन्डी भएको ।

**घुन्न**– क्रि० वि० [अ० मू० घुन्+न] भमरा, माहुरी आदि उड्दा वा कराउँदा शब्द निस्कने गरी ।

**घुन्याहा**– वि० [घुन+आहा] घुन लाग्ने; घुनले खाएको (अन्न, काठपात आदि) ।

**घुप्लुक्क**– क्रि० वि० [अ० मू० घुप्लुक्+क] १. भाँडो घोप्टिने वा भाँडामा रहेको वस्तु एकैचोटि पोखिने चालझैँ । २. मानिस एक्कासि घोप्टो परेर लड्ने गरी ।

**घुम्-नु**– अ० क्रि० १. कमजोरी आदिले चक्कर खानु; रिङ्नु; चक्कराउनु । २. मन्दिर, मण्डप आदिलाई परिक्रमा गर्नु; प्रदक्षिणा गर्नु । ३. यताउति डुल्नु; टहल्नु । ४. काम न काजसित लरखराउनु; अल्लारिनु ।

**घुम**– ना० [सं० कुम्बा] चोयाले बुनेका दुइटा चित्रा भित्रबाहिर पारी बीचमा पातले छापेको, लाम्चिलो, चारकुने र दुइपाखे छाता वा ओढो; स्याखु ।

**घुमक्कड**– वि० [घुम्+अक्कड] घुमफिर गर्ने बानी भएको; डुल्ने स्वभावको; घुमुवा; डुलुवा ।

**घुमघाम**– ना० [घुम्+घुम्] घुम्नेफिर्ने काम; डुलडाल; हिँडडुल ।

**घुमफिर**– ना० [घुम्+फिर्] यताउता घुम्नेफिर्ने काम; डुलफिर;

हिँडडुल ।

**घुमराडी**– ना० [घुम+राडी] घुमजस्तो दुईपाखे पारी टाउकामा जुरोसमेत निकालेको राडी; बक्खु ।

**घुमाइ**– ना० [√ **घुम्** (+आइ)] घुम्ने काम वा प्रक्रिया । [⊳] **घुमाइनु**– क० क्रि० घुम्न लाइनु; रिँगाइनु । **घुमाउ**– ना० घुमाव । **घुमाउनु**– प्रे० क्रि० घुम्ने काम गराउनु; रिँगाउनु; डुलाउनु ।

**घुमाउने**– वि० [घुम्+आउने] १. घुम्न लाउने; घुमाएको; रिङाउने । २. घुमाउरो परेको; फेरो पार्ने । ~**घर**– ना० घुमाउरो छानो भएको घर; पाखा नछुट्टिने गरी बनाइएको, बाटुलो छानो भएको घर । ~**चौतारो**– ना० वरिपरि घुमाएर वृत्ताकार पारी बनाइएको चौतारो । ~**टपरी**– ना० वरिपरि बिट राखेर वृत्ताकार हुने गरी गाँसिएको, ठूलो खालको टपरी । ~**दह**– ना० १. पानीको चक्का घुमेको देखिने वा भुँवरी परेको दह । २. रिँगाउने खालको, कहालीलाग्दो दह ।

**घुमाउरो**– वि० [घुम्+आउरो] घुमेको; फेरो परेको; बाङ्गोटिङ्गो; सोझो नभएको (बाटो, खोलो, कुरो इ०) ।

**घुमाव**– ना० [√ **घुम्**+आउ] समभूमिमा देखिने नदीको मोड; घुम्ती ।

**घुमिनु**– अ० क्रि० [घुम्+इ+नु] घुम्ने काम गरिनु; चक्कर खाइनु ।

**घुमी फिरी**– क्रि० वि० [घुम्+ई+फिर्+ई] सबैतिर घुमेर; घुमफिर वा घुमघाम गरेर ।

**घुमुवा**– वि० [घुम्+उवा] घुमफिर गर्ने; डुल्ने स्वभावको; डुलुवा; घुमक्कड ।

**घुमौटो**– ना० [घुम्+औटो] १. घुम्टो । वि० २. घुमाउरो; घुमुवा; फेरो पर्ने ।

**घुमौरो**– वि० [घुम्+औरो] हे० घुमाउरो ।

**घुम्टी**– ना० [घुम्टो+ई] बिहामा दुलहीको शिर ढाक्ने सितारा, जरी आदि जडिएको झलझल गर्ने मूल्यवान् पछ्यौरा ।

**घुम्टो**– ना० [सं० गुण्ठ] १. प्रायः विवाहित स्त्रीहरूले मर्यादाका निम्ति कपाल छोप्ने पछ्यौरा; कपाल ढाक्ने पछ्यौरी वा सारीको फेर; छोपो घुम्टी । २. आमा, बाबु आदि आत्मीय जन मर्दा पर्ने संस्कार-कर्मअनुसारको आशौच वा जुठो । ३. आकाशमा थपिँदै वा धुम्मिँदै गएको बादलको अंश । (उदा०– हिमालमाथि बादलले भर्खरै घुम्टो हालेको थियो ।) >**घुम्टचौली**– वि० घुम्टाले शिर छोपेकी; घुम्टो हालेकी ।

**घुम्ती**– ना० [घुम्+ती] १. घुमाउरो परेको बाटो; घुम्नुपर्ने ठाउँ; कुहुनेटो; मोड । वि० २. घुम्ने खालको; घुमेको; घुमाउरो । ~**अदालत**– ना० सरकारबाट जिल्लाजिल्लामा छिन्न बाँकी रहेका मुद्दामामिलाहरू छिनाउन र दुनियाँलाई पीरमर्का परेमा न्यायइन्साफ दिनदिलाउन दौडाहाका रूपमा खडा गरिएको अदालत । ~**अस्पताल**– ना० जनतामा स्वास्थ्यसेवा पुऱ्याउन जिल्लाजिल्ला वा गाउँगाउँमा घुम्ने व्यवस्था गरिएको वा त्यसरी आंशिक समयका निम्ति कुनै ठाउँमा चलाइएको अस्पताल । ~**खेती**– ना० नयाँनयाँ ठाउँ फेरेर वा एक बाली पाक्ता नपाक्तै अर्को बाली लगाउने गरी गरिने खेती । ~**पुस्तकालय**– ना० गाडी वा यानद्वारा प्रमुख स्थलमा घुम्दै सर्वसाधारण सदस्यहरूलाई पुस्तक लेनदेनको सेवा पुऱ्याउने वा कुनै ठूलो पुस्तकालयको त्यस्तो अङ्ग । ~**लिक**– ना० रोपवे क्यारियर आउँदा-जाँदा स्टेसनमा गुड्न बनाइएको लिक ।

**घुम्रि-नु**– अ० क्रि० [√ घुँगुरिनु] घुँगुरिनु; मुन्द्रा पर्नु ।

**घुम्रे**– वि० [घुम्रि+ए] १. घुम्रो परेको; मुन्द्राजस्तो बनेको; घुँगुरिएको । २. बेकम्मा; काम नलाग्ने ।

**घुम्र्याइ**– ना० [√ **घुम्रि** (+याइ)] घुम्रिने क्रिया वा प्रक्रिया । [⊳] **घुम्र्याइनु**– क० क्रि० घुम्रिने पारिनु । **घुम्र्याउनु**– स० क्रि० घुँगुऱ्याउनु । **घुम्र्याहट**– ना० घुम्रिने काम वा अवस्था । **घुम्र्याहा**– वि० घुम्रिने खालको ।

**घुयँत्रो**– ना० [घुम्+यत्रो] डोरीको बीचमा ढुङ्गो राखी हातले घुमाएर हान्ने एक किसिमको अस्त्र ।

**घुर्-नु**– अ० क्रि० [अ० मू० घुर्+नु] १. निदाएका बेलामा घाँटीबाट घुरघुर शब्द निस्कनु । २. घुर्र-घुर्र शब्द आउने गरी ढुकुर, परेवा आदि बोल्नु । ३. मही पार्दा घारघुर शब्द निस्कनु ।

**घुर१**– ना० [प्रा० घूरा] १. तिघ्रा, जाँघ (जस्तो– घुर जोर्नु, घुर थाप्नु, घुर थापेर सुत्नु इ०) । २. काख । ३. सुत्ने ठाउँ; शयनस्थान, ओछ्यान; बिछ्यौना । वि० ४. अदृश्य; नदेखिने (जस्तो– घुरमैलो ।)

**घुर२**– ना० परेवा, माछा आदिको गुँड ।

**घुर३**– ना० [मै०] झ्यास, झिँगटा आदि; घुरान ।

**घुर**– ना० मधेसमा गाउँघर र सहर बजारतिर झासमुस बालेर आगो ताप्न बनाइने अगेनु; घूर ।

**घुरघुर**– क्रि० वि० [अ० मू० घुर्+अ (द्वि०)] १. निदाएका बेला घाँटीबाट शब्द निस्कने गरी । २. ढुकुर, परेवा आदि कराउने किसिमले । ३. मही पार्दा शब्द निस्कने चालसँग । >**घुरघुराइ**– ना० घुरघुराउने क्रिया वा प्रक्रिया । **घुरघुराइनु**– क० क्रि० निद्रामा घुरघुर शब्द निकालिनु; घुरघुर आवाज आउने पारिनु । **घुरघुराउनु**– क्रि० १. निदाएका बेलामा घाँटीबाट शब्द निकाल्नु; घुर्रघुर्र शब्द गर्नु । २. परेवा, ढुकुर आदि कराउनु; घुर्नु । ३. मही पार्दा शब्द निस्कनु । **घुरघुराहट**– ना० घुरघुराउने काम वा अवस्था ।

**घुरण**– ना० [सं०] सुँगुर, बङ्गुर आदि कराउँदाको आवाज; घुँघुर ।

**घुरमैलो**– वि० [घुर+मैलो] १. अलिअलि बादल लागेको; नजानिँदो मैलो । २. अँध्यारोअँध्यारो वा रछाहारछाहा परेको ।

**घुराइ**– ना० [√ **घुर्** (+आइ)] घुर्ने क्रिया वा प्रक्रिया । [⊳] **घुराइनु**– क० क्रि० घुर्न लाइनु । **घुराउनु**– प्रे० क्रि० घुर्न लाउनु ।

**घुरान**– ना० [घुर+आन] १. धूलोमूलो, कसिङ्गर आदिको थुप्रो । २. मल आदि फोहोर वस्तुको थुप्रो ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**घुरिनु**– अ० क्रि० [घुर्+इ+नु] घुराइको शब्द निकालिनु ।

**घुर्की**– ना० [सं० घृत] १. धोको पूरा गर्नका निम्ति गरिएको बिठ्याइँ; देखावटी रिस । २. उल्टो धम्की । > **घुर्क्याइ**– ना० घुर्की लगाउने काम वा प्रक्रिया । **घुर्क्याइनु**– क० क्रि० घुर्की लाइनु । **घुर्क्याउनु**– स० क्रि० घुर्की लाउनु; घुर्की देखाउनु । **घुर्क्याहट**– ना० घुर्क्याउने काम वा अवस्था । **घुर्क्याहा**– वि० घुर्की लाउने ।

**घुर्घुरे**– ना० [सं० घुर्घुर] भित्र चिसो माटो भएको ठाउँमा माथिमाथि खन्ने एक जातको कीरो ।

**घुर्चो**– ना० घिच्रो; घुच्चुक ।

**घुर्बिसो**– ना० फूलमा लचेप्रै रस भरिएर रहने, बिल्ल्याँटोपट्टि फुस्रा पात हुने, एक जातको पोथ्रो वा रूख ।

**घुर्बैंसो**– ना० एक जातको बैंसको बोट ।

**घुर्मिलो**– ना० ससाना मसिना पात हुने, खान हुने फल लाग्ने, एक खालको लहरो ।

**घुर्मी**– ना० पाक्दा पहेँलो हुने, गोलभैँडाका आकारको र अमिलो स्वाद हुने फल फल्ने, एक जातको लहरो ।

**घुर्मैलो**– वि० हे० घुरमैलो ।

**घुऱ्यान**– ना० गाउँघरमा करेसाबारीको नजिकै रहेको भाँडा माझ्ने ठाउँ; घुरान ।

**घुर्र**– क्रि० वि० [अ० मू० घुर्+र] १. निदाएका बेलामा घाँटीबाट घुरेको शब्द निस्कने गरी । २. ढुकुर, परेवा आदि घुर्दा शब्द आउने किसिमले । ३. गह्रौं वस्तु घिसार्दा शब्द आउने चालमा । ~ **घुर्र**– क्रि० वि० उपर्युक्त सबै किसिमले पटक-पटक शब्द आउने गरी ।

**घुर्रा/घुर्रो**– ना० [घुर्र+आ/ओ] १. मही पार्दा मदानीको सर छिराएर अडचाइरहने काठको प्वाल भएको चक्का । २. रोटेपिङमा पिर्का अडचाउने साधन । ३. बीचमा प्वाल पारी धागो वा सानो खिरिलो डोरी छिराएर फनफनी घुमाउँदै र घुरघुर आवाज निकाल्दै खेलिने काठको पाङ्ग्रो । ४. हचाकुलाको उठेको बाहिरी भाग (प्रायः बस्तुभाउको) ।

**घुलित**– वि० [सं० घोलित] हे० घोलित ।

**घुल्ल**– क्रि० वि० [अ० मू० घुल्+ल] पखाला लाग्दा पेट कराउने किसिमले ।

**घुस्-नु**– स० क्रि० [सं० कुश्+नु] १. बलैसँग वा बाधाविरोधको पनि वास्ता नगरी भित्र जानु; प्रवेश गर्नु; पस्नु; छिर्नु । २. भीडभाडको बीचमा पुग्नु; घुस्रनु ।

**घुस**– ना० अड्डा आदिमा परेको काम आफ्नो-हुँदो गराउनका निम्ति त्यस्तो गरिदिने कर्मचारीलाई अवैध रूपमा दिइने धनमाल; उत्कोच । – **खोर**– वि० घुस खाने; घुस्याहा । – **खोरी**– ना० घुस खाने काम ।

**घुसघुस**– क्रि० वि० [अ० मू० घुस्+अ (द्वि०)] भित्रभित्रै छासछुस कुरा लाउने चालसँग; चुक्ली लाउने किसिमले । > **घुसघुसे**– वि० घुसघुस गर्ने; छासछुस कुरा लाउने; चुक्ली लाउने; मुसमुन्द्रे ।

**घुसमुन्टि-नु**– अ० क्रि० [घुसमुन्टो+इ+नु] १. भुइँमा मुख जोतिने गरी पछारिनु; घुसमुन्टो हुने गरी लड्नु । २. उभिन्डिनु; घोप्टिनु ।

**घुसमुन्टे**– वि० [घुसमुन्टो+ए] १. भुइँतिर मुन्टो फर्काएको; घुसमुन्टो भएको । २. घोसे; अँध्यारमुखे; अँध्यारखाउडे ।

**घुसमुन्टो**– ना० [घोसे+मुन्टो] १. भुइँतिर फर्किएको मुन्टो; घोसे पारिएको मुन्टो; तलतिर झुकेको मुन्टो वा मुख । २. घोप्टो परेको मुन्टो; उभिन्डो अनुहार ।

**घुसमुन्टयाइ**– ना० [√ **घुसमुन्टि** (+याइ)] १. घुसमुन्टिने क्रिया वा प्रक्रिया । [घुसमुन्टयाउ+आइ] २. घुसमुन्टयाउने क्रिया वा प्रक्रिया । **घुसमुन्टयाइनु**– क० क्रि० घुसमुन्टिने काम गरिनु । **घुसमुन्टयाउनु**– प्रे० क्रि० भुइँमा मुख जोतिने गरी पछार्नु; घुसमुन्टिन लाउनु । **घुसमुन्टयाहट**– ना० घुसमुन्टिने अवस्था, क्रिया वा प्रक्रिया ।

**घुसरपन्जा**– ना० [घुस्सा+पन्जा] १. दनादन दिइने घुस्सा वा घुच्चा; लगातारको मुक्की । २. त्यस प्रकारको लडन्त वा भिडन्त । ३. मर्ने स्थिति; मराइ । (उदा०– जोखिमसित खेल्ने मान्छे घुसरपन्जा हुन कति बेर !) । ४. भुइँमा घिसारेर कौडा हान्ने एक चाल ।

**घुसाइ**– ना० [√ **घुस्** (+आइ)] १. घुस्ने क्रिया वा प्रक्रिया । [घुसाउ+आइ] २. घुसाउने क्रिया वा प्रक्रिया । [>] **घुसाइनु**– क० क्रि० घुस्न लाइनु । **घुसाउनु**– प्रे० क्रि० पसाउनु; छिराउनु; घुसार्नु; घुस्न लाउनु ।

**घुसान**– ना० बढारकुँढार गरिने कुनै वस्तुको रहलपहल; घुरान; कसिङ्गर ।

**घुसार्-नु**– स० क्रि० [घुस्+आर्+नु] १. कुनै वस्तु पुग्ने ठाउँमा घुसाउनु, छिराउनु वा पसाउनु । २. कपालमा फूल आदि सिउरनु । > **घुसाराइ**– ना० घुसार्ने काम वा प्रक्रिया । **घुसारिनु**– क० क्रि० घुसार्ने काम गरिनु; घुसाइनु ।

**घुसिनु**– क० क्रि० [घुस्+इ+नु] प्रवेश गरिनु; छिरिनु ।

**घुसौटी**– ना० [घुसाउ+औटी] हे० घुस्यौटी ।

**घुस्यान**– ना० १. मसिनो र झुसझुसे परेको एक प्रकारको झार । २. हे० घुसान ।

**घुस्याहा**– वि० [घूस+याहा] घूस खाने; घूस लिने ।

**घुस्यौटी**– ना० [घुसाउ+यौटी] १. पेट; भुँडी । (उदा०– त्यति खानेकुराले त उसको घुस्यौटी नै भरिएन होला) । २. हचाकुल्लो । (उदा०– थोरै आगोले त घुस्यौटी सेकाउन पनि पुग्दैन) ।

**घुस्यौटो**– ना० [घुसाउ+यौटो] कुनै वस्तु घुसारिने आधार; दाम्लाको गाँठो छिराउने ठाउँ; पस्यौटो ।

**घुस्र-नु**– अ० क्रि० [√ घुस्] १. टाकटुक गरेर वा जसोतसो कुनै ठाउँमा पस्नु; घुस्नु । २. शरण पर्नु; पिछा पर्नु । ३. ओत लाग्नु; आश्रय लिनु । > **घुस्राइ**– ना० घुस्रने काम वा प्रक्रिया । **घुस्रिनु**– अ० क्रि० १. घुसिनु; पसिनु । २. घुस्रनु ।

**घुसुक्क–** क्रि० वि० [अ० मू० घुसुक्+क] १. घुस्रने किसिमले । २. मर्ने चालसँग; खुसुक्क ।

**घुस्र्याइ–** ना० [√ **घुस्रि** (+याइ)] घुस्रिने क्रिया वा प्रक्रिया । [▷] **घुस्र्याइनु–** क० क्रि० घुस्रिने पारिनु । **घुस्र्याउनु–** प्रे० क्रि० घुस्रिने पार्नु । **घुस्र्याहट–** ना० घुस्रिने काम वा अवस्था । **घुस्र्याहा–** वि० घुस्रिने खालको ।

**घुस्स–** क्रि० वि० [अ० मू० घुस्+स] १. घुस्सा हान्ने गरी; घुच्च । २. रिसाएर नबोली बस्ने चालले; ठुस्स । ३. गह्रौं भईकन नरम वस्तु भुइँमा रगेडिने गरी घिसार्दा शब्द आउने गरी; घस्स ।

**घुस्सा–** ना० [घुस्स+आ] १. कसैलाई पिट्न उठाइने कसिएको मुक्का; घुच्चा । २. त्यस किसिमले गरिने प्रहार । **– वाल–** वि० घुस्सा दिने वा घुस्सा लगाउने (व्यक्ति) ।

**घुस्सि-नु–** अ० क्रि० [घुस्स+इ+नु] रिसले घुस्स परेर बस्नु; ठुस्सिनु; खुन्सिनु ।

**घुस्सी–** ना० [घुस्सा+ई] सानो घुस्सा । ~ **घुस्सिउँ–** ना० जोडले घुस्सा हान्ने काम ।

**घुस्स्याइ–** ना० [√ **घुस्सि** (+याइ)] घुस्सिने क्रिया वा प्रक्रिया । [▷] **घुस्स्याइ–** ना० घुस्स्याउने क्रिया वा प्रक्रिया । **घुस्स्याइनु–** क० क्रि० घुस्स्याउने काम गरिनु; घुस्सा दिइनु ।

**घुस्स्याउनु–** स० क्रि० [घुस्सा+याउ+नु] घुस्साले हान्नु; घुस्सीले धकेल्नु; घुस्सा मार्नु; घुच्च्याउनु । >**घुस्स्याहट–** ना० घुस्स्याउने काम वा अवस्था ।

**घूर्ण–** ना० [सं०] १. यताउति घुम्ने काम । २. कुनै वस्तुको चारैतिरको चक्करकटाइ । वि० ३. घुमेको । >**घूर्णन–** ना० घुम्ने वा चक्कर काट्ने क्रियाप्रक्रिया । **घूर्णित–** वि० १. घुमेको वा घुमाइएको; रिँगेको वा रिँगाइएको । २. चक्कर खाएको वा खुवाइएको ।

**घूर–** ना०हे० घुर४ ।

**घूस–** ना० हे० घुस । **– खोर–** वि० हे० घुसखोर । **– खोरी–** ना० हे० घुसखोरी ।

**घृणा–** ना० [सं०] १. मर्यादाविरुद्ध वा अनुचित काम गर्ने व्यक्ति वा उसले गरेका नराम्रा काम कारबाईप्रति स्वाभाविक रूपमा हुने अरुचि; घिन; दिगमिगी; सिकसिको । २. हेला; अपमान । > **घृणास्पद–** वि० घृणा गर्न योग्य; घिन मान्नुपर्ने; निन्दनीय । **घृणित–** वि० घृणा गर्न लायक; घृणा हुने वा हुन सक्ने; निन्दनीय ।

**घृत–** ना० [सं०] घिउ ।

**घृतकौशिक–** ना० [सं०] कौशिक कुलमा उत्पन्न भएका गोत्रप्रवर्तक एक ऋषि । **– गोत्र–** ना० घृतकौशिक ऋषिको कुल वा वंशको परिचयात्मक नाम ।

**घृष्ट–** वि० [सं०] १. घोटिएको वा रगेडिएको । २. घिसिएको । ३. घिसारिएको; तानिएको । ना० ४. ध्वनिविज्ञानअनुसार घर्षणबाट उत्पन्न हुने उष्मीभूत व्यञ्जन ।

**घेर्-नु–** स० क्रि० कुनै वस्तुलाई चारैतिरबाट मानिस वा अन्य केही चीजले घेरा दिनु; घेरामा पार्नु; छेक्नु । >**घेरा–** ना० कम्पाउन्ड वा पर्खालको बार; चौगिर्दा । **घेराइ–** ना० घेर्ने क्रिया वा प्रक्रिया । **घेराइनु–** क० क्रि० घेर्न लाइनु । **घेराउ–** ना० घेरा दिने काम । **घेराउनु–** प्रे० क्रि० घेर्न लाउनु । **घेरादार–** वि० घेरा दिने; घेरा भएको । **घेराव–** ना० घेर्ने वा घेरा दिने काम; घेराउ । **घेरिनु–** क० क्रि० घेरा दिइनु; घेर्ने काम गरिनु ।

**घेरो–** ना० [घेर्+ओ] १. चारैतिरबाट लगाइएको छेको; वरिपरिको बार । २. कुँडुलो परेको फेरो । ३. वृत्ताकार परिधि । ४. रेखो । ~ **घेरो–** क्रि० वि० घेरो नछुट्ने गरी; घेरो वा रेखो हुँदै ।

**घेवर–** ना० [प्रा०] चामलको पीठो वा गहुँको मैदामा घिउ वा नौनी फिटेर घिउमै पकाइने, एक प्रकारको रोटी; घिउरोटी ।

**घेवा–** ना० तामाङ-जातिले मरेका मानिसका निम्ति गर्ने अन्त्येष्टि क्रिया; सुद्धाइँ ।

**घेवारे–** ना० [घिउ+वारे] घिउको बेपारी; घिउ बेच्ने व्यक्ति ।

**घैँटाघैँटी–** ना० [घैँटो+घैँटी] साना-ठूला धेरै घैँटाको समूह ।

**घैँटी–** ना० [घैँटो+ई] सानो घैँटो; सानो खालको माटाको गाग्रो ।

**घैँटे–** वि० [घैँटो+ए] १. नबढेको; पुड्को; बामपुड्के; डल्ले (व्यक्ति) । २. घैँटो जस्तो; घैँटाका छाँटको । स्त्री० घैँटी ।

**घैँटो–** ना० [सं० घट] १. माटाको घडा; गोल्फु । २. सानो खालको गाग्रो । ३. मान्छेको मनपेट (प० ने०) ।

**घैघराना–** ना० [(द्वि०) घराना] घर र घरसित सम्बन्धित विषय वा कुरा; घरगृहस्थी; घरघराना; घरायस; घरसार ।

**घैमल–** ना० [नेवा० घाय-मो] १. धेरै धूलोमूलो वा फोहर वस्तु; कसिङ्गर; घुरान । २. काम नलाग्ने; बेकम्मा; रद्दी ।

**घैया–** ना० १. पानी नलाग्ने पाखाबारीमा रोपिने एक किसिमको धान । वि० २. अघि पाक्ने; अघैया । ~**मकै–** ना० घैयाबारीमा पातलोपातलो गरी छरिएको मकै ।

**घैला–** ना० [सं० घट] १. माटाको घडा; गाग्रो । २. हाँडी । **– घैली–** ना० सानाठूला घैलाहरू । >**घैली–** ना० सानो घैलो । **घैले–** वि० ठूलठूला कल्चौँडा वा फाँचा हुने; घैलाजस्ता फाँचा हुने (गाईबस्तु) ।

**घोक्-नु–** स० क्रि० [सं० घोष] कुनै पुस्तकका विषय, पाठ आदि मुखले बारबार भन्नु वा आवृत्ति गर्नु; त्यसरी रट्नु वा रफत गर्नु । >**घोकना–** ना० घोक्ने काम वा प्रक्रिया । **घोकन्ता–** वि० घोकन्ते; घोकुवा । **घोकन्ताम्–** वि० नबुझी घोक्ने । **घोकन्ती–** वि० घोकिएको; रफत गरिएको । (उदा०– **घोकन्ती विद्या धावन्ती खेती । –** उखान) । **घोकन्ते–** वि० घोकेर पढ्ने; घोकेरै कण्ठ गर्ने । **घोकाइ–** ना० घोक्ने काम वा प्रक्रिया । **घोकाइनु–** क० क्रि० घोक्न लाइनु । **घोकाउनु–** प्रे० क्रि० घोक्न लाउनु; रटाउनु । **घोकिनु–** क० क्रि० घोक्ने काम गरिनु; रटिनु । **घोकुवा–** वि० धेरै घोक्ने; घोकन्ते ।

**घोक्रिनु–** अ० क्रि० [घोक्रो+इ+नु] १. घोक्रोजस्तो समरो हुनु । २. छिप्पिनु; जालो पस्नु (घिरौँला आदि) । ३. घोक्रामा समातिएर

धकेलिनु; गर्दनमा अँठ्याइएर उछिट्टिनु; गलहत्तिनु ।

**घोक्रेछुत्ती ⁄ घोक्रेसुत्ती**– ना० [घोक्रो+सुत्त+ई] घोक्रामा समातेर हुत्त्याउने क्रिया; गलहत्ती; ठचाक खुवाउने काम ।

**घोक्रो**– ना० [सं० घोष ?] श्वासनली तथा गोजेरोभन्दा माथि र हाब्रोभन्दा तलतिरको भाग; घाँटी; गर्धन; घिच्रो ।

**घोक्र्याइ**– ना० [√ **घोक्र्याउ** (+आइ)] घोक्रचाउने क्रिया वा प्रक्रिया । [⊳] **घोक्र्याइनु**– क० क्रि० घोक्रिने पारिनु; गलहत्याइनु ।

**घोक्र्याउनु**– स० क्रि० [घोक्रो+याउ+नु] कसैलाई घोक्रामा समातेर हुत्त्याउनु; गलहत्याउनु; गर्दन्याउनु । >**घोक्र्याउने**– ना० १. डाँडाभाटा गर्नुभन्दा पहिले ठूला-ठूला काठ वा बाँस छानाका दुवै पाखाबाट धुरीसम्म ल्याएर जोडिने सामान; भ्याल्सी । वि० २. घोक्रामा समातेर हुत्त्याउने । (उदा०– घोक्रचाउनेले घोक्र्याइहाल्यो, अब पाखुरा निमोठेर के गर्नु !) । **घोक्र्याहट**– ना० घोक्रचाउने वा गलहत्त्याउने काम वा अवस्था ।

**घोगचा**– ना० [नेवा०] माटाको भाँडो बनाउँदा प्रयोग गरिने काठको विशेष प्रकारको मुङ्ग्रो ।

**घोगाघोगी**– ना० [घोगा+घोगी] साना-ठूला धेरै घोगा ।

**घोगी**– ना० [घोगो+ई] सानो घोगो ।

**घोगे**– ना० १. घोगाभैँ भएर ज्वानाका दाना जस्ता गेडा फल्ने र ढक्कीहरू बनाइने एक जातको झार । वि० २. घोगो भएको; घोगो लागेको । ~**चाँप**– ना० सेता ठूलठूला दलका बीचमा घोगोजस्तो कर्णिकार भएको फूल फुल्ने एक जातको चाँप; राजचम्पक । ~**बाली**– ना० घोगाका रूपमा फल्ने अन्नको बाली (मकैबाली) ।

**घोगो**– ना० १. खोयामा घर हार परेर गेडा लागेको, मकैको लाम्चो सिङ्गो फल । २. त्यस्तै आकारको फल वा फूल । > **घोग्यानी**– ना० धेरै घोगा भएको वा घोगा लाग्ने ठाउँ; घोगाहरूको समूह ।

**घोघे**– ना० बदमास खालका बस्तु बाँध्न प्रयोग गरिने पाट वा भुत्लाको लठारे डोरी ।

**घोच्-नु**– स० क्रि० १. कुनै वस्तुभित्र तीखो वा धारिलो वस्तु पसाल्नु; घोप्नु; रोप्नु । २. ठोस्नु; कोच्नु । ३. मर्म पर्ने गरी भन्नु; घोचपेच गर्नु । ४. बारम्बार सम्झाउनु; अर्ती दिनु; प्रेरित गर्नु । >**घोचघाच**– ना० १. घोच्नेवर्ने काम । २. घोचपेच गर्ने काम । **घोचपेच**– ना० अर्कालाई मर्म पर्ने गरी भनिएको कुरो; बिझ्ने वा चित्त दुख्ने कुरो; छेडछाड । **घोचाइ**– ना० घोच्ने क्रिया वा प्रक्रिया । **घोचाइनु**– क० क्रि० घोच्न लाइनु; घोपाइनु । **घोचाउनु**– प्रे० क्रि० घोच्न लाउनु; घोपाउनु । **घोचाघोच**– ना० परस्परमा घोच्ने काम; परस्परको घोचाइ; घोचपेच; छेडछाड ।

**घोचाघोची**– ना० [घोचो+घोची] सानाठूला धेरै घोचा ।

**घोचिनु**– स० क्रि० [√ **घोच्** (+इ+नु)] घोपिनु; रोपिनु । >**घोचिलो**– वि० घोच्ने; घोच्ने खालको । **घोचुवा**– वि० घोच्न खोज्ने; घोच्ने ।

**घोचो**– ना० [घोच्+ओ] बार बार्नका निम्ति र गाई-गोरुका लागि छहारी बनाउनका निम्ति खाँबा, खुट्टी हुने खालको लङ्गुरो ।

**घोट्-नु**– स० क्रि० [सं० घोटन+नु] १. कुनै कडा वस्तुलाई चिल्लोचम्किलो पार्नका निम्ति अर्को वस्तुमा मल्नु वा रगेड्नु । २. खल गर्नु; पिँध्नु । ३. खूबसित काम लगाउनु; जोत्नु । > **घोट**– ना० घोट्ने वा दल्ने काम; घोटाइ वा दलाइ । **घोटघाट**– ना० घोट्नेवर्ने काम ।

**घोटा**– ना० हे० घोट्टा ।

**घोटाइ**– ना० [√ **घोट्** (+आइ)] घोट्ने क्रिया वा प्रक्रिया । [⊳] **घोटाइनु**– क० क्रि० घोट्न लाइनु; रगेडाइनु । **घोटाउ**– ना० घोट्ने काम । **घोटाउनु**– प्रे० क्रि० १. घोट्न लाउनु; रगेडाउनु । २. मिहिनेतसाथ घोकाउनु । **घोटाघोट**– ना० १. परस्परमा एकले अर्कालाई घोट्ने काम । २. कसाकस । **घोटाहा**– वि० घोट्ने खालको; घोट्ने । **घोटिनु**– क० क्रि० घोट्ने काम गरिनु; रगडिनु । **घोटिलो**– वि० घोटिएजस्तो; घोटिएको ।

**घोटी१**– ना० [सं०]ह्राडे बयर ।

**घोटी२**– ना० [घोट्+ई] दूधे नानीहरूलाई खुवाउने एक प्रकारको औषधी ।

**घोटुवा**– वि० [घोट्+उवा] घोटिएको; घोटिने ।

**घोट्टा**– ना० [सं० घोटन] १. भाङको पात भिजाएर मरिच मिसाई बेसरी पिँधेर वा घोटेर तयार पारीकन गोला वा गोलीका रूपमा खाइने मादक पदार्थ अथवा त्यसरी तयार पारिएको भाङको लेदोमा बदाम, किसमिस, सुकुमेल आदि पौष्टिक पदार्थ तथा दूध र चिनी हालेर सर्वतका रूपमा पान गरिने नसालु पदार्थ । २. कामको रगडाइ; घोटाइ । ३. बारम्बारको रफत वा अभ्यास; मिहिनेत ।

**घोडकरैँत**– ना० [घोडा+करैँत] घोडाजस्तो परेको करैँत; एक अत्यन्त बिखालु सर्प ।

**घोडगदाहा**– ना० [घोडा+गदाहा] मधेसका जङ्गलमा पाइने घोडाकै बान्कीको र घोडाजस्तै दगुर्ने गधा ।

**घोडचढी**– वि० [घोडा+चढ्] १. घोडा चढ्ने; घोडा चढेर सवार हुने; घोडसवार । ना० २. त्यस्तो व्यक्ति । ~**रिसल्ली**– ना० विदेशमा रहने वा विदेशबाट आएका राजदूतहरूले प्रमाणपत्र पेस गर्न जाँदा घोडा चढेर अगाडि-पछाडि लाग्ने घोडचढी सिपाही; रिसल्ला । ~**सबार**– ना० घोडचढी रिसल्ला ।

**घोडतापे**– ना० [घोडा+टाप] तिच्छरो स्वादका पात हुने, घोडाका टापका आकारका राता फूल फुल्ने, आँख्ला-आँख्लाबाट जरा निस्कने, आयुर्वेदमा स्मृति र मेधा बढाउने मानिएको एक प्रकारको लहरे भुइँझार; माण्डूक-ब्राह्मी ।

**घोडदौड**– ना० [घोडा+दौड] १. बाजी राखेर वा बाजी जित्न घोडा दौडाउने खेल । २. घोडेजात्रामा काठमाडौंको टुँडिखेलमा दौडाइने र देखाइने घोडाको प्रसिद्ध दौड ।

**घोडसवार**– ना० [घोडा+सवार] घोडचढी ।

**घोडा**– ना० [घोडोको ति० रू०] घोडो । – **खरी**– ना० सुक्खा

ठाउँमा उम्रने, आँपका जत्रा ससाना नरम पात हुने, मकैका ढोडको जस्तो गुदी हुने, हातले पात चलाउँदा सेतोसेतो हुने एक प्रकारको ससानो बोट । ~ **गाडी–** ना० घोडाले तान्ने गाडी; बग्गी; एक्का; टमटम ।

**घोडे जात्रा–** ना० [घोडा+जात्रा] १. चैतको कृष्णपक्षको चतुर्दशीका दिन काठमाडौँको टुँडिखेलमा सार्वजनिक प्रदर्शनका उद्देश्यले देखाइने घोडदौडको प्रसिद्ध जात्रा ।

**घोडेटो–** ना० [घोडो+एटो] घोडा चढेर हिँड्न सकिनेसम्मको बाटो; चौपाया जनावर आदिमा मालसामान लदाएर आवतजावत गर्न हुने खालको बाटो ।

**घोडे दूबो–** ना० [घोडा+दूबो] कुशका जस्ता फूल फुल्ने साह्रो र ठूलो एक जातको दूबो ।

**घोडे बन्सो–** ना० [घोडा+बन्सो] लामालामा पात हुने, टुप्पामा एक प्रकारको फूल फुल्ने र मसिना गेडा पनि लाग्ने बन्सो घाँस ।

**घोडे लात–** ना० [घोडा+लात] बालकहरूले लात्ती उचाल्दै हान्दै गरी खेल्ने एक प्रकारको खेल ।

**घोडे साबुन–** ना० [घोडा+साबुन] लुगा धुने डल्लो आकारको एक थरी साबुन ।

**घोडो–** ना० [सं० घोटक] १. चार खुट्टामा नफाटेका खुर हुने, गर्धनमा लामालामा भुत्ला हुने, सवारीको काममा आउने तथा मालसामान बोकाउन र गाडीमा जोत्नसमेत हुने प्रसिद्ध घरपाला पशु । २. बन्दुकको गोली चलाउँदा खिचिने एक पुर्जा । ३. बुद्धिचालको खेलमा चालिने एक गोटी । स्त्री० घोडी ।

**घोत–** ना० [सं० घट] १. किरिया-पुत्रीहरूलाई भेट्न आउँदा सम्झाउनी र सघाउका निम्ति ल्याइने चामल, चिनी, घिउ, मरीच आदि वस्तु; बिचार । २. घत; बिचार ।

**घोत्लि-नु–** अ० क्रि० [घोत+लि+नु] १. ज्यादै पीर परेका बखतमा मुन्टो निहुराएर बस्नु; झोक्राउनु । २. चिन्ताले घोरिनु; सोचाइमा पर्नु । **घोत्ल्याइँ–** ना० घोत्लिनेपन वा अवस्था; घोत वा विचारका विभिन्न तत्त्वको समीक्षण; विचारमग्नता; सोचधर्मिता । **घोत्ल्याइ–** ना० घोत्लिने भाव, क्रिया वा प्रक्रिया । **घोत्ल्याइनु–** क० क्रि० घोत्लिने पारिनु । **घोत्ल्याउनु–** प्रे० क्रि० घोत्लिन लाउनु । **घोत्ल्याहट–** ना० घोत्लिने अवस्था वा काम । **घोत्ल्याहा–** वि० घोत्लिने; घोत्ल्याइँ भएको ।

**घोप्-नु–** स० क्रि० १. काँढा, सियो आदिले घोच्नु; खोप्नु; रोप्नु । २. अरिङ्गाल, बारुलो आदिले खिल्नु; छेड्नु । >**घोप–** ना० १. घोपेको वा घोचेको डोब; डाम; घाउको चोट । २. पहाडका फेदीमा रहेको जङ्गलले छेकेको ठाउँ । **घोपाइ–** ना० घोप्ने क्रिया वा प्रक्रिया । **घोपाइनु–** क० क्रि० घोप्न लाइनु । **घोपाउनु–** प्रे० क्रि० घोप्न लाउनु; घोचाउनु । **घोपाहा–** वि० घोप्ने खालको । **घोपिनु–** क० क्रि० घोप्ने काम गरिनु । **घोपिलो–** वि० घोप्ने खालको । **घोपुवा–** वि० घोप्ने; घोप्ने काम गर्ने ।

**घोप्टि-नु–** अ० क्रि० [घोप्टो+इ+नु] १. जमिनतिर मुख फर्काएर पस्रनु; घोप्टनु । २. उभिन्डो पर्नु; उभिन्डिनु ।

**घोप्टे–** ना० [घोप्टो+ए] १. भऱ्याङको मुखमा घोप्टो पारेर लगाइने वा भऱ्याङको सिरान थुन्ने खापा । वि० २. घोप्टो परेको; उभिन्डिएको । ३. घोप्टो अनुहार भएको । ४. जति दिए पनि नपुग्ने वा सबै आफैँ खाऊँ भन्ने । स्त्री० घोप्टी ।

**घोप्टो–** वि० [सं० गोप्ता] १. तलतिर मुख पारेर लडेको वा पछारिएको । २. उभिन्डो परेर रहेको; जमिनतिर मुख फर्केको । >**घोप्टयाइ–** ना० घोप्टयाउने क्रिया वा प्रक्रिया । **घोप्टयाइनु–** क० क्रि० घोप्टो पारिनु । **घोप्टयाउनु–** स० क्रि० घोप्टने पार्नु; उभिन्डो गराउनु; उभिन्डयाउनु । **घोप्टयाहट–** ना० घोप्टिने काम वा अवस्था । **घोप्टयाहा–** वि० घोप्टयाउने खालको; घोप्टयाउने काम गर्ने ।

**घोर–** वि० [सं०]१. देख्तैमा वा सुन्दैमा डरलाग्दो वा भयङ्कर (घोर वर्षा, घोर आवाज इ०) । २. मात्रा, मान आदिका दृष्टिमा पल्लो फाल पुगेको (घोर तपस्या, घोर निद्रा इ०) । ३. साह्रै नजाती वा गर्न नहुने (घोर पाप, घोर अपराध, घोर अन्याय इ०) । ४. निकै बाक्लो; घना (घोर जङ्गल) । ५. साह्रै धेरै; अत्यन्त । ६. गम्भीर; गहिरो । ~ **घमासान–** ना० ठूलो लडाइँ; ठूलो मारकाट; भयङ्कर युद्ध । **– तर–** वि० १. ज्यादै डरलाग्दो । ना० २. शिव । **– नाके–** वि० ठूलो नाक भएको; घोक्रिएको नाक हुने; ढोडनाके । **– मुखा–** वि० नराम्रो अनुहार भएको; मन नपर्दो अनुहारको; डरलाग्दो अनुहार हुने ।

**घोरल–** ना० रातोरातो र कालोकालो वा खैरो रङ भएको, ठूला खालको बाख्राका आकारको, जङ्गलमा बस्ने र घाँस खाने एक जातको मृग ।

**घोराही–** ना० पश्चिम नेपालको रापती अञ्चलअन्तर्गत भित्री मधेसमा रहेको, दाङदेउखुरी जिल्लाको सदर मुकाम ।

**घोरि-नु–** अ० क्रि० [अ० गौर+नु] १. गौर गर्नु; विचार गर्नु; गम्नु । २. घोत्लिनु । ३. सम्झने चेष्टा गर्नु ।

**घोरी–** ना० [नेवा० घोरि] १. रक्तविकारबाट सानासाना खटिरा उठ्ने एक प्रकारको चर्मरोग; छालाबाट छारो उड्ने चर्मरोग । वि० २. त्यस्तो रोग लागेको; घोऱ्याहा ।

**घोऱ्याइँ–** ना० [√ **घोरि** (+याइँ)] १. नचाहिँदो चाल; उपध्याइँ; फटचाइँ । २. घोरिने वा निहुरिएर सोच्ने क्रिया वा अवस्था । [>] **घोऱ्याइ–** ना० घोरिने क्रिया वा प्रक्रिया । **घोऱ्याइनु–** क० क्रि० घोरिन लाइनु । **घोऱ्याउनु–** प्रे० क्रि० घोरिन लाउनु; एकोहोऱ्याउनु । **घोऱ्याहट–** ना० घोरिने काम । **घोऱ्याहा–** वि० घोरिने काम गर्ने; एकोहोरो ।

**घोऱ्याहा१–** वि० [घोरी+आहा] घोरीको रोग लागेको; घोरी ।

**घोऱ्याहा२–** वि० [घोडो+याहा] डोरी वा दाम्लाका तीन पोयामध्ये एक पोयो ठीक ठाउँमा नबसी अर्को पोयामा घोडा चढेको ।

**घोर्ले–** वि० [सं० घोर] १. रातो, कालो र खैरो रङको शरीर तथा निधारमा सेता वा काला र ठाडा दुई धर्सा भएको (खसी, बाख्रा,

आदि) । २. ढङ्ग नपुर्‍याई सिँगार गर्ने (व्यक्ति) । ३. डँडाक; जखमले (खसी आदि) ।

**घोल्–नु–** स० क्रि० [सं० घोल्+नु] १. झोल पदार्थलाई डाडु, पन्यू, दाबिलो आदिले चलाउनु; हुँडल्नु; घालघुल गर्नु । २. रयालिने गरी चलाउनु; मथ्नु । >**घोल–** ना० १. औषधी, पीठो आदि मिलाई घोलेको लेदो; घोलिएको झोल पदार्थ । २. मही; मट्ठा; लस्सी । **घोलक–** ना० कुनै ठोस पदार्थलाई घोल्न वा मिलाउन सक्ने तरल पदार्थ । **घोलघाल–** ना० घोल्नेवर्ने काम; रयाल्ने, हुँडल्ने वा फिट्ने काम ।

**घोलन–** ना० [सं०] तरल पदार्थ र ठोस पदार्थ घोलिएर तयार गरिएको वस्तु ।

**घोलाइ–** ना० [√ **घोल्** (+आइ)] घोल्ने किसिम, क्रिया वा भाव । [>] **घोलाइनु–** क० क्रि० घोल्न लाइनु । **घोलाउनु–** प्रे० क्रि० घोल्न लाउनु; हुँडलाउनु । **घोलाघोल–** ना० तरल पदार्थ तथा ठोस पदार्थलाई घोल्ने वा हुँडल्ने काम ।

**घोलित–** वि० [सं०] घोलकमा बिलाउने वा बिलिएर तरल बन्ने । (पानी घोलक हो भने त्यसमा बिलाउने नुन, चिनी घोलित हुन्) ।

**घोलिनु–** क० क्रि० [घोल्+इ+नु] घालघुल पारिनु; हुँडलिनु ।

**घोलुवा–** वि० [घोल्+उवा] घोलेको; घोलेर बनाइएको ।

**घोष१–** ना० [सं०] स्वरचिम्टी नजिकिएर दबाब र प्रकम्पनका साथ उच्चारित हुने ध्वनि । [ग्, ज्, ड्, द्, ब्, घ्, झ्, ढ्, ध्, भ्, ङ्, न्, म्, य्, र्, ल्, व्, ह् ध्वनि]

**घोष२–** ना० [सं०] १. ठूलो आवाज; चर्को शब्द; गुञ्जित ध्वनि । २. घोषणा; डुङ्ग्री; डुन्डी । ३. हल्ला; अफवाह । ४. तालका साठी भेदमध्ये एक ।

**घोषक–** वि० [सं०] १. घोषणा गर्ने । २. घोष निकाल्ने ।

**घोषण–** ना० [सं०] घोषणा गर्ने क्रिया वा भाव; ठूलो स्वरको गर्जना ।

**घोषणा–** ना० [सं०] १. कुनै कुरो ठूलो स्वरले सुनाउने काम; केही कुराका बारेमा निश्चयसाथको भनाइ । २. राजाबाट देशवासीका नाममा भएको आज्ञा; राजाको हुकुम । ~ **पत्र–** ना० कुनै संस्था वा व्यक्तिको कुनै कुरामा उद्देश्य वा सत्यता वा वचनबद्धता घोषित गर्ने पत्र (संस्थाको घोषणापत्र, चुनावको घोषणापत्र इ०) ।

**घोषित–** वि० [सं०] १. घोषणा गरिएको; ठूलो स्वरले केही कुरा सुनाइएको; केही कुरा निश्चयसाथ भनिएको । २. राजाज्ञा भएको ।

**घोषीभवन–** ना० [सं०] १. शब्दभित्र रहेका प्रथम र द्वितीय वर्णहरूका स्थानमा तृतीय, चतुर्थ र पञ्चम वर्णहरू हुने काम वा स्थिति । २. अघोष ध्वनिहरूका स्थानमा सघोष ध्वनिहरू रहने प्रक्रिया (काक > काग, शूकर > सुँगुर, घोटक > घोडो इ०) ।

**घोसिउँ–** वि० [घोसो+इउँ] कुप्रो परेको; निहुरिएको; घोस्यूँ (कोदालो, कोदाली आदि) ।

**घोसे–** वि० [घोसो+ए] १. केही नबोली झोक्राइरहने; अँध्यारो मुख भएको; अँध्यारमुखे; अँध्यारखाउडे । २. कुप्रिएको; कुप्रे (कोदालो, कोदाली आदि हतियार) । ~ **मुन्टो–** ना० निहुरिएको वा झोक्रिएको मुन्टो; केही नबोली घोत्लिइरहेको अनुहार; अँध्यारो मुख ।

**घोसो–** ना० [घुस्स+ओ] अँध्यारो वा निन्याउरो मुख; तलतिर फर्किएको अनुहार ।

**घोस्यूँ–** वि०हे० घोसिउँ ।

**घोस्सि–नु–** अ० क्रि० [घोस+इ+नु] रिसाएर घोसे मुन्टो लगाउनु; ठुस्स पर्नु; घोसे हुनु । >**घोस्स्याइ–** ना० घोस्सिने क्रिया वा भाव । **घोस्स्याइनु–** क० क्रि० घोस्सिन लाइनु । **घोस्याउनु–** प्रे० क्रि० घोस्सिन लाउनु; घोसे पार्नु; ठस्स पार्नु । **घोस्स्याहट–** ना० घोस्सिने क्रिया वा चाल । **घोस्स्याहा–** वि० घोसे हुने; घोसे भएको ।

**घौर–** ना० [√ घारी] ताड वृक्षका पात र फूलको गुच्छो वा झुप्पो ।

**घ्न–** वि० [सं०] (उत्तरपदका रूपमा जोडिएर) हत्या गर्ने; मार्ने वा नष्ट गर्ने अर्थ दिने (शत्रुघ्न, कृतघ्न इ०) ।

**घ्यँकाइ–** ना० [√ **घ्याँक्** (+आइ)] घ्याँक्ने क्रिया वा प्रक्रिया । > **घ्यँकाइनु–** क० क्रि० घ्याँक्न लाइनु । **घ्यँकाउनु–** प्रे० क्रि० घ्याँक्न लाउनु; घ्यँकाउनु ।

**घ्या–** ना० [भो० ब०] आर्घो; घेवा ।

**घ्याँक्–नु–** स० क्रि० १. गर्दनमा समातेर थिच्नु; ड्याक्नु । २. आक्रमण गर्नु; झम्टनु । ३. गाँज्नु; अँठ्याउनु । ४. ग्रस्त पार्नु; सिकिस्त पार्नु । ५. थिचोमिचो गर्नु; दबाउनु । >**घ्याँकिनु–** क० क्रि० घ्याँक्ने काम गरिनु ।

**घ्याइँघ्याइँ–** क्रि० वि० [अ० मू० घ्याइँ (द्वि०)] १. धेरै मानिस बोल्दा, पढ्दा वा बाजाहरू बजाउँदा शब्द निस्कने चालले; ग्याइँग्याइँ । २. कान कराउँदा शब्द आउने गरी । ३. जाँतो, घट्ट आदि घुम्दा शब्द निस्कने गरी ।

**घ्याङ–** ना० [भो० ब०] लामाहरूको पाठपूजा, जप आदि गर्ने ठाउँ; लामाहरूको गुम्बा वा देवमन्दिर ।

**घ्याचघ्याच–** क्रि० वि० [अ० मू० घ्याच्+अ (द्वि०)] घचघच्याएजस्तै गरी हल्लने वा ठक्कर लाग्ने गरी; त्यसो हुँदा शब्द निस्कने किसिमले ।

**घ्याच्च–** क्रि० वि० [अ० मू० घ्याच्+च] हिँड्दा-हिँड्दै वा गुड्दा-गुड्दै टक्क रोकिने चालले; हिँड्दा-हिँड्दै वा लड्दा-लड्दै खाडलमा परेर अड्ने किसिमले ।

**घ्याप्रिङ–** ना० [भो० ब०] गुरुङहरूको पुरोहित ।

**घ्याब्रुक–** ना० [भो० ब०] सेर्पा-लामाहरूमा प्रचलित झ्यालीसमूहको सबभन्दा ठूलो बाजा ।

**घ्याम्पी–** ना० [घ्याम्पो+ई] १. सानो घ्याम्पो । वि० २. घ्याम्पोजस्तो पेट भएकी; ठूलो पेट भएकी (स्त्री) ।

**घ्याम्पे**– वि० [घ्याम्पो+ए] १. घ्याम्पाजस्तो पेट भएको; भुँडीवाल । २. ठूलो; बडेमाको । ~**ऐँसेलु**– ना० ठूलाठूला टोप्रा हुने एक जातको ऐँसेलु । ~**केरा**– ना० विशेष मोटो र थुम्क्याइलो बोट हुने एक जातको केरा । ~**डाँडो**– ना० घ्याम्पाजस्तो आकार भएको डाँडो । ~**भुँडी**– ना० घ्याम्पाजस्तै फुकेको भुँडी; गर्भ बोकेको ठूलो भुँडी ।

**घ्याम्पो**– ना० १. अन्न राख्ने वा बिहा आदि कार्यमा पानी भरेर राख्ने माटो, पित्तल, तामा आदिको ठूलो गाग्रो; बिर्को लगाउन हुने धातुको ठूलो भाँडो । २. धेरै जाँड खाने मान्छे ।

**घ्यारघ्यार**– क्रि० वि० [अ० मू० घ्यार्+अ (द्वि०)] १. घाँटीमा कफ जमेको अवस्थामा सास फेर्दा शब्द आउने चालमा ।

**घ्यार्र**– क्रि० वि० [अ० मू० घ्यार्+र] १. गह्रौं वस्तु घिसार्दा शब्द आउने ढङ्गले । २. इन्जिनहरू चल्दा शब्द निस्कने किसिमले ।

**घ्यू**– ना० हे० घिउ ।

**घ्राण**– ना० [सं०] १. सुँघ्ने इन्द्रिय; नाक । २. सुँघ्ने शक्ति । ३. बास्ना; सुगन्ध । >**घ्राणेन्द्रिय**– ना० सुँघ्ने वा सुँघेर वस्तुको गुण थाहा पाउने इन्द्रिय; नाक ।

**घ्रातव्य**– वि० [सं०] बास्ना लिन योग्य; सुँघ्न लायक ।

**घ्वाँक**– वि० [अ० मू० घ्वाँक्+अ] ठूलो; बडेमाको; अजङको । ~ **घ्वाँक**– क्रि० वि० १. मोटर आदि सवारीको हर्न बजेजस्तो गरी आवाज आउने ढङ्गले । २. बाँदर, बाघ आदि कराउँदा शब्द आउने गरी ।

**घ्वाँके**– वि० [घ्वाँक+ए] जखमले, जख्खू, ठूलो आकारको ।

**घ्वाइँ**– ना० [नेवा०] १. खेलमा तोकेका ठाउँमा मार्न वा पुऱ्याउन प्रयोग गरिएका वस्तुमा सबभन्दा ठूलो वस्तु । २. तामाको पुरानो बाक्लो पाँचपैसे ढचाक । वि० ३. ठूलो; ढब्बू । – **कासा**– ना० घ्वाइँ फ्याँकेर खेलिने एक प्रकारको खेल ।

**घ्वाइँघ्वाइँ**– क्रि० वि० [अ० मू० घ्वाइँ (द्वि०)] जाँतो, घट्ट आदि घुमाउँदा शब्द आउने चालमा ।

**घ्वाइँय्य**– क्रि० वि० [अ० मू० घ्वाइँ+य] जाँतो, घट्ट आदि घुमाउँदा र यन्त्रका चक्का घुम्दा एकै झोक्कामा शब्द निस्कने गरी ।

**घ्वाङघ्वाङ**– क्रि० वि० [अ० मू० घ्वाङ्+अ (द्वि०)] १. वर्षायाममा बढेको खोलो बग्दा आवाज निस्कने किसिमले । २. ठूलो स्वरले कुकुर भुक्ता शब्द आउने गरी ।

**घ्वाच्च**– क्रि० वि० [अ० मू० घ्वाच्+च] १. सबै वस्तु एकै ठाउँमा पर्ने वा जाकिने ढङ्गमा; घ्वाप्प । २. ठूलो सुइराले शरीरको मासु आदि कमलो ठाउँमा घोच्ने किसिमले ।

**घ्वातघ्वात**– क्रि० वि० [अ० मू० घ्वात्+अ (द्वि०)] बाक्लो वा लेदो पदार्थ एकैचोटि खन्याउने गरी । >**घ्वातघ्वाती**– क्रि० वि० घ्वातघ्वात पार्ने किसिमले ।

**घ्वात्त**– क्रि० वि० [अ० मू० घ्वात्+त] बाक्लो लेदो पदार्थ एकैचोटि खस्ने वा खसाउने गरी; खन्याउने किसिमले ।

**घ्वाप्प**– क्रि० वि० [अ० मू० घ्वाप्+प] १. सियो आदि तीखो वस्तुले कमलो वस्तु वा ठाउँमा एकैपल्ट घोच्ने गरी । २. भाँडाबर्तन घोप्टिने गरी; भाँडाको वस्तु एकैचोटि पोखिने किसिमले ।

**घ्वाप्ल्याक्क**– क्रि० वि० [अ० मू० घ्वाप+ल्याक्क] भाँडाको वस्तु एकै पटक घोप्ट्याउने किसिम ।

**घ्वारघ्वार**– क्रि० वि० [अ० मू० घ्वार्+अ (द्वि०)] १. घाँटीमा कफ जमेका बेला सास फेर्दा आवाज आउने चालले । २. बाघ, बिरालो आदि ठूलो स्वरले घुर्दा आवाज आउने किसिमले । > **घ्वारघ्वारती/घ्वारघ्वारी**– क्रि० वि० अझ छिटो घ्वारघ्वार गर्ने चालमा ।

**घ्वार्र**– क्रि० वि० [अ० मू० घ्वार्+र] १. निदाएका बेला घाँटी बज्ने ढङ्गले । २. बाघ, बिरालो आदि ठूलो स्वरले घुर्दा शब्द निस्कने चालले । ३. घारो घिस्स्याउँदा शब्द उत्पन्न हुने किसिमले ।

**घ्वालघ्वाल**– क्रि० वि० [अ० मू० घ्वाल्+अ (द्वि०)] १. झोल पदार्थ खन्याउँदा वा पोखिँदा शब्द आउने किसिमले । २. वायुविकार भएको अवस्थामा पेट कराउने चालले । >**घ्वाल-घ्वालती/घ्वालघ्वाली**– क्रि० वि० घ्वालघ्वालसँग वा घ्वालघ्वाल पारेर ।

**घ्वाल्ल**– क्रि० वि० [अ० मू० घ्वाल्+ल] घ्वालघ्वाल शब्द एकैचोटि आउने किसिमले ।

**घ्वासघ्वास**– क्रि० वि० [अ० मू० घ्वास्+अ (द्वि०)] गह्रौं वस्तु भुईंमा घिसार्दा शब्द आउने चालमा । >**घ्वासघ्वासती/घ्वासघ्वासी**– क्रि० वि० घ्वासघ्वास आवाज आइरहने किसिमले ।

**घ्वास्स**– क्रि० वि० [अ० मू० घ्वास्+स] घ्वासघ्वासको आवाज एकै चोटि निस्कने चालमा; तीखो चालसँग घिसार्ने गरी ।

# ङ

**ङ**–१. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये पाँचौं व्यञ्जनवर्ण; कण्ठ र नासिका स्थानबाट उच्चारण हुने सघोष, अल्पप्राण, अनुनासिक व्यञ्जनवर्ण; कवर्गको अन्तिम तथा पाँचौं वर्ण; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; नाकथोप्ली ङ । २. लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन-उपविभाजनका निम्ति व्यञ्जनवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक पाँचौं चिह्न ।

**ङकार**– ना० [सं०] ङ अक्षर; कवर्गको अन्तिम वर्ण ।

**ङप्लक्क**– क्रि० वि० [अ० मू० ङप्लक्+क] हे० कप्लक्क ।

**ङरङर**– क्रि० वि० [अ० मू० ङर्+अ (द्वि०)] बाघ, बिरालो रिसाएर कराउँदा शब्द आउने किसिमले ।

**ङर्र**– क्रि० वि० [अ० मू० ङर्+र] ङरङरको आवाज एक पटक आउने ढङ्गले ।

**ङाइँङुइँ**– क्रि० वि० [अ० मू० (द्वि०) ङुइँ] अनकनाउने गरी; नाकनिक गर्ने किसिमले ।

**ङारङुर**– क्रि० वि० [अ० मू० (द्वि०) ङुर्+अ] १. कुकुर, बिराला आदिले परस्पर झगडा गर्दा कराउने चालले । ना० २. झगडा; बाझो ।

**ङार्रङुर्र**– क्रि० वि० [(द्वि०) ङुर्र] जोडसँग ङारङुर गर्ने गरी ।

**ङिच्च**– क्रि० वि० [अ० मू० ङिच्+च] १. दाँत देखाएर हाँस्ने चालले; किच्च । २. जिल्ल; वाल्ल; पक्क; हिस्स । वि० ३. निराश भएको; जिल्लाराम परेको । > **ङिच्चिनु**– अ० क्रि० १. ङिच्च पर्नु; हिस्स पर्नु; वाल्ल पर्नु । २. अलिअलि दाँत देखाउनु । **ङिच्चे**– वि० दाँत देखाएर हाँस्ने वा बोल्ने ।

**ङिच्च्याइ**– ना० [√ **ङिच्च** (+याइ)] ङिच्च गर्ने क्रिया वा प्रक्रिया । [>] **ङिच्च्याइनु**– अ० क्रि० ङिच्च होइनु । **ङिच्च्याउनु**– स० क्रि० ङिच्च पार्नु; हिस्स्याउनु । **ङिच्च्याहट**– ना० ङिच्च्याउने काम वा अवस्था ।

**ङिच्रिक्क**– क्रि० वि० [अ० मू० ङिच्रिक्+क] निराश हुने वा जिल्लिने चालले; ङिस्स; ङिच्च ।

**ङिसिक्क**– क्रि० वि० [अ० मू० ङिसिक्+क] थोरै ओठ खोलेर वा मन नपर्ने किसिमले हाँस्ने चालले ।

**ङिस्स**– क्रि० वि० [अ० मू० ङिस्+स] १. थोरै दाँत देखाएर हाँस्ने चालले; खिस्स; ङिच्च । वि० २. ङिच्च परेको; जिल्लिएको ।

**ङिस्सि-नु**– अ० क्रि० [अ० मू० ङिस्स+इ+नु] ङिस्स पर्नु; हिस्सिनु; जिल्लिनु । > **ङिस्स्याइ**– ना० ङिस्स पर्ने क्रिया वा प्रक्रिया । **ङिस्स्याइनु**– क० क्रि० ङिस्स पारिनु; हिस्स्याइनु । **ङिस्स्याउनु**– प्रे० क्रि० ङिस्स पार्नु; हिस्स्याउनु । **ङिस्स्याहट**– ना० ङिस्स्याउने काम वा चाल ।

**ङुप्लुक्क**– क्रि० वि० [अ० मू० ङुप्लुक्+क] हे० कुप्लुक्क ।

**ङुर्र**– क्रि० वि० [अ० मू० ङुर्+र] कुकुर, बिराला आदि झगडा गर्दा कम्पित गोल ध्वनि निकालेर कराउने गरी ।

**ङुर्रिनु**– अ० क्रि० रिसाउनु; झोक्किनु ।

**ङेकुबाजा**– ना० [नेवा०] सिङबाजा ।

**ङोपा**– ना० [भो० ब०] देउदेउताको तथा चाडपर्वमा गर्नुपर्ने पूजाआजा गराउने राईजातिको पुरेत ।

**ङ्यकाइ**– ना० [√ **ङ्याक्** (+आइ)] ङ्याक्ने क्रिया वा प्रक्रिया । [>] **ङ्यकाइनु**– क० क्रि० ङ्याक्न लाइनु । **ङ्यकाउनु**– प्रे० क्रि० ङ्याक्न लाउनु ।

**ङ्यचाइ**– ना० [√ **ङ्याच्** (+आइ)] ङ्याच्ने क्रिया वा प्रक्रिया । [>] **ङ्यचाइनु**– क० क्रि० ङ्याच्न लाइनु । **ङ्यचाउनु**– प्रे० क्रि० ङ्याच्न लाउनु ।

**ङ्याउँ**– क्रि० वि० [अ० मू० ङ्याउँ] १. बिरालो कराउँदा शब्द आउने गरी; म्याउ । ना० २. बिरालाले कराएको आवाज । ३. बिरालो (बालबोलीमा) ।

**ङ्याउरो**– ना० [ङ्याउ+उरो] बिरालाको बच्चो; न्याउरो ।

**ङ्याउली**– ना० [√ न्याउली] हे० न्याउली (चरी, बाजा) ।

**ङ्याउलो**– ना० [√ न्याउलो] हे० न्याउलो ।

**ङ्याक्-नु**– स० क्रि० [ङ्याक्क+नु] १. गर्दनमा समातेर गाड्नु; ङ्याच्च पार्नु । २. आक्रमण गर्नु; झम्टनु । ३. गाँज्नु; अँठ्याउनु । ४. ग्रस्त पार्नु; सिकिस्त पार्नु । ५. थिचोमिचो गर्नु; दबाउनु । > **ङ्याकिनु**– क० क्रि० ङ्याक्ने काम गरिनु ।

**ङ्याकङ्याक**– क्रि० वि० [अ० मू० ङ्याक्+अ (द्वि०)] १. गर्धनमा समातेर गाड्ने किसिमले; ङ्याँक्ने चालले । २. कुकुर आदिले पटक-पटक टोक्ने चालले ।

**ङ्याक्क**– क्रि० वि० [अ० मू० ङ्याक्+क] कुकुरजस्ता हिंस्रक जन्तुले एक्कासि झम्टेर टोक्ने ढङ्गले; घ्याँक्क ।

**ङ्याङ**– क्रि० वि० [अ० मू० ङ्याङ्+अ] कुकुर आदिले टोक्ने किसिमले; ङ्याक्क ।

**ङ्याङङ्याङ**– क्रि० वि० [अ० मू० ङ्याङ्+अ (द्वि०)] १. बीच-बीचमा अडिँदै नबुझिने गरी कुरो गर्ने वा पाठ गर्ने चालले । ना० २. बोल्दाखेरिको नाके स्वर । – **ङुङङुङ**– क्रि० वि० नाके स्वर निकालेर अस्पष्टसँग बोल्ने किसिमले । > **ङ्याङङ्याङे**– वि० नाके स्वर निकालेर बोल्ने; ङ्याङङ्याङ गरी अस्पष्ट बोल्ने ।

**ङ्याङ्ङ**– क्रि० वि० [अ० मू० ङ्याङ्+ङ] कुकुरले टोक्दा चड्का आवाज निकाल्ने किसिमले; ङ्याक्क ।

**ङ्याच्-नु**– स० क्रि० [ङ्याच्च+नु] गर्दनमा समातेर थिच्नु वा गाड्नु; ङ्याचङ्याच पार्नु ।

**ङ्याचङ्याच**– क्रि० वि० [अ० मू० ङ्याच्+अ (द्वि०)] ङ्याँक्ने

चालले; गर्दनमा समातेर पटक-पटक गाड्ने किसिमले। **ङ्याचङ्याचती**/**ङ्याचङ्याची**– क्रि० वि० ङ्याचङ्याच पार्ने किसिमले।

**ङ्याचाङङ्चुङ**– क्रि० वि० [अ० मू० ङ्याच्याङ्+अ (द्वि०)] मन नलागी नलागी (खानेकुरो खाने चाल)।

**ङ्याचिनु**– क० क्रि० [ङ्याच्+इ+नु] घ्याँकिनु।

**ङ्याच्च**– क्रि० वि० [अ० मू० ङ्याच्+च] १. गर्दन समातेर थिच्ने चालले; ङ्याक्ने किसिमले। २. गर्दन नफुकेको वा छोटो र पुडको हुने किसिमले। > **ङ्याच्चे**– वि० गर्दन छोटो भएको; ङ्याच्च परेको; ग्याँचे।

**ङ्याप्प**– क्रि० वि० [अ० मू० ङ्याप्+प] हे० क्याप्प।

**ङ्यारङ्यार**– क्रि० वि० [अ० मू० ङ्यार्+अ (द्वि०)] १. कुकुर, बिराला आदिले झगडा गर्दा शब्द निकाल्ने किसिमले। ना० २. त्यस्तो खालको शब्द। ~ **ङुरङुर**– क्रि० वि० हे० ङ्यार्रङुर्र। > **ङ्ङ्यारङ्यारती**/**ङ्यारङ्यारी**– क्रि० वि० अझै ङ्यारङ्यार गर्ने किसिमले।

**ङ्यार्र**– क्रि० वि० [अ० मू० ङ्यार्+र] चड्कासित वा लस्काएर ङ्यारङ्यार गर्ने चालले। ~ **ङुर्र**– क्रि० वि० त्यस्तो शब्द निस्किरहने गरी।

**ङ्यासङ्यास**– क्रि० वि० [अ० मू० ङ्यास्+अ (द्वि०)] मन दुखाउने गरी। ~ **ङुसङुस**– क्रि० वि० चित्त नबुझेका कुरामा दुःख प्रकट गर्ने किसिमले।

**ङ्वारङ्वार**– क्रि० वि० [अ० मू० ङ्वार्+अ (द्वि०)] लगातार ङ्वार्र गरी। **ङ्वारङ्वारती**/**ङ्वारङ्वारी**– क्रि० वि० अझ चड्का ङ्वारङ्वार चालले।

**ङ्वार्र**– क्रि० वि० [अ० मू० ङ्वार्+र] कुकुर, बिराला आदिले रिसमा कम्पित गोल ध्वनिका साथ कराउने गरी। ~ **ङुर्र**– क्रि० वि० त्यसरी नै पटकपटक कराउने गरी।

**ङ्वासङ्वास**– क्रि० वि० [अ० मू० ङ्वास्+अ (द्वि०)] सामान्य आवाज निकालेर रुने चालले।

**ङ्वास्स**– क्रि० वि० [ङ्वास्+स] विरक्तिएर अँध्यारो मुख लाई बस्ने किसिमले।

# च

**च**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये छैटौं व्यञ्जनवर्ण; तालव्य, वर्त्स्य, स्पर्शसङ्घर्षी, अघोष तथा अल्पप्राण व्यञ्जनवर्ण; चवर्गको पहिलो अक्षर; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; चरीचुच्चे च ।

**चँगेरी**– ना० [सं० चङ्गेरिक] बेत वा बाँसका चोयाबाट बनाइएको फलफूल आदि राखिने डाली, टोकरी वा कँडालीजस्तो एक किसिमको भाँडो; चङेरी ।

**चँदुवा**– ना० [सं० चन्द्रक वा चन्द्रा, हि० चँदवा] कुनै धार्मिक संस्कार गर्नाका लागि तयार गरिएको यज्ञमण्डप वा जग्गेका माथि चारै सुरमा बाँस आदिका माथिल्ला भागमा धागो वा डोरीद्वारा बाँधी हावामा हल्लिने गरी माझमा टाँगिने झल्लर भएको वा नभएको चौकुने कपडा; देवमण्डप, पूजाकक्ष, राजसिंहासन वा अन्य कुनै विशिष्ट आसन वा मठ-मण्डपमाथि छतजस्तो गरी टाँगिने झल्लरदार कपडा वा सुनचाँदी आदिबाट बनेको झूलजस्तो वितान; वितान ।

**चँवर**– ना० [सं० चामर] हे० चमर ।

**चइत**– ना० [सं० चैत्र] हे० चैत (महिना) ।

**चइन**– ना० हे० चैन ।

**चउ**– ना० [नेवा०] खास गरी काठमाडौँ उपत्यकामा मालसामान आदि बोक्न प्रयोग गरिने, खर्पनको वरिपरि कुनै घेरा वा बिट नभई खुला रहेको चेप्टो परेको एक साधन ।

**चउर**– ना० [सं० चत्वर] १. खनजोत नगरी त्यसै रहेको वा छोडिएको दूबो वा ससाना घाँसपात उम्रने, केही रूखबिरुवा वा पोथ्रा बीच-बीचमा र किनारमा भए पनि प्रायः खुला रहने, सार्वजनिक रूपमा प्रयोग गरिने समथरिलो फराक जमिन; गौचर; चौर । २. कसैको भूस्वामित्व भए पनि खनजोत नगरिएको र खेतीपाती नलगाई त्यसै रहेको वा छाडिएको दूबो र ससाना घाँस उम्रने खुला र समथरिलो जमिन ।

**चउन्न**– ना०/वि० हे० चवन्न । >**चउन्नी**– ना० चवन्नी । **चउन्नौँ**– वि० चवन्नौँ ।

**चक**– ना० [अङ्०] सेतो वा फुस्रो, धूलो माटोबाट बन्ने र ब्ल्याकबोर्ड वा कालोपाटीमा लेख्न प्रयोग गरिने दुई इन्चजति लामो डोलो साधन; खरीमट्टी ।

**चकचक**– ना० [फा० चख] कुनै काम-कुरामा पनि एकाग्र वा केन्द्रित नभई चाहिँदो वा नचाहिँदो गरिहाल्ने र तत्कालै त्यसलाई चटक्कै बिर्सी, छोडी फेरि अर्को हुँदोनहुँदो कामकुरा गर्ने तथा सानोठूलो ओऱ्याइँबिऱ्याइँसमेत गर्ने बालसुलभ छाँटा; चञ्चलता; चपलता; छुकछुक; चुलबुल; छुलबुल (उदा०– यो केटो त कति चकचक गरिरहन्छ हँ ! एक छिन धैर्य गरेर बस्नु भनेको छँदै छैन !) । >**चकचकाइ**– ना० चकचकाउने भाव, क्रिया वा प्रक्रिया । **चकचकाउनु**– अ० क्रि० चकचक गर्ने हुनु; चकचके हुनु; चञ्चल स्वभावको हुनु । **चकचकी**– ना० १. चकचक गर्ने काम; चकचक । २. शक्ति वा प्रभुत्वको बोलबाला; रोबरवाफ र धाकको अभिवृद्धि; अस्वाभाविक र अवाञ्छित चर्को उन्नति; चहकमहक । **चकचके**– वि० चकचक गर्ने स्वभाव भएको; चुलबुले; चञ्चल; छुनमुने; छुकछुके । **चकचक्याइँ**– ना० चकचक गर्ने स्वभाव वा प्रवृत्ति; चञ्चलता; चपलता; चुलबुलेपन ।

**चकटी**– ना० पराल, मकैको खोसेल्टा, पाट, बाबियो आदिबाट बुनेर बनाइएको वा अस्तरभित्र रुवा हाली बीच-बीचमा तगी खोलसमेत हालेर तयार गरिएको सानोसानो लम्पटजस्तो आसनी; गलैँचाको टुक्राजस्तो एक जना बस्ने आसनी; चकला; गद्दी ।

**चकडी**– ना० [सं० चक्री] पाङ्ग्राजस्ता साना-साना दुई फिर्का माझमा बलियो धागोको एक छेउ बाँधेर धागाको अर्को छेउ औँलामा बाँधी ती फिर्कालाई तलमाथि पारेर तान्दै छोड्दै गरी घुमाइने एक खेलौना; घुर्रा ।

**चकना**– ना० [चक्का+ना] साना-साना चक्का वा टुक्राटाक्री; चाना । – **चुर**– वि० १. टुक्रा-टुक्रा हुने गरी फुटेको; शतचूर्ण भएको; धूलोपीठो भएको । ना० २. चाना; चकानु ।

**चकबन्दी**– ना० [चकला+बन्दी] भूमिसुधार कार्यक्रमअन्तर्गत रैतीहरूको जग्गाको चकला मिलाउने अभियान; चकलाबन्दी ।

**चकमक**– ना० [फा०] फलाम वा इस्पातले घोट्दा आगाको झिल्का निस्कने दानादार कडा सिलिकायुक्त पत्थर वा दर्शनढुङ्गो; पहिलेपहिले आगो सल्काउनाका लागि प्रयोग गरिने ढुङ्गा वा पत्थरको एक उपकरण ।

**चकमन्द**/**चकमन्न**– वि० [चकचक+मन्द] कतैबाट कुनै आवाज नआएको; निशब्द, सुनसान; चनखमन्द ।

**चकला**– ना० १. रोटी बेल्ने प्रायः बाटुलो आकारको काठको सानो चौकी । २. बीचमा अरूको जग्गा नपरेको सानो वा ठूलो भाग; त्यस्तो भूखण्ड । ३. पलेटी कसेर बस्न हुने सानो चारसुरे आसनी । ~ **बन्दी**– ना० हे० चकबन्दी । – **दार**– ना० कुनै ठूलो इलाकाको सरकारी प्रतिनिधि भई मालपोत उठाउने पदाधिकारी ।

**चकली पाँपाँ**– ना० हे० चचलीपैयाँ ।

**चकलेट**– ना० [अङ्०] १. कोकोको बियाँ भुटी पिँधेर बनाइएको धूलो, तरल वा लस्सादार पदार्थ । २. त्यसैबाट तयार पारिएको वा लेप लगाइएको चुस्ने गुलियो खानेकुरो । >**चकलेटी**– ना० १. रातो र खैरोको मिश्रणबाट बनेको रङ । वि० २. त्यस्तो रङको ।

**चकाचक**– वि० १. चहकिलो; उज्यालो । क्रि० वि० २. भरपूर; मनग्य; पुग्दो गरी ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चकानाचकानी**– ना० [चकानु+चकानु] साना-ठूला धेरै चकनाको समूह ।

**चकानु**– ना० [चक्का+नु] चक्का-चक्का पारेर काटिएका टुक्रा; चानु; चाना ।

**चकार्-नु**– अ० क्रि० [चकार] 'च' अक्षरबाट उच्चारण हुने मैथुनबोधक शब्द बोल्नु; चकारीका शब्दले गाली गर्नु ।

**चकार१**– ना० [सं०] देवनागरी वर्णमालाको छैटौं व्यञ्जनवर्ण; चवर्गको पहिलो अक्षर; 'च' अक्षर ।

**चकार२**– ना० १. अश्लील गालीका रूपमा प्रयोग हुने शब्द । २. कसैले चोरेर ल्याएको चीज चोरको हातबाट नै चोर्ने चोर; चोरमाथिको चोर । > **चकारी**– ना० १. चकारको काम; चोरी । २. मैथुन; सम्भोग ।

**चकाराइ**– ना० [√ **चकार्** (+आइ)] चकार्ने क्रिया भाव वा प्रक्रिया । [>] **चकारिनु**– क० क्रि० चकार्ने काम गरिनु ।

**चकाली**– ना० हे० चकारी ।

**चकित**– वि० [सं०] १. छक्क परेको; विस्मित; आश्चर्यमा परेको । २. प्रकम्पित; भयभीत; डराएको ।

**चकुवा**– ना० [सं० चक्रवाकी ?] १. जाति र धर्मसम्बन्धी कामबाट पतित भई अलपत्र पर्ने काम । २. नोकर; चाकर; भृत्य । > **चकुवी**– ना० पुरानो कानुनी परिपाटीअनुसार साधुले जार काट्दा अलपत्र परेकी स्त्री; वियोगिनी ।

**चकोर**– ना० [सं०] किंवदन्तीअनुसार चन्द्रमाको किरण हेरेर वा पान गरेर बाँच्ने एक पक्षी; च्याखुरो ।

**चक्क**– क्रि० वि० [सं० चक] चकाचक; धेरै; मनग्य हुने गरी (खाने किसिम) ।

**चक्कर**– ना० [सं० चक्र] १. फेरो मार्ने काम; फन्को; घुमाइ; फेरो; परिक्रमा । २. रिँगटा; भाउन्ना । ३. घेरो; मण्डल । ४. हैरानी । ५. चारैतिर घुम्ने काम; भ्रमण ।

**चक्का**– ना० [सं० चक्र] १. थेप्चो, बाटुलो वा गोलो, चेप्टो वस्तु । २. मोटर, यन्त्र आदिका पाङ्ग्रा वा गोलाकारको कुनै अवयव; पाङ्ग्रो । ३. क्यासेट । > **चक्की**– ना० १. सानो चक्का । २. नेपाली टोपीको बीचको गोलो भाग । ३. औषधीको ट्याबलेट वा गोली । ४. तास, गञ्जिफा आदिका पत्ती । ५. चिट्ठाको नम्बर लेखिएको ससानो बाटुलो आकारका कागतको टुक्रो । ~ **जाम**– ना० पार्टी वा सङ्घ-संस्थाद्वारा आफ्ना माग पूरा गराउन वा विरोध प्रदर्शन गर्न बस, मोटर आदि सवारी साधन बन्द गराउने स्थिति ।

**चक्कु**– ना० [तु० चाकू] धार भएको भागलाई दोबारेर बिँडभित्रै छोपिने सानो काट्ने हतियार ।

**चक्र**– ना० [सं०] १. विष्णुको बाटुलो आकारको एक अस्त्र । २. माटाका भाँडा बनाउने बाटुलो साधन । ३. गोलो घेरो, मण्डल । ४. हठयोगअनुसार शरीरभित्रका मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्धि, आज्ञा, ब्रह्मरन्ध्र आदि काल्पनिक छ वा त्यसभन्दा बढी स्थान । ५. गाडी, मोटर आदिको गुड्ने गोलो वस्तु; पाङ्ग्रो; चक्का । ६. राज्य; एकाधिपत्य । ७. हातका औँलाको नङको उल्टापट्टि देखिने घुमुर्किएको रेखा । ८. दल; समुच्चय । ~ **ऋषि**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका कूर्म, वरुण, वायु आदि ऋषि । ~ **गुण**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान आदिमा हुने गन्ध, स्वाद आदिको उत्तेजक ज्ञान । ~ **चाल**– ना० चालबाजी; षड्यन्त्र । ~ **चित्र**– ना० ज्यामितीय गणितमा प्रयोग हुने बाटुलो सङ्ख्यात्मक चित्र । ~ **छापा**– ना० टुँडामा सानो चक्र भएको कलमले लेखिएको कुरा विशेष खालको कागतद्वारा धेरै प्रति छाप्ने मेसिन; स्टेनसिल पेपरमा काटिएका वा छापिएका कुरा धेरै प्रति छाप्ने मेसिन । – **जीवी**– ना० कुमाले । ~ **तत्त्व**– ना० १. हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका गन्ध, रस, रूप आदि तत्त्व । २. ऐजनका अनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका पृथ्वी, अप्, तेजस् आदि तत्त्व । ~ **देवता**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका गणेश, ब्रह्मा, विष्णु आदि वा पार्थिव-नवात्मकेश्वर शाम्भव, दीपेश्वर शाम्भव, तेजस् संवर्तेश्वर शाम्भव आदि । – **धर**– ना० १. विष्णु वा कृष्ण । २. कुनै प्रान्तको शासक; मण्डलाधिप । ३. गाउँको कलाबाज वा चटकी । – **धारी**– वि० चक्रधारण गर्ने; चक्र लिने (विष्णु) । – **धूम**– ना० १. ज्यादतीसाथ गरिएको कार्य; अचाक्ली । २. सीमा नाघेर गरिने काम; उत्पात; झगडा । ~ **नसा**– ना० इन्द्रियलाई घेरेर वा बेरेर बसेको मुकुटाकारको नसा । – **पत्र**– ना० षट्चक्रमा भएका कमलको दल । – **पथ**– ना० १. चक्रझैँ वृत्ताकार बाटो । २. काठमाडौँ उपत्यकाको २७.२ कि० मि० लामो घुमाउरो मोटर बाटो (रिङरोड) । – **पाणि**– ना० १. विष्णु । २. कृष्ण । – **पाल**– ना० १. कुनै एक प्रशासनिक एकाइको मुख्य पदाधिकारी । २. सेनाको एक प्रभागको अधिकारी । ३. क्षितिज । ~ **पूजा**– ना० एक किसिमको तान्त्रिक पूजा; षड्चक्रलाई सम्झेर गरिने मानसिक पूजा । ~ **भ्रम**– वि० १. चक्रझैँ घुम्ने । ना० २. चर्खा; चक्का । ~ **मण्डलाकार**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान आदिका वर्ग, अर्द्धचन्द्र आदि मण्डलको आकार । – **मर्द**– ना० चक्राकारको बीच हुने र पहेँलो फूल फुल्ने एक बुटो; ताप्रे । ~ **मुद्रा**– ना० वैष्णवहरूले शरीरमा डाम्न प्रयोग गर्ने चक्राकारको मुद्रा विशेष । ~ **यान**– ना० पाङ्ग्रा लागेका गुड्ने गाडी । ~ **लक्षण**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका संयोग, सङ्कोचन, प्रसरण आदि लक्षण । ~ **लोक**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका भुवर्लोक, स्वर्लोक, महर्लोक आदि । ~ **वर्ण**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार,

स्वाधिष्ठान, मणिपूर आदिका पीत, श्वेत, रक्त आदि वर्ण । – **वर्ती**– ना० सम्राट्; संसारका प्रभु; समुद्रसम्म फैलिएको राज्यका स्वामी । – **वाक**– ना० चखेवा । – **वात**– ना० भुमरी परेजस्तो घुमी-घुमी निम्न चापतिर जोडसँग बहने वायु; निम्न चाप वायु; हावाको भुमरी; आँधीबेरी । – **वाती**– वि० चक्रवातसम्बन्धी; निम्न चापीय वायुसम्बन्धी; चक्रवातजस्तो; चक्रवातको प्रभाव हुने (जलवृष्टि, वर्षा) । ~ **वीज**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका लँ, वँ, रँ आदि । ~ **वृद्धि**– वि० १. बारम्बार बढ्दै जाने । २. ब्याजमाथि पनि ब्याज लागी बढेको (धन) । ~ **वृद्धि ब्याज**– ना० मूलधनबाट आएको ब्याजको पनि ब्याज; ब्याजमाथिको ब्याज । ~ **व्यूह**– ना० १. युद्धका समयमा रचिने चक्राकार मोर्चा; बाटुलो आकारको सैन्यदलको मोर्चा । २. जाल; षड्यन्त्र । ~ **शक्ति**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान आदिका सिद्धि-बुद्धि, सावित्री आदि शक्ति । ~ **स्थिति**– ना० हठयोगअनुसार शरीरभित्रका क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपूर आदिका जननेन्द्रियको निम्न प्रदेशको मेरुकेन्द्र, उर्ध्वप्रदेशको मेरुकेन्द्र, मेरुमध्यस्थ नाभि आदि । > **चक्राकार**– ना० चक्रका दलमा रहने अक्षर ।

**चक्राङ्क**– ना० [सं०] वैष्णवहरूका शरीरमा चक्राङ्कित तप्त धातुद्वारा अङ्कित गरिएको चिह्न । > **चक्राङ्कन**– ना० वैष्णवहरूद्वारा शरीरमा डामेर चक्रको चिह्न बनाइने कार्य । **चक्राङ्कित**– वि० १. चक्रको चिह्न अङ्कित भएको । ना० २. एक वैष्णव सम्प्रदाय ।

**चक्रायुध**– ना० [सं०] १. विष्णु । २. कृष्ण ।

**चक्रावतरण**– ना० [सं०] ठूलो चक्कर काटेर वायुयान ओर्लने कार्य वा प्रक्रिया ।

**चक्री**– वि० [सं०] १. चक्र भएको; चक्रयुक्त । ना० २. विष्णु । ३. चखेवा । ४. चक्रवर्ती राजा । ५. षड्यन्त्र रच्ने व्यक्ति; षड्यन्त्रकारी । ६. कुमाले । स्त्री० चक्रिणी ।

**चक्रेटो**– ना० [चक्र+एटो] आधुनिक स्थल-सवारीका साधन (साइकल, रिक्सा, मोटर आदि) चल्ने सडक ।

**चक्षु**– ना० [सं०] १. आँखा, नेत्र, लोचन । २. दृष्टि; दर्शन; हेर्ने शक्ति । ~ **गोचर**– वि० आँखाले देखिने; दृष्टिगोचर; आँखाले देख्न भ्याइने । ~ **दान**– ना० १. प्राण-प्रतिष्ठा दिने बेलामा मूर्तिका आँखामा भरिने रङ । २. औषधोपचारद्वारा आँखाका खराबी, रोग आदिलाई ठीक पार्ने कार्य । ३. आफ्नो मृत्युपछि आँखा नदेख्ने अन्य कसैलाई आफ्ना आँखा दिनका निम्ति जीवन छँदै कबुल गरी दिइने आँखा; आँखाको दान । ~ **मल**– ना० चिप्रा; कचेरा । > **चक्षुरिन्द्रिय**– ना० देख्ने इन्द्रिय; आँखा । **चक्षुष्य**– वि० १. आँखालाई फाइदा गर्ने । २. हेरिरहूँजस्तो; राम्रो । ना० ३. गाजल ।

**चख**– ना० [√ चाख] आश्चर्य; अचम्म; ताजुप; विस्मय ।

**चखन**– ना० [सं० चषण] खाने वा स्वाद विचार गर्ने काम । ~ **देउद्यौ**– वि० १. चाखीचाखी हिँड्ने; आसे; ढुकुवा । २. लोभी । > **चखनी**– ना० चाख्नका निमित्त लिइने खाने चीज । **चखनो**– ना० थोरै चाख्ने काम ।

**चखन्ची**१– ना० [नेवा० चकाँदि] १. मानाको आठ भागको एक भाग भरिने भाँडो । वि० २. चौथाइको आधा परिमाणको (एक चखन्ची चामल, एक चखन्ची तेज इ०) ।

**चखन्ची**२– वि० [चखन+ची] १. चाख्ने स्वभाव भएको; चाखेर हिँड्ने । २. सानो चित्त भएको ।

**चखली**– वि० उत्ताउली; चञ्चल स्वभावकी ।

**चखलो**– वि० [सं० चञ्चल] १. भड्किलो; उत्ताउलो । २. निर्लज्ज; उच्छृङ्खल ।

**चखाइ**– ना० [√ **चाख्** + (आइ)] चाख्ने क्रिया वा प्रक्रिया । > **चखाइनु**– क० क्रि० चाख्न लाइनु । **चखाउनु**– प्रे० क्रि० १. चाख्न लाउनु । २. अनुभव गराउनु । **चखुवा**– वि० १. चाखेर हिँड्ने स्वभावको; चाख्ने बानी भएको । २. खानको लोभी ।

**चखिलो**– वि० [चाख+इलो] १. चाख लाग्दो । २. स्वादिलो ।

**चखेटो**– ना० [√ चकटी] राडी, पाखी आदिको सानो टुक्रा ।

**चखेत्रो**– ना० [सं० चुक्र+एत्रो] बास्नादार फूल फुल्ने, भोगटेका छाँटका ठूलठूला फल फल्ने एक वृक्ष; सोही वृक्षको फल ।

**चखेल**– ना० हे० चठेल ।

**चखेवा**– ना० [सं० चक्रवाक] नदीका किनारमा रहने, कविहरूले प्रणय-वियोगको उपमा दिँदा प्रायः उल्लेख गर्ने एक प्रसिद्ध चरो; चक्रवाक । ~ **हाँस**– ना० घर-पालुवा हाँसभन्दा सानो हुने रातो रङको एक जातको हाँस ।

**चङेरी**– ना०हे० चँगेरी ।

**चङ्ख**– वि० [सं० चङ्ग] १. बाठो; चतुरो; चलाख । २. होसियार; बिउँझो; सचेत; सावधान ।

**चङ्खु**– ना० दुई बेग्लाबेग्लै तुना तानेर खोल्न र बन्द गर्न सकिने पैसा हाल्ने कपडा वा छालाको थैली ।

**चङ्खे**– वि० [चङ्ख+ए] चङ्ख; बाठो । ~ **चरो**– ना० फिस्टाजस्तो सानो एक जातको चरो ।

**चङ्गा**१– वि० [सं० चङ्ग+आ] १. फुर्तिलो; स्वस्थ; स्वच्छ । २. नीरोगी; स्वस्थ; तन्दुरुस्त । ३. सुन्दर; स्वच्छ ।

**चङ्गा**२– ना० [सं० चङ्ग+आ] कागज वा कपडाका टुक्रामा हलुङ्गो सिन्काको फ्रेम हाली धागो छोडेर हावामा उडाइने खेलौना; त्यस्तो खेलौना उडाइने साधन वा खेल ।

**चङ्गी**– वि० [चङ्ग+ई] १. फुर्तिलो; रमाइलो । २. विभिन्न रङको; रङ्गीको पूरक (जस्तो– रङ्गीचङ्गी) ।

**चङ्गुल**– ना० [फा० चुङ्गुल] १. पक्षीहरूको पन्जा । २. कुनै वस्तु उठाउँदा बन्ने औँलाको त्यस्तो आकार वा स्थिति । ३. कसैलाई फसाउन तयार पारिएको जालसाज; फन्दा; पासो ।

**चचली पैयाँ**– ना० [चञ्चल+पैयाँ] घेरो लागेर एक अर्काको हात

समाती फनफनी घुमेर खेलिने एक प्रकारको बालखेल; चकलीपाँपाँ ।

**चचह ⁄ चचहै–** ना० [अ० मू० चह (द्वि०)] १. पिङ खेल्दा वा रूखका हाँगामा सैसैला खेल्दा भनिने शब्द; त्यसरी झुल्ने काम । वि० बो० २. पिङ वा रूखका हाँगा, लहरा आदिमा झुल्दा खुसी प्रकट गरिने शब्द; आहै ।

**चञ्चल–** वि० [सं०] १. चकचके; चुलबुले; छुकछुके; चनमते । २. अधीर; हतपत्ते; सम्भ्रमी; अस्थिर । **– ता–** ना० चञ्चल हुनाको भाव वा अवस्था; अस्थिरता; अधीरता; चुलबुल्याइँ ।

**चञ्चला–** ना० [सं०] १. बिजुली । २. लक्ष्मी; सम्पत्ति । ३. रगण, जगण, रगण, जगण, रगण र एक लघु हुने एक वार्णिक छन्द । **– श्री–** ना० धनदौलत; सम्पत्ति ।

**चञ्चले–** वि० हे० चन्चले ।

**चञ्चा–** ना० [सं०] १. बेतद्वारा बनाइएका सरसामान । २. खेतबारीमा बाली खान नदिनका निम्ति पशुपक्षीलाई तर्साउन राखिने पुतला; बुख्याचा ।

**चञ्चु–** ना० [सं०] १. चराका मुखको अघिल्तिरको केही लामो, कडा र तीखो भाग; चुच्चो; ठुँडो । २. हरिण; मृग । वि० ३. चङ्ख; चलाख । > **चञ्चुका–** ना० सानो चञ्चु; चुच्चो । **– पुट–** ना० चराहरूको बन्द चुच्चो । ~ **प्रवेश–** ना० १. चुच्चो पसाउने कार्य । २. विषयवस्तुको सामान्य ज्ञान । ~ **प्रहार–** ना० चुच्चोको ठुँगाइ ।

**चट–** ना० [सं०] १. नोक्सान पुऱ्याउने कार्य; नाश; खतम । २. सबै खाएर रित्याउने कार्य; पचाइ । क्रि० वि० ३. तुरुन्त; झट्ट; तत्कालै ।

**चटक१–** ना० [चट+क] १. हातको सफाइ वा चलाकीद्वारा अपत्यारिलो काम गरेर देखाउने वा दर्शकमा भ्रम पैदा गराउने कला; जादु ।

**चटक२–** ना० [सं०] भँगेरो ।

**चटका–** वि० हे० चट्का ।

**चटकी–** ना० [चटक+ई] चटक गर्ने मान्छे; जादुगर ।

**चटक्क–** क्रि० वि० [अ० मू० चट् > चटक्+क] एकदम छुट्टिने, काटिने, छिनिने, छोड्ने गरी । (उदा०– रामले चटक्क जागिर छोडेर व्यापार गर्न थालेछ । खसी चटक्क काट्न सक्ने बहादुर उही हो ।) ।

**चटचट–** क्रि० वि० [अ० मू० चट्+अ (द्वि०)] १. चुँडिने वा छिनिने गरी । २. फुट्ने वा चर्कने भएर । ३. कुनै वस्तु टाँसिने गरी । ४. त्यसरी नै खुरुखुरु चड्कन आदिको आवाज आउने गरी । > **चटचटी–** क्रि० वि० छिटो चटचट हुने वा त्यस्तो आवाज आउने गरी ।

**चटनी–** ना० [चाट्+अनी] खानाका साथ चाटिने अमिलो, पिरो वा तीखो स्वाद भएको खाद्य वस्तु; अचार; सितन; चास्सचुस्स; साँधनी ।

**चटपट–** ना० [सं० चटुल] १. चाँडचाँडो गर्न खोज्ने काम वा अवस्था; झटपट; हतपत; शीघ्रता । २. चलाइ; अस्थिरता । > **चटपटाइनु–** अ० क्रि० चाँडचाँडो गर्न खोजिनु; चटपट गरिनु । **चटपटाउनु–** अ० क्रि० १. चाँडचाँडो गर्न खोज्नु; हडबडाउनु । २. कुनै काम गर्न निकै छटपटी हुनु वा उत्सुक हुनु । ३. छटपट गर्नु; हतारिनु; छटपटाउनु । ४. अस्पटाउनु । **चटपटिनु–** अ० क्रि० चटपट लाग्नु; हतपतिनु; छटपटिनु । **चटपटी–** क्रि० वि० झटपटी; हतपती; छटपटी । **चटपटे–** वि० १. चटपट गरिरहनुपर्ने; चुलबुले । २. अधीर; हतपते ।

**चटाइ–** ना० [√ **चाट्** (+आइ)] चाट्ने भाव, क्रिया वा प्रक्रिया । > **चटाइनु–** क० क्रि० चटाउने काम गरिनु ।

**चटाई–** ना० [सं० चट्+आई] पराल, खोसेल्टो आदिबाट बनाइएको गुन्द्री वा सानो सुकुल; पाटबाट बनाइएको त्यस्तो बिछ्यौना ।

**चटाउनु–** प्रे० क्रि० [चाट्+आउ+नु] चाट्न लाउनु; चाट्ने काम गराउनु; चाट्न दिनु ।

**चटाक–** क्रि० वि० [अ० मू० चट] भन्नेबित्तिकै; छिटो; झट्ट; झ्वाङ्ङ; तुरुन्त; झटपट; शीघ्र; तत्क्षण । > **चटाकी–** वि० छिटछिटो काम गर्ने; तुरुन्त कार्य गर्ने; बिजुले ।

**चटाचट–** क्रि० यो० [चट्+आ+चट्] १. चाँडचाँडो हुने गरी; छिटछिटो । २. फुर्ति वा चटाकका साथ; झटाझट; फटाफट । > **चटाचटी–** क्रि० वि० झन् छिटो चटाचट हुने गरी ।

**चटामरी–** ना० [नेवा० चतामढि] चामलको पीठोलाई पानीमा रयाली ढुङ्गा वा माटाको तावामा चिल्लो नहाली पकाइने रोटी; चामलको पीठाको रोटी ।

**चटारि–नु–** अ० क्रि० [चटारो+इ+नु] १. झर्कोफर्को गर्नु; च्याँठिनु; चट्कनु; झर्कनु । २. हतारिनु; झटपटिनु । ३. गाईले बहर खोज्नु; बर्ताउनु ।

**चटारो–** ना० [चट्+आरो] १. ठूलो हतार; ज्यादै आत्तुरी; हडबडी । २. कामको चटारो वा भीड; असारको पन्ध्र (तुक्का) । > **चटाऱ्याइँ–** ना० चटारिने भाव, क्रिया वा चाल ।

**चटुल–** वि० [सं०] १. चपल; चञ्चल; अस्थिर; कम्पमान । २. सुन्दर; रुचिकर; असल; मनोहर ।

**चटेल–** ना० हे० चट्टेल ।

**चट्कन–** ना० [चट्क+अन] हे० चपेटा; चड्कन । > **चट्कने–** वि० चड्कने; चर्कने ।

**चट्का–** वि० [सं०] १. कडा; तेजिलो । २. चर्को; तिक्खरो । ना० ३. आकाशमा बिजुली चम्कँदा आउने झट्कँदो आवाज । **– चट्की–** ना० खूब जोडतोडको भनाभन; बाझाबाझ; चर्काचर्की । > **चट्किलो–** वि० १. कडा रङको; चहकिलो वा तेजिलो रङको । २. चर्को स्वादको; तिक्खरो । **चट्को–** ना० चट्का; चड्को ।

**चट्ट–** क्रि० वि० [अ० मू० चट्+ट] १. चाँडोचाँडो हुने गरी; तुरुन्तै; शीघ्रतासाथ । २. सरक्क; नबिग्रने वा नखलबलिने गरी, टपक्क । ३. कुनै कुरो एकै खेपमा छिन्ने वा फाट्ने गरी । ४.

खुल्ने गरी; चिटिक्क । वि० ५. सुहाउँदो; मिलेको; ठिक्क ।

**चट्टा–** ना० [चट्+आ] चलनअनुसार बीस फुट लामो, पाँच फुट चौडा र पाँच फुट उँचो दाउराको चाङ वा खलियो ।

**चट्टान–** ना० [सं० चट्+आन] एउटै ठूलो ढुङ्गाको पहाड वा ढिस्को; ढुङ्गैढुङ्गाको ठूलो राशि; ढुङ्गाको राशिको एक फग्लैँटो वा टुक्रो ।

**चट्टी–** ना० [सं० चर्पट] १. प्रायः घरमा भित्र-बाहिर गर्दा लगाइने, हलुङ्गो र कुर्कुच्चा खुला हुने अथवा सजिलै गोडा पस्ने कपडा, छाला वा रबरको जुत्ता; फ्याटफ्याटे जुत्ता; चप्पल । २. खास गरी अस्थायी वास; मुकाम । ३. सनपाटको धागाले पातलो गरी बुनिएको एक प्रकारको कपडा ।

**चट्टु–** वि० [सं० चटुल] चलाक; छट्टू; धूर्त; चतुर ।

**चट्टू–** वि० हे० चट्टु ।

**चटचाङ–** ना० [अ० मू० चटचाङ्+अ] बिजुलीको चम्काइका साथ आउने भयङ्कर आवाज; वज्र; चड्को । > **चटचाङ्ग/चटचाङ्ङ–** क्रि० वि० चटचाङ पर्दा ठूलो आवाज आउने गरी । – **चुट्ङ–** ना० चटचाङ; वज्र; चड्को ।

**चठेल/चठेलो–** ना० परबरका आकारको तर परबरभन्दा साना लहरामा फल्ने भुवादार झुस हुने, तरकारी खाइने एक प्रकारको फल; वनकरेलो; चखेलो ।

**चडीखडी–** ना० चल्ती; रोबरवाफ; फुर्तीफार्ती ।

**चड्क-नु–** अ० क्रि० [चड्को+नु] १. वज्रपात हुनु । २. रिस, आवेग आदिका कारणले ठूलो स्वर निकालेर झर्किनु; गड्कनु; कड्किनु ।

**चड्कन–** ना० [चड्क+अन] हत्केला वा लबटाले गालामा हिर्काउने कार्य; चट्कन; चप्पड । ~ **चिउरा–** ना० गालामा जोडसँग चड्काउने काम; लबटाको थप्पड ।

**चड्का–** ना० [चड्को+आ] हे० चड्को, चट्का ।

**चड्काइ–** ना० [√ **चड्काउ** (+आइ)] चड्काउने भाव, क्रिया वा प्रक्रिया । [>] **चड्काइनु–** क० क्रि० चड्कन लाइनु; चड्कन दिइनु ।

**चड्काउनु–** स० क्रि० [चड्कन+आउ+नु] १. लपेटाले गालामा हान्नु; चड्कन दिनु २. अरूको मालमत्ता हजम पार्नु; हडप्नु । ३. चुट्नु; पिट्नु ।

**चड्काचड्की–** ना० [चड्को+चड्को] भनाभन; चर्काचर्की; चट्काचट्की ।

**चड्के–** वि० [चड्को+ए] रिसाउने वा चड्किने खालको; गड्किने स्वभावको ।

**चड्को–** ना० [सं० चटक] बज्रपात; चट्याङ; चट्को ।

**चड्क्याइ–** ना० [√ **चड्कि** (+आइ)] चड्किने वा चड्किन लगाउने क्रिया वा प्रक्रिया । [>] **चड्क्याहट–** ना० चड्किने स्वभाव, क्रिया वा अवस्था ।

**चडचाम्म–** क्रि० वि० [अ० मू० चडचाम्+म] लबटाको आवाज आउने गरी (गालामा पिट्ने किसिम) ।

**चढ्-नु–** अ० क्रि० [सं० चर+नु] १. कुनै वस्तुमाथि बस्नु; माथि पुग्नु; उक्लनु । २. मर्यादा नाघ्नु; मात्तिनु; बढ्नु । ३. चढाइनु; अर्पित हुनु । > **चढाइ–** ना० १. चढ्ने-चढाउने भाव, क्रिया वा प्रक्रिया । २. उकालो । ३. स्वरको आरोहण (सङ्गीत) । ४. आक्रमण; हमला । **चढाइनु–** क० क्रि० १. उकालिनु । २. समर्पण गरिनु । **चढाउ–** ना० १. चढाइ । २. उकालो । ३. बढिबढाउ; उन्नति । **चढाउनु–** स० क्रि० १. माथि पुऱ्याउनु; उकाल्नु । २. समर्पण गर्नु; दिनु; टक्र्याउनु; अर्पण गर्नु; सुम्पनु । **चढ्दो–** वि० १. उँभो लागेको; बढ्दो; उन्नतितिर लागेको । २. बढ्दो उमेरको ।

**चणक–** ना० [सं०] चना ।

**चण्ड–** वि० [सं०] १. प्रचण्ड; उग्र; रिसाउने स्वभावको; जन्ड; रुष्ट; खरो । २. उष्ण । ३. फुर्तिलो । – **ता–** ना० चण्ड हुनाको भाव, गुण वा अवस्था; उग्रता; तीव्रता । > **चण्डांशु–** ना० सूर्य; रवि । **चण्डातक–** ना० १. बाहाँकटे चोलो । २. चरना; जाँघे । ३. छोटो पेटीकोट; साया ।

**चण्डाल–** ना० [सं०] १. ज्यादै नीच र घृणित जाति वा त्यस जातिका मानिस; चाण्डाल । २. दुष्कर्मी; दुष्ट; क्रूर काम गर्ने व्यक्ति । > **चण्डालिनी–** ना० दुष्ट स्वभावकी स्त्री; चाण्डालिनी; चन्डाल्नी ।

**चण्डिका–** ना० [सं०] दुर्गाको एक रूप; चण्डी ।

**चण्डी–** ना० [सं०] १. दुर्गा देवी । २. सात सय श्लोक भएको दुर्गाको माहात्म्य लेखिएको पुस्तक; सप्तशती । ३. दुई नगण, दुई सगण, एक गुरु हुने र आठौँ अक्षरमा विश्राम हुने एक छन्द । ~ **पाठ–** ना० सप्तशती पाठ गर्ने काम । > **चण्डीश–** ना० चण्डीका स्वामी अर्थात् शिव ।

**चण्डु–** ना० हे० चन्डु ।

**चण्डेश्वर–** ना० [सं०] रक्तवर्ण रूपका शिवजी । > **चण्डेश्वरी–** ना० काभ्रे जिल्लाको बनेपा सहरको पूर्वोत्तरमा स्थित एक देवी; दुर्गा ।

**चतरा–** ना० कोसी अञ्चलअन्तर्गत सुनसरी जिल्लामा रहेको एक स्थान । ~ **नहर–** ना० सोही ठाउँमा नेपाल-भारत सहयोगबाट सप्तकोसीको पानीमा बाँध बाँधी बनाइएको, ५६,५०० हेक्टर जमिनको सिँचाइ हुने एक प्रसिद्ध नहर ।

**चतुर्–** ना० [सं०] १. चारको सङ्ख्या । २. समास भएका शब्दमा चार भन्ने अर्थ बुझाउने पूर्वपद (चतुर्गण, चतुर्युग, चतुर्वर्ण इ०) ।

**चतुर–** वि० [सं०] १. चलाक; होसियार; बाठो; चनाखो; चतुरो; कुशल; मेधावी; सिपालु । २. फुर्तिलो; छिटो-छरितो । ३. सुन्दर; प्रिय ।

**चतुरङ्गिणी–** ना० [सं०] १. हात्ती, घोडा, रथ र पैदल चार अङ्गद्वारा सुसज्जित फौज । २. पासाको खेल ।

**चतुराइ–** ना० [चतुरो+आइ] चतुरो हुनाको भाव, गुण वा अवस्था; बठ्याइँ; चातुर्य; चलाकी ।

**चतुरानन–** वि० [सं०] १. चार मुख भएको । ना० २. ब्रह्मा ।

**चतुराश्रम–** ना० [सं०] वर्णाश्रम-व्यवस्थाअनुसार जीवनका चार अवस्था (ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र सन्न्यास) ।

**चतुरो–** वि० [चतुर+ओ] हे० चतुर ।

**चतुर्थ–** वि० [सं०] चौथो; चारौँ । ~ **खण्ड–** ना० भूगर्भशास्त्रमा जीव कल्पको विभाजनमा पर्ने समयको चौथो खण्ड; नवजीवनका समयको विभाजनका तृतीय खण्डपछि आउने अन्तिम खण्ड । ~ **हिमयुग–** ना० पुरातत्त्वशास्त्रअनुसार आजभन्दा असी हजार वर्षपहिले प्रारम्भ भएको हिमयुग; तृतीय हिमानी वा तृतीय हिमयुगभन्दा पछिको हिमयुग; चार हिमयुग वा चार हिमानीमध्ये अन्तिम हिमयुग । > **चतुर्थांश–** ना० चौथाइ; चौथो भाग; चौथाइ भाग । **चतुर्थांशक–** ना० कुल पुनरावृत्तिलाई चार भागमा बाँड्ने विचारको मान । **चतुर्थाश्रम–** ना० वर्णाश्रम-व्यवस्था-अनुसार जीवनका चार अवस्थामध्ये अन्तिम आश्रम; सन्न्यास आश्रम ।

**चतुर्थी–** ना० [सं०] १. चान्द्रमानका हिसाबले कृष्ण वा शुक्लपक्षको चारौँ दिन; चौथी । २. माङ्गलिक कार्यको उद्यापन; साङ्गे । ३. व्याकरणमा 'लाई' विभक्ति हुने एक चिह्न । ~ **कर्म–** ना० विवाह आदि शुभकार्यका अवसरमा गरिने चौथो दिनको कार्य ।

**चतुर्दन्त–** वि० [सं०] १. चारवटा दाँत उम्रेको; चार दाँते (हात्ती) । ना० २. ऐरावत हात्ती ।

**चतुर्दश–** ना० [सं०] १. चौधको सङ्ख्या । वि० २. चौध; चौधौँ । ~ **भुवन–** ना० पृथ्वीभन्दा माथिका सात लोक (भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक र सत्यलोक) र पृथ्वीभन्दा तलका सात लोक (तल, अतल, वितल, सुतल, तलातल, रसातल र पाताल) गरी जम्मा चौध लोक । ~ **विद्या–** ना० चौध विद्या वा शास्त्र (चार वेद– ऋग्, यजु, साम, अथर्व; वेदका छ अङ्ग- शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द; अनि मीमांसा, न्याय, धर्मशास्त्र र पुराण) । > **चतुर्दशी–** ना० चान्द्रमासका हिसाबले शुक्ल वा कृष्ण पक्षको चौधौँ दिन; औँसी वा पूर्णिमाको अघिल्लो दिन ।

**चतुर्दिक्–** ना० [सं०] चार दिशा (पूर्व, दक्षिण, पश्चिम र उत्तर) ।

**चतुर्द्वार–** वि० [सं०] १. चार ढोका भएको; चार ढोके । ना० २. चार दिशामा चारैवटा ढोका भएको घर ।

**चतुर्बाहु–** ना० [सं०] विष्णु; नारायण; चतुर्भुज ।

**चतुर्भुज–** ना० [सं०] १. चतुर्बाहु । २. रेखागणितमा वर्ग, आयत आदिका एक अर्कामा मिलेर चार कोण बन्ने सरल रेखा । वि० ३. चार भुजा भएको (क्षेत्र आदि) ।

**चतुर्मास–** ना० [सं०] १. आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्मको चार महिना; चौमासा । २. ती महिनाहरूमा गरिने विभिन्न धार्मिक कार्य ।

**चतुर्मुख–** ना० [सं०] १. ब्रह्मा । वि० २. चार मुख भएको; चतुरानन ।

**चतुऱ्याइँ–** ना० [चतुरो+याइँ] चतुरो हुनाको भाव, गुण वा अवस्था ।

**चतुर्युग–** ना० [सं०] सत्य, त्रेता, द्वापर र कलियुग ।

**चतुर्वर्ग–** ना० [सं०] मानव जीवनका चार पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष) ।

**चतुर्वर्ण–** ना० [सं०] वर्णाश्रम वा सनातनी समाजका चार श्रेणी (ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र) ।

**चतुर्विद्या–** ना० [सं०] त्रयी र अथर्व वेद अर्थात् ऋग्, यजु, साम र अथर्ववेद; चतुर्वेद ।

**चतुर्वेद–** ना० [सं०] १. ऋग्, यजु, साम र अथर्व वेद; चतुर्विद्या । वि० २. चारै वेदसँग परिचित भएको; चारै वेदको ज्ञाता । > **चतुर्वेदी–** ना० १. चारै वेदको ज्ञाता । २. ब्राह्मण वर्गको एक थर ।

**चतुष्कोण–** वि० [सं०] १. चार कोण भएको; चार कुना भएको । ना० २. चार पार्श्व भएको आकृति; चतुर्भुज ।

**चतुष्पथ–** ना० [सं०] चार बाटाको समुदाय; चौबाटो; चौरस्ता; चौमुहानी ।

**चतुष्पद–** ना० [सं०] १. चौपाया; चारखुट्टे जन्तु; चतुष्पाद । वि० २. चार खुट्टा भएको । ३. चार अङ्ग भएको । > **चतुष्पदी–** ना० चार चरण भएको श्लोक वा पद्य ।

**चतुष्पाद–** ना० [सं०] हे० चतुष्पद ।

**चतुस्सूत्री–** वि० [सं०] १. चार सूत्र भएको । ना० २. ब्रह्मसूत्रका आरम्भिक चार सूत्र ।

**चत्वर–** ना० [सं०] १. चार कुना परेको चौर वा आँगन । २. चार दोबाटो; चौरस्ता । ३. चौतारो । ४. यज्ञभूमि ।

**चद्दर–** ना० [फा० चादर] १. पछ्यौरा; ओढ्ने; चादर; दुपट्टा; मजेत्रो; बर्को । २. टिन; जस्ता ।

**चनक–** ना० एक जातको सानो बट्टाई चरो । ~ **बट्टाई–** ना० खूब लड्ने सानोखाले बट्टाई चरो ।

**चनकमन्द/चनखमन्द/चनखमन्न–** ना० सुनसान; सन्नाटा; चकमन्न ।

**चनमते–** वि० चुलबुले; चञ्चल; छुकछुके; चकचके ।

**चना–** ना० [सं० चणक] मसिना पात हुने, नीला फूल फुल्ने र ससाना भुवादार कोसा लाग्ने बोट वा त्यसैका कोसाभित्रका गोलो चुच्चे दाना; चणक ।

**चनाखो–** वि० चतुर; चतुरो ।

**चनारो–** ना० काठका भाँडाकुँडा बनाउने व्यक्ति वा एक जाति; चुनारो ।

**चनौटे–** वि० [चनौटो+ए] १. चनौटोजस्तो; चनौटाका आकारको । ना० २. त्यस्तो आकारको खेत-बारीको गरो वा पाटो ।

**चनौटो–** ना० [चन्दन+औटो] चन्दन घोट्ने ढुङ्गो ।

**चन्चले–** वि० [चञ्चल+ए] छुकछुक गर्ने स्वभाव भएको; छुकछुके; चञ्चल ।

**चन्जा–** ना० चाँजो; व्यवस्था; परिपञ्च; बन्दोबस्त; प्रबन्ध ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



– **पन्जा**– ना० १. यताउति गर्ने काम; परिवर्तन; चेन्जफेन्ज । २. चाँजोपाँजो; बरबन्दोबस्त । ३. खटनपटन; अह्राउ-पह्राउ । ४. बाँडफाँड; रप्फाडप्फा ।

**चन्डाल्नी**– ना० हे० चण्डालिनी ।

**चन्डु**– ना० [हि०] अफिमबाट बनाइएको नशादार धूम्रपान–विशेष । – **खाना**– ना० अफिम, गाँजा आदि लागू पदार्थ खाने अखाडा ।

**चन्दन**– ना० [सं०] सुगन्धयुक्त एक जातको कडा काठ वा त्यो काठ पानीमा घोटेर बनाइएको लेप; श्रीखण्ड; विलेपन; लेपन; चन्दनद्रव । – **खोरी**– ना० चन्दन राख्ने पात्र वा भाँडो । ~ **गिँडो**– ना० चन्दन घोटिने श्रीखण्ड, धूपी, काठ आदिको गिँडो । – **गिरि**– ना० मलय पर्वत । – **नाथ**– ना० कर्णाली अञ्चलअन्तर्गत जुम्ला जिल्लाको खलङ्गास्थित एक महादेव । २. नाथ-सम्प्रदायका एक योगी । > **चन्दनी**– ना० चन्दन घोट्ने वा चन्दन बनाउने ठाउँ । **चन्दने**– वि० १. चन्दनको टिको धेरै लगाउने । २. चन्दन तथा अन्य प्रसाद बाँडी जीविका चलाउने; चन्दन घोट्ने काम गरेर पेट पाल्ने ।

**चन्दा**– ना० [फा० चन्द] १. सामाजिक, सामूहिक कुनै पनि परोपकारी कार्यका निम्ति सहायतास्वरूप दिइने वा जम्मा गरिने रकम । २. पटक-पटक गरी प्रकाशित भइरहने पत्र-पत्रिका आदिको शुल्क; मूल्य । ३. सङ्घ, संस्था, सङ्गठन आदि चलाउनका निम्ति सम्बन्धित व्यक्तिहरूमध्येबाट उठाइने शुल्क ।

**चन्द्र**– ना० [सं०] १. जून; शशी; इन्दु; चन्द्रमा; सोम । २. नवग्रहमध्ये दोस्रो गह्र; २९½ दिनमा पृथ्वीको परिक्रमा गर्ने र त्यसै आधारमा शुक्लपक्ष, कृष्णपक्षका साथै तिथिहरू निर्धारित गरिने पृथ्वीको उपग्रह । – **कर**– ना० चन्द्र-किरण; ज्योत्स्ना; चाँदनी इ० । – **कला**– ना० १. चन्द्रकिरण;चन्द्रलेखा । २. चन्द्रमाका सोह्र कला (अमृता, मानदा, पूषा, पुष्टि, तुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति, ज्योत्स्ना, श्री, प्रीति, अङ्गदा, पूर्णा र पूर्णामृता) । ३. शिरमा लगाउने चन्द्राकार गहनाविशेष । – **कान्त**– ना० चन्द्रमाको किरण पर्दा पानी निस्कने हरियो मणि; शशिकान्त; शीतमणि; चन्द्रोपल । – **गन्ज**– ना० राणा प्रधानमन्त्री चन्द्रशमशेरका नामबाट रहेको एक प्रसिद्ध स्थान; नेपालको पूर्वी तराईखण्डको सिराहा जिल्लामा पर्ने एक ठाउँ । – **गिरि**– ना० हे० चन्द्रागिरि । – **गुप्त**– ना० १. विक्रमभन्दा २६३ वर्ष पूर्व पाटलिपुत्र राजधानी भएको मगधको राजसिंहासनमा बस्ने प्रथम मौर्य-सम्राट् । २. ४३७ वि० सं० मा मगधको राजसिंहासनमा बस्ने विक्रमादित्य उपाधिधारी सुप्रसिद्ध गुप्तसम्राट् । ~ **ग्रहण**– ना० १. चन्द्रमामा लाग्ने ग्रहण; राहुग्रस्त हुँदा चन्द्रमामा पर्ने आंशिक वा पूर्ण कालो टाटो । २. सूर्यको प्रकाश छेकिने गरी पृथ्वीको छाया चन्द्रमाका बिम्बमा परी आंशिक रूपमा वा पूरै चन्द्रमा नदेखिने हुने स्थिति; त्यस स्थितिमा चन्द्रमामा देखिने कालो भाग वा टाटो । ३. हठयोगअन्तर्गत प्राण इडा नाडीद्वारा कुण्डलिनीमा पुगेको अवस्था । ~ **घण्टा**– ना० नवरात्रिका तेस्रो दिनमा पूजा गरिने एक भगवती; नवदुर्गामध्ये एक । – **चूड**– ना० चन्द्रशेखर; शिव; महादेव । ~ **धनु**– ना० चन्द्रमाको प्रकाशमा वा जुनेली रातमा देखिने इन्द्रधनु । – **धर**– ना० चन्द्रशेखर; शिव । – **प्रभा**– ना० चन्द्रमाको प्रकाश; जून । ~ **प्रासाद**– ना० जुनेली रातको आनन्द लिन सकिने भवनको छतभन्दा माथिको कोठा वा बुर्जा । – **बिन्दु**– ना० अक्षरहरूको थाप्लोमा लाग्ने अर्धचन्द्रबिन्दु; जूनटिकी; नाके स्वरबाट उच्चारण हुने त्यस्तो चिह्न ( ँ ) । ~ **बिम्ब**– ना० चन्द्रमाको प्रकाशमय वर्तुलाकार रूप; चन्द्रमाको पूर्ण बिम्ब; चन्द्रमण्डल; चन्द्रसभा । – **भाल**– ना० शिवजीको चन्द्रभूषणयुक्त रूप; शिवजी । – **मणि**– ना० चन्द्रमाका किरणका स्पर्शले जगमगाउने भनिएको हरियो मणिविशेष; चन्द्रकान्तमणि । ~ **मण्डल**– ना० १. चन्द्रमाको वरिपरि कहिलेकाहीँ देखा पर्ने गोलाकार परिधि । २. चन्द्रमाको पूर्ण बिम्ब; चन्द्रबिम्ब; चन्द्रमाको मण्डल । ३. हठयोगअन्तर्गत दुवै आँखीभौँ जोडिने ठाउँभन्दा माथि र निधारभन्दा तल रहेको काल्पनिक चन्द्रमा । ~ **मल्लिका**– ना० जुनेली रातमा ढकमक्क फुली चारैतिर मगमग बास्ना फैलाउने एक थरी चमेली फूल ।

**चन्द्रमा**– ना० [सं०] १. सूर्यको प्रकाश पाएर राति आकाशमा चम्कने र २९½ दिनमा एकपल्ट पृथ्वीलाई परिक्रमा गर्ने पृथ्वीको उपग्रह; चन्द्र; जून; सोम; शशी; इन्दु । २. नारीहरूले शिरमा लगाउने चन्द्रमाका आकारको एक गहना ।

**चन्द्रमुख**– वि० [सं०] १. चन्द्रमाझैँ हँसिलो उज्यालो र चक्का मुहार भएको; ज्यादै राम्रो अनुहार भएको । ना० २. चन्द्रमाजस्तो मुख; चन्द्रमारूपी मुख । > **चन्द्रमुखी**– वि० चन्द्रमाजस्तो उज्यालो मुख भएकी; साह्रै राम्री ।

**चन्द्रलेखा**– ना० [सं०] चन्द्रमाको किरण; चन्द्रकला; चाँदनी ।

**चन्द्रवंश**– ना० [सं०] राजा पुरुरवादेखि प्रारम्भ भएको नेपाललगायत भारतवर्षका क्षत्रियहरूको एक प्रसिद्ध वंश ।

**चन्द्रवदन**– वि० [सं०] चन्द्रमाको जस्तो मुख भएको; सुन्दर । > **चन्द्रवदनी**– वि० चन्द्रमाको जस्तो मुख भएकी (स्त्री); राम्री; सुन्दरी ।

**चन्द्रवल्लरी / चन्द्रवल्ली**– ना० [सं०] सोमलता ।

**चन्द्रवार / चन्द्रवासर**– ना० [सं०] हप्ताका सात दिनमध्ये चन्द्रमाको पालोमा परेको दिन; आइतबारदेखि शनिवारसम्मका सात वारमध्ये दोस्रो वार; सोमवार ।

**चन्द्रविनायक**– ना० [सं०] काठमाडौँ उपत्यकामा देवपत्तनको उत्तरी सीमामा पर्ने प्रसिद्ध चार गणेशमध्ये एक; चाबहिल गणेश ।

**चन्द्रविन्दु**– ना० [सं०] देवनागरी लिपिअन्तर्गत अनुनासिक वा नाके ध्वनिको प्रतिनिधित्व गर्न सानुनासिक (स्वर) वर्णको शिरमा दिइने अर्ध-चन्द्राकारको चिह्न; जूनटिकी ( ँ ) ।

**चन्द्रशमशेर**– ना० [चन्द्र+शमशेर] नेपालमा वि० सं० १९०३ देखि सुरु भएको राणाशासनका पाँचौँ प्रधानमन्त्री वा श्री ३ महाराज (शासनकाल वि० सं० १९५८-१९८६) ।

**चन्द्रशेखर**– वि० [सं०] १. मस्तक वा निधारमा चन्द्रमा धारण गर्ने । ना० २. महादेव; शिव ।

**चन्द्रहार**– ना० [सं०] आधा चन्द्रमाको आकारका बहुमूल्य धातुका टुक्राहरूका योगबाट बनेको पूर्ण चन्द्रमाको जस्तो आकार भएको गलामा लगाइने गोलो माला वा हार; नारीहरूद्वारा गलामा लगाइने पूर्णचन्द्रमाका आकारको प्राचीन गहनाविशेष ।

**चन्द्रहास**– ना० [सं०] १. चम्किलो तरवार । २. रावणको तरवार ।

**चन्द्रांशु**– ना० [सं०] चन्द्रकिरण; जून; चाँदनी ।

**चन्द्रा**– ना० [सं०] १. खुला दलान । २. चँदुवा ।

**चन्द्रागिरि**– ना० [सं० चन्द्रगिरि] काठमाडौँ उपत्यकाको दक्षिण-पश्चिम भागमा पर्ने, समुद्रको सतहभन्दा ८,३६५ फिट अग्लो एक प्रसिद्ध पर्वत ।

**चन्द्रालोक**– ना० [सं० चन्द्र+आलोक] १. चन्द्रमाको प्रकाश । २. अलङ्कारवादी संस्कृत साहित्यशास्त्री जयदेवद्वारा लिखित एक ग्रन्थको नाम ।

**चन्द्रिका**– ना० [सं०] १. जून; चन्द्रमाको किरण; चाँदनी; ज्योत्स्ना; कौमुदी । २. जूनको शीतल प्रकाश वा जगमगाहट । > **चन्द्रिकोत्सव**– ना० प्राचीन कालमा शरद् ऋतुको पूर्णिमाका अवसरमा मनाइने एक उत्सव ।

**चन्द्रोदय**– ना० [सं०] १. चन्द्रमाको उदय; जून उदाएको अवस्था वा समय । २. आयुर्वेदीय पद्धतिअन्तर्गत पारो र सुन भस्म गरेर बनाइने एक उत्तेजक औषधी ।

**चन्नी**– ना० रामझिँगनीको जस्तो फल फल्ने, गेडा वा घोघाको अचार खाइने र बुटाको पाट निकालिने एक प्रकारको झाडी; चन्नीपाट । – **पाट**– ना० चन्नी ।

**चप१**– ना० [अङ्०] आलुको भाती अथवा मुछेको पीठोभित्र केराउ, तरकारी वा मासु हाली बाहिरबाट बेसनको लेदो लगाई तेल वा घिउमा तारेर बनाइएको खाद्य वस्तु ।

**चप२**– ना० १. खाने वा पचाएर निल्ने काम । २. कुनै पनि चीज (पैसालगायत) नफर्काउने नियतले लिएको लियै गर्ने काम; पचाउने काम; सित्तैँमा खाइदिने काम; पच ।

**चपक्क**– क्रि० वि० [अ० मू० चप् > चपक्+क] नउप्किने वा नछुट्टिने गरी (टाँसिनु, जोडिनु, जडिनु, समाउनु इ०) ।

**चपचप**– क्रि० वि० [अ० मू० चप्+अ (द्वि०)] १. कुनै पदार्थ च्याप-च्याप लाग्ने वा टाँसिने गरी । (उदा०– चाकु खाँदा मुखभरि चपचप टाँसिन्छ) । २. गर्मी वा कठिन मानसिक अवस्थाका कारणले मुख सुक्ने गरी; प्याकप्याक ।

**चपट**– ना० १. ढोका; दैलो; द्वार । २. पहरा; चौकी; पालो; गारद । > **चपटे**– ना० ढोके; द्वारे; पहरेदार; पाले ।

**चपडा**– ना०हे० चपरा ।

**चपत**– ना० [सं० चपेट] १. थप्पड । २. आघात वा क्षति । ३. चोटपटक ।

**चपरा**– ना० खारेर वा शुद्ध पारेर पातलो पाप्रा-पाप्रा बनाइएको लाहा; चपडा ।

**चपरास**– ना० [फा० चप+रास्त] अर्दली तहका कर्मचारीले कमरपेटी वा छातीमा लगाउने, कार्यालय वा संस्थाको नाम, कर्मचारीको दर्जा र नम्बर लेखिएको धातुको ब्याज; चप्रास ।

**चपरासी**– वि० [चपरास+ई] १. चपरास लगाउने (व्यक्ति) । ना० २. चप्रास लगाएको कर्मचारी; चप्रासी । ~ **अड्डा**– ना० १. सिपाहीद्वारा पालोपहराको बन्दोबस्त मिलाउने अड्डा (प्राचीन कालमा) । २. जेलको हेरचाह गर्ने अड्डा (राणाकालभन्दा अघि); बाटोकाजसम्बन्धी अड्डा (राणाकालमा) । ३. थोरै मात्र कैदको सजाय बाँकी रहेका कैदीबाट बाटाको सुघरसफाइ गर्न लगाउने अड्डा ।

**चपरी**– ना० [प्रा० चक्कल+ई] १. दूबो, झार आदिसमेतको माटाको ढेलो; चोइली; चोइलो; चाको । २. पन्यूले झिकेको भातको चोइलो ।

**चपरो**– ना० [प्रा० चक्कलो] ठूलो परिमाणको चपरी; चप्पा ।

**चपर्चन्ड**– वि० [सं० चपल+चण्ड] १. कडा स्वभाव वा मिजासको; प्रचण्ड; उग्र । २. रिसाहा; मापाको; झक्कड; झक्की । ३. चम्मु; छुकछुके । > **चपर्चन्डी**– ना० १. चपर्चन्ड हुने स्वभाव वा प्रवृत्ति । वि० २. त्यस्तो स्वभाव वा प्रवृत्तिकी (स्त्री) ।

**चपल**– वि० [सं०] १. चकचके; चञ्चल । २. स्थिर नरहने; अस्थिर । ३. थरथराउने; हल्लने । ४. अनित्य; क्षणिक । ५. फुर्तिलो; छरितो । – **ता**– ना० १. नाटक आदिका पात्रमा राग, द्वेषबाट हुने अस्थिरता; व्यभिचारी भावको एक भेद । २. चपल हुने भाव वा गुण; चङ्ख्याइँ; बठचाइँ ।

**चपला**– वि० [सं०] १. चपल स्वभावकी (स्त्री); बाठी । ना० २. बिजुली (मेघको) । ३. वेश्या; व्यभिचारिणी स्त्री । ४. धनकी देवी; लक्ष्मी । ५. जिब्रो । ६. रक्सी । ७. त्रिष्टुप् जातिको एक समवृत्त छन्दविशेष । – **वक्त्र**– ना० विषम पाउमा चारौँ अक्षरदेखि पर नगण र सम पाउमा त्यस्तै गरी यगण हुने एक छन्द ।

**चपाइ**– ना० [√ **चपाउ** (+आइ)] १. चपाउने भाव, क्रिया वा प्रक्रिया । २. पचाउने वा चप गरिने क्रिया वा प्रक्रिया । [√ **चाप्** +आइ] ३. चाप्ने भाव, क्रिया वा प्रक्रिया; चाप; थिचाइ । [>] **चपाइनु**– क० क्रि० १. चपाउने काम गरिनु । २. चाप्न लगाइनु ।

**चपाउ-नु**– स० क्रि० [सं० चर्वण] १. मुखमा हालिएको कुरालाई दाँतले पिसेर निल्न लायक बनाउनु; दाँतले टोक्नु ।

**चपाउनु**– प्रे० क्रि० [चाप्+आउ+नु] चाप्न लगाउनु; चापिने पार्नु; थिचाउनु ।

**चपाती**– ना० [हि०] १. पातलो गरी बेलेर घिउ, तेल आदि केही नहाली पकाएको गहुँको रोटी; फुल्का, सुखा रोटी । २. पुरी रोटी ।

**चपेट/चपेटा**– ना० [सं०] १. लबटो । २. हत्केला । ३. थप्पड । ४. कामको चापाचाप । ५. कुनै काम चाँडो गराउन दिइने

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



प्रेरणा । ६. तरताकिता वा दबाव ।

**चप्काइ–** ना० [√ **चप्क** (+आइ)] १. चप्काउने वा टाँस्ने क्रिया वा प्रक्रिया । २. चप्काउने वा पचाउने भाव, क्रिया वा प्रक्रिया । [▷] **चप्काइनु–** क० क्रि० १. चप गरिनु; चोरिनु । २. चप्काउने काम गरिनु; टँसाइनु ।

**चप्काउ-नु१–** स० क्रि० [चप्क+आउ+नु] चप गर्नु; चप पार्नु; चोर्नु; टप्काउनु ।

**चप्काउ-नु२–** स० क्रि० [हि० चिपकाना >चप्क+ आउ+नु] गुँद, माड आदि लेसाइलो वा लेदो पदार्थले कुनै वस्तु टाँस्नु; जोड्नु ।

**चप्प–** क्रि० वि० [अ० मू० चप्+प] कुनै वस्तु मुखभित्र हाली छिटो निल्ने गरी । (उदा०– मुखभित्र चप्प एउटा उसिनेको लप्सी हालेर राम भाग्यो ।) ।

**चप्पन–** ना० चप गर्ने काम; अर्काको चीजलाई अनैतिक रूपले आफ्नो पार्ने दुष्टचाइँ कर्म; चप्पु ।

**चप्पल–** ना० चट्टी ।

**चप्पा–** ना० १. चपरी; चाको । २. भुटेको गहुँ, जौ आदिको पीठो वा सातु ।

**चप्पु१–** ना० हे० चप्पन ।

**चप्पु२–** ना० हे० चट्कन; चड्कन ।

**चप्लेटी–** वि० १. च्याप्टो र फराकिलो (ठाउँ आदि) । २. समतल परेको । ना० ३. चिप्लेटी (खेल) । ~**ढुङ्गो–** ना० चिप्लेटी खेल्ने काममा आउने वा आउन सक्ने, करालो परेको केही ठूलो र चेप्टो, चिप्लो ढुङ्गो; चिप्लेटी खेल्ने ढुङ्गो; चिप्लेटी ढुङ्गो ।

**चप्रासी–** वि०/ना०हे० चपरासी ।

**चप्रास–** ना०हे० चपरास ।

**चप्रासी–** ना०/वि०हे० चपरासी ।

**चबाइ–** ना० [चाव्+आइ] चाब्ने क्रिया, भाव वा प्रक्रिया ।

**चमक–** ना० [अ० मू० चम्+अक] प्रचण्ड तापबाट आएको प्रकाश; ज्वालाविनाको चहक; उज्यालो; प्रकाश; तेज; टलक; प्रभा; टक; दीप्ति । – **दमक–** ना० शोभा; चहकमहक; छवि; कान्ति । – **दार–** वि० चमक भएको । **चमकिनु–** अ० क्रि० हे० चम्किनु । **चमकिलो–** वि० हे० चम्किलो । **चमक्क–** क्रि० वि० खूबसित चम्कने गरी ।

**चमचम–** क्रि०वि० [अ० मू० चम्+अ (द्वि०)] १. थोरै उज्यालो छर्दै चम्किने गरी । ना० २. छेनाबाट तयार पारिएको गुलियो मिठाईविशेष । >**चमचमाइ–** ना० चमचम गर्ने भाव, क्रिया वा गुण । >**चमचमाइनु–** अ० क्रि० चमक निस्किनु; चम्किनु । **चमचमाउनु–** अ० क्रि० चम्कनु; चमक आउनु ।

**चमचा–** ना०हे० चम्चा ।

**चमजुम्रो–** ना० मानिसका छालामा बलियोसँग टाँसिएर बस्ने मासु रङको सानो किर्नुविशेष; छालामा टाँसिने जुम्रो ।

**चमडा–** ना० [सं० चर्म] छाला ।

**चमत्कार–** ना० [सं०] १. आश्चर्य; अचम्म; विस्मय । २. खेल; तमासा । ३. साहित्यशास्त्रमा रसको अनुभूति गराउने काव्य-सौन्दर्य । >**चमत्कारिता–** ना० चमत्कारपूर्ण गुण । **चमत्कारी–** वि० चमत्कार गर्ने । **चमत्कृत–** वि० आश्चर्य वा विस्मयमा परेको । **चमत्कृति–** ना० १. चमत्कार । २. शिल्पक नामक उपरूपकका सत्ताइस अङ्गमध्ये एक ।

**चमर–** ना० [सं० चामर] १. हम्कनाका निम्ति प्रयोग गरिने चौँरीगाईको पुच्छरको फुर्को वा झुप्पो । २. राजकीय चिह्नमध्ये एक मानिने सोही झुप्पो; चँवर ।

**चमरा–** ना० [सं० चामर] मकैको बोटको टुप्पोमा निस्कने धानचमराजस्तै गरी आउने बोटबिरुवा र झारपातका टुप्पाको झुप्पो ।

**चमरी–** ना० [सं०] काला लामालामा बाक्ला रौँ हुने, पुच्छरको झुप्पो काटेर चँवर बनाइने, तिब्बत र मध्य एसियामा पाइने एक जन्तुविशेष; चमरी गाई; चौँरी; चौँरीगाई; याक; चुँगुर । – **गाई–** ना० हे० चमरी ।

**चमस–** ना० [सं०] काठको चम्चाजस्तो आकारको एक सोमपान-पात्र ।

**चमाचम–** क्रि० वि० [√ चमचम] खूब चमक आउने वा दिने गरी ।

**चमार–** ना० [सं० चर्मकार] १. छालाका जुत्ता आदि बनाउने जन्मजात पेसा भएको एक जाति; सार्की । २. मिझार (सम्मान गर्दा) ।

**चमू–** ना० [सं०] प्राचीन कालको सेना (७२९ हात्ती, ७२९ रथ, २१८७ घोडचढी र ३६४५ पदाति रहेको) ।

**चमेना–** ना० [सं० चर्वणीय] खाजा; जलपान । ~**गृह**/**घर–** ना० चमेना गर्ने ठाउँ वा घर; रेस्टुराँ ।

**चमेरी–** ना० [चमेरो+ई] चमेरोको लघु रूप । ~**झ्याँट–** ना० प्रभात हुने समय वा बिहानको निछ्याम अवस्था ।

**चमेरो–** ना० १. दिउँसो रूखका हाँगामा झुन्डिएर तलतिर मुख फर्काई बस्ने र प्रायः राति उड्ने जीउभरि भुत्ला भएको, पातलो कपडाझैँ झिल्लीदार पखेटा हुने, मुसोजस्तो एक स्तनपायी प्राणी । २. दुवै पक्षमा लाग्ने व्यक्ति; मल्कोढल्को ।

**चमेली–** ना० लहरामा फुल्ने सेतो वा पहेँलो बास्नादार साना-साना फूलविशेष ।

**चमोट–** ना० विशिष्ट स्तरका अपराधीहरूलाई मात्र लगाइने छालाको नेलविशेष ।

**चम्क-नु–** अ० क्रि० [चम्क+नु] १. छिन-छिनमा झल्कनु; तेजिलो हुनु; टल्कनु; जगमगाउनु । २. कसैलाई नटेर्नु; सेखी खोज्नु; मात्तिनु; बढ्नु । ३. उन्नतिमा लाग्नु; तरक्की हुनु ।

**चम्कनु/चम्कनो–** ना० [चर्म+किर्नु] मानिसको कपालमा लाग्ने जुम्राको पूरै नहुर्किएको अवस्था; ढाडीभन्दा सानु र भुसुनुभन्दा ठूलो जुम्रो ।

**चम्काइ–** ना० [√ **चम्क** (+आइ)] चम्कने भाव, क्रिया वा गुण ।

[>] **चम्काइनु**– क० क्रि० चम्कने पारिनु । **चम्काउनु**– स० क्रि०, प्रे० क्रि० १. चम्किने पार्नु; टल्काउनु । २. मत्ताउनु । ३. चम्कन लगाउनु ।

**चम्काचम्की**१– ना० [चम्को+चम्की] साना-ठूला चम्काहरूको समूह ।

**चम्काचम्की**२– ना० [चम्क+चम्की] बाभ्ने र जुध्ने होडबाजी; चम्काइको प्रतियोगिता ।

**चम्कि-नु**– अ० क्रि० [चम्क+इ+नु] झलक्क झल्कनु, तेजिलो हुनु; चम्कनु ।

**चम्किलो**– वि० [चमक+इलो] चमक भएको; चमकदार; चहकिलो ।

**चम्की**– ना० [चम्को+ई] सानो खालको चम्को ।

**चम्के**– वि० [चम्को+ए] चम्को भएको (चुलो); चुलोको चम्कोजस्तो आकारको (कुनै वस्तु) ।

**चम्को**– ना० चुलाको मुखमा भाँडा अडचाउन तीनतिर उठाइएको थुम्को ।

**चम्चा**– ना० [सं० चमस] एकापट्टि समाउनाका लागि बिँड भएको र अर्कापट्टि अलिकति खोपिल्टो परेको, खाना खान वा पकाइएका खानालाई चलाउन प्रयोग गरिने उपकरण; चमच; चमचा । – **गिरी**– ना० चाकरी; स्वार्थपूर्ण सेवाकार्य । >**चम्ची**– ना० सानो खालको चम्चा ।

**चम्पक**– ना० [सं०] १. सुगन्धमय सेतो वा पहेँलो फूल फुल्ने एक जातको बोट वा त्यसको फल; चाँपो; चम्पा । २. एक प्रकारको सुगन्धी द्रव्यविशेष । ३. एक प्रकारको केरा । ~**माला**– ना० १. प्राचीन कालमा प्रचलित एक प्रकारको गहना । २. चम्पक फूलबाट बनाइएको माला । ३. प्रत्येक पाउमा क्रमशः भ, म, सगण र दुई गुरु वर्ण भईकन पाँचौँ अक्षरमा विश्राम हुने एक वार्णिक छन्दविशेष ।

**चम्पत**– ना० भाग्ने वा कुलेलम ठोक्ने काम; बेपत्ता हुने काम; टाप ठोक्ने क्रिया वा प्रक्रिया; सुइँकुच्चा ।

**चम्पा**– ना० [सं०] हे० चम्पक । – **वत**– ना० प्राचीन कूर्माचल देशको राजधानी; हालको कुमाऊँ प्रदेशको एक प्रसिद्ध स्थल । – **वती**– ना० गङ्गाको किनारमा रहेको एक प्राचीन नगरको नाम; अङ्गदेशको राजधानी (वर्तमान भागलपुर) । – **सरी**– ना० मसिना र बास्नादार चामल हुने एक प्रकारको धान ।

**चम्पू**– ना० [सं०] गद्य र पद्य दुवै मिसिएको काव्य (उदा०– **मेरो कविताको आराधना**, सम) ।

**चम्बल**– ना० १. भेडाको ऊनबाट तयार गरिने एक कपडाविशेष । २. भारतको एक प्रसिद्ध नदी र सो नदी भएको उपत्यका । ~**घाटी**– डाँकूहरूको बिगबिगी भएको कुख्यात आश्रयस्थल ।

**चम्बु**– ना० [चम्बू ? सं० चमू] सानो मुख भएको टुटीवाल एक प्रकारको जलपात्र; एक प्रकारको लोहोटा ।

**चम्मु**– वि० [सं० जम्बुक] अग्धोर बाठो; असाध्य चतुरो; छट्टू ।

**चम्लायो**– ना० एक जातको वृक्षविशेष ।

**चम्सुर**– ना० तरकारी खाइने, काँचै खाँदा नाकमा राग आउने, मसिना डाँठ र फाटेका पात हुने प्रसिद्ध सागविशेष ।

**चय**– ना० [सं०] सङ्ग्रह; समूह; थुप्रो; राशि ।

**चयन**– ना० [सं०] १. टिप्ने काम (फूल आदि) । २. बटुल्ने, सङ्ग्रह गर्ने वा सङ्कलन गर्ने काम; थुपार्ने वा जम्मा गर्ने काम । – **शील**– वि० चयन गर्ने स्वभाव भएको । – **हरा**– ना० थारू स्त्रीहरूले गलादेखि छातीसम्म लट्कने गरी लगाउने एक थरी गहना । >**चयनिका**– ना० सङ्ग्रह गरिएका कुनै पनि वस्तु, पदार्थ वा तत्त्व । **चयनीय**– वि० चयन गर्न योग्य; जम्मा गर्न हुने ।

**चर्-नु**– अ० क्रि० [सं० चर्+नु] घाँसिलो चौर, डाँडो, जङ्गल आदिमा गाईबस्तुले डुलेर घाँस आदि खाँदै पेट भर्नु ।

**चर**– ना० [सं०] १. जासुस; गुप्तचर; गूढपुरुष; सी० आई० डी० । २. दूत; कलियो । ३. घरको जग । ४. रोग । ५. सुइँको; भेद । वि० ६. हिँडडुल गर्ने; चल्ने; जङ्गम । ७. सजीव ।

**चरक**– ना० [सं०] १. भारतीय आयुर्वेदका प्रवर्तक र 'चरकसंहिता'-का लेखक । २. शेषनागका अवतार मानिने तिनै आचार्य । ३. डुलुवा; बटुवा; पथिक । ~**संहिता**– ना० चरक मुनिले लेखेको आयुर्वेदीय चिकित्सासम्बन्धी एक प्रसिद्ध ग्रन्थ ।

**चरक्क**– क्रि० वि० [अ० मू० चर् > चरक्+क] १. चिरिने वा धाँजा फाट्ने गरी । २. घाम आदि चर्केर पोल्ने गरी ।

**चरचर**– क्रि० वि० [अ० मू० चर्+अ (द्वि०)] १. धमाधम फाट्ने वा चिरिने भएर । २. घाउ आदि दुख्ने वा चर्कने गरी । ना० ३. चर-चरको ध्वनि वा पीडा । ४. चिरिने प्रक्रिया । >**चरचरी**– क्रि० वि० १. धमाधम फाट्ने वा चिरिने भएर; चरचर । २. घाउ आदि दुख्ने वा चहऱ्याउने गरी । ३. घाँस उखेल्दा धमाधम चरचर आवाज आउने गरी । **चरचरे**– वि० १. चरचर आवाज निकाल्ने वा त्यस्तो आवाज आउने गरी बोल्ने । २. चिडाहा स्वभावको; झर्काहा ।

**चरण**– ना० [सं०] १. पाद; पाउ; पयर; गोडा । २. श्लोकको एक पङ्क्ति; चौथाइ अंश । ३. वेदको एक शाखा वा सम्प्रदाय । ४. वंश; पुस्ता । ५. स्तम्भ । ~**कमल**– ना० कमलको फूलजस्तो पाउ वा पादतल; चरणपद्म; चरणारविन्द (मान-मर्यादा जनाउँदा प्रयोग गरिने शब्द) । ~**चिह्न**– ना० पाउको चिह्न; कुनै चीजमाथि परेको पाइलाको डोब । – **तल**– ना० पैतालो; पादतल । – **न्यास**– ना० कदम; पाइला । ~**पादुका**– ना० १. खराउ । २. ढुङ्गा आदिमा कुँदेर पूजा गर्ने हेतुले बनाइएको पादचिह्न । – **युगल**– ना० दुई पाउ; दुई खुट्टा । ~**रेखा**– ना० पादचिह्न; चरणचिह्न । ~**सेवा**– ना० १. आफूभन्दा ठूला वा बडाको सेवा; मान्यजनको सेवा । २. पाउ दाब्ने वा मिच्ने काम । – **सेवी**– ना० १. सेवक; नोकर; भक्त । वि० २. सेवा गर्ने । >**चरणामृत**– ना० १. श्रद्धेय व्यक्तिको पाउ धोइएको पानी । २. देव-प्रतिमा आदिलाई स्नान गराइएको पानी; चरणोदक । **चरणायुध**– ना० आफ्नो गोडा नै हतियार भएको प्राणी; कुखुरो । **चरणारविन्द**–

ना० चरणकमल । **चरणार्ध–** ना० श्लोकको एक पाउको आधा भाग; आठौँ भाग वा अष्टमांश । **चरणोदक–** ना० चरणामृत । **चरणोपधान–** ना० राजा-महाराजाको सिंहासनमुनि पाउ राख्न बनाइएको एक आसन; पाउदान; पादपीठ ।

**चरन–** ना० [सं० चरण] १. हे० चरण । २. गाईबस्तु चर्ने ठाउँ; घाँस भएको ठाउँ; चउर; गोचर; गौचर । ~**क्षेत्र–** ना० गाईबस्तु चराउने निश्चित क्षेत्र ।

**चरना–** ना० अन्तःपुरका केटी-सुसारेहरूले भित्रपट्टि लगाउने तीन तहको जाँघवाल सुरुवाल; लामो जाँघिया; चर्ना ।

**चरम–** वि० [सं०] १. अन्तिम; अन्त्यको । २. सबभन्दा पछिल्लो; पश्चवर्ती । ~**अवस्था–** ना० आखिरी अवस्था; अन्त्यकाल वा पछिल्लो अवस्था । ~**काल–** ना० अन्तिम अवस्था; अन्त्यकाल वा मृत्युको समय । ~**बिन्दु–** ना० १. रुचि, उत्तेजना आदिको सर्वोच्च बिन्दु । (जहाँ पुगेपछि अगाडि बढ्ने ठाउँ रहँदैन) । २. कुनै एक शृङ्खलाको अन्तिम तत्त्व वा घटना; चरमसीमा; पराकाष्ठा । >**चरमोत्कर्ष–** ना० १. अन्तिम सीमासम्म पुगेको उत्कर्ष; परम उत्कर्ष । २. साहित्यमा घटनाक्रमको तीव्रतम स्थिति वा बिन्दु; पराकाष्ठा ।

**चराइ–** ना० [√ **चर्** (+आइ)] चर्ने क्रिया वा प्रक्रिया । [>] **चराइनु–** क० क्रि० चर्ने पारिनु; चर्न लगाइनु । **चराउनु–** प्रे० क्रि० बस्तुभाउलाई डुलाएर घाँस खुवाउनु ।

**चराचर–** ना० [सं०] १. चर र अचर वस्तु; स्थावर र जङ्गम । २. विश्व ।

**चराचुरुङ्गी–** ना० [चरो (द्वि०)] दुई खुट्टा हुने, फुल पार्ने र प्वाँख तथा पखेटा हुने, मेरुदण्डीय पक्षीजाति ।

**चरित–** ना० [सं०] १. जीवनको कथा वा विशेष घटना; जीवनी । २. आचरण; चरित्र । ~**नायक–** ना० कुनै काल्पनिक आख्यान वा ऐतिहासिक घटनाको मुख्य पात्र; चरित्रनायक ।

**चरितार्थ–** वि० [सं०] १. अभीष्ट ध्येय पूरा गरेको; सफल । २. लक्ष्य हासिल गरेको । ३. कृतार्थ; सन्तुष्ट; तुष्ट । ४. कार्यान्वित; सम्पन्न । – **ता–** ना० चरितार्थ हुने कार्य ।

**चरितावली–** ना० [सं०] अनेक विशिष्ट व्यक्तिहरूको जीवनीको सङ्ग्रह ।

**चरित्र–** ना० [सं०] १. जीवनी; चरित । २. चालचलन; बानीबेहोरा; व्यवहार । ~ **चित्रण–** ना० नाटक, उपन्यास, कथा आदिमा काल्पनिक पात्रको बिम्ब सिर्जना गर्ने प्रक्रिया तथा कार्य; साहित्यिक कथात्मक कृतिमा पात्रको स्वरूप र प्रकृतिलाई रूपायित गर्ने काम । ~**दोष–** ना० नाटकका पात्रमा अज्ञात रूपमा रहने चारित्रिक कमजोरी; नाटक आदिका पात्रबाट अज्ञात रूपमा हुने भूल; चरित्रमा हुने दोष । ~**नायक–** ना० हे० चरितनायक । ~ **प्रधान–** वि० घटना वा कथावस्तुको भन्दा चरित्रको प्राधान्य वा बढी महत्त्व भएको (कथा, उपन्यास आदि) । – **वान्–** वि० राम्रो स्वभाव, प्रकृति, चालचलन आदि भएको (व्यक्ति); सच्चरित्र भएको । ~**हत्या–** ना० अनावश्यक वा निराधार लाञ्छना लगाएर कसैको प्रतिष्ठामा धक्का पुऱ्याउने वा कसैलाई अपमानित गर्ने काम; कसैको सम्मान वा प्रतिष्ठालाई खसाल्ने काम; अनावश्यक लाञ्छना । – **हीन–** वि० खराब गुण, शीलस्वभाव, आचरण, अनुष्ठान आदि भएको; दुष्चरित्रले युक्त ।

**चरिपन्जा–** ना० [चार+पाँच] एउटा पासामा पन्जा र बाँकी दुई पासामा दुवा-दुवा पर्दा हुने, पासाखेलको एक दाउ ।

**चरिपाइँ/चरिफाइँ–** ना० [छारे+फाइँ] छारे रोग; मृगी; अपस्मार ।

**चरी–** ना० [चरो+ई] १. चराको बच्चा । २. सानो चरो । ३. पोथी चरो । ४. चरो (बालबोलीमा) । ~**अमिलो–** ना० गोलाकार तीनखण्डे, अमिलो स्वादको मसिना पात हुने, पहेँला र कलेजी फूल फुल्ने र मसिना कोसा हुने एक झार; चाङ्गेरी । ~**खुट्टे–** वि० चराको जस्तो मसिनो र ख्याउटे हातखुट्टा भएको (मानिस, जन्तु इ०); सिट्टा; खियाउटे । – **घाँटी–** ना० १. चराको घाँटी रेटिन लागेजस्तो अवस्था; सङ्कटकालीन स्थिति; आरीस्याँगी । २. बित्न लागेको अवस्था । ~ **चराइ/चराउ–** ना० १. गाईबस्तु चराउने वा चर्ने ठाउँ; चरन । २. बस्तुभाउ चराउने काम । – **चुच्चे–** वि० १. चराको जस्तो चुच्चो मुख हुने (व्यक्ति) । २. चराको झैँ चुच्चो भएको; चुच्चे । ३. अक्षरारम्भ गर्दा 'च' वर्णको निम्ति प्रयोग गरिने (शब्द) । ~ **नङ्ग्रा–** वि० १. निर्बाङ्ग; दिगम्बर; लङ्गट । २. गरिब । ~ **नङ्ग्री–** ना० १. केटाकेटीहरूको एक खेलविशेष । वि० २. ज्यादै दुब्ली; ख्याउटी । ~ **नङ्ग्रे–** वि० १. दुब्लो; पातलो । ना० २. मसिनो खालको धान । – **फाल–** ना० १. छटपटिएर मर्न लागेको चरीको झैँ अवस्था वा चाल । २. छटपटी । ~ **बाघ–** ना० बिरालो जत्रो हुने, एक जातको, रूखमा बस्ने, टाटेपाटे चितुवा; निगाले चितुवा । – **लमिनी–** ना० सगरमाथाको अर्को नाउँ; झ्यामोलुङ्मोको नेपाली पर्याय नाम ।

**चरु–** ना० [सं०] १. जौ, तिल, धान, चामल, घिउ आदि मुछेर देवकार्यमा अग्निमा चढाइने वस्तु; आहुति; हव्य । २. ठाडो बिट भएको, धातुको एक भाँडोविशेष; सानो ठो ।

**चरुवा–** ना० [चर्+उवा] १. गाईबस्तु चराउने मानिस; गोठालो । वि० २. चर्ने गरेको (बस्तुभाउ) ।

**चरेस१–** ना० १. काँसो र जस्ता बराबर अनुपातमा मिसाएर तयार पारिएको एक प्रकारको धातुविशेष । २. असल जातको, मिहिन, पातलो र सेतो सूती कपडा ।

**चरेस२–** ना० गाँजाको लट्टाको चोप वा खोटो; तमाखुझैँ धूम्रपान गरिने एक लागू पदार्थ ।

**चरो–** ना० [सं० चटक] चराचुरुङ्गीवर्गको, पखेटा र चुच्चो हुने कुनै दोपाया प्राणी ।

**चर्क-नु–** अ० क्रि० [अ० मू० चर्+क+नु] १. फुट्नु; चिरिनु; चिरा पर्नु; धाँजा फाट्नु । २. प्रचण्ड हुनु; कडा हुनु । ३. सोला हान्नु; घाउ चर्केर दुख्नु; चस्कनु । ४. ठूलो स्वरले बोल्नु; कड्कनु । >

**चर्काइ**– ना० चर्कने भाव, क्रिया वा प्रक्रिया । **चर्काइनु**– क० क्रि० चर्कने पारिनु; चर्कने पार्न लगाइनु । **चर्काउनु**– स० क्रि० १. कुनै समस्या, मामला वा कुरालाई झन् गम्भीर तुल्याउनु । २. चिरा पार्नु । ३. कुनै जोडिएको वस्तुलाई चिर्को पार्नु ।

**चर्काचर्की**– ना० दुवैतर्फबाट भएको साह्रो झगडा; बाझाबाझ; उग्र कलह । **चर्किनु**– अ० क्रि० १. चर्को हुनु; चर्कनु । २. चर्को बनिनु ।

**चर्कुले ⁄ चर्कुलो**– वि० [चर्को+उले ⁄ उलो] १. कान खाने चर्को वा तीखो स्वर भएको; चरचरी बाझेजस्तो गरी बोल्ने । २. छुकछुके; चकचके; चनमते; चञ्चले ।

**चर्को**– वि० [सं० चरमक] तिक्खर; कडा; तीव्र; तेजी; कठोर; ज्यादा ।

**चर्खा**– ना० [सं० चक्र] चक्रझैँ पाङ्ग्रो जडी प्यूरीबाट धागो कात्न बनाइएको, काठको घरेलु यन्त्रविशेष ।

**चर्च**– ना० [अङ्०] इसाई मतावलम्बीहरूको उपासना गर्ने सार्वजनिक भवन वा मन्दिर; गिर्जाघर ।

**चर्च-नु**– स० क्रि० [सं० चर् > चर्च+नु] १. चलन गर्नु; भोग गर्नु । २. तह लगाउनु; सुमर्नु; काममा ल्याउनु ।

**चर्चराइ**– ना० [√ **चरचर** (+आइ)] चर्चराउने भाव, क्रिया वा प्रक्रिया । [>] **चर्चराइनु**– अ० क्रि० चर्चराउने होइनु । **चर्चराउनु**– अ० क्रि० १. चहऱ्याउनु; भबाउनु । २. चरचर गरेर आवाज आउनु ।

**चर्चरिका**– ना० [सं०] १. नाटक प्रदर्शन गर्दा एउटा प्रकरण खतम भई, पर्दा गिराई फेरि अर्को प्रकरण सुरु गर्ने अवस्थामा पर्दा उठाउँदा गाइने एक प्रकारको गीत । २. नाटकका दुई नटुवाले आलोपालो गरी गाउने गीत ।

**चर्चरि-नु**– अ० क्रि० [चरचर+इ+नु] चरचर गरी दुख्नु; चरचर हुनु; चहऱ्याइनु; चर्कनु ।

**चर्चरी**– ना० [सं०] १. वसन्त ऋतुमा गाइने एक प्रकारको गीतविशेष । २. सङ्गीतको तालमा बजाइने ताली । ३. विद्वान्हरूद्वारा गरिएको सस्वर पाठ । ४. आमोदप्रमोद; हर्षक्रीडा । ५. रगण, सगण, दुई जगण, भगण एवं रगण हुने र पपाँच अक्षरमा विश्राम हुने एक छन्द ।

**चर्चरे**– ना० [चर्चरो+ए] १. च्याप्टो प्रकारको डाँठ भएको ससाना राता फूल फुल्ने र काला गेडा हुने एक जङ्गली लहरो । २. गाईबस्तुलाई हुने एक भयङ्कर सरुवा रोग; गाईबस्तुको देसान । ३. सारौँ चरो; चर्चरो ।

**चर्चरो**– ना० सारौँ चरो ।

**चर्चा**– ना० [सं०] १. विचारविमर्श; गम्भीर छलफल । २. प्रसङ्ग; कथन; प्रकरण । ३. आवृत्ति; स्वरपाठ; अध्ययन । ~ **पीठ**– ना० कुनै विषयमा छलफल, बहस वा अनुसन्धान गर्न स्थापित भएको संस्था; आवश्यक विमर्शहरू सम्बद्ध व्यक्तिसमक्ष पुऱ्याउन खडा भएको एक एकाइ ।

**चर्चाइ**– ना० [√ **चर्च** (+आइ)] चर्चने क्रिया, भाव वा प्रक्रिया । [>] **चर्चाइनु**– क० क्रि० चर्चाउन लगाइनु । **चर्चाउनु**– प्रे० क्रि० चर्चने काम गराउनु; चर्चन लाउनु ।

**चर्चित**– वि० [सं०] १. चर्चा गरिएको; प्रासङ्गिक । २. विचार गरिएको; मनन गरिएको ।

**चर्चिनु**– स० क्रि० [चर्च+इनु] १. हे० चर्चनु । क० क्रि० २. चर्चिने होइनु ।

**चर्तिकला**– ना० [चढ्ती+कला] १. चहलपहल; चकचकी; चहकमहक । २. रवाफ; झुट्टो चरित्रको प्रदर्शन । ३. स्त्री जातिको दुश्चरित्रता । > **चर्तिकले**– वि० चर्तिकला गर्ने ।

**चर्ना**– ना०हे० चरना ।

**चर्पट१**– ना० [सं०] १. औँलाहरू फिँजिएका अवस्थाको हत्केला । २. थप्पड; लपेटा; चपेटा ।

**चर्पट२**– ना० [चटपट] चटपट; हतपत; चटारो । २. क्रि० वि० जल्दाजल्दी; झटपट । > **चर्पटाइ**– ना० चर्पटाउने भाव, क्रिया वा प्रक्रिया । **चर्पटाइनु**– स० क्रि० हडबडाइनु; चटपटाइनु । **चर्पटाउनु**– स० क्रि० हडबड गर्नु; हडबडाउनु; छटपटाउनु; चटपटाउनु । **चर्पटी**– ना० चटपटी ।

**चर्पटी**– ना० [सं०] चिल्लो नहाली पकाइएको रोटी; सुक्खा रोटी; फुल्का ।

**चर्पटे**– वि० [चर्पट+ए] चर्पट गर्ने; चटपटे स्वभावको ।

**चर्पी**– ना० [नेवा० चबि] दिसा-पिसाब गर्ने ठाउँ वा कोठा; चर्पीघर; पाइखाना; शौचालय; टट्टीखाना (ल्याट्रिन; बाथरुम) ।

**चर्म**– ना० [सं०] १. मानिस वा जनावरका शरीरको बाहिरी अंश; छाला; चमडा; चाम । २. ढाल । – **कला**– ना० काँचो छालालाई प्रशोधन गरी त्यसबाट जुत्ता, सेला, कम्मरपेटी आदि विभिन्न सामानहरू बनाउने सीप । – **कार**– ना० छालाको काम गर्ने मानिस; चमार; सार्की; मोची । – **कील**– ना० अलकाई; बवासीर; हर्सा; अर्श । – **कूप**– ना० घिउ, तेल आदि हाल्ने छालाको भाँडोविशेष; सिजिया । ~ **चक्षु**– ना० १. भौतिक जगत्का विषयवस्तु देख्ने इन्द्रिय; बाहिरी वा बाह्य आँखा । २. सतही दृष्टि; स्थूल दृष्टि । ~ **तरङ्ग**– ना० उमेर वा रोगका कारणले शरीर वा अनुहारमा पर्ने चाउरी । ~ **दूषिका**– ना० दाग उब्जिई बेसरी चिलाउने एक चर्मरोग; दाद । ~ **पट्टिका**– ना० पासा खेल्दा गोटी राखिने चार कुना परेको छालाको टुक्रा । ~ **पत्र**– ना० अभिलेखका रूपमा छालामा लेखिएको वस्तुविशेष । – **पुट**– ना० पानी राख्नका निम्ति प्रयोग गरिने छालाको भाँडो; मसक । – **यष्टि**– ना० छालाको कोर्रा वा चाबुक (हन्टर) ।

**चर्म रोग**– ना० [सं०] रगतको खराबी वा अन्य कारणले छाला चिलाउने, खस्रो भई फुट्ने, साना-साना फोका निस्कने आदि रोग । > **चर्मरोगी**– ना० छालाको रोग लागेको व्यक्ति । – **विशेषज्ञ**– ना० छालाका रोगहरूमा विशेषता प्राप्त गरेको डाक्टर ।

**चर्मोपचार**– ना० [सं०] चर्मरोगको उपचार । – **क**– ना० १. चर्मरोगको उपचारमा प्रयोग गरिने वस्तु (औषधी आदि) । २. छालाको विशेषज्ञ । ~**शास्त्र**– ना० चर्मरोगसम्बन्धी शास्त्र ।

**चऱ्यामचुरुम**– क्रि० वि० [अ० मू० चऱ्याम्+अ (द्वि०)] कुनै वस्तु साना टुक्रा भएर फुट्ने गरी ।

**चर्या**– ना० [सं०] १. घुमफिर; सैर । २. प्रथा; रीतिरिवाज; अनुष्ठान । ३. आचरणविधि; चालचलन । ४. जीविका ।

**चर्ल्यामचुर्लुम**– क्रि० वि० [अ० मू० चर्ल्याम्+अ (द्वि०)] १. कुनै वस्तु हातबाट खस्दा ससाना टुक्रा भएर फुट्ने गरी; भऱ्यामभुरुम । २. पानीमा पूरै चोपिने वा डुब्ने गरी । > **चर्ल्यामचुर्लुम्म**– क्रि० वि० चर्ल्यामचुर्लुम ।

**चर्ल्याम्म**– क्रि० वि० [अ० मू० चर्ल्याम्+म] १. कुनै काँचका वा हल्का वस्तु हातबाट खस्दा, ठोकिँदा सानासाना टुक्रा भएर फुट्ने गरी । २. भऱ्याम्म ।

**चर्वण**– ना० [सं०] १. चपाउने वा खाने काम । २. आचमन । ३. स्वाद चाख्ने काम ।

**चर्वित**– वि० [सं०] १. चपाइएको; खाइएको । २. चाखिएको । – **चर्वण**– ना० १. गाईबस्तुहरूले खाएको घाँस फेरि मुखमा निकालेर चबाउने क्रिया; उग्राउने कार्य । २. भनिसकिएको कुरो दोहोऱ्याएर फेरि भन्ने कार्य; पुनरुक्ति; निरर्थक आवृत्ति ।

**चर्व्य**– वि० [सं०] चबाइने वा चबाउनुपर्ने; चबाउन योग्य ।

**चर्सा**– ना० [फा० चर्ज] छाला । ~**ठेक्का**– ना० छाला-ठेक्का । ~**रकम**– ना० १. छालाको ठेकदारीमा बुझाउनुपर्ने रकम । २. छालाको ठेक्कापट्टा ।

**चल्-नु**– अ० क्रि० [सं० चल्+नु] १. चलमलाउनु; हल्लनु; हिल्नु; काँप्नु । २. चकचक गर्नु । ३. हिँड्नु; जानु । ४. चलनमा आउनु । ५. जिस्किनु । ६. टिक्नु; खट्नु । ७. प्रारम्भ हुनु । ८. पासा आदि खेल खेल्दा कुनै चाल आरम्भ गर्नु ।

**चल**– वि० [सं०] १. चल्ने; काम्ने; हल्लिने; स्पन्दित हुने । २. अस्थिर; चञ्चल । ३. हिँडडुल गर्ने; जङ्गम । ४. चलाउन सकिने (वस्तु) । ५. चल्ती; चल्तीफिर्ती । ६. चलनचल्तीमा आएको । – **अचल**– वि० चल्ने र नचल्ने; जङ्गम र स्थावर; अस्थिर र स्थिर । – **खेल**– ना० क्रियाशीलता; चल्ने खेल्ने काम; कुनै काममा हात हाल्ने काम ।

**चलचित्र**– ना० [सं०] बिजुलीका सहायताबाट रजतपटमा देखाइने चल्ने-फिर्ने कथात्मक नाट्यचित्र; सिनेमा; टाकिज । ~**प्रदर्शक**– ना० चलचित्र देखाउने यन्त्र चलाउने मानिस । ~**संस्थान**– ना० चलचित्रसम्बन्धी कामको व्यवस्था मिलाउने एक निकाय । ~**सम्पादक**– ना० चलचित्र बनाउनका लागि खिचिएका दृश्यादिको काटछाँट गर्ने तथा मिलाउने काम गर्ने विशेषज्ञ ।

**चल जोर्नी**– ना० शरीरको खास जोर्नी; कीलेजोर्नी ।

**चलता**– वि० [चल्+ता] चालू; चल्ता । – **पूर्जा**– वि० १. सक्रिय; फुर्तिलो; जाँगरिलो; व्यवहारकुशल । २. हाकधाक भएको । – **फिर्ता**– वि० चलतापूर्जा ।

**चलती**– ना० [चल+ती] हे० चल्ती । – **फिर्ती**– ना० चल्तीफिर्ती ।

**चलदल**– ना० [सं०] पात फिरफिर भइरहने एक वृक्षविशेष; पीपलको रूख; चलपत्र ।

**चलन**– ना० [सं०] १. रीतिपरम्परा; प्रथा । २. गति; चाल । वि० ३. गतिशील; कम्पायमान; काम्ने; हल्लने । – **कलन**– ना० उच्चस्तरीय गणितको एक प्रकार । ~**चलाइ**– ना० चलनमा चलेको कामकुरो । ~**चल्ती**– ना० चलन वा व्यवहारमा उपयोग हुँदै आइरहेको कुरा; चलन । ~**चाँजो**– ना० कामकुराको व्यवस्था; घरायसी कारोबार; कामधन्दा । ~**चाँदीको**– वि० चलनचल्तीमा ल्याइएको (चाँदीको सुका, मोहर, रुपियाँ इ०) । ~**पुर्जी**– ना० कसैलाई कुनै कुरो भोग गर्न वा चलन गर्न दिँदा गरिने कागज; पट्टा; आज्ञापत्र; अधिकारपत्र ।

**चल निक्षेप**– ना० [सं०] ब्याङ्कको चल्ती खातामा निक्षेपकर्ता वा खातावालले जम्मा गरेको निर्ब्याजी रकम; भागनिक्षेप ।

**चलनी**– ना० [सं० चालनी] सानो चाल्नु; चालनी; चल्नी ।

**चलबल**– ना० [चल+बल] चञ्चलता; चकचक; चुलबुल । > **चलबलाइ**– ना० चलबलाउने काम वा किसिम । **चलबलाइनु**– अ० क्रि० चलमलाइनु; छटपटाइनु । **चलबलाउनु**– अ० क्रि० चलमलाउनु; छटपटाउनु । **चलबले**– वि० चलबल गर्ने; चञ्चले ।

**चलमल**– ना० [चलबल] हल्लने वा चलमलाउने काम; हलचल; चलबल । > **चलमलाइ**– ना० चलमलाउने भाव, क्रिया वा प्रक्रिया । **चलमलाइनु**– अ० क्रि० छटपटाइनु; चलबलाइनु । **चलमलाउनु**– अ० क्रि० चल्नु; छटपटाउनु; चलबलाउनु । **चलमले**– वि० चलमल गर्ने; चञ्चल स्वभावको । – **हल**– ना० चलमल; चलबल ।

**चलमाल**– ना० [चल+माल] हे० चलसम्पत्ति ।

**चल विद्युत्**– ना० [सं०] लगातार प्रवाहित भइरहने विद्युत् ।

**चल सम्पत्ति**– ना० [सं०] घरबारी, खेत, घडेरी आदि बाहेकका अरू सम्पत्ति; सजिलैसित लेनदेन गर्न सकिने सम्पत्ति (रुपियाँ, सुन, चाँदी इ०) ।

**चला**– ना० [सं०] १. लक्ष्मी । २. बिजुली ।

**चलाइ**– ना० [√ **चल्/चाल्** (+आइ)] १. चल्ने वा चाल्ने भाव, क्रिया वा प्रक्रिया । [चलाउ+आइ] २. चलाउने भाव, क्रिया वा प्रक्रिया । ३. चकचक; छुकछुक । [>] **चलाइनु**– क० क्रि० चल्ने पारिनु । **चलाउनी**– ना० चाल्ने वा चलाउने कुनै पनि साधन । **चलाउनु**– स० क्रि० १. हल्लाउनु । २. चलन गर्नु । ३. चलनमा ल्याउनु । ४. जिस्क्याउनु । ५. प्रारम्भ गर्नु । ६. मोटर आदि हाँक्नु । ७. खपाउनु । ८. सञ्चालन वा व्यवस्थापन गर्नु । ९. प्रयोग गर्नु ।

**चलाक**– वि० [फा० चालाक] चलाख । > **चलाकी**– ना० चलाखी ।

**चलाख**– वि० [√ चलाक] बाठो; चङ्ख; टाठो; चतुर । > **चलाखी**– ना० चतुऱ्याइँ; चङ्ख्याइँ ।

**चलाचल१**– ना० [चल्+आ+चल्] आपसमा जिस्किने वा कुटाकुट गर्ने क्रिया ।

**चलाचल२**– वि० [सं०] चल र अचल; स्थावर र जङ्गम; चराचर ।

**चलान**– ना० [चल्+आन] १. चलाउने वा हिर्काउने काम; प्रस्थापन । २. पठाउने काम; निकासी ।

**चलानी**– ना० [चल्+आनी] १. चलान गरेका व्यक्ति, वस्तु आदिको नामनामेसी लेखिएको निस्सा वा पुर्जी; विवरणपत्र । वि० २. चलान गरिएको । ~**पुर्जी**– ना० चलानी । ~**पुस्तक/बही**– ना० चलानी पुर्जीहरू दर्ता गरिने वा राखिने फाइल; चलानी दर्ता गरिने किताब ।

**चलायमान**– वि० [सं०] १. चलिरहेको; हल्लिरहेको । २. अस्थिर । ३. गतिशील ।

**चलार्थ**– ना० [सं०] चल सम्पत्ति; चलाचल । ~**पत्र**– ना० नोट; पत्रमुद्रा; साखपत्र ।

**चलिचलाउ**– वि० [चल्+इ+चलाउ] १. हिँड्न लागेको; प्रस्थान गर्न तयार भएको । २. हिँडिरहेको; हिँडेको हिँडचै ।

**चलित**– वि० [सं०] १. चलेको; हिँडेको । २. हल्लिएको । ३. विसर्जित ।

**चलु**– ना० [नेवा०] पानीबलोभन्दा मुन्तिरको मुसी अडचाउने तेर्सो काठ ।

**चलुवा**– वि० [चल्+उवा] नचाहिँदो किसिमले चली हिँड्ने; चकचके; रगरगे; तर्बरे; चुलबुले । >**चलुवी**– वि० चलुवाको स्त्रीलिङ्गी रूप ।

**चल्ता**– वि० [चल्+ता] चल्ने वा चलिरहेको; चालू । – **पुर्जा**– वि० चलतापुर्जा । – **फिर्ता**– वि० चलताफिर्ता ।

**चल्ती**– ना० [चल्+ती] १. आउने-जाने काम; आवत-जावत । २. लेनदेनको व्यवहार; सुक्रीबिक्री । ३. चलन; व्यवहार । ४. सबैको जानकारीका निमित्त गरिएको प्रचार । ५. इज्जत; मानमर्यादा, प्रतिष्ठा । ६. चर्तिकला; प्रसिद्धि । वि० ७. चल्ने; चल्ता; चालू । ~**औषधी**– ना० उपचारका निम्ति बहुप्रचलित तथा सुलभ घरेलु ओखती । ~**खाता**– ना० ब्याङ्कको नियमभित्र रही खातावालले आफ्नो सुविधाअनुसार पैसा झिक्न पाउने गरी जम्मा गरेको निर्ब्याजी रकमको खाता; खातावालाले मागेमा जहिले जति पनि निकाल्न सकिने गरी चल-निक्षेपका रूपमा रकम जम्मा गरिएको खाता । ~**फिर्ती**– ना० १. चलफिर । २. चल्ती ।

**चल्दो**– वि० [चल्+दो] १. चलिरहेको । २. चल्न सक्ने । – **मिल्दो**– वि० १. व्यवहार सुहाउँदो; पङ्क्तिमा मिसाउन हुने; हारमा मिलाउन सकिने; लेनदेन गर्न हुने । २. चालचलन थाहा पाइएको र मिल्न सक्ने; मिलनसार ।

**चल्नी**– ना० [चल्+नी] १. चल्ने ठाउँ । २. कन्चट र छातीका दुईतिर बल्किने ठाउँ; मर्मस्थल । ३. चलनी ।

**चल्ली**– ना० [चल्+ली] कन्चट । ~**पुर्पुरो**– ना० आँखीभुइँमाथि निधारका दायाँबायाँ रहेको चल्ली र निधार वा पुर्पुरो ।

**चल्लो**– ना० [चिङ्नो] कुखुरा आदिको बच्चो; चिँगना; चिङ्ना; चल्ला ।

**चवन्न**– ना० [प्रा० चउअन्न <सं० चतुःपञ्चाशत्] १. पचास र चारको योगबाट बन्ने सङ्ख्या; '५४'-को अङ्क । वि० २. पचास र चारको योगसङ्ख्याको; त्रिपन्न पछि आउने । >**चवन्नी**– ना० पुरानो चलनअनुसार भारतीय रुपियाँको चौथाइ मूल्यबराबरको सिक्का वा मान; चारानी; चारआनी, चउन्नी । **चवन्नौँ**– वि० गणनाका क्रमले चवन्नमा परेको; चवन्न सङ्ख्याको; चउन्नौँ ।

**चवालिस**– ना० [प्रा० चउआलीस] १. चालीस र चार सङ्ख्याका योगले बनेको सङ्ख्या; ४४-को अङ्क । वि० २. चालीस र चार । >**चवालिसौँ**– वि० गणनाका क्रमले चवालीसको सङ्ख्याको ।

**चवालीस**– ना० हे० चवालिस । >**चवालीसौँ**– वि० हे० चवालिसौँ ।

**चषक**– ना० [सं०] सुरापात्र; रक्सी पिउने भाँडो; प्याला ।

**चसक**– ना० [अ० मू० चसक्+अ] मानसिक वा शारीरिक पीडा । >**चसक्क**– क्रि० वि० १. रोगविशेष वा अन्य कारणले शरीरको कुनै पनि अङ्ग चसचस घोच्ने वा सोला हान्ने र दुख्ने गरी । २. कुनै पनि तीखो वस्तु दुख्ने गरी बिझेर । ३. नराम्रो कुराले प्रभाव पर्दा मनमा एक्कासि लाग्ने गरी ।

**चसाइ**– ना० [√ **चास्** (+आइ)] चास्ने क्रिया वा प्रक्रिया । [>] **चसाइनु**– क० क्रि० चास्ने काम गरिनु । **चसाउनु**– प्रे० क्रि० चास्न लगाउनु; चासिने पार्नु ।

**चस्क-नु**– अ० क्रि० [चसक्क+नु] चसक्क हुनु वा दुख्नु; बिझाउनु; चस्किनु । >**चस्काइ**– ना० चस्कने भाव, क्रिया वा प्रक्रिया । **चस्काउनु**– स० क्रि० चस्कन लाउनु । **चस्किनु**– अ० क्रि० १. दुखाइमा परिनु । २. चस्कनु । **चस्को**– ना० चस्कने चाल; चस्का; दुखाइ; चसक । **चस्क्याइ**– ना० चस्किने भाव, क्रिया वा प्रक्रिया । **चस्क्याहट**– ना० चस्क्याइ ।

**चस्मदिद**– वि० [फा० चश्मदीद] कुनै घटना आफ्नै आँखाले देख्ने; देखी जान्ने; प्रत्यक्षदर्शी (साक्षी, गवाही) ।

**चस्मा**– ना० [फा० चश्मा] आँखासम्बन्धी रोग वा कमजोरीबाट बची त्यसलाई सुरक्षित तुल्याउन नाक र कानको अवलम्बमा दुवै आँखामा लगाइने सिसाको एक उपकरण; उपनेत्र ।

**चस्याकचुसुक**– क्रि० वि० [अ० मू० चसक्+अ (द्वि०)] १. लगातार घोच्ने वा भनिबिझाउने गरी । ना० २. जिब्रामा चस्स लाग्ने अचार, सितन आदि; चास्सचुस्स । ३. छास्सछुस्स । ४. चुबुरचाबुर ।

**चस्स**– क्रि० वि० [चस्+स] १. एकाएक तीखो रूपमा मसिनु काँडा बिझ्ने गरी । २. अप्रिय कुरा सुन्नाले मन दुख्ने गरी ।

**चहक्-नु**– अ० क्रि० [चहक+नु] १. चम्कनु; जगमगाउनु । २. भित्रैदेखि प्रसन्न भएर रवाफिलो व्यवहार गर्नु । ३. चिरबिराउनु;

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



चहचहाउनु ।

**चहक**– ना० [चाकचक्य] १. प्रकाश; उज्यालो; टलक । २. तेज; कान्ति । – **दार**– वि० १. टलकदार; चहक भएको; चम्किलो । २. उज्जर; उज्यालो (कपडा आदिको रङ वा बुट्टा) । – **महक**– ना० १. चमकदमक; सौन्दर्य; शोभा । २. आनन्दमय वातावरण ।

**चहकाइ**– ना० [√ **चहक** (+आइ)] चहकिने भाव, क्रिया वा प्रक्रिया । [>] **चहकाइनु**– क० क्रि० चहकिन लाइनु । **चहकाउनु**– अ० क्रि० १. चहकिलो हुनु । प्रे० क्रि० २. चहकिने पार्नु वा पार्न लगाउनु । **चहकिनु**– अ० क्रि० चहकनु; जगमगिनु । **चहकिलो**– वि० चहक भएको; चहकदार । **चहक्याइ**– ना० चहकिने भाव, क्रिया वा प्रक्रिया; चहक्याहट । **चहक्याइनु**– क० क्रि० चहकिने तुल्याइनु । **चहक्याउनु**– प्रे० क्रि० चहकिने पार्नु; चहकिलो तुल्याउनु । **चहक्याहट**– ना० चहक्याइ ।

**चहचह**– ना०/वि० बो० [अ० मू० चह (द्वि०)] चचहै; चचह ।

**चहरिँदो**– वि० [चह+इँदो] चहऱ्याउने; पोल्ने; चरचर गर्ने; चरचरिँदो ।

**चहऱ्याइ**– ना० [√ **चहऱ्याउ** (+आइ)] चहऱ्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **चहऱ्याइनु**– अ० क्रि० चहऱ्याउने हुनु; टट्टाइनु ।

**चहऱ्याउ-नु**– अ० क्रि० [चहरिँदो+याउ+नु] १. घाउखटिरा आदि कोरिएर वा कडा औषधी पर्नाले चर्केर दुख्नु; टट्टाउनु; भबाउनु; पोल्नु । २. चर्चराउनु । > **चहऱ्याहट**– ना० चहऱ्याइ ।

**चहलपहल**– ना० सुखीको कामकाज; मनोरञ्जनको चटपटी; रमणीयता ।

**चहला**– वि० निथ्रुक्क भएर भिजेको; निथ्रुक्क ।

**चहलो**– ना० [चल्+लो] १. चाँचल; पानी चाँचर । २. पानीमनि भासिने हिलो भएको फराक दह ।

**चहार्-नु**– अ० क्रि० [सं० चर्+नु] घुमफिर गर्नु; घुम्दै-डुल्दै हिँड्नु; चाहार्नु ।

**चहार**– वि० [फा०] १. चार सङ्ख्याको (उदा०– चहार दिवार) । २. सबभन्दा कम दर्जाको; चुत्थो किसिमको । ना० ३. जग्गाका अब्बल, दोयम, सिम र चहार चार श्रेणीमध्ये सबैभन्दा तल्लो तहको जग्गा ।

**चहाराइ**– ना० [चहार्+आइ] चहार्ने भाव, क्रिया वा प्रक्रिया ।

**चा**– ना० [ची० छा] हे० चिया ।

**चाँगुनारायण**– ना० [सं० चम्पकनारायण] काठमाडौँ उपत्यकाको दोलागिरि पर्वतमा अवस्थित, नेपालका लिच्छवि राजा मानदेवद्वारा वि० सं० ५२१-मा आफ्नी आमा राज्यवतीको सम्झनामा निर्मित, कलापूर्ण प्रसिद्ध मन्दिर वा धार्मिक पीठ; सोही मन्दिरभित्र स्थापित तथा कार्तिक शुक्ल एकादशीमा मेला लाग्ने चार नारायणमध्ये एक ।

**चाँगे**– ना० [सं० चञ्च] तीखा टुप्पा भएका लाम्चा हरिया पात हुने, कलेजी र पहेँला रङका झुप्पा-झुप्पा फूल फुल्ने र फूलका फेदमा काला गेडा लाग्ने एक प्रकारको बोट वा त्यसैको फूल ।

**चाँचर१**– ना० चुच्चो कालो भएको, शिरमा कल्की हुने र फुस्रो कालो वर्णको, भँगेरोजत्रो एक ऋषिपक्षी; चुच्चे चरो ।

**चाँचर२**– ना० नदी वा खोला फिँजिएर बगेको, तर्न सकिने ठाउँ; जँघार ।

**चाँचर३**– ना० [चर्चरी] पश्चिम नेपालको चौथो र पाँचौँ विकासक्षेत्रभित्र प्रचलित तथा फागुमा गाइने प्रसिद्ध लोकगीत; चाँचल ।

**चाँचरी१**– ना० [सं० चर्चरी] चाँचर (चरो) ।

**चाँचरी२**– ना० रोपाइँ गर्दा गाइने खास गीत ।

**चाँचल१**– ना० चाँचर; चाँचरी (गीत) ।

**चाँचल२**– ना० [सं० चञ्चल] पाँजिएको र बतासले हल्लिने पानीको सोतो वा तरङ्ग; चाँचर ।

**चाँची**– ना० लय मिलाएर हालिने कथा ।

**चाँचुँ**– ना० [अ० मू० (द्वि०) चुँ] अस्वीकार नगरिएको स्थिति; चाइँचुइँ; आनाकानी; नाइँनास्ति ।

**चाँजो**– ना० [चन्जा] चन्जा; व्यवस्था; बन्दोबस्त । – **पाँजो**– ना० चन्जापन्जा; बरबन्दोबस्त ।

**चाँडो**– क्रि० वि० [सं० चण्ड] १. छिटो; तुरुन्त; झटपट; शीघ्र; झट्ट; चटाक; झटाझ; तत्काल । वि० २. छिटो चल्ने; झट्टै गर्ने ।

**चाँद**– ना० [सं० चन्द्र] १. चन्द्रमा; शशी; सोम । २. बन्दुक हान्न वा धनुकाँड चलाउन अभ्यास गर्नेले बनाएको निसाना वा चिह्न; तारो । ३. अघि सरकारी सेवामा रहेकाहरूले टोपी वा बिँडामा लगाउने चन्द्राकारको पद-चिह्न; ब्याज । – **तोडा**– ना० अघि सरकारी कर्मचारीहरूलाई पदअनुसार लगाउन दिइने सुन वा चाँदीको चाँद र बिँडा वा तोडा सहितको पगरी; चाँद ।

**चाँदनी**– ना० [सं० चन्द्रिका] १. चन्द्रज्योति; जून; चन्द्र-किरण । २. चँदुवा ।

**चाँदमरुवा**– ना० पहाडी भेगको औलिया र सिमसार ठाउँमा उम्रने, पहिले रातो र पछि सेतो रङको हुने ससाना फूल फुल्ने, खुर्सानीका जस्ता पात र बोट हुने तीतो स्वादको, सानो सखरखण्डको जस्तो कन्द हुने एक बुटी; सर्पगन्धा ।

**चाँदमारी**– ना० [चाँद+मार्+ई] तारोहनाइ; तारो हान्ने काम वा अभ्यास; चानमारी ।

**चाँदी**– ना० [सं० चन्द्र] सुनझैँ लच्याकलुचुक हुने र पिटेर चेप्टचाउन वा छाँट पार्न सकिने मूल्यवान् चहकिलो सेतो धातु; मुद्रा र जुहारातमा प्रयोग गरिने प्रसिद्ध धातु; रजत; रौप्य ।

**चाँदे**– वि० [चाँद+ए] १. निधारमा सेतो टिको वा चाँदो हुने (बाखा वा भैँसी) । ना० २. ठूलो पातो भएको एक प्रकारको कोदालो । ~**माछो**– ना० टाउकामा सेतो कत्ला हुने एक प्रकारको माछो ।

**चाँदो**– ना० [चाँद+ओ] १. निधार; तालु । २. बाखा वा भैँसीका निधारमा हुने सेतो धर्को वा टिको । ३. तकदिर; भाग्य ।

**चाँप१**– ना० [सं० चम्पक] १. छमछम बज्ने सानासाना घुँघुरा हुने,

गोडामा लगाइने गहना । २. लुगा सिउने कलमा सियोमाथिको कपडा थिच्ने एक अवयव ।

**चाँप२/चाँपो–** ना० [सं० चम्पक] लाम्चा पात हुने, पहेँला वा सेता फूल फुल्ने, झुप्पा-झुप्पा भई फल लाग्ने, काठबाट मेच-कुर्सी आदि बनाइने एक रूख; चम्पा ।

**चाँवल–** ना०हे० चामल ।

**चाँवो–** ना० [सं० चव्य] पानजस्तो पात हुने, पहेँला फूल फुल्ने र पिप्लाका आकारको फल लाग्ने एक लहरो; चाभो; पिप्लाको एक भेद ।

**चाइँचुइँ–** ना० [अ० मू० (द्वि०) चुइँ] १. आनाकानी; नाइँनास्ति; चाँचुँ । क्रि० वि० २. सेल आदि पकाउँदा शब्द आउने गरी ।

**चाइने/चाइनेजो–** वि० बो० बोल्दा वाक्य वा शब्दका बीचबीचमा अनावश्यक रूपले दोहरिइरहने एक थेगो; रहनी ।

**चाउचाउ–** ना० [चि०] मसिना लामा-लामा त्यान्द्रा हुने, गहुँको पीठोबाट बनाइएको एक प्रकारको खाद्य वस्तु ।

**चाउथो–** ना० [सं० चतुर्थ] तिजरोभन्दा एक दिन बढी बिराएर आउने ज्वरो; चारदिने ज्वरो ।

**चाउरि-नु–** अ० क्रि० [चाउरी+नु] १. चाउरे हुनु; चाउरी पर्नु; लोला पर्नु । २. खुम्चिनु; साँघुरिनु । ३. चुमुक्क पर्नु; विवश हुनु; अशक्त हुनु ।

**चाउरी–** ना० [चाम्रो+ई] उमेर वा रोगका कारणले शरीरका छालामा परेका मुजा वा खुम्चा ।

**चाउरे–** वि० [चाउरी+ए] १. चाउरी परेको । २. दुब्लो; सिकुटे; सिट्ठो । ना० ३. चाउरी परेको मानिसलाई हियाएर बोलाउँदा भनिने शब्द । ~**बाँदर–** ना० १. दुब्लो बाँदर । वि० २. नराम्रो स्वभाव भएको (मानिस) ।

**चाउलो–** ना० [चाकल+उलो] टोपीको घेरामाथिको भाग वा चक्का ।

**चाक–** ना० [सं० चक्र] १. कम्मरभन्दा मुनि दुई नितम्बका जोर्नीका बीचमा रहेको अङ्ग; कन्डो; पुट्ठा; नितम्ब । २. कुनै भाँडो आदिको भुइँमा अडिने समतल अंश; पींध । ३. दलानमा बस्नका निम्ति बनाइएको टाँड; ग्वालीको तला । – **चकुवी–** ना० १. कमारी । वि० २. अलपत्र परेकी (स्त्री) ।

**चाकडी–** ना०हे० चाकरी ।

**चाकनचुकन–** ना० सानोतिनो माल; खुद्राखुद्री; फुटकर खर्च ।

**चाकर–** ना० [फा०] १. कमारो; करिया; दास; गुलाम । २. सेवक; नोकर; टहलुवा; भृत्य ।

**चाकरी–** ना० [चाकर+ई] १. चाकरको काम; सेवा; टहल; सुसार; ताबेदारी; परिचर्या । २. कसैलाई खुसी पार्न गरिने कार्य । – **दार/बाज–** वि० धेरै चाकरी गर्ने; चाकरीमा लागेको ।

**चाकल–** ना० [सं० चक्री] चारै छेउ वा सुर मिलेको, सम्म परेको जग्गा; छाँट मिलेको ठाउँ; चकला । – **माडी–** ना० कामकाज केही नगरी गफ मात्र हाँकिरहने वा कुरा मात्र गरिरहने काम ।

**चाका–** ना० [सं० चक्र] १. मौरीले मह काढ्ने गुँड; मह रहेको फग्लेँटो । २. टोपीको घेरो । – **चुली–** ना० १. फल्याकको बीचमा सन्तुलन राखी त्यसका दुई छेउमा बसी माथि-तल गरी खेलिने, बालकहरूको एक खेल । २. ढिकीच्याउँ ।

**चाकी–** ना० [प्रा० चक्क] सागपात, घाँस आदिको ससानो मुठो; कल्ली ।

**चाकु–** ना० [नेवा०] मसिना जातको उखुको रस वा सखर पकाएर राम्ररी छानी चाका-चाका पारी जमाइएको, गुलियो खाद्य पदार्थ ।

**चाके–** वि० [चाक+ए] १. बडेमाको चाक हुने; नितम्बी; ढाडे । ना० २. भारी बोक्दा भरियाले सजिलाका निम्ति पिठ्यूँमनि राख्ने घाँस वा परालको मुठो ।

**चाको–** ना० [सं० चक्र] १. चपरी; चोइली; चोइलो; ढेला । २. माहुरीको मह पार्ने घार; छत्ता ।

**चाक्लो–** वि० [सं० चक्रल] फराकिलो; चेप्टो; चौकुने; चारकुने; चापट । ~ **बाक्लो–** वि० फराकिलो र खाँदिएको; मोटो र टम्म मिलेको ।

**चाक्षुष–** वि० [सं०] १. आँखासम्बन्धी; आँखाको । २. दृष्टिद्वारा उत्पन्न भएको; दृष्टिमा निर्भर रहेको । ३. आँखाले देखिने वा ग्रहण गर्ने । ४. देखी जान्ने (साछी) । ना० ५. न्यायशास्त्रअनुसार प्रत्यक्ष प्रमाणको एक भेद । ६. पुराणअनुसार छैटौँ मनु । ~ **ज्ञान–** ना० कुनै वस्तु, घटना, दृश्य आदिलाई आँखाले हेरेर वा देखेर हासिल गरिएको ज्ञान; आँखाका सहायताले प्राप्त ज्ञान । ~ **प्रत्यक्ष–** वि० खुद आफ्नै आँखाले देखेको; आफैँले प्रत्यक्ष देखेको ।

**चाक्सी–** ना० [नेवा० चाकुसि] पातलो र पहेँलो बोक्रा हुने, गुलियो-गुलियो स्वाद भएको, अमिलो फलको एक जात ।

**चाख्-नु–** स० क्रि० [चाख+नु] खानेकुराको स्वाद लिनु; मीठो-नमीठो, नुन-मसला आदि ठीक छ-छैन भनी जाँच्न खाइहेर्नु; अनुभव गर्नु; आस्वादन गर्नु ।

**चाख–** ना० [प्रा० चक्ख < सं० चक्षण] कुनै विषयप्रति हुने मानिसको नैसर्गिक वा अर्जित मानसिक आकर्षण वा रुचि; अभिरुचि; आस्वादन; अनुराग; चाह; रहर । > **चाखिलो–** वि० चाखलाग्दो; रुचिकर; चखिलो ।

**चाखा–** ना० [सं० चषक] किताप आदि प्वाल पार्ने कीरो; माउ ।

**चाखुरो–** ना० हे० च्याखुरो ।

**चाङ–** ना० थुप्रो; खात; रास; तङ्डी ।

**चाचा–** ना० [सं० तात] गहना वा खेलौना (बालबोलीमा) ।

**चाञ्चल्य–** ना० [सं०] १. चञ्चल हुनाको भाव वा स्थिति; चञ्चलता; अस्थिरता; द्रुत गति । २. नश्वरता ।

**चाट्-नु–** स० क्रि० [प्रा० चट्टई < सं० चाटन+नु] १. जिब्राम सोझै स्पर्श गरी कुनै चीजको स्वाद लिनु वा खानु । २. अरूको धनमालमा लोभ गरी अलिअलि लिनु । ३. अरूको धनमाल पचाउनु ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चाट१**– वि० [सं०] १. विश्वासघाती । २. ठग; बदमास ।

**चाट२**– ना० [चाट्+अ] १. चाट्ने काम वा स्थिति; चटाइ । २. अभिलाषा; इच्छा । ३. रुचि । ४. समोसा आदिमा दही तथा मरमसला हाली बनाइएको एक प्रकारको खाद्य वस्तु ।

**चाटचुट**– क्रि० वि० [(द्वि०) चाट्] भाँडामा अलिकति पनि बाँकी नरहने किसिमले चाटेर; पाछीपुछी गरी खाने वा सक्ने गरी । > **चाटीचुटी**– क्रि० वि० खाँदा भाँडासमेत चाटचुट वा पाछपुछ हुने गरी ।

**चाटु**– ना० [सं०] १. मधुर तथा प्रिय वचन; मीठो कुरा । २. चापलुसी; मिथ्या प्रशंसा; फुस्ल्याइँ; खुसामद; चिप्लोघसाइ । – **कार**– वि० मीठो बोली बोल्ने; खुसामदी; चिप्ले । – **कारी**– ना० प्रिय वचन बोल्ने काम; खुसामद । – **पटु**– वि० मिथ्या प्रशंसा गर्न सिपालु; चिप्ले । > **चाटूक्ति**– ना० १. मीठो र प्रिय वचन । २. झुटो प्रशंसा; खुसामदको बोली; फुस्ल्याहट ।

**चाड**– ना० [सं० चारक] १. पूजाआजा, भोज-भतेर, खेल-तमासा आदिबाट गरिने मनोरञ्जन; खास-खास प्रकारका धार्मिक कार्य वा पर्वोत्सव; पर्व । २. उत्सव मनाइने वा भोज खाइने समय वा दिन । – **पर्व/बाड**– ना० १. रमाइलो मनाइने र पूजा आदि गरिने विशेष पर्व । २. मीठो-मीठो खाइने र रमाइलो गरिने पर्व वा दिन ।

**चाणक्य**– ना० [सं०] १. मौर्य सम्राट् चन्द्रगुप्तका मित्र र मन्त्री रहेका अर्थशास्त्रका लेखक तथा नागर राजनीतिका प्रणेता; विष्णुगुप्त; कौटिल्य । वि० २. कूटनीतिज्ञ । ~**नीति**– ना० १. चाणक्यद्वारा रचिएको राजनीति तथा अर्थनीति विषयको ग्रन्थ । २. कूटनीति ।

**चाण्डाल**– ना० [सं०] हे० चण्डाल ।

**चातक**– ना० [सं०] किंवदन्तीअनुसार आकाशबाट बर्सेको पानी मात्र खाएर बाँच्ने एक पक्षी; काकाकुल ।

**चातुरी**– ना० [सं०] चतुरो हुनाको भाव वा अवस्था; कुशलता; दक्षता; योग्यता ।

**चातुर्थिक**– वि० [सं०] प्रत्येक चार-चार दिनमा हुने वा आउने ।

**चातुर्मासिक**– वि० [सं०] १. प्रत्येक चार-चार महिना (कात्तिक, फाल्गुन र आषाढ)मा गरिने (अनुष्ठान, यज्ञ इ०) । २. चार महिनासम्म चल्ने; चार महिना लाग्ने; चारमहिने ।

**चातुर्य**– ना० [सं०] १. चतुरता; चलाकी; कुशलता; होसियारी; बुद्धिमत्ता । २. लावण्य; रमणीयता; सौन्दर्य ।

**चातुर्वर्ण्य**– ना० [सं०] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र; चतुर्वर्ण ।

**चादर**– ना० [फा०] ओढ्ने वस्त्र; चद्दर; पछ्यौरा; बर्को ।

**चानचुन**– वि० [(द्वि०) चुन्नीदाम] १. माथिल्लो एकाइमा नपुगी थोरै परिमाणमा मात्र रहेको; खुद्रा; फाटफुट; फाटफुटे । २. अलिकति; थोरै; अपुग । > **चानचुने**– वि० १. चानचुनमा गनिने; सानोतिनो । २. निम्न श्रेणीको; नगण्य; सामान्य ।

**चानस**– ना० [अङ्० चान्स] १. अकस्मात् घटेका घटना; सन्जोग; काकताली । २. अवसर; मौका ।

**चाना**– ना० [सं० चकन] मूला, नास्पाती, लौका आदिको पातलो गरी काटिएको टुक्रा वा ती टुक्रालाई घाममा बेसरी सुकाई बनाइएको, तरकारी अचार बनाएर खाइने सुक्खा वस्तु; चानु; चानो ।

**चानु**– ना० [सं० चकन] हे० चाना । – **मानु**– ना० १. सुनसान; चकमन्न । २. चुपचाप । ३. चिह्न र अवशेष । क्रि० वि० ४. अवशेषसमेत; एकदम पनि ।

**चानेचुने**– वि० [चानचुन+ए] हे० चानचुन ।

**चान्द्र**– वि० [सं०] चन्द्रमासँग सम्बन्धित; चन्द्रमासम्बन्धी । – **मास**– ना० चन्द्रमाको तिथिअनुसार गनिने महिना; चन्द्रमाका कलाका आधारमा प्रारम्भ गरिने महिना; शुक्ल वा कृष्णपक्षको प्रतिपदादेखि प्रारम्भ हुने महिना ।

**चान्द्रायण**– ना० [सं०] चन्द्रमाको वृद्धि वा क्षयद्वारा विनियमित एक धार्मिक व्रत वा प्रायश्चित्त गर्ने कृत्य । (यसमा चन्द्रमाको वृद्धिमा खानाको गाँसको परिमाण बढाउँदै लैजाने र क्षयमा चाहि गाँस घटाउँदै लैजाने गरिन्छ) ।

**चान्सलर**– ना० [अङ्०] १. विश्वविद्यालय वा एकेडमीका सर्वोच्च अधिकारी; कुलपति । २. कुनै-कुनै देशका राष्ट्राध्यक्ष । ३. ब्रिटिस सरकारमा उच्च पदाधिकारी । ४. चर्चको उच्च अधिकारी । ५. कुनै-कुनै राज्यमा प्रधान विचारपति ।

**चाप्-नु**– स० क्रि० [सं० चप्+नु] १. रोगादिले ग्रस्त पार्नु । २. अर्काको जग्गा आफ्नोमा घुसाउनु; ठाउँ लिनु । ३. बाधा गर्नु । ४. खप्टनु । ५. ढलाउनु; थिचोमिचो गर्नु ।

**चाप१**– ना० [सं०] रेखागणितमा वृत्तका परिधिको एक अंश वा भाग ।

**चाप२**– ना० [√ च्यापो] १. थिचाइ; थिचावट; दवाब; पेलाइ; किचाइ । २. तेल, उखु आदि पेल्ने यन्त्र; साल । ३. अपराधीलाई कायल पार्न प्रायः औँला च्याप्ने काठको साधन । ~**चिह्न**– ना० खुट्टाका पैतालाको चिह्न ।

**चापचुप**– ना० [चाप+चुप] १. नबोलीकन बसेको अवस्था; चुपचाप; गुपचुप । क्रि० वि० २. खाना खाँदा सिनित्त हुने गरी । ३. मानिस पक्रँदा वा समाउँदा बोल्नै नपाउने गरी; अपर्झट वा अकस्मात् फेला पार्ने वा समाइने गरी ।

**चापट**– वि० [सं० चतुष्पट] फराक; विस्तृत; फैलिएको; गजिलो; चाक्लो; समतल ।

**चापपेटी**– ना० [चाप+पेटी] घटी वा बढी हावाका थिचाइबाट बन्ने स्थान वा श्रेणी ।

**चापलुस**– वि० [फा० चापलूस] चिप्लो घसेर कुरा गर्ने; खुसामदी; चाटुकार; मिथ्या प्रशंसक । > **चापलुसी**– ना० लोलोपोतो; चोसोमोसो; खुसामदीपन; चाटुकारिता; बेसारेपन; चेप्प्राइँ; चेपारेपन; चिल्लोघसाइ ।

**चापल्य**– ना० [सं०] चुलबुलेपन; चपलता; चञ्चलता ।

**चापाचाप**– ना० [चाप्+आ+चाप्] १. बेफुर्सदी; व्यस्तता । २. कडिकडाउ (रोगको); धरपकड; जोरजुलुम; सिकिस्ती ।

**चाब्-नु**– स० क्रि० [सं० चर्ब+नु] दाँतले बिस्तारै चपाउनु; मुखमा लिनु वा च्याप्नु; खानु (पान, सुपारी आदि) ।

**चाबी**– ना० [सं० चाप] ताल्चा खोल्ने साधन; कुञ्जी; हे० साँचो ।

**चाबो/चाभो**– ना० [सं० चव्य] एक जातको जङ्गली पान वा त्यसैको लहरा ।

**चाम**– ना० [सं० चर्म] छाला; चर्म; सामा । ~**कोदाली**– ना० पुरानो धान, कोदो आदि पसिनाले चोइली परेपछि खनेर उप्काउने एक प्रकारको कोदालो । ~**मुठी**– ना० मुठी बाँध्दै, फुकाउँदै गरेर खेलिने ससाना नानीहरूको खेल ।

**चामर**– ना० [सं०] हे० चमर । – **ग्राही**– वि० चमर डोलाउने (व्यक्ति) । – **धर/धारी**– ना० राजाको दायाँ-बायाँ बसेर चमर डोलाउने सेवक; चँवरदार ।

**चामल**– ना० [सं० तण्डुल] धानभित्रको सारयुक्त सेतो वा खैरो अन्न; चाँवल ।

**चामलिङ्गी**– ना० [भो० ब० )लि०)] पूर्वी नेपालमा चामलिङ थर हुने किराँतीहरूले बोल्ने एक भाषिका ।

**चामुण्डा**– ना० [सं०] दुर्गाको रौद्र रूप ।

**चामे**– वि० [चाम+ए] १. युद्धमा ढाल भिर्ने (व्यक्ति) । ना० २. फोहोर टिप्ने र सोहोर्ने व्यक्ति; पोडे; मेहतर; च्यामे । ३. मनाङ जिल्लाको सदरमुकाम ।

**चाम्मुठी**– ना० हे० चाममुठी ।

**चाम्रि-नु**– अ० क्रि० [चाम्रो+इ+नु] १. चाम्रो हुनु; नचुँडिने हुनु । २. जाँगर मर्नु; उत्साह सेलाउनु; फुर्ती हराउनु; ओइलाउनु ।

**चाम्रे**– ना० [चाम्रो+ए] पानीमा ढड्याइएको चामललाई घिउमा भुटी बाफले मात्र पकाइएको एक खाद्य वस्तु । ~**च्याउ**– ना० एक प्रकारको जङ्गली च्याउ ।

**चाम्रो**– वि० [सं० चर्म+रो] १. भाँच्न, चुँड्न र चपाउन कठिन पर्ने; लचिलो र दह्रो किसिमको । २. कराँतिलो; सारवान्; दर्बिलो । ३. कन्जुस । ४. चिम्टचाइलो ।

**चाम्र्याइ**– ना० [चाम्रि+याइ] चाम्रो हुनाको भाव वा अवस्था ।

**चायाँ**– ना० राता डाँठ हुने, राता फूल फुल्ने, पातका बीचमा रातै धर्को हुने र ससाना काला गेडा फल्ने एक बोट ।

**चाया**– ना० १. कपालमा हुने मसिना बुरबुरे पाप्रा वा सेतो हलुका धुलो । २. कलेजाको खराबीका कारणले आँखावरिपरि वा गालामा बस्ने कालो दाग; पोतो ।

**चार**– ना० [सं० चतुर्] १. गणनाक्रममा तीनपछिको सङ्ख्या; ४-को अङ्क । वि० २. तीनपछिका सङ्ख्याको । ~**आँठे**– वि० आँठैआँठा भएको; आँठा पारी बाटिएको (कपाल आदि) । ~**कडे**– वि० चार कडा भएको (झ्याँगा आदि) । ~**कलम**– ना० पूर्वी नेपालको लिम्बू समाजमा केटी मागेर कुरो छिनेको र विवाह गर्ने निधो लागेको दिन केटाका तर्फबाट केटीका आमा-बाबुलाई दिइने पैसा, जाँड-रक्सी आदिको कोसेली । ~**काने**– वि० चार कान भएको; घाँटीमा कानझैँ दुईवटा लुर्कन भएको (खसी, बाखा आदि) । ~**किल्ला**– ना० सिमाना (खेत-बारीको); साँध; सीमा; परिधि; चौहद्दी । ~**कुने**– वि० १. चार कुना परेको; चारपाटे आकारको; चारखाने । ना० २. चार कुना पारी सिन्काले गाँसी तयार पारिएको पातको एक पात्र । – **खाना**– ना० चारपाटे आकारको बुट्टा भएको कपडा; चारखाने कपडा । – **खाने**– वि० चारकुने आकारको; चारखाना भएको । – **खाल**– ना० १. चारैतिर भवन भई बीचमा चोक वा चौर भएको ठाउँ । २. पहिले प्रमुख जिल्ला अधिकारीको कार्यालय, भूमिसुधार कार्यालय तथा विशेषतः जिल्ला अदालत आदि रहेको, काठमाडौँको डिल्लीबजारस्थित चारैतिर भवन भई बीचमा चोक रहेको एक प्रसिद्ध स्थान । – **खाले**– वि० १. चारखाल भएको; चारखालसित सम्बन्ध भएको । २. चारखालमा गएर बस्ने वा रुँग्ने । ३. कौडा, तास आदिको जुवामा दाउ लिएर बस्ने । ~**खुट्टे**– वि० १. चार खुट्टा भएको । ना० २. पशु; चौपाया; जनावर; जन्तु । ~**गणेश**– ना० काठमाडौँ उपत्यकाभित्रका चार दिशामा रहेका प्रसिद्ध चार गणेश (चन्द्रविनायक, अशोकविनायक, जलविनायक, सूर्यविनायक) ।

**चारण**– ना० [सं०] १. भाट; घुमफिर गर्दै हिँड्ने नट, नर्तक वा गवैया । २. गन्धर्व । ३. तीर्थयात्री । ४. गुप्तचर । ५. वेद वा पुराण पढ्ने मानिस । ~**गीत**– ना० चारणहरूद्वारा गाइने राजा-महाराजाहरूको कीर्ति-गाथा; भ्रमणशील व्यक्तिहरूद्वारा गाइने गीत ।

**चारदाम ठेकी**– ना० [चार+दाम+ठेकी] पहिलेको चलनअनुसार नयाँ जग्गा कमाउँदा वा कमाइरहेकै जग्गा फेरि कमाउन थमौती गर्नुपर्दा मोहीले जग्गाधनीलाई बुझाउने दस्तुर ।

**चार दोबाटो**– ना० [चार+दोबाटो] चार बाटा मिलेको ठाउँ; चौबाटो; चतुष्पथ; चौमुहानी ।

**चार धाम**– ना० [चार+धाम] चार प्रसिद्ध धार्मिक क्षेत्र वा तीर्थहरूको समूह (भारतका बदरीनाथ, जगन्नाथ, रामेश्वर र द्वारका; नेपालका बराहक्षेत्र, जनकपुर, मुक्तिनाथ र दामोदरकुण्ड) ।

**चार नारायण**– ना० [चार+नारायण] काठमाडौँ उपत्यकाभित्रका प्रसिद्ध चार नारायण (चाँगुनारायण, विशङ्खुनारायण, शेषनारायण र इचङ्गुनारायण) ।

**चार पदार्थ**– ना० [सं०] चार पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष) ।

**चारपाई**– ना० पाट, बाबियो आदिका डोरीले बुनेर बनाइएको, एक प्रकारको खाट; खट्वा ।

**चार पाखे**– वि० [चारपाखा+ए] चार पाखा छाना भएको (पुरानो ढाँचाको घर) ।

**चार पाटे**– वि० [चारपाटा+ए] १. चार पाटा भएको; चौकुने । ना० २. वर्गाकारको सानो चकटी; कुनै पनि त्यस्तो बिछ्याउने चीज ।

**चार पाते**– ना० [चारपात+ए] वैज्ञानिक कृषिकार्य र घरेलु

अर्थशास्त्रका विषयमा प्रशिक्षण दिने एक ग्रामीण युवा-सङ्गठन; ह-चार क्लब (हात, हृदय, होरो तथा हृष्टता-सम्बन्धी)। ~ **क्लब–** ना० ह-चार क्लब (फोर-एच् क्लब)।

**चार पोल–** ना० [चार+पोल] पुरानो तौल प्रणालीअनुसार धार्नीको १/९ भाग।

**चार भन्ज्याङ–** ना० [चार+भन्ज्याङ] काठमाडौँ उपत्यकाको चारैतर्फ रहेका चार भन्ज्याङ (साँगा भन्ज्याङ, पाँचमाने भन्ज्याङ, पाटी भन्ज्याङ र खरी भन्ज्याङ)।

**चारभूमि–** ना० [सं०] बौद्ध धर्मअनुसार हीनयान बौद्धमार्गका स्रोतापन्न, सकृदागामी, अनागामी र अर्हत् नामका ध्यानको चार अवस्था।

**चार वर्ण–** ना० [चार+वर्ण] हे० चतुर्वर्ण।

**चार वाराही–** ना० काठमाडौँ उपत्यकाका चारतर्फ रहेका प्रसिद्ध चार वाराही– धूमवाराही, नीलवाराही, वज्रवाराही र धनतले (श्वेत) वाराही।

**चार विनायक–** ना० [चार+विनायक] काठमाडौँ उपत्यकाभित्रका प्रसिद्ध चार विनायक– सूर्यविनायक (भक्तपुर), जलविनायक (चोभार गणेश), अशोकविनायक (मरु गणेश) र चन्द्रविनायक (चाबहिल गणेश)।

**चारा–** ना० [फा० चार] १. उपाय; जुक्ति। २. अधिकार।

**चारानी–** ना० [चार+आना+ई] चार आना मूल्यको सिक्का; चवन्नी। > **चाराने–** वि० १. चार आना मोलको; चार आना पर्ने। २. सस्तो; कमसल; मामुली; धेर मूल्य नभएको।

**चारित्रिक–** वि० [सं०] चरित्रसम्बन्धी; चरित्रविषयक; चरित्रको।

**चारी१–** ना० [चाल+ई] केटाकेटीहरूले खेल्ने गट्टा।

**चारी२–** वि० [सं०] नामवाचक शब्दका पछाडि जोडिई विचरण गर्ने, रहने आदि अर्थ बुझाउने उत्तरपद (आकाशचारी, पादचारी, ब्रह्मचारी इ०)।

**चारु–** वि० [सं०] १. सुन्दर; मनोहर; रमणीय। २. रुचिकर; प्रतिष्ठित; प्रिय। ना० ३. महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'चारु' कविता र शाकुन्तल महाकाव्यकी एक नारी पात्र। –**हासिनी–** वि० मधुर मुस्कान भएकी; हँसमुखी (स्त्री)।

**चारो–** ना० [ति० का० चारा] पशु-पक्षीलाई खुवाइने दाना वा खाना; आहारा; चारा। – **चरान–** ना० बस्तुभाउ चर्ने चउर वा त्यहाँको घाँसपात।

**चारौँ–** वि० [चार+औँ] गणनाका क्रमले चार सङ्ख्यामा परेको; चौथो।

**चार्ज–** ना० [अङ्०] १. कार्यभार; पद सम्हाल्ने काम; उत्तरदायित्व। २. धावा; आक्रमण। ~**डी एफेयर्स–** ना० मन्त्री वा राजदूतका सट्टामा अस्थायी रूपमा नियुक्त भएको कूटनीतिज्ञ; राजदूत वा मन्त्रीभन्दा तल्लो तहको कूटनीतिज्ञ।

**चार्टर–** ना० [अङ्०] १. कसैलाई कुनै अधिकार दिने कुरा लेखिएको लेख वा पत्र; अधिकारपत्र। २. त्यस्तो अधिकार दिने काम। ३. कुनै सर्तमा कुनै ठूलो सवारी किरायामा लिनेदिने काम। –**उडान–** ना० भाडा वा ठेक्कामा पूरा हवाईजहाज लिई मालसामान ओसारपसार गर्ने र यातायातको निम्ति गरिने उडाइ। > **चार्टर्ड एकाउन्टेन्ट–** ना० लेखापरीक्षणको विशिष्ट तहको तालिम प्राप्त गरी प्रमाणसमेत लिएको व्यक्ति।

**चार्वाक–** ना० [सं०] १. बृहस्पतिको शिष्य मानिने अनीश्वरवादी तथा नास्तिक एक प्रसिद्ध दार्शनिक आचार्य। २. महाभारतमा वर्णित एक राक्षसको नाम। ~**दर्शन–** ना० ईश्वर, आत्मा, पुनर्जन्म, परलोक, धर्मशास्त्र आदिलाई नमानी भौतिक सुखलाई मात्र मान्ने चार्वाकको नास्तिक मत। ~**मत–** ना० चार्वाकले चलाएको मत वा सम्प्रदाय।

**चाल्-नु–** स० क्रि० [सं० चाल] १. चाल्नीले सानो-ठूलो छुट्याउनु; छान्नु। २. यताउता चलाउनु (गोटी आदि)। ३. यता-उता गर्नु; धुइँधुइँती चहार्नु।

**चाल१–** ना० [सं०] १. घरको छानो। २. नीलकण्ठ चरो। ३. घोडाको हिँडाइ। ४. सेउवा। ५. हिँडडुल गर्ने जीव।

**चाल२–** ना० [√ चल्] १. चल्ने वा हिँड्ने काम; चलाइ; हिँडाइ; गति। २. रीति; चलन; प्रथा। ३. होस; ज्ञान; थाहा। ४. चेष्टा; छाँट; ढाँचा; हालत, चाला। ५. पूर्वरङ्ग; ताल। ६. चरित्र। ७. पासा आदि खेलको गोटी चाल्ने क्रिया वा प्रक्रिया।

**चाल३–** ना० बारीको पाटो।

**चालक–** ना० [सं०] १. मोटर आदि हाँक्ने वा चलाउने व्यक्ति; ड्राइभर; डाइभर; हँकुवा; गाडीवान; सारथि। २. विद्युत् आदि सञ्चालन हुने पदार्थ (सुचालक, कुचालक इ०)। ~**शक्ति–** ना० फलाम आदि धातुमा रहने, धातुका अणु-अणु तताउने शक्ति।

**चाल चलन–** ना० [चाल+चलन] १. आनीबानी; शीलस्वभाव; चालामाला; आचार; व्यवहार; शील; चरित्र। २. रीतिरिवाज; प्रथा।

**चालचुल–** ना० [चाल (द्वि०)] १. चेष्टा; लक्षण। २. हालखबर; अत्तोपत्तो। ३. नबोली र नचली बस्ने काम वा अवस्था।

**चालढाल–** ना० [चाल+ढाल] कामगराइको ढाँचा; चालामाला; ढङ्ग; ढाँचा।

**चालन–** ना० [सं०] १. हिँडाउने काम; डोलाउने काम; छान्ने काम। २. ज्योतिषशास्त्रमा ग्रहहरू स्पष्ट गर्दा वा स्पष्ट ग्रहहरू ल्याउनुपर्दा जोड्ने वा घटाउने गणितको एक आधार सङ्ख्या। ~**शक्ति–** ना० पानी, बाफ, टर्बाइन, डिजेल, डिजेल-विद्युत् आदिमध्ये कुनै एकबाट यन्त्रादि चल्ने शक्ति।

**चालफाल–** ना० [चाल+फाल] मेलोमेसो; व्यवस्था; चाँजो; बन्दोबस्त।

**चालबाज–** वि० [सं० चाल+फा० बाज] कपटी चाल चल्ने; धोकेबाज; छली; धूर्त। > **चालबाजी–** ना० छल; कपट; धोका; षड्यन्त्र।

**चाला–** ना० [सं० चाल+आ] १. चालचलन; व्यवहार। २. चरित्र;

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



छाडन । ३. चेष्टा । – **माला**– ना० १. बानीबेहोर; चालचलन; रीतिरिवाज । २. चरित्र; छाडन ।

**चालिनु**– अ० क्रि० [चाल्+इ+नु] चाल्ने काम गरिनु ।

**चालिसे**– ना० [चालिस+ए] १. सामान्यतः चालीस वर्ष आँखाको निकट दृष्टिमा हुने क्षति । २. नेपालका ब्राह्मणको एक थर ।

**चाली**– ना० १. तराईमा भुईंमै डाँडाभाटा कसेको वा खालि भाटा मात्रले बनेको नछाइएको घरको छाना । २. पानीमा सनपाटका काँचा मुठा मिलाएर खप्टचाइएको थुप्रो ।

**चालिस**– ना० [सं० चत्वारिंशत्] उनन्चालीसपछिको सङ्ख्या; दुई बीसको योगफल । >**चालिसौँ**– वि० गणनाका क्रमले चालीसमा परेको ।

**चालीस**– ना० हे० चालिस । >**चालीसौँ**– वि० हे० चालिसौँ ।

**चालु**– वि० [चाल्+उ] १. चल्दो; चल्ने; चल्ती । २. हालको; अहिलेको । ३. सक्रिय; चल्तापुर्जा ।

**चालू**– वि० हे० चालु ।

**चालो**– ना० [सं० चाल] शरीरमा एकै ठाउँमा बुरुर भएर निस्कने मसिना खटिरा ।

**चाल्नी/चाल्नु**– ना० [सं० चालनी] पीठो, सुर्तीको धूलो आदि छान्नका निम्ति मसिना तार जाली वा प्वाल पारिएको फलामको पाता राखेर बनाइएको एक साधन; मसिना ठोस पदार्थबाट छोक्रा, बोक्रा वा अनावश्यक तत्त्व छुट्ट्याउने साधन; चालनी ।

**चाल्ने**– वि० [चाल्नी+ए] चाल्नीजस्तो; चाल्नीका छाँटको । ~ **खटिरा**– ना० चर्को घामको असर मानिसका शरीरको छालामा पर्दा उक्सिने ससाना खटिरा; घमौरा; पानी-खटिरा; गर्मी-खटिरा । ~**पिलो**– ना० धेरै मुख हुने पिलो । ~**सिस्नु**– ना० ठूलठूला पात हुने र नपोल्ने एक प्रकारको सिस्नु ।

**चास्-नु**– स० क्रि० [चास+नु] खनजोत गर्नु; गोडमेल गर्नु; चास वा मल पुग्ने गर्नु ।

**चास**– ना० [सं० चषक] जग्गा-जमिनमा खनजोत गर्ने तथा मलजल हाल्ने काम; चास्ने काम ।

**चासचुस**– ना० [अ० मू० चास्+अ (द्वि०)] १. अमिलो, पीरो धेरै प्रकारका अचार; चटनी; सितन । २. रोटी पकाउँदा थोरै चिल्लो लगाउने काम ।

**चासनी१**– ना० [सं० चास्+अनी] हे० चास्नी ।

**चासनी२**– ना० गहना तयार गर्न सुन, चाँदी आदि जिम्मा लिनेले गहना बनाउन दिनेलाई पछि काम सिद्धिएपछि गहनामा कैफियत मिसिए-नमिसिएको जाँच्न काटेर दिएको सानो टुक्रो ।

**चासिनु**– क० क्रि० [चास्+इ+नु] चास्ने काम गरिनु ।

**चासो**– ना० १. वास्ता; परवाह; खातिर; मतलब; प्रयोजन; सरोकार । २. खाँचो; आवश्यकता । ~ **पर्दो**– वि० वास्ता राख्नुपर्ने; सरोकार राख्नुपर्ने; आवश्यक ।

**चास्नी**– ना० [√ चासनी] पानी, चिनी वा मिस्री हाली पकाइएको लस्सादार पदार्थ; चासनी; पाक ।

**चास्स**– क्रि० वि० [अ० मू० चास्+स] मनमा चिसो पस्ने गरी; बिभ्भने किसिमले; मन दुख्ने गरी (भन्नु वा केही गर्नु) । – **चुस्स**– क्रि० वि० १. पेटै नभरिने गरी; थोरथोरै । २. आगो, तातो फलाम आदिले हल्कासित डाम्ने वा पोल्ने गरी । ३. तार, सुइरो, छेस्का आदिको घोचाइका साथै । ४. घोचपेच गरेर; अर्कालाई छक्क पर्ने गरी ।

**चाह**– ना० [प्रा० चाह <सं० चायन] १. इच्छा; अभिलाषा; अभिरुचि । २. अनुभव । ३. वास्ता ।

**चाह-नु**– स० क्रि० [चाह+नु] चाह वा चाहना गर्नु; रुचाउनु; मन पराउनु; पाउन खोज्नु । >**चाहना**– ना० इच्छा; अभिरुचि; चाह; चाहाना ।

**चाहर्-नु**– स० क्रि० [चाहार्+नु] हे० चहार्नु ।

**चाहा**– ना० चाहना; रुचि ।

**चाहाना**– ना० हे० चाहना ।

**चाहार**– वि० [सं० चायन] १. केही कुलो लाग्ने वा जम्मै बर्सादका भरले रोपिने सुक्खा माटो भएको; हिउँदे र वर्षे दुवै बाली नलाग्ने तथा कम उब्जा हुने (जग्गा); जग्गाका चार श्रेणीमध्ये तल्लो श्रेणीको । ना० २. त्यस्तो जग्गा ।

**चाहिँ**– ना० यो० धेरैमा एकलाई रोज्दा वा जोड दिँदा प्रयोग हुने शब्द; अवसरमा; समयमा; खेरि । (उदा०– तीनवटीमा कान्छीचाहिँ बाठी रहिछ । सेतोचाहिँ कुखुरो काट ।)

**चाहिँदो**– वि० [चाह+इँदो] १. चाहिएजति; आवश्यक परेजति । २. आवश्यक; जरुरी । ३. ठीक; मनासिब; उचित ।

**चाहे**– संयो० [चाह+ए] विकल्प वा सर्त बुझाउँदा वाक्यमा दुईपल्ट प्रयोग हुने शब्द । (उदा०– चाहे खाऊ, चाहे नखाऊ । चाहे राम, चाहे श्याम आओस्) ।

**चिँगडो**– ना० फुटेको भाँडो; चिङडो ।

**चिँगना**– ना० १. ढुङ्ग्रीप्वाँख पनि नउम्रेका कुखुराका ससाना बच्चा; चिङना । २. कुखुराको बच्चा; चल्ला; चल्लो ।

**चिँगो**– ना० १. पानीमा बस्ने, टोक्ने सानो कीरो । २. लाम्चा पात र सेता जरा हुने धानका खेतमा हुने एक भुइँफ्कार ।

**चिउँ**– ना० [बा० बो०] १. सुत्ने क्रिया वा निद्रा । २. साना शिशुलाई सुताउनका लागि गुनगुनाउने शब्द ।

**चिउँटी**– ना० [चिम्टी] १. बूढी औँला र चोर औँलाका टुप्पाको मेल । २. त्यस्तो मेलले टिप्दा आउनेजति मात्रा । ३. सो मेल हुँदाको चिमटाइ । ४. बूढी औँला र चोर औँलाका सहायताले कुनै वस्तु समात्ने स्थिति वा कार्य । वि० ५. चिउँटीले आउने परिमाणको; चिम्टी । ४. थोरै; ज्यादै थोरै; अति अल्प ।

**चिउँडो**– ना० [सं० चिबुक] तल्लो ओठभन्दा मुनिको अनुहारको भाग; तल्लो बङ्गाराको उठेको भाग; च्यूँडो; च्यापु ।

**चिउरा**– ना० [सं० चिपिट/चिपुट] भिजाएको वा उसिनेको धान नफुट्टै भुटेर ढिकी, ओखल, मिल आदिमा कुटी थेप्चो बनाइएको एक खाद्य वस्तु; च्यूरा; चिपिटान्न ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चिउरी**– ना० १. सुनजस्तो टल्कने पाट निस्कने एक जातको बोट । २. चिउली (फल वा बोट) ।

**चिउला**– ना० मुना; टुसा; अङ्कुर; चिउलो । – **चिउली**– ना० मुनामुनी; टुसाटुसी ।

**चिउली१**– ना० चिउलो (कोमलार्थमा) ।

**चिउली२**– ना० [सं० चूतकुल] सेता साना फूल फुल्ने, दूध निस्कने, अमारोको आकारको फल फल्ने, सो फल चुस्दा गुलियो रस निस्कने रूख वा त्यसको फल; हिङ्गुदल ।

**चिउलो**– ना० हे० चिउला ।

**चिक्‌-नु**– स० क्रि० स्त्रीसम्भोग गर्नु; मैथुन गर्नु । > **चिकनथली**/**चिकनथैली**– ना० स्त्री-योनि; जननेन्द्रिय । **चिकनथैले**– वि० सम्भोगको ज्यादै चाह गर्ने (स्त्री); कामोन्मादी; कामासक्त (स्त्री); भोगिनी । **चिकाइ**– ना० सम्भोग गर्ने वा गराउने भाव, क्रिया वा प्रक्रिया । **चिकाइनु**– क० क्रि० सम्भोग गराइनु वा गर्न लगाइनु । **चिकाउनु**– प्रे० क्रि० सम्भोग गर्न लाउनु वा गर्ने पार्नु । **चिकान**– ना० सम्भोग कार्य; समागम; मैथुन; सम्भोग । **चिकामारी**– ना० चिकीखेल । **चिकारु**– वि० मैथुनमा तल्लीन भएर लागेको ।

**चिकित्सक**– ना० [सं०] औषधोपचार गर्ने व्यक्ति; डाक्टर; वैद्य; कविराज; हकिम ।

**चिकित्सा**– ना० [सं०] १. निदान; रोगनिरूपण । २. इलाज; उपचार; औषधी; दवाई >**चिकित्सालय**– ना० औषधी गर्ने घर वा ठाउँ; औषधालय; वैद्यखाना; हस्पिटल; अस्पताल । ~**विज्ञान**– ना० रोगको निदान वा मीमांसा गर्ने र उपचार गरी निकोसमेत पार्ने एक विज्ञान तथा कला; चिकित्साशास्त्र; चरकसंहिता । **चिकित्सित**– वि० चिकित्सा गरिएको (व्यक्ति); उपचार गरिएको ।

**चिकिनु**– क० क्रि० [चिक्+इ+नु] सम्भोग गरिनु; मैथुन गरिनु ।

**चिकी**– ना० स्त्रीजातिको जननेन्द्रिय; योनि; भग । ~**खेल**– ना० मैथुन-क्रिया; चिकामारी ।

**चिकुवा**– वि० [चिक्+उवा] बढी स्त्रीप्रसङ्ग गर्ने स्वभावको; धेरै स्वास्नीमान्छे चाहिने; अति मैथुन गर्ने ।

**चिघ्र-नु**– अ० क्रि० [सं० चित्कार>चिघ्र+नु] चिच्याउनु; च्याँठिनु; तर्सिएर रुनु; हिलिनु । >**चिघ्राइ**– ना० चिघ्रने वा चिघ्राउने भाव, क्रिया वा प्रक्रिया । **चिघ्रिनु**– अ० क्रि० चिघ्रनु ।

**चिङडी**– ना० [बङ्ग०] झिङे माछो ।

**चिङडो**– ना० फुटेको भाँडो; चिँगडो ।

**चिचिघ्वाइँ**– ना० [अ० मू० चिची+ता० घ्वाइँचरो] फिस्टो ।

**चिचिन्डो**– ना० [सं० चिचिण्ड] १. घिरौँलाका जस्ता पात, सेता फूल, सेता वा काला धर्सा भएका घिरौँलाकै आकारका फल हुने एक लहरो । २. तरकारीका रूपमा व्यवहार गरिने त्यसको फल; चीनाकर्कटी ।

**चिचिमोटे**– वि० [(द्वि०) चिमोट्+ए] चकचके; छुकछुके; चनमते (बालक-बालिका) ।

**चिचिलो**– ना० [(द्वि०) चिलो=चल्लो] १. भरखर फलेको, सानो कलिलो फल । २. सानो कलिलो बालक; बच्चो । वि० ३. बेला नभएको (फल, फूल, सागपात आदि) ।

**चिची**– ना० १. मासु (बालबोलीमा) । २. भर्खर जन्मेको शिशु । – **पापा**– ना० १. मासु र मिठाई लगायतका अन्य मीठा खानेकुरा । २. पुलपुल्याइ (उदा०– केटाकेटीहरूलाई चिची-पापा गरे बिग्रन्छन्) । ~**भुँडी**– ना० १. नसप्लाएका साना बच्चा । २. साना बच्चा । ३. शिशु तथा भ्रूण । ~**माम**– ना० १. मासु-भात आदि (बालबोलीमा) । २. ज्यादै सजिला कुरा (हेयार्थमा) ।

**चिच्चो**– वि० लालची; लोलुप; लोभी; कन्जुस; चिच्चा; किच्चो; किच्चक; खिच्चो ।

**चिच्च्याइ**– ना० [√ **चिच्च्याउ** (+याइ)] चिच्याउने क्रिया, भाव वा प्रक्रिया । [>] **चिच्च्याइनु**– अ० क्रि० कराइनु; कौलासिनु ।

**चिच्याउ-नु**– अ० क्रि० [चीत्कार+याउ+नु] कङ्कला शब्द निकाल्नु; कौलास्नु; कराउनु । >**चिच्च्याहट**– ना० चिच्च्याइ ।

**चिज१**– ना० [अङ्०] वैज्ञानिक प्रक्रियाअनुसार जमाइएको दूधबाट बनेको खाद्य पदार्थ ।

**चिज२**– ना० [फा०] १. कुनै पनि वस्तु वा पदार्थ; थोक । २. महत्त्वपूर्ण वस्तु वा उत्तम कुरो । – **बिज**– ना० कुनै वस्तु वा पदार्थहरूको समूह; मालताल; जेतेमेते ।

**चिट१**– ना० [अङ्०] १. कुनै कुराको टिपोट गरिएको कागजको सानो टुक्रा । २. परीक्षामा अवैध साधनका रूपमा चोरी गर्ने मनसायले परीक्षार्थीले छलपूर्वक प्रयोग गर्ने टिपोटपत्र ।

**चिट२**– ना० पुललाई अडचाउनका लागि अवलम्बस्वरूप कसिने लट्ठा; झोलुङ्गे पुलको दुई छेउमा तारहरू कस्न बनाइएका मजबुत लट्ठा ।

**चिटचिट**– क्रि० वि० [अ० मू० चिट्+अ (द्वि०)] १. मानसिक वा शारीरिक कष्टका कारणले शरीरमा पसिना आउने गरी । ना० २. त्यसरी आएको पसिनाद्वारा उत्पन्न च्याटच्याट । > **चिटचिटती**/**चिटचिटी**– क्रि०वि० चिटचिट; अझै चिटचिट हुने किसिमसँग; चिटीचिटी ।

**चिटिक्क**– क्रि० वि० [अ० मू० चिटिक्+क] सानो र राम्रो भई छाँट मिल्ने गरी; चिट्ट; चट्ट ।

**चिटीचिटी**– क्रि० वि० हे० चिटचिटी ।

**चिट्ट**– क्रि० वि० [अ० मू० चिट्+ट] सानो, राम्रो र बान्की पर्ने गरी; चिटिक्क; बान्की परेर मिल्ने गरी ।

**चिट्टा**– ना० कुमारी वा अक्षता स्त्रीको जननेन्द्रियको पर्दा वा आवरण; योनिको पर्दा वा जाली; कुमारीच्छद ।

**चिट्टे**– वि० [चिट्ट+ए] १. सानो; च्यान्टे; सिकुटे । २. छरितो; छरिछाँटको; राम्रो; डिलडौलको ।

**चिट्ठा**– ना० १. नगद वा जिन्सी वस्तु पुरस्कारका रूपमा प्राप्त गर्ने लक्ष्यले नम्बर लगाइएका टिकट सर्वसाधारण जनतामा बिक्री गराई जम्मा गरिएको धन पर्नेलाई वितरण गरिने एक

प्रणाली (लटरी) । २. अकस्मात् हात लागेको धन ।

**चिठी ⁄ चिठ्ठी–** १. टाढा बसेको कुनै आफन्त वा परिचित व्यक्तिलाई हुलाकमार्फत वा कुनै मान्छेमार्फत पठाइने लिखित भला-कुशली वा खैखबर । २. कार्यालयले कुनै संस्था वा व्यक्तिलाई सम्बोधन गरी पठाउने कुनै पनि प्रकारको लेखोट (पत्र, परिपत्र, सूचना इ०) । ३. कुनै व्यक्तिले संस्था वा विशिष्ट व्यक्तिका नाममा लेखेको दर्खास्त; आवेदन; निवेदनपत्र । ~ **पत्र–** ना० चिठी । ~ **पत्र निक्सारी–** ना० १. राणाकालमा प्रधानमन्त्री वा श्री ३ का नाममा आएका चिठ्ठी-पत्रादि जाहेर गर्ने एक अड्डा । २. सो अड्डामा गरिने चिठीपत्रको जाहेरी । ~ **पुर्जी–** ना० कार्यालयको वा सरकारी कागजातको रूपमा आएको पत्र ।

**चिड–** ना० १. फूलका आकारको बुट्टा भएको; तासको एउटा रङ; चिडिया । २. चीडा; गोब्रेसल्लो ।

**चिडिया–** ना० [हि०] चरो; पक्षी; पन्छी । **– खाना–** ना० सार्वजनिक प्रदर्शनका निम्ति चरा-चुरुङ्गीलगायत जङ्गली पशुहरू र अनौठा शारीरिक बनावट भएका घरेलु जनावरसमेत सङ्ग्रह गरिने ठाउँ; चिडियाघर; पक्षीखाना । ~ **घर–** ना० चिडियाखाना ।

**चिड्को–** ना० १. चटचाङ; वज्रपात । २. वज्र; चिर्को ।

**चिढ्-नु–** अ० क्रि० [तुल० च्याँठ <स्याँठ] रिसाउनु; चिढिनु । > **चिढाइ–** ना० चिढ्ने वा चिढाउने भाव वा क्रिया-प्रक्रिया । **चिढाइनु–** अ० क्रि० चिढ्ने हुनु; चिढिनु । **चिढाउनु–** स० क्रि० रिस उठाउनु; चिढ्याउनु । **चिढिनु–** अ० क्रि० रिसाउनु; बेखुसी हुनु; नाराज हुनु; चिढ्नु । **चिढ्याइ–** ना० चिढिने भाव वा क्रिया-प्रक्रिया; चिढाइ । **चिढ्याइनु–** अ० क्रि० चिढाइनु । **चिढ्याउनु–** प्रे० क्रि० चिढिने पार्नु वा पार्न लगाउनु ।

**चित्–** ना० [सं०] १. विचार; प्रत्यक्ष ज्ञान; चेतना; बुद्धि; प्रज्ञा । २. हृदय; मन । ३. आत्मा । ४. ब्रह्म ।

**चित–** ना० १. उत्तानो । २. हरेस; हतोत्साह । ३. विस्मय; आश्चर्य । ४. जुवामा कौडाको मुख ठाडो वा उत्तानो हुने स्थिति वा अवस्था । क्रि० वि० ५. अलपत्र ।

**चितवन–** ना० [सं० चित्रवन] नारायणी अञ्चलमा पर्ने एक जिल्ला; चितौन ।

**चिता–** ना० [सं०] मुर्दा पोल्नका लागि बनाएको तीन खाप दाउराको टाँड; मुर्दा पोल्ने खलियो वा चौको; चितिका ।

**चिताइ–** ना० [√ **चिताउ** (+आइ)] १. चिताउने भाव, क्रिया वा प्रक्रिया । २. सरकारी वन-जङ्गल आदिको रखवारी, रेखदेख वा पालो-पहरा । ३. खेतीपातीमा विशेष ध्यान पुऱ्याउने कार्य । **– दार–** ना० १. सरकारी वन-जङ्गलको रखवाला वा पहरेदार । २. खेतीवाल । [>] **चिताइनु–** क० क्रि० कामना गरिनु; सम्झिनु; चिन्ता गरिनु । **चिताउनु–** स० क्रि० १. कामना गर्नु; मनले चाहनु; इच्छा गर्नु । २. सम्झनु; कल्पना गर्नु; ध्यान गर्नु; चिन्ता गर्नु ।

**चिता पिण्ड–** ना० [सं०] मृतकका दाहपछि चितामा दिइने छ पिण्ड ।

**चिता भूमि–** ना० [सं०] मुर्दा जलाउने ठाउँ; चितास्थान; मसानघाट; दाहस्थान ।

**चितारोहण–** ना० [सं०] १. मृत पतिका साथ सती जान विधवा स्त्रीले चितामा चढ्ने काम; सती जाने काम । २. शवलाई जलाउन चितामा राख्ने काम ।

**चितासाधन–** ना० [सं०] मसानमा बसेर सिद्धिप्राप्तिका लागि गरिने मन्त्र-अनुष्ठान ।

**चिति–** ना० [सं०] १. चिता । २. ज्ञान; चेतना । ३. चाङ; थुप्रो; समुच्चय । ४. चार कुना परेको ठाउँ । > **चितिका–** ना० १. चिता; चिति । २. थुप्रो; चाङ ।

**चितु–** ना० [सं० चित्रक] औषधी लाग्ने एक बुटे झारविशेष; चित्रक ।

**चितुवा–** ना० [सं० चित्रक] १. जीउमा टाटापाङ्ग्रा बुट्टा हुने, बाघ जातिको एक ठूलो र डरलाग्दो हिंसक जन्तु; घुँगी । २. राई-लिम्बुलाई गाली गर्दा प्रयोग गरिने शब्द ।

**चिते–** वि० लोभी; कञ्जुस ।

**चितौन–** ना०हे० चितवन ।

**चित्त–** ना० [सं०] १. मन; हृदय; दिल । २. विचार; चिन्तन; इच्छा । ३. बुद्धि; अन्तःकरण; तर्क; तर्कनाशक्ति । ४. अभिप्राय; उद्देश्य । ५. ध्यान । ~ **कल्पित–** वि० चित्तले कल्पना गरिएको; चिताइएको । ~ **चोर–** ना० प्रेमी; मनलाई हरण गर्ने व्यक्ति । **–ज–** ना० १. चित्त वा मनबाट उत्पन्न हुने विकार वा मनःस्थिति । २. कामदेव; अनङ्ग । **– ज्ञ–** वि० १. मनको कुरो जान्ने; मनको ज्ञाता । ना० २. ईश्वर । ३. आत्मज्ञानी । **– प्रशम–** ना० सन्तोष; प्रसन्नता; शान्ति । ~ **बुझ्दो–** वि० मन परेको; मनमा सन्तोष दिने; मिल्दो; सन्तोषप्रद ।

**चित्तधर 'हृदय'–** ना० नेवारी (नेपाल) भाषाका प्रख्यात महाकवि ।

**चित्तल–** ना० [सं० चित्तल] १. रातो शरीरमा सेता बाक्ला टीका हुने मृगका जातको जङ्गली पशु । २. एक माछोविशेष ।

**चित्त विक्षेप–** ना० [सं०] मनको अस्थिरता; मनको उचाटपन; उच्चाटलाग्दो अवस्था ।

**चित्त विप्लव–** ना० [सं०] मन छँटाउने काम; बहुलट्टीपन; उन्माद ।

**चित्त विभ्रम–** ना० [सं०] चित्तभ्रंश; बुद्धिभ्रंश; उन्मत्तता; पागलपन ।

**चित्त वृत्ति–** ना० [सं०] १. मनको अवस्था । २. संवेग । ३. मनको आन्तरिक व्यापार ।

**चित्त शुद्धि–** ना० [सं०] चित्तलाई शुद्ध तुल्याउने कार्य; मनलाई निर्मल बनाउने प्रक्रिया ।

**चित्तहारी–** वि० [सं०] मनोहर; आकर्षक ।

**चित्ता–** ना० १. चित; उत्तानो । २. पराजय; हार । ३. धोका; आत्मघात ।

**चित्ताकर्षक–** वि० [सं०] हृदयलाई आकर्षित गर्ने; मनलाई मुग्ध पार्ने ।

**चित्तुचाँगे–** ना० हाड मर्किएको ठाउँमा लगाइने एक झारविशेष ।

**चित्र–** ना० [सं०] १. तसबिर; फोटो; छापा; चित्रपट; प्रतिमा;

छवि । २. चम्किने गहना । ३. असाधारण छवि; तेजिलो वस्तु । ४. आश्चर्य । ५. एक प्रकारको कुष्ठ रोग । ~ **कला**– ना० हातले चित्र कोर्ने कला; कागज, कपडा आदिमा सिसाकलम, रङ्ग आदिबाट बनाइएका रेखाका माध्यमले कुनै कुरो प्रस्तुत गर्ने कला; चित्रकृति; चित्रविद्या । – **कार**– ना० १. चित्रकलामा निपुण व्यक्ति; चित्रलेखक; चित्रशिल्पी । २. चित्र लेख्ने वंशपरम्परागत पेसा लिने नेपाली जातिको एक थर । – **कारी**– ना० चित्रकारले गर्ने काम; कला । ~ **काव्य**– ना० १. व्यङ्ग्यार्थको अभाव भई वाच्यार्थकै मात्र सत्ता भएको अलङ्कारप्रधान एक अवर वा अधम मानिएको काव्य जसका 'शब्दचित्र' र 'अर्थचित्र' गरी जम्मा दुई भेद हुन्छन् । २. कुनै एक चित्रको पृष्ठाधारमा लेखिएको चमत्कारपूर्ण कविता । (उदा०– खड्गबन्ध, पद्मबन्ध, चक्रबन्ध, गोमूत्रिकाबन्ध, सर्वतोभद्र इ०) । ~ **गुप्त**– ना० १. यमराजकहाँ मानिसहरूका गुण-अवगुण, पाप-पुण्य आदिको रोकड लेख्ने देवता । २. चौध यममध्ये एक । >**चित्रण**– ना० १. चित्र उतार्ने काम; चित्र खिचेझैँ गरिने वर्णन । २. वर्णन; बखान; विवरण । – **पट**– ना० १. चित्र लेखिएको रङ्गिन वा चारखाने कपडा; तसबिर; चित्र । २. सिनेमाको फिल्म । – **पदा**– ना० दुई भगण र दुई गुरु हुने एक प्रकारको वार्णिक छन्द । – **फित्ता**– ना० विद्युत्-प्रकाशका सहायताले पर्दा आदिमा देखाइने चलचित्र, डकुमेन्टरी, स्लाइड, भी०डी०ओ० आदिका चित्राङ्कित फित्ता; फिल्म । – **मय**– वि० चित्रैचित्रले भरिएको; छापैछापा भएको; सचित्र । ~**लिपि**– ना० १. विचारको अर्थबोध गराउन स्थूल रूपबाट चित्रात्मक सङ्केतद्वारा लेखिने एकाक्षरी परिवारको लिपि; सङ्केतात्मक लिपि (उदा०– चिनियाँ लिपि) । २. मिश्र देशका प्राचीन अभिलेखहरूमा अक्षरहरूको साटो प्रयोग गरिने चित्र; लिपिको सबैभन्दा प्राचीन रूप । ~ **लेखक**– ना० चित्रकार । ~ **लेखनिका**– ना० चित्र बनाउने वा लेख्ने कूची; चित्र-तूलिका; बुरुस । – **लेखा**– ना० मगण, भगण, नगण, तीन यगण र चारौँ तथा सातौँ अक्षरमा विश्राम हुने छन्दविशेष । ~ **विचित्र**– वि० १. रङ्गीबिरङ्गी; अनेक भाँति । २. अनौठो; ताजुप । ~ **विद्या**– ना० चित्रकला । – **शाला**– ना० १. सार्वजनिक प्रदर्शनका निमित्त चित्रकृतिहरू सङ्ग्रह गरिएको घर वा ठाउँ; चित्रकारको कार्यालय; चित्रालय; चित्र-मन्दिर (आर्टग्यालरी) । २. फोटो खिच्ने वा चित्र लेख्ने ठाउँ (आर्ट स्टुडियो) । ~ **शिल्पी**– ना० चित्रकार ।

**चित्रा**– ना० [सं०] १. तीन मगण, दुई यगण र आठौँ अक्षरमा यति भएको छन्दविशेष । २. सत्ताइस नक्षत्रमध्येको चौधौँ नक्षत्र ।

**चित्रालय**– ना० [सं०] चित्रशाला ।

**चित्रावली**– ना० [सं०] १. कुनै विचार, तथ्य, विषय आदिलाई प्रभावशाली र प्रामाणिक ढङ्गबाट व्यक्त वा प्रस्तुत गर्न दिइने चित्रहरूको क्रमिक शृङ्खला । २. चित्रैचित्रहरूको समूह ।

**चित्रिङ्ग/चित्रिङ्ङ**– क्रि० वि०/ना० [अ० मू० चित्रिङ्+ ग/ङ] पातलो धातुको पाता, मुन्द्रा आदि भुइँमा बजारिँदा आवाज आउने गरी ।

**चित्रिणी**– ना० [सं०] १. शास्त्रमा वर्णित चार प्रकारका स्त्री (पद्मिनी, चित्रिणी, शङ्खिनी र हस्तिनी) मध्ये एक । २. बुद्धिवैभव र श्रेष्ठताले युक्त स्त्री ।

**चित्रित**– वि० [सं०] १. रङ्गी-बिरङ्गी । २. चित्रकारिता भएको । ३. कुनै कुराको चित्रण गरिएको (कथात्मक साहित्यमा) ।

**चित्रीकरण**– ना० [सं०] १. विभिन्न रङले रँगाउने कार्य; चित्रित गर्ने क्रिया; सजाउने काम । २. आश्चर्य ।

**चित्रे**– वि० [चित्रो+ए] १. चित्रोको जस्तो बुनौट भएको (राडी, पाखी आदि) । ना० २. राडीका दुइखाले (चित्रे र मान्द्रे) बुनोटमध्ये एक । ~**डोको**– ना० माथि बिट नभएको वा फाट्न लागेको डोको । ~**बन्सो**– ना० गाईबस्तुलाई खुवाइने, चित्रोझैँ फैलिने घाँसविशेष । ~**बादल**– ना० नीलो भुइँमा चित्राजस्तै डोरा-डोरा परेको देखिने बादलको आकृति । ~**मेसो**– ना० चित्राको जस्तै बुनोट; बुनाइको सजिलो तरिका; बुनाइको मान्द्रेमेसोभन्दा भिन्न मेसो ।

**चित्रो**– ना० अन्नको भकारी बनाउन वा बार्न बाँस, निगालो आदिका मोटा-मसिना चोयाद्वारा सादा तरिकाले बुनेर तयार पारिएको मान्द्रोजस्तो ठूलो पातो; एक प्रकारको भकारी ।

**चित्लाँगे/चित्लाङे**– वि० [चित्लाङ+ए] १. चितलाङमा हुने, पाइने वा बस्ने (मूला, आलु, मानिस इ०) । ना० २. बर्खायाममा खेतमा हुने पिर्रे जातको एक भ्यार; गाईतियारे ।

**चित् स्वरूप**– ना० [सं०] १. परमात्मा; ईश्वर । वि० २. ईश्वरीय ।

**चिथर्–नु**– स० क्रि० [चिथ्रो+नु] हे० चिथोर्नु । >**चिथराइ**– ना० हे० चिथोराइ । **चिथराइनु**– क० क्रि० चिथोराइनु । **चिथराउनु**– प्रे० क्रि० चिथोराउनु ।

**चिथोर्–नु**– स० क्रि० [चिथ्रो+नु] कोपर्नु; कोतर्नु; दाँत, नङ आदिले ताछ्नु; फहराउनु; दाह्रनु; दार्नु । >**चिथोराइ**– ना० चिथोर्ने क्रिया, भाव वा प्रक्रिया । **चिथोराइनु**– क० क्रि० कोपराइनु । **चिथोराउनु**– प्रे० क्रि० चिथोर्न लाउनु वा लगाउनु । **चिथोराचिथोर**– ना० झगडा आदिमा एकले अर्कालाई चिथोर्ने काम; आफू-आफूमा चिथोर्ने काम । **चिथोरिनु**– स० क्रि० कोपरिनु; कोतरिनु ।

**चिथ्रो**– ना० मक्किएर थोत्रिएको लुगा; झुत्रो; थाङ्नो; फ्याङ्लो; चिल्थो; चिल्था; कन्था; च्याङ्लो; चिथडो ।

**चिदाकाश**– ना० [सं०] चैतन्याकाश; व्यापक ब्रह्म ।

**चिदाभास**– ना० [सं०] सांसारिक वासनामा लिप्त जीव ।

**चिद्रूप**– ना० [सं०] शुद्ध चैतन्य रूप; चिन्मय ।

**चिद्विलास**– ना० [सं०] चैतन्यस्वरूप ईश्वरको माया ।

**चिन्–नु१**– स० क्रि० [सं० चिति+नु] चाङ लगाउनु; गारो लगाउनु; निर्माण गर्नु ।

**चिन्–नु२**– स० क्रि० [सं० चिन्+नु] १. परिचय पाउनु; ठम्याउनु;

जान्नु; पहिचान्नु । २. पारख गर्नु; निक्योल गर्नु । ३. अनुभवद्वारा थाहा पाउनु ।

**चिनजान–** ना० [चिन्+जान्] परिचय; जान-पहिचान; चिनाजान; चिनापर्ची; चिन्हारी ।

**चिना१–** ना० १. दूबाका जस्ता लामा-लामा पात र बन्साका जस्ता झुप्पादार फूल हुने एक प्रकारको सानो झार । २. त्यसैका दाना वा फल; एक जातको कागुनु ।

**चिना२–** ना० [सं० चिन्ह] ज्योतिषशास्त्रअनुसार मानिसको जन्मका समयको ग्रह-नक्षत्रहरूको स्थिति र तिनीहरूको आपसी सम्बन्ध (जसको आधारमा मानिसको भाग्यको निर्णय गरिन्छ) बारे लेखिएको कुण्डली आदिसमेत भएको कागज; जन्मपत्रिका; जन्मकुण्डली; चिन्हा; टिप्पन ।

**चिनाइ–** ना० [√ **चिन्** (+आइ)] चिन्ने भाव, क्रिया वा प्रक्रिया । > **चिनाइनु–** क० क्रि० चिनारी गराइनु । **चिनाउनु–** प्रे० क्रि० १. चिनारी गराउनु; परिचय गराउनु; पहिचान गराउनु । २. घर वा पर्खाल आदिका गाह्रो चिनाउनु वा चिन्न लगाउनु ।

**चिनाकठी / चिनाकाठी / चिनकट्ठी–** ना० [चिह्न+काष्ठ] पुरानो चलनअनुसार घर, जग्गा आदि नाप्ने कामका निम्ति बनाइएको चौबीस अमल वा एक हातको काठको नापो ।

**चिनाजान–** ना० [सं० चिह्न+ज्ञान] चिनजान; परिचय । > **चिनाजानी–** ना० चिन्ने-जान्ने काम; चिनजान ।

**चिनापर्ची–** ना० [चिह्न+परिचय+ई] कुनै व्यक्ति वा विषयका सम्बन्धमा राम्रो परिचय वा जानकारी प्राप्त गर्ने काम; परिचय ।

**चिनारी–** ना० [चिह्न-आरी] चिनजान; चिन्हारी ।

**चिनारु–** वि० [चिह्न+आरु] चिनजानको; चिनजान भइसकेको; परिचित; चिनेको; चिन्हारु ।

**चिनिनु–** क० क्रि० [चिन्+इ+नु] परिचय पाइनु; पहिचानिनु ।

**चिनियाँ–** वि० [चीन+इयाँ] चीन देशसँग सम्बन्ध भएको; चीन देशको; चीनमा पाइने; चीनी । ~**गुराँस–** ना० चियाको फूलमा मिश्रण गरी सुधार गरिएको, बास्ना नआउने, विभिन्न रङ्गमा फुल्ने एक प्रकारको गुराँसको फूल । ~**गुलाफ–** ना० चिनियाँ गुराँस । ~**चम्पा–** ना० मधुर, शीतल र सुगन्धयुक्त डल्लो आकारको एक प्रकारको फूलविशेष; चीनीचम्पा । ~**च्यान्टा–** ना० एक प्रकारको च्यान्टे वा पुड्के घोडा । ~**ताप्के–** ना० पीँधभन्दा मुख केही सानो भई ठाडो बिट भएको, भित्रपट्टि रासायनिक मुलम्मा लगाइएको र समाउने हातोसमेत भएको धातुको ताप्के । ~**धान–** ना० अनदी धान । ~**फूल–** ना० सयपत्रीका जस्तै पात हुने एक जातको फूल । ~**भटमास–** ना० काला गेडा र सेता बोक्रा हुने एक जातको भटमास । ~**माटो–** ना० विशेष प्रकारको माटो, दर्सिनढुङ्गा, फिल्सपार आदिबाट बनाइने कडा, सेतो रङको, ज्यादै मिही एक प्रकारको माटो (पोर्सिलेन) । ~**लिपि–** ना० अलग-अलग शब्दका लागि भिन्नाभिन्नै चिह्न हुने एक प्रकारको लिपि; शब्दलिपि; चित्रलिपि ।

**चिनी१–** वि० हे० चिनियाँ ।

**चिनी२–** ना० १. उखु पेलेर वैज्ञानिक प्रविधिबाट तयार गरिएको, गुलियो, सेतो धूलो वा चूर्ण । वि० २. चीनसम्बन्धी; चिनियाँ; चीनको । ~**मल–** ना० हेर्दा चिनीजस्तै देखिने एक प्रकारको रासायनिक मल (एमोनियम सल्फेट, युरिया आदि) । ~**रोग–** ना० रगतमा गुलियो तत्त्व बढ्नाले पिसाप बढी हुने र पिसापबाटै पोषक तत्त्व बग्ने एक प्रकारको रोग; मधुप्रमेह; प्रमेह; मधुमेह । ~**रोटी–** ना० तीन खण्डमा दुई खण्ड पीठो र एक खण्ड चिनी मिसाई केराको पातमा मुछेर पातलो पारी घिउमा पकाइने एक किसिमको स्वादिष्ट रोटी; अनर्सा; अनरसा ।

**चिनु–** ना० [सं० चिह्न] १. सम्झनाका रूपमा रहने कुनै कुरा वा वस्तु; चिनो; चिह्न; लक्षण । २. सम्झौटो; स्मारक; यादगार । ३. कुनै कुरालाई देखाउन सङ्केत गर्न लगाइने कुनै रेखा वा बिन्दु; निसाना ।

**चिनुक–** ना० १. अमेरिकाको रकी पवर्तबाट हिउँद याममा तलतिर बहने न्यानो र शुष्क वायु । २. अमेरिकामा विभिन्न आदिवासीका भाषा मिसिएर विकसित भएको एक अनौठो खिचडी भाषा (चिनुक-जार्गन) ।

**चिनुबानु / चिनुबानो–** ना० हे० चिनोबानो ।

**चिनो–** ना० [सं० चिह्न] १. चिनु; चिह्न; निशाना । २. एक खाद्यान्नविशेष । – **बानो–** ना० १. अवशेष । २. देवस्थलमा चढाइएको कुनै वस्तु ।

**चिन्डे–** ना० [सं० चिच्चिण्ड+ए] १. एउटै भेट्नामा छ-सातवटा लामा-लामा पात हुने, एक लेकाली वृक्ष; तरकारी वा अचारका रूपमा खाइने त्यसैका कलिला मुना । वि० २. चिन्डा आकारको ।

**चिन्डो–** ना० [सं० चिच्चिण्ड] १. माटाको भाँडोविशेष । २. लौका, फर्सी आदिझैँ लहरामा फल्ने, पेट फुकेको, घाँटी सानो भई लामो हुने, तुम्बाका जातको एक फल; डल्ले लौको ।

**चिन्तन–** ना० [सं०] विचार, बिम्ब, प्रतीक आदिका सहायताले कुनै विषय वा समस्याको मनमनै समाधान गर्ने प्रक्रिया; विभिन्न विचार, स्थिति र घटनाका बीचको पारस्परिक सम्बन्ध खोजी गर्ने मानसिक कार्य; गम्भीर रूपले सोचेर प्रश्नको समाधान निकाल्ने प्रक्रिया; चिन्तना । ~**प्रधान–** वि० गहिरोसँग सोच-विचार गरिएको; मुख्य रूपमा चिन्तन भएको; चिन्तनको प्राधान्य भएको; चिन्तनलाई नै मुख्य मान्ने । ~**भूमि–** ना० चिन्तनको खास क्षेत्र । ~**मनन–** ना० कुनै वस्तु; व्यक्ति वा कुराका सम्बन्धमा बारबार गम्भीरतासाथ सोच्ने-गुन्ने क्रिया; गहन चिन्तन । – **शील–** वि० चिन्तन गर्ने; विचारशील; मननशील । > **चिन्तना–** ना० चिन्तन । **चिन्तनीय–** वि० चिन्तन गर्न योग्य; चिन्तन गर्नुपर्ने ।

**चिन्ता–** ना० [सं०] १. पीर; सुर्ता; फिक्री; परवाह; ध्याउन्ना । २. चिन्तन; विचार । ३. धामीले रोग वा दोष छुट्ट्याउन ढयाङ्ग्रो ठटाएर गर्ने क्रियाकलाप; धमेली । ४. साहित्यशास्त्रका अनुसार

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



एक सञ्चारी भाव । >**चिन्ताकुल–** वि० चिन्तामा डुबेको; चिन्ताले आकुल । **चिन्ताजनक–** वि० चिन्ताको कारण भएको; चिन्ता पार्ने; चिन्तित तुल्याउने । **चिन्तातुर–** वि० चिन्ताले उद्विग्न; चिन्ताग्रस्त । ~**मग्न–** वि० चिन्तामा डुबेको; चिन्ता गरिरहने । **– मणि–** ना० १. सम्पूर्ण मनोकामना पूरा गरिदिने एक काल्पनिक रत्न । २. अबाध ज्ञान प्राप्त गराइदिने सरस्वतीको एक मन्त्र । >**चिन्तित–** वि० १. सुर्ताएको; पीर लागेको । २. विचार गरिएको; सोचिएको । **चिन्त्य–** वि० विचारणीय; चिन्तनीय; सोच्न योग्य; जान्न वा थाहा पाउन योग्य ।

**चिन्नु१–** स० क्रि० [सं० चिह्न] १. जान्नु वा थाहा पाउनु; परिचय पाउनु; पहिचान्नु । २. कसैको स्वभाव वा बानीबेहोरको जानकारी हुनु; आनीबानी थाहा पाउनु । ३. को कस्तो रहेछ भनी पहिचान पाउनु ।

**चिन्नु२–** स० क्रि० [सं० चिन्+नु] १. तह वा चाङ वा खात मिलाएर राख्नु । २. घर, पर्खाल आदिको गारो लगाउनु, चिन्नु वा बनाउनु ।

**चिन्मय–** ना० [सं०] विशुद्ध ज्ञानमय; परमात्मा; ब्रह्म ।

**चिन्ह–** ना० [सं० चिह्न] हे० चिह्न; चिनु; चिनो । >**चिन्हाइनु–** क० क्रि० चिनाइनु । **चिन्हाउनु–** स० क्रि० चिनाउनु । **चिन्हारी–** ना० चिनारी । **चिन्हारु–** वि० चिनारु । **चिन्हिनु–** क० क्रि० चिनिनु ।

**चिपचिप–** क्रि० वि० [अ० मू० चिप्+अ (द्वि०)] टाँसिइरहने गरी ।

**चिपिचल्लो/चिपिचिल्लो–** वि० [चिल्लो+चिल्लो] १. तेल लगाएर चिल्लो पारिएको (जुल्फी, कपाल इ०) । ना० २. कोइली चरी ।

**चिपुल्लो-चापुल्लो/चिल्लो-चापुल्लो–** ना० [चिप्लो-चाप्लो] चिल्लोचाल्लो; घिउ, तेल, बोसो आदिको मात्रा धेरै रहेको खानेकुरो वा वस्तु; चिप्लोचाप्लो ।

**चिप्प१–** क्रि० वि० [अ० मू० चिप्+प] लेसिलो पदार्थ हात आदिमा लागेर टाँसिएझैँ; नउप्कने किसिमले टाँसिने गरी ।

**चिप्प२–** ना० १. औँलाका नङको कुनो दुख्ने वा पाक्ने एक रोग । २. नङशूल ।

**चिप्रा–** ना० आँखाका कुना-कुनामा देखा पर्ने सेतो लेसिलो पदार्थ; कचेरा; नेत्रमल ।

**चिप्रिक्क–** क्रि० वि० [अ० मू० चिप्रिक्+क] पानी आदि तरल पदार्थ सुक्ने वा घट्ने गरी ।

**चिप्ल-नु–** अ० क्रि० [चिप्लो+नु] चिप्लो वा सिलिक्क परेको ठाउँमा खुट्टा आदि रड्केर असन्तुलित हुनु । >**चिप्लाइ–** ना० चिप्लिने भाव, क्रिया वा प्रक्रिया । **चिप्लिनु–** अ० क्रि० १. चिप्लो पदार्थमा परेर घस्रिनु । २. गल्ती गर्नु; बिरिनु ।

**चिप्ले–** वि० [चिप्लो+ए] १. चिप्लो भएको (वस्तु आदि) । २. लोलोपोतो पार्ने; बेसारे; खुसामदी । ना० ३. खुसामद । ~**किरो–** ना० भुइँमा घस्रँदै हिँड्दा सेतो र्‍याल छोड्दै हिँड्ने, हाड नभएको, बर्खायाममा देखिने एक प्रसिद्ध कीरो ।

**चिप्लेटी–** ना० [चिप्लो+एटी] १. केही भिरालो जग्गामा, फल्याक, धातुका वस्तु आदिमा चिप्लिएर मनोरञ्जन लिने, खास गरी बालकहरूको एक खेल । २. त्यस्तो खेल खेल्ने ठाउँ वा साधन । ३. चिप्लेटी खेल्न हुने ढुङ्गो । ~**ढुङ्गो–** ना० चेप्टो, चिल्लो र चिप्लो खालको ढुङ्गो; चिप्लेटी खेल्न हुने ढुङ्गो ।

**चिप्लो–** वि० [सं० चिक्लिद] १. तेल, घिउ आदि चिल्लो पदार्थ लागे जस्तो; लेसाइलो । २. चिप्लने किसिमको; नरम र सुलुत्त परेको (ठाउँ) । ३. कुराले ठिक्क पार्ने; मीठा कुरा बोल्ने । **– घसाइ–** ना० लोलोपोतो; बेसारेपन; खुसामद; झूटो प्रशंसा । **– चाप्लो–** वि० घिउ, तेल आदि धेरै चिल्लो भएको वा परेको; चिल्लोचापुल्लो; चिपुल्लो-चापुल्लो ।

**चिप्ल्याइ–** ना० [√ **चिप्लि** (+याइ)] चिप्लिने भाव, क्रिया वा प्रक्रिया । >**चिप्ल्याइनु–** क० क्रि० १. चिप्लो पारिनु । २. चिप्लो वा भिरालो ठाउँमा घस्राइनु । **चिप्ल्याउनु–** प्रे० क्रि० १. चिप्लो पार्नु । २. चिप्लिने गराउनु । **चिप्ल्याहट–** ना० चिप्लिने भाव, अवस्था वा क्रिया-प्रक्रिया ।

**चिफ–** वि० [अङ्०] १. मुख्य; प्रमुख; प्रधान (चीफ एकाउन्टेन्ट, चीफ सेक्रेटरी आदि) । ना० २. राणाकालका मुख्तियार ।

**चिबहाल–** ना० [सं० चैत्य+विहार] सानो किसिमको बौद्ध स्तूप; चैत्य ।

**चिबिर्चे–** ना० एक जातको सानो चरो ।

**चिबिल्ले–** वि० १. अपत्यारिलो किसिमका कुरा गर्ने; मनगढन्त कथा रचेर भन्ने; ढाँटी; कुरौटे । २. छुकछुके; चकचके ।

**चिबे/चिभे–** ना० बिहानीपख कराउने, लामो पुच्छर हुने निख्खरा कालो रङको एक जातको चरो; भ्याँपी चरो । ~**नकटी–** ना० धेरै पुरुषका बीचमा रहने वा पुरुषको सङ्गत बढी मन पराउने आइमाई । ~**नकटो–** ना० धेरै आईमाईका बीचमा रहने वा आइमाईको सङ्गत बढी मन पराउने पुरुष ।

**चिम–** ना० [अङ्० चिमनी] १. लालटिन, लम्फा आदिका दीपशिखाको वरिपरि लगाइने काँचको अवयव वा ढकनी; बिजुलीको बल्ब; गुलुप । २. आगोबाट निस्किएको धूवाँ बाहिर पठाउन बनाइएको निकास; ठूलो ढुङ्ग्रो; घरको छानामाथि वा इन्जिनयुक्त यन्त्रहरूमा धूवाँको निकासका निम्ति बनाइने ढुङ्ग्रोका आकारको अवयव । ३. आलो बाँस फोरेर एउटा भाटो अर्कोसित नअलग्गिने गरी बनाइएको बेर्ने वा ओछ्याउने साधन ।

**चिमचिम–** क्रि० वि० [अ० मू० चिम्+अ (द्वि०)] शारीरिक दोष वा रोगले आँखा छिटछिटै खुल्ने-चिम्लने गरी; आँखा झिमझिम हुने गरी । >**चिमचिमे–** वि० बारम्बार आँखा चिमचिम गरिरहने बानी परेको; आँखा चिमचिमाइरहने ।

**चिमट्-नु–** स० क्रि० [चिमोट्+नु] हे० चिमोट्नु । >**चिमटाइ–** ना० चिमोटाइ । **चिमटाइनु–** क० क्रि० चिमोटाइनु । **चिमटाउनु–**

प्रे० क्रि० चिमोटाउनु । **चिमटिनु–** क० क्रि० चिमोटिनु ।

**चिमाली ⁄ चिमालो–** ना० सेता फूल फुल्ने एक प्रकारको गुराँसको रूख वा त्यसको फूल ।

**चिमोट्-नु–** स० क्रि० [चिम्टा+नु] १. बूढी औंला र चोर औंलाका टुप्पाले केही कुरालाई वा शरीरको छालालाई च्याप्नु वा जोरसँग अँठ्याउनु; चिम्टनु; चिमट्नु । २. मितव्ययी हुनु; कमखर्ची हुनु । > **चिमोटाइ–** ना० चिमोट्ने क्रिया वा प्रक्रिया । **चिमोटाइनु–** क० क्रि० चिमोट्न लाइनु । **चिमोटाउनु–** प्रे० क्रि० चिमोट्न लाउनु; चिमटाउनु । **चिमोटिनु–** क० क्रि० चिमोट्ने काम गरिनु; चिमोटाइमा पारिनु ।

**चिम्टा–** ना० [चेप्+टा] धातुका दुई पातला लामा टुक्रालाई चलाउन हुने गरी एक छेउमा जोडेर बनाइएको, आगो वा कुनै चीज झिक्ने, निकाल्ने वा टिप्ने दुईचोसे साधन । ~ **काँटी–** ना० स्वास्नीमानिसहरूको केश च्याप्ने चुच्चे चिम्टी ।

**चिम्टि-नु–** स० क्रि० [चिम्टी+नु] १. चिम्टीमा लिनु २. अ० क्रि० २. चिम्टीमा आउनु । ३. चाम्रो हुनु ।

**चिम्टी–** ना० [चिम्टा+ई] १. छालामा बिझेको काँडो झिक्ने सानो दुइचोसे साधन । २. गहना बनाउँदा धातुका ससाना टुक्रा टिप्ने वा घडी, रेडियो आदि बनाउँदा ससाना पुर्जा टिप्ने काममा प्रयोग गरिने सानो हाते चिम्टा । ३. चिउँटी । ४. स्वास्नीमानिसहरूले केश टिप्नका लागि प्रयोग गर्ने धातुका ससाना चिम्टा; सेप्टी ।

**चिम्टे–** वि० [चिम्टा+ए] १. चिम्टाको आकारको; चिम्टाजस्तो; चिम्टाले झैं समात्ने । २. अत्यन्त लोभी; लालची; छुच्चो । ३. चिम्टा लिएर हिँड्ने । ४. चिमोट्न पर्ने खालको; कडा (माटो) । ना० ५. जोगी ।

**चिम्टयाइ–** ना० [√ **चिम्टि** (+याइ)] चिम्टिने क्रिया वा प्रक्रिया । [⊳] **चिम्टयाइनु–** क० क्रि० चिम्टीमा लिइनु । **चिम्टयाइलो–** वि० चिम्टयाहा । **चिम्टयाउनु–** प्रे० क्रि० चिम्टिन लगाउनु; चिम्टिने पार्नु । **चिम्टयाहा–** वि० पानीले चाँडै गलाउन नसक्ने खालको; कडा; चिम्टे (माटो इ०) ।

**चिम्नी–** ना० [अङ्० चिमनी] १. इन्जिन, चुलो आदिको धूवाँ बाहिर निकाल्ने गरी राखिएको ढुङ्ग्रो; धूवाँकस । २. चिम; बल्ब ।

**चिम्पान्जी–** ना० [अङ्०] अफ्रिका महादेशमा पाइने काला रौं र लामा-लामा कन्पट हुने तथा निकै चलाक बनमान्छे ।

**चिम्म–** क्रि० वि० [अ० मू० चिम्+म] आँखा पूरै बन्द गर्ने वा बन्द हुने गरी ।

**चिम्रे–** वि० [चिम्रो+ए] १. आँखा चिम्रो भएको । २. नेत्ररोगले गर्दा आँखा मुस्किलसँग उघार्ने वा आँखामा कचेरा भरिरहने; चिप्रे; कचेरे ।

**चिम्रो–** वि० प्राकृतिक रूपले वा मानसिक संवेगका कारणले दुइवटै वा एउटा मात्र भए पनि आँखा केही सानो भएको; चिम्सो ।

**चिम्ल-नु–** स० क्रि० [सं० म्लोच > चिम्ल+नु] १. पलक मार्नु; आँखा बन्द गर्नु; झिमिक्क गर्नु । २. वास्ता नगर्नु; परिणामको ख्याल नगर्नु । ३. मर्नु । > **चिम्लाइ–** ना० चिम्लने भाव, क्रिया वा प्रक्रिया । **चिम्लाइनु–** क० क्रि० चिम्लन लाइनु । **चिम्लाउनु–** प्रे० क्रि० चिम्लने पार्नु वा चिम्लन लगाउनु । **चिम्लिनु–** स० क्रि० १. चिम्लनु । क० क्रि० २. चिम्लने काम गरिनु ।

**चिम्सि-नु–** अ० क्रि० [चिम्सो+इ+नु] चिम्सो हुनु; आँखा साना र चिमचिम गर्ने हुनु ।

**चिम्से–** वि० [चिम्सो+ए] चिम्सा आँखा हुने; चिमचिमे; चिम्सो ।

**चिम्सो–** वि० [अ० मू० चिम्+सो] आँखा साना हुने र चिमचिम गरिरहने खालको; चिम्से ।

**चिया–** ना० [चि०] १. प्रायः गरम मुलुकहरूमा उमारिने, सेता फूल फुल्ने, एक थरी बाह्रमासे बुटो वा त्यसैका कलिला पातका मुना सुकाईवरी तयार पारिएको पत्ती वा धूलो । २. तातो पानीमा इच्छानुसार चिनी र दूधको अनुपात मिलाई वा कागतीको रस निचोरी त्यस्तो पात वा धूलो राखी तयार पारिएको एक प्रसिद्ध पेय पदार्थ ।

**चियाइ–** ना० [√ **चियाउ** (+आइ)] चियाउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चियाइनु–** क० क्रि० चियाउने काम गरिनु । **चियाउनु–** स० क्रि० कुनै एक लुकिने ठाउँ वा चेप, प्वाल, छड्के कोण आदिबाट हेर्नु; गुप्ती चालले वा छलेर विशेष दृष्टि लगाउनु; चियो गर्नु; चेवा गर्नु ।

**चिया कमान–** ना० [चिया+कमान] चियाको खेती गरिने वा चिया उब्जाइने ठाउँ ।

**चिया चमेना ⁄ चियापान ⁄ चिया पानी–** ना० चिया, कफी आदिका साथ खाइने हल्काफुल्का अन्य ठोस खाद्य पदार्थहरू; खाजा; जलपान; लघुभोजन; चमेना ।

**चियो–** ना० [√ चेवा] नचाहिँदो गरी हेर्ने वा बुझ्ने काम; चेवा; जासुसी; ढुकाइ; सुराख । – **चर्चो–** ना० कहीं कसले के गर्दै छ भनी ढुकेर वा लुकेर हेर्ने काम; चेवाचर्चा ।

**चिर्-नु–** स० क्रि० [चिरो+नु] १. कुनै हतियारले कुनै वस्तुलाई दुई फ्याक हुने गरी फार्नु (दाउरा चिर्नु; काँक्रो चिर्नु इ०) । २. घाउ, खटिरा आदि चिरफार गर्नु ।

**चिर–** वि० [सं०] धेरै समयसम्म रहने; दीर्घ; पुरानो (चिरविरह, चिरकाल इ०) । – **काल–** ना० दीर्घ काल; धेरै वा लामो समय ।

**चिरगोजा–** ना० [सं० चिलगोजक] सल्लाजातको रूख वा त्यसमा फल्ने ससाना दाना; सिम्टा; चिलगोजा ।

**चिरचिर–** ना० [अ० मू० चिर्+अ (द्वि०)] १. चरा आदिको कलरव ध्वनि । क्रि० वि० २. त्यस्तो ध्वनि निस्कने गरी । > **चिरचिरती ⁄ चिरचिरी–** क्रि० वि० लगातार त्यस्तो ध्वनिका साथमा । **चिरचिरे–** वि० चिरचिर गर्ने स्वभावको; झर्कने बानी भएको ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चिरञ्जीवी/चिरजीवी–** वि० [सं०] १. दीर्घजीवी; चिरजीवी । ना० २. पुराणअनुसार अमर मानिएका आठ चिरञ्जीवी (अश्वत्थामा, मार्कण्डेय, बलि, व्यास, हनुमान्, विभीषण, कृपाचार्य र परशुराम) । ३. विष्णु । ४. काग ।

**चिर नवीन–** वि० [सं०] जहिले पनि नयाँ नै देखिने; सधैँ नयाँ भइरहने; चिरनूतन ।

**चिर निद्रा–** ना० [सं०] १. मृत्यु; मरण; महानिद्रा ।

**चिर नूतन–** वि० [सं०] हे० चिरनवीन ।

**चिरन्तन–** वि० [सं०] धेरै दिन पहिलेदेखिको; प्राचीन कालदेखिको; पुरातन; सदाको ।

**चिरपरिचित–** वि० [सं०] धेरै पहिलेदेखि परिचय भएको वा चिनेको; धेरै अघिदेखिको चिनजान भएको ।

**चिर प्रतीक्षित–** वि० [सं०] धेरै पहिलेदेखि प्रतीक्षा गरिएको; धेरै दिनदेखि पर्खिएर बसेको ।

**चिरफार–** ना० [चिर्+फार्] १. चिर्ने र फार्ने काम । २. रोगको उपचारका लागि गरिने शल्यक्रिया; अपरेसन ।

**चिरबिर–** क्रि० वि० [अ० मू० चिर्+अ (द्वि०)] गौँथली, भँगेरा आदि साना-साना चराचुरुङ्गी कराउने किसिमले; त्यसरी कराएको आवाज निस्कने गरी । > **चिरबिरे–** वि० चिरबिर गर्ने; तीखो स्वरले बारम्बार कराइरहने ।

**चिरस्थायी–** वि० [सं०] १. धेरै समयसम्म रहने; पछिसम्म टिक्ने; टिकाउ; चिरस्थ ।

**चिरस्मरणीय–** वि० [सं०] धेरै दिनसम्म सम्झनामा रहिरहने; पछिसम्म सम्झन योग्य ।

**चिराइ–** ना० [चिर्+आइ] चिर्ने वा चिर्न लगाउने भाव, क्रिया वा प्रक्रिया ।

**चिराइतो–** ना० [सं० चिरात > प्रा० किलातो] औलिया जरोमा काँढा पकाएर खाइने, तीतो स्वादको एक प्रकारको जङ्गली बुटी; भूनिम्ब ।

**चिराइनु–** क० क्रि० [√ **चिर्** (+आइ+नु)] चिर्न लाइनु । [> ] **चिराउनु–** प्रे० क्रि० चिर्न लाउनु ।

**चिराउनी–** ना० [चिर्+आउनी] १. चिराउँदा लाग्ने दस्तुर । २. चिराउने काम; चिरानी ।

**चिराक/चिराग–** ना० [फा० चिराग] मुडेहातजतिको काठ वा बाँसमा कपास, कपडा बेरी तेलमा चोपेर बालिने राँके बत्ती; मसाल; पुल्ठो; राँको; दियालो ।

**चिराचिरा–** क्रि० वि० [चिरा (द्वि०)] १. कुनै कुरो चर्कने, चिरिने वा काटिने गरी । २. काँक्रो, मेवा आदि ठाडोपट्टिबाट काटी धेरै चिरो पारेर । ना० ३. त्यसरी काटिएका चिराको समूह; चिराचिरी ।

**चिराचिरी–** ना० [चिराचिरा] सानाठूला धेरै चिराको समूह ।

**चिरानी–** ना० [चिर्+आनी] १. काठ आदि चिर्ने काम; कुनै वस्तुलाई चिरा पार्ने काम; चिराइ । २. त्यसरी चिरेको ज्याला वा मजदुरी ।

**चिराफारा–** ना० [चिर्+फार्] १. थानबाट च्यातेर बाँकी रहन गएका ससाना टुक्रे कपडा; टुक्राटाक्री । २. चिरफार ।

**चिरायु–** वि० [सं०] १. धेरै कालसम्म बाँचिरहने; चिरञ्जीवी । ना० २. लामो आयु; दीर्घायु ।

**चिरि-नु–** अ० क्रि० [चिर्+इ+नु] १. चिरो हुनु; चिरो पर्नु । २. धाँजो पर्नु वा फाट्नु । स० क्रि० ३. अर्कालाई नराम्रो हुने वा मन नपर्ने गरी बेसरी खानु; लतार्नु; घिच्नु ।

**चिरिक्क–** क्रि० वि० [अ० मू० चिर > चिरिक्+क] १. कुनै वस्तु चर्कने वा चिरिने गरी । २. कमिला, उपियाँ आदिले टोक्दा दुखेझैँ । ३. चहऱ्याउने गरी । ४. अम्बा, अमला, नास्पाती आदिलाई दाँतले टोक्दा त्यस्तो हुने गरी ।

**चिरिङ्गीझार–** ना० एकजातको झारविशेष ।

**चिरिच्याँट्ट/चिरिच्याट्ट–** क्रि० वि० [चरी+चट्ट] १. राम्रो र छरितो हुने किसिमले; चिटिक्क; छरिछट्ट । वि० २. सजिसजाउ; सुन्दर; राम्रो; टिपटप (अङ्०); च्वाँक ।

**चिरिझ्याउँ–** ना० [अ० मू० चिची+ता० छ्वाइ] सानो सिउर हुने एक जातको चरो ।

**चिरिबिरी–** ना० [√ चिरबिर] गौँथली, भँगेरा आदि कराउँदा आउने आवाज । > **चिरिबिरे–** वि० चिरिबिरी आवाज निकाल्ने । २. कराइरहने; हल्ला गर्ने ।

**चिरुवा–** वि० [चिर्+उवा] चिरिएको; चिरा परेको; चिरेको । –**दार–** ना० घोडाको हेरचाह, सेवा-शुश्रूषा आदि गर्ने मानिस; सइस ।

**चिरो–** (चिरा ति० रू०) ना० [√ चिर्] १. चर्चरी चिरिएको ठाउँ; चर्किएर वा फुटेर चिरा परेको ठाउँ; धाँजो । २. चिरा पारेर काटिएको सग्लो टुक्रो ।

**चिरौँजी–** ना० [चार्+बीज] रहरका दानाजस्तो खाँदा बदामको जस्तो स्वाद हुने, एक प्रकारको खाने मसलाविशेष ।

**चिर्कटो१–** ना० चिथडो; झुत्रो; चिट ।

**चिर्कटो२–** ना० [चिर्+कट्टा] १. काठ, बाँस आदि काट्दा वा ताछ्दा झरेका ससाना टुक्रा; काटिएको वा चिरिएको सानो टुक्रो । २. सम्झिराख्नका लागि छोटकरीमा टिपिएको टिपोट; त्यसरी टिपिएको कागतको टुक्रो ।

**चिर्को–** ना० [चिर्+को] १. आकाशमा बिजुली चम्कँदा पर्ने वज्रपात; चटचाङ । २. आपत्ति पर्ने खालको घटना । ३. ठूलो झगडा । ४. चिच्च्याउँदाको चर्को स्वर ।

**चिर्घट–** ना० मरेका मानिसलाई जलाउन घाटमा लैजाँदा बेरेर लाने कपडा; मुर्दा बेर्ने कपडा; कात्रो ।

**चिर्पट–** ना० [चिरो+पाटा] १. दलिनमाथि माटो अडचाउनका निम्ति छापिने चेप्टो दाउरा, फलेक आदि । २. चिरा परेका ससाना काठ वा दाउरा ।

**चिर्भटी–** ना० [सं०] घिरौँलाका आकारको एक जातको काँक्रो; घिरौँले काँक्रो; ककरी ।

**चिऱ्याइ**– ना० [√ **चिरि** (+याइ)] चिरिने क्रिया वा प्रक्रिया । [▷] **चिऱ्याइनु**– क० क्रि० पेट चर्कने गरी खुवाइनु; कोचाइनु । **चिऱ्याउनु**– प्रे० क्रि० मन नपरीकन पेट चर्कने गरी खुवाउनु; कोचाउनु; घिचाउनु । **चिऱ्याहट**– ना० चिऱ्याउने क्रिया, भाव वा प्रक्रिया ।

**चिर्र**– क्रि० वि० [अ० मू० चिर्+र] १. गौँथली, धोबिनी, भँगेरा आदि मसिना चराचुरुङ्गी कराएझैं गरी । २. मसिना काठ, बाँस आदिका लाम्चा टुक्राटाक्री भाँचिँदा आवाज आएझैँ ।

**चिर्सि-नु**– अ० क्रि० [सं० चीत्कार+नु] अत्यास वा हडबडीमा चर्को स्वरले कराउनु; आत्तिएर चिच्च्याउनु; चीत्कार गर्नु । > **चिर्स्याइ**– ना० चिर्सिने भाव, क्रिया वा प्रक्रिया । **चिर्स्याइनु**– क० क्रि० चिर्सिने पारिनु । **चिर्स्याउनु**– प्रे० क्रि० चिर्सिने पार्नु । **चिर्स्याहट**– ना० चिर्सिने काम वा प्रक्रिया ।

**चिल्-नु**– स० क्रि० कमिलो, बारुलो, मौरी, अरिङ्गाल आदि कीराले खिल गाडिने गरी वा सामान्य रूपले टोक्नु; डस्नु ।

**चिल**– ना० [सं० चिल्ल] आकाशमा माथि-माथिसम्म कावा खाँदै उडिरहने एक हिंस्रक पक्षी । ~ **आँखे**– वि० चीलका जस्ता आँखा भएको; चीलजस्तै सिकार झम्टन तत्पर रहेजस्तो; हिंस्रक आँखा भएको । – **को आहारा**– ना० हाँस, कुखुरा आदिलाई गाली गर्ने बोली । ~ **गाडी**– ना० आकाशमा उड्ने चीलजस्तो गाडी; हवाईजहाज ।

**चिलगोजा**– ना०हे० चिरगोजा ।

**चिलचिल**– क्रि० वि० [अ० मू० चिल्+अ (द्वि०)] १. जुम्रा, कमिला आदिले टोकेजस्तो गरी । २. छाला खसखसाउने किसिमले; कन्याउने इच्छा हुने गरी; सगसगाएर । > **चिलचिलाइ**– ना० चिलचिलाउने क्रिया वा प्रक्रिया । **चिलचिलाइनु**– क० क्रि० चिलचिलाउने पारिनु; सगसगाइनु । **चिलचिलाउनु**– अ० क्रि० शरीरमा हलुका किसिमले वा एकै चोटि धेरैतिर चिलाउनु; केही हिँड्दा, रगरगाउँदा वा थोरै कोक्याउने कुरो खाँदा छालाबाहिर वा घाँटीमा चिलचिल हुनु; सगसगाउनु । **चिलचिलाहट**– ना० चिलचिलाउने भाव, क्रिया वा अवस्था ।

**चिलन्धर**– वि० [चिल्थो+धरो] फाटेर चिथ्रा-चिथ्रा भइसकेको; पातलो र छुनेबित्तिकै च्यात्तिने; झुत्रोझाम्रो र मकिएको (कपडा) ।

**चिलबिल**– ना० [चिहिलबिहिल] १. कुनै कुरा बिग्रिएर वा नासिएर हेर्नै नसकिने भएको स्थिति; चिल्लीबिल्ली; बिचल्ली । २. आपत्-विपत्को स्थिति; चिहिलबिहिल । > **चिलबिलाइ**– ना० चिलबिलाउने भाव, क्रिया वा प्रक्रिया । **चिलबिलाइनु**– क० क्रि० चिलबिल गरिनु । **चिलबिलाउनु**– अ० क्रि० चिलबिल हुने स्थिति पर्नु; बिचल्ली हुनु ।

**चिलाइ**– ना० [√ **चिल्**/**चिलाउ** (+आइ)] १. चिल्ने भाव, क्रिया वा प्रक्रिया । २. चिलाउने भाव, क्रिया वा प्रक्रिया । [▷] **चिलाइनु**– क० क्रि० १. चिल्न लगाइनु; चिल्ने पारिनु । २. चिलाउने पारिनु ।

**चिलाउ-नु**– अ० क्रि० [चिल्+आउ+नु] १. शरीरको छाला सकसकाएर वा रगरगाएर असजिलो अनुभव हुनु; त्यसरी असजिलो अनुभव हुँदा नङ आदिले कनाउन मन लाग्नु; चिलचिलाउनु । २. खर्च गरिहालूँ भन्ने इच्छा हुनु; खर्च गर्ने इच्छा जागेर आउनु (जस्तो– हात चिलाउनु, पैसा चिलाउनु इ०) । ३. पिट्न मन लाग्नु (जस्तो– हत्केला चिलाउनु) । ४. यौनलिप्सा हुनु ।

**चिलाउने**– ना० [सं० चिल्+आउने] १. लाम्चा पात हुने, बोक्रा, झुसैझुस परेको, पहेँला फूल फुल्ने र अमलाका जस्ता बाटुला फल फल्ने, ठूलो र अति साह्रो काठ हुने एक जातको रूख । वि० २. चिलाउने वस्तु रहेको वा भएको । ~ **रोग**– ना० चर्मरोग; लुतो ।

**चिलाचिल**– ना० [चिल्+आ+चिल्] परस्परमा वा एकले अर्कोलाई चिल्ने काम ।

**चिलाहा**– वि० [चिलाउ+आहा] चिलाउने वा चिल्ने स्वभाव भएको ।

**चिलिम**– ना० [फा० चिलम] भित्रपट्टि तमाखु, कक्कड आदि हाली मास्तिर आगाले सल्काएर हुक्कामा राखी खाइने वा भेट्नामा पात, धुस्नु आदि हालेर तानिने माटाको कचौरा वा कुल्फीजस्तो भाँडो; ठूलो सुल्फा । ~ **च्वाँट**– ना० नहुने वा रित्तिने अवस्था; खर्च हुने स्थिति; धोती न टोपीको चाल । > **चिलिमे**– ना० विशेष गरी हिमाली भेकमा पाइने तामेढुकुरजस्तो एक जातको चरो ।

**चिलेसाचिलेसी**– ना० [चिलेसो+चिलेसो] साना-ठूला धेरै चिलेसाको समूह ।

**चिलेसो**– ना० [प्रा० चिल्लिरि] चामल, पीठो आदि अन्नभित्रै जन्मिएर हुर्कने, सेतो रङको र गहुँको चाहिँ कालो वा रातो रङको पनि हुने सानो कीरो; चिल्सो; सिलेसो ।

**चिलो**– ना० [सं० चिल्ल] १. चारैतिर छापिएर रहने जुम्रा, भुसुना आदि कीराहरूको बगुन्द्रो; छापो । २. गहुँ, जौ आदि अनाजको भुस ।

**चिल्के**– ना० [चिल्को+ए] ढुङ्गामा टाँसिएर रहने, ऐनाजस्तै चिल्ल टल्कने वस्तु; अभ्रक ।

**चिल्को**– ना० [अ० मू० चिल्+को] १. चराचुरुङ्गी आदिको प्वाँख नउम्रेको बच्चो । २. साह्रै सानो आकारको वस्तु ।

**चिल्थो**– वि० [चिरो] फाटेर झुत्रो भइसकेको; थोत्रो; काममा आउन नसक्ने अवस्थाको । ना० २. झुत्रो कपडा, कागत आदि वस्तु ।

**चिल्ल**– क्रि० वि० [अ० मू० चिल्+ल] बारुलो, अरिङ्गाल, बछ्चूँ आदि उड्ने कीराले चिल्दा दुख्ने, पोल्ने वा डहने गरी ।

**चिल्लर**– ना० [हि० चीलर] पसिनाबाट उत्पन्न भई कपालमा वा लगाएका लुगामा टाँसिएर रहने मसिनो कीरो; जम्रो ।

**चिल्लाइ**– ना० [√ **चिल्लाउ** (+आइ)] चिल्लाउने क्रिया वा प्रक्रिया । [▷] **चिल्लाइनु**– क० क्रि० चिच्च्याइनु; ठूलो र चर्को स्वरले कराइनु ।

**चिल्लाउ-नु**– अ० क्रि० [सं० चीत्कार+आउ+नु] ठूलो स्वरले कराउनु; चिच्च्याउनु । > **चिल्लाहट**– ना० चिल्लाउने भाव, क्रिया

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



वा स्थिति ।

**चिल्ली–** वि० [चिल्लो+ई] १. चिल्लो वर्ण भएकी; चिल्लो घसेकी । २. मुखले मीठा कुरा गर्ने । ना० [सं० चिल्ल+ई] ३. चीलले जस्तै धेरै केटाकेटी वा गाईबस्तुले घेरेर व्याकुल पारेको स्थिति । **– बिल्ली–** ना० कसैबाट पनि सहायता लिन नसकिने स्थिति; के गरूँ, कसो गरूँको अवस्था; बिल्लीबाठ; बिचल्ली; बिजोक । ~ **राँड–** ना० छोराछोरी भएकी बिधुवा स्त्री ।

**चिल्लो–** ना० [सं० चिक्कण] १. घिउ, तेल, बोसो आदि स्निग्ध पदार्थ; चिल्लोपन; स्निग्धता । वि० २. तेल-घिउ आदिको जस्तो चिल्लो भएको; चिप्लो; टल्कने । ~**घसाइ–** ना० मुखले ठीक पार्ने कुरा वा परिपाठ; मीठा-मीठा कुरा गरी आफ्नो हुँदो तुल्याउने काम; खुसामद । **– चापुल्लो–** ना० १. घिउ, तेल आदि स्निग्ध पदार्थ; चिल्लो भएको वस्तु । २. स्निग्धता ।

**चिल्लै–** ना० अपेक्षित वस्तु नपाउने स्थिति ।

**चिल्लौरी–** ना० [सं० चिल्ल+औरी] एक हिंस्रक पक्षी; चील ।

**चिल्ल्याइ–** ना० [√ **चिल्ल्याउ** (+आइ)] चिल्लो पार्ने भाव, क्रिया वा प्रक्रिया । [⊵] **चिल्ल्याइनु–** क० क्रि० चिल्ल्याउने पारिनु; चिल्लो पार्न लगाइनु ।

**चिल्ल्याउ-नु–** स० क्रि० [चिल्लो+याउ+नु] चिल्लो पार्नु; चिल्लो बनाउनु; चिप्लो बनाउनु । >**चिल्ल्याहट–** ना० चिल्लो पार्ने वा चिल्लो बनाउने काम, भाव वा अवस्था ।

**चिल्सो–** ना०हे० चिलेसो ।

**चिवा–** ना० [चैत्य+विहार] १. साना-साना स्तूप, चैत्य, मन्दिर आदि भएको विहार । २. ससाना स्तूप आदि ।

**चिसमिरो–** वि० [चिसो] अलि-अलि चिसो; ओसिलो परेको ।

**चिसान–** ना० [चिसो+आन] १. सधैं चिसो भइरहने ठाउँ वा जग्गा । २. चिसोपनको मात्रा ।

**चिसापानी–** ना० [चिसो+पानी] चिसो पानी हुने वा पाइने ठाउँ । ~**गढी–** ना० १. काठमाडौंबाट भीमफेदी निस्कँदा बीचमा पर्ने गढी । २. हाल मकवानपुर जिल्लामा पर्ने महाभारत पर्वत-शृङ्खलामा रहेको राणाकालीन एक प्रसिद्ध प्रशासनकेन्द्र । ३. राजधानी आउने-जानेको खान-तलासी २००७ सालपूर्व कडिकडाउका साथ र त्यसपछि क्रमशः खुकुलो गरिँदै आएको एक गौँडा ।

**चिसि-नु–** अ० क्रि० [चिसो+इ+नु] १. चिसो हुनु । २. भिज्नु । ३. ओसिनु । ४. सेलाउनु ।

**चिसो–** वि० [सं० शीत] १. ताताको अंश पटक्कै नभएको; पानी ननिथ्रेको; ठन्डा बनेको; नओबाएको । २. जाडो हुने खालको; ठिहिऱ्याउँदो । ३. तिर्खा मर्ने; शीतल । ४. स्वास्थ्यकर । ना० ५. सर्दी; ओस; ठन्डापन; जाडोपन । ६. अल्छी (दिव्य०) । ७. शङ्का; सन्देह । ~**छपनी–** ना० लिम्बु-जातिका सभामा चाहिने जाँड छान्नका निम्ति धोईपखाली चिसो पारिएको छपनी । ~ **ढुङ्गो–** ना० शक्तिहीन हुँदै गएको राज्य; सेलाएको राज्य (दिव्य०) ।

**चिस्याइ–** ना० [√ **चिसि** (+याइ)] १. चिसिने भाव, क्रिया वा प्रक्रिया । [चिस्याउ+आइ] २. चिस्याउने भाव, क्रिया वा प्रक्रिया । [⊵] **चिस्याइनु–** क० क्रि० चिसो पारिनु । **चिस्याउनु–** प्रे० क्रि० १. चिसो पार्नु; ठन्डा तुल्याउनु; सेलाउनु । २. शङ्का पैदा गराउनु; डर वा त्रास उब्जाउनु ।

**चिस्यान–** ना० [चिसो+यान] सधैँभरि चिसो भइरहने ठाउँ; चिसान ।

**चिस्याहट–** ना० [चिस्याउ+आहट] चिस्याउने क्रिया, स्वभाव वा अवस्था ।

**चिहान–** ना० [सं० चिताधान] १. मुर्दा गाड्ने ठाउँ; मरेको मान्छे गाडिएको ठाउँ । २. मुर्दा पोल्ने वा जलाउने ठाउँ; मसान ।

**चिहाने–** वि० [चिहान+ए] १. चिहान पार्ने लक्षण भएको । २. निधारका बीचमा रहेको सेतो ताराका बीच कालो थोप्लो हुने (गाई-गोरु) । ~**डाँडो–** ना० चिहानै-चिहान भएको डाँडो; मुर्दा लगेर गाड्ने ठाउँ (पाखो) ।

**चिहिरि-नु–** अ० क्रि० [सं० चीत्कार] अत्यास परेका बेलामा ठूलो र चर्को स्वरले कराउनु; अतालिएर वा तर्सिएर कराउनु; चिच्च्याउनु । >**चिहिऱ्याइ–** ना० चिहिरिने भाव, क्रिया वा प्रक्रिया । **चिहिऱ्याइनु–** क० क्रि० चिहिरिने पारिनु । **चिहिऱ्याउनु–** प्रे० क्रि० चिहिरिने पार्नु । **चिहिऱ्याहट–** ना० चिहिरिने काम वा प्रक्रिया ।

**चिहिलबिहिल–** ना० राम्रोसँग लालनपालन र संरक्षण नभएको स्थिति; बिचल्ली; चिल्लीबिल्ली; चिलबिल ।

**चिह्न–** ना० [सं०] १. कुनै वस्तु चिन्न सकिने रूप वा लक्षण; चिनु; चिनो; निसाना । २. ध्वजा । ३. दाग; कलङ्क । **– कारी–** वि० १. चिह्न लगाउने । २. घाउचोट गराउने । **– धर ⁄ धारी–** वि० १. कुनै किसिमको चिह्न धारण गर्ने । २. दागी; कलङ्की । >**चिह्नित–** वि० चिह्न लागेको; चिह्नयुक्त; चिनु भएको ।

**ची–** प्रत्य० [फा०] प्रातिपदिक शब्दका अन्तमा लागेर विशेषण पद बनाउने एक प्रत्यय (कानुनची, नगर्ची, तबलची इ०) ।

**चीँ–** ना० [सं० क्ष्मील] १. साना नानीले आँखा चिम्लने काम; चिउँ; सुताइ; नीद । २. ससाना नानीलाई सुत्ने कुरा बुझाउन प्रयोग गरिने शब्द; निनी । ~ **चीँ–** ना० मसिना चराचुरुङ्गी कराएको शब्द; चराचुरुङ्गीको कराइ । क्रि० वि० २. दूधे बालक कराएझैँ वा बचरा चिरचिराएझैँ गरी । ~ **मुसी–** ना० केटाकेटीहरूले हातमाथि हात राखी चिम्टिएर खेल्ने बालखेल ।

**चीज१–** ना० हे० चिज१ ।

**चीज२–** ना० हे० चिज२ ।

**चीड–** ना० हे० चिड ।

**चीत्कार–** ना० [सं०] ठूलो र चर्को स्वरले अताल्लिएर कराउँदाको आवाज; पीडाले भरिएको चिच्याहट ।

**चीन–** ना० [सं०] नेपालदेखि उत्तरतिर रहेको, दक्षिणपूर्व एसियाको एक प्रसिद्ध ठूलो देश । >**चीनांशुक–** ना० चीनमा बनेको रेसमी

कपडा; चिनियाँ रेसमी कपडा ।

**चीना**– ना० हे० चिना१ ।

**चीनी**– वि० हे० चिनी१ ।

**चीफ**– वि० हे० चिफ ।

**चीर**– ना० [सं०] १. कपडा; वस्त्र । २. कपडाको धरो; वस्त्रको टुक्रा । ३. बौद्ध भिक्षुहरूले लगाउने गेरुवा वस्त्र । ४. फागुन शुक्ल अष्टमीका दिन काठमाडौँको वसन्तपुरमा लिङ्गो गाडेर टाँगिने कपडाको धजा । ५. तिनै धजाहरू टाँगिएको लिङ्गो । – **हरण**– ना० १. कृष्णले गोपिनीहरूको वस्त्र लुकाइदिएको प्रसङ्ग भएको एक प्रसिद्ध लीला । २. कपडा हरण गर्ने काम ।

**चीवर**– ना० [सं०] १. वस्त्र; कपडा । २. बौद्ध सन्न्यासीहरूले माथिल्लो अङ्गमा लगाउने एक प्रकारको कपडा । > **चीवरी**– ना० १. चीवर लगाउने व्यक्ति । २. बौद्ध भिक्षु; बौद्ध सन्न्यासी । ३. भिक्षुक ।

**चुँ**– ना० [अ० मू० चूँ] १. मुसा, छुचुन्द्रा आदि कराएको शब्द । २. चराचुरुङ्गीहरू कराएको आवाज । ३. केही पनि बोल्न वा गर्न नसकिने स्थिति; चुँ । – **चुँ**– ना० मुसा, छुचुन्द्रा, चराचुरुङ्गी आदि लगातार कराएको शब्द ।

**चुँक्क**– क्रि० वि० [अ० मू० चुँक्+क] १. सानो स्वरमा कसैसँग खुसुक्क केही भन्न खोजेझैँ; डर वा सङ्कोचले केही बिस्तारै बोल्ने गरी । ना० २. मुसाको कराइ; मुसो कराउँदाको आवाज ।

**चुँगी**– ना० [हि० चुङ्गी] सहरी क्षेत्रमा बाहिरबाट आउने मालसामानमा लाग्ने वा लिइने महसुल; स्थानीय कर; चुङ्गी ।

**चुँगो**– ना० १. पानी वा तरल पदार्थ हालिने बाँसको भाँडो । २. रद्दी खालका धातुको पुरानो भाँडो ।

**चुँड्-नु**– स० क्रि० [चुण्ड+नु] कुनै वस्तुलाई छिनालेर दुई टुक्रा पार्नु; चुँडाल्नु । > **चुँडाइ**– ना० चुँड्ने भाव, क्रिया वा प्रक्रिया । **चुँडाइनु**– क० क्रि० चुँड्न लगाइनु । **चुँडाउनु**– प्रे० क्रि० चुँड्ने गराउनु; चुँड्न लगाउनु ।

**चुँडाल्-नु**– स० क्रि० [चुँड्+आल्+नु] डोरी वा तारलाई छिनालेर दुई टुक्रा पार्नु; चुँड्नु । > **चुँडालाइ**– ना० चुँडाल्ने क्रिया वा प्रक्रिया । **चुँडालिनु**– क० क्रि० चुँडाल्ने काम गरिनु ।

**चुँडाहा**– वि० [चुँड्+आहा] चुँड्ने वा चुँडिने स्वभावको ।

**चुँडिनु**– क० क्रि० [चुँड्+इ+नु] १. चुँड्ने काम गरिनु । अ० क्रि० २. छिन्नु; दुई टुक्रा हुनु ।

**चुँदरी**– ना० [चुन्०] ठाउँ-ठाउँमा धागाले चुनेर बुट्टा वा डोराजस्तो बनाइएको र रङले रङाइएको पटुका, धोती आदिको कपडा । – **बुट्टे**– वि० चुँदरीका जस्ता बुट्टा भएको; छेउ वा बीच-बीचमा बुट्टा पारिएको (कपडा) ।

**चुः**– वि० बो० [अ० मू०] आश्चर्य, विस्मय आदि जनाउँदा प्रयोग गरिने अव्यय शब्द । – **चुः**– वि० बो० भूल भएको, बिर्सिएको, बिग्रिएको आदि विषयमा दुःख, खेद आदि प्रकट गर्दा वा पछुतो जनाउँदा प्रयोग गरिने शब्द ।

**चुइँ**– क्रि० वि० [अ० मू०] १. चुँक्क; चुँ । ना० २. चुइँकँदा वा अस्पष्ट बोल्दा निस्कने शब्द ।

**चुइँक-नु**– अ० क्रि० [चुइँक्क+नु] १. अस्पष्ट रूपमा दुःख वा पीडाको अनुभव व्यक्त हुनु; रोऱ्याइँ सुरु हुनु । २. चुइँचुइँ शब्द निस्कनु । > **चुइँकने**– वि० चुइँकने काम गर्ने वा त्यस्तो स्वभावको; चुइँचुइँ गर्ने (जस्तो– चुइँचुइँ चुइँकने जुत्ता) । **चुइँकाइ**– ना० चुइँकने भाव, क्रिया वा प्रक्रिया । **चुइँकाइनु**– क० क्रि० चुइँकने पारिनु । **चुइँकाउनु**– प्रे० क्रि० चुइँकने पार्नु । **चुइँकाहट**– ना० चुइँकने भाव, क्रिया वा प्रक्रिया । **चुइँकिनु**– अ० क्रि० चुइँकनु ।

**चुइँकी**– ना० १. सरकारी उर्दी वा घोषणा । २. राणाशासनमा सरकारबाट जनतालाई कुनै काम-कुरा थाहा दिनका लागि प्रचलित उर्दी वा फर्मान सुनाउने काम ।

**चुइँके**– वि० [चुइँक+ए] चुइँकने स्वभावको; चुइँचुइँ गर्ने । – **तान**– ना० भरिया वा ढाकेहरूको ताँती ।

**चुइँक्क**– क्रि० वि० [अ० मू० चुइँक्+क] १. चुइँक् आवाज आउने गरी । २. कुनै कुरामा जवाफ दिन नसक्ने पारेर; लुत्रुक्क । ३. मुसा आदि कराएझैँ गरी; चुँक्क ।

**चुइँक्याइ**– ना० [√ **चुइँक्याउ** (+आइ)] चुइँक्याउने क्रिया वा प्रक्रिया । [>] **चुइँक्याइनु**– क० क्रि० चुइँक्याउने काम गरिनु ।

**चुइँक्याउ-नु**– स० क्रि० [चुइँक्क+याउ+नु] १. बेसरी कस्नु वा बाँध्नु । २. करमा पार्नु । ३. गह्रौँ भारी बोक्नु ।

**चुइँचुइँ**– क्रि० वि० [अ० मू० चुइँ (द्वि०)] १. चुइँ आवाज बराबर आउने गरी । २. मुसा कराएजस्तो आवाज निस्केर वा निकालेर ।

**चुइँठो**– ना० १. चामल र पीठो मिसाई फत्काएर पकाइएको मकैको भात । २. मकैको भात ।

**चुइयाँ**– वि० आफ्नोचाहिँ केही निकाल्न नपरोस् भन्ने; अत्यन्त लोभी; कन्जुस; कृपण; किरन्टोकी ।

**चुक्-नु**– स० क्रि० [प्रा० चुक्क] १. कुनै काम-कुरा गर्दा भूल गर्नु; बिराउनु; गल्ती गर्नु । २. मौका गुमाउनु । ३. अपराध गर्नु । ४. बिर्सनु ।

**चुक**१– ना० [सं० च्युत्] गल्ती हुन जाने काम; बिराम; भूल ।

**चुक**२– ना० [सं० चुक्र] अमिला जातका फल निचोरेर रस पकाई बाक्लो पारिएको वस्तु, चुक अमिलो । ~**अमिलो**– वि० चुकजस्तो अमिलो; ज्यादै अमिलो । ~**घोप्टिए जस्तो**– वि० कतै केही नदेखिने; बाक्लो; गाढा (अँध्यारो) ।

**चुकचुक**– क्रि० वि० [अ० मू० चुक्+अ (द्वि०)] १. भूल वा पछुतो हुँदा मुखबाट शब्द निस्केझैँ गरी; चुकचुकाउने किसिमले । ना० २. झुकझुक; सन्देह । > **चुकचुकाइ**– ना० चुकचुक गर्ने भाव, क्रिया वा प्रक्रिया । **चुकचुकाइनु**– क० क्रि० चुकचुक लाग्ने हुनु । **चुकचुकाउँदो**– वि० १. कलकल परेको; कलिलो । २. मायालाग्दो; रहरलाग्दो; कलपर्दो । **चुकचुकाउनु**– स० क्रि० १. चुकचुक गर्नु; थकथकी मान्नु; पछुतो लाग्नु । २. प्रशंसा गर्नु; सह्राउनु । **चुकचुकी**– ना० पछुतो; पश्चात्ताप; थकथकी ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चुकन्दर**– ना० [फा०] गाजर वा मूलाका ढबको, काँचै वा पकाएर खाइने, एक प्रकारको गुलियो, प्रायः रातो कन्दमूल ।

**चुकाइ**– ना० [√ **चुक्** (+आइ)] १. चुक्ने भाव, क्रिया वा प्रक्रिया । [चुकाउ+आइ] २. चुकाउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चुकाइनु**– क० क्रि० १. चुक्ने वा भूल गर्ने पारिनु । २. चुक्ता पारिनु; तिरिनु ।

**चुकाउनी**– ना० [चुक+आउनी] १. दही, मही आदिमा बारा, फुरौला आदि र मसलासमेत हालेर पकाइएको अमिलो खाद्य वस्तु । २. दही हालेर बनाइएको आलुको अमिलो अचार ।

**चुकाउनु**– स० क्रि० [चुक्ता+आउ+नु] १. चुक्ता गर्नु; रिन फच्छे गर्नु; समाप्त गर्नु; टुङ्ग्याउनु । [चुक्+आउ+नु] प्रे० क्रि० २. चुक्ने पार्नु; चुक्न लाउनु; भुक्क्याउनु ।

**चुकानी**– ना० [चुक+आनी] चुकाउनी ।

**चुकिनु**– क० क्रि० [चुक्+इ+नु] भूलमा परिनु; भूल गरिनु ।

**चुकिलो**– वि० [चुक+इलो] चुकजस्तो अमिलो; चुकका स्वादको ।

**चुकुल**– ना० [नेवा० चुकू] १. कुनै वस्तुलाई प्वालमा हाल्दा खाली रहेका भागमा दह्रो र कसिलोसँग ठोकिने काठ । २. झ्यालढोका आदि नखोलिने पार्न भित्रपट्टिबाट जडेर लगाइने साधन । ३. प्वाल परेका ठाउँमा टाल्न ठोकिने काठको टुक्रो; प्वाल टाल्ने वस्तु; ठिँड्को ।

**चुकेमुसो**– ना० [चुक्क+मुसो] छुचुन्द्रो; चुँक्क गर्ने मुसो ।

**चुक्कि-नु**– अ० क्रि० [चुक्+इ+नु] काठ, इँट, सिमेन्ट आदिका वस्तु चर्कनु; चिरिनु; फुट्नु । >**चुक्क्याइ**– ना० चुक्किने क्रिया वा प्रक्रिया ।

**चुक्ता**– ना० [प्रा० चुक्क] फछर्यौट; फच्चे; चुक्ती । – **चुक्ती**– ना० सबै फछर्यौट; राम्रै छिनाफाना ।

**चुक्ति-नु**– अ० क्रि० [चुक्ती+नु] १. चुक्ती हुनु; फर्छिनु; तिरिनु । २. पूरा हुनु; टुङ्गिनु ।

**चुक्ती**– ना० [प्रा० चुक्की] १. कसैसँग लिएको वा कसैलाई दिनुपर्ने रुपियाँ-पैसा आदिको भुक्तानी भएको अवस्था; रिन फर्छिने वा फछर्याउने काम; फछर्यौट; फच्चे । २. समाप्ति; खतम ।

**चुक्त्याइ**– ना० [√ **चुक्ति** (+याइ)] १. चुक्तिने भाव, क्रिया वा प्रक्रिया । [चुक्त्याउ+आइ] २. चुक्त्याउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चुक्त्याइनु**– क० क्रि० चुक्ता गरिनु । **चुक्त्याउनु**– स० क्रि० चुक्ता गर्नु; फछर्याउनु ।

**चुक्र**– ना० [सं०] अमिलो तत्त्व भएको फल निचोरेर पकाई बाक्लो पारी बनाएको लेदो पदार्थ; अमिलो; चुक । >**चुक्राम्ल**– ना० चुकअमिलो; पकाएर चुक पारिएको अमिलो; चुक ।

**चुक्ली**– ना० [फा० चुगली] अर्काका विषयमा कसैसित गरिएको नराम्रो कुरो; भए-नभएको कुरो लगाउने काम; पोल; छुल्याइँ; छुस्केरा । – **खोर**– वि० चुक्ली वा पोल लगाउने; छुल्याहा; छुसी । ~**चाकडी**– ना० अर्काको पोल लगाउँदै आफू जाती बन्नका लागि गरिने चाकडी । ~**चाक्ली**– ना० चुक्ली लगाएर आफू जाती हुन गरिएको काम-कुरो; अर्काको पोल लगाएर आफू साखिलो हुने काम वा प्रयत्न ।

**चुङ्गा**– ना० [तु० चुगा] शरीरमा लगाउँदा मास्तिरबाट गोलीगाँठासम्म आउने, एक प्रकारको खुकुलो लुगा; चौँगा ।

**चुङ्गी**– ना० १. रबरहरूको गुच्छा बनाएर खुट्टाले उफार्दै खेलिने खेल । २. हे० चुँगी ।

**चुची**– ना० १. आइमाईका दूधको मुन्टो; स्तनको चुच्चो ।

**चुचुरा चुचुरी**– ना० [चुचुरो+चुचुरी] साना-ठूला चुचुरा वा टाकुराहरूको समूह ।

**चुचुरी**– ना० [चुचुरो+ई] टाकुरो वा चुचुरोको सानो रूप; सानो चुचुरो ।

**चुचुरो**– ना० [सं० चूडा] पहाडको चुलिएर गएको शिर; टाकुरो; डाँडाको टुप्पो; चोटी ।

**चुच्चि-नु**– अ० क्रि० [चुच्चो+इ+नु] तलतिरको भाग फुकेर मास्तिरको भाग साँगुरिँदै जानु; चुच्चो हुनु ।

**चुच्चे**– वि० [चुच्चो+ए] चुच्चो परेको; चुच्चो भएको; चुच्चिएको; टुप्पो भाग तीखो परेको । ~**करेलो**– ना० झीनो खालको बेलो र पाङ्ग्रा परेका पात हुने, पहेँलो फूल फुल्ने एक लहरो; तरकारी, अचार आदि खाइने भित्र काला बियाँ र बाहिर काँडा हुने त्यसैको चुच्चे फल; करेलो । ~**कुटो**– ना० खन्ने भागमा चुच्चो परेको एक प्रकारको हतियार; कुटो । ~**चरो**– ना० लामो र तीखो चुच्चो हुने एक जातको चरो; चाँचर । ~**टायल**– ना० झिँगटीको छानाका कुनामा राखिने कुखुराको टाउकाको आकारको चुच्चे टायल । ~**बाम**– ना० मुखतिर चुच्चो परेको लामो र मोटो जातको बाम माछो । – **बुच्चे**– वि० चुच्चो परेको जस्तो देखिए पनि बुच्चो लाग्ने; चुच्चे भएर पनि पुड्को ।

**चुच्चो**– ना० [सं० चञ्चु] १. चराचुरुङ्गीहरूको मुखको टुप्पो । २. हलो, कलम आदिका अगाडिको तीखो भाग । वि० ३. तीखो परेको; लाम्चो र चोसो परेको ।

**चुच्च्याइ**– ना० [√ **चुच्चि** (+याइ)] चुच्चिने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चुच्च्याइनु**– क० क्रि० चुच्चो हुने पारिनु । **चुच्च्याउनु**– स० क्रि० चुच्चो पार्नु; तीखो बनाउनु; तल्लो भागदेखि मास्तिरको भाग साँघुरो पार्दै लैजानु ।

**चुट्-नु**– स० क्रि० [सं० चुट] १. हात, खुट्टा, लौरो, ढुङ्गा आदिले कसैलाई पिट्नु; कुट्नु; गोद्नु; भकुर्नु । २. चुटेर झार्नु; ठटाउनु (तोरी, धान, मकै आदि) । >**चुटचाट**– ना० बेसरी चुट्ने वा पिट्ने काम; विशेष किसिमको चुटाइ; पिटपाट । **चुटपिट**– ना० कुटपिट; मारपिट । **चुटाइ**– ना० चुट्ने भाव, क्रिया वा प्रक्रिया । **चुटाइनु**– क० क्रि० चुट्न लगाइनु; चुट्ने पारिनु । **चुटाउनु**– प्रे० क्रि० चुट्न लगाउनु; चुट्ने पार्नु । **चुटाचुट**– ना० परस्परमा चुट्ने काम; पिटापिट । **चुटिनु**– क० क्रि० चुट्ने काम गरिनु; चुटाइ खाइनु । **चुटुवा**– वि० १. भुइँमा ठोकेर वा लाठो, मुङ्ग्रो

आदिले चुटेर झारिएको (अन्न)। ना० २. चुटेर वा कुटेर झारिएको अन्न।

**चुट्का–** ना० [चुट्+का] १. साना-साना टुक्का; चुट्किला; खिस्सा। २. चुड्का। >**चुट्किलो–** वि० १. छोटो, छरितो र चिटिक्कको। ना० २. त्यस्तो बोली वा कुरो। ३. कुनै मनोरञ्जक वा घतलाग्दो कुरो; चुट्किलो। **चुट्की–** ना० १. बूढी औँला र माझी औँला जोडी पड्काएर निकालिने आवाज; चुड्की। २. साह्रै थोरै समय; छिन।

**चुठ्-नु–** अ० क्रि० हात, मुख आदिमा लागेको जूठो पानीले पखाल्नु; मुख कुल्ला आदि गर्नु। >**चुठाइ–** ना० चुठ्ने क्रिया वा प्रक्रिया। **चुठाइनु–** क० क्रि० चुठ्न लाइनु। **चुठाउनु–** प्रे० क्रि० चुठ्न लाउनु। **चुठुवा–** ना० चुठ्ने भाँडो; कोपरा।

**चुडारो–** ना० ढुङ्गा फोर्ने; कुँद्ने वा ढुङ्गाका भाँडाकुँडा बनाउने कर्मी; लोहकर्मी; लोहार।

**चुडेल–** ना० [हि०] १. दुरुस्त तरुनी आइमाईको स्वरूप कल्पना गरिएकी प्रेत नारी; किचकन्नी; पिशाचिनी। २. साह्रै दुष्ट स्वभावकी आइमाई; कुरूप र घृणित स्त्री।

**चुड्का–** ना० [चुट्का] १. छोटो लयमा छिटछिटो गाइने र चाँडचाँडो विश्राम गरिने एक प्रकारको लोकगीत। २. त्यसैको लय वा भाका। ३. चुट्का। >**चुड्किलो–** वि० हे० चुट्किलो। **चुड्की–** ना० हे० चुट्की। **चुड्के–** ना० १. पाउमा आठ मात्रादेखि लिएर बाह्र मात्रासम्म हुने एक खालको रोइला लोकगीत। वि० २. चुड्की बजाउने।

**चुत–** ना० [सं०] मल त्याग्ने अङ्ग; गुदद्वार; मलद्वार। >**चुतिया–** वि० १. तुच्छ; नीच; निकृष्ट। ना० २. गए-गुज्रेको तुच्छ व्यक्ति।

**चुत्के/चुत्को–** वि० [तुल० सुदखोर] १. साह्रै लोभी; कन्जुस; चुइयाँ; मक्खीचुस। २. धेरै नाफा खाने। (उदा०– **नाफा खाने चुत्के/चुत्को साउँसमेत फुत्के/फुत्को।** – उखान)।

**चुत्थि-नु–** अ० क्रि० [चुत्थो+इ+नु] १. चुत्थो हुनु; सबैभन्दा पछि पर्नु। २. अपमानित हुनु; होचिनु।

**चुत्थो–** वि० [सं० चुत्थ] १. सबैभन्दा पछि परेको; अरूभन्दा निम्न दर्जामा रहेको। २. काम नलाग्ने; बेकम्मा; रद्दी।

**चुत्थ्याइँ–** ना० [√ **चुत्थि** (+याइँ)] चुत्थिने चाल; चुत्थोपन। [⊵] **चुत्थ्याइ–** ना० चुत्थिने भाव, क्रिया वा प्रक्रिया। **चुत्थ्याइनु–** क० क्रि० चुत्थो पारिनु। **चुत्थ्याउनु–** प्रे० क्रि० चुत्थो पार्नु; पछि पर्ने बनाउनु।

**चुत्याहा–** वि० [चुत+याहा] १. नीच किसिमको आचार-विचार वा शील-स्वभाव भएको। ना० २. त्यस्तो व्यक्तिलाई गालीका रूपमा प्रयोग गरिने शब्द।

**चुत्रो–** ना० पातमा काँडा हुने, पहेँलो फूल फुल्ने, नीलो रङको गुलियो फल हुने, एक प्रकारको काँडादार बोट; त्यसैको फल।

**चुथ्रो–** ना० मसिना खालका पात हुने, रातीगेडीभन्दा सेख ठूला फल फल्ने र लेकमा पाइने एक जातको भुइँझार।

**चुन्-नु–** स० क्रि० [सं० चयन] १. घोट, कलप आदि गरेका कपडालाई कुनै साधनद्वारा खुम्चा-खुम्चा पार्नु; मुजा पार्नु; खाँच्नु। २. आफ्नो आत्माले रोजेको वस्तु वा व्यक्तिलाई मतपत्र खसालेर वा अन्य कुनै प्रक्रियाले छान्नु; रोज्नु। ३. टिप्नु।

**चुन–** ना० [सं० चूर्ण] १. पान, खैनी आदिमा हालेर खाइने सेतो वस्तु। २. सिपी, ढुङ्गा आदि पोलेर बनाइएको, घर पोत्ने काम लिइने सेतो धूलो। ~**खानी–** ना० चून बनाउने ढुङ्गा झिक्ने वा त्यस्ता ढुङ्गाहरू पाइने ठाउँ। ~**ढुङ्गो–** ना० पोलेर चून बनाइने ढुङ्गो। ~**पानी–** ना० चून मिसिएको पानी; चुन्याहा पहरोबाट बग्ने पानी। ~**भट्टी–** ना० चूनढुङ्गा पोलेर चून बनाउने भट्टी।

**चुनरा–** ना० हे० चुँदरी।

**चुना–** ना० १. पान, खैनी आदिमा मिलाएर खाइने, ढुङ्गा, सिपी आदि पोलेर बनाइएको एक प्रकारको सेतो धूलो; सोही धूलो पानीमा रयालिएको सेतो र बाक्लो तरल वस्तु। २. शरीरको कुनै भाग वा कपडा खुम्चिएर रेखैरेखा वा गरैगरा परेको स्थिति। ३. घरको गारो वा भित्तो पोत्न हुने सेतो धूलो; चून।

**चुनाइ–** ना० [√ **चुन्** (+आइ)] चुन्ने भाव, क्रिया वा प्रक्रिया। [⊵] **चुनाइनु–** क० क्रि० चुन्न लाइनु; चुनिने पारिनु।

**चुनाउ–** ना० [√ **चुन्** (+आउ)] १. जनमतद्वारा कुनै स्थान वा पदका निम्ति योग्य व्यक्ति छान्ने काम; निर्वाचन। २. आफूलाई मन परेको वस्तु छान्ने काम; चयन; चुनाव। [⊵] **चुनाउनु–** प्रे० क्रि० चुन्न लगाउनु; चुनिने पार्नु।

**चुनारो–** ना० काठ कुँदेर त्यसका भाँडा-कुँडाहरू बनाउने काम गर्ने एक जाति; चँदारो; चनारो।

**चुनाव–** ना० चुनाउ; निर्वाचन।

**चुनिलो–** वि० [चून+इलो] चुनको जस्तो स्वाद भएको; चर्को; तिक्खर।

**चुनी–** वि० [चुन्+ई] चुनिएको; चुन्ने काम भएको। ~**उखु–** ना० हरियो डाँठ हुने विशेष प्रकारको रसदार उखु। – **चुनाउ–** वि० घोट, कलप लगाएर चुनोट गरी तयार पारिएको; चुनीवरी ठीक बनाइएको।

**चुने ढुङ्गो–** ना० [√ चूनढुङ्गो] १. चून बनाउने काममा आउने ढुङ्गो; चूनको अंश रहेको ढुङ्गो। २. चूनजस्तो सेतो ढुङ्गो।

**चुनेरी–** ना० [चून+एरी] रातो, कलेजी र पहेँलो फूल फुल्ने एक जातको बोट; सोही बोटको फूल।

**चुनोट१–** ना० [चुन्+ओट] १. आफ्नो अभिरुचिको विषय छान्ने काम; छनोट। २. चुन्ने काम वा प्रक्रिया; निर्वाचन।

**चुनोट२–** ना० [चुन्+ओट] १. घर, मन्दिर आदिमा चून पोत्ने काम; चुना लगाउने काम। २. चूनले पोतेको घर।

**चुनौटो–** ना० [चून+औटो, सं० चूर्णपट] चून राख्ने भाँडो वा बट्टा।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चुनौती–** ना० [हि०] कसैलाई कुनै विषयमा दिइने उत्तेजक आह्वान; हाँक; ललकार ।

**चुन्याइ–** ना० [√ **चुन्याउ** (+आइ)] चुना पार्ने क्रिया वा प्रक्रिया । [⊵] **चुन्याइनु–** क० क्रि० चुना पारिनु; मुज्याइनु ।

**चुन्याउनु–** स० क्रि० [चुन्+याउ+नु] चुना पर्ने काम गर्नु; मुजा पार्नु; मुज्याउनु; खुम्चा पार्नु ।

**चुप–** ना० बोल्दै नबोली बस्ने स्थिति; मौन धारण गर्ने क्रिया; मौन । – **चाप–** ना० १. केही पनि नबोलीकन रहने स्थिति; चापचुप । क्रि० वि० चालचुल केही नगरी; मौनतासित; नबोलीकन ।

**चुपार–** ना० [अ० मू० चुप्+आर] १. शिरमा तेल हालेर हत्केलाले थपथप ठोक्ने काम । २. जीउमा तेल घस्ने काम; तेल लगाउने काम । >**चुपार्नु–** स० क्रि० तालुमा तेल हालेर हत्केलाले ठोक्दै चुपचुप शब्द निकाल्नु; तालुमा तेल ठोक्नु । >**चुपाराइ–** ना० चुपार्ने क्रिया वा प्रक्रिया । **चुपारिनु–** क० क्रि० चुपार्ने काम गरिनु ।

**चुपिचण्डाल–** वि० धूर्त, चम्बु, छट्टू, ज्यादै चलाख, चतुर, कपटी ।

**चुपिचल्लो–** ना० [चिप्लो+चिल्लो] १. कागको जस्तो रङ र बनोट परेको तर सानो आकारको एक चञ्चल पक्षी; चिबे । वि० २. शरीरमा तेल लगाउँदा लचेप्रो बनेको; तेलले जीउ भिजेको; तेल बढी भएर च्यापच्याप भएको ।

**चुपी–** ना० [नेवा०] १. कर्दका आकारको तर केही पातलिएर लामो हुँदै गएको धारिलो हतियार । २. काठ आदि काट्ने टुप्पाको पछिल्लो भाग नुहेको फलामे साधन ।

**चुप्प–** क्रि० वि० [अ० मू० चुप्+प] १. चुम्बन गर्दा शब्द आउने गरी । ना० २. म्वाइँ; चुप्पा ।

**चुप्र-नु–** स० क्रि० बालकलाई शरीर लचेप्रो हुन्जेल तेल लगाउनु । >**चुप्राइ–** ना० चुप्रने क्रिया वा प्रक्रिया । **चुप्राइनु–** क० क्रि० चुप्रने पारिनु । **चुप्राउनु–** प्रे० क्रि० चुप्रने पार्नु । **चुप्रिनु–** अ० क्रि० चुप्रने हुनु; तेल लगाउने काम हुनु ।

**चुबुरचुबुर–** ना०/क्रि० वि० हे० चुभुरचुभुर ।

**चुबुर्के–** ना० पेटमा अकासे रङको भुवादार छाती हुने, सानो र ख्याउटे एक जातको चरो ।

**चुबुर्को–** ना०हे० चुभुर्को ।

**चुभुरचुभुर–** ना० १. धेरै नदिई अल्प मात्रामा दिने कार्य; चुबुरचुबुर । क्रि० वि० २. थोरथोरै मात्रामा; अलि-अलि; छास्सछुस्स । ३. घरीघरी; बारम्बार ।

**चुभुर्कि-नु–** अ० क्रि० [चुभुर्को+इ+नु] १. थोरै-थोरै हुनु । २. धेरै भाँडामा थोरथोरै अन्न हालिएको हुनु ।

**चुभुर्को–** ना० [अ० मू० चुपुर्+को] १. दिँदा, बाँड्दा वा राख्दाको अल्प मात्रा; चुबुर्को । २. सबै भाँडा उपयोगी वस्तुहरूले भरिई, राख्ने अरू भाँडो नपाइनाले त्यसै उपेक्षित अल्प-उपयोगी वस्तु । ३. फाल्न माया लागेकाले मात्र राखिएको तर फाले पनि हुने कुनै वस्तु । ४. भाँडा पर्याप्त भएकाले छुट्टै राखिएको नभए मिसाएर राखे पनि हुने वस्तु ।

**चुभुर्क्याइ–** ना० [√ **चुभुर्कि** (+याइ)] चुभुर्किने वा चुभुर्कोको मात्रा दिने काम भइरहने क्रिया-प्रक्रिया; थोरथोरै मात्रामा दिने कार्य । [⊵] **चुभुर्क्याइनु–** क० क्रि० चुभुर्कोका रूपमा दिइनु वा राखिनु । **चुभुर्क्याउनु–** स० क्रि०/प्रे० क्रि० चुभुर्को पार्न लगाउनु; चुभुर्कोका रूपमा दिनु वा राख्नु ।

**चुम्-नु–** स० क्रि० [सं० चुम्बन] १. माया वा स्नेहले अरूका गाला, ओठ आदिमा चुम्बन गर्नु; म्वाइँ खानु; चुम्मा लिनु । २. स्पर्श गर्नु; छुनु । ३. आफूतिर खिच्ने गुण हुनु ।

**चुमजम्रो–** ना० [सं० चर्मयूक] हे० चमजुम्रो ।

**चुमना–** ना० [मै०] मधेस र बिहारका केही जातिका चलनअनुसार तिनका विवाहमा केटातर्फकाले केटीतर्फकालाई दिनुपर्ने एक प्रकारको दस्तुर; पोल्टो; कनौती; चुमान; चुम्ना ।

**चुमाइ–** ना० [√ **चुम्** (+आइ)] चुम्ने भाव, क्रिया वा प्रक्रिया । [⊵] **चुमाइनु–** क० क्रि० चुम्न लगाइनु; चुम्ने पारिनु । **चुमाउनु–** प्रे० क्रि० चुम्न लगाउनु; चुम्ने पार्नु ।

**चुमान–** ना० [सं० चुम्बन] चुमना; पोल्टो; कनौती ।

**चुमावन–** ना०हे० चुवान ।

**चुमाहा–** वि० [चुम्+आहा] चुम्ने काम गर्ने; चुम्न चाहने ।

**चुमिनु–** क० क्रि० [चुम्+इ+नु] चुम्ने काम गरिनु; चुम्मा लिइनु ।

**चुमुर्कि-नु–** अ० क्रि० [अ० मू० चुम्रुक्+इ+नु] खुम्चिएर वा सुकेर चाउरी पर्नु; चाम्रो हुनु । >**चुमुर्क्याइ–** ना० चुमुर्किने भाव, क्रिया वा प्रक्रिया । **चुमुर्क्याइनु–** क० क्रि० चुमुर्किने पारिनु । **चुमुर्क्याउनु–** प्रे० क्रि० चुमुर्किने पार्नु । **चुमुर्क्याहट–** ना० चुमुर्किने किसिम, क्रिया वा अवस्था । **चुमुर्क्याहा–** वि० चुमुर्किने स्वभावको ।

**चुमुवा–** वि० [चुम्+उवा] चुम्ने काम गर्ने (व्यक्ति) ।

**चुम्कि-नु–** अ० क्रि० [अ० मू० चुम्रुक्+इ+नु] १. चुमुक्क पर्नु; चाउरी पर्नु । २. हतोत्साह हुनु; निरुत्साहित हुनु । >**चुम्क्याइ–** ना० चुम्किने भाव, क्रिया वा प्रक्रिया । **चुम्क्याइनु–** क० क्रि० चुमुक्क पारिनु । **चुम्क्याउनु–** प्रे० क्रि० चुमुक्क पार्नु । **चुम्क्याहट–** ना० चुमुक्क पर्ने किसिम, वा काम । **चुम्क्याहा–** वि० चुमुक्क पर्ने खालको ।

**चुम्बक–** ना० [सं०] १. फलामलाई आफूतिर तान्ने आकर्षक तत्त्व; विद्युत्-शक्तियुक्त पदार्थ । २. अपरकान्तमणि । वि० ३. चुम्बन गर्ने; म्वाइँ खाने; चुम्बन लिने । ४. अनुरागी; प्रेमी । > **चुम्बकीय–** वि० चुम्बकमा रहने; चुम्बकसम्बन्धी; चुम्बक प्रशस्त मात्रामा भएको ।

**चुम्बन/चुम्बा–** ना० [सं०] १. म्वाइँ खाने काम; चुम्बन गर्ने क्रिया । २. स्पर्श; छुवाइ । >**चुम्बित–** वि० म्वाइँ खाइएको । **चुम्बी–** वि० म्वाइँ खाने (व्यक्ति) ।

**चुम्मा–** ना० [सं० चुम्बा] म्वाइँ; चुम्बन ।

**चुम्रुक्क**– क्रि० वि० [अ० मू० चुम्रुक्+क] १. चाउरिएर साँगुरो भएसरि । २. शक्तिहीन भएर पराश्रयी बन्ने गरी ।

**चुम्लुङ**– ना० [भो० ब० (लि०)] १. कुनै विचार-विमर्शका लागि बसेको सभा । २. विरोध-प्रदर्शन गरिएको जुलुस ।

**चुर**– वि० १. रिसले आकुल भएको; क्रोधले आगो भएको । २. लट्ठ परेको; निस्लोट भएको । ३. थकाइले साह्रै शिथिल; आलस्य वा निद्राले ग्रस्त । ना० ४. कुटेर वा पिँधेर धूलोपीठो पारिएको वस्तु । – **चुर**– क्रि० वि० धूलोपीठो हुने गरी ।

**चुरचुर**– क्रि० वि० [अ० मू० चुर्+अ (द्वि०)] चराचुरुङ्गी आदि कराउँदाको आवाज निस्केर; चिरचिर । > **चुरचुराइ**– ना० चुरचुर गर्ने क्रिया वा प्रक्रिया । **चुरचुराइनु**– अ० क्रि० चुरचुर आवाज निकालिनु । **चुरचुराउनु/चुरचुरिनु**– अ० क्रि० चराचुरुङ्गी आदिको चुरचुर आवाज निक्लनु ।

**चुरमुर**– ना० १. क्रोध वा रिसको आवेग । २. झुर्रिएका वस्तु धुल्याउँदा आउने आवाज वा ध्वनि । ३. जुरमुर; जरकमरक । वि० ४. क्रुद्ध; आकुल । **चुरमुरिनु**– अ० क्रि० चुरमुर हुनु वा पारिनु । **चुरमुर्‍याइ**– ना० चुरमुरिने भाव, क्रिया वा प्रक्रिया । **चुरमुर्‍याइनु**– क० क्रि० १. चुरमुरिने पारिनु । २. कुरमुर्‍याइनु । **चुरमुर्‍याउनु**– स० क्रि० १. सुकेको वा झुरो वस्तु समाएर धुल्याउनु । २. उम्कन नसक्ने गरी समाउनु वा कसेर बाँध्नु; कुरमुर्‍याउनु । **चुरमुर्‍याहट**– ना० चुरमुर्‍याइ ।

**चुरा**– ना० [सं० चूडा/चूर्ण] हे० चुरो ।

**चुराउटे**– ना० [चुरा+उटे] चुरौटे जाति ।

**चुराचुरी**– ना० [चुरा+चुरी] १. साना-ठूला चुराहरूको समूह । २. चुरा र चुरासमानका अरू गहना ।

**चुरिँदो**– वि० [चुरि+दो] १. नुनचर्को । २. अत्यन्त रिस उठेको ।

**चुरि-नु**– अ० क्रि० [अ० मू० चुर्+इ+नु] १. कुनै काम गर्नका निम्ति फुर्ती झिक्नु । २. रिसले भित्रभित्रै जल्नु । ३. सुरिनु । > **चुर्‍याइ**– ना० चुरिने भाव, क्रिया वा प्रक्रिया । **चुर्‍याइनु**– क० क्रि० चुरिने पारिनु । **चुर्‍याउनु**– प्रे० क्रि० चुरिने पार्नु । **चुर्‍याहट**– ना० चुरिने वा चुर्‍याउने क्रिया वा प्रक्रिया । **चुर्‍याहा**– वि० चुरिने खालको ।

**चुरी१**– ना० [चुरो+इ, सं० चूडिका] सानो चुरो; चुरो ।

**चुरी२**– ना० [सं० शौर्य] आँट, साहस (जस्तो– चुरी-फुरी) । ~ **गाँठो**– ना० गोलीगाँठो; कुर्कुच्चादेखि माथिका दुइटा पाइग्रा । – **फुरी**– ना० १. फुर्तीफार्ती; ताउरमाउर । २. शक्ति; तागत । ३. फुस्रो धाक; बिनसित्तिको रवाफ ।

**चुरुक्क**– क्रि० वि० [अ० मू० चुरुक्+क] १. चुम्रुक्क । २. तुरुक्क । ३. चरक्क ।

**चुरुम्फा**– ना० [भो० ब०] १. मास्तिरका मुन्टाको तरकारी खान हुने एक प्रकारको जङ्गली अलैँची । २. मुलायम ऊनबाट बनेको एक प्रकारको बाक्लो भुवादार ओढ्ने । ३. सगरमाथा अञ्चलको खोटाङ जिल्लामा रहेको एक प्रसिद्ध लेकाली डाँडो ।

**चुरे**– ना० [सं० चूडा = चुचुरो] महाभारत पर्वतशृङ्खला र भित्री मधेसभन्दा दक्षिणतिर र तराईको उत्तरतिर फैलिएको बालुवामय माटो सोहोरिइरहने होचा-होचा पहाडहरूको एक शृङ्खला; शिवालिक; चुलाचुली । ~ **पहाड**– ना० चुरेको पर्वतशृङ्खला (चुरे रेन्ज) ।

**चुरो**– ना० [चुरा ति० का०] १. धातु, काँच आदिबाट तयार गरिएको, विशेष गरी आइमाईहरूले नारीमा लगाउने, बाटुला आकारको गहना । २. काठभित्र रहेको गुभे भाग । ३. फुर्र फुकेको धूलो पदार्थ ।

**चुरोट**– ना० [अङ्० शेरुट] पातलो कागतको ढुङ्ग्रोमा सुर्तीको धूलो भरी, बेरेर मिसिनले तयार गरिएको धूम्रपान गरिने वस्तु (सिगरेट) ।

**चुरौटी**– ना० [चुरी+औटी] नेपालका पश्चिमी पहाडहरूमा चुरा बेचेर जीविका गर्ने मुसलमान-जातिले बोल्ने भाषा; चुरौटे भाषा ।

**चुरौटे**– ना० [चुरा+औटे] चुरा बेचेर जीविका गर्ने नेपाली मुसलमान जाति । स्त्री० चुरौटिनी/चुरौटेनी । ~ **भाषा**– ना० चुरौटेले बोल्ने भाषा; चुरौटी ।

**चुर्के**– वि० [चुर्को+ए] १. झगडा गर्नका निम्ति निहुँ खोज्ने; बाझ्ने स्वभावको । २. छुस्क्याइँ गर्ने; छुकछुके; छुल्याहा ।

**चुर्को**– वि० [अ० मू० चुर्+को] १. निकै थोरै; अलिकति । ना० २. चुबुर्को; अल्प मात्रा । ३. सानोतिनो झगडा वा बाझो । ४. छुकछुकेपन; छुस्क्याइँ ।

**चुर्क्याइँ/चुर्क्याहट**– ना० [चुर्के+याइँ/याहट] १. झगडालुपन; छुल्याहा चाल । २. छुस्केरो चाल वा बानी; छुस्क्याइँ ।

**चुर्ना**– ना० [सं० चूर्ण] १. पेटमा पर्ने, धागोजस्तो आकारको हुने, छोटा र साना, सेता कीरा । २. ससाना केटाकेटी; भुराभुरी ।

**चुर्रि-नु**– अ० क्रि० [चूर्+इ+नु] रिसले चूर हुनु; चुरिनु । > **चुर्‍र्याइ**– ना० चुर्रिने भाव, क्रिया वा प्रक्रिया । **चुर्‍र्याइनु**– क० क्रि० चुर्रिने पारिनु । **चुर्‍र्याउनु**– प्रे० क्रि० चुर्रिने पार्नु । **चुर्‍र्याहट**– ना० चुर्रिने काम वा किसिम । **चुर्‍र्याहा**– वि० चुर्रिने खालको ।

**चुर्लुम**– ना० [सं० चूडान्त] पानीमा पूरै डुब्ने कार्य । – **चुर्लुम**– क्रि० वि० पानीमा टुपीसम्म डुब्दै निस्कँदै गरिरहेर । > **चुर्लुम्म**– क्रि० वि० १. एकैपल्ट पानीमा टुपीसमेत डुब्ने गरी । ना० २. त्यसरी डुब्दा निस्कने शब्द ।

**चुलबुल**– ना० १. चञ्चल स्वभाव; छुकछुके चाला; चकचके बानी । २. खेल्ने र बोल्ने काम । > **चुलबुलाइ**– ना० चुलबुल गर्ने क्रिया वा प्रक्रिया । **चुलबुलाइनु**– क० क्रि० चुलबुल गरिनु । **चुलबुलाउनु**– अ० क्रि० १. चुलबुल गर्नु; चञ्चल बन्नु; छुकछुक गर्नु । २. आनन्दले थैथै हुनु । **चुलबुलाहट**– ना० चुलबुल गर्ने काम, किसिम वा अवस्था; चुलबुली । **चुलबुली**– ना० चुलबुल गर्ने स्वभाव; चञ्चल प्रवृत्ति; चकचके चाला । **चुलबुले**– वि० चुलबुल गर्ने स्वभावको; चञ्चले; चकचके ।

**चुला चम्का**– ना० खानेकुरा पकाउनका निम्ति बनाइएका चुला र

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



तिनै चुलाका चम्का ।

**चुलाचुली**– ना० [सं० चूडा (द्वि०) +ई] १. महाभारत शृङ्खलाका पहाडहरूदेखि दक्खिनतिर रहेका होचा-होचा पहाड एवं थुम्काहरूको समूह; चुरे पहाड । २. साना-ठूला चुलाहरूको समूह ।

**चुलि-नु**– अ० क्रि० [चुलो+इ+नु] चुलोजस्तो थुम्किलो हुनु; चुच्चो परी अग्लो हुँदै जानु; भुसिनु ।

**चुली**१– ना० [चुलो+ई] १. चुलाको सानो रूप; सानो चुलो; चूली । २. एकापट्टि चुच्चो परेको फल फल्ने एक जातको आरु ।

**चुली**२– ना० [सं० चूडा] १. पर्वतको चुच्चो परेर अग्लिएको शिखर; पहाडको टुप्पो; टाकुरो । २. थुप्रो; रास । – **गारा**– ना० [चुली+गढ] दुईपाखे छानो हुने घरका चौडाइपट्टिको धुरीसम्म पुगेको गारो; चुलिएर गएको गारो ।

**चुलुक**– ना० [सं०] हत्केलो खुम्च्याएर पानी अडिने बनाइएको खोचो; हत्केलाको खाल्टो; चुल्लु ।

**चुलैंसी**१– ना० चुत्राका भन्दा ठूला र प्याजी रङका गेडा फल्ने, ती गेडा खाँदा जिब्रो कालो वा नीलो हुने एक जातको बुटो; त्यसैको फल ।

**चुलैंसी**२– ना० [चुले+आँसी] फेदबाट ठाडो हुँदै गएको र चराको जस्तो चुच्चो भएर निहुरिएको, ढाडपट्टिबाट तरकारी आदि काट्ने काममा प्रयोग गरिने, एक प्रकारको फलामे हतियार । ~**हाड**– ना० चुलैंसीजस्तो परेको टाउकाका बीचको माथिदेखि तलसम्मको हाड; मेरुदण्ड ।

**चुले**– वि० [चुलो+ए] चुलोसित सम्बन्धित; एउटै चुलोमा पकाएको खाना खाने । ~**निम्तो**– ना० हे० चुलैनिम्तो । ~**पाथी**– ना० तामा, पित्तल, गिट्टो आदिद्वारा निर्मित, चुली पारेर धान, कोदो आदि अन्न भरिने पाथी ।

**चुलेत्रो**१– ना० [चुलो+एत्रो] चुलो पोत्ने लुँडो; पोतारीको लुँडो; चुल्हेत्रो ।

**चुलेत्रो**२– ना० भोर्लाका आकारका गाढा हरिया पात हुने, डाँक्लाभित्र फस्के गुबो हुने, गाईबस्तुले खाने, लेकाली डाले घाँस ।

**चुलै**– वि० [चुलो+ए] चुलोसहितको; एउटै चुलोमा खानेजतिको; चुले । ~**निम्तो**– ना० एउटा चुलामा पकाएर खानेजति सबै परिवारलाई गरिएको निम्तो; नोकरचाकरलगायत जहानैलाई गरिएको निम्तो ।

**चुलो**– ना० [सं० चुल्ली] १. खानेकुरा पकाउनका निम्ति आगो बाल्न र भाँडा बसाल्न बनाइएको ठाउँ; चुल्हो । २. भान्साखण्ड । ~**चम्को**– ना० चुलो र चुलाका निम्ति चाहिने चम्को; चुलो र त्यससँग सम्बन्धित अरू त्यस्तै वस्तुको समूह ।

**चुल्ठाचुल्ठी**– ना० [चुल्ठा+चुल्ठी] साना-ठूला चुल्ठाहरूको समूह; चुल्ठा र अरू त्यस्तै वस्तुको समूह ।

**चुल्ठि-नु**– अ० क्रि० [चुल्ठो+इ+नु] चुल्ठी पर्नु; चुल्ठा हुनु ।

**चुल्ठी**– ना० [चुल्ठो+ई] १. तीन वा पाँच आँठा पारेर बाटेको चेप्टो डोरी वा स्त्रीजातिको केश । २. चुल्ठाको सानो रूप; सानो चुल्ठो । ~**भाटो**– ना० छानो छाइसकेपछि अन्तमा धुरी कस्न प्रयोग गरिने भाटो ।

**चुल्ठे**– वि० [चुल्ठो+ए] १. चुल्ठोजस्तो; चुल्ठो भएको; चुल्ठोवाला । २. चुल्ठोजस्तै परी फेदतिर ठूलो र टुप्पातिर साँगुरिँदै गएको, बाला लाग्ने, एक जातको बास्नादार मसिनो धान । ~**गाँठो**– ना० १. दाम्लामा दाम्लै गाँस्ताखेरि पारिने गाँठो । २. चुल्ठो बाटिसकेपछि पारिने गाँठो ।

**चुल्ठो**– ना० [सं० चूल+ठो] तीन आँठा वा पाँच आँठा पारेर बाटेको, आइमाईका केशराशिको लुँडो; वेणी । > **चुल्ठ्याइ**– ना० चुल्ठो पार्ने कार्य । **चुल्ठ्याइनु**– क० क्रि० चुल्ठो पार्ने कार्य गरिनु । **चुल्ठ्याउनु**– स० क्रि०/प्रे० क्रि० चुल्ठो पार्नु वा पार्न लगाउनु । **चुल्ठ्याहट**– ना० चुल्ठ्याइ ।

**चुल्याइ**– ना० [√ **चुलि** (+याइ)] १. चुलिने क्रिया वा प्रक्रिया । [चुल्याउ+आइ] २. चुल्याउने क्रिया वा प्रक्रिया । [⊳] **चुल्याइनु**– क० क्रि० चुली पारिनु; चुल्याउने काम गरिनु । **चुल्याउनु**– स० क्रि० चुली पार्नु; भुसी बनाउनु ।

**चुल्हेत्रो**– ना०हे० चुलेत्रो ।

**चुल्हो**– ना०हे० चुलो ।

**चुवा**– ना० [सं० चूत] दुधिला र लाम्चा पात हुने, भेट्नातिर बढी पहेँलो र टुप्पातिर बढी सेतो रङको बास्नादार फूल फुल्ने तथा बाक्लो बोक्रो र भीनो काठ हुने, एक जातको बोट; त्यसैको फूल ।

**चुवान**– ना० [हि० चुमावन] महाराजाधिराज वा युवराजका व्रतबन्धमा प्रजालाई लगाइने दर्शन-भेटीस्वरूपको दस्तुर; चुमान ।

**चुस्-नु**– स० क्रि० [सं० चूषण] १. मुखले कुनै वस्तु च्यापेर रस निचोरी निल्नु । २. अनुचित किसिमले अर्काको शोषण गर्नु ।

**चुसचुस**– क्रि० वि० [अ० मू० चुस्+अ (द्वि०)] १. कुनै वस्तु थोरथोरै मात्रामा दिने वा लिने गरी । २. घरीघरी; अलि-अलि गरेर । ३. घोच्ने किसिम । ना० ४. चुभुरचुभुर ।

**चुसाइ**– ना० [√ **चुस्** (+आइ)] चुस्ने क्रिया वा प्रक्रिया । [⊳] **चुसाइनु**– क० क्रि० चुस्न लगाइनु । **चुसाउनु**– प्रे० क्रि० चुस्न लगाउनु; सोसाउनु । **चुसाहट**– ना० चुस्ने किसिम, क्रिया वा अवस्था; शोषण । **चुसाहा**– वि० जालझेल गरी अर्काको सम्पत्ति हत्याउने खालको; अर्कालाई बढी सताएर फाइदा उठाउने; शोषक । **चुसिनु**– क० क्रि० चुस्ने काम गरिनु ।

**चुसुक्क**– क्रि० वि० [अ० मू० चुस्क्+क] १. चुच्चो परेझैँ भएर । २. निनाउरो भएर अनुहार खुम्चिने गरी । ३. चोसो परेर । ४. घोच्ने, बिझाउने किसिम ।

**चुसुवा**– वि० [चुस्+उवा] १. चुस्ने बानी भएको; शोषण गर्न सिपालु; शोषक । ना० २. त्यस्तो बानीबेहोरा भएको व्यक्ति ।

**चुस्को**– ना० [चोसो+को] निकै थोरै परिमाण; पित्को ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चुस्ता–** ना० [फा० चुस्त] घुँडादेखि मुनिको भाग साँगुरो र माथिको भाग फुकेको सुरुवाल; घोडसवारीमा लगाइने सुरुवाल ।

**चुस्स–** क्रि० वि० [अ० मू० चुस्+स] चोसो निस्किए जसरी । २. घोच्ने, बिभ्ने किसिम ।

**चुहाइ–** ना० [√ **चुहु** (+आइ)] चुहुने किसिम वा क्रिया; चुवाइ । [⊳] **चुहाइनु–** क० क्रि० चुहुने पारिनु । **चुहाउनी–** ना० चुहेको तरल पदार्थ वा पानी; तप्केनी । **चुहाउनु–** प्रे० क्रि० चुहुने पार्नु; चुहुने बनाउनु । **चुहान–** ना० १. चुहुने वा धारो लाग्ने ठाउँ; चुहेर झर्ने बाटो । २. चुहाएर झिकिएको तरल वस्तु । ३. चुहिएको पानी वा पानी चुहुने प्रक्रिया । **चुहावट–** ना० १. चुहुने किसिम वा क्रिया २. चुहेर क्रमशः सकिँदै जाने प्रक्रिया । **चुहिनु–** अ० क्रि० चुहुने होइनु ।

**चुहु-नु–** अ० क्रि० कुनै तरल पदार्थ वा धूलो वस्तु प्वाल आदिबाट झर्नु; रसाउनु; मुख्य ठाउँदेखि बाहेक अरू ठाउँ फुटेर निस्कनु । >**चुहेत्रो–** वि० चुहुने खालको; चुहुने ।

**चूँ–** ना० हे० चुँ । – **चूँ–** ना० हे० चुँचुँ ।

**चूक१–** ना० हे० चुक१ ।

**चूक२–** ना० हे० चुक२ (चुकअमिलो) ।

**चूचुक–** ना० [सं०] आइमाईका दूधको मन्टो; स्तनको अग्रभाग ।

**चूडा–** ना० [सं०] १. व्रतबन्धमा वटुको कपाल खौरँदा गरिने कर्मविशेष । २. टुपी । ३. सिउर । ४. शिखर; चुली; टाकुरो । – **करण/कर्म–** ना० द्विज-जातिका कुमारको गर्भे केश काट्ने संस्कारविशेष; चौलकर्म; छेवर । – **मणि–** ना० १. शिरमा लगाइने मणिजडित विशेष प्रकारको आभूषण । वि० २. शिरमा राखिने मणिसमान योग्य; अति उत्तम ।

**चूत–** ना० हे० चुत ।

**चून–** ना० हे० चुन ।

**चूर–** वि० हे० चुर ।

**चूर्ण–** ना० [सं०] १. कुनै वस्तु कुटेर वा पिँधेर पारिएको धूलोपीठो । २. चून; चुना । – **क–** ना० १. सुगन्धित पदार्थ मिलाएर बनाइएको बास्नादार धूलो । २. समासबहुल र जटिल पदावलीको प्रयोग नभई साना र सरल शब्दहरूको प्रयोग भएको गद्यकाव्य । ~**कुन्तल–** ना० मसिना केश भई घुँघुरिएको कपाल; अलक; जुल्पी ।

**चूल–** ना० [सं०] १. कपाल; केश । २. शिखा; टुपी । ३. कुनै यन्त्र वा मिसिनका भित्रपट्टि घुम्ने चक्काका चुराको तल्लो र माथिल्लो तीखो टुप्पो ।

**चूलिका–** ना० [सं०] १. श्वासनलीसँगै रहने स्थायी र राल आदि उत्पादन गर्ने अन्तःस्रावी ग्रन्थि । २. नाटकमा नेपथ्य वा पर्दाभित्रको भागबाट सूचना गरिएको अंश; अर्थोपक्षेपकको एक भेद । ~**ग्रन्थि–** ना० राल आदि रसको उत्पादन गर्ने श्वासनलीकै दुईपट्टि रहने ग्रन्थि ।

**चूली–** ना०हे० चुली ।

**चूलो–** ना०हे० चुलो ।

**चेइ–** ना० [अ० मू०] कुकुर (बालबोलीमा) । – **चेइ–** ना० कुकुरलाई डाक्ता प्रयोग गरिने शब्द ।

**चेक–** ना० [अङ्०] १. कुनै व्यक्ति वा संस्थाले आफ्नो खाताबाट यति रकम दिनू भनी ब्याङ्कलाई लेखिदिने, ब्याङ्क स्वयम्ले प्रमाणित गरेको पत्र । २. ब्याङ्कमा राखिएको आफ्नो रुपियाँपैसा झिक्नका निम्ति ब्याङ्कले नै प्रमाणित गरेर दिएको पत्र । ३. चारखाने बुट्टा; विभिन्न किसिमका पाटे बुट्टा । ४. आकस्मिक किसिमको जाँच; छड्के जाँच । ५. कुनै काम भयो वा भएन भनी पुनः राम्ररी विचार पुऱ्याउने काम । ६. जाँच । ७. रुजू; भिडान । ~**पोस्ट–** ना० कुनै मुख्य ठाउँबाट आवतजावत गर्दा यात्री र उसका साथमा भएका चीजबीजको तलासी तथा सोधपुछका निम्ति राखिएको सरकारी चौकी । ~**बुक–** ना० खातावालालाई ब्याङ्कले प्रमाणित गरेर दिने पत्रहरूको पुस्तिका; ब्याङ्कबाट रुपियाँ झिक्न चाहिने प्रमाणित पत्रहरूको सङ्ग्रह ।

**चेट–** ना० [सं०] निम्न तहको कमारो; तल्लो दर्जाको दास; सानोतिनो कामका लागि रहेको नोकर । >**चेटिका/चेटी–** ना० निम्न तहकी दासी ।

**चेत्-नु–** अ० क्रि० [सं० चेत्+नु] १. कहिल्यै नबिर्सने किसिमको ज्ञान हुनु; कुनै किसिमका कामको राम्रोनराम्रो परिणाम थाहा हुनु । २. वस्तु वा घटनाका सम्बन्धमा राम्रो ज्ञान हुनु । ३. दूरदुहाई हुनु; तोबा हुनु ।

**चेत–** ना० [सं०] १. प्राणीमा रहेको चेतनशक्ति; चैतन्य; होस । २. राम्रोनराम्रो छुट्ट्याउन सकिने र विषयवस्तुको गुण थाहा पाइने ज्ञान; बोध । ३. पहिले अनुभव गरिएका कुरालाई पछि फेरि जस्ताको तस्तै प्रतिबिम्ब खिच्न सक्ने शक्ति; स्मरण; स्मृति । ४. मन; चित्त; हृदय । >**चेतक–** वि० १. कुनै घटना वा विषयको पूर्वज्ञान गराउने; काम बिग्रनुभन्दा पहिले नै होसियार पार्ने; सचेतक । ना० २. महाराणा प्रतापको एक प्रसिद्ध घोडाको नाम ।

**चेतन–** ना० [सं०] १. प्राणीमा रहने बुद्धितत्त्व वा चित्तत्त्व; चेतना; चैतन्य । २. चेत हुने प्राणी । ३. ईश्वर; परमात्मा । – **शील–** वि० चेतनशक्ति वा ज्ञान सक्रिय र क्रियाशील रहेको; चेतना भएको ।

**चेतना–** ना० [सं०] १. प्राणीमा रहने भित्री ज्ञान; चैतन्य; चेतन । २. सत्-असत् छुट्ट्याउन सक्ने बुद्धि; विवेक । ३. कुनै विषयका सम्बन्धमा रहने पूर्वज्ञान; होस । ४. जीवनशक्ति । – **मय–** वि० चेतनाले युक्त; चेतना भएको; चैतन्यमय ।

**चेतबाबा–** वि० बो० [सं० चेत+बाबा] १. ठक्कर वा हन्डर खाएर चेत्ने व्यक्तिको मुखबाट निस्कने ध्वनि । ना० २. हन्डर; ठक्कर । वि० ३. चेतेको; हन्डर खाएको । ~**काशी–** वि० बो० चेतबाबा; हायलकायल ।

**चेताइ–** ना० [√ **चेत्** (+आइ)] चेत्ने किसिम वा क्रिया । [⊳]

**चेताइनु**– क० क्रि० चेत्ने पारिनु; चेत्न लाइनु । **चेताउनी**– ना० कुनै विषयमा पूर्वज्ञान दिने काम; सचेत वा होसियार गराउने कार्य; पूर्वजनाउ; नसियत । **चेताउनु**– स० क्रि० कुनै काम-कुराको दुष्परिणामबाट कसैलाई सचेत वा सावधान गराउनु; चेतावनी दिनु; चेत्ने बनाउनु । **चेतावनी**– ना० चेताउनी । **चेताहा**– वि० चेत्ने खालको; चेत पाइसकेको । **चेतिनु**– अ० क्रि० चेत्ने होइनु; चेतेको होइनु । **चेतुवा**– वि० १. चेत्ने खालको; चेत पाएको । २. अनुभवी ।

**चेन**– ना० [अङ्०] धातुका ठोसाका मुन्द्राहरू जोडेर बनाइएको डोरी; जन्जिर; सिक्री; साङ्लो ।

**चेन्जफेन्ज**– ना० [अङ्० चेन्ज (द्वि०)] १. यताको उता र उताको यता पार्ने काम; हेरफेर; अदलीबदली; सारसुर; साटसुट; परिवर्तन । २. कर्मचारीहरूको स्थानान्तरण; पजनी; परपजनी ।

**चेप्-नु**– स० क्रि० [सं० चिपिट+नु] कुनै दुइटा वस्तुले बीचको वस्तुलाई दुईतिरबाट बेसरी दाब्नु; करेपमा पार्नु; बेसरी थिच्नु ।

**चेप**– ना० [√ च्याप्] १. दुई फग्ल्याँटा वा साह्रा वस्तुका बीचको ठाउँ; दुलो । २. दुई बाहुपाशका बीचको भाग; काख । ३. दुई डाँडाका बीचको ठाउँ; खोल्सो; खुँज; खोच ।

**चेपा**– ना० १. पूर्वपुरुष; च्याप्ज्यू । २. भ्यागुताका फुलबाट भरखर निस्केका बच्चा; चेपागाँडा ।

**चेपाइ**– ना० [√ **चेप्** (+आइ)] चेप्ने किसिम वा क्रिया । [⊳] **चेपाइनु**– क० क्रि० चेप्ने पारिनु; चेप्न लगाइनु । **चेपाउनु**– प्रे० क्रि० चेप्न लगाउनु; चेप्ने पार्नु ।

**चेपागाँडा**– ना० १. खुट्टा नउम्रिएका भ्यागुताका बच्चा । २. भ्यागुताका चेपा (भर्खर फुल फुटेर निस्किएका) र गाँडा (अलिक हुर्किएका बच्चाहरू) ।

**चेपाङ**– ना० [भो० ब०] १. नेपालका तल्ला पहाडी भेकहरूमा आदिकालदेखि बस्तै आएका जनजातिहरूमध्ये एक जाति । २. भ्यागुतोजस्तै देखिने तर पुच्छर भएको कालो रङको घस्रेर हिँड्ने प्राणी; भानेमुङ्ग्रोजस्तै जन्तु । >**चेपाङ्गी**– वि० १. चेपाङ-जातिको; चेपाङसम्बन्धी । ना० २. चेपाङको भाषा ।

**चेपारे१**– वि० [चेपारो+ए] १. चिप्लो घसेर आफू साखिलो हुने; लोलोपोतो पार्ने; बेसारे । २. नभएको कुरो पनि हो जस्तो पारेर साखुल्ले हुने वा झूटो प्रशंसा गर्ने; बेसारे; चिल्लोघसुवा । ना० ३. चेपारो ।

**चेपारे२**– ना० [चेप+चरो] धोक्रोजस्तो गुँड बनाएर बस्ने एक प्रकारको चरो; तोपचरो; धोक्रेचरो; दमाइँचरो; बगेडी ।

**चेपारो**– ना० [चेप-आरो] १. साँच्चै हो जस्तो पारी पेस गरिएको झूटो प्रशंसा; बेसारे वचन; चेप्प्राइँ; चेपारेपन । २. साह्रै साँघुरो ठाउँ ।

**चेपाहा**– वि० [चेप्+आहा] १. चेप्ने काम गर्ने; चेप्ने गुण भएको । ना० २. चेपेर तेल पेल्ने कोल; चेपुवा ।

**चेपिनु**– क० क्रि० [चेप्+इ+नु] चेपमा पर्नु; चेपाइमा पर्नु ।

**चेपिलो**– वि० [चेप्+इलो] चेप भएको; चेप हुने ।

**चेपुवा**– ना० [चेप्+उवा] १. चेपेर तेल पेल्ने कोल । २. त्यसरी तेल पेल्ने साधन । ३. गोरु, बोका, घोडा आदिलाई सुमर्दा आँड चेप्ने साधन । ४. यताउति गर्न वा बोल्न नसक्ने स्थिति । ५. तीन इन्चजति लामो सानो टाउको र चेप्टो आकारको सेतो माछो । वि० ६. चेप्ने काम गर्ने । ~**कोल**– ना० चेपेर तेल पेल्ने कोल ।

**चेपे**– ना० गोरखा जिल्लाको दूधपोखरीबाट लमजुङ जिल्लाको रागिनासटार हुँदै मर्स्याङ्दी नदीमा मिल्ने एक नदी ।

**चेपो**– ना० [चेप्+ओ] दुई वस्तुका माझको खाली ठाउँ; चेप; अन्तरकुन्तर ।

**चेप्टा**– वि० [चेप्टोको ति० रू०] चेप्टिएका; सतही । ~**पात्र**– ना० परिस्थितिअनुसार नबदलिने, कथा, उपन्यास आदिका पात्र; यथास्थितिधर्मी पात्र ।

**चेप्टि-नु**– अ० क्रि० [चेप्टो+इ+नु] चेप्टो हुनु; चेप्टो पर्नु ।

**चेप्टी**– वि० [चेप्टो+ई] १. चेप्टो आकारकी । २. नेप्टी । ना० ३. कपाल तह लाउन प्रयोग गरिने चेपुवा काँटी; चेपुवा । ४. तामाको एक वा दुई पैसाको मुद्रा; ढ्याकभन्दा सानो मुद्रा । ~ **मकै**– ना० चेप्टा दाना लाग्ने एक किसिमको मकै ।

**चेप्टे**– वि० [चेप्टो+ए] १. चेप्टो परेको, चेप्टो आकारको । २. नेप्टे; थेप्चे । ना० ३. काठ, लुगा, भित्तो आदिका चेप-चेपमा चेप्टिएर बस्ने र मौकामा मान्छेको रगत चुस्ने एक कीरो; उडुस । ~ **पाङ्ग्रो**– ना० ठूला रूखमा झाँगिने लहरामा ठूला-ठूला टाटाभित्र एकदेखि आठ-दसवटा गेडासम्म फल्न सक्ने चेप्टो र बाटुलो आकारको पाङ्ग्रो । ~ **मकै**– ना० चेप्टीमकै । ~**सिउँडी**/**स्यूँडी**– ना० चेप्टो पाटा परेको र काँडैकाँडा हुने एक जातको दुधिलो सिउँडी ।

**चेप्टो**– वि० [सं० चिपिट] थेप्चो परेर अलि-अलि फराकिएको; पातलो र सम्म परेको; थिचिएर वा दबिएर नेप्टो परेको; च्याप्टो; थ्याप्चो ।

**चेप्टयाइ**– ना० [√ **चेप्टि** (+याइ)] १. चेप्टिने क्रिया वा प्रक्रिया । [चेप्टयाउ+आइ] २. चेप्टयाउने क्रिया वा प्रक्रिया । [√ ] **चेप्टयाइनु**– क० क्रि० चेप्टो पारिनु; चेप्टिन लाइनु । **चेप्टयाउनु**– प्रे० क्रि० चेप्टो पार्नु; चेप्टिन लाउनु; थेप्च्याउनु । **चेप्टयाहट**– ना० चेप्टिने भाव, क्रिया वा प्रक्रिया ।

**चेप्रि-नु**– अ० क्रि० [चेप्रो+इ+नु] चेप्रो हुनु; च्याप्प परेर सुक्नु ।

**चेप्रे**– वि० [चेप्रो+ए] १. चेपारो पार्ने; चेपारो घस्ने । २. चेप्रो आकारको ।

**चेप्रो**– वि० [सं० चिपिट] मुख चोसो पारी लाडे अभिनय गर्ने; चेपारे; चेप्रे । >**चेप्प्राइँ**– ना० बिनसित्तिको लोलोपोतो; वृथा प्रशंसा ।

**चेप्प्राइ**– ना० [√ **चेप्प्राउ** (+आइ)] चेप्प्राउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चेप्प्राइनु**– क० क्रि० चेप्रो पारिनु; चेप्प्राउने

काम गरिनु । **चेप्प्राउनु–** स० क्रि०/प्रे० क्रि० ओठ लेब्ग्राउनु; चेप्रो पार्नु; चेप्रो हुन लगाउनु । **चेप्प्राहट–** ना० चेप्रो बन्ने वा बनाउने क्रिया-प्रक्रिया । **चेप्प्राहा–** वि० १. चेप्रो बन्ने गुण भएको; चेप्रो हुने खालको । २. चेप्प्राइ पार्ने ।

**चेभ्रिनु–** अ० क्रि० [चेभ्रो+इ+नु] चेभ्रे हुनु; चेभ्राइ पार्ने हुनु ।

**चेभ्रे–** वि० [चेभ्रो+ए] १. लाडिएजस्तो गरेर अर्काको नचाहिँदो प्रशंसा गर्ने; चेभ्र्याइँ पार्ने । २. अर्काको प्यारो हुन लुटपुटिने ।

**चेभ्रो–** वि० चेभ्रे; चेप्रो । >**चेभ्र्याइँ–** ना० नचाहिँदो किसिमबाट अर्काको प्रशंसा गरेर आफू साखिलो बन्ने किसिम वा क्रिया ।

**चेला–** ना० [चेलोको ति० रू०] १. चेलो; शिष्य । २. छोरो । – **चपेटा/चाटी–** ना० चेला र अरू चेलासमानका व्यक्तिहरूको समूह; शिष्यवर्ग । ~ **चेली–** ना० १. चेला र चेलीहरूको समूह; चेला र अरू त्यस्तै व्यक्तिहरूको समूह । २. छोराछोरी ।

**चेलियन-मानव–** ना० [अङ्० चेलियन+सं० मानव] १. फ्रान्सको चेलेस नाम भएको ठाउँमा फेला परेको मानव । २. चेलेसमा पाइएका मानवसित मिल्दा अरू जुनसुकै ठाउँका मानव ।

**चेली–** ना० [चेलो+ई] १. छोरी । २. शिष्या; छात्रा । ३. दिदी-बहिनी । ४. अह्राउपह्राउ मान्ने आइमाई । ५. फुपू वा फुपूकी छोरी । ~**तिहार–** ना० माघे सङ्क्रान्ती । ~ **बेटी–** ना० १. छोरी र छोरीसमानका अरू स्त्री; छोरीचेली । २. दिदीबहिनी र त्यस्तै अरू आइमाई । ३. शिष्या र तिनै सरहका अरू नारी

**चेलो–** ना० [सं० चेटक] १. गुरुसँग पढ्ने वा शिक्षा लिने व्यक्ति; विद्यार्थी । २. गुरुसँग गायत्री, दीक्षा आदि मन्त्र सुनेको शिष्य । ३. छोरो र छोरासरहको व्यक्ति ४. अनुयायी ।

**चेवा–** ना० [चियाउ+आ] १. गुप्त किसिमबाट लिइने खबर; चियो; गुप्त निरीक्षण । २. गुप्ततवरले खबर लिने व्यक्ति; गुप्तचर; जासुस । ~ **चर्चा–** ना० नचाहिँदो कुराको वास्ता वा चर्चा; अनावश्यक कुराको चासो ।

**चेष्टा–** ना० [सं०]१. मनको भाव वा विचार प्रकट गर्न गरिएको सङ्केत; मानसिक सङ्केत प्रकट गर्ने बोलाइचलाइ एवं कामगराइको चालढाल; शारीरिक भावभङ्गी । २. कोसिस; प्रयत्न । ३. इच्छा; कामना । ४. हिँडाइ-बोलाइ ।

**चेहरा–** ना० [फा०] मुखको आकृति; घाँटीदेखि माथि र कपालदेखि तलतिरको भाग; मुखमण्डल; अनुहार ।

**चैँ–** निपा० [चाहिँ] १. चाहिँ । २. कुरा गर्दा अप्रत्याशित रूपबाट उच्चरित हुने एक थेगो; चाइँ; चायने; चाइन्जो ।

**चैँसो–** ना० मास आदि दलेर फग्लैँटाजति एकातिर छुट्ट्याइएको मसिनो धूलो; दालको धूलो ।

**चैत१–** ना० [सं० चैत्र] चित्रा नक्षत्रले युक्त पूर्णिमामा चन्द्रमा रहने महिना; फागुनपछिको महिना; वर्षको अन्तिम महिना; चैत्र; चइत ।

**चैत२–** ना० [चइत<सं० चरित्र] नेपालको पश्चिमाञ्चलको डोटी जिल्ला र यसका आसपासमा प्रचलित ऐतिहासिक, पौराणिक र धार्मिक चरित्रका गाथामा आधारित लोककाव्य (राम शाहीको चैत, लाल द्यौवाको चैत, कृष्णजीको चैत, सीताजीको चैत इ०) ।

**चैतन्य–** ना० [सं०]१. प्राणीमा रहेको विचार, विवेक वा छ्यान-विचारको शक्ति; चित्शक्ति; चेतना; चेतन । २. चेतनशील प्राणी ।

**चैती–** ना० [चैत+ई] पश्चिमभाग विशेषतः डोल्पा जिल्लाका एकथरी मगर जातिले प्रत्येक वर्ष दुईदुई घरको पालोसान्तीका हिसाबले हिउँदका दिनमा एक महिनासम्म मनाउने चाड ।

**चैते–** वि० [चैत+ए] १. चैत महिनामा हुने; चैतसम्बन्धी । २. चैतमा दुब्लाएर हरिटट्टू हुने (बाँदर) । ना० ३. घोडेजात्राका पर्वमा गाइने विशेष प्रकारको लोकगीत र त्यसको लय । ~**काङ्ग्रेस–** ना० १. पछि प्रवेश गरेर रजगज गर्न खोज्ने प्रवृत्तिको मान्छे । २. अवसरवादी प्रवृत्तिको काङ्ग्रेस । ~**चरो–** ना० प्रायः चैत महिनामा देखा पर्ने र बोल्ने वा कराउने एक जातको चरो । >**चैतेती–** ना० १. दमाईं, कामी आदि कामदारहरूलाई साउनेतीसम्मका लागि गरिने थमौती । २. त्यस्तै थमौती गर्दा दिइने वस्तु वा दस्तुर । ~**दसैँ–** ना० रामनवमीको भोलिपल्टको चैत्रशुक्ल दशमीको तिथि वा उक्त तिथिमा मनाइने उत्सव । ~**पानी–** ना० १. छोरीको विवाह भएका वर्षमा पर्ने चैत महिनामा विवाहित छोरीले र छोरीका बाबुले एकै घाट वा पँधेराको पानी नखाने प्रथा । २. उक्त किसिमले बारिने पानी । ~**फुल–** ना० चैतमा फुल्ने टाँकीका जातको फूल; कोइरालो । ~**बाँदर/वानर–** ना० १. चैत्र महिनामा वसन्तको प्रभावले गर्दा कामुक भएको बाँदर । २. उक्त कामुकताले गर्दा धेरै परिश्रम परी चैत्रको अन्त्यमा दुब्लाएको बाँदर । वि० ३. मरन्च्यासे; साह्रै दुब्लो । ४. कामुक ।

**चैत्य–** ना० [सं०]१. बौद्ध धर्मको स्तूप । २. चौतारो; पाटी ।

**चैत्र–** ना० [सं०]वर्षको बाह्रौँ महिना; वर्षको अन्तिम मास; चइत; चैत । – **रथ–** ना० कुबेरको बगैँचा ।

**चैत्री–** ना० [सं०]चैत्रशुक्ल पूर्णिमा; चैते पुर्ने ।

**चैन–** ना० [हि०] १. मन प्रफुल्लित रहने स्थिति; आनन्द; सुख । २. सुखभोग; भोगविलास; मोजमज्जा ।

**चोँगा–** ना० [तुर्क० चुग] सेर्वानीजस्तो एक प्रकारको लामो कोट; चुङ्गा ।

**चोइटा–** ना० [चोइटोको ति० रू०] हे० चोइटो । – **चोइटी–** ना० काठ काट्ता टुक्रिएर निस्किएका साना-ठूला चोइटाहरूको समूह; टुक्राटाक्री ।

**चोइटि-नु–** अ० क्रि० [चोइटो+इ+नु] चोइटो निस्कनु; टुक्रो हुनु ।

**चोइटो–** ना० [सं० √ शक्+इटो] ठूलो वा मूल वस्तु टुक्रिएर वा फुटेर निस्केको सानो रूप; टुक्रो; शकल ।

**चोइटचाइ–** ना० [√ **चोइटि** (+याइ)] चोइटिने किसिम वा क्रिया । [>] **चोइटचाइनु–** क० क्रि० चोइटिने पारिनु । **चोइटचाउनु–** प्रे० क्रि० चोइटो पार्नु; ठूलो वस्तुबाट सानो टुक्रो छुट्ट्याउनु;

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



टुक्र्याउनु ।

**चोइला–चोइली**– ना० [चोइलो+चोइली] सानाठूला चोइलाहरूको समूह ।

**चोइलि–नु**– अ० क्रि० [चोइलो+इ+नु] चोइली पर्नु; चोइलो निस्कनु ।

**चोइली**– ना० [चोइलो+ई] चोइलाको सानो रूप; सानो चोइलो ।

**चोइलो**– ना० [सं० चक्लिल] १. भाँडाबाट पनिउँले कपेर झिकिएको भात, ढिँडो आदिको पातलो र सानो अंश । २. ठूलो चपरो; ढेलो ।

**चोइल्याइ**– ना० [√ **चोइल्याउ** (+आइ)] चोइलिने वा चोइली पर्ने क्रिया-प्रक्रिया । [⊵] **चोइल्याइनु**– क० क्रि० चोइलो पारिनु वा चोइल्याउने काम गरिनु । **चोइल्याउनु**– स० क्रि०/प्रे० क्रि० चोइलो झिक्नु; चोइली पार्नु ।

**चोक**– ना० [सं० चतुष्क] १. चारैतिर घरले घेरिएको र बीचमा पक्का गरी बनाइएको चारकुने जमिन वा आँगन; चौक । २. बजारको बीचमा रहेको त्यस्तो जमिन; चौबाटोको बजार । ३. लेकमा वा औलामा वर्षा र हिउँदमा लगेर गोठ राख्न तोकिएको ठाउँ । ४. चौमुहानी ।

**चोकर**– ना० [सं० शुष्क+ट] गहुँ, मकै आदि पिँढ्दाखेरि नपिँधिने बाहिरी पातलो र चिल्लो भाग; बोक्रो ।

**चोके**– ना० १. ठूलो घोचो वा कीलामा सानो हाँगो निस्केर कुनै वस्तु झुन्डचाउने वा त्यसमाथि बलो राख्न हुने वस्तु; कापो । २. समान महत्त्वका दुई कुरा एकैचोटि आइपर्नु वा दुवै प्रथम कर्तव्यका रूपमा देखा पर्नु; खुँगे । वि० ३. कापो भएको (घोचो आदि) । ~**काठ**– ना० चोके भएको वा कापो परेको काठ । ~ **ब्याज**– ना० ज्यादै अप्ठेरो स्थितिमा परेका व्यक्तिसित चौको वा चार दोबर पारेर लिइने ब्याज ।

**चोक्टा**– ना० [चोक्टोको ति० रू०] हे० चौटो । – **चाक्टी/चोक्टी**– ना० साना-ठूला चोक्टाको समूह; चोक्टा र अरू त्यस्तै टुक्राटाक्री । ~ **लाम्टा**– ना० कुनै वस्तुका डल्ला र लाम्चा परेका टुक्रा; मासुका छोटा र लामा टुक्रा ।

**चोक्टो**– ना० १. चारैतिरको आकारप्रकार बराबर हुने गरी पारिएको टुक्रो; चौटो । २. खेत वा बारीको सानो गह्रो । ३. राडी, गुन्द्री आदिको चारैतिर मिलेको टुक्रो; चकटी ।

**चोक्रा**– ना० १. रस एकदमै कम भएको वा रस ननिस्कने वस्तु । २. फाटेका दूधको पानीबाट छुट्टिएको अंश; छोक्रा । ३. राम्ररी नजमेको दही वा मही पार्दा नफिटिने ढिका । ४. गहुँको भुस; चोकर । > **चोक्रिनु**– अ० क्रि० १. चोक्रा पर्नु । २. चोकरमा परिणत हुनु । ३. दुब्लाउनु । **चोक्रिलो**– वि० १. धेरै चोक्रा भएको; फाटेर पानी र छोक्रा छुट्टिने खालको । २. धेरै दूध नआउने (गाईभैँसी) । ३. सुकेको । ४. दुब्लो । **चोक्रे**– वि० धेरै दूध नदिने; चोक्रिलो परेको; चोक्र्याइलो । **चोक्र्याइलो**– वि० चोक्रो होलाजस्तो; चोक्रिलो ।

**चोखा[१]**– ना० [सं० चक्षु] १. कसैले मीठो-चोखो खाएको देखेर लोभिई अर्को व्यक्तिले लाएको कुदृष्टि; चोखे; नजर । २. उक्त कुदृष्टिबाट हुन जाने तथाकथित बिगार ।

**चोखा[२]**– ना० १. उसिनेको आलुमा अमिलो, पिरो आदि हालेर साँधिएको वस्तु; अचार; चटनी; चाट । २. चोखेन ।

**चोखि–नु**– अ० क्रि० [चोखो+इ+नु] १. चोखो हुनु; अशुद्ध अवस्थाबाट पवित्र हुनु । २. पर सरेकी आइमाईले चारौँ दिनमा नुहाइधुवाइ गरेर शुद्ध हुनु । ३. जुठो, फोहर केही नरहनु । ४. राम्रोसँग माझिनु वा पखालिनु ।

**चोखी**– ना० [चोखो+ई] १. चोखोको स्त्री रूप । वि० २. आफ्नो धर्ममा रहेकी; परपुरुषको संसर्गमा नआएकी; सत्यबाट नडगेकी; पवित्र (नारी) । – **निती/निधी**– ना० शास्त्रका नियमअनुरूप चल्न वा सफा, शुद्ध रहनाका निम्ति गरिने शारीरिक एवं मानसिक आचरण; लसपस वा बिटुलो नभएको स्थिति । ~ **माटी**– ना० विवाह, व्रतबन्ध आदिमा यज्ञको वेदी बनाउनका निम्ति कन्याहरूद्वारा खनिने, चोखो ठाउँको माटो ।

**चोखे**– ना० हे० चोखा[१] ।

**चोखेन**– ना० [चोखो+एन] १. पानीमा पकाएको खाने कुरो सामान्य अवस्थामा अशुद्ध हुँदैन भनी भात, पुवा आदिमा हालिने घिउ; चोखो पार्ने घिउ, तेल आदि वस्तु; चोख्यान । २. स्त्रीहरूले रजस्वला भएको चौथो दिनमा चोखिँदा नुहाएको कपालमा हाल्ने तेल ।

**चोखो**– वि० १. कुनै किसिमको अशुद्ध पदार्थ नपरेको; पवित्र । २. कसैले जुठो नहालेको; बिटुलो नपारेको । ३. अरू थोक नमिसिएको; कसर नभएको । ४. निरपराधी; निर्दोष । ना० ५. घिउतेल; चोखेन । ~ **चाँडो**– वि० १. वास्तविकता लुकाएर साखिलो हुन खोज्ने । २. चोखो पनि र चाँडो पनि हुने स्वभावको । ~ **चोखो**– वि० बो० अशुद्ध ठाउँलाई गउँत आदि छर्केर चोख्याउँदा अथवा छिटो हालेर कुनै व्यक्तिलाई चोख्याउने सामाजिक प्रथाको अनुसरण गर्दा उच्चारण गरिने शब्द; विष्णु-विष्णु ।

**चोख्याइ**– ना० [√ **चोख्याउ** (+आइ)] चोख्याउने वा चोखो पार्ने क्रिया-प्रक्रिया । [⊵] **चोख्याइनु**– क० क्रि० चोखो पारिनु ।

**चोख्याउनु**– स० क्रि०/प्रे० क्रि० [चोखि+याउ+नु] १. चोखो हुने पार्नु; पवित्र तुल्याउनु । २. गाई-भैँसी ब्याएका सात वा एघार दिनका दिन दूध, दही आदि देवपितृलाई चढाउनका निम्ति चलोस् भनी धूपधुवाँर आदि गरी चोखो वा पवित्र पार्नु । ३. जुठो, सुत्केरो परेको घर वा घरका मानिसलाई धार्मिक विधिअनुसार पवित्र तुल्याउनु ।

**चोख्यान**– ना० [चोखो+यान] हे० चोखेन ।

**चोख्याहा**– वि० [चोखो/चोखा+याहा] १. चोखो पार्ने; शुद्ध तुल्याउने । २. चोखा लाग्ने वा लगाउने ।

**चोचेमोचे**– वि० [चोचोमोचो+ए] साखिली हुनका लागि अर्कासँग चोचोमोचो मिलाउने; ज्यादै नजिकको भएर चिप्ल्याइँ घस्ने (व्यक्ति) ।

**चोचो**– ना० [सं० चञ्चु/चूच] १. चुच्चो । २. मुख । ३. चिप्ल्याइँ; चाप्लुसी । – **मोचो**– ना० १. चिप्ला कुरा गरेर अर्कालाई खुसी पारी आफू साखिलो बन्ने काम । २. भित्र चित्त नबुझे तापनि बाहिर-बाहिर अर्काले गरेका कुरामा सही थाप्ने काम । ३. मुखले केही मधुर वाणी बोलेर गरिने प्रशंसा । ४. मुख र मन ।

**चोट**– ना० यो० १. पटक; बाजि; पल्ट; चोटि । ना० २. प्रहार; मार; आघात; पिटाइ । ३. घाउ; खत । क्रि० वि० ४. पटक; बाजि । – **पटक**– ना० लडेर, ठोकिएर वा काटेर हुने, शरीरका कुनै अङ्गमा लागेको घाउ; घाउखत; नीलडाम ।

**चोटा**– ना० [चोटोको ति० रू०] चोटो । ~ **कोठा**– ना० चोटा र कोठा; चोटोकोठो ।

**चोटि**– क्रि० वि० खेप; पल्ट; पटक; बाजि; पालि; ताल । (एक चोटि, दुई चोटि, कति चोटि इ०) ।

**चोटे**– वि० [चोट+ए] १. कुनै काम-कुरा एक पटकमै भइहाल्ने; एक पटक काममा ल्याउँदैमा सफल हुने; चोट नबिराउने । २. दक्ष; सिपालु; प्रवीण । ~ **चकमक**– ना० एकै चोट ढुङ्गामा घोट्ता आगो परिहाल्ने खालको पाइनदार चकमक ।

**चोटो**– ना० [नेवा० चोत] भुइँतलादेखि माथिल्लो तलाको भुइँ; चोटा । ~ **कोठो**– ना० १. भुइँतलाभन्दा माथिल्ला तलामा रहेको कोठो । २. चोटो र कोठो ।

**चोट्टा**– ना० [सं० चाट] ठगठाग गरेर अर्काको सम्पत्ति आफ्ना हातमा पार्न खोज्ने व्यक्ति; सानोतिनो चोर; धूर्त; टापटिपे । > **चोट्टी**– ना० ठगठाग गरेर अर्काको मालसामान आफ्ना हात पार्न सिपालु स्त्री; चोर्नी ।

**चोतो**– ना० १. डल्लो आकारको एक जातको मूला; डल्ले मूला । २. मूला ।

**चोथ्-नु**– स० क्रि० [सं० च्यूत+नु] कुनै फल वा वस्तुका बोक्रा उक्काउनु; कुनै वस्तुलाई आफूतिर तान्नु; लछार्नु; लाछ्नु । > **चोथाइ**– ना० चोथ्ने किसिम वा क्रिया । **चोथाइनु**– क० क्रि० चोथ्न लगाइनु; चोथ्ने पारिनु । **चोथाउनु**– प्रे० क्रि० चोथ्न लगाउनु; चोथ्ने पार्नु ।

**चोथाले**– वि० [चोथालो+ए] छिटोछिटो रिस उठ्तो ढङ्गले जवाफ दिने; मुखाले; बझ्झुवा; दुर्मुखा ।

**चोथालो**– ना० [चोथो+आलो] १. अर्कालाई बिझाउने गरी वा रिस उठ्ने गरी कुरा गर्ने वा जवाफ दिने मुख । २. मुख (निन्दार्थमा); चोथो; चोसो । ३. दुर्वाच्य बोल्नेको मुख ।

**चोथिनु**– क० क्रि० [चोथ्+इ+नु] चोथ्ने काम गरिनु; लछारिनु ।

**चोथो**– ना० बोल्न नहुने कुरा बोल्ने वा दुर्वचन गर्ने मुख; दुर्मुख; खराब मुख; तित्रे मुख ।

**चोनाम**– ना० [भो० ब०] चेपाङजातिले भदौरे पूर्णिमाका दिन मनाउने एक प्रकारको चाड ।

**चोप्-नु**– स० क्रि० [सं० चुम्बन] पानीमा वा तरल पदार्थमा कुनै वस्तु डुबाउनु; चोब्नु; लुगा पानीमा पछार्नु ।

**चोप**– ना० [फा० चोब] कुनै रूख वा लहराका पात, डाँक्ला आदिमा चोट लाग्दा निस्कने चिप्लो रस; चोब; खोटो । – **चिनी**– ना० कफ, पित्त, वातजस्ता त्रिदोषलाई शमन गर्ने र पेटसम्बन्धी रोग निको पार्ने एक प्रकारको जङ्गली बुटी ।

**चोपल्-नु**– स० क्रि० [सं० क्षपण] पानीमा वा तरल पदार्थमा कुनै वस्तु डुबाउनु; चुर्लुम्म पार्नु; पानीमा हालेर भिजाउनु । > **चोपलचापल**– ना० कुनै वस्तु वा व्यक्तिलाई पानीमा चोप्ने वा डुबाउने काम; चोपलाइ । **चोपलाइ**– ना० चोपल्ने क्रिया वा प्रक्रिया । **चोपलिनु**– क० क्रि० १. चोपल्ने काम गरिनु । अ० क्रि० २. चोपलिने भइनु ।

**चोपाइ**– ना० [√ **चोप्** (+आइ)] चोप्ने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चोपाइनु**– क० क्रि० चोप्ने पारिनु; चोप्न लगाइनु । **चोपाउनु**– प्रे० क्रि० चोप्ने गराउनु; चोप्न लगाउनु । **चोपिनु**– क० क्रि० झोलिलो पदार्थमा चोपलिनु वा डुबिनु, चोभलिनु ।

**चोब्-नु**– स०क्रि०हे० चोप्नु ।

**चोब**– ना० [फा०] प्राचीन समयमा राजामहाराजाका दरबारमा चोबदारले टेक्ने सुन-चाँदीले मोहोरिएको डन्डा; आसागुर्जा । – **चिनी**– ना० चोपचिनी । – **दार**– ना० १. राजामहाराजाको अगाडिपछाडि चोब लिएर बस्ने व्यक्ति; मुख्य ढोके । २. राजाको सवारीको सूचना दिँदै अगि लाग्ने व्यक्ति; कञ्चुकी ।

**चोबल्-नु**– स० क्रि० [सं० क्षपण] हे० चोपल्नु । > **चोबलचाबल**– ना० चोपलचापल । **चोबलाइ**– ना० चोबल्ने भाव, क्रिया वा प्रक्रिया । **चोबलिनु**– क० क्रि० १. चोबलिने काम गरिनु । अ० क्रि० २. चोबल्ने होइनु ।

**चोबा**– ना० [फा० चोब] पाल टाङ्नाका लागि चाहिने घोचा, खाँबा आदि सामियाना खडा गराउने चोसो परेको खाँबो ।

**चोबाइ**– ना० [√ **चोब्** (+आइ)] चोब्ने क्रिया वा प्रक्रिया । [⊳] **चोबाइनु**– क० क्रि० चोब्न लगाइनु । **चोबाउनु**– प्रे० क्रि० चोब्न लगाउनु । **चोबिनु**– क० क्रि० चोब्ने काम गरिनु; चोपिनु ।

**चोबो**– ना० [चोयो] खुदो पकाउँदा माथि उठेको कसर वा गाज छान्ने चोयाको जालीदार चालनी ।

**चोभ्-नु**– स० क्रि० [चोप्+नु] हे० चोप्नु । > **चोभलचाभल**– ना० चोपलचापल । **चोभलाइ**– ना० चोभल्ने क्रिया वा प्रक्रिया । **चोभलाइनु**– क० क्रि० चोभल्न लगाइनु । **चोभलाउनु**– प्रे० क्रि० चोभल्न लाउनु । **चोभलिनु**– क० क्रि० १. चोभल्ने काम गरिनु । अ० क्रि० २. चोभलिने होइनु ।

**चोभाइ**– ना० [√ **चोभ्** (+आइ)] चोभ्ने भाव, क्रिया वा प्रक्रिया । [⊳] **चोभाइनु**– क० क्रि० चोभ्न लगाइनु । **चोभाउनु**– प्रे० क्रि० चोभ्न लगाउनु । **चोभिनु**– क० क्रि० चोभ्ने काम गरिनु; डुबिनु ।

**चोया**– ना० [चोयोको ति० रू०] हे० चोयो । – **चोयी**– ना० साना-ठूला चोयाहरूको समूह; चोया र अरू त्यस्तै वस्तुको समूह ।

**चोयो**– ना० [प्रा०] बाँस, मालिङ्गो, निगालो आदिको कलिला भाटाबाट गिद्रो झिकी अझ पातलो र जुइनाका रूपमा बटारिन सक्ने पारिएको वस्तु । ~ **बातो**– ना० १. चोयो र बातो; साधारण रूपले बाँध्ने चोयो र खिपेर विशेष प्रकारले बाँध्ने बाती । २. घरबार आदिलाई चोयाको जुइनाले बाँध्ने कार्य । ३. झुप्रो अर्थात् घर बनाउने र मर्मत गर्ने कार्य ।

**चोर्-नु**– स० क्रि० [सं० चोर+नु] लुकीछिपी कसैले थाहा नपाउने गरी अर्काको धनमाल हरण गर्नु; अर्काको सम्पत्ति खुसुक्क लैजानु; लामो हात गर्नु; चोरी गर्नु ।

**चोर**– ना० [सं०] १. कसैले पनि थाहा नपाउने गरी अर्काको धनमाल अपहरण गर्ने व्यक्ति; तस्कर । वि० २. लुकेर रहेको; गुप्त । ३. अरूलाई ठग्ने वा कम्ती माल दिने; बेइमान । ४. चोर्ने । ५. चुहिएर छिर्ने (चोर घाम, चोर घर आदि) । ६. मनको कुरा लिने वा चित्त हरण गर्ने । ~ **आँखे**– वि० १. लुकीछिपीकन आँखा कर्काउने; अरूले नदेख्ने गरी यताउति हेर्ने । २. अर्काले देख्न नसक्ने ठाउँमा देख्ने । ~**आँखो**– ना० १. बाता वा चोया काड्दा चिरेका बाँसका बीचमा पर्ने आँख्लो; भालुआँखो । २. लुकीछिपीकन हेर्ने आँखो; कर्के आँखो । ~**उद्योग**– ना० सरकारी नियम-कानुनलाई छलेर वा सर्वसाधारण जनतालाई ठग्ने उद्देश्यले गरिने उद्योग; कालो उद्योग । ~ **औँले**– वि० १. चोरका जस्ता औँला भएको; चोर्ने औँला भएको । २. चोर औँला मात्र भएको । ~**औँलो**– ना० बूढी औँलो र माझी औँलाका बीचको औँलो; औँलो; तर्जनी । ~**कमिलो**– ना० झुक्याएर वा छलेर ज्यादै असह्य हुने गरी चिल्ने कालो रङको कमिलो । ~ **खर**– ना० १. पुरानो खरको छानो मकाएर पानी चुहिने ठाउँमा बीचबीचमा घुसारिने नयाँ खर । २. छाएको ठाउँमा त्यान्द्रा पारेर तुर्लुङ्ङ झुन्डिएको खर । ~ **गेडे**– वि० चोर गेडाहरू मिसिएको वा भएको (मास, भटमास, सानो केराउ इ०) । ~ **गेडो**– ना० भिजाउँदा पनि नभिज्ने र पकाउँदा पनि नपाक्ने मास, केराउ, चना आदिको गेडो; अटेर्नु; डाइनु । ~ **चकार**– ना० १. सानोतिनो चोर; ठिनेमिने चोर; चोट्टा । २. चोर र चकार । ~**जुवा**– ना० जुवा खेल्न नपाइने दिनमा खेलिने जुवा; जतिखेर पायो उतिखेर खेलिने जुवा; बाह्रमासे जुवा । ~**बजार**– ना० चोरेर ल्याएका मालसामानहरू किनबेच गर्ने बजार; लुकाईछिपाईकन मालसामान किनबेच गरिने बजार; कालोबजार । ~**बजारिया**– वि० चोरबजारमा किनबेच गर्ने; चोरी व्यापार गर्ने (मान्छे) । ~**बजारी**– ना० चोरीका मालसामान किनबेच गर्ने काम । ~ **बत्ती**– ना० १. प्रायः चोरले लिने बत्ती; तुरुन्त बाल्न र निभाउन हुने बत्ती । २. टर्चलाइट । ~**बाटो**– ना० खुसुक्क निक्लने र मूलबाटोबाट भन्दा छिटो पुगिने, अन्तरकुन्तरबाट झिकिएको बाटो; छड्के बाटो । ~**बाली**– ना० एक जातको बाली लगाएका छेउ-कुनामा लगाएको अर्को जातको बाली । (मकै बालीभित्र धान, धान खेतका आलीमा मास आदि) ।

**चोराइ**– ना० [√ **चोर्** (+आइ)] चोर्ने प्रवृत्ति, क्रिया वा प्रक्रिया । [▷] **चोराइनु**– क० क्रि० चोर्न लगाइनु । **चोराउनु**– प्रे० क्रि० चोर्न लगाउनु । **चोराचोर**– ना० एकले अर्काको चोरी गर्ने काम; परस्परमा चोरी हुने काम । **चोरिनु**– क० क्रि० १. चोर्ने काम गरिनु । अ० क्रि० २. चोरी हुनु ।

**चोरी**– ना० [सं० चोर+ई] मालधनीले थाहा नपाउने गरी माल चोर्ने काम; अर्काका हकदाबीको चलअचल सम्पत्ति खुसुक्क आफ्नो हकदाबीभित्रको बनाउने क्रिया; चोर्ने काम । ~ **चकारी**– ना० चोरचकारको काम; सानोतिनो वा ठिनेमिने चोरी । ~ **जुवा**– ना० हे० चोरजुवा । ~**निकासी**– ना० एक ठाउँबाट अर्को ठाउँमा वा एक देशबाट अर्को देशमा लान रोक्का गरिएका वस्तु लुकाईछिपाई ती ठाउँमा पठाउने काम; सरकारको भन्सार, चौकी आदि छली बाहिरफेर मालसामान निकासी गर्ने काम । ~**पैठारी**– ना० १. स्वदेशमा ल्याउन मनाही गरिएका सामानहरू लुकीछिपी वा सिमानाका भन्सारलाई छलेर अबाटाबाट ल्याउने काम । २. नियमअनुसार भन्सारमहसुल नतिरी मालसामान भित्र्याउने वा ल्याउने काम ।

**चोलक**– ना० [सं०] १. सानो किसिमको चोलो; चोली । २. सुरक्षाका निम्ति लगाइने साधन; कवच ।

**चोला**– ना० [सं० चोल] १. शरीर; जीउ । २. जन्म; जुनी । ३. चोलो । – **चोली**– ना० साना-ठूला चोलाहरूको समूह; चोला र अरू त्यस्तै वस्तुको समूह ।

**चोली**– ना० [चोलो+ई] १. चोलाको सानो रूप; सानो चोलो । २. जामा, घाँगर आदिको कम्मरमाथिको अवयव ।

**चोले**– वि० [चोलो+ए] १. चोलोजस्तो; चोलाको आकारको; चोलोको । २. चोलो लगाउने ।

**चोलो**– ना० [सं० चोलिका] स्वास्नीमानिसले घाँटीदेखि कम्मरका भागसम्म लगाउने भोटाका आकारको वस्त्र; स्त्रीजातिले लगाउने चौबन्दी (चार ठाउँमा तुना भएको) चोला ।

**चोसाकार**– वि० [चोसो+आकार] चोसो भएको वा परेको; सुर मिलेको; लम्बाइ तथा चौडाइका हरेक कुना चोसादार बनेको । ~**वन**– ना० त्यस्तो चोसाकार वन वा जङ्गल ।

**चोसाचोसी**– ना० [चोसो+चोसी] १. चोसाहरूको समूह; चोसा र अरू त्यस्तै वस्तुको समूह । २. चोसो र चोसी ।

**चोसि-नु**– अ० क्रि० [चोसो+इ+नु] चोसो पर्नु; चोसो हुनु ।

**चोसी**– वि० [चोसो+ई] चोसो भएकी; मुख चुच्चो परेकी; मुखचुच्चे (आइमाई) ।

**चोसे**– वि० [चोसो+ए] १. चोसो निस्केको थुतुनु भएको । २. चोसो परेको; चुस्स परेको; चुच्चे । – **मोसे**– वि० १. चोसाचोसी परेको । २. हे० चोचेमोचे ।

**चोसो**– ना० १. दुई ओठ जोडेर आगाडि तन्काइएको मुख; चुस्स परेको थुतुनु । २. त्यस्तो कोण वा कुनु । – **मोसो**– ना० हे० चोचोमोचो ।

**चोस्याइ**– ना० [√ **चोसि** (+आइ)] चोसिने भाव, क्रिया वा प्रक्रिया । [▷] **चोस्याइनु**– क० क्रि० चोसो पारिनु । **चोस्याउनु**– प्रे० क्रि० चोसो पार्नु; चुच्चो तुल्याउनु ।

**चौ**– ना० [सं० चतुष्क] चारको समुदाय बुझाउने गरी समस्त शब्दका अगाडि रहने शब्द; चउ (जस्तै– चौको, चौतारो, चौबन्दी, चौघेरो इ०) ।

**चौँठाचौँठी**– ना० [चौँठो+चौँठी] सानाठूला चौँठाहरूको समूह; चौँठा र चौँठी ।

**चौँठी**– ना० [चौँठो+ई] सानो खालको चौँठो; चौँठाको सानो रूप ।

**चौँठो**– ना० [चौथो] तलतिरबाट मास्तिर साँगुरिँदै गई सानो ठेकीको जस्तो मुख हुने, काठ कुँदेर बनाइएको, तेल हाल्ने ठेकी; चौथाइबराबरको परिमाणमा तेल आदि अटाउने भाँडो ।

**चौँडिलो**– ना० [चौ+डिल+ओ] चारैतिर होचो भई बीचमा अग्लो भएर फुकेको सानो ठाउँ वा चौर; ढिस्को; थुम्को ।

**चौँतिस**– ना० तेत्तिस र एकको योगबाट बनेको सङ्ख्या; ३४-को अङ्क । > **चौँतिसौँ**– चौँतिस सङ्ख्याको ।

**चौँतीस**– ना० हे० चौँतिस । > **चौँतीसौँ**– वि० हे० चौँतिसौँ ।

**चौँरी**– ना० [सं० चमरी] पुच्छरको फुर्को रौँ नै रौँले ढाकिई झुप्प परेको, ठूला, लामा-लामा र तीखा सिङ भएको, होचा खुट्टा र ठूलो शरीर भएको र दूधचाहिँ सामान्य गाईको भन्दा विशेष पहँलो हुने एक जातको हिमाली गाई; चम्री । ~ **गाई**– ना० चौँरी । ~ **पाटा**– ना० पशुहरूका पिठिउँमा सामान राख्ने कामका लागि चौँरीको ऊनबाट तयार भएको थैलो । ~ **पाते**– ना० भेडाका ऊनमा चौँरीको ऊन मिलाई पाटैपाटाजस्तो पारेर बुनेको कम्बल ।

**चौँरे**– वि० [चँवर+ए] १. पुच्छर चँवरजस्तो झुप्प परेको हुने (गाईबस्तु) । २. पाखे; कोर्काली; असभ्य । ~ **कोदो**– ना० चमरजस्तै झुप्पा बाला लाग्ने एक जातको कोदो ।

**चौँरो**– ना० [सं० चमर] १. चौँरीगाईका पुच्छरको झुप्पो; चँवर । २. पुच्छरका टुप्पामा वा फुर्कामा हुने सेतो रौँको झुप्पो ।

**चौक**– ना०हे० चोक ।

**चौकडा**– ना० [सं० चतुष्कला] १. चार युगको समूह; चतुर्युग । २. चारै खुट्टा उफार्दै बुर्कुसी मार्ने खालको दौडाइ ।

**चौका१**– ना० [सं० चारुष्क] छोटाछोटा सिङ र खैरो वर्ण हुने एक जातको मृग ।

**चौका२**– ना० [सं० चतुष्क] १. जुवाका खेलमा कौडा हान्दा पर्ने एक दाउ (चार चित, चार घोप्टो, आठ चित आदि) । २. चारैतिर बराबर गरी माटो वा काठद्वारा बनाइएको, बस्ने ठाउँ वा साधन । ३. भान्साका चुलाको र मझेरीका बीचको अग्लो खण्ड । ४. धर्मकार्यका लागि बनाएको मण्डप । ~ **चँदुवा**– ना० यज्ञका वेदीवरिपरि गाडिएका सबै लिङ्गाहरूका बीच भुइँमा उठाइने चौको र त्यसदेखि सीधै माथि टाँगिने चँदुवा । – **चौकी**– ना० साना-ठूला चौकाहरूको समूह; चौका र त्यससमानका अरू वस्तुहरूको समूह ।

**चौकिल्ला**– ना० [सं० चतुष्कीलक] १. चार किल्लाको समूह । २. जग्गाजमिनका चारैतिरको सिमाना; साँधसिमाना; चौहद्दी ।

**चौकी**– ना० [चौको+ई] १. सानो खालको वेदी; चौकाको सानो रूप । २. सुरक्षा गर्ने प्रहरीहरू बस्ने ठाउँ वा अफिस । ३. छोटी अड्डा । ४. बस्नका निम्ति बनाइएको चार खुट्टा भएको फलैँचा । ५. सुरक्षाका निम्त बसेका मान्छे । (उदा०– सकल वन उखेल्दै चौकि सम्पूर्ण माऱ्या) । ६. चुलावरिपरिको बस्ने ठाउँदेखि तलतिरको खान बस्ने ठाउँ । ७. साधारण खाट । – **दार**– ना० १. चौकीमा बसेर पालोपहरा दिने व्यक्ति; पाले; पहरादार । २. अघिअघिको ग्रामरक्षक । – **दारी**– चौकीदारको काम वा पद ।

**चौकुना**– वि० [सं० चतुष्कोण] १. चारैतिर कुना भएको; चारकुने; चतुष्कोण । ना० २. चार कुनाको समूह; चौकुनु । > **चौकुने**– वि० चौकुना भएको; चारचोसे ।

**चौके**– वि० [चौको] चार गुनाबराबर; चार दोबर (जस्तो– दुई चौके आठ, चार चौके सोह्र इ०) ।

**चौको**– ना० [सं० चतुष्क] १. चार पाटा गरी ढुङ्गोमाटोद्वारा उठाइएको सानो ढिस्को । २. चारैतिर बराबर गरी बनाइएको काठको बस्ने साधन । ३. खान बस्ने चुलामनिको अलग्ग ठाउँ । ४. वि० चौके (तीन चौको बाह्र, चार चौको सोह्र इ०) ।

**चौकोस**– ना० [सं० चतुष्क] १. झ्याल, ढोका आदिमा काठ, ऐना आदि जड्नका निमित्त बनाइएको चारपाटे खापा; झ्याल, ढोका आदि जड्न वा लगाउनका निम्ति बनाइएको चार पाटा परेको काठको घेरो; फ्रेम । २. चार सुर; चौकोण । वि० ३. चारसुरे । > **चौकोसी**– ना० १. चार कोसको समूह । २. चार कोसको गिर्दा । **चौकोसे**– वि० चार सुर भएको; चारसुरे ।

**चौखण्ड**– ना० हे० चौखन्ड ।

**चौखन्ड**– ना० [चार+खण्ड] १. चार खण्डको समूह । २. अपहत्ते; ठूलो आग्रह । वि० ३. चार गुनाबराबर; चार दोबर; चौबर ।

**चौखुँडा**– वि० [सं० चतुखण्ड] १. चारैतिर कुना परेको; चारपाटे । ना० २. चार कुनाको समूह । > **चौखुँडे**– वि० चार खुँडा भएको; चौकुने; चारकुने ।

**चौखुट**– ना० [सं० चतुष्क] १. चारैतिर बराबर गरी तयार पारिएको वस्तु; चारै कुना मिलेको वा भएको साधन । २. झ्याल, ढोका आदिका निम्ति बनाइएको द्वारमण्डल; चौकोस । ३. बराबर अड्कलिएका चार अंशमध्ये कुनै एक ।

**चौखुट्टे**– वि० [चार+खुट्टे] १. चार खुट्टा भएको (पशु वा खाट, खटिया, मेच आदि) । ना० २. पशु; चौपाया ।

**चौखुर**– ना० [चार+खुर] चार खुरको समूह; चारवटा खुर । > **चौखुरिनु**– अ० क्रि० १. चार हातखुट्टा एकै ठाउँमा कसेर बाँधिनु । २. हातगोडा नचल्ने अवस्थामा पुग्नु । **चौखुरी**– ना० पशुका खुरनिर रहेको एक अवयव । **चौखुऱ्याइ**– ना० चौखुरिने

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



क्रिया वा प्रक्रिया । **चौखुऱ्याइनु–** क० क्रि० चौखुरिने पारिनु; चौखुऱ्याउने काम गरिनु । **चौखुऱ्याउनु–** स० क्रि०/प्रे० क्रि० १. चार हातखुट्टा एकै ठाउँमा पारेर बाँध्नु । २. चौखुरिने पार्नु । **चौखुऱ्याहट–** ना० चौखुऱ्याउने अवस्था वा क्रियाप्रक्रिया ।

**चौगडा–** ना०हे० चौघडा ।

**चौगरो–** ना० [चार+गरो] चारैतिर घुमेको आली भएको खेतको गरो; खेतको ठूलो गरो ।

**चौगारा चौगारी–** ना० [चौगारो+चौगारी] साना-ठूला चौगाराहरूको समूह ।

**चौगारी–** ना० [चौगारो+ई] चौगाराको सानो रूप ।

**चौगारो–** ना० [चार+गारो] १. चार गाराहरूको समूह । २. चारैपट्टिका गारामा टाँसेर बनाइएको पेटी ।

**चौगिर्द/चौगिर्दा–** ना० [चार+फा० गिर्द] १. घर, जग्गा आदिको चारैतिर बेरिएको पर्खाल । क्रि० वि० २. वरिपरि; चारैतिर ।

**चौगुना–** वि० [चार+गुना] १. चार गुना बराबरको; चारगुना; चारले गुनिएको; चार दोबर; चौबर । क्रि० वि० २. चारको अनुपातमा (ठूलो वा सानो) ।

**चौगेडी–** ना० [चार+गेडी] सुनको घेरा भएको, बीच बीचमा मोती, पन्ना आदि जडिएको ठूलो खालको मुन्द्रोजस्तो गहना ।

**चौगोडी–** ना० [चौ+गोडी] पलैँटी ।

**चौघडा–** ना० [सं० चतुष्कुट] राता आँखा र जीउ सेता वा कालो टाटा भएको, घाँस खाने, चारै गोडा उचालेर हिँड्ने, खरायोका जातको घरपाला जन्तु; घरखरायो; चौगडा ।

**चौघडी–** ना० [चार+घडी] चार घडीको समय ।

**चौघडी–** ना० [चार+घोडा+ई] चारवटा घोडाद्वारा तानिने बग्गी; चौघोडी । > **चौघडे–** वि० चारवटा घोडा भएको; चौघोडे ।

**चौघरा–** ना० [चार+घर] १. बीचमा आँगन वा चोक राखी त्यसको चारैतिर बनाइएको घर । वि० २. चौघडे ।

**चौघान–** ना० [चौ+घान] जिल्ला वा अञ्चल आदिका गाउँ, नगर आदिको बीचमा रहेको वा सरेक (पाहिक) पर्ने गरी तोकिएको मुख्य ठाउँ; सदर मुकाम ।

**चौघेरा–** वि० [चार+घेरा] १. चारैतिर घेरा भएको (घर, जमिन आदि) । ना० २. घरको चारैतिर बनाइएको पेटी ।

**चौघोडी–** ना०हे० चौघडी । > **चौघोडे–** वि० चौघडे ।

**चौचौ–** ना० [प्रा० चाह] लगातारको चाह; उत्कट चाहना ।

**चौटा–** ना० [चौटोको ति० रू०] हे० चौटो । ~**मासु–** ना० हाड, बोसो आदि नभएको मासुको चौटो; फलमासु; रातो मासु । **– चौटी–** ना० १. मासुका साना-ठूला चौटाहरूको समूह । २. चौटा र अरू त्यस्तै चीजहरूको समूह । ३. सानाठूला गराहरूको समूह । ~ **लाम्टा–** ना० १. चौटा र लाम्टाको समूह । २. काम गर्दा ठूलो सास्ती पाएको स्थिति; हैरानी; ठूलो श्रम ।

**चौटि-नु–** अ० क्रि० [चौटो+इ+नु] चोक्टा हुनु; टुक्रिनु ।

**चौटो–** ना० [चोक्टो] १. मासु आदिको टुक्रो वा आलु, मूला, गुन्द्रुक, सिन्की आदिको तरकारी वा अचारको चपाइने अंश; चोक्टो । २. गुन्द्री, कपडा आदिको सानो हिस्सा । ३. खेतका गराको सानो फगटो ।

**चौटचाइ–** ना० [√ **चौटि** (+याइ)] १. चौटिने क्रिया वा प्रक्रिया । [चौटचाउ+आइ] २. चौटचाउने क्रिया वा प्रक्रिया । [>] **चौटचाइनु–** क० क्रि० चौटा पार्ने काम गरिनु । **चौटचाउनु–** प्रे० क्रि० चौटा-चौटा पार्नु; टुक्रा बनाउनु ।

**चौडा–** वि० [प्रा० चउवड] चारैतिर मिलेको र फराक भएको; त्यस्तो आकारको (छाती, नाक इ०) । > **चौडाइ–** ना० चौडापन; फराकिलोपन ।

**चौतरिया–** ना० [चौतारा+इया] १. चौताराको हेरचाहा गर्ने, राजाका सबैभन्दा नजिकका भाइबन्धु । २. राजाद्वारा राजकीय सम्मान पाएका बन्धुवर्ग; राजखलक ।

**चौतर्फ–** ना० [चार+तर्फ] १. चारैतर्फको भाग वा परिधि । क्रि० वि० २. चारैतिर; चारैतर्फ । > **चौतर्फी–** वि० चारैतिरका परिधिको; चारैतिरको; चारैपट्टिको ।

**चौतारा१–** ना० १. राजकाजमा विश्वासका साथ सहयोग गर्ने व्यक्ति; राजाको सहकारी । २. प्राचीन कालमा राजसिंहासन राखिने मञ्च । ३. त्यसमा बस्न पाउने सम्मानित व्यक्ति ।

**चौतारा२–** ना० [√ चौतारो] १. वाग्मती अञ्चलको पूर्वोत्तर भागमा रहेको सिन्धुपाल्चोक जिल्लाको सदर मुकाम । २. चौतारो । – **चौतारी–** ना० साना-ठूला चौताराहरूको समूह; चौतारा र अरू त्यस्तै ठाउँको समूह । > **चौतारिलो–** वि० चौतारोजस्तै परेको । **चौतारी–** ना० चौतारोको सानो रूप; सानो चौतारो ।

**चौतारो–** ना० [सं० चत्वर] १. चारैतिर ढुङ्गा वा इँटले चिनेको, अग्लो पेटीमा मानिसहरू बस्ने र सुस्ताउने समेत व्यवस्था भएको ठाउँ । २. वर-पीपल आदिका छाहारीमुनि वरिपरि ढुङ्गा वा इँटले चिनेर त्यसमाथि पेटी बनाइएको ठाउँ ।

**चौताल–** ना० [चार+ताल] ताल-वादनको चार एकाइमा विशेष प्रकारको ध्वनन वा गुञ्जन निकाल्ने ताल; तबलाको एक खालको ताल ।

**चौताले–** वि० [सं० चतुर] अत्यन्त बाठो; अति चतुर; बित्पाते ।

**चौतिस–** ना० [सं० चतुस्त्रिंशत्] १. तीस र चार अङ्कको योग भएको सङ्ख्या । २. तेत्तीसपछि आउने सङ्ख्या; ३४-को अङ्क । > **चौतिसौँ–** वि० चौतीस सङ्ख्यामा पर्ने; तेत्तीसपछिको पहिलो ।

**चौतीस–** ना० हे० चौतिस । > **चौतीसौँ–** वि० हे० चौतिसौँ ।

**चौथाइ–** ना० [चोथो+आइ] १. कुनै वस्तु वा विषयका चार भागको एक भाग । २. एक मानाका चार भागमध्ये एक भाग भर्ने सानो भाँडो । ३. मानाको चतुर्थांश (नाप) ।

**चौथी१–** ना० [सं० चतुर्थी] १. शुक्ल एवं कृष्ण दुवै पक्षको चारौँ तिथि । वि० २. चारौँ क्रममा गणना हुने (स्त्री) । ३. निम्न क्रममा परेकी; निम्न सङ्ख्यामा गनिएकी; चुत्थी ।

**चौथी२–** ना० [चतुर्भद्रिका] १. दूधे बालकलाई घोटीका साथमा

मिसाएर खुवाइने मोथे, पिपला, मजिठो र कर्कटशृङ्गीको धूलो । २. यसरी तयार गरिएको एक थरी आयुर्वेदिक औषधी ।

**चौथो–** वि० [सं० चतुर्थ] १. तेस्रोपछिको; चतुर्थ । २. गन्दा वा गन्ती गर्दा चारौँमा पर्ने; रोलक्रममा चारौँमा परेको ।

**चौदण्डी–** ना० हे) चौदन्डी ।

**चौदन्डी–** ना० [सं० चतुर्दण्डक] १. चारैतिर दण्डले घेरिएको फराकिलो जग्गा; चारैतिर खुला रहेको ठाउँ । २. उदयपुर जिल्लाको प्राचीन नाम ।

**चौदन्त ⁄ चौदन्ता–** वि० [सं० चतुर्दन्त] १. चार दाँत वा दाह्रा भएको । ना० २. चार दाँत वा दाह्रा भएको हात्ती ।

**चौध–** वि० [सं० चतुर्दश] १. दस अङ्क र चार अङ्कका योगसङ्ख्याको । ना० २. तेह्रपछिको सङ्ख्या, १४-को अङ्क ।

**चौधराई–** ना० [चौधरी+आई] १. नेपाल तराईका जिल्ला, मौजामा आबादगुल्जार गराउने र सो मौजाको असुलतहसिल गरी सरकारमा बुझाउने चौधरीले गर्नुपर्ने काम-कर्तव्य । २. सो काम गरेबापत खान पाउने दस्तुर ।

**चौधरी–** ना० [सं० चतुर्धुरिक] १. चारै वर्ण वा आश्रममा रहने व्यक्तिहरूको देखभाल गर्ने व्यक्तिलाई दिइने पदविशेष । २. तराईवासी वा तराई मूलका थारूहरूलाई सम्मान गरी बोलाउँदा प्रयोग गरिने शब्द ।

**चौधुन्द ⁄ चौधुन्ध–** क्रि० वि० [चौ+धावन्त] असाध्यै; चौपट्टै; बिछट्ट ।

**चौधौँ–** वि० [चौध+औँ] चौध सङ्ख्याको क्रममा आउने; चौध नम्बरमा गनिने; तेह्रपछिका सङ्ख्याको ।

**चौपट–** ना० [सं० चतुष्पट] १. कौडा खेलको एक दाउ; चार ठाडा । २. सत्यानाश । ३. अन्याय; जुलुम । क्रि० वि० ४. धेरै; निकै; चौपट्टै । वि० ५. नष्ट; छारस्ट; स्वाहा । ६. चारैतिरबाट खुला वा छर्लङ्ङ (जमिन आदि) । ७. चारपाटे ।

**चौपट्ट–** क्रि० वि० [चौपट] १. अत्यन्त; बिछट्ट । वि० २. अति; ज्यादा; धेर ।

**चौपट्टी–** ना० [सं० चतुष्पटिका] १. चारैतर्फ सुर मिलेको जमिन । २. जग्गाको चौहद्दी ।

**चौपर्खाल–** ना० [चार+पर्खाल] जग्गा-जमिन, घर, बगैँचा आदिलाई घेर्न चारैतिरबाट उठाइएको पर्खाल; चारैतिर घेरेर उठाइएको पर्खाल ।

**चौपाई–** ना० [सं० चतुष्पदी] १. चारोटा खुट्टा भएको काठ आदिको खाट । २. चार पाटा परेको कुनै बिछ्याउना । ३. एक पाउमा सोह्र मात्रा भएको अन्तिम दुई अक्षर गुरु हुने मात्रिक छन्द ।

**चौपाया–** वि० [सं० चतुष्पद] १. चारवटा खुट्टा हुने । ना० २. चारखुट्टे पशु ।

**चौपाला१–** ना० [चार+पल्ला] १. हात्तीको हौदामाथि जडिएको चँदुवा भएको बस्न हुने साधन । २. म्यानाका आकारको सवारीसाधन ।

**चौपाला२–** ना० [चार+पाला] पूजाका विभिन्न सामान राख्ने, चार खण्ड भएको, धातुको भाँडो; पूजाको भाँडो ।

**चौबन्दी–** ना० [चार+बन्दी] दाहिने कोखातिर तलमाथि दुई ठाउँ र देब्रे कोखातिर तलमाथि दुई ठाउँ गरी जम्मा चार ठाउँमा बाँधिने तुना भएको वस्त्र (चोलो, भोटो इ०) । ~**चोलो–** ना० चार ठाउँमा तना बाँधिने चोलो । ~**भोटो–** ना० चार ठाउँ तना बाँध्नुपर्ने भोटो ।

**चौबर–** वि० [चार+बार] १. चार गुना परिमाणको । २. चौखण्ड; चार पटकलाई पुग्ने (कुनै वस्तु) ।

**चौबाटो–** ना० [चार+बाटो] चारवटा बाटाहरू मिलेको ठाउँ; चारैतिर जाने बाटा भएको खुला ठाउँ ।

**चौबास–** ना० [चार+वास] १. एकै घरका मानिसहरूले चारतिर बास गर्ने काम; चारतिर बास हुने स्थिति । २. चौथो दिनको बास ।

**चौबिस–** वि० [सं० चतुर्विंशति] १. बीस र चार जोडेको सङ्ख्याजति । ना० २. चौबीसको सङ्ख्या; '२४'-को अङ्क । > **चौबिसी ⁄ चौबिसे–** ना० १. चौबीसवटा सानासाना राज्यहरू भएको क्षेत्र; गण्डकी-प्रस्रवण-क्षेत्रका राज्यहरूलाई मध्यकालीन नेपालमा दिइएको सामूहिक नाम (लमजुङ, कास्की, नुवाकोट, सतहुँ, गरहुँ, भीरकोट, ढोर, पैयूँ, तनहुँ, रिसिङ, घिरिङ, गजरकोट, पाल्पा, गुल्मी, अर्घा, खाँची, पर्वत, गलकोट, मुसिकोट, धुरकोट, इस्मा, प्यूठाना, खुमरी, बिमरी) । वि० २. चौबीसको; चौबीससम्बन्धी । **चौबिसौँ–** वि० चौबीस अङ्क वा सङ्ख्यामा पर्ने; तेइसपछिको पहिलो ।

**चौबीस–** वि० हे० चौबिस । >**चौबीसी–** ना० हे० चौबिसी । **चौबीसे–** ना० हे० चौबिसे । **चौबिसौँ–** वि० हे० चौबीसौँ ।

**चौमास–** ना० [सं० चतुर्मास] १. चार महिनाको समूह । २. आषाढ शुक्ल एकादशीदेखि कात्तिक शुक्ल एकादशीसम्मको अवधि । >**चौमासा–** ना० १. चौमास । २. चौमासका अवसरमा गरिने धर्म-कर्म । **चौमासे–** वि० चार महिनामा हुने वा भएको; चारमहिने (पत्र, पत्रिका इ०) ।

**चौमुखी ⁄ चौमुखे–** वि० [चार+मुख+ए] १. चारमुखे । २. चारतिरबाट गरिने वा हुने ।

**चौमुहान–** ना० [चार+मुहान] १. चारैतिरका मुहान एकै ठाउँमा मिल्ने ठाउँ । २. चार मार्ग वा नदीको सङ्गम (बाटो, गौँडो, नदी, घाट आदि) । >**चौमुहाने–** वि० १. चौमुहान रहेको वा भएको (ठाउँ) । २. चौमुहानका छेउछाउ बस्ने ।

**चौर१–** ना० [सं० चत्वर] दूबो आदि घाँस उम्रिएको खुला मैदान; चउर ।

**चौर२–** ना० [सं०] १. चोरीको काम गर्ने व्यक्ति; चोर । २. संस्कृत भाषाका एक प्राचीन कवि । **– कर्म–** ना० चोर्ने काम; धनसम्पत्ति हरण गर्ने काम; चोरी ।

**चौरचन–** ना० [सं० चौर+चन्द्र] १. गणेश चौथीका दिन मनाइने सांस्कृतिक उत्सव; गणेश चौथीका राती फलफूल आदि चोर्ने पर्व । २. लोकधारणाअनुसार उक्त चौथीका दिन चौरदोषबाट लाञ्छित चन्द्रमा; चथा (नेवा०) ।

**चौरस–** वि० [सं० चतुरस्र] १. चार कुना परेको; चार कुना मिलेको; चारकुने (ठाउँ, जमिन, वस्तु इ०) । २. फराकिलो र सम्म ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Gha'.p65



**चौरस्ता**– ना० [चार+रस्ता] चारैतिरबाट छुट्ने र मिल्ने ठाउँ; चौबाटो ।

**चौरानब्बे**– ना० [प्रा० चउरणब्बइ <सं० चतुर्नवति] १. नब्बे र चार जोड्दा हुने सङ्ख्या; ९४-को अङ्क । वि० २. नब्बेमाथि चार थप्दा हुने सङ्ख्याको; त्यति सङ्ख्यामा पर्ने । > **चौरानब्बेऔँ/चौरानब्बेयौँ**– वि० चौरानब्बे सङ्ख्यामा आउने वा पर्ने ।

**चौरान्नब्बे**– ना०/वि० हे० चौरानब्बे । >**चौरान्नब्बेयौँ**– वि० चौरानब्बेऔँ ।

**चौरास**– ना० [√ चौरस] १. चढिने घोडाका घाँटीमा लगाइने ससाना घण्टहरूको माला । २. जीवले चौरासी योनि घुम्नु पर्छ भन्ने कथन; सबैतिर (जस्तै– चार-चौरास) ।

**चौरासिऔँ/चौरासियौँ**– वि० चौरासी सङ्ख्याको क्रममा आउने; चौरासी अङ्कको क्रममा रहेको ।

**चौरासी**– ना० [प्रा० चउरासीइ <सं० चतुरशीति] १. असी र चार जोडिँदा हुने सङ्ख्याबराबरको अङ्क; ८४-को अङ्क । वि० २. असी र चार जोड्दा हुने सङ्ख्याको; सो सङ्ख्यामा पर्ने । ~**आसन**– ना० १. योग-साधना गर्दा बसिने चौरासीवटा मानिएका आसन । २. रतिक्रीडाका विभिन्न आसन । ~**सिद्ध**– ना० इसाका आठौँ शताब्दीका आधाआधीदेखि बाह्रौँ शताब्दीसम्म भएका प्रधान चौरासी सिद्ध [लूइपा, लीलापा, विरूपा, डोन्डिपा, शवरपा, सरहपा, कङ्कालीपा, मीनपा, गोरक्षपा, चोरङ्गीपा, वीणापा, शान्तिपा (रत्नाकर शान्ति), तन्तिपा, चमरिपा, खड्गपा, नागार्जुन, कन्हपा (चर्यपा), कर्णरिपा (आर्यदेव), थगनपा, नारोपा, शलिपा (शीलपा), तिलोपा (तिल्लोपा), छत्रपा, भद्रपा, दोखन्धिपा (द्विखण्डिपा), अजोगिपा, कानपा, धोम्मिपा, कङ्कणापा, खमरिपा (कम्बलपा), डेङिपा, भर्दपा, तन्धेपा (तन्तेपा), कुकुरिपा, कुचिपा (कुसूलिपा), धर्मपा, महीपा (महिलपा), अचिन्तिपा, भलहपा (भवपा), नलिनपा, भुसुकुपा, इन्द्रभूति, मेकोपा, कुठालिपा (कुद्दालिपा), कर्मारपा (कम्बरिपा), जालान्धरपा (जालधारक), राहुलपा, धर्वरिपा (धर्मरिपा), भोहरिपा, मेदनीपा, पङ्कजपा, घण्टापा (वज्रपा), जोगीपा, (अजोगिपा) चेलुकपा, गुण्डरिपा (गोरुरपा), लुचिकपा, निर्गुणपा, जयानन्त, चर्पटिपा (पचरिपा), चम्पकपा, भिखनपा, भलिपा, कुमरिपा, खरिपा (जवरि-अजपलिपा), मणिभद्रा (योगिनी), मेखलापा (योगिनी), कनखलपा (योगिनी), कलकलपा, कन्तलिपा (कन्थालिपा), धहुलिपा (धहुरिपा), उधलिपा (उधरिपा), कपालपा (कमलपा), किलपा, सागरपा, सर्वभक्षपा, नागबोधिपा, दारिकपा, प्रतुलिपा, पनहपा (उपानहपा), कोकालिपा, अनङ्गपा, लक्ष्मीकरा (योगिनी), समुदपा र भलिपा (यालिपा)] । >**चौरासीऔँ/चौरासीयौँ**– वि० चौरासियौँ ।

**चौर्य**– ना० [सं०] चोरी; चोरीको काम । – **रत**– ना० लुकीछिपी गरिने सम्भोग; गुप्त मैथुन । – **वृत्ति**– ना० चोरीको पेसा; चोरी नै जीविकाको मुख्य आधार हुने व्यवहार ।

**चौल**– ना० [सं०] द्विजजातिले मानिआएका सोह्र संस्कारमध्ये एक संस्कार; चूडाकर्म; मुण्डन; छेवर । – **कर्म**– ना० छेवर; मुण्डन ।

**चौलानी**– ना० [चामल+पानी] चामल भिजाएर निकालेको पानी; चामल पखालेको पानी । >**चौलाने**– ना० १. लुँडेको साग । २. चिल्ला र ठूला पात हुने साधारण जातको रूख । वि० ३. चौलानीजस्तो पातलो (मही आदि) ।

**चौशाला**– ना० [सं० चतुश्शाला] बीचमा फराकिलो आँगन राखी त्यसवरिपरि घुमाएर बनाइएको घर ।

**चौसट्ठिऔँ/चौसट्ठियौँ**– वि० चौसट्ठी सङ्ख्याका क्रममा आउने; चौसट्ठी सङ्ख्याको ।

**चौसट्ठी**– ना० [सं० चतुःषष्ठी] साठी र चार जोड्दा हुने सङ्ख्या; ६४-को अङ्क । वि० २. साठी र चारको योगबाट बन्ने; सो सङ्ख्यामा पर्ने वा हुने >**चौसट्ठीऔँ**– वि० हे० चौसट्ठिऔँ ।

**चौसर**– वि० [चार+सुर] १. चारैतिर सुर मिलेको; चारै कुना बराबर भएको । ना० २. त्यस्तो वस्तु वा जमिन ।

**चौसल्ला**– ना० [चार+शाल] १. चार पत्र भएको शाल । २. राजामहाराजाहरूबाट विशेष उत्सवमा विशिष्ट व्यक्तिहरूलाई सम्मान जनाउन ओढाएर दिइने शालका चार पर्दा वा पत्र ।

**चौसाला**– वि० [चार+साल] १. चार वर्षमा पूरा हुने; चार वर्षका लागि रहने वा रहेको । ना० २. चार वर्षमा पूरा भएको वा चार वर्षका लागि बन्दोबस्त मिलाइएको वस्तु । ~**रकम**– ना० चार वर्षमा चुक्त्याइने वा बुझाइने रकम वा दस्तुर ।

**चौहद्दी/चौहट्ठी**– ना० [चौहद्दी] जग्गाजमिनको चारैतिरको सीमा; जग्गाको चारै किल्ला; निश्चित जमिनको सेरोफोरो ।

**चौहत्तर**– ना० [प्रा० चौहत्तरि <सं० चतुःसप्तति] १. त्रिहत्तरपछि आउने सङ्ख्या; ७४-को अङ्क । वि० २. सत्तरी र चारका योगसङ्ख्याको; सो सङ्ख्यामा पर्ने वा हुने । >**चौहत्तरौं**– वि० चौहत्तर सङ्ख्यामा पर्ने वा आउने; चौहत्तर नम्बरको ।

**चौहत्ता/चौहत्ती**– वि० [चार+हात] चार हात लामो; चार हातको नाप भएको; चारहाते ।

**चौहद्दी**– ना० [चार+हद] चारैतिरको हद वा सीमा; चार किल्ला ।

**च्च**– ना० [अ० मू०] ज्यादै प्रफुल्लित, हर्षित र आश्चर्यचकित हुँदा स्वभावतः जिब्रो बज्ने वा बजाइने ध्वनि । – **च्च**– ना० त्यसरी प्रफुल्लित, हर्षित एवं आश्चर्यचकित हुँदा जिब्रो बज्ने वा बजाइने द्विरुक्त ध्वनि ।

**च्यवन**– ना० [सं०] १. चुहुने काम; तप्काइ । २. पुराणअनुसार अश्विनीकुमारले औषधी गरी बूढो अवस्थाबाट जवान बनाइएका प्रसिद्ध एक प्राचीन ऋषि । – **प्राश**– ना० चाटेर खाइने एक प्रकारको शक्तिवर्द्धक आयुर्वेदीय औषधी ।

**च्याँख१**– ना० हे० च्याँखु ।

**च्याँख२**– ना० [सेखी >स्याँख] १. करौंतीले काठ चिरिरहेका बखत करौंती नच्यापियोस् भनेर चिरेका ठाउँमा घुसारिने कीलो; फेसो; चुकुल । २. अहङ्कार; अहमत्याइँ; फुइँकी । ~**तोडाइ**– ना० कसैको फुर्ती, अहमत्याइँ, इच्छा आदिलाई दमन गरी साटो फेर्ने काम; मेख मार्ने काम; च्याँख तोड्ने काम ।

**च्याँखु**– ना० [भो० ब०] हिमाली भेकमा पाइने सेतो रङको सिंह; च्याख ।

**च्याँखे–** ना० [चाख+ए] १. जुवामा खाले र खेलाडीबाहेकका व्यक्तिले बल्भ्फाउनका निमित्त थापेको रुपियाँ-पैसा । २. त्यस्तो पैसा थाप्ने व्यक्ति । ~**दाउ–** ना० आफूले थापेको च्याँखे बल्भिफयोस् भनी विचार गर्ने दाउ; त्यसरी विचार गरेर च्याँखे राख्ने वा बल्भ्फाउने काम । ~**धर्ना–** ना० च्याँखेले जस्तै धर्ना कस्ने काम; यताउति डेग नचली आस गरेर बस्ने काम ।

**च्याँख्ला–** ना० [च्याँख+ला] १. मकै पिँधेर भुस र पीठो छुट्ट्याइएको चामल; मकैको चामल । २. विरक्ति वा झर्को लागेर भन्दा धान, मकै दुवैको चामल ।

**च्याँगा–** ना० लोग्नेमान्छेले लगाउने स्वदेशी घरबुना वा सेतो खाँडीको कपडा (दिव्य०) ।

**च्याँच्याँ–** क्रि० वि० [अ० मू० च्याँ (द्वि०)] १. ससाना बालक रुने किसिमले । २. चराका बच्चाहरू कराउने छाँटसँग; च्याउँच्याउँ ।

**च्याँठ–** ना० [स्याँठ] झनक्क उठेको रिस; झोक; फुर्ती । > **च्याँठिनु / च्याठ्ठिनु–** अ० क्रि० एक्कासि रिसाएर ठूलो स्वरले बोल्नु; कड्कनु ।

**च्याँसे–** वि० [च्याक्से] हाडछाला मात्रै भएजस्तो दुब्लो; मरन्च्याँसे; चाउरे; सुकुटे; सिलीखुट्टे ।

**च्याइँ–** क्रि० वि० [अ० मू०] १. तातेका धातुका भाँडाकुँडामा पानी हाल्दा वा पर्दा आवाज आएझैँ गरी । २. आगाको भुङ्ग्रोमा पानी पर्दा आवाज आएजस्तै । ३. तताएको घिउ-तेलमा तरकारी ओइरँदा आएको आवाजझैँ । ना० ४. त्यस्ता प्रकारको आवाज । ~**मकै–** ना० तातेका हाँडीमा च्याइँ पार्दै भुटिएको, तात्तातै खाँदा पनि च्याउँच्याउँ हुने, राम्ररी दूध सुकिनसकेका, चिसा अलौटा मकै; भुटेका दूधे वा अलौटा मकै ।

**च्याउँच्याउँ–** ना० [अ० मू० च्याउँ (द्वि०)] १. चराचुरुङ्गीहरू एकैचोटि कराउँदा सुनिने आवाज । २. दिक्क लाग्ने गरी केटाकेटीहरू कराएको आवाज । ३. कचकच गर्ने काम । क्रि० वि० ४. चराचुरुङ्गी कराएझैँ गरी । ५. केटाकेटीहरू बोलेसरि; क्याउँक्याउँ ।

**च्याउँ मकै–** ना० [च्याउ+मकै] हे० च्याइँमकै ।

**च्याउ–** ना० [सं० छत्राक] बर्खाको याममा भुइँ, काठ, ढुङ्गा, बाँस, गोबर आदिमा उम्रने, विभिन्न रङ र आकारप्रकारको, खान हुने र नहुने एक नरम वनस्पति ।

**च्याउ-नु–** अ० क्रि० हे० चियाउनु ।

**च्याकुलच्याइँ / च्याकुलझ्याइँ–** ना० दुई जनाले दुईतिर समाएर झुन्डचाउँदै ल्याउने वा लैजाने काम; झ्याइँकुटी; झ्यानाकुटी ।

**च्याखुरो–** ना० [सं० चकोर] १. तित्रा र कुखुराझैँ लड्नमा प्रसिद्ध, कालिजभन्दा सानो र तित्राभन्दा ठूलो, रातो चुच्चो हुने, खैरो भुइँ भएको, रागे चरो । २. कुनै प्रेमीले प्रेमिकालाई हेरेझैँ शुक्लपक्षमा चन्द्रमालाई हेरिरहने उपमामा प्रयुक्त हुने सोही चरो; चकोर ।

**च्याङ्ग्रे–** ना० [च्याङ्ग्रो+ए] १. च्याङ्ग्रा बिक्री गर्न ल्याउने व्यक्ति । वि० २. अत्यन्त दुब्लो; सुकुटे; नसे; च्याँसे । ~**धर्ना–** ना० कहिले सस्तो पाइएला भनी कुरिरहने काम ।

**च्याङ्ग्रो–** ना० [भो० ब०] १. जीउमा लामालामा झ्यापुल्ले भुत्ला हुने र हिमाली इलाकामा पाइने एक जातको बाख्रो । वि० २. दुब्लो; नसे; च्याँसे; च्याङ्ग्रे ।

**च्याटच्याट–** क्रि० वि० [अ० मू० च्याट्+अ (द्वि०)] १. बराबर टाँसिने गरी लस्सा लागेर । २. बराबर डोरी आदि छिन्ने गरी ।

**च्याट्ट–** क्रि० वि० [अ० मू० च्याट्+ट] १. लस्सादार वस्तु एकै पल्ट टाँसिएझैँ गरी । २. डोरी आदि छिन्दा चड्का आवाज आएझैँ ।

**च्यात्-नु–** स० क्रि० १. कपडा, कागत, पात आदि वस्तुलाई छुट्ट्याउनु वा फार्नु; टुक्रा पार्नु; नष्ट पार्नु । २. फट्टाउनु; चिर्नु । ३. जबरजस्ती खोस्नु (दिव्य०) । >**च्यातचुत–** ना० च्यात्नेवर्ने काम; कामका लागि वा विनाकाममा पनि कपडा आदि च्यात्ने वा फाड्ने काम । **च्यातचुते–** ना० १. कामका लागि च्यात्न राखिएको वा ठिक्क पारिएको कपडा; च्यातचुतका निम्ति छुट्ट्याइएको कपडा, कागत आदि । वि० २. च्यातिएको; च्यात्न ठिक्क पारिएको । **च्यातच्याती–** क्रि० वि० कपडा, कागत आदि च्यातिँदा आवाज आएझैँ गरी । **च्याताच्यात–** ना० परस्परमा एक अर्काका लुगाफाटो आदि धमाधम च्यात्ने काम । **च्यातिनु–** स० क्रि० १. कपडा, कागत आदि टुक्रिनु; फाट्नु; चिथ्रा हुनु । क० क्रि० २. चिरिनु; फारिनु ।

**च्यान्टा–** वि० सानो गाँठी वा कदको; छरितो र चट्ट परेको । ~**घोडा–** ना० सानो गाँठीको फुर्तिलो घोडा । ~**च्यान्टी–** ना० सानाठूला धेरै च्यान्टाको समूह । >**च्यान्टी–** वि० सानो गाँठी वा कदकी; छिटी-छरिती र चट्ट परेकी (आइमाई) ।

**च्यान्टे–** वि० [च्यान्टा / च्यान्टो+ए] च्यान्टा वा च्यान्टो परेको; सानो गाँठी वा कदको । ~**कर्मी–** वि० कुनै वस्तु जोड्ने साधन वा उपकरण (ज्वाइनर) ।

**च्यान्टो–** वि० १. सानो गाँठीको र छरितो; बलियो र पुड्को; च्यान्टा । ना० २. त्यस्तो मानिस वा गाईबस्तु ।

**च्याप्-नु–** स० क्रि० [प्रा० चप्प+नु] दुईतिरबाट च्याप्प पारेर दबाउनु; दाबिने गरी थिच्नु ।

**च्यापच्याप–** क्रि० वि० [अ० मू० च्याप्+अ (द्वि०)] १. लस्सादार वस्तु टाँसिएझैँ गरी; च्याटच्याट । २. गर्मी, परिश्रम वा धकले मुख सुकाएर । ३. नरम वस्तु चपाउँदा शब्द निस्केझैँ गरेर ।

**च्यापिनु–** क० क्रि० [च्याप्+इ+नु] च्याप्ने काम गरिनु ।

**च्यापु१–** ना० सानो जातको च्याङ्ग्रो; सानो च्याङ्ग्रो ।

**च्यापु२–** ना० [सं० चिबुक] १. चिउँडादेखि तलतिर र रुद्रघण्टीदेखि माास्तिरको भाग; तल्लापट्टिका गिंजा रहने भाग । २. चिउँडो ।

**च्यापो–** ना० [च्याप्+ओ] दुईतिरबाट च्याप्ने साधन वा यन्त्र; चेपुवा ।

**च्याप्जु / च्याप्ज्यू–** ना० धेरै पुस्ता माथिका बाजेबराजु ।

**च्याप्टि-नु–** अ० क्रि० [च्याप्टो+इ+नु] १. थिचिएर वा ङ्चाचिएर पातलो हुनु; च्याप्टो हुनु । २. दुईतिरका वस्तुका चेपमा परेर थिचिनु ।

**च्याप्टी–** ना० [च्याप्टो+ई] १. कुनै वस्तुलाई च्यापेर झिक्ने वा राख्ने कामका लागि चाहिने साधन; चिम्टी । वि० २. च्याप्टो आकार भएकी (आइमाई) । ~**काँटी–** ना० कपाल आदि च्याप्ने

काँटा; सेप्टीपिन ।

**च्याप्टे–** वि० [च्याप्टो+ए] च्याप्टो परेको; च्याप्टो आकार भएको । ~**सिउँडी–** ना० पहेँला फूल र पहेँलै फल हुने, लामा-लामा काँडैकाँडा भएको, बाक्लो पातका छाँटको, एक प्रकारको सिउँडी; मदिसेकाँढो ।

**च्याप्टो–** वि० [सं० चिपिट] चेप्टो परेको; चेप्टो बनेको; चेप्टिएको ।

**च्याप्प–** क्रि० वि० [अ० मू० च्याप्+प] १. मुख सुकेर जिब्रो तालुमा जोडिएजस्तै गरी । २. कुनै वस्तुमा टाँसिएझैँ भएर ।

**च्याप्सो–** ना० [च्याप्+सो] १. च्याप्ने साधन । २. एउटै फल्याक चिरेर बीचमा कब्जाजस्तै बनाई उघार्न र लाउन हुने तथा पुस्तक राख्ने काम गरिने काठको साधन; खटिया । ३. रेखैरेखा परेर घुमेको अनि तीखो टुप्पो भएको काठ आदि छेड्ने फलामे साधन । वि० ४. दुब्लो; च्याँसे; पातलो ।

**च्याब्रुङ–** ना० [भो० ब०] १. लिम्बूजातिमा प्रचलित एक लोकनृत्य । २. राईलिम्बूमा प्रचलित, खरी नलगाएको ढोलजस्तो, ठूलो तालबाजा । ~**नाच–** ना० च्याब्रुङ बजाएर नाचिने लिम्बू जातिको एक लोकनृत्य ।

**च्यामलाङ–** ना० [भो० ब०] नेपालको सोलुखुम्बु जिल्लामा पर्ने ७,२७६ मिटर अग्लो एक हिमाली चुचुरो ।

**च्यामुठी–** ना० [च्याम्म+मुठी] हे० चाममुठी ।

**च्यामे–** ना० [नेवा० च्यामखल] सरसफाइको काम गरेर जीविका गर्ने व्यक्ति ।

**च्याम्पटी–** ना० [नेवा० च्याम्पती] लप्सीको बियाँ ।

**च्याम्पियन–** ना० [अङ्०] अत्यन्त दक्षताका साथ खेल आदि खेल्ने, काम गर्ने, सफलता प्राप्त गर्ने व्यक्ति ।

**च्याम्म–** क्रि० वि० [अ० मू० च्याम्+म] बेसरी च्याप्ने किसिमले; दह्रोसँग अँठ्याएझैँ गरी ।

**च्यारच्यार–** क्रि० वि० [अ० मू० च्यार्+अ (द्वि०)] कपडा, कागत आदि खुरुखुरु च्यातिएझैँ गरी । >**च्यारच्यारती/च्यारच्यारी–** क्रि० वि० अझ छिटो च्यारच्यार भएर ।

**च्यार्र–** क्रि० वि० [अ० मू० च्यार्+र] कपडा, कागत आदि च्यात्ता आवाज निस्केझैँ गरी; ध्यार्र ।

**च्यास्स–** क्रि० वि० [अ० मू० चस् >च्यास्+स] १. हल्कासँग छोएर । २. काँडा आदि बिस्तारै बिझेझैँ गरी ।

**च्याहाँ–** ना० [अ० मू०] १. सानो बालक रुँदाखेरि निस्कने शब्द । क्रि० वि० २. बालक रोएजसरी; बालक रुँदा आवाज आएझैँ । –**च्याहाँ–** क्रि० वि० लगातार बालक रोएको आवाज निस्कने किसिमले ।

**च्याहान–** ना० हे० चिहान । >**च्याहाने–** वि० चिहाने ।

**च्युत–** वि० [सं०] १. कुनै वस्तु वा ठाउँबाट चुहेको; झरेको (तरल पदार्थ) । २. पतित; भ्रष्ट । ३. आफ्नो पद वा स्थानबाट खसेको; स्थानभ्रष्ट; पथभ्रष्ट । ~**संस्कृति–** ना० व्याकरणले प्रमाणित नगरेका अशुद्ध शब्दहरूको प्रयोग गर्दा र साहित्यिक मान्यताका विरुद्ध पदहरूको व्यवहार गर्दा हुन जाने एक दोष । >**च्युति–** ना० १. च्युत हुने काम वा अवस्था; चुहाइ; झराइ; खसाइ । २. आफ्नो पद वा स्थानबाट भ्रष्ट हुने काम ।

**च्यूली–** ना० [च्यूलो+ई] हे० चिउली२ ।

**च्यूलो–** ना० हे० चिउलो (पाउलो, पालुवा) ।

**च्यैच्यै–** ना० हे० चेइचेइ ।

**च्योत–** ना० [भो० ब०] घ्याङ, गुम्बा आदिमा दमाहाजस्तै ढचाङढचाङ बजाइने, ढयाङ्ग्रोभन्दा ठूलो खालको बाजा ।

**च्वाँक–** वि० राम्रो; सुन्दर; हिसी परेको । (विशेषतः केटी)

**च्वाँचे–** ना० [अ० मू० च्वाँच्+ए] सुँगुर; बँदेल; बङ्गुर ।

**च्वाँठ–** वि० १. ज्यादै कालो भए पनि चिल्लो र चम्किलो । २. ज्यादै अमिलो; चुक । >**च्वाँठे–** वि० १. ज्यादै अमिलो; चर्को अमिलो । २. अति कालो; चुकजस्तो कालो; च्वाँठ ।

**च्वाइँ–** क्रि० वि० [अ० मू०] १. आगामा वा तातेका धातु पत्थर आदिमा पानी हाल्दा आवाज निस्केझैँ गरी । २. तातेका घिउतेलमा तरकारी ओइरँदा आवाज आएजस्तै; झ्वाइँ । > **च्वाइँय्य–** क्रि० वि० तातेका तेल, घिउ आदिमा चिसो वस्तु पर्दा अझ ठूलो आवाज आउने किसिमले; तरकारी ओइरँदा जस्तै भएर ।

**च्वाक्क–** क्रि० वि० [अ० मू० च्वाक्+क] १. जिब्रो बजाउँदा 'च्वाक्' शब्द उत्पन्न भएजस्तै गरी । २. गालामा चुम्बन गर्दा आवाज आएझैँ ।

**च्वाट्ट–** क्रि० वि० [अ० मू० च्वाट्+ट] १. मोटो र खिरिलो किसिमको धागो वा डोरी चुँडिएझैँ गरी । २. झट्ट; तुरुन्त; चाँडो ।

**च्वाप्प–** क्रि० वि० [अ० मू० च्वाप्+प] १. कुनै रसिलो वस्तुको गप्फा मुखमा हाल्ने किसिमले । २. गालामा म्वाइँ खाँदा तीखो आवाज आएझैँ गरी ।

**च्वाफी–** ना० [नेवा०] बाँसका सिन्काहरूको मुठा पारेर बनाइएको एक प्रकारको कुचो ।

**च्वामच्वाम–** क्रि० वि० [अ० मू० च्वाम्+अ (द्वि०)] १. चाम्रो वस्तु चपाउँदा शब्द आएझैँ गरी । २. धमाधम म्वाइँ खाँदाको आवाजझैँ ।

**च्वाम्म–** क्रि० वि० [अ० मू० च्वाम्+म] रसिलो र नरम वस्तुको गाँस मुखमा हाली चपाएझैँ गरी ।

**च्वाम्ल्याङ्ङ–** क्रि० वि० [अ० मू० च्वाम्ल्याङ्+ङ] पानीमा चोपलिँदा आवाज आएझैँ गरी; झ्वाम्ल्याङ्ङ ।

**च्वार्र–** क्रि० वि० [अ० मू० च्वार्+र] १. तातेका घिउतेलमा पानीका थोपा पर्दा आवाज निस्केझैँ गरी । २. पातलो कपडा, कागत आदि च्यात्ता निस्कने शब्दका किसिमले ।

**च्वाली–** ना० हाँस, कुखुरा आदिका अन्डाभित्रको सेतो पदार्थ ।

**च्वासच्वास–** क्रि० वि० [अ० मू० च्वास्+अ (द्वि०)] बारम्बार आगो, सिस्नु आदिले पोल्ने गरी; पटकपटक काँढो आदि बिझेझैँ भएर ।

**च्वास्स–** क्रि० वि० [अ० मू० च्वास्+स] १. आगो, सिस्नो आदिले पोलेझैँ गरी । २. कीलाकाँटा बिझ्दा वा कुनै वस्तुले घोच्ता तीव्र दुःख आएझैँ । ३. कसैको कटु वचन मनमा गड्ने किसिमले ।

# छ

**छ**१– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये सातौँ वर्ण; तालव्य, स्पर्शसङ्घर्षी, अघोष तथा महाप्राण व्यञ्जनवर्ण; चवर्गको दोस्रो अक्षर; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; छाते छ ।

**छ**२– अ० क्रि० [सं० अस्ति] प्रथम पुरुष, एकवचन र वर्तमान-कालिक अस्तित्व बुझाउने एक शब्द ।

**छँटनी**– ना० [छाँट+अनी] १. छाँटछुँट पार्ने काम; छँटाइ । २. धेरै भएर गाँजिई सेप लाग्ने अवस्थामा पुगेका बोटबिरुवालाई उखेलेर छरितो पार्ने वा ठिक्क राख्ने काम । ३. कुनै पदार्थमा मिसिएको विजातीय पदार्थ वा अनिष्ट वस्तुलाई हटाउने काम । ४. अनावश्यक वा अल्छी र अयोग्य कामदारहरूलाई हटाउने काम; पजनी । ५. विभिन्न ठाउँमा लैजाने वस्तुहरूलाई बेग्लाबेग्लै छुट्ट्याउने काम । – **मटनी**– ना० छाँट्ने र मिलाउने काम; छाँटछुँट ।

**छँटाइ**– ना० [√ **छाँट्**/**छँटाउ**(+आइ)] १. छाँट्ने भाव, क्रिया वा प्रक्रिया । २. छँटाउने भाव, क्रिया वा प्रक्रिया । [>] **छँटाइनु**– क० क्रि० १. छाँट्न लगाइनु; छाँट्ने पारिनु । अ० क्रि० छाँटा चढ्ने होइनु; बहुलाइनु ।

**छँटाउनु**१– प्रे० क्रि० [छाँट्+आउ+नु] छाँट्न लगाउनु; छाँट्ने पार्नु ।

**छँटाउनु**२– अ० क्रि० [छाँटा+आउ+नु] मस्तिष्कले राम्रोसँग काम नगरी सनक चढ्नु; छाँटा चढ्नु; सन्कनु; बहुलाउनु; जङ्गिनु । > **छँटाहा**– वि० छाँटा चढेको; सन्काहा; हावा खुस्केको ।

**छँटिछटाउ**– ना० [छाँट+छटाउ] १. गहना, पोसाक, केश, आदिको सिँगार । वि० २. त्यस्तो सिँगारद्वारा चिटिक्क परेको; झरिझुट्ट; चिरिच्याँट्ट ।

**छँटुवा**– वि० [छाँट+उवा] छाँट्ने काम गरिएको; छानेको (व्यक्ति वा वस्तु) ।

**छँडुली**– वि० [छाडा+उली] छाडा स्वभावकी; उत्ताउली; छाले; बाइफाले (आइमाई) ।

**छँडुलो**– वि० [छाडा+उलो] छाडा स्वभावको; उत्ताउलो; रन्डीबाज; व्यभिचारी । > **छँडुल्याइँ**– ना० छँडुलो बन्ने भाव वा प्रक्रिया; छँडुलो हुनाको चाल; छालेपन ।

**छँडुवा**– वि० [छाडा+उवा] छाडा स्वभावको; उत्ताउलो ।

**छँदाइ**– ना० [√ **छाँद्**(+आइ)] छाँद्ने भाव, क्रिया वा प्रक्रिया । [>] **छँदाइनु**– क० क्रि० छाँद्न लगाइनु; छाँद्ने पारिनु । **छँदाउनु**– प्रे० क्रि० छाँद्न लगाउनु; छाँद्ने पार्नु । **छँदाहा**– वि० १. छाँद हाल्ने काम गर्ने । २. छाँदिएको; छाँदछुँद पारिएको । **छँदुवा**– वि० १. खुट्टामा बाँधिएको; छाँदिएको (पशु) । २. कसकास गरेर मिलाइएको; छाँदिएको (भारी) ।

**छँसाइ**– ना० [√ **छाँस्**(+आइ)] छाँस्ने क्रिया वा प्रक्रिया । [>] **छँसाइनु**– क० क्रि० छाँस्न लगाइनु; छाँस्ने पारिनु । **छँसाउनु**– प्रे० क्रि० छाँस्न लाउनु; छाँस्ने पार्नु ।

**छइ**– ना० हात्तीलाई पछि हट्ने पार्नका निम्ति भनिने शब्द ।

**छक**– ना० [सं० चकित] कुनै अनौठो कुरो देखेर वा सुनेर मन औताउने काम; छक्क; आश्चर्य; अचम्म ।

**छकछक**– ना० [अ० मू० छक्+अ (द्वि०)] १. रेल हिँड्दा उत्पन्न हुने शब्द । क्रि० वि० २. रेल हिँड्दा शब्द आएजस्तै । > **छकछके**– ना० १. भित्र मसिना गेडा हालेर बजाइने एक प्रकारको बाजा वा खेलौना । २. रेल (बालबोलीमा) । वि० ३. छकछक गर्ने (रेल, खेलौना, बाजा आदि) ।

**छकटो**– वि० [छक्कड] १. कतै पनि नमिल्ने स्वभावको; अनौठो तालको । २. अपरिपक्व; काँचो । ३. छवटा दाँत मात्र उम्रेको; पूरा जवान भइनसकेको (चौपाया) ।

**छकडा**१– ना० [छ+कडा] तीनवटै पासामा दुईदुई फुट्टी आएमा पर्ने एक दाउ; छक्का पर्दा मात्र चल्न पाइने पासाको खेलको एक दाउ ।

**छकडा**२– ना० [सं० शकट] मानिसले ठेलेर चलाइने, मालसामान ओसार्ने गाडी; ठेलागाडी ।

**छकल्ली**– ना० [छ+कल्ली] १. छवटा कल्ली मिलाएर बनाइएको ठूलो मुठो । २. एक विशेष प्रकारको नेपाली टोपी । वि० छमुठे; छ कल्लीको; छवटा कल्ली जोडेर बनाइएको ।

**छकाइ**– ना० [√ **छकाउ**(+आइ)] छकाउने किसिम वा क्रिया । > **छकाइनु**– क० क्रि० छलमा पारिनु; छकाउने काम गरिनु ।

**छकाटुट**– ना० [छकाउ+टुट] केही पनि नभएको स्थिति; सबै कुराको अभाव; तातो न छारो ।

**छकार**– ना० [सं०] १. चवर्गको दोस्रो व्यञ्जनवर्ण; 'छ' अक्षर ।

**छकाल**– ना० [सं० सकाल] १. मध्याह्नको समय; मध्याह्नकाल । २. बिहानको समय; सखार । ३. सुनसान स्थिति; सन्नाटा; निछ्याम । > **छकाली**– ना० छकालमा खाइने खाजा वा चमेना । **छकाले**– वि० छकालमा खाजा खाने (व्यक्ति) । **छकालो**– ना० १. छकालमा गरिने काम । २. छकाली ।

**छकावट**– ना० [छकाउ+आवट] छकाउने भाव, अवस्था वा क्रिया । > **छकावटी**– ना० छकाउने चाल; छकावटपन ।

**छकाहा**– वि० [छकाउ+आहा] छकाउने स्वभाव भएको; झुक्क्याउने ।

**छकि-नु**– अ० क्रि० [छक्क+इ+नु] १. छलमा पर्नु; झुक्कलमा फस्नु । २. अलपत्र परिनु; छलिनु । ३. बिरिनु; भुल्नु । ४. जिल्लिनु; छक्क पर्नु । ५. ठगिनु; धोकामा पर्नु ।

**छकुबन्जार**– ना० आफ्नै जीउमा मालसामान बोकेर बजारमा लगी बिक्री गर्ने मान्छे । > **छकुबन्जारी**– ना० छकुबन्जारको

काम वा पेसा; बोकेर लगेको सामान बजारमा बेच्ने काम ।

**छक्क–** क्रि० वि० [सं० चकित] १. आश्चर्यमा पर्ने गरी; चकित भएर । २. जिल्ल; पक्क । ३. दङ्ग ।

**छक्का–** वि० [प्रा० छक्क] १. छ दोबर; छ गुना; छक्के । ना० सोह्र वा आठ कौडाले खेलिने जुवाको एक दाउ । ३. तासको छ फुट्टीवाल चक्की । ४. तीनवटै पासामा दुईदुई आउँदा पर्ने दाउ । ~ **चाल–** ना० छक्कालाई मुख्य मानेर खेलिने तासको एक खेल । ~ **पन्जा–** ना० १. झुक्यानमा पारेर वा छलेर अर्कालाई धुत्ने काम; छटेलपन; चलाखी । २. अनावश्यक सम्बन्ध; नचाहिँदो वास्ता ।

**छक्काल–** ना० हे० छकाल ।

**छक्कि–नु–** अ० क्रि० [छक्क+इ+नु] हे० छकिनु ।

**छक्के–** वि० [छक्का+ए] छ दोबर; छक्का (दुनोट पढ्दा) ।

**छक्क्याइ–** ना० [**छक्कि**(+आइ)] छक्किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **छक्क्याइनु–** क० क्रि० छकाइनु । **छक्क्याउनु–** स० क्रि० छकाउनु । **छक्क्यावट / छक्क्याहट–** ना० छक्क्याउने भाव, क्रिया वा अवस्था ।

**छङछङ–** ना० [अ० मू० छङ्+अ(द्वि०)] १. छाँगा आदिबाट पानी खस्ताको ध्वनि । क्रि० वि० २. पानी खस्ता त्यस्तो ध्वनि बराबर आउने गरी; छाँगा आदिबाट त्यसरी पानी खसेझैँ भएर ।

**छङ्गाछुर–** ना० [छाँगो+सुर] ज्यादै अग्लो र विकट खालको भीर वा पहरो ।

**छङ्ङ–** क्रि० वि० [अ० मू० छङ्+ङ] चारैतिर उघ्रिएर उज्यालो देखिने गरी; चौतर्फी खुला देखिने भएर; छचाङ्ङ ।

**छचल्का छचल्की–** ना० [छचल्को+छचल्को] साना-ठूला छचल्का-हरूको समूह ।

**छचल्कि–नु–** अ० क्रि० [छचल्को+इ+नु] १. भाँडो वा गाग्रामा हालिएको पानी कम भई ठक्कर खाएर हल्लनु; तरल पदार्थ चल्नु । २. तरल पदार्थ चल्दा वा हल्लँदा आवाज निस्कनु; छल्किनु ।

**छचल्को–** ना० [अ० मू० छल् (द्वि०)+को] १. गाग्रा आदिको आधा पानी ठक्कर लाग्दा उछिट्टिने क्रिया वा गति; छचल्किने काम; उद्वेलन; छोत्ल्याक-छोत्ल्याक । २. उक्त क्रिया वा गतिबाट उत्पन्न ध्वनि । ३. बिथोल्ने काम वा अवस्था; बिथोलो; गज्मौरो ।

**छचल्क्याइ–** ना० [√ **छचल्कि**(+आइ)] छचल्किने क्रिया वा प्रक्रिया । [ > ] **छचल्क्याइनु–** क० क्रि० छचल्किने पारिनु । **छचल्क्याउनु–** स० क्रि० पानी आदि तरल पदार्थ हल्लाउनु वा छलछल गराउनु । **छचल्क्याहट–** ना० छचल्किने भाव, क्रिया वा अवस्था । **छचल्क्याहा–** वि० छचल्कने खालको ।

**छ चार–** ना० [छ+चार] दुई पासामा दुवादुवा र एक पासामा छक्का पर्ने पासाखेलको एक दाउ ।

**छटक्क–** क्रि० वि० [छट् > छटक्+क] १. एकै खेपमा काटेर वा छिनालेर; एकै पटकमा छिनाउने गरी, चटक्क । २. एकाएक छड्केर वा पन्छेर । ३. एक्कासि छाडेर; अपर्झट अलग्गिने गरी ।

**छटछट–** क्रि० वि० [अ० मू० छट्+अ (द्वि०)] १. भात छट्कँदाको शब्द निस्कने गरी; छडछड । २. धमाधम काटिएर वा छिनिएर; छटाछट । **छटछटती / छटछटी–** क्रि० वि० अझै छिटो छटछट आवाज निस्केर ।

**छटनी–** ना० हे० छँटनी ।

**छटपट–** क्रि० वि० [अ० मू० छट्+पट] १. शारीरिक वा मानसिक थकाइले अधैर्य वा चञ्चल भएर । २. कौतूहल वा उत्सुकताका कारणले शरीरलाई अस्पट पार्ने गरी । ना० ३. बेचैनी; अधैर्य; खटपटी । > **छटपटाइ–** ना० छटपटाउने भाव, क्रिया वा प्रक्रिया । **छटपटाइनु–** अ० क्रि० छटपट गर्ने होइनु । **छटपटाउनु–** अ० क्रि० छटपट गर्नु; अस्थिर रहनु; बेचैन हुनु । **छटपटाहट–** ना० छटपट गर्ने भाव, क्रिया वा अवस्था । **छटपटिनु–** अ० क्रि० १. छटपटी हुनु; छटपटाउनु । २. असह्य पीडा वा मानसिक खुलदुलीले हडबडाउनु; तुलबुलाउनु । ३. अस्पटाउनु । **छटपटी–** ना० १. शारीरिक वा मानसिक वेदनाबाट भएको अधैर्य वा अस्थिरता । २. बेचैनी; घबराहट; हडबडी; तुलबुली; खुल्दुली; सकसक । **छटपटे–** वि० छटपट गर्ने खालको; अस्थिर स्वभाव भएको; हडबडे; तुलबुले; चटपटे । **छटपटचाइ / छटपटचाहट–** ना० छटपटिने भाव, क्रिया वा अवस्था ।

**छटा–** ना० [सं०] १. कुनै वस्तुमा पाइने सौन्दर्य; हिस्सी; शोभा । २. प्रकाशका किरणहरूको समूह; कान्ति; दीप्ति । ३. समूह; समुदाय ।

**छटाइँ–** ना० [छाँटा+आइँ] छँटाउने भाव; पागलपन; सिल्ली चाल ।

**छटाक–** ना० [सं० षट्+टङ्क] १. एक पाउको चतुर्थांश; सेरको सोह्रौँ भाग; पाँच तोलाबराबरको परिमाण । वि० २. त्यति परिमाण भएको (वस्तु) ।

**छटाछट–** क्रि० वि० [√ छटछट] धमाधम कुनै काम गरेर; कुनै वस्तु काटेर छिन्ने गरी; छटछटी । > **छटछटी–** क्रि० वि० झन् छिटो छटाछट भएर ।

**छटिहार–** ना० [मै०] हे० छैटी ।

**छटेल–** वि० [छाँट+एल] सोचाइ वा कामगराइमा आफ्नो चलाकी देखाउन सक्ने; धूर्त; छट्टू; चतुर । **– पना–** ना० छटेल व्यक्तिको स्वभाव वा अवस्था; धूर्तपना; चातुर्य ।

**छट्क–नु–** अ० क्रि० [अ० मू० छट्+क+नु] १. भात उम्लँदा छटछट शब्द गर्नु; छटछट शब्द गर्ने गरी पाक्नु । २. उछिट्टिनु; मिलिक्कसँग पर हट्नु; भाग्नु । > **छट्का–** ना० हात्तीका पछाडिका खुट्टा बाँध्ने डोरी वा साङ्लो । **छट्काइ–** ना० १. छट्कने गरी पाक्ने क्रिया वा प्रक्रिया; छड्काइ । २. छट्कने वा उम्लने क्रिया वा प्रक्रिया; उम्काइ; उछिट्टचाइ । ३. छट्काउने वा उछिटचाउने क्रिया वा प्रक्रिया । **छट्काइनु–** क० क्रि० छटछट आवाज आउने गरी पकाइनु; छड्काइनु । **छट्काउनु–** प्रे० क्रि० १. छटछट शब्द आउने गरी पकाउनु; छटछट शब्द गर्ने पार्नु । २. उम्कने पार्नु; उछिट्टचाउनु । **छट्किनु–** अ० क्रि० छट्कन

थालिनु; छड्किनु । **छट्के–** वि० १. टेढो वा तेर्सो । ना० २. ठाडो वा टेढो पारेर बोटबिरुवा काट्ता बाँकी रहेको तीखो ठुटो । ३. अड्डाखानामा बीचबीचमा वा अचानक हुने जाँच । ४. छेकारो । ५. घोच्ने वा बिभ्ने वस्तु । **छट्को–** ना० छट्कने क्रिया वा अवस्था; छट्काइको गति । **छट्क्याहट–** ना० छट्किने काम, क्रिया वा अवस्था ।

**छट्ट–** क्रि० वि० [अ० मू० छट्+ट] एकै चोटि छिन्ने गरी; चट्टसँग; 'छट्' शब्द निस्केझैं गरी ।

**छट्टु–** वि० [छट्+उ] कुनै कुरा अत्यन्त चाँडो गर्न वा गराउन सक्ने; साह्रै बाठो; छटेल; धूर्त; चतुरो । > **छट्टयाइँ–** ना० छट्टू हुनाको भाव; छटेलपन । **छट्टयाइनु–** स० क्रि० छट्टूले झैं बठयाइँ देखाइनु । **छट्टयाउनु–** स० क्रि० छट्टूले झैं छकाएर लानु; छट्टू पाराले कुनै वस्तु उम्काउनु ।

**छड–** ना० [सं० शर?] फलाम आदि धातुको डोलो डन्डी वा सोठा; डन्डी ।

**छडछड–** क्रि० वि० [अ० मू० छड्+अ(द्वि०)] १. भात छड्कँदा आवाज निस्केसरि; छड्कने गरेर । ना० २. भात छड्कँदाको शब्द ।

**छडी–** ना० [सं० शर] १. हातमा लिएर कुट्न हुने सानो लौरो; सिर्कनु । २. दण्ड दिनका लागि वा सुरक्षाका निम्ति हातमा लिइने दरिलो, खिरिलो लट्ठी । ३. घोडाका जुल्फीको टुप्पोटुप्पो काटेर छोटो पार्ने काम । ४. कन्चटमा कपाल छोटचाएर गरिने छँटाइ ।

**छड्क-नु–** अ० क्रि० [अ० मू० छड्+क+नु] १. छडछड शब्द गर्दै उम्लनु वा पाक्नु । २. छट्टसँग उम्कनु वा भाग्नु । > **छड्काइ–** ना० छड्कने क्रिया वा प्रक्रिया । **छड्काइनु–** क० क्रि० छड्कने पारिनु; छड्काउन लाइनु । **छड्काउनु–** प्रे० क्रि० छड्कने पार्नु; छड्काउन लगाउनु । **छड्काहा–** वि० छड्काउने खालको; छड्कने । **छड्किनु–** अ० क्रि० १. हे० छड्कनु । २. उम्लिनु; फत्किनु । **छड्के–** वि० १. टेढो वा तेर्सो । ना० २. टेढो र ठाडो पारेर काटिएका बोटबिरुवाको ठुटो; छट्के । ३. अचानक वा बीचबीचमा हुने जाँच; चेक । ४. छेकारो । ५. घोच्ने वा बिभ्ने वस्तु । **छड्को–** ना० भात आदि छड्कँदाको शब्द; पकाइको उमाल; छड्काइ । **छड्क्याहट–** ना० छड्किने भाव, क्रिया वा अवस्था ।

**छत–** ना० [प्रा० छत्त] १. घरको छानु । २. परेवा बसाउनका निम्ति उभ्याइने छाताका आकारको टाँड; परेवा बसाल्ने आडा । ३. ट्रक वा लरीको चालक बस्ने ठाउँभन्दा माथिल्लो भाग ।

**छताछुल्ल–** क्रि० वि० [छत्त+छुल्ल] पन्यालो पदार्थ चारैतिर पोखिने वा छरिने गरी; छयाल्लब्याल्ल ।

**छतिउन–** ना० [सं० सप्तपर्ण] भेट्नैपिच्छे प्रायः सातसात वटा पात हुने, ससाना सेता फूल र लामालामा कोसा फल्ने, चोट लाग्दा वा काट्ता दूध निस्कने एक जातको रूख; छतिवन; सप्तपर्ण ।

**छतिपति–** ना० १. इज्जतआबरु; लाजसरम । २. मानमर्यादा ।

**छतिवन–** ना०हे० छतिउन ।

**छ तीन–** ना० [छ+तीन] पासाको खेलमा एउटामा छ फुट्टा, दोस्रामा दुई फुट्टा र तेस्रामा एक फुट्टा पर्दा हुने एक दाउ; पासाखेलमा 'नौ' को एक दाउ ।

**छतेर्जे–** ना० [ता०] तामाङजातिमा नवजात शिशुको नामकरण संस्कार; न्वारान ।

**छतौरी–** ना० [छतौरो+ई] १. गाभिनु भइनसकेकी पठेग्री भेडो; भेडाको कुमारी पाठी । २. छाडा बानीबेहोरा भएकी केटी ।

**छतौरो–** ना० [सं० छागतरस] १. भेडाको पाठो । २. बीउका निम्ति पालिएको भाले भेडो; बियाडे भेडो । ३. छाडा केटो ।

**छत्त–** वि० [सं० छत्र] कुनै कुराको पनि भेदभाव नराख्ने; एकाम्मे (जस्तै– एकछत्त) ।

**छत्तर–** ना० [सं० छत्र] १. छाता । २. पुरानु शैलीको छाता > **छत्तरे–** ना० राजा ।

**छत्ता–** ना० [सं० छत्र] १. मौरीले मह जम्मा गर्न र छाउराहरू राख्नका निम्ति बनाएको छाताका आकारको चाको । २. छाता; छत्र ।

**छत्तिस–** ना० [सं० षट्त्रिंशत्] तीस र छ जोड्दा हुने सङ्ख्या; ३६ को अङ्क । ~ **जात–** ना० जयस्थिति मल्ल राजाले वर्ण नछुट्टिएका समाजलाई कामका आधारमा विभाजन गरिएका जातहरू– ज्यापू, बनी, मू (मुल्मी), दङ्ग (डङ्गोल), काहाभुजा, कुमाले, दली, बलहजी (बुल), नली, युङ्ग्वार, गौको (गौँ), चित्रकार(पुँ), भाट(भार), छिपा, नकर्मी(कौ), नाऊ, सर्मी(साल्मी), खौसा(खुसः), तिप्पा(तेपे), कल्थार, पुलपुल, कुना(कोना), गथु(गाथा), तत्ती, बल्ला, लमू, पिही, गौवा(ग्वाला), नन्दगौवा, बह्लमी,चेउ, आवा, पुःमां(भुस्याहा), सुवा, कोयेनासो र सुघाड(रजक) । ~ **मासाका दिन–** ना० सारै लामा दिन; असारको दिन । > **छत्तिसा / छत्तिसे–** वि० १. नानावली दाउपेच जान्ने; खुबै बाठी; छटेली (आइमाई) । २. नखरमाउली । **छत्तिसौँ–** वि० सङ्ख्याका क्रममा पैंतीसपछि आउने; छत्तीसको सङ्ख्यामा पर्ने ।

**छत्तीस–** ना० हे० छत्तिस । > **छत्तीसा / छत्तीसे–** वि० हे० छत्तिसा । **छत्तीसौँ–** वि० हे० छत्तिसौँ ।

**छत्र–** ना० [सं०] १. घामपानी छल्न ओढिने साधन; छाता । २. सुनको दण्ड भएको र रत्नजडित मोतीको झल्लर लागेको छाता; एक राजचिह्न । ३. चिया आदि बिरुवाको संरक्षणका निम्ति बनाइएको छाप्रो । **– क–** ना० १. छाताको आकार जस्तो हुने च्याउ । २. मौरीको छत्राकार चाको । ३. छत्राकार पारेर बनाइएको शिवमन्दिर । ~ **चक्र–** ना० शुभअशुभ फल बताउने ज्योतिषको एक चक्र । ~ **छँटाइ–** ना० छाताको वृत्ताकारजस्तो चारैतिर बराबर पारी छाँट्ने वा मिलाउने काम । **– छाया–** ना० छाताजस्तो; आश्रय; अरूहरूको आडभरोस । **– धर / धार / धारी–** ना० १. छत्रधारण गर्ने व्यक्ति; राजा । २. राजालाई छाता ओढाउने व्यक्ति; छाते । वि० ३. छाता ओढ्ने । ४. छाता लिएर हिँड्ने । **– पति–** ना० राजा; भूपति; नृपति; अधिपति । **– पत्र–** ना० १. स्थलकमल । २. भोजपत्रको रूख ।

३. छत्राकार पात हुने वनस्पति । ४. छतिउन । ~ **भङ्ग**– ना० १. राजपदको अन्त्य, अवसान वा विनाश । २. राज्य वा राष्ट्रका स्वतन्त्रताको नाश । ३. ज्योतिषका योगहरूमध्ये एक । ४. नपुंसक हुनाको भाव, गुण वा स्थिति । वि० ५. राजपदबाट च्युत भएको । ६. नपुंसक बनेको ।

**छत्रा/छत्राक**– ना० [सं०] छाताका आकारको ठूलो च्याउ; छाते च्याउ ।

**छत्रिक**– ना० [सं०] छाता ओढाउने व्यक्ति; छत्रधारी; छाते ।

**छत्रि-नु**– अ० क्रि० [सं० छत्र] १. अरूको छकाइमा पर्नु; झुक्किनु । २. जिल्ल पर्नु; हस्सिनु । ३. कसैका ठगाइमा पर्नु; ठगिनु । क० क्रि० ४. छाता ओढिनु ।

**छत्री**– ना० [सं० छत्र] १. कार्तिक शुक्ल एकादशीका दिन तुलसीका मठमाथि फूलमालाहरूद्वारा बनाइने छत्राकार सजावट । २. चोयाद्वारा आँखैआँखा पारेर बुनेको छाताको आकारजस्तो चित्रामा भोर्ला, साल, नेभारो आदिका पात छापिएको ओढो; बाटुलो घुम; छत्तरी । वि० ३. छाता ओढ्ने; छत्रधारी ।

**छत्र्याइ**– ना० [√ **छत्रि**(+याइ)] १. छत्रिने क्रिया वा प्रक्रिया । [छत्र्याउ+आइ] २.छत्र्याउने क्रिया वा प्रक्रिया । [>] **छत्र्याइनु**– क० क्रि० छत्रिने पारिनु; छत्रिन लाइनु । **छत्र्याउनु**– स० क्रि० छत्रिने पार्नु; छकाउनु ।

**छद/छदन**– ना० [सं०] १. कुनै वस्तुलाई ढाक्ने वा छोप्ने वस्तु; आवरण; बिर्को । २. शरीरका भित्री अङ्गहरू ढाक्ने छाला । ३. पक्षीका जीउ ढाक्ने पखेटा । ४. रूख, लहराका पात ।

**छदाइ**– ना० [√ **छाद्**(+आइ)] छाद्ने क्रिया वा प्रक्रिया । [>] **छदाइनु**– प्रे० क्रि० छाद्न लगाइनु; छाद्ने पारिनु । **छदाउनु**– प्रे० क्रि० छाद्न लगाउनु; छाद्ने पार्नु । **छदाहा**– वि० छाद्ने खालको; छाद्ने स्वभावको ।

**छ दुई**– ना० [छ+दुई] पासाको खेलमा दुई पासामा एकएक र अर्कोमा छक्का पर्दा हुने एक दाउ; पासाका विभिन्न दाउमध्ये आठ सङ्ख्या हुने एक दाउ; अट्ठा ।

**छदुवा**– वि० [छाद्+उवा] छाद्ने खालको; ओकल्ने स्वभावको । स्त्री० छदुवी ।

**छद्म**– ना० [सं०] १. एकले अरूका प्रति राख्ने कपटको भावना । २. एक विषयलाई ढाकछोप गर्न निकालिने अर्को कुराको प्रसङ्ग; बहाना; निहुँ । ३. मुख्य रूप छिपाई नक्कली स्वरूप देखाउने काम । ~ **तापस**– ना० नक्कली जोगी; बाहिरबाहिर तपस्वीझैँ भएर भित्रभित्र अरूलाई ठग्न पल्केको ढोँगी; पाखण्डी व्यक्ति । ~ **नाम**– ना० वास्तविक परिचय लुकाएर अर्कै परिचय दिन बदलिएको नाम; गुप्त नाउँ । ~ **भाषा**– ना० कुनै विशेष उद्देश्यका लागि बनाइएको कृत्रिम भाषा । ~ **वेश**– ना० बनावटी वेश; नक्कली स्वरूप । ~ **वेशी**– वि० नक्कली वेश धारण गर्ने; बनावटी वेशमा रहेको । > **छद्मी**– वि० १. छद्मवेश धारण गर्ने; छद्मवेशी । २. भित्र कपट राखेर बाहिर ठिक्क पर्ने; नक्कली ।

**छन्**– अ० क्रि० [सं० सन्ति] १. 'हुनु' क्रियाका तृतीय पुरुषको बहुवचनको रूप; 'छ' क्रियापदका आदरार्थीमा प्रयोग हुने क्रियापद ।

**छनक**– ना० [सं० छन्नक] १. एक जनालाई भनेझैँ पारेर अर्कालाई छेड हान्ने काम; घोचपेच; छेडछाड; व्यङ्ग्योक्ति । २. आशय; इसारा; अभिप्राय; सङ्केत; सुइँको; आभास; प्रतीति; भान ।

**छनछन**– ना० [अ० मू० छन्+अ(द्वि०)] १. रुपियाँपैसा आदि गन्दा वा चलाउँदा निस्कने शब्द; हातमा लगाइएका चुरा बज्दा निस्कने आवाज । क्रि० वि० २. त्यसरी शब्द वा आवाज निस्कने गरी । > **छनछनाइ**– ना० छनछन गरी शब्द निस्कने भाव, क्रिया वा प्रक्रिया । **छनछनाइनु**– अ० क्रि० छनछन गरी शब्द निस्किनु । **छनछनाउँदो**– वि० १. छनछन शब्द गर्ने । २. कुनै किसिमको खोट नभएको; चहकिलो । **छनछनाउ**– वि० सफासुग्घर; स्वच्छ । **छनछनाउनु**– अ० क्रि० छनछन हुनु; छनछन शब्द निस्कनु । **छनछनाहट**– ना० छनछन शब्द गर्ने भाव, क्रिया वा अवस्था । **छनछनाहा**– वि० छनछन शब्द गर्ने । **छनछनिनु**– अ० क्रि० छनछन शब्द निस्किनु । **छनछनी**– क्रि० वि० छनछन गरेर ।

**छनमन**– ना० केटाकेटीले रमाइलो मानेर टाउको दायाँबायाँ घुमाउने काम ।

**छनाइ**– ना० [**छान्**(+आइ)] छान्ने भाव, क्रिया वा प्रक्रिया । [>] **छनाइनु**– क० क्रि० छान्न लगाइनु; छान्ने पारिनु । **छनाउनु**– प्रे० क्रि० छान्न लाउनु; छान्ने पार्नु ।

**छनाछन**– क्रि० वि० [छनछन] १. रुपियाँपैसा आदि गन्दा छनछन शब्द आउने गरी; लगातारको छनछन । २. गनिगनाउ; खनखन ।

**छनुवा**१– वि० [छान्+उवा] छानेर बाँकी रहेको; छानेर झिकेको; छानिएको ।

**छनुवा**२– ना० हातीका अगाडिका खुट्टा जोडेर बाँध्ने डोरी वा साङ्लो ।

**छनोट**– ना० [छान्+ओट] छान्ने वा रोज्ने काम; केलाउने काम; छनाइ । – **कर्ता**– ना० विभिन्न ठाउँमा पठाइएका चिठीपत्र आदि छान्ने काम गर्ने व्यक्ति; छान्ने व्यक्ति ।

**छनौट**– ना० [छान्+औट] हे० छनोट । > **छनौटो**– ना० १. छानिएको वस्तु; छानेर छाडिएको वा झिकिएको वस्तु । २. छान्ने भाँडो । वि० ३. राम्रो जति छानिएको; छानेर लिई छुट्टयाइएको वा बचेको ।

**छन्क-नु**– अ० क्रि० [छनक+इ+नु] १. प्रतीत हुनु; भान हुनु; आभास हुनु । स० क्रि० [√ छान्+क+नु] २. हे० छिन्कनु । > **छन्काइ**– ना० छन्कने भाव, क्रिया वा प्रक्रिया । **छन्काइनु**– क० क्रि० छन्कन लाइनु; छन्काउने पारिनु । **छन्काउनु**– स० क्रि०/प्रे० क्रि० छनक दिनु वा दिलाउनु । **छन्किनु**– अ० क्रि० १. छन्कनु । २. छन्कने होइनु । **छन्क्याइ**– ना० छन्किने भाव, क्रिया वा प्रक्रिया ।

**छन्चर**– ना० [सं० शनिश्चर] १. धामीले चिन्ता बस्दा भन्ने शब्द । २. कसैका जीउमा चढ्ने वायवीय वा अलौकिक शक्ति (ज्यादै छटपटिएर यताउति गरिरहने मान्छेलाई छन्चर लागेको

c:\1saroj\Sabdkosh\Chha.p65



ठानिन्छ) ।

**छन्ती–** ना० बाँस फुटाएर तयार पारिएको चेप्टो वस्तु; भाटो ।

**छन्तेल–** ना० नेपालको विशेषगरी धौलागिरि अञ्चलमा बसोबास गर्ने कुनै एक जाति ।

**छन्द–** ना० [सं०] १. यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चत मान वा रूप; त्यसरी गठन हुने विभिन्न किसिमका विशिष्ट वाक्य; वृत्त । २. इच्छा; अभिलाषा । ३. छाँट; ढङ्ग; चालचलन । ४. बन्धन; गाँठो । **– क–** ना० १. रक्षा गर्ने व्यक्ति; रक्षक । २. वासुदेव । ३. गौतमबुद्धको सारथि । ~**दोष–** ना० छन्दमा वर्ण, मात्रा, यति आदि नमिल्दा भएको दोष; छन्दोभङ्ग । ~ **न बन्दको–** वि० छाँटकाँट नमिलेको; रङ्ग न ढङ्गको; बेछाँटको । **– बन्द–** ना० आकारप्रकार, रङ्गरोगन आदि राम्ररी मिलेको अवस्था; छाँटकाँट; ढाँचाकाँचा । ~**शास्त्र–** ना० छन्दका नियमहरूको वर्णन भएको शास्त्र; छन्दका लक्षण र उदाहरणहरूको वर्णन भएको विषय । > **छन्दानुवृत्ति–** ना० अरूका इच्छा, अभिलाषालाई पूरा गर्ने काम; अर्कालाई रिझाउने र खुसी पार्ने काम । **छन्देइलो–** वि० छन्द मिलेको; छाँटकाँट मिलेको; चिटिक्क परेको; राम्रो । **छन्दोबद्ध–** वि० छन्दमा बाँधिएको; छन्दका नियममा लेखिएको वा रचना गरिएको । **छन्दोभङ्ग–** ना० छन्दका नियमअनुसार रचना गरिएका पद्यमा रहेको गण, मात्रा आदिको अशुद्धि । **छन्दोमुखी–** वि० छन्दतर्फ झुकेको; छन्दको रूप लिएको ।

**छन्न१–** क्रि० वि० [अ० मू० छन्+अ] १. धातु वा काँचका टुक्राटुक्रामा ठक्कर लाग्दाका झैँ शब्द उत्पन्न गरेर । ना० २. त्यसरी उत्पन्न भएको शब्द ।

**छन्न२–** वि० [सं०] १. कुनै वस्तुले चारैतिर ढाकिएको; छोपिएको; लुकेको ।

**छपक्क–** क्रि० वि० [अ० मू० छपक्+क] १. धारिला हतियारले केरा आदि कमला वस्तु काट्ता सजिलैसित शब्द निकाल्ने गरी । २. विस्तारोसँग छोप्ने वा ढाक्ने किसिमले । ३. पानीमा लुगा आदि डुबाउँदा वा तरकारी पखाल्दा शब्द निकाल्ने किसिमले । ४. लुक्ने वा छिप्ने ढङ्गले ।

**छपछप–** क्रि० वि० [अ० मू० छप्+अ(द्वि०)] १. खास शब्द उत्पन्न हुने गरी कमलो वस्तु काटेसरि । २. पानीमा भिजेका लुगा आदि पछार्दा शब्द निस्कने किसिमले । > **छपछपती–** क्रि० वि० छपछपका साथ । **छपछपाइ–** ना० छपछप गर्ने किसिम वा क्रिया । **छपछपाइनु–** क० क्रि० छपछप पारिनु । **छपछपाउनु–** स० क्रि० छपछप पार्नु । **छपछपी–** क्रि० वि० छपछप गरेर । **छपछपे–** वि० १. छपछप आवाज गर्ने । ना० २. खेलाडीका सङ्ख्याका अनुपातमा तासहरू घोप्टचाएर धेरै फुट्टा आउँदा जितिने एक खेल ।

**छपनी–** ना० [प्रा० छप्पर+ई] १. चोयाले बुनेको सोलीजस्ता आकारको जाँड छान्ने चाल्नी । २. पर्खाल, चौतारो आदिमा राखिएका सानासाना ढुङ्गाहरू नचटपटाऊन् भनी तिनमाथि राखिने ठूलो ढुङ्गो; घपना; घपनी । ३. तेल पेल्दा भुटेको फुलो हालेको चेपुवामा बिस्तारै रसाउने चोयाको भाँडो; पेचा ।

**छपन्न–** वि० [प्रा० छप्पण < सं० षट्पञ्चाशत्] १. पचासमा छ जोड्दा हुने सङ्ख्याबराबरको । ना० २. पचास र छ जोड्दा निस्कने सङ्ख्या । > **छपन्नौँ–** वि० पचास र छ जोड्दा हुने सङ्ख्याका क्रममा आउने; छपन्न नम्बरको ।

**छपाइ–** ना० [√ छाप्(+आइ)] १. छाप्ने किसिम वा क्रिया । २. छाप्ता वा छपाउँदा लाग्ने दस्तुर; छपाउँदाको खर्च । [>] **छपाइनु–** क० क्रि० छाप्न लगाइनु; छपाउने काम गरिनु । **छपाउनी–** ना० छाप्ने काम गरेबापत लिइने दस्तुर; छपाउने काम गरेबापत लाग्ने महसुल; छपाइ-खर्च । **छपाउनु–** प्रे० क्रि० छाप्न लगाउनु; मुद्रण गर्न लगाउनु ।

**छपाछप–** क्रि० वि० [अ० मू० छप्+आ+छप्] १. लगातारको छपछप; छपछपी । २. छुपुछुपु ।

**छपान–** ना० [छाप्+आन] निकासी वा बिक्रीका निम्ति बनजङ्गलका रूखहरमा मारिने टाँचा वा त्यस्तो टाँचा मार्ने काम; छपौती ।

**छपोल–** ना० [छ+पोल] १. तुलाका तौलमा धार्नीको छैटौँ भाग । वि० २. त्यति नै तौलको ।

**छपौती–** ना० [छापा+औती] हे० छपान ।

**छप्काइ–** ना० [√ **छप्काउ**(+आइ)] छप्काउने किसिम वा क्रिया । [ >] **छप्काइनु–** क० क्रि० छप्काउने पारिनु; छप्काउन लगाइनु । **छप्काउनु–** प्रे० क्रि० / स० क्रि० कोमल वस्तु काट्ता 'छप' आवाज निकाल्नु; मूला काटेझैँ सजिलोसित काट्नु ।

**छप्को–** ना० [अ० मू० छप्+को] १. कोमल वस्तु काट्ताको आवाज । २. धान आदिको रोपाइँ । ३. धान रोप्ताको आवाज । ४. चिसा लुगा पछार्दाको आवाज ।

**छप्प–** क्रि० वि० [अ० मू० छप्+प] हे० छपक्क ।

**छप्पड / छप्पर–** ना० [प्रा० छप्पर] सेउला, पराल, खर आदिले छाइएको सानो घर वा गोठ; झुपडी; छप्पर; छाप्रो ।

**छप्ल्याङछुप्लुङ–** ना० [अ० मू० छप्लाङ्+अ(द्वि०)] १. पानी चलाउँदा वा खेलाउँदा आउने आवाज; छप्लाङछुप्लुङ । क्रि० वि० २. त्यस्तो आवाज उत्पन्न हुने गरी वा उत्पन्न गरेर ।

**छबिल्ले / छबिल्लो–** वि० [सं० छबि+इल्ले / इल्लो] १. धेरै ढाँचाकाँचा पार्ने; नचाहिँदो शृङ्गार गर्ने । > **छबिल्ल्याइँ–** ना० ढाँचा; नखरा; अधिक शृङ्गार; नक्कल; स्वाङ ।

**छब्बिस–** वि० [सं० षट्विंशति] १. बीस र छका योगसङ्ख्याको । ना० २. बीस र छ जोड्दा हुने सङ्ख्या; पच्चीसपछि आउने सङ्ख्या। > **छब्बिसौँ–** वि० छब्बीस सङ्ख्याका क्रममा आउने; छब्बीस नम्बरको ।

**छब्बीस–** वि० / ना० हे० छब्बिस । > **छब्बीसौँ–** वि० हे० छब्बिसौँ ।

**छमछम–** क्रि० वि० [अ० मू० छम्+अ(द्वि०)] १. घुँघर आदिबाट बारम्बार शब्द निस्किएजसरी । २. छमछम शब्द उत्पन्न गरेर ।

c:\1saroj\Sabdkosh\Chha.p65



ना० ३. त्यसरी निस्केको ध्वनि > **छमछमती**– क्रि० वि० छमछम गरेर; घुँघरु बजेझैँ गरी । **छमछमाइ**– ना० छमछम गर्ने किसिम वा क्रिया; छमछम । **छमछमाइनु**– क० क्रि० छमछम शब्द निक्लिनु । **छमछमाउनु**– स० क्रि० १. घुँघरु आदिबाट छमछम आवाज निकाल्नु; छमछम पार्नु; बजाउनु । अ० क्रि० २. छमछम हुनु; छमछम आवाज निस्कनु । **छमछमाहट**– ना० छमछम आवाज गर्ने किसिम वा क्रिया । **छमछमाहा**– वि० छमछम आवाज गर्ने; छमछम आवाज निकाल्ने । **छमछमिलो**– वि० छमछम आवाज भएको । **छमछमी**– क्रि० वि० छमछमती । **छमछमुवा**– वि० १. छमछम आवाज निकाल्ने । ना० २. छमछम आवाज निस्कने बाजा (घुँघरु आदि) ।

**छमाइ**– ना० [√ **छाम्**(+आइ)] छाम्ने किसिम, क्रिया वा भाव । [ > ] **छमाइनु**– क० क्रि० छाम्न लगाइनु; छाम्ने पारिनु । **छमाउनु**– प्रे० क्रि० छाम्न लगाउनु; छाम्ने पार्नु ।

**छम्क-नु**– स० क्रि० पानी वा अन्य पन्यालो पदार्थ छर्कनु; पानी छिट्नु ।

**छम्कट्ट**– वि० [सं० सम्यक्कृत] १. चिटिक्कको; छरितो; सुहाउँदिलो; आकर्षक । २. ढाँचालु किसिमको ।

**छम्काइ**– ना० [√ **छम्क**(+आइ)] छम्कने क्रिया वा प्रक्रिया । [ > ] **छम्काइनु**– क० क्रि० छम्कने पारिनु । **छम्काउनु**– प्रे० क्रि० छम्कने पार्नु वा छम्कन लगाउनु । **छम्किनु**– स० क्रि० १. छम्कनु । क० क्रि० २. सेचन गरिनु; छिटिनु ।

**छम्के**– ना० [अ० मू० छम्क+ए] बाँसका पटचाँसबाट बनाइएको सोली वा भाँडाभित्र मसिना गेडाहरू हाली छमछम गरी बजाइने बाजाविशेष ।

**छम्को**– ना० [छम्को+ओ] छम्कने काम; छम्काइ; सेचन । २. छम्कँदा वा छचाप्ताको वेगसहित सो वेगले ओगटेको पानी ।

**छम्म**– क्रि० वि० [अ० मू० छम+म] छम्म शब्दसँग; छम शब्द गर्दै ।

**छयल्ल / छयल्ले**– वि० [प्रा० छाइल्लो] बनावटी स्वाङ रच्न जान्ने; नखरा गर्न सिपालु; छाले ।

**छयसट्ठी**– वि० [सं० षट्षष्ठी] १. साठी र छबराबर छैसट्ठी । ना० २. साठी र छ जोड्दा हुने सङ्ख्या । > **छयसट्ठीऔँ / छयसट्ठीयौँ**– वि० छयसट्ठीको क्रममा आउने; पैँसट्ठीपछिको पहिलो ।

**छयहत्तर**– वि० [सं० षट्सप्तति] १. छ र सत्तरीबराबरको सङ्ख्या, अङ्क वा मूल्यको । ना० २. छ र सत्तरी जोड्दा हुने सङ्ख्या; पचहत्तरपछिको सङ्ख्या । > **छयहत्तरौँ**– वि० छयहत्तरका क्रममा आउने; छयहत्तर सङ्ख्याको ।

**छयानब्बे**– वि० [सं० षट्नवति] १. छ र नब्बेबराबरका सङ्ख्या वा अङ्कको । ना० २. छ र नब्बे जोड्दा हुने सङ्ख्या; पन्चान्नब्बेपछिको सङ्ख्या । **छयान्नबेऔँ / छयान्नब्बेयौँ**– वि० छयान्नब्बेका क्रममा आउने; छयान्नब्बे सङ्ख्याको ।

**छयालिस**– वि० [सं० षट्चत्वारिंशत्] १. छ र चालीस जोड्दा हुने अङ्कबराबरको सङ्ख्या वा मूल्यको । ना० २. छ र चालीस जोड्दा हुन आउने सङ्ख्या; पैँतालीसपछिको सङ्ख्या । > **छयालिसौँ**– वि० छयालीसका क्रममा आउने; छयालीस नम्बरको ।

**छयालीस**– वि० / ना० हे० छयालिस । > **छयालीसौँ**– वि० हे० छयालिसौँ ।

**छयासिऔँ / छयासियौँ**– वि० छयासीका क्रममा आउने; छयासी सङ्ख्याको ।

**छयासी**– वि० [सं० षडशीति] १. छ र असीको योगबराबरका सङ्ख्या वा अङ्कको । ना० २. छ र असी बराबरको सङ्ख्या; पचासीपछि आउने सङ्ख्या । > **छयासीऔँ / छयासीयौँ**– वि० हे० छयासिऔँ ।

**छर्-नु**– स० क्रि० [सं० क्षरण] १. यताउति खसाल्नु; अस्तव्यस्त पारेर फिँजाउनु । २. ब्याडमा धान आदिको बीउ छर्रछर्र पार्दै खसाल्नु; बीउ छर्नु ।

**छरछर**– क्रि० वि० [अ० मू० छर्+अ(द्वि०)] १. वेगसँग पानी, रगत आदि निस्कने किसिमले; छहराबाट पानी झर्दाझैँ शब्द आउने गरी । ना० २. त्यस्तो शब्द > **छरछरती**– क्रि० वि० अझै छरछर गरेर । **छरछराउँदो**– वि० छरछर गर्दो । **छरछरी**– क्रि० वि० छरछरती । **छरछरे**– वि० १. छरछर गर्ने । ना० २. छाँगो ।

**छरछार**– ना० [छर (द्वि०)] १. बीउ आदि छर्ने वा त्यससँग सम्बन्धित काम; छराइपराइ । २. छर्ने अन्नका बीउ वा बिजन ।

**छरछिमेक**– ना० [(द्वि०)छिमेक] आफ्ना घरवरिपरि रहेका घरहरू; छेउछाउका गाउँघर; आफ्नो देशप्रदेश । > **छरछिमेक**– वि० १. छिमेकमा बस्ने; छिमेकमा रहेको । ना० २. छरछिमेकको निवासी ।

**छरपस्ट / छरपुस्ट**– वि० [सं० क्षतभ्रष्ट] १. यताउति चारैतिर छरिएको; समाल्न कठिन हुने गरी छरिएको । क्रि० वि० २. लथालिङ्ग; भताभुङ्ग । ३. यताउति चारैतिर छरिएझैँ गरी । > **छरपस्टिनु / छरपुस्टिनु**– अ० क्रि० छरपुस्ट हुनु ।

**छराइ**– ना० [√ **छर्**(+आइ)] छर्ने किसिम वा क्रिया । – **पराइ**– ना० छर्नेवर्ने काम । [ > ] **छराइनु**– क० क्रि० छर्न लगाइनु; छर्ने पारिनु । **छराउनु**– प्रे० क्रि० छर्न लगाउनु; छर्ने पार्नु ।

**छरिछट्ट**– क्रि० वि० [तुल० सं० झटिति] छरितो र चाँडो हुने किसिमले; छिटोछिटो भएझैँ ।

**छरितो**– वि० [सं० झटित] १. कुनै काम गर्दा सरल वा सहज रूपले गर्ने (व्यक्ति) । २. व्यवहार गर्दा, लगाउँदा वा बोल्दा अप्ठेरो नभएको (माल, वस्त्र, वाक्शैली इ०) । ना० ३. छरितो किसिमको कुनै पनि व्यक्ति वा कुरो । > **छरित्याइँ**– ना० छरितो हुनाको गुण वा भाव; छरितोपन ।

**छरिनु**– क० क्रि० [छर्+इ+नु] छराइमा पर्नु; छरिएको हुनु; छर्ने काम गरिनु ।

**छरिमालो**– ना० [छारो+(द्वि०)मारो] १. खरानी । २. छारो ।

**छरी**– ना० [सं० क्षुरी] १. निधारमाथि वा कन्चटनेरको लामो कपाललाई छाँटेर छरितो पारिने काम वा अवस्था । २.

खेतबारीका कान्लाकुन्ली एवं डिलआलीहरू छाँटेर चिटिक्क पार्ने क्रिया । ३. काठ वा बाँसको सानो र छरितो लौरो । ४. चराहरूका चार नङ्ग्राभन्दा भिन्नै अलि माथि रहेको पाँचौँ नङ्ग्रा । ~ **कटाइ–** ना० छरीको शैलीमा कपाल काट्ने किसिम वा क्रिया । – **दार–** वि० १. छरी बोकेको; लौरो लिएको । २. छरी काटेको; कपाल छाँटेको; बुलबुले राखेको; बाबरी पालेको ।

**छरुवा–** वि० [छर्+उवा] १. छर्ने; छरिएको; छर्ने काम गरेको । ना० २. कौडा छरेर हान्ने एक खेल । ३. रोप्नाको साटो छरिएको धान, मकै आदि ।

**छर्क-नु–** स० क्रि० [सं० क्षर+करण] पानी, धूलो आदि भुईंमा छर्नु; छिट्नु; छर्नु; छर्किनु । > **छर्काइ–** ना० छर्कने किसिम वा क्रिया । **छर्काइनु–** क० क्रि० छर्कन लगाइनु । **छर्काउनु–** प्रे० क्रि० छर्कन लगाउनु । **छर्काछर्की–** ना० १. निरन्तर छर्काइको आदानप्रदान । २. सानाठूला छर्काहरूको समूह ।

**छर्की–** ना० [छर्को+इ] सानो छर्को; छर्काको सानो रूप ।

**छर्को–** ना० [सं० क्षरक] १. छर्कने काम; छर्र पार्ने क्रिया । २. छर्र गर्ने वा छर्र गरेर झर्ने कुनै वस्तु (पानी, धूलो इ०) । ३. छम्को ।

**छर्छर–** क्रि० वि०/ना० हे० छरछर । > **छर्छराउँदो–** वि० छरछराउँदो । **छर्छरी–** क्रि० वि० छरछरी । **छर्छरे–** वि०/ना० छरछरे ।

**छर्र–** क्रि० वि० [अ० मू० छर्+र] १. धूलो, मसिना गेडा आदि भुईंमा फ्याँक्ता शब्द निस्केजस्तै गरी । २. एकैचोटि छरिने किसिमले ।

**छर्रा–** ना० [छार्र (द्वि०)+आ] १. बन्दुक पड्कँदा छरिएर जाने मिहिन गोली वा गोलीहरू । २. बन्दुक पड्काउने काममा आउने काँच, सिसा आदिका टुक्रा । ३. बालुवा, बगर आदिमा रहने ढुङ्गा पिँधिएर गोलागोला बनेका गेडाहरू । – **वाल–** वि० छर्रा हालेर हान्ने खालको (बन्दुकको एक प्रकार) ।

**छर्लक्क–** क्रि० वि० [अ० मू० छर्लक्+क] १. कुनै कुरो स्पष्टसँग देखिने गरी; छर्लङ्ङ । २. आकाशमा बादल नलागी खुला रूपमा देखिने गरी । वि० ३. स्पष्ट ।

**छर्लङ्ग–** क्रि० वि० [अ० मू० छर्लङ्+ग] १.कुनै कुरो स्पष्टसँग देखिने गरी । २. आकाशमा बादल नलागी खुला रूपमा देखिने गरी । ३. कुनै विषय स्पष्टसँग बुझिने गरी । वि० ४. स्पष्ट; प्रस्ट । > **छर्लङ्गिनु–** अ० क्रि० १. स्पष्ट हुनु; प्रस्टिनु; उदाङ्गिनु । उज्यालो हुनु; सफा हुनु । **छर्लङ्गे–** ना० कन्चन देखिने एक जातको मसिनो धान । **छर्लङ्ग्याइँ/छर्लङ्ग्याइ–** ना० छर्लङ्गिने किसिम वा क्रिया । **छर्लङ्ग्याइनु–** क० क्रि० छर्लङ्ग पारिनु । **छर्लङ्ग्याउनु–** स० क्रि० छर्लङ्गिने पार्नु; स्पष्ट तुल्याउनु; खुलस्त्याउनु । **छर्लङ्ग्याहट–** ना० छर्लङ्ग्याइँ ।

**छर्लङ्ङ–** क्रि० वि० [अ० मू० छर्लङ्+ङ] हे० छर्लङ्ग । > **छर्लङ्ङिनु–** अ० क्रि० छर्लङ्गिनु । **छर्लङ्ङे–** वि० छर्लङ्गे ।

**छर्लङ्ङ्याइँ/छर्लङ्ङ्याइ–** ना० छर्लङ्ग्याइँ । **छर्लङ्ङ्याइनु–** क० क्रि० छर्लङ्ग्याइनु । **छर्लङ्ङ्याउनु–** स० क्रि० छर्लङ्ग्याउनु । **छर्लङ्ङ्याहट–** ना० छर्लङ्ग्याहट ।

**छर्ल्याङछुर्लुङ–** ना० [अ० मू० छर्ल्याङ्+अ (द्वि०)] हे० छर्ल्यामछुर्लुम ।

**छर्ल्याङ्ङ–** क्रि० वि० [अ० मू० छर्ल्याङ्+ङ] १. बज्ने धातु भुइँमा झर्दा वा फुट्ता निस्केजस्तै ध्वनि निकालेर । २. त्यस्तो ध्वनि निकाल्ने गरी झरेर ।

**छर्ल्यापछुर्लुप–** ना० [अ० मू० छर्ल्याप्+अ(द्वि०)] १. तह नमिलेका नाना भाँति काम; छर्ने वा लिप्ने जस्ता काम; झटाझट सेउला वा लिङ्गुरा काट्ने जस्ता हडबडमा गरिसक्ने कार्य । क्रि० वि० २. त्यसरी हडबडमा कुनै काम सक्ने गरी ।

**छर्ल्याप्प–** क्रि० वि० [अ० मू० छर्ल्याप्+प] छर्ने, लिप्ने, फाँड्ने, ओछ्याउने, ढाक्ने आदि कार्य एकै चोटि सजिलैसँग गरिसक्ने गरी ।

**छर्ल्यामछुर्लुम–** ना० [अ० मू० छर्ल्याम्+अ(द्वि०)] १. शरीरमा लगाइएका गहनाहरू परस्परमा ठक्कर लाग्दा उत्पन्न हुने ध्वनि; झर्ल्यामझुर्लुम । २. छर्ल्यापछुर्लुप । क्रि० वि० ३. त्यस्तो ध्वनि निस्कने गरी ।

**छर्ल्याम्म–** क्रि० वि० [अ० मू० छर्ल्याम्+म] १. काँच, पातला धातुका पाता आदि एकाएक भुइँमा झर्दा वा फुट्दाको झैँ ध्वनि उत्पन्न हुने किसिमले । २. त्यस्ता वस्तु त्यसरी झरेर वा फुटेर; झर्ल्याम्म ।

**छल्-नु–** स० क्रि० [सं० छलन] १. एकअर्कालाई कुनै विषयमा झुक्याउनु । २. वास्तविक रूपलाई छिपाएर अर्कै रूप देखाउनु । ३. निहुँ झिक्नु; बहाना गर्नु । ४. कपटपूर्ण व्यवहार गर्नु । ५. हराउनु । ६. जादु, टुना आदिले एकै छिनपछि अलप हुने गरी कुनै खास रूप देखाएर अचम्म पार्नु ।

**छल–** ना० [सं०] १. झुक्याउने काम; झुक्कल । २.बहाना देखाउने क्रिया; निहुँ झिक्ने काम । ३. ठग्ने कार्य; ठगी । ४. कुनै अद्‌भुत शक्तिले खास क्षणका लागि देखाएको अनौठो रूप वा लीला ।

**छलक–** ना० [सं० छाल] छल्को; छाल ।

**छल कपट–** ना० [छल+कपट] कसैलाई कपटपूर्ण किसिमले छल्ने वा धोका दिने काम; झुक्याउने, लुकाउने र ठग्ने क्रिया ।

**छलकार–** ना० [सं०] १. छल्ने चाल; झुक्कल । २. बहाना; निहुँ । > **छलकारी–** वि० झुक्कलमा पार्ने; छल गर्ने; छली ।

**छलक्क–** क्रि० वि० [अ० मू० छलक्+क] १. भाँडामा हालेको, पोखरीको र नदीको पानी वा त्यस्तै हालतमा रहेको कुनै तरल पदार्थ छचल्किएझैँ; छल्को उत्पन्न हुने गरी । २. तरुनी आइमाईको स्तन हल्लिएझैँ गरी ।

**छलछद्म/छलछन्द–** ना० [सं०] १. छलछाम; छलकपट; ठगठाग ।

**छलछल–** ना० [अ० मू० छल्+अ(द्वि०)] १. पानी आदि तरल पदार्थ झर्दा वा छचल्किँदाको आवाज । २. मस्त युवतीको

c:\1saroj\Sabdkosh\Chha.p65



स्तनको हल्लाइ । क्रि० वि० ३. त्यस्तो ध्वनि वा चाल गरेर । >**छलछलती**/**छलछली**– क्रि० वि० अझ छलछल गरेर ।

**छलछाम**/**छलछाल**– ना० [छल+छाम/छाल] १. छलकपट; जालझेल । २. आलटाल ।

**छलछिद्र**– ना० [सं०] हे० छलकपट ।

**छल प्रपञ्च**– ना० [सं०] कुटिलतापूर्ण व्यवहार; छलछद्म; छलछाम ।

**छलफल**– ना० [छल+फल] १. दुई वा दुईभन्दा बढी व्यक्तिहरू बसेर कुनै विषयमा विचारविमर्श गर्ने काम । २. सही कुरो पत्तो लगाउन र खास निर्णयमा पुग्न सम्बन्धित व्यक्तिहरू बसेर गरिने विचारविमर्श; तर्कवितर्क ।

**छलबल**– ना० [सं०] १. कार्यसिद्ध गर्नका निम्ति प्रयोग गरिएको छल र शक्ति । २. छलरूपी बल ।

**छल योजन**– ना० [सं०] चलाकीका साथ अयथार्थ वा बनावटी चाल खेल्ने काम; काम पटाउन सक्ने किसिमले गरिने छलछाम ।

**छलाइ**– ना० [√ **छल्**(+आइ)] छल्ने क्रिया वा किसिम । [>] **छलाइनु**– क० क्रि० छल्न लगाइनु; छल्ने पारिनु । **छलाउनु**– प्रे० क्रि० छल्न लगाउनु; छल्ने पार्नु । **छलाछल**– ना० १. एकले अर्कालाई छल गर्ने वा छल्ने काम; परस्परको दोहोरो छल । २. छलको अटुट क्रम । **छलाहा**– वि० छल्ने काम गर्ने; छली; छलुवा । **छलिनु**– क० क्रि० १. लुकिनु; छिपिनु; हराउनु । २. जालझेलमा परिनु; ठगिनु ।

**छलिक**– ना० [सं०] १. छल गर्ने व्यक्ति; इन्द्रजाली; छली व्यक्ति । २. साहित्यमा रूपकको एक भेद ।

**छलित**– वि० [सं०] छल गरिएको; छलिएको; झुक्क्याइएको ।

**छली**– वि० [सं०] छल गर्ने; छलकारी; ठगी; जाली; झेली ।

**छलुवा**– वि० [छल्+उवा] छल गर्ने; छली ।

**छलै**– ना० [छाला+ऐ] लडाइँ परेका अवसरमा सरकारलाई आवश्यक परेका छालाका सामानहरू तयार गर्नगराउनका निम्ति छुट्ट्याइएको रकम ।

**छल्क-नु**– अ० क्रि० [छलक्+नु] आधा गाग्राको पानी हल्लँदा, छचल्किँदा आवाज आउनु; छचल्किनु । >**छल्काइ**– ना० छल्कने किसिम वा क्रिया । **छल्काइनु**– क० क्रि० छल्कने पारिनु । **छल्काउनु**– प्रे० क्रि० छल्कने पार्नु । **छल्किनु**– अ० क्रि० छलछल शब्द निस्कनु; छल्कनु; छचल्किनु । **छल्को**– ना० छल्कने क्रिया; सानो छाल । **छल्क्याइ**/**छल्क्याहट**– ना० छल्किने अवस्था, क्रिया वा प्रक्रिया ।

**छल्याइ**– ना० [छाल्+याइ] बोक्रा उक्काउने वा छाला काढ्ने किसिम वा क्रिया; छोडाउने वा उधार्ने क्रियाप्रक्रिया ।

**छल्ल**– क्रि० वि० [छल्+अ] १. एकै छालमा (पानी बग्ने किसिम) । २. जललहरीका साथमा ।

**छल्ली**– ना० [सं०] १. राखिएका तहमध्येको कुनै एक तह; पत्र; तरेली । २. तर; छाली ।

**छवाइ**– ना० [√ **छाउ**(+आइ)] छाउने क्रिया वा प्रक्रिया; घरका धुरी, पाखा आदिमा खर, पराल छापेर पानी आदि नछिर्ने पार्ने कार्य । [>] **छवाइनु**– क० क्रि० छाउन लगाइनु । **छवाउनु**– प्रे० क्रि० छाउन लगाउनु ।

**छवि**– ना० [सं०] १. सूर्यको किरण; आकर्षक शोभा; तेज; सौन्दर्य; प्रभा । २. छाया । ३. तस्विर; फोटो; चित्र । ४. चलचित्र । ५. रूप; सौन्दर्य । – **कार**– ना० फोटो खिच्ने शिल्पी; फोटोग्राफर; क्यामेराम्यान । – **दर्शक**– ना० वृत्तचित्र एवं चलचित्र आदि देखाउने यन्त्र (प्रोजेक्टर) ।

**छसाइ**– ना० [√ **छास्**(+आइ)] छास्ने किसिम वा क्रिया । [>] **छसाइनु**– क० क्रि० छास्न लगाइनु; छास्ने पारिनु । **छसाउनु**– प्रे० क्रि० छास्न लगाउनु; छास्ने पार्नु ।

**छस्याङछुसुङ**/**छस्याँङछुसुङ**– ना० [अ० मू० (द्वि०) छुसुङ्+अ] १. खत्र्याङखुत्रुङ; जेतेमेते; छासछुस । क्रि० वि० २. कागत, किताब, खुजुरा वस्तु आदि चलाउँदा असावधानी गर्ने गरी । ३. सुकेका पातपतिङ्गर चलाउँदा आवाज आउने किसिमले ।

**छहरो**– ना० [अ० मू० छर्+ओ] १. पहाडका खोँचबाट निस्केर पहरामा ठक्कर खाँदै झरेको पानीको प्रवाह; छाँगो; झरना, झर्ना । २. पहिरो जाँदा बग्दै गरेका माटाढुङ्गा आदिको समुदाय ।

**छहारिलो**– वि० [छहारी+लो] १. छहारी परेको; ओझेल परेको; छायादार; ओझेलदार । ना० २. छाया परेर गर्मीको अभाव भएको स्थिति वा वातावरण ।

**छहारी**– ना० [सं० छायाकारी >छायाहारी] १. झ्याम्म परेको रूख आदिले घामको ज्योति छेलेर भुइँमा पर्न गएको ओझेल; रूख आदिको छाया; छाहारी । २. सिँयाल; सँयल ।

**छाँगो**– ना० [अ० मू० छङ्] पहाडका अग्ला खोँचबाट पहरो हुँदै तल खसेको जलप्रवाह; झर्ना; छहरो ।

**छाँट्‌-नु**– स० क्रि० [सं० छात+नु] काटेर, खुर्केर वा उखेलेर धेरै वा असुहाउँदो भएका वस्तुलाई छरितो र सुहाउँदो पार्ने काम गर्नु ।

**छाँट**– ना० [सं० छात] १. कुनै वस्तुका बनावटको ढाँचा; किसिम; ढर्रा; कट । २. लक्षण; सङ्केत; पूर्वाभास । – **काँट**– ना० १. काटेर, खुर्केर, उखेलेर धेरै भएको वस्तुलाई ठिक्क र सुहाउँदो पार्ने काम । २. वेशभूषा ठिक्क र छरितो पारी मिलाउने काम । ३. हिँडाइ, बोलाइ, चलाइ आदिको ढर्रा । ४. छाँट । – **छुँट**– ना० १. छाँटेर, काटेर वा खुर्केर ठिक्क मिलाउने काम । वि० २. त्यसरी मिलाइएको (वस्तु) ।

**छाँटा१**– ना० [सं० शात] १. बौलट्टीपना; सनक । २. अर्थ न बर्थको झोक वा रिस; घुर्की ।

**छाँटा२**– ना० [सं० छात] मास भिजाएर बोक्रा छुट्ट्याई तेल र बेसार दलेर सुकाइएको दाल; बोक्रा फालिएको दाल ।

**छाँटिनु**– क० क्रि० [छाँट्+इ+नु] छाँट्ने काम गरिनु ।

**छाँद्‌-नु**– स० क्रि० [सं० छन्द+नु] १. पशुलाई खुट्टामा बाँध्नु । २. मानिसका पाउमा पर्नु । ३. डोका वा ढाकरको भारीमाथि

c:\1saroj\Sabdkosh\Chha.p65



सामान राखेर कसकास पार्नु; बाँधछाँद गर्नु ।

**छाँद–** ना० [सं० छन्द] १. पशुका खुट्टा बाँध्ने डोरी । २. समर्थ मानिसका खुट्टा पक्डिएर वा खुट्टामा घोप्टिएर अप्ठ्यारो पारिने धर्मबन्धन । ३. डोका, ढाकर आदिका बिटभन्दा माथि घाँस वा अन्य वस्तु राखी बाँध्ने काम वा सो बाँध्ने डोरी । – **छुँद–** ना० छाँद्नेवर्ने काम; बाँध्ने, कस्ने आदि काम । ~ **हाल्नु–** टु० १. प्रायः गोडामा हातले फेरो मार्नु । २. भुतुक्क भएर अरूपट्टि लहसिनु ।

**छाँदिनु–** क० क्रि० [छाँद+इ+नु] छाँद्ने काम गरिनु ।

**छाँदे गाँठो–** ना० [छाँद+ए+गाँठो] दाम्लाको एक छेउ पस्यौटामा छिराएर अड्काउनका लागि बनाइएको गाँठो ।

**छाँदो–** ना० [छाँद+ओ] १.छाँद । २. अङ्कमाल ।

**छाँस्नु–** स० क्रि० १. हप्काउनु; झपार्नु; छास्नु । २. छिमल्नु ।

**छाइँछुइँ–** ना० [अ० मू० छाइँ(द्वि०)] १. झरझराउँदो आगाका कोइलामा घिउ हाल्दा निस्कने शब्द । क्रि० वि० २. त्यस्तो शब्द निस्कने गरी ।

**छाइछुइ–** ना० [छातछुत] १. छातछूत; स्पर्शास्पर्श । २. लसपस; लहसपहस ।

**छाइनु–** क० क्रि० [छाउ+इ+नु] छाउने काम गरिनु ।

**छाइल–** ना० [सं० छाया+ प्रा० इल्ल] १. छाया । २. छहारी; सियाँल ।

**छाई–** ना० [अ० मू०] १. दही मथेर नौनी झिकी बनाइएको तरल पेय पदार्थ; मही । २. पत्थरकोइला बलेपछि बचेका ससाना टुक्रा ।

**छाउ–** ना० [सं० शाप] स्त्रीको रजस्वलाको अवस्था वा धर्म ।

**छाउ-नु–** स० क्रि० [सं० छादन] घामपानीबाट बच्नका निम्ति घरमाथि छानु बनाउनु; खर, पराल, झिँगटी, टिन आदिले घरलाई माथिबाट ढाक्नु ।

**छाउनी–** ना० [सं० छादनी] स्थायी रूपले वा अस्थायी रूपले सैनिक बसोबास गर्ने ठाउँ; सैनिक-शिविर ।

**छाउपडी–** ना० [सं० शाप+पडी] १. महिलाको मासिक धर्म हुने काम; नछुने हुने काम; परसराइ; रजस्वला; छाउ । २. नछुने भएकी वा पर सरेकी आइमाई । वि० ३. रजोवती नारी; नछुने; टक्रेकी; पर सरेकी ।

**छाउरा–** ना० [छाउरोको ति० रू०] हे० छाउरो । – **छाउरी–** ना० १. साना ठूला छाउरा र छाउरीहरूको समूह; छाउरा र छाउरी । २. बच्चाबच्ची; छोराछोरी; भुराभुरी । > **छाउरी–** ना० कुकुर, बिरालो आदिको पोथी बच्चो ।

**छाउरो–** ना० [सं०] १. कुकुर, बिरालो आदिको भाले बच्चो । २. डाँगो वा ढाडे । ३. बालक; शिशु ।

**छाक१–** ना० रात वा दिनको चार भागको एक भाग; साडेसात घडीको समय; पहर ।

**छाक२–** ना० एक पल्ट अघाउन्जेल खान पुग्ने अन्न वा त्यस्तै खाद्य पदार्थ; एक पटक एक पेट खाइने आहार । ~ **खल्को–** ना० जुठो परेका समयमा आशौच बस्नुभन्दा पहिले स्नान गर्ने र छाक छाड्ने काम; आशौच परेका बेला छाक छाड्ने र नुहाउने काम । ~ **टार्नु–** टु० जिनतिनसँग साँझ-बिहानको खाने सर्जाम जुटाउनु ।

**छाकलो–** ना० [सं० शकाल] १. छाक टर्ने गरी खाइने खाना; एक छाक खाइने खाना । २. छकालो ।

**छाके–** वि० [छाक+ए] १.छाक पुग्ने । २. एक छाक पाक्ने । ३. एक छाकसँग सम्बन्धित । ४. गाँसे; भतुवा; भाते ।

**छाको–** ना० [छाक+ओ] १. बियाएका गाईबस्तुलाई खान दिइने नुन । २. गाईबस्तु चरेर गोठमा आएपछि खान दिइने नुन, पीठो आदि मिलाएको आहार ।

**छाग / छागल–** ना० [सं०] बोको ।

**छाङ–** ना० [भो० ब० ?] जाँडको पानी; निगार ।

**छाछट्ट–** वि० [छ्या+छुट] जथाभाबी छरिएको; जतातते फ्याँकिएको (जुठो, फोहर आदि) ।

**छाटछुट–** ना० [(द्वि०) छुट] १. छिटोछरितो चाल; चटपट; झटपट । २. चाटचुट । क्रि० वि० ३. चटपटसँग; छट्ट ।

**छाड्-नु–** स० क्रि० [प्रा० छड्ड+नु] १. त्याग गर्नु; छोड्नु । २. बन्धनबाट मुक्त गर्नु । ३. खाने गरेको वस्तु खान बन्द गर्नु; गर्ने गरेको काम गर्न छाड्नु । ४. छुट्टी दिनु; अवकाश दिनु । ५. बसेको ठाउँ परिवर्तन गर्नु; सर्नु । ६. प्राण त्याग्नु; मर्नु ।

**छाडन–** ना० [सं० छात+न] १. छाँट; ढर्रा; ढाँचा । २. लक्षण; चेष्टा । ३. बानी; आचरण ।

**छाडा–** वि० [प्रा० चत्त < सं० त्यक्त] १. कुनै बन्धनमा नपरेको; आफूखुसी; फुक्का । २. अश्लील कामकुरो गर्दै हिँड्ने; गतिछाडा । ३. डामेर छाडेको । ४. निर्लज्ज । ५. कमाइ नलगाई गाईबस्तु छाडिने; छेकथुन नभएको (ठाउँ वा जग्गाजमिन) । ना० ६. छाडा व्यक्ति, वस्तु वा प्राणी । ~ **कुरा–** ना० अश्लील गाली वा बोली; लाजभाँड ।

**छाडि–** अनु० [छाड्+इ] १. पहिले; अगावै (हिजोछाडि अस्ति) । २. पछि; बितेपछि (भोलिछाडि पर्सि) । ३. बाहेक; सिवाय । (उदा०– ऊ राम्रोछाडि नराम्रो काम गर्दैन; पिटिछाडि मार्छस् नै भने पनि मेरो के लाग्छ ? मछाडि को होला तिमीलाई मन पराउने !) ४. साटो; सट्टामा । (उदा०– अरूछाडि मलाई नै बोलाउनुपर्छ र ?) ।

**छाडि-नु–** क० क्रि० [छाड्+इ+नु] छाड्ने काम गरिनु; त्यागिनु ।

**छाड्या–** ना० पाहुनाहरूलाई सुताउन तथा बसाउनका लागि बनाइएको वा तयार पारिएको पाली वा कोठो ।

**छातछुत–** ना० [छात+छूत] १. छुइछाइ; स्पर्शास्पर्श । २. लसपस; लाटलुट ।

**छाता–** ना० [सं० छत्र] बाँस वा फलामका डन्डीमा आठ वा सोह्रवटा फलामका करडद्वारा वृत्ताकार बनाई वरिपरि कपडाले

c:\1saroj\Sabdkosh\Chha.p65



मोहोरिएको, घामपानीबाट जोगिनका लागि ओढिने साधन; घामपानी छल्ने ओढो; छत्र । – **धारी–** वि० १. छाता लिएर हिँड्ने वा छाता ओढ्ने । ना० २. उड्दै गरेको विमानबाट जमिनमा झर्ने सैनिक; प्याराट्रुप ।

**छाती–** ना० १. शरीरका अगाडिपट्टिको पाकस्थलीदेखि माथि गलासम्मको अवयव; वक्ष । २. साहस; आँट; हिम्मत; तागत । ३. दिल; हृदय; हियो । ४. स्तन; दूध । – **दार–** वि० १. उदार; दयालु; स्नेही; दिलदार । २. आँटिलो; साहसी; हिम्मती; तागतदार ।

**छाते–** वि० [छाता+ए] १. छाता लिने; छाता ओढ्ने । २. छाता ओढाउने । ३. छाताका आकारको; छाताजस्तो । ना० ४. राजामहाराजालाई पिठिउँमा बोकेर यताउति लैजाने अनुचर । ~ **च्याउ–** ना० जमिनमा उम्रने र छाताको आकारजस्तो देखिने एक थरी च्याउ । ~ **ठेकी–** ना० छातो भएको सानो ठेकी । ~ **ठेको–** ना० ठूलो छातो भएको ठेको ।

**छातो–** ना० [छाता+ओ] काठको ठेकी, माटाको गाग्रो आदिको फैलिएको बिट; छाताजस्तो भएर घुमेको त्यस्तै कुनै वस्तुको बिट ।

**छात्र–** ना० [सं०] १. गुरु थापेर वा गुरुसँग रहेर अध्ययन गर्ने विद्यार्थी; गुरुको छत्रछायामा रहेको विद्यार्थी; शिष्य; चेलो । २. एक जातको माहुरी । – **गण–** ना० छात्रहरूको समूह; विद्यार्थीसमूह । ~ **छात्रा–** ना० छात्र र छात्राहरूको समूह; पुरुष विद्यार्थी र स्त्री विद्यार्थी । ~ **जीवन–** ना० छात्र हुँदाको अवस्था वा बेला; विद्यार्थीजीवन । ~ **नायक–** ना० कक्षामा अनुशासनको वातावरण सिर्जना गर्न वा विद्यार्थीहरूलाई अनुशासित राख्न सघाउ पुऱ्याउनका निम्ति छानिएको विद्यार्थी; मनिटर । ~ **परिषद्–** ना० छात्रसङ्घ; विद्यार्थीसभा । –**वृत्ति–** ना० अध्ययनअवस्थामा जीवननिर्वाहका निम्ति विद्यार्थीलाई निश्चित समयसम्मका लागि दिइने रकम । – **वृन्द–** ना० छात्रहरूको समूह; विद्यार्थीहरूको समुदाय । ~ **सङ्गठन/सङ्घ–** ना० छात्रहरूको हक र हितका निम्ति गठित संस्था; छात्रछात्राहरूको सङ्घ; विद्यार्थीसङ्गठन ।

**छात्रा–** ना० [सं०] १. छात्रको स्त्रीलिङ्ग । २. विद्यालयमा भर्ना भई औपचारिक रूपले विद्याध्ययनमा लागेकी स्त्री ।

**छात्रालय/छात्रावास–** ना० [सं०] छात्र वा छात्राहरू सामूहिक रूपमा बस्ने घर ।

**छाद्-नु–** स० क्रि० [सं० छर्दन] १. खाएर पेटमा पुगेको वस्तु कुनै कारणवश उल्टिएर बाहिर निकाल्नु; वमन गर्नु; बान्ता गर्नु । २. कलमले मसी उकेल्नु । ३. भन्न नचाहेको कुरो करकापमा परेर भन्न बाध्य हुनु ।

**छाद–** ना० [सं० छर्द] १. खाएर पेटमा पुगिसकेको वस्तु कुनै कारणवश उल्टी भएर निस्कने शारीरिक प्रक्रिया; वमन; बान्ता; वाक । २. बान्ता गरेको वस्तु; उल्टी ।

**छादक–** ना० [सं०] १. घर छाउने व्यक्ति । वि० २. ढाक्ने, छोप्ने (वस्तु) ।

**छादन–** ना० [सं०] १. घरको छाउनी; छानो; छत । २. ढाक्ने वा छोप्ने काम । ३. पर्दा ।

**छादित–** वि० [सं०] छाइएको; छोपिएको; ढाकिएको ।

**छादिनु–** क० क्रि० [छाद्+इ+नु] छाद्ने काम गरिनु ।

**छान्-नु१–** स० क्रि० [सं० चयन] १. चाहिने वा असल वस्तु छुट्ट्याउनु; बिन्नु; केलाउनु । २. मन पराउनु; रोज्नु । ३. खोज्नु; पत्तो लाउनु ।

**छान्-नु२–** स० क्रि० [सं० क्षरण] १. कपडा, जाली, चाल्नी आदिद्वारा चाल्ने काम गरेर खस्रो र मसिनु वस्तु छुट्ट्याउने काम गर्नु । २. त्यसरी नै तरल पदार्थमा परेका थेगर आदि छुट्ट्याउनु ।

**छानछिन–** ना० [छान् +छिन] १. लिएको वा खाएको रिन छिनाफाना हुने काम; फर्स्यौट; छिनाफाना । २. परस्परमा भएको झगडा सिद्धिने क्रिया; फैसला; अन्तिम निर्णय ।

**छानबिन–** ना० [छान्+बिन्] १. छान्ने र बिन्ने काम; रोज्ने र रुचिको वस्तु ग्रहण गर्ने काम । २. खोजतलास गर्ने काम; राम्ररी तथ्य पत्तो लगाउने काम । ३. तलासी लिएर कुनै कुरो बिन्ने अर्थात् केलाउने कार्य ।

**छाना–** ना० [छानोको ति० रू०] छानु; छत ।

**छानिनु–** क० क्रि० [छान्+इ+नु] १. छान्ने काम गरिनु; रोजिनु; चुनिनु । २. केलाइनु । ३. चालिनु । ४. खोजिनु ।

**छानु/छानो–** ना० [सं० छादन] घर, कटेरा, गोठ आदिलाई घामपानीबाट सुरक्षित राख्नका निम्ति मास्तिर हालिने खर, टाली वा टायल, टिन आदिको छादन; छाना ।

**छान्दस–** वि० [सं०] छन्दस्नामक उपनिषद्सम्बन्धी; वेदसम्बन्धी; वैदिक ।

**छान्दोग्य–** ना० [सं०] १. सामवेदका ब्राह्मणको एक भाग । २. दस उपनिषद्मध्ये एक ।

**छान्ना–** ना० [सं० छन्न] १. दहीमा पानी हालेर मथेको तरल पदार्थ; पखाले । २. राइता । ३. सिकर्नी । ४. लस्सी ।

**छाप्-नु१–** स० क्रि० [छाप+नु] १. ब्लक, टाइप आदिका सहायताले चित्र वा अक्षर निकाल्नु; पुस्तक, पत्रपत्रिका आदि मुद्रण गर्नु । २. छापाद्वारा कपडा आदिमा बुट्टा हाल्नु; छिप्नु ।

**छाप्-नु२–** स० क्रि० [सं० स्थापन] १. इँट, ढुङ्गा, फलेक आदि भुइँमा मिलाएर ओछ्याउनु; सेलिङ् गर्नु । २. रुवालाई कपडा आदिले ढाकेर मोहोर्नु । ३. छोप्नु; ढाक्नु ।

**छाप–** ना० [सं० स्थाप(+क)] १. रङमा चोपेर कागत, कपडा आदिमा छाप लगाउनका निम्ति अक्षर काटिएको वा चित्र कुँदिएको साधन । २. त्यसैबाट छापिएको अक्षर वा चित्र; छापा । ३. साँचामा ढालेर बनाइएको टिको । ४. गहिरो प्रभाव; असर । ५. कुनै काम गरेबापत जुनीभर आयस्ता खान पाउने गरी सरकारबाट दिइएको जमिन; थापाको खान्गी; थपालो (उदा०– दिवानछाप, भोटेछाप; रामेछाप इ०) । ६. ठाउँ; थलो । > **छापाछाप–** क्रि० वि० प्रत्येक छाप अर्थात् ठाउँ नबिराइने

c:\1saroj\Sabdkosh\Chha.p65



गरी; हरेक ठाउँमा; ठाउँपिच्छे; सर्वत्र । **छापछापती/छापछापी–** क्रि० वि० अझ छापछाप हुने गरी । ~ **टिकी–** ना० हे० छापटिको । ~ **टिके–** वि० छापटिको लगाउने (व्यक्ति) । – **टिको–** ना० निधारमा श्रीखण्ड वा अरू कुनै लेपको काँक्रीबियाँको आकारमा ठाडो त्रिशूलजस्तो पारेर लगाइने टिको । – **दानी–** ना० छाप लगाउने मसी राख्ने भाँडो; ल्याप्चे लगाउने मोसो वा मसी राख्ने पात्र । ~ **मसी–** ना० छाप लगाउनका निम्ति बनाइएको मसी; ल्याप्चे लगाउनका निम्ति तयार गरिएको मोसो वा मसी ।

**छापा–** ना० [छाप+आ] १. प्रभाव; छाप । २. छापिएको अक्षर; लेख आदि । ३. मुद्रणकार्य । ४. मुद्रणयन्त्र । ५. आकस्मिक आक्रमण वा अप्रत्याशित खानतलासी । – **खाना–** ना० पुस्तक, पत्रपत्रिका आदि छाप्ने घर वा ठाउँ; मुद्रणालय; प्रेस । – **मार–** वि० १. लुकीछिपी छापा मार्ने; अचानक आक्रमण गर्ने । ना० २. अप्रत्याशित रूपले आक्रमण गर्ने वा आकस्मिक खानतलासी गर्ने व्यक्ति । – **वाल–** वि० १. बेलायती सरकारको वा भारतीय रिजर्भ ब्याङ्कको छाप लागेको, सरकारी मान्यता प्राप्त (सुन इ०) । २. छापासँग सम्बन्धित (व्यक्ति) ।

**छापे–** वि० [छाप+ए] छापजस्तो; छाप लागेको; छाप भएको; अछापे नभएको । ~ **औँठी–** ना० नामको छाप भएको औँठी; छापे मुन्द्रो । ~ **पाथी–** ना० छाप लागेको पाथी; कानुनी रूपले वैध पाथी । ~ **मानु–** ना० सरकारी छाप लागेको मानु; कानुनी रूपले वैध मानु । ~ **मुन्द्रो–** ना० छापे औँठी ।

**छापो–** ना० [छाप्+ओ] १. छोपिएको स्थिति; ढाकिएको अवस्था (उदा०– कपालमा जम्राको छापो छ) । २. प्रशस्तता; सङ्ख्याबाहुल्य ।

**छाप्राछाप्री–** ना० [छाप्रो+छाप्री] साना-ठूला छाप्राहरूको समूह; छाप्रा र अरू सोसरहका वस्तुहरूको समूह ।

**छाप्री१–** ना० [छाप्रो+ई] छाप्राको सानो रूप; सानो खालको छाप्रो ।

**छाप्री२–** ना० खण्डखण्ड वा खोबिल्टैखोबिल्टा पारेर बनाइएको पूजासामग्री हालिने धातुको पात्र ।

**छाप्री३–** ना० [च्याप+री] चेपुवा कोलमा पेल्नका निम्ति तोरीको फुलो राख्न चोयाले बुनेको भाँडो; फुलो हाल्ने चोयाको भाँडो; पेचा ।

**छाप्रो–** ना० [सं० छत्वर > प्रा० छप्पर] १. खर वा परालले छाएको सानोतिनो घर । २. वरिपरि सेउलाले बारेर सेउलाले नै छाएको सानो गोठ; घोचा गाडेर बलाहरू राखी त्यसमाथि सेउला र सेउलामाथि धूले पराल हालेर बनाइएको, बस्न हुने कुटी ।

**छाब्दीबराह–** ना० [छाब्दी+वराह] तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट अढाई कोस पूर्वतिर छाब्दीखोलाका तीरमा स्थित वाराही देवी वा तिनै देवीको मन्दिर ।

**छाम्-नु–** स० क्रि० [चाम < सं० चर्म+नु] १. छालाको स्पर्शको सहायताले कुनै वस्तु वा त्यसको विशेषता पत्ता लगाउनु । २. स्पर्श गर्नु वा छुनु । ३. छोएर खोजी गर्नु ४. कसैको शक्ति, हालत, ज्ञान, धन आदिको अड्कल लगाएर उसको महत्त्व वा स्तर पत्ता लगाउनु ।

**छामछाम छुमछुम–** ना० [छामछुम+छामछुम] आँखाले नदेखिने स्थितिमा हातले यताउति छामेर कुनै वस्तु पत्ता लगाउन गरिने काम ।

**छामछुम–** ना० [छाम् (द्वि०)] छाम्ने काम; छामछामछुमछुम ।

**छामिनु–** क० क्रि० [छाम्+इ+नु] छाम्ने काम गरिनु ।

**छाया–** ना० [सं०] १. सूर्यका किरणहरू छेकिएको ठाउँ; रूखपात आदिले सूर्यलाई छेक्दा पर्न गएको ओझेल । २. बत्तीको प्रकाश छेकिँदा देखा पर्ने ओझेल । ३. ऐना, पानी आदिमा देखा पर्ने वस्तुको प्रतिबिम्ब; टक; टलक; टहक । ४. एक वस्तुको अर्का वस्तुमा पर्न गएको प्रभाव । ५. नक्कल गरिएको स्थिति; अनुकृति । ६. जस्ताको तस्तो गरिएको उल्था; दुरुस्त अनुवाद । ७. मिल्दोजुल्दो अवस्था; सादृश्य । ८. अँध्यारो; प्रकाशहीन स्थिति । ९. आफूभन्दा ठूलाको आश्रय । १०. सूर्यकी ल्याइते पत्नीको नाम । – **कर–** ना० १. छाता ओढाउने व्यक्ति; छाते । २. छाया पार्ने व्यक्ति; छायादार वस्तु । ~ **गणित–** ना० छायाका सहायताले वा छायाको गुणाङ्कनद्वारा ग्रहहरूको गति थाहा पाइने गणितको एक नियम वा प्रकार । ~ **घटी–** ना० सूर्यका प्रकाशमा छायाको गुणाङ्कनद्वारा समय पत्तो लगाउन बनाइएको घडी । ~ **घडी–** ना० घामको छायाबाट समय थाहा पाउन बनाइएको घडी । > **छायाङ्कन–** ना० वस्तुको स्वरूप वा आकार उतार्ने काम; फोटो खिच्ने काम । **छायाङ्कित–** वि० छायाङ्कन गरिएको । ~ **चित्र–** ना० १. विशेष प्रकारका काँच, प्लास्टिक आदिका फलेकमा वस्तुको प्रतिबिम्ब पर्दा दुरुस्त स्वरूप देखिई चित्राङ्कित भएको वस्तु । २. त्यस्ता फलकबाट उतारिएको चित्र । ३. छायाका सहायताले अभिनय गरिएको विषय । ४. वर्णनद्वारा विषयवस्तुका बाह्य वा आन्तरिक स्वरूपहरू उतारिएको रचना । ५. बाइस्कोप आदिबाट देखिने चित्र । ~ **चित्रण–** ना० छायाचित्र निकाल्ने शिल्प वा कार्य । – **द्रुम–** ना० छाया दिने रूख; छायाकार वृक्ष; सियाँल ताप्ने रूख । > **छायानुवाद–** ना० एक भाषामा लेखिएका रचनामा पाइने वास्तविक तथ्यलाई अर्को भाषामा जस्ताका तस्तै उतार्ने काम; उल्था । – **पथ–** ना० आकाशगङ्गा; नीहारिका; घाङबादल; स्वर्गङ्गा । ~ **पुरुष–** ना० १. घामको विपरीत दिशातर्फ केही बेर आफ्नो छायालाई हेरेका आँखाले तुरुन्तै आकाशतिर हेर्दाखेरि देखिने आफ्नो आकृति । २. अदृश्य वा अपरिचित रूपमा रहेर अर्काको रहस्य पत्तो लगाउन पछि लागेको व्यक्ति । – **मय–** वि० छाया भएको; छायायुक्त । – **यन्त्र–** ना० छायाद्वारा समय थाहा पाइने यन्त्रविशेष; धूपघडी । – **लोक–** ना० भौतिक आँखाले नदेखिने जगत्; कल्पना गरेर उभ्याइएको संसार; मनोजगत् । – **वाद–** ना० भौतिक वस्तु वा मूर्त पदार्थलाई आलम्बन बनाएर

अमूर्त रूपमा महत् सत्ताका अस्तित्वको अनुभव गराउने काव्यपद्धति; इन्द्रियजन्य वस्तुलाई आधार बनाएर अमूर्तरूपमा र महत् सत्ताका रूपमा रहेका अस्तित्वको अनुभवलाई अभिव्यक्त गर्ने एक चिन्तन-प्रक्रिया । – **वादी**– वि० छायावादसँग सम्बन्धित; छायावादको अनुसरण गर्ने; छायावादलाई अँगाल्ने । – **सुत**– ना० नवग्रहमध्येको एउटा ग्रह; शनैश्चर; शनिश्चर ।

**छार**– ना० [सं० क्षार] १. खरानी । २. छारो । – **काप्रो**– ना० १. बोक्सी, डाइनी आदि लागेका रोगीलाई रोगबाट मुक्त गराउनका लागि धपधप बलिरहेको अगुल्टामा धामी-झाँक्रीले सालधूपको धूलो हाली भ्वार्र ज्वाला निकाल्दै उसको शरीर सेकेर गर्ने उपचार । २. गोडा आदिमा दम्को परेर वा अन्य कारणबाट भएको पीडा निको पार्नका निम्ति तताएका लोहोरा, खरानी, बालुवा आदिलाई कपडाले बेरेर सेक्न बनाइएको वस्तु । ३. त्यसैले सेक्ने काम । ४. झारा टार्ने काम ।

**छारतोस**– ना० वेगसँग दौडने वा भाग्ने काम; सुइँकुच्चा ।

**छारपन**– ना० हात्तीका एकापट्टिका पाखामा कडी लगाई हौदा कस्ने डोरी ।

**छारस्ट**– वि० [सं० क्षारस्थ] १. बिग्रिएको; भताभुङ्ग भएको; क्षतिग्रस्त; नष्ट; स्वाहा; छुट्टी । ना० २. विनाश, सत्यानाश ।

**छारे**– ना० [छार+ए] मानसिक विकृतिका कारणले गर्दा आकस्मिक रूपमा मूर्च्छा पर्ने रोग; मृगी; चम्की । ~ **रोग**– ना० एकाएक मूर्च्छा पर्ने रोग; अपस्मार ।

**छारो**– ना० [प्रा० छार < सं० क्षार] १. माटो आदिको धूलो; उड्दै रहेको मसिनो कसिङ्गर । २. खरानी ।

**छाल्–नु**– स० क्रि० [सं० छाल] १. रूख, लहरा, पाट आदिबाट बोक्रा उक्काउनु; लोक्ता झिक्नु । २. छाला काढ्नु ।

**छाल**– ना० [सं० क्षाल] १. वायुको प्रभावले नदी, तलाउ, समुद्र आदिको पानी वेगले बहँदा वा छचल्किँदा उठेको लहर; तरङ्ग; लहरी । २. रूख आदिको बोक्रो; लोकतो । ३. सनपाट; पटुवा ।

**छाला**– ना० [सं० छाल] १. शरीरको मासु, नसा आदिलाई ढाकेर रहेको र रोमकूपहरू भएको चाम्रो वस्तु; चर्म; त्वचा; खाला । २. रूख आदिको बोक्रो; लोकतो । ३. जग्गा-जमिन; खेतीपाती; पूँजी (बाबुबाजेको छाला, पुर्खाको छाला इ०)। ~ **कमोट**– ना० विशेष प्रकारका घोलमा डुबाएर वा अरू कुनै प्रक्रियाद्वारा जुत्ता, ब्याग, बाकस आदि बनाउने छालालाई नरम पार्ने वा कमाउने काम । ~ **जुत्ता कारखाना**– ना० छालाका जुत्ताहरू बनाउने कारखाना (बाँसवारी छालाजुत्ता कारखाना आदि) ।

**छालि–नु**– अ० क्रि० [छाल+इ+नु] छाला उक्काइनु; छाला काढ्ने काम गरिनु ।

**छाली**– ना० [सं० छल्लि] दूध, दही आदिमा मास्तिर लागेको बाक्लो तर ।

**छाले**– वि० [सं० छलिन्] १. आफैं अजमाएर साररहित वा तथ्य हीन कुरा गर्ने; मनगढन्त र नभएका कुरा गर्ने । २. उत्ताउलो स्वभावको; नखरमाउलो । ३. उत्ताउली; नखरमाउली ।

**छाल्टिन**– ना० [सं० शाट] सनपाट आदिबाट तयार गरिएको धागाले बुनेको चिप्लो कपडा ।

**छाल्याइँ**– ना० [छाले+याइँ] छाले हुनाको भाव; उत्ताउलोपना; चञ्चलता ।

**छावा**– ना० [सं० शाव] १. हात्तीको बच्चो । २. डस्ने स्वभावको एक किसिमको कीरो ।

**छास्–नु**– स० क्रि० [सं० छाषण+नु] १. जुक्ति पुऱ्याई बोलेर कसैको गर्वलाई चूर्ण गर्नु; हप्काउनु; झपार्नु । २. रूखका सानातिना हाँगा, झारपात, बुटा आदि काट्नु; छिमल्नु ।

**छासछुस**– ना० [अ० मू० छास्+अ(द्वि०)] १. धूलो, पीठो आदि अलिअलि गरेर छर्ने काम; थोरैतिनु अन्न भाँडाहरूमा हाल्ने काम । क्रि० वि० २. उक्त वस्तु त्यसरी छर्ने गरी । ३. झार, जङ्गल, बुटा आदि अलिअलि गरी फाँडेर । > **छासछुसे**– वि० सानातिना कुरा अर्कालाई सुनाइहिँड्ने; चुक्ली लाउने ।

**छासमिस**– ना० [छास+मिस] दुई वा दुईभन्दा बढी भिन्न वस्तु छुट्टचाउन सकिने गरी मिस्ने काम; छ्यासमिस । > **छासमिसे**– वि० छासमिस भएको; मिसिएको; छ्यासमिसे ।

**छास्स**– क्रि० वि० [अ० मू० छास्+स] हे० छुस्स । – **छुस्स**– क्रि० वि० १. छासछुस हुने गरी । ना० २. छासछुस ।

**छाहरी**– ना०हे० छहारी ।

**छिँक्–नु**– स० क्रि० [छिँक्का+नु] रुघा-खोकी आदि रोगले नाक खसखस गरेर हाच्छिउँ गर्नु; छिउँ गर्नु; छिँक्का निकाल्नु । > **छिँक**– ना० छिँक्का; छिँउ । **छिँकाइ**– ना० छिँक्ने भाव, क्रिया वा प्रक्रिया; हाच्छिउँगराइ । **छिँकाइनु**– क० क्रि० छिउँ गराइनु; छिँक्न लाइनु । **छिँकाउनु**– प्रे० क्रि० छिउँ गराउनु; छिँक्न लाउनु । **छिँकुवा**– वि० धेरै छिउँ गर्ने बानी भएको; छिउँछिउँ गरिरहने ।

**छिँक्क / छिँक्का**– ना० [सं० छिक्का] छिउँ; छिँक ।

**छिँड**– ना० [सं० छेद] भाँडाकुँडा, काठपात आदिमा परेको ससानो प्वाल; कुपिल; दुलो ।

**छिँडी**– ना० [नेवा० छेँलि] तला हुने घरको सबभन्दा तल्लो तलो; भुइँतलो ।

**छिँवल्–नु**– स० क्रि० [सं० छेदन+नु] १. बोटबिरुवा आदिका हाँगाबिँगा छाँटकाँट गर्नु । २. बाक्ला बिरुवा, ठूलो साग आदि उखेल्नु । ३. बढी भएका वस्तु वा कुरा बेचेर, छुट्टचाएर, छाँटेर आदि किसिमले पातलो पार्नु । ४. थालेको कामकाज तुर्दै वा घटाउँदै लैजानु । ५. छेकाभाँजाहरू हटाउनु; झैँझमेला पन्छाउनु । > **छिँवल**– ना० १. एक पटकमा गरिने वा हुने कामकुराको मेसो; बाहान; पटक । २. निश्चित समय; ताक । ३. मिल्दा उमेरका केटाकेटी आदिको पङ्क्ति; दामल; दौँतर । **छिँवलाइ**– ना० छिँवल्ने भाव, क्रिया वा प्रक्रिया । **छिँवलाइनु**– क० क्रि० छिँवल्न लाइनु; छिँवल्ने काम गरिनु । **छिँवलाउनु**– प्रे० क्रि० छिँवल्न लाउनु; छिँवल्ने पार्नु । **छिँवलिनु**– स० क्रि०

छिँवल्ने काम गरिनु; छाँटिनु ।

**छिः–** वि० बो० [सं०] १. कुनै फोहर वस्तु देख्दा वा त्यस्तो प्रसङ्ग चल्दा घृणाको भाव व्यक्त गर्ने शब्द; छया । २. मनको अरुचि वा वितृष्णा प्रकट गर्ने शब्द । ३. कसैको घृणित चरित्रप्रति निन्दा जनाउने शब्द । **– छिः–** वि० बो० बराबर वा जोडले छिः बुझाउने शब्द । **– छिः दुरदुर–** ना० घृणा र हेला गर्ने काम ।

**छिउँ–** ना० [सं० छिक्का] नाकभित्र नसजस्तो पर्पऱ्याउने वस्तु वा गन्ध परेमा, हालेमा, खार लागेमा अथवा रुघा-खोकीका कीटाणु सकसक गरेमा बाहिर फ्याँक्न स्वतः प्रकट हुने नाकको बजाइ; छिँक्का; हाच्छिउँ; छिँक ।

**छिउँकी/छिउँके–** ना० [√ छिउँ] छिँक्का; छिँक; छिउँ । ~ **झार–** ना० मसिना पात हुने र आँख्लैपिच्छे मसिना फल फल्ने, माडेर नाकमा नस लाउँदा छिउँ निकाल्ने मसिना बुट्टे झार; छिम्के झार ।

**छिउँको–** ना० [अ० मू० छिउँ+को] छिउँ; हाच्छिउँ ।

**छिउँटी–** ना० [छिउँटो+ई] कुनै काम गराएबापत कमाएर खान दिइएको सानो खेत वा बारी; दुःखशान्तिका निम्ति दिइएको जग्गा ।

**छिउँटो–** ना० लुगा; सिइएको वस्त्र (हीनार्थमा); सियौटो ।

**छिकछिक–** क्रि० वि० [अ० मू० छिक्+अ(द्वि०)] कुनै वस्तुभित्रका टुक्रा वा मसिना दाना बज्ने गरी । > **छिकछिके–** ना० नरिवलको गट्टा, बेलुनको फुकुन्डो आदिभित्र मसिना टुक्रा वा गेगर, बालुवा राखेर तयार गरिएको हातले हल्लाएर बजाइने बाजा; छिनछिने ।

**छिचरो–** वि० [सं० छित्वर] १. बीचबीचमा पङ्क्ति नमिलेको; बीचबीचमा छिद्र परेको (दाँत) । २. छिद्र परेका दाँत भएको (व्यक्ति) । ३. मनमा लागेका कुरा धक नमानी बोल्ने; मुखको पचपचे; निर्लज्ज । ना० ४. मनमा लागेका कुरा पचपची बोल्ने मानिस । स्त्री० छिचरी ।

**छिचल्-नु–** स० क्रि० हे० छिचोल्नु । > **छिचलाइ–** ना० छिचल्ने भाव, क्रिया वा प्रक्रिया । **छिचलाइनु–** स० क्रि० छिचल्न लाइनु । **छिचलाउनु–** प्रे० क्रि० छिचल्न लाउनु ।

**छिचिन्कोटे–** ना० बट्टाईभन्दा केही ठूलो, फुस्रो रङको एक जातको चरो ।

**छिचिमिरे–** वि० [छिचिमिरो+ए] १. छिचिमिराजस्तो; दुब्लो-पातलो र चञ्चल स्वभावको ।

**छिचिमिरो–** ना० [छित्ति+मीर+ओ] प्वाँख उम्रेर दुलाबाट बाहिर निस्की उडेर प्रायः तुरुन्तै समाप्त हुने धमिरो ।

**छिचिमोटे–** वि० [चिमोट् +चिमोट्+ए] १. चकचके; छिटो र छरितो; हल्का पाराको । २. दुब्लोपातलो । > **छिचिमोटचाइँ–** ना० छिचिमोटे हुनाको चाल वा अवस्था; छिचिमोटेपन ।

**छिचोल्-नु–** स० क्रि० [सं० छित्वर+नु] १. एकातिरबाट पसेर अर्कातिरबाट निस्कनु; पार गर्नु । २. एक ठाउँबाट हुलेर अर्का ठाउँबाट निकाल्नु । ३. टुङ्गो पुऱ्याएर बोल्नु । ४. आद्योपान्त पढेर सक्नु । > **छिचोलाइ–** ना० छिचोल्ने क्रिया वा भाव । **छिचोलाइनु–** क० क्रि० छिचोल्न लाइनु । **छिचोलाउनु–** प्रे० क्रि० छिचोल्न लाउनु । **छिचोलिनु–** क० क्रि० छिचोल्ने काम गरिनु ।

**छिट्-नु–** स० क्रि० [सं० क्षिप्त+नु] छम्कनु; छिट्कनु ।

**छिट–** ना० [सं० क्षिप्त] विभिन्न रङमा छिपेको धोती वा गुन्यू आदि लगाइने एक थरी कपडा ।

**छिटाइ–** ना० [√ **छिट्**(+आइ)] छिट्ने क्रिया वा प्रक्रिया । [ > ] **छिटाइनु–** क० क्रि० छिट्न लाइनु । **छिटाउनु–** प्रे० क्रि० छिट्न वा छम्कन लाउनु । **छिटिनु–** क० क्रि० छम्किनु; छर्किनु ।

**छिटपुट–** क्रि० वि० [हि. छिटफुट] १. अलिअलि; कहीँकहीँ; कहिलेकाहीँ । २. कुनै यता र कुनै उता; यताउति । ३. फाटफुट ।

**छिटाछिटी–** ना० [छिटो+छिटो] १. परेको वा झरेको पानीको थोप्लाथोप्ली; धेरै छिटहरूको समूह । २. रङ, मसी आदि तरल वस्तुका थोप्लाथोप्ली वा दाग ।

**छिटुनी–** ना० बेत, बाँस, निगालो, मालिङ्गो आदिका चोयाबाट बुनेर तयार गरिएको टोकरीजस्तो घरेलु साधन ।

**छिटो–** ना० [प्रा० छिट्टो < सं० क्षिप्त] १. छचल्किएर वा उछिट्टिएर आउने पानीको बिन्दु; जलकण; पानीको थोपो । २. दूध, मसी, रङ वा त्यस्तै कुनै तरल वस्तुको थोपो । ३. शुद्धिका निम्ति सेचन गर्ने जल; चोख्याउन छम्केको पानीको थोप्ला । वि० ४. फुर्तिलो; छिटोछरितो; चलाक । क्रि० वि० ५. तुरुन्तै; चाँडो; लगत्तै; झट्टै । ~ **छरितो–** वि० १. चाँडचाँडै काम गर्ने; कुशलतापूर्वक छिटै काम गर्ने । २. विचार गर्न वा निर्णयमा पुग्न विलम्ब नगर्ने । ~ **थोपो–** ना० १. नापिने वा भरिने वस्तुको थोरै परिमाण । २. दूध, घिउ, तेल आदि पदार्थ थोरैथोरै गरेर सञ्चय गर्ने काम; फारोतिनो गरिने वस्तुको भाग (छिटोथोपो गरी जम्मा पारेको घिउतेल इ०) । ~ **हाल्नु–** टु० छातछूत भएको वा अशुद्ध भएको वस्तुलाई शुद्ध जल छम्केर चोख्याउनु ।

**छिट्क-नु–** स० क्रि० [छिट्+क+नु] १. छम्कनु; छिट्नु; सेचन गर्नु । २. बीउबिजन छर्नु । > **छिट्काइ–** ना० छिट्कने भाव, क्रिया वा प्रक्रिया । **छिट्काइनु–** क० क्रि० छिट्कन लाइनु । **छिट्काउनु–** प्रे० क्रि० छिट्कन लाउनु । **छिट्किनु–** क० क्रि० छम्किनु; छिटिनु; सिञ्चित हुनु ।

**छिट्टचाइ–** ना० [√ **छिट्टचाउ** (+आइ)] पानी छिट्टचाउने क्रिया वा प्रक्रिया । [ > ] **छिट्टचाइनु–** अ० क्रि० छिटा-छिटा भएर झरिनु । **छिट्टचाउनु–** अ० क्रि० आकाशबाट छिटाछिटा परेर पानी खस्नु; पानी पर्न थाल्नु; अलिअलि पानी पर्नु ।

**छिड्की–** ना० [√ छड्के] १. छेस्किनी । २. काम बिगार्ने नियतले हालिने भाँजो; छेका; छिर्की; छिर्के ।

**छितरबितर–** क्रि० वि० टिप्नुपर्ने वस्तुहरू परपर पुग्ने गरी छरिने र रेलिने भएर; छिरलिने गरी; छरपस्ट; छरपट्ट ।

**छितरिनु**– अ० क्रि० [सं० छित्वर+इ+नु] १. कुनै वस्तु जताततै छरिनु; छरपुस्ट हुनु । २. छिल्लिनु; इत्रिनु; असभ्य तरिकाले जिस्किनु । > **छितऱ्याइ**– ना० छितरिने भाव; क्रिया वा प्रक्रिया । **छितऱ्याहट**– ना० छितरिने भाव, क्रिया वा अवस्था ।

**छिताहारी**– ना० [छित(=छूत)] +हारी] सनातनी विश्वासअनुसार तथाकथित निम्न जाति ।

**छिद्र**– ना० [सं०] १. प्वाल; दुलो; छिँड । २. धाँजो, अन्तर । ३. कमजोरी; फितलोपन । ४. दोष; त्रुटि । – **ता**– ना० छिद्र हुनाको भाव वा अवस्था । – **दर्शी**– वि० अर्काको दोष र खोट मात्र देख्ने; छिद्रान्वेषी । > **छिद्रानुसरण**– ना० अर्कामा रहेका दोषहरूको बारेमा गरिने खोजीनिती; छिद्रान्वेषण । **छिद्रान्वेषी**– वि० अर्काको दोष खोजेर खोट लगाउने; छिद्रहरूको अन्वेषण गर्ने । **छिद्रित**– वि० छिद्र पारिएको; प्वाल परेको ।

**छिन्–नु**– स० क्रि० [सं० क्षीण] १. कुनै कामकुराको टुङ्गो लाउनु; मुद्दामामिलाको अन्तिम निर्णय दिनु; सिद्ध्याउनु । २. बाँकीबक्यौता, ऋण आदिको हरहिसाब चुक्ता गर्नु; फछर्याउनु । ३. वस्तुको कुनै अवयव टुक्रिनु; टुट्नु; चुँडिनु । अ० क्रि० ४. बर्कत घट्नु; दुब्लाउनु; शारीरिक अवस्था कमजोर हुनु । ५. घरव्यवहारको आर्थिक अवस्था गिर्नु; ऋणले सताउनु ।

**छिन**– ना० [सं० क्षण] १. साह्रै थोरै समय; क्षण । २. अहोरात्रमात्र साठी घडी हुने पानीघडीको नापोप्रणालीमा एक घडीको छैटौँ भाग; दस पला ।

**छिनछान**– ना० [छिन्+अ (द्वि०)] १. हरहिसाब चुक्ता गर्ने काम; छिनाफाना; फछर्यौट । २. सरसल्लाह मिलाउने काम ।

**छिनछिन**– क्रि० वि० [अ० मू० छिन्+अ(द्वि०)] १. सुकेका कोसाहरू हल्लँदा बजेझैँ भएर । २.घुँगुरा वा मुजुरा बजेसरि; त्यस्तो आवाजका साथ । > **छिनछिने**– ना० १. पहेँलो रङको फूल फुल्ने, केराउका आकारका केही मोटा कोसा फल्ने, दुर्भिक्षमा ती कोसाका फल भुटेर खाइने र बोक्राको पाट निकालिने एक जातको वनस्पति । २. छिकछिके ।

**छिनफान**– ना० [छिन्+फाँड्] १. चुक्ताचुक्ती; छिनछान ।

**छिनाइ**– ना० [√ **छिन्**(+आइ)] छिन्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **छिनाइनु**– क० क्रि० छिन्न लाइनु । **छिनाउनु**– प्रे० क्रि० छिन्न लाउनु; छिन्ने पार्नु । **छिनिनु**– क० क्रि० छिन्ने काम गरिनु ।

**छिनाझपट**– ना० [छिन्+झपट] छिनाइ र झपटाइ; लुछाचुँडी; खोसाखोस । > **छिनाझपटी**– ना० छिनाझपट ।

**छिनाफाना**– ना० [छिन्+फाँड्> फाना] १. हरहिसाब मिलाउने र चुक्ता गर्ने काम; चुक्ती; फछर्यौट; छिनुफानु । २. किनारा लगाउने काम; निधो वा टुङ्गो लाउने काम; निर्णय; निधो ।

**छिनार**– ना० [सं० छिन्ना] १. गुप्त रूपबाट यौनवृत्ति गर्ने आइमाई; रन्डी; वेश्या; पातर । वि० २. छिहिलिएकी; पात्तिएकी (स्त्री) । ३. व्यभिचारी ।

**छिनाल्–नु**– स० क्रि० [छिन्+आल्+नु] १. धागो, डोरी आदि चुँडाउनु; काटेर छिनाउनु । > **छिनालाइ**– ना० छिनाल्ने वा चुँडाल्ने क्रिया वा भाव । **छिनालिनु**– क० क्रि० चुँडालिनु; छिनाइनु ।

**छिनासिम**– ना० नेपालको कर्णाली अञ्चलअन्तर्गत जुम्ला जिल्लाको सदर मुकाम ।

**छिनिक**– ना० अचार खान हुने ससाना दाना फल्ने, झाडीदार एक वनस्पति ।

**छिनु**– ना० [छिन्+उ] ढुङ्गा कुँद्ने वा धातुहरू काट्ने काम गरिने फलामे हतियार ।

**छिनुफानु**– ना०हे० छिनाफाना ।

**छिनुवा**– वि० [छिन्+उवा] १. छिनिएको; चुँडिएको; छिन्ने वा चुँडिने खालको । २. अदालतबाट छिनिएको; अन्तिम टुङ्गो लागेको; फैसला भएको (मुद्दा) ।

**छिनेटो**– ना० [छिन्+एटो] १. सानो छिनो । २. छिनोबाट बनाइएको प्वाल; छिँड; छेड । ३. प्वाल; दुलो ।

**छिन्क–नु**– स० क्रि० [सं० क्षीण+नु] मसिनो र खस्रो नछुट्टिएको वस्तुलाई नाङ्लो आदिमा हाली खस्रोजति खसालेर मसिनोजति राख्नु । > **छिन्काइ**– ना० छिन्किने भाव, क्रिया वा प्रक्रिया । **छिन्काइनु**– क० क्रि० छिन्किन लाइनु । **छिन्काउनु**– प्रे० क्रि० छिन्कन लगाउनु । **छिन्केटो**– ना० छिन्कने साधन; नाङ्लो । **छिन्केरो**– ना० चामल छिन्कँदा नाङ्लैमा रहने ढुटो वा पीठो । **छिन्कौटो**– ना० १. बियाँ छिन्केर निस्केको चामल । २. छिन्कँदा निस्किएको नाथ्री । ३. छिन्किसकेपछि निस्किएको बियाँ । **छिन्कौलो**– ना० १. चामल केलाउँदा छुट्टिने चामल र भुसका अतिरिक्त बच्ने मसिना चामल; कनिका । २. मकैको चामल केलाउँदा भुस, पीठो र चामल छुट्टिइसकेपछि बचेको चामलभन्दा मसिनो र पीठोभन्दा खस्रो चीज; सरौलो ।

**छिन्न**– वि० [सं०] १. छिनाइएको; टुक्रा पारिएको; चुँडिएको । २. बिगारिएको; बिग्रेको; नष्ट । ३. थाकेको; थकित । – **कर्ण**– वि० कानको लोती चुँडिएको; पूरै कान काटिएको; कनकट्टा । – **नासिक**– वि० नाक काटिएको; नकटो । ~ **भिन्न**– वि० १. काटकुट वा फोरफार गरेर काम नलाग्ने अवस्थामा पुऱ्याइएको; टुटफुट भएर छरिएको; छयान्नब्यान्न । २. नष्टभ्रष्ट । – **मस्तक**– वि० घाँटीदेखि माथिको भाग चुँडिएको; टाउको काटिएको; मुड काटिएको; मुर्कट्टा । – **मस्ता**– ना० १. घाँटी छिनेको आफ्नै टाउको हातमा लिएर घाँटीबाट निस्किएको रगतको धारा त्यसै टाउकालाई पियाइरहेकी दश महाविद्यामध्ये एक । २. नेपालको सप्तरी जिल्लाको सदरमुकाम राजविराजदेखि दक्षिणतर्फ पर्ने सखडा गाउँमा रहेकी एक प्रसिद्ध देवी । – **मूल**– वि० १. जरो वा मूल काटिएको; निर्मूल भएको । २. आधार वा आश्रयरहित; मूल स्रोत नभएको । – **संशय**– वि० सन्देहास्पद अवस्था नरहेको; शङ्का बाँकी नरहेको; सन्देहरहित ।

**छिप्–नु१**– स० क्रि० [सं० स्पृश्+नु] कपडा, कागज आदिमा बुट्टा

छाप्नु; बुट्टा पार्नु ।

**छिप्–नु**२– अ० क्रि० [सं० क्षिप्+नु] लुक्नु; दब्नु ।

**छिपछिप**– क्रि० वि० [अ० मू० छिप्+अ(द्वि०)] अलिअलि पानी हुने गरी; पानीले जमिनको सतहमात्र छोइने भएर । > **छिपछिपाइ**– ना० छिपछिपाउने भाव, क्रिया वा प्रक्रिया । **छिपछिपाइनु**– अ० क्रि० छिपछिप होइनु । **छिपछिपाउँदो**– वि० अलिअलि मात्र पानी भएको; छिपछिप गर्ने अवस्थाको । **छिपछिपाउनु**– अ० क्रि० छिपछिप हुनु । **छिपछिपे**– वि० १. तरल वस्तुमा ठोस वस्तुहरू मिसाउँदा तरल वस्तु छिपछिप मात्र र ठोस वस्तु बढी हुन खोजेको । २. झोल र चोक्टा परेको वस्तुमा दुवै पक्ष बराबर भएको ।

**छिपा**– ना० [नेवा० छिपू] १. कपडा रँगाउने तथा बुट्टा छाप्ने काम गर्ने एक जाति । २. त्यसै जातिले छिपेको कपडा ।

**छिपाइ**– ना० [√ **छिपाउ**(+आइ)] १. कपडा आदि छिप्ने क्रिया वा प्रक्रिया । २. छिप्ने वा लुक्ने क्रियाप्रक्रिया; लुकाइ । [ > ] **छिपाइनु**– क० क्रि० १. छिप्न लाइनु; बुट्टा भराइनु । २. लुकाइनु; दबाइनु । **छिपाउनु**– प्रे० क्रि० १. छिप्न लगाउनु; छिप्ने काम गराउनु । २. लुकाउनु; दबाउनु ।

**छिपी**– ना० हे० छिपा (जाति) ।

**छिपुवा**– वि० [छिप्+उवा] कागज वा कपडा आदिमा रङ्गीचङ्गी बुट्टा छापिएको; छिपिएको; बुट्टा भएको ।

**छिप्पिनु**– अ० क्रि० [सं० क्षीव+नु] १. फलफूल आदि कलिलो र कमलो अवस्था पार गरेर परिपक्व हुनु । २. कलिलो उमेरबाट प्रौढ अवस्थामा पुग्नु; उमेरदार हुनु । ३. खस्रिनु; बाउँठिनु । ४. पुरानो हुनु; धेरै समयको हुनु (रोग आदि) । ५. ठेकीमा राखिएको दही, घैँटामा राखिएको जाँड आदि धेरै दिनको हुनु वा पुरानो बन्नु । > **छिप्प्याइ**– ना० छिप्पिने भाव, क्रिया वा प्रक्रिया । **छिप्प्याइनु**– क० क्रि० छिप्पिने पारिनु; परिपक्व बनाइनु । **छिप्प्याउनु**– प्रे० क्रि० १. फलफूल आदि बोटैमा राखेर परिपक्व पार्नु । २. छिप्पिने तुल्याउनु; छिप्पिन लाउनु ।

**छिमल्–नु**– स० क्रि० छाँटकाँट गर्नु; छिँवल्नु । > **छिमल**– ना० १. कामकुराको मेसो; पटक; छिँवल । २. निश्चित समय वा अवधि; छिँमल; दामल । **छिमलाइ**– ना० छिमल्ने वा छिमलाउने क्रिया-प्रक्रिया । **छिमलाइनु**– क० क्रि० छिमल्न लाइनु; छिँवलाइनु । **छिमलाउनु**– प्रे० क्रि० छिमल्न लाउनु; छिँवलाउनु । **छिमलिनु**– क० क्रि० छिमल्ने काम गरिनु; छिँवलिनु ।

**छिमेक**– ना० [छिम+भेक] घरवरिपरिको ठाउँ; छरछिमेक; वल्लोपल्लो घर । > **छिमेकी**– वि० छिमेकमा बसेको वा रहेको; वल्लोपल्लो घर हुने; छिमेकको; छिमेक भएको ।

**छिम्कनु**– स० क्रि० हर्थुङ्गामा रहेका गट्टीहरू उफारेर उत्तिखेरै हत्केलाले समाउनु । > **छिम्काइ**– ना० छिम्कने भाव, क्रिया वा प्रक्रिया । **छिम्काइनु**– क० क्रि० छिम्कन लाइनु; छिम्कने पारिनु । **छिम्काउनु**– प्रे० क्रि० छिम्कने पार्नु; छिम्कन लाउनु । **छिम्किनु**– क० क्रि० छिम्कने काम गरिनु ।

**छिम्के**– ना० [छिम्क+ए] छिम्कने काम गरेर खेलिने गट्टाको खेल । ~ **झार**– ना० हे० छिउँकेझार ।

**छिम्क्याहट**– ना० [छिम्क+याहट] छिम्कने भाव, अवस्था, क्रिया वा प्रक्रिया ।

**छिया**– वि० [सं० क्षित] १. चिरिएको वा घाउ लागेको; छेड परेको । ना० २. घाउ; छेड; छेद । ~ **छिया**– क्रि० वि० १. काटिने, छेडिने वा घोचिने भएर; प्वालैप्वाल हुने गरी; टुक्रैटुक्रा भएर । वि० २. त्यस्तो हुने शारीरिक वा मानसिक अवस्थाको; छिन्नभिन्न ।

**छिर्–नु**– अ० क्रि० [छेड्+नु] कुनै दुलो वा प्वाल आदिबाट पस्नु; एकातिरबाट पसेर अर्कातिर निस्कनु ।

**छिरबिर**– ना० [अ० मू० छिर्+अ(द्वि०)] १. अनेक रङ्गका ससाना बुट्टा । २. विभिन्न रङ वा घामछायाँबाट बनेका तिरमिरे बुट्टा । > **छिरबिरे**– वि० छिरबिर बुट्टा परेको; छिरबिर देखिने ।

**छिरल्–नु**– स० क्रि० [छिरलो+नु] १. कुनै ठाउँमा मिलाएर राखेको कागजपत्र, अन्नपात आदि वस्तु जथाभाबीसँग यताउति पार्नु; रेल्नु । २. घाँसपात, पराल आदि फुकाएर छर्नु; त्यस्तो वस्तुको घान हाल्नु । > **छिरलाइ**– ना० छिरल्ने भाव, क्रिया वा प्रक्रिया । **छिरलाउनु**– प्रे० क्रि० छिरल्न लाउनु । **छिरलिनु**– क० क्रि० छिरलो हुनु; यताउति छरिनु ।

**छिरलो**– ना० [सं० क्षरल] कुनै वस्तु वा सरसामान जथाभाबी हुने स्थिति; छिरलिने काम; छरछार; रेलो ।

**छिराइ**– ना० [√ **छिर्**(+आइ)] छिर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **छिराइनु**– स० क्रि० १. पसाइनु; घुसारिनु । क० क्रि० २. छिर्ने पारिनु; घुस्ने पारिनु । **छिराउनु**– स० क्रि० १. पसाउनु; एकापट्टिबाट हालेर अर्कापट्टि पुऱ्याउनु । प्रे० क्रि० २. छिर्न लाउनु; एकापट्टिबाट पसेर अर्कापट्टि निस्किन लाउनु । **छिरिनु**– क० क्रि० पसिनु; घुसिनु ।

**छिर्काछार्की**– ना० [अ० मू० छिर्को (द्वि०)] १. कपडा, कागज, छाला आदिमा परेका विभिन्न रङका बुट्टा; थोप्लाथोप्ली । २. छिर्काहरूको समूह; छिटाछाटी ।

**छिर्की**– ना० [छिर्के+ई] १. सानोतिनो छिर्के । २. जोरी खोज्नेलाई उसले थाहा नपाउने गरी गोडाले अल्झाई लडाउने एक दाउ; छिर्केदाउ ।

**छिर्के**– वि० [√ **छड्के**] १. विभिन्न रङका धर्साधर्सी वा थोप्लाथोप्ली परेको; छिर्केमिर्के; टाटेपाङ्ग्रे (वस्तुभाउ, लुगाफाटा आदि) । ना० २. अर्काको कुभलो गर्ने नियतले गरिने जालझेल, चुक्ली; दाउपेच । ~ **दाउ**– ना० १. कुस्ती खेल्दा प्रतिद्वन्द्वीका खुट्टाका बीचमा आफ्नो खुट्टो छिराई लरबर पारेर लडाउने तरिका; छड्के दाउ; चोरीदाउ । २. अर्काको हानिनोक्सानी गर्ने नियतले थाहा नहुने गरी दुःख दिने वा चाल झिक्ने मौका; दुःख दिने नियतको जालझेल; मौकाबाजी; कूट खेल । – **मिर्के**– वि०

विभिन्न रङका धर्साधर्सी वा थोप्लाथोप्ली मिसिएको; छिरबिरे ।

**छिर्को**– ना० [सं० छिप्तक] १. वेगसँग आएको तरल पदार्थको छिटो । २. त्यसरी बनेका विभिन्न आकारका दाग; धर्सो ।

**छिल्-नु**– स० क्रि० [सं० छल्लि+नु] १. बोक्रा छोडाउनु; छिल्कनु । २. खुर्कनु; ताछ्नु । > **छिलाइ**– ना० छिल्ने भाव, क्रिया वा प्रक्रिया । **छिलाइनु**– क० क्रि० छिल्न लाइनु । **छिलाउनु**– प्रे० क्रि० छिल्न लाउनु; छिल्ने पार्नु । **छिलिनु**– क० क्रि० छिल्किनु ।

**छिल्क-नु**– स० क्रि० [हि० छिल्का+नु] कुनै फलफूल, रूखपात आदिका बोक्रा ताछ्नु; छोडाउनु । > **छिल्काइ**– ना० छिल्कने भाव, क्रिया वा प्रक्रिया । **छिल्काइनु**– क० क्रि० बोक्रा छुट्ट्याइनु; नङ्ग्याइनु; छोडाइनु । **छिल्काउनु**– स० क्रि० बोक्रा छुट्टिने पार्नु; छिल्कन लाउनु । **छिल्किनु**– क० क्रि० बोक्रो ताछिनु; नङ्ग्याइनु; छोडाइनु ।

**छिल्को**– ना० [सं० क्षालक] तरकारी, फल आदि पदार्थको बाहिरी अवयव; बोक्रो; खोस्टो; छाला ।

**छिल्लि-नु**– अ० क्रि० [छिहिलि+नु] १. लाजसरम त्यागेर वा मर्यादाको ख्यालै नगरी जिस्किएर कुरा गर्नु; पात्तिनु; इतरिनु; छिहिलिनु । > **छिल्ल्याइ**– ना० छिल्लिने भाव, क्रिया वा प्रक्रिया । **छिल्ल्याइनु**– क० क्रि० छिल्लिने पारिनु; छिल्लिन लाइनु । **छिल्ल्याउनु**– प्रे० क्रि० छिल्लिने पार्नु; छिल्लिन लाउनु ।

**छिहिलि-नु**– अ० क्रि० असभ्य तरिकाले लाजभाँडको वास्तै नगरी जिस्किनु; इतरिनु; पात्तिनु । > **छिहिल्याइँ**– ना० छिहिलिनेपन; इतऱ्याइ । **छिहिल्याइ**– ना० छिहिलिने भाव, क्रिया वा प्रक्रिया । **छिहिल्याइनु**– क० क्रि० छिहिलिन लाइनु । **छिहिल्याउनु**– प्रे० क्रि० छिल्लिन लाउनु ।

**छी**– वि० बो० हे० छिः । ~ **छी**– वि० बो० छिःछिः।

**छुइ**– ना० [छु+इ] छुने काम; छुवाइ; स्पर्श (बालबोलीमा) । – **छाइ**– ना० १. छुनेवर्ने काम; छरछुवाइ । २.छुवाछूत आदिको भेदभाव; छुतछात ।

**छुई**– ना० [छु+ई] परसराइ; रजस्वला; टक्राइ; नछुनु; नछुने । ~ **घर**– ना० पहिलो पल्टकी नछुनेका लागि रहनबस्न बनाइएको गुप्ती कोठो वा ठाउँ ।

**छुक**– ना० [*छुहक< सं० शुभक] १. शुभ तथा मङ्गलको सङ्केत; शुभ शकुन; सगुन; फाप । २. असल कामका लागि पर सारिएको कुरा । ३. छूत; छुवाछूत ।

**छुकछुक**– ना० [अ० मू० छुक्+अ(द्वि०)] १. चलिरहने किसिम, अवस्था वा स्वभाव; चकचक । क्रि० वि० २. त्यसै पनि यताउति चलिरहने किसिमले । > **छुकछुकी**– क्रि० वि० छुकछुक; चकचक । **छुकछुके**– वि० चञ्चल स्वभावको; खाली बस्न नसक्ने; चकचके; अस्थिर ।

**छुकी**– वि० [छुक+ई] छुक लगाउने; छुक भएको; लच्छिनको; लच्छिनी ।

**छुकुनी**– ना० [प्रा० चुक्काण्ण] १. दूधमाने, कर्कला आदिका डाँठ काटेर सुकाइएको तरकारी खाइने टुक्रा । २. तिल, फर्सीका बियाँ आदि कुटेर बनाइएको बुरबुरे धूलो अचार ।

**छुकुम**– ना० गहुँ, जौ छरिने बारीमा पलाउने, स्वादिलो, सुगन्धित र उपयोगी एक प्रकारको बुटी झार ।

**छुची**– ना० १. बन्दुकका टोटा रहने ठाउँमा जोडिएको घोडाले ठक्कर खुवाउँदा बारुद वा टोटा भएको ठाउँमा जाने र सल्काउने कीलोजस्तो अङ्ग । २. बोतल आदिका मुखमा राखिने फराकिलो मुख भएको र पींधमा टुटी परेको सोली; कागे । ३. दुई नदीका सङ्गमका बीचमा पर्ने तीनचोसे सोतो जमिन; दोभानका माझमा पर्ने बगरको सोतो ।

**छुचुन्द्रे**– ना० [छुचुन्द्रो+ए] १. ताँती लागेर खेलिने केटाकेटीको एक खेल । वि० २. छुचुन्द्राको जस्तो गन्ध भएको; छुचुन्द्राको जस्तो ताँती लाग्ने । ~ **ताँती**– ना० एउटापछि अर्को र त्यसपछि अर्को नछुट्टिईकन ताँती लागेर हिँड्ने, छुचुन्द्राको लामजस्तै लर्को; लामो ताँती; लर्को; लाम ।

**छुचुन्द्रो**– ना० [सं० छुछुन्दर] १. सुँगुरको जस्तो थुतुनो हुने, स्वाभाविक अनुपातभन्दा साना आँखा भएको, ठस्स गन्ध आउने, मुसाजस्तो प्राणी ।

**छुचो/छुच्चो**– वि० [सं० क्षुद्र] १. सानो चित्त भएको; छोटो मिजासको; दुच्छर । २. लोभी स्वभावको; किरन्टोकी । ३. साथीभाइलाई नसहने; अमिल्दो । ४. अरूका नचाहिँदा कुरा गर्ने; छल्याहा; छुस्कर । > **छुच्याइँ**– ना० छुचो हुनाको भाव वा अवस्था; छुचो हुने खालको काम वा व्यवहार ।

**छुट्-नु**– अ० क्रि० [छुट+नु] १. कुनै वस्तु वा काम बाँकी रहनु; छुट हुनु । २. कुनै कामकुरो बिरिनु; गल्ती हुनु; भुल्नु । ३. बन्धन वा सजाय, कैद आदिबाट मुक्त हुनु; फुर्सद पाउनु । ४. बाँधेको बन्धन छोड्नु; फुक्नु ।

**छुट**– ना० [सं०] १. कुनै काम गर्दा भूलबाट भएको छुटाइ; छुट्ने काम । २. गल्ती; छुटपुट । ३. बाँकी; रहल । – **कारा**– ना० १. दण्डसजाय आदिबाट हुने मुक्ति; छुट्ने काम; मुक्ति । २. अवकाश; बिदा; छुट्टी; फुर्सद । – **गुठी**– ना० देवदेवालय, पाटीपौवा आदि धार्मिक वस्तु वा पूजाआजा आदिको कार्यसञ्चालन गर्न तोकिएका जग्गाको आयस्ताबाट खर्च गरी बचत भएको आयस्ता सञ्चालन गर्नेले खान पाउने रकम । – **छाट**– ना० कुनै काम गर्दा थाहा पाई वा नपाई रहन गएको काम; बाँकी; रहलपहल; छुटपुट । – **नाम**– ना० पतिपत्नीले कानुनी रूपबाट पाउने छोडपत्र; पारपाचुके; पारपत्र; छुटानाम; सिन्कोपाङ्ग्रो । – **पुट/फुट**– ना० १. कुनै काम गर्दा कारणवश छुट्न गएको काम वा वस्तु; रहलपहल; बाँकीबचोट; छुटछाट । वि० २. बचेखुचेको; रहलपहल; छुट भएको ।

**छुटाइ**– ना० [√ **छुट**(+आइ)] छुट्ने भाव, क्रिया वा प्रक्रिया । [>] **छुटाइनु**– क० क्रि० छुट्नेछुटाउने काम गरिनु । **छुटाउनु**– प्रे० क्रि० १. बन्धनबाट मुक्त गराउनु; छुटकारा दिलाउनु;

c:\1saroj\Sabdkosh\Chha.p65



अलग गराउनु । स० क्रि० २. भूल गर्नु; कामकुरो बिराउनु; गल्ती गर्नु ।

**छुटानाम–** ना० [छुट+नाम] १. वियोग; छुटनाम । २. पतिपत्नीको सम्बन्धविच्छेद जनाउने कानुनी लिखत; पारपत्र; सम्बन्धविच्छेदपत्र ।

**छुट्टा–** वि० [√ **छुट**] १. आफ्नो समूह वा ठाउँभन्दा अलग्गै रहेको; भिन्नै बसेको; छुट्टिएको; बेग्लै भएको । २. अलग; भिन्न; छुट्टो; छुट्ट । ~ **छुट्टै–** क्रि० वि० भिन्नाभिन्नै; बेग्लाबेग्लै; अलगअलगै ।

**छुट्टि-नु–** अ० क्रि० [छुट्टा+इ+नु] १. आफ्नो समूह, परिवार वा सहभागिताबाट अलग्गिनु; भिन्नै हुनु । २. दाजुभाइहरू अंशबन्डा गरी अलगअलग हुनु ।

**छुट्टी–** ना० [√ **छुट**] १. आफ्नो दैनिक काममा हाजिर हुन नपर्ने दिन; बिदा; अवकाश । २. छुटकारा; मुक्ति । ३. नाश; बर्बादी । वि० ४. धेरै मात्रामा; अति नै; अचाक्ली । – **छाट्टी–** ना० १. बिदा वा फुर्सद भएको अवस्था; त्यस्तो समय वा दिन । २. बिलकुल नाश; चौपट्टै खतम; नष्टभ्रष्ट; बिगार; उपध्रो; सत्यानाश; बर्बादी । क्रि० वि० ३. बिग्रने गरी; बर्बाद हुने गरी । ~ **भिन्न–** वि० अंशबन्डा गरी छुट्टिएको; मानो छुट्टिएको । ~ **साह्रो–** वि० १. कुनै कामले वा बेकामले कसैलाई सताउने; खुरन्धार गर्ने; बारबार त्यही कुरा दोहोऱ्याइरहने । २. ज्यादै अप्ठचारो; असाध्यै असजिलो । क्रि० वि० ३. झर्को लाग्ने गरी; वाक्क पार्ने किसिमसँग ।

**छुट्टो–** वि० [√ छुट्टा] समूहबाट अलग्गिएको; छुट्टा; एक्लो; फुट्टो ।

**छुट्ट्याइ–** ना० [√ **छुट्टि**(+याइ)] छुट्टिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **छुट्ट्याइनु–** क० क्रि० छुट्ट्याउन लाइनु । **छुट्ट्याउनु–** प्रे० क्रि० १. अलग पार्नु; भिन्न तुल्याउनु । २. रोग वा दोष खुट्ट्याउनु ।

**छुत–** ना० [सं० सूतक] अस्पृश्य वस्तु छुँदा लाग्ने दोष; संसर्गबाट लाग्ने दोष । – **छात–** ना० छुवातुछ; छातछुत; लसपस । हे० छुत । > **छुताइ–** ना० छुतिने वा कोराभित्र पस्ने क्रियाप्रक्रिया । > **छुताछुत–** वि० छुन हुने र नहुने (रोग, व्यक्ति, पशु आदि); छुवाछुतको ख्याल गर्नुपर्ने; छुत र अछुतको भेदभाव गर्ने । **छुतारु–** ना० जुठो, सूतक पूरै लाग्ने सपिण्डभित्रका दाजुभाइ; दसाह्रा दाजुभाइ; तेह्रदिने भैयाद । **छुताहा–** वि० १. छुवाइ वा लसपसबाट सर्ने सङ्क्रामक (रोग) । २. तेह्रदिने जुठो बार्नुपर्ने दाजुभाइ; सपिण्डीभित्रका दाजुभाइ । **छुतिनु–** अ० क्रि० कोराभित्र पस्नु; क्रियापुत्रीले कोरामा पस्नु; आशौच बार्ने घरमा पस्नु । छुती– छुवाछुत बार्न नपर्ने खालको; स्पर्श गर्दा वा भात पानी छुँदा बात नलाग्ने; छुतभित्रका जात भातको ।

**छुत्ति–** ना० १.परस्परमा छोएर हल्लँदै खेलिने एउटा खेल । २. पेटभित्र आन्द्रा खाली भएर हल्लिने काम; भोकले पेट काउकाउ गरेको अवस्था ।

**छुद्दे–** ना० [सं० क्षुधा] १. खाने इच्छा; रुचि; भोक; तृष्णा । २. आकाङ्क्षा; रहर ।

**छुद्र–** वि० [सं० क्षुद्र] १. छुस्कर स्वभावको; छुच्चो बानी भएको । २. नीच स्वभावको; तुच्छ; निकृष्ट ।

**छु-नु–** स० क्रि० [प्रा० छुव < सं० छुप+नु] १. स्पर्श गर्नु; संसर्ग गर्नु; लसपस हुनु । २. जातभातमा बोर्नु; छुन निषेध भातभान्सा, पानी आदि चलाइदिनु ।

**छुनुमुनु–** ना० [अ० मू० (द्वि०) मुनु (=मुन्टो)] १. मसिना केटाकेटीले मुन्टो हल्लाएर खेल्ने खेल । २. अस्वीकार प्रकट गर्दा इसाराका निम्ति गरिने मुन्टोहल्लाइ । > **छुनुमुने–** वि० १. छुनुमुनु गर्ने; रहरलाग्दो (बालक, बाछो, पाठो, बच्चो आदि) । २. चकचके; छुकछुके; चञ्चले ।

**छुपछुप–** क्रि० वि० [अ० मू० छुप्+अ(द्वि०)] लगालग 'छुप' चाल वा शब्दसित । > **छुपछुपाइ–** ना० छुपछुपाउने भाव, क्रिया वा प्रक्रिया । **छुपछुपाइनु–** क० क्रि० छुपछुप पारिनु । **छुपछुपाउनु–** स० क्रि० छुपछुप पार्नु (लुगा धुँदा वा चामल फल्दा) । **छुपछुपी–** क्रि० वि० छुपछुपको चाल वा शब्द निकाल्दै । **छुपछुपे–** वि० छुपछुप गर्ने वा हुने; छुपछुप चालको । **छुपुछुपु–** क्रि० वि० १. धान रोप्दा हातले छुपछुप गर्ने गरी । २. लुगा छपछपाउँदा वा चामल फल्दा आवाज निस्केझैँ भएर ।

**छुप्प–** क्रि० वि० [अ० मू० छुप्+प] पानीले चुर्लुम्म भिजेको कपडा, कागज आदि भुइँमा खस्दा आवाज आउने गरी ।

**छुप्लुक्क–** क्रि० वि० [अ० मू० छुप्लुक्+क] सानो वस्तु पानीमा पर्दा एकै खेप शब्द आउने गरी ।

**छुमन्तर–** ना० [छुः+मन्तर] १. कुनै रोगव्याधिलाई झारफुक आदिबाट हटाइने प्रयास । २. कुनै समस्या सरक्क समाधान हुने उपाय । क्रि० वि० ३. एकाएक; अपर्झटसित ।

**छुरछुर–** ना० [अ० मू० छुर्+अ(द्वि०)] १. चकचक; छुकछुक; फुरफुर; चञ्चल । क्रि० वि० २. हल्का हिसाबले मानापाथी भरिने गरी । ३. कुनै धूलो वस्तु बिस्तारै छरिने वा चुहिने भएर । > **छुरछुरती**/**छुरछुरी–** क्रि० वि० अझै छुरछुर भएर । **छुरछुरे–** वि० १. छुरछुर गर्ने; चकचके; छुकछुके । २. हल्का चालसित भरिएको । ३. छुरछुर गरेर बिस्तारै चुहिरहने ।

**छुरबुर–** क्रि० वि० [अ० मू० छुर्+अ(द्वि०)] १. पुगनपुग; लगभग । २. खुकुलोसँग भरिने गरी (मानापाथी) । ३. जथाभाबी छरेर (गेडागुडी) । > **छुरबुरे–** वि० १. खुकुलो गरिएको; छुरबुर पारिएको । क्रि० वि० २. झन्डैझन्डै; लगभग ।

**छुरा–** ना० [सं० क्षुर] १. कपाल व दाह्री खौरने, चक्कुजस्तो सानो बिँड भएको लाग्ने हतियार । २. घोचेर प्रहार गरिने टुप्पो तीखो भएको चक्कु; छुरी । वि० ३. अति लाग्ने; धेरै कटाहा; धारिलो । ४. बातबातै टिप्ने; औधी मुखाले ।

**छुरिका–** ना० [सं०] सानो छुरा; छुरी ।

**छुरी–** ना० [सं०] टुप्पो तीखो हुने, घोचेर प्रहार गरिने वा तरकारी आदि काट्ने काम लिइने चक्कुजस्तो सानो हतियार; सानो

किसिमको छुरा ।

**छुरो–** वि० अरू थोक केही नमिसिएको; निक्खर; खाँटी; विशुद्ध (रगत, बालुवा) आदि ।

**छुर्पी–** ना० दूध वा मही फटाएर छोक्रा सुकाई बनाइएको खाद्य पदार्थ ।

**छुर्र–** क्रि० वि० [अ० मू० छुर्+र] ससाना गेडागुडी, अन्न खस्ता शब्द निस्केझैँ भएर ।

**छुलछुल–** क्रि० वि० [अ० मू० छुल्+अ (द्वि०)] ] १. बारबार पिसाब लाग्ने गरी; तुरतुर । २. डरत्रासका कारणले आत्तिएर भयभीत हुँदै । ३ अस्थिर भएर; चकचक । **छुलछुलाइ–** ना० छुलछुलाउने क्रिया वा प्रक्रिया । **छुलछुलाइनु–** अ० क्रि० तुलबुल होइनु; चञ्चल होइनु । **छुलछुलाउनु–** अ० क्रि० छुकछुके हुनु; चञ्चल हुनु । **छुलछुली** क्रि० वि० धमाधम पिसाब फेर्ने गरी । **छुलछुले–** वि० १. थोरै-थोरै पिसाब फेर्ने; छुलछुल पिसाब गर्ने । २. छुकछुके; चञ्चले; चकचके । **छुलछुल्याइ–** ना० छुलछुल्याउने वा छुलछुली पिसाब गर्ने क्रिया वा प्रक्रिया । **छुलछुल्याउनु–** स० क्रि० छुलछुली पिसाब फेर्नु; थोरथोरै पिसाब गर्नु; छुल्क्याउनु । **छुलछुल्याहट–** ना० छुलछुलिने भाव, क्रिया वा अवस्था ।

**छुलबुल–** क्रि० वि० हे० चुलबुल । > **छुलबुलाइ–** ना० छुलबुलाउने भाव, क्रिया वा प्रक्रिया । **छुलबुलाइनु–** अ० क्रि० चुलबुलाइनु । **छुलबुलाउनु–** अ० क्रि० चुलबुलाउनु । **छुलबुलाहट–** ना० चुलबुलाहट । **छुलबुले–** वि० चुलबुले ।

**छुलमा–** ना० काँडैकाँडा हुने र काँडाका टुप्पामा बाटुला फल फल्ने एक किसिमको बुटी ।

**छुलुक्क–** क्रि० वि० [अ० मू० छुलुक्+क] थोरैथोरै पिसाब फेरेर; तुरुक्क ।

**छुल्क-नु–** अ० क्रि० [अ० मू० छुलुक+नु] थोरैथोरै पिसाब फेर्नु; अलिअलि गरेर पिसाब खुस्कनु । > **छुल्किनु–** अ० क्रि० अलिकति पिसाब हुनु; तुरुकतुरुक पिसाब झर्नु । **छुल्के–** वि० १. छुलछुल गर्ने; तुरुकतुरुक पिसाब फेर्ने । २. चञ्चल; चकचके; छुलबुले । **छुल्क्याइ–** ना० छुल्कने वा छुल्क्याउने क्रियाप्रक्रिया । **छुल्क्याइनु–** क० क्रि० छुलछुली पिसाब गरिनु । **छुल्क्याउनु–** स० क्रि० छुलुक्क पिसाब गर्नु; छुलछुली पिसाब फेर्नु; थोरथोरै तुर्क्याउनु । **छुल्क्याहट–** ना० छुल्क्याउने भाव, क्रिया वा अवस्था ।

**छुल्याइँ–** ना० [छुला (पोल)+याइँ] भएनभएको कुरा लगाउने काम; चुक्ली; छुस्केरो ।

**छुल्याहा–** वि० [छुला (पोल)+आहा] परस्परमा एक अर्काको कुरा लाएर बजाउने र फाटो पार्ने; छुल्याइँ गर्ने स्वभावको; चुक्ली लाउने; पोलाहा; छुस्कर ।

**छुवा–** ना० [हि०] उखुको चिनी बनिसकेर बाँकी रहेको काम नलाग्ने रस ।

**छुवाइ–** ना० [√ छु(+आइ)] छुने भाव, क्रिया वा प्रक्रिया । [ > ] **छुवाइनु–** क० क्रि० छुन लाइनु । **छुवाउनु–** प्रे० क्रि० छुन लाउनु; छुवाउनु ।

**छुवाछुत–** ना० [छु+छुत] अस्पृश्यसितको लसपस; छातछूत; छूतछात ।

**छुवाछूत–** ना० हे० छुवाछुत ।

**छुसछुस–** ना० [अ० मू० छुस्+अ(द्वि०)] १. छुस्केरो; छुकछुक; चकचक । क्रि० वि० २. छिनछिनमा चलिरहने गरी; अस्थिर भएर । > **छुसछुसे–** वि० छुल्याइँ गरिरहने; दुःख दिइरहने; छुच्चो; छुस्कर ।

**छुसी–** ना० [सं० शष्य> *शस्व] १. गहुँका फलका टुप्पातिर र फेदतिर रहने टुँडो; झुस । २. औँलाका बाहिरपट्टि प्रत्येक खण्डमा उम्रिने रौँ । ३. सानोतिनो महत्त्वहीन कुरा; नगण्य वस्तु । वि० ४. जाबो; तुच्छ ।

**छुस्कर–** वि० १. कुरा लाएर दुःख दिने खालको; चुक्ली लाउने; छुल्याहा; पोलाहा । २. चकचक गर्ने; छुकछुके; चञ्चल ।

**छुस्के–** वि० [छुस्को+ए] छुकछुक गर्ने; छुल्याहा ।

**छुस्केरो–** ना० [√ **छुस्कर**] १. छुस्करको काम; चुक्ली; छुल्याइँ । वि० २. छुल्याहा; छुस्कर ।

**छुस्को–** ना० १. चुक्ली लगाउने काम; छुल्याइँ । २. चुबुर्को; छ्वास्स । वि० ३. छुच्चो; छुस्के ।

**छुस्क्याइँ–** ना० [छुस्के+याइँ] छुस्के हुनाको भाव वा अवस्था; चुक्ली; छुल्याइँ ।

**छुस्क्याहा–** वि० [छुस्को+याहा] छुस्को लगाउने; छुसछुस गर्ने खालको; छुस्कर; छुल्याहा ।

**छुस्या–** ना० [नेवा०] मझौला आकारको तर केही बाक्लो खालको झ्याली बाजा ।

**छुस्स–** क्रि० वि० [अ० मू० छुस्+स] १. हल्का तवरले छुने गरी; चुस्स; छुसुक्क । २. चुक्ली लाउने वा छुल्याइँ गर्ने किसिमले । ३. अलिकति भुवा, रौँ आदि देखिने वा उम्रिने गरी । ४. धूलो वा पीठो वस्तु पोखिएर । ना० ५. अलिअलि गरी दिइएको वा साह्रै थोरै वस्तु; छुसछुस ।

**छूट–** ना०हे० छुट ।

**छूत–** ना० हे० छुत । – **छात–** ना० हे० छुतछात । > **छूताछूत–** वि० हे० छुताछुत । **छूती–** वि० हे० छुती ।

**छेउ–** ना० [सं० छेद] १. भूखण्ड, क्षेत्र, वस्तु आदिको समाप्त हुने भाग (उदा०– बारीको डिल, पुस्तकको किनारा, भाँडाको बिट इ०) । २. नजिकको ठाउँ वा बस्ती; सामीप्य । ३. किनारा; टुप्पो; फुर्को । ना० यो० ४. नजिक; पास; निकट; भएको ठाउँ; थैँ; छिम; छिउँ । – **काँट–** ना० छेउछाउको भाग; वरिपरिको क्षेत्र; छरछिमेकको ठाउँ; आसपासको ठाउँ; काँठ । – **काँटे–** वि० छेउकाँटसम्बन्धी; छेउकाँटको । – **छाउ–** ना० १. नजिकको ठाउँ वा बस्ती । २. छेउकुना; कुनाकानी । क्रि० वि० ३. वरपर; नजिक । – **डिल–** क्रि० वि० छेउ र डिलसम्म नछुट्ने गरी ।

**छेउला**– ना० [स्याउलो] काठ वा स्याउला आदिले बनाइएको बार ।

**छेउलो**– ना० [छेउ+लो] १. छेउछाउ; आसपास; नजिकपुँडो । २. छेउमा वा अभेकमा परेको जग्गा, बस्ती वा स्थान; ओल्टेकोल्टे परेको ठाउँ । ३. पर्दा । वि० ४. छेउको; डिल वा कान्लाको ।

**छेक्-नु**– स० क्रि० [सं० छेदक+नु] १. कुनै ठाउँमा बस्तुभाउ जान नपाऊन् भनेर रोक्नु; थुन्नु । २. कुनै काम हुन नदिनु; थाम्नु । ३. कहीं जान वा सर्नबाट रोक्नु । ४. कुनै ठाउँ ओगट्नु । ५. बार, घेरा, पर्दा वा पर्खाल आदिले घेर्नु । ६. लुगा सिउनका लागि जीउमा नाप्नु; अड्कल्नु; नापो लिनु ।

**छेक**– ना० [छेको] १. कुनै सीमा वा ठाउँबाट अघि जान रोक्ने काम; थुन्ने काम; छेकबार; छेकथुन । २. बेला; मौका; अवसर; ताक; पक्ष; तिर । ३. छाँट; किसिम । ~ **छन्द**– ना० आकारप्रकारको खाका; ढाँचाकाँचा; तालमेल; रूपरेखा; छाँटकाँट । – **छाक**– ना० छेकथुन गर्ने काम; बारबेर । ~ **थुन**– ना० १. कुनै वस्तु वा प्राणीलाई स्वतन्त्र रहन वा चल्न नदिने उद्देश्यले थुन्ने र छेक्ने काम; रोकटोक । २. बाधाव्यवधान; अवरोध । ~ **बार**– ना० १. छेक्न र थुन्नका लागि तयार गरिएको स्याउला, तार वा कपडा आदिको बार; छेकाबार । २. आवश्यक पर्दा झिक्न र राख्न सकिने बार ।

**छेका**– ना० [छेक+आ] १. कुनै हद र सीमा तोक्ने बुँदा वा वस्तु; जानआउन नसकिने गरी लगाइएको बार; प्रतिबन्ध; रोकावट; तगारो; पर्खाल; घेरा । २. बिर्ता वा मौजा दिँदा तोकिएको चार किल्ला । ३. सो चार किल्ला निर्धारित गर्ने पत्र ।

**छेकाइ**– ना० [√ **छेक्**(+आइ)] छेक्ने वा घेर्ने किसिम, क्रिया वा भाव । [ > ] **छेकाइनु**– क० क्रि० छेक्न वा घेर्न लगाइनु; छेकथुन गरिनु । **छेकाउनु**– स० क्रि० १. लुगाको नापो लिनु; लुगा सिउन कपडा नाप्नु । प्रे० क्रि० २. छेक्न वा रोक्न लगाउनु । **छेकाछेक**– ना० परस्परमा रोकारोक गर्ने काम; थुनाथुन ।

**छेकानुप्रास**– ना० [सं०] रचनामा एकै वर्ण अनेक पटक दोहोरिँदा हुने अलङ्कार; शब्दालङ्कारमध्येको एक अलङ्कार ।

**छेकापह्नुति**– ना० [सं०] अलङ्कारशास्त्रका नियमअनुसार एउटा उक्तिलाई अर्को त्यस्तै तर अयथार्थ उक्तिले खण्डन गरिएको भान हुने अलङ्कार; एक शब्दालङ्कार; अपह्नुति अलङ्कारको एक भेद ।

**छेकाबार**– ना० हे० छेकबार ।

**छेकाभाँजा**– ना० [√ छेको+भाँजो] हे० छेकोभाँजो ।

**छेकारो**– ना० [छेक्+आरो] १. वरिपरिबाट घेरामा पारिने काम । २. वरिपरिसम्म नियन्त्रण गर्ने घेरो; बार । ३. छेको; बाधा; अड्काउ; थुना । ४. परिक्रमा । वि० ५. घुमाउरो; फेरो । ~ **काट्नु**– टु० घुमाउरो बाटो गरी भाग्नु ।

**छेकिनु**– क० क्रि० [छेक्+इ+नु] १. गति वा वेग रोकिनु; गतिरोध गरिनु । २. लुगा आङमा मिल्ने हिसाबले छेकिनु; नापो लिइनु ।

**छेकुवा**– वि० [छेक्+उवा] छेक्ने स्वभावको; अवरोध खडा गर्ने खालको; रोकावट लगाउने ।

**छेको**– ना० [छेक्+ओ] १. बस्तुभाउ वा अरू केही चीज आउन नसकोस् भनी लगाइएको बार; अवरोध; रोक्का । २. प्रतिबन्ध; बन्देज; छेकबार; नियन्त्रण । ३. पर्दा; पर्खाल वा घेराको बार ।

**छेकोक्ति**– ना० [सं०] अभिधा अर्थका अतिरिक्त लक्षणा वा व्यञ्जना अर्थ ध्वनित हुने लोकोक्ति; ध्वन्यात्मक अर्थगर्भित लोकोक्ति; टुक्कामय उक्ति; अलङ्कारको एक भेद ।

**छेको भाँजो**– ना० [छेको+भाँजो] १. केही कुराको बचाउको निम्ति छेकथुन गर्न बनाइएको बार, पर्खाल, गिर्दा, ढेलो, किल्ला आदि । २. रोक्ने कार्य; अवरोध; प्रतिबन्ध; व्यवधान ।

**छेड्-नु**– स० क्रि० [सं० छेदन] १. कुनै पनि वस्तुको पछिल्तिर छिचोल्ने वा गहिरो प्वाल पर्ने गरी टोड्को बनाउनु; प्वाल पार्नु; छेद पार्नु । २. कसैलाई मर्म पर्ने वा बिभ्ने गरी उपहासपूर्ण कुरा भन्नु; बेइज्जत हुने गरी उपहास गर्नु; उडाउनु । ३. प्रसङ्ग उठाउनु; सन्दर्भ खोतल्नु; निहुँ निकाल्नु ।

**छेड**– ना० [सं० छेद] १. छेडपेच; व्यङ्ग्यपूर्ण भनाइ; छेडखानी । २. प्वाल; छेडिएको डोब; टोड्को; छिद्र । – **खान**/**खानी**– ना० १. कुनै कुराको पक्कापक्की; किटान; निधो । २. छेडपेच; व्यङ्ग्योक्तिपूर्ण जिस्क्याइ । – **छाड**– ना० १. दुलो, प्वाल आदि पार्ने काम । २. भनाबैरी; झगडा । ३. व्यङ्ग्योक्ति; ठट्टा । ~ **पेच**– ना० छेडखान; छेडखानी ।

**छेडाइ**– ना० [√ **छेड्**(+आइ)] छेड्ने क्रिया वा प्रक्रिया । [ > ] **छेडाइनु**– क० क्रि० छेड्ने काम गरिनु । **छेडाउनु**– प्रे० क्रि० छेड्ने पार्नु; छेड्न लगाउनु । **छेडिनु**– क० क्रि० प्वाल पारिनु ।

**छेडो**– ना० [सं० छेद] १. साँगुरो परेको गल्लीजस्तो बाटो; सानो बाटो; गल्छेँडो; गल्छो । २. छेद; छिद्र ।

**छेत्र**– ना० [सं० क्षेत्र] कुनै तीर्थ वा मठमन्दिरमा अनाथहरूलाई भोजन बाँड्ने ठाउँ ।

**छेत्रबास**– ना० [सं० क्षेत्रोपवास] किरियापुत्रीले कोराभित्र पसेका प्रथम दिन अहोरात्र गर्ने उपवास ।

**छेत्री**– ना० [सं० क्षत्रिय] १. वर्णाश्रम धर्मअनुसार व्यवस्था भएका ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र चार वर्णमध्ये दोस्रो वर्ण; क्षत्रिय । २. परम्पराअनुसार राज्य सञ्चालन गर्न जिम्मा लिने जाति । ३. नेपालीको एक जात ।

**छेद्-नु**– स० क्रि० [सं० छेदन] १. दुलो पार्नु; छेड्नु । २. काट्नु ।

**छेद१**– ना० [सं० छेदक] १. पिशाच; भूतप्रेत । वि० २. नीच; दुष्ट स्वभावको । ३. छेदी ।

**छेद२**– ना० [सं०] १. कटाइ; भँचाइ; छिनाइ; चुँडाइ । २. टुक्रो; कुड्को; गिँड । ३. प्वाल; टोड्को । > **छेदक**– वि० १. कुनै पनि वस्तुलाई सिङ्गो अवस्थाबाट टुक्र्याउने; गिँडुवा; छिनाल्ने; कुड्क्याउने । २. नाश गर्ने; सर्वसंहारी; सर्वनाशी । **छेदन**– ना०

काट्नु; टुक्र्याउनु; गिँड्नु; चुँडाल्नु । **छेदनीय–** वि० छेदन गर्न योग्य; छेड्नुपर्ने ।

**छेदाइ–** ना० [√ **छेद्** (+आइ)] छेद्ने क्रिया वा प्रक्रिया । [ > ] **छेदाइनु–** क० क्रि० छेद्न लगाइनु । **छेदाउनु–** प्रे० क्रि० छेद पार्नु; छेद्न लगाउनु । **छेदिनु–** अ० क्रि० १. छेद पर्नु । क० क्रि० २. छेद्ने काम गरिनु ।

**छेदी–** वि० [सं०] छेदक ।

**छेद्य–** वि० [सं०] काट्न, चुँडाल्न वा टुक्र्याउन सकिने; काट्नुपर्ने; चुँडाल्न वा टुक्र्याउन उचित ।

**छेना–** ना० [सं० छिन्न] रसभरी, चमचम आदि मिठाई बनाउन दूध फटाएर बनाइएको छोक्रा । ~ **पानी–** ना० दूध फटाएर छेना बनाइसकेपछि बचेको पानी; दूध फाट्दा छोक्राजति छुट्टिएको पानी; पुनः छेना बनाउन दूधमा मिसाएर दूध फटाउने पानी ।

**छेप्-नु–** स०क्रि०/हे० छ्याप्नु ।

**छेपन–** ना० [सं० क्षेपण] १. जसरीतसरी बिताउने वा कटाउने काम; सिद्ध्याउने काम; कालकटनी; बसिबियाँलो । २. आक्षेप; गाली; छेड; व्यङ्ग्य; उपहास ।

**छेपारी–** ना० [सं० क्षेपकारी] कुर्कुच्चामाथि र पिँडुलामुनिको कठोर मांसखण्ड । ~ **हाड–** ना० कुर्कुच्चा र पिडौँलाका बीचको, गोलीगाँठाभन्दा पछिल्तिर पर्ने उठेजस्तो देखिने कडा नसो ।

**छेपारे–** वि० [छेपारो+ए] छेपाराका चालको; अपत्यारिलो । ~ **अठोट/भोलि–** ना० कार्यान्वित हुन सक्तैन भनी सबैले अगावै चाल पाएको कसैको प्रतिज्ञा वा सङ्कल्प ।

**छेपारो–** ना० [सं० क्षेपकार] घाँटीमा माल र टाउकामा कुखुराका भालेको जस्तो सिउर हुने, प्रकाशमा विभिन्न रङ्गमा बदलिएको देखिने माउसुलीभन्दा केही ठूलो र त्यस्तै चारवटा खुट्टा भएको अण्डज वर्गको घस्रेर हिँड्ने जीव ।

**छेभडेल–** ना० [नेवा०] पुरानो समयमा सरकारी भवन वा कार्यालय, पाटी, धर्मशाला, देवालय आदि मर्मत गर्ने वा नयाँ निर्माण गर्ने अड्डा ।

**छेम–** ना० [सं० क्षेम] १. सुख-सयल; आनन्द । २. कल्याण; मङ्गल । **– कुशल–** ना० सुख-आनन्द; कुशलमङ्गल; निकानन्द; सन्चो-सुबिस्ता; भलाकुसारी ।

**छेर्-नु–** अ० क्रि० [सं० क्षरण] १. अपच भएर वा कुनै बिरामीका कारणले पातलो दिसा लाग्नु; तरल दिसा हुनु । २. डराउनु; दुरदुहाई हुनु । ३. कसैको मालधन पहिले लिएर पचाउन नसकी फिर्ता गर्नु; पचाउन कोसिस गरे पनि नसक्नु; फिर्ता गर्नु । ४. काबू हुनु; विवश हुनु; लुरुक्क पर्नु ।

**छेर–** ना० [सं० क्षर] पेटको कुनै रोग आदिका कारणले पातलो भएको दिसा; पखाला । **– पटी–** ना० १. छेराउटी; पखाला । २. हैजा; उपरतली । ~ **भालु–** वि० १. कुनै भयानक वस्तु वा घटनादेखि त्रस्त भएको; डरले आत्तिएको; काबू भएको । २. कायल भएको ।

**छेरा–** ना० [भो० ब० ?] चौँरीगाईको पुच्छरका रौँबाट बुनेको राडी; चमरका भुत्लाबाट तयार गरिएको लम्पट; लिउ; लेउ ।

**छेराइ–** ना० [√ **छेर्**(+आइ)] छेर्ने किसिम, क्रिया वा भाव । [ > ] **छेराइनु–** क० क्रि० छेर्न लाइनु; छेर्ने पारिनु । **छेराउटी–** ना० १. पेटका कुनै गडबडीले लगातार पातलो दिसा लाग्ने रोग; हैजा; पखाला; छेरौटी । २. गोठालाले गाईबस्तुलाई वा गाली गर्नेले गाली खानेलाई भन्ने शब्द । **छेराउनु–** स० क्रि०/प्रे० क्रि० १. डरमा पार्नु; काबूमा ल्याउनु; वश गर्नु । २. पचाउन खोजेको धनसम्पत्ति फिर्ता गर्न लाउनु । ३. छेर्न लाउनु; पातलो दिसा गराउनु । **छेरिनु–** क० क्रि० १. छेर्ने काम गरिनु । २. पातलो दिसा गरिनु; पखालाझैँ दिसा गरिनु । **छेरुन्जेल–** क्रि० वि० १. अपच हुने गरी । २. भयभीत हुन्जेल । **छेरुवा–** वि० १. छेरेको छेर्‍यै गर्ने; धेरै पल्ट छेर्ने । २. पेटको रोगी; छेर्ने रोग भएको । ३. त्रस्त; डरछेरुवा; हुतिहारा; आँट नभएको । **छेरौटी–** ना० छेराउटी ।

**छेलो–** ना० [सं० शैलक] १. फलाम वा ढुङ्गाको डल्लो हत्केलामा लिई कुममाथिबाट, ताकेको रेखामा उभिई सकेसम्म टाढा पुग्ने गरी हुर्‍याइने खेल; छेलो हानी खेल्ने खेल । २. छेलो हानी खेल्ने, बाटुलो ढुङ्गो वा फलामको गोलो डल्लो । ३. पातलो ढुङ्गो वा पाङ्ग्राका गेडाजस्तै आकारको वस्तुलाई पानीमा उफ्रिँदै परसम्म पुग्ने हिसाबले हुत्त्याई खेलिने खेल । **– खेलो–** वि० १. आफूलाई चाहिएभन्दा पनि बढी भई हुने फालाफाल; फ्याँकाफ्याँक । २. प्रशस्त; पर्याप्त; चाहिएजति । क्रि० वि० ३. फालाफाल हुने गरी । ना० ४. फालाफाल हुने स्थिति । **– लेखो–** ना० १. छेलो । २. अद्भुत कार्य लेखिएको वर्णन; शिलालेख ।

**छेवर–** ना० [सं० क्षौर] सनातनी सम्प्रदायका सोह्र संस्कारमध्येको एक संस्कार; चूडाकर्म; जन्मदेखि तीन वा पाँच वर्ष पारेर छोरा मान्छेको पहिलोपल्ट विधिपूर्वक केश काट्ने काम ।

**छेस्करा–** ना० [चस्को+रा] पेच पार्ने हेतुले बोलिएको वचन; व्यङ्ग्य ।

**छेस्काछेस्की–** ना० [छेस्को+छेस्को] दाउरा वा काठपात आदिका मसिना टुक्रा; झिँजाझिँजी; झिटिमिटी; टुक्राटुक्री; चोइटाचोइटी ।

**छेस्किनी–** ना० [छेस्को+इनी] घरका झ्यालढोका, दराज आदिका दैला बन्द गर्न सजिलो पर्ने गरी र बेसरोकारवालाले खोल्न नसकून् भन्ने हिसाबले ठोकिएको फलाम, बाँस आदिको छेस्को; ठेडी; चुकुल मार्ने साधन ।

**छेस्कि-नु–** अ० क्रि० [छेस्को+इ+नु] १. छेस्कोमा परिणत हुनु । २. खसी पारेको कुनै बस्तु छेस्के पल्टिनु ।

**छेस्के–** वि० [छेस्को+ए] १. छेस्कोसँग सम्बन्धित; छेस्काको । २. छेस्कोजस्तो; सुइरे; तीखो । ३. खसी पार्दा पूरै खसी नपरी आधा मात्र खसी परेको ।

**छेस्को–** ना० [चस्को] काठ, बाँस आदिको सानो लामो वा छोटो

c:\1saroj\Sabdkosh\Chha.p65



सिन्को; काठपातको झिँजो; झरो; टुक्रो ।

**छेस्क्याइ–** ना० [√ **छेस्कि**(+याइ)] छेस्किने क्रिया वा प्रक्रिया । [ > ] **छेस्क्याइनु–** क० क्रि० छेस्क्याउने पारिनु । **छेस्क्याउनु–** प्रे० क्रि० छेस्किने पार्नु वा पार्न लगाउनु । **छेस्क्याहट–** ना० छेस्क्याइ । **छेस्क्याहा–** वि० १. छेस्के । ना० २. छेस्को वा अल्झो पार्ने स्वभाव ।

**छैँटा ⁄ छैँटी–** ना० [भो०] टोकरी ।

**छैटी–** ना० [सं० षष्ठिका]१. बालक जन्मेको छैटौँ दिनको रातमा गरिने उत्सव वा कर्म; त्यसै दिन गरिने षष्टिका देवीको पूजा । २. छैटौँ दिनको रात्रि; बालकको भाग्य भावीले त्यसै दिन लेख्छ भन्ने परम्पराअनुसार रातभर बालकका नजिकै बत्ती बालिने कार्य । ३. सनातनी सम्प्रदायका सोह्र संस्कारमध्ये नामकरण संस्कार र जातकर्म संस्कारका बीचको एक अतिरिक्त संस्कार ।

**छैटौँ–** वि० [सं० षष्ठ]१. गन्दै जाँदा छको सङ्ख्यामा परेको; ६ को सङ्ख्यामा आफ्नो स्थान भएको । २. श्रेणीविभाजन गर्दा पैलो, दोस्रो हुँदै छैटौँ कोटीमा पर्ने; क्रमानुसार छ सङ्ख्यामा ठाउँ पाउने ।

**छैमलो–** ना० [छ+अमलो] १. डन्डीबियो खेलमा डन्डीले वा बियोले पीर नाप्दा पर्ने छैटौँ सङ्ख्या । २. सो दाउ पार्दा ठ्याकवालाले कुरेतको नापले खेलको फुट्टी गन्ने प्रणाली । ३. त्यसरी गनिएको फुट्टी ।

**छैया–** वि० बो० [छैन] बालगीतमा वा केटाकेटीको बोलीमा छैन, हरायो, सकियो आदि अर्थ बुझाउने शब्द ।

**छोइ–** ना० [प्रा० छुव+इ] १. छुने काम; स्पर्श (केही समस्त शब्दका आरम्भमा मात्र सीमित, जस्तै– छोइछिटो, छोइपासो आदि) । २. छुन नहुने वा छुँदा पोल्ने वा काट्ने कुरालाई छुने कार्य (बालबोली) । ~ **छिटो–** ना० १. तथाकथित अछूत वस्तु वा मान्छेलाई छोइयो भने शुद्ध हुनका लागि गरिने अभिषेक । २. अशुद्धि हटाउन छर्किने पानी; पवित्रताका निमित्त गरिने सेचन । ~ **दिल्लगी–** ना० कसैको आनीबानीलाई नक्कल गरेर उतारिने उपहास; हल्का व्यङ्ग्य; छेडखान; लर्कोसर्को ।

**छोइनु–** क० क्रि० [छु+इ+नु] १. छुने कार्य गरिनु । अ० क्रि० २. छुने काम हुनु ।

**छोइपासे–** वि० [छोइपासो+ए] छुँदै अवगाल लाग्ने वा छोयो कि बिग्रने ।

**छोइपासो–** ना० [छोइ+पासो] १. छोइपासे वस्तु । वि० २. छोइपासे ।

**छोकडा१–** ना० [हि० छोकरा] १. बुद्धि र बर्गत प्रौढ नभएको, आलोकाँचो केटो; पारिश्रमिक पनि पूरा पाउन योग्य भइनसकेको बालकामदार । २. लाम्चो वा ठूलो जातको खजुरको फल सुकाएर तयार पारिने गुलियो स्वाद भएको सुकुटी; खजुरको सुकुटी; छोहोरा ।

**छोकडा२–** ना० नेपाली लोकनृत्यहरूमा प्रसिद्ध मारुनी नाचमा गाइने रागहरूमध्ये एक राग; मारुनी गीतको एक राग ।

**छोक्रा–** ना० [सं० शल्क+ट >सोक्कडा] १. छपनीमा हालेर छानिसकेपछि वा तुङ्वामा हालेर पाइपद्वारा रस तानिसकेपछि बाँकी रहने जाँडको खोस्टा; थिग्रो । २. रस निचरिसकिएको वस्तु; सिट्ठी । **– छोक्री–** ना० १. ठूलासाना छोक्राहरूको समुदाय । २. कुनै रसदार वस्तुमा देखिने अलिअलि छोक्रा; केही थोरबहुत छोक्रा । **छोक्रिनु–** अ० क्रि० छोक्र्याइलो पारिनु; छोक्राजस्तो हुनु । **छोक्रिलो–** वि० तरल पदार्थ कुनै कारणले झोलचोक्टा भएको; छोक्रैछोक्रा भएको; छोक्र्याइलो ।

**छोक्रे–** वि० [छोक्रा+ए] छोक्रैछोक्रा भएको; छोक्रिलो; छोक्र्याइलो । ~ **मही–** ना० मही पार्दा तरिका नमिलेर राम्रोसित घिउ नआई घिउको अंश रहेर छोक्रिलो भएको मही; दूध फाटेझैँ फाटेर छोक्रिलो भएको मही ।

**छोक्रो–** ना० [चोक्टो ⁄ चोकर] १. हे० छोक्रा । २. छोक्राको एक अंश वा एकाइ; सानो छोक्रा । > **छोक्र्याइ–** ना० छोक्रा पार्ने वा पर्ने किसिम, क्रिया वा भाव । **छोक्र्याइनु–** क० क्रि० झोलचोक्टा पारिनु; छोक्रैछोक्रा पारिनु । **छोक्र्याइलो–** वि० छोक्रिलो । **छोक्र्याउनु–** स० क्रि० १. छोक्रिलो पार्नु; छोक्रा छुट्टिने पार्नु । प्रे० क्रि० २. छोक्रिने पार्नु; छोक्रिने अवस्थाको तुल्याउनु । **छोक्र्याहट–** ना० छोक्र्याइ ।

**छोट–** वि० [प्रा० छोट्ट < सं० क्षोदट] छोटो (समस्त शब्दका आरम्भमा मात्र सीमित, जस्तै– छोटखुट्टे, छोटकरी इ०) । **– करी–** वि० १. छोटो वा सङ्क्षेप किसिमको (भाषण, लेख, बोली इ०) । २. छोट्ट्याइएको, सङ्क्षिप्त । > **छोटिनु–** अ० क्रि० छोटो हुनु; सङ्क्षिप्त हुनु ।

**छोटी१–** ना० [सं०] खोलामा नाउ तार्ने जाति; नाविक; माझी; मल्लाह ।

**छोटी२–** ना० माछाको एक जातविशेष ।

**छोटी३–** वि० [छोटो+ई] १. अधीनस्थ तहको (छोटी हुलाक, छोटी, गौँडा, छोटी चौकी इ०) । २. छोटो मिजास वा चित्तकी । ३. छोटो आकृतिकी । ४. कम गतिशील (छोटी कदम आदि) । ~ **कदम–** ना० घोडाका चालहरूमध्ये कदम चालको कम गतिशील प्रकार । ~ **भन्सार–** ना० कुनै शाखा भन्सार कार्यालयअन्तर्गत रहेको सानो भन्सार; कुनै भन्सार कार्यालयको रेखदेखमा रहेको सानो भन्सार कार्यालय । ~ **मार्सी–** ना० छोटे मार्सी । ~ **राजमार्ग–** ना० मूल राजमार्गमा जोडिने सानो राजमार्ग । ~ **हुलाक–** ना० कुनै शाखा वा विभाग हुलाकबाट सञ्चालन गरिएको सानो हुलाक; हुलाक अड्डाहरूमध्येको तल्लो तहको अड्डा ।

**छोटे–** वि० [छोटो+ए] छोटो आकारको; सानो । ~ **मासी–** ना० मार्सी जातका धानहरूमध्ये सानो र डल्लो चामल हुने मार्सी धान ।

**छोटो–** वि० [सं० क्षोदट]१. जति लामो हुनुपर्ने हो त्यति लामो नभएको; लामोको विपरीत; लघु । २. छोटकरी; सङ्क्षिप्त । ३.

सानो । ४. छुद्र; नीच; हीन । ~ **चित्तको–** वि० अनुदार मनको । ~ **मिठो–** वि० छाँट परेको; सानो भए तापनि स्वादिलो । > **छोट्टा–** ना० तन्नेरी केटो; युवक । २. असभ्य; नीच; छुद्र; अधम । **छोट्टिनु–** अ० क्रि० हे० छोटिनु । **छोट्टी–** ना० १. केटी; तरुनी । २. लिम्बूको धाननाच र गुरुङहरूको रोदीघरजस्तै रुकुम जिल्लाका बासिन्दाहरूको रातभरि भेला भएर नाचिने सांस्कृतिक नाचगान । वि० ३. रसिक स्वभावकी; ठटचौली (आइमाई) । ४. असभ्य; नीच; छुद्र; अधम (आइमाई) । **छोट्ट्याइ–** ना० १. छोटो हुने वा पार्ने किसिम, क्रिया वा भाव । २. तन्नेरीपन । **छोट्ट्याइनु–** क० क्रि० सङ्क्षेपीकरण गरिनु; छोटो पारिनु । **छोट्ट्याउनु–** स० क्रि० सङ्क्षिप्त पार्नु; छोटो पार्नु; सङ्क्षेपीकरण गर्नु वा गर्न लगाउनु ।

**छोड्-नु–** स० क्रि० [प्रा० छोट्ट+नु] १. आफ्नो अधिकार वा स्वत्व त्याग्नु; छाड्नु । २. बन्धनमा परेका बस्तुभाउलाई फुकाउनु; कैदमा परेको बन्दी फुक्का गर्नु । ३. गोला, बारुद, क्षेप्यास्त्र आदि फ्याँक्नु; प्रक्षेपण गर्नु । ४. चिठीपत्र आदि हुलाकबाट चलाउनु । ५. बिरामी निको हुनु; रोगमुक्त हुनु ।

**छोड–** ना० [छोड्+अ] छोड्ने काम; छोडाइ (समस्त शब्दको आरम्भमा मात्र सीमित, जस्तै – छोडपत्र, छोडछाड इ०) । – **छाड–** ना० १. छोड्ने कार्य । २. छुटछाट; रहलपहल; अवशेष । ~ **पत्र–** ना० १. कुनै वस्तु वा सम्पत्तिप्रतिको आफ्नो अधिकार त्यागेबापत गरिने कानुनी कागज; त्यागपत्र । २. छुटानाम; पारपाचुके ।

**छोडाइ–** ना० [**छोड्** (+आइ)] छोड्ने वा छोडाउने क्रिया वा प्रक्रिया । [ > ] **छोडाइनु–** क० क्रि० १. छोड्न लाइनु; छोड्ने पारिनु । स० क्रि० २. छोड्न लगाइनु; हटाइनु । **छोडाउनु–** स० क्रि० १. फलफूल, मकै आदि वस्तुलाई बोक्रा, खोया, खोस्टा आदिबाट सरक्क छुट्ने किसिमले अलग्याउनु; केलाउनु; बोक्रा झिक्नु । २. जीउमा लगाइराखेका लुगाफाटा खोल्नु; नाङ्गो हुनु । ३. कसैलाई कुनै बन्धनबाट मुक्त पार्नु; छुटाउनु । ४. कसैसँग बिछोड गराउनु; वियोग पार्नु ।

**छोप्-नु–** स० क्रि० [सं० क्षिप्+नु] १. कुनै वस्तुलाई अर्को केही वस्तुले ढाक्नु । २. लुकाउनु; कसैलाई देख्न नदिनु; दबाउनु; गोप्य राख्नु; थाहा हुन नदिनु । ३. कसैमाथि वा केही वस्तुमाथि जाइलाग्नु; झम्टनु; आक्रमण गर्नु; मौका पार्नु । ४. बारबेर गर्नु; घेर्नु; बचाउ गर्नु । ५. रोगव्याधले आक्रमण गर्नु । ६. मूर्च्छा पर्नु; भूतप्रेत आदिले भेट्नु ।

**छोप१–** ना० [सं० सूप] १. फर्सीका बियाँ, तिल आदिको बुरबुरे धूलो वा केही लेदो पारेको अचार; चटनी । २. अचार बनाउँदा मिसाइने तिल आदिको बुकुवा धूलो ।

**छोप२–** ना० [छोप्+अ] नदेखिने वा ढाकिने ठाउँ, कार्य आदि (केवल समस्त शब्दको अन्त्यमा वा आदिमा मात्र प्रयोग हुने, जस्तै – छोपछाप, ढाकछोप इ०) । – **छाप–** ना० छोप्ने वा ढाक्ने काम; ढाकछोप । – **ढाक–** ना० ढाकछोप । > **छोपाइ–** ना० छोप्ने वा छोपिने क्रियाप्रक्रिया । **छोपाइनु–** क० क्रि० छोपिएको पारिनु; छोप्न लगाइनु । **छोपाउनु–** प्रे० क्रि० छोपिने पार्नु वा पार्न लगाउनु । **छोपाछोप–** ना० १. जसले सक्यो उसैले छोपेर, लुटेर, खोसेर लिने काम; हारालुछ; तानातान । २. अर्काले देख्न नहुने वस्तु देखिहाल्लान् कि भनेर हत्तपत्त ढाकछोप गर्ने वा लुकाउने काम; छिपाउने काम । ३. मौकामा गरिहाल्नुपर्ने काम; अवसर गुम्ला भनेर गरिहालिने काम । ४. द्रुतगतिमा गरिएको छोपाइ । **छोपिनु–** क० क्रि० १. छोप्ने काम गरिनु । अ० क्रि० २. छोपाइको पात्र हुनु ।

**छोपी–** ना० [छोप्+इ] बाँस, निगालो, मालिङ्गो आदिका चोयाबाट बुनी पात आदि छापेर पानी पर्दा ओढ्ने घुम; स्याखु ।

**छोपो–** ना० [छोप्+ओ] १. सास गएपछि लासको मुख ढाक्ने कपडा; मृतकलाई नजलाउन्जेल मुख छोप्ने कपडा । २. किरियापुत्रीहरूले शिरमा बाँध्ने नातो ।

**छोप्राकी–** वि० [छोप्राक+ई] १. गण्डकी अञ्चलको गोर्खामा पर्ने छोप्राक भन्ने ठाउँको बासिन्दा । २. एकोहोरो; लाटोसुधो । ३. गाउँले; सीधासादा; जे देखे पनि मक्ख पर्ने खालको (उदा०– छोप्राकीले फूलपाती हेरेझैँ) ।

**छोयला–** ना० [नेवा०] १. सेकाएर तयार पारिएको मासुको परिकार । २. आलुका चानामा केराउ, मटर आदिका गेडागुडी मिलाई साँधेर पकाइएको झोलदार तरकारी; छोला ।

**छोरा–** ना० [छोरोको ति० रू०] हे० छोरो । ~ **छोरी–** ना० १. पारिवारिक जीवन बिताउने गृहस्थका उत्तराधिकारी; केटाकेटी; बालबच्चा । २. सन्तान; बच्चाबच्ची; छाउराछाउरी ।

**छोरी–** ना० [छोरो+ई] शारीरिक संरचनामा स्त्रीलिङ्गी अङ्ग भएकी सन्तान; पुत्री; चेली; नारी सन्तान । ~ **कुटाइ–** ना० एकलाई गाली, यातना, पीडा आदि दिएझैँ गरी अर्कालाई त्रास देखाउने नीति (उदा०– **छोरी कुटी बुहारी तर्साउनु**) । ~ **चेली–** ना० छोरीबेटी । ~ **ज्वाइँ–** ना० १. छोरी र ज्वाइँ; छोरी र छोरीको पति । २. छोरीलाई विवाह गर्ने चाहिँ ज्वाइँ; छोरीको लोग्ने । ~ **बेटी–** ना० १. छोरी वा छोरी पर्ने आइमाईहरू । २. छोरीतुल्य नारीसमुदाय । ३. छोरीचेली; चेलीबेटी; छोरीबुहारी । ~ **बोक्यो–** ना० नेपाली वर्णमालाको अभ्यास गराउँदा पुरातन पद्धतिअनुसार 'फ' अक्षरलाई दिइएको नाम । ~ **मान्छे–** ना० स्त्रीजाति; चेलीजाति ।

**छोरे–** ना० [छोरो+ए] १. मेलोमेसो नमिलेमा मिलाउन थपिने अंश वा वस्तु; बाडा (धान, कोदो रोप्दाको वा डालो, डोको बुन्दाको) । २. खेत वा बारीमा वारपार नपुगेका बीचमा थपिएका जस्ता साना गरा वा सुर्का ।

**छोरेटी–** ना० [छोरो+एटी/एट्टी] जवान युवती; तरुनी; ठिटी; छोरेट्टी ।

**छोरेटो–** ना० [छोरो+एटो/एट्टो] १. रौस्याहा खालको युवक; रमाइलो तन्नेरी; छोरेट्टा ।

**छोरेट्टी–** ना० [छोरो+एट्टी] हे० छोरेटी ।

**छोरेट्टो–** ना० [छोरो+एट्टो] हे० छोरेटो ।

**छोरो–** ना० [प्रा० छोयर] १. शारीरिक संरचनामा पुलिङ्गका इन्द्रिय भएको सन्तान; आत्मज; सुत । २. पुरुष सन्तान; बच्चो; केटो । ~ **मान्छे–** ना० पुरुषजाति ।

**छोर्पा–** ना० [भो० ब०] छोराछोरी जन्मेका केही वर्षमा गरिने तामाङजातिको उत्सव; तामाङसंस्कृतिमा बालक हुर्किन लागेपछि गरिने एक संस्कार ।

**छोल्-नु१–** स० क्रि० १. कुनै पनि वस्तु पुछ्नु; साफ गर्नु; भाँडाबर्तन साफ गर्नु । २. पोख्नु; ढाल्नु; छरपुष्ट पार्नु ।

**छोल्-नु२–** स० क्रि० [सं० छल्लक+नु] १. हस्तमैथुन गर्नु; हातको घर्षणले लिङ्ग उत्तेजित पारी वीर्यपात गर्नु । २. ताछ्नु; बोक्रा फाल्नु ।

**छोला–** ना० [झोल+आ] १. बिरौँला आदि उसिनेर तयार पारिएको झोलदार तरकारी; क्वाँटी ।

**छोलाइ–** ना० [√ **छोल्** (+आइ)] १. छोल्ने किसिम, क्रिया वा भाव । २. वीर्यपात गर्ने किसिम, क्रिया वा भाव । [ > ] **छोलाइनु–** क० क्रि० १. छोल्नु लगाइनु । २. वीर्यपात गराइनु । **छोलाउनु–** स० क्रि० ⁄ प्रे० क्रि० १. छोल्न लाउनु; छोल्ने पार्नु । २. हस्तमैथुन गर्ने पार्नु; वीर्यपात गराउनु । **छोलिनु–** क० क्रि० १. छोल्ने काम गरिनु; हस्तमैथुन गरिनु । अ० क्रि० २. छोल्ने होइनु । ३. वीर्यपात हुनु ।

**छोले–** ना० [छोला+ए] मटर, चना, आलु आदि मिलाएर बनाइएको, बाक्लो रस भएको तर्कारीको एक परिकार; छोला ।

**छोस्-नु–** स० क्रि० [अ० मू० छ्वास+नु] १. अर्काको बारेमा भएनभएका कुरा छुस्सछुस्स लगाउनु; झोसपोल गर्नु । २. पोख्नु; छर्नु । ३. झोस्नु । > **छोसाइ–** ना० छोस्ने ढाँचा, क्रिया वा भाव । **छोसाइनु–** स० क्रि० छोस्न लाइनु । **छोसाउनु–** स० क्रि० छोस्न लगाउनु; छोस्ने काममा लाउनु ।

**छोसे–** ना० [छोस्+ए] मास भुटेर जाँतोमा पीठो पिसी पकाइने फाँडो; मासको पीठो रयालेर बनाइने सोल्लरजस्तो तिहुन ।

**छोहोरा–** ना० [सं० क्षुद्हर] थाकलको झैँ बोट हुने र फल खजुरभन्दा ठूला फल्ने, एक प्रकारको वनस्पति वा त्यसको गुलियो फल (खास गरी सुकेको सुकुटी चाहिँ); छोकडा ।

**छौँडा–** ना० १. बालक; शिशु; बच्चो । २. छोरो । ३. दासपुत्र । ४. लोकधारणाअनुसार बोक्सी विद्या सिकेकी आइमाईले मानिसलाई पीरपिराउ गर्नका निम्ति घरघर चियो गर्न पठाउने हेतुले तालिम गरिएको तथाकथित बिरालो । ~ **छौँडी–** ना० १. आर्थिक स्तरले धान्न गाह्रो पर्ने गरी जन्मिएका प्रशस्त केटाकेटी; चिचीभुँडी; दुख दिने गज्याङगज्याङ सन्तान; छोराछोरी । २. बोक्सीका तथाकथित छौँडा र छौँडीहरूको समूह । > **छौँडी–** ना० १. केटी; ठिटी । २. छोरी । ३. बोक्सीद्वारा तालिम दिइएको तथाकथित पोथी बिरालो ।

**छौँडी–** ना० १. केटी; ठिटी । २. छोरी । ३. बोक्सीद्वारा तालिम दिइएको तथाकथित पोथी बिरालो ।

**छौँडो–** ना० हे० छौँडा । > **छौँडचाहा–** वि० १. छौँडो पाल्ने; बिरालो पाल्ने; छौँडा प्रयोग गर्ने । २. बोक्सो; टुनेमुने । ३. आमाबाबु नभएको वा पिराहा ।

**छ्या–** वि० बो० १. फोहोर वस्तु वा घृणित सन्दर्भ देखापर्दा मनको सिकसिको व्यक्त गरिने शब्द; मनमा उठेको घृणाको प्रतिक्रिया जनाउने शब्द । ना० २. फोहोर; मैला (बालबोली) ।

**छ्याइँछ्याइँ–** ना० [अ० मू० छ्याइँ (द्वि०)] १. झ्याली आदि बाजा बज्दा निस्कने ध्वनि । २. 'छ्याइँ' शब्द निक्लने बाजा (बालबोली)। क्रि० वि० ३. त्यस्तो ध्वनि निकालेर ।

**छ्याक–** ना० [सं० क्षतक] १. बिफरको आक्रमणले अनुहारमा देखिने दाग । वि० २. बिफरका दागले छ्याकटो भएको; छ्याकटे; छ्याके; कोत्र्याहा ।

**छ्याकछ्याक–** ना० [अ० मू० छ्याक्+अ (द्वि०)] १. खुकुरी, खुर्पा आदिले काठपात आदि वस्तुलाई काट्ने किसिम वा त्यसरी काट्दाको ध्वनि; छपछप; टचाकटचाक । क्रि० वि० २. त्यसरी काटेर । > **छ्याकछ्याकती ⁄ छ्याकछ्याकी–** क्रि० वि० अझ छ्याकछ्याक हुने गरी ।

**छ्याकटे ⁄ छ्याकटो–** वि० [सं० क्षतकृत] बिफरका दागले अनुहार छ्याकटो देखिने; छ्याके ।

**छ्याकन–** ना० काठ काट्दा, चिल्ल्याउन रन्डा लगाउँदा वा खुर्किंदा निस्कने झुर्काझुर्की; चोइटाचोइटी; टुक्राटाक्री ।

**छ्याका ⁄ छ्याके–** [छ्याक+आ ⁄ ए] अनुहारभरि बिफरका दाग भएको; बिफऱ्याहा; छ्याकटे ।

**छ्याक्क–** क्रि० वि० [अ० मू० छ्याक्+क] काट्ने हतियारले एकै चोटि छिन्ने गरी ।

**छ्याङ–** ना० [भो० ब०] अन्न उसिनेर मर्चा मिसाई कुहाएको मद्यविशेष; जाँड ।

**छ्याङछ्याङ–** ना० [अ० मू० छ्याङ+अ(द्वि०)] छर्लङ्ग देखिने स्थिति वा गुण । > **छ्याङछ्याङती–** क्रि० वि० छर्लङ्ग देखिने गरी ।

**छ्याङ्ग–** वि० [अ० मू० छ्याङ+ग] १. अन्धकार वा बादल, हुस्सु आदि हटेर छर्लङ्ग भएको; प्रस्ट; स्पष्ट; सहजै देखिने; नछोपिने । २. लाज नभएको । क्रि० वि० ३. नछोपिने गरी । ४. लाजै नमानी । > **छ्याङ्गिनु–** अ० क्रि० १. दिशाविदिशा छर्लङ्ङ खुल्नु; छङ्ङाछुर हुनु । २. उज्यालो हुनु; छकाल हुनु । ३. निर्लज्ज हुनु;लाज छाड्नु । ४. उल्किनु; छिल्लिनु; इतरिनु ।

**छ्याङ्ङ–** वि० ⁄ क्रि० वि० [अ० मू० छ्याङ+ङ] हे० छ्याङ्ग । > **छ्याङ्ङिनु–** अ० क्रि० छ्याङ्गिनु ।

**छ्याट–** ना० [अ० मू० छ्याट्+अ] कुनै वस्तुलाई काट्न वा छिनाउन गरिने प्रहार; चट; च्वाट । > **छ्याटछ्याट–** ना० १. लगातार काट्ने र छिनाउने कार्य वा किसिम । क्रि० वि० २. त्यस्तो प्रहार लगातार गरेर । ~ **छ्याटछ्याटती ⁄ छ्याटछ्याटी–** क्रि० वि० छ्याटछ्याट । **छ्याट्ट–** क्रि० वि० एकै पल्ट चट्ट

छिनाउने गरी; चर्लप्प ।

**छ्यान–** ना० [सं० क्षण] १. समय र परिस्थितिलाई बुझ्ने विचार । २. उचितअनुचित ठहराएर निर्णय लिन सक्ने विवेक । ३. राम्रोनराम्रो छुट्टयाउन गरिने विवेक । ~**विचार–** ना० असलकमसल वा उचितअनुचित छुट्टयाउन सक्ने बुद्धि; विवेकविचार; छ्यान ।

**छ्यान्नब्यान्न–** ना० [सं० छिन्नभिन्न] १. कुनै बस्तुभाउ, चीजबीच आदि जथाभाबी अव्यवस्थित हिसाबले छरिएको अवस्था । क्रि० वि० २. त्यस्तो अवस्थामा पुग्ने वा पुऱ्याउने गरी ।

**छ्याप–नु–** स० क्रि० [सं० क्षेपण] १. पानी, मसी, रङ आदि तरल पदार्थ वा हिलो आदि कतै पुऱ्याउने वा कसैलाई लगाउने उद्देश्यले फ्याँक्नु; हान्नु; छर्किनु । २. लाञ्छित पार्नु; आक्षेप लगाउनु; दोस्नु ।

**छ्याप–** ना० [सं० क्षेप] कुनै रङ वा दाग लाग्ने वस्तुको छ्यपाइ । (उदा०– एकै छ्यापमा रामले श्यामलाई गाईजात्रे तुल्याएछ) । > **छ्यापछ्याप–** ना० १. लगातार कागज, कपडा आदिमा छाप वा दाग लाउने कार्य; लगातारको छ्याप । क्रि० वि० २. लगातार त्यस्तो छाप वा दाग लाउने गरी । > **छ्यापछ्यापती/ छ्यापछ्यापी–** क्रि० वि० १. लगातार हिलो वा तरल वस्तु प्रशस्त छ्यापिने किसिमले; छ्यापछ्याप । वि० २. छापछापती; प्रशस्त ।

**छ्यापाछ्याप–** ना० [छ्याप्+आ+छ्याप्] १. परस्परमा हिलोफोहोर आदि छ्यापिने काम; छ्यापाछ्याप गर्ने काम । २. परस्पर आक्षेप वा दोष लगाउने काम ।

**छ्यापिनु–** क० क्रि० [छ्याप्+इ+नु] पन्यालो वा हिलो पदार्थको छेपाइमा पारिनु; पन्यालो पदार्थले हानिनु ।

**छ्यापी–** ना० [भो० ब०] एउटा बोटमा प्रायः एउटै पोटी फल्ने एक जातको लसुन; त्यसै लसुनको कन्द र साग ।

**छ्याप्प–** ना० [अ० मू० छ्याप्+प] १. थोरै पानी वा हिलो आदि पदार्थ छ्यापिँदा आउने आवाज; हिँड्दा आउने आवाज । २. धारवाला हतियारले केही काट्दा आउने ध्वनि । क्रि० वि० ३. त्यसरी छापेर, छ्यापेर वा काटेर । ~ **छ्याप्प–** ना० १. लगातारको छ्याप । क्रि० वि० २. लगातार छ्यापेर वा काटेर ।

**छ्याबोके–** वि० बो० [छ्या+बोको+ए] बोको खोजेको बाखामा लागेका बोकालाई उत्तेजित बनाउन भनिने शब्द; लेलेलेले; लगेलगे ।

**छ्यामछ्याम–** ना० [अ० मू० छ्याम्+अ(द्वि०)] १. धारवाला वस्तुले लगातार छप्काइरहँदा, पानीमा केही चेप्टो आकारको पदार्थ परिरहँदा वा विशेष प्रकारको छेपाइ चालू रहँदा उत्पन्न हुने शब्द । २. त्यस्तो लगातारको छप्काइ, चोपलाइ वा छेपाइ । क्रि० वि० ३. त्यसरी छप्किरहेर, चोपिरहेर वा छ्यापिरहेर । > **छ्यामछ्यामती/छ्यामछ्यामी–** क्रि० वि० अझै छ्यामछ्याम हुने गरी ।

**छ्यामा–** ना० १. आफ्ना बाबुका भाइकी श्रीमती वा काका भन्नुपर्ने व्यक्तिकी पत्नीलाई सम्मान जनाउन प्रयोग गरिने शब्द; कान्छी आमा; सानीमा । २. आमासमानकी प्रौढ स्त्रीलाई प्रयोग गरिने आदरसूचक सम्बोधन ।

**छ्याम्म–** क्रि० वि० [अ० मू० छ्याम्+म] १. धारवाला वस्तुको एकै प्रहारले छिनालिने गरी । २. एकै पटक पानीमा चोपिने वा व्यापक रूपमा पानी छेपिने गरी ।

**छ्यारब्यार–** ना०/क्रि० वि० हे० छ्यार्रब्यार्र ।

**छ्यार्र–** क्रि० वि० [सं० क्षर (द्वि०)] १. कुनै धूलोमूलो वा फुको वस्तु छरिने गरी; छर्र । ना० २. त्यसरी छरिँदाको ध्वनि वा क्रियाप्रक्रिया । – **छुर्र–** ना० १. जथाभाबी छरिएका कुनै पनि वस्तुको समुदाय (दाना, गेडा, धूलो इ०) । २. जथाभाबी गर्ने क्रियाप्रक्रिया । क्रि० वि० ३. जथाभाबी यत्रतत्र केही कुरो छरिने गरेर । – **ब्यार्र–** ना० १. कुनै वस्तुको रखाइमा हुने अस्तव्यस्तता; जथाभाबी पोखिएको वा छरिएको स्थिति । क्रि० वि० २. राख्दा अस्तव्यस्त हुने गरी वा जथाभाबी छरिने गरी ।

**छ्यालछ्याल–** ना० [अ० मू० छ्याल्+अ(द्वि०)] गिलो वा लेदो वस्तु जथाभाबीसँग पोखिने, छरिने वा राखिने गरी > **छ्यालछ्यालती/छ्यालछ्याली–** क्रि० वि० अझ छिटो छ्यालछ्याल भएर ।

**छ्यालब्याल–** ना०/क्रि० वि० [अ० मू० छ्याल्+अ(द्वि०)] हे० छ्यालछ्याल वा छ्यारछ्यार ।

**छ्याली–** ना० [नेवा० छलि] कामीहरूले तातो फलाम समाउने साधन ।

**छ्याल्ल–** क्रि० वि० [अ० मू० छ्याल्+ल] एकै पोखाइमा पूरै फिँजिने गरी । – **ब्याल्ल–** क्रि० वि० १. लगातार वा व्यापक रूपमा छ्याल्ल हुने गरी । २. व्यापक अस्तव्यस्तता, अव्यवस्था वा छिरलो भएर ।

**छ्यासछुस–** ना० [छ्यास्+अ (द्वि०)] १. फ्याँकिहाल्न नमिल्ने थोरै चीजबीच; चुबुर्को; चासचुस । २. अस्पष्ट रूपमा चलेको होहल्ला; गामगुम ।

**छ्यासछ्यास–** ना० [अ० मू० छ्यास् +अ (द्वि०)] कुनै कुराको प्रशस्त मात्रा वा सङ्ख्या । क्रि० वि० २. बिस्तारै निफन्ने, टकटक्याउने वा घोच्ने गरी । **छ्याछ्यासती/छ्यासछ्यासी–** क्रि० वि० १. प्रशस्त मात्रामा वा सङ्ख्यामा; छ्यासछ्यास; छेलोखेलो । वि० २. धेरै; थुप्रै ।

**छ्यासमिस–** ना० [अ० मू० छ्यास्+मिस्] १. दुई वा दुईभन्दा बढी खालका वस्तुहरूको सरोबरी मिसोट; छुट्टयाउन नसकिने गरी भएको मिलावट । २. मिश्रण; मिलावट;मिसोट । क्रि० वि० ३. मिश्रित भएर; छुट्टयाउन नसकिने गरी मिलेर । > **छ्यासमिसे–** वि० सरोबरी भएर मिसिएको; गालेमाले; गाजेमाजे ।

**छ्यास्स–** क्रि० वि० [अ० मू० छ्यास्+स] १. एकै घोचाइमा बिझ्ने गरी; च्यास्स । २. एकै प्रयासमा गालेमाले भई मिसिने गरी । ३. एकै पटकमा इच्छित ठाउँमा हुने गरी । ४. एकै

वचनमा मर्माहत पार्ने गरी ।

**छ्युँ–नु–** स० क्रि० [छिँक+नु] छिउँ गर्नु; हाच्छिउँ गर्नु ।

**छ्युँ / छ्युँका–** ना० [सं० छिक्का] हे० छिउँ ।

**छ्युँके–** वि० छिउँ गर्ने वा छिउँ गराउने । ~ **झार–** ना० नाकभित्र हाल्दा हाच्छिउँ आउने झार; छिउँके झार ।

**छ्वाँके–** वि० [नेवा० छ्वा] दाँतका लहर नमिलेर उछिट्टिएको वा खप्टिएको देखिने; उत्तरदाँते; दन्तुर ।

**छ्वाइँफ्वाइँ–** ना० [नेवा० छ्वायफ्वाय] १. छिनाफाना । २. नरमगरम र सापोनापो मिल्ने गरी सकिएको हरहिसाब ।

**छ्वाङछ्वाङ–** क्रि०वि० [अ० मू० छ्वाङ्+अ (द्वि०)] पानी धेरै मात्रामा बग्दा वा झर्दा बेगिलो भएर । > **छ्वाङछ्वाङती / छ्वाङछ्वाङी–** क्रि० वि० अझ छ्वाङछ्वाङ भएर ।

**छ्वाङ्ग–** क्रि० वि० [अ० मू० छ्वाङ्+ग] १. पानी, नदी आदिद्वारा एकै प्रवाहमा आवाज निकाल्दै बगेर वा झरेर । २. त्यसरी बग्दा वा झर्दा बेगिलो भएर ।

**छ्वाङ्ङ–** क्रि० वि० [अ० मू० छ्वाङ्+ङ] १. डिल वा भीरपहराबाट पानी, पहिरो आदि खस्दा आवाज निस्केर । क्रि० वि० २. त्यस्तो किसिमले कुनै वस्तु खसेर ।

**छ्वाङ्राङ्ङ–** क्रि० वि० [अ० मू० छ्वाङ+राङ्+ङ] १. अत्यन्त वेगसाथ तल झर्ने गरी (झरना, नदी इ०) । २. धातुबाट तयार भएको भारी वस्तु उचाइबाट ठूलो आवाज गरी झर्ने किसिमले ।

**छ्वाट्ट–** क्रि० वि० [अ० मू० छ्वाट्+ट] १. एकै झड्कामा चुँडाल्ने गरी । २. एकै भनाइमा प्रभावित गर्ने गरी । ३. ठिक्क अड्कलेर; चट्ट; चटक्क ।

**छ्वात्त–** क्रि० वि० [अ० मू० छ्वात्+त] पानीमा कुनै ठिक्क आकारको वस्तु एक्कासि डुबेझैँ गरी; पानी आदि अविराम गतिले झर्ने वा पोखिने किसिमले ।

**छ्वात्लाङ–** क्रि० वि० [अ० मू० छ्वात्लाङ्+अ] पोखरी, आधा गाग्रोको पानी आदि जथाभाबी चल्दा ध्वनि निस्केर । – **छ्वात्लाङ–** क्रि० वि० लगातर छ्वात्लाङ हुने गरी । > **छ्वात्लाङ्ङ–** क्रि० वि० एक्कासि छचल्किएर ।

**छ्वाप्ल्याङ–** ना० [अ० मू० छ्वाप्ल्याङ्+अ] पानी आदि तरल पदार्थमा केही चोभिँदा वा डुब्दा आवाज उत्पन्न हुने गरी; छ्वात्ल्याङ । – **छ्वाप्ल्याङ–** क्रि०वि० त्यस्तो किसिमले खेलेर वा चोबेर । > **छ्वाप्लाङ्ङ–** क्रि० वि० एक्कासि डुब्ने वा चोपिने गरी ।

**छ्वाम्म–** क्रि० वि० [अ० मू० छ्वाम्+म] १. एकै प्रहारमा काटिने गरी । २. एकै चोटि चोब्ने गरी । ३. एक्कासि छोप्ने गरी । ४. एक्कासि पानीमा डुब्ने गरी; भ्वाम्म ।

**छ्वाम्ल्याङ्ग / छ्वाम्ल्याङ्ङ–** क्रि० वि० [अ० मू० छ्वाम्ल्याङ्+ग / ङ] १. दह परेका पानीमा हाम फाल्दा पानीमा आघात पर्ने गरी । २. पानी चलबलाएर आवाज आउने गरी ।

**छ्वायबाली–** ना० [नेवा० छ्वाय+बाली] गुठीको जग्गामा लाग्ने तिरो; कसर ।

**छ्वारछ्वार–** ना० [अ० मू० छ्वार्+अ(द्वि०)] १. केही अग्लोबाट धूलो वा टुक्रो पदार्थ लगातार झर्दा आउने ध्वनि । क्रि० वि० त्यस्तो ध्वनिका साथमा वा चालसँग । > **छ्वारछ्वारती / छ्वारछ्वारी–** क्रि० वि० छ्वारछ्वार ।

**छ्वार्र–** ना० [अ० मू० छ्वार्+र] कुनै पनि मसिना वस्तु वा धूलोमूलो पोखिँदा आउने आवाज ।

**छ्वार्लाङ छ्वार्लाङ–** क्रि०वि० [अ० मू० छ्वार्लाङ्+अ (द्वि०)] कुनै धातु, काठ वा कुट आदिको भाँडामा राखेका टुक्रादार वा गोल वस्तुहरू हल्लाउँदा अथवा फुटेका सिसाका झुर्का चलाउँदा आउने सामूहिक ध्वनि वा चालका साथमा ।

**छ्वार्लाङ्ग / छ्वार्लाङ्ङ–** क्रि० वि० [अ० मू० छ्वार्लाङ्+ग / ङ] सिसाका झुर्का, कठोर टुक्रादार पदार्थ आदिलाई चलाउँदा सामूहिक आवाज आउने गरी ।

**छ्वार्लाम्म–** क्रि० वि० [अ० मू० छ्वार्लाम्+म] हे० छ्वार्लाङ्ङ ।

**छ्वालछ्वाल–** ना० [अ० मू० छ्वाल्+अ(द्वि०)] १. तरल पदार्थ पोख्दा, पिसाब गर्दा वा यस्तै समान कार्य वा घटना हुँदा उत्पन्न हुने ध्वनि । २. त्यस्तो ध्वनि उत्पन्न गर्ने चाल वा गति । क्रि० वि० ३. त्यस्तो ध्वनि वा चालका साथमा । > **छ्वालछ्वालती / छ्वालछ्वाली–** क्रि० वि० छ्वालछ्वाल । **छ्वालालाला–** क्रि० वि० लगातार त्यस्तो चाल वा ध्वनिका साथमा ।

**छ्वाली–** ना० [नेवा०] जौ वा गहुँ काटेर फल झारिसकेपछि बचेको नरुवा; नल । – **खुट्टे–** वि० १. गहुँको नलजस्तै सिकुटे खुट्टा भएको; लुते । २. आँट नभएको; लाछी ।

**छ्वाल्ल–** क्रि० वि० [अ० मू० छ्वाल्+ल] तरल पदार्थ एकै पल्ट पोखिने गरी; ह्वात्त; छ्याल्ल । ~ **छ्वाल्ल–** क्रि० वि० बिसाईबिसाई तरल पदार्थ झार्ने वा झर्ने गरी ।

**छ्वासछ्वास–** ना० [अ० मू० छ्वास्+अ(द्वि०)] १. छुँदै जाने वा एकपछि अर्को गर्दै छुने कार्य; पटकपटकको छुवाइ । २. अलिअलि वा छुसछुस बाँड्ने कार्य; अपर्याप्त वितरण । ३. लगातारको घोचाइ; च्वासच्वास । क्रि० वि० ४. त्यसरी छुने, बाँड्ने वा घोच्ने गरी । > **छ्वासछ्वासती / छ्वासछ्वासी–** क्रि० वि० छ्वासछ्वास ।

**छ्वास्स–** क्रि० वि० [अ० मू० छ्वास्+स] १. धूलोमुलो उड्ने गरी । २. कसैलाई हल्का पाराले छुने चालले । ३. कसैलाई थोरै मात्र केही दिने गरी । ४. घाउखटिरा आदिमा केहीले चुस्स छुने किसिमले । ५. अर्काको कुरा कसैलाई पोल लाउने चालसँग; सुटुक्क ।

**छ्वेँखानी–** ना० [भो० ब० छ्वे+खानी] लमीको काम गर्नेले दुवै पक्षबाट पारिश्रमिक वा बक्सिसका रूपमा खाने कमिसन ।

# ज

**ज१**– देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये आठौँ वर्ण; तालव्य (वर्त्स्य), स्पर्शसङ्घर्षी, सघोष; अल्पप्राण व्यञ्जनवर्ण; चवर्गको तेस्रो अक्षर; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; डाङ्ु ज ।

**ज२**– ना० [सं०] कुनै नाम वा नामस्थानिक शब्दका पछिल्तिर लागी कसैबाट वा कसैमा उत्पन्न भन्ने अर्थ जनाउने प्रत्ययधर्मी उत्तरपद (अण्डज, देशज इ०) ।

**जँगार**– ना० [सं० जङ्घाल] हे० जँघार ।

**जँगारी**– ना० [फा०] हल्का हरियो रङ भएको विषालु पदार्थ ।

**जँघार**– ना० [सं० जङ्घाल] १. जाँघसम्म पानी आउने भए पनि खुट्टाले नै नदी तर्न सकिने ठाउँ । २. नदीको पानी पातलो भएर फिँजारिएका ठाउँबाट पैदलै पार गरिने काम; हिँडेरै खोला तर्ने काम; जडार । – **को लौरो**– ना० दुःखमा काम दिने तर दुःख सकिएपछि बिर्सिने कुरा ।

**जँघेलो**– ना० [जाँघ+एलो] सुरुवाल ।

**जँच्नु**– अ० क्रि० [जाँच्+नु] १. जाँच्ने काम हुनु; पारख हुनु । २. राम्रो ठहरिनु; राम्रो लाग्नु; ठीक लाग्नु; मन पर्नु । > **जँचाइ**– ना० जाँच्ने वा जँचाउने भाव, क्रिया वा प्रक्रिया । **जँचाइनु**– क० क्रि० जाँच्न लाइनु; परीक्षण गराइनु । **जँचाउनु**– प्रे० क्रि० जाँच्न लाउनु; जाँच गराउनु; परीक्षण गराउनु । **जँचिनु**– अ० क्रि० जाँच होइनु; ठीक ठानिनु; जाँचिनु । **जँचुवा**– वि० १. जाँच्ने स्वभावको; जाँच्ने काममा लागेको । २. जाँचिएको; परीक्षा भइसकेको ।

**जँड्याहा**– वि० [जाँड+याहा] जाँडले टुन्न भएर मातिएको; धेरै जाँड खाने अमल भएको ।

**जई**– ना० [सं० यव] जौसँग मिल्दोजुल्दो, गहुँ र जौबारीमा पाइने झार; त्यसैका गेडाको पीठो ।

**जकड्-नु**– स० क्रि० [सं० जक्षट+नु] १. खूब कसेर बाँध्नु; बेसरी कस्नु वा बाँध्नु । २. जोडसित अँठ्याउनु; पक्रनु । ३. ग्रस्त पार्नु; धड्नु (रोग आदिले) । ४. चलहल गर्न नसक्ने गरी रोक्नु वा अड्याउनु ।

**जकडबन्द**– वि० [जकड्+बन्द] बन्धनले कसिएको; समस्याले जेलिएको; यताउति हलचल गर्न नपाइने; बन्धनमा परेको । > **जकडबन्दी**– ना० १. चलहल गर्न नमिल्ने गरी कसिएको बन्धन; नफुक्ने गरी बाँधिएको बन्धन । वि० २. एकदम बन्द; बिलकुल बन्द ।

**जकडाइ**– ना० [√ **जकड्** (+आइ)] जकडिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जकडाइ**– ना० जकडाउने भाव, क्रिया वा प्रक्रिया । **जकडाइनु**– क० क्रि० जकड्न लाइनु । **जकडाउनु**– प्रे० क्रि० जकडिने पार्नु; जकड्न लगाउनु । **जकडिनु**– अ० क्रि० फुत्कन नसकिने गरी बाँधिनु; जकडाइमा पर्नु । **जकड्याइ**– ना० जकडिने भाव, क्रिया वा प्रक्रिया । **जकड्याइनु**– क० क्रि० बन्धनमा पारिनु । **जकड्याउनु**– स० क्रि० बन्धनमा पार्नु; जकड्न लगाउनु । **जकड्याहट**– ना० जकडिने भाव, क्रिया वा अवस्था ।

**जकाइ**– ना० [√ **जाक्** (+आइ)] जाक्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जकाइनु**– क० क्रि० जाक्न लाइनु । **जकाउनु**– प्रे० क्रि० जाक्न लगाउनु; जाक्ने पार्नु ।

**जक्खिनु**– अ० क्रि० [जाक्कि+नु] १. कडा बन्धनमा पर्नु; जेलमा पर्नु; जकडिनु; थुनिनु । २. अटेसमटेस हुने गरी खाँदिनु; कोचिनु । ३. जाकिनु; डल्लिनु ।

**जक्खु ⁄ जक्खे**– वि० [प्रा० जक्ख] मोटोघाटो र बलियो; साह्रै ठूलो; जखमले; लर्दू ।

**जक्ख्याइ**– ना० [√ **जक्खि** (+याइ)] जक्ख्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जक्ख्याइनु**– क० क्रि० जक्खिने पारिनु; जक्खिन लाइनु । **जक्ख्याउनु**– प्रे० क्रि० १. जक्खिने पार्नु; जक्खिन लाउनु । स० क्रि० २. जकडबन्दमा राख्नु; कठोर बन्धनमा राख्नु; थुन्नु ।

**जख्नु**– स० क्रि० कुनै न कुनै ढङ्गले प्रहार गर्नु; दण्ड दिनु ।

**जखम**– ना० [फा० जख्म] घाउ; चोटपटक; अङ्गभङ्ग ।

**जखमले**– वि० १. हेर्दा बलियो र घ्वाँक्क परेको; ज्यादै ठूलो; घ्वाँक; जक्खू । २. छिपिएको ।

**जखमी**– वि० [जखम+ई] १. जखम हुने खालको; जोखिम । २. चोटपटक लागेको; आहत; घाइते ।

**जग१**– ना० १. घर, कटेरो, पुल, चौतारो आदिको जमिनमनिको गारो लगाउने ठाउँ; घडेरीको फेद; चर । २. कामको शुभारम्भ; थालनी ।

**जग२**– ना० [अङ्० ज्याक] १. मोटर, कार आदिलाई मर्मत गर्नुपर्दा चक्काको सट्टा भुइँमा टेकाएर बिस्तारै घुमाई गाडीलाई उचाल्ने र थामिराख्ने यन्त्र । २. लोटाजस्तो एकातिर समाउने बिँड वा उभिन्डो भएको, पानी उभाउने भाँडो; विशेष प्रकारको सुराही ।

**जगच्चक्षु**– ना० [सं०] १. सूर्य । २. संसारको आँखो ।

**जगजग**– क्रि० वि० [अ० मू० जग (द्वि०)] १. त्रस्त भएर; आपत्तिको आशङ्काका साथ । ना० २. त्रास; डर; धुकचुक । वि० ३. डराएको; त्रस्त भएको । > **जगजगी**– ना० १. भय र आतङ्कको स्थिति; चोर, डाका, रोगव्याध आदिले त्रस्त पारेको अवस्था । २. राम्रो उन्नति; चकचकी; जल्दोबल्दो अवस्था ।

**जगजगे–** वि० मनले आँटेर कुनै काम पनि गर्न नसक्ने; जस्तोसुकै कामकुरामा पनि शङ्का लिने; मनमा दुविधा भएको; दोधारे ।

**जगज्जननी–** ना० [सं०]१. सम्पूर्ण जगत्की आदिमाता; जगदम्बा । २. दुर्गा; महामाया ।

**जगज्जयी–** वि० [सं० जगत्+जयी] विश्वविजय गर्ने; संसार विजय गरेको ।

**जगज्ज्योतिर्मल्ल–** ना० [सं०] बिस्केट जात्राको परम्परा चलाउने, विद्याप्रेमी, मध्यकालीन इतिहासमा चर्चित भक्तपुरका मल्ल राजा ।

**जगटे–** वि० [जगटा+ए] १. जगटा भएको; झ्याम्ले; जगल्टे । २. कपाल लट्टा परेको; लट्टे; जुल्पे ।

**जगटो–** ना० [सं० जगर+ओ] कपालको गुजमुज्ज परेर बनेको एकै लट्टो; जटाको गुजुल्टो; जगल्टो । > **जगटचाइ–** ना० जगटचाउने भाव, क्रिया वा प्रक्रिया । **जगटचाइनु–** क० क्रि० जगल्टचाइनु । **जगटचाउनु–** प्रे० क्रि० जगटो समातेर तान्नु वा लतार्नु; जगल्टचाउनु ।

**जगड्वाल–** वि० [जाग्+ड्वाल] १. धेरै ठूलो डालको; औधी ठूलो; जखमले । स्त्री० जगड्वालिनी । ना० २. चारैतिर फैलिएको हल्ला; व्यापक हल्लाखल्ला; सबैतिर चलेको होहल्ला । ३. विजययात्रा; दिग्विजय ।

**जगण–** ना० [सं०] सुरु र अन्त्यमा लघु र बीचमा गुरु वर्ण हुने एक गण (। ऽ ।); छन्दशास्त्रका आठ गणमध्ये एक गण ।

**जगत्–** ना० [सं०]१. गतिशील संसार; विश्व; ब्रह्माण्ड । २. लोक; दुनियाँ । ३. कुनै पनि जाति वा प्राणीको कार्यक्षेत्र वा समष्टिबोधक शब्द (प्राणीजगत्; सौरजगत्; नारीजगत् इ०) ।

**जगती–** ना० [सं०]१. पृथ्वी; धरती । २. मानवजगत्; दुनियाँ; संसार । ३. प्रत्येक चरणमा बाह्र अक्षर हुने एक वैदिक छन्द । ~ **तल–** ना० पृथ्वीतल; पृथ्वीलोक; संसार ।

**जगत्कर्ता–** ना० [सं०]१. ब्रह्मा । २. परमेश्वर ।

**जगत्पिता–** ना० [सं०] परमेश्वर; परमात्मा ।

**जगत्प्रसिद्ध–** वि० [सं०] संसारका सबै भागमा नाम चलेको; विश्वविख्यात; विश्वप्रसिद्ध ।

**जगत्प्राण–** ना० [सं०] वायु; बतास ।

**जगत्साक्षी–** ना० [सं०]१. संसारका सबै गतिविधि र घटनाको प्रत्यक्षदर्शी; परमात्मा; ईश्वर । २. सूर्य ।

**जगदन्तक–** वि० [सं०]१. सम्पूर्ण जगत्को अन्त्य गराउने । २. काल; यमराज ।

**जगदम्बा/जगदम्बिका–** ना० [सं०]१. जगज्जननी; दुर्गा; महामाया ।

**जगदीश/जगदीश्वर–** ना० [सं०]१. जगत्को स्रष्टा, द्रष्टा र संरक्षकतत्त्व; ईश्वर; परमेश्वर । २. विश्वको मालिक; जगत्पति ।

**जगद्गुरु–** ना० [सं० जगत्+गुरु] १. परमेश्वर । २. महादेव; शिव । ३. नारद । ४. सबैले गुरुसमान पूज्य मानेका व्यक्ति वा कुनै धार्मिक सम्प्रदायका प्रवर्तक । ५. शङ्कराचार्य वा उनका गद्दीका उत्तराधिकारी महन्तको उपाधि ।

**जगद्वन्द्य–** वि० [सं० जगत्+वन्द्य] सबैले नमस्कार गर्नुपर्ने; जगत्कै पूजनीय वा आदरणीय ।

**जगद्व्यापी–** ना० [सं० जगत्+व्यापी] १. ईश्वर; परमात्मा । वि० २. विश्वका सबै ठाउँमा व्याप्त भएर रहेको ।

**जगन्नाथ–** ना० [सं०]१. विश्वका हर्ताकर्ता; परमेश्वर । २. भारतको उडिसा प्रान्तको, समुद्रतटमा पर्ने पुरी भन्ने ठाउँमा प्रतिष्ठित विष्णुको मन्दिर; चार धाममध्येको एक धाम ।

**जगन्नियन्ता–** ना० [सं०] संसारलाई अदृश्य रूपमा नियन्त्रण गर्ने दैवी शक्ति; ईश्वर; परमात्मा ।

**जगन्निवास–** ना० [सं० जगत्+निवास] चरअचर जगत्को आधार वा आश्रय; ईश्वर ।

**जगन्मय–** ना० [सं०] जगत्रूप धारण गरेको दैवी तत्त्व; विष्णु; परमेश्वर ।

**जगन्माता–** ना० [सं० जगत्+माता] १. जगत्की आमास्वरूप दुर्गा; भगवती । २. सरस्वतीका बाह्र नाममध्ये पाँचौं ।

**जगन्मोहिनी–** वि० [सं० जगत्+मोहिनी] १. संसारलाई मोहित बनाउने शक्ति भएकी; मायास्वरूपकी । ना० २. महामाया; दुर्गा ।

**जगमग–** ना० [अ० मू० जग (द्वि०)] १. प्रशस्त उज्यालो; झलमलाहट; झलमल । क्रि० वि० २. उज्यालो हुने वा झलक्क चम्कने गरी । ३. विभिन्न रङ्गरोगनका आभूषण वा धातु आदि जगमगाउने भएर । > **जगमगाइ–** ना० जगमग गर्ने भाव, क्रिया वा प्रक्रिया; चमचमाइ । **जगमगाइनु–** अ० क्रि० जगमग भइनु; चमचमाइनु । **जगमगाउनु–** अ० क्रि० जगमग हुनु; चमचम हुनु; चम्किनु; झल्किनु । **जगमगाहट–** ना० जगमग ।

**जगर–** ना० [सं०]१. घोडा, सिंह, बँदेल, सुँगुर, खसी आदिका घिच्रामा हुने लामा खस्रा भुत्ला; याल; केसर; जगटा । २. नरिवलका जस्तै पात हुने एक वृक्ष । ३. कवच । ४. जगत् । > **जगर्सेठ–** वि० १. ठूलो सेठ वा महाजन; जगत्सेठ; प्रशस्त धनाढ्य । २. ठूलो समाज वा समूहको नाइके ठालु । ३. सबैलाई हेप्ने; जन्डो ।

**जगल्टा–** ना० [जगल्टोको ति० रू०] हे० जगल्टो ।

**जगल्टे–** वि० [जगल्टो+ए] जगल्टा फिँजिएको; जगल्टा हुने; जटे; जगटे; जुल्पे ।

**जगल्टो–** ना० [सं० जगर+टो]१. कोरीबाटी केही नगरी पाल्नाले रूखिएर लट्टिएको कपाल; झाँक्रो । २. योगीतपस्वीहरूको कपाल; जटा । ३. पराल, खर, बाबियो, सनपाट आदि तृणदार घाँसको जथाभाबी पारिएको गुजुल्टो । ४. सागपात, गुन्द्रुक आदि झुत्रा हुने वस्तुको गुजमुजिएको लट्टा; जगटा । > **जगल्टचाइ–** ना० जगल्टचाउने भाव, क्रिया वा प्रक्रिया । **जगल्टचाइनु–** क० क्रि० जगल्टा समातेर तानिनु; गुजुल्टो पारिनु । **जगल्टचाउनु–** स० क्रि० जगल्टामा समातेर भुत्ल्याउनु; कपाल समातेर

लछारपछार पार्नु ।

**जगाइ**– ना० [√ **जाग्** (+आइ)] जाग्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जगाइनु**– क० क्रि० जगाउन लाइनु; जगाइमा पारिनु । **जगाउनु**– स० क्रि० १. बिउँझाउनु; निद्रा भगाउनु । २. कुनै परिस्थिति वा अवस्थाप्रति सचेत गराउनु; जागरुक बनाउनु । ३. बिउँताउनु; होसमा ल्याउनु । ४. धामीझाँक्रीद्वारा तन्त्रमन्त्रका बलले भूत, प्रेत, मसान आदि प्रत्यक्ष वा सक्रिय गराउनु । ५. जोसमा ल्याउनु ।

**जगात**– ना० [अ० जकात] १. कुनै वस्तु निकासीपैठारी गर्दा तिर्नुपर्ने महसुल; कर; दस्तुर । २. गठेमङ्गलका दिन भूतप्रेतको बाधा शान्त पार्नका निम्ति ठाउँठाउँमा डोरी, तगारा आदिले बाटो छेकेर आवतजावत गर्नेहरूसँग मागिने पैसा वा चन्दा । ३. महसुल लिने चौकी वा गौँडो । ~ **भन्सार**– ना० बजारमा बिक्री गर्नका निम्ति लगिने बस्तुभाउ, खसीबाखा वा अन्य सामानको कर; बजारकर । > **जगाते**– वि० १. जगातमा बसेर कर उठाउने (अड्डा वा व्यक्ति) । २. जगात लिन बस्ने (ठाउँ) ।

**जगेडा/जगेरा**– वि० [अ० जखीर] १. खर्च नभई वा खर्चबर्च गरेर बाँकी रहेको; काम चलाएर उभ्रिएको; रहलपहल; बचेखुचेको । ना० २. पछि खर्च गर्नका लागि बचाइएको रकम वा अन्य कुनै वस्तु । ३. भइपरी आउने कामका लागि राखिएको सञ्चित धनमाल वा वस्तु । ४. सञ्चय; बचत; बचाउ; जोगाड । ~ **कोष**– ना० १. भइपरी आउँदा खर्च गर्नुपर्ने भनी जोगाइने कोष; सञ्चित धन । २. सञ्चित सरकारी धन । ~ **कर्मचारी**– ना० जागिरमा नियुक्ति पाएका तर अड्डा र काम तोकिनसकिएका कर्मचारी; अड्डा नतोकिउन्जेलका लागि हाजिर मात्र भएर तलब खाने कर्मचारी ।

**जगेर्ना/जगेर्नु**– ना० [√ जगेरा] १. जोगाएर वा बचाएर राख्ने काम; सञ्चित गर्ने काम । २. सुरक्षा; हिफाजत; रुँगाइ । ३. हेरचाह; रेखदेख; स्याहारसम्भार । ४. गोडमेल; मलजल ।

**जग्गा**– ना० [फा० जायगाह] १. कमाइ लगाउने गरिएको जमिन; खेतीबारी; खेतीपाती । २. खाली ठाउँ; स्थान । ३. जमिन; भुइँ । ~ **कर**– ना० जग्गा उपभोग गरेबापत जग्गावालाले सरकारलाई तिर्नुपर्ने रकम; नगद वा जिन्सी पोत; जग्गाको दस्तुर; तिरो । ~ **जमिन**– ना० १. खेतीपाती गर्न योग्य माटो; खेतबारी; खेतीपाती । २. जग्गाको समूह । ~ **दपोट**– ना० हुँदाहुँदैको जग्गाजमिन लुकाईछिपाई भोगचलन गरेबापत लाग्ने अभियोग; जग्गा दबाएको मुद्दा । ~ **धनी**– ना० १. जमिनको हकदार; जग्गाको मालिक । २. प्रशस्त जमिन भएको; जमिनदार । ~ **नापजाँच**– ना० नापी अड्डाले जमिनको नापजाँच गर्ने काम; जग्गानापी । ~ **पजनी**– ना० १. जग्गाधनीले आफ्नो जग्गा कमाउने मोही फेर्ने चलन; जग्गाको परपजनी । २. मोहीको बेदखली । – **वाला**– ना० १. कानुनी प्रमाणले जमिनको अधिकारी हुन पुगेको व्यक्ति; जमिनको मुख्य हकदार; जग्गाधनी । २. प्रशस्त जग्गा भएको व्यक्ति; जमिनदार । ~ **विकास कर**– ना० कुनै जग्गामा विशेष कार्यक्रमद्वारा त्यही ठाउँलाई लाभ पुऱ्याउने उद्देश्यले लगाइएको मालपोतको केही प्रतिशत थप कर; थप मालपोत ।

**जग्गे**– ना० [सं० यज्ञ] १. व्रतबन्ध, विवाह, पुराण वा कुनै यज्ञयागादिका लागि तयार गरिएको वेदी; यज्ञमण्डप । २. धार्मिक उत्सवमा गरिने हवन, पूजा आदि ।

**जग्ना**– ना० [सं० छाग+ना] सुदूर उत्तर हिमालतिरका बेपारीले मालसामान ओसारपसार गर्दा वाहनका रूपमा प्रयोग गर्ने च्याङ्ग्रो वा भेडो ।

**जघन**– ना० [सं०] कम्मरदेखि मनि र तिघ्रादेखि माथि पर्ने चाक्लो अङ्ग; चाक; फिला; पुट्ठा; नितम्ब । ~ **कूप**– ना० तिघ्राका दायाँतिर र बायाँतिर देखिने खोपिल्टा । ~ **चपला**– ना० १. कामुक स्त्री; वेश्या । २. छन्दशास्त्रका नियमअनुसार आर्याछन्दको एक भेद । > **जघनास्थि**– ना० पुट्ठेहाड; टुइँकेहाड । **जघने**– वि० काम नलाग्ने; रद्दी; निकम्मा; बिकम्मा । **जघन्य**– वि० १. साह्रै निकृष्ट; क्षुद्र; नीच । २. निन्दनीय; सबैभन्दा नजाती; रद्दी ।

**जघानी**– ना० [जागा+इनी] टेबिल वा तख्ताघडी आदिमा जडिएको, आफूले चाहेको बेलामा सचेत गराउन घण्टी दिन हुने गरी मिलाइने यान्त्रिक साधन ।

**जङ**– ना० [फा० जङ्ग] कुनै मन नपर्दो कामकुराबाट मनमा उठ्ने आवेगपूर्ण प्रतिक्रिया; रिस; क्रोध; झोक ।

**जङ्कसन**– ना० [अङ्० जङ्कशन] रेलमार्गका दुई वा दुईभन्दा बढी लाइनहरू आएर मिल्ने स्टेसन; रेलको बिसौनी ।

**जङ्कु/जङ्को**– ना० [नेवा० जङ्को] नेवारसंस्कृतिमा ७७ वर्ष ७ महिना उमेर पूरा भएपछि गरिने जयन्ती; सहस्रचन्द्रदर्शन नामको यसै वर्ष गरिने उद्यापन; वृद्धावस्थामा गरिने पास्नी ।

**जङ्ग**– ना० [फा०] परस्परको सङ्घर्ष; युद्ध; लडाइँ । ~ **बहादुर**– ना० नेपालको इतिहासमा राणाहरूको शासन प्रारम्भ गर्ने, वि० सं० १९०३ देखि १९३३ सम्मको अवधिका प्रथम राणा प्रधानमन्त्री ।

**जङ्गम**– वि० [सं०] १. स्थावर वा अचर वस्तुको विपरीत स्वभाव भएको; हिँडडुल गर्ने; गतिशील; चर । २. एक ठाउँबाट अर्को ठाउँमा सार्न वा लग्न सकिने । ना० ३. चलायमान वस्तु । ४. वीर शैव मतका लिङ्गायत ब्राह्मण; नेपालमा बसोवास गर्ने अनेक थरी ब्राह्मणहरूमा एक थरी ब्राह्मणहरूको थर । ~ **कुटी**– ना० १. परपुरुषको मुख नहेर्ने व्रत लिएकी नारीले अथवा रानीमहारानीले कहीँ जानुपर्दा अदृश्य रहन बनाइएको पर्दावाल म्याना; पाल्की । २. बाहिरबाट देख्न नपाउने हिसाबले बनाइएको कपडाको कुटी । ~ **गुल्म**– ना० पैदल हिँड्ने सेना; स्थलसेना । ~ **विष**– ना० सर्प, बिच्छी, कुकुर आदिले टोक्ता लाग्ने विष; टोक्नासाथ शरीरभरि छरिने विष ।

**जङ्गल**– ना० [सं०] १. मान्छेहरूको बस्ती वा आबादी नभएको, रूखबिरुवाको घारी भएको ठाउँ; पाताल; झाडी; अरण्य; वन । २. उजाड जमिन; मरुभूमि; बन्जर । ३. एकान्त स्थान; निर्जन

स्थल; सुनसान ठाउँ । ४. आलो मासु; मांस ।

**जङ्गली–** वि० [जङ्गल+ई] १. जङ्गलमा भएको; जङ्गलमा बस्ने; बनैया । २. असाध्य; सोमत नभएको; कोर्काली । ~**खर–** ना० वनमा हुने सिरु, सलिम्मो आदि तृण वा फुस ।

**जङ्गाल–** ना० [सं०] बाँध ।

**जङ्गिनु–** अ० क्रि० [जङ्ग+इ+नु] रिसले झोकिनु; चूर हुनु; रिसाउनु; राँक्किनु; च्याँठिनु ।

**जङ्गी–** वि० [अ०] १. सेनाको पहिरन, स्वभाव वा ढाँचा देखाउने । २. लडाइँसम्बन्धी; फौज वा सेनासम्बन्धी; पल्टनियाँ । ३. रिसाहा स्वभावको; झोकी । ४. बडेमाको; ठूलो । ~**अड्डा–** ना० सैनिक प्रशासन चलाउने अड्डा; सेनाको नियन्त्रण गर्ने वा सारफेर आदिको व्यवस्था मिलाउने कार्यालय । ~**कानुन–** ना० सामान्य प्रशासनिक तहबाट शान्तिसुरक्षा हुन नसकेमा सेनाद्वारा शान्तिसुव्यवस्था कायम गर्न प्रयोगमा ल्याइने कानुन; फौजी कानुन; सैनिक शासन (मार्सल ल) । ~**कारबाई–** ना० सेनाद्वारा प्रयोगमा ल्याइने कानुनी कारबाई; फौजी कारबाई; सैनिक कारबाई । ~**कोतवाली–** ना० राणाहरूका शासनकालमा सेनासम्बन्धी प्रशासन हेर्ने अड्डा । ~**परेट/परेठ–** ना० १. सेनाहरूबाट युद्धका निम्ति गरिने अभ्यास; सैनिक शिक्षा; फौजी तालिम । २. फौजी व्यायामको प्रदर्शन । ~**पहरा–** ना० राणाशासनकालमा हनुमानढोकाको कोतमा रहेको सैनिक अड्डा; समय र अवस्थाको सङ्केत गर्न तोप र बिगुलको आवाज दिने त्यस्तो सैनिक कार्यालय । ~**पोसाक–** ना० फौजी जवानहरूले लगाउने बर्दी; सेनाको पहिरन । ~**बन्दोबस्त अड्डा–** ना० सेनासम्बन्धी व्यवस्था मिलाउने अड्डा; युद्धसम्बन्धी वा रक्षासम्बन्धी व्यवस्था मिलाउने अड्डा । ~**बेडा–** ना० सेना र गोलाबारुदयुक्त लडाकु पानीजहाज; सैनिक जहाज; युद्धपोत । ~**लाठ–** ना० राणाशासनमा जङ्गीतर्फका सबैभन्दा प्रमुख व्यक्ति वा सेनापति; पश्चिमतर्फका कमान्डिङ जनरल; श्री ३ भन्दा दुई श्रेणी मुनिको र उ० क० ज० भन्दा तीन श्रेणीमाथिको रोलवाला । ~**सेल–** ना० मुठीभरिको मोटो ठूलो सेल । ~**हर्रो–** ना० कालो रङको,ससानो फल फल्ने एक जातको हर्रो; त्यसैको फल । > **जङ्गे–** वि० जङ्गी खालको; रिसाहा; झोकी ।

**जङ्ग्याइ–** ना० [√ **जङ्गि** (+याइ)] जङ्गिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जङ्ग्याइनु–** क० क्रि० जङ्गिने पारिनु; जङ्गिन लाइनु । **जङ्ग्याउनु–** प्रे० क्रि० रिसाउन वा जङ्गिन लाउनु; रिसाउने पार्नु । **जङ्ग्याहा–** वि० हे० जङ्गे ।

**जङ्घा–** ना० [सं०] १. घुँडाभन्दा माथि र पुट्ठाभन्दा मनिको भाग; तिघ्रा; जाङ; उरु । २. कैँचीको काट्ने धार । > **जङ्घास्थि–** ना० हे० जघनास्थि ।

**जजमान–** ना० [सं० यजमान] कर्मकाण्डको विधान जान्ने ब्राह्मण वा पुरोहितका निर्देशनमा यज्ञ, जपदान, पाठपूजा आदि गर्ने व्यक्ति; पूजा, हवन, दान, पाठ आदि धार्मिक कृत्य गराउने उपासक; यष्टा; यजमान । > **जजमानी–** ना० यजमानलाई कर्मकाण्ड गराई दानदक्षिणा लिएर जीविका गर्ने पेसा; पौरोहित्य; पुरोहित्याइँ । **जजमाने–** वि० १. जजमानी गरेर जीवनवृत्ति गर्ने; पुरेत्याइँ गरी खाने । २. जजमानी गर्दा पाइने खालको; दाने ।

**जजायल–** ना० प्राचीनकालका लडाकू सेनाहरूले भिर्ने एक प्रकारको हतियार ।

**जजिया–** ना० [अ० जजिय] भारतको मुगलकालीन शासनमा मुस्लिम धर्मभन्दा अन्य धर्मावलम्बीहरूलाई लगाइएको विशेष कर ।

**जटा–** ना० [सं०] १. जोगीसन्न्यासीहरूले पालेको लट्टैलट्टा परेको कपाल; जगल्टा; लट्टा । २. नरिवलको खप्परबाहिर जेलिएको रेसा वा पाटजस्तो वस्तु । ३. विशेष प्रकारका वृक्षहरूमा माटोभन्दा माथि निस्केका जरा । **– जूट–** ना० १. लामो कपालमा जुटी बाँधिएभन्दा माथि उम्रेको जटा; जटा कसेभन्दा माथिको अंश । २. शिवजीको जटा । **– धर–** वि० लट्टैलट्टा परेका जटा पाल्ने; जटा पालेको । **– धारी–** वि० १. शिरमा जटा भएको; जटाधर । २. लट्टिएको जटाजस्तो (उदा०– जटाधारी नरिवल) । ना० ३. शिव । ~**पोखरी–** ना० जनकपुर अञ्चलअन्तर्गत दोलखा र रामेछाप जिल्लाका सिमानामा पर्ने प्राकृतिक रमणीयतायुक्त, श्रावणशुक्ल पूर्णिमाका दिन मेला लाग्ने प्रसिद्ध पोखरी । **– मसी/मांसी–** ना० लाम्चा पात हुने, पातका बीचमा सेता धर्सा हुने, नीला रङका फूल र बोटका फेदमा खैरा झुसे झुल्ला हुने, हिमालयमा पाइने, विभिन्न भेद हुने र औषधीका निम्ति उपयुक्त एक सुगन्धी बुटी ।

**जटायु–** ना० रामायणमा वर्णित, सीतालाई छुटाउन रावणसित युद्ध गर्दा मरेको एक प्रसिद्ध गिद्ध ।

**जटावाल–** वि० [सं०] जटाभएको; जटाधारी ।

**जटित–** वि० [सं०] जडान गरिएको; जडिएको ।

**जटिल–** वि० [सं०] १. फुकाउन वा समाधान गर्न कठिन हुने गरी अल्झिएको; जिलीगाँठी पत्ता लगाउन गाह्रो पर्ने; अत्यन्त कठिन; दुर्बोध; दुरूह । २. कठोर; क्रूर । ३. जटा भएको; जटाधारी । **–ता–** ना० जटिल हुनाको भाव वा अवस्था ।

**जटी–** वि० [सं०] १. जटाधारी । ना० २. शिव ।

**जटे–** वि० [जटा+ए] जटा पालेको वा पाल्ने; जटाधारी; जगल्टे ।

**जठर–** ना० [सं०] १. खाद्यपेय पदार्थ खाद्यनलीबाट गएर बस्ने ठाउँ; पेट; भुँडी । २. गर्भ रहने ठाउँ; गर्भाशय; पाठेघर । ३. कुनै वस्तुको भित्री भाग; गुदी । वि० ४. उमेर ढल्केको; बूढो । ५. कठिन; कडा । ६. छिप्पिएको; प्रौढ । ~**ज्वाला–** ना० १. भोक लाग्दा पेटमा बल्ने ज्वाला; भोकको छटपटी । २. उदरशूल (रोग) । > **जठराग्नि/जठरानल–** ना० १. खाएको वस्तु पचाउने पेटभित्रको ताप; पाचनशक्ति । २. भोजन आदि पचाउने पाकस्थलीमा भएको रस ।

**जड्‍–नु–** स० क्रि० [प्रा० जड्+नु] १. कुनै एउटा वस्तुलाई उपयोगिता वा सुन्दरताका हिसाबले अर्को वस्तुसँग जोड्नु;

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



बहुमूल्य धातु, रत्न आदि गहनागुरियामा जोड्नु । २. राम्ररी सजाउनु; गाँस्नु; उन्नु ।

**जड१–** ना० [जरो] १. कुनै बोटबिरुवाको जरो; कन्द । २. कुनै विषयवस्तुको खास गाँठी; मुख्य तत्त्व वा कारण; सारभूत कुरो ।

**जड२–** वि० [सं०] १. चेतनशक्ति नभएको; निर्जीव । २. चेष्टा र स्पन्दनरहित । ३. चिसो; ठन्डा । ४. मूर्ख; लठेब्रो । ५. कक्रक्क परेको; कठ्चाङ्ग्रिएको । ~**जगत्–** ना० १. पृथ्वी, अप, तेज, वायु, आकाश– यी पाँच तत्त्वबाट सिर्जित संसार; पाञ्चभौतिक पदार्थहरूका कारणबाट सिर्जित वस्तु । २. स्थूल जगत्; संसार । – **ता/त्व–** ना० १. जड वस्तुको विशेषता; जड हुनाको भाव वा अवस्था; अचेतनता । २. मूर्खता; अज्ञता । ~**प्रकृति–** ना० जडजगत् । – **भरत–** ना० पुराणप्रसिद्ध क्षमाशील तथा समदर्शी एक महात्मा । – **वाद–** ना० देहभन्दा अतिरिक्त आत्मा वा ईश्वरीय सत्ता नमान्ने सिद्धान्त; देह नै सम्पूर्ण हो, यस अतिरिक्त ईश्वरको अस्तित्व छैन भन्ने एक दर्शन । – **वादी–** वि० जडवादको समर्थन गर्ने; जडवादको अनुयायी; नास्तिक । ~**विज्ञान–** ना० आत्मा, ईश्वर आदिलाई नमानेर भौतिक पदार्थलाई नै सबै कुरो मान्ने मत वा सिद्धान्त; पदार्थविज्ञान । >**जडहन–** ना० १. शीत ऋतुमा पाक्ने अन्न; हिउँदे बाली । २. हिमालको कछाडमा हुने धानको एक जात; जाडेमार्सी ।

**जडाइ–** ना० [√ **जड्** (+आइ)] कुनै वस्तु अर्को वस्तुसँग सजाउने वा जड्ने भाव, क्रिया वा प्रक्रिया । [>] **जडाइनु–** स० क्रि० जड्न लाइनु ।

**जडाउ–** वि० [जड्+आउ] कुनै ठाउँमा सज्जित पारिएको; जडान गरिएको; जडेको । ~**टिको–** ना० आइमाईले निधारमा लाउने काँचको टिको; तयारी अवस्थामा कागत आदिमा जडेर राखिएको टिको । >**जडाउनु–** प्रे० क्रि० कुनै वस्तु अर्को वस्तुसँग मिलाई सजाउने पार्नु; जड्न लाउनु; जडान गराउनु ।

**जडाउरी–** वि० [जरजर+उरी] १. आफूले लगाएर अर्कालाई बकस दिइएको; उपयोग गरिसकेपछि अर्कालाई दिइएको (लुगाकपडा आदि) । २. अर्धानो; पुरानो । ना० ३. थोत्रिएर अर्कालाई दिन लायक भएको वस्त्र आदि ।

**जडान१–** ना० [जड्+यान] १. कुनै वस्तु सजाउने वा जडान गर्ने काम; सुसज्जित गर्ने काम । २. बिजुली, टेलिफोन आदिका तार, स्विच, प्लग आदि जड्ने काम ।

**जडान२–** ना० [जाड+आन] १. प्रशस्त जाडो हुने ठाउँ; ठन्डा प्रदेश । २. जाडजातिहरू बस्ने ठाउँ; जाडप्रदेश । ३. जाडप्रदेशका बासिन्दा ।

**जडिजडाउ–** वि० [जड्+इ+जडाउ] राम्ररी जडिएको; पूरा जडिएको; सजिसजाउ; शोभायमान ।

**जडिनी–** ना० [जाडो+इनी] १. भोटिनी । २. शीतप्रदेशमा बस्ने जाडजातिकी स्त्री; महिला जाड ।

**जडिनु–** क० क्रि० [जड्+इ+नु] जडान गरिनु; सजाइनु ।

**जडिमा–** ना० [सं०] जड हुनाको भाव, गुण वा अवस्था; जडता; अचेतनता ।

**जडी–** ना० [जड+ई] १. औषधीका लागि प्रयोग गरिने जरो; जरीबुटी । २. मूल कारण; खास कुरो; गाँठी विषय । – **बुटी–** ना० १. औषधीका काममा आउने वनस्पतिका बुटा र जरा; जरोबुटो । २. कन्दमूल; ओखतीमूलो । – **भूत–** वि० वास्तविक अर्थमा जड नभए पनि जडतुल्य भएको; निश्चल; जडकल्प ।

**जडेनी–** ना० [जाड+इनी] हे० जडिनी ।

**जडेलो–** ना० अङ्गुरका जस्तै लहरो, पात र फल भएको एक जातको जङ्गली अङ्गुर; दाख ।

**जडौरी–** वि०/ना० [जरजर+औरी] हे० जडाउरी ।

**जतन–** ना० [सं० यत्न] कुनै पनि वस्तु नबिग्रियोस् भनी गरिने हिफाजत; जोगाड; जोगाउ; बचाउ; यत्न । – **लाख–** वि० कुनै पनि वस्तु आवश्यक भएसम्मको; प्रशस्त; मनग्ये; लात्तीकुत्ती । >**जतनियाँ–** वि० कुनै पनि वस्तुको हिफाजत गर्ने; जतन गर्ने; जोगाउने ।

**जता–** क्रि० वि० [सं० यत्र] जुन दिशा ताकेर; जुन ठाउँतिर; जहाँ ।

**जताउनु–** स० क्रि० [√ जनाउनु] कुनै कुराको सङ्केत दिनु; सूचना दिनु; थाहा दिनु ।

**जतातते–** क्रि० वि० [सं० यत्रतत्र] सबै ठाउँमा; जतासुकै; चारैतिर; जहाँतहीँ; सर्वत्र ।

**जतालाख–** वि० [सं० यथा+लक्ष] चाहिएजत्ति; छेलोखेलो; पर्याप्त मात्रामा; यथेष्ट ।

**जतासुकै–** क्रि० वि० [जता+सुकै] जुन दिशातिर पनि; जता पनि; सबैतिर; जतातते; चारैतिर ।

**जति–** वि० [सं० यावत्] जुन मात्रा वा परिमाणको; जतिसुकै । – **सुकै–** वि० १. जति धेरै; जुनसुकै मात्रा, परिमाण वा सङ्ख्याको । क्रि० वि० २. जति नै भए पनि ।

**जत्ति–** वि० [जति] जतिलाई जोड दिने (शब्द) । – **को तत्ति–** क्रि० वि० पहिलेकै बराबर; सरोबरी; बराबरी; घटीबढी नभईकन । – **सुकै–** वि०/क्रि० वि० हे० जतिसुकै ।

**जत्था–** ना० [सं० यूथ] एकै जाति वा वर्गका वस्तु वा जीवजन्तुको समुदाय; हूल; बगाल; समूह; जमात; दल ।

**जत्रतत्र–** क्रि० वि० [सं० यत्रतत्र] जतातते; जहाँकहीँ ।

**जत्रो–** क्रि० वि० [सं० यावत्] जति मात्राको; जुन परिमाणको; जति ठूलो ।

**जथवा–** संयो० [सं० अथवा] तथवाको पूरक । – **तथवा–** वि० १. जसोतसो गरी; जसरीतसरी । २. असलखराबमा विवेक नपुऱ्याइएको; जथाभाबी ।

**जथाभाबी–** क्रि० वि० [सं० यथाभावी] १. कुनै नियम, विधि वा मर्यादाअनुसारको आचरण नगरेर; जस्तो मन लाग्यो उस्तै । २. परिणामप्रति ध्यान नदिएर; जे पर्ला सोही टर्ला भन्ने

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



भावनासित ।

**जदौ–** ना० [सं० जयन्त] १. पहिलेपहिले दलित भनिएका जातका व्यक्तिहरूले उच्च जातका भनिएका व्यक्तिहरुलाई गर्ने गरिएको अभिवादन । २. दाहिने हातको हत्केला आफ्नो मुखतिर फर्काई हल्लाएर गरिने अभिवादन; नमस्ते; नमस्कार; ढोग ।

**जन–** ना० [सं०] १. मानवजाति; मान्छे । २. जहान; परिवार । ३. दुनियाँ; जनता । ४. ज्यालाबनी गरेर जीविका गर्ने ज्यामी; मजदुर; श्रमिक । **– अधिकार–** ना० १. जनताले पाउनुपर्ने मौलिक अधिकार । २. संविधानमा उल्लेख भएअनुसार सर्वसाधारण जनताले पाउने अधिकार । **– आकाङ्क्षा–** ना० जनसमुदायले व्यक्त गर्ने इच्छा; जनसमूहको चाहना । **– आन्दोलन–** ना० कुनै उद्देश्यले प्रेरित भएर वा आफ्ना मौलिक अधिकारको प्राप्तिका लागि जनताद्वारा चलाइने आन्दोलन वा अभियान; जनक्रान्ति । **– आस्था–** ना० सर्वसाधारण जनताका मनमा स्थान पाउन सक्ने विषय वा कुरा; जनसमुदायको आन्तरिक विश्वास ।

**जनक–** वि० [सं०] १. जन्म दिने; जन्माउने । २. जनाउने; सूचक (आश्चर्यजनक, सन्तोषजनक इ०) । ना० ३. पिता; बाबु । ४. रामायणकालीन मिथिला राज्यका नरेश; सीताका बाबु; एक राजर्षि । ~ **तनया/नन्दिनी–** ना० सीता । **– पुर–** ना० १. नेपालका चौध अञ्चलमध्ये पूर्वको मेची अञ्चलदेखि गणना गर्दा चौथोमा पर्ने एक अञ्चल । २. यसै अञ्चलमा पर्ने धनुषा जिल्लाको सदर मुकाम । ३. मिथिला प्रदेशका राजर्षि जनकको राजधानी ।

**जन कल्याण–** ना० [सं०] सर्वसाधारण जनताको भलाइका निम्ति गरिने भौतिक तथा बौद्धिक विभिन्न कार्य; जनहित । ~ **केन्द्र–** ना० जनताको स्वास्थ्य, शिक्षा र अन्य विविध कल्याणकारी पक्षका कार्यक्रम सञ्चालित गरिएको केन्द्र वा कार्यालय ।

**जनकवि–** ना० [सं०] १. जनताका बौद्धिक र भौतिक आकाङ्क्षा तथा आवाजलाई बुझेर कविता लेख्ने प्रतिभा; जनताका मर्म प्रयोग गर्ने कवि । २. सर्वसाधारणले बुझ्ने सरल भाषामा जनहितका कविता रच्ने कवि; त्यस्ता कविका निम्ति साहित्यिक जगत्को एक उपाधि वा पदवी । ~ **केशरी–** ना० नेपालका कविलाई प्रदान गरिने एक पदवी ।

**जनकात्मजा–** ना० [सं०] जनकतनया; सीता, जनकको छोरी ।

**जनक्रान्ति–** ना० [सं०] जनताले आफ्ना हक, हित र अधिकार तथा देशको स्वतन्त्रता, प्रगति आदिका निम्ति सङ्गठित रूपमा चलाएको क्रान्ति; जनआन्दोलन ।

**जन गणतन्त्र–** ना० [सं०] किसान, मजदुर आदि श्रमजीवीवर्गको संयुक्त अधिनायकत्वमा वा सर्वहारावर्गद्वारा चल्ने शासनव्यवस्था (चीन, उत्तर कोरिया आदि देशमा प्रचलित) ।

**जन गणना–** ना० [सं०] पूरै राष्ट्र वा कुनै निश्चित क्षेत्रका जनताको कुल सङ्ख्या निकाल्न गरिने गन्ती; जनसङ्ख्या ।

**जन घनत्व–** ना० [सं०] कुनै निश्चित क्षेत्रफलमा पर्न आउने औसत जनसङ्ख्या (जस्तै एक वर्गमाइल बराबर पर्न आउने जनसङ्ख्या आदि) ।

**जनङ्गी/जनङ्गे–** क्रि० वि० [जन+अङ्गी/अङ्गे] प्रतिव्यक्तिको हिसाबले, जनही ।

**जन जागरण–** ना० [सं०] देशका जनताहरू आफ्ना हक र हितका निमित्त सचेत हुने कार्य वा स्थिति; आफ्ना अधिकारका र हकका लागि जनतामा पाइने जागृति ।

**जन जागर्ति/जन जागृति–** ना० [सं० जनजागर्ति] हे० जनजागरण ।

**जनजाति–** ना० [सं०] १. आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने ज्ञान-विज्ञानका हिसाबले केही पछि परेको पछौटे जाति । २. सिकार खेली जीविका चलाउने आदिम जातिको समुदाय । ३. आदिवासी ।

**जनजिब्रो–** ना० [सं० जनजिह्वट] १. जनताका जिब्राले बोल्न र बुझ्न सक्ने भाषा; बोलचालको भाषा; जनभाषा; शास्त्रीय भाषाका तुलनामा कथ्यस्तरको भाषा । २. झर्रोवादसरहको तर त्यससँग केही कुरामा मतभिन्न सोही भाषिक सिद्धान्त ।

**जन जीवन–** ना० [सं०] १. जनताको जीवन । २. सर्वसाधारण जनताको जीवनचर्या ।

**जन तन्त्र–** ना० [सं०] जनताले आफ्नो हितका लागि आफ्नै प्रयास तथा चाहनाअनुरूप स्थापना गरेको शासनतन्त्र; गणतन्त्र; प्रजातन्त्र; लोकतन्त्र । **– वाद–** ना० जनतन्त्रको समर्थन गर्ने राजनैतिक सिद्धान्त । **– वादी–** वि० जनतन्त्रवादको; जनतन्त्रवादसम्बन्धी ।

**जनता–** ना० [सं०] कुनै देशमा बस्ने मानवहरूको समष्टि; मान्छेको समूह; जनसमूह; लोक । ~ **जनार्दन–** ना० १. जनताका रूपमा रहेको ईश्वर; मान्छेको रूपमा रहेको समष्टिगत शक्ति । २. जनता (सम्मानार्थमा) ।

**जन तान्त्रिक–** वि० [सं०] जनतन्त्रसँग सम्बन्धित; जनतन्त्रअनुकूलको; जनतन्त्रका पक्षमा विश्वास राख्ने ।

**जन दायित्व–** ना० [सं०] देशप्रतिको कर्तव्य चुकाउने जनताको उत्तरदायित्व ।

**जनदेव–** ना० [सं०] १. मानिसका रूपमा रहेका देवता; जनताजनार्दन । २. सम्मान्य मानिस । ३. राजा; नरेश ।

**जनन–** ना० [सं०] १. कुनै पनि प्राणीको जन्म; पैदा; प्रजनन । २. कुनै पनि वस्तुको उत्पत्ति; प्रकट; अवतरण । ३. बाबु; जनक; ईश्वर । ४. कुल; सन्तान । ~ **गति–** ना० १. औसत जननगति; देशका जनसङ्ख्याको जन्मदरको वृद्धि वा ह्रासको अनुपात । २. कुनै पनि प्राणधारीको जन्मको दरको वृद्धि वा ह्रास ।

**जननाशौच–** ना० [सं०] जन्मसम्बन्धी आशौच; सुत्केरो ।

**जननि–** ना० [सं०] १. आमा; माता; जननी । २. जन्म; पैदा; प्रजनन ।

**जननिर्देश–** ना० [सं०] कुनै राजनीतिक पद्धतिमा राष्ट्रको सर्वोच्च व्यवस्थापिकाको सभामा विवाद उठ्दा उपस्थित भएका

जनप्रतिनिधिहरूले प्रायः गोप्य मतदानद्वारा दिने आफ्नो निर्णय ।

**जननी**– ना० [सं०] १. आमा; जन्मदात्री; माता । २. दया; कृपा ।

**जननेता**– ना० [सं०] जनताका हक र हितका निमित्त लड्ने नेता; जनताका पक्षको अगुवा ।

**जननेन्द्रिय**– ना० [सं० जनन+इन्द्रिय] १. स्त्रीपुरुषको सन्तान उत्पन्न गर्नेगराउने इन्द्रिय । २. पुरुषको मूत्रेन्द्रिय वा लिङ्ग । ३. स्त्रीको योनि ।

**जनपथ**– ना० [सं०] १. सर्वसाधारण जनताको बाटो; मूलबाटो; सार्वजनिक बाटो । २. राजमार्ग; मुख्य सडक; राजपथ ।

**जनपद**– ना० [सं०] १. जनसाधारणहरूको बसोबास भएको ठाउँ; गाउँ । २. देश; राज्य; मुलुक । ३. जिल्ला; प्रान्त । ४. कुनै देशका उपजाति वा तिनको थलो । ~ **धर्म**– ना० लोकाचार; जनसमाजमा चलेको विधिव्यवहार र आचारविचार । > **जनपदी**– ना० जिल्लाभरिका सबै गतिविधिको देखरेख गर्ने प्रशासक; जिल्लाधीश ।

**जन परिचालन**– ना० [सं०] जनताहरूको श्रम, बुद्धि, विवेक आदिलाई देशको सिर्जना र निर्माणपक्षमा लगाउने काम; जनताको कार्यक्षमतालाई आफूले चाहेअनुसार निर्दिष्ट लक्ष्यका लागि गरिने उपयोग (मास-मोबिलाइजेसन) ।

**जन प्रतिनिधि**– ना० [सं०] जनताको हक, हित र अधिकारको सुरक्षाका निमित्त जनताले छानेको नेता; जननेता ।

**जन प्रवाद**– ना० [सं०] १. निराधार रूपमा चलेको हल्ला; उडन्ते खबर; अफवाह । २. लोकोक्ति; जनश्रुति । ३. अनुश्रुति; किंवदन्ती ।

**जन प्रशासन**– ना० [सं०] १. सार्वजनिक व्यवस्थाको प्रशासन; जनसाधारणको प्रशासन । २. जनताका तर्फबाट उठेका तर सामान्य प्रशासनद्वारा समाधान हुन नसक्ने समस्याहरूको समाधानसम्बन्धी प्रशासन ।

**जनप्रिय**– वि० [सं०] सबैले मन पराएको; जनताका बीचमा विश्वास प्राप्त गरेको; जनताको प्यारो; लोकप्रिय ।

**जनबल**– ना० [सं०] सेना तथा सत्तापक्षका अतिरिक्त जनतापक्षको शक्ति; जनताको तागत; जनशक्ति ।

**जन भवन**– ना० [सं०] सार्वजनिक कार्यमा प्रयोग हुने भवन (पब्लिक हल) ।

**जन भावना**– ना० [सं०] जनताको इच्छा; जनमानसमा मुखरित भएको भावना ।

**जनभाषा**– ना० [सं०] १. जनसाधारणले दैनिक जीवनमा प्रयोग गर्ने भाषा; जनताको भाषा; अधिकतम मान्छेले प्रयोग गर्ने भाषा । २. लोकभाषा; कथ्य भाषा; जनजिब्रो ।

**जनम**– ना० [सं० जन्म] हे० जन्म ।

**जनमत**– ना० [सं०] १. यो वा त्यो, दुई वा दुईभन्दा बढी विकल्प भएमा कुनै एकमा निर्णय दिनका लागि गरिने मतदान; जनताको राय; लोकमत । २. संवैधानिक विवाद खडा भएमा सङ्ग्रह गरिने बालिग नागरिकहरूको मत । ~ **सङ्ग्रह**– ना० यो वा त्यो कुन व्यवस्था मन पर्छ भनी देशको राजनीतिक व्यवस्था छान्नका लागि अथवा दुई वा दुईभन्दा बढी विकल्पमध्ये कुनै एकमा निर्णय दिनका लागि जनताहरूले निर्वाचनमा झैँ मत दिने कार्य; जनमतको सङ्कलन (रिफरेन्डम) ।

**जनमथात**– ना० [जनम+थात] जन्मेको थलो; जन्मभूमि ।

**जन मानस**– ना० [सं०] जनताहरूको मनोभावना; जनताको विचार; लोकभावना ।

**जनमुखी**– वि० [सं०] जनताका पक्षमा अभिमुख; सरकारी पक्षको विपरीत; जनताका हिततर्फ ढल्केको; जनताका पक्षमा उन्मुख ।

**जनयिता**– ना० [सं०] जन्म दिने व्यक्ति; बाबु; पिता । > **जनयित्री**– ना० गर्भधारण गरेर जन्म दिने स्त्री; आमा; जननी ।

**जनरक्षा**– ना० [सं०] प्रहरी, सेना वा अन्य माध्यमद्वारा प्रशासनका तर्फबाट गरिने जनताका जीउधन वा सम्मानको रक्षा । ~ **अधिनियम**– ना० जनरक्षाको लागि तर्जुमा गरिएको वा गरिने ऐन ।

**जन रञ्जन**– ना० [सं०] जनताहरूलाई प्रसन्न राख्ने कार्य; मानिसलाई राजीखुसी राख्ने र अमनचयनमा राख्ने काम ।

**जनरल**– ना० [अङ्०] १. सेनाको उच्च अधिकृत; कर्णेलभन्दा माथिल्लो पद वा त्यसै पदको अफिसर; सेनाको महारथी । २. सामान्य; साधारण । – **मेनेजर/म्यानेजर**– ना० विभाग वा संस्थानको उच्च अधिकृत; महाप्रबन्धक । – **सेक्रेटरी**– ना० विभाग वा सचिवालयको प्रमुख सचिव; महामन्त्री ।

**जनरव**– ना० [सं०] जनताले आफूलाई मर्का पर्दा वा आफ्नो हितको लागि नियम वा व्यवस्थामा परिवर्तन ल्याउनुपर्दा भाषण, अखबार आदिका माध्यमबाट प्रकट गर्ने विचार; जनआवाज ।

**जनवरी**– ना० [अङ्०] ग्रेगोरी पञ्चाङ्गअनुसार वर्षभरका महिनामध्ये पहिलो महिना; सोअनुसार नववर्षारम्भको महिना ।

**जनवाद**– ना० [सं०] १. शासनमा जनताको सर्वोच्चता कायम गर्ने समाजवादी राजनीतिक सिद्धान्त । २. माओद्वारा चीनमा विकसित एक व्यवस्था; नयाँ जनवाद । ३. जनतन्त्र । ४. जनतान्त्रिक दर्शन । > **जनवादी**– वि० जनवादको; जनवादसम्बन्धी । २. जनवादको सिद्धान्तअनुरूप चल्ने; जनवादमा विश्वास राख्ने ।

**जनशक्ति**– ना० [सं०] जनतामा रहेको बल, बुद्धि आदिको तागत; जनताको क्षमता; जनबल; जनताबाट प्राप्त हुन सक्ने श्रम, सीप, बल, बुद्धिजस्ता विभिन्न शक्ति । ~ **परिचालन**– ना० जनताहरूको श्रम, शक्ति, विवेक, बुद्धि आदिलाई देशको निर्माण तथा सिर्जनापक्षमा लगाउने काम ।

**जन श्रमदान**– ना० [सं०] १. चन्दा, सहयोग आदिका निमित्त जनताले आफ्नै श्रम प्रदान गर्ने काम; जनताबाट प्राप्त हुने श्रमको दान । २. दुरुपयोग हुँदा प्राचीन झारा, बेठीझैँ हुन जाने सम्भावना भएको तर सदुपयोग हुँदा ज्यादै हितकर हुन सक्ने श्रमदान ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



**जनश्रुति–** ना० [सं०] १. जनताहरूका भन्ने र सुन्ने परम्परामै बचेर आएका लोकप्रचलनका उक्तिहरू; लोकोक्ति; परम्परागत कहावत । २. अफवाह; होहल्ला । ३. लोकश्रुति; किंवदन्ती ।

**जन सङ्ख्या–** ना० [सं०] १. देश वा राष्ट्रमा भएका सबै जनताको गणना वा गनोट । २. जनसङ्ख्याका साथै राष्ट्रका सामाजिक, आर्थिक, धार्मिक, भाषिक आदि तथ्यहरूको समेत सङ्ग्रह गर्ने कार्य; जनगणना ।

**जन सङ्ग्राम/जन सङ्घर्ष–** ना० [सं०] १. सबै तहका जनता मिली गरेको वा भएको सङ्घर्ष, युद्ध वा आन्दोलन; जनआन्दोलन; जनक्रान्ति । २. जनताका बीचमै दुई विरोधी पक्षमा भएको युद्ध; गृहयुद्ध ।

**जन समाज–** ना० [सं०] १. मानवसमाज; मनुष्यसमाज । २. जनसाधारण; जनवर्ग; जनसमुदाय ।

**जन समुदाय–** ना० [सं०] १. मानिसहरूको हूल । २. जनता । ३. जनवर्ग; जनसमाज ।

**जन सम्पर्क–** ना० [सं०] सरकारी प्रशासनले समाजका विभिन्न कुरा वा मर्का थाहा पाउनका निम्ति जनतासित राख्ने सम्बन्ध; जनतासँगको नाता; जनतासँगको सामीप्य । ~ **अधिकारी/ अधिकृत–** ना० जनतासँग विशेष प्रकारको सम्बन्ध स्थापित गर्ने निकाय वा कार्यालयमा जनसम्पर्कको निम्ति नियुक्त अधिकृत ।

**जन सम्बन्ध–** ना० [सं०] जनसम्पर्क ।

**जन सहभागिता–** ना० [सं०] देशमा सञ्चालित विकासका योजनाहरूमा जनताको सहभागिता; सरकार, स्थानीय सङ्गठन वा कुनै संस्थाको होस्टेमा जनताको हैँसे ।

**जन साङ्ख्यिकी–** ना० [सं०] जनसङ्ख्यासम्बन्धी आवश्यक तत्त्वहरूको विवेचन गरिएको शास्त्र; जनसङ्ख्यासम्बन्धी शास्त्र ।

**जन साधारण–** ना० १. समाजका साधारण सदस्यहरू; सामान्य जनता; साधारण जनता । २. आर्थिक, बौद्धिक आदि दृष्टिले देशको सालाखाला तह वा त्यसभन्दा अझ तल पर्ने समाज; सर्वसाधारण ।

**जन साहित्य–** ना० [सं०] १. देशका अधिकतम जनताको अवस्थालाई चित्रण गर्ने र तिनको उत्थानको सन्देश दिने जनसाधारणका भाषामा लिखित साहित्य; जनपक्षीय साहित्य । २. मार्क्सवादी सिद्धान्तमा आधारित कला र साहित्यका मूल्यहरूमा आधारित प्रगतिशील साहित्य ।

**जन सेवक–** वि० [सं०] जनताको सेवक; जनसेवी ।

**जन सेवा–** ना० [सं०] जनताको हित गर्नुपर्छ भन्ने भावनाले प्रेरित भएर गरिने सेवा; जनताको भलाइका निम्ति गरिने सेवा । > **जनसेवी–** वि० जनसेवा गर्ने; जनसेवक । ना० जनसेवा गर्ने व्यक्ति ।

**जनस्थान–** ना० [सं०] वर्तमान समयमा दक्षिण भारतमा पर्छ भनी विश्वास गरिएको, रामायणमा वर्णित दण्डकारण्यको एक भाग ।

**जन स्वास्थ्य–** ना० [सं०] १. जनताको स्वास्थ्य । २. जनताको स्वास्थ्यको हेरचाह गर्ने कार्यक्रम, विभाग वा सिद्धान्त ।

**जनहित–** ना० [सं०] जनताका भलाइका लागि गरिने कार्य; जनकल्याण; लोककल्याण ।

**जनही–** क्रि० वि० [सं० जन+ही] भएभरका मान्छेलाई बराबर पुग्ने गरी; प्रत्येक मान्छेलाई; प्रतिव्यक्ति; जनङ्गे; जनङ्गी ।

**जना–** ना० [सं० जन] १. मान्छेको गणना गर्दा प्रयोग गरिने एकाइ । २. मनुष्यबोधक प्रत्यय (एक जना, दुई जना इ०) । ३. व्यक्ति; मानिस (उदा०– आज त धेरै जना आएछन्) ।

**जनाइ–** ना० [√ **जनाउ** (+आइ)] जनाउने भाव, क्रिया वा प्रक्रिया । [>] **जनाइनु–** क० क्रि० जनाउ दिइनु; सूचना गरिनु । **जनाउ–** ना० १. सूचना दिने कार्य; सन्देश; विज्ञप्ति । २. साधारण सूचना; सबैका लागि गरिने काम; जनोट; विज्ञप्ति । **जनाउनी–** ना० जनाउ; जनोट ।

**जनाउ-नु–** स० क्रि० [जान्+आउ+नु] १. कुनै कुराको जनाउ दिनु; सूचित गर्नु । २. ज्ञात गराउनु; बोध गराउनु । ३. सङ्केत गर्नु; इसारा दिनु । ४. कागतपत्रका बेहोरामा विशेष बोली वा लबज पार्नु; उल्लेख गर्नु ।

**जनाति–** ना० छोराको पनाति; नातिको नाति; आफ्नो नातिजस्तै नातिको पनि नाति ।

**जनाधिप–** ना० [सं०] १. राजा । २. विष्णु । ३. भगवान् ।

**जनानखाना–** ना० [फा०] आइमाईहरू बस्न अनुकूल मिलेको कोठा; घरमा स्वास्नीमान्छे रहने खण्ड; रनीबास ।

**जनाना–** ना० [फा० जनान] १. स्वास्नीमानिस; महिला; आइमाई । वि० २. स्त्रीसम्बन्धी; स्त्रीको । ३. स्त्रीलाई हुने (जनाना धोती, जनाना सिट इ०) ।

**जनानी–** वि० [जनाना+ई] १. जनानाको; नारीको; महिलासम्बन्धी; स्त्रीजातिलाई हुने । ना० २. जनाना ।

**जनान्तिक–** ना० [सं०] १. अरूले नसुन्ने गरी गरिएको कुरा । २. नाटकका पात्रहरूमध्ये दुई पात्रले मात्र कानमा सुटुक्क भन्ने तर दर्शकले र रङ्गमञ्चकै पनि अरू नायक-नायिकाले नसुन्ने वार्ता ।

**जनार्दन–** ना० [सं०] १. भगवान्; जगदीश्वर । २. विष्णु ।

**जनावर–** ना० [फा० जानवर] १. चौपाया; बस्तुभाउ; जन्तु । २. पक्षी र कीराफटयाङ्ग्राबाहेक अन्य हातखुट्टा भएका प्राणी (मानिसलगायत); पशु । वि० ३. मूर्ख; अविवेकी ।

**जनाश्रय–** ना० [सं०] १. एक मान्छेलाई अर्को मान्छेको आडभरोस । २. जनताको शरण; मान्छेलाई मान्छेको भरोसा । ३. कल्याणकारी शासनप्रणालीका लागि अनिवार्य गुणहरूमध्ये एक ।

**जनित–** वि० [सं०] १. उत्पन्न भएको; पैदा भएको; जन्मेको । २. पैदा गराइएको उत्पन्न गराइएको; जन्माइएको ।

**जनी–** ना० दया; क्षमा; कृपा; अनुग्रह ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



**जनीजात**– ना० [सं० जनि+जाति] १. आइमाई जात; महिला । २. स्वास्नीमान्छे । ३. जहान; पत्नी; जहानपात ।

**जनेश**– ना० [सं०] जनताको स्वामी; राजा ।

**जनै**– ना० [सं० यज्ञोपवीत] उपनयनविधि गरेर ब्राह्मण आदि जातिले लगाउने शिखा पारिएको धागो; ब्रह्मसूत्र; यज्ञोपवीत । ~ **खटिरो**– ना० छातीमा बाघको चित्र लेख्दा निको हुन्छ भनी विश्वास गरिने र शरीरमा जनै रहने ठाउँमा छड्के परेर निस्किने, अति पोल्ने मसिना र राताराता बिमिरा; बाघेखटिरो । ~ **पुर्ने**/**पूर्णिमा**– ना० श्रावण शुक्लपक्षको पूर्णिमा; श्रावणी स्नान गरी जनै मन्त्रेर लगाउने पूर्णिमा; ऋषितर्पणी पूर्णिमा; रक्षाबन्धन गरिने पूर्णिमा (विशेषतः ब्राह्मणहरूको पर्व) । ~ **सङ्ल्याइ**– ना० जनै बनाउन तीनसरो हुने गरी फिर्केमा बाटेर धागो तयार पार्ने कार्य; जनै बनाउने कार्यको प्रथम प्रविधि ।

**जनोट**– ना० [जनाउ+ओट] जनाउने काम वा कुरो; जनाउ ।

**जनोपयोगी**– वि० [सं०] मानवलाई उपयोगी हुने खालको; लोकोपयोगी; समाजोपयोगी; मान्छेलाई काम लाग्ने वा मान्छेको भलो हुने ।

**जन्जाल**– ना० [सं० जन+जाल] १. विषय वा सांसारिक मायामोहको जाल; गृहस्थीसम्बन्धी झन्झट । २. परिवार; जहान । ३. सङ्घर्ष वा जटिल समस्यामा आइलाग्ने बाधा वा व्यवधान; झमेला । > **जन्जाली**– वि० जन्जालमा फसेको; झैझमेलामा अल्झिएको ।

**जन्जिर**– ना० [फा० जन्जीर] फलाम, तामा आदि धातुका मसिना तारबाट बनेको साङ्लो; सिक्री; चेन ।

**जन्ड**– वि० [सं० चण्ड] १. अति रिसाहा; कुटेर-पिटेर वशमा राख्न नसकिने; मापाको; क्रोधी; उच्छृङ्खल । २. बलियो । ३. तीक्ष्ण बुद्धिको; बेजोड ।

**जन्त**– ना० १. विवाहमा दुलही लिन जाने वा लिएर आउने यात्रा । २. बिहामा दुलाहादुलहीका साथ लागेर जाने काम । ३. वरयात्रा ।

**जन्तर**– ना० [सं० यन्त्र] १. तन्त्रशास्त्रका विधिअनुसार रोग वा दोषनिवारक मन्त्र, मूर्ति, अङ्क आदि कागज वा भोजपत्रमा लेखी मन्त्रको उच्चारणसाथ धूप, दीप र पूजा आदि गरी सम्बन्धित व्यक्तिका घाँटी, पाखुरा आदि अङ्गमा बाँधिने वस्तु; बुटी । २. त्यस्तो जन्तरको र गहनाको पनि काम दिन बनाइएको चारकुने आभूषण । ~ **मन्तर**– ना० १. भूत, प्रेत र रोगव्याधबाट बच्न प्रयोग गरिने तन्त्रमन्त्र । २. भारतको राजधानी दिल्लीमा रहेको, राजा मानसिंहद्वारा निर्मित, ग्रहगतिको ज्ञान गरिने यन्त्र । > **जन्तरे**– वि० १. जन्तर मन्त्रने । २. जन्तर लगाउने । ३. जन्तरका शैलीको ।

**जन्तरे**– वि० १. एकै बाबुबाट जन्मिएका पुत्रहरूमध्ये छैटौँ; अन्तरेभन्दा पछिको र खन्तरेभन्दा अगिको । ना० २. छैटौँ सन्तान ।

**जन्ती**– ना० [जन्त+ई] १. बिहामा वरपक्षतिरबाट दुलही लिन जाने दुलाहातर्फका निम्तारुहरू; दुलाहाका साथसाथै अगिपछि लागी जन्त जाने व्यक्ति । २. केही ठाउँका तामाङजातिको प्रचलनअनुसार केटी माग्न जाने काम; कन्यार्थ । ~ **पर्छाइ**/**पर्छो**– ना० विवाहमा दुलहीकहाँ दुलाहा आइपुगेपछि दुलहीपक्षकाहरूले दुलाहा र जन्तीसमेतलाई फूल, अक्षता, लावा, अबिर आदिले छर्किने कार्य । ~ **भतेर**/**भोज**– ना० हे० जन्ते भोज ।

**जन्तु**– ना० [सं०] १. जनावर; पशु; प्राणी । २. चौपाया । ३. अनौठो जीव । वि० ४. मूर्ख; बुद्धिहीन । ~ **जगत्**– ना० प्राणीजगत्; प्राणीहरूको समाज । – **शाला**– ना० चिडियाघर; चिडियाखाना ।

**जन्ते**– वि० [जन्त+ए] जन्ती वा जन्तसम्बन्धी; जन्तीको; जन्तको । ~ **खाँडो**– ना० बिहेका दिन सामान्यतः वरपक्षकाले हातमा तरबार वा खुकुरी लिएर फलाक्ने वीररसप्रधान कवित्त वा सो कवित्त फलाक्ता हातमा लिइने तरबार । ~ **ठट्टा**– ना० १. अशिष्ट किसिमले गरिने ठट्टा । २. जन्तीहरूले घरगाउँलेसँग गर्ने ठट्टा । ३. रमाइलो; हाँसखेल । ~ **बाखो**– ना० बेहुली ल्याउने दिन जन्तीलाई खुवाउने भोज; जन्ते भोज; जन्ते भतेर । ~ **भतेर**/**भोज**– ना० जन्तीलाई वधूपक्षले खुवाउने भोज । ~ **सिलोक**– ना० बिहामा यज्ञमण्डपमा दुलहीतर्फका घरगाउँलेहरू र दुलाहातर्फका जन्तीहरूबीच प्रश्नोत्तरका रूपमा भनिने प्रतिस्पर्धात्मक श्लोक; बिहाको सिलोक ।

**जन्त्र**– ना० [सं० यन्त्र] जन्तर ।

**जन्म**– ना० [सं०] १. प्राणीका स्वभाव र आवश्यकताअनुसार न्यूनतम गर्भमास पूरा भएपछि आमाका गर्भबाट भ्रूण बाहिर निस्कने कार्य; प्रसव; पैदा । २. जीवन; चोला; जिन्दगी । ३. कुनै संस्था वा निकायको आरम्भ । ~ **कुण्डली**– ना० ज्योतिषशास्त्रअनुसार बालकको जन्मसमयका सबै ग्रहगतिको स्थिति देखाइएको चक्र; जन्मपत्रिका; चिना; टिपन । ~ **कैद**– ना० १. ठूला अपराधीलाई जनमभर थुनामा राख्ने सजाय; आजीवन कारावास । २. नेपालको हाल प्रचलित कानुनअनुसार बीस वर्षमा नबढाई ठूला अपराधीलाई दिइने सजाय । ३. त्यस प्रकारको दण्ड वा सजायको भुक्तानी । ~ **क्षेत्र**– ना० जन्मथलो; आफू जन्मेको ठाउँ; जन्मभूमि । – **गत**– वि० जन्मसम्बन्धी; जन्मसिद्ध; जन्मजात; जन्मँदैदेखिको । ~ **गति**– ना० जनसङ्ख्याको औसत वृद्धि वा ह्रासको गति । ~ **जन्मान्तर**– ना० १. पुनर्जन्मवादका अनुसार मरेपछि फेरिफेरि पनि जन्मँदै जाने अनन्त प्रक्रिया । क्रि० वि० २. जन्मजन्मान्तरसम्म; अनन्त कालसम्म । ~ **जन्मान्तरीय**– वि० १. जन्मजन्मान्तरसम्बन्धी; जन्मजन्मान्तरको । २. कहिल्यै नटुङ्गिने । ~ **जयन्ती**– ना० १. कुनै संस्था वा व्यक्तिको योगदानलाई कदर गर्दै उसका जन्मदिनमा मनाइने उत्सव । २. जन्मोत्सव । – **जात**– वि० १. कुनै व्यक्ति वा वस्तुले जन्मैदेखि साथ लिएर आएको; जन्मैदेखिको; जन्मगत; जन्मसिद्ध । २. आनुवंशिक । ~ **तिथि**– ना० जन्मेका दिनको तिथि; जन्मदिन । ~ **थलो**– ना० आफू जन्मेको ठाउँ, गाउँ वा क्षेत्र; जन्मभूमि; जन्मक्षेत्र । ~ **थात**– ना० हे० जनमथात ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



– **दाता**– ना० जन्म दिने पुरुष; पिता; बाबु । – **दात्री**– ना० जन्म दिने नारी; जननी; आमा । ~ **दिन**– ना० १. सौरमानअनुसार प्रत्येक वर्ष घुमेर आइपुग्ने आफू जन्मेको महिना वा गते । २. चान्द्रमानअनुसार त्यसरी आइपुग्ने आफू जन्मेको महिना र तिथि । ३. जन्मदिवस । ४. जन्मजयन्ती; जन्मोत्सव । ~ **दिवस**– ना० १. जन्मदिन । २. जन्मोत्सव । ~ **नक्षत्र**– ना० जन्मेका समयमा परेको नक्षत्र; जन्मदिनको नक्षत्र; जुन नक्षत्रमा जन्म भएको छ त्यही नक्षत्र । – **ना**– क्रि० वि० जन्मले; जन्मदेखि; जन्मका हिसाबले वा दृष्टिले; जन्मतः । ~ **निरोध**– ना० जन्मनियन्त्रण गरिने विभिन्न उपाय; सन्ततिनिरोध; गर्भनिरोध ।

**जन्म–नु**– अ० क्रि० [जन्म+नु] १. आमाका गर्भभित्रको भ्रूण गर्भमास पूरा भएपछि पैदा हुनु; चोला लिनु; जन्मिनु; जन्म हुनु । २. उत्पन्न हुनु; पैदा हुनु । ३. खडा हुनु; समस्या आइपर्नु । – **मर्नु**– अ० क्रि० (संयु०) जन्मनु र मर्नु; त्यस्तो क्रम चल्नु ।

**जन्म पत्र/जन्म पत्रिका/जन्म पत्री**– ना० [सं०] जन्मसमयको लग्न पत्ता लगाई ग्रहहरूको अवस्थिति कहाँकहाँ छ सो स्थान स्पष्ट जनाउन तयार गरिएको कुण्डली; जन्मपत्र; जन्मकुण्डली; चिना; टिपन ।

**जन्म भूमि**– ना० [सं०] १. जन्मेको ठाउँ; जन्मस्थान; जन्मथलो । २. जन्मेको देश । ३. आफ्ना पुर्खाहरूले बसोबास गरेको देश ।

**जन्म राशि**– ना० [सं०] चान्द्रमासअनुसार बाह्रवटा राशिहरूमध्ये जन्म भएका बेलाको राशि ।

**जन्म रोगी**– वि० [सं०] जन्मैदेखि रोग लिएर आएको; जन्मँदै रोगी जन्मेको; जन्मभरको रोगी; आजन्म रुग्ण; गर्भे रोगी ।

**जन्म लग्न**– ना० [सं०] जन्मँदाखेरि परेको लग्न; बाह्र लग्नमध्ये जन्मँदा परेको लग्न ।

**जन्म वार**– ना० [सं०] जन्मेका दिन परेको वार; जन्मेको वार ।

**जन्म वृत्तान्त**– ना० [सं०] १. जन्म भएका बेलाको यथावत् विवरण; जन्मभरका यावत् कुराकानी; इतिवृत्त; जीवनका आद्योपान्त घटनाको वर्णन । २. जीवनी; गाथा; चरित ।

**जन्मसिद्ध**– वि० [सं०] जन्मका साथै पाएको; जन्म पाउँदा नै प्राप्त हुने; जन्मबाटै सिद्ध भएको; जन्मजात (उदा०– जन्मसिद्ध अधिकार, जन्मसिद्ध नागरिक इ०) ।

**जन्म स्थान**– ना० [सं०] जन्मेको ठाउँ; जन्मभूमि ।

**जन्महारा**– वि० [सं०] १. सुख, सुविधा, सम्पन्नता आदि जन्मैदेखि नपाएको; दरिद्र कुलमा जन्मेको; सधैँको दुःखी; जन्म-कङ्गाल । २. जन्मँदैदेखिको अभागी ।

**जन्माइ**– ना० [√ **जन्म** (+आइ)] जन्मने वा जन्माउने क्रिया वा भाव । [>] **जन्माइनु**– क० क्रि० जन्म वा पैदा गराइनु । **जन्माउनु**– प्रे० क्रि० पैदा गराउनु; जुनी दिनु वा जन्म गराउनु ।

**जन्मान्तर**– ना० [सं०] पुराणअनुसार पुनर्जन्मपछि पुनः-पुनः भइरहने जन्म । – **वाद**– ना० पुनर्जन्म हुन्छ भन्ने बारेको सिद्धान्त; मरेपछि कर्मको फलअनुसारको पुनर्जन्म हुन्छ भन्ने एक दर्शन; पुनर्जन्मवाद । – **वादी**– वि० पुनर्जन्म हुन्छ भन्ने सिद्धान्तमा विश्वास राख्ने; पूर्व वा पुनर्जन्मवादमा विश्वास भएको; पुनर्जन्मवादी ।

**जन्मान्ध**– वि० [सं०] जन्मेदेखि नै आँखा नदेख्ने; जन्मैदेखिको अन्धो; आजन्म आँखा नदेखी जीवन बिताउने ।

**जन्माष्टमी**– ना० [सं०] भाद्र महिनाका कृष्णपक्षको अष्टमी तिथि; कृष्ण जन्मेको तिथि; कृष्णाष्टमी ।

**जन्मिनु**– क० क्रि० [जन्म+इ+नु] जन्म लिनु वा पैदा हुनु; जन्मनु ।

**जन्मोत्सव**– ना० [सं०] १. जन्मदिनमा गरिने उत्सव; दश कर्म वा षोडश संस्कारअनुसार जन्मेकै दिनमा गर्नुपर्ने जातक कर्म २. प्रत्येक वर्ष घुमेर आइपुग्ने जन्मदिनका दिन सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै मनाइने उत्सव तथा अष्टचिरञ्जीवीको पूजा आदि मङ्गलका अष्टकार्य ।

**जन्मौती**– ना० [जन्म+औती] जन्मपत्रिका; चिन्हा; जन्मकुण्डली; टिपन ।

**जन्य**– वि० [सं०] १. उत्पन्न भएको; सिर्जिएको । २. जन्मने; पैदा हुने ।

**जप्–नु**– स० क्रि० [सं० जप+नु] जिब्राले दाँतलाई नछुवाईकन परा तथा पश्यन्ती वाणीमा देवदेवीका बीजरूप मन्त्रको बारबार आवृत्ति गर्नु; मन्त्रोच्चारण गर्नु ।

**जप**– ना० [सं०] देवदेवीको बीजस्वरूप कुनै वर्ण, पद, मन्त्र, अध्याय आदि कसैले नसुन्ने गरी गरिएको पाठ; मनमनै उच्चारित मन्त्र । ~ **तप**– ना० जपपाठ; पूजाआजा; ध्यानवन्दना । > **जपन**– ना० देवदेवीको मन्त्र अरूले नसुन्ने गरी जप्ने काम; जप ।

**जपना**– ना० [सं० जप] १. सधैँभरि एउटै मात्र कुराको चिन्ता; ध्याउन्न । २. एउटै कुराको पुनः ध्यान वा आग्रह । ~ **तपना**– ना० रातोदिन एउटै कुराले हुने चिन्ता; ध्याउन्न ।

**जपमाला**– ना० [सं०] मन्त्रपाठको सङ्ख्या राख्न हातमा लिएर घुमाइने रुद्राक्ष, तुलसी आदिका दाना भएको माला ।

**जपयज्ञ**– ना० [सं०] मन्त्रको जपस्वरूप यज्ञ; मन्त्रको जप गरिने पुरश्चरण ।

**जपा**– ना०हे० जपाकुसुम ।

**जपाइ**– ना० [√ **जप्** (+आइ)] जप्ने क्रिया वा प्रक्रिया । [>] **जपाइनु**– क० क्रि० जप गराइनु । **जपाउनु**– प्रे० क्रि० जप गराउनु; जप गर्न लगाउनु ।

**जपाकुसुम/जपापुष्प**– ना० [सं०] १. पारिजातका जस्तै पात हुने, लामो र एउटै मात्र केसर निस्कने रातो, कलेजी आदि विभिन्न रङका फूल फुल्ने वृक्षविशेष; जपा । २. त्यसैको फूल; जवाकुसुम; घन्टीफूल; बारमासे फूल ।

**जफत**– ना० [अ० जब्त] कुनै समर्थ व्यक्तिले असमर्थको धनमाल वा कुनै वस्तु जबरजस्ती आफ्नो अधिकारमा लिने काम; अर्काको वस्तु खोसी त्यसको स्वामित्वबाट समेत वञ्चित गर्नेगराउने काम । > **जफती**– वि० जबरजस्ती अर्काको अधिकारबाट

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



खोसिएको; अर्काको अधिकार आफ्नो बनाइएको । **जफते**– वि० जफत गर्ने खालको; जफतीमा सामेल हुने; जफत गर्न सहयोग गर्ने ।

**जब**– क्रि० वि० [प्रा० जाव] जुन समयमा; जतिखेर; जुन बेला ।

**जबर**– वि० [अ०] १. शारीरिक तथा मानसिक रूपले वशमा राख्न नसकिने; अटेरी; नटेर्ने; जब्बर । २. मजबुत; बलियो; दरो । ३. स्वस्थ; सारसौँदो । – **जस्त**– वि० दह्रो पकड वा एकोहोरो ढिपी भएको; पक्रेपछि कुनै प्रकारले पनि छाड्दै नछाड्ने; बलियो; दृढ । – **जस्ती**– ना० १. कुराले वा बलले समातेपछि छाड्दै नछाड्ने व्यवहार । २. बलजफती; थिचोमिचो; मुढेपेलाइ; अचाक्ली । क्रि० वि० ३. इच्छाका विरुद्ध वा बलात्कारपूर्वक । वि० ४. इच्छाका विरुद्ध वा बलात्कारपूर्ण (जस्तो– जबरजस्ती करणी, जबरजस्ती हातपात आदि) ।

**जब्बर**– वि०हे० जबर ।

**जबान**– ना० [फा०] वचन; कबोल; जमान । ~ **बन्दी**– ना० १. अपराध स्वीकार गरी वा ठहरेअनुसार सजाय भोग्न मन्जुर गरी लेखिएको कानुनी तवरको कागत । वि० २. मुखले कबोलेको ।

**जबाफ**– ना० [अ० जवाब] १. कसैको प्रश्नको उत्तर; उत्तर । २. कसैले अह्राएको टार्न बोलिने कुनै वचन । – **देह**– वि० जबाफ दिन सक्ने; उत्तदायित्व वहन गर्ने । – **देही**– ना० उत्तरदायित्व वहन गर्ने व्यक्ति; जिम्मेदारी; उत्तरदायित्व । ~ **सबाल**– ना० कुनै एक विषयमा प्रश्नोत्तर गरिने काम; हाजिरीजबाफ; एकले दोस्रासँग सोध्ने र उत्तर दिने काम ।

**जबाफी**– वि० [अ० जवाबी] १. जबाफ दिने खालको; जबाफ दिइएको वा लेखिएको (पत्र आदि); उत्तर वा समाधान भएको; उत्तर पठाइएको । २. जबाफसम्बन्धी; जबाफ आउने । ~ **कारबाई**– ना० कसैले कसैमाथि गरेको कारबाईका बदलामा पहिले कारबाई गर्नेमाथि नै गरिने कारबाई; दण्ड आदि पाउने भएका व्यक्तिले दण्ड गर्ने व्यक्तिमाथि बदला लिने भावनाले गर्ने कारबाई । ~ **कुपन**– ना० विश्व हुलाक सङ्घको सदस्यता पाएका राष्ट्रमा हुलाक टिकट लिन मिल्ने कुपन; हुलाक सहुलियत वा हुलाक सुविधायुक्त टिकट । ~ **हमला**– ना० जबाफ वा बदलामा गरिने आक्रमण; प्रत्याक्रमण ।

**जभ्रेटो**– ना० गाईको जिभ्रोजस्तो आकारका पात हुने, आयुर्वेदिक औषधीमा पर्ने झारजातको वनस्पति; गोजिह्वा; गाईजिभ्रे ।

**जम्–नु**– अ० क्रि० [फा० जमा+नु] १. दूध, पानी आदि तरल वस्तु दहीजस्तो अथवा हिउँजस्तो भएर सारो हुनु; ठोस हुनु । पानी आदि तरल पदार्थ वा कसिङ्गर आदि ठोस वस्तु निकास नपाएर जम्मा हुनु । ३. साधन वा सुविधासम्पन्न हुनु; मस्त हुनु । ४. बसेको वा रहेको ठाउँमा स्थायी हुनु । ५. ठाँटसँग बस्नु वा रहनु ।

**जमघट**– ना० १. एकै जात वा समूहका प्राणीहरूको भेला; जमघट; गज्मौरो; खचाखच । २. मानिसहरू सरसल्लाह गर्नका निमित्त भएको भेला । ३. सभा; कचहरी ।

**जमजम**– ना० [सं० यम (द्वि०)] १. कुनै कामकुरामा लाग्ने लगातारको चेष्टा; जम्को; जमर्को । २. केही गर्नको लागि मनमा जागेको खुलदुली वा हतार । > **जमजमाइ**– ना० जमजम गर्ने चाल, क्रिया वा भाव । **जमजमाइनु**– अ० क्रि० जमजम होइनु; के गरूँ र कसो गरूँ होइनु; तम्सिनु । **जमजमाउनु**– अ० क्रि० के गरूँ र कसो गरूँ हुनु; चौचौ हुनु; एकदम चञ्चल हुनु । **जमजमाहट**– ना० जमजमाइ ।

**जमठ**– ना० [जाम+ठ] भेडा, च्याङ्ग्रा आदिको ऊनलाई धागो नकातीकन छरेर माडमुड पारी राडी वा लम्पटको आकारमा जमाइएको वस्त्र; जमोठ ।

**जमती**– ना० [जम्+ती] घरेलु तानमा बुनेको छोटागजी कपडा; ठेटुवा; खाँडी ।

**जमदग्नि**– ना० [सं०] सप्तर्षिहरूमध्ये छैटौँ ऋषि; परशुरामका बाबु; भृगुवंशका एक प्रतापी ऋषि ।

**जमदार**– ना० हे० जमादार ।

**जमरा**– ना० [सं० यवाङ्कुर] घटस्थापना गर्दा बालुवा वा पञ्चमृत्तिकाको वेदी बनाई रोपेर नवरात्रिमा उमारी विजयाको पूजा गरिने तथा टीका लाउँदा कपालमा सिउरिने, जौका आँकुरा ।

**जमरे**– वि० [जमरा+ए] जमराको; जमरासम्बन्धी । ~ **औँसी**– ना० सोह्रश्राद्ध सकिने औँसी; पितृपक्षको अमावस्या; नौरथा लाग्ने औँसी; आश्विन कृष्णपक्षको औँसी ।

**जमर्को**– ना० कुनै काम आँटका साथमा गर्ने प्रयास; मिहिनेत; कोसिस ।

**जमल**– वि० [सं० यमल] १. जम्ल्याहा; जोल्टिएको । २. जोडामिल्दो; दौँतरिलो । ना० ३. काठमाडौँको एउटा प्रसिद्ध ठाउँ । – **काठो**– ना० काकाकुल, बाज आदि विभिन्न कोटिका चीलहरूमध्ये सानो खालको चील; मांसाहारी पक्षीवर्गको एक चरो; सिकारी ।

**जमाइ**– ना० [√ **जम्** (+आइ)] जम्ने वा जमाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जमाइनु**– क० क्रि० १. जम्ने पारिनु; जमाउन लाइनु । २. पिटिनु; गोदिनु । **जमाउनु**– प्रे० क्रि० १. जम्ने पार्नु; जमेको तुल्याउनु । स० क्रि० २. ठटाउनु; गोद्नु ।

**जमाखोर**– ना० [अ० जमअ+फा० खोर] अनैतिक किसिमले धन जम्मा गर्ने व्यक्ति । > **जमाखोरी**– ना० अनैतिक आचरणद्वारा धनमाल थुपार्ने काम ।

**जमात**– ना० [अ० जमाअत] १. कुनै वाद वा सिद्धान्तमा लागेका मानिसहरूको समूह; सम्प्रदाय; गुट । २. हूल; भीडभाड; घुइँचो; बथान; बगाल ।

**जमादार**– ना० [अ० जमअ+फा० दार] सैनिक सेवामा हवलदारभन्दा माथि र सुबेदारभन्दा मुनिको एक पद वा दर्जा ।

**जमान**– ना० [फा० जबान] १. तन्नेरी; युवक । २. यसो गर्छु भनेर गरिएको कबुल; स्वीकृति; प्रतिज्ञा; बोलकबोल । ~ **कमान**– ना०

१. एकपल्ट बोलेपछि पूरा गर्ने वचन; प्रतिज्ञा । २. छलफलबाट टुङ्गो लागेपछि लिइने दायित्व वा भार ।

**जमानत–** ना० [अ०] मुद्दामामिलामा मुछिएको व्यक्तिलाई चाहेका बेला उपस्थित गराउने सर्तमा सम्बन्धित अड्डामा धनधरौटी राखी वा व्यक्ति नै जमानी बसी छुटाउने काम; धितो; धरौटी । ~ **जफत–** ना० राजनीतिक पदका लागि चुनाउमा उठ्ने उम्मेदवारले आयोगमा जम्मा गरेको तोकिएबमोजिमको रकम तोकिएको हदभन्दा कम मत ल्याएमा स्वतः सरकारीकरण हुने व्यवस्था ।

**जमाना–** ना० [अ० जमान] १. कसैले भोग्नुपरिरहेको, भोगेको वा भोग्न बाँकी काल । २. समय; काल । ३. युग । ४. व्यक्तिका दृष्टिमा शेष मानवसमाज ।

**जमानी–** ना० [अ० जामीन] १. अभियोग लागेको व्यक्तिले दायित्व पूरा नगरे आफू गर्छु भनी जिम्मा लिने व्यक्ति; जमान वा कबुल गर्ने व्यक्ति । २. कुनै विषयका लागि आफू जिम्मेदार भएको कुरा स्वीकार गर्ने व्यक्ति । ३. त्यसरी जमान गर्ने कार्य वा व्यवस्था । ~ **पत्र–** ना० जमानी बस्नेले लेखिदिने कानुनी तवरको कबुलियतनामा; कबोलपत्र ।

**जमाने मान्द्रो–** ना० पातमा काँडा हुने, मञ्जरीका आकारका पहेँला फूल फुल्ने, चुत्रोको जस्तै पहेँलो रङको काठ हुने र चुत्रोजस्तै फल्ने एक वृक्षविशेष; त्यसैको फूल ।

**जमामर्द–** वि० [फा० जवाँमर्द] १. पौरख भएको; पुरुषार्थी । २. पट्ठो; सूरो; आँटी । ना० ३. तन्नेरी । > **जमामर्दी–** ना० वीरता र उत्साह भरिएको व्यक्तित्व; बहादुरी; सुऱ्याइँ; लाठेपन ।

**जमालगोटी–** ना० [सं० जयपाल गुटी] तेल आउने, सेतो गुदी हुने सुकुमेलजस्ता फल फल्ने, बाँझो पर्ती जमिनमा हुने झारविशेष; जयपाल उपविष ।

**जमालो–** ना० हे० जामलो ।

**जमिन–** ना० [फा०] १. भुइँ । २. पृथ्वी । ३. जग्गा । ~ **आसमान–** ना० १. अक्कास-पत्ताल । २. ज्यादै फरक । **– दार–** ना० १. भूमिसुधारपूर्व आफ्ना मातहतका जग्गाजमिनको मालपोत उठाएर बुझाई मालअड्डा र मोहीहरूका बीच मध्यस्थको काम गर्ने व्यक्ति । २. प्रशस्त जग्गाजमिन भएको व्यक्ति; ठूलो भूमिपति । **– दारी–** ना० १. जमिनदारको पद वा दायित्व । २. जमिनदारको खुवा वा बिर्ता; जिरायत ।

**जमिजमाउ–** ना० सम्पन्नता ।

**जमुना–** ना० [सं० यमुना] १. हिमालयबाट बहेर इलाहाबादमा पुगी गङ्गामा मिल्ने एक नदी; यमुना । २. सूर्यकी पुत्री; यमराजकी बहिनी । ३. हठयोगीहरूले षट्चक्रको अभ्यास गर्दा प्रयोग गर्ने बायाँ नाडी ।

**जमोट–** ना० [जम्+ओट] इनारको पर्खाल वा डिल नभासियोस् भनी बीचमा खाली र फराकिलो पारी जगमा पहिले नै राखिने काठ, फलाम आदिको इनारभरिको चक्का ।

**जमोठ–** ना० [जम्+ओठ] हे० जमठ ।

**जम्क-नु–** अ० क्रि० [जम्को+नु] १. तत्पर हुनु; सुरिनु; आँटिलो हुनु; जाइलाग्नु । २. बिहा आदिमा बेसरी बाजा बज्नु । ३. ठाँटिलो हुनु । > **जम्काइ–** ना० जम्कने तथा जम्काउने गुण, क्रिया वा भाव । **जम्काउनु–** प्रे० क्रि० जम्कने पार्नु । **जम्काहट–** ना० जम्काइ ।

**जम्का–** ना० हे० जम्को । **– भेट–** ना० अकस्मात् वा भ्वास्स भएको भेट; एकाएक भएको मुखामुखी ।

**जम्किनु–** अ० क्रि० [जम्क+इ+नु] १. जम्किने होइनु; झल्किनु । २. जम्कनु ।

**जम्को–** ना० [सं० यमक] १. कुनै काम गर्नुपर्दा अरू व्यस्तता र बाध्यताबाट मौका मिलाउन गरिने प्रयास; अवसर लिने प्रयास; जमर्को । २. तत्परता ।

**जम्क्याइ–** ना० [√ जम्कि (+याइ)] जम्किने क्रिया वा किसिम । [ > ] **जम्क्याइनु–** क० क्रि० जम्किने पारिनु । **जम्क्याउनु–** प्रे० क्रि० जम्किने पार्नु; जम्किन लगाउनु । **जम्क्याहट–** ना० जम्किने स्वभाव, क्रिया वा भाव ।

**जम्ने–** वि० [जम्+ने] १. तरल पदार्थ बाक्लो हुने । २. दूध दही भएझैं हुने । ~ **बिन्दु–** ना० तापक्रम घटेर पानी हिउँमा परिणत हुने अवस्था ।

**जम्पर–** ना० [अङ्०] दौडमा भाग लिने केटीहरूले लगाउने खुकुलो पोसाक; नारीदौडको पोसाक ।

**जम्बाल–** ना० [सं०] १. हिलो । २. पानी, मैला आदि जमेर परेको काई; लेउ । ३. झ्याउ । > **जम्बालिनी–** वि० १. झ्याउ वा काई जन्माउने तत्त्व भएको । ना० २. नदी; तलाउ ।

**जम्बु–** ना० [सं०] १. जामुनाका जस्तै तर अलिक ठूला पात हुने, जामुनाकै जस्ता फल फल्ने र वैशाख महिनातिर पाक्ने, खाँदा गुलियो स्वाद हुने एक जातको वनस्पति; फँडिर । २. स्याल । वि० ३. बाठो; चम्बू । ~ **खण्ड / द्वीप–** ना० पुराणको भौगोलिक अवस्थितिअनुसार पृथ्वीका सात द्वीपमध्ये सबभन्दा सानो र केन्द्रमा पर्ने द्वीप । ~ **मन्त्री–** ना० १. स्याल । वि० २. खूब चलाख; धूर्त; चतुरो ।

**जम्बू–** ना० [सं०] हे० जम्बु ।

**जम्मा–** वि० [अ० जम ऽ] १. एकत्र भएको; बटुलिएको; एकत्रित । ना० २. बटुल्ने, जम्मा पार्ने, भेला गर्ने काम । ३. विभिन्न समूह वा ठाउँमा रहेका वस्तु वा सङ्ख्यालाई जोड्ने काम; भेला पार्ने काम । क्रि० वि० ४. भएभर; भएजति । ~ **खर्च–** ना० १. अमानतमा कामकाज गरेका मानिसले दाखिल गरेका प्रमाण, बिल, आबर्जे, फाराम, ढपोट, वासिलबाँकी आदि दाखिल भएपछि सन्तान-दरसन्तानलाई पक्राउ नगर्ने गरी बाँकी शून्य गरी अमानतीलाई फारख बही बुझनेबाट गरिदिने कागज । २. सबै आयव्ययको पूरापूर जोड । ३. आयव्यय दुरुस्त देखिने फाँटवारी । **– जम्मी–** ना० १. सम्पूर्ण सङ्ख्याको कुल जोड; पूरा

जम्मा । क्रि० वि० २. पूरापूरी । – **जाल–** ना० १. परिवारमा भएका सबै जना; एक परिवारभित्रका जाहान; जनीजात । २. पारिवारिक जन्जाल; पारिवारिक बालबच्चा । ~ **दायित्व–** ना० पुँजीको अधिकतम सीमा वहन गर्न सक्ने पूँजीगत दायित्व । – **मारा–** वि० केही निहुँ पारेर अर्काको सम्पत्ति खाइदिने; साउँब्याज सबै पच गर्ने ।

**जम्रो–** ना० हे० जुम्रो ।

**जम्ला हात–** ना० [सं० यमल+हस्त] देवताप्रति भक्ति र मान्य जनप्रति निवेदन गर्दा वा बिन्ती बिसाउँदा दसै औँला जोडेर गरिने प्रणाम; ढोग; करजोरी बिन्ती ।

**जम्ल्याहा–** वि० [सं० यमलक] एकै कोखबाट एकै समयको गर्भवासद्वारा जन्मिएको; एकै साथ जन्मेको ।

**जय–** ना० [सं०] १. कुनै परिश्रम, अभियान वा तपस्याको सफल परिणाम; विजय; सफलता । २. कल्याण; शुभमङ्गल । ३. इन्द्रिय वा कुनै पनि अन्य अवस्था वा स्थितिमाथिको जित वा नियन्त्रण; निग्रह । ४. साठी संवत्सरमध्ये एक । ५. वैकुण्ठका चार द्वारमध्ये पूर्वद्वारमा रहने दुई द्वारपाल जय र विजयमध्ये जयचाहिँ । वि० बो० ६. जितेको खुसीमा मुखबाट सामूहिक रूपले निकालिने हर्षित ध्वनि । – **कार–** ना० १. विजयोल्लासमा वा कुनै देवदेवीका मङ्गलगानमा उच्चारण गरिने जयघोष । २. कसैको प्रशंसा; स्तुति । – **घोष–** ना० जयकार । – **जय–** वि० बो० जितेको खुसीमा निकालिने ध्वनि; जय । ~ **दुन्दुभि–** ना० १. कुनै द्वन्द्व, झगडा वा लडाइँमा जित भएको खुसीयालीमा बजाइने नगरा, विजयका बाजा, जयबाजा आदि । २. तिनै बाजाको शब्द । – **देव–** ना० १. नेपालका लिच्छविवंशीय एक राजा । २. 'गीतगोविन्द' काव्यका रचयिता बङ्गालका कवि ।

**जयद्रथ–** ना० [सं०] महाभारतअनुसार सिन्धु देशका एक राजा; दुर्योधनका बैनीज्वाइँ; महाभारतका एक प्रसिद्ध पात्र ।

**जयध्वज–** ना० [सं०] युद्ध आदिको विजयपछिको चिह्न वा सङ्केतपताका; विजयको झन्डा; विजयपताका ।

**जयध्वनि–** ना० [सं०] जयघोष; जयगान; जयकार ।

**जय नेपाल–** वि० बो० [जय+नेपाल] २००७ सालको क्रान्तिछेक र त्यसपछि विशेष रूपमा चल्दै आएको, खास गरी राष्ट्रवादी नेपाली समाज र प्रहरी समाजमा प्रचलित, भेटघाट र बिदाइका बेला शिष्टाचारपूर्ण अभिवादनका रूपमा प्रकट गरिने वा भाषण, प्रवचन आदिको अन्तमा अभिवादन जनाउन देशप्रेमको द्योतन गर्ने एक शब्द ।

**जयन्त–** ना० [सं०] १. इन्द्रको छोरो; इन्द्रपुत्र । २. शिव । ३. विष्णु । वि० ४. जय प्राप्त गर्ने; विजयी । > **जयन्तिका/जयन्ती–** ना० १. कुनै व्यक्ति वा सङ्घसंस्थाको जन्मदिन; सो दिन मनाइने उत्सव; जम्को । २. बज्रदन्ती वृक्ष । ३. मसिना हरिया पात र राता सेता फूल फुल्ने, मकै आदिका बोटमा लाग्ने लहरो; लक्ष्मीफूल ।

**जयपत्र–** ना० [सं०] १. प्राचीन कालमा कुनै दुई देशको युद्ध हुँदा हार्ने पक्षका राजा वा उच्च शासकले जित्ने पक्षलाई आफ्नो हार स्वीकार गरी लेखिदिएको पत्र; पराजित पक्षले लेखिदिने जितापत्र । २. अश्वमेधका घोडाका टाउकामा टाँसिने पत्र; विजयपत्र । ३. अदालतद्वारा दिइएको जितबाजीको फैसला; जितापत्र । > **जयपत्री–** ना० हे० जाइपत्री ।

**जय पराजय–** ना० [सं०] परस्परको युद्ध वा सङ्घर्षको जित र हार; हारजित; जितहार ।

**जयपाल–** ना० [सं०] जमालगोटा; अजयपाल ।

**जयप्रकाश मल्ल–** ना० [सं०] नेपालको एकीकरणपूर्वको कान्तिपुर राज्यका अन्तिम मल्ल राजा ।

**जयमाला/जयमाल्य–** ना० [सं०] १. युद्ध वा अभियानमा सफलता प्राप्त गर्नेलाई लगाइदिने माला; विजयमाला । २. स्वयंवर गर्दा कन्याले केटालाई लगाउने वरमाला ।

**जयलक्ष्मी–** ना० [सं०] सनातनी परम्पराअनुसार युद्धकी अधिष्ठात्री देवी; विजयश्री; जयश्री ।

**जयलेख–** ना० [सं०] १. विजयको इतिहास पछिसम्म रहोस् भन्ने उद्देश्यले तिथि, मिति, घटना, प्रसङ्ग आदि उल्लेख गरी शिला, काष्ठ, ताम्र आदिमा अङ्कित गरिएको लेख; विजयअभिलेख । २. जयपत्र ।

**जयश्री–** ना० [सं०] विजयकी प्रतीक देवी; जयलक्ष्मी ।

**जय स्तम्भ–** ना० [सं०] कुनै देशको भूभागमा विजय प्राप्त गरेपछि त्यसको स्मृतिस्वरूप स्थापित गरिने कीर्तिमान; विजयस्तम्भ ।

**जया–** ना० [सं०] १. पार्वती; दुर्गा । २. ध्वजा; पताका । ३. हरियो दुबो । ४. वज्रदन्ती वृक्ष । वि० ५. विजय गराउने; जयी ।

**जयी–** वि० [सं०] विजय हासिल गर्ने; जय प्राप्त गरेको; जित्ने ।

**जयोल्लास–** ना० [सं०] १. विजय प्राप्त गर्दा पैदा हुने वा मनाइने खुसीयाली; जितबाजीबाट हुने रमाइलो । २. विजयको प्रसन्नता; जयजयकार; जयघोष ।

**जर–** वि० [सं०] १. वृद्ध; बूढो । २. पुरानो; जीर्ण । ना० ३. बुढ्याइँ; वृद्धावस्था । ४. नाश; क्षीणता ।

**जरकमरक–** क्रि० वि० [अ० मू० जरक्+अ (द्वि०)] १. काम गर्दा वा हिँडडुल गर्दा शरीर थकित हुने गरी; धेरै परिश्रम पर्ने गरी; हिँडडुल वा बसउठ गर्ने गरेर । ना० २. त्यस्तो शारीरिक चेष्टा; जऱ्याकमऱ्याक; ओर्कीफर्की ।

**जरक्क–** क्रि० वि० [अ० मू० जर्क+क] १. जाँगर, फुर्ती आदिले उठ्न तम्तयार भएर; जुरुक्क । २. रिस वा असन्तोषले जर्किने वा बटारिने गरी; नाघिने वा सन्किने चालसँग । ३. कुनै वस्तुलाई एक ठाउँबाट उठाएर वा उखेलेर वरपर सार्ने गरी ।

**जरडमरड–** क्रि० वि०/ना० [अ० मू० जरड्+अ (द्वि०)] हे० जरकमरक ।

**जरजुहारत–** ना० [(द्वि०) जवाहरात] मणिमाणिक्य, सुन, चाँदी आदि अमूल्य रत्न; बहुमूल्य धातुद्रव्य ।

**जरट्ठ–** वि० [सं० जरठ] १. ओइलाएर सुक्खा भएको; साह्रै कडा;

अररो । २. छिप्पिएको; भित्र काठ पसेको; मुलायम नभएको । ३. थोत्रिएको; जीर्ण । ४. उमेर ढल्केर कान्ति हराएको; वृद्ध; बूढो । > **जरट्ठिनु–** अ० क्रि० जरट्ठो हुनु । **जरट्ठ्याइँ–** ना० जरट्ठिने भाव, क्रिया वा अवस्था । **जरट्ठ्याइनु–** क० क्रि० जरट्ठिन लाइनु । **जरट्ठ्याउनु–** प्रे० क्रि० जरट्ठिन लाउनु; जरट्ठिने पार्नु ।

**जरण–** ना० [सं०] १. वृद्धावस्था; बुढ्याइँ । वि० २. थोत्रो वा पुरानो; जीर्ण । ३. उमेर बितिसकेको; एकदमै बूढो ।

**जरथुस्त–** ना० [फा० जरतुश्त] इ० पू० छैटौँ शताब्दीतिरका, फारसी धर्मका प्रवर्तक एक आचार्य ।

**जरद्वृत्ति–** ना० [सं०] वृद्धकालमा जीविकाका निम्ति दिइने सहयोग; निवृत्तिभरण; पेन्सन ।

**जरह–** ना० [अ० जर्ह] मनैदेखि जागेर आएको क्रोध; रिस; बेखुसी ।

**जरा–** ना० [सं०] १. वृद्धावस्था; बुढ्याइँ; वृद्धत्व । २. बुढ्याइँले भएको कमजोरी । ३. हे० जरो । **– ग्रस्त–** वि० बुढ्याइँले ग्रस्त पारेको; बूढो भएको । **– जीर्ण–** वि० बुढ्याइँले सबै इन्द्रिय शिथिल भएको; जर्जर ।

**जरायु–** ना० [सं०] १. गर्भाशयमा रहेका बालकको वरिपरि बेरिएको पातलो झिल्ली; साल । २. गर्भाशय । ३. योनि । > **जरायुज–** ना० जरायुमा वा गर्भाशयमा रहेर जन्मने प्राणी; पिण्डज ।

**जरायो–** ना० हाँगा फाटेका धेरै सिङ हुने ठूलो जातको मृग; बाह्रसिङ्गा; बाह्रसिङ्गे ।

**जरावस्था–** ना० [सं० जरा+अवस्था] वृद्धावस्था; बुढेसकाल; बुढ्याइँ ।

**जरासन्ध–** ना० [सं०] कृष्णका युक्तिले भीमसेनद्वारा टाङ फट्टाएर मारिएको भनी महाभारत तथा भागवतमा प्रसिद्ध, कंसका ससुरा तथा प्रसिद्ध मगध देशका एक राजा ।

**जरिङ्गो–** ना० [जरा+इङ्गो] रायोका जस्ता ठूलठूला नरम पात हुने, अचारतरकारी खाइने एक प्रकारको जङ्गली साग ।

**जरिबाना/जरिमाना–** ना० [फा० जुर्मान] १. नगद रुपियाँ दण्ड तिर्नुपर्ने गरी अपराधीलाई गरिएको सजाय; नगद दण्ड; डाँड । २. दण्ड तिर्नुपर्ने रुपैयाँ; कैद भोग्नुको सट्टा तिर्नुपर्ने रकम ।

**जरिया–** ना० [अ० जरिय] १. कुनै कार्यका लागि आवश्यक पर्ने कारण; हेतु । २. कुनै दुई व्यक्ति वा वस्तुको बीचको नाता; सम्बन्ध; साँठगाँठ ।

**जरियो–** ना० [जरी+यो] बत्तुले बुनेर झिलिक्क झल्कने पारेको, कपालमा लगाउने धागो; लच्छा धागो ।

**जरी–** ना० [फा०] बत्तुजस्तै गरी कपडामा बुट्टा भर्दा उपयोग गरिने वस्तु; सुनौला वा रूपौला रङ्गका कार्चोबी भर्दा उपयोग गरिने तार । ~ **गाँछ–** ना० जरीले बुनेको, जरीका बुट्टा भरिएको किनखाब, तास आदि । ~ **बुटी–** ना० औषधीमा काम लाग्ने बोटबिरुवाका झारपात आदिको बुटी; जडीबुटी ।

**जरुर–** ना० [अ० जुरूर] १. निश्चय; अवश्य; पक्का । क्रि० वि० २. निश्चयसाथ; अवश्य नै; निःसन्देह; पक्कापक्की रूपमा । > **जरुरत–** ना० १. आवश्यकता; खाँचो । २. प्रयोजन; औचित्य । ३. अभाव; हर्जा । **जरुरी–** वि० १. कामकारबाई चाँडो गर्नुपर्ने; नगरी नहुने । २. जरुरत परेको; आवश्यक । ३. खाँचो परेको; नभइनभएको । ४. हतपती; हतारो ।

**जरुवा१–** वि० [जड+उवा] सुमर्दा नसा नचुँडिएको; राम्ररी नसुमरिएको; आँडे रहेको (गोरु, बोको आदि) ।

**जरुवा२–** वि० [जरो+उवा] १. जराबाट पलाएको वा निस्केको; मूलको । ना० २. अलिअलि पानी उम्रने ठाउँ; रसाइरहने स्वच्छ पानी; रसायन । ~ **पानी–** ना० मूल फुटेर निस्केको पानी; चिसो राम्रो पानी ।

**जरो१–** ना० [सं० ज्वर] वात, पित्त, कफ आदिमा विकार पैदा हुँदा शरीरमा ताप बढेर हुने बिमारी; तापमापक यन्त्रले शरीरको ताप नाप्दा ९८° डिग्रीभन्दा बढी देखिने गर्मी; शरीरको तापमान बढ्ने रोग (औलेजरो, कामजरो, भुङ्ग्रेजरो, एकुन्द्रेजरो आदि) ।

**जरो२–** ना० [सं० जड] सम्पूर्ण बोटबिरुवा आदिको माटामुनि पसेर भोजन लिने अवयव; कन्द; जड; मूल ।

**जर्क-नु–** अ० क्रि० [अ० मू० जरक्क+नु] रिस, क्रोध, असहमति आदिका भावनाले जरक्क पर्नु; झोकिनु; झर्कनु; बाउँठिनु; रिसाउनु; जर्किनु ।

**जर्कट–** वि० १. काममा अचेट्न नसकिने खालको; जर्कटो; अटेर । २. पकाउँदा वा भिजाउँदा नरम नहुने; अररो; जर्रो; जरट्ठ परेको । ३. बानीव्यवहारमा अशिष्टता झल्कने; गँवार ।

**जर्कटिनु–** अ० क्रि० [जर्कटो+इ+नु] जर्कटो हुनु; जर्खरिनु; छिप्पिनु ।

**जर्कटे/जर्कटो–** वि० १. छिप्पिएर जरट्ठ परेको; सुकेर वा अररिएर जर्रो भएको; ठर्रो । २. सानातिना कुरामा पनि रिसाउने; जर्खरिने बानी भएको; बटारिएको । ३. असभ्य स्वभावको; गँवार । ४. छिटो नपाक्ने; जर्रो ।

**जर्कट्याइ–** ना० [√ **जर्कटि** (+आइ)] जर्कट्याउने भाव, क्रिया वा प्रक्रिया ।

**जर्काइ–** ना० [√ **जर्क** (+आइ)] जर्कने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जर्काइ–** ना० जर्काउने भाव, क्रिया वा प्रक्रिया । **जर्काइनु–** क० क्रि० जर्कन लाइनु । **जर्काउनु–** स० क्रि० १. जुरुक्क उठाउनु; उचाल्नु । २. जरैसमेत उखेल्नु । ३. कान निमोठ्नु । ४. जगल्टयाउनु । प्रे० क्रि० जर्कने पार्नु; जर्कन लाउनु ।

**जर्काजर्की–** ना० [जर्क+जर्क] १. राय नमिल्दा वा रिसारिसले परस्परमा जर्कने काम; आपसको भनाभन । २. पाखुरा सुर्कासुर्की ।

**जर्किन–** ना० [अङ्०] तेल आदि तरल पदार्थ हाल्ने प्लास्टिकको भाँडो ।

**जर्कि-नु–** अ०क्रि०हे० जर्कनु ।

**जर्क्याइ–** ना० [√ **जर्कि** (+याइ)] जर्किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जर्क्याइ–** ना० जर्क्याउने भाव, क्रिया वा प्रक्रिया । **जर्क्याइनु–**

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



क० क्रि० जर्किन लाइनु; जर्काइनु । **जर्क्याउनु–** प्रे० क्रि० जर्कने पार्नु; झोक्क्याउनु । **जर्क्याहट–** ना० जर्किने भाव, क्रिया वा अवस्था ।

**जर्खरिनु–** अ० क्रि० [जर्खरो+इ+नु] १. ठर्रो हुनु; अररो हुनु; जर्रिनु; जर्किनु । २. बैंस चढेर मत्त हुनु । ३. धेरै छिप्पिनु ।

**जर्खरो–** वि० [जर्रो+खरो] १. सुकेर वा छिप्पिएर अररिएको; जरट्ट परेको; जर्रो । २. धेरै छिप्पिएको । ३. रनक्क तात्ने किसिमको; बेसोमती; टिम्किएको ।

**जर्खऱ्याइ–** ना० [√ **जर्खरि** (+याइ)] जर्खरिने भाव, क्रिया वा प्रक्रिया । [>] **जर्खऱ्याइ–** ना० जर्खऱ्याउने भाव, क्रिया वा प्रक्रिया । **जर्खऱ्याइनु–** स० क्रि० जर्खरिने पारिनु; जगल्टचाइनु । **जर्खऱ्याउनु–** प्रे० क्रि० १. जर्खरो पार्नु; जर्खरिने तुल्याउनु; जर्कटचाउनु । २. छिप्प्याउनु ।

**जर्जर–** वि० [सं०] १. बुढचाइँले सताएको; बूढो; वृद्ध । २. थोत्रिएको; जीर्ण; पुरानो । ३. टुटेफुटेको; खण्डित । > **जर्जरित–** वि० १. जर्जर भएको; जीर्ण । २. थोत्र्याइएको; पुरानो ।

**जर्तिल–** ना० [सं०] जङ्गली तिल; वनतिल; सिसितिल ।

**जर्ती–** ना० [सं० ज्वल] १. अन्नपातहरू सुकेर, उडेर, छरिएर नष्ट भएको अंश; खेर जाने भाग; जर्ता । २. बर्सादको कमी; खडेरी; सुक्खा । ३. शरीरमा गर्मी बढेर हुने जलन; गर्मीको व्यथा । ४. सुनचाँदीका गहना बनाउँदा घट्न गएको अंश ।

**जर्दा–** ना० [फा० जरदा] पान आदिमा हालेर खान तयार पारिएको सुगन्धित सुर्ती; जरदा ।

**जर्नल–** ना० [अङ्०] कुनै आधिकारिक सङ्घसंस्थाद्वारा विभिन्न विषयका एवं अनुसन्धानमूलक लेखहरूको सङ्कलन गरी प्रकाशित गरिएको पत्रिका ।

**जर्नेल–** ना० [अङ्० जनरल] सैनिक सेवामा अतिरथी वा प्रधान सेनापतिभन्दा तल्लो दर्जाको उच्च अधिकृत; जनरल । > **जर्नेली–** वि० जर्नेलको; जर्नेलसम्बन्धी; जर्नेलका ढाँचाको (धाक, रबाफ, खान्की आदि) ।

**जर्फर–** क्रि० वि० [अ० मू०] १. जमजमाउन खोजेर; जुरमुराउने चालसँग; चलमलाउँदै । ना० २. त्यस्तो चाल वा प्रयास । > **जर्फराइ–** जर्फराउने भाव, क्रिया वा प्रक्रिया । **जर्फराइनु–** क० क्रि० जर्फऱ्याउने काम गरिनु । **जर्फराउनु–** अ० क्रि० जर्फर गर्ने हुनु; जुर्मुराउनु; चलमलाउनु । **जर्फरिनु–** अ० क्रि० १. जर्फराउने होइनु । २. दर्फरिनु ।

**जर्बुटो–** ना० [जरो+बुटो] १. औषधीमा काम लाग्ने जरोसहितको बुटो; जरीबुटी । २. जराहरूसहितको बाँसको फेद । ३. कानको फेद; कन्सिरी पलाउने ठाउँ ।

**जर्मन–** वि० [अङ्०] १. जर्मनी देशको बासिन्दा; जर्मनीको; जर्मनीसम्बन्धी । ना० २. जर्मनीको भाषा, संस्कृति वा जाति । ~ **सिलेबर/सिल्बर–** ना० जर्मनी प्रविधिअनुसार जस्ता, तामा र निकलको मिश्रणबाट बनेको सेतो रङको भाँडाकुँडा बनाउने प्रसिद्ध धातु ।

**जर्मनी–** ना० [अङ्०] मध्य युरोपमा रहेको एक प्रसिद्ध देश । ~ **फूल–** ना० छरपष्ट परेका बाटुला पात हुने, राता, पहेँला आदि विभिन्न रङका फूल फुल्ने, प्रायः गमलामा लगाइने वा सजाइने फूलको एक जात ।

**जर्मराइ–** ना० [√ **जर्मराउ** (+आइ)] जर्मराउने भाव, क्रिया वा प्रक्रिया । [>] **जर्मराइनु–** अ० क्रि० जर्मराउने चेष्टा गरिनु ।

**जर्मराउनु–** अ० क्रि० [जरकमरक+आउ+नु] १. झटपटसँग उठ्ने प्रयास गर्नु, जुर्मुराउनु; जर्फराउनु । २. चलबलाउनु; चलमलाउनु । ३. रोमाञ्चित हुनु; पुलकित बन्नु ।

**जऱ्याकजुरुक–** क्रि० वि० [अ० मू० जऱ्याक्+अ (द्वि०)] बसिरहेका सबै कुनै प्रकारको झस्का, सङ्केत आदि कारणले एकैसाथ उठ्ने गरी; जुरुकजुरुक गरेर ।

**जऱ्याकमऱ्याक–** ना० [अ० मू० जऱ्याक्+अ (द्वि०)] शरीरका सबै अङ्ग चल्ने र बल पर्ने गरी ओर्कनेफर्कने काम; अङ्गहरू चाँडोचाँडो सञ्चालन गर्ने काम ।

**जऱ्याक्क–** क्रि० वि० [अ० मू० जरक् > जऱ्याक्+क] एकै चोटि उठ्ने गरी; जुरुक्कसित ।

**जऱ्याङजुरुङ–** ना० [अ० मू० जऱ्याङ्+अ (द्वि०)] १. ज्वरो आउँदा शरीरका आङअठिङ्गरहरूमा हुने वेदना; सर्दी वा ज्वरको प्रभावले शरीरका जोर्नीहरूमा हुने पीडा । क्रि० वि० २. त्यस्तो वेदना वा पीडा हुने गरी ।

**जऱ्याङमऱ्याङ–** ना० [अ० मू० जऱ्याङ्+अ (द्वि०)] १. शरीरमा पीडा नपर्ने खालको साधारण परिश्रम; हल्का किसिमको मिहिनेत । क्रि० वि० २. त्यस्तो किसिमको परिश्रम वा मेहनत हुने गरी ।

**जर्रिनु–** अ० क्रि० [जर्रो+इ+नु] १. कुनै चीज सुकेर वा छिप्पिएर अररो हुनु; जर्रो बन्नु; जरट्ट पर्नु; ठर्रिनु । २. रिसले च्याँट्टिनु; जर्किनु; जरक्क पर्नु ।

**जर्रो–** वि० [सं० जर] १. कुनै वस्तु सुकेर वा छिप्पिएर अरट्ट परेको; जर्खरिएको; कडा; ठर्रो । २. जिराहा; अटेर ।

**जर्‍याइ–** ना० [√ **जर्रि** (+याइ)] जर्रिने क्रिया वा प्रक्रिया । [>] **जर्‍याइनु–** क० क्रि० जर्रो पारिनु । **जर्‍याउनु–** प्रे० क्रि० अररो तुल्याउनु; जर्रो पार्नु ।

**जर्सी–** ना० [अङ्०] १. ऊनबाट बनेको कपडाविशेष । २. खेलाडीले खेल खेल्दा लगाउने पोसाक; ज्याकेट । ~ **गाई–** ना० गाईका विभिन्न जातमध्ये लामो आङ, लामै गर्दन हुने, जुरो नहुने र अगाडि नुहेको देखिने, विशेष खालको दुधालु गाई; विकासे गाई ।

**जल्–नु–** अ० क्रि० [सं० ज्वल+नु] १. कुनै वस्तु आगोले टिपेर सल्कनु; डढ्नु; बल्नु । २. कसैप्रति मनमा रिसइबी रहनु; अर्काको उन्नति सहन नसकेर डाह हुनु; असह्य हुनु । ३. घाउखटिरा आदिमा पीडा हुनु; डहनु ।

**जल–** ना० [सं०] १. पानी; उदक । २. देवतालाई नुहाएको वा

पूज्य जनका पाउ धोएको पानी; चरणामृत; चरणोदक । ३. विशिष्ट व्यक्तिलाई खान दिइने शुद्ध वा सफा पानी । ४. गङ्गा आदि नदीको चोखो पानी; पवित्र पानी । ~ **उन्यू–** ना० पातबाट जरा निस्कने र जराबाट पनि बिरुवा उम्रने एक किसिमको उन्यू । ~ **कण्टक–** ना० पानीफल; सिँगडा । ~ **कन्या–** ना० पुराणमा वर्णित, मानिसका आकारकी सुन्दरी कन्या; जलपरी; नागकन्या । ~ **कपूर–** ना० छ इन्चजति लामो र चेप्टो आकारको एक जातको माछो । ~ **कपोत–** ना० नदीका तीरमा बस्ने परेवाका जातको पक्षी; पानीपरेवा; जलपरेवा । ~ **कुक्कट–** ना० पानीकुखुरो; सिमकुखुरो । ~ **केलि–** ना० पानीमा पौडी खेल्ने र पानी छ्यापाछ्याप आदि गर्ने गरी गरिने क्रीडा; जलक्रीडा । ~ **कौवा–** ना० पानीकाग । ~ **क्रिया–** ना० जल अर्पण गरेर पितृहरूलाई दिइने तर्पण; जलाञ्जलि । ~ **क्रीडा–** ना० १. नदी, तलाउ आदिमा युवकयुवती वा नायकनायिकाले परस्परमा पानी छ्यापाछ्याप आदि गरेर रागात्मक आनन्द लिने गरी खेल्ने खेल; जलकेलि; जलविहार । २. पानीमा पौडने वा खेल्ने काम । ~ **क्षेत्र–** ना० पृथ्वीका सतहमा पानीले ढाकेजतिको भाग; जलमग्न क्षेत्र । – **खाई–** ना० कुनै काममा लाग्नु वा निस्कनुअघिको हल्का खाना; चमेना । – **गडा–** ना० पेटमा पानी जमेर विकार पैदा भई उत्पन्न हुने रोग; जलोदार । ~ **गति विज्ञान–** ना० जलको प्रवाहलाई अध्ययन गर्ने शास्त्र । ~ **गैँडा–** ना० पानीमा बस्ने गैँडाजस्तो जनावर; पानीगैँडा । ~ **गोलार्ध–** ना० पानीको सतह धेरै पर्ने गोलार्ध; दक्षिणी गोलार्ध । ~ **ग्रह–** ना० जलोदर । – **चर–** ना० पानीमा बसेर जीविका गर्ने जनावर; जलजीवी प्राणी; जलजन्तु । ~ **चिकित्सा–** ना० प्राकृतिक चिकित्सापद्धति-अनुसार पेटको विकारलाई साफ गर्न कुनै यन्त्रद्वारा पेटमा पानी हुलेर गरिने उपचार; जलोपचार । – **ज–** वि० १. पानीमा उत्पन्न हुने; जलमा पैदा हुने । २. पानीमा उत्पन्न वा पैदा भएको वस्तु (कमल, शङ्ख, सिपी, सिँवाली, माछो इ०) । ~ **जन्तु–** ना० जलचर । ~ **जम्बु–** ना० पानीमा हुने जामुन; पानीजामुन । – **जीवी–** वि० १. पानीबाट जीविका चलाउने । ना० २. डुङ्गा चलाएर जीवन निर्वाह गर्ने व्यक्ति; माझी ।

**जलजल–** क्रि० वि० [सं० जल (द्वि०)] पानी नै पानी भएर; थलथल । > **जलजलाउँदो–** वि० तातो पानी वा आगाले पोलेर अथवा अन्य कुनै कारणले फोका उठेर पानीपानी भरिएको । **जलजले–** वि० पानीपानी भएको; पानी खटिरो; पानी चढेको (फूल, फोको, घाउ आदि) । ना० तेह्रथुम जिल्लाको एउटा प्रसिद्ध ठाउँ ।

**जलजात–** वि० [सं०]१. पानीमै उत्पन्न हुने; जलबाट पैदा भएको । ना० २. कमल, शङ्ख, माछा आदि । ३. जलजन्तु ।

**जल डमरुमध्य–** ना० [सं०] दुइटा समुद्र वा खाडीहरूलाई जोड्ने पानीको साँघुरो भाग; जलसंयोजक ।

**जल तरङ्ग–** ना० [सं०]१. सङ्गमरमरका अथवा चिनियाँ माटाका सोह्रवटा वा एघारवटा कचौरामा पानी भरेर वा रित्तै पनि छडीले हानेर ध्वनि उत्पन्न गरी बजाइने एक बाजा । २. त्यस्तो बाजाको ध्वनि वा शब्द । ३. पानीको तरङ्ग; छाल; लहर ।

**जलतरासी–** वि० [सं० जलत्रास] पानी देख्ता डराउने; जलत्रास हुने ।

**जलत्रास–** ना० [सं०]१. पानी देख्दा वा छुँदा डराउने एक रोग । २. पानी देखेर हुने भय । ३. बहुलाहा कुकुरको टोकाइबाट हुने बहुलाहापन ।

**जलदान–** ना० [सं०]१. देवपितृहरूलाई दिइने जलाञ्जलि; तर्पण । २. वैशाख शुक्ल तृतीयाका दिन गहुँको सातुसँग बाँडिने सर्वत । > **जलदानी–** ना० पानी चलाउने लोटासरहको सानो भाँडो; जलपात्र ।

**जलदुर्ग–** ना० [सं०] समुद्र, खाडी वा नदीले घेरिएको किल्ला; पानीका सीमाले घेरेको सुरक्षित ठाउँ ।

**जल देवता–** ना० [सं०] जलका अधिष्ठाता; वरुणदेवता ।

**जल द्रव्य–** ना० [सं०] पानीमा पैदा हुने मोती, मुगा, शङ्ख आदि अमूल्य वस्तु; सामुद्रिक मूल्यवान् पदार्थ ।

**जलधर–** वि० [सं०]१. पानी धारण गर्न सक्ने; जलधारण गर्ने । ना० २. मेघ; बादल । ३. समुद्र । – **माला–** ना० मगण, भगण, सगण, मगण भएको र चार अक्षरमा यति हुने एक छन्द ।

**जलधारा–** ना० [सं०] रुद्रार्चन गर्दा शिवजीलाई निरन्तर स्नान गराउन पानीको धारा खसालिने, प्वाल भएको जलपात्र; जलधारी । > **जलधारी–** ना० जलधारा, जलहरी ।

**जलधि–** ना० [सं०] समुद्र ।

**जलधेनु–** ना० [सं०] पुराणअनुसार दान गर्नाका लागि जलको पूर्ण कुम्भमा कल्पना गरिने गाई ।

**जलन–** ना० [सं० ज्वलन] १. पोल्ने वा डहने स्थिति; टट्टाउने अवस्था । २. शारीरिक वा मानसिक डाह; असहच ताप । ३. ईर्ष्या; डाह । – **फलन–** वि० खाँदाखेरि धेरै तातो हुने; पोल्ने खालको तातो (भात, दाल आदि खानेकुरा) । – **शील–** वि० जल्ने वा पोल्ने गुण भएको ।

**जलनिधि–** ना० [सं०]१. समुद्र; महासागर । २. ज्योतिषमा चार अङ्कको सूचक शब्द ।

**जलप–** ना० [सं० जलपत्र] कुनै धातु आदिमा लगाइने अर्को धातुको पगालिएको पातलो लेप; मोलम्बा । २. साह्रै पातलो धातु ।

**जल पक्षी–** ना० [सं०] नदी, तलाउ आदिका किनारमा बसेर माछा आदि जलजन्तुको आहार गर्ने पक्षी; चरो; पानीचरो (हाँस, चखेवा, बकुल्ला आदि) ।

**जल पथ–** ना० [सं०]१. समुद्र, नदी, ताल आदिमा जहाज, डुङ्गा आदि चलाउने निर्धारित मार्ग; जलमार्ग । २. पानीको निकास; नहर; कुलो ।

**जलपात्र–** ना० [सं०] पानी हाल्ने वा पानी खाने काममा प्रयोग

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



गरिने भाँडो; जलदानी; पानीको भाँडो ।

**जलपान–** ना० [सं०] भोजन गर्नुभन्दा पहिले वा कुनै भेला आदिमा खाइने हलुका खानेकुरो; चमेना; जलखाई ।

**जल पारावत–** ना० [सं०] जलकपोत, पानीपरेवा ।

**जल पिप्ला–** ना० [सं०] काँडावाल लाम्चिला पात हुने र पिप्लाका जस्तै फल फल्ने, सिमसार जमिनमा उम्रने एक जातको लहरो वा सोही लहराको फल ।

**जल पिशाच–** ना० [सं०] पानीमा डुबेर वा बगेर मरेका कारणले उत्पन्न हुने भन्ने लोकविश्वास भएको तथाकथित भूतप्रेत; जलप्रेत ।

**जल पुष्प–** ना० [सं०] पानीमा उम्रने कमल आदिको फूल ।

**जल प्रपात–** ना० [सं०] कुनै उच्च स्थानबाट खसेको पानीको धारो; जलफाल; प्राकृतिक झरना; छहरो ।

**जल प्रलय–** ना० [सं०] सम्पूर्ण पृथ्वी पानीमा डुबेर बिलाउने अवस्था; प्रलयकालमा पृथ्वी जलाम्मे हुने स्थिति ।

**जल प्रवाह–** ना० [सं०] १. वेगले बगेका पानीको धारो; पानीको बहाइ । २. शव वा अन्य कुनै वस्तु पानीमा बगाउने काम ।

**जल प्राणी–** ना० [सं०] जलजन्तु; जलचर ।

**जलप्रायः–** वि० [सं०] १. नदी, ताल आदि धेरै भएको; पानी धेरै हुने । ना० २. त्यस्तो भूभाग वा स्थान ।

**जलफाल–** ना० [जल+फाल] अग्लो ठाउँबाट खसेको जलप्रवाह; छाँगो; छहरो; झरना; जलप्रपात ।

**जलबन्ध–** ना० [सं०] पानी रोक्ने वा छेक्ने बाँध; तटबन्ध ।

**जल बिन्दु–** ना० [सं०] आँखाका कोसभित्र चाप बढेर आँखा हेर्न नहुने रोग; मोतिबिन्दु; मोतियाबिन्दु ।

**जल बुद्बुद–** ना० [सं०] पानी बग्दा वा अन्य कुनै कारणबाट उठ्ने फोको; पानीको फोको ।

**जलमग्न–** वि० [सं०] पानीले चुर्लुम्म डुबेको; जलामय भएको; जलाम्मे ।

**जल मण्डल–** ना० [सं०] पृथ्वीमा रहेको सम्पूर्ण पानीको भाग ।

**जलमय–** वि० [सं०] सबैतिर पानीपानी भएको; चारैतिर पानीले ढाकिएको; जलाम्मे ।

**जल मार्ग–** ना० [सं०] १. जहाज, डुङ्गा आदि हिँड्ने बाटो; समुद्री मार्ग; जलपथ । २. पानी, ढल आदिको निकास; नाली; डुँड । ३. नहर; कुलो ।

**जल यन्त्र–** ना० [सं०] १. इनार, कुवा आदिको पानी तान्ने वा झिक्ने यन्त्र । २. पानीघडी ।

**जल यातायात–** ना० [सं०] जलपथ; जलमार्ग ।

**जलयात्रा–** ना० [सं०] ठूलठूला नदी, समुद्र आदिमा जहाज, डुङ्गा आदिबाट गरिने यात्रा । >**जलयात्री–** ना० जलयात्रा गर्ने व्यक्ति ।

**जल यान–** ना० [सं०] नदी, समुद्र आदिमा हिँड्ने सवारी साधन (पानीजहाज, डुङ्गा, नाउ आदि) ।

**जल युद्ध–** ना० [सं०] नदी वा समुद्रमा गरिने लडाइँ; जहाजी लडाइँ ।

**जल योग–** ना० [सं०] प्राण जाने बेलामा तल्लो अङ्गबाट प्राण नजाओस् भनी कम्मरसम्म पानीमा डुबाउने काम; अर्धजल ।

**जल राक्षसी–** ना० [सं०] रामायणप्रसिद्ध, क्षारसमुद्रमा रहने एक राक्षसी ।

**जल राशि–** ना० [सं०] पानीको अथाह राशि; जलको समूह । २. सागर; समुद्र । ३. सरोवर; तलाउ ।

**जल वायु–** ना० [सं०] कुनै पनि स्थानको प्राकृतिक वा वातावरणिक स्थिति; हावापानी ।

**जल वाष्प–** ना० [सं०] पानीबाट बन्ने बाफ; जलीय वाष्प ।

**जल विज्ञान–** ना० [सं०] पानीसम्बन्धी विभिन्न तत्त्व र शक्ति आदिको अध्ययन गरिने शास्त्र । ~**आयोग–** ना० जलविज्ञानसम्बन्धी अध्ययनअनुसन्धान आदि कार्य गर्ने साधिकार समिति वा अङ्ग ।

**जल विनायक** ना० [सं०] काठमाडौँदेखि दुई माइल दक्षिणमा पर्ने चोभारमा रहेका गणेश; चार विनायकमध्ये एक ।

**जल वियोजन–** ना० [सं०] झाडाबान्ता आदिबाट शरीरको पानी बाहिर निस्कँदै जानाले शरीरलाई आवश्यक पर्ने पानीको मात्रा कम हुने स्थिति ।

**जल विभाजक–** ना० [सं०] दुईतिरका नदीलाई छुट्ट्याउने बीचको अग्लो भूमि; दुई भँगालाका बीचमा रहेको भूभाग ।

**जल विहार–** ना० [सं०] नदी, तलाउ र समुद्रमा जहाज, डुङ्गा आदिद्वारा गरिने सैर वा यात्रा; जलयात्रा ।

**जल शक्ति–** ना० [सं०] पानीबाट प्राप्त हुने विद्युत् आदि शक्ति ।

**जलशायी–** ना० [सं०] जलमा शयन गर्ने देवता; विष्णु ।

**जल संयोजक–** ना० [सं०] दुइटा ठूला समुद्र वा सागरलाई जोड्ने साँघुरो ठाउँ; जल-डमरुमध्य ।

**जल संयोजन–** ना० [सं०] कुनै कारणबाट शरीरमा कमी भएको पानी पूरा गर्न वैज्ञानिक प्रविधिद्वारा पानी प्रवेश गराउने क्रिया; पुनर्जलीय उपचार ।

**जल संरक्षण–** ना० [सं०] त्यसै खेर गइरहेको पानीलाई उपयोगमा ल्याउने काम; विद्युत्उत्पादन, सिँचाइ आदिका निम्ति गरिने पानीको संरक्षण ।

**जल संस्कार–** ना० [सं०] १. नुहाउने काम; नुहाइ; स्नान । २. मुर्दालाई पानीमा बगाई गरिने अन्तिम क्रिया वा संस्कार; शवको जलप्रवाह; जलसमाधि ।

**जल सतह–** ना० [सं० जल+अ० सतह] पानीको तह बराबर भएको ठाउँ; पानीको नापोले सतह छुने गरी ठीक पारिएको ठाउँ वा वस्तु ।

**जल समाधि–** ना० [सं०] १. आफ्नै इच्छाले पानीमा डुबेर मर्ने काम; पानीमा डुबेर गरिने प्राणत्याग । २. कुनै वस्तु पानीमा डुब्ने वा डुबाइने काम ।

**जलसा–** ना० [अ० जल्स] १. गानबजान आदिको आयोजना गरेर

मनाइने रमाइलो समारोह; जल्सा । २. सभा; समिति । ३. कुनै विशिष्ट अवसरको अधिवेशन ।

**जलसिमाली–** ना० [सं० जलशैवाल] पानीमन्तिर ढुङ्गा आदिमा पलाउने हरियो झ्याउ; सिमाली ।

**जलसेक–** ना० [सं०] १. पवित्र पार्ने वा शान्तिस्वस्ति गर्ने उद्देश्यले गरिने अभिषेक; जलसेचन । २. पानीद्वारा गरिने सिँचाइ; बोटबिरुवा आदिमा पानी छर्कने काम ।

**जल सेना–** ना० [सं०] युद्धपोत, जहाज, डुङ्गा आदि यानमा बसेर समुद्रमा युद्ध गर्ने सेना; सामुद्रिक सेना; समुद्री फौज । – **पति–** ना० जलसेनाका सर्वोच्च अधिकृत; नौसेनाका प्रमुख ।

**जल स्रोत–** ना० [सं०] कुनै पनि नदी, तलाउ आदिको मूलबाट बग्ने पानीको धारा; पानीको प्रवाह ।

**जलहरी–** ना० [सं० जलधरी] शिवलिङ्गमाथि पानीको धारा चुहाउने पिँधमा छिद्र भएको तामाको पात्र; जलधारा ।

**जलहस्ती/जलहात्ती–** ना० [सं० जलहस्ती] दक्षिण महासागरमा हुने कालो रङको हात्तीजस्तो प्राणी; पानीहात्ती ।

**जलाइ–** ना० [√ **जल्** (+आइ)] १. जल्ने भाव, क्रिया वा प्रक्रिया । [जलाउ+आइ] ना० २. जलाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जलाइनु–** क० क्रि० जलाउने काम गरिनु; सल्काइनु । **जलाउनु–** स० क्रि० १. नष्ट गर्ने उद्देश्यले कागतपत्र, कपडा आदि सल्काउनु; डढाउनु । २. खाक पार्नका निम्ति मुर्दा आदि पोल्नु । ३. दुःख लाग्ने कुरा वा व्यवहार गरेर अरूको मन दुखाउनु । ४. कुनै मङ्गलकार्यको प्रारम्भ गर्दा वा पूजाआजाका बेलामा दियो, बत्ती आदि बाल्नु वा सल्काउनु ।

**जलाजु–** वि० जुनसुकै कामकुरो गर्ने कि नगर्ने भन्ने आँट वा हिम्मत नभएको (व्यक्ति) ।

**जलाञ्जलि–** ना० [सं०] १. देवतालाई चढाइने वा पितृहरूलाई अर्पिने जल; तर्पण । २. एक अँजुली जल; अँजुलीभर पानी ।

**जलातङ्क–** ना० [सं०] बौलाहा कुकुर, स्याल आदिले टोक्ता हुने र पानी देख्नासाथ डरले आत्तिने, तर्सिने एक प्रकारको रोग ।

**जलाताल–** वि० [जल+ताल] सबैतिर पानी भरिएको; पानी जमेर ताल बनेको; जलाम्मे; जलमग्न; जलमय ।

**जलाधार–** ना० [सं०] जलाशय; तलाउ ।

**जलाधिप–** ना० [सं०] जलदेवता; वरुण ।

**जलाम्मे–** वि० [सं० जलमय] सबैतिर पानीपानी भएको; जलाताल ।

**जलारी–** ना० [√ जलहरी] खोला वा तलाउ आदिमा जाल खेलेर वा बल्छी थापेर माछा मार्ने व्यक्ति; जलेरु ।

**जलावतार–** ना० [सं० जल+अवतार] पानीघाटमा जाने वा ओर्लने बाटो; जहाज, डुङ्गा आदि रोकिएर मानिस वा अन्य सामान ओर्लनेउत्रने ठाउँ ।

**जलावर्त–** ना० [सं०] पानीमा पर्ने भुमरी; पानीको भुमरी ।

**जलाशय–** ना० [सं० जल+आशय] पानी रहने ठाउँ (पोखरी, तलाउ, इनार, कुवा आदि); पानीघाट ।

**जलीय–** वि० [सं०] पानीबाट तयार भएको; जलसम्बन्धी; जलसँग सम्बन्ध भएको ।

**जलुको–** ना० [सं० जलाल] सिम परेका ठाउँमा पलाउने, मस्यौरा आदि बनाउँदा नरम पार्न मसिना टुक्रा पारेर मिसाइने, सानो जातको खान हुने माने; पानीमाने ।

**जलुवा–** वि० [जल्+उवा] जल्ने खालको; जल्ने ।

**जलेखो–** ना० [सं० ज्वाला+एखो] घरभित्रको धूवाँ बाहिर जाने ठाउँ; भौँप्वाल ।

**जलेवा–** ना० [सं० जलेभि] पानीमा बस्ने एक जातको कालो चरो ।

**जलेश–** ना० [सं० जल+ईश] जलका देवता; वरुण ।

**जलेश्वर–** ना० [सं०] १. नेपालको मध्यमाञ्चल क्षेत्रअन्तर्गत जनकपुर अञ्चलमा पर्ने महोत्तरी जिल्लाको सदरमुकाम । २. सोही स्थानमा अवस्थित महादेवको मन्दिर । ३. समुद्र । ४. वरुण ।

**जलोढ–** वि० [जल+ओट] पाँगो मिसिएको । ना० त्यस्तो पानी । ~ **पङ्खा–** ना० पहाड वा पहराको फेदमा नदीले पाँगो माटो थुपारेर बनाएको पङ्खाका आकारको जमिन ।

**जलोदर–** ना० [सं०] पेटमा पानी जम्नाले हुने रोग; जलग्रह ।

**जलोद्भिद–** ना० [सं०] पानी जमेकै ठाउँमा वा पानी भइरहने ठाउँमा उम्रने बोटबिरुवा ।

**जलोपचार–** ना० [सं०] हे० जलचिकित्सा ।

**जलौका–** ना० [सं०] जुको ।

**जलौदो–** ना० [सं० जनित+औदो] भर्खर जन्मेको सालनालसहितको बाछो, पाडो आदि; पशुको नवजात शिशु ।

**जलौरा–** ना० [जल+औरा] शरीरका रोमकूपमा उठ्ने र पानी जम्ने मसिना फोका; खटिरा ।

**जल्कि-नु–** अ० क्रि० [अ० मू० जल्क+इ+नु] बिच्किनु; तर्किनु । > **जल्क्याइ–** ना० जल्किने भाव, क्रिया वा प्रक्रिया । **जल्क्याइनु–** क० क्रि० बिच्क्याइनु । **जल्क्याउनु–** प्रे० क्रि० बिच्क्याउनु ।

**जल्दाजल्दी–** क्रि० वि० [अ० जल्द+जल्दी] जति सक्तो छिटो; हुन सक्दो चाँडो; तुरुन्तातुरुन्तै; शीघ्रातिशीघ्र ।

**जल्दी–** क्रि० वि० [अ०] छिटो; तुरुन्तै; झट्ट; चाँडो; शीघ्र । – **बाजी–** ना० हतारपतार; हडबडी; शीघ्रता ।

**जल्प–** ना० [सं०] १. फजुलको कुरा; बकवाद । २. तरङ्गी खालको भनाइ वा कथन । ३. तर्क । > **जल्पक–** वि० बोल्न निकै सिपालु; बोलैया; वाक्चतुर; गफी । **जल्पन/जल्पना–** ना० १. हुन नसक्ने वा बिनसित्तिका धेरै कुरा; बकवाद । २. भनाइ; कथन । **जल्पित–** वि० १. बोलेको; भनिएको; कथित । २. धाक छोडिएको; गफ हाँकिएको ।

**जल्लाद–** ना० [अ०] १. फाँसीको सजाय पाएका व्यक्तिलाई फाँसीमा झुन्डयाउने वा धारिलो हतियारले शिर काट्ने व्यक्ति । वि० २. साह्रै क्रूर तथा निर्दय (व्यक्ति) ।

**जल्सा–** ना० [अ० जल्स] हे० जलसा ।

**जवनिका**– ना० [सं०] १. पर्दा । २. नाटक आदिमा मञ्चमा लगाइने पर्दा । ३. पालका वरिपरि वा झ्यालढोका आदिमा लगाइने पर्दा; शायर ।

**जवाँमर्द**– वि० [फा०] १. पूर्ण तन्नेरी; लाठे; पूरै हुर्किएको । ना० २. नवयुवक । > **जवाँमर्दी**– ना० १. जवाँमर्द हुनाको भाव वा अवस्था । २. वीरता; बहादुरी ।

**जवा१**– ना० [सं० जपा] तारबाजाहरू बनाइने हस्तीहाड वा धातुबाट बनेको साधन ।

**जवा२**– ना० [सं० यव] १. जमिनसम्बन्धी पुरानो नापीअनुसार रोपनीको चौथाइ अंश; चार आना; एक मुरी माटो । २. घर बनाउने जग्गाको नापीअनुसार चौबीस अङ्गुल वा एक हातबराबरको नापो । वि० ३. त्यति परिमाणको (खेत जग्गा) ।

**जवाइ**– ना० [जानु+आइ] जाने भाव, क्रिया वा प्रक्रिया ।

**जवा कस्तूरी**– ना० [सं०] कस्तूरीजस्तै सुगन्धित, एक प्रकारको झारको बुटी वा औषधी ।

**जवा कुसुम**– ना० हे० जपाकुसुम ।

**जवाखार**– ना० [सं० यव+क्षार] जौको खारबाट बनेको एक प्रकारको नुन; यवक्षार

**जवान**– वि० [फा०] १. जुनसुकै प्राणीको तरुण अवस्था; युवक; पट्ठो; तरुनो; तन्नेरी । २. व्यक्ति; वटा; जना (एक जवान, दुई जवान, पाँच जवान इ०) । ३. बहादुर; वीर । > **जवानी**– ना० जवान हुनाको भाव वा अवस्था; यौवन; तारुण्य; बैंस ।

**जवाहिरात**– ना० [अ०] रत्न, मणिमाणिक्य आदि बहुमूल्य धातु; जुहारत ।

**जस१**– ना० [सं० यश] समाजमा कुनै राम्रो काम गरेबापत पाइने वा देशविदेशसम्म फैलने सुकीर्ति; भलो काम गरेबापतको प्रशंसा; स्याबासी; यश ।

**जस२**– सर्व० [प्रा० जस्स < सं० यस्य] विभक्ति लाग्दा हुने 'जो' शब्दको रूप (जसलाई, जसले, जसको, जसमा इ०) । – **कस**– सर्व० 'जो' र 'को' सर्वनाममा विभक्ति प्रत्यय लाग्दा बन्ने तिर्यक् रूप । (उदा०– जसकसको कुरा सुनेर रिसाउनु राम्रो होइन) । – **कसै**– सर्व० जोकोही; जसतस । – **तस**– जो, त्यो सर्वनाममा विभक्ति वा प्रत्यय लाग्दा सार्वनामिक तिर्यक् रूप (उदा०– जसतसलाई विश्वास गर्नु राम्रो होइन) ।

**जसरी**– क्रि० वि० [जसो+गरी] जसो गरेर; जुनकुनै तरिकाले; जस्ता प्रकारसँग । – **तसरी**– क्रि० वि० कुनै किसिमले; जेजसो गरेर भए पनि; जसोतसो गरी; येनकेन प्रकारेण; जेनतेन ।

**जसिलो**– वि० [जस+इलो] जस पाउने; जस मिल्ने; जस हुने; जसमिल्दो ।

**जसु**– ना० [सं० यश] 'पिनासको कथा'-मा वर्णित एक पात्र ।

**जसे**– ना० [जस+ए] १. नर्तकहरूसँग दाँजिएर ठटचौलो पारामा दर्शकहरूलाई मुटु मिचीमिची हँसाउने पात्र; एक प्रकारको विदूषक; जोकर; ढँटवारे । वि० २. जस पाउने; स्याबासी पाउने; जसिलो ।

**जसो**– क्रि० वि० [जस्तो] जेजुन किसिमको; जस्तोतस्तो । – **तसो**– क्रि० वि० कुनै न कुनै तरिकाले; येनकेन प्रकारेण; जसरी भए पनि ।

**जस्केलो**– ना० घरको मूल ढोकाबाहेकको कोल्टेपट्टिका गारामा राखिएको अर्को ढोका; पार्श्वद्वार; उपद्वार ।

**जस्ता**– ना० [सं० जसद] १. केही कालो वा नीलो खालको सेतो रङ हुने खनिज धातु । २. जस्तापाता; कर्कटपाता ।

**जस्ताको तस्तो**– वि० [सं० यथातथा] पहिलेकै जस्तो रूपरङ्ग वा आकारप्रकारको; जस्ताको तस्तै; यथावत्; उही नै; उस्तै ।

**जस्ता पाता**– ना० [जस्ता+पातो] खास गरी घर, टहरा आदि छाउने काममा प्रयोग गरिने, बीचबीचमा खोल्सीखोल्सी परेको जस्ताको पाता; कर्कटपाता; जस्ता ।

**जस्तै**– क्रि० वि० [जस्तो+ऐ] १. जस्तो नै, जस्तो भए पनि; जस्तोसुकै । २. दृष्टान्तका निम्ति; उदाहरणार्थ ।

**जस्तो**– वि० [सं० यथा] १. जस्तो प्रकारको छ त्यस्तो; जुन किसिमको । क्रि० वि० २. जस्तै; उदाहरणार्थ । – **तस्तो**– वि० जिनतिन; सामान्य; मामुली । – **सुकै**– वि० १. जुनकुनै भए पनि हुने वा नहुने खालको; जुन किसिमकै; जस्तो नै । क्रि० वि० २. जस्तोसुकै; जस्तै भए पनि ।

**जहडी**– वि० [जहड+ई] १. गहिरो असर गर्ने; प्रभाव नपारी नछाड्ने; अचूक (औषधी) । वि० २. आफ्नो व्यक्तित्वले नै प्रभाव पार्ने; हैकम भएको; रबाफिलो । ३. धेरैमध्ये मुख्य; प्रधान । ना० ४. कुनै विषय वा वस्तुको मुख्य कारण; मूलतत्त्व; मुख्य कुरो ।

**जहत्स्वार्थ**– वि० [सं०] शब्द वा वाक्यको अभिधार्थलाई चट्ट छाडेर तात्पर्यलाई ग्रहण गर्ने लक्षणाका विभिन्न भेदमध्ये एक लक्षण ।

**जहदजहल्लक्षणा**– ना० [सं०] शब्द वा वाक्यमा रहेको मूल अर्थलाई केही अंशमा त्याग गर्ने र केही अंशमा नयाँ अर्थमा ग्रहण गर्ने, लक्षणाका विभिन्न भेदमध्येको एक लक्षणा ।

**जहर**– ना० [फा० जह्र] हलाहल; विष । – **बात**– ना० शरीरमा रक्त विकृत भएपछि निस्किने विषाक्त खटिरो । – **वात**– ना० विकृत पानी जमेर अण्डवृद्धि हुने एक रोग; अण्डवृद्धिको रोग । > **जहरिलो**– वि० जहर भएको; विषतत्त्वसहितको; विषाक्त; विषालु ।

**जहल्लक्षणा**– ना० [सं०] अभिधागत अर्थलाई त्यागेर अभिप्रेत वा लक्षित अर्थ बुझाउने लक्षणा; जहत्स्वार्थ ।

**जहाँ**– क्रि० वि० [सं० यत्र] १. जुन ठाउँमा; जुन स्थानमा । २. जुन बेला; जुन बखत; जब । ~ **कहीँ**– क्रि० वि० कहीँ न कहीँ; जहाँ भए पनि; सबै ठाउँमा; जहाँतहीँ; जतातितै । – **तहाँ**– क्रि० वि० जुनसुकै ठाउँमा; जहाँ पायो त्यहीँ; मन लागेको ठाउँमा; जहाँकहीँ । – **तहीँ**– क्रि० वि० जतातितै; जहाँतहाँ नै; जत्रतत्र; सर्वत्र । – **सुकै**– क्रि० वि० जुनसुकै ठाउँमा; जतासुकै; सर्वत्र; सबैतिर ।

**जहाज**– ना० [अ०] ठूलठूला नदी, खाडी र समुद्रमा चल्ने, काठ, फलाम, सिल्भर आदि वस्तुबाट बनेको मानिसहरू आवतजावत गर्ने वा सामान ओसारपसार गर्ने साधन; जलयान; जलपोत । ~ **डुब्नु**– टु० १. जहानकेटाकेटीले ठूलो दुःख पाउने हुनु । २. सिरीखुरी स्वाहा हुनु । ~ **रानी**– ना० १. जलयान सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विभाग वा कार्य । २. प्रमुख जहाज ।

**जहाजी**– वि० [जहाज+ई] जहाजसम्बन्धी; जहाजसँग सम्बन्धित; जहाजको । ~ **केरा**– ना० एक प्रकारको स्वादिलो केरा । ~ **नरिवल**– ना० ठूलो खालको नरिवल; नरिवलका विभिन्न जातमध्ये एक । ~ **नहर**– ना० जहाज चल्न सक्ने ठूलो नहर; नदी वा समुद्रबाट निकालिएको, जहाज चल्ने ठूलो कुलो । ~ **सुपारी**– ना० सिङ्गापुरमा हुने वा पाइने एक जातको सुपारी; ठूला जातको सुपारी ।

**जहान**– ना० [फा० जहाँ] १. एकै भान्सामा खाने व्यक्ति; एकाघरका मानिस । २. स्वास्नीका निमित्त लोग्ने वा लोग्नेका निमित्त स्वास्नी बुझाउने शब्द; सो अर्थमा स्वास्नी वा पत्नी; लोग्ने वा पति । – **परिवार**– ना० एकै परिवारका सानाठूला सबै मानिस; एकै परिवारका सदस्य । ~ **बच्चा**– ना० जहानपरिवार । > **जहानियाँ**– वि० १. ठूलो जहान भएको; ठूलो परिवारको । २. एकै परिवारसँग सम्बन्धित; जहानले नै मिलीजुली सञ्चालित वा उपभोग गरिरहेको (जहानियाँ बन्दोबस्त, जहानियाँ शासन इ०) ।

**जहिले**– क्रि० वि० [प्रा० जह < सं० यर्हि] जुन बेला; जतिखेर; जुन समयमा; जुन बखत । – **सुकै**– क्रि० वि० जुनसुकै समयमा; जहिले भए पनि; जुन बेला पनि ।

**जाँगर**– ना० [सं० जागर] कुनै पनि काम गर्न मनमा उत्पन्न भएको उत्साह; मिहिनेत गर्ने उत्साह वा स्फूर्ति; अल्छीपनाको अभाव । ~ **मरुवा**– वि० कुनै काम गर्ने वा मिहिनेत गर्ने जाँगर नभएको; अल्छी; आलसी; निरुद्योगी । > **जाँगरिया**– वि० काम वा मिहिनेत गर्ने जाँगर भएको; जाँगरिलो; मिहिनेती; परिश्रमी; उत्साही; उद्यमी । **जाँगरिलो**– वि० जाँगरिया ।

**जाँगी**– ना० [जग+ई] घरको सबभन्दा तल्लो तला; घरको सबभन्दा तल्लो भाग; भुइँतला ।

**जाँघ**– ना० [सं० जङ्घा] १. घुँडादेखिमाथिको खुट्टाको अवयव; तिघ्रो; जङ्घा; उरु । २. सुरुवालका दुई खण्डलाई जोड्ने बीचको भाग । – **वाल**– वि० १. तिघ्रे; घुसतिघ्रे; मोटो । २. जाँघ भएको । ३. ठूलो जाँघ भएको (जस्तो– जाँघवाल सुरुवाल) । > **जाँघिया/जाँघे**– ना० १. कम्मरदेखि घुँडासम्म मात्र पुग्ने एक किसिमको सुरुवाल; कट्टु । वि० २. ठूला जाँघ हुने; भुसतिघ्रे; जाँघवाल ।

**जाँच्-नु**– स० क्रि० [जाँच+नु] १. हेरेर वा विचार गरेर ठीकबेठीक, असल कमसल, योग्यअयोग्य छुट्ट्याउनु; परीक्षण गर्नु; पारख गर्नु । २. जाँच लिनु ।

**जाँच**– ना० [सं० याचना] १. ठीकबेठीक, योग्यअयोग्य, साँचोझूटो केकस्तो छ भनी छानबिन गर्ने काम; पारख; छानबिन; छ्यानविचार । २. विद्यार्थीले पाठ्यक्रम पूरा गरेपछि कक्षा वा तहमा उत्तीर्ण हुनको लागि लिखित वा मौखिक उत्तर दिने कार्य; परीक्षा । ३. त्यस्तो परीक्षा लिने कार्य । ~ **आयोग/कमिसन**– ना० १. कुनै विशेष वा असामान्य घटनालाई लिएर सत्य हेतु पत्ता लगाउनका लागि एक वा धेर व्यक्तिको छानबिन समिति । २. त्यसरी छानबिन गरेर निर्णय दिने वा प्रतिवेदन प्रस्तुत गर्ने समिति । > **जाँचकी**– ना० १. जाँच्ने व्यक्ति; परीक्षक । २. निरीक्षक । वि० ३. पारखी; जाँच लिने । ~ **पडताल**– ना० १. जाँचको परिचालन; जाँच्ने कामको सञ्चालन; जाँचबुझ; खोजतलास । २. अनुसन्धान; खोजी; धुइँपत्ताल ।

**जाँचबुझ**– ना० [जाँच+बुझ] कुनै कुरो केकस्तो छ भनी जाँच्ने वा बुझ्ने काम; कुनै कुरो पत्ता लगाउन गरिने खोजी; खोजीनिती; जाँचपडताल । ~ **आयोग**– ना० जाँचआयोग । ~ **केन्द्र**– ना० देशभित्रका सरकारी अड्डाखानामा केकस्तो तरिकाले कामकाज भएको छ भनी जाँचबुझ गर्न र कुनै कार्यालयले गरेको कामकुराका सम्बन्धमा उजुर पर्न आएमा हेरविचार गर्न, साथै देशका महत्त्वपूर्ण पक्षको लेखाजोखा गर्न खडा गरिएको एक अड्डा । ~ **समिति**– ना० पञ्चायती व्यवस्थामा कार्यपालिकाले गरेका कार्यहरू ठीकबेठीक केकस्ता छन् भन्ने पत्ता लगाउन बनेको पञ्चहरूको समिति ।

**जाँचि-नु**– क० क्रि० [जाँच्+इ+नु] १. जाँच गरिनु; परीक्षा लिइनु । २. जाँचको पात्र होइनु ।

**जाँठा/जाँठो**– ना० [सं० जटा] १. जाँठो । २. पुरुषका निम्ति एक अश्लील गाली । ३. लिङ्गको वरिपरि उम्रने रौँ; झाँट; शष्प । ~ **जाँठी**– ना० १. आइमाई र पुरुषको समुदाय (अश्लील अर्थमा) । २. मोरामोरी । > **जाँठी**– ना० आइमाईलाई गाली गर्दा प्रयोग गरिने अश्लील शब्द ।

**जाँड**– ना० १. उसिनेको अन्न कुहाएर मर्चा मिलाई झिकेको नसा लाग्ने रस; अन्न कुहाएर बनाइएको घरेलु मद्यविशेष; छाड; निगार । २. राम्ररी शोधन नगरिएको नेपाली शैलीको बियर । ~ **पानी**– ना० पिउँदा मात लाग्ने जाँड आदि नशालु पदार्थ; जाँडरक्सी ।

**जाँत**– ना० [सं० यात्रा] १. आफ्नो गाउँकी मुख्य देवीको प्रत्येक वर्ष गरिने शोभायात्रा । २. देवयात्रा; जात्रा । ३. रमाइलो दृश्यादिको ताँती हिँडाउने कार्य; झाँकी ।

**जाँते**– वि० [जाँतो+ए] १. जाँतोजस्तो चाक्लो; बाटुलो आकारको । २. जाँतो घुमेजस्तो घुम्ने (पिङ आदि) । ~ **किरो**– ना० जाँतोजस्तो कीरो; चिप्लेकीरो । ~ **तरुल**– ना० जमिनभित्र फल्ने जाँतोका आकारको तरुल; तरुलको एक प्रकार । ~ **थुन**– ना० नझोल्लिई छातीमै अरट्ठ पर्ने ठूलो, गोलो र साह्रो थुन । ~ **दाँत**– ना० ठूलो र चेप्टो बङ्गारो; जाँते बङ्गारो । ~ **पिङ**– ना० दुई वा दुईभन्दा

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



बढी मानिस अनुपात मिलाई एकै चोटि बसी जाँतोझैँ घुमाएर खेलिने पिङ । ~ **पिलो–** ना० जाँतोजस्तो आकारको चाक्लो र बाटुलो पिलो । ~ **फर्सी–** ना० जाँतोजस्तो बाटुलो, थ्याप्चो एवम् ठूलो जातको फर्सी । ~ **बङ्गारो–** ना० जाँते दाँत ।

**जाँतो–** ना० [सं० यन्त्र] ढुङ्गा कोत्रेर दाँत निकालेको एक फग्लैँटो (पोथी फग्लैँटो) तल राखी त्यसको बीचमा माने जडी त्यसै गरी कोत्रेर दाँत निकालिएको अर्को फग्लैँटो (भाले फग्लैँटो) को बीच प्वालमा तल्लो फग्लैँटोको माने घुसारी दुवै फग्लैँटालाई खप्टाई मानेको प्वालबाट अन्नको घान छिराई माथिल्लो फग्लैँटोको एका छेउको डोबमा जडिएको हातो पक्री सो फग्लैँटोलाई घुमाई दुई फग्लैँटाका सङ्घर्षबाट अन्न पिँध्ने एक ढुङ्गे यन्त्र ।

**जा-नु–** अ० क्रि० [सं० यान > प्रा० जाण] १. कुनै चौपाया, दोपाया, पङ्खी आदि पुरानो ठाउँबाट नयाँ ठाउँमा पुग्नु वा पुग्नका लागि हिँड्नु । २. हिँडेर, उडेर वा गुडेर व्यक्ति, वस्तु वा ठाउँलाई छोडी अन्तै कतै पुग्नु वा पुग्नका लागि अघि बढ्नु । ३. हावा, सास आदि खुस्कनु; उम्कनु । ४. छुट्टिनु; बाहिरिनु । ५. मर्नु । > **जाइ–** ना० जाने भाव, क्रिया वा प्रक्रिया । > **जाइनु–** अ० क्रि० जाने होइनु; गइनु ।

**जाइपत्री–** ना० [सं० जाती+पत्री] जाइफलका फूलको वा मुनाको सुकुटी; जाइपत्री ।

**जाइफल–** ना० [सं० जाती+फल] जाइमसलाको फल ।

**जाई–** ना० [सं० जाती] १. नजानिँदो सेतो र पहेँलो रङको लहरा हुने बोटमा फुल्ने फूल । २. जाइफल वा जाइपत्रीको बोट ।

**जाउली–** ना०हे० जाउलो ।

**जाउले–** वि० [जाउलो+ए] जाउलोसम्बन्धी; जाउलोजस्तो; जाउलाको । ~ **गँगटो–** ना० धेरै मासु हुने एक जातको असल गँगटो; भित्र गुदी धेरै हुने गँगटो ।

**जाउलो–** ना० [सं० यवागू+लो] चामलमा नुन मिसाई धेरै पानी हालेर पकाएको गिलो भात; जाउली ।

**जाओ–** ना० [सं० यव] लेकमा हुने एक जातको जौ; विशेष प्रकारको जौ; जई ।

**जाक्-नु–** स० क्रि० १. बलैले हाल्नु; जबरजस्ती हाल्नु; कोच्नु; खाँद्नु । २. कैद गर्नु; थुन्नु । ३. ठेलमठेल गरी खानु; कोचर्नु ।

**जाकड/जाकडी–** ना० [अ० जखीर] १. कसैलाई राख्न दिएका धनमाल; नासो । २. खर्च नगरी राखेको धनमाल; रोकड । ३. सापटी वा ऋण लिँदा लिनेले दिनेकहाँ राखेको धितो; धरौटी । वि० ४. त्यसरी नासो, रोकड वा धितोको रूपमा राखिएको ।

**जाकिनु–** क० क्रि० [जाक्+इ+नु] १. साङ्गुरो ठाउँमा कोचिनु; खाँदिनु । २. खोरमा हुलिनु वा थुनिनु । ३. जेल आदिमा पर्नु; कैद हुनु वा थुनिनु । ४. घ्याँकिनु वा ड्याकिनु । अ० क्रि० ५. फस्नु ।

**जाख्-नु–** स० क्रि० खच्चड, भेडा आदिका पिठिउँमा राखी मालसामान ओसारपसार गर्नु; मालसामान ढुवानी गर्नु; जाग्नु ।

**जाख्ना–** ना० मालसामान ओसारपसार गर्ने भेडा वा च्याङ्ग्राको बथान; जाग्ना ।

**जाग्-नु–** अ० क्रि० [जागा+नु] १. ब्यूँझनु; निद्रा खुल्नु । २. आफ्नो अवस्थाप्रति सचेत हुनु; जागरूक बन्नु । ३. बौरनु; बिउँतनु; होसमा आउनु । ४. तन्त्रमन्त्रमा विश्वास राख्नेहरूका अनुसार भूत, प्रेत, मसान आदि प्रत्यक्ष वा सक्रिय हुनु । ५. झोक्किनु; जङ्गिनु; रन्किनु; जोसिनु । ६. पलाउनु । स० क्रि० ७. खसी, चौँरी आदिको पिठिउँमा सामान लदाएर ओसार्नु; जाख्नु ।

**जागरण–** ना० [सं०] १. मानिसमा हुनुपर्ने आफ्नो कर्तव्य तथा अधिकारको बोध; उद्‌बोधन; जागृति; सचेतता । २. भजन-कीर्तन गरेर रातभर जागा रहने काम; जाग्राम; जागरान; जागराम । – **शील–** वि० सजग वा सचेत हुने स्वभावको; जाग्दै गरेको; बिउँझन थालेको ।

**जागरान/जागराम–** ना० [√ जाग्राम] हे० जाग्राम; जागरण ।

**जागरूक–** वि० [सं०] १. उद्‌बुद्ध; जाग्रत; सचेत । २. जागा रहेको; ब्यूँझेको । ३. होसियार; सतर्क । – **ता–** ना० जागा हुने क्रिया वा भाव; उद्‌बुद्धता; सचेतता ।

**जागा–** वि० [जाग्+आ] १. जागेको; ब्यूँझेको; निद्रा खुलेको । २. जागरूक; सतर्क । ~ **हुनु–** टु० १. निद्राबाट उठ्नु; बिउँझनु (विशेष आदर जनाउँदा) । २. रिसले चूर हुनु; चपर्चण्ड हुनु ।

**जागिनु–** अ० क्रि० [जाग्+इ+नु] जागिएको हुनु ।

**जागित्र–** ना० [सं० जाग्रत्] लौकिक विश्वासअनुसार वायुका रूपमा अदृश्य अवस्थामा हिँड्ने मृतात्मा; प्रेत; पिशाच; जागिर्त ।

**जागिर–** ना० [फा० जागीर] १. सरकारी वा गैरसरकारी सङ्घ, संस्था, कार्यालयमा काम गर्ने पेसा; नोकरी; सेवा । २. त्यसरी काम गरेबापत निश्चित अवधिमा पाउने गरी तोकिएको रकम; तलब; तनखा; वेतन । ३. मुगलकालीन भारतमा बादशाहका तर्फबाट भारदारलाई दिइने उच्च पद वा उक्त पदको आधारमा दिइने भूभाग । – **दार–** ना० १. जागिर वा सेवामा रहेको व्यक्ति; कर्मचारी; जागिरे । २. मुगलकालीन जागिर प्राप्त गर्ने उच्च पदाधिकारी । वि० ३. जागिरवाल । > **जागिरवाल/जागिरे–** वि० १. कुनै सेवामा रहेको । ना० २. कर्मचारी ।

**जागिर्त–** ना०हे० जागित्र ।

**जागृत–** वि० [सं० जाग्रत्] १. जागेको; बिउँझिएको । २. होसमा आएको; बौरिएको; बिउँतिएको । ३. सचेत; होसियार; जागरूक; प्रबुद्ध । ~ **ज्वालामुखी–** ना० लाभाहरू छुटिरहेको ज्वालामुखी; चालू रहेको ज्वालामुखी; जिउँदो ज्वालामुखी ।

**जागृति–** ना० [सं० जागर्ति] जागरण; जागा ।

**जागो–** वि० [जागा+ओ] हे० जागा ।

**जाग्ना–** ना० [सं० यक्षण] १. हिमालवासीहरूले मालसामान लादेर ओसारपसार गर्ने भेडा, च्याङ्ग्रा आदिको बथान । २. त्यसरी

मालसामान ढुवानी गर्ने काम ।

**जाग्रत्–** वि० [सं०] सजग; सचेत; जागेको; ब्यूँतेको; उद्बुद्ध । ~ **स्वप्न–** ना० जाग्रत् अवस्थामा गरिएको स्वप्निल कल्पना; जाग्दाजाग्दै गरिएको स्वप्नजस्तो कल्पना; दिवास्वप्न ।

**जाग्राम–** ना० [सं० जागरण] भजनकीर्तन गरेर रातभर जागा रहने काम; जागराम; जागरान; जागरण ।

**जाङ–** ना० हे० जाँघ । > **जाङे–** ना० कट्टु; जाँघे ।

**जाङ्गल–** वि० [सं०] जङ्गलमा हुने; जङ्गलसम्बन्धी । > **जाङ्गलिक/जाङ्गली–** ना० जिउँदै सर्प समाती त्यसलाई नचाई, खेलाई जीविका गर्ने व्यक्ति; सपेरो; विषवैद्य ।

**जाजर–** ना० सिञ्जाली साम्राज्यका संस्थापक नागराजका निकै पुस्ताअघिका पूर्वज; जाजरकोट नामका धेरै स्थलहरूका संस्थापक । – **कोट–** ना० भेरी अञ्चलमा पर्ने एक जिल्ला; राजा पृथ्वीमल्लले जक्तिसिंहलाई महामण्डलका रूपमा दिएको आधारमा वैकल्पिक रूपमा जक्तिपुरका नामले समेत इतिहासमा प्रसिद्ध एक स्थल ।

**जाजुल्ले–** वि० [सं० जाज्वल्य] १. जल्दोबल्दो । २. मापाको ।

**जाज्वल्य–** वि० [सं०] ज्यादै चम्किलो; खूब उज्यालो; प्रकाशमान; दीप्तिमान; भास्वर; तेजस्वी; जल्दोबल्दो; प्रभावशाली । – **मान–** वि० हे० जाज्वल्य ।

**जाठराग्नि–** ना० [सं०] पेटमा रहेको पाचनशील ताप; खाएको पचाउने ताप; जठराग्नि ।

**जाड–** ना० [सं० जटक] १. आइमाईले झैं लोग्ने मानिसले पनि लामा कपाल पाल्ने हुँदा प्राचीन कालमा नेपालीहरूले भोटेलीहरूलाई दिएको नाम । २. इतिहासप्रसिद्ध दीर्घवेणु जाति । ~ **प्रदेश–** ना० जडान ।

**जाडे–** वि० [जाडो+ए] जाडोमा हुने; जाडोसँग सम्बन्धित । ~ **मार्सी–** ना० जाडो लागेपछि मात्र पाक्ने रातो किसिमको मार्सी धान ।

**जाडो–** ना० [सं० जाड्य] १. चिसोको अनुभव; ठन्डीको अनुभव । २. चिसोपन; ठन्डी । ३. ठन्डा मौसम; शीतकाल । ~ **काट्नु–** ट्० हिउँद महिना बिताउनु ।

**जाड्य–** ना० [सं०]१. जड अवस्था; जडता; मूर्खता । २. जाडोपन; जाडो; ठिही; ठिहिरो ।

**जात–** वि० [सं०]१. जन्मेको; पैदा भएको; उत्पन्न (समासमा मात्र सीमित जस्तै– जातकर्म, स्नेहजात, प्रेमजात, सहजात इ०) । ना० २. वंशपरम्परा, धर्म, गुण, आकृति, वासस्थान आदिका आधारमा विभाजित मनुष्यको जाति वा वर्ग । ३. खाल; किसिम; प्रकार । ४. जङ्गलमा उम्रने रूखहरूमध्ये सरकारले आफ्नो नियन्त्रणमा राखेका रूखको केही प्रकार; राम्रो जातको काठ ।

**जातक–** ना० [सं०]१. भर्खर जन्मेको बालक; नवजात शिशु । २. हिन्दूहरूका सोह्र संस्कारमध्ये नवजात बालकको संस्कार; जातकर्म । ३. नवजात शिशुको शुभाशुभ फल बताउने, फलित ज्योतिषको एक अङ्ग । ४. बुद्धका पूर्वजन्मका कथाहरू लेखिएको ग्रन्थ । – **माला–** ना० बुद्धसम्बन्धी जातकहरूको समुदाय । ~ **सम्बन्धी–** वि० जन्मिएको बालकसँग सम्बन्धित; जन्मविषयक कर्मसँग सम्बन्धित ।

**जातकर्म–** ना० [सं०] बालक जन्मँदा गरिने संस्कार; हिन्दूहरूका सोह्र संस्कारमध्ये एक; जातक ।

**जातदन्त–** वि० [सं०] दाँत उम्रेको; दाँत निस्किसकेको (बालक); दँतिया ।

**जातपक्ष–** वि० [सं०] प्वाँख उम्रेको; प्वाँख पलाइसकेको; पखेटाका रौँ उम्रिसकेको ।

**जात पतित–** वि० [सं० जातिपतित] आफ्नो जातबाट पतित भएको; जातबाट खसेको; जातिच्युत ।

**जात भात–** ना० [जात+भात] रूढि वा परम्परागत जात र जातअनुसार चल्ने वा नचल्ने भातभान्सा । (उदा०– राणाकालमा कुनै तागाधारीले मतवालीको हातको भात खायो भने वा पानी नचल्ने जातकी स्वास्नी ल्यायो भने उसमाथि जातभातको मुद्दा चल्न सक्थ्यो) ।

**जातमारा–** वि० [जात+मारा] १. जात मार्ने; बलैले अरूको जात लिने । २. कुनै स्त्रीलाई जबरजस्ती करणी गरेर जात लिइदिने ।

**जात हटक–** ना० [जात+हटक] १. रूढिगत चलनअनुसार जातका नियम नमान्नेलाई भातभान्सा, बिहेबटुलो आदिबाट गरिने बहिष्कार । वि० २. त्यसरी बहिष्कार गरिएको ।

**जाति१–** अव्य० [सं०] खास थोक, व्यक्ति वा पदार्थको बोध हुने एक प्रत्ययधर्मी शब्द; चाहिँ; थोक (केजाति, कोजाति आदि) ।

**जाति२–** ना० [सं०]१. राष्ट्रियता र भौगोलिक सीमाका आधारमा छुट्टिने मनुष्यका जातिको विभाग । २. हिन्दू समाजमा वंशपरम्परा, संस्कार, धर्म, कर्म आदिका आधारमा छुट्टिने बाहुन, छेत्री आदि जात । ३. शारीरिक बनावट, आकारप्रकार, गुण, स्वभाव आदिका आधारमा छुट्टिने वा चिनिने स्थावर, जङ्गम आदिको विभाग । ४. आर्या, गीति आदि मात्रिक छन्द । ~ **च्युत–** वि० जातिबाट पतित भएको; जातिबाट खसेको । – **त्व–** ना० जातिको भाव, गुण वा विशेषता; जातिलाई छुट्ट्याउने कुरो । ~ **धर्म–** ना० १. कुनै जातिमा रहने विशेष गुण, स्वभाव वा धर्म; जातिविशेषको विशेषता । २. जातिले पालन गर्नुपर्ने धर्म वा नियम । – **नाम–** ना० एउटालाई चिनेपछि त्यसको गठन, आकारप्रकार आदिबाट त्यस जातका अरूलाई पनि चिनिने खालको वस्तुको नाउँ; जातिवाचक नाम (घोडा, मान्छे, रूख, कीरो इ०) । ~ **पाँती/पाती–** ना० हिन्दू समाजमा वंशपरम्परा, संस्कार, धर्म, कर्म आदिका आधारमा छुट्टिने बाहुन, छेत्री आदि जातिको विभाग; जातीय विभाग; जातिभित्रका उपविभाजन वा पङ्क्ति । ~ **भेद–** ना० जातीयताको आधारमा गरिने भेदभाव; भिन्नभिन्न जातिहरूमा एक जातिले अर्को जातिलाई होच्याउने प्रवृत्ति; सङ्कीर्ण जातीयता;

जातिवाद । ~ **भ्रंश**– ना० जातिबाट पतन हुने स्थिति; जातिच्युति । ~ **भ्रष्ट**– वि० जातिबाट पतित; जातिबाट खसेको; जातिच्युत । ~ **वाचक**– वि० १. सामान्य रूपमा सबै किसिमका वस्तुको नाम चिनाउने; सबै किसिमका वस्तुको जातिलाई बुझाउने; जातिबोधक । ना० २. व्याकरणमा नामका पाँच भेद मानिँदा हुने एक भेद । – **वाद**– ना० १. कुनै जातिले आफूलाई अरू जातिभन्दा श्रेष्ठ सम्झने मत; जातीय श्रेष्ठताको सिद्धान्त । २. आफ्नो जातिका व्यक्तिलाई नोकरी आदिमा प्राथमिकता वा विशेष सुविधा दिने प्रवृत्ति । ३. सङ्कीर्ण जातीयता; सम्प्रदायवाद । ~ **विद्वेष**– ना० १. जातिगत आधारमा गरिने शत्रुता । २. सजातीय बन्धुहरूसँगको वैरभाव । ~ **वैर**– ना० भिन्नभिन्न जातका जीवहरूमा एक जातका जीवको अर्को जातका जीवसँग हुने प्राकृतिक वा वंशगत शत्रुता अथवा सहप्रजनन आदि गुणको अभाव । ~ **व्यवसाय**– ना० कुनै जातका मानिसले विशेष रूपमा गर्ने गरेको धन्दा; जातिविशेषको पेसा; जातिअनुसारको इलम । ~ **सङ्कर**– ना० भिन्नभिन्न जातका स्त्रीपुरुषको सम्पर्कबाट जन्मिएको सन्तान; वर्णसङ्कर । – **स्मर**– वि० आफ्ना पूर्वजन्मका कुरा सम्झन सक्ने । ~ **स्वभाव**– ना० जातिगत स्वभाव; जातिबाट आउने स्वभाव; जातीय स्वभाव; जातीय गुण । ~ **हत्या**– ना० जाति नै नाश हुने काम; जातिलाई नै मास्ने क्रिया; जातिवध । – **हीन**– वि० १. मानवकल्पित कुनै जाति नअँगालेको; कुनै जातिविशेषसँग सम्बद्ध नभएको । २. कुनै देशको पनि नागरिकता नलिएको । ३. जातिसम्बन्धी सामान्य मान्यताभन्दा माथि उठेको । ४. जातिबाट पतित; जातिबाट खसेको । ५. नीच जातिको; तुच्छ जातिको ।

**जाती१**– वि० [सं० जातीय/जात्य] अरूलाई हित गर्ने; असल स्वभावको; असल; राम्रो; भलो; बेस ।

**जाती२**– ना० [सं०] १. पहेँलो जाईको फूल वा त्यसैको बोट । २. चमेलीका जातको फूल वा बोट । ३. जाइफल ।

**जाती३**– वि० [जा+ती] १. आरम्भबिन्दुबाट रवाना भएर हिँडेको; उतातिर गएको (जाती रेल, जाती गाडी आदि) । २. कतै जाँदाको (खर्च आदि) । विप० आती । ~ **आती**– वि० १. जाँदा र आउँदाको (खर्च, भाडा इ०) । २. जाने र फर्केर आउने; जाँदो र फर्केर आउँदो; अप-डाउन (रेल गाडी, जहाज इ०) ।

**जातीफल**– ना० [सं०] हे० जाइफल ।

**जातीय**– वि० [सं०] १. जातको; आफ्नै जातको ; जातिसम्बन्धी । २. कुलीन । ३. साम्प्रदायिक । – **ता**– ना० १. जातीय गुण वा विशेषता । २. जातिप्रतिको आत्मीयता । ३. साम्प्रदायिकता ।

**जात्य**– वि० [सं०] १. उच्च कुलमा जन्मेको; कुलीन; अभिजात । २. श्रेष्ठ; उच्च ।

**जात्यन्ध**– वि० [सं०] १. चर्को जातीयभावनाले गर्दा विवेकहीन बनेको; आफ्नो जातिको अन्धसमर्थक; साम्प्रदायिक । २. जन्मदेखि नै अन्धो; जन्मजात अन्धो; जन्मान्ध ।

**जात्रा**– ना० [सं० यात्रा] १. देवदेवीका स्थानमा निश्चित दिनमा पूजाआजासहित मनाइने विशेष प्रकारको उत्सव; यात्रा । २. दुःख; हन्डर; दुर्दशा । ३. बेइज्जती । – **मात्रा**– ना० सानाठूला जात्रा र मेला । > **जात्रु/जात्रे**– ना० १. जात्रामा सम्मिलित व्यक्ति वा व्यक्तिसमूह । वि० २. दुःख वा हन्डरमा परेको । ३. बेइज्जत भएको । ४. निर्लज्ज; गाईजात्रे ।

**जादु**– ना० [फा० जादू] १. सामान्यतया असम्भव र आश्चर्यजनक कुरालाई हातको सीप वा अन्य कुनै गुप्त तरिकाले सम्भवजस्तो बनाई देखाउने काम; इन्द्रजाल; चटक । २. टुना; टुनामुना; मोहनी । ~ **कर्म**– ना० जादुगरी; जादुविद्या ।

**जादुगर**– ना० [फा० जादूगर] जादु गर्ने व्यक्ति; चटक देखाउने व्यक्ति; चटकी । स्त्री० जादुगर्नी । ~ **विद्या**– ना० जादुगरको विद्या; जादुगरी । > **जादुगरी**– ना० १. जादुको काम; जादु गर्ने विद्या; जादुविद्या; जादुकर्म । २. जादुगरको स्वभाव, काम वा पेसा ।

**जाद्रो**– वि० [अ० जिआद] १. भनेको नमान्ने; जति गाली गरे वा पिटे पनि तह नलाग्ने; ज्याद्रो । २. कडा स्वभावको; कठोर; कडा । ३. छिनाल्न वा फोर्न सजिलो नभएको; साह्रो; बलियो ।

**जान्-नु**– स० क्रि० [प्रा० जाण < सं० ज्ञा+नु] १. थाहा पाउनु; ज्ञान प्राप्त गर्नु; बुझ्नु; चाल पाउनु । २. चिन्नु; परिचय प्राप्त गर्नु । ३. चेत्नु; अनुभव गर्नु ।

**जानकार**– वि० [सं० ज्ञानकार] १. जानेसुनेको; जानिफकार; जान्ने; बुझेको; बुझकी । २. सिपालु; विद्वान् । > **जानकारी**– ना० थाहा वा ज्ञान हुनाको स्थिति; ज्ञानलाभ; ज्ञानार्जन । २. ज्ञान; थाहा ।

**जानकी**– ना० [सं०] रामायण महाकाव्यका अनुसार जनककी छोरी; रामकी पत्नी; सीता । ~ **नवमी**– ना० वैशाख शुक्ल नवमीका दिन जानकीको जन्मोत्सवका रूपमा जनकपुर धाममा मनाइने एक पर्व वा उत्सव । ~ **मन्दिर**– ना० नेपालको जनकपुर अञ्चलको सदरमुकाम तथा सीताजीको जन्मस्थल जनकपुरमा रहेको सीताजीको प्रसिद्ध मन्दिर ।

**जान पत्यार**– ना० [जान+पत्यार] राम्रो चिनाजानी र भरविश्वास; राम्रो जानपहिचानले गर्दा पैदा भएको विश्वास ।

**जानपद**– ना० [सं०] १. जनपदका बासिन्दा । २. गाउँ, जिल्ला वा अञ्चलका बासिन्दा । ३. मानवसमाजले बसोबास गरेको ठाउँ । वि० ४. जनपदसम्बन्धी । ~ **दीर्घ सेवा पट्ट**– ना० अविच्छिन्न तीस वर्ष सेवा गर्ने कर्मचारीलाई प्रदान गर्ने उद्देश्यले १९९४ सालमा स्थापित एक पदक । – **सेवापदक**– ना० निरन्तर पन्ध्र वर्ष सेवा गर्ने कर्मचारीलाई प्रदान गर्ने उद्देश्यले २०२३ मा स्थापित एक पदक ।

**जान पहिचान/जान पहिचानी**– ना० [सं० ज्ञानप्राभिज्ञान+(ई)] चिनाजानी; चिनजान; परिचय ।

**जान बुझ**– ना० [जान+बुझ] १. जान्ने र बुझ्ने कार्य; जाँचबुझ ।

वि० २. जानेको र बुझेको; अनुभवी; जानिफकार । क्रि० वि० ३. जानाजानी; जानीजानीकन ।

**जानाजान–** क्रि० वि० [जान्+आ+जान्] १. जान्दाजान्दै; जानाजानी; जानीबुझी; जानबुझ । २. हाकाहाकी; थाहा दिएरै । ना० ३. परस्परको परिचय वा ज्ञानलाभ । ४. लगातार जान्ने वा चिन्ने कार्य । > **जानाजानी–** क्रि० वि० जान्दाजान्दै; थाहा पाउँदापाउँदै; हाकाहाकी ।

**जानिफकार–** वि० [अ० जानिब+कार] १. मान्यवर; ज्ञानवृद्ध । २. जान्ने-बुझ्ने; जानकार । > **जानिफकारी–** ना० जानिफकार हुनाको गुण वा विशेषता; जानिफकारको गुण, विशेषता वा क्षमता ।

**जानु–** ना० [सं०] शरीरमा तिघ्रा र पिँडौलाका बीच हाडको पाङ्ग्रे जोर्नी भएको ठाउँ; घुँडो ।

**जान्ने–** वि०/ना० [जान्+ने] १. जानेको; सिपालु; पोख्त; प्रवीण । २. गुणी; ज्ञानी । ३. झारफुके काम गर्ने (धामी, झाँक्री आदि) । ~**कथा–** ना० भन्नेले सुन्नेलाई प्रश्नका रूपमा सोध्ने र सुन्नेले जाने जवाफ दिने, नजाने कुनै गाउँ दिएर भन्नेसँग नै कथाको आशय सोध्ने, विशेषतः गाउँले समाजमा प्रचलित कथा; गाउँखाने कथा । ~**सुन्ने–** वि० धेरै कुरा जाने-बुझेको; जानेसुनेको; अनुभवी; सिपालु; जानिफकार ।

**जाप–** ना० [सं० जप] हे० जप । > **जापक–** ना० ठूलाठूला यज्ञमण्डपमा वा कुनै कर्मविशेषमा विघ्नशान्तिका निम्ति कुनै देवीदेवताको मन्त्र जप्ने व्यक्ति; ऋत्विक् ।

**जापान–** ना० [अङ्० जापान] एसियाको सुदूर पूर्वमा रहेको एउटा प्रसिद्ध देश ।

**जापानी–** वि० [जापान+ई] १. जापानसम्बन्धी; जापानको । ना० २. जापानको भाषा; जापानका बासिन्दा वा नागरिक । ~**बाजा–** ना० टाइपराइटरका जस्ता तेइसवटा पर्दा हुने, चारदेखि दसवटासम्म तार हुने र जवाले बजाइने एक थरी बाजा; टेसोकोटो ।

**जाफत–** ना० [अ० जियाफत] साथीभाइहरू मिलेर गरिने ठूलो भोज; रमाइलो भोज; प्रीतिभोज ।

**जाबा–** ना० [सं० यव] इन्डोनेसियाको एक प्रान्त । ~**मानव–** ना० एसिया, युरोप र अफ्रिकामा पाइएको अति प्राचीन मानव (होमो एरेक्टस) मध्ये जाबामा फेला परेको मानव; त्यसैको अश्मीभूत अवशेष ।

**जाबी१–** ना० [सं० याप्य (डोली)+ई] काखीमनि लर्किने गरी कुममा भिरिने जालीदार झोली; चरा आदि राख्ने जालीदार थैलो ।

**जाबी२–** वि० [जाबो+ई] धेरै महत्त्व नभएकी; कम महत्त्वकी; सानी; साधारण; तुच्छ (स्त्री) ।

**जाबे–** वि० १. जाबीजस्तो । ना० २. जाबे खटिरो । ~**खटिरो–** ना० जाबीझैँ भई शरीरभरि आउने र चिलाउने एक किसिमको खटिरो; सिकसिको आदिले र खाद्य औषधीको अफापले गर्दा जीउभरि अथवा जीउको कुनै भागमा बरर्र उछिएर आउने चर्मविकार । ~**च्याउ–** ना० जमिनमा उम्रने, खैरो रङको, जाबीझैँ बुट्टा परेको; घोप्टचाइएको सोलीका आकारको गनाउने, खान नहुने र खाएमा जाबे खटिरोझैँ उछ्रने एक जातको च्याउ । ~**भूत–** ना० जाबी भिरेर हिँड्छ भन्ने विश्वास गरिएको एक भूत; जाबे रोग ल्याउने कारण मानिएको सोही भूत ।

**जाबो–** ना० १. काखीको भुत्ला; खकुन्डीको भुत्ला । वि० २. तुच्छ; साधारण; कम महत्त्वको ।

**जाब्ता–** ना० [अ० जाब्त] १. दुई सरकारका बीचमा भइपरी आउने व्यवहारसम्बन्धी व्यवस्था मिलाउन बनेको ऐन । २. नियमकानुन; व्यवस्था; जाफ्ता ।

**जाम–** ना० [अङ्० ज्याम] १. कुनै कारणबाट बाटो रोकिँदा यातायातका साधन र मानिसहरूको भीडले आवागमनमा भएको गतिरोध; ठेलमठेल; ठसाठस । २. कस वा खिया लाग्नाले कुनै बट्टा आदिको बिर्को वा कैँची घुम्न, चल्न अप्ठ्यारो परेको अवस्था । ३. कुनै गुलियो फलको रस पकाई बाक्लो बनाइएको खाद्य पदार्थ ।

**जामदग्न्य–** ना० [सं०] १. जमदग्निका छोरा; परशुराम । २. भार्गवगोत्रका पाँच प्रवरमध्ये एक ।

**जामन–** ना० [जाम+अन] दही जमाउँदा दूधमा हाल्ने बीउ; जोडन ।

**जामा–** ना० [अ० जाम] १. कम्मरदेखि गोलीगाँठासम्म आउने, कम्मरमा मुजैमुजा पारी बनाइएको तलतिर खुला भएको लहँगा; मुजैमुजा परेको, कम्मरदेखि गोलीगाँठासम्म पुग्ने, पुरुषजातिले लाउने एक किसिमको पुरानो पोसाक । २. केटीले लाउने फ्रक ।

**जामाता–** ना० [सं०] छोरी वा बहिनीको लोग्ने; ज्वाइँ ।

**जामा पगरी–** ना० [जामा+पगरी] विवाहमा दमाईँहरूको नाइकेले पाउने शिरपाउ; नेग; सम्मान ।

**जामुन/जामुनो–** ना० [सं० जम्बू] केसरका आकारका सेता फूल फुल्ने, गाढा प्याजी रङको फल फल्ने एक जातको रूख वा त्यसैको फल ।

**जाम्बवती–** ना० [सं०] १. छेउमा दाँती परेका पात हुने, नीला फूल फुल्ने र राता फल फल्ने एक किसिमको भुइँझार । २. भागवत पुराणअनुसार जाम्बवान्‌की छोरी; कृष्णकी एक पत्नी ।

**जाम्बवान्–** ना० [सं०] १. रामायणको कथाअनुसार लङ्का विजय गर्न रामचन्द्रलाई सहायता गर्ने सुग्रीवका एक मन्त्री । २. भागवतको कथाअनुसार स्यमन्तक मणिलाई लिएर कृष्णसँग युद्ध परेको र हारेपछि मणिसहित छोरी जाम्बवती कृष्णलाई दिन बाध्य भएको एक भालुनरेश ।

**जायज–** वि० [अ०] चित्तबुझ्दो; न्यायसङ्गत; उचित; मनासिब ।

**जायजन्म–** ना० [सं० जाया+जन्म] विवाहिता पत्नीबाट छोराछोरीको जन्म; सन्तानोत्पत्ति; जायाजन्म ।

**जायजा**– ना० [अ० जायज] गरिएका कामकुराको उचित विवरण; तथ्याङ्क; कैफियत ।

**जायजात**– ना० [फा० जायदाद] १. कसैको स्वामित्वमा रहेको चलअचल वस्तु; जेथाजमिन; श्रीसम्पत्ति । २. सरकारद्वारा कसैको स्वामित्वमा भएको सम्पत्ति दण्डस्वरूप लिने काम; सर्वस्व गर्ने काम; स्वामित्वहरण; सर्वस्व ।

**जायजेथा**– ना० [फा० जायद+सं० यथा] कसैको स्वामित्वमा रहेको चलअचल सम्पत्ति; श्रीसम्पत्ति; घरजग्गा, बस्तुभाउ आदि ।

**जायदात**– ना० [फा० जायदाद] हे० जायजात ।

**जाया**– ना० [सं०] स्वास्नी; पत्नी; जोई । ~ **जीव**– वि० १. स्वास्नीको सम्पत्तिमा बाँचेको; स्वास्नीको कमाइ खाने; जायानुजीवी । २. नट; नटुवा । ३. वेश्यापति । ~ **पति**– ना० लोग्नेस्वास्नी; पतिपत्नी; दम्पती ।

**जार१**– ना० [ल्या० सीजर] रूसका पुराना बादशाहको उपाधि ।

**जार२**– ना० [सं०] १. पोइल गएकी स्त्रीको पहिलो पतिले नयाँ चाहिँलाई भन्ने शब्द । २. अर्काकी विवाहिता पत्नीसँग सम्भोग गर्ने व्यक्ति; उपपति; नाठो । ~ **कर्म**– ना० १. जारको काम; परस्त्रीसँग अवैध रूपमा राखिने यौनसम्बन्ध; व्यभिचार । २. अर्काकी पत्नीलाई हरण गरी आफ्नी पार्ने कार्य; जारी । – **ज**– वि० १. जारका तर्फबाट पैदा भएको । ना० २. जारबाट उत्पन्न भएको छोरो । ३. नवजात शिशु; औरस भएनभएको लक्षण विचार गरिने एक प्रकारको योग अर्थात् फलितयोग । ~ **जन्मा**– वि० जारज । ~ **पुत्र**– ना० जारबाट जन्मेको सन्तान; जारज । – **पुत्री**– ना० जारबाट जन्मेकी छोरी; जारकी छोरी ।

**जार साही**– ना० [जार+शाही] रुसमा समाजवादी व्यवस्था कायम हुनुभन्दा पहिलेका शासक जारहरूको शासनव्यवस्था ।

**जारिणी**– ना० [सं०] कुनै अर्को पुरुषसँग प्रेम गर्ने स्त्री ।

**जारी१**– वि० [अ०] १. चलेको; चलनचल्तीको; प्रचलित; चालू । २. लागू गरिएको । ३. प्रकाशमा ल्याइएको (ऐन, संविधान, ताम्रपत्र, शिलापत्र, आदेश इ०) ।

**जारी२**– ना० [सं० जार+ई] अर्काकी पत्नीलाई राजी गराई आफ्नो घरमा ल्याई स्वास्नी बनाउने काम; परस्त्री ल्याउने वा हरण गर्ने प्रथा; जारकर्म । ~ **कर्म**– ना० जारी । ~ **खत**– ना० १. साधुले जारबाट कानुनअनुसार भराइपाउने विवाहखर्च । २. साधुले जारलाई कानुनअनुसार गराउन पाउने दण्ड वा सजाय ।

**जारो**– ना० राँबाको बिँड ।

**जाल१**– ना० [अ० जअल] अर्कालाई फसाउन गरिएको षड्यन्त्र; अर्कालाई धोका दिने काम; कपट; झेल; बखेडा; जालझेल ।

**जाल२**– ना० [सं०] १. प्वालैप्वाल हुने गरी धागो, तार आदिबाट बुनेको वस्तु । २. चरा, माछा आदि अल्झाउने पासो । ३. माकुराको गुँड; जालो । ४. आँखाका नानीमा लाग्ने सेतो पर्दा । ५. चटक; जादु । ६. घरमा प्रकाश वा हावा छिर्न बनाइएको वास्तुशिल्प; वातायन; झ्याल । – **कारक**– वि० १. जाल बनाउने । ना० २. माकुरो । – **जीवी**– वि० १. जालका भरमा बाँच्ने । ना० २. माझी । ३. व्याधा ।

**जाल झेल**– ना० [जाल+झेल] १. कपटपूर्ण व्यवहारले अरूलाई फसाउने काम; जाल; छल; धोका । २. बखेडा । ३. कूटनीति; दाउपेच ।

**जालन्धर**– ना० [सं०] १. पार्वतीप्रति कुदृष्टि राखेकाले शिवजीद्वारा मारिएको, पुराणप्रसिद्ध एक वीर पुरुष । २. उहिले सिञ्जासाम्राज्यमा थिए भनी अनुश्रुतिमा चर्चित एक प्रसिद्ध राजा । ३. भारतको पन्जाब प्रदेशमा स्थित एक नगरको नाम । ~ **विद्या**– ना० जादु; इन्द्रजाल । > **जालन्धरी**– वि० १. टुनामुना जान्ने; औतारी । २. सिञ्जाका अनुश्रुत राजा जालन्धर ।

**जालपाद**– ना० [सं०] पन्जाका बीचमा पातलो छाला हुने प्राणी; हाँस ।

**जालपुरेनी**– ना० [जाल+पुरेनी] ठूलो खालको पुरेनी जडेलो ।

**जालरन्ध्र**– ना० [सं०] १. जालको प्वाल । २. त्यस्तै प्वाल हुने आँखीझ्याल ।

**जाललौरो**– ना० [जारो+लौरो] जौ चुट्ने लौरोजस्तो औजार ।

**जालसाज**– ना० [अ० जअल+फा० साज] १. जालझेल; धुर्त्याइँ; कपट; धोका । २. नभएका झुट्टा कुरा गरेको वा भएको हो भनी अङ्क, मिति, बेहोरा आदि फरक पारी लेखेर सहीछाप गरी लिने वा दिने काम । वि० ३. धोकेबाज; कपटी; झूटो कामकारबाई गर्ने । > **जालसाजी**– ना० १. जालसाजको काम वा व्यवहार । २. जालसाज ।

**जालिका**– ना० [सं०] १. सानु जाली । २. घुम्टी; घुम्टो ।

**जालिनी**– ना० [सं०] १. चित्र बनाउने ठाउँ; चित्रशाला । २. घिरौँलो; तोरियाँ ।

**जाली१**– वि० [अ० जअली] १. अर्काप्रति झूटो र कपटपूर्ण व्यवहार गर्ने; जालसाज; कपटी । २. नकली (कागतपत्र, नोट, चेक आदि) । ३. इन्द्रजाल, टुना वा जादु गर्ने; इन्द्रजाली; जालन्धरी; औतारी ।

**जाली२**– ना० [सं० जाल] १. बीच-बीचमा आँखीझ्यालजस्तो तर ससाना प्वालैप्वाल पर्ने गरी खाली ठाउँ राखेर बुनिएको वस्तु; जाल । २. आँखाका नानीमा पर्ने सेतो पर्दा । – **दार**– वि० जाली भएको; प्वालैप्वाल भएको; जाली पारेर बनाइएको । – **फुल**– ना० ससाना लाम्चिला पात हुने एक किसिमको वनस्पति वा त्यसैको फूल ।

**जाले**– वि० [जाल+ए] १. जाल बुन्ने वा जाल हान्ने पेसा लिएको । २. जालसम्बन्धी; जालको; जालजस्तो । ~ **च्याउ**– ना० जालीको जस्तो बुट्टा हुने एक प्रकारको गनाउने बिखालु च्याउ । – **माले**– वि० १. जालझेलले भरिएको । २. शृङ्खला नमिलेको । ३. स्पष्ट नभएको । ना० ४. आलेटाले ।

**जालो**– ना० [सं० जालक > प्रा० जालओ] १. माकुराको जालीदार गुँड । २. छिप्पिएका घिरौँला, रामतोरियाँ (पाटे घिरौँला) आदिको

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



भित्रपट्टि हुने जाली । ३. आँखाको नानीमा पर्ने सेतो पर्दा । ४. मरणासन्न बिरामीका आँखामा लाग्ने पातलो झिल्ली । ५. पूर्वाग्रह र मूढाग्रहले गर्दा बुद्धिमा आउने ह्रास; विवेकहीनता ।

**जावत आवत–** ना० [जाउ+अत+आउ+अत] जानेआउने काम; आवतजावत; आवागमन ।

**जासुस–** ना० [फा० जासूस] १. गुप्त रूपले अपराधको अन्वेषण गर्न वा शत्रुपक्षको भेद थाहा पाउन सरकारका तर्फबाट खटाइएको व्यक्ति; गुप्तचर; गुप्त पुलिस । २. चियो; चेवा । > **जासुसी–** ना० १. जासुसले गर्ने काम । वि० २. जासुससम्बन्धी; जासुसको; गुप्तचरीय ।

**जाहेर–** वि० [अ० जाहिर] १. प्रकाशमा आएको; अवगत भएको; ज्ञात; प्रकट । ना० २. सूचित गर्ने वा अवगत गराउने कार्य । **– वाला–** वि० १. जाहेर गर्ने; उजुर गर्ने; उजुरवाला । २. अवगत गराउने । ना० ३. त्यस्तो काम गर्ने कुनै पदाधिकारी वा व्यक्ति । > **जाहेरी–** ना० १. तल्ला कर्मचारीले उच्च पदाधिकारीलाई र तल्ला कार्यालयले माथिल्ला तहका कार्यालयलाई अवगत गराउने कार्य वा प्रणाली । वि० २. त्यस्तो कार्य वा प्रणालीसँग सम्बन्धित (जाहेरी फाँट, जाहेरीपत्र, जाहेरी विभाग इ०) ।

**जाह्नवी–** ना० [सं०] १. जह्नु राजाकी पुत्री । २. गङ्गा नदी; भागीरथी ।

**जिउँ–** वि० [सं० *यतिम् (यति)] १. जस्तो । २. जतिको । ३. जत्रो; ज्यूँ । **– का तिउँ–** वि० १. जस्तो थियो उस्तै; जस्ताको तस्तो । २. अर्को जत्तिको छ उत्तिकै; बराबरको । ३. पहिले जति थियो उत्तिकै; जत्तिका तत्ति; यथावत् । क्रि० वि० ४. यथावत् रहने गरी; यथावत् स्थितिमा । **– तिउँ–** क्रि० वि० जिनतिन; जसोतसो गरेर; जेनतेन; जसरीतसरी ।

**जिउँदो–** वि० [सं० जीवन्त] नमरेको; जीवित; प्राणवान् । **– पन/पना–** ना० व्यक्तिको फुर्ती, तेज वा आँट; प्राणमयता ।

**जिउ–नु–** अ० क्रि० [सं० जीवन] १. बाँच्नु; जीवित रहनु । २. गुजारा गर्नु; जीवननिर्वाह गर्नु । (उदा०– कतिपय नेपालीहरू ढिँडो र गुन्द्रुकका भरमा जिउँछन्) ।

**जिउ१–** ना० [सं० जीव] १. शरीरका शिरदेखि पाउसम्मका सम्पूर्ण अवयव; हर; देह; शरीर । २. आदरणीय व्यक्ति । ३. ढोग; ठूलीठूली (बालबोलीमा) । ४. आदर; सम्मान । वि० बो० ५. प्रायः समस्तरीय व्यक्तिले डाक्ता डाक फर्काउन वा बोल्दा सही थाप्न मुखबाट निकालिने शब्द; हजुर; ज्यू । ~ **छाडा–** वि० १. सानोतिनो सङ्कटमा पनि लत्तो छाड्ने वा ज्यादै हतास हुने; आफ्नो दुःख बढाईचढाई भन्ने; आफूलाई भएको दुःखभन्दा बढी दुःख देखाउने; हत्तेहाला । २. जीउको माया नभएको । ना० ३. त्यस्ता स्वभावको व्यक्ति । ~ **जमानी–** ना० कसैको जमानतका रूपमा राखिएको मानिस; जिम्माजमानी । ~ **जीउ–** ना० १. चाहिँदोभन्दा ठूलो सम्मान । वि० बो० २. जीउभन्दा पनि ठूलो सम्मानसूचक वचन; हजुरहजुर । ~ **जुको–** ना० प्राणीका पेटभित्र हुने एक खालको जुको; मूलजुको । (यो मऱ्यो वा बाहिर निस्कियो भने प्राणी मर्छ भन्ने धारणा छ) । ~ **डाल–** ना० शरीरको रचना; शारीरिक बनोट वा ढाँचा; जीउको डौल ।

**जिउ२–** वि० बो० [सं० जीव] १. शिष्टाचार वा आदरमा उच्चारण गरिने शब्द; ज्यू; हजुर । २. ढोग (बालबोलीमा) ।

**जिउता–** ना० [सं० जीवन्ती] जिन्दगी; जनम; जिउतो (जस्तो– जिउताभर) ।

**जिउती–** ना० [सं० जीवन्ती] विवाहमा मातृकापूजा गरेका ठाउँमा टाँगिने चित्र । ~ **कोठा/कोठो–** ना० १. विवाहमा दुलाहादुलहीले प्रथम रात चुलेवास बस्ने कोठो । २. प्रथम मधुरात्रिको लागि तयार पारिएको वा रोजिएको कोठो ।

**जिउतो–** ना०हे० जिउता ।

**जिउधन–** ना० [सं० जीव+धन] आफ्नो जीवन र भएभरको श्रीसम्पत्ति; जीवनधन; सर्वस्व ।

**जिउनार–** ना० [सं० जेमनकार] १. खाने क्रिया वा काम; भोजन गर्ने क्रिया वा काम । २. खाने क्रिया वा कामका लागि अभिजातवर्गमा प्रयोग गरिने शब्द; ज्युनार ।

**जिउनी–** ना० [सं० जीवन+ई] १. सन्तानहरूलाई सम्पत्तिको अंशबन्डा गर्दा आमाबाबुले आफ्ना लागि छुट्ट्याएको भाग; जीउनी । २. अंशको सट्टा जीवननिर्वाहका लागि अंशभन्दा केही घटी वा बढी गरी दिइएको सम्पत्ति ।

**जिउपाला–** वि० [जीउ+पाला] १. जहानबच्चाको वास्ता नगरी आफ्नो मात्र पेट पालेर हिँड्ने; परिवारका अरू सदस्यको कुनै पर्बाह नगरी आफ्नो मात्र पेट भर्ने । ना० २. त्यस्तो व्यक्ति ।

**जिउपालो–** ना० [जीउ+पालो] जीउ पाल्ने काम; खाइजीविका; पेटपालो; जीविका ।

**जिउमारा–** वि० [जीउ+मारा] १. खानपान तथा स्वास्थ्यको वास्ता नगरी आफ्नो शक्ति र सामर्थ्यभन्दा बढी मरिमेटेर काम गर्ने; जीउलाई साह्रै दुःख दिने; आत्मघाती । २. अर्काको हत्या गर्ने; हत्यारा; ज्यानमारा । ना० ३. त्यस्तो स्वभावको व्यक्ति ।

**जिउलो–** ना० धानको खेती हुने ठाउँ; धानको खेती हुने फाँट; धानखेत; धनहर जग्गा ।

**जिउसाँचा–** वि० [जीउ+साँचा] शरीरलाई परिश्रम पर्ला वा शरीर कमजोर होला भनेर सक्तो काम पनि नगर्ने; कामचोर ।

**जिकिर/जिक्री–** ना० [अ० जिक्र] १. कुनै मुद्दाको बहसका सिलसिलामा वादी वा प्रतिवादीतर्फको मुख्य भनाइ । २. कुनै कुराको प्रसङ्ग; चर्चा ।

**जिगमिषा–** ना० [सं०] जाने इच्छा; कुनै ठाउँमा पुग्ने चाहना ।

**जिगीषा–** ना० [सं०] जित्ने इच्छा; विजयको अभिलाषा । > **जिगीषु–** वि० जित्न चाहने; विजयको अभिलाषा गर्ने ।

**जिङ्ग्रि–नु–** अ० क्रि० [अ० मू० जिङ्ग्र+इ+नु] कोरीबाटी नगर्नाले

कपाल नराम्रो देखिने गरी खजमजिनु । २. मलजल नपाएको बिरुवा छिप्पिएर रूखो वा जर्रो हुनु । ३. दुब्लाएर शरीरको हाडछाला मात्र बाँकी रहनु; जिङ्ग्रिङ्ग पर्नु ।

**जिङ्ग्रिङ्ग/जिङ्ड्रिङ्ङ–** क्रि० वि० [अ० मू० जिङ्ग्रिङ्+ग/ङ] १. कोरीबाटी नगर्नाले खजमजिएको कपाल नराम्रो देखिएझैँ । २. मलजल नपाएको बिरुवा छिप्पिएर रूखो, जर्रो भएजस्तै गरी । ३. दुब्लाएर शरीरको हाडछाला मात्र बाँकी रहेझैँ भईकन ।

**जिजा–** ना० [जिजु] १. बाबु; पिता । २. पूर्वज ।

**जिजीविषा–** ना० [सं०] बाँच्ने इच्छा; बाँचिरहने चाहना ।

**जिजु–** ना० [जिउ+जिउ] हे० जिज्यू । ~**आमा–** ना० जिज्यूआमा । ~ **बजै–** ना० जिज्यूबज्यै । ~ **बराजु–** ना० जिज्यूबराज्यू । ~**बाजे–** ना० जिज्यूबाजे । ~**बुबा–** ना० जिज्यूबुबा । ~**मुमा–** ना० जिज्यूमुमा ।

**जिजे/जिजै–** ना० [जीउ+जीउ+ई] दासप्रथा समाप्त हुनुभन्दा पहिले कमाराकमारीले आफूभन्दा जेठा मालिककी पत्नीलाई सम्बोधन गर्दा प्रयोग गर्ने शब्द; मैयाँरानी ।

**जिज्ञासा–** ना० [सं०] कुनै कुरा जान्ने इच्छा; थाहा पाउने अभिलाषा । > **जिज्ञासित–** वि० जान्न खोजिएको; जिज्ञासा राखिएको **जिज्ञासु–** वि० जान्न चाहने; जिज्ञासा राख्ने; ज्ञानको भोको ।

**जिज्यू–** ना० [जिउ+जिउ] १. बाजेका बाबु; कुप्री हजुरबा । २. पुर्खा । ३. जीउ अर्थात् राजाका पनि जीउ; बडामहाराज । ४. एक सम्मान (ज्यू) ले नपुगेर दोहोरो सम्मान (ज्यूज्यू) गर्नुपर्ने कुनै पनि माननीय व्यक्ति; अत्यन्त सम्माननीय व्यक्ति । ५. स्वीकृतिसूचक टाउको हल्लाइ । ~**आमा–** ना० बाजेकी आमा । ~**बज्यै–** ना० १. जिज्यूकी पत्नी । २. पूर्वज नारी । ~**बराज्यू–** ना० १. जिज्यूहरू; बराज्यूहरू; बाजेबराज्यू । २. पूर्वज । –**बाजे–** ना० १. जिज्यू । २. पूर्वज । ~**बुबा–** ना० १. जिज्यू । २. जिज्यूका पनि बुबा । ३. पूर्वज । ~ **मुमा–** ना० १. जिज्यूकी पत्नी । २. जिज्यूकी पनि माता । ३. पूर्वज नारी ।

**जित्–** प्रत्य० [सं०] नामबोधक शब्दका पछाडि जोडिई जित्ने अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (इन्द्रजित्, मारजित् इ०) ।

**जित्‌-नु–** स० क्रि० [सं० जित+नु] वशमा पार्नु; अधीनमा पार्नु; विजय हासिल गर्नु ।

**जित–** वि० [सं० जित] १. वशमा पारिएको; कब्जामा लिइएको; जितिएको; पराजित; विजित (उदा०– जितप्रदेश) । २. वशमा पारेको (उदा०– जितलोभ, जितमोह) । ना० ३. जित्ने काम; विजय; जीत; जितबाजी (उदा०– यो जित जनताको जित हो) । – **क्रोध–** वि० क्रोधलाई जितेको; क्रोधलाई वशमा पारेको; रिस खप्न सक्ने; रिस नभएको । – **गढी–** ना० पाल्पा जिल्लामा पर्ने एक प्रसिद्ध ठाउँ । – **बाजी–** ना० जित; विजय ।

**जिताइ–** ना० [√ **जित्** (+आइ)] जित्ने क्रिया वा प्रक्रिया । [ > ] **जिताइनु–** क० क्रि० जित्ने पारिनु; विजय गराइनु । **जिताइलो–** वि० जितिएलाजस्तो । **जिताउनु–** प्रे० क्रि० जित्न लाउनु; जित्ने बनाउनु; विजय हासिल गराउनु । **जिताउरी–** ना० १. जुवा, तास, पासा आदिमा वा मुद्दामामिला जितेको खुसीयालीमा जित्नेद्वारा बाँडिने रुपियाँपैसा । २. मुद्दा जित्नेले अड्डामा बुझाउनुपर्ने दस्तुर ।

**जितात्मा–** वि० [सं०] मन र इन्द्रियहरूलाई जितेको; मन र इन्द्रियहरूलाई आफ्ना वशमा लिएको; जितेन्द्रिय ।

**जितापत्र–** ना० [जित+पत्र] मुद्दा जित्नेलाई जितेको प्रमाणस्वरूप अदालतका तर्फबाट दिइने फैसलाको नकल ।

**जितार–** वि० [सं० जित+आर] जुन कुरा पनि जित्न खोज्ने; अरूलाई नटेर्ने; जिताहा ।

**जितारि–** वि० [सं० जित+अरि] १. शत्रुलाई जितेको । २. काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यजस्ता छवटा शत्रुलाई वशमा राखेको । ~**मल्ल–** ना० मध्यकालीन नेपालको सिञ्जासाम्राज्यका अत्यन्त प्रभावशाली राजा; अशोकमल्लका पुत्र ।

**जितिनु–** क० क्रि० [जित्+इ+नु] अधीनमा पारिनु; जितिएको हुनु ।

**जितिया–** ना० [था०] दसैँको आसपासमा थारूजातिका नवयुवती र अधबैँसे स्त्रीहरूले माइतमा गएर घिरौँलाको पातमा घिरौँलाकै फूल राखेर गर्ने 'जित महान्'को पूजा । ~ **पावनी/पौनी–** ना० जितिया चाड ।

**जितुवा–** वि० [जित्+उवा] जित्ने; विजयी ।

**जितेन्द्रिय–** वि० [सं०] इन्द्रियलाई जितेको; इन्द्रियलाई आफ्ना वशमा राखेको ।

**जितौरी–** ना० [जित्+औरी] हे० जिताउरी ।

**जिद–** ना० [अ० जिद्दी] हे० जिद्दी । (उदा– राम्‌लाई वनवास् भरत्‌कन रजैँ देऊ भनी जिद् गरी । – भानुभक्तको रामायण) ।

**जिद्दी–** ना० [अ०] १. आफूले भने चाहेजस्तो गराउन गरिने दुराग्रह; हठ; ढिपी । वि० २. हठी; ढिपीवाल । – **वाल–** वि० आफूले भने वा चाहेको कुरा गराउन दुराग्रह गर्ने; नचाहिँदो कुरामा पनि जिद्दी गर्ने; अनावश्यक हठ गर्ने; दुराग्रही; हठी; ढिपीवाल; जिद्दी ।

**जिन१–** ना० [सं०] १. बुद्ध । २. जैन धर्मका तीर्थङ्कर । ३. परमात्मा; विष्णु ।

**जिन२–** ना० [अ० जीन्ह] इस्लाम विश्वासअनुसार साधकका सामुन्ने मात्रै देखापर्ने र साधकको सेवकझैँ भई उपकार गर्ने अपार्थिव आत्मा ।

**जिन३–** वि० [फा०] १. मोटो र बलियो एक प्रकारको सूती कपडा । २. सवारी गर्नुपर्दा घोडा आदिको पिठिउँमा राखिने आसन । – **काठी–** ना० घोडाको पिठिउँमा ओछ्याइने जीन र त्यसमाथि राखिने काठी । – **पोस–** ना० घोडाको काठीमनि बिछ्याइने बाक्लो ऊनी कपडा ।

**जिनतिन–** क्रि० वि० [सं० येनतेन] १. जेनतेन; जसरीतसरी; कुनै प्रकारले; बल्लतल्ल; मुस्किलसँग; जेनेतेने । वि० २. साधारण;

मामुली; जस्तोतस्तो । (उदा०– जिनतिन मान्छेले यो काम गर्नु सम्भव थिएन) ।

**जिनिस–** ना० [अ० जिन्स] मालताल; मालसामान; नगददेखि बाहेक अरू सरसामान; जिन्सी ।

**जिन्डाजिन्डी–** ना० [जिन्डा+जिन्डी] १. नबढेका ससाना केटाकेटी; नसप्रेका बालबालिका; ग्याँचे केटाकेटी । २. लालाबाला; भन्टचाङभुन्टुङ; केटाकेटी; चिन्डाचिन्डी ।

**जिन्डो–** वि० १. नबढेको; नसप्रेको; ग्याँचे । ना० २. बालककालको केटो; सानो बालक ।

**जिन्दगानी–** ना० [फा०] जिन्दगी; जीवन ।

**जिन्दगी–** ना० [फा०] १. जन्मदेखि मृत्युसम्मको समय; बाँचुन्जेलको समय; जीवनकाल; जीवन; जिन्दगानी । २. जन्मेर नमरुन्जेलको बाँच्ने पद्धति वा प्रणाली; बचाइ; प्राणयापन । ३. प्राणीको प्राण रहेसम्मको शरीर; चोला ।

**जिन्दाबाद–** वि० बो० [फा० जिन्द+अ० आबाद] १. बाँचिरहोस् वा बाँचिरहून्, अमर रहोस् वा अमर रहून्, पृथ्वीलाई धेरै दिनसम्म सुशोभित पारोस् वा पारून् भन्ने आशयको नारा । २. कुनै व्यक्ति, संस्था वा प्रथा आदि धेरै कालसम्म बाँचोस् वा टिकोस् भनी नारा लगाउँदा प्रयोग गरिने शब्द; जय; जयजय ।

**जिन्सी–** ना० [अ० जिन्स] १. नगददेखि बाहेकका अरू सरसामान; मालताल; मालसामान; जिनिस । वि० २. जिनिससँग सम्बन्धित; जिनिसका रूपमा भएको (धनमाल आदि) । ~ **किताब–** ना० जिन्सी मालसामानको नाम र आम्दानीखर्च लेखिने खाता वा बही । ~ **खाता–** ना० जिन्सी किताब । ~ **खाना–** ना० नगदबाहेक अरू जिन्सी राख्ने घर; जिन्सी मालसामान राख्ने घर वा गोदाम । ~ **बही–** ना० जिन्सी खाता; जिन्सी किताब । ~ **लगानी–** ना० साँवाब्याजका रूपमा जिन्सी वस्तु नै लिने गरी सापट वा रिन दिने प्रथा वा त्यसरी दिइएको धन ।

**जिप–** ना० [अङ्०] बसभन्दा सानो, सामान्य कारटचाक्सीभन्दा ठूलो, खुला वा मोटो कपडाको छानु लगाइएको, खराब बाटोमा पनि जान सक्ने, विशेष शक्ति भएको, मान्छे र मालसामान ल्याउनसमेत प्रयोग गरिने, हलुका र बलियो किसिमको मोटर ।

**जिप्टनु–** अ० क्रि० [जिप्टो+नु] कसैबाट ठगिनु; जिप्टो हुनु; जिप्टिनु । > **जिप्टाइ–** ना० जिप्टने क्रिया वा प्रक्रिया । **जिप्टाइनु–** क० क्रि० जिप्टाइमा पारिनु । **जिप्टाउनु–** प्रे० क्रि० जिप्टन लाउनु; जिप्टने पार्नु । **जिप्टिनु–** अ० क्रि० जिप्टनु; जिप्टने होइनु ।

**जिप्टो–** वि० १. ठगिएको; छकिएको; झुक्किएको; शोषित । २. असफल भएको; विफल भएको । ३. किचिएको; मिचिएको; थिचिएको ।

**जिप्टचाइ–** ना० [√ **जिप्टि** (+याइ)] जिप्टिने क्रिया वा किसिम । [ > ] **जिप्टचाइनु–** क० क्रि० जिप्टिने पारिनु । **जिप्टचाइलो–** वि० जिप्टिने खालको । **जिप्टचाउनु–** प्रे० क्रि० जिप्टिने पार्नु; ठगिनु । **जिप्टचाहट–** ना० जिप्टचाइ ।

**जिबा१–** ना० [जिह्वा] तेल हाल्ने तामाको भाँडो ।

**जिबा२–** ना० [जीबा] पिता वा माताका पिता; हजुरबा; जीबा ।

**जिबा३–** ना० [सं० जीवा] तानपूरा, सितार आदि तारबाजामा चार वा सात तार अडचाउन र आवाज सुरिलो बनाउन राखिने काठ वा हस्तीहाड वा घोडीको आङ; जुहारी ।

**जिबुल्लि–नु–** अ० क्रि० [जिबुल्लो+इ+नु] जिबुल्लो वा स्वादे हुनु; मीठोमीठो खाने इच्छा जाग्नु ।

**जिबुल्ले–** वि० [जिबुल्लो+ए] मीठोमीठो खान खोज्ने; जिबुल्के; पिरो, अमिलो आदि तिक्खर स्वाद भएका खानेकुरा रुचाउने; स्वादे जिब्रो भएको; स्वादका निम्ति मरिमेटुवा; स्वादे ।

**जिबुल्लो–** वि० [सं० जिह्वल] १. मीठो कुरो मन पराउने; स्वादको निम्ति चाटचुटमा विशेष प्रवृत्त; लिबलिबे वा ल्यापल्यापे बानी भएको । २. लोभी; लालची । > **जिबुल्ल्याइँ–** ना० मीठोमीठो खान खोज्ने प्रवृत्ति; जिबुल्लेपन ।

**जिभ्री–** ना० [जिभ्रो+ई] १. जिभ्राको मयल सफा गर्ने काठ, धातु, प्लास्टिक आदिको पातलो साधन । २. कल, मेसिन आदिको जिभ्रोजस्तो देखिने भाग; जिब्री । ३. जिभ्राका आकारको, थिचुन्जेल दब्ने र थिच्न छोड्नासाथ हुत्त माथि उठ्ने स्प्रिङको प्रकार ।

**जिभ्रे–** वि० [जिभ्रो+ए] १. जिभ्रोवाल; मुखाले । २. स्वादे; मिट्ठू । ३. जिभ्रोसम्बन्धी; जिब्रे । ४. धेरै बोल्ने; आहारिसे, लोभी । ~ **आदमारो–** ना० जिभ्रे माझगिँड भन्दा पछिल्तिरको तर निकटस्थ भाग । ~ **फुल–** ना० फुलेपछि बीचमा जिभ्रोजस्तो निस्कने एक प्रकारको फूल । ~ **फेदी–** ना० जिभ्रोको जरो वा फेद । ~ **बेसी–** ना० जिभ्रेआदमारादेखि लिएर जिभ्रे फेदीसम्मको अवयव । ~ **माझगिँड–** ना० जिभ्राको माझको भाग । ~ **लिब्री–** ना० जिभ्राको टुप्पो । ~ **शिखर–** ना० लेग्रो; जिभ्रे माझगिँडभन्दा अगाडिको भाग ।

**जिभ्रो–** ना० [सं० जिह्वट] १. हाम्रो वा मुखेओढारभित्र रहेको, ध्वनि उच्चारणमा सबैभन्दा महत्त्वपूर्ण र सक्रिय अवयव; खाद्य पदार्थको स्वाद लिने र स्वेच्छापूर्वक दह्रो र लुलो पार्न सकिने मासुको पातो; जिह्वा; जिब्रो । २. मुखभित्र रहेको फालीका आकारको पातो ।

**जिमा–** ना० [जी+आमा] जीआमा; ज्यामै; हजुरआमा; जीमा ।

**जिमाहा–** वि० [सं० जम्बा (ल)+हा] सधैँ चिसो रहिरहने; चिसमिरो; सेपिलो (जमिन) ।

**जिमी–** ना० [फा० जमीन] हे० जमिन । – **दार–** ना० १. जमिनदार; भूपति; जिम्दार । २. भूमिप्रशासन लागू हुनुभन्दा पहिले तराई भेकको भूमिकर उठाउने ठेकदार; तराईको जिम्मावाल ।

**जिमीदारी–** ना० [जिमीदार+ई] जिमीदारको पद, खान्गी वा मौजा । ~ **सिर–** ना० जिमीदारको काम गरेबापत जिमीदारले पाउने मौजा; जिरायत ।

**जिम्दार–** ना० [जिमी+दार] हे० जिमीदार । > **जिम्दारी–** ना० जिमीदारी ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



**जिम्दो**– वि० [सं० जीवन्त] जिउँदो ।

**जिम्बु**– ना० [भो० ब०] लामालामा, मसिना पात र गन्धे झारका झैँ थुँगा परेका प्याजी रङका फूल हुने, गुन्द्रुकजस्तै देखिने, घिउतेलमा फुराएर दाल, तरकारी आदि झान्ने काममा प्रयोग गरिने वनस्पति; आयुर्वेदका अनुसार कफ, वायु शमन गर्ने र हृदयलाई हित गर्ने सोही बुटी; जिम्मु ।

**जिम्मर**– ना० [सं० जम्बाल] हिलो भएको थलथले ठाउँ; जिमाहा ठाउँ ।

**जिम्मा**– ना० [अ० जिम्म] १. बिग्रेनासिएमा आफू जवाफदेही बनी लिइएको कुनै अभिभारा; उत्तरदायित्व; अभिभारा; जवाफदेही । २. जिम्माको अभिभारा वहन गर्नेले बेहोर्नुपर्ने रीतअनुसारको रकम आदि; तिरो । ~**जमानी**– ना० कुनै व्यक्ति भागीनासी गएमा त्यसको जवाफदेही आफू हुने गरी जमानी बस्ने काम; जीउजमानी । – **वार**– वि० अभिभारा लिने; जिम्मा लिने; जिम्मेवार । – **वारी**– ना० हे० जिम्मेवारी । – **वाल**– वि० १. जिम्मा लिने; अभिभारा लिने; उत्तरदायित्व वहन गर्ने; जिम्मेवार । ना० २. भूमिप्रशासन लागू हुनुभन्दा पूर्व पहाडी भेगका जमिनको मालपोत असुल गरी सरकारमा बुझाउने प्रमुख ठेकेदार; जिम्वाल । – **वाली**– ना० १. जिम्मावालले गर्ने काम; जिम्मावालको काम वा अभिभारा । २. जिम्मावालले पाउने कमिसन ।

**जिम्मेदार**– वि० [अ० जिम्म+फा० दार] हे० जिम्मेवार । > **जिम्मेदारी**– ना० जिम्मेवारी ।

**जिम्मेवार**– वि० [अ०] जिम्मा लिने; अभिभारा लिने; उत्तरदायित्व वहन गर्ने; उत्तरदायी । > **जिम्मेवारी**– ना० जिम्मेवारको काम; अभिभारा; उत्तरदायित्व; जवाफदेही; जिम्मावारी; जिम्मेदारी ।

**जिम्रि-नु/जिम्लि-नु**– अ० क्रि० [सं० अत्यूष्मल > प्रा० अच्चुम्हल+नु] १. पानी चाहिनेजति नताती तात्दै-सेलाउँदै गर्नु । २. पानी आदि उम्लिँदै-सेलाउँदै गरेर । कचल्टिनु ।

**जिम्वाल**– ना० [जिम्मा+वाल] जिम्मावाल ।

**जिय**– ना० [सं० जीव] शरीरका सम्पूर्ण अवयव; जीउ; शरीर; देह; गाथ ।

**जियाइ**– ना० [जिउ+याइ] १. जिउने क्रिया वा प्रक्रिया; बाँच्ने काम । [जियाउ+आइ] २. जियाउने क्रिया वा प्रक्रिया; बचाउने काम । [ > ] **जियाइनु**– क० क्रि० जीवित गराइनु; बचाइनु । **जियाउनु**– स० क्रि०/प्रे० क्रि० १. मर्न लागेकालाई औषधीको प्रयोग वा अन्य कुनै क्रियाद्वारा बचाउनु; बौराउनु; बिउँताउनु । २. जिउने पार्नु; बचाउनु ।

**जियालो**– वि० [जिय+आलो] १. जिउँदो; सजग । २. कुनै कामकुरामा धेरै टिक्ने; जर्रो । ३. धेरै बाँच्ने ।

**जिरह**– ना० [फा० जिरह] १. कुनै मुद्दामामिलामा सत्य कुरा पत्ता लगाउनका लागि घुमाईफिराई वा दोहोऱ्याईतेहऱ्याई सोध्ने काम; कारकेर । २. कुनै मुद्दाको बहसको सिलसिलामा वादी वा प्रतिवादीतर्फको मुख्य भनाइको छानबिन; जिक्री; जिकिर ।

**जिरहरा**– ना० [जी+था० रहर (लहर) +आ] थारूजातिका स्त्रीहरूले गलादेखि छातीसम्म झुन्डिने गरी लगाउने एक प्रकारको गहना ।

**जिरहसवाल**– ना० १. फौजदारी मुद्दामा कसुरदारसँग लिइने बयान; बापतीसँग सोधिने प्रश्न । २. कुनै मुद्दाका सिलसिलामा बारम्बार गरिने प्रश्न ।

**जिरा/जिरो**– ना० [सं० जीरक] स्वादिष्ट बनाउनाका निम्ति तिहुन-तरकारी, अचार आदिमा हालिने र औषधीका रूपमा समेत प्रयोगमा आउने, ज्वानुका झैँ मसिना र लाम्चा दाना हुने एक प्रकारको सुगन्धी प्रसिद्ध मसला; जिरो । ~ **मरिच**– ना० १. जीरा र मरीच । २. मसला; नुन-जिरो । – **सरी**– ना० जीराका जस्तै मसिना गेडा हुने एक जातको धान ।

**जिराफ**– ना० [अ० जुर्राफ] पछिल्तिरका खुट्टा छोटा हुने, अगिल्तिर खुट्टा र गर्दन उँटको जस्तो हुने र पुच्छर गाईको जस्तो हुने, शरीरमा टाटापाङ्ग्रा भएको एक जातको अफ्रिकाली जङ्गली चौपाया ।

**जिरायत**– ना० [अ० जिराअत] १. जिमीदारी प्रथा कायम हुँदा जिमीदारका खान्कीमा ठेकिएको जमिन; सिरजमिन । २. कृषि; खेती ।

**जिराहा**– वि० [फा० जिरह+आ] १. जति भने पनि नलाग्ने; भनेको पटक्कै नमान्ने; जर्रो; जर्कटो; अटेर । २. कचकचे; गनगने; झगडे ।

**जिरिङ्ग/जिरिङ्ङ**– क्रि० वि० [अ० मू० जिरिङ्+ग/ङ] १. कुनै भयानक दृश्य देख्दा वा अन्य कुनै कारणले मनमा डर पैदा भएझैँ । २. उत्तेजना आदिबाट शरीरका रौँहरू ठाडा-ठाडा भएर । वि० ३. भयभीत । ४. भुत्ला वा जगल्टा ठाडो भएको; जिङ्ग्रिङ्ग । > **जिरिङ्गिनु/जिरिङ्ङिनु**– अ० क्रि० जिरिङ्ग पर्नु; जिरिङ्ङ हुनु ।

**जिरी१**– ना० [सं० जीर+ई] १. नकसिएका, खुला पहेँला रङका पात हुने, प्रायः सेपिलो जमिनमा उम्रने, खाँदा तोरीको सागजस्तै हुने एक किसिमको साग । वि० २. दुब्ली; पातली ।

**जिरी२**– ना० [भो० ब०] जनकपुर अञ्चलको एक पहाडी भेग । – **खिम्टे**– वि० पुड्को वा नबढेको; ग्याँचे र दुब्लो । ~ **खिम्ती**– ना० १. जिरी र नजिकैको खिम्ती नामक ठाउँ । वि० २. जिरीखिम्टे । ३. तेह्रथुम जिल्लाको एक प्रसिद्ध ठाउँ । ~ **खिम्ते**– वि० १. जिरी र खिम्तीको । ना० २. जिरेल । ३. जिरे मान्छे ।

**जिरे**– वि० [सं० जीरा+ए] नबढेको; ग्याँचे; पुड्के (नर वा नारी) । ~ **खुर्सानी/खोर्सानी**– ना० १. सानो खालको तिक्खर पिरो खोर्सानी । २. सानो भए पनि तीखो टड्कालो व्यक्ति । वि० ३. टाठोबाठो; छोटोछरितो । ~**झार**– ना० जिराका झैँ दाना फल्ने एक प्रकारको झार; ज्वाने ।

**जिरेल**– ना० [भो० ब० जिरी+एल] १. नेपाल अधिराज्यको जनकपुर अञ्चलमा पर्ने रामेछाप जिल्लाको आसपासमा बस्ने एक हिमाली जाति र तिनको भाषा । वि० २. जिरीको; जिरीसम्बन्धी ।

**जिरो**– ना० [अङ्०] शून्य ।

**जिल**– क्रि० वि० [अ० मू० जिल्+अ] छक्क; आश्चर्यचकित भएर; जिल्ल ।

**जिलाइ**– ना० [√ **जिलाउ** (+आइ)] जिलाउने किसिम वा कार्य । – **केलाइ**– ना० १. मकै, कोदो, गहुँ आदिलाई सफा गर्न जिलाउनेकेलाउने काम; केलाइकुलाइ । २. चोर आदिद्वारा भएभरको श्रीसम्पत्ति सिरीखुरी पार्ने काम । ३. खनिएको वा जोतिएको जग्गाका झारपात साफ गर्ने काम । [ > ] **जिलाइनु**– क० क्रि० जिलाउने काम गरिनु । **जिलाइलो**– वि० जिलाउन योग्य ।

**जिलाउ-नु१**– स० क्रि० [जिलो+आउ+नु] १. मकै, धान आदि छर्नु, रोप्नुभन्दा पहिले झार उखल्ने र डल्ला फोर्ने काम गर्नु; खेतीका लागि बारी तयार पार्नु । २. मकै, कोदो, गहुँ आदिका ठोसा केलाउनु; कसिङ्गर छुट्ट्याउनु । ३. केही जिलो पनि बाँकी नराखी सबै रित्त्याएर लैजानु; हलसारो पार्नु । ४. जिप्टचाउनु ।

**जिलाउ-नु२**– स० क्रि० [जीउ+लाउ+नु] हे० जियाउनु ।

**जिली**– ना० [√ जिलो] १. तरुल, गिट्ठा आदि कन्दको मूल बीज । २. कुनै वस्तुभित्रको सारतत्त्व । ३. मूलधन; पुँजी । ४. साँवा धन; साउँ । ५. बीउ; जिलो । – **गाँठी**– ना० १. बोटबिरुवाका जरादेखि टुप्पोसम्मका कन्द, प्रकाण्ड, फल, फूल आदि सम्पूर्ण वस्तु । २. आदिदेखि अन्त्यसम्मका सबै कुरा; नालीबेली; बेलीविस्तार । ३. भएभरको सबै कुरा; सर्वस्व; सिरीखुरी । – **गाँठे/गान्टे**– वि० जिलीझैँ जत्राको तत्रै रहेको; पुड्के; गान्टे; ग्याँचे; जिरीखिम्टे ।

**जिलेबी**– ना० जेरी; रोटीको सानो प्रकार ।

**जिलो**– ना० [प्रा० झिण्णो < सं० जीर्ण] १. मूल पुँजी । २. खर्च गरेर बाँकी रहेको शेष वस्तु वा पुँजी । ३. पिँडालु, सखरखन्ड आदि कन्दको मुख्य बीज; जिली । ४. जीवननिर्वाह गर्ने विषयवस्तु । – **भरो**– ना० गुमेको वा नष्ट भएको सम्पत्तिको क्षतिपूर्ति । – **मिलो**– ना० चलअचल सम्पत्ति; श्रीसम्पत्ति; सिरीखुरी; धनसम्पत्ति; जायजेथा; सर्वस्व । – **हरो**– ना० १. कुनै व्यापार, व्यवसाय आदिमा लगाइएको मूल पुँजी नै गायब हुने किसिमको टुट्टा । २. निठुर किसिमको जिप्टचाइ; सर्वस्वहरण ।

**जिलौटो**– ना० [जिलो+औटो । १. कोदो, मकै आदिका बोटको जरो; ठोसो । २. जिलाउनुपर्ने वा जिलाउँदा आएका झार, बुटेन आदि । > **जिलौटचाइ**– ना० जिलौटचाउने कार्य वा किसिम । **जिलौटचाइनु**– क० क्रि० जिलौटो छुट्ट्याइनु । **जिलौटचाउनु**– स० क्रि०/प्रे० क्रि० कोदो, मकै आदिका जरा छुट्ट्याउनु; जिलौटो केलाउनु ।

**जिल्द**– ना० [अ०] पुस्तकको सुरक्षाका निम्ति कपडा, कागत, छाला आदिले मढेर बाहिरपट्टि दुवैतिर लगाइने मोटो पत्र; जिल्ला; गाता; दफ्ती । – **दार**– वि० बाहिरपट्टि जिल्द हालिएको; गाता भएको; सजिल्द । ~ **बन्दी**– ना० पुस्तकमा गाता हाल्ने काम; पुस्तकको जिल्द बाँध्ने काम । ~ **साज**– वि० १. पुस्तकमा गाता हाल्ने; जिल्द बाँध्ने; जिल्द बाँध्ने पेसा भएको । ना० २. त्यस्तो पेसामा लागेको व्यक्ति ।

**जिल्फी**– ना० [√ जिलेबी] जिलेबी; जुल्फी रोटी ।

**जिल्ल**– क्रि० वि० [अ० मू० जि+ल] १. कुनै कामकुरा यसो हो कि उसो हो भन्ने निश्चय गर्न नसकी बिलखबन्द हुने गरी; किंकर्तव्यविमूढ भएर; अलमल्ल परेर; पक्क; वाल्ल । २. कुनै असामान्य कुरा देख्दा आश्चर्यचकित भएर; छक्क ।

**जिल्ला**– ना० [अ० जिला] १. प्रशासनिक सुविधाका दृष्टिले बाँडिएको, गाउँभन्दा ठूलो अञ्चलभन्दा सानो भौगोलिक क्षेत्र । (नेपालमा ७५ जिल्ला छन्) । २. इलाका । ~ **अदालत**– ना० जिल्लातहमा मुद्दामामिलाको इन्साफ गर्ने अड्डा; जिल्लास्तरको न्यायालय; सुरु अदालत । ~ **कार्यालय**– ना० प्रमुख जिल्ला अधिकारीको कार्यालय । > **जिल्लाधीश**– ना० अचेलको प्रमुख जिल्ला अधिकारीसरहको हाकिम; बडाहाकिम । ~ **न्यायाधीश**– ना० जिल्ला अदालतमा परेका मुद्दामामिलाको इन्साफ गर्ने अधिकृत; जिल्ला अदालतका हाकिम । ~ **पञ्चायत**– ना० पञ्चायतकालीन गाउँ वा नगर पञ्चायतभन्दा माथिल्लो तहको पञ्चायत । ~ **प्रशासन**– ना० जिल्लाको शासन सुचारु रूपले चलोस् भन्नाका निम्ति गरिएको व्यवस्था; जिल्लाको शासनव्यवस्था । ~ **विकास समिति**– ना० १. गाउँ वा नगर विकास समितिभन्दा माथिल्लो तह । २. जिल्लामा निर्वाचित प्रतिनिधिहरूको सभा ।

**जिल्लाराम**– वि० [जिल्ल+राम] १. कुनै असामान्य घटना आइपर्दा वा अनौठो कुरो देख्ता बिलखबन्दमा परेको; छक्क पार्ने । २. जिल्ल परेको; किंकर्तव्यविमूढ भएको; आश्चर्यचकित; दङ्गदास । क्रि० वि० ३. त्यसरी बिलखबन्द, जिल्ल वा चकित हुने गरी ।

**जिल्लावासी**– वि० [जिल्ला+वासी] जिल्लाको भौगोलिक क्षेत्रभित्र बस्ने; जिल्लानिवासी ।

**जिल्ला सभा**– जिल्लाको योजना तर्जुमा तथा विकास निर्माणका लागि निर्वाचित जनप्रतिनिधिहरूको सभा ।

**जिल्ला सरकार**– ना० [जिल्ला+सरकार] जिल्लाको शासनव्यवस्था सुचारु रूपले सञ्चालन गर्न देशको ऐन, नियमकानुनबमोजिम गठित शासकमण्डल; जिल्लाकार्यपालिका ।

**जिल्ला स्तरीय**– वि० [जिल्ला+स्तरीय] जिल्ला तहको; जिल्लाबाट नै हुने वा टुङ्गिन सक्ने; जिल्लाका आधारमा गरिने; जिल्लाको प्रशासनिक अधिकारभित्रको ।

**जिल्ला हुलाक**– ना० [जिल्ला+हुलाक] जिल्ला स्तरको हुलाक वा डाँकखाना ।

**जिल्लि-नु**– अ० क्रि० [जिल्ल+इ+नु] १. कुनै परिस्थितिमा वा कुनै घटना आइपर्दा के गर्ने, के नगर्ने निधो गर्न नसकेर जिल्ल पर्नु; कुनै कामकुरा कसरी भयो थाहा पाउन नसकेर जिल्लाराम पर्नु; छक्क पर्नु । २. यस्तो होला भनेर थाहा नै नपाईकन

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



छकिनु । > **जिल्ल्याइ–** ना० जिल्लिने वा जिल्ल्याउने क्रिया वा प्रक्रिया । **जिल्ल्याइनु–** क० क्रि० जिल्ल तुल्याइनु । **जिल्ल्याउनु–** स० क्रि० / प्रे० क्रि० जिल्ल पार्नु; छक्क पार्नु; छकाउनु ।

**जिष्णु–** वि० [सं०] १. सधैं जित्ने; सबैतिर विजय हासिल गर्ने । ना० २. अर्जुन । ३. विष्णु ।

**जिस्क–नु–** अ० क्रि० [इस्+कर्नु > जिस्+कनु] १. मनोविनोदका लागि कसैसँग ख्यालठट्टा गर्नु वा चल्नु; हँस्सीदिल्लगी गर्नु । २. प्रेम वा रतिरागको भावनाले गिजिनु; केही उत्ताउलो बोलीव्यवहार गर्नु; छिल्लिनु; इतरिनु । > **जिस्काइ–** ना० जिस्कने क्रिया वा प्रक्रिया । **जिस्किनु–** अ० क्रि० जिस्कनु; जिस्कने होइनु । **जिस्क्याइ–** ना० जिस्किने क्रिया वा प्रक्रिया । **जिस्क्याइनु–** क० क्रि० गिज्याइनु वा जङ्ग्याइनु । **जिस्क्याउनु–** स० क्रि० / प्रे० क्रि० १. गिज्याउनु वा गिजिने पार्नु । २. चलाउनु वा जङ्ग्याउनु । **जिस्क्याहट–** ना० जिस्क्याइ; गिज्याहट ।

**जिस्ता–** ना० [फा० दस्त] नलेखिएको चौबीस ताउ कागतको समूह; सादा कागतको चौबीस ताउ ।

**जिह्वा–** ना० [सं०] जिब्रो । > **जिह्वाग्र–** ना० जिब्राको बीचदेखि टुप्पाको लिब्रीसम्मको भाग; अग्रजिह्वा; लेग्रो; जिब्रे शिखर । – **पश्च–** ना० जिब्राको माझदेखिको जरासम्मको भाग; पश्चजिह्वा; जिब्रे माझगिँड र जिब्रे आदमारोदेखि जिब्रे फेदीसम्मको भाग । – **मध्य–** ना० जिब्राको बीचको भाग; जिब्रे माझगिँड । – **मूल–** ना० जिह्वामूलीय ध्वनिहरूको उच्चारणमा सहायता पुऱ्याउने जिब्राको जरो वा फेदी; जिब्रे फेदी । – **मूलीय–** वि० जिब्राको मूल वा जराबाट उच्चरित हुने (ध्वनि); अयोगवाह (ध्वनि, जस्तै– विसर्ग आदि) । – **लोलुप–** वि० लोभी जिब्रो भएको; मीठो खानेकुरा देख्दा मन थाम्न नसक्ने; तिहुनचखुवा; स्वादे; जिब्रे ।

**जी–** ना० [जिय=जीउ] १. सही थाप्ता वा बोलावटको प्रत्युत्तरमा भनिने शब्द; ज्यू । प्रत्य० २. नामका पछाडि लाग्ने सम्मानसूचक शब्द; हे० ज्यू (रामजी, शिवजी इ०) । – **आमा–** ना० बाबुकी वा आमाकी आमा; ज्यामा; बज्यै; पितामही वा मातामही; हजुरआमा ।

**जीउ–** ना० हे जिउ ।

**जीउधन–** ना० हे० जिउधन ।

**जीउपाला–** वि० हे० जिउपाला ।

**जीउपालो–** ना० हे० जिउपालो ।

**जीउमारा–** वि० हे० जिउमारा ।

**जीउसाँचा–** वि० हे० जिउसाँचा ।

**जीत–** ना० / वि०हे० जित ।

**जीबा / जीबाबु–** ना० हे० जिबा ।

**जीर्ण–** वि० [सं०] १. धेरै दिनको भएर थोत्रिसकेको; मक्किएको; गलिसकेको; पुरानो; थोत्रो । २. पचेको । ३. राम्ररी पाकेको । – **दार–** ना० एक जातको सानो बाटुल्पाते (वनस्पति) । > **जीर्णोद्धार–** ना० पुरानो, थोत्रो वा भत्केबिग्रेको घर, मन्दिर, वस्तु आदिलाई सच्याई फेरि बलियो र राम्रो पार्ने काम; नवीकरण; मरम्मत; स्थित्युद्धार ।

**जीव–** ना० [सं०] १. प्राणधारी स्थावर (रूख, बिरुवा आदि) र जङ्गम (मान्छे, कीरा, पशु आदि) । २. प्राणीको आत्मामा रहेको तत्त्व; प्राणतत्त्व; प्राणपखेरु । ३. प्राणीको चेतनतत्त्व; आत्मा; जीवात्मा । – **क–** ना० सानासाना पात हुने, लसुनको पोटीजस्तो कन्द हुने, हिमालयमा पाइने एक जातको बुटी । – **कल्प–** ना० पुरातत्त्वअनुसार पृथ्वीमा जीवको सृष्टि भएदेखि आजसम्मको समय; आजभन्दा सन्ताउन्न करोड वर्षपहिले प्रारम्भ भएको समय; पुराजीवक, मध्यजीवक र नवजीवकजस्ता तीन कालावधिमा बाँडिएको युग । – **कोष–** ना० प्रत्येक जीवमा रहने सूक्ष्म तर आफैँमा पूर्ण जीवाणु; सेल । ~ **जगत्–** ना० पृथ्वीमा भएका प्राणीहरूको समुदाय; जीवहरूको संसार; जन्तुजगत्; प्राणीजगत् । ~ **जन्तु–** ना० १. पृथ्वीमा भएका साना ठूला सबै प्राणी; पशु-पन्छी, कीराफटचाङ्ग्रा आदि; जीवात । २. कुनै देश वा समयका प्राणी वा प्राणीको समूह । ३. साना जीव र ठूला जन्तु । ४. जीवसमुदाय ।

**जीवत्–** वि० [सं०] सजीव; जिएको । ~ **पतिका–** वि० लोग्ने जिउँदै भएकी (स्त्री); ऐभाँती; सधवा । ~ **पत्नी–** वि० स्वास्नी जिउँदै भएको (पुरुष) । ~ **पितृक–** वि० बाबु जिउँदै भएको (पुरुष) । – **पुत्रक–** वि० सन्तान जिउँदै भएको (पुरुष) । ~ **पुत्रिका–** वि० सन्तान जिउँदै भएकी (स्त्री) ।

**जीवत्व–** ना० [सं०] जीवमा रहने धर्म; प्राणीमा रहने चेतनतत्त्व; प्राणतत्त्व ।

**जीवद्रव्य–** ना० [सं०] जीवमा रहने वा जीवका लागि आवश्यक द्रवणशील पदार्थ ।

**जीवधन–** ना० [सं०] गाईभैँसी, बाखापाठा पालेर कमाइने धन; पशुपालनद्वारा आर्जित धन; पशुधन; गोधन ।

**जीवधारी–** ना० [सं०] सृष्टिका सानाठूला सबै प्राणी; जीवजन्तु; जीवात ।

**जीवन–** ना० [सं०] १. प्राणीको जन्मदेखि मृत्युसम्मको समय; जिन्दगी । २. शरीरमा प्राण रहेसम्मको अवस्था; प्राणीको जीवित अवस्था; प्राणवान् अवस्था । ३. बाँच्ने ढङ्ग वा बँचाउने शक्ति (प्राणतत्त्व) । ४. जिउँदोपन । ~ **कला–** ना० जीवनलाई सुन्दर र सारवान् बनाउने सीप; राम्ररी बाँच्ने कला । ~ **क्रम–** ना० जीवनको विकासको क्रम; जन्मदेखि बाँचुन्जेलका विभिन्न तहको क्रम । ~ **चङ्गा–** ना० कवि, दार्शनिक आदिद्वारा चङ्गाका रूपमा कल्पना गरिएको जीवन । ~ **चरित / चरित्र–** ना० १. जीवनभर गरेका प्रमुख कार्यहरूको विवरण; जीवन-वृत्तान्त । २. जीवनवृत्तान्त लेखिएको पुस्तक । ~ **चर्या–** ना० जीवनका क्रममा अँगालिएको दैनिक कार्यक्रम; जीवनमा दिनदिनै गरिने कार्यक्रम; दिनचर्या; दैनिक नियम । ~ **चिन्तन–** ना० जीवन र यसका समस्या तथा रहस्यबारे गरिने सामाजिक वा दार्शनिक

किसिमको चिन्तन । ~ **जगत्–** ना० १. जीवजगत् । २. जीवन र जगत् । ~ **जल–** ना० झाडाबान्ता लागेका बेलामा दिसाबाट गएको शरीरको पानीको कमीलाई पूरा गर्न पानीमा घोलेर बनाइने औषधीयुक्त पेय जल । **– द–** वि० जीवन दिने; मर्न नदिने । ~ **दर्शन–** ना० जीवनको उत्पत्ति, अन्त्य आदिबारे विचार गर्ने दृष्टिकोण । ~ **दीप–** ना० १. जीवनको दियो । २. ज्यादै प्रिय व्यक्ति; कसैको आधार बनेको व्यक्ति । ३. आँखा; चर्मचक्षु । ~ **दृष्टि–** ना० जीवनलाई हेर्ने दृष्टि; जीवनदर्शन । ~ **धन–** ना० १. जीवनमा सबैभन्दा प्यारो वस्तु वा व्यक्ति; जीवनसर्वस्व । २. जीवनमा आर्जन गरेको मुख्य धन । ३. लोग्ने; पति । ~ **निर्वाह–** ना० बाँच्नलाई चाहिने साधन जुटाएर जीवन धान्ने कार्य । ~ **पद्धति–** ना० बाँच्ने शैली वा शिल्प; जीवनकला । ~ **मुक्ति–** ना० योगादि अभ्यास र अद्वैत विद्याको अभ्यासबाट जीवित अवस्थामै मायाजालबाट प्राप्त गरिने मुक्ति । **– मृत–** वि० मुर्दासमान भई बाँचेको; मरेजस्तै वा मरेबराबर भएर बाँचेको । ~ **मृत्यु–** ना० जिउँदैमा कुनै अपराध वा कुकर्मले गर्दा मरेतुल्य हुनु परेको स्थिति । ~ **यापन–** ना० जीविका; जीवननिर्वाह । ~ **रस–** ना० जीवित रहनका लागि आवश्यक रस; जीवजन्तुका कोषमा रहने रस; प्राणतत्त्व; खाद्योज; भिटामिन । ~ **विवरण–** ना० जीवनवृत्तान्त । ~ **वृक्ष–** ना० कवि, दार्शनिकहरूले रूखसित तुलना गरेर कल्पना गरेको जीवन । ~ **वृत्तान्त–** ना० जीवनचरित । ~ **वृत्ति–** ना० बाँच्नका लागि अँगालिएको पेसा; जीवननिर्वाहका लागि गरिएको प्रबन्ध; जीविका । ~ **सङ्ग्राम/सङ्घर्ष–** ना० अस्तित्वको संरक्षण तथा जीवनको सुरक्षाका लागि विघ्नबाधाहरूका विरुद्ध जुध्नेभिड्ने र विकट परिस्थितिसित सामना गरिने काम; जीवनको त्यस्तो सङ्ग्राम वा सङ्घर्ष । ~ **स्तर–** ना० बाँच्नका लागि उपयोग तथा उपभोग गरिने साधनको गुण वा परिमाणका दृष्टिले र बाँच्ने शिल्पका दृष्टिले निर्धारित हुने जीवनको स्थान, तह वा श्रेणी । > **जीवनाधिकार–** ना० १. बाँच्नका लागि आवश्यक अधिकार । २. जीवनको बाँच्ने अधिकार ।

**जीवनी–** ना० [सं०] १. जीवनभर गरेका कामकुराको क्रमबद्ध लेख वा कथन; जीवनचरित्र; जीवनचरित । २. कसैको जीवनसम्बन्धी इतिवृत्त । ~ **लेखक–** ना० जीवनी लेख्ने व्यक्ति; जीवनचरितका रचनाकार ।

**जीवनोदय–** ना० [सं०] १. जीवनको आगमन; जीवनको उदय; जन्म । २. हुर्काइ । ३. उन्नति; चर्तिकला ।

**जीवन्त–** वि० [सं०] जिउँदो; जीवित । **– ता–** ना० जीवन्त हुनाको भाव वा स्थिति; जिउँदोपना; जीवितता ।

**जीवन्तिका–** ना० [सं०] १. रूखको एक प्रकारको रोग; ऐँजेरु । २. औषधीका रूपमा प्रयोगमा आउने एक लहरो; गुर्जो ।

**जीवन्ती–** ना० [सं०] १. दूध निस्कने, गुच्छाकार फल फल्ने, पात औषधीका रूपमा प्रयोग हुने एक लता; जीवन्तिका । २. पहेँलो हर्रो । ३. रूख आदिमा पलाउने ऐँजेरु ।

**जीवन्मुक्त–** वि० [सं०] १. आत्मज्ञान प्राप्त गरेर जीवित अवस्थामा नै सांसारिक मायाजालबाट मुक्त भएको । २. सांसारिक विषयसुखमा आसक्त नभएको; वैरागी; विरक्त । ३. मरेको; मृत । > **जीवन्मुक्ति–** ना० जीवनमुक्त भएको अवस्था ।

**जीवन्मृत–** वि० [सं०] १. कुनै उद्योग वा पुरुषार्थविना जिउँदै मरेतुल्य भई बाँचेको; जिउँदै मरेको; बाँचेको भए पनि मरेको भने हुने । २. पङ्गु; बिकामे; अर्थ न बर्थसँग बाँचेको ।

**जीवन्यास–** ना० [सं०] देवमूर्तिहरूमा मन्त्रद्वारा प्राणप्रतिष्ठा गरिने विधि; मूर्तिको प्राणप्रतिष्ठा ।

**जीव भक्षी–** वि० [सं०] जीवजन्तुलाई खाने; मांसभक्षी; हिंस्रक ।

**जीव मन्दिर–** ना० [सं०] जीव रहने घर; शरीर; देह (शरीरको मानवतावादी स्तरीकरण) ।

**जीव रस–** ना० [सं०] जीवनरस ।

**जीव लोक–** ना० [सं०] १. मान्छेदेखि लिएर पशुपक्षी, कीराफटयाङ्ग्रा आदि सम्पूर्ण जीवजन्तु बस्ने लोक; मर्त्यलोक; मर्त्यमण्डल; पृथिवीतल । २. प्राणीहरूको समुदाय वा संसार ।

**जीव विज्ञान–** ना० [सं०] जीवजन्तुको उत्पत्ति, स्वरूप, विकास, बानीबेहोरा आदिको अध्ययन गरिने वा जीवका सम्बन्धमा वस्तुगत अध्ययन गरिने विज्ञान; प्राणीशास्त्र र वनस्पतिशास्त्रको संयुक्त स्वरूप । > **जीव विज्ञानी–** वि० जीवविज्ञान जान्ने; जीवविज्ञानको ज्ञाता; जीवशास्त्री ।

**जीव वृत्ति–** ना० [सं०] जीवननिर्वाहका लागि गाईबस्तु आदि पाल्ने काम; जीवजन्तुको पालनद्वारा गरिने जीवन-निर्वाह; पशुपालन ।

**जीवशेष–** वि० [सं०] १. सास मात्र बाँकी भएको; मर्नै लागेको; मरणासन्न । ना० २. जीवाश्म; जीवावशेष ।

**जीव सङ्क्रमण–** ना० [सं०] पुनर्जन्मवादका अनुसार जीवले एउटा शरीरलाई छाडेर अर्को शरीरमा प्रवेश गर्ने काम; परकायप्रवेश ।

**जीव साधन–** ना० [सं०] १. जीवजन्तुबाट प्राप्त हुने सामग्री । २. जीवनका लागि आवश्यक अन्न आदि साधन ।

**जीव हत्या/जीव हिंसा–** ना० [सं०] जीवजन्तुलाई मार्ने काम; प्राणीको हत्या ।

**जीवा–** ना० [सं०] १. धनुको डोरी; ताँदो । २. चापका दुई टुप्पालाई जोड्ने सरल रेखा । ३. जीवन्ती लता ।

**जीवाणु–** ना० [सं०] १. सूक्ष्मदर्शक यन्त्रबाट मात्र देख्न सकिने तर सर्वत्र व्याप्त, हरितकणरहित साधारण कोषकेन्द्र मात्र हुने एककोषीय वा बहुकोषीय जीव; पछि बढेर स्थूल जीवनको रूप धारण गर्ने अति सूक्ष्म सजीव अणु । २. अनेक प्रकारका रोग उत्पन्न गर्ने जीवनशक्तियुक्त कीटाणु (ब्याक्टेरिया, भाइरस इ०) । ~ **नाशक–** वि० रोग जन्माउने जीवाणु वा कीटाणुहरूलाई नाश गर्ने (औषधी) ।

**जीवात–** ना० [सं०] जलचर, थलचर, नभचर सम्पूर्ण जीवसमूह;

प्राणी; जीव ।

**जीवात्मा–** ना० [सं०] प्राणीको देहभित्र रहेको जीवतत्त्व; प्राण; आत्मा ।

**जीवान्तक–** वि० [सं०] १. जीवको अन्त्य गर्ने; प्राणलाई हरण गर्ने; जीवको संहारक । ना० २. यमराज; काल; महाङ्काल ।

**जीवावशेष/जीवाश्म–** ना० [सं०] प्राचीन कालदेखि चट्टानमा परी थिचिएर रहेका वा जमिनको भित्री तहबाट निकालिएका प्राचीन कालका जीव, वनस्पति आदिको अश्मीभूत वा ढुङ्गामा परिणत रूप (फोसिल) ।

**जीविका–** ना० [सं०] १. जीवनवृत्ति; जीउपालो । २. पेसा; व्यवसाय । > **जीविकोपार्जन–** ना० जीवननिर्वाहका लागि गरिने आर्जन; जीवनयापनको साधन जुटाउन गरिने काम ।

**जीवित–** वि० [सं०] जीवन भएको; बाँचेको; जिउँदो । **– ता–** ना० जीवित हुनाको भाव वा अवस्था; जीवन्तता ।

**जीवी–** प्रत्य० [सं०] प्राणधारण गर्ने; बाँच्ने (शब्दान्तमा मात्र प्रयुक्त, जस्तै– दीर्घजीवी, बुद्धिजीवी, चिरञ्जीवी इ०) ।

**जी हजुर–** वि० बो० हे० हजुर ।

**जुँगा–** ना० [सं० जुङ्ग] १. लोग्नेमान्छे उमेरदार भएपछि माथिल्लो ओठ र नाकका बीचको भागमा उम्रने रौँको गुजुल्टे लहर; जुँघा; जुङा । २. धान, मकै, गहुँ आदिमा हुने रौँजस्तो लामो वस्तु । ३. केही भाले अथवा पोथी पशुहरू (कुकुर, बिराला, बाघ, चितुवा इ०) का थुतुनामाथि उम्रने तीखा काँडे रौँ । ~ **मुठे–** वि० १. राम्रैसित जुँगा उम्रिसकेको; वयस्क भइसकेको; उमेरदार । २. आफ्नो भलोकुभलो सोच्न सक्ने; समर्थ; जमामर्द ।

**जुँगे–** वि० [जुँगा+ए] १. लामा र धेरै जुँगा भएको (पुरुष) । २. जुँगादार । ३. जुँघे; जुङे । ~ **धान–** ना० एक प्रकारको धान; मार्सी; बूढी मार्सी । ~ **मार्सी–** ना० जुँगे धान ।

**जुँघा–** ना०हे० जुँगा । ~ **मुठे–** वि० जुँगामुठे ।

**जुँघे–** वि०हे० जुँगे ।

**जुँङा–** ना०हे० जुँगा । ~ **मुठे–** वि० जुँगामुठे ।

**जुँङे–** वि०हे० जुँगे ।

**जुइनि-नु–** अ० क्रि० [जुइनु+इ+नु] एक पयोको मात्र लुँडी बाटिने काम हुनु; जुइनुमा परिणत हुनु ।

**जुइनु–** ना० [प्रा० जोअणो < सं० योजन] भारी बाँध्नका लागि पराल, धुस्नु, खर, बाबियो आदिको एक पयो मात्र बटारी बनाइएको डोरी ।

**जुइन्याइ–** ना० [√ **जुइनि** (+याइ)] जुइनिने वा जुइनु बटार्ने क्रियाप्रक्रिया । [>] **जुइन्याइनु–** क० क्रि० जुइनु बाटिनु । **जुइन्याइलो–** वि० बाटेर वा बाटिएर जुइनो होलाजस्तो; जुइनुजस्तो । **जुइन्याउनु–** स० क्रि०/प्रे० क्रि० जुइनु बाट्नु; जुइनु पार्नु; जुइनुका रूपमा बटार्नु ।

**जुका/जुको–** ना० [सं० यूक = जलौका < जल+यूका] १. सिमसारका वनस्पतिमा रहेर प्राणीको छालामा मुख जोती रगत चुस्ने, शिरभाग र पुच्छरभागले टेकी हिँड्ने, हाडविहीन लुर्के लाम्चो कीरो; जुको । २. मानिसको पेटमा पर्ने गँडचौलाका आकारको तर नजानिँदो सेतो हाडविहीन कीरो । > **जुके–** वि० जुकासम्बन्धी; जुका भएको; जुकाजस्तो ।

**जुक्त-नु–** अ० क्रि० [सं० युक्त+नु] रुपियाँपैसा, मालसामान आदि चाहिने वस्तु जम्मा हुनु; रुपियाँपैसा, मालसामान आदिको व्यवस्था हुनु; जोगाड हुनु; जुट्नु । > **जुक्ताइ–** ना० जुक्तने भाव, क्रिया वा प्रक्रिया । **जुक्ताइनु–** क० क्रि० जुक्ताइ पूर्ण गरिनु; जुटाइनु । **जुक्ताउनु–** स० क्रि०/प्रे० क्रि० आवश्यक सरसामानको जोरजाम गर्नु; जम्मा पार्नु; जुटाउनु ।

**जुक्ति–** ना० [सं० युक्ति] १. कुनै कुरा जान्न, बुझ्न, पाउन वा कुनै सफलता हासिल गर्न अँगालिने उपाय; युक्ति । २. किल्ली; रहस्य; कडी ।

**जुक्ति-नु–** अ० क्रि० [जुक्त+इ+नु] कुनै कामका लागि चाहिने सबै मालसामान जुट्नु; चाहिने सबै कुरा उपलब्ध हुनु; जुक्तनु । **जुक्त्याइ–** ना० जुक्तिने वा जुक्ताउने क्रियाप्रक्रिया । **जुक्त्याइनु–** क० क्रि० जुक्ताइनु; जुटाइनु । **जुक्त्याउनु–** प्रे० क्रि० जम्मा पार्नु; जुक्ताउनु; जुटाउनु ।

**जुग–** ना० [सं० युग] १. पुराणमा वर्णित सत्य, त्रेता, द्वापर र कलि गरी सृष्टिका चार चरणमध्ये कुनै एक । २. विशेष परिस्थितिका साथ गुज्रेको समय; जमाना; काल । ३. धेरै वर्षको समय; लामो समय । ४. दुई वस्तुको समुदाय । ५. पासाका खेलमा दुई पासामा उही सङ्ख्या पर्न आएमा हुने विशेष दाउ । ६. सोही खेलमा एउटै घरमा बसेका दुई गोटी । ७. जोडी (दिव्य०) । ~ **जुग–** ना० १. ज्यादै लामो समय; दीर्घ काल; एक युगपछिको अर्को युग । क्रि० वि० २. धेरै लामो समयसम्म; युगौँसम्म । ~ **बुडाइ–** ना० धेरै समयको बिताइ; लामो समयको गुज्राइ ।

**जुगादी–** ना० [सं० युगादि] १. युगको आदि । वि० २. युग प्रारम्भ भएका बेलाको । ३. अनेकौँ जुगसम्म टिक्ने; लामो समयसम्म टिक्ने; जुगाती । क्रि० वि० ४. धेरै समयसम्म; लामो अवधिसम्म । ~ **नवमी–** ना० युगको आदिको नवमी; कार्तिक शुक्ल नवमी; कुष्माण्ड नवमी ।

**जुगानजुग–** क्रि० वि० [युगौँयुग] १. युगौँसम्म; धेरै लामो अवधिसम्म । २. अनेकौँ पुस्तासम्म । ना० ३. युगयुगान्तर ।

**जुगुप्सा–** ना० [सं०] १. कुनै नराम्रो कुराप्रति घृणा । २. निन्दा । ३. बीभत्स रसको स्थायीभाव । > **जुगुप्सित–** वि० हेय मानिएको; निन्दा गरिएको; घृणा गरिएको; गर्ह्य; निन्दित; घृणित ।

**जुजबन्दी–** ना० [अ० जुज+फा० बन्दी] पुस्तक पुस्तिकाको प्रत्येक फर्मा अलगअलग सिईं गाँस्ने एउटा तरिका; जुजबाइन्डिङ ।

**जुजुधौ–** ना० [नेवा०] बेसरी तताएका दूधमा केसर, चिनी आदि मिसाई राम्रोसित जमाएर तयार पारिएको दही; भादगाउँले दही ।

**जुझ्-नु–** अ० क्रि० [सं० युध्+नु] जुध्नु; लड्नु; भिड्नु; सङ्घर्ष गर्नु; लडाइँ गर्नु । > **जुझाइ–** ना० जुझ्ने कार्य; युद्ध । **जुझाइनु–**

क० क्रि० जुधाइनु; लडाइनु । **जुझाउनु**– प्रे० क्रि० जुझ्ने पार्नु; जुझ्न लगाउनु । **जुझाहट**– ना० जुझाइ । **जुझो**– ना० युद्ध गर्ने काम; जुध्ने काम; युद्ध; जुधाइ ।

**जुट्-नु**– अ० क्रि० १. आवश्यक मालसामान जुर्नु; जम्मा हुनु । २. सभा आदिमा वा कुनै कामका लागि मानिसहरू भेला हुनु; एकत्रित हुनु । > **जुट**– ना० १. दुई वा दुईभन्दा बढीको समूह; दल; जमात; सङ्गठन । (उदा०– यस काममा सबै एकजुट भएर लागौँ) । २. तासका फराँस आदि खेलमा दुईवटा उही पत्ती एकसाथ आउँदा पर्ने दाउ ।

**जुट**– ना० [अङ्०] सनपाट; पटुवा; सन । ~ **उद्योग**– ना० सनपाटमा आधारित उद्योग । ~ **कारखाना**– ना० सनपाटबाट विभिन्न माल तयार पार्ने कारखाना । ~ **खेती**– ना० सनपाटको खेती । ~ **प्रेस**– ना० सनपाटलाई थिचेर छरितो र कम ठाउँ ओगट्ने पार्ने यन्त्र वा कारखाना । ~ **मिल**– ना० जुटकारखाना ।

**जुटाइ**– ना० [√ **जुट्** (+आइ)] जुट्ने क्रिया वा प्रक्रिया; जोरजाम । [ > ] **जुटाइनु**– अ० क्रि० जुटाइ पूरा हुनु । **जुटाउनु**– स० क्रि०/प्रे० क्रि० भेला गर्नु; जुक्ताउनु; जुट्ने पार्नु; जुट्न लगाउनु ।

**जुटिका**– ना० [सं०] वैदिक विधिअनुसार शिरका बीचमा नकाटी वा नखौरी राखिने रौँ; शिखा; टुपी । ~ **बन्धन**– ना० व्रतबन्धको अघिल्लो दिनको सायम्कालमा बटुकको शिरको तीनतिर वैदिक विधिअनुसार ब्रह्मा, विष्णु, महादेवको प्रतीक स्वरूप गोबर, अक्षता, दूबो, कुश आदि रहेको पोटलिका (पोको) बाँध्ने क्रिया ।

**जुट्केलो**– ना० [सं० जातक+एलो] मिर्ग वा थारलको पाठो ।

**जुठपिण्ड**– ना० [जुठो+पिण्ड] जुठो बार्ने र पिण्ड दिने कार्य; आशौच तथा श्राद्ध । > **जुठपिण्डी**– वि० १. जुठो लाग्ने । ना० २. नजिकका दाजुभाइ वा वंशज ।

**जुठि-नु**– अ० क्रि० [जुठो+इ+नु] जुठो हुनु; अपवित्र हुनु ।

**जुठे**– वि० [जुठो+ए] जुठोको; जुठोसम्बन्धी ।

**जुठेन/जुठेल्नु**– ना० [जुठो+एन/एल्नु] जुठो फाल्ने गरिएको ठाउँ; जुठा भाँडा मस्काउने वा माझ्ने ठाउँ; रछान ।

**जुठो**– ना० [प्रा० जुट्ठो < सं० जुष्ट] १. आफ्ना आमाबाबु, दाजुभाइहरू मर्दा लाग्ने आशौच; मरणाशौच । २. कसैले खाएर बाँकी रहेको खानेकुरो; पुरा । वि० ३. खाएर बाँकी रहेको; उच्छिष्ट; जूठो । ~ **चुलो**– ना० भान्सा उठेपछि जुठो सोहोर्ने र लिप पोत गर्ने काम । ~ **भाँडो**– ना० भान्सा र भाँडा सफा गर्ने काम; जुठो चुलो । ~ **सूतक**– ना० आशौचादि ।

**जुठ्याइ**– ना० [√ **जुठि** (+याइ)] जुठो पार्ने कार्य । [ > ] **जुठ्याइनु**– क० क्रि० जुठो पारिनु । **जुठ्याउनु**– स० क्रि०/प्रे० क्रि० १. जुठो पार्नु वा पार्न लगाउनु । २. मुख बिटोल्नु वा बिटोल्याउनु ।

**जुठ्यान**– ना० [जुठो+यान] जुठेन; जुठेल्नु ।

**जुडी**– ना० [सं० जूट+ई] टुपी; टुप्पी ।

**जुडो**– वि० [सं० जड] १. काम गर्दा ज्यादै ढिलो गर्ने; कामकाजमा ज्यादै जुम्सो; लोसो । २. काम गरेको देख्ता झिँझ्याहटलाग्दो; दिक्कलाग्दो । ना० ३. विशेषतः जापान देशमा प्रचलित आत्मरक्षा वा शत्रुदमनका निम्ति प्रयोग गरिने एक कला; एक प्रकारको खेल । > **जुड्याइँ**– ना० जुम्सोपन; लोसोपना; ढिलासुस्ती ।

**जुतो**– ना० [सं० च्युत] १. बाख्रा, भेडा आदिको गोलाकार विष्टा; बड्कुँलो; बड्कौँलो; बकौँलो । २. बड्कौँलाहरूको मल ।

**जुत्ता**– ना० [प्रा० जुत्त] खुट्टामा लगाउनको लागि छाला वा कपडा आदिलाई उपयुक्त ढाँचामा सिई तयार पारिएको वस्तु; पाउको सुरक्षासाधन; पाउपोस; पाउलो । ~ **खानु**– टु० जुत्ताले पिटिमाग्नु । (उदा०– त्यसले फेरि नचाहिँदो गऱ्यो भने जुत्ता खाला) । > **जुत्तिनु**– क० क्रि० अरूद्वारा जुत्ताले पिटिनु; जुत्ताको मार खानु । **जुत्ती**– ना० सानो खालको जुत्ता ।

**जुत्तो**– ना० [जुत्ता] १. जुत्ता (तुच्छार्थमा) । २. फाटेर थोत्रिएको जुत्ता; नाम मात्रको जुत्ता ।

**जुत्त्याइ**– ना० [√ **जुत्ति/जुत्त्याउ** (+आइ)] जुत्तिने वा जुत्त्याउने क्रिया-प्रक्रिया । [ > ] **जुत्त्याइनु**– क० क्रि० जुत्ताले पिटिनु । **जुत्त्याउनु**– स० क्रि० कसैलाई जुत्ताले हान्नु; जुत्ताको प्रहार गर्नु ।

**जुत्याइ**– ना० [√ **जुत्याउ** (+आइ)] जुतो वा बड्कौँलो फाल्ने किसिम वा कार्य । [ > ] **जुत्याइनु**– क० क्रि० जुतो फालिनु; जुतो झारिनु ।

**जुत्याउनु**– स० क्रि०/प्रे० क्रि० [जुतो+याउ+नु] भेडाबाख्राले बिस्टचाउनु; जुतो झार्ने पार्नु ।

**जुद्ध/जुद्धे**– ना० [सं० युद्ध] युद्ध; लडाइँ ।

**जुध्-नु**– अ० क्रि० [सं० युध्+नु] १. रिसइबी साध्न वा कुनै कुरा प्राप्त गर्न दुई वा दुई समूहका व्यक्तिका बीच परस्पर लडाइँ हुनु; युद्ध हुनु; परस्पर द्वन्द्व मच्चिनु । २. सजातीय वा भिन्न जातीय जीवजन्तु एक अर्कासँग लड्नु; परस्परमा सिङ, चुच्चो आदिले घोच्ने, ठुड्ने, ठेल्ने आदि गरी भिड्नु । ३. मोटर आदि परस्परमा ठक्कर खानु । > **जुधाइ**– ना० जुध्ने वा जुधाउने क्रियाप्रक्रिया; लडाइँ । **जुधाइनु**– क० क्रि० जुध्ने तुल्याइनु । **जुधाइलो**– वि० जुध्लाजस्तो; जुध्ने पार्लाजस्तो । **जुधाउनु**– प्रे० क्रि० जुध्ने पार्नु; जुध्न लगाउनु । **जुधान**– ना० लड्ने वा भिड्ने काम; जुध्ने काम; लडन्त; भिडन्त । **जुधारु**– वि० लड्नभिड्न मन पराउने; जुध्न रुचाउने; युद्धदेखि पछि नहट्ने; युयुत्सु; जोधा; जोधाहा । **जुधिनु**– अ० क्रि० १. भिडिनु; लडिनु । २. ठक्कर खाइनु ।

**जुन१**– सर्व० [सं० यत्] जो; जे (तिर्यक्) । > **जुनसुकै**– वि०/सर्व० जेसुकै; जस्तोसुकै; जुनकुनै ।

**जुन२**– ना० [अङ्०] ग्रेगोरी पात्रोअनुसार वर्षको छैटौँ महिना; मे र जुलाईका बीचमा पर्ने तीस दिने महिना ।

**जुन३**– ना० [सं० ज्योत्स्ना] १. चन्द्रमाको किरण; चन्द्ररश्मि । २. चन्द्रमा । **– किरी**– ना० शरीरको सबभन्दा पछिल्लो भाग केही चहकदार हुने र त्यसबाट झिलिक्कझिलिक्क देखिने मलिनो तर जूनको जस्तो प्रकाश दिँदै प्रायः वर्षाऋतुको रातमा उड्ने एक

जातको कीरो; खद्योत; जुन्किरी । – **को टक**– ना० जूनको उज्यालो । – **टिकी**– ना० चन्द्रबिन्दु ।

**जुनाफ**– ना० यो० [अ० जनाब] उच्च अधिकारीका समक्ष वा सन्निकट ।

**जुनार**– ना० सुन्तलाजस्तो, अलि कडा बोक्रा र केही अमिलोपन हुने एक जातको गुलियो फल । ~ **दाना**– ना० जुनारको फल ।

**जुनिलो**– वि० [जून+इलो] जून भएको; जून लागेको; जुनेली ।

**जुनी**– ना० [सं० योनि] १. जीवन; चोला । २. शरीर; देह । ३. पुनर्जन्मवादका अनुसार प्राणीले मृत्युपछि पुनःपुनः प्राप्त गर्ने जन्म । ~ **फेर्नु**– टु० १. मर्न लागिसकेको मानिस बाँचेर राम्रो स्वास्थ्यको हुनु । २. चोला बदल्नु ।

**जुनेली**– वि० [जून+एली] १. टहटह जून लागेको; चन्द्रमाको किरणले उज्यालो भएको (रात) । ना० २. जूनको प्रकाश; चन्द्रमाको उज्यालो ।

**जुनेलो**– ना० मुरलीमकैका जस्ता बोटमा झुप्पा परेर दाना लाग्ने एक थरी अन्न ।

**जुन्किरी**– ना० [जून+कीरी] हे० जुनकिरी ।

**जुम्रा/जुम्रो**– ना० [जम्रो < प्रा० चम्मइडो < सं० चर्म्मकीट] १. पसिना आदिले वा शरीरमा लगाउने लुगा आदिमा मयल जम्न गएमा जन्मने, शरीरको रगत चुसेर बाँच्ने एक जातको सानो कीरो; जम्रो; सेतो जम्रो । २. कपालमा लाग्ने त्यस्तै तर भिन्न रङको कीरो; कालो जम्रो । ३. मान्छेको छालामा टाँसिएर बसेको हत्तपत्त नदेखिने एकदम सानो आकारको किर्नु; चमजुम्रो ।

**जुम्ला**– ना० १. नेपालको उत्तरपश्चिम पहाडी भेगको कर्णाली अञ्चलमा पर्ने एक जिल्ला । २. हाल सम्पूर्ण कर्णाली अञ्चल समावेश भएको र सुगौली सन्धिपूर्व बद्रीकेदारलाईसम्म छुन पुगेको, बाइसी राज्यमध्येको एक राज्य । ३. प्राचीन कालको जावेश्वर भूमि; जावेश्वर देश । > **जुम्ली**– वि० १. जुम्लामा बस्ने; जुम्लाको निवासी । २. जुम्लासम्बन्धी; जुम्लाको । ना० जुम्लातिर बोलिने भाषिका ।

**जुम्लुङ्ङ**– क्रि० वि० [अ० मू० जुम्लुङ्+ङ] भुत्लाका साथमा; लामा भुत्ला हल्लाउँदै; भ्याम्ल्याङ्ङ ।

**जुम्ल्याहा**– वि० [सं० यमल] १. एकै पटक एउटै गर्भबाट जन्मेका; जमल्याहा । २. दुई वा दुईभन्दा बढी टाँसिएर फलेका । ना० ३. त्यसरी जन्मेका बच्चा वा फलेका फल ।

**जुम्सो**– वि० [प्रा० जुम्मसोओ < सं० जृम्भशोक] १. शोकले गर्दा हाई काढ्ने (व्युत्पन्न अर्थ) । २. दुब्लो; मरन्च्याँसे वा लोसो (प्रचलित अर्थ) । स्त्री० जुम्सी । > **जुम्स्याइँ**– ना० जुम्सो हुनाको भाव; सुस्ती; ढिलोपना । **जुम्स्याहा**– वि० जुम्सो । **जुम्स्याही**– वि० जुम्सी ।

**जुर्-नु**– अ० क्रि० [सं० जुट्+नु] १. चाहिएको वा काम लाग्ने कुनै कुरा कतैबाट अकस्मात् आइलाग्नु; प्राप्त हुनु; भेटिनु; जोरजाम हुनु; विनाप्रयास आइपर्नु । २. विवाहका लागि ज्योतिषशास्त्रअनुसार वरवधूको ग्रहनक्षत्र मिल्नु । ३. कतै प्रस्थान गर्नका लागि वा कुनै शुभ कार्यका लागि साइत निस्कनु ।

**जुरजुर**– ना० [अ० मू० जुर्+अ (द्वि०)] १. धमाधमको उठाइ वा उचालाइ; जऱ्याकजुरुक । क्रि० वि० २. त्यसरी उठ्ने वा उचालिने गरी । > **जुरजुराइ**– ना० धमाधम उठ्ने वा उचाल्ने क्रियाप्रक्रिया । **जुरजुराइनु**– क० क्रि० १. धमाधम उचालिनु । अ० क्रि० २. धमाधम उठिनु । **जुरजुराउनु**– अ० क्रि० १. जुरजुर उठ्नु । स० क्रि० २. जुरजुर उठाउनु । **जुरजुराहट**– ना० जुरजुराइ । **जुरजुरी**– क्रि० वि० जुरजुर उठ्ने वा उचालिने गरी ।

**जुरमुर**– ना० [अ० मू० जुर्+मुर्] १. फुर्तीफार्ती; जरकमरक; ताउरमाउर । २. रिसाउने चाल । क्रि० वि० ३. फुर्तिलो वा तम्सिलो भएर; जरकमरक गर्दै । > **जुरमुराइ**– ना० जुरमुर गर्ने क्रिया वा प्रक्रिया । **जुरमुराइनु**– अ० क्रि० जुरमुर गर्ने हुनु । **जुरमुराउनु**– अ० क्रि० १. जुरमुर गर्दै उठ्नु । २. तत्पर हुनु; तम्सिनु । **जुरमुरिनु**– अ० क्रि० जुरमुराउनु । **जुरमुऱ्याइ**– ना० जुरमुरिने भाव, क्रिया वा प्रक्रिया । **जुरमुऱ्याइनु**– क० क्रि० जुरमुर गर्ने पारिनु । **जुरमुऱ्याउनु**– प्रे० क्रि० जुरमुरिने पार्नु । **जुरमुऱ्याहट**– ना० जुरमुऱ्याइ ।

**जुराइ**– ना० [√ **जुर्** (+आइ)] १. जुर्ने भाव, क्रिया वा प्रक्रिया । [जुराउ+आइ] २. जुराउने भाव, क्रिया वा प्रक्रिया । [>] **जुराइनु**– क० क्रि० जुर्ने तुल्याइनु; जुटाइनु । **जुराउनु**– स० क्रि०/प्रे० क्रि० १. जुर्ने पार्नु; साइत आदि मिलाउनु । २. चाहिने सरसामान सबै जोर्नु; जुक्ताउनु; जुटाउनु ।

**जुराफ१**– ना० [अ० जुरूफ] बट्टाई पाल्ने पिँजडाको खोल ।

**जुराफ/जुराब२**– ना० [तु० जुर्राब] मोजा ।

**जुरी**– ना० [अङ्०] अभिनिर्णायक मण्डली (अदालतको) ।

**जुरुक जुरुक**– ना० [अ० मू० जुरुक्+अ (द्वि०)] मनमा लगातार आइरहने उत्तेजना वा उद्वेग । २. लगातारको उठाइ वा उचालाइ । क्रि० वि० ३. त्यस प्रकारको उत्तेजना, उद्वेग वा उठाइका साथ ।

**जुरुकमुरुक**– ना०/क्रि० वि० [अ० मू० जुरुक्+अ (द्वि०)+मुरुक] जुरुकजुरुक; जरकमरक; जुरजुरी ।

**जुरुक्क**– क्रि० वि० [अ० मू० जुरुक्+क] एकै प्रयासमा उचाल्ने वा उठ्ने हिसाबले ।

**जुरुङ जुरुङ**– ना० [अ० मू० जुरुङ्+अ(द्वि०)] १. जुरुकजुरुक । २. सिरिङसिरिङ । क्रि० वि० ३. रोमाञ्चकारी ढङ्गले ।

**जुरुङ्ङ**– क्रि० वि० [अ० मू० जुरुङ्+ङ] जरो, भय, जोस, जाडो आदिबाट शरीरमा कम्प हुने, काँडा उम्रिने वा रोमाञ्च हुने किसिमले; सिरिङ्ङ; जिरिङ्ङ ।

**जुरे**– वि० [जुरो+ए] जुरो भएको; जुरो बाँधेको । ~ **काफल**– ना० लाम्चा पात भई दूध आउने तथा गुलिया, पहेँला फल फल्ने एक जातको बोट वा त्यसको फल । ~ **चिल**– ना० जुरो हुने, एक जातको चील; सिउरवाला चील । ~ **तङ**– ना० कौल

अडचाउने काठीको जुरो । ~ **मयल–** ना० बोट सानो र पात ठूलो हुने एक जातको मयल; एक जातको सानो जङ्गली नास्पाती ।

**जुरेली–** ना० [जुरो+एली] १. जुरो हुने; पुच्छरको मन्तिर रातो अथवा पहेँलो र आङको रङ कालो हुने भँगेरोभन्दा केही ठूलो आकारको चरो । २. लोकगीत आदिमा प्रेमीद्वारा प्रेमिकालाई सम्बोधन गरिने शब्द । वि० ३. राम्रो स्वर भएकी; कोकिलकण्ठी । ~ **कण्ठ–** ना० जुरेलीको झैँ मीठो स्वर भएको कण्ठ । **– को गुँड–** ना० सानो तर राम्रो घर; सबै सुविधा भएको र सानो चिटिक्क परेको घर । ~ **थुम्को–** ना० दुईतिर भिरालो भई माझमा सलक्क परेको डाँडो ।

**जुरेलो–** ना० [जुरो+एलो] १. झुन्डचाउनका लागि घुमका पीठमा लगाइएको उभिन्डो । २. जुरेली चरो ।

**जुरे सुगा–** ना० [जुरे+सुगा] जुरो हुने एक जातको सुगा ।

**जुरो–** ना० [सं० जूट] १. समेटेर टाउकाको एक ठाउँमा गुजुल्टो पारेको कपाल । २. साँढेका काँधमाथि भुक्क उठेको रौँदार मासपिण्ड । ३. धान आदिका कुनिउँमा गुजुल्टो पारेर बनाइएको गजुर । ४. जुरेली, डाँफे, लामपुच्छ्रे आदि पक्षीका शिरमा उठेको ठाडो रौँ ।

**जुर्रा–** ना० [फा० जुर्र] एक जातको भाले बाजलाई बुझाउने शब्द; भाले बाज ।

**जुलाई–** ना० [अङ्०] ग्रेगोरी पात्रोअनुसार इस्वी वर्षको सातौँ महिना; जुनभन्दा पछिको र अगस्तभन्दा पहिलेको एकतीसदिने महिना ।

**जुलाफ/जुलाब–** ना० [अ० जुल्लाब] १. दिसा खलास गराएर पेटको कसर फ्याँक्ने र पेट सफा गराउने क्रिया; विरेचन । २. उक्त विरेचनका लागि प्रयोगमा ल्याइने औषधी ।

**जुलाहा–** ना० [फा० जौलाह] कपडा बुन्ने काम गर्ने एक जाति; तन्तुकार; तन्तुवाय ।

**जुलुङ्गो–** ना० बालीनालीको सुरक्षाका निम्ति खेतबारीका बीचमा गाडिने, तर्साउने आकृति; पराल वा खर आदिद्वारा बनाएर उभ्याइएको मूर्ति; तर्साउने; बुख्याचा ।

**जुलुम–** ना० [अ० जुल्म] १. आफ्नो स्वार्थसिद्धिका लागि अरूमाथि गरिने अत्याचार; अन्याय; जबरजस्ती । क्रि० वि० २. अति; अत्यन्त । वि० ३. ज्यादै बियाँलो; अति विलम्ब । ४. अद्भुत; उदेकलाग्दो; अभूतपूर्व । > **जुलुमी–** वि० १. अत्याचार गर्ने; जुलुम गर्ने । २. अतिआकर्षक; बेस; उत्तम ।

**जुलुस–** ना० [अ०] १. कुनै कुराको विरोध वा समर्थनमा अधिकारीहरूमाथि प्रभाव पारेर कुनै सामूहिक उद्देश्य पूरा गर्न हिँडेका मानिसहरूको पङ्क्तिवद्ध भीड । २. धेरै मानिसहरूको एकसाथको यात्रा; कुनै उत्सव वा समारोहमा सम्मिलित मानिसहरूको यात्रा । ३. समर्थन, विरोध, सम्मान आदिको सामूहिक प्रदर्शनी ।

**जुल्फी–** ना० [फा० जुल्फ] काटछाँट गरी तह लाएर केही लामो पारी पालेको कपाल; बाबरी; बुलबुले; बङ्गाली । ~ **पाल्नु–** ट० काटछाँट गरी तह लाएर केही लामो पारी कपाल पाल्नु । ~ **रोटी–** ना० जिलेबी । > **जुल्फे–** वि० जुल्फी भएको; जुल्फी पाल्ने ।

**जुवा१–** ना० [प्रा० जुग < सं० युग] १. गोरु वा राँगा नार्दा दुवैका काँधमा राखेर जोतारुले बाँधिने दुई वा चारवटा सोइला भएको काठ । २. तराईतिर हलो जोत्दा वा दाइँ गर्दा गाइने एक प्रकारको गीत ।

**जुवा२–** ना० [सं० द्यूत] १. पैसा बाजी राखेर दुई वा दुईभन्दा धेरै पक्षका बीच हारजित हुने गरी खेलिने खास-खास खेल; (तास, पासा, कौडा इ०); जूवा ।

**जुवाइँ–** ना० [प्रा० जामाउय] १. छोरी, बहिनी वा भतिजीका पति; जामाता । २. नातिनी, पनातिनी आदिका पति ।

**जुवाडी–** वि० [जूवा+आडी] जुवा खेल्ने; जुवाडे । > **जुवाडे–** वि० जुवामा लत बसेको; ज्यादा जुवा खेल्ने; जुवाडी; बाह्रमासे ।

**जुवारी–** ना० [सं० युगलिका > प्रा० जुअलिआ > *जुवाली] रसिक स्त्री-पुरुष विशेष गरेर युवक-युवतीले सवाल-जवाफका रूपमा भाका हालेर गाउने शृङ्गारभाव-प्रधान गीत; युगल-प्रेमगीत । ~ **खेल्नु–** ट० स्त्री-पुरुष दुई जनाले सवाल-जवाफ गरी गीत गाउनु ।

**जुस–** ना० [अङ्०] १. फलफूल निचोरी निकालिएको रस; झोल । २. दाल, मासु आदि खाद्य पदार्थमा पानी मिसाई सार रसमा उत्रने गरी बेसरी पकाएर तयार पारिएको रस; झोल ।

**जुहार–** ना० [हि०] १. प्रार्थना; अनुरोध । २. देवतासँग मागिने वरदान ।

**जुहारत/जुहारात–** ना० [अ० जौहर] रत्न; मणि; जवाहिरात; जुहार । > **जुहारी–** ना० रत्नको व्यापारी वा पारखी; जौहरी ।

**जुहारी१–** ना० तारबाजाको घोडीको आङ; जिबा; जुआरी ।

**जुहारी२–** ना० [√ जुवारी] जुवारी; युगलप्रेमगीत ।

**जुही–** ना० [सं० यूथी] ससाना पात हुने, लाम्चा र मसिना खालका सेता, पहेँला र राता फूल फुल्ने एक जातको लहरो; त्यसैको फूल; जूही ।

**जूट–** ना० [सं०] १. कोरीबाटी नगरेको कपालको गुजुल्टो; जुरो । २. कपालको चोटी । ३. सनपाट; जुट ।

**जूठो–** ना० हे० जुठो ।

**जून१–** ना० [अङ्०] हे० जुन२ ।

**जून२–** ना० हे० जुन३ ।

**जूवा–** ना० हे० जुवा२ ।

**जूही–** ना० हे० जुही ।

**जे–** सर्व० [सं० य] १. अनिश्चित, निर्जीव पदार्थका सट्टामा आउने र दुई वाक्यलाई जोड्ने सम्बन्धी सर्वनाम; जुन । (उदा०– जे गर्न मन छ, गर । जे पायो त्यही नखाऊ) । वि० २. अनिश्चित, निर्जीव पदार्थका सट्टामा आउने र दुई वाक्यलाई जोड्ने सार्वनामिक विशेषणको एक भेद; सम्बन्धी विशेषण; जुन । (उदा०– जे

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



काम गर्न मन पर्छ, गर) ।

**जेउडो–** ना० [सं० जीवरोम] १. भारी बाँध्ने ऊनको डोरी । २. कुनै पनि किसिमको डोरो वा डोरी; बन्धन ।

**जेट–** ना० [अङ्०] ठूलो र विशेष प्रकारको इन्जिनयुक्त तीव्रगामी वायुयान । ~ **विमान–** ना० जेट ।

**जेठ–** ना० [सं० ज्येष्ठ] १. ज्येष्ठा नक्षत्रयुक्त पूर्णिमा पर्ने महिना; सालको दोस्रो महिना; ज्येष्ठ । वि० २. जेठो (केही समस्त शब्दका आरम्भमा मात्र सीमित, जस्तो– जेठकान्छी, जेठरैती आदि) । – **कान्छी–** ना० मानिस वा प्राणीहरूका बीचको उमेरको घटीबढी; मानिस वा प्राणीहरूका बीचको जन्मकालको अन्तर; जन्मका आधारमा जेठो र कान्छो हुने स्थिति । – **बूढो–** ना० गाउँघरमा सरकारी रकम उठतीपुठती गर्ने द्वारे; मुखियाभन्दा तल्लो तहको सरकारी कर्मचारी (भूमिप्रशासन लागू हुनुअघिको व्यवस्था) । – **रैती–** ना० गाउँघरमा मुखियासरह मानिएको व्यक्ति; बडघर ।

**जेठाक–** ना० [सं० जेष्ठाङ्ग] अंशबन्डा गर्दा जेठोचाहिँ छोराले जेठो भएका नाताले पाउने अंशको विशेष भाग; जेठचाक ।

**जेठाजु ⁄ जेठाज्यू–** ना० [जेठो+जु ⁄ ज्यू] लोग्नेको दाजु ।

**जेठान–** ना० [सं० ज्येष्ठ+आन] स्वास्नीको दाजु । – **दिदी–** ना० जेठानकी स्वास्नी । > **जेठानी–** वि० १. जेठानसम्बन्धी (तुल० जेठानी दिदी = जेठानदिदी) । २. जेठाजुकी पत्नी; पोइका दाजुकी पत्नी ।

**जेठाबा ⁄ जेठाबाबु–** ना० [जेठो+बा ⁄ बाबु] जेठो बाबु; बडाबा ।

**जेठा बोहरा–** ना० [जेठो+बोहरा] बूढा र बुद्धिमान् व्यक्ति; बूढा र बुद्धिमान् व्यक्तिलाई शाहकालमा प्रदान गरिएको पद ।

**जेठासी–** ना० [जेठ+आसी] जेठ महिनामा झिकिने वा झिकिएको चरेस ।

**जेठी–** वि० [जेठो+ई] १. बढी उमेरकी; पहिले जन्मेकी । ना० २. जेठाकी स्त्री । ~ **आमा–** ना० १. जेठा बाबुकी स्वास्नी; बाबुकी जेठी भाउज्यू । २. आफ्नी आमालाई भन्दा पहिले बाबुले विवाह गरेकी स्त्री; जेठी सौतिनी आमा । ~ **कान्छी–** ना० १. केही पहिले र केही पछि जन्मेका दिदीबहिनी । २. केही पहिले र केही पछि भित्र्याइएका सौतासौती । ३. केही पहिले र केही पछि भित्र्याइएका बुहारीहरू । ~ **खुँडा–** ना० जेठी तरबार । ~ **तरबार–** ना० सेनापतिले लिने लामो तरबार (दिव्य०); जेठी खुँडा ।

**जेठी मधु–** ना० [सं० यष्टिमधु] १. ठूला पात, ससाना हरिया फल र मोटो गुलियो जरा हुने एक लहरो; यष्टिमधु । २. त्यसैको फूल वा जरो ।

**जेठेक–** ना० [सं० ज्येष्ठाङ्ग] सबै भाइलाई समान भाग लागिसकेपछि जेठालाई जेठोपनका निम्ति दिइने केही अतिरिक्त सम्पत्ति; जेठचाक; जेठाक ।

**जेठो–** वि० [सं० ज्येष्ठ] १. अरूभन्दा बढी उमेरको; दाजुभाइहरूमध्ये पहिले जन्मेको; ज्येष्ठ । ना० २. जेठो उमेरको व्यक्ति । ~ **बाठो–** वि० १. उमेरमा जेठो र घरव्यवहारबारे धेरै अनुभव भएको; बूढोपाको र जान्नेसुन्ने; पहिलो र हर्ताकर्ता । ना० २. त्यस्तो व्यक्ति । ~ **बाबु–** ना० जेठाबा; बडाबा । ~ **बूढो–** वि० १. गाउँघर, छरछिमेकमा सबैभन्दा जेठो र धेरै कुरा भोगेजानेको । ना० २. त्यस्तो व्यक्ति । ~ **भाग–** ना० १. अंशबन्डा गर्दा सबैभन्दा जेठो छोरालाई दिइने भाग; जेठाक । २. कुनै वस्तुको विभिन्न भागमध्ये सबैभन्दा ठूलो भाग ।

**जेता–** वि० [सं०] १. लडाइँमा वा कुनै किसिमको प्रतिद्वन्द्वितामा जित्ने; विजयी । ना० २. विजयी व्यक्ति ।

**जेतेमेते–** ना० १. विशेष महत्त्व नभएका सानातिना मालसामान; खत्र्याकखुत्रुक । २. जे पायो सोही वस्तु । (उदा०– पेट कमजोर हुनेले जेतेमेते खानु हुँदैन) । क्रि० वि० ३. कुनै तरिकाले; जिनतिन; खस्याङखुसुङ । (उदा०– परीक्षामा विनातयारी जेतेमेते लेखेर राम्रो अङ्क प्राप्त गर्न सकिँदैन) ।

**जेथा–** ना० [सं० यथा] चलअचल सबै सम्पत्ति; भएभरको श्रीसम्पत्ति । ~ **जमानी–** ना० १. कुनै कारोबारसम्बन्धी लिखतमा रकम जिम्मा दिनेले पछि गडबड गरेमा आफ्नो निर्दिष्ट जेथाबाट बेहोरुँला भनी सहीछाप गर्ने जमानी । २. त्यसरी सहीछाप गरिएको लिखत । ३. त्यस्तो लिखत गर्ने प्रणाली । ~ **जमिन–** ना० जेथा; घरजग्गा; जग्गाजमिन । ~ **जिरायत–** ना० भूमिसुधार ऐन लागू हुनुभन्दा पहिले तराईका जिमीदारको कब्जामा रहेको मौजाको सिरजग्गा र अरू सम्पत्ति; मौजाको चलअचल सम्पत्ति ।

**जेथोमेथो–** ना० भएभरको श्रीसम्पत्ति; सिरीखुरी ।

**जेनकेन–** क्रि० वि० [सं० येनकेन] कुनै प्रकारले; कुनै किसिमले; येनकेन प्रकारेण; जसरीतसरी ।

**जेनतेन–** क्रि० वि० [सं० येनतेन] १. जुनसुकै साधनले; जुनसुकै उपायले; जे पाइन्छ त्यसैले । २. जिनतिन; जसरीतसरी; जेनेतेने । वि० ३. साधारण; सामान्य (वस्तु वा चीजबीच) ।

**जेनरेटर–** ना० [अङ्०] बिजुली, ताप आदि उत्पादन गर्ने यन्त्र; ऊर्जाप्रजनक ।

**जेप ⁄ जेब–** ना० [अ० जेब] खल्ती; गोजी; बगली; पाकेट । ~ **खर्च–** ना० नभई नहुने वस्तुका लागि गरिने खर्चबाहेक अरू फुर्माइसी कामका निम्ति गरिने दैनिक खर्च; पाकेटखर्च । – **घडी–** ना० खल्तीमा राखेर व्यवहार गरिने घडी ।

**जेबर–** ना० [फा० जेवर] सुनचाँदी र जुहारतबाट बनेको आभूषण; गहना ।

**जेबी–** वि० [फा० जेब+ई] जेबमा राख्न हुने; जेबमा अटाउने; जेबमा राख्न बनाइएको । ~ **घडी–** ना० जेबघडी (पकेटवाच) । ~ **पात्रो–** ना० खल्तीमा अटाउने पात्रो; सानो आकारको पञ्चाङ्ग । ~ **पुस्तक–** ना० छरितो आकारको पुस्तक । ~ **रुमाल–** ना० हात, मुख, नाक पुछ्न वा शोभाका निम्ति जेबमा राखिने रुमाल ।

**जेमन्त–** ना० आफूलाई मन लागेअनुसार गर्नु; आफूखुसी गर्नु ।

क्रि० वि० आफूलाई मन लागेअनुसार; आफूखुसी ।

**जेय–** वि० [सं०] जित्न सकिने; जित्नुपर्ने; जित्न लायक ।

**जेरबन्द–** ना० [फा०] घोडाको पेटमा बाँध्ने काठीको साज; जेडबन्दा ।

**जेरी–** ना० दुईतीन दिन पानीमा भिजाई केही अमिल्याएर खमिर तुल्याइएको मैदाको पीठोबाट सेलजस्तै बाटुलो र सामान्यतया सेलभन्दा सानो पारी घिउमा पकाएर चिनीको पागमा डुबाइने, सानाठूला घेरामा जेलिएको मिठाई; तहतह परी घुम्रिएको ठूलो खालको जिलेबी वा जुल्फी ।

**जेल्-नु–** स० क्रि० [जाल+नु] १. धागो, कपडा, डोरी आदिले चारैतिरबाट बाँध्नु; फन्का मार्नु; बेर्नु । २. अलमल्याउनु; बिथोल्नु ।

**जेल–** ना० [अङ्०] अपराधी थुन्ने घर; जेलखाना; झ्यालखाना । **– अफिस / कार्यालय–** ना० झ्यालखानासम्बन्धी काम गर्ने-गराउने कार्यालय । **– खाना–** ना० कुनै व्यक्तिले अपराध गरेको छ भनी उजुर पर्न आए वा केही तथ्यहरूका आधारमा सरकारलाई त्यस्तो लागी मुद्दा चलाउनुपर्ने भएमा र अदालतमा चलेको त्यस प्रकारको मुद्दाको किनारा नलागुन्जेल कानुनअनुसार थुनामा राखी कारबाई गर्नुपर्ने भएमा वा अदालतको फैसलाअनुसार अपराध प्रमाणित भई कैदको सजाय तोकिएमा तोकिएको अवधिभरका लागि थुन्ने ठाउँ वा घर; जेल; झ्यालखान; कारागार; बन्दीगृह; खोर ।

**जेलजाल–** ना० [जेल+जाल] १. मजबुतीका साथ नकसेर कामचलाउ किसिमले बाँध्ने काम; खुकुलो पारी बाँध्ने काम; बाँधबुँध; बारबेर । २. कसेर नभई कामचलाउ ढङ्गले बुन्ने काम; खुकुलो किसिमको बुनाइ । ३. जालझेल । ४. जेलो; जाल; बिथोलो ।

**जेल प्रशासन–** ना० [जेल+प्रशासन] झ्यालखानासम्बन्धी व्यवस्था मिलाउन र त्यसलाई सुव्यवस्थित रूपमा राख्न गरिने प्रबन्ध ।

**जेलर–** ना० [अङ्०] झ्यालखानाको रेखदेख गर्ने र कैदीहरूमाथि निगरानी राख्ने जेलको प्रमुख हाकिम; कारागाराधिकृत (जेल-सुपरिन्टेन्डेन्ट) ।

**जेलवासी–** ना० [जेल+वासी] १. झ्यालखानामा थुनिएको अपराधी; थुनुवा । २. कैदी ।

**जेलाइ–** ना० [√ **जेल्** (+आइ)] जेल्ने क्रिया वा किसिम । [ > ] **जेलाइनु–** क० क्रि० जेल्न लाइनु; जेलिने तुल्याइनु । **जेलाइलो–** वि० जेलो परेको; जेलिएलाजस्तो । **जेलाउनु–** प्रे० क्रि० जेल्न लाउनु; जेलाइमा पार्नु । **जेलिनु–** अ० क्रि० जेलाइमा पारिनु; चारैतिरबाट बाँधिनु; बेरिनु ।

**जेलाहा–** वि० [जेल्+आहा] जेलजाल खडा गर्ने; झन्जटिया ।

**जेलो–** ना० [जेल्+ओ] १. जेलिएको कुनै वस्तु वा त्यस्तो वस्तुको गुजुल्टो । २. जेलिएको वा जेलिने स्थिति; अलमल; बिथोलो ।

**जेवर–** ना० [फा०] गहनागुरिया; जेबर ।

**जेसुकै–** सर्व० [जे+सो+कोई] जुनसुकै; जे पनि ।

**जेहन–** ना० [अ०] १. सोचविचार गर्ने; बुझ्ने र निश्चय गर्ने मानसिक शक्ति; समझ । २. मगज; दिमाग; बुद्धि । **– दार–** वि० सम्झने; बुझ्ने र निश्चय गर्ने शक्ति भएको; समझदार; दिमागदार; बुद्धिमान् ।

**जै१–** ना० [जई] जौको जस्तो बोट हुने एक प्रकारको अन्न; एक जातको जौ; जई ।

**जै२–** पू० स० व्याकरणका अनुसार पूर्वगामी आंशिक समध्वन्यात्मक द्वित्व हुँदा 'ज'बाट आरम्भ भई केही शब्दमा गाँसिने एकखाले पूर्वसर्ग (जैजेथा, जैजगेरा इ०) ।

**जैतुन–** ना० [अ०] गोलकाँक्रीका आकारका नीला फल फल्ने र नर्कटका जस्ता ससाना पात हुने, अरब र पश्चिम युरोपका प्राचीन जातिहरूद्वारा पवित्र मानिने एक जातको वृक्ष ।

**जैन–** ना० [सं०] १. चौबीसौँ वा अन्तिम तीर्थङ्कर मानिएका महावीर वर्धमानले चलाएको अहिंसामूलक धर्म । २. त्यस धर्मका अनुयायी; जैनी । > **जैनी–** ना० जैन धर्मका अनुयायी; जैन मतावलम्बी ।

**जैरे–** ना० [सं० जटिल+ए] १. काखीमनि उम्रने रौँ; काखीको रौँ । वि० २. तुच्छ; नीच; क्षुद्र; मुलाङ्खरे ।

**जैले–** क्रि० वि० [जहिले] जुन बेलामा; जुन समयमा; जहिले । > **जैलेसुकै–** क्रि० वि० जुनसुकै बेलामा पनि; जहिलेसुकै ।

**जैव–** वि० [सं०] जीवसम्बन्धी; जीवको ।

**जैविक–** वि० [सं०] जीवसम्बन्धी । ~ **पदार्थ–** ना० जीवबाट पैदा हुने पदार्थ; जीवसम्बन्धी पदार्थ । ~ **विष–** ना० जीवमा पाइने विष; प्राणीमा हुने विष ।

**जैसिनी–** ना० [जैसी+इनी] जैसी आइमाई । ~ **मार्सी–** ना० गाढा कलेजी रङको एक जातको मार्सी धान ।

**जैसी–** ना० [सं० ज्योतिषी > जोइसी] १. ब्राह्मणका दुई वर्गमध्ये एक वर्ग (जस्तै– जैसी ब्राह्मण, उपाध्याय ब्राह्मण) । २. ज्योतिषी; जोइसी । ३. बाहुनको एक थर; जोशी । ~ **कोठा–** ना० परराष्ट्र मन्त्रालयअन्तर्गत भोटचीनसम्बन्धी पुराना अभिलेखहरूको सङ्ग्रह रहेको पुरानो एक अड्डा ।

**जैसो–** क्रि० वि० [सं० जयसि] १. आशीर्वादात्मक शब्द; भाग्गेमानी भएस् । ना० २. आशीर्वाद ।

**जो–** सर्व० [प्रा० जो < सं० यः] १. वाक्यका दुवैपट्टिको सम्बन्ध देखाउने मानववाची सम्बन्धी सर्वनाम; जुन । (उदा०– जो आएको भए पनि तिमीलाई के खाँचो !) । वि० २. वाक्यका दुवैपट्टिको सम्बन्ध देखाउने मानववाची सार्वनामिक विशेषण; जुन । (उदा०– **जो लाउँछ चुक्ली उही जान्छ फुक्ली, जो होचो उसको मुखमा घोचो** – उखान) ।

**जोइटिङ्ग्रे / जोइटिङ्रे–** ना० [जोइ+टिङ्गरो+ए] १. पत्नीको इसारामा चल्ने वा पत्नीले भनेपछि जे पनि मान्ने पति । २. जोईको दास ।

**जोइल–** ना० [सं० जायालय] आफ्नो घरद्वार गरी बसेकी वा कमाइ भएकी स्त्रीलाई स्वास्नी बनाई त्यसै स्त्रीका घरमा बस्ने

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



वा उसका कमाइमा निर्भर रहने काम । विप० पोइल । ~ **जवाइ–** अ० क्रि० १. आफ्नो घरद्वार गरी बसेकी वा आफ्नो कमाइ भएकी स्त्रीलाई स्वास्नी बनाई त्यसै स्त्रीका घरमा बस्ने वा उसैको कमाइमा निर्भर रहने काम; घरज्वाइँ हुने काम । २. ललाईफकाई वा डराईधम्काई परस्त्रीलाई स्वास्नी बनाउने काम । > **जोइले–** वि० १. जोइटिङ्ग्रे । २. धेरै स्वास्नी बिहे गर्ने; स्वास्नीचखुवा ।

**जोइसी–** ना० [सं० ज्योतिषी] १. ज्योतिषशास्त्रको ज्ञाता । २. ब्राह्मणको एक थर; जोशी । ३. ब्राह्मणको एक श्रेणी; जैसी ।

**जोई–** ना० [सं० जाया] स्वास्नी; पत्नी । ~ **पोइ–** ना० लोग्नेस्वास्नी; पतिपत्नी; दम्पती ।

**जोकर–** ना० [अङ्०] १. उटुङ्ग्याहा वा हाँसोलाग्दो कामकुरा गरेर मानिसलाई हँसाउने व्यक्ति; विदूषक; ठटचौलो व्यक्ति । २. तासमा बाउन्न चक्कीदेखि बाहेक अनौठो चित्र भएको चक्की । ३. बाउन्न चक्कीभित्रैबाट निर्धारित तासको पत्ती ।

**जो कोही–** सर्व० [जो+कोही] १. जोसुकै; कोही; कुनै; जुनसुकै । (उदा०– यो काम जोकोहीले गर्न सक्तैनन्) । ना० २. सर्वसाधारण ।

**जोख्–नु–** स० क्रि० [सं० जुष+नु] तुलो, तराजु आदिमा राखेर कुनै वस्तुको वजन लिनु; कुनै वस्तुको तौल गरेर परिमाण थाहा पाउनु; तौलनु ।

**जोख–** ना० [जोख्+अ] जोख्ने काम । **– जाख–** ना० १. जोखेर वा समान कार्य गरेर परिमाणको ठहर लगाउने कार्य । २. मूल्याङ्कन । ~ **तौल–** ना० कुनै वस्तुलाई जोख्ने र तौलने काम; कुनै वस्तुको वजन लिने काम ।

**जोखना–** ना० १. ग्रह, नक्षत्र आदिबाट हुने शुभाशुभको विचार; भूतप्रेत आदिको दोषविचार । २. कुनै तात्कालिक घटनाको परिणाम जान्नका लागि कुण्डलीमा चामल खसालेर वा त्यसै अरू कुनै तरिकाले शुभाशुभ विचार गर्ने काम । ३. गहिरिएर विचार गर्ने काम; मननचिन्तन ।

**जोखा१–** ना० [जोख्+आ] १. परस्पर दाँज्ने काम; समता; तुल्यता; बराबरी । २. तौलेर, गमेर या हेरेर गरिने परीक्षा वा मूल्याङ्कन; जोखो (लेखो शब्दका साथमा प्रयुक्त) ।

**जोखा२–** वि० [जोताहा+खारेज] कुनै जग्गामा मोही लागेको छैन भनी लालपुर्जा आदिमा अङ्कित हुने शब्द ।

**जोखाइ–** ना० [√ **जोख्** (+आइ)] जोख्ने क्रिया वा तरिका; तौल; जोखो । [ > ] **जोखाइनु–** क० क्रि० जोख्न लगाइनु । **जोखाउनु–** प्रे० क्रि० जोख्न लगाउनु वा जोखिने पार्नु; तौलाउनु । **जोखिनु–** क० क्रि० जोख्ने काम गरिनु; जोखाइमा पारिनु; तौलिनु ।

**जोखिम–** ना० [फा० जख्म] १. शारीरिक चोटपटक लाग्ने वा मानसिक आघात पुग्ने सम्भावना भएको काम; शारीरिक, मानसिक हानिनोक्सानी हुन सक्ने डरलाग्दो काम; खतरा । २. हानिनोक्सानी हुने सम्भावना; अनिष्ट वा विपत्तिको आशङ्का । > **जोखिमी–** वि० हानिनोक्सानी हुने सम्भावना भएको; खतरापूर्ण; सन्दिग्ध ।

**जोखो–** ना० [जोखा+ओ] १. लेखो; जोखा; मूल्याङ्कन; गुण वा परिमाणको निर्धारण । २. जोखाइ । ३. नापो ।

**जोग–** ना० [सं० योग] १. योग; संयोग; औसर । २. जोगीको अभ्यास वा ज्ञान । > **जोगडा–** ना० नाम मात्रको जोगी (उदा०– **गाउँको जोगी जोगडा अरू ठाउँको सिद्ध** – उखान); जोगेडो ।

**जोगाइ–** ना० [√ **जोगाउ** (+आइ)] जोगाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जोगाइनु–** क० क्रि० जोगिने पारिनु; बचाइनु ।

**जोगाउ–** ना० [सं० युज+आउ] १. पछिका लागि जोगाउने वा सञ्चित राख्ने काम । २. त्यसरी जोगाएर राखिएको वस्तु; जगेर्ना । > **जोगाउनु–** स० क्रि० १. जोगाउ गर्नु; बचत गर्नु; उभार्नु । २. सङ्नुबिग्रनुबाट रक्षा गर्नु; बचाउनु ।

**जोगामेसो–** ना० [प्रा० जोग+मेसो] अनुकूल समय; संयोग; सन्जोग; मौका ।

**जोगिनी–** ना० [सं० योगिनी] १. सन्न्यास लिएकी स्त्री; सन्न्यासिनी । २. सिद्धि प्राप्त गरेकी स्त्री । ३. जोगीकी स्त्री । ४. योगिनी देवी । ५. ज्योतिषको गणनाबाट आउने मङ्गला आदि आठ योगिनी ।

**जोगिनु–** अ० क्रि० [जोग्+इ+नु] १. सङ्कट वा खतरापूर्ण परिस्थितिबाट उम्कनु; विनाश वा विपत्तिबाट बच्नु । २. खर्च भएर वा नोक्सान भएर बच्नु; बाँकी रहनु; उब्रनु । ३. कुहिनु, सड्नु र बिग्रनुबाट बच्नु; नबिग्रनु ।

**जोगी–** ना० [सं० योगी] सन्न्यासी; सन्नेसी; सिद्धजोगी । **– को तुम्बा–** ना० १. भएभरको पुँजी; सिरीखुरी । २. केही नभएको वा रित्तो भाँडो । ~ **चरो–** ना० केही पहेँलो रङको साथमा पोथी नदेखिने एक किसिमको चरो; एक्लो चरो; ठिङ्गे चरो । ~ **जङ्गम–** ना० १. स्थायी रूपले एउटै आश्रममा नबसी, हिँडडुल गरिरहने जोगी; यायावर । २. जोगी, सन्नेसी, जङ्गम आदिको समुदाय । ~ **लट्टे–** ना० जोगीका लट्टाजस्तै लामालामा र राता लुर्कनदार झुप्पामा कोदाका जस्ता मसिना राता गेडा फुल्ने बोट वा त्यसैको फल । ~ **तिहुन–** अनेकथरी वस्तु मिसाएर तयार गरिएको तिहुन । ~ **तरकारी–** ना० जातजातका सागपात मिसाएर पकाइएको तरकारी ।

**जोगे काठ–** ना० [प्रा० जोग < सं० योग+काठ] कापे परेको काठ; खाँबो, खामो; चोके ।

**जोगेडो–** ना० [जोगी+एडो] हे० जोगडा ।

**जोगे लहरो–** ना० [जोग+लहरो] कोक्याउने र अमिलो स्वाद हुने एक प्रकारको जङ्गली लहरो ।

**जो छ सो–** ना० [जो+छ+सो] १. व्याकरणअनुसार प्रथमा विभक्तिलाई बुझाउने प्राविधिक पदावली । वि० बो० २. कुरा गर्दा आउने थेगोको एक प्रकार ।

**जोड्–नु–** स० क्रि० [प्रा० जुट्+नु] १. भाँचिएको, छिनेको, फुटेको आदि वस्तुलाई रसाएर वा बाँधछाँद आदि गरेर मर्मत गर्नु । २. दुई अलग वस्तुलाई एउटैमा मिलाउनु; दुई वस्तुका बीचमा परस्पर सम्बन्ध कायम गराउनु । ३. गणितमा एकभन्दा बढी सङ्ख्याको योग गर्नु; एकभन्दा बढी अलग-अलग सङ्ख्यालाई एउटैमा मिलाउनु ।

**जोड१**– ना० [सं० योग] १. गणितमा एकभन्दा बढी सङ्ख्यालाई जोड्ने काम । २. एकभन्दा बढी सङ्ख्यालाई जोड्दा वा जम्मा गर्दा निस्केको उत्तर; योगफल । ३. दुई वस्तु मिलेको वा जोरिएको ठाउँ; जोर्नी; सन्धिस्थल ।

**जोड२**– ना० [फा० जोर] जोर; बल; शक्ति । **– का तोड–** ना० १. शक्ति, कौशल र योग्यताका दृष्टिले वा प्रतिस्पर्धात्मक रूपमा दुई व्यक्ति वा दुई समूहका बीचमा पाइने समता; बलाबल । वि० २. समान बल वा योग्यता भएको । **– को–** वि० बराबरीको; भनेजस्तो ।

**जोडजाड**– ना० [जोड+जाड] १. छिनेको वा भाँचिएको वस्तुलाई कुनै तरिकाले जोड्ने काम; कामचलाउ जोडाइ । २. जसरीतसरी गरिएको वा गरिने आर्जन; झारझुर ।

**जोड तोड**– ना० [जोड+तोड] भएभरको बलको प्रयोग; सक्तो कोसिस ।

**जोडदार**– वि० [फा० जोर+दार] जोरदार; शक्तिशाली; बलियो ।

**जोडन**– ना० [जोड्+अन] १. दही जमाउनका निम्ति दूधमा हालिने दहीको अंश; दहीको बीउ । २. संयोग; मेल ।

**जोडा**– ना० १. समानस्तरका वा एउटाको बराबरीमा अर्को आउने किसिमका दुई वस्तु । २. साथी; मित्र; दौँतर । ३. भालेपोथी । ४. जोईपोइ । ५. हल । ~ **साङ्ला–** ना० १. सग्राँतीको दिन, सग्राँती । २. सङ्क्रमणकाल ।

**जोडाइ**– ना० [√ **जोड्** (+आइ)] जोड्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जोडाइनु–** क० क्रि० जोड्न लाइनु । **जोडाउनु–** प्रे० क्रि० जोड्न लाउनु; जोडिने पार्नु । **जोडिनु–** क० क्रि० १. जोड्ने काम गरिनु । अ० क्रि० २. जुट्नु; मिल्नु; संयुक्त हुनु ।

**जोडी**– ना० [जोडा+ई] १. एकै ठाउँमा रहेका प्रेमी र प्रेमिका; युगल प्रेमी; दम्पती । २. भाले-पोथी; जोडा । ३. जोर वस्तु; बिजोर नभएको वस्तु । ४. समानता; समता; बराबरी । वि० ५. होडबाजी गर्ने; प्रतिद्वन्द्वी; प्रतिस्पर्धी ।

**जोत्-नु**– स० क्रि० [जोत+नु] १. हलो, कोदालो, टचाक्टर आदिले खेतबारीको माटो खोस्रिनु वा उधिन्नु; खेतबारीमा हलो, टचाक्टर आदि लाउनु । २. गोरुका काँधमा जुवा राखेर जोताराले बाँध्नु; नार्नु । ३. बग्गीमा घोडालाई कस्नु । ४. कसैलाई काममा बेसरी लगाउनु; लदाउनु । ५. कसैलाई घचेट्नु; ठेल्नु ।

**जोत**– ना० [प्रा० जोत्त] १. हलो, टचाक्टर आदिले खेतबारी जोत्ने काम । २. धनुसित परिन्जोलाई जोडेर बाँध्ने डोरी; जोती । ~ **खन–** ना० खेतबारी जोत्ने वा खन्ने काम । **– जात–** ना० कामचलाउ किसिमको जोताइ । ~ **जिरायत–** ना० जिमीदारका खान्कीमा ठेकिएको जमिन; जिमीदारले आफैँ खनजोत गराएको जमिन; जिरायतजग्गा । ~ **पोत–** ना० जोत्ने र पोत तिर्ने कार्य ।

**जोताइ**– ना० [√ **जोत्** (+आइ)] जोत्ने क्रिया वा प्रक्रिया । [ > ] **जोताइनु–** क० क्रि० जोत्न लाइनु; जोताइ गराइनु । **जोताइलो–** वि० जोत्न मिल्ने; जोत्न अनुकूल पर्ने । **जोताउनु–** प्रे० क्रि० जोत्न लाउनु । **जोतार–** ना० १. जोत्ने हली वा लाठे । २. जोत्ने काम । वि० ३. जोधाहा । **जोतारो–** ना० जुवाका सोइलामा बाँधेर गोरुका गलामा बाँध्ने डोरी; जोती ।

**जोताहा**– ना० [जोत्+आहा] १. हलो जोत्ने व्यक्ति; हली; खास किसान; मोही । वि० २. हलो जोत्ने; जोत्ने । ~ **पुर्जा–** ना० मोहियानी हकको प्रमाणपत्र । > **जोताहार–** ना० खूब जोत्न सक्ने वा जोत्ने खालको गोरु । ~ **हक–** ना० मोहियानी हक ।

**जोतिनु**– क० क्रि० [जोत्+इ+नु] १. जोत्ने काम गरिनु । अ० क्रि० २. ठोकिनु; धसिनु (उदा०– लड्दा केटाको मुख भुइँमा जोतियो) ।

**जोतिस**– ना० [सं० ज्योतिष] १. ज्योतिषशास्त्र । २. ज्योतिषशास्त्री । > **जोतिसी–** ना० ज्योतिषशास्त्री; ज्योतिषी ।

**जोती**– ना० [जोता+ई] १. हलाको जोतारो । २. गोरुको नत्थीलाई रास वा लगामसँग जोड्ने साधन । ३. धनुमा परिन्जोलाई जोडेर बाँध्ने डोरी; जोत ।

**जोत्ने**– वि० [जोत्+ने] १. हलाले खेतबारी खोस्रने । ना० २. हलो चलाउने व्यक्ति; हली । ~ **किरो–** ना० १. आलु, पिँडालु आदिमा सल्की भित्रभित्रै गुदी खाने एक जातको कीरो । २. हत्केलामा खोपिल्टो पार्दै जाने एक जातको मसिनु कीरो ।

**जोधा**– ना० [सं० योद्धा] १. बलियो, सूरो व्यक्ति; खूब लड्न सक्ने व्यक्ति; खूब जुध्न सक्ने व्यक्ति । वि० २. जुध्न सक्ने; युद्ध गर्ने; बलियो; हृष्टपुष्ट । > **जोधाहा–** वि० १. निर्धक्कसँग लड्ने, खूब जुध्ने वा भिड्ने; लडाका; जोधा । २. निहुँखोजा वा जोरीखोजा । ३. बलवान् ।

**जोबन**– ना० [सं० यौवन] पट्ठो उमेर; यौवन; बैँस । **– दार–** वि० जोबन भएको; जवानी चढेको; जवान; तन्नेरी वा तरुनी ।

**जोबान**– ना० [सं० यौवन] जोबन । > **जोबाने–** ना० हुर्किसकेको बहर; जोत्ने बेला भएको बहर ।

**जोर्-नु**– स० क्रि० [जोड+नु] १. मिलन गराउनु (उदा०– नयाँ बनेको सडकले मुगलिङलाई गोर्खासँग जोरेको छ) । २. एउटा वस्तुमा अर्को वस्तु गाँस्नु; एउटा वस्तुसँग अर्को वस्तु जोल्टचाउनु । २. जड्नु; जडान गर्नु । ३. जम्मा गर्नु; जुटाउनु । ४. जोड्नु; मिलाउनु ।

**जोर१**– ना० [फा०] १. प्राणीभित्र अन्तर्निहित शक्ति; बल; ताकत । २. वेग; शीघ्र गति । ३. जबरजस्ती; बल-प्रयोग । ४. मेहनत; श्रम ।

**जोर२**– ना० [सं० योगट] १. एकसाथ उपयोगमा ल्याइने दुई वस्तु; जोडा; जोडी । २. गणितको एक हिसाब; जोड । **– जाम–** ना० आवश्यक सरसामान खोजमेल गरी जुटाउने काम; जोर्ने वा जम्मा गर्ने काम ।

**जोर जुलुम**– ना० [फा० जोर+अ० जुल्म] १. अन्यायपूर्वक हुने बलको प्रयोग; बलमिचाइ; बलजफत; जबरजस्ती । २. अन्याय; अत्याचार ।

**जोर तम्बल**– ना० [जोर+तम्बल] भजनमा बजाइने पुरानो किसिमको तबला ।

**जोरदार**– वि० [फा०] १. जोर लगाएर गरिएको । २. प्रबल; शक्तिशाली; बलियो ।

**जोरन**– ना० [जोर+अन] दहीको बीउ; जोडन ।

**जोर नगरा–** ना० [जोर+नगरा] कुस्लेजातिले बजाउने तालबाजा ।

**जोरफोर–** ना० [जोर+फोर] आफूलाई चित्त नबुझेको वा शङ्का लागेको कुरामा भन्नेसुन्ने सबैलाई जम्मा पारी खुलस्त कुरा गरी साँचोझूटो पत्ता लगाउने काम ।

**जोर बिजोर–** ना० [जोर+बिजोर] १. हातभित्र एक वा एकभन्दा बढी सानातिना कुनै वस्तु लुकाएर 'जोर कि बिजोर ?' भनी सोधेर खेलिने एक खेल । २. जोर र बिजोर । ३. मिलनबिछोड; संयोगवियोग ।

**जोर मुरली–** ना० [जोर+मुरली] दुइटा मुरली एउटैमा जोडी बनाइएको मुरलीजस्तै फुकेर बजाइने बाजा; नागबाँसुरी ।

**जोरसोर–** ना० [फा० जोरशोर] १. हल्लाखल्ला; ठूलो जोर । २. जोस; उत्साह ।

**जोरही–** ना० [जुर्रा+ही] हात्तीको पोथी बच्चो ।

**जोराइ–** ना० [√ **जोर्** (+आइ)] जोर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **जोराइनु–** क० क्रि० जोरिने तुल्याउनु । **जोराउनु–** प्रे० क्रि० जोर्न वा गाँस्न लगाउनु । **जोरिनु–** क० क्रि० १. जोर्ने काम गरिनु; जोडिनु । अ० क्रि० २. जोरजाम हुनु; जुट्नु ।

**जोरी–** ना० [जोड+ई] १. अनावश्यक निहुँ खोज्ने काम; झगडा गर्न खोज्ने प्रवृत्ति; सेखी; घमन्ड (उदा०– बल छ भन्दैमा कसैले अकारण जोरी खोज्नु हुँदैन) । वि० २. जोडी; प्रतिद्वन्द्वी । ३. शत्रु । ~ **खोजा/खोजाहा–** वि० नचाहिँदो घमन्ड गर्ने; सेखी गर्ने; जोरी खोजेर हिँड्ने; झगडा गर्न खोज्ने; निहुँखोजा । ~ **पारी–** ना० १. आफ्नो उन्नतिप्रगतिमा डाह गर्ने र हानिनोक्सानीमा खुसी मान्ने छरछिमेकका व्यक्ति । २. छरछिमेकका आफूसमानका व्यक्तिहरूको समुदाय ।

**जोर्ती–** ना० [जोड्+ती] दुई वस्तु जोडिएको ठाउँ; जोर्नी; सङ्गम । ~ **गीत–** ना० स्त्रीजाति र पुरुषजातिद्वारा सँगसँगै गाइने गीत; स्त्रीजाति र पुरुषजातिको सहगान; समूहगान ।

**जोर्नी–** ना० [जोर्+नी] १. शरीरका अवयवहरूमध्ये दुई अवयव जोडिने ठाउँ; सन्धिस्थल । २. दुई वस्तु गाँसिएको वा जोडिएको ठाउँ; गाँस; सङ्गम ।

**जोला–** ना० [जोडा] १. प्रेमी र प्रेमिकाको जोडी; जोली । २. युग्म; युगल । वि० २. दुई जना; दुइटा । ~ **वर्ष–** ना० बिहे गरेको दोस्रो, चौथो र छेटौँ (विशेष गरेर दोस्रो) वर्ष ।

**जोलाहा–** ना० [सं० युगल] सार्की र कमिनीबाट जन्मेको सन्तान ।

**जोलिया–** ना० [जोर+इया] कसैको पिछलग्गू; भरौटे; सेवक ।

**जोली–** ना० १. प्रेमीप्रेमिकाको जोडा; युगल प्रेमी । २. जोडा ।

**जोल्ट-नु–** अ० क्रि० १. दुई वा दुईभन्दा बढी वस्तु परस्परमा अल्झिनु; लठारिनु । २. खप्टनु । ३. मिल्नु; जोडिनु । > **जोल्टाइ–** ना० जोल्टने भाव, क्रिया वा प्रक्रिया । **जोल्टाइनु–** क० क्रि० जोल्टन लाइनु । **जोल्टाउनु–** प्रे० क्रि० जोल्टन लाउनु; जोल्टने पार्नु । **जोल्टिनु–** अ० क्रि० जोल्टनु; लठारिनु; खप्टिनु ।

**जोल्टिङ–** ना० [अङ्०] १. खाल्टाखुल्टी परेका ठाउँमा मोटर आदि हिँड्दा आउने घच्याकघुचुक आवाज; हिँड्दा मोटरमा लाग्ने धक्का; झट्का । २. जोल्टचाङ ।

**जोल्टेरो–** वि० [जोल्ट+एरो] जोडीमा पर्ने ।

**जोल्टो–** वि० [जोल्ट+ओ] लठारिएको; जोल्टिएको; जोल्ठो ।

**जोल्टचाइ–** ना० [√ **जोल्टि** (+याइ)] १. जोल्टिने क्रिया वा प्रक्रिया । [जोल्टचाउ+आइ] २. जोल्टचाउने क्रिया वा प्रक्रिया । [ > ] **जोल्टचाइनु–** क० क्रि० लठारिने तुल्याइनु । **जोल्टचाउनु–** स० क्रि०/प्रे० क्रि० १. खसी बाखालाई एउटै ठाउँमा र एउटै डोरीमा बाँध्नु; अल्झाउनु । २. मिलाउनु; जोर्नु । ३. जोल्टिने पार्नु वा पार्न लगाउनु । **जोल्टचाङ–** ना० लठारो आदि झट्कारिँदा पर्ने बल र पैदा हुने कम्पन; जोल्टिङ । **जोल्टचाहट–** ना० जोल्टचाइ । **जोल्टचाहा–** वि० जोल्टिने वा जोल्टचाउने स्वभावको ।

**जोशी–** ना० [सं० ज्योतिषी] १. ज्योतिषविद्या जान्ने ज्योतिषी । २. बाहुनहरूको एक थर । ३. नेवारहरूको एक थर ।

**जोस–** ना० [फा० जोश] १. अवस्थाविशेषमा हुने मनको तीव्र गति; मनको आवेग; मनोद्वेग । २. स्फूर्ति । – **दार–** वि० जोस भएको (भाषण, नारा, खेल इ०) । > **जोसिलो–** वि० जोस भएको; फुर्तिलो; तेजिलो ।

**जोसमनी–** ना० [सं० ज्योतिर्मणि] भारतको जुनागढ गिरनार निवासी भुरे बाबाबाट दीक्षित नेपाली सन्त शशीधरले स्थापना गरेको निर्गुण भक्तिवादी मत ।

**जोसुकै–** सर्व० [जो+सो+कोही] १. जोकुनै; जोकोही; जुनकुनै; जो । ना० २. सर्वसाधारण ।

**जोह/जोहो–** ना० [प्रा० जोहा] १. कुनै कामको निमित्त गरिने बन्दोबस्त; इन्तिजाम । २. काम र समयअनुसारको मालसामान जोर्ने काम; जोरजाम; जोरबटुल । ३. खोजतलास; खोजी ।

**जौ१–** ना० [सं० यव] कार्तिक, मङ्सिरमा रोपेर वैशाखजेठमा काटिने, गहुँका जस्ता बोट भई लामो टुँडो हुने, गहुँका जातिकै एक प्रसिद्ध अन्न; यव ।

**जौ२–** पू० स० जध्वनिबाट आरम्भ हुने शब्दमा लाग्ने इत्यादिवाचक एक द्वित्वध्वनि; जर । ~ **जहान–** ना० सम्पूर्ण परिवार; घरभरिका सबै जहान; जरजहान ।

**जौहरी–** ना० [अ०] १. जुहारतको व्यापारी; जुहारतको पारखी; जुहारतको गुणस्तरलाई छुट्टचाउन सक्ने व्यक्ति । २. सुनचाँदीको काम गर्ने व्यक्ति ।

**ज्ञ१–** ना० १. देवनागरी लिपिमा स्वतन्त्र रूपको मानिएको तर ज तथा ञको संयोगले संयुक्त बनेको व्यञ्जनवर्ण; गाँठोपारी ज्ञ; ज्ञानी ज्ञ । २. नेपाली भाषाको उच्चारणअनुसार 'ग्यँ'-का रूपमा उच्चरित हुने सोही वर्ण ।

**ज्ञ२–** वि० [सं०] नामशब्दका पछिल्तिर लाग्दा तत्सम्बन्धी कुरा जान्ने भन्ने र विशेषण तथा उपसर्गका पछिल्तिर लाग्दा तिनीहरूको अर्थसमेत गाभेर जान्ने भन्ने अर्थ बुझाउने (शब्द); ज्ञाता (जस्तै– नाम शब्दका पछिल्तिर – गुणज्ञ, दोषज्ञ; विशेषणका पछिल्तिर – अल्पज्ञ, बहुज्ञ; उपसर्गका पछिल्तिर – अभिज्ञ, विज्ञ आदि) ।

**ज्ञपित/ज्ञप्त–** वि० [सं०] जनाइएको; ज्ञापित ।

**ज्ञप्ति–** ना० [सं०] १. जनाइने वा बोध गराइने क्रिया वा विषय ।

२. ज्ञान; विचार ।

**ज्ञात**– वि० [सं०] जानिएको; थाहा पाइएको; बुझिएको । ~ **यौवना**– ना० १. आफूमा यौवन सुरु भएको कुरा थाहा पाइसकेकी नायिका; आफ्नो यौवनलाई बुझ्न सक्ने नायिका । २. संस्कृत साहित्यशास्त्रमा वर्णित नायिकाका भेदमध्ये मुग्धा नायिकाको एक भेद । > **ज्ञातव्य**– वि० जान्नुपर्ने; थाहा पाउनुपर्ने; जान्न योग्य; थाहा पाउन लायक; ज्ञेय ।

**ज्ञाता**– वि० [सं०] जान्ने; थाहा पाउने; जानिफकार ।

**ज्ञाति**– ना० [सं०] एउटै गोत्र वा एउटै कुलका व्यक्ति; सगोत्री; बन्धुबान्धव; कुलकुटम्ब ।

**ज्ञान**– ना० [सं०] १. मन वा आत्मालाई हुने कुनै विषयको बोध; लौकिक वा पारलौकिक विषयको जानकारी । २. शास्त्रको अनुशीलनबाट हुने आत्मतत्त्वको बोध; तत्त्वज्ञान; आत्मसाक्षात्कार । ३. ज्ञानेन्द्रियद्वारा प्राप्त अनुभव; बोध । – **कृत**– वि० जानीजानीकन गरेको; जानीबुझीकन गरेको । ~ **गम्य**– वि० ज्ञानद्वारा बुझ्न वा जान्न सकिने; बुद्धिले ठम्याउन सकिने; ज्ञानगोचर; बोधगम्य । ~ **गोचर**– वि० ज्ञानेन्द्रियद्वारा साक्षात्कार गर्न सकिने; ज्ञानद्वारा थाहा पाउन सकिने; ज्ञानगम्य । ~ **चक्षु**– ना० १. ज्ञानरूपी आँखा; ज्ञानका आँखा; मनुष्यभित्र अन्तर्निहित विवेकदृष्टि; अन्तर्दृष्टि । वि० २. ज्ञानका आँखा भएको; विवेकशील; विद्वान् । – **तः**– क्रि० वि० जानीबुझीकन; थाहा पाईकन; ज्ञानपूर्वक । – **द**/**दाता**– वि० १. ज्ञान दिने; लौकिक वा पारमार्थिक कुरा बुझाइदिने । ना० २. गुरु । ~ **निष्ठा**– ना० ज्ञानप्रतिको विश्वास वा आस्था । ~ **पत्र**– ना० कुनै सङ्घसंस्था, अड्डा आदिमा भएका कामकुराको यथार्थ जानकारी दिलाउन पठाइने पत्र । ~ **पिपासा**– ना० ज्ञान प्राप्त गर्ने प्रबल इच्छा; कुनै कुरा जान्नबुझ्नका लागि हुरुक्क हुने प्रवृत्ति; तीव्र जिज्ञासा । ~ **पिपासु**– वि० ज्ञान प्राप्त गर्ने इच्छा भएको; कुनै कुरा जान्न बुझ्नका लागि हुरुक्क हुने; ज्ञानार्थी; जिज्ञासु । – **मय**– वि० १. ज्ञानले परिपूर्ण; ज्ञानस्वरूप; चैतन्यस्वरूप; चिन्मय । ना० २. परब्रह्म । ~ **मुद्रा**– ना० तन्त्रशास्त्रका अनुसार दाहिने हातको चोर औँला र बूढी औँलाको टुप्पो जोडी देखाइने मुद्रा । ~ **योग**– ना० ज्ञानप्राप्तिद्वारा जीवनमुक्तिका लागि गरिने साधना; शुद्ध ज्ञानको प्राप्ति । – **वती**– ना० १. बौद्ध धर्मले बताएका तेह्रवटा भूमिमध्येको अन्तिम भूमि; वज्रयानको अन्तिम भूमि । वि० २. ज्ञान भएकी । – **वान्**– वि० ज्ञान भएको; जान्नेबुझ्ने; ज्ञानी । ~ **वृद्ध**– वि० उमेरमा कान्छो भए तापनि जान्नेसुन्नेका नाताले आदरणीय; शास्त्रको अभ्यास र ज्ञानका दृष्टिले बूढो । ~ **साधन**/**साधना**– ना० ज्ञानप्राप्तिका लागि गरिने साधना; ज्ञान हासिल गर्नका लागि गरिने निरन्तरको प्रयास । २. ज्ञान प्राप्त गर्ने साधन; ज्ञानेन्द्रिय ।

**ज्ञानावरण**– ना० [सं०] १. ज्ञानले ढाकिने कर्म । २. ज्ञानप्राप्तिका निम्ति बाधक पापकर्म । > **ज्ञानावरणीय**– वि० ज्ञानद्वारा ढाक्न सकिने; ज्ञानावरण हुने ।

**ज्ञानावस्था**– ना० [सं०] अविद्या वा अज्ञान हटेर ज्ञान प्राप्त भएको अवस्था; चैतन्यस्वरूपको साक्षात्कार भएको अवस्था ।

**ज्ञानी**– वि० [सं०] १. आत्मज्ञान वा ब्रह्मज्ञान प्राप्त गरेको; ज्ञानवान् । २. भनेको मान्ने; कुरा बुझ्ने (बच्चा) । (उदा०– मेरो बाबा असाध्य ज्ञानी छ, भनेको कुरा सबै मान्छ) । ना० ३. दैवज्ञ; ऋषि ।

**ज्ञानेन्द्रवीरविक्रम शाह**– ना० [सं०] २००७ सालमा तत्कालीन राणा प्रधान मन्त्रीद्वारा राजसिंहासनमा राखिएका र राजा वीरेन्द्रको सपरिवार हत्यापछि राजा भएका वीरेन्द्रका माहिला भाइ; नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र हुनुपूर्वका नेपालका राजा ।

**ज्ञानेन्द्रिय**– ना० [सं०] भौतिक विषयको ज्ञान गराउने आँखा, कान, नाक, जिभ्रो र छाला गरी जम्मा पाँच इन्द्रिय; पञ्चज्ञानेन्द्रिय ।

**ज्ञापक**– वि० [सं०] कुनै कुरा जनाउने; बुझाउने; थाहा दिने; ज्ञापयिता; सूचक ।

**ज्ञापन**– ना० [सं०] कुनै विषयको जानकारी; सूचना; जनाउ । ~ **पत्र**– ना० १. कुनै विषयको जानकारी दिने वा कुनै कुराको सूचना गर्ने उद्देश्यले प्रस्तुत गरिने पत्र । २. कुनै सरकारी वा गैरसरकारी सङ्घसंस्था आदिबाट आफ्नो माथिल्लो निकाय वा सरकारलाई आफ्ना माग आदि अवगत गराउने तथा पूरा गर्नेतर्फ ध्यानाकृष्ट गर्ने उद्देश्यले प्रस्तुत गरिने जनाउपत्र; विरोधपत्र; सामूहिक रूपमा दिइने चेतावनीपत्र ।

**ज्ञापयिता**– वि० [सं०] सूचना दिने; ज्ञापक ।

**ज्ञापित**– वि० [सं०] १. ज्ञापन वा सूचना गरिएको; थाहा दिइएको; जनाइएको । २. जानकारी गराइएको । ३. प्रकट गरिएको; प्रकाशित ।

**ज्ञाप्य**– वि० [सं०] थाहा दिनुपर्ने; जनाउनुपर्ने; जानकारी दिनुपर्ने; सूचना गर्नुपर्ने; भन्नुपर्ने; जानकारी गर्न लायक ।

**ज्ञेय**– वि० [सं०] जान्नुपर्ने; जान्न सकिने; जान्न लायक; सिक्न लायक ।

**ज्या१**– ना० [सं०] १. धनुमा लगाइएको डोरी; ताँदो । २. रेखागणितअनुसार एक टुप्पादेखि अर्को टुप्पासम्म सोझो तानिएको अर्धवृत्ताकार रेखा । ३. पृथ्वी; माता ।

**ज्या२**– वि० बो० १. विस्मृति, भूल, पश्चात्ताप आदि हुँदा उद्गारका रूपमा निक्लने शब्द । ना० २. बिगार; नाश (बालबोलीमा) ।

**ज्यादती**– ना० [अ० जियादती] १. कसैमाथि गरिने अनुचित व्यवहार; अचाक्ली; अत्याचार । २. अन्याय ।

**ज्यादा**– वि० [अ० जियाद] आवश्यकता वा सुहाउँदोभन्दा धेरै; सामान्यतया हुनुपर्ने वा गर्नुपर्ने भन्दा अधिक । क्रि० वि० २. अचाक्ली; अति । वि० ३. अनुचित (बोली, वचन वा व्यवहार) । – **भन्दा ज्यादा**/**से ज्यादा**– क्रि० वि० हुन सकेसम्म माथिल्लो हदमा; धेरैभन्दा धेरै; हदमा पनि ।

**ज्यादिबिधि**– क्रि० वि० [ज्यादा+विधि] १. धेरै; अघोरै; अत्यन्तै ज्यास्ती । ना० २. अन्याय; अचाक्ली ।

**ज्याद्रो**– वि० [ज्यादा+रो] १. कठोर; साह्रो । २. परिश्रमी । ३. आज्ञाकारी नभएको; अटेरी ।

**ज्यान१**– ना० [सं० जीवन] प्रेमी वा प्रेमिकाद्वारा परस्परमा एकअर्कालाई बोलाइने शब्द; प्रेमी वा प्रेमिका । (उदा०– मलाई

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



त सन्चै छ, ज्यानलाई कस्तो छ ? – एक गीत) ।

**ज्यान२**– ना० [सं० जीवन] १. जीवन; प्राण; प्राणतत्त्व । २. प्राणधारी शरीर; प्राणी । ~ **खून**– ना० ज्यान मार्ने काम; ज्यान मार्न गरेको काम; नरहत्या । – **मारा**– वि० १. अर्काको ज्यान मार्ने; अर्काको प्राण लिने; हत्यारा; घातक । २. खाँदा ज्यानै लेलाजस्तो ज्यादै पिरो (खोर्सानी); राँगे; अबरे । ~ **मुद्दा**– ना० ज्यान मारे वा मार्न उद्योग गरेबापत लागेको मुद्दा; ज्यानसम्बन्धी मुद्दा । ~ **सजाय**– ना० कुनै फौजदारी वा राजकाजसम्बन्धी अक्षम्य अपराध गरेबापत अदालतबाट दिइने मृत्युदण्ड; ज्यान लिने सजाय; प्राणदण्ड ।

**ज्यानी**– ना० [ज्यान+ई] १. प्रेमीले प्रेमिकालाई बोलाउने शब्द; ज्यान । वि० २. ज्यान लिने खालको । ~ **दुस्मन**– ना० ज्यानमा दागा धर्ने अवस्थामा पुगेको शत्रु; ठूलो शत्रु ।

**ज्यापु१**– ना० कपासको गेडाभित्र हुने बियाँ; कपासको बियाँ; कपासको बीज ।

**ज्यापु२**– ना० [नेवा०] खेती मुख्य पेसा भएको एक नेवारजाति ।

**ज्याबल/ज्याभल**– ना० [नेवा० ज्याभल] कालिगडले काम गर्ने हातहतियार; कालिगडको औजार; ज्यावल ।

**ज्यामन्तै**– क्रि० वि० [जे+मन+त्यही] १. हुन गइरहेमुताबिक; हुन चाहेमाफिक । २. जे हुन्छ त्यही; इच्छाअनुसार । (उदा०– ज्यामन्तै होस्, अब उसको वास्ता गरिँदैन) ।

**ज्यामा**– ना० [जीआमा] जीआमा; हजुरआमा ।

**ज्यामिति**– ना० [सं०] सतह आदिको क्षेत्रफल नाप्ने गणितको एक विभाग; रेखागणित; क्षेत्रगणित । > **ज्यामितिक**– वि० ज्यामितिसम्बन्धी; रेखागणितसम्बन्धी ।

**ज्यामिर**– ना० [सं० जम्बीर] मोसमका जस्ता पात हुने, सेता फूल फुल्ने, मोसमकै आकारका अमिला फल फल्ने एक जातको बोट; त्यसै बोटको फल ।

**ज्यामी**– ना० [नेवा०] ज्याला लिएर अर्काको काम गर्ने व्यक्ति; ज्यालादारीमा काम गर्ने व्यक्ति; ज्यालादार; खेतालो । ~ **माहुरी**– ना० चाकाको हेरविचार गर्ने र खानेकुरा जम्मा गर्ने सबैभन्दा साना माहुरी ।

**ज्याम्तो**– वि० [प्रा० जमडो < सं० यमट] हेर्दा सधैं रोगीजस्तो देखिने; दुब्लोपातलो; मरन्च्याँसे; झ्याउरो ।

**ज्याला**– ना० [नेवा०] काम गरेबापत दिइने पैसा, अन्न आदि मजुरी; मजदुरी; पारिश्रमिक; बनी । – **दार**– वि० ज्यालामा अर्काको काम गर्ने । ना० २. ज्यामी; मजदुर; ज्यालामी । – **दारी**– ना० १. ज्यालादारले गर्ने काम; मजदुरी । वि० २. ज्यालादार । > **ज्यालामी**– ना० ज्यामी ।

**ज्यासल**– ना० [नेवा०] बाँडा, कौ, कामी आदि कालिगडको काम गर्ने ठाउँ; कार्यशाला ।

**ज्यास्ता**– वि० [ज्यादा] १. ज्यादा; अधिक । क्रि० वि० २. अति; अचाक्ली । > **ज्यास्ती**– वि०/क्रि० वि० ज्यादा; ज्यास्ता ।

**ज्युँ**– वि० [सं० येन] १. जति । क्रि० वि० २. जति । ३. जसरी । – **का त्युँ**– वि० १. शारीरिक अवस्था वा अन्य वस्तु कुनै कारणवश बीचमा बदलिएर वा घटेर फेरि उस्तै अवस्थामा आएको; पहिलो जस्तो थियो उस्तै; जस्ताको तस्तो । २. समान बल भएको; जोडका तोड । – **त्युँ**– क्रि० वि० जुन तरिकाले हुन्छ त्यसरी नै; जुनसुकै किसिमले; जसरीतसरी; जेनतेन; जिनतिन । २. बल्लबल्ल; मुस्किलसँग ।

**ज्युँदो**– वि० [सं० जीवन्त] हे० जिउँदो ।

**ज्यु**– ना० [सं० जीव] जीउ; शरीर । – **छाडा**– वि० हे० जीउछाडा । – **जान**– ना० १. भएभरको शक्ति; पूरै ताकत । २. मरिमेटाइ । – **ज्यु**– ना० १. अरूले गरेका कुरामा सही थाप्ने, सहमति प्रकट गर्ने वा जेजे भन्यो त्यहीत्यही मान्ने काम । २. मानितो; आदर । वि० बो० ३. ज्यू; हजुर ।

**ज्यु-नु**– अ० क्रि० हे० जिउनु ।

**ज्युनार**– ना० [√ जिउनार] भोजन गर्ने क्रिया; खाना खाने काम जिउनार ।

**ज्युला**– ना० [सं० ज्याकुल/ज्याकुल्य] खेत ।

**ज्यूँदो**– वि० हे० जिउँदो ।

**ज्यू१**– प्रत्य० [सं० जीव] १. कसैको नामका पछाडि जोडिने सम्मानसूचक शब्द; जी (रामज्यू, श्यामज्यू इ०) । ना० २. ढोग्ने काम; ढोग; जीउ । ३. कसैका कुरामा सही थाप्दा र सहमति जनाउँदा वा बोलावटको प्रत्युत्तरमा भनिने शब्द ।

**ज्यू-नु**– अ० क्रि० हे० जिउनु ।

**ज्यू२**– ना० हे० जिउ ।

**ज्यूनार**– ना० हे० जिउनार ।

**ज्यूनी**– ना० हे० जिउनी ।

**ज्यूला**– ना० हे० ज्युला ।

**ज्येष्ठ**– वि० [सं०] १. दाजुभाइमध्ये बढी उमेरको; पहिले जन्मेको; छोराहरूमध्ये जेठो । २. समयका हिसाबले प्राचीन । ३. आफूभन्दा बढी उमेरको । ना० ४. जेठ महिना । – **ता**– ना० ज्येष्ठ हुनाको भाव; जेठोपना । ~ **वर्ण**– ना० सनातनी परम्पराअनुसार जेठो मानिने ब्राह्मण-जाति । > **ज्येष्ठा**– वि० १. दिदीबहिनीमध्ये बढी उमेरकी; पहिले जन्मेकी; छोरीहरूमध्ये जेठी । ना० २. सत्ताइस नक्षत्रमध्ये अठारौँ । **ज्येष्ठाश्रम**– ना० चार आश्रममध्ये अन्य आश्रमका व्यक्तिलाई सहायता दिई संरक्षण प्रदान गर्ने नाताले उत्तम मानिएको गृहस्थाश्रम । **ज्येष्ठाश्रमी**– वि० ज्येष्ठाश्रममा रहने; गृहस्थ ।

**ज्योति**– ना० [सं०] १. बत्ती, सूर्य, चन्द्रमा, तारा आदिबाट निस्कने प्रकाश; तेज; टक । २. त्यस्तो प्रकाश वा तेज दिने वस्तु (अग्नि, सूर्य, चन्द्र, तारा आदि) । ३. आगाको लप्को; अग्निशिखा । ~ **पुञ्ज**– ना० १. ज्योतिको थुप्रो; प्रकाशराशि; प्रकाशमण्डल । २. अत्यधिक ज्योति वा प्रकाश । ~ **भवन**– ना० राति यात्रा गर्नुपर्दा जहाजलाई बन्दरगाहको स्थिति देखाउन राखिएको चहकिलो बत्तीसहितको धरहरा (बिकन) । – **मान्**– वि० प्रकाशपूर्ण ।

**ज्योतिर्गण/ज्योतिर्मण्डल**– ना० [सं०] आकाशमा भएका ग्रह, नक्षत्रहरूको समूह; नक्षत्रमण्डल; तारामण्डल ।

**ज्योतिर्मय**– वि० [सं०] १. ज्योतिबाट बनेको; ज्योतिले भरिएको; ज्योतिनिर्मित; ज्योतिस्वरूप; प्रकाशमय । २. चमकदार; उज्यालो ।

**ज्योतिर्लिङ्ग**– ना० [सं०] सत्ययुगमा धपधपी बल्थे भनी विश्वास गरिएका शिवजीका बाह्र लिङ्ग (सोमनाथ, मल्लिकार्जुन, महाकाल, ॐकारेश्वर, केदारेश्वर, भीमशङ्कर, विश्वेश्वर, त्र्यम्बक, वैद्यनाथ, नागेश्वर, रामेश्वर र घृष्णेश्वर) ।

**ज्योतिर्विद्**– वि० [सं०] ज्योतिष वा ज्योतिषशास्त्रको ज्ञाता; ज्योतिषी ।

**ज्योतिर्विद्या**– ना० [सं०] हे० ज्योतिषशास्त्र ।

**ज्योतिश्चक्र**– ना० [सं०] अश्विनी, भरणी आदि सत्ताइस नक्षत्रहरूका समूहबाट बनेको राशिचक्र ।

**ज्योतिष**– ना० [सं०] १. ग्रहनक्षत्रहरूको गति, स्थिति आदिको विवेचना गर्ने शास्त्र । २. ग्रहनक्षत्र आदिको गति, स्थितिअनुसार हुने शुभअशुभ फलको निर्देश गर्ने शास्त्र । – **शास्त्र**– ना० ज्योतिषविद्या; ज्योतिषसम्बन्धी कुराहरू बुझाउने शास्त्र । > **ज्योतिषी**– वि० ग्रहनक्षत्र आदिका गति, स्थिति वा तिनका अनुसार हुने शुभाशुभ फलको ज्ञाता; ज्योतिषशास्त्र जान्ने; दैवज्ञ । ना० २. ज्योतिषशास्त्रमा पोख्त व्यक्ति ।

**ज्योतिष्कोष**– ना० [सं०] १. ज्योतिको भण्डार; ज्योतिको स्रोत । २. आँखा ।

**ज्योतिष्टोम**– ना० [सं०] अग्निष्टोम यज्ञ गर्दा सो यज्ञको पूर्तिका निम्ति गरिने एक वैदिक यज्ञ ।

**ज्योतिष्पथ**– ना० [सं०] ज्योतिको बाटो; प्रकाशमार्ग; आकाश; अन्तरिक्ष ।

**ज्योतिष्मती**– वि० [सं०] १. ज्योति भएकी; ज्योतिले गर्दा धपक्क बलेकी जस्ती; ज्योतिर्मयी । ना० २. उजेली रात; जुनेली रात ।

**ज्योतिष्मान**– वि० [सं०] १. ज्योति भएको; तेजिलो; प्रकाशमान । ना० २. चन्द्र, सूर्य वा अग्नि ।

**ज्योत्स्ना**– ना० [सं०] चन्द्रमाको किरण; चन्द्ररश्मि; जून; जुनेली ।

**ज्यौँ**– वि०/क्रि० वि० हे० ज्यूँ । – **का त्यौँ**– वि० ज्यूँका त्यूँ ।

**ज्यौतिष**– वि० [सं०] १. ज्योतिषशास्त्रसम्बन्धी; ज्योतिषको । २. ज्योतिषी । > **ज्यौतिषिक**– ना० ज्योतिषी ।

**ज्यौत्स्ना**– वि० [सं०] ज्योत्स्नायुक्त; चन्द्रको किरण भएको; जुनेली । > **ज्यौत्स्नी**– ना० जुनेली रात ।

**ज्वर**– ना० [सं०] विभिन्न कारणद्वारा जम्मै जीउ तातेर भारी हुने, आङअठिङ्गर दुख्ने र खान त्यति रुचि नहुने एक रोग; जरो । > **ज्वरातिसार**– ना० ज्वरका साथै नपचेको पातलो दिसा बारबार हुने रोग; जरोसँगै लाग्ने पखाला । **ज्वरांश**– ना० १. शरीरको तापमान केही बढ्ने र शरीर अलि अस्वस्थ हुने स्थिति; जरोको आभास । २. आंशिक जरो ।

**ज्वरो**– ना० [सं० ज्वर] हे० ज्वर; जरो । > **ज्वरोत्पत्ति**– ना० जरो आउने क्रिया; जरोको उद्भव; जरोको आरम्भ वा उत्पत्ति । > **ज्वरोत्पादक**– वि० जरो निकाल्ने; जरो जन्माउने; जरो फुटाउने ।

**ज्वलन**– ना० [सं०] १. आगो, पिरो, अमिलो आदिले शरीरमा हुने पीडा; टट्टाइ । २. अर्काको उन्नति र सफलता आदिलाई सहन गर्न नसकी मनमा हुने चिन्ता; डाह; ईर्ष्या; आरिस्याइँ । ३. आगाको झिल्को; आगो । – **शील**– वि० आगो टिप्ने वा बल्ने तत्त्व भएको; बल्ने गुण भएको (पेट्रोल, स्पिरिट, ग्याँस इ०) ।

**ज्वलन्त**– वि० [सं०] १. जल्दोबल्दो; प्रकाशमान; देदीप्यमान । २. सबैले देख्नबुझ्न सक्ने; अत्यन्त स्पष्ट ।

**ज्वलित**– वि० [सं०] १. ज्वाला भएको; बलेको । २. प्रकाशयुक्त ।

**ज्वाइँ**– ना० [जुवाइँ] हे० जुवाइँ । ~ **नारान/नारायण/साहेब**– ना० जुवाइँलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

**ज्वान**– वि० [फा० जवान] हे० जवान ।

**ज्वानु**– ना० [सं० यवानी] सुपका पातसँग मिल्दाजुल्दा पात हुने, सेतो फूल फुल्ने, मसिना सुगन्धी गेडा फल्ने मसलाका रूपमा र औषधीका रूपमा समेत प्रयोग गरिने एक जातको सानो बोट; त्यसको दानु ।

**ज्वाने**– वि० १. ज्वानोजस्तो । २. सानो; जिरे । ~ **झार**– ना० प्रायः धानखेतमा पाइने, ज्वानाका जस्ता पात हुने एक जातको भुइँझार ।

**ज्वार१**– ना० जुनेलो ।

**ज्वार२**– ना० चन्द्रमाका किरणको जोरले समुद्रका पानीमा छाल उठ्ने क्रिया; चन्द्रमाका आकर्षणले समुद्रमा उठ्ने छाल । ~ **भाटा**– ना० चन्द्रमाका किरणका प्रभावले समुद्रमा छालहरू उर्लने र सेलाउने प्रक्रिया; सामुद्रिक तरङ्गको उठ्ने र घट्ने क्रिया; समुद्री लहरको घटबढ ।

**ज्वार भाटो**– ना० [जुआर+भाटो] बलोलाई दुईतिरबाट कस्ने चोया र त्यसमा बाँधिने मुख्य भाटो; चोया र भाटो ।

**ज्वारी कोट**– ना० [जवाहरी+कोट] कमरसम्म आउने, घाँटी टम्म हुने, बाउला नभएको एक किसिमको कोट; जवाहरी कोट ।

**ज्वाला**– ना० [सं०] १. बलेको आगाबाट उठ्ने लप्को; आगाको राँको; मुस्लो । २. जल्ने वा पोल्ने क्रिया; ताप; जलन; डाह । ३. जीउभित्रको पीडा; सोला ।

**ज्वालामुखी**– ना० [सं०] भूगर्भसम्बन्धी प्रक्रियाद्वारा कहिलेकाहीँ भित्रको अग्नि क्रियाशील भई राँकोसहित धूवाँ, तातो खरानी पग्लेका धातु आदि ओकल्ने प्रक्रिया वा त्यस्तो अवस्था । ~ **पर्वत/पहाड**– ना० ज्वालामुखीले निर्माण गरेको पहाड; ज्वालामुखी पर्वत ।

# झ

**झ**– देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये नवौँ वर्ण; तालव्य (वर्त्स्य); स्पर्शसङ्घर्षी, सघोष, महाप्राण व्यञ्जनवर्ण; चवर्गको चौथो अक्षर; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; खुटी झाऱ्यो झ ।

**झँकाइ**– ना० [झाँक्+आइ] झाँक्ने भाव, क्रिया वा प्रक्रिया ।

**झँक्रिनी/झँक्रेनी**– ना० [झाँक्री+नी/एनी] १. झाँक्रीकी पत्नी; झाँक्री स्त्री । २. तन्त्रमन्त्रद्वारा शरीरमा वायु चढाएर झारफुक गर्ने स्त्री; झाँक्रीविद्या जान्ने स्त्री ।

**झँगला**– ना० १. झैझन्झटको काम; झन्झट । २. कुनै फाइदा वा लाभ नहुने झ्याउलो काम । >**झँगल्याइ**– ना० झँगल्याउने क्रिया वा प्रक्रिया । **झँगल्याइनु**– झँगल्याउने काम गरिनु । **झँगल्याउनु**– स० क्रि० झँगला पार्नु; झ्याउलो थोपर्नु ।

**झँटाइ**– ना० [√ झाँट्+(आइ)] झाँट्ने भाव, क्रिया वा प्रक्रिया । [>] **झँटाइनु**– झाँट्न लाइनु; झँटाइमा पारिनु । **झँटाउनु**– प्रे० क्रि० झाँट्न लाउनु; झँटाइमा पार्नु ।

**झक**– ना० [√ झोक] एक सुरको मानसिक वेग; एक प्रकारको सनक; धुन (जस्तो– झक मार्नु) ।

**झकझक**– ना० [अ० मू० झक्+अ (द्वि०)] १. सानोतिनो कामकुरामा पनि पिरोलिइरहने प्रवृत्ति; कचकच; ख्याउँख्याउँ । क्रि० वि० २. बिजुली बत्ती आदि निभ्न खोज्ने वा बल्ने जस्तो भइरहेर । ३. ट्रेन, इन्जिन आदि गुड्दा रोकिईरोकिई आवाज आउने गरी । >**झकझकाइ**– ना० झकझकाउने भाव, क्रिया वा प्रक्रिया । **झकझकाइनु**– अ० क्रि० १. झकाझक होइनु; झलमलाइनु । क० क्रि० २. झकझक पारिनु । ३. घचघच्याइनु । **झकझकाउँदो**– वि० चारैतिर प्रकाश छरिएको; झलझलाउँदो; चहकिलो । **झकझकाउनु**– अ० क्रि० १. बिजुली, मैन्टोल आदिको चहकिलो प्रकाशले चारैतिर झिलिमिली हुनु; चमक फैलनु; झलझलाउनु । २. रातो, नीलो, पहेँलो आदि विविध रङको प्रदर्शनले आकर्षक दृश्य पैदा हुनु । स० क्रि० ३. घचघच्याउनु । ४. झिज्याउनु; कचकच गर्नु । **झकझकी**– ना० १. कुनै नराम्रो कामकुरा होला कि भन्ने त्रास । २. झकाझक; जगमग ।

**झकमक्क**– क्रि० वि० [अ० मू० झक्+अ (द्वि०)] गहना आदिले सिँगारिने वा चहकिलो प्रकाश छरिने गरी; झकिझकाउ; सजिसजाउ (उदा०– सानी त गहनाले झकमक्क भइछ । बगैँचा फूलले झकमक्क भएको छ ।) ।

**झकले**– वि० [झकलो+ए] फाटेको वा झुत्रो लुगा लाउने; थाङ्ने ।

**झकलो**– वि० १. चिथ्रो; थोत्रो; थाङ्नो । ना० २. फाटेको वा झुत्रो लुगा ।

**झकाइ**– ना० [√ **झकाउ** (+आइ)] झकाउने भाव, क्रिया वा प्रक्रिया; उड्ने काम । [>] **झकाइनु**– अ० क्रि० निद्राले झुलिनु; उङिनु । **झकाउनु**– अ० क्रि० आँखामा अनायास झप्की आउनु; निद्राले आँखा लाग्नु वा झुल्नु; छिनभर उँघ्नु ।

**झकाझक**– वि० [झकझक] १. चारैतिर प्रकाश फैलिएको; झकमक्क भएको; झकिझकाउ; सजिसजाउ । क्रि० वि० २. झकमक्क हुने गरी; चारैतिर झिलमिल भएर ।

**झकार**– ना० [सं०] 'झ' अक्षर; चवर्गको चौथो व्यञ्जनवर्ण ।

**झकिझकाउ**– ना० [झकझक+आउ] १. प्रकाश, रङ, सिँगारपटार आदि बाहिरी आवरणबाट सुशोभित हुने प्रक्रिया; सजिसजाउ; झकमक्क हुने भाव । २. प्रकाशपुञ्जबाट आउने रङ्गीबिरङ्गी सौन्दर्य ।

**झक्क**– क्रि० वि० [अ० मू० झक्+क] १. एकै झोक्कामा चहकिलो प्रकाश छरिने गरी; झिल्ल । २. अनायास; एकाएक ।

**झक्कड**– वि० [झक+अड] १. सानोतिनो कुरामा पनि क्षणिक आवेशमा आएर एकाएक रिसाउने; रिसाहा; झोकी । २. उत्साही; आँटी; साहसी । ३. जन्ड; प्रचण्ड । >**झक्कडी/झक्कडे**– वि० झक्कड स्वभावको ।

**झक्कले**– वि० [झक्कलो+ए] झक्कलो; नक्कलेको पूरक ।

**झक्कलो**– वि० ठाँटबाँट गरेको; सिँगारिएको; ठाँटिलो ।

**झक्की**– वि० [झाँक+क+ई] १. छिनछिनमा एक्कासि स्वभावपरिवर्तन गर्ने; एकाएक अनौठो निर्णय गर्ने; झक्कड । २. झोकी; रिसाहा ।

**झगडा**– ना० [प्रा० झगड] दुई वा दुईभन्दा बढी व्यक्तिका बीच परस्परको शत्रुतापूर्ण भनाभन; कलह; कचिङ्गल; राडो; भनावैरी । – **तगडा**– ना० परस्परको कलह वा भनाभन; झैझगडा; कचिङ्गल; रडाको । (उदा०– हामीले आपसको झगडातगडामा भाग लिनु हुँदैन) । >**झगडालु**– वि० १. सानोतिनो कुरामा पनि निहुँ झिकेर बाझ्ने स्वभावको; झगडा गर्ने; झगडिया; बझुवा । ना० २. त्यस्तो स्वभाव भएको व्यक्ति । **झगडिया**– वि० १. झगडा गर्ने स्वभाव भएको; झगडालु । ना० २. अड्डाअदालतमा मुद्दा परेपछि मुद्दा नछिनुन्जेल तारेखमा धाइरहने वा वारेस राखेर मुद्दा गर्ने कारणी व्यक्ति; वादी वा प्रतिवादी । **झगडे**– वि० झगडा गर्ने स्वभावको; झगडालु । **झगडचाहा**– वि० झगडालु; झगडिया ।

**झङ्कार**– ना० [सं०] १. वीणा; गितार, तानपूरा, बेन्जु आदि तारका बाजा बजाउँदा सुनिने सुमधुर ध्वनि; झनझनाहट । २. काँसको झ्याली दुई हातमा लिएर आपसमा रगड्दा निस्कने आवाज; झ्याइँझ्याइँ । ३. धातुका भाँडाहरू आपसमा टक्कराउँदा निस्कने ध्वनितरङ्ग । >**झङ्कारित**– वि० झङ्कार गरिएको;

झङ्कृत । **झङ्कारी**– वि० झङ्कार गर्ने; गुँज्ने ।

**झङ्कृत**– वि० [सं०] झङ्कार उत्पन्न भएको; झङ्कारको ध्वनिले युक्त; झङ्कारित; गुञ्जित । > **झङ्कृति**– ना० झङ्कार; गुञ्जन ।

**झझल्को**– ना० [झलझल+को] १. कुनै समयमा देखेको व्यक्ति वा वस्तुको धमिलो सम्झना; कुनै मानिस वा वस्तुलाई देखेजस्तो हुने स्थिति; भान; भ्रम । २. अन्य पुरुष वा वस्तुबारे हुने हल्का सम्झना; झल्को ।

**झञ्झन**– ना० [सं०] १. सुनचाँदी आदिका गहना आपसमा ठक्कर खाएर बज्ने स्थिति; झङ्कार । २. धातुका भाँडाबर्तनहरूमा ठक्कर लाग्दा निस्कने आवाज ।

**झञ्झा**– ना० [सं०] रूखका हाँगाबिगा भाँच्दै र धूलो उडाउँदै हुनहुनाएर बहने आँधीबेहरी; वर्षासहितको आँधी । > **झञ्झानिल/झञ्झावात**– ना० पानीको साथसाथै चारैतिर हुर्रिएको बतास ।

**झट**– क्रि० वि० [सं० झटिति] तुरुन्त; झट्ट; अह्राउनासाथ; तत्काल । (उदा०– झट गएर फट काम सकिहाल्नुपर्छ) ।

**झटक**– ना० १. कुनै बेला भनिएको कुरा पछि प्रसङ्ग चल्दाचल्दा आउने अस्पष्ट सम्झना । २. अस्पष्ट र क्षीण ध्वनि । ३. झड्को; झोक्का ।

**झटनी**– ना० [झाँट+अनी] १. धान पाकेपछि एक पटकमा झाँटिने धानका बोटको मुठो । २. धान झाँट्ने काम ।

**झटपट**– क्रि० वि० [झट+पट्ट] छिटछिटो; तुरुन्तातुरुन्ती; चाँडै; तुरुन्त । > **झटपटी**– क्रि० वि० तुरुन्तातुरुन्ती; हतपती; झटपट ।

**झटाझट**– क्रि० वि० [झट+आ+झट] कत्ति पनि अबेर नगरी; छिटोछिटो । > **झटाझटी**– क्रि० वि० छिटोछिटो गरेर; चटाचटी ।

**झटारो**– ना० [झट्टी+आरो] ना० १. आँप, सुन्तला आदि फल झार्नका लागि वा अन्य कुनै प्रयोजनका लागि हातले समातेर वेगले हुत्याइने लट्ठी; झट्टी । २. मन नपरीनपरी दिएको निम्तोपत्र वा सम्झौटो । ३. छेडपेच; घोचाइ; व्यङ्ग्य । ~**हान्नु**– टु० माने पनि नमाने पनि वा चित्त बुझे पनि नबुझे पनि एक पल्ट भनिसम्म दिनु । (उदा०– राम्रोसँग सम्झाएर भन्नुपर्थ्यो, झटारो हानेर मात्र के हुन्थ्यो !) ।

**झटिङर/झटिङ्गर**– ना० [झाँट+इङ्गर/इङर] १. गुदद्वारका रौँ । वि० २. तुच्छ; नीच ।

**झटौरो**– ना० [झाँट्+औरो] १. धान झाँट्दा वा चुट्दा झटनी बाँध्ने डोरी । २. सानो किसिमको झटारो ।

**झट्क-नु**– अ० क्रि० [झट्को+नु] १. धान, मकै, तोरी आदि अन्न चुट्दा झट्का पर्नु । २. झट्को पर्नु; झट्कारिनु । > **झट्काइ**– ना० झट्कने क्रिया वा प्रक्रिया । **झट्काइनु**– क० क्रि० झट्कने पारिनु । **झट्काउनु**– प्रे० क्रि० झट्कने पार्नु; झट्किन लाउनु ।

**झट्कार्-नु**– स० क्रि० [झट्कार+नु] धान, तोरी आदि अन्न झाँटिसकेपछि खलामाथि टकटक्याउनु; चुट्नु; झाँट्नु । २. झट्को पार्नु, फट्कार्नु ।

**झट्कार**– ना० [झट्को+कार] लुगा वा अन्न आदि टकटक्याउने काम; झट्को; टकटक्याइ; फट्कार; झट्कार ।

**झट्काराइ**– ना० [√ **झट्कार्** (+आइ)] झट्कार्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झट्कारिनु**– क० क्रि० झट्को पारिनु; झाँटिनु ।

**झट्किनु**– अ० क्रि० [झट्को+इ+नु] १. झट्कनु । २. झट्को पारिनु; झट्कारिनु ।

**झट्केली**– ना० [झड्केलो+ई] १. पोइल गएकी स्वास्नीले पोइल जानुभन्दा पहिलेका पतिबाट जन्माएकी र प्रायः सँगै ल्याएकी छोरी; झड्केली । २. सौताकी छोरी; सौतेली छोरी ।

**झट्केलो**– ना० ल्याइते स्वास्नीले अघिल्लो पतिबाट जन्माएर प्रायः सँगै लिई आएको सन्तान; झड्केलो । २. सौतेनी सन्तान; सौतेनी छोरो ।

**झट्को**– ना० [झट+को] १. झट्कार्ने वा झाँट्ने काम; झट्कार; झड्को । २. अनायास पार्ने जोड ।

**झट्क्याइ/झट्क्याहट**– ना० [झट्कि+याइ/याहट] झट्किने भाव, क्रिया वा अवस्था ।

**झट्ट**– क्रि० वि० [सं० झटिति] छिटो; तुरुन्त; शीघ्र; चाँडै । – **पट्ट**– क्रि० वि० जतिसक्यो चाँडै; उतिखेरै; तुरुन्त; बेर नगरीकन; तत्काल ।

**झट्टी**– ना० [सं० झटिति] टाढाबाट वेगले हानिएको लट्ठी; झटारो ।

**झट्टै**– क्रि० वि० [झट्ट+ऐ] झट्ट नै; तुरुन्तै ।

**झटचाक**– क्रि० वि० [अ० मू० झट् > झट्चाक्+अ] १. भन्नासाथ; तुरुन्तै; बेर नलगाईकन । २. डोरी आदि चुँडिएको आवाज आउने गरी । – **झटुक**– क्रि० वि० १. एकै छिनमा; छिटै सकिने गरी; तुरुन्तातुरुन्ती । २. एकैदम चुँडिने वा चुँडालिने गरी । > **झटचाक्क**– क्रि० वि० एकैदम चुँडिने वा चुँडालिने गरी; एक्कासि झट्को पर्ने गरेर ।

**झडङ्ग**– क्रि० वि० [झट+अङ्ग] एक्कासि जङ्गिने गरी; चाँडै रिसाएर; छिटो झोक्किँदै । > **झडङ्गी/झडङ्ग्याहा**– वि० छिटै रिसाउने स्वभावको; झडङ्ग रिसाउने बानी भएको; झडङ्ग गर्ने ।

**झडङ्ङ**– क्रि० वि० झडङ्ग । > **झडङ्ङी/झडङ्ङ्याहा**– वि० झडङ्ग्याहा ।

**झडप**– ना० दुई समूहका बीचमा हुने झगडा वा भिडन्त । २. परस्परको झगडा ।

**झडक-नु**– अ० क्रि० [झड्क+नु] हे० झट्कनु । > **झड्काइ**– ना० झड्कने क्रिया वा प्रक्रिया । **झड्किनु**– अ० क्रि १. झड्कनु । २. झड्को पारिनु ।

**झड्कार**– ना०हे० झट्कार ।

**झड्कार्-नु**– स० क्रि० [झड्कार+नु] हे० झटकार्नु ।

**झड्काराइ**– ना० [√ **झड्कार्** (+आइ)] हे० झट्काराइ । [ > ] **झड्कारिनु**– क० क्रि० झट्कारिनु ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



**झड्केली**– ना०हे० झट्केली ।

**झड्केलो**– ना०हे० झट्केलो ।

**झड्को**– ना०हे० झट्को ।

**झताउरे**– वि० [झताउरो+ए] १. झताउरो लुगा लाउने । २. हिम्मत नभएको, हुतीहारा; झताउरो ।

**झताउरो**– ना० [झत्तो+आउरो] १. थाङ्ना लुगा; चिथ्रा कपडा; प्रयोग गरी भुत्रो भइसकेको फाल्न लायक कपडा । वि० २. आँट नभएको; हुतीहारा ।

**झतौरे**– वि० [झतौरो+ए] हे० झताउरे ।

**झतौरो**– ना० [झत्तो+औरो] हे० झताउरो ।

**झत्तो**– वि० [सं० ध्वस्त] १. नष्ट भएको; ध्वस्त भएको । २. फाटेको ।

**झन्**– क्रि० वि० [प्रा० झण] अरू बढ्ता; अरू पनि; अधिकतर; फेरि बेसी ।

**झनक्क**– क्रि० वि० [अ० मू० झनक्+क] १. सामान्य कुरामा पनि तुरुन्तै झोकिने गरी; एकाएक रन्किएर; झनक्क; रनक्क । २. झ्याली, मजुरा आदिबाट एकास्सि आवाज निस्किएझैँ ।

**झनझन**– क्रि० वि० [सं० झञ्झन] १. सुनचाँदीका गहना वा धातुका भाँडाबर्तन ठक्कर खाँदा आवाज निस्कने गरी । २. बिजुलीको करेन्टले समात्दा वा शरीरको कुनै भागमा ठक्कर लाग्दा एकतमाससँग चस्कने गरी । > **झनझनाइ**– ना० झनझनाउने भाव, क्रिया वा प्रक्रिया । **झनझनाइनु**– अ० क्रि० झनझन आवाज निस्किनु । **झनझनाउनु**– अ० क्रि० १. सितार, तानपुरा आदि तारका बाजाहरूबाट ध्वनितरङ्ग निस्कनु; झनझन शब्द आउनु; झन्कनु । २. ठक्कर लाग्दा वा रोगले शरीरको कुनै अवयव झमझमाउनु । **झनझनाहट**– ना० झनझनाउने भाव, अवस्था वा क्रियाप्रक्रिया; झनझनाइ ।

**झनाइ**– ना० [√ **झान्** (+आइ)] झान्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झनाइनु**– क० क्रि० झान्न लाइनु । **झनाउनु**– प्रे० क्रि० झान्न लाउनु ।

**झन्अस्ति**– क्रि० वि० [झन्+अस्ति] तीन दिनअघि; अस्तिभन्दा अगिल्लो दिन ।

**झन्क-नु**– अ० क्रि० [झनक्क+नु] १. कुरा नबुझेर आवेशमा आई रन्कनु; भन्कनु; रिसाउनु । २. वाद्ययन्त्रद्वारा वातावरण गुन्जनु; वाद्ययन्त्रको मूल ध्वनिपछि सानो थर्को रहनु । > **झन्काइ**– ना० झन्कने तथा झन्काउने भाव, क्रिया वा प्रक्रिया । **झन्काइनु**– क० क्रि० झनक्क रिस उठाइनु । **झन्काउनु**– प्रे० क्रि० झनक्क रिस उठाउनु; झन्कने पारिनु ।

**झन्काझन्की**– ना० [झन्को+झन्को] पालैसित जङ्गिने काम; दुई वा दुईभन्दा बढी व्यक्तिमा जङ्गिने वा भनाभन हुने व्यवहार; रन्कारन्की ।

**झन्कार्-नु**– स० क्रि० [झङ्कार+नु] १. वीणा, तानपुरा, बेन्जु आदि तारका बाजाबाट आवाज निकाल्नु; झङ्कारको आवाज वा झन्न हुने शब्द निकाल्नु । २. पाउजेब, घुँगरा आदिबाट सुमधुर आवाज निकाल्नु ।

**झन्कि-नु**– अ० क्रि० [झन्क+इ+नु] १. झनक्क रिसाउनु; झन्का उठ्नु; झन्कनु । २. रन्किनु । ३. झङ्कारको आवाज निस्किनु ।

**झन्के**– वि० [झन्को+ए] झनक्क रिसाउने बानी भएको; झोकी; रिसाहा ।

**झन्को**– ना० [झनक्क+ओ] रिसको क्षणिक आवेग; रन्को ।

**झन्क्याइ**– ना० [√ **झन्कि** (+याइ)] झन्किने वा झोक्किने क्रिया-प्रक्रिया । [ > ] **झन्क्याहट**– ना० झन्कने तथा झन्काउने भाव, अवस्था वा क्रियाप्रक्रिया; झन्काइ ।

**झन्झट**– ना० [प्रा० झंझ] १. बिनसित्ति आइलागेको तथा मन नपर्ने खालको काम वा व्यवहार । २. सानाठूला धेरै कठिनाइ भएको नचाहिँदो कामकुरो; झोज; झमेला; टन्टा; झचाउलो । > **झन्झटिया / झन्झटी / झन्झटे**– वि० १. झन्झटलाग्दो; झर्कोलाग्दो । २. चाहिनेनचाहिने काम बोकेर हिँड्ने; अनावश्यक दुःख बेसाउने (व्यक्ति) ।

**झन्झन्**– वि० [झन्+झन्] अझ बेसी; उत्तरोत्तर ।

**झन्ट्याङझुन्टुङ / झन्ट्याङमन्ट्याङ**– क्रि०वि०हे० झन्ट्याङझुन्डुङ ।

**झन्डा**– ना० [सं० दण्ड] डन्डाको टुप्पामा जडिने र खास गरी भवन, मन्दिर आदिमा फहराइने, कुनै देश, संस्था, दल आदिको विशेष प्रतीक वा चिह्न-अङ्कित कपडाको विभिन्न आकार र रङको टुक्रा; त्यस्तै आकारमा बनेको कागत, धातु आदिको टुक्रो वा परिचायक चिह्न; ध्वजा; पताका । > **झन्डी**– ना० सानो झन्डा ।

**झन्डै**– क्रि० वि० [सं० झणझणम्] १. लगभग; पुगनपुग; अलिकति नपुग । २. सफल हुनहुन लागेको तर सानो गल्ती वा असावधानीले पूरा नहुने गरी ।

**झन्डयाङझुन्डुङ**– क्रि० वि० [अ० मू० झन्डयाङ+अ (द्वि०)] १. नाना थरी मालमत्ता अव्यवस्थित रूपले झुन्डयाउने गरी; त्यसरी झुन्डयाउँदा हल्लिएर; झन्टयाङमन्टयाङ । ना० २. मालमत्ता; झिटीमिटी ।

**झन्न**– क्रि० वि० [अ० मू० झन्+न] १. वीणा, गिटार, बेन्जु आदि बाजाका तारमा कुनै ठोस वस्तुको ठक्कर लागेर ध्वनितरङ्ग निस्कने गरी; धातुका भाँडाबर्तन आपसमा टक्कराउँदा आवाज आउने चालले; रन्न । २. कुनै अङ्गमा एकाएक चोट लाग्दा वा बिजुलीको करेन्टले छुँदा वेदना उब्जने किसिमसँग । ३. रिसाउने वा झन्कने गरी; एकाएक मानसिक उत्तेजना बढ्ने किसिमले । ~ **झन्न**– क्रि० वि० लगातारको झन्न ।

**झन्सारो**– क्रि० वि० [झन्+साह्रो] भन्दाभन्दै पनि; उतिमाथि; अझ बेसी ।

**झपक्क**– क्रि० वि० [अ० मू० झपक्+क] १. एकाएक निद्राले छोप्ने गरी । २. चारैतिरबाट ढाकिएर वा छोपिएर । ३. रूखभरि धेरै फलफूल झुप्पिएर फल्ने वा फुल्ने गर्दै ।

**झपझप**– क्रि० वि० [अ० मू० झप्+अ (द्वि०)] १. बारबार निद्रा लाग्ने गरी; उङ लाग्ने किसिमले । २. एकएक छिनमा बत्ती निभ्ने गरेर; झप्पझप्प । ३. बारबार छोप्ने वा ढाक्ने गरी । > **झपझपी/झपझपती**– क्रि० वि० अझै झपझप हुने गरी ।

**झपना**– ना० [अ० मू० झप्+अना] १. छोप्ने वस्तु; ढकना । २. फलफूल आदि हाल्ने टोकरी; एक प्रकारको ढकिया ।

**झपरी**– ना० एक जातको धान ।

**झपार्–नु**– स० क्रि० [झापट+नु] १. कसैलाई कुनै काम बिगारेमा वा रिस पोख्न चर्को स्वरले गाली गर्नु; हप्काउनु; छाँस्नु; झाँट्नु । २. धम्की देखाउनु; धम्काउनु । > **झपार**– ना० झपार्ने वा हपार्ने काम; हप्की; खप्की; झपेटो । **झपाराइ**– ना० झपार्ने भाव, क्रिया वा प्रक्रिया । **झपारिनु**– क० क्रि० बेसरी हप्काइनु ।

**झपिया**– ना० खर वा मुजबाट बनेको, ढक्कन भएको र लुगाफाटा राख्न मिल्ने ढकिया; सानो सुटकेसजस्तो झुन्डयाउने साधन ।

**झपेटो**– ना० [झापट+एटो] हप्की; खप्की; झापट ।

**झपेत्रो**– ना० [अ० मू० झप्+एत्रो] १. क्रियापुत्रीले टाउकामा बाँध्ने सेतो रुमाल । २. कपाल छोप्ने कपडा ।

**झप्क–नु/झप्कि–नु**– अ० क्रि० [झप्की+नु] १. झप्की लाग्नु; उङ्नु । २. लुगा, गहना आदिले झरिझुट्ट हुनु । ३. फलहरू लटरम्म हुनु ।

**झप्की**– ना० [झप्को+ई] एक छिनको निद्रा; थोरै बेर छोप्ने निद्रा; उङ ।

**झप्के**– वि० [झप्को+ए] थोरै बेर निदाउने ।

**झप्को**– ना० [सं० यापन] थोरै बेरको नीद; झप्की ।

**झप्प**– क्रि० वि० [अ० मू० झप्+प] १. थाहै नपाईकन एक्कासि निद्राले छोप्ने गरी; झपक्क । २. एकाएक बत्ती निभेर; भ्वाप्प । ३. लागू पदार्थ आदिले झुमाउने गरी ।

**झप्पा**– ना० [झुप्पा] १. पुराणवाचक पण्डितले वा विवाहमा दुलहाले लगाउने पगरीको दायाँबायाँ शृङ्गारका लागि लट्काइने मणि वा फल आदिका लुर्का; झुप्पा । २. अधिकारीहरूले जङ्गी पोसाकका काँधमा जड्ने जरी, बत्तु आदिका झुप्पा ।

**झप्पू**– ना० [झापट] १. साह्रो पिटाइ; झापट; थप्पड । २. हप्की; खप्की; झँटाइ । ३. तासमा सुरथको एक्का । वि० ४. बडेमाको; ठूलो ।

**झप्री**– ना० [झपरी] बाक्लो बोक्रा भएको छोटोछोटो र केही मोटो खालको केरा ।

**झबला**– ना० [हि० झबरा] टाउकोबाट छिराएर लगाउने र खुट्टासम्म लत्रने एक प्रकारको लुगा; अलखा ।

**झमक**– ना० [सं० यमक] १. बारम्बार दोहोऱ्याइने कामको खेप; पल्ट; चोटि; पटक; फेरा । २. लमकको पूरक (जस्तो– लमकझमक) ।

**झमक्क**– क्रि० वि० [अ० मू० झमक्+क] घाम डुबेपछि चारैतिर अँध्यारो छाउने गरी; साँझ परेपछि नजिकको वस्तु पनि देख्न नसकिने किसिमले; चकमन्न ।

**झमझम**– क्रि० वि० [अ० मू० झम्+अ (द्वि०)] १. एकैनासले बाक्लो पानी दर्किरहने गरी । २. वायु वा रक्तविकारले शरीर एक तमाससित दुखिरहेर । > **झमझमाइ**– ना० झमझम भइरहने भाव, क्रिया वा प्रक्रिया । **झमझमाउनु**– अ० क्रि० १. वायु वा रक्तको विकारले शरीरको बाहिरी छालामा एकतमासले दुख्नु; सिस्नु आदिले पोल्दा वा बिजुलीको करेन्ट लाग्दा शरीरमा वेदना हुनु । २. धेरै बेरसम्म मझौला वर्षा हुनु; झमझम पानी पर्नु । **झमझमाहट**– ना० झमझमाउने भाव, स्थिति वा क्रिया ।

**झमट**– ना० [प्रा० झम्पा] १. बराबर दोहोरिइरहने क्रियाको एकाइ; पल्ट; चोटि; पटक; फेरा । २. वेग; झोक्का ।

**झमेला**– ना० [प्रा० झमाल] कुनै फाइदा नभईकन काम वा व्यवहारमा लागिरहनुपर्ने स्थिति; नचाहिँदो तवरले काममा फसिरहने अवस्था; झन्झट; झोज; झम्मार ।

**झम्क–नु**– अ० क्रि० [झमझम+नु] १. धेरै बेरसम्म एकनास मझौला खालले पानी पर्नु; झमझम पानी पर्नु । २. झल्लर, माला आदि झुन्डिएर सजिएको हुनु । > **झम्काइ**– ना० १. झल्लर, माला आदिको सजावट । २. गहना, लुगा आदिले सजिसजाउ हुने क्रियाप्रक्रिया । ३. बाजाहरू खूबसँग बज्ने प्रक्रिया । **झम्काइनु**– अ० क्रि० झल्लर, माला आदिले सजाइनु । **झम्काउनु**– प्रे० क्रि० लुगा, गहना आदिले सजाउनु; झल्लर, माला आदिले सिँगार्नु ।

**झम्के**– वि० [झम्को+ए] १. पानीको दर्को परिरहेको (अवस्था) । २. झुम्को हालेको; झल्लर, माला आदि झुन्डयाइएको । ~ **फुली**– ना० झुम्का भएको, नाकमा लगाइने सुनको गहना; तल झुम्का भएको फूली । ~ **बुलाँकी**– ना० आइमाईहरूले नाकका दुई पोराबीच छेडिएको तल्लो भागमा लगाउने सुनको गहना; पात वा झम्को भएको बुलाकी । ~ **रायो**– ना० फेदैदेखि झाँगिँदै आएको रायोको बोट ।

**झम्को**– ना० [सं० झप्प] झुन्डिएका ससाना वस्तुहरूको समूह; गुच्छो; झुम्को ।

**झम्ट–नु**– स० क्रि० [सं० झम्प+नु] १. कसैमाथि रिसको आवेशमा एकाएक आक्रमण गर्नु; उफ्रेर जाइलाग्नु; वेगले हमला गर्नु; झम्टिनु । २. कसैलाई कुराले ङ्याक्न खोज्नु । ३. एक्कासि जाग्नु; जङ्गिनु ।

**झम्टा**– ना० [प्रा० झम्पा] १. बाघ, सिंह, स्याल, कुकुर, चील आदिका पन्जाको हनाइ; एकाएक हुने आक्रमण । २. हप्की; खप्की; खप्कीदप्की; लखेटाइ ।

**झम्टाइ**– ना० [√ **झम्ट** (+आइ)] झम्टने भाव, क्रिया वा प्रक्रिया । [>] **झम्टाइनु**– क० क्रि० झम्टन लाइनु; आक्रमण गरिनु । **झम्टाउनु**– प्रे० क्रि० झम्टन लाउनु; आक्रमण गराउनु । **झम्टिनु**– स० क्रि० १. झम्टनु । क० क्रि० २. झम्टने काम गरिनु ।

**झम्पन**– ना० [सं०] १. कुनै वस्तुलाई माथिबाट छोप्ने वा ढाक्ने काम । २. झम्टने वा हमला गर्ने काम; झम्टाइ ।

**झम्पल**– ना० खाल्डो खन्ने, ढुङ्गा वा पहरो फोर्ने आदि काममा प्रयोग गरिने फलामको हतियार; गल ।

**झम्पाक**– ना० [सं०] एक जातको बाँदर ।

**झम्पाट**– ना० [√ झम्मार] १. झमेला; झम्मार; झन्झट । वि० २. काम नलाग्ने; रद्दी ।

**झम्पाल**– ना० [प्रा० झम्प] मानिसद्वारा बोकिने म्याना वा उलिन्काठजस्तै वाहन ।

**झम्म**– क्रि० वि० [प्रा० झम्प] नशालु पदार्थको प्रभावले शरीर लट्टिएझैँ; एकाएक झुमाउने गरी ।

**झम्मरीझाँट**– ना० [झम्मर+झाँट] गुन्द्रुक (हेयार्थमा) ।

**झम्मार**– ना० [झम्म+भार] नचाहिँदो र झर्कोलाग्दो काम वा व्यवहारमा फस्ने स्थिति; झमेला; झन्झट; झ्याउलो ।

**झर्-नु**– [प्रा० झर+नु] १. अग्लो ठाउँबाट कुनै चीज तल खस्नु; माथिबाट तलतिर आउनु; गिर्नु । २. ओरालो लाग्नु; खस्कनु । ३. जाति वा परम्पराबाट च्युत हुनु; पतित हुनु ।

**झर१**– ना० [अ० मू० झर्+अ] पानी बर्सेको वा झरना खसेको शब्द ।

**झर२**– ना० [सं० झृ+अ] चामलको पीठो घिउ वा नौनीमा मुछी कपडामाथि बेलेर गुलियो पदार्थ नमिसाई पकाइने एक किसिमको रोटी; घिउरोटी; घेवर ।

**झर३**– ना० [सं०] १. बर्सिरहेको पानीको अधोगामी प्रवाह । २. त्यस्तो प्रवाहको कुनै एक एकाइ (एक झर, दुई झर, तीन झर इ०) ।

**झरक**– ना० [झलक] १. अनौठो घटना वा संयोग; काकताली; ऱ्याङठ्याङ; मिलेमतो । २. अद्‌भुत दृश्य; कौतुक; रामछायाँ । ३. केली; रामरमितो ।

**झरझर**– ना० [अ० मू० झर्+अ (द्वि०)] १. झरी पर्दा वा पानी बसँदाको शब्द । २. झरनाबाट पानी खस्ता निस्कने आवाज । क्रि० वि० ३. त्यस्तो शब्द वा आवाज निस्कने किसिमले । > **झरझराइ**– ना० झरझराउने भाव, क्रिया वा प्रक्रिया । **झरझराइनु**– अ० क्रि० झरझराउने होइनु । **झरझराउँदो**– वि० १. चहकदार; चमकिलो । २. झरिलो; रापिएर भुङ्ग्रो भएको आगोजस्तो । **झरझराउनु**– अ० क्रि० १. बीचबीचमा रोकिईरोकिई पानीको दर्को पर्नु । २. चहकिलो हुनु; चम्कनु । **झरझराहट**– ना० सफा र कञ्चन हुने भाव, क्रिया वा प्रक्रिया ।

**झरझिटी**– ना० [(द्वि०) झिटी] यात्रा आदिमा नभइनहुने खाद्य वस्तु र लुगाकपडाका ससाना पोका; झिटीमिटी; मालमत्ता ।

**झरना**– ना० [सं० झर] अग्लो ठाउँबाट हुत्तिई खसेको पानीको छाँगो; प्राकृतिक वा कृत्रिम छहरो; झर्ना ।

**झरल**– वि० [झर्+अल] पैसा, वस्तु आदि खसेको; झरेको । (उदा०– तिमीलाई त झरल नै पनि थुप्रै भयो होला) । – **परल**– वि० १. झरेको वा खसेको; बचेखुचेको । ना० २. बचेखुचेको वस्तु; खसेर त्यसै मिल्किएको चीजबीज ।

**झराइ**– ना० [√ **झर्/झार्** (+आइ)] झर्ने वा झार्ने क्रिया प्रक्रिया । [ > ] **झराइनु**– क० क्रि० झर्न वा झार्न लाइनु । **झराउनु**– प्रे० क्रि० झर्न वा झार्न लाउनु; झर्ने पार्नु ।

**झराप**– ना० पसलको अघिल्तिर खोल्न वा बन्द गर्न हुने गरी राखिएको तखती ।

**झराली**– ना० पहिलेको जमानामा प्रत्येक घरधुरीबाट सैन्य सेवामा अनिवार्य जानुपर्ने व्यवस्थाअन्तर्गत गठित सेना ।

**झरिझुट्ट**– क्रि० वि० [झरिलो+झट्ट] गहनागुरियाले प्रशस्त सजिने गरी; झकिझकाउ भएर; झकमक्क ।

**झरिनु**– अ० क्रि० [झर्+इ+नु] झर्ने काम हुनु; गिरिनु; खसिनु ।

**झरिलो**– वि० [झर्र+इलो] झरझराउँदो; चहकिलो; चमकदार (अनुहार, जीउ आदि) ।

**झरी१**– ना० [नेवा०] १. थाम, निदाल आदिका छेउछाउमा झिकिने सोझो खोल्सो; नागल । २. त्यस्तो खोल्सो पार्ने सानो रन्डा । ३. काठका मेच, टेबिल आदि सुकेर जोर्नीमा परेको धाँजो ।

**झरी२**– ना० [सं०] १. बर्सिरहेको पानीको प्रवाह; बर्सात; वृष्टि । २. झरना; छहरो; जलप्रपात । – **को भतेर**– ना० कसरी छिटो सकूँ भनेजस्तो वा साह्रै झोजिलो स्थिति । ~ **च्याउ**– ना० बर्सातको समयमा जमिनमा उम्रने, सेतो रङको र छत्रीजस्तो, खान हुने च्याउ । ~ **बादल**– ना० झरी र बादल; बर्सात र धुम्मिएको मेघ ।

**झरुवा**– वि० [झर्+उवा] १. झरेको; खसेको । २. पहिलो पल्ट चुटेर झारिएको (धान आदि) ।

**झरेली**– ना० [झारा+एली] ज्याला दिएर वा नदिई काममा लगाइने मानिस; झाराको खेतालो ।

**झरो**– ना० [प्रा० झर+ओ] १. उज्यालाका लागि बालिने सल्लाको टुक्राटाक्री; दियालो । २. दाउराको छेस्को । (उदा०– घरमा एक झरो दाउरा छैन, केले भात पकाउने हो !) ।

**झर्क-नु**– अ० क्रि० [झर्को+नु] अरूका कुरा मन नपरी झर्को मानेर बोल्नु; च्याँठिनु; जर्कनु । > **झर्काइ**– ना० झर्कने भाव, क्रिया वा प्रक्रिया । **झर्काइनु**– क० क्रि० झर्कन लाइनु । **झर्काउनु**– प्रे० क्रि० झर्कन लाउनु । **झर्किनु**– १. अ० क्रि० झर्को मानेर बोलिनु । २. झर्कनु ।

**झर्को**– ना० [सं० झर्झ] १. झिँजिने वा दिक्क लाग्ने स्थिति; झमेला; झन्झट । २. झिज्याहट; दिक्क; वाक्क । – **फर्को**– ना० झर्को मान्ने काम; झर्केर बोल्ने स्वभाव वा स्थिति; ततर्कोफतर्को ।

**झर्झर**– ना० [सं०] १. एक किसिमको ढोल बाजा । २. झाँझर । ३. झ्याम्टो । **झर्झरी**– ना० १. झ्याम्टो; झ्याली । २. शिव ।

**झर्ना**– ना०हे० झरना ।

**झऱ्याम**– ना० [अ० मू० झऱ्याम्+अ] काँच आदि वस्तु फुट्दा निस्कने आवाज । > **झऱ्यामझुरुम**– क्रि० वि० १. चूर्ण भएर

भाँडाकुँडा फुट्ने गरी; चकनाचूर । ना० २. काँच आदि वस्तु फुट्दा निस्कने आवाज । > **झऱ्याम्म–** क्रि० वि० भाँडाकुँडा एकै बाजि माथिबाट तल खसेर फुटेको आवाज निस्कने गरी ।

**झर्र–** ना० [अ० मू० झर्+र] १. आकाशबाट पानी खस्दा आउने आवाज; दर्र । क्रि० वि० २. त्यस्तो आवाज निस्कने गरी । ३. तातेको घिउतेलमा पानी आदि पर्दा आवाज निस्कने गरी; भ्वार्र ।

**झर्रा–** ना० [था०] थारूजातिमा प्रचलित एक किसिमको लोकनृत्य ।

**झर्रो–** वि० [प्रा० झरडो > सं० झरट] १. धूलो आदि झट्कारेर सफा पारिएको । २. नबिटुलिएको; चोखो; शुद्ध । ३. बाबुआमाको गुण लिएको; बाबुआमासँग काटीकुटी मिल्ने । ४. बाहिरि प्रभाव नपरेको । ५. निम्नतम सामाजिक पूर्वाधार पूरा गरी तल्लो जातीय कोटिबाट माथिल्लो कोटिमा प्रवेश गरेको । ना० ६. त्यसरी माथिल्लो कोटिमा पुगेको कुनै व्यक्ति । **– वाद–** ना० १. २०१३ सालतिर बनारसमा अध्ययन गर्ने भाषाप्रेमी व्यक्तिहरूले नेपाली भाषाको चोखो प्रयोगका लागि चलाएको, भाषामा सकेसम्म देशज र तद्भव शब्द मात्र प्रयोग गर्नुपर्छ भन्ने मतमा आधारित अभियान । **– वादी–** वि० झर्रोवादको अनुयायी; झर्रोवादलाई अगाडि बढाउन प्रयास गर्ने (व्यक्ति) । > **झर्‍याइँ–** ना० झर्रो हुनाको भाव, गुण, अवस्था वा विशेषता; झर्रोपना; विशुद्धता ।

**झलक–** ना० [सं० झल्लिका] १. घाम, बत्ती वा बिजुली आदिको चहकिलो रूप; चमक; चहक; आभा । २. नजानिँदो झल्को; धमिलो सम्झना; झझल्को । ३. सम्झना । **– दार–** वि० झलक वा चमक भएको; झल्कने; चहकदार । > **झलक्क–** क्रि० वि० १. एकै छिन मात्र देखा पर्ने गरी; झुलुक्क । २. निमेषभर चम्कने वा झल्किने भएर । ३. एकै छिन देखेको भरमा सम्झँदै ।

**झलझल–** क्रि० वि० [अ० मू० झल्+अ (द्वि०)] १. कुनै वस्तु लगातार झल्कने गरी; झलमलाउँदो भएर । २. बारम्बार सम्झने किसिमले; झलझली । > **झलझलाइ–** ना० झलझलाउने भाव, क्रिया वा प्रक्रिया । **झलझलाइनु–** क० क्रि० झलझलाउने होइनु । **झलझलाउँदो–** वि० झलझल गर्ने वा हुने; झलमलाउँदो । **झलझलाउनु–** अ० क्रि० चहकमहक देखिने गरी चलमलाउनु; झलमलाउनु । **झलझलाहट–** ना० झलझल हुने भाव, क्रिया वा अवस्था; झलझलाइ । **झलझलती / झलझली–** क्रि० वि० लगातार झलझल भएर ।

**झलमल–** क्रि० वि० [अ० मू० झल्+अ (द्वि०)] १. घाम, बत्ती आदिको उज्यालो वा कुनै वस्तुको सौन्दर्य देखिने गरी; झलझल । ना० २. रामरमिता; रमाइलो । > **झलमल्ल–** क्रि० वि० चारैतिर झलमल हुने गरी वा सौन्दर्य छरिएर; झलमल ।

**झल्क-नु–** अ० क्रि० [झलक+नु] १. सौन्दर्य वा प्रकाशले झल्ल हुनु; चम्कनु; टल्कनु । २. मनमा कुनै आकृति, भाव वा सौन्दर्यको झल्का आउनु । ३. सम्झनु; भान पर्नु; उस्तै लाग्नु । > **झल्कने–** वि० टलक भएको; चमकदार । **झल्काइ–** ना० झल्कने वा झल्काउने क्रिया-प्रक्रिया । **झल्काइनु–** क० क्रि० झल्कने पार्नु । **झल्काइलो–** वि० झल्कने खालको; चमकदार । **झल्काउनु–** स० क्रि० / प्रे० क्रि० १. बत्ती वा बिजुलीको प्रकाश फैलाउनु; झल्कने पार्नु । २. कुनै कुरा राम्रो बोध हुने गरी सम्झाउनु ।

**झल्को–** ना० [झलक+ओ] १. कुनै वस्तु वा व्यक्ति देख्नासाथ हुने अस्पष्ट आभास; हो कि, हो कि लाग्ने सम्झना; झझल्को । २. मिथ्याभास; प्रतीति; भान । ३. चमक; झलक; टलक ।

**झल्टचाङझुल्टुङ / झल्डचाङझुल्डुङ–** ना० [अ० मू० झल्टचाङ/झल्डचाङ+अ (द्वि०)] १. हात, काँध आदिमा झुन्डचाउँदा हल्लिने पोकापोकी; झिटीमिटी; झिटीझाम्टा । क्रि० वि० २. त्यस्तो पोकापोकी वा झिटीझाम्टा हल्लाउँदै झुन्डचाउने गरी; झाङ्गलझुङ्गल ।

**झल्याँस्स–** क्रि० वि० [अ० मू० झल्याँस्+स] १. मस्त निद्रामा पनि एकाएक बिउँझने गरी; एक्कासि चेतना वा होसमा आएर । २. अचानक सम्झने किसिमले ।

**झल्याकझुलुक–** क्रि० वि० [अ० मू० झल्याक्+अ (द्वि०)] १. झरिलो वस्तु वा उज्यालो यदाकदा देखिने गरी; कहिलेकाहीँ मात्र घाम आदि देखिने चालसँग । २. कुनै व्यक्ति वा वस्तु फाटफुट देखिने गरी; आकलझुकल ।

**झल्याक्क–** क्रि० वि० [अ० मू० झल्याक्+क] एक झमट देखिने वा झल्किने गरी ।

**झल्याङझुलुङ–** क्रि० वि० [अ० मू० झल्याङ्+अ (द्वि०)] यताउति हल्लने वा हल्लाउने गरी; झल्टचाङझुल्टुङ । २. कहिलेकाहीँ; कताकति; आकलझुकल ।

**झल्ल–** क्रि० वि० [अ० मू० झल्+ल] १. केही छिनका लागि चम्कने वा टल्कने गरी; झल्कने किसिमले । २. चारैतिर छरिएर उज्यालो फैलने गरी; झलमल्ल । ~ **झल्ल–** क्रि० वि० बारम्बार झल्ल भएर ।

**झल्लर–** ना० [सं० झल्लरी] मन्दिरका छाना, चँदुवा, छाता, झूल आदिका छेउछाउमा शोभाका निम्ति चारैतिर झुन्डिएका मुजादार कपडा वा झुम्का ।

**झल्लरी–** वि० [सं०] १. झुम्का भएको; झल्लरदार । ना० २. एक प्रकारको ढोल । ३. भ्याली बाजा; भ्याम्टा । ~ **छाता–** ना० विशेष पर्व वा अवसरमा देवता, राजा आदिलाई र विवाह आदिमा वरवधूलाई ओढाइने झल्लर लागेको ठूलो छाता । **– मल्लरी–** वि० १. फाटेर वा पुरानो भएर चिराचिरा भएको; चिल्याचिल्या परी लत्रेको (कपडा) । २. खूबै सिँगारिएको; झलमल देखिने (प्रायः व्यङ्ग्यार्थमा) ।

**झल्लिका–** ना० [सं०] १. पाउडर, अत्तर, रङ आदि लगाउने नरम कपडा वा रुवाको लुँडो । २. चहक; चमक । ३. भ्याउँकीरी ।

**झल्ली–** ना० [सं०] भ्याम्टा; भ्याली बाजा ।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



**झल्लु/झल्लो**– वि० [सं० झल्ल] १. बोली वा बानीबेहोराको ठेगान नभएको; बेकम्मा; लम्फू । २. पतित; च्युत । स्त्री० झल्ली ।

**झसक**– ना० [सं० जषण] वायुविकारले शरीरमा हुने पीडा; शरीर चस्कने वेदना; झस्को; हुप । > **झसक्क**– क्रि० वि० १. बीचबीचमा तर्सने गरी; झस्कने चालसँग । २. झस्को पस्ने तरिकाले; चसक्क ।

**झसङ्ग**– क्रि० वि० [अ० मू० झसङ्+ग] एकाएक मन झस्कने वा तर्सने गरी; झसक्क; झस्स । > **झसङ्गिनु**– अ० क्रि० कुनै डरलाग्दो वस्तु देखेर वा आत्तिने कुरा सुनेर एक्कासि तर्सनु; झस्किनु ।

**झसङ्ङ**– क्रि० वि० [अ० मू० झसङ्+ङ] हे० झसङ्ग । > **झसङ्ङिनु**– अ० क्रि० झसङ्गिनु ।

**झस्क-नु**– अ० क्रि० [झसक्क+नु] १. कुनै डरलाग्दो वस्तु देखेर वा आत्तिने कुरा सुनेर एकाएक डराउनु वा तर्सनु; झसङ्ङ हुनु । २. झस्को पस्नु; हुप पस्नु । > **झस्काइ**– ना० झस्कने भाव, क्रिया वा प्रक्रिया । **झस्काइनु**– क० क्रि० झस्किन लाइनु । **झस्काउनु**– प्रे० क्रि० झस्किने पार्नु; अपर्झटसँग तर्साउनु । **झस्किनु**– अ० क्रि० १. एकाएक डराइनु । २. तर्सिनु; झस्कनु ।

**झस्को**– ना० [प्रा० झसिअ] १. कुनै डरलाग्दो प्रसङ्गबाट हुने त्रास; चस्को; भय । २. झल्को; सम्झना ।

**झाँक्-नु**– अ० क्रि० [सं० ध्यातक+नु] लुकेर हेर्नु; चियाउनु । २. टाढैबाट एक झलक हेर्नु ।

**झाँक**– ना० [सं० झण्ट] भाले मृग; भाले जरायो ।

**झाँकर**– ना० [झाँक+र] सुकेको रूख वा त्यसैका हाँगाबिँगा ।

**झाँकी**– ना० [झाँक+ई] १. विभिन्न सजावट, दृश्य, घटना, लीला आदि प्रदर्शित गरिएका मन्दिर, रथ, खट आदि । २. अल्प समयको दर्शन; झाँक्ने काम; हेराइ ।

**झाँको**– ना० [झाँक+ओ] १. सिङ; झाँक । २. सेखी; घमन्ड; तुजुक । ~ **झार्नु**– टु० सेखी झार्नु; च्याँख तोड्ने गरी छाँस्नु ।

**झाँक्री१**– वि० [झाँक्रो+ई] १. झाँक्रो फिँजेको; झाँक्रे; जगल्टे । ना० २. एक जङ्गली जाति ।

**झाँक्री२**– ना० तन्त्रमन्त्रको प्रयोग गरी झारफुक गर्ने र रोगीको उपचार गर्ने व्यक्ति; धामी । ~ **काउलो**– ना० झारफुक गर्दा धामीझाँक्रीले हातमा स्याउला लिएर घुम्ने, उफ्रने र भूतप्रेत, बोक्सी आदि झार्न प्रयोग गर्ने एक जातको काउलो । ~ **काठ**– ना० सानो खालको एक जातको रूख ।

**झाँक्रे**– वि० [झाँक्रो+ए] छिरलिएका केश भएको; झाँक्रो फिँजेको ।

**झाँक्रो**– ना० [झाँक+रो] आइमाईको नकोरी वा नतलासी फिँजारिएको केशराशि; जगल्टा ।

**झाँग**– ना० हे० झाङ ।

**झाँगड**– ना० नेपालको पूर्वी तराई प्रदेशमा बसोबास गर्ने एक जाति । > **झाँगडी**– ना० झाँगड जाति; झाँगडको भाषा वा बोली । ~ **नाच**– ना० मूलतः झाँगड-जातिमा चलेको सनातनी नाच । (यस नाचमा वैशाखदेखि भदौसम्म 'धुडिया', भदौ-असोजमा 'धर्माकर्मा', कात्तिकमा 'जतरा' त्यसपछि फागुनसम्म 'दमकस खेल' र चैतमा 'फगुवा जात्रा'-का नाच हुन्छन्) ।

**झाँगलझुँगल**– क्रि० वि० [अ० मू० झाँग+ल (द्वि०)] १. मानिसलाई उचाल्दा वा बोक्दा ओल्टोकोल्टो पारेर यताउता हल्लाउँदै; झिजोल्ने चालले । २. लछारपछार गरेर; घिच्याइमुन्टचाइ गर्दै ।

**झाँगिनु**– अ० क्रि० [झाँग+इ+नु] रूखबिरुवाका चारैतिर हाँगाबिँगा, पात आदि फैलनु; झाँग लाग्नु ।

**झाँज**– ना० [सं० झल्ली] झ्याली; झ्याम्टो ।

**झाँजर/झाँझर**– ना० [सं० जर्जर] १. घिउतेलमा पकाएका रोटीहरू झिक्दा घिउतेल तर्काइने प्वालैप्वाल परेको पन्यू । २. तराई भेगमा प्रचलित सानो झ्याली भएको ताल बाजा ।

**झाँट्-नु**– स० क्रि० [प्रा० झट+नु] १. बोटबाट धान, गहुँ आदि अन्न निकाल्न पछार्नु वा चुट्नु; झटनी गर्नु । २. छाँस्नु; हपार्नु; झपार्नु । ३. थकित पार्नु; लखतरान पार्नु ।

**झाँट**– ना० [सं० झाट] मूत्रेन्द्रियका वरिपरिका रौँ; उपस्थका रौँ; शस्प ।

**झाँटझुँट**– ना० [झाँट् (द्वि०)] झाँट्नेवर्ने काम; टकटक्याउने प्रक्रिया ।

**झाँप**– ना० [सं० झम्प] कुद्ने, फाल हाल्ने वा उफ्रने काम (जस्तो– हाँपझाँप) ।

**झाइँ**– ना० [अ० मू०] तताएको तेलघिउमा तिहुन ओइरँदा वा झानझुन पार्दा निस्कने शब्द । – **झुइँ**– ना० १. तेल, घिउ आदिमा रोटी पकाउने काम; तातो घिउतेलमा जिम्बु, जीरा, मेथी आदि फुराएर दाल, तरकारी, अचार झान्ने काम; झानझुन । क्रि० वि० २. तातो घिउतेलमा तरकारी आदि ओइरिँदा आवाज आउने गरी । ३. जम्मै सकिने गरेर; रित्तिने किसिमले ।

**झाकझाक झुकझुक**– क्रि० वि० [झाकझुक (द्वि०)] बराबर झाकझुक भएर; झाकझुक ।

**झाकझुक**– क्रि० वि० १. कुनै कामकुरा कहिलेकाहीँ मात्र हुने गरी; आक्कलझुक्कल । २. अलिअलि नीद आउने गरी; उड्ने चालले ।

**झाङ**– ना० [सं० ध्यान] १. गुचुमुच्च परेका लहरा र ससाना रूखहरूको समूह । २. झाँगिएको बोट; झ्याम्म परेको रूख वा बिरुवा ।

**झाङलझुङल**– क्रि० वि० हे० झाँगलझुँगल ।

**झाङा**– ना० [था०] थारूजातिको विवाहमा केटाले केटीका आमाबाबुलाई बिहेखर्चका निम्ति दिने नगद ।

**झाङिनु**– अ० क्रि० [झाङ+इ+नु] हे० झाँगिनु ।

**झाट**– ना० [सं०]१. उज्यालो हुनेहुने बेलाको गाढा अँध्यारो । २. लहराहरूले ढाकिएको स्थान; कुञ्ज; छहारी । ३. झाडी ।

**झाटझुट–** क्रि० वि० [झट्ट+झट्ट] १. छिटोछरितो गरेर; झट्टपट्ट; छिटछिटो; चाँडोचाँडो । ना० २. बन्धन आदि तुरुन्त चुँडिने काम । ३. छिटो र बखतमै काम सकिने प्रक्रिया । > **झाटझुट्ट–** क्रि० वि० अझ छिटो झाटझुट हुने गरी ।

**झाटा–** ना० [सं०] १. जाईका छाँटका पात हुने, लहरामा फुल्ने एक प्रकारको सुगन्धी सेतो फूल । २. पानीअमला, भुइँअमला ।

**झाड–** ना० [सं० झाट] १. बिजुलीबत्तीहरू बालिने शृङ्गारका लागि बैठककोठामा झुन्डचाइने काँचको झुलन; बत्तीदानी । २. ससाना बोटबिरुवाका समुदाय; झाङ ।

**झाडा–** ना० [सं० क्षरण] कुफतले वा खानेकुरा अपच भएर निस्कने पातलो दिसा; पखाला । ~ **बान्ता / वान्त–** ना० धेरै पल्ट पातलो दिसा वा पखाला भइरहने रोग, हैजा; छेरौटी ।

**झाडी–** ना० [झाड+ई] सानाठूला लहरा र वृक्षले ढाकिएको ठूलो र बाक्लो वन; घना जङ्गल ।

**झाडु–** ना० [प्रा० झाडन] भुईंमा जमेका, थुपिएका कसिङ्गर, धूलो आदि बढार्ने हाते साधन; कूचो । – **बढारु–** ना० भुईंमा थुप्रिएका कसिङ्गर, धूलो आदि फ्याँक्ने काम; झार्ने र बढार्ने काम; बढारकुँढार ।

**झान्‌–नु–** स० क्रि० [सं० झणझण+नु] घिउतेलमा मेथी, जीरा, ज्वानु आदि फुराएर दाल, अचार आदिमा चरचराउने गरी हाल्नु; झानझुन गर्नु । > **झानिनु–** क० क्रि० झान्ने काम गरिनु ।

**झानझुन–** ना० [झान्‌ (द्वि०)] अचार, तरकारी आदि झान्ने काम; झाइँझुइँ ।

**झापझुप–** क्रि० वि० [प्रा० झम्पिअ] १. बिजुली, आगो, बत्ती आदि सबैतिर एकैबाजि निभ्ने वा निभाउने गरी । २. कुनै वस्तुलाई हतारमा छोप्ने वा ढाक्ने गरेर । ३. कुनै काम, मेलो आदि झटपट सिद्ध्याउने किसिमले ।

**झापट / झापड–** ना० [सं० चपेट] १. गाला आदिमा हत्केलाले जोरसित पिट्ने काम; लबटाको हनाइ; चड्कन; चप्पड । २. बेसरी हप्काइने काम; झँटाइ; खप्की ।

**झापन–** ना० [सं० झम्पन] १. डोली, उलिन्काठ आदि सवारीसाधनमाथि ओढाइने वा छोपिने मङ्गलमय रातो कपडा; डालो छोप्ने रङ्गीन च्यादर । २. चारैतिर सिपी भरेको गुँदबाट बनेको ढकिया ।

**झापा–** ना० नेपालको पूर्वाञ्चल विकासक्षेत्रभित्र पर्ने मेची अञ्चलको तराई भागमा स्थित एक जिल्ला । > **झापाली–** वि० झापासम्बन्धी; झापामा बस्ने; झापाको निवासी ।

**झापु–** ना० [√ झप्पू] १. लबटाले हिर्काउने वा पिट्ने काम; झापट; झापड; झप्पू । २. भित्तो पुऱ्याएर वा मुख थुनिने गरी भन्ने काम ।

**झापो–** ना० तुलाबाट तौलिएको वस्तु राख्ने भाँडो; खाँची ।

**झाप्री–** ना० सानोसानो ढकिया; एक प्रकारको बास्केट ।

**झाब्ला–** ना० [झबला] गलामा इँजारघर हालेर तुना बाँध्ने एक किसिमको कुर्था ।

**झामक–** ना० [सं० झमक] भट्टामा ज्यादा राप भएर डढेको इँट; इँटको कीट ।

**झामझुम–** क्रि० वि० [अ० मू० (द्वि०) झुम्‌+अ] १. कुनै पनि काम धेरै जना मिलेर छिटो सिध्याउने गरी । २. थोरै खाद्य वस्तु धेरै जना मिलेर खाइसक्ने हिसाबले । ३. झापझुप । > **झामझुम्म–** क्रि० वि० १. चारैतिरबाट एक्कासि छोप्ने वा छोपिने गरी । २. अँध्यारो हुने किसिमले । ३. एउटै काममा धेरै मान्छे झुम्मिने गरी ।

**झाम्टा–** ना० [झाम्टोको ति० रू०] हे० झाम्टो । ~ **झाम्टी–** ना० सानाठूला झाम्टाहरूको थुप्रो वा समूह ।

**झाम्टिनु–** अ० क्रि० [झाम्टो+इ+नु] १. झाम्टो हुनु; झाम्टाझाम्टी बन्नु । २. गाँजिनु; झाँगिनु ।

**झाम्टो१–** ना० [सं० झुण्ट] १. रौँ, धागो आदिको गुजुल्टो । २. सप्लाएका सागपात आदिको बोट । ३. चारैतिर हाँगाबिँगा फैलिएको बोटबिरुवा; झाँग; झाङ ।

**झाम्टो२–** ना० [√ झ्याम्टो] झ्याम्टो; झ्याली ।

**झार्‌–नु–** स० क्रि० [झार्‌+नु] १. अग्लो ठाउँबाट तलतिर पुऱ्याउनु; खसाल्नु; ओराल्नु । २. भूतप्रेत वा बोक्सी आदि हटाउनका लागि मन्त्र पढेर फुकफाक गर्नु; झारफुक गर्नु ।

**झार–** ना० [प्रा० झाड] १. प्रायः बालीनालीसँगै उम्रेर त्यसको वृद्धिमा नोक्सान पुऱ्याउने घाँस । २. तृण; घाँस ।

**झारझुर–** ना० [झार्‌ (द्वि०)] १. कपडालाई हातले झट्कारेर धूलोमैलो झार्ने काम; टकटक्याइ । २. फलफूल, अनाज आदि प्रायः पूरै खसाल्ने वा निकाल्ने काम । ३. कसैसित भएभरको रुपियाँपैसा आदि हात लगाउने काम ।

**झारपात–** ना० [झार+पात] रूखबाट खसेका पात र भुईंमा उम्रेका झारको समूह; घाँसपात; लहरापात ।

**झारपोथर–** ना० [झार+पुछ] १. धूलो, कसिङ्गर आदि झार्नेमिल्काउने काम; झारझुर । २. भएभरको सिद्ध्याउने काम; पाछपुछ ।

**झारफुक–** ना० [झार+फुक्] कुनै रोग वा भूतप्रेत हटाउने मन्त्र पढी कुश, कूचो, खरानी, जल आदिले बिरामीको शरीरलाई छुँदै फुकेर उपचार गर्ने काम; त्यस्तो अन्धपरम्परागत पद्धति; झराइ र फुकाइ; फाकफुक । > **झारफुके–** वि० झारफुक गर्ने; फाकफुके ।

**झारबुटी–** ना० [झार+बुटी] बुटीका निम्ति प्रयोग हुने झार; वैदाङ्ग विधिअनुसार गरिने ओखतीमूलो ।

**झारमौरो–** ना० [फा० जहर+मोहरा] सर्प, बिच्छी आदिले टोकेर शरीरमा फिँजिएको विष खिच्ने वा मार्ने हरियो रङको एक थरी पत्थर ।

**झारल–** ना० जरायोका छाँटको एक जातको ठूलो मृग;

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



हरिणविशेष ।

**झारा१–** ना० गन्जिफाका खेलमा रङको सबैभन्दा ठूलो अन्तिम चक्की नराखी जित्ने वा खानेजति जम्मै चक्की एकै बाजि लाम लगाई खेलिने दाउविशेष ।

**झारा२–** ना० १. सरकार, जमिनदार वा बिर्तावालले सरकारी वा सार्वजनिक काममा साधारण जनताबाट लिने पारिश्रमिकविनाको काम वा सहयोग । २. मन नलगाईनलगाई गरिने काम; करबलको काम । **– को खेतालो–** ना० कामचलाउका रूपमा मात्र आएको मानिस; गालसम्म टार्ने मान्छे । ~ **खेताला–** ना० ज्यालामजुरीविना वा सो लिएर काम गर्न आउने कामदार । ~ **टार्नु–** ट० मन लगाईकन काम गर्नु; करबलले काम गर्नु । ~ **तिरा–** वि० झाराको काम गर्ने; झाराली । २. मन नलगाईनलगाई काम गर्ने; अर्काको कर वा बाध्यताले मात्र काम गर्ने । ~ **तिराइ–** ना० मन नपरीनपरी गरिने काम; टारटुर गर्ने खालको कामकुरो । ~ **तिर्नु–** ट० मन नपरीनपरी काम गर्नु; करबलले काम गर्नु । ~ **फौज–** ना० पारिश्रमिक वा ज्यालाविना गुहारको लागि जम्मा गरेको फौज । > **झाराली–** ना० झाराको काम गर्नका लागि आएको व्यक्ति; गुहारे खेतालो; बेठबेगारी ।

**झारिनु–** क० क्रि० [झार्+इ+नु] झार्ने काम गरिनु; खसालिनु ।

**झारी–** ना० [सं० झरी] ठूलो पेट, सानो घाँटी र फुकेको मुख भएको; पेटबाट टुटी निस्केको लाम्चो खालको जलपात्र ।

**झारीखन्डे–** ना० [झार+खन्डे/झारखण्ड (स्थानविशेष)] १. झारपातको ओखती बनाई खुवाउने र फाकफुक गर्ने मानिस; गाउँघरको साधारण उपचारक । २. जोगीका भेषको बिकामे मान्छे ।

**झारो–** ना० [√ चार] डन्डीबियाको खेलमा प्रयुक्त हुने चारको गणना वा सङ्ख्या ।

**झार्लाङ्गे–** वि० १. कुनै पनि काम झारा टार्ने किसिमले गर्ने; रङ्गढङ्ग नभएको । ना० २. त्यस्तो मानिस ।

**झाल–** ना० [सं० जाल] लहराहरूको झाङ; एक अर्कामा जेलिएका लहराको समूह ।

**झालर१–** ना० [था०] प्रायः तराईवासी स्त्रीहरूले गोडामा लगाउने एक प्रकारको गहना ।

**झालर२–** ना० [सं० झल्लर] शोभा वा सौन्दर्यका लागि झूल, पर्दा आदि कपडामा फुर्का निकालेर लगाइने घेरो; झल्लर ।

**झाले–** वि० [सं० झल्लिका] टाटेपाटे; टाटेपाङ्ग्रे; रङ्गीबिरङ्गी । **– माले–** ना० रातो, सेतो, कालो आदि धेरै रङ भएको; छिरबिरे (गाईबस्तु आदि) ।

**झास–** ना० [झार] सुकेका झारपातको थुप्रो; झासझुस । **– झुस–** ना० १. झारपातको समूह; आगो बालिने सुकेका पातपतिङ्गर । क्रि० वि० २. तत्कालै बल्ने गरी; तुरुन्तै सिद्धिने किसिमले ।

**झिँगटी–** ना० [नेवा०] इँटजस्तै पोलिएको, लम्बाइको दुवै छेउमा एकअर्कामा खप्टिनका निम्ति खोल्सोखोल्सो परेको, छाना छाइने, पातलो साधन । ~ **घर–** ना० झिँगटीले छाइएको घर । ~ **घरे–** वि० झिँगटीघरमा बस्ने ।

**झिँगटो–** ना० [सं० जीर्णक] झरेर वा बस्तुले घाँसपात खाएर झरेको सिटोमिटो ।

**झिँगनी/झिँगानु–** ना० [सं० झिङ्गिनी] लाम्चा पात, सेता ससाना फूल र हरिया ससाना फल हुने एक वृक्ष; झिँगानु । ~ **तोरियाँ–** ना० घिरौँलाजस्तो तर पाटापाटा परेको तोरियाँ; पाटेतोरियाँ ।

**झिँगल्टो–** ना० [√ झिँगटो] गहत, भटमास, बदाम आदिको जगल्टा; झिँजो ।

**झिँगाउरो–** ना० [झिँगो+आउरो] घिरौँलाको जालीजस्तो, लाम्चो गुँड लगाएर बस्ने माहुरीका जातको विषालु कीरो ।

**झिँगे–** वि० [झिँगो+ए] १. झिँगा भएको वा बसेको; गन्दा । २. झिँगाजस्तो; झिँगाको । ~ **दाउ–** ना० पैसा थापेर खेल खेल्दा जसको पैसामा झिँगा बस्छ वा झिँगाले छुन्छ उसैको जित हुने एक खेल । ~ **बारुलो–** ना० झिँगाजस्तो एक जातको बारुलो । ~ **माछो–** ना० गँगटाका जस्ता दुइटा हात, हाठवटा खुट्टा र पारदर्शी कत्ला हुने, एक जातको सानो माछो ।

**झिँगो–** ना० [प्रा० झिल्लिरिआ] प्रायः फोहोरबाट उब्जने, छ खुट्टा र दुइटा पखेटा भएको एक जातको उड्ने कीरो; माखो; मक्षिका । **झिँगाको सरापले डिँगा मर्दैन** (उखान) ।

**झिँजा–** ना० [झिँजोको ति० रू०] हे० झिँजो । **– झिँजी–** ना० सानाठूला धेरै झिँजाको समूह । **– मिजा–** ना० मसिना छेस्के दाउरा र पातपतिङ्गर ।

**झिँजि–नु–** अ० क्रि० [झिँजो+नु] झिँजो मान्नु; हे० झिजिनु पनि ।

**झिँजो१–** ना० काठको सानोतिनो छेस्को; झिक्रो ।

**झिँजो२–** ना० हे० झिजो (झर्को, झन्झट) ।

**झिँजोल्–नु–** ना० हे० झिजोल्नु । > **झिँजोलाइ–** ना० झिजोलाइ । **झिँजोलाइनु–** क० क्रि० झिजोलाइनु । **झिँजोलाउनु–** प्रे० क्रि० झिजोलाउनु । **झिँजोलिनु–** क० क्रि० झिजोलिनु ।

**झिँज्याइ–** ना० [√ **झिँजि** (+आइ)] १. झिँजिने भाव, क्रिया वा प्रक्रिया; झिँज्याहट । [झिँज्याउ+आइ] २. झिँज्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झिँज्याइनु–** क० क्रि० झिँजो लाइनु । **झिँज्याउनु–** स० क्रि०/प्रे० क्रि० १. झन्झटको काम लाउनु; झिँजो लाउनु । २. सताउनु; पिरोल्नु । ३. दिक्क गराउनु । **झिँज्याहट–** ना० झिँजिने भाव, अवस्था वा क्रिया; झिँज्याइ ।

**झिक्–नु–** स० क्रि० १. राखेको वा रहेको ठाउँबाट निकाल्नु; उभाउनु; लिनु । २. उतार्नु; निकास्नु । ३. जागिर वा कुनै कामबाट खारेज गर्नु; निकाल्नु । ४. कटाउनु; घटाउनु । > **झिकाइ–** ना० झिक्ने वा झिकाउने क्रियाप्रक्रिया । **झिकाइनु–** क० क्रि० १. ल्याइनु । २. पैठारी गरिनु । **झिकाउनु–** स० क्रि० १. टाढाका ठाउँबाट मालमत्ता ल्याउनु; पैठारी गर्नु । २.

कसैलाई मानिस, चिठी, तार आदिद्वारा डाक्नु वा बोलाउनु। प्रे० क्रि० ३. झिक्न लाउनु; मगाउनु। **झिकिनु–** क० क्रि० राखेको ठाउँबाट लिइनु। **झिकुवा–** वि० झिकिएको वा खोसिएको; खारिज गरिएको।

**झिक्राझिक्री–** ना० [झिक्रो+झिक्रो] सानाठूला झिक्राहरूको समूह।

**झिक्रेइलो–** वि० [झिक्रो+एइलो] झिक्राझिक्री भएको; झिक्रोजस्तो।

**झिक्रो–** ना० [सं० जीर्णक] ससाना हाँगाबिँगासहितको ठूलो हाँगो; लहरे तरकारी फलाउनाका लागि काटेर ल्याइएको हाँगो वा बोट; थाँक्रो; झिँजो।

**झिङटी–** ना० हे० झिँगटी।

**झिङनी–** ना० हे० झिँगनी। ~ **तोरियाँ–** ना० झिँगनीतोरियाँ।

**झिङल्टो–** ना० हे० झिँगल्टो।

**झिङाउरो–** ना० हे० झिँगाउरो।

**झिजिनु–** अ० क्रि० [झिजो+इ+नु] झिजो मान्नु; मन नपरेको काम गर्न झर्को मान्नु; झर्कनु।

**झिजो–** ना० १. कुनै फाइदा पनि नहुने र मन पनि नपर्ने कामकुरो; झन्झटको काम; झोज; झर्को। २. सताउने काम; कचकच।

**झिजोल्-नु–** स० क्रि० [झिजोलो+नु] १. कसैलाई नचाहिँदो कामकुरामा झर्को लाग्ने गरी सताउनु; प्रायः केटाकेटीले आमालाई झिजो लाग्ने पार्नु। २. बारम्बार हल्लाउनु; घचघच्याउनु। > **झिजोलाइ–** ना० झिजोल्ने भाव क्रिया वा प्रक्रिया। **झिजोलाइनु–** क० क्रि० झिजोल्न लाइनु। **झिजोलाउनु–** प्रे० क्रि० झिजोल्न लाउनु; झिजोलाइमा पार्नु। **झिजोलिनु–** क० क्रि० १. झिजोल्ने काम गरिनु; सताइनु। २. हल्लाइनु।

**झिजोलो–** ना० [झिजो+लो] नचाहिँदो कामकुरामा पनि झर्को लाग्ने गरेर सताउने काम; झिजो।

**झिज्याइ–** ना० [√ **झिजि** (+आइ)] झिजिने भाव, क्रिया वा प्रक्रिया। [ > ] **झिज्याइनु–** क० क्रि० झिजो लाइनु; सताइनु। **झिज्याउनु–** प्रे० क्रि० झिजो लाउनु; पिरोल्नु; दिक्क पार्नु।

**झिझिया नाच–** ना० [था०] थारूजातिमा प्रचलित प्रायः दसैँताक नाचिने एक लोकनृत्य। (यस नाचमा बेलुकीपख कन्याकेटीका ससाना समूह भित्र बत्ती बलेको माटाको भुँड्को टाउकोमा बोकी सडकसडकमा गाउँदै नाच्दै हिँड्छन्)।

**झिटी–** ना० कहीँ लैजान तयार गरिएको मालसामान; मालमत्ता। ~ **झाम्टी/झाम्टो–** ना० गृहस्थीका सरसामान; मालमत्ता; झरझिटी। – **मिटी–** ना० भएजति सबै झिटी; मालसामान।

**झिट्टा–** ना० न्याउले खेलमा गाइने एक थरी लोकगीत।

**झिट्टी–** वि० दुब्लो; पातलो; सुलीखुट्टे वा सुइँखुट्टे।

**झिना झाँकर–** वि० [झीनो+झाँकर] सानातिना; प्रायः लेखो वा वास्ता नगरिने।

**झिनुवा–** ना० १. सेता ढबका पात हुने, खैरो रङ मिसिएको डल्लोडल्लो एक जातको धान। २. सोही धानको चामल।

**झिनो–** वि० [प्रा० झीणो] १. अपेक्षाकृत कम मोटाइ भएको; मसिनो; क्षीण। २. दुब्लो; पातलो।

**झिन्नि-नु–** अ० क्रि० [झीनो+इ+नु] क्रमशः दुब्लोपातलो हुँदै जानु; दुब्लाउनु।

**झिम–** ना० [चिम] १. परेला झिम्क्याउन्जेलको अल्प समय; निमेष; क्षण। क्रि० वि० २. परेला झिमिक्क पारेर; आँखा झिम्क्याउँदैमा।

**झिमझिम–** क्रि० वि० [झिम (द्वि०)] बारम्बार परेला झिम्क्याइरहने गरी; चिमचिम। > **झिमझिमे–** वि० १. चिमचिम गरिरहने (आँखा, परेला/परेली)। २. झिमझिम गरेर बर्सिरहने; सिमसिमे (पानी)।

**झिमिक्क–** क्रि० वि० [अ० मू० झिमिक्+क] १. आँखा चिम्लने गरी; परेला जोडेर निदाउने हिसाबले। २. झुक्याउने गरी; थाहै नदिएर।

**झिम्के–** वि० [झिम्को+ए] १. सधैँ परेला झिम्क्याइरहने; झिमझिम गर्ने। २. आँखा सन्काएर इसारा गर्ने।

**झिम्को–** ना० [अ० मू० झिम+को] आँखा झिम्म पार्ने काम; परेला झिम्क्याउने भाव, क्रिया वा प्रक्रिया। > **झिम्क्याइ–** ना० झिम्क्याउने भाव, क्रिया वा प्रक्रिया। **झिम्क्याइनु–** क० क्रि० पलक मारिनु; इसारा गरिनु। **झिम्क्याउनु–** स० क्रि० १. आँखा झिमझिम पार्नु; झिम्को लाउनु। २. आँखाले इसारा गर्नु; फकाउनु।

**झिम्म–** क्रि० वि० [अ० मू० झिम्+म] परेला जोड्ने गरी; आँखा बन्द गरेर। – **झिम्म–** क्रि० वि० फेरिफेरि झिम्म हुने गरी; झिमझिम; चिमचिम।

**झिम्रि-नु–** अ० क्रि० [झिम्रे+इ+नु] १. रजस्वला हुनु; पर सर्नु; नछुने हुनु; पाखा लाग्नु। २. भ्याउरिनु; चाउरिनु।

**झिम्रिक्क–** क्रि० वि० [अ० मू० झिम्रिक्+क] १. झुम्रिने वा ओइलाउने गरी; लोसे चालले। २. स्वात्तै; ख्वात्तै।

**झिम्रे–** वि० १. रजस्वला भएकी; नछुने भएकी; पर सरेकी। ना० २. रजस्वला नारी। > **झिम्रेनी–** वि० पेट बोकेकी; गर्भिणी।

**झिम्सिङ्ङ–** क्रि० वि० [अ० मू० झिम्सिङ्+ङ] अकस्मात् देखा पर्ने गरी; जुमलुङ्ङ।

**झिर–** ना० १. हुक्काको सुमेरुमा कस जम्ने भाग खोल्ने, बटारिएको, पातलो र लामो फलामे सुइरो; फलामको सानो डन्डी। २. काँचो मासु उनेर आगामा तताउने वा घाममा सुकाउने सुइरो। ~ **काठ–** ना० सलाई बनाउने काठ; सलाई। – **को मासु–** ना० १. साह्रै सन्ताप; चर्को पीर। २. व्यर्थको झन्झट। ~ **चिम्टा–** ना० १. फलामे चिम्टा। २. जो भएको सबै; सिरीखुरी।

**झिरलो–** ना० [झीर+लो] एकाएक आइपर्ने झोज; झिजो; पिरलो।

**झिरिक्क–** क्रि० वि० [अ० मू० झिरिक्+क] झुरिएका, सुकेका झिँजा वा घँसेटा आदि भाँचिने गरी; एक्कासि।

**झिरिप–** क्रि० वि० [अ० मू० झिरिप्+अ] १. एकै चोटि छोप्ने गरी। २. सिद्ध्याउने हिसाबले; चट्। > **झिरिप्प–** क्रि० वि० काम फत्ते हुने गरी; स्वाट्ट।

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



**झिरे**– वि० [झीर+ए] झीरजस्तो; झीरका छाँटको । ~ **लहरो**– ना० झीरजस्तै बटारिएको लहरा हुने आयुर्वेदका अनुसार पित्तशमन गर्ने एक लहरो ।

**झिर्को**– ना० [√ झिल्को] उज्यालाको ससानो झिल्को; छिनछिनको चमक ।

**झिर्नु**/**झिर्नो**– वि० [सं० जीर्ण] १. थोत्रो वा पुरानो; फाटेको; जीर्ण । २. चिन्ताले गलेको; दुब्लो; सिट्ठी ।

**झिल**– ना० [सं० क्षीर] पानी जम्ने प्राकृतिक ठूलो पोखरी; ताल; दह ।

**झिलङ्गो**– ना० खिउनी वा यस्तै रोटी पार्ने फलामे साँचो ।

**झिलझिल**– क्रि० वि० [अ० मू० झिल्+अ (द्वि०)] कुनै वस्तु झल्कने वा ससाना कण चम्कँदा आँखा तिरमिराउने गरी; झिलिकझिलिक ।

**झिलमिल**– क्रि० वि० [अ० मू० झिल्+अ (द्वि०)] १. आँखा तिरमिराउने हिसाबले; छिनछिनमा चम्कने गरी । ना० २. रङ्गिन प्रकाशको आरोहअवरोह; आँखा तिरमिराउने तेजिलो झिल्को ।

**झिलिक**– ना० [सं० झिल्लिका] एकाएक चम्कने किसिम; सहसा चम्किने चाल । ~ **झिलिक**– क्रि० वि० छिनछिनमा चम्कने प्रकारले । – **मिलिक**– क्रि० वि० बारबार चम्किरहने गरी; छिनछिनमा टल्कने हिसाबले । > **झिलिक्क**– क्रि० वि० १. चम्किला कण वा वस्तु छिनभर देखिएर; अपर्झट चमक निस्कने हिसाबले । २. बिजुली, आगो, बत्ती आदि एकाएक बल्ने गरी । ३. कुनै व्यक्ति वा वस्तु एक्कासि देखा पर्ने चालले ।

**झिलिङ्गो**– ना० [झिल्+इङ्गो] बलेको आगाको फिलिङ्गो; धप्केको कोइलो ।

**झिलिमिली**– क्रि० वि० [झिल्ल+ई+मिल्+ई] १. बत्ती वा रङ्गीचङ्गी वस्तुद्वारा झल्कने वा चम्कने हिसाबले; झलमल्ल; झकिझकाउ । ना० २. बिजुलीको दृश्यावलीले राम्रो बनाइएको उत्सव वा तमासा; रमाइलो वातावरण; रामरमिता । ~ **झिल्ला**– ना० १. देउसी खेल्दा भट्ट्याउनेले भन्ने शब्द । २. चारैतिर उज्यालैउज्यालो । ~ **झ्याइँ**– ना० रमाइलो वातावरण; रामरमिता ।

**झिलियाँ**/**झिलैयाँ**– ना० झाँझरबाट लेदो पीठो चुहाएर घाममा सुकाई पछि घिउतेलमा फुराउन मिल्ने गरी बनाइएको खाद्य वस्तु; झिनियाँ ।

**झिल्का**– ना० [सं० झिल्ली] आगाको सानो कण; सानो अग्निकण ।

**झिल्के**– वि० [झिल्को+ए] १. झिल्को भएको; चमकदार । २. ठाँटिलो; गुन्डो स्वभावको । ३. आँखा घुमाएर कुरा गर्ने । ना० ४. लोकगीतमा प्रेमिकाले प्रेमीलाई भन्ने एक शब्द । – **मिल्के**– वि० झिलिकमिलिक भएको; ठाँटिलो र नक्कले ।

**झिल्को**– ना० [सं० झिल्लिका] आगाको बलेको सानो फिलिङ्गो ।

**झिल्टुङ**– वि० १. ज्यादै दुब्लोपातलो; सिखो । ना० २. वाग्मती अञ्चलअन्तर्गत नुवाकोट जिल्लामा पर्ने एक गाउँ ।

**झिल्ल**– क्रि० वि० [अ० मू० झिल्+ल] छिनभर चम्कने हिसाबले; झल्कने गरी; बलेर । ~ **झिल्ल**– क्रि० वि० बीचबीचमा रोकिई चम्कने हिसाबले ।

**झिल्लिका**– ना० [सं०] १. झ्याउँकीरी । २. झङ्कार । ३. प्रकाश; चमक; दीप्ति । ४. झ्याली; झ्याम्टा ।

**झिल्लिमझर्की**– ना० तराईको चमारनृत्यमा प्रयोग गरिने धनुका आकारको एक थरी तालबाजा ।

**झिल्ली**– ना० [सं०] १. छालामाथि रहेको पातलो तह; अत्तरछाला । २. त्यस्तै पातलो कुनै पत्र । ३. सूर्यको किरण; तेज । ४. झ्याउँकीरी । ५. झ्याम्टा; झ्याली । ६. गफ हाँक्ने काम; फोस्रो कुरागराइ (जस्तो– झिल्ली उडाउनु) ।

**झिल्सिँदो**– वि० [झिल्सि+इँदो] गनाउने खालको डकार आउने; झिल्स्याइँदो ।

**झिल्सि–नु**– अ० क्रि० [झिल्सो+इ+नु] गेडागुडी अन्न भुट्दा वा रोटी पकाउँदा भित्र प्रायः काँचै रही बाहिर मात्र डढ्नु; पिल्सिनु । > **झिल्स्याइँदो**– वि० १. अलिअलि डढेको; पिल्सिएको । २. पूरा नपचेको । **झिल्स्याइ**– ना० झिल्सिने वा झिल्स्याउने क्रियाप्रक्रिया । **झिल्स्याइनु**– क० क्रि० झिल्सिने पारिनु; पिल्स्याइनु । **झिल्स्याउनु**– प्रे० क्रि० आँत नपाक्ने गरी बाहिर मात्र डढाएर अनाज भुट्नु वा रोटी पकाउनु; पिल्स्याउनु । **झिल्स्याहट**– ना० झिल्सिने भाव, अवस्था वा क्रिया; झिल्स्याइ ।

**झिसमिस**– ना० [सं० त्विस्रमिष] विहानीपख अलिअलि उज्यालो हुन लागेको समय; उषाकाल; मिरमिर । > **झिसमिसे**– वि० १. अलिअलि उज्यालो भएको; धमिलो प्रकाश भएको । ना० २. अलिअलि उज्यालो भएको समय; मिरमिरे; रिमरिमे ।

**झिसिलो**– वि० [झिल्सि+इलो] झिल्सिँदो; झिल्स्याइँदो ।

**झी**– ना० [बा० बो०] घाउखटिरा; घाउ; चोट ।

**झीना झाँकर**– वि० हे० झिना झाँकर ।

**झीनो**– वि० हे० झिनो ।

**झीर**– ना० हे० झिर ।

**झीरे**– वि० हे० झिरे ।

**झील**– ना० हे० झिर ।

**झुँगी**– ना० [झुङ+ई] हिँड्दाहिँड्दै टोलाएर बाटो बिराउने चाल वा अलमलिने अवस्था; भ्रान्ति ।

**झुँज**– ना० [√ झाँज] १. झगडा; द्वेष; कलह । २. झोज । [>] **झुँज्याहा**– वि० नचाहिँदो झन्झट लाउने; झोडी; झगडालु ।

**झुँडी**– वि० झडङ्गी स्वभावको; रिसाहा; झडङ्गी; झोडी ।

**झुक्–नु**– अ० क्रि० १. मान्य जनको अगाडि शिर निहुराउनु; नम्र हुनु; निहुरनु । २. कुनै अपराधमा केरकार गर्दा साबित हुनु । ३. रूखबिरुवा, फलफूल आदिको भारले निहुरनु । ४. कुप्रिनु; बाङ्गिनु । > **झुकाइ**– ना० झुक्ने वा झुकाउने क्रिया-प्रक्रिया । **झुकाइनु**– क० क्रि० झुक्न लाइनु । **झुकाउ**– ना० १. निहुरने वा झुक्ने काम; विनय । २. एकतर्फी ढल्काइ; पक्षपात । ३. चाख; रुचि । ४. लगाउ; प्रवृत्ति । **झुकाउनु**– प्रे० क्रि० १.

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



झुक्न लाउनु; निहुराउनु; ढल्काउनु । स० क्रि० २. सेखी झार्नु; घमन्ड तोड्नु । **झुकान–** ना० १. झुक्ने वा नम्र हुने काम; झुकाउ । २. तरफदारी; पक्ष ।

**झुकाव/झुकावट–** ना० [झुक्+आव/आवट] कुनै व्यक्ति वा वस्तुप्रतिको अभिरुचि; झुक्ने काम वा अवस्था; झुकाउ ।

**झुक्कल–** ना० [√ झुक] झुक्किने चाल; झुक्क्यान; भ्रम । – **झाक्कल–** ना० असावधानी र भ्रम; झुक्क्यानमा परेर गरिएको बिराम ।

**झुक्कि-नु–** अ० क्रि० [प्रा० झक्किअ+इ+नु] १. सम्झने प्रक्रियामा भ्रम पर्नु वा फेरबदल हुनु; धमिलो आभास आउनु । २. झुक्क्यानमा पर्नु; छकिनु; छलिनु; भूल पर्नु ।

**झुक्को–** ना० पश्चिम नेपालको दार्चुला जिल्लातिर प्रचलित एक लोकनृत्य ।

**झुक्क्याइ–** ना० [√ **झुक्कि** (+याइ)] झुक्किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झुक्क्याइनु–** क० क्रि० झुक्किने पारिनु; छकाइनु । **झुक्क्याउनु–** प्रे० क्रि० १. छकाउनु; छलमा पार्नु । स० क्रि० २. छल्नु । **झुक्क्यान–** ना० झुक्किने भाव, अवस्था वा प्रक्रिया; भूल । **झुक्क्याहट–** ना० १. यही हो भनी ठम्याउन नसकिने भाव, क्रिया वा अवस्था । २. झुक्किने प्रवृत्ति; भूल; झुक्क्यान ।

**झुङ–** ना० [√ झुम] झप्पझप्प आउने नीद; नीदको झुलाइ ।

**झुट–** वि० [प्रा० झुट्ट] १. तथ्यहीन; मिथ्या; असत्य; झूटो । ना० २. झूटो कुरा वा व्यवहार; असत्यता । – **मुट–** वि० १. झूटो; असत्य; मिथ्या । क्रि० वि० २. बिनाकारण; व्यर्थ; बिनसित्ति ।

**झुटो–** वि० [प्रा० झुट्ट] १. असत्य; साँचो नभएको । २. कानुनविरोधी; किर्ते (सबुत, प्रमाण आदि) । ३. नमिल्ने वा हुँदै नभएको (दाबी, बयान, समाचार, सूचना आदि) ।

**झुट्ट–** क्रि० वि० [अ० मू० झुट्+ट] एकाएक; एक्कासि; अचानक; झट्ट (प्रायः अर्को शब्दसित जोडिएर प्रयुक्त हुने, जस्तै– झाटझुट्ट, झरिझुट्ट) ।

**झुट्टा/झुट्टो–** वि० [प्रा० झट्ट] १. असत्य; झूटो; विनाआधारको; नभएको । २. असत्य; मिथ्या । ~**आरोप–** ना० नभए-नगरेका कुराको दोष वा अभियोग लगाउने काम । ~ **प्रमाण–** ना० नियमविरुद्धको प्रमाण; किर्ते सबुत ।

**झुड्केसो–** ना० [झुत्तक+एसो] १. नचाहिँदो कपालको गुच्छो । २. बाबियो, डोरी, सन आदिको गुजुल्टो (हेयार्थमा) ।

**झुत–** ना० [झुत्तो] समूह; थुप्रो; जमात ।

**झुत्ति-नु–** अ० क्रि० [झुत्तो+इ+नु] १. मकैका घोगा वा अन्नका डाँठ आदि गाँठो पर्नु; झुत्तो पर्नु; झुत्ता लाग्नु । २. भेला हुनु; जम्मा हुनु; झुम्मिनु । ३. हाँगाबिँगा लच्कने गरी प्रशस्त फल फल्नु ।

**झुत्ती–** ना० [झुत्तो+ई] १. कसैप्रति आकर्षित भएर वा केही पाउने आशाले बराबर धाउने काम; चाकडीमा बटुलिएको समूह; जमघट; बटुलो । २. गाँज ।

**झुत्ते–** वि० [झुत्तो+ए] १. झुत्रो वा पुरानो भएको । ना० २. एक जातको धान ।

**झुत्तो–** ना० [सं० यूथ] १. समान जातका वस्तुको समूह; थुप्रो; झुप्पो; गुच्छो । २. पोते, मणि, मुगा आदिका धेरै लुडको समूह वा थुप्रो । ३. जुत्ता पुछ्ने खालको थोत्रो टालो ।

**झुत्त्याइ–** ना० [√ **झुत्ति** (+याइ)] झुत्तिने वा झुत्त्याउने क्रियाप्रक्रिया । [ > ] **झुत्त्याइनु–** क० क्रि० झुत्तो लगाइनु । **झुत्त्याउनु–** प्रे० क्रि० झुत्तो लगाउनु; झुत्तो पार्नु ।

**झुत्रि-नु–** अ० क्रि० [झुत्रो+इ+नु] झुत्रो हुनु; थोत्रिनु; फाट्नु ।

**झुत्रे–** वि० [झुत्रो+ए] १. झुत्रो लगाउने; थाङ्ने । ना० २. केही नभएको; निर्धन; परजीवी । ~**आँप–** ना० गुदीमा झुत्रा हुने एक प्रकारको आँप । – **झाम्रे–** वि० झुत्रो लुगा लगाउने; थाङ्ने ।

**झुत्रो–** वि० [प्रा० जज्जर] १. चिल्थो; चिथ्रो; थोत्रो; जीर्ण । ना० २. थोत्रो वा फाटेको कपडा; चिथ्रो वस्तु । – **मुत्रो–** वि० फाटेको र पुरानो; जीर्णशीर्ण (कपडा आदि) ।

**झुत्र्याइ–** ना० [√ **झुत्रि** (+याइ)] झुत्रिने क्रिया वा प्रक्रिया । [ > ] **झुत्र्याइनु–** क० क्रि० झुत्रो पारिनु । **झुत्र्याउनु–** प्रे० क्रि० झुत्रो पार्नु; फटाउनु; थोत्र्याउनु ।

**झुन्ड–** ना० [सं० झुण्ट] धेरै व्यक्ति वा वस्तुको थुप्रो; जमात; हूल; समूह ।

**झुन्डि-नु–** अ० क्रि० [प्रा० झुल्ल+इ+नु] १. डोरी वा सिक्रीको भरमा भुइँ नछुने गरी अडिनु; उभिन्डोमा बाँधिनु; लट्कनु । २. झोलिनु; लच्कनु । ३. गलामा डोरीको पासो लाएर मर्नु । ४. आशामा कुरेर बस्नु । ५. कुनै काम अपूरो भई बाँकी रहनु; कुनै कार्य स्थगित भइरहनु । > **झुन्डयाइ–** ना० झुन्डिने वा झुन्डयाउने अवस्था, क्रिया वा प्रक्रिया । **झुन्डयाइनु–** क० क्रि० लट्काइनु; अडयाइनु । **झुन्डयाउनु–** प्रे० क्रि० १. झुन्डिने पार्नु; लट्काउनु; अडयाउनु । २. गलामा पासो लाएर मार्नु । ३. कसैलाई कुनै आशामा अल्झाएर राख्नु । स० क्रि० ४. आसैआसमा धेरै समय कुराएर राख्नु; अबेर गर्नु; विलम्ब गर्नु ।

**झुपडी–** ना० [प्रा० झुम्पडा] खर, स्याउला, छ्वाली आदिले छाइएको ससानो कच्ची घर; सानो झुप्रो; छाप्रो ।

**झुपुक्क–** क्रि० वि० [√ झपक्क] १. कागत, कपडा आदिले छोप्ने वा ढाक्ने गरी । २. एकाएक निदाउने चालले ।

**झुपुल्ले–** वि० [झुप्पो+उल्ले] कपाल, दाह्री नखौरेको र प्रायः चिथ्रा लुगा लगाएको; झुपुल्लो भएको ।

**झुपुल्लो–** वि० [झुप्प+उल्लो] १. लामालामा रौँले भरिएको; दाह्री, कपालको राम्रो सम्भार नगर्ने । ना० २. त्यस्तो मानिस ।

**झुप्प–** क्रि० वि० [अ० मू० झुप्+प] धेरै वस्तु वा व्यक्ति एकै ठाउँमा झुम्मिने गरी; गुचुमुच्च ।

**झुप्पा–** ना० [झुप्पोको ति० रू०] हे० झुप्पो । ~ **झुप्पी–** ना० सानाठूला झुप्पाहरूको समूह ।

**झुप्पि-नु–** अ० क्रि० [झुप्पो+इ+नु] १. फलफूल आदि झुप्पाझुप्पा भएर फल्नु; लटरम्म हुनु; लदाबदी फल्नु । २. मानिस वा पशुहरू

एकै ठाउँमा थुप्रिनु; चारैतिरबाट झुम्मिनु वा जम्मा हुनु ।

**झुप्पु–** ना० चौँरीको खच्चड ।

**झुप्पे–** वि० [झुप्पो+ए] झुप्पा भएको; झुप्पा हुने ।

**झुप्पो–** ना० [झुप्प+ओ] फूल, मञ्जरी आदिको गुच्छो; लटरम्म फलेको फलको झुत्तो । > **झुप्प्याइ–** ना० झुप्पो लाग्ने वा झुप्पिने क्रियाप्रक्रिया । **झुप्प्याइनु–** क० क्रि० झुप्पाझुप्पा पारिनु । **झुप्प्याउनु–** प्रे० क्रि० झुप्पाझुप्पा पार्नु; झुत्त्याउनु ।

**झुप्राझुप्री–** ना० [झुप्रो+झुप्री] सानातिना धेरै झुप्राको समूह ।

**झुप्री–** ना० [झुप्रो+ई] सानो झुप्रो; छाप्री ।

**झुप्रे–** वि० [झुप्रो+ए] १. झुप्रोमा बस्ने । २. गएगुज्रेको अवस्थाको; निर्धन; कङ्गाल ।

**झुप्रो–** ना० [सं० क्षुप] पराले वा स्याउले छाना भएको सानो घर; झुपडी; छाप्रो ।

**झुम्–नु–** अ० क्रि० [झुम्म+नु] १. नशालु पदार्थ लागेर लट्ठ पर्नु; झुल्नु । २. साहित्य, सङ्गीत, नृत्य आदिका रसमा लीन हुनु । ३. उङ्नु ।

**झुमडा–** ना० [था०] थारूजातिमा प्रचलित एक प्रकारको लोकनृत्य ।

**झुम्का–** ना० [झुम्को] १. चँदुवा, झल्लरी, छाता आदिका चारैतिर झुन्डयाइने रङ्गीबिरङ्गी कपडाका फुर्का । २. नत्थ, रिङ, बुलाकी आदिमा जडिएको लुर्कन ।

**झुम्काने–** वि० [झुम्का-काने] झुम्का भएको । ~ **जाबी–** ना० झुम्का हालेर बनाइएको जालीदार झोला ।

**झुम्की–** ना० [सं० झम्प] १. हुलाकीले टेकेर हिँड्ने भालासहितको झुम्के लट्ठी । २. कानमा लगाइने सानो झुप्पे गहना ।

**झुम्के–** वि० [झुम्को+ए] झुम्का भएको । ~**फुली–** ना० स्त्रीजातिले नाकमा लाउने फूली । ~**बुलाकी–** ना० झुम्का भएको बुलाकी ।

**झुम्को–** ना० [सं० झम्प] झुन्डिएका ससाना वस्तुहरूको समूह; गुच्छो ।

**झुम्म–** क्रि० वि० [सं० झम्प] १. मादक पदार्थको सेवनले लट्ठिने गरी; झम्म । २. एकाएक नीदले लट्ठयाउने वा छोप्ने हिसाबले । ३. थुप्रिएर; गुजुमुज्ज । > **झुम्मिनु–** अ० क्रि० १. धेरै मानिस एकै ठाउँमा भेला हुनु; गुचुमुच्च पर्नु; थुप्रनु; झुत्तिनु । २. भीड लाग्नु; एकत्रित हुनु; जम्मा हुनु । **झुम्म्याइ–** ना० झुम्मिने भाव, क्रिया वा अवस्था । **झुम्म्याइनु–** क० क्रि० गुचुमुच्च पारिनु; थुप्याइनु । **झुम्म्याउनु–** प्रे० क्रि० झुम्मिने पार्नु; थुप्याउनु ।

**झुम्रि–नु–** अ० क्रि० [झुम्रो+इ+नु] झुम्रोजस्तै जीर्ण हुनु; निर्धो बन्नु; जुम्सो हुनु ।

**झुम्रे–** वि० [झुम्रो+ए] झुत्रे; झुत्रेझाम्रे; थाङ्ने । – **झाम्रे–** वि० १. झुत्रेझाम्रे । २. लोसे; जुम्सो ।

**झुम्रो–** ना० [सं० धूमर] १. कपडाको सानोतिनो पुरानो टुक्रो; झुत्रो कपडा; चिथरो । वि० २. जुम्स्याहा; जुम्सो ।

**झुम्र्याइ–** ना० [√ **झुम्रि** (+याइ)] झुम्रिने क्रिया वा प्रक्रिया । [ > ] **झुम्र्याइनु–** क० क्रि० झुम्रो पारिनु । **झुम्र्याउनु–** प्रे० क्रि० झुम्रो पार्नु ।

**झुर–** वि० [प्रा० झुरण] विकामको; रद्दी; नराम्रो; झूर ।

**झुरा–** ना० [प्रा० झुर] १. जिलेबी, सेल, खिउँनी आदि पकाउँदा पीठो चुहिएर बनेका मसिना टुक्राटाक्री । २. काम नलाग्ने कागत आदिका मसिना टुक्रा ।

**झुराइ–** ना० [√ **झुराउ** (+आइ)] झुराउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झुराइनु–** अ० क्रि० झुराउने होइनु ।

**झुराउनु–** अ० क्रि० [सं० जीर्ण+आउ+नु] १. पीडा वा तापद्वारा जल्नु । २. सम्झनु; चाह गर्नु । ३. रुनु । (उदा०– न्याउली झुरायो) ।

**झुरा झुरी–** ना० [झुरा+झुरी] सानामसिना झुराहरू; झुरामुरा ।

**झुरामुरा–** ना० [झुरा+मुरा] १. फाटेका वा च्यातिएका कपडा, कागत आदिका सानातिना टुक्राटाक्री । २. सेल, रोटी आदि पकाउँदा झरेका ससाना टुक्राटाक्री । ३. झुराझुरी ।

**झुरि–नु–** अ० क्रि० [झुरो+इ+नु] १. घाम वा आगाको रापले ज्यादै सुक्नु; खरिनु । २. हलुका स्पर्शले पनि फुट्ने हुनु; झुरुमझुरुम गरी चपाइने हुनु ।

**झुरुम–** ना० [अ० मू० झुरुम्+अ] चूर्ण हुने काम; सकिने चाल । ~ **झुरुम–** क्रि० वि० झुरिएको वस्तु चपाउँदा वा माड्दा आवाज आउने गरी; झुरिने किसिमले ।

**झुरुमुरु–** क्रि० वि० [अ० मू० झुर्+उ (द्वि०)] घाम वा आगाको तापले खूब सुक्ने गरी; झुरिएर ।

**झुरुम्म–** क्रि० वि० [अ० मू० झुरुम्+म] १. ज्यादै सुकेर खरिने हिसाबले; झुरिएर । २. ऐना वा सिसाका भाँडा फुटेझैँ गरी ।

**झुरो–** वि० [प्रा० झूर] १. घाम वा आगाले ज्यादै सुकेको; खरिएको । २. दुब्लो-पातलो । – **मुरो–** ना० झुर्रिएको वस्तु; झुरामुरा ।

**झुर्का झुर्की–** ना० [झुर्को+झुर्को] सानाठूला झुर्काहरूको समूह ।

**झुर्को–** ना० [सं० ज्वलत्र] १. डोरी, दाम्ला आदि बाटेपछि निस्केको झुरो; त्यान्द्रातुन्द्रीसहितको फुर्को । २. टुक्राटाक्री; झुरो ।

**झुर्मा–** ना० मझौला आकारको झ्याली; झ्याम्टा बाजा ।

**झुऱ्याइ–** ना० [√ **झुरि** (+याइ)] १. झुरिने भाव, क्रिया वा प्रक्रिया । [झुऱ्याउ+आइ] २. झुऱ्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झुऱ्याइनु–** क० क्रि० झुरिने गरी सुकाइनु; खऱ्याइनु **झुऱ्याउनु–** प्रे० क्रि० झुरिने गरी सुकाउनु; खऱ्याउनु ।

**झुर्र–** क्रि० वि० [अ० मू० झुर्+र] १. ज्यादै खरिएर झुरिने गरी; झुरुम्म । २. खोस्मेरो, कागत आदिमा आगो लाग्दा आवाज आउने गरी ।

**झुल्–नु–** अ० क्रि० [प्रा० झुल्ल+नु] १. बसेर, उठेर वा झुन्डिएर हल्लनु । २. चाकरीमा धाउनु; लिसो लाग्नु । ३. कामविना यताउति घुम्नु; लरखराउनु । ४. निद्राले झप्पझप्प हुनु; उङ्नु । ५. साहित्य, सङ्गीत आदि कलाको रसमा लीन भएर झुम्नु ।

**झुल**– ना० [प्रा० झुल्लण] १. लाम्खुट्टेबाट बच्नाका लागि बिछ्यौनामाथि चारैतिर टाँगिने, मास्तिर चँदुवासमेत हाली सिइएको खोलजस्तो पर्दा । २. शोभाका निम्ति हात्तीको पिठचूँमा हाली तलसम्म लर्काइने कपडा । – **दानी**– ना० झूल हाल्ने वा अडचाउने पलङका ठाडातेर्सा डाँडी; झूल राख्ने भाँडो । – **पटार**– ना० घोडाको काठी छोप्ने बाघका छाला आदिको छादन ।

**झुलना**– ना० [प्रा० झुल्लण] १. ससाना बालकलाई सुताइने कोक्रो; झोलुङ्गो । २. भक्तजनले आफ्ना आराध्य देवदेवीलाई झुलाउने सिंहासन; झुल्ने पलङ । ३. पिङ ।

**झुला**– ना० [मै०] हरेक वर्ष श्रावण प्रतिपदादेखि पूर्णिमासम्म सीताराम, राधाकृष्ण आदिको मन्दिर वा मूर्ति सजाएर पूजा गरिने उत्सव ।

**झुलाइ**– ना० [√ **झुल्** (+आइ)] १. झुल्ने भाव, क्रिया वा प्रक्रिया । [झुलाउ+आइ] २. झुलाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झुलाइनु**– क० क्रि० १. झुल्न लाइनु । २. कसैलाई आशामा अल्झाइनु । **झुलाउनु**– प्रे० क्रि० १. झुलना हल्लाउनु; पिङ खेलाउनु । २. कसैलाई आशा देखाएर बारम्बार धाउने पार्नु । **झुलिनु**– अ० क्रि० १. झुल्ने होइनु; लट्किनु । २. झुलाइ वा अल्झाइमा पारिनु ।

**झुलुक्क**– क्रि० वि० [अ० मू० झलुक्+क] १. एक झल्को देखिने गरी; झलक्क । २. एक झमट मात्र बत्ती बल्ने हिसाबले । ३. त्यसरी नै घाम लाग्ने गरी ।

**झुलुवा**– वि० [झुल्+उवा] धेरै झुल्ने स्वभावको; झुलिरहने ।

**झुले१**– वि० [झाले] टाटेपाटे; झालेमाले; टाटेपाङ्ग्रे (पशु आदि) ।

**झुले२**– वि० [झुल्+ए] झुल्ने स्वभावको; झुलिरहने; झुम्ने । ~ **पिङ**– ना० झुल्ने पिङ; झुलना ।

**झुलो**– ना० [झुरो] १. चकमक र दर्सिनढुङ्गो घोट्दा निस्केको आगाको झिल्कालाई टिप्ने केराका सुप्लाको सुकेको भुवा वा नेपाली कागज आदिको झुरो । ~ **चकमक**– ना० अघिअघि आगो पार्ने साधन; झुलो र चकमक (ढुङ्गो) ।

**झुल्क-नु**– अ० क्रि० [झुलुक्क+नु] १. बिहान मिरमिरे भएपछि घाम लाग्नु; सूर्य उदाउनु । २. एक्कासि देखापर्नु; झुलुक्क देखिनु । > **झुल्काइ**– ना० झुल्कने वा झुल्काउने क्रिया-प्रक्रिया । **झुल्काइनु**– क० क्रि० झुल्कन लाइनु । **झुल्काउनु**– प्रे० क्रि० १. आगो वा बत्ती बाल्नु; सल्काउनु; झुल्क्याउनु । २. झुल्कन लाउनु; देखा पर्ने गराउनु । **झुल्किनु**– अ० क्रि० झुल्कनु ।

**झुल्के**– वि० [झुल्को+ए] झुल्कन लागेको; भर्खर झुल्केको (घाम आदि) । (उदा०– ऊ झुल्के घाममा घरबाट हिँडेको थियो) ।

**झुल्को**– ना० [झुलुक्क+ओ] पृथ्वीमा छरिएको सूर्यको पहिलो प्रकाश; उदाउने बेलाको घाम ।

**झुल्क्याइ**– ना० [√ **झुल्कि** (+याइ)] १. झुल्किने भाव, क्रिया वा प्रक्रिया । [झुल्क्याउ+आइ] २. झुल्क्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झुल्क्याइनु**– क० क्रि० झुल्किन लाइनु; झुल्काइनु । **झुल्क्याउनु**– प्रे० क्रि० १. आगो वा बत्ती बाल्नु; सल्काउनु; झुल्काउनु । २. एकाएक मुख देखाउनु; झुलुक्क देखा पर्नु ।

**झुस**– ना० [सं० तुष] १. धान, गहुँ, जौ आदिका टुप्पामा हुने धुस्निएको मसिनु काँडाजस्तो वस्तु; एक प्रकारको जुका । २. काउछो, बाँस र कीराफटचाङ्ग्राका जीउमा हुने मसिना काँडा वा रौँजस्ता वस्तुको समूह ।

**झुसि-नु**– अ० क्रि० [झुसी+इ+नु] कुनै वस्तु भाँडाको बिटसम्म भरिएर माथि उक्सिनु; माथिसम्म चुलिनु; झुसी हुनु ।

**झुसिलो१**– वि० [√ झिल्सिलो] धेरै खाएर अपच वा अजीर्ण हुँदा मुखबाट नमीठो गन्ध आउने (डकार) ।

**झुसिलो२**– वि० [झुस+इलो] झुस भएको; झुसले भरिएको; भुवादार ।

**झुसिल्किरो**– ना० [झुसिलो+किरो] प्रायः वर्षा र शरद् ऋतुमा देखिने, जीउभरि झुसैझुस भएको एक जातको लाम्चो कीरो ।

**झुसी**– ना० माना, पाथी वा अरू कुनै भाँडाको बिटभन्दा मास्तिर अटाएसम्मको भराइ; अन्नपात भर्दा बिटभन्दा माथि पारी भर्ने काम; अग्लो पारी भरिएको भराइ ।

**झुसे**– वि० [झुस+ए] झुस भएको; झुसिलो; झुस्याहा । ~ **करेलो**– ना० बोक्रामा नरम झुस हुने र तरकारी खाइने छोहोराजस्तो आकारको फल । ~ **तिल**– ना० पहेँलो फूल फुल्ने र तेल पेलिने, टुप्पामा झुस हुने तिल । ~ **बारुलो**– ना० १. झुसैझुस हुने एक जातको बारुलो । २. भारेभुरे मानिस ।

**झुस्याइ**– ना० [√ **झुसि** (+आइ)] १. झुसिने क्रिया वा प्रक्रिया । [झुस्याउ+आइ] २. झुस्याउने क्रिया वा प्रक्रिया । [ > ] **झुस्याइनु**– क० क्रि० झुसी पारिनु । **झुस्याउनु**– प्रे० क्रि० अन्नपात भर्दा मानो, पाथी वा भाँडाका बिटभन्दा माथि थपेर चुली पार्नु; उचाल्नु; झुसी पार्नु ।

**झुस्याहा**– वि० [झुस+याहा] धेरै झुस भएको; झुसिलो; झुसे ।

**झुस्स**– क्रि० वि० [अ० मू० झुस्+स] १. ठाडाठाडा रौँ उम्रने वा रहने गरी; झुस देखिने हिसाबले । २. खातापाता बढेर दुब्लो देखिने चालसँग ।

**झूट**– वि० हे० झुट । – **मुट**– वि० हे० झुटमुट ।

**झूटो**– वि० हे० झुटो ।

**झूर**– वि० हे० झुर ।

**झूल**– ना० हे० झुल ।

**झेउवा**– ना० [सं० झावुक] बगरतिर उम्रने साह्रो काठ भएको एक जातको पोथ्रो ।

**झेल्-नु**– स० क्रि० [झेल+नु] १. आपत् र कष्ट परे पनि आइपरेको अवस्थासँग पछि नहट्नु; अप्ठेरो समस्यालाई पार गर्नु । २. दुःखसँग जीवन-निर्वाह गर्नु । ३. जालझेल गर्नु; बखेडा गर्नु; निहुँ खोज्नु । ४. कुनै काम चाँडो नगरी टङ्ग्याइदिनु; अल्झाउनु । ५. अलमल्याउनु; फिसोल्नु ।

**झेल**– ना० [प्रा० झमाल] नभएको कुरा वा घटनालाई झूटो तर्क वा प्रमाणद्वारा सिद्ध गर्ने काम; बखेडा; जाल । – **झाल**– ना०

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



नचाहिँदो बखेडा; परस्परमा झेल गर्ने काम । – **बखेडा–** ना० जालझेल ।

**झेलम–** ना० [सं० झम्पन] १. लडाइँमा जाँदा योद्धाले पहिरने फलामे वा पित्तले जालीको लुगा । २. भारतको पन्जाब राज्यका पाँच प्रमुख नदीमध्ये एक ।

**झेलाइ–** ना० [√ **झेल्** (+आइ)] दुःख झेल्ने वा सहने क्रिया-प्रक्रिया । [ > ] **झेलाइनु–** क० क्रि० झेल्न लाइनु । **झेलाउनु–** प्रे० क्रि० दुःख, कष्ट आदि सहन लाउनु ।

**झेलाहा–** वि० [झेल+आहा] झेल गर्ने; बखेडा झिक्ने ।

**झेलिनु–** क० क्रि० [झेल्+इ+नु] १. झेल गरिनु; बखेडा झिकिनु । अ० क्रि० २. दुःख-कष्ट आदि बेहोरिनु । ३. जेलिनु; जोल्टिनु । ४. धेरै झन्झट आइपर्नु; लन्ठा लाग्नु ।

**झेली–** वि० [झेल+ई] झेल गर्ने ।

**झैँ–** ना० यो० उस्तै; तुल्य; सदृश; समान (लिनुझैँ, दिनुझैँ, घरझैँ, कलमझैँ इ०) ।

**झैझगडा–** ना० [(द्वि०) झगडा] १. नचाहिँदो भनावैरी; कलह; जालझेल; झगडातगडा । २. मुद्दामामिला ।

**झैझमेला–** ना० [(द्वि०) झमेला] नचाहिँदो झन्झट आदि; तारन्तारको झमेला; सानातिना कुरामा देखिने कचमच ।

**झोँक–** ना० हे० झोक ।

**झोँज–** ना० हे० झोज ।

**झोक–** ना० [सं० जोष] १. क्रोधको चर्को आवेग; कडा रिस । २. झोक्का; वेग । ३. कोट, कमिज आदि कपडा झुन्डयाउन टाँगिने साधन । > **झोकाझोक–** ना० परस्परको झोक; आफुसमा झोकिने काम । **झोकिनु–** अ० क्रि० १. जङ्गिनु; रिसाउनु; जाग्नु । २. रिसाएर च्याँट्टिनु; कराउनु । **झोकी–** वि० रिसाहा; क्रोधी ।

**झोक्का–** ना० [प्रा० झुञ्झ] १. हावा, पानी आदिको वेगसित आएको आघात; धक्का । २. कडा वेग । – **झोक्की–** ना० परस्परमा झोकिने कम; झोकाझोक ।

**झोक्याइ–** ना० [√ **झोकि** (+याइ)] झोकिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झोक्याइनु–** क० क्रि० झोकिने पारिनु । **झोक्याउनु–** प्रे० क्रि० झोकिने पार्नु; जङ्ग्याउनु ।

**झोक्राइ–** ना० [√ **झोक्रि** (+आइ)] झोक्रिने भाव, क्रिया वा प्रक्रिया । [>] **झोक्राइनु–** क० क्रि० झोक्रन लाइनु । **झोक्राउनु–** अ० क्रि० चिन्ता पारेर शिर निहुराउनु; झोक्रिनु; घोत्लिनु ।

**झोक्रि-नु–** अ० क्रि० [सं० जोषण+नु] १. कुनै चिन्ता वा रोगले टाउको निहुराएर बस्नु । २. विचार गर्नु; सोच्नु; घोत्लिनु । ३. निन्याउरो मुख लाउनु; झ्याउरिनु ।

**झोज–** ना० [प्रा० झञ्झ] १. कुनै फाइदा नभएको झर्कोलाग्दो काम; झम्मार । २. नचाहिँदो वा थेग्न गाह्रो पर्ने लन्ठा । > **झोजिलो–** वि० झोज भएको; झोज हुने । **झोजी–** वि० झोज बेसाउने (व्यक्ति) ।

**झोड्-नु–** अ० क्रि० कुलो र पैनीको झार-जङ्गल फाँडेर राम्रो बनाउनु (तराईतिर प्रचलित) ।

**झोड–** ना० [सं०] सुपारीको रूख ।

**झोडी–** वि० अरूले भनेको नमान्ने; रिसाहा; हठी ।

**झोपडी–** ना० हे० झुपडी ।

**झोर्-नु–** स० क्रि० [झोरा+नु] १. चारैतिरबाट घेरेर ल्याई एकै ठाउँमा जम्मा गर्नु । २. फुक्नु वा उकास्नु ।

**झोर१–** ना० [सं० झर] चामलको मसिनु पीठो दूधमा पकाई चालनीद्वारा लहरा पारेर स्याउजस्तो बनाई तयार पारिने रोटी ।

**झोर२–** ना० [सं० क्षौर] जङ्गलका बीचको औलो लाग्ने खोच जग्गा । > **झोरा–** ना० १. सिकार खेल्दा गरिने जङ्गली जनावरको खेदो । २. औलो लाग्ने जङ्गल; झोर । ३. नाचगान-बजानको सामूहिक रूप ।

**झोराइ–** ना० [√ **झोर्** (+आइ)] झोर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झोराइनु–** क० क्रि० एकै ठाउँमा जम्मा पारिनु । **झोराउनु–** प्रे० क्रि० एकत्रित पार्नु ।

**झोरापाटा–** ना० [झोरे+पाटा] सरकारबाट फँडानी गरी बस्ती बसाल्न स्वीकृत जङ्गल ।

**झोरिनु–** क० क्रि० [झोर+इ+नु] झोर्ने काम गरिनु ।

**झोर्‍याउनु–** स० क्रि० [झोरा+याउ+नु] बिस्तारै गाइएको गीतलाई छिटो गाएर नाच्ने स्थितिमा ल्याउनु ।

**झोल–** ना० [सं० घोल] १. तिहुनतरकारी, मासु आदिको रस । २. पन्यालो वस्तु; कुनै चीजमा भएको जलीय अंश; तरल पदार्थ । ३. झोलिनी ।

**झोला–** ना० काँधमा भिर्न वा हातले समाउन मिल्ने गरी उभिन्डो लगाइएको कपडा आदिको थैलो ।

**झोलि-नु–** अ० क्रि० [झोल्+इ+नु] १. गह्रौं भएर तलतिर लच्कनु; नुहिनु । २. झुन्डिनु; लट्किनु ।

**झोलिनी–** ना० [झोल+इनी] १. मन नपर्दा वा झर्को लाग्दा पानीलाई हेला गरी भनिने शब्द । २. मन नपरेको वा मन नपर्दो झरी । ३. चाहिँदोभन्दा बढ्ता झोल वा पानी भएको तरकारी ।

**झोलिलो–** वि० [झोल+इलो] झोल भएको; रसिलो ।

**झोली–** ना० [सं० झोलिक] १. सरसामान राखेर काँधमा भिरी हिँड्ने, उभिन्डो भएको ससानो झोला; सानो थैलो । २. साधु, जोगीहरूले भिक्षा माग्ने कपडाको थैलो । ~ **तुम्बा–** ना० झिटीमिटी; जोगीले भिर्ने झोली र जलपात्र । – **को देउता–** ना० जुनसुकै बेला आफूले चाहेको जे दिए पनि लिने व्यक्ति (भानिजलाई प्रचलित) ।

**झोलुङ्गे–** वि० [झोलुङ्गो+ए] १. दुईतिर खम्बाका शिरमा अड्किएर लच्कने; हल्लने । २. झोलुङ्गोजस्तो; झोलुङ्गोसम्बन्धी । ~ **पुल–** ना० फलामका लट्ठा र खम्बाका भरमा तयार गरिएको पुल । ~ **साँघु–** ना० खोलानाला तरिने झोलुङ्गोजस्तो साँघु; हल्लने साँघु ।

**झोलुङ्गो**– ना० १. लच्कने वा हल्लने कुनै वस्तु । २. केटाकेटीलाई सुताई हल्लाइने बाँस, भाङ्ग्रो, प्लास्टिक आदिको लच्कने साधन; कोक्रो ।

**झोले**– वि० [झोल+ए] झोल भएको; रसदार ।

**झोल्याइ**– ना० [√ **झोलि** (+याइ)] १. झोलिने क्रिया वा प्रक्रिया । [झोल्याउ+आइ] २. झोल्याउने क्रिया वा प्रक्रिया । [ > ] **झोल्याइनु**– क० क्रि० झोलिने पारिनु । **झोल्याउनु**– प्रे० क्रि० लच्कने किसिमले खुकुलो पार्नु; झोलिने बनाउनु ।

**झोल्यानी**– ना० [झोल+यानी] झोल वस्तु; झोलिनी ।

**झोस्-नु**– स० क्रि० [प्रा० क्षुज्झ+नु] १. बल्ने बारुद, बत्ती आदिमा आगो छुवाउनु; बत्ती सल्काउनु । २. पोल गर्नु; उजुर गर्नु । ३. झगडा, मुद्दा आदि लगाउनु; फसाउनु । > **झोसाइ**– ना० झोस्ने भाव, क्रिया वा प्रक्रिया । **झोसाइनु**– क० क्रि० झोस्न लाइनु । **झोसाउनु**– प्रे० क्रि० झोस्न लाउनु । **झोसाहा**– वि० १. अर्काको गुप्ती कुरा लाउने वा उजुर गर्ने; पोलाहा । २. सुकेका खर, पराल आदिमा आगो, बत्ती आदि लगाउने; सल्काउने ।

**झोसिनु**– अ० क्रि० १. वरिपरिबाट एकत्रित हुनु; झुम्मिनु; झुत्तिनु । २. पोलिनु । ३. छोइनु ।

**झौवा**– ना० [सं० हवुषा] १. मसिना पात र सल्लाका जस्ता फल हुने, सानाठूला दुई जात भएको एक वृक्ष; त्यसैको फल । वि० २. काम नलाग्ने; बेफ्वाँकको ।

**झ्यँकाइ**– ना० [√ **झ्याँक्** (+आइ)] झ्याँक्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **झ्यँकाइ**– ना० झ्यँकाउने भाव, क्रिया वा प्रक्रिया । **झ्यँकाइनु**– क० क्रि० झ्याँक्न लाइनु । **झ्यँकाउनु**– प्रे० क्रि० झ्याँक्न लाउनु ।

**झ्याँक्-नु**– स० क्रि० [सं० झम्पन+नु] १. कुनै व्यक्ति वा वस्तुलाई हातले समातेर झट्कार्नु; दबाउनु । २. गम्रङ्ङ अँगालो हाल्नु; गाँज्नु । ३. बलजफती गर्नु; जोरजुलुम गर्नु । ४. धरपकड गर्नु; समात्नु । > **झ्याँकिनु**– क० क्रि० झ्याँक्ने काम गरिनु । **झ्याँक्ने**– वि० १. बलजफती अँगालो हाल्ने; झटकार्ने; गाँज्ने । ना० २. गालीमा प्रयोग गरिने शब्द ।

**झ्याँगा मचाइ**– ना० १. पकाउने काम लिइने ठूलो तामाको ताउलो । २. कडा नलागेको ढिँडो ओडाल्ने वा खोले आदि पकाउने भाँडो ।

**झ्याँपी**– ना० १. चिभेचरो । २. जङ्गलमा पाइने एक प्रकारको वनस्पति ।

**झ्याइँ**– ना० [अ० मू०] १. बाजाहरूको आवाज बालबोलीमा । २. अपूर्व घटना; आकस्मिक प्रसङ्ग; अप्ठेरो अवस्था । ~ **कुटी**– ना० १. कसैले खुट्टामा र कसैले हातमा समाती झुन्ड्याएर तोकिएको ठाउँसम्म लगिने खेल । क्रि० वि० २. दुई जनाले दुईतिर समाती उचालेर लैजाने गरी । ~ **झ्याइँ**– ना० १. झ्याली वा झ्याम्टाको आवाज । २. धेरै बाजाको सामूहिक शब्द । ३. बाजा । क्रि० वि० ४. एकैसाथ बाजा बज्ने गरेर; एकनास 'झ्याइँ' शब्दसँग । > **झ्याइँय्य**– क्रि० वि० तातेको घिउतेलमा तरकारी ओइरिँदा वा पानी पर्दा शब्द निस्कने गरी; झ्वाइँय्य ।

**झ्याउँ**– ना० [अ० मू०] हरियो कीराको एक प्रकारको आवाज । – **किरी**– ना० प्रायः वर्षा ऋतुमा बेलुकीपख रूख, पोथ्रा आदि धेरै भएका ठाउँमा झ्याउँझ्याउँ गरी कराउने, पखेटावाल, हरियो कीरो; झिल्ली । ~ **झ्याउँ**– ना० १. झर्को लाग्दो; खल्याङबल्याङ; क्याउँक्याउँ । क्रि० वि० २. झर्को लाग्ने गरी; खलबल ।

**झ्याउ**– ना० [सं० झ्याबुक] १. ओसिलो वा चिसो भएर काठ, जमिन आदिमा जम्ने हरियो काई; लेउ । २. काठ, ढुङ्गा, पानी आदिमा उम्रने लहरे घाँस । ३. धूपीका जस्ता पात हुने र बगरमा उम्रने एक किसिमको बोट । ४. बिनसित्तिको लन्ठा; झ्याउलो । ~ **झुस**– ना० वनमा हुने झारपात, झ्याउ, झुस आदि ।

**झ्याउरि-नु**– अ० क्रि० [झ्याउरो+इ+नु] १. झ्याउरो वा निन्याउरो हुनु; ओइलाउनु । २. झोक्रिनु ।

**झ्याउरे१**– वि० [झ्याउरो+ए] लोत्रिएको; झ्याउरो; निन्याउरो; लुतेलाम्रे ।

**झ्याउरे२**– ना० [झामरे] १. विभिन्न लय र मात्राका नेपाली लोकगीत; झामरे । २. पाँचौँ, दसौँ र सोह्रौँ अक्षरमा विश्राम हुने एक नेपाली लोकलय वा सोही लय भएको गीत ।

**झ्याउरो**– वि० [झ्याउ+रो] १. मलिन अनुहारको; निन्याउरो । २. पातलो; दुब्लो; झ्याउरे ।

**झ्याउलो**– ना० [झ्याउ+लो] कुनै फाइदा नहुने व्यवहार; बिनसित्तिको काम; झन्झट; झम्मार ।

**झ्याकझ्याक**– ना० [अ० मू० झ्याक्+अ (द्वि०)] १. नचाहिँदो कुराको कचकच; झ्याउँझ्याउँ; करकर । क्रि० वि० २. इन्जिनहरू चल्दा आवाज निस्कने गरी ।

**झ्याक्क**– क्रि० वि० [अ० मू० झ्याक्+क] दाह्रीजुँगा वा कपाल बढेर दुब्लो देखिने गरी; झुस्स । ~ **झ्याक्क**– क्रि० वि० बेला-बेलामा; छिन-छिनमा; घरीघरी ।

**झ्याङ**– ना० हे० झाङ । – **प्वाल**– ना० ज्यादै पातलो वा प्वालैप्वाल भएको धातुको भाँडा वा कपडा । २. पुरानो चिल्थो कपडा ।

**झ्यापझुप**– क्रि० वि० [अ० मू० झ्याप्+अ (द्वि०)] १. सबै जना मिलेर एकदम काम फत्ते गर्ने गरी; छिटो-छिटो । २. बत्ती आदि एकै निमेषमा निभ्ने वा निभाउने गरेर ।

**झ्यापझ्याप**– क्रि० वि० [अ० मू० झ्याप्+अ (द्वि०)] १. शरीरका रौँ बढ्दै जाने गरी; धेरै लामा रौँ हुने किसिमले । २. बीचबीचमा बत्ती निभिरहने गरी । ३. उड्ने तरखरका चालले । > **झ्यापझ्यापती / झ्यापझ्यापी**– क्रि० वि० लामो र बाक्लो रौँ देखिने गरी; झ्यापझ्याप ।

**झ्यापुल्ले**– वि० [झ्यापुल्लो+ए] झ्यापझ्यापती रौँ भएको; दाह्रीजुँगा र कपाल नखौरने; झ्यापुल्लो ।

**झ्यापुल्लो**– ना० [झ्याप्प+लो] झ्यापझ्यापती भएको रौँ; झ्याप्ल । स्त्री० झ्यापुल्ली ।

**झ्याप्प**– क्रि० वि० [अ० मू० झ्याप्+प] १. हुरी, बतास आदिले

c:\Rajkumar/Raj Sabdkosh/Sabdkosh 'Ja_Jha'.p65



एकाएक बत्ती निभ्ने गरी । २. कपडा आदिले चट्ट छोप्ने किसिमले । ३. एकाएक निद्रा लाग्ने गरी ।

**झ्याप्लाङझ्याप्लाङ–** क्रि० वि० [अ० मू० झ्याप्लाङ्+अ (द्वि०)] झ्याप्लो हल्लने गरी ।

**झ्याप्ले–** वि० [झ्याप्लो+ए] झ्याप्लो भएको; झ्यापुल्ले ।

**झ्याप्लो–** ना० [अ० मू० झ्याप्+लो] तलसम्म लर्केको रौँको झुप्पो; झ्यापुल्लो ।

**झ्याप्ल्याङ्ङ–** क्रि० वि० [अ० मू० झ्याप्ल्याङ्+ङ] पानीमा एक्कासि खस्ने वा चोपिने गरी ।

**झ्याम्टा–** ना० [अ० मू० झ्याम्+टा] पन्चैबाजा तथा नौमती बाजामा प्रसिद्ध थालजस्तो काँसका दुई फलक रगडेर बजाइने मात्रिक तालबाजा; झ्याली ।

**झ्याम्टो१–** ना० [झाम्टो] साग, रौँ, धागो आदिको गुजुल्टो; झाम्टो ।

**झ्याम्टो२–** ना० झ्याम्टाको एक वचनको रूप; हे० झ्याम्टा ।

**झ्याम्प्वाल–** ना० भुइँ खोस्रने, ढुङ्गा फोड्ने वा घचेट्ने फलामे गल ।

**झ्याम्म–** क्रि० वि० [अ० मू० झ्याम्+म] १. फलफूल, हाँगाबिँगा, लहरा आदिले बाक्लोसँग ढाक्ने गरी । २. एक्कासि नीदले छोपेर; झ्वाप्प । ३. एकाएक अँगालो हालेर । ४. सहसा झम्टने गरी । ५. सबै ढाकिएर वा छोपिएर । > **झ्याम्मिनु–** अ० क्रि० १. ससाना बालकले पछ्याउनु; रत्तिनु । २. हाँगाबिँगाहरू फैलिएर झुत्तिनु; झाँगिनु ।

**झ्यारझ्यार–** क्रि० वि० [अ० मू० झ्यार्+अ (द्वि०)] १. बराबर पानी परिरहने गरी; पानी बर्सेको आवाज आउने किसिमले । २. ओसिलो बत्ती सल्कँदा शब्द आउने गरी । > **झ्यारझ्यारे–** ना० रातो चुच्चो हुने एक जातको चरो ।

**झ्यार्र–** क्रि० वि० [अ० मू० झ्यार्+र] १. पानीका थोपाहरू एक झमटमा जमिनमा खस्ता आवाज आउने गरी । २. सुकेको पराल, छ्वाली, स्याउला आदि बल्दा शब्द आउने किसिमले । ~ **झ्यार्र–** क्रि० वि० लगातार झ्यार्र भएर ।

**झ्याल–** ना० [सं० जाल] १. कोठाहरूमा हावा र उज्यालोका लागि घरका भित्तामा बनाइने द्वार । २. मूल ढोकाबाहेकको सानोठूलो द्वार । **– खान/खाना–** ना० कैदखाना; जेल; कारागार । ~ **खानियाँ/खाने–** वि० झ्यालखानामा परेको । ~ **ढुङ्गो–** ना० झ्यालजस्तो प्वाल भएको ढुङ्गो; त्यस्तो ढुङ्गो भएको ठाउँ ।

**झ्यालिन्चा–** ना० [नेवा०] १. नेवारजातिमा बजाइने झ्यालीजस्तो एक बाजा । २. लाखेलाई जिस्क्याउने पात्र । ३. सेतो टल्कने पखेटा हुने एक कीरो; गाइने कीरो; घामकिरी ।

**झ्याली–** ना० [अ० मू० झ्याइँ+ली] झ्याम्टा बाजा । ~ **डम्फु–** ना० ठूलो आकारको झ्याली भएको डम्फु ।

**झ्याले–** ना० उच्च पहाडी भेगमा हुने एक जातको आलु ।

**झ्याल्टुङ–** ना० [अ० मू०] यता न उता भएको व्यक्ति; काम नलाग्ने वस्तु । ~ **च्याइँ–** ना० दुई वा धेरै जनाले कुनै व्यक्तिलाई समाई घिच्च्याएर ल्याउनेलैजाने स्थिति वा प्रक्रिया ।

**झ्यास–** ना० सुकेको झारपात; झासझुस । ~ **झुस–** ना० झ्यास; झासझुस ।

**झ्यासझ्यास–** क्रि० वि० [अ० मू० झ्यास्+अ (द्वि०)] १. कुनै ठाउँमा सोद्धै नसोधी वा पहिले थाहै नदिई (आउने किसिम) । २. झुस्स भएर झुस, रौँ आदि उम्रने गरी । > **झ्यासझ्यासती/झ्यासझ्यासी–** क्रि० वि० झन् छिटो झ्यासझ्यास हुने गरी; अकस्मात्सित ।

**झ्यास्स–** क्रि० वि० [अ० मू० झ्यास्+स] १. एकाएक आइपुग्ने गरी; टुप्लुक्क । २. दाह्रीजुँघा वा कपाल जरखरिएर बढ्ने गरी । ३. सुकेका झारपात आदिमा आगो सल्कने हिसाबले । ~ **झ्यास्स–** क्रि० वि० लगातारको झ्यास्स ।

**झ्वाँक–** ना० [झोक] झोक; जङ । > **झ्वाँकी–** वि० झोकी; रिसाहा ।

**झ्वाइँ–** ना० [अ० मू०] सर्वस्वनाश; समाप्ति । ~ **पानी–** ना० ज्वानु, सिधेनुन, टिमुर आदि हाली पोलेको रातमाटोका डल्लाले झानेको तातो पानी । (रुघाखोकी र चिसो गढेको अवस्थामा यस्तो पानी औषधीका रूपमा खुवाइन्छ) ।

**झ्वाइँय्य–** क्रि० वि० [अ० मू० झ्वाइँ+य] तीखोसित झ्वाइँ हुने गरी; झ्वाइँय्य ।

**झ्वाट्ट–** क्रि० वि० [√ झट्ट] झट्ट; तुरुन्त; उत्तिखेरै ।

**झ्वाप्प–** क्रि० वि० [अ० मू० झप् > झ्वाप्+प] १. एकाएक ढाक्ने वा छोप्ने गरी । २. अपर्झट बत्ती निभ्ने किसिमले ।

**झ्वाम्म–** क्रि० वि० [अ० मू० झम् > झ्वाम्+म] एकै झमटमा पानीको गहिराइमा हाम फाल्ने चालसँग ।

**झ्वाम्ल्याङ्ङ–** क्रि० वि० [अ० मू० झ्वाम्ल्याङ्+ङ] झ्वाम्म ।

**झ्वार्र–** क्रि० वि० [अ० मू० झ्वार्+र] सुकेका घाँस, पराल आदिमा आगो लाग्दा शब्द आउने गरी; झ्यार्र ।

**झ्वास्स–** क्रि० वि० [अ० मू० झ्वास्+स] १. आगो झोस्ने गरी; पोल्ने चालसँग । २. सूचना वा खबर नदिई (आउने किसिम) । – **झ्वास्स–** क्रि० वि० तारन्तारको झ्वास्स ।

# ञ

**ञ–** १. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये दसौँ व्यञ्जन वर्ण; परम्परागत रूपमा तालव्य, स्पर्शी, सघोष, अल्पप्राण, अनुनासिक तर नेपाली उच्चारणअनुसार 'यँ' ठहरिने व्यञ्जनवर्ण; चवर्गको अन्तिम तथा पाँचौँ अक्षर; लेख्य रूपमा सो व्यञ्जनवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; गोरुसिङ्गे ञ (नेपाली लेखनमा) । २. नेपालीमा विभेदकता वा व्यतिरेक नभएको नासिक्य व्यञ्जन (नेपाली उच्चारणमा) ।

**ञकार–** ना० [सं०] 'ञ' अक्षर; चवर्गको अन्तिम वर्ण ।

# ट

**ट**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये एघारौँ वर्ण; मूर्धन्य, ताडित, स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जनवर्ण; टवर्गको पहिलो अक्षर; लेख्य रूपमा सो वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; ओठकाटचो ट ।

**टँकाइ**– ना० [√ **टाँक्** (+आइ)] टाँक्ने भाव, क्रिया वा प्रक्रिया । [>] **टँकाइनु**– क० क्रि० टाँक्न लाइनु । **टँकाउनु**– प्रे० क्रि० टाँक्न लाउनु ।

**टँगरो**– वि० [प्रा० तुङ्गडो <सं० तुङ्गट] १. सुकुटे तर अग्लो; दुब्लो र अग्लो । २. टङ्ग्रङ्ङ परेको; टिङ्गरो । ना० ३. पातलो झोल; सङ्लो झोल वा रस; टुर्रो ।

**टँगाइ**– ना० [√ **टाँग्** (+आइ)] टाँग्ने भाव, क्रिया वा प्रक्रिया । [>] **टँगाइनु**– क० क्रि० १. टाँग्ने काम गराइनु । २. झुन्डचाउन लगाइनु । **टँगाउनु**– प्रे० क्रि० १.टाँग्ने काम गराउनु । २. झुन्डचाउन लगाउनु ।

**टँसाइ**– ना० [√ **टाँस्** (+आइ)] टाँस्ने भाव, क्रिया वा प्रक्रिया । [>] **टँसाइनु**– क० क्रि० टाँस्न लाइनु । **टँसाउनु**– प्रे० क्रि० टाँस्न लाउनु । **टँसिलो**– वि० टाँसिएको; ठिक्क मिलेको ।

**टक१**– ना० [सं० तक] १. प्रकाशपुञ्जको चहक; सूर्य, चन्द्र, बत्ती आदिको प्रकाश; पानी, ऐना वा यस्तै टलकदार वस्तुमा परेर अन्यत्र फर्केको उज्यालो; प्रतिबिम्ब । २. एकसुरको हेराइ; आँखा झिम्म नगरीकनको हेराइ; स्थिरदृष्टि । ३. लालसा; तीव्र इच्छा । (उदा०– हरिलाई पढ्ने टक बसेको छ) ।

**टक२**– ना० [सं० टङ्क] १. रुपियाँपैसा आदिमा लगाइएको सरकारी छाप; मुद्रा वा सिक्कामा लगाइने सरकारी चिह्न । २. मुद्रा; सिक्का; रुपियाँपैसा ।

**टकटक**– ना० [अ० मू० टक्+अ (द्वि०)] १. साह्रो पदार्थमा केही कुराले आघात गर्दा वा धूलो आदि झार्नका लागि लुगा इत्यादि झट्कार्दा आउने ध्वनि । २. ठकठक; टुकटुक; टिकटिक (ध्वनि) ।

**टकटका**– वि० [√ **टकटकी**] १. धनसम्पत्ति र जहानपरिवार केही नभएको; टकटकिएको; निक्खरा एक्लो; टकटके; नाङ्गो । ना० २. रुपियाँपैसा; सरसामान ।

**टकटकाइ**– ना० [√ **टकटक** (+आइ)] १. टकटक गर्ने क्रिया वा प्रक्रिया । २. छैन भनी अभाव जनाउने क्रिया वा प्रक्रिया । एकसुरे हेराइ । [>] **टकटकाइनु**– क० क्रि० १. धूलो आदि झार्न झट्कारिनु । २. टकटक ध्वनि निकाल्ने गरी आघात गरिनु । ३. एक सुरले हेरिनु । **टकटकाउँदो**– वि० निर्मल; उज्जर; सफा; स्वच्छ; राम्रो । **टकटकाउनु**– १. अ० क्रि० टकटकको आवाज पैदा हुनु । २. छैन भनी अभावग्रस्त देखा पर्नु; टकटकिनु । स० क्रि० ३. धूलो आदि झार्नु; टकटक्याउनु ।

**टकटकापुर**– वि० [√ **टक**/**टकटका**] १. बिलकुल सेतो; एकदम सफा; स्वच्छ । ना० २. केही पनि नहुने स्थिति; अभाव; शून्यता; रिक्तता ।

**टकटकाहट**– ना० [टकटक+आहट] १. टकटक्याहट । २. एकसुरको हेराइ; टकटकी ।

**टकटकाहा**– वि० [टकटक+आहा] १. टकटकाउने । २. एकसुरले हेर्ने ।

**टकटकि-नु**– अ० क्रि० [टकटक+इ+नु] १. एकदम रित्तिनु; केही पनि बाँकी नहुनु; सिद्धिनु । २. धूलो, कसिङ्गर वा पानी झर्नु; झारझुर हुनु । ३. कुनै कामबाट हात झिक्नु; फट्कार्नु; पन्छिनु ।

**टकटकी**– क्रि० वि० [टकटक+ई] १. एकोहोरो दृष्टिका साथमा; एकटक लाएर; स्थिर दृष्टिले । २. धूलोमूलो पूरै झर्ने गरी । ३. अभावग्रस्त देखा पर्ने चालसँग । ४. एकटकको आवाज उत्पन्न हुने किसिमले ।

**टकटके**– वि० [टकटक+ए] १. आफ्नो जिम्मेवारी नसँभाल्ने; आफ्नो उत्तरदायित्व वहन नगर्ने । २. टकटकिएर अभाव मात्र देखाउने । ३. पलायनधर्मी । ना० ४. टकाराँड ।

**टकटक्याइ**– ना० [√ **टकटकि** (+याइ)] १. टकटकिने भाव, क्रिया वा प्रक्रिया । [टकटक्याउ+आइ] २. टकटक्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **टकटक्याइनु**– क० क्रि० १. कत्ति पनि बाँकी नराखी सबै रित्त्याइनु । २. धूलो झारिनु । **टकटक्याउनु**– प्रे० क्रि० १. कपडा, लम्पट आदिमा परेको धूलो, कसिङ्गर वा पानी फड्कारेर झार्नु; झड्कार्नु । २. भएभरको सम्पत्ति खतम पार्नु; सिरीखुरी पार्नु । ३. धूलो झार्नु वा झार्न लगाउनु । **टकटक्याहट**– ना० टकटक्याइ । **टकटक्याहा**– वि० १. टकटकिने । २. टकटक पार्ने ।

**टकमराइ/टकमरी**– ना० [टक+मार्+आइ/ई] तामा, पित्तल, सुन, चाँदी आदि धातुलाई पैसा, रुपियाँ आदिमा ढाल्ने काम; रुपियाँ, पैसा आदि छाप्ने काम; मुद्रा बनाउने काम ।

**टकमार्नु**– स० क्रि० [टक+मार+नु] १. मुद्रा बनाउनु तथा त्यसमा छाप बसाउनु । २. जाली मुद्रा बनाउनु । ३. ज्योति मलिन पार्नु ।

**टकराइ**– ना० [√ **टकराउ** (+आइ)] टकराउने भाव, क्रिया वा प्रक्रिया । [>] **टकराइनु**– अ० क्रि० ठोकिनु; जुधिनु ।

**टकराउ-नु**– अ० क्रि० [टक्कर+आउ+नु] कुनै दुई थरी वस्तु एक अर्कोमा रगडिनु; परस्पर जुध्नु; ठक्कर खानु; भिडिनु; ठोकिनु ।

**टकसार**– ना० [सं० टङ्कशाला] १. विभिन्न धातुबाट रुपैयाँ-पैसा बनाउने वा ढाल्ने सरकारी अड्डा; मुद्रा वा सिक्का तयार गर्ने कारखाना । > **टकसारी**– ना० १. सरकारले आज्ञा

दिएमुताबिक मोहर, पैसा, असर्फी आदिमा टक ढाल्ने काम । २. त्यस्तो टक ढाल्ने व्यक्ति । वि० ३. टकसारीको काम गर्ने ।

**टका१**– वि० [अ० मू० टक्+आ] केही नभएको; टाट; ठिङ्गो ।

**टका२**– ना० [टक+आ] १. रुपियाँपैसा; सिक्का; मुद्रा । २. दुईपैसे ढ्याक; दुई पैसाको समूह ।

**टकाटक**– क्रि० वि० [टक+आ+टक] १. धमाधम; ठ्याक्क; फटाफट । ना० २. खाँचो; हर्जा; खट्ट ।

**टकार**– ना० [सं०] 'ट' अक्षर; टवर्गको पहिलो वर्ण ।

**टकेर्नु**– ना० [टका+एर्नु] बकेर्नुपछिको वा थाक्ने बेला भएको गाईभैँसी; थाकेर दूध नदिने अवस्थाको गाईबस्तु ।

**टक्क**– क्रि० वि० [अ० मू० टक्+क] एकाएक रोकिने गरी; हिँड्दा-हिँड्दै एक्कासि अडिने चालले; अचानक हिँड्न छाडेर ।

**टक्कर१**– ना० [सं० टङ्कण] १. जडिएका रत्न वा मणिहरूको टलक-झलक बढाउनका लागि तलतिर राखिने धातुको पातलो पत्र । २. गहुँको मैदा रयालेर बनाइएको, टीका, छाप आदिमा प्रयोग गरिने लेसिलो पदार्थ ।

**टक्कर२**– ना० [प्रा०] १. व्यक्ति वा वस्तु अर्कासँग रगडिने वा ठोकिने काम; ठक्कर; धक्का । २. प्रतिस्पर्धा; प्रतिद्वन्द्विता; दाँजो । ३. च्याम्पटी, ओखर, भुरुङ आदि घुमाउँदा नचली वा नहल्ली घुम्ने चाल ।

**टक्कर३**– ना० [सं० तगर] मुलायम, सेता र सुगन्धी फूल फुल्ने, दूध निस्कने एक प्रकारको बोट; त्यसैको फूल । > **टक्करी**– ना० टक्करको फूल वा वृक्ष ।

**टक्का**– ना० [सं० टङ्क] हे० टका । – **हार**– ना० पुराना चाँदीका रुपियाँ वा चाँदीका भारतीय मुद्राले बनेको माला; कम्पनीमाला; पटनामाला ।

**टक्र-नु**– अ० क्रि० [टक्रक्क+नु] १. टक्क रोकिनु । २. अलग हुनु; भिन्नै वा छुट्टै रहनु । ३. पर सर्नु; नछुने हुनु ।

**टक्रक्क**– क्रि० वि० [अ० मू० टक्रक्+क] १. चल्दाचल्दै एकाएक अड्ने गरी; टक्क । २. कतै नढलपलिने र वरपरका वस्तुसँग नछोइने गरी; अलग्ग ।

**टक्राइ**– ना० [√ **टक्र** (+आइ)] टक्रने भाव, क्रिया वा किसिम । [> ] **टक्राइनु**– क० क्रि० टक्रने पारिनु वा गराइनु । **टक्राउनु**– टक्रने पार्नु वा गराउनु; भिन्न तुल्याउनु; अलग्ग रखाउनु ।

**टक्रिनु**– अ० क्रि० [टक्र+इ+नु] १. कुनै कामकाजमा अगाडि सर्नु; देखा पर्नु । २. टक्रक्क परेर रहनु; छुट्टै रहनु । ३. सम्मानपूर्वक दिइनु; समर्पण गरिनु; चढिनु । > **टक्र्याइ**– ना० टक्रिने भाव, क्रिया वा प्रक्रिया । **टक्र्याइनु**– क० क्रि० टक्रिने पारिनु; सम्मानपूर्वक दिइनु । **टक्र्याउनु**– स० क्रि०/प्रे० क्रि० १. सम्मानपूर्वक दिनु; समर्पण गर्नु; चढाउनु । २. टक्रक्क पारेर राख्नु ।

**टक्स्याइ**– ना० [√ **टाक्सि** (+आइ)] टाक्सिने भाव, क्रिया वा प्रक्रिया; दुब्लाइ । [> ] **टक्स्याइनु**– क० क्रि० दुब्लो पारिनु । **टक्स्याउनु**– प्रे० क्रि० दुब्लो पार्नु; टाक्सिने तुल्याइनु ।

**टगर**– ना० [सं० तगर] टक्करको बोट वा फूल; टक्करी ।

**टङटङ**– ना० [अ० मू० टङ+अ (द्वि०)] १. भाँडाकुँडा ठोकिँदा निस्कने शब्द । २. लगातारको टङ ध्वनि । क्रि० वि० ३. टङटङको आवाज उत्पन्न गरेर । > **टङटङी**– क्रि० वि० अझै टङटङ भएर ।

**टङ्क**– ना० [सं०] १. ढुङ्गा काट्ने फलामे छिनु; फलामको चुच्चे घन । २. बन्चरो वा यस्तै हतियार । ३. चार मासाको तौल । ४. मुद्रा; सिक्का । ५. स्वाग; सुहाग ।

**टङ्कक**– ना० [सं०] १. ढुङ्गा फोर्ने फलामे छिनु । २. चाँदीको सिक्का । – **शाला**– ना० टङ्कशाला; टकसार ।

**टङ्कण/टङ्कन**– ना० [सं०] १. टाइपराइटरले कागजमा अक्षर छाप्ने काम; धातुका पातामा नाउँ वा बुट्टाहरू खोप्ने काम । २. भाँडामा रसायन लाउने काम । ~ **क्षार**– ना० सुनचाँदी गलाउन हालिने पदार्थ; स्वाग । ~ **शाला**– ना० टङ्कण गर्ने वा टङ्कणको प्रशिक्षण दिने स्थान; टाइपघर । ~ **सीमा**– ना० टङ्कणकार्य गरिने ठाउँको हद वा परिधि ।

**टङ्कार**– ना० [सं०] धनुको ताँदो खैँचेर छोड्दा निस्कने आवाज । २. तामा, काँस आदिका भाँडा एकअर्कामा ठोकिँदा आउने शब्द । ३. टक्कर; दाँजो; बराबरी । ४. प्रख्यात हुने कार्य; प्रसिद्धि । > **टङ्कारी**– वि० १. टङ्कार झिक्ने । ना० २. अर्जुन, शिव, वा राम ।

**टङ्किका**– ना० [सं०] १. ढुङ्गा आदि काट्ने फलामे छिनु ।

**टङ्कित**– वि० [टङ्क+इत] टाइपराइटर आदिले मुद्रित; टाइप गरिएको ।

**टङ्की**– ना० [अङ्० टयाङ्क+ई] १. पानी, तेल आदि राख्ने धातुको भाँडो । २. सहर वा घरमा पानी वितरण गर्न सँगालिएको जलाशय र त्यसको भाँडो वा कुनै शिल्पप्रबन्ध ।

**टङ्ग**– ना० [सं०] मानिस वा पशुका दुई खुट्टाको दूरी; टाँग; खुट्टा ।

**टङ्गन**– वि० [सं० तुङ्ग] १. खिनाउरो ; दुब्लोपातलो; ख्याउटे । २. अग्लो; टिङ्गरो । > **टङ्गने**– वि० १. दुब्लोपातलो; खिनाउरो; ख्याउटे (व्यक्ति वा पशु) । २. पातलो; सङ्लो; टुर्रो (झोल) । ३. अग्लो; लामघारे ।

**टङ्गर/टङ्गरो**– वि० [ठिङ्गो सं० तुङ्गो] १. एक्लो; सिखो; निःसन्तान । २. विनागुदीको; चोक्टा नभएको । > **टङ्गरे**– वि० झोल धेरै भएको (तिहुन); टुर्रे ।

**टङ्ग्रङ्ङ**– क्रि० वि० [अ० मू० टङ्ग्रङ्+ङ] १. अक्कासिएर उभिँदै । २. एक्लिएर । ३. सङ्लो र पातलो हुने गरी; टुर्र ।

**टङ्ङ**– क्रि० वि० [अ० मू० टङ्+ङ] टङको एकै आवाजमा; एकै टङको ध्वनिमा ।

**टङ्रङ्ङ**– क्रि० वि० [अ० मू० टङ्रङ्+ङ] पानी वा झोल मात्र हुने किसिमले (दाल, तरकारी आदि) ।

**टटरो**– वि० [टाट+रो] १. दुब्लो-पातलो; सुकेको र अग्लो; टँगरो; टट्टू । २. टर्रो मिजासको; टर्रो स्वभावको; निर्मायालु ।

**टटलो**– ना० तरबारका आकारको लामो कोसा र घण्टाजस्तो फूल फुल्ने बोट; फूल सुकाएर प्रायः औलो ज्वरमा औषधीका रूपमा खुवाइने र कोसाभित्रको पत्रमा जेलिएको बियाँलाई फूलको अभावमा माला उनिने वा देउतालाई चढाइने काम लिइने बोट ।

**टट्कारो/टट्कालो**– वि० [टाठो+कारो] स्पष्ट देखिने; खुलस्त; सफा; तड्कारो ।

**टट्टरी**– ना० [सं०] १. ठट्टा; दिल्लगी । २. नभएको कुरा; झूटो व्यवहार । ३. एक प्रकारको ढोलबाजा ।

**टट्टाइ**– ना० [√ **टट्टाउ** (+आइ)] टट्टाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **टट्टाइनु**– अ० क्रि० टट्टाइ अनुभव गर्ने होइनु । **टट्टाइलो/टट्टाउँदो**– वि० टट्टाउने खालको ।

**टट्टाउ-नु**– अ० क्रि० [सं० टण्ट+आउ+नु] १. शरीरमा चोटपटक लागेको वा घाउखटिरा भएको ठाउँमा कडा वस्तु वा चहऱ्याउने औषधी पर्दा चर्को किसिमले दुख्नु; चहऱ्याउनु; भबाउनु । २. भोक, प्यास, गर्मी आदिले सताउनु; पीडा हुनु । > **टट्टिनु**– अ० क्रि० १. दिनभर भोकै पर्नु; भोक, प्यास, गर्मी आदिले पीडित हुनु । २. अप्ठेरो ठाउँमा बस्दा-बस्दा उराठ लाग्नु । ३. टाट पल्टनु । ४. दुब्लाउनु ।

**टट्टी**– ना० [सं० तटी] १. बाँस, नर्कटका चिर्पट आदिले बनाइएको पर्दा; बार ; फरिको; टाटी । २. पाइखाना; चर्पी । ३. मान्छेको मल; दिसा ।

**टट्टी/टट्टु**– वि० [टाट+ई/ऊ] हाड-छाला मात्र बाँकी भएको; ज्यादै दुब्लो; हल्लनटाट ।

**टट्ट्याइ**– ना० [√ **टट्टि** (+याइ)] हे० टट्टाइ । [> ] **टट्ट्याइनु**– अ० क्रि० टट्टाइनु । **टट्ट्याउनु**– अ० क्रि० टट्टाउनु ।

**टठ**– ना० [सं० धृष्ट] १. गर्व; सेखी; अभिमान; घमन्ड । २. झगडा; निहुँ ।

**टठमराइ**– ना० [√ **टठमराउ** (+आइ)] टठमराउने क्रिया वा प्रक्रिया । [> ] **टठमराइनु**– अ० क्रि० टाठो वा अग्रसर होइनु । **टठमराइलो**– वि० १. टाठो । २. तत्पर ।

**टठमराउ-नु**– अ० क्रि० [टाठो+बाठो+आउ+नु > टठबडाउनु] १. परिआएको काममा अगाडि सर्नु; टाठोबाठो हुनु । २. तरखराउनु; तयार हुनु ।

**टठिलो**– वि० [टाठो+इलो] १. टाठो भएको; चङ्ख । २. जाँगरिलो; कामगरैया । ३. मोटोघाटो; हृष्टपुष्ट; खाए-पिएको । ३. चलाक; बाठो; चतुरो; चङ्ख ।

**टठी**– वि० [टठ+ई] १. टठ गर्ने; घमन्डी; सेखीवाल; अभिमानी ।

**टठ्याइँ**– ना० [टाठो+याइँ] १. टाठो हुनाको भाव वा अवस्था; बठ्याइँ ।

**टड्कारो/टड्कालो**– वि० [√ टट्कारो] प्रस्ट; स्पष्ट; तड्कालो; टट्कालो ।

**टन१**– वि० [अङ्०] झन्डै अट्ठाइस मनको तौल; पच्चीस मेट्रिकटनको तौल ।

**टन२**– वि० [अ० मू० टन्+अ] १. लागू पदार्थको सेवनले लट्ठ परेको; नशाले लट्ठिएको; रक्सी धोकेको; टुन्न । २. भरिएको; धन-सम्पत्तिले पूर्ण; टन्न । ३. मोटाएको । ४. अघाएको । ५. कस्सिएको; टनक्क; टुनुक्क ।

**टनक**– ना० घाउको पीडा; टन्को; जलन । – **टनक**– क्रि० वि० शरीरको कुनै भागमा रोग लागेर दुखिरहने गरी; घाउखटिरामा पानी वा पीप भरिएर अथवा अरू कुनै कारणले दुख्ने किसिमले; टनक्क-टनक्क; टनटन । > **टनक्क**– क्रि० वि० १. शरीरको कुनै अवयवमा रोग लागेर दुख्ने गरी; घाउखटिरामा पानी वा पीप भरिएर दुख्ने गरी । २. वायुविकारले शरीरको स्नायु-व्यवस्थामा बाधा परी पीडा हुने किसिमले ३. डोरीले बेसरी कस्ने किसिमसित । वि० ४. कसिएको । ५. पीडाजनक वा ज्वलनशील ।

**टनटन१**– ना० [टन्टा] नचाहिँदो किसिमको कचकच; बिनसित्तिको कचकच; रडाको; टन्टा; लेठो ।

**टनटन२**– क्रि० वि० [नै०] १. घाउखटिराहरू टन्कने गरी; टनकटनक । २. फुर्ती झिकेर हिँड्ने चालले; लमकझमक । ३. टन्न कसेर बाँध्ने चालमा; टनक्क । ४. घण्टा आदि लगातार बज्ने गरी । > **टनटनती/टनटनी**– क्रि० वि० टनक्क हुने (दुख्ने, लम्कने, बज्ने, भरिने, कसिने) गरी ।

**टनटने**– ना० [सं० स्थाणु > ठानु (द्वि०)+ए] हरियो चिल्लो डाँठ र बाँसका जस्ता आँख्ला हुने, हाँगा-पात नहुने, कुरकुरेजस्तै सुलुत्त परेको झार ।

**टनाटन**– क्रि० वि० [अ० मू० टन+आ+टन] १. भाँडोमा कुनै वस्तु खाँदिएर चुलिने गरी; अटाई-नअटाई; टमाटम; भरिभराउ । वि० २. पूरै भरिएको; टन्न ।

**टनेल**– ना० [अङ्०] १. पहाडको भित्रभित्रै बनाइएको बाटो वा कुलो । २. सुरुङ ।

**टन्क-नु**– अ० क्रि० १. घाउखटिरा पिलिएर रन्थनिनु; पीडा हुनु; बल्कनु; भबाउनु । २. ज्यादै कसिने गरी वा नफुत्कने किसिमले बाँधिनु बेसरी तानिनु । > **टन्काइ**– ना० १. घाउ आदिको दुखाइ । २. डोरी वा दाम्लाको कसाइ । **टन्काइनु**– क० क्रि० टन्कने पारिनु; बेसरी दुखाइनु वा कसिनु । **टन्काउनु**– प्रे० क्रि०/स० क्रि० टन्कने पार्नु; बेसरी दुखाउनु वा कस्नु । **टन्किनु**– अ० क्रि० १. टन्कनु । २. चर्कोसँग दुख्नु; भबाउनु । ३. कसिने गरी बाँधिनु ।

**टन्को**– ना० १. घाउखटिरा आदिको दुखाइ; रनक । २. डोरी आदिको कसाइ; टन्काइ ।

**टन्टकपाले**– वि० नचाहिँदो झन्झट बोकेर हिँड्ने; अनावश्यक झमेला बेसाउने; टन्टा बोकेर काम गर्ने; अनावश्यक रूपमा

अर्काको दुखेसो आफ्नो टाउकामा लिएर हिँड्ने ।

**टन्टलापुर**– वि० खूब पोल्ने; ज्यादा चर्को; प्रचण्ड (घाम) ।

**टन्टा**– ना० १. नचाहिँदो झमेला; झोज; झन्झट । २. अनावश्यक कामको बोझ । – **सन्टा**– ना० नचाहिँदो झोजझमेला ।

**टन्न**– क्रि० वि० [अ० मू० टन्+न] १. भाँडामा कुनै वस्तु खाँदिएर चुलिने गरी; भरिभराउ; टनाटन । २. पूरा अघाउने गरी; गलगिज्ज । ३. घण्टा, घडी आदिमा ठक्कर लागेर बजेजस्तै गरी । ४. रक्सी आदि लागू पदार्थले लट्ठिने गरी; लट्ठ ।

**टप्‌-नु**– स० क्रि० [टप+नु] १. पढाइ, उद्योगव्यवसाय र यात्रा आदिमा अरूलाई उछिनेर अगाडि पुग्नु; पछि भएको व्यक्तिले आफूभन्दा अघिको व्यक्तिलाई भेट्टाउनु वा जित्नु । २. फड्कनु; नाघ्नु । ३. टाप ठोक्नु; भाग्नु ।

**टप१**– ना० [अङ्०] कानका लोतीमा लगाइने, सानो ढुङ्ग्रीजस्तै एक प्रकारको प्रायः सुनको गहना ।

**टप२**– ना० [अङ्०] बग्गी, तामदान आदिको बसाउन, उठाउन र ढाल्नसमेत मिल्ने माथिल्लो भाग वा छानु ।

**टप३**– ना० [अङ्० टचाप] साइकल, मोटरसाइकल, बग्गी; मोटर आदिको पाङ्ग्रामाथि जडिने ढकनीजस्तो कुप्रो परेको पाता ।

**टपक्क**– क्रि० वि० [अ० मू० टप् > टपक्+क] १. एक्कासि वा सजिलै टिपेर; झट्ट टिप्ने गरी; झटपट टप्काएर । २. कसैसँग एकदम टाँसिने वा लेसिने चालमा । ३. थोपाका रूपमा झरेर; तप्प ।

**टपटप**– क्रि० वि० [अ० मू० टप्+अ (द्वि०)] १. एक-एक थोपा गरी चुहिएर; तपतप । २. कत्ति नसुस्ताई लगातार टिपेर; टपाटप । ना० ३. त्यसरी चुहिँदाको ध्वनि । > **टपटपती/टपटपी**– क्रि० वि० टपटप; टपाटप ।

**टपरी/टपरो**– ना० [पतरी] १. बाँसको सिन्काले गाँसेर बिट उठाई बनाइएको, साल आदिका पातको थालजस्तो भाँडो; पत्तल; ठहर । > **टपरे**– वि० टपरी सँगेट्ने वा सह्यार्ने; घरघरमा पुरोहित्याइँ गरी जीविका गर्ने; टपरीमा हालेका सिधाबाट गुजारा गर्ने ।

**टपर्टुइयाँ**– वि० [टपरी+ अ० मू० टुइँय्य+आ] १. अध्ययन, ज्ञान आदि नभए पनि बाहिरी बठचाइँद्वारा आफ्नो पाण्डित्यको प्रदर्शन गर्ने; भित्री ज्ञान नभएको तर बाहिर प्रभुत्व जमाउन चाहने; लालबुझक्कड । ना० २. त्यस्तो व्यक्ति ।

**टपाइ**– ना० [√ **टप्** (+आइ)] टप्ने भाव, क्रिया वा प्रक्रिया । [>] **टपाइनु**– क० क्रि० टप्न वा उछिन्न लाइनु, टप्न सक्ने बनाइनु; टप्ने पारिनु । **टपाउनु**– प्रे० क्रि० टप्ने वा उछिन्न सक्ने पार्नु; उछिन्न लाउनु; टप्न लाउनु ।

**टपाटप**– क्रि० वि० [टप्+टप्)] जमिनबाट कुनै वस्तु वा रूखबाट फल आदि टिप्ने किसिमले; टपटपती ।

**टपिनु**– क० क्रि० [टप्+इ+नु] १. अरूलाई उछिनेर अगाडि बढिनु वा पुगिनु । २. टप्ने वा उछिन्ने काम गरिनु ।

**टप्क-नु**– अ० क्रि० [अ० मू० तप्+कनु] १. थोपाथोपा गर्दै पानी चुहिनु वा खस्नु; बुँदबुँद गरी झर्नु । २. एक्कासि आइपुग्नु; प्रकट हुनु । स० क्रि० ३. उछिन्नु; टप्नु । ४. फड्केर नाघ्नु । ५. टपक्क टिपेर लग्ने काम हुनु । > **टप्काइ**– ना० टप्कने वा टपकाउने क्रियाप्रक्रिया । **टप्काइनु**– क० क्रि० टपक्क टिपेर लगिनु । **टप्काउनु**– स० क्रि०/प्रे० क्रि० १. टपक्क टिपेर लैजानु; हात लाउनु; हातलागी गर्नु; उडाउनु । २. हरण गर्नु; चोर्नु । ३. थोपाथोपा चुहाउनु; बुँद खसाउनु । **टप्किनु**– अ० क्रि० १. टप्कनु । २. थोपाथोपा गरी चुहिनु । **टप्क्याइ**– ना० टप्किने भाव, क्रिया वा प्रक्रिया ।

**टप्प**– क्रि० वि० [अ० मू० टप्+प] १. एकएक थोपा गरेझैँ गरी; टपक्क । २. एकै पटक मात्र केही कुरो टिप्ने किसिमले । ३. तुरुन्त टप्काउने चालमा । ४. टाँसिएजस्तै गरी । ५. एक्कासि थामिने, रोकिने वा पक्रिने चालले । ६. अकस्मात् प्रकट भएर; टुप्लुक्क ।

**टप्पा१**– ना० [अ० तबक] १. कुनै जिल्ला वा प्रगन्नाको एक हिस्सा; सानो भूभाग; इलाका; तप्पा । २. अग्लो ढिस्को; डाँडो ।

**टप्पा२**– ना० [सं० ताप] मारुनी नाचमा गाइने एक थरी राग ।

**टप्पु**– ना० [टापु] नदीको दोभान, तलाउ वा मैदानका बीचमा उठेको जमिन वा ढिस्को; द्वीप; टाकुरो; मझौ ।

**टप्पू**– वि० [टप्+पू] १. चङ्ख; चतुरो; टिप्ला वा टप्काउलाजस्तो ।

**टप्फा/टप्फु**– ना० एक व्यक्ति र अर्को व्यक्तिको अनुहारमा देखिने अन्तर ।

**टफी**– ना० [अङ्०] १. क्रिम आदि भएको चकलेट; कागजमा बन्दी गरिएको ससानो मिठाई । २. खेलमा विजेताले पाउने विजयचिह्न ।

**टब**– ना० [अङ्०] बसेर वा पल्टेर नुहाउनका लागि पानी राख्न बनाइएको, ठूलो खुला मुख भएको सिमेन्ट आदिको भाँडो ।

**टमक्क**– क्रि० वि० [अ० मू० टमक्+क] कपडा आदि शरीरमा टम्म मिल्ने वा कसिने गरी; सिमिक्क; टिमिक्क ।

**टमटम१**– ना० [अङ्० टचान्डम] एउटै घोडाले तान्ने, दुई अग्लाअग्ला पाङ्ग्रा भएको हल्का बग्गी; एक्का ।

**टमटम२**– क्रि० वि० [अ० मू० टम्+अ (द्वि०)] गोडा बजार्दै फुर्तीसाथ हिँड्ने किसिमले; ठिमठिम; टिमिकटिमिक ।

**टमाटम**– क्रि० वि० [अ० मू० टम्+आ+टम्] भाँडामा कुनै वस्तु भरिभराउ भएजस्तै गरी; टनाटन ।

**टमाटर**– ना० [अङ्० टोम्याटो] १. आलुको जस्तो बोटबाट जमिनमाथि फल्ने आलुकै आकारको फल; गोलभेँडा; टचामटर । २. भन्टाको जस्तो बोटमा गोलभेँडाको स्वादको डिम्बाको आकारको फल लाग्ने एक वनस्पति । ३. त्यसै बोटमा फल्ने, गोलभेँडाको जस्तो स्वाद हुने र अचार बनाएर खाइने फल ।

**टमोट**– ना० [तामो+ओट] १. तामाका भाँडाकुँडा बनाउने काम; भाँडामा चढाइएको पाइन वा जलप । २. तामो कमाउने एक वर्ग; टमौटे; टुमौटे; तमोट । **टमोटे/टमौटे**– ना० १. तामाको भाँडाकुँडा बनाउने व्यक्ति; ताँबोको व्यापार गर्ने व्यक्ति । २. विश्वकर्माको एक वर्ग; टमुटो ।

**टम्काइ**– ना० [√ **टम्काउ** (+आइ)] टमक्क हुने क्रिया वा प्रक्रिया । [▷] **टम्काइनु**– क० क्रि० टमक्क तुल्याइनु । **टम्काइलो**– वि० टमक्क हुने; टमक्क होलाजस्तो ।

**टम्काउनु**– स० क्रि०/प्रे० क्रि० [टमक्क+आउ+नु] टमक्क पार्नु वा पार्न लगाउनु ।

**टम्के**– ना० [सं० ताप+के] फलामे ठूलो भाँडो; कराही ।

**टम्म**– क्रि० वि० [अ० मू० टम्+म] १. शरीरमा कपडा, जुत्ता आदि ठिक्क मिल्ने गरी; टमक्क । २. गुँद आदिले केही वस्तु टाँसिने गरी । ३. बाकस, ढोका आदि ठीकसँग बन्द हुने किसिमले, ढ्याम्म । ४. भाँडो सबै भरिने गरी । ५. अघाउन्जेल; टन्न । वि० ६. भरिएको; टाँसिएको; ठिक्क भएको वा अघाएको । > **टम्माटम्मी**– क्रि० वि० पूरा भरिने गरी; टनाटनी ।

**टर्-नु**– अ० क्रि० [सं० तरण] १. समय बित्दै जानु; टाइम गुज्रनु; टल्नु । २. प्रकारान्तरबाट पनि काम चल्नु; निर्वाह हुनु ।

**टरकी**– ना० थारू जातिका स्त्रीहरूले कानमा लगाउने काठको गहना ।

**टरटर**– ना० [अ० मू० टर्+अ (द्वि०)] सामूहिक रूपमा भ्यागुता कराउँदाको आवाज; ट्वारट्वार । > **टरटराउनु**– अ० क्रि० भ्यागुताहरू कराउनु ।

**टराइ**– ना० [√ **टर** (+आइ)] टर्ने भाव, क्रिया वा प्रक्रिया । [▷] **टराइनु**– क० क्रि० टर्न वा टार्न लाइनु । **टराउनु**– प्रे० क्रि०/स० क्रि० टार्नु; टार्न लाउनु । **टरिनु**– अ० क्रि० टर्ने काम हुनु; बितेर गइनु ।

**टरेली**– ना० [टार+एली] सलामी पर्दै गएको जमिनको रूप; केही भिरालो टार ।

**टर्कटी**– ना० [तल+काट्+ई] मकैको खोस्टा, पराल आदिले बनेको सानो चटाई; ससानो सुकुल; एक जना मात्र बस्न मिल्ने पराल आदिको बिँडो ।

**टर्की**– ना० [अङ्०] १. गिनीफोर चरा; लौकाट । २. तुर्क देश ।

**टर्च**– ना० [अङ्०] गुलुप र ब्याट्री राखेर बालिने हाते बत्ती; चोरबत्ती । ~ **लाइट**– ना० टर्चको उज्यालो; गुलुप र ब्याट्रीबाट बल्ने हाते बत्ती ।

**टर्र**– ना० [अ० मू० टर्+र] १. वर्षाकालमा भ्यागुताले कराएको आवाज; टरटर । क्रि० वि० २. त्यसरी टरटराएर । ~ **टर्र**– ना० १. वर्षाको बेला भ्यागुता लगातार कराउँदाको ध्वनि । २. त्यस्तो ध्वनिसँग मिल्दो ध्वनि (हुक्का आदि तान्दाको) । क्रि० वि० ३. लगातार टरटराएर ।

**टर्रि-नु**– अ० क्रि० [टर्रो+इ+नु] १. टर्रो हुनु; काँचो महक आउनु । २. अरूको रायसल्लाहमा नपस्नु; टेढिनु; बाङ्गिनु ।

**टर्रो**– ना० १. हर्रो, काँचो हलुवावेद वा यस्तै फलमा पाइने स्वाद; छ रसमध्ये एक रस; कषाय । वि० २. हर्रो आदिको जस्तै स्वाद भएको; काँचो । ३. अरूको राय-सल्लाहमा नपस्ने; ठर्रो मिजास भएको; एकलकाँटे; रूखो ।

**टर्र्याइ**– ना० [√ **टर्रि** (+याइ) ] टर्रोपन । [▷] **टर्र्याइनु**– क० क्रि० टर्रो तुल्याइनु । **टर्र्याउनु**– प्रे० क्रि० टर्रो पार्नु वा पार्न लगाउनु । **टर्र्याहट**– ना० टर्रोपना ।

**टल्-नु**– अ० क्रि० [टर्+नु] १. कुनै प्रकारले समय बित्दै जानु; टर्नु; पन्छनु; हट्नु । २. टारिनु ।

**टलक**– ना० [अ० मू० टल्+अक] १.कुनै चम्किलो वस्तु वा ऐनामा देखिने चमक; चहक; झलक । २. सूर्य, चन्द्र, बिजुली, बत्ती आदिको प्रकाश पानी वा ऐनामा परेर फर्केको प्रतिबिम्ब; टहक; टक । ~ **टलक**– क्रि० वि० १. बारबार चम्किरहने गरी । ना० लगातारको टलक । > **टलक्क**– क्रि० वि० कुनै वस्तुको चमक प्रकाशमा ठक्कर खाएर टल्कने गरी; टलक्क; झिलिक्क ।

**टलटल**– क्रि० वि० [अ० मू० टल्+अ (द्वि०)] १. कुनै पारदर्शक वस्तुमा उज्यालो ठक्कर खाएर चम्कने गरी; सूर्य, चन्द्र, बिजुली आदिको प्रकाश ऐना, पानी आदिमा परेर चम्केझैँ; टलकटलक । २. एकटकसित हेरिरहेर; क्वारक्वारती । > **टलटलती/टलटली**– क्रि० वि० अझै टल्किरहने किसिमले ।

**टलपल**– ना० [टल्+पल] १. कुनै द्रव पदार्थमा हल्का छाल उठी पानीको अंश हल्लने चालमा । २. नदी आदिको चलायमान पानीमा डुङ्गा, पटेला आदि हल्लने गरी; ढलपल । ३. अति हर्ष वा पीडाले गहभरि आँसु छचल्किएर । > **टलपलाइ**– ना० टलपल गर्ने भाव, क्रिया वा किसिम । **टलपलाइनु**– क० क्रि० टलपल होइनु । **टलपलाउनु**– अ० क्रि० १. टलपल हुनु । २. ढलपलाउनु । ३. गहभरि भएर आँसु चल्नु । **टलपलाहट**– ना० टलपलाइ । **टलपलिनु**– अ० क्रि० हे० टलपलाइनु । **टलपल्याइ**– ना० टलपलिने भाव, क्रिया वा अवस्था ।

**टलल्ल**– क्रि० वि० [अ० मू० टल्+अल्ल] अत्यन्त प्रभावकारी ढङ्गले टल्कने गरी ।

**टलाइ**– ना० [√ **टल्/टाल** (+आइ)] १. टल्ने क्रिया वा प्रक्रिया । २. टाल्ने कार्य । [▷] **टलाइनु**– क० क्रि० १. टलाइ सम्पन्न तुल्याइनु । २. टाल्न लाइनु । **टलाउनु**– प्रे० क्रि० १. टलाइ सम्पन्न तुल्याउनु । २. टाल्न लाउनु । **टलिनु**– क० क्रि० १. टरिनु । अ० क्रि० २. टर्नु ।

**टल्क-नु**– अ० क्रि० [अ० मू० टलक्+नु] १. कुनै पारदर्शक वा चम्किलो पदार्थमा उज्यालो ठक्कर खाएर चमक निस्कनु; टलक आउनु; झल्कनु । २. चिल्लो वा चिप्लो पदार्थ चम्कनु । > **टल्काइ**– टल्कने कार्य वा काइदा । **टल्काइनु**– क्रि० वि० टल्कने तुल्याइनु । **टल्काउनु**– स० क्रि०/प्रे० क्रि० टल्कने पार्नु;

टलक निकाल्नु । **टल्किनु**– अ० क्रि० १. टल्कनु । २. टलक निस्किनु । **टल्क्याइ**– ना० टल्किने भाव, क्रिया वा अवस्था ।

**टल्ल**– क्रि० वि० [अ० मू० टल्+ल] स्वयम् चम्किने वस्तुमा उज्यालो परी टल्कने वा झल्कने गरी ।

**टवर्ग**– ना० [सं०] कवर्ग आदि पाँच वर्गमध्ये तेस्रो वर्ग; ट, ठ, ड, ढ, ण गरी जम्मा पाँच वर्णको समूह ।

**टसक**– ना० [अ० मू० टस्+अक] मन नलगाईनलगाई गरेको काम वा आडम्बर; स्वाङ; टस्को ।

**टसक्क**– क्रि० वि० [अ० मू० टसक्+क] १. विनय वा भयको भावनाले भुइँमा चाक टेकाएर बस्ने किसिमले; टुसुक्क; टकक्क; टुकुक्क । २. अनिच्छा देखाएर ढोगेजस्तै गरी; टस्स । ३. अनिच्छा प्रकट गरी राख्ने किसिमले ।

**टसमस**– ना० [अ० मू० टस्+अ (द्वि०)] चुकुल, कीला आदि हल्लाउन नसकिने वा फुकाल्न नसकिने स्थिति । ~ **टसमसिनु**– अ० क्रि० टसमस हुनु; अटेसमटेस हुनु ।

**टसर**– ना० [तसर] एक प्रकारको बाक्लो र दह्रो सूती कपडा; तसर ।

**टस्क-नु**– अ० क्रि० [टसक्क+नु] १. मन नलगाईकन कुनै वस्तु राख्ने काम हुनु । २. टसक्क परेर बस्नु । ३. ठस्कनु । > **टस्काइ**– ना० टस्कने भाव, क्रिया वा प्रक्रिया । **टस्किनु**– अ० क्रि० १. टस्कनु । २. टस्कने होइनु । **टस्को**– ना० १. मन नलगाई करबलले गरेको ढोग । २. नचाहिँदो काम; बिनसित्ति आइपरेको झन्झट । ३. असावधानीपूर्वकको रखाइ । **टस्क्याइ**– ना० टस्किने भाव, क्रिया वा प्रक्रिया । **टस्क्याइनु**– क० क्रि० मन नलगाईकन दिनु वा राखिनु । **टस्क्याउनु**– स० क्रि०/प्रे० क्रि० १. मन नलाई-नलाई कुनै वस्तु दिनु वा राख्नु । २. मन नपरीकन ढोग्नु वा ढोगाउनु; टस्स्याउनु ।

**टस्स**– क्रि० वि० [अ० मू० टस्+स] बस्दा, केही राख्दा वा ढोग्दा असावधानीको किसिमले । > **टस्स्याइ**– ना० टस्स हुने वा पार्ने क्रिया-प्रक्रिया । **टस्स्याइनु**– क० क्रि० टस्स हुने वा टस्स्याउने पारिनु । **टस्स्याउनु**– स० क्रि० १. मन नपरीकनै वा हतपतसित टीको लाउनु । २. हेला गरेर वा रिसले दिनु । ३. मन नपरीकन ढोग्नु; टस्क्याउनु ।

**टहक**– ना० [√ **टलक**] १. घाम, जून आदिको टक; प्रकाश; चमक; झलक । २. थेगर पीँधमा थिग्रिएपछि सङ्लिएको माथिको तरल पदार्थ (पानी, तेल आदि) । > **टहकाइ**– ना० टहकिने भाव, क्रिया वा प्रक्रिया । **टहकाइनु**– क० क्रि० १. टहकिने पारिनु; झल्काइनु । २. तहराइनु । **टहकाउनु**– स० क्रि०/प्रे० क्रि० १. झल्काउनु । २. तहराउनु । **टहकिनु**– अ० क्रि० १. झल्किनु । २. तहरिनु ।

**टहटह**– क्रि० वि० [अ० मू० टह (द्वि०)] १. जून बादलले नढाकिनाले स्वच्छ रूपमा चम्किएर । वि० २. त्यसरी चम्किएको (जून) । > **टहटहाइनु**– अ० क्रि० टहटह हुनु (जून आदि) ।

**टहरो**– ना० तलो नथपेको लामो खालको प्रायः कच्ची छाप्रो; धेरै जना अटाउने लामो एकनाले कटेरो ।

**टहल्-नु**– अ० क्रि० मनबहलाउ वा स्वास्थ्यलाभका दृष्टिले सानो दूरीमा पैदल हिँड्नु; बिस्तार-बिस्तारै यताउता घुम्नु; घुमफिर गर्नु; डुल्नु ।

**टहल**– ना० मान्य जनलाई तथा बिरामी, केटाकेटी आदिलाई गरिने सेवा वा स्याहार; सेवाशुश्रूषा; सुसार; चाकरी । – **चाकरी/टुकुरो**– ना० सेवाशुश्रूषा ।

**टहलाइ**– ना० [√ **टहल** (+आइ)] टहल्ने क्रिया वा प्रक्रिया । [>] **टहलाइनु**– क० क्रि० टहल्न लाइनु; डुलाइनु । **टहलाउनु**– प्रे० क्रि० टहल्न लाउनु; डुलाउनु । **टहलिनु**– अ० क्रि० १. टहल्नु । २. घुमफिर गरिनु ।

**टहलुवा**– ना० [टहल+उवा] १. निम्न स्तरको एक सरकारी दर्जा । २. सेवाटहल गर्ने व्यक्ति; नोकर । वि० ३. टहलसेवा गर्ने; सेवक । – **गिरी**– ना० चाकरकर्म ।

**टा**– प० स० [वटा] गन्ती बुझाउने शब्दको पछिल्तिर गाँसिएर थान वा गोटा बुझाउने प्रत्यय (एउटा, दुइटा, तीनटा, चारोटा इ०) ।

**टाँक्-नु**– स० क्रि० १. कपडामा टाँका लाउनु; लामालामा फड्का पारेर सिउनु । २. रजिस्टरमा कुनै व्यक्ति वा वस्तुको नाम दर्ता गर्नु । ३. नाउँनामेसी टिप्नु; नामाङ्कित गर्नु । ४. धातु आदिमा बुट्टा, नाम आदि कुँद्नु वा खोप्नु ।

**टाँक**– ना० कोटकमिज आदिको अगाडिको फेरो अल्झाउन फेराकै किनारमा केही फरक पारी टाँसेर सिइने सानो पैसाका छाँटको विभिन्न आकारको धातु, सिपी, काठ, प्लास्टिक आदिको वस्तु; बटन । ~ **घर**– ना० टाँक छिराउने प्वाल ।

**टाँका**– ना० [टाँक+आ] १. कपडा सिउँदा धागाले समात्ने भाग; सियाइको फड्को । २. धातुका टुक्राहरू जोड्ने रसायन । ३. कलम अथवा निबको लेख्ने चुच्चो परेको भाग; टुँडो । > **टाँकिनु**– अ० क्रि० १. टाँका लाग्नु । क० क्रि० २. टाँका लगाइनु ।

**टाँकी**– ना० भोर्लाको टुप्पो दुई भाग परेजस्तो तर सानो पात हुने, प्याजी रङको ठूलठूला र लामालामा टाटा हुने, स्याउला डाले घाँसको काममा आउने कोइरालोजस्तै एक जातको वृक्ष; त्यसैको फल ।

**टाँग्-नु**– स० क्रि० १. कपडा आदि फिँजाएर झुन्डचाउनु; लट्काउनु; टाङ्नु । २. तोकेको काम गर्न आलटाल गर्नु; सुस्ती गर्नु । ३. खसी, बोका आदिको छाला काढ्नु ।

**टाँग**– ना० [सं० टङ्ग] शरीरको कटीदेखि पैतालासम्मको भाग; खुट्टो; गोडो ।

**टाँगटुँग**– ना० [टाँग् (द्वि०)] १. भित्ता र दलिनहरूमा वरपर केही कुरा झुन्डचाउने वा टाँग्ने काम । २. अस्तव्यस्त टँगाइ ।

**टाँगन१–** ना० [सं० टङ्कण] होचो कदको फुर्तिलो घोडा; च्यान्टे घोडा; पहाडी टट्टु ।

**टाँगन२–** वि० शरीर पातलो र अग्लो भएको; सुइँखुट्टे; लामघारे ।

**टाँगा–** ना० एउटा घोडाले तान्ने अग्ला दुई पाङ्ग्रा भएको सानो बग्गी; टमटम; टाङा ।

**टाँगिनु–** क० क्रि० [टाँग+इ+नु] टाँग्ने काम गरिनु; टाङिनु ।

**टाँगी–** ना० [टाँगो+ई] सानो टाँगो ।

**टाँगे–** वि० [टाँगो+ए] टाँगोका आकारको; ठाडे । ~ **परेवा–** ना० एक आँखा सेतो र एक आँखा कालो हुने परेवा । ~ **लौरी–** ना० खुट्टाका बूढी औँला र चोर औँलामाथि लट्ठी अडचाई हातले समातेको लट्ठी हुत्त्याएर खेलिने एक खेल; डन्डीबियो ।

**टाँगो१–** ना० [प्रा० टङ्गो] १. जग्गाजमिन आदि नाप्ने लामो निश्चित परिमाणको लट्ठी; लग्गा; लग्गी; टाङो । २. लामो घोचो; घारो । ३. माछा मार्न टुप्पामा बल्छी अड्काइएको लामो लट्ठी ।

**टाँगो२–** ना० [सं० टङ्क] १. फलाम आदि कडा धातुमा प्वाल पार्दा तल ओछ्याइने, बीचमा प्वाल भएको फलाम वा काठ आदिको उपकरण ।

**टाँचा–** ना० [टाँका] १. हुलाकद्वारा पठाइने चिठीपत्रका टिकटमा लगाइने मितिसहितको छाप; छापा; छाप । २. कटानी गर्ने अनुमति पाएका रूखमा लगाइने सरकारी छाप; त्यस्ता रूखमा खोपिने चिह्न ।

**टाँड–** ना० [सं० स्थाणु] १. चारै सुरमा खाँबा गाडेर वा भित्ता कपेर फल्याक, बाँसका चिर्पट आदि छापी सामान राख्न वा सुत्न बनाइएको मचान । २. मुर्दा बोक्ने खट; शवयान; अर्थी । ३. मालसामानको चाङ लगाउँदा बीचबीचमा परेको छिद्र । ४. दुई नदीका बीचको चुलिएको जमिन । ~ **घर–** ना० काठपात, पराल आदि राखिने घर; मचान । > **टाँडी–** ना० बस्न वा सुत्न मिल्ने ससानो टाँड ।

**टाँडे–** वि० [टाँड+ए] १. टाँड भएको; टाँडसम्बन्धी; टाँडको । २. टाँड परेको । ~ **घर–** ना० टाँडका आकारको घर । ~ **जात्रा–** ना० मुर्दालाई मसानघाट पुऱ्याउने जात्रा; शवयात्रा; मलाम ।

**टाँपो–** ना० [नेवा० ताँफ] पेट र घाँटी सानो भएको, हेर्दा सानो गाग्रीजस्तो देखिने, पानी खाने टुटीदार भाँडो; एक प्रकारको करुवा ।

**टाँस्-नु–** स० क्रि० [सं० तंस+नु] १. गुँद आदि लेसाइलो पदार्थले दुई भिन्न वस्तुलाई जोर्नु; दुई वस्तुलाई एक जीउ पार्नु । २. सँगसँगै राख्नु; जोर्नु । ३. गाँस्नु । ४. आफूलाई आइपरेको झमेला अरूमाथि थोपर्नु; टाँसो लाउनु ।

**टाँस–** ना० [टाँस्+अ] १. व्यक्तिविशेष वा सर्वसाधारण जनतालाई कुनै कुरो सूचित गर्न सरकारको तर्फबाट घर, पर्खाल, सत्तल, पाटी आदिमा लेखोट वा सूचनापत्र टाँस्ने काम । २. त्यसरी टाँसिएको कागत । – **टुस–** ना० असावधानीपूर्ण टँसाइ । ~ **पुर्जी–** ना० टाँसको कागत ।

**टाँसिनु–** क० क्रि० [टाँस्+इ+नु] १. टँसाइ पूरा गरिनु ।

**टाँसो–** ना० [टाँस्+ओ] १. आफूले नचाहेको व्यक्ति वा वस्तु करकापले आइलाग्ने काम; इच्छाविना पनि पाल्नुपरेको वा जिम्मा लिइएको व्यक्ति वा वस्तु ।

**टाइँटुइँ१–** ना० [√ टामटुम] कामचलाउ वा टपर्टुय्याँ खालको अल्प ज्ञान; ज्ञानभन्दा बढी स्वाङ भएको थोरबहुत विद्वत्ता; पल्लवग्राही पाण्डित्य ।

**टाइँटुइँ२–** ना० [अ० मू० टुइँ (द्वि०)] १. अपानवायु निस्कँदा वा कुनै कुरो बज्दा आउने तीखो शब्द । क्रि० वि० २. त्यस्तो शब्द वा ध्वनि निस्कने गरी । ३. बडो अप्ठेरो मानेर ।

**टाइँफाइँ/टाइँफुइँ–** ना० [अ० मू० फुइँ (द्वि०)] शक्तिविनाको धाक; देखावटी चलाकी; फाइँफुट्टी; चुरीफुरी ।

**टाइप–** ना० [अङ्०] १. छाप्नका लागि ढालिएको सिसाको अक्षर; अक्षर छाप्ने सिसा वा पित्तल आदिको छाप । २. टाइपराइटरद्वारा टङ्कण गर्ने काम । ३. ढाँचा; किसिम । ~ **केस–** ना० मुद्रणकार्यका टाइपहरू व्यवस्थित गरी राख्ने खण्ड-खण्ड भएको साधन । – **पेपर–** ना० टाइप गर्ने पातलोखाले कागत । ~ **बेड–** ना० छाप्ने अक्षरहरू आदि मिलाएर राख्ने मुद्रण-यन्त्रको भाग । ~ **राइटर–** ना० हातका औँलाहरू चालेर अक्षर टङ्कण गर्ने यन्त्र । > **टाइपिस्ट–** ना० १. टाइपराइटर चलाउने वा टाइप गर्ने व्यक्ति । २. सो काम गर्ने एक न्यूनवैतनिक पद ।

**टाइफाइड–** ना० [अङ्०] पानी आदिको दोषबाट आन्द्रामा विकार पैदा भएर आउने जरो; आन्तरिक ज्वर; म्यादी जरो ।

**टाइम–** ना० [अङ्०] १. वर्ष, महिना, दिन, घण्टा आदिको एकाइ; समय । २. मौका; अवसर । ~ **घडी–** ना० समय सूचित गर्न टिन्न बज्ने घडी । ~ **टेबुल–** ना० समयतालिका; समयसारिणी ।

**टाइल–** ना० [अङ्०] छानो छाउन उपयोग गरिने ठूलो झिँगटी; टायल ।

**टाई–** ना० [अङ्० टाई] सुट आदि युरोपीय ढाँचाका पोसाकको पहिरनमा घाँटीमा (सर्टको कलरमा) सुर्काउनी पारी लगाइने विभिन्न रङको लुर्के फित्ता । ~ **क्लिप–** ना० छातीमा टाई अड्काउने किलिप । – **पिन–** ना० टाई अड्काउने पिन ।

**टाउके–** वि० [टाउको+ए] १. साधारणभन्दा ठूलो टाउको भएको; शरीरको गठनभन्दा ठूलो टाउको हुने; घनटाउके । २. ठूलो पदमा रहेको; प्रतिष्ठित । ३. प्रमुख; मुख्य । ~ **कमिला–** ना० टाउको ठूलो हुने एक जातको कमिला ।

**टाउको–** ना० [सं० स्थायुक] शरीरको घाँटीदेखि माथिको मुख्य अङ्ग; शिर; माथ; मुन्टो । ~ **खानु–** टु० १. मगज खानु । २. अघि लाउनु (मर्नुको अर्थमा) । ~ **जोगाउनु–** टु० निर्दोषी रहनु; गाल नपार्नु ।

**टाककोरी–** ना० [टाक+कोरी] 'आ आ टाककोरी' भन्दै हातले साथीको टाउकामा पिट्ने र पिटिनेले दौडेर छुन खोज्दा पिट्नेले छल्न खोज्ने बालखेल ।

**टाकटुक–** क्रि० वि० [अ० मू० टाक्+टुक] १. पुगनपुग; जसोतसो; यताउति; यसोउसो; हाहु । २. ठीकठीक; टाकनटुकन । ना० ३. दुई वस्तु एकअर्कामा ठक्कर खाँदा निस्कने आवाज । ४. ठाडा र तेर्सा गरी तानेका धर्कामा नौ कोठा पारी बीच-बीचमा आ-आफ्ना चिह्न राखेर खेलिने खेल । >**टाकटुके–** वि० सबै कुरा जसोतसो गरी मिलाउने; कामचलाउ सीप भएको । **टाकनटुकन–** ना० १. जसोतसो काम फत्ते गर्ने तरिका; टाकटुक । २. गाईजात्रामा केटाकेटीहरूले लट्ठी परस्परमा जुधाई खेल्ने एक खेल; हनुमान्नाच । ३. सानातिना मालमत्ता । ४. सानोतिनो कामकुरो । ५. साधारण खानेकुरो । वि० ६. साधारण ।

**टाकुरी–** ना० [टाकुरो+ई] १. ससानो टाकुरो; सानो चुली; सानो ढिस्को । ~**को पार–** ना० कहिल्यै गरेर नसकिने काम वा धन्दा ।

**टाकुरो–** ना० [सं० स्थापकूट] १. समतल जमिनभन्दा माथि उठेको भूभाग; पहाडको टुप्पो; चुचुरो; शिखर । २. गजुर; धुरी ।

**टाक्सि-नु–** अ० क्रि० [टाक्से+इ+नु] १. चिन्ताले दुब्लाउनु; पीरले खिइँदै जानु; ख्याउटिनु । २. फस्टाउन नसक्नु; विकसित हुन नसक्नु । >**टाक्से–** वि० चिन्ताले दुब्लाएको; टाक्सिएको; ख्याउटे; अविकसित ।

**टाङ१–** ना० [सं० टङ्ग] खुट्टो; गोडो; टाँग ।

**टाङ२–** ना० [अ० मू० टाङ्+अ] भाँडाकुँडा वा ठूलो घडी बज्दा निस्कने आवाज । ~ **टाङ–** क्रि० वि० त्यसरी बजेर । - **टुङ–** ना० १. घण्टा, घण्टी भएको घडी आदि बज्दा निस्कने शब्द । क्रि० वि० २. त्यस्तो ध्वनिका साथमा ।

**टाङन–** ना० हे० टाँगन । ~ **घोडा–** ना० टाँगनघोडा ।

**टाङा–** ना०हे० टाँगा ।

**टाङ्-नु–** स०क्रि०हे० टाँग्नु ।

**टाङ्गिनु–** क०क्रि०हे० टाँगिनु

**टाङो–** ना०हे० टाँगो ।

**टाङ्ङ–** क्रि० वि० [अ० मू० टाङ्+ङ] टाङको ठूलो आवाज निक्लने गरी ।

**टाट–** ना० १. प्रायः सनपाटको धागाले बनाइएको खस्रो र बाक्लो कपडा । २. ठूलो कोठा वा बैठकमा बिछ्याउनका लागि तयार गरिएको बुट्टावाल र पालिसदार मोटो कपडा । ३. पसलेको गद्दी वा आसन । वि० ४. तन्नम; गरिब । ५. दुब्लोपातलो । ~ **उल्टाइ/पल्टाइ–** ना० वाणिज्यव्यवसायमा बेहोर्नुपरेको भयानक असफलता । ~ **जोराइ–** ना० पेट खाली भएर छाला करङमै जोरिएजस्तो भएको अवस्था ।

**टाटरी–** ना० प्रायः तराईप्रदेशमा वा भित्री मधेसमा पाइने वृक्षविशेष ।

**टाटी–** ना० [प्रा० टट्टइया] १. गोठ आदिको खुला किनारा छोप्न स्याउला र बाँसका कप्टेराले बनाइएको पर्दा; फरिको । २. आडा; छेका । ३. टाटमा बस्ने समय । ~ **टिकाइ–** ना० थोरै बेरको बिसाइ वा सुस्ताइ; क्षणिक विश्राम ।

**टाटे–** वि० [टाटो+ए] १.छप्पछप्प टाटो भएको; टाटेपाटे । २. दाग भएको; दागी; खोटी । ना० ३. घिउ नहालेको गहुँ आदिको रोटी । ~ **पाङ्ग्रे–** वि० दागका छिर्का भएको; टाटेपाटे; झालेमाले । ~ **पाटे–** वि० टाटेपाङ्ग्रे । ~ **सिमी–** ना० बाटुला खालका पात र थेप्चा कोसा फल्ने सिमी ।

**टाटो१–** ना० थेप्चो र लामो कोसो (भोर्लो, टाँकी, टटलो, तरबारे सिमी आदिको कोसो) ।

**टाटो२–** ना० १. शरीर वा कुनै वस्तुमा पाइने धब्बा; दाग; कलङ्क । २. शरीरको घाउखटिरा निको भएपछि बसेको दाग; खत । ३. छाप; चिह्न । ४. जग्गाजमिनको हीनताबोधक शब्द । ५. डढेको रोटीको तुच्छताबोधक शब्द ।

**टाट्नु–** ना० [टाटी+नु] हे० टाट्नो ।

**टाट्ने–** वि० [टाट्नु+ए] टाट्नुसँग सम्बन्धित; टाट्नाको ।

**टाट्नो–** ना० [टाटी+नो] बाखा, पाडा आदिलाई घाँस खुवाउन लहरै घोचा गाडी बनाइएको टाँड; टाट्नु ।

**टाठो–** वि० आफ्नो काम फत्ते गर्न सिपालु; चलाख; बाठो; टठिलो; फुर्तिलो । ~ **बाठो–** वि० घरव्यवहार चलाउन, बोलचाल गर्न वा अड्डा-अदालत धाउन सिपालु; चङ्ख ।

**टाडरी–** ना० [सं० पाटली] छेउछाउमा काँडा हुने लामा र ठूला पात, सेतोरातो मिसिएको फूल र रातो अनि बाटुलो फल फल्ने वृक्षविशेष; त्यसको फल ।

**टाढा–** वि० १. दुई भिन्न ठाउँ, समय, सम्बन्ध आदिका दृष्टिले नजिक नभएको; धेरै परको । क्रि० वि० २. त्यस्तो स्थितिमा; धेरै पर । ना० ३. त्यस्तो स्थिति; असामीप्य । **– को कुरा–** ना० भविष्यको बात; पछिको कुरा । **टाढाको साइनु देब्रे न दाहिनु** (उखान) ।

**टाप–** ना० [सं० स्थापक] घोडा, गधा आदिका गोडाको टेक्ने भाग; घोडा आदिको खुर ।

**टापटिप–** ना० [टिप्+टाप] छिटफुट टिप्ने काम; धेरथोर टिप्ने काम; सानोतिनो चोरी । >**टापटिपे–** वि० सानातिना वस्तु चोर्ने; धेरैथोरै टिप्ने ।

**टापुरो–** ना० [द्विपट] टापु; टप्पु; द्वीप ।

**टापु–** ना० [सं० द्वीप] चारैतिरको सिमाना पानीले घेरिएको भूभाग; द्वीप ।

**टापो–** ना० [सं० स्थापक] परेवा, कुखुरा, बट्टाई आदि चराहरू हाल्ने कोक्रो ।

**टामटुम–** क्रि० वि० [अ० मू० (द्वि०)टुम्+अ] १. भएनभएको कुरा मिलाएर नबनेको कामलाई पनि ठिक्क पार्ने गरी । २. कसिकसाउ वा तम्तयार हुने ढाँचामा । ३. किफायतसाथ काम चलाउने किसिमले । वि० ४. ठीकठाक; तम्तयार । >**टामटुमे/ टामेटुमे–** वि० परिचितहरूदेखि टाढा गएर वा थोरै खर्चमा गरिने (विवाह आदि कार्य) ।

**टायम–** ना० [अङ्०] टाइम; समय ।

**टायर–** ना० [अङ्०] मोटर, साइकल आदिका पाङ्ग्राभित्रको हावाको

c:\1saroj\Sabdkosh\Ta.p65



ब्लडरटचुबलाई रक्षा गर्ने बाहिरी भाग ।

**टार्–नु–** स० क्रि० [टार्+नु] १. जेजसरी भए पनि काम चलाउनु; निर्वाह गर्नु । २. गर्नुपर्ने कामकुरो आलटाल गरेर पन्छाउनु; चाहिनेनचाहिने कुरा गरेर काममा ढिलाइ गर्नु । ३. कुनै जुक्ति गरी कसैलाई नआउने पार्नु; पन्छाउनु । ४. बिताउनु; गुजार्नु ।

**टार–** ना० [सं० स्थाल] पहाडको उचाइमा आदमाराको वा गडतीरको आसपासमा रहेको सम्म ठाउँ; बेसीभन्दा केही माथि रहेको सम्म थलो; टाहार (उदा०– रूपाटार, रुम्जाटार, तुम्लिङटार, पालुङटार, इरुङटार इ०) ।

**टारिनु–** अ० क्रि० [टार्+इ+नु] १. टर्ने हुनु । क० क्रि० २. टर्ने पारिनु ।

**टारी–** वि० [टार+ई] १. टारको; टार भएका ठाउँको । २. अग्लो । ३. सम्म परेको । ~ **खेत–** ना० अकासे झरीले मात्र रोपाइँ हुन सक्ने उच्चो खेत ।

**टाल्–नु–** स० क्रि० १. भाँडा आदिको प्वाल परेको वा फुटेको ठाउँ रसाएर छोप्नु । २. कपडा आदि फाटेमा टालो लाउनु; पौलो मार्नु । ३. पन्छाउनु; टार्नु; हटाउनु ।

**टाल–** ना० १. कुनै वस्तुको समूह; थुप्रो; रास; ढेर । २. कुनिउँ; टाली ।

**टालटुल–** ना० [टाल् (द्वि०)] १. टुटेफुटेका भाँडामा रसायन हालेर वा फाटेका कपडामा टालो हालेर मर्मत गर्ने काम । २. घरपर्खाल आदिको दुलो, धाँजो आदिमा मर्मत गर्ने काम; जीर्णोद्धार; स्थित्युद्धार । ३. आलटाल गर्ने व्यवहार; अल्याङमल्याङ ।

**टाला टुली–** ना० [टालो+टालो] लुगा सिउँदा काटेर बचेका ससाना कपडाका टुक्रा; सानातिना टालाहरूको समूह ।

**टालिनु–** क० क्रि० [टालो+इ+नु] १. कपडाको फाटेको ठाउँमा टालो आदि छापेर सिउनु वा त्यसरी सिएर छोपिनु । २. भाँडाकुँडा चुहुने भएका ठाउँमा केही कुरो रसाएर बन्द गरिनु । ३. पानी, धूलो आदि छिर्ने प्वाल कुनै साधनद्वारा बन्द गरिनु ।

**टालो–** ना० १. पहिरिने लुगाका फाटेका वा प्वाल परेका ठाउँमा छोपेर सिइने कपडाको टुक्रो; ससाना चकना । २. कपडाको सानो टुक्रो । ३. जग्गाजमिनको सानो अंश; पाखो । ४. कपडा; वस्त्र ।

**टायल–** ना० [अङ्०] छानो छाउनमा उपयोग गरिने माटो वा सिमेन्टको ठूलो झिँगटी; टाइल ।

**टावर–** ना० [अङ्०] विभिन्न उद्देश्यले बनाइएको अग्लो बुर्जादार घर । ~ **वाइगन–** ना० १. अग्लो, होचो गर्न हुने टावर जडान गरिएको मोटरगाडी । २. ट्रली बस चल्ने वा अरू अग्लो ठाउँको बिजुली हेर्न उपयोग गरिने साधन ।

**टिँटिँबाँस–** ना० [अ० मू०] प्रायः नदीका तीरका बालुवामा फुल पार्ने कागजत्रो चरो; हुटिटचाउँ ।

**टिउरी१–** ना० [सं० तीव्र+ई] पहाडको चुचुरो; शिखर; तिब्री ।

**टिउरी२–** ना० [टिउरो+ई] हाँसको चल्लो; टिउरो ।

**टिउरो१–** ना० [सं० तीव्र] टिउरीभन्दा ठूलो चुचुरो ।

**टिउरो२–** ना० [अ० मू० टिउ+रो] हाँसको चल्लो ।

**टिक्–नु–** अ० क्रि० [सं० स्थितक+नु] १. अप्ठ्यारो स्थिति वा समयमा पनि बस्न सक्नु; बस्नु; रहनु । २. स्थायी रूपले रहनु; दिगो हुनु; अडिनु; थेगिनु ।

**टिक–** ना० [सं० टीका] १. ठूलठूला पात र मसिना फल लाग्ने एक जातको रूख अथवा प्लाइउड बनाउन प्रयोग गरिने त्यसैको काठ । २. छेउमा मणि रत्नहरू लर्किने गरी जडेर माझमा विभिन्न बुट्टा निकाली बनाइएको घाँटीमा लाइने चन्द्राकार गहना; बुट्टेदार कण्ठहार ।

**टिकट–** ना० [अङ्०] १. बस, रेल, जहाज आदिमा यात्रा गर्दा दिइएको भाडाको प्रमाण जनाइएको कागतको टुक्रो । २. चलचित्र, प्रदर्शनी आदिमा छिर्नका लागि तिरेको प्रवेशदस्तुरको प्रमाणपत्र । ३. हुलाकद्वारा चिठी पठाउँदा टाँसिने, सरकारी तवरमा निष्कासित चिह्नयुक्त सानो कागज; हुलाकटिकट; टिकस । ४. दानदक्षिणा प्रदान गर्न बाँडिएको प्रामाणिक कागज; दान-दक्षिणाको टिकट । ~**दस्तुर–** ना० सरकारी कार्यालय आदिमा निवेदन दर्ता गर्दा नियमानुसार टाँस्नुपर्ने टिकट वा त्यसको मूल्यस्वरूप जम्मा गर्नुपर्ने रुपैयाँ ।

**टिकटिक–** ना० [अ० मू० टिक्+अ (द्वि०)] १. घडी चल्दा त्यसबाट लगातार निस्कने शब्द । २. सानो वस्तुले कुनै कठोर चीजलाई ठोक्दा निस्कने आवाज । ३. साना चरा, माउसुली, किश्रा आदि कराउँदाको आवाज । क्रि० वि० ४. त्यस प्रकारका कुनै आवाज उत्पन्न हुने गरी ।

**टिकटिके–** ना० १. टिकटिक शब्द गरेर बोल्ने फिस्टोजस्तो सानो चरो । वि० २. टिकटिक आवाज गर्ने । ~ **किरो–** ना० उत्तानो पारी भुइँमा छोडिदिँदा टिक्क आवाज गरेर उफ्रने कालो रङको सानो कीरो । ~**छेपारो–** ना० टिकटिक आवाज गरेर पुच्छर हल्लाउने एक जातको छेपारो । ~ **भ्यागुतो–** ना० टिकटिक गरेर कराउने सानो भ्यागुतो ।

**टिकनबजी–** ना० [नेवा० तिकँबजी] काठमाडौँ उपत्यकाको टिकनी भन्ने ठाउँमा तयार हुने असल जातको पातलो चिउरा ।

**टिकमाला–** ना० [टिक+माला] टिक वृक्षबाट तयार हुने प्लाइउड (टिकप्लाई) ।

**टिक चिह्न–** ना० [टिक+चिह्न] १. ठीक हो भनी बुझाउने वा मूल रूप देखाउने विशेष आकारको (√) एक चिह्न (टिकमार्क) ।

**टिकाइ–** ना० [√ **टिक्** (+आइ)] टिक्ने भाव, क्रिया वा प्रक्रिया; थेगाइ । [▷] **टिकाइनु–** क० क्रि० टिक्ने तुल्याइनु । **टिकाउ–** वि० धेरै समय खप्ने; धेरै दिन टिक्ने; खपुवा; टिकुवा; स्थायी । **टिकाउनु–** प्रे० क्रि० टिक्ने तुल्याउनु ।

**टिकारी–** ना० [टीका+आरी] विजयादशमीको टीका थाप्न कसैकहाँ जाने व्यक्ति ।

**टिकिनु–** अ० क्रि० [टिक+इ+नु] टिक्न समर्थ हुनु ।

**टिकिया**– ना० [टीको+इया] १. टीकाजस्तै गोल ससानो वस्तु । २. औषधी आदिको सानो र बाटुलो चक्की; औषधीको थेप्चो गोली ।

**टिकी**– ना० [टिको+ई] १. निधारमा लगाइने सुन, काँच, प्लास्टिक आदिको सानो टीका; टिकुली । २. टिको (बालबोलीमा) । ~**टचाँसटचाँस**– ना० असावधानीका साथ वा दक्षिणा नदिई टिको लगाइदिने काम ।

**टिकुली**– ना० [था०] १. सानो टिको; टिकोको लागि प्रयुक्त लघुताबोधक शब्द । २. स्त्रीजातिले निधारमा टाँस्ने सुन, काँच आदिको सानो टिको ।

**टिकुवा**– वि० [टिक्+उवा] टिकाउ; धेरै टिक्ने; खपाउ; खप्ने ।

**टिके**– वि० [टिको+ए] १. टिको लाउने । २. टीकाटीका भएको (सर्प आदि) । ३. कसैको आशीर्वाद पाई ठाउँमा पुगेको ।

**टिको**– ना० [टीका+ओ] १. देवमन्दिरको प्रसादका रूपमा वा शोभाका निम्ति निधारमा लगाइने चन्दन, सिँदूर, अबिर, अक्षता आदि; तिलक । २. आश्विन महिनाको शुक्लपक्षको दशमी तिथि; विजयादशमी; दसैँ । ~ **टालो**– ना० १. यज्ञान्त वा धार्मिक उत्सव आदिमा टिको लगाउने काम । २. धार्मिक विधिअनुसार बिहेको कुरो छिन्ने कार्य; जनैसुपारी; वाग्दान । ३. वाग्दानका दिन वरवधूलाई लगाइने टिको वा दिइने वस्तु ।

**टिक्की**– ना० [टिक्+की] १. गुजारा गर्ने ठाउँ; टिक्ने ठाउँ । २. जीविका; वृत्ति ।

**टिङ्गर**– ना० [सं० तुङ्ग+र] हे० टँगरो । >**टिङ्गरे/टिङ्गरो**– वि० १. अग्लो, दुब्लो वा पातलो; ख्याउटे । २. एक्ले; ठिङ्गो ।

**टिङ्ग्रिङ्ङ**– क्रि० वि० [टिङ्गर+इङ्ङ] १. दुब्लो र अग्लो शरीर उभिएर वा एक्लै रहने गरी; ठिङ्ग । वि० २. सर्वसाधारण व्यक्ति वा वस्तुभन्दा भिन्न; छुट्टा; फुट्टा ।

**टिठ**– ना० [सं० तृष्णा] १. तीव्र लालच; धीत; सन्तुष्टि । २. मानसिक तृष्णा । ३. अन्य प्राणीमाथि गरिने मानवताको व्यवहार; दया; करुणा । ~ **लाग्दो**– वि० मायालाग्दो; दयालाग्दो; करुण । >**टिठो**– वि० टीठलाग्दो; मायालाग्दो ।

**टिठि-नु**– अ० क्रि० [टीठ+इ+नु] १. टीठलाग्दो हुनु; मायालाग्दो हुनु । २. लोभलाग्दो हुनु; लोभिनु । >**टिठ्याइ**– ना० टिठिने तथा टिठ्याउने भाव, क्रिया वा प्रक्रिया । **टिठ्याइनु**– क० क्रि० टिठिने बनाइनु; टीठलाग्दो पारिनु । **टिठ्याउनु**– प्रे० क्रि० टिठिने पार्नु; लोभलाग्दो बनाउनु; टीठलाग्दो तुल्याउनु ।

**टिन**– ना० [अङ्०] १. राङ, फलाम आदि मिसाई बनाइएको एक प्रकारको मिश्रित धातु । २. त्यसैको ढ्वाङ वा बट्टा ।

**टिनटिन**– ना० [अ० मू० टिन्+अ (द्वि०)] १. ससाना घण्टीहरू बज्दाको आवाज । २. फुर्तिलो चालले टिम्किएर हिँड्ने तरिका; ठिमठिम । क्रि० वि० ३. त्यस्तो आवाज उत्पन्न हुने गरी वा त्यसरी हिँड्ने गरी । >**टिनटिनती**– क्रि० वि० ठिमठिमती ।

**टिनिक टिनिक**– क्रि० वि० [अ० मू० टिनिक्+अ (द्वि०)] टिनटिनती; ठिमठिमती ।

**टिनिक्क**– क्रि० वि० [अ० मू० टिनिक्+क] १. एकदम कसिने चालमा । २. शरीरमा लुगाकपडा आदि साँघुरो हुने गरी; टिमिक्क । वि० ३. कसिएको; कसिलो । ४. साँघुरो ।

**टिनु**– ना० [सं० तीर्ण (फिँजिएको)] कुनै वस्तु वा प्राणीको समूह; हूल; भीड ।

**टिन्चर**– ना० [अङ्० टिङ्क्चर] घाउखटिरा आदिमा वा सुनिएको ठाउँमा लगाइने डाक्टरी झोल औषधी; टिन्चर आइडिन ।

**टिन्न**– ना० [अ० मू० टिन्+न] १. घण्टी आदिको मधुर र द्रुत ध्वनि झिकेर । २. कसिने वा अघाउने गरी ।

**टिप्-नु**– स० क्रि० [टिप्+नु] १. कुनै ठाउँबाट चीजबीज एकएक गरी लिनु; पालैसित एकपछि अर्को झिक्नु । २. रूखबाट फूल वा फलहरू चुँड्नु । ३. एक-एक गरी रौँहरू उखेल्नु । ४. टप्काउनु; उडाउनु । ५. घोडचडीको नियन्त्रणमा नरही घोडा वेगले दौडनु । ६. कुराको प्रसङ्गमा अर्काको कुरा उछिनेर बोल्नु । ७. व्यक्ति वा वस्तुहरूको नाम लेख्नु; टाँक्नु । ८. भनेको तुरुन्तै बुझ्नु । ९. छिटै अनुकरण गर्नु । १०. सिउँदा लामा फड्का मार्नु ।

**टिप१**– ना० [टिप्+अ] १. व्यक्ति वा वस्तुका नाम, सानातिना व्यवहार आदि लेखिएको सानो कागत; टिपोट । २. पोतामा तिर्नुपर्ने एक किसिमको दस्तुर । ३. जन्मेको क्षणको दिन, राशि, नक्षत्र आदि लेखिएको टिपन; जन्मपत्रिका; लग्नकुण्डली । ४. गन्जिफाको खेलमा दुई चक्कीले एक चक्कीलाई जित्ने दाउ । ५. डकर्मी वा वज्रकर्मीले दुई इँटको चेपमा दिने टिपकारीको मसला ।

**टिप२**– ना० [अङ्०] १. यात्री आदिले पथप्रदर्शकलाई वा खान आउनेले होटेलका बेयराहरूलाई दिने बक्सिस । २. कुनै पनि सेवा गरेबापत कसैलाई दिइने अतिरिक्त थप रकम । ३. ट्रक आदि गाडीले एक पटकमा ढुवानी गर्न वा ओसार्न सक्नेजति परिणाम ।

**टिपकार**– ना० [टिप+कार] भित्तो, गाह्रो आदिका इँटका जोर्नीजोर्नीमा वज्र, सिमेन्ट आदि लगाउने काम वा त्यस्तो लगाउने व्यक्ति । >**टिपकारी**– ना० १. टिपकार । वि० २. टिपकार गरिएको वा गर्ने (व्यक्ति) ।

**टिपटप**– ना० [अङ्०] चिटिक्क, चिरिच्याँट्ट ।

**टिपटाप**– ना० [टिप्+टाप] १. छरिएका सानातिना वस्तुहरू टिप्ने काम; टापटिप; टिपनटापन । २. कसैको माल सुटुक्क लिएर जाने काम । >**टिपटापे**– वि० थाहा नदिई उठाएर लाने; चोर ।

**टिपटिप**– ना० [अ० मू० टिप्+अ (द्वि०)] १. थोप्लाथोप्ली पानी पर्दा वा खस्दा आउने शब्द । क्रि० वि० २. त्यसरी शब्द आउने गरी >**टिपटिपे**– वि० १. टिपटिप आवाज निकाल्ने । ना० २. चोली, ब्लाउज, चौबन्दी आदि लगाउँदा छेउछेउमा जडिएको जोल्टिएको टाँक; भालेपोथी टाँक ।

**टिपन**– ना० [सं० टिप्पणी] १. कुनै कामकुराको छोटकरी विवरण । २. जन्मेको दिन, राशि, नक्षत्र आदि लेखेको सानो कागज; छोटकरी चिह्न; जन्मपत्रिका; लग्नकुण्डली । ३. पैसा भुक्तानी गरेको सानो रसिद । ४. स्रेस्ताको टिपोट । – **टापन**– ना० १. कामचलाउ किसिमले तयार पारिएको टिपोट । २. टिप; टिपोट । ३. टिपटाप । ४. सिलोसँगालो; सिलोबालो ।

**टिपाइ**– ना० [√ **टिप्** (+आइ)] १. टिप्ने काम; टिपोट तयारगराइ । २. टिपटाप । [>] **टिपाइनु**– क० क्रि० टिप्ने वा टिपाउने काम गराइनु । **टिपाउनु**– प्रे० क्रि० टिप्ने वा टिपाउने काम गराउनु । **टिपिनु**– क० क्रि० टिप्ने काम गरिनु; एकएक गरी झिकिनु । **टिपुवा**– वि० १. कुनै कुरा टिपेको; टिपोट गरिएको; उतारिएको; उतार गरिएको । २. टिपेर सिएको । ३. क्रमैले एकएक गरी लिइएको । ४. घिउ-तेलमा भुटेको (तरकारी) ।

**टिपेक्स**– [अङ्०] ना० लेखेको अक्षर मेट्न प्रयोग गरिने सेतो रङको द्रव वा लेदो ।

**टिपैटा/टिपैता**– ना० [टिप+ऐटा/ऐता] १. वनजङ्गलका प्रायः पुराना रूख वा काठ सरकारले नै कटानी गरी बिक्री गर्ने काम । २. त्यसरी बेचिने पुराना रूख वा काठ ।

**टिपो**– ना० [टिप्+ओ] टिप्ने काम; अनुकरण; नक्कल ।

**टिपोट**– ना० [टिप्+ओट] १. कुनै कुरा छोटकरीमा लेखिएको लेख; टिपन । २. सङ्क्षेपमा लेख्ने काम; टिपाइ । ३. सिलाइको एक किसिमको ढाँचा ।

**टिप्पणी**– ना० [सं०] १. कठोर र गूढ अर्थको व्याख्या; टीका । २. विशेष कुरा सम्झाउन टिपिने सानो लेख । ३. कुनै व्यक्ति वा विषयका बारेमा प्रकट गरिने विचार; कुनै साहित्यिक कविता, लेख आदिमा गरिने समालोचना । ४. जल्दोबल्दो कुनै घटनाका बारेमा सम्पादकले प्रकट गरेको विचार । ५. सानो चिना; जन्मपत्रिका; टिप्पन । ६. कुनै कुराको ज्ञापन । ७. कुनै कार्यका बारेमा प्रकट गरिने सङ्क्षिप्त विचार; कुनै निवेदनबारे सकारात्मक वा नकारात्मक प्रतिक्रिया लेख्ने आफ्नो ठहरसहित माथिल्लो तहमा स्वीकृतिका लागि पेस गरिने सङ्क्षिप्त लेख । (उदा०– टिप्पणी उठाउन बाँकी रहेकाले निवेदनमा कारबाई हुन बाँकी छ) ।

**टिप्पा**– ना० [टिप्+पा] १. कुनै काम छिटो गराउने ताकिता; तरताकिता; दपेट्ने काम; अति प्रेरणा । २. पर्वतको टुप्पो; चुचुरो; शिखर । ३. काम वा प्रतियोगितामा कसैलाई पारिने पराजय; उछिनाइ ।

**टिप्ला**– ना० [टिप्+ला] खेलको प्रत्येक पटक ।

**टिबटो बर्मन**– वि० [अङ्०] तिब्बतीदेखि बर्मेली भाषिक परिवारसम्मको; भोटबर्मेली ।

**टिबी**– ना० [अङ्०] मन्द ज्वर आइरहने र फोक्सोलाई बिस्तारै माइक्रोब्याक्टेरिया नामक कीटाणुले खतम गरिरहने महारोग; क्षयरोग; राजयक्ष्मा (टयुबरकुलेसिस) ।

**टिभी**– ना० [अङ०] टेलिभिजन; दूरदर्शन ।

**टिमटाम**– वि० [अ० मू० टिम्+अ (द्वि०)] १. बोली, पहिरन, चाल आदिमा छाँटकाँट मिल्ने गरी; चिटिक्क; टामटुम । २. कसिकसाउ वा सजिसजाउ; ठाँटबाँट; तडकभडक । ना० ३. त्यसरी मिल्ने, ठीक हुने वा सजिसजाउ हुने कार्य ।

**टिमिक्क**– क्रि० वि० [अ० मू० टिमिक्+क] १. पहिरनमा कसिकसाउ हुने गरी; ठाँटिलो भएर । २. कसिलो प्रकारले; टम्म । ३. सानोतिनो उन्नतिमा पनि मात्तिने गरी; गमक्क । वि० ४. कसिकसाउ; ठाँटिलो; वा गम्किलो ।

**टिमिलो**– ना० ठूलठूला खस्रा पात र सेतो बोक्रो हुने, काण्डबाट निस्केका लहरामा खनिउँका जस्ता फल लाग्ने एक जातको रूख; त्यसैको फल; अन्जिर; तिमिलो ।

**टिमुर**– ना० परपऱ्याउने सुगन्धी दाना फल्ने, लामालामा पात हुने काँडावाल एक जातको रूख; त्यसैको मरीचजस्तै फल; टिम्मुर । > **टिमुरिनु**– अ० क्रि० १. टिमुरझैँ नीरस हुनु; निचोरिनु । २. टर्रो मिजासको हुनु; टिम्किनु; चम्किनु । **टिमुरे**– ना० १. बस्तुभाउलाई घाँस खुवाइने, दाउरा बाल्दा पड्किने, झन्डै आँपका जस्ता हरिया पात भएको एक वृक्ष । वि० २. टिमुरसँग सम्बन्धित; टिमुरको । ३. नाप्पिएको; सेखीदार; घमन्डी । **टिमुऱ्याइ**– ना० टिमुरिने भाव, क्रिया वा प्रक्रिया । **टिमुऱ्याइनु**– क० क्रि० टिमुरिने पारिनु । **टिमुऱ्याउनु**– प्रे० क्रि० टिमुरिने पार्नु; टर्रो मिजासको बनाउनु । **टिमुऱ्याहट**– ना० टिमुऱ्याइ ।

**टिम्क-नु**– अ० क्रि० [टिमिक्क+नु] १. गर्व वा घमन्डले फुल्नु; निफुल्किनु; गम्कनु । २. टर्रो मिजासको हुनु; टिमुरिनु । ३. अर्कालाई नगन्ने हुनु । ४. टिमिक्क पर्नु । > **टिम्काइ**– ना० टिम्कने भाव, क्रिया वा प्रक्रिया । **टिम्काइनु**– क० क्रि० टिम्कने पारिनु । **टिम्काउनु**– प्रे० क्रि०/स० क्रि० टिम्कने पार्नु । **टिम्किनु**– अ० क्रि० १. टिम्कनु । २. टिमिक्क परिनु ।

**टिम्के**– वि० [टिमिक्क+ए] १. मात्तिएको; बढेचढेको; टिम्किएको । २. टिमिक्क परेको; खूब कसिएको । ~**चोली**– ना० खूब कसिएको वा छाँट परेको चोलो; ब्लाउज ।

**टिम्क्याइ**– ना० [√ **टिम्कि** (+याइ)] टिम्किने भाव, क्रिया वा प्रक्रिया । [>] **टिम्क्याहट**– ना० टिम्किने भाव, क्रिया वा अवस्था; टिम्क्याइ ।

**टिम्बा**– ना० साल, सिसौ, सखुवा आदि कटानी गरी निस्केको मोटो चाक्लो काठ; निदाल, दलिन आदि हाल्न हुने र झ्याल, ढोका, दराज, कुर्सी आदि बनाइने चारपाटा पारी ताछेको ठूलो काठ; टिम्मा । २. जालीभित्र रुवा तगेर बनाइएको सिरक ।

**टिम्म**– क्रि० वि० [टम्म] चट्ट कसिने गरी (शरीरमा लगाएका लुगा मिल्ने किसिम); टम्म; टिमिक्क; टिनिक्क; रिटिक्क । – **टाम्म**– वि० कसिकसाउ ।

**टिम्मा**– ना०हे० टिम्बा ।

**टिम्मुर**– ना०हे० टिमुर ।

**टिरटिर–** ना० [अ० मू० टिर्+अ (द्वि०)] १. कीराफटचाङ्ग्रा आदि कराउँदाको आवाज निस्कने गरी । ना० २. त्यस्तो आवाज वा ध्वनि । > **टिरटिरती–** क्रि० वि० अझै टिरटिर गरेर । **टिरटिरे–** वि० १. टिरटिर आवाज निकाल्ने । ना० २. टुर्रे (सानो हुक्का) ।

**टिर्टिरे–** ना० [टिर्र (द्वि०)+ए] १. टिरटिर । २. पातलो दिसा लाग्ने रोग; पखाला; टुर्रे; टिर्री । वि० ३. त्यस्तो रोग लागेको; छेरुवा; टुर्रे ।

**टिर्र–** क्रि० वि० [अ० मू० टिर्+र] १. पातलो पदार्थ (दिसा, पानी इ०) वेगले झर्ने गरी; टिर्री लाग्ने चालले । २. ससाना कीरा कराउँदाको झैँ ध्वनि निकालेर । ना० ३. त्यसरी झर्दा वा कराउँदा उत्पन्न हुने ध्वनि । ~ **टिर्र–** ना० लगातार टिर्र ध्वनि निस्कने गरी ।

**टिर्री१–** ना० [टिर्र+ई] १. पातलो दिसा; पखाला; टिर्टिरे ।

**टिर्री२–** ना० [टर्रो] कुनै कुरामा गरिने जिद्दी; टेक; अभिमान; सेखी; टठ । > **टिर्रीवाल–** वि० घमन्डी; टेकी; अभिमानी; सेखीवाल ।

**टिर्याइ–** ना० [√ **टिर्याउ** (+आइ)] टिर्याउने वा पातलो दिसा गराउने क्रिया-प्रक्रिया । > **टिर्याइनु–** क० क्रि० तुर्को, टिर्री आदि झारिनु; पातलो दिसा गरिनु ।

**टिर्याउनु–** स० क्रि० [टिर्री+याउ+नु] १. पखाला निकाल्नु; पातलो दिसा गर्नु; छेर्नु । २. तुर्क्याउनु ।

**टिल–** वि० [अ० मू०] १. जाँड, रक्सी बढी खाएर मात्तिएको; टुन्न भएको । २. अघाएको । ना० ३. भाँडाकुँडा, नाउ आदिको बिट । > **टिलटिल–** क्रि० वि० पूरै टिल हुने गरी । २. घाउखटिराको फोको पीप भरिएर फुट्लाजस्तो हुने गरी । **टिलटिलती–** क्रि० वि० १. भरिने वा अघाउने गरी । २. टिलटिल भएर ।

**टिलपिल–** क्रि० वि० [अ० मू० टिल्+अ+सं० पील्] १. पानी आदि भाँडामा पोखिने हालतमा पुगुन्जेल; बिटसम्म भरिएर; टलपल । २. बत्ती आदि बल्दा मधुरो भएर वा निभ्ने-निभ्ने छाँटले ।

**टिलिक्क–** क्रि० वि० [अ० मू० टिल् > टिलिक्+क] झल्कने, उज्यालो दिने वा चमक दिने किसिमले ।

**टिलो–** ना० १. मरेका दिनदेखि दस दिनसम्म ढिकुरामा गरिने श्राद्धमा चढाइने फलामको दक्षिणा वा भेटी । २. रुपियाँपैसा, सामान आदि (निन्दार्थ वा क्षुद्रार्थमा) ।

**टिल्ल–** क्रि० वि० [अ० मू० टिल्+ल] १. टिल हुने गरी (खाने किसिम) । २. टिलिक्क । > **टिल्लिनु–** अ० क्रि० १. बढी खाना खाएर पेट उक्सिनु; बेसी खाएर पेट टुन्न हुनु; जेलिनु; टुन्निनु । २. शरीरको कुनै अवयव फुल्नु; सुन्निनु ।

**टिल्लो–** ना० [सं० तीर] १. तोकिएको चौघेरा । २. पहाड आदिको थुम्को वा ढिस्को ।

**टिल्याइ–** ना० [√ **टिल्लि** (+याइ)] टिल्ल हुने वा टिल्लिने क्रिया-प्रक्रिया । [>] **टिल्याइनु–** क० क्रि० टिल्ल तुल्याइनु । **टिल्याउनु–** स० क्रि०/प्रे० क्रि० टिल्ल हुन्जेलसम्म खानु; पेट टुन्न पार्नु ।

**टिसी–** ना० [टुसो] स्त्रीयोनिको भित्र माथिल्लो भागमा र पशुयोनिको तल्लो भागमा हुने कामोत्तेजक मांसतुण्ड; भगको टुँडो; भगनासिका; नारी वा पोथी जातिको मणि ।

**टीका–** ना० [सं०] १. कुनै पद, पदावली, वाक्य, अनुच्छेद र ग्रन्थहरूको अर्थ स्पष्ट गरी लेखिएको व्याख्या; अर्थ; भाष्य । २. निधारमा लगाइने चन्दन, अबिर, सिँदूर आदि; टिको; तिलक । ३. थोप्लो । ४. दाग । ५. माई आदि रोगका विरुद्ध पहिले नै गरिने खोप । **– कार–** ना० कुनै ग्रन्थको टीका वा भाष्य लेख्ने व्यक्ति; व्याख्याकार । **– को पाइतो–** ना० विजयादशमीका दिन गरिने प्रस्थान । **– को साइत–** ना० सबैभन्दा असल वा राम्रो साइत । **– टिप्पणी–** ना० चर्चापरिचर्चामा आएका विषयको गुण-दोष छुट्ट्याउने काम; आलोचना; चर्चा । ना० २. साना-ठूला टीकाको समूह ।

**टीठ–** ना० हे० टिठ । **– लाग्दो–** वि० हे० टिठ लाग्दो ।

**टी० बी०–** ना० [अङ्०] टिबी रोग; क्षयरोग ।

**टुँडाल–** ना० [नेवा० तुनासिँ] घर बनाउँदा गारामा टेकाइ छड्के पारी राखिने पानीबलो अड्याउने काठ ।

**टुँडिखेल–** ना० [नेवा० तुनिख्यल] १. काठमाडौँको रत्नपार्कदेखि तोपघरसम्मको खुला मैदान । २. सिपाहीले कवाज खेल्ने चाक्लो मैदान (परेडग्राउन्ड) ।

**टुँडे–** ना० [टुँडो+ए] १. बाली लगाइसकेको बारीमा फेरि जोत्दा बाली खान नदिनका लागि गोरु, पाडा आदिका मुखमा लगाइने पेरुङ्गो; मोहला । वि० २. लामालामा टुँडा हुने; झुसे । ३. मुखाले; थुतुने ।

**टुँडेसो–** ना० [टुँडो+एसो] १. दूध खाँदैका बाछाबाछी वा पाडापाडीलाई माउसँग छोड्दा दिउँसो दूध खान नपाओस् भनी मुखमा दुईचुच्चे डन्डी हाली बाँधिने उपकरण । २. (रिस वा झोक पोख्ने अर्थमा) तरल पदार्थ खाने काम (उदा०– केटाकेटीलाई पनि कति टुँडेसो लाइरहनुपर्ने हो !) ।

**टुँडो–** ना० [सं० तुण्ड] १. गहुँ, जौ, धान आदिमा हुने झुस । २. मुख लागेर बोल्नेको मुख; चोथो । ३. चुच्चो । ४. कलमका टाँकाको टुप्पो ।

**टुइँ–** ना० [अ० मू०] कोमल ठाउँमा परेको सानो प्वाल (मलद्वार आदि) बाट हावा छिर्दा निस्कने ध्वनि ।

**टुइँक-नु/टुइँकि-नु–** अ० क्रि० [अ० मू० टुइँक् (इ)+नु] लमलम हिँड्नु; फटाफट गोडा चाल्नु; टुइँटुइँती हिँडनु । २. मर्नु; बेपत्ता हुनु; सुइँकनु ।

**टुइँके–** वि० [टुइँक्क+ए] १. टुइँक्क परेर हिँड्ने । २. टुइँक्क आवाज आउने । ~ **हाड–** ना० नितम्बको हाड ।

**टुइँक्क**– क्रि० वि० [अ० मू० टुइँक्+क] १. टुइँकिने किसिमले । २. 'टुइँ' ध्वनि उत्पन्न हुने गरी । ३. वेगपूर्वक; टुइँय्य; सुइँय्य ।

**टुइँक्याइ**– ना० [√ **टुइँकि** (+याइ)] टुइँकिने क्रिया वा प्रक्रिया । [▷] **टुइँक्याइनु**– क० क्रि० टुइँकिने पारिनु । **टुइँक्याउनु**– स० क्रि० १. टन्न कसेर सुर्क्याउनु; कसेर बाँध्नु । २. मुर्दालाई दाहसंस्कारका लागि मसानघाटमा लैजानु । ३. अपानवायु छाड्नु । ४. लिनुपर्ने कुरो जोरजुलुम गरेर उठाउनु; धडयाउनु । ५. भगाउनु । **टुइँक्याहट**– ना० टुइँक्याइ ।

**टुइँटुइँ**– ना० [अ० मू० टुइँ (द्वि०)] १. बडो फुर्तीसाथको हिँडाइ; फटाफटी; लमलमी । २. टन्क्याएर बाँध्ने तरिका । ३. अपानवायु आदि लगातार निस्कँदा सुनिने आवाज । ४. लाम्खुट्टे आदि कराउँदाको ध्वनि । क्रि० वि० ५. त्यस्तो हिँडाइ, तरिका वा ध्वनि उत्पन्न हुने गरी । > **टुइँटुइँती**– क्रि० वि० त्यसरी अझ छिटो हिँड्दै, बाँध्दै वा ध्वनि निकाल्दै ।

**टुइँय्य**– क्रि० वि० [अ० मू० टुइँ+य] टुइँको आवाज एकै खेपमा आउने गरी; टुइँक्क ।

**टुइल**– ना० [अङ्० ट्विल] खेसको बुनोटजस्तो गरी बुनिएको बाक्लोबाक्लो, नरम सूती कपडा ।

**टुक१**– ना० [सं० स्तोक] १. टुक्रो । २. कडा वस्तुलाई हिर्काउँदा वा बालकले भुईंमा कुल्चँदा उत्पन्न हुने मसिनु आवाज ।

**टुक२**– ना० [सं० तुङ्ग] कुनै वस्तुलाई जोखतौल वा भर्ने कामको ठीक परिमाण; टुकनी ।

**टुकटुक**– क्रि० वि० [अ० मू० टुक्+अ (द्वि०)] १. कडा वस्तुलाई लगातार हिर्काउँदै । २. टुकुटुकु; टुकुरटुकुर । ना० ३. धेरै टुक्राको समुदाय; टुक्राहरूका रूपमा भएको विखण्डन । > **टुकटुकती**– क्रि० वि० १. टुकुटुकु । २. टुक्रा-टुक्रा हुने गरी । ३. टुकको ध्वनि उत्पन्न हुने गरी ।

**टुकडा**– ना० [सं० स्तोक] १. टुक्रा; खण्ड । > **टुकडी**– ना० १. फौजहरूको ससानो एकाइ वा विभाग; सानो सैनिकदल । २. ससानो टुक्रो । **टुकडो**– ना० ठोस पदार्थको सानो भाग; टुक्रो ।

**टुकिचा**– ना० [नेवा०] नेवार समुदायमा प्रचलित एक प्रकारको गहना ।

**टुकी१**– ना० [ट्वाक] मट्टीतेलको बत्ती बाल्ने माटो, टिन आदिको सानो भाँडो; बत्ती बाल्ने डिबिया; ढिब्री; कुपी ।

**टुकी२**– ना० [नेवा० तुकी] नेवारजातका स्त्रीहरूले कानमा लहरै लाउने सुनको एक प्रकारको गहना ।

**टुकुँचा**– ना० [नेवा० तुकुँचा] दुई पाखाको छानाको जोर्नीमा उत्तानु पारी राखिने डुँडका आकारको झिँगटी ।

**टुकुचा**– ना० [नेवा० तुकुँचा] काठमाडौँ सहरमा बागबजारनजिक भएर बग्ने सानो नदी; इक्षुमती ।

**टुकुटुकु/टुकुनटुकुन**– ना० [√ **टुकटुक**] १. बालकहरूको भर्खर हिँड्न लाग्दाको हिँडाइ; टुकुरटुकुर । क्रि० वि० २. (साना बालक हिँड्दा) लडिएला कि जस्तो गरेर ।

**टुकुनी**– ना० [टुक+उनी] १. एक पाउको तौल । २. पाँच मुठी वा आधा मानु अन्न, तेल आदि भर्ने भाँडो । ३. तौलमा एक पाउ वा आधा मानाको परिमाण । वि० ४. पाउभरिको । ५. आधा मानो ।

**टुकुरटुकुर**– ना०[√ टुकटुक] १. हे० टुकुटुकु; टुकुनटुकुन । २. क्रि०वि० लडिएला कि जस्तो गरेर, बच्चाले बल्लतल्ल हिँडेजस्तो गरेर; टुकुटुकु ।

**टुक्का**– ना० [टुक्रो] १. कुनै कविता वा गीतको सानो अंश; पाउको अन्तिम भाग । २. कविता वा गीतको दुईदुई चरणको अन्तिम शब्द वा शब्दको फाँकी मिलाउने काम; अन्त्यानुप्रास । ३. अभिव्यञ्जनापूर्ण टुक्रे वाक्य वा वाक्यांश; मुहाबरा । (उदा०– कन्सिरी तात्नु; मुख लाग्नु, नाक काट्नु इ०) । ~ **जोर्नु**– टु० टुक्का मिलाउनु ।

**टुक्की**– ना० [था०] थारूजातिका नारीहरूले नाकमा लगाउने सानो फूली ।

**टुक्रा**– ना० [टुक्रोको ति० रू०] कुनै ठोस पदार्थको सानो भाग; अंश; ससाना कण । ~ **टाक्री**– ना० ससाना टुक्राहरूको समूह; खेतबारीका ससाना भाग (उदा०– यसपालि गैह्री खेतका टुक्राटाक्री बेच्नुपरेको छ) ।

**टुक्रि-नु**– अ० क्रि० [टुक्रो+इ+नु] कुनै ठोस वस्तु फुटेर टुक्राटुक्रा हुनु; ससानो भाग हुने गरी फुट्नु वा छुट्टिनु ।

**टुक्रुक्क**– क्रि० वि० [अ० मू० टुक्रुक्+क] बस्दा दुई खुट्टा र चाकले मात्र भुइँ छुने गरी; बस्दा उड्केला मारेर बस्ने किसिमले ।

**टुक्रो**– ना० [सं० स्तोक] १. कुनै ठोस वस्तुबाट छुट्टिएको सानो भाग; अंश; टुकडा । वि० २. छुट्टिएको; टुक्रिएको; खण्डित ।

**टुक्र्याइ**– ना० [√ **टुक्रि** (+याइ)] टुक्रो पार्ने वा टुक्रो हुने क्रिया-प्रक्रिया । [▷] **टुक्र्याइनु**– क० क्रि० टुक्रामा परिणत गराइनु । **टुक्र्याउनु**– प्रे० क्रि० टुक्रा-टुक्रा पार्नु; खण्डित तुल्याउनु ।

**टुखल**– ना० [नेवा० तुखल] उखु पेलेर रस निकालेपछि बाँकी रहेको छोक्रा; खोइलो ।

**टुङ**– ना० वानर, सुगा आदिबाट खेतबारीको बालीनाली नोक्सान हुन नदिन रेखदेखका लागि कुरेर बस्ने अग्लो मचान वा टाँड; यस्तै कामका लागि बनेको अग्लो छाप्रो वा ठाँटी; टहरो ।

**टुङ्गि-नु**– अ० क्रि० [टुङ्गो+इ+नु] १. कुनै कामकारबाईको टुङ्गो लाग्नु; किनारा लाग्नु; निधो हुनु । २. सिद्धिनु; सकिनु; समाप्त हुनु ।

**टुङ्गो**– ना० [सं० टुर्ग] १. कुनै मुद्दा वा घरव्यवहारको समाप्ति; कुनै काम वा कुराको निधो; निर्णय । २. निश्चित अवधि; सीमा; हद । ३. तोकिएको स्थान वा समय; म्याद । ४. ठेगाना; पत्ता ।

**टुङ्ग्याइ**– ना० [√ **टुङ्गि** (+याइ)] १. टुङ्गो लाग्ने वा टुङ्ग्याउने क्रियाप्रक्रिया । [टुङ्ग्याउ+आइ] २. टुङ्ग्याउने क्रिया वा प्रक्रिया । [▷] **टुङ्ग्याइनु**– क० क्रि० टुङ्गो लगाइनु; समाप्त गरिनु । **टुङ्ग्याउनी**– ना० समाप्ति; उपसंहार । **टुङ्ग्याउनु**– स० क्रि०

१. टुङ्गो लगाउनु; निधो हुने पार्नु । २. समाप्त गर्नु; सिद्ध्याउनु ।

**टुङ्ना–** ना० [अ० मू० टुङ+ना] आकारमा सारङ्गीजस्तो, चारवटा रेसमका तार जेलिएको, भ्यागुता वा भेडीका छालाले मोरेको र नक्खी वा जवाले बजाइने, प्रायः लामा, सेर्पा, तामाङ र गुरुङजातिमा प्रचलित लोकबाजा ।

**टुट्-नु–** अ० क्रि० [टुट्+नु] १. कुनै ठोस वस्तु टुक्रिनु; भाँचिनु । २. फुट हुनु; अलग्गिनु; छुट्नु । ३. रोकिनु; बन्द हुनु । ४. सम्बन्ध आदिको विच्छेद हुनु । > **टुट–** ना० टुट्ने काम । **टुटफुट–** वि० टुटेफुटेको; टूटफूट । **टुटाइ–** ना० टुट्ने क्रिया वा प्रक्रिया । **टुटाइनु–** क० क्रि० टुट्ने तुल्याइनु । **टुटाउनु–** प्रे० क्रि०/स० क्रि० १. टुटाउनु; छोड्न लगाउनु । २. भाँच्नु; तोड्नु । **टुटिनु–** क० क्रि० छोडिनु; त्यागिनु ।

**टुट–** वि० [सं० त्रुट] १. फुटेको; टुटेको; छुटेको; टुट । ना० २. घाटा; टुट्टा; डचाक; नोक्सान । > **टुट फुट–** वि० १. टुटेफुटेको; भत्केबिग्रेको; नोक्सान । २. छुटफुट ।

**टुटिलो/टुटिल्को–** ना० ठोकिएर वा आघात परेर निधार वा टाउकामा उठेको फोको; टुटिल्को; टुटुल्को ।

**टुटी–** ना० [सं० त्रोटि] १. करुवा, कमण्डलु, झारी आदिको पानी खसाल्ने सानो टुटो; धातुको नालाबाट ल्याइएको धाराको टुटो । ~ **झारो–** ना० १. चौरमा उम्रने दूबोजस्तो एक थरी झार । वि० २. ज्यादै निम्छरो; नाजुक । ~ **धारो–** टुटीवाल धारो; टुटी भएको धारो ।

**टुटे–** वि० [टुटी+ए] १. टुटी भएको; टुटीवाल ।

**टुटो–** ना० [टुटी+ओ] करुवा, झारी, टाँपो आदि भाँडाबाट पानी चुहाउन जडिएको सानो नली; त्यसैको टुप्पो । २. कलधाराको मुखैमा पानी खोल्ने र बन्द गर्ने चुकुल भएको पानी चुहुने भाग ।

**टुट्टा–** ना० [सं० टुट्+आ] १. व्यापारव्यवसायमा बेहोर्नुपर्ने नोक्सानी; घाटा; डचाक; हानि ।

**टुना–** ना० [सं० धून (=कामेको)] १. कुनै व्यक्तिलाई आफ्नो वशमा लिन गरिने झारफुक वा तन्त्रमन्त्रको प्रयोग; मोहिनी; अभिचार-क्रिया । ~ **मुना/मुहुनी–** ना० वशमा पार्न गरिने टुनामोहनीको प्रयोग; अभिचारसम्बन्धी काम ।

**टुनाल–** ना० [नेवा० तुनासिँ] हे० टुँडाल ।

**टुनी–** ना० [सं० तुणी] १. ससाना पात हुने, सेता झुप्पे फूल फुल्ने र हर्रोजस्तो फल फल्ने एक वृक्ष; त्यसै वृक्षको फल । २. बाजा आदि बनाउन प्रयोग हुने र सुरिलो स्वर निस्कने त्यसैको काठ ।

**टुनेमुने–** वि० [टुना+ए+मुहुनी+ए] १. टुनामुना गर्ने । ना० २. धामी । ३. बोक्सी ।

**टुनेसो–** ना० ससाना बाछाबाछी आदिले माउसँग चरनमा जाँदा दूध नचोरून् भनी नाकको डाँडीमास्तिर चोके पारेर बाँधिने काठ ।

**टुन्टे–** वि० [टुटी+ए] १. हात काटिएको; एकहाते; ठुटे । ना० २. पुरुषेन्द्रिय (निन्दा वा गालीको अर्थमा) ।

**टुन्न–** क्रि० वि० [अ० मू० टुन्+न] १. खाँदा असाध्यै पेट उक्सिने गरी; टन्न; टिल्ल । २. खूबसित ढाडिने वा फुल्ने गरी । > **टुन्निनु–** अ० क्रि० १. सामान्यभन्दा बढी खाएर पेट उक्सनु; टिल्ल हुनु; डेलिनु । २. पेट ढाडिनु; फुल्नु । **टुन्न्याइ–** ना० पेट टुन्न हुने क्रिया वा किसिम । **टुन्न्याउनु–** स० क्रि० पेट टुन्न पार्नु; टिल्ल्याउनु ।

**टुन्याहा–** वि० [टुना+याहा] १. टुनामुना गर्न सिपालु; टुना गर्ने; मुहुनी लगाउने । २. तन्त्रमन्त्र गरेर अरूलाई दुःख पुऱ्याउने ।

**टुपिन–** ना० [अङ्०] विद्युत्तरङ्गलाई जोड्ने वा छुट्ट्याउने दुईचोसे प्लक ।

**टुपी–** [टुपो+ई] वैदिक विधिअनुसार शिरमा प्रायः गोपुच्छप्रमाणको नखौरी राखिएको रौँको समूह; शिखा; चूडा; टुप्पी । ~ **कट्टा–** ना० १. टुपीसमेत खौरेर सन्न्यासधर्म लिएको व्यक्ति (सन्न्यासी, जोगी इ०) । वि० २. टुपीसमेत खौरेको; टुपी काटेको; टुपी नभएको ।

**टुपुक्क–** क्रि० वि० [अ० मू० टुपुक्+क] १. एक्कासि देखा पर्ने गरी; टुप्लुक्क । २. हल्कासँग भुईंमा बस्ने गरी; टकक्क; थुपुक्क । ३. टिप्ता हलुङ किसिमले चुँडिने वा हातमा आउने गरी; टपक्क ।

**टुपुटुपु–** क्रि० वि० [अ० मू० टुप्+उ (+द्वि०)] १. टिप्ने बेलामा फलफूल आदि धमाधम हातमा आउने गरी; टपटप । २. चुहुँदा थोपाथोपा झर्ने गरी; तपतप; तुपुतुपु ।

**टुप्पा–** ना० [टुप्पोको ति० रू०] हे० टुप्पो । ~ **टुप्पी–** ना० सानातिना हाँगाबिँगा र टुप्पा आदिको समूह; टुप्पाहरूको थुप्रो ।

**टुप्पि-नु–** अ० क्रि० [टुप्पो+इ+नु] १. टुप्पामा पुग्नु; टुप्पोसम्म छुनु । २. हलक्क बढेर हदैसम्म पुग्नु; बेसरी सप्रिनु । ३. धन, मान, इज्जत आदिको मदले मात्तिनु; चढेबढेको हुनु; पहिले बीचैमा टप्केर हुनेखाने भई घमन्डी हुनु ।

**टुप्पी–** ना०हे० टुपी; शिखा; चूडा ।

**टुप्पो–** ना० [सं० स्तूप] १. लामो आकारको ठोस वस्तुको माथिल्लो अंश; अग्रभाग । २. कुनै रूखको आकाशतिर चुलिएको भाग । ३. पहाडको चुली; टाकुरो; शिखर । वि० ४. टुप्पिएको; मास्तिर बढेको ।

**टुप्प्याइ–** ना० [√ **टुप्पि** (+आइ)] टुप्पिने क्रिया वा प्रक्रिया; टुप्पामा पुग्ने काम । [>] **टुप्प्याइनु–** क० क्रि० टुप्पिने पारिनु; टुप्पामा पुऱ्याइनु । **टुप्प्याउनु–** प्रे० क्रि० टुप्पिने पार्नु; टुप्पामा पुऱ्याउनु । **टुप्प्याहट–** ना० टुप्पाइ ।

**टुप्लुक्क–** क्रि० वि० [अ० मू० टुप्लुक्+क] १. अकस्मात् देखिने वा देखा पर्ने गरी; एकाएक आइपुग्ने चालमा । २. अनायास भेट हुने गरी; जम्काभेट भएर । > **टुप्लुक्किनु–** अ० क्रि० एकाएक आइपुग्नु; टुप्लुक्क आइपुग्नु ।

**टुम**– ना० [टुङ्गो] गिर खेलमा गोल हुने ठाउँ वा टुङ्गो; गिर खेलको गोल ।

**टुमुक्क**– क्रि० वि० [अ० मू० टुम् >टुमुक्+क] १. लुगा, कपडा मिलेर छरितो गरी; टम्म; टिमिक्क । २. छाँट मिल्ने किसिमले; चिटिक्क ।

**टुमेगिर**– ना० [टुम+ए+गिर] टुम कटाई खेलिने एक किसिमको गिर खेल ।

**टुमौटे१**– ना० [तमौटे] तामो धातुको कारोबार गर्ने व्यक्ति; तमौटे ।

**टुमौटे२**– वि० [टुमटुम+औटे] १. कन्जुस स्वभावको; सानो चित्त भएको । २. छोटो व्यवहार गर्ने; किफायती ।

**टुम्को**– ना० [थुम्को] १. निश्चित सीमा; तोकिएको अवधि । २. सम्म परेको ठाउँबीच केही चुलिएको भूभाग; सानो पहाड; थुम्को ।

**टुम्म**– क्रि० वि० [अ० मू० टुम्+म] हे० टम्म ।

**टुर्र**– ना० [अ० मू० टुर्+र] १. तमाखु खाँदा हुक्काभित्रको पानीबाट आवाज निस्कने गरी; ट्वार्र; टिर्र । २. त्यस्तै समान परिस्थितिमा ध्वनि वा आवाज निकाल्दै । ३. बाँध्दा कसिलो हुने गरी । >**टुर्रिनु**– अ० क्रि० १. कसेर बाँधिनु; कसिनु । २. पखाला चल्नु । ३. तुर्किनु । **टुर्रे**– वि० १. पानीजस्तो झोल भएको; पन्यालो । २. टुर्र आवाज गर्ने (नरिवलको सानो हुक्का) । **टुर्रो**– ना० १. तरकारी दाल आदिको पातलो झोल; बेस्वादको पानीजस्तो रस । २. सानो हुक्का; टुर्रे हुक्का । **टुर्र्याइ**– ना० १. टुर्र हुक्का तान्ने क्रिया । २. तुर्क्याइ । **टुर्र्याइनु**– क० क्रि० १. टुर्र तुल्याइनु; कसिलोसँग बाँधिनु । **टुर्र्याउनु**– स० क्रि० टुर्र आवाज निस्कने गरी हुक्का गुडगुडाउनु; तमाखु खानु । **टुर्र्याहट**– ना० टुर्र्याउने क्रिया वा अवस्था ।

**टुलटुल**– क्रि० वि० [अ० मू० टुल्+अ (द्वि०)] एकटक लाएर हेर्ने किसिमले; एकोहोरो कसैको मुख हेरिरहेर । >**टुलटुलती**/**टुलटुली**– क्रि० वि० १. अझै टुलटुल हुने गरी; एकटक लाएर हेरिरहने किसिमले; क्वारक्वारती । २. आशा वा दयनीय भावनाले एकोहोरो हेरिरहेर; पुलुपुलु ।

**टुलबक्स**– ना० [अङ् स्टुलबक्स] मोटर गाडी आदिका औजार वा ज्याबल राख्ने सानो बाकस ।

**टुलुक्क**– क्रि० वि० [अ० मू० टुलुक्+क] एकै दृष्टिमा हेर्ने गरी; एकपल्ट मात्र हेर्ने किसिमले; पुलुक्क ।

**टुल्के**– वि० [अ० मू० टुल्+के] १. टुलुटुलु हेरिरहने; एकटक लाएर हेर्ने । २. आसे ।

**टुल्ल**– क्रि० वि० [अ० मू० टुल्+ल] १.टोलाएर वा एकनाससित हेर्ने गरी; ट्वाल्ल । वि० २. हेरेको हेर्‍यै भएको; जिल्ल; वाल्ल ।

**टुसा**– ना० [टुसोको ति० रू०] हे० टुसो ।

**टुसाइ**– ना० [√ **टुसाउ** (+आइ)] टुसाउने क्रिया वा प्रक्रिया । [>] **टुसाइनु**– अ० क्रि० टुसो निस्किनु; टुसा हालिनु ।

**टुसाउनु**– अ० क्रि० [टुसो+आउ+नु] १. कुनै बोटबिरुवाले टुसो हाल्नु; अङ्कुराउनु ।

**टुसाल**– ना० [नेवा० तुसाल] १. उखु पेल्ने मेसिन वा यन्त्र । २. सो मिसिन भएको ठाउँ; रसेटो ।

**टुसुक्क**– क्रि० वि० [अ० मू० टुसुक्+क] १. दुई गोडा र चाकको भरले बिस्तारै भुइँमा बस्ने गरी । २. टुसा वा अङ्कुर फुट्ने वा पलाउने गरी ।

**टुसो**– ना० १. बोटबिरुवा, अन्न आदिको भर्खरै उम्रेको कलिलो मुनु; अङ्कुर; पिपिरो । २. निगालो, बाँस आदिको भर्खरै उम्रेको, तरकारी खाइने मुनु ।

**टुस्स**– क्रि० वि० [अ० मू० टुस्+स] हे० टुसुक्क ।

**टुहुरि-नु**– अ० क्रि० [टुहुरो+इ+नु] १. टुहुरो हुनु; अनाथ बन्नु ।

**टुहुरो**– वि० [सं० तुवर] १. आमाबाबु मरेको; कुनै संरक्षक नभएको; टोके । २. कुनै सहाय नभएको; अनाथ; बिचरो । स्त्री० टुहुरी । – **टिङ्गरो**– वि० आमाबाबु नहुनाले अरूको शरण पर्न विवश भएको । स्त्री० टुहुरीटिङ्गरी ।

**टूट**– वि० हे० टुट । ~**फूट**– वि० हे० टुट फुट ।

**टेक्-नु**– स० क्रि० [टेक्+नु] १. कुनै आधारमाथि गोडा अडयाउनु; कुल्चनु; खुट्टा हाल्नु; पाउ राख्नु । २. कुनै आधार वा प्रमाणलाई समात्नु । ३. कसैको आधार लिनु; आडभरोसा लिनु ।

**टेक**– ना० [सं० टेकन] १. कुनै कुरामा गरिने जिद्दी; हठ; ढिपी; आग्रह । २. गर्व; अभिमान । ३. गीतका टुक्राहरूपछि दोहोर्‍याइने आरम्भिक चरण वा पङ्क्ति; गीतको स्थायी बोल ।

**टेकन**– ना० [सं०] १. अड्ने आधार; टेको; आड; टेवा । २. बिसौना ।

**टेकाइ**– ना० [√ **टेक्** (+आइ)] टेक्ने क्रिया वा प्रक्रिया । [>] **टेकाइनु**– क० क्रि० टेक्ने गराइनु । **टेकाउनु**– प्रे० क्रि० टेक्ने तुल्याउनु; टेक्न लगाउनु । **टेकिनु**– अ० क्रि० १. टेक्ने हुनु; खुट्टा हालिनु । स० क्रि० २. कुल्चिनु ।

**टेकी**– वि० [टेक+ई] १. जिद्दीवाल; टेक गर्ने; हठी; ढिपीवाल । २. सेखीवाल; घमन्डी; अभिमानी । ना० ३. पहिलेका युवतीहरूले कम्मरमा बाँध्ने तीनकुने लुगा ।

**टेकुवा**– ना० [टेक्+उवा] खाँबो; टेको ।

**टेको**– ना० [टेक+ओ] १. थाममन्तिर राखिने ढुङ्गो वा काठ । २. कुनै वस्तुलाई अड्याउने (काठ, बाँस आदिको) टेवा । ३. बिसौनी । ४. गीतको अन्तरा ।

**टेङ्ग्रा**– ना० [मै०] एक जातको माछो ।

**टेठो**– ना० बाँसका वा काठका कीलाहरू ठोक्ने काठको मुङ्ग्रो; खुँटा गाड्ने काठको मुङ्ग्री ।

**टेढि-नु**– अ० क्रि० [टेढो+इ+नु] १. सीधा नहुनु; बाङ्गिनु; टेढो हुनु । २. रिसाउनु; चिढिनु ।

**टेढो**– वि० [सं० टेढ] १. सोझो नभएको; बाङ्गो; डेउढो; वक्र । २. नमिल्ने प्रकृति भएको; कुटिल; अचाडू । – **मेढो**– वि० बाङ्गोटिङ्गो ।

**टेढ्याइ**– ना० [√ **टेढि** (+याइ)] टेढो हुने वा टेढिने क्रिया-प्रक्रिया । [> ] **टेढ्याइनु**– क० क्रि० टेढो पारिनु; बाङ्गोटिङ्गो तुल्याइनु । **टेढ्याउनु**– प्रे० क्रि० १. टेढो पार्नु; बाङ्गोटिङ्गो तुल्याउनु । २. रिसाउने पार्नु; चिढ्याउनु ।

**टेनिस**– ना० [अङ्०] रबरको सानो बललाई जालीदार ब्याट वा डन्डाले हानेर खेलिने एउटा खेल ।

**टेन्डर**– ना० [अङ्०] कुनै कार्यालय वा संस्थाको कार्यविवरणसहितको मागअनुसार ठेक्कामा काम गर्न वा तोकिएको मालसामान दिन कबुल गरिने दर-रेटसहितको निवेदन; बोलपत्र; निविदा । – **दाता**– वि० १. टेन्डरवाला । ना० २. बोलपत्रको निवेदन दिने व्यक्ति ।

**टेप**– ना० [अङ्०] १. ध्वनितरङ्गलाई यन्त्रद्वारा समातेर चाहिएको बखत सो ध्वनि निकाल्न सक्ने लामो फित्ता । २. फित्ता । ~ **रिकर्डर / रिकाट**– ना० ध्वनिलाई टेपमा भर्ने यन्त्र वा साधन ।

**टेपो / टेप्रो**– ना० पुरुषेन्द्रियको अग्रभाग; लिङ्गको टुप्पो; लिङ्गको मणि ।

**टेबुल / टेबिल**– ना० [अङ्०] कुर्सी आदिमा बसी सामान्य लेखपढ, भोजन, काम आदि गर्न मिल्ने एक खास प्रकारको खटिया । ~ **गफ**– ना० टेबुलको वरिपरि बसेर गरिने कुराकानी वा बहस । ~ **घडी**– ना० टेबुलमाथि राखिने मझौला घडी । ~ **टेनिस**– ना० टेबुलमा खेलिने टेनिस खेल । – **पोस**– ना० शोभाका लागि टेबुलमाथि बिछ्याइने कपडा; टेबुलमाथि राखिने तन्ना । ~ **पात्रो**– ना० टेबुलमाथि राखिने आवश्यक कुराको सम्झौटो लेख्नसमेत हुने एक खालको पात्रो ।

**टेर्-नु**– स० क्रि० १. भनेको वा अह्राएको कुरा मान्नु; आज्ञापालन गर्नु । २. अदबमा रहनु; अनुशासित हुनु । ३. वास्ता गर्नु ।

**टेर**– ना० [टेर्+अ] १. पत्याउने वा टेर्ने काम; आज्ञापालन । २. अपेक्षा; वास्ता; परवाह । ३. अनुशासन; नियमपालन; अदब । ~ **पुच्छर**– ना० मानमर्यादा; वास्ता; परवाह ।

**टेराइ**– ना० [√ **टेर्** (+आइ)] टेर्ने कार्य वा किसिम । [> ] **टेराइनु**– क० क्रि० टेर्ने पारिनु । **टेराउनु**– प्रे० क्रि० टेर्ने पार्नु ।

**टेरिउल**– ना० [अङ्०] टेरिलिन र ऊन मिसिएको प्रायः कोट, पाइन्ट सिइने दामी कपडा ।

**टेरिकटन**– ना० [अङ्०] टेरिलिन र सूती कपडा मिसिएको प्रायः कमिज आदि बनाइने दामी कपडा ।

**टेरिलिन**– ना० [अङ्०] एक प्रकारको मिश्रित पदार्थबाट निर्मित तन्तु र त्यसबाट तयार कपडा ।

**टेलर**– ना० [अङ्० ट्रेलर] १. कहीँ यात्रा गर्दा वा माल ढुवानी गराउँदा ट्र्याक्टर, जिप आदिको पछाडि जोडेर लगिने दुई पाङ्ग्रे डिब्बा; ट्रेलर । २. कपडा सिउने पसल ।

**टेलिग्राफ**– ना० [अङ्०] कुनै ठाउँबाट अर्को ठाउँमा बिजुलीको सहायताले जरुरी खबर पुऱ्याउने साधन; आकाशवाणी (आ० वा०); तार ।

**टेलिग्राम**– ना० [अङ्०] आकाशवाणीद्वारा पठाइएको खबर; तारबाट प्राप्त सन्देश; टेलिग्राफको खबर ।

**टेलिप्रिन्टर**– ना० [अङ्०] तारद्वारा प्राप्त भएको खबरको सङ्केतलाई स्वयम् टाइप गरिदिने यन्त्र; दूरमुद्रण यन्त्र ।

**टेलिफोन**– ना० [अङ्०] १. तारको सम्बन्धद्वारा एक ठाउँबाट अर्को ठाउँमा कुराकानी ओहोरदोहोर गराउने यन्त्र । २. यस्तै यन्त्रबाट पठाइएको खबर । ~ **निर्देशिका**– ना० टेलिफोन नम्बर थाहा दिलाउने नामको वर्णानुक्रमसहितको पुस्तक (टेलिफोनडाइरेक्टरी) ।

**टेलिभिजन**– ना० [अङ्०] १. बोल्ने मानिसको शब्द सुनिने र रूप तथा भावभङ्गिमा पनि देखिने आधुनिक यन्त्र । २. श्रव्य, दृश्यसहितको सञ्चार साधन ।

**टेलेक्स**– ना० [अङ्०] एक ठाउँबाट अर्को ठाउँमा खबर पठाउने काम ।

**टेवा**– ना० [टेका] आधार; अडान; टेको ।

**टेस्ट**– ना० [अङ्०] १. परीक्षा; जाँच । २. प्रवेशिका (एस० एल० सी०) दिनुपूर्व लिइने योग्यता परीक्षा । – **ट्युब**– ना० परीक्षणनली । ~ **म्याच**– ना० परीक्षणका रूपमा खेलिने फुटबल आदि खेल ।

**टेस्टापुरी**– [टिस्टा (नदी)+पुरी] धिमालजातिका ग्राम्यदेवता ।

**टोक्-नु**– स० क्रि० [सं० त्रुट्+नु] १. साह्रो र चपाउनुपर्ने कुनै खानेकुरो दाँतले टुक्रा पार्नु; दाँतले च्यापेर फोर्नु । २. अरूलाई दुख्ने गरी शरीरका कुनै अङ्गमा दाँतले च्याप्नु; दाँतले चिथर्नु; दार्नु । ३. डङ्क मार्नु; डस्नु । ४. ग्रहगतिअनुसार नजिकका आफन्तलाई पिर्नु । ५. कचकच गर्नु; टोकस्नु । > **टोक**– ना० १. भइरहेको कुनै काम बिथोल्ने किसिमको बोलाइ; अड्को । २. ठाडै हप्काउने काम; हप्कीदप्की ।

**टोकन**– ना० [अङ्०] १. चेक बुझाएपछि पैसा नदिउन्जेल बैंकले ग्राहकलाई प्रमाण वा निस्साका निम्ति दिने, नम्बर अङ्कित भएको धातुको बाटुलो वा त्रिकोणाकार चक्का । २. चिह्न; सङ्केत ।

**टोकरी**– ना० [हि०] टाउकामा बोकेर हिँड्ने वा फलफूल, सागपात, अन्न आदि राखिने बाँसका चोयाले बुनेको ठूलो ढक्कीजस्तो भाँडो; एक किसिमको सानो डाली ।

**टोकस्-नु**– स० क्रि० [टोकसो+नु] १. आफन्त कसैलाई बिरामै नभए तापनि निहुँ पारेर वा बिनसित्ति गाली गर्नु । २. खानेकुरामा कन्जुस्याइँ गरी ठग्नु; थोरै दिनु । > **टोकसाइ**– ना० टोकस्ने काम वा किसिम । **टोकसाइनु**– क० क्रि० टोकस्ने काम गराइनु; टोकस्न लाइनु । **टोकसाउनु**– प्रे० क्रि० टोकस्ने काम गराउनु; टोकस्न लाउनु ।

**टोकसो**– ना० १. मन नपर्दो मान्छेलाई बिराम नै नभए पनि खेपैपिच्छे गरिने गाली; ट्वाकट्वाक; कचकच; करकर । २. दिनुपर्नेजति खान नदिएर ठग्ने काम ।

**टोका**– ना० हात्तीलाई ऐँचमा राख्नका निम्ति पिट्न प्रयोग गरिने

लट्टी ।

**टोकाइ**– ना० [√ **टोक्** (+आइ)] टोक्ने क्रिया वा प्रक्रिया । [> ] **टोकाइनु**– क० क्रि० टोक्न लाइनु । **टोकाउनु**– प्रे० क्रि० टोक्न लाउनु । **टोकाटोक**– ना० परस्परमा एकले अर्कालाई टोक्ने काम; पालैसितको टोकाइ । **टोकाहा**– वि० १. टोक्ने बानी भएको; टोक्ने खालको । २. बाबु-आमा, दाजु-भाइ आदिलाई टोक्ने भनिएको ग्रहमा परेको; ग्रहगतिअनुसार अरूलाई पिर्ने; पिराहा । **टोकिनु**– क० क्रि० टोक्ने काम गरिनु । **टोकुवा**– वि० टोक्ने स्वभावको; टोकाहा; पिराहा ।

**टोक्रे**– वि० [टोक्रो+ए] १. टोक्रो भएको; खबटादार । ~**बाँस**– ना० प्याङपाथी आदि बनाउन प्रयोग गरिने टोक्रो भएको बाँस । ~**बेत**– ना० टोकरी,डाली आदि बुन्ने काम लिइने एक जातको बेत ।

**टोक्रो**– ना० [सं० स्तोक] कलिलो बाँसको बोक्रो; हापा; खबटा ।

**टोटा**– ना० [सं० तुण्ड] बन्दुकमा बारुद, छर्रा वा गोली भरिने ढुङ्ग्रो; कार्तोस । – **वाल**– वि० टोटा भरेर हानिने (बन्दुक) > **टोटे**– टोटाजस्तै; पड्किने खालको ।

**टोड्के**– ना० [टोड्को+ए] १. रूखमा टोड्को पारेर बस्ने र बचरा हुर्काउने पट्टुका आकारको एक चरो । वि० २. टोड्कोमा बस्ने; टोड्को परेको ।

**टोड्का**– ना० [सं० कोटर] खास गरी बूढो रूखमा परेको प्वाल वा खोप्लो ।

**टोप**– ना० [सं० स्तूप] १. शिरमा लगाइने, वरिपरि पट्टीदार घेरा भएको, युरोपेली ठूलो गोलाकार टोपी ।

**टोपल्-नु**– स० क्रि० कुनै कामकुरो गरिटोपलेजस्तो मात्र गर्नु; गर्नुपर्ने कामकुरो देखावटी रूपमा मात्र गर्नु; देखाउन मात्र स्वाङ पार्नु । > **टोपलाइ**– ना० टोपल्ने भाव, क्रिया वा प्रक्रिया । **टोपलिनु**– क० क्रि० प्रयास गरेझैं वा स्वाङ पारेझैं मात्र गरिनु । **टोपलटापल**– ना० कुनै काम गरेजस्तो गर्ने वा गरिटोपल्ने ढङ्ग; देखाउनका निम्ति मात्र गरिने काम ।

**टोपी**– ना० [प्रा० टोपिआ] शिर छोप्न, त्यसको शोभा बढाउन वा रक्षा गर्नका निम्ति चाउलो र घेरा हाली सिइएको वस्त्र; शिरपोस ।

**टोप्रे**– वि० [टोप्रो+ए] १. टोप्रो भएको वा टोप्रो हुने (ऐँसेलु, भुइँकाफल इ०); टोप्रोजस्तो ।

**टोप्रेल**– ना० [टोप्रो+एल] सस्तो र साधारण किसिमको बुट्टेदार कपडाविशेष ।

**टोप्रो**– ना० [सं० स्तूप] १. ऐँसेलु आदिको फल रहने गट्टो; बिर्को । २. औँलाको टुप्पो ।

**टोल/टोला**– ना० [प्रा० टोलिका < सं० प्रतोली] सहरको कुनै एक विभाग वा खण्ड; सहरभित्र पर्ने कुनै एक क्षेत्रभित्रको बस्ती ।

**टोलाइ**– ना० [√ **टोलाउ** (+आइ)] टोलाउने क्रिया वा प्रक्रिया; एकोहोरो हेराइ । [> ] **टोलाइनु**– अ० क्रि० टोलाउने होइनु; वाल्ल परिनु ।

**टोलाउ-नु**– अ० क्रि० [ट्वाल्ल+आउ+नु] १. एकोहोरो किसिमले वा वाल्ल परेर हेर्ने हुनु; टोलो बन्नु । २. बिलखबन्दमा पर्नु; जिल्ल पर्नु । > **टोलिनु**– अ० क्रि० टोलाउने होइनु; वाल्ल परिनु ।

**टोली**– ना० [सं० टोलिका] कुनै कार्यका निम्ति सङ्ख्या तोकिएका वा नतोकिएका मानिसहरूको समूह; जमात; डफ्फा; दल ।

**टोले**– वि० [टोल+ए] एउटै टोलमा बस्ने; एकै टोलको; उही टोलको ।

**टोलो**– वि० [ट्वाल्ल+ओ] १. एकोहोरो हेरिरहने; टोलाउने बानी भएको । २. वाल्ल परेको; जिल्ल परेको ।

**टोस्ट**– ना० [अङ्०] १. पाउरोटीका चकाना आगामा सेकाइएको खानेकुरो । २. कुनै विशिष्ट अवसरमा कसैको सुस्वास्थ्यको कामना गर्दै वा शुभेच्छाज्ञापनकासाथ परस्परमा खाइने सुरा, सर्बत आदि पेय पदार्थ; स्नेहपान । ३. त्यस प्रकारले शुभकामना व्यक्त गर्ने व्यक्ति वा विषय ।

**टोहेँटो**– ना० [टोहो+एँटो] तामाखानीमा काम गर्ने ज्यामी; तामाखानीको मजदुर ।

**टोहो**– ना० कुनै काममा पारिने बाधा; भाँजी हाल्ने काम; अड्को; खोते ।

**टौनु**– वि० कान नसुन्ने; बहिरो । (उदा०– **कानुले नाचे टौनुले गीत गाउला नि त ।** – उखान) ।

**टौवा**– ना० १. गाह्रो नलगाई थाम र दलिनहरू मात्र हालेर बनाइएको हावादारी घर; अग्लो मचान । वि० २. खूब अग्लो; टङ्गरो ।

**टचाउँटचाउँ**– क्रि० वि० [अ० मू० टचाउँ+(द्वि०)] १. एकोतार बोल्ने वा कुरा गरिरहने गरी । (उदा०– नानी ट्याउँट्याउँ बोल्न थालिसक्यो, विद्यालयमा पढ्न पठाए हुन्छ) । २. कचकच गरिरहने चालले । (उदा०– तिमी कति टचाउँटचाउँ गरिरहन्छौ, चुप लाग !) ।

**टचाउरी**– ना० [अ० मू० टचाउँ+री] १. मन परेकी सानी केटी । वि० २. पातली; चिँगरी ।

**टचाउरो**– ना० [टचाउँ+रो] १. मायालाग्दो सानो केटो । वि० २. पातलो काँटीको; चिँगरो ।

**टचाक**– ना० [सं० टङ्क] सुनचाँदीको बाक्लो चक्की ।

**टचाकटचाक**– क्रि० वि० [अ० मू० टचाक्+अ (द्वि०)] १. कुनै साह्रो चीजमा हल्का किसिमले हिर्काउँदा वा दुई थरी साना साह्रा चीज जुधिरहँदा आवाज आउने गरी । २. भनेगरेको कामकुरो ठीकठीकसित मिल्दै वा हुँदै जाने गरी ।

**टचाक्क**– क्रि० वि० [अ० मू० टचाक्+क] १. कुनै साह्रो चीजमा हिर्काउँदा वा दुई थरी साह्रा चीज जुध्दा आवाज आउने गरी । २. भनेगरेको कामकुरो ठीकसँग मिल्ने वा हुने ढङ्गले । > **टचाक्कै**– क्रि० वि० ठिक्क मिल्दो गरी; ठचाक्कै ।

**टचाक्टर**– ना० [अङ्०] खेत जोत्ने वैज्ञानिक यन्त्र वा हलो ।

**टचाक्सी**– ना० [अङ्०] १. स्वचालित रूपमा पैसा चढेको देखाउने

भाडावाल मोटर । २. भाडामा चलाइने सानो गाडी ।

**टचाङटचाङ–** क्रि० वि० [अ० मू० टचाङ्+अ (द्वि०)] तख्ताघडी, घण्टा आदि बज्दा बराबर आवाज आउने गरी ।

**टचाङप्वाल–** ना० [अ० मू० टचाङ्+प्वाल] फोर्न वा भसाउनका लागि बारुद भरेर पड्काउने गरी ठूलठूला ढुङ्गामा पारिने प्वाल ।

**टचाङ्क–** ना० [अङ्०] सम्म नपरेको वा असजिलो बाटामा पनि जान सक्ने, युद्धका सामानले युक्त फौजी मोटर गाडी ।

**टचाङ्का–** ना० [अङ्० ट्रङ्क] फलाम आदिका पाताले बनाइएको बाकस; सन्दुक; ट्रङ्क । > **टचाङ्की–** ना० पानी भर्नका निम्ति उपयोग गरिने, सादा जस्ता, टिन, पोलिथिन आदिद्वारा बनाइएको ठूलो भाँडो ।

**टचाङ्ङ–** क्रि० वि० [अ० मू० टङ् > टचाङ्+ङ] कुनै साह्रो वस्तुमा हिर्काउँदा वा घण्टा आदि बज्दा आवाज आउने गरी ।

**टचानरी–** ना० [अङ्०] छाला राखिने ठाउँ; छालाकारखाना ।

**टचाप–** ना० [अ० मू० टचाप्+अ] १. औँलाले छाप लगाउने काम । २. मैथुन गर्ने काम ।

**टचाप्प–** क्रि० वि० [अ० मू० टचाप्+प] १. लेसाइलो वस्तुद्वारा दुई चीज मिल्ने वा टाँसिने गरी । २. ठीकसित मिल्ने वा जोरिने भएर । ३. रोकिने वा थुनिने चालले ।

**टचामचरो–** ना० [टाइम+चरो] प्रहरप्रहर वा समयसमयमा बास्ने चरो; भाले कुखुरो ।

**टचामटर–** ना०हे० टमाटर ।

**टचामटचाम–** क्रि० वि० [अ० मू० टचाम्+अ (द्वि०)] टचाम्कोजस्ता सानातिना बाजा बज्दा आवाज आउने गरी ।

**टचाम्के–** वि० [टचाम्को+ए] १. टचाम्को भिर्ने, बजाउने वा लिएर हिँड्ने । २. टचाम्कोजस्तो; पुड्को र भुँडे ।

**टचाम्को–** ना० दमाहाजस्तै तर सानो, दुई गजाले बजाइने छाला मोहोरेको तालबाजा ।

**टचाम्पो–** ना० [अङ्० अटो] तीनवटा पाङ्ग्रा भएको, तीनचार जनादेखि दस-बाह्र जनासम्म बस्न हुने, मिटर चढ्ने वा नचढ्ने सवारी गाडी ।

**टचाम्म–** क्रि० वि० [अ० मू० टचाम्+म] १. ठीकसँग मिल्ने वा जोडिने गरी; ठचाम्म; टम्म । २. थुनिने वा बुजिने भएर ।

**टचास्स–** क्रि० वि० [अ० मू० टस् > टचास्+स] १. करबलले वा मन नपरीकन ढोगेर । २. कुनै वस्तु रखाइमा रिस देखाएर वा फन्केर राख्ने गरी; ठचास्स । ३. भुइँमात्र छोएर बस्ने ढाँचाले; टुसुक्क । ४. कुनै वस्तु अर्को वस्तुसँग अलि टाँसिएर; ठचाप्प । ५. टिको लाइदिँदा मन नलगाईकनै ।

**टचुब–** ना० [अङ्० टचूब] १. मोटर, मोटरसाइकल, साइकल आदि पाङ्ग्रा हुने गाडीका टायरको भित्री भागमा रहने, हावा भरिने, रबरको थैलो । २. काँच आदिको लामो, सम्म परेको ढुङ्ग्रोजस्तो साधन ।

**ट्रक–** ना० [अङ्०] बढी वजन भएका र ठूलठूला मालसामान ओसारपसार गर्ने लरीभन्दा पनि ठूलो मोटर वा गाडी ।

**ट्रङ्क–** ना० [अङ्०] एक किसिमको फलामे सन्दुक; टचाङ्का ।

**ट्रङ्कल–** ना० [अङ्०] दूरसञ्चारका माध्यमले आवश्यक शुल्क तिरेर टाढाटाढादेखि कुराकानी गर्न टेलिफोनमा मानिस डाक्ने काम; दूरसञ्चारको डाकबोलाउ ।

**ट्रली–** ना० [अङ्०] ट्रलीबस । ~ **पोल–** ना० ट्रलीबसलाई चलाउन बिजुली प्राप्त गराउने, बसको छानामा भएको, मुख्य तारसँग जोडिने, सिङजस्तो लामो भाग । ~ **बस–** ना० विद्युत्‌शक्तिको सहायतले चल्ने, धेरै जना बस्न हुने, लामो आकारको मोटर ।

**ट्रस्ट–** ना० [अङ्०] १. व्यक्ति, समाज वा राज्यले कुनै खास लक्ष्यलाई ध्यानमा राखी सो लक्ष्यको पूर्तिका निम्ति संस्था आदिको स्थापना गरी उक्त संस्थाको दैनन्दिनी क्रियाकलापका लागि मूलधन नमासिने गरी अचल खातासमेत खोल्ने व्यवस्था । २. उक्त व्यवस्थाका निम्ति खोलिएको अचल खाता; गुठीधन । ३. उक्त व्यवस्थाअन्तर्गत खोलिएको संस्था वा कार्यालय; गुठी ।

**ट्रान्जिस्टर–** ना० [अङ्०] बोकेर हिँड्न हुने, ब्याट्री हालेर बजाइने, सानो खालको रेडियो; श्रव्ययन्त्र ।

**ट्रान्स–** अव्य० [अङ्०] बेग्लो वा अर्कापट्टिको अर्थ दिने, उपसर्गका छाँटको अङ्ग्रेजी शब्द । – **फरमर–** ना० एक किसिमको बिजुलीलाई अर्को किसिममा फेर्ने वा बिजुलीको पावर घटाउनेबढाउने यन्त्रविशेष । – **क्रिप्ट–** ना० लब्धाङ्क-पत्र । – **मिटर–** ना० एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउने सन्देश-प्रेषक यन्त्र । – **मिसन–** ना० टेलिफोन आदि कल गरिएको ठाउँसम्म कुरा जाने काम; सन्देश-प्रेषण ।

**ट्राम–** ना० [अङ्०] लिगमा हिँड्ने, सानो रेलका आकारको सवारी गाडी । ~ **वे–** ना० ट्राम हिँड्ने लिग भएको बाटो; ट्रामपथ ।

**ट्रिक–** ना० [अङ्०] कुनै स्वार्थसिद्धिका निम्ति गरिने उपाय; दाउपेच; चलाखी; जालझेल ।

**ट्रे–** ना० [अङ्०] चिया, सर्बत आदि ल्याउन घरेलु काममा उपयोग गरिने, काठ वा धातुको बिट भएको, एक प्रकारको थाली वा किस्ती ।

**ट्रेडमार्क–** ना० [अङ्०] व्यापारीले आफ्नो मालको परिचयका निम्ति मालमा टाँस्ने वा लगाउने विशेष चिह्न; व्यापारचिह्न; बेपार-चिनु ।

**ट्रेडल / ट्रेडिल–** ना० [अङ्० ट्रेडल] १. यन्त्रलाई खुट्टाले चलाउने भाग; पाउदान । २. सानातिना छपाइको काममा उपयोग हुने, हात वा इन्जिनले नचलाई एक जनाले मात्र खुट्टाले चलाउने यन्त्र ।

**ट्रेन–** ना० [अङ्०] रेलगाडी; रेल ।

**ट्र्याक केबुल–** ना० [अङ्०] रोपवे क्यारियर गुड्ने मोटो तार ।

**ट्र्याक्टर–** ना० [अङ्०] १. जमिन जोत्नका निम्ति उपयोगी, इन्जिनले चल्ने हलो; हे० टचाक्टर । २. कुनै भार तान्ने वा

c:\1saroj\Sabdkosh\Ta.p65



बोक्ने इन्जिन; त्यस्तै इन्जिन भएको गाडी ।

**ट्वाँक–** वि० [सं० चुक्र > च्वाँक] १. धेरै अमिलो; कडा अमिलो; चुक ।

**ट्वाँट–** ना० जाँड वा रक्सी (निन्दा वा हेयार्थमा) । – **वाल–** वि० ट्वाँट खाने; जँडचाहा; रक्सीबाज; ट्वाँटे ।

**ट्वाँटी–** ना० [नेवा० त्वाति] जमिनमनि बसी एकनासले कराउने एक प्रकारको बर्खे कीरो । ~ **कस्नु**/**हाल्नु–** ट० धरपकड गर्नु । (उदा०– दसैँभित्र पैसा नबुझाए साहूले ट्वाँटी कसेर/हालेर लिन्छन् रे) ।

**ट्वाँटे–** वि० [ट्वाँट+ए] १. जाँडरक्सी बढी पिउने (मानिस); ट्वाँटवाला । ना० २. बर्खामा आली, कान्ला आदि प्वाल पार्ने एक प्रकारको कीरो ।

**ट्वाक१–** ना० सुनकेवँरा, दूधकेवँरा आदिको फूलबाट बनाइने अलङ्कार वा शृङ्गारसज्जा ।

**ट्वाक२–** ना० [प्रा० टोक्कण] अन्न आदि भरिने काठ, टिन आदिको सानो भाँडो ।

**ट्वाकट्वाक–** क्रि० वि० [अ० मू० ट्वाक्+अ (द्वि०)] १.काठहरूमा खोप्ता वा ठोक्ता आवाज आउने गरी । २. कचकच गरिरहने छाँटले; करकर । > **ट्वाकट्वाकी–** क्रि० वि० लगातार ट्वाकट्वाक गरेर ।

**ट्वाकल–** ना० [नेवा० त्वाकल] १. कुनै गह्रौं वस्तु उठाउन वा धकेल्न त्यस वस्तुको मन्तिर हालिने काठको ठेउको । २. अचानु । ३. घरको गाराबाट छानाको दाँती थाम्न र केही झुन्डचाउन हुने गरी राखिएको बाहाँ ।

**ट्वाक्क–** क्रि० वि० [अ० मू० ट्वाक्+क] १. तरकारी, अचार आदिमा अमिलो, पिरो आदि पुगेर स्वाद पर्ने गरी; त्यस्तो तरकारी, अचार खाएर जिभ्रो फड्कार्दै । २. सानोतिनो ढुङ्गा वा त्यस्तै वस्तुले हान्दा शब्द निस्केर । ३. चराचुरुङ्गी आदिले ठुङ्ने किसिमले । ४. एक्कासि भेट हुने गरी; ठिक्कसित मिलेर वा जोरिएर; टचाक्क ।

**ट्वाङट्वाङ–** क्रि० वि० [अ० मू० ट्वाङ्+अ (द्वि०)] ठूलो घण्ट, तख्ताघडी आदि बज्दा तीखो किसिमले आवाज आउने गरी ।

**ट्वाङ्ङ–** क्रि० वि० [अ० मू० ट्ङ् > ट्वाङ्+ङ] कुनै साह्रो वस्तुमा हिर्काउँदा वा घण्ट आदि बज्दा तीखो आवाज आउने गरी ।

**ट्वारट्वार–** क्रि० वि० [अ० मू० टर > ट्वार+अ (द्वि०)] १. हुक्का तान्दा वा घुराउँदा आवाज निस्कने गरी । २. भ्यागुतो कराएको आवाज निस्कने गरी; ट्वार्र-ट्वार्र । > **ट्वारट्वारती** /**ट्वारट्वारी–** क्रि० वि० अझ छिटो ट्वारट्वार हुने गरी ।

**ट्वार्र–** क्रि० वि० [अ० मू० ट्वार्+र] १. हुक्का तान्दा वा घुराउँदा जोडले आवाज निस्कने गरी । २. भ्यागुतो आदि कराउँदा आवाज आउने ढङ्गले । ~ **ट्वार्र–** क्रि० वि० ट्वारट्वार ।

**ट्वालट्वाल–** क्रि० वि० [अ० मू० ट्वाल्+अ (द्वि०)] एकोहोरो हेर्ने गरी । > **ट्वालट्वालती–** वि० एकनाससँग एकोहोरो हेरेर ।

**ट्वाल्ल–** क्रि० वि० [अ० मू० ट्वाल्+ल (द्वि०)] एकोहोरो चालले हेरिरहने गरी; टोलाइरहने चालले; वाल्ल; जिल्ल ।

**ट्विनअटर–** ना० [अङ्०] थोरै मानिस बस्न हुने सानो खालको हवाईजहाज ।

**ट्वेन्टिनाइन–** ना० [अङ्०] तासको खेलमा प्वाइन्ट बोली गनेर खेलिने जम्मा उनन्तीस प्वाइन्ट भएको एक खेल ।

# ठ

**ठ**– देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये बाह्रौँ वर्ण; मूर्द्धन्य, स्पर्शी, अघोष, महाप्राण, ताडित व्यञ्जनवर्ण; टवर्गको दोस्रो अक्षर; लेख्य रूपमा सो वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; ओठ मिलायो ठ ।

**ठँटाइ**– ना० [√ **ठाँट** (+आइ)] ठाँट पार्ने काम; ठाँट्ने तथा ठाँटिने भाव, क्रिया वा प्रक्रिया । [>] **ठँटाइनु**– क० क्रि० ठाँट्न लाइनु; ठाँट पार्ने गराइनु । **ठँटाउनु**– प्रे० क्रि० ठाँट्न लाउनु; ठाँट पार्ने गराउनु ।

**ठँडौरो**– ना० [ठाँडो+औरो] भाँडाकुँडालाई झोक पोख्ता वा गाली गर्दा प्रयुक्त हुने शब्द; ठाँडो । (उदा०– भात पकाउन लाग्दा ठँडौरो चुहिएर दिनुसम्म दुःख दियो)

**ठकठक**– ना० [अ० मू० ठक्+अ (द्वि०)] १. हलुका चालले काठ आदि साह्रो वस्तुमा ठोक्ता आउने शब्द; ठ्वाकठ्वाक । २. जाडाले काम्ने वा थरथराउने चाल; लुगलुग । क्रि० वि० ३. त्यस्तो शब्द आउने गरी; थरथराउने चालसँग । > **ठकठकाइ**– ना० ठकठकाउने क्रिया वा प्रक्रिया । **ठकठकाइनु**– क० क्रि० १. ठकठक आवाज निकालिनु । अ० क्रि० २. ठकठक काँपिनु । **ठकठकाउनु**– स० क्रि० १. कुनै वस्तुमा ठकठक शब्द आउने गरी ठोक्नु वा ठटाउनु । अ० क्रि० २. जाडाले ठकठक काम्नु; लुगलुग काम्नु; थरथराउनु । **ठकठकिनु**– क० क्रि० ठकठकाउने गरी काँप्नु । **ठकठकी**– क्रि० वि० जाडाले छिटोछिटो काम्ने गरी; थरथराएर । **ठकठक्याइ**– ना० ठकठकिने क्रिया वा प्रक्रिया ।

**ठकार**– ना० [सं०] 'ठ' अक्षर; टवर्गको दोस्रो व्यञ्जनवर्ण ।

**ठकुराइ**– ना० [ठकुरी+आइ] १. अघि ठकुरी राजाहरूको प्रमुखता भएको ठाउँ वा क्षेत्र । २. आधिपत्य ।

**ठकुरी**– ना० [सं० ठक्कुर] १. क्षत्रियजातिको एक वर्ग वा तिनको थर ।

**ठकुवा**– ना०हे० ठेकुवा ।

**ठक्क**– क्रि० वि० [अ० मू० ठक्+क] एकाएक थामिने, उभिने वा आउने गरी; टक्क ।

**ठक्कर**– ना० [प्रा० टक्कर, हि० ठोकर] १. कुनै दुई वस्तुको जुधाइ वा ठोकाइ; परस्परको धक्का । २. मानसिक आघात वा चोट । ३. हन्डर; चोट । **ठक्कर नखाई बुद्धि आउँदैन** (उखान) ।

**ठक्रक्क**– क्रि० वि० [अ० मू० ठक्रक्+क] कुनै वस्तु राख्ता वा खस्ता हल्का आवाज आउने गरी ।

**ठग्–नु**– स० क्रि० [ठग+नु] १. झूठो कामकुरो गरी अरूको धनमाल हडप्नु; झुक्यानमा पारी अरूको वस्तु लिनु; ठगी गर्नु; धुत्नु । २. छकाउनु; धोका दिनु । ३. चाहिँदोभन्दा बढी नाफा खानु । ४. नाना भाँती चालबाजी वा बहाना गरेर सक्ने काम पनि नगर्नु; काममा छलछाम गर्नु ।

**ठग**– वि० [प्रा०] १. धोकामा पारेर वा छल गरी अरूको धनमाल लिने; ठग्ने । २. नाना थरी बहाना झिकी कामकाज नगर्ने; काममा छलछाम गर्ने; ठगाहा । ~ **विद्या**– ना० ठग्ने विद्या; ठग्ने अकिल; ठगी गर्ने तरिका वा उपाय । ~ **वृत्ति**– ना० ठग्ने पेसा ।

**ठगाइ**– ना० [√ **ठग्** (+आइ)] ठग्ने काम वा प्रक्रिया । [>] **ठगाइनु**– क० क्रि० ठग्न लाइनु । **ठगाउनु** प्रे० क्रि० ठग्ने गराउनु; ठग्न लाउनु । **ठगाहा**– वि० ठग्ने बानी भएको; ठग्ने खालको; ठग ।

**ठगाहार**– वि० [ठग+आहार] ठगेर खान पल्केको; ठगी गरेर पेट पाल्ने; ठग । > **ठगाहारी**– ना० ठग्ने काम; ठगी ।

**ठगिनु**– क० क्रि० [ठग्+इ+नु] ठगी गरिनु ।

**ठगी**– ना० [ठग+ई] ठगको काम वा छकाइ; ठगविद्या ।

**ठङ्कार्–नु**– स० क्रि० [ठङ्कार्+नु] ठूलो स्वरले वा डाँको झिकेर बोल्नु; ठङ्कार गर्नु; हप्काउनु ।

**ठङ्कार**– ना० [सं० टङ्कार] ठाडो बोली; ठूलो स्वर; डाँको ।

**ठङ्काराइ**– अ० क्रि० [√ **ठङ्कार** (+आइ)] ठङ्कार्ने भाव, क्रिया वा प्रक्रिया । [>] **ठङ्कारिनु**– क० क्रि० ठूलो स्वरले बोलिनु; ठङ्कार गरिनु

**ठङ्ग्रङ्ङ**– क्रि० वि० [अ० मू० ठङ्ग्रङ्+ङ] १. धातुका भाँडाकुँडा खस्ता वा बज्रँदा आवाज आउने गरी । २. वरिपरि प्रायः केही नभई एक्लो उभिएर; ठिङ्ग ।

**ठटाइ**– ना० [√ **ठटाउ** (+आइ)] ठटाउने क्रिया वा प्रक्रिया । [>] **ठटाइनु**– क० क्रि० जोरसँग पिटिनु; धान, मकै आदि चुटिनु ।

**ठटाउ–नु**– स० क्रि० [सं० टट्टरी+आउ+नु] १. कुनै वस्तुलाई जोरसँग पिट्नु; ठोक्नु; गोद्नु । २. धान, मकै आदि बोट वा घोगाबाट झार्नका निम्ति चुट्नु ।

**ठटेउली**– ना०/वि० ठट्यौली ।

**ठटेउले**– वि०हे० ठट्यौले ।

**ठटेउलो**– वि०हे० ठट्यौलो ।

**ठट्टा**– ना० [सं० टट्टरी] १. मन बहलाउन आफुसमा जिस्किने वा जिस्क्याउने काम; ख्याल; दिल्लगी । २. झूटो कुरोलाई पनि राम्रो बनाएर भन्ने चाल । ३. उपहास; हँस्सी; खिसी । – **बाजी**– परस्परमा गरिने ख्यालठट्टा; हँस्सीदिल्लगी ।

**ठटचाकठुटुक**– ना० [ठाकठुक] मसिनु वा हल्का खालको बाझो; ठाकठुक ।

**ठटचौली**– ना० [ठट्टा+यौली] १. चुड्किलो किसिमको ठट्टा; ख्याल; ठटेउलो भाव । वि० २. ठट्टा गर्ने स्वभाव भएकी; ठटेउली ।

**ठटचौले**– वि० [ठटचौलो+ए] ठट्टा गर्ने स्वभावको; ठटेउले ।

**ठटचौलो**– वि० [ठट्टा+यौलो/एउलो] ठट्टा गर्ने बानी भएको; ठटेउलो; ख्याली । > **ठटचौल्याइँ**– ना० ठटेउलो चाल; ठटेउलोपन ।

**ठडि-नु**– अ० क्रि० [ठाडो+इ+नु] ठाडो हुनु; अडिनु; उभिनु ।

**ठडुल्लो**– वि० [ठाडो+उल्लो] १. उभिने स्वभावको; थचक्क नबस्ने; ठाडे । ना० २. ठडेउरो ।

**ठडेउरो**– ना०हे० ठड्यौरो ।

**ठडेश्वर**– वि० [ठाडो+ईश्वर] १. उभिइरहने स्वभावको; ठाडो; ठडुल्लो । २. ठाडो मिजासको; रूखो बानी भएको ।

**ठड्याइ**– ना० [√ **ठडि** (+याइ)] १. ठडिने काम वा प्रक्रिया [ठड्याउ+आइ] २. ठड्याउने काम वा प्रक्रिया । [>] **ठड्याइनु**– क० क्रि० ठडिन लाइनु; ठडिने पारिनु । **ठड्याउनु**– स० क्रि० १. कुनै वस्तु ठाडो पार्नु; खडा गर्नु; उभ्याउनु । प्रे० क्रि० २. ठड्याउन लाउनु; ठडिने पार्नु ।

**ठड्यौरो**– ना० [ठाडो+यौरो] ठाडो उभ्याई बत्ती बाल्ने पुरानो छाँटको पानस; ठडुल्लो; ठडेउरो ।

**ठनक्क**– क्रि० वि० [अ० मू० ठनक्+क] १. डन्डी, लट्ठी आदि साह्रो वस्तु पूरा भाँचिने गरी; पटक्क । २. स्तम्भित भएर; ठाडो हुने चालले ।

**ठनठन**– क्रि० वि० [अ० मू० ठन्+अ (+द्वि०)] ठाडो हुने वा ठन्कने किसिमले । > **ठनठनती/ठनठनी**– क्रि० वि० अझ छिटो ठनठन हुने गरी । **ठनठनाइ**– ना० १. ठनठनाउने काम वा प्रक्रिया । २. लिङ्गको उत्तेजित अवस्था । **ठनठनाइनु**– क० क्रि० ठनठन गरिनु; ठन्काइनु । **ठनठनाउनु**– अ० क्रि० ठनठन गर्नु; ठाडो हुनु; ठन्कनु ।

**ठनाइ**– ना० [ठान्+आइ] १. ठान्ने भाव, क्रिया वा प्रक्रिया ।

**ठनाठन**– क्रि० वि० [ठनठन] १. डन्डी, लट्ठी आदि साह्रो वस्तु धमाधम भाँचिने गरी । २. रुपियाँ आदि धमाधम बजारेर बजाउने ढङ्गमा ।

**ठन्क-नु**– अ० क्रि० [ठनक्क+नु] १. नसाको तन्काइ र उत्तेजनाले लिङ्ग ठाडो हुनु; ठडिनु; स्तम्भित हुनु । २. झोक्किएर हिँड्नु; फन्कनु । > **ठन्काइ**– ना० ठन्कने वा ठन्काउने क्रिया-प्रक्रिया । **ठन्काइनु**– क० क्रि० ठाडो पारिनु । **ठन्काउनु**– प्रे० क्रि० १. ठाडो पार्नु; ठड्याउनु । २. फन्काउनु । ३. ठनक्क पार्नु; भाँच्नु । **ठन्किनु**– अ० क्रि० ठाडो हुनु; ठन्कनु । **ठन्क्याइ**– ना० ठन्किने वा ठन्क्याउने क्रिया-प्रक्रिया । **ठन्क्याइनु**– क० क्रि० ठन्किने पारिनु; ठन्काइनु । **ठन्क्याउनु**– प्रे० क्रि० ठन्किने पार्नु; ठन्काउनु । **ठन्क्याहट**– ना० ठन्किने भाव, क्रिया वा स्थिति; ठन्क्याइ ।

**ठन्टी**– ना० दुब्ली वा बेत बसेकी आइमाई र गाईभैंसीलाई गाली गर्दा भनिने शब्द ।

**ठन्डा**– वि० [प्रा० थड्ड] १. गरम वा तातो नभएको; चिसो; शीतल । ना० २. चिसोपन; जाडो; सर्दी । ३. गर्मी हट्नाले हुने आनन्दीपन; शीतलता । ~ **राम**– वि० मरेको वा सकिएको भाव बुझाउने शब्द; खतम; स्वाहा (उदा०– बिचरा बूढा हिजै बेलुकी ठन्डाराम भैसकेका रहेछन् । आरीमा भएको अचार त सबै ठन्डाराम भएछ ।) > **ठन्डी**– ना० १. चिसोपन; जाडो; सर्दी । २. ओस । **ठन्डेसो**– ना० ठन्डा हुनाको भाव वा ठन्डी अवस्था ।

**ठप**– ना० [√ ठप्प] भइरहेको वा चलिरहेको कामकुरो एकदमै थामिने वा बन्द हुने स्थिति; ठप्प रोकिने चाल ।

**ठप्प**– क्रि० वि० [अ० मू० ठप्+प] एकदम थामिने वा बन्द हुने चालमा; ठप हुने गरी ।

**ठमठम**– क्रि० वि० [अ० मू० ठम्+अ (द्वि०)] ताल मिलाएर वा कसिएर हिँड्ने गरी; फुर्तीसँग हिँड्ने किसिमले; टमटम । > **ठमठमती**– क्रि० वि० तन्दुरुस्त वा हृष्टपुष्ट मानिस हिँडेझैँ गरी । **ठमठमाइ**– ना० ठमठमाउने काम वा किसिम । **ठमठमाइनु**– अ० क्रि० फुर्तिलो बनिनु; मोटोघाटो होइनु । **ठमठमाउँदो**– वि० मोटोघाटो र गतिलो; हृष्टपुष्ट; ठमठमाएको । **ठमठमाउनु**– अ० क्रि० १. शारीरिक दृष्टिले तन्दुरुस्त र फुर्तिलो हुनु; हृष्टपुष्ट हुनु; गठिलो र मोटोघाटो हुनु । २. फुर्तिसँग हिँड्नु । **ठमठमाहट**– ना० ठमठमाउने काम वा अवस्था । **ठमठमिनु**– अ० क्रि० ठमठम गर्ने होइनु । **ठमठमी**– क्रि० वि० ठमठमती । **ठमठम्याइ**– ना० ठमठमिने स्थिति, काम वा किसिम ।

**ठमाइ**– ना० [√ **ठमाउ** (+आइ)] ठमाउने भाव, क्रिया वा प्रक्रिया; ठम्याइ । [>] **ठमाइनु**– क० क्रि० ठम्याइनु; निधो गरिनु । **ठमाउनु**– स० क्रि० १. कसैलाई चिन्नु । २. ठीकसँग विचार गर्नु; निधो गर्नु ।

**ठमि-नु**– अ० क्रि० [सं० स्तम्भ+इ+नु] १. निधो हुनु; थाहा हुनु । २. चिनारी हुनु; चिनिनु । > **ठम्याइ**– ना० ठमिने वा ठम्याउने भाव, क्रिया वा प्रक्रिया । **ठम्याइनु**– क० क्रि० ठहर गरिनु; निधो गरिनु । **ठम्याउनु**– स० क्रि० १. कुनै कुरा वा वस्तु यही हो भनी थाहा पाउनु; निधो गर्नु । २. चिन्नु; पहिचान्नु । ३. कुनै कामकुरामा ठीकसँग विचार गर्नु; ठमाउनु ।

**ठर्रा**– ना० [√ ठर्रो] स्वदेशमा उत्पादन हुने, कडा खालको घरेलु रक्सी ।

**ठर्रि-नु**– अ० क्रि० [ठर्रो+इ+नु] १. ठर्रो हुनु; जर्रिनु; दह्रिनु ।

**ठर्रो**– वि० [सं० स्तब्ध] १. रूखो स्वभावको; जर्खरिएको । २. जर्रो; दह्रो । > **ठर्र्याइ**– ना० १. ठर्रिने भाव, क्रिया वा प्रक्रिया । २. ठर्र्याउने काम वा किसिम । **ठर्र्याइनु**– क० क्रि० ठर्रो पारिनु; ठर्रो तुल्याइनु । **ठर्र्याउनु**– स० क्रि० ठर्रो पार्नु; दह्रो तुल्याउनु; जर्खर्याउनु ।

**ठसक्क**– क्रि० वि० [अ० मू० ठसक्+क] रिसाएर वा गुत्थिएर; ठस्स; ठुस्स ।

**ठसठस**– क्रि० वि० [अ० मू० ठस्+अ (द्वि०)] १. कुनै वस्तु सडेर वा गलेर गनाउने किसिमले; डुङडुङ । २. दिसा गर्दा, जीउ दुख्ता आदि अवस्थामा कनेर । ३. कसैसँग कुनै कुरामा चित्त नबुझेर रिसाएझैँ गरी । ४. कसैलाई टोकस्ने किसिमले; घोचपेच

c:\\1saroj\sabdkosh\Tha.p65



हानेर । > **ठसठसती ⁄ ठसठसी**– क्रि० वि० अझै छिटो ठसठस हुने गरी । **ठसठसे**– वि० ठसठस गर्ने बानी भएको; कन्ने स्वभावको ।

**ठसमस्स**– क्रि० वि० [अ० मू० ठस्+अ (द्वि०)] सन्चसित पलेँटी कसेर बस्ने गरी; ढसमस्स ।

**ठसाइ**– ना० [√ **ठास्** (+आइ)] ठास्ने क्रिया वा प्रक्रिया । [ > ] **ठसाइनु**– क० क्रि० ठास्न लाइनु । **ठसाउनु**– प्रे० क्रि० १. अटाईनअटाई हाल्न लगाउनु; कोचाउनु । २. मैथुन गराउनु ।

**ठसाठस**– क्रि० वि० [ठस्+ठस्] अटेसमटेस पारेर भरिने वा खाँदिने गरी; खाँदाखाँद; टनाटन ।

**ठस्क-नु**– अ० क्रि० [ठस्को+नु] १. कसैप्रति चित्त नबुझ्नाले वा मन नपर्ने कारण पर्दा प्रतिकारस्वरूप रिसको भाव देखाउनु; ठुस्स पर्नु; ठस्कोमस्को गर्नु । २. झर्को मानेर बोल्नु; झर्कनु । > **ठस्काइ**– ना० ठस्कने वा ठस्काउने क्रिया-प्रक्रिया । **ठस्काइनु**– क० क्रि० ठस्कने तुल्याइनु; बेखुस पारिनु । **ठस्काउनु**– प्रे० क्रि० १. ठस्कने पार्नु; बेखुस पार्नु; ठुस्याउनु । स० क्रि० २. अपानवायु छोड्नु । **ठस्किनु**– अ० क्रि० ठुस्स परिनु; ठस्कनु । **ठस्के**-वि० ठुस्स पर्ने स्वभावको; ठस्कने ।

**ठस्को**– ना० कुनै कारणमा कसैसित रिसाउँदा वा झोक पोख्ताको मनोभाव; बेखुसी । ~ **मस्को**– ना० रिसाउँदा वा झोक पोख्ता देखाइने हाउभाउ अथवा चालढाल; ठस्याकठुसुक; झर्कोफर्को ।

**ठस्क्याइ**– ना० [√ **ठस्कि** (+याइ)] ठस्किने क्रिया वा प्रक्रिया । [ > ] **ठस्क्याइनु**– क० क्रि० ठस्किने पारिनु; ठस्स्याइनु । **ठस्क्याउनु**– प्रे० क्रि० ठस्किने पार्नु; ठस्स्याउनु ।

**ठस्याकठुसुक**– क्रि० वि० [अ० मू० ठसक् (द्वि०)] मन नपरेका मानिससित कुरा गर्दा रिस दबाएर वा केही वास्ता नराखी; मन नपर्दानपर्दै पनि अलिअलि बोलेर; आकलझुकल मात्र कुरा गरी ।

**ठस्स**– क्रि० वि० [अ० मू० ठस्+स] कसैसित मन नपर्ने कुरा वा कारणले ठस्कने गरी; ठुस्स ।

**ठस्सा**– ना० [प्रा० ठरिअ] १. आवश्यकताभन्दा बेसी वा अरूलाई देखाउनका निम्ति गरिने ठाँटबाँट; सान । २. रवाफ; धाक । ३. घमन्ड; सेखी ।

**ठस्सि-नु**– अ० क्रि० [ठस्स+इ+नु] ठस्स पर्नु; ठुस्सिनु; ठस्किनु । > **ठस्स्याइ**– ना० ठस्सिने वा ठस्स्याउने भाव, क्रिया वा प्रक्रिया । **ठस्स्याइनु**– क० क्रि० ठस्स पारिनु । **ठस्स्याउनु**– स० क्रि० १. कसैलाई ठस्स पार्नु; ठुस्स्याउनु; चिढ्याउनु । २. मन नपरेर पनि दिनु वा राख्नु; ठस्क्याउनु । ३. आवाज ननिस्कने गरी अपानवायु छोड्नु ।

**ठहर्-नु**– अ० क्रि० [सं० स्थावर+नु] १. कुनै कुरा वा विषयको ठहर हुनु; निश्चय हुनु । २. कुनै ठाउँमा स्थिर भएर रहनु वा बस्नु; आसन जमाउनु । ३. विश्राम गर्नु; अड्नु; रोकिनु । ४. साबित हुनु । > **ठहर**– ना० १. बैठक, सभा आदिद्वारा कुनै कुरा वा विषयमा विचारविमर्श वा छलफलपछि गरिने अठोट; पारित भएको कुरा । २. मुद्दामामिलामा न्यायाधीश वा इजलासद्वारा गरिएको निर्णय । ३. कुनै कामकुरामा सल्लाहले वा मनमनै गरिने निधो; निश्चय । ४. बस्ने वा अड्ने ठाउँ; स्थान; थलो ।

**ठहर**– ना० [सं० स्थावर] खास गरी सालका पातहरूलाई सिन्काले खुटी सीप लगाएर गाँसिने, थालका आकारको साधन; ठूलो टपरी ।

**ठहराइ**– ना० [√ **ठहर्** (+आइ)] १. ठहर्ने काम वा प्रक्रिया । [ठहराउ+आइ] २. ठहराउने काम वा प्रक्रिया । [ > ] **ठहराइनु**– क० क्रि० ठहर गरिनु । **ठहराउनु**– प्रे० क्रि० ठहर गर्नु; अठोट गर्नु; ठहऱ्याउनु । **ठहरिनु**– अ० क्रि० ठहर होइनु; ठहर्नु ।

**ठहरै**– क्रि० वि० [ठहर+ऐ] १. कुनै दुर्घटनाले वा चोटपटक आदि लागेर ठाउँको ठाउँमै तत्काल मर्ने गरी; भुतुक्कै; खुत्रुक्कै । (उदा०– आज बाटामा मोटरले ठक्कर दिएर एउटा मान्छे ठहरै भयो ।) २. ठूलो आपत वा सङ्कटमा जेलिएर । (उदा०– यसपालि असिनाले गहुँ चुटेर ठहरै पारिहाल्यो नि ।)

**ठहऱ्याइ**– ना० [√ **ठहर् ⁄ ठहरि** (+याइ)] १. ठहर्ने वा ठहरिने क्रिया-प्रक्रिया । [ठहऱ्याउ+आइ] २.ठहऱ्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **ठहऱ्याइनु**– क० क्रि० ठहर गरिनु । **ठहऱ्याउनु**– स० क्रि० १. कुनै कुरा वा विषयको ठहर गर्नु; निधो गर्नु । २. विचारपूर्वक टुङ्गो लाउनु । ३. अठोट गर्नु; पक्का गर्नु ।

**ठाँगे**– ना० १. बराबर हाई आइरहने एक किसिमको रोग । (उदा०– त्यसलाई ठाँगेले भेट्टायो कि क्या हो, बस्तुभाउ त पटक्कै हेर्दैन) । २. बिघ्नबाधा; ठक्कर । ३. बस्तुभाउलाई गाली गर्दा प्रयोग गर्ने शब्द । (उदा०– चराउन लगेको ठाँगे त अरूको बालीमा पो पसेछ) ।

**ठाँट्-नु**– स० क्रि० [ठाँट+नु] कुनै वस्तुलाई राम्रो पार्नका निम्ति सजाउने काम गर्नु; सिँगारपटार गर्नु; ठाँटिलो पार्नु ।

**ठाँट**– ना० १. कुनै वस्तुको ढाँचाकाँचा मिलाउने काम; सजावट; शृङ्गार । २. व्यक्तिमा रहने विशेष गुण वा भाव; रवाफ; सान । ३. बाजा बजाउने ढाँचा वा किसिम । – **ठुँट**– ना० ठाँटबाँट । – **बाँट**– ना० विशेष किसिमले ढाँचाकाँचा मिलाउने काम वा स्थिति; सजधज; कसिकसाउ । ~ **भैँसली**– ना० भैँसी चर्ने ठाउँ; भैँसीको चरन । > **ठाँटिनु**– अ० क्रि० १. ठाँटिलो हुनु । क० क्रि० २. ठाँट पारिनु; ठाँट गरिनु । **ठाँटिलो**– वि० ठाँटबाँट गरेको; ठाँटिएको; ठाँटी । **ठाँटी**– १. ठाँटिएको; ठाँटिलो । २. सुन्दर; राम्रो ।

**ठाँटी**– ना० १. बटुवाहरूलाई विश्राम लिन र आराम गर्नका निम्ति बाटाघाटामा बनाइएको चिटिक्क परेको पाटी; पौवा । २. पाहुनाहरूलाई बास दिन वा मालसामान राख्नका निम्ति गाउँघरमा बनाइने काठको साधारण किसिमको घर । ३. खोलाका छेउको उर्वर खेत ।

**ठाँटो**– ना० पानीको माथिल्लो भागमा जमेको तुसारो; जमेको तुसारो वा हिउँ ।

**ठाँडो–** ना० प्रायः पुरानो भाँडो वा भुत्ते हतियारलाई झोकमा हेला गरेर भनिने शब्द । (उदा०– पानी ल्याउने एउटा भएको ठाँडो पनि चुहिएर आपदै खेलायो । खुकुरी पनि नाम मात्रैको छ, ठाँडोले मासु थुङ्न पनि गाह्रो भयो) ।

**ठाइँली–** वि० हे० ठाहिँली ।

**ठाइँलो–** वि० हे० ठाहिँलो ।

**ठाउँ–** ना० [सं० स्थान] १. कुनै निश्चित स्थल वा टुङ्गो; स्थान; जग्गा । २. कुनै कामकुराको तह वा स्थिति । ३. मौका; अवसर । ४. पद । ~**न ठहर–** ना० अमिल्दो वा साँघुरो ठाउँ । ~ **सरी–** ना० परस्पर ठाउँ सर्दै खेलिने, केटाकेटीको एक खेल । ~ **सारी–** ना० एक ठाउँबाट अर्को ठाउँमा सर्ने वा सार्ने काम ।

**ठाकठिक्क/ठाकठिक–** ना० [(द्वि०) ठीक] तम्तयारी; ठीकठाक ।

**ठाकठुक–** ना० [√ ठाकठोक] १. चर्काचर्की नपरेको सानो खालको झगडा; साधारण भनाभन । क्रि० वि० २. सामान्य रूपमा बाझाबाझ भएर । ३. कुनै कामकुरो वा विषयवस्तु ठीकसँग मिल्ने गरी । ४. हलुका चालले ठक्कर लाग्ने गरी । ५. सम्भोग क्रिया ।

**ठाकठोक–** ना० [√ ठोक (द्वि०)] ठोक्ने काम ।

**ठाकुर–** ना० [सं० ठक्कुर] १. देवता; ईश्वर । २. स्वामी; मालिक । ३. पति; पोइ । – **पुरी–** ना० भारतका चार धाममध्ये एक धामको अर्को नाउँ; जगन्नाथधाम । >**ठाकुरे–** वि० बो० दुःख, आश्चर्य आदिबाट उत्पन्न मनोभाव व्यक्त गर्दा प्रकट हुने शब्द । (उदा०– जालीफटाहाले गाउँमा बस्न पनि नदिने भए ठाकुरे, अब कहाँ जाऊँ !)

**ठाडकन्डे–** ना० [ठाडो+कन्डो] पछिल्लो भाग ठाडो पारेर हिँड्ने एक जातको कमिलो ।

**ठाडि-नु–** अ० क्रि० [ठाडो+इ+नु] ठाडो हुनु; ठडिनु ।

**ठाडी–** वि० [ठाडो+ई] १. रूखो स्वभाव भएकी; ठर्री । २. ठाडोको लघु वा पोथी रूप । ना० ३. ठाडा सिङ हुने गाईभैँसीको बोलाउने नाम । ~**नाच–** ना० १. एक प्रकारको लोकनाच । २. दौडादौडी पर्ने काम; एकदमै फुर्सद नभएको स्थिति । ~**बह–** ना० मुखबाट पानी बग्ने एक प्रकारको रोग; बह । ~**सियार–** ना० नयाँ गोरु सधाउनका निम्ति तान्न लगाइने साधनविशेष; घिस्सा ।

**ठाडे–** वि० [ठाडो+ए] १. ठाडो स्वभावको; रूखो बानीबेहोर भएको; ठर्रो । २. सभ्यता र शिष्टता नजान्ने; गँवार । ३. सीधा माथि उठेको; ठाडो । ~**उनिउँ/उन्यु–** ना० उन्यूको एक जात । ~ **टप्पा–** ना० मारुनी नाचमा गाइने एक थरी चड्का राग ।

**ठाडै–** क्रि० वि० [ठाडो+ऐ] १. बस्तै नबसी; आउँदाआउँदै हिँडेर; सोझै । ~**खुट्टा–** क्रि० वि० बस्नै नपाई; नबिसाईकन ।

**ठाडो–** वि० [प्रा० ठड्ढ] १. खडा भएको वा रहेको; उभिएको (रूख, मानिस, वस्तु इ०) । २. रूखो स्वभाव वा बानी भएको; ठर्रो । ३. पिठचूँले आड लिएर छाती देखिने गरी पल्टेको वा लेटेको; उत्तानो; चित परेको । ४. नम्र नभएको; अविनीत । ५. नियमानुसार नभई सोझै भएको (आदेश, कारबाई आदि) । ~**खोसुवा–** ना० १. विशेषतः राणाकालमा श्री ३ महाराजले कुनै व्यक्तिलाई नोकरीबाट ठाडै खोस्ने गरिएको काम वा चलन । वि० २. त्यसरी खोसिएको वा खोसुवामा परेको (कर्मचारी) । ~ **जवाफ–** ना० झटपट दिइएको उत्तर; कोरा जवाफ ।

**ठान्-नु–** स० क्रि० [प्रा० ठा <सं० स्थाणु] १. कुनै कुराका विषयमा अडकल गर्नु; अनुमान लगाउनु; चिताउनु; सम्झनु; कल्पना गर्नु । २. कुनै कुरामा आफ्नो धारणा निश्चित गर्नु; ठहराउनु ।

**ठाना–** ना० [√ थाना] थाना; कोतवाली; ठूलो पुलिस चौकी ।

**ठानिनु–** क० क्रि० [ठान्+इ+नु] १. अडकल गरिनु; चिताइनु । स० क्रि० २. निश्चय गर्नु; ठहराउनु ।

**ठानेदार–** ना० [√ थानेदार] थानाको हाकिम; प्रहरीचौकीको मुख्य अधिकारी ।

**ठाम–** ना० [ठाउँ <स्थान] ठाउँ; थात ।

**ठालु–** वि० [सं० स्थाल] १. गाउँघर वा बस्तीमा आफ्नो हैकम भएको; आफ्नै प्रभाव वा प्रभुत्व जमाएर बसेको; प्रतिष्ठित (व्यक्ति) । २. प्रधान; मुख्य । ३. महाजन; सेठ; धनी । ना० ४ धनीमानी तथा हैकम भएको व्यक्ति । ५. मेहनत नगरी ऐसआराममा जीवन बिताउन चाहने मानिस ।

**ठास्-नु–** स० क्रि० [सं० स्था+नु] १. खाँदीखाँदी वा अटाईनअटाई हाल्नु; कोच्नु । २. मैथुन गर्नु ।

**ठासठुस–** क्रि० वि० [अ० मू० (द्वि०) ठुस्+अ] पेट नमिली बाहिर मात्रै अलिअलि बोल्ने वा काम गर्ने गरी; ठस्याकठुसुक ।

**ठासिनु–** क० क्रि० [ठास्+इ+नु] १. ठास्ने काम गरिनु ।

**ठाहिँली–** वि० [ठाहिँलो+ई] १. जन्मका रोलले जेठीदेखि गन्दै जाँदा पाँचौँ; काहिँलीभन्दा पछिकी (छोरी, बहिनी इ०); ठाइँली । ना० २. जन्मका रोलमा पाँचौँ परेकी स्त्री सन्तान । ३. ठाहिँलाकी जोई ।

**ठाहिँलो–** वि० जन्मका रोलले जेठोदेखि गन्दा पाँचौँ; काहिँलोपछिको (भाइ, छोरो इ०); ठाइँलो । ना० २. जन्मका रोलमा पाँचौँ परेको पुरुष सन्तान ।

**ठिँगुराइ–** ना० [√ **ठिँगुरो** (+आइ)] ठिँगुरिने वा ठिँगुराउने क्रिया-प्रक्रिया; ठिँङुराइ । [>] **ठिँगुराइनु–** अ० क्रि० ठिँगुरिन लाइनु । **ठिँगुराउनु–** अ० क्रि० बालीबिरुवा सुक्तै जानु वा सप्लाउन नसक्नु; कठचाङ्ग्रिनु; ठिँगुरिनु ।

**ठिँगुरि-नु–** अ० क्रि० [ठिँगुरो+इ+नु] १. पानी नपाएर वा शीतले खाएर बोटबिरुवाहरू टुप्पादेखि नै सुक्तै जानु; बाली नसप्लाउनु वा खिइनु; ठिङुरिनु । २. जाडाले कक्रिनु; कठचाङ्ग्रिनु ।

**ठिँगुरी–** ना० [ठिङ्ग+उरी] १. कठमहालको रकम । २. काठका टुक्राटाक्री वा मसिना ठेउका; ठिङुरी । ~**महाल/माल–** ना० १. तीन फुटभन्दा कम मोटाइ भएका काठको कित्ता वा तह । २. त्यस्ता काठको वा त्यसै सम्बन्धी काम गर्ने अड्डा ।

c:\\1saroj\sabdkosh\Tha.p65



**ठिँगुरो१–** वि० [ठिङ्ग+उरो] १. एक्लो; ठिङ्गो; ठिङुरो । २. ठाडो; ठिङ्ग परेको । ना० ३. ठाडो वा ठिङ्ग परेको लिङ्गुरो ।

**ठिँगुरो२–** ना० [ठिङ्गो+उरो] १. अपराधीलाई थुनामा राख्दा भाग्नउम्कन नपाउने गर्नका निम्ति उसका दुवै गोडा छिराएर कैद गर्ने काठका दुई फलेक जोरी ताल्चा मार्ने साधन; तुरुङ ।

**ठिँगुऱ्याइ–** ना० [√ **ठिँगुरि** (+याइ)] १. ठिँगुरिने क्रिया वा प्रक्रिया । [ठिँगुऱ्याउ+याइ] २. ठिँगुऱ्याउने क्रिया वा प्रक्रिया । [> ] **ठिँगुऱ्याइनु–** क० क्रि० ठिँगुरिने पारिनु; सप्लाउन नसक्ने गराइनु । २. ठिँगुरामा हालिनु । **ठिँगुऱ्याउनु–** स० क्रि० १. अपराधीलाई ठिँगुरामा हाल्नु; तुरुङमा हाल्नु । प्रे० क्रि० २. ठिँगुरिने पार्नु; सप्लाउन नसक्ने पार्नु ।

**ठिँडुल्को–** ना० सानो काठको गिँड ।

**ठिँड्के–** वि० [ठिँड्को+ए] ठिँड्को भएको; ठिँड्कोजस्तो । ~ **ढुङ्गो–** ना० आगो पार्ने एक प्रकारको खस्रो ढुङ्गो ।

**ठिँड्को–** ना० [√ ठिँडुल्को] काठ वा दाउराको गोलो टुक्रो । २. चकमक ।

**ठिउँरो–** ना० [ठिङ्/ठेङ+उरो] १. सिन्धु र बेलुचिस्तानका माझको हिङ्गलाज प्रदेशमा पाइने, मल्लिँडोको जस्तो तर ठूलो हुने काँडावाल जङ्गली वृक्षको फल वा त्यसैको साह्रो बियाँ । २. केटाकेटीको रक्षार्थ बुटीका रूपमा घाँटीमा, हातमा वा खुट्टामा बाँधिने सोही फलका दाना ।

**ठिक–** वि० १. जस्तो हुनुपर्ने हो त्यस्तै; भनेजस्तो; ठिक्क । २. सुहाउँदो; मिल्दो; दुरुस्त; मनासिब; उचित । ३. थिति वा थान्को लागेको; तह लागेको । ४. योग्य; शुद्ध । ५. निश्चित; पक्का । **– ठाक–** ना० १. कुनै कामकुराको उचित बरबन्दोबस्त; पक्कापक्की । वि० २. तन्दुरुस्त; तम्तयार । ~ **दुरुस्त–** वि० जस्ताको तस्तो; मिल्दो र सुहाउँदो ।

**ठिकठिक–** क्रि० वि० [अ० मू० ठिक्+अ (द्वि०)] फाल्तु वा बेमतलबका कुरामा पनि शङ्का गरेर नाटीकुटी गर्ने ढङ्गसित । > **ठिकठिके–** वि० १. चित्त बुझाउन नसकिने बानी भएको; ठिकठिक गर्ने स्वभावको; नाटीकुटी गर्ने । २. कम्प छुटाएर दाँत बजाउने किसिमको (जाडो) ।

**ठिक्क–** वि० [√ ठीक] भनेजस्तो; ठीक । **– को–** वि० न ठूलो न सानो; भनेजस्तो । ~ **ठिक्क–** वि० चिताए वा भनेजस्तो; ठीकका ठीक । ~ **ठिक्कै–** वि० त्यति असल वा उम्दा नभएको; मध्यम श्रेणीको; मझौला खाले ।

**ठिगारे–** ना० खेतको आली, कुनु आदि खन्नेमिलाउने खेतालो वा बाउसे; रोपाइँ गर्दाको कोदाले ज्यामी ।

**ठिङुराइ–** ना०हे० ठिँगुराइ ।

**ठिङुरि-नु–** अ०क्रि०हे० ठिँगुरिनु ।

**ठिङुरी–** ना०हे० ठिँगुरी ।

**ठिङुरो–** ना०हे० ठिँगुरो ।

**ठिङुऱ्याइ–** ना० [√ **ठिङुरि** (+याइ)] १. ठिङुरिने क्रिया वा प्रक्रिया । [ठिङुऱ्याउ+आइ] २. ठिङुऱ्याउने क्रिया वा प्रक्रिया । [> ] **ठिङुऱ्याइनु–** क० क्रि० हे० ठिँगुऱ्याइनु । **ठिङुऱ्याउनु–** स० क्रि० १. ठिङुरामा हाल्नु । २. सप्लाउन नसक्ने पार्नु ।

**ठिङ्ग–** क्रि० वि० [अ० मू० ठिङ्+ग] १. ठाडो भएर उभिने गरी; खडा रहने किसिमले; ठङ्ग्रङ्ङ । २. एक्लो वा ठिङ्गो भएर ।

**ठिङ्गा–** ना० दह्रो खालको लट्ठी (जस्तो– वज्रठिङ्गा); लाठो । **– पुर–** क्रि० वि० १. उभिइरहने चालसँग; उभिएको उभियै । ना० २. त्यस्तो मानिस ।

**ठिङ्गि-नु–** अ० क्रि० [ठिङ्गो+इ+नु] १. ठिङ्गो वा एक्लो हुनु । २. ठिङ्ग उभिनु; एक्लो वा ठाडो भएर बस्नु । ३.नम्र नहुनु; ननुहुनु ।

**ठिङ्गे–** वि० [ठिङ्गो+ए] १. परिवार कोही नभएको; एकलो । २. ठाडो । ~ **चरो–** ना० हिउँदको जुनेली रातमा बस्तीको नजिक आएर एक्लै बस्ने चरो; जोगीचरो । ~ **सल्लो–** ना० सुरिलो र अग्लो देखिने सल्लाको एक जात ।

**ठिङ्गो–** वि० [ठिङ्ग+ओ] १. उभिइरहने बानी भएको; ठाडे; ठडुल्लो । २. सोझो गरी उभिएको; ठाडो । ३. जहान-परिवार वा स्वास्नी, छोराछोरी कोही नभएको; एक्लो । ४. नाङ्गो; भुतुङ्गो । ना० ५. रूख आदिको नढलेको ठुटो ।

**ठिङ्ग्याइ–** ना० [√ **ठिङ्गि** (+याइ)] १. ठिङ्गिने भाव, क्रिया वा प्रक्रिया । [ठिङ्ग्याउ+आइ] २. ठिङ्ग्याउने भाव, क्रिया वा प्रक्रिया । [> ] **ठिङ्ग्याइनु–** क० क्रि० ठिङ्ग उभ्याइनु; ठडयाइनु । **ठिङ्ग्याउनु–** प्रे० क्रि० ठिङ्ग उभ्याउनु; ठडयाउनु ।

**ठिङ्ङ–** क्रि० वि० [अ० मू० ठिङ्+ङ] हे० ठिङ्ग । [> ] **ठिङ्ङिनु–** अ० क्रि० ठिङ्गिनु । **ठिङ्ङे–** वि० ठिङ्गे । **ठिङ्ङो–** वि० ठिङ्गो । **ठिङ्ङयाइ–** ना० ठिङ्ग्याइ । **ठिङ्ङयाइनु–** क० क्रि० ठिङ्ग्याइनु । **ठिङ्ङयाउनु–** प्रे० क्रि० ठिङ्ग्याउनु ।

**ठिटा–** ना० [ठिटोको ति० रू०] हे० ठिटो । ~ **ठिटी–** ना० १. ठिटा र ठिटी; केटाकेटी । २. युवा-युवती; तरुना-तरुनी; पट्ठा-पट्ठी । **– मिटा–** ना० ठिटाहरूको समूह । (उदा०– जन्तीमा बूढापाका त कोही छैनन्, सबै ठिटामिटा मात्र) ।

**ठिटिनी–** ना० दुवैतिर धार भएको सानो तरबार ।

**ठिटी–** ना० [ठिटो+ई] १. किशोरी । २. वयःसन्धिमा पुगेकी वा भर्खर यौवन चढ्न लागेकी केटी ।

**ठिटो–** ना० १. किशोर । २. वयःसन्धिमा पुगेको वा भरखर यौवन चढ्न लागेको केटो । > **ठिटौली–** ना० १. ठिटोमा हुने अपरिपक्व अवस्था; ठिटोपन; अल्लारेपना । वि० २. ठिटो अवस्थाको; ठिटोमा हुने वा पाइने; ठिटोसँग सम्बन्धित; ठिटौलो । **ठिटौले–** वि० ठिटौली पाराको; जवान अवस्थाको । **ठिटौलो–** ना०/वि० ठिटौली । **ठिटयाइँ–** ना० ठिटोपन; ठिटौली ।

**ठिड्के–** वि० [ठिड्को+ए] छोटा, गठरिएका र बलिया हातगोडा हुने ।

**ठिड्को–** वि० [ठिँडुल्को] १. छोटा, गठरिएका र दह्रा हातगोडा

हुने; ठिङ्के । ना० २. दोषीलाई सजाय दिनका लागि बाँधिने काठको ठचौको; घाँडो ।

**ठिनामिना–** ना० [सेनामेना] १. मसिना केटाकेटी; भुराभुरी । २. सानातिना साधारण वस्तु ।

**ठिनी–** ना० जुवा खेल्दा खालेहरूले आआफ्ना दाउमा थाप्ने वा राख्ने निश्चित रकम; जुवाको बाजीमा रहने दर वा रुपियाँपैसा ।

**ठिनेमिने–** वि० [√ ठिनामिना] साधारण किसिमको; सानोतिनो ।

**ठिन्को–** ना० [√ ठुन्को] बाणको अगाडिपट्टिको तीखो भाग वा ठुन्को; बाणको टुप्पो ।

**ठिमाहा–** वि० [ठिम्मल+आहा] १. अन्तर्जातीय स्त्रीपुरुषको सम्बन्धबाट जन्मेको; ठिम्मल; वर्णसङ्कर । २. भिन्नाभिन्नै अन्नका बीउ मिसिएर उम्रिएको वा उब्जिएको (अनाज); नाभो ।

**ठिम्नु–** ना० दूधको मुन्टो ।

**ठिम्मल/ठिम्मु–** वि० वर्णसङ्कर; ठिमाहा ।

**ठिहिरिँदो–** वि० [ठिहिरि+दो] ठिहिर्‍याउने; साह्रै चिसो ।

**ठिहिरि-नु–** अ० क्रि० [ठिहिरो+इ+नु] ठिहिरो लाग्नु; ठिहिर्‍याउनु ।

**ठिहिरो–** ना० [प्रा० ठिर] १. हातगोडा कक्र्याउने गरी हुने जाडो; ठन्डी । २. त्यस्तै किसिमको तुषारो वा शीत ।

**ठिहिर्‍याइ–** ना० [√ ठिहिरि (+याइ)] १. ठिहिरिने क्रिया वा प्रक्रिया । [ठिहिर्‍याउ+आइ] २. ठिहिर्‍याउने क्रिया वा प्रक्रिया । [>] **ठिहिर्‍याइनु–** अ० क्रि० ठिहिरो लागिनु; धेरै चिसो हुनु । **ठिहिर्‍याउनु–** अ० क्रि० १. जाडाले हातगोडा कक्र्याउनु; असाध्यै चिसो हुनु । २. ठिहिरो लाग्नु; ठिहिरिनु । **ठिहिर्‍याहट–** ना० ठिहिर्‍याउने भाव, अवस्था वा क्रिया-प्रक्रिया; ठिहिर्‍याइ ।

**ठीँ–** क्रि० वि० [अ० मू०] नाकबाट सिँगान निकाल्दा वा पुछ्ता शब्द आउने गरी; सीँ । ~ **ठीँ–** क्रि० वि० १. गाईगोरु आदि जुध्दा नाक बजाएर । २. छिँक्दा शब्द आउने गरी । ३. फुइँफाइँ गरेर; सेखी गर्दै ।

**ठुँग्-नु–** स०क्रि०हे० ठुङ्नु ।

**ठुँग–** ना०हे० ठुङ ।

**ठुँगाइ-ना०** [√ ठुँग् (+आइ)] ठुँग्ने भाव, क्रिया वा प्रक्रिया । [>] **ठुँगाइनु–** क० क्रि० ठुँग्न लाइनु । **ठुँगाउनु–** प्रे० क्रि० ठुँग्न लाउनु; ठुँगाइमा पर्नु ।

**ठुँडुल्को–** ना० [ठुँडो+उल्को] काठको गिँडिएको ठूलो टुक्रा; गिँडुल्को; ठुँडो ।

**ठुँडे–** वि० [ठुँडो+ए] १. दुच्छर मुख भएको; दुर्मुखा । २. लामो, तीखो चुच्चो भएको । स्त्री० ठुँडी ।

**ठुँडो१–** ना० [सं० तुण्ड] १. डुँडो हात । २. चरा आदिको चुच्चो; टुँडो । ३. हात वा मुख (तुच्छ वा हेलाको अर्थमा) ।

**ठुँडो२–** ना० [√ ठुटो] रूख काटेपछि जमिनमा बचेको ठूटो; ठुँडुल्को ।

**ठुआ–** ना० गीतद्वारा नै परस्पर गरिने प्रश्नोत्तर; जुवारी । ~ **खेल्नु–** टु० गीतद्वारा प्रश्नोत्तर वा बातचित गर्नु ।

**ठुक्र-नु–** अ० क्रि० [√ डुक्रनु] १. रिसाएर वा जङ्गिएर चड्का स्वरले बोल्नु; डुक्रनु । स० क्रि० २. नसिहत दिनु; हप्काउनु; हकार्नु । > **ठुक्राइ–** ना० ठुक्रने काम वा किसिम । **ठुक्राइनु–** क० क्रि० ठुक्रन लाइनु । **ठुक्राउनु–** प्रे० क्रि० ठुक्रन लाउनु; ठुक्राउनु । **ठुक्रिनु–** अ० क्रि० १. ठुक्रनु । २. चड्का स्वरले बोलिनु; डुक्रिनु । **ठुक्र्याइ–** ना० ठुक्रिने भाव, क्रिया वा प्रक्रिया ।

**ठुङ्-नु–** स० क्रि० [ठुङ+नु] १. चराका चुच्चाले घोपेझैँ गरी हान्नु; चराले टोक्नु; ठुँग्नु । २. सर्प, बिच्छी आदि विषालु जन्तुले डस्नु । ३. बारबार बिझाउने गरी भन्नु; घोचपेच गर्नु; टोकस्नु ।

**ठुङ–** ना० [सं० तुण्ड] हातका दुवै बूढी औँलाका नङ जोरेर मुख मिलाउँदा हुने चुच्चे आकार; त्यस्तो आकार पारेर कपाल आदिमा थिच्ने काम; ठुँग । ~ **मार्नु–** टु० बूढी औँलाका नङ जोरेर कपालको जरामा थिच्नु र पड्काउनु; लिखा आदि मार्नु ।

**ठुङाइ–** ना० [√ ठुङ् (+आइ)] ठुङ्ने भाव, क्रिया वा प्रक्रिया । [>] **ठुङाइनु–** क० क्रि० ठुङ्न लाइनु । **ठुङाउनु–** प्रे० क्रि० ठुङ्न लाउनु ।

**ठुटाठुटी–** ना० [ठुटो+ठुटो] सानाठूला ठुटाहरूको समूह ।

**ठुटी–** ना० [ठुटो+ई] १. चुरा, धागो, पोते आदि नभएकी वा नलगाएकी स्त्री; विधवा स्त्री; राँड । २. कोही नभएकी स्वास्नीमान्छेलाई गाली गर्दा भनिने शब्द । ~ **बारी–** ना० ठुटैठुटा भएको बारी वा खेत ।

**ठुटे–** वि० [ठुटो+ए] १. केही भाग टुक्रिएको वा काटिएको (कुनै लामो वस्तु, कपाल आदि) ना० २. जाँघे; कट्टु ।

**ठुटो–** ना० [प्रा० ठुण्ठ] १. काटिएर, भाँचिएर वा टुक्रिएर बचेको रूखको ठुँडुल्को वा कुनै लामो वस्तुको अवशेष । २. लिँडो; डुँडो । वि० ३. ठुटे । > **ठुटौरो–** ना० चुरोटबिँडीको ठुटो वा खरानी राख्ने भाँडो; खरानीदानी; सिठीदानी (एस्ट्रे) ।

**ठुन्क-नु–** अ० क्रि० [ठुन्को+नु] ठुन्किनु; टुक्रिनु । > **ठुन्काइ–** ना० ठुन्कने क्रिया वा प्रक्रिया ।

**ठुन्काठुन्की–** ना० [ठुन्को+ठुन्को] सानातिना ठुन्काहरूको समूह ।

**ठुन्कि-नु–** अ० क्रि० [ठुन्को+इ+नु] १. कुनै कमलो वस्तु पटक्क भाँचिनु वा टुक्रिनु । २. तरुल, काँक्रो, फर्सी आदि वस्तु गिँडिनु; च्वाट्ट छिनिनु ।

**ठुन्को–** ना० [प्रा० ठुण्ठ] प्रायः कमलो वस्तुको सानो र मोटो टुक्रो; कुड्को (तरुल आदिको) ।

**ठुन्क्याइ–** ना० [√ ठुन्कि (+याइ)] १. ठुन्किने काम वा किसिम । [ठुन्क्याउ+आइ] २. ठुन्क्याउने काम वा किसिम । [>] **ठुन्क्याइनु–** क० क्रि० ठुन्क्याउन लाइनु; टुक्र्याइनु । **ठुन्क्याउनु–** प्रे० क्रि० टुक्रा-टुक्रा पार्नु; कुड्क्याउनु; टुक्र्याउनु ।

**ठुमरी–** ना० [हि०] स्थायी र अन्तरा मात्रै हुने एक प्रकारको प्रचलित गीत वा राग ।

**ठुर्रा–** ना० मुद्रण चिह्न वा छाप नलागेको पुरानो डल्ले पैसा ।

c:\\1saroj\sabdkosh\Tha.p65



**ठुलठुलो**– वि० [ठुलो+ठुलो] १. अलिअलि ठूलो । २. निकै ठूलोठूलो ।

**ठुलथुँगे/ठुलथुङे**– ना० [ठूलो+थुँगो/थुङो] ठूलठूलो थुँगा हुने एक जातको सयपत्री ।

**ठुलनानी**– ना० [ठुली+नानी] जेठी छोरी, बहिनी आदिलाई भनिने शब्द ।

**ठुला**– वि० [सं० स्थूल]१. ठूलोको आदरार्थी तथा बहुवचन रूप; ठूलो । ~ **ठालु**– ना० ठूला र ठालुको समूह; ठूलोबडो । ~ **बा**– ना० ठूलो बाबु वा ठूला बाबुको छोटकरी रूप । ~**बाबु**– ना० ठूलो बाबुको आदरार्थी रूप ।

**ठुली**– वि० [ठूलो+ई] १. पहिले जन्मेकी वा आएकी; जेठी । २. मान वा शरीरको कद आदिले बढी । ना० ३. ठूलाकी स्वास्नी । ~**आमा**– ना० १. आफ्नी आमाकी दिदी । २. ठूला बाबुकी स्त्री । ~**दिदी**– ना० जेठी दिदी । – **मा**– ना० ठूली आमा ।

**ठुलो**– वि० [सं० स्थूल]१. आकारप्रकार वा लमाइचौडाइ र उचाइका हिसाबले बढी भएको; अजङको; ढब्बू; विशाल । २. अरूभन्दा पहिले जन्मेको; जेठो । ३. इज्जत, शक्ति, हैसियत आदिमा अरूभन्दा बढ्ता भएको; विशेष महत्त्वको । ~**उद्योग**– ना० मझौला उद्योगभन्दा ठूलो र कम्पनी कानुनअनुसार वा सरकारी स्वामित्वमा चल्ने कुनै विशेष उद्योग । ~**एकादशी**– ना० १. कार्तिक शुक्लपक्षमा पर्ने एकादशी; हरिबोधिनी एकादशी । २. असार शुक्लपक्षमा पर्ने एकादशी; हरिशयनी एकादशी । ~ **ओखती**– ना० सुप, गुलियो आदिसित पीठामा मिलाई घिउमा पकाएर खाँदा सुत्केरी र जीउ दुख्नेहरूको आङ बाँधिने प्रसिद्ध एक जातको बुटी । ~**कागुनु**– ना० ठूलो बोट र ठूला गेडा हुने एक जातको कागुनु । ~**कुरो**– ना० लाम्चा पात हुने, लामा कोसा फल्ने र सेता फूल फुल्ने एक जातको वृक्ष वा त्यसैको फल; कटज । ~**केराउ**– ना० सेता र ठूला गेडा हुने एक जातको केराउ । ~**गुँद**– ना० गुन्द्री बुनिने ठूलो एक जातको गुँद (झार) । ~**चोट**– ना० १. हतियार, लाठी आदिको प्रहारबाट भएको ठूलो घाउ । २. मानिसलाई कसैले बेइज्जती गर्दा मुख देखाउन नहुने स्थिति । ~**ठालु**– ना० गाउँ वा समाजको मुख्य व्यक्ति । ~**ताप्रे**– ना० ठूला पात हुने, पहेँला फूल र मकैबोडीका जस्ता कोसा फल्ने एक जातको ताप्रेको बोट वा त्यसैको कोसा; ठूलो जातको छिनछिने । ~**तिते पिँडालु**– ना० एउटै काण्डमा लाम्चा पात हुने, टुप्पामा हरियो र खैरो मिश्रित फूल फुल्ने, जरामा छ्यापीजस्तो पोटी र कसुरजस्तो दाना हुने, हिमालमा पाइने बुटीविशेष; जीवक । ~**फर्म**– ना० १. धेरै पुँजी र मानिसहरू मिलाई उद्योगधन्दा चलाउन गठन गरिएको काम वा ठाउँ । २. नेपाल कानुनबमोजिम खेतीमा छब्बीस बिघादेखि पचास बिघासम्मको एकै खायल समथर जग्गा । ~**बयर**– ना० लाम्चा पात, पहेँला फूल र लाम्चा हरिया फल लाग्ने काँडावाल रूख वा त्यसको फल । ~**बडो**– वि० मुख्य र गतिलो । ~**बाबु**– ना० १. बाबुका दाजु; जेठो बाबु । २. आमाको भिनाजु; ठूलीआमाका पति । ३. जेठो छोरालाई भनिने स्नेहवाची शब्द । ~**भटमास**– ना० फिका, कैलो र ठूलो गेडा हुने भटमास । ~**भन्टा**– ना० बोट र पातमा काँढा नहुने ठूलो खालको भन्टा । ~**भिँडा**– ना० ठूलो भन्टा । ~**लाटो कोसेरो**– ना० ठूलो खालको लाटोकोसेरोको एक जात । ~**साँझ**– ना० बेलुका मानिस ठम्याउन नसकिने गरी झमक्क अँध्यारो भइसकेपछिको समय; बाक्लो साँझ । ~ **सिरु**– ना० ठूलो एक जातको सिरु; इक्षुदर्भा ।

**ठुसठुस**– क्रि० वि० [अ० मू० ठुस्+अ(द्वि०)] १. कुनै कुरामा चित्त नबुझ्दा अलिअलि कन्दै रोएर । २. सडेगलेका वस्तु गनाएझैँ भई । ३. अलिअलि गरी अपानवायु छोडेर । >**ठुसठुसती/ठुसठुसी**– क्रि० वि० अझ छिटो ठुसठुस गरेर ।

**ठुस्कि-नु**– अ० क्रि० ठस्कनु; ठुस्सिनु । >**ठुस्क्याइ**– ना० ठुस्किने क्रिया वा प्रक्रिया । **ठुस्क्याइनु**– क० क्रि० ठुस्किन लाइनु **ठुस्क्याउनु**– प्रे० क्रि० ठुस्किने पार्नु; जङ्ग्याउनु ।

**ठुस्स**– क्रि० वि० [अ० मू० ठुस्+स] १. रिसले धुम्म परेर; ठसक्क । २. सडेको वस्तु गनाएझैँ; डुङ्ङ । ३. बिस्तारै अपानवायु छोडेर । >**ठुस्सिनु**– अ० क्रि० धुम्म परेर नबोली बस्नु; ठुस्स पर्नु; ठुस्कनु । **ठुस्स्याइ**– ना० ठुस्सिने क्रिया वा प्रक्रिया । **ठुस्स्याउनु**– प्रे० क्रि० ठुस्स पार्नु; रिस उठाउनु; जङ्ग्याउनु । **ठुस्स्याहट**– ना० ठुस्सिने काम वा किसिम ।

**ठेउका ठेउकी**– ना० [ठेउको+ठेउको] सानाठूला धेरै ठेउकाको समूह ।

**ठेउको**– ना०हे० १. ठ्यौको । २. अल्लारे केटो ।

**ठेउला**– ना० ज्वरो आउने, छाला चिलाउने र पानी भरिएको ठूलठूला फोका उठ्ने एक प्रकारको सङ्क्रामक रोग; बिफरको एक भेद ।

**ठेउलि-नु**– अ० क्रि० १. कसैसँगको कुराकानी वा छलफलमा जवाफ फर्काउन नसकेर हार्नु; ठक्कर खाएपछि त्यसबाट पन्छनु वा पर हट्नु । २. कुनै उपाय नहुनु । >**ठेउल्याइ**– ना० ठेउलिने वा ठेउल्याउने क्रियाप्रक्रिया । **ठेउल्याइनु**– क० क्रि० ठेउल्याउने काम गरिनु । **ठेउल्याउनु**– प्रे० क्रि० कसैलाई कुराकानीमा हराउनु; नाजवाफ पार्नु; कुनै कामकुराबाट पन्छाउनु ।

**ठेउवा**– ना० चुच्चो, डँडाल्नु र पुच्छरको माझ खैरो, घाँटी गुलाफी र अरू शरीर नीलो हुने पक्षीविशेष ।

**ठेक्-नु**– स० क्रि० [ठेक+नु] कुनै कामका लागि आवश्यक पर्ने मानिस, रुपियाँ, समय आदि नियत गर्नु; ठेक निश्चित गरिदिनु; तोक्नु । >**ठेकाइ**– ना० ठेक्ने काम वा किसिम । **ठेकाइनु**– क० क्रि० ठेक्न लाइनु । **ठेकाउनु**– प्रे० क्रि० ठेकको निधो गराउनु; ठेक्न लाउनु । **ठेकिनु**– क० क्रि० ठेक्ने काम गरिनु ।

**ठेक**– ना० [ठेक्का] १. सालिन्दा बुझाउने गरिएको तिरो वा दस्तुर । २. नियत दर वा समयमा कुनै काम पूरा गर्ने बोल-कबोल, इजारा; ठेक्का । ३. ठेक्कामा बुझाउनुपर्ने रकम वा मालसामान । – **दार**– ना० ठेक लिने व्यक्ति; ठेक्कामा काम गर्ने

c:\\1saroj\sabdkosh\Tha.p65



मानिस; ठेकेदार । – **दारी**– ना० ठेकदारको काम वा पेसा; ठेकेदारी ।

**ठेकन**– ना० [ठेउको+अन] १. कुनै टेको, टेवा आदिको तलतिर ठोकिने चुकुल । २. कक्कड, गाँजा आदि खाँदा चिलिमका प्वालमा राखिने ढुङ्गो, खबटा आदिको टुक्रो वा ठेडी ।

**ठेका**– ना० १. दहीमही राखिने काठको भाँडो । २. भलायोका गेडाको भेट्नापट्टिको भाग । ~ **भाँडा**– ना० गोठ वा गोशाला आदिमा दूधदही राखिने भाँडाकुँडाको समूह ।

**ठेकी१**– ना० [ठेको+ई] दही, मही, घिउ, तेल आदि राखिने काठको भाँडो; सानो ठेको ।

**ठेकी२**– ना० [ठेक+ई] ठेकबापतको रकम वा दस्तुर । ~ **फल**– ना० एक जातको खान हुने फल फल्ने बोट वा त्यसैको फल । ~ **भेटी**– ना० १. कुनै ठेक निश्चित गर्दा ठेक पाउनेले दातालाई दिइने दस्तुर । २. पहाडी खण्डका तालुकदारले रैतीलाई कुनै जग्गाको बहाली दिएबापत लिने दस्तुर ।

**ठेकुवा१**– ना० [मै०] खजुरीका ढाँचाको एक किसिमको मिठाई; ठकुवा ।

**ठेकुवा२**– वि० [ठेक्+उवा] १. यति भनी तोकिएको; ठेकिएको (कुनै काम, कुरा, दस्तुर इ०) । २. ठेक्ने ।

**ठेको**– ना० दही, मही आदि हालिने काठको ठूलो ठेकी ।

**ठेक्का**– ना० १. जग्गा कमाएबापत बर्सेनि मोहीले तल्सिङलाई बुझाउनुपर्ने अन्नबाली वा कुत । २. कुनै अड्डाखाना वा संस्थालाई नियमित समयमा निश्चित परिमाणमा दिइरहनुपर्ने कबुलअनुसारको खाद्य वस्तु वा चीजबीज । ३. निश्चित दर वा रकममा निर्धारित समयभित्र पूरा गर्नुपर्ने कुनै निर्माणसम्बन्धी कामको कबुल । ४. बोलकबोलअनुसार गरिने कुनै पनि कामको जिम्मा; ठेक; इजहारा । ~ **कबुलियत**– ना० ऐनकानुनबमोजिम तोकिएको काम तोकिएको समयमा गरुँला र बुझाउँला भनी ठेक्का लिनेले सर्तबमोजिम लेखिदिने कागत । ~ **कर**– ना० ठेक्कापट्टा लिने ठेकदारले ठेक्काका आधारमा बुझाउनुपर्ने कर वा रकम । ~ **पट्टा**– ना० ठेक्का लिने ठेकदारले लेखिदिने ठेक्काको कबुलियत ।

**ठेगान/ठेगाना**– ना० १. घर वा डेरा गरेर बसेको कुनै निश्चित ठाउँ; थातथलो; पत्ता (उदा०– तपाईंको घरको ठेगाना टिपिदिनुहोस् है ।) । २. कुनै कामकुराको टुङ्गो लाग्ने वा थिति बस्ने काम; निधो; थान्को । (उदा०– घरको झमेलाको बल्ल ठेगान लाग्यो) । ३. कुनै काम वा कुराको बन्दोबस्त; प्रबन्ध । (उदा०– भाइहरूको पढ्ने ठेगान मिलाएर म घर आउँछु) ।

**ठेङ्ग्रेमुङ्ग्रे**– ना० [ठेङ्ग्रो+मुङ्ग्रो] अपराधीहरूलाई ठिँगुरामा हाली दिइने एक प्रकारको सजाय ।

**ठेङ्ग्रो**– ना० लहरेदार तरकारी वा फलका बोटबिरुवाको झिक्रो; झाल; झाङ ।

**ठेट**– वि० [हि० ठेठ] मूल रूपमा रहेको; मिसावट नभएको; चोखो; नमिसिएको; शुद्ध; झर्रो ।

**ठेटर**– ना० [अङ्० थिएटर] रङ्गमञ्चमा खेलाइने वा प्रदर्शित गरिने नाटक तथा नाचगान ।

**ठेटुवा**– ना० [ठेट+उवा] घरबुनाको सेतो कपडाविशेष ।

**ठेट्ना**– ना० [√ ठेट्नु] १. भुट्दा फूल नउठेका मकै आदि । २. अजकल्टा वा नबुझ्ने केटाकेटी । ~ **मेट्ना**– ना० त्यस्ता मसिना धेरै केटाकेटी; भुराभुरी ।

**ठेट्नु/ठेट्नो**– ना० १. मकै, जुनेलो आदि भुट्ता फूल नउठेको दानु; अटेर्नु । २. अजकल्टो वा नबुझ्ने केटो ।

**ठेड**– ना० [ठेक] १. मै हुँ भन्ने व्यक्ति; ठालु; नाइके । वि० २. जिराहा; जोधाहा । > **ठेडी**– ना० १. घिउ-तेल आदिका ठेकीमा लगाइने काठको सानो बिर्को; बुजो । २. गाँजा, कक्कड आदि खानेले चिलिमका प्वालमा राख्ने ढुङ्गो, खबटा आदिको सानो टुक्रो; ठेकन ।

**ठेल्-नु**– स० क्रि० [सं० टल+नु] १. घिसार्न वा गुडाउन हुने कुनै वस्तुलाई घचेट्नु; पेल्नु; धकेल्नु । २. कुनै वस्तुलाई भाँडामा खाँद्नु; साँघुरो ठाउँमा कोच्नु । ३. अरूलाई ठटाउनका निम्ति धक्का दिनु; अँचेट्नु; थिच्नु ।

**ठेल**– ना० [ठेल्+अ] १. बाढीको पानी पाखातर्फ आउने काम । २. घचेटाइ । ~ **गाडी**– ना० ठेलेर हिँडाइने चक्कागाडी; ठेलागाडी । ~ **पेल**– ना० १. ठेल्ने र पेल्ने काम । २. बुताले भेटेसम्मको प्रयास; बलतल । ३. लिँडेढिपी; हठ ।

**ठेलमठेल**– ना० [ठेल्+ठेल] १. धेरै जनाले आफुसमा एकले अर्कालाई ठेल्ने वा धकेल्ने काम; ठेलाठेल । २. हिँड्न वा छिर्न गाह्रो पर्ने भीड; घुइँचो । > **ठेलमठेला**– ना० ठेलमठेल ।

**ठेला**– ना० [ठेल्+आ] १. ठेलो । २. ठेलागाडी ।

**ठेलाइ**– ना० [√ **ठेल्** (+आइ)] ठेल्ने काम वा किसिम । [>] **ठेलाइनु**– क० क्रि० ठेल्न लगाइनु । **ठेलाउनु**– प्रे० क्रि० ठेल्न लाउनु; घचेटाउनु ।

**ठेलागाडी**– ना० [ठेला+गाडी] ठेलेर वा घचेटेर चलाइने, मालसामान बोक्ने चक्कागाडी; लिकमा ठेलेर चलाइने सानो गाडी; ठेला; ठेलगाडी ।

**ठेलिनु**– क० क्रि० [ठेल्+इ+नु] ठेल्ने काम गरिनु; घचेटिनु; पेलिनु ।

**ठेली**– ना० १. पुस्तक तथा पुस्तकका पत्रहरूको खात; कागतपत्रको चाङ; तड्डी । २. ठूलो पुस्तक ।

**ठेलुवा**– वि० [ठेल्+उवा] १. ठेल्नुपर्ने; ठेलिने; ठेलिएको । ना० २. आरनमा आगो फुक्ने सानो ढुङ्ग्रो ।

**ठेलो१**– ना० [ठेल्+ओ] हतियार धेरै चलाएर काम गर्दा हातगोडामा उठ्ने छालाको साह्रो डल्लो ।

**ठेलो२**– ना० ढोकाको चौकोसमा जमिनपट्टि रहने तेर्सो काठ ।

**ठेस्-नु**– स० क्रि० [ठोस्+नु] अटाइनअटाइ गरेर हाल्नु; कोच्नु; खाँद्नु; जाक्नु ।

**ठेस**– ना० [√ ठचास्स] हिँड्दा काठ, ढुङ्गा आदिसित जुधेर गोडामा लाग्ने ठक्कर ।

c:\\1saroj\sabdkosh\Tha.p65



**ठेसन–** ना० [ठेस+अन] भारीमा दुवैपट्टिको तौल बराबर पार्न एकापट्टि थपिने ओजन वा वस्तु ।

**ठेसमठेस–** ना० [ठेस्+ठेस] अटाइनअटाइ हुने गरी; अटेसमटेस; ठेलमठेल; खाँदाखाँद ।

**ठेसाइ–** ना० [√ **ठेस्** (+आइ)] ठेस्ने काम वा किसिम । [>] **ठेसाइनु–** क० क्रि० ठेस्न लाइनु; कोचाइनु । **ठेसाउनु–** प्रे० क्रि० ठेस्न लाउनु; कोचाउनु । **ठेसिनु–** क० क्रि० ठेस्ने काम गरिनु; खाँदिनु; कोचिनु ।

**ठेस्सि-नु–** अ० क्रि० [ठयास्स+इ+नु] १. बस्दा, हिँड्दा कसैलाई धक्का लाग्नु; ठोकिनु; घचेटिनु । २. भीड वा साँघुरो भएका ठाउँमा कोचिनु; खाँदिनु । ३. कुनै वस्तु रिसाएर वा फन्केर राखिनु । ४. अरूलाई मन नपर्ने गरी बस्नु । > **ठेस्स्याइ–** ना० ठेस्सिने वा ठेस्स्याउने क्रिया-प्रक्रिया । **ठेस्स्याइनु–** क० क्रि० ठेस्सिन लाइनु; धक्का लगाइनु । **ठेस्स्याउनु–** स० क्रि०/प्रे० क्रि० १. धक्का लगाउनु; घचेट्नु । २. रिसाएर वा फन्केर राख्नु ।

**ठो–** ना० खड्कौँलाका किसिमको, कडादार, ठाडो र ठूलो भाँडोविशेष; खासी ।

**ठोक्-नु–** स० क्रि० १. कसैलाई हात, लट्ठी आदिले जोडसँग हिर्काउनु; कुट्नु । २. फलामको घनले धातुका पाता, भाँडा आदिमा हान्नु; पिट्नु । ३. गजाले ढयाङ्ग्रो, दमाहा, नगरा आदि बाजा बजाउनु । ४. कुनै वस्तुद्वारा अर्को वस्तुलाई वा मानिसले मानिसलाई नै ठक्कर दिनु । ५. कसैलाई कुस्ती, पहलमानी, लडाइँ आदिमा जित्नु; परास्त गर्नु । ६. कसैलाई तह लाउनु; साबित वा कायल पार्ने गरी भन्नु । ७. कुनै कुरा वा विषयको निधो गर्नु; निर्णय गर्नु । > **ठोकठाक–** ना० ठोक्ने वा पिट्ने काम; पिटपाट ।

**ठोकने–** ना० चामलको पीठोबाट घिउतेलमा पकाएको पुरीजस्तो केही बाक्लो खाद्यवस्तु; बाबर ।

**ठोका१–** ना० ठिटाठिटीले गीतमा पालैसित गरिने प्रश्नोत्तर; जुहारी; ठुआ ।

**ठोका२–** ना० [था०] थारूजातिका स्त्रीहरूले नारीमा लगाउने एक प्रकारको गहना ।

**ठोकाइ–** ना० [√ **ठोक्** (+आइ)] ठोक्ने क्रिया वा प्रक्रिया । [>] **ठोकाइनु–** क० क्रि० ठोक्न लाइनु । **ठोकाउनु–** प्रे० क्रि० ठोक्न लाउनु; चुटाउनु ।

**ठोकाठोक–** ना० [ठोक्+आ+ठोक्] परस्परको ठोकाइ वा पिटाइ; आपसमा कुट्नेपिट्ने काम; पिटापिट; मारामार ।

**ठोकाबाजी–** ना० [ठोक्+बाजी] १. परस्परमा हुने हानथाप; होडबाजी; ठोलाबाजी । २. कुनै कारणबाट दुई थरीमा हुने भनाभन; भनावैरी ।

**ठोकिनु–** अ० क्रि० [ठोक्+इ+नु] १. ठक्कर लाग्नु । क० क्रि० २. पिटिनु; कुटिनु । ३. कायम गरिनु ।

**ठोकुवा–** वि० [ठोक्+उवा] १. निधो गरिएको; निश्चित । २. ठोकिएको वा ठोकेको । ना० ३. कुनै कुरा वा विषयको निधो; निर्णय ।

**ठोक्रे–** वि० [ठोक्रो+ए] १. ठोक्रो लिने; ठोक्रो भिर्ने । ना० २. तेल हाल्ने काठको भाँडो; गरियो; दुलाल ।

**ठोक्रो१–** ना० १. बाण हालेर पिठिउँमा भिर्ने बाँस वा काठ आदिको भाँडो । वि० २. डोलो, गोलो, लाम्चो र खोक्रो भएको ।

**ठोक्रो२–** ना० [ठोकर+ओ] धातुका भाँडाकुँडाको व्यापार गर्ने एक जाति ।

**ठोट्ने–** ना० लाम्चा पात, सेता मसिना फूल, राता साना फल र अमिलो डाँठ हुने एक जातको बोट वा तरकारी, अचार बनाएर खाइने त्यसैको डाँठ ।

**ठोटरी–** ना० एक जातको कछुवा ।

**ठोटचौरो–** ना० [ठुटो+चौरो] हुक्का गुडगुडाएझैँ गरी काठ ठुङ्ने, साखिने ढुकुरका आकारको, ढुकुरको भन्दा लामो मसिनु चुच्चो हुने र गौँथलीजत्रो गरी दुई किसिमको हुने एक जातको चरो ।

**ठोरी–** ना० मध्य नेपालको भित्री मदेस चितवनको दक्षिणी भेगमा पर्ने पर्सा जिल्लाअन्तर्गतको प्रसिद्ध जङ्गली क्षेत्र ।

**ठोलाबाजी–** ना०हे० ठोकाबाजी ।

**ठोस्-नु–** स० क्रि० [ठोस+नु] १. आगो बाल्दा सिट्ठी झार्नका लागि अगुल्टो घोच्नु । २. उही कुरो बारम्बार भन्नु; घच्का लाउनु । ३. कसैलाई मुखभरिको जवाफ दिनु; ठोस लाउनु । ४. कुनै वस्तु भाँडो आदिमा कोच्नु; खाँद्नु ।

**ठोस–** ना० १. कसैलाई दिइने मुखभरिको जवाफ; ठक्कर । वि० २. भित्र रित्तो वा खोक्रो नभएको; खँदिलो । – **करण–** ना० कुनै तरल पदार्थ वा बाफलाई ठोस रूपमा परिवर्तन गर्ने प्रक्रिया ।

**ठोसाइ–** ना० [√ **ठोस्** (+आइ)] ठोस्ने भाव, क्रिया वा प्रक्रिया । [>] **ठोसाइनु–** क० क्रि० ठोस्न लाइनु । **ठोसाउनु–** प्रे० क्रि० ठोस्न लाउनु । **ठोसिनु–** क० क्रि० ठोस्ने काम गरिनु ।

**ठोसे–** ना० [ठोसो+ए] १. घाँटीमा लगाउने एक किसिमको गहना । वि० २. ठोसोजस्ती; तीखा चुच्चे स्तन भएकी (तरुनी) । ~ **तरुनी–** ना० पूरा जवानी चढेकी वा बैँसले मत्त भएकी तरुनी; अङ्गप्रत्यङ्ग पुष्ट भएकी तरुनी; यौवन भरिएकी युवती । ~ **बाला–** ना० चुच्चा परेका सुन वा चाँदीका बाला ।

**ठोसो–** ना० [ठोस+ओ] १. मकै, धान, कोदो आदिको बोट काटेर बाँकी रहेको फेद । २. निगाला आदिको टुसो । ३. कुनै वस्तुको छेस्को ।

**ठोस्या–** ना० [था०] स्त्रीजातिले घाँटीमा लगाउने चाँदीका ठोसाहरूबाट बनाइएको एक प्रकारको गहना ।

**ठौर–** ना० [ठहर] ठाउँ; थलो । ~ **ठेगान–** ना० रहनेबस्ने स्थान; थातथलो ।

**ठ्या–** ना० [नेवा० थ्या] १. आफ्नो नजिकैको पर्ने वा समान जातको नातादार । २. खास गरी क्षेत्रीहरूमा विवाहिता पत्नीबाट जन्मेका सन्तानलाई जनाउँदा प्रयुक्त हुने शब्द ।

**ठयाँक्-नु–** स० क्रि० [ठयाँक+नु] १. ठयाँक खुवाउनु; गलहत्ती

दिनु । २. कसैलाई बोल्न नसक्ने गरी ठक्कर दिनु; परास्त गर्नु । ३. डन्डीबियो खेल्दा डन्डीले बियो उफारेर हान्ने काम गर्नु; ठयाँक लगाउने काम गर्नु ।

**ठयाँक–** ना० [ठक्कर] १.कसैलाई घाँटी समातेर गरिने घोक्य्राइ वा मुन्टचाइ; गलहत्ती । २. कुनै कामकुरामा कसैलाई बोल्न नसक्ने गरी दिइने ठक्कर वा जवाफ । ३. डन्डीबियोको खेलमा डन्डीले बियोलाई टाढा हुत्त्याउने काम । ४. खेल, कुस्ती आदिमा अरूको बल, तुजुक आदि झार्ने काम; हार; पराजय ।

**ठयाँकिनु–** क० क्रि० [ठयाँक्+इ+नु] ठयाँक्ने काम गरिनु; ठयाँक खुवाइनु ।

**ठयाइनु–** क० क्रि० [ठयाउ+इ+नु] ठयाउने काम गरिनु; ठम्याइनु ।

**ठयाउ–नु–** स० क्रि० [ठम्याउ] राम्ररी हेरी ठहऱ्याउनु; छुट्टयाउनु; नियाल्नु; ठम्याउनु ।

**ठयाक१–** ना० [अ० मू० टचाक] १. कमरमा डोरीले बाँधेर अड्काई खुर्पा घुसारेर भिरिने काठको सामान; खुर्पाको दाप । २. डन्डीले बियो हिर्काउने काम ।

**ठयाक२–** ना० [√ ठयाक्क] आफुसको मिल्दो विचार; राय; मतो । (उदा०– तिनका बाबुछोराको पटक्कै ठयाक मिल्दैन) । **– ठुक–** क्रि० वि० कुनै कामकुरो गडबड नपरी मिल्ने किसिमले; टाकटुक्क ।

**ठयाकप्वा–** ना० [नेवा०] गाराको सुर मिलाउन प्रयोग गरिने घन्टीका आकारको सामान; साहुल ।

**ठयाक्क–** क्रि० वि० [अ० मू० ठयाक्+क] १. ठीकसँग मिल्ने वा सुहाउने गरी । २. ठक्कर लाग्ने वा ठक्कर लाग्दा आवाज निस्कने किसिमले ।

**ठयाङठयाङ–** क्रि० वि० [अ० मू० ठयाङ+अ (द्वि०)] १. धातुका भाँडाकुँडा ठोकिएझैँ । २. बारम्बार ठक्कर लाग्ने गरी । ३. रूख, बाँस आदि काट्ता आवाज निस्कने चालमा ।

**ठयाङ्ग/ठयाङ्ङ–** क्रि० वि० [अ० मू० ठयाङ्+ग/ङ] १. धातुका भाँडाकुँडा खस्दा वा ठोकिँदा एकै बाजि चड्का शब्द आउने गरी । २. ठोकिने वा ठक्कर लाग्ने भएर ।

**ठयाप्प–** क्रि० वि० [अ० मू० ठयाप्+प] १. कुनै वस्तु अर्को वस्तुसित जोडिने वा ठीकसँग मिल्ने गरी । २. झ्याल, ढोका, बाकस आदि एकाएक थुनिने वा बन्द हुने किसिमले ।

**ठयामठयाम–** क्रि० वि० [अ० मू० ठयाम्+अ (द्वि०)] १. लबटाले गालामा धमाधम हान्ने गरी । २. कुनै वस्तु अर्को वस्तुसित राम्ररी वा धमाधम मिल्ने चालमा ।

**ठयाम्म–** क्रि० वि० [अ० मू० ठयाम्+म] १. लबटाले गालामा चड्काउने किसिमले; चडचाङ्ग । २. ठिक्कसँग मिल्ने गरी; ठयाक्क । ३. एकदम सिद्धिएर; कत्ति पनि नरहीकन ।

**ठयास्–नु–** स० क्रि० [√ ठेस्+नु] हे० ठेस्नु । > **ठयासिनु–** क० क्रि० ठयास्ने काम गरिनु; ठेसिनु ।

**ठयासठयास–** क्रि० वि० [अ० मू० ठयास्+अ (द्वि०)] खुला चालले बारम्बार ठयास भएर । **ठयासठयासती/ठयासठयासी–** क्रि० वि० अझ छिटो ठयासठयास हुने गरी ।

**ठयासफू–** ना० [नेवा० थ्यासफू] परस्परमा पत्रहरू जोडिएको एक किसिमको पुरानो ढाँचाको पुस्तक; फरफरे ।

**ठयास्स–** क्रि० वि० [अ० मू० ठयास्+स] १. हलुका चालले ठक्कर लागेर; ठयाक्क । २. चाक टेकाएर वा एकै छिन बसेर । ३. एकाएक; प्याक्क । ४. मन नपरीकन राख्ने गरी ।

**ठयौको–** ना० काठको ठूलो टुक्रो; गिँडुल्को; ठेउको ।

**ठ्वाक्क–** क्रि० वि० [अ० मू० ठ्वाक्+क] कुनै साह्रो वस्तुमा हिर्काउँदा हल्का आवाज आउने गरी ।

**ठ्वासठ्वास–** क्रि० वि० [अ० मू० ठ्वास्+अ (द्वि०)] १. धमाधम वा पटापट ओठे जवाफ दिने किसिमले । २. बोल्दा ठीक-बेठीक विचारै नगरी । ३. बारम्बार अगुल्टो ठोसेर । > **ठ्वासठ्वासती/ठ्वासठ्वासी–** क्रि० वि० अझ छिटो ठ्वासठ्वास भएर ।

**ठ्वास्स–** क्रि० वि० [अ० मू० ठ्वास्+स] १. घोच्ने किसिमले ओठे जवाफ दिने गरी । २. कुनै वस्तु मन नपर्ने चालले राखेर । ३. ठीकबेठीक विचारै नगरी । ४. दुर्गन्धित हुने गरी ।

# ड

**ड**– देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये तेह्रौँ वर्ण; स्पर्शी, मूर्धन्य, सघोष, अल्पप्राण, ताडित व्यञ्जनवर्ण; टवर्गको तेस्रो अक्षर; लेख्य रूपमा सो वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; डाङ्डुङे ड ।

**डँकाइ**– ना० [√ **डाँक्** (+आइ)] डाँक्ने भाव, क्रिया वा प्रक्रिया । [> ] **डँकाइनु**– क० क्रि० डाँक्न लाइनु । **डँकाउनु**– प्रे० क्रि० डाँक्न लाउनु । **डँकाहा**– वि० उफ्रेर नाच्ने; फड्कने ।

**डँटाइ**– ना० [डाँट+आइ] १. डाँट्ने भाव, क्रिया वा प्रक्रिया । २. हे० छँसाइ; हप्काइ ।

**डँडाइ**– ना० [√ **डाँड्** (+आइ)] डाँड्ने भाव, क्रिया वा प्रक्रिया । [> ] **डँडाइनु**– क० क्रि० डाँड्न लाइनु । **डँडाउनु**– प्रे० क्रि० डाँड्न लाउनु; जरिवाना तिराउनु ।

**डँडाक**– वि० [सं० दण्डक] बढेर वा सप्रेर ठूलो देखिएको; ढड्ड; घ्वाँक ।

**डँडाली / डँडाल्नी**– ना० [डन्डी] झ्यालको कोटालमास्तिर हालिने काठ वा फलामको तेर्सो डन्डी ।

**डँडाल्नु१**– ना० [सं० तण्डुल] छुटो चालेर बाँकी रहेको खस्रो भुस ।

**डँडाल्नु२ / डँडाल्नो**– ना० [सं० दण्ड] काँधदेखि मनि कम्मरसम्मको शरीरको पछिल्लो भाग; पिठिउँ; ढाड ।

**डँडेल**– ना० [डाँडो+एल] १. डोली, तामदान, पाल्की आदि बोक्ने व्यक्ति; डोले । २. डँडाल्नु । – **धुरा**– ना० डोली, पालकी आदिमा रहने तेर्सो काठ; डाँडी । २. नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने महाकाली अञ्चलको पहाडी र केही भित्री मदेसको भाग पनि रहेको एक जिल्ला ।

**डँडेलो**– ना० [डाँडो+एलो] १. खर वा परालले छाइएका घरका छानामा रहने मुसी; डाँडा; डढेलो । २. चालेर बचेको खस्रो भुस; डँडाल्नु ।

**डँडचाइ**– ना० [√ **डँडचाउ** (+आइ)] डँडचाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **डँडचाइनु**– क० क्रि० छानामा डाँडा हालिनु ।

**डँडचाउनु**– स० क्रि० [डाँडा+याउ+नु] खर वा परालले घर छाइने छानामा डाँडा हाल्नु; छानाका डाँडाहरू बाँध्नु ।

**डँसाइ**– ना० [√ **डाँस्** (+आइ)] डाँस्ने काम वा किसिम । [> ] **डँसाइनु**– क० क्रि० डाँस्न लाइनु । **डँसाउनु**– प्रे० क्रि० डाँस्न लाउनु; डसाउनु; धुताउनु ।

**डक्–नु**– स० क्रि० [प्रा० डक्न] कसैलाई उमेर, बल, खवाइ आदिले दमन गर्नु वा थिच्नु; नियन्त्रण गर्नु; ऐँचनु । (उदा०– दाजुले डकेर हो कि कान्छो सप्रनै सकेन) ।

**डकर्मी**– ना० [नेवा० दँक्:मि] घर बनाउँदा माटो, वज्र, सिमेन्ट आदिले जोडी ढुङ्गा, इँट आदिको गारो लगाउने मानिस; घर बनाउने काममा ढुङ्गा, इँट, माटो आदिको काम पूरा गर्ने कालिगड ।

**डकाइ**– ना० [√ **डक् / डाक्** (+आइ)] १. डक्ने भाव, क्रिया वा प्रक्रिया । २. डाक्ने भाव, क्रिया वा प्रक्रिया । [> ] **डकाइनु**– क० क्रि० डक्न लाइनु; दमन गर्न लाइनु । **डकाउनु**– प्रे० क्रि० दमन गराउनु; दबाउनु ।

**डकार्–नु**– स० क्रि० [डकार+नु] १. पेटको वायु शब्दसहित घाँटीबाट बाहिर निकाल्नु; डकार झिक्नु । २. अघाउन्जेल खानु; पेट टन्न भरिने गरी खानु ।

**डकार१**– ना० [सं०] 'ड' अक्षर; टवर्गमा पर्ने तेस्रो अक्षर ।

**डकार२**– ना० [अ० मू० ड+कार] पेटको वायु घाँटीबाट निकालिने शारीरिक क्रिया वा सो वायु निक्लँदा आउने आवाज; ऊर्ध्ववायु ।

**डकाराइ**– ना० [√ **डकार्** (+आइ)] डकार्ने भाव, क्रिया वा प्रक्रिया । [> ] **डकारिनु**– अ० क्रि० डकार निकालिनु ।

**डकिनु**– क० क्रि० [डक्+इ+नु] डक्ने काम गरिनु; दमन गरिनु ।

**डकुमेन्ट्री**– ना० [अङ्०] ऐतिहासिक, सांस्कृतिक, धार्मिक आदि महत्त्वका विषयवस्तुमा आधारित लघु चलचित्र; वृत्तचित्र ।

**डकुल्ल्याइ**– ना० [√ **डकुल्ल्याउ** (+आइ)] डकुल्ल्याउने भाव, क्रिया वा प्रक्रिया । [> ] **डकुल्ल्याइनु**– क० क्रि० अरूको धनमाल पचाइनु; थुप्रै खाइनु ।

**डकुल्ल्याउ–नु**– स० क्रि० १. अरूको धनमाल सोहोर्नु वा पचाउनु । २. थुप्रै खानु; अघाउन्जेल खानु ।

**डकैत**– ना० [हि०] जबरजस्ती लुटपिट गरी चोरी गर्ने वा अवैध र अनुचित तरिकाले अरूको धनमाल हत्त्याउने डाँका । > **डकैती**– ना० डाँका मार्ने काम; डाँकाको काम ।

**डकोटा**– ना० [अङ्०] एक किसिमको वायुयान वा हवाईजहाज ।

**डक्क**– वि० [सं० दश] १. कमबेसी नगरी भएजति सबै; एकमुस्ट; ग्वाम्म । २. प्रशस्त; धेरै ।

**डक्कारी**– ना० [सं०] सारङ्गीझैँ रेटेर बजाइने एक प्रकारको तारबाजा ।

**डग्–नु**– अ० क्रि० [डगमग+नु] १. कुनै भइरहेको स्थिति, मर्यादा, सिद्धान्त आदिमा नअड्नु; ठाउँ छोड्नु; खुस्कनु; चुक्नु । २. डगमगाउनु; हल्लनु ।

**डगडग**– क्रि० वि० [अ० मू० डग्+अ (द्वि०)] जाडो, ज्वरो, डर आदिले शरीर डगमगाउने वा हल्लने भएर; थरथराईकन । > **डगडगाइ**– ना० डगडगाउने भाव, क्रिया वा प्रक्रिया । **डगडगाइनु**– अ० क्रि० डगडग गरिनु; डगमगाइनु । **डगडगाउनु**– अ० क्रि० १. डगडग गर्नु; डगमगाउनु; हल्लनु । २. भुङ्ग्रो भएर आगो बेसरी बल्नु । **डगडगिनु**– अ० क्रि० डगडगाइनु ।

**डगडग्याइ**– ना० डगडगिने भाव, क्रिया वा प्रक्रिया । **डगडग्याहट**– ना० डगडगिने किसिम वा काम ।

**डगमग**– क्रि० वि० [अ० मू० डग् +अ (द्वि०) पानीको छालले डुङ्गा, भुइँचालोले जमिन र बुढचाइँ, बिमारी तथा कमजोरीले मानिस आदि हल्लने गरी; ढलपल; डगडग । **डगमगाइ**– ना० डगमगाउने क्रिया वा प्रक्रिया; ढलपलाइ । **डगमगाइनु**– अ० क्रि० डगमग गरिनु; ढलपलाइनु । **डगमगाउनु**– अ० क्रि० १. डगमग गर्नु; हल्लनु वा काँप्नु; डगडगाउनु । २. आफ्नो ठाउँ वा स्थितिबाट खुस्कन खोज्नु; ढलमलाउनु । **डगमगिनु**– अ० क्रि० डगमगाउनु । **डगमग्याइ**– ना० डगमगिने काम वा किसिम । **डगमग्याइनु**– अ० क्रि० डगमग पारिनु । **डगमग्याउनु**– प्रे० क्रि० डगमग पार्नु ।

**डगर**– ना० [√ डहर] सोतो; गोरेटो; हे० डहर ।

**डगाइ**– ना० [√ **डग्** (+आइ)] डग्ने भाव, क्रिया वा प्रक्रिया । [>] **डगाइनु**– क० क्रि० डग्न वा हल्लन लाइनु । **डगाउनु**– प्रे० क्रि० १. आफ्नो स्थिति, निश्चय, सिद्धान्त आदिबाट गिराउनु । २. हल्लाउनु; कँपाउनु । **डगिनु**– अ० क्रि० डगमगिनु; हल्लिनु ।

**डङडङ**– क्रि० वि० [अ० मू० डङ्+अ (द्वि०)] १. खुट्टा बजारेर हिँड्दाको आवाज आउने गरी । २. नरम वस्तुमा कडा वस्तुले हिर्काउँदा आवाज निस्केझैँ । ३. एकपछि अर्को गर्दै लड्ने वा पछारिने किसिमले ।

**डङ्क**– ना० [प्रा०] अरिङ्गाल, बारुलो, बिच्छी आदि कीराका पुच्छरका टुप्पा वा चाकामा हुने विषालु काँढा; खील ।

**डङ्का**– ना० [प्रा० डुण्डुक्का] १. दमाहाजस्तो एक किसिमको ठूलो तालबाजा; नगरा । २. हल्ला (जस्तो– डङ्का पिटाउनु, डङ्का फिँजाउनु) ।

**डङ्किनी**– ना० [सं० डाकिनी] १. आफ्नो बिगार गर्ने वा मन नपरेकी स्वास्नीमानिसलाई गाली गर्दा भनिने शब्द; पिशाचिनी । २. टुनामुना गर्ने स्त्री; टुन्याही; डाकिनी ।

**डङ्ग**– क्रि० वि० [अ० मू० डङ्+ग] बन्दुक, तोप आदि पड्कँदा आवाज निस्केझैँ ।

**डङ्गुर**– वि० [प्रा० डुङ्गर] प्रशस्त; धेरै; थुप्रै ।

**डङ्गोल**– ना० [नेवा०] १. जग्गा-जमिन, घर आदि नापी गर्ने व्यक्ति । २. नेवार-जातिको एक वर्ग वा थर ।

**डङ्ग्रङ्ङ**– क्रि० वि० [अ० मू० डङ्ग्रङ्+ङ] लड्दा, पछारिँदा वा थचारिँदा ठूलो आवाज आउने गरी; भुङ्ग; डङ्ङ ।

**डट्–नु**– अ० क्रि० [प्रा० डढ्ढ+नु] १. आफ्नो विचार, स्थान, मत आदिमा अडिग भएर रहनु; अड्नु । २. फुर्तीसाथ बोल्नु, कड्कनु वा कुनै काम गर्नु । ३. कसिकसाउ हुनु; ठाँटिनु । > **डटाइ**– ना० डट्ने भाव, क्रिया वा प्रक्रिया । **डटाइनु**– क० क्रि० डट्न लाइनु । **डटाउनु**– प्रे० क्रि० डट्न लाउनु; अड्न लाउनु । **डटिडटाउ**– वि० १. लुगा, गहना आदिले सुसज्जित; सजिसजाउ; कसिकसाउ । २. रवाफसाथ वा ठाँटसित बसेको; डटेर बसेको ।

**डट्टा**– ना० [डाँट+गट्टा] हुक्काका सुमेरुमा जडिने गट्टा ।

**डढ्–नु**– अ० क्रि० [सं० दग्ध+नु] १. कुनै वस्तु आगाले पोलिनु; खाक हुनु; खरानी हुनु । २.. भुटेपकाएको वस्तु पानी मर्नाले र आँच धेरै हुनाले खहरिनु । ३. पीर, चिन्ता, भनाइ आदिले चित्त पाक्नु वा दुख्नु; चिढिनु । > **डढाइ**– ना० डढ्ने वा डढाउने क्रिया-प्रक्रिया । **डढाइनु**– क० क्रि० आगाले पोलिनु । **डढाउनु**– प्रे० क्रि० १. आगाले पोल्नु; खरानी पार्नु । २. खहऱ्याउनु । स० क्रि० ३. चित्त दुखाउनु; चिढाउनु । **डढिनु**– अ० क्रि० आगाले पोलेर खरानी होइनु । **डढुल्लो**– वि० डढेको; डढुवा । **डढुवा**– वि० १. बढ्ता पोलिएको; डढेको । ना० २. बालीमा लाग्ने एक किसिमको रोग ।

**डढेलो**– ना० [डढ्+एलो] खरघारी, जङ्गल आदिमा लागेको वा लगाइएको आगो । ~ **लाग्नु**– टु० १. वनमा आगो सल्कनु । २. (उपमा अर्थमा) बुद्धिसुद्धि. बिग्रनु । (उदा०– अचेल उनको बुद्धिमा डढेलो लागेको छ) ।

**डढचौली**/**डढचौलो**– ना० [डढ्+यौली/यौलो] सेलरोटी पकाएपछि कराहीमा बचेको घिउतेल; डढुल्लो घिउतेल ।

**डन्ठा**– ना० [सं०] मोटो लट्ठी; डन्डा; लौरो ।

**डन्ठी**– ना० [√ डाँठ] सागपात आदिको कमलो वा नरम डाँठ; लौरो । > **डन्ठचाइ**– ना० डन्ठचाउने क्रिया वा प्रक्रिया । **डन्ठचाइनु**– क० क्रि० डन्डा मारिनु; डन्ठचाउने काम गरिनु । **डन्ठचाउनु**– स० क्रि० डन्ठाले कुट्नु; डन्डाले हिर्काउनु ।

**डन्ड**– ना० [सं० दण्ड] दण्ड; डन्डा; जरिवाना । ~ **ताल**– ना० धातुले बनेका चिम्टामा मुजुरा वा मुन्द्रा लागेको एक प्रकारको बाजा ।

**डन्डा**– ना० लामो र मोटो लट्ठी; लाठो ।

**डन्डी**– ना० [डन्डा+ई] १. धातु, काठ आदिको लट्ठीजस्तो लामो डोलो वस्तु; सानो डन्डा; छड । २. तुलो आदिमा रहने फलामे लट्ठी । – **फोर**– ना० खास गरी यौवनावस्थामा अनुहारमा देखापर्ने ससाना बिमिरा । ~ **बियो**– ना० लट्ठीले हुच्चिने र बियो ठ्याक लगाएर खेलिने प्रसिद्ध खेल ।

**डन्डोल**– [√ डन्डा] जग्गा-जमिन नापी गर्नका निम्ति नियमबमोजिम निर्धारित गरी बनाइएको फलामे साङ्लो; नाप्ने सिक्री ।

**डफ**/**डफल**१– ना० [मै०] खास गरी जात्रामात्रा, होली आदिमा बजाइने, तराईतिर प्रचलित ठूलो डम्फु ।

**डफला**२– ना० [डाँफ+पल्ला] दिसापिसाबले बिग्रला भनी भित्र थाङ्नाथरा हाली तगेर बाहिर राम्रो पारिएको, नानीहरू सुताउने सानो लम्पट ।

**डफल्को**– ना० [डफला+को] नानीहरूलाई सुताइने थोत्रो पट्टो; डफला । > **डफल्क्याइ**– ना० डफल्क्याउने काम वा किसिम;

थङ्न्याइ । **डफल्क्याइनु**– क० क्रि० थङ्न्याइनु । **डफल्क्याउनु**– स० क्रि० थङथिलो बनाउनु; थङ्न्याउनु ।

**डफ्फा**– ना० [अ० दअफ] धेरै मानिसको समूह; टोली; जमात; दल ।

**डब**– ना० [अङ्०] १. एक भाषाको चलचित्रलाई अर्को भाषामा रूपान्तरित गर्ने काम; भाषान्तर । २. एक पटक खिचिसकेको दृश्यमा अङ्कित संवादलाई पुनः अङ्कित गर्ने काम वा प्रक्रिया ।

**डबको**– ना० बैठक नहुने एक प्रकारको ठूलो कचौरा; बटुको ।

**डबल**– वि० [अङ्०] १. दोबर; दुगुना; डब्बल । ना० २. रुपियाँ वा सय पैसाको नेपाली सिक्का । >**डबलिनु**– अ० क्रि० डबल हुनु; एकको दुई हुनु; दोहोरिनु ।

**डबली१**– ना० [नेवा० दबुलि] १. देवदेवीका प्राचीन नाच नचाउन सहरका विभिन्न स्थानमा जमिनबाट केही उठाई बनाइएको चौतारोजस्तो स्थल; खुला रङ्गमञ्च । २. धेरै बाटा जोरिने सहरका बीचको खुला ठाउँ ।

**डबली२**– ना० [डबल+ई] १. स्वास्नीमानिसले लाउने, पुरानो ठूलो गोलो टिको । ~ **जाई**– ना० एकै ठाउँमा दुइटा फूल फुल्ने एक प्रकारको जाई ।

**डबल्याइ**– ना० [√ **डबली** (+याइ)] १. डबलिने क्रिया वा प्रक्रिया । [डबल्याउ+आइ] २. डबल्याउने क्रिया वा प्रक्रिया । [>] **डबल्याइनु**– क० क्रि० डबल पारिनु; दोबर बनाइनु । **डबल्याउनु**– प्रे० क्रि० डबल पार्नु; एकको दुई बनाउनु; दोहोऱ्याउनु ।

**डब्बल**– वि०हे० डबल ।

**डब्बा**– ना० [सं० डिम्ब] १. बिर्को लाउन हुने टिन आदिको सानो भाँडो; बट्टा । २. रेल आदिको यात्रा गर्दा बसिने कोठा; डिब्बा । >**डब्बु**– ना० ठूलो खालको डाडु; एक किसिमको कसौँडी ।

**डब्लिनु**– अ० क्रि० [√ डबलिनु] डबल हुनु; डबलिनु >**डब्ल्याइ**– ना० डब्लिने वा डब्ल्याउने काम । **डब्ल्याइनु**– क० क्रि० डब्ल्याउने काम गरिनु । **डब्ल्याउनु**– प्रे० क्रि० डबल पार्नु; डबल्याउनु ।

**डमरु१**– ना० [सं० डमर] सिंह वा बाघको बच्चो ।

**डमरु२**– ना० [सं०] १. समातिने माझ भाग झीनो भएको, दुईपट्टि फराक मुखमा छालाले मोरेको र हल्लाउँदा दुई तुनामा झुन्डिएका गेडाले ठोकिएर बज्ने माटो, काठ वा धातुले बनेको बाजा; डिबडिबे । (डमरु जोगी, तमासे र चटकेहरूले बजाउनाका साथै पूजाआजा, चाडपर्वमा पूजाकोठा र मन्दिरमा तथा दसैँमा प्रायः घरैपिच्छे पनि बजाउने गरिन्छ) । ~ **मध्य**– ना० दुई ठूलठूला महाद्वीप वा समुद्रलाई जोर्ने जल वा स्थलको साँघुरो भाग (जस्तै– जलडमरुमध्य, स्थलडमरुमध्य) । ~**यन्त्र**– ना० डमरुको आकारजस्तै अर्क झिक्ने एक प्रकारको यन्त्र ।

**डमी**– ना० [अङ्०] पुस्तकपुस्तिका आदि छाप्न वा चित्र, मूर्ति आदि बनाउनका निम्ति तयार पारिने बाह्य रूपरेखा; नकली रूपाङ्कन ।

**डम्कनु**– अ० क्रि० [√ डम्म+नु] भरिनु; डम्किनु । >**डम्काइ**– ना० डम्कने क्रिया वा प्रक्रिया । **डम्किनु**– अ० क्रि० १. भरिभराउ हुनु; टम्म भरिनु । २. गर्भधारण गर्नु; पेट बोक्नु । **डम्क्याइ**– ना० डम्किने वा डम्क्याउने क्रिया-प्रक्रिया । **डम्क्याइनु**– क० क्रि० डम्क्याउने काम गरिनु; भरिभराउ पारिनु । **डम्क्याउनु**– स० क्रि० भरिभराउ पार्नु; टनाटन भर्नु ।

**डम्फर काँडो**– ना० हसिनाको जत्रो बोट र त्यसकै जस्तो लहरा हुने, बडहरका जस्ता ठूलठूला तर खल्लो स्वादका फल फल्ने एक प्रकारको काँडादार बोट ।

**डम्फु**– ना० [भो० ब०] गोलाकार फ्रेममा एकापट्टि छालाले मोहोरिएको, देब्रे हातले समाती दाहिने हातले बजाइने, विशेषतः तामाङजातिमा लोकप्रिय र झाम्रे नाच तथा गीतमा गुरुङ र मगरहरूले पनि प्रयोग गर्ने एक बाजा ।

**डम्बर**– वि० [सं०] १. फैलिएको; प्रख्यात; प्रसिद्ध । ना० २. फोस्रो रवाफ; ढाँचा; आडम्बर । ३. समूह; राशि । ४. विस्तार । ~ **कुमारी**– ना० रङ्गीचङ्गी बुट्टा छापिएको; जङ्गबहादुरकी छोरीको नामबाट प्रचलित हुन गएको एक किसिमको कपडा; नकली ढाका । >**डम्बरे**– ना० फेदैदेखि दुईतीन अमलका काँडा हुने, लाम्चा मसिना पात पलाउने, पहेँला फूल फुल्ने र हरिया लाम्चा फल फल्ने एक बोट वा त्यसैको फल ।

**डम्म**– क्रि० वि० [अ० मू० डम्+म] १. खानेकुराले पेट भरिने वा अघाएर डकार्ने गरी । २. कुनै वस्तु हाल्दा भाँडो भरी भएर । ३. हिँड्दा वा खेल्दा पछारिएर; डयाम्म । ४. मुड्की वा लाठाले हिर्काउँदा शब्द निस्कने चालमा ।

**डर**– ना० [सं० दर] कुनै भयङ्कर वस्तु देखेर वा खराबीको आशङ्काले मनमा उत्पन्न हुने भाव; भय; त्रास । ~ **छेरुवा**– वि० डराउने स्वभावको; साह्रै काँतर; भीरु । स्त्री० डरछेरुवी । ~ **धाक**– ना० डर देखाउने र धाक लाउने काम । – **पोक**– ना० डरछेरुवा । ~ **भर**– ना० भय र आधार; त्रास । ~ **लाग्दो**– वि० डर उत्पन्न गर्ने; भयानक । >**डराइ**– ना० डराउने काम वा किसिम । **डराइनु**– अ० क्रि० डरको अनुभव गरिनु । **डराउनु**– अ० क्रि० कुनै वस्तु देखेर वा डरको आशङ्काले तर्सनु; डरको अनुभव हुनु; भयभीत हुनु ।

**डलर**– ना० [अङ्०] संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, क्यानाडा आदि देशमा प्रचलित मुद्रा ।

**डल्लिनु**– अ० क्रि० [डल्लो+इ+नु] १. हातगोडा नचल्ने हुनु; कूँजो हुनु; खुम्चिनु । २. कुनै वस्तु एकै ठाउँमा समेटिनु; डल्लो पर्नु । ३. एक ठाउँमा बसेको बस्यै हुनु; विवश हुनु ।

**डल्ली**– वि० [डल्लो+ई] मोटी र होचो कदकी; पुड्की; डल्लोजस्ती (स्त्री) ।

**डल्लैँठो**– ना० [डल्लो+एँठो] माझमा प्वाल पारी लामो बिँड हालिएको डल्ला फोर्ने काठको हतियार ।

**डल्ले**– वि० [डल्लो+ए] १. मोटो भईकन होचो कदको; पुड्को ।

२. डल्लो परेको; डल्लोजस्तो । ~ **किर्नो**– ना० डल्लो आकारको एक थरी किर्नो । ~ **खजुर**– ना० डल्लो खालको एक जातको खजूर । ~ **मकै**– ना० बाटुला दाना र डल्ला घोगा हुने एक जातको मकै । ~ **लौका**– ना० कुभिन्डोजस्तै फल हुने एक जातको लौका; तुम्बा ।

**डल्लै डल्ला**– ना० [डल्लो+डल्लो] साना ठूला धेरै डल्लाको समूह ।

**डल्लो**– ना० [प्रा० डल्ल] १. माटो आदिको टुक्रो वा ढिको । वि० २. गोलो ढाँचाको; बाटुलो । ३. पुड्को; डल्ले । > **डल्ल्याँठो**– ना० हे० डल्लैँठो ।

**डल्ल्याइ**– ना० [**डल्लि** (+याइ)] १. डल्लिने भाव, क्रिया वा प्रक्रिया । [डल्ल्याउ+आइ] २. डल्ल्याउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **डल्ल्याइनु**– क० क्रि० डल्लो बनाइनु; बाटुलो पारिनु । **डल्ल्याउनु**– स० क्रि० १. कुनै वस्तुलाई डल्लो वा बाटुलो पार्नु । २. कूँजो पार्नु; खुम्च्याउनु । ३. विवश पार्नु; थच्च्याउनु । **डल्ल्याहट**– ना० डल्ल्याउने काम वा ढाँचा ।

**डवल**– ना० [हि०] ढाँचा; छाँट; हे० डौल ।

**डस्-नु**– स० क्रि० [सं० दंश्+नु] १. सर्प, बिच्छी आदि विषालु कीराले टोक्नु; डङ्क मार्नु । २. कसैलाई हप्काउनु; डाँस्नु । ३. टोकस्नु ।

**डसना**– ना० [सं० दशन] १. भित्रपट्टि रुवो वा भुवा भरेर बनाइएको बाक्लो बिछ्यौना ।

**डसाइ**– ना० [√ **डस्** (+आइ)] डस्ने भाव, क्रिया वा प्रक्रिया । [⊳] **डसाइनु**– क० क्रि० डस्न लाइनु । **डसाउनु**– प्रे० क्रि० डस्न लाउनु; टोकाउनु । **डसिनु**– क० क्रि० डस्ने काम गरिनु; सर्प आदिले टोकिनु ।

**डस्टर**– ना० [अङ्०] १. कालोपाटीमा चक वा खरीले लेखेको अक्षर मेट्ने साधन; पुछौटो । २. धूलो झार्ने सामान ।

**डस्स्याइ**– ना० [√ **डस्स्याउ** (+आइ)] डस्स्याउने क्रिया वा प्रक्रिया । [⊳] **डस्स्याइनु**– क० क्रि० ओछ्याइनु ।

**डस्स्याउनु**– स० क्रि० [डसना+याउ+नु] डसना आदि ओछ्याउनु; बिछ्याउनु ।

**डह्-नु**– अ० क्रि० [सं० दहन] १. आगो आदिको पोलाइका तोडले भित्रभित्रै डाह हुनु; भबाउनु । २. बाँधेको ठाउँ धेरै कसिएर वा पाछेका ठाउँ र घाउखटिरामा पानी, पीप आदि भरिएर भित्र दुख्नु । ३. चिन्ता वा पीरका कारणले मनमा धेरै कष्ट हुनु ।

**डहन**– ना० [सं० दहन] १. आगो आदिको पोलाइ । २. पीर; कष्ट ।

**डहना**– ना० लगाम झुन्ड्याउनका निम्ति घोडाका मुखभित्र रहने काँडादार फलामे डन्डी ।

**डहर**– ना० [हि० डगर] साँघुरो सानो बाटो; गोरेटो; गल्छेडो; गल्ली; सोतो ।

**डहाइ**– ना० [√ **डह** (+आइ)] १. डहने भाव, क्रिया वा प्रक्रिया । [डहाउ+आइ] । २. डहाउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **डहाइनु**– क० क्रि० डाह गराइनु । **डहाउनु**– प्रे० क्रि० डाह होइनु । **डहिनु**– अ० क्रि० डाह होइनु ।

**डाँक्-नु**– स० क्रि० [सं० ढौक्+नु] १. कुनै ठाउँ, खोल्सो, नाला आदि उफ्रेर नाघ्नु; फट्कनु; पार गर्नु; तर्नु । २. छिटो गतिले धेरै हिँड्नु ।

**डाँक१**– ना० [√ डाक्] कुनै वस्तुको लिलाम गर्दा बढिबढाउ, घटिघटाउ आदिमा मोल तोक्ने बोली । (उदा०– जे कुरामा पनि डाँकको बोली गरेर कसरी हुन्छ र !)

**डाँक२**– ना० [√ डाँक्] १. चिठीपत्र आदि ओहोरदोहोर गराइने सरकारी प्रबन्ध; हुलाकव्यवस्था । २. ठाउँठाउँमा बासको प्रबन्ध गर्नलाई सवारीभन्दा पहिले जाने डफ्फा । ३. लामो यात्रामा छिटो पुग्न थाकेका वाहनहरूलाई बीचमा छाडी अर्को वाहन फेर्ने काम । ~ **आदेश**– ना० हुलाकबाट पठाइने आदेश; हुलाकी आदेश । – **खाना**– ना० डाँक चलाउने अड्डा; डाँकघर; हुलाकअड्डा । ~ **गाडी**– ना० १. हुलाकका चिठीपत्र आदि ओसारपसार गर्ने मोटर, रेल आदि सवारी । २. प्रमुख स्थानहरूमा मात्र रोकिने द्रुतगामी मोटर, रेल आदि सवारी । ~ **घर**– ना डाँकखाना; हुलाकघर । ~ **थैला**– ना० डाँकका वस्तुहरू हालेर चलाइने कपडा वा छालाका थैला । ~ **थैली**– ना० चिठीपत्रहरू हालिने सानो थैलो ।

**डाँका**– ना० [सं० दस्यु] १. अरूको धनमाल आदि जबरजस्ती धुतेर वा लुटेर लिने व्यक्ति; डाँकु । २. त्यसरी धनमाल लुट्नलाई गरिने आक्रमण; डकैती ।

**डाँकिनु**– क० क्रि० [डाँक्+इ+नु] उफ्रेर नाघिनु ।

**डाँकु**– ना०हे० डाँका ।

**डाँके**– वि० [डाँको+ए] ठूलठूलो स्वरले बोल्ने; डाँको भएको ।

**डाँको**– ना० [सं० डाङ्क्] १. कसैलाई हप्काउने, तर्साउने, घुर्क्याउने आदि दृष्टिले झिकिने ठूलो स्वर वा आवाज । २. रुवाइ फुटेको ठूलो स्वर । ३. कुखुरो बास्ने काम ।

**डाँख्ला डाँख्ली**– ना० [डाँख्लो+डाँख्ली] सानाठूला धेरै डाँख्लाको समूह ।

**डाँख्ली**– ना० [डाँख्लो+ई] सानो डाँख्लो ।

**डाँख्ले**– वि० [डाँख्लो+ए] ठूलठूला डाँठ भएको; डाँख्ला हुने; डौँठे ।

**डाँख्लो**– ना० [डाँठ+लो] उखु, सागपात आदिको डाँठ ।

**डाँगी**– ना० इन्द्रजात्रामा इन्द्रकी आमाको प्रतीकका रूपमा ल्याइने व्यक्ति ।

**डाँगो**– ना० [सं० डिङ्गर] १. भाले कुकुर वा कुकुरको छाउरो । पो० डाँगी (छाउरी) । वि० २. जवान र धिरी ।

**डाँट्-नु**– स० क्रि० [सं० डाङ्क्, हि० डाँटना] कसैलाई तर्साउने दृष्टिले ठूलठूलो स्वर झिकी गाली गर्नु; हे० छाँस्नु; हप्काउनु; टोकस्नु ।

**डाँट**– ना० [डाँट्+अ] १. डाँट्ने काम; डँटाइ । २. खप्की; हप्की । ~ **डपेट**– ना० डाँट्ने र दपेट्ने काम; हप्काइदप्काइ ।

**डाँटिनु–** क० क्रि० [डाँट्+इ+नु] डाँट्ने काम गरिनु; छाँसिनु; धम्काइनु ।

**डाँठ–** ना० [सं० दण्ड] बोटबिरुवा वा सागपातको डाँख्लो; डाँख्लो । >**डाँठे–** वि० ठूलठूला डाँठ भएको; डौँठे ।

**डाँड्–नु–** स० क्रि० [सं० दण्ड+नु] १. डाँड्ने काम गर्नु; डन्ड वा जरिवाना गर्नु । २. सित्तैँमा अरूलाई खर्च गराउनु ।

**डाँड–** ना० [सं० दण्ड] १. कसैलाई बाजीमा हार्दा र कसूरबापत तिरिने वा तिराइने जरिवाना; आर्थिक वा शारीरिक दण्ड । २. बिनसित्तिको खर्च ।

**डाँडा काँडा–** ना० [डाँडो (द्वि०)] डाँडाहरूको समूह वा शृङ्खला; पहाड-पर्वत ।

**डाँडा भाटा–** ना० [डाँडा+भाटा] घर छाउन उपयोग गरिने डाँडा र भाटाहरूको समूह ।

**डाँडी–** ना० [डाँडो+ई] १. डोलीको दर्बार झुन्डचाउनका निम्ति हालिने तेर्सो काठ । २. एक किसिमको कोक्रो ।

**डाँडो१–** ना० [प्रा० डुङ्गर] १. पहाडको चुलिएको भाग; पहाडपर्वतको चुचुरो । २. अग्लो र ठूलो डिल ।

**डाँडो२–** ना० [सं० दण्ड] १. पराल वा खरले घर छाउँदा हालिने ठाडो काठ; छानाको मुसी । २. छाताको कपडा अड्याउने मसिनो फलामे डन्डी वा कमानी ।

**डाँफ–** ना० लुगा सिउँदा डोब टाढटाढा पारी फड्केर सिउने काम ।

**डाँफे–** ना० नेपालको उत्तरी लेकतिर पाइने रङ्गीचङ्गी प्वाँख भएको, सिउरदार सुन्दर जङ्गली पक्षी; नेपालको राष्ट्रिय चरो ।

**डाँवाडोल–** वि० [डगमग+डोल] १. कुनै स्थिति, वातावरण आदि यताउति भएर डगमगाएको; अस्थिर । २. जलमय; जलाम्मे ।

**डाँस्–नु–** स० क्रि० [√ डाँस+नु] १. अरूलाई फकाईफुल्याई कुनै वस्तु लिनु; डस्नु । २. धुत्ने काम गर्नु; ठग्नु ।

**डाँस–** ना० [सं० दंशी] गाईबस्तुलाई लाग्ने एक जातको ठूलो जङ्गली झिँगो ।

**डाइनामा–** ना० [अङ्० डाइनामो] सवारी साधन वा यन्त्रलाई गतिशील तुल्याउन विद्युत् निकाल्ने एक किसिमको सानो यन्त्र ।

**डाइनी–** ना० [सं० डाकिनी] अरूलाई वशमा पारी दुःख दिन खोज्ने आइमाई; डङ्किनी । ~ **बोक्सी–** ना० अरूलाई वशमा पार्न खोज्ने र टुनामुना गर्ने आइमाई; डाइनी र बोक्सी ।

**डाइनु–** ना० १. मकै आदिको ठेट्नु; अटेर्नु । २. रानु भइनसकेका पोथी मौरी आदि; रानु मौरीको पूर्वरूप ।

**डाइरेक्टर–** ना० [अङ्०] हे० निर्देशक । >**डाइरेक्टरी–** ना० वर्णक्रमानुसार टेलिफोनको नाम, नम्बर लेखिएको वा छापिएको पुस्तिका; टेलिफोननिर्देशिका ।

**डाक्–नु–** स० क्रि० [डाक+नु] १. अरूलाई 'आऊ' भन्नु; नजिक बोलाउनु; पुकार्नु । २. निम्तो गर्नु ।

**डाक१–** ना० [सं०] १. निम्न कोटिमा पर्ने एक देवयोनि । २. साधक पुरुष वा साधनाका शक्तिले बताइएको कुनै कुरो ।

**डाक२–** ना० [डाक्+अ] कसैलाई डाक्ने वा बोलाउने काम । ~ **बोलाउ–** ना० डाक्ने र बोलाउने काम; बोलावट; निम्तो ।

**डाकिनी–** ना० [सं०] १. कालीका वरपर रहने एक स्त्रीगण; एक पिशाचिनी । २. डाइनी; बोक्सी ।

**डाकिनु–** क० क्रि० [डाक्+इ+नु] १. डाक्ने काम गरिनु; बोलाइनु ।

**डाक्टर–** ना० [अङ्०] १. आधुनिक र वैज्ञानिक पद्धतिअनुसार रोगको परीक्षण तथा उपचार गर्ने चिकित्सक । २. विश्वविद्यालयद्वारा कुनै विशिष्ट विद्वान्लाई सम्मानार्थ वा अनुसन्धाताले नियमानुसार पूर्ण गरेको कुनै अनुसन्धानात्मक गहन कृतिका निमित्त दिइने उच्च उपाधि । >**डाक्टरी–** ना० डाक्टरको काम; आधुनिक तथा वैज्ञानिक चिकित्साशास्त्र ।

**डाङडुङ–** क्रि० वि० [अ० मू० डाङ (द्वि०)] कुनै काम हडबडसाथ वा चटपटाएर गर्ने गरी । >**डाङडुङे–** वि० १. डाङडुङ काम गर्ने; हडबडे स्वभावको । २. बेढङ्गी; घुमेको । ना० २. अक्षरारम्भ वा अक्षर-अभ्यासका क्रममा दिइने 'ड' अक्षरको नाम; डकार ।

**डाङ्कृति–** ना० [सं०] झ्याली, घण्ट आदिबाट निस्कने शब्द ।

**डाङ्ग्री–** ना० [डाङ्ग्रो+ई] १. भित्री कपडाको बचाउका निम्ति मिस्त्री आदि कामदारले लगाउने, ठूलो मोहोता भएको सुरुवाल र छोटो कमिज जोडेर सिइएको पोसाक । २. देउताको पूजाआजाको प्रबन्ध मिलाउने व्यक्ति ।

**डाङ्ग्रे–** ना० [डाङ्ग्रो+ए] १. धामीझाँक्रीको विद्या वा काम सिक्ने मानिस; धामीझाँक्रीको चेलो । २. धामीझाँक्रीले फलाक्ता गरिने सम्बोधन । वि० ३. डँडाक; ठूलो; डाङ्ग्रो । ~**बेत–** ना० एक जातको बेत । ~**सारौँ–** ना० एक प्रकारको ठूलो सारौँ; रुपी; सारिका ।

**डाङ्ग्रो–** ना० [डाँगो+रो] १. झारफुके काममा पूजाआजाको प्रबन्ध मिलाउने व्यक्ति; डाङ्ग्री । २. नीच मानिस वा दुच्छर गाईबस्तु । ३. कामी जातिलाई हियाएर भनिने शब्द । वि० ४. डँडाक; ठूलो ।

**डाडनी–** ना० [फा० दादन] जग्गाको बाली नकाटिँदैमा उब्जनीको अनुमान गरी कृषकलाई दिइने पेस्की वा अग्रिम मूल्य ।

**डाडु–** ना० [सं० दर्वी] दालतरकारी आदि चलाउने वा उघाउने, समाउने केही लामो डन्डी भएको कचौरीजस्तो बाटुलो भाँडो ।

**डाढ्–नु–** स० क्रि० [डाढ+नु] फकाईफुल्याई अरूको वस्तु लिनु; डाँस्नु; धुत्नु ।

**डाढ–** ना० [सं० दाह] अर्काको सुखसम्पत्ति, उन्नतिप्रगति आदि देखेर हुने ईर्ष्या; आह्रिस; डाह ।

**डाढिनु–** क० क्रि० [डाढ+इ+नु] डाढ्ने काम गरिनु; डाँसिनु ।

**डाढे–** वि० [डाढ्+ए] १. अरूको कुभलो र आफ्नो मात्र भलो होस् भन्ने कलुषित भावना भएको (व्यक्ति) । २. डाढ गर्ने; आह्रिसे; ईर्ष्यालु; असन्तोकी ।

c:\1saroj\sabdkosh\Da.p65



**डाबर**– ना० १. कुनै विषालु वस्तु बिभ्नाले वा लाग्नाले शरीरमा उछ्रिने दाग । २. खटिरो आउने बेला रक्तविकारका कारणले शरीरमा देखिने दाग । ३. एउटा आयुर्वेदिक औषधि निर्माता प्रसिद्ध कम्पनी ।

**डाम्-नु**– स० क्रि० [सं० दाह+नु] १. तातेको फलाम, भरभराउँदो आगो आदिले शरीरमा कुनै प्रकारको चिह्न लाग्नु । २. मृतकको किरिया गर्दा साँढे छोड्नका निम्ति बहरका फिलामा तताइएको फलामे चक्र तथा त्रिशूलले चिनु लगाउनु । ३. डामल गर्नु । >**डाम**– ना० १. पोलेर, डामेर, घाउ-खटिरा उब्जेर, चोटपटक लागेर आदि कारणले शरीरका कुनै भागमा बस्ने दाग वा चिह्न; खत । २. कुनै वस्तुले नरम ठाउँमा थिच्ता पर्ने त्यही आकारको चिह्न । ३. मानिस, बस्तु आदिका पाइलाको चिह्न; डोब ।

**डामिनु**– स० क्रि० [डाम्+इ+नु] डाम्ने काम गरिनु; दामल गरिनु ।

**डाम्नो**– ना० [डाम+रो] १. गाईबस्तुलाई हियाएर वा रिसले भनिने शब्द । २. डामेर छोडिएको साँढे ।

**डाम्रो**– वि० [डाम+रो] भित्र गेडा वा गुदी नभई खाली भएको; फोस्रो (कोसो, दाना आदि) ।

**डायर**– ना० हे० दायर ।

**डायरी**– ना० [अङ्०] १. दिनभरका उल्लेखनीय वा स्मरणीय कामकुराको विवरण सङ्क्षिप्त रूपमा लेखिने पुस्तिका; दैनन्दिनी । २. जीवनसित सम्बन्धित वा सामयिक महत्त्व रहने क्रमबद्धता-सहितको रोचक लेख ।

**डायल**– ना० [अङ्०] अङ्क वा समयसङ्केत लेखिएको, मास्तिर सुई घुम्ने, घडीका मुखको चक्का । ~**टोन**– ना० टेलिफोन गर्नु ठीक हुन्छ भन्ने सङ्केतक ध्वनि ।

**डार्-नु**– स० क्रि० [सं० दर्वी+नु] १. तताएको तेलघिउमा कुनै वस्तु फुराउनु; भ्कान्नु । २. हाल्नु । >**डारिनु**– क० क्रि० डार्ने काम गरिनु; फुराइनु ।

**डाल**– ना० [√ डौल] १. कामकाज नगरी ढाँचाकाँचा पार्ने काम । २. आदत; बानी । ३. डौल ।

**डालाडाली**– ना० [डालो+डाली] सानाठूला डालाको समूह ।

**डालिनु**– अ० क्रि० [डाल+इ+नु] कामकाज केही नगरी लरखरिनु; अल्लारिनु ।

**डाली**– ना० [डालो+ई] सानो डालो ।

**डाले**– वि० [डालो+ए] १. डालो बोक्ने; डालाको वा डालोसम्बन्धी । २. मृतकको क्रियाकर्मका लागि आवश्यक सरसामान हालेको डालो बोकेर ढिकुरोमा लैजाने (मानिस) । ३. डालामा हालेर ल्याइने वा डाला (हाँगा) काटेर लिइने (घाँस, स्याउला आदि) । ~**घाँस**– ना० स्याउले घाँस ।

**डालो**– ना० [सं० डल्लक] बाँस, निगाला आदिका चोयाले बुनेको, अन्नपात हाल्ने, फराक मुख भएको केही गहिरो भाँडो ।

**डासुल्लो**– ना० [डास+उल्लो] दूधमा पीठो रयालेर खोलेजस्तो पारी बनाइने खाद्य पदार्थ ।

**डाह/डाहा**– ना० [सं० दाह] १. अरूको सुखसम्पत्ति, उन्नतिप्रगति देख्न नसकेर मनमा हुने दुःख; मानसिक पीडा वा चिन्ता; दाहा । २. छटपटाहट; रन्थनी ।

**डाहिल्ले**– वि० [डाहिल्लो+ए] अरूको डाह गर्ने; डाहा गर्ने स्वभावको; इखालु ।

**डाहिल्लो**– वि० [डाहा+इल्लो] डाही; इखालु; डाहिल्ले ।

**डाही**– ना० [डाहा+ई] डाहा गर्ने बानी भएको; ईर्ष्यालु ।

**डाहुक**– ना० [सं०] नदीका छेउछाउमा रहने हुटिटचाउँका आकारको एक जातको चरो ।

**डिँगनु**– ना० [डिँगो+नु] गाईबस्तु धपाउनका निम्ति गोठालाले हातमा लिने लौरो ।

**डिँगर**– ना० [√ डिङ्गर] हे० डिङ्गर । >**डिँगरी**– ना० नचाहिँदो होहल्ला; सानोतिनो हल्ला ।

**डिँगो**– ना० [डिङ्गर+ओ] १. गाईगोरुलाई भ्कोकले वा माया गरेर भनिने शब्द; डिङो । २. जवान अवस्थाको गाई वा गोरु; बस्तुभाउ । ३. मरेको जन्तुको सिनु । वि० ४. काम छलेर ठगीठगी खान पल्केको सुकुलगुन्डो; लन्ठ ।

**डिक**– ना० बन्धकी; धितो ।

**डिको**– ना० [सं० दृक्] देवनागरी अक्षरका शिरमा तानिएको वा तानिने तेर्सो धर्को वा रेखा ।

**डिग**– ना० [सं० दिक्] बन्दुक, तोप आदिको निशाना वा लक्ष्य ।

**डिग्री१**– ना० [अङ्०] १. विश्वविद्यालयको स्नातकोत्तर परीक्षामा उत्तीर्ण हुनेले पाउने उपाधि । २. गर्मी, ज्वरो आदिको तापमान नाप्ने वैज्ञानिक यन्त्र; थर्मामिटर । ३. कुनै कोणको अंश ।

**डिग्री२**– ना० [अङ्० डिक्री] देवानी अड्डाबाट पाइने मुद्दामामिलाको जितापत्र ।

**डिङ**– ना० [सं० डिङ्गर] कसैसित गरिने फाइँफुट्टी; भएनभएको धाक ।

**डिङो**– ना०हे० डिँगो ।

**डिङ्गर**– ना० [सं०] १. धूर्त र धोकेबाज मानिस; तुच्छ व्यक्ति । २. नोकरचाकर । ३. तुच्छ, कालो र मोटोघाटो मानिस । ४. नाङ्गाफुस्रा जोगीहरूलाई निन्दा गरी भनिने शब्द । >**डिङ्गरी**– ना० कसैलाई पिट्ने काम; चुटाइ; (उदा०– निहुँखोजाहाले डिङ्गरी नखाई चेत्दैन) ।

**डिङ्ना/डिङ्नु**– ना० [√ डिँगनु] लट्ठी; डिँगनु ।

**डिजाइन**– ना० [अङ्०] कुनै वस्तुको बनोट वा त्यसको ढाँचा; छाँट ।

**डिजिटल घडी**– ना० [अङ्० डिजिटल+घडी] रेडियोमा कार्यक्रमको सञ्चालनजस्ता महत्त्वपूर्ण कार्यका लागि उपयोगी हुने, सेकेन्डसहितको समय सूचित गर्ने विशेष किसिमको घडी ।

**डिजेल**– ना० [अङ्०] मोटर, ट्रक आदि चलाउन उपयोग गरिने तेल वा इन्धन ।

**डिटा–** ना० [डिटो+आ] पाडाबाछाहरू बाँध्ने ठाउँ ।

**डिटो–** वि० बियाएको छ महिनापछि नथाकुन्जेलको (गाईभैँसी); बकेर्नु ।

**डिट्ठा–** ना० [सं० डित्थ] नायब सुब्बाभन्दा तल र मुखियाभन्दा माथि पर्ने पहिलेपहिले बढी प्रचलित एक निजामती दर्जा ।

**डिट्ठो–** ना० [√ डिट्ठा] हे० डिट्ठा; नाइके; नायक ।

**डिठ–** ना० [√ दीठ] दृष्टि; हे० दीठ ।

**डिण्डिभ–** ना० [सं०] पानीमा बस्ने सर्प; पानीसर्प ।

**डिण्डिम–** ना० [सं०] १. एक किसिमको ढोल बाजा । २. डिबडिबे ।

**डित्थ–** ना० [सं०] १. श्याम वर्णको राम्रो र विद्वान् युवक । २. काठद्वारा बनाइएको हात्ती ।

**डिन–** ना० [अङ्०] विश्वविद्यालयअन्तर्गत रहने कुनै अध्ययन, सङ्काय वा संस्थानका प्रशासन प्रमुख वा अध्यक्ष ।

**डिपो–** ना० [अङ्०] १. बिक्रीवितरण वा आपूर्तिका निम्ति कुनै सामान राखिने केन्द्र; गोदाम; भण्डार । २. सेनामा नयाँ जवानहरू भर्ती गर्ने र तालिम दिने ठाउँ ।

**डिप्लोमा–** ना० [अङ्०] शैक्षिक क्षेत्रमा प्रमाणपत्र र स्नातकोत्तरका बीचमा रहेको, योग्यताक्रम वा परीक्षाको प्रामाणिक तह; उपाधि; स्नातक तह ।

**डिबडिब–** क्रि० वि० [अ० मू०] डमरु आदि बज्दा आवाज आउने गरी । > **डिबडिबे–** ना० डमरुका ढाँचाको सानो माटाको बाजा; डमरु ।

**डिबिया–** ना० [डिब्बा+इया] १. मटीतेल हाली बत्ती बाल्ने बाटुलो खालको सानो भाँडो; टुकी । २. टिन आदिको बट्टा; डिब्बा; कुपी ।

**डिब्बा–** ना० [सं० डिम्ब] १. बिर्को भएको खऱ्याकखुत्रुक हालिने भाँडो; बट्टा । २. मानिस बस्ने रेलको कोठा; डब्बा ।

**डिभिजन–** ना० [अङ्०] क्षेत्र; फाँट; विभाग; श्रेणी । – **बेन्च–** ना० फुल बेन्चभन्दा तल्लो सिङ्गल बेन्चले गरेको फैसलाउपर पुनर्विचार गर्ने दुई जना न्यायाधीशहरू भएको बेन्च वा सभा; खण्डन्यायाधिकरण ।

**डिमरेज–** ना० [अङ्०] गोदाम आदिमा रहेका मालसामान अधिक समय रहनाले तिर्नुपर्ने हर्जाना ।

**डिमाई–** ना० [अङ्०] लमाइ बाइस इन्च र चौडाइ अठार इन्च भएको कागतको नाप । ~**साइज–** ना० त्यस्तो कागतको आकार (पुस्तक, पत्रिका आदिमा) ।

**डिमार्केसन–** ना० [अङ्०] वनजङ्गलको सुरक्षा आदिका निम्ति घेराबन्दी गर्ने काम; वनघेराउ ।

**डिम्किनु–** अ० क्रि० [डिम्को+इ+नु] हे० डम्किनु ।

**डिम्की–** ना० [था०] तराई क्षेत्रमा प्रचलित दमाहाको रूपको तालबाजा ।

**डिम्के–** वि० [डिम्को+ए] डिम्को भएको; डिम्कोजस्तो । ~**चिउरा–** ना० मुड्कीको पिटाइ; थप्पड ।

**डिम्को–** ना० [सं० डिम्] मुड्कीको पिटाइ वा हनाइ; मुक्का; घुस्सा । > **डिम्क्याइ–** ना० डिम्क्याउने क्रिया वा प्रक्रिया । **डिम्क्याइनु–** क० क्रि० डिम्क्याउन लाइनु । **डिम्क्याउनु–** स० क्रि० मुड्कीले हान्नु; डिम्को दिनु; मुड्क्याउनु; डिम्म्याउनु । **डिम्क्याहट–** ना० डिम्क्याउने किसिम वा काम; डिम्क्याइ ।

**डिम्ब–** ना० [सं०] १. चरा आदिको फुल; डिम्बा । २. डरले कराउँदाको शब्द; चिच्च्याहट । ३. कलह; झगडा । ४. बच्चो; बालक । ~ **नली–** ना० डिम्बाशयबाट गर्भाशयमा डिम्ब आउने नली ।

**डिम्बर–** ना० कागतीका जत्रा दाना हुने, भित्र मसिना गेडा भएको, भदौअसोजतिर पाक्ने काँडादार जङ्गली फल ।

**डिम्ब स्खलन–** ना० [सं०] डिम्बाशय वा अण्डाशयबाट पूर्ण रूपले विकसित डिम्ब झर्ने काम ।

**डिम्बा–** ना० [सं० डिम्ब] चरा आदिको फुल; अन्डा ।

**डिम्बाशय–** ना० [सं०] स्त्री जननेन्द्रियमा पाठेघरभन्दा पनि भित्रतिर रहेको, डिम्ब बनेर त्यसको विकास हुने स्थल ।

**डिम्बिका–** ना० [सं०] १. कामवासनाको बढी इच्छा गर्ने स्त्री; कामुक स्त्री; वेश्या । २. पानीको फोको ।

**डिम्म–** क्रि० वि० [अ० मू० डिम्+म] जीउमा मुड्कीले हान्ने किसिमले; डचाम्म ।

**डिम्मा–** ना० [√ डिम्+मा] १. मुड्कीको हनाइ; मुक्क । २. कुटाइ; पिटाइ । > **डिम्म्याइ–** ना० डिम्म्याउने काम; डिम्क्याइ । **डिम्म्याइनु–** क० क्रि० डिम्म्याउन लाइनु; डिम्क्याइनु । **डिम्म्याउनु–** स० क्रि० डिम्मा दिने काम गर्नु; हे० डिम्क्याउनु ।

**डिल–** ना० सुरक्षाका निम्ति वा साँधसिमाना अलग्याउन बनाइने जमिनको ठूलो आली; कान्लो; किनार । – **डाल–** ना० शरीरको स्वस्थ आकार; छाँटकाँट । – **डौल–** ना० आकारप्रकार; छाँटकाँट; कद ।

**डिलबु–** ना० [भो० ब०] बौद्ध सङ्गीतमा प्रयोग गरिने एक प्रकारको कलात्मक घण्ट ।

**डिलर–** ना० [अङ्०] अर्धसरकारी र व्यापारिक संस्थाहरूबाट उत्पादित वा आयात गरिएका वस्तुहरू उचित मूल्यमा बेच्न खटाइएको आधिकारिक स्थानीय व्यक्ति; स्थानीय वितरक ।

**डिल्कनु–** ना० [डिल+कनु] सानो डिल ।

**डिसमिस–** ना० [अङ्०] श्री ५ को सरकार वादी हुने मुद्दाबाहेक अन्य मुद्दामा वादी-प्रतिवादी दुवै थरीले तारिख गुजारेमा र प्रमाण बुझ्दैका अवस्थामा वादी अनुपस्थित भएमा गरिने निर्णय वा फैसला; खारेजी; बर्खासी ।

**डिसेम्बर–** ना० [अङ्०] ग्रेगोरी पात्रोअनुसार मङ्सिर र पुस महिनाका बीचमा पर्ने एकतीसदिने, आखिरी महिना ।

**डिस्टिलरी–** ना० [अङ्०] मद्य वस्तु आदिको उत्पादन गर्ने कारखाना; मदभट्टी ।

**डिस्पेन्सरी–** ना० [अङ्०] १. औषधी-उपचार गर्ने सामान्य स्तरको

c:\1saroj\sabdkosh\Da.p65



स्वास्थ्यकेन्द्र । २. औषधीभण्डार; औषधालय ।

**डिही**– ना० [(अधि)+त्यका] १. कसैको खान्की, खुवा, मानाचामल आदिमा दरिएको वा एकै जनाको अधिकारमा रहेको पाखो जग्गा । २. पहाडको फेदीमा केही अग्लो ठाउँमा रहेको समथर जमिन । ३. खेतका बीचतिर केही अग्लो ठाउँमा बनाइएको कटेरो ।

**डीङ**– ना० हे० डिङ ।

**डीन**– ना० हे० डिन ।

**डुँड**– ना० [सं० द्रोण] १. गाईबस्तुलाई कुँडो, नुन, भुस्सा आदि दिइने काठ वा ढुङ्गा खोपेर बनाइएको सानो नाउजस्तो भाँडो । २. पानी ल्याउन वा पठाउनका निम्ति हालिने ढुङ्ग्रोजस्तो वा कुलेसोका ढाँचाको माटो, टिन, भाटा आदिको कोप्रो पारिएको वस्तु । ३. नालको पानी निकास हुने प्वाल; पनालो । ४. तोरी आदिको गेडा चुटेको खोस्टो ।

**डुँडाइ**– ना० [√ **डुँडाउ** (+आइ)] डुँडाउने क्रिया वा प्रक्रिया । [> ] **डुँडाइनु**– अ० क्रि० डुँडाउने होइनु ।

**डुँडाउनु**– अ० क्रि० [डुँड+आउ+नु] १. भालेले पोथी वा पोथीले भाले खोज्दै हिँड्नु; सम्भोगको चाहनाले यताउति लर्खरिनु । २. भित्रको छटपटी वा उकुसमुकुसले कराउँदै हिँड्नु ।

**डुँडुलो**– ना० [डुँडो+उलो] १. हेय वा निन्दाको अर्थमा हत्केलो; हर्थुङ्गो । वि० २. डुँडो भएको । स्त्री० डुँडुली ।

**डुँडे ⁄ डुँडो**– वि० १. हात वा गोडाका औँला नभएको । २. हात वा हर्थुङ्गो नभएको । ३. छोटो हात भएको ।

**डुइँया**– ना० [√ डुहिँया] नेवारजातिको एक वर्ग; डुहिँया ।

**डुकु१**– ना० [नेवा० दुकु] तरकारी, अचार आदि बनाएर खाइने रायो, मूला आदिको फूल, मुनासहितको कमलो डाँठ ।

**डुकु२**– वि० इलम, उद्योग वा काम नभई यताउति डुलिरहने; बेइलमी; निरुद्योगी । ~ **लट्ठक**– तोरीलाहुरे । ~ **लन्ठ ⁄ लन्ठन ⁄ लन्ठु**– वि० विनाकाम यताउति हल्लने वा लर्खरिने; बेइलमी ।

**डुक्र-नु**– अ० क्रि० [सं० दुष्कर+नु] १. साँढे, बाघ आदि कराउनु; गर्जनु । २. फुर्ती वा गर्वसाथ ठूलोठूलो स्वरले बोल्नु; ठूलो डाँको झिकेर बोल्नु; कुर्लनु । > **डुक्राइ**– ना० डुक्रने क्रिया वा प्रक्रिया । **डुक्राइनु**– क० क्रि० डुक्रन लाइनु । **डुक्राउनु**– प्रे० क्रि० डुक्रन लाउनु । **डुक्रिनु**– अ० क्रि० डुक्रनु ।

**डुगडुग**– क्रि० वि० [अ० मू० डुग्+अ (द्वि०)] डमरु, टचाम्को, सानो दमाहा आदि बजाउँदा ताल वा शब्द आउने गरी । > **डुगडुगी**– ना० १. छालाले मोरेको दमाहाका ढाँचाको सानो बाजा; एक किसिमको टचाम्को । २. कराईकराईकन सबैलाई सुनाएर फयल गरिने कुरा ।

**डुग्गी**– ना० [अ० मू० डुग्+ई] हल्ल; डुगडुगी (जस्तै– डुग्गी पिटाउनु, डुग्गी फिराउनु)।

**डुङडुङ**– क्रि० वि० [अ० मू० डुङ् (द्वि०)] सडेगलेका वस्तु, खानेकुरा आदि बेसरी गनाउने भएर; ठसठस । > **डुङडुङती ⁄ डुङडुङी**– क्रि० वि० चर्कोसित गनाउने गरी; ठसठसी ।

**डुङ्गा**– ना० [सं० द्रोण] नदीमा वारपार गर्नका निम्ति काठ खोपेर वा फल्याकहरू गाँसगुँस पारेर बनाइएको, बहना खियाएर चलाइने साधन; नाउ; नौका ।

**डुङ्गुर**– ना० [प्रा० डुंगर] १. ठूलो थुप्रो; रास; डङ्गुर । वि० २. प्रशस्त, थुप्रो; धेरै ।

**डुङ्ग्री**– ना० भएनभएका कुरा सबैतिर फिँजिने किसिमले गरिने हल्ला । ~ **पिट्नु**– ट० हल्ला फिँजाउने काम गर्नु ।

**डुङ्ङ**– क्रि० वि० [अ० मू० डुङ्+ङ] सडेगलेका वस्तु, खानेकुरा आदि नराम्रोसित गनाउने गरी; ठस्स ।

**डुठो**– ना० इँट, ढुङ्गा आदिको सानो टुक्रो ।

**डुण्डुभ**– ना० [सं०] पानीमा बस्ने विष नभएको एक जातको सर्प; डुमसर्प ।

**डुण्डुल**– ना० [सं०] सानो खालको एक जातको लाटोकोसेरो ।

**डुन्डी**– ना० [प्रा० डुम्ब+ई] १. छालाले मढेको, ठोकेर बजाइने एक किसिमको बाजा । २. त्यो बाजा बजाएर सर्वसाधारणलाई कुनै कुरा सूचित गर्ने काम ।

**डुन्डु**– ना० [सं० डुण्डुक] लसुनका पोटीमा गहुँ घुसारी रोपेर उमारिने गहुँकै बोटजस्तो र लसुनको स्वाद आउने एक किसिमको साग; साँखुलो ।

**डुप्लिकेटर**– ना० [अङ्०] प्रतिलिपि छाप्ने यन्त्रविशेष; लिथो मेसिन ।

**डुब्-नु**– अ० क्रि० १. कुनै वस्तु वा प्राणी पानीभित्र पर्नु; कीराफटेङ्ग्रा तरल पदार्थभित्र पर्नु । २. कुनै कामकुरोमा गडेर विचार गर्नु वा तल्लीन हुनु । ३. धनसम्पत्ति आदि पूरै नष्ट हुनु; अन्तिम अवस्थामा पुग्नु । > **डुबाइ**– ना० डुब्ने काम वा किसिम । **डुबाइनु**– क० क्रि० डुब्न लाइनु । **डुबाउनु**– प्रे० क्रि० डुब्ने पार्नु; डुब्न लगाउनु । **डुबिनु**– अ० क्रि० डुब्ने काम होइनु ।

**डुबुल्की**– ना० [डुब्+उल्की] पानीमा थोरै बेर डुब्ने काम; डुब्की; गोता ।

**डुबौ बोटी**– ना० [डुब्+औ+बोटी] हिउँदेबर्खे दुवै बाली (दिव्य०)।

**डुब्की**– ना० [डुब्+की] १. घोडाले वेग छोडेको हिँडाइ वा कुदाइ । २. हे० डुबुल्की ।

**डुम**– ना० [प्रा० डुब] १. कुनैकुनै बालखेलमा अछूत बन्ने व्यक्ति । (उदा०– यति नाना फाटचो, मुसाले काटचो, सिइदेऊ न डुम दाइ !) २. चाण्डाल जातिविशेष; डोम; डुम्रो । ~ **काग**– ना० हे० ढोले काग । ~ **सर्प**– ना० शरीरमा ठाडा धर्काहरू देखिने एक जातको सर्प ।

**डुम्म**– क्रि० वि० [अ० मू० डुम्+म] १. खानेकुरा धेरै खानाले वा वायु बढ्नाले पेट फुलेर वा ढुस्सिएर; टुन्न । २. कसैलाई डिम्क्याउँदा आवाज आउने चालमा; डिम्म ।

**डुम्री**– ना० [सं० उडुम्बर> डुम्बर> डुम्री] लाम्चा पात हुने, फूल नफुलीकनै अञ्जीरका जस्ता फल फल्ने, वरका जातको रूख

वा त्यसैको फल ।

**डुम्रो–** हे० डुम ।

**डुल्–नु–** अ० क्रि० १. मन बहलाउनका लागि वरपर, यताउति हिँड्नु; टहल्नु । २. कुनै कामविशेषले वा हेर्ने उद्देश्यले नयाँ-नयाँ ठाउँमा घुम्नु; घुमफिर गर्नु । > **डुलन्ता / डुलन्ताम् / डुलन्ते–** वि० डुलिरहने स्वभावको; डुलुवा । **डुलफिर–** ना० डुल्ने वा टहल्ने काम; घुमफिर । **डुलाइ–** ना० डुल्ने वा डुलाउने क्रिया-प्रक्रिया । **डुलाइनु–** क० क्रि० डुल्न लाइनु । **डुलाउनु–** प्रे० क्रि० डुल्न लाउनु ।

**डुलि–** ना० [सं०] सानो जातको पोथी कछुवा; कछुवी ।

**डुलिनु–** अ० क्रि० [डुल्+इ+नु] डुल्ने काम भइनु; घुमिनु ।

**डुलुवा–** वि० [डुल्+उवा] डुल्ने बानी भएको; डुलन्ते । ~**भूत–** ना० १. डुलिरहने खालको र हिँडेका मानिसहरूउपर लाग्ने एक किसिमको कल्पित भूत । २. रन्डीबाज; गुन्डो ।

**डुल्की–** ना० [सं० डोलन] उफ्रेजस्तो गरी चारै खुट्टा छुट्टाछुट्टै वा क्रमैले उठाएर दगुर्ने घोडाको चाल ।

**डुस–** ना० [अङ्० डुश] गुदद्वारबाट पाइप वा नलीद्वारा तरल औषधी पेटमा पुऱ्याई दिसा खुलाइने उपचारविशेष ।

**डुहिँया–** ना० [नेवा० दुइँ] हे० डुइँया ।

**डुहुरे–** वि० [डुहुरो+ए] सानो कद वा गाँठीको; लुरे; डुहुरो । ~**मुसो–** ना० १. सानो जातको मुसो । २. (लाक्षणिक अर्थमा) केही गर्न नसक्ने लुरे मानिस ।

**डुहुरो–** वि० [सं० दुर्बल] १. सलक्क नपरी खिएको; सानो कद वा गाँठीको; लुरो । ~**मुसो–** ना० १. सानो जातको मुसो । २. (लाक्षणिक अर्थमा) केही गर्न नसक्ने लुरे मानिस ।

**डूँड–** ना० हे० डुँड ।

**डूम–** ना० हे० डुम ।

**डेँढी–** ना० विष नहुने सानो जातको एक प्रकारको सर्प ।

**डेउढा–** वि० [डेडो] १. छड्के वा टेढो; ड्यौढा । २. बाङ्गो । ३. दोठचाङ परेको ।

**डेउढी–** ना० [सं० देहली] १. ढोकाअगाडिको ठाउँ; खड्गेली; ड्यौढी । २. बाटो मोडिने वा सडक घुमेको ठाउँ; मोड; घुम्ती ।

**डेउढो–** वि० [डेउढा+ओ] १. अरूसँग मिल्ने स्वभाव नभएको; डेब्रो; अड्भड्ग्याहा; ड्यौढो । २. डेउढा वा छड्के (बाटो आदि) ।

**डेक्ची–** ना० [फा० देगच] थोरै बिट फर्केको, ठाडो र फराकिलो, पकाउने भाँडो; तपेस; डेक्ची ।

**डेग–** ना० [डग] पाइलो; फड्को । (उदा०– जति भने पनि उनी घरबाट डेग चलेनन्) । > **डेगिलो–** वि० डेग भएको; डेग लाग्ने ।

**डेडे–** वि० [डेडो+ए] डेडो ।

**डेडो–** वि० [प्रा० डेर] १. आँखा टेढो हुने वा टेढो भएर हेर्ने । २. कर्के; बाङ्गो (आँखा) ।

**डेढ–** वि० [प्रा० डिवड्ढ] एक र आधा; साढे एक (१½) । –**अक्कल–** ना० नचाहिने खालको बढी अक्कल; । ~ **अक्कली–** वि० डेढअक्कल लाउने वा पूरा अक्कल नभएको; लालबुझक्कड । > **डेढी–** वि० एक र आधा; डेढ ।

**डेपुटी–** ना० [अङ्०] नायब; उप (जस्तै – डेपुटी रजिस्ट्रार, डेपुटी सेक्रेटरी इ०) ।

**डेप्पा–** वि० [नेवा० देपा] दायाँभन्दा बायाँ हात बढी चल्ने वा चलाउने; देब्रे; बाउँटे ।

**डेबरकाँडो–** ना० सुन्तला रङको जरा र ठूलठूला काँडा हुने, चाँगेका जस्ता पात लाग्ने, पहेँला बाटुला फूल फुल्ने एक जातको लहरो ।

**डेब्रि–नु–** अ० क्रि० [डेब्रो+इ+नु] १. टेढो स्वभावको हुनु; टेढिनु । २. डेब्रो हुनु; बाउँटिनु ।

**डेब्रो–** वि० १. भनेको नबुझ्ने वा एक थोक भनेकामा अर्कै थोक गर्ने; अधबेस्रो; बाउँटो । २. भनेको नटेर्ने; अटेर ।

**डेब्र्याइ–** ना० [√ **डेब्रि** (+याइ)] डेब्रिने क्रिया वा प्रक्रिया । [> ] **डेब्र्याइनु–** क० क्रि० डेब्रो पारिनु । **डेब्र्याउनु–** प्रे० क्रि० डेब्रो पार्नु ।

**डेरा–** ना० [प्रा० डायाल] १. थोरै वा केही दिनका निम्ति बसिने, अर्काको घर; अस्थायी वासस्थान । २. भाडाको घर वा कोठो । **– डन्डा–** ना० अस्थायी बसोबास र आवश्यक सरसामानसहितको व्यवस्था ।

**डेरी–** ना० [अङ्० डेयरी] गाईभैँसी आदि पाल्ने वा नौनी आदि निकाल्ने र प्रशोधित दूध सर्वसाधारणमा बिक्रीवितरण गर्ने स्थान; दुग्धशाला; दूधघर । ~ **फर्म–** ना० डेरीको कारखाना; दुग्ध विकास संस्थान ।

**डेरे–** वि० [डेरो+ए] डेडे; डेरो ।

**डेलि–नु–** स० क्रि० [डेली+नु] १. पेट डुम्म हुने किसिमले धेरै खानु; बुकुल्याउनु । अ० क्रि० २. तृप्त हुनु; अघाउनु ।

**डेली–** ना० [सं० डल्लक] १. बाँसका चोया, बेत आदिद्वारा बनेको पेटारो । २. पहिलेपहिले दही, मही आदि हालेर बोकिने बाँस वा बेतका चोयाबाट बुनेको भाँडो ।

**डेल्याइ–** ना० [√ **डेलि** (+याइ)] डेलिने क्रिया वा प्रक्रिया । [> ] **डेल्याइनु–** क० क्रि० डेलिने पारिनु । **डेल्याउनु–** प्रे० क्रि० डेलिने पार्नु ।

**डेस्क–** ना० [अङ्०] लेख्नपढ्नका निम्ति उपयोग गरिने टेबुलजस्तै फर्निचर; घर्रावाल टेबुल ।

**डोँड–** ना० एक प्रकारको सर्पविशेष ।

**डोइल्या–** ना० निगालाको चोयाले बुनिने डोकाका आकारको एक प्रकारको घरेलु साधन ।

**डोके–** वि० [डोको+ए] डोको बोकेर मात्र पेटपालो गर्ने; डोको बोक्ने; डोकासँग सम्बन्धित ।

**डोकेसो–** ना० [डोको+एसो] १. रुन्चे लागेका केटाकेटीलाई डोकाले छोपी पानी खन्याएर गरिने सजाययुक्त उपचार । २. चराचुरुङ्गी

समात्ने डोकाको पासो ।

**डोको**– ना० [सं० डल्लक] १. बाँस, निगाला आदिका चोयाले बुनेको, ठूलठूला आँखा वा प्वाल हुने, मालताल हाली नाम्लो वा खकनसमेत लगाएर पिठिउँमा बोकिने सोलीजस्तो भाँडो । २. सरकारी हुलाक बोकेबापत खान्कीका रूपमा केही जग्गा आदि पाइने पुरानो प्रचलनको रकम । ~ **न डालो**– वि० केही पनि नहुने स्थिति; अर्थ न बर्थको; विनापत्ताको । ~ **नाम्लो**– ना० बोक्ने भाँडो र बोकिने डोरी, नाम्लो आदि साधन; डोको र नाम्लो । ~ **पानी**– ना० हे० डोकेसो ।

**डोङमेन**– ना० [भो० ब०] छवटा तार भएको र टाउकोमा प्रायः घोडाको टाउको खोपिएको हुने, सेब्रुनाच र गीतमा बजाइने, टुङ्नाको ठूलो रूपको बाजा ।

**डोटी**– ना० नेपालको सुदूर पश्चिममा रहेको, सेती अञ्चलभित्र पर्ने एक जिल्ला । > **डोटेल**– वि० १. डोटी जिल्लामा बस्ने वा डोटीको निवासी; डोटी जिल्लाको; डोटीसम्बन्धी । ना० २. नेपालीको एउटा थर । **डोटचाल**– ना० डोटेल ।

**डोब्-नु**– स० क्रि० [डोब+नु] १. कोट, पाइन्ट आदि सिउँदा मिलानका निम्ति पहिले ठूलठूला टाँका गरेर तुन्नु वा फड्को मारेर सिउनु; डोब लगाउनु; चिनु लगाउनु । २. चोट वा घाउ लाउनु; खिल्नु । ३. चोपल्नु; डुबाउनु ।

**डोब**– ना० [सं० डिम] १. सिलाइ, खोपाइ आदिको चिह्न । २. हलो, बन्चरो आदि हतियारबाट लागेको चोट; डाम; खत । ३. कामको अन्दाजका निम्ति पहिले लगाइने चिनु । ४. चास (खेत) ।

**डोबटी**– ना० [√ दोबरी] बाक्लो खालको एक जातको खाँडी ।

**डोबाइ**– ना० [√ **डोब्** (+आइ)] डोब्ने क्रिया वा प्रक्रिया । [ > ] **डोबाइनु**– क० क्रि० डोब्न लाइनु । **डोबाउनु**– प्रे० क्रि० डोब्न लाउनु; चिनु लाउनु । **डोबिनु**– क० क्रि० डोब्ने काम गरिनु ।

**डोबिल्का डोबिल्की**– ना० [डोबिल्को+डोबिल्को] सानाठूला डोबिल्काको समूह; डोबिल्को र डोबिल्की ।

**डोबिल्की**– ना० [डोबिल्को+ई] सानो डोबिल्को ।

**डोबिल्को**– ना० [डोब्+इल्को] पानीको सानो दह; सानो किसिमको जलाशय वा कुवा; डोब्किलो ।

**डोब्किला डोब्किली**– ना० [डोब्किलो+डोब्किलो] सानाठूला धेरै डोब्किला ।

**डोब्किलो**– ना० [डुब्कि+इलो] पानी भएको सानो खाल्डो; डोबिल्को ।

**डोम**– ना० [सं० डेम] डुम; चाण्डाल । > **डोमे**– वि० डोमसम्बन्धी वा डोमको; डोमलाई दिइने (अनाज, पैसा आदि) ।

**डोर**– ना० [सं०] १. कुनै विशेष काम गर्न केही दिनका निम्ति अड्डाबाट बाहिर खटाइने कर्मचारीहरूको टोली वा त्यस टोलीले गर्ने काम । २. तीर्थयात्राको प्रसङ्ग । ३. धागो; सूत; डोरो ।

**डोरि-नु**– अ० क्रि० [डोरो+इ+नु] अरूले जता लग्यो उतै लागिनु; डोरी, हात आदि समातेर हिँडिनु ।

**डोरिया**– वि० [डोरि+इया] डोऱ्याउने; सम्बन्ध गाँस्ने । ~ **फरिया**– ना० धागा, फरिया आदि स्त्रीजातिले लाउने शृङ्गारसाधन र वस्त्र ।

**डोरी**– ना० [सं० डोर] बाबियो, धागो, पाट आदिले बाटिएको, पोयो लगाइएको वा नलगाइएको मोटो डोरो; लखाकी ।

**डोरेँटो**– ना० [डोरो+एटो] एक-दुई जना मात्र हिँड्न हुने सानो बाटो; गोरेटो ।

**डोरे**– वि० [डोरो+ए] डोरो भएको; धर्काधर्की भएको; डोरोसम्बन्धी ।

**डोरेटो**– ना० [डोरो+एटो] हे० डोरेँटो ।

**डोरेपिङ**– ना० [डोरे+पिङ] रूखको हाँगामा बाँधेर दुईतिर मोटो डोरी झुन्डचाई तल काम्रो हालेको मच्चाएर खेलिने पिङ ।

**डोरो**– ना० [सं० डोर] १. बुन्ने, बाँध्ने आदि काम लिइने कपास, ऊन, पाट आदिको बाटिएको वा बटारिएको तन्तु; धागो; सूत । २. पीठो, चून आदि धूलो वस्तु खसालिएको सोझो धर्को; रेखा । ३. रक्षासूत्र । ४. बाटो; गोरेटो । – **वाल**– ना० मध्यस्थललाई मदत गर्ने काममा खेलका मैदानको छेउमा रहने अधिकारी । > **डोऱ्याँटो**– ना० हे० डोरेँटो ।

**डोऱ्याइ**– ना० [√ **डोरि** (+याइ)] १. डोरिने क्रिया वा प्रक्रिया । [डोऱ्याउ+याइ] २. डोऱ्याउने क्रिया वा प्रक्रिया । [ > ] **डोऱ्याइनु**– क० क्रि० समातेर हिँडाइनु । [ > ] **डोऱ्याउनु**– स० क्रि० १. पशुहरूलाई डोरी आदिले बाँधेर घिच्च्याउनु । २. सरासरी वा राम्ररी हिँड्न नसक्नेलाई कुनै आधार दिएर अथवा समातेर लैजानु । ३. कसैलाई आफ्नो पछि-पछि लगाएर हिँडाउनु वा लानु ।

**डोल्-नु**– [सं० दोलन] हाँगा, पात आदि यताउति झुल्नु; हल्लनु ।

**डोल**– ना० [प्रा० डोल< सं० दोल] १. इनारबाट पानी झिक्न उपयोग गरिने डल्लो खालको भाँडो । २. दुई डाँडाका बीचमा रहेको खेती गर्न हुने लामो, सोतो जमिन ।

**डोला१**– ना० [सं० दोल+आ] मानिसले बोक्ने झोलुङ्गोजस्तो लामो सवारी; डोली ।

**डोला२**– ना० [√ दुलही] विवाह गर्नका लागि अन्यत्रबाट घरमा ल्याएर राखिएकी कन्या; विवाहअघि घरमा तालिम गर्न ल्याइएकी कन्या ।

**डोलाइ**– ना० [√ **डोल्** / **डोलाउ** (+आइ)] डोल्ने वा डोलाउने क्रियाप्रक्रिया । [ > ] **डोलाइनु**– क० क्रि० डोलाउने काम गरिनु; झुलाइनु । **डोलाउनु**– स० क्रि० १. चमर, पङ्खा आदि बिस्तारैबिस्तारै हम्कनु वा हल्लाउनु; झुलाउनु । २. कसिङ्गर वा मिसिएका वस्तुहरू छुट्टचाउन नाङ्लामा अनाज हालेर बिस्तारै हल्लाउनु ।

**डोलाजी**– ना० [डोला+जी] विवाह गर्नका निम्ति अन्यत्रबाट घरमा ल्याएर राखिने वर ।

**डोलामी**– ना० [√ डोले] डोलो किसिमको लामो र सलक्क परेको कपालको चुल्ठो ।

**डोलि–नु–** अ० क्रि० [डोल्+इ+नु] हल्लिनु; झुलिनु ।

**डोली–** ना० [डोला+ई] दुईतिरबाट मानिसद्वारा बोकिने, डाँडीमा अडचाइएको, झोलुङ्गोजस्तो र सुत्न हुने एक किसिमको सवारी; डोला ।

**डोले–** ना० [डोली+ए] १. डोली बोक्ने वा डोली बोकेर जीविका चलाउने मानिस । २. भान्सामा खानेकुरो ल्याउने वा भाँडा माझ्ने नोकर । ~ **ढोले–** ना० डोली बोक्ने र बाजा बजाउने व्यक्ति; डोले र ढोली ।

**डोलेपैसो–** ना० [डोलो+पैसो] पहिलेपहिले चल्तीमा आएको पन्यूँको डाँठजस्तो पैसो ।

**डोलेठो–** ना० [डोलो+एठो] डोलो परेको वा बाटुलो खालको काठ ।

**डोलो–** वि० [डोल+ओ] चारपाटे वा चेप्टो नभई लामो र गोल किसिमको; समरो (पाखुरा, लट्ठी, स्तम्भ आदि) । ~ **गुँद–** ना० डोला पात हुने एक जातको गुँद झार ।

**डोल्पा–** ना० नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने कर्णाली अञ्चलको उत्तरी भेकमा रहेको एक जिल्ला ।

**डोल्याइ–** ना० [√ **डोल्याउ** (+आइ)] डोल्याउने क्रिया वा प्रक्रिया । [> ] **डोल्याइनु–** क० क्रि० डोलो पारिनु ।

**डोल्याउनु–** स० क्रि० [डोलो+याउ+नु] डोलो पार्नु; गोलो र लाम्चिलो बनाउनु ।

**डोल्सी–** ना० [√ डोली] दुईतिर किनार उठेको भई माझमा गहिरो परेको खाल्डो; त्यस्तै खालको लामो रेखा ।

**डोहो१–** ना० [सं० द्रोह] कसैको उन्नति वा सुखसन्तोष देखेर मनमा हुने डाह; रिस; ईर्ष्या ।

**डोहो२–** ना० [सं० दुर्लभ] १. कुनै आवश्यक वस्तुका निम्ति भएको खाँचो; हर्जो । २. कमी; न्यूनता । ~ **डोहो–** ना० आवश्यक कुराको कमी होलाहोलाजस्तो स्थिति; पुगेस-पुगेस । (उदा०– मलाई यसपल्ट खर्चले डोहोडोहो पारेको छ) ।

**डौँठे–** वि० [√ डाँठ] १. काम गर्ने खुबी, सीप वा ढङ्ग नभएको । २. ठर्रो मिजासको; ठाडे । ~ **निहुरो–** ना० ठूलठूला डाँठ हुने एक जातको निहुरो ।

**डौँडारि–नु–** अ० क्रि० [डौँडारो+इ+नु] १. कुनै कामकाज नगरी यताउति डुल्नु; ढौँटारिनु । २. फतफताउँदै वा फटफटाउँदै यताउति लरखरिनु ।

**डौँडारे–** वि० [डौँडारो+ए] १. काम गर्ने सीप वा ढङ्ग नभएको । २. जथाभाबीसँग वा नचाहिँदो किसिमले खर्च गर्ने । ३. बेकाममा घुमिरहने; डुलुवा ।

**डौँडारो–** ना० जमिन, भित्ता आदिमा परेको ठूलो प्वाल; भ्वाङ; भँड्खारो ।

**डौँडाऱ्याइ–** ना० [√ **डौँडारि** (+याइ)] डौँडाऱ्याउने क्रिया वा प्रक्रिया । [> ] **डौँडाऱ्याइनु–** क० क्रि० काम न काजसित डुलाइनु । **डौँडाऱ्याउनु–** प्रे० क्रि० काम न काजसित यताउति डुलाउनु ।

**डौँल–** ना० [सं० देह] १. शरीर आदिको आकारप्रकार । २. कुनै रचनाको बनोट । ३. कुनै वस्तु वा कामको रूपरेखा; खाका ।

**ड्याक–** ना० [नेवा० घायेगु] व्यापार गर्दा मुनाफा र परल मोलसमेत प्राप्त नभई भएको हानि; घाटा; नोक्सान ।

**ड्याङ–** ना० १. बाली लगाउनका निम्ति दुईतिर कुलेसो पारी माझमा थोरै उठाइएको, माटाको लामो र खण्डेदार सानो डिल । वि० २. बुद्धि नभएको; लट्टक । – **पाटा/पाता–** ना० रूख, पात आदिमा गुँड बनाएर बस्ने रातोरातो, ठूलो एक जातको कमिलो ।

**ड्यामड्याम–** क्रि० वि० [अ० मू० ड्याम+अ (द्वि०)] १. लगालग मुक्क्याउने गरी; ढ्यामढ्याम । २. एकपछि अर्को गर्दै पछारिएर । > **ड्यामड्यामती/ड्यामड्यामी–** क्रि० वि० लगातार मुक्क्याउने वा पछारिने किसिमले ।

**ड्यामप्रुफ–** ना० [अङ्०] जमिनको चिसो नआओस् भन्नका निम्ति र बलियो पार्नका लागि घर आदि बनाउँदा जग, गारो वा भुइँमा गरिने ढलान ।

**ड्याम्म–** क्रि० वि० [अ० मू० ड्याम्+म] १. कसैलाई मुक्काले हिर्काउँदा ठूलो आवाज आउने गरी; ढुस्स; ढ्याम्म । २. छाया, बादल, कुहिरो आदिले व्यापक रूपमा ढाकिएर । ३. आवाज आउने गरी पछारिँदै ।

**ड्यौढा–** वि०हे० डेउढा ।

**ड्यौढी–** ना०हे० डेउढी ।

**ड्यौढो–** वि०हे० डेउढो ।

**ड्रम–** ना० [अङ्०] १. मट्टितेल, अलकत्रा, पेट्रोल आदि हाल्न प्रयोग गरिने गोलो ठूलो ढ्वाङ; त्यस्तो भाँडो । २. छालाको गोलो फ्रेममा दुवै छेउबाट वरिपरि छालाकै डोरीले दरोसँग कसेर बनाइएको लट्ठी वा हातले बजाइने वाद्ययन्त्र; ढोल; मृदङ्ग ।

**ड्राइक्लिन–** ना० [अङ्०] आधुनिक मेसिनद्वारा हुने कपडाको धुलाइ वा त्यस्तो धुलाइ हुने स्थान; धुलाइघर ।

**ड्राइभर–** ना० [अङ्०] मोटर, ट्रक आदि हाँक्ने व्यक्ति; चालक ।

**ड्रामा–** ना० [अङ्०] १. अभिनय; नाटक; नाटचकला । २. रङ्गमञ्चमा प्रदर्शन गरिने र रेडियो तथा टिभीबाट समेत प्रसारित हुने अभिनेय काव्य ।

**ड्वाँड्ङ–** क्रि०वि०हे० ड्वाङ्ग ।

**ड्वाँड्वाँ–** क्रि० वि० [अ० मू० ड्वाँ (द्वि०)] १. गाईवस्तुले एकोहोरो कराउने गरी । २. ठूलो डाँको छोडेर रुँदै वा ठूलो स्वरले कराउँदै ।

**ड्वाङड्वाङ–** क्रि० वि० [अ० मू० ड्वाङ+अ (द्वि०)] झ्याल, ढोका आदि एकदम ह्वाड्ङ भएर खुला हुने गरी । > **ड्वाङड्वाङती–** क्रि० वि० अझै ड्वाङड्वाङ हुने गरी ।

**ड्वाङ्ग–** क्रि० वि० [अ० मू० ड्वाङ्+ग] १. एकै चोटि बेसरी लड्ने वा पछारिने गरी; ड्वाड्ङ । २. झ्यालढोका आदि सबै खुला भएर ।

**ड्वाङ्ग्राड्ङ–** क्रि० वि० [अ० मू० ड्वाङ्ग्राङ्+ङ] जोडसँग लड्ने वा पछारिने गरी ।

**ड्वाम्म–** क्रि० वि० [अ० मू० ड्वाम्+म] तीखो आवाज आउने गरी पछारिएर; मुड्कीले हिर्काएको जस्तो आवाज आउने गरी ।

# ढ

**ढ**– देवनागरी वर्णमालाको व्यञ्जनवर्णको चौधौँ वर्ण; मूर्धन्य, ताडित, स्पर्शी, सघोष, महाप्राण व्यञ्जनवर्ण; टवर्गको चौथो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; कुकुरपुच्छ्रे ढ ।

**ढँटवारे**– ना०हे० ढँटुवारे ।

**ढँटुवा**– वि० [ढाँट+वारे] बोलेको कुरा पूरा नगर्ने; ढाँट्ने स्वभावको; फटाहा । स्त्री० ढँटुवी ।

**ढँटुवारे**– ना० [ढाँट्+वारे] १. मारुनी नाचमा मारुनीको अघि-पछि लागेर चेपारो घस्तै नाच्ने पात्र; विदूषक; भाँड; ढँटवारे । २. सो पात्रले गाउने गीत । वि० ३. ढाँट्ने स्वभावको ।

**ढँड्यान**– ना० [ढाँड+यान] १. धेरै ढुङ्गा भएको, पानी नअड्ने वा उब्जाउ नहुने जग्गा । २. ढाँड परेको ठाउँ वा जग्गा ।

**ढक**– ना० [सं० आढक] पाउ, किलो, धार्नी, मन आदि जोख्ने सरकारी छाप लागेको फलामे वा पित्तले साधन ।

**ढकढक**– क्रि० वि० [अ० मू० ढक्+अ (द्वि०)] ढोका, काठ, टिन आदिमा ठोक्दा आवाज आउने चालमा । > **ढकढक्याइ**– ना० ढकढक्याउने क्रिया वा प्रक्रिया । **ढकढक्याइनु**– क० क्रि० ढकढक गरी हल्लाइनु; ढकढक आवाज आउने पारिनु । **ढकढक्याउनु**– स० क्रि० १. ढकढक आवाज आउने गरी ढोकामा हिर्काउनु । २. अन्नपात धेरै अटाउनका निम्ति भाँडामा ढकढक आवाज आउने गरी हल्लाउनु ।

**ढकना**– ना० [ढाक्+अना] डेक्ची, आरी, तपेस आदिको मुख ढाक्ने साधन; छपनी; बिर्को ।

**ढकनी**– ना० [ढाक्+अनी] १. सानो ढकना; सानो बिर्को । २. मुख ढाक्ने लुगा ।

**ढकने**– ना० चामल घिउमा भुटेर दूधमा पकाई चिनीसमेत हालेर तयार पारिएको स्वादिष्ट खानेकुरा ।

**ढकमक्क**– क्रि० वि० [अ० मू०] १. वन, बगैँचा आदिमा प्रशस्त फूल फुल्ने गरी । २. बादल, कुहिरो, छाया आदिले राम्ररी ढाकेर ।

**ढकाइ**– ना० [√ **ढाक्** (+आइ)] ढाक्ने काम वा किसिम । [>] **ढकाइनु**– क० क्रि० ढाक्न लाइनु । **ढकाउनु**– प्रे० क्रि० ढाक्ने पार्नु; छोपाउनु; फैलाउनु ।

**ढकायो**– ना० डाँठका टुप्पामा प्रायः तीनवटा पात हुने, पहेँला घोगादार फूल फुल्ने बुटीविशेष ।

**ढकार**– ना० [सं०] 'ढ' अक्षर; टवर्गको तेस्रो वर्ण ।

**ढकिया**– ना० [ढकी+इया] सानो ढक्की ।

**ढक्क**– क्रि० वि० [अ० मू० ढक्+क] अत्यास वा डरले सिरिङ्ग भएर जीउ फुल्ने गरी; मुटु उफ्रेर बन्द हुन खोज्ने चालले ।

**ढक्कन**– ना० [सं०] १. झ्याल, ढोका आदि लाउने वा बन्द गर्ने काम । २. कुनै वस्तु ढाक्ने साधन; ढकना ।

**ढक्का**– ना० [सं०] ठोकेर बजाइने ठूलो ढोल; नगरा; दमाहा ।

**ढक्कारी**– ना० [सं०] दुर्गाको एक रूप; तारा ।

**ढक्की**– ना० [सं० आढकी] चोया आदिले बुनेको, फलफूल, सुखा खानेकुरा आदि हाल्ने खुला मुख भएको थालजस्तो भाँडो ।

**ढङ्ग**– ना० [सं० तङ्ग] १. कुनै काम गर्ने पद्धति, शैली, सीप तथा ढाँचा वा छाँट । २. कसैमा हुने असल वा खराब स्वभाव; बानीबेहोरा । ३. कुनै विषयवस्तुको किसिम वा प्रकार । ~ **मरु**– वि० ढङ्ग नभएको (व्यक्ति) । ~ **रङ्ग**– ना० काम गराइको सीप र छाँट; ढाँचाकाँचा; चालामाला; रङ्गढङ्ग ।

**ढडिया**– ना० [ढाँड+इया] नदीनाला आदिमा माछा समात्ने वा थाप्ने काममा प्रयोग गरिने, बाँसका कप्टेराले बनाइएको, माछा पसेपछि निस्कन नसक्ने सोलीजस्तो पासो वा खोर; एक किसिमको खुँगा ।

**ढडेन/ढड्यान**– ना० [ढड्डी+एन/यान] १. काँस, खर आदि घाँस उम्रेको बाँझो जग्गा । २. ढड्डी नै ढड्डी भएको जग्गा ।

**ढड्डा**– ना० [प्रा० ढब्बु] अड्डाखानामा लगत, मोठ आदि राख्ने वा दुकानहरूमा हरहिसाब राख्ने ठूलो बहीखाता ।

**ढड्डी**– ना० [प्रा० डब्भ] काँसका जस्ता लामालामा पात हुने, कल्कीदार राता फूल फुल्ने एक किसिमको घाँस; एक किसिमको ठूलो घाँस ।

**ढड्डु**– वि० [√ ढाड+उ] निकै अग्लो र मोटोघाटो; ठूलो जीउडालको ।

**ढड्नेसो**– ना० ढाडको हाड ।

**ढड्याइ**– ना० [√ **ढाडि** (+याइ)] १. ढाडिने क्रिया वा प्रक्रिया [ढड्याउ+आइ] २. ढड्याउने क्रिया वा प्रक्रिया । [>] **ढड्याइनु**– क० क्रि० १. धरपकड गरिनु । २. ढाडिने गराइनु । **ढड्याउनु**– स० क्रि० १. लुगा, गेडागुडी आदि पानीमा हालेर ढाडिने गराउनु; भिजाउनु वा फुलाउनु । २. गर्भधारण गराउनु; पेट बोकाउनु । ३. कसैलाई मन नपरीकन खुवाउनु ।

**ढड्याउनु**– स० क्रि० लेनदेन, हरहिसाब आदि कुरामा धरपकड गर्नु; हड्याउनु ।

**ढड्याङढुडुङ**– क्रि० वि० [अ० मू० ढड्याङ्+अ (द्वि०)] एकाएक गडबड भएर; ठटाउने वा भाग्ने चाल निकाल्दै ।

**ढपाइ**– ना० [√ **ढाप्** (+आइ)] ढाप्ने क्रिया वा प्रक्रिया । [>] **ढपाइनु**– क० क्रि० ढाप्न वा छोप्न लगाइनु; ओगटाइनु । **ढपाउनु**– प्रे० क्रि० ढाप्न लाउनु; छोपाउनु ।

**ढपोट**– ना० [अ० दफ्आत] १. सबै रकमका आम्दानी, खर्च, जिन्सी, नगदी आदिको फाँटवारी खुलाई बही बुझाउने अड्डा वा ठाउँमा रकमीले बुझाउने ठूलो बही । २. एक प्रकारको वासिल

बाँकी ।

**ढब–** ना० काइदा, ढाँचा; ढङ्ग; छाँट; आकार; आकृति । २. बानीबेहोर; चालचलन ।

**ढब्बु–** वि० [हि० ढप्पू] निकै ठूलो; भद्दा खालको; बडेमाको ।

**ढमढम–** क्रि० वि० [अ० मू० ढम्+अ (द्वि०)] १. झोक्किएर वा जोसले खुट्टा बजार्दै । २. ढोल, नगरा आदि बजाउँदा शब्द आउने गरी । ना० ३. त्यस्तो चाल वा शब्द ।

**ढम्म–** क्रि० वि० [अ० मू० ढम्+म] जोडसँग पछारिने वा लड्ने गरी; ढचाम्म ।

**ढररर–** क्रि० वि० [अ० मू० ढर+ (सात०)] लगातार ढर्र हुने गरी । ~ **ढम–** क्रि० वि०/ना० हे० ढर्रढम ।

**ढर्र–** [अ० मू० ढर्+र] १. दमाहा आदि बाजा बजेको शब्द आउने गरी । २. एकै चोटि धेरै तोप वा बन्दुकहरू पड्काउँदा आवाज आउने गरी । ३. ठूलो शब्द आउने गरी अपानवायु छोडेर । ~ **ढम–** क्रि० वि० १. दमाहा आदि बाजा ताल दिएर बजाउने गरी । ना० २. त्यसरी बजाउँदा आउने आवाज ।

**ढर्रा–** ना० [सं० धारा] नचाहिँदो वा देखावटी ढाँचा; स्वाङ ।

**ढल्–नु–** अ० क्रि० [प्रा० ढल+नु] १. ठडिएर रहेको कुनै वस्तु लड्नु; पछारिनु । २. उभिएको मानिस वा जीवजन्तु पल्टनु; सुत्नु; ढल्कनु । ३. पराजित हुनु; हार्नु । ४. पानी तलतिर बग्नु । ५. कुनै समय, अवस्था आदि बित्नु । ६. अन्तिम अवस्थामा पुग्नु वा मर्नु । ७. पग्लेको धातु आदि साँचोअनुसार विभिन्न आकार र ढाँचामा बद्लिनु ।

**ढल–** ना० [प्रा०] १. परेको वा फोहोर पानी बग्ने कुलेसोका किसिमले बनाइएको अथवा पाइप जडिएको पनालो; नाला । २. एक किसिमको कुलो ।

**ढलक्क–** क्रि० वि० [अ० मू० ढलक्+क] ढल्केर हिँड्ने गरी; हाँसका हिँडाइको चालमा ।

**ढल निकास–** ना० [ढल+निकास] फोहोरमैला, पानी आदि बगेर वा निस्केर जाने ठाउँ; ढल र निकास ।

**ढलपल–** क्रि० वि० [अ० मू० ढल्+पल्ट] लड्न-लड्न खोजेझैँ गरी; टलफल । > **ढलपलाइ–** ना० ढलपलाउने भाव, क्रिया वा प्रक्रिया । **ढलपलाइनु–** अ० क्रि० ढलपल होइनु । **ढलपलाउनु–** अ० क्रि० ढलपल गर्ने काम हुनु ।

**ढलमल–** क्रि० वि० [प्रा० ढण्ढलिअ] लर्खरिने वा लड्न खोज्ने गरी; ढलपल । > **ढलमलाइ–** ना० ढलमलाउने काम वा किसिम । **ढलमलाइनु–** अ० क्रि० ढलमल गर्ने काम होइनु । **ढलमलाउनु–** अ० क्रि० ढलमल हुनु । **ढलमलिनु–** अ० क्रि० ढलमलाउनु ।

**ढलाइ–** ना० [√ **ढल्/ढाल्** (+आइ)] १. ढल्ने वा ढाल्ने क्रियाप्रक्रिया । [ढलाउ+आइ] २. ढलाउने भाव, क्रिया वा प्रक्रिया । [>] **ढलाइनु–** क० क्रि० ढल्न वा ढाल्न लाइनु । **ढलाउनु–** प्रे० क्रि० ढल्न लाउनु; ढल्ने पार्नु; पल्टाउनु; ढल्काउनु ।

**ढलान–** ना० [ढाल्+आन] छाना, बरन्डा आदिमा डन्डी बाँधी सिमेन्ट, बालुवा र रोडा घोलेर ढाल्ने वा मिलाउने काम; साँचामा जमाउने काम ।

**ढलापात–** ना० [ढल+पाट] ढल खस्ने र निकास जाने ठाउँ वा अवस्था ।

**ढलीमली–** क्रि० वि० [ढलमल] १. मनमाफिक वा निस्फिक्रीसँग; आफूलाई चाहिँदो लिने वा उपभोग गर्ने गरी । २. मनग्यै ठाउँ लिएर वा मिचेर; लडीबुडी । ३. जथाभाबी; मनपरी ।

**ढलुवा–** वि० [ढाल्+उवा] १. तामा र राङ मिसाएर बनाइएको वा जमाइएको; ढालेको; ढलौटे । २. पानी बग्ने किसिमको भिरालो; थोरै ओरालो ।

**ढलैत–** ना० [ढाल+ऐत] ढाल बाँधेका सिपाही ।

**ढलोट/ढलौट–** ना० [ढाल्+ओट/औट] १. तामा र राङ मिसिएर बन्ने एक प्रकारको प्रसिद्ध धातु । २. ढालेर बनाइएको साधन वा वस्तु । > **ढलोटे/ढलौटे–** वि० ढालेर बनाएको; ढलुवा ।

**ढल्क–नु–** अ० क्रि० [अ० मू० ढलक+नु] १. ठाडो भएको वस्तु केही ढल्नु वा निहुरनु । २. कसैसँग कुनै काम-कुरामा झुक्नु; नुहुनु । ३. अरूसित आसक्त हुनु; लहसिनु; पक्ष लिनु । ४. कुनै कारणले टेढिनु । ५. समय बित्नु; गुज्रनु । > **ढल्काइ–** ना० ढल्कने वा ढल्काउने क्रिया-प्रक्रिया । **ढल्काइनु–** क० क्रि० ढल्कन लाइनु; झुकाइनु । **ढल्काउनु–** प्रे० क्रि० १. कसैलाई आफ्ना मत वा विचारमा ल्याउनु; निहुराउनु; झुकाउनु । २. थोरै ओरालो पार्नु; ढलुवा बनाउनु । **ढल्किनु–** अ० क्रि० १. केही झुकिनु वा ढलिनु । २. ढल्कनु ।

**ढल्कीमल्की–** क्रि० वि० १. मन नलाईनलाई वा आफ्ना सुरमा बिस्तारै काम गर्ने गरी । २.सन्चसित हल्लीहल्ली बिस्तारै हिँड्ने चालले । **ढल्क्याइ–** ना० ढल्किने वा ढल्काउने भाव, क्रिया वा प्रक्रिया । **ढल्क्याहट–** ना० ढल्किने भाव, क्रिया वा अवस्था; ढल्क्याइ ।

**ढसमस्स–** क्रि० वि० [अ० मू० ढस्+अ (द्वि०)] मजैसित आसन जमाएर; निस्फिक्रीसँग बसेर; प्रशस्त ठाउँ ओगट्ने गरी बस्तै ।

**ढाँक–** ना० १. उखुको गिँड्न हुने बोट; लाँक्रो (एक ढाँक उखु, दुई ढाँक उखु इ०) । २. धागो बनाउन प्रयोग गरिने एक प्रकारको बनैया झार ।

**ढाँचा–** ना० [सं० धाष्टर्च] कुनै वस्तु वा बनोटको नमुना, किसिम वा प्रकार; आकार । – **काँचा–** ना० १. कुनै वस्तु वा बनोटको आकारप्रकार, रूपरङ्ग वा छाँटकाँट । २. ढाँटबाँट; सजावट । ३. चालचलन; चालामाला । – **वाल–** वि० ढाँचा पार्ने; रवाफी; ढाँटिलो । > **ढाँची–** वि० ढाँचा गर्ने; ढाँचावाल ।

**ढाँट्–नु–** स० क्रि० [ढाँट+नु] १. भएको वा सद्दे कुरा नबोल्नु; असत् कुरो गर्नु; असत्य बोल्नु; अरूलाई छक्याउनु वा झुक्क्याउनु; झुक्कलमा पार्नु । २. झूटो कामकारबाई गर्नु ।

**ढाँट–** वि० [सं० धूर्त] १. ढाँटेर कुरा गर्ने; झूटो बोल्ने; ढँटुवा; फटाहा । २. मिथ्या; झूटो । ~ **ठगी–** ना० सोझासाझा व्यक्तिलाई

ढाँटी-छली ठग्ने काम ।

**ढाँटढुँट–** ना० [ढाँट+ढाँट] अरूलाई ढाँट्ने काम; छलछाम । >**ढाँटेढुँटे–** वि० ढाँटढुँट गर्ने; झूटो बोल्ने; धूर्त ।

**ढाँड–** ना० ढुङ्गा धेरै भएको वा भित्रभित्र पानी छिरी पानी नअड्ने र बालीनाली नहुने जमिन; ढँडचान ।

**ढाक्-नु–** स० क्रि० [सं० ढक्कन] १. कुनै वस्तु वा भाँडालाई ढकनी, रुमाल आदिले छोप्नु; बन्द गर्नु । २. कुनै ठाउँ, क्षेत्र आदि व्याप्त गर्नु वा फैलिनु । ३. ठाउँ लिनु; ओगट्नु । ४. कामकुरो भ्याउनु । ५. कुनै कुरो वा चीज लुकाउनु ।

**ढाक–** ना० [ढाक्+अ] १. लेखाइमा महत्त्वपूर्ण वाक्य, बेहोरा, रकम वा नाउँका मनि दिइने तेर्सो धर्को; अधोरेखाङ्कन । २. ढाक्ने काम । ~ **छोप–** ना० १. नराम्रो कामकुरालाई राम्रो कामकुराले छोप्ने काम; छोपछाप । २. कुनै वस्तुलाई बिर्को, ढकनी आदिले ढाक्ने र छोप्ने काम; ढकाइ ।

**ढाकढुक–** क्रि० वि० [अ० मू० ढाक (द्वि०)] कुनै गऱ्हुङ्गो वस्तु खस्ता वा मानिसहरू उफ्रँदा आवाज आउने गरी; ठाकठुक ।

**ढाकर–** ना० [सं० पिधायक] १. मालसामान हालेर बोकिने चोयाले बुनेको एक प्रकारको ठूलो थेप्चो डोको । २. रुवा, सुर्ती आदि बोराबन्दी गरिएको ठूलो भारी वा गाँठ ।

**ढाका–** ना० [सं० ढक्क] १. कार्चोपी भरेको जस्तो रङ्गीबिरङ्गी बुट्टा हुने, पहिले ढाका सहरमा बन्ने गरेकाले त्यसै नामबाट प्रसिद्ध दामी कपडा । २. बङ्गलादेशको राजधानी । ३. तेह्रथुम, पाल्पातिर तानमा बुनिने विभिन्न रङ्गको प्रसिद्ध कपडा । वि० ४. ढाकाको कपडाबाट बनाइएको वा तयार पारिएको (ढाका टोपी, ढाका पछ्यौरा वा खास्टो, ढाका चोलो इ०) ।

**ढाकिनु–** क० क्रि० [ढाक्+इ+नु] ढाक्ने काम गरिनु ।

**ढाक्रे–** ना० [ढाकर+ए] १. ढाकर बोकेर हिँड्ने व्यक्ति; भरिया । २. ठेकीभेटी बुझाई बस्ने थरी र सुब्बाका रैती । वि० ३. जागिर नभएको वा नखाएको; सेवाबाट मुक्त । ~ **डोको–** ना० साना आँखा, बाक्लो कापा भएको, मसिनु चोयाले खिपेर बुनेको, बोक्न सजिलो खालको डोको ।

**ढाट–** ना० १. सवारी साधनलाई रोकी कर असुल्न वा जाँचबुझ गर्न बाटाघाटामा लगाइएको काठ वा बाँसको तगारो; अवरोध । २. नगरपालिका आदिले निषेध गरेको क्षेत्रमा गाईबस्तु छोडिए तिनलाई पक्री थुनेर राख्ने ठाउँ; कान्जीहाउस ।

**ढाड–** ना० [सं० दण्ड>ध्रड] शरीरको कम्मरपछाडिको भाग; पिठिउँ; मेरुदण्ड ।

**ढाडस–** ना० [सं० दार्ढ्य, हि० ढाढस] १. कसैलाई दुःख पर्दा वा त्यस व्यक्तिको साहस बढाउनाका निम्ति दिइने धैर्य, सान्त्वना वा आश्वासन । २. कुनै कामकुरामा अरूलाई दिइने आडभरोसा; आश्रय ।

**ढाडिनु–** अ० क्रि० [प्रा० ढढरिअ <सं० धाडन+नु] १. कागत, काठजस्ता वस्तु र बिरौँला वा दाना भएका खाद्य पदार्थ आदि पानी वा ओसमा परेर फुल्नु; भिज्नु । २. खानपिन वा वायुका विकारले पेट फुल्नु; ढुस्सिनु । ३. गलगिट्ट हुने गरी खानु; त्यसरी खाँदा अपच भई पेट उकुसमुकुस हुनु । ४. पानी पर्लाजस्तो भएर पनि नपर्नु । ५. गर्भ लिनु; पेट बोक्नु ।

**ढाडी–** वि० [ढाड+ई] १. ठूलो (जुम्रो, किर्नु आदि) । २. ठूलो ढाड भएको; ढड्ङ्; मोटो; हृष्टपुष्ट । ३. सम्पन्न; धनी; ठालु ।

**ढाडे–** वि० [ढाड+ए] १. ठूलो ढाड भएको; ढड्ङ्; मोटो । ना० २. भाले बिरालो; ठूलो बिरालो ।

**ढाप्-नु–** अ० क्रि० [√ ढाप्+नु] धेरै ठाउँ लिनु; ओगट्नु; चाप्नु; ढाक्नु ।

**ढाप–** ना० [√ धाप] पानी नसुक्ने खालको जमिन; थलथले सिम; धाप ।

**ढापिनु–** क० क्रि० [ढाप्+इ+नु] ढाकिनु; ओगटिनु ।

**ढामरा–** ना० [सं०] हाँसको पोथी; पोथी हाँस ।

**ढाल्-नु–** स० क्रि० [ढल्+नु] १. ठडिएको कुनै वस्तुलाई लडाउनु, ढलाउनु वा पल्टाउनु । २. युद्ध, प्रतिस्पर्धा आदिमा शत्रु वा विपक्षीलाई परास्त गर्नु; हराउनु । ३. कसैको मनोभावनालाई कुनै निश्चित सिद्धान्त वा विचारमा परिणत गर्नु । ४. धातु, सिमेन्ट आदि पगालेर वा घोलेर साँचोमा हाली विभिन्न किसिमका वस्तु बनाउनु ।

**ढाल–** ना० [सं०] १. युद्धमा हतियारहरूको चोट रोक्नाका लागि छातीमा भिरिने गैँडाको छाला वा फलामको थालका आकारको साह्रो, बलियो एक उपकरण । २. परिवारनियोजनका निम्ति पुरुषेन्द्रियमा खोलका रूपमा प्रयोग गरिने एक प्रकारको अस्थायी साधनको नाम; कन्डम । – **बन्द–** ना० आफ्नी विवाहिता स्वास्नीलाई अरूले करणी गरेको थाहा पाएर पनि जार हान्न वा उसको नाक काट्न नसक्ने मानिस ।

**ढालिनु–** क० क्रि० [ढाल्+इ+नु] ढाल्न लाइनु; लडाइनु ।

**ढाली–** ना० [सं०] छातीमा ढाल धारण गर्ने सैनिक; ढाल भिर्ने योद्धा ।

**ढालू–** वि० [ढल] पानी बग्ने किसिमको थोरै भिरालो वा ओरालो; ढलुवा (जग्गा, निकास आदि) ।

**ढाले कटुस–** ना० केही ठूलो र खैरो रङ्ग हुने एक जातको कटुस; ढाल्ने कटुस ।

**ढाल्पा–** ना० [ढाल+पाले] पानीको ढल, निकास आदिको रखवाली गर्ने कर्मचारी ।

**ढिँड–** ना० [सं० धृष्ट] १. एकोहोरो जिद्दी; हठ । वि० २. जिद्दीवाल; हठी ।

**ढिँडी–** ना० नभाँचिएको खोर्सानीको कोसो; सिङ्गो खोर्सानी ।

**ढिँडे–** वि० [ढिँडो+ए] १. ढिँडो खाएर जीविका चलाउने । २. असभ्य; गँवार; मूर्ख । ३. मोटो र लामो । ~ **खोर्सानी–** ना० मोटो र लामो खालको खोर्सानी ।

**ढिँडो–** ना० [सं० ढिण्डच] पानी उमालेर मकै, कोदो आदिको

पीठो हाली पन्यूँले बेसरी चलाएर पकाइएको खानेकुरो ।

**ढिँड्याहा–** वि० [ढिँड्+याहा] एकोहोरो किसिमले आफ्नै जिद्दीमा लागिरहने; भुँज्याहा ।

**ढिक१–** वि० [सं० ढिक्क] १. जीउडाल ठूलो र मोटोघाटो भए तापनि बेकम्माको; कामकाज नगर्ने । ना० २. ढिस्को; थुम्को ।

**ढिक२–** ना० [सं० ढक्कन] पसलमा तेर्सो पारेर छिराई लगाइने ढोका वा कोटाल; झ्याल वा ढोकामा जडिएको ठूलो कपाट, द्वार; ठूलो ठेला ।

**ढिकी–** ना० प्वाल पारेका दुइटा खाँबा गाडी त्यसका बीचमा आग्लो हाली अड्याएर तेर्स्याइएको छ फिटजति लामो र अगाडि (टाउका) पट्टि एक फिटजति वर मुस्ली जोडिएको तथा पछाडि (पुच्छर) पट्टि एक फिटजति छोडिएको भागमा उभिएर खुट्टाले थिचेर उचाल्दै-छोड्दै गरी धान, चिउरा आदि अन्न कुट्ने काठको चारपाटे यन्त्रविशेष । – **च्याउँ–** ना० लामा मसिना बाङ्गाटिङ्गा आठवटा खुट्टा हुने माकुराको ढाँचाको कालो कीरो । वि० ३. लच्याडबच्याङ चालले काम गर्ने; लोसे (मानिस) । ४. लेच्याएर हिँड्ने (मानिस); खोरन्डो ।

**ढिकुरी१–** ना० [ढुकुरी] १. धान राख्ने भकारी । २. ढुकुटी ।

**ढिकुरी२–** ना० [ढिकुरो+ई] ढिकुरोको लघु रूप; सानो ढिकुरो । (उदा०– बिचरी बुढियाको ढिकुरी उठाउने पनि कोही भएनन्) ।

**ढिकुरो–** ना० [ढिक+उरो] १. प्रेतक्रियाका निम्ति दस दिनसम्म पिण्ड दिइने वेदी; अन्त्येष्टिस्थल । २. माटाको ढिस्को; ढिस्कुरो । ३. थकालीको एक किसिमको व्याापारिक प्रथा ।

**ढिकुवा–** ना० [ढिक+उवा] कोलमा रहने, बियाका टुप्पाबाट कात्रीमा जोडिने काठ ।

**ढिके–** वि० [ढिको+ए] ढिको भएको; ढिको हुने । ~ **नुन–** ना० ढिकाढिका परेको एक जातको नुन । ~ **पर्वत–** ना० वरिपरि खाल्टाखुल्टी भई ढिकाढिकाजस्तो परेको देखिने पहाड ।

**ढिकेरी–** ना० [ढिकी+एरी] १. ढिकी रहने सानो कटेरो; ढिकीकटेरो । २. धान कुट्ने ठाउँ; ढिकडी ।

**ढिको–** ना० [सं० ढिक्क] धूलो नभएको वा नफोरिएको डल्लो; ठूलो डल्लो; ढोल ।

**ढिगुर–** ना० [थ०] बर्सेनि सदस्यहरूले तोकिएको रकम बुझाउने र खरखाँचो भएको बेला त्यसबाट आफ्नो काम चलाउने, थकाली जातिमा प्रचलित एक किसिमको साझा संस्था वा सङ्गठन ।

**ढिङ–** ना० [सं० ध्वान] भगनासिका; योनिगुटिका; टिसी ।

**ढिठो–** ना० [सं० धृष्ट] बोल्नमा सिपालु वा धक, लाज, सङ्कोच आदि नमान्ने; पुख्खलो ।

**ढिपी–** ना० [सं० धृष्ट] हुने वा नहुने कुनै कुरामा बारम्बार गरिने जोडसितको आग्रह; एकोहोऱ्याइँ; हठ; जिद्दी । – **वाल–** वि० ढिपी गर्ने; हठी; जिद्दीवाल ।

**ढिब्री–** ना० [√ ढिम्री] मटीतेलको बत्ती बाल्ने धातु वा माटाको सानो भाँडो; कुपी ।

**ढिम्री–** ना० माझमा प्वालभित्र पेच भएको, डन्डीमा कस्ने चार वा छपाटे फलामको रिङदार चक्का । ~ **कस्नु–** ट० काममा जोतेर, मर्का पारेर वा पैसामा बेसरी कसेर दुःख दिनु ।

**ढिलाइ–** ना० [√ **ढिलो / ढिलाउ** (+आइ)] ढिलाउने भाव, क्रिया वा प्रक्रिया; बियाँलोपन । – **सुस्ती–** ना० कामकाज छिटो-छरितो नगर्ने बानी; लोसे चाल । [>] **ढिलाइनु–** अ० क्रि० कामकाजमा ढिलो होइनु । **ढिलाउनु–** अ० क्रि० १. कामकाज गर्दा ढिलो वा बियाँलो हुनु । २. काममा छिटो-छरितो नभई सुस्त हुनु; जुम्सो हुनु ।

**ढिला सुस्ती–** ना० गर्नुपर्ने कामकाज समयमा नभई ढिलो हुने चाल; ढिला र सुस्ती ।

**ढिलो–** वि० [प्रा० ढिल्ल] १. बियाँलो गर्ने स्वभावको, साह्रै बिस्तारै काम गर्ने; जुम्सो । क्रि० वि० २. अबेर; बियाँलो; सुस्ती ।

**ढिल्याइँ–** ना० [√ **ढिल्याउ** (+आइँ)] कामकाज गर्दा ढिलो हुने चाल; ढिलोपना । [>] **ढिल्याइ–** ना० ढिल्याउने भाव, क्रिया वा प्रक्रिया । **ढिल्याइनु–** क० क्रि० काममा ढिलो गरिनु ।

**ढिल्याउनु–** स० क्रि० [ढिलो+याउ+नु] कामकाज गर्दा लाग्ने समयभन्दा विलम्ब वा ढिलो गर्नु; ढिलो पार्नु ।

**ढिस्कनु / ढिस्कनो–** ना० [ढिस्को+नु / नो] सानो ढिस्को ।

**ढिस्का ढिस्की–** ना० [ढिस्को+ढिस्को] सानाठूला धेरै ढिस्काको समूह ।

**ढिस्काना ढिस्कनी–** ना० [ढिस्कना+ढिस्कना] सानाठूला धेरै ढिस्कनाको समूह ।

**ढिस्कानु / ढिस्कानो–** सर्व० किटेर नदेखाइने कुनै व्यक्तिका सट्टामा आउने शब्द; फलानो; ढिकानो; अमुक । स्त्री० ढिस्कानी ।

**ढिस्कुरो–** ना० [ढिस्को+उरो] ससानो खालको ढिस्को ।

**ढिस्को–** ना० [√ ढिक] माटो, ढुङ्गो आदिको अग्लो रास वा थुप्रो; जमिनको सानो थुम्को ।

**ढिस्सा–** ना० १. ठेलाइ, दबाइ । २. दलाली गरेर कुनै वस्तु प्रचलित भाउभन्दा सस्तोमा लिने काम ।

**ढुँड्-नु–** स० क्रि० [सं० ढुण्डन+नु] धुइँधुइँतीसित खोजी गर्नु; खूबसँग खोज्नु । > **ढुँडाइ–** ना० ढुँड्ने भाव, क्रिया वा प्रक्रिया । **ढुँडाइनु–** क० क्रि० ढुँड्न लाइनु । **ढुँडाउनु–** प्रे० क्रि० ढुँड्न लाउनु; खोजी गराउनु । **ढुँडिनु–** क० क्रि० खोजी गरिनु ।

**ढुँडी–** ना० दही, मही आदि वस्तु सड्दा नीलो वा हरियो देखिने विकारयुक्त झुस; ढुसी । – **कीरो–** ना० ढुसीमा पर्ने कीरो; ढुसीकीरो ।

**ढुक्-नु–** स० क्रि० [प्रा० ढुक्कइ+नु] १. कसैबाट केही पाउने आशामा कुरेर बस्नु; धर्ना कस्नु । २. कोही आउने बाटो हेर्नु; अवसर पर्खेर बस्नु ।

**ढुकढुक–** क्रि० वि० [अ० मू० ढुक्+अ (द्वि०)] १. डर, आवेग आदिले मुटु हल्लने गरी । २. कसैलाई हातले बिस्तारै कुट्दा शब्द आउने चालले । ३. कुनै वस्तुमा ठोकिँदा ढाकढुक शब्द

निस्केर । >ढुकढुकाइ– ना० ढुकढुकाउने क्रिया वा प्रक्रिया । **ढुकढुकाइनु–** अ० क्रि० ढुकढुकाउने होइनु । **ढुकढुकाउनु–** अ० क्रि० डर, आवेग आदिले मुटु ढुकढुक गर्नु; डराउनु । **ढुकढुकी–** ना० मुटुको गति वा धड्कन; धुकधुकी । **ढुकढुक्याइ–** ना० ढुकढुक्याउने क्रिया वा प्रक्रिया । **ढुकढुक्याइनु–** ना० ढुकढुक्याउन लाइनु; डिम्क्याइनु । **ढुकढुक्याउनु–** स० क्रि० ढुकढुक आवाज निस्कने गरी मुड्कीले हान्नु; डिम्क्याउनु ।

**ढुकना–** ना० [ढुक्+अना] अरूबाट केही पाउने आसले ढुक्ने काम; ढुकेसो; धर्ना; प्रतीक्षा ।

**ढुकन्ते–** वि० [ढुक्+अन्ते] अरूको आस गरेर ढुकिरहने; ढुकुवा ।

**ढुकुटी–** ना० [नेवा० धुकुति] १. सुरक्षित रूपमा रुपियाँपैसा, सुनचाँदी आदि नगद वस्तु राख्ने वा थन्क्याउने कोठो; भँडार; तहबिल । २. कठवार वा टिन आदि ठोकेर बनाइएको अनाज राखिने खण्ड वा कोठो; धनसार । ~ **खाट–** ना० माथि सुत्ने र तल मालमत्ता राख्न ढुकुटी हुने गरी बनाइएको खाट ।

**ढुकुमुकु–** ना० [अ० मू० ढुक्+उ (द्वि०)] एक जना बस्ने र अरूले निहुरिएर उसको पिठचूँमा मुड्कीले बिस्तारै हिर्काएर खेलिने बालखेल ।

**ढुकुर–** ना० [अ० मू०] 'ढुकुरकुर' गरेर कुर्लने परेवाभन्दा सेख सानो एक जातको चरो ।

**ढुकुरे–** ना० [ढुकुर+ए] ढुकुरजस्तो; ढुकुरका ढाँचाको । ~ **छाती–** ना० निकै पोटिलो भई उठेको र कोठारचाहिँ नफुकेको छाती ।

**ढुकुवा–** वि० [ढुक्+उवा] ढुक्ने स्वभावको; ढुक्ने; ढुकन्ते ।

**ढुकेसो–** ना० [ढुक्+एसो] अर्काबाट केही पाउने आस गरेर ढुक्ने काम; ढुकना ।

**ढुक्क–** क्रि० वि० [अ० मू० ढुक्+क] १. मुड्कीले हान्दा जोडसित शब्द आउने गरी २. डरत्रास आदिले एक्कासि मुटु धड्केर । ३. कुनै कामकुरामा निर्धक्क हुँदै । ४. वायु बढेर डकार आउने गरी (बालबोलीमा) >**ढुक्क्याइ–** ना० ढुक्क्याउने क्रिया वा प्रक्रिया । **ढुक्क्याइनु–** .क० क्रि० ढुक्क्याउने काम गरिनु; मुक्क्याइनु । **ढुक्क्याउनु–** स० क्रि० ढुक्क आवाज आउने गरी मुड्कीले हान्नु; मुक्क्याउनु; ढुकढुकाउनु ।

**ढुङ्गा–** ना० [√ ढुङ्गो] १. सीमा वा सिमानामा गडिएको चिनु । २. पत्थर; शिला; पाषाण; ढुङ्गो । – **को खलल–** ना० सिमानामा रहेको लट्ठा वा निर्धारित क्षेत्र, रेखा, चिनु आदिसम्बन्धी गोलमाल; साँधको विवाद वा झगडा । ~**खानी–** ना० घर, बाटो आदिको निर्माणका निम्ति ढुङ्गाहरू झिक्ने खानी । ~ **फोर–** ना० लामो चुच्चो, सेतो घाँटी, काला पखेटा र लामालामा खुट्टा हुने, नदीको छेउछाउमा बस्ने, एक जातको चरो; एक जातको सारस; भुँडीफोर ।

**ढुङ्गिया–** ना० [ढुङ्गो+इया] सानो ढुङ्गो । (उदा०– ढुङ्गिया आयो छातीमा थिच्यो । – लोकगीत) ।

**ढुङ्गिलो–** वि० [ढुङ्गो+इलो] बढी ढुङ्गा भएको; माटोमा ढुङ्गा मिसिएको ।

**ढुङ्गे–** वि० [ढुङ्गो+ए] ढुङ्गाले बनेको; ढुङ्गोजस्तो; ढुङ्गाको । ~ **च्याउ–** ना० ढुङ्गामा उम्रने, कालो लामो डाँठ हुने, फुस्रो खालको, भुईंमा सेता टीका हुने, टुसाजस्तो एक जातको च्याउ । ~ **धारो–** ना० ढुँडका ढाँचाले ढुङ्गा काटेर तथा खोपेर बनाइएको, मूलको पानी बगाउने वा खसाल्ने धारो । >**ढुङ्गेन**/**ढुङ्ग्यान–** वि० धेरै ढुङ्गा अथवा ढुङ्गैढुङ्गा भएको (जमिन) । ~ **फुल–** ना० ससाना आकारको हुने र गुलाफी रङमा फुल्ने एक किसिमको फूल । ~ **माटो–** ना० ढुङ्गा भएको वा ढुङ्गा मिसिएको, उब्जाउ कम हुने माटो ।

**ढुङ्गो–** ना० [सं० ध्वान] १. घर, बाटो, मूर्ति आदिको निर्माणकार्यमा उपयोग हुने, प्रायः घन आदि फलामे वस्तु वा स्फोटक पदार्थले मात्र फोर्न र छिना आदिले मात्र खोप्न सकिने साऱ्हो खँदिलो वस्तु; पत्थर; शिला; पाषाण । २. देशको सिमाना छुट्ट्याउनका लागि गाडिने वा बनाइने ढुङ्गा आदिको चिनु; लाँकिल । ३. राज्य (दिव्य०) ।

**ढुङ्ग्री–** ना० [ढुङ्ग्रो+ई] १. कानका माझमा भित्रपट्टि लगाइने जडाउदार वा बुट्टे गहनाविशेष । २. सानो ढुङ्ग्रो । ३. आगो फुक्न प्रयोग गरिने ढुङ्ग्रो; लोहोरी । ~ **प्वाँख–** ना० चराचुरुङ्गीका बचेराहरूको नयाँ उम्रेको प्वाँख ।

**ढुङ्ग्रो–** ना० भित्रपट्टि खोक्रो भएको बाँस, पाता, काठ आदिको नलीजस्तो वस्तु । >**ढुङ्ग्र्याइ–** ना० ढुङ्ग्र्याउने क्रिया वा प्रक्रिया । **ढुङ्ग्र्याइनु–** क० क्रि० ढुङ्ग्र्याउने काम गरिनु । **ढुङ्ग्र्याउनु–** स० क्रि० १. ढुङ्ग्रोजस्तो गराउनु । २. फुइँफाइँ गरेर पनि काम गर्न नसक्नु; नेठ्नु ।

**ढुटचान–** ना०हे० ढुटेन ।

**ढुटी–** ना० [ढुटो+ई] ढुटोको लघु रूप । ~ **माटी–** ना० भएभरको (ढुटो र माटोपर्यन्तको अभिप्रायमा) धनमालको नाश वा बरबादी; सर्वस्व; सिरीखुरी ।

**ढुटेन–** ना० [ढुटो+एन] धेरै ढुटो भएको स्थिति; ढुटचान ।

**ढुटो–** ना० चामल केलाउँदा छानिएको मसिनु भुसको धूलो; मिहिन भुस ।

**ढुडुङ–** ना० पश्चिम नेपालको दार्चुला जिल्लातिर प्रचलित, मृतकका नाउँमा धूमधामसँग गरिने एक प्रकारको श्राद्ध ।

**ढुण्डन–** ना० [सं०] खोज्ने काम; खोजी; अन्वेषण ।

**ढुण्डिराज–** ना० शिवपुत्र; गणेश ।

**ढुनमुन–** क्रि० वि० [अ० मू० ढुन+अ (द्वि०)] १. भाउन्न भएर लड्न खोज्ने गरी; रिँगटाले घुमाएर वा हुत्तिएर । २. नशा आदिले धऱ्याङधुरुङ गरी । ३. सोचविचार आदिमा अस्थिरता आएर । ना० ४. घुमाउने, रिँगाउने, लरबरिने वा लकपकिने चाल । >**ढुनमुनाइ–** ना० ढुनमुनाउने क्रिया वा प्रक्रिया । > **ढुनमुनाइनु–** अ० क्रि० ढुनमुनाउने होइनु । **ढुनमुनाउनु–** अ० क्रि० हे० ढुनमुनिनु । **ढुनमुनिनु–** अ० क्रि० रिँगटा लागेर वा बेहोस

भएर पछारिन खोज्नु; धऱ्याङमऱ्याङ हुनु; धरमराउनु । **ढुनमुन्याइ–** ना० ढुनमुनिने काम वा किसिम । **ढुनमुन्याइनु–** क० क्रि० ढुनमुनिने पारिनु; बेहोस तुल्याइनु; धरमऱ्याइनु । **ढुनमुन्याउनु–** स० क्रि०/प्रे० क्रि० १. ढुनमुनिने गराउनु; ढुनमुन पार्नु । २. पिटेर अथवा लागू पदार्थ खुवाएर धरमर पार्नु; बेहोस तुल्याउनु; मूर्च्छा पार्नु । **ढुनमुन्याहट–** ना० ढुनमुनिने तथा ढुनमुन्याउने अवस्था वा किसिम ।

**ढुनमुनु–** क्रि० वि० [ढुनमुन] १. केटाकेटी रमाएर वरिपरि घुम्दै खेल्ने चाल । २. रिँगटा वा बेहोसीले ढुनमुनिने गरी; ढुनमुन ।

**ढुर्र–** क्रि० वि० [अ० मू० ढुर्+र] अपानवायु छोड्दा आवाज निस्कने किसिमले; ढर्र ।

**ढुलमुल–** क्रि० वि० [ढलमल] १. कुनै मालसामान यताउति छरिने वा पोखिने गरी । २. हल्लेर वा छचल्किन खोजेर ।

**ढुवाइ–** ना० [√ **ढुवाउ** (+आइ)] ढुवाउने क्रिया वा प्रक्रिया । [>] **ढुवाइनु–** क० क्रि० ढुवाउने काम गरिनु; ओसारिनु ।

**ढुवाउनु–** स० क्रि० [प्रा० ढाइअ+नु] मालसामानहरू बोकाएर वा सवारीमा चलाएर एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु; ओसार्नु ।

**ढुवानी–** ना० [ढुवाउ+आनी] १. मालसामानहरू एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने काम; ढुवाउने काम । २. ढुवाउँदा लाग्ने ज्याला; धुलदाम । ~ **खर्च–** ना० ढुवानीका निम्ति हुने व्यय; परिवहनखर्च ।

**ढुसमुन्टो–** ना० [ढुसुमुसु+मुन्टो] निद्रा वा उङ लागेर निहुरिएको मुन्टो (उदा०– आठै नबजी ढुसमुन्टो लगाउनेले कसरी पढ्लान् !)

**ढुसी–** ना० चिसो वा ओस लाग्ने ठाउँमा कुनै वस्तु सडेर उम्रने सेतो भुवा वा झुस; ढुँडी । – **किरो–** ना० ढुसी परेका ठाउँमा उब्जने, रुगरुग हिँड्ने सेतो कीरोविशेष ।

**ढुस्स–** क्रि० वि० [अ० मू० ढुस्+स] १. चिसो हावा र फोहर खानेकुराले पेट आदि फुल्ने वा सुनिने भएर । २. मुड्कीले हान्दा शब्द आउने गरी; घुस्स ।

**ढुस्सा–** ना० [ढुस्स+आ] मुक्काको हनाइ; मुड्की; घुस्सा ।

**ढुस्सिनु–** अ० क्रि० [ढुस्स+इ+नु] १. ढुस्स परेर पेट फुल्नु; पेट ढाडिनु । २. गर्भधारण गर्नु; पेट बोक्नु । > **ढुस्स्याइ–** ना० ढुस्सिने क्रिया वा प्रक्रिया । **ढुस्स्याइनु–** क० क्रि० ढुस्सा दिइनु; फुलाइदिनु; पेट बोकिनु । **ढुस्स्याउनु–** स० क्रि० १. ढुस्सा दिनु; फुलाउनु; मुक्क्याउनु । २. पेट बोकाउनु; ढुस्सिनु । प्रे० क्रि० ३. गर्भधारण गराउनु; पेट बोकाउनु ।

**ढेउसी–** ना० धोबिनी चरोका आकारको खैरो रङ हुने, एक जातको चरो ।

**ढेडु–** ना० [ढड्डु] हात, गोडा, मुख र पुच्छर कालो हुने ठूलो जातको वानर; लङ्गुर । > **ढेडुवा–** ना० ढेडु ।

**ढेप्–नु–** स० क्रि० १. जग्गाजमिनको साँध सिमाना मिच्नु । २. ढस्सा लाग्ने गरी ठेल्नु; घचेट्नु । > **ढेपाइ–** ना० ढेप्ने क्रिया वा प्रक्रिया । **ढेपाइनु–** क० क्रि० ढेप्न लाइनु; मिचाइनु । **ढेपाउनु–** प्रे० क्रि० ढेप्न वा मिच्न लाउनु ।

**ढेप–** ना० दस ताउ नेपाली कागतको ठेली वा खात ।

**ढेपाढेप–** ना० [ढेप्+आ+ढेप्] परस्परमा एकले अर्कालाई ढेप्ने काम; पेलापेल ।

**ढेपिनु–** अ० क्रि० [ढेप्+इ+नु] १. टाँसिएर बस्नु; ढेस्सिनु; नजिकै आउनु । क० क्रि० २. घिचिनु; मिचिनु ।

**ढेबु–** ना० गँगटाको च्याप्ने हात वा नङ्ग्रा ।

**ढेर–** ना० [√ धेर] कुनै वस्तुको रास; थुप्रो; चाङ; खात । > **ढेरी–** ना० रास; थुप्रो; ढेर ।

**ढेलो–** ना० माटो आदिको ठूलो डल्लो; चाकु आदिको चेप्टो र चाक्लो चक्का; चोइलो; चपरो ।

**ढेवा–** ना० [नेवा०] रुपियाँ-पैसा । – **ढेवा मरु कसो गरुँ** ! (उखान) ।

**ढेसरो–** वि० १. भद्दा खालको; छन्द न बन्दको; ढब्बू । २.बाक्लो; गाढा ।

**ढेसु–** ना० फापरका पीठाको बाक्लो रोटी; ढोसे रोटी ।

**ढेस्सा–** ना० [ढचास] १. ढेस्सिने वा घचेटेर बस्ने काम । २. इच्छा नभई वा मन नपरीकन पनि आइलाग्ने कुनै वस्तु, मानिस आदिको हिल्ला वा टाँसो । > **ढेस्सिनु–** अ० क्रि० ढेस्सा लाग्नु; टाँसिएर बस्नु; ढेपिनु । **ढेस्स्याइ–** ना० ढेस्सिने काम वा किसिम । **ढेस्स्याइनु–** क० क्रि० ढेस्सा लगाइनु । **ढेस्साइउनु–** प्रे०क्रि० ढेस्सा लगाउनु । **ढेस्स्याहट–** ना० ढेस्सिने भाव, क्रिया वा अवस्था ।

**ढैचा–** ना० [भो० ब०] तराईतिर उब्जने एक प्रकारको धानको नाउँ ।

**ढोँग–** ना० [√ ढङ्ग] देखावटी काम वा कुरो; आडम्बर; स्वाङ । > **ढोँगी–** वि० ढोँग गर्ने; आडम्बरी ।

**ढोँडी–** ना० नाइटाको गढेको भाग; नाइटो ।

**ढोँडे–** ना० लामो र मोटो एक किसिमको सर्प ।

**ढोँसेरो–** ना० [ढोडनासो] गाई-भैँसीका पछिल्ला गोडामा घुँडाभन्दा मास्तिर देखिने मोटो नसो ।

**ढोइनु–** क० क्रि० [ढोउ+इ+नु] ढोउने काम गरिनु ।

**ढोई–** ना० १. पोथी हात्ती; हस्तिनी । २. मोटी स्त्री (निन्दा वा हेयार्थमा) ।

**ढोउ-नु–** स० क्रि० [प्रा० ढोइअ] मालसामानहरु एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु; ओसार्नु; ढुवाउनु ।

**ढोक–** ना० हे० ढोग ।

**ढोका–** ना० [ढोकोको ति० रू०] दैलो; हे० ढोको ।

**ढोके–** ना० [ढोको+ए] १. ढोकामा पालो-पहरा बस्ने व्यक्ति; द्वारपाल । वि० २. ढोकाको; ढोकाजस्तो वा ढोकासम्बन्धी । ~ **चकटी–** ना० टेकेको फोहरमैला पुछ्नका लागि ढोकामा राखिने सानो चारपाटे चकटी । ~ **मान्द्रो–** ना० १. ढोकामा पर्दाजसरी झुन्डचाइने एक प्रकारको मान्द्रो । २. ढोके चकटी ।

**ढोको–** ना० [प्रा० ढङ्कण] १. घरको भित्र-बाहिर गर्ने वा कोठाभित्र प्रवेश गर्ने द्वार; दैलो । २. महल वा दरबारको द्वार । ३. विशिष्ट व्यक्तिहरूको स्वागतका निम्ति वा कुनै उत्सव-समारोहमा

सुसज्जित पारेर बनाइने तोरणद्वार । ४. सहरमा पस्ने र निस्कने ठाउँमा बनाइएको द्वार; गोपुर ।

**ढोक्से–** ना० अनाज हाल्ने काममा उपयोग हुने, चोयाले बुनेको घ्याम्पाका आकारको ठूलो भाँडो ।

**ढोग्‌-नु–** स० क्रि० [सं० ढौकन] १. शिरले देवता वा पूज्य जनका पाउमा छुनु; दण्डवत् गर्नु । २. प्रणाम गर्नु; नमस्कार गर्नु ।

**ढोग–** ना० [√ ढोग्‌+अ] १. ढोग्ने काम; दण्डवत् । २. प्रणाम; नमस्कार । ३. ढोगभेट गर्दा देवता वा पूज्य जनलाई चढाइने भेटी वा उपहार । ~ **भेट–** ना० परस्परमा ढोग्ने र भेट्ने काम ।

**ढोगाइ–** ना० [√ **ढोग्‌**(+आइ)] ढोग्ने क्रिया वा प्रक्रिया । [ >] **ढोगाइनु–** क० क्रि० ढोग्न लगाइनु । **ढोगाउनी–** ना० ढोग्दा दिइने पुरस्कार वा उपहार । **ढोगाउनु–** प्रे० क्रि० ढोग्न लाउनु; प्रणाम गराउनु । **ढोगाढोग–** ना० परस्परमा एकले अर्कालाई ढोग्ने काम; परस्परको ढोगाइ ।

**ढोङ–** ना० [ढोँग] ढोँग; आडम्बर; स्वाङ । > **ढोङी–** वि० ढोङ गर्ने; ढोँगी ।

**ढोड–** ना० [सं० दण्ड] मकै, जुनेलो आदिको बोट । ~ **नसो–** ना० कुर्कुच्चादेखि माथि देखिने मोटो नसो । ~ **नाके–** वि० ठूलो-लामो नाक भएको; घोरनाके ।

**ढोडे–** वि० [ढोड+ए] ढोडको; ढोडजस्तो । ~ **उखु–** ना० आँख्ला मोटो, रस कम्ती र ढोड साह्रो हुने एक जातको उखु । ~ **उनिउँ⁄उन्यु–** ना० ठूला-ठूला डाँठ हुने र डाँठको कलम पनि बन्ने एक जातको उनिउँ । ~ **बन्सो–** ना० ठूलठूला लामा डाँठ हुने एक जातको बन्सो; घोडेदूबो ।

**ढोयो–** ना० १. आफूले मानिने मानिसलाई थोरै कोसेली दिएर उसबाट ठूलो कुराको आशा राखी लिइने चीज । २. बन्धक ।

**ढोर–** ना० गाई, गोरु, भैँसी आदि बस्तुभाउ । ~ **बाराही–** ना० तनहुँ जिल्लाको खैरेनीटारको पश्चिमपट्टि सेती नदीका किनारमा स्थित बाराही देवीको मन्दिर ।

**ढोल्‌-नु–** स० क्रि० [सं० ढौल्‌+नु] पानी, अन्न आदि थुप्रै पोख्नु; खत्त्याउनु ।

**ढोल–** ना० [सं०] काठको ढुङ्ग्रामा दुवैतिर छालाले मोहरिएको मृदङ्गका छाँटको ठूलो तालबाजा ।

**ढोलक–** ना० [सं०] पहाडतिर भजनमा र तराईतिर लोकनृत्य, गीत आदिमा विशेष रूपले बजाइने ढोलखलकको मझौला खालको तालबाजा । > **ढोलकी–** ना० दायाँपट्टि गजाले र बायाँपट्टि हातले धाप दिएर बजाइने पन्चैबाजा तथा नौमती बाजामा प्रयुक्त हुने तालबाजा; सानो ढोलक ।

**ढोलाइ–** ना० [√ **ढोल**(+आइ)] ढोल्ने भाव, क्रिया वा प्रक्रिया । [ >] **ढोलाइनु–** क० क्रि० ढोल्न लाइनु; पोखाइनु । **ढोलाउनु–** प्रे० क्रि० ढोल्न लाउनु; पोखाउनु । **ढोलिनु–** अ० क्रि० ढोल्ने काम होइनु; पोखिनु; खत्तिनु ।

**ढोली१–** [ढोल+ई] ढोल भिर्ने र बजाउने मानिस; दमाईं ।

**ढोली२–** ना० [प्रा० ढोल्ल] दुई सयवटा पानका पात बाँधिएको मुठो ।

**ढोले–** वि० [ढोल+ए] १. ढोलजस्तो; ठूलो । ना० २. ढोल बजाउने व्यक्ति; ढोली । ३. शरीर सबै कालो हुने एक जातको जङ्गली कौवा; डुमकाग । ~ **कुम्लो–** ना० ढोलजस्तो मोटो-चाक्लो कुम्लो; ठूलो कुम्लो ।

**ढोसे–** वि० [ढोसो+ए] मोटो र चाक्लो; ढोसो । ~ **रोटो–** ना० ठूलो र चाक्लो-बाक्लो रोटी ।

**ढोसो–** वि० १. मोटो तथा चाक्लो-बाक्लो; ढ्याब्रो; ढोसे । ना० २. मास आदिको बाक्लो रोटी ।

**ढौँटारिनु–** अ० क्रि० [ढौँटारो+इ+नु] काम न काज यताउति डुल्नु; भौँतारिनु; लर्खरिनु ।

**ढौँटारो–** ना० [प्रा० ढोङ्गर] काम न काजसितको डुलाइ; त्यसै भौँतारिने काम ।

**ढ्याक–** ना० दुई वा दुईभन्दा बढी पैसाको मूल्यको खास गरी तामाको सिक्का (जस्तो– दुईपैसे, चारपैसे, पाँचपैसे र दसपैसे ढ्याक) ।

**ढ्याके–** वि० [ढ्याक+ए] १. एक ढ्याक मूल्यको वा एक ढ्याक मोल पर्ने । २. ढब्बू; ठूलो । ~ **ब्याज–** ना० महिनाको सयकडा दुई अर्थात् वर्षको सयकडा चौबीसका दरले लिनेदिने ब्याज ।

**ढ्याक्क–** क्रि० वि० [अ० मू० ढ्याक्‌+क] ठूलो, गह्रुँगो वस्तु खस्ता वा ठक्कर खाँदाझैँ आवाज निस्केर ।

**ढ्याङढ्याङ–** क्रि० वि० [अ० मू० ढ्याङ+(द्वि०)] कठबारजस्ता टिन, ढ्याङ्ग्रो आदिमा ठोक्ता आवाज निस्कने किसिमले । – **ढुङढुङ–** क्रि० वि० त्यसरी नै लगातार आवाज आउने चालमा । > **ढ्याङढ्याङती–** क्रि० वि० अझ शीघ्रतासाथ त्यस्तो आवाज आउने गरी ।

**ढ्याङ्ग⁄ढ्याङ्ङ–** क्रि० वि० [अ० मू० ढ्याङ्‌+ग⁄ङ] १. ठूलो, गह्रुँगो वस्तु बजारिँदा आवाज आउने गरी । २. मानिस वा वस्तु जोडसित पछारिँदा आवाज निस्केझैँ । ३. तोप, बन्दुक आदि पड्कँदाको शब्दका चालमा ।

**ढ्याप्प–** क्रि० वि० [अ० मू० ढ्याप्‌+प] १. झ्याल-ढोकाहरू पूरा लाग्ने गरी बन्द भएर । २. भाँडाकुँडा आदिमा बिर्को, ढकना आदि टम्म लगाउने गरी । ३. टाँसिने गरी ढेपिएर । ४. कुनै वस्तुलाई छोप्ने वा ढाक्ने गरेर; झ्वाप्प ।

**ढ्याब्रो⁄ढ्याब्रे–** वि० नसुहाउँदो वा भद्दा किसिमको ठूलो; बेछाँटको; बडेमाको; ढब्बू; ढ्याम्रो ।

**ढ्यामढुम–** क्रि० वि० [अ० मू० ढ्याम्‌+अ(द्वि०)] १. झ्याल-ढोकाहरू एकदम थुन्ने गरी । २. बन्दुक, तोप आदि पड्काउँदा आवाज आउने किसिमले । > **ढ्यामढुम्म–** क्रि० वि० झ्यालढोकाहरू पूरा बन्दाबन्दी गरेर; ढ्यामढुम ।

**ढ्यामढ्याम–** क्रि० वि० [ढ्याम्‌+अ० (द्वि०)] १. झ्यालढोकाहरू लगालग लाग्ने गरी । २. बन्दुक, तोप आदि क्रमैले पड्कँदा

c:\1saroj\sabdkosh\Da.p65



आवाज निस्केर; ढचाङढचाङ । ३. एकपछि अर्को गर्दै पछारिने वा बजारिने चालमा । ४. डचामडचाम । >**ढचामढचामती**/ **ढचामढचामी**– क्रि० वि० अभ्र छिटो ढचामढचाम हुने वा गर्ने गरी ।

**ढचाम्म**– क्रि० वि० [अ० मू० ढचाम्+म] १. झ्यालाढोकाहरू एकाएक लाग्ने भएर; ढचाप्प । २. पिठचूँमा मुड्कीले हान्दाको शब्द आउने गरी । ३. तोप, बन्दुक आदि पड्काउँदा आवाज आउने किसिमले; ढचाङ्ङ । ४. पछारिने वा बजारिने चालसँग; डचाम्म ।

**ढचासढचास**– क्रि० वि० [ढचास्+अ(द्वि०)] क्रमशः ढेस्सिने वा ढेपिएर बस्ने किसिमले । >**ढचासढचासती**– क्रि० वि० अभ्र शीघ्रतापूर्वक त्यस्तो हुने वा गरिने भएर ।

**ढचास्स**– क्रि० वि० [अ० मू० ढचास्+स] ढेस्सिने वा ढेपिएर बस्ने गरी; थ्याच्च ।

**ढ्वाँक**– वि० ज्यादै ठूलो; डँडाक; ढब्बू (ढ्वाँक छोरो, ढ्वाँक काँक्रो इ०) । >**ढ्वाँके**– वि० ढ्वाँक ।

**ढ्वाइँढ्वाइँ**– क्रि० वि० [अ० मू० ढ्वाइँ(द्वि०)] एकनासले अपानवायु छुट्दा वा डकार आउँदा शब्द निस्कने गरी ।

**ढ्वाँसे**– वि० [√ ढ्वाँके] डँडाक; ढ्वाँक ।

**ढ्वाइँढ्वाइँ**– क्रि० वि० [अ० मू० ढ्वाइँ (द्वि०)] एकनासले अपानवायु छुट्दा वा डकार आउँदा शब्द निस्कने गरी ।

**ढ्वाइँय**– क्रि० वि० [अ० मू० ढ्वाइँ (द्वि०)] अपानवायु छुट्ता अलि धेरै बेर आवाज आउने गरेर ।

**ढ्वाकढ्वाक**– क्रि० वि० [ढ्वाक्+अ(द्वि०)] कुनै गऱ्हौं वस्तु लगालग खस्ता, ढोका आदिमा हिर्काउँदा र दुई थरी वस्तु ठक्कर लागिरहँदा आवाज आउने चालसँग । >**ढ्वाकढ्वाकी**– क्रि० वि० अभ्रै छिटो त्यस्तो हुने गरी ।

**ढ्वाक्क**– क्रि० वि० [अ० मू० ढ्वाक्+क] १. गऱ्हौं वस्तु बिसाउँदा वा खस्ता आवाज आउने किसिमसँग । २. ढोका आदिमा हिर्काउँदा र कुनै दुई वस्तु ठक्कर लाग्दा आवाज आएझैँ ।

**ढ्वाङ**– ना० [सं० ध्वान] १. तेल, मटीतेल आदि हालिने एक किसिमको टिन । २. पानी हाल्ने ठूलो भाँडो । ३. चिठी, मतपत्र आदि खसालिने भाँडो । ४. धतुराको फूलजस्तो तर ठूलो देखिने ध्वनिविस्तारक यन्त्र । वि० ५. साह्रै ठूलो; ढड्डू ।

**ढ्वाङढ्वाङ**– क्रि० वि० [अ० मू० ढ्वाङ्+अ(द्वि०)] कुनै साऱ्हो वस्तुमा लगातार हिर्काउँदा, भाँडा तथा तालबाजाहरू बजाउँदा र खुट्टा बजारेर हिँड्दा आवाज आउने किसिमसँग । – **ढुङढुङ**– क्रि० वि० काठ, जस्ता, टिन आदिमा बराबर ठोक्ताको आवाज आएसरि । >**ढ्वाङढ्वाङती**/**ढ्वाङढ्वाङी**– क्रि० वि० अभ्र शीघ्रतापूर्वक ढ्वाङढ्वाङ हुने गरी ।

**ढ्वाङ पाथी**– [ढ्वाङ+पाथी] ढलौटका पाथीका नापोमा मिल्ने गरी टिन आदिमा काटेर बनाइएको, सरकारी छाप वा मुद्रा अङ्कित नहुने, प्रायः गाउँघरमा प्रचलित साधारण किसिमको पाथी ।

**ढ्वाङ फूल**– ना० [ढ्वाङ+फूल] तरबारका ढाँचाका पात हुने, विभिन्न रङका र धतुराका जस्ता फूल फुल्ने, एक किसिमको सुगन्धराज ।

**ढ्वाङ्ग**/**ढ्वाङ्ङ**– क्रि० वि० [अ० मू० ढ्वाङ+ग/ङ] तीखो र मसिनु चालले कुनै वस्तु खसेको वा बज्रेको आवाज आउने गरी ।

**ढ्वाम्म**– क्रि० वि० [अ० मू० ढ्वाम्+म] तीखो र मसिनु रूपमा ढ्याम्म आवाज हुने गरी ।

**ढ्वारढ्वार**– क्रि० वि० [अ० मू० ढ्वार्+अ (द्वि०)] अपानवायु छोड्दा लगातार ठूलो शब्द आउने किसिमसँग । >**ढ्वारढ्वारती**/ **ढ्वारढ्वारी**– क्रि० वि० अभ्र छिटो ढ्वारढ्वार भएर ।

**ढ्वार्र**– क्रि० वि० [अ० मू० ढ्वार्+र] अलि बेर ठूलो शब्द निस्कने गरी अपानवायु छुटेर; त्यस्तो आवाज निस्कने चालसँग ।

**ढ्वास्स**– क्रि० वि० [अ० मू० ढ्वास्+स] केही ढेस्सिने वा ढेपिएर बस्ने किसिमले ।

# ण

**ण**– १. देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये पन्ध्रौं व्यञ्जनवर्ण; परम्परागत रूपमा मूर्धन्य, स्पर्शी, सघोष, अल्पप्राण तथा अनुनासिक मानिएको तर नेपाली उच्चारणअनुसार 'अडँ' ठहरिने व्यञ्जनध्वनि; टवर्गको अन्तिम तथा पाँचौं वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; तीनधर्के रा (नेपाली लेखनमा) । २. नेपालीमा विभेदकता वा व्यतिरेक नभएको नासिक्य व्यञ्जन (नेपाली उच्चारणमा) ।

# त

**त**१–देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये सोहौँ व्यञ्जन; दन्त्य स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जन ध्वनि; तवर्गको पहिलो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; कोदालीपाते त ।

**त**२–निपा० कुनै शब्द वा वाक्यलाई जोड दिँदा तथा अरूका कुरामा सही थाप्दा प्रयोग हुने शब्द । (उदा०–तपाईँले काटेको लख त ठ्याम्मै मिल्यो । काम गरे त बेसै हुन्थ्यो । मैले पनि त त्यसै भनेको थिएँ ।)

**तँ**– सर्व० [सं० त्वम्] द्वितीय पुरुष एकवचनमा प्रयोग हुने, तिमीभन्दा सानोलाई बुझाउने वा निम्न आदरार्थी शब्द (उदा०–ए रामु ! तँ कहाँ गएको थिइस् ? तँजस्ता यहाँ कति आए कति !) – **छाड कि मछाड/छाड मछाड**– ना० परस्परमा प्रतिस्पर्धापूर्वक लाग्ने वा उछिनपाछिन गर्ने काम ; कुनै काम गर्दा भ्याईनभ्याई वा छोपाछोप हुने अवस्था । (उदा० – सबैले आफ्नै दुनु सोझ्याउन तँछाड-मछाड गर्न थाले भने कसरी व्यवहार चल्छ ?) **-तँ मम**– ना० व्यक्ति-व्यक्तिका बीचमा हुने भनाभन; मानिस-मानिसका बीचको झगडा । – **तँ र मम**–ना० तँतँमम ।

**तः**– प्रत्य० [सं०] शब्दका पछिल्तिर जोडिएर त्यस क्रममा, त्यसबाट, त्यसअनुसार आदि अर्थ जाहेर गर्ने एक प्रत्यय (मूलतः, वस्तुतः, अन्ततः इ०) ।

**तक्-नु**– स० क्रि० [तग्+नु] तह हालेर दोलाई, खास्टो, टोपी आदि सिउनु; तग्नु ।

**तक**– ना० यो० कुनै कामकुरो वा विषयवस्तुको अवधि, सीमा, खेप, टुङ्गो आदि जनाउने शब्द; सम्म; पर्यन्त; तलक । (उदा० – आमा आजतक रिसाउनुभएको थाहा छैन । उनले तलबतक पाएका छैनन् ।)

**तकदिर**–ना० [अ० तकदीर] भाग्य; प्रारब्ध; तगदिर ।

**तकरार**– ना० [अ०] कुनै दुई थरी मानिसका बीचको बाझाबाझ; भनावैरी; झगडा; खराब । ~**जमिन**– ना० झगडा परेको वा झगडा पार्ने जग्गा ।

**तकलिफ**– ना० [अ० तकलीफ] अनावश्यक झन्झट, बढी परिश्रम, अर्काका निम्तिको खटाइ आदिबाट हुने कष्ट वा दुःख; हैरानी; ताप ।

**तकाइ**– ना० [√ तक् +(आइ)] १. तग हालेर सिउने काम वा किसिम । [√ ताक् (+आइ )] २. ताक्ने काम वा किसिम । ३. लक्ष्य; उद्देश्य । [>] **तकाइनु**– क० क्रि० १. तग्ने काम गराइनु; तगाइनु । २. ताक्न लाइनु; ताक्ने पारिनु । **तकाउनु**–प्रे० क्रि० १. तगाउनु । २. ताक्न लाउनु; ताक्ने पार्नु ।

**तकाजा/तकादा**– ना० [अ० तकादा] ताकिता; जोड ।

**तकार**– ना० [सं०] 'त' वर्ण; तवर्गको पहिलो अक्षर ।

**तकिनु**– क० क्रि० [तक्+इ+नु] तक्ने काम गरिनु; तगिनु ।

**तकिया**– ना० [फा० तकिय] कपडाको लाम्चो थैलोभित्र रुवा, भुवा आदि भरेर तयार पारिएको सिरान हालिने आड वा साधन; सिरानी ।

**तकुवा**– वि० [तक्+उवा] तगेको; तगुवा (दोलाईं, खास्टो, टोपी आदि) ।

**तक्मा**– ना० [फा० तुग्म] सेवा, वीरता, विद्वता आदिका क्षेत्रमा कुनै उल्लेखनीय काम गर्ने व्यक्तिलाई कदर वा प्रशंसा दर्साउन सरकार वा संस्थाबाट दिइने कुनै चिह्न अङ्कित मुद्राजस्तो आभूषण; पदक ।

**तक्षक**– ना० [सं०] १. रातो, पहँलो र कालो रङ पेटारे परेर मिलेको, झन्डै एक मिटर लमाइ हुने, देख्ता साह्रै राम्रो तर ज्यादै विषालु सर्प; आठ नागमध्ये एक । २. सिकर्मी ।

**तक्षण**– ना० [सं०] ताछ्ने वा खुर्कने काम । > **तक्षणी**– ना० काठ ताछ्ने फलामे ज्यावल; बसिला ।

**तक्षा**– ना० [सं०] काठको काम गर्ने कालिगड; सिकर्मी ।

**तखत**१– ना० सजिलो व्यवस्था मिलेको ठाउँ; अनुकूल स्थान; पायक; पाही ।

**तखत**२– ना० [फा० तख्त] १. राजाको गद्दी; राजसिंहासन । २. राज्य (दिव्योपदेश) ।

**तखता/तख्ता**– ना० [फा० तख्त] १. फल्याक; फलेक । २. केही सामान राख्नका लागि भित्तामा फल्याक ठोकेर बनाइएको एक प्रकारको दराज । ३. फूल रोपिएको पाटादार डचाङ ।

**तग्-नु**१– अ० क्रि० [सं० तिक] १. बुढचाइँ, कडा बिमारी आदिका अवस्थामा पनि बाँच्न सक्नु; शरीरमा टिक्ने वा अड्ने शक्ति हुनु । २. अरूका भनाइ, बुहार्तन आदि खपेर बस्नु; कष्ट-कहर सहनु ।

**तग्-नु**२– सं० क्रि० [सं०] टङ्क+नु] तग हालेर वा अस्तरसमेत गरी सिउनु; दुई तह कपडाका बीचमा रुवा हाली सो रुवालाई समेत खुटी बुट्टा पारी (कपडा, दोलाईं, सिरक, खास्टो आदि) सिउनु । > **तग**– ना० दुई तह कपडाको माझमा रुवो वा अस्तर हालेर कोठा-कोठा पारी सिइने खास्टो, सिरक, दोलाइँ आदि लुगाको सिलाइ ।

**तगडा**– वि० [हि०] १. मनग्य तागत भएको; बलियो; दह्रो । २. रोग नभएको वा राम्ररी तङ्ग्रिएको; तन्दुरुस्त; ताजा ।

**तगण**– ना० [सं०] छन्दशास्त्रका नियमअनुसार दुई गुरु र एक लघु हुने गण (ऽऽ।) ।

**तगदिर**– ना०हे० तकदिर ।

**तगर**– ना० [सं०] अम्बाका जस्ता ससाना पात हुने, हल्का बास्ना आउने, सेतो गोलाकार फूल फुल्ने पितृकार्यका लागि आवश्यक ठानिने फूल ।

**तगाइ**– ना० [√ **तग्** (+आइ)] १. तग्ने काम वा किसिम; एक प्रकारको सिलाइ । २. तग्ने (अड्ने) काम वा किसिम; टिकाइ । [>] **तगाइनु**– क० क्रि० १. टिकाइनु । २. तग हालेर सिउन लाइनु । **तगाउनु**– प्रे० क्रि० १. तग्न लाउनु; तग हालेर सिउन लाउनु । २. टिकाउनु ।

**तगारी**– ना० [तगारो+ई] तगाराको लघु रूप; सानो तगारो ।

**तगारो**– ना० १. घर वा खेतीमा बस्तुभाउ नपसून् भनी मुख्य गौँडा वा आवतजावत गर्ने ठाउँमा पर्खाल, खाँबो आदिमा प्वाल पारी हालिएको काठ वा बाँसको तेर्सो बार । २. गौँडा ।

**तगुवा**– वि० [तग्+उवा] तग हालेर सिइएको; तगेर सिइएको (दोलाईं, खास्टो, भादगाउँले टोपी आदि); रुईदारी ।

**तङ१**– ना० [> **तह**] कुनै वस्तुको खात; तङ्डी; चाङ ।

**तङ२**– क्रि०वि० [फा०] १. दिक्क; हैरान । वि० २. साँघुरो । ना० ३. घोडामा काठी कस्ने पेटी ।

**तङ्गिन१**– ना० [√ तङ्गी] कुनै वस्तुको ठूलो खात; चाङ; तङ्डी; तङ्डिन ।

**तङ्गिन२**– वि० [फा० तंगी] साह्रै गरिब; तन्नम; कङ्गाल; तङ्डिन ।

**तङ्गी**– ना० [तङ्ग+ई] खात; चाङ; तङ ।

**तङ्ग्र-नु**– अ० क्रि० [सं० तङ्कन] बिरामीलाई रोगले छाडेर सन्चो हुनु वा बल लाग्न थाल्नु; बिरामी निको भएर उठ्नु; तङ्ङ्नु । > **तङ्ग्राइ**– ना० तङ्ग्रने क्रिया वा प्रक्रिया । **तङ्ग्रिनु**– अ० क्रि० १ तङ्ग्रने काम गरिनु । २. बिरामी, सुत्केरी आदि अलिअलि हिँड्न सक्ने हुनु ।

**तङ्डिन१**– ना०हे० तङगिन१ ।

**तङ्डिन२**– वि०हे० तङगिन२ ।

**तङ्ङ्नु**– अ०क्रि० हे० तङ्ग्रनु ।

**तछाइ**– ना० [√ **ताछ्** (+आइ)] ताछ्ने क्रिया वा प्रक्रिया । [>] **तछाइनु**– क० क्रि० ताछ्न लाइनु । **तछाउनु**– प्रे० क्रि० ताछ्न लाउनु ।

**तछान / तछानी**– ना० [ताछ्+आन / आनी] जङ्गलका रूखहरूको कटानीपछि ताछतुछ पार्ने काम ।

**तछार्-नु**– स०क्रि० [√ ताछ्नु] १. काठ, लौरो आदि ताछ्नु; तिखार्नु । २. लछारपाटो लाउनु; खुत्त्याउनु । > **तछार**– ना० तछार्ने काम । **तछाराइ**– ना० तछार्ने क्रिया वा प्रक्रिया । **तछारिनु**– क० क्रि० तछार्ने काम गरिनु; ताछिनु ।

**तछिने**– वि० [ताछ्+इ+ने] ताछ्न हुने, ताछ्न मिल्ने वा ताछ्न लायक (काठपात आदि) ।

**तछुवा**– वि० [ताछ् + उवा] १. ताछिएको (काठ आदि) । ना० २. हे० खसिपा ।

**तजबिज**– ना० [फा० तजवीज] १. कुनै कामकुराको इन्तिजाम; बन्दोबस्त । २. मुद्दामा अदालतबाट गरिने निर्णय; फैसला । ३. निर्णयात्मक कुरामा दिइने राय; सम्मति । ४. विवेक; इच्छा; प्रबन्ध । ~ **पत्र**– ना० अदालतबाट मुद्दाको किनारा लाउँदा गरिने फैसलाको कागत । > **तजबिजी**– ना० तजबिजद्वारा हुने काम वा कुरो ।

**तट**– ना० [सं०] समुद्री किनार वा नदीको तीर; छेउ । – **बन्ध**– ना० सुरक्षा तथा उपयोगिताका निम्ति नदीको चौडाइ साँघुर्‍याउन त्यसको किनारामा उठाइएको पर्खाल; बाँध । – **वर्ती**– वि० १. समुद्री किनारमा रहेको । २. कुनै पक्षमा नलागेको वा नभिजेको ।

**तटस्थ**– वि० [सं०] १. तटमा अवस्थित; समुद्री किनारमा रहेको । २. निकटमा रहने । ३. कुनै गुटमा नलाग्ने वा कसैको पक्ष नलिने; मध्यस्थ; निष्पक्ष । ~ **कण**– ना० पक्षविपक्ष केही नलिई बस्ने वा ऋणात्मकता धनात्मकता दुवैमा संलग्न नभएको वस्तु । ~**क्षेत्र**– ना० कुनै शक्तिको निष्क्रिय हुने भाग वा कतैपट्टि पनि संलग्न नभएको क्षेत्र । – **ता**– ना० १. तटस्थ हुने वा रहने अवस्था । २. कसैको पक्ष नलिने वा अचेलको राजनीतिअनुसार कुनै देशको युद्ध, झगडा आदिमा नअल्झी अलग्ग रहने काम वा स्थिति । > **तटस्थीकरण**– ना० १. कुनै देश वा स्थानलाई तटस्थ बनाउने वा तत्सम्बन्धी कुराको घोषणा गर्ने काम । २. प्रतिकूल गुण, शक्ति आदिद्वारा कुनै वस्तुको प्रभाव निष्क्रिय पार्ने काम ।

**तटिनी**– ना० [सं०] नदी; खोलो ।

**तटी**– ना० [सं०] नदी वा समुद्रको तट; किनार ।

**तटीय**– वि० [सं०] तटसम्बन्धी; समुद्री किनारको । ~ **मैदान**– ना० समुद्री किनारमा अवस्थित भूभाग ।

**तडक भडक**– ना० [तडक+भडक] औगातभन्दा बढाईचढाई देखाइने रोबरवाफ; नचाहिँदो वा नसुहाउँदो ठाँटबाँट ।

**तडाग**– ना० [सं०] १. तलाउ; ताल । २. जङ्गली पशु फसाउन प्रयोग गरिने पासो ।

**तडातड**– क्रि० वि० [तडक्+तडक्] कतै नअडी फुर्तीसाथ हिँड्ने काम; फटाफट ।

**तडित्**– ना० [सं०] १. आकाशमा चम्कने बिजुली; चट्याङ । २. हिंसा । – **गर्भ**– ना० बादल; मेघ ।

**तडिल्लता**– ना० [सं०] लहराजस्तै टेढोमेढो भई धेरै रेखा बनेर आकाशमा चम्कने बिजुली ।

**तडी तुमडी**– ना० [(द्वि०) तुम्बो] जो भएको श्रीसम्पत्ति, झिटीमिटी आदि; सिरीखुरी; सर्वस्व ।

**तड्क-नु**– अ० क्रि० [प्रा० तडतडा+नु] १. कतै नअडी फुर्तीसाथ छिटो हिँड्नु; फटाफट हिँड्नु; तड्किनु । २. चड्का किसिमले वा गर्जेर बोल्नु । > **तड्काइ**– ना० तड्कने क्रिया वा प्रक्रिया । **तड्काइनु**– क० क्रि० कतै नअडाई फुर्तीसाथ हिँडाइनु । **तड्काउनु**– प्रे० क्रि० कतै नअडाई फुर्तीसाथ हिँडाउनु ।

**तड्का**– वि० [तड्क+आ] १. साह्रो वा चर्को (हिँडाइ, चलाइ

आदि) । २. स्पष्ट (बोली) । ३. चर्को; तीक्ष्ण (स्वाद) । ~ **तडकी–** ना० १. परस्परको फुर्तीसाथको हिँडाइ । २. परस्परमा हुने भनाभन; बाभ्काबाभ्क; चर्काचर्की । – **बाजी–** ना० रिसाएर चर्को भनाभन गर्ने काम; बाभ्काबाभ्क ।

**तड्कारै–** क्रि० वि० [सं० तत्काल] एकाबिहानै; सखारै; सबेरै ।

**तड्कारो–** वि० [तड्क+आरो] तड्का वा चर्को स्वर भएको; खुलस्त; स्पष्ट; टड्कारो (बोली) ।

**तड्के–** वि० [तड्क+ए] १. एक्लै फटाफट हिँड्ने बानी भएको; तड्कने । २. अरूको रायमा पनि नमिल्ने र कसैको वास्ता पनि नगर्ने; एकोहोरो ।

**तड्प-नु–** अ० क्रि० [प्रा० तडफड+नु] १. अरूले लाए-खाएको देखेर कल्पनु वा डाह उब्जनु । २. आफूले गरेका कामकुरामा चेतेपछि चुकचुकाउनु; पछुताउ गर्नु । ३. शारीरिक वा मानसिक वेदनाले व्याकुल हुनु; छटपटाउनु । > **तड्पाइ–** ना० तड्पने क्रिया वा प्रक्रिया । **तड्पाइनु–** क० क्रि० तड्पन लाइनु । **तड्पाउनु–** प्रे० क्रि० तड्पने गराउनु; कल्पाउनु । **तड्पिनु–** अ० क्रि० तड्पने काम हुनु; तड्पनु ।

**तड्फडाइ–** ना० [√ **तड्फडाउ** (+आइ)] तड्फडिने क्रिया वा प्रकिया । [>] **तड्फडाइनु–** अ० क्रि० तड्फडाउने होइनु ।

**तड्फडाउनु–** अ० क्रि० [प्रा० तडफड+आउ+नु] शारीरिक चोट, मानसिक वेदना, पश्चात्ताप आदिले दुःखित हुनु; छटपटाउनु ।

**तत्–** ना० [सं०] १. ब्रह्म । २. वायु । सर्व० ३. प्रथम-पुरुषको एकवचन जनाउने शब्द; त्यो; ऊ (जस्तै - तत्सम्बन्धी, तत्काल, तत्सदृश, तत्क्षण इ०) ।

**तत–** वि० [सं०] १. फैलिएको; विस्तृत । २. ढाकिएको । ना० ३. तार रेटेर बजाइने बाजा (सारङ्गी, सितार आदि) ।

**ततर्को–** ना० [अ० मू० तर् (द्वि०)को] फतफताउने काम; भ्कर्कोफर्को । ~ **फतर्को/भतर्को–** ना० भ्कर्को मानेर वा गुत्थिएर फतफताउने काम; भ्कर्कोफर्को ।

**तताइ–** ना० [√ **तात्** (+आइ)] १. तात्ने भाव, क्रिया वा प्रक्रिया । [तताउ+आइ] २. तताउने भाव क्रिया वा प्रक्रिया । [>] **तताइनु–** क० क्रि तात्ने काम गराइनु; तातो पारिनु । **तताउनु–** प्रे० क्रि० १. कुनै पनि वस्तुलाई आँच वा रापको सहायताले तातो पार्नु; गरम तुल्याउनु । २. आगो, तातो आदिमा सेकाउनु । ३. कुनै कुरा वा कारणमा रिस उठाउनु; जङ्ग्याउनु । ४. कुनै क्रियाकलापका निम्ति उत्तेजित पार्नु; प्रोत्साहित गर्नु; हौस्याउनु ।

**ततिम्बा/ततिम्मा–** ना० [अ० ततिम्म] पहिलेको बयानमा थप्तै गाँस्तै दोहोरोतेहरो सोधपुछ गरेर लिइएको बयान ।

**तत्काल–** क्रि० वि० [सं०] त्यसै बेला; त्यही समयमा; उत्तिखेर; तुरुन्त; लगत्तै । > **तत्कालीन–** वि० त्यसै बेलाको; उसै समयको; त्यतिखेरको ।

**तत्क्षण–** क्रि० वि० [सं०] त्यसै बेला; उही बखत; तत्काल ।

**तत्तत्–** सर्व० [सं० तत् + तत्] त्यहीत्यही; उहीउही ।

**तत्त्व–** ना० [सं०] १. कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने मूल कारण । २. जगत् र सृष्टिका मूल कारण मानिने पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) । ३. वास्तविक स्थिति वा यथार्थ कुरा । ४. महत्त्वपूर्ण अंश; सार वस्तु; सारांश । ५. आधुनिक रसायनशास्त्रका अनुसार अर्को पदार्थसँग बिलकुलै अमिश्रित वा विशुद्ध कुनै पदार्थ । ६. परमात्मा; परब्रह्म । – **ज्ञ–** वि० १. तत्त्व वा यथार्थ कुरा जान्ने तत्त्वज्ञानी; तत्त्ववेत्ता । २. ब्रह्मज्ञानी । ३. दार्शनिक । ~ **ज्ञान–** ना० ब्रह्म, आत्मा र सृष्टिबारेको यथार्थ ज्ञान; मोक्ष प्राप्ति हुने ज्ञान; ब्रह्मज्ञान । ~ **ज्ञानी–** वि० तत्त्वज्ञान प्राप्त भएको (व्यक्ति); ब्रह्मज्ञानी । – **तः–** अव्य० यथार्थ रूपमा; साँच्चिकै किसिमले । – **दर्शी–** वि० वास्तविकताको बोध हुने; तत्त्वज्ञानी । ~ **दृष्टि–** ना० तत्त्वज्ञान प्राप्त गर्ने दृष्टि । **–निष्ठ–** वि० आफ्नो सिद्धान्तमा अटल रहने । ~ **मीमांसा–** ना० आध्यात्मिक, आधिदैविक कुराको विवेचना भएको शास्त्र; तत्त्वविद्याको चर्चा भएको दर्शनशास्त्र; अध्यात्मविद्या । – **विद्–** वि० तत्त्वको ज्ञान हुने; तत्त्वज्ञ । – **वेत्ता–** वि० दार्शनिक; तत्त्वज्ञ; तत्त्वविद् ।

**तत्त्वावधान–** ना० [सं०] कुनै कार्यक्रमसम्बन्धी आयोजना वा सञ्चालनको दायित्वपूर्ण निरीक्षण, रेखदेख वा हेरचाह ।

**तत्पर–** वि० [सं०] १. कुनै कामकुरा गर्न तयार भएको; तम्तयार; कटिबद्ध । २. काममा निपुण वा दक्ष । – **ता–** ना० कुनै काम गर्न तयार हुने गुण वा स्थिति । > **तत्परायण–** वि० कुनै कामकुरोमा मन लाउने वा एकाग्र हुने; तल्लीन ।

**तत्पश्चात्–** संयो० [सं०] त्यसपछि; तदनन्तर; तदुपरान्त ।

**तत्पुरुष–** ना० [सं०] १. व्याकरणअनुसार पछिल्लो पद मुख्य हुने एक समास (जस्तै– कामलायक, डरछेरुवा, पानीघाट, भुइँफुट्टा, वनवास ।) । २. परमात्मा; ईश्वर ।

**तत्याकतुतुक–** क्रि० वि० [तत+तुत्] १. नानीहरूले अलिअलि र तोते बोली बोल्ने चालमा । २. गलेर नरम भई बग्ने खालको हुने किसिमले । ३. लखतरान हुने अवस्थामा ।

**तत्र–** क्रि० वि० [सं०] त्यस ठाउँमा; त्यहाँ; वहाँ ।

**तत्सम–** वि० [सं०] १. जस्ताको तस्तो; त्योजस्तो; त्यस्तै । ना० २. संस्कृत भाषाबाट रूप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द (जस्तै–संस्कृतबाट नेपालीमा आएका तत्सम शब्द (आकाश, सूर्य, दिन इ०) । – **ता–** तत्सम हुनाको भाव, क्रिया वा अवस्था ।

**तत्स्थानिक–** वि० [सं०] त्यस स्थानको वा त्यही ठाउँमा रहने ।

**तथा१–** ना० [सं० तथ्य] कुनै कामकुरामा सल्लाहले गरिने निधो; पक्कापक्की; निश्चय; ठेगान (उदा०– घरमा तथा गरेर आएपछि बिहेको कामकुरो छिन्नुपर्छ ।) ।

**तथा२–** अव्य० [सं०] १. त्योजस्तो; उस्तो; त्यस्तै किसिमले । संयो० २. र; अनि । (उदा०-शब्दकोशको सम्पादन र परिमार्जन नेपाली भाषाको अभिवृद्धि तथा यसको अस्तित्व संरक्षणका दृष्टिले पनि

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



हुनुपर्छ ।) **-कथित–** वि० त्यसो भनिएको; भनाउँदो; नाम मात्रको । **– गत–** ना० बुद्धको एक नाम; गौतम बुद्ध । **– नाम–** ना० मुखमा जे आयो त्यही बोल्ने काम; गालीगलौज; दुर्व्यवहार । > **तथापि–** संयो० त्यसो भए तापनि; जे भए पनि; तैपनि; तापनि । **तथास्तु–** ना० कसैले कुनै कुरो माग्दा, त्यस कुराको आकाङ्क्षा राख्ता वा केही काम गर्न चाहँदा उसको तप, व्रत, ध्यान आदिबाट प्रसन्न भई विशिष्ट शक्ति वा व्यक्तिद्वारा 'त्यस्तै होस्' भनी आशीर्वाद दिइने शब्द । (उदा०– पार्वतीले 'महादेव पति पाऊँ' भनी वर माग्दा, विष्णुरूपधारी महादेवले 'तथास्तु' भने ।) **तथोक्त–** वि० १. त्यस प्रकारले भनिएको । २. तथाकथित ।

**तथौरो–** वि० [सं० तथ्य+औरो] अरूलाई तथानाम भन्ने वा गालीगलौज गर्ने; नाम मात्रको ।

**तथ्य–** वि० [सं०] १. वास्तविकतामा आधारित; प्रमाणित हुन सक्ने; सत्य । ना० २. साँचो कुरो वा विवरण; वास्तविकता । ~ **भाषी–** वि० वास्तविक कुरा गर्ने; साँचो बोल्ने; सत्यवक्ता । **– वादी–** वि० साँचो बोल्ने; सत्यवादी ।

**तदनन्तर–** संयो [सं०] त्यसपछि; उसपछि ।

**तदनुरूप–** वि० [सं०] त्यसैअनुसार; त्यहीजस्तो; त्यससँग मिल्दोजुल्दो; उस्तै ।

**तदनुसार–** वि० [सं०] त्यसअनुसार; त्यस्तै रूपले; उसै बमोजिम ।

**तदपि–** संयो [सं०] १. तापनि; तथापि । २. त्यो पनि; ऊसहित ।

**तदर्थ–** क्रि० वि० [सं०] १. त्यसनिम्ति; त्यसका लागि; त्यसकारण । वि० २. कुनै विशेष कामका निम्तिको पटके । ~**समिति–** ना० कुनै विशेष कामको सम्पादन वा प्रारम्भिक सरसल्लाह गर्नका निम्ति गठन भई सो काम पूरा भएपछि समाप्त हुने समिति ।

**तदा–** क्रि० वि० [सं०] त्यस बखत; उस बेला । **– युक्तक–** ना० ऐतिहासिक प्रचलनअनुसार राज्यद्वारा आफूलाई नियुक्त गरेपछि आफ्ना मातहतका कर्मचारी आफैँले नियुक्त गर्न पाउने अधिकारी ।

**तदारुक ⁄ तदारुख–** ना० [अ० तदारूक] १. अपराध, अपराधी वा दुर्घटनाका बारेमा विशेष रूपले गरिने खोजी । २. कुनै पनि कामका निम्तिको तत्परता ।

**तदीय–** वि० [सं०] त्यसको; उसको ।

**तदुपरान्त–** संयो० [सं०] त्यसपछि; तदनन्तर ।

**तद्गुण–** ना० [सं०] आफ्नो गुण छाडेर अरूको उत्तम गुण ग्रहण गरेको बयान गरिने एक किसिमको अर्थालङ्कार ।

**तद्देशीय–** वि० [सं०] १. त्यो देशसम्बन्धी; त्यस देशको । २. क्षेत्रीय; स्थानीय ।

**तद्धित–** ना० [सं०] १. शब्दसंरचनाका क्रममा नाम, विशेषण आदि शब्दमा लागेर विभिन्न अर्थ निस्कने अरू शब्द बनाउने प्रत्ययविशेष; कृत् र तद्धित प्रत्ययमध्ये दोस्रो भेद (घरबाट बन्ने घरेलु शब्दमा 'एलु', पानीबाट बन्ने पनेरो शब्दमा 'एरो', अग्लोबाट बन्ने अग्लाइ शब्दमा 'आइ' आदि तद्धित प्रत्यय हुन् ।) > वि० २. त्यसका निम्ति हितकारक वा उपयुक्त हुने । > **तद्धितान्त–** वि० तद्धित प्रत्यय लागेर बनेको; द्वितीय व्युत्पन्न (शब्द) ।

**तद्बिसेक–** वि० [सं० तत्+विशेष] थोरै मात्रा; अलिकति; केही । (उदा०– पारिभन्दा तद्बिसेक वारि नै रमाइलो छ । हरिभन्दा तद्बिसेक अनिल राम्रा छन् ।)

**तद्भव–** वि० [सं०] १. त्यसबाट उत्पन्न भएको ना० २. संस्कृत भाषाबाट केही रूप परिवर्तन वा विकृत भएर अर्थात् रूप फेरिएर आफ्नो भाषामा आई चलेका शब्द, जस्तै – कर्म (संस्कृत) = काम (नेपाली), चञ्चु (संस्कृत) = चुच्चो (नेपाली) इ० ।

**तद्रूप–** वि० [सं०] त्यही आकारप्रकारको; उस्तै किसिमको; त्यस्तै । **– ता–** ना० त्यस्तै गर्ने स्थिति वा काम; समानता; सादृश्य ।

**तन–** ना० [सं० तनु] प्राणीको हाड, मासु, रगत आदिले बनेको सबै अङ्गको समूह; जीउ; शरीरः चोला ।

**तनक्क–** क्रि० वि० [अ० मू० तन् > तनक्+क] एकै खेपमा तान्ने वा तानिने गरी; तन्न ।

**तनखा–** ना० [फा० तनख्वाह] जागिर खाई काम गरेबापत महिनैपिच्छे पाइने रकम; तलब; किस्ता; वेतन ।

**तनतन–** क्रि० वि० [अ० मू० तन्+अ (द्वि०)] पानी वा अरू कुनै तरल पदार्थ धेरै खाने वा पिउने गरी; तननन । > **तनतनती ⁄ तनतनी–** क्रि० वि० अझ छिटो तनतन हुने गरी ।

**तनमन–** ना० [तन्+मन्] १. शरीर र मन; शारीरिक र मानसिक शक्ति । २. जाँगर र उत्साह ।

**तनय–** ना० [सं०] छोरो; पुत्र । > **तनया–** ना० छोरी; पुत्री ।

**तनहुँ–** ना० नेपालको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने गण्डकी अञ्चलको एक जिल्ला ।

**तना–** ना० [सं०तन्तु] १. दौरा, भोटो आदि ठीक ठाउँमा कसेर लगाइने कपडाको मसिनु फित्ता; तुनु । २. वर आदि रूखका हाँगादेखि फेदसम्म झरेका वा लट्केका जरा ।

**तनाइ–** ना० [√ **तान्** (+आइ)] तान्ने भाव, क्रिया वा प्रक्रिया । [>] **तनाइनु–** क० क्रि० तान्न लाइनु ।

**तनाव ⁄ तनाउ–** ना० [हि० तनाव] १. कुनै झमेलाका कामकुरा, सोचाइ आदिले मस्तिष्क तन्कने काम; तन्काइ । २. दुई थरीका बीचमा अविश्वासको भावनामा हुने वृद्धि; तन्काइ; खिचातानी ।

**तनाहा–** वि० [फा०] १. भएभरको धनसम्पत्ति सकिएको; तन्नम । २. केही नभएको; एक्लो ।

**तनु–** ना० [सं०] १. तन; शरीर; जीउ । वि० २. सानो । **– ज–** ना० पुत्र; छोरो । **– जा–** ना० पुत्री; छोरी । **– धारी–** वि० शरीर धारण गर्ने; देहधारी । **– मध्य–** वि० पातलो वा झीनो कमर भएको । **– लता–** ना० सुकुमार देह; कोमल शरीर ।

**तने–** वि० [तना+ए] तना भएको; तुनुजस्तो; तुने । **– बोडी–** ना० हे० तुनेबोडी ।

**तनोट ⁄ तनौट–** ना० [तान्+ओट ⁄ औट] १. तान्ने काम वा प्रक्रिया;

तनाइ । २. कपडा आदि बुन्दा तन्काइएको वा तान लगाइएको धागो, डोरी आदि वस्तु । >**तनौटे**– वि० १. तनोट भएको; तनौटका रूपमा आएको । २. तनौट गर्ने; तान्ने । ३. तान लगाउने (व्यक्ति) ।

**तन्क-नु**– अ० क्रि० [√ तनक्क+नु] १. तान्न हुने कुनै पनि वस्तु जोडसँग तानिनु वा खिचिनु । २. गाह्रो भए तापनि लस्केर हिँड्नु । ३. रिसाएर वा नराम्रो किसिमले जानु । >**तन्काइ**– ना० तन्कने तथा तन्काउने क्रिया वा प्रक्रिया । **तन्काइनु**– क० क्रि० तन्कन लाइनु । **तन्काउनु**– प्रे० क्रि० तन्कने पार्नु; तन्कन लाउनु । **तन्किनु**– अ० क्रि० १. तनक्क तानिनु । २. तन्कनु । **तन्को**– ना० तन्केको स्थिति वा तन्कने काम । **तन्क्याइ**– ना० तन्किने काम वा किसिम । **तन्क्याहट**– ना० तन्कने भाव, ढाँचा वा क्रिया; तन्क्याइ ।

**तन्जेब**– ना० [फा०] एक जातको मसिनु सूती कपडा; उम्दा जातको मलमल ।

**तण्ड वितण्ड**– ना० [सं०] वादविवाद; टकराव ।

**तन्तरमन्तर**– ना०[√ तन्त्रमन्त्र] झारफुक गर्ने काम; तन्त्रमन्त्र ।

**तन्तु**– ना० [सं०] १. कपास आदि बटारेर कातिएको मसिनु डोरो; धागो । २. रेसा । ३. ताँती; पङ्क्ति । ४. माकुराको जालो । ५. सन्तान । ६. मडचाएको नेपाली कागतमा मसीविना उठाएर वा खाल्डो पारेर बनाइएको डोब । – **कार**– ना० १. लुगा बुन्ने व्यक्ति; जुलाहा । २. माकुरो । – **कोष**– ना० शारीरिक तन्तु बन्नका लागि तल्लीन रहने जीवकोष । ~**विज्ञान**– ना० शारीरिक तन्तुको सूक्ष्म संरचना तथा क्रियाको ज्ञान गर्ने गराउने शास्त्र । ~**विशेषज्ञ**– वि० शारीरिक तन्तुका विषयमा विशेष ज्ञान वा दखल भएको ।

**तन्त्र**– ना० [सं०] १. शाक्त वा शैव मतका अनुसार देव-देवीहरूको उपासना गर्ने रहस्यमूलक शास्त्र । २. झारफुक गर्ने मन्त्र वा विद्या । ३. कुनै शासनव्यवस्था वा पद्धति (जस्तै–राजतन्त्र, प्रजातन्त्र, गणतन्त्र इ० ।) ४. धागो; डोरो; सूत्र । ~ **मन्त्र**– ना० तन्त्र प्रयोग गर्ने विद्या; जादुटुना वा झारफुक । >**तन्त्री**– ना० १. रेटेर बजाइने तथा मसिनु झन्कार निस्कने सितार, वीणा आदि वाद्य । २. वीणाको तार । ३. शरीरको नसा ।

**तन्दुर**– ना० [हि०] पाउरोटी, बिस्कुट आदिको झैँ रोटी पकाउन बनाइएको माटाको ठूलो चुलो । >**तन्दुरी**– ना० तन्दुरमा पकाइएको बाक्लो रोटी ।

**तन्दुरुस्त**– वि० [फा०] १. शरीरमा कुनै किसिमको रोग वा कमजोरी नभएको; निरोगी; स्वस्थ । २. काममा लाग्न वा जुट्न सक्ने; तम्तयार; ठीकठाक । >**तन्दुरुस्ती**– ना० शरीरमा कुनै किसिमको रोग वा कमजोरी नभई रातोपिरो हुने स्थिति; निरोगीपन; आरोग्य ।

**तन्देरी**– वि० [सं०तरुण] तरुनो; तन्नेरी ।

**तन्देह**– वि० [फा० तनदेह] मेहनतसाथ काम गर्ने । >**तन्देही**– ना० १. मेहनत; परिश्रम । २.कोसिस; प्रयत्न ।

**तन्द्रा**– ना० [सं०] १. निद्रा लाग्नुअघिको आँखाको लट्ठचाइ; निद्राको पहिलोअवस्था; झप्काइ; उँघ । २. रोग, शोक, चिन्ता आदिबाट हुने हल्का बेहोसीजस्तो स्थिति । >**तन्द्रालु**– वि० १. तन्द्रामा परेको; उँघ लागेको । २. थाकेको; क्लान्त । **तन्द्रिल**– वि० तन्द्रायुक्त; उँघ लागेको ।

**तन्दुक**– ना० [अ० तनूर] विशेष किसिमले पकाइएको मासु आदिको परिकार ।

**तन्न**– क्रि० वि० [अ० मू० तन्+न] बेसरी तान्ने वा तानिने गरी; तनक्क ।

**तन्नम**– वि० [अ० तनहा] आफ्नो भन्नु केही नभएको; हरिकङ्गाल; अति गरिब; तनहा । ~ **भगत/भवति**– ना० भएभरको श्रीसम्पत्ति सबै सकिएको; तनहा; कङ्गाल ।

**तन्ना**– ना० [√ तान्] पलङ, खाट आदिमा बिछ्याउनामाथि कसेर हालिने एकसरो कपडा ।

**तन्नेरी/तन्नेरो**– वि० [√ तन्देरी] १. बैँस चढेको; तरुनो; युवक; जवान । ना० २. तरुण युवक; तरुनो ठिटो ।

**तन्मनस्क**– वि० [सं०] तल्लीन; तन्मय । – **ता**– ना० तन्मनस्क हुनाको भाव वा अवस्था ।

**तन्मय**– वि० [सं०] तनमन लगाएको; त्यसैमा मिलेको; दत्तचित्त; तल्लीन । – **ता**– ना० तन्मय हुनाको भाव वा अवस्था; दिलोज्यानले लाग्नेपन; तल्लीनता ।

**तन्वी**– वि० [सं०] १. दुब्लीपातली । २. कोमल शरीर भएकी ।

**तप्-नु१**– अ०क्रि० [सं० तप+नु] तप गर्नु; तपस्या गर्नु ।

**तप्-नु२**– अ० क्रि० [सं० तप्त+नु] १. घाम, गर्मी आदिले तात्नु; तातो हुनु । २.मानसिक पीडा वा दुःख हुनु ।

**तपः**– ना० [सं०] तपस; तप; तपस्या । – **कर**– वि० तप गर्ने; तपस्वी । ~ **प्रभाव**– ना० तपस्याबाट पाइने अलौकिक शक्ति; तपको प्रभाव । ~ **साध्य**– वि० तपस्याले सिद्ध हुने । ~ **स्थल**– ना० तपस्या गर्ने ठाउँ; तपोभूमि ।

**तप**– ना० [सं०] १. कुनै अभिलषित सिद्धिप्राप्तिका निम्ति शरीर वा इन्द्रियलाई वशमा राखेर अटुट रूपमा चिन्तन मनन गर्ने प्रक्रिया; विषयवासनाबाट अलग भई चित्तशुद्धि पार्न गरिने कष्टकर धार्मिक नियम; तपस्या । २. पुराणअनुसार पृथ्वीमाथिका सात लोकमध्ये एक । ३. माघ महिना । ४. ताप; गर्मी; ग्रीष्म ऋतु । ५. ज्वरो ।

**तपक**– ना० [सं० तप] १. घाम, आगो आदिको गर्मीबाट हुने चर्को असर । २. सुन, चाँदी आदि धातुमा चढाइने जलप; पाइन ।

**तपक्क**– क्रि० वि० [अ० मू० तपक्+क] पानी, शीतजस्ता तरल वस्तु चुहिने वा खस्ने गरी ।

**तपतप**– क्रि० वि० [अ० मू० तप्+अ (द्वि०)] कुनै तरल पदार्थ थोपा-थोपा गरी चुहुने वा खस्ने गरी । >**तपतपती**– क्रि० वि० अझ छिटो तपतप हुने गरी । **तपतपाइ**– ना० तपतपाउने भाव, क्रिया वा प्रक्रिया । **तपतपाइनु**– अ० क्रि० थोपा-थोपा गरी

चुहाइनु । **तपतपाउनु–** अ० क्रि० थोपा-थोपा गरी चुहुनु; तप्कनु । **तपतपिनु–** अ० क्रि० तपतप गरी थोपा खस्नु; तप्कनु; तपतपाउनु । **तपतपी–** क्रि० वि० तपतपती ।

**तपन–** ना० [सं०] १. तातोपन; ताप; गर्मी; । २.घाम; सूर्य । ३. गृष्म ऋतु । ४. मानसिक दुःख वा पीडाबाट हुने डाह । ५. नायकनायिकाले वियोगका अवस्थामा अनुभव गर्ने दुःख । > **तपनी–** ना० १. हल्का राप; मधुरो ताप । २. मन्द ज्वरो । ३. मानसिक दुःख वा पीडा ।

**तपश्चर्या–** ना० [सं०] तपस; तपस्या ।

**तपस–** ना० [सं० तपस्] तप; तपस्या ।

**तपसिल–** ना० [अ० तफसील] १. स्रेस्तामा तल लेखिएको वा खुलाइएको विवरण; निम्नलिखित फाँटवारी । २. विस्तृत वर्णन; नालीबेली; विवरण ।

**तपसी–** वि० [सं० तपस्वी] सांसारिक प्रपञ्चबाट मुक्त भएर एकान्तमा गई ईश्वरको आराधना गर्ने; तपस्या गर्ने; तपस्वी ।

**तपस्या–** ना० [सं०] १. कुनै इच्छापूर्ति गर्न वा मानसिक शुद्धि गर्नाका लागि एकचित्त भएर नियमपूर्वक गरिने कठिन कार्य वा प्रयत्न; तप । २. ब्रह्मचर्य ।

**तपस्वी–** वि० [सं०] १. तपस्या गर्ने; तपसी; तापस । ना० २. सन्न्यासी । स्त्री० तपस्विनी ।

**तपाइ–** ना० [√ तप् (+ आइ)] १. तप्ने भाव, क्रिया वा प्रक्रिया । [तपाउ + आइ] २. तपाउने भाव, क्रिया वा प्रक्रिया । [>] **तपाइनु–** क० क्रि० १. तताइनु । २. ताप्न लाइनु । **तपाउनु–** प्रे० क्रि० १. तप्त पार्नु; तताउनु । २. तातो अनुभव गराउनु; ताप्न लाउनु ।

**तपाईँ–** सर्व० [सं० त्वम्] १. औपचारिक प्रसङ्गमा आफू भन्दा मान्य जनलाई 'तिमी' भन्दा माथिल्लो दर्जामा राखेर प्रयोग गरिने द्वितीय पुरुष, एकवचनको आदरार्थी शब्द । (उदा०–.- यस उपलक्ष्यमा तपाईंको उपस्थिति प्रार्थनीय छ । तपाईं घरबाट कहिले पाल्नुभो ?) २. 'तँ'– को सट्टा व्यङ्ग्यार्थमा प्रयुक्त हुने शब्द । (उदा०– हो, तपाईंकै गोडा मिचेर बस्नुपर्ला ! )

**तपेस–** ना० [फा० तपिश] पकाउने काममा प्रयोग हुने बिट फर्केको, ठूलो मुख भएको, खास गरी हलुङ्गेको भाँडो; डेक्ची ।

**तपो–** [सं०] तपस्‌को समासगत रूप । – **धन–** वि० तपस्या नै ठूलो धन वा सम्पत्ति भएको । – **निष्ठ–** वि० तपमा निष्ठ भएको; तपस्यामा लागेको । – **बल–** ना० तपस्याबाट प्राप्त हुने शक्ति; तपबाट पाइने बल । – **भङ्ग–** ना० कुनै बिघ्नबाधा आई तपस्या टुट्ने काम । – **भूमि–**ना० तपस्या गर्ने ठाउँ; तपोवन । – **मय–** वि० १. तपमा लीन वा संलग्न; तपस्या गर्ने । ना० २. परमेश्वर । – **मूर्ति–**ना० १. परमेश्वर । २. ठूलो तपस्वी । ३. बाह्रौँ मन्वन्तरको चौथो सावर्णिका सप्तर्षिमध्ये एक । – **लोक–** ना० पुराणअनुसार पृथ्वीभन्दा माथिका सात लोकमध्ये जनलोक र सत्यलोकका बीचमा पर्ने एक लोक । – **वन–** ना० ऋषिमुनिले तपस्या गरेर बस्ने जङ्गल; तपोभूमि । – **व्रत–** ना० तपस्यासम्बन्धी व्रत धारण गर्ने काम ।

**तप्क-नु–** अ० क्रि० [तपक्क+नु] पानी आदि तरल पदार्थका थोपाहरू खस्नु; तपतप चुहुनु । > **तप्काइ–** ना० तप्कने काम वा किसिम । **तप्काइनु–** क० क्रि० तप्कन लाइनु । **तप्काउनु–** स० क्रि० थोपाहरू खसाल्नु वा चुहाउनु । **तप्किनु–** अ० क्रि० १. तपतप गरी थोपा चुहिनु । २. तप्कनु । **तप्केनी–** ना० १. तपतप खसेको पानीको थोपा वा त्यस्तो पानी तप्कने ठाउँ । २. बलेनी, पहरा आदिबाट रसाएर झर्ने पानीको थोपा । **तप्को–** ना० तप्केको पानीको थोप्लो; तप्काइ ।

**तप्त–** वि० [सं०] १. आगो, राप आदिले तातेको वा तताएको; तातो । २. मानसिक कष्टमा परेको; दुःखित; पीडित । ३. खूब तपस्या गरेको । – **कृच्छ्र–** ना० प्रायश्चित्तका लागि बाह्र दिनसम्म गरिने एक व्रत । ~ **मुद्रा–** ना० १. वैष्णवसम्प्रदायका व्यक्तिहरूले आफ्नो शरीरमा धारण गर्ने शङ्खचक्र भएको धातुका साँचाले डाम्ने चिह्न । २. साँढेका पुट्ठामा डामिने मुद्रा ।

**तप्प–** क्रि० वि० [अ० मू० तप्+प] पानी आदि तरल पदार्थ थोपा थोपा चुहुने गरी ।

**तप्पा–** ना० [अ० तफरीक] जिल्लाको सानो इलाका वा भाग ।

**तब–** क्रि० वि० [सं० तदा] १. त्यस बेला; त्यतिखेर । २. त्यस कारण । संयो० ३ 'जब' को मुख मिलाउन आउने शब्द; अनि । (जब म आएँ तब तिमीलाई टाउको दुख्छ होइन ? ) निपा० ४. अरूका कुरामा सही थाप्ने अव्यय शब्द; त । (उदा०– खर्च त सबैले बेहोर्नुपर्छ, हो तब ।)

**तबक–** ना० [अ०] सुन, चाँदी आदि धातुको कागतजस्तो पातलो गरी बनाइएको पत्र वा पत्ती ।

**तबल१–** ना० बन्चरोजस्तो दाउरा चिर्ने फलामको एक हतियार ।

**तबल२–** ना० [फा०] हे० तबला । > **तबलची–** ना० तबला बजाउन निपुण व्यक्ति; तबलावादक ।

**तबला–** ना० [अ० तबल] दुई हातले एकैसाथ जोडी रूपमा बजाइने, छालाको खरीसहितको प्रसिद्ध तालबाजा; दायाँ हातले बजाइनेलाई 'तबला' र बायाँ हातले बजाइनेलाई 'बायाँ' वा 'नाम' भनिनेमध्ये एक ।

**तबाह–** वि० [फा०] एकदम नष्ट भएको; सर्वस्व भएको; तन्नम । > **तबाही–** ना० बरबादी; सत्यानाश; ध्वंस ।

**तबेला–** ना० [अ० तवेल] घोडा बाँध्ने ठाउँ; अस्तबलखाना; अश्वशाला । ~ **दलान–** ना० नेपालको इतिहासका अनुसार शाहकालमा पहिले प्रचलित, भ्रष्टाचारविरुद्ध मुद्दा सुन्ने विशेष अदालत ।

**तबै–** क्रि० वि० [तब+ऐ] त्यसै बेला; त्यति धेरै । (उदा०– पानी त परोस्, तबै न मकै छरिएला ।) – **तारे–** वि० बो० अरूका कुराकानीमा सही थाप्ने थेगोजस्तो शब्द । (उदा०– जिलीगाँठी केही नभए पनि तबैतारे म पनि त केही गरिहाल्छु नि ! )

**तम**– ना० [सं०] १. सत्त्व, रज, तम– यी तीन प्राकृतिक गुणमध्ये एक । २. अन्धकार; अँध्यारो । ३. अज्ञान; मोह; पाप; क्रोध । ४. विशेषण शब्दका पछाडि लागेर दुईभन्दा बढी वस्तुको गुण वा परिमाणको दाँजोमा सबैभन्दा बेसी जनाउने प्रत्यय शब्द (जस्तै – अधिकतम, न्यूनतम, उच्चतम इ० ) ।

**तमक**– ना० [सं० तम] धन, अहमत्याइँ, अज्ञान आदिका कारणले मानिसमा उब्जने अभिमान वा घमन्ड; आवेग, जोस वा रिस । – **झमक**– ना० अभिमान वा आवेगमा रहनाको अवस्था; जोसिलो चाल; फुइँफाइँ ।

**तमतम**– क्रि० वि० [अ० मू० तम (द्वि०)] १. खाद्यवस्तुको स्वाद बिग्रेर तमतमाइलोपन उत्पन्न गराउने गरी । २. शोक, लाज आदिले वा रिस, गर्मी आदिले मुख रातो भएर । > **तमतमाइ**– ना० १. उग्लेर स्वाद बिग्रने काम; उग्लाइ । २. रिस, गर्मी आदिले मुख रातो पार्ने काम; तिरमिराइ । **तमतमाइनु**– अ० क्रि० १. उग्लिनु । २. रिस, गर्मी आदिले मुख रातो हुनु; तिरमिराइनु । **तमतमाउँदो**– वि० तिहुन-तरकारीमा झोल धेरै भई स्वाद नभएको; उग्लिँदो स्वाद भएको; स्वाद बिग्रेको; तमतमिँदो । **तमतमाउनु**– अ० क्रि० १ं तामाका वा पित्तलका भाँडाबर्तनमा तिहुन-तरकारी पकाएर राख्ता उग्लेर नमीठो स्वादको हुनु; तमतमिँदो बन्नु । २. ज्वरो आदिका कारणले खाने रुचि हराई मुख नमीठो हुनु; पचपचाउँदो हुनु । ३. रिस, गर्मी आदिले मुख रातो हुनु; तिरमिराउनु । **तमतमाहट**– ना० १. उग्लेर स्वाद बिग्रने किसिम । २. रिस, गर्मी आदिले मुख रातो हुने ढाँचा; तिरमिराहट । **तमतमिँदो**– वि० उगाल आउनाले स्वाद बिग्रेको; उग्लेको; तमतमाउँदो । **तमतमिलो**– ना० १. अमिलो, टर्रो नछुट्टिने किसिमको स्वाद । वि० २. त्यस्तो स्वाद भएको ।

**तमन**– ना० [तामो+अन] तामाबाट बनेका भाँडा-बर्तन ।

**तमन्चा**– ना० [तु० तमन्च] सानो बन्दुक; रिवल्भर; पिस्तौल ।

**तमस**– ना० [सं० तमस्] १. अन्धकार; अँध्यारो; अज्ञान । २. पाप । ३. तमोगुण ।

**तमसुक**– ना० [अ० तमस्सुक] ऋणीले साहूलाई आफूले ऋण लिएको प्रमाणस्वरूप लेखिदिने कागत; असामी र साहूका बीचको लेनदेनसम्बन्धी प्रमाणको लिखत । ~ **फट्टा**– ना० तमसुकमा लेखिएबमोजिमको साँवाब्याज चुक्ता भएपछि असुली जनाई शिर च्यातेर असामीलाई नै फिर्ता दिइने तमसुक ।

**तमाखु**– ना० [पोर्त० टोबैको] १. मसिनु पारी सुर्ती काटेर खुदोमा पकाई बनाइएको वस्तु वा डाँठसहित कुटेर धूलो बनाइएको कक्कड । २. तमाखुको बोट वा पात; काँचोपात । > **तमाखे**– वि० धेरै तमाखु खाने; तमाखुको अम्मली ।

**तमादी**– वि० [अ०] हदम्याद सकिएको वा गुज्रिएको ।

**तमाम**– वि० [अ०] १. भएजति सबै; सम्पूर्ण । २. कामकुरा टुङ्गिएको; समाप्त; खतम । > **तमामी**– ना० समाप्त हुने वा टुङ्गिने स्थिति; समाप्ति ।

**तमाल**– ना०[सं०] १. रातो फूल फुल्ने, झुप्पादार फल फल्ने र ठूलठूला पात हुने सदाबहार अग्लो एक रूख । २. सतिसाल । ३. तेजपात । ४. काँचोपात; सुर्ती । > **तमाली**– ना० सिप्लीकान; ताम्रवल्ली ।

**तमास**– ना० [तमासा] अनौठो किसिम वा ढाँचा; उदेक ।

**तमासा**– ना० [अ० तमाश] १. मन बहलाउने दृश्य; चटक; रमिता; जात्रा आदि । २. अनौठो खेल; रमाइलो घटना वा कुरा । ३. तमास । > **तमासे**– वि० १. तमासा भएको ठाउँमा गएर हेर्ने; रमिते; जात्रे । २. कुनै घटनामा आफू संलग्न नहुने र सो घटना हटाउने उपायमा पनि नलागी रमाइलो मात्र हेरेर बस्ने । ३. तमासा देखाउने ।

**तमिस्र**– ना० [सं०] १. अन्धकार; अँध्यारो; तम । २. अज्ञान । ३. क्रोध; रिस । ~ **पक्ष**– ना० कृष्णपक्ष । > **तमिस्रा**– ना० कृष्णपक्षको रात; अँधेरी रात ।

**तमु**– सर्व० [सं० त्वम्] १. तिमी । २. तम्मु ।

**तमेरो**– ना० [तामा+एरो] तामाका भाँडाकुँडा बनाउने व्यक्ति वा जाति; तमौटे ।

**तमोगुण**– ना० [सं०] क्रोध, आलस्य, भ्रम, अज्ञान आदि कारणबाट पैदा हुने तथा निकृष्ट मानिने एक प्राकृतिक गुण; सत्त्वगुण, रजोगुण र तमोगुणमध्ये एक । > **तमोगुणी**– वि० तमोगुण मुख्य भएको वा सो गुण अँगाल्ने ।

**तमोमय**– वि० [सं०] १. तमले भरिएको; अन्धकारपूर्ण । २. अज्ञानी । ३. तमोगुणी; तामसी ।

**तमोर**– ना० [भो० ब० ] उम्भेक हिमाल र लुम्बासुम्बा हिमालको जोर्नीबाट निस्केर अरुण नदीमा मिल्ने कोसी नदीको सहायक नदी; प्रसिद्ध सप्तकोसीमध्ये एक ।

**तमोली**– ना० [सं० ताम्बूल] पान बेच्ने जाति वा व्यक्ति; पानपसले; बरही ।

**तमौटे**– ना० [तामा+औटे] तामाको काम गरेर बस्ने कालिगड; ढलौटे भाँडाकुँडा बनाउने जाति वा व्यक्ति । स्त्री० तमौटेनी ।

**तमौरो**– ना० [तामा+औरो] तामाबाट बनेको, खास गरी पूजाआजामा प्रयोग हुने सानो भाँडो ।

**तम्तयार**– वि० [(द्वि०) तयार] १. कुनै कामकुराका निम्ति पहिलेदेखि तयार रहने; बिलकुल ठीक हुने । २. ठीकठाक; दुरुस्त । > **तम्तयारी**– ना० तम्तयार हुने काम; तयारी ।

**तम्बु**– ना०बाक्लो कपडालाई सानासाना ठुटा गाडेर डोरीले तन्काई बनाइएको अस्थायी बस्ने ठाउँ; पाल; सामियाना ।

**तम्मु**– सर्व० [सं० त्वम्] पुरानो समयका स्तुतिगीत वा तिनताकको सम्मानपूर्ण व्यवहारमा देवदेवी, मान्यजन आदिलाई 'हजुर'को साटो प्रयोग गरिने आदरार्थी शब्द ।

**तम्स–नु**– अ० क्रि० १. कुनै काम गर्नाका लागि अघि सर्नु; तत्पर हुनु । २. हुटहुटिनु; सहटिनु । > **तम्साइ**– ना० तम्सने भाव, क्रिया वा प्रक्रिया । **तम्साइनु**– क० क्रि० तम्सन लाइनु । **तम्साउनु**–

प्रे० क्रि० तम्सन लाउनु; तत्पर गराउनु । **तम्सिनु–** अ० क्रि० १. कुनै काम गर्नका निम्ति अघि सरिनु । २. तम्सनु । **तम्स्याइ–** ना० तम्सिने वा तम्साउने भाव, क्रिया वा प्रक्रिया । **तम्स्याइलो–** वि० तम्सिने खालको; तत्पर; अघिसरा । **तम्स्याहट–** ना० तम्सिने भाव, क्रिया वा अवस्था ।

**तयँगा–** ना० [नेवा०] ऊन मिसाएर हातले बुनेको बर्कोजस्तो ओढ्ने कपडा; मलेदा ।

**तय–** वि० [अ०] १. निधो भएको; ठहरिएको; निश्चित । २. सिद्धिएको; समाप्त । ना० ३. निधो; ठहर; निर्णय ।

**तयर पान–** ना० [सं .तैलङ्गा+पान] भारतको आन्ध्र प्रदेशमा हुने एक जातको पान ।

**तयार–** वि० [अ०] १. बन्नुपर्ने कुनै वस्तु बनेर ठीक भएको; दुरुस्त; तैयार । २. हिँड्ने, खाने, लाउने आदि आवश्यक कामकुराको ठीकठाक; तम्तयार ।

**तयारी–** ना० [तयार+ई] कुनै काम थाल्नुभन्दा पहिले आवश्यक सरसामान जुटाउने काम; कुनै कार्यको उपाय वा तरिका मिलाउने काम; तयार हुन चाहिने वा प्रयोगका निम्ति आवश्यक पर्ने सबै वस्तुको जोरजाम । ~**समिति–** ना० कुनै कार्यक्रमको प्रारम्भिक सञ्चालन तथा नियम, मसौदा आदिको तर्जुमा गर्नका निम्ति बनेको अस्थायी समिति । ~**स्रेस्ता–** ना० कुनै कामको आम्दानीखर्च तयार पारिएको स्रेस्ता ।

**तर्-नु१–** स० क्रि० [सं० तरण+नु] १.खोलानाला आदि पार गर्नु । २. दुःखकष्टको बेला सिद्धिनु । ३. पितृहरू मुक्त हुनु ।

**तर्-नु२–** स० क्रि० [सं० तिरस्+नु] कसैलाई रिसले आँखा बङ्ग्याएर हेर्नु; छड्के आँखाले हेर्नु ।

**तर्-नु३–** स० क्रि० [सं० तत >**त** ड+नु] कसैको छाला काढ्नु वा तान्नु; काट्न ठीक पार्नु । (उदा०– उहिलेउहिले राजद्रोहीहरूलाई सजाय दिन छाला तर्ने गरिन्थ्यो । खसी काट्न राम्ररी तर्नुपर्छ, नत्र छिन्दैन) ।

**तर१–** संयो० [सं० तर्हि] त्यसो हो तापनि; परन्तु; किन्तु । (उदा०– मेहनत त निकै पऱ्यो, तर मूल्याङ्कन कस्तो हुन्छ थाहा छैन ।)

**तर२–** ना०[सं०] १. नदी, पुल, बाटो आदि पार गर्ने काम; तराइ; हिँडाइ । २.बाटो । ३. विशेषण शब्दका पछिल्तिर गाँसिएर कसैको अपेक्षा बढी गुण भएको बुझाउने एक प्रत्यय (जस्तै – अधिकतर, गुरुतर, महत्तर, बृहत्तर इ० ।) ।

**तर३–** ना० [√ तर] १. तताएको दूधमा माथितिर लाग्ने बाक्लो पत्र; दूधदहीमा जम्ने सारवस्तु । २. पानी आदि तरल वस्तुमा माथितिर जमेको ठाँटो । ३. कुनै काम कुराको थान्को वा थिति; तह । (उदा०– कति दिनदेखि प्रयास गरे तापनि यो काम तर लाउन सकिएन ।) ।

**तर४–** वि० [फा०] पानी वा पसिनाले निथ्रुक्क भिजेको; निथाचूर्ण; आर्द्र । (उदा०– आज दिउँसोको गर्मीको के बयान गर्नु, म त पसिनाले तर भएँ । दिदी बजार पनि पुग्न नपाई पानीले तर हुनुभएछ । )

**तरकस–** ना० [फा० तर्कश] बाण हालेर पिठचूँमा भिरिने ठोक्रो ।

**तरकारी–** ना० [फा० तरकारी] १. घिउतेल, नुनमसला आदि हाली पकाइएको सागपात, गेडागुडी, कन्द आदि; तर्कारी । २. त्यसरी पकाएर खाइने डाँठ, पात, फूल, फल, कन्द आदि वस्तु, सागपात ।

**तरकिप/तरकिब–** ना० [अ० तरकीब] १. कुनै विशेष चीज बनाउने काइदा; ढङ्ग; सीप । २. काम गर्ने उपाय; जुक्ति ।

**तरक्क–** क्रि० वि० [अ० मू० तरक्+क] १. आँसु, पसिना आदि चुहुने वा तहरिने भएर । (उदा०– काढी तरक्क पसिना दिन रात डोको, बोके पनी उदरगर्त रहन्छ भोको । तरुणतपसी । ) २. कर्के आँखाले हेर्ने किसिमले; आँखा तर्ने चालमा । (उदा०– बिनसित्ति अर्कालाई किन आँखा तरक्क तर्नुपऱ्यो ? )

**तरक्की–** ना० [अ०] पद, मान आदिमा बढिबढाउ हुने काम; उन्नति; वृद्धि ।

**तरखर–** ना० [सं० तत्पर] १. कुनै कामको थाल्नी; कार्यारम्भ । २.काम गर्ने चेष्टा; तत्परता । > **तरखराइ–** ना० तरखर गर्ने काम वा किसिम । **तरखराइनु–** अ० क्रि० तरखराउने होइनु । **तरखराहट–** ना० तरखराउने किसिम वा अवस्था । **तरखरिनु–** अ० क्रि० तत्पर हुनु तम्सिनु; तरखराउनु । **तरखऱ्याइ–** ना० तरखरिने भाव, क्रिया वा प्रक्रिया ।

**तरङ्ग–** ना० [सं०] १. हावा वा बगाइको वेगले पानीको सतहमा उठ्ने लहर; छाल । २. नदीको मुखमा ज्वारको वेगले गर्दा उठेको पानीको खम्बा । ३. भूकम्पको लहर । ४. उत्साह, उमङ्ग, चञ्चलता आदिका अवस्थामा मनमा उठ्ने तर्कवितर्क । ५. सङ्गीतमा स्वरको उतार-चढाव हुँदा हुने कम्पन; स्वरलहरी । ६. बौलट्टी चाल; छाँटा । ७. ध्वनि, प्रकाश र अरू पनि प्रसारणयोग्य वस्तुको प्रसारमा हुने विस्तृत रूप । – **माली–** ना० छालैछालले भरिएको पानीको ठूलो भण्डार; समुद्र । ~**सञ्चारण–** ना० ध्वनि, ताप, विद्युत् आदिका लहरको गति । > **तरङ्गायित–** वि० तरङ्गयुक्त । **तरङ्गिणी–** ना० नदी; खोलो । **तरङ्गित–** वि० तरङ्ग चलेको; लहर उठेको । **तरङ्गी–** वि० तरङ्ग झिक्ने; छँटाहा । **तरङ्ग्याहा–** वि० तरङ्गी; सन्की । ~ **दैर्ध्य–** ना० आकाशमा प्रसारित भिन्नभिन्न तरङ्गको लम्बाइ (रेडियो केन्द्रहरूले बेग्लाबेग्लै तरङ्गदैर्ध्यमा कार्यक्रम प्रसारित गर्ने हुनाले रेडियोमा कार्यक्रम समाउन र सुन्न अप्ठ्यारो पर्दैन । )

**तरज–** ना० [अ० तर्ज] १.गानाको लय वा शैली । २. पद्धति; ढङ्ग ।

**तरण–** ना० [सं] १. नदी तर्ने काम; तराइ । २. नदी तर्न उपयोग गरिने डुङ्गा, नाउ आदि साधन । ३. स्वर्ग । ४. उद्धार । > **तरणी–** ना० १. डुङ्गा वा नाउ । २. घिउकुमारी । ३. स्थलकमल ।

**तरतमसुक–** ना० [(द्वि०) तमसुक] लेनदेनसम्बन्धी तमसुक आदि

कागज ।

**तरताकिता–** ना० [(द्वि०) ताकिता] कुनै कामकुरो छिटो पूरा गर्न गरिने ताकिता आदि काम; हुटहुटी; प्रेरणा ।

**तरतिब–** ना० [अ० तरतीब] १. सरसामानहरू क्रमपूर्वक ठीक ठाउँमा राख्ने-मिलाउने काम; इन्तजाम । २. कम गर्ने उपाय; जुक्ति ।

**तरन–** ना० [सं० तरण] १. पार लाउने काम; तरण । २. पितृउद्धार । – **तारन** – ना० धार्मिक विश्वासअनुसार पितृका नाउँमा गरिने तर्पण, पिण्ड, दानपुण्य आदि काम; पितृहरूको उद्धार-कार्य ।

**तरनपेट–** ना० [अङ्० ट्रम्पेट] कबाज, मार्चआदिमा सलामी दिँदा बजाइने बाजा; बिगुल ।

**तरपु–** ना० एक जातको घिरौँला ।

**तरफ–** ना० यो० [अ०] कतैपट्टि; कुनैतिर; तर्फ । – **वार–** वि० पक्ष लिने; आड लिने; मदतगार । – **दारी–** ना० कसैको पक्ष लिने काम; तरफ लिने काम; हिमायत ।

**तरबर–** ना० [अ० मू० तर्+अ (द्वि०)] तुलबुलेपन; चञ्चलता; सगबग । (उदा०– तिम्रो तरबर देखेर सबै छक्क पर्छन् । ) > **तरबराइ–** ना० तरबराउने क्रिया वा प्रक्रिया । **तरबराइनु–** अ० क्रि० तरबर गरिनु । **तरबराउनु–** अ० क्रि० तरबर हुनु; चञ्चल बन्नु; सगबगाउनु । **तरबराहट–** ना० तरबराउने भाव, अवस्था वा क्रियाप्रक्रिया । **तरबरिनु–** अ० क्रि० तरबराउनु । **तरबरे–** वि० तरबर गर्ने; चञ्चल; सगबगे । **तरबर्र–** क्रि० वि० बोडी, मकै आदि अनाज सबै एकसाथ उम्रने किसिम । (उदा०– बारीमा मकै तरबर्र भइसकेछन् । )

**तरबार–** ना० [सं० तरवारि] काट्ने काममा उपयोग हुने लामो, पातलो र धारिलो फलामे हतियार; असि; खड्ग; तलवार । ~ **बज्नु–** टु० विजय हुनु (दिव्य०) । – **मा पस्नु–** टु० लडाइँमा भिडिनु (दिव्य०) ।

**तरबारे–** वि० [तरबार+ए] १. तरबारसम्बन्धी वा तरबारको । २. तरबारका ढाँचाको ; तरबारजस्तो । ~ **फुल–** ना० तरबारका ढाँचाका पात हुने, नीला वा राता रङका फूल फुल्ने एक जातको बोट वा त्यसैको फूल । ~**सिमी–** ना० भेट्नैपिच्छे तीन-तीनवटा पात हुने, राता फूल फुल्ने, तरबारका ढाँचाका कोसा लाग्ने, तरकारी खाइने एक जातको सिमी ।

**तरबुजो–** ना० [फा० तरबूज] प्रायः बलौटे जमिनमा हुने र लहरामा फल्ने, पहेँलो, गुलाफी वा रातो रङको गुलियो गुदी हुने, खरबुजोजस्तै डल्लो ठूलो पन्यालो फल ।

**तररर/तरर्र–** क्रि० वि० [अ० तर् (सात०)] आँसु, पसिना, पानी आदि तरल पदार्थ चुहिरहने गरी ।

**तरल–** वि० [सं०] १. पानी भएको वा पानीजस्तो; बग्ने; पन्यालो; झोले । २. स्थिर भएर नरहने; चञ्चल । ~**इन्धन–** ना० मटीतेल, पेट्रोल आदिजस्ता बल्नेबाल्ने काममा प्रयोग हुने पदार्थ । ~ **नयना–** वि० चुलबुले आँखा भएकी (स्त्री) । ~**सम्पत्ति–** ना० १. नगद जम्मा, ट्रेजरी बिल, विदेशी ब्याङ्कको चल्ती खातामा रहेको रकम, ब्याङ्कले राष्ट्रब्याङ्कमा राखेको मौज्दात आदि । २. पानी आदि तरल रूपमा रहेको वस्तु वा खानीबाट निस्कने तेल, मटीतेल आदि सम्पत्ति । > **तरलीकरण–** ना० बाफ चिस्याएर तरल अवस्थामा ल्याउने प्रक्रिया ।

**तरह–** ना० [अ०] १. प्रकार, भाँती वा ढङ्ग । २. अवस्था; हाल ।

**तराइ–** ना० [√ **तर्/तार्** (+आइ)] १. नदीनाला आदि तर्ने वा तार्ने क्रिया वा प्रक्रिया । २. आँखा तर्ने भाव, क्रिया वा प्रक्रिया; कर्काइ । ३. छाला तर्ने क्रिया वा प्रक्रिया । ४. घिउतेलमा तरकारी भुट्ने क्रियाप्रक्रिया । [>] **तराइनु–** क० क्रि० १. नदीनाला आदि पार गर्न लाइनु । २. आँखा तर्ने काम गराइनु । ३. छाला काढ्न लाइनु । ४. घिउ-तेल आदिमा तरकारी भुटाइनु ।

**तराइली–** वि० [तराइ+ली] १. तराईमा बस्ने; तराईवासी । ना० २. तराईको बासिन्दा ।

**तराई–** ना० [√ तल] पहाडमनिको फराकिलो समतल भूभाग; मधेस ।

**तराउनु–** प्रे०क्रि० [तार्/तर्+आउ+नु] १. आँखा तर्न लाउनु । २. छाला काढ्न लाउनु । ३. खोलानाला आदि तार्न वा पार गर्न लाउनु । ४. घिउतेलमा तरकारी भुट्न लाउनु ।

**तराजु–** ना० [फा०] फलामे डन्डीमा दुईतिर साङ्लीले अड्काई जोडिएका पातामा एकातिर ढक र अर्कातिर माल राखी तौलने यन्त्रविशेष; तुलो । ~ **पिङ–** ना० दुईतिर मानिस बसी खेल्न हुने एक किसिमको पिङ ।

**तरान–** ना० [सं० त्राण] १. बिरामी निको भएपछि बिस्तारै बढेर आउने भित्री तागत । २. ग्लानि हटाउने शक्ति वा बल ।

**तराना–** ना० [फा० तरान] १. मनमा खेल्ने एकोहोरो धुन । २. सङ्गीतको स्वर साधना गर्दा 'तुम तानानाना' आदि शब्दको गायन वा रागअलापाइ ।

**तरावट–** ना० [तर्+आवट] १. भिज्ने वा भिजाइको अवस्था; गिलोपन; शीतलता । २. पुष्टिकारक वस्तुको आहार । > **तरावटी–** ना० १. तागतदार वस्तु; पौष्टिक आहार । २. सरसता; मिठास ।

**तरास–** ना० [सं०त्रास] १. डर; भय । २. झस्को; कहाली ।

**तरिका–** ना० [अ० तरीक] १. कुनै काम गर्ने विधि, उपाय वा जुक्ति । २. कामको सीप वा ढङ्ग । ३. व्यवहारको किसिम; चाल ।

**तरितन्नम–** वि० [(द्वि०) तन्नम] धनसम्पत्ति केही नभएको; सिरीखुरी स्वाहा भएको; कङ्गाल । (उदा०– बाबु खसेको वर्ष दिन नपुग्दै लच्छु तरितन्नम भइसके । )

**तरियान–** ना० [तरी+यान] तरीको समूह । > **तरियानी–** ना० घाट तर्ने मानिसले डुङ्गा आदिद्वारा घाट पार गर्दा दिनुपर्ने दस्तुर; नदीतराइको भाडा ।

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



**तरी**– ना० १. उखु; बाँस आदिका आँख्लाका बीचको भाग । २. औँलामा दुई आँख्लाले छुट्ट्याइएको अंश । ३. पाटा परेको भाग; खण्ड; तह । ४. औल, भित्री मदेस र तराईको जङ्गल ।

**तरु**– ना० [सं] रूख; बोट । ~ **कोटर**– ना० रूखको टोड्को । ~ **खण्ड**– ना० रूखहरूको समूह ।

**तरुण**– वि० [सं०] १. यौवन भरिएको; युवक; तन्नेरी; तरुनो । २. नयाँ; ताजा । ना० ३. युवा पुरुष । > **तरुणिमा**– ना० तरुनोपन; जवानी । **तरुणी**– वि० नवयुवती; तरुनी; पट्ठी ।

**तरुनो**– वि० [सं०तरुण] तरुण; जवान; तन्नेरी । स्त्री० तरुनी ।

**तरुल**– ना० १. पानका जस्ता पात हुने लहरामा गिट्टा फल्ने र जरामा विभिन्न रङका खान हुने कन्द लाग्ने एक लहरे वनस्पति । २. त्यसैको गानु । ३. विशेष गरी माघे सङ्क्रान्तिमा खाइने कन्दमूल । ४. लोकजीवनमा तरुल र वनतरुलका रूपमा चिनिने लहरे कन्दमूल ।

**तरेली**– ना० [तर+एली] १. तरल वस्तु अड्ने सानो खण्ड; पत्र; तह । (उदा०– शीतको थोपा अलमलियो फूलको तरेलीमा, तिम्रो आँसु छिपेको छ मेरै परेलीमा । – माधव घिमिरे ।) २. सिलसिला; क्रम ।

**तरो**– ना० [तर्+ओ] मदानीको डोरी छिराउने प्वाल ।

**तर्क**– ना० [सं०] १. कुनै कुरा कसैलाई बुझ्न-बुझाउनका लागि गरिने युक्तिपूर्ण कुरा । २. अरूको मत वा विचारको खण्डन गर्न प्रस्तुत गरिने तथ्यप्रमाणसहितको बुँदा । ३. अड्कल; अनुमान; गौर । ४. छलफल; बहस । ५. वादविवाद; कल्पना; अन्दाज ।

**तर्क-नु१**– अ० क्रि० [अ० मू० तर्+क+नु] १. कसैलाई देखेको नदेख्यै गरेर हिँड्नु; परपरै भएर वा छेउ लागेर हिँड्नु; पन्छनु । २. रिसाएर हिँड्नु; टेढिनु । ३. छाता, कर्कलाको पात, भाँडो आदिको पानी सरक्क गुडेर वा बगेर तल झर्नु ।

**तर्क-नु२**– अ० क्रि० [√ तन्क+नु] नसा आदि खिचिनु वा तानिनु ।

**तर्कना**– ना० [सं० तर्कणा] १. मनमा उठ्ने सोचविचार; तर्क । २. उपाय; युक्ति ।

**तर्कारी**– ना०हे० तरकारी ।

**तर्क वितर्क**– ना० [सं०] १. परस्परमा गरिने छलफल; वादविवाद; बहस । २. मनमा कुरा खेलाई मनैमा विचार गर्ने काम ।

**तर्क विद्या**– ना० [सं०] तर्कशास्त्र; न्यायशास्त्र ।

**तर्क शास्त्र**– ना० [सं०] १. तर्कसम्बन्धी नियम, सिद्धान्त आदिको निरूपण तथा विवेचना गरिएको शास्त्र ।

**तर्क सङ्गत**– वि० [सं०] १. तर्कद्वारा सिद्ध गरिएको (कुरा वा मत) । २. युक्तियुक्त ।

**तर्काइ**– ना० [√ **तर्क**/**तर्काउ** (+आइ)] १. देखेको नदेख्यै गरी वा रिसाएर हिँड्ने काम । २. तर्कने तथा तर्काउने क्रिया वा प्रक्रिया; पानी आदि तरल वस्तुको चुहाइ । ३. खिँच्ने काम; तनाइ । [>] **तर्काइनु**– क० क्रि० १. देखेको नदेख्यै गरी हिँडाइनु । २. चुहाइनु; निथारिनु । ३. तर्कन लाइनु; तनाइनु । **तर्काउनु**– प्रे० क्रि० १. देखेको नदेख्यै गरी हिँडाउनु । २. चुहाउनु; तहऱ्याउनु । ३. तर्कन लाउनु; तनाउनु । **तर्कातर्की**– ना० रिसले परस्परमा आँखा तर्ने काम ।

**तर्किनु**– अ० क्रि० [तर्क+इ+नु] हे० तर्कनु ।

**तर्कुल्ले**– ना० [तल+कुलो+ए] अक्षरको तलतिर दिइने ह्रस्व उकारको चिह्न ( ु ) ।

**तर्को**– ना० [√ **ततर्को**] १. तर्किने काम ; झर्को; ततर्को । २. करकर ।

**तर्क्य**– वि० [सं०] तर्क गर्न योग्य; तर्क गर्नुपर्ने; विवेचनीय ।

**तर्क्याइ**– ना० [√ **तर्कि** ( +याइ)] तर्किने काम वा किसिम । [>] **तर्क्याहट**– ना० तर्किने किसिम वा अवस्था ।

**तर्ज**– ना० [अ०] १. बनावट वा शैलीअनुसार कुनै वस्तुको आकारप्रकार वा स्वरूप; किसिम । २. त्यस्तो विशेष ढाँचा वा प्रणाली । ३. सङ्गीतको लय वा शैली ।

**तर्जन**– ना० [सं०] १. धम्क्याउने वा डर देखाउने काम । २. झपार्ने, फट्कार्ने, हपार्ने काम । > **तर्जनी**– ना० बूढीऔँलानेरको औँलो; चोरऔँलो ।

**तर्जित**– वि० [सं०] डर देखाइएको; धम्काइएको ।

**तर्जुमा**– ना० [अ० तर्जुम] १. कुनै काम गर्न थाल्दा गरिने इन्तिजाम; बन्दोबस्त; प्रबन्ध । २. ऐननियम आदिको मसौदा ।

**तर्पण**– ना० [सं०] १. स्मृतिशास्त्रअनुसार देवता, ऋषि र पितृहरूको नाउँ लिएर कुश, तिलसहित अँजुली वा अर्घद्वारा पानी चढाउने काम; जलदान-क्रिया । २. तृप्त पार्ने काम ।

**तर्प-नु**– स० क्रि० [सं० तर्पण+नु] १. दान गर्नु; अर्पनु । २. सङ्कल्प गर्नु । ३. माया मार्नु । > **तर्पाइ**– ना० तर्पने भाव, क्रिया वा प्रक्रिया । **तर्पाइनु**– क० क्रि० तर्पन लाइनु । **तर्पाउनु**– प्रे० क्रि० तर्पन लाउनु ।

**तर्पित**– वि० [सं०] १. तर्पण दिइएको । २. तृप्त गरिएको ।

**तर्पिनु**– सं० क्रि० [तर्प+इ+नु] १. तर्पनु । क० क्रि० २. तर्पने काम गरिनु; दान गरिनु ।

**तर्फ**– ना० यो० [अ० तरफ] कतैपट्टि; तिर; तरफ ।

**तऱ्याकतुरुक**– क्रि० वि० [(द्वि०) तुरुक्+अ] १. सानोतिनो धारो वा सिर्को झर्ने गरी । २. थोरै दूध दिने वस्तु दुहुने चालसँग । ३. दूध दुहुँदा निथार्ने गरेर ।

**तर्र**– क्रि० वि० [अ० मू०तर्+र] आँसु, पसिना, पानी आदि तरल पदार्थ चुहुने वा झर्ने गरी । (उदा०– केही भन्न नपाउँदै बिचरीले आँसु तर्र खसाइन् । छानाबाट तर्र पानी चुहियो ।)

**तर्लङ्ग**/**तर्लङ्ङ**– क्रि० वि० [अ० मू० तर्लङ्+ग/ङ्] १. जमिनमा नटेकी झुन्डिएर; तुर्लुङ्ङ । २. तरकारी आदिमा पातलो झोल हुने किसिमले; तङ्ग्रङ्ङ ।

**तर्ल्याङतुर्लुङ**– क्रि० वि० [(द्वि०) तुर्लुङ्+अ] हलचलै गर्न नपाई झुन्डिने किसिमले ।

**तर्स-नु**– अ० क्रि० [सं० त्रस्+नु] १. कुनै डरलाग्दो वस्तु देखेर

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



डराउनु; झसङ्ग हुनु; त्रास मान्नु । २. आपद्-विपद्को शङ्काले झस्कनु वा आत्तिनु; कहालिनु । >**तर्साइ**– ना० तर्सने काम वा किसिम । **तर्साइनु**– क० क्रि० तर्सन लाइनु; झस्काइनु । **तर्साउनु**– प्रे० क्रि० तर्सने पार्नु; झस्काउनु । **तर्साउने**– वि० १. त्रास दिने; डरलाग्दो । ना० २. भयप्रद रूपमा कल्पना गरिएको प्रेतयोनि; हाउ । **तर्साहा**– वि० तर्सने खालको; दच्कने स्वभावको; **दच्काहा । तर्सिनु**– अ० क्रि० तर्सनु । **तर्सुवा**– वि० तर्सने स्वभावको; दच्काहा; तर्साहा ।

**तल**– ना० [सं०] १. कुनै वस्तु, ठाउँ आदिको तल्लोभाग; भुईंखण्ड; पीँध; फेद ।२. हत्केलो वा पैतालो । ३. पुराणमा वर्णित तलका सात लोकमध्ये एक । ४. लिल्छविकालमा सम्म ठाउँमा आबाद भएका संयुक्त ग्रामलाई बुझाउने शब्द; ग्राम । ५. वास्तु वा मूर्तिमा प्रयोग हुने पाँच मात्रा वा पाँच अङ्गुलबराबरको नाप ।

**तलक**– ना० यो० [√ तक] सम्म; पर्यन्त; तक । (उदा०– उनले जग्गा मात्र होइन; घरतलक बेचिसकेछन् ।)

**तलतल**– ना० [√ तलबल] अम्मलको सेवन गर्ने इच्छा; अम्मलीलाई लाग्ने तिर्सना; तृष्णा; तलबल ।

**तलतिर**– क्रि० वि० [तल+तिर] उच्चा० तल्तिर पनि । तल्लापट्टि; मनितिर, मन्तिर ।

**तलथोप्ली**– वि० [तल+थोप्लो] १.तल थोप्लो भएको; तलथोप्ले । ना० २. 'व' अक्षर चिनाउने शब्द । >**तलथोप्ले**– वि० थलथोप्ली ।

**तलब**– ना० [अ०] १. कुनै पनि कर्मचारीले सेवा गरेबापत सेवाको सर्तअनुसार निज रहेको पदमा प्रचलित वेतन वृद्धिक्रमअनुसार पाउने रकम वा सुविधा; महिनावारी; तनखा; वेतन । २. जवाफ दिनका निम्ति गरिने बोलावट वा माग । ~**कट्टी**– ना० कर्मचारीको हाजिर नपुगेका दिनको अथवा अरू कारणले कट्टी हुने तलबको रकम; पूरा तलब नपाई कम तलब पाउने काम । – **दार**– वि० १. तलब खाएर काम गर्ने; जागिरदार । २. बोलाउने वा डाक्ने । ~**रोक्का**– ना० आचारसम्बन्धी कुनै कार्यकारणले कुनै कर्मचारीको तलब रोकिने काम ।

**तलबल**– ना० [हि० तलबेली] भोक, तिर्खा आदिबाट हुने व्याकुलता; छटपटी । >**तलबलाइ**– ना० तलबलाउने काम वा किसिम । **तलबलाइनु**– अ० क्रि० तलबलाउने होइनु । **तलबलाउनु**– अ० क्रि० भोक, तिर्खा आदि खप्न नसकेर छटपटाउनु; भोकतिर्खाले व्याकुल हुनु ।

**तलब वृद्धि**– ना० [तलब+वृद्धि] कर्मचारीले खाइपाइआएको तलबमा प्रचलित वृद्धिक्रम वा नियमअनुसार थपिने काम; मासिक तलबमा हुने वृद्धि । ~ **क्रम**– ना० विभिन्न पदका कर्मचारीहरूको सुरु तलब, वार्षिक वृद्धि र अन्तिम अङ्क खुलाइएको दरबन्दी (पे स्केल) ।

**तलबाना**– ना० [फा० तलबान] १. अदालतमा साक्षीहरूलाई डाक्न लगाउनका लागि लाग्ने रकम वा दस्तुर । वि० २. तलबसम्बन्धी; तलबको ।

**तलबी**– वि० [तलब+ई] १. तलबसम्बन्धी; तलब पाउने वा तलबमा बसेको । २. कुनै जवाफ लिनुपर्ने कुराको माग गरिएको वा त्यसका निम्ति बोलाइएको ।

**तलमाथि**– ना० [तल+माथि] उँधोउँभो; घटीबढी; तलवितल ।

**तलवार**– ना०हे० तरबार ।

**तल वितल**– ना० [सं] १. कुनै शङ्काजनक अवस्थाको सङ्केत । २. होचीअर्घेली; उचनीच । ३. घटीबढी; लाभहानि ।

**तलस्वामी**– ना० [सं०] तल वा ग्रामको रेखदेख गर्ने अधिकारी, तलपति ।

**तला**– ना०हे० तलो ।

**तलाउ**– ना० [सं० तल्ल] ठूलो पोखरी; ताल; जलाशय ।

**तलातल**– ना० [सं] पुराणमा वर्णित तलका सात लोकमध्ये एक ।

**तलास१**– ना० [तु०] कुनै कुराको खोजखबर; अनुसन्धान । >**तलासी**– ना० चोर वा अपराधीले छिपाएका वस्तुहरू शङ्का लागेका ठाउँमा खोज्ने काम; केही लुकाई ल्याएको छ कि भनी आङ, मालसामान आदि खोलेर जाँच्ने काम; तायदाती; खोजी ।

**तलास२**– ना० [फा० तराश] १. कपाल कोरी सम्म्याउने काम; कपाल तलास्ने काम । २. सजावट; शृङ्गार; ठाँट । >**तलास्नु**– सं० क्रि० १. कपाल कोरेर सम्म्याउनु; तलास गर्नु । २. सिँगार गर्नु ; सजिसजाउ पार्नु ।

**तली**– ना० [तल+ई] गोरु जोत्दा हलीले गोरुलाई तलतिर लगाउन भन्ने शब्द ।

**तलुवा**– ना० [तल+उवा] जुत्ताको तलतिर रहने, टेकिने पाटो ।

**तले**– वि० [तल+ए] तला भएको; तलावाल; तलातला परेको; तलैतला भएको ।

**तलेजु/तलेज्यू**– ना० [सं० तुलजा+ज्यू] नेपालकी राज्यलक्ष्मीका रूपमा मानिएकी एक प्रसिद्ध देवी; तुलजा ।

**तलेत्रो**– ना० [तल+एत्रो] १. ओछ्यानमनि वा डसनाको तल बिछ्याइने सतरन्जा, सुकुल आदि । २. बिस्कुन सुकाउँदा मान्द्राको तल राखिने गुन्द्री आदि ।

**तलेसल्लो**– ना० [तले+सल्लो] तलैतला परेर हाँगा निस्कने र मसिना पात हुने एक जातको सल्लो ।

**तलै तला**– ना० [तला+तला] १. धेरै तला वा खण्ड । २. थाकैथाक; तहैतह ।

**तलैया**– वि० [ताल+ऐया] १. तालको; तालसम्बन्धी । ना० २ तलाउ । ~**माटो**– ना० तालको पीँधमा जमेको माटो ।

**तलो**– ना० [सं० तल] घर, मन्दिर आदिमा तल, माथि, अग्लो, होचो, छिँडी, चोटो, बुइँगल आदिका विचारले दुई तीन वा धेरै खण्ड पारी बनाइएको एउटा तह वा भाग; तला । (जस्तो– भुइँतलो, माथिल्लो तलो, बीच तलो आदि ।) ।

**तलोविन्दु**– ना० [सं०] पैतलामनिको कुनै विन्दु; शिरोविन्दुको उल्टो स्थिति ।

**तल्ली**– वि० [तल्लो+ई] १. पछिल्लो । (उदा०– भानिजलाई तल्ली

वेद नि मुखाग्र छ ।) २. तलको । (उदा०–पल्लीबेसीमा भन्दा तल्लीबेसीमा धान धेरै हुन्छ ।) ~ **वेद–** ना० शुक्ल यजुर्वेदका एक्काइसौँ अध्यायदेखि चालीसौँ अध्यायसम्मको उत्तरखण्ड ।

**तल्लीन–** वि० [सं०] कुनै काममा एकचित्त भएर लागेको; तनमन दिएको; एकाग्र भएको ।

**तल्ली बिस–** ना० [तल्ली+बीस] १. पछिल्लो बीस । २. चालीस अध्याय वेदको उत्तरार्ध; पछिल्लो बीस अध्याय वेद ।

**तल्ली बेसी–** ना० [तल्ली+बेसी] तल पर्ने बेसीको नाउँ; पुछारको बेसी ।

**तल्लो–** वि० [तल+लो] १. तलतिरको; मन्तिरको । २. निम्न कोटिको ।

**तल्सिङ–** ना० [अ० तहसील] ठेकिएको बाली लिने गरी मोहीलाई जग्गा कमाउन दिने व्यक्ति; जग्गाधनी । ~**बोटी–** ना० जग्गाधनीले जग्गा कमाउने मोहीबाट पाउने बाली वा ठेक ।

**तवर–** ना० [अ० तौर] १. किसिम; भाँती । २. उपाय; तरिका । ३. चालचलन; बानीबेहोर ।

**तस–** सर्व० [√ त्यस] । (उदा०– जसतसलाई बोलाएर काम बन्दैन; पक्का मानिस चाहिन्छ ।)

**तसर्थ–** संयो० [त्यस+अर्थ] त्यसकारण; त्यसउसले ।

**तसबिर–** ना०हे० तस्बिर ।

**तसला–** ना० [फा०तश्त] फराकिलो पीँध र कोखा परेको खुला मुख हुने भात आदि पकाइने पित्तल, तामा आदिको भाँडो ।

**तसल्ल/तसल्ली–** ना० [अ०] १. कुनै काम कुराको बन्दोबस्त वा सरसल्लाह; ठीकठाक । (उदा०–अहिलेसम्म घरमा दसैँको किनमेल गर्नेबारे तसल्ल/तसल्ली भएको छैन ।) २. सान्त्वना; धैर्य; ढाडस ।

**तसै–** क्रि० वि० [त्यसो+ऐ] त्यसो नै; त्यसै । (उदा०– जसो भन्छन् तसै सही गरेर कहाँ हुन्छ !)

**तस्कर–** ना० [सं०] १. अवैध किसिमका तथा मूल्यवान् वस्तुहरूको चोरीनिकासी गर्ने चोर । २. हिंस्रक जङ्गली पशु (बाघ, चितुवा आदि ।) ~**व्यापार–** ना० देवदेवीका प्राचीन मूर्तिहरू; गाँजा, चरेसजस्ता नशादार वस्तु आदि बहुमूल्य र अवैध सामानहरूको चोरीनिकासी गरी लुकीछिपी गरिने व्यापार ।

**तस्तो–** वि० [त्यस्तो] त्योजस्तो; त्यस्तो । (उदा०– यो लेख जस्ताको तस्तो छापिदिनुभए बेस हुनेछ ।)

**तस्बिर–** ना० [अ० तस्वीर] १. क्यामराद्वारा खिँचिने कुनै ठाउँ, वस्तु, दृश्य,मानिस आदिको चित्र; फोटो; तसबिर । २. कागत, कपडा आदिमा रङ भरेर वा अन्य कुनै साधन तथा सीपले बनाइने त्यस्तै किसिमको आकृति; चित्र; बुट्टा ।

**तस्मै–** ना० [सं०] खीर; पायस ।

**तह–** ना० [फा०] १.कुनै क्रियाकलाप वा वस्तुको निर्धारित स्तर वा स्थान । २. कामको ठीक चाँजोपाँजो । ३. पुरातत्त्वका अनुसार उत्खनन गरेका कुण्डको गहिराइमा रहेको माटो आदि वस्तुको एकपछि अर्को खापिएर रहेको लहर; कुण्डमा रहेको तलदेखि माथिसम्म स्पष्ट देखिने जमिनको पत्रैपत्र । ४. खात; चाङ; पत्र ।

**तहकिकात–** ना० [फा० तहकीक > तहकीकात] १. कानुनी कारबाईमा मौकातैकात, सर्जमिन गर्ने तथा अरू सबुद, प्रमाण जुटाउने काम । २. पक्कापक्की; तय; जाँच; खोज ।

**तहखाना–** ना० [फा० तहखान] जमिनमनि बनाइएको कोठा वा बस्ने ठाउँ; सुरुङघर ।

**तहबह–** ना० [(द्वि०) तह] कुनै वस्तु वा कुरा तह लगाउने काम; थितिबिति; बन्दोबस्त ।

**तह बितह–** ना० [फा०] सम्म परेको र सम्म नपरेको वा अग्लो-होचो भएको ठाउँ वा जमिन । (उदा०– ठुलो धारा लाग्यो तह-बितह हेर्दै जमिनको । –लेखनाथ, 'तरुणतपसी' ।)

**तहबिल–** ना० [अ० तहवील] १. अड्डाखानाहरूको रुपियाँ-पैसा राख्ने ढुकुटी । २. कुनै कामका लागि कसैको जिम्मामा रहेको रुपियाँ । **– दार–** ना०तहबिलको जिम्मा लिने वा तहबिलसम्बन्धी काम गर्ने कर्मचारी । **– दारी–** ना० तहबिलदारको काम वा पद ।

**तहरि–नु–** अ० क्रि० [तहरो+इ+नु] भिजेका कुनै वस्तुबाट पानी एकोहोरिएर चुहिनु; पानी तर्केर वा तर परेर जानु; बचेखुचेको पनि सबै आउनु ।

**तहरिर–** ना० [अ० तहरीर] पुरानो चलनअनुसार निजामती कर्मचारीको हाकिममनिको एक दर्जा; हाकिमभन्दा तल्लो मुख्य कारिन्दा ।

**तहरो–** ना० [√ तर] पानीको दर्को; झर ।

**तहऱ्याइ–** ना० [√ **तहरि** (+याइ) १. तहरिने क्रिया वा प्रक्रिया । [तहऱ्याउ+आइ] २. तहऱ्याउने क्रिया वा प्रक्रिया । [>] **तहऱ्याइनु–** क० क्रि० पानी निथारिनु; तर्काइनु । **तहऱ्याउनु–** प्रे० क्रि० पानी निथार्नु, तर्काउनु ।

**तहल्का–** ना० [अ० तहल्क] कुनै कार्यकारणबाट हुने चर्को खलबल; खैलाबैला; हल्लाखल्ला । (उदा०– अचेल जतातते महँगीको मारले तहल्का मच्चिएको छ । )

**तहसनहस–** ना० [(द्वि०) अ० नहस] बिग्रेर, भत्केर, नासिएर आदि किसिमले स्वाहा हुने स्थिति; खत्तम ।

**तहसिल–** ना० [अ० तहसील] १. उठतीपुठती वा असुलउपर गर्ने काम । २. त्यस्तो काम गर्ने अड्डा । **– दार–** ना० सरकारी रकमकलम, मालपोत आदि उठाउने वा असुलउपर गर्ने व्यक्ति; त्यस्तो काम गर्ने कर्मचारीको दर्जा । **– दारी–** ना० तहसिलदारको काम वा दर्जा ।

**तहालु–** वि० [तह+आलु] तहैतह परेको; पत्रे ।

**तहिले–** क्रि० वि० [सं० तदा] त्यस बेला; त्यतिखेर ।

**ता१–** प्रत्य० [सं०] नाम वा विशेषण शब्दका पछाडि गाँसिएर भाववाचक नाम बन्ने एक प्रत्यय (जस्तो– मानवता, नम्रता, कोमलता इ० ।)

**ता२–** निपा० कुनै शब्द वा वाक्यमा जोड दिनका लागि प्रयुक्त हुने शब्द; त । (उदा०– कुरो ता ठीकै हो, काम पनि हुनुपऱ्यो । मान्दैन ता सम्झाऊ, जान्दैन ता बुझाऊ । )

**ताँगा–** ना० [√ टाँगा] टाँगा; टमटम ।

**ताँत–** ना० [सं० तन्तु] पशुका नसा, आन्द्रा आदि बाटेर बनाइएको

डोरी वा तार ।

**ताँती**– ना० [सं० तति] १. पङ्क्ति; लर्को; लहर (जस्तो– जन्तीको ताँती, कमिलाको ताँती इ० ।) । २. आरबाजो, सारङ्गी आदिमा हालिने बाखाको आन्द्रो बाटेर बनाइएको तार ।

**ताँदो**– ना० [सं० तन्तु] धनुका दुवै टुप्पामा बाँधेर तान्ने डोरी ।

**ताँबो**– ना० [तामा+ओ] तामा ।

**ताः**– ना० [नेवा०] चर्यागीत, नृत्य र भजनहरूमा बजाइने मुजुराभन्दा सानो बाजा; मञ्जरी बाजा ।

**ताइँ**– ना० [फा० ताब] १. शक्ति वा फुर्ती; पाइँ, तागत । २. घमन्ड, सेखी । – **फाइँ**– ना० निकै फुर्ती देखाउने काम; फुर्तीफार्ती, चुरीफुरी । (उदा०– मान्छे सानो भए तापनि उनी निकै ताइँफाइँ गर्दा रहेछन् ।)

**ताइचिन**– ना० [चिनि०] होचो बोट हुने प्रशस्त मात्रामा फल्ने, झन्डै तीन महिनामा पाक्ने सजिलैसँग नझर्ने एक प्रकारको धान ।

**ताइताप्के**– ना० [ताइ+ताप्के] ताप्केजस्तो तर उत्तानो परेको र बिँड लामो हुने वा दुईतिर कडा भएको, ताप्केको कामसमेत दिने भाँडो; ताई ।

**ताई**– ना० [प्रा०] सेल, रोटी आदि पकाउन प्रयोग गरिने, पीँध सम्म भई सोझोसँग बिट उठेको र उत्तानो परेको बिँडवाल फलामे भाँडो । – **को फुरौलो**– वि० क्षणिक फुर्ती देखाएर मक्ख पर्ने (व्यक्ति) (उदा०– कस्ता-कस्ता कहाँ गए, यो ताईको फुरौलोले के गर्ला ?)

**ताउ१**– ना० [फा० ता] कागतको नपटचाइएको सिङ्गो पत्र ।

**ताउ२**– ना० [प्रा० ताव] रोटी पकाइने, बाटुलो फलामे वा ढुङ्गे पातो; तावा ।

**ताउ३**– ना० [फा० ताब] १. अरूमा प्रभाव पार्न वा रोब जमाउन फुर्तीसँग जुँगा मुसार्ने काम; सेखी गर्ने चाल; घमन्ड । २. तताएर लुगा सम्म्याउने एक किसिमको इस्त्रीजस्तो फलामे साधन । ३. आँच; ताप ।

**ताउर माउर**– ना० [(द्वि०) माउर] हिँडाइ, कामगराइ आदिको तालसुर; फुर्तीसाथको तरखर । (उदा०– शान्तिको बिहेको दिन उनकी दिदीको ताउरमाउर कसले हेरिदेओस् ! तपाईं त जात्रा हेर्न जाने ताउरमाउरमा पो लाग्नुभएछ ।)

**ताउली**– ना० [ताउलो+ई] सानो ताउलो ।

**ताउलो**– ना० [सं० तातल] भात, खोले आदि पकाउने साधारण र मझौला खालको तामा, पित्तल आदिको भाँडो ।

**ताक्-नु**– स० क्रि० १. कुनै कुराको चाहना गर्नु; चिताउनु । २. कुनै ठाउँ वा वस्तुलाई एकटक लाएर हेर्नु; नियाल्नु । ३. हालेको ठाउँमा लाग्ने किसिमले सोझो पारेर हेर्नु; लक्ष्य गर्नु; निसाना सोझ्याउनु । ४. मौका पर्खेर बसिरहनु ।

**ताक**– ना० [√ ताक्+अ] १. अवसर; मौका (उदा०– उनी छोराको बिहे गर्ने ताकमा छन् । ) । २. उद्देश्य; लक्ष्य (उदा०– ताक राम्रो भएपछि काम पनि सफल हुन्छ ।) । ३. हेराइ; दृष्टि (उदा०– एकै ताकमा कान्छोसित पुतली मोहित भइछ ।) । ना० यो० ४. तिर; छेक (उदा०– अब दसैँताक हाम्रो भेट हुन्छ ।) – **छोपुवा**– वि० ताक छोप्ने; अवसरवादी ।

**ताकतरह**– ना० [ताक+तरह] कामको प्रारम्भ वा पूर्वरूप; सुरसार ।

**ताका**– ना० यो० [ताक+आ] ताक; छेक ।

**ताकाताक**– ना० [ताक+ताक] १. परस्परमा ताक्ने काम; मौका छोप्ने काम । (उदा०– तिनीहरू झ्यालमा बसेर ताकाताक गरिरहेछन् ।) २.साह्रै हतार वा खाँचो । (उदा०– आफ्नो खेतीको कस्तो ताकाताक परेको बेला मदेस नझरी सुख पाइएन ।

**ताकिता**– ना० [अ० ताकीद] गर्नुपर्ने वा सुरु भएको काम चाँडो सक्नलाई लगाइने आत्तुरी; काम छिटै टुङ्ग्याउनका निम्ति गरिने हतारो; तकाजा । >**ताकिती**– ना० ताकिता ।

**ताकिनु**– क० क्रि० [ताक्+इ+नु] ताक्ने काम गरिनु; लक्ष्य गरिनु ।

**ताक्मारु**– ना० छिटै पाक्ने खालको एक जातको धान ।

**ताखु**– ना० [भो० ब०] ऊन कात्ने एक प्रकारको हाते साधन ।

**तागत**– ना० [अ० ताकत] प्राणीको शरीरमा सञ्चित शक्ति; सामर्थ्य; बल । – **दार**– वि० १.तागत भएको; बलियो । २. तागत दिने; तागतिलो (पौष्टिक खानेकुरा आदि) । – **वर**– वि० शक्तिशाली; बलियो । >**तागतिलो**– वि० १. तागत भएको; बलियो । २. तागत दिने, पौष्टिक । **तागती**– वि० तागत लाग्ने; तागतिलो ।

**तागा**– ना० [प्रा० तग्ग] १. जनै । २. धागो । – **धारी**– ना० १. जनै लाउने जाति; द्विजाति । वि० २. जनै लाउने ।

**तागो तगारो**– ना० [(द्वि०) तगारो] घरजग्गाको साँध-सिमाना; बार वा गौँडो ।

**ताछ्-नु**– स० क्रि० [सं० तक्ष+नु] १.हतियारद्वारा कुनै पनि वस्तुको बाहिरी भाग (ताला, बोक्रा आदि) खुर्कनु; बोक्रा फाल्नु । २. खुत्त्याउनु; तछार्नु । >**ताछतुछ**– ना० ताछ्ने र खुर्कने काम ।

**ताज**– ना० [फा०] १. राजमुकुट; शिरपेच । २. गन्जिफाको एक रङ । ३. असल; उम्दा ।

**ताजन**– ना० [फा०] घोडालाई पिट्ने र तह लाउने छडी ।

**ताजा**– वि० [फा०] १. नसेलाएको वा बासी नभएको; साजी (खानेकुरा) । २. भर्खर टिपेर ल्याइएको; नओइलाएको (फलफूल) । ३. आलो; ताजा (कुरा, खबर आदि) ।

**ताजी**– ना० [फा०] १. अरब देशमा पाइने एक जातको घोडा । २. एक जातको घरपालुवा कुकुर ।

**ताजुप⁄ताजुब**– वि० [फा० ताबूब⁄तअज्जूब] १. छक पार्ने; अनौठो खालको । ना० २. अचम्म; आश्चर्य; छक्क ।

**ताड्-नु**– स० क्रि० [स०ताइ+नु] १. गुप्त रूपमा रहेको वा थाहा नभएको कुरो पत्ता लाउनु; पारख गर्नु । २. कस्तो रहेछ भन्ने कुरो खुट्ट्याउनु; लख गर्नु; अनुमान गर्नु; अडकल्नु ।

**ताड**– ना० [सं०ताल] हाँगाबिँगा नहुने, सोझो टुप्पामा ठूलठूला पात हुने तगरजस्तो एक रूख ।

**ताडक**– वि० [सं०] ताडन गर्ने; प्रहार गर्ने; पिट्ने ।

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



**ताडका–** ना०[सं०] रामायणमा वर्णित रामचन्द्रद्वारा मारिएकी एक प्रसिद्ध राक्षसी ।

**ताडन/ताडना–** ना० [सं०] १. कुटीपिटी तह लगाउने काम; कुटाइ । २. सपार्ने उद्देश्यले दिइने शासना; चोट; सजाय ।

**ताडनी–** ना० [सं०] कोर्रा ।

**ताडपत्र–** ना० [ताड+पत्र] १. ताडवृक्षको पात (यसमा प्राचीन कालमा ग्रन्थहरू लेखिन्थे ।) २. कानका लोतीमा भुन्डिने गरी लगाइने गहनाविशेष ।

**ताडित–** वि० [सं०] शासना दिइएको; पिटिएको ।

**ताडिनु–** क० क्रि० [ताड्+इ+नु] ताड्ने काम गरिनु; पिटिनु ।

**ताडी–** ना० [सं०] १.ताडको रूख । २. ताडको रूखबाट निकालिने एक किसिमको नशादार रस वा मद्य ।

**ताण्डव–** ना० [सं०] उफ्राइ-कुदाइ बेसी हुने शिवको प्रसिद्ध नृत्य; पुरुषले नाच्ने उद्धत नृत्य ।

**तात–** ना० [सं०] १. पिता; बाबु । २.आदरणीय व्यक्ति वा मान्यजन । ३. आफूभन्दा सानो व्यक्तिलाई स्नेहपूर्वक गरिने सम्बोधन ।

**तातापानी–** ना० [तातो+पानी] १. जमिनमनिबाट गन्धक, चुन आदिको संयोगले तातेर निस्केको पानी । २.काठमाडौँबाट चीनको तिब्बती क्षेत्रमा जाने बाटोमा पर्ने मितेरी साँघुको नजिकै अरनिको राजमार्गको छेवैमा रहेको त्यस्तो पानी भएको प्रसिद्ध ठाउँ ।

**तातिनु–** अ० क्रि० [तात्+इ+नु] तातो होइनु; गर्मिनु ।

**तातिल–** ना० [अ० तातील] अड्डाखानाहरूमा बिदा भएको दिन; छुट्टी; तातेल ।

**ताती/ताते–** ना० [सं० ताति] बिस्तारै हिँड्ने काम; हिँडाइ (बालबोलीमा) ।

**तातो–** ना०हे० तातिल ।

**तातो–** वि० [सं० तप्त] १. आगो, घाम आदिको राप भएको; तातेको; गर्मी । २. शरीरमा हुने मधुरो उष्णताका किसिमको; न्यानो । ना० ३. पोल्ने वा डाम्ने आँच; उष्णता; गरम; ताप । ४. कामको उत्साह वा जाँगर । ~ **छारो–** ना० तातो पनि छारो पनि; महत्त्वहीन स्थिति । ~ **न छारो–** वि० केही न केही; सार नभएको । ~ **न्यानो–** ना० १. तातो खानेकुरा र न्यानो वस्त्र । २. तातो र न्यानो । ~**रगत–** ना० भर्खरै निस्केको वा आलो रगत; जोस र रिसमा उम्लने रगत । ~ **रिस–** ना० भडङ्ग उठेको रिस ।

**तात्-नु–** अ० क्रि० [तातो+नु] १. आगो, घाम आदिले तातो हुनु; गर्माउनु । २. कुनै कारणले कसैसँग रिसाउनु; भोकिनु । ३. कुनै कामका निम्ति आँटेर तत्पर हुनु ।

**तात्कालिक–** वि० [सं०] त्यस समयको; त्यही बखतको ।

**तात्तातै–** क्रि० वि० [तात्तातो+ऐ] तुरुन्तातुरुन्ती; उत्तिखेरै; तत्काल ।

**तात्तातो–** वि० [तातो+तातो] अलिअलि तातो; मनतातो ।

**तात्पर्य–** ना० [सं०] १. कुनै कामकुराको भित्री अभिप्राय; मतलब; आशय । २. गाँठी कुरो । > **तात्पर्यार्थ** – ना० वाच्यार्थभन्दा बेग्लैअर्थ; व्यङ्ग्यार्थ ।

**तात्त्विक–** वि० [सं०] १.तत्त्वज्ञानले युक्त; तत्त्वसम्बन्धी । २. वास्तविक; यथार्थ ।

**तादात–** ना० [अ० तअदाद] परिमाण; सङ्ख्या; गन्ती । (उदा०– भाषण सुन्न ठूलो तादातमा मानिसहरूको भीड थियो ।)

**तादात्म्य–** ना० [सं०] एउटा वस्तु अर्को वस्तुसँग मिलेर एक हुने काम वा अवस्था; अभेद मिश्रण वा सम्बन्ध ।

**तादी–** क्रि० वि० [सं०तद्दीन] १. धेरै पहिले; अघिअघि; उहिले । ना० २. बितेको समय ।

**तादृश–** वि० [सं०] देखाएजस्तै; त्योजस्तै; त्यस्तै; अनुरूप ।

**तान्-नु–** सं० क्रि० [सं० तन्+नु] १. आफूपट्टि ल्याउनु; खिच्नु, घिच्च्याउनु । २. आफ्नो मत वा पक्षमा ल्याउनु; आकर्षित गर्नु । ३. तन्काउनु; थुत्नु ।

**तान–** ना० [सं०] १. कपडा बुन्ने घरेलु यन्त्रविशेष । २. कपडा बुन्न फैलाइएको धागो । ३. फैलावट, विस्तार । ४. मनको एकसुर । ५. सङ्गीतका केही स्वरलाई एकसाथ बजाउने वा गाउने काम; आलाप । – **तुन–** ना० १.तान्नेवर्ने काम । २.बलतल गरी वा जिनतिन पुऱ्याउने काम । ३. घरको मसिनु काम । – **पुरा–** ना० चारवटा तार लागेको, पर्दा नभएको, गाउँदा स्वर दिने सितारजस्तो वाद्यविशेष ।

**तानसेन–** ना० १. नेपालको पश्चिमाञ्चल क्षेत्रमा लुम्बिनी अञ्चलभित्र पर्ने पाल्पा जिल्लाको सदरमुकाम । २. मुगल सम्राट् अकबरको दरबारका नवरत्नमध्येका एक तथा प्रसिद्ध गायक ।

**ताना१–** ना० [सं० तान] १. लयको विस्तारका निम्ति लेघ्रो तान्ने चाल; आलाप । २.मनको लहड; बोली; धुन । ३. राल, सिँगानजस्ता चिप्लो वस्तुको मिहिन तन्तु; डोरी ।

**ताना२–** ना० [अ० तअन:] छेडपेच हानिने बोलाइ; व्यङ्ग्य; छनक । ~**कस्नु–** टु० छेडपेच हान्नु; आक्षेप गर्नु ।

**तानातान–** ना० [तान्+आ+तान्+अ] परस्परमा जसले सक्यो उसले तान्ने काम; दुई थरीका बीचको तनाइ; खिचातानी । > **तानातानी–** ना० तानातान ।

**तानाबाना–** ना० [सं० तानं+वयन] कपडाको तान र बुनोट; तनौटो र बुनौटो ।

**तानामाना–** ना० [√ तानाबाना] जङ्गीनिजामती कर्मचारीहरूको फित्ता, पगरी, पेटी आदि पहिरन वा चिह्न ।

**तानासाह–** ना० [फा०] निरङ्कुश वा स्वेच्छाचारी शासक । > **तानासाही–** ना० राज्यको सम्पूर्ण अधिकार एउटै व्यक्तिमा निहित रहने राज्यव्यवस्था; अधिनायकवाद ।

**तानिनु–** क० क्रि० [तान्+इ+नु] तान्ने काम गरिनु; खिचिनु ।

**तानेतुने–** ना० [√ तानतुन] १.कुनै किसिमले गरिने काम; मसिनु काम; तानतुन । वि० २. जिनतिन कामचलाउ हुने; सानोतिनो ।

**तानेमाने–** ना० [तानामाना] सानोतिनो खालको कामधन्दा; अल्याङमल्याङ हुने काम ।

**तान्त्रिक–** ना० [सं०] १. तन्त्रमन्त्र जान्ने वा त्यसको प्रयोग गर्ने

व्यक्ति; तन्त्रशास्त्र जान्ने व्यक्ति । वि० २. तन्त्रशास्त्रको; तन्त्रसम्बन्धी ।

**तान्द्रो–** ना० [सं० तन्तु] १. सागपात, घाँस, पराल आदिको एउटा बोट वा पात; त्यान्द्रो । २. सानो धरो वा डोरो ।

**ताप्-नु–** स० क्रि० [सं० ताप+नु] १. शरीरमा घामको पाहार वा आगाको राप लिनु र जीउ तताउनु । २. थकाइ, गर्मी आदि मेट्न मधुरो हावा वा शीतलताको सेवन गर्नु ।

**ताप–** ना० [सं०] १. पोल्ने, तताउने वा सङ्घर्षणबाट प्राप्त हुने शक्ति । २. तातोपन; गर्मी; उष्णता । ३. मानसिक दुःख वा पीर; सन्ताप । ४. ज्वर । ~ **ऊर्जा–** ना० तापबाट निस्कने शक्ति । > **तापक–** वि० ताप दिने; तातो गराउने; गर्मी चढाउने । – **क्रम–** ना० १. उष्णता वा तातोपन घटीबढी हुने क्रम; सूर्यबाट प्राप्त हुने गर्मी । २. थर्मामिटरद्वारा हेरिने तापको परिमाण । – **त्रय–** ना० आधिदैविक, आधिभौतिक र आध्यात्मिक तीन थरी दुःख । **तापन–** ना० १. कामदेवका पाँच बाणमध्ये एक । २. ताप ।

**तापनि–** संयो० [ता+पनि] त्यसो भए पनि; तैपनि; तथापि (उदा०– उनले भने तापनि यो काम गर्न सकिएन ।)

**ताप परिमापक–** ना० [सं०] तापको परिमाण नाप्न प्रयोग गरिने वैज्ञानिक उपकरण ।

**तापमान–** ना० [सं०] वायुमण्डलमा रहने वा शरीरमा हुने तापको मात्रा । ~**यन्त्र–** ना० त्यस्तो ताप नाप्ने वैज्ञानिक यन्त्र; डिग्री; थर्मामिटर ।

**ताप मापक–** वि० [सं०] ताप वा तापक्रम नाप्ने । ~**यन्त्र–** ना० २. ताप नाप्ने साधन वा यन्त्र ।

**ताप संवाहन–** ना० [सं०] गर्मी तल-माथि सर्ने प्रक्रिया ।

**तापस–** ना० [सं०] १. तपस्या गर्ने व्यक्ति; तपस्वी । वि० २. तपस्यासम्बन्धी; तपस्याको; तपस्यामा लागेको ।

**तापसञ्चालन–** ना० [सं०] एक वस्तुबाट सँगैको अर्को वस्तुमा ताप सर्दैजाने प्रक्रिया ।

**तापान्तर–** ना० [सं०] कुनै खास अवधिभित्र हुने अधिकतम र न्यूनतम तापको अन्तर ।

**तापित–** वि० [सं०] तातो पारिएको; तताइएको ।

**तापिनु–** क० क्रि० [ताप्+इ+नु+] ताप्ने काम गरिनु ।

**तापी–** वि० [सं०] १. ताप दिने; तताउने । २. दुःख, पीर दिने ।

**ताप्के–** ना० [सं० तापक] तिहुनतरकारी पकाइने बिँड भएको फलामे भाँडो ।

**ताप्रे–** ना० [ताप्रो+ए] १. मेथीका जस्ता पात हुने; पहेँला फूल फुल्ने, तनेबोडीका जस्ता कोसा फल्ने तथा सूर्य उदाउँदा पात फक्रने र अस्ताउँदा पात जोरिने एक प्रकारको झार । वि० २. दुब्लाएको; पेट सुकेको ।

**ताप्लेजुङ–** ना० [भो० ब०] नेपालको पूर्वाञ्चल विकासक्षेत्रभित्र पर्ने मेची अञ्चलको सुदूर उत्तरपूर्वी भागमा स्थित, चीन देशसँग सिमाना जोडिएको एक पहाडी जिल्ला ।

**ताबेदार–** वि० [अ० ताबे+फा० दार] १. अरूको अधीनमा रहने तथा आज्ञापालन गर्ने । ना० २.नोकर; सेवक । > **ताबेदारी–** ना० दाबेदारको काम; सेवा; नोकरी ।

**तामचिन–** ना० [अ० ताम+फा० चीन] भित्रपट्टि सेतो र बाहिरपट्टि कालो हुने भाँडाकुँडा बनाउने धातु; त्यस्तो रोगन लगाइएका भाँडा बनेको टिन; चिनियाँ रोगन ।

**तामदान–** ना० [अ० ताम+फा० दान] मानिसले बोकेर चलाइने एक किसिमको सवारी साधन; उलिन्काठ ।

**तामस–** ना० [सं०] १.तमोगुण हुनेको स्वभाव; अहमत्याइँ; अभिमान; घमन्ड । वि० २. तमोगुण बेसी भएको; तमोगुणी । > **तामसिक–** वि० तमोगुणसम्बन्धी; तमोगुण भएको । **तामसी–** वि० तमोगुणी; अभिमानी ।

**ताम१–** ना० १. तरकारी खाइने अमिलो स्वाद भएको एक थरी बाँसको कलिलो टुसाको चकना । २. हाँगा र पात नआउन्जेलका अवस्थाको बाँसको टुसो वा मुनु ।

**तामा२–** ना० [सं ताम्र] थोरै रातोरातो रङको हुने एक प्रसिद्ध खनिज धातु; ताम्र; ताँबा । – **कोसी–** ना० भोटमा मूल भएको, नेपालको पूर्वी पहाडी क्षेत्रमा बग्ने सप्तकोसीमध्येको एक नदी ।

**तामाङ–** ना० [भो० ब० ] प्रायः नेपालको उत्तर पूर्वी पहाडी भागमा बस्ने एक जाति । ~**सेलो–** ना० तामाङ जातिले गाउने, चरणमा सात वा आठ अक्षर भएको लोकगीतको एक लय ।

**तामा बाँस–** ना० [तामा+बाँस] तामाका चकना बनाइने कलिलो बाँस; एक प्रकारको बाँस ।

**तामिल/तामिली–** ना०हे० तामेल ।

**तामे–** वि० [तामा+ए] १.तामा धातुको वा तामाजस्तो; ताम्रसम्बन्धी । २. तामाको जस्तो रङ भएको । ~**ढुकुर–** ना० प्वाँखमा राताराता छिर्का हुने ठूलो जातको ढुकुर ।

**तामेल–** ना० [अ० तामील] १. कामको समाप्ति; तयारी; तामिल/तामिली । २. आज्ञापालन । > **तामेली–** ना० तामेल गर्ने काम वा अवस्था; काम पूरा भएको स्थिति; तामिली ।

**तामेस–** ना० मुजुरका पुच्छरझैँ उठेको, गजाले रेटेर बजाइने पन्ध्रवटा तार लागेको, इसराजजस्तो एक तारबाजा ।

**तामो–** ना०[√ तामा] ताम्र; ताँबो । ~**तुलसी–** ना० धर्म सम्झिँदा वा भाक्दा हातमा लिइने तामाको द्रव्य र तुलसीको पत्र ।

**ताम्बा काइतेन–** ना० [भो० ब० (ता०)] बिहे, भोजभतेर आदिमा गाइने धार्मिक विषयवस्तु भएको तामाङ जातिमा प्रचलित एक लोकगीत ।

**ताम्बुल–** ना० [सं०] १. खयर, चुना, सुपारी, मसला आदि हालेर बनाइने पानको बिडा । २. पानको पात वा लहरो । ~**वल्ली–** ना० पानको लहरो । ~**वीटिका–** ना० पानको बिडा । > **ताम्बूलिक–** वि० पान बेच्ने (व्यक्ति); बरही ।

**ताम्र–** ना० [सं०] १. एक किसिमको थोरै रातो खनिज धातु । २.

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



एक किसिमको कुष्ठरोग । वि० ३. तामाले बनेको; तामाका रङको । > **ताम्रक**– ना० ताम्र; तामा । – **कार**– ना० तामा, पित्तल आदिका भाँडाकुँडा बनाएर जीविका गर्ने जाति वा व्यक्ति; तमौटे । – **पट्ट पत्र**– ना० दानपत्र आदि लेखेर दिइने अक्षर कुँदिएको तामाको पातो । – **पत्र**– ना० तामाको पातामा लेखिएको अभिलेख; तामापत्र । ~ **पल्लव**– ना०अशोक वृक्ष । ~ **युग**– ना० मानिसले तामाका भाँडाकुँडा, हतियार आदि उपयोगमा ल्याउन थालेको, ढुङ्गे युगपछिको प्राचीन समय । ~ **वर्ण**– वि० तामाका रङको, रक्तवर्णको । – **वल्ली**– ना० रत्नाउलो झारविशेष ।

**ताम्रिङ**– ना० [अङ्० टैम्बूरिन] मुजुरा लागेको, खैंजडीका ढाँचाको ठोकेर बजाइने एक प्रकारको बाजा ।

**ताम्लो**– ना० [भो० व०] गुरुङ जातिका स्त्रीहरूले कम्मरमनि गुन्यूँमाथि लाउने, कालो मखमलको तीनकुने वस्त्र; कर्मु ।

**तायजात/तायदात**– ना० [अ० तअदाद] १. फौज्दारीसम्बन्धी गहन अपराधका अभियुक्तको अपराध सिद्ध भएमा वा कसैले सरकारी धनमाल मासेर खाएमा सरकारद्वारा निजहरूको सम्पत्ति जफत गर्ने काम; जायजेथा; सर्वस्व । २. सङ्ख्या; गन्ती ।

**तायदाती**– वि० [तायदात+ई] तायदातसम्बन्धी; तायदातको । ~ **फाराम**– ना० तायदात गर्दा राखिने सम्पत्ति वा धनमालको विवरण; मुद्दासम्बन्धी प्रयोजनीय कागतपत्रको पञ्जिका ।

**तायो**– ना० [नेवा० तायल] घाँटीमा लगाइने एक प्रकारको गहना ।

**तार्-नु**– स० क्रि० [सं०तारण+नु] १. नदीनालाहरूमा कुनै वस्तु; मानिस आदि वारिपारि पुऱ्याउनु; पार लगाउनु । २. दुःखसङ्कटबाट उद्धार गर्नु; उतार्नु । ३. पितृहरूलाई मुक्त पार्नु । ४. पानी नहालीकनै घिउ, तेल आदिमा तरकारी आदि भुट्नु वा पकाउनु ।

**तार१**– ना० [सं०] १. धातुको मसिनु डोरो । २. दूरसञ्चारका माध्यमले आउने खबर । ३. त्यस्तो सञ्चारको निम्ति प्रयोग गरिने सङ्क्षिप्त नाम ।४. सङ्गीतको उच्चस्वर ।

**तार२**– ना० [सं० ताड] हाँगाबिँगा केही नहुने, टुप्पामा ठूला पात हुने, सोझो सुरिलो एक जातको रूख; ताड ।

**तारक**– वि० [सं०] १. पार लगाउने; तार्ने; उद्धारक । ना० २.तारा । ३.आँखाको नानी । ४.रामको षडक्षर मन्त्र (ॐ रामाय नमः) । ५.चार सगण र एक गुरु भएको एक छन्द । ~ **चिह्न**– ना० १. विशेष खोलुवा दिन वा महत्त्व प्रदर्शित गर्नलाई छापा वा लिपिमा प्रयोग गरिने ताराजस्तो चिह्न (*) २. अव्याकरणिक रूप जनाउन प्रयोग गरिने चिह्न । > **तारका**– ना० १.आँखाको नानी । २.तारा; नक्षत्र । **तारकासुर**– ना० कुमार कार्तिकेयद्वारा मारिएको एक प्रसिद्ध दैत्य । **तारकिणी**– ना० ताराहरू चम्केको रात । **तारकीय**– वि० १. तारासम्बन्धी; ताराहरूले भरिएको । २. तारकमन्त्रसम्बन्धी । **तारकेश**– ना० चन्द्रमा । **तारकेश्वर**– ना० शिव; महादेव ।

**तारखबर**– ना० [तार+खबर] दूरसञ्चारका माध्यमले आकाशमार्गबाट आएको समाचार; टेलिग्राम ।

**तारघाट**– ना० [तार्+घाट] नदी तर्ने बटुवा वा यात्रीहरू तर्ने र ओर्लने ठाउँ ।

**तारण**– ना० [सं०] १.पार लाउने काम; तार्ने काम । २. उद्धार ।

**तारतम्य**– ना० [सं०] १. सन्जोग वा सिलसिलाले हुने कुनै कामको सफलता । २. हुनुपर्ने कामकुराको बन्दोबस्त; चानस ।

**तारनतार**– क्रि० वि० [तार+तार] एकपछि अर्को गर्दै; फेरि-फेरि; लगातार; निरन्तर ।

**तारन्तै**– क्रि० वि० [तार्+अन्तै] तुरुन्तै; लगत्तै ।

**तारपिन**– ना० [अङ्० टर्पेन्टाइन] सल्लाको खोटोबाट निकालिने एक किसिमको तेल ।

**तार फाइल**– ना० [तार+फाइल] तारले उनेर फाइल गरिने प्रणाली वा त्यसरी गरिने कागतपत्रको नत्थी ।

**तारल्य**– ना० [सं०] १ तरल वा पन्यालो हुने भाव वा स्थिति; तरलता । २. चञ्चलता । ३. कामुकता ।

**तार सप्तक**– ना० [सं०] सङ्गीतमा स्वरहरूको सबभन्दा तीखो उच्चारण हुने स्थिति ।

**तारसुर**– ना० [सं०] १. कामको पूर्वरङ्ग; तरखर; तालसुर । २. कामको चाँजोपाँजो; व्यवस्था ।

**तारा**– ना० [सं०] १. राती आकाशमा झल्कने ज्योतिसमूह वा प्रकाशपिण्ड; नक्षत्र । २. आँखाको नानी; पुतली । ३. बालिकी, बृहस्पतिकी र अमोघसिद्धिकी पत्नीहरूको नाम ।४. विश्वपाणिकी माता । ५. पञ्चतारामध्ये एक । ~ **गण**– ना० ताराहरूको समूह; तारा-मण्डल । > **ताराङ्कित**– वि० ताराको चिह्नले चिनाइएको; ताराको चिनु लगाइएको (शब्द, वाक्य, प्रश्न आदि) । विप० अताराङ्कित । – **पट**– ना० आँखाको गोला (नेत्राण्ड) का विभिन्न भागलाई छुट्ट्याउने मासुको पातलो पर्दा । – **पति**– ना० १. चन्द्रमा । २. बृहस्पति । ३. बालि । ~ **पुञ्ज**– ना० कल्पित बाह्य रेखाभित्र गुजुल्टिएका स्थिर ताराको सङ्ख्या; आकाशमा देखिने ताराहरूको समुदाय; तारामण्डल ।

**ताराबाजी**– ना० [ताली+बाजी] थपडी मारेर वा ताली बजाएर खेलिने केटाकेटीको एक खेल ।

**तारा मण्डल**– ना० [सं०] १. ताराहरूको घेरा वा समूह; नक्षत्रमण्डल । २. पहँलो रङ हुने एक प्रकारको ठूलो छत्तावाल फूल ।

**तारा माछो**– ना० [तारा+माछो] समुद्रमा पाइने, ताराजस्तै पाँचतिर चोसा फैलिएको, काँडे शरीर भएको, शरीरका विभिन्न काम पानीको सञ्चारणप्रणालीद्वारा गर्ने एक प्रकारको जन्तु ।

**तारिका**– ना० [सं०] १. सानो तारा । २. अचेल चलचित्र आदिकी प्रसिद्ध र सफल अभिनेत्री । ३. कोटको कल्लरमा धारण गरिने विभूषणको सानो प्रतीक वा स्मृतिचिह्न ।

**तारिख**– ना० [फा० तारीख] १. अड्डाअदालतबाट झगडिया वा निजको वारिसलाई हाजिर हुन आउनू भनी लेखिदिएको मिति;

तारेक । २. इस्वी महिनाको गते वा दिन; मिति । ~**किताब–** ना० तारिखको नाम, मिति टिप्ने पन्जिका । ~**पर्चा–** ना० अड्डा अदालतबाट झगडिया वा वारिसलाई यस दिन हाजिर हुन आउनू भनी अड्डाको छाप र फाँटवालाले सहीछाप गरी लेखिदिने कागत वा पुर्जा । ~**भरपाई–** ना० 'तारिख बुझिलिएँ' भन्ने बेहोरा भएको झगडिया वा वारिसको सहीछाप परेको कागत । **– वाला–** अड्डाअदालतबाट तारिख तोकिएको वा तारिखमा रहेको झगडिया ।

**तारिनु–** क० क्रि० [तार्+इ+नु] तार्ने काम गरिनु ।

**तारिफ–** ना० [अ० तअरीफ] १. असल गुणहरूको बढाइँ; प्रशंसा; सद्वनी । २. कुनै कुराको विवरण वा वर्णन ।

**तारी–** ना० १. सुनकेवँरा । २. पटुवा काट्दा चार मुठाबाट एक किलो पाट बन्ने हिसाबले बनाइने सानो एकाइ; मुठी ।

**तारु–** ना० मसिना पात हुने, झुस नहुने, बलियो चिल्लो जातको बाँस ।

**तारुण्य–** ना० [सं०] तरुण हुनाको भाव वा अवस्था; तन्नेरीपन; युवावस्था; जवानी; यौवन ।

**तारे१–** वि० [तारा+ए] १. निधारमा ताराजस्तो सेतो चिह्न वा टाटो भएको; चाँदे (पशु) । २. तारा भएको; ताराजस्तो ।

**तारे२–** वि० [तार्+ए] तार लागेको; तार भएको । (उदा०– त्यस्तो तारे बारमा कसरी जाने ? कर नलाऊ है ! )

**तारेक–** ना०हे० तारिख ।

**तारे भिर–** ना० [तारो+भीर] साह्रै अग्लो र कहालीलाग्दो ठाडो पहरे भीर ।

**तारेमाम–** ना० [तारे+सं० माम] बौद्धमार्गीबीच प्रचलित एक प्रकारको अभिवादन; नमस्कार ।

**तारैतार–** क्रि० वि० [तार+तार] पटकैपिच्छे; तारनतार ।

**तारो–** ना० [सं० तारा] बाण, गोलीजस्ता अस्त्रले ताकिने निशाना; लक्ष्य । ~ **हनाइ–** ना० तारो हान्ने काम ।

**तार्किक–** वि० [सं०] १. तर्कशास्त्र जान्ने (व्यक्ति); तत्त्ववेत्ता; दार्शनिक; नैयायिक । २. तर्क वा तर्कशास्त्रको; तर्क वा तर्कशास्त्रसम्बन्धी । ~ **प्रश्न–** ना० तर्कयुक्त प्रश्न । ~ **शैली–** ना० लेखाइमा लामा वाक्य, प्रचुर विशेषण र बौद्धिकता बेसी भएको, अलि कठिन भईकन बुँदायुक्त, गहकिलो तथा विचारात्मक हुने, ओज गुण भएको एक शैली ।

**तार्की–** ना० [तार+की] मदानीको टुप्पामा जडिएको तार ।

**तार्कु–** वि० [तारा+कु] ताराजस्तो चिह्न भएको; निधारमा ताराकार सेतो टीका हुने (गाई, बाछी ) ।

**तार्के–** वि० [तारा+के] ताराजस्तो चिह्न भएको; निधारमा ताराकार सेतो टीका हुने (गोरु आदि) । ~**घ्याङ–** ना० सिन्धुपाल्चोक जिल्लामा पर्ने बौद्धमार्गी लामाहरूको प्रसिद्ध धार्मिक स्थल (गुम्बा) । ~ **जुरेली–** ना० एक जातको जुरेली चरो । ~ **बाँस–** ना० तामाबाँसभन्दा अलि मसिना पात र खँदिलो हुने एक प्रकारको बाँस ।

**ताल१–** ना० [सं० तल्ल] पानी प्रशस्त जमेको ठाउँ; ठूलो प्राकृतिक पोखरी; दह ।

**ताल२–** ना० [सं०] १. नाचगानको ढङ्ग वा पारा; छाँट; चाल । २. खुसी प्रकट गर्दा दुई हत्केला बजाएर निकालिने शब्द; ताली । ३. मादल, तबला, झ्याम्टा आदि ठोकेर वा जुधाएर बजाइने बाजाको मात्रा । ४. ढोकाको आग्लो खोल्ने वा लगाउने फलामे साधन । ५. झ्यालढोकाको चौकोस कस्नाका निम्ति गाह्रोमा तेर्स्याइने लामो काठ । ६. ताडको रूख । ७. कामगराइको चोटि वा पटक । ८. सन्जोग; मौका । **– गाँठी–** ना० १. कुनै कामकाजको प्रबन्ध; चाँजोपाँजो । २. कुनै कुराको भित्री अभिप्राय; रहस्य । **– बारी–** वि० अनेक ताल झिक्ने; आफ्नै तालको; अनौठो । **– द्वार–** ना० झ्यालढोकाहरू लगाउने र बन्द गर्ने साधन; साँचोमुचो; तालाकुन्जी । ~ **न सुर–** ना० छाँट न काँट; रङ्ग न ढङ्ग । **– पत्र–** ना० हे० ताडपत्र । **– पर्णी–** ना०जङ्गलमा पाइने एक जातको सुप । **– फल–** ना० नरिवलको आकारको भित्रपट्टि पानी हुने एक प्रकारको फल; ताडको फल । **– मखाना–** ना० लामालामा पात हुने; हाँगा र डाँठका बीचमा काँडादार गाँठा फल्ने, सेता वा नीला जुहीका जस्ता फूल फुल्ने एक जातको बुटी वा त्यसैको फल । **– मान–** ना० चित्र, मूर्ति आदि बनाउँदा आकृतिको ठीक अनुपात मिलाइने त्रिकोण, वृत्त आदि । **– माल–** ना० तालमेल । **– मेल–** ना० कामकुराको परिपञ्च वा चाँजोपाँजो; ठिक्क हुने वा मिल्ने काम ।

**तालव्य–** वि० [सं०] तालुस्थानबाट उच्चारित हुने (ध्वनि) । तालुसम्बन्धी । >**तालव्यीभवन–** ना० अर्कै स्थानबाट उच्चारण हुने ध्वनि तालव्य वर्णमा परिवर्तित हुने काम वा स्थिति (जस्तो– सत्+चरित्र=सच्चरित्र, वाद्य = बाजा इ० ।)

**ताल सुर–** ना० [सं० ताल+सुर] १. कुनै कामकुराको ताल र सुर । २. कामको रूपरङ्ग; सुरसार; थालनी । ३. गर्नुपर्ने काम वा कुराको ठीक चाँजोपाजो ।

**ताला–** ना० [सं० तालक] ताल्चा । ~ **कुन्जी–** ना० ताल्चा र साँचो । ~ **बन्दी–** ना० १. कुनै वस्तु आदि बाकस, कोठा वा भँडारमा राखी ताल्चा लाएर बन्द गर्ने काम । २. कर्मचारीहरूलाई चेताउनी दिन वा दबाउन मालिकले कारखानाको ढोकामा ताल्चा लाएर बाहिरै राखिदिने काम । ३. कुनै पनि कामकारबाई ठप्प भएको अवस्था । ४. आन्दोलनकारीहरूले आफ्ना माग पूरा गराउनका निम्ति सम्बन्धित निकाय वा निकाय-प्रमुखको कार्यालयमा ताला लगाइदिने काम ।

**तालाबाला–** ना० [√ तलबल] कुनै त्रासद स्थिति वा हडबडीबाट हुने अत्याहट; अत्यास ।

**तालिका–** ना० [सं०] कुनै कुरा, विषय, मिति आदि मिलाई लेखिएको सूची; फेहरिस्त; रुटिन । **– कार–** ना० तालिका तयार पार्ने; सूची बनाउने । >**तालिकीकरण–** ना० सङ्कलित तथ्यहरूलाई

वर्गीकरणपछि हार र स्तम्भमा मिलाएर राख्ने प्रक्रिया ।

**तालिम–** ना० [अ० तअलीम] १. कुनै काम वा विषयमा व्यवस्थित रूपमा दिइने शिक्षा; प्रशिक्षण; तालीम । २. कामको अह्राइपह्राइ वा सिकाइसधाइ । **– खाना–** ना० तालिम गर्ने ठाउँ । > **तालिमी–** वि० १. तालिम गरेको; प्रशिक्षण पाएको । २. तालिमसम्बन्धी । **तालिमे–** ना० १. गानाबजानामा तालिम पाएकी दरबारिया सुसारे । वि० २. तालिम पाएको; तालिमी ।

**ताली–** ना० [सं० ताल] १. थपडीको शब्द; करतलध्वनि; ताल । २. आँखाको पटल वा ढकनी । ३. सानो ताला ।

**तालीम–** ना०हे० तालिम ।

**तालीस पत्र–** ना० [सं०] सुनपाती ।

**तालु–** ना० [सं०] १. वर्त्सभन्दा पछि र किलकिलेभन्दा अगिको भाग । ~ **खुइले–** वि० तालुका रौँ झरेर खाली भएको; खल्वाट ।

**तालुक–** ना० [अ० तअल्लुक] १. कसैको मातहतमा रहेको क्षेत्र वा इलाका; तैनाथ । २. कुनै जवाफदेही रहेका कुराको वास्ता; सरोकार । ~ **अड्डा–** ना०तालुक भएको वा तालुक लिने अड्डा; माथिल्लो अधिकार लिएको अड्डा । **– दार–** ना० १. रैतीबाट मालपोत असुलउपर गरी मालमा दाखिल गर्ने र तालुकदारी ऐन-सवालबमोजिम काम गर्ने व्यक्ति; गाउँको मुखिया; जिम्मावाल । २. तैनाथवाला; तालुकवाला । **– दारी–** ना० तालुकदारको काम वा अधिकार; तालुकदारको प्रथा; जिम्मावारी । **– वाला–** ना० १. जिल्ला वा गौँडाभरको मुख्य निकासा दिने हाकिम । २. पहिले जिल्ला वा गौँडाको बडाहाकिम (अचेलको प्रमुख जिल्ला अधिकारी) । > **तालुकी–** ना० तालुकको काम ।

**तालो–** ना० [ताल+ओ] ताल; ताला । ~ **साँचो–** ना० आग्लो खोल्ने ताल र ताल्चा खोल्ने साँचो ।

**ताल्चा–** ना० [सं० तालक] ढोका, सन्दुक, टचाङ्का, बाकस आदि बन्द गर्न लगाइने फलाम वा पित्तलको यन्त्र ।

**ताल्चे–** क्रि० वि० [ताल्चा+ए] १. गुच्चा आदि नगुडाईकन सोझै हान्ने चाल । वि० २. ताल्चाका किसिमको; ताल्चा मार्न हुने । ~ **झार–** ना० डाँठका आँख्ला फुकाली ती आँख्ला फेरि परेलामा पसाएर ताल्चा मारेजस्तो गरी खेल्न हुने एक किसिमको झार; कुरकुरे ।

**तावा–** ना० [सं० ताप] बाबर आदि पकाउने थालजस्तो फलामे भाँडो ।

**तास१–** ना० [अ०] १. सुरथ, पान, चीड र इँटका बुट्टा भएको, प्रत्येक बुट्टाका एक्कादेखि तेह्र पत्ती हुने तथा बजिर, मिसी, बादशाह आदिको चित्रसमेत भएको, विभिन्न खेल खेलिने कागतका बाउन्नवटा पत्ती वा चक्की । २. सुनचाँदीको जरीले कार्चोप भरेको बहुमूल्य कपडा ।

**तास२–** ना० [रुसी] सोभियत सङ्घको प्रसिद्ध समाचार समिति ।

**तासा१–** ना० [अ० तास] घाँटीमा भिरेर दुई गजाले बजाइने टचाम्कोजस्तो एक बाजा ।

**तासा२–** ना० १. किनमेल गरेपछि किन्नेले पसलेसित माग्ने वा लिने सानोतिनो वस्तु; फोसा । वि. २. एकदम पातलो; साह्रै दुब्लो । स्त्री० तासी ।

**तासिर–** ना० [अ० तासीर] असर; प्रभाव; जोर ।

**तासी लामा–** ना० [भो० ब०] लामाको एउटा उच्चपद ।

**तिँदु–** ना० [सं० तिन्दु] कालो बोक्रो र लाम्चा, तीखा पात हुने, सेता मसिना फूल फुल्ने हरिया, गुलिया फल फल्ने एक जातको रूख; त्यसैको फल ।

**तिउरी/तिउरे–** ना० [तिउरे+ई] हात, गोडा, नङ रातो पार्न अरू मसला मिलाई कुटेर लगाइने, खोर्सानीका जस्ता पात हुने, विभिन्न रङका फूल फुल्ने भाङका जस्ता गेडा फल्ने एक जातको बोट; त्यूरी; त्यूरे ।

**तिकडम–** ना० १.चाल चल्ने जुक्ति वा सीप; चालबाजी; तिगडम । २. चतुऱ्याइँ; कौशल । ३. कुटिल जालझेल; छल-छाम । **– बाज–** वि० छली; कपटी; कुटिल चाल चल्ने । **– बाजी–** ना० कुटिल व्यवहार ।

**तिगडम–** ना०हे० तिकडम ।

**तिक्खर–** वि० [तीक्ष्ण] १. नुन, भुटुन सबै चीज मिलेर स्वादमा तीक्ष्णता आएको; चखिलो स्वाद भएको । २. केही चर्को भए तापनि स्वादिलो । > **तिक्खरो–** वि० तिक्खर ।

**तिक्त–** वि० [सं०] १. करेलो, चिराइतो, नीम आदिका स्वादको; तीतो । ना० २. जिब्राले थाहा पाउने छ रसमध्ये एक रस; तीतो स्वाद । **– ता–** ना० तिक्त हुनाको भाव वा अवस्था; तीतोपन ।

**तिखाउरो–** वि० [तिखार्+आउरो] तीखो भएको; तिखारिएको । स्त्री० तिखाउरी ।

**तिखार्-नु–** स० क्रि० [तीखो+नु] १. लौरो, घोचो, किलो आदि वस्तुलाई हँसिया, खुकुरी, खुर्पा आदिले ताछेर तीखो पार्नु; धार लाउनु । २. कुनै कामका निम्ति तयार पार्नु । ३. उत्तेजित तुल्याउनु । > **तिखाराइ–** ना० तिखार्ने काम वा किसिम । > **तिखारिनु–** क० क्रि० तिखार्ने काम गरिनु ।

**तिखि-नु–** अ० क्रि० [तीखो+इ+नु] तीखो हुनु; धारिलो हुनु । > **तिख्याइ–** ना० तिखिने तथा तिख्याउने भाव, क्रिया वा प्रक्रिया । **तिख्याइनु–** क० क्रि० तीखो पारिनु । **तिख्याउनु–** स० क्रि० तीखो पार्नु; तिखार्नु; चम्काउनु ।

**तिखुनो–** ना० [तीखो+उनो] बन्चरो ।

**तिखुल्ले–** वि० [तिखो+उल्ले] दुब्लाएर वा पातलिएर पींध चाउरिएको; कटौरे ।

**तिखो–** वि० [सं० तीक्ष्ण] १. घोच्ने किसिमले टुप्पो तिखारिएको; सियो, सुइरोजस्तो चुच्चो परेको । २. छिटै बुझ्ने शक्ति भएको; तीक्ष्ण । ३. चित्त दुखाउने (वचन) । ४. निकै सुरिलो (स्वर, बोली आदि) ।

**तिगुना–** वि० [तीन+गुना] तीन गुना; तेबर ।

**तिघ्रे–** वि० [तिघ्रो+ए] ठूला र मोटा तिघ्रा भएको (मानिस); भुसतिघ्रे ।

**तिघ्रो**– ना० घुँडादेखि माथिको गोडाको डोलो भाग; उरु ।

**तिच्छर**– वि० १. अलिअलि तीतो वा नमीठो स्वाद भएको; तीतोतीतो स्वादको । २. तिक्खर । >**तिच्छरो**– वि० तिच्छर ।

**तिज**– ना० नारीहरूले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्पराअनुसार शिवपार्वतीको उपासना र पूजा गर्ने, भाद्र शुक्ल तृतीयाको दिन; हरितालिका ।

**तिजरो**– ना० [तीज+जरो] तीनतीन दिन बिराएर एकपल्ट आउने कामजरो; औलेजरो ।

**तिजु**– ना० कछाडतिर पाइने दरिलो खालको तैलज वनस्पतिविशेष ।

**तिजे**– ना० [तीज+ए] तीजमा स्वास्नीमानिसहरूले गाउने पर्वगीत ।

**तितर बितर**– क्रि० वि० [हि० तीतर+बटेर] यताउति छरिने वा फ्याँकिने गरी; छयान्नब्यान्न; छितरबितर; छरपुस्ट ।

**तितरी पङ्खी**– वि० [तित्रो+पङ्खी] नीलो भुइँमा सेता र छिर्केछिर्का परेको (बादल); तित्रापङ्खी । ना० एक जातको सानो चरो ।

**तितीक्षा**– ना० [सं०] १. जस्तोसुकै सुखदुःख, घामपानी आदि भोग्नुपरे तापनि सहने शक्ति; सहिष्णुता । २. शान्ति; क्षमा । >**तितीक्षु**– वि० सहन सक्ने; सहनशील ।

**तिते**– ना० [तीतो+ए] १. काँक्राको भेट्नुपट्टिको तीतो हुने भाग । २. भटमासका जस्ता पात हुने र फापरका जस्ता गेडा फल्ने एक जातको दुधिलो झार । ~ **करेला/करेलो**– ना० घिरौँलाका जस्ता पात हुने, लहरामा लाम्चा फल फल्ने, बाहिरी सतह एकैनास नभएका, भित्र राता बियाँ हुने र तीतो स्वाद हुने, करेलाको एक जात । ~ **गोल काँक्री**– ना० तीतो स्वाद हुने एक जातको गोलकाँक्री । ~ **घाँस**– ना० सानोसानो बुटो हुने, तीतो स्वादको एक जातको घाँस । ~ **चिराइतो**– ना० ठूलठूला लाम्चा पात हुने, तुलसीको जस्तो फूल फुल्ने र रातो डाँठ हुने एक जातको चिराइतो; किराततिक्त । ~ **झार**– ना० सुल्टोपट्टि हरियो र उल्टोपट्टि प्याजी रङको हुने, तीतो स्वादको, विषमज्वरमा ओखतीका निम्ति उपयुक्त मानिने बुटीझारविशेष । ~ **तुम्बा**– ना० तीतो स्वाद हुने एक जातको तुम्बा । ~ **पाती**– ना०गोदावरीका जस्ता पात हुने, मञ्जरीका रूपमा फूल फुल्ने, चर्को गन्ध आउने, तीतो स्वादको झारविशेष । ~ **फापर**– ना० फापरजस्तै तर खाँदा अलि तीतो हुने एक प्रकारको फापर । ~ **माछो**– ना० भेलमा बगेर आउने, तीतो स्वाद हुने, एक किसिमको माछो ।

**तितेनी**– ना० [तीते+एनी] तीतेपातीको घारी ।

**तितो**– वि० [सं० तिक्त] १. करेलो, नीम, चिराइतो आदिका स्वादको; तिक्त । ना० २ छ रसमध्ये एक रस; तीतो स्वाद ।

**तितौरा**– ना० [सं० तिक्त+औरा] १. भिजाएको चना, मास, मुगी, आलु आदि पिँधेर हुँडली बनाएको लेदाको ससाना डल्ला पारी सुकाइएको तरकारीविशेष । २. आँप, अमला, लप्सी आदिको लेदोमा नुन, मसला वा चिनी हालेर मटयाङ्ग्राजस्तो पारी सुकाई बनाइएको खानेकुरा । >**तितौरी**– ना० सानो वा स्नेह जनाउँदा तितौरालाई भन्ने शब्द ।

**तितौली**– ना० [तीतो+औली] काँक्राको अलिअलि तीतो हुने भेट्नुपट्टिको अंश ।

**तित्तिरि**– ना० [सं०] १. नृत्यमा पाउ राख्ने एक प्रकारको चाल । २. यजुर्वेदको एक शाखा । ३. त्यस शाखाका प्रवर्तक ऋषि । ४. तित्रो ।

**तित्रा पङ्खी**– वि/ना०हे० तितरीपङ्खी ।

**तित्री**– ना० [सं० तिन्तिडी] खँदिलो साह्रो काठ हुने अमलाका जस्ता पात हुने, कोसाभित्र काँचो छँदा अमिलो र पाकेपछि अमिलो र गुलियो गुदी हुने फल फल्ने बोट; त्यसै बोटको फल; अमिली ।

**तित्रे**– वि० [तित्रो+ए] तित्रोजस्तो; तित्राका ढाँचाको । ~ **बादल**– ना० तित्राका पखेटाको बुट्टाजस्तो परेको बादल; तित्रापङ्खी वा तितरीपङ्खी बादल ।

**तित्रो**– ना० [सं० तित्तिर] छिरबिरे रातो चुच्चो र रातै खुट्टा भएको, निकै जोडले कुद्ने, उड्दा भ्याटाटा आवाज आउने र बास्दा तीनताराचित्रिक् गरेको सुनिने, च्याखुरोजत्रो चरो ।

**तिथि**– ना० [सं०] १. चान्द्रमानका गणनाअनुसार आउने तथा घटबढ हुने शुक्लपक्ष र कृष्णपक्षका कुनै पनि दिन; परेवादेखि औँसी वा पूर्णिमासम्मका दिन । २. श्राद्ध गर्ने दिन; मिति । >**तिथित**– वि० कुनै तिथि वा महिनाको गते, वार आदि तोकिएको; दिनाङ्कित (पत्रादि) । – **पत्र**– ना० पञ्चाङ्ग; पात्रो । ~ **मिति**– ना० चान्द्र दिन तथा सौर दिन, महिना, गते, वार आदि ।

**तिन**१– सर्व० [ती] 'ती' शब्दको विभक्ति प्रत्यय लाग्दा हुने तिर्यक् रूप, उन ।

**तिन**२– ना० [सं० त्रीणि] १. दुईपछिको सङ्ख्या; दुई र एकको जोड । वि० २. दुई र एकका योगसङ्ख्याको । ~ **अन्नी** (**तीनन्नी**)– ना० नेपालमा पहिले चलेको तीन आना मूल्यको पैसा । ~ **आँख्ले**– ना० तीनतारे । ~ **काना** – ना० तीन पोट पर्ने पासाको एक दाउ । ~ **खुट** – ना० थारूहरूमा प्रचलित कन्या साटासाट गर्न नपाएमा तेस्रो घरकी कन्या मिलाइदिने चलन । (यसो गर्दा तेस्रो पक्षले पहिलो पक्षलाई कन्या दिने मात्रै हुँदा झाडा पाउँछ । हे० झाडा पनि । ) – **गिर**– ना० सानो चौडाइ भएको, दाँती परेका लाम्चा पात हुने र गुलाफी फूल फुल्ने मझौला खालको रूखविशेष । ~ **चम्के**– ना० १. चम्काजस्तै तीनतिर रहेका डाँडा, थुम्का वा ढिस्काको समूह । वि० २. तीन चक्का भएको । ~ **छक**– ना० १. उदेक लाग्ने स्थिति; आश्चर्य । क्रि० वि० २. जिल्लाराम । ~ **तारा तित्रिक**– ना० १. तित्राको आवाज वा बोली । २. (त्यसै आधारमा) तित्रो । ~ **तारे**– ना० १ आकाशमा लहरै परेका देखिने, मृगशिरा नक्षत्र मानिएका तीनवटा ताराको समूह; तीनआँख्ले । वि० २. तीनवटा तारा भएको (बाजा, झन्डा आदि) । ~ **तियाली**– ना० तेस्रोपल्ट (दुईपल्ट भएपछि तेस्रोपल्ट पनि हुन्छ नै भन्ने रूढिबूढीअनुसार);

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



तीनताली । ~ **तोले**– ना० बिहेमा दुलहीको सिउँदोमा हालिने तीन तोला सिँदुर । ~ **त्रिभुवन/त्रिलोक**– ना० स्वर्ग, मर्त्य र पाताल तीनै लोक; सारा संसार । ~ **धर्के**– वि० तीनवटा धर्का भएको ('रा' अक्षर) । ~ **धाम**– ना० द्वारका, रामेश्वर र जगन्नाथ पुरी - यी तीन धाम । ~ **न तेह्र**– वि० न तीनदिने न तेह्रदिने (जुठो बार्नु नपर्ने); जुठपिण्डी नभएको बन्धुजस्तो; बेकामे; सरोकारविनाको । ~ **पत्रे**– ना० ज्यामिरका जस्ता तीनतीन पात हुने र ज्यामिरकै जस्तो अमिला फल फल्ने एक जातको रूख वा त्यसैको फल । ~ **पाते**– ना० १. तीनवटा पात मात्र गाँसेर बनाइने टपरी । २. तिनौटा मात्रै पात हुने एक जातको झार; चरीअमिलो । वि० ३. साह्रै चनाखो; बित्पाते । ~ **पाने**– वि० १ तीनवटा खोल्सा वा सोताको पानी मिलेको । ना० २. पानी तीनपल्ट मात्र फेरिनाले कडा बनेको र असल किसिमको रक्सी । ~ **पुस्ते**– वि० वंशानुक्रमले गनिने तीन पुस्ताभित्रको नाम भएको वा लेखिएको (कागत, विवरण आदि) । ~ **फटाका**– ना० वैष्णवहरूले लाउने ठाडो तीनधर्के टिको । ~ **मुहानी**– ना० तीनवटा नदीको मुहान भएको ठाउँ; तीन ठाउँबाट पानी निस्कने ठाउँ । ~ **सहर**– ना० नेपालका चार भञ्ज्याङभित्र (काठमाडौं उपत्यकामा) रहेका प्रख्यात तीनवटा सहर (कान्तिपुर, ललितपुर र भक्तपुर) । ~ **सरकार**– ना० नेपालमा प्रजातन्त्र आउनुभन्दा अघि, २००७ सालअघिका राणाकालीन प्रधानमन्त्रीहरूको उपाधि । ~ **सल्ली**– ना० तीन सल्लाबराबर घाम माथि आउने अर्थात् दिनको लगभग नौ बजेको वेला वा भड्किएको समय । ~ **साँझ**– ना० बिहान, दिउँसो र बेलुका (उदा०– तीन साँझ खाएर पनि ऊ खानै नपाएझैँ गर्छ ।)

**तिनाधान**– ना० [सं० तृणान्न+धान्य] पानी भएको जमिनमा उम्रने, लामालामा जुँगा हुने एक जातको जङ्गली धान ।

**तिनिमुनी**– ना० [नेवा०] धुन्या बाजासमूहमा बजाइने र भजनहरूमा सहायक ताल बाजाको रूपमा प्रयोग गरिने, फलामको सानो डन्डीले पिटेर बजाइने फलामकै तीनकुने बाजा ।

**तिन्छु**– ना० [नेवा०] भ्याली परिवारको सबैभन्दा सानो एक बाजा ।

**तिप**– ना० माछा मार्न प्रयोग गरिने चोयाले बुनेको साधन; खोँगा ।

**तिब्बत**– ना० नेपालको उत्तरी सिमानामा रहेको जनगणतन्त्र चीनको एक स्वशासित प्रदेश ।

**तिब्बती**– वि० [तिब्बत+इ] तिब्बतमा बस्ने वा हुने; तिब्बतसम्बन्धी; तिब्बतको । ~ **शाखा**– ना० युरेसिया खण्डका विभिन्न भाषिक परिवारमध्ये एक शाखा ।

**तिब्री**– ना० [सं० तीव्र] पहाडको चुचुरो; टाकुरो; टिउरी ।–**कोट**– ना० कर्णाली अञ्चलअन्तर्गतको एक जिल्ला ।

**तिमि**– ना० [सं०] १. ज्यादै ठूलो आकारको एक जातको समुद्री माछो । २. समुद्र ।

**तिमिर**– ना० [सं०] १. अँध्यारो वा धमिलो । २. फलाममा लागेको खिया । ३. रतौँधी । – **मय**– वि० १. अँध्याराले ढाकेको; चारैतिरको अँधेरो । ना० २. ग्रहण । ३. राहु ।

**तिमिलो**– ना०हे० टिमिलो ।

**तिमी**– सर्व० [सं० त्वम्] द्वितीय पुरुष एकवचनमा प्रयोग हुने, तँभन्दा माथिल्लो र तपाईंभन्दा तल्लो श्रेणीको आदरार्थी शब्द ।

**तियाँ**– वि० [तीन] तीन गुना; तेबर (हिसाबको दुनोट पढ्दा) ।

**तिया**– ना० [तीन] सोह्र कौडामा तीन, सात, एघार र पन्ध्र कौडा ठाडा पर्दा हुने जुवाको एक दाउ ।

**तियारी**– ना० [तिया+आरी] माछा मार्ने जालीदार एक प्रकारको पासो ।

**तियाली**– क्रि० वि० [तीन+याली] तीनपटक; तीनचोटि । (उदा०– उसले खेलमा लगालग जितेर तियाली पाऱ्यो ।)

**तियो**– ना० [तीन] डन्डीबियोको खेलमा तीनको गणना; तीन डन्डीको नापो पर्दा बियो हान्ने ढाँचा ।

**तिर्-नु**– स० क्रि० [सं० तॄ] १. सापटी वा पैँचो लिएको वस्तु फिर्ता गर्नु; रिन चुक्ता गर्नु । २. दण्ड, जिताउरी आदि बुझाउनु । ३. भर्ना वा हर्जाना दिनु । ४. तिरोभरो गर्नु । ५. अरूले आफूलाई गरेको असल वा खराब कामको बदला लिनु वा दिनु; साटो फेर्नु ।

**तिर१**– ना० यो० [सं० तिरस्] कुनै ठाउँ, वस्तु आदि भएपट्टि; तर्फ; पक्ष ।

**तिर२**– ना० [तिर्+अ] तिर्ने काम; तिराइ । – **तार**– ना० लिए-खाएको नगद वा वस्तु तिर्ने काम; तिरोतारो । – **ताल**– ना० १. जुवा आदिको खेलमा दण्ड तिरिरहने पटक; हारताल । वि० २. साह्रै चलाख; बाठो (उदा०– उनी देख्न पो सुधा, मानिस त तिरताल छन् ।)

**तिरतिर**– क्रि० वि० [अ० मू० तिर्+अ० (द्वि०)] १. बिस्तारै पानी पर्ने वा पानीको सानो धारो झर्दा वा खस्ता आवाज आउने गरी । २. पातलो दिसा लाग्ने गरेर । > **तिरतिरी**– क्रि० वि० अझै तिरतिर हुने गरी । **तिरतिरे**– वि० तिरतिर हुने; तिरतिर आवाज भएको (धारो, पानी आदि) ।

**तिरन**– ना० [तिर्+अन] तिर्ने काम; तिराइ; तिरो । – **तारन**– ना० अरू कसैसँग सापटी लिएको धनमाल तिर्ने काम; तिरोतारो; तिरोभरो ।

**तिरमिर**– ना० [अ० मू० तिर+अ० (द्वि०)] १. रोग, नातागती आदिका कारणले आँखा नदेख्ने वा भ्रान्ति हुने स्थिति । २. धेरै चम्किलो वस्तु हेर्दा आँखाले ठम्याउन गाह्रो पर्ने अवस्था; तिरिमिरी । ३. मिरमिर । > **तिरमिराइ**– ना० तिरमिराउने क्रिया वा प्रक्रिया । **तिरमिराइनु**– अ० क्रि० आँखा तिरमिर होइनु । **तिरमिराउनु**– अ० क्रि०१. रोग वा नातागतका कारणले आँखा राम्रोसित नदेख्नु; तिरमिर हुनु । २. बालुवामा घाम टल्केजस्तो भई ठम्याउन नसक्नु । **तिरमिरिनु**– अ० क्रि० तिरमिराउनु । **तिरमिरे**– वि० तिरमिर गरी टल्कने; तिरमिर गर्ने । **तिरमिऱ्याइ**– ना० तिरमिरिने भाव, क्रिया वा प्रक्रिया । **तिरमिऱ्याहट**– ना०

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



तिरमिरिने भाव, अवस्था वा क्रिया-प्रक्रिया; तिरमिर्‍याइ ।

**तिरस्करण**– ना० [सं०] तिरस्कार गर्ने क्रिया, भाव वा अवस्था; तिरस्कार । > **तिरस्करणी**– ना० नाटकको पर्दा । २. अदृश्य हुने विद्या ।

**तिरस्कार**– ना० [सं०] कसैलाई मन नपराई गरिने हेला वा बेवास्ता; अनादर; अपमान; उपेक्षा ।

**तिरस्कृत**– वि० [सं०] तिरस्कार गरिएको; अपमानित; हेला गरिएको; उपेक्षित ।

**तिराइ**– ना० [√ **तिर्** (+आइ)] तिर्ने काम वा किसिम । [>] **तिराइनु**– क० क्रि० तिर्न लाइनु । **तिराउनु**– प्रे० क्रि० तिर्न लाउनु; तिर्ने पार्नु । **तिरान**– ना० १. तिरो, बाली आदि तिर्ने काम; तिरोभरो । २. तिरो; कुत ।

**तिरिक्क**– क्रि० वि० [अ० मू० तिरिक्+क] थोरै पानी पर्ने, धारो खस्ने, पातलो दिसा हुने आदि किसिमले ।

**तिरिखिरी**– ना० [अ० मू० तिर्+ई (द्वि०)] भर्कोलाग्दो र कसिकसाउमा पार्ने ढिपी; आच्छुआच्छु; आत्तुरी ।

**तिरिन**– ना० [सं० तृण] भारपात आदि तृण; घाँस, पराल, खर आदिको थोरै अंश ।

**तिरिनु**– क० क्रि० [तिर्+इ+नु] सापटी वा पैँचो फिर्ता दिइनु; तिर्ने काम गरिनु ।

**तिरिमिरी**– ना० [तिरमिर+ई] चर्कोसँग तिरमिर हुने चाल; तिरमिर । ~**ङ्याइँ**– ना० १. कमजोरी वा अन्य कारणले आँखा स्पष्ट नदेखिने किसिम; तिरमिराउने अवस्था । २. ज्यादा चम्किलो वस्तु हेर्दा आँखाले ठम्याउन नसकिने स्थिति । ३. जिल्ल पर्ने चाल । क्रि० वि० ४. तिरमिर हुने गरी ।

**तिरिस**– ना०लामो, मोटो र टाउको सानो हुने एक जातको सर्प ।

**तिरुवा**– वि० [तिर्+उवा] १. तिरो तिर्नुपर्ने; तिरो लागेको । २. तिर्ने । ~ **बिर्ता**– ना० केही पोता लागेको बिर्ता जग्गा । ~**माफी बिर्ता**– ना० तिरो तिर्न नपर्ने बिर्ता जग्गा । (अचेल यस्ता जग्गा खारिज गरी रैकरमा परिणत भएका छन् ।)

**तिरो**– ना० [तिर्+ओ] जग्गाको पोत, कुत वा बाली; मालपोत; भूमिकर । – **तारो**– ना० मोहीले तल्सिङलाई बाली तिर्ने काम; तिरोभरो ।

**तिरोधान**– ना० [सं०] लोप हुने काम; हराउने वा बिलाउने स्थिति; तिरोभाव ।

**तिरोभरो**– ना० [तिरो+भर] मोहीले तल्सिङलाई बाली तिर्ने काम; तिरोतारो ।

**तिरोभाव**– ना० [सं०] अन्तर्धान; तिरोधान ।

**तिरोहित**– वि० [सं०] १.गायब भएको; लुप्त । २.छोपिएको; ढाकिएको ।

**तिर्की**– ना० [सं० त्रि] १. तासको तीन फुट्टी भएको चक्की । २. पच्चीसका खेलको एक दाउ; तिया ।

**तिर्खा**– ना० [सं० तृषा] १. पानी आदि खाने इच्छा; प्यास; पिपासा । २. आफूलाई मन परेको वस्तु पाउने तीव्र इच्छा; तृष्णा; तिर्सना । > **तिर्खाइ**– ना० तिर्खाउने क्रिया वा प्रक्रिया; तिर्खा लागेको अवस्था । **तिर्खाइनु**– अ० क्रि० तिर्खा लागिनु । **तिर्खाउनु**– अ० क्रि० पानी खान मन लाग्नु; तिर्खा लाग्नु । **तिर्खालु**– वि० तिर्खाएको वा तिर्खाइरहने; तृषित; प्यासी ।

**तिर्जा**– ना० [तिरो+जा] १. पुरानो चलनअनुसार सैनिक अफिसर जवानहरूले जागिरको सट्टा बाली मात्र उठाई खान पाउने गरी पाएको जग्गाको रसिद; जागिरबापत तोकिएको बाली उठाई खान पाउने रसिद । २. जग्गाजमिनको नम्बरी प्रथा वा त्यस्तो जग्गालाई दिइने निस्सा ।

**तिर्थे**– वि० [तीर्थ+ए] तीर्थस्नानको; तीर्थसम्बन्धी; तीर्थको । ~**भाइ**– ना० तीर्थ जाँदा सँगै जाने साथी; तीर्थ जाने साथी । ~**भोज**– ना० तीर्थ गरी फर्केर आउने यात्रीहरूले नाताकुटुम्ब, इष्टमित्रलाई खुवाउने भोज ।

**तिर्यक्**– वि० [सं०] १. छड्के; टेढो; बाङ्गो । ना० २. पशुपक्षी आदि प्राणी । ~**कारक**– ना० मूल रूप विकृत भएको वा विभक्ति चिह्नसहितको रूप (जस्तै -'छोरो' को छोरा ।) > **तिर्यग्जाति**– ना० तेर्सो बढ्ने जाति; पशुपक्षी ।

**तिर्र**– क्रि० वि० [अ० मू० तिर्+र] बिस्तार थोरै बेर पानी पर्ने वा धारो आदि खस्ने गरी ।

**तिर्सना**– ना० [सं० तृष्णा] १. खानेपिउने इच्छा । २. कुनै कुरा पाउने मनको धोको; अभिलाषा । ३. कुनै काममा एकचित्त भएर लाग्ने उत्सुकता ।

**तिल**– ना० [सं०] १. लाम्चा मसिना पात हुने, सेता वा नीला फूल फुल्ने तीनपाटे कोसा फल्ने एक जातको अन्न वा त्यसको बोट । २. त्यसैको कोसाभित्र हुने, पेल्दा राम्रो तेल आउने, अचार खाइने र देवपितृकार्यमा चाहिने विशेषतः कालो, खैरो र सेतोसमेत तीन रङका हुने, मसिना, थेप्चा गेडा । ३. शरीरमा हुने सानो दाग वा चिह्न; कोठी ।

**तिलक**– ना० [सं०] १. होम गर्दा डढेको चरुहरूको कालो टिको । २. निधार, छाती र पाखुरामा लगाइने चन्दन, केसर आदिको चिह्न । ३. वैवाहिक सम्बन्ध स्थिर गर्दा दुलहीपक्षबाट दुलहालाई दिइने रीतभाँतअनुसारको द्रव्य । ४. राज्याभिषेकको कर्म । ५. चन्दन; टिको । ~**पाती**– ना० कुनै मङ्गलकार्य सकिएपछि पुरोहितबाट लगाइने तिलक र फूलपाती । ~**मुद्रा**– ना० भक्तहरूले शरीरमा लाउने चन्दनको शङ्ख, चक्र आदिको चिह्न वा छाप ।

**तिलकाने**– वि० [तिल+काने] १. कानमा सेता तिलजस्ता मसिना टीका हुने (बाख्रो) । स्त्री० तिलकानी । ना० २. एक जातको भारविशेष ।

**तिलके**– वि०हे० तिल्के ।

**तिलखा**– ना० [सं० तिलक] सानो खालको टिको; तिलक ।

**तिलङ्गा**– ना० [सं० तैलङ्ग] कम्पु; सैनिक; तिलिङ्गो ।

**तिलचामल**– ना० [तिल+चामल] १. तिलजस्तो कालो र चामलजस्तो

सेतो मिसिएको वर्ण वा रङ्ग । २. तिल र चामल मिलाएर खाइने कुरो । >**तिलचामले–** वि० १. आधा फुलेको र आधा नफुली छ्यासमिस भएको (केश वा रौँ) । २. काला तिल र सेता चामल मिसाउँदा स्पष्ट देखिएझैँ छुट्टिने (वर्ण, रङ आदि) ।

**तिल फुल–** ना० [तिल+फूल] तिलजस्तो सेतो दाना हुने वा फुकेको झुप्पादार एक थरी फूल ।

**तिलमिल–** क्रि० वि० [अ० मू०] कष्ट, चोट आदिले आँखा नदेख्ने वा चक्कराउने गरी । >**तिलमिलाइ–** ना० तिलमिलाउने क्रिया वा प्रक्रिया । **तिलमिलाइनु–** अ० क्रि० तिलमिल होइनु । **तिलमिलाउनु–** अ० क्रि० तिलमिल हुनु; तिरमिराउनु; छटपटाउनु । **तिलमिलिनु–** अ० क्रि० तिलमिलाउनु ।

**तिलवासिनी–** ना० [सं०] बास्ना आउने चामल हुने एक जातको धान; राजभोग धान ।

**तिलस्मी–** वि० [अ० तिलस्म+ई] असम्भव घटना वा अनपत्यार कामकुरा भएको; जादुगरी वा चटकजस्तो ।

**तिलहरी–** ना० [तिल+लहरी] पोतेका बीच भागमा पर्ने गरी सुनका ससाना गट्टाको एकै लहर जडिएको, गलामा पहिरने, स्वास्नीमानिसको सौभाग्यको प्रतीक गहना ।

**तिलाञ्जलि–** ना० [सं०] १. पितृहरूलाई अँजुलीले चढाइने तिलसहितको जल । २. सधैँका लागि गरिने कुनै कुराको त्याग ।

**तिलानी–** ना० [तिल+पानी] १. देव वा पितृकार्यमा सङ्कल्प गर्दा हातमा लिइने तिल मिसाएको पानी । २. कर्मपात्र ।

**तिलिङ्गो–** ना० [सं० तैलङ्ग] पल्टनियाँ सिपाही; कम्पु; सैनिक । (उदा०– तिलिङ्गो भन्नु मात्तै पो रेछ– केटीले पालेको । -लोकगीत ।)

**तिलोत्तमा–** ना० [सं०] पुराणप्रसिद्ध स्वर्गलोककी एक सुन्दरी अप्सरा ।

**तिलौरा–** ना० [तिल+औरा] १. कालो र सेतो मिसिएको वा खैरा तिलको जस्तो रङ हुने घोडा । २. चाकु आदि गुलियो वस्तुमा तिल मिलाएर बनाइएको लड्डु । – **कोट–** ना० नेपालको कपिलवस्तु जिल्लामा पर्ने, तौलिहवा बजारदेखि पाँच किलोमिटर उत्तरमा बाणगङ्गा नदीको किनारमा स्थित, प्रसिद्ध ऐतिहासिक स्थल ।

**तिलौरी–** ना० [तिल+औरी] १. सखर वा चिनीको पाकमा तिल टाँसिएको सानो डाँठजस्तो टुक्रे खानेकुरो । २. सानो तिलौरा ।

**तिल्के–** वि० [सं० तिलक+ए] १. निधारमा सेतो सानो टाटो भएको (गोरु); तिलके । २. तिलक वा चन्दनको टिको लगाउने (मानिस); तिलके । स्त्री० तिल्की । ना० ३. रातो फूल फुल्ने एक प्रकारको झार वा बोट ।

**तिल्को–** ना० [तिलक+ओ] चैतवैशाखमा छाताजस्तो भएर फुल्ने एक जातको रूख ।

**तिष्य–** ना० [सं०] १. सत्ताइस नक्षत्रमध्ये एक; पुष्य नक्षत्र । २. कलियुग । ३. पौष मास; पुस महिना ।

**तिस–** ना० [सं० त्रिंशति] १. बीस र दसको जोड; ३० को अङ्क । वि० २. बीस र दस जोड्दा हुने सङ्ख्याको; पन्ध्रको दोबर । > **तिसौँ–** वि० गणनाका क्रमले तीस सङ्ख्यामा परेको; तीसमा पर्ने ।

**तिसी–** ना० [सं० अतसी] दाँती परेका खस्रा मालाकार पात हुने, आँपका जस्तै हरिया फूल फुल्ने, तिलभन्दा सेख ठूला चिल्ला गेडा फल्ने, सानो चौडाइ हुने, एक बोट वा त्यसैको तेलालु दाना; आलस ।

**तिस्कल ⁄ तिस्किलो–** ना० [तीखो+कीलो] खोस्रने काममा उपयोग गरिने काठ, बाँस आदिको कीलो ।

**तिहाइ–** ना० [√ तीन] तेस्रो भाग वा हिस्सा; तीन खण्डको एक खण्ड; तृतीयांश ।

**तिहार–** ना० कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइने चाड वा उत्सव (काग तिहार, कुकुर तिहार, गाई तिहार, गोरु तिहार र भाइ तिहार); यमपञ्चक; दिपावली । >**तिहारे–** वि० तिहार पर्वसम्बन्धी; तिहारको; तिहारमा गाइने (देउसी, भैलो आदि लोकगीत) ।

**तिहुन–** ना० [सं० तिमन] भात मुछेर खाइने झोल तरकारी; दाल, तरकारी आदि सितन । ~**चखुवा–** वि० १. तिहुन चाख्ने वा तिहुनको स्वाद विचार गर्ने । २. कहिले कता, कहिले कता खाएर हिँड्ने । ३. कहिले एउटा काम, कहिले अर्को काम गर्ने; स्थिर आसन नभएको । स्त्री० तिहुनचखुवी । >**तिहुने–** वि० धेरै तिहुन खाने (व्यक्ति); तिहुन पकाउने (भाँडो) ।

**ती–** सर्व० [त्यो] तृतीय पुरुष बहुवचनमा प्रयोग हुने 'त्यो' शब्दको बहुवचन वा आदरार्थी रूप ।

**तीक्ष्ण–** वि० [सं०] १. तिखारिएको; तीखो; धारिलो । २. प्रखर; तीव्र; टाठो । ३. गरम; उष्ण; कटु स्वभावको; कर्कश; सहिनसकिने । ४. तिक्खर स्वादको । – **कन्द–** ना० भित्र खोक्रा भएका हरिया लामा पात हुने, लामो डाँठमा सेतो डल्लो गुच्छा भएर टुप्पामा फुल्ने, माटोमनि आलुजस्तै गोल, थेप्चा दाना फल्ने, तरकारी, मसला र औषधीका काममा आउने, पहेँलो, रातो र सेतो तीन थरी बोक्रा हुने प्रसिद्ध कन्द । – **ता–** ना०तीक्ष्ण हुनाको भाव वा स्थिति । ~**दृष्टि–** वि० साह्रै सूक्ष्म कुरा पनि भित्रैसम्म गहिरिएर बुझ्न सक्ने; सूक्ष्मदृष्टि । ~**बुद्धि–** वि० तीखो बुद्धि भएको; बुद्धिमान्; कुशाग्र ।

**तीखो–** वि० हे० तिखो ।

**तीज–** ना० हे० तिज ।

**तीजरो–** ना० हे० तिजरो ।

**तीजे–** ना० हे० तिजे ।

**तीते–** ना० हे० तिते ।

**तीतो–** वि० हे तितो ।

**तीन–** ना० हे० तिन२

**तीर१–** ना० [सं०] १. नदी वा खोलाको दुईतिरको किनार; तट । २. छेउ ।

**तीर**२– ना० [फा०] बाण, काँड ।

**तीरन्दाज**– ना० [फा०] बाण हान्ने मानिस; निसानाबाज; धनुर्धारी । >**तीरन्दाजी**– ना० बाण हान्ने सीप वा अभ्यास ।

**तीर भूमि**– ना० [तीर+भूमि] नदी वा खोलाका छेउछाउको जग्गा; नदीको बगर ।

**तीरवर्ती**– वि०[सं०] नदीको तीरमा रहेको वा हुने; समुद्री किनारमा भएको; तटवर्ती ।

**तीरहानी**– ना० [फा० तीर+हान्+ई] बाण हानेर खेलिने, केटाकेटीको एक किसिमको खेल ।

**तीर्थ**– ना०[सं०] १. भक्तहरू पूजा, दर्शन आदि गर्न जाने कुनै नदी, कुण्ड, मन्दिर वा पवित्र स्थल; पुण्यभूमि । २. नदी, तलाउ आदि जलाशयका समीपको पौडन र तर्न सकिने ठाउँ वा त्यस्तो ठाउँमा जाने-आउने बाटो । ३. बङ्गालमा सञ्चालित संस्कृत परीक्षाको एक उपाधि । ४. सन्न्यासीहरूको एक शाखा । – **काक**– ना० १. तीर्थमा दान लिएर निर्वाह गर्ने व्यक्ति । २. तीर्थको कौवा । ३. लोभी मान्छे । >**तीर्थङ्कर**– ना० १. जैन सम्प्रदायका प्रमुख देवता वा उपास्य धर्माचार्य । २. विष्णु । – **पुरोहित**– ना० तीर्थ वा घाटमा बसेर दान लिने तथा पुरोहित्याइँ गर्ने ब्राह्मण; पण्डा । ~ **यात्रा**– ना० धार्मिक फलप्राप्तिको उद्देश्यले तीर्थमा जाने काम; तीर्थ जानका निम्ति गरिने यात्रा; तीर्थाटन । ~ **यात्री**– ना० तीर्थ जाने व्यक्ति; तीर्थारु । – **वास**– ना० तीर्थमा गएर बस्ने काम; तीर्थको बसाइ । – **वासी**– वि० तीर्थमा गएर बसेको; तीर्थ गर्न बसेको; तीर्थ गर्न जाने । ~ **स्थान**– ना० तीर्थ गरिने पवित्र ठाउँ; तीर्थ । ~ **स्नान**– ना० तीर्थमा नुहाउने काम । **तीर्थाटन**– ना० तीर्थको भ्रमण वा घुमाइ; तीर्थयात्रा । **तीर्थारु**– ना० तीर्थ जाने व्यक्ति; तीर्थयात्री ।

**तीर्थे**– वि० हे० तिर्थे ।

**तीव्र**– वि० [सं०] १. साह्रै छिटो; धेरै चाँडो । २. कडा वा चर्को (स्वाद, स्वर आदि) । ३. तीखो; तीक्ष्ण । ४. सहिनसकिने । ~ **गति**– वि० धेरै छिटो हिँड्ने; वेगवान् । ना० २. छिटो हिँड्ने काम; द्रुत वेग । – **ता**– ना० तीव्र हुने भाव वा अवस्था; तीक्ष्णता; छिटोपन ।

**तीस**– ना० हे० तिस । >**तीसौँ**– वि० हे० तिसौँ ।

**तुँडो**– ना० [सं० तुण्ड] १.मुखबाट सप्रयास हावा निकाल्नु पर्दा दुवैतिरका ओठ डोलिएर टुटीजस्तो भएको ठाउँ; आगो फुक्दा हावा निस्कने प्वाल । २. खलाँतीबाट हावा निस्कने टुटी; प्वाल । ३. कलमको टाँका वा टुप्पो । ४. गहुँ, जौ, धान आदिको भुस ।

**तुइँक्याइ**– ना० [√ **तुइँक्याउ** (+आइ)] तुइँक्याउने क्रिया वा प्रक्रिया । [>] **तुइँक्याइनु**– क० क्रि० कुनै पेय पदार्थ तनतन पिइनु ।

**तुइँक्याउ-नु**– स० क्रि० [अ० मू० तुइँक्+याउ+नु] जाँड, रक्सी, सर्वत आदि पेय पदार्थ तनतन पिउनु; ढिलो नगरी एकैनासले कुनै पेय पदार्थ पिउनु । >**तुइँक्याहट**– ना० तुइँक्याउने भाव, क्रिया वा अवस्था; तुइँक्याइ ।

**तुइँतुइँ**– क्रि० वि० [अ० मू० तुइँ (द्वि०)] तुइँकिने गरी वा तुइँक्याएर; तनतन; घुटुघुटु । >**तुइँतुइँती**– क्रि० वि० अझ छिटो तुइँतुइँ पारेर; तनतनी ।

**तुइन**– ना० विशेष गरी पहाडी खण्डमा पुलका सट्टामा वारपार बलियो डोरी कसी घुर्रो भएको डोरी झुन्डयाइने र त्यसैमा बसी नदी वा खोलाका वारिपारि तर्ने एक साधन; तुहिन ।

**तुक**– ना० [सं०] १. शास्त्रीय पद्यरचनाका प्रत्येक पाउका अन्तमा पद वा अक्षरको समान आवृत्ति वा एकता; अन्त्यानुप्रासको एक रूप । २. तर्क वा बुद्धिसितको सहमति वा सङ्गति । ३. तुक्का । – **बन्दी**– ना० काव्यानुशासनमा तुकसम्बन्धी बन्धन; पद्यरचनामा तुकको पूर्ण अनुसरण गर्ने काम; तुक मिलाउने काम ।

**तुक्का**– ना० [तुक+का] तुकबन्दी मिलेको पद वा पदावली ।

**तुखल**– ना० [नेवा०] रस निचोरिएको उखुको खोस्टा; टुखल; खोइलो ।

**तुङ्ग**– वि० [सं०] १.अग्लो; उन्नत; उच्चो; लामो । ना० २. पहाड; शिखर; चुचुरो । >**तुङ्गा**– ना० दुई नगण र दुई गुरु भएको एक छन्द । **तुङ्गिमा**– ना० अग्लाइ; उचाइ ।

**तुङ्वा**– ना० [भो० ब० ] उसिनेको कोदो वा मकै अमिल्याई बनाइएको जाँड माडी छोक्रा नछुट्ट्याईकन बनाइएको झोल पिपाले चुसेर खाइने बाँस वा काठको ढुङ्ग्रो ।

**तुच्छ**– वि० [सं०] १. नीच, चुत्थो; छोटो । २. नगण्य; जाबो; सानो । ३.अल्प; क्षुद्र; हीन । ४. मन्द; निःसार; शून्य । ५. निर्धन; दीन । – **ता**– ना० नीचता; अल्पता । >**तुच्छिनु**– अ० क्रि० तुच्छ बन्नु । **तुच्छयाइ**– ना० तुच्छिने वा तुच्छ बन्ने काम वा काइदा । **तुच्छयाइनु**– क० क्रि० तुच्छ पारिनु । **तुच्छयाउनु**– प्रे० क्रि० तुच्छ पार्नु वा तुल्याउनु ।

**तुजुक**– ना० [अ०] १. अहङ्कार; घमन्ड; सेखी । २. बल; तागत; शक्ति; हुती । ३. मात; मद; लागो ।

**तुण्ड**– ना०[सं०] १.मुख; अनुहार; थुतुनो; चुच्चो । २. सुँड । ३. कुनै चीजको टुप्पो । >**तुण्डि**– ना० तुण्ड भएको वस्तु (मुख, चुच्चो, थुतुनु आदि) । वि० २. टुँडवाला । **तुण्डिल**– ना० १. गफाडी; बतुरो; वाचाल । २. नाइटो बाहिर निस्केको; नाइटे । **तुण्डी**– वि० १. तुण्ड भएको; टुँडवाला; थुतुनु । ना०२ शिवका एक गणको नाम; गणेश ।

**तुतुरो**– ना० [अ० मू० तुर् (द्वि०)+रो] पुरुषको लिङ्ग; तुन्तुरो (बालबोलीमा) ।

**तुन्-नु**– स० क्रि० [सं० तन्+नु] १. फाटेच्यातिएका पुराना लुगाफाटा जोडेर वा टालेर सिउनु । २. सियाले फड्कनु । >**तुन**– ना० तुन्ने कार्य ('तानतुन' वा 'तुनतान' मा सीमित) । **तुनतान**– ना० च्यातिएका वा फाटेका लुगा, कपडा आदि सिउनेवर्ने काम; कुनै पनि वस्तु वा चीजलाई जोडजाड गर्ने, मिलाउने आदि काम । **तुनाइ**– ना० तुन्ने क्रिया वा प्रक्रिया । **तुनाइनु**– क० क्रि० तुन्ने वा तुनिने पारिनु । **तुनाउनु**– प्रे० क्रि० तुन्न लगाउनु; तुनिने

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



पार्नु । **तुनिनु**– क० क्रि० तुनाइमा पर्नु; तुनाइमा परेको हुनु ।

**तुनियाँ**– ना० [सं० तन्त्रिक] लँगौटी ।

**तुनु**– ना० [सं० तन्तु] १. दौरा, भोटो, चौबन्दी आदिमा टाँकका सट्टामा गाँसिने त्यान्द्रे बन्धन; तुनो । २. सिरक, डसना, सिरानी आदिका खोलमा मुख बन्द गर्न राखिने त्यस्तै वस्तु; फित्ता; तुना; तुनु; घुँडी ।

**तुने**– वि० [तुनु+ए] तुनो भएको; तुनावाल; तुनाका आकारको; तुनोजस्तो; तने । ~**च्याउ**– ना० जमिनमा पलाउने, तुनाजस्तो लाम्चो हुने एक जातको च्याउ । ~**बारुलो**– ना० तुनाजस्तै लामो गुँडमा गोलो लगाएर बस्ने, सानो आकारको देखिने, विषालु खालको, पतङ्गवर्गमा पर्ने एक कीरो; बारुलाको एक जात । ~**बोडी**– ना० लहराका आँख्लाआँख्लामा फल्ने, लामा र नरम कोसा हुने एवं कोसाभित्र दाना लाग्ने, एक जातको तरकारीविशेष; तनेबोडी; बोडीको एक जात ।

**तुनो**– ना०हे० तुनु ।

**तुन्क-नु**– स० क्रि० १ घरको मसिनु काम गर्नु । २. तुन्नु । > **तुन्काइ**– ना० तुन्कने काम वा प्रक्रिया । **तुन्केसो**– ना० घरको सानोतिनो काम; घरधन्दा; कोठेधन्दा; तानतानतुनतुन ।

**तुन्तुरी⁄तुन्तुरो**– ना० [अ० मू० तुर् (द्वि०)+ई⁄ओ] तुतुरो; ढुकुर (बा० बो०) ।

**तुन्द्रा**– ना० [अङ्] १. ध्रुवप्रदेशका आसपासको हिउँले ढाकिएको जमिन । २.हिमालको त्यस्तै जमिन; खागर ।

**तुफान**– ना० [अ० तूफान] जोडसँग चल्ने हावा; आँधीबेरी; हुरीबतास; आँधी; समुद्रतिर आउने आँधीबेरी; सबैतिर जलमग्न पार्ने समुद्री महावात; हुन्डरी । >**तुफानी**– वि० १. तुफानसम्बन्धी; तुफानको । २. ठूलो उपद्रो मच्चाउने; उत्पाती ।

**तुमडी**– ना० [सं० तुम्बटी] जोगीको भिक्षा माग्ने भाँडो; भिक्षापात्र ।

**तुमुल**– वि० [सं०] १. अत्यन्त उत्कट वा तीव्र; प्रचण्ड; घोर (जस्तो–तुमुल ध्वनि, तुमुल युद्ध) । ना० २. सेनाको कोलाहल; युद्धको हलचल ।

**तुम्बा**– ना० [सं०] पेट झन्डै गोलाकार भई फुकेको र घाँटीचाहिँ सानो हुने एक प्रकारको लौका; तुम्बिका । >**तुम्बी**– ना० १ सानो आकारको तुम्बा । २.तुम्बाका आकारको भाँडो । ३. पेट वा शरीरका अन्य अङ्गमा भएको वात, विकार आदिको उपचार गर्दा त्यसै अङ्गमाथि बत्ती बाली छोप्न प्रयोग गरिने गोलाकार भाँडो ।

**तुम्बुरु**– ना० [सं०] विष्णुका नजिक रहने एक गन्धर्वको नाम ।

**तुम्बो**– ना० [तुम्बा+ओ] १. छिप्पिएको तुम्बाभित्रको गुदी, कसिङ्गर आदि निकाली बनाइएको भाँडो । २. पेट; भुँडी ।

**तुम्लेट**– ना० [अङ्० टम्ब्लर] साथैमा बोकेर टाढा कतै सुरक्षित तवरले लान सकिने, पानी राख्ने धातु वा प्लास्टिकको भाँडो ।

**तुर्-नु**– स० क्रि० [सं० तुरीय >तुर+नु] १. टुङ्ग्याउनु; सिद्ध्याउनु; समाप्त गर्नु; सक्नु । २. काम पूरा गर्नु; तामिल गर्नु; तय गर्नु । ३. भ्याउनु ।

**तुरग**– ना० [सं०] घोडा; अश्व । ~**ब्रह्मचर्य**– ना० स्त्री नै नपाउनाले मात्र लिइएको वा अँगालिएको ब्रह्मचर्य ।

**तुरङ्ग**– ना० [सं०] १. घोडा; तुरग । २. मन; चित्त ।

**तुरतुर**– ना० [अ० मू० तुर्+अ (द्वि०)] तरल पदार्थ आदिको लगातारको झराइ वा त्यसरी झर्दाको ध्वनि । > **तुरतुरती**– क्रि० वि० अझै छिटो तुरतुर हुने गरी । **तुरतुराइ**– ना० तुरतुर हुने क्रिया वा प्रक्रिया । **तुरतुराइनु**– अ० क्रि० तुरतुर होइनु । **तुरतुराउँदो**– वि० तुरतुर झर्ने खालको; तुरतुर झर्लाजस्तो । **तुरतुराउनु**– अ० क्रि० तुरतुर हुनु वा झर्नु । **तुरतुरिनु**– अ० क्रि० तुरतुर हुनु; तुरतुर झर्नु । **तुरतुरे**– वि० १. तुरतुर आउने; तुरतुर झरिरहने । ना० २. रोकिईरोकिई थोरै मात्रामा पिसाब हुने एक रोग । **तुरतुर्‍याइ**– ना० तुरतुरिने क्रिया वा प्रक्रिया ।

**तुरही**– ना० [सं० तूर+ही] सनहीभन्दा केही ठूलो आकारको मुखले फुकेर बजाइने एक प्रकारको बाजा; नर्सिङ्गा ।

**तुराइ**– ना० [√ **तुर्** (+आइ)] तुर्ने भाव, क्रिया वा प्रक्रिया; समाप्ति । [>] **तुराइनु**– क० क्रि० तुर्ने पारिनु । **तुराउनी**– ना० तुर्नी । **तुराउनु**– प्रे० क्रि० तुर्न लगाउनु; समाप्त पार्नु । **तुरिनु**– क० क्रि० १. तुर्ने पारिनु; सकिनु । अ० क्रि० २. समाप्त हुनु ।

**तुरिफुरी**– ना० [सं० त्वरि+स्फूर्ति] घमन्ड; सेखी; अभिमान; चुरिफुरी ।

**तुरी१**– ना० [बा० बो०] लिङ्ग वा मूत ।

**तुरी२**– ना० [सं०] लुगा बुन्ने एक उपकरण; थुरी ।

**तुरीय**– वि० [सं०] १. चौथो; चतुर्थ । ना० २. ब्रह्म वा परमात्माका साथ तदाकार हुन पुग्ने प्राणीका आत्माका चारौँ अवस्था; भेदज्ञानको समाप्ति भई आत्मा ब्रह्मचैतन्य हुने योगको अवस्था; मोक्ष । ३. मुखबाट उच्चारण हुँदाको वाणीको अवस्था; वाणीका परा, पश्यन्ती, मध्यमा र वैखरी चार भेदमध्ये एक (वैखरी) । ४. विशेष गरी वास्तु र मूर्तिकलामा प्रयोग हुने चार अमलबराबरको नापो; चार इन्चीको नापो । ५. वर्णाश्रमव्यवस्थाअनुसार वानप्रस्थ आश्रमभन्दा पछि ग्रहण गरिने सन्न्यासाश्रम; चतुर्थाश्रम । ~**यन्त्र**– ना० सिद्धान्त ज्योतिषमा ग्रहहरूको अंश नाप्ने काममा प्रयोग गरिने यन्त्र ।

**तुरुक्क**– क्रि० वि० [अ० मू० तुरुक्+क] १. कुनै पनि तरल पदार्थ (पानी, आँसु, तेल आदि) सानोभन्दा सानो परिमाणमा चुहुने गरी; तप्प; तरक्क । वि० २. थोरै; अपर्याप्त ।

**तुरुङ**– ना० [सं० तुरुस्क] कानुन वा सामाजिक नियमका दृष्टिले अपराधी वा दोषी ठहरिएको व्यक्तिलाई उसका दुवै खुट्टा छिराई दण्ड दिइने, दुइटा ठूलठूला काठमा प्वाल खोपिएको उपकरण; ठिँगुरो ।

**तुरुतुरु**– क्रि० वि० [अ० मू०तुर्+उ (द्वि०)] १. कुनै पनि तरल पदार्थ (आँसु पानी, पिसाब, तेल आदि) खटाईखटाई लगातार झर्दै वा तुर्किँदै ।

**तुरुन्त/तुरुन्तै–** क्रि० वि० [सं० त्वरत/तुरत] चाँडै; झट्ट; लगत्तै झट्टै; उत्तिखेरै; उत्तिखेरै; भन्नासाथ; भन्नेबित्तिकै; तत्क्षण; तत्काल; तुरन्त। >**तुरुन्तातुरुन्ती/तुरन्तातुरन्ती–** क्रि० वि० १. एकदम तुरुन्त। ना० २. हतारो।

**तुरुप–** ना० [अङ्० ट्रम्प] कुनै एक रङलाई प्रधान मानेर खेलिने तासको खेलविशेष।

**तुर्क–** ना० [सं० तुरुष्क] १. तुर्कदेश; तुर्किस्तान। २. तुर्किस्तानका निवासी। ३. सैनिक।

**तुर्क-नु–** अ० क्रि० [तुर्को+नु] तुर्को झर्नु; तरल पदार्थ चुहुनु। > **तुर्काइ–** ना० तुर्कने क्रिया वा प्रक्रिया; तुर्को झर्ने काम। **तुर्किनु–** अ० क्रि० तरल पदार्थ चुहिनु; तुर्कनु। **तुर्किस्थान–** ना० तुर्क्याउने ठाउँ; पिसाब फेर्ने ठाउँ; मूत्रालय।

**तुर्की–** वि० [तु० तुर्क+ई] १. तुर्किस्तानसम्बन्धी; तुर्क देशमा बस्ने। ना० २. तुर्केली भाषा। ३. तुर्केलहरूको देश।

**तुर्के–** ना० [तुर्को+ए] जाँड।

**तुर्केल–** ना० [तुर्क+एल] तुर्किस्तानको जाति।

**तुर्केली–** वि० [तुर्क+एली] १. तुर्कहरूको देशसम्बन्धी। ना० २ तुर्केल।

**तुर्को–** ना० [अ० मू०तुर्+को] १. दूध, तेल पानी आदि कुनै पनि तरल पदार्थको निम्नतम परिमाण। २. त्यस्तो परिमाणको झराइ।

**तुर्क्याइ–** ना० [√ **तुर्कि** (+याइ)] तुर्क्याउने क्रिया वा प्रक्रिया। [>] **तुर्क्याइनु–** क० क्रि० १. कुनै पनि तरल पदार्थ चुहाइनु। २. पिसाब गरिनु। **तुर्क्याइलो–** वि० १. तुर्किने खालको; तरल (पदार्थ)। २. तुर्को मात्र झार्न पुग्ने; साह्रै थोर। **तुर्क्याउनु–** स० क्रि० १ कुनै पनि तरल पदार्थ चुहाउनु; तुर्को झार्नु, धारो लाउनु। २. पिसाब गर्नु; तुरुतुरु मुत्नु।

**तुर्नी–** ना० [√ तुर्+नी] १. कुनै पनि कामको समाप्ति; टुङ्ग्याउनी; इति। २. कुनै काम समाप्त हुँदा मनाइने उत्सव, खाइने भोज वा दिइने इनाम; तुराउनी।

**तुर्य–** वि० [सं०] तुरीय; चौथौ। >**तुर्याश्रम–** ना० चतुर्थाश्रम; सन्न्यासाश्रम।

**तुर्र–** क्रि० वि० [अ० मू० तुर्+र] पानी, दूध, तेल आदि कुनै पनि तरल पदार्थको सानो धारो झरेझैँ। सात० तुरुरुरु, तुरुर्र।

**तुर्लुङ्ङ–** क्रि० वि० [अ० मू० तुर्लुङ्+ङ] १. कुनै वस्तु झुन्डिने वा झुन्डिएर हल्लिने किसिमले। २. पन्यालो वा पानीको मात्रा बेसी हुने गरी।

**तुलकलायत–** ना० कुनै पनि काम सञ्चालन गर्ने सीप वा कला; यन्त्रसञ्चालनको कौशल (उदा०– इनै बन्दुकको तुलकलायत तिनै मुसरमानले जान्याको रहेछ र (दिव्य)।

**तुलजा–** ना० [सं०] तलेज्यू भवानी।

**तुलना–** ना० [सं०] १. गुण, मान, आकार आदिका दृष्टिले एकभन्दा बढी वस्तुमा पाइने समानता वा असमानताको परीक्षण गर्ने काम; दाँज्ने काम; दाँजो; तुल्यता। २. तौलने वा जोख्ने काम; निर्धारण गर्ने काम।

**तुलनात्मक–** वि० [सं०] तुलना गरिएको; तुलना भएको (उदा०– तुलनात्मक भाषाविज्ञान, तुलनात्मक साहित्य, तुलनात्मक धर्म, तुलनात्मक शरीरविज्ञान इ०।)। **– ता–** ना० तुलनात्मक हुनाको भाव वा अवस्था।

**तुलनीय–** वि० [सं०] परस्पर दाँज्न लायक; तुलना गर्न योग्य।

**तुलफुल–** ना० [सं० तुल्य+फूल] कोठेबारी वा बारीमा फलेका सुन्तला, कागती, अम्बा आदि फलफूल; फलफूल।

**तुलबुल–** ना० १. मनको चञ्चलता वा अस्थिरता; सकसकी; हडबड; खसखस। २.चिन्ता; फिक्री; पीर। >**तुलबुलाइ–** ना० तुलबुल गर्ने स्वभाव, कार्य वा गुण। **तुलबुलाइनु–** अ० क्रि० तुलबुल गर्ने होइनु। **तुलबुलाउनु–** अ० क्रि० तलबलाउनु; हडबडाउनु। **तुलबुलाहट–** ना० तुलबुलाइ। **तुलबुली–** ना० तुलबुल। **तुलबुले–** वि० तुलबल गर्ने; चञ्चल। **तुलबुल्याइ/तुलबुल्याहट–** ना० तुलबुलिने भाव, क्रिया वा अवस्था।

**तुलरङ्ग–** ना० [सं० तूलराग] १. रातो रङको एक प्रकार। २. तूल।

**तुलसी–** ना० [सं०] १. मञ्जरीमा सेता वा कलेजी रङका फूल फुल्ने ससाना बास्नादार पात हुने र खास गरी हिन्दू, वैष्णवहरूद्वारा पवित्र मानिएको एक बोट; वृन्दा; कृष्णा। २. पुराणप्रसिद्ध एक देवी। **– को मठ–** ना०जमिनबाट अलिकति ढिस्को उठाई सुरक्षित किसिमले धार्मिक भावनाद्वारा प्रेरित भएर तुलसीका बोट रोपिएको स्थानविशेष; तुलसीमठ। **– को लिङ्गो–** ना० आकाशबत्ती झुन्डचाएर तुलसीको मठनेर वा कौसीहुँदो पनि गाडिने बाँस। **– दल/पत्र–** ना० तुलसीको मञ्जरीभित्र रहेका साना दाना; बीज; तुलसीको पात।

**तुला–** ना० [सं०] १. तराजु, काँटा; तुलो। २.बाह्र राशिमध्ये सातौँ राशि। ~ **दान–** ना० दानी व्यक्तिले आफ्नो शरीरका तौलबराबरको सुन, चाँदी, अन्न आदि तौलेर ब्राह्मणलाई दिने दान। **– धर–** ना० १. व्यापारी; व्यवसायी; बनियाँ। २. नेवारजातिको एक वर्ग। ~ **परीक्षा–** ना० तराजुमा एकापट्टि माटो र अर्कापट्टि अभियुक्तलाई राखेर पहिलोपटक तौलने र अर्कोपटक फेरि तौलिँदा अभियुक्तको तौल घटी देखिएमा अपराधी ठहऱ्याइने एक प्राचीन न्यायपद्धति।

**तुलिगाँडो–** ना० [सं० तूलगण्ड] बाक्लो जङ्गलमा बस्न रुचाउने र मानिसको प्रवेश हुँदा हल्ला गरेर बनै कोलाहलमय पार्ने एक पक्षी।

**तुलित–** वि० [सं०] १. जोखिएको; अडकल गरिएको। २. दाँजिएको; तुलना गरिएको।

**तुली–** ना० [तुलो+ई] १. दुब्ली। ना० २. शिशु-अवस्थामा रोग निको होला र मोटी होली भन्ने उद्देश्यले तुलाको एकातिर गोबर र अर्कातिर मान्छे गरी तौलिएकी नारी।

**तुले**– ना० [तुलो+ए] शिशु-अवस्थामा रोग निको होला र मोटो होला भन्ने उद्देश्यले तुलाको एकातिर गोबर र अर्कातिर मान्छे राखी जोखिएको व्यक्ति; जोखे ।

**तुले गाँडो**– ना० [सं० तुल-गण्ड] १. घना जङ्गलमा बस्ने र एउटा कराउँदा वा बास्दा हूलै कराउने वा बास्ने एक जातको चरो; तुलिगाँडो । वि० २. नमिल्दो वा नसुहाउँदो गरी लुगा, गहना आदि लगाउने । ३. बेमेलको; अमिल्दो; डेब्रो ।

**तुलो**– ना० [सं० तुला] जोख्ने साधन ; तुला; तराजु ।

**तुल्य**– वि० [सं०] १. समान प्रकार वा श्रेणीको; बराबर; समान । २. योग्य । ३. समरूप । ४. समदर्शी । – **कक्ष**– वि० समान वा बराबर कक्षको । – **ता**– ना० बराबरी; समानता । – **योगिता**– ना० अलङ्कारको एक भेद । ~ **प्राधान्य**– वि० व्यङ्ग्यार्थ पनि वाच्यार्थजत्तिकै चमत्कारी भएको वा चमत्कारका दृष्टिले व्यङ्ग्य अर्थ र वाच्य अर्थ बराबरै प्रधान भएको (गुणीभूत व्यङ्ग्यको एक भेद) ।

**तुल्याइ**– ना० [√ **तुल्याउ** (+आइ)] तुल्याउने काम । [>] **तुल्याइनु**– क० क्रि० तयार पारिनु; निर्माण गराइनु ।

**तुल्याउ-नु**– स० क्रि० [सं० तुल्य+आउ+नु] १. बनाउनु; तयार पार्नु; निर्मित गर्नु; ठीक पार्नु । २. गराउनु; पार्नु । ३. समान पार्नु । ४. मही पार्नु । ५. गर्भाधान गर्नु; वीर्यदान गर्नु ।

**तुवाँलो**– ना० [सं० तमाल] गर्मी याममा धर्तीमाथि तिरमिर भएर उडेको देखिने धूममण्डल वा धूलिमण्डल; एक किसिमको पातलो कुहिरो; प्वाँलो ।

**तुष**– ना० [सं०] १. अन्नादिको भुस । २. फुलको खबटो । ३. बर्रो । > **तुषानल**– ना० १. भुसको आगो । २. प्राचीन समयमा भुस वा घाँसपरालको आगामा डढेर लिइने एक थरी प्रायश्चित्त ।

**तुषार**– ना० [सं०] १. तुसारो; ठाँटो; बरफ । २. हिउँ । ३. एक प्रकारको कपूर; चिनियाँकपूर । – **पात**– ना० हिउँदमा हिउँ वा तुसारोको वर्षा । –**रोधी**– वि० १. तुसारोले नछुने । २. तुसारोलाई छेल्ने ।

**तुष्ट**– वि० [सं०] १. सन्तुष्ट; प्रसन्न; परितृप्त; मक्ख । २. तृप्त; अघाएको; पूर्ण; टन्न । – **ता**– ना० सन्तोष; तृप्ति । > **तुष्टि**– ना० सन्तुष्टि; तृप्ति, प्रसन्नता ।

**तुस**– ना० [सं० तुष] १. कुनै वस्तुको शेष, बाँकी; अवशेष; कसर; कस । २. वैरभाव; इबी; दागाधराइ; द्वेष ।

**तुसारो**– ना० [सं० तुषार] १. जाडाका मौसममा शीत वा पानीको बाफ जमी जमिनका घाँसपातमा पर्ने सेतो वस्तु; जमेको शीत । २. जमेको पानी; ठाँटो; बरफ । ३. जमेको झरी वा सो झरी भुइँमा जमेर थुप्रिएको अवस्था; हिउँ; हिमकण ।

**तुहाइ**– ना० [√ **तुहु** (+आइ)] तुहुने क्रिया वा प्रक्रिया । [>] **तुहाइनु**– क० क्रि० तुहिने पारिनु । **तुहाउनु**– स० क्रि०/प्रे० क्रि० समय नपुग्दै गर्भ गिराउनु; अधिग्रो झार्नु; गर्भपात गराउनु वा गर्न लगाउनु । **तुहावट**– ना० तुहाइ ।

**तुहिन१**– ना० [अङ्० टुइन] हे० तुइन ।

**तुहिन२**– ना० [सं०] १. हिउँ; हिम । २. बरफ । ३. चाँदनी । ४. कुइरो । > **तुहिनांशु**– ना० चन्द्रमा; जून । **तुहिनाचल**– ना० हिमालय पहाड; हिमाल ।

**तुहु-नु**– अ० क्रि० [सं० तुह+नु] १. गर्भ गिर्नु; अधिग्रो जानु; भ्रूण झर्नु । २. तुच्छ हुनु; कम हुनु । ३. साबिकभन्दा कम स्तरको हुनु । ४. बिकामे हुनु; खेर जानु । > **तुहेको**/**तुहेत्रो**– ना० १. तुहेको बच्चा; अधिक्रो । २. बच्चो तुहेको गाईबस्तु ।

**तूण**– ना० [सं०] बाण राख्ने भाँडो; ठोक्रो । > **तूणी**– ना० १. वास्तु तथा मूर्तिकलामा प्रयोग हुने, आठ अमलबराबरको नापोलाई बुझाउने शब्द; आठ अङ्गुलको नापो । २. बाण राख्ने भाँडो; ठोक्रो । **तूणीर**– ना० ठोक्रो; तूण ।

**तूल**– ना० [सं०] १. कपासको बोट वा कपास; रुवा । २. एक जातको रातो कपडा । ३. आइमाईहरूले कपाल बाट्दा लाउने एक प्रकारको धागो । > **तूलिका**– ना १. चित्रकारले चित्र लेख्दा रङ पोत्ने कूची; बुरुस । २. कपास कातेर बनाइएको बत्ती । ३. कपास खाँदेर बनाइएको तकिया वा गद्दा । ४. काठ प्वाल पार्ने एक प्रकारको औजार; बर्मा ।

**तृण**– ना० [सं०] १. छेस्काका रूपमा उम्रने कुनै पनि उद्भिज (दूबो, खर, पराल, कुश आदि); घाँस; घाँसपात । २. झिक्राझिक्री । ~ **कुमकुम**– ना० एक प्रकारको सुगन्धी द्रव्य; कुमकुमपाती । ~ **कुटीर**– ना० खर, पराल आदिको झुप्रो; घाँस पातको झुप्रो; छाप्रो; कुटी । ~ **जलौका**– ना० उड्ने पुतलीको लार्भा । ~ **भूमि**– ना० घाँस प्रशस्त उम्रिएको ठाउँ वा क्षेत्र । – **मय**– वि० घाँसैघाँस भएको; घाँसैघाँसले बनेको । – **वत्**– वि० १. घाँसबराबर । २. अत्यन्त तुच्छ; जाबो; नगण्य ।

**तृतीय**– वि० [सं०] तेस्रो । ~ **अन्तर हिमयुग**/**अन्तर हिमानी**– ना०पुरातत्त्वशास्त्रअनुसार तृतीय र चतुर्थ हिमयुगका बीचको हिमयुग । > **तृतीयक**– वि० १. प्रत्येक तीनतीन दिनमा हुने । ना० २. तीनतीन दिन बिराएर आउने एक प्रकारको ज्वरो; तैया; तिजरो । ~ **खण्ड**– ना० १ कुनै वस्तु वा सङ्ख्याको समष्टिको तीन भागको एक भाग; एक तृतीयांश । २. भूगर्भशास्त्रअनुसार जीवनकल्प नामक युग; चतुर्थखण्डपूर्वको युग; स्तनपायी युग । ~ **प्रकृति**– ना० नपुंसक । ~ **श्रेणी**– ना० तेस्रो तह । **तृतीयांश**– ना० १. तीन खण्डको एक खण्ड वा भाग । वि० २. एक तिहाइ । ~ **हिमयुग**/**हिमानी**– ना० आजभन्दा लगभग दुई लाख वर्षपहिले प्रारम्भ भएको, पुरातत्त्वशास्त्रअनुसारको एक युग; द्वितीय र तृतीय अन्तर हिमयुगका बीचको एक युग ।

**तृतीया**– ना० [सं०] १. कृष्णपक्ष वा शुक्लपक्षको तेस्रो तिथि; चान्द्रमासको प्रत्येक पक्षको तेस्रो तिथि । २. व्याकरणमा करण कारक वा त्यसको विभक्तिचिह्न । ~ **तत्पुरुष**– ना० तृतीया विभक्तिविना करण कारकको अर्थ दिने तत्पुरुष समास ।

**तृतीयाश्रम**– ना० [सं०] चार आश्रममध्ये तेस्रो आश्रम; वानप्रस्थाश्रम ।

**तृप्त**– वि० [सं०] १. सन्तृप्त; सन्तुष्ट; परितुष्ट, अघाएको । २. प्रसन्न; खुसी । >**तृप्ति**– ना० १. सन्तोष, परितोष । २. प्रसन्नता ।

**तृषा**– ना० [सं०] १. प्यास; तिर्खा । २. ठूलो इच्छा । ३. लालसा; उत्सुकता; लोभ । >**तृषालु**– वि० तिर्खाएको; तिर्खालु । **तृषित**– वि० १.प्यासो; प्यासी; तिर्खाएको; तिर्खालु । २. लालची; उत्सुक ।

**तृष्णा**– ना० [सं०] १. प्यास; तिर्खा । २. इच्छा; लालसा; लोभ; लिप्सा; चाहना; अभिलाषा ।

**तेइस**– ना० [प्रा० तेवीस] १. बीस र तीनको योगसङ्ख्या; २३ को अङ्क । वि० २. बीस र तीनको योगसङ्ख्याको; बीसभन्दा तीन सङ्ख्या बढी भएको । >**तेइसौँ**– वि० गणनाका क्रमले तेइस सङ्ख्यामा परेको; तेइसमा पर्ने ।

**तेज१**– वि० [फा०] १. फुर्तिलो; छरितो । २. तीक्ष्ण बुद्धिवाला; निपुण; सिपालु । ३. छिटो हिँड्न सक्ने; शीघ्रगामी ।

**तेज२**– ना० [सं०] १. प्रकाश; ज्योति; कान्ति; दीप्ति; उज्यालो; चमक । २. पराक्रम; बहादुरी । ३. वीर्य । ४. सार । ५. ताप; गर्मी । – **पात**– ना० दालचिनीको रूखको जस्तो सिन्कौली अर्थात् सुगन्धी पात; तेजपत्ता; तेजपत्र । – **फल**– ना० सिलटिमुर । – **मूल**– ना० लामा काण्डका टुप्पामा मात्र हाँगाबिँगा लागी लामालामा पात हुने एक वृक्षविशेष; तेजवती; तेजोवती । – **वती**– ना० तेजमूल (वृक्ष) ।

**तेजस्विता**– ना० [सं०] तेजस्वी हुने काम; तेजस्वी हुनाको भाव; तेजिलोपन ।

**तेजस्विनी**– ना० [सं०] १. तेज भएकी वा शक्तिशाली स्त्री; बलवान् स्त्री । वि० २. तेजिली (स्त्री) ।

**तेजस्वी**– वि० [सं०] १. तेज भएको; चमकदार; उज्ज्वल । २. शक्तिशाली; बलवान् । ३. गौरवशाली । ४. नाम चलेको; प्रसिद्ध । ५. प्रतापी । ६. प्रभावशाली ।

**तेजहरन**– ना० [सं० तेजोहरण] १. काम धेरै भएर वा अन्य कुनै पनि शारीरिक परिश्रमबाट आउने थकान; ग्लानि । २. मानसिक रूपमा आउने हैरानी; दिक्दारी । ३. तेजोवध; अपमान ।

**तेजाब**– ना० [फा०] धातुहरू गलाउने शक्ति भएको तरल, क्षार पदार्थ; अर्क; अरख ।

**तेजाबी**– वि० [फा०] १. तेजाबवाला; तेजाबसँग सम्बन्धित । ना० २. तेजाबको व्यापारी । ३. तेजाबका सहायताले शुद्ध पारिएको सुन वा चाँदी । ~**सुन**– ना० तेजाबले खारेर शुद्ध पारिएको सुन ।

**तेजारत**– ना० [अ० तिजारत] १. रुपियाँपैसा, सुनचाँदी आदिको नगद व्यापार; रोजगार । २. ब्याज, घिउखाने आदि लिने गरी रुपियाँपैसा लेनदेन गर्ने काम । ~**अड्डा**– ना० १. राणाकालमा सरकारी कर्मचारीलाई चाँदतोडा लिनेदिने अड्डा । २. रुपियाँ-पैसासम्बन्धी काम गर्ने एक सरकारी अड्डा ।

**तेजिलो१**– वि० [फा० तेज+इलो] १. छिटो; फुर्तिलो; छरितो । २. बलियो । ३. तीक्ष्ण बुद्धि भएको ।

**तेजिलो२**– वि० [सं० तेज+इलो] तेजयुक्त; चहकिलो; उज्यालो प्रकाश भएको ।

**तेजी**– वि० [फा० तेज+ई] १. कडा; बलियो; तीव्र । २. छिटो; द्रुतगामी ।

**तेजो**– [सं०] तेजस्को समासगत रूप । – **भङ्ग**– ना० १. कसैको शक्ति खतम पार्ने क्रिया; तेजको विनाश; गर्वभङ्ग । २. बेइज्जती; अपमान । – **मय**– वि० १. उज्ज्वल; प्रकाशमान् । २. यशस्वी । – **मूर्ति**– ना० १. सूर्य; भानु । वि० २. तेजस्वी । – **वती**– ना० हे० तेजवती । – **वध**– ना० १. तेजलाई नाश गर्ने काम । २. शक्ति कम गराउने काम; तेजोहरण ।

**तेतै**– ना० [बा० बो०] तेल ।

**तेत्तिस**– ना० [सं० त्रयस्त्रिंशत्] १. तीस र तीनको योगसङ्ख्या; ३३ को अङ्क । वि०२. तीस र तीनको योगङ्ख्याबराबरको । > **तेत्तिसौँ**– वि० गणनाका क्रमअनुसार तेत्तीसमा पर्ने; तेत्तीसको ।

**तेत्तीस**– ना० हे तेत्तिस । >**तेत्तीसौँ**– वि० हे० तेत्तिसौँ ।

**तेल्ला**– ना०बयलगाडीको मादलमाथि र धुरामनि राखिने काठ ।

**तेधार**– ना० [सं० त्रिधारा] तीन समानान्तर विचारधारा, सोचाइ वा तर्कको द्वन्द्व; तेहरो द्वन्द्व ।

**तेन्दु**– ना० [सं० तिन्दु] एक वनस्पतिविशेष वा त्यसैको स्वादिलो तथा गुलियो फल ।

**तेबर**– वि० [तीन+बर] तीन दोबर; तीन गुना; तेहरो; तिगुना; त्रिगुण; तेब्बर ।

**तेब्रि–नु**– अ० क्रि० [तेबर+इ+नु] तेबर हुनु । >**तेब्राइ**– ना० तेबर हुने वा तेब्रिने क्रिया वा प्रक्रिया । **तेब्राइनु**– क० क्रि० तेब्बर तुल्याइनु । **तेब्राउनु**– स० क्रि०/प्रे० क्रि० तेबर पार्नु; तेहऱ्याउनु; तिगुना पार्नु ।

**तेर**– ना०/वि०हे० तेह्र । – **थुम**– ना० तेह्रथुम । > **तेरौँ**– वि० तेह्रौँ ।

**तेरिज**– ना० [अ० तहीर] १. कुनै लेखोट, कुरा आदिको सारांश; मजबुन; सार; गाँठी कुरो; निचोड; निष्कर्ष । २. जम्माजम्मी ।

**तेरी मेरी**– ना० [तेरो+ई+मेरो+ई] १. आआफ्नो स्वामित्वको प्रश्न । २. आफ्नोआफ्नो स्वामित्वको वस्तुको बन्डाफन्डा । ३. छिनाफाना; तेरोमेरो ।

**तेरो**– वि० [तँ+एरो >सं० तवकृत] तँसम्बन्धी; तँमा पर्ने; तँको भागको (तिम्रो, तपाइँकोको अनादरवाची रूप) । ~ **मेरो**– ना० १. आफ्नो र अर्काको अर्थात् ममत्व र परत्वको स्वार्थ । २. वैयक्तिक स्वत्व र अधिकारसम्बन्धी विवाद, तर्क आदि ।

**तेर्छो**– वि०हे० तेर्सो ।

**तेर्पाइँ/तेर्पायँ/तेर्पे**– वि० [सं० तिर्यक्पथ] अलिअलि मात्र भिरालो वा ओरालो परेको; अलिअलि कोल्टो परेको; थोरै ढलुवा; दम्स्याइलो । >**तेर्प्याइँ**– ना० तेर्पाइँ, तेर्पायँ वा तेर्पे तुल्याउने क्रिया, प्रक्रिया;

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



तेर्पेपन ।

**तेर्सि-नु–** अ० कि०  [तेर्सो+इ+नु] १. तेर्सो हुनु । २. तेर्छिनु । ३. सुत्नु । ४. टेढिनु । ५. पछारिनु । ६. तेर्सो परिनु ।

**तेर्सो–** वि० [प्रा० तिरिच्छ] उकालोओरालो नभई सम्म परेको (बाटो); लम्ब रूपको नभई छड्के; तेर्छो ।

**तेर्स्याइ–** ना० [√ **तर्सि** (+याइ)] तेर्साउने क्रिया वा प्रक्रिया । **तेर्स्याइनु–** क० क्रि० तेर्सो पारिनु । **तेर्स्याउनु–** स० क्रि०/प्रे० क्रि० १. तेर्सो पारेर राख्नु; तेर्सो पार्नु; पसार्नु । २. मन नपर्ने गरी आउनु वा जानु ।

**तेल–** ना० [सं० तैल] तिल, तोरी इ० वा खनिज स्रोतबाट निकालिएको चिप्लो र दहनशील तरल पदार्थ; तैल । ~ **कर–** ना० तेलको उत्पादनमा लगाइएको करविशेष । ~ **क्षेत्र–** ना० पेट्रोल आदि खनिज स्रोतका तेलको खानी भएको घोषित क्षेत्र । – **चाप्रे–** ना० काभ्रे माछाजस्तो सानो एक खालको माछा; माछाको एक जात । ~ **जिभ्रे–** वि० बात मार्दा दुरुस्त पारेर नम्रता देखाउने तर काममा वास्ता नगर्ने खालको; मुखले चेपारो पार्न सिपालु । – **धारी–** ना० तेल पेल्दा फुलो भरेर पेचामा चेपी झरेको तेललाई तल थापेको भाँडासम्म पुऱ्याउने सोली । – **पाटा–** ना० गोरुगाडाका चक्काको प्वालमा पर्ने मादल वा नाउभित्र पउर छिराउनुपूर्व मादलभित्रको फलामे डुँड नखिइयोस् र मादलको प्वाल ठूलो भई चक्का नबिग्रियोस् भनी धुरमा मोबिल आदि लपेटिने सनपाट । >**तेलहन–** ना० तेलयुक्त वनस्पति (जस्तै–तिल, तोरी, बदाम, चिउली इ०); तैलधान्य; तैलान्न । **तेलारी**/**तेलाहारी–** ना० १. तेल घस्ने वा लाउने काम; मालिस । वि० २. तेलसम्बन्धी; तेलविषयक ।

**तेलिया–** वि० [तेल+इया] तेलझैँ टल्किने; चिल्लो । ~ **इँट–** ना० विशेष प्रक्रियाबाट तयार पारिने चिल्लो, बलियो र असल खालको इँटविशेष । ~ **जात–** ना० तेली । ~ **झार–** ना० फल तथा फूल केही नलागी केवल चिल्ला पात मात्र हुने र पानी हुने खेतमा उम्रने एक प्रकारको झार । ~ **मास–** ना० चिल्लो र टल्कने एक प्रकारको मास । ~**रङ–** ना० तेलको जस्तो रङ । ~ **साँप–** ना० गँडचौलाको आकारको, तर कालो भई एकदम टल्कने विषालु साँप । ~ **हिरा–** ना० रङ्गीबिरङ्गी आभायुक्त पातलो काँटको हीरा ।

**तेली–** ना० [सं० तैली > तेल+ई] तेल पेल्ने पेसा लिएको वा व्यवसाय गर्ने व्यक्ति; तेल व्यापारी; साल्मी । ~**बाबियो–** ना० १. फिका र पहेँल्चो रङ भएको र घाममा टलक्क टल्कने, चिल्लो खालको औषधीमा पनि प्रयोग हुने बाबियो । २. नामकरणमा षण्डामर्क हवनका समयमा भलायोसँग मिलाएर पोलिने बाबियो ।

**तेस्रो–** वि० [सं० तिस्र] गणनाका क्रमले तीनमा परेको; तीनौँ; तृतीय । ~ **विश्व** – ना० खासगरीकन ल्याटिन अमेरिका, अफ्रिका र एसिया महादेशका नेपाललगायत विकासोन्मुख देशहरू ।

**तेहरि-नु–** अ० क्रि० [तेहरो+इ+नु] तीनपटक आवृत्ति हुनु; तेब्रिनु; तिगुना हुनु; तीन डबल हुनु; तेहेरिनु । >**तेहराइ–** ना० तेहऱ्याइ ।

**तेहरो–** वि० [सं० त्रिपल] १. तेब्बर; तेबर; तिगुना; तेहेरो । क्रि० वि० २. तीनफेर; तीनपल्ट ।

**तेहऱ्याइ–** ना० [तेहरि+याइ)] तेहरिने वा तेहरो पार्ने काम वा काइदा । **तेहऱ्याइनु–** क० क्रि० तेहरो पारिनु । **तेहऱ्याउनु–** स० क्रि०/प्रे० क्रि० तेहरो पार्नु वा पार्न लगाउनु ।

**तेहेरिनु–** अ०क्रि०हे० तेहरिनु ।

**तेहेरो–** वि०हे० तेहरो ।

**तेह्र–** ना० [प्रा० तेरह] १. दस र तीनको योगसङ्ख्या; १३ को अङ्क; तेर । वि० २. उक्त सङ्ख्या वा अङ्कबराबरको । – **थुम–** ना० नेपाल अधिराज्यको कोसी अञ्चलभित्र पर्ने एक जिल्ला । ~ **दिने–** वि० मर्दा तेह्र दिन जुठो लाग्ने एउटै खलकका भैयाद । >**तेह्रौँ–** वि० गणनाका क्रमले तेह्र सङ्ख्यामा परेको; तेह्र सङ्ख्याको; तेरौँ ।

**तेहौते–** वि० [सं० तीरभुक्ति+ए] १. तिरहुत भन्ने प्रदेशको निवासी, वस्तु वा चलन । २. मैथिल ब्राह्मणको एक श्रेणी ।

**तै–** निपा० [त+ऐ] वाक्यको आरम्भमा आई विशेषविशेष अर्थ दिने एक निपात । (उदा०– तै उसले ठूलो बिगार गरेन । तै तिमी आएको भए काम झन् सप्रने थियो । तै रिन तै रिन, बूढी बाखी किन् ।)

**तैकात–** ना० [फा० तहकीकात] १. निधो; पक्कापक्की; निर्णय; तहकीकात । २. खोज; अन्वेषण ।

**तैजस–** वि० [सं०] १. तेज भएको वा तेजयुक्त । २. उज्ज्वल चम्किलो; प्रकाशमान् । ३. फुर्तिलो; जोसिलो; साहसी; ओजस्वी; शक्तिशाली । ना० ४. चम्किलो पदार्थ । ५. घिउ । ६. पराक्रम ।

**तैतिल–** ना० [सं०] १. ज्योतिषशास्त्रअनुसार एघार करणमध्ये एक । २. गैँडा । ३. देवता ।

**तैतै–** संयो० [तै (द्वि०)] जे भयो ठिकै भयो; तापनि । (उदा०– तैतै तिमी पनि साथै गएको भए कति राम्रो हुने थियो ! ) ।

**तैत्तिरीय–** ना० [सं०] १. कृष्ण यजुर्वेदको एक शाखा । वि० २. तित्रोसम्बन्धी ।

**तैनात**/**तैनाथ–** ना० [अ० तअय्युनात] १. नियुक्ति; खटन । २. अधिकार; हैकम; अख्तियार । – **वाला–** वि० तैनाथ गरिएको (व्यक्ति); अधिकारवाला ।

**तैपनि–** संयो० [सं० तथापुनि > तापुनि] तापनि; भए पनि; तथापि; र पनि ।

**तैबिसेक–** वि० [सं० तद्विशेष] १. केही सन्चो; अलिक उत्तम । क्रि० वि० २. राम्रो त के हुन्छ भने । (उदा०– तैबिसेक तिमी नै मकहाँ आऊ ।) ।

**तैमिर–** ना० [सं०] १. रातमा हुने आँखासम्बन्धी एक रोग; रतौँधो; रतन्धो । वि० २ तिमिरसम्बन्धी । >**तैमिरिक–** वि० राति आँखा नदेख्ने ।

**तैयार–** वि०हे० तयार ।

**तैरण–** ना० [सं० उत्तरण] कुनै वस्तु पानीभित्र नडुबी बाहिरी सतहमा तहरिने काम ।

**तैर्थिक–** वि० [सं०] १. पवित्र । २. तीर्थसम्बन्धी । ना० ३. तीर्थयात्रा गर्ने व्यक्ति । ४. तीर्थमा दान लिने व्यक्ति । ५. कुनै नयाँ धार्मिक वा दार्शनिक सिद्धान्त प्रतिपादन गर्ने व्यक्ति; शास्त्रकार । ६. एक थरी सन्न्यासी ।

**तैल–** ना० [सं०] तेल । – **कार–** ना० तेल पेल्ने र बेच्ने व्यक्ति । तेली । ~ **चित्र–** ना० १. तेल मिसाइएको रङका सहायताले तयार पारिने चित्र । २. तेलरङगबाट चित्र बनाउने कला । – **द्रोणी–** ना० प्राचीन कालमा मानिसको लासलाई सुरक्षित तुल्याइराख्न तेल राखिने ठूलो भाँडो । – **धान्य–** ना० तेलहन; तैलान्न । ~ **यन्त्र–** ना० तेल पेल्ने यन्त्र वा साधन; कोल; साल । ~ **यान–** ना० तेलबाट चल्ने गाडी (मोटर, मोटरसाइकल, हवाइजहाज इ०) । – **शाला–** ना० तेल पेल्ने यन्त्र रहेको ठाउँ; साल । > **तैलान्न–** ना० खाने तेल आउने अन्न; तैलधान्य । **तैलाभ्यङ्ग–** ना० जीउमा तेल घस्ने काम; मालिस; तेलारी । **तैलिक–** ना० १. तेली; तेल पेल्ने मानिस; साल्मी । वि० २. तेलसम्बन्धी । **तैलिनी–** ना० तेलबाट बल्ने बत्ती वा दियो ।

**तोक्-नु–** स० क्रि० १. यही ठाउँ, वस्तु वा व्यक्ति हो भनी किटान गर्नु; किट्नु । २. निर्णय गर्नु, पर्गेल्नु । ३. चिन्नु; पहिल्याउनु । ४. ठोकेर भन्नु; किटान गर्नु ।

**तोक–** ना० [अ० तौकीअ] १. चिठी, निवेदनपत्र वा अन्य कागजातहरूमा संस्था वा कार्यालयका मुख्य अधिकारीले विषयसँग सम्बद्ध मन्तव्य, निर्देशन वा निर्णय दिन लेख्ने छोटो बेहोरा; आदेश । २. निकासा । ~ **आदेश–** ना० पत्रमा उल्लेख भएअनुसार गर्नगराउन मुख्य हाकिमले तोक लेखेर दिने आदेश ।

**तोकाइ–** ना० [√ तोक् (+आइ)] तोक्ने काम वा काइदा । [>] **तोकाइनु–** क० क्रि० तोक्न लाइनु । **तोकाउनु–** प्रे० क्रि० तोक्न लाउनु । **तोकाहा–** वि० तोक्नेवाला; पोलाहा । **तोकिनु–** क० क्रि०–तोक्ने काम गरिनु । **तोकुवा–** वि० १. किटान गरिएको; निश्चित रूपमा निर्दिष्ट गरिएको; ठोकेर भनिएको । २. तोक्ने; किटान गर्ने । ३. किटानी निर्णय वा सो निर्णयसम्बन्धी (लिखत) ।

**तोक्मा–** ना० [भो० ब०] खास गरी पहाडी खण्डमा भरियाहरूले मालसामान बोक्ने बोझबाट उभिएको उभियै विश्राम लिन ढाकरका पींधमा अवलम्ब स्वरूप अडचाउने प्रायः तेर्सो हातो हुने चोके भएको बलियो लट्ठी; आडा ।

**तोटक–** ना० [सं०] १. प्रत्येक पाउमा चार सगण हुने जगती जातिको एक समवृत्त छन्द । २. गर्भ नाटकको तेस्रो सन्धिमा हुने तेह्र अङ्गमध्ये एक ।

**तोड्-नु–** सं० क्रि० [तोड्+नु] १. भाँच्नु; चुँड्नु; बिगार्नु; छिन्नु; भत्काउनु । २. रद्दी गर्नु; छोड्नु; टुटाउनु । ३. कागत आदिमा तोड बनाउनु । ४. चिढ्याउनु । ५. मन दुखाउनु ।

**तोड–** ना० [तोड्+अ] १. कागजको परिमाण मिलाएर दोबार्दा परेको डोब । २. मानसिक चोट; आघात । ३. कुराको वेग वा प्रभाव । ४. परस्परको स्पर्धा; प्रतिस्पर्धा; जोड । ५. फोर्ने वा बिगार्ने काम । – **ताड–** ना० बिगार्ने, फुटाउने र भत्काउने काम; भताभुङ्ग; बिगार । ~ **फोड–** ना० १. बिगार्ने र भत्काउने-जस्ता विध्वंसकारी कार्य; विनाशकारी कार्य । २. कुनै पनि मामला वा समस्याको निर्क्यौल; छिनाफाना । ~ **मरोड–** ना० १. कुनै विषयवस्तु वा कामकुरालाई तोड्ने र बङ्ग्याउने काम । २. कागज, कपडा आदि कच्याककचुक पार्ने काम; तोडमोड; तोडताड । ~ **मोड–** ना० तोडमरोड ।

**तोडा–** ना० १. राणाकालमा जागिरदारहरूका पगरीका वरिपरि किनारामा जड्ने सुन वा चाँदीको सिक्री । २. रुपियाँपैसा राख्ने थैली । ३. मोफसलका अड्डाहरूले मुलुकीखाना चलान गरी पठाउने रुपियाँ ।

**तोडाइ–** ना० [√ **तोड्** (+आइ)] तोड्ने काम वा काइदा । [>] **तोडाइनु–** क० क्रि० तोड्न लाइनु । **तोडाउनु–** प्रे० क्रि० तोड्न लाउनु । **तोडिनु–** अ० क्रि० भाँचिनु; छोडिनु ।

**तोडिम–** ना० [सं० तोडन] क्रथ्य० तोडेम, तोडचाम । प्रेम, मित्रता वा अरू प्रकारका सम्बन्धमा पर्ने फाटो; मनोमालिन्य; वैरभाव; तोयोमोयो; विद्वेष; द्रोह; शत्रुता ।

**तोते–** वि० [सं० त्रुट] १. उच्चारण वा ध्वनि स्पष्ट नभइसकेको । २. उच्चारण अवयवको दोषका कारणले बोलीमा अस्पष्टता देखिने । ~ **बोली–** ना० अस्पष्ट वा त्रुटियुक्त वर्णोच्चारण (खास गरी बालकको) ।

**तोप्-नु–** स० क्रि० [सं० स्तूप+नु] १. धेरै हाल्नु वा खानु । २. पुरिने गरी हाल्नु; पुर्नु ।

**तोप–** ना० [तु०] गुडाएर लान हुने, दुईपाङ्ग्रे गाडीमा जडिने र बीचमा नालबाट गोला छुट्ने एक सामरिक अस्त्र । – **खाना–** ना० तोपलगायत अन्य सामरिक सामग्रीहरू रहने ठाउँ । ~ **चरो–** ना० रूखमा त्यान्द्रा बटुलेर बुनेजस्तै पारी नरिवलको रूखहुँदो गुँड बनाउने, भँगेराभन्दा केही मोटो र दह्रो चुच्चो हुने, हूल भएर बस्ने र घुम्ने, भँगेराजस्तै पहेँलो फुस्रो रङको चरो; बगेडी; दमाईचरो; सुजेरो । ~ **तिघ्रे–** वि० भुसतिघ्रे ।

**तोपाइ–** ना० [**तोप्** (+आइ] तोप्ने काम वा काइदा । [>] **तोपाइनु–** क० क्रि० तोप्न लगाइनु । **तोपाउनु–** प्रे० क्रि० तोप्न लाउनु ।

**तोफु–** ना० भटमासको दूधबाट विशेष विधिका साथ तयार पारिने स्वादिष्ट पनिर ।

**तोबा–** ना० [फा० तोव] अब यस्तो नगर्ने भनी कायल हुँदा भनिने शब्द; कायल; हैरानी । ~ **तोबा–** ना० १. हायलकायल । वि० बो० २. चेतबाबा काशी ।

**तोमर–** ना० [सं०] १. भालाजस्तो एक प्राचीन अस्त्र । २. बाह्र मात्रा र अन्तमा गुरु तथा लघु भएको एक सम मात्राछन्द । ३. पुराणअनुसार एक प्राचीन देश वा उक्त देशका बासिन्दा ।

**तोय–** ना० [सं०] १. पानी । २. पूर्वषाढा नक्षत्र । – **निधि–** ना०

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



समुद्र; सागर ।

**तोयोमोयो–** ना० [सं० त्वया+मया] १. तेरोमेरोको विवाद; तोडिम । २. बन्डाफन्डा; बाँडफाँड । ३. छिनाफाना ।

**तोरण/तोरन–** ना० [सं०] १. विवाह, उत्सव आदि सम्पन्न हुने ठाउँमा घुमाउरो पारी फूल, रङ्गिन कपडा आदिबाट बनाइने शोभाद्वार; सिंहद्वार; प्रवेशद्वार; बहिर्द्वार । २. माङ्गलिक वा धार्मिक कार्य गर्दा घरका भित्तामा बेरिने माला । ३. स्नानागारका नजिकको चौतारो । ~ **द्वार–** ना० प्रवेशद्वार; मूल ढोका ।

**तोरियाँ–** ना० [सं० तुवरिका] १. काँक्रो, फर्सी आदिझैं वर्षायाममा लहरामा फल्ने, लामो आकारको हरियो तरकारी; घिरौंला । २. पाँच कुना परेका, खस्रा, हरिया पात हुने, डाँठयुक्त पहेँला रहरलाग्दा फूल फुल्ने र फूलका गर्भबाट लाम्चा, पोरैपोरा भएका चुच्चे फल फल्ने एक प्रसिद्ध तरकारी; रामतोरियाँ; भिन्डी ।

**तोरी–** ना० [सं० तुवरी] छोटाछोटा हरिया पात हुने, पहेँला फूल फुल्ने, लाम्चा कोसाभित्र सानासाना काला वा खैरा दाना हुने सागविशेष वा त्यसका तैलधान्यमा गनिने दाना । ~ **गन्धे–** ना० १. तोरीको जस्तै पहेँलो फूल फुल्ने झारसमूहमा पर्ने वनस्पति । वि० २. तोरीको जस्तो गन्ध आउने । ~ **गाँड–** ना० ठूलो गाँडमाथि देखा परेको सानो पिड्को गाँड । ~ **गाँडे/गाँडो–** ना० १. टाउकाको जुरोजति टलक्क टल्कने सेतो र अरू भाग खैरो हुने एक जातको चरो; तुलिगाँडो; तुलेगाँडो । वि० २. तोरीगाँड भएको; गँडचाहा । ~ **चरो–** ना० असौजे चरो । ~ **झार–** ना० पहेँलो र सेतो रङको फूल फुल्ने, तोरीजस्तै मसिना गेडा फल्ने एक जातको झार । ~ **तेल–** ना० खान र जीउमा लगाउन स्वास्थ्यप्रद विशुद्ध तोरीको तेल; कडुवा तेल । ~ **लाहुरे–** ना० १. केही दिनको तडकभडकपछि फेरि ठन्डाराम भएको व्यक्ति । २. जीउडाल र रवाफमा खाइलाग्दो तर व्यवहारमा विश्वास गर्न नसकिने, काम र कुराको ठेगान नभएको मान्छे । ३. रद्दी; बिकामे; लट्टक; लम्फू ।

**तोर्मा–** ना० भात वा भुटेको गहुँको पीठो महमा मुछेर बनाइएको कुनै पशुपक्षी वा चैत्यका आकारको चीज । >**तोर्मे–** वि०१. तोर्मा खाने । २. अनिकाले; दरिद्री । ३. पाखे; असभ्य ।

**तोर्लाङे–** वि० [अ० मू० तोर्लाङ्+ए] १. बेताल र बेढङ्गको; रङ्गढङ्ग केही नमिलेको; हेर्दाको लट्ठू । २. पातलो झोल भएको; निकै पन्यालो । ना० ३. हेर्दा लबिधरे देखिने, काममा बेढङ्गको मान्छे ।

**तोला–** ना० [सं० तौल] सय वा छयान्नब्बे लालको परिमाण वा तौल (सुनको जोखाइमा सय लाल र चाँदीको जोखाइमा छयान्नब्बे लालको गणना हुन्छ) । **– को बोली–** ना० कदर गर्नुपर्ने, महत्त्वको बोली वा वचन ।

**तोष–** ना० [सं०] १. सन्तोष, परितोष; तृप्ति । २. खुसी; प्रसन्नता । >**तोषक–** वि० सन्तुष्ट वा प्रसन्न तुल्याउने । **तोषण–** ना० तोष । **तोषित–** वि० सन्तुष्ट वा प्रसन्न पारिएको; तुष्ट ।

**तोस१–** ना० खेतबारीमा आउने पानी बढ्ता भएमा वा आउनै दिनु नपरेमा तर्काउनका लागि बनाइएको खाँद; भलेटो; कुलेसो ।

**तोस२–** ना० [तु० तोश] १. ओढ्ने-ओछ्याउने । २. ऊनी लुगा । >**तोसक–** ना० डसना; लम्पट; गद्दा । **– दान–** ना० १. बटुवा वा सैनिकहरूले बाटाका लागि सामल हाल्ने भाँडो वा थैलो । २. सैनिकहरूले कारतुस हालेर बाँध्ने एक प्रकारको छालाको पेटी ।

**तोसा–** ना० सनपाटका विभिन्न जातमध्ये उन्नत जातको, पाँच महिनासम्म रहँदा दस फिट लामो र रेसादार हुने पाट; विकासको पाटाको पाट ।

**तोसाखाना–** ना० [तु० तोशा+फा० खान] १. सरकारी जङ्गी पोसाक राख्ने भँडार, ठाउँ वा घर । २. राजाहरूका बहुमूल्य गहना तथा पोसाक आदि राखिने कोठा ।

**तोस्रो–** ना० १. दाम्लो, डोरी आदिको पयो बाट्ने बाँस, काठ आदिको दुईतिर चोके परेको एक उपकरण । २. लहरो, रूख वा बोट आदिबाट फल आदि टिप्न बनाइएको काठको लामो टाँगो ।

**तौर–** ना० [अ०] किसिम; तवर; भाँती; ढङ्ग; तरिका; ढाँचा । ~ **तरिका–** ना० तौर; तवर ।

**तौर्यत्रिक–** ना० [सं०] नाच, गान र बाजा– यी तीनको समूह; बागिना ।

**तौल–** ना० [सं०] १. कुनै वस्तुको गुरुत्वको परिमाण; मान; वजन । २. तराजु; तुलो । >**तौलनु–** स० क्रि० १. हत्केला, तराजु आदिले जोख्नु; तौल गर्नु । २. दाँज्नु; तुलना गर्नु; बराबरी गर्नु । ३. पहिचान्नु; थाहा पाउनु; चिन्नु । **तौलाइ–** ना० तौलने क्रिया वा प्रक्रिया । **तौलाइनु–** क० क्रि० तौलन लाइनु । **तौलाइनु–** प्रे० क्रि० तौल गराउनु । **तौलिनु–** स० क्रि० १. तौलनु । क० क्रि० २. तौल गरिनु ।

**तौलिया–** ना० [अङ्० टवल] मुख, आङ आदि पुछ्न वा ओबानो पार्न प्रयोग गरिने, पानी सोस्ने एक प्रकारको भुवादार कपडा ।

**तौली–** ना० असार, साउनमा पाक्ने धानको एक प्रकार ।

**त्यक्त–** वि० [सं०] त्यागिएको; छोडिएको; परित्यक्त; उत्सृष्ट । स्त्री० त्यक्ता । **– प्राण–** वि० ज्यान दिन तयार; कुनै पनि खतरा मोल्न तयार । >**त्यक्तव्य–** वि० त्याग्न लायक; छोड्न योग्य । **त्यक्ताग्नि–** ना० १. अग्निहोत्र गर्न छाडिदिने ब्राह्मण । वि० २. आगोमा पकाएको नखाने ।

**त्यजन–** ना० [सं०] त्याग्ने काम; त्याग ।

**त्यता–** क्रि० वि० [सं०तत्र] त्यहाँ; उता; त्यसतिर; त्यसपछि ।

**त्यति–** वि० [त्यो+जति] १. त्योजति; उति; त्यत्ति । २. निश्चित परिमाणको । क्रि० वि० ३. त्यति साह्रो; त्यतिका । **– को–** वि० १. त्योजति; उत्तिको । २. त्यति धेरै; ठूलो परिमाणको; त्यत्तिको । क्रि० वि० ३. त्यति धेर । >**त्यतिन्जेल/त्यतिन्जेलि–** क्रि० वि० त्यस बेलासम्म; त्यतिखेरसम्म ।

**त्यत्ति–** वि० [त्यो+जति] १. त्यति (जोड दिँदा ।) । **– को–** वि० त्यतिको ।

**त्यत्रो–** वि० [त्यो+जत्रो] १.कुनै निश्चित आकार वा परिमाणको;त्योजत्रो; उत्रो । २. त्यति धेर । क्रि० वि० ३. त्यति साह्रो; त्यतिको ।

**त्यस–** सर्व०/वि० [प्रा० तस्म > सं० तस्य] 'त्यो' सर्वनाम वा विशेषणको तिर्यक् रूप (उदा०– त्यस केटालाई भन ।)

**त्यसरी–** क्रि० वि० [त्यसो+अरी] त्यसो गरेर; त्यस किसिम वा तरिकाले ।

**त्यसै–** क्रि० वि० [त्यसो+नै] १. त्यसो नै; उसै; त्यही तरिका वा किसिमअनुसार नै । २. विनाकारणले; विनाकाम वा उद्देश्यले । ३. मुफतमा; सित्तैं; व्यर्थमा । ४. अव्यवस्थित; अलपत्र । (उदा०– सारा काम त्यसै छाडेर म तिमीकहाँ आएको ।) ।

**त्यसो–** वि० [त्यो+जस्तो] १. त्योजस्तो; उसो; त्यस किसिमको । क्रि० वि० २. त्यता; त्यतातिर ।

**त्यस्तरी–** क्रि० वि० [त्यो+जस्तरी] त्यसरी; त्यस तरिकाले; त्यति धेरै वा जोडले; त्यसो गरी ।

**त्यस्तो–** वि० [त्यो+जस्तो] त्योजस्तो; उस्तो; त्यस किसिमको; त्यति धेरै ।

**त्यहाँ–** क्रि० वि० [सं० तत्र] त्यता; त्यस स्थलमा ।

**त्यहीं–** क्रि० वि० [त्यहाँ+नै] त्यहाँ वा त्यता नै; त्यसै ठाउँ वा स्थितिमा नै ।

**त्यही–** सर्व० [त्यो+नै] त्यो नै; उही नै; ऊ नै; सोही; निजै; त्यै ।

**त्याग्–नु–** स० क्रि० [सं० त्याग+नु] १. त्याग गर्नु; छोड्नु; नलिनु । २. मया मार्नु; छुट्टी दिनु । ३. हटाउनु; बार्नु; वर्जित गर्नु । ४. अर्पनु; चढाउनु ।

**त्याग–** ना० [सं०] कुनै व्यक्ति, वस्तु, धारणा आदिबाट आफ्नो अधिकार, स्वत्व, माया, स्नेह वा सम्बन्धविच्छेद गर्ने काम; उत्सर्ग; छोड्ने काम; वैराग्य; मोचन । ~ **पत्र–** ना० राजीनामा; इस्तिफा । **– शील–** वि० त्याग्न सक्ने; मुक्तहस्त; उदार; दानशील । > **त्यागिनु–** क० क्रि० त्याग्ने काम गरिनु; हटाइनु । **त्यागी–** वि०१. सन्न्यासी; वैरागी; जोगी; भिक्षु । २. दाता; दानी; उदार; दानशील । ३. निस्पृह । **त्याज्य–** वि० त्याग्न योग्य; छोड्न लायक ।

**त्यान्द्रातुन्द्री–** ना० [त्यान्द्रो+त्यान्द्रो] १. मसिना र थोरै मात्र त्यान्द्राहरू; त्यान्द्राको एकत्रित अवस्था । २. त्यान्द्राहरूको सिलोबालो वा बटुलबाटुल ।

**त्यान्द्रो–** ना० [सं० तन्तुक] कथ्य० त्यान्रो । कुनै पनि वस्तुको रेसा वा लामालामा टुक्रा; सुत; धागो ।

**त्यार्र–** ना० [अ० मू० त्यार्+र] १. कागज, कपडा आदि च्यात्दा आउने आवाज । क्रि० वि० २. त्यसरी च्यातिने गरी; त्यार्र ।

**त्यूरी/त्यूरे–** ना०हे० तिउरी/तिउरे ।

**त्यै–** सर्व० हे० त्यही ।

**त्यो–** सर्व० [सं०त्यत्] १. पूर्वकथित व्यक्ति; जनावर वा वस्तु; ऊ; सो; निज । वि० २. अलिक टाढाको कुनै व्यक्ति, जनावर वा वस्तुलाई निर्दिष्ट गर्दा प्रयोग हुने शब्द । (उदा०– त्यो मानिस हाँस्दै छ । त्यो बिरालो कहाँ गयो ? त्यो काठ मेरो हो ।)

**त्र–** 'त' तथा 'र' को संयुक्त रूप ।

**त्रय–** वि० [सं०] तीन (जस्तो – मुनित्रय, मित्रत्रय, रत्नत्रय, लोकत्रय इ० ।) । > **त्रयी–** ना० १. ऋक्, यजु र साम यी तीन वेदको समष्टि । २. तीनको समूह । ३. ब्रह्मा, विष्णु, महेश्वर । ४. पति तथा बालबच्चा जीवितै रहेकी गृहिणी वा गृहलक्ष्मी । ५. बुद्धि ।

**त्रयोदश–** ना० [सं०] तेह्र । > **त्रयोदशी–** ना० कृष्ण वा शुक्लपक्षको तेह्रौँ तिथि । ~ **भूमि–** ना० १. बौद्ध धर्मको वज्रयानमा उल्लेख भएका मुदिता, विमला, प्रभाकरी आदि तेह्र प्रकारका ध्यानका अवस्था । २.चैत्य निर्माण गर्दा गर्भभन्दा माथि र शिरोभागभन्दा तल निर्मित गरिने काल्पनिक लोकको तह वा तेह्र तला ।

**त्रसरेणु–** ना० [सं०] दैलो, झ्याल, पर्खाल आदिका प्वालबाट भित्र पसेको सूर्यकिरणमा उडिरहेको देखिने धूलोको कण वा अणु ।

**त्रस्त–** वि० [सं०] १. डराएको; भयभीत; आतङ्कित । २. कातर । ३. चञ्चल; फुर्तिलो ।

**त्राटक–** ना० [सं०] योगका छ गुणमध्ये एक; दृष्टिशक्ति तीव्र पार्न कुनै निश्चित विन्दुमा दृष्टि केन्द्रित गर्ने यौगिक साधन ।

**त्राण–** ना० [सं०] १. रक्षा; बचाउ; प्रतिरक्षा । २. शरण; सहारा; आश्रय । ३. छुटकारा; मुक्ति ।

**त्राता–** वि० [सं०] त्राण गर्ने; बचाउने; रक्षा गर्ने; आश्रय दिने ।

**त्रास–** ना० [सं०] १. डर; भय; अत्यास; झसक; तरास । २. धक; सङ्कोच । ३. झस्कँदा अस्थायी रूपले पैदा हुने भाव; व्यभिचारी भावको एक प्रकार ।

**त्रासद/त्रासदी–** ना० [सं०] रूढ अर्थमा खास गरी कथानक ज्यादै गम्भीर हुँदै भाग्य, नैतिक दुर्बलता, सामाजिक खराबी, मनोवैज्ञानिक कमजोरी आदिका कारणले मुख्य नायकको पतन भई दुःखमा अन्त्य हुने नाटकको भेद; दुःखान्त (ट्रेजेडी) । > **त्रासदीय–** वि० त्रास दिने किसिमको; दुःखान्त वा त्रासदीसम्बन्धी ।

**त्रासन–** वि० [सं०] १. डरलाग्दो; भयङ्कर । ना० २. तर्साउने काम; डर देखाउने काम ।

**त्राहि–** वि० बो. [सं०] १. धेरै डराउँदा रक्षाका लागि अकस्मात् निस्कने शब्द; बचाऊ; रक्षा गर; गुहार । वि० २. ज्यादै डराएको; थरहरी; त्रस्त । ~ **त्राहि–** ना० ज्यादै ठूलो आपत्मा परी डराउँदाको भाव वा व्यञ्जना । **– माम्–** बि० बो० त्राहि ।

**त्रिंश–** वि० [सं०] तीसौँ ।

**त्रिंशत्–** ना० [सं०] तीस ।

**त्रि–** वि० [सं०] तीन (कुनै शब्दका अगाडि जोडिएर अर्थ बुझाउने । जस्तै – त्रिकाल, त्रिपाद इ० ) । **– क–** ना० १. तीन संख्या वा वस्तुको समष्टि । २. मेरुदण्डको तल्लो भाग । वि० ३ तेहरो ।

C:\Sabdkosh\Rajendra\Dict 'Ta'.p65



४. तीन प्रतिशत । – **कटु**– ना० सुठो, मरीच र पिप्ला यी तीन पिरो स्वादका वस्तुहरूको समष्टि । – **काठी**– ना० मृतकका दस दिनसम्मको प्रेतक्रिया गर्दा, ढिकुरामा प्रेतलाई जलदान गर्न विधिअनुसार प्रयोग गर्न तीनतीनवटा काठका सिटालाई धागाले बाँधी बनाइएको वस्तु; त्रिखुट्टी । – **काल**– ना० १. कालका तीन खण्ड (भूत, भविष्य र वर्तमान अथवा प्रातः, मध्याह्न र सायम्) । २. व्याकरणमा क्रियाका भूत, भविष्य र वर्तमान यी तीन काल । – **कालज्ञ**– वि० तीनै कालका कुरा जान्ने; सर्वज्ञ । – **कालदर्शी**– वि० त्रिकालज्ञ । – **कुटी**– ना० हठयोगमा उल्लेख भएअनुसार इडा, पिङ्गला र सुषुम्ना नाडीको सङ्गमस्थल; चन्द्रमण्डल । – **कूटी**– ना० पूजाआजामा शङ्ख, अर्घौतो वा जलहरी राख्ने धातुको तीनखुट्टे भाँडो; ओधाने पारेर बाँधिएको तीनवटा काठका टुक्रा; त्रिखुटी । – **कोण**– ना० १. ज्यामितिमा तीन सरल रेखाको योगबाट तीन कोण परी बनेको एक समतल चित्र । २. जन्मकुण्डलीमा लग्नस्थानदेखि पाँचौं र नवौं स्थान । वि० ३. तीनकुने; तीनचुच्चे । – **कोणमिति**– ना० त्रिकोणका भुजा, कोण वा युगल भुजाको मान निकाल्ने गणितको एक शाखा । – **क्षार**– ना० जवाखार, सज्जीखार र स्वाग तीन रासायनिक तत्त्वको समष्टि । – **खण्ड पूर्वयुग**– ना० त्रिखण्डारम्भ युगभन्दा पहिलेको, अजीवकल्पको समय; भूगर्भशास्त्रका अनुसार आजभन्दा साढे चार अरब वर्षपहिले प्रारम्भ भएको युग । – **खण्डारम्भ युग**– ना० भूगर्भशास्त्रअनुसार आजभन्दा सन्ताउन्न करोड वर्षपहिलेको, जीवकल्पको प्रारम्भ भएको युग; एककोशीय जीव सृष्टि तथा प्रथम, द्वितीय र तृतीय खण्ड प्रारम्भ भएको युग; पुराजीवक प्रारम्भ भएको युग । – **खण्डी**– ना० १. पहिले जग्गाजमिनको तीन भागमा एक भाग मोहीले र दुई भाग तल्सिङले पाउने व्यवस्था । २. सो व्यवस्थाअनुसार मोहीले पाएको भाग । – **खुटी**– ना० त्रिकुटी । – **गण**– ना० चार पुरुषार्थमध्ये धर्म, अर्थ र काम यी तीनको समुदाय । – **गुण**– वि० १. सत्त्व, रज तथा तम तीन गुणले युक्त । २. तेहरो; तिगुना; तेवर । ना० ३. सत्त्व, रज तथा तम– यी तीन गुणको समष्टि । – **गुणातीत**– वि० सत्त्व, रज तथा तम तीनै गुणले रहित भएको; निर्गुण । – **गुणित**– वि० तीनको सङ्ख्याले गुणन गरिएको; तिगुना पारिएको ।

**त्रिगूढ**– ना० [सं०] नाटकको सौन्दर्य बढाउनाका निम्ति स्त्रीको वेष गरेका पुरुषहरूले गरिने मधुर नृत्य (लास्याङ्गको एक भेद) ।

**त्रिचापलस**– ना० [सं० त्रिचत्वारिंशत्] १. चालीस र तीनको योगसङ्ख्या; ४३ को अङ्क । वि० २.चालीस र तीनका योगसङ्ख्याको । > **त्रिचालिसौँ**– वि० त्रिचालीस सङ्ख्यामा पर्ने ।

**त्रिचालीस**– ना० हे० त्रिचालिस । > **त्रिचालीसौँ**– वि० हे० त्रिचालिसौँ ।

**त्रिजगत्**– ना० [सं०] वास्तु तथा मूर्तिकलामा प्रचलित, चालीस अमलबराबरको नापो; आयुध वा दिशाको चार गुणाबराबरको नापो ।

**त्रिज्या**– ना० [सं०] रेखागणितमा वृत्तको परिधिबाट केन्द्रसम्म खिचेको सरल रेखा; व्यासार्ध ।

**त्रिताल**– ना० [सं०] गायनको एक ताल । > **त्रिताले**– वि० १. एकदम बाठो; चुपिचन्डाल । २. धूर्त । ३. अनेक ताल जान्ने (आइमाई); बिछट्टकी ।

**त्रिदण्ड**– ना० [सं०] १. सन्न्यासीहरूले लिने बाँसका तीन कप्टेरा मिलाई बनाइएको दण्ड । २. मन, वचन र कर्मको संयम । > **त्रिदण्डी**– ना० १. मन, वचन र कर्मलाई वशमा राख्ने व्यक्ति; त्रिदण्ड लिएको सन्न्यासी । २. जनै ।

**त्रिदश**– ना० [सं०] देवता । > **त्रिदशालय**– ना० १. सुमेरु पर्वत । २. स्वर्ग ।

**त्रिदेव**– ना० [सं०] ब्रह्मा, विष्णु र महेश्वर यी तीन देवता ।

**त्रिदोष**– ना० [सं०] शरीरमा हुने बात, पित्त र कफ यी तीन दोष; पित्त र कफको प्रकोपबाट हुने रोग; सन्निपात ।

**त्रिधा**– क्रि० वि० [सं०] तीन प्रकारले; तीन किसिमसँग ।

**त्रिधार**– ना० [सं०] तीनपाटे डाँठ भई त्यसका टुप्पामा सेता फूल फुल्ने एक प्रकारको सिउँडी ।

**त्रिनगर**– ना० [सं०] १. नेपालको सुदूर पश्चिमाञ्चलमा पर्ने एक प्रसिद्ध बजार । २. तीन शहर ।

**त्रिनीलमानव**– ना० [सं०] १. नृतत्त्व विज्ञानअनुसार द्वितीय हिमयुगका बीच समयमा जाभाको त्रिनील नामक ठाउँमा थियो भन्ने प्रमाणित गरिएको मानव; पुरातत्त्वविद् तथा नृतत्त्वविद्हरूले अस्थिका अवशेषका रूपमा प्राप्त गरेको नरवानरको अस्तित्व ।

**त्रिनेत्र**– ना० [सं०] शिव; त्रिलोचन ।

**त्रिपट**– ना० [सं०] १. हावा, घाम, पानी आदिका कारणले काठ-पात बाङ्गिने वा पसाङ्गिने प्रक्रिया । २. साइकल आदिका पाङ्ग्राको गोलाइ बिग्रने वा कुच्चिने क्रिया; तिर्पट ।

**त्रिपथ**– ना० [सं०] १. ज्ञान, कर्म र उपासना– यी तीन मार्ग । २. आकाश, पृथ्वी र पाताल– यी तीन स्थान । ३. तीन दोबाटो । – **गा**– ना० गङ्गा; भागीरथी ।

**त्रिपद**– ना० [सं०] १. त्रिपाई । २. तीन पदको समष्टि । ३. विष्णुको वामन अवतार । वि० ४. तीन खुट्टा भएको; तीनखुट्टे । > **त्रिपदा**– ना० गायत्री ।

**त्रिपन्न**– ना० [सं० त्रिपञ्चाशत्] १. पचास र तीनको योगसङ्ख्या; ५३ को अङ्क । वि० २. पचास र तीनको योगसङ्ख्याको । > **त्रिपन्नौँ**– वि० गणना गर्दा त्रिपन्नको क्रममा परेको ।

**त्रिपाई**– ना० [सं० त्रिपाद] तीन खुट्टा भएको काठ वा धातुको बस्ने उपकरण; स्टुल ।

**त्रिपासा**– ना० [सं० त्रि+पासा] चारपाटे हस्तिहाडका गोटी लडाएर खेलिने एक खेल ।

**त्रिपिटक**– ना० [सं०] विनय, अभिधम्म र सुत्त तीन पिटकमा विभाजित बौद्ध धर्मग्रन्थको नाम ।

**त्रिपुण्ड्र**– ना० [सं०] शैव धर्मावलम्बीहरूले निधारमा लगाउने भस्मका तीन रेखा; चन्दन, खरानी वा गोबरबाट बनाइएको तीन रेखा; त्रिपुण्डक ।

**त्रिपुर**– ना० [सं०] १. तीन नगरको समूह । २. पौराणिक कथाअनुसार पृथ्वी र पातालमा मय भन्ने राक्षसले बनाएको सुन, चाँदी र फलामका तीन नगर । ~ **सुन्दरी**– ना० दुर्गा देवी । > **त्रिपुरारि**– ना० महादेव ।

**त्रिपुरुष**– ना० [सं०] तीन पुस्ताका व्यक्ति अर्थात् बाबु, बाजे र बूढा बाजे ।

**त्रिफला**– ना० [सं०] आयुर्वेदका अनुसार हर्रो, बर्रो र अमला– यी तीन फलहरूको समष्टि ।

**त्रिबली**– ना० [सं०] स्त्रीजातिको नाभिभन्दा केही माथि पेटमा पर्ने सौन्दर्यसूचक तीन रेखा ।

**त्रिभङ्गी**– ना० [सं०] बत्तीस मात्रा भएको, दस, आठ, आठ र छ मात्रामा यति हुने, जगण नभएको र पछिल्लो अक्षर गुरु हुने एक छन्द । (उदा०– काम छ भिखमङ्गा देह छ नङ्गा शिरमा गङ्गा शङ्करको ।)

**त्रिभुज**– ना० [सं०] तीन सरल रेखा आपसमा मिली बनेको कोण; त्रिकोण ।

**त्रिभुवन**– ना० [सं०] १. स्वर्ग, मर्त्य र पाताल– यी तीन लोकको समुदाय; त्रिलोक । २. नेपालको शाह वंशका आठौँ राजा; त्रिभुवनवीरविक्रम शाहदेव (वि०सं० १९६३–२०११) । ~ **जयन्ती**– ना० फागुन ७ गतेका दिन मनाइने राष्ट्रिय प्रजातन्त्र दिवस । ~ **पुरस्कार**– ना० साहित्य, कला आदिका क्षेत्रमा विशेष योगदान दिने लेखक, कलाकार आदिलाई प्रदान गर्ने उद्देश्यले २०१६ सालमा स्थापित एक पुरस्कार । – **प्रजातन्त्र- श्रीपद**– ना० राजपरिवार तथा राष्ट्रिय महत्त्वका व्यक्तिहरूलाई प्रदान गर्ने उद्देश्यले २०१३ सालमा स्थापित पाँच श्रेणीमा विभक्त एक पुरस्कार । – **प्रज्ञा-पुरस्कार**– ना० भाषा, साहित्य, संस्कृति, कला र ज्ञानविज्ञानका क्षेत्रमा प्रदान गर्ने उद्देश्यले २०३१ सालमा स्थापित एक पुरस्कार । – **राजपथ**– ना० थानकोटदेखि भैँसेसम्मको १९० कि० मि० लामो राजमार्ग; बाइरोड । ~ **विश्वविद्यालय**– ना० काठमाडौँमा वि०सं० २०१२ मा सङ्गठित तथा वि०सं० २०१६ मा स्थापित नेपालको पहिलो र ठूलो विश्वविद्यालय ।

**त्रिमधु**– ना० [सं०] घिउ, चिनी र महको समष्टि ।

**त्रिमात्रिक**– वि० [सं०] तीन मात्रा भएको (पद आदि); प्लुत (ध्वनि) ।

**त्रिमूर्ति**– ना० [सं०] १. हिन्दूहरूका तीन देव ब्रह्मा, विष्णु र महेश्वरको संयुक्त रूप । २. सूर्य ।

**त्रियान**– ना० [सं०] बौद्धधर्मका तीन यान– महायान, हीनयान र बज्रयानको सामूहिक नाम ।

**त्रियानब्बे**– ना० [सं० त्रिनवति] १. नब्बे र तीनको योगसङ्ख्या; ९३ को अङ्क । वि० २. नब्बे र तीनका योगसङ्ख्याको । > **त्रियानब्बेऔँ / त्रियानब्बेयौँ**– वि० गणनाका क्रमले त्रियानब्बेको सङ्ख्यामा परेको ।

**त्रियासिऔँ / त्रियासियौँ**– वि० [त्रियासी + औँ / यौँ] त्रियासी सङ्ख्यामा परेको; त्रियासी सङ्ख्याको ।

**त्रियासी**– ना० [सं० त्र्यशीति] १. असी र तीनको योगसङ्ख्या; ८३ को अङ्क । वि० २. असी र तीनका योगफलको । – **त्रियासीऔँ / त्रियासीयौँ**– वि० हे० त्रियासिऔँ ।

**त्रियुग**– ना० [सं०] १. तीन युग (सत्य, त्रेता र द्वापर) । २. वसन्त, वर्षा र शरद्– यी तीन ऋतुको समष्टि । ३. तीन पुस्ताको समष्टि । > **त्रियुगा**– ना० सगरमाथा अञ्चलको उदयपुर जिल्लामा पर्ने एक प्रसिद्ध नदी; तिर्जुगा ।

**त्रिरत्न**– ना० [सं०] १. बुद्ध, धर्म र सङ्घ– यी तीनको सामूहिक नाम । २. ब्रह्मा, विष्णु र महेश्वर । ३. सुन, चाँदी र तामा; त्रिलोह ।

**त्रिलघु**– ना० [सं०] छन्दशास्त्रका अनुसार वर्णयोजनामा तीन लघु भएको एक गण; नगण ।

**त्रिलवण**– ना० [सं०] सिँधे, साबरी र बिरे नुनको समष्टि ।

**त्रिलोक**– ना० [सं०] तीन लोक वा भुवन (स्वर्ग, मर्त्य र पाताल) । – **नाथ**– ना० तीनै लोकका स्वामी (इन्द्र र शिव) । > **त्रिलोकेश**– ना० सूर्य ।

**त्रिलोचन**– ना० [सं०] १. शिव । वि० २. तीनआँखे ।

**त्रिलोह**– ना० [सं०] सुन, चाँदी र तामा– तीन थरी धातुको समष्टि; त्रिरत्न ।

**त्रिवर्ग**– ना० [सं०] १. धर्म, अर्थ र काम – यी तीन पुरुषार्थ । २. हानि, स्थिरता र वृद्धि – यी तीन स्थिति ।

**त्रिवर्षीय**– वि० [सं०] तीनवर्षे; तीन वर्षको; तीनतीन वर्षमा हुने; त्रिवार्षिक ।

**त्रिवार्षिक**– वि० [सं०] त्रिवर्षीय ।

**त्रिविध**– वि० [सं०] १. तीन प्रकारका । क्रि० वि० २. तीन प्रकारले; तिगुना; तेहरो ।

**त्रिविभोक्ष**– ना० [सं०] फोटोग्राफका त्रिआयामिक प्रभाव देखाउने एक उपकरण ।

**त्रिवेणी**– ना० [सं०] १. तीन नदीको सङ्गमस्थल । २. प्रयागको गङ्गा, यमुना र सरस्वतीको सङ्गमस्थल । ३. उदयपुर गढी, नवलपरासी, सुनसरी आदि जिल्लाका ठाउँविशेषको नाम जहाँ तीन नदीका सङ्गमस्थल छन् । ४. हठयोगमा प्रयोग हुने, इडा, पिङ्गला र सुषुम्ना नाडीको सङ्गमस्थल; त्रिकुटी; चन्द्रमण्डल ।

**त्रिशक्ति**– ना० [सं०] १. इच्छा, ज्ञान र क्रिया – यी तीन ईश्वरीय शक्ति । २. तन्त्रका अनुसार काली, तारा र त्रिपुरा – यी तीन देवीको समष्टि । ३. गायत्री । – **पट्ट**– ना० राजपरिवारलाई, नेपालप्रति सद्भाव राख्ने विदेशी नागरिकलाई तथा राष्ट्रिय महत्त्वका नेपालीहरू प्रदान गर्ने उद्देश्यले १९९४ सालमा स्थापित पाँच श्रेणीमा विभक्त एक पदक ।

**त्रिशूल–** ना० [सं०] शिवजीको प्रधान शस्त्र मानिने, तीन चुच्चो भएको एक हतियार; तिर्सुल । > **त्रिशूली–** ना० १ शिव । २. साँढे । ३. गोसाइँकुण्डबाट उद्गमित भई नेपालको मध्य भागमा बग्ने एक नदीको नाम ।

**त्रिष्टुप्–** ना० [सं०] छन्दशास्त्रअनुसार एक पाउमा एघार अक्षर हुने एक वर्णवृत्त ।

**त्रिसट्ठिऔँ/त्रिसट्ठियौँ–** वि० [सं० त्रिसट्ठी +औँ/यौँ] गणनाका क्रमले त्रिसट्ठी सङ्ख्यामा परेको; त्रिसट्ठी सङ्ख्याको ।

**त्रिसट्ठी–** ना० [सं० त्रिषष्टि] १. साठी र तीन जोड्दा हुने योगफल; ६३ को अङ्क । वि० २. साठी र तीनका योगसङ्ख्याको । > **त्रिसट्ठीऔँ/त्रिसट्ठीयौँ–** वि० हे० त्रिसट्ठिऔँ ।

**त्रिसन्धि–** ना० [सं०] जवाकुसुमका छाँटको एक थरी फूलविशेष ।

**त्रिसन्ध्या–** ना० [सं०] प्रातः, मध्याह्न र सायम् गरी दिनका तीन काल ।

**त्रिसाला–** ना० [सं० त्रि+फा० साल] तीन वर्षको म्याद राखेर गरिएको कारोबार ।

**त्रिस्थली–** ना० [सं०] काशी, प्रयाग र गया – यी तीन प्रसिद्ध तीर्थस्थान ।

**त्रिस्वर–** ना० [सं०] ध्वनिविज्ञानका अनुसार उकालोलाई ओरालाले पछ्याएको स्वरश्रुति; त्रिस्वरीभूत द्विस्वर ।

**त्रिहत्तर–** ना० [सं० त्रिसप्तति] १. सत्तरी र तीनका सङ्ख्याको योगफल; ७३ को अङ्क । वि० २. सत्तरी र तीनका योगसङ्ख्याको । > **त्रिहत्तरौँ–** वि० गणना गर्दा त्रिहत्तरको क्रममा परेको ।

**त्रिहत्ती–** वि० [सं० त्रि+हस्त+ई] १. तीन हातको गज वा चौडाइ भएको । २. त्यस नापको कपडा ।

**त्रुटि–** ना० [सं०] १. गल्ती; भूलचूक । २. कमी । > **त्रुटित–** वि० १. काटिएको; भाँचिएको; फुटेको; चुँडिएको । २. भूल भएको; गल्ती भएको ।

**त्रेता–** ना० [सं०] पुराणादिअनुसार चार युगमध्येको दोस्रो युग । ~ **युग–** ना० सत्य, त्रेता, द्वापर र कलि चार युगमध्ये दोस्रो युग । > **त्रेताग्नि–** ना० धर्मशास्त्रका अनुसार दक्षिण, गार्हपत्य र आहवनीय – यी तीन अग्निको समष्टि ।

**त्रैकालिक–** वि० [सं०] भूत, भविष्य र वर्तमान– यी तीन कालसँग सम्बद्ध ।

**त्रैमासिक–** वि० [सं०] तीनमहिने; तीन महिनाको; प्रत्येक तीनतीन महिनामा आउने वा हुने (पत्रिका, बजेट) आदि ।

**त्रैराशिक–** वि० [सं०] गणितमा तीन ज्ञात राशिका सहायताले चौथो राशिको पत्तो लगाउने एक प्रक्रिया ।

**त्रैलोक्य–** ना० [सं०] तीन लोक अर्थात् स्वर्ग, मर्त्य र पातालको समष्टि; त्रिलोक ।

**त्रोटक–** ना० [सं०] १. देवता र मनुष्य दुवै थरी पात्र हुने प्रत्येक अङ्कमा विदूषक रहने, प्रधान रस शृङ्गार र अङ्कहरू पाँच, सात, आठ वा नौमध्ये कुनै पनि हुन सक्ने एक रूपक (उदा०– विक्रमोर्वशी) । २. गर्भनामक नाटकसन्धिको एक अङ्ग ।

**त्र्यम्बक–** ना० [सं०] तीन नेत्र भएका देवता; शिव ।

**त्व–** प्रत्य० [सं०] शब्दका पछाडि जोडिएर भाव, गुण वा अवस्था जाहेर गर्ने एक प्रत्यय (जस्तो- पुरुषत्व, स्वामित्व, पशुत्व इ० ।) ।

**त्वचा–** ना० [सं०] चर्म; छाला ।

**त्वम्–** सर्व० [सं०] तिमी ।

**त्वरा–** ना० [सं०] शीघ्रता; क्षिप्रता; वेग ।

**त्वरित्–** वि० [सं०] शीघ्रगामी; छिटो हिँड्ने; वेगवान्; फुर्तिलो । ~ **भूक्षय–** ना० प्राकृतिक वा अन्य कृत्रिम कारणबाट छिटोछिटो हुने भूक्षय ।

**त्वष्टा–** ना० [सं०] १. देवताका कर्मी; विश्वकर्मा । २. अष्टप्रजापतिमध्ये एक ।

**त्वारत्वार–** क्रि० वि० [अ० मू० त्वार्+अ (द्वि०)] पानीको मसिनो धारो बग्दाको आवाज आउने गरी । > **त्वारत्वारती/त्वारत्वारी–** क्रि० वि० अझ बढी त्वारत्वार भएर ।

**त्वार्र–** ना० [अ० मू० त्वार्+र] १. पानी, पिसाब, रक्सी आदि तरल पदार्थको धारो खस्दा आउने शब्द । क्रि० वि० २. त्यसरी धारो खस्ने गरी वा खसालेर ।

# थ

**थ**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये सत्रौँ व्यञ्जन; दन्त्य, स्पर्शी, अघोष, महाप्राण व्यञ्जन ध्वनि; तवर्गको दोस्रो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न । नत्थजस्तो थ; घोरमुखा थ ।

**थकथक**– ना० १. पश्चात्ताप; पछुतो; पछुताउ; थक्क; चुकचुक; थकथकी । वि० २. पश्चात्तापमा परेको; थकथकाएको । > **थकथकाइ**– ना० थकथकाउने भाव, क्रिया वा किसिम । **थकथकाइनु**– अ० क्रि० थकथक गरिनु । **थकथकाउनु**– अ० क्रि चुकचुकाउनु; पछुताउनु; थक्कथक्क मान्नु; पश्चात्ताप गर्नु । **थकथकी**– ना० चुकचुकी; थकथक । **थकथके**– वि० पछुताउने; थक्कथक्क गर्ने; पश्चात्ताप गर्ने; थकथकाउने बानी भएको ।

**थकाइ**– ना० [√ थाक् (+आइ)] थाक्ने क्रिया वा प्रक्रिया; थकावट । [>] **थकाइनु**– क० क्रि० थाक्ने पारिनु । **थकाइलो** – वि० थाक्ने स्वभावको । **थकाउनु**– प्रे० क्रि० थाक्ने पार्नु; थकित तुल्याउनु ।

**थकार**– ना० [सं०] 'थ' वर्ण वा अक्षर; तवर्गको दोस्रो अक्षर ।

**थकाली१**– ना०[थाक + आली] १. नेपालको पश्चिमोत्तर क्षेत्रको 'थाक' भन्ने ठाउँका बासिन्दा; एक नेपाली जाति । वि० २. थाकसम्बन्धी; थाकको ।

**थकाली२**– ना० [थाक (<टाक= टाउको) + आली] जातिविशेषमा घर, कुल वा गुठीको सबभन्दा बूढो मुख्य व्यक्ति; मूली; नाइके ।

**थकावट**– ना० [थाक् + आवट] थाक्ने भाव, क्रिया वा अवस्था; थकाइ ।

**थकित** – वि० [थाक्+ इत] थाकेको; थकाइ लागेको ।

**थकुल्लो**– ना० १. थाङ्नाबाट तयार बालिस्ट वा अडेसा । २. थाङ्नैथाङ्नाले बनाइएको बिछ्याउना; डफलो ।

**थकुवा**– वि० [थाक् + उवा] दूध दिन छाडेको वा थाकेको (गाईभैँसी आदि) ।

**थकौटो**– वि० [थाक् + औटो] १. थाक्न आँटेको वा थाक्ने बेला भएको; थकुवा; बकेर्नु । ना० २. त्यस्तो अवस्थाको गाई वा भैँसी । ३. त्यस्तो हुने अवस्था वा स्थिति ।

**थकौली**– ना० [तग् + औली] माछा समात्दा दुवै हातले समातेर माछालाई फसाउन निर्मित एक थरी हाते जाल ।

**थक्क**– ना० [अ० मू० थक् + क] पछुतो । ~ **थक्क**– वि० बो० १. बारम्बार पछुतो हुँदा अचानक व्यक्त गरिने शब्द । ना० २. थकथकी; चुकचुकी ।

**थक्र-नु**– स० क्रि० [थाँक्रो + नु] १. थाँक्राले केश कोर्नु; लट्टा फोरेर सम्म्याउनु । २. लुगा बुन्ने तानको धागो थाँक्राले सम्म्याउनु । > **थक्राइ** – ना० थक्रने काम वा किसिम । **थक्राइनु**– क० क्रि० थक्रने पारिनु । **थक्राउनु**– प्रे० क्रि० थक्रने पार्नु । **थक्रिनु**– क० क्रि० १. थाँक्राले केश कोरिनु; लट्टा सम्म्याइनु । स० क्रि० २. थक्रनु ।

**थक्सिनी**/**थक्सेनी**– ना० [थाक्से + इनी] १. थाक्से आइमाई । २. थाक्सेकी स्वास्नी ।

**थङथिलो**– वि० [सं० तङ्क + स्थिल्ल] कष्ट आदिले गर्दा ज्यादै दुब्लाएको । २. पिटाइ र थिचाइमा परेर हत्तू वा विकृत भएको; थिलथिलो । > **थङथिल्याइ**– ना० थङथिलो हुने वा पारिने क्रियाप्रक्रिया । **थङथिल्याइनु** – क० क्रि० थङथिलो पारिनु । **थङथिल्याउनु**– स० क्रि०/प्रे० क्रि० थङथिलो पार्नु वा पार्न लगाउनु ।

**थङ्ग्रिनु**– अ० क्रि [थाङ्ग्रो + इ + नु] १. थाङ्ग्रो उभिनु । २.आड वा सहारा पाउनु । ३. रोगी व्यक्ति निको भई तङ्ग्रिनु वा उठेर हिँडडुल गर्न सक्ने हुनु ।

**थङ्निनु**– अ० क्रि० १. [थाङ्नो + इ + नु] थाङ्नामा गुटमुटिनु; थाङ्नामा पर्नु । २. बिरामी पर्नु; थला पर्नु । ३. ढिलो वा विलम्ब हुनु । ४. कोत्रिनु । ५. दुःख पाउनु । > **थङ्न्याइ**– ना० थङ्निने काम वा काइदा । **थङ्न्याइनु**– क० क्रि० थङ्न्याउने काम गरिनु । **थङ्न्याउनु**– स० क्रि०/प्रे० क्रि० थङ्निने पार्नु, थाङ्नो तुल्याउनु । **थङ्न्याहट**– ना० थङ्न्याइ । **थङ्न्याहा**– वि० थाङ्नामा परेको वा पार्ने ।

**थचक्क**– क्रि० वि० [अ० मू० थचक् + क] दुवै घुँडा खुम्च्याई पैतलाले टेकेर बस्ने गरी; थुचुक्क ।

**थचार्-नु**– स० क्रि०[ थच्कार् + नु] जबरजस्ती बसाल्नु; थ्याच्च राख्नु; पछार्नु; थच्च्याउनु । > **थचाराइ**– ना० थचार्ने वा थचारिने क्रियाप्रक्रिया । **थचाराहट**– ना० थचाराइ । **थचारिनु** - क० क्रि० जबरजस्ती बसालिनु; थ्याच्च राखिनु; पछारिनु । **थचारो**– ना० थचार्ने वा थचारिने परिस्थिति; लतारो । **थचार्याइ**– ना० थचारिने काम वा काइदा; थचाराइ ।

**थच्क-नु**– अ० क्रि० [थचक्क + नु] थचक्क बस्ने हुनु; त्यस्तो हुने गरी थाक्नु । > **थच्काइ**– ना० थच्कने भाव, क्रिया वा प्रक्रिया । **थच्काइनु**- क० क्रि० थचक्क बसालिनु वा थाक्ने पारिनु; थचारिनु । **थच्काउनु**– प्रे० क्रि० थचक्क बसाउनु; थाक्ने पार्नु ।

**थच्कार-नु**– स० क्रि० [अ० मू० थच् + कार + नु] थचार्नु; थच्च्याउनु । > **थच्काराइ**– ना० थच्कार्ने क्रिया वा प्रक्रिया । **थच्कारिनु**– क० क्रि० थच्काराइमा पारिनु । **थच्कारिलो**- वि० थच्काराइमा पर्न वा पार्न लायक ।

**थच्काहा**– वि० [थच्क + आहा] थचक्क पार्ने वा पर्ने (व्यक्ति) ।

**थच्च**– क्रि० वि० [अ० मू० थच्+च] पूरै जमिनको आड लिएर बस्ने गरी; थचक्क ।

**थच्चि-नु**– अ० क्रि० [अ० मू० थच्च+इ+नु] १. भद्दा तालले बस्नु; थच्च बस्नु (हेयार्थ वा निन्दार्थमा) । २. अभियानमा असफल हुनु । ३. उत्साह भङ्ग हुनु । > **थच्च्याइ** - ना० थच्चिने भाव, क्रिया वा प्रकिया; थच्चिने काम वा काइदा । **थच्च्याइनु** - क०

क्रि० थच्च्याइमा पारिनु । **थच्च्याउनु** - प्रे० क्रि० १. बलजफती थचार्नु वा बसाल्नु । २. थिच्नु; ङ्याक्नु । **थच्च्याहट**– ना० थच्च्याइ ।

**थतमराइ**– ना० [थात+मराइ] १. आलेटाले । २. अलमल । ३. दिग्भ्रम; भ्रान्ति । > **थतमराइनु** - अ० क्रि० थतमराउने होइनु । **थतमराउनु** - अ० क्रि० १. आलटाल गर्नु; अल्याङमल्याङ गरेर समय बिताउनु । स० क्रि० २. केही आश्वासन दिएर भुलाउनु । ३. कुनै काम बीचमै स्थगित गर्नु वा थाती राख्नु । **थतमराहट** - ना० थतमराइ ।

**थतर्काइ**– ना० [√ **थतर्को** (+ आइ)] लगातार थर्को उत्पन्न हुने वा पार्ने क्रियाप्रक्रिया । [>] **थतर्काइनु** -क० क्रि० थतर्को निस्किनु । **थतर्काउनु** - अ० क्रि० डर वा कुनै अन्य कारणले काम्नु, हल्लिनु । **थतर्काहट** - ना० थतर्काइ ।

**थतर्कि-नु**– अ० क्रि० [थतर्को + इ + नु] थरथरती काँप्नु; थर्किनु वा हल्लिनु ।

**थतर्को**– ना० [अ० मू० थर+थर+को] १. लगातारको थर्को । २. कम्प; थर्को; कँपाइ ।

**थतर्क्याइ**– ना० [√ **थतर्कि** (+ याइ)] थतर्किने क्रिया वा प्रक्रिया । [>] **थतर्क्याइनु** - क० क्रि० थतर्किने पारिनु । **थतर्क्याइलो** - वि० लगातार कामिरहेको वा काम्न लायकको; थतर्किने खालको । **थतर्क्याउनु** - प्रे० क्रि० थतर्किने तुल्याउनु । **थतर्क्याहट** - ना० थतर्क्याइ ।

**थनरी** – ना० [थनरो+ई] सानो थनरो ।

**थनरो** – ना० आगो चलाउने टुप्पो घुमेको, कौको एक औजार; चिम्टा; थर्रो । > **थनौरे** - ना० १. ठूलाबडा, मुखिया आदिको मालसामान वा कुम्लो-कुटुरो बोकिदिने मानिस । २. ठूलाबडाको पछौटे; चम्चा ।

**थनौरो**– ना० [थुन + औरो] १. गाईभैँसी आदिको कल्चौँडो; फाँचो । २. थुनेलो रोग ।

**थन्क-नु/थन्कि-नु**– अ० क्रि० [थान्को +(इ)+ नु] १. उपयुक्त ठाउँमा सुरक्षित हुनु; थान्को लाग्नु । २. तह लाग्नु । ३. उपेक्षित हुनु । ४. स्थगित हुनु । > **थन्काइ** – ना० थन्कने वा थन्काउने क्रिया-प्रक्रिया । **थन्काइनु**– क० क्रि० थान्को लगाइनु । **थन्काउनु**– सं० क्रि०/प्रे० क्रि० थान्को लगाउनु; थान्को लाग्ने पार्नु । **थन्किनु** – अ० क्रि० १. थन्कनु । क० क्रि० २. थन्काइनु । **थन्क्याइ** – ना० थान्को लाग्ने क्रिया वा किसिम । **थन्क्याइनु** – क० क्रि० थान्को लगाइनु; थन्काइनु । **थन्क्याउनु** – स० क्रि०/प्रे० क्रि० १. थान्को लाउनु; राम्ररी राख्नु; ठेगान लगाउनु; ठाउँमा राख्नु । २. थान्को लाग्ने पार्नु ।

**थन्चोली/थन्चोलो**– ना० [स्तन+चोली/चोलो] स्त्रीहरूले स्तन मात्र छोपेर लगाउने लुगा; दुधौटी; ब्रेसियर; चेस्टर ।

**थप्-नु**– स० क्रि०[ सं० स्थापन] मात्रा, परिमाण वा गुणको वृद्धि गर्नु; बढाउनु; अधिक पार्नु; थप गर्नु; थपुवा दिनु; जोड्नु; योग गर्नु । > **थप**– ना० १. अतिरिक्त; बढ; कुनै कुराको योग । वि० २. थपिएको; थपुवा ।

**थपक्क**– क्रि० वि० [अ० मू० थपक्+क] काम गर्दा, कुनै चीज राख्दा, कहीँ बस्दा, कतै जाँदा वा आउँदा आनेकाने नगरीकन; सहज भावले वा हलुङ किसिमले ।

**थपघट**– ना० [थप+घट] १. काट्ने वा हटाउने र थप्ने वा बढाउने काम । २. कमबेसी; घटीबढी ।

**थपडी**– ना० [थप्पड+ई] हातका दुई पन्जाको सङ्घातबाट निकालिएको आवाज; ताली; करतलध्वनि । > **थपड्याइ**– ना० १. हातले हिर्काउने क्रियाप्रक्रिया । २. थपडी बजाउने काम वा किसिम । **थपड्याइनु**– क० क्रि० थप्पड ख्वाइनु । **थपड्याउनु**– स० क्रि० १. थप्पड हान्नु; थप्पा लगाउनु; चड्क्याउनु । २. थपडी बजाउनु ।

**थपथप**– क्रि० वि० [अ० मू० थप्+अ (द्वि०)] १. पालैसँग वा धमाधम; एकपछि अर्को गर्दै; क्रमैसँग; थुपुथुपु । २. थपक्क । > **थपथपती/थपथपी** - क्रि० वि० थपथप गरेर; थपथप ।

**थपथाप/थपनथापन**– ना० [थप + थाप] १. थप्ने, बढाउने, ठूलो पार्ने आदि काम; नपुगेको वा आवश्यक भएजति थप्नेवर्ने काम । २. नाम मात्र भए पनि थपिएको वस्तु । ३. त्यसरी थप्ने कार्य ।

**थपना**– ना० [सं० स्थापना] १. मन्दिर, मठ आदिमा कुनै देवदेवीको मूर्ति स्थापित गर्ने काम; स्थापना । २. देखावटी वा नाम मात्रको व्यक्ति । ३. एकको अभाव वा अनुपस्थितिमा खडा गरिएको अर्को व्यक्ति वा वस्तु; प्रतिनिधि ।

**थपनी**– ना० [थप्+अनी] १. थपिने चीज; अतिरिक्त वस्तु; फोसा । २.थप्ने कार्य ।

**थपन्ती**– ना० [थप्/थाप्+अन्ती] १. थप्ने वा थाप्ने काम । २. गट्टा खेल्दा हातका गट्टा उफारेर हातलाई अर्कापट्टि फर्काएर थाप्ने एक चाल ।

**थपस**– ना० [सं० तामस] १. खोट; दोष; त्रुटि । २. कमजोरी ।

**थपाइ**– ना० [√ **थप्/थाप्** (+ आइ)] थप्ने वा थाप्ने काम । [>] **थपाइनु** - क० क्रि० १. थप्न लगाइनु २. थाप्ने तुल्याइनु । **थपाउ**– वि० थपिएको; थप । **थपाउनु** - प्रे० क्रि० १. थप्न लगाउनु । २. थाप्न लगाउनु । **थपाथप** - ना० १. क्रमशः वा धमाधम थप्दै जाने काम; परस्परमा थप्ने काम । क्रि० वि० २. धमाधम; थपथपी; थपथपती । **थपिनु**– क० क्रि० थप गरिनु; बढाइनु; जोडिनु । **थपुवा** - वि० थपेको वा थपिएको; थप भएको; थपिने; थप्ने ।

**थप्का**– ना० [अ० मू० थप+का] चौँरी गाईको पुच्छर; चमर ।

**थप्प**– क्रि० वि० [अ० मू० थप्+प] थपक्क; थुपुक्क ।

**थप्पड**– ना० [अ० मू० थप्+पड] हातको पन्जाले कसैको गाला आदिमा गरिने प्रहार; चड्कन; झापड, लपेटा । > **थप्पड्याइ**– ना० थप्पड हान्ने काम ।

**थप्पा/थप्पु**– ना० [अ० मू० थप+पा/पु] हे० थप्पड । > **थप्प्याइ**– ना० थप्पडले हान्ने कार्य वा काइदा । **थप्प्याइनु**– क० क्रि० थप्पडले हिर्काइनु; पिटिनु । **थप्प्याउनु**– प्रे० क्रि०/स० क्रि० थप्पडले हिर्काउनु; थप्पु दिनु ।

**थप्रिङ**– ना० पहाडतिरका घरमा माथिल्लो तलामा झिकिएको

दलान; खुला मटान ।

**थम्‌–नु**– अ० क्रि० [सं० स्तम्भन] १. अडिनु; रोकिनु; थामिनु । २. टिक्नु; खप्नु । > **थमाइ**– ना० थाम्ने काम वा काइदा । **थमाइनु**– क० क्रि० थाम्ने वा थामिने तुल्याइनु । **थमाउनु**– प्रे० क्रि० थाम्न लगाउनु; थाम्ने तुल्याउनु ।

**थमेली**– ना० [थाम+एली] थाम; खम्बा; खामो ।

**थमौती**– ना० [थाम्+औती] सरकारी वा गैरसरकारी कुनै पनि सेवामा रहेको व्यक्तिलाई सोही पद र ठाउँमा रही काम गर्न वा साबिकबमोजिम काम गर्न म्याद थप गर्ने काम; खोसुवा वा पजनी नगरी सोही कार्यालय वा संस्थामा रहन कार्यवाही हुने क्रिया; थामिने काम ।

**थम्बा**– ना० [सं० स्तम्भ] १. केराका बोटको फेददेखि पात पलाउने ठाउँसम्मको भाग; थाम । २. खाँबो; खम्बा ।

**थर**– ना० [सं०] १. मूल कुलपरम्पराबाट सन्तानदरसन्तान हुँदै आएको उपनाम; वंशानुगत उपपद । २. प्रकार; किसिम । ३. कुनै थरीका मातहतको आबादी (जग्गाजमिन आदि) ।

**थरक**– ना० [सं० स्थानक] १. थकाइ मार्ने, सुस्ताउने वा बिसाउने काम । २. ओथाउने वा सेलाउने काम ।

**थरघर**– ना० [थर+ घर] १. मध्यकालमा गोरखाली दरबारमा र शाहकालमा राजाहरूको नियमानुसार राजसभा र युद्ध आदिमा भाग लिन पाण्डे, अर्ज्याल, पन्थ, राना, खनाल र बोहरा – यी छ थरका एकएक व्यक्तिलाई राखेर बनाइने एक सङ्गठन; छथर । २. जग्गा नापी गर्ने कारिन्दा । ३. पुर्खाहरूको निवासस्थान; कुलघर; मूल थलो । ४. परम्परादेखिकै कुलीन मानिने परिवार, कुलघरान । ५. नेवारजातिका डङ्गोलको घरको मूली; नाइके ।

**थरथर**– ना० [अ० मू० थर्+अ (द्वि०)] १. त्रास, क्रोध, आशङ्काजस्ता मानसिक संवेग अथवा जाडो, रोग वा कमजोरीका कारणले शरीरमा उत्पन्न हुने कम्प; थुरथुर; लगलग; थर्थर । क्रि० वि० २. थरथर गरेर; थुरथुरी; लगलगी; थरथरी; थुरथुरती; थर्थर । > **थरथरती**– क्रि० वि० लगलगी । **थरथराइ**– ना० थरथराउने क्रिया वा प्रक्रिया; थुरथुराइ । **थरथराइनु**– अ० क्रि० थरथर काँपिनु; थर्किनु; डराइनु । **थरथराउनु**– अ० क्रि० मानसिक संवेग (त्रास, क्रोध इ०), जाडो, रोग वा शारीरिक कमजोरीका कारणले थरथर हुनु; कम्प छुट्नु; काँप्नु; हल्लनु; थर्कनु; थुरथुराउनु । **थरथराहट**– ना० थरथराउने क्रिया वा प्रक्रिया; थरथराइ । **थरथरी**– क्रि० वि० थरथरती । **थरथरे**– ना० १. थरथर गरी सम्पूर्ण शरीर वा शरीरका हात, गोडा आदि कुनैकुनै अङ्ग काँप्ने एक रोग । वि० २. थरथर काम्ने; हल्लने । ३. डरछेरुवा ।

**थरहरी**– ना० [प्रा० थरहरिअ] १. कुनै आपत्ति आइलाग्ने आशङ्काबाट उत्पन्न हुने डर; त्रास । वि० २. थर्कमान; डरले काँपेको; त्रस्त; भयभीत ।

**थरी**– ना० [थर+ई] १. किसिम; प्रकार । २. गाउँका मुखियामुनिको कर्मचारीको एक पुरानो पद । वि० ३. थरको; थर भएको । ~ **पण्डित**– ना० पढेर नभई थरले मात्र पण्डित । ~ **मुखिया**– ना० गाउँको मुख्य मान्छे; मुखिया र थरीहरू ।

**थरुनी**– ना० [थारू+नी] १. स्त्री थारू । २. थारूकी पत्नी ।

**थरुवा**– ना० [थारू + वा] १. थारू । २. थारूसमाजमा पतिका लागि प्रचलित शब्द । > **थरुवानी**– ना० थारूभाषा ।

**थर्क–नु**– अ० क्रि० [थर्क+नु] १. डर, त्रास आदिले थरथराउनु; थर्र हुनु; काँप्नु । २. डराउनु ।

**थर्कमान**– वि० [थर्क+मान] थरहरी; डराएको; भयभीत । ~ **हुनु** – टु० डरले साह्रै आत्तिनु; थरहरी हुनु ।

**थर्काइ**– ना० [√ थर्क (+आइ)] थर्कने काम । [>] **थर्काइनु**– क० क्रि० कँपाइनु; हल्लाइनु; तर्साइनु; डर देखाइनु । **थर्काउनु**– स० क्रि० कँपाउनु; हल्लाउनु; डर देखाउनु; तर्साउनु; थर्र गराउनु । **थर्किनु**– क० क्रि० काँपिनु; डराउने पारिनु ।

**थर्की**– ना० १. कपडालाई चारकुने खण्ड बनाई त्यसमा भएका घरमा गोटी चलाई खेलिने एक पुरानो खेल । २. पासा, पच्चीस आदि खेलमा गोटी चाल्न ओछ्याइने र खेल समाप्त भएपछि गोटी आदि समेत राख्न मिल्ने कपडा ।

**थर्को**– ना० [थर्क+ओ] कम्पन; कम्प; थरथराहट ।

**थर्थर**– ना०/क्रि०वि०हे० थरथर ।

**थर्पु**– ना० १. बाटाघाटामा बनाइने अस्थायी हिउँदे छाप्रो । २. छाउनी; क्याम्प; पाल । ३. भेक; क्षेत्र ।

**थर्मलविद्युत्‌**– ना० [अङ्० थर्मल+सं० विद्युत्] कोइलाबाट उत्पादित बिजुली ।

**थर्मस**– ना० [अङ्०] पानी, दूध, चिया आदि कुनै पनि तरल पदार्थलाई धेरै समयसम्म पहिलेकै तापक्रममा राखिरहन प्रयोग गरिने एक प्रकारको बन्द भाँडो ।

**थर्मामिटर**– ना० [अङ्] १. सिसीको नलीभित्र पारो हाली बाहिर विभिन्न अङ्क रेखासहित जनाएर ताप नाप्नका निमित्त प्रयोग गरिने एक यन्त्र; तापमापक यन्त्र । २. ज्वर वा प्राणीका शरीरको ताप नाप्ने यन्त्र ।

**थर्मोग्राफ**– ना० [अङ्०] तापमानमा हुने घटबढलाई निर्देश गर्ने तापमापक यन्त्रको तथ्याङ्कको लेखोट ।

**थर्र**– क्रि० वि० [अ० मू० थर्+र] १. थर्कने चालले; काम्ने किसिमले । वि० २. थर्कमान; थरहरी; त्रस्त ।

**थल**– ना० [सं० स्थल] पानीबाहेक पृथ्वीको कुनै ठाउँ; जमिन; भुइँ । ~ **कमल**– ना० कमलझैँ सेता ठूलाठूला बास्नादार फूल फुल्ने बोट वा त्यसैको फूल ।

**थलथल**– ना० [अ० मू० थल (द्वि०)] १. ज्यादै फिँजिएको गजगजी हिलो; दलदल; धाप; भास । क्रि० वि० २. शरीरमा मासु ज्यादा लागेर हिँड्दावर्दा हल्लने चालले । > **थलथले**– वि० १. शरीरको मासु थलथल गर्ने । ना० २. खसी, राँगो आदिको टाउको वा खुट्टा बेसरी पकाएर रस हाली दहीझैँ जमाइएको मासुको एक

परिकार । ३. दलदल; भास; धाप ।

**थलबम–** ना० [सं० स्थल+अङ्० बम] जमिनमा हिर्काएर पड्काइने एक विस्फोटक वस्तु; पड्का ।

**थलहरा–** ना० हाल बझाङ जिल्लामा पर्ने उहिलेको प्रसिद्ध एक राज्य ।

**थला–** ना० [सं० स्थल] १. रोगशय्या; बिरामीको ओछ्यान; पथारा । २.जग्गा; स्थान; ठाउँ; थात; थलो ।

**थलाइ–** ना० [**थाल्** (+ आइ)] थाल्ने काम; थाल्नी । [>] **थलाइनु–** क० क्रि० थाल्न लगाइनु । **थलाउनु–** प्रे० क्रि० थाल्न लाउनु ।

**थलामारी–** क्रि० वि० १. ढसमस्स परेको वा टसको मस नभई एकै ठाउँमा बस्ने किसिमले । २. थलैबाट उठ्ने वा उफ्रिने किसिमले । ना० ३. त्यसरी खेलिने एक खेल ।

**थलि–नु–** अ० क्रि० [थला+इ+नु] १. निकै बिरामी हुनु; थला पर्नु; ओछ्यान पर्नु; रोगाउनु । २. सुत्केरी हुनु । ३. काम रोकिनु ।

**थलिया–** ना० [थाल+इया] सानो थाल; थाली ।

**थली–** ना० [सं० स्थली] अग्लो ठाउँको सम्म परेको जमिन; बस्ती बसाल्न योग्य भूखण्ड; टार ।

**थलो–** ना० [सं० स्थल] १. ठाउँ; थात; जग्गा । २. गाइभैँसी बाँधिने वा बस्ने ठाउँ । ३. किरियापुत्रीले पकाएर खान र पिण्ड दिन जलाशयको नजिक बनाइएको ठाउँ; ढिकुरो । ४. कुनै घटनादि घटेको ठाउँ; घटनास्थल । ५. पृथ्वी; भूमि । ~ **किलो–** ना० १. गाईभैँसी बाँध्ने ठाउँ र कीलो । २. पशुपालन व्यवसाय । ३. मरेको ठाउँ र बाँधेको कीलो । ४. स्त्रीपुरुषले अवैध यौनसम्बन्ध राखेको ठाउँ । ५. दुर्घटनाका लक्षणसहितको दुर्घटनास्थल । > **थल्याइ–** ना० थला पर्ने क्रिया वा प्रकिया । **थल्याइनु–** अ० क्रि० १. थला परिनु; रोगाइनु; ओछ्यान परिनु । क० क्रि० २. थला पारिनु । **थल्याउनु–** प्रे० क्रि० १. थला पार्नु; रोगग्रस्त तुल्याउनु । २. काममा बाधा पार्नु ।

**थसुल्ली–** वि० [थसुल्लो+ई] ठूलो जीउडाल भएकी (आइमाई); ज्यादै मोटी (आइमाई) ।

**थसुल्लो–** वि० [थासो + ल्लो] १. ठूलाठूला चाक भएको; चाके; पुट्ठे । २. मोटो; थासे । ना० ३. नितम्ब; चाक; फिलो ।

**थस्सि–नु–** अ० क्रि० [थासो+इ+नु] १. खाने चीजबीज आदि आवश्यकताभन्दा बढी थुप्रिनु । २. दिसा गर्न बस्नु । ३. थास लाग्नु । ४. मोटो हुनु । > **थस्स्याइ–** ना० १. थस्स्याउने काम वा काइदा । २. थासे अवस्था; मोटाइ । ३. दिसागराइ । **थस्स्याइनु–** क० क्रि० थस्सिने पारिनु । **थस्स्याउनु–** स० क्रि० १.खाने चीजबीज आदि आवश्यकभन्दा बढी थुपार्नु । २. दिसा गर्नु (तुच्छ अर्थमा) ।

**थाँक्रे–** वि० [थाँक्रो+ए] थाँक्रोमा फल्ने (काँक्रो, फर्सी, तोरियाँ, सिमी, बोडी आदि तर्कारी); थाँक्रोसित सम्बन्ध भएको । ~ **घाँस–** ना० पातको नसाबाट थाँक्रो (केश कोर्ने साधन) बनाइने एक घाँस । ~ **बेत–** ना० एक प्रकारको बेत । ~ **सल्लो–** ना० एक प्रकारको सल्लो ।

**थाँक्रो–** ना० १. वर्षायाममा फल्ने काँक्रो, घिरौँला, सिमी, इस्कुस आदि लहरालाई प्रशस्त भर्याँगिन दिन आडस्वरूप भुइँमा गाडिने काठ, रूखको हाँगो आदि; थाङ्ग्रो । २. थक्रेर लट्टा फुटाउने एक प्रकारको मोटो काँगियो; थाक्रो । ३. तानमा कपडा बुन्दा धागो सम्म्याइने काँगियोजस्तो एक उपकरण ।

**थाँवल–** ना० [√ थाउलो] बोटबिरुवामा हालिएको पानीलाई यताउति बग्न नदिई त्यहीँ नै जम्ने बनाउन चारैतिर वरिपरि उठाइने माटाको डिल; तरवारो; थाला; आलवाल ।

**थाइसिस–** ना० [अङ्०] क्षयरोग; राजयक्ष्मा; सुकेनास; टिबी ।

**थाउलो–** ना० १. सानो ठाउँ; जमिनको सानो टुक्रो । २. खनजोत गर्दा वा लिपपोत गर्दा खाली रहेको अर्थात् नजोतिएको वा लिपपोत नगरिएको भागको जमिन; राँटो ।

**थाक्–नु–** अ० क्रि० १. श्रम वा कामले शरीर गल्नु; थकाइ लाग्नु; थकित हुनु; लस्त हुनु । २. गाईभैँसी आदिले गर्भाधानका कारणले दूध दिन छाड्नु ।

**थाक्रो–** ना०हे० थाँक्रो ।

**थाक–** ना० [सं० स्तुक] १. तहतह पारी मिलाएर राखिएको कुनै वस्तुको समूह; खप्टचाएर राखिएका वस्तुहरूको समष्टि; चाङ । २. पश्चिमी नेपालको एक खोलाको नाम वा त्यसका वरपरको प्रदेश ।

**थाकल–** ना० खजुर वा खजुरको बोट ।

**थाकिल–** ना० मल्लिडाको झाम्टो ।

**थाक्या–** ना० [भो० ब०] ऊनबाट तयार पारिएको एक प्रकारको बलियो डोरी ।

**थाक्ले–** वि० [थाकल+ए] थाकलसँग सम्बन्धित; थाकलजस्तो; थाकलको । ~ **रायो–** ना० थाकलका जस्तै छिरछिर परेका र फिँजिएका पात हुने अररो किसिमको रायो; साग खान हुने बिरुवाको एक जात ।

**थाक्से–** ना० १. थाक खोलाका थकालीबाहेकका शेष तम्बा जाति; हिमाली भोटे । वि० २. फोहरी ।

**थाङ्क/थाङ्का–** ना० [सं० स्थान+नेवा० का] कागत, कपडा आदिमा अङ्कित बौद्ध धर्मसँग सम्बन्धित रङ्गिन चित्रविशेष; पौबा ।

**थाङ्ग्रो–** ना० १. खोसेलासहितको मकैका घोगाहरूलाई सुरक्षित तवरले धेरै दिनसम्म राखिरहन जमिनबाट केही माथि उठाई बनाइएको काठ, बाँस आदिको माच; मकैको सुली । २. थाँक्रो ।

**थाङ्ना–** ना० [थाङ्नो+आ] थाङ्ने भएर वा थोत्रिएर रहेका कपडाका ससाना टुक्रा; धरा । – **थरा–** ना० थोत्रामोत्रा कपडा आदि; झुत्रामुत्रा । ~ **भोटा–** ना० थाङनाथरा; आहारजाहार । > **थाङ्निनु–** अ० क्रि० १. थाङ्नोजस्तो हुनु; थाङने हुनु; थोत्रिनु; थङ्निनु । २. अलमलिनु; ढिलाउनु । ३. ज्वरो बिग्रनु । ४. घाउ कचमचिनु ।

**थाङ्ने–** वि० [थाङ्नो+ए] १. थोत्रिएको लुगा लगाउने; झुत्रे; थाङ्नामा सुत्ने । २. रद्दी; काम नलाग्ने । ~ **जरो–** ना० धेरै दिनसम्म लगातार थाङ्निएर आइरहने जरो; म्यादी जरो । ~ **बेथा–** ना० पथपरहेज र औषधी आदिको सन्तुलन नभई कचपचिएर

थाङ्निएको बिमार; धेरै दिन टाँगिएको बिमार; थाङ्ने जरो । ~ **माङ्ने–** ना० भुत्रोभाम्रो लुगा लाएर मागेर खाई जीवन निर्वाह गर्ने व्यक्ति; भीखमङ्गा ।

**थाङ्नो–** ना० [सं० तङ्गन/तङ्कन] थोत्रिएको लुगा कपडा; भुत्रो; चिल्थो; चित्थड; कन्था; चिथडो; च्याङलाबाती ।

**थाज्या–** ना० [नेवा०] कपडा वा अरू कुनै वस्तु बुन्ने काम ।

**थाट–** ना० [ठाट] सङ्गीत विद्यामा रागादिलाई व्यक्त गर्ने स्वरहरूको योग वा मेल ।

**थाडा/थाडो–** ना० [सं० स्थाल] घरको मुन्डा छानु; छत । ना० [सं *स्थात (=थान)] वासस्थान; थलो; ठाउँ । ~ **ठहर/ठेगान–** ना० थातथलो । ~ **थलो–** ना० पुर्खादेखि बसिआएको ठाउँ; जन्मथलो; घरद्वार । ~ **वास–** ना० थातथलो; बसोबास ।

**थाती–** ना० [*स्थाति=स्थिति] १. धरौट; धरौटी; धितो; जमानत । २. नासो । ~ **थुनुवा–** ना० विवादग्रस्त जग्गाजमिन वा अन्य मामलामा सरकारद्वारा बाली वा अन्य कुराको रोक्का गर्ने काम; थारो गाड्ने काम ।

**थान१–** ना० [सं० स्थान] १. देवस्थल; देवदेवीका मूर्ति रहेको ठाउँ; मन्दिर; देवल; देवीथान । २. ठाउँ; स्थान । ३. बाँसको घारी । ४. एक चौपाया (गाई, गोरु इ०) प्राणीले अर्को चौपाया प्राणीसँग जुध्न तयार भएको स्थिति ।

**थान२–** ना० १. कुनै निश्चित लमाइको कपडा पटचाउँदा वा बेर्दा हुने एकाइ; कपडाको सिङ्गो फर्दा । २. वस्तुको सङ्ख्यात्मक एकाइ; गोटा; प्रति; वटा ।

**थाना–** ना० [सं० स्थान] प्रहरी चौकी; पुलिस अड्डा; ठाना । – **पति–** ना० कुनै ठाउँका प्रमुख देवता; क्षेत्रपाल ।

**थानी–** ना० [सं० स्थान+ई] १. मुख्य देवता; स्थानीय देवता । २. गाउँको मूली; गाउँका भद्रभलादमी (थरि, थानी र रैथाने स्थानीयै छौं सबै जन – नरहरिनाथ ।) । ~ **पूजा–** ना० मुख्य वा स्थानीय देवताको प्रायः वर्षमा एकपल्ट हुने पूजा ।

**थानेदार–** ना० [थाना+दार] प्रहरीचौकीको मुख्य अधिकारी; पुलिसअड्डाको प्रमुख; ठानेदार ।

**थान्को–** ना० [सं० स्थान+को] तहलाउने वा थन्क्याउने काम; टुङ्गो; ठेगान । – **मान्को–** ना० थन्क्याउने वा सुरक्षासाथ राख्ने काम । – **मुन्को–** ना० थान्कोमान्को ।

**थाप्-नु–** स० क्रि० [सं० स्थापन] १. कुनै ठाउँमा वा मूर्तिमा विधिवत् देवीदेवताको प्राणप्रतिष्ठा गर्नु; स्थापना गर्नु । २. केही चीज हातमा माग्नु वा पोल्टो, थैलो, भाँडो आदि भर्नु । ३. जुवा आदि खेलमा रुपियाँपैसा राख्नु; दाउ थाप्नु ।

**थापना–** ना० [सं० स्थापना] थपना; स्थापना ।

**थापा–** ना० १. पूर्वमध्यकालहुँदो पश्चिमी नेपालको सिन्जा साम्राज्यमा महासामन्तसम्मको एक पदवी; थपालोको स्वामी । २. नेपाली खस, मगरहरूका समुदायमा प्रचलित एक प्रसिद्ध थर । ~ **चिनियाँ/चिनी–** ना० तीन महिनामै पाक्ने एक जातको धान वा त्यसैको चामल ।

**थापाथाप–** ना० [थाप्+आ+थाप्+अ] १. परस्पर समानान्तर रूपले थाप्ने काम । २. थाप्ने प्रतिस्पर्धा । ३. परस्परको थपाइ ।

**थापिनु–** क० क्रि० [थाप्+इ+नु] १. देवीदेवतालाई कुनै नियत स्थानमा थपना गरिनु; थापना गर्नु । २. केही चीज माग्न हात, पोल्टो आदि फैलाइनु । ३. जुवा आदिमा रुपियाँपैसा राखिनु ।

**थाप्रो–** ना० [सं० स्थापकृत] पशुका विष्ठाको थुप्रो वा रास ।

**थाप्ले–** वि० [थाप्लो+ए] १. थाप्लामा लाउने वा बोक्ने । २. निधार चौडा हुने; भाग्यशाली । ना० ३. थाप्लानेरको फुलेको रौँ; चाँदो । ~ **हुलाक–** ना० १. नेपालको एकीकरणताका नाम्ला र थाप्लाका भरमा रसदपानी बोक्ने व्यवस्था गरिएको हुलाक । २. पश्चिमी नेपालमा कतैकतै अझै अनौपचारिक रूपमा प्रचलित पारिश्रमिकविना भारी आदि बोकाउने प्रथा; हुलाकी प्रथा ।

**थाप्लो–** ना० [छाप > *थाप+प्रा. इल्लो] १. टाउको; शिर; कपाल; खप्पर । २. पहाडपर्वतको माथिल्लो भाग; टुप्पो; चुचुरो । ३. भाग्य; पुर्पुरो ।

**थाम्-नु–** स०क्रि० [सं० स्तम्भन] १. कायम राख्नु; नबदल्नु; नछोड्नु; रोकथाम गर्नु; रोक्नु; थमौती गर्नु । २. अडचाउनु; टिकाउनु ।

**थाम–** ना० [सं० स्तम्भ] १. ठूलो खाँबो; खम्बा । २. केराका बोटको फेददेखि पात पलाउने ठाउँसम्मको भाग; थम्बा । ३. रोकथाम; प्रतिबन्ध (केवल समासमा, जस्तै – रोकथाम, थामपुर इ०) । ~ **खुट्टे–** वि० १. रोगका कारणले खुट्टा सुनिएर थामजस्तो भएको; हात्तीपाइले । ना० २ गोडा सुनिने एक रोग; पादशोथ । – **थुम–** ना० १. कुनै जुक्ति लगाएर मनाउने वा चित्त बुझाउने काम; सम्झाइबुझाइ गर्ने काम । २. रोकथाम गर्ने काम; थामिराख्ने काम; थामपुर । – **पुर–** ना० १. कुनै तरिकाले थामेर वा अडचाएर राख्ने काम; भरथेग गर्ने काम । २. जसरी भए पनि चित्त बुझाएर काबूमा राख्ने काम ।

**थामर थुमर–** वि०हे० थाम्मथुम्म/थाम्मरथुम्मर ।

**थामिनु–** अ० क्रि० [थाम्+इ+नु] १. कायम राखिनु; अडिनु । क० क्रि० २. थाम्ने काम गरिनु ।

**थामी–** ना० १. जनकपुर र सगरमाथा अञ्चलका पहाडी खण्डमा रहने एक अल्पसङ्ख्यक जाति र त्यस जातिको भाषा । २. सगरमाथा अञ्चलअन्तर्गत सोलुखुम्बु जिल्लाभित्र भोटेकोसीको किनारामा अन्दाजी ३,९०० मिटरको उचाइमा रहेको खुम्बुमा पर्ने एक ठाउँको नाम ।

**थाम्मथुम्म/थाम्मर थुम्मर–** वि० [सं० स्तम्भ] थामजस्तो मोटोघाटो; थामरथुमर ।

**थार–** ना० हे० थारल ।

**थारकिर्नु–** ना० गाईबस्तुका आङमा टाँसिएर रगत चुस्ने, रातो कलेजी रङको थेप्चो शरीर भएको, पहिले तीन जोडा र पछि चार जोडा खुट्टा हुने, दुईतीन वर्षसम्म नखाई बाँच्न सक्ने, विभिन्न रोग सार्ने कीरो; कीटवर्गको, अर्थोपडा (जोडिएको खुट्टा

हुने) समूहको एक जीव ।

**थारखरी–** ना० ढङ्गी झार ।

**थारल–** ना० भैँसीजस्तो देखिने एक जङ्गली मृग; थार ।

**थारी–** वि० [थारो+ई] नबियाउने वा सन्तान नजन्माउने; बाँझी; बैला; बन्ध्या ।

**थारु–** ना० नेपालको तराई र भित्री मदेसमा बसोबास गर्ने एक जाति वा त्यस जातिको भाषा । ~ **नाच–** ना० १. थारू समुदायमा प्रचलित नाच । २. लोग्नेमान्छेले आडमा चोलो र कम्मरमनि मारुनीको जस्तो लहँगा पोसाक लगाई गोडामा घुँघुरु बाँधेर हातले मृदङ्ग वा मुजुरा बजाउँदै नाचिने, थारूजातिमा चलेको प्रसिद्ध नाच; झुमर; झुमरा; पूर्वी झुमरा ।

**थारो१–** ना० [प्रा० ने० थारो (= दण्डजरिवाना)] १. विवादग्रस्त जमिनको बाली सरकारद्वारा रोक्का गरिएपछि त्यस जमिनमा गाडिएको खाँबो वा दाउरापात काट्न निषेध गरी रूखका हाँगामा झुन्ड्याइएको ढुङ्गा । २. सरकारद्वारा लगाइएको रोक्काको चिह्न; थाती; थुनुवा ।

**थारो२–** वि० [सं०स्थावर = जड] १. बच्चा जन्माउन असमर्थ (भैँसी, गाई इ०) । २. केही नउब्जने (जमिन इ०) ।

**थारो३–** ना० [थाडो] खेतबारी कुर्न बनाइएको खुट्टे कटेरो; टहरो ।

**थाल्–नु–** स० क्रि० [सं० ताल < √ तृ] प्रारम्भ गर्नु; सुरु गर्नु; उठान गर्नु; श्रीगणेश गर्नु ।

**थाल–** ना० [सं० स्थाल] फराक भुइँ भई अलिकति बिट उठेको गोलाकार वा चारपाटे भाँडो; थलिया; थाली ।

**थालनी–** ना० [थाल्+अनी] आरम्भ; सुरु; थाल्नी; श्रीगणेश; प्रारम्भ ।

**थाला–** ना० [सं० स्थाल] रूखबिरुवाका फेदमा पानी जम्न दिन वरिपरि डिल हाली बनाइएको खाल्डो; थाँवल; आलवाल ।

**थालिनु–** क० क्रि० [थाल्+इ+नु] सुरु गरिनु; लागिनु ।

**थाली–** ना० [थाल+ई < सं० स्थाली] विशेष गरेर पूजाआजामा चलाइने सानो थाल; सानो थाल ।

**थाल्नी–** ना०हे० थालनी ।

**थास–** ना०हे० थासो ।

**थासे–** वि० [थासो+ए] १. ज्यादै मोटो भद्दा शरीर भएको; थसुल्लो । २. थासोजस्तो ।

**थासो–** ना० [सं द्विष्ट=अप्रिय] १. हात्तीको विष्ठा । २. गोबर, भकारो, विष्ठा आदिको थुप्रो; थाप्रो; थुस्सो; थास । ३. ठूलो चाक वा कन्डो ।

**थाह/थाहा–** ना० [प्रा० थाह] १. ज्ञान; जानकारी; बोध; समझ । २. भेउ; पत्तो; खबर । – **सुद्धी–** ना० थाहा; थाहसुद्धि ।

**थिउँ–** ना० यो० [सं० स्थितम्] छेउमा; पासमा; निकट; छिउँ; छेउ ।

**थिएटर–** ना० [अङ्०] १. नाटक आदि देखाइने ठाउँविशेष; नाचघर; नाट्यशाला; रङ्गभूमि । २. थेटर; नाटक; नाच; नाट्य ।

**थिगर/थिगार–** ना० [बा० बो०] १. नानीहरूले उभिनलाई प्रयास गरी काम्दै गरेका खुट्टाले अडिन प्रयास गर्ने काम । वि० बो० २. नानीलाई थिग्रिन प्रोत्साहित गरिने शब्द; थिहिरी । ३. तरल पदार्थमा मिसिएको कसरमसर थिग्रिएर भेला भएको वस्तु; थिग्रो; थेगर ।

**थिग्र–नु–** अ० क्रि० [थिग्र+नु] १. थेगर लाग्नु; थेग्रो जम्नु । २. थिहिरिनु । >**थिग्राइ–** ना०१. थिग्रिने काम वा काइदा । २. थिहिरिने काम वा काइदा । **थिग्राइनु–** क० क्रि० १. थिग्रन लाइनु; थिग्र्याइनु । २. थिहिरिने पारिनु । **थिग्राउनु–** स० क्रि०/प्रे० क्रि० १. थिग्रन लाउनु; थिग्र्याउनु । २. थिहिरिन लगाउनु; थिहिरिने पार्नु । **थिग्राहट–** ना० थिग्राइ । **थिग्रिनु–** अ० क्रि० १. थिग्रनु । २. थिग्रने काम होइनु ।

**थिग्रिनी/थिग्रेनी–** ना० [थिग्रो+इनी/एनी] १. थिग्रिएको वस्तु; थिग्रो; थेग्रिनी । २. बाँकी; बचत; शेष ।

**थिग्रो–** ना० [सं० स्थिरीकृत] १. पानी, तेल आदि तरल पदार्थको पीँधमा जमेर बसेको कसर; थिग्रेनी; थिग्रिनी; थेग्रो । २. बाँकी; शेष; निथ्रेनी; निथार । > **थिग्र्याइ–** ना० थिग्र्याउने काम वा काइदा । **थिग्र्याइनु–** क० क्रि० १. थिग्रिने तुल्याइनु वा पारिनु । २. थिहिर्याइनु । **थिग्र्याउनु–** स० क्रि०/प्रे० क्रि० १. थिग्रो बसाउनु; थिग्रो छुट्याउनु; कसरलाई पीँधमा रहन दिनु । २. बालकलाई थिहिरी गर्न वा उभ्याउन सघाउनु, त्यसो गर्न लगाउनु । **थिग्र्यान–** ना० थिग्र्याइएको वस्तु; थिग्रिनी; थिग्रो ।

**थिच्–नु–** स० क्रि० [प्रा० थिच्च+नु] १. थिचोमिचो गर्नु; दबाउनु । २. किच्नु; अँचेट्नु । ३. अँठ्याउनु । ४. ठेल्नु; घँचेट्नु । ५. शोषणकार्य गर्नु ।

**थिच–** ना० [थिचो] थिचो; दबाउ (केही समस्त शब्दमा मात्र सीमित, जस्तै– थिचथाच, थिचमिच) – **थाच/मिच–** ना० १. थिच्नेवर्ने काम । २. दबाउ दिने कम; दमन; शोषण ।

**थिचाइ–** ना० [√ **थिच्** (+आइ] थिच्ने काम वा काइदा [>] **थिचाइनु–** क० क्रि० थिचिने पारिनु; थिच्न लाइनु । **थिचाउनु–** प्रे० क्रि० थिच्न लाउनु । **थिचाथिच–** ना० परस्पर थिच्ने काम; एकले अर्कालाई थिच्ने क्रिया । **थिचान–** ना० १. थिचाइ; थिचो; ऐँठ; दबाउ । २. शोषण; दमन । **थिचावट/थिचाहट–** ना० थिचाइ । **थिचाहा–** वि० १ थिच्ने; थिचुवा । २. थिचोमिचो गर्ने; शोषक; दमनकारी । **थिचिनु–** क० क्रि० थिच्ने काम गरिनु; थिचाइमा पर्नु । **थिचीमिची–** ना० थिच्ने वा किच्ने काम; किचकाच; किचीमिची । **थिचुवा–** वि० १. थिचाहा । ना० २. कोलमा तेल पेल्दा छाप्रीलाई थिच्ने काठको एक उपकरण ।

**थिचो–** ना० [थिच्+ओ] १. दबाब; ऐँठ; थिचान । २. शोषण । ३. अत्याचार; मिचो । ना० ४. अरूमाथि जबरजस्ती गरिने नैतिक, आर्थिक आदि दबाउ; शोषण; अन्याय; दमनकारी कार्य ।

**थिति–** ना० [सं०स्थिति] १. अघिदेखि चलिआएको चलन; परम्परा; व्यवस्था; रीति । २. चाँजो; प्रबन्ध । – **बिती–** ना० थितिरीति । ~ **रीति–** ना० चाँजोपाँजो; चालचलन; रीतिथिति ।

**थित्री–** ना० बाँसका कप्टेरा मिलाई डोरीले कसेर बुनेको, माछा

थाप्ने सोलीजस्तो खोर ।

**थिर–** वि० [सं० स्थिर] १. एकै ठाउँ, रूप वा अवस्थामा रहने; नहल्लने; परिवर्तन नहुने; नडगमगाउने; डेग बसेको; टुङ्गो लागेको; नचल्ने; स्थिर । २. हल न चल; टस न मस । >**थिरिनु–** अ० क्रि० १. अडिग हुनु; टिक्नु; अड्नु; उभिनु । २. थिहिरिनु ।

**थिरी–** [सं० स्थिर > थिर+ई] १. उभिने क्रिया (बालबोलीमा) । वि० २. थिर (आइमाई) । ~ **थिरी–** ना० १. भर्खर उभिन जानेको बालकले उभिने किसिम । वि० बो० २ बालकलाई उभिन लगाउन उच्चारण गरिने उत्साहवर्धक शब्द ।

**थिऱ्याइ–** ना० [√ **थिर्** (+याइ)] थिरिने काम वा काइदा; थिहिऱ्याइ । [>] **थिऱ्याइनु–** क० क्रि० थेगाइनु; अडाइनु; उभ्याइनु । **थिऱ्याइलो–** वि० थिर; दह्रो; ठिङ्ग । **थिऱ्याउनु–** स० क्रि० ⁄ प्रे० क्रि० उभाउनु; थिरिन लाउनु । **थिऱ्याहट–** ना० थिऱ्याइ ।

**थिलथिल–** ना० [सं० श्लथशिथिल] १. किचिएर वा मिचिएर थलथल हुने अवस्था । वि० २. थिलथिलो । > **थिलथिलिनु–** अ० क्रि० थिलथिलो हुनु; शिथिल हुनु । **थिलथिलो–** वि० १. अति परिश्रम गर्नाको कारणले वा कुटपिटबाट शिथिल भएको; लस्त; थड्थिलो; थिलथिलो (व्यक्ति) । २. किचेर वा कुटेर पूरै रूप बिगारिएको (मासुदार वा गुदीदार वस्तु) । **थिलथिल्याइ–** ना० थिलथिल्याउने वा थिलथिलिने काम वा किसिम । **थिलथिल्याइनु–** क० क्रि० थिलथिलो पारिनु । **थिलथिल्याउनु–** स० क्रि० थिलथिलो पार्नु वा पार्न लाउनु ।

**थिलीपितिली ⁄ थिलीबिली–** क्रि०वि० [थिलो+ई+बिथलो+ई] आघातबाट जीव, फल, मिठाई आदि कुनै वस्तु वा प्राणीको रूपमा पूर्ण विकृति आएर । वि० थिलथिलो; थड्थिलो ।

**थिहिरिनु–** अ० क्रि०[ सं० थिर+इ+नु] थिग्रिनु; थिर गराइनु; उभ्याइनु । **थिहिरी–** ना० १. बालकलाई थिहिऱ्याउने कार्य । २. उभिएर हिँड्ने कार्य (बालबोलीमा) । **थिहिऱ्याइ–** ना० थिहिऱ्याउने भाव, क्रिया वा प्रक्रिया । **थिहिऱ्याइनु–** क० क्रि०थिर तुल्याइनु; उभ्याइनु । **थिहिऱ्याउनु–** स० क्रि० ⁄ प्रे० क्रि० थिर पार्नु वा उभ्याउन लगाउनु ।

**थुँग्-नु–** स० क्रि० [स० टङ्कन=छिनुको खोपाइ] १. मासु आदिलाई थुङ्नीमा राखेर टुक्र्याउनु; मसिनो पार्नु; चोक्टयाउनु; थुङ्थुङ्याउनु; थुङ्नु । २. लगातार धम्काउनु; टोकस्नु; गाली गर्नु; थुर्नु । ३. थिलथिलो पार्नु ।

**थुँगनी–** ना० [थुँग+अनी] मासु आदि थुँग्ने काठको साधन; अचानु; थुङनी ।

**थुँगाइ–** ना० [√ **थुँग्** (आइ)] थुँग्ने काम; थुङाइ । [>] **थुँगाइनु–** क० क्रि० थुँगेर टुक्र्याइनु । – **थुँगाउनु–** प्रे० क्रि० १. थुँग्न लाउनु; थुङाउनु । अ० क्रि० २. फूलको थुँगो लाग्नु; फक्रिनु । **थुँगिनु–** क० क्रि० १. टुक्र्याइनु । २. धम्काइनु; थुङिनु । अ० क्रि०३. फूल फक्रिएको हुनु । **थुँगुवा–** वि० १. थुँगनीमा राखेर मसिनो पारी काटिएको; थुँगेको । २.फक्रिएको (फूल आदि) ।

**थुँगे–** वि० [थुँगो+ए] १.थुँगा परेको; थुँगा हुने; थुँगावाला; थुङे । २. थुँगनीजस्तो; धारिलो । ~ **चोट–** ना० थुँगनीको प्रहार । – **सरी–** ना० फक्रनफक्रन लागेको फूल; फक्रने अवस्थामा पुगेको कोपिला । ~ **फुल–** ना० १. सानासाना पात मिलेर एउटा पात भएको; मूल काण्डमा काँडाजस्ता सेतासेता गिर्खा हुने, थुँगाथुँगा परेर फुल्ने सुन्दर र असल मानिने, कम्पोजिटी समूहमा पर्ने विभिन्न जातका फूलका बोटविशेष; तिनैका फूल । २. सयपत्री; क्यात्तुके ।

**थुँगो१–** ना० [सं० तुङ्ग=सूर्य वा चन्द्र] कुनै एउटा सिङ्गो फूल; फूलको एकाइ; थुङो ।

**थुँगो२–** ना० [सं० तङ्क (न)=छिनो] थुँगनी; थुङनी ।

**थुः–** वि० बो० १. कुनै फोहर वस्तु देखेर वा कसैको घृणित व्यवहारले गर्दा थुक्ने वा निन्दा जनाउने शब्द । ना० २. त्यसरी थुक्ने काम । ३. थुक्दा आउने शब्द; थुक्क । – **थुः–** वि० बो ⁄ ना० फेरिफेरि थुः जनाउने शब्द ।

**थुइक्क–** वि० बो० [अ० मू० थुइक्+क] थुक्कः थुइय्य; छिः; आच्चे ।

**थुइय्य–** वि० बो० [अ० मू० थुइ+य] थुक्ने किसिम वा कार्य; थुक्क; थुइक्क ।

**थुक्-नु–** स० क्रि० [प्रा० थुक्क+नु] १. थुक फ्याँक्नु; थुक्क गर्नु । २. मुखभित्र राखिएको वस्तु बाहिर निकाल्नु । ३. घृणा गर्नु; धिक्कार्नु; पिच्कार्नु; अवहेलना गर्नु ।

**थुक–** ना० [प्रा० थुक्क] मुखबाट आउने बाक्लो तरल पदार्थ; राल । – **तेल–** वि० जुग्तोजुग्तो, पुगेसपुगेस । – **थुक–** ना० १. घिन लागेर मुख रसाइरहने रोग । २. घृणा । – **थुकी–** ना० १. शारीरिक अवस्था, घृणा आदिका कारणले थुक्न मन लागिरहने इच्छा । २. थुकथुक; दिङबिङ; दिङमिङ । – **दानी–** ना० रोगी वा वृद्धहरूलाई थुक्न सजिलो पार्ने हेतुले बनाइएको सानो भाँडो; फिकदानी ।

**थुकाइ–** ना० [√थुक् (+आइ)] थुक्ने काम वा काइदा । [>] **थुकाइनु–** क० क्रि० थुक्न लगाइनु; थुक्ने पारिनु । **थुकाउनु–** सं० क्रि० ⁄ प्रे० क्रि० थुक्न लाउनु वा थुक्ने पार्नु । **थुकाथुक–** ना० परस्परमा थुक्ने काम; आपसको थुकाइ । **थुकिनु–** क० क्रि० १. थुक फालिनु । २. धिक्कारिनु ।

**थुकुवा–** वि० [थुक+उवा] थुक्ने स्वभाव भएको; थुकिरहने बानी परेको; थुक्ने ।

**थुक्क–** वि०बो० [अ० मू० थुक्+क] १. थुइक्क; थुइय्य । २. धिक्कार्दा, पछुताउँदा, गाली गर्दा वा अपमान गर्दाको भावलाई व्यक्त गर्ने शब्द ।

**थुक्पा–** ना० [भो० ब० ] चाउमिन बनाउने सामग्रीबाटै मासु वा सागपातसमेत हालेर तयार पारिने एक प्रकारको झोलिलो खानेकुरा ।

**थुङथुङिनु–** अ० क्रि० [सं० तुङ्ग (द्वि०)+इ+नु] हतियारद्वारा लगातार थुङनीमा चोक्टयाउने काम हुनु । **थुङथुङ्याइ–** ना० थुङथुङिने वा थुङथुङ्याउने काम वा काइदा । **थुङथुङ्याइनु–** क० क्रि०

थुङथुङिने पारिनु; चोक्टचाइनु । **थुङथुङ्याउनु–** स० क्रि०/प्रे० क्रि० लगातार थुङनीमा काटिरहनु वा काट्न लगाइरहनु ।

**थुङे–** वि०हे० थुँगे ।

**थुङो–** ना०हे० थुँगो ।

**थचुक्क–** क्रि० वि० [अ० मू० थुचुक्+क] थचक्क; थ्याच्च ।

**थुच्च–** क्रि० वि० [अ० मू० थुच्+च] हे० थचक्क ।

**थुत्–नु–** स० क्रि० [स० दुहित+नु] १.झिक्नु; तान्नु; फुकाल्नु; निकाल्नु । २. धुत्नु; कुरो खोस्नु ।

**थुताइ–** ना० [√ **थुत्** (+आइ)] थुत्ने काम वा प्रकार । [>] **थुताइनु–** क० क्रि० थुत्न लगाइनु; थुत्ने पारिनु । **थुताउनु–** प्रे० क्रि० थुत्न लाउनु । **थुतिनु–** क० क्रि० १. झिकिनु; तानिनु; फुकालिनु; निकालिनु । २. धुतिनु; कुरो खोसिनु ।

**थुतुनु/थुतुनो–** ना० [थु+थु+नो] १. पशुको मुख । २. मानिसको मुख; चोथो (निन्दार्थमा) । > **थुतुने–** वि० मुखाले; चोथाले; दुर्मुखा; पड्के ।

**थुतुरी–** वि० [थु+तुर+ई] १. थुतुनाले फुकेको; नर्सिङ्गा आदि फुकेर बजाइएको; उच्चारण गरिएको । ना० २. धुत्तुरी बाजा; तुरही; थुत्तुरी । **– वेद–** ना० १. मुखैले बचाएर राखेको परम्परागत विधान; लिम्बूजातिका पेदाङ्वा र सत्यहाङ्वाहरूले मुखले नै बचाएको, अलिखित विद्या; मुन्धुम । २. श्रुतिपरम्पराको कुनै पनि वाङ्मय ।

**थुत्त–** क्रि० वि० [अ० मू० थुत्+त] कुनै कुरो थुत्ने किसिमले; झट्ट निकाल्ने, झिक्ने वा तान्ने किसिमले ।

**थुन्–नु–** स० क्रि० [सं० थुङ्+नु] १.थुनामा पार्नु; कैद गर्नु; जेल दिनु; जाक्नु; जक्ख्याउनु । २. बन्द गर्नु; रोक्नु ।

**थुन–** ना० [सं० स्तन] १.गाई, भैंसी, बाखो आदिको दूध झर्ने अवयव; फाँचो; कल्चौँडो; थुन । २. आइमाईको स्तन (तुच्छार्थमा) । **– काने–** वि० १. थुनबाट दूध आउन नसक्ने भई गानिएको; थुनको दूधमार्ग विकृत भई गानो भएको । २. थुन गानो भएको (व्यक्ति वा पशु) । **– कानो–** ना० कुनै एक वा एकभन्दा बढी थुन गानिएर दूध आउन नसक्ने अवस्थाका थुन भएको गाईभैंसी; थुनिलो भएको बस्तुभाउ । **– चुली–** ना० १. चुच्चिँदै गएको शिखरभाग । २.पुष्ट वा चुलिएको स्तन ।

**थुनछेक–** ना० [थुन्+छेक] थुन्ने र छेक्ने काम; बाधा; बन्देज; व्यवधान; छेकथुन ।

**थुना–** ना० [थुन्+आ] १. थुन्ने वा थुनिने काम; कैद । २. झ्यालखान; जेल; कारागार । ३. अभियोग प्रामाणिक नठहरिउन्जेलको थुनाइ ।

**थुनाइ–** ना० [√ **थुन्** (+आइ)] थुन्ने काम वा काइदा । [>] **थुनाइनु–** क० क्रि० थुन्ने तुल्याइनु; थुन्न लगाइनु । **थुनाउनु–** प्रे० क्रि० थुन्न लाउनु; थुनिने पार्नु ।

**थुनाघर–** ना० [थुना+घर] खोर; कारागार ।

**थुनाहा–** वि० [थुन्+आहा] थुनुवा ।

**थुनिनु–** क० क्रि० [थुन्+इ+नु] १. थुनामा पर्नु; कैद गरिनु । २. बन्द गरिनु; रोकिनु ।

**थुनिलो–** ना० थुनमा दूध भरिएर उब्जने रोग; दूध गानिनाले उत्पन्न हुने रोग; प्रायः मान्छेका स्तनमा हुने दूधमार्गको रोग; थुनेलो ।

**थुनुवा–** वि० [थुन्+उवा] १. थुनिएको; थुनामा परेको; कैद परेको; कैदी; बन्दी; थुनाहा । ना० २. अभियोग प्रमाणित भइनसकेको बन्दी; अभियुक्त । ३. रोकावट; रोक्का । ~**पुर्जी–** ना० अभियुक्तलाई कारण दर्साई थुनामा राख्न अदालतबाट दिइने पुर्जी; कुनै पनि मुद्दाको पुर्पक्षका निमित्त थुनामा राख्नुपर्दा कारण देखाई दिइने पुर्जी ।

**थुनेलो–** ना० [थुन+एलो] दूध गानिएर जम्ने तथा थुन पाकी खटिरा हुने स्त्रीरोग; थुनिलो; स्तनपाक ।

**थुनौरो–** ना० [सं० स्तनकुल] कल्चौँडो; फाँचो; थनौरो; स्तन ।

**थुन्से–** ना० प्रायः पहाडखण्डमा चीजबीजहरू पिठचूँमा बोक्न प्रयोग गरिने, बाँस वा निगालाका चोयाले बुनिएको कतै पनि आँखा वा प्वाल नभएको, डोकोजस्तै एक साधन ।

**थुपार्–नु–** स० क्रि० [प्रा० थुपडो+नु] १. थुप्रो पार्नु; रास लगाउनु; डङ्गुर पार्नु; जम्मा गर्नु; बटुल्नु; सँगाल्नु । २. दिसा गर्नु (निन्दार्थमा) । ३. बेसरी पिटेर छोड्नु । >**थुपाराइ–** ना० थुपार्ने काम वा काइदा । **थुपारिनु–** क० क्रि० थुप्रो पारिनु; थुप्रो लाइनु ।

**थुपुक्क–** क्रि० वि० [अ० मू० थुपुक्+क] बिस्तारै; थपक्क; खरक्क; खुरुक्क ।

**थुप्र–नु–** अ० क्रि० १. थुप्रो लाग्नु । २. ओइरिनु । ३. हूल लाग्नु । > **थुप्राइ–** ना० थुप्रने काम वा किसिम ।

**थुप्राथुप्री–** ना० [थुप्रो+थुप्रो] पर्याप्त मात्रामा नभएर पातलो-पातलो अवस्थामा भएका थुप्राहरूको समूह; थुप्रैथुप्रा ।

**थुप्रि–नु–** अ० क्रि० [थुप्रो+इ+नु] १. थुप्रो लाग्नु; रास लाग्नु । २. धुइरिनु; बटुलिनु; सँगालिनु; जम्मा हुनु । ३. वृद्धावस्था वा वाथ आदि रोगका कारणले हिँडडुल गर्न नसक्ने भई एक थलामा पर्नु; डल्लिनु ।

**थुप्री–** वि० [थुप्रो+ई] १.शरीर नबढेर ढसमस्स भएकी (आइमाई); गान्टी । २. भद्दा दिमाग भएकी; मोटी (आइमाई) । ३. थसुल्ली ।

**थुप्रो–** ना० [प्रा० थुपडो] १. राशि; रास; डङ्गुर; खात; लक्कु (पैसाको) । २. बुद्धि नभएको, भद्दा शरीरको मानिस । वि० ३. धेरै; अनेक; अनगन्ती । क्रि० वि० ४. अत्यन्त; निकै ।

**थुप्र्याइ–** ना० [√ थुप्रि (+याइ)] थुप्रिने काम वा अवस्था; थुप्रो लाग्ने वा लगाउने क्रियाप्रक्रिया । [>] **थुप्र्याइनु–** क० क्रि० थुप्रो लगाइनु । **थुप्र्याउनु–** स० क्रि०/प्रे० क्रि० १. थुप्रो लाउनु; थुपार्नु; थुपार्न लगाउनु । २. दिसा गर्नु । ३. बेसरी पिटेर छाड्नु ।

**थुम–** ना० १. पुरानो प्रशासनिक व्यवस्थाअनुसार खास गरेर किराँतक्षेत्रमा तिरोव्यवस्थाका आधारमा विभिन्न एकाइमा विभाजित गरिएकाససाना इलाका । २. पर्वतको टाकुरो ।

**थुमथुम–** ना० [अ० मू०] आश्वासन; ढाडस । > **थुमथुमाइ–** ना० ढाडस दिने क्रियाप्रक्रिया । **थुमथुमिनु–** क० क्रि० थुमथुम होइनु । **थुमथुम्याइ–** ना० थुमथुम्याउने काम वा काइदा; थुमथुमाइ ।

**थुमथुम्याइनु**– क० क्रि० थुमथुम पारिनु; ढाडस दिइनु । **थुमथुम्याउनु**– स० क्रि०/प्रे० क्रि० १. कसैको जीउमा हल्का तवरले बिस्तारैबिस्तारै धाप दिनु; थुमथुम पार्नु । २. ढाडस दिनु । **थुमथुम्याहट**– ना० थुमथुम्याइ । **थुमथुम्याहा**– वि० थुमथुम्याउने ।

**थुमल**– ना० थुम; थुमभित्रको निश्चित इलाका वा क्षेत्र ।

**थुमा**– ना० [फा० दुम्ब] भाले भेडो; थुम्मा; थुम्बा ।

**थुमाली/थुमेली**– वि० [थुम+आली/एली] कुनै थुम वा पहाडको शिखरतिर बसोबास गर्ने; लेकाली ।

**थुम्का थुम्की**– ना० [थुम्को+थुम्की] पहाड आदिमा सानाठूला, अग्लाहोचा थुम्काहरूको समष्टि ।

**थुम्काली**– वि० [थुम्को+आली] थुम्कामा बसोबास गर्ने; थुम्कामा बस्ने; थुम्काको बासिन्दा ।

**थुम्किलो**– वि० [थुम्को+इलो] थुम्को परेको; थुम्क्याइलो; थुम्क्यैलो; थुम्के ।

**थुम्की**– ना० [थुम्को+ई] जमिनमथि केही उठेको जमिनको भाग; सानो थुम्को ।

**थुम्के**– वि० [थुम्को+ए] थुम्किलो ।

**थुम्को**– ना० १. सानो बाटुलो डाँडो; पर्वत; शैल । २. चुली; चुचुरो । ३. सानो थुम । > **थुम्क्याइलो/थुम्क्यैलो**– वि० हे० थुम्किलो ।

**थुम्बा**– ना०हे० थुमा ।

**थुर्-नु**– स० क्रि० १. गाली गर्नु; टोकस्नु । २. धम्काउनु । ३. दिक्क लगाउनु । ४. थुँग्नु; थुड्नु ।

**थुर**– ना० [प्रा० थुड] १. रूखका सुकेका हाँगाबिँगा; झिक्रो । २. बत्तीमा टाँसिएको सिट्ठी ।

**थुरथुर**– क्रि० वि० [अ० मू० थुर्+अ (द्वि०)] लुगलुग; थरथर । >**थुरथुरती**– क्रि० वि० अझै थुरथुर हुने गरी । **थुरथुराइ**– ना० थुरथुर हुने काम वा किसिम । **थुरथुराइनु**– अ० क्रि० थुरथुर होइनु । **थुरथुराउनु**– अ० क्रि० थुरथुर हुनु; थरथराउनु । **थुर थुराहट**– ना० थुरथुराइ । **थुरथुरी**– क्रि० वि० १. थुरथुरती । ना० २. भय; डर; त्रास ।

**थुराइ**– ना० [√ **थुर्** (+आइ)] थुर्ने काम । [>] **थुराइनु**– क० क्रि० टोकसिनु । **थुराउनु**– स० क्रि०/प्रे० क्रि० टोकस्नु वा टोकसाउनु । **थुरिनु**– क० क्रि० १. थुँगिनु । २. गाली गरिनु; टोकसिनु; धम्काइनु ।

**थुरी**– ना० १. कपडा बुन्ने तानमा कोका मिलाइएको धागाको बीचबीचबाट छिराइने, धागो राखिएको अगाडिपछाडि चुच्चो परेको एक साधन; सटल । २. लुगा सिउने कलमा सिउनी वा टाँका राख्न धागो बेरी प्रयोग गरिने गोलाकार एक साधन; बबिन ।

**थुर्पा**– ना० [भो० ब०] चौँरीको नौनी र भेडा आदिका मासु मिसाई तयार पारिएको सुरुवा ।

**थुर्पी/थुर्मी**– ना० सानो खुर्पा; खुर्पी । घिउतेल उघाउन वा चलाउनका निमित्त मात्र प्रयोग गरिने सानो डाडु; कर्केउली डाडु ।

**थुर्मे**– ना० [थुर्मी+ए] १. घिउतेलको व्यापार गर्ने व्यक्ति । वि० २. गोठाले; जङ्गली ।

**थुलुङ्गी**– वि० [थुलुङ्ग+ई] माझ किरात तथा पल्लो किरातका राईजातिको एक भेद वा तिनीहरूले बोल्ने भाषा ।

**थुस्स्याइ**– ना० [√ **थुस्सि** (+याइ)] १. थुस्सिने काम वा काइदा; थुप्प्याइ । [थुस्स्याउ+आइ] २. थुस्स्याउने काम वा काइदा; थासोथुप्प्याइ । ३. रासलगाइ । [>] **थुस्स्याइनु**– क० क्रि० थुस्सो लगाइनु; थुप्प्याइनु । **थुस्स्याउनु**– स० क्रि०/प्रे० क्रि० थुस्सो लगाउनु; थुप्रो पार्नु; थुप्रै हग्नु ।

**थेग्-नु**– अ० क्रि० [प्रा० थे > थेग+नु] १. अन्तिम अवस्थासम्म रहनु; खप्नु; टिक्नु; अड्नु । २. कामचलाउ हुनु । स० क्रि० ३. आड दिनु; आश्रय वा भर दिनु । ४. पाल्नु वा वहन गर्नु ।

**थेग**– ना० [प्रा० थिअ < **सं० स्थितक**] १. अडिने काम; दह्रोसित थामिने प्रक्रिया । २. ठेक । – **भर**– ना० थाम्ने र भर दिने काम; भरथेग ।

**थेगर**– ना०हे० थिगर/थिगार ।

**थेगाइ**– ना० [√ **थेग्** (+आइ)] थेग्ने काम वा काइदा [>] **थेगाइनु**– क० क्रि० थेगिने पारिनु । **थेगाउनु**– प्रे० क्रि० थेग्न लाउनु । **थेगिनु**– अ० क्रि० खपिनु; टिकिनु; अडिनु ।

**थेगो**– ना० [प्रा० थिअगो < सं० स्थितक] कुरा गर्दा बारम्बार दोहोऱ्याइने निरर्थक बोली, शब्द वा वाक्यांश; रहनी । (उदा०– परिबन्दले गर्दा चाइने चोर साधु, साधु चोर हुन सक्छ । प्रमाणको समेत चाइने परिबन्दले रङ्ग बदलिदिन्छ । – परिबन्द– पुष्करशमशेर ।)

**थेग्रिनी**– ना०हे० थिग्रिनी/थिग्रेनी ।

**थेग्रि-नु**– अ० क्रि० [थेग्रो+इ+नु] पानी, घिउ, तेल आदि तरल पदार्थ राखिछोड्दा कसर तल बसी सङ्लिनु; सफा हुनु ।

**थेग्रो**– ना०हे० थिग्रो ।

**थेग्ला**– ना० १. हिमाली प्रदेशको जङ्गलका बीचको खुला ठाउँ । २. वनजङ्गलका बीचको खुला ठाउँ ।

**थेग्लो**– ना० [थेग+लो] दाग; टाटो; थोप्लो; चिह्न ।

**थेचरि-नु**– अ० क्रि० [थेचरो+इ+नु] थेत्तर वा अटेरी हुनु; जर्रिनु ।

**थेचरो**– वि० [√ थेत्तरो] जति गाली गरे पनि केही पर्वाह नगर्ने; जति छिः छिः र दुर्दुर् गरे पनि केही नलाग्ने; धिङ्न्याहा; अटेरी; थेच्चर; थेत्तर; थेत्तरो । >**थेचऱ्याइँ**– ना० थेचरोपन ।

**थेच्चर**– वि० थेचरो; थेत्तर । > **थेच्चरिनु**– अ० क्रि० थेच्चर हुनु ।

**थेत्तर**– वि०हे० थेचरो ।

**थेत्तरो**– वि०हे० थेचरो । > **थेतऱ्याइँ/थेतऱ्याइ**– ना० थेत्तरिने काम वा काइदा ।

**थेप्चिनु**– अ० क्रि० [थेप्चि+नु] थेप्चो हुनु; च्याप्टिनु; थ्याच्च हुनु; कुच्चिनु ।

**थेप्चे**– वि० [ थेप्चो+ए] १. थेप्चो परेको; थ्याच्च परेको; थेप्चिएको; कुच्चिएको । २. नाक थेप्चिएको (मानिस); नेप्टे; नेप्टो । ना० ३. ज्यामिरका जातको एक प्रकारको चेप्टो अमिलो फल; तीनपत्रे ।

**थेप्चो/थ्याप्चो–** वि० थ्याच्च परेको; चेप्टिएको; नेप्टिएको (नाक आदि); थ्याप्चो ।

**थेप्च्याइ–** ना० [√ **थेप्चि** +(याइ)] थेप्चिने क्रिया वा प्रक्रिया । [>] **थेप्च्याइनु–** क० क्रि० थेप्चो पारिनु । **थेप्च्याउनु–** स० क्रि०/प्रे० क्रि० थेप्चो पार्नु वा पार्न लगाउनु । **थेप्च्याहट–** ना० थेप्च्याइ ।

**थेपे/थेबे–** ना० [सं० क्षेपक+ए] १. विभिन्न प्रकारका मरमसला हाली बनाइएको आँपको स्वादिष्ठ दबदबे अचार । २. एक थरी वनस्पतिविशेषको नाम ।

**थैथै–** वि० बो० १. बालकहरूलाई खेलाउँदा प्रयोग गरिने शब्द; थैयाथैया; थैया; थैथैला । ना० २. अर्काको इसाराको आधारमा नाच्ने कार्य । ३. अर्कालाई इसारामा नचाउने कार्य । ४. ठूलो हर्ष । – **ला** – ना० थैया; थैथै ।

**थैया–** ना० [थै+या] १. तबलाको एक ताल; ता थैथै । २. थैथै । वि० बो० ३. थैथैला । ~ **थैया–** ना० थैथै ।

**थैली–** ना० [थैलो+ई] १. सानो थैलो; झोली; नाम्जो; सानो ब्याग । २.जग्गाजमिन किनबेच गर्दा तोकिएको मोल; लागत रुपियाँ; मूल धन । ३. ऋण; साहूको पुँजी ।

**थैले–** वि० [थैलो+ए] १. ठूलो पेट भएको; खन्चुवा । २. धेरै पैसा भएको; धनी (हेयार्थमा) । ३. थैलीदार । ~**बाजा–** ना० मुखले फुकेर बाँसुरीझैँ नलीका सहायताले बजाइने, छालाको थैलीभित्रको हावाको झोक्काद्वारा बजेर तीखो स्वर आउने एक वाद्ययन्त्र; न्याउली बाजा ।

**थैलो–** ना० कुनै पनि चीज राख्नका लागि एक भागमा खुला मुख राखी बाँकी भागमा बन्द गरी सिइएको कपडा आदिको भाँडो; झोला, नाम्जो । >**थैल्याइ–** ना० १. थैलीभराइ । २. पेटबोकाइ । ३. पेटभराइ । **थैल्याइनु–** क० क्रि० १. थैली भरिनु । २. पेट बोकाइनु । ३. पेट भरिनु । **थैल्याउनु–** प्रे० क्रि०/स० क्रि० १. थैली भर्नु-भराउनु । २. पेट बोक्नु-बोकाउनु । ३. पेट भर्नु-भराउनु ।

**थोक–** ना० [प्रा० थोक्क] १. वस्तु; माल; चीज; पदार्थ । २. एकमुष्ट बिक्री गरिने माल । ३. प्रकार; थरी; किसिम । ~ **विक्रेता–** ना० १. कुनै सामान एकमुष्ट रूपमा बिक्री गर्ने व्यक्ति । वि० २. त्यस्तो थोक सामानको व्यापार गर्ने । ~ **व्यापारी–** ना० कुनै माल खुद्रा नबेची पूरापूरै वा स्याट्टै बेच्ने व्यापारी; मोठ व्यापारी; मोठ विक्रेता (होलसेलर) । ~ **सामान–** ना० डक्क बेच्न भनी छुट्ट्याइएको सामान ।

**थोते/थोतो–** वि० [थोतो+ए] १. दाँत पूरै वा खण्ड रूपमा नभएको । २. मकै आदिका घोगामा बीचबीचमा गेडा नभएको ।

**थोत्रिनु–** अ० क्रि० [ थोत्रो+इ+नु] १. थोत्रो हुनु; जीर्ण हुनु; झुत्रिनु; पुरानो हुनु । २. बेकम्मा हुनु । ३. बूढो हुनु ।

**थोत्रो–** वि० १. जीर्ण; झुत्रो; पुरानो; फाटेको; भत्किएको (थोत्रो घर)। २. रद्दी; बेकम्मा । – **मोत्रो–** वि० फाटे-च्यातिएको; झुत्रोमुत्रो ।

**थोत्र्याइ–** ना० [√ **थोत्रि** (+याइ)] थोत्र्याउने काम । [>] **थोत्र्याइनु–** क० क्रि० थोत्रो तुल्याइनु । **थोत्र्याउनु–** स० क्रि०/प्रे० क्रि० थोत्रो पार्नु वा पार्न लगाउनु । **थोत्र्याहट–** ना० थोत्र्याइ ।

**थोपर्-नु–** स० क्रि० [थुप्रो+नु] १. लेपन गर्नु; पोतर्नु; थ्वापथ्वाप पोत्नु । २.थुप्र्याउनु । ३. थपेमाथि थप्नु; थोपार्नु । ४.ज्यादै ठूलो भारी लाद्नु । > **थोपरथापर–** ना० कुनै गिलो पदार्थ बाक्लो गरी लगाउने वा थोपार्ने क्रिया । **थोपराइ–** ना० थोपर्ने काम; थोपाराइ । **थोपरिनु–** क० क्रि० लेपन गरिनु; थोप्र्याइनु; थपिनु; थोपारिनु ।

**थोपा थोपी–** ना० [थोपा+थोपा+ई] सानाठूला गरी धेरै थोपाको समूह ।

**थोपार्-नु–** स० क्रि० [थोपर्+नु] हे० थोपर्नु । >**थोपाराइ–** ना० हे० थोपराइ । **थोपारिनु–** क० क्रि० हे० थोपरिनु ।

**थोपो–** ना० १. कुनै पनि तरल पदार्थको झर्दा वा टप्काउँदा वर्तुलाकारको हुने सानो परिमाण वा अंश; बिन्दु; थोप्लो; छिटो । २. टिको ।

**थोप्ला थोप्ली–** ना० [थोप्ला+थोप्ली] १. सानाठूला थोप्लाहरूको समष्टि; थोप्लाहरूको समूह । २. थोपाथोपी ।

**थोप्ली–** ना० [थोप्लो+ई] सानो थोप्लो; बिन्दु; टिकी ।

**थोप्ले–** ना० [थोप्लो+ए] १.थोप्ला भएको वा परेको । ना० २. चितुवाको एक जात । ~**भूक्षय–** ना० बर्सातका समयमा परेको पानीका कडा थोप्लाहरू नाङ्गो जमिनमा परी हुने पहिरो । ~ **वृष्टि–** ना० खण्डवृष्टि ।

**थोप्लो–** ना० [थोपो+लो] १. कुनै पनि तरल वा पन्यालो पदार्थको एकपल्ट खसेको सानो परिमाण; थोपो; बिन्दु । २. टिको ।

**थोर–** वि० कम; न्यून; अल्प; थोरै । ~ **बहुत–** वि० धेरथोर; कमबेसी ।

**थोरे–** ना० [थारो+ए] भैँसीको जवान पाडी; ब्याउने बेला भएको तर नब्याएको पाडी ।

**थोरै–** वि०/क्रि० वि० [थोर+ऐ] थोर; कम्ती नै ।

**थोल/थोलो–** ना० ओठ; ओष्ठ ।

**थ्याच्च–** क्रि० वि० [अ० मू० थ्याच्+च] १. हे० थचक्क । २. थेप्चो पार्ने किसिमले । ३. थिच्ने वा थिचिने किसिमले ।

**थ्याप्चिनु–** अ० क्रि० [थ्याप्चो+इ+नु] थ्याप्चो हुनु; थेप्चिनु ।

**थ्याप्चे–** वि० [थ्याप्चो+ए] थेप्चे । ~ **पाइले–** वि० १. टेक्दा पैतालाको सम्पूर्ण भागले भुइँ छुने पाइला भएको । ना० २. हात्ती ।

**थ्याप्प–** क्रि० वि० [अ० मू० थ्याप्+प] कुनै गिलो वा थेप्चो पदार्थ टाँसिने किसिमले; ल्याप्प ।

**थ्याप्सो–** वि०/ना० [√थासो] अमङ्गल; अशुभ; नराम्रो ।

**थ्यार्र–** क्रि० वि० [अ० मू० थ्यार्+र] १. फुटेका वा चिरिएका बाँस, काठ आदि कुनै वस्तुसँग ठक्कर खाँदा आउनेजस्तो ध्वनिका साथमा । २. थतर्किने गरी ।

**थ्वात्त–** क्रि०वि [अ० मू० थ्वात्+त] थुत्ने किसिमले; थुत्त ।

**थ्वाप्प–** क्रि० वि० [अ० मू० थ्वाप्+प] १. कुनै पनि तरल पदार्थको थोपो झर्ने वा टप्कने गरी । २. कुनै गिलो पदार्थ कहीँ टाँसिने गरी ।

**थ्वास्स–** क्रि० वि० [थासो+वास्स] थुस्सो लाउने वा थुस्स्याउने किसिमले; थुस्स्याएझैँ गरी ।

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



# द

**द१**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये अठारौँ व्यञ्जन; दन्त्य, स्पर्शी, घोष, अल्पप्राण ध्वनि; तवर्गको तेस्रो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; दहिले द ।

**द२**– वि० [सं०] नाम शब्दका पछिल्तिर समासान्त भई दिने, स्वीकार गर्ने, जन्माउने आदि अर्थ बुझाउने उपपद (जलद, धनद, सुखद, अन्नद इ०) ।

**दँगाली**– वि० [दाङ+आली] १. दाङसम्बन्धी; दाङको । २. दाङ निवासी; दङ्गाली; दङाली ।

**दँजाइ**– ना० [√**दाँज्** (+आइ)] दाँज्ने भाव, क्रिया वा प्रक्रिया । [>] **दँजाइनु**– क०क्रि० दाँज्न लाइनु; दाँज्ने पारिनु । **दँजाउनु**– स० क्रि० दाँज्ने काम गराउनु; दाँज्न लगाउनु; दाँज्ने पार्नु ।

**दँतार**/**दतार**– ना० [दाँत+आर] १. पूरा दाँत उम्रिसकेको मत्ता हात्ती; ठूला र लामा दाह्रा आइसकेको हात्ती; दतार । वि० २. ठूलाठूला दाँत भएको; दाह्रे । २. धुताहा ।

**दँतुली**– ना० [दाँत+उली] १. उँधो फर्किएको दाँत भएकी ढोई; लकुना । वि० २. दाँत बाहिर उछिट्टिएकी; छ्वाँके (स्त्री) ।

**दँतुलो**– वि० [दाँत+उलो] १. दाँत बाहिर निस्केको; छ्वाँके । ना० २. पूरा दाँत वा दाह्रा भएको मत्ता हात्ती; दँतार ।

**दँतेउरी**– वि० [दाँत+एउरी] दँतुली ।

**दँदेउरो**– ना० [दाँदें+एउरो] दाँदे ।

**दँदचाइ**– ना० [√ **दँदचाउ** (+आइ)] दँदचाउने क्रिया वा प्रक्रिया । [>] **दँदचाइनु**– क०क्रि० दँदचाउने काम गरिनु ।

**दँदचाउ-नु**– स० क्रि० [दाँदे+याउ+नु] जिलौटा सोहोरी हिलो माटो सम्म पार्नु ।

**दंश**– ना० [सं०] १. दाँतले टोकेर लागेको घाउ । २. साँप आदिले डस्ने काम । ३. डसाइ । ४. डाँस; डाँठ । ५. बिच्छी, अरिङ्गाल आदिको चिलाइ । >**दंशक**– वि० १. दाँतले टोक्ने (कुकुर आदि) । २. डस्ने (साँप आदि) । ३. चिल्ने (बिच्छी आदि) । **दंशन**– ना० १. टोक्ने काम; टोकाइ । २. डस्ने काम; डसाइ । ३. चिल्ने काम; चिलाइ । ४. ठुङ्ने काम; ठुङाइ । **दंशित**– वि० १. डसिएको । २. टोकिएको । **दंशी**– वि० १. डस्ने । २. टोक्ने ।

**दंष्ट्रा**– ना० [सं०] साह्रो वस्तु दार्न हुने, ठूलो र तीखो दाँत; दाह्रो । > **दंष्ट्री**– वि० १. साह्रो वस्तु दार्न सक्ने ठूला र तीखा दाँत भएको; दाह्रे । ना० २. सुँगुर; बँदेल ।

**दंसो**– ना० [सं० दंश] १. गाईबस्तु, कुकुर आदिलाई चिल्ने एक जातको ठूलो झिँगो; डाँस, डाँठ । २. दाँतमै बिलाउलाजस्तो न्यूनतम परिमाण; लेश ।

**दकस**– ना० जान्नेसुन्नेका अगाडि बोल्न अनकनाउने मानसिक स्थिति ।

**दकार**– ना० [सं०] 'द' वर्ण वा अक्षर; तवर्गको तेस्रो व्यञ्जनवर्ण ।

**दक्खिन**– ना० [सं० दक्षिण] दक्षिण । >**दक्खिना**/**दक्खिनी**/**दक्खिने**– वि० १. दक्खिनतिरको; दक्खिनमा बस्ने; दक्षिणी । ना० २. द्रविड, तमिल आदि जाति ।

**दक्ष**– वि० [सं०] १.योग्य; सक्षम; विशेषज्ञ; सिपालु; कुशल २. दायाँ; दाहिने । ३. एक प्रजापतिको नाम । – **कन्या**– ना० दक्षप्रजापतिकी छोरी; सतीदेवी । ~**जनशक्ति**– ना० कुनै खास विषय वा क्षेत्रमा दक्षता वा खूबी भएको जनशक्ति; दक्षताप्राप्त जनशक्ति; विशेषज्ञवर्ग । – **ता**– ना० दक्ष हुनाको भाव वा स्थिति; सक्षमता; कुशलता । ~**शक्ति पलायन प्रक्रिया**– ना० कुनै एक देशका प्रतिभाशाली व्यक्ति वा व्यावसायिक स्रोतले विभिन्न कारणबाट स्वदेश त्याग गरी अर्कै देशमा जाने क्रिया; प्रतिभापलायन ।

**दक्षिण**– ना० [सं०] १. सूर्योदय भएतिर मुख फर्काउँदा दाहिनेतिर पर्ने दिशा; उत्तरको ठीक उल्टोतिरको दिशा; दक्खिन । वि० २. योग्य; निपुण; सिपालु । ३. दायाँ; दाहिने । ४. कुनै काम सिद्ध गर्नमा सहायक । ५. पराश्रित । ६ अनेक नायिकामा समान रूपले प्रेम राख्ने नायक; सरल नायक; धीरोदात्त, धीरोद्धत, धीर प्रशान्त र धीर ललित चार प्रकारका नायकको शृङ्गारी अवस्थामा हुने चार किसिममध्ये एक । ~**एसिया**– ना० एसियाको दक्षिण भागमा रहेका नेपाल, भारत, भुटान, बङ्गलादेश, पाकिस्तान, बर्मा, श्रीलङ्का, अफगानिस्तान आदि देशहरूको भूभाग । – **काली**– ना० १. काठमाडौँ सहरदेखि १८ कि०मि० दक्षिणमा अवस्थित एक प्रसिद्ध देवी । २. शिवजीका छातीमा दाहिने पाउले टेक्ने देवी । ३. तान्त्रिकहरूद्वारा उपासना गरिने एक देवी । – **तर्फका कामान्डिङ जनरल**– ना० राणाकालमा राज्यका दक्षिण भागको प्रशासनिक रेखदेख गर्ने अधिकारवाला व्यक्ति; पूर्वतर्फपछिको रोलवाला । – **पन्थ**– ना० घोर उग्रवादी वा क्रान्तिकारी विचारधाराका विरुद्ध क्रमिक, वैधानिक र शान्तिपूर्ण तरिकाले विकास गर्नुपर्छ भन्ने एक राजनीतिक सिद्धान्त; दक्षिणमार्ग । – **पन्थी**– वि० दक्षिणपन्थको; दक्षिणमार्गको समर्थक वा अनुयायी; दक्षिणमार्गी । – **मार्ग**– ना० १ दक्षिणपन्थ । २. वेदविहित धर्मलाई मान्ने एक सम्प्रदाय ।–**मार्गी**– वि० दक्षिणपन्थी ।

**दक्षिणा**– ना० [सं०] १. यज्ञ, पूजाआजा, श्राद्ध आदि देव-पितृकार्यमा कार्य पूरा भएपछि ब्राह्मणहरूलाई दिइने द्रव्य; चाडपर्व आदिका अवसरमा छोरीचेली, ज्वाइँ आदिलाई दिइने धन; दच्छिना । २. दक्षिण दिशा । ३. दुधालु गाई । ४. अरू स्त्रीसँग सम्बन्ध राख्ने नायकलाई पनि प्रेम गर्ने चतुर नायिका । ५. यज्ञकी पत्नी ।

**दक्षिणाग्नि**– ना० [सं०] गार्हपत्य नामको अग्निदेखि दक्षिणतर्फ

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



स्थापित गरिने अग्नि; तीन प्रकारका अग्निमध्ये एक ।

**दक्षिणाचार–** ना० [सं०] १. वैदिक पद्धतिअनुसार पञ्चामृतद्वारा देवी वा शक्तिको पूजा गर्ने एक सम्प्रदाय । वि० २. पावन अनुष्ठानअनुसार शक्तिका उपासक । ३. आचरणशील । >**दक्षिणाचारी–** वि० दक्षिणाचार सम्प्रदायका अनुयायी ।

**दक्षिणाभिमुख–** वि० [सं०] दक्षिणतर्फ मुख फर्केको; दक्षिणपन्थी राजनीति, मान्यता आदितर्फ आन्तरिक झुकाउ रहेको; दक्षिणोन्मुख ।

**दक्षिणायन–** ना० [सं०] १. भूमध्येरेखादेखि उत्तरतिर रहेको कर्करेखादेखि दक्षिण मकररेखासम्म हुने सूर्यको गति । २. सूर्य कर्करेखाबाट ओरालो (दक्षिणतिर) लाग्ने छ महिनाको समय; साउने सङ्क्रान्तिदेखि पौष मसान्तसम्मको समय; उत्तरायणको उल्टो समय ।

**दक्षिणावर्त–** वि०[ सं०] १. दाहिनेतिर फर्केको वा मोडिएको; दाहिनेतिर घुमेको । २. दक्षिण दिशातर्फ फर्केको वा मोडिएको । ना० ३. दाहिने शङ्ख ।

**दक्षिणी–** वि० [सं०] दक्षिणपट्टि रहेको; दक्षिणको; दक्खिनी । ~ **नरवानर–** ना० नृतत्त्वशास्त्रका अनुसार दक्षिणी अफ्रिकामा पाइने मानिसजस्तो वानर ।

**दखल–** ना० [अ० दख्ल] १.कब्जा; अधिकार; विजय; सर; दक्खल । २. निपुणता; कौशल ।

**दगलफसल–** ना० [दङ्गा+फसाद] झगडा; बाझाबाझ; कलह; भनावैरी; दङ्गाफसाद ।

**दगल्चि-नु–** अ० क्रि० [दगल्चो+इ+नु] १.कुनै काम दगल्चो अर्थात् अधूरो हुनु; पूरा नहुनु; अधकल्चो हुनु । २. आधा दलिनु; मैदा नहुनु; राम्ररी नपाक्नु । ३. दाल, चामल आदि सिलौटा वा जाँतामा हालेर खस्रो पारेर दलिनु ।

**दगल्चो–** वि० १. अधकल्चो; अधूरो । २. अलिअलि मात्र पाकेको वा दलेको ; दगल्चिएको । >**दगल्च्याइ–** ना० दगल्च्याउने काम वा काइदा । **दगल्च्याइनु–** क०क्रि० दगल्चो पारिनु; अधकल्चो तुल्याइनु । **दगल्च्याउनु–** स० क्रि० १. दगल्चो पार्नु । २. अलिअलि पकाउनु वा दल्नु ।

**दगा–** ना० [अ०] १. छल; कपट । २. इबी; रिस; दागा (उदा०– रावण्माथि दगा धरेर सहजै लक्ष्मण् उठचाथ्या जसै– भानुभक्त, 'रामायण' । ) ।

**दगाइ–** ना० [√**दाग्** (आइ)] दाग्ने क्रिया वा प्रक्रिया । [>] **दगाइनु–** क० क्रि० दाग्न लगाइनु । **दगाउनु–** प्रे० क्रि० बन्दुक, तोप आदि पड्काउनु; दाग्ने पार्नु ।

**दगाबाज–** वि० [फा०] दगा गर्ने; धोकेबाज; कपटी । > **दगाबाजी–** ना०दगा गर्ने काम; धोकेबाजी; कपट ।

**दगुर्-नु–** अ० क्रि० १. दौडनु; कुद्नु । २. भाग्नु; सुइँकुच्चा ठोक्नु । ३. चाँडो हुनु; नरोकिनु । >**दगुराइ–** ना० दगुर्ने काम वा किसिम । **दगुराइनु–** क० क्रि० दगुर्न लाइनु; दौडाइनु । **दगुराउनु–** प्रे० क्रि० दगुर्न लगाउनु; दौडाउनु । **दगुरादगुर–** ना० कुनै कामका निमित्त खूबै दौडादौड गर्ने काम; दौडधुप; कुदाकुद । **दगुरिनु–** अ० क्रि० दगुर्ने होइनु; कुदिनु ।

**दग्गडदागड–** ना० रौरा अर्थात् नाचगान सिकाउने वा उठाउने मुख्य व्यक्तिले झिकेका गीतलाई छोप्ने समूह ।

**दग्ध–** वि० [सं०] १. डढेको; पोलेको; पिल्सिएको । २. दुःख पाएको; सताइएको; सन्तप्त । ३. दुर्भिक्षग्रस्त । ४. अशुभ । ५. सुक्खा; नीरस । ६. दुष्ट । >**दग्धाक्षर–** ना० छन्दशास्त्रअनुसार कवितारचनामा अशुभ मानिने झ, भ, र, ष, ह पाँच अक्षर । **दग्धिनु–** अ० क्रि० घामपानीमा तपेर वा भिजेर चर्को मेहनत गर्नाले बिरामी हुनु ।

**दग्धी–** ना० [सं० दग्ध+ई] घामपानी सहेर गरिएको कठोर परिश्रम । **– को जरो/ज्वरो–** ना० त्यस्तो परिश्रमले आएको कडा ज्वरो ।

**दग्ध्याइ–** ना० [√ **दग्धि** (+याइ)] दग्धिने क्रिया वा प्रक्रिया । [>] **दग्ध्याइनु–** क०क्रि० दग्धिने पारिनु । **दग्ध्याउनु–** प्रे० क्रि० दग्धिने पार्नु ।

**दङदङ–** क्रि० वि० [अ० मू० दङ्+अ (द्वि०)] १. नराम्रो गन्ध वा दुर्गन्ध आउने गरी । २. खुट्टा बजारेर हिँड्दा आवाज आउने गरी । ३. सिरक, डसनाजस्तो मोटो नरम वस्तुमा केही साह्रो वस्तुले हिर्काउँदा आवाज निस्केझैँ । ४. तोप, बन्दुक आदि एकपछि अर्को गर्दै क्रमशः पड्किँदै गएर । >**दङदङती/दङदङी–** क्रि० वि० छिटोछिटो दङदङ गरेर; दङदङ ।

**दङदास–** वि० [दङ्ग+दास] १. दङ परेको; निकै खुसी भएको । २.जिल्ल परी रमाएको; छक्क परेको; आश्चर्यचकित ।

**दङाली–** वि०हे० दँगाली ।

**दङ्ग१–** क्रि० वि० [अ० मू० दङ्+ग] १. बन्दुक, तोप आदि पड्कँदा शब्द निस्केर; ढचाङ्ग । २. आवाज आउने गरी पछारिने किसिमले । ३. पछारिँदाको आवाजजस्तै गरी ।

**दङ्ग२–** ना० [सं० मृदङ्ग] एकातिर मुछेको पीठो टाँसी हातले ठोकेर बजाइने, दुवैतिर छालाले मोहोरिएको ढोलजस्तो एक बाजा ।

**दङ्ग३–** वि० [फा० दंग] १.धेरै प्रसन्न; निकै खुसी । २. चकित; छक्क; बिस्मित । **– दास–** वि० दङदास ।

**दङ्गल–** ना० [फा०] १.जनसमूह; भीड; हूल । २. दङ्गा वा झगडा भएको ठाउँ । ३. त्यस्तो ठाउँमा परेर वा कठिन परिस्थिति भोगेर पाइने अनुभव । ~**खानु–** टु० धेरै हन्डर भोग्नु वा मानिसरूको भीडमा परेर धक फुक्नु । (उदा०– दङ्गल खाएको छोराले जीवन बुझेको हुन्छ ।)

**दङ्गा–** ना० [फा० दङ्गल] १. धेरै मानिसको बीचमा भएको मारकाट; त्यस्तो झगडा; बाझाबाझ वा कलह । २. उत्पात; उपद्रो ।

**दङ्गादङ्गी–** वि० [दङ्ग+आ+दङ्ग+ई] १. ज्यादै खुसी वा प्रसन्न भएको; निकै हर्षित; मक्ख परेको । ना० २. प्रसन्नता; हर्षोल्लास ।

**दङ्गाफसाद–** ना० [दङ्गा+फसाद] १. दगलफसल; बाझाबाझ;

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



कलह । २. कुटामारी; मारपिट; ३. उत्पाद; उपद्रो ।

**दङ्गि–नु–** अ० क्रि० [दङ्ग+इ+नु] १. खुसी हुनु; दङ्ग पर्नु; प्रसन्न हुनु; रिझिनु । २. दङ्ग परेर लड्नु; पछारिनु । > **दङ्ग्याइ–** ना० दङ्गिने काम वा काइदा । **दङ्ग्याइनु–** क०क्रि० दङ्ग्याउने काम गरिनु । **दङ्ग्याउनु–** प्रे० क्रि० दङ्ग पार्नु; खुसी पार्नु; रिझाउनु ।

**दङ्ग्याहा–** वि० [दङ्गा+याहा] दङ्गा गर्ने; कलह मच्चाउने/मारपिट गर्ने स्वभावको; झगडालु ।

**दचक–** ना० [सं० दत्त+क्] १. हिँडाइको चापबाट उत्पन्न हुने थर्काइ; एक प्रकारको कम्प; दच्को । २. चोर, डाँका आदिको उपस्थितिसूचक शब्द; भयसूचक शब्द । ३. ठक्कर; धक्का ।

**दच्क–नु–** अ० क्रि० [दच्को+नु] १. तर्सनु; डराउनु; भड्कनु; झस्कनु । २. उतर्सिनु; आत्तिनु; भयभीत हुनु । > **दच्काइ–** ना० दच्कने क्रिया-प्रक्रिया; डर; झस्को; त्रास । **दच्काइनु–** क०क्रि० दच्काउने काम गरिनु । **दच्काउनु–** स० क्रि०/प्रे० क्रि० १. तर्साउनु; भड्काउनु । २. अत्त्याउनु । **दच्काहा–** वि० डराउने; तर्सने; झस्कने; दच्किलो । **दच्किनु–** अ० क्रि० १ दच्कनु । २. तर्सिनु । **दच्किलो–** वि० दच्कने स्वभावको; दच्काहा ।

**दच्को–** ना० [√ दचक] थर्काइ; दचक ।

**दच्क्याइ–** ना० [√ **दच्कि** (+याइ)] दच्किने भाव, क्रिया वा प्रक्रिया । [>] **दच्क्याइनु–** क० क्रि० दच्किने पारिनु । **दच्क्याउनु–** प्रे० क्रि० दच्किने पार्नु । **दच्क्याहा–** ना० दच्किने भाव, अवस्था वा क्रियाप्रक्रिया ।

**दण्ड–** ना० [सं०] १. चार मुडीहात वा एक धनुषबराबरको नापो; किष्कहस्तको चार गुना र अङ्गुलको छयानब्बे गुनाबराबरको नाप । २. लट्ठी; लौरो; सोँठा; छडी । ३. सजाय; जरिवाना; डाँड; यातना; दण्डसजाय । ४. राजचिह्न । ५. फूलको डाँठ (कमल आदिको) । **– क–** ना० १. प्रत्येक चरणमा सत्ताइस वा त्यसभन्दा बढी वर्ण हुने छन्दको एक भेद । २.लट्ठी; लाठो; दण्ड । ३. पङ्क्ति; लहर । **– कर–** ना० भराइएको दण्डको रकममा सरकारका तर्फबाट लाग्ने कर । ~**कानुन–** ना० अपराधअनुसारको दण्डसम्बन्धी व्यवस्था भएको कानुन; दण्डविधान; फौजदारी कानुन । >**दण्डकारण्य –** ना० भारतस्थित नर्मदा र गोदावरीको बीचमा पर्ने एक प्राचीन जङ्गल । ~**कुण्ड–** ना० कानुनले निषेध गरेको कुरो गरेमा वा कानुनले आज्ञा दिएको वा अह्राएको कुरो नगरेमा दिइने सजाय; दण्ड । ~**ग्रहण–** ना० साधु बन्ने काम; सन्न्यासी हुन दण्ड ग्रहण गर्ने काम; तीर्थयात्रीले दण्ड लिने काम; सन्न्यासग्रहण । **– धर–** ना० १. राजा । २. यम । ३. न्यायाधीश । ४. सन्न्यासी । ५. चोबदार । वि० ६. हातमा दण्ड लिने; दण्डधारी । ~**नायक–** ना० १. न्यायाधीश । २. प्रहरी विभागको मुख्य अधिकारी । ३. सेनापति; सेनानायक । ~**नीति–** ना० १. शत्रु वा अपराधीलाई दण्डद्वारा वशमा राख्ने नीति; त्यस्तो न्याय वा सैनिकसम्बन्धी प्रशासन । २. दण्डशास्त्र । **दण्डनीय–** वि० दण्ड वा सजाय दिन योग्य; दण्ड दिनुपर्ने; दण्डच । ~**न्यायालय–** ना० अपराधीलाई दिइने दण्डसम्बन्धी सम्पूर्ण मामला हेर्ने न्यायालय; फौजदारी अदालत । **– पाणि–** ना० १. यमराज । २. हातमा लट्ठी लिने व्यक्ति । ३. चोबदार । ४. भैरवको एक रूप । ~ **बैठक–** ना० एक खास किसिमको शारीरिक व्यायाम; दण्डपेलाइ; कसरत । ~ **मत्स्य–** ना० लामो र झीनो खालको एक जातको माछो । **– वत्–** ना० भुइँमा लेटेर गरिने एक प्रकारको प्रणाम वा नमस्कार; साष्टाङ्ग प्रणाम । ~**विधान/विधि–** ना० दण्डशास्त्र; दण्डसंहिता । ~ **शास्त्र–** ना० दण्डको निर्णयसम्बन्धी शास्त्र; दण्डविधान; दण्डविधि । ~ **सजाय–** ना० दण्ड र सजाय; दण्ड । ~ **सम्बन्धी–** वि० दण्डसँग सम्बन्धित (विषय वा काम कुरो) । ~ **सहाय–** ना० नाटकका नायकको सहायता गर्ने मित्र, राजकुमार, सामन्त, सैनिक र सिकारी आदि पात्र; नाटकका नायकको एक प्रकारको सहाय । **दण्डात्मक–** वि० दण्ड दिनुपर्ने भएको ।

**दण्डा दण्डी–** ना० हे० दन्डादन्डी ।

**दण्डादेश–** ना० [सं०] अपराधीलाई दण्डित गर्न न्यायाधीशद्वारा दिइने आदेश; दण्डाज्ञा ।

**दण्डालय–** ना० [सं०] न्यायालय ।

**दण्डित–** वि० [सं०] दण्ड गरिएको; सजाय दिइएको; दण्ड पाएको ।

**दण्डी–** वि० [सं०] १. हातमा दण्ड वा लट्ठी लिने; दण्डधर; दण्डधारी । ना०२. धातु, काठ आदिको लट्ठी; छड । ३. हातमा बाँसको लट्ठी लिएर हिँड्ने सन्न्यासीको एक सम्प्रदाय ।

**दण्डोपबन्ध–** ना० [सं०] कानुन, सन्धिसम्झौता आदिको सर्त उल्लङ्घन गर्ने व्यक्ति वा पक्षलाई दण्ड दिन व्यवस्था गरिएको उपबन्ध ।

**दण्डच–** वि० [सं०] दण्ड दिनुपर्ने; डाँड्न लायक; दण्डनीय ।

**दतार–** ना०हे० दँतार ।

**दतिउन/दतिवन–** ना० [प्रा० दतवण] दाँत सफा र बलियो पार्नका लागि प्रयोग गरिने नीम, सिमाली, कदम आदिका काठको टुक्रो; अपामार्ग; दन्तकाष्ठ ।

**दत्त–** वि० [सं०] १. दिइएको; प्रदत्त; समर्पित; सुम्पिएको; दान गरिएको । ना० २. सङ्कल्प गरेर दान दिइएको वा अर्पण गरिएको वस्तु ।

**दत्तक–** ना० [सं०] कानुनी प्रक्रिया तथा शास्त्रअनुसार सन्तान नभएका व्यक्तिले आफ्नै परिवारको एक पुत्र वा पुत्रीको रूपमा मान्यता दिएको अरू कुनै व्यक्ति; दत्तकपुत्र; धर्मपुत्र वा धर्मपुत्री । ~ **ग्रहण–** ना० त्यस्तो धर्मपुत्र वा धर्मपुत्री पाल्ने काम । **– ग्राही–** वि० दत्तक पाल्ने; धर्मपुत्र ग्रहण गर्ने । ~**पुत्र–** ना० छोरा नहुनेले शास्त्रीय विधानअनुसार ग्रहण गरेको छोरो; धर्मपुत्र; पालित पुत्र ।

**दत्तचित्त–** वि० [सं०] मन वा चित्तलाई कुनै एउटै कामकुरामा केन्द्रित गरेको; एकचित्त; एकाग्र ।

**दत्तात्रय–** ना० [सं०] ब्रह्मा, विष्णु र महेशको अवतार मानिने,

अत्रि र अनुसूयाका पुत्र, एक प्रसिद्ध ऋषि ।

**ददा–** ना० [तु० ददह] बालबच्चाहरूको हेरविचार गर्ने व्यक्ति; धरालो; रुँगालो ।

**दद्रु–** ना० [सं०] ज्यादै चिलाउने र क्रमशः फैलँदै जाने एक चर्मरोग; दाद ।

**दद्र्यान–** ना० [सं० दरण+यान] १. ससाना ढुङ्गा प्रशस्त भएको जमिन । २. पानीले घिसिएर माथिमाथि चोसाचोसी ढुङ्गा निस्किएको बाटो ।

**दधि–** ना० [सं०] दूधलाई जमाएपछि बन्ने र नौनी, घिउ आदि बनाइने बाक्लो पदार्थ; दही । – **पुष्प–** ना० पानको आकारका ठूलठूला पात हुने, नीलो र सेतो पत्रवाल फूल फुल्ने, झुप्पामा कोसाका रूपमा फल लाग्ने सिमीको लहरा; त्यसैको कोसा वा दाना; काउछेसिमी । – **सार–** ना० मक्खन; नौनी; घिउ ।

**दधीच/दधीचि–** ना० [सं०] देवताहरूलाई आफ्नो शरीरको हड्डी दिएर प्राण अर्पित गर्ने; पुराणप्रसिद्ध एक ऋषि ।

**दनक–** ना० [सं० दण्डक] लट्ठी, मुक्का आदिको कडा प्रहार; चोट; हनाइ; खप्की; मार ।

**दनदन–** क्रि० वि० [अ० मू० दन्+अ (द्वि०)] १. दन्केर आगो बल्ने गरी; खूबसित दन्किएर । २. तोप; बन्दुक आदि पड्काउँदा धमाधम गोली छुट्ने गरी । >**दनदनती–** क्रि० वि०चर्को रूपमा दन्किएर; दनदनी । **दनदनाइ–** ना० दनदनाउने भाव, क्रिया वा प्रक्रिया । **दनदनाइनु–** अ० क्रि० दनदन भएर आगो बलिनु । **दनदनाउनु–** अ० क्रि० १. दन्केर आगो बल्नु, दन्कनु । २. खूबै राम्रो र तेजस्वी हुनु । ३. बढिबढाउ हुनु; बनेको र सप्रेको हुनु । **दनदनाहट–** ना० दनदनाउने भाव, अवस्था वा क्रियाप्रक्रिया; दनदनाइ । **दनदनी–** क्रि० वि० दनदनती ।

**दनादन–** क्रि० वि० [अ० मू० दन्+आ+दन्+अ] १. क्रमिक रूपले; एकपछि अर्को गर्दै; धमाधम; लगालग । २. कुनै कामकुरो फुर्तीसाथ गर्ने गरी । ३.लगालग पिटेर । ४. एकनासले तोप, बन्दुक आदिका गोलागोली छोड्दै ।

**दनासो–** ना० [दाँत+आसो] दाँत अडिने ठाउँ; दाँतै घर; गिजा ।

**दनुज–** ना० [सं०] राक्षस; असुर; दानव ।

**दनुवार–** ना० कमला र त्रिजुगा नदीको आसपासतिर बसोबास गर्ने एक अल्पसङ्ख्यक जाति । > **दनुवारी–** ना० दनुवारजातिले बोल्ने भाषा ।

**दनेउरो/दन्यौरो–** ना० [दाना+उरो] स्वाद उस्तै र सोझो आकारको हुने एक प्रकारको सेल; दन्यौरो ।

**दन्क–नु–** अ० क्रि० [अ० मू० दन्+क+नु] हुरहुरी आगो बल्नु; खूबसित बल्नु; राँकिनु; दनदनाउनु; हुरहुराउनु ।

**दन्कर्नु/दन्कर्नो–** ना० [दन्त+कोर+नु/नो] दाँत कोट्याउने धातु वा कप्टेराको सिन्को वा छेस्को ।

**दन्काइ–** ना० [√ **दन्क** (+आइ)] १. दन्कने क्रिया वा प्रक्रिया । २. दनक दिने काम । [>] **दन्काइनु–** क० क्रि० १. दन्काउने वा दनक दिने काम गरिनु । २. दनदन आगो बालिनु ।

**दन्काउनु१–** स० क्रि० [दनक+आउ+नु] मुक्का, लट्ठी आदिले दनक दिनु; पिट्नु; ठटाउनु ।

**दन्काउनु२–** स० क्रि० [दन्क+आउ+नु] १. दनदनी आगो बाल्नु । २. तोप आदि पड्काउनु । ३. कुनै कामकुरो फुर्तीसाथ गर्नु । ४. बेसरी खानु (खाद्य वा पेय पदार्थ) ।

**दन्किनु–** अ० क्रि० [दन्क+इ+नु] १. दन्कनु; बल्नु । २. हुरहुरी बल्नु; दनदनी बल्नु ।

**दन्कुटी–** ना० [दन्क+उटी] दन्केर बलेको आगो ।

**दन्को–** ना० [दन्क+ओ] आगाको ज्वाला; दन्केको आगो । >**दन्कोट–** ना० दनदनी आगो बाल्ने काम; दन्काइ ।

**दन्क्याइ–** ना० [√ **दन्कि** (+याइ)] दन्किने क्रियाप्रक्रिया । [>] **दन्क्याइनु–** क० क्रि० दन्क्याउने काम गरिनु; पिटिनु । **दन्क्याउनु–** स० क्रि० दन्काउनु; पिट्नु ।

**दन्डा दन्डी–** ना० [सं० दण्ड+दण्ड+ई] दुवैतर्फबाट लट्ठी हानाहान गरेर गरिने झगडा; लट्ठीका सहायताले गरिने लडाइँ; मारपिट; हानाहान; डन्डाडन्डी ।

**दन्त–** ना० [सं०] १. दाँत । २. हात्तीको दाह्रा । – **काष्ठ–** ना० दतिवन । – **क्षत–** ना० कामक्रीडाको सिलसिलामा दाँतले टोकी पारिएको चोट; दाँतले टोक्दाको चिह्न । ~ **चिकित्सक–** ना० दाँतको उपचार गर्ने डाक्टर; दाँतविशेषज्ञ; डेन्टिस्ट । – **च्छद–** ना० ओठ; ओष्ठ । – **द्वार/द्वारी–** ना० दुई दाँतका बीचको रिक्त स्थान वा प्वाल । – **द्वारे–** वि० दन्तद्वार भएको; दन्तद्वारीका छाँटको । – **धावन–** ना० १. दाँत माझ्ने काम । २. दतिवन । – **पत्र–** ना० कानमा लगाइने, ससानो पातका आकारको एक गहना; कर्णफूल । ~ **परीक्षक–** ना० दाँतको रोग वा दाँतसम्बन्धी अन्य कुराको परीक्षण गर्ने साधन, यन्त्र वा व्यक्ति । – **फल–** ना० निर्मली फल । ~ **बजान/बझान–** ना० बेसरी मुख छाड्ने काम; भनाभन; बाझाबाझ; झगडा । – **बल्क–** ना० दाँतको बाहिरपट्टिको टलकदार वस्तु; इनामेल । – **बिरी–** ना० दाँतको चर कालो पार्न प्रयोग गरिने शृङ्गारको एक साधन; बिरी । ~ **मञ्जन–** ना० १. दाँत माझ्ने चूर्ण वा लेप; मञ्जन । २. दाँत माझ्ने वा सफा गर्ने काम । – **मूल–** ना० कठोर तालुभन्दा अगाडिपट्टि दाँतसम्मको भाग; वर्त्स; दनासो; गिजा; दन्तघर । – **मूलीय व्यञ्जन–** ना० जिभ्राको टुप्पो वा फलकले दाँतका फेदीका छेउछाउको भाग (वर्त्स) लाई छोएर उच्चरित हुने व्यञ्जन; नेपालीका च, छ, ज, झ, न, ल, र, स ध्वनि । ~ **विकार–** ना० दाँतको रोग । ~ **विशेषज्ञ–** ना० दाँतको रोग वा दाँतसम्बन्धी अन्य कुराको ज्ञान भएको चिकित्सक; दन्तपरीक्षक । – **वीज–** ना० अनार; दारिम; बेदाना । – **शूल–** ना० दाँत दुख्ने रोग । – **शोथ–** ना० दाँत अडिने ठाउँ वा गिजा सुनिने रोग । – **हर्ष–** ना० दाँतसम्बन्धी एक रोग । ~ **हर्सना–** ना० कागतीका जस्ता पात र बोक्रा हुने, सेतो फूल फुल्ने, बास्नादार काँढा भएको

एक बोट । > **दन्ताघात**– ना० दाँतको आघात; दाँतको टोकाइ । **दन्तादन्ति**– ना० एकअर्कामा दाँतले टोकाटोक गरेर गरिने झगडा । **दन्तायुध**– ना० दाँत नै एक मात्र हतियार भएको प्राणी (हात्ती, सुँगुर इ०) । **दन्तावल**– ना० हात्ती । **दन्तावली**– ना० दाँतको लहर वा हार ।

**दन्ती**– वि० [सं०] १. दाँत हुने वा भएको । ना० २. हात्ती । ३. गणेश । ४. अँडिरको बोट ।

**दन्तुर**– वि० [सं०] १. दाँत ओठभन्दा बाहिरपट्टि निस्केको; छ्वाँके । २. लामालामा दाँत हुने; दाह्रे ।

**दन्ते**– वि०हे० दन्त्य ।

**दन्तोत्पत्ति**– ना० [सं०] गिजाबाट दाँत निस्कने वा उम्रने काम ।

**दन्तोलूखलिक**– ना० [ सं०] आफ्नै दाँतले चपाएर मात्र अन्न खाने र ढिकी, जाँतो, कल आदिमा कुटेको वा पिँधेको अन्न नखाने व्रत लिएको साधु ।

**दन्त्योष्ठ्य**– ना० [सं०] वि० १. दाँत र ओठसम्बन्धी । २. माथिल्लो दाँत तथा तल्लो ओठको संलग्नताबाट उच्चारण हुने ध्वनि ।

**दन्त्य**– वि० [सं०] १. दाँतसँग सम्बन्धित । २. जिभ्राको टुप्पो र माथ्लो दाँतको संलग्नताबाट उच्चारण हुने (ध्वनि) (त, थ, द, ध) । ~ **कथा**– ना० लोकले युगौंदेखि परम्परागत रूपमा संरक्षित गर्दै आएको, मौखिक तथा काल्पनिक कथा; सुन्ने कथा ।

**दन्न**– क्रि०वि० [अ० मू० दन्+न] १. राम्ररी बल्ने वा झरिलो हुने चालमा; हुरहुराउने किसिमले आगो दन्केर बल्ने गरी; हुर्र । २. तोप, बन्दुक आदि पड्कँदा शब्द आउने किसिमले ।

**दपाइ**– ना० [√ **दाप्** (+आइ] दाप्ने वा हडप्ने क्रिया वा प्रक्रिया । [>] **दपाइनु**– क०क्रि० दाप्ने काम गरिनु; दाप्न लाइनु । **दपाउनु**– स० क्रि० दाप्ने काममा प्रेरित गर्नु; दाप्न लाउनु ।

**दपेट्-नु**– स० क्रि० १. कसैले कसैलाई कुनै कामको निहुँमा किन त्यस्तो भयो वा गरियो भनेर हकार्नु; छाँस्नु; डाँट्नु । २. पिछा गर्नु; लखेट्नु; लघार्नु ।

**दपेटा**– ना० [दपेट्+आ] १.डर, धाक, धम्की आदिद्वारा हप्काउने काम; दपेट्ने काम; दपेटाइ । २. लखेट्ने काम; लघाराइ ।

**दपेटाइ**– ना० [√**दपेट्**(+आइ)] दपेट्ने क्रिया वा प्रक्रिया । [>] **दपेटाइनु**– क० क्रि० दपेट्न लाइनु; लखेटाइनु । **दपेटाउनु**– स० क्रि० दपेटामा पार्नु; दपेट्न लाउनु । **दपेटिनु**– क० क्रि० कसैबाट छाँसिनु; हप्काइनु; डाँटिनु; लखेटिनु ।

**दपोट**– ना० [दाप+ओट] १. सरकारी जमिनको कर, पोत, तिरो आदि नतिरी लुकाई-छिपाई जग्गा मात्र भोगचलन गरी खाने काम । २. अर्काको धनमाल जानाजानी दबाएर पचाउने वा आफ्नो अधीनमा पार्ने काम ।

**दप्क-नु/दप्किनु**– अ० क्रि० [दब्+क/कि+नु] १. कुनै कारण वा परिस्थितिले मान्छे वा अन्य प्राणी हच्कनु; अघि सरेर काम गर्न डराउनु; दच्कनु; पछि सर्नु । २. लुक्न खोज्नु; लुकेझैं गर्नु । ३. लुक्नु; दब्नु । > **दप्काइ**– ना० दप्कने वा दप्काउने क्रियाप्रक्रिया । **दप्काइनु**– क० क्रि० १. हप्कीदप्कीमा पारिनु; दप्की लाइनु । २. लुकाइनु । **दप्काउनु**– स०क्रि० १. डर, धाक आदिले कसैलाई हच्काउनु; हप्काउनु; छाँस्नु । २. लुकाउनु; छिपाउनु; दबाउनु । ३. ढाकछोप गर्नु; ढाक्नु ।

**दप्की**– ना० [दप्क+ई] १. दपेट्ने वा लखेट्ने काम; दपेटा । २. हप्कीदप्की गरिने चाल; डाँट, छँसाइ; हप्की । >**दप्क्याइ**– ना० दप्किने वा दप्की खाने क्रियाप्रक्रिया ।

**दफा**– ना० [अ० दफअ] १. कुनै लेख-रचना, पत्र आदिका एक-एक प्रवाह वा उक्तिको अंश; अनुच्छेद; कण्डिका; प्याराग्राफ । २. ऐनविधान आदिको परिच्छेद वा महलभन्दा सानो र उपधारा वा उपदफाभन्दा ठूलो बुँदा; ऐनविधान आदिको एक अंश; धारा । क्रि० वि० ३. पटक; खेप; चोटि; बाजि; पल्ट ।

**दफ्तर**– ना० [फा०] कुनै सरकारी वा गैरसरकारी कार्यालय; सङ्घसंस्थासम्बन्धी लेखापढी र कामव्यवहार गर्ने अड्डा; अफिस; कार्यालय । – **खाना**– ना० दफ्तरसम्बन्धी कार्यसञ्चालन गर्ने अड्डा; कागजपत्रको लेखापढी; जाँचबुझ आदि गर्ने कोठा । > **दफ्तरी**– ना० १. किताब, कापी, बही आदिमा गाता वा जिल्दा हाल्ने व्यक्ति; जिल्दकार; जिल्दसाज; बुकबाइन्डर । २.दफ्तरका कागजपत्रमा रुल तान्ने वा यस्तै अन्य काम गर्ने निम्न तहको कर्मचारी वा कारिन्दा ।

**दब्-नु**– अ० क्रि० [सं दमन+नु] १. कुनै कारणले एकका अपेक्षा अर्को लत्रनु; निहुरनु; झुक्नु । २. कुनै वस्तु लुक्नु वा छिप्नु । ३. थिचिनु; किचिनु । ४. मानमर्यादा आदिमा तल पर्नु; घटी हुनु । ५. चुर्लुप्प हुनु; डुब्नु ।

**दबदब१**– क्रि० वि० [अ० मू० दब्+अ (द्वि०)] धेरै गिलो, लेस्याइलो वा हिलो भएर हल्लिने गरी; दलदल; थलथल ।

**दबदब२**– ना० [नेवा०] डमरुजस्तै हल्लाएर बजाइने तर डमरुभन्दा अलिक सानो एक बाजा; डिबडिबे ।

**दबदबा**– ना० [अ० दबदब] १. धन, अधिकार आदिका बलले बढेको चकचकी; बढिबढाउ । २. रोबरवाफ; सान । ३. धाकधम्की; हैकम ।

**दबदबाइ**– ना० [√ **दबदब** (+आइ)] दबदब हुने वा दबदबाउने क्रियाप्रक्रिया । [>] **दबदबाउँदो**– वि० कुनै तरल वस्तुमा झोल चोक्टा नछुट्टिने भएको; लेदो परेको; दबदब परेको । **दबदबाउ**– ना० दबदबाउने काम; दबदबा । **दबदबाउनु**– अ० क्रि० हिलो, गिलो आदि वस्तु लदबदे अवस्थाको हुनु; दबदब हिलो हुनु; थलथल बन्नु । **दबदबिनु**– अ० क्रि० दबदब हिलो होइनु; थलथलिनु । **दबदबे**– वि० १. दबदब गर्ने बेलाको; दबदबाउँदो; थलथले (लेदो वा हिलो) ।

**दबाइ**– ना० [दब्+आइ] १. दब्ने क्रिया वा प्रक्रिया । [दबाउ+आइ] २. दबाउने क्रिया वा प्रक्रिया । [दाब्+आइ] ३. दाब्ने क्रिया वा प्रक्रिया । ४. ओखती; औषधी ।

**दबाइनु–** क० क्रि० [दबाउ+इ+नु] १. थिचाइनु; मिचाइनु । २. दाब्न लगाइनु । ३. छिपाइने काम गरिनु; लुकाइनु ।

**दबाउ–** ना०हे० दबाब । > **दबाउनु–** स०क्रि० लुकाउनु; छिपाउनु ।

**दबाउनु–** स० क्रि० [दाब्+आउ+नु] १. शक्ति, साधन, धम्की आदिले दमन गर्नु; वशमा राख्नु; गर्न नदिनु । २. थिचोमिचो गर्नु; बलले किच्नु; थिच्नु । प्रे० क्रि० ३. मिच्न लाउनु; थिच्न लाउनु ।

**दबाब–** ना० [√ **दब्** (+आउ)] १. बल, प्रभाव, शक्ति आदिले अर्कालाई वशमा राख्ने काम; उन्नति र भलो हुन नदिने काम; दबाउ । २. थिच्ने काम; थिचाइ । ३. च्याप्ने वा निचर्ने काम; चेप ।

**दबासबिन्दु–** ना० [सं० द्वादशबिन्दु] बाह्रखरीका बाह्रौँ मात्रामा पर्ने दुईवटा बिन्दु हुने चिह्न; नेपाली बाह्रखरीमा बाह्रौँ मात्राको नाम; विसर्ग (कः, खः, गः आदि) ।

**दबिनु–** क० क्रि० [दब्+इ+नु] छिपिनु; लुकिनु ।

**दम–** ना० [फा०] १. कमजोरी, रोग, श्रम आदिले छिटोछिटो चल्ने सास; धक्ने रोग; धम्कीको रोग । २. प्राणवायु; श्वासप्रश्वास । ३. घडी, खेलौना, फोनोग्राफ आदि यन्त्रलाई सञ्चालन गर्न कमानी कस्ने वा गति दिने काम । ४. ताकत; बर्गत; बुता; शक्ति; गति; क्षमता । ५. घोडा, हात्ती आदि वाहनयोग्य वस्तुको हिँड्ने चाल; हिँडाइ ।

**दमक१–** ना० [ सं० दामिनी] प्रकाशयुक्त वस्तुको चमचमाहट; चमक; चहक ।

**दमक२–** ना० [सं० दंशी] १. हिँड्दा आउने पदचापको ध्वनि; पैतालाको चाल; दम्को । २. झापा जिल्लाको एउटा प्रसिद्ध ठाउँ ।

**दमकन्ने–** ना० कालो रङका मसिना डाँठ हुने, उनिउँका जस्तै पात र पातका पछिल्तिर सेतो धूलो हुने, नाककानका छेडेका प्वालमा नबुजियोस् भनी डाँठ भाँचेर लगाइने, एक जातको भुइँझार; दमकाने ।

**दम कमानी–** ना० [फा० दम+कमान+ई] घडी, ग्रामोफोन आदि यन्त्रलाई सञ्चालित गर्न आवश्यक पर्ने शक्तिसञ्चय गर्ने, साँचोजस्तो कमानी वा उपकरण ।

**दमकल–** ना० [दम+कल] आगलागी हुँदा आगो निभाउन प्रयोग गरिने, पानी भरी भएको टचाङ्की र लामो पाइप जडिएको मोटर; आगो निभाउने यन्त्र; वारुणयन्त्र ।

**दमकाने–** ना०हे० दमकन्ने ।

**दमकिलो–** ना० [दम+कीलो] घडी आदिमा दम दिने सानो कीलो; दमकमानी ।

**दमखि–** ना० [नेवा०] मादलजस्तो दुवैतिर खरी भएको, गहुँको पीठो मलेर टाँसी बजाइने, एक प्रकारको बाजा ।

**दमचुली/दमचुलो/दमचुल्ही/दमचुल्हो–** ना० [दम+चुली/चुलो/चुल्ही/चुल्हो] कोइला, गोल, काठको धूलो वा धानको भुस आदि बालेर खानेकुरा पकाइने, सानो खालको चुलो ।

**दमडी–** ना० [सं० द्रविण] एक पैसाको चौथाइ मूल्यको प्राचीन सिक्का; एक पैसाको चतुर्थांश, चुनदाम ।

**दमदमे–** ना० १. घोडा नारेर तानिने एक्काजस्तै यान । २. मान्छेले नै तानेर चलाइने रिक्सा ।

**दमन–** ना० [सं०] १. थिचोमिचो; दबदबाउ । २. थिच्ने, पेल्ने वा निचोर्ने काम; पेलाइ । ३. बल, शक्ति, प्रभाव आदिले दबाउने काम । ४. इन्द्रियलाई वश गर्ने काम; इन्द्रिय-निग्रह । ५. दमना फूल । **– कारी–** वि० १. बल, साधन, शासन, शक्ति आदिले दमन गर्ने; पेलाहा; मिचाहा । २. वशीकरण गर्ने ।

**दमनगरा–** ना० [फा०] गजाले हिर्काएर बजाइने ठूलो दमाहा बाजा; ठूलो नगरा ।

**दमन चक्र–** ना० [सं०] अरूलाई दबाउनका लागि प्रयोग गरिने विभिन्न षड्यन्त्रपूर्ण चाल; शक्ति र साधनद्वारा जबरजस्ती दबाउने प्रक्रिया ।

**दमनशील–** वि० [सं०] १. दबाउने स्वभाव भएको; दमन गर्ने खालको । २. दबाउन सकिने; लचिलो; लचकदार ।

**दमना–** ना० [सं० दमन] गोदावरी फूलका जस्तै मसिना पात हुने, पहेँला र मसिना फूल फुल्ने, एक जातको फूलको बोट; त्यसकै फूल; दमन (फूल) ।

**दमनीय–** वि० [सं०] १. दमन गर्न उचित; वशमा पार्न लायक; दमन गर्नुपर्ने । २. दमन गर्न सकिने; दब्ने खालको ।

**दमपच–** ना० [दबाउ+पच्+अ] १. कसैबाट लिएको धनमाल, सरसामान फिर्ता नगरी पचाउने काम; लिएको मालताल, पैसा वा जिन्सी दबाउने काम । २. भाग्ने काम; चम्पट; सुइँकुच्चा ।

**दमयन्ती–** ना० [सं०] महाभारतमा वर्णित, विदर्भ देशका राजा भीमकी छोरी; राजा नलकी रानी ।

**दमाई–** ना० [√दमाहा] प्रायः लुगा सिउने र बिहा, व्रतबन्ध आदिमा बाजा बजाउने पेसा भएको एक जाति; नगर्ची; दर्जी । ~ **गेडो–** ना० बोटमा काँडैकाँडा हुने र हिउँद महिनामा राताराता दाना फल्ने एक रूख; त्यसै बोटमा फल्ने गेडा । ~ **चरो–** ना० जीउ फिक्का पहेँलो तर ढाडमा कालो मिसिएको, पुच्छर ठाडो पारेर फुरुकफुरुक नाच्ने र पातपतिङ्गर सिएर गुँड बनाउने, भँगेरोजत्रो एक जातको चरो ।

**दमार–** ना० १. खोलाका किनारको वा औलो लाग्ने जङ्गलका बीचको खोँच; औलिया ठाउँ । २. झारैझार भएको झाडी वा ठाउँ ।

**दमाहा१–** ना० [फा० दमामा] पीँधतिर सानो र मुखतिर ठूलो हुँदै आएको, भिउँटजस्तै आकारको, तामाको भाँडोलाई छालाले मोहोरिएको, गजाले हानेर बजाइने एक बाजा; सानो खालको नगरा ।

**दमाहा२–** ना० [सं० दमन] दमना फूलका जस्तै फूल फुल्ने, पहाडी भेगमा हुने एक जातको बोट; सोही बोटको फूल; दमौरो । ~ **गेडी–** ना० बोटधयैँराको जस्तो पात र अमिलो गेडा हुने, स्याउलाको काम लिइने एक बोट ।

**दमिनी/दमेना**– ना० [दमाइ+नी/एना] १. दमाईं जातकी स्त्री; दमाईं नारी । २. दमाईंकी पत्नी; दमेना ।

**दमौरो**– ना० [दमाहा+औरो] पहाडतिर पाइने पाकेपछि कालो रङको हुने, गुलियो स्वादको, दमाहा वृक्षको फल ।

**दम्क-नु**– अ० क्रि० [दप्क+नु] १. अरूबाट नदेखिने गरी लुकेझैं गर्नु छिप्न खोज्नु; दब्नु; लुक्नु । २. अलिअलि गरी पछि हट्नु; हच्कनु; दच्कनु । > **दम्काइ**– ना० दम्कने तथा दम्काउने भाव, क्रिया वा प्रक्रिया । **दम्काइनु**– क० क्रि० दम्कने पारिनु । **दम्काउनु**– स० क्रि०/प्रे० क्रि० १. दप्काउनु; हच्काउनु । २. लुकाउनु; छिपाउनु; दबाउनु ।

**दम्कन्ने**– ना० [दम+काने] उनिउँका जस्तै पात हुने, मसिनु कालो डाँठ भएको, पातका पछाडि सेतो धूलो हुने एक जातको झार; एक प्रकारको उनिउँ ।

**दम्किनु**– अ० क्रि०[ दम्क+इ+नु] १. दप्किनु । २. दम्कनु ।

**दम्किलो**– वि० [दम्क+इलो] दम्कने खालको; दम्कने स्वभाव भएको; लुक्ने; छिप्ने ।

**दम्को**– ना० [दम+को] १. हिँड्दा पदचापबाट आउने आवाज; पैतालाको शब्द । २. हिँडाइमा कुर्कुच्चो बजि्रँदा भित्र चस्कने एक रोग । ३. हुप; झस्को । >**दम्क्याइ**– ना० दम्को आउने भाव, अवस्था वा प्रक्रिया; दम्काइ ।

**दम्पती**– ना० [सं०] विधिविधानअनुसार औपचारिक रूपमा परिणत भएका लोग्नेस्वानीको जोडी; जोईपोइ; पतिपत्नी ।

**दम्भ**– ना० [सं०] १. बोक्रे खालको अभिमान; झूटो घमन्ड; आडम्बर; देखावटी स्वाङ । २. जालझेल; छल; कपट । ३. इन्द्रको वज्र । >**दम्भक**– वि० दम्भी । **दम्भन**– ना० अभिमान गर्ने काम; सेखीगराइ; घमन्ड । **दम्भी**– वि० दम्भ गर्ने; झूटो अभिमान गर्ने; व्यर्थको स्वाङपारा; घमन्डी । **दम्भोलि**– ना० १. इन्द्रको अस्त्र; वज्र । २. हीरा ।

**दम्य**– वि० [सं०] दमन गर्न सकिने; दमन गर्नुपर्ने; दमन गर्न योग्य; दमन गर्न लायक; दमनीय ।

**दम्सी**– ना०हे० दुम्सी ।

**दम्स्याइलो**– वि० अलिअलि भिरालो परेको; समतल नभई ओरालो परेको; तेर्पे; करालो ।

**दयनीय**– वि० [सं०] १. दया गर्नुपर्ने अवस्थाको; दया गर्न लायकको । २. दीनहीन; दुःखी ।

**दयाँलो**– ना० धुर्सुलका जस्तै आकारका दाँतीदाँती परेका फुस्रा खस्रा पात हुने, गुहेँलाका जत्रै दाना फल्ने, पाक्दा सेतो हुने, एक जातको बोट; सोही बोटको फल ।

**दया**– ना० [सं०] १. अर्कामा आइपरेका दुःख, पीडा आदिलाई अनुभव गरेर संवेदशील हुने तथा उसप्रति उद्धार र सहयोग गर्ने मनोभाव वा वृत्ति । २. आफन्त वा आफूभन्दा निर्धा व्यक्तिप्रति गरिने उक्त प्रकारको कमलो व्यवहार; मेहरबानी । ३. दक्षप्रजापतिकी कन्या र धर्मकी पत्नीको नाम । ~ **दान**– ना० १. दयार्द्र भएर दिइने दान; भिक्षा; भीख । २. दया; कृपा । ~ **दृष्टि**– ना० दयाले पूर्ण भएको हेराइ; कृपापूर्ण व्यवहार । ~ **धर्म**– ना० १. दया र सहानुभूति भरिएको धर्म; धर्मकर्म; धार्मिक कृत्य । २. दया र धर्म । – **निधान/निधि**– ना० १. साह्रै दयालु व्यक्ति; दयाको खानी; दयाको भण्डार; दयासागर । २. ईश्वर; परमात्मा । ~ **पात्र**– ना० १. दया गरिने व्यक्ति; दया गर्न लायक पात्र । वि० २. दया गर्नुपर्ने; दयनीय । – **मय**– वि० १. दयाका भावले ओतप्रोत भएको; दयाले भरिएको; दयालु । २. भगवान्; ईश्वर । ~ **माया**– ना० १. कुनै दीनदुःखी, रोगी आदि व्यक्तिका उपर गरिने सहानुभूति र सहयोग; सघाउपघाउ । ना० २. दया र माया । >**दयार्द्र**– वि० दयाका भावनाले हृदय पग्लिएको; दयापूर्ण; दयावान्; दयालु । **दयालु**– वि० मनमा दया भएको; दयाशील; दयावान् । – **वती**– वि० दया गर्ने (स्त्री) । – **वन्त**– वि० दयालु । – **वान्**– वि० दया भएको; दयालु । ~ **वीर**– ना० १. मेघका विभिन्न नाममध्ये एक । २. साह्रै दयाशील व्यक्ति । ३. साहित्यमा चर्चित वीररसका चार भेदमध्ये एक । – **शील**– वि० दयाले पूर्ण भएको; दयालु; दयावान् । ~ **सागर**– ना० दयाको सागरझैं भएको पुरुष; दयावान् व्यक्ति; दयालु मानिस ।

**दयित**– ना० [सं०] १. हित्तचित्त मिलेको वा मनले खाएको व्यक्ति; प्यारो मानिस । २. प्रियतम; प्यारा । ३. विवाहित स्त्रीको पति; स्वामी । >**दयिता**– ना० १. मनपरेकी स्त्री; प्रेमिका; प्यारी । २. अर्धाङ्गिनी; पत्नी ।

**दयेँरे**– ना० [दाइँ+येरे] दाइँको लाठे खेतालो; दाइँ गर्दा पराल छिरल्ने र बिटा आदि पार्ने काम गर्ने ज्यामी; खेतालो; दहेँरे ।

**दर्-नु**– स० क्रि० १. स्याहास्रेस्तामा देखियोस् भन्ने हेतुले दर्ता गर्नु; स्रेस्तामा चढाउनु । २. यो यस्तै र यही हो भन्ने कुराको किटान गर्नु; टाँक्नु; नम्बर लगाउनु । ३. नियुक्ति गर्नु; तोक्नु; ठेक्नु ।

**दर१**– ना० १.तीजका अघिल्ला रात स्त्रीहरूले खाने, दह्रिलो विशेष भोजन (दर खानु, दर खाने आदि) । २. आड ।

**दर२**– ना० [फा०] १. क्रयविक्रय गरिने वस्तुको निश्चित परिमाण वा एक प्रतिको निर्धारित मूल्य; रेट; भाउ । ३. मोल; मूल्य; दाम । > **दरकस**– ना० १. कुनै वस्तुको दरभाउ; दररेट । २. क्रयविक्रय हुने वस्तुको मोलतोल गरी दाम तोक्ने काम; मूल्यनिर्धारण ।

**दरकार**– ना० [फा०] १. आवश्यकता; खाँचो; दर्कार । वि० २. नभइनहुने; आवश्यक; जरुरी; ।

**दरखर**– क्रि० वि० [अ० मू०] १. कोरिने वा कोपरिने गरी । २. पाछिने किसिमसँग । > **दरखरिनु**– अ० क्रि० १. दरखर हुनु; कोरिनु; कोपरिनु । २. पाछिनु; तछारिनु । > **दरखऱ्याइ**– ना० दरखऱ्याउने वा दरखरिने क्रिया वा प्रक्रिया । **दरखऱ्याइनु**– क० क्रि० कोपरिनु; कोरिनु । **दरखऱ्याउनु**– स० क्रि० १. दरफर पार्नु; कोर्नु; फहराउनु । २. दहऱ्याउनु; दरफऱ्याउनु; पाछ्नु । ३. दाल, चामल आदि सिलौटा वा जाँतामा हालेर खस्रो पारी दल्नु; फग्लेँटा छुट्टिने गरेर पिँध्नु ।

**दरखास्त**– ना० [फा० दरख्वास्त] सरकारी वा गैरसरकारी कार्यालयमा कुनै कामको माग गर्दा लेखेर दिइने पत्र; निवेदनपत्र; प्रार्थनापत्र; दर्खास्त । – **वाला**– वि० दरखास्त पेस गर्ने (व्यक्ति) ।

**दरगाह**– ना० [फा०] १. मृत्युउपरान्त हाजिर हुनुपर्ने भनिएको

ईश्वरको न्यायालय । २. ईश्वरको ढोका वा दरबार ।

**दरदर–** क्रि० वि० [अ० मू० दर्+अ (द्वि०)] १. एकनासले ठूलो आवाज निकालेर पानी बर्सने गरी । ना० २. त्यसरी पानी बर्सँदाको आवाज वा ध्वनि । >**दरदराइ–** ना० दरदर भई दर्कने वा दरदराउने क्रियाप्रक्रिया । **दरदराउँदो–** वि० दरदर भएको; दर्केर बर्सेको । **दरदराउनु–** अ० क्रि० दरदर हुनु; दर्केर बर्सनु ।

**दरदाम–** ना० [फा०दर+सं० द्रम] १. क्रयविक्रय गरिने वस्तुको किटानी मूल्य; दरभाउ; मोलतोल । २. खर्च भएका रकमकलमको फाँट; व्ययविवरण ।

**दरदेली–** वि० [दरद+एली] आर्येली अर्थात् भारत-इरानेली भाषिक शाखाको केन्द्रीय उपशाखा ।

**दरपिठ–** ना० [फा० दर+सं० पीठ] १. अड्डाअदालतमा दर्न लगिएका फिराद, उजुरी वा प्रमाणका निम्ति पेस गरिने कागतपत्र कानुनमा नलाग्ने, रीत नपुगेको वा सो अड्डाअदालतको अधिकारक्षेत्रमा नपर्ने भनी सम्बन्धित अधिकारीले उक्त बेहोरामध्ये कुनै वा सबै खोलेर कागतको पीठमा लेखिदिने मन्तव्य वा तोक । २. घरसारमा भएका लेनदेनका कागतमा साँवामध्ये केही मात्र बुझाउँदा वा व्याज बुझाउँदा पहिले भएको लिखत वा तमसुकको पीठमा उक्त बेहोरा खोली लेखेर असामीको सहीछाप गर्नेगराउने काम ।

**दरफर–** क्रि० वि० [अ० मू०] १. लड्नाले वा अन्य कुनै कारणले शरीरको अङ्ग कोतरिएर; कोपरिने वा कोरिने गरी; दरखर । २. पाछिने वा खुइलिने चालसँग । > **दरफरिनु–** अ० क्रि० १. दरफर हुनु; कोतरिनु; कोरिनु; कोपरिनु । २. पाछिनु; खुइलिनु । **दरफऱ्याइ–** ना० दरफरिने वा दरफऱ्याउने क्रियाप्रक्रिया । **दरफऱ्याइनु–** क०क्रि० दरफर पारिनु; कोपरिनु; कोरिनु; कोतरिनु । **दरफऱ्याउनु–** स० क्रि० दरखऱ्याउनु; तछार्नु; पाछ्नु ।

**दरबन्दी–** ना० [फा०] सरकारी वा गैरसरकारी कार्यालयको सञ्चालनका लागि निश्चित तलब खाने गरी तोकिएको पद; आवश्यक पर्ने कर्मचारीका सङ्ख्याको निर्धारण । ~ **सिर्जना–** ना० कार्यालयमा काम बढी पर्नाले कर्मचारी थप गर्नुपरेमा विधिवत् पद सिर्जना गर्ने काम; नयाँ पदको थपाइ ।

**दरबाजा–** ना० [फा० दरवाज] घर, मन्दिर आदिको मुख्य दैलो; द्वार, ढोका ।

**दरबान–** ना० [फा०] घर, कम्पाउन्ड, गोदाम आदिको सुरक्षाका निम्ति ढोकामा तैनाथ भएर बस्ने रुँगालो; द्वारपाल; ढोके । > **दरबानी–** ना० दरबानले गर्ने काम वा तत्सम्बन्धी पेसा ।

**दरबार–** ना० [फा०] १. राजामहाराजाहरूको महल; राजप्रासाद; राजभवन; राजदरबार । २. भव्य महल; भवन । ३. राजा र अन्य भारदारहरूसहितको ठूलो सभा; राजसभा । > **दरबारिया–** वि० १. दरबारका काम र व्यवहारको सञ्चालन गर्ने; दरबारभित्रको काम गर्ने । २. दरबारसँग सम्बन्धित; दरबारको; दरबारी । ३. चालढाल, रूपरङ्ग आदि दरबारकै जस्तो; दरबारसँग मिल्दोजुल्दो । ~ **दरबारी–** वि० दरबारसँग सम्बन्धित; दरबारिया ।

**दरभाउ–** ना० [दर+भाउ] किनबेच गरिने वस्तुको किटानी मोलतोल; दररेट; भाउ; दर ।

**दरमाहा–** ना० [फा० दरमाह] १९५२ सालमा हुलाकका बारेमा सनद भएको महिनावारी तलब; तोकिएका मान्छेले पाउने मासिक वेतन । – **दार–** ना० दरमाह पाउने मानिस; जागिरदार ।

**दररेट–** ना० [फा० दर+अङ्० रेट] दरभाउ ।

**दरसाबिक–** ना० [दर+साबिक] परम्परादेखि नै चल्दै आएको रीतिथिति; साबिकभन्दा पनि पहिलेको कुरा ।

**दरसुको–** वि० [सं० दर+शुष्क] भर्खरभर्खर सुक्न लागेको; अलिअलि मात्र सुकेको; अखिएको ।

**दरा–** ना० [सं० दर] जिल्लाको सानो एकाइ वा खण्ड; गाउँहरूको समूह ।

**दराइ–** ना० [√ **दर्** (+आइ)] दर्ने भाव, क्रिया वा प्रक्रिया । [>] **दराइनु–** क० क्रि० दर्न लाइनु; दर्ता गराइनु । **दराउनु–** प्रे० क्रि० दर्न लाउनु; दर्ता गराउनु ।

**दराज–** ना० [फा०] तीन पाटा बन्द भएको, एक पाटामा खोल्ने र बन्द गर्ने खापा भएको, भित्रपट्टि मालसामान राख्ने, तलैतला परेको, खण्डेदार वा तखतावाल साधन; आलमारी ।

**दरान–** ना० [दर+आन] लगत किताबमा चढाउने वा दर्ने काम । ~ **तिरान–** ना० लगत; स्रेस्ता आदिमा चढाउने र तिरो तिर्ने काम वा व्यवस्था (जग्गाजमिनको) ।

**दरार–** ना० [सं० दर] १. भित्तो, जमिन, काठ आदि चर्केको वा चिरिएर प्वाल परेको ठाउँ; धसान; चिरा । २. धरातल भासिएर बनेको छिद्र ।

**दराल–** ना० एक जातको कपडाको नाम ।

**दरिद्र–** ना० [सं०] निर्धन; कङ्गाल; गरिब । – **ता–** ना० दरिद्र हुनाको भाव वा अवस्था; निर्धनता; गरिबी । ~ **नारायण–** ना० १. दरिद्र वा भिखारीका रूपमा रहने वा मानिने नारायण; भिक्षुकरूपका ईश्वर । वि० २. दरिद्र; निर्धन; हरितन्नम । > **दरिद्री–** वि० दरिद्रता भएको; दरिद्र । **दरिद्र्याइँ–** ना० दरिद्र कहलाउने अवस्था वा भाव, दरिद्रता; गरिबी ।

**दरिनु१–** क.क्रि० [दर्+इ+नु] दर्ने काम गरिनु; दर्ता गरिनु ।

**दरिनु२–** अ० क्रि० [दरो+इ+नु] दरो हुनु; दह्रिनु ।

**दरिया–** ना० [फा०] १. नदी; खोला । २. समुद्र; सागर । ३. समुद्रका किनारतिर हुने, जोगीसन्न्यासीहरूले भिक्षापात्र बनाउने, साह्रो ठूलो नरिवल; दरिवल । ~ **बुढी–** ना० नदीनालाका किनारमा बाढीले फ्याँकेको काठपात, मुढा आदि ।

**दरिलो–** वि० [दरो+इलो] १. दरो भएको; दह्रिलो । २. टिकाउ; खपाउ ।

**दरिवल–** ना० [दरिया+नरिवल] समुद्रतटमा हुने, जटाभित्र र फलबाहिरको खप्पर साह्रो र ठूलो हुने, बट्टा आदि बनाइने र

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



योगीहरूले भिक्षापात्रका रूपमा प्रयोग गर्ने नरिवल; दरिया ।

**दरी**– ना० [सं० स्तर] मोटोमोटो धागाले बुट्टैबुट्टा पारी बुनेको बिछ्याउना; सतरन्जा ।

**दरेस१**– ना० दरार ।

**दरेस२**– ना० [फा० दरेज] एक जातको मसिनो गौनजस्तो कपडा । **– सारी**– ना० सोही कपडाबाट तयार पारिएको सारी ।

**दरो**– वि० दह्रो ।

**दर्क-नु**– अ० क्रि० [अ० मू० दरक्+नु] मुसलधारे पानी पर्नु; दर्र पानी पर्नु; आकाशबाट पानीको ठूलो धारा झर्नु । > **दर्कने**– वि० पानी पर्दा दर्र गर्ने खालको; दर्के ।

**दर्काइ**– ना० दर्कने चाल, क्रिया वा प्रक्रिया । **दर्काइनु**– क० क्रि० दर्कन लाइनु; दर्किने पारिनु । **दर्काउनु**– प्रे० क्रि० मुसलधारे पानी बर्साउनु; दर्कन लाउनु; दर्र पार्नु ।

**दर्कार**– ना०हे० दरकार ।

**दर्किनु**– अ० क्रि० [दर्क+इ+नु] दर्कने काम हुइनु; मुसलधारे पानी पर्नु; दर्कनु ।

**दर्के**– वि० [दर्को+ए] ठूलो पानी परेको; बेसरी बर्सेको वा दर्केको; मुसलधारे । ~**पानी**– ना० मुसलधारे वर्षा ।

**दर्को**– ना० [दर्क+ओ] १. मुसलधारे वर्षा; बेसरी परेको पानी; दर्केको पानी । २. जलवर्षाको ठूलो वेग ।

**दर्क्याइ**– ना० [√ **दर्कि** (+याइ)] दर्किने क्रिया वा किसिम । [>] **दर्क्याहट**– ना० दर्किने अवस्था, क्रिया वा प्रक्रिया ।

**दर्खास्त**– ना०हे० दरखास्त ।

**दर्जन**– ना० [अङ्० डजन] कुनै बाह्रवटा वस्तुको समूह ।

**दर्जन**– ना० [सं० तर्जन] बाघ हिँड्ने बाटो पैल्याएर मार्नका लागि दायाँबायाँतिर सोझ्याएर राखिने, भरुवा बन्दुक आदि हतियार; बाघ मार्नका निम्ति थापिने खोर ।

**दर्जा**– ना० [अ० दर्ज] १. एकभन्दा अर्को निम्न वा उच्च गुणका आधारको कोटि; स्तर; श्रेणी; कक्षा । २. सरकारी वा गैरसरकारी कर्मचारीहरूको पद; ओहदा; तह । ३. सेवा, कार्य आदिका निम्ति दिइने मान; पदवी । **– वाल/वाला**– वि० उच्च दर्जामा पुगेको; मान पाएको ।

**दर्जी**– ना० [फा०] पेसागत रूपमा लुगा सिउने व्यक्ति; परियार; दमाईं; सुजीकार ।

**दर्ज्यानी**– ना० [दर्जा+यानी] दर्जादर्जाको वर्गीकरण गरी मर्यादा तोकिएको नियमावली; दर्जा जनाउने सूची वा क्रम ।

**दर्ता**– ना० [दर्+ता] १. कुनै कार्यालयमा औपचारिक रूपमा आएका चिठी, कागजात आदि दर्ताकिताबमा दर्ने वा चढाउने काम; दराइ । २. सङ्घ, संस्था, पत्र-पत्रिका आदि रजिस्ट्रेसन वा पञ्जीकृत गर्नेगराउने काम । ~**किताब**– ना० आएका चिठीपत्र आदि मिति, पठाउनेको नाम, ठेगानासमेत खोलेर दर्ता गरिने किताब । ~ **पुर्जा**– ना० कार्यालयमा आएका कागतपत्र, मालसामान आदि दर्ता भएपछि प्रमाणस्वरूप दिइने पुर्जा; दर्ता भएको जनाउने पुर्जा । ~**पुस्तक**– ना० दर्ताकिताब । **– वाल**– वि० जग्गाजमिन, घर आदि आफ्ना नाउँमा दर्ता भएको; आफ्नै स्वामित्व भएको; कानुनी रूपले जग्गाको धनी ।

**दर्द**– ना० [फा०] १. बह; पीडा; वेदना; बेथा । २. दुःख; हन्डर; कष्ट । ~ **दर्माहा**– ना० दुःख, सास्ती खेपेर काम गरेबापत दिइने मासिक धन । **– नाक**– वि० दुःखपूर्ण (पीडा); बहलाग्दो (स्थिति) ।

**दर्प**– ना० [सं०] १. बल, बुद्धि, विद्या, धन आदिले मान्छेका मनमा उत्पन्न हुने मैमत्तभाव; घमन्ड; अभिमान; फुइँफाइँ । २. अहङ्कारपूर्ण क्रोध; रिस । ३. उद्दण्डता; उच्छृङ्खलता ।

**दर्पण**– ना० [सं०] ऐना; आरसी ।

**दर्पित**– वि० [सं०] दर्प भएको; सेखी गर्ने; अहङ्कारी; घमन्डी; दर्पी ।

**दर्पी**– वि० [सं०] दर्पले भरिएको; अहङ्कारी; सेखीवाल ।

**दर्फरिनु**– अ० क्रि० [दरफर+इ+नु] दरफर हुनु; कोरिनु; तछारिनु; पाछिनु । >**दर्फरे**– वि० दर्फर पार्ने खालको; दर्फर्याउने । **दर्फ्याइ**– ना० दरफर्याइ । **दर्फ्याइनु**– क० क्रि० दरफर्याइनु । **दर्फ्याउनु**– स० क्रि० दरफर्याउनु ।

**दर्बर/दर्बार**– ना० [सं० दरण] पहाडपर्वत भेगमा विवाह आदिमा दुलही ल्याउँदा चल्तीमा ल्याइने, डाँडीको काठमा झुन्ड्याइने कपडाको डोली; मान्छे बस्ने खालको कपडाको झोलुङ्गो ।

**दर्बिलो**– वि० [सं० दृढ+इलो] १. टिकाउ हुने खालको; दरिलो; दह्रो, दरो । २. मजबुत; बलियो ।

**दर्भ**– ना० [सं०] कुश । ~ **संस्तर**– ना० कुशको आसनी; कुशासन ।

**दर्माली**– ना० लगभग चार हजार फुटभन्दा अग्लो जग्गामा फल्ने धानको एक जात ।

**दर्माहा**– ना० [फा० दरमाह] प्रतिमहिना पाउने तलब; मासिक वेतन; तनखा ।

**दर्याइ**– ना० [√ **दरि** (+याइ)] दरिने क्रिया वा प्रक्रिया; दह्र्याइ । [>] **दर्याइनु**– क०क्रि० दरिन लाइनु; दह्र्याइनु । **दर्याउनु**– प्रे० क्रि० दरिन लाउनु; दह्र्याउनु ।

**दर्रा**– ना० [सं० दर] १. जिल्लाको एक सानो विभाग; दरा । २. दुवैतिर अग्ला पहाड भई बीचमा गह्रो र खोल्सोजस्तो परेको साँघुरो बाटो ।

**दर्वट**– ना० [सं०] १. सुरक्षाका निम्ति गाउँको चौकीमा बस्ने प्रहरी । २. दरबान; ढोके ।

**दर्श**– ना० [सं०] १. अवलोकन; दर्शन । २. दृश्य । ३. अमावस्या ; औँसी । ४. औँसीका दिन अग्निहोत्रीहरूद्वारा गरिने यज्ञकार्य ।

**दर्शक**– वि० [सं०] १. दर्शन गर्ने; देख्ने; हेर्ने । २. निरीक्षण गर्ने; निरीक्षक; द्रष्टा । ३. कुनै खेल, तमासा, चटक आदि हेर्ने; तमासे; रमिते ।

**दर्शन**– ना० [सं०] १. कुनै पनि वस्तुलाई हेर्ने काम; नजरगराइ; हेराइ । २. कुनै देवदेवीका प्रतिमा आदि वा योगी, महात्मा,

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



सज्जन आदि आफ्ना मान्य जनलाई भक्तिपूर्वक गरिने ढोग र साक्षात्कार; नमस्कार । ३. प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या; तत्सम्बन्धी विषयमा व्यापक रूपले यथार्थ परिचय दिने शास्त्र; आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन वा विश्लेषण । ~ **ढुङ्गो–** ना० हे० दर्सिनढुङ्गो । ~ **भेट–** ना० १. राजामहाराजाहरूसँग गरिने भेटघाट । २. मान्य जनसँगको भेटघाट । ~ **भेटी–** ना० दर्शन गर्दा राखिने भेटी; दर्शनी । ~ **भ्रमण–** ना० खास उद्देश्यले प्रेरित भएर कुनै पनि ऐतिहासिक, सांस्कृतिक आदि स्थलको पर्यवेक्षणार्थ गरिने भ्रमण । ~ **शास्त्र–** ना० ज्ञान र विज्ञानको अथवा अध्यात्म र भौतिक पक्षपक्षान्तरको व्याख्या र विवेचना गरिने शास्त्र; जीवन र प्रकृतिका आन्तरिक तथा बाह्य तत्त्वहरूका बारेमा चिन्तन र अध्ययन गरिएको शास्त्र । > **दर्शनावरणीय–** वि० १. दार्शनिक तत्त्वका बुँदाहरूले ढाकेको । २. छर्लङ्ङ देख्न नहुने; देख्नबाट जोगाइराख्नपर्ने । **दर्शनी–** ना० ठूलाबडालाई दर्शन गर्दा राखिने भेटी; दर्शनभेटी; दाम । **दर्शनीय–** वि० १. हेर्न लायक; हेर्नुपर्ने; हेर्दा मनलाई लोभ्याउने । २. राम्रो; सुन्दर ।

**दर्शयिता–** वि० [सं०] दर्शन गराउने; देखाउने ।

**दर्शश्राद्ध–** ना० [सं०] औँसीका दिन गरिने पितृकार्य; अमावस्याका दिनको श्राद्ध ।

**दर्शित–** वि० [सं०] १. प्रकाशमा ल्याउने हेतुले देखाइएको; दर्साइएको । २. प्रकट गरिएको; प्रदर्शनमा ल्याइएको; प्रदर्शित ।

**दर्शी–** वि० [सं०] १. कुनै विषय, वस्तु वा तत्त्वलाई देख्ने वा हेर्ने । २. देखाउने ।

**दर्सनी–** ना० पानपाते आकारका ठूलठूला चिल्ला पात हुने र औषधीमा काम लाग्ने एक बुटी; सुदर्शना ।

**दर्साइ–** ना० [√ **दर्साउ** (+आइ)] दर्साउने भाव, क्रिया वा प्रक्रिया । [>] **दर्साइनु–** क०क्रि० देखाइनु ।

**दर्साउ-नु–** स० क्रि० [सं० दर्श+आउ+नु] देखाउनु; झल्काउनु; प्रदर्शन गर्नु ।

**दर्सिन ढुङ्गो–** ना० [सं० दर्शन ढुङ्गो] साह्रो र सेतो रङको एक जातको ढुङ्गो ।

**दर्सिनु–** क० क्रि० देखिनु; झल्किनु ।

**दल्-नु–** स० क्रि० [सं० दल्+नु] १. मास, मस्याङ आदि अन्न फग्ल्याँटा पार्ने हिसाबले सिलौटा, जाँता आदिमा पिँध्नु । २. घोट्नु; रगड्नु । ३. लेपन गर्नु; घस्नु; लिप्नु; पोत्नु; लतपत्याउनु । ४. काम, व्यवहारमा सकेसम्म जोत्नु; लदाउनु; दलाउनु ।

**दल१–** ना० [सं०] १. अन्न वा फलका दानामा बीजस्वरूप, नाथ्रीका रूपमा रहेका फग्ल्याँटा; द्विदल वा एकदल नाथ्री हुने वस्तुको गर्भपत्र । २. फूलका पात वा पत्ती । ३. पात, पत्र । ४. मानव वा मानवेतर प्राणीको जमात; गठ; समूह । ५. वैचारिक दृष्टिले सहमत हुन सक्ने समूहमा एकत्रित पार्टी ; राजनीतिक दल; गुट; मण्डली । ६. सेनाको एक समूह वा गुल्म ।

**दल२–** ना० [सं०] हठयोगका अनुसार योग गर्ने शरीरभित्रको चक्र; षट्चक्रको पत्र । > **दलाक्षर–** ना० हठयोगका अनुसार उक्त दलहरूमा अङ्कित अक्षर । (यस्ता दल मूलतः सात चक्रमा एक हजार पचास हुन्छन् र तिनमा रहने अक्षरहरू हुन् :- (१) **मूलाधार–** व, श, ष, स, (२) **स्वाधिष्ठान–** ब, भ, म, य, र, ल, (३) **मणिपूर–** ड, ढ, ण, त, थ, द, ध, न, प, फ, (४) **अनाहत–** क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, (५) **विशुद्ध–** अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं, अः, (६) **आज्ञा–** ह, क्ष, (७) **सहस्रदल–** सबै अक्षरहरू ।)

**दलगत–** वि० [सं०] दल वा गुटका स्वार्थसँग सम्बन्धित; दलका आधारमा भर परेको; दलीय ।

**दलदल–** ना० [सं० दलाढ्य] १. थलथल गर्ने भास; थलथले ठाउँ; गहिरो हिलो वा खाल । २. हिलो; पङ्क; गद्दी । >**दलदले–** वि० दलदल परेको; थलथले; धापिलो ।

**दलन–** ना० [सं०] १. कुनै वस्तुलाई दल्ने काम; पिँधाइ । २. घोट्ने वा रगड्ने काम; रगड; घोटाइ । ३. विध्वंस; संहार । ~ **मलन–** ना० १. दलदाल गर्ने काम ।

**दलनेता–** ना० [सं०] सामाजिक वा राजनीतिक सङ्गठनको सञ्चालन गर्ने प्रमुख व्यक्ति; दलको नायक; पार्टीका नेता ।

**दलपति–** ना० [सं०] दल वा गुटको मुख्य व्यक्ति; दलनेता ।

**दलबन्दी–** ना० [सं० दल+बन्धन] आआफ्ना मत वा सिद्धान्तअनुसार भिन्नभिन्न दल बाँध्ने काम; गुटबन्दी ।

**दलबल–** ना० १. लावालस्कर; सेना; फौज । २. जहानपरिवार, इष्टमित्र, नोकरचाकर आदिको समूह ।

**दलबादल–** ना० [दल+बादल] १. बादलले सगर ढाकेजस्तै गरेर सबैतिरबाट आउने जनसमूह । २. धेरै केटाकेटी वा धेरै छोराछोरी ।

**दलमुखी–** वि० [सं०] दल वा पार्टीतिर झुकाउ भएको (व्यक्ति, सिद्धान्त, नीति आदि) ।

**दल विहीन–** वि० [सं०] कुनै राजनीतिक दल नभएको; पार्टी-प्रणाली नभएको; निर्दलीय । **– ता–** ना० दलविहीन हुनाको भाव, अवस्था वा किसिम ।

**दलहन–** ना० [सं० दल+धान्य] दालजातका अन्नहरूको समूह (मास, मसुरी, चना, रहर, केराउ आदि) ।

**दला–** ना० [सं० दल] खुकुरी, तरबार आदि राख्ने छाला वा काठको दाप; म्यान ।

**दलाइ–** ना० [√ **दल्** (+आइ)] दल्ने क्रिया वा प्रक्रिया । [>] **दलाइनु–** क० क्रि० दल्न लाइनु ।

**दलाई लामा–** ना० [भो० ब०] चीनको स्वशासित प्रान्तमा परिणत हुनुभन्दा पहिलेको तिब्बत राज्य व्यवस्थाका धर्मगुरु र मुख्य प्रशासक; अवतारी लामा; औतारी लामा ।

**दलाउनु–** प्रे० क्रि० [दल्+आउ+नु] दल्न लाउनु ।

**दलाढ्य**– ना० [सं०] नदीका छालले भर्खर मात्र छोडेको हिलो; दलदले; धाप; भास ।

**दलान**– ना० [फा० दालान] गारोको सट्टा थामहरू राखेर, आउने जानेहरूलाई बस्न हुने गरी बनाएको खुला छिँढी; सिकुवा ।

**दलाल**– ना० [अ० दल्लाल] कुनै वस्तु किनबेच गर्दा किन्ने र बेच्नेका बीचमा कुरा मिलाई नाफा खाने व्यक्ति ।

**दलाली**– ना० [अ० दल्लाली] १. दलालको काम वा पेसा । २. दलालको काम गरेवापत पाउने नाफा । वि० ३. दलालले पाउने वा लिने । ~ **दस्तुर**– ना० प्रतिशतका हिसाबमा वा अन्य कुनै प्रकारले दलालले पाउने पारिश्रमिक; दलालले पाउने ज्याला वा रकम ।

**दलाहा**– वि० [दल्+आहा] दल्ने स्वभावको; मिचाहा; अटेरी; सताउने । स्त्री० दलाही ।

**दलित**– वि० [सं०] १. फग्ल्याँटैफग्ल्याँटा पारिएको; दलिएको । २. दमन गरिएको; थिचिएको; कुल्चिएको । ३. विध्वंस गरिएको; नष्ट गरिएको । ~ **वर्ग**– ना० समाजमा हक, इज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समूह; सामाजिक व्यवस्थाको असमानताले सोसिएको वा पछि परेको जनसमुदाय ।

**दलिन**– ना० घरको तला छाप्न निदालमाथि तेर्स्याएर राखिने लामो काठ । ~ **गन्नु**– टु० उत्तर दिन नसक्नु; नाजवाफ हुनु ।

**दलिनु**– क० क्रि० [दल्+इ+नु] दल्ने काम गरिनु; दाल पारिनु ।

**दलिल**– ना० [अ० दलील] १. आफ्नो पक्ष प्रबल बनाउन आवश्यक पर्ने तर्क वा युक्ति । २. वादविवाद; तर्कवितर्क; छलफल; बहस । ३. विचार; सोच ।

**दली**– वि० [सं०] १. दल वा पत्र भएको; दलयुक्त । २. दलबलसहितको; दल भएको । ३. नेवारजातिको एक थर ।

**दलीय**– वि० [सं०] १.दल वा पत्र हुने; दलसम्बन्धी । २. दलगत विचार भएको; त्यस्तो राजनीतिक सिद्धान्तलाई मान्यता दिने; पार्टीप्रति झुकाउ भएको । – **ता**– ना० १. दल वा पत्र हुनाको भाव वा स्थिति । २. दल वा पार्टीसम्बन्धी तत्त्व हुनाको भाव वा अवस्था; दलीय भावना ।

**दलेल**– ना० [अङ्० ड्रिल] सेनामा भर्ना भएका नयाँ जवानहरूलाई दिइने तालिम; सिपाहीहरूको तालिम; कवाजको अभ्यास वा प्रशिक्षण । ~ **भर्ती**– ना० सेनामा नयाँ जवान भर्ती गरिने काम; सिपाहीको भर्ती । > **दलेली**– ना० १. सैनिक शिक्षाको अभ्यास; सिपाहीको तालिम । २. अभ्यास; रफत ।

**दवाई**– ना० [फा०] ओखती; औषधी ।

**दश**– ना०/वि० [सं०] हे० दस । > **दशक**– ना० १. दसदस वर्षको समूह । २. कुनै पनि दसवटा वस्तुको समूह । – **कन्धर**– ना० रावण । – **कर्म**– ना० १. वैदिक विधिअनुसार ब्राह्मणका गर्भाधानदेखि लिएर विवाहपर्यन्तका दस संस्कार; गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, निष्क्रमण, नामकरण, अन्नप्राशन, चूडा, उपनयन र विवाहसम्मका दस कर्म । २. खनजोत, मलजल, गोडमेलजस्ता बाली लागेदेखि थन्क्याउन्जेल गर्नुपर्ने खेतीपातीका काम । – **गात्र**– ना० १. मृतकको उद्धारका निम्ति मरेका दिनदेखि दस दिनसम्म गरिने मृतकसम्बन्धी कर्म; प्रेतकर्म । २. मरेका दिनदेखि दसौँ दिनसम्म ढिकुरोमा दिइएका पिण्डद्वारा बन्ने शिर, आँखा, कान, नाक आदि कल्पना गरिएका शरीरका दस अङ्ग । – **ग्रीव**– ना० दसवटा टाउका भएको, रामायणको प्रतिनायक पात्र; दशकन्धर; रावण । ~ **दान**– ना० विभिन्न ज्ञातअज्ञात पापबाट मुक्ति पाउने हेतुले मरणासन्न अवस्थामा पुगेपछि वा केही सरसौँदो छँदैमा गरिने गाई, तिल, सुन, भूमि, घिउ, कपडा, चाँदी, नुन, सखर र फलाम गरी दसवटा चीजहरूको दान । ~ **दिक्पाल**– ना० दिशाका अधिष्ठाता मानिएका देवता; इन्द्र (पूर्व), अग्नि (आग्नेय), यम (दक्षिण), निर्ऋति (नैर्ऋत्य), वरुण (पश्चिम) मरुत् (वायव्य) कुबेर (उत्तर), ईश (ईशान), ब्रह्मा (ऊर्ध्वदिशा) र अनन्त (अधोदिशा)– यी दस देवता । – **धा**– क्रि०वि० १. दश प्रकारले; दश किसिमले । २. दस भागमा बाँडिएर; दस खण्डमा ।

**दशन**– ना० [सं०] १. दन्त; दाँत । २. दाँतले टोक्ने काम । ३. डस्ने काम; डसाइ । ४. कवच ।

**दशनाम**– ना० [सं०] सन्न्यासीहरूका दस थरी भेद वा थर, आश्रम, तीर्थ, वन, अरण्य, गिरी, पर्वत, सागर, सरस्वती, भारती र पुरी । > **दशनामी**– ना० १. दस भेद भएका सन्न्यासीहरूको एक सम्प्रदाय वा सामूहिक नाम । वि० २. दशनाममध्येको; दशनामसम्बन्धी ।

**दशनावली**– ना० [सं०] हार मिलेका दाँतको पङ्क्ति; दाँतको लहर; दन्तपङ्क्ति ।

**दशभूमि**– ना० [सं०] १. बौद्ध धर्मको महायान सम्प्रदायका अनुसार मुदिता वा प्रमुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुक्ति वा अभिमुखी, दूरङ्गमा, अचला, साधुमती र धर्ममेधानामक ध्यानका दस अवस्था । २. चैत्यको शिरोभागभन्दा तल र गर्भभन्दा माथि रहने भाग ।

**दशम**– वि० [सं०] गन्तीमा दसौँ स्थानमा परेको; दसौँ ।

**दशमलव**– ना० [सं०] १. कुनै एकाइको दसौँ, सयौँ आदिका बीचको कुनै अंश सूचित गर्नाका निम्ति त्यसको पहिले लगाइने कुनै गणितीय बिन्दु (.६=६/१० भाग, .०६=६/१०० भाग इ०) । २. सो चिह्न लगाएर सूचित गरिने सङ्ख्या । ३. दस वा दसले विभाजित हुने हर भएको भिन्न । – **करण**– ना० गणितमा कुनै एकाइभन्दा कम मान सूचित गर्ने अंशलाई दशमलवको रूप दिने काम ।

**दशमहाविद्या**– ना० [सं०] तन्त्रशास्त्रमा उल्लिखित दस देवी; तन्त्रसाधना गर्दा आराधना गरिने दसवटी देवी (काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमलात्मिका ) ।

**दशमांश**– ना० [सं०] कुनै वस्तुमा दस समान भागमध्ये कुनै एक

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



भाग; दसौँ भाग वा हिस्सा ।

**दशमिक–** वि० [सं०] १. दशमलव अर्थात् दशमांशसित सम्बन्ध भएको । २. दसले भाग लाग्ने वस्तु वा क्रियासित सम्बन्ध भएको । ~**प्रणाली–** ना० १. नाप, तौल, मान आदि स्थिर गराउने गणितीय प्रणाली वा प्रचलन (डेसिमल सिस्टम)। (यसको मान आफ्नो निकटस्थ ठूलो मानको दसौँ भाग र नजिकको सानो सङ्ख्याको दस गुना हुन्छ । यदि दस पैसालाई एक ढ्याक र दस ढ्याकलाई एक रुपियाँ मानेमा त्यो दशमिक प्रणाली हुन्छ । ) २. दसले गुन्दा र भाग गर्दा पूरै खलो उठ्ने सङ्ख्यालाई एक एकाइ मान्ने चलन ।

**दशमी–** ना० [सं०] १. चान्द्रमासको प्रत्येक पक्षको दसौँ तिथि । २. विजयादशमी । ३. धर्मशास्त्रअनुसार मानिसको दसौँ वा अन्तिम अवस्था; मरण; मृत्यु । ४. मुक्ति; मोक्ष ।

**दशमुख–** ना० [सं०] रावण ।

**दशरथ–** ना० [सं०] अयोध्याका एक प्रसिद्ध सूर्यवंशी राजा; राम, लक्ष्मण, भरत र शत्रुघ्नका पिता ।

**दशरूपक–** ना० [सं०] १. नाटकलाई दस भेदमा वर्गीकरण गरी तिनको लक्षणसमेत बताइएको, संस्कृत साहित्यमा चर्चित, धनञ्जयकृत काव्यशास्त्र । २. रूपकका दस भेद (नाटक, प्रकरण, भाग, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, वीथि र प्रहसन) ।

**दशहरा–** ना० [सं०] १. दस प्रकारका पाप नाश हुने भनी गङ्गा स्नान गरिने ज्येष्ठ शुक्ल दशमीको दिन; गङ्गा-दशहरा; ज्येष्ठ शुक्ल दशमी । २. गङ्गा नदीको पूजाआराधना गरिने उत्सव ।

**दशा–** ना० [सं०] १. अवस्था; हालत; परिस्थिति । २. ज्योतिषशास्त्रअनुसार नवग्रह र योगिनीले भोग गर्ने समय; नवग्रह र योगिनीको भोगवर्ष । ३. विपत्तिको समय; खराब दिन; अनिष्ट फलदायक ग्रहको समय; नराम्रो फल; दुर्दिन । ४. पूर्वरागका दसवटा दशा (अभिलाषा, चिन्ता, स्मरण, गुणकथन, उद्वेग, प्रलाप, उन्माद, व्याधि, जडता र मरण) । ५. विप्रलम्भ शृङ्गारका दस कामदशा (असौष्ठव, ताप, पाण्डुता, दुर्बलता, धैर्यको अभाव, अनालम्बनता, तन्मयता, उन्माद, अरुचि र मूर्च्छा ।

**दशाङ्ग–** ना० [सं०] मह, ठूलो खालको मोथे, घिउ, चन्दन, गोकुलधूप, अगरु, शिलाजित, सखर, शालधूप र पहेँलो सस्यूँ गरी दस प्रकारका सुगन्धित द्रव्य मिलाएर बनेको धूप ।

**दशानन–** ना० [सं०] दसमुख; रावण ।

**दशाब्द–** ना० [सं०] दस वर्षको समूह; दशक ।

**दशावतार–** ना० [सं०] विष्णुका दस अवतार (मत्स्य, कूर्म, वराह, नरसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि ) ।

**दशाह–** ना० [सं०] १.दस दिनको अवधि; दस दिन । २. मृतकका उद्धारको उद्देश्यले मृत्युको दसौँ दिनमा गरिने संस्कारकार्य । ३. मृतसूतकको दसौँ दिन । > **दशाहा/दसाहा–** ना० १. मरेका दिनदेखि दसौँ दिनसम्म जुठो बार्नुपर्ने नातेदार व्यक्ति; जुठोसूतक लाग्ने बन्धुवर्ग । वि० २. दस दिनसम्म जुठो लाग्ने (दाजुभाइ); दसदिने ।

**दस–** ना० [सं० दश] १. नौभन्दा पछि आउने सङ्ख्या; १०-को अङ्क; सयको दसौँ भाग । वि० २.नौभन्दा पछिल्लो सङ्ख्याको; नौ र एक जोड्दा हुने अङ्कको । – **गजा–** ना० दुई देशका बीचको सिमाना छुट्ट्याउने क्षेत्र वा भूमि; दुवै देशका बीच कसैको पनि अधिकारक्षेत्रभित्र नपर्ने मानिएको चौडाइमा दसगज बराबर हुँदै लम्बिएको सीमाक्षेत्र । (उदा०– नेपाल र भारतको सिमानालाई दसगजाले छुट्ट्याएको छ)। ~ **दिने–** वि० १. दस दिनसम्म जुठोसूतक लाग्ने (बन्धुबान्धव) । २. दस दिनको; दस दिनसम्बन्धी । ~ **दुई–** ना० पासा खेलमा दुई पासामा पन्जापन्जा र एउटा पासामा दुई पर्दा हुने एक दाउ; पासा खेलको बाह्र सङ्ख्याको एक दाउ । ~ **नङ्ग्री–** ना० १. हातका दसैवटा नङ्ग्राको समूह । २. आफ्नै पाखुरा, हात र औँला खियाउने परिश्रम; आफ्नै बाहुबल । ~ **पोट–** ना० पासाका खेलमा दुई पासामा पाँचपाँच र एक पासामा पोट मात्र पर्दा हुने एक दाउ; पासाका खेलको एघार सङ्ख्याको एक दाउ । ~ **पोल–** ना० नापोको प्रणालीमा एक धार्नीको आधा भागमध्ये साढे चार भागलाई बुझाउने परिमाणवाचक शब्द । ~ **मासा–** ना० दाँत खिइन लागेको अवस्था ।

**दसाङ–** वि० [सं० दशगुणन] अङ्कको पहाडा वा दुनोट अध्ययन गर्दा दसौँ दोबरलाई बुझाउने; दस दोबरको (पाँच दसाङ पचास, दस दसाङ सय इ०) ।

**दसी–** ना० [सं० दर्शित] १. प्रमाणस्वरूप अपराधीबाट बरामद भएको चोरीका वा यस्तै कुनै अपराधका मालसामान; सबुद-प्रमाणका लागि ग्राह्य वस्तु । २. सबुद; प्रमाण । ३. साक्षी; गवाह । ४. चिह्न; निसान ।

**दसैँ–** ना० [सं० दशमी] १. आश्विन शुक्ल पक्षमा प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने विशेष पर्व वा उत्सव । २. आश्विन शुक्ल सप्तमीका दिनदेखि दशमीका दिनसम्मका फूलपाती, महाअष्टमी, महानवमी र विजयादशमी लगातार चार दिनको महापर्व । ३. नेपालीहरूको सबैभन्दा ठूलो राष्ट्रिय चाड; विजयादशमी । ४. चैत्र शुक्ल अष्टमी वा सो दिन मनाइने चाड । ५. असोज-कात्तिकमा पर्ने बडादसैँ वा महादसैँ । ६. चैत महिनामा पर्ने चैतेदसैँ । ~ **गीत–** ना० बडादसैँको पर्वमा गाइने एक गीत; मालसिरी; मालश्री । ~ **बजार–** ना० दसैँका अवसरमा सुपथ तथा सुलभ रूपमा मालसामान उपलब्ध गराउन व्यवस्था गरिएको बजार ।

**दसोबिसो–** ना० [दस+बिस] डन्डीबियोको खेलमा एक डन्डीको नापलाई दस र बीसको आधार मानी खेलिने खेल वा प्रक्रिया ।

**दसौँ–** वि० [सं० दशम] गन्दै जाँदा दस सङ्ख्यामा पर्ने; दस अङ्कको; दसम (क्रम, स्थान, स्तर इ०) ।

**दसौँद–** ना० [सं० दशांश] १. कुनै वस्तु वा सङ्ख्याको दस खण्डको

एक खण्ड । २. वर्ष, छ महिना वा महिना आदि कुनै निश्चित अवधिका लागि मूल धनको दशांश ब्याज; सयकडा दसका हिसाबले भेट्ने भाग । ३. लिम्बूवानको अमाली प्रथामा मुद्दा मिलाएबापत बिगोको दशमांशसम्म लाग्ने दस्तुर; सबासुद्धो । ~ **ब्याज–** ना० कर्जा दिएको वा लिएको सय रुपियाँमा एक वर्षमा लाग्ने दशांश ब्याज; सयकडा दसका हिसाबले लाग्ने ब्याज । > **दसौँदी–** वि० कुनै निश्चित अवधिमा सयकडा दसका हिसाबले लाग्ने (ब्याज, दस्तुर आदि) ।

**दस्कत / दस्खत–** ना० [फा० दस्तखत] सही; हस्ताक्षर ।

**दस्त–** ना० [फा०] १. पेटको गडबडीले हुने पातलो दिसा; पखाला । २. हस्त; हात ।

**दस्तकार–** ना० [फा० दस्त+सं० कार] हातैले ससाना चीजबीच बनाउने कालिगड; शिल्पी । > **दस्तकारी–** ना० १. हातले तयार गरिएको कलापूर्ण वस्तु; हातकै कालिगडीबाट बनाइने कलात्मक चीज । २. हातले कलापूर्ण चीजबीज तयार गर्ने काम ।

**दस्तखत–** ना० [फा०] आफ्नो रोहबरमा भएको हो अथवा यसबारे मेरो सहमति छ भन्ने कुरो जनाउन आफ्नै हातले लेखिने नाम; हातको निसान; हस्ताक्षर; सही ।

**दस्ताबेज–** ना० [फा०] कुनै राजनीतिक पार्टी वा सामाजिक सङ्घ-संस्था आदिको आफ्नो कार्य-सञ्चालन र उद्देश्यहरू प्रस्ट उल्लेख गरी पारित भएको प्रतिवेदन, विधान आदि ।

**दस्तुर–** ना० [फा० दस्तूर] १. धेरै अघिदेखि चलेर आएको रीतिथिति; परम्परा; रीतिरिवाज; प्रथा । २. तरिका; नियम, काइदा । ३. कर; फिस; दस्तुरी । >**दस्तुरी–** ना० नियमअनुसार लगाइएको लिने वा दिने रकम ।

**दस्यु–** ना० [सं०] १. चोरी गर्ने व्यक्ति; चोर; डाँकू; लुटेरा । २ राक्षस; असुर । ३. एक प्राचीन अनार्य जाति । ४. दुष्ट; खल ।

**दह–** ना० [सं० ह्रद] १. पानी गहिरिएर बनेको नदीको भाग; आहाल; पानी जमेको खाडी । २. कुण्ड; पोखरी; तलाउ ।

**दहन–** ना० [सं०] १. पोल्ने भाव क्रिया वा प्रक्रिया; डाह; पोलाइ । २. आगो । > **दहनीय–** वि० जल्न वा जलाउन हुने; जलाउन सकिने; डढाउन योग्य ।

**दहर–** ना० [फा० दह] तास, गन्जिफा आदिको दस फुट्टी भएको चक्की; दहल ।

**दहरि-नु–** अ० क्रि० [√ दरफरिनु] दरखरिनु; दरफरिनु । > **दहऱ्याइ–** ना० दहऱ्याउने भाव; क्रिया वा प्रक्रिया । > **दहऱ्याइनु–** क० क्रि० छाला खुत्तिने गरी कोरिनु । **दहऱ्याउनु–** स० क्रि० १. खस्रो वस्तुले जीउमा वा अन्य कुनै वस्तुमा खुइलिने गरी कोतर्नु; दरखऱ्याउनु; दार्नु; दरफऱ्याउनु । २. घुर्की लाउनु; घुर्क्याउनु ।

**दहिले–** वि० [दहिलो+ए] १. दहिलाको; दहिलोसँग सम्बन्धित । ना० २. 'द' अक्षर चिनाउने रूप (दहिले द) । ~ **ठेलो–** ना० दहिलाको तलतिर चौकोस अडचाउन तेर्स्याएर राखिएको मोटो काठ; दहिलाको ठेलो; सँघारठेलो ।

**दहिलो–** ना० [सं० देहली] खोल्न र बन्द गर्न मिल्ने हिसाबले खापा लगाइएको घरको खण्ड; द्वार; ढोका; दैलो ।

**दही–** ना० [सं० दधि] दूध जमाएर बनाएको खाद्य वस्तु; पञ्चगव्य (दूध, दही, घिउ, गहुँत र गोबर) मध्ये एक पदार्थ; दधि । ~ **चामले–** ना० १. दहीदँगालो । वि० २. दही र चामलजस्तो; दही र चामल मिसिएको । ~ **चिउरे–** वि० सानोतिनो कुराको फाइदामा जे पनि गर्न तयार हुने वा जसको पछि पनि लाग्ने; भरपत्यार नभएको; दुईजिब्रे । ~ **ठेको–** ना० विवाहमा जन्तीका साथ दुलाहातर्फबाट लगिने दहीको ठेकी; कागेठेकी । – **दँगालो / दङालो–** ना० धुर्सुलको जत्रो बोट हुने, बाटुला पात हुने, झुप्पैझुप्पा फुल्ने र दहीजस्तै सेता दाना हुने, रसिलो तर बेस्वादिलो फल; दहीचामले । ~ **बारा–** ना० दहीमा डुबाइएको मुग आदिको नुनिलो बारा ।

**दहेँरे–** वि० [दहेँरो+ए] दहेँरासम्बन्धी; दहेँराको ।

**दहेँरो–** ना० [दाहीँ+ऐरो] दाइँ गर्दा पराल छिरल्ने र बिटा आदि पार्ने काम गर्ने खेतालो; दाइँको लाठे खेतालो; दयेँरो ।

**दह्य–** वि० [सं०] पोल्न योग्य; जलाउन सकिने; बाल्न सकिने ।

**दह्रि-नु–** अ० क्रि० [दह्रो+इ+नु] १. दह्रो हुनु; दरिनु । २. जरखरिनु; छिप्पिनु । ३. आफ्नो विचार र बोलीमा अटल हुनु; दृढ रहनु । ४. कुनै स्थान, श्रेणी, पद आदिमा रहने गरी तोकिनु; किटान गरिनु ।

**दह्रिलो–** वि० [दह्रो+इलो] दह्रो; दरिलो; दर्बिलो ।

**दह्रो–** वि० [सं० दृढ] १. कुनै धक्का वा चोटपटकबाट नढल्ने, नलकपकाउने; बलियो; मजबुत; दर्बिलो । २. आँट भएको; आँटिलो । ३. आफ्नो लक्ष्य वा सिद्धान्तमा विचलित नहुने; नडग्ने । स्त्री० दह्री । ~ **खरो–** बोलीवचनको पक्का ।

**दह्र्याइ–** ना० [√ **दह्रि** (+याइ)] दह्रिने क्रिया वा प्रक्रिया । [>] [**दह्र्याउ+आइ**] ना० दह्र्याउने क्रियाप्रक्रिया । **दह्र्याइनु–** क०क्रि० दह्रो पारिनु । **दह्र्याउनु–** स० क्रि० दह्रो पार्नु; दर्बिलो तुल्याउनु; अडिग बनाउनु ।

**दा–** वि० [सं०] दिने (शब्दका पछाडि गाँसिएर प्रत्ययधर्मी शब्दका रूपमा प्रयुक्त, जस्तै-पुत्रदा, धनदा, ज्ञानदा इ०) ।

**दाँज्-नु–** स० क्रि० १. कुनै वस्तुलाई रूप, गुण, स्वभाव आदिका आधारमा अर्को वस्तुसँग तुलना गर्नु; बराबरीका दृष्टिले हेर्नु, बुझ्नु वा जाँच्नु । २. उपमा दिनु; दृष्टान्त दिनु । > **दाँज–** ना० १. दाँज्ने काम; तुलना; दाँजो; दँजाइ । २. बराबरी, समानता । **दाँजिनु–** क० क्रि० दाँज्ने काम गरिनु; एकै ठाउँमा राखेर भिडाइनु । **दाँजो–** ना० १. दाँजेर हेर्ने काम; तुलना; दँजाइ । २. बराबरी; समता; समानता ।

**दाँत–** ना० [सं० दन्त] १. मेरुदण्ड हुने धेरैजसो प्राणीहरूको मुखभित्र तल र माथि अर्धचन्द्राकार पङ्क्तिमा उम्रने र टोक्ने, चपाउने, खाने आदि काम लिइने फग्ल्याँटा आकारका बत्तीसवटासम्म हुने ससाना हाडजस्तै सेता अवयव । २. खाने,

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



चपाउने आदि कामबाहेक केही वर्णको उच्चारणमा समेत सहायता गर्ने गिजामा उम्रिएका सोही हाडका अवयव । ३. अन्न पिँध्नका निम्ति घट्ट, जाँतो आदिका ढुङ्गामा मसिनु पारेर कपिएको भाग वा तीखो टुँडो । ४. हतियार आदिको धार ।

**दाँती–** ना० [दाँत+ई] १. रेती, करौँती, कलपुर्जा आदिका छेउमा काटेर निकालिएका दाँतजस्ता पङ्क्ति वा लहर । २. घरको छानाको बलेँसी तरिने छेउ; छानाको छेउ । ३. खोपी खेल्दा पैसा वा ढ्याक बच्चने ठाउँका प्वालको छेउ । – **दार–** वि० दाँती भएको । ~ **हार–** ना० घरको पाली वा धुरी छाउँदा छानाको छेउमा हालिने गारोभन्दा बाहिरपट्टि निस्किएको छानाको पुछार लङ ।

**दाँते–** वि० [दाँत+ए] १.लामा वा ठूला दाँत भएको; दाह्रो पलाएको; दाह्रे । २. झारहरू उखेल्ने वा गोडमेल गर्ने काम गरिने लामा-लामा दाँत भएको औजार । वि० ३. दाँतसम्बन्धी; दाँतमा भएको; दाँतजस्तो; दाँतको । ~ **ओखर–** ना० विशेषत हिमाली भागमा हुने, पातलो र दाँतले फोर्न सकिने कमलो बोक्रा हुने र धेरै गुदी भएको एक जातको ओखर । ~ **किरो–** ना० दाँतका फेदमा छिद्र पारी दाँत बेकम्मा पार्ने रोगको कीटाणु; दाँतमा लाग्ने कीरो । ~ **गुहु–** ना० दाँतमा जम्ने मयल; दन्तमल । ~ **घर–** ना० गिजा; दनासो । ~ **फुली–** ना० दाँतमा प्वाल पारेर वा त्यसै जडेर लगाइने फूली; दाँतका बीचमा प्वाल पारी जडिने सुन, चाँदी आदिका साना टीका । ~ **बह–** ना० साह्रै चर्को पीर ।

**दाँदे–** ना० [√ दाँते] १. रोपाइँ गर्नुभन्दा पहिले गरामा हिलो माटो सम्म्याउन गोरुका पछाडि हलोजस्तै गरी लगाइने काठको चेप्टो, लामो उपकरण वा साधन । २. धानका बीउको माटो पन्छाउने डल्याँठोजस्तो काँटादार साधन ।

**दाँवल–** ना० [सं० दामल] बराबर उमेरका व्यक्ति; दौँतर; जोडा; दाम । >**दाँवली–** ना० डोरीबाट तयार गरिएको, चरा समातिने काममा प्रयोग गरिने पासो ।

**दाइँ–** ना० [√दाउ] १. खलामा मियोका वरिपरि गोरु घुमाई धान आदि अनाजका बोटहरू कुल्चाई रहलपहल अनाज झार्ने काम । २. कुल्चिमिल्ची; माडमुड । ३. बेअदबीसँग गरेको काम-कारबाई । ४. ढलीमली गर्ने काम; मनपर्दो चाल । ~ **गीत–** ना० दाइँ गर्दा सह ल्याउनका लागि गाइने प्रसिद्ध ॠतुकालीन लोकगीत ।

**दाइ१–** ना० [सं० दायाद] १. दाजुभाइमा आफूभन्दा जेठो व्यक्ति; दाजु । २. जेठो उमेरको अडकलमा भनिने कुनै पुरुष व्यक्ति ।

**दाइ२–** ना० [√**दाउ** (+आइ)] दाउने क्रिया वा प्रक्रिया ।

**दाइजो–** ना० [प्रा० दइज्जय < सं० देयक] विवाहमा दुलहीका बाबु, आमाहरूले दुलहीलाई दिएर पठाइने धनमाल (लुगा, गहना, गोडधुवा आदि) । ~ **बिर्ता–** ना० राजा रजौटाहरूले आफ्ना छोरीबेटीलाई दाइजोका रूपमा दिएको बिर्ता ।

**दाइ नाइके–** ना० [दाइ+नाइके] मुख्य नाइके; भाइनाइकेभन्दा माथिको नाइके ।

**दाइनु–** क० क्रि० [दाउ+इ+नु] दाउने काम गरिनु; गोरु नारिनु; हलो जोतिनु ।

**दाउ१–** ना० [सं० दाय] १. कुनै कामकुरो मिलाउन सजिलो पर्ने अवसर; मौका । २. कौडाको खेलमा हुने तिया, चौका आदि दाउ । ३. पासाका खेलमा हुने पोट बाह्र, कच्चे बाह्र, चरीपन्जा सत्र आदि दाउ । ४. कुस्ती, पहलमानी आदि खेलमा एकले अर्कालाई पछार्ने युक्ति; पेच; छिर्के ।

**दाउ२–** ना० काठपात काट्ने खुर्पाजस्तो हतियार; बाम्फोक ।

**दाउ-नु–** स० क्रि० [सं० दायन+नु] १. गाईको बहर वा गोरु भैँसीका पाडो वा राँगो वा घोडाको बछेडो आदिलाई नारेर हलो, बग्गी, गाडा आदिलाई तान्दै चालमा हिँड्न वा कुद्न सिकाउनु । २.बहर वा गोरुलाई हलो तान्न सधाउनु; हलो जोताउनु; नार्नु । ३. बहर, बोका आदिलाई खसी पार्नु; सुमर्नु; ठोक्नु । ४. सिकाउनु सधाउनु; अभ्यास गराउनु; बानी पार्नु ।

**दाउन–** ना० अनर्सा, सेल, पन्जाबी रोटी, फिनी, झर आदि पकाउँदा राम्ररी फुराउन र कमलो पार्नका लागि फाएको पीठोमा मिसाइने घिउ, नौनी, तर, गुलियो आदि वस्तु ।

**दाउनी–** ना० [दाउ+नी] दाइँ ।

**दाउपेच–** ना० [दाउ+पेच] १. अरूलाई हराउने वा गिराउने जुक्ति; छलबल । २. छलकपट; चालबाजी; जालझेल ।

**दाउरा–** ना० [दाउरो] बाल्नका लागि प्रयोग गरिने रूखका सुकेका हाँगाबिँगा; बाल्न योग्य काठ; इन्धन । २. समिधा (यज्ञ यागादिमा बालिने आँप, डुम्री, पलाँस आदि) । >**दाउरे–** ना० १. दाउरा बेचेर जीविका चलाउने व्यक्ति । वि० २. दाउरा खेप्ने; दाउरा बेच्ने । ३. पातलो र अग्लो; ख्याउटे; सिकटे ।

**दाउरो–** ना० [सं० दारुक] १.दाउरा । वि० २. किर्लिक्क परेको; सिट्टो; सिकुटे ।

**दाक्षायणी–** ना० [सं०] १. दक्षप्रजापतिकी छोरी; सतीदेवी । २.नवदुर्गामध्ये एक ।

**दाक्षिणात्य–** वि० [सं०] १. दक्षिण दिशाको; दक्खिनतिरको; दक्खिनपट्टि पर्ने । २. विन्ध्याचलभन्दा दक्षिणतिरको ।

**दाक्षिण्य–** ना० [सं०] १. सिपालु हुनाको भाव वा क्रिया; निपुणता; कौशल । २. दान दिन सक्ने भाव; उदारता; औदार्य । ३. दाहिने भएको अवस्था; अनुकूलता । ४. सरलता । ५. चेष्टा र वचनले अर्काको मनको पछि लाग्ने भन्ने भएको, नाटकको एक प्रकारको लक्षण । वि० ६. दक्षिणसँग सम्बन्धित; दक्षिणको ।

**दाख–** ना० [सं० द्राक्षा] १. जडेलाको जस्तै पात र लहरो हुने थाँक्रामा झुप्पाझुप्पा परेर फल्ने र पाक्ता रातो, वा पहेँल्चो हुने गुलियो स्वादको फल; अङ्गुर । २. मुनक्का । ३. किसमिस । ~ **चोक–** ना० आगलागी हुनुभन्दा अघि सिंहदरबारभित्रका विभिन्न चोकहरूमध्ये दाख लगाइएको चोक ।

**दाखिल–** वि० [फा०] १. सम्बन्धित ठाउँमा हाजिर भएको; आइपुगेको;

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



उपस्थित; प्राप्त । २. बुझाइएको; चुक्ता गरिएको ।– **खारिज/खारेज–** ना० अड्डाखानामा कसैका नाउँमा सरकारी स्रेस्तामा दरिएको जग्गाजमिन आदिको हक छुटाउन सो नाम काटी हाल पाउनेका नाउँमा दर्ता गर्ने काम; नाउँसारी ।

**दाखिला–** ना० [अ० दाखिल] १. कुनै अड्डा अदालत वा तोकिएको अन्य ठाउँमा सम्बन्धित व्यक्ति उपस्थित हुने काम; हाजिर; उपस्थिति । २. सम्बन्धित ठाउँमा दाखिल हुन आएको नगदी, जिन्सी, लिखित कागजात आदि । ~ **रिपोट–** ना० कुनै वस्तु दाखिल भएको जानकारी दिने प्रमाण; जानकारीपत्र ।

**दाग्-नु१–** स० क्रि० १. लोभी आँखाले हेर्नु; आँखा गाड्नु; चाहना गर्नु । २. निसाना लगाउनु; तारो हान्नु; लक्ष्य गर्नु । ३. ताकेर हेर्नु; ठम्याउनु ।

**दाग्-नु२–** स० क्रि० [दाग+नु] १. बन्दुक, तोप आदि पड्काउनु । २. आगो लाउनु; आगो सल्काउनु ।

**दाग१–** ना० [फा०] १. कुनै वस्तुमा केही लागेर परेको चिह्न; टाटो; धब्बा । २. कसैको चरित्रमा लागेको कलङ्क; दोष; अभियोग; लाञ्छना । ३. पोलेको ठाउँमा बसेको घाउ आदिको खत । ४. सुन आदि जाँच्न कसीमा घोटेर लगाइएको रेखा ।

**दाग२–** ना० [सं० दग्ध] १. डढाउने वा पोल्ने काम; दाह गर्ने काम; जलाउने काम । २. मृतकलाई जलाउँदा विधिपूर्वक सर्वप्रथम मुखमा लगाइने आगो । ~ **बत्ती–** ना० दाहसंस्कारका निम्ति छोरा वा नजिकका नातेदारले शवका मुखमा सल्काएर राख्ने बत्ती; दाग दिने बत्ती ।

**दागा–** ना० [अ० दगा] प्रतिशोधका भावनाले मनमा गडेको रिस; इबी; दगा । > **दागादाग–** ना० रिसको रन्काले एकले अर्कालाई खतम पार्न खोज्ने काम; परस्परको रिसइबी । ~ **धर्नु–** टु० प्रतिशोधका कारण कसैलाई नोक्सानको अनिष्टसहित चुनौती दिनु; विरोधीलाई भविष्यमा कुनै खतरापूर्ण अवस्थामा पुऱ्याउँछु भनी अठोट गर्नु; कसैलाई ईखवश क्षति पुऱ्याउने सङ्कल्प गर्नु ।

**दागिनु–** क० क्रि० [दाग्+इ+नु] दाग्ने काम गरिनु ।

**दागी–** वि० [दाग+ई] १. दाग लागेको; दाग देखिने; टाटो भएको । २. अभियोग लागेको; कलङ्कित; दोषी । ३. एक किसिमको खोटो ।

**दाजी–** ना० [दाइ+जी] दाज्यू ।

**दाजु–** ना० [दाज्यू] भाइभाइमा आफूभन्दा पहिले जन्मेको व्यक्ति; दाइ, दाजी । २. एकै कोखबाट आफूभन्दा पहिले जन्मेका व्यक्तिको नाता जनाउने शब्द । ~ **भाइ–** ना० १. एउटै आमाका छोराहरू; सहोदर दाजुभाइ । २. उमेरका क्रमले जेठोकान्छो; दाजु र भाइ । ३. दसदिने वा तेह्रदिने बन्धुवर्ग ।

**दाज्यू–** ना० [दाइ+ज्यू] दाइ; दाजु (प्रायः आदरार्थीमा) । ~ **भाइ–** ना० दाजुभाइ ।

**दाज्यै–** ना० [दाज्यू+ऐ] दाज्यूको आदर बुझाउने शब्द; दाज्यैज्यू । – **ज्यू–** ना० दाज्यूको सम्मानवाची शब्द; दाज्यै ।

**दाडिम/दाडिम्ब–** ना० [सं०] अनारको बोट, दारिम ।

**दातव्य–** वि० [सं०] १. अर्कालाई दिन योग्य; दानदक्षिणा गर्न लायक; दानसम्बन्धी; दानको । ~ **कोष–** ना० कुनै सङ्घ-संस्थालाई निर्दिष्ट काममा आम्दानी खर्च गर्ने गरी प्रदान गरिएको कोष वा रकम ।

**दाता–** वि० [सं०] १. दिने; दिने स्वभावको (सुखदाता, प्राणदाता, अन्नदाता इ०) । २. धेरै दान गर्ने; दानशील; दानी । ३. फुक्का हृदय भएको; उदार । ना० ४. निकै दानी व्यक्ति । ५. दान गर्ने, बकसपत्र दिने वा गुठी राख्ने व्यक्ति । – **पन–** ना० निकै ठूलो दाता हुनाको अवस्था; दानशीलता । ~ **सकार–** ना० जग्गाजमिनमा बन्धक लिएको मान्छेले तेस्रो मान्छेसँग मूल्य लिई सो बन्धकी बेचेपछि तेस्रो चाहिँले मूल जग्गाधनीलाई सकारेर गरिने कागज ।

**दातृ–** वि० [सं०] दाता; दिने (राष्ट्र आदि) मान्छे ।

**दातृता/दातृत्व–** ना० [सं०] दाता हुनाको भाव, गुण वा अवस्था; दानशीलता ।

**दात्री–** वि० [सं०] १. दान गर्ने स्वभावकी (स्त्री) ।

**दाद–** ना० [सं० दद्रु] छालामा खस्रो चक्का परेर फैलँदै जाने र चिलाउने सरुवा खालको एक चर्मरोग ।

**दादनी–** ना० पछि बुझाउने गरेर पहिलेबाटै लिएको पेस्की ।

**दादरा–** ना० शास्त्रीय गानदेखि भिन्न एक किसिमको गीतको लय ।

**दादा–** ना० [सं० दायाद] १. कमाराको आदरवाची शब्द । २. दाजु; दाइ; दाज्यै । – **गिरी–** वि० बल र अभिमानका भरमा अरूलाई हप्काउने वा हैकम चलाउने ।

**दादुरा–** ना० [सं० दद्र] प्रायः केटाकेटीलाई कडा जरो आई शरीरभरि मसिना बिमिरा उठ्ने एक प्रकारको चर्मरोग ।

**दादै–** ना० [फा० दादन+ऐ] १. सरसामान वा पैसा बुझिलिएको भरपाई लेख्दा सुरुमा लेखिने शब्द; भरपाई जनाउने शब्द । क्रि० वि० २. उप्रान्त; आगे; अब ।

**दान१–** ना० [सं०] १. आफ्नो हकमा रहेको धनमाल अर्काको हकमा गरिदिने काम; कुनै वस्तुबारे अधिकारको हस्तान्तरण । २. दिने काम; प्रदान । ३. धार्मिक भावनाले गरिबगुरुवालाई अन्न, वस्त्र, पैसा आदि वितरण गर्ने काम । ४. कुश, तिल, जलसहित सङ्कल्प गरेर ब्राह्मणलाई द्रव्य, वस्त्र, अन्न आदि दिने काम । ५. त्यसरी दिइएको धनमाल, जमिन, गाई आदि । ६. राम्रो कार्यका निम्ति दिइने आर्थिक सहयोग; चन्दा । ७. शब्दका पछिल्तिर लागेर त्यस विषय वा वस्तुको दान भएको वा गरिएको भन्ने बुझाउने शब्द (विद्यादान, श्रमदान, प्राणदान इ०) । ८. राजनीतिका साम, दाम, दण्ड र भेद गरी चार किसिमका जुक्तिमध्ये एक; शत्रुलाई धन दिएर अधीनमा राखिने एक उपाय । ~ **दक्षिणा–** ना० कुनै पुण्यकार्यमा वा मर्दापर्दा ब्राह्मणलाई दिइने जिन्सी वा नगद; दानका साथ दिइने दक्षिणा; दान र

दक्षिणा । ~ **दक्खिना**– ना० दानदक्षिणा । ~ **दातव्य**– वि० १. विधिपूर्वक सङ्कल्प गरेर वा त्यसै दिइएको; दान, बकस आदिबाट प्राप्त भएको (धनमाल, जमिन आदि) । ना० २. त्यसरी प्राप्त भएको धनमाल जमिन आदि । ~ **धर्म**– ना० १. दान दिएर हुने धर्म; दानपुण्य । २. दान र यस्तै अरू पुण्यकर्म । ~ **पत्र**– ना० कसैलाई कुनै चल-अचल सम्पत्ति दान गरी दाताले दिएको प्रमाणस्वरूप लेखेर दिइने कागत; यस्तै बेहोरा लेखिएको शिलापत्र, ताम्रपत्र, कनकपत्र आदि; दानदातव्यको अभिलेख । ~ **पात्र**– ना० १. दान दिन योग्य व्यक्ति । २. चन्दा सङ्कलनका लागि राखिएको बाकस; चन्दापात्र; चन्दापेटी । ~ **प्रतिष्ठा**– ना० दान गरिसकेपछि त्यसको न्यूनतापूर्ति गर्नाका निम्ति दिइने दक्षिणा; गोदान गरिसकेपछि साङ्गताका लागि दिइने दक्षिणा । ~ **बकस**– ना० आफूलाई रिझाएबापत राजीखुसीले आफ्नो धनमाल वा जग्गाजमिन अरूलाई दिएर निजको हक गराइदिने काम; दानदातव्य । ~ **यज्ञ**– ना० दान दिएर गरिने यज्ञ; दानरूपी यज्ञ वा धर्म ।

**दान२**– प० स० [फा०] कुनै नामको पछिल्तिर लागेर सो नामको आधार अर्थ जनाउने शब्द । (फूलदान, कलमदान, खानदान इ०) ।

**दान३**– ना० हात्तीको उमेर पुगेपछि कन्चटबाट निस्कने गन्धयुक्त बाक्लो पसिना; मद ।

**दानव**– ना० [सं०] कश्यप ऋषिकी दनु नामकी पत्नीबाट जन्मेको सन्तान; राक्षस; असुर; दैत्य । ~ **गुरु**– ना० दानवका गुरु मानिएका पुराणप्रसिद्ध भार्गव ऋषि; शुक्राचार्य । > **दानवारि**– ना० १. दानवहरूका शत्रु भएका देवता । २. दानवहरूको नाश गर्ने देवता; विष्णु । ३. हात्तीका कन्चटबाट रसाउने मद । > **दानवी**– ना० १. दानवकुलकी नारी; राक्षसी । वि० २. दानवसम्बन्धी; दानवको; आसुरी (दानवी माया, दानवी रूप इ०) ।

**दानवीर**– ना० [सं०] १. प्रशस्त दान गर्न सक्ने व्यक्ति; महादानी । २. साहित्यमा बीर रसका एक भेदको प्रधान नायक (बलि, कर्ण, हरिश्चन्द्र इ०) ।

**दानशील**– वि० [सं०] अत्यन्त दानी स्वभावको; खूबै दान दिने; साह्रै ठूलो दानी । – **ता**– ना० दानशील हुनाको भाव वा अवस्था ।

**दाना**– ना० [फा० दान] १. जुनसुकै अनाज तथा फलफूल आदिको बीज वा गेडो; बियाँ । २ अनाज; अन्न । ३. गाईबस्तु र चराचुरुङ्गीलाई दिइने खुराक; पशुपक्षीको आहार । – **दार**– वि० दानैदाना परेको; दानेदार । ~ **पानी**– ना० १. जीवन निर्वाह वा भरणपोषणका लागि आवश्यक चीजबीच; अन्नजल । २. जीविकाको बन्दोबस्त; खानपान । ३. बसोवासको संयोग । ४. जिन्दगी; आयु; जीवन ।

**दानी१**– वि [सं०] १. धेरै दान गर्ने; दाता । २. फुक्का दिल भएको; उदार । ३. दिने ।

**दानी२**– प० स० [फा०] शब्दका पछिल्तिर लागी कुनै वस्तु राख्ने पात्रको अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (कलमदानी, चियादानी, फिकदानी, थुकदानी इ०) ।

**दानीय**– वि० [सं०] १. दान दिन योग्य । २. दानका रूपमा दिन सकिने ।

**दाने**– वि० [सं० दान+ए] १. दान गर्न लायक; दान गरिने । २. दान गरेको; दिइएको (धनमाल, कपडा इ०) । ३. दान लिने; दानपात्र । ४. काम नलाग्ने; रद्दी ।

**दानेदार**– वि० [फा०] १. दानादार । २. खुबी भएको; पौरख भएको । ~ **बेत**– ना० एक प्रकारको असल बेत ।

**दाप्–नु**– स० क्रि० [सं० दमन+नु] १. हात, गोडा, जीउ आदि मर्दन गर्नु; मिच्नु; दाब्नु । २. दुःख दिनु; सताउनु; धड्नु । ३. अँठ्याउनु; च्याप्नु । ४. दबाउनु; थिच्नु ।

**दाप**– ना० [सं० दा] तरबार, खुकुरी आदि हतियार राख्न बनाइएको काठ वा छालाको खोल; म्यान; कोष ।

**दापा**– ना० [नेवा०] दुवैतिर छालाले मोहोरेको र खरी घसिएको, ढोलकजस्तो, दुवैतिर हातले बजाइने एक प्रकारको ताल बाजा ।

**दापिनु**– क्रि०हे० दाबिनु ।

**दाप्चा**– ना० [नेवा०] दाप्सा; तासा; फोसा ।

**दाब्–नु**– स०क्रि० थिच्नु; दबाउनु; दाप्नु ।

**दाबा**– ना० [अ०] कुनै वस्तुमाथि आफ्नो हकको जिकिर गर्ने काम; दाबी ।

**दाबिनु**– क० क्रि० [दाब्+इ+नु] दाब्ने काम गरिनु; दापिनु ।

**दाबिले**– ना० [दाबिलो+ए] मसिना पात हुने र दाबिलोजस्तै देखिने एक प्रकारको घाँस ।

**दाबिलो**– ना० [सं० दर्वी+इलो] चलाउने टुप्पो भाग हत्केलोजस्तै चेप्टिएको र बिँड डोलो हुने, धातु वा काठको एक प्रकारको पन्यूँ ।

**दाबी**– ना० [अ० दावा] १. कुनै वस्तुमा आफ्नो हकको जिकिर गर्ने काम; दाबा । २. विपक्षीबाट भराइपाउने बिगो वा धनमालको खास विवरण । ~ **पत्र**– ना० आफ्नो हकदाबी सिद्ध गर्न पेस गरिने सबुदप्रमाणको लिखत; दाबी लेखिएको कागज । – **वाला**– वि० दाबी गर्ने ।

**दाबेदार**– वि० [अ० दावा+फा० दार] दाबीका आवश्यक प्रमाण पेस गर्ने; दाबीवाला; दाबा गर्ने ।

**दाम**– ना० [सं० द्रम] १. रुपियाँपैसा; मुद्रा; द्रव्य । २. मूल्य; मोलतोल । ३. एक पैसाको चार भागको एक भाग (भूमि आदिमा) । ~ **काम**– ना० १. रुपियाँपैसाको लेनदेनको व्यवहार । २. कुनै वस्तुको मूल्य तोक्ने काम; मोलतोल; मोलमोलाइ । ~ **कामी** / **कामे**– ना० १. रुपियाँपैसासम्बन्धी काम गर्ने व्यक्ति । वि० २. रुपियाँपैसाका कामसँग सम्बन्धित । ३. दामकाम गर्ने; मोलतोल गर्ने । ~ **पाते**– ना० दामजस्तै साना गोल पात हुने र नीलो फूल फुल्ने एक किसिमको लहरे घाँस ।

**दामल१**– ना० [सं० यमल] जोडी उमेरका; समकालीन; समवयस्क; दौंतर; दाँवल ।

**दामल२**– ना० [अ० दायमुलहब्स] १. राणाकालमा प्रचलित, कुनै ठूलो अपराधी वा विद्रोहीलाई शरीरमा 'दामल' तीन अक्षर खोपेर वा डामेर छोड्ने वा मुडी जन्मकैदसमेत गर्ने काम वा त्यस्तो सजाय । २. धातुको तताएको मुद्राले डाम्ने काम । > **दामली**– वि० दामलको सजाय पाएको; दामल भएको ।

**दामली**– ना० [दाम्लो+ई] पक्रिएका प्राणीलाई बाँधिराख्ने एक किसिमको पासो; दाम्लो ।

**दामासही**– ना० किपटप्रथाअनुसार रु० ६/५० र रु० ७/५० वार्षिक तिरो तिर्ने गरी सुब्बाले पाएको जग्गा अरूलाई बन्धकी दिँदा मालपोत कार्यालयमा जम्मा गरिने रकम; किपट जमिनको मालपोत ।

**दामासाही**– ना० [दाम+साजा] कुनै सामूहिक रकम त्यसको हकदारहरूले बराबर गरेर बाँडी लिने वा दिने व्यवस्था; भागसान्ती ।

**दामिनी**– ना० [सं०] १. बिजुली; विद्युत् । २. स्त्रीहरूले शिरमा लाउने एक किसिमको गहना ।

**दामी**– वि० [दाम+ई] धेरै मोल पर्ने; महँगो; बहुमूल्य ।

**दामोदर**– ना० [सं०] १. यशोदाले एकचोटि कम्मरमा दाम्लाले बाँधिदिएकाले यो नाम रहेको भनी प्रसिद्ध कृष्णको एक नाम; कृष्ण । २. विष्णु; नारायण । ~**कुण्ड** – ना० नेपाल अधिराज्यको मुस्ताङ जिल्लामा पर्ने एक प्रसिद्ध कुण्ड वा पोखरी; सोही तीर्थस्थल । ~**पाँडे**– ना० नेपालमा वि० सं० १८५८ मा मूल काजी (प्रधानमन्त्री) भएका इतिहासप्रसिद्ध व्यक्ति ।

**दाम्चो**– ना० केराको थामको पत्रैपत्र भएको बाहिरी बोक्रो ।

**दाम्पत्य**– ना० [सं०] १.पति र पत्नीको आपसी सम्बन्ध । २. दम्पतीसम्बन्धी कृत्य । वि० ३. पतिपत्नीसम्बन्धी; दम्पतीको; दम्पती वा पति र पत्नीमा हुने (दाम्पत्य प्रेम, दाम्पत्य सम्बन्ध आदि) ।

**दाम्भिक**– वि० [सं०] दम्भ गर्ने; अहङ्कारले मात्तिएको; घमन्डी; ढोँगी ।

**दाम्रो**– वि० [√डाम्रो] १. बीज नपसेको वा गुदी नभएको (धान आदि अन्न र सिमी, बोडी आदि कोसे फल) । २. नउक्सेको (सेल रोटी); डाम्रो; दाप्सो ।

**दाम्लो**– ना० [प्रा० दामण] बस्तुभाउलाई गलामा बाँध्ने डोरी ।

**दाय**– ना० [सं०] १. अंसियारहरूमा बाँडिने वा भागबन्डा हुने पैतृक सम्पत्ति । २. चेलीबेटी, भान्जा, भतिजा आदिलाई दिइने दान, बकस, दाइजो आदि सम्पत्ति । ३. अरूलाई दिइने वा दान गरिने धन; दातव्य । – **क**– वि० १. दिने; दाता (सुखदायक, दुःखदायक इ०) । ना० २. उत्तराधिकारी वा अंश पाउने सन्तान; वंश । – **कर**– ना० पैतृक सम्पत्ति भोग्ने उत्तराधिकारीहरूमा लगाइने सम्पत्तिअनुसारको कर । – **बन्धु**– ना० अंसियार दाजुभाइ । ~ **भाग**– ना० उत्तराधिकारीहरूमा भागबन्डा लाग्ने सम्पत्तिको अंश ।

**दायर**– ना० [अ०] १. अड्डाअदालतमा मुद्दामामिला हाल्ने काम; कुनै पुर्पच्छे वा कारबाईको थालनी । वि० २. चलिरहेको; जारी (मुद्दामामिला आदि) ।

**दायरा**– ना० [अ०] कुनै वस्तु वा विषयको परिधि; घेरा; वृत्त; मण्डल; सेरोफेरो ।

**दायरी**– ना० [अ० दायर+ई] अड्डाअदालतमा निर्णय हुने कारबाई चलिरहेको वा मुल्तबीमा रहेको मुद्दामामिला । ~**किताब**– ना० अड्डाअदालतमा परेका मुद्दामामिलाका मिसिलहरूको विवरण खुलाई लेखिने किताब । ~**लगत**– ना० दायरीकिताब ।

**दायाँ**– वि० [सं० दक्षिण] १. दाहिने; दाइनु; दक्षिण । २. हुँदो वा मिल्दो; अनुकूल । ना० ३. हित; भलो । ~ **बायाँ**– क्रि०वि० १. दायाँ र बायाँ; दाइनु र बाउँ । २. यताउति; अगलबगल । ना० ३. हितअहित; भलोकुभलो ।

**दायाद**– ना० [सं०] कुनै व्यक्तिको मृत्युपछि उसका सम्पत्तिको पहिलो हकदार; उत्तराधिकारी । > **दायादा**– ना० १. सोही सम्पत्तिको पहिलो हकदार स्त्री; उत्तराधिकारिणी । २. छोरी; पुत्री; कन्या ।

**दायाधिकारी**– ना० [सं०] उत्तराधिकारी; दायाद ।

**दायित्व**– ना० [सं०] कुनै कामकुरामा जवाफदेही हुनाको अवस्था; जिम्मेदारी; उत्तरदायित्व । ~ **बोध**– ना० आफूमाथि आइपरेको जिम्मेवारीको ज्ञान; उत्तरदायित्वको बोध । – **वाला**– ना० दायित्व राख्ने वा दायित्व लिने व्यक्ति ।

**दायी**– वि० [सं०] १. कुनै वस्तु प्रदान गर्ने, दायक; दिने । २. दायित्व लिने; जिम्मेदार; जवाफदेह ।

**दार्-नु**– स० क्रि० [दाह्र+नु] १. दाह्राले टोक्नु वा फहराउनु । २. अर्काको धनमाल केही लिनु वा खानु; ठग्ने प्रवृत्ति लिएर सताउनु ।

**दार१**– ना० [प्रा दढ >सं० दृढ] १. बाक्लो बोक्रा तथा खस्रा लाम्चा पात हुने र काठबाट ठेकी, आरी आदि बनाइने, रातो रङको, एक जातको रूख । २. सोही रूखको काठ ।

**दार२**– प० स० [फा०] अन्य मूल शब्दका पछिल्तिर लागेर भएको, सहितको आदि अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (इमानदार, वजनदार, दानादार इ०) ।

**दार३**– ना० १. आकारप्रकार; डिलडौल; कद । २. आदत; बानी; लत ।

**दार४**– ना० [सं०] १. भासिएर वा चर्किएर बनेको धाँजो; चिरो । २. चिर्ने वा फार्ने काम । ३. पत्नी; भार्या । > **दारक**– ना० १. केटाकेटी; शिशु; बालक । २. छोरो; पुत्र । वि० ३. चिरफार गर्ने; फार्ने । ~ **कर्म/ग्रहण**– ना० दार अर्थात् पत्नी-ग्रहण; विवाह । **दारण**– ना० १. चिरफार गर्ने काम; चिराइ । २. चिरफार गर्ने हतियार । ३. निर्मली फल । **दारा**– ना० पत्नी; भार्या ।

**दाराइ**– ना० [दार्+आइ] दार्ने भाव, क्रिया वा प्रक्रिया ।

**दारिका**– ना० [सं०] १. पुत्री; छोरी । २. कन्याकेटी; कुमारी ।

**दारिद्र्य**– ना० [सं०] दरिद्र हुनाको भाव वा अवस्था; दरिद्रता ।

**दारिनु**– क० क्रि० [दार+इ+नु] दार्ने काम गरिनु; दाह्रिनु ।

**दारिम**– ना० [सं० दाडिम] काँडासहितको बोट हुने, मसिना बैजनी-हरियो रङका पात हुने, राता फूल फुल्ने र त्यसै फूलबाट भित्र केस्राकेस्रा दाँतजस्ता आकारका रसदार गेडा फल्ने एक प्रकारको बोट; सोही बोटको प्रायः अमिलो फल; दाडिम । **–पाते**– १. दारिमका जस्ता पात हुने एक जातको पोथ्रो । वि० २. दारिमका पातजस्तो हुने (कुनै वस्तु) ।

**दारी**– ना० [सं०] १.धाँजो; चिरो । २. पैताला फुट्ने र चिरैचिरा पर्ने एक रोग; हरिनास ।

**दारु१**– ना० [सं०] १. बाल्न टुक्र्याइएका झिँजामिजा; दाउरा; समिधा । २. देवदारु; धूपी । ३. काठको काम गर्ने कालिगड; सिकर्मी । ४. उदारमना व्यक्ति । वि० ५.दानशील; दाता; दानी ।

**दारु२**– ना० [फा० दारू] घरेलु साधन तथा काइदाअनुसार तयार गरिएको रक्सी; निम्न कोटिको मदिरा; ठर्रा ।

**दारुण**– वि० [सं०] १. कठोर; कडा (व्यथा, रोग इ० । २. दया नभएको; निष्ठुर । ३. भयानक; भयङ्कर । ४. सहन साह्रै धौधौ पर्ने (कष्ट, विपत्ति इ०) । > **दारुण्य**– ना० दारुण हुनाको भाव वा अवस्था ।

**दारु पुत्री**– ना० [सं०] काठको पुतली; कठपुतली ।

**दारु यन्त्र**– ना० [सं०] १. काठैकाठबाट बनाइएको मिसिन; काठको यन्त्र । २. काठको पुतली; कठपुतली; दारुपुत्री ।

**दारुहरिद्रा**– ना० [सं०] पातमा काँढा हुने, मञ्जरीका आकारमा पहेँला साना फूल फुल्ने, पहेँलो काठ हुने, चुत्राको जस्तो फल फल्ने एक जातको बोट; जमानेमान्द्रो ।

**दारुहस्त**– ना० [सं०] दूध, घिउ आदि चलाउने काठको डाडु; काठको चम्चा वा दाबिलो ।

**दारे**– वि० [दार+ए] १. दारको रूख वा काठ भएको (ठाउँ); दारको ( ठेकी, आरी आदि ) । २. ठूला चुचे ढुङ्गा भएको । ~ **गौँडो**– ना० १. दारको रूख भएको गौँडो । २. ठूला ढुङ्गा भएको गल्छिँडो ।

**दारोगा**– ना० [फा० दारोग] १. हात्तीसार, अस्तबल आदिको रेखदेख वा व्यवस्था गर्ने मुख्य व्यक्ति । २. पुलिस विभागको एक अधिकारी ।

**दार्चुला**– ना० नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत महाकाली अञ्चलको उत्तरी सिमानामा रहेको एक जिल्ला ।

**दार्जिलिङ**– ना० भारतको पश्चिम बङ्गालको उत्तरी भागमा पर्ने, पश्चिमतिर नेपालसँग र पूर्वोत्तरतिर सिक्किमसँग जोडिएको, नेपाली भाषाको प्रमुखता रहेको एक क्षेत्र तथा सुरम्य प्राकृतिक स्थल ।

**दार्मी/दार्मु**– वि० सेतो र मधुरो रातो मिसिएको (गाई) ।

**दार्मे**– वि० सेतो भुइँमा राता छिर्का वा पाटा भएको; छिर्केमिर्के (गोरु) ।

**दार्शनिक**– ना० [सं०] १. दर्शनशास्त्र पढेको वा त्यसको ज्ञाता; तत्त्वज्ञ; दर्शनशास्त्रको मर्मज्ञ । वि० २. दर्शनशास्त्रसँग सम्बन्धित, दर्शनसम्बन्धी । **– ता**– ना० दार्शनिक हुनाको भाव, अवस्था वा विशेषता ।

**दाल**– ना० [सं० दालि] १. जाँतो वा सिलौटा आदिमा हल्का पाराले दलिएको मास, रहर, मुगी, चना आदि वस्तुको फग्ल्याँटा । २. त्यसरी दलिएको वस्तु दगरो पारेर बनाइएको भात, रोटीसँग खाइने झोलिलो खाद्य पदार्थ ।

**दालचिनी**– ना० [सं० दाल+चिनी] बाक्लो बोक्रा र मोटो टुप्पो भएको पात हुने, बास्नादार सेतासेता गुच्छा भएको फूल फुल्ने एक बोट; मसला र औषधीमा प्रयोग हुने त्यसैको बोक्रा ।

**दाल भात**– ना० [दाल+भात] दाल र भात; नेपालीहरूको प्रमुख भोजन ।

**दालमोट/दालमोठ**– ना० [दाल+मोठ] चना, मुगी, रहर आदिको दाल घिउमा भुटेर नुनखोर्सानी र मरमसला लगाएर बनाइएको खाद्य पदार्थ; दालमोठ ।

**दालुके निहुरो**– ना० एक जातको निहुरो ।

**दाव**– ना० [सं०] १. वन; जङ्गल । २. प्राकृतिक तवरले वनमा लागेको आगो; डढेलो; दावाग्नि ।

**दावा१**– ना० [सं० दाव] खान नपाएर वा रोगले सुकेर पेट दाप्सिने अवस्था ।

**दावा२**– ना० [अ०] कुनै वस्तुमाथि आफ्नो अधिकार छ भनी गरिने जिक्री; दाबी; जिकिर ।

**दावाग्नि**– ना० [सं०] वनमा लागेको आगो; डढेलो; दावानल ।

**दावादार**– वि० [अ० दावा+फा० दार] कुनै वस्तुमाथि आफ्नो हक छ भनी प्रमाणपूर्वक दाबी गर्ने; दाबीवाल; दावेदार; हकदार ।

**दावानल**– ना० [सं०] जङ्गलमा लागेको आगो; डढेलो; वनडढेलो; दावाग्नि ।

**दाश**– ना० [सं०] १. नदीमा यात्रुहरूलाई वारपार गराएर जीविका चलाउने पेसा भएको जाति; माझी । २. दास; कमारो; नोकर ।

**दाशरथ/दाशरथि**– वि० [सं०] १. दशरथको; दशरथसम्बन्धी; दशरथको कुलमा उत्पन्न । २. दशरथका चार छोरा राम, लक्ष्मण, भरत र शत्रुघ्नमध्ये कुनै एक (विशेषतः रामचन्द्र) ।

**दास**– ना० [सं०] १. पहिलेपहिले मालिकका किनबेचका आधारमा आजीवन पराश्रयी भएर काममा जोतिने नोकर; कमारो । २. सेवक; नोकर । **– ता/त्व**– ना० दास हुनाको भाव वा अवस्था; दासत्व; गुलामी; कमारोपन । ~ **दासी**– ना० दास र दासी; कमाराकमारी; नोकरनोकर्नी । ~ **प्रथा**– ना० पशुधनसरह मान्छेलाई किनबेच गरेर काममा लाउने पुरानो सामन्ती प्रथा; कमारोप्रथा । ( नेपालमा वि० सं० १९८१ सालदेखि यो प्रथा कानुनी रूपले खारेज भएको हो) । > **दासानुदास**– ना० १. दासको पनि दास;

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



अत्यन्त निम्न श्रेणीको नोकर । २. विनीत नोकर; विनम्र सेवक । **दासिका⁄दासी–** ना० १. दासप्रथाअनुसार किनबेच गरिएकी आइमाई; दासवर्गकी स्त्री; कमारी । २. नोकर्नी; चाकर्नी ।

**दासी–** ना० १. कपडामा बुट्टा छिप्नुभन्दा पहिले सो कपडालाई कसेर राख्ने एक साधन वा अडेस । २. नोकर्नी । > **दासेय–** ना० १. मालिकले गमन गरेकी दासीको गर्भबाट जन्मेको छोरो; दासीपुत्र; दासीको छोरो । २. दासीको वंशज ।

**दास्य–** ना० [ सं०] १. आफ्ना उपास्य देवतालाई स्वामी र आफूलाई दास सम्झने, भक्तिका नौ भेदमध्ये एक । २. दासता; दासत्व ।

**दाह–** ना० [सं०] १. मुर्दालाई चितामा राखेर जलाउने काम; दाहसंस्कार । २.मनमा परेको ताप; जलन; चिन्ता । ३. पोल्ने वा डढाउने काम; डाम्ने काम । ४. अर्काको कुनै उन्नति वा सफलताप्रति स्वतः उब्जिने ईर्ष्या; डाहा । **–क–** वि० १. जलाउने; पोल्ने । २. दागबत्ती दिने; चितामा आगो लगाउने । ३. टट्टाउने; जलन गराउने । ना० ४. आगो । ~ **कर्म–** ना० शवदाह गर्ने काम; विधिपूर्वक दाहसंस्कार गरिने काम; मुर्दा जलाउने काम । ~ **क्रिया–** ना० लास जलाउने काम; दाहकर्म । ~ **ज्वर–** ना० जीउ भतभत पोल्ने गरी आउने एक प्रकारको जरो; भुङ्ग्रे जरो । ~ **संस्कार–** ना० लास जलाउने काम; दाहकर्म; शवदाह । ~ **स्थल–** ना० शवदाह गर्ने ठाउँ; मसानघाट ।

**दाहिनु–** वि० [सं० दक्षिण] देब्रेको उल्टोतिर पर्ने; दाहिने; दायाँ; दक्षिण ।

**दाहिने–** वि० [दाहिनो+ए] १. दायाँतिर पर्ने; दाहिना पट्टिको; दायाँ । २. अनुकूल; अपसव्य । ना० ३. अक्षरमा दायाँतिरबाट दिइने दीर्घ ईकार ( ी ) । **– वर्त–** वि० दायाँ हाततिर पारेर घुमेको; दाहिनुपट्टिबाट प्रदक्षिणा गरेको; दक्षिणावर्त (मन्दिर, प्रतिमा, बाटो आदि ) । ~ **शङ्ख–** ना० पट्टिनेतिरबाट रेखाहरू घुमेको र दाहिनेपट्टि नै खुला भएको शङ्ख । ~ **हात–** ना० १. खाने हात; दायाँ हात । २. नभई नहुने मानिस; कामकाजमा भरपर्दो व्यक्ति; मुख्य सहायक ।

**दाहिनो–** वि० [सं० दक्षिण] १. दाहिनेपट्टिको; दाहिने; दायाँ । २. अनुकूल; सर्दो । ना० ३. दीर्घ ईकार ( ी ) ।

**दाही–** वि० [सं०] १. दाह गर्ने गुण भएको; जलाउने । २. कष्टदायक; पीडा दिने । > **दाह्य–** वि० पोल्न वा जलाउन योग्य; सल्काउन हुने ।

**दाह्र–नु–** स० क्रि० [सं० दारण+नु] दाह्राले टोक्नु; दाँतले चिथोर्नु; हे० दार्नु ।

**दाह्रा–** ना० [स० द्रंष्टा] १. मुखभित्र लामा-छोटा भएर उम्रिएका र नमिलेका दाँत । २. मत्ता हात्ती, बँदेल आदिका मुखबाहिर निस्केको लामो दाँत ।

**दाह्री–** ना० [सं० दाढिका] गाला, चिउँडो र अघिल्तिर घाँटीसम्म पलाउने रौँ; दाढी; दारी । **– वाल–** वि० लामालामा दाह्री भएको; त्यस्तो दाह्री पालेको वा पाल्ने (व्यक्ति) ।

**दाह्रे–** वि० [दाह्रा+ए] १. लामालामा, ठूला दाँत हुने; दाह्रा भएको । २. दाँत उम्रिने सामान्य ठाउँभन्दा कोल्टोतिर दाँत उम्रिएको; दाँत उछिट्टिएको; छ्वाँके । ~ **गौँडो–** ना० १. डरलाग्दो साँघुरो बाटो वा गौँडो । २. बाघभालुले ढुकेर गाई, बाख्रा दार्ने एकलासको जोखिमयुक्त गौँडो । ~ **मस्ट–** ना० जुम्लाको धामी-झाँक्री ।

**दाह्रो–** ना० [सं० द्रष्टा] १. सामान्य ठाउँभन्दा ओल्टाकोल्टातिर पलाएको वा नमिलेको दाँत । २. हात्ती, बँदेल आदिको मुखबाहिर निस्केको लामो दाँत ।

**दि–नु–** स० क्रि० [सं० दा+नु] १. आफूसँग भएको वा आफ्ना हकको सामान अरूलाई सुम्पनु; बुझाउनु । २. पुनः हक दाबी नरहने हिसाबले दान गर्नु; बकस दिनु । ३. टक्र्याउनु; अर्पण गर्नु । ४. कुनै क्रियाका पछिल्तिर जोडिन आउने सहायक क्रिया (खाइदिनु, भनिदिनु, लिइदिनु इ०) । > **दिइनु–** क० क्रि० दिने काम गरिनु ।

**दिउँसो–** क्रि०वि० १. दिनमा; दिउसो । ना० २. रातको उल्टो समय; दिन; दिउसो ।

**दिउरी–** ना० [दिउरो+ई] सानो खालको ताप्के; सानो दिउरो ।

**दिउरे–** वि० [ दिउरो+ए] आरी वा डेक्चीका आकारको बिटसमेत भएको सानो भाँडो; दिउरो ।

**दिउल–** ना० [सं० द्विदल] १. दुई दल हुने मास, चना, केराउ आदि दलहन अन्नको फग्ल्याँटो । २. त्यस्तो अन्न आदिको उम्रने भाग; विजन; बियाँ । ३. नाथ्रो; नाथ्री । >**दिउले–** वि० दिउल भएको ।

**दिउसेरी–** ना० [दिउसो+एरी] दिउसो गरिने रमाइलो; दिउसोको रामरउस । ~ **जाँत–** ना० दिउसोको जात्रा ।

**दिउसो–** ना० [प्रा० दिअसो < सं० दिवस] १. बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्मको अवधि; रातको विपरीत समय; दिन; दिउँसो । क्रि० वि० २. उक्त समयमा; दिनमा । ~ **मास–** क्रि० वि० १. कामकाजका समयमा । २. कुसमयमा; कुबेलामा ।

**दिक्–** ना० [सं०] १. दिशा । २. वास्तु वा मूर्तिकलामा प्रयोग हुने अङ्गुल वा मात्राको दस गुनाबराबरको नाप; सय तालबराबरको नाप; नाडी, आयुध वा प्रादुर्भाव बराबरको नाप ।

**दिक–** वि०[ अ०] १. खिन्न; दिक्क; दिक्दार; हैरान । २. पीर परेको; विह्वल; चिन्तित । ना० ३. चिन्ता; सुर्ता; पीर ।

**दिक्क–** ना०⁄वि० [ अ० दिक] दिक; खिन्न ।

**दिक्कत–** ना० [अ०] १. दिक्क हुनाको भाव वा अवस्था; हैरानी । २. साह्रोगाह्रो स्थिति; कठिनाइ; मुस्किल ।

**दिक्काल–** ना० [सं० दिक्+काल] पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशा र भूत, भविष्यत् र वर्तमान आदि दशा; देशकाल । **–जयी–** वि० दसै दिशा, भूत तथा भविष्य र वर्तमानकाललाई जितेको; सर्वत्र र सार्वकालिक रूपमा चर्चित (व्यक्ति वा वस्तु) ।

**दिक्कि–नु–** अ० क्रि० [दिक्क+इ+नु] दिक्क हुनु; दिक्दार हुनु;

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



सुर्ताउनु ।

**दिक्चक्र**– ना० [सं०] १. दिशा-विदिशाको समुदाय; दिशामण्डल । २. क्षितिज ।

**दिक्दार**– वि० [अ० दिक+फा० दार] १. मानसिक पीर पर्नाले खिन्न भएको; हैरान; दिक्क । २. चिन्ताले सताएको; पीर परेको । > **दिक्दारी**– ना० दिक्दार हुनाको भाव वा अवस्था; मनमा परेको पीर वा ताप; सन्ताप ।

**दिक्पति**– ना० [सं०] हे० दिक्पाल ।

**दिक्पात**– ना० [सं०] सूर्यको अक्षांशीय स्थिति ।

**दिक्पाल**– ना० [सं०] पुराणअनुसार दस दिशाका रक्षक देवताहरू क्रमशः पूर्वका इन्द्र, आग्नेयका अग्नि, दक्षिणका यम, नैर्ऋत्यका निर्ऋति, पश्चिमका वरुण, वायव्यका वायु, उत्तरका सोम, ईशानका शिव, आकाशका ब्रह्मा र पातालका अनन्त; दिक्पति ।

**दिक्शूल**– ना० [सं०] फलित ज्योतिषअनुसार शनिवार र सोमवार पूर्व, बृहस्पतिवार दक्षिण, शुक्रवार र आइतबार पश्चिम र मङ्गलवार र बुधवार उत्तर दिशातिर यात्रा आरम्भ गर्न निषेध गरिएको शूलयोग; दिशामा पर्ने शूलयोग; नक्षत्र शूलयोग । (यसमा पूर्व ज्येष्ठा, दक्षिण धनिष्ठादि पाँच नक्षत्र, पश्चिम रोहिणी र उत्तर उत्तराफाल्गुनी नक्षत्र भएको बेलामा यात्रा गर्न निषेध गरिएको छ ) ।

**दिक्साधन**– ना० [सं०] दिशा पत्ता लगाउने वा दिशाको ज्ञान गराउने यन्त्र वा साधन; कम्पास ।

**दिगङ्गना**– ना० [सं०] दिशास्वरूपकी नायिका; दिक्कन्या ।

**दिगन्त**– ना० [सं०] १. दिशाको छेउछाउ; दिशाको अन्त । २. आकाश र धर्ती भेट भएजस्तो देखिने ठाउँ; क्षितिज । ३. चार दिशा । ४. दसैवटा दिशा; दिशा-विदिशा ।

**दिगन्तर**– ना० [सं०] १. दुई दिशाका बीचको ठाउँ; दिशान्तर; कोण । २. उपदिशा; विदिशा ।

**दिगमिग**– ना० [सं० दृक्=दिग (द्वि०)] खाने कुरामा कुनै फोहोर मैला छ कि भन्ने शङ्काबाट उब्जिने घिन; खान अनकनाउने काम; सिकसिको । > **दिगमिगाइ**– ना० दिगमिग हुने भाव, क्रिया वा प्रक्रिया । **दिगमिगाइनु**– क० क्रि० दिगमिग मानिनु । **दिगमिगाउनु**– अ० क्रि० दिगमिग मान्नु; घिनाउनु । **दिगमिगाहट**– ना० दिगमिग हुने भाव, अवस्था वा क्रियाप्रक्रिया; दिगमिगाइ । **दिगमिगिनु**– क० क्रि० दिगमिग होइनु । **दिगमिगी**– ना० दिगमिग; घिन; सिकसिको । **दिगमिग्याइ**– ना० दिगमिगिने भाव, क्रिया वा प्रक्रिया । **दिगमिग्याहट**– ना० दिगमिग्याइ ।

**दिगम्बर**– वि० [सं०] १. शरीरमा कुनै वस्त्र नभएको; नाङ्गो; निर्वस्त्र । ना० २. शिव; महादेव । ४. जैन धर्मावलम्बीहरूको वस्त्र नलगाउने एक सम्प्रदाय । ५. लुगाफाटाको संसर्गै नगर्ने जोगी; नागो । ~ **सम्प्रदाय**– ना० जैन धर्मावलम्बीहरूका दुई सम्प्रदायमध्ये निर्वस्त्र रहने एक सम्प्रदाय ।

**दिगम्बरी**– ना० [सं०] दुर्गा; देवी; काली ।

**दिगो**– वि० [सं० दीर्घ] १. लामो वा धेरै अवधिसम्म टिक्न सक्ने; टिकाउ; खपाउ । ना० २. स्थिरता; निश्चलता ।

**दिग्गज**– ना० [सं०] १. पुराणअनुसार आठ दिशामा रहेर पृथ्वीलाई थाम्ने कल्पित हात्तीहरू (ऐरावत, पुण्डरीक, वामन, कुमुद, अञ्जन, पुष्पदन्त, सार्वभौम र सुप्रतीक) । वि० २. सारै ठूलो; घागडान; महान् प्रभावशाली; विद्वान् ।

**दिग्दर्शक**– वि० [सं०] १. दिशा देखाउने; दिक्दर्शन गर्ने वा गराउने । २. आधारभूत ज्ञान दिने; मार्ग प्रदर्शन गर्ने । ~ **यन्त्र**– ना० समुद्रको यात्रा गर्दा वा हवाईयात्रा गर्दा दिशाको सङ्केत गर्ने जहाज, हवाईजहाजमा राखिने यन्त्र; कम्पास ।

**दिग्दर्शन**– ना० [सं०] १. दिशाको बोध गराउने वा दिशातिर देखाउने काम । २. मार्ग प्रदर्शन; बाटो देखाउने काम । ३. उदाहरणका निम्ति प्रस्तुत गरिने वस्तु; दृष्टान्त; नमुना । ४. सामान्य ज्ञान वा परिचय; साधारण जानकारी ।

**दिग्दार**– वि० [√ दिक्दार] दिक्क; खिन्न; दिक्दार । > **दिग्दारी**– ना० दिग्दार हुनाको भाव वा अवस्था ।

**दिग्दाह**– ना० [सं०] सन्ध्या समयमा क्षितिजमा आगो लागेको जस्तो देखिने र सो हुनु अशुभ मानिने एक प्राकृतिक विलक्षण घटना वा दृश्य ।

**दिग्देवता**– ना० [सं०] दिक्पति; दिक्पाल ।

**दिग्बन्धन**– ना० [सं०] श्राद्धादि कार्यमा पितृकार्य सुरु हुनुभन्दा पहिले चारैतिर तिल आदि छर्किने काम । ~ **सेन**– ना० पृथ्वीनारायण शाहका समयका मकवानपुरका राजा; हेमकर्णका छोरा र पृथ्वीनारायण शाहका जेठान तथा जेठी रानी इन्द्रकुमारीपट्टिका दाजु ।

**दिग्भ्रम**– ना० [सं०] १. दिशा छुट्ट्याउने सम्बन्धमा हुने भ्रम; दिशा पत्ता लाग्न नसक्ने अवस्था वा स्थिति । २. बाटोभुलाइ; दिशाभ्रम । ३. अन्योल ।

**दिग्मण्डल**– ना० [सं०] १. दिशाहरूको समूह । २. सम्पूर्ण दिशा ।

**दिग्वस्त्र**– वि० [सं०] दिशा नै कपडा भएको; नाङ्गो; दिगम्बर ।

**दिग्वार**– ना० लिच्छविकालीन प्रशासनमा तलबको साटो दिइने वृत्तिमध्ये एक ।

**दिग्विजय**– ना० [सं०] १. राजामहाराजाहरूले देशदेशान्तरमा गई आफ्नो मान र प्रतिष्ठा कायम गर्न अर्काको मुलुक जित्ने काम । २. विद्वान्हरूले देशविदेशका विद्वान्हरूलाई शास्त्रार्थद्वारा हराउने काम वा त्यसरी आफ्नो विद्वत्ता र प्रतिष्ठा राख्ने काम । > **दिग्विजयी**– वि० दिशा-विदिशामा विजय प्राप्त गरेको; सबैतिर विजय प्राप्त गर्ने ।

**दिज्यू**– ना० [दिदी+ज्यू] दिदीलाई आदरपूर्वक सम्बोधन गरिने शब्द; 'दिदीज्यू'को छोटो रूप ।

**दिठ**– ना० [प्रा० डिट्ठि < **सं० दृष्टि**] १. हेर्ने काम; हेराइ; दृष्टि; ध्यान । २. आँखा; नयन ।

**दिति**– ना० [सं०] कश्यप ऋषिका चौध पत्नीहरूमध्ये एक;

दैत्यहरूकी आमा ।

**दित्सा–** ना० [सं०] १. दान गर्ने वा दिने इच्छा । २. आफू मरेपछि आफ्नो सम्पत्ति यसयसलाई दिनु वा यसयसले खानू भनेर लेखिदिने इच्छापत्र ।

**दिदी–** ना० [सं० दायादी] १. एकै गर्भबाट आफूभन्दा पहिले जन्मेकी स्त्री; दिज्यू । २. आफूभन्दा जेठी सौता । ३. दाजुभाइका पत्नीहरूमा भाइकी पत्नीले दाजुकी पत्नीलाई भनिने शब्द; जेठानी । वि० ४. आफूभन्दा पहिले जन्मेकी ।

**दिदृक्षा–** ना० [सं०] हेर्ने इच्छा; दर्शन गर्ने अभिलाषा । > **दिदृक्षु–** वि० हेर्न चाहने; दर्शनाभिलाषी; दर्शनेच्छु ।

**दिधिषु–** ना० [सं०] एकपल्ट बिहा भइसकेकी स्त्रीसँग बिहा गर्ने पुरुष; विधवा वा सधवा परस्त्री ग्रहण गर्ने पुरुष ।

**दिधिषू–** ना० [सं०] १. एकपल्ट बिहा भइसकेपछि पुनः अर्को विवाह गर्ने स्त्री; पोइल गएकी वा पहिलो लोग्नेलाई छाडेर दोस्रो-तेस्रो लोग्ने बनाएकी स्त्री । २. दिदीको भन्दा पहिले बिहे भएकी स्त्री । ~ **पति–** ना० विधवा भाउजूसँग अनुचित सम्बन्ध राख्ने पुरुष ।

**दिन–** ना० [सं०] १. आकाशमा सूर्य देखिउन्जेलको समय; सूर्यको उदय भएदेखि अस्त नहोउन्जेलको अवधि; दिउँसो; दिवस । २. अघिल्लो सूर्योदयदेखि पछिल्लो सूर्योदय पर्यन्तको समय; अहोरात्र; चौबीस घण्टा वा आठै प्रहर । ३. रातको बाह्र बजेदेखि सुरु भएर पछिल्लो रातको बाह्र बजेसम्म चौबीस घण्टाको समय । ४. समय; बेला; बखत; मौका । ५. तोकिएको समय; निश्चित समय; आवश्यक समय । ६. सात वारमध्येको एक वार । ७ दिनदशा; अनिष्ट दशा । ~ **कटनी–** ना० दिन बिताउने मेलो; दिन काट्ने सानोतिनो काम; बसिबियाँलो । – **कर–** ना० रवि; सूर्य । ~ **गन्ती–** ना० दिन गन्ती गर्ने काम; दिनको गणना; प्रतिदिनको हिसाब; दिनदिनको हिसाब । – **चर्या–** ना० दिनभरि गरिने सबै काम; दिनभरको कार्यक्रम; नित्यकर्म (नुहाइधुवाइ, पाठपूजा, खानपिन, कामधन्दा इ०) । – **चारी–** ना० सूर्य; दिनकर । ~ **दशा–** ना० फलित ज्योतिषअनुसार सूर्य आदि नवग्रह र मङ्गला आदि अष्ट योगिनीको भोगको अवस्थामा मिल्ने शुभ-अशुभ फल; ग्रहगतिका अनुसार लाग्ने दैनिक दशा । ~ **दहाडै–** कि० वि० दिन बाँकी छँदैमा; कुनै डर, त्रास, सङ्कोच आदि नभएजस्तै गरी; खुलेयाम । ~ **दिन–** क्रि० वि० प्रतिदिन; दिनैपिच्छे; दिनहुँ; दिनदिनै । – **नाथ–** ना० दिनका अधिपति; सूर्य; दिनकर । ~ **परदिन–** क्रि० वि० दिन बित्दै जाँदा; दिन नबिराईकन; दिनानुदिन । – **मणि–** ना० सूर्य । – **मान–** ना० १. सूर्य उदाएदेखि सूर्य अस्ताउन्जेलको समय अर्थात् पूरा दिनको मान; रात्रिमानको उल्टो । २. दिनमणि; सूर्य । – **मुख–** ना० प्रभात; बिहान । ~ **रात–** ना० १. अहोरात्र ; दिन र रात । २. हरबखत; निरन्तर; सधैं; लगातार । – **शेष–** ना० साँझ; बेलुका; सन्ध्या ।

**दिनहुँ–** क्रि० वि० [सं० दिन+अहन्] प्रतिदिन; हरेक दिन; दिनैपिच्छे ।

**दिनाङ्क–** ना० [सं०] मिति; गते; तारिख । >**दिनाङ्कित–** वि० दिन अङ्कन गरिएको; तिथिमिति लेखिएको वा तोकिएको ।

**दिनाधीश–** ना० [सं०] सूर्य; दिनकर ।

**दिनानुदिन–** क्रि० वि० [सं०] दिनैपिच्छे; दिनपरदिन; दिनोदिन ।

**दिनान्त–** ना० [सं०] दिन सकिने र रात सुरु हुने समय; सायङ्काल; सन्ध्या; साँझ ।

**दिनान्ध–** वि० [सं०] १. दिनमा आँखा देख्न नसक्ने; दिनको अन्धो; दिवान्ध; दिनान्धो । ना० २. लाटोकोसेरो; हुचिल; उल्लु ।

**दिनिका–** ना० [सं०] दिनभर काम गरेबापत पाइने पारिश्रमिक; एक दिनको ज्याला; दिनभरको मजुरी ।

**दिने–** वि० [दिन+ए] १. दिनसम्बन्धी; दिनको (पाँचदिने, दसदिने, पन्ध्रदिने इ०) । [दि+नु+ए] २. कुनै चीज प्रदान गर्ने ।

**दिनेश–** ना० [सं०] दिनका देवता; सूर्य ।

**दिनै पिच्छे–** क्रि० वि० [दिन+पिच्छे] प्रतिदिन; दिनदिन; दिनहुँ; सधैं ।

**दिनौंधी–** ना० [दिनान्ध+ई] दिनमा आँखा देख्न नसक्ने रोग; दिवान्ध हुने रोग ।

**दिपाङ ताल–** ना० नेपालको पश्चिमाञ्चल क्षेत्रअन्तर्गत गण्डकी अञ्चलको कास्की जिल्लामा पर्ने प्रसिद्ध एक ताल ।

**दिब्बे–** वि० [सं० दिव्य] राम्रो; तेजिलो; दिव्य । ~ **बाह्र वर्ष–** ना० पूरा बाह्र वर्ष ।

**दिब्री–** ना० टिन वा कसकुट आदि धातुको सानो टोक्रीको मुखमा पारिने छेडमा सलेदो लगाउने प्वालसहितको बिर्को भएको मट्टितेल बाल्ने बत्ती; ढिब्री; कुपी; टुकी ।

**दिमाग–** ना० [अ०] १. गिदी; मस्तिष्क; मगज; खोपडी । २. बौद्धिक वा मानसिक क्षमता; विवेकशक्ति; चेतना । ३. अभिमान; अहङ्कार; घमन्ड; सेखी । ~ **दार–** वि० १. दिमाग भएको; ज्ञान वा तर्कशक्ति भएको; समझदार । २. सेखी गर्ने; घमन्डी; दिमागी । >**दिमागी–** वि० १. दिमागसँग सम्बन्धित; दिमागको; मगजदार । २. अभिमानी; घमन्डी । ३. दिमाग भएको; समझदार; जेहेनदार ।

**दियत–** ना० [अ० दीयत] ज्यानमाराबाट मारिनेका परिवारले हर्जानास्वरूप पाउने धन; ज्यानको क्षतिपूर्तिका रूपमा मर्नेका परिवारलाई दिइने सम्पत्ति ।

**दियाइ–** ना० [√**दि** (+याइ)] दिने भाव, क्रिया वा प्रक्रिया । [>] **दियाइनु–** क० क्रि० दिन लाइनु; दिलाइनु । **दियाउनु–** प्रे० क्रि० दिन लाउनु; दिलाउनु ।

**दियाल–** ना० लेकतिर पाइने, बोक्रा र तेल औषधीका रूपमा प्रयोग गरिने, देवदारका जातको एक रूख; दियालो । ~ **तेल–** ना० दियाल वा दियालाको खोटोबाट बन्ने तेल; तारपिन तेल ।

**दियाली–** ना० [दियालो+ई] १. सानो दियालो । वि० २. प्रकाश दिने; उजेली । ~ **काठ–** ना० दियालो बाल्ने काठ; उजेलीकाठ ।

**दियाले–** वि० [दियालो+ए] दियालो भएको; दियालाको । ~**काठ–**

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



ना० खोटो र दियालो हुने, सिम्टा फल्ने काठ; खोटे सल्लो; सल्लो; उजेलीकाठ । ~**चरो**– ना० एक जातको चरो । ~**च्याउ**– ना० माटामा पलाउने, दियालेजस्तै पहेँल्छ्या रङको छोटो डाँठ हुने र डल्लो आकारको, खान हुने एक जातको च्याउ ।

**दियालो**– ना० [सं० दीप+आलो] खोटे सल्लो छिप्पिएपछि खोटोले भरिएर रातो रङको देखिने र भ्करभ्कर गरेर बल्ने चुरो वा आँखो; बत्तीको सट्टा उज्यालो बाल्ने काममा प्रयोग गरिने त्यसैको चोइटो ।

**दियो**– ना० [सं० दीप] १. तिल, तोरी आदिको तेल वा घिउ हाली धागोको सलेदोमा बत्ती बाल्ने, माटो वा धातुबाट बनाइएको कचौरीका आकारको सानो भाँडो; दीपदानी । २. बत्ती । ~ **घर**– ना० १. साँझको दियो वा बत्ती बाल्न प्रायः भान्सामाथि बनाइएको पूर्वतिर फर्काएर दियो राखिने ठाउँ । २. ठूलठूला उत्सवमा ननिभोस् भन्नाको निम्ति बत्ती छोप्न बनाइएको ऐनाघर ।

**दिल**– ना० [फा०] १. अन्तस्करण; मन; चित्त । २. हृदय; मुटु । – **खुस**– वि० मन बहलाउने खालको; दिललाई प्रसन्न पार्ने । – **चस्प**– वि० चासो लाग्ने; मनपर्दो; मनलाई लोभ्याउने; मनोरञ्जक; मनोहर । – **चस्पी**– ना० १. कुनै वस्तु वा विषयप्रति जाग्ने अभिरुचि; इच्छा; आकर्षण । २. कुनै वस्तुमा भएको मनलाई लोभ्याउने गुण । – **दार**– वि० १. राम्रो दिल वा उदारता भएको; स्नेहपूर्ण स्वभावको; दयालु; दानी । २. रसिक स्वभावको; रउसे । ३. दिलको प्यार पाउने; मायालु; प्रेमी (व्यक्ति) । ~ **बहलाउ**– ना० दिल बहलाउने वा मनलाई आनन्द दिने काम; मनोरञ्जन; आमोदप्रमोद; लहडबाजी; दिलबहादुर । ~ **बहार**– ना० १. दिलबहलाउ । वि० २. मन रमाउने; मनोरञ्जक । – **रुवा**– वि० १. रमाइलो लाग्ने; मनोरञ्जक । २. प्रेमी; मायालु । ना० ३. सितारजस्तै आकारको र रेटेर बजाइने सोह्रवटा तार हुने एक बाजा ।

**दिलाइ**– ना० [√ **दि**=दिलाउ (+आइ)] दिलाउने भाव, क्रिया वा प्रक्रिया । [>] **दिलाइनु**– क० क्रि० दिन लाइनु; दियाइनु । **दिलाउनु**– प्रे० क्रि० दिन लाउनु; प्राप्त गराउनु; दियाउनु ।

**दिलाप**– ना० [नेवा०] बेतालले छुटचाइने, खापाको बीचको भाग; दैलाका बीचको खण्ड ।

**दिलासा**– ना० [फा० दिल+सं० आशा] १. कुण्ठित वा दुःखित हृदयलाई दिइने आश्वासन; ढाडस; धैर्य । २. आडभरोसा; भरोसा ।

**दिलीप**– ना० [सं०] १. इक्ष्वाकुवंशी एक प्रसिद्ध राजा तथा वाल्मीकिका अनुसार भगीरथका पिता र कालिदासका अनुसार रघुका पिता । २. चन्द्रवंशी राजा कुरुका वंशजका एक राजा ।

**दिल्लगी**– ना० [फा०] सामान्य हाँसखेल गर्ने उद्देश्यले गरिने ख्यालठट्टा; मन बहलाउने वा हँसाउने कुरो । – **बाज**– ना० ठटचौलो स्वभावको व्यक्ति; हाँसखेल गर्ने व्यक्ति । – **बाजी**– ना० दिल्लगी गर्ने क्रिया वा भाव; ख्यालठट्टा; खाँसखेल; दिल्लगी ।

**दिल्ली**– ना० [प्रा० ढिल्ली, सं० देहली < दिलु (इन्द्रप्रस्थका मयूरवंशी राजा) ?] मध्ययुगमा धेरै समयसम्म हिन्दू राजा तथा मुगल बादशाहको राजधानी रहेको र सन् १९१२ देखि अङ्ग्रेजले पुनः राजधानी बनाएको पश्चिमोत्तर भारतको एक प्रसिद्ध नगरी; भारतको राजधानी । – **वाल**– वि० १. दिल्लीसम्बन्धी; दिल्लीको । २. दिल्लीमा बस्ने; दिल्लीमा बन्ने वा हुने ।

**दिव**– ना० [सं०] १. देवलोक; स्वर्ग । २. अन्तरिक्ष; आकाश । ३. दिन; दिवस; दिवा । > **दिवङ्गत**– वि० १. देवलोकमा वास भएको; परलोकवासी । २. मृत्यु भएको; मरेको ।

**दिवस**– ना० [सं०] दिउँसोको समय; दिन; दिवा ।

**दिवा**– ना० [सं०] दिउँसो; दिवस; दिन ।

**दिवाइ**– ना० [दि+आइ] दिनुको भाव, क्रिया वा प्रक्रिया; सुम्पाइ ।

**दिवाकर**– ना० [सं०] दिनकर; सूर्य ।

**दिवान**– ना०हे० देवान ।

**दिवान्ध**– वि० [सं०] १. दिनौँधीको रोग भएको; दिउँसो आँखा नदेख्ने; दिनन्धो । ना० २. लाटोकोसेरो; उल्लु ।

**दिवाभिसारिका**– ना० [सं०] दिउसै प्रेमीले सङ्केत गरेका ठाउँमा भेट्न जाने नायिका ।

**दिवा भोज**– ना० [सं०] १. कुनै विशिष्ट अतिथिको सम्मानमा दिउसो दिइने औपचारिक भोज (लन्च) । २. दिनमा खाइने खाना ।

**दिवालगिर**– ना० [फा० दीवारगीर] घरका गारामा बत्ती वा अन्य सामान राख्ने उद्देश्यले जडिएको तख्ता; मिल्की ।

**दिवाला**– ना० [हि०] आर्थिक अवस्था गिरेर रिन फछ्र्याउन नसक्ने हालत; हरितन्नम भएको स्थिति वा अवस्था; टाटउल्टाइ ।

**दिवालिया**– वि० [हि०] आर्थिक अवस्था नराम्ररी खस्केको; दिवाला भएको; टाट उल्टेको । – **पन**– ना० दिवालिया भएको अवस्था; दिवालिया हुनाको भाव; टाटउल्टँदोपन ।

**दिवा स्वप्न**– ना० [सं०] १.मनमा विभिन्न तर्कका लहर चल्नाले खेल्ने असम्भव कल्पना; मनको लड्डु घिउसित खाने काम । २. दिनमै सपना देख्ने काम; दिउसोको सपना ।

**दिव्य**– वि० [सं०] १. स्वर्गसँग सम्बन्धित; स्वर्गीय; अलौकिक; दिब्बे; अतिप्राकृतिक । २. आकाशसित सम्बन्ध राख्ने; आकाशीय । ३. दैवी; ईश्वरीय । ४. चहकिलो; प्रकाशमान् । ५. अति राम्रो सुन्दर मनोहर । ६. असल गुणयुक्त; उत्तम । ना० ७. प्राचीन कालमा मान्छेका गुणदुर्गुण र दोषनिर्दोष चरित्रको निक्र्यौल गर्नुपर्दा आगो, विष वा जल आदिद्वारा गरिने एक परीक्षा । ८. वाचा; किरिया; शपथ । ९. साहित्यमा, तीन प्रकारका नायकमध्ये एक; अलौकिक नायक (इन्द्र, राम, कृष्ण आदि) । ~ **चक्षु/दृष्टि**– ना० १. अदृश्य वस्तु र विषयलाई ठम्याउने भित्री आँखा; ज्ञानदृष्टि; ज्ञानचक्षु; ध्यानदृष्टि । वि० २. सुन्दर आँखा भएको; राम्रो दृष्टि हुने । ~ **ज्ञान**– वि० अलौकिक जानकारी । – **ता**– ना० दिव्य हुनाको भाव वा अवस्था; उत्तमता; श्रेष्ठता । ~ **नारी**– ना०

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



अप्सरा; देवकन्या । ~ **पञ्चामृत–** ना० दूध, दही, घिउ, मह, चिनी आदि पाँच पदार्थ मिलाई बनाइएको पञ्चामृत । ~ **परीक्षा–** ना० प्राचीन कालमा अभियुक्त दोषी छ-छैन, पत्ता लगाउन आगो, पानी, विष, हिंस्रक जन्तु आदिको बीचमा राख्दा मऱ्यो भने दोषी र मरेन भने निर्दोषी मानिने भाग्य परीक्षा । ~ **पुरुष–** ना० उत्तम वा असम्भव गुणले युक्त भएको पुरुष; दैवी पुरुष; स्वर्गमा गति भएको पुरुष (यक्ष, गन्धर्व, किन्नर, देवता आदि) । ~ **रत्न–** ना० मनको इच्छानुकूल फल दिने एक प्रकारको कल्पित मणि; चिन्तामणि । ~ **वाक्य–** ना० देववाणी; आकाशवाणी ।

**दिव्या–** ना० [सं०]१. संस्कृत साहित्यका अनुसार तीन प्रकारका नायिकामध्ये लोकोत्तर गुण भएकी नायिका (जस्तै - पार्वती, सीता, राधिका इ०) । २. अमला; धात्री । >**दिव्याङ्गना–** ना० १. सुन्दर स्वरूप र उत्तम स्वभाव भएकी नारी । २. स्वर्गीय नारी; अप्सरा । ३. देवताकी स्त्री; देववधू ।

**दिव्यात्मा–** ना० [सं०] दैवी आत्मा; अलौकिक आत्मा; स्वर्गीय देवीदेवता ।

**दिव्यास्त्र–** ना० [सं०]१. देवताले चलाउने हतियार; अलौकिक हतियार । २. मन्त्रका प्रभावले प्रयोग हुने अस्त्र वा हतियार (आग्नेय, ब्रह्म, वायव्य आदि) ।

**दिव्योपदेश–** ना० [सं०]१. पृथ्वीनारायण शाहले आफ्नो अन्त्यका समयमा भाइभारदाररूलाई भेला गरेर दिएको उपदेश; सो उपदेश लेखिएको पुस्तक । २. उत्तम दीक्षा, निर्देशन ।

**दिव्यौषधि–** ना० [सं०] मनःशिला ।

**दिशा–** ना० [सं०]१. क्षितिवृत्तका चार मुख्य कल्पित विभाग; पूर्व, पश्चिम, उत्तर, दक्षिणमध्ये प्रत्येक वा कुनै एक । २. दस दिशा । ना०यो० ३. तिर; तर्फ । ~ **परिवर्तन–** ना० १. पूर्वनिर्धारित उद्देश्यसम्बन्धी नीति फेर्ने काम; चिन्तन वा सोचविचारको फेरबदल । २. दिशा वा स्थान सार्ने वा बदल्ने काम । > **दिशावकाश–** ना० दुइटा दिशाका बीचको भाग; उपदिशा; कोण ।

**दिसा–** ना० खानेकुरो पचेपछि गुदद्वारबाट बाहिर निस्कने मल; झाडा; विष्ठा; गुहु ।

**दिहल–** ना० [√ दि] ऋणीपक्षले यति रकम यस म्यादसम्ममा तिर्ने गरी यस्तो सर्तमा लिएको हुँ भनी धनीलाई दिने लिखत । विप० लिहल ।

**दीक्षक–** ना० [सं०] दीक्षा दिने व्यक्ति; मन्त्र सुनाउने गुरु; दीक्षागुरु ।

**दीक्षण–** ना० [सं०] दीक्षा दिने काम ।

**दीक्षा–** ना० [सं०]१. सङ्कल्पपूर्वक गरिने पाठपूजा, यज्ञ आदिको अनुष्ठान; यज्ञ । २. गुरु वा आचार्यबाट दिइने मन्त्रोपदेश । ३. तान्त्रिक विधिले देवीदेवताको मन्त्रग्रहण गर्ने काम । ४. व्रतबन्ध विधि; उपनयन संस्कार । ~ **गुरु–** ना० दीक्षामन्त्र सुनाउने आचार्य वा गुरु ।

**दीक्षान्त–** ना० [सं०]१. गरेका यज्ञको त्रुटि शान्ति गर्नाका लागि गरिने शुद्धि स्नान; यज्ञान्त स्नान । २. कुनै विश्वविद्यालयबाट हुने निश्चित अध्ययन अवधिको समाप्ति; अध्ययनकार्यको समाप्ति । ~ **भाषण–** ना० कुनै विश्वविद्यालयले स्नातक, स्नातकोत्तर वा विद्यावारिधि तह पार गर्नेहरूलाई उपाधि वा प्रमाणपत्र वितरित गर्ने समयमा कुनै विशिष्ट व्यक्तिद्वारा दिइने भाषण । ~ **समारोह–** ना० कुनै विश्वविद्यालयले आफ्नो संस्थाअन्तर्गत सफलता प्राप्त गर्ने स्नातकहरूलाई उपाधि वा प्रमाणपत्र वितरण गर्ने अवसरमा मनाइने विशेष उत्सव; त्यस्तो उत्सवका निम्ति गरिने संस्थागत आयोजना; समावर्तन ।

**दीक्षित–** वि० [सं०]१. दीक्षामन्त्र प्राप्त गरेको; दीक्षा लिएको । ना० २. सङ्कल्पपूर्वक यज्ञ सुरु गर्ने व्यक्ति ।

**दीठ–** ना० हे० दिठ ।

**दीधिति–** ना० [सं०]१. सूर्यको प्रकाश; किरण । २. औँलो; अङ्गुलि ।

**दीन–** वि० [सं०]१. धनसम्पत्ति नभएको; गरिब; निर्धन; दरिद्र । २. दुःखकष्टमा परेको; दुःखी । ३. खिन्न; उदास; शोकग्रस्त । ४. दयालाग्दो; दयनीय । – **ता–** ना० १. दीन हुनाको भाव वा अवस्था; दैन्य । २. दुर्बलता; कमजोरी । ३. निर्धनता; दरिद्रता । ~ **दयालु–** वि० १. दीनदुःखीहरूमाथि दया गर्ने; दयावान् । ना० २. परमेश्वर । – **नाथ–** ना० १. दीनदुःखीहरूका संरक्षक । २. ईश्वर । ~ **बन्धु–** वि० १. दीन दुःखीहरूलाई सहायता गर्ने; दीनहरूका उद्धारक । ना० २. परमेश्वर । ~ **वत्सल–** ना० दुःखीहरूमाथि मायादया गर्ने; दीनदयालु । > **दीनानाथ–** ना० दीनदुःखीहरूको रक्षा गर्ने; दीननाथ ।

**दीनार–** ना० [सं०]१. सुनको सिक्का; सुवर्णमुद्रा; असर्फी । २. सुनका गहना । ३. इरान, इराक आदि देशका मुद्राको नाम ।

**दीप–** ना० [सं०]१. घिउ, तिलको तेल आदिमा भिजाई बालिने पिउरीबाट कातेर बनाइएको विभिन्न देवताअनुसार प्रयोग हुने तीनसुते; पाँचसुते, आठसुते, नौसुते आदि धागाको त्यान्द्रो; बत्ती । २. मसान; चिराक । ३. कुनै कुल वा वंशको सर्वश्रेष्ठ पुरुष । ४. दियो; दीपक । > **दीपक–** ना० १. दीप; बत्ती । २. काव्यमा प्रस्तुत र अप्रस्तुत दुवै विषयको समान धर्मको वर्णन हुने एक अर्थालङ्कार । ३. मध्यम स्वर तीव्र गरेर निषाद स्वर वर्जित गरी बाँकी स्वरलाई शुद्ध रूपमा ल्याई शास्त्रअनुसार रात्रिको प्रथम प्रहर र वसन्त ऋतुमा गाइने षाडव-जातिको एक राग । वि० ४. तेजिलो पार्ने; उज्ज्वल पार्ने । – **किट्ट–** ना० बत्ती बल्लाले आउने धूवाँ जम्मा भएर लागेको मोसो; गाजल । – **कुपी–** ना० बत्ती बाल्ने भाँडो; दीपपात्र; टुकी; ढिब्री । **दीपङ्कर–** ना० मध्यकालीन इतिहासमा भारतबाट नेपाल हुँदै भोटमा गएर जीवन बिताउने तन्त्रवादी बौद्धाचार्य । – **दान–** ना० आराध्य देवताको अघिल्तिर बत्ती बाल्ने काम; देवताका सम्मुख गरिने आरती । – **दानी–** ना० बत्ती बाल्ने भाँडो; पानस ।

**दीपन–** ना० [सं०]१. उज्यालो पार्नका निम्ति बत्ती आदि बाल्ने

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



काम । २. जठराग्निलाई उद्दीप्त गर्ने काम । ३. पाचनशक्ति बढाउने काम । ४. कुनै विचार वा भावनाको उत्तेजन । **– गण–** ना० १. जठराग्निलाई तीव्र पार्ने पदार्थको एक वर्ग । २. भोक जगाउने औषधीको वर्ग । > **दीपनीय–** वि० १. उज्यालो पार्न उपयुक्त; बाल्न सकिने; प्रकाश्य । २. उत्तेजित वा तीव्र पार्न योग्य; उत्तेजनीय ।

**दीपमाला ⁄ दीपमालिका–** ना० [सं०] बत्तीको पङ्क्ति वा लहर; दीपावली ।

**दीप स्तम्भ–** ना० [सं०]१. बत्ती बाल्ने भाँडो; पानस । २. तलदेखि माथिसम्म बत्ती बाल्न हुने गरी बनाइएको दीपाकार स्तूप । ३. जहाजको मार्ग-निर्देशन गर्न वा खतरा आदिको सङ्केत गर्न बालिने अग्लो स्तम्भ; प्रकाशस्तम्भ ।

**दीपाधार–** ना० [सं०] दीपस्तम्भ; पानस ।

**दीपावली–** ना० [सं०]१. बत्तीहरूको पङ्क्ति; दीपमाला, दिवाली । २. कार्तिक कृष्णपक्षको औँसीको दिन लक्ष्मीको आराधनाका निम्ति घरघरमा बत्ती बालेर मनाइने उत्सव; लक्ष्मीपूजाका दिनको उत्सव । ३. तिहार । ४. खुसीयालीका बेलामा धेरै बत्ती बालेर मनाइने पर्व वा उत्सव ।

**दीपिका–** ना० [सं०]१. सानो बत्ती । २. कुनै कठिन ग्रन्थको टीका वा पुस्तक ।

**दीपित–** वि० [सं०] १. धपक्क बलेको; दीप्त; प्रज्वलित । २. उत्तेजित ।

**दीपोत्सव–** ना० [सं०] बत्ती बालेर मनाइने पर्व वा उत्सव; दीपावली ।

**दीप्त–** वि० [सं०] १. बलेको; प्रज्वलित; दीपित । २. झलमल्ल परेको; चहकिलो; झरिलो । ना० ३. सुन; सुवर्ण । ४. आगो ।

**दीप्ति–** ना० [सं०] १. दीप्त हुनाको भाव वा अवस्था; प्रकाश; उज्ज्वलता । २. प्रभा; कान्ति; तेज । ३. शोभा; छवि; सौन्दर्य । **– मान्–** वि० १. दीप्तियुक्त; प्रकाशमान; चमकदार । २. तेजस्वी; तेजोमय ।

**दीर्घ–** वि० [सं०]१. समय, दूरी, स्थान आदिका दृष्टिमा टाढासम्म पुग्ने; फैलिएको; विस्तृत; लामो । २. फराकिलो; विशाल; ठूलो । ३. द्विमात्रिक वा गुरु (वर्ण वा अक्षर); ह्रस्वको विपरीतार्थक, जस्तो - 'इ' को दीर्घ 'ई' र 'उ' को दीर्घ 'ऊ' वा तिनै अक्षरका मात्रारूप चिह्न ( ू ी ) । **– काय–** वि० ज्यादै ठूलो जीउडालको; बडेमाको; विशाल । **– कालीन ऋण–** ना० कुनै निर्दिष्ट योजना वा लगानीअन्तर्गत कुनै उद्योग, व्यवसाय आदिका निम्ति सर्तअनुसार सरल ब्याजमा लामो समयका लागि प्रदान गरिने ऋण । **– जीवी–** वि० धेरै समयसम्म बाँच्ने; लामो आयु पाएको; चिरञ्जीवी; चिरायु । ~ **निद्रा–** ना० १. लामो समयसम्मको निद्रा । २. महानिद्रा; चिरनिद्रा; मृत्यु । ~ **निःश्वास–** ना० शोक वा दुःखको कारणले निस्कने लामो सास; सुस्केरा । **– बाहु–** वि० १. घुँडापर्यन्त पुग्ने लामालामा हात भएको; आजानुबाहु । २. भाग्यशाली । ~ **शङ्का–** ना० दिसा बस्ने काम; विष्ठात्याग । ~ **सत्र–** ना० १. धेरै समयसम्म चलिरहने यज्ञ । २. जीवनभर गरिने अग्निहोत्र । वि० ३. बियाँलो चालले काम पूरा गर्ने; दीर्घसूत्री; जुम्सो । ~ **सूत्र–** ना० जुनसुकै काम पनि ज्यादै ढिलाइका साथ गर्ने; दीर्घसूत्री । ~ **सूत्रता–** ना० दीर्घसूत्र हुनाको भाव वा अवस्था; लोसेपन; जुम्स्याइँ । ~ **सूत्री–** वि० जुनसुकै काम पनि साह्रै ढिलोसँग गर्ने; जुम्सो । ~ **सेवा–** ना० धेरै समयसम्म अटुट रूपले गरिने सेवा । ~ **सेवापट्ट–** ना० सरकारी कर्मचारीलाई तोकिएको अवधिसम्म अटुट रूपमा सेवा गरेबापत दिइने, नेपालको राष्ट्रिय पदक । > **दीर्घाइ–** ना० धेरै दिनसम्म बाँच्ने अवस्था वा शक्ति । **दीर्घायु–** वि० धेरै दिनसम्म बाँच्ने; लामो आयु पाएको; चिरजीवी; दीर्घजीवी । **दीर्घावकाश–** ना० कुनै शैक्षिक संस्था वा यस्तै निकायका दुई सत्रका बीचको लामो बिदा; लामो छुट्टी । **दीर्घिका–** ना० १. नगर वा मन्दिरका वरिपरि बनाइएको सानो पोखरी । २. जलाशय; पँधेरो; कुवा । **दीर्घीभवन–** ना० ह्रस्व स्वर दीर्घमा परिणत हुने भाषावैज्ञानिक प्रक्रिया ।

**दुः–** उप० [सं०] कुनै नाम, विशेषण आदि शब्दका अघिल्तिर जोडिई खराब, निन्दित आदि अर्थ बुझाउने पूर्वसर्ग (दुःसाहस, दुःसाध्य, दुःस्वप्न इ०) ।

**दुःख–** ना० [सं०] १. शारीरिक वा मानसिक रूपमा हुने पीडा; क्लेश । २. वेदना; छटपटी । **– कर–** वि० दुःख दिने; दुःखद; कष्टदायी । **– जीवी–** वि० दुःखमा पालिएको; दुःखमा रहने वा बाँच्ने । **– त्रय–** ना० आधिदैविक, आध्यात्मिक र आधिभौतिक तीन किसिमका दुःख । **– द–** वि० १. दुःख वा कष्ट दिने; दुःखदायी । २. कुनै कारणले मनमा दुःख पुऱ्याउने (दुःखद घटना; दुःखद मृत्यु, दुःखद समाचार इ०) । **– दायक ⁄ दायी–** वि० दुःख दिने; दुःखद । **– पूर्ण–** वि० दुखैदुःखले भरिएको; दुःखमय; कष्टपूर्ण । **– प्रद–** वि० दुःख दिने; दुःखदायी । **– बहुल–** वि० दुःखको मात्रा बढ्ता भएको; दुःखपूर्ण । **– मय–** वि० दुखैदुःखले भरिएको; दुःखपूर्ण । **– लभ्य–** वि० दुःख वा कष्टले मात्र पाइने; दुर्लभ । **– शान्ति–** ना० ⁄ क्रि० वि० हे० दुखसान्ती । ~ **सागर–** ना० १. दुःखको समुद्र । २. आध्यात्मिक दृष्टिमा दुःखको घर मानिने संसार । **– साध्य–** वि० अथक परिश्रम गर्नाले मात्र साध्य हुने; कष्टसाध्य । > **दुःखातीत–** वि० दुःखबाट छुटकारा पाएको; दुःखमुक्त; सदा सुखी । **दुखान्त ⁄ दुःखान्तक–** वि० १. दुःखपूर्ण अवसान भएको; दुःखमय परिणाम भएको । २. वियोग वा करुणाजनक परिणति देखाउने (नाटक, कथा, उपन्यास इ०); वियोगान्त । ना० ३. दुःखको समाप्ति; दुःखको अन्त्य । **दुःखान्वित–** वि० दुःखमा परेको; आर्त । **दुःखायतन–** ना० १. दुःखसागर । २. संसार; जगत् । **दुःखार्त–** वि० कष्टमा जेलिएको; धेरै दुःखी । **दुःखित–** वि० दुःख पाएको; दुःखी; धेरै कष्ट वा क्लेश भएको ।

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



**दुःखी–** वि० [सं०] दुःखले सताएको; दुःख पाएको; कष्टयुक्त । ~ **दरिद्र/दरिद्री–** ना० दीनहीन; गरिबगुरुवा ।

**दुःशकुन–** ना० [सं०] अनिष्टतासूचक लक्षण; अपशकुन ।

**दुःशासन–** वि० [सं०] १. मुस्किलसँग मात्र वशमा आउने; दुर्नियन्त्रण । २. कष्टपूर्ण शासन; खराब शासन । ३. धृतराष्ट्रका सय भाइ छोरामध्ये एक; दुर्योधनको एक भाइ ।

**दुःशील–** वि० [सं०] १. खराब बानीबेहोरा भएको; नराम्रो शील-स्वभावको । २. उच्छृङ्खल; उद्धत । ३. पापी; दुराचारी ।

**दुःश्रव–** वि० [सं०] १. मुस्किलसँग सुन्न सकिने; सुन्दा अप्रिय लाग्ने; कर्णकटु । २. काव्यका दोषहरूमध्ये सुन्दा अप्रिय लाग्ने एक दोष । **– ता–** ना० कठोर वर्ण भएर कानमा धक्का दिने पद हुँदा हुने पददोष; एक प्रकारको काव्यदोष ।

**दुःसङ्ग–** ना० [सं०] नराम्रो वा खराब सङ्गत; कुसङ्गत ।

**दुःसह–** वि० [सं०] १. मुस्किलसँग मात्र सहन सकिने; सहन कठिन । २. सहनै नसकिने; असह्य ।

**दुःसाध्य–** वि० [सं०] १. मुस्किलसित मात्र सिद्ध गरिने; कठोर परिश्रमले मात्र सिद्ध गर्न सकिने; दुष्कर । २. सिद्ध गर्नै नसकिने; असाध्य ।

**दुःसाहस–** ना० [सं०] १. कुनै दुष्कर वा असम्भव काम गर्न देखाइएको साहस । २. असफल प्रयास; व्यर्थको हिम्मत । ३. गर्न नहुने कामकुरामा गरिएको आँट; अनुचित साहस । ४. लिँडे ढिपी; धृष्टता । >**दुःसाहसिक–** वि० १. साहस गर्न अनुचित तथा निष्फल हुने (कार्य) । २. अनैतिक तथा अधार्मिक कामकुरामा साहस देखाउने । ना० ३. चोर; डाँकू । ४. अनैतिक वा दुश्चरित्र व्यक्ति; परस्त्रीगामी । **दुःसाहसी–** वि० दुःसाहस गर्ने; व्यर्थको काममा हात हाल्ने ।

**दुःस्पर्श–** वि० [सं०] १. छुन वा पाउन नसकिने । २. छुन अयोग्य । ना० ३. काउछो । ४. थाकल ।

**दुःस्वप्न–** ना० [सं०] १. नराम्रो फलको सङ्केत गर्ने सपना; खराब सपना । २. गर्न नसकिने वा हुनै नसक्ने कामकुराको इच्छा ।

**दुःस्वभाव–** ना० [सं०] १. नराम्रो आचरण; खराब बानीबेहोरा, दुष्ट प्रकृति । वि० २. नराम्रो स्वभाव भएको; दुष्ट प्रकृतिको; दुःशील ।

**दुआ–** ना० [हि० दोहा] गीतमा लयात्मक पङ्क्तिका स्थायी र अन्तरा दुई भेदमध्ये स्थायी भेद; गीत गाउँदा दोहोरिने फाँकी; टेक ।

**दुइटा–** वि० [दुई+वटा] एक जोड एकको सङ्ख्याको; दुई सङ्ख्या भएको; दुईवटा ।

**दुई–** ना० [सं० द्वि] १. एक र तीनका बीचको अङ्कलाई जनाउने चिह्न; २ को अङ्क; एक र एकको योगसङ्ख्या । वि० २. एक र एक जोड्दा हुने सङ्ख्याको । ~ **कान–** ना० १. दुइटा कान । क्रि० वि० २. दोस्रो कानमा पर्दै । ~ **खुट–** वि० भरेर साटिने कुनै वस्तुमा एकको दुई; दोबर । ~ **गुना–** वि० गन्तीमा दोबर; दुगुना । ~ **घरे–** वि० १. दुई घर भएको (व्यक्ति) । ना० २. पहिलेको लोग्नेलाई छाडेर दोस्रासँग पोइल गएकी स्वास्नीमान्छे; दुईपोइले आइमाई । ~ **चम्के–** ना० सट्टापट्टा गरेर गरिने विवाह; छोरीबेटी साटासाट गरेर गरिने विवाह । ~ **चुल्ठे–** वि० १. दुई चुल्ठो पारी बाटिएको । ना० २. दुई चुल्ठो पारी बाटिएको कपाल । ~ **छापे–** वि० राणाशासनको समयमा श्री ३ महाराज र कमान्डर इनचिफको छाप लागेको (सनद) । ~ **जातको/जाते–** वि० ठिम्मल; ठिमाहा । ~ **जिब्रे/जिभ्रे–** वि० १. बोलीको ठेगान नभएको; बेठेगानको कुरा गर्ने । २. दुई जिभ्रो भएको । ना० ३. सर्प । ~ **जीउकी–** वि० गर्भवती; दोजिया । ~ **तले–** वि० दुई तला भएको; दोतला (घर) । ~ **थुने–** वि० दुई थुन भएको (बाखो, भेडो, मृग आदि) । ~ **धारे–** वि० दुई प्रकारका विचारधारामा लाग्ने; वैचारिक दृढता नभएको; दोधारे । ~ **दुना/दुने–** वि० दुईले दुईलाई गुन्दा हुने (अङ्क वा सङ्ख्या) । ~ **नम्बर–** ना० प्रचलित नियम कानुनको विपरीत कार्य वा पेसा; अवैध कार्य । ~ **नम्बरी–** वि० अवैध कार्य, पेसा वा व्यापार गर्ने । ~ **पाखे–** वि० १. दुई पाखो अर्थात् छाना हालिएको (घर) । ना० २. आमाबाबु दुवै भएका, बिहे गरिने केटा वा केटी । ~ **पात–** वि० दुई गुना; दुगुना; दोबर । ~ **पाते–** वि० उम्रँदा दुई पात देखिने; दुई पात भएको (बिरुवा) । ~ **पोइले–** वि० ब्याइते लोग्ने छाडी अर्कोसँग पोइल गएकी (स्त्री) । ~ **फेरे–** वि० दुई फेरो मोरेको; दुई फेरो भएको । ~ **फेरे रोटा–** ना० पहिलेको चलनमा दुई फेरो हालेर पकाइएको रोटी । ~ **मुखे–** वि० १. दुईमुख भएको; दुईजिभ्रे । २. पकाउँदा दुईतिर भाँडाबसाउन हुने (चुलो) । ~ **सुरे–** वि० १. चित्त स्थिर नभएको; विचारधारा परिवर्तन गरिरहने; दोधारे । २. कुनै कुराको निर्णय गर्न नसक्ने; अडिलो विचार नभएको (व्यक्ति) ।

**दुकान–** ना० [फा०] बिक्री गर्ने उद्देश्यले सरसामान राखिएको दलान वा घर; बिक्रीस्थल; पसल । **– दार–** ना० १. दुकान गरेर कामकारोबार चलाउने मान्छे; पसले । वि० २. पसलमा बस्ने; दुकान गर्ने । **– दारी–** ना० १. दुकान गर्ने पेसा भएको मान्छे; दुकानदार । वि० २. दुकानदारसम्बन्धी; दुकानदारको ।

**दुकूल–** ना० [सं०] १. शरीरको कम्मरभन्दा माथि कानसमेत ढाकिने हिसाबले ओढिने बर्को; रेसमी पछ्यौरा । २. कपडा; लुगाफाटो ।

**दुक्ख–** ना० [सं० दुःख] दुःख; दुख । >**दुक्खी–** वि० दुःखी ।

**दुख्-नु–** अ० क्रि० [> सं० दुःख, दुख+नु] १. शारीरिक वा मानसिक पीडा हुनु; कष्ट हुनु; दुःख हुनु । २. जरो, शूल आदिले पीडित हुनु; बिरामी पर्नु; थलिनु । ३. घाउ, खटिरा आदि डहनु ।

**दुख–** ना० [सं० दुःख] दुःख, दुक्ख । **– जिलो/जिउलो–** ना० दुःखसँग मात्र वा जसोतसो गरेर जीवन धानिने व्यवहार वा काम; कष्टपूर्वकको निर्वाह । ~ **पिराउ–** ना० १. दुःखपीडा;

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



पीरपिराउ । २. रोगव्याध । ~ **बिराम–** ना० रोगव्याध । ~ **मनाउ–** ना० असन्तोष जाहेर गर्न दुःख मान्ने काम; कष्टको जनाउ । ~ **सान्ती–** ना० १. काम गरेअनुसार दिइनेपाइने केही वेतन वा स्वल्प पारिश्रमिक । क्रि० वि० २. मिहिनेत गरेअनुसार; दुःख गरेमुताबिक । ~ **सास्ती–** ना० १. कुनै काम गर्दा दुःख गरेबापत दिइने, पाइने वा हुने लाभ; त्यस्तो पारिश्रमिक वा ज्याला । २. दुःख गरेअनुसारको धेरथोर आय; दुःखसान्ती । ३. दुःख र शासना ।

**दुखाइ–** ना० [√ **दुख्** (+आइ)] १. दुख्ने भाव, क्रिया वा प्रक्रिया । [दुखाउ+आइ] २. दुखाउने भाव क्रिया वा प्रक्रिया । [>] **दुखाइनु–** क० क्रि० यातना दिइनु; दुख्ने गराइनु । ~ **पिराइ–** ना० दुःख र पीडा; दुखपिराउ । **दुखाउनु–** स० क्रि० दुख्ने गराउनु; कष्ट दिनु; पीडित गराउनु; असन्तुष्ट पार्नु ।

**दुखिनी–** वि० [सं०] दुःखमा परेकी; दुःख पाएकी; दुःखी (स्त्री) ।

**दुखिया–** वि० [दुःख+इया] निर्धन; दुःखी ।

**दुखी–** वि० [सं० दुःखी] दुःख पाएको; दुःखी । – **दाखी–** वि० दुःखमा परेको; दुःखी; दरिद्र ।

**दुखेसो–** ना० [दुख+एसो] १. दुःखी जिन्दगी वा कष्टप्रद जीवन; दुखजिलो; दुखजिउलो । २. सुखदुःखका कुराकानी; गन्थन ।

**दुख्याहा–** वि० [दुख+याहा] १. जीवननिर्वाह गर्न गाह्रो परेको; दुखजिलो गरेर जीवन बिताउने । २. दुःख पाएको वा दुःख पाउने; दुःखी ।

**दुगुन–** वि० [सं० द्विगुण] १. गानबजानमा आरम्भिक लयभन्दा दोबर गति हुने स्थायी लय । २. दुगुना; दुना ।

**दुगुना–** वि० [दुई+गुना] दुईले गुणा गरिएको; दुई गुना; दोबर ।

**दुगुर्‌–नु–** अ० क्रि० [सं० द्रुत+गति+नु] १. हतारहतार गर्दै दौडनु; छिटोछिटो हिँड्नु; कुद्नु । २. दौडने काममा भाग लिनु । ३. भाग्नु । > **दुगुराइ–** ना० दुगुर्ने भाव, क्रिया वा प्रक्रिया । **दुगुराइनु–** क० क्रि० दौडाइनु; कुदाइनु । **दुगुराउनु–** प्रे० क्रि० १. दुगुर्न लाउनु; कुदाउनु । २. भगाउनु । **दुगुरादुगुर–** ना० १. सामूहिक दुगुराइ; दगुरादगुर । २.आपत् परेको बेला सामूहिक रूपले दौडने र भाग्ने काम । **दुगुरिनु–** क० क्रि० हतारहतार गरेर कुदिनु; दौडिनु ।

**दुग्ध–** ना० [सं०] १. दूध; ओलिन । वि० २. दुहेको । – **फेनी–** ना० गोठाले साग । ~ **व्यवसाय–** ना० दूधको बिक्रीवितरणको कारोबारसम्बन्धी पेसा; दूधको व्यवसाय । – **शाला–** ना० प्रशोधन गरी ग्राहकहरूमा वितरण गर्नाका निम्ति जम्मा गरिने दूधको भण्डार; डेयरी । – **शूल–** ना० स्तन वा थुनको मुन्टो दुख्ने एक रोग; थुनेलो । ~ **समुद्र–** ना० पुराणप्रसिद्ध सप्तसागरमध्ये एक; क्षीरसागर । – **सार–** ना० दूधबाट सारका रूपमा निस्कने तत्त्व; नौनी; मक्खन । >**दुग्धिका–** ना० दूधे झार । **दुग्धी–** वि० १. दूध भएको; दूधले युक्त । ना० २. दूधे घाँस ।

**दुङदुङ–** क्रि० वि० [अ० मू० दुङ्+अ (द्वि०)] १. खुट्टा बजारेर हिँड्दा शब्द आउने गरी । २. लाठी वा मुड्कीले बेसरी ठटाउने किसिमले । ३. त्यसरी हान्दा शब्द आउने गरी । ४. बन्दुक, तोप, कार्तुस आदि पड्कँदा आवाज आउने गरी । ५. एकदमै लड्ने, पल्टिने वा बज्रिने गर्दा आवाज आउने चालसँग । > **दुङदुङती**/**दुङदुङी–** क्रि० वि० अझै दुङदुङ हुने गरी ।

**दुङदुङे–** ना० [सं० दुदुम] लसुनका जस्तै चेप्टा तर निकै साना पात हुने र त्यस्तै केही हल्का बास्ना आउने मसलाका रूपमा प्रयोग गरिने, लेकमा हुने एक प्रकारको झार ।

**दुच्छर–** वि० [सं० दुश्चर] १. दुष्ट स्वभाव भएको; खराब । २. मुखको छुच्चो; मुखाले; दुर्मुखा । – **पन**/**पना–** ना० दुच्छर हुनाको स्वभाव वा अवस्था; तह नलाग्ने चाल; दुष्ट स्वभाव वा बानी ।

**दुण्डुक–** ना० [सं०] धेरैजसो पानीमा बस्ने र विष नलाग्ने एक जातको सर्प; पानीसाँप ।

**दुतिय–** वि० [सं० द्वितीय] दोस्रो । > **दुतिया–** ना० शुक्लपक्ष वा कृष्णपक्षको दोस्रो तिथि; द्वितीया ।

**दुत्कार–** ना० [सं०] कसैलाई उपेक्षाका साथ परपर भगाउन खोज्ने काम; तिरस्कार; फट्कार ।

**दुद–** ना० [सं० दुग्ध] १. आइमाईको स्तन । २. दुग्ध; दूध । > **दुदु–** ना० १. दूध (बालबोलीमा) । २. साना र लाम्चा पात हुने, अचार खान प्रयोग गरिने एक प्रकारको साग । **दुदेलो–** ना० सधैँ हरियो रही हिउँदमा पनि पात नझर्ने, हरियै फूल फुल्ने र पहेँलो वा रातो फल लाग्ने भित्र काठ पसेको एक प्रकारको लहरो; दूधे लहरो । **दुधारो–** ना० १. दूध दुहुने ढुङ्ग्रो; गबुवा; ढुङ्ग्रो; दुधेरो । २. दूधको धारो ।

**दुधालु–** वि० [सं० दुग्धालु] १. प्रशस्त दूध दिने; दूध दिने सन्तानको । २. दूध आउने ।

**दुधिलो–** वि० [दूध+इलो] १. दूध भएको; दूध आउने । ना० २. डुम्रीका जस्तै पात र कलिला हाँगा हुने, पात भाँच्दा चोप आउने वस्तुलाई डाले घाँस खुवाइने एक बोट । ३. दूध आउने एक प्रकारको झार; दूधे ।

**दुधेरो–** ना० [दूध+एरो] गाईभैँसी दुहुने काठ वा धातुको भाँडो; ढुङ्ग्रो; गबुवा ।

**दुधेलो–** वि० [दूध+एलो] दुधिलो ।

**दुन–** ना० [√ दुन्] चारैतिर पहाडले घेरिएको वा दुई पर्वतका माझको समतल बेसी; उपत्यका ।

**दुना–** वि० [√दुगुना] १. कुनै मूल सङ्ख्याको दुगुना; दोबर । ना० २. दोबर, तेबर, चौबर आदिको हिसाब गर्ने गणितीय विधि; दुनोट । >**दुनाइ–** ना० दुनोट । **दुनिनु–** अ० क्रि० १. दुगुना हुनु; दोब्बर हुनु वा डब्लिनु । २. पसाङ्गिनु; बाङ्गिनु । ३.दोहोरो हुनु; दोब्रिनु ।

**दुनियाँ–** ना० [अ० दुनिया] १. सर्वसाधारण जनसमुदाय; जनता; रैती; प्रजा । २. संसार; जगत्; विश्व । ~ **गुठी–** ना० सर्वसाधारण

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



व्यक्तिले धार्मिक कार्य वा समाजसेवाका निम्ति छुट्ट्याएको चलअचल सम्पत्ति (जग्गा जमिन, घर, सुन चाँदी इ०) । – **दार**– ना० १. जनता; प्रजागण; रैती । २. जागिर नभएको व्यक्ति; गैरजागिरदार । – **दारी**– ना० १. दुनियाँदार हुनाको भाव वा अवस्था । २. सांसारिक चालचलन; लोकव्यवहार । ~ **भाँडा**– वि० सोझासाझा जनतालाई कुरा लगाएर भाँडभैलो गराउने खालको; दुनियाँलाई बिथोल्ने ।

**दुनु**– ना० [सं० द्रोण] दुइटा पात दोब्र्याएर बाँसका सिन्काले खुटी कचौराजस्तो बनाइएको भाँडो; पातको कचौरा ।

**दुनेलो**– ना० [दुनु+एलो] बाँसको गबुवा ।

**दुनोट**– ना० [दुना+ओट] कुनै सङ्ख्यालाई एक, दुई, तीन आदि क्रमले गुणन गरेको राशिहरूको सिलसिला वा शृङ्खला; दुनाइ; पहाडा ।

**दुन्दुभ/दुन्दुभि**– ना० [सं०] १. ठूलो दमाहा; नगरा । २. रामायणमा प्रसिद्ध एक राक्षस ।

**दुन्याइ**– ना० [√**दुनि** (+याइ)] १. दुनिने वा दोब्रिने क्रिया प्रक्रिया । [दुन्याउ+आइ] २. दुन्याउने वा दोब्र्याउने क्रियाप्रक्रिया । [>] **दुन्याइनु**– क० क्रि० दुन्याउन लाइनु । ~ **पटचाइ**– ना० कपडा दुन्याउने र पटचाउने प्रक्रिया । **दुन्याउनु**– प्रे० क्रि० १. बङ्ग्याउनु; निहुराउनु । २. पटचाउनु; दोब्र्याउनु ।

**दुपट्टा**– ना० [सं० द्विपट्ट] १. दुई पाटा वा पत्र भएको, स्वास्नीमानिसको एक प्रकारको ओढ्ने; पछ्यौरा; दुकूल; दोपट्टा । २. काँध वा घाँटीमा राखिने लामो कपडा ।

**दुबली**– ना० [नेवा०] रक्सी पार्दा थाप्ने एक साधन ।

**दुबिधा**– [सं० द्विविधा] यसो हो वा त्यसो हो भन्ने निर्णय नभई दोमन भएको अवस्था; दोधार; दोमन ।

**दुबेनी**– ना० [दूबो+एनी] दूबो धेरै भएको ठाउँ; दूबो झाङ्गिएको ठाउँ ।

**दुबो**– ना० [सं० दुर्वा] हरियो, लाम्चा र मसिना पात हुने, चार केस्रा परेको आँख्लैपिच्छे जरा हाल्ने प्रसिद्ध लहरे भुइँझार; गणेश, लक्ष्मी आदि देवतालाई फूलका रूपमा चढाइने र चौर, बगैँचा आदि सिँगार्न उमारिने सोही झार वा घाँस ।

**दुब्लाइ**– ना० [√**दुब्लाउ** (+आइ)] दुब्लाउने भाव, क्रिया वा प्रक्रिया । [>] **दुब्लाइनु**– अ० क्रि० दुब्लाउने होइनु; क्षीण होइनु; हाडछाला मात्र हुनु; दुब्लो हुनु । २. बलबर्गत खतम हुनु; कमजोर हुनु; लिखुरे हुनु ।

**दुब्लो**– वि० [प्रा० दुब्बलो < सं० दुर्बल] १. शरीरमा मासु कम भई पातलिएको; सिकुटे; ख्याउटे । २. बर्गत-बुता नभएको; निर्धो; निर्बल ।

**दुभी**– ना० [सं० दूर्वी] छालामा सेता टाटा देखिने एक प्रकारको रोग; श्वेतकुष्ठ; पाण्डुरोग ।

**दुमट**– ना० [√दोमट] बलौटे जमिन; दोमट ।

**दुमो**– ना० [फा० दुम (पुच्छर)+ओ] १. कुनै वस्तु अर्कालाई दिँदा सह नजाओस् भन्ने हेतुले झिकेर राखिने थोरै अंश । २. जगेडा; अवशेष । ३. ज्यादै थोरै अंश वा मात्रा ।

**दुम्को**– ना० १. घरको जग खन्ने काम । २. जग खन्ने कामको सुरुवात ।

**दुम्ची**– ना० [फा० दुमची] घोडाको पुच्छरमा अड्काइने काठीको अवयव ।

**दुम्जा**– ना० नेपालको जनकपुर अञ्चलअन्तर्गत सिँधुली जिल्लामा पर्ने, सुनकोसी र रोसीखोलाका दोभानमा रहेको एक बस्ती । > **दुम्जाली**– वि० १. दुम्जासँग सम्बन्धित; दुम्जाको । २. दुम्जामा बसोबास गर्ने; दुम्जावासी । ३. दुम्जामा तयार भएको (खाँडी) ।

**दुम्बा**– ना० [फा० दुँब] पुच्छरको झुप्पो जाँताको फग्ल्याँटाजस्तो हुने एक जातको भेडो ।

**दुम्सी**– ना० [सं० दंश] १. जीउभरि कालो र सेतो रङ मिसिएको काँडा हुने, सुँगुरको जस्तो थुतुनु हुने र रिसाएपछि शरीरका काँडा सिरिङ्डसिरिङ्ड पार्दै शत्रुमाथि जाइलाग्ने स्तनपायी वन्यजीव दम्सी । २. रातमा बालीनाली सखाप पार्ने र दिनमा ठूलठूला ओडार वा गुफामा बस्ने काँडादार जङ्गली जनावर । ~ **काँढे**– वि० दुम्सीको कँडाजस्तो; (धान आदिको पोटाएको गाभो) ।

**दुम्से**– ना० दुम्सीका काँडा जस्तै चुच्चो सुइरा हुने धानको एक जात ।

**दुम्स्यैलो**– वि० [√ दमस्याइलो] अलिअलि भिरालो वा थोरथोरै ओरालो परेको (ठाउँ, पाखो आदि); दमस्याइलो ।

**दुयेक**– वि० [दुई+एक] एकदुइटा मात्र; साह्रै कम्ती सङ्ख्याको ।

**दुर्**– उप० [सं०] नाम, विशेषण आदि शब्दका अगिल्तिर लागेर दोष, खराबी, कठोरता, निन्दा, निषेध, दुःख आदि अर्थ जनाउने एक उपसर्ग (दुर्गम, दुर्व्यवहार, दुर्नाम, दुर्लभ इ०) ।

**दुरतिक्रमण**– वि० [सं०] १. अतिक्रमण गर्न नसकिने; जित्न नसकिने । २. नाघ्न नसकिने; दुर्लङ्घ्य ।

**दुरत्यय**– वि० [सं०] पार हुन नसकिने; तरिनसकिने; दुस्तर ।

**दुरदुर**– वि० बो० [सं० दूर+दूर] १. घृणा लागेर वा मन नपर्नाले टाढा पन्छाउन खोज्दा उद्गार व्यक्त गरिने शब्द; दुर्दुर । वि० २. हेला गरिएको; घिनाउँदो ।

**दुरधिगम**– वि० [सं०] १. मुस्किलसँग मात्र जानिने; दुर्ज्ञेय । २. ठूलो परिश्रमले मात्र पाउन सकिने; दुष्प्राप्य ।

**दुरन्त**– वि० [सं०] १. परिणाम नराम्रो हुने; खराब परिणाम भएको; अशुभ । २. पार पाइनसकिने; अपार । ३. अन्त पत्ता लाउन नसकिने; अनन्त । ४. एकदमै ठूलो आकारको; बडेमाको । ५. जान नसकिने; दुर्गम । ६. डरलाग्दो; घोर; भीषण । ७. राम्रो ज्ञान गर्न नसकिने; दुर्ज्ञेय । ८. दुष्ट स्वभाव भएको; खल ।

**दुरभियोजन**– ना० [सं०] कसैलाई विनाकारण हानि पुऱ्याउने हिसाबले गोप्य रूपमा गरिने कारबाई; गुप्त अभियोग ।

**दुरभिसन्धि**– ना० [सं०] खराब उद्देश्य लिएर गरिएको गुप्त सम्झौता; षड्यन्त्रपूर्ण सन्धि ।

**दुरवस्था**– ना० [सं०] दुःख, कष्ट, दरिद्रता आदि कारणले भएको नराम्रो अवस्था; दुर्दशा । २. दुर्गति; दुष्परिणाम; दयनीय स्थिति ।

**दुरा**– ना० नेपाल अधिराज्यको लमजुङ जिल्लाभित्रको दुराडाँडामा आदिकालदेखि नै बसोबास गरी आएको, आफ्नै भाषासंस्कृति भएको तर त्यसलाई बिस्तारैबिस्तारै भुल्दै गएको एक जाति; नेपालको एक अल्पसंख्यक जाति ।

**दुरागम**– ना० [सं०] अनुचित किसिमले हुने प्राप्ति ।

**दुराग्रह**– ना० [सं०] १. अनुचित तरिकाबाट कुनै कुरामा गरिने ढिपी; लिँडे ढिपी; अड्डी; जिद्दी । २. गलत कामकुरामा गरिने आग्रह वा ढिपी । > **दुराग्रही**– वि० दुराग्रह गर्ने; हठी; जिद्दीवाल ।

**दुराचरण**– ना० [सं०] नराम्रो चालचलन; दुराचार ।

**दुराचार**– ना० [सं०] १. नराम्रो आचरण; अशोभनीय चालचलन । वि० २. नराम्रो व्यवहार वा शीलस्वभावको; दुराचारी । > **दुराचारी**– वि० दुराचार गर्ने; खराब चालचलन भएको; कुकर्मी ।

**दुरात्मा**– वि० [सं०] मनमा कालो भएको; खराब स्वभावको; कपटी ।

**दुराधर्ष**– वि० [सं०] १. मुस्किलले नियन्त्रणमा ल्याउन वा दमन गर्न सकिने । २. प्रचण्ड; उग्र, विकट । ना० ३. पहेँलो सर्सिउँ । ४. विष्णुको एक नाम । – **ता**– ना० १. दुराधर्ष हुनाको भाव वा अवस्था । २. प्रचण्डता; उग्रता ।

**दुरान**– ना० [सं० द्विरागमन] दोस्रो अवाइ; द्विरागमन; दुलान ।

**दुरालम्भ**– वि० [सं०] पाउन मुस्किल भएको; दुष्प्राप्य ।

**दुरालाप**– ना० [सं०] १. खराब वा नचाहिँदो कुरो । २. दुर्वचन; गाली ।

**दुराशय**– ना० [सं०] १. खराब आशय; नराम्रो अभिप्राय । २. नराम्रो आशय राख्ने मानिस; दुरात्मा । वि० ३. मनमा खराब विचार राख्ने; कपटी ।

**दुराशा**– ना० [सं०] १. असम्भव कुराहरूमा गरिने आशा; पूरा नहुने आशा । २. खराब कुराको इच्छा वा चाहना ।

**दुरी**– ना० [दूर+ई] एक वस्तुदेखि अर्को वस्तुसम्मको वा एक ठाउँदेखि अर्को ठाउँसम्मको अन्तर; एक दोस्राका बीचको अन्तर; अन्तर; फरक । – **करण**– ना० दूर गर्नाको वा टाढा हटाउनाको भाव, क्रिया वा अवस्था ।

**दुरुखा/दुरुख्वा**– ना० [नेवा० दुरुख्वा] छुर्पी ।

**दुरुत्तर**– ना० [सं०] १. नराम्रो किसिमको जवाफ; खराब उत्तर । वि० २. सजिलोसित उत्तर दिन नसकिने । ३. राम्ररी उत्तर दिन नसक्ने (व्यक्ति) ।

**दुरुत्साह**– ना० [सं०] १. अनुचित वा नराम्रो प्रकारको उत्साह; दुःसाहस । २. गर्न नहुने कामकारबाईमा उत्साहित हुने काम । > **दुरुत्साहन**– ना० अरूलाई कानुनी वा नैतिक दृष्टिले अवैध कार्य गर्न प्रोत्साहित गर्ने काम; खराब काममा उक्साउने चाल । **दुरुत्साहित**– वि० अनुचित वा नराम्रो काममा उक्साइएको । **दुरुत्साही**– ना० अनुचित तथा उत्तेजक अपराध गर्नाका लागि अरूलाई उत्साहित गर्ने वा आदेश दिने व्यक्ति ।

**दुरुपयोग**– ना० [सं०] १. नियमविरुद्ध हरेक खराब कामकुरा वा तिनमा भएको श्रम, साधन, शक्ति आदिको उपयोग; अनुचित उपयोग । २. जथाभाबी भएको खर्च । ३. कुनै पनि कामकुरामा फजुल रूपमा उडाइएको खर्च ।

**दुरुपयोजन**– ना० [सं०] सम्पत्ति, स्रोत, साधन आदिको समुचित प्रयोगको अभाव; हिनामिना ।

**दुरुस्त**– वि० [फा०] १. जस्तो हुनुपर्थ्यो त्यस्तै; उस्तै; सदृश; काटीकुटी । २. कुनै भत्केबिग्रेको कामकुरा आफूले नगरेको जस्तो पार्ने वा त्यस्तै पारी बनाउने; ठीकठाक; जस्ताको त्यस्तै । ३. जिम्मा लाएको कामकुरा तम्तयार पार्ने; रिटिक्क । ४. पहिले जस्तो हालतमा थियो त्यस्तै; ज्यूँका त्यूँ । ५. उचित; मुनासिब । >**दुरुस्ती**– ना० दुरुस्त हुनाको भाव, अवस्था वा प्रक्रिया । **दुरुस्त्याइँ**– ना० दुरुस्त हुनाको भाव वा अवस्था ।

**दुरूह**– वि० [सं०] छिटै बुझ्न नसकिने; मुस्किलले मात्र बुझिने, दुर्ज्ञेय; दुर्बोध; अप्ठ्यारो; कठिन; जटिल ।

**दुरे**– ना० [सं० दूर+ए] साना पातला पात हुने, हरियो र पहेँलो फूल फुल्ने; रूखमा बेरिएर बढ्दै जाने एक जातको लहरो ।

**दुर्ग**– ना० [सं०] १. प्राचीन समयमा खासखास स्थलको सुरक्षाका निम्ति विशेष गरी पहाडमाथि बनाइएका ठूलठूला किल्ला;ससाना राज्यको राजधानी वा प्रमुख केन्द; कोट; गढी । २. शत्रुको आवागमन हुन नसक्ने गरी बनाइएका कुनै पनि सुरक्षित स्थान वा किल्ला (जलदुर्ग, वनदुर्ग इ०) । ३. जान नसकिने बाटो; दुर्गम पथ । वि० ४. पुग्न नसकिने; जान कठिन; दुर्गम ।

**दुर्गत**– वि० [सं०] १. दुर्गतिमा परेको; बिल्लीबाठ भएको; खराब हालतको । २. दीनहीन अवस्थाको; दुःखी; दीन । >**दुर्गति**– ना० १.खराब अवस्था वा गति; दुर्दशा । २. आपत्; दुःख; कष्ट ।

**दुर्गन्ध**– ना० [सं०] सडेगलेका वस्तुबाट आउने खराब गन्ध; नाकले नसहने गन्ध । >**दुर्गन्धी**– वि० नराम्रो गन्ध भएको; दुर्गन्ध आउने; गनाउने ।

**दुर्गपति**– ना० [सं०] किल्ला, सिमाना, गढी आदिको रक्षाका निमित्त नियुक्त अधिकारी; गढीको हाकिम; दुर्गको अध्यक्ष ।

**दुर्गपाल**– ना० [सं०] किल्लाको रेखदेख गर्ने कर्मचारी; कोटपाल ।

**दुर्गम**– वि० [सं०] १. मुस्किलसँग मात्र जान सकिने; पुग्न कठिन (ठाउँ) । २. मुस्किलले मात्र जान्न सकिने । ३. अप्ठ्यारो; विकट; कठिन । ~ **क्षेत्र**– ना० दुर्गम स्थान । – **ता**– ना० दुर्गम हुनाको भाव वा अवस्था । > **दुर्गमनीय**– जान मुस्किल पर्ने; दुर्गम । ~ **भत्ता**– ना० दुर्गम स्थान भनी तोकेका ठाउँमा रही सेवा गर्ने कर्मचारीलाई सुरु तलबको केही प्रतिशतका दरले दिइने थप सुविधा । ~ **सेवापदक**– ना० दुर्गम जिल्लामा गई सेवा गर्ने नेपाली सेनालाई प्रदान गर्ने उद्देश्यले २०२० सालमा स्थापित एक पदक । ~ **स्थान**– ना० १. जान कठिन पर्ने ठाउँ; मुस्किलले मात्र जान सकिने ठाउँ । २. यातायात, सुविधा र विकास आदिका दृष्टिले पिछडिएको क्षेत्र वा ठाउँ भनी सरकारद्वारा घोषित

क्षेत्र ।

**दुर्गा–** ना० [सं०] १. आदिशक्तिका रूपमा मानिने, दुर्गनामक राक्षसलाई वध गरेकोले यो नाम रहेकी, एक प्रसिद्ध देवी । २. अनेक असुरहरूको विनाश गर्ने आठ हात भएकी तथा सिंहवाहिनी भनी मानिएकी हिन्दू धर्मकी प्रख्यात एक देवी । ३. नौ वर्षकी कन्या वा कुमारी । > **दुर्गार्चना–** ना० दुर्गादेवीको पूजा र आराधना ।

**दुर्गाध्यक्ष–** ना० [सं०] दुर्गको मालिक; दुर्गपति ।

**दुर्गा पूजा–** ना० [सं०] १. दुर्गाको पूजा; दुर्गार्चना । २. हिन्दूहरूबाट आश्विन शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्ममा दुर्गाको प्रतिमा स्थापित गरेर गरिने पूजन ।

**दुर्गुण–** ना० [सं०] १. कुनै पनि व्यक्तिमा हुने खराब स्वभाव वा अरूको हानिनोक्सानी गर्नेगराउने दूषित क्रियाशीलता । २. कुनै पदार्थमा विकार उत्पन्न गराउने दोष । > **दुर्गुणी–** वि० दुर्गुण भएको; नराम्रो गुणले युक्त ।

**दुर्गेश–** ना० [सं०] १. दुर्गका स्वामी । २. दुर्गको मुख्य हाकिम ।

**दुर्गोत्सव–** ना० [सं०] आश्विन शुक्ल प्रतिपदादेखि विजयादशमीका दिनसम्म दुर्गार्चना आदि गरी मनाइने उत्सव; बडादसैं; दसैं ।

**दुर्ग्रह–** वि० [सं०] १. मुस्किलले मात्र समाउन वा ग्रहण गर्न सकिने । ना० २. अनिष्टकारक वा नराम्रो फल दिने ग्रह ।

**दुर्घटना–** ना० [सं०] १.कुनै व्यक्ति वा वस्तुको हानि वा क्षति हुने आकस्मिक घटना; अपर्झट आइपरेको कष्टपूर्ण वा अशुभ घटना । २.हानिनोक्सानी; क्षति; नाश; मृत्यु । ~ **ग्रस्त–** वि० दुर्घटनामा परेको; आकस्मिक घटनामा परेर नष्टभ्रष्ट भएको; दुर्घटित ।

**दुर्घटित–** वि० [सं०] १. दुर्घटनामा परेको; दुर्घटनाग्रस्त । २. अप्रत्याशित रूपमा वा नराम्रोसँग घटित हुन गएको ।

**दुर्घात–** ना० [सं०] १. मरणान्त हुने गरी लागेको ठक्कर; आघात । २. खूबसित भएको चुटाइ वा पिटाइ ।

**दुर्छे–** वि० [सं० दुश्चर >दुच्छर+ए १. दुहुँदा लात्ती र सिङ चलाउने र दूध दुहुन नदिने (गाई); लताहा (पशु) । २. दुष्ट स्वभावको; दुर्जन । ३. दुर्वचन बोल्ने; पचमुखा; मुखाले । > **दुछ्र्याइँ–** ना० दुर्छे हुनाको भाव, क्रिया वा स्वभाव; दुस्टयाइँ ।

**दुर्जन–** वि० [सं०] १. अर्काको हानिनोक्सानी वा अकीर्ति र अपकार गर्ने स्वभाव भएको; अरूलाई दुःख दिने; बदमास; दुष्ट । ना० २. दुष्ट व्यक्ति; खराब मान्छे । – **ता–** ना० दुर्जन हुनाको भाव वा अवस्था ।

**दुर्जय–** वि० [सं०] जित्न ज्यादै गाह्रो पर्ने; जित्न नसकिने ।

**दुर्ज्ञेय–** वि० [सं०] सजिलोसित जान्न वा बुझ्न नसकिने; मुस्किलले मात्र जानिने; दुर्बोध ।

**दुर्दम–** वि० [सं०] १. मुस्किलले मात्र दमन वा वश गर्न सकिने । २. प्रबल; प्रचण्ड । > **दुर्दमन–** ना० १. मुस्किलसँग गरिने दमन; कठिनसित गरिने नियन्त्रण । वि० २. दुर्दम; दुर्दमनीय । **दुर्दमनीय–** वि० मुस्किलले मात्र दमन गर्न वा वशमा ल्याउन सकिने; दुर्दम । **दुर्दम्य–** वि० सजिलो उपायले दमन गर्न नसकिने; दुर्दमन ।

**दुर्दशा–** ना० [सं०] आपत्विपत् परेको अवस्था; खराब हालत; दुर्गति ।

**दुर्दिन–** ना० [सं०] १. खराब वा नराम्रो दिन; दशा लागेको दिन । २. बादल लागेको दिन; धुम्म परेको दिन । ३. झरीबादल; वर्षा । ४. विपत्काल; आपत्तिको समय ।

**दुर्दृष्टि–** ना० [सं०] १. खराब दृष्टि; नराम्रो हेराइ । २. कुभलो चिताउने काम ।

**दुर्दुर–** वि०बो०हे० दुरदुर ।

**दुर्दैव–** ना० [सं०] १. दुर्भाग्य; अभाग्य । २. खराब दिन; कुबेला ।

**दुर्धर्ष–** वि० [सं०] १. सजिलैसित वशमा गर्न नसकिने; दुर्जेय ।

**दुर्नाम–** ना० [सं०] १. नराम्रो हिसाबले चलेको नाम; कुख्याति; अपवाद; बदनामी । वि० २. खराब नाम भएको; बदनाम । > **दुर्नामी–** वि० दुर्नाम भएको; कुख्यात; बदनाम ।

**दुर्निग्रह–** वि० [सं०] दुःखले मात्र वशमा ल्याउन सकिने; सजिलैसँग वशमा ल्याउन नसकिने; अदम्य ।

**दुर्निमित्त–** ना० [सं०] कुलक्षणको पूर्वसङ्केत; अलच्छिन; अपशकुन ।

**दुर्निवार**/**दुर्निवार्य–** वि० [सं०] १.सजिलै हटाउन नसकिने । २. नभई नछाड्ने; अवश्यम्भावी ।

**दुर्नीति–** ना० [सं०] १. निन्दनीय तथा खराब नीति; कुनीति । २. नीतिविरुद्ध आचरण; अनाचार ।

**दुर्बच्चा–** ना० एक प्रकारको नेपाली गहना ।

**दुर्बल–** वि० [सं०] १. बल नभएको; निर्धो; शक्तिहीन; कमजोर । २. दुब्लो पातलो; ख्याउटे; सिकुटे । ३. शिथिल; गलेको । – **ता–** ना० दुर्बल हुनाको भाव वा अवस्था ।

**दुर्बुद्धि–** वि० [सं०] १. खराब वा हीनबुद्धि भएको; बुद्धि बिग्रेको; बुद्धि नभएको; हीनबुद्धि । ना० २. नराम्रो बुद्धि; कुबुद्धि, कुमति ।

**दुर्बोध–** वि० [सं०] सजिलैसँग बुझ्न नसकिने; दुर्ज्ञेय; कठिन ।

**दुर्भागिनी–** वि० [दुर्भागी+इनी] भाग्य बिग्रेकी; अभागिनी ।

**दुर्भागी–** वि० [सं० दुर्भग] भाग्य बिग्रेको; उल्टो र आपद्को परिस्थितिमा परेको; अभागी; कर्मखोटी ।

**दुर्भाग्य–** ना० [सं०] नराम्रो भाग्य; प्रतिकूल भाग्य वा स्थिति; दुःखी कर्म ।

**दुर्भाव**/**दुर्भावना–** ना० [सं०] १. नराम्रो भाव; खराब भावना । २. तुच्छ विचार; नराम्रो सोचाइ । > **दुर्भाव्य–** वि० मनले छिटै चिताउन वा कल्पना गर्न नसकिने ।

**दुर्भिक्ष–** ना० [सं०] कथ्य० दुर्भिच्छे । खाद्य वस्तुको अभाव वा सङ्कट; अकाल; अनिकाल ।

**दुर्भेद्य–** वि० [सं०] १. सजिलै छिचोल्न, छेड्न, फोर्न वा भेद्न कठिन पर्ने । २. सजिलै पार पाउन नसकिने । ३. बलियो; मजबुत; दृढ ।

**दुर्मति–** ना० [सं०] १. खराब बुद्धि; दुर्बुद्धि । २. साठी संत्सरमध्ये

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



एक । वि० ३. खराब बुद्धि भएको; हीनबुद्धि । ४. स्वाँठ; मूर्ख ।

**दुर्मना–** वि० [सं०] १. कालो मनपेट भएको; कपटी । २. दिक्दारीले मन सताएको; खिन्न; उदास ।

**दुर्मन्त्रणा–** ना० [सं०] अर्काको हानिनोक्सानी गर्ने सल्लाह; खराब सल्लाह ।

**दुर्मरण–** ना० [सं०] दुर्घटनाबाट हुने मृत्यु; अकालमै भएको मृत्यु ।

**दुर्मल्लिका–** ना० [सं०] रूपकका विभिन्न भेदमध्ये प्रधान; चार अङ्कमा लेखिएको एक रूपक ।

**दुर्मुख–** वि० [सं०] १. नराम्रो अनुहार भएको; कुरूप । २. मनमा बिभ्ने कुरा बोल्ने; बभौटे; मुखाले; चोथाले । ना० ३ साठी संवत्सरमध्ये एक । ४. गुप्तचर; जासुस । >**दुर्मुखा–** वि० १. नराम्रो बोलीबचन भएको; कुवाच्य बोल्ने । २. मुखाले; पचमुखा । ३. झगडालु । ४. नराम्रो अनुहारको; कुरूपा ।

**दुर्मुहूर्त–** ना० [सं०] अशुभ मुहूर्त वा खराब बेला; कुसाइत ।

**दुर्मेधा–** वि० [सं०] बुद्धि नभएको; मूर्ख; मन्दबुद्धि ।

**दुर्यश–** ना० [सं०] दुर्नाम; अपजस; बदनामी; दुष्कीर्ति ।

**दुर्योग–** ना० [सं०] राम्रो लक्षण नभएको योग; खराब योग; कुसाइत ।

**दुर्योधन–** वि० [सं०] १. ठूलठूला युद्धमा पनि धैर्य तथा साहससाथ लड्ने । २. अजेय । ना० ३. महाभारतप्रसिद्ध तथा महाभारतकै युद्धमा मारिने कुरुवंशीय एक राजा एवं धृतराष्ट्रका जेठा छोरा ।

**दुर्लक्ष्य–** वि० [सं०] १. मुस्किलले मात्र देखिने; बलैले ठम्याइने; प्रायः अदृश्य । ना० २. नजाती तथा नराम्रो लक्ष्य वा उद्देश्य; कुनियत ।

**दुर्लङ्घ्य–** वि० [सं०] मुस्किलले मात्र लङ्घन वा अतिक्रमण गर्न सकिने; सजिलैसँग नाघ्न नसकिने; अलङ्घ्य ।

**दुर्लभ–** वि० [सं०] सजिलैसित नपाइने; सितिमिति पाउन नसकिने; दुष्प्राप्य (वस्तु, मुद्रा, ग्रन्थ इ०) । ~**मुद्रा–** ना० प्राप्त गर्न गाह्रो पर्ने बहुमूल्य मुद्रा; अप्राप्य मुद्रा ।

**दुर्वचन–** ना० [सं०] १. मनमा च्वास्स बिभ्ने बोली वा वचन; कटुवचन । २. सराप; गाली ।

**दुर्वर्ण–** ना० [सं०] १. खराब वा नराम्रो अक्षर । २. चाँदी । वि० ३. श्वेतकुष्ठ भएको । ४. खराब रङ्गरोगनको ।

**दुर्वह–** वि० [सं०] १. बोक्न मुस्किल पर्ने; ज्यादै गह्रौं । २. सहन नसकिने; असह्य; दुःसह ।

**दुर्वाच्य–** वि० [सं०] १. मुखबाट उच्चारण गर्न नहुने; बोल्न नहुने; कुवाच्य । २. निष्ठुर; कठोर । ना० ३. खराब बोली; दुर्वचन । ४. सराप; गाली ।

**दुर्वात–** ना० [सं०] चिसो आदिको कारणबाट वात कुपित भएर उत्पन्न हुने एक प्रकारको रोग; आङअठिङ्गर र शरीरका जोर्नीमा पीडा गराउने खराब बाथरोग ।

**दुर्वासना–** ना० [सं०] १. मानसिक कुवासना; नराम्रो मनोभावना; मनको खराब प्रवृत्ति; खराब वासना । २. मनमा गडेर बसेको, विषयभोगसम्बन्धी संस्कार; कुसंस्कार । ३. पूर्ण नहुने मनको इच्छा ।

**दुर्वासा–** ना० [सं०] १. पुराणप्रसिद्ध क्रोधी स्वभावका एक ऋषि । वि० २. अत्यन्त रिसाउने स्वभाव भएको; रिसाहा ।

**दुर्विनीत–** वि० [ सं०] १. विनय नभएको; नम्रता नभएको; अविनीत । २. जिद्दीवाल; हठी ।

**दुर्विपाक–** ना० [सं०] १. खराब परिणाम; कुपरिणाम; दुष्परिणाम । २. खराब संयोग; नचिताएको काम । ३. दुर्भाग्य ।

**दुर्वृत्त–** वि० [सं०] १. नराम्रो चालचलन भएको; दुराचारी; दुश्चरित्र । ना० २. निन्दनीय चालचलन; खराब आचरण । ~**सूची–** ना० १. कानुनी रूपले बात लागेका व्यक्तिको वा अनैतिक कार्य गरेबापत सुरक्षाका दृष्टिले तयार गरिएको नामको सूची; कुख्यातहरूको नामावली । २. सजाय पाएका अपराधीहरूको नाम, सजाय भोगेको समय आदि उल्लेख गरिएको सूची । >**दुर्वृत्ति–** १. खराब वृत्ति वा पेसा; नराम्रो वा अनैतिक आचरण । २. कपटपूर्ण व्यवहार; धोका; छल ।

**दुर्वृष्टि–** ना० [सं०] अनावृष्टि; अकाल; सुक्खा ।

**दुर्व्यवस्था–** ना० [सं०] खराब वा नराम्रो व्यवस्था; कुप्रबन्ध; अव्यवस्था ।

**दुर्व्यवहार–** ना० [सं०] १. खराब चालचलन; अनुचित तथा अभद्र व्यवहार । २. नराम्रो कुराकानी ।

**दुर्व्यसन–** ना० [सं०] १. सामाजिक दृष्टिले नराम्रो मानिएको आदत; नराम्रो आनीबानी; कुलत । २. मदिरा, मद्य, जुवा आदिमा लगातार प्रवृत्त हुने बानी । >**दुर्व्यसनी–** वि० दुर्व्यसनमा लागेको; कुलतमा परेको ।

**दुर्हृद्/दुर्हृदय–** वि० [सं०] १. खोटो वा खराब हृदय भएको; कुटिल स्वभावको; कपटी; दुष्टात्मा; दुरात्मा । ना० २. विरोधी वा शत्रु ।

**दुलहा–** ना० [सं० दुर्लभ] १. भर्खरै बिहे भएको वा छिटै बिहे हुने वर; बेहुलो; दुलाहा । २. पति; लोग्ने; पोइ । – **जी–** ना० १. सम्पन्न व्यक्तिहरूले आफ्नी छोरी बिहा गरी दिनलाई टाढाबाट झिकाएको वर; डोला; डोलाजी । २. घरज्वाइँ । > **दुलही–** ना० १. कन्यादानका निम्ति विधिपूर्वक मण्डपमा ल्याइएकी कन्या; बेहुली । २. भाइ, छोरा, भतिजा आदिकी पत्नी; बुहारी । ३. श्रीमती; स्वास्नी; जहान । **दुलहो–** ना० दुलहा ।

**दुलान–** ना० [√ दुरान] १. दुलही भित्र्याएपछि भेलिपल्टपर्सिपल्ट वा सोह्र दिनभित्र कुनै दिन दुलही दुलाहाका साथ माइत जाने काम; सोह्रदिने साइत । २. नयाँ दुलही (विवाहमा मात्र सीमित ) ।

**दुलाल–** ना० [सं०दोलयन्] १. यताउति हल्लने वा झुल्ने काम; घुमाइ । २. एक प्रकारको चम्पा फूल । ३. नेपालीहरूको एक थर । – **घाट–** ना० काभ्रे र सिन्धु जिल्लाको बीचमा सुनकोसी र इन्द्रावतीको सङ्गम भएको ठाउँ; दोलालघाट । > **दुलालेश्वर–** ना० सोही ठाउँमा रहेका प्रतिवर्ष माघे सङ्क्रान्तिका दिन ठूलो

मेला लाग्ने महादेव ।

**दुलो**– ना० [सं० द्वार] १. कुनै ठाउँमा परेको छिद्र; काठ, बाँस आदि कुनै पनि वस्तुमा परेको टोड्को; प्वाल । २. पहाड वा कुनै भागमा परेको, मानिस पस्न सक्ने प्वाल; सुरुङ; गुफा । ३. भड्खारो; डाँडारो ।

**दुवन्नी**– ना० [दुई+आना+ई] दुई आनाको समुदाय; दुअन्नी ।

**दुवा**– ना० [दुई+उवा] १. तास, गन्जिफा आदि खेलका साधनको दुई फुट्टी भएको पत्ती वा चक्की; दुक्की । २. पासा, पच्चीस आदिका खेलमा दुई पोटको दाउ ।

**दुवाल**– ना० १. तेल हाल्ने काठको ठूलो भाँडो; गरियो । २. नेवार जातिको एक थर ।

**दुवाली/दुवालो**– ना० [दुवाल+ई/ओ] १. एकोहोऱ्याई साँघुऱ्याएको खोलाको मुहानमा माछा अल्झाउन थापिने एक प्रकारको पासो; ठूलो खालको ढडिया । २. माछा मार्न वा जाल थाप्न बनाइएको खोलाको साँघुरो मुहानमा गाडिने छेका वा बार ।

**दुवै**– क्रि० वि० [दुई+ऐ] १. दुइटा नै; दुईवटै; दुइटा मात्र । वि० २. गन्तीका क्रममा जोड दिँदा दुई सङ्ख्यामा पर्ने; सो सङ्ख्याको ।

**दुवो**– ना० [प्रा० दुइ] दण्डीबियोको खेलमा दुईलाई बुझाउने शब्द ।

**दुश्चरित/दुश्चरित्र**– ना० [सं०] १. खराब चरित्र; नराम्रो आचरण; दुराचार । २. दुष्कर्म; पाप । वि० ३. नराम्रो चरित्र वा आचरण भएको; चरित्रहीन; चरित्रभ्रष्ट । स्त्री० दुश्चरित्रा ।

**दुश्चिकित्स्य**– वि० [ सं०] सजिलोसित औषधी उपचार गर्न नसकिने; औषधीमूलो गर्न गाह्रो पर्ने (रोग, अवस्था आदि) ।

**दुश्चेष्टा**– ना० [सं०] १. कुचेष्टा; खराब चेष्टा । २. असाध्य बिमारीका रोगीहरूमा देखिने कुलक्षण ।

**दुश्शील**– वि० [सं०] नराम्रो स्वभाव भएको; दुष्ट स्वभावको ।

**दुष्कर**– वि० [सं०] १. कष्टसँग मात्र गर्न सकिने; दुःखसाध्य; कष्टसाध्य । ना० २. सजिलोसित गर्न नसकिने काम; कठिन वा कष्टसाध्य कार्य ।

**दुष्कर्म**– ना० [सं०] १. खराब वा निन्दनीय काम; कुत्सित कर्म; कुकर्म । २. अपराध; पाप । > **दुष्कर्मा/दुष्कर्मी**– वि० दुष्कर्म गर्ने; कुकर्मी । २. अपराधी; पापी ।

**दुष्काल**– ना० [सं०] १. खराब वा नराम्रो समय; कुयाम । २. अनिकाल, दुर्भिक्ष । ३. प्रलय ।

**दुष्कीर्ति**– ना० [सं०] नराम्रो कीर्ति;अपजस; कुख्याति; बदनामी ।

**दुष्कुल**– ना० [सं०] १. निम्न कुल; तुच्छ घराना । वि० २. निम्न कुलको; तुच्छ घरानाको । > **दुष्कुलीन**– वि० तुच्छ घरानाको; निम्न कुलको ।

**दुष्कृत**– ना० [सं०] १. नराम्रो वा खराब काम; दुष्कर्म । २. पाप; अपराध । > **दुष्कृति**– ना० १. अपराध; पाप । **दुष्कृती**– वि० १. नराम्रो काम गर्ने; कुकर्मी । २. दुष्कर्मी । ३. पापी; अपराधी । **दुष्कृत्य**– ना० १. खराब काम; दुष्कर्म; कुकर्म । २. अपराध; पाप ।

**दुष्क्रम**– ना० [सं०] १. अनुचित वा कठिन क्रम । २. साहित्यमा अर्थसम्बन्धी दोष मानिने क्रमको उपेक्षा । – **ता**– ना० कुरामा क्रम नमिल्दो हुँदा अर्थदोष हुने भाव वा अवस्था ।

**दुष्ट**– वि० [सं०] १. अर्कालाई दुःख दिने स्वभाव भएको; दुर्जन । २. दोषयुक्त; दोषी । ३. छुच्चो; दुच्छर । ४. दोष भएको; दूषित; बिटुलो । ~ **चेता**– वि० दुष्ट स्वभावको; अशुभचिन्तक; दुर्जन । – **ता**– ना० १. दुष्ट हुनाको भाव वा अवस्था; दुष्टयाइँ । २. छोटोपन; क्षुद्रता । – **पन**– ना० दुष्टता । ~ **बुद्धि**– वि० अर्काको कुभलो चिताउने बुद्धि भएको; खराब स्वभावको । >**दुष्टा**– वि० १. (दुष्टको स्त्रीरूप) दुष्ट स्वभाव भएकी । २. वेश्या; कुलटा; असती ।

**दुष्टाचार**– ना० [सं०] खराब आचरण; नराम्रो बानीबेहोरा । > **दुष्टाचारी**– वि० दुष्टाचार भएको; दुराचारी ।

**दुष्टात्मा**– वि० [सं०] दुष्ट आत्मा भएको; खराब स्वभावको; दुरात्मा ।

**दुष्टयाइँ**– ना० [दुष्ट+याइँ] दुष्ट हुनाको भाव, स्वभाव वा अवस्था; दुष्टता ।

**दुष्पर्श**– वि० [सं०] १. छुन मुस्किल पर्ने; छोइनसकिने । २. छिटै नपाइने; दुष्प्राप्य । >**दुष्पर्शा**– ना० छुँदा घोच्ने वा पोल्ने झार; सिस्नो । २. काउछो; बिहीँ ।

**दुष्प्रकृति**– ना० [सं०] १. खराब प्रकृति वा स्वभाव; दुष्प्रवृत्ति; दुष्ट स्वभाव । २. दुश्चरित्र; नराम्रो आचरण । वि० ३. नराम्रो आनीबानी भएको; खराब प्रकृतिको ।

**दुष्प्रभाव**– ना० [सं०] नराम्रो प्रभाव ।

**दुष्प्रयास**– ना० [सं०] खराब प्रयास; नराम्रो साहस; दुस्साहस ।

**दुष्प्रवृत्ति**– ना० [सं०] १. नराम्रो वा खराब स्वभाव; दुष्प्रकृति । वि० २. खराब स्वभाव भएको; नराम्रो बेहोरा भएको; नीच प्रवृत्तिको ।

**दुष्प्राप्य**– वि० [सं०] १. सजिलै पाउन नसकिने । २. मुस्किलले मात्र पाइने; दुर्लभ ।

**दुष्प्रेक्ष्य**– वि० [सं०] १. सजिलैसित हेर्न वा देख्न नसकिने; अदर्शनीय । २. हेर्नै नसकिने; हेर्न गाह्रो पर्ने । ३. एक टकले हेर्न नसकिने; स्थिर दृष्टि नभएको । ४. हेर्दैमा डर लाग्ने; भीषण; भयङ्कर ।

**दुष्यन्त**– ना० [सं०] पुरुवंशका पुराणप्रसिद्ध एक राजा; 'अभिज्ञान शाकुन्तलम्' नाटकका नायक; शकुन्तलाका पति ।

**दुसाध**– ना० [सं०] १. खराब स्वभाव भएको; दुर्जन; दुष्ट । २. भूतप्रेत; पिशाच । ३. नेपालको तराई क्षेत्रमा रहने एक जाति ।

**दुस्तर**– वि० [सं०] १. मुस्किलसँग तर्न सकिने; तर्न गाह्रो पर्ने । २. तर्न नसकिने; पार पाउन कठिन ।

**दुस्ताज्य**– वि० [सं०] त्याग गर्न नसकिने; छाड्न नहुने ।

**दुस्थिति**– ना० [सं०] लथालिङ्ग भएर बिग्रेको हालत; खराब अवस्था ।

**दुस्मन**– ना० [फा० दुश्मन] शत्रु; अमित्र; अरि; वैरी । > **दुस्मनी**– ना० दुस्मन हुनाको भाव वा अवस्था; शत्रुता; वैरभाव ।

**दुस्सह**– वि० [सं०] १. कठिनसँग सहन सकिने । २. सहन नसकिने; असह्य ।

**दुस्साहस**– ना० [सं०] १. खराब काममा प्रवृत्त हुने आँट; दुष्प्रयास । वि० २. नराम्रो आँट भएको । – **वाद**– ना० शत्रुपक्षको ठूलो शक्तिलाई आँक्तै नआँकी आफ्नो सानो शक्ति र सामान्य तयारीले नै जित्न खोज्ने आँट वा विचार । – **वादी**– वि० दुस्साहसवादको अनुयायी; दुस्साहसी । > **दुस्साहसी**– वि० दुस्साहस गर्ने ।

**दुहाइ**– ना० [√ **दुहु** (+आइ)] दुहुने भाव, क्रिया वा प्रक्रिया । [>] **दुहाइनु**– क० क्रि० दुहुन लाइनु ।

**दुहाई**– वि० बो० [सं० द्वि+आह्वाय] १. कुनै बिमारी हटाउन झारफुक गर्दा प्रयोग गरिने शब्द; दोहोलो । २. सङ्कटमा परेका बेलामा रक्षाका निम्ति अरूलाई बोलाउने शब्द; गुहार । ३. दुःखका बेलामा कतैबाट सहायता पाउन दीनतापूर्वक गरिने याचना ।

**दुहाउनु**– प्रे० क्रि० [दुहु+आउ+नु] दुहुन लाउनु; दुहुने पार्नु ।

**दुहिता**– ना० [सं०] १. छोरी । २. विवाह मण्डपमा बेहुलाबेहुलीले पासा खेल्दा उनीहरूको शिरमाथि ढाकी लावा, फूल, अक्षता आदि हालेर चलाइने कपडा ।

**दुहिनु**– क० क्रि० [दुहु+इ+नु] दुहुने काम गरिनु; गाईबस्तुको थुन निचोरेर दूध निकालिनु ।

**दुहु-नु**– स० क्रि० [सं० दुह+नु] १. गाईभैंसी आदिको थुन निचोरी दूध निकाल्नु; बस्तुभाउबाट दूध झिक्नु । २. कुरो धुत्नु; मन चोर्नु । ३. बाटिएको धागो वा डोरी आदिका पोया छुट्ट्याउन हातले सेप्नु; खिप्नु । ४.कुनै वस्तु सित्तैं फुत्काएर लिनु । >**दुहुवा**– वि० १. मनका कुरा धुत्न सक्ने । २. दुहेर लिने; दुहुने खालको ।

**दुहुनी**– वि० [सं० दोहनी] १. दूध दिइरहेको; नथाकेको; बियाएको; लैनो (गाईभैंसी) । ना० २. दूध; ओलन ।

**दुहुनो**– वि० [सं० दोहन] १. दूध दिने; लैनो (गाई, भैंसी आदि); दुहुनी ।

**दूत**– ना० [सं०] १.खबर वा सन्देश ओहोरदोहोर गर्ने व्यक्ति; विमष्यार्थ, मितार्थ र शासनहारक नामका तीन दूतमध्ये कुनै एक; सन्देशवाहक; चर । २. राजनीतिक कार्यका निम्ति एक देशबाट अर्का देशमा गएर बसी कूटनैतिक काम गर्ने प्रतिनिधि; राजनीतिक प्रतिनिधि; राजदूत । ३. प्रेमीप्रेमिकाको सन्देश ल्याउने वा लाने पात्र । ४. यताको कुरा उता र उताको कुरा यता लगाई झगडा पार्ने व्यक्ति; छुल्याहा । ५. कनसुत्लो लागेर गोप्य कुरा फेला पार्ने व्यक्ति; गुप्तचर । ६.नाटकका नायकको सन्देशवाहक; नाटकका नायकको एक किसिमको सहायक । > **दूतक**– ना० १. प्राचीन कालमा राजामहाराजाका आज्ञा तथा सन्देशहरू जनतामा प्रचार गर्ने व्यक्ति (कर्मचारी) । २. दूत । **दूतत्व**– ना० दूतले गर्नुपर्ने काम; दूत हुनाको काम, भाव वा अवस्था । **दूतावास**– ना० कुनै देशमा अन्य देशका राजदूत, वाणिज्यदूत आदि अधिकारीहरू रहने ठाउँ; राजदूतको आवास वा कार्यालय ।

**दूतिका/दूती**– ना० [सं०] १. दूतको काम गर्ने नारी; दूती । २. साहित्यमा, प्रेमीप्रेमिकाका सन्देश वा चिठीपत्रहरू ओहोरदोहोर पार्ने स्त्री; कुटुनी ।

**दूध**– ना० [सं० दुग्ध] १. स्तनपायी प्राणीका स्त्रीजातिका स्तनबाट बच्चालाई खुवाउन निस्कने सेतो वा हल्का पहेँलो रङको पौष्टिक तरल पदार्थ; दुग्ध; ओलन । २. स्त्रीजातिका छातीमा हुने दुई मांसपिण्ड; कुच; स्तन । ३. पुरुषजातिका त्यस्तै अवयव । ४. बस्तुभाउको दूध रहने फाँचो; कल्चौंडो; त्यस फाँचोबाट आउने सेतो तरल पदार्थ । ५. फलफूल र रूखपातबाट आउने सेतो तरल पदार्थ; चोप । ~ **कटुवा**– वि० आमाको दूध पर्याप्त समयसम्म खान नपाएको; कारणवश दूध खानबाट वञ्चित भएको (बालक) । ~ **कमल**– ना० दूधजस्तै सेतो हुने र रूखमा फुल्ने एक थरी फूल । ~ **केवँरा**– ना० सेतो फूल फुल्ने एक जातको केवँरा; सेतो केवँराको फूल । ~ **कोसी**– ना० नेपालको पूर्वोत्तर भेगमा पर्ने महालङ्गुर हिमालयबाट निस्की सुनकोसीमा मिल्ने एक नदी; सप्तकोसीमध्ये एक । ~ **खुवा**– ना० नौनी झिकिसकेपछि फटाएर बनाइएको दूधको पदार्थ; छुर्पी; दुर्खा । ~ **गन्धक**– ना० सेतो रङको गन्धक । ~ **गाभो**– ना० एकदमै सेतो गुभा हुने एक प्रकारको गाभो । – **दानी**– ना० दूधको मुन्टाको आकारको प्लास्टिक वा सिसीको एकापट्टि मुन्टो लगाई बालकलाई दूध खुवाउने भाँडो । ~ **पोखरी**– ना० नेपालको मध्यपश्चिम भागको चेपे नदीको शिरमा पर्ने जनैपूर्णिमाका दिन मेला लाग्ने एक तीर्थ; दूधकुण्ड । – **बरी**– ना० दूधबाट बनाइने, डल्ला भएको एक प्रकारको रसदार मिठाई । ~ **मुखा/मुखे**– वि० आमाको दूध खाँदै गरेको; दूध नछुटेको; दूधे (बालक) । – **राज**– ना० १. रोपेको नब्बेदेखि सय दिनका बीचमा पाक्ने, एकदमै सेतो चामल हुने एक जातको धान । २. टाउको कालो, शरीर सेतो र कल्कीजस्तो लामो पुच्छर हुने एक जातको चरो । ~ **लिङ्ग**– ना० एउटै दूध खाने आमाका दिदीबहिनीपट्टिका सन्तान; भान्जाभान्जी ।

**दूधे**– वि० [दूध+ए] १. दूधसम्बन्धी; दूधबाट तयार भएको; दूधजस्तो । २. दूध खाने; दूधमुखे (बालक) । ना० ३. सेल पकाउँदा मोटो पार्न पिठोमा रस मिसाइने एक थरी बोट । ४. दूध आउने रूख । ५. फापरका जस्तै तर तीन खण्डमा छुट्टिने दाना लाग्ने, बाटुला पात हुने, पात र डाँख्ला भाँच्दा दूध निस्कने, बस्तुले घाँस खाने एक झार; भुइँदुधिलो । ~ **आन्द्रो**– ना० खाएको दूध पाकस्थलीमा जाने आन्द्रो; ज्यादै नाजुक र कोमल आन्द्रो । ~ **ओठ**– ना० कलिलो, नरम ओठ । ~ **कर्कलो**– ना० हरियो-पहेँलो पात र नरम सेता डाँठ हुने, नकोक्याउने एक जातको कर्कलो । ~ **खरी**– ना० दूधजत्तिकै सेतो हुने एक

जातको खरी ढुङ्गो । ~ **गाला–** ना० आमा वा धाईआमाको दूध चुसेर पुष्ट मोटाएको गाला; कलिलो गाला । ~ **घाँस–** ना० दूधे; दुग्धी । ~ **च्याउ–** ना० प्रायः रूखमा उम्रिने पहेँलो र फुस्रो रङको खान हुने एक जातको च्याउ । ~ **झार–** ना० १. वरिपरि करौँतीको जस्तो धार भएका खस्रा पात हुने, सेता गुच्छाकार फूल फुल्ने, हरिया रङका मसिना फल फल्ने, डाँठ्ला र पात चुडिँदा दूध आउने एक जातको झार; भुइँदुधिलो; दूधे । २. पीपलका जस्ता मसिना पात र चिल्ला डाँठ हुने, राता, सेता फूल फुल्ने, नालुका जस्ता दाना लाग्ने र चुडिँदा दूध आउने एक बर्खे झार; तीतेझार । ~ **पिँडालु–** ना० काँचै खाँदा पनि नकोक्याउने एक जातको पिँडालु । ~ **बालक–** ना० आमाको दूध चुस्ने अवस्थाको बालक । ~ **बिराली–** ना० बिदारी कन्दका जातको, चोप निस्कने एक प्रकारको लहरो; त्यस्तै लहराको कन्द; बिदारीकन्द । ~ **भाइ–** आफूलाई दूध खुवाउने धाईको छोरो; बुबूको छोरो; दूधका नाताको भाइ । ~ **मरुई–** ना० लाम्चा आकारका ठूलठूला पात हुने, सेतो फूल फुल्ने र दूध निस्कने, लाम्चा फल लाग्ने एक लहरो; सोही लहराको फल; मोरट । ~ **लहरो–** ना० लाम्चा, हरिया पात हुने सेता जातको फूल फुल्ने, दूध निस्कने, आयुर्वेदअनुसार कुष्ठ, जरो, प्रदर आदि रोगमा हित गर्ने, कालो र सेतो दुई भेद भएको, एक जातको लहरो; त्यसैको फल ।

**दून–** ना० हे० दुन ।

**दूबो–** ना० हे० दुबो ।

**दूर–** वि० [सं०] १. देश, काल, स्थान, सम्बन्ध आदिका दृष्टिले कुनै निश्चित वस्तु, बिन्दु, व्यक्ति आदिभन्दा धेरै अन्तर भएको; निकै परको; टाढाको । क्रि० वि० २. त्यस्तो अन्तर वा फरकमा; निकै पर वा टाढा हुने गरी टाढा; पर । – **गामी–** वि० टाढासम्म जाने; धेरै पर पुग्ने । > **दूरङ्गमा–** ना० बौद्ध धर्मका अनुसार दशभूमि र त्रयोदशभूमिको सातौँ भूमि । ~ **चित्र–** ना० विद्युत्का सहायताले दूरीमा प्रस्तुत गरिने चित्र वा प्रतिकृति ( टेलिफोटोग्राफ) । – **ता/त्व–** ना० दूर हुनाको भाव वा अवस्था; दूरी । ~ **दर्शक–** ना० १. विद्वान्; पण्डित । वि० २. दूरदृष्टि भएको; दूरदर्शी । ३. पछि आउने परिणामको विचार पुऱ्याउने । ४. बुद्धिमान् । ~ **दर्शक यन्त्र–** ना० टाढासम्मको वस्तुलाई देखाउने यन्त्र; दूरबीन; दूरवीक्षक । ~ **दर्शन–** ना० १. टाढासम्म दृष्टि पुऱ्याउने वा त्यहाँका दृश्यहरू अवलोकन गर्ने काम । २. पछिसम्मका कुराको सोचाइ वा सम्झाइ । ३. बिजुलीको यन्त्रद्वारा टाढाको वस्तु, दृश्य, कार्यक्रम आदिलाई प्रदर्शित गर्ने काम । ४. त्यस्तो कार्यक्रमको प्रदर्शन गर्ने यन्त्र; बोल्ने, गाउने व्यक्तिहरूको स्वर सुन्नुका साथसाथै उनीहरूको अनुहार तथा हाउभाउ पनि देखिने रेडियोका ढाँचाको एक वैज्ञानिक उपकरण; टेलिभिजन । ~ **दर्शिता–** ना० १. दूरदर्शी हुनाको भाव वा अवस्था । २. धेरै पछि हुने कुराको विचार गर्ने गुण वा शक्ति । – **दर्शी–** वि० १. धेरै पछिसम्म हुने कुराको विचार पुऱ्याउने; भविष्यचिन्तक । ना० २. पण्डित; विद्वान् । – **दुहाइ–** ना० १. कुनै वस्तु वा अवस्थादेखि डराएर पर भाग्ने काम वा अवस्था । २. धोका पाएर वा अन्य कुनै कारणवश त्यस्तो काम फेरि नगर्ने हिसाबले गरिने प्रतिज्ञा; चेतेर होस पुऱ्याउने काम; कायल; चेतबाबा काशी । वि० ३. डराएको; भयभीत । ४. कायल भएको । ~ **दृष्टि–** ना० भविष्यका कुराको विचार गर्ने गुण वा शक्ति; दूरदर्शिता । ~ **निरीक्षक–** ना० दूरबिन । – **बिन–** ना० टाढा रहेका वस्तुलाई नजिकै भएजस्तै गरी स्पष्ट र ठूलो पारेर देखाउने यन्त्र; दूरवीक्षण; दूरनिरीक्षक । – **भाष–** ना० टाढा बोलेको कुरालाई सुनाउने यन्त्र; आकाशवाणी; वायरलेस; बेतारको तार । ~ **मुद्रण–** ना० कुनै ठाउँबाट टाइप गर्दा विद्युत्शक्तिको सहायताले टाढाको अर्को ठाउँमा आफै टाइप हुने प्रक्रिया; टेलिप्रिन्टिङ । ~ **मुद्रण यन्त्र–** ना० त्यस्तो आफैँ टाइप हुने यन्त्र; टेलिप्रिन्टर । – **वर्ती–** वि० धेरै टाढा पर्ने; टाढा रहेको; दूरस्थ । ~ **वाणी–** ना० दूरभाष; टेलिफोन । – **वीक्षण–** ना० १. टाढाको वस्तुलाई हेर्ने यन्त्र; दूरबीन । २. टाढासम्म देख्ने काम । – **व्यापी–** वि० १. दूर ठाउँसम्म प्रभावित रहने । २. धेरै पछिसम्म असर रहिरहने । ~ **सञ्चार–** वि० धेरै टाढाटाढासम्म समाचार, सूचना आदि आदानप्रदान गर्ने; एक ठाउँदेखि अर्का ठाउँमा खबरसमाचार आदि पुऱ्याउने (क्रिया-प्रक्रिया आदि) । ~ **सञ्चार सेवा–** ना० टाढाटाढासम्मका लागि समाचार, सूचना आदिको आदानप्रदानको कार्य गरिने सेवा । – **स्थ/स्थित–** वि० टाढा रहेको; परै रहेको; दूरवर्ती । **दूरागत–** वि० धेरै टाढाबाट आएको; दूर देशबाट आएको । **दूरान्वय–** ना० १. विशेषण र विशेष्य, कर्ता र कर्म आदि उपयुक्त ठाउँमा नरही वरपर रहनाले अन्वय गर्न अप्ठ्यारो हुने स्थिति । २. साहित्यिक रचनामा त्यस्तो क्लिष्टता उत्पन्न हुने एक दोष ।

**दूरी–** ना० हे० दुरी ।

**दूर्वा–** ना० [सं०] दुबो । > **दूर्वाष्टमी–** ना० हिन्दूहरूले व्रत बस्ने भाद्र शुक्ल अष्टमीको दिन ।

**दूषक–** वि० [सं०] १. अरूलाई दोष लगाउने; अरूमाथि दोष थोपर्ने । २. अर्काको निन्दा गर्ने; निन्दक । ना० ३. अरूमाथि दोषारोपण गर्ने व्यक्ति; दोष लाउने मानिस । ४. दुष्ट स्वभावको व्यक्ति । ५. घाउ लागेको ठाउँमा पकाउने वा दूषित पार्ने एक प्रकारको औषधी ।

**दूषण–** ना० [स०] १. दोष लाउने क्रिया वा भाव; दोषारोपण । २. दोषयुक्त स्वभाव; दोष । ३. अवगुण; बैगुन; नजातीपन । ४. रावणका भाइहरूमध्ये रामद्वारा पञ्चवटीमा मारिएको एक भाइ । > **दूषणीय–** वि० १. दोष लगाउन सकिने । २. दोष निकाल्न सकिने ।

**दूषिका–** ना० [सं०] १. आँखाका कोसमा जम्ने मल; कचेरा; चिप्रा । २. चित्र बनाउने कूची ।

**दूषित–** वि० [सं०] १. दोष भएको; दोषयुक्त; दोषी । २. खराब; नजाती; निन्दित । ~ **धुवाँ–** ना० प्राणीका स्वास्थ्यलाई असर गर्ने विषाक्त धूवाँ । ~ **बाफ–** ना० प्राणीहरूका स्वास्थ्यलाई हानि गर्ने खालको विषाक्त बाफ । ~ **विश्वास–** ना० नृतत्त्वशास्त्रका अनुसार अभिचारको भावनाले प्रेरित भएर गरिएको विश्वास वा आस्था । ~ **हावा–** ना० प्राणीहरूका स्वास्थ्यलाई हानि गर्ने दूषित वायु; विषाक्त हावा ।

**दृक्–** ना० [सं०] १. आँखा; नजर । २. हेर्ने काम; हेराइ । ३. ज्ञान । – **पथ–** ना० दृष्टिपथ । > **दृग्गोचर–** वि० आँखाअगाडि परेको वा सामुन्नेको; दृष्टि पुगेको; नजिकैको ।

**दृढ–** वि० [सं०] १. भित्री वा बाहिरी कुनै कारणले पनि आफ्नो स्थानबाट ढलपल नहुने; अचल; अडिग । २. बलियो; दह्रो; दह्रिलो; हट्टाकट्टा । ३. धेरै दिनसम्म अड्ने; टिकाउ; खपाउ । ४. हेरफेर नहुने; फरक नपर्ने; पक्का । ५. आफ्नो विचारमा अडिग रहने; सिद्धान्त स्थिर भएको । – **कर्मा–** वि० पूर्ण विश्वास तथा स्थिरताका साथ आफ्नो काममा लाग्ने; लक्ष्यबाट विचलित नहुने । – **ता/त्व–** ना० १. दृढ हुनाको भाव, गुण वा अवस्था । २. दह्रिलोपन; मजबुती । ~ **निश्चय–** ना० आफ्नो विचार वा सिद्धान्तमा अडिरहने; आफ्नो निश्चयबाट पर नहट्ने । ~ **प्रतिज्ञ–** वि० आफूले बोलेका कुरा पुऱ्याउने; आफ्नो प्रतिज्ञा वा वचनको पालना गर्ने । – **व्रत/व्रती–** वि० आफ्नो सङ्कल्प वा मनले आँटेका कुरामा दृढ रहने; दृढप्रतिज्ञ । ~ **सन्धि–** वि० फेरि नछुट्ने; नफुक्लने गरी जोडिएको वा मिलेको; बलियो जोर्नी भएको ।

**दृति–** ना० [सं०] १. शरीरका बाहिरपट्टि आवरणको रूपमा रहने वस्तु; चर्म; छाला । २. छालाबाट बनेको थैलो वा भाँडो; चर्मपात्र । ३. गाईगोरुका गलामा झुन्डिएको छालाको पातलो लुर्कन; माल ।

**दृश्य–** वि० [सं०] १. हेर्न वा देख्न सकिने; देखिने; चाक्षुस (दृश्य जगत् वा दृश्य वस्तु) । २. ठीकसँग जान्न वा बुझ्न सकिने; ज्ञेय र स्पष्ट । ३. हेर्न लायक; दर्शनीय; मनोहर; सुन्दर । ना० ४. देखिने वा हेर्न योग्य प्राकृतिक वा निर्मित स्थल, घटना, पदार्थ, वस्तु आदि । ५. दर्शनीय स्थान । ६. साहित्यमा, अभिनय हुन सक्ने वा हुने रचना; अभिनय काव्य; नाटक । ७. नाटकको मञ्चनमा एक अङ्कभित्र अघिल्लो पर्दा खुलेर फेरि त्यही पर्दा बन्द नभएसम्मको एक अंश वा भाग; नाटकमा प्रस्तुतीकरणको सुविधाका दृष्टिले छुट्ट्याइएका कुनै एक घटनाको विभाग । ८. आँखाकै अगाडि भएको कुनै तमासा वा मनोरञ्जक व्यापार । ९. गणितमा अङ्कको रूपमा दिइएको ज्ञात सङ्ख्या । १०. शिक्षणकार्यमा प्रयोग गरिने स्लाइड, पोस्टर आदि सामग्री । ~ **काव्य–** ना० काव्यका श्रव्य र दृश्य दुई भेदमध्ये अभिनयद्वारा प्रस्तुत गर्न सकिने एक भेद; अभिनेय काव्य; नाटक; रूपक । – **मान–** वि० १. देखिने; देखिएको; दृष्टिगोचर भएको; आँखामा परेको । २. प्रकाशमान; चहकिलो ।

**दृश्यात्मक–** वि० [सं०] १. देखिने तत्त्वहरू बढी भएको; आँखाले ग्रहण गर्नुपर्ने । २. देखाइने उद्देश्य राखिएको; प्रदर्शनात्मक (नाटक आदि) । – **ता–** ना० दृश्यात्मक हुनाको क्रिया, भाव वा स्थिति ।

**दृश्यावली–** ना० [सं०] दृश्यहरूको पङ्क्ति; पङ्क्तिबद्ध रूपमा देखिने दृश्यसमूह ।

**दृश्यांश–** ना० [सं०] चलचित्र आदिमा प्रासङ्गिक देखिने तर छोटो अंश; अभिनेय वस्तुको सानो टुक्रो ।

**दृष्ट–** वि० [सं०] १. आँखा अगाडि परेको; देखिएको । २. जानिएको; ज्ञान गरिएको । ३. छर्लङ्ग भएको; प्रत्यक्ष । ना० ४. अनुभव; ज्ञान । ५. दर्शन; अवलोकन । ६. साक्षात्कार; प्रत्यक्षीकरण । – **जा–** ना० नछुने भएकी केटी; रजस्वला भएकी कन्या । – **वत्–** वि० १. देखिएबराबरको; प्रत्यक्ष भएझैँ । २. लौकिक; सांसारिक ।

**दृष्टान्त–** ना० [सं०] १. प्रसङ्गमा आएका विषयवस्तुलाई छर्लङ्ग्याउने विषय वा वाक्य; प्रस्तुत गरिने उदाहरण । २. उपमान र उपमेयका धर्महरूमा सादृश्य भएका खण्डमा पर्ने एक अलङ्कार ।

**दृष्टार्थ–** वि० [सं०] १. सबैले सम्झने, बुझ्ने गरी अर्थ स्पष्ट भएको; सजिलैसित माने लाग्ने । २. व्यावहारिक; चलनमा आएको ।

**दृष्टि–** ना० [सं०] १. हेरेर ज्ञान प्राप्त गरिने वा जानिने-बुझिने भाव, वृत्ति वा शक्ति; हेर्ने काम; हेराइ; अवलोकन । २. हेर्ने इन्द्रिय; आँखा; नयन; नेत्र । ३. कुनै काम वा व्यवहारप्रतिको सोद्देश्य विचार वा राय । ४. कुनै कुरा पाउने लालसाले हेर्ने काम; लोलुप हेराइ । ५. लोकधारणाअनुसार बोक्सीविद्या जानेका आइमाईको र डाइनी आदिको हेराइ; कुदृष्टि । ६. दृष्टिबन्धक; दृष्टिबन्धकी (तमसुक) । ७. वास्तु वा मूर्तिकलाका अनुसार सात मात्राबराबरको नाप; सात अङ्गुलबराबरको नाप । – **कोण–** ना० १. कुनै पनि विषयवस्तुका बारेमा विशेष रूपले हेर्ने वा सोच्ने परिपाटी; विचार वा विवेचना गर्ने ढङ्ग । २. कुनै विषयका सम्बन्धमा प्रतिपादित कसैको मत; आफ्नै मनन तथा आत्मनिश्चयका साथ गरिएको राय । ३. हेर्ने अर्थात् ठम्याउने ढङ्ग; हेराइ । – **गत–** ना० १. दृष्टिमा आएको; देखा परेको; देखिएको । २. आँखाकै अघिल्तिरको; आँखाकै सामुको । ~ **गोचर–** वि० १. आँखाले नै देखेको; दृष्टिगत । २. सामुन्नेको; साक्षात्कार भएको; प्रत्यक्ष । – **दोष–** ना० १. दोषपूर्ण हेराइ; दृष्टिको भूल । २. असावधानी वा हतारका कारणले लेख्ने-पढ्ने वा कुनै काम गर्ने कुरामा हुने बिराम । ~ **पथ–** ना० १. आँखाअगाडि देखिएजति ठाउँ; आँखाअगाडिको क्षेत्र । २. दृष्टिको फैलावट । – **पात–** ना० नजर लगाउने काम; आँखाले ठम्याउने काम; हेर्ने काम । ~ **बन्धक/बन्धकी–** ना० कुनै अचल सम्पत्ति धितो राखी इच्छामाफिकको ब्याज दिन कबुल गरी यति

भाकाभित्र साँवाब्याजसमेत नबुझाएमा सो धितोबाट असुलउपर गर्नू भनी बन्धक राख्ता लेखिदिने तमसुक; दृष्टि । (यसमा धनीका नाममा जग्गाजमिन धितो राखे पनि सो धितो रिनीले नै चलनचल्ती गरेको हुन्छ ।) ~ **भ्रम–** ना० हेर्दा भएको भूल; हेराइमा हुन गएको भ्रम; दृष्टिदोष । ~ **विक्षेप–** ना० १. कर्के आँखाले हेर्ने काम; कटाक्षपूर्ण दृष्टि वा छड्के हेराइ । २. दृष्टिपात । – **विन्दु–** ना० कुनै कृतिमा समाख्याताको स्थितिलाई जनाउने मुख्यतः चरित्र, कार्यव्यापार, परिवेश आदिको उपस्थापन पद्धति र कथनभूमिका ।

**देउकी–** ना० [सं० देवकी] आजन्म देवताको चेलीका रूपमा समर्पित भएकी नारी; पश्चिम नेपालका डोटी; बैतडीतिरको प्रचलनअनुसार देउचेलीका रूपमा आजीवन अविवाहित रहने नारी ।

**देउघाट–** ना० [सं० देवघाट] चितौन जिल्लामा त्रिशूली र कालीगण्डकी नदीको सङ्गममा रहेको प्राकृतिक एवं धार्मिक स्थल ।

**देउचेली–** ना० [देव+चेली] देउकी; देवकी ।

**देउडा–** ना० [देवडा] १. पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक ताल; देउरा; देउदुरा/द्यौडा । २. सङ्गीतको प्रकारको ताल; सङ्गीतको तालभेद ।

**देउता–** ना० [सं० देवता] १. देवता; द्यौता । २. सम्मान जनाउने शब्द; (जस्तो - बाहुनदेउता, राजादेउता इ०) । ३. धामीका आङमा चढेर कमाउने कुलाइन, बनझाँक्री आदि । > **देउतिनी–** ना० स्वास्नीमान्छेलाई खिस्याएर प्रयोग गरिने शब्द; द्यौतिनी ।

**देउती–** ना० [देउता+ई] १. देउताको स्त्रीलिङ्गी रूप; देवी; द्यौती । २. देवता (बालबोलीमा); द्यौती । ~ **माता–** ना० १. देवी । २. जून (बालबोलीमा) ।

**देउ तीर्थ–** ना० [सं० देवतीर्थ] देवताको मन्दिर भएको ठाउँ वा तीर्थ; पुण्यस्थान; धार्मिक स्थल; धाम; द्यौतीर्थ ।

**देउते–** वि० [देउता+ए] देउतालाई चढाउन भाकल गरिएको; देउतालाई चढाएको वा छुट्याएको । ~ **जात्रा–** ना० देउदेउताको जात्रा । ~ **बोको–** ना० देवतालाई चढाउन भाकल गरिएको बोको ।

**देउदुरा–** ना०हे० देउडा ।

**देउ देउता–** ना० [सं० देव+देवता] विभिन्न किसिमका देवताको समूह ।

**देउनिगालो–** ना० [सं० देवनाल] निगालाका विभिन्न भेदमध्ये लेकमा हुने ठूलो खालको निगालो; द्यौनिगालो ।

**देउनियाँ–** ना० [बङ्गा० देअनिया-दाता] झापा जिल्ला र यसका छेउछाउका गनगाईं, ताजपुरे र राजवंशीहरूलाई प्रयोग गरिने आदरवाची शब्द । स्त्री० देउनियाँनी ।

**देउमा–** ना० [सं० देवमाता] हाँसखेल गर्ने तरुणी; रसिक युवती; रमाइली ठिटी ।

**देउरानी–** ना० [देवरानी] देवरकी पत्नी; देवरानी; द्यौरानी । – **जेठानी–** ना० देवर र जेठाजुका पत्नीहरू; देउरानी र जेठानी ।

**देउराली–** ना० [सं० देवराली] १. पहाडको उकालो सिद्धिने ठाउँ; भन्ज्याङ परेका ठाउँमा बटुवाहरूले देवदेवीलाई सम्झन एकएक ढुङ्गा चढाउँदै जाँदा देवलजस्तो भएको थुप्रो; वनदेवी; द्यौराली । २. थुम्की वा भन्ज्याङ परेको ठाउँ वा डाँडो । ~ **डाँडो–** ना०१. देउरालीजस्तो गरी उठेको डाँडो । २. देउराली भएको डाँडो । ~ **पाखो–** ना० देउरालीका वरपरको पाखो; द्यौरालीको पाखो ।

**देउराहार–** ना० [था.] थारूजातिको कुलदेवता । २. देवताको स्थान; देवालय । ३. देवता पुज्ने कोठा; पूजाकोठा ।

**देउरिसी–** ना० [सं० देवर्षि] १. देवर्षि । २. नेपालको सुदूर पश्चिमको पहाडी भेकतिर बस्ने नेपालीको एक जाति ।

**देउला१–** ना० [√ देवर] लोग्नेको भाइ; देवर ।

**देउला२–** ना० [सं० देवालयक] पोडे जातिलाई 'पुजारी' भनी सम्मान गर्दा प्रयोग गरिने शब्द ।

**देउले–** वि० [देउल+ए] देउलसँग सम्बन्धित; देवलको जस्तो । ~ **च्याउ–** ना० धमिराको गुँडबाट उम्रने; लाम्चोलाम्चो आकारको एक थरी च्याउ ।

**देउसिरे–** ना० देउसी भटचाउने फाँकी भटचाएपछि मण्डलीका अन्य सदस्यले गोल रूपमा भन्ने बोली; देउसी । **देउसे–** ना० देउसी गाउने वा खेल्ने व्यक्ति; देउसी खेलका मण्डलीको सदस्य ।

**देउसी–** ना० [सं० देव+श्री] १. लक्ष्मीपूजाका भोलिपल्ट र पर्सिपल्ट अर्थात् हलतिहार र भाइतिहारका दिन बेलुकी भटचाइने गाथा; देउसिरे; द्यौसी । २. त्यस्तो गाथा वा गीत गाउँदै माग्ने र आसिक दिने काम ।

**देक्ची–** ना०हे० डेक्ची ।

**देख्-नु–** स० क्रि० [सं० दृक्षण] १. दृष्टिशक्ति वा आँखाद्वारा कुनै वस्तुको रूपरङ्ग, आकारप्रकार तथा दृश्य आदिको ज्ञान पाउनु; अवलोकन गर्नु; हेर्नु । २. कायल हुनु; चेत्नु । ३. अनुमान गर्नु; अड्कल काट्नु; विचार गर्नु; ठान्नु; मान्नु । (उदा०– उसले पछि हुने कुरा पहिले नै देखेको हुन्छ ।)

**देख–** वि० [देख्+अ, प्रा० देक्खाह] देखिने; दृष्ट; दृष्टिगोचर । ~ **अदेख–** वि० देखिने र नदेखिने; देखिएको वा नदेखिएको ।

**देखतभुली–** ना० [देख्+भूल+ई] १. कुनै वस्तु देख्नासाथ आफैँलाई भुल्ने र हेरेकोहेऱ्यै हुने स्थिति; इन्द्रजाल; चटक; जादुगरी । २. जालझेल; छलकपट ।

**देखरेख–** ना० [देख्+रक्षा] सुरक्षाका निमित्त हेरविचार गर्ने काम; रेखदेखको व्यवस्था; निगरानी ।

**देखा–** क्रि० वि० [देख्+आ] १. सम्मुखमा; सामुन्ने । २. देखेजस्तै गरी; अनुकरण वा नकल गरेर । ना० ३. आँखाका अगाडिको ठाउँ; आँखाका सामुन्नेको ठाउँ । ४. देखिने काम; हेराइ; दृष्टि ।

**देखाइ**– ना० [√ **देख्** (+आइ)] देख्ने क्रिया वा प्रक्रिया । [>] **देखाइनु**– क० क्रि० देख्न लाइनु । **देखाउनु**– स० क्रि०/प्रे० क्रि० १. कुनै चीज आँखा अगाडि नै राखिदिनु; देख्न लाउनु; देखा पार्नु । २. कुराकानी गरेर सम्झाउनु; उदाहरण दिएर बुझाउनु । ३. निर्देश गर्नु; बाटो देखाउनु । ४. ज्योतिषी, वैद्य, झाँक्री आदिलाई दिनदशा, ग्रहगोचर, रोगव्याध आदि विचार गर्न लगाउनु; हेराउनुकेराउनु ।

**देखादेख**– ना० [देख्+आ+देख्] १. परस्पर एकले अर्कोलाई देख्ने काम; हेराहेर । क्रि० वि० २. आँखाको अघिल्तिर भएजस्तै गरी; हेर्दाहेर्दै; देखादेखी । > **देखादेखी**– क्रि० वि० आँखाकै अघिल्तिर भएझैं गरी; देख्दादेख्दै; हेर्दाहेर्दै ।

**देखान**– ना० [देख्+आन] १. अरूलाई आपत् पर्दा खूब खुसी भएर हेर्ने काम; अर्काको कष्टलाई रमिता मानेर हेर्ने काम । २.कुनै कामकुरो बितिसक्दा पनि पक्क परेर हेरिरहने काम ।

**देखार**– ना० [देख्+आर] १. अगाडि पर्ने काम; सामुमा पर्ने काम । २. दृष्टि ।

**देखावट**– ना० [देखाउ+आवट] भित्र केही नभए पनि बाहिर ढाँचाकाँचा देखाउने काम; आडम्बर; देखाउने रूपको स्वाङ । > **देखावटी**– वि० कुनै कुरा खूब सजधज गरी आँखा टिप्ने पारिएको; आडम्बरपूर्ण; देखावटको; बनावटी; नक्कली; देखौवा ।

**देखासिकी**– ना० [देखासिको+ई] अर्काले गरेको देखेर वा हेरेर आफूले पनि गर्न खोज्ने काम; अनुकरण; नकल; सिको; देखासिको । **देखासिकी गरी खा, आरिसे मरी जा** (उखान) ।

**देखासिको**– ना० [देखा+सिको] देखासिकी ।

**देखि**– प०स० १. कारकका चिह्नहरूमा अपादान कारकको एक चिह्न; पञ्चमी विभक्तिका रूपमध्ये एक; देखिन्; बाट; द्वारा । २. सित; सँग; साथ ।

**देखिन्**– प० स० [देखि] पञ्चमी विभक्तिबोधक एक रूप; बाट; देखि ।

**देखी**– क्रि० वि० [देख्+ई] १. देख्ने काम गरेर; देखेर । २. स्पष्टसँग; प्रत्यक्ष । ~ **जान्ने**– वि० कुनै घटना घट्दा त्यस घटनाको आद्योपान्त विवरण आफ्नै आँखाले देख्ने; देखेर नै जाने; चस्मदिद (साक्षी इ०) । ~ **नसहने**– वि० अरू कसैलाई मन नपराउने स्वभाव भएको । – **निम्तो**– ना० खोजखबर नगरी सामुमा देखा पर्दा मात्रै गरिने निमन्त्रणा; बोक्रे निम्तो । ~ **माया**– ना० बाहिरी माया; बोक्रे माया; देखौवा प्रेम । ~ **सुन्ने**– वि० घटना आदि देख्नेले भनेको कुरा सुन्ने (व्यक्ति) ।

**देखौवा**– वि० [देख्+औवा] ढाँचा वा स्वाङमा अडेको; देखाउनका लागि मात्र; देखावटी; आडम्बरपूर्ण; बोक्रे ।

**देदीप्यमान**– वि० [सं०] ज्यादै चहकिलो; निकै चहकदार; जाज्वल्यमान ।

**देन**– ना० [सं०] १. कुनै वस्तु दिनाको क्रिया वा भाव । २. दिइएको त्यस्तो वस्तु । ३. विशेष उपकार वा हित हुने गरी कुनै विशेष व्यक्तित्व वा कृतित्वद्वारा सामूहिक रूपमा प्राप्त भएको महत्त्वपूर्ण वस्तु वा कुरा । ४. कुनै वस्तु दिने वा चुकाउने दायित्व ।

**देब्रे**– ना० [सं०] १. दाहिनेको उल्टोपट्टिको; बायाँ; बाउँ; सव्य; देब्रो । स्त्री० देब्री । २. अनुकूल नपरेको; प्रतिकूल । ३. विरोधी विचार भएको । ~ **लहरो**– ना० बिरालेका जस्तै आकारको, ठूला रूखका देब्रेतिर बेरिने एक प्रकारको ठूलो लहरो । (उदा०– गाँडको ओखती देब्रे लहरो । – **उखान** ।) ~ **हात**– ना० बायाँ हात; बाउँ हात ।

**देय**– वि० [सं०] दान गर्न लायकको; दिन योग्य; दातव्य ।

**देव**– ना० [सं०] १. स्वर्गमा बस्ने अमर प्राणी; देवता; देउता । २. पूज्य रूपमा रहेको व्यक्ति । ३. मान्य जनका निम्ति आदरपूर्वक सम्बोधन गरिने शब्द । ४. राजामहाराजालाई सम्मानपूर्वक सम्बोधन गरिने शब्द । ५. ब्राह्मणको एक उपाधि । ~ **ऋण**– ना० १. देउदेउताले मनुष्यमाथि उपकार गरेर लगाएको ऋण । २. यज्ञ, व्रत, पाठपूजा आदि गरेर रिन चुकाउनुपर्ने कर्तव्य; देउरिन । ~ **कन्या**– ना० १. देवदेवताकी छोरीचेली; देउचेली; देवी । २. देवत्व गुण भएकी अत्यन्त सुन्दरी स्त्री । ~ **कर्म**– ना० देवदेवताहरूलाई प्रसन्न तुल्याउन गरिने पाठपूजा, व्रतउपवास, यज्ञ आदि काम; देवकार्य । ~ **कल्प**– वि० साधनाद्वारा देवत्व गुणको आर्जन गरेर देवताका कोटिमा पुगेको; देवतातुल्य; देवसदृश । > **देवका**– ना० विधिपूर्वक वैवाहिक सम्बन्ध नभई अनैतिक सम्बन्धद्वारा जन्मिएको बालक; कुमार तथा कुमारीबाट जन्मिएको छोरो । ~ **कार्य**– ना० देवकर्म । **देवकी**– ना० १. कृष्णकी आमा; वसुदेवकी पत्नी । २. सन्तान नहुँदा वा भईकन पनि नबाँच्दा सन्तान होऊन् वा जन्मिएका सन्तान बाँचिरहून् भनेर देवदेवीहरूलाई चढाइएकी कन्या; देवदासी; देउकी । ३. वैवाहिक सम्बन्ध नभईकनै अनैतिक संसर्गबाट जन्मिएकी छोरी वा चेली; देउचेली । **देवकीय**– वि० देवतासँग सम्बन्ध भएको; देवतासम्बन्धी । ~ **कुल**– ना० १. मन्दिर; देवालय । २. देवताहरूको समूह । ३. देवजाति । ~ **गण**– ना० १. देवदेवताहरूको समूह; देववर्ग । २. देवताहरूका अनुचर; देवतागण । ३. अश्विनी, मृगशिरा, पुनर्वसु, तिष्य, हस्ता, स्वाती, अनुराधा, श्रवण, रेवती आदि नक्षत्रको समूह; फलित ज्योतिषअनुसार यिनै नक्षत्रमा पर्ने गण; देवगण, मनुष्यगण र राक्षसगणमध्ये एक । ~ **गणिका**– ना० देवताहरूकी वेश्या; स्वर्वेश्या; अप्सरा । ~ **गति**– ना० पुराणअनुसार मृत्युपछि प्राप्त हुने उत्तम गति; सद्गति; स्वर्गलाभ; स्वर्गप्राप्ति । ~ **गायक**– ना० देवताहरूका समूहमा गाउने-बजाउने काम गर्ने जाति; गन्धर्व । ~ **गुरु**– ना० देवताहरूका गुरु; वृहस्पति । ~ **गृह**– ना० देवताहरूको घर; मन्दिर; देवालय । – **घाट**– ना० तनहुँ जिल्लाका दक्षिणतिर रहेको त्रिशूली र कालीगण्डकी नदीको सङ्गमस्थल; नेपालको एक प्रसिद्ध तीर्थस्थल; देउघाट । ~ **चर्या**– ना० देवताहरूको पूजाआजा; देवकार्य । ~ **जाति**– ना०

देवताहरूका जाति (विद्याधर, अप्सरा, यक्ष, गन्धर्व, किन्नर, गुह्यक, सिद्ध र भूत); देवयोनि । ~ **तरु–** ना० मन्दार, पारिजात, सन्तान, कल्पवृक्ष र हरिचन्दन– यी पाँच वृक्ष; सुरतरु । ~ **तर्पण–** ना० देवताहरूलाई दिइने तर्पण; देवपितृहरूलाई तर्पण गर्नुभन्दा पहिले देवताहरूलाई दिइने तर्पण ।

**देवता–** ना० [सं०] १. पूज्य तथा जरा र मृत्युरहित मानिने, स्वर्गमा रहेका प्राणी; देव; देउता; द्यौता । २. दिव्य प्रतिष्ठा वा शक्ति; देवत्व । ३. देवताको मूर्ति; देवप्रतिमा । ४. प्रभुत्वशक्ति वा ज्ञानगुण तथा सज्जनताका दृष्टिले देवगुण भएका मानिने व्यक्ति (क्रमशः राजा, ब्राह्मण र साधु) । >**देवतागार**/**देवतागृह–** ना० मन्दिर; देवालय ।

**देवतीर्थ–** ना० [सं०] १. देवताहरूको पूजा, न्यास, ध्यान आदि गरिने तीर्थ; देउतीर्थ । २. देवताहरू भएको तीर्थ । ३. अँजुली पार्दा देखिने औँलाका टुप्पाका भाग; औँलाका टुप्पा ।

**देवत्रयी–** ना० [सं०] ब्रह्मा, विष्णु र महेश्वर– तीन देवताको समूह; देवत्रयि; त्रिदेव ।

**देवत्व–** ना० [सं०] देवताहरूमा पाइने गुण, धर्म, स्वभाव आदि; देवतामा हुने भाव, गुण आदि ।

**देवदत्त–** वि० [सं०] १. देवताले दिएको (वरदान आदि) । २. देवतालाई दिएको वा चढाइएको (फलफूल, रत्न आदि) । ना० ३. गौतम बुद्धका भाइ पर्ने तर उनीसँग द्वेष राख्ने, शाक्यवंशीय एक राजकुमार । ४. अर्जुनका शङ्खको नाम । ५. नागका आठ कुलमध्ये एक कुल ।

**देवदूत–** ना० [सं०] देउता अथवा ईश्वरका दूत । > **देवदूती–** ना० वनमा फल्ने एक प्रकारको बिमिरो; वनबिमिरो ।

**देव देवता–** ना० [सं०] देवताहरूको समुदाय; देउदेउता ।

**देवद्रुम–** ना० [सं०] देववृक्ष; देवतरु; सुरतरु ।

**देवद्रोणी–** ना० [सं०] दुई डल्ला खप्टिएझैँ गरी फुल्ने फिक्का तथा हरियो रङको द्रोणवृक्ष; ठूलो जातको द्रोणपुष्प ।

**देवधाम–** ना० [सं०] देवदेवता भएको धाम; देवस्थल; तीर्थस्थल; पुण्यस्थल ।

**देवधेनु–** ना० [सं०] देवस्थलमा रहेकी गाई; कामधेनु ।

**देवनदी–** ना० [सं०] गङ्गा ।

**देवनागरी–** ना० [सं०] संस्कृत, हिन्दी, नेपाली आदि भाषा लेखिने लिपि; नेपालको राष्ट्रलिपि ।

**देवपथ–** ना० [सं०] १. देवस्थानमा वा मन्दिरमा जाने बाटो । २. देवदेवता हिँड्ने बाटो । ३. आकाश । ४. आकाशमार्ग ।

**देवपर–** वि० [सं०] दुःखित वा निरुत्साहित भएर देवदेवताका भरोसामा रहेको; सम्पूर्ण जीवन र त्यस अवधिमा गरिने कर्म देवदेवताकै अधीन हुन्छन् भन्ने कुरामा पूर्ण विश्वास गर्ने (व्यक्ति) ।

**देवपशु–** ना० [सं०] देवदेवताका निम्ति भाकल गरिएको पशु; देवदेवताका नाउँमा छाडिएको वा पालिएको पशु ।

**देवपात्र–** ना० [सं०] अग्नि; आगो ।

**देवपाद–** ना० [सं०] १. देवताका पाउ । २. राजा महाराजालाई आदरपूर्वक सम्बोधन गरिने शब्द ।

**देवपालित–** वि० [सं०] देवदेवताहरूद्वारा रक्षा वा हेरचाहा गरिएको ।

**देवपुर–** ना० [सं०] देवताहरूको नगर; इन्द्रको सहर; अमरावती । >**देवपुरी–** ना० देवपुर ।

**देव प्रतिभा–** ना० [सं०] देवताको प्रतीक स्वरूप बनाइएको मूर्ति; देवताहरूको मूर्ति ।

**देवबधू–** ना० [सं०] १. देवदेवताकी स्त्री; देवी; देउती । २.अप्सरा; देवगणिका ।

**देव ब्राह्मण–** ना० [सं०] १. देवताले पनि पुजिने ब्राह्मण; देउपुजारी; पुजारी ।

**देव भवन–** ना० [सं०] १. देवगृह; देवमन्दिर । २. पीपल । ३. स्वर्ग ।

**देव भाषा–** ना० [सं०] देवदेवताहरूले बोल्ने भाषा; संस्कृतवाणी ।

**देवभूमि–** ना० [सं०] १. देवदेवताहरू रहने भूमि । २. स्वर्ग ।

**देवमणि–** ना० [सं०] १. सूर्य । २. कौस्तुभ मणि । ३. घोडाका गर्दनमा हुने रौँको भुमरी ।

**देव मन्दिर–** ना० [सं०] देवदेवताको स्थापना गरिएको स्थान वा घर; देवालय; देवल ।

**देवमाता–** ना० [सं०] देवताहरूकी आमा; अदिति ।

**देवमाया–** ना० [सं०] देवताहरूको माया; जीवहरूलाई मोहित तुल्याउने अज्ञानरूपी ईश्वरीय मोह; देउमोहिनी ।

**देवमुनि–** ना० [सं०] देवताहरूमध्येका मुनि; नारद; देवर्षि ।

**देवमूर्ति–** ना० [सं०] १. देउदेउताको मूर्ति; देवप्रतिमा । २. देउताका गुण भएको देवतुल्य व्यक्ति ।

**देवयज्ञ–** ना० [सं०] गृहस्थहरूले नित्य रूपमा गरिने पञ्चयज्ञमध्येको एक यज्ञ ।

**देवयात्रा–** ना० [सं०] देवदेवताको सवारी चलाइएको यात्रा; देवदेवतासँग सम्बन्धित जात्रा; देउते जात्रा ।

**देवयान–** ना० [सं०] शरीरबाट निस्केर ब्रह्मलोकतर्फ जाने जीवात्माको बाटो; जीवात्मा ब्रह्मलोक जाने मार्ग । > **देवयानी–** ना० शुक्राचार्यकी छोरी; ययातिकी जेठी रानी ।

**देवयुग–** ना० [सं०] सत्ययुग ।

**देवयोनि–** ना० [सं०] १.स्वर्ग, अन्तरिक्ष आदिमा रहने देवताका कोटिमा गनिने देवताका जातिभित्र रहेका प्राणिविशेष (अप्सरा, यक्ष, गन्धर्व, किन्नर आदि) । २. देवजाति ।

**देवर–** ना० [सं०] लोग्नेको भाइ; पतिका भाइ पर्ने व्यक्ति ।

**देवराज–** ना० [सं०] देवताका राजा; इन्द्र ।

**देवरानी–** ना० [सं० देवर+आनी] देवरकी स्वास्नी; देउरानी; चौरानी ।

**देवर्षि–** ना० [सं०] देवताहरूका ऋषि; देउताजस्तै ऋषि; देउरिसी (नारद, अत्रि, मरीचि आदि) ।

**देवल–** ना० १. देवताका मूर्ति स्थापना गरिएको मन्दिर; देवालय;

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



देवगृह । २. देवदेवताको पूजा गर्ने कामद्वारा जीवननिर्वाह गर्ने व्यक्ति; पुजारी; पण्डा । ३. धर्ममा सधैँ अनुरक्त रहने व्यक्ति; धार्मिक व्यक्ति । ४. नारदमुनि । ५. एक प्रसिद्ध ऋषि । >**देवलक–** ना० पूजा कोठाको काम गर्ने व्यक्ति; पूजाकोठे; पुजारी ।

**देवलोक–** ना० [सं०] देवताहरू रहने लोक; स्वर्ग; देवभूमि ।

**देववाणी–** ना० [सं०] १. देवताहरूले बोल्ने वाणी; संस्कृत भाषा । २. आफैँआफ निस्कने वाणी; आकाशवाणी ।

**देवशिल्पी–** ना० [सं०] देवदेवताहरूको कालिगड; विश्वकर्मा ।

**देवसभा–** ना० [सं०] १. देवताहरूको सभा; देउसभा; सुधर्मा । २. राजसभा ।

**देवसायुज्य–** ना० [सं०] तपःसाधनाद्वारा वा भक्तिभावद्वारा देवतामा लीन हुने क्रिया; देवत्वमा मिल्ने काम ।

**देवस्थल–** ना० [सं०] १. देवताहरू रहने ठाउँ वा भएको ठाउँ; पुण्यस्थान; धार्मिक स्थल । २. मन्दिर; देवालय ।

**देवस्थान–** ना० [सं०] १. देवताहरू स्थापना गरिएको ठाउँ; मन्दिर; देवालय । २. स्वर्गलोक; देवभूमि ।

**देवस्व–** ना० [सं०] देवताहरूलाई अर्पिएको वा चढाइएको सम्पत्ति; देवताका नाममा राखिएको गुठी ।

**देवांश–** ना० [सं०] १. देवताको अंश । २. देवताहरूको भाग । ३. देवताको अंश लिएर जन्मेको व्यक्ति; देवत्व भएको व्यक्ति; देवताको अंशावतार ।

**देवागार–** ना० [सं०] देवदेवताहरूको घर; देवतागार; मन्दिर; देवल; देवालय; देवगृह ।

**देवाङ्गना–** ना० [सं०] १. देवताकी स्त्री । २. अप्सरा; स्वर्वेश्या ।

**देवात्मा–** ना० [सं०] १. देवताको जस्तो पवित्र तथा शुद्ध आत्मा । २. देवस्वरूप । ३. पीपल ।

**देवाधिदेव–** ना० [सं०] देवताको पनि देवता । २. विष्णु । ३. शिव ।

**देवाधिप–** ना० [सं०] १. देउताहरूका पनि ईश्वर; परमेश्वर । २. देवताहरूका राजा; इन्द्र ।

**देवान–** ना० [अ० दीवान] राजालाई राजपाटका निम्ति सल्लाह दिने व्यक्ति; मन्त्री; सचिव; अमात्य; दिवान ।

**देवानांप्रिय–** वि० [सं०] १. देवताहरूलाई प्यारो लागेको; देवताका निम्ति प्रिय । ना० २. भाग्यशाली तथा श्रेष्ठ भएको सूचकका रूपमा ठूलाबडालाई प्रयुक्त हुने आदरवाची विशेषण शब्द । ३. मूर्ख व्यक्ति । ४. बोको ।

**देवानी–** वि० [फा० दीवानी] १. लेनदेन, अंशबण्डा, धनमालसम्बन्धी मुद्दामामिलाको निर्णय गर्ने वा फौजदारी मुद्दाबाहेक अरू मुद्दा हेर्ने वा सुल्झाउने (अदालत) । २. फौजदारीबाहेक अन्य; धनमालसम्बन्धी (मुद्दामामिला) । ~**अदालत–** ना० देवानीसम्बन्धी मुद्दामामिला हेर्ने अदालत । ~**कारबाई–** ना० लेनदेन, अंशबन्डा, जग्गाजमिन आदिका सम्बन्धमा परेका मुद्दा केलाउने र निर्णय गर्ने सम्बन्धको कारबाई । ~ **मुद्दा–** ना० लेनदेन, अंशबन्डा आदिका विषयमा परेको मुद्दा ।

**देवानुचर–** ना० [सं०] १. देवताका सेवक । २. देवताका पछि लाग्ने विद्याधर, यक्ष आदि उपदेव ।

**देवानुयायी–** ना० [सं०] देवताहरूको बाटो हिँड्ने व्यक्ति; देवताहरूका आचारविचारको अनुसरण गर्ने व्यक्ति; देवानुचर ।

**देवान्न–** ना [सं०] १. देवतालाई अर्पण गरिएको वा गरिने अन्न । २. देवताको निमित्त हवन गरिने अन्न; चरु; हव्य । ३. अमृत ।

**देवायुध–** ना० [सं०] १.देवताहरूले चलाउने अस्त्र; दिव्यास्त्र । २. इन्द्रधनु; इन्द्रेनी ।

**देवार–** ना० [सं० देवदारु] मसिना त्यान्द्राजस्ता पातका झुप्पा हुने र खोटो निस्कने एक जातको रूख; एक जातको सल्लो; देवदारु ।

**देवाराधन/देवाराधना–** ना० [सं०] देवताहरूलाई प्रसन्न तुल्याउन गरिने पूजा, पाठ, यज्ञ आदि; न्यास, ध्यान आदिद्वारा गरिने देवताहरूको पूजा; देवार्चन; देवार्चना ।

**देवारि–** ना० [सं०] १. देवताको शत्रु । २. असुर; दैत्य ।

**देवार्चन/देवार्चना–** ना० [सं०] देवदेवताहरूको पूजा; देवपूजा; देउपूजा; देवाराधन; देवाराधना ।

**देवार्पण–** ना० [सं०] देवदेवताहरूलाई कुनै वस्तु अर्पण गर्ने वा चढाउने काम ।

**देवालय–** ना० [सं०] १. देवदेवताहरूको स्थापना गरिएको घर; मन्दिर; देवल । २. स्वर्ग; देवभूमि ।

**देवाली–** ना० [सं० देव+आली] परम्परादेखि मानिआएको कुलदेवतालाई प्रायः एक वर्षदेखि तीन वर्षसम्ममा गरिने पूजा वा सो अवसरमा चढाइने बलि आदि ।

**देवी–** ना० [सं०] १. स्त्री देवता; देवताकी स्त्री । २. दुर्गा, लक्ष्मी, सरस्वती आदि स्त्री देवताका नाम । ३. राज्याभिषेकका दिन राजसिंहासनमा बसेकी रानी; पटरानी; बडामहारानी । ४. अत्यन्त सुन्दर शीलस्वभाव एवं आचरण भएकी स्त्री । ५. स्त्री जातिका नामका पछाडि गाँसिने एक उपाधि (उमादेवी, रमादेवी, विद्यादेवी इ०) । ६. संसारमा रहेको दैविक शक्ति । – **घाट–** ना० १. देवीको मन्दिरनजिकै रहेको घाट । २. बाग्मती अञ्चलको पश्चिमी भागमा पर्ने तादी र त्रिशूली नदीको सङ्गमस्थल । ~ **पुराण–** ना० दुर्गाभगवतीको चरित्रको वर्णन भएको पुराण; देवीभागवत । ~ **भागवत–** ना० भगवती वा देवीका चरित्रको वर्णन भएको पुराण; देवीका माहात्म्यको चर्चा भएको पुस्तक । ~ **सरो–** ना० साउने सग्रातीमा लुतो फ्याँक्ता प्रयोग गरिने एक प्रकारको वनस्पति ।

**देवेन्द्र–** ना० [सं०] देवदेवताका राजा वा मालिक; इन्द्र ।

**देवेश–** ना० [सं०] देवताका स्वामी; देवताका राजा; इन्द्र ।

**देवोद्यान–** ना० [सं०] देवताका बगैँचा (नन्दन, चैत्ररथ, वैभाज र सर्वतोभद्र गरी जम्मा चार बगैँचा) ।

**देश–** ना० [सं०] १. चारैतिर फैलिई अनेकौँ गाउँ, सहर, जिल्ला,

अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग; मुलुक । २. एकै प्रणालीका शासनअन्तर्गतको निश्चित भूभाग; राष्ट्र । ३. कुनै ठाउँ वा स्थान । – **ज**– वि० १. देशमा जन्मिएको वा उत्पन्न भएको (शब्द, वस्तु आदि) । २. देशवासीको प्रयोग तथा व्यवहारबाटै उत्पन्न भएको (शब्द) । ~ **दर्शन**– ना० १. स्वदेशमा प्रचलित धर्म, संस्कृति, लोकव्यवहार आदिको निरीक्षण । २. यात्रा वा भ्रमणद्वारा हुने, देशमा भएका त्यस्ता विषय वा वास्तविकताको अध्ययन र चिन्तन । ~ **देशान्तर/देशावर**– ना० अनेकौँ देशको समुदाय; देशविदेश । ~ **द्रोही**– वि० १. स्वदेशको रीतिरिवाज, चालचलन आदिको विरोध गर्ने; स्वदेशमा हानि पुऱ्याउने र विदेशी रीतिरिवाज र चालचलनप्रति विशेष मोह राख्ने । ना० २. स्वदेशमा झगडा उत्पन्न गराई आफ्नो स्वार्थ सिद्ध गर्ने व्यक्ति । ~ **धर्म**– ना० देशमा परम्परादेखि चल्दै आएको आचारविचार एवम् रीतिरिवाज; देशअनुसारको धर्म ।

**देशना**– ना० [सं०] ठूलाबडाले आफूभन्दा सानालाई शीलस्वभाव, आचारविचार, क्रियाकलाप आदिको सुधार गर्नका निम्ति दिने अर्ती; उपदेश; शिक्षा ।

**देश निकाला**– ना० [सं० देश+निकाला] देशद्रोही एवम् ठूलाठूला अपराध गरेबापत अपराधीलाई देशबाहिर निक्लनका निम्ति बाध्य गरिने सजाय; निर्वासनदण्ड वा निष्कासनदण्ड ।

**देशभक्त**– वि० [सं०] देशका चालचलन, रीतिरिवाज, नीतिनियम आदिप्रति विश्वास राख्ने; देशप्रति बफादारी रहने; देशको पुजारी; देशप्रेमी; राष्ट्रप्रेमी; राष्ट्रभक्त; राष्ट्रवादी । > **देशभक्ति**– ना० देशको उन्नति-प्रगतिका निम्ति गरिने कार्य तथा स्वदेशमा रहेका रीतिरिवाज, नीतिनियम आदिप्रतिका सद्‌भावना; राष्ट्रभक्ति ।

**देश भँडुवा**– वि० [सं० देश+भँडुवा] देशमा रहेका नीतिनियम, क्रियाकलाप आदिमा खोट देखाई तिनमा आशक्त रहेका जनताको मन बिथोल्दै देशमा असन्तोष र आक्रोशको वातावरण सिर्जना गर्ने (व्यक्ति) ।

**देशभाँडा**– वि० [सं० देश+भाँडा] १. देशमा रहेको शान्त एवं सुन्दर वातावरणलाई खलबल्याउँदै असामयिक एवं अवैधानिक आन्दोलन गर्ने (व्यक्ति) । ना० २. त्यस्तो काम ।

**देशभाषा**– ना० [सं०] कुनै देशका विभिन्न जातिहरूले मातृभाषाको रूपमा बोलिने भाषा; क्षेत्रीय भाषा (जस्तै– नेवारी, मगराँती, राई, लिम्बू, थारू आदि) ।

**देशरक्षा**– ना० [सं०] १. देशको सार्वभौमिक सत्ताको रक्षा गर्ने काम । २. विदेशबाट आफ्नो देशमा आक्रमण हुन नदिई रक्षा गर्ने काम ।

**देश विदेश**– ना० [सं०] देश तथा विदेश; देशदेशावर; देशदेशान्तर; देशावर; देशान्तर ।

**देशाचार**– ना० [सं०] कुनै पनि देशको प्रचलित रीतिरिवाज, नीतिनियम एवं आचारविचार; देशधर्म ।

**देशाटन**– ना० [सं०] देशविदेशको भ्रमण गर्ने काम; देशभ्रमण ।

**देशान**– ना० [सं० देश] अरू देशबाट सर्दै आएको रोग; सरुवारोग; महामारी; रूढी; देसान ।

**देशान्तर**– ना० [सं०] १. आफ्नो देशबाहेकका अरू देश; विदेश; परदेश । २. पृथ्वीको मानचित्रमा उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म तानिएको सर्वमान्य मध्यरेखादेखि पूर्व वा पश्चिमको दूरी वा अन्तर । > **देशान्तरी**– वि० अर्को देशको; देशान्तरको; परदेशी; विदेशी ।

**देशावर**– ना० [सं० देश+अपर] स्वदेशदेखि बाहेकको अर्को देश; देशान्तर; विदेश; परदेश ।

**देशी**– वि० [सं० देशीय] १. देशसम्बन्धी; देशको; मुलुकको; राष्ट्रको । २. स्वदेशमा उत्पादित वा निर्मित । ३. अरू देशको; विदेशी । ४. विदेशमा उत्पादित वा निर्मित । ना० ५. विदेशमा बसेर वा काम गरेर फर्केको व्यक्ति; लाहुरे । ~ **कपडा**– ना० १. स्वदेशमा उत्पादित कपडा । २. विदेशमा उत्पादित कपडा । ~ **काग**– ना० सम्पूर्ण शरीर कालो भएको ठूलो काग । ~ **केरा**– ना० लामालामा केही पातला कोसा हुने र भित्र पाक्ता पनि बाहिर हरियै देखिने केराको एक जात । ~ **गुँद**– ना० डाँठको गुन्द्री बुनिने कालोकालो खालको रङ हुने एक जातको गुँद ।

**देशीय**– वि० [सं०] १. देशको; स्वदेशसँग सम्बन्धित । २. देशमा हुने तथा त्यसका आन्तरिक कुरासँग सम्बन्ध राख्ने ।

**देसलाई**– ना० [हि० दियासलाई, सं० दीपशलाका] टुप्पामा बारुद लगाइएको आगो पार्ने छेस्का ।

**देसाँद**– ना० [देशान] विदेशबाट सर्दै आएको महामारी, एक प्रकारको सरुवा रोग; देशान; देसान ।

**देसान**– ना०हे० देशान ।

**देसिल्ला**– ना० [सं० देशीय] ठूलठूला पात हुने एक जातको पान ।

**देह**– ना० [सं०] १. मानिस वा अन्य प्राणीको जीउ; आङ; शरीर । २. जीवन; जिन्दगी । – **ज**– ना० १. आफूबाट जन्मिएको व्यक्ति; छोरो । २. कामदेव । ~ **त्याग**– ना० भौतिक शरीर त्याग गर्ने काम; मरण; मृत्यु । – **धारी**– वि० शरीर धारण गर्ने; शरीरी । २. जीवधारी जन्तु वा मानिस; शरीर हुने जीव । – **पात**– ना० देहको नाश; देहको अन्त; मरण; मृत्यु । ~ **यात्रा**– ना० १. खानपानको व्यवस्था; जीवननिर्वाह; जीविका । २. देहले यात्रा गर्ने काम; मरण; मृत्यु । >**वान्**– वि० १. शरीरधारी; देहधारी । ना० २. जीव; प्राणी ।

**देहली**– ना० [सं०] १. ढोकाका चौखटको तल्लो भाग; ठेलो; सँघार । २. चौखटका प्वालमा लगाइने काठ आदिका फग्लैँटा; ढोका; दैलो । ३. भारतको राजधानी दिल्ली । ~ **दीपक**– ना० १. भित्र तथा बाहिर दुवैतिर उज्यालो होस् भनी ढोकामा राखिएको बत्ती । २. एउटै शब्दको दुईतिर अन्वय भई दुवैतिर अर्थ लाग्दा हुने एक प्रकारको अर्थालङ्कार । ~ **दीपकन्यास**– ना० ढोकामा राखिएका बत्तीबाट भित्र तथा बाहिर दुवैतिर उज्यालो भएजस्तै दोहोरो अर्थ लाग्ने कुरो वा तर्क ।

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



**देहा–** ना०हे० देहाय ।

**देहाग्नि ग्रन्थि–** ना० [सं०] पाकस्थलीमा पाचनरस प्रदान गर्ने ग्रन्थिविशेष ।

**देहाणु–** ना० [सं०] शरीरको निर्माणका निम्ति आवश्यक कण र कोष ।

**देहात–** ना० [फा०] १. धेरै गाउँ भएको, खेतीकिसानी गरेर जीवननिर्वाह गर्ने मानिसहरूको बस्ती; ग्राम; गाउँ । २. तराई; कछार । ३. काँठ । >**देहाती–** वि० १. देहातमा बसोबास गर्ने; गाउँले; ग्रामीण । २. काँठे; कछारे, कोर्काली । ३. देहातसम्बन्धी; देहातमा भएको, चलेको वा पाइने ।

**देहात्मवाद–** ना० [सं०] शरीरलाई नै आत्मा वा ईश्वरको स्वरूप मान्ने एक प्रकारको दार्शनिक विचार वा सिद्धान्त; भौतिकवाद । >**देहात्मवादी–** वि० देहात्मवादको समर्थक तथा अनुयायी ।

**देहान्त–** ना० [सं०] देहको अन्त; देहावसान; मरण; मृत्यु ।

**देहान्तर–** ना० [सं०] धार्मिक विश्वासअनुसार मरेपछि प्राप्त हुने अर्को शरीर; जन्मान्तर । >**देहान्तरण–** ना० नयाँ देह वा शरीर धारण गर्ने काम । **देहान्तरित–** वि० देहान्तर भएको; नयाँ जन्म लिएको ।

**देहाय–** ना० [अ० दफ्आत] स्रेस्तामा सिलसिला वा क्रम मिलाएर विभिन्न रकमकलम लेखिने ठाउँ; तपसिल; निम्नाङ्कन; देहा ।

**देहावरण–** ना० [सं०] १. शरीर रक्षा गर्ने वस्तु; कवच । २. शरीर ढाक्ने वस्तु; लुगा कपडा; वस्त्र ।

**देहावसान–** ना० [सं०] देह वा शरीरको अवसान वा अन्त; मरण; मृत्यु ।

**देही–** वि० [सं०] १. देह वा शरीर भएको; शरीरधारी । ना० २. जीव; प्राणी । ३. आत्मा; भित्री मन ।

**दैत्य–** ना० [सं०] १. कश्यप ऋषिकी दिति नाउँ गरेकी पत्नीबाट जन्मिएका सन्तान; असुर; राक्षस । २. ठूलो भद्दा शरीर भएको तथा डरलाग्दो व्यक्ति । ३. दुराचारी व्यक्ति । ४. ज्यादै खाने व्यक्ति । ~ **गुरु–** ना० दैत्यका गुरु; शुक्राचार्य । ~ **पति–** ना० दैत्यहरूका अधिपति; हिरण्यकशिपु । > **दैत्यारि–** ना० १. दैत्यका शत्रु । २. विष्णु; देवता । ३. इन्द्र ।

**दैदस्तुर–** ना० [(द्वि०) दस्तुर] १. पहिलेदेखि चलिआएको रीतिरिवाज वा लिनेदिने कामकुरा । २. त्यसअनुसार लिनेदिने गरिएको दस्तुर (नगद वा जिन्सी वस्तु ) ।

**दैनन्दिन–** वि० [सं०] १. प्रतिदिनको; दिनैपिच्छेको; दिनहुँको । क्रि० यो० २. दिनदिनै; प्रतिदिन; दिनहुँ ; लगातार । > **दैनन्दिनी–** वि० १. दिनदिनैको; दिनैपिच्छेको; दैनिक । ना० २. प्रत्येक दिनका घटनाहरूको टिपोट वा सो टिपोट लेखिने गरिएको पुस्तिका; दैनिकी; डायरी; रोजनामचा ।

**दैनिक–** वि० [सं०] १. प्रत्येक दिनको; दिनैपिच्छे हुने वा गरिने; दिनहुँको (दैनिक उपस्थिति, दैनिक कार्य, दैनिक पारिश्रमिक इ०) । २. प्रतिदिन वा दिनदिनै प्रकाशित हुने (अखबार वा खबरकागत) । ~ **तथा भ्रमण भत्ता–** ना० कर्मचारीलाई कामविशेषले कार्यालय वा संस्थागत क्षेत्रबाट अन्यत्र काजमा खटाउँदा नियमानुसार दिइने दैनिक खर्च तथा यात्राखर्च (टी०ए० डी०ए०) । ~ **पत्र–** ना० प्रतिदिन प्रकाशित हुने समाचारपत्र वा अखबार । ~ **पञ्जिका–** ना० दिनैपिच्छेका घटना वा दिनहुँ क्रय-विक्रय, लेनदेन आदि भएको विवरण लेख्ने बही; रोजनामचा; डायरी । ~ **भत्ता–** ना० सरकारी वा संस्थागत काममा आफूले काम गरिरहेका इलाकादेखि बाहिर खटिएर जाँदा दर्जाअनुसार दैनिक रूपमा प्राप्त हुने तलबबाहेकको विशेष रकम । ~ **स्थानान्तरण–** ना० कुनै वस्तु, सरसामान आदि एक ठाउँबाट अर्को ठाउँमा दिनैपिच्छे ल्याउने वा लैजाने काम; दिनहुँ सरसामग्री ओसारपसार गर्ने काम । > **दैनिकी–** ना० दिनैपिच्छेका घटना वा दिनदिनै प्राप्त भएको तथ्य लेख्ने पुस्तिका; दैनन्दिनी; रोजनामचा; डायरी ।

**दैन्य–** ना० [सं०] १. दीन हुनाको भाव वा अवस्था; दीनता; दरिद्रता; गरिबी । २. विनीत भाव; नम्रता; मलिनता । ३. कायरता; कमजोरी; निर्धोपन । ४. साहित्यमा दुःखकष्ट आदिका कारणले मनमा खिन्नता, मलिनता र नम्रता उब्जने एक प्रकारको सञ्चारी भाव ।

**दैया–** ना० [सं० दायाद] पैतृक सम्पत्ति आदिका निमित्त सम्बन्धित व्यक्तिमा रहेको हक वा अधिकार; दाबी । **– दार–** वि० पैतृक सम्पत्तिको हकदार; अंशियार; हक, भाग आदिको दाबी गर्ने ।

**दैर्घ्य–** ना० [सं०] वस्तुका आकृतिको लम्बाइ; दीर्घता; लामोपन; लमाइ ।

**दैला–** ना० [दैलोको ति० रू०] धेरैवटा दैलो; ढोका । **– को गाँड–** ना० दैलाका पछाडि आग्लो छिराउन दुलो पारेर ठोकिएको वा दैलो ताछ्ताखेरि नै निकालिएको काठको उडिल्लो परेको भाग । **– को पघरी–** ना० पुरानो शिल्पकलाले सजिएका घरमा दैलामा राखिने चौकोसभन्दा माथितिरको बुट्टादार काठ । ~ **दैली–** ना० सानाठूला धेरै दैलाको समूह ।

**दैलेख–** ना० [देवलोक < सं० दिविलोक] नेपालको मध्यपश्चिमाञ्चलस्थित भेरी अञ्चलको एक जिल्ला ।

**दैलेठेलो–** ना० [दैलो+ठेलो] दैलाको तलतिर लगाइएको वा जडिएको ठेलो; सँघारको तेर्सो काठ ।

**दैलो–** ना० [√दहिलो] १. घरमा पस्न वा निस्कनका निम्ति राखिएको ढोका; दहिलो; द्वार । २. त्यो ठाउँ थुन्ने, खोल्ने फल्याक, चित्रो, तार आदिको साधन ।

**दैव–** वि० [सं०] १. देवतासम्बन्धी । २. देवता वा ईश्वरबाट भएको । ३. देवतालाई अर्पित गरिएको । ना० ४. ईश्वर । ५. भाग्य; प्रारब्ध; तगदिर । ६. आकाश । **– गति–** ना० १. दैवको गति; ईश्वरीय घटना । २. ईश्वरको प्रेरणा वा माया । ३. प्रारब्ध; भाग्य । **– गत्या–** ना० दैवगति । **– ज्ञ–** वि० १. दैवसम्बन्धी सबै कुरा जान्ने । ना० २. भविष्यमा हुने कुरा

जान्ने र अरूलाई बताउने व्यक्ति; ज्योतिषी । > **दैवत**– ना० १. देवदेवता; देवताहरूको समुदाय । २. यास्क मुनिका निरुक्तको तेस्रो काण्ड । वि० ३. देवतासम्बन्धी; देउदेउतासँग सम्बन्ध रहेको । – **दुर्विपाक**– ना० देवताबाट भएको ठगाइ; भाग्यहीनता; दुर्भाग्य । ~ **दोष**– ना० दैवले दिएको दोष; भाग्यहीनता । – **पर**– वि० आफ्ना बलबुद्धिको वास्ता नगरी खालि भाग्यको भरमा रहेको; भाग्यवादी । – **योग**– ना० १. संयोग; मौका; चानस । २. भाग्य; प्रारब्ध । – **वश/वशात्**– क्रि० वि० एकाएक; अचानक; संयोगले; अकस्मात्; भाग्यवश । ~ **वाणी**– ना० १. ईश्वरको बोली । २. आकाशवाणी । ३. संस्कृत भाषा । – **वादी**– वि० १. आफ्ना बलबुद्धिद्वारा कुनै पनि उपाय नगर्ने र खालि भाग्यका भरमा रहने । २. अल्छी; निरुद्योगी । – **विद्**– ना० दैव जान्ने व्यक्ति; भविष्यको कुरा बताउने व्यक्ति; ज्योतिषी; दैवज्ञ । ~ **विवाह्**– ना० ज्योतिष्टोम आदि यज्ञमा ऋत्विक आचार्य आदिलाई दिइने कन्यादानका रूपमा हुने विवाह; आठ प्रकारका विवाहमध्ये एक । ~ **श्राद्ध**– ना० देवप्रीतिका उद्देश्यले गरिने एक प्रकारको श्राद्ध । – **हीन**– वि० भाग्य नभएको; अभागी; दुःखी । > **दैवागत/दैवात्**– क्रि० वि० १. भाग्यले गर्दा; दैवसंयोगले । २. अब्झटसँग; अकस्मात्; अचानक । **दैवाधीन**– वि० दैवका अधीनमा रहेको; भाग्यको भरमा रहने ।

**दैविक**– वि० [सं०] १. देवतासँग सम्बन्धित; देवताको । २. देवताका निम्ति गरिएको (जस्तो – दैविक श्राद्ध) । ३. देवताद्वारा गरिएको (जस्तो– दैविक ताप) । ४. भाग्य वा संयोगवश घटित हुने ।

**दैवी**– वि० [सं०] १. देवदेवतासँग सम्बन्धित; देवताको । २. देवताद्वारा भएको । ३. अचानक भएको वा घट्न आएको; आकस्मिक । ४. सात्विक । ५. भाग्य वा संयोगद्वारा भएको । ना० ६. देवविवाह गरिएकी स्त्री । ७. ज्योतिषी । ८. एक प्रकारको दैविक छन्द । ~ **गति**– ना० १. दैव वा ईश्वरद्वारा गरिएको कुरा । २. भावी सम्भावना । ३. हुनेहुनामी । ~ **घटना**– ना० प्रकृतिका विकृतिबाट आकस्मिक रूपमा घट्न गएको सुखद वा दुःखद परिस्थिति । ~ **प्रकोप**– ना० भूकम्प, अतिवृष्टि, अनावृष्टि, आँधीबेरी, महामारी आदिले सिर्जना गरेको आपत्तिजनक स्थिति । ~ **सङ्कट**– ना० प्रकृतिका विकारबाट घटेका घटनाहरूबाट हुन जाने आपत्विपत् वा कष्ट ।

**दैहिक**– वि० [सं०] १. देहसँग सम्बन्ध भएको; शारीरिक । २. देहबाट उत्पन्न भएको; देहज ।

**दो**– ना०/वि० [सं० द्वि०] १. दुई । २. सामासिक पदमा जोडिने सोही रूप (दोबाटो, दोभान, दोमन इ०) ।

**दोकडा**– ना० [दुई+कडा] १. दुईवटा कडा लागेको एक प्रकारको सानो ताउलो । [दुई+जोडा] २. एकैसाथ रहेका दुई वस्तु; जोडा; युगल । ३. एक पैसाको चार भागको एक भाग; दाम ।

**दोकला**– वि० [प्रा० द्विक+ल] १. दुई जना मात्र; एकलाको पूरक; (जस्तो– एकलादोकला) । ना० २. जोडी; जोईपोइ । स्त्री० दोकली । > **दोकलै**– वि० दुई जना मात्रै; एकलैको पूरक, (जस्तो– एकलैदोकलै) । (उदा०– साँझ परेपछि बाटामा एकलैदोकलै नहिँड्नू, डर हुन्छ ।)

**दोकान१**– ना० [दुई+कान] १. दुई कान । २. अर्को कान; दोस्रो कान ।

**दोकान२**– ना० [फा० दुकान] सरसामान किनबेच गर्ने ठाउँ वा घर; पसल; दुकान । – **दार**– ना० सरसामान बेच्न पसलमा बसेको व्यक्ति; व्यापारी; दुकानदार ।

**दोकानी**– वि० [दुई+कान+ई] १. दुई कान हुने वा दोस्रो व्यक्तिको कानमा पर्ने अवस्था; एकानीको पूरक, जस्तो– एकानीदोकानी । (उदा०– एकानीदोकानी हुँदैमा कुरो फैलिहाल्यो नि ।) ना० २. दोषादोष; भनावैरी; बझौटी । ३. पसले ।

**दोकाने**– ना० [दोकान+ए] बेचबिखन गर्ने व्यक्ति; दोकानदार; पसले ।

**दोक्चि-नु**– अ० क्रि० [सं० दौर्गल > प्रा० दोगच्च+नु] १. दुर्गतिमा पर्नु । २. कुटाइ खाइनु । ३. उम्कन नपाउनु । >**दोक्च्याइ**– ना० दोक्चिने क्रिया वा प्रक्रिया । **दोक्च्याइनु**– क० क्रि० दोक्चिने पारिनु; दोक्चिन लाइनु । **दोक्च्याउनु**– स० क्रि०/प्रे० क्रि० १. दोक्चिने पार्नु । २. दलेर, थिचेर कुट्नु । ३. कतै जान, उम्कन नदिनु ।

**दोख**– ना० [सं० दोष] १. जरो बिग्रिएर हुने एक प्रकारको रोग; एक किसिमको सन्निपात । २. दुःख दिने मान्छे । ३. हानि गर्ने कुनै कुरा वा वस्तु । >**दोखी**– वि० दोख भएको; दोखले धडेको । **दोख्याहा**– वि० दोख लागिरहने (ठाउँ वा व्यक्ति) । स्त्री० दोख्याही ।

**दोगला**– ना० [फा० दोगल] १. विवाहित लोग्नेदेखि अतिरिक्त अर्कै पुरुषसँगको समागमबाट जन्मिएको व्यक्ति; जारपुत्र । २. भिन्नाभिन्नै जातका आमाबाबुबाट जन्मिएको व्यक्ति । ३. वर्णसङ्कर; ठिमाहा; ठिम्मर । ४. कुनै पनि देशको सिमानामा बसी आफूलाई अनुकूल मिल्ने गरी कहिले यताको र कहिले उताको कुरा भन्ने व्यक्ति ।

**दोचन्दा**– वि० [फा० दोचन्द] दोहोरो; डबल; दुगुना (तिरो, जरिवाना आदि) ।

**दोचा**– ना० [भो० ब०] भोटेजातिका मानिसहरूले प्रायः हिमाली भेगमा लगाउने, घुँडासम्म आउने एक प्रकारको जुत्ता ।

**दोचारे**– वि० [प्रा० दोच्च+रे] यताको उता र उताको यता दोहोरो कुरा ओसार्ने; नारद ।

**दोछायाँ/दोछाया**– ना० [दुई+छायाँ/छाया] प्रकाश छेकिनाले ओझेल परेको वा दुईतिरका प्रकाशले गर्दा स्पष्टसँग नदेखिने गरी परेको छायाँ; अस्पष्ट देखाइ ।

**दोजाई**– वि० [दुई+जीउ] दोजिया; दुई जीउकी ।

**दोजिया**– वि० [दुई+जीउ] दुई जीउ भएकी; दुई जीउकी; गर्भिणी; गर्भवती ।

**दोज्याडा**– ना० [भो० ब०] घुँडादेखि मुनि वा माथि दोचा बाँध्ने

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



डोरी ।

**दोटा–** वि० [दुइटा] दुईवटा; दुइटा ।

**दोठचाङ–** ना० [दुई+ठचाङ] १. यता कि उता हुने स्थिति; असजिलो परेको वा बिग्रेको अवस्था । २. दोधारमा पर्ने स्थिति; अरे कि मरेको अवस्था ।

**दोतला–** वि० [दुई+तला] एक तलामाथि अर्को तला छापिएको; दुईतले ।

**दोदन्त–** ना० [दुई+दन्त] जुवाका खेलमा सोह्र कौडीमध्ये दुई कौडी मात्र उत्ताना पर्दा हुने एक दाउ; दुई चित र दुई ठाडा; छक्का दाउ । >**दोदन्ते–** वि० दुई दाँत मात्र देखिने अवस्थाको; दुई दाँत मात्र भएको ।

**दोदरा–** ना० नेपालका धिमाल, राजवंशी आदि जातिमा प्रचलित नक्खीले बजाइने एक खालको बाजा ।

**दोधक–** ना० [सं०] प्रत्येक पाउमा तीन भगण र दुई गुरु हुने एक वार्णिक छन्द ।

**दोधार–** ना० [दुई+धार] यो धार कि ऊ धार हुने अवस्था; यसो गरूँ कि उसो गरूँको स्थिति; दोमन; दुविधा; धरमर । २. सन्देह; संशय; शङ्का । ३. दुई धारको बीच वा माझ ( नदीको, कुराको, हतियारको आदि) । > **दोधारे–** वि० १. दोधारमा परेको; अनिश्चित । २. दुवैतिर ढल्केको; जता पनि लाग्न सक्ने । ३. कुनै खास निर्णयमा पुग्न नसकी त्यसै अलमलिने; बीचको । ४. दुईतिर धार भएको (हतियार) ।

**दोपट–** ना० [दुई+पट] खोट लागेको विषय; कृत्रिम रूपले सिद्ध गरिएको विषय; किर्ते ।

**दोपटले–** वि०[ दुई+पटल+ए] दुई पटल (आँखाको ढकनी) भएको । ~ **छ–** ना० आँखाका दुई ढकनीजस्तो बान्कीको 'छ' अक्षर ।

**दोपट्टा–** ना०हे० दुपट्टा ।

**दोपहर–** ना० [दुई+पहर] दोस्रो पहर; दिनको मध्य भाग; मध्याह्न । > **दोपहरिया–** ना० १. दोपहर वा मध्याह्नमा मात्र फुल्ने एक जातको फूल । वि० २. दोपहरसम्बन्धी; दोपहरको । **दोपहरे–** ना० १. बकाइनाका जस्ता पात हुने तथा रातो, पहेँलो, सेतो र नीलो चार रङको फूल फुल्ने एक जातको बोट; त्यसैको फूल । २. रोपाइँ गर्दा दुई पहर समय गएपछि हली, बाउसे, रोपार आदिलाई दिइने विशेष खाजा । ३. दिनमा खाइने खाजा; अर्नी ।

**दोपाया–** वि० [दुई+पाउ, फा० दुपाय] दुई खुट्टा हुने; दुई खुट्टाले हिँड्ने (मानिस, हाँस, परेवा आदि प्राणी) ।

**दोफर–** ना० [भो० ब०] दोचाभित्र लगाउने मोजा ।

**दोबर–** वि० [दुई+बार <सं० द्विवार] १. दुई पत्र भएको; दुईसरो । २. दुईगुना; डबल; दोहोरो । ~ **दाबर–** ना० पटकपटक दोब्र्याउने काम; दोब्र्याइतेब्र्याइ गर्ने काम । > **दोबरिनु–** अ० क्रि० १. दोबर हुनु; दुईगुना हुनु; डब्लिनु । २. दोबरी हुनु । **दोबरी–** वि० दोबर पारेको; भित्री र बाहिरी दुवै भएको; दुई पाटा वा तह भएको; दुईसरो । **दोबर्‍याइ–** ना० दोबरिने तथा दोब्र्याउने क्रिया वा प्रक्रिया । **दोबर्‍याइनु–** क० क्रि० दोबर पारिनु; डबल्याइनु । **दोबर्‍याउनु–** स० क्रि० दोबर पार्नु; डबल्याउनु । **दोबर्‍याहा–** वि० दोब्रिने खालको; पातलो धार भएको (कोदालो, फरुवा आदि हतियार) ।

**दोबाच–** ना० डन्डीबियोका खेलको एक दाउ ।

**दोबाटा दोबाटी–** ना० [दोबाटो+दोबाटो] सानाठूला दोबाटाहरूको समूह ।

**दोबाटे–** वि० [दोबाटो+ए] १. दोबाटाको । २. दोबाटामा बस्ने । ३. दोबाटाका छेउछाउमा घर भएको । ४. बाटाघाटा, हाटबजार आदिमा पसल थाप्ने ।

**दोबाटो–** ना० [दुई+बाटो] दुइटा बाटा जोडिएको ठाउँ; दुई वा दुईभन्दा बढी बाटाको सङ्गम भएको ठाउँ ।

**दोबार्-नु–** स० क्रि० [दोबारो+नु] धागो, डोरी, कडा वा धातुका पाता आदि दोब्रिने पार्नु; दुईसरो बनाउनु ।

**दोबारा–** ना० [सं० द्विवार] दुईखेप; दुईपल्ट; दुईचोटि; दोबारो ।

**दोबारिनु–** क० क्रि० [दोबार्+इ+नु] दोबार्ने काम गरिनु ।

**दोब्रि-नु–** अ० क्रि० [दोबर+इ+नु] १. दोबर हुनु; एकको दुई, दुईको चार भएर बढ्दै जानु । २. खुम्चिँदैखप्टिँदै पत्रपत्र पर्नु; पट्टिनु । ३. हँसिया, कोदालो आदिको धार फर्कनु । ४. भोकले गर्दा पेट ख्याप्प भएर भित्र पस्नु । ५. लाजले शिर निहुरनु । > **दोब्र्याइ–** ना० दोब्र्याउने क्रिया वा प्रक्रिया । **दोब्र्याइनु–** क० क्रि० दोब्रने पारिनु । **दोब्र्याउनु–** स० क्रि० १. दोबर पार्नु; दोब्रने पार्नु । स० क्रि० २. खान नदिएर दुःख दिनु; सताउनु । **दोब्र्याहा–** वि० दोब्रिने खालको ।

**दोबारो–** ना०हे० दोबारा ।

**दोभरा–** ना० [दुई+भर्+आ] दोस्रो खेप भर्दाको घटी; खापा खाने काम ।

**दोभान–** ना० [दुई+वाहन (नदी)] दुईतिरबाट बगेर आएका नदीहरू मिसिएको ठाउँ; दुई नदीको सङ्गम । > **दोभाने–** वि० दोभानको; दोभानमा बस्ने; दोभानहुँदो रहेको । स्त्री० दोभान्नी ।

**दोभासे–** वि० [सं० द्विभाषी] १. दुई भाषा जान्ने; द्विभाषी । २. दुई भिन्नाभिन्नै भाषाभाषीका बीचमा एउटाले बोलेको कुरालाई अर्काको भाषामा उल्था गर्ने । ना० ३. त्यस्तो दुई भाषा जान्ने वा एक भाषाबाट अर्को भाषामा उल्था गर्ने व्यक्ति ।

**दोमट–** ना० [दुई+मट्टी] अलिअलि बालुवा मिसिएको माटो; बलौटे जमिन ।

**दोमन–** ना० [दुई+मन] १. यसो गरूँ कि उसो गरूँको स्थिति; दोधार । २. सन्देह; धुकचुक । >**दोमने–** वि० दुई मन हुने; कुनै कुराको निधो गर्न नसक्ने ।

**दोमासे१–** वि० [दुई+मिश्रण] १. दुई भिन्नाभिन्नै पदार्थ मिसाउँदा तयार भएको । २. दुवैतिर लाग्ने, मिल्ने वा हुने । ३. दोभासे ।

**दोमासे२–** वि० [दुई+मास < सं द्वैमासिक] १. दुईदुई महिनामा निस्कने वा हुने (पत्रिका, उब्जाउ आदि) । २. दुवै महिनामा

पर्ने ।

**दोयम–** वि० [फा०] दोस्रो कोटिको; मझौला खालको; अब्बलभन्दा मुनिको र सिमभन्दा माथिको (जग्गा-जमिन) ।

**दोरङ्गा/दोरङ्गी–** वि० [दुई+रङ्ग/रङ्गी] दुई रङ भएको; दुई रङ मिलेको; दुईरङ्गी ।

**दोरानाच–** ना० [भो० ब०] तामाङ जातिको मृत्युसंस्कारका समयमा नाचिने नाच ।

**दोलक–** ना० [सं०] तुन्द्रुङ्ङ झुन्डिएर हल्लिरहने वस्तु;; घडीको लङ्गुर ।

**दोलख–** ना० [दुई+लख] वर्णका शिरमाथि लगाइने दुई लख वा मात्रा ( ै ); ऐकार । – **कन्ना–** वि० वर्णका मास्तिर दुई लख र पछाडि कान्दानी भएको मात्रा ( ौ ); औकार ।

**दोलखा–** ना० [दो+लक्ष] १. नेपालको मध्यमाञ्चल विकासक्षेत्रमा पर्ने जनकपुर अञ्चलको उत्तरी भागमा रहेको एक जिल्ला । वि० २. दुई लाख सङ्ख्या भएको ।

**दोलन–** ना० [सं०] १. तुन्द्रुङ्ङ झुन्डिएको वस्तु हल्लने क्रिया; दोलकको हल्लाइ । २. एक निर्दिष्ट बिन्दुबाट अर्को निर्दिष्ट बिन्दुमा पुगेर फेरि पहिलेकै स्थानमा आइपुग्दाको दूरी ।

**दोला–** ना० [सं०] १. डोली वा पाल्की । २. पिङ । ३. झोलुङ्गो । ४. घटबढ भइरहने स्थिति ।

**दोलाईं–** ना० [दो+रुई] दुईसरो कपडाका बीचमा रुवा हाली तगेर बनाइएको सिरकभन्दा पातलो ओढ्ने वस्तु ।

**दोलाजी–** ना० [दुलाहा+जी] हे० डोलाजी ।

**दोलायन्त्र–** ना० [सं०] हीराभस्म बनाउँदा विशेष प्रक्रियाका साथ कोदाको रस राखिएको भाँडामा हीरालाई अग्निपाक गर्न प्रयोग गरिने एक यन्त्र ।

**दोलायमान–** वि० [सं०] १. हल्लिरहेको; झुलेको । २. अस्थिर; चञ्चल । ३. दोमने; दोधारे ।

**दोलायित–** वि० [सं०] हल्लाइएको; झुलाइएको (वस्तु) ।

**दोलिका–** ना० [सं०] १. डोली । २. पिङ ।

**दोलित–** वि० [सं०] हल्लिएको वा हल्लाइएको; झुलेको ।

**दोली–** ना० [सं०] डोली ।

**दोष–** ना० [सं०] १. कुनै कुरा, व्यक्ति वा वस्तुमा रहेको त्रुटि, कमी, बाधा आदि अवगुण; खराबी, दुर्गुण । २. नैतिक वा कानुनी दृष्टिले अपराध मानिने कुनै अभियोग, कलङ्क वा लाञ्छना । ३. अपराध; कसूर । ४. फत्तुर; खोट; अत्तो । ५. कलङ्क; दाग । ६. भूल; अशुद्धि । ७. मिसावट; कसर । ८. आयुर्वेदका अनुसार शरीरमा वात, पित्त र कफबाट हुने प्रकोप । ९. सोझै वा अर्थलाई दूषित गराएर काव्यको गुण वा रसको आस्वादनमा हानि गराउने कुरा; रसको अपकर्षक तत्त्व (काव्यदोष; अर्थदोष, रसदोष आदि) । – **ग्राही–** वि० १. अर्काको दोषमा ध्यान दिने । २. दुर्जन; दुष्ट । – **ज्ञ–** वि० १. वस्तु वा व्यक्तिमा रहेका दोषको पारख गर्ने वा सत्‌असत्‌लाई विवेकपूर्ण ढङ्गले विश्लेषण गर्न सक्ने; विद्वान्; मनीषी । ना० २. त्यस्तो कुशल व्यक्ति; पण्डित । – **त्रय–** ना० वात, पित्त र कफबाट उत्पन्न हुने तीन प्रकारको दोष वा खराबी । – **दर्शी–** वि० अरूमा रहेका दोषहरू मात्रै खोज्ने; छिद्रान्वेषी । ~ **दृष्टि–** ना० १. अरूमा रहेका दोष मात्र देख्ने क्रिया; छिद्रान्वेषण । वि० २. अर्काको दोषमात्र खोज्ने वा देख्ने; छिद्रान्वेषी । ~ **प्रमाणित/सिद्ध–** वि० अदालतमा आफ्नो अपराध प्रमाणित वा सिद्ध भएको; अभिशंसित (व्यक्ति) ।

**दोषारोप–** ना० [सं०] कुनै दोष भएको कुरा वा दोष गर्ने व्यक्तिउपर आरोप लगाउने काम; अभियोग लगाउने कार्य । >**दोषारोपण–** ना० दोष लगाउने काम; दोषारोप । **दोषारोपित–** वि० दोषको आरोप लगाइएको; दोष लागेको ।

**दोषी–** वि० [सं०] १. दोष गर्ने वा दोष भएको; खराब गुण भएको । २. दाग लागेको; दागी; खोटो । ३. दुष्ट स्वभाव भएको (व्यक्ति) । ४. अदालतबाट दोष प्रमाणित भएको (व्यक्ति) ।

**दोसल्ला–** ना० [सं० द्विशाट] १. किनारामा कार्चोबी बुट्टा भरिएको र बीचबीचमा केही फूलबुट्टा भएको, दुईसरो ऊनीको मूल्यवान् ओढ्ने । २. विशेष गरी बिहेमा बेहुलातर्फबाट बेहुलीलाई लगिने महँगो खालको ऊनी खास्टो । ३. कुनै विशिष्ट व्यक्तिलाई सम्मानस्वरूप ओढाइने राम्रो खास्टो ।

**दोसाँध–** ना० [दुई+साँध] १. दुई राज्यका भूभाग छुट्ट्याउनका निम्ति प्रमाणित गरिएको एक निश्चित रेखा; सिमाना (बोर्डर) । २. दुई थरी जग्गा जोडिने निश्चित ठाउँ; साँध । ३. द्विविधा; दोधार; दोमन । ४. दुई भिन्न थरीका अधिकार, व्यवस्था, स्थिति आदिको अन्तर वा बीच । ५. अन्तिम अवस्था । (उदा०– बिरामी त दोसाँधमा पुगिसकेछ । ) > **दोसाँधी–** ना० दोसाँध । **दोसाँधे–** वि० १. दुई थरी जग्गाका बीचमा रहेको; दोसाँधमा पर्ने । २. द्विविधामा परेको; दोधारमा परेको । ३. दोसाँधसम्बन्धी; दोसाँधको ।

**दोसामिसी–** ना० [सं० दोष+मिस] एकअर्काको बाटो हेरेर काम गर्नमा ढिलासुस्ती देखाउने काम; परस्परको हानथाप । > **दोसामोस–** ना० परस्परमा हानथाप गर्ने वा दोष लगाउने काम; दोसामिसी । **दोसामोसी–** ना० दोसामोसको चाल ।

**दोस्त–** ना० [फा०] साथ दिने वा रहने व्यक्ति; साथी; सँगाती; मित्र; प्रेमपात्र; स्नेहभाजन । >**दोस्ताना–** ना० दोस्ती । **दोस्ती–** ना० १. मित्रता; स्नेहभाव । २. साथी; सँगाती; मीत ।

**दोस्रा–** वि० [√ दोस्रो] पहिलोभन्दा मुनिको; द्वितीय श्रेणीको । ~ **माल–** ना० राणाशासनका समयमा धेरै जग्गा हुने राणाहरूले आफ्ना बिर्ताको आम्दानी उठतीपुठती गर्नका निम्ति स्थापना गरेको माल अड्डा; बिर्तामाल ।

**दोस्रो–** वि० [सं० दस्र+ओ] १. क्रममा द्वितीय स्थानमा रहेको; पहिलोभन्दा पछिको; द्वितीय । २. प्रस्तुत विषयसँग सम्बन्ध

नरहेको; अरू; अर्को; अन्य । स्त्री० दोस्री । ~ **कटान–** ना० एकचोटि फेदमै काटेर ढालिएका रूखहरूलाई आवश्यकताअनुसार दोस्रो पटक काट्ने काम । ~ **दर्जाको–** वि० १. दोस्रो दर्जा वा तहको; पहिलोभन्दा केही तल्लो कोटिको । २. नम्बरी नभएको; दोस्रो काँट वा नम्बरको (सुन, माल आदि) । ~ **विश्व–** ना० वैज्ञानिक शक्तिको उपयोगद्वारा परम्परादेखि भिन्न किसिमले विकास हुँदै आएको शक्तिशाली संसार ।

**दोहटिया–** वि० [दुई+हटिया] दुई भिन्नाभिन्नै ठाउँमा घरबार भएको; दुई देशमा घरगृहस्थी भएको ।

**दोहद–** ना० [सं०] १. गर्भवती आइमाईका मनमा उठ्ने विभिन्न चाहना वा इच्छा । २. गर्भवती हुनाको भाव, अवस्था वा लक्षण । ३. गर्भ; पेटबोकाइ । **– वती–** ना० कुनै वस्तुको इच्छा गर्ने गर्भवती स्त्री; दुई जीउकी; गर्भिणी ।

**दोहन–** ना० [सं०] १. दूध दुहुने काम । २. दुधेरो; गबुवा; ढुङ्ग्रो । ३. बौद्धिक, आर्थिक आदि दृष्टिले कसैको शोषण गर्ने काम; दुहाइ । >**दोहनी–** ना० १. दूध दुहुने काम । २. दूध दुहुने भाँडो; दुधेरो; गबुवा ।

**दोहरि-नु–** अ० क्रि० [दोहरो+इ+नु] दोहोरो हुनु; दोहोरिनु ।

**दोहरे–** ना० [दोहरो+ए] दोहोरो; दोहोरे ।

**दोहरो–** वि० [√ दोहोरो] १. दुई चोटि गरिने वा हुने; दोहोरो (दोहरो काम, दोहरो सिलाइ, दोहरो लेखाइ इ०) । ना० २. दुई चोटि हुने काम; दोहरी ।

**दोहऱ्याइ–** ना० [√ **दोहरि** (+याइ)] दोहरिने भाव, क्रिया वा प्रक्रिया । [>] **दोहऱ्याइनु–** क० क्रि० दोहोरो पारिनु । **दोहऱ्याउनु–** प्रे० क्रि० दोहोरो पार्नु; दोहरो पार्न लगाउनु । **दोहऱ्याहा–** वि० दोहरिने खालको ।

**दोहल–** ना० [सं०] १. कुनै वस्तु वा विषयप्रतिको उत्सुकता; इच्छा; कामना । २. गर्भिणी आइमाईलाई लाग्ने तलतल; दोहद ।**– वती–** ना० दोहदवती ।

**दोहलो–** ना०हे० दोहोलो ।

**दोहा–** ना० [हि०] पहिला र दोस्रा चरणमा तेह्रतेह्र मात्रा अनि दोस्रा र चौथा पाउमा एघारएघार मात्रा हुने एक प्रसिद्ध छन्द ।

**दोहोरि-नु–** अ० क्रि० [दोहोरो+इ+नु] एक चोटि गरिसकिएको वा भइसकेको काम फेरि हुनु; डबलिनु ।

**दोहोरी–** ना० [दोहोरो+ई] १. अड्डामा हाल साबिक हुँदा अकर्ण वासलातमा लेखिएको नगदी, जिन्सी आदि धेरै भएर बुझाउन नभ्याएका खण्डमा बुझ्नबुझाउन नसकुन्जेलका लागि रोजरोजै बुझाएको वा बुझेको हो भनी साबिकवालाले हालवालालाई र हालवालाले साबिकवालालाई सहीछाप गरी दिने लिखत कागत; दोहोरो । २. साहूलाई गरिदिएका लिखतको साहू तथा आसामी दुवै थरीले लिने एक-एक प्रति सक्कल कागत । ३. बिहामा जन्ती पर्छेपछि र दुलही अन्माउनुअघि जन्तीलाई खुवाइने भोजन । ४. दुलाहा वा दुलही कुनै एक पक्षले दुवै पक्षमा लगाउने खर्च । ५. दुई जना परस्पर मुख हुने गरी उभिएर पालैपालो मच्चाउँदै खेलिने पिङको खेल । ६. केटा तथा केटीहरू मिलेर सवालजवाफका रूपमा गाइने गीत; जुहारी; दोहरी । वि० ७. दुवैतिरको; दुवैतिर हुने । ~ **लता–** ना० दुवैतिरबाट आउने-जाने पङ्क्ति; जाने-आउनेहरूको ताँती वा लर्को ।

**दोहोरे–** ना० [दोहोरो+ए] १. दुई जना परस्पर मुख पर्ने गरी उभिएर पालैपालोसँग मच्चाउँदै खेल्ने पिङको खेल । २. केटा र केटी मिलेर सवालजवाफका रूपमा गाइने गीत; दोहोरी । वि० ३. दोहोरो परेको; दोहरो हुने ।

**दोहोरो–** वि० [सं० द्विस्तर > दुईसर > दोहर+ओ] १. दुई पटक भएको; डब्लिएको; दुगुना । २. दुईसरो; दोबरी । ~ **आङको–** ना० छाती फुकेको; दुई फग्ल्याँटाजस्तो देखिनेसम्मको चौडा आङ भएको । (उदा०– त्यो दोहरो आङको निकै राम्रो छ ।) ~ **कर–** ना० एउटै वस्तु वा सामानमा कुनै कारणले गर्दा दुई चोटि लागेको कर; डबल दस्तुर ।

**दोहोऱ्याइ–** ना० [√ **दोहोरि** (+याइ)] दोहोरिने क्रिया वा प्रक्रिया । [>] **दोहोऱ्याइनु–** क० क्रि० दोहोरो हुने पारिनु । **दोहोऱ्याउनु–** प्रे० क्रि० दोहोरो पार्नु; दोहोरो हुन लगाउनु । **दोहोऱ्याहा–** वि० दोहोरिने खालको वा स्वभावको ।

**दोहोलो–** ना० [दुहाई+लो] १. कुनै काम फेरि गर्नका निम्ति भय, त्रास आदिले गर्दा पटक्कै नचाहने स्थिति; तालाबाला; तोबा; दोहलो । २. कुनै कार्यदेखि पूरै चेत्ने काम; हायलकायल; चेतबाबा काशी । ३. केटाकेटीलाई तालु, नाइटो आदिमा औषधी वा फुकेर मन्त्रिएको वस्तु दलिदिँदै भनिने शब्द । (उदा०– नानीलाई दोहोलो, दोहोलो !)

**दोह्य–** वि० [सं०] दुहुँदुहूँ परेको; दुहुन लायक ।

**दौँतर–** ना० [सं० दम्य+वत्सर] समान वा बराबरी उमेर; समवयस्क व्यक्ति; दामल; दाँवल । >**दौँतरी–** ना० १.बराबर उमेर भएका साथी; उमेर मिल्दा दौँतर । वि० २. एकै उमेरका; एकै दाँवलका ।

**दौड-नु–** अ० क्रि० [दौड+नु] १. वेगले हिँड्नु; कुद्नु; दगुर्नु । २. सुइँकुच्चा ठोक्नु; भाग्नु ।

**दौड–** ना० [सं० धीरण > दउड] १. तागत भएसम्म छोटा वा लामा फड्का मारेर हिँडाइको गति बढाउने काम; कुदाइ । २. मनमा तीव्र गतिले भइरहने तर्कवितर्क; मनका इच्छाको वेग । ३. कुनै कुराको उद्देश्य वा तकाइ । **– धुप–** ना० १. कुनै काम पूरा गर्नाका निम्ति चारैतिर लागेर चाँडोचाँडो प्रयत्न गर्ने काम । २. हतारहतारमा चारैतिर भौँतारिने काम; भ्रमण ।

**दौडाइ–** ना० [√ **दौड** (+आइ)] १. दौडने भाव, क्रिया वा प्रक्रिया । [दौडाउ+आइ] २. ना० दौडाउने भाव, क्रिया वा प्रक्रिया । [>] **दौडाइनु–** क० क्रि० दौडन लाइनु । **दौडाउनु–** प्रे० क्रि० १. छिटो चालले हिँडाउनु; कुदाउनु । २. सुइँकुच्चा ठोक्न लाउनु; भगाउनु । स० क्रि० ३. चोरी गर्नु; चोर्नु । ४. बिनाकाममा लरखर पार्नु । ५. कुनै काममा चाँडो हिँड्ने मानिस पठाउनु ।

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



**दौडादौड–** ना० [दौड+दौड] १. कामविशेषले यताउति दगुर्ने काम; दगुरादगुर; कुदाकुद; दौडधूप । २. हतारपतार; हतपत; हडबड । > **दौडादौडी–** ना० दगुरादगुर; कुदाकुद; दौडादौड ।

**दौडान–** ना० [दौड+आन] १. दौडने काम; दौडाइ । २. कुनै काम सुरु भएपछि नसकिउन्जेलको समय । ३. कुनै कामका गतिको तीव्रता वा वेग । ४. क्रम; सिलसिला ।

**दौडाहट–** ना० [दौड+आहट] दौडने भाव, क्रिया वा प्रक्रिया; दौडाइ; दौड ।

**दौडाहा१–** वि० [दौड+आहा] धेरै दगुर्ने स्वभावको; धेरै कुद्ने ।

**दौडाहा२–** ना० [अ० दौरा] १. बराबर यताउति वा चारैतिर घुमफिर गर्ने काम वा अवस्था; भ्रमण; चक्कर । २. आफ्ना मातहतका इलाकाहरूको जाँचबुझ वा रेखदेख गर्नाका निम्ति सम्बन्धित उच्च अधिकारीहरू घुम्न जाने काम । ३. जिल्लाको स्थिति वा समस्या बुझी ठाडो कारबाई गर्न विशेष अधिकारसम्पन्न व्यक्ति वा समुदायलाई खटाउने काम । ४. त्यस्तो कारबाई गर्न खटिई गएको व्यक्ति वा समुदाय । ५. पहिलेपहिले मोफसलका मुद्दामामिला हेर्न वा उजुबाजुर सुनी छिटो कारबाई गर्न केन्द्रबाट खटिएको अधिकारी वा अधिकारीवर्ग । ६. बीचबीचमा कडा आक्रमण गर्ने रोग (हैजा, महामारी इ०) । ~**इजलास–** ना० अधिकारप्राप्त व्यक्तिबाट सम्बन्धित इलाकाहरूमा घुमी मुद्दामामिला किनारा लगाउने अदालत; घुम्ती अदालत । ~**दल–** ना० १. राणाशासनमा हरेक साल जिल्लाजिल्लाको परिस्थिति जाँचबुझ गर्न र परिआएका समस्याको निर्णय एवं समाधानका लागि श्री ३ ले आफ्ना भाइ वा छोराको मातहतमा जुटाएको दल । २. जिल्लाजिल्लाको समस्या बुझी त्यहाँको उजुरबाजुरसमेत सुनेर न्याय दिन केन्द्रीय स्तरबाट खटिएका अधिकारीवर्ग ।

**दौडिनु–** अ० क्रि० [ दौड+इ+नु] दौडने काम गरिनु; वेगसाथ हिँड्नु; कुद्नु ।

**दौडी–** वि० [दौड+ई] दौडन सक्ने; दौडने । – **दत्त–** वि० साह्रै छिटो वा पत्त्याउनै नसकिने किसिमले हिँड्ने (व्यक्ति); अह्राउपह्राउ वा अन्य कारणले आवतजावत गरिरहने; साह्रै व्यस्त (व्यक्ति) ।

**दौतिक–** वि० [सं०] दूतसम्बन्धी; दूतसँग सम्बन्ध रहेको; दूतको ।

**दौत्य–** ना० [सं०] १. दूतले गर्ने काम वा कर्तव्य; दूतको काम वा स्वभाव । २. सन्देश; खबर । ~**सम्बन्ध–** ना० भिन्नभिन्न देशका बीचमा भएको मित्रता तथा सो आधारमा परस्परको सहमतिबाट राजदूत राख्ने गरी भएको राजनीतिक वा कूटनीतिक सम्बन्ध ।

**दौरा–** ना० दायाँबायाँ कल्ली गाँसेर घुमाउरो फेर पारिएको, दायाँ र बायाँका तलमाथि चार ठाउँ तुना बाँधिने, दोबरी पारेर वा कठालो र फेरका भित्रपट्टि छेउमा सेप्टी लगाएर सिइएको, नेपालको राष्ट्रिय पोसाकमध्ये एक; लबेदा; मयलपोस ।

**दौरात्म्य–** ना० [सं०] दुरात्मा हुनाको भाव वा अवस्था; दुष्टता ।

**दौर्गत्य–** ना० [सं०] दुर्गति भएको अवस्था वा भाव; दुर्दशा ।

**दौर्बल्य–** ना० [सं०] दुर्बल हुनाको भाव वा अवस्था; शारीरिक वा मानसिक कमजोरी; दुर्बलता ।

**दौर्हृद/दौर्हृदय–** ना० [सं०] १. दुष्ट हृदय हुनाको भाव वा अवस्था; मनको खराब भावना । २. दुस्मनी; शत्रुता । ३. गर्भवती स्त्रीलाई लाग्ने तलतल; दोहद ।

**दौलत–** ना० [अ०] १. आर्थिक मूल्य भएको तथा धनी र गरिबलाई छुट्ट्याउने सबै प्रकारका आधारवस्तु; धनसम्पत्ति; द्रव्य । २. सानो भए पनि कुनै अमूल्य वा महत्त्वपूर्ण ठानिएको चीज (लाक्षणिक अर्थमा) । – **वान्–** वि० प्रशस्त धनसम्पत्ति भएको; धनाढ्य; धनवान् ।

**दौलथ–** ना० [अ० दौलत] १. बल तथा बुद्धिको आर्जन । २. पुरुषार्थको सामर्थ्य; हबिगत । ३. दौलत ।

**दौहित्र–** ना० [सं०] छोरीको छोरो; दुहितापुत्र; नाति । > **दौहित्री–** ना० छोरीको छोरी; दुहिता पुत्री; नातिनी ।

**द्यावापृथ्वी–** ना० [सं०] १. स्वर्ग र पृथ्वी । २. आकाश ।

**द्यु–** ना० [सं०] १. दिन; दिवस; दिउँसो । २. स्वर्ग । ३. आकाश । ४. अग्नि; आगो । ५. सूर्यलोक । – **चर–** वि० १. आकाशमा विचरण गर्ने । ना० २. चरा । ३. ग्रह, नक्षत्र आदि ।

**द्युति–** ना० [सं०] १. प्रकाशमान् हुनाको भाव, गुण वा अवस्था; चमक । २. शारीरिक सौन्दर्य वा शोभा; कान्ति । ३. लावण्य; छवि । ४. रश्मि; किरण; प्रकाश; दीप्ति । – **मान्–** वि० १. प्रकाश वा चमक भएको; दीप्तिमान्; कान्तिमान् । २. शोभायमान; सुहाउँदो; छबिलो ।

**द्यूत–** ना० [सं०] जुवा । – **कर–** ना० जुवा खेल्ने वा खेलाउने व्यक्ति; जुवाडे । – **कार–** ना० जुवा खेलाउने व्यक्ति; खाल राख्ने व्यक्ति; खाले । ~ **क्रीडा–** ना० जुवाको खेल; कौडा, पच्चीस, गन्जिफा आदिद्वारा खेलिने जुवा । ~ **फलक–** ना० पासा, पच्चीस आदि खेलिने थर्की । ~ **प्रवृत्ति–** ना० १.जुवा खेल्ने लत; जुवाडे लत । २. जुवा खेलेर नै जीविका गर्ने; द्यूतभोगी; जुवाडे । **भोगी–** वि० जुवाडे; जुवाको लत भएको (व्यक्ति) ।

**द्यो–** ना० [सं०] १. स्वर्ग । २. आकाश । ३. शतपथ ब्राह्मणका अनुसार आठ वसुमध्ये एक ।

**द्योत–** ना० [सं०] १. प्रकाश; उज्यालो । २. घाम; धूप । ३. ताप; न्यानो । > **द्योतक–** वि० १. उज्यालो पार्ने; प्रकाश दिने । २. सङ्केत गर्ने वा जनाउने; स्पष्ट पार्ने; सूचना दिने; सूचक । **द्योतन–** ना० १. उज्यालो पार्ने काम वा भाव । २. प्रकट गर्ने वा सूचना दिने काम; सङ्केत गर्ने क्रिया । ३. बत्ती; दियो । **द्योतित–** वि० १. प्रकाशले युक्त भएको; प्रकाशित; उज्यालो पारिएको; उज्यालिएको । २. प्रकट वा व्यक्त गरिएको ।

**द्यौ–** ना० [सं०] १. स्वर्ग; देवलोक । २. आकाश । ३. दिन; दिवस; दिउँसो । ४. प्रकाश; आभा; प्रभा । ५. देवीदेवता । – **घाट–** ना० हे० देवघाट; देउघाट ।

**द्यौडा–** ना०हे० देउडा ।

c:\1Saroj\Sabdkosh\Rajendra\dict 'Da'.p65



**द्यौता**– ना०हे० देउता ।

**द्यौती**– ना०हे० देउती ।

**द्यौतीर्थ**– ना०हे० देउतीर्थ ।

**द्यौनिगालो**– ना०हे० देउनिगालो ।

**द्यौपितृ**– ना० [देउ+पितृ < सं० देवपितृ] देवता र पितृ; देउदेउता र पितापुर्खा ।

**द्यौरानी**– ना०हे० देउरानी ।

**द्यौराली**– ना०हे० देउराली ।

**द्यौसी**– ना०हे० देउसी ।

**द्रङ्ग**– ना० [सं०] प्रशासनिक दृष्टिअनुसार व्यापारको केन्द्रसमेत भएको नगरभन्दा सानो गाउँ वा वस्ती; लिच्छविकालीन कुनै बजारअड्डा ।

**द्रव**– ना० [सं०] १. पन्यालो हुने काम; पग्लाइ । २. चुहुने वा बग्ने काम; चुहान; बगाइ । ३. पन्यालो वस्तु; तरल पदार्थ; घोलक । ४. दौडने वा भाग्ने क्रिया; पलायन । वि० ५. पानीजस्तै पातलो; पन्यालो; तरल । ६.पग्लिएको; आर्द्र । >**द्रवण**– ना० १. पग्लने काम; पग्लाइ । २. बग्ने काम; बगाइ । ३. चुहुने क्रिया; चुहाइ । ४. दयाले पग्लने काम; दयार्द्रता । – **ता/त्व**– ना० कुनै वस्तु द्रव हुनाको वा पग्लनाको भाव, गुण वा अवस्था; पन्यालोपन । – **शील**– वि० १. पग्लने गुण भएको । २. बग्ने स्वभावको ।

**द्रविड**– ना० [सं०] १. दक्षिण भारतको पूर्वी तटमा अवस्थित एक विस्तृत प्रदेशको पुरानो नाम; आधुनिक आन्ध्र र मद्रास प्रदेश; द्राविड । वि० २. उक्त प्रदेशका निवासी । ३. आन्ध्र, कर्णाटक, गुर्जर, द्रविड र महाराष्ट्र– यी पाँच ब्राह्मणवर्ग । ४. दक्षिण भारतमा बसोबास गर्ने एक प्राचीन जातिको भाषा । वि० ५. द्रविड प्रदेशका बासिन्दा; द्रविडसँग सम्बन्धित । ~ **परिवार**– ना० युरेसिया खण्डका विभिन्न भाषिक परिवारमध्ये दक्षिण भारतमा बसोबास गर्ने तामिल, तेलगु, मलयालम, कन्नड आदि जातिहरूले बोल्ने भाषाहरूको परिवार । ~ **प्राणायाम**– ना० कुनै काम सजिलो र सोझो ढाँचाले नगरी गाह्रो र घुमाउरो किसिमले गर्ने स्थिति; त्यसरी गरिने काम ।

**द्रविण**– ना० [सं०] १. धन; द्रव्य । २. सुन; सुवर्ण । ३. पौरुष; पराक्रम । ४. राजा पृथुका एक पुत्र ।

**द्रवित**– वि० [सं०] १. पग्लेको; गलेको । २. करुणार्द्र वा दयार्द्र बनेको । ३. द्रवीभूत ।

**द्रवीकरण**– ना० [सं०] पानीको बाफ तरल रूपमा परिणत गर्ने वा हुने काम ।

**द्रवीभवन**– ना० [सं०] बाफ वा बादल पुनः तरल पदार्थमा परिणत हुने प्रक्रिया वा कार्य ।

**द्रवीभूत**– वि० [सं०] १. पग्लने गुण भएको; पग्लिएको; पन्यालो बनेको । २. दयाले विह्वल; दयावान्; दयार्द्र; दयालु ।

**द्रव्य**– ना० [सं०] कथ्य०– द्रब्बे; द्रब्य । १. वस्तु; पदार्थ; चीज । २. अरू मालसामान तयार पार्ने सामग्री; उपकरण; साधन (तामा, चाँदी, माटो, कपास इ०) । ३. क्रिया र गुण अथवा गुण मात्रको आश्रय भएको तत्त्व वा पदार्थ । (वैशेषिक दर्शनअनुसार पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिक्, आत्मा र मन– यी नौ पदार्थ) । ४. धनसम्पत्ति; दौलत । ५. जरीबुटी वा औषधी । ६. धातु । – **ता/त्व**– ना० १. द्रव्यमा पाइने गुण । २. द्रव्य हुनाको भाव वा अवस्था । ~ **पिचास/पिशाच**– वि० प्रशस्त रुपियाँ-पैसा भएर पनि खर्च गर्न पटक्कै नचाहने; पैसा भनेपछि हिरिक्कै हुने; किरन्टोकी; मक्खीचुस; कन्जुस । – **वान्**– वि० धनवान्; धनी; सम्पत्तिवाल । ~ **शाह**– ना० गोरखा राज्यको स्थापना गरी वि० सं० १६१६ देखि १६२७ सम्म राज्य गर्ने एक राजा । > **द्रव्यार्जन**– ना० द्रव्य आर्जन गर्ने काम; धनोपार्जन ।

**द्रष्टव्य**– वि० [सं०] १. देखिने वा देखा पर्ने; दृष्टिगोचर । २. देख्न वा हेर्न योग्य; हेरिरहूँ लाग्ने; दर्शनीय । ३. देख्न, जान्न र निरीक्षण गर्न उचित । ५. देखाउन, बताउन र सम्झाउन सकिने । ५. निश्चित र प्रत्यक्ष रूपमा गरिने ।

**द्रष्टा**– वि० [सं०] १. देख्न सक्ने; हेर्ने; दर्शक । २. देखाउने वा बताउने । ना० ३. साक्षी । ४. आलोचक ।

**द्रह**– ना० [सं०] निकै गहिरो प्राकृतिक पोखरी; दह ।

**द्राक्षा**– ना० [सं०] अङ्गुर; दाख । >**द्राक्षादि**– ना० १. दाख वा अङ्गुर आदिका विशिष्ट गुण भएका उपयोगी फलहरूको समूह । २. त्यस्तो फलबाट बनेको औषधी ।

**द्राव**– ना० [सं०] १. पन्यालोपन । २. बग्ने अवस्था । ३. जाने काम; गमन । >**द्रावक**– वि० १. ठोस वस्तुलाई पगालेर तरल बनाउने । २. बगाउने काम गर्ने । ३. हृदयमा प्रभाव पार्ने; करुणा उत्पन्न गर्ने । **द्रावण**– ना० १. पग्लने वा पगाल्ने काम । २. गल्ने वा गलाउने काम । ३. बग्ने वा बगाउने काम । ४. भाग्ने वा भगाउने काम ।

**द्राविड**– ना०हे० द्रविड ।

**द्रावित**– वि० [सं०] १. पग्लेको वा पगालिएको; गालेको । २. भगाएको; पलायित ।

**द्रु**– ना० [सं०] १. रूख; वृक्ष; बोट । २. हाँगो; शाखा ।

**द्रुत**– वि० [सं०] १. पग्लेको । २. छिटो हिँड्ने; शीघ्रगामी । ३. भागेको; भागेर बचेको । ४. साधारणका अपेक्षा छिटो भएको (सङ्गीतको स्वर, लय इ०) । – **गति**– ना० चाँडो हिँडाइ; शीघ्र गमन; तीव्र गति । – **गामी**– वि० चाँडोचाँडो हिड्ने; शीघ्रगामी । – **तर**– वि० चाँडोभन्दा चाँडो; शीघ्रातिशीघ्र । – **तम**– वि० सबैभन्दा चाँडो, सबैको भन्दा छिटोछिटो । – **विलम्बित**– ना० प्रत्येक चरणमा क्रमशः नगण, भगण, भगण र रगण भएको एक वार्णिक छन्द ।

**द्रुपद**– ना० [सं०] महाभारत कालका पाञ्चाल राज्यका राजा र द्रौपदीका पिता ।

**द्रुम**– ना० [सं०] १. रूख; वृक्ष; बोट । २. पारिजात । ३. कुबेर । ४. रुक्मिणीका गर्भमा उत्पन्न, कृष्णका एक पुत्र । – **सेन**– ना०

धृष्टद्युम्नका हातबाट मारिने महाभारतका एक योद्धा ।

**द्रुमिला–** ना० [सं०] प्रत्येक चरणमा बत्तीस-बत्तीस मात्रा हुने एक मात्रिक छन्द ।

**द्रोण–** ना० [सं०] १. वैदिक कालमा सोमरस राख्नका निम्ति बनाइएको काठको भाँडो । २. पानी आदि हाल्ने काठको भाँडो । ३. चार आढक वा सोह्र सेर (कसैको मतमा ३२ सेर) बराबरको एक प्राचीन तौल । ४. पातको दुनु । ५. द्रोणाचल पर्वत । ६. द्रोणाचार्य । **– कलश–** ना० वैदिक युगमा सोमरस राखिने काठको भाँडो । **– काक–** ना० सम्पूर्ण शरीर कालो हुने एक जातको ठूलो काग; डुमकाग; ढोले काग; देशी काग । **– गिरि–** ना० द्रोण नाउँ भएको एक पर्वत । **– पुष्प–** ना० प्रत्येक हाँगाका टुप्पामा डल्लो पुष्पकोश हुने र त्यसका बीचमा दुई पात रहने, सेता र साना आकारका फल फल्ने, पाखातिर हुने एक प्रकारको बुटी; गुम्बा । **– पुष्पी–** ना० एक पुष्पकोशमाथि अर्को पुष्पकोश लाग्ने 'देवद्रोणी' र पुष्पकोशमाथि अर्को पुष्पकोश नभई एउटै मात्र पुष्पकोश हुने 'द्रोणपुष्पी' गरी दुई जातका द्रोण पुष्पमध्येको दोस्रो द्रोणपुष्प ।

**द्रोणस–** ना० [सं०] पुराणमा वर्णित एक दानवको नाम ।

**द्रोणाचल–** ना० [सं०] रामायणका अनुसार क्षीरोद सागरका किनारमा रहेको र लक्ष्मणका निम्ति हनुमान्ले सञ्जीवनी बुटी ल्याएको एक प्रसिद्ध पर्वत ।

**द्रोणाचार्य–** ना० [सं०] महाभारतप्रसिद्ध पाण्डव र कौरवहरूका गुरु विद्वान् ब्राह्मण तथा एक वीर योद्धा; अश्वत्थामाका बाबु, भारद्वाज ऋषिका पुत्र तथा परशुरामका शिष्य ।

**द्रोणी–** ना० [सं०] १. नदीबाट वारपार गर्नाका निम्ति बनाइएको काठको नाउ; नौका; डुङ्गा । २. काठको सुराही । ३. सानो दुनु । ४. दुई पहाडका बीचको साँघुरो जग्गा; घाँटी । ५. द्रोणाचार्यकी पत्नी; कृपी । ६. एक सय अट्ठाइस सेरबराबरको एक प्राचीन तौल ।

**द्रोह–** ना० [सं०] १. अर्काको कुभलो चिताउने काम; द्वेष । २. प्रतिहिंसाको भावना; शत्रु साध्ने मनोवृत्ति । ३. वैरभाव; दुस्मनी । > **द्रोही–** वि० १. द्रोह गर्ने; अर्काको कुभलो चिताउने । २. प्रतिहिंसाको भावना राख्ने; वैरभाव बढाउने । ना० ३. विद्रोही ।

**द्रौणिक–** ना० [सं०] एक द्रोणबराबरको बीउ लाग्ने खेत ।

**द्रौपदी–** ना० [सं०] अर्जुनले मत्स्यभेद गरी स्वयंवर गरिएकी पाञ्चाल देशका राजा द्रुपदकी कन्या ।

**द्वन्द्व–** ना० [सं०] १. कुनै दुई वस्तुको जोडा; युग्म; युगल । २. लोग्नेस्वास्नी; जोईपोइ; दम्पति । ३. परस्पर दुई विरोधी तत्त्वको जोडा । ४. दुई व्यक्तिका बीचको झगडा; द्वन्द्वयुद्ध; मल्लयुद्ध; कुस्ताकुस्ती । ५. कलह; सङ्घर्ष; उत्पात । ६. व्याकरणमा उभयपद प्रधान हुने समासको नाम (जस्तै– आमाबाबु) । ७. अल्झो; झन्झट । ८. कष्ट; दुःख । ९. द्विविधा; संशय । **– चर/चारी–** वि० १. जोडा मिलेर हिँड्ने । ना० २. चखेवा; चकोर । **~ युद्ध–** ना० दुई जनाका बीचको युद्ध; कुस्ती; लाप्पा । > **द्वन्द्वी–** वि० १. जोडा तुल्याउने; युग्म बनाउने । २. परस्पर विरोधी; प्रतिद्वन्द्वी ।

**द्वय–** वि० [सं०] १. दुई; दुइटा । ना० २. जोडा; युग्म । > **द्वयाभास–** ना० एउटै वस्तु दुइटाजस्तो देखिने स्थिति; आँखाको नानीलाई टेढो पारेर हेर्दा एउटा वस्तुका दुई स्वरूप देखिने अवस्था वा स्थिति ।

**द्व्यार्थ–** ना० [सं०] १. दुई किसिमको अर्थ; दुई प्रकारको भाव । वि० २. दुई अर्थ भएको; दोहोरो भाव जनाउने । >**द्व्यर्थक–** वि० १. दुई खालको अर्थ लाग्ने । २. दुवैतिर अर्थिन सक्ने (शब्द) ।

**द्वादश–** वि० [सं०] बाह्र । >**द्वादशाक्षर–** ना० बाह्र अक्षर भएको विष्णुको मन्त्र । (ॐ नमो भगवते वासुदेवाय) । **द्वादशाक्षरी–** वि० १. बाह्र अक्षर भएको (मन्त्र) । ना० २. क, ख आदिमा लाग्ने बाह्र किसिमको मात्रा; बाह्रखरी । **द्वादशात्मा–** ना० १. बाह्र आत्मा भएको देउता; सूर्य । २. आँक । **द्वादशाह–** ना० १. बाह्र दिन । २. बाह्र दिनसम्म गरिने एक यज्ञ । ३. मरेको बाह्रौँ दिनका दिन गरिने श्राद्ध । **द्वादशी–** ना० चन्द्रमासका शुक्ल वा कृष्णपक्षको बाह्रौँ तिथि; एकादशीका भोलिपल्टको तिथि; पूर्णातिथि ।

**द्वापर–** ना० [सं०] सत्य, त्रेता, द्वापर र कलिमध्ये तेस्रो युग; त्रेता र कलियुगका बीचको युग ।

**द्वार–** ना० [सं०] १. ढोका; दैलो । २. ढोका बन्द गर्ने र खोल्ने फग्ल्याँटो; खापा । ३. कुनै ठाउँ, क्षेत्र, नगर वा हाताभित्र पस्ने र त्यहाँबाट निस्कने खुला ठाउँ; प्रवेशपथ; बाहिरी ढोका । ४. शरीरका इन्द्रियहरूको छिद्र । ५. निकास; मुहान । ६. माध्यम । ७. वास्तु तथा मूर्तिकलामा एक अङ्गुल वा मात्राको नौगुनाबराबरको नाप; प्रादेश, सूत्र वा ग्रहबराबरको नाप; नौ अमल; नौ अङ्गुल ।

**द्वारका–** ना० [सं०] द्वारिका ।

**द्वारपाल/द्वारपालक–** ना० [सं०] १. ढोकामा पहरा दिनलाई राखिएको व्यक्ति; ढोके । २. कुनै प्रधान देवताको मन्दिरको रक्षकका रूपमा रहने देवता ।

**द्वार रक्षक–** ना० [सं०] ढोके; द्वारपाल ।

**द्वारा–** विभ० [सं० द्वार] व्याकरणमा तृतीया विभक्तिको चिह्न; तर्फबाट; मार्फत; बाट; ले ।

**द्वारिका–** ना० [सं०] श्रीकृष्णले बसालेको भारतको काठियावाड क्षेत्रमा पर्ने एक पुरानो नगरी; हिन्दूहरूका चार पुरीमध्ये एक; चार धाममध्ये एक ।

**द्वारे–** ना० [द्वार+ए] १. अन्तपुरका केटी सुसारेहरूकी नाइकेनी । २. गाउँको मुखियासरहको व्यक्ति । ३. ढोकाको रक्षाखातिर राखिएको व्यक्ति; द्वारपाल ।

**द्वि–** वि० [सं०] दुई; एक र एकको जोड । >**द्विगु–** ना० सङ्ख्यावाचक

शब्द पूर्वपदका रूपमा रही विशेष्यको रूपमा रहेको उत्तरपदको विशेषता जाहेर गरी समुदाय र एकीभाव बुझाउने समास (दोबाटो, तीनमुहानी, चौघेरा इ०)। **द्विगुण–** वि० दुई गुना; दुगुना; दोबर। **द्विगुणित–** वि० दुगुना गरिएको; दोहोऱ्याइएको; दोबर गराइएको। **द्विगुढक–** ना० सवाल-जवाफ भएको र रसभावपूर्ण सुन्दर पद गाइएको एक प्रकारको लास्याङ्ग।

**द्विज–** ना० [सं०] १. दुई पटक जन्मेको प्राणी। २. फुलबाट जन्मेको प्राणी; अण्डज (पक्षी, सर्प आदि)। ३. यज्ञोपवीत संस्कार (व्रतबन्ध) गरिने हिन्दूहरूको एक वर्ग (ब्राह्मण, क्षत्री, वैश्य)। ४. ब्राह्मण। ५. दाँत।

**द्विजन्मा–** वि० [सं०] दुई पटक जन्म लिने; द्विज।

**द्विजपति/द्विजराज–** ना० [सं०] १. ब्राह्मण। २. चन्द्रमा। ३. गरुड। ४. शेषनाग।

**द्विजाति–** ना० [सं०] द्विज।

**द्वितीय–** वि० [सं०] १. दोस्रो। २. दोस्रा तहको; दोस्रो दर्जाको। ३. अर्को; अन्य। ~ **अन्तर हिमयुग/अन्तर हिमानी–** ना० पुरातत्त्वका अनुसार लगभग दुई लाख पचास हजार वर्षपहिले प्रारम्भ भएको अन्तर हिमयुग; द्वितीय हिमानीपछि र तृतीय हिमानीभन्दा पूर्वको दुई हिमयुगका बीचको समय। ~ **खण्ड–** ना० भूगर्भशास्त्रका अनुसार जीवकल्पको विभाजनमा दोस्रो खण्ड; मध्यजीवक। ~ **श्रेणी–** ना० दोस्रो तह; तृतीयभन्दा माथिल्लो दर्जा; प्रथम श्रेणीभन्दा तल्लो श्रेणी। ~ **हिमानी–** ना० पुरातत्त्वशास्त्रका अनुसार लगभग पाँच लाख वर्षपहिले प्रारम्भ भएको हिमयुगको समय; प्रथम अन्तर हिमानीभन्दा पछि प्रारम्भ भएको हिमयुग। >**द्वितीया–** ना० १. कृष्ण वा शुक्ल पक्षको दोस्रो तिथि; प्रतिपदाको भोलिपल्ट; दुतिया। वि० २. आफूदेखि अर्की; दोस्री। ३. दोस्रो दर्जाकी। **द्वितीयाश्रम–** ना० दोस्रो आश्रम; गृहस्थाश्रम; बह्मचर्याश्रमपछिको आश्रम।

**द्वित्व–** ना० [सं०] १. दुइटा हुनाको भाव वा अवस्था; दोहोरो स्थिति। २. दुईको सङ्ख्या। ३. युग्म; जोडा। ४. एकै अनुहारका र एकै अर्थका शब्दहरू पूर्ण, आंशिक तथा आपरिवर्तित रूपमा दोहोरिएर नयाँ शब्दहरूको निर्माण हुने व्याकरणिक प्रक्रिया; द्विरुक्ति (झरझर, तात्तातो, खनखाँचो इ०)। >**द्वित्वीभवन–** ना० द्वित्व हुने प्रक्रिया; शब्द वा व्यञ्जन दोहोरिएर शब्द निर्मित हुने एक पद्धति।

**द्विदल–** वि० [सं०] दुई पत्र भएर उम्रने; दुई दिउल हुने (चना, केराउ, दलहन अन्न आदि)।

**द्विधा–** अव्य० [सं०] १. दुई किसिमले; दुई तरिकाबाट। २. दुई भागमा; दुई फ्याकमा ।

**द्विधातु–** ना० [सं०] दुई धातुका मेलले बनेको मिश्रित धातु। >**द्विधातुक–** वि० दुई प्रकारका धातु मिसिएको; दुई भिन्नभिन्न धातुहरूको मेलबाट तयार भएको। **द्विधात्वीय प्रणाली–** ना० सुन, चाँदी आदि दुई धातुका मुद्रालाई निश्चित अनुपातका आधारमा विधिग्राह्य वा प्रामाणिक मुद्रा मान्ने प्रणाली; मिसौटे प्रणाली।

**द्विप–** ना० [सं०] सुँडमा लिएर खाने हुँदा दुई बाजी पानी खाने भनिने जन्तु अर्थात् हात्ती; गज।

**द्विपक्षीय–** वि० [सं०] दुवै पक्षसँग सम्बन्धित; पक्षविपक्ष दुवैपट्टि उस्तै सरोकार राख्ने। ~ **प्रसंविदा–** ना० दुवै पक्षका बीचमा हुने प्रतिज्ञा वा सम्झौता; सन्धिपत्र।

**द्विपथ–** ना० [सं०] दुई ठाउँबाट आएका बाटा मिलेको ठाउँ; दोबाटो। >**द्विपथा–** ना० पहिलो तथा तेस्रो पाउ तेह्र मात्राको र दोस्रो तथा चौथो पाउ एघार मात्राको हुने एक छन्द।

**द्विपद/द्विपाद–** वि० [सं०] १. दुई खुट्टा हुने; दुईखुट्टे। ना० २. दुई खुट्टा हुने प्राणी; दोपाया जन्तु। > **द्विपदा–** ना० दुई चरण मात्र हुने एक प्रकारको छन्द; ऋचा। **द्विपदी–** ना० १. दुई चरण मात्र हुने एक प्रकारको गीति वा मात्रिक वृत्त। २. तीनतीन पङ्क्ति गरी लेखिने एक प्रकारको चित्रकाव्य।

**द्विबाहु–** वि० [सं०] दुई बाहु हुने; दुई हात भएको (मानिस)।

**द्विबिन्दु–** ना० [सं०] शब्द वा अक्षरका पछाडि दिइने दुई थोप्ला; विसर्ग; दबासबिन्दु।

**द्विभाषी–** ना० [सं०] दोभासे।

**द्विभुज–** वि० [सं०] १. दुइटा हात हुने; दुई भुजा भएको। ना० २. कुना; कोण।

**द्विमुखी–** ना० [सं०] १. दुइटा खुट्टा र मुख मात्र निकाल्दै गरेको बियाउन लागेको गाई; उभयमुखी गाई। वि० २. दुईतिर मुख भएको; दुईमुखे।

**द्विरागमन–** ना० [सं०] १. विवाह भएपछि दोस्रो पटक पतिका घरमा आएकी बधू। २. दोस्रो पटक आउने काम; पुनरागमन। ३. दुलान फर्काउने काम।

**द्विरुक्त–** वि० [सं०] १. दोहोऱ्याएर भनिएको; दुई चोटि भनिएको। २. दुई प्रकारले उल्लेख गरिएको। ना० ३. पुनर्कथन। >**द्विरुक्ति–** ना० १. व्याकरणका अनुसार शब्द वा वर्ण दोहोरिने प्रक्रिया। २. एक चोटि भनिसकेको कुरो फेरि अर्को चोटि भन्ने काम। ३.पुनरुक्ति हुँदा पर्ने एक काव्यदोष।

**द्विरूढा–** ना० [सं०] दोस्रो विवाह गर्ने आइमाई; दुईपोइले स्वास्नीमान्छे।

**द्विवचन–** ना० [सं०] संस्कृत व्याकरणका अनुसार दुई सङ्ख्या बुझाउने वचन।

**द्विविध–** वि० [सं०] दुई प्रकारको; दुई खालको।

**द्विविधा–** ना० [सं०] दोधार; दोठचाङ; सन्देह, धुकचुक; अरेमरे; दुविधा।

**द्विशिर/द्विशीर्ष–** वि० [सं०] १. दुई शिर भएको; दुईटाउके। ना० २. अग्नि। ३. शत्रु; वैरी।

**द्विसदनात्मक–** वि० [सं०] विधानमण्डल वा संसदीय मण्डलको दुई सदन हुने (बेलायतको कमन सभा र लर्डसभा, भारतको लोकसभा

र राज्यसभा, नेपालको २०४७ सालको संविधान अनुसारको प्रतिनिधिसभा र राष्ट्रियसभा इ०)।

**द्विस्वर–** ना० [सं०] एक स्वरको उच्चारण गर्दै अर्को स्वरको उच्चारणमा लागिने हुनाले दुवै स्वरको संयुक्त रूपमा उच्चारण गरिने स्वर; संयुक्त स्वर ।

**द्वीप–** ना० [सं०] १. चारैतिरबाट पानीले घेरिएको अग्लो भूभाग; टापु । २. पुराणअनुसार पृथ्वीका सात विभाग (जम्बु, प्लक्ष, कुश, शाल्मली, क्रौञ्च, शाक र पुष्कर) । > **द्वीपी–** वि० १. द्वीपसम्बन्धी; द्वीपको । २. द्वीप वा टापुमा गएर बस्ने । ना० ३. बाघ । ४. चितुवा ।

**द्वेष–** ना० [सं०] मन नपरेको व्यक्तिको अहित चिताउने मानसिक प्रवृत्ति; डाह; ईर्ष्या । २. दुस्मनी; शत्रुता; इबी । > **द्वेषण–** ना० १. द्वेष गर्ने काम; डाहा गर्ने क्रिया । २. घृणा; निन्दा । ३. शत्रु; दुस्मन । **द्वेषी–** वि० १. द्वेष गर्ने; डाहा गर्ने । ना० २. शत्रु; दुस्मन; वैरी । **द्वेष्य–** वि० १. द्वेष गर्न उचित; डाहा गर्न सुहाउँदो । ना० २. द्वेषको पात्र; वैरी; शत्रु ।

**द्वैगुणिक–** वि० [सं०] दुई गुना ब्याज लिने वा खाने; डबल ब्याज असुल गर्ने (साहू-महाजन) ।

**द्वैत–** ना० [सं०] १. दुइटा हुनाको भाव वा अवस्था । २. जोडा; युगल । ३. आफ्नो र अरूको भिन्नता राख्ने भाव; भेदभाव; पक्षपात । **– वाद–** ना० आत्मा र परमात्मा अथवा जीव र ईश्वरलाई भिन्नभिन्न तत्त्व मानिने एक दार्शनिक सिद्धान्त; अद्वैतवादको उल्टा वा त्यसको विरोधी मत वा सिद्धान्त । **– वादी–** वि० द्वैतवादको समर्थक वा अनुयायी ।

**द्वैध–** ना० [सं०] १. दुई प्रकारको हुनाको भाव वा अवस्था । २. अन्तर; भिन्नता । ३. परस्परमा विरोध हुनाको भाव । ४. सन्देह; शङ्का; धुकचुक । ५. राजनीतिमा अर्को राष्ट्रसँग व्यवहार गर्दा मुख्य उद्देश्य गुप्त राखेर गौण उद्देश्य प्रकट गर्ने नीति । ~ **शासन–** ना० १. दुई भिन्नाभिन्नै वर्गमा सत्ता विभक्त भएको शासनप्रणाली; केही विभाग सरकारका हातमा र केही विभाग जनप्रतिनिधिका हातमा रहने एक शासनप्रणाली । २. दुइटा सत्ताधिकारीले एकै समयमा एकै देशमा चलाउने दोहोरो शासन । (अंशुवर्माको समयमा नेपालमा द्वैधशासन चलेको थियो ।) > **द्वैधीकरण–** ना० दुई भागमा विभाजित गर्ने काम; दुई खण्डमा छुट्टिने वा छुट्ट्याउने क्रिया; दुई ठुन्का वा दुई फ्याक पार्ने काम । **द्वैधीभाव–** ना० १. दुई किसिमको हुनाको भाव वा स्थिति; द्विधा भाव; द्वैध । २. भित्र र बाहिर बेग्लाबेग्लै विचार भएको अवस्था । ३. दुविधाको भाव; दोधार; सन्देह ।

**द्वैपायन–** ना० [सं०] महाभारत, पुराण आदि पौराणिक ग्रन्थका रचयिता; वेदव्यास ।

**द्वैप्य–** वि० [सं०] १. द्वीपसम्बन्धी; द्वीपको । २. द्वीप वा टापुमा रहने; द्वीपमा उत्पन्न हुने ।

**द्वैमातुर–** वि० [सं०] १. दुइटी आमा हुने (व्यक्ति) । ना० २. गणेश । ३. जरासन्ध ।

**द्वैराज्य–** ना० [सं०] कुनै दुर्बल वा पराजित राज्यमा अन्य दुई शक्तिशाली देशको संयुक्त प्रभुत्व तथा शासनव्यवस्था ।

**द्व्यर्थ/द्व्यर्थक–** वि० [सं०] दुई वा दुई प्रकारका अर्थ लाग्ने; दुइटा अर्थ भएको ।

**द्व्याक्षायण–** ना० [सं०] पुराणकालीन एक तपस्वी ऋषिको नाम ।

**द्व्योष्ठ्य–** वि० [सं०] दुई ओठका सहायताले उच्चरित हुने (ध्वनि) । (प वर्ग) ।

# ध

**ध**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये उन्नाइसौँ व्यञ्जन; दन्त्य, स्पर्शी, घोष, महाप्राण व्यञ्जन ध्वनि; तवर्गको चौथो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; काँधेलौरी ध ।

**धँगेरो**– ना० हे० धयँरो ।

**धँपुरे**– वि० [सं० अन्धपुर > अँधपुर > धँपुर+ए] सुनसान अँध्यारामा एक्लै बसिरहेको; धुमधुमती बसिरहने ।

**धँसिया**– वि० [ध्वाँसो+इया] ध्वाँसे रङको; कालो र फुस्रो वर्णको ।

**धक्-नु**– अ० क्रि० [धक+नु] चाँडोचाँडो सास फेर्दा मुटु चल्नु; परिश्रम वा गर्मीले दम बढ्नु; स्वाँस्वाँ हुनु ।

**धक**– ना० [धाक] डर, लाज, सङ्कोच आदिबाट मनमा पैदा हुने भाव; ठूलाबडा र नौला व्यक्तिहरूका अगाडि सानालाई हुने सङ्कोच ।

**धकधक**– ना० [अ० मू० धक्+अ (द्वि०)] । १. मुटु हल्लँदा आउने ध्वनि; धुकधुक, ढुकढुक । क्रि० वि० २. मुटु हल्लने गरी; मुटु थरथराएर ।

**धकाइ**– ना० [√ **धक्** (+आइ)] १. धक्ने अवस्था वा क्रिया-प्रक्रिया । [धकाउ+आइ] २. धकाउने अवस्था वा क्रिया-प्रक्रिया । ३. धक मान्नाको भाव वा अवस्था । [>] **धकाइनु**– अ० क्रि० १. धक्ने वा धकाउने होइनु । २. धक लागिनु । **धकाउनु**– अ० क्रि० १ धक्ने काम हुनु; दम बढ्नु; स्वाँस्वाँ गर्नु । २. धक लाग्नु, अदब मान्नु; सङ्कोचाउनु; लजाउनु ।

**धकार**– ना० [सं०] 'ध' अक्षर; तवर्गको चौथो वर्ण ।

**धकालु**– वि० [धक्+आलु] १. धक्ने रोग लागेको । २. धक्ने वा धकाउने स्वभावको; धकाहा ।

**धकाहा**– वि० [धक्+आहा] १. धक्ने स्वभावको; धकालु । २. धक्ने रोग लागेको ।

**धकिनु**– अ० क्रि० [धक्+इ+नु] धक्ने वा चाँडोचाँडो सास फेर्ने होइनु ।

**धकुवा**– वि० [धक्+उवा] दमको रोगले सताएको; दम बढेको; धम्कीको रोग भएको; धकाहा ।

**धकिलो**– वि० [धक्+इलो] देख्तैमा धक लाग्ने; धक मान्ने खालको ।

**धकेरा**– ना० [धक्+एरा] गर्मी वा थकाइबाट बढेको श्वास-प्रश्वास; दम; स्वाँस्वाँ ।

**धकेल्-नु**– स० क्रि० [धक्का+एल्+नु] जोडसित ठेल्नु; धक्का दिनु; ठेलाइमा पार्नु; परपर सार्दै लैजानु; घुचेट्नु; घचेट्नु । > **धकेला**– ना० धकेल्ने काम; धक्का । **धकेलाइ**– ना० धकेल्ने क्रिया वा प्रक्रिया । **धकेलाइनु**– क० क्रि० धकेल्न लाइनु; धकेल्ने पारिनु । **धकेलाउनु** – प्रे० क्रि० धकेल्न लाउनु; धकेल्ने पार्नु । **धकेलाधकेल**– परस्परमा धकेल्ने काम; परस्परको धकेलाइ; घटेचाघचेट । **धकेलिनु**– क० क्रि० धकेल्ने काम गरिनु ।

**धक्क**– क्रि० वि० [अ० मू० धक्+क] १. परस्परमा ठेल्दा आवाज आउने गरी । २. गह्रौँ भारी भुइँमा राख्दा शब्द निस्कने गरी । ना० ३. धक्का ।

**धक्कमधक्का**– ना० [धक्का (द्वि०)] परस्परको धकेलाइ घचेटाघचेट; ठेलमठेल ।

**धक्का**– ना० [सं० धक्क्+आ] १. कुनै वस्तुको अर्को वस्तुसँग भएको जोडसितको जुधाइ; ठोकिने काम; ठक्कर । २. धकेल्ने वा ठेल्ने काम; धक्क्याइ । ३. दुःख, शोक, हानि आदिबाट हुने मानसिक चोट; आन्तरिक आघात । > **धक्किनु**– अ० क्रि० धक्का खानु । ~ **धक्की**– ना० परस्परको धक्का वा ठेलाइ; एकअर्कामा धक्का पुग्ने वा पुऱ्याउने काम; धकेलाधकेल । – **धार**– ना० धक; सङ्कोच ।

**धक्कु**– ना० [√धाक+उ] फोस्रो धाक; बोक्रे फुर्ती; रवाफ ।

**धक्क्याइ**– ना० [√**धक्क्याउ** (+आइ)] धक्क्याउने क्रिया वा प्रक्रिया; धकेलाइ । [>] **धक्क्याइनु**– क० क्रि० धक्का दिइनु । **धक्क्याउनु**– स० क्रि० १. एकले अर्कालाई बेसरी धक्का दिनु; धकेल्नु; ठेल्नु । २. चाँहिदोभन्दा बढी हाल्नु; कोच्नु । ३. समाप्त गर्नु; सिद्ध्याउनु । ४. पन्छाउनु; पर सार्नु ।

**धज**– ना० [सं० ध्वज] १. आफ्नो कमजोरी लुकाएर बाहिर फुर्ती देखाउने काम; सेखी; तुजुक; घमन्ड । २. तडकभडक देखाउने काम; ठाँटबाँट ।

**धजा**– ना० [धजोको ति० रू०] धजो । ~ **धजी**– ना० सानाठूला धजाहरूको समूह ।

**धजिलो**– वि० [धज/धजा+इलो] १. सेखी गर्ने; घमन्डी । २. ठाँटिलो; भड्किलो । ३. धजैधजाले भरिएको; धजाहरू टाँगिएको ।

**धजैधजा**– ना० [धजा+ऐ+धजा] सानाठूला धेरै धजाको समूह; धजाधजी ।

**धजो**– ना० [सं ध्वज] १. झन्डा; ध्वजा । २. देवदेवीलाई चढाइने वा लिङ्गाहरूमा टाँगिने कपडाको सानो टुक्रो; पताका । ३. कछाडको रूपमा पहिरिने कपडाको ठूलो टुक्रो; धरो ।

**धज्जी**– ना० [धजा+ई] कसैको कमजोरी वा नराम्रो कुरा खोतल्ने काम; त्यस्तो कुरामा उडाइने खिल्ली; पर्दाफास ।

**धड्-नु**– स० क्रि० [सं० धर+नु] १. रोगले ग्रस्त तुल्याउनु; सिकिस्त हुनु । २. कडाइका साथ पक्रनु । ३. आक्रमण गर्नु; झम्टनु । ४. जबरजस्तीसित असुलउपर गर्नु ।

**धड**– ना० [प्रा०] १. टाउको, हात, खुट्टा आदि अङ्गबाहेकको शरीर । २. शरीरको पछिल्लो भागमा करङहरू जोडिएर रहने मूल हड्डी ।

**धडङ्गाहा**– वि० [धड+अङ्ग+आहा] ठूलो धड भएको; ढाड ठूलो

भएको (व्यक्ति)।

**धडपकड–** ना० [धड+पकड] १. धड्ने र पक्रने काम; जबरजस्तीसँग गरिने पक्राउ। २. कडिकडाउसँग ताकिता गर्ने वा समाउने काम। ३. रोगले बेसरी च्याप्ने स्थिति; सिकिस्ती।

**धडाइ–** ना० [√**धड** (+आइ)] धड्ने भाव, क्रिया वा प्रक्रिया। [>] **धडाइनु–** क० क्रि० धड्न लाइनु; धड्ने पारिनु। **धडाउनु–** प्रे० क्रि० धड्न लाउनु; धड्ने पार्नु।

**धडाधड–** क्रि० वि० [धड्+आ+धड्] चाँडोचाँडो काम सिद्धचाउने गरी; सरासर; धमाधम; खराखर। > **धडाधडी–** क्रि० वि० धडाधडसँग।

**धडिनु–** क० क्रि० [धड्+इ+नु] १. धड्ने काम गरिनु। २. ग्रस्त पारिनु।

**धड्क-नु–** अ० क्रि० [धडकन+नु] डर वा परिश्रमले चाँडो-चाँडो मुटु चल्नु; मुटु ढुकढुक गर्नु; मुटु हल्लनु।

**धड्कन–** ना० [धड्क+अन] मुटु हल्लँदा उत्पन्न हुने शब्द; हृदयगतिको तीव्र कम्पन; धुकधुक।

**धड्काइ–** ना० [√**धडक्** (+आइ)] १. धड्कने भाव, क्रिया वा प्रक्रिया। [धड्काउ+आइ] २. धड्काउने भाव, क्रिया वा प्रक्रिया। [>] **धड्काइनु–** क० क्रि० धड्कने वा धड्काउने काम गरिनु। **धड्काउनु–** प्रे० क्रि० १. धड्कने पार्नु; धड्कन लाउनु। २. कुनै काम उत्साहका साथ चाँडोचाँडो गर्नु। ३. हतारहतार गरी कुनै काम सिद्धचाउनु। ४. पेय पदार्थ घटाघट पिउनु। **धड्किनु–** अ० क्रि० १. धड्कनु। क० क्रि० २. धड्कने होइनु। **धड्क्याइ–** ना० धड्किने अवस्था वा क्रियाप्रक्रिया।

**धडचाम्म–** क्रि० वि० [अ० मू० धडचाम्+म] १. कुनै ठूलो र गह्रुङ्गो वस्तु माथिबाट बजारिँदा आवाज आउने गरी। २. लड्दा वा पछारिँदा शब्द निस्कने चालले। ३. तोप, बन्दुक आदि पड्कँदा आवाज निस्कने गरी। ४. झ्याल, ढोका आदि जोडसँग खोल्दा वा बन्द गर्दा शब्द निस्केर।

**धत्–** वि० बो० [सं० धूत] १. निन्दा वा तिरस्कार बुझाउने शब्द। २. तिरस्कारका साथ कसैलाई पर हटाउनका निम्ति प्रयोग गरिने शब्द। ३. खराब कामकुरो भन्ने वा गर्ने व्यक्तिलाई फट्कारिने शब्द; धुत्।

**धतङ्याइ–** ना० [√ **धतङचाउ** (+आइ)] धतङचाउने क्रिया वा प्रक्रिया। [>] **धतङचाइनु–** क० क्रि० धतङचाउने काम गरिनु।

**धतङचाउनु–** स० क्रि० [धूर्त+अङ्ग+याउ+नु] तुरुन्तातुरुन्तै धुतेर लानु।

**धताइ–** ना० [**धताउ** (+आइ)] धताउने भाव, क्रिया वा प्रक्रिया। [>] **धताइनु–** क० क्रि० १. धताउने पारिनु; धतुराइनु। अ० क्रि० २. धताउने होइनु। **धताउनु–** अ० क्रि० १. निद्रामा बेसुरसँग कराउनु। २. बेसुरका कुरा गर्नु; बौलाउनु; सन्कनु। **धताहा–** वि० धताउने स्वभावको; धतुराउने। **धतुई–** वि० धताउने स्वभावकी (स्त्री)।

**धतुङ्गो–** वि० [धताउ+उङ्गो] १. उट्पटचाङ स्वभावको; उटुङ्ग्याहा। २. अर्धसिल्ली; अर्द्धविक्षिप्त; पगलाहा।

**धतुराइ–** ना० [√ **धतुराउ** (+आइ)] धतुराउने भाव, क्रिया वा प्रक्रिया। [>] **धतुराइनु–** अ० क्रि० धतुराउने होइनु।

**धतुराउ-नु–** अ० क्रि० [धतुरो+आउ+नु] धतुरो खाएर जथाभावी बोल्नु; निद्रामा बेसुरसँग फतफताउनु; धतुलाउनु; धताउनु। > **धतुरिनु–** अ० क्रि० धतुराउने होइनु।

**धतुरे–** वि० [धतुरो+ए] धतुराउने; धतुराउने स्वभावको। ~**फुल–** ना० धतुराको जस्तो फुल्ने एक जातको फूल।

**धतुरो–** ना० [सं० धत्तूर] बिल्ल्याँटापट्टि कालोकालो रङ र सब्ल्याँटातिर हरियापात हुने, काँडैकाँडाले भरिएका ठूला फल फल्ने र सेतो, कालो, पहेँलो, रातो र नीलो गरी पाँच थरी फूल फुल्ने एक जातको बोट।

**धतुलाइ–** ना० [√**धतुलाउ** (+आइ)] धतुलाउने भाव, क्रिया वा प्रक्रिया। [>] **धतुलाइनु–** अ० क्रि० जथाभाबी बोलिनु, धतुराइनु।

**धतुलाउनु–** अ० क्रि० [धतुरो+आउ+नु] धतुराउनु। > **धतुलिनु–** अ० क्रि० धतुलाउने होइनु।

**धतुली–** वि० [धतुलो+ई] धतुलाउने; धतुलाउने स्वभावकी (स्त्री)।

**धतुले–** वि० [धतुलो+ए] धतुलाउने स्वभावको; धतुलाउने।

**धतुलो–** वि० [धतुरो] धतुलाउने स्वभावको; नशाले बौलाउने।

**धतेला–** ना० लगभग तीन मिटर अग्लो हुने, दाँती परेको वा नपरेको भालाजस्तो पात हुने, सेतो फूल फुल्ने काँडादार एक बोट।

**धत्तेरि–** वि० बो० [धत्+तेरो+ई] १. नचाहिँदो काम गर्नेलाई हप्काउने शब्द; धत्। २. कुनै कामकुरो भएगरेकोमा पछुतो मानेर भनिने शब्द।

**धत्यौरो–** वि० [धत्+यौरो] १. हप्काउनुपर्ने वा तिरस्कार गरिने स्वभावको। २. झगडालु। ३. छुच्चो स्वभाव भएको (मान्छे)।

**धन–** ना० [सं०] १. जीवननिर्वाहमा सहायता पुऱ्याउने र कमाउन वा प्राप्त गर्न परिश्रम, पुँजी, समय लगाउनुपर्ने मूल्यवान् पदार्थ; सम्पत्ति (खेत, जमिन, घर, रुपियाँपैसा इ०)। २. यथेष्ट मात्रामा रहने उक्त प्रकारको कुनै चीज (गोधन, अश्वधन इ०)। ३. कुनै वस्तुसँग विनिमय गर्न सकिने वा लगानी गरिने र लोकव्यवहारमा प्रचलित मुख्य रूपले चाँदी, तामा, पित्तल, सुन आदिको सिक्का, रुपियाँपैसा। ४. विद्या, बुद्धि, धर्म, कर्म आदि। ५. प्राणसमान परमप्रिय व्यक्ति (उदा०– आफ्ना जीवनधन नै बिलाएपछि बिचरी के गरून्!) ६. जन्मकुण्डलीमा जन्मलग्नबाट दोस्रो स्थान। ७. गणितमा जोड्ने वा मिलाउने चिह्न; जोड (+)। ८. हिसाबकिताबमा कसैका नाउँमा जम्मा भएको रकमकलम; (क्रेडिट)।

**धनकुटा–** ना० [सं० धनकूट+आ] नेपालको पूर्वाञ्चल विकासक्षेत्रमा पर्ने कोसी अञ्चलअन्तर्गतको एक पहाडी जिल्ला; त्यसै जिल्लाको सदर मुकाम। > **धनकुटाली/धनकुटे/धनकुटेली–** वि० १.

धनकुटाको बासिन्दा । २. धनकुटासम्बन्धी ।

**धनकुबेर–** वि० [सं०] कुबेरसमानको धनी; ठूलो धनी; प्रशस्त सम्पत्तिवाल ।

**धन जमानी–** ना० [धन+जमानी] १. असामीले बुझाउनुपर्ने रकम वा पूरा गर्नुपर्ने कामकुरा नगरेमा आफूले सो रकम बुझाउँला भनी गर्ने कबुल । २. त्यस्तो कबुल गर्ने व्यक्ति । ३. जमानत राखिएको रकम । ~ **पत्र–** ना० भाकाभित्र कुनै रकम बुझाउन नसकेमा 'म बुझाउँला' भनी भरपर्दो व्यक्तिले गरिदिने कागज; धनजमानी बस्नेको लिखत ।

**धनञ्जय–** ना० [सं०] १. प्राणीका शरीरभित्र रहने पोसिलो वायु । २. धनलाई जित्ने व्यक्ति; अर्जुन । ३. अग्नि । ~ **गोत्र–** ना० धनञ्जय ऋषिको कुल वा वंशको परिचायक नाम (यस गोत्रमा हुमागाईं, रिजाल, पगेँनी, बसेल, कुकुरकाटे, गुरागाईं, भुसाल, गैरीपिप्ली, खुलाल बस्नेत र खुलाल बुढाथोकी पर्छन् ।) ।

**धनतले वाराही–** ना० ललितपुर सहरका इलाकामा रहेकी एक देवी; चार वाराहीमध्ये एक ।

**धनद–** वि० [सं०] १. धन वा सम्पत्ति दिने । ना० २. कुबेर ।

**धन दौलत–** ना० [सं० धन+अ० दौलत] धनसम्पत्ति; श्रीसम्पत्ति ।

**धनधान्य–** ना० [सं०] धन, धान आदि विविध किसिमको सम्पत्ति; श्रीसम्पत्ति; ऐश्वर्य ।

**धनपति–** ना० [सं०] १. धनी व्यक्ति; धन भएको मान्छे । २. खजान्ची; कोषाध्यक्ष । ३. कुबेर ।

**धन पिशाच–** ना० [सं०] कति नै धन भए तापनि कहिल्यै नपुग्ने व्यक्ति; द्रव्यपिशाच ।

**धनपुत्ला–** ना० [धन+पुत्ला] चैतवैशाखतिर पानी पर्नासाथ माटामुनिबाट निस्कने पखेटा हुने कमिलोजस्तो कीरो; धमिरो ।

**धन प्रेषणादेश–** ना० [सं०] हुलाक अड्डाबाट अर्को ठाउँमा रुपियाँपैसा पठाउनुपर्दा पाइने एक प्रकारको चेक; धनादेश; मनीअर्डर ।

**धनमति–** वि० [सं०] धन कमाउने मात्र लक्ष्य भएको ।

**धनमत्त–** वि० [सं०] धनले मात्तिएको; सम्पत्तिको सेखी गर्ने ।

**धनमाल–** ना० [धन+माल] चलअचल सम्पत्ति; जायजेथा; धनसम्पत्ति ।

**धनराशि–** ना० [सं०] १. धनको थुप्रो । २.ज्योतिषका बाह्र राशिमध्ये एक राशि ।

**धनवान्–** वि० [सं०] प्रशस्त धन भएको; धनी; अमिर ।

**धन विद्युताणु–** ना० [सं०] विद्युतीय परमाणुहरूमा धनयोग भएको परमाणु; धनात्मक कण वा अणु ।

**धनशाली–** वि० [सं०] धनवान्; धनी ।

**धन सम्पत्ति–** ना० [सं०] १. धेरै मूल्य पर्ने र क्रयविक्रय गर्न सकिने सबै किसिमका वस्तु; रुपियाँपैसा, जमिन, जायजेथा आदि मूल्यवान् वस्तु । २. कुनै व्यक्ति, समाज वा राष्ट्र आदिको अधिकारमा रहने उक्त वस्तु ।

**धनसार–** ना० [सं० धान्यशाला] १. धान राखिने घर; ढुकुटी । २. माथिल्ला तलामा मालसामान राख्न र तल्ला तलामा दाउरापात तथा गाईभैँसी बाँध्नका निम्ति बनाइएको कटेरो; खोल्मा ।

**धनसिरी–** ना० [सं० धनाश्री] नेपाली लोकगीतमा प्रचलित एक किसिमको राग वा लय ।

**धनहर–** ना० [सं०] १. प्रशस्त धान फल्ने खेत । २. धानखेत ।

**धनहीन–** वि० [सं०] धन नभएको; निर्धन; गरिप ।

**धनाइ–** ना० [√**धान्** (+आइ)] धान्ने भाव, क्रिया वा प्रक्रिया । [>] **धनाइनु–** क० क्रि० धान्न लाइनु; धान्ने पारिनु । **धनाउनु–** प्रे० क्रि० धान्न लाउनु; धान्ने पार्नु ।

**धनाढ्य–** वि० [सं०] प्रशस्त धन भएको; पुँजीपति, महाजन ।

**धनात्मक–** वि० [सं०] १. धन भएको पक्षले युक्त । २. धनपक्षसँग सम्बन्धित । ~ **कण–** ना० धनात्मक विद्युत्शक्ति भएको परमाणुका केन्द्रमा रहने एक प्रकारको अत्यन्त सूक्ष्म कण; धन-विद्युताणु ।

**धनादेश–** ना० [सं०] १. कसैलाई कुनै धन दिने आदेश वा आज्ञा । २. हुलाकअड्डाद्वारा कुनै अन्य ठाउँमा रहने व्यक्तिलाई पठाइने धन; मनीआर्डर ।

**धनाधिप–** ना० [सं०] १. धनको मालिक; कुबेर ।

**धनाध्यक्ष–** ना० [सं०] धनका अध्यक्ष; कुबेर । २. धनको कारोबार गर्ने व्यक्ति; कोषाध्यक्ष; खजान्ची ।

**धनार–** ना० [धान+आर] राम्रो र झरझराउँदो धान उब्जने ठाउँ; अव्वल दर्जाको खेत; धनहर ।

**धनार्थी–** वि० [सं०] १. धन आर्जन गर्ने; कमाउने । २. धनको आशा राख्ने; धनको इच्छुक ।

**धनाश्री–** ना० [सं०] १. दिउँसो गाइने, वीररसले भरिएको रागिनी । २. रुद्राक्षका आकारको माला लगाइने एक जातको फल ।

**धनिक–** वि० [सं०] १. धन भएको; धनी । ना० २. धन हुने व्यक्ति । ३. ऋण दिने व्यक्ति; साहू; महाजन ।

**धनियाँ–** ना० [सं० धन्याक] ससाना पात हुने सेता, खैरा मसिना फूल फुल्ने, दुई फग्ल्याँटो भएर छुट्टिने, मसिना दाना फल्ने प्रायः अचार, तरकारी आदिमा मसलाका रूपमा प्रयुक्त हुने झार; त्यसैको फल वा गेडा ।

**धनिष्ठा–** ना० [सं०] सत्ताइस नक्षत्रमध्ये तेइसौँ नक्षत्र; पाँच तारा भएका नौ ऊर्ध्वमुख नक्षत्रमध्ये एक ।

**धनी–** वि० [सं०] १. धनसम्पत्ति प्रशस्त हुने; धनवान्; धनिक । २. अरूलाई रिन दिन सक्ने; साहू । ३. मालिक; स्वामी । ना० ४. धनवान् व्यक्ति । ५. कुनै प्रकारको सीप, गुण आदिमा सर्वश्रेष्ठ (मनको धनी, विद्याको धनी इ०) । ~ **पुर्जा–** ना० सम्बन्धित मालपोत कार्यालयबाट जग्गाधनीको प्रमाणस्वरूप दिइने जग्गाधनी-प्रमाणपुर्जा । – **बोटी–** ना० मोहीले जग्गाधनीलाई बुझाउनुपर्ने उब्जनीको निश्चित भाग; अधियाँ वा ठेक्का; तल्सिङले पाउने जग्गाको निश्चित आम्दानी । – **मानी–** वि० १. धन एवं मान दुवै भएको । २. धनले मानिएको ।

**धनु–** ना० [सं०] १. बाँस वा फलामका कप्टेराका दुई टुप्पा

नुहाएर ती टुप्पामा परिन्जो बाँधी बाण हान्न बनाइएको अस्त्रविशेष । २. एक प्रकारको गुलेली । ३. बाह्र राशिमध्ये एक । ४. धनुका आकारको रुवा फड्कार्ने साधन । ५. स्याखु बुन्ने एक उपकरण । **– काण–** ना० १. धनु र काण । २. काण हान्ने धनु । ३. धनुमा राखेर हानिने काण । **– बाँस–** ना० धनुष आदि बनाउन पनि सकिने, चाम्रो, खँदिलो र बलियो, टुप्पोचाहिँ धनुजस्तै, नुहुने एक प्रकारको बाँस ।

**धनुर्गुण–** ना० [सं०] धनुका दुई टुप्पामा बाँधिने डोरी; धनुको ताँदो; परिन्जो ।

**धनुर्ग्रह हस्त–** ना० [सं०] वास्तु वा मूर्तिकलामा प्रयुक्त हुने सत्ताइस अङ्गुलबराबरको परिमाण ।

**धनुर्धर–** ना० [सं०] १. धनु लिने व्यक्ति । २. धनु चलाउनमा सिपालु व्यक्ति ।

**धनुर्धारी–** वि० [सं०] १. धनु धारण गर्ने; धनु लिने । २. धनु चलाउनमा सिपालु । ना० ३. धनु लिने व्यक्ति; धनुर्धर ।

**धनुर्मुष्टि हस्त–** ना० [सं०] वास्तु वा मूर्तिकलामा प्रयुक्त हुने नापो; छब्बीस अङ्गुलबराबरको परिमाण ।

**धनुर्वाण–** ना० [सं०] धनु र वाणको अस्त्र; धनु र बाण ।

**धनुर्वात–** ना० [सं०] धनुजस्तै भएर शरीर कुप्रो पर्ने एक खालको रोग; धनुष्टङ्कार; टिटानस ।

**धनुर्विद्या–** ना० [सं०] धनु चलाउने कला सिकाउने विद्या; धनुसम्बन्धी ज्ञान ।

**धनुर्वेद–** ना० [सं०] विशेष रूपले धनु चलाउने विद्याको निरूपण भएको शास्त्र; यजुर्वेदको एक उपवेद ।

**धनुष–** ना० [सं०] १. वास्तु वा मूर्तिकलामा प्रयुक्त हुने, चार किब्कु वा चार मुडीहातबराबरको नाप; छयानब्बे अङ्गुलबराबरको नाप । २. धनु; धनुस् ।

**धनुषा–** ना० [सं०] नेपालको मध्यमाञ्चल क्षेत्रभित्र पर्ने जनकपुर अञ्चलको एक जिल्ला ।

**धनुषाकार–** ना० [सं०] १. धनुषको जस्तो वा धनुजस्तै भएको आकार । वि० २. त्यस्तै आकारको । ~ **ताल–** ना० बाढी आएको बेला नदीले बाटो फेर्दा बनेको धनुषको जस्तो आकार परेको ताल ।

**धनुष्टङ्कार–** ना० [सं०] १. धनुमा बाण राखेर हान्दा उत्पन्न हुने शब्द । २. घाउ-खटिरा आदिले विषाक्त भई गर्दन र पिठिउँ कुप्रो पर्ने एक खालको रोग; टिटानस ।

**धनुष्मान्–** ना० [सं०] १. धनु धारण गर्ने व्यक्ति; धनुर्धर । २.उत्तर दिशाको एक पर्वत ।

**धनेश–** ना० [सं०] १. धनको मालिक । २. कुबेर । ३. विष्णु । ४. जन्मकुण्डलीमा लग्नबाट दोस्रो स्थानमा रहेको वा बलियो दृष्टि परेको ग्रह ।

**धनेश्वर–** ना० [सं०] १. धनको मालिक । २. कुबेर । ३. विष्णु । ४. बाग्मती अञ्चलअन्तर्गत काभ्रे जिल्लामा पर्ने धान्नीपूर्णिमा र सोपछिको पञ्चमीमा ठूलो मेला लाग्ने महादेवको प्रसिद्ध मन्दिर ।

**धनेस–** ना० गर्दन र चुच्चो बढी लामो हुने र खुट्टासमेत अग्ला भई लमकलमक गरेर हिँडने एक जातको चरो ।

**धन्दा–** ना० [√धन्धा] १. कुनै पनि कामकाज बिग्रेला कि भनेर मनमा पर्ने पिरलो । २. शोकसुर्ता; चिन्ता । ३. कामधन्दा । ४. घरेलु कामकाज; धन्धा । ५. जीविकोपार्जनका निम्ति गरिने काम; पेसा । ६. उद्योगधन्धा । ७. भाँडा माझ्ने काम ।

**धन्दे–** वि० [धन्दा+ए] धन्दा गर्ने । ~ **भाग–** ना० घरधन्दा गर्ने व्यक्तिका निम्ति पर सारिने भाग; धन्दा गर्नेलाई दिइने भाग ।

**धन्धा–** ना०हे० धन्दा ।

**धन्न/धन्ने–** वि० [सं० धन्य] धन्य । ~ **हो–** वि० बो० खुसी वा व्यङ्ग्यमा प्रकट गरिने उद्‌गार; साह्रै राम्रो; बहुत भयो; पुग्यो (उदा०– धन्न हो, तपाईंले भानिजका लागि धेरै गर्नुभयो ! दिनभरि सुतेर बस्यौ होइन ? धन्ने हो !)

**धन्य–** वि० [सं०] १. विशेष योग्यता वा यस्तै कारणले प्रशंसा गर्न योग्य; राम्रो काम गर्ने । २. कृतार्थ; कृतकृत्य । वि० बो० राम्रो वा बहादुरीको काम गर्नेलाई प्रशंसा गर्दा भनिने शब्द; धन्यधान्य । > **धन्यम्मन्य–** वि० आफूलाई धन्य र भाग्यमानी ठान्ने । **– वाद–** ना० १. उपकार, अनुग्रह आदि गरेकोमा कृतज्ञता प्रकट गरेर भनिने शब्द; साधुवाद । २. प्रशंसा; तारिफ । **– वाद ज्ञापन–** ना० कसैले गरेको उपकार, अनुग्रह आदिका सट्टामा कृतज्ञता जनाउने काम; कृतज्ञताज्ञापन ।

**धन्या–** ना० [सं०] १. धाईआमा; धाई । २. अमला । ३. धनियाँ । वि० ४. प्रशंसा गर्न लायककी (स्त्री) ।

**धन्वन्तरि–** ना० [सं०] १. आयुर्वेदशास्त्रका प्रवर्तक प्रसिद्ध आचार्य; देवताहरूका वैद्य । २. विष्णुका चौबीस अवतारमध्ये एक । ३. समुद्रमन्थनबाट निस्केका चौध रत्नमध्ये एक । ४. राजा विक्रमादित्यका सभाका नवरत्नमध्ये एक ।

**धन्वी–** वि० [सं०] १. धनुर्धारण गर्ने; धनुर्धारी । ना० २. धनु लिने व्यक्ति; धनुर्धर । ३. अर्जुन । ४. राम ।

**धपक्क–** क्रि० वि० [अ० मू० धपक्+क] १. बत्ती, आगो आदि एकाएक बल्ने वा निभ्ने गरी । २. रूप चौपट्ट खुलेर वा सिँगारपटार गरेर; एकदमसित सजिने गरी ।

**धपाइ–** ना० [√ **धपाउ** (+आइ)] धपाउने क्रिया वा प्रक्रिया । [>] **धपाइनु–** क० क्रि० लगारिनु; लखेटिनु ।

**धपाउनु–** स० क्रि० [सं० धावन+आउ+नु] १. कुनै ठाउँबाट कसैलाई हटाउनु; लगार्नु; खेद्‌नु; लखेट्‌नु । २. देशनिकाला गर्नु; देशबाट निर्वासन गर्नु । ३. बिस्तारै हिँडेको गाईबस्तुलाई पछाडिबाट खेद्‌नु । > **धपिनु–** क० क्रि० धपाउने काम गरिनु; लखेटिनु ।

**धपेड्–नु–** स० क्रि० [धपेडी+नु] १. धावा पर्ने गरी लखेट्‌नु; खेद्‌नु । २. धपेडी गर्नु । > **धपेड–** ना० धावा पर्ने स्थिति;

धपेडाइ; थकाइ । **धपेडाइ–** ना० धपेडिने भाव, क्रिया वा प्रक्रिया । **धपेडाइनु–** क० क्रि० धपेडिने पारिनु; धपाइनु । **धपेडाउनु–** प्रे० क्रि० धपेड्न लाउनु; धपाउनु । **धपेडिनु–** अ० क्रि० हिँडाइ वा कुनै कामबाट ज्यादा थाक्नु; धपेडी गर्नु ।

**धपेडी/धपेरी–** ना० [सं० धावन] १. लगातारको हिँडाइ वा बढ्ता कामबाट हुने अत्यधिक परिश्रम; धामा । २. जीउले नसक्ने कामबाट हुने शारीरिक शिथिलता ।

**धपोट–** ना० [अ० दफ्आत] ढपोट ।

**धप्कादार–** वि० [धप्को+दार] धप्को भएको; धप्प बल्ने ।

**धप्प–** क्रि० वि० [अ० मू० धप्+प] १. एकाएक आगो, बत्ती आदि बल्ने वा निभ्ने गरी । २. लुगा, गहना आदिले सिँगारिने गरी; झकिझकाउ; झरिझुट्ट ।

**धब्बा–** ना० [हि०] १. दाग; टाटो । २. दोष; कलङ्क । ३. आरोप; अभियोग ।

**धमन–** ना० [सं०] १. आगो फुक्ने काम । २. खलाँती चलाउने काम ।

**धमनी–** ना० [सं०] १. हृदयबाट विभिन्न अङ्गमा रगत जाने नाडी; शिरा । २. गर्दन; गलो; घाँटी; घोक्रो ।

**धमाधम–** क्रि० वि० [सं० धमधमा] १. कुनै काम सरासर गरिरहने गरी; लगातार; निरन्तर । ना० २. धावाधावासँग कुनै काम गरिने क्रिया-प्रक्रिया ।

**धमार–** ना० [अ० मू० धम्+आर] १. भइरहेको कामलाई ध्वस्त पार्ने काम । २. उपद्रो; उत्पात । ३. बलिरहेको आगामा साधुहरूद्वारा कुद्ने क्रिया । ४. धूमचक्र मच्चाउने काम । > **धमारी–** ना० १. उधुम मच्चाउने क्रियाप्रक्रिया । २. उपद्रो; उत्पात । ३. नचाहिँदोसँग चलाचल र खेलद्वारा धूमचक्र मच्चाउने काम । वि० ४. धमारसम्बन्धी ।

**धमास–** १. कसैलाई देखाइने मपाइँपूर्ण शक्ति; धाक; घमन्ड । २. चुनौती; हाँक; ललकार ।

**धमिनी–** ना० [धामी+नी] १. धामीझाँक्रीको काम गर्ने आइमाई । २. धामीकी स्वास्नी ।

**धमिरा–** ना० [धमिरोको ति० रू०] धमिरो । ~ **धमिरी–** ना० सानाठूला धेरै धमिरा; धमिराहरूको समूह ।

**धमिरे–** वि० [धमिरो+ए] १. धमिराको जस्तो स्वभाव भएको । २. आफ्नै आश्रयस्थल र आफन्तसमेतलाई भित्रभित्रै नजानिँदो किसिमले खोक्रो पार्ने (व्यक्ति) ।

**धमिरो–** ना० माटामाथि राखिएका काठ आदिमा माटो थुपारी लुक्ने ठाउँ बनाएर बस्ने र बिस्तारै काठ आदिलाई खाँदै जाने, कमिलाका आकारको एक जातको रातो र खैरो कीरो; काठ, किताब आदिलाई छियाछिया पारेर नष्ट गर्ने कीरो ।

**धमिलि–नु–** अ० क्रि० [धमिलो+इ+नु] १. धमिलो हुनु; पानी आदि तरल पदार्थ मैलिनु । २. आँखाले राम्ररी ठम्याउन नसक्नु । ३. बादल लागेर सूर्यको प्रकाश छेकिनाले स्पष्टसित नदेखिनु । ४. मनमा शङ्का उब्जनु । ५. कारणवश स्नेह, प्रेम आदि कम हुनु । ६. व्यवहार तथा घरगृहस्थी बिग्रनु ।

**धमिलो–** वि० [सं० धूमल] १. धूलो, कसिङ्गर आदि परेर मैलो भएको (पानी) । २. राम्रोसँग नदेखिने; अस्पष्ट । ३. उज्जर नभएको । ४. दूषित विचार भएको । ~ **पानी–** ना० जाँड; बियर । > **धमिल्याइ–** ना० धमिल्याउने वा धमिलो हुने भाव, क्रिया वा प्रक्रिया । **धमिल्याइनु–** क० क्रि० धमिलो पारिनु । **धमिल्याउनु–** स० क्रि० १. सङ्लो र शुद्ध पानीलाई मैला हाली धमिलो पार्नु । २. मन वा विचारलाई कलङ्कित वा दूषित पार्नु ।

**धमेल–** ना० [धामी+एल] धामीको काम वा पेसा । > **धमेली–** वि० धमेलसम्बन्धी; धामीले गर्ने (धूपधुवाँर आदि) ।

**धमेली–** ना० [धामा+एली] कुनै काम धमाधमसँग गर्ने क्रियाप्रक्रिया; मेहनतको कामगराइ ।

**धमेलो१–** ना० [धमेल+ओ] धामीले गर्ने काम; धमेली ।

**धमेलो२–** ना० [धामा+एलो] धमाधमको कामगराइ ।

**धम्का–** ना० [धम्काइ] पाडाबाछा आदिले दूध खाँदा माउका फाँचामा दिने धक्का ।

**धम्काइ–** ना० [√**धम्काउ** (+आउ)] धम्काउने क्रियाप्रक्रिया । [>] **धम्काइनु–** क० क्रि० धम्काउने पारिनु; धम्काउने काम गरिनु ।

**धम्काउनु–** स० क्रि० [धम्कि+आउ+नु] धम्की दिनु; हप्काउनु; हकार्नु; हपार्नु; डाँट्नु ।

**धम्कि–नु–** अ० क्रि० [धम्की+नु] १. धम्कीको डर हुनु । २. दच्कनु; हच्कनु ।

**धम्की१–** ना० [सं० धमन] स्वाँस्वाँ हुने रोग; दम ।

**धम्की२–** [सं० धम्+की] १. सजाय दिने डर देखाउने काम; हप्की । २. डाँट; फटकार; दप्की ।

**धम्क्याइ–** ना० [√**धम्कि** (+याइ)] धम्कि दिने भाव, क्रिया वा प्रक्रिया ।

**धम्मरधुस–** वि० [धम्मर+धुस्स] १. मोटोघाटो, कालो र अग्लो; भुसतिघ्रे । २. ध्वाँसे रङ भएको । क्रि० वि० ३. सक्तो कोसिस गरेर; भरिसक्के; भरमग्दुर ।

**धम्मिल्ल–** [सं०] १. कपालको चुल्ठो; केशकलाप । २. फूल, गहना आदिले सजाइएको कपाल ।

**धयँरो–** ना० [सं० धातकी] ससाना पात हुने र राता फूल फुल्ने एक जातको बोट; सोही बोटको फूल; धँगेरो ।

**धर्–नु–** स० क्रि० [सं० धर+नु] १. धारण गर्नु; लिनु; समाउनु । २. अडचाउनु; थेग्नु; थाम्नु । ३. राख्नु; रक्षा गर्नु ।

**धर१–** वि० [सं०] १. धारण गर्ने; लिने; ग्रहण गर्ने (जस्तो– धनुर्धर; विद्याधर इ०) । २. लड्न, खस्न नदिने; थाम्ने । ना० ३. समात्ने क्रिया; पक्रने काम । ४. कुनै वस्तु अडिने वा थामिने आधार; टेवा । ५. कच्छप रूपधारी विष्णु । ६. पर्वत ।

**धर२–** ना० [प्रा०] कपडा आदिको लामो टुक्रो; धरो ।

**धर३**– क्रि० वि० [अ० मू० धत् > धर्] कुकुरलाई भाग्न लगाउन भनिने शब्द ।

**धर४**– ना० [सं०] १. नगरीकन नहुने काम गरिसकेपछि हुने शान्ति; सुख । २.छुटकारा; मुक्ति । ३. स्थिरता; धैर्य । ४.सरम; लाज । ~ **छाडा**– वि० १. धैर्य हराएको; चञ्चल; चकचके । २. मनपरी गर्ने; गतिछाडा । ३. लाजसरम नभएको; लबस्तरो; निर्लज्ज ।

**धरण**– ना० [सं०] १. धारण गर्ने क्रिया वा भाव । २. आश्रय; खाँबो । ३. रक्षक । ४. एक प्रकारको पुरानो तौलको परिमाण । ५. माटाका सबैभन्दा माथिल्लो तहमा जम्ने कालो पत्र ।

**धरणी**– ना० [सं०] विभिन्न रत्न धारण गर्ने ग्रह; पृथ्वी; धरती । ~ **कन्द**– ना० बनतरुल । – **करण**– वनस्पति, जीवजन्तु आदि कुहिएर पानीमा नगल्ने जैविक यौगिक पदार्थ बन्ने काम । – **धर**– ना० १. पृथ्वीलाई धारण गर्ने प्राणी; शेषनाग । २. पृथ्वीधारी पहाड; पर्वत । ३. महाकच्छप । ४. विष्णु । ५. दिशारूपी हात्ती; दिग्गज । ~ **पति**– ना० राजा । > **धरणीश्वर**– ना० १. धरणीका ईश्वर । २. राजा; भूपति । ३. शिव । ~ **सुता**– ना० सीता; जानकी ।

**धरती**– ना० [सं० धरित्री] पृथ्वी; जमिन । – **पुत्र**– ना० १. धरतीको छोरो; मानिस । २.जीव; प्राणी । ३. पुरुषार्थी व्यक्ति; महापुरुष ।

**धरधर**– क्रि०वि० [अ० मू० धर्+अ (द्वि०)] धारा लागेर पानी झर्ने गरी; धाराबाट पानी खसेझैँ । > **धरधरा**– ना० धरधर गरेर पानी भर्ने साधन; धारो । **धरधरी**– क्रि० वि० धरधरको छिटो चालसँग ।

**धरपकड**– ना० [धर्+पकड] १. कडिकडाउका साथमा पक्रने काम । २. धमाधम आक्रमण गर्दै समाउने चाल; धडपकड ।

**धरम**– ना० [सं० धर्म] धर्म । – **करम**– ना० धर्मकर्म । ~ **भकारी**– ना० स्थानीय जनताबाट सामाजिक कल्याणका लागि उठाएर जम्मा गरिएको अन्नकोष; धर्मभकारी ।

**धरमभाटी**– ना० [धरिन+भाटो] घर छाउँदा घरको दाँतीमा र वल्ला-पल्ला छेउमा दुवैतिरबाट कसिएको भाटो; घर छाउँदा गुरुभाटोभन्दा मनि राखिएको भाटो ।

**धरमर**– ना० [अ० मू० धर्+अ (द्वि०)] १. रिँगटा लागेर वा शारीरिक कमजोरीका कारणले राम्ररी खुट्टा टेक्न नसकिने अवस्था । २. दोधार; धुकचुक; सन्देह । क्रि०वि० ३. रिँगटा वा कमजोरीले लड्न खोजेर; ढुनमुनिँदै । > **धरमराइ**– ना० धरमराउने क्रिया वा प्रक्रिया । **धरमराइनु**– अ० क्रि० धरमर होइनु; धरमराउने स्थितिमा पुगिनु । **धरमराउ**– ना० धरमराउने वा अलमलिने अवस्था; अस्थिरता । **धरमराउनु**– अ० क्रि० १. धरमर हुनु; लकपकाउनु; ढुनमुनिनु । २. सिद्धान्त वा विचारमा अडिग हुन नसक्नु । ३. दोधारमा पर्नु; धुकचुकाउनु । **धरमराहट**– ना० धरमराउने भाव, अवस्था वा क्रियाप्रक्रिया । **धरमरिनु**– अ० क्रि० धरमराउनु । **धरमऱ्याइ**– ना० धरमरिने क्रिया वा प्रक्रिया । **धरमऱ्याहट**– ना० धरमरिने अवस्था वा क्रिया प्रक्रिया ।

**धररा**– ना०हे० धरहरा ।

**धरहरा**– ना० [प्रा० धरहरो < सं० धरागृह] १. भित्रभित्रैबाट माथिसम्म जाने सिँढी भएको अग्लो, डोलो स्तम्भ; कीर्तिस्तम्भ; मिनार; धररा । २. काठमाडौँमा वि०सं० १८८२ मा भीमसेन थापाले बनाएको, टुप्पामा चढेर अघि ठूला घटना सूचित गरिने र हाल कुनै राष्ट्रिय उत्सवमा धुन आदि बजाइने नौतला भएको प्रसिद्ध कीर्तिस्तम्भ; भीमसेनस्तम्भ ।

**धरा**– ना० [सं०] १. पृथ्वी; धरती । २. संसार; दुनियाँ, जगत् । ३. नसा; नाडी । ४.गर्भाशय; पाठेघर ।

**धराइ**– ना० [√**धर्** (+**आइ**)] धर्ने भाव, क्रिया वा प्रक्रिया । [>] **धराइनु**– क० क्रि० धर्न लाइनु । **धराउनु**– प्रे० क्रि० धर्न लाउनु ।

**धरातल**– ना० [सं०] १. सतह । २. पृथ्वी; धरती । ३. क्षेत्रफल । ४. पृष्ठभूमि ।

**धरातलीय**– वि० [सं०] १. धरातलसम्बन्धी; धरातलको । २. पृथ्वीका क्षेत्रफलसँग सम्बन्धित । ३. पृथ्वीमा भएको । ~ **वर्षा**– ना० जलवाष्पयुक्त वायु पहाड उक्लँदा हुने वर्षा ।

**धरात्मज**– ना० [सं०] १. धराको आत्मज; पृथ्वीपुत्र; मङ्गलग्रह । २. नरकासुर । > **धरात्मजा**– ना० सीता; जानकी ।

**धराधर**– ना० [सं०] १. पुराणअनुसार धरालाई धारण गर्ने वा पृथ्वीलाई अडचाइराख्ने भनिएका देवता, प्राणी वा वस्तु । २. विष्णु । ३. शेषनाग । ४. पर्वत; पहाड ।

**धराधिप**– ना० [सं०] पृथ्वीका अधिपति; राजा; भूपति ।

**धराधीश**– ना० [सं०] धराका अधीश; राजा ।

**धरान**– ना० [धर+आन] १. आराले काठ चिर्नका लागि बनाइएको चिर्ने काठ अडचाउने टाँड । २. पूर्वी नेपालको कोसी अञ्चलमा पर्ने सुनसरी जिल्लाको एक प्रसिद्ध ठाउँ वा सहर । > **धराने**– धरानमा बस्ने; धरानमा उब्जने वा हुने; धरानको ।

**धराप**– ना० [सं० धर] १. पशुपक्षीलाई अल्झनमा पारेर समाउनका निम्ति बनाइएका खाडल, डोरी, खोर, पासो आदि । २. जोखिमी वस्तु । ३. खतरा ठाउँ । > **धरापिलो**– वि० धराप भएको; धरापजस्तो डरलाग्दो; जोखिमी; खतरनाक ।

**धराली**– ना० [धरालो+ई] केटाकेटीको हेरविचार गर्ने आइमाई; बालबालिकाको संरक्षण गर्ने स्त्री; धाई ।

**धराले**– ना० [धरालो+ए] १. धरालो । वि० २. धरालोसम्बन्धी; धरालाको ।

**धरालो**– ना० [सं० धारण] केटाकेटीको हेरचाह गर्ने व्यक्ति; बालकको संरक्षण गर्ने व्यक्ति । > **धराल्नी**– ना० हे० धराली ।

**धराशायी**– वि० [सं०] १. धरामा शयन गरेको; जमिनमा पछारिएको; लडेको । २. मरेको ।

**धरि**– ना० यो० समेत; लगायत; पर्यन्त; तक; पनि । (उदा०– उसले अरू सामान त के जुत्ताधरि माग्न छाड्दैन ।)

**धरित्री**– ना० [सं०] धरती; पृथ्वी ।

**धरिन**– ना० [सं० धरिम] तलो थाम्नका निम्ति तेर्स्याइएको ठूलो र लामो काठ; निदाल ।

**धरिनु**– क० क्रि० [धर्+इ+नु] धर्ने काम गरिनु ।

**धरो**– ना० [धर+ओ] धर; धर्को; धजो ।

**धरोधर्म**– ना० [सं० धारण+धर्म] कुनै कामकुरामा अरूलाई विश्वास दिलाउन धर्म साछी राखेर गरिने शपथ; धर्म भाक्ने काम; किरिया; कसम ।

**धरोट/धरौट**– ना० [धर्+ओट/औट] १. पछि फिर्ता लिने गरी आफ्ना विश्वासिला व्यक्तिलाई राख्न दिएको वस्तु; नासो । २. सापट लिएका रुपियाँको जमानतस्वरूप राखिएको वस्तु; धितो; धरौटी । > **धरोटी**– ना० धरोट ।

**धरौटी**– ना० [धरौट+ई] हे० धरोट; धरोटी । ~ **स्याहा**– ना० कसैले बुझाउन ल्याएको नगद, जिन्सी बुझेर पनि सदर स्याहामा आम्दानी चढाउन अड्काउ परेका खण्डमा त्यसको निर्णय पछि गर्ने गरी छुट्टै स्याहामा आम्दानी बाँध्ने कागज ।

**धर्क-नु**– अ० क्रि० [अ० मू० धर्+क+नु] कपडा आदि च्यात्तिँदा आवाज आउनु; कपडा आदि च्यात्तिनु; धरो हुनु । > **धर्काइ**– ना० धर्कने क्रिया वा प्रक्रिया । **धर्काइनु**– क० क्रि० धर्कने पारिनु । ~ **धर्काउनु**– प्रे० क्रि० धर्कने पार्नु ।

**धर्काधर्की**– ना० [धर्को (द्वि०)] सानाठूला धर्काहरूको समुदाय; धर्साधर्सी ।

**धर्किनु**– अ० क्रि० [धर्क+इ+नु] धर्कने काम होइनु; धरो पारिनु ।

**धर्के**– वि० [धर्को+ए] धर्का परेको; धर्का भएको; डोरे । ~ **मृग**– ना० खैरो रङको, शरीरमा सेता धर्का हुने र भेडाका जस्ता सिङ हुने एक जातको मृग ।

**धर्को**– ना० [प्रा० धर] कागज, कपडा, भित्तो आदिमा कोरिएको लामो धर्सो; रेखो; डोरो ।

**धर्ता**– ना० [सं०] १. धारण गर्ने व्यक्ति । २. भूभार वहन गर्ने व्यक्ति ।

**धर्ती**– ना० [√ धरती] धरती; पृथ्वी ।

**धर्ना**– ना० [प्रा० धरणा] १. कुनै काम सिद्ध गर्नका निम्ति निरन्तर गरिने प्रयास; प्यादा । २. माग पूरा गराउनका निम्ति गरिने घेराउ । ३. कसैले केही देला कि वा काम पूरा गर्ला कि भन्ने आशाले ढुक्ने काम । ४. हात्ती बाँध्ने साङ्लो । – **ढुक**– ना० केही पाउने आशाले ढुकिरहने काम ।

**धर्म**– ना० [सं०] १. व्यक्ति वा वस्तुमा सधैँ रहिरहने गुण वा मूल वृत्ति; प्रकृति; स्वभाव । २. स्वाभाविक गुण; सहज वृत्ति । ३.स्वर्ग प्राप्त गर्न सकिने लोकविश्वास भएको पुण्य कार्य; पुण्य कर्म । ४. कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार; लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्य (जस्तो– मानवधर्म, नारीधर्म, युगधर्म इ०) । ५. असल आचरण; सदाचार; नियम । ६. पुण्य; सत्कर्म । ७.ईश्वर अथवा सद्गतिको प्राप्तिका लागि गरिने शास्त्रविहित कर्म । ८.कुनै महापुरुषले चलाएको मत; सम्प्रदाय । ~ **अच्छेर**– ना० साँचो कुरो; हित हुने कुरो; भलो कुरो । ~ **कचहरी**– ना० प्राचीन कालमा पाप, दुष्कर्म, भ्रष्टाचार आदि निवारण गर्नका निम्ति थापिएको अदालत । ~ **कर्म**– ना० धार्मिक ग्रन्थहरूमा उल्लेख भएअनुसारको पुण्यकर्म; धार्मिक कार्य गर्ने काम; धर्मलाई नै परम कर्तव्य सम्झने काम; धार्मिक कार्य । ~ **कार्जे**– ना० धर्मसम्बन्धी कार्य; पुण्यकार्य; धर्मकार्य । ~ **कार्य**– ना० पाठपूजा स्नानध्यान, दान, यज्ञ, तीर्थव्रत आदि कार्य; धर्मकर्म । – **कृच्छ्**– ना० धार्मिक दृष्टिले कुनै काम गर्दा उचित-अनुचित छुट्ट्याउनका निम्ति हुने द्विविधा; धर्मसङ्कट । ~ **कोश**– ना० १ धर्मका विविध लक्षणको व्याख्या भएका शास्त्रहरूको समुदाय । २. कर्तव्य वा सदाचार एवं आचारविचारहरूको समुदाय । ~ **क्षेत्र**– ना० धर्मको क्षेत्र; कुरुक्षेत्र । ~ **ग्रन्थ**– ना० १. जातीय वा सामाजिक आचारविचार, नीतिनियम, व्यवहार, उपासना, व्रत आदिका लक्षण लेखिएको ग्रन्थ; धर्मका आधारभूत तथ्यहरू भएको ग्रन्थ; धर्मशास्त्र; धार्मिक श्रद्धा वा विश्वासयुक्त कुनै ग्रन्थ वा पुराण आदि । ~ **घर**– ना० धर्मका निम्ति बनाइएको घर; धर्मको शिक्षादीक्षा आदि दिनेलिने घर । – **चर्या**– ना० धर्मको आचरण; धार्मिक व्यवहार; धर्मपालन । – **चारी**– वि० १. आफ्ना धर्मअनुसार आचरण गर्ने; निरन्तर स्वधर्ममा लागिरहने । ना० २. तपस्वी । ३. सन्न्यासी । ~ **चिन्तन**– ना० धर्मका सम्बन्धमा गरिने मनन वा विचार । ~ **च्युत**– वि० आफ्ना धर्मबाट च्युत भएको; स्वधर्मबाट पतित भएको । – **ज्ञ**– वि० धर्मका विषयमा ज्ञान भएको; धर्मजान्ने; धर्मविद् । – **तः**– क्रि०वि० धर्मपूर्वक; धर्मअनुसार; धर्मका दृष्टिले । ~ **तन्त्र**– ना० कुनै समाजको व्यवस्थाका निम्ति नीति र सदाचारसम्बन्धी नियमहरू लेखिएको ग्रन्थ; धर्मसम्बन्धी कुराको विवेचना भएको शास्त्र । ~ **त्याग**– ना० धर्म छाड्ने काम; धर्ममा अविश्वास गर्ने काम; धर्मबाट विमुख हुने काम । – **त्राता**– ना० धर्मको रक्षा गर्ने व्यक्ति; धर्मलाई हरतरहले जोगाएर राख्ने व्यक्ति; धर्मरक्षक । – **द**– वि० १. आफूले जानेको धर्म अरूलाई सिकाउने; धर्मदान गर्ने; धर्मदाता । २.पुण्य प्राप्त गराउने । ~ **दान**– ना० पवित्र भावनाले गरिने दान; धार्मिक विधिविधानअनुसारको दान; सात्त्विक दान । – **दारा**– ना० धार्मिक विधिविधानअनुसार विवाह गरिएकी पत्नी; धर्मपत्नी । ~ **द्रोही**– वि० १. धर्मका सम्बन्धमा द्रोह गर्ने; धर्ममा अनास्था राख्ने; नास्तिक । ना० २. असुर; राक्षस । ~ **दुवार/द्वार**– ना० धर्म गर्ने व्यक्ति मात्र छिर्न सक्ने तर पापी चाहिँ छिर्न नसक्ने वा बीचैमा अड्कने भनी पुराणमा वर्णित एक ढोका । ~ **ध्वज/ध्वजी**– ना० देखावटी रूपमा धर्म गर्ने व्यक्ति; आडम्बरका निम्ति धर्म गरेझैँ गर्ने व्यक्ति; पाखण्डी; ढोँगी । ~ **निरपेक्ष**– वि० कुनै एउटा धर्मलाई मात्र खास मान्यता नदिएर सबै धर्मलाई समान ठान्ने तथा धर्मका मामलामा कुनै किसिमको हस्तक्षेप नगर्ने र संविधानमा पनि कुनै धर्मको आड नलिने

(राज्य, समाज) । – **निष्ठ–** वि० धर्ममा आस्था राख्ने; धर्ममा विश्वास गर्ने; धर्मपरायण; धार्मिक । – **दण्डी–** ना० डाँडीजस्ता काठलाई काँधमा राखेर साना बियाजस्ता लट्ठीले हानेर बौद्ध संस्कृतिसम्बन्धी धार्मिक कार्यहरूमा बजाइने एक खालको बाजा । ~ **पट्ट–** १. राजा अथवा धर्माधिकारीले दिएको धर्मसम्बन्धी व्यवस्थापत्र । २. धर्म वा धर्मको पुस्तक वा देवदेवीलाई साछी राखी गरिएको सम्झौतापत्र; धर्मपत्र । – **पत्नी–** ना० धार्मिक विधिविधानअनुसार विवाह गरिएकी पत्नी, धर्मदारा । ~ **पत्र–** ना० १. देवदेवी वा धर्मशास्त्रका पुस्तकलाई साक्षी राखेर पारस्परिक विश्वासका निम्ति लेखिएको कागज । २. धर्मको व्यवस्था कसरी गर्ने भन्ने सम्बन्धमा लेखिएको पत्र; धर्मपट्ट । ~ **पथ–** ना० धर्मको बाटो; धर्मशास्त्रले बताएको आचरण वा नियम । – **पर/परायण–** वि० धर्ममा श्रद्धा गर्ने; धर्मका नीतिनियम वा विधिविधानको पालना गर्ने; धर्ममा निष्ठा राख्ने; धर्मनिष्ठ । ~ **परिणाम–** ना० १.योगशास्त्रअनुसार पञ्चमहाभूत र इन्द्रियहरूको एउटा रूप वा स्थितिबाट अर्को रूप अथवा स्थितिमा परिणत हुने वृत्ति; एक धर्मबाट निवृत्त भएपछि अर्को धर्मको प्राप्ति । २. धर्मपरिवर्तन । ३. धर्मको पालनाबाट हुने असल परिणाम; धर्मको सुफल नतिजा । – **पाल–** वि० धर्मको पालना गर्ने; धर्मको सुरक्षा गर्ने; धर्मरक्षक । ~ **पुत्र–** ना० १. आफ्ना छोरा नहुनेले पुत्रबराबर गरेर पालिएको, पछि आफ्नो सम्पत्तिको उपभोग गर्ने र काजक्रियासमेत गर्ने अर्काको छोरो; धर्मका निम्ति पालिएको वा धर्मशास्त्रअनुसार दत्तकका रूपमा ल्याइएको छोरो । २. युधिष्ठिर । ~ **पुत्री–** ना० धर्मका निम्ति पालिएकी अर्काकी छोरी; धर्मशास्त्रअनुसार दत्तकका रूपमा ल्याइएकी छोरी । – **पुरी–** १. धर्मको जाँचबुझ गरिने सहर; यमपुरी । २. न्याय-अन्यायको जाँचबुझ र निर्णय गरिने अड्डा; न्यायालय । ~ **पुस्तक–** ना० धर्मका लक्षण एवं विधि-विधान लेखिएको पुस्तक; धर्मग्रन्थ । ~ **पोलाइ–** कीर्ति नाश पार्ने काम । ~ **प्राण–** वि० धर्मलाई प्राणसमान मान्ने; धर्म नै प्राणबराबर भएको; धर्मात्मा । ~ **फराक–** ना० १. आफूले सुनेको, देखेको, जानेको कामकुरो अर्कालाई साँचो हो भनी विश्वास दिलाउन भनिने शब्द । २. अन्यायबाट अलग रहने काम; अन्यायबाट पृथक् । ~ **बुद्धि–** ना० १. धर्ममा लागेको बुद्धि; धर्मकर्ममा आधारित बुद्धि । २. धर्म र अधर्म छुट्ट्याउन सक्ने विचार; अधर्मलाई त्याग्ने र धर्मलाई अँगाल्ने बुद्धि । ~ **भकाइ–** ना० साँचो बोल्ने काम । ~ **भकारी–** ना० अनिकाल परेको बेला काम चलाउनको लागि राखिएको सामूहिक अन्नकोश; धरमभकारी । ~ **भीरु–** वि० धर्म हराउला कि भनेर डराउने; अधर्मदेखि डराउने । ~ **भ्रष्ट–** वि० धर्मकर्मप्रति विमुख रहेको; धार्मिक आचरणदेखि पतित भएको; धर्मच्युत । – **मेधा–** ना० बौद्धधर्मका अनुसार दशभूमि र त्रयोदश भूमिका दसौँ भूमि; महायान सम्प्रदायको अन्तिम भूमि । ~ **युग–** ना० १. धार्मिक युग; सत्ययुग । २. धर्मकर्मलाई नै मानवीय कर्तव्य ठानिने युग । ~ **युद्ध–** ना० १. धार्मिक विधि विधानअनुसार गरिने युद्ध; न्यायपूर्ण युद्ध । २. धर्मको रक्षाका निम्ति गरिने युद्ध । ~ **रक्षक–** वि० धर्मको पालना गर्ने; धर्मको रक्षा गर्ने । ~ **रत–** वि० १. धर्ममा तल्लीन रहेको; धर्ममा लागिरहने; धर्मपरायण । २. न्यायमा रत रहने; न्यायपरायण । – **रति–** ना० धर्मप्रतिको आशक्ति; धर्ममा अनुराग वा प्रेम गर्ने व्यक्ति; यमराज । २. युधिष्ठिर । ३. बुद्ध । – **लुप्तोपमा–** ना० उपमान र उपमेयका साधारण धर्म वा गुण नदेखाइएको वा लोप भएको, उपमा अलङ्कारको एक भेद । – **वत्सल–** धर्मलाई प्रिय तत्त्व सम्झने वा मान्ने; धर्मरत; धर्मनिष्ठ । – **विद्–** वि० धर्मको ज्ञाता; धर्मज्ञ । ~ **विमुख–** वि० धर्ममा प्रवृत्ति नभएको; धर्मतर्फ अभिरुचि नभएको । ~ **विरोधी–** वि० धर्मको विरोध गर्ने; धर्मलाई नमान्ने; अधर्मी; नास्तिक । ~ **वीर–** वि० जति नै कठोर कार्य भए तापनि धर्ममा अडिग रहने; जुनसुकै अवस्थामा पनि धर्मसम्बन्धी आचरण गर्न तत्पर (हरिश्चन्द्र, युधिष्ठिर, शिव आदि) । – **शाला–** ना० यात्री, बटुवा, भिक्षु आदिलाई निःशुल्क बस्नका लागि बाटाघाटा वा तीर्थस्थानमा बनाइएको घर; पाटी; पौवा । ~ **शास्त्र–** ना० पवित्र एवं आदर्श समाजको सिर्जनाका निम्ति ठूलठूला महात्माहरूद्वारा प्रतिपादित धर्मका विधि-विधानहरूको व्याख्या वा विवेचना गरिएको ग्रन्थ । ~ **शास्त्री–** ना० धर्मशास्त्रसम्बन्धी लक्षण एवं आचरण राम्रोसँग जान्ने व्यक्ति; धर्मशास्त्रमा पारङ्गत भएको व्यक्ति । – **शील–** वि० धर्मकर्ममा सोचिरहने प्रवृत्ति भएको;धार्मिक आचरणमा लागिरहने स्वभावको । ~ **संहिता–** ना० धार्मिक वा सामाजिक विधि-विधानको वर्गीकरण गरिएको पुस्तक वा ग्रन्थ । ~ **सङ्कट–** ना० १. एकातिर धर्म र अर्कातिर पाप हुने खालको काम गर्नुपरेको अवस्था; धर्मकृच्छ्र । २. धर्मपालन गर्न वा धर्म बचाउन मुस्किल परेको स्थिति । ~ **सभा–** ना० १. धर्मका सम्बन्धमा विचारविमर्श गर्नका निम्ति बसेको सभा । २. न्याय तथा अन्यायको जाँचबुझ गरी न्यायिक निर्णय दिइने अड्डा; न्यायालय ।

**धर्माचरण–** ना० [सं०] १. धर्मसम्बन्धी आचरण गर्ने काम । २.धर्मशास्त्रले बताएअनुसारको कर्म वा व्यवहार ।

**धर्माचार्य–** ना० [सं०] १. धर्मसम्बन्धी शिक्षा दिने गुरु । २. धार्मिक सम्प्रदायका प्रणेता । ३. धर्मका विधि-विधानहरूका व्याख्याता ।

**धर्मात्मा–** वि० [सं०] आत्मामा धार्मिक संस्कार भरिएको; धर्म गर्ने; धर्मप्राण; धार्मिक ।

**धर्माधिकरण–** ना० १. धर्मसम्बन्धी अधिकार भएको अड्डा; न्यायालय । २. धर्मसम्बन्धी न्याय गर्ने व्यक्ति; न्यायाधीश । > **धर्माधिकरणिक–** ना० १. धर्मको निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति; धर्माधिकारी । २. न्याय जान्ने र न्याय दिने व्यक्ति; न्यायाधीश ।

**धर्माधिकार–** ना० [सं०] १. धर्म र अधर्म केलाई त्यसको यथोचित न्याय दिने अधिकारी । २. न्यायाधीश । ३. दानको उचित प्रबन्ध

गर्नका निम्ति नियुक्त गरिएको राजकर्मचारी । ४. धर्मशास्त्र, ऐनकानुन, रीतिथिति वा चालचलनबमोजिम न्याय भएको छ-छैन भनी जाँचबुझ गर्ने र सो नभएमा यथोचित रूपमा धर्म र न्यायको व्यवस्था गर्नका निम्ति भएको प्रमुख अधिकार । ५. राजालाई धार्मिक सल्लाह दिने व्यक्ति । ६. धर्मशास्त्रका आधारमा न्याय गर्ने व्यक्ति । > **धर्माधिकारी–** ना० धर्मअधर्मको निर्णय वा व्यवस्था गर्ने व्यक्ति; धर्माधिकार ।

**धर्माधिकृत ⁄ धर्माध्यक्ष–** ना० [सं०] १. न्यायाधीश । २. धर्माधिकारी । ३. विष्णु । ४. यमराज ।

**धर्मान्तर–** ना० [सं०] आफ्ना पुर्खौली धर्मबाहेकको कुनै धर्म; अर्को धर्म । > **धर्मान्तरण–** ना० आफ्नो धर्म छाडेर अर्को धर्म ग्रहण गर्ने काम ।

**धर्मान्ध–** वि० [सं०] स्वधर्ममा अन्धो सुरले विश्वास राख्ने र अर्काको धर्ममा द्वेष तथा तिरस्कारको भावना राख्ने ।

**धर्मार्थ–** क्रि०वि० [सं०] धर्मका निम्ति; पुण्यका लागि ।

**धर्मावतार–** ना० [सं०] १. धर्मका साक्षात् स्वरूप; अत्यन्त धर्मात्मा व्यक्ति । २. युधिष्ठिर ।

**धर्मासन–** ना० [सं०] धर्म र अधर्मको उचित न्याय गर्नका निम्ति बसिने आसन; न्यायाधीशको आसन ।

**धर्मिणी–** ना० [सं०] १. धर्मपत्नी; गृहलक्ष्मी; स्वास्नी । वि० २. धर्म गर्ने (आइमाई) ।

**धर्मिष्ठ–** वि० [सं०] धर्ममा अड्ने; धर्मात्मा; पुण्यात्मा ।

**धर्मी–** वि० [सं०] १. धर्म जान्ने एवं धर्म गर्ने; पुण्यात्मा । २. कुनै विशिष्ट धर्म वा गुण भएको । (जस्तो– तापधर्मी, द्रवधर्मी, प्रत्ययधर्मी) । ३. कुनै मत वा धर्मको अनुयायी । ना० ४. कुनैधर्म वा वृत्ति भएको वस्तु । ५. धार्मिक व्यक्ति ।

**धर्मोन्मत्त–** वि० [सं०] धर्मले उन्मत्त भएको; धर्मान्ध ।

**धर्मोन्माद–** ना० [सं०] १. धर्मका सम्बन्धमा हुने घमन्ड । २. आफ्नो धर्मलाई माथि उठाउन अरू धर्मको नाश गर्ने काम ।

**धर्मोपाध्याय–** ना० [सं०] धर्मका उपाध्याय; धर्मशिक्षक; पुरोहित ।

**धर्म्य–** वि० [सं०] १. धर्मको अनुकूल रहेको; धर्म वा न्यायले युक्त । २. धर्मसम्बन्धी ।

**धर्षण–** ना० [सं०] १. एकले अर्कालाई हियाएर गरिएको व्यवहार; अपमान; मानहानि । २. एकाएक जोरसँग झम्टने काम; आक्रमण । ३.दमन गर्ने काम; दबाब । > **धर्षणीय–** वि० धर्षण गर्न उचित; धर्षण गर्न सकिने ।

**धर्सा धर्सी–** ना० [धर्सो+धर्सो] सानातिना थुप्रै धर्सा; सानाठूला धर्साहरूको समूह ।

**धर्सो–** ना० [सं०] १. धर्को; रेखा । २. पात, डाँठ आदिको नसो ।

**धव–** ना० [सं०] १. फेदतिर अलिअलि पातलो बोक्रो उक्किएर जाने, औलतिर हुने एक जातको रूख; बोट धयँरो । २. पोइ; लोग्ने । ३.स्वामी; मालिक ।

**धवल–** वि० [सं०] १. सेतो वा सुकिलो । २. कुनै कसर नभएको; निर्मल; स्वच्छ । ३. राम्रो सुन्दर; मनोहर । ~ **पाण्डु–** ना० सेतो रङको ढुकुर ।

**धवला–** वि० [सं० 'धवल' को स्त्री०] १. धवल बान्की वा रङकी; त्यस्तै स्वच्छ वा मनोहर । ना० २. सेतो गाई । ३. नेपालको दार्चुला जिल्लामा बसोबास गर्ने व्यासी जातिले मनाउने मुख्य चाड । – **गिरि–** ना० १. मध्यपश्चिम नेपालको म्याग्दी जिल्लामा पर्ने ८,१६७ मिटर अग्लो हिमचुचुरो वा पहाड; धौलागिरि; धौलासिरी । २. सोही नाममा रहेको नेपालको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने एक अञ्चल; धौलागिरि अञ्चल ।

**धवलिमा–** ना० [सं०] सेतो हुनाको भाव; सेतोपना ।

**धस्रो–** ना० [धर्सो] १. सागपात आदिमा हुने पातलो नसो । २. लुगा-कपडामा हुने कुनै दाग वा धर्को; धर्सो ।

**धस्–नु–** स० क्रि० [सं० धृष्+नु] १. कुनै वस्तु अर्को साह्रो वस्तुमा घोट्ने, रगेड्ने काम गर्नु । २. घुँडा, कुहिना आदिले ठेल्ने वा थिच्ने काम गर्नु । ३. छुरा आदि शरीर वा अन्य कुनै कोमल वस्तुमा रोप्ने तथा भसाउने काम गर्नु । ४. खाँबो आदि गाड्नु । ५. उपभोग गर्नु । अ० क्रि० ६ माटो आदि तलतिर खाँदिनु । ७. खाँबो, घोचो आदि भासिनु । > **धसरा–** ना० १. भिरालो जमिन धस्किएको ठाउँ; पहिरो गएको ठाउँ । २. फुको माटो भएको खेतबारीमा लामा फड्का गरी कुद्दा परेका गाईबस्तुका खुट्टाका ठूलठूला डाम । **धसाइ–** ना० धस्ने क्रिया वा प्रक्रिया । – **धसाइनु–** क० क्रि० धस्ने पारिनु; धसाउने काम गरिनु । – **धसाउनु–** प्रे० क्रि० धस्ने पार्नु; धस्न लाउनु । **धसान–** ना० १. बर्सादका पानीले गल्दा भिरालो जमिनको माटो सोहोरिएर झर्ने प्रक्रिया; धस्ने काम । २. गिलो, फुको, हलुको वा थलथले जमिनमा गह्रौं वस्तुले थिच्ता माटो तलतिर खाँदिने चाल । ३. भासिने खालको जमिन । ४. दलदल; धाप ।

**धसार्–नु–** स० क्रि० [धस्+आर्+नु] माथिबाट थिच्ता माटो धस्कने गर्नु; धस्काउनु । > **धसारिनु–** क० क्रि० १. धस्कने पारिनु । अ० क्रि० २. धस्कनु । **धसारो–** माटो धस्काउँदै हिँडेको लामो फड्को; त्यसरी हिँड्दा परेको पैतालाको डाम ।

**धसिँगर ⁄ धसिङ्गर–** वि० [सं० धूमांश+इँङ्गर] ध्वाँसोजस्तो कालो र नसुहाउँदो मोटोघाटो; धुस्रोफुस्रो । > **धसिङ्गरे–** वि० १. धसिङ्गर । २. ससाना खस्रा पात हुने, चुत्राका जस्ता काला गेडा फल्ने एक जातको बोट; त्यसैको फल वा गेडा ।

**धसिनु–** क० क्रि० [धस्+इ+नु] धस्ने काम गरिनु; रगडिनु । अ० क्रि० २. बेसरी काममा लागिनु ।

**धस्क–नु–** अ० क्रि० [धस्+क+नु] लुगा, कपडा आदि धसिएर फाट्न आँट्नु; खिइनु; जीर्ण हुनु । > **धस्काइ–** ना० धस्कने काम । **धस्काउनु–** प्रे० क्रि० धस्कने पार्नु; धस्कन लगाउनु । **धस्किनु–** अ० क्रि० १. धस्कनु । क० क्रि० २. घोटिनु । **धस्को–** ना० धसिएको चिह्न; लुगा आदि धसिएर जीर्ण भएको अवस्था । **धस्क्याइ–** ना० धस्को फाट्ने वा धस्किने क्रिया-प्रक्रिया ।

**धस्क्याइनु**– क० क्रि० धस्किने पारिनु । **धस्क्याउनु**– प्रे० क्रि० धस्किने पार्नु ।

**धस्याइ**– ना० [√ **धसि** (+याइ)] धसिने किसिम वा क्रिया [>] **धस्याइनु**– क० क्रि० धसिने पारिनु । **धस्याउनु**– प्रे० क्रि० धसिने पार्नु ।

**धस्रा**– ना० [अ० दहशत] १. कुनै विषयमा हुने मानसिक दुर्बलता; सन्देह; शङ्का । २. मानसिक त्रास; भय ।

**धाँगर**/**धाँगड**– ना० १. तराई क्षेत्रमा बसोबास गर्ने एक जाति; धाङर । वि० २. ठूलो जीउडालको; ढड्डू ।

**धाँज**/**धाँजो**/**धाँदो**– ना० [सं० ध्वान] १. चिम्टचाहा माटो भएको जमिन सुकेर चरचरी चिरिएको ठाउँ; धरातल चर्किंदा बनेको छिद्र । २. जमिन, भित्तो आदि फुटेर वा फाटेर परेको लामो चिरो; धाँज ।

**धाँधली**– ना० १. नराम्रो उद्देश्यले कुनै कुरा भत्काउने, बिगार्ने तथा नास गर्ने काम; उपद्रव; विध्वंस । २. निर्धारित नीति-नियमबेगर लापर्बाहीका साथ कुनै काम गर्ने प्रक्रिया ।

**धा**– ना० [सं०] १. सङ्ख्यावाचक तथा परिमाणवाचक शब्दका पछाडि जोडिएर अधिकतम, प्रकार, चोटि, खण्ड आदि बुझाउने प्रत्ययधर्मी शब्द (जस्तै– बहुधा, द्विधा, शतधा आदि) । २. धारण गर्ने, धारक । ३. बृहस्पति । ४. ब्रह्मा । ५. सङ्गीतमा धैवत स्वरको वाचक शब्द । ६. मृदङ्ग, तबला आदिको एक बोल । ७. देब्रेतिर गजाले र दाहिनेतिर नाङ्गा हातले ठोकेर बजाइने विशेषतः बौद्धमार्गीहरूमा प्रचलित एक प्रकारको ढोलकजस्तो बाजा ।

**धाइ**– ना० [√ **धाउ** (+आइ] धाउने काम । [>] **धाइनु**– क० क्रि० धाउने काम गरिनु । – **फाल**– ना० दौडेर भाग्ने काम; हतारिएर आउने वा जाने काम ।

**धाइलरी**/**धाइलौरी**– ना० [धाइ+लौरी] केटाकेटीहरूले गट्टा खेल्दाखेरि भन्ने शब्द; गट्टाका खेलमा प्रतिद्वन्द्वीलाई रिन लगाउँदा भन्ने बोली (धाइलरी एक, धाइलरी दुई आदि) ।

**धाई**– ना० [सं० धात्री] बालकलाई दूध खुवाउने, स्याहारसुसार गर्ने स्त्री; बालककी सुसारे; धाईआमा । ~ **आमा**– ना० धाईको काम गर्ने आमासमानकी स्त्री; उपमाता; धाई । ~ **रुख**– ना० नयाँ लगाइएका वृक्षहरूको संरक्षणार्थ बाँकी राखिएका पुराना रूख ।

**धाउ**– ना० [सं० धातु] खानिबाट निकालिएको फलाम, पित्तल आदिको कच्चा वस्तु; नखारेको खनिज वस्तु; काँचो धातु ।

**धाउ-नु**– अ० क्रि० [सं० धावन] कुनै काम सिद्ध गर्न बारबार जानु; टाढाको बाटो जानु वा आउनु; छिटोछिटो जानु ।

**धाउनी**– ना० [धाउ+नी] धावा गरेर कुनै काम गर्ने प्रक्रिया; धाउने काम; ध्याउन्ना ।

**धाक**– ना० [सं०] १. भित्र कुनै पनि सार नभएको र बाहिरचाहिँ बढाइचढाइ गरिएको फोस्रो कुरो; बोक्रे रबाफ; आडम्बर । २. कुनै वस्तु वा विषयको मनमा परेको प्रभाव; हैकम । – **धुक**– ना० साधारण विषयलाई बढाईचढाई ठूलो देखाउने काम; फाइँफुट्टी, धाकपाक । – **पाक**– ना० फाइँफुट्टी; रोबरवाफ; धाकरवाफ । ~ **रवाफ**– ना० रोबरवाफ; धाकपाक । > **धाकिलो**– वि० धाक भएको; हैकम भएको; धाकी । स्त्री० धाकिली । ~ **धाकी**– वि० बोक्रे रवाफ देखाउने; अस्वाभाविक फुइँ लगाउने; धाक लगाउने ।

**धागा तलुवा**– वि० [धागो+तलुवा] विशेष किसिमले बुनेर धागाकै तलुवा राखिएको (नेपाली जुत्ता) ।

**धागा धागी**– वि० [धागो+धागी] साना र ठूला धागाहरूको समूह ।

**धागी**– ना० [धागो+ई] धागो (प्रायः बालबोलीमा) ।

**धागो**– ना० [प्रा० तग्ग, हि० तागा] १. रुवा आदिलाई चर्खा वा मेसिनमा कातेर बनाइएको डोरो; सूत; सूत्र । २. आइमाईले चुल्ठामा लगाउने बत्तु आदि जडिएको सूतहरूको गुच्छो । ३. विशेष किसिमको सूत्र । ४. माकुराले जाल बनाउन निकालेको मसिनो डोरो ।

**धाङर**– ना०हे० धाँगर/धाँगड ।

**धातधुत**– ना० [(द्वि०)+धुत्] कसैका साथमा रहेका वस्तु जबरजस्ती खोस्ने वा लुछलाछ गर्ने काम; खोसखास; धुतधात ।

**धातविक**– वि० [सं०] १. धातुसम्बन्धी; धातुको । २. धातुनिर्मित; धातुले बनेको ।

**धाता**– ना० [सं०] १. सृष्टि गर्ने देवता; विधाता; ब्रह्मा । २. पालन गर्ने देवता; विष्णु । ३. संहार वा कल्याण गर्ने देवता; शिव । ४. सूर्यका बाह्र रूपमध्ये एक । ५. उनन्चास वायुमध्ये एक । वि० ६. पालन गर्ने; पालक । ७. रक्षा गर्ने; रक्षक । ८. धारण गर्ने ।

**धातु**– ना० [सं०] १. अपारदर्शक, विशेष प्रकारको चमक र गुरुत्व रहने, ताप र विद्युत्को सञ्चार हुन सक्ने कुटेर लम्याउँदा वा बढाउँदा नटुक्रिने सुन, चाँदी, पित्तल, तामा, फलाम आदि खनिज पदार्थ । २. शरीरमा रहने रस, रगत, हाड, मासु, बोसो, मासी र वीर्य गरी जम्मा सात तत्त्व । ३. भूतत्त्व (पञ्च महाभूत, पञ्चतन्मात्रा) । ४.क्रियाको मूल तत्त्व (खा, देख्, बोल्, लेख्, इ०) । ५. वास्तु वा मूर्तिकलामा एक अङ्गुल वा एक मात्राको सात गुनाबराबरको नाप; दृष्टि, मुनि, पाताल अब्धिबराबरको नाप; सात अङ्गुल । ~ **क्षय**– ना० १. शरीरको वीर्य नाश हुने वा पतन हुने प्रमेहसम्बन्धी रोग । २. वीर्यस्खलन; स्वप्नदोष । ~ **वर्धक**– वि० शरीरमा रहेको धातुहरूको वृद्धि गर्ने; वीर्य बढाउने (कुनै औषधी) । ~ **मल**– ना० १. नङ, कपाल, सिँगान, कानेगुजी, कचेरा आदि शरीरमा रहेका धातुहरूको मल । २. फलाम, तामा आदि धातुको कीट । – **मेह**– ना० योनि वा लिङ्गमा हुने भित्री खटिरो; सूज आदि हुने रोग; भिरङ्गीजस्तो एक प्रकारको रोग । ~ **युग**– ना० पुरातत्त्वका अनुसार पाषाण युगभन्दा पछिको युग; धातुको आविष्कार भएको समय (मेटल एज) । ~ **राग**– ना० खैरो रङको एक प्रकारको ढुङ्गे माटो; गेरु । – **वाद**– ना० १. खानीबाट निकालिएका कच्चा धातुहरूलाई

रासायनिक प्रक्रियाद्वारा साफ गरेर सुन, चाँदी आदि विशुद्ध धातु बनाउन सिकाउने विद्या । २. सबै शब्द धातुबाटै विकसित भएका हुन् भन्ने भाषाशास्त्रीय एक सिद्धान्त । ~ **विज्ञान–** ना० फलाम, पित्तल आदि धातुसम्बन्धी कुराको अध्ययन गर्ने वा तीबारे जानकारी दिने शास्त्र ।

**धात्री–** ना० [सं०] १. धाई; उपमाता । २. पृथिवी, धरित्री । ३. त्रिफलामध्ये एक; अमला । ४. गङ्गा । ५. गायत्री देवी । ६. गाई । ७. उन्नाइस गुरु तथा त्यति नै लघु मात्रा हुने आर्याछन्दको एक भेद । ~ **पत्र–** ना० भैरुमपाती । ~ **फल–** ना० बान्ता रोक्न र टाउको दुख्दा आराम दिलाउन प्रयुक्त हुने बियाँ भएको, तीतो पात हुने एक जातको वनस्पति; त्यसकै बियाँ । ~ **विद्या–** ना० गर्भिणी आइमाईलाई सुत्केरी गराउन सहयोग गर्ने र बालकको पालनपोषण गर्न सिकाउने विद्या ।

**धात्वर्थ–** ना० [सं०] कुनै शब्दको धातुबाट निस्कने अर्थ; शब्दको मूल अर्थ ।

**धात्विक–** वि० [सं०] धातुको वा धातुबाट बनेको; धातुसम्बन्धी । ~ **मूल्य–** ना० मोहर आदिमा अङ्कित गरिएअनुसारको मूल्य नभएर तिनीहरूमा मिसाइएका धातुको बजारभाउअनुसारको मूल्य; मोहर आदिमा धातुको मूल्यका आधारमा निर्धारित गरिने मूल्य ।

**धादिङ–** ना० नेपालको मध्यमाञ्चल विकासक्षेत्रभित्र पर्ने बाग्मती अञ्चलको एक जिल्ला ।

**धान्–नु–** स० क्रि० [सं० धारण] १. कुनै कामका निम्ति निर्धारित खर्चले सुरुबुरु पुग्नु; थेग्नु । २. एक वस्तुले अर्को वस्तुलाई थाम्नु; अडचाउनु । ३. कुनै वस्तु निश्चित समयसम्म टिक्नु; खप्नु । ४. निर्धारित साधनले निर्वाह गर्नु; काम चल्ने किसिमले पुऱ्याउनु; टार्नु । ५. कुनै काम निर्धारित समयमा समाप्त गर्नु; भ्याउनु ।

**धान–** ना० [सं० धान्य] सिरुका आकारका लामालामा पात हुने, नलका मुखबाट धेरै गेडा भएका बाला लाग्ने, खेतमा हिलो पारेर उमारिएको बिउ रोपिने वा बुगुल्टो माटोमा गेडै छरेर उमारिने, ओखली, ढिकी र मेसिनले कुटेर चामल बनाइने कालो, रातो र पहेँलो रङका गेडा लाग्ने एक जातको प्रमुख अन्न । – **कुटी–** ना० माकुराका जस्ता धेरै खुट्टा र सानो, डल्लो जीउ हुने प्रायः घाँसपातमा उम्रने एक जातको कीरो । – **गाग्री–** ना० वरिपरि बाटुलो चौको बनाई केटाकेटी खेल्दा मसिना ढुङ्गा त्यही चौकीमा पर्ने गरी खेल्ने एक खेल । ~ **गोदाम–** १. धान राख्ने घर; धनसार । २. धान आदि अन्न राख्ने सरकारी घर । ~ **चमरा–** ना० सुत्ला च्याप्नुभन्दा केही अगाडि मकैका बोटको टुप्पाबाट पलाउने चमरजस्तै झुप्पो । ~ **चरी–** ना० मुसो । ~ **नाच–** ना० मेला, पर्व, हाटबजार आदिमा भेला भई नातेदारबाहेकका युवायुवतीहरूले परस्पर हात समाई वालम भन्दै वा गीत गाउँदै नाचिने पूर्वी नेपालका विशेषतः लिम्बू जातिमा प्रचलित प्रसिद्ध लोकनृत्य ।

**धानिनु–** क० क्रि० [धान्+इ+नु] धान्ने काम गरिनु ।

**धानी–** ना० [धान+ई] १. नपाक्तैको धानको बोटजस्तो हरियो रङ । वि० २. त्यस्तो रङ भएको ।

**धानुक–** ना० [सं० धानुष्क] १. धनु चलाउने व्यक्ति; धनुर्धारी । २. रुवा फड्कने व्यक्ति; धुनियाँ । ३. नेपालका तराईभेकतिर बसोवास गर्ने एक जाति ।

**धानुष्क–** ना० [सं०] धनुकाँड बोक्ने, लिने तथा चलाउने व्यक्ति ।

**धाने–** वि० [धान+ए] धानसम्बन्धी । ~ **ब्याज–** ना० रिन दिएलिएका रुपियाँको ब्याजस्वरूप लिइने धान; जिन्सी ब्याज ।

**धान्य–** ना० [सं०] १. धान । २. धान आदि अनाज; अन्न । ३. धनियाँ । ४. एक प्राचीन अस्त्रविशेष । – **कल्क–** ना० धानका गेडाबाट उक्किने बोक्रो; भुस । – **कूट–** ना० १. धान थुपारिएको रास । २. धान राखिएको घर; धनसार । ~ **पञ्चक–** ना० १. शालि, ब्रीहि, शूक, शिवी र क्षुद्र गरी जम्मा पाँच प्रकारका धान । २. वैद्यशास्त्रअनुसार आमातिसार तथा उदरशूलको उपचारका निम्ति प्रयोग गरिने औषधी । ~ **पूर्णिमा–** ना० मङ्सिर महिनामा पर्ने पूर्णिमा; मार्ग शुक्ल पूर्णिमा । > **धान्याम्ल–** ना० चामलका पीठामा कोदो हालेर अमिल्याई बनाइने एक प्रकारको मद्य; जाँड; बियर ।

**धाप्–नु–** स० क्रि० [धाप+नु] १. खोपी, डन्डीबियो आदिका खेलमा सो खेल हान्नका निम्ति फड्कनु । २. कसैलाई स्याबासी वा धन्यवाद दिँदा हत्केलाले हल्का धाप दिनु । ३. पशुहरूलाई शान्त पार्नाका निम्ति पिठिउँमा लबटाले हलुको गरी हान्नु ।

**धाप१–** ना० [सं० धावन] १. खोपी आदि खेलमा नियमित रूपले हालिने फड्को । २. कसैलाई स्याबासी, धन्यवाद आदि दिँदा पिठ्यूँमा हानिने स्नेहपूर्ण हल्का लबटो । ३. पशुहरूलाई शान्त गर्नका निम्ति पिठिउँमा दिइने चपेटाको हल्का प्रहार ।

**धाप२–** ना० [सं० धाप] पानी जमेर वा धेरै हिलो भएर गाडिने र भासिने ठाउँ; दलदल । – **को किलो–** वि० दृढता नभएको; जता पनि ढल्किने; अस्थिर ।

**धापिनु–** अ० क्रि० [धाप+इ+नु] ज्यादा हिँडाइ वा धावासँग गरिएका कामले थकित हुनु; धपेडिनु ।

**धाम–** ना० [सं०] १. बस्ने, ओतिने र अडिने ठाउँ; गृह; घर । २. बसोबासका निम्ति सुरक्षित स्थान; वासस्थान । ३. शरीर; देह; जीउ । ४. शोभा; सुषमा; श्री । ५. तेज; किरण; प्रभाव । ६. देउदेउताहरू रहेको प्रसिद्ध ठाउँ; स्वर्ग; पुण्यस्थान; तीर्थ ।

**धामन–** ना० [सं० धामिणी] हरियो-पहेँलो झल्का भएको सेतो रङको ज्यादै लामो र ज्यादै छिटो दगुर्ने, पुच्छरमा विष हुने, कसैलाई नडस्ने एक जातको सर्प; धामिन (यसको पुच्छर जसको जुन अङ्गमा पर्छ त्यो मासु गलेर झर्छ । यसले गाई-भैँसी आदि र स्वास्नीमान्छेलाई बेह्रेर उनीहरूको थुन वा स्तनबाट दूध चुस्छ र उनीहरू मर्छन् भन्ने जनधारणा मधेसतिर रहेको छ ।) ।

**धामा१–** ना० [सं० धावन] १. कुनै उपलब्धि हासिल गर्नका निम्ति गरिने कडा परिश्रम, मिहिनेत । २. कठिनाइ; कठोरता; मुस्किल ।

**धामा२–** ना० [धाई+आमा] धाईआमा ।

**धामिन–** ना०हे० धामन ।

**धामिनी–** ना० [सं०] धामन सर्प ।

**धामी**– ना० [प्रा० धम्मि] १. भूत, प्रेत, बोक्सी, डाइनी, लागो आदिको आशङ्कामा सो रोग निको गराउन शरीरमा देउदेउता वा भूतप्रेत आदिको प्रवेश गराएर तन्त्रमन्त्र प्रयोग गरी झारफुक गर्ने व्यक्ति; झाँक्री । २. धिमाल जातिको ग्रामदेवताको पुजारी । ~ **धमिनी**– ना० १. स्त्री धामी । २. धामीकी पत्नी ।

**धार**– ना० [सं०] १. नदी वा समुद्रको पानीको प्रवाह; पानी आदिको बगाइ । २. वर्षाकालमा जम्मा गरिएको पानी । ३. एक्कासि बर्सिएको मुसलधारे वर्षा । ४. कुनै हतियारको काट्ने तीखो र पातलो भाग; किनारा । ५. पानी आदिको मध्य भाग; बीच; अन्तर । ६. कुनै वस्तुको रेखा; डोरो । वि० ७. लिने, थाम्ने वा बोक्ने (जस्तो– कर्णधार, सूत्रधार इ०) ।

**धारक**– वि० [सं०] १. धारण गर्ने । २. रोक्ने; छेक्ने; अवरोध उत्पन्न गर्ने । ३. ऋण लिने; कर्जा खाने; रिनी । ४. कुनै वस्तु कतै लिएर जाने; वाहक । ना० ५. कलश; घडा ।

**धारण**– ना० [सं०] १. कुनै वस्तु राम्ररी लिने, समाउने वा बोक्ने काम; ग्रहणगराइ (जस्तो– वस्त्रधारण, कवचधारण इ०) । २. शरीरमा लुगा, कपडा आदि लगाउने काम; पैराइ । ३. उधारो वा ऋण लिने काम । ४. सुरक्षित राख्ने काम; जोगारा । ५. स्मरण गर्ने काम; सम्झौनी ।

**धारणा**– ना० [सं०] १. धारण गरिने अवस्था, क्रिया, गुण वा भाव । २. कुनै कुरा मनमा धारण गरिने शक्ति; बुद्धि; सम्झना; अक्किल । ३. मनमा भएको दृढ निश्चय; सद्विचार । ४. मर्यादा । ५. स्मृति; याद । ६. योगमा ब्रह्मको मात्र ध्यान रहने मनको स्थिति । – **मूलक**– वि० मूल रूपमा बुद्धि, सद्विचार, मर्यादा, ब्रह्मको ध्यान आदिसम्बन्धी धारणा भएको; धारणा नै मूल शक्ति भएको ।

**धारणीय**– वि० [सं०] धारण गर्न उचित; मनमा दृढ रूपले ग्रहण गर्न योग्य ।

**धारधुर**– ना० [अ० मू० धुर्+अ (द्वि०)] १. बेसरी तातेको तरल पदार्थ सेलाउनका निम्ति एक भाँडाबाट अर्का भाँडामा खन्याइरहने चाल । २. दुहुँदै गरेका दूधका सिर्का ढुङ्ग्रामा पर्दा उत्पन्न हुने ध्वनि ।

**धारयिता**– वि० [सं०] १. धारण गर्ने । २. ऋण लिने ।

**धारा**– ना० [सं०] १. पानी वा पन्यालो पदार्थको लगातारको बहाइ; प्रवाह; धार । २. निरन्तर चलिरहेका कुनै कुराको क्रम । ३. छहरो; छाँगो; झर्ना । ४. ऐन-कानुन, नियम, विधान आदिको दफा; खण्ड । ५. पानी भुइँमा खस्ने पाइप, डुँड आदि; धारो । ~ **गृह**– ना० १. तीव्र वेगले छुट्ने पानीका धारा । २. फोहरा भएको घर । – **धर**– ना० धारालाई धारण गर्ने चीज; जलधर; बादल; मेघ । ~ **प्रवाह**– ना० १. पानीको धारोजस्तै अविच्छिन्न रूपले बगिरहने प्रक्रिया । क्रि० वि० २. अविराम गतिले; नरोकिईकन; एकनाससित । – **वर्षण**– ना० अविरल रूपले वर्षा हुने प्रक्रिया । – **वाहिक**/**वाही**– वि० १. अविरल गतिको; निरन्तर रूपमा चलिरहने । २. एकपछि अर्को गर्दै क्रमिक रूपमा चलेको (लेख आदिको प्रकाशन) । ~ **सम्पात**/**सार**– ना० अखण्ड रूपमा भएको वर्षा; अतिवृष्टि; मुसलधारे पानी ।

**धारिउँ**– वि० [धार+इउँ] खुकुरी, तलवार आदिको धारजस्तो; धारजस्तो पारेको । ~ **हात**– ना० कसैलाई गाली गर्दा वा सराप्ता धारजस्तो पारेर ठडयाइएको हात ।

**धारिणी**– ना० [सं०] १. धरणी; धरित्री; पृथिवी । वि० २. धारण गर्ने (स्त्री) ।

**धारित**– वि० [सं०] १. धारण गरिएको । २. सम्झिएको; स्मरण गरिएको । ३. लगाइएको; पहिरिएको (लुगा, गहना आदि) ।

**धारिलो**– वि० [धार+इलो] तीक्ष्ण धार भएको; ज्यादै लाग्ने; खूब काट्ने (हतियार आदि) ।

**धारी**– वि० [सं०] १. धारण गर्ने; ग्रहण गर्ने (जस्तै– धनुर्धारी, शस्त्रधारी इ०) । २. पढेका कुरा नबिर्सने; स्मरणशक्ति भएको; धारणा गर्ने शक्ति भएको । ३. अरूबाट ऋण लिने; ऋणी; आसामी; कर्जादार । ~ **चरो**– ना० खोलाको किनारवरिपरि ठूलठूला ढुङ्गामा बस्ने, भालेको शरीर नीलो, पखेटा, पुच्छर खैरो र पोथीको शरीर खैरोमा कहीँकहीँ नीलो, पुच्छरमा सेतो हुने, पुच्छर डोलाइरहने चरो; भद्राइचरो ।

**धारे**– वि० [धार+ए] तीक्ष्ण धार भएको; धारजस्तो परेको; धारजस्तो; धारको । ~ **हात**– ना० अरूलाई सराप्ता काटेको जस्तो अभिनय गरिने हातको मुद्रा; धारिउँ हात ।

**धारो**– ना० [सं० धारा] पाइप, डुँड, टुटी आदिबाट अविरल रूपमा खसेको पानीको प्रवाह । २. निरन्तर रूपमा पानी झार्न तयार गरिएको पाइप, डुँड, टुटी आदि वस्तु । ३. अविच्छिन्न रूपमा भइरहने आवतजावत; धुइरो । > **धारोष्ण**– वि० दुहुँदादुहुँदैको; दुहेर चिसो नभएको; थुनबाट झरिसक्ने बित्तिकैको; थुनको तातो नसेलाएको (दूध) ।

**धार्तराष्ट्र**– ना० [सं०] १. चुच्चो परेको र खुट्टा काला हुने एक जातको हाँस । २. धृतराष्ट्रका वंशज, कौरव ।

**धार्नी**– ना० [सं० धारणी] १. बाह्र पाउको तौल । वि० २. त्यति तौलको ।

**धार्मिक**– वि० [सं०] १. धर्मसँग सम्बन्धित; धर्मविषयक । २. धर्म गर्ने; धर्मप्रति आस्था राख्ने; धर्मात्मा; धर्मशील । ~ **कार्य**– ना० धर्मसम्बन्धी कार्य; पाठपूजा, तीर्थव्रत; यज्ञ, उपवास आदि कार्य । ~ **क्षेत्र**– ना० देउदेउताका मन्दिर तीर्थस्थल आदि रहेको इलाका; धार्मिक स्थल । – **ता**– ना० धार्मिक हुनाको अवस्था, गुण वा भाव । ~ **सङ्घर्ष**– ना० धर्मावलम्बी र धर्मविरोधीहरूको बीचमा अथवा दुई भिन्नाभिन्नै धर्मका पक्षपातीहरूमा हुने परस्परको काटमार आदि कृत्य । ~ **स्थल**– ना० देउदेउताका मन्दिर, तीर्थ, धाम आदि भएको ठाउँ ।

**धार्य**– वि० [सं०] १. धारण गर्न योग्य; धारणीय । २. सम्झन लायक; स्मरणीय । ३. लगाउने खालको; पहिरूँपहिरूँ लाग्ने । ना० ४. पोसाक, वस्त्र, गहना आदि ।

**धार्ष्ट्य**– ना० [सं०] धृष्ट हुनाको भाव वा अवस्था; ढीठपन;

अटेरीपना; धृष्टता ।

**धावक–** ना० [सं०] १. कपडा धुने व्यक्ति; धोबी । २. हल्कारा । ३. समाचार वा सन्देशबाहक; दूत । ४. संस्कृत भाषाका एक प्रसिद्ध कवि । वि० ५. धुन योग्य (वस्त्र आदि) । ६. दौडने; कुद्ने ।

**धावन–** ना० [सं०] १ छिटोसँग दगुर्ने काम । २. धुने वा मैला साफ गर्ने काम । ३. चिठी वा सन्देश लाने वा ल्याउने कार्य । > **धावन्ती–** वि० ध्याउन्ना गरेर वा परिश्रम गरेर हुने; धावा गर्नुपर्ने । (उदा०– घोकन्ती विद्या धावन्ती खेती । – उखान ।)

**धावा१–** ना० [भो० ब०] लिम्बू जातिका कुलदेवता ।

**धावा२–** ना० [सं० धावन] १. एकाएक झम्टने क्रिया; आक्रमण; चढाइ; हमला । २. कुनै काम सिद्ध गर्नका निम्ति गरिने दौडधूप । ३. कठोर परिश्रम । ४. धपेडी । > **धावित–** वि० १. सफा गरिएको; धोइएको; सुकिलो । २. दौडेको; भागेको । ३. गएको ।

**धिक्–** वि० बो० [सं०] १. तिरस्कार, घृणा आदि बुझाउने शब्द । २. निन्दा; गाली ।

**धिक्कार्‌-नु–** स० क्रि० [सं० धिक्कार+नु] कुनै खराब काम गर्नेलाई तिरस्कार वा निन्दा गर्नु ।

**धिक्कार–** वि० बो० [सं०] कसैले नराम्रो, मन नपर्दो काम गर्दा घृणा, निन्दा वा हेला व्यक्त गरेर भनिने शब्द; धिक् । > **धिक्काराइ–** ना० धिक्कार्ने क्रिया वा प्रक्रिया । **धिक्कारिनु–** क० क्रि० धिक्कार्ने काम गरिनु ।

**धिङ्न्याइँ–** ना० [धिङ्न्याहा+याइँ] धिङ्न्याहापन; धिङ्न्याहाको चाल ।

**धिङ्न्याहा–** वि० [सं० धृष्णक+याहा] १. आफ्नै कुरा मात्र माथि पार्न खोज्ने; जिद्दीदार; ढिपीवाल । २. काम गर्छु भनेर पनि नगर्ने; नकचरो; थेत्तरो । ३. झगडा मात्र गर्ने र भनेको पटक्कै नमान्ने; अटेरी । स्त्री० धिङ्न्याही ।

**धित–** ना० [सं० धृत] धैर्य; विश्वास । ~ **धरान–** ना० विश्वासको भावना; इमान्दारी । ~ **पतेर–** ना० कुनै विषयप्रतिको गहिरो विश्वास, पूर्ण विश्वस्तता ।

**धितो–** ना० [सं० धृति] आसामीले लिएको ऋणसम्बन्धी धनबापत साहू वा धनीलाई तमसुकमा लेखिदिएको घर, जग्गा आदि; बन्धक । ~**बन्धक–** ना० सापटीका रूपमा रुपियाँपैसा लिएबापत समयमा बुझाउन नसके साहू स्वयम्‌ले भोगचलन गर्ने र समयमा बुझाउन सके ऋणीले फिर्ता पाउने कबुल गरी राखिएको घरजग्गा, गरगहना आदि । – **विना–** वि० धितो नराखिएको; धितोविनाको; कपाली ।

**धिपधिप–** क्रि० वि० [अ० मू० धिप्+अ (द्वि०)] बत्ती, आगो आदि क्षीण रूपमा बारम्बार बल्दै र निभ्दै गर्ने गरी; निभ्लानिभ्लाजस्तो भएर मन्द रूपमा बल्दै । > **धिपधिपाइ–** ना० धिपधिप गर्ने क्रिया वा प्रक्रिया । **धिपधिपाइनु–** अ० क्रि० धिपधिप गरेर बत्ती आदि बलिनु । **धिपधिपाउनु–** अ० क्रि० बत्ती, आगो आदि धिपधिप गर्दै बल्नु । **धिपधिपे–** वि० धिपधिप गरेर बल्ने; मधुरो गरी बल्ने (बत्ती आदि) ।

**धिपिक्क–** क्रि० वि० [अ० मू० धिपिक्+क] १. बत्ती, आगो आदि क्षीण रूपमा बल्ने र तुरुन्त निभ्ने गरी । २. शृङ्गार आदिले बत्ती बलेजस्तै भएर; धपक्क ।

**धिप्क-नु–** अ० क्रि० [अ० मू० धिप्+क+नु] बत्ती, आगो आदिको ज्वाला क्षीण रूपमा माथि उठ्नु वा बल्नु । > **धिप्काइ–** ना० धिप्कने क्रिया वा प्रक्रिया । **धिप्काइनु–** क० क्रि० धिप्कने पारिनु । **धिप्काउनु–** प्रे० क्रि० धिप्कने पार्नु । **धिप्को–** ना० धिप्प गर्दै बलेको बत्तीको ज्वाला ।

**धिमा–** ना०हे० धिमे ।

**धिमाल–** ना० विशेष गरी झापा जिल्लाको पश्चिमी भागमा र मोरङ जिल्लाको पूर्वी भागमा बसोबास गर्दै आएको लिम्बू जातिसँग मिल्दोजुल्दो एक जाति । > **धिमाली–** वि० १. धिमाल जातिसँग सम्बन्धित; धिमाल जातिले मान्ने गरेको । ना० २. धिमाल जातिले बोल्ने भाषा; धिमाल जातिको मातृभाषा ।

**धिमे–** ना० [नेवा०] एकातिर गजाले र अर्कातिर हातले ठोकेर बजाइने दुईतिर छालाले मोहोरेको ढोलकजस्तो एक बाजा; धिमा ।

**धिराज–** ना० [सं० अधिराज] महाराजाधिराज ।

**धिरी–** ना० १. ठूलो दुलो भएका बाँसका मास्तिरका आँख्ला खोलेर बनाइएको पानी आदि हाल्ने भाँडो; पानी ओसार्ने बाँसको ढुङ्ग्रो । वि० २. साह्रै दुब्लो र अग्लो; टिङ्गरो ।

**धिरो–** वि० बरियाँत जाँदा ठूलो र चर्को स्वरमा नरसिङ्गा आदि बाजा बजाउने; उराहा ।

**धिषणा–** ना० [सं०] १. बुद्धि; अक्कल । २. वाक्‌शक्ति; वाणी । ३. प्रशंसा; स्तुति ।

**धी–** ना० [सं०] १. बुद्धि; प्रज्ञा; अक्किल । २. मन; चित्त; हृदय । ३. ज्ञान; समझ; स्मृति । ४. कर्म ।

**धीत–** वि० [सं०] १. पान गरिएको; पिइएको; खाइएको । २. आराधना गरिएको; सन्तुष्ट पारिएको । ना० ३. कुनै विषयवस्तुप्रति मनमा उब्जिएको धोको; तिर्सना, तिर्खा । ४. इच्छा; अभिलाषा । ५. इमान । ~ **धरान–** ना० १. राखनधरनमा भएको विश्वास । २. चोरी नगर्ने काम । ~ **मर्दो–** वि० धीत मर्ने खालको; मनको तिर्सना पूरा हुने किसिमको; सन्तोषजनक ।

**धीति–** ना० [सं०] १. पानी आदि पिउने काम; पान । २. पिउने इच्छा; तिर्खा ।

**धीमा–** वि० [सं० मध्यम] १. बिस्तारै हिँड्ने; मन्द गतिको । २. मध्यम खालको; मन्द । ३. कम्ती वेग भएको; वेगहीन । ४. बिस्तारो; मधुरो । ५. घुमैंलो; स्पष्ट नभएको । विप० तेज ।

**धीमान्–** वि० [सं०] १. बुद्धिमान् । ना० २. देवताका गुरु; बृहस्पति ।

**धीर–** वि० [सं०] १. जस्तोसुकै आपत्‌विपत् वा सुखदुःख भए तापनि एकै रूपमा रहने; धैर्यशाली । २. गम्भीर; सहनशील । ३. विनयशील; नम्र स्वभावको । ४. सुन्दर; मनोहर । ~ **चेता–** वि०

मनमा धैर्य धारण गर्न सक्ने सामर्थ्य भएको; स्थिर चित्त भएको । – **ता**– ना० १. धीर हुनाको भाव, अवस्था वा गुण; धैर्य । २. जुनसुकै परिस्थितिमा पनि स्थिर रहने प्रक्रिया; स्थिरता । – **त्व**– ना० धीरता । ~ **प्रशान्त**– वि० नाटचशास्त्रअनुसार वीर एवं शान्त स्वभाव भएको (काव्यको नायक) । ~ **ललित**– वि० धीरता, वीरता तथा ललितपना भएको र निश्चिन्त, अतिभावुक एवं विलासी प्रवृत्ति भएको (काव्यको नायक) ।

**धीरा**– वि० [सं०] आफ्ना नायकमा परस्त्रीसँग लसपस भएका चिह्नहरू देखेर व्यङ्ग्यात्मक रूपले रिस पोख्ने (नायिका) । –**धीरा**– वि० नायकका शरीरमा परस्त्री समागमका लक्षणहरू देखेर रिसले रुँदै उसको चित्तवृत्तिलाई विचलित तुल्याउने (नायिका) ।

**धीरोदात्त**– वि० [सं०] साहित्यशास्त्रका अनुसार दयालु, क्षमाशील, बलवान्, धीर, दृढप्रतिज्ञ, योद्धा र आत्मप्रशंसा नगर्ने खालको (नायक) ।

**धीरोद्धत**– वि० [सं०] प्रचण्ड, चञ्चल, अहङ्कारी, आत्मश्लाघी तथा अरूको गर्व सहन नसक्ने (नायक) ।

**धीवर**– ना० [सं०] १. घाटमा नाउ तार्ने व्यक्ति; माझी; मलाहा । २. पुराणअनुसार एक प्राचीन देश वा त्यस देशका निवासी ।

**धु-नु**– स० क्रि० [सं० धावन] १. कुनै वस्तुमा रहेको फोहरमैला, दागकसर आदि सफा पानीले पखाल्नु; सफा गर्नु; प्रक्षालन गर्नु । २. बिहान उठेर मञ्जन, कुल्ला आदि गरी सबै मुख पखाल्नु; मुखारी गर्नु । ३. टाढाका साइनुको जुठो हटाउन मुख पखाल्नु । ४. मनमा रहेको दाग, क्लेश आदि सबै निकाल्नु ।

**धुइँधुइँ**– क्रि० वि० [अ० मू० धुइँ (द्वि०)] क्रि० वि० अत्यन्त क्रियाशील भई कुनै वस्तु खोज्ने गरी । > **धुइँधुइँती**– क्रि० वि० धुइँपत्ताल गरेर; धुइँधुइँ ।

**धुइँपत्ता/धुइँपत्ताल**– ना० [अ० मू० धुइँ+पत्तो/पाताल] ज्यादै लागिपरेर कुनै कुरा खोजी गर्ने काम; पातालै उधिनुँला भनेजसो गरेर खोज्ने काम ।

**धुइर-नु**– अ० क्रि० [धुइरो+अ+नु] १. मानिस वा अन्य प्राणी चारैतिरबाट एकै ठाउँमा जम्मा हुनु; धुइरो लाग्नु, भीड लाग्नु । २. एउटैमाथि धेरै जना जाइलाग्नु । > **धुइराइ**– ना० धुइरने क्रिया वा प्रक्रिया । **धुइराइनु**– क० क्रि० धुइरने पारिनु; धुइरन लाइनु । **धुइराउनु**– प्रे० क्रि० धुइरो लाग्नु; धुइरनु ।

**धुइरो**– ना० [सं० धुरा] १. चारैतिरबाट एकै ठाउँमा जम्मा हुने क्रिया; ताँतीलगाइ । २. धेरै जना एकै जनामाथि जाइलाग्ने काम । ३. भीड ।

**धुइऱ्याइ**– ना० [√ **धुइरि** (+याइ)] धुइरिने वा धुइरो लाग्ने क्रिया-प्रक्रिया । [>] **धुइऱ्याइनु**– क० क्रि० धुइरो लाग्ने पारिनु; धुइरिन लगाइनु । **धुइऱ्याउनु**– प्रे० क्रि० धुइरिने पार्नु; धुइरिन लाउनु ।

**धुकचुक**– ना० [धुक+चुक] कुनै विषयप्रति भएको मनको संशय; शङ्का; सन्देह, यसो गर्ने कि उसो गर्ने भन्ने सोचाइ । > **धुकचुकाइ**– ना० धुकचुकाउने भाव, क्रिया वा प्रक्रिया । **धुकचुकाइनु**– अ० क्रि० धुकचुकाउने होइनु; धुकचुक लागिनु । **धुकचुकाउनु**– अ० क्रि० धुकचुक लाग्नु; सन्देहमा पर्नु । **धुकचुकाहट**– ना० धुकचुकाउने भाव, अवस्था, क्रिया वा प्रक्रिया । **धुकचुकाहा**– वि० धुकचुक गर्ने स्वभाव भएको । **धुकचुकी**– ना० धुकचुकाउने क्रिया वा प्रक्रिया । **धुकचुके**– वि० धुकचुक गर्ने; धुकचुकाउने ।

**धुकधुक**– क्रि० वि० [अ० मू० धुक (द्वि०)] १. कडा परिश्रमले वा भय-त्रासले गर्दा मटु चल्ने गरी । ना० २. धुकधुकी । > **धुकधुकाइ**– ना० धुकधुकाउने क्रिया वा प्रक्रिया । **धुकधुकाइनु**– क० क्रि० धुकधुक होइनु । **धुकधुकाउनु**– अ० क्रि० मुटु चल्नु; मुटु चल्दा आवाज आउनु । **धुकधुकाहट**– ना० धुकधुकाउने भाव, अवस्था वा क्रिया-प्रक्रिया । **धुकधुकी**– ना० १. मुटुको स्पन्दन वा आवाज; मुटुको धड्कन । २. प्राण, सास । ३. हृदय ।

**धुजा**– ना० [सं० ध्वजा] कपडा, कागज आदि च्यातिएर वा काटिएर बनेको ससानो टुक्रो; चिरो; धरो; धुर्को । ~ **धुजा**– ना० कपडा, कागज आदि च्यातिएर टुक्रैटुक्रा वा चिरैचिरा भएको अवस्था । ~ **पाती**– ना० कपडा, कागज आदि चिरो र बोट-बिरुवाको पाती; देउदेउताका स्थानमा चढाइने कपडाका धुजा र पाती । > **धुजिनु**– अ० क्रि० धुजा हुनु; टुक्रा पर्नु; चिरिनु । **धुजे**– वि० धुजा भएको । **धुजैधुजा**– ना० टुक्रैटुक्रा; चिरैचिरा । **धुज्याइ**– ना० धुजिने र धुज्याउने क्रिया वा प्रक्रिया । **धुज्याइनु**– अ० क्रि०/क० क्रि० धुजा पर्नु वा पारिनु । **धुज्याउनु**– स० क्रि० धुजा पार्नु; टुक्र्याउनु; चिराचिरा पार्नु । **धुज्याहट**– ना० धुज्याउने भाव, अवस्था वा क्रिया-प्रक्रिया । **धुज्याहा**– वि० १. धुज्याउने । २. धुजिने खालको ।

**धुत्-नु**– स० क्रि० [सं० धुत+नु] १. लोभलालच देखाएर वा फकाईफुल्याई कसैसँग भएको मालताल आदि लिनु । २. जबरजस्तीसँग अरूको वस्तु लिनु; खिच्नु; तान्नु । ३. अरूको गोप्य रहेको वा रहस्यको कुरो खुस्काउनु । > **धुतधात**– ना० धुत्ने काम; धातधुत । **धुताइ**– ना० धुत्ने क्रिया वा प्रक्रिया । **धुताइनु**– क० क्रि० धुत्न लाइनु; धुत्ने पारिनु । **धुताउनु**– प्रे० क्रि० धुत्न लाउनु; धुत्ने पार्नु । **धुतार**– वि० अर्काको धनमाल जबरजस्तीसँग धुत्ने स्वभावको; धुताहा । **धुतार्नी**– वि० त्यसरी धुत्ने स्वभावकी (स्त्री० धुतार) । **धुताहा**– वि० धुतार । **धुतिनु**– क० क्रि० धुत्ने काम गरिनु; धुतेर लिइनु । **धुतुवा**– वि० धुतार; धुताहा ।

**धुत्कार**– ना० [धुत+कार] कसैलाई तिरस्कार गर्ने काम; निन्दा गर्ने प्रक्रिया ।

**धुत्तुरी**– ना० [धुतुतु+री] नरसिङ्गा बाजा ।

**धुन्-नु**– स० क्रि० [सं० धुनन] कपास अइँटनु; रुवो फट्कनु ।

**धुन**– ना० [सं०] १. गाउँदाखेरिको लय वा स्वरक्रमको रीति; गानाको विशेष स्वरकम्पन । २. नदीनाला, छाँगाछहरा आदिबाट निरन्तर रूपमा निस्कने ध्वनि । ३. कुनै कार्यसिद्धिका निम्तिको

यथासाध्य प्रयत्न; भरमग्दुर । ४. कुनै काम एकचित्त भएर गर्ने प्रवृत्ति; एकाग्रता । ५. मनको वेग; सुर; लहड; ताना । ६. सोचविचार । ७. कुनै विषयप्रतिको चिन्ता; फिक्री । ~ **चक्कर–** ना० ज्यादै जिद्दी वा तत्परताका साथ आफ्नो काम सिद्ध गर्न लागिरहने काम; धूमचक्र । – **धान–** ना० अचाक्ली; उधुम; धुनचक्कर । ~ **पत्ताल–** ना० निकै मिहिनेत पुऱ्याई खोजतलास गर्ने काम; धुइँपत्ताल ।

**धुना–** ना० [धु+ना] १. धुने काम; धुवाइ । २. धुवाइको पटक ।

**धुनाइ–** ना० [√ **धुन्** (+आइ)] १. धुन्ने क्रिया वा प्रक्रिया । २. धुन्ने पटक । ३. धुनेको ज्याला । [>] **धुनाइनु–** क० क्रि० धुन्न लाइनु । **धुनाउनु–** प्रे० क्रि० धुन्न लाउनु ।

**धुनिनु–** क० क्रि० [धुन्+इ+नु] धुन्ने काम गरिनु ।

**धुनियाँ–** ना० [धुन्+इयाँ] कपास फड्कने र सिरक, डस्ना आदि तयार पार्ने पेसा भएको व्यक्ति वा जाति, फ्याटफ्याटे ।

**धुनी–** ना० [सं० धूमित] १. साधुसन्न्यासी वा तपस्वीहरूले ताप्नका लागि वा तपश्चर्याका निम्ति मुढा हालेर बाल्ने आगो । २. त्यस्ता कार्यको निम्ति सधैँ आगो बलिरहने अगेनु । ~ **फानी–** ना० घरेलु कामकाजमा हुने व्यस्तता; घरायसी काममा भइरहने बेफुर्सदी; सुसेधन्दा ।

**धुन्धुकारि–** ना० [सं०] १. पुराणमा प्रसिद्ध रहेका एक उद्दण्ड व्यक्ति । २. फटचाइँ गरिहिँड्ने व्यक्ति; उल्लू मानिस । ३. खराब आचरण गर्ने छोरो; कपूत; कुपुत्र ।

**धुपी–** ना० [सं० धुप+ई] मसिना गुच्छादार पातको तल रातो खैरो कत्ला भएको पहेँलो फूल फुल्ने, हरिया र गोला फल फल्ने र पात वा काठको धुलो धूपको काममा आउने एकजातको बोट; चन्दन वा धूपका निम्ति उपयोगी त्यसैको काठ । ~ **सल्लो–** ना० धुपी ।

**धुपौरे–** ना० [धुपौरो+ए] १. धामी बस्नका निम्ति मिलाइएको थानथपनामा सुगन्धित धुवाँ दिनका लागि बसेको व्यक्ति; धूपकारक । २. अह्राइपह्राइ नगरे पनि खुसी पार्न वा साखिलो हुनका निम्ति अर्काको काम गरिदिने व्यक्ति । ३. आफ्नो स्वार्थ पूरा गर्न अरूसँग खुसामद गर्दै हिँड्ने व्यक्ति । ४. अन्धपरम्परावादी व्यक्ति ।

**धुपौरो–** ना० [धूप+औरो] आगाका भरभराउँदा कोइला राखेर धूप हाल्ने भाँडो; कोइल्याँटो; धूपपात्र ।

**धुमधुम–** क्रि० वि० [अ० मू० धुम+अ (द्वि०)] धुमधुमती । > **धुमधुमती–** क्रि० वि० १. कसैसँग रिसाएर केही नबोली; अँध्यारो मुख लगाउँदै बसिरहने गरी । २. सुनसान वा अँध्यारामा एक्लै बसेर ।

**धुमेलो–** ना० [धामी+एलो] धामी बसाएर ज्योतिष हेराउने काम ।

**धुम्म–** क्रि० वि० [प्रा०] १. अँध्यारामा कसैसँग नबोली बस्ने गरी; धुमधुमती । २. आकाशका चारैतिर बादल ढाकिएर । > **धुम्मिनु–** अ० क्रि० १. रिसले वा पीरले धुमधुमतीसँग बस्नु; धुम्म पर्नु । २. आकाशलाई बादलले ढाक्नु । **धुम्म्याइ–** ना० धुम्मिने क्रिया वा प्रक्रिया । **धुम्म्याइनु–** क० क्रि० धुम्मिने पारिनु; धुम्मिन लाइनु । **धुम्म्याउनु–** प्रे० क्रि० धुम्मिने पार्नु; धुम्मिन लाउनु ।

**धुम्रिँदो–** वि० [धुम्र+इँ+दो] धुवाँ उडिरहेको; धुवाँ उड्दो ।

**धुम्साखान–** ना० [सं० ध्वसन+खान] परस्परमा भएको चर्को झगडा; लडाइँ; घम्साखान ।

**धुर्–** ना० [सं०] १. गाडी, बग्गी, रथ आदिका पाङ्ग्रा अडचाउने तेर्सो आग्लो; धुरा । २. नारिएका गोरुका काँधमा राखिने, जुवाका बीचमा हल्लुँड बाँधेर हरिस अडचाउने ठाउँ । ३. धुराका छेउ छेउमा ठाडो पारेर घुसारिने बियो । ४. अग्लो ठाउँ; टाकुरो । ५. कुनै पनि ठाउँको सबैभन्दा माथिल्लो स्थान वा भाग; धुरी; टुप्पो ।

**धुर१–** ना० [सं० धुर] एक कट्ठाको बीसौँ भाग जमिनको परिमाण (प्रायः मधेसमा प्रचलित) ।

**धुर२–** ना० [मै०] खेतका गरामा हिलो तथा पानी अडचाउन छेउतिर वा चारैतिर उठाइएको माटाको ढिस्को; आली । ~ **किल्ला–** ना० धुरको साँध; धुरा ।

**धुरन्धर–** वि० [सं०] १. कुनै पनि विषयको गहन ज्ञान भएको; प्रकाण्ड विद्वान्; पारङ्गत; पोख्त । २. प्रधान; प्रमुख; मुख्य । ३. जोत्न लायक; जुवामा नार्न सुहाउँदो (गोरु) । ४. भार वहन गर्ने; भारी बोक्ने ।

**धुर पस्नु–** टु० कुनै व्यक्तिमाथि खेदो गरेको बखत अरूले पनि उसैको जरो खन्नु; कुनै व्यक्तिमाथि जाइलाग्दा अरूअरू पनि उसैमाथि खनिनु ।

**धुरा१–** ना० [सं०] १. एकमाथि अरूहरूको मद्दत; सहयोगीहरूको हूल; धुइरो । २. ससाना र झुरुम्म परेका घरको समूह (जस्तो– कुल्लीधुरा; सिपाहीधुरा इ०) ।

**धुरा२–** ना० [सं० धुर्] १. गाडी, बग्गी, रथ आदिका पाङ्ग्रा अडचाउन तेर्सो पारेर राखिने आग्लो । २. गोरुका काँधमा राखिएका जुवाको बीच भाग । ३. धुरी ।

**धुरि-नु–** अ० क्रि० [धुइरि+नु] १. एउटाको विरोधमा धेरै जना खनिनु; धुइरो लाग्नु; धुइरिनु । २. धुरा उठ्नु; ओइरिनु ।

**धुरी–** ना० [सं० धुर] १. घरका छानाको टुप्पाको भाग, छानाका दुई कराला पाखा वा पाटा जोडिई धारिम परेको माथिल्लो भाग । २. त्यस ठाउँमा हालिने टायल, टिन आदिको कोप्रो परेको साधन । – **को बलो–** १. घर छाउने बेला घरको धुरीमा राखिने बलियो काठ वा बाँस; धुरी अडचाउने बीचको काठ । २. घरको मूली मान्छे । – **खाँबो/खामो–** ना० धुरीको बलो अडचाउने खाँबो वा खामो ।

**धुरीण–** वि० [सं०] १. सबैभन्दा माथिल्लो; श्रेष्ठ; उत्तम । २. कुनै विषयमा गहिरो ज्ञान भएको; धुरन्धर । ३. जुवामा नार्न योग्य; जोत्न लायक (गोरु) ।

**धुरी बलो–** ना० [धुरी+बलो] धुरीका खाँबामाथि राखी धुरी अडचाउने बलो, धुरीको बलो ।

**धुरी मार्नु–** टु० १. घर छाउँदा खर, फुस आदिको छानालाई

धुरीमा चुल्ठी पारेर बिट मार्नु; छानाका पाटा जोडिने ठाउँमा खर पाँजेर कसी थुन्नु । २. काम फत्ते गर्नु ।

**धुरुक्क–** क्रि० वि० [अ० मू० धुरक्+क] १. आँसु तरर बहाएर रुने गरी । २. रुवाउने गरी दुःख दिएर ।

**धुरुधुरु–** क्रि०वि० [अ० मू० धुर्+उ (द्वि०)] साह्रै चित्त दुखाउँदै आँसु चुहाएर रुने गरी ।

**धुर्कापानी–** ना० [धुर्को+पानी] १. जीवनमा आइपर्ने दुःख, कष्ट, हैरानी आदि । २. आँखाबाट चुहेको पानी; आँसु ।

**धुर्को–** ना० [धर्को] १. कागज, कपडा आदिको लामो टुक्रो; धरो । २. कोरिएर वा दलिएर बसेको लामो रेखा; धर्को; धर्सो ।

**धुर्त्याइँ–** ना० [धूर्त+याइँ] धूर्त हुनाको भाव; धूर्त बन्ने क्रिया वा प्रक्रिया; धूर्तता ।

**धुर्पिस / धुर्मुस–** ना० [धूलो+पिस] माटो ठोकेर खँदिलो पार्ने गह्रौं र बाटुलो फलामे साधन; बेन्चा ।

**धुर्य–** वि० [सं०] १. सबैभन्दा अगाडि रहने; धुरन्धर । २. सबैभन्दा माथिको; श्रेष्ठ; उत्तम; शीर्षस्थ; । ३. भारी बोक्न लायक; भार वहन गर्न योग्य । ४. जुवामा नार्न सुहाउँदो; जोत्न लायक । ना० ५. हिमाली भेकमा पाइने लसुनजस्तो एक प्रकारको औषधी; ऋषभ । ६. विष्णु । ७. गोरु ।

**धुऱ्याइ–** ना० [√ **धुरि** (+आइ)] धुरिने किसिम वा क्रिया । [>] **धुऱ्याइनु–** क० क्रि० धुरिन लाइनु; धुरिने पारिनु । **धुऱ्याउनु–** प्रे० क्रि० धुरिन लाउनु; धुरिने पार्नु ।

**धुर्रा–** ना० [सं० धूलि] ठट्टा; दिल्लगी; हँस्सी; खिसी ।

**धुर्सुल–** ना० १. फुस्रा पात हुने र फुस्रै सेतो फूल फुल्ने ससानो खालको एक जातको बोट; सोही बोटको फूल; धुसुरे ।

**धुर्सेली / धुर्सेलो / धुस्यौंली–** ना० भुवादार नरम पात हुने, काँसका कोपिलाका आकारको सेतो फूल फुल्ने एक जातको वनस्पति ।

**धुलदाम–** ना० [ढुवाइ+दाम] भारी बोकेको ज्याला; भरिया-ज्याला ।

**धुलाइ–** ना० [√**धुल्** (+आइ)] १. धुने क्रिया वा प्रक्रिया । २. धुलाउने किसिम वा क्रिया । ३. धोएबापत लाग्ने वा दिइने ज्याला । [>] **धुलाइनु–** क० क्रि० धुने पारिनु; धुन लगाइनु । **धुलाउनु–** प्रे० क्रि० धुन लाउनु; धुने पार्नु ।

**धुलाम्मे–** ना० [सं० धूलिमय] धूलैधूलाले ढाकिएको; चारैतिर धूलो भएको ।

**धुलिखेल–** ना० [धूलि+खेल] नेपालको मध्यमाञ्चल विकासक्षेत्रभित्र वाग्मती अञ्चलअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको मुख्य बस्ती वा प्रसिद्ध ठाउँ ।

**धुलिनु–** अ० क्रि० [धूलो+इ+नु] १. धूलो हुनु; चूर्ण हुनु । २. रद्दी हुनु; बेकम्मा हुनु । ३. नष्ट हुनु; बिग्रनु ।

**धुले–** वि० [धूलो+ए] १. धुलो भएको; धुलो मिसिएको; धूलोसम्बन्धी । २. कच्चा । ~ **दर्शन–** ना० तीर्थमा जाने यात्रीले हिँडेर जाँदा गोडामा लागेको धूलो नपुछी वा नधोईकनै सरासर मन्दिरमा पुगेर गरिने देउदेउताहरूको दर्शन । ~ **पुल–** ना० सामान्य रूपले काठहरू तेर्स्याएर त्यसमाथि सेउला आदि राखी धूलोमाटो हालेर बनाइएको अस्थायी पुल; हिउँदे पुल । ~ **फागु–** ना० अबिरको साटो चीर पोलेको खरानी वा धूलोले खेल्ने फागु । ~ **बिउ–** ना० पानीविना बुरबुराउँदो वा धुले माटामा राखेको बीउ । ~ **ब्याड–** ना० धुल्याइएको बुरबुराउँदो माटोमा धानको बीउ राखिने खेत वा जग्गा । ~ **सखर–** ना० डल्ला वा चाका नपारी धुल्याइएको सखर; बुरबुराउँदो सखर । ~ **साँघु–** ना० धूले पुल । ~ **हलो–** ना० हिउँदमा मात्र जोत्नका लागि प्रयोग गरिने एक प्रकारको हलो ।

**धुलो–** ना० [सं० धूलि] १. माटो आदि मसिनिएर भएको बुरबुरे वस्तु; चूर्ण; धूलि । २. घरको तलो, आँगन आदि बढार्दा निस्कने कसिङ्गर । ३. कुनै गेडागेडी वा डल्लाडल्ली पिँधेर बनाइएको चूर्ण; पीठो । ४. छारो । – **पिठो–** ना० १. ज्यादै मसिनो भएको वा पारिएको चूर्ण । २. कुनै वस्तु फुटेर वा किचिएर विकृत भएको अवस्था । – **मुलो–** ना० धूलो र धूलो समानको वस्तु; कसिङ्गर ।

**धुलौटे–** वि० [धुलौटो+ए] धुलौटो कोरेर दशाग्रह हेर्ने वा जाँच्ने (जैसी) ।

**धुलौटो–** ना० [धूलो+औटो] मसिनो किसिमको माटो फिँजाएर सिन्कोले अक्षर लेखिने, एक प्रकारको काठ वा ढुङ्गाको पाटी ।

**धुल्याइ–** ना० [√ **धुलि** (+याइ)] धुलिने क्रिया वा प्रक्रिया । [>] **धुल्याइनु–** क० क्रि० धुलिने पारिनु; धूलो बनाइनु । **धुल्याउनु–** प्रे० क्रि० धूलो पार्नु, धुलिने पार्नु ।

**धुल्यारी–** ना०[धूलो+यारी] फागुपूर्णिमाको भोलिपल्ट धूलो तथा हिलाले हानाहान गरी खेलिने खेल ।

**धुल्याहा–** ना० [धूलो+आहा] १. काठ, किताब, कागतपत्र आदि टोकेर धूलो पार्ने एक जातको कीरो । वि० २. धुलो पार्ने; धुल्याउने ।

**धुवाँ–** ना० [सं० धूम] आगो बाल्दा ज्वाला ननिस्किई मोसो मिसिएको एक किसिमको कालो बाफ; धूम्र; धूम; धुवाँ । – **कस–** ना० १. धूवाँको निकासका निम्ति बनाइएको प्वाल वा ढुङ्ग्रो; चिम्नी । २. बाफ-इन्धनद्वारा जलमार्गमा चल्ने सानो पानीजहाज; अग्निबोट; स्टिमर । – **धार–** वि० १. धूवाँको धार वा वेगजस्तो; धूवाँको मुस्लो उठेर धारजस्तो भई माथिमाथि पुगेको । क्रि० वि० २. त्यसरी नै नरोकिईकन; अविच्छिन्न; लगातार (उदा०– गएको राती धूवाँधार वर्षा भयो ।) ।

**धुवाँइ–** ना० [√ **धुवाँउ** (+आइ)] धुवाँउने क्रिया वा प्रक्रिया । [>] **धुवाँइनु–** क० क्रि० धुवाँउने पारिनु ।

**धुवाँउनु–** प्रे० क्रि० [धूवाँ+आउ+नु] १. धूवाँ निकाल्नु; धुवाँउने पार्नु । अ० क्रि० २. धूवाँ उठ्नु; धूवाँ निस्कनु ।

**धुवाँलो–** ना० [धूवाँ+धूलो] तुवाँलो ।

**धुवा१–** वि० [धु+उवा] धोइएको; धोएर सुकिलो वा सफा तुल्याइएको ।

**धुवा२–** ना० [सं० ध्रुव] गीत वा कविताका सिलोकैपिच्छे दोहोऱ्याएर भनिने चरण वा स्थायी अंश; टेक ।

**धुवाइ–** ना० [√ **धु** (+आइ)] १. धुने क्रिया वा प्रक्रिया । २.

धुवाउने किसिम वा क्रिया । ३. धुवाएबापत लाग्ने ज्याला । ४. धुने पटक । [>] **धुवाइनु–** क० क्रि० धुन लाइनु; धुने पारिनु । **धुवाउनु–** प्रे० क्रि० धुन लाउनु; धुने पार्नु ।

**धुवान–** ना० [धु+आन] धुवाइको खेप; धुना; धुवाइ ।

**धुवित्र–** ना० [सं०] यज्ञको आगो फुक्ने, मृगका छालाको खलाँती ।

**धुसरे–** ना०हे० धुर्सुल ।

**धुस्न–** ना० [सं० धुस्तु] कुल्चीकाल्ची सखाप पारिएको; लेथ्नो; थाङ्नो; धुस्नु ।

**धुस्नि-नु–** अ० क्रि० [धुस्नु+इ+नु] धुस्नु हुनु; पराल आदि माडिएर खजमजिनु; फाटेर च्याङ्लो हुनु ।

**धुस्नु–** ना० [सं० धस्नु] १. धानको सुकेको नल छाँट्ता टुक्रिएर झरेका वा खजमजिएका परालका टुक्राटुक्रीको समूह वा थुप्रो । वि० २. फाटेर भएको लेथ्नु; थाङ्नो; च्याङ्लो ।

**धुस्ने–** वि० [धुस्नु+ए] धुस्निएको; धुस्नु परेको । ~ **पराल–** ना० धुस्नु भएको पराल; मुठे पराल छाँट्ता खजमजिएको पराल ।

**धुस्न्याइ–** ना० [√ **धुस्नि** (+याइ)] धुस्निने क्रिया वा प्रक्रिया । [>] **धुस्न्याइनु–** क० क्रि० धुस्नु पारिनु । **धुस्न्याउनु–** स० क्रि० १. धुस्नु पार्नु; पराल आदि खजमजाउनु । २. फटाउनु; लेथ्नो बनाउनु ।

**धुसु–** ना० [सं० धूसर] भुवादार मसिना पात हुने र मसिना सेता फूल फुल्ने एक जातको रूख ।

**धुस्रे–** ना० [धुस्रो+ए] १. नारानपातीका जस्ता भुवादार पात हुने र सेता फूल फुल्ने एक जातको बोट । वि० २. फुस्रो रङको; फुस्रे । ३. चिल्लो नभएको; खस्रो । ~ **उखु–** ना० खरानी दलेजस्तो फुस्रो डाँठ हुने उखुको एक जात । ~ **केरा–** ना० बोक्रामा खरानी रङको मसिनु धुलोजस्तो भई फुस्रो देखिने, ठूला कोसा हुने केराको एक जात ।

**धुस्रो–** ना० [सं० धूसर] १. ध्वाँसे रङ; फुस्रो रङ । वि० २. फुस्रो रङको; फुस्रो रङ भएको **–फुस्रो–** वि० धुलो लागेर धुस्रो र फुस्रो भएको ।

**धुस्सा–** ना० [सं० द्विशाट] ऊनीको मोटो खालको ओढ्ने कपडा; कम्मल; बक्खु ।

**धूत–** वि० [सं०] १. हल्लाइएको; कँपाइएको; आन्दोलित । २. छोडिएको; त्यागिएको । ३. हप्काइएको; धम्काइएको । ४. चारैतिरबाट घेरिएको; रोकिएको ।

**धूप–** ना० [सं०] १. आगामा सल्काउँदा बास्नादार धुवाँ निस्कने सुगन्धी द्रव्यविशेष । २. धूपधुवाँरका निम्ति छुट्ट्याइएको गाईको घिउ । ३. घामको प्रखर ताप । ~ **घडी–** ना० घाम लागेका बखत कुनै वस्तुले घाम छेक्दा पर्न गएका छायाँको लम्बाइ नापेर समय सूचित गर्ने निर्देशकयन्त्र । ~ **छायाँ–** ना० १. घामको प्रकाश पर्दा विभिन्न रङ मिसिएजसरी टल्कने एक प्रकारको रँगाइ वा बुनोट । २. त्यसरी टल्कने कपडा । ३. दुःख एवं सुखको परिस्थिति । **– दान/दानी–** ना० १. धूप सल्काएर राखिने भाँडो; धूपदानी । २. धूप हाल्नका लागि झरझराउँदा कोइला राख्ने भाँडो; कोइल्याँटो; धुपौरो । ~ **धुवाँर–** ना० आगामा घिउ वा अन्य कुनै सुगन्धित द्रव्य सल्काएर सुवासिलो धूवाँ निकाल्ने काम; धूप बाल्ने कार्य । ~ **पात्र–** धूप बाल्ने भाँडो; धुपौरो । ~ **बत्ती–** ना० १. सुवासका निम्ति धूप सल्काएपछि बालिने, घिउले भिजाएको बत्ती । २. सल्काइने वा आगामा हालिने धूप र उज्यालोका निम्ति बालिने बत्ती; धूप र बत्ती । ३. साधारण पूजाआजा । ~ **बाती–** ना० धूपबत्ती । > **धूपित–** वि० १. धूप वा सुगन्धित द्रव्य सल्काएर बास्ना आउने पारिएको । २. तताइएको; सेकाइएको; तप्त । ३. थाकेको; थकित ।

**धूपी–** ना० हे० धुपी ।

**धूम–** [सं०] १. आगाको धुवाँ; धूम्र । २. कुइरो; ढुस्से, हुस्से । ३. बादल; मेघ । ४. परस्परको ठूलो झगडा; रडाको । ५. उपद्रव; उत्पात । ६. अजीर्ण हुँदा आउने डकार । क्रि० वि० ७. अचाक्ली; उधुम । **– केतु–** ना० १. पुच्छ्रेतारो; उल्का । २. आगो; अग्नि । ३. शिव । **– चक्र–** ना० १. चक्राकार परेको धूवाँ वा धूवाँबाट बनेको चक्र; धूममण्डल । २. ठूलो झगडा; रडाको । क्रि० वि० ३. धूमधाम; उधुम; अचाक्ली । **– धाम–** क्रि० वि० १.ज्यादै चर्को किसिमले; हुनेहुनाम्मे; अत्यन्त; ज्यादा; ज्यास्ती; धसनधान । वि० २. धेरै; खूब; अति; बहुत । ना० ३. ठूलो आयोजना; रामरमिता; रामरउस । **– पान–** ना० धूम्रपान । **– पोत–** ना० पानीजहाज; अग्निबोट; धुवाँकस; स्टिमर । **– वाराही–** ना० काठमाडौँदेखि उत्तरतिर विशालनगरमा रहेकी वाराही देवी; चार वाराहीमध्ये एक । > **धूमावती–** ना० दस महाविद्यामध्ये एक; भयङ्कर रूप र मलिन वेश भएकी एक देवी । **धूमिका–** ना० कुइरो । **धूमित–** वि० १. धूवाँले ढाकिएको; धूवाँ लागेको । ना० २. तन्त्रशास्त्रका अनुसार दूषित ठानिने सादा अक्षरको मन्त्र । **धूमिल–** वि० धूवाँका आकारको; स्पष्ट नदेखिने; घुर्मैलो ।

**धूम्र–** ना० [सं०] १. धुवाँ; धूम । २. ध्वाँसो; धूमांश । ३. धूवाँको वा धूवाँको जस्तो रङ; ध्वाँसे रङ । ४. शिलारस नाउँको एक गन्धयुक्त द्रव्य । ५. एक असुर । ६. शिव; महादेव । वि० ७. धूवाँका रङको; फुस्रो । **– पत्रा–** ना० फुस्रो रङको बिरी; सानो बिरी । **– पान–** ना० विशेष किसिमको पातलो कागज वा साल, भोर्लो, खोस्टो, फुस्रे आदिका पातमा सुर्ती हालेर बेरिएका चुरोट, बिँडी आदि सल्काएर वा सुल्फा, चिलिम आदिमा तमाखु, गाँजा आदि डढाएर निस्केको धूवाँको सर्को मुखले तान्ने काम; धूमपान । **– वर्ण–** वि० धुवाँका रङको; फुस्रो ।

**धूर्जटि–** ना० [सं०] माथि उठेका जटा भएका देवता; शिव; महादेव ।

**धूर्त–** वि० [सं०] १. कपटपूर्ण चलाकी जान्ने; छटेल; छट्टू । २. छलछाम गर्ने स्वभाव भएको; छली । ३. अर्कालाई ठगेर स्वार्थ पूरा गर्ने; ठग; वञ्चक । ४. धोकेबाज । > **धूर्तता–** ना० १. धूर्त हुनाको भाव वा अवस्था; धुर्त्याइँ । २. धोकेबाजी; वञ्चकता; ठगीपना ।

**धूर्वी–** ना० [सं०] रथ, बग्गी आदिको अगिल्लो भाग ।

**धूल–** ना० [सं० धूलि] धुलो । ~ **मैदान–** ना० बतासले उडाएर

ल्याई थुपारेको बालुवा, पाँगो र मसिनो माटो भएको ठाउँ ।

**धूलि–** ना० [सं०] धूलो । ~ **धूसर/धूसरित–** वि० धूलोमूलो लागेर धुस्रो देखिएको वा सो लगाएर फुस्रो भएको । **– पटल–** ना० तुवाँलो । **– माटी–** ना० १. धूलोमाटोको थुप्रो बनाई त्यसभित्र सिन्को लुकाएर खोज्ने केटाकेटीको एक खेल । २. धूलो र माटाको समूह ।

**धूलो–** ना० हे० धुलो ।

**धूवाँ–** ना० हे० धुवाँ ।

**धूसर–** वि० [सं०] १. माटाको जस्तो फुस्रो रङको; खाकी । २. धूलो लागेर फुस्रो भएको; फुस्रो रङको; धुस्रो । > **धूसरित–** वि० १. धूलो लागेर फुस्रो भएको । २. ध्वाँसे रङको, धूसर; धुस्रो । ३. उज्जर नभएको; फुस्रो पारिएको; फुस्रो ।

**धृत–** वि० [सं०] १. धारण गरिएको । २. समातिएको; पक्रिएको; अँठ्याइएको । ३. आफ्ना अधिकारमा राखिएको; आफ्ना ऐँच वा कब्जामा लिइएको । ४. राखिएको; स्थापित । ना० ५. ग्रहण वा धारण गर्नाको भाव । ६. पुराणअनुसार द्रुह्यवंशीय धर्मका एक पुत्र । **– राष्ट्र–** ना० महाभारतमा प्रसिद्ध, जन्मैदेखिका अन्धा एक प्रसिद्ध राजा; दुर्योधनका बाबु । **– वर्मा–** ना० अर्जुनका साथ अश्वमेधका घोडाको रक्षाका निम्ति गएका त्रिगर्त्तका राजकुमारको नाम । > **धृतात्मा–** वि० १. मन बलियो भएको; स्थिरचित्त; धैर्यशाली; धीर । ना० २. विष्णु ।

**धृति–** ना० [सं०] १. धारण गर्ने भाव, गुण वा शक्ति; धैर्य; धीरता । २. समाउने क्रिया; ग्रहण गर्ने काम । ३. स्थिरता, अचलता । ४. गौरी आदि सोह्र मातृकामध्ये एक । ५. ज्योतिषशास्त्रअनुसार एक योग । ६. एक पाउमा अठार अक्षर हुने छन्दका सबै भेद । ७. चन्द्रमाका सोह्र कलामध्ये एक कलाको नाम । ८. वास्तु वा मूर्तिकलामा प्रयोग हुने, एक अङ्गुल वा मात्राको नब्बे गुनाबराबरको नाप; गतिको तीन गुनाबराबरको नाप; दिक्, आयुध, नाडी वा प्रादुर्भावको नौ गुनाबराबरको नाप; नब्बे अङ्गुलबराबरको नाप । **– धारी–** वि० धृतिमान् । **– मान्–** वि० १. धैर्य रहेको; धैर्यशाली; धीर । २. दुःख-सुखमा एकरूप रहने ।

**धृष्ट–** वि० [सं०] १. सम्झाए-बुझाएको पटक्कै नसम्झने, नबुझ्ने वा चेतावनी दिँदा पनि कहिल्यै नचेत्ने स्वभावको; ढीठ । २. समय र ठाउँअनुसारको व्यवहार नजान्ने; असभ्य; अशिष्ट; कोर्काली; गँवार । ३. निर्लज्ज । ना० ४. आफ्नो अपराध थाहा पाएर नायिकाले जतिसुकै तिरस्कार गरे पनि उसका पछि लाग्न नछाड्ने ढीठ नायक; धीरोद्धत्तनायक । **– ता–** ना० १. धृष्ट हुनाको भाव वा अवस्था; ढिठ्याइँ; उद्दण्डता । २. निर्लज्जता; बेसरमपना । ३. निर्दयता; निष्ठुरता ।

**धेनु–** ना० [सं०] १. भर्खरै बिहाएको गाई; लैनु गाई । २. गाई; गौ । ३. पृथ्वी । > **धेनुका–** ना० १. दुहुनु गाई; लैनु गाई; धेनु । २. हस्तिनी स्त्री । ३. पोथी पशु । ४. कृष्णले मारेको एक दैत्यको नाम ।

**धेय–** वि० [सं०] १. धारण गर्न लायक; धारणीय; धार्य । २. पोषण गर्न योग्य; पोषणीय; पोष्य । ३. पिउन लायक; पेय ।

**धेर–** वि० [प्रा० धेइ] १. चाहिनेभन्दा बढी; धेरै; ज्यादा; बहुत; अधिक । २. नचाहिने; अर्घेलो । ~ **थोर–** वि० जेजति छ वा जेजति सकिन्छ त्यति; थोर-बहुत; कमबेसी ।

**धेरै–** वि० [धेर+नै] प्रशस्त; ज्यादा; बहुत; निकै; अधिक । **– जसो–** क्रि० वि० अधिकतर; प्रायशः; प्रायः; बहुधा ।

**धैँसे–** वि० [धैँसो+ए] ध्वाँसोजस्तो कालो; फुस्रो कालो; साह्रै कालो; ध्वाँसे ।

**धैँसो–** ना० [√ ध्वाँसो] ध्वाँसो; मोसो ।

**धैर्य–** ना० [सं०] १. सङ्कट वा कठिनाइका समयमा पनि विचलित नभई शान्त रहने मानसिक शक्ति, गुण वा स्थिरता; धीरता । २. उत्ताउलो वा आतुर नहुने स्वभाव; उद्वेगरहित चित्तवृत्ति । ३. खामोस । ४. शान्ति ।

**धैवत–** ना० [सं०] सङ्गीतका सात स्वरमध्ये मन्दन्ती, रोहिणी र रम्या तीन श्रुतिका योगले बनेको छैटौँ स्वर; 'सा-रे-ग-म-प-ध-नि' मध्ये 'ध'; चार सय पाँच स्वरलहरी भएको स्वर ।

**धोआइ–** ना० [√ धु (+आइ)] धुने क्रिया वा प्रक्रिया । [> ] **धोआइनु–** क० क्रि० धुन लगाइनु; धुवाइनु । **धोआउनु–** प्रे० क्रि० धुन लाउनु; धुवाउनु ।

**धोइ–** ना० [√ धु (+इ)] धुने काम । **– धाइ–** ना० धुने वा सफा गर्ने काम; धोइपखाली । [> ] **धोइनु–** क० क्रि० धुने काम गरिनु । ~ **पखाली–** ना० १. धुने र पखाल्ने काम । २. थोरै आम्दानीबाट जीविका गर्ने काम । ३. भएजति काम र लेनदेनसम्बन्धी कारोबारको फछर्यौट । **– फोइ–** ना० १.कसर वा घुर्मैलो नभएको स्थिति; राम्ररी धुने-पखाल्ने काम । २. मनोमालिन्य भएका विषयमा स्पष्टसँग कुरा गरी मन माझ्ने काम ।

**धोक्-नु–** स० क्रि० [सं० ढौक+नु] १. मन लागेको कुरा टन्न हुन्जेल खानु वा पिउनु । २. बेकाममा खर्चगर्नु; फजुल व्यय गर्नु । ३. मनलाग्दीसँग जाँड-रक्सी खानु ।

**धोका–** ना० [सं० धूकता] १. कसैलाई झुक्याएर वा बहकाएर उसको स्वार्थ तथा बोलीको उल्टो गरिने अनैतिक आचरण; झूटो काम वा व्यवहारद्वारा अरूलाई छकाउने वा ढाँट्ने काम; धोखा । २. छल; कपट । ३. धूर्तता; बेइमानी ।

**धोकाइ–** ना० [√ **धोक्** (+आइ)] धोक्ने क्रिया वा प्रक्रिया । [>] **धोकाइनु–** क० क्रि० धोक्न लाइनु; धोक्ने पारिनु । **धोकाउनु–** प्रे० क्रि० धोक्न लाउनु; धोक्ने पार्नु । **धोकाधोक–** ना० धेरै जनासँग बसी धोक्ने काम; हसुराहसुर ।

**धोकाबाज–** वि० [धोका+फा० बाज] धोका दिने; बेइमानी गर्ने; धोकेबाज । > **धोकाबाजी–** ना० धोका दिने काम; बेइमानी; धोकेबाजी ।

**धोकाया–** ना० तरकारी खान हुने एक जातको साग ।

**धोकाहा–** वि० [धोक्+आहा] १.असुहाउँदो किसिमबाट पिउने वा

खाने; धोक्ने; धोकुवा । २. धेरै खाने वा पिउने ।

**धोकिनु–** क० क्रि० [धोक्+इ+नु] धोक्ने काम गरिनु ।

**धोकुवा–** वि० [धोक्+उवा] नसुहाउँदो किसिमबाट धेरै खाने वा पिउने; धोकाहा ।

**धोके–** वि० [धोका+ए] धोका दिने; धोका हुने । ~ **गोदाम–** ना० ज्यादै आवश्यकता वा अभाव भएका अवस्थामा मात्र चलाउने गरी राखिएको मालसामान, अन्नपात आदिको गोदाम; बचतभकारी ।

**धोकेबाज–** वि० धोका दिने; धोकाबाज । > **धोकेबाजी–** ना० धोका दिनेकाम; बेइमानी ।

**धोको–** ना० [धोक्+ओ] १. कुनै विषयवस्तुप्रति मनमा उठ्ने प्रबल इच्छा; चाह; अभिलाषा । २. धीत ।

**धोक्रा धोक्री–** ना० [धोक्रो+धोक्रो] सानाठूला धोक्राहरूको समूह, धोक्रा र धोक्रासमानका वस्तुहरूको समूह ।

**धोक्रिनु–** अ० क्रि० [धोक्रो+इ+नु] धोक्रोजस्तो भएर फुल्नु; बेसरी मोटाउनु ।

**धोक्रे–** वि० [धोक्रो+ए] १. धोक्रो बोक्ने । २. धोक्रा बुनेर बेच्ने काम गर्ने । ३. धोक्रोजस्तो परेको; भद्दा र मोटो कदको । ४. धोक्रोजस्तो गुँड बनाएर त्यसभित्र बस्ने (कीरो) । ५. धोक्राको मुखजस्तो मोहोता भएको (सुरुवाल, पाइजामा, पाइन्ट) । ना० ६. तिर्जा खरिद गर्ने ठेकेदार । ~ **किरो–** ना० भुसैभुसले बनेको धोक्रोजस्तो गुँडमा बस्ने एक जातको बिखालु कीरो । ~ **खटिरो–** ना० धोक्रे कीराको भुस बिझेर निस्कने खटिरो । ~ **चरो–** ना० सिउर रातो र शरीर खैरो रङको हुने भँगेरोभन्दा पनि सानो एक प्रकारको चरो । ~ **फुल–** ना० नरम रूखका ठूलठूला पात हुने, धोक्राजस्ता आकारका ठूला र सेता फूल फुल्ने, चिस्यानमा हुने एक जातको बोट । ~ **सुरुवाल–** ना० धोक्राजस्ता ठूलठूला मोहोता हुने सुरुवाल; हात्तीपाइले सुरुवाल; पाइजामा; पाइन्ट ।

**धोक्रो–** ना० सिस्नो, अल्लो, सनपाट आदिका सूतबाट तयार गरिएको अनाज आदि भरेर बोकिने ठूलो थैलो, बोरा । > **धोक्र्याइ–** ना० धोक्र्याउने क्रिया वा प्रक्रिया । **धोक्र्याइनु–** क० क्रि० बेसरी खाइनु । **धोक्र्याउनु–** स० क्रि० बेसरी खानु; पेटमा अटेसमटेस हुने गरी हसुर्नु; कन्ठ्याउनु ।

**धोखा–** ना०हे० धोका ।

**धोखेबाज–** वि०हे० धोकाबाज । > **धोखेबाजी–** ना० धोकेबाजी ।

**धोती–** ना० [सं० धटी] १. कमरदेखि मुनि बेरेर लगाइने, लमाइपट्टिका दुई किनारामा सानो पारीजस्तो भएको, एक छेउको फुर्को अगाडिदेखि टाङमनिबाट छिराएर पछाडि लगेर सिउरिने नसिलाएको वस्त्र । २. लामो ठूलो कछाड । ३. लँगोटी । ४. लमाइका दुई किनारामा पारी भएको स्त्री जातिले पहिरिने सारी । **– पाटा–** ना० १. पुरुष वा स्त्रीले फेर्ने धोती । २. धोएको लुगा । > **धोतीसरो–** ना० पानीसरोका जस्ता लामो र खस्रो पात हुने एक जातको काठ नहुने बिरुवा ।

**धोत्रि-नु–** अ० क्रि० [धोत्रो+इ+नु] १. कुनै वस्तु पुरानो र खोक्रो हुनु; रूखभित्रको चुरो मकाएर धोत्रो हुनु । २. कुनै विकारबाट वा जवानीका कारणले स्वर ठूलो हुनु ।

**धोत्रे–** वि० [धोत्रो+ए] १. खोक्रो भएको; धोत्रो पसेको; धोद्रे (काठ, मूला आदि) । २. ठूलो खोक्रो स्वर भएको (मानिस) । ~ **चरो–** ना० पहेँलो र खैरो रङको एक जातको चरो । ~ **रुख–** ना० भित्र खोक्रो परेको रूख; ध्वान्द्रे रूख । ~ **बोली–** ना० स्वर भासिएर बिग्रिएको बोली । ~ **स्वर–** ना० सर्दी वा कुनै विकारबाट ठूलो भएको स्वर ।

**धोत्रो–** ना० १. जमिन, रूख आदिमा भित्र परेको लामो, ठूलो प्वाल; मूला, गाजर आदिको भित्र हुने खोक्रोपन; धोद्रो । वि० २. भित्रपट्टि खाली भएको; खोक्रो । ३. शारीरिक विकार वा जवानीले स्वर बिग्रिई ठूलो भएको; धोत्रिएको; खस्रिएको; धोद्रो (स्वर, बोली) ।

**धोत्र्याइ–** ना० [√ **धोत्रि** (+याइ) धोत्रिने किसिम वा क्रिया । [>] **धोत्र्याइनु–** क० क्रि० धोत्रो पारिनु; धोत्रिन लाइनु । **धोत्र्याउनु–** प्रे० क्रि० धोत्रो पार्नु; धोत्रिन लाउनु ।

**धोद्रे–** वि०हे० धोत्रे ।

**धोद्रो–** ना०/वि०हे० धोत्रो ।

**धोबिनी–** ना० [धोबी+इनी] १. धोबी जातकी स्त्री; धोबीकी पत्नी । २. कालो र सेतो मिसिएको रङ भएको भँगेराका आकारको एक जातको चरो । । > **धोबिने–** ना० एक जातको घाँसको बुटो वा जरो गुलियो हुने एक प्रकारको सानोतिनो बोट ।

**धोबी–** ना० ज्याला लिई अर्काका लुगा-कपडा धोएर जीवननिर्वाह गर्ने एक जाति । **– घाट–** ना० धोबीले लुगा धुने पानी भएको ठाउँ । ~ **चरो–** ना० धोबिनी ।

**धोन्याङ–** ना० [धड+अङ्ग] गर्धनदेखि पुट्ठासम्म गएको ढाडको सोझो हाड; मेरुदण्ड ।

**धोवाइ–** ना० [√ **धोवाउ** (+आइ)] धुवाउने क्रिया वा प्रक्रिया । [>] **धोवाइनु–** क० क्रि० धुन लाइनु । **धोवाउनु–** प्रे० क्रि० धुन लाउनु ।

**धौ–** ना० [सं० धावा] कुनै विषयको प्राप्ति वा कुनै कार्यसिद्धिका निम्ति पर्ने कठिनाइ; मुस्किल; धेरै हतार । **– धौ–** क्रि० वि० १. साह्रै गाह्रोसँग; मुस्किलले मात्र । वि० २. साह्रोगाह्रो; पुगेसपुगेस ।

**ध्यान–** ना० [सं०] १. कुनै विषय वा कार्यमा रुचिपूर्वक भएको एकाग्रता; तन्मयता; तल्लीनता । २. मनमस्तिष्क एकाग्र भएको स्थिति; योग, साधना । ३. चिन्तन; सोच । ४. रुचि; चासो; ख्याल । ~ **दृष्टि–** ना० १. गहिरो चिन्तन; मनोयोगपूर्ण निरीक्षण वा अवलोकन । २. दिव्यदृष्टि । ~ **मग्न–** वि० गम्भीर चिन्तनमा लीन भएको; ध्यान गरिरहेको; सोचाइमा डुबेको । ~ **योग–** ना० मन वा चित्तलाई एकाग्र पार्ने एक प्रकारको योग वा साधना । > **ध्यानाकर्षण–** ना० अरूको ध्यान आफूतिर खिच्ने काम; अरूको दिमागबाट हराइसकेको वा हराउन लागेको कुरा वा विषयलाई सम्झाउने काम । **ध्यानाकर्षित–** वि० कुनै कामकुराप्रति ध्यान

अकृष्ट भएको; ध्यानाकृष्ट । **ध्यानकृष्ट–** वि० ध्यानाकर्षित । **ध्यानी–** वि० १. ध्यानमा लीन भएको; ध्यानमा लागेको; साधनारत । २. ज्ञानी; चिन्तनशील ।

**ध्यारध्यार–** क्रि० वि० [अ० मू० ध्यार+अ (द्वि०)] कपडा वा कागत च्यात्दा वा उधार्दा आवाज आउने किसिम । > **ध्यारध्यार्ती–** क्रि० वि० अझ बढी ध्यारध्यार हुने किसिमले ।

**ध्यार्र–** क्रि०वि० [अ०मू० ध्यार्+र] हे० ध्वार्र ।

**ध्येय–** वि० [सं०] १. ध्यानमा ल्याउन सकिने; ध्यान गरिँदै रहेको । २. ध्यान गर्न योग्य; चिन्तन गर्न लायक । ना० ३. ध्यान वा चिन्तनको विषय, तत्त्व, काम वा कुरो । ४. लक्ष्य; उद्देश्य ।

**ध्रुपद–** ना० [सं०] देवताहरूको लीला एवं राजामहाराजाद्वारा गरिएका यज्ञादिको वर्णनलाई लिएर गाइने एक किसिमको गीत; एक राग ।

**ध्रुव–** वि० [सं०] १. सधैँ एउटै अवस्था वा ठाउँमा रहिरहने; स्थिर; अचल; नित्य । २. कुनै विषयमा कुनै किसिमको संशय नभएको; निश्चित; निस्सन्देह । ना० ३. पुराणप्रसिद्ध भगवान्‌का भक्त तथा राजा उत्तानपादका रानी सुनीतितर्फका जेठा छोरा । ४. उत्तरी आकाशमा सधैँ अटल रहने प्रसिद्ध ठानिएको तारो । ५. भूगोलका अनुसार मूमध्यरेखादेखि उत्तर वा दक्षिणपट्टि रहेको सबभन्दा टाढाको बिन्दु; देशान्तर रेखाहरू केन्द्रित भएर रहने पृथ्वीको उत्तर र दक्षिणको छेउ । ६. आकाश । ७. पर्वत । ८. ज्योतिषशास्त्रका अनुसार एक योग । **– ता–** ना० १. ध्रुव हुनाको भाव, गुण वा अवस्था; स्थिरता; अचलता; दृढता । २. वैज्ञानिक क्षेत्रमा दुई परस्पर विरोधी तत्त्व वा दिशा भिन्न रहे तापनि तिनबाट मुक्त हुने पिण्ड, पदार्थ आदिको स्थिति वा गुण । ~ **तारा/तारो–** ना० उत्तरी आकाशमा सधैँ एउटै ठाउँमा रहेको देखिने तारो । ~ **दर्शक–** ना० १. सधैँ उत्तरतिर मात्रै सुई फर्कने दिशासूचक यन्त्र; कम्पास । २. सप्तर्षिमण्डल । ~ **दर्शन–** ना० विवाहका यज्ञमा बसेका बेला वरले वधूलाई ध्रुवतारो देखाउने काम । **– पद–** ना० १. प्रायः स्तुतिहरू गाइने एक लय । २. सङ्गीतमा बारबार दोहोऱ्याइने कविताको कुनै एक चरण; टेक । ~ **लोक–** ना० पुराणअनुसार सत्यलोकअन्तर्गत ध्रुव रहने एक लोक । ~ **सत्य–** वि० ध्रुव उत्तरी आकाशमा सधैँ स्थिर वा अटल भएर रहेजत्तिकै साँचो; अखण्डित सत्य । > **ध्रुवीकरण–** ना० स्थिरीकरण ।

**ध्रुवीय–** वि० [सं०] ध्रुवसम्बन्धी; ध्रुवको । ~ **धार–** ना० ध्रुवीय महासागरबाट बग्ने चिसो पानीको प्रवाह । ~ **वायु–** ना० ध्रुवीय क्षेत्रबाट बहने चिसो बतास ।

**ध्वंस–** ना० [सं०] नाश; विनाश; सर्वनाश । > **ध्वंसक–** वि० नाश गर्ने; बिगार्ने; भत्काउने; विध्वंसक । **ध्वंसन–** ना० १.नाश गर्ने काम; ध्वस्त पार्ने काम । २. क्षय; संहार; विनाश । ~ **लीला–** ना० मानव-विनाशक युद्ध; नरसंहार । **ध्वंसावशेष–** ना० नाश हुँदा बाँकी रहेको अंश; भत्किँदा बचेको भाग; खण्डहर । **ध्वंसित–** वि० नाश भएको; बिग्रिएको; भत्किएको; ध्वस्त । **ध्वंसी–** वि० १. नाश गर्ने; बिगार्ने; ध्वस्त पार्ने । २. विनष्ट हुने; नश्वर ।

**ध्वज–** ना० [सं०] १. प्रायः डन्डाका टुप्पामा झुन्ड्याएर वा बाँधेर कुनै संस्था वा विशिष्ट व्यक्तिको चिह्नका रूपमा राखिने कपडा; झन्डा; ध्वजा; धजो; पताका । २. चिह्न; निशाना । ३. श्रेष्ठ; प्रमुख । **– दण्ड–** ना० झन्डा झुन्ड्याउने दण्ड; ध्वजयष्टि । **– पट–** ना० ध्वजा; झण्डा । **– भङ्ग–** ना० झन्डा झिक्ने काम; लिङ्गो ढलाइ । **– यष्टि–** ना० ध्वजदण्ड । **– युक्त–** वि० ध्वजा भएको; झन्डावाल । **– वान्–** वि० १. ध्वजा भएको; झन्डावाल । २. चिह्न भएको; चिह्नाङ्कित । **– वाहक–** ना० झन्डावाल; झन्डा बोक्ने अधिकार प्राप्त । > **ध्वजांशुक–** ना० ध्वजाको कपडा; झन्डाको कपडा ।

**ध्वजा–** ना० [सं०] झन्डा; पताका; ध्वज । ~ **पताका–** ना० विवाह, उत्सव आदि शुभकार्यमा प्रयुक्त हुने विभिन्न आकारका रङ्गीचङ्गी ध्वजा र त्यस्तै फूलपात तथा कागजका पत्रपत्री । ~ **रोपण–** ना० झन्डा गाड्ने काम; ध्वजा उभ्याउने काम । **– वाहक–** ना० झन्डा बोक्ने झन्डाधारी । > **ध्वजी–** वि० १. ध्वजा भएको; झन्डादार । २. कुनै किसिमको चिह्न भएको; चिह्नित । **ध्वजोत्तोलन–** ना० झन्डा फहराउनेकाम; ध्वजा गाड्ने काम । **ध्वजोत्थान–** ना० १. झन्डा गाड्ने काम; ध्वजा फहराउने काम । २. इन्द्रयात्रा, बिस्केट आदिको लिङ्गो उभ्याउने काम ।

**ध्वनन–** ना० [सं०] ध्वनि निकाल्ने काम; शब्द निकाल्ने क्रिया ।

**ध्वनि–** ना० [सं०] १. कानले सुन्न सकिने वा सुनिने विषय; श्रवणेन्द्रियको विषय; आवाज; शब्द । २. कुनै अर्थ वा आशय नखुल्ने शब्द वा आवाज (पशुको ध्वनि, बादलको ध्वनि इ०) । ३. कुनै ठाउँमा शब्द थर्कँदा फर्केर आउने आवाज; प्रतिध्वनि; घन्को । ४. कुनै कथन वा उक्तिको वाच्यार्थ तथा लक्ष्यार्थलाई छाडेर अर्थभित्र पनि लुकेर रहने चमत्कारी अर्थ; गूढार्थ; व्यङ्ग्यार्थ; ध्वन्यार्थ । ५. मुखबाट उच्चरित हुने आवाज । ६. कुनै अवस्थामा पनि खण्डित हुन नसक्ने भाषाको निम्नतम एकाइ । ~ **अङ्कन–** ना० चलचित्र वा सिनेमाको ध्वनि रेकर्ड गर्ने वा भर्ने काम । ~ **अवयव–** ना० ध्वनिहरूको उच्चारणमा सक्रिय रहने फोक्सोदेखि ओठसम्मका विभिन्न अङ्गहरू; उच्चारण-अवयव । ~ **कक्ष–** ना० रेडियो प्रसारण केन्द्र आदिमा ध्वनिलाई नियन्त्रण र परीक्षण गर्ने कोठा । ~ **काव्य–** ना० व्यङ्ग्यार्थ वा ध्वन्यर्थ प्रधान भएको काव्य; उत्तम काव्य । ~ **कुल–** ना० भाषामा पाइने ध्वनिहरूको समूह । ~ **ग्राम–** ना० ध्वनिविज्ञानअनुसार मानिसका गलाबाट निस्केर विशिष्ट अवस्थामा बन्ने ध्वनिका भिन्नभिन्न रूप; फोनिम (जस्तै– का,की,कु, के आदिको उच्चारणमा 'क' ध्वनिका रूप अलग अलग हुन्छन्) ।

**ध्वनित–** वि० [सं०] १. ध्वनिका रूपमा भएको । २. शब्दका रूपमा निस्केको ।

**ध्वनि तत्त्व–** ना० [सं०] भाषाहरूमा पाइने विभिन्न ध्वनि र तिनका उच्चारणमा रहेका भिन्नताका आधारहरूको समूह; ध्वनिकुल; ध्वनिश्रेणी । > **ध्वनितात्त्विक–** वि० ध्वनितत्त्वसम्बन्धी;

ध्वनितत्त्वको; ध्वनितत्त्वका अनुसार हुने (ध्वनितात्त्विक आलेखन इ०) ।

**ध्वनि नाटक–** ना० [सं०] रेडियोबाट प्रसारित गरिने एक प्रकारको रूपक; ध्वनिरूपक ।

**ध्वनि नियम–** ना० [सं०] एक परिवारका दुई वा दुईभन्दा बढी भाषाका बीचमा रहने भिन्नताको एक निश्चित आधार (जस्तै– सं० भ्रातृ–ग्रि० फ्रातिर, सं० घर्षित–ग्रि० थर्सस, सं० मधु–ग्रि० मेथु, सं० धूमः–ग्रि० थूमस) ।

**ध्वनि निर्देशक–** वि० [सं०] ध्वनितरङ्ग देखाउने वा सूचित गर्ने । ~**यन्त्र–** ना० भाषाका ध्वनिहरूको वैज्ञानिक अध्ययन गर्ने एक यन्त्र ।

**ध्वनि निर्देशन–** ना० [सं०] ध्वनितरङ्ग देखाउने वा मिलाउने काम ।

**ध्वनि परिवर्तन–** ना० [सं०] भाषामा रहेका ध्वनिहरू एक रूपबाट अर्का रूपमा बदलिने क्रिया वा प्रवृत्ति (जस्तै–सं० काक–ने० काग, इ०) ।

**ध्वनि प्रसारक–** वि० [सं०] ध्वनिको प्रसार गर्ने; ध्वनि फिँजाउने । ~**यन्त्र–** ना० ध्वनि विस्तार गर्ने साधन; ध्वनि-विस्तारक यन्त्र; माइक्रोफोन ।

**ध्वनि प्राधान्यवाद–** ना० [सं०] ध्वन्यर्थलाई वा व्यङ्ग्यार्थलाई काव्यको आत्मा मान्ने एक सिद्धान्त अथवा त्यस्तो सम्प्रदाय ।

**ध्वनि बिम्ब–** ना० [सं०] आफ्नो धारणालाई व्यक्त गर्ने क्रममा वक्ताले मनमा बनाएको चित्रका लागि भाषा विज्ञानमा प्रयोग गरिने शब्द ।

**ध्वनि यन्त्र–** ना० [सं०] भाषिक ध्वनिहरूको उच्चारण गर्ने शरीरको एक अङ्ग; स्वरयन्त्र ।

**ध्वनि लोप–** ना० [सं०] शब्दमा रहेका विभिन्न ध्वनिहरूमध्ये कुनै ध्वनि हराउने काम । (जस्तै–सानी+आमा=सानीमा, यसमा 'आ' ध्वनि लोप भएको छ ।)

**ध्वनि विज्ञान–** ना० [सं०] मानिसका उच्चारण अवयवबाट उच्चारित ध्वनिहरूको विज्ञानसम्मत अध्ययन गर्ने शास्त्र; भाषाविज्ञानको एउटा शाखा; स्वनविज्ञान ।

**ध्वनि विस्तारक–** वि० [सं०] ध्वनिप्रसारक । ~**यन्त्र–** ना० ध्वनिहरू प्रसारित गरिने वैज्ञानिक साधन; ध्वनिप्रसारक यन्त्र ।

**ध्वनि श्रेणी–** ना० [सं०] विश्वका भाषामा रहेका विभिन्न ध्वनिहरू र तिनका उच्चारणमा पाइने भिन्नता एवं समानताको आधार; ध्वनितत्त्व; ध्वनिकुल ।

**ध्वनि संयोग–** ना० [सं०] परस्परमा पृथक् सत्ता रहने गरी भएको दुई ध्वनिहरूको सामीप्य; दुई ध्वनिहरूको निकट सम्बन्ध रहने क्रिया ।

**ध्वनि सङ्केत–** ना० [सं०] कुनै घटनाको बोध वा समयको जानकारीका निम्ति दिइने ध्वनिको सङ्केत ।

**ध्वनि सञ्चरण–** ना० [सं०] वक्ताद्वारा उच्चरित ध्वनि वायुमा रहेको इथरका सहायताले श्रोताको कानसम्म पुग्ने प्रक्रिया ।

**ध्वन्य–** वि० [सं०] ध्वनि निस्कन योग्य ।

**ध्वन्यर्थ–** ना० [सं०] व्यञ्जनावृत्तिद्वारा बोध हुने अर्थ; व्यङ्ग्यार्थ ।

**ध्वन्यात्मक–** वि० [सं०] १. ध्वनि नै अर्थ भएको; ध्वनि प्रधान रहेको । २. ध्वनि भएको; ध्वनिमय । ३. व्यञ्जना प्रधान भएको; व्यङ्ग्यात्मक । **– ता–** ना० ध्वन्यात्मक हुनाको भाव, गुण वा अवस्था । ~**शब्द–** ना० ध्वनि स्वयम् अर्थपूर्ण रहने प्राकृतिक ध्वनिहरूबाट निस्केको वा जन्मेको शब्द; अनुकरणात्मक शब्द ।

**ध्वस्त–** वि० [सं०] सखाप भएको; बिग्रेको; भत्केको; नष्टभ्रष्ट ।

**ध्वाँसी–** ना० चुलीगारो नहुने घरका चारै पाखा बराबर हुनाले धुरीमा छानाको बीच भागमा रहने प्वाल ।

**ध्वाँसे–** वि० [ध्वाँसो+ए] ध्वाँसोजस्तो रङको; फुस्रो कालो । ~ **चितुवा–** ना० ध्वाँसोजस्तै कालोकालो खालको, वनबुटेनमा पाइने, कुकुर दाँत लामा हुने चितुवा ।

**ध्वाँसो–** ना० [सं० धूमांश] १. धुवाँको कण, धुवाँ जमेको कालो वस्तु । २. धैँसो; मोसो ।

**ध्वाङ्ग्रे–** वि० [ध्वाङ्ग्रो+ए] भद्दा खालको; कद वा डिलडौल नमिलेको; नसुहाउँदो छाँटको ।

**ध्वान–** ना० [सं०] १. शब्द; आवाज; ध्वनि; नाद । २. गुञ्जन; थर्को ।

**ध्वान्त–** ना० [सं०] गाढा रूपको अँध्यारो; अन्धकार; निस्पट्ट अँध्यारो; चूक घोप्टचाएजस्तो अँध्यारो ।

**ध्वान्द्रि-नु–** अ० क्रि० [ध्वान्द्रो+इ+नु] ध्वान्द्रो पर्नु; स्वर नराम्रो हुनु ।

**ध्वान्द्रे–** वि० [ध्वान्द्रो+ए] ध्वान्द्रो परेको; ध्वान्द्रिएको (रूख, स्वर इ०) ।

**ध्वान्द्रो–** ना० [सं० ध्वान] १. भित्र खोक्रो वा लामो प्वाल भएको ठाउँ । वि० २. भित्र खोक्रो हुनाले बाहिर ठोक्ता आवाज निस्कने ।

**ध्वारध्वार–** क्रि० वि० [अ० मू० ध्वार्+अ (द्वि०)] कपडा च्यात्ता वा उधार्दा बारबार शब्द आउने गरी । > **ध्वारध्वारती/ ध्वारध्वारी–** क्रि० वि० छिटछिटो कपडा आदि च्यातेर वा उधारेर ।

**ध्वार्र –** क्रि० वि० [अ० मू० ध्वार्+र] १. पानीको धारो भुइँमा खस्ता शब्द आउने किसिमले । २. कपडा च्यात्दा वा उधार्दा शब्द उत्पन्न हुने गरी ।

c:\Sabdkosh\dick'Na'.p65



# न

**न**१– देवनागरी मर्णमालाका नासिक्य व्यञ्जनवर्णमध्ये बीसौँ व्यञ्जन; वर्त्स्य, सघोष, अल्पप्राण, नासिक्य व्यञ्जन ध्वनि; तवर्गको अन्तिम वा पाँचौँ अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; निहुरमुन्टी न ।

**न**२– अव्य० [सं०] १. क्रियापदको अगाडि, पछाडि वा बीचमा आएर निषेध बुझाउने शब्द (नगर्नु, नखानु, नजानु, भन्दिन, गर्दैनथ्यो, गर्दैन होला इ०) । २.कार्य वा विषय आदिको अभाव वा निषेध बुझाउने शब्द; अहँ; नाइँ । पू०स० ३. शब्दको अगाडि लागेर उल्टो अर्थ बुझाउने शब्द (नकाम, नराम्रो, नजाती इ०) । संयो० ४. दुई शब्द वा वाक्यका बीचमा प्रयोग भएर दुवैलाई जोड दिने शब्द (रुनु न हाँस्नु, देख्नु न सुन्नु, उनी न जान्छन् न बस्छन् आदि) । निपा० ५. शब्द वा वाक्यलाई जोड दिन प्रयोग गरिने शब्द (उदा०– हेरूँ न के गर्छ !) । ६. प्रश्न गर्दा वा सही थाप्न लाउँदा वाक्यको बीचमा वा अघिल्तिर प्रयोग गरिने शब्द (उदा०– उसले न भन्या हो ! न उसले भन्या हो !) ।

**नकचरि-नु**– अ० क्रि० [नकचरो+इ+नु] नकचरो हुनु; नकच्चरिनु ।

**नकचरो**– वि०हे० नकच्चरो ।

**नकचऱ्याइ**– ना० [√ **नकचरि** (+याइ)] नकचरिने भाव, क्रिया वा प्रक्रिया । [>] **नकचऱ्याइनु**– क०क्रि० नकच्चऱ्याइनु । **नकचऱ्याउनु**– स० क्रि० नकच्चऱ्याउनु । **नकचऱ्याहट**– ना० नकच्चऱ्याहट ।

**नकच्चरि-नु**– अ० क्रि० [नकच्चरो+इ+नु] नकच्चरो हुनु; निर्लज्ज हुनु; बेसरम बन्नु ।

**नकच्चरो**– वि० [सं० नक्तञ्चर] बोली-व्यवहारमा मर्यादाको ख्याल नराख्ने; लाज नभएको; निर्लज्ज; बेसरम; नकचरो । > **नकच्चऱ्याइँ**– ना० नकच्चरो हुनाको भाव वा अवस्था ।

**नकच्चऱ्याइ**– ना० [√ **नकच्चरि** (+याइ)] नकच्चरिने स्वभाव, क्रिया वा प्रक्रिया । [>] **नकच्चऱ्याइनु**– क०क्रि० लज्जित तुल्याइनु । **नकच्चऱ्याउनु**– स० क्रि० १. अरूलाई लज्जित गराउनु; सरम लाग्ने पार्नु । २. जानेको कुरालाई पनि नजानेको जस्तो गरी सोध्नु; बुझ पचाएर बोल्नु । **नकच्चऱ्याहट**– ना० नकच्चरिने भाव, क्रिया वा अवस्था ।

**नकटा**– वि० [नकटो+आ] नकटो । ~ **हाँस**– ना० मुखमा छिर्केमिर्के रङ भएको कालो हाँस ।

**नकटी**– वि० [नकटो+ई] १. नाक काटिएकी । २.इज्जत नभएकी; नकच्चरी; निर्लज्ज । ३. छाँट नमिलेकी; बेछाँटकी ।

**नकटो**– वि० [नाक+काट्+ओ] १. नाक काटिएको; नेप्टो । २. अमर्यादित बोली-व्यवहार भएको; नकच्चरो; निर्लज्ज । ३. छाँट नमिलेको; बेछाँटको । – **छकटो**– वि० १. नेप्टो र नकच्चरो । २. छाँट नमिलेको र उत्ताउलो ।

**नकडा**– ना० [नाक+अडा] गोरुका नाकमा हुने एक प्रकारको रोग ।

**नकबजनी**– ना० [अ० नकब+ फा० जनी] घरको भित्तो फोरेर चोर्ने काम ।

**नकरा**– वि० [नकटो] १. बोलीको ठेगान नभएको; झूटो; ढँटुवा । २. प्रमाण नभएको; कच्चा ।

**नकर्मी**– ना० [नेवा० नकमि] फलामको काम गर्ने कालिगड; कालिगड; लोहार ।

**नकल**– ना० [अ० नक्ल] १. कुनै वस्तुको आकारप्रकारसित मिल्ने गरी बनाइएको अर्को वस्तु; अनुकृति । २. कसैले गरेको कुनै कामको अनुकरण गर्ने प्रवृत्ति; अनुकरण । ३. कुनै मूल लेख जस्ताको तस्तै सारेको कागज; प्रतिलिपि । ४. अभिनय । ५. स्वाङ । ६. अनावश्यक शृङ्गार । ७. ढाँचाकाँचा; नक्कलझक्कल । > **नकलची**– ना० सकलबमोजिम नकल लेख्ने व्यक्ति; प्रतिलिपिकार; लिपिक; लेखनदास । – **झकल**– ना० १.अनावश्यक वा उत्ताउलो किसिमले गरिएको शृङ्गार । २. ढाँचाकाँचा; नक्कलझक्कल । **नकली**– वि० १. मौलिक वा प्राकृतिक नभएर अरू मालको नकल गरी बनाइएको; बनावटी । २. कम मूल्यका अरू कुनै वस्तु मिसाइएको । ३. कमसल; कच्ची । ४.जाली; खोटो । ५. नकल पार्ने; स्वाङ पार्ने (स्त्री) ।

**नकले**– वि० [ नकल+ए] १. नकल गर्ने । २. ढाँचा पार्ने; स्वाङ पार्ने । ३. आडम्बरी; ढोंगी । ४. अर्काको नक्कल गर्ने । – **झकले**– वि० १. नक्कलझक्कल पार्ने; नचाहिँदो सिँगारपटार गर्ने; स्वाँगी । २. नसुहाउँदो ठाँटबाँटको; उत्ताउलो र झिल्के ।

**नकस**– ना० [अ० नकश] १. रुपियाँपैसा थापेर हारजित हुने गरी खेलिने तासको एक खेल । २. गन्जिफा ।

**नकाइ**– ना० [√ **नकाउ** (+आइ)] नकाउने क्रिया वा प्रक्रिया । [>] **नकाइनु**– अ० क्रि० आनाकानी गरिनु; अनकनाइनु । **नकाउनु**– अ० क्रि० कुनै कामकुरो गर्न असजिलो मान्नु; आनाकानी गर्नु; अनकनाउनु ।

**नकाब**– ना० [अ० निकाब] १. मुख छोप्नका निम्ति लगाउने कपडा; घुम्टो । २. बाहिरी आडम्बर वा स्वाङ । (उदा०– देशसेवाको नकाब लगाएर आफ्नो स्वार्थ पूरा गर्नु राम्रो होइन ।) – **धारी**– वि० १. नचिनिने उद्देश्यले मुख छोप्ने कपडा लगाउने; नकाब धारण गर्ने । २. नभएका कुराको स्वाङ रच्ने । – **पोस**– ना० नकाबधारी ।

**नकार्-नु**– स० क्रि० [सं० नकार+नु] कुनै कामकुरा गर्न वा भन्न नमान्नु; अस्वीकृति जनाउनु; निषेध गर्नु ।

**नकार**– ना० [सं०] १. 'न' अक्षर; तवर्गको अन्तिम वर्ण । २.निषेध;

नाइँकार ।

**नकाराइ–** ना० [नकार्+आइ] नकार्ने भाव, क्रिया वा प्रक्रिया ।

**नकारात्मक–** वि० [सं०] कुनै काम वा कुरो नमान्ने वा नगर्ने किसिमको; अस्वीकृतिमूलक; निषेधात्मक (कथन वा उत्तर) । विप० सकारात्मक । **– ता–** ना० नकारात्मक हुनाको भाव वा अवस्था ।

**नकारिनु–** क० क्रि० [नकार्+इ+नु] नकार्ने काम गरिनु; नकाराइमा पारिनु; अस्वीकृति जनाइनु ।

**नकुल–** ना० [सं०] १. पाँच पाण्डवमध्येका एक भाइ । २. न्याउरीमुसो ।

**नक्कल–** ना० [अ० नक्ली] १. अनुकरण; नकल । २. स्वाङ; ढाँचा । **– झक्कल–** ना० नकलझकल ।

**नक्कली–** वि० [नक्कल+ई] नकली । ~ **जटामसी–** ना० लगभग एक मिटर अग्लो, एउटै भेट्नुमा ससाना तीनवटा पात हुने, डल्लो मालाकार सेतो फूल फुल्ने र ओखतीमूलोमा प्रयोग हुने एक जातको वनस्पति ।

**नक्कले–** वि० [नक्कल+ए] नक्कल गर्ने; नकले ।

**नक्कासी–** ना० [अ० नक्काशी] १. धातु, काठ, पत्थर आदि कुँदेर बेलबुट्टा भर्ने काम वा विद्या । २. छाप्नाका निम्ति धातु, काठ, पत्थर आदि कुँदेर चित्र आदि बनाउने काम । **– दार–** वि० नक्कासी भरेको; बेलबुट्टा बनाइएको ।

**नक्खी–** ना० [सं० नख] सितार, तानपूरा आदि बजाउँदा चोर औँलाको टुप्पामा लगाइने तारको साधन ।

**नक्त–** ना० [सं०] १. दिनको चौथो वा अन्तिम प्रहर; सन्ध्या सुरु हुन लाग्दाको समय । २. रात; रात्रि । ३. शिव । **– चर–** वि० रातिराति हिँड्ने; रात्रिचर; निशाचर । ~ **भोजन–** ना० दिनभरिको व्रतपछि गरिने रातको भोजन । **– भोजी–** वि० रातमा भोजन गर्ने; नक्तव्रत लिने । ~ **व्रत–** ना० रातमा तारा हेरेर विष्णुको पूजा गरेपछि मात्र भोजन गरिने एक व्रत ।

**नक्र–** ना० [सं०] माउसुलीका आकरको शरीर र लामो थुतुनो हुने ठूलो एक जलजन्तु; गोही; ग्राह ।

**नक्षत्र–** ना० [सं०] १. चन्द्रमाको मार्गमा देखिने, सौरजगत्‌देखि अलग रहेका सत्ताइस नक्षत्र वा ताराहरूको समूह (अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु,पुष्य (तिष्य), अश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्रपद र रेवती) । २. ज्योतिषशास्त्रअनुसार मनुष्यका असलखराब अवस्थाका अधिष्ठाताहरू । ३. तारा । ~ **चक्र–** ना० १. चन्द्रमाले सत्ताइस-अट्ठाइस दिनमा परिक्रमा गर्ने, सत्ताइस नक्षत्रको चक्र वा घेरो; राशिचक्र । २. तान्त्रिकहरूले पूजा गर्ने एक चक्र । **– पति–** ना० चन्द्रमा । ~ **पथ–** ना० नक्षत्रहरूले भ्रमण गर्ने मार्ग; नक्षत्रमार्ग; आकाश । ~ **मार्ग–** ना० नक्षत्रपथ । ~ **विद्या–** ना० ज्योतिषविद्या । ~ **शूल–** ना० कुनै दिशामा जानुपर्दा ज्योतिषशास्त्रअनुसार विचार गरिने, नक्षत्रमा रहने दुष्काल । > **नक्षत्रीय–** वि० नक्षत्रसँग सम्बन्धित; नक्षत्रको ।

**नक्सलपन्थी–** ना० नक्सलवादी ।

**नक्सलवाद–** ना० [नक्सल (स्थान)+वाद] भारतको पश्चिम बङ्गालको नक्सलवादी इलाकाबाट सुरु भएको मार्क्सवाद र लेनिनवादमा विश्वास राख्ने वामपन्थीहरूको राजनीतिक विचारधारा । > **नक्सलवादी–** वि० १. नक्सलवादमा विश्वास राख्ने, नक्सलवादको समर्थक । ना० २. त्यस्ता राजनीतिक कार्यकर्ताहरूको समूह; नक्सलपन्थी ।

**नक्सा–** ना० [अ० नक्श > नक्शा] १. रेखाद्वारा तयार गरिएको कुनै चित्र; रेखाचित्र । २. देश, सहर, नदी, पहाड, समुद्र आदिको सङ्केतसहित लेखिएको पृथ्वी वा खगोलको चित्र; मानचित्र; भूचित्र । ३. घर, मन्दिर, पुल आदि बनाउन तयार पारिने, नाप-नमुनासहितको चित्र । ४. आकृति; आकार; रूपरेखा (जस्तो– एकै नक्साको, मिल्दो नापनक्सा इ०) । ~ **फाँट–** ना० घर, पर्खाल आदिको नक्सा दर्ता गर्ने वा तत्सम्बन्धी काम गर्ने शाखा । ~ **पास–** ना० नियमानुसार नक्सा पास गर्ने काम ।

**नख–** ना० [सं०] १. नङ; नङ्ग्रा । २. नक्खी । **– क्षत–** ना० १. नङ गाडिनाले लागेको घाउ; नङ गडेको चिह्न; नङको डाम । २. पुरुषहरूले स्त्रीको कुचमर्दन गर्दा स्तनमा लाग्ने नङको चिह्न वा डोब ।

**नखरमाउली–** वि० [नखरमाउलो+ई] नाक, मुख नचाउँदै नकल पारेर कुरा गर्ने; नखरा पार्ने; उत्ताउलो स्वभावकी (स्त्री) ।

**नखरमाउलो–** वि० [नखरा+मा+आउलो] नाक, मुख नचाउँदै नकल पारेर कुरा गर्ने; नखरा पार्ने; उत्ताउलो स्वभावको ।

**नखरा–** ना० [फा०] १. चढ्दो बैँसमा, विशेष गरी स्त्रीहरूमा हुने चुलबुलेपन; छालेपन । २. हाउभाउ; ढाँचा; स्वाङ । ३. बहाना; निहुँ ।

**नखरे–** वि० [नखरा+ए] नखरा गर्ने; स्वाङ पार्ने ।

**नखविष–** ना० [सं०] १. शरीरमा नङले कोतर्दा वा नङ गाड्दा विष लाग्ने जीव; नङमा विष हुने जीव (मानिस, कुकुर, बिरालो, बाँदर आदि) । २. नङमा हुने विष ।

**नखशिख वर्णन–** ना० [सं०] खुट्टाको नङदेखि लिएर शिरसम्मको वर्णन; स्थूल शृङ्गारिक कवितामा पाइने बाह्य रूपसौन्दर्यको वर्णन ।

**नखशिखान्त–** क्रि० वि० [सं०] गोडाको नङदेखि लिएर शिखाको अन्त्यसम्म; खुट्टादेखि टाउकोसम्म (शरीरका सम्पूर्ण अवयव) ।

**नखाघात–** ना० [सं०] नङले कोपर्दा वा गाड्दा पर्न गएको घाउ; नखक्षत ।

**नखायुध–** ना० [सं०] नङ वा नङ्ग्रालाई नै हतियारका रूपमा प्रयोग गर्ने प्राणी; नङले कोपरेर वा चिथोरेर आघात गर्ने प्राणी (सिंह, बाघ, कुखुरो इ०) ।

c:\Sabdkosh\dick'Na'.p65



**नखी**– वि० [सं०]१. लामालामा नङ वा नङ्ग्रा हुने । २. नङ्ग्रालाई नै हतियारको रूपमा प्रयोग गर्ने; नखायुध । ना० ३. एक सुगन्धित द्रव्य ।

**नग**– ना० [सं०]१. अग्ला डाँडा; पहाड; पर्वत । २. रूख; वृक्ष ।

**नगण**– ना० [सं०] छन्दशास्त्रका नियमअनुसार तीन लघु मात्रा हुने एक गण ( ।।। ) ।

**नगण्य**– वि० [सं०]१. गणना गर्न नपर्ने; गणना गर्न अयोग्य; गन्तीमा नआउने; थोरै; अल्प । २. तुच्छ; निकृष्ट ।

**नगद**– ना० [अ० नक्द]१. चलनचल्तीमा आइरहने कागजी मुद्रा वा धातुका मुद्रा; सिक्कारूपी धन; रुपियाँपैसा आदि । वि० २. बहुमूल्य । ३. उत्तम; श्रेष्ठ । ~ **नारायण**– ना० १. रुपियाँपैसा आदि नगद द्रव्य । २. महत्त्वका दृष्टिले नारायणस्वरूप नगद द्रव्य । > **नगदानगदी**– ना० १. नगद लिइएको ठाउँमा तिरिने नगदै रकम । २. कुनै मालसामान, बस्तुभाउ किन्दा तत्काल गनिने नगद रुपियाँपैसा ।

**नगदी**– ना० [नगद+ई]१. नगद; सिक्का । वि० २. तत्काल नगदका रूपमा परिणत हुन सक्ने । ~ **किताब**– ना० नगद रुपियाँपैसाको आयको हिसाब राख्ने किताब । ~ **खाता/बही**– ना० लेनदेन, कारोबारको हिसाब राख्ने कापी वा बही ।

**नगदे**– वि० [नगद+ए] नगदका रूपमा परिणत गर्न सकिने (बस्तुभाउ, बालीनाली आदि); नगदी । ~ **बाली**– ना० १. नगद आम्दानी गर्ने उद्देश्यले उब्जाइने कृषिबाली (उखु, सुर्ती, कपास, जुट आदि) । २. बेचबिखन गरेर नगदका रूपमा परिणत गर्न सकिने त्यस्तो बाली ।

**नगर**– ना० [सं०]१. सडक, बजारसहित धेरै मान्छेहरूको बस्ती भएको र गाउँभन्दा बढी भौतिक साधन र सुविधा भएको विकसित ठाउँ; सहर; पुर (टाउन) । २. त्यस्तै ठूलो रूपमा रहेको कुनै एक बस्ती (विराटनगर, आदर्शनगर, महेन्द्रनगर इ०) । – **कोट**– ना० नेपाल अधिराज्यको बाग्मतीअञ्चलअन्तर्गत भक्तपुर जिल्लाको उत्तरपूर्व कुनामा रहेको हिमाली शृङ्खला तथा सूर्योदयको मनोहर दृश्य देखिने एक प्रसिद्ध ठाउँ । ~ **नायिका**– ना० सहरमा बसेर नाचगान गर्ने र पैसा लिएर परपुरुषसँग सहवास गर्ने स्त्री; वेश्या; रन्डी । ~ **पञ्चायत**– ना० नगरको स्वास्थ्य, सफाइ, बत्ती, सडक, ढल, पानी आदिको व्यवस्था गर्नका लागि पञ्चायतकालीन नगरपञ्चायत ऐनबमोजिम सम्बन्धित नगरका जनताद्वारा निर्वाचित, पञ्चायती व्यवस्थाअनुसार नगरतहको निकाय । – **पाल**– ना० नगरको हेरचाह गर्ने व्यक्ति; नगरको रक्षा गर्ने व्यक्ति; नगररक्षक । ~ **पालिका**– ना० वर्तमान व्यवस्थाअनुरूप नगरको सरसफाइ, स्वास्थ्य, सडक, भवन, ढल, पानी आदिको व्यवस्था गर्न वैधानिक रूपमा निर्वाचित र सङ्गठित निकाय । ~ **पिता/प्रमुख**– ना० नगरपालिकाका निर्वाचित प्रमुख अधिकारी; मेयर । ~ **प्रहरी**– ना० नगरको हेरचाह वा रक्षा गर्नका लागि राखिने प्रहरी; नगररक्षक प्रहरीको विशेष विभाग । – **वासी**– वि० नगर वा सहरमा बस्ने; पुरवासी; सहरिया । ~ **विकास योजना**– ना० नगरमा पानी, बिजुली, ढल, सडक आदिको आवश्यक व्यवस्था मिलाई नगरको समुचित विकास गर्न बनेको योजना; योजनाबद्ध रूपमा नगर बसाउने वा नगरको विकास गर्ने कार्यक्रम (टाउनप्लानिङ) ।

**नगरा**– ना० [फा० नक्कार] पिँध तीखो भएको भिउँटजस्तो, तामाका भाँडामा छालाले मोहोरेको, गजाले बजाइने एक तालबाजा; ठूलो दमाहा; डङ्का ।

**नगरी**– ना० [सं०]१. सानो नगर वा सहर । २. नगर । – **करण**– ना० नगर बनाउने काम; कुनै ठाउँलाई सहरका रूपमा विकास गर्ने काम ।

**नगरीय**– वि० [सं०]१. नगरमा बस्ने वा हुने । २. नगरसम्बन्धी; नगरको ।

**नगर्ची**– ना० [नगरा+ची]१. नगरा बजाउने व्यक्ति । २. दमाईंलाई मानपूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

**नगाधिप**– ना० [सं०]१. पुराणअनुसार पर्वतको राजा मानिएको सुमेरु पर्वत । २. हिमालय ।

**नगिच**– ना०यो०/क्रि०वि०हे० नजिक ।

**नगेन्द्र**– ना० [सं०]१. नगाधिप; सुमेरु । २. हिमालय ।

**नगोपा**– ना० [भो० ब०] धार्मिक पूजाआजा चलाउने, राईलिम्बूका धर्मगुरु । (नगोपालाई देउता चढ्नुका साथै ऊ ईश्वरको प्रतिनिधि बनेर मानिसलाई निर्देशित गर्छ । नगोपाद्वारा झाँक्री र वैद्यको काम पनि हुन्छ ) ।

**नग्गा**– वि० [नाग्+आ] उछिनेर अगाडि जाने; नाघ्ने ।

**नग्न**– वि० [सं०]१. शरीरमा लुगाफाटो केही नभएको; नाङ्गो; दिगम्बर; निर्वस्त्र । २.आवरण नभएको । ३. ढाकछोप नगरी जस्ताको तस्तै रहेको; यथार्थ; खसोखास (रूप, कुरो आदि) । – **ता**– ना० १. नग्न हुनाको भाव वा अवस्था; नङ्गापन; नाङ्गोपना । २. सब थोक प्रकट गर्नाको भाव वा स्थिति । ~ **नृत्य**– ना० १.नाङ्गो नाच । २. मनलाग्दो व्यवहार । ~ **सत्य**– ना० राम्रो वा प्रिय देखाउने उद्देश्यले कुनै कपोकल्पित वा बनावटी कुरा नथपिएको वास्तविक कुरो; सुन्दा वा हेर्दा अप्रिय र नराम्रो लाग्ने तर यथार्थ कुरो; नाङ्गो सत्य ।

**नग्ना**– वि० [सं०]१. लुगाफाटो नलगाएकी; नाङ्गी; निर्वस्त्र (स्त्री) । २. लाज सरम नभएकी; निर्लज्ज (स्त्री) ।

**नघाइ**– ना० [√ **नाघ्** (+आइ)]१. नाघ्ने क्रिया वा प्रक्रिया । [नघाउ+आइ] २. नघाउने क्रिया वा प्रक्रिया । [ > ] **नघाइनु**– क०क्रि० नाघ्न लाइनु । **नघाउनु**– प्रे० क्रि० नाघ्न लगाउनु; नाघ्ने बनाउनु ।

**नङ**– ना० [सं० नख] औँलाका टुप्पामा औँलाको मासुबाटै पलाएको र त्यसैसँग टाँसिएको, छालाभन्दा माथि आएजति चाहिँ काट्ता नदुख्ने पातलो हाड; नख; नङ्ग्रा । ~ **कटनी**– ना० १. इस्पातबाट बनेको नङ काट्ने साधन । २. नङ काट्ने काम । – **छुरी**– ना०

१. औँलाका टुप्पामा नङनिर ठिहिर्‍याउँदा हुने पीडा; नङसिरी । २. नङका दायाँबायाँ कुनामा निस्कने मसिनु छेस्कोजस्तो अवयव, उचेरा । ३. नङका कुना पाक्ने एक रोग । ~ **पालिस**– ना० नङमा लगाइने पालिस । ~ **मासु**– ना० १. नङ र मासु । २. नङ र मासु जोडिएजस्तै आत्मीय सम्बन्ध । – **सिरी**– ना० नङछुरी । > **नङिनी**– ना० १. नङ काट्ने, इस्पातबाट बनेको एक किसिमको हतियार; नङकटनी । २.नाऊ जातिकी स्त्री ।

**नङ्गा**– वि० [सं० नग्न] १. लुगाफाटो केही नलगाएको; निर्वस्त्र; नाङ्गो । २. धनजन केही नभएको; एक्लो । ३. लुच्चो; निर्लज्ज । ~ **झार**– वि० नाङ्गेझार । ~ **नाच**– ना० निर्लज्जतापूर्वक जे मनमा लाग्यो त्यही गर्ने क्रिया; मनलाग्दो व्यवहार ।

**नङ्गिनु**– अ० क्रि० [नाङ्गो+इ+नु] १. लुगाफाटोबिनाको हुनु; नाङ्गो हुनु । २. लुकाईछिपाई राखिएको कुकृत्य वा खराब आचरण प्रकाशमा आएर अरूका आँखामा गिर्नु । ३. खोस्टिनु ।

**नङ्गी**– वि० [नाङ्गो+ई] १. लुगाफाटो नलाएकी; निर्वस्त्र (स्त्री) । २. लाज सरम नभएकी; निर्लज्ज (स्त्री) । ३. दाप वा म्यानबाट झिकिएको (तरबार, खुकुरी आदि) ।

**नङ्गेठो**– ना० [नङ्गा+एठो] १. भेट्नु भाँची सर्‍याइएको मकैको घोगो । २. भुत्ल्याइएको मकै; नमौठो ।

**नङ्ग्याइ**– ना० [√नङ्ग्याउ (+आइ)] नङ्ग्याउने क्रिया वा प्रक्रिया । [>] **नङ्ग्याइनु**– क० क्रि० नाङ्गो पारिनु ।

**नङ्ग्याउनु**– स० क्रि० [नाङ्गि+याउ+नु] १. लुगाफाटोविनाको पार्नु; नाङ्गो पार्नु; निर्वस्त्र तुल्याउनु । २. बोक्रो, खोस्टो आदि झिक्नु; खोस्टयाउनु । ३. भएभरको सम्पत्ति लिनु; सिरीखुरी पार्नु । > **नङ्ग्याहट**– ना० नाङ्गो पार्ने वा नङ्ग्याउने क्रिया वा अवस्था; नङ्ग्याइ ।

**नङ्ग्रा**– ना० [सं०] १. लामालामा पारेर पालिएका नङ; लामा र तीखा नङ । २. पशुपक्षीहरूको डोलो नङ । ३. थाँक्रोलाई समाउने लहराको नङजस्तो अवयव; हत्यौरो । > **नङ्ग्री**– ना० सानो नङ्ग्रा ।

**नङ्ग्रे**– वि० [नङ्ग्रा+ए] नङ्ग्रा भएको (पक्षी आदि) । ~ **करेलो**– ना० नङ्ग्राजस्तो हुने एक जातको करेलो; चुच्चे करेलो ।

**नङ्ग्रो**– ना० नङ्ग्राको एक वचन; नङ्ग्रा ।

**नङ्ग्राउनु**– स० क्रि० नङले चिथर्नु ।

**नङ्ङि-नु**– अ० क्रि० [नाङ्ङो+इ+नु] नाङ्ङो हुनु; नाङ्ङिनु । > **नङ्ङचाइ**– ना० नङ्ग्याइ । **नङ्ङचाइनु**– क० क्रि० नङ्ग्याइनु । **नङ्ङचाउनु**– प्रे० क्रि० नङ्ग्याउनु । **नङ्ङचाहट**– ना० नङ्ग्याहट ।

**नचनी**– ना० [नाच्+अनी] १. नाच्ने स्त्री; नचरी; नर्तकी । २. लट्टेको लावा; रामदाना । – **गमनी**– ना० १. नाच्नेगाउने स्त्री (प्रायः हेयार्थमा) । २. नाच्नेगाउने काम । (उदा०– नचनीगमनीमा लागेर मात्रै तिमी कसरी उन्नति गर्छौ ?) ।

**नचरी**– ना० [नाच+री] २. नाच; नृत्य । २. नाच्ने स्त्री; नर्तकी ।

**नचरो**– ना० [नाच+रो] नाच्ने पुरुष; नर्तक; नटुवा ।

**नचाइ**– ना० [√ **नाच्** (+आइ)] नाच्ने भाव, क्रिया वा प्रक्रिया; नाच्ने ढाँचा वा चाल । [>] **नचाइनु**– क० क्रि० नाच्न लाइनु । **नचाउनु**– प्रे० क्रि० १. नाच्न लाउनु; नृत्य गराउनु । २. कसैलाई नचाहिँदो किमिसले बारबार हिँडाएर दुःख दिनु । ३. इच्छानुसार कसैलाई काममा लगाउनु । ४. यताउति चलाउनु । ५. घुमाउनु; रिँगाउनु ।

**नचुवा**– वि० [नाच्+उवा] १. नाच्ने पेसा भएको; नाच्ने काम गर्ने; नृत्य गर्ने । ना०२. नाच्ने पेसा भएको व्यक्ति; नछुवा; नट । > **नचुवी**– वि० १. नाच्ने पेसा भएकी; नृत्य गर्ने (स्त्री) । ना० २. नाच्ने स्त्री, नटी; नचरी; नर्तकी ।

**नचौरो**– ना० [नाच्+औरो] नाच्ने व्यक्ति; नर्तक; नटुवा ।

**नछुने**– वि० [नछुनु+ए] १. पर सरेकी; रजस्वला । २. छुन नहुने; स्पर्श नगरिने ।

**नजर**– ना० [अ०] १. आँखा; नयन; नेत्र । २. हेर्ने काम; हेराइ; अवलोकन; दृष्टि । ३. रेखदेख; हेरविचार; निगरानी । – **बन्द**– वि० १. कुनै निश्चित ठाउँबाट बाहिर निस्कन नपाउने गरी नियन्त्रणमा राखिएको (व्यक्ति) । २. स्वतन्त्र छोडिदिएमा देशको शान्तिसुरक्षामा खलल पर्ने आशङ्काले घरमै वा अन्यत्र कुनै ठाउँमा राखिएको वा थुनिएको (व्यक्ति) । ३. इन्द्रजाल वा सम्मोहन विद्याद्वारा दर्शकको हेर्ने शक्तिलाई वशमा पारिएको । – **बन्दी**– ना० १. नजरबन्द राख्ने काम । २. इन्द्रजाल वा सम्मोहनविद्याद्वारा दर्शकको हेर्ने शक्तिलाई वशमा पार्ने क्रिया वा चाल ।

**नजराना**– ना० [अ०] मान्यजन वा इष्टमित्रलाई खुसीयालीमा दिइने भेट; कोसेली; सौगात; उपहार ।

**नजाती**– वि० [न+जाती] खराब; नराम्रो; कमसल ।

**नजाने**– अव्य० [न+जाने] कुन्नि; कोनि, थाहा छैन ।

**नजिक**– ना० यो०/क्रि०वि० [फा० नजदीक] समीप; निकट; नगिच । > **नजिकिनु**– अ० क्रि० छेउछेउमै आइपुग्नु; नजिकमा रहनु; निकट हुनु । **नजिक्याइ**– ना० नजिकिने क्रिया वा प्रक्रिया । **नजिक्याइनु**– क०क्रि० नजिक ल्याइनु; नगिच पारिनु । **नजिक्याउनु**– प्रे० क्रि० नजिक ल्याउनु; नगिच पार्नु ।

**नजिर**– ना० [अ० नजीर] १. पछि नियमका रूपमा प्रस्तुत गरिने, कुनै मुद्दाका सिलसिलामा सर्वोच्च अदालतले गरेको पूर्वनिर्णय । २. उदाहरणका रूपमा प्रस्तुत पहिले घटेको कुनै घटना । ३. उपमा; दृष्टान्त; उदाहरण ।

**नञ्**– पू० स० [सं०] १. क्रिया, विशेषण आदि शब्दका अगाडि जोडिने र निषेधात्मक अर्थ बुझाउने एक अव्यय (अरू शब्दका साथ जोडिँदा यसको रूप व्यञ्जनका साथ अ र स्वरका साथ अन हुन्छ ।) २. तत्पुरुषसमासको एक भेद; नञ् समास (उदा०– अप्राप्ति, अनधिकार इ०) ।

**नट१**– ना० [अङ्०] फलामको पेच र बल्टुका टुप्पामा अल्भ्काउने भित्र प्वाल परेको ससानो हतियार ।

**नट२**– ना० [सं०] १. नाच्ने पेसा भएको व्यक्ति; नाटक आदिमा नाच्ने व्यक्ति; नर्तक; नटुवा । २. अभिनेता । – **राज**– ना० १. नर्तकहरूको राजा; नृत्यकलामा प्रवीण । २. कृष्ण । ३. शिव । – **वर**– ना० १. नाटचकलामा धेरै कुशल तथा प्रवीण व्यक्ति । २. कृष्णको एक नाम । वि० ३. अति चतुर; साह्रै चनाखो । > **नटी**– ना० १. नाच्ने पेसा भएकी स्त्री; नाटक आदिमा नृत्य वा अभिनय गर्ने स्त्री पात्र; नर्तकी; नटुवी । २. अभिनेत्री । ३. नट जातिकी स्त्री । **नटुक**– ना० कातेको धागो बेर्ने चर्खाको लामो सुइरो । **नटुवा**– ना०/वि० नट; नचुवा । **नटुवी**– ना० स्त्री नट; नटी । > **नटेश्वर**– ना० नटका अधिपति; शिव ।

**नत**– वि० [सं०] १. भ्कुकेको; नुहेको; निहुरिएको । २. नम्र स्वभावको; विनम्र; विनीत । – **मस्तक**– वि० १. मान्य जनप्रति सम्मान भावले शिर निहुराएको । २. ठूलाबडासँग सवालजवाफ नगर्ने । ३. आफ्नो दोष वा कसुर आदिले गर्दा विवश बनेको; लाचार; लज्जित । > **नतांश**– ना० शरीरको वा अन्य कुनै वस्तुको भ्कुकेको भाग । **नताङ्गी**– ना० शरीर निहुरेकी स्त्री; नारी ।

**नति**– ना० [सं०] १. नम्र हुने क्रिया वा भाव; नम्रता; विनय । २. नमस्कार ।

**नतिजा**– ना० [अ० नतीज] १. कुनै कामको आखिरमा हुने राम्रो वा नराम्रो परिणाम; कुनै कामको निष्कर्ष । २. श्रम वा प्रयासको फल, रिजल्ट ।

**नतोदर**– वि० [सं०] बीच खण्ड भित्रिएको; पेट भित्र पसेको ।

**नत्थ**– ना० [प्रा० णत्थ] १. स्त्री जातिले नाकमा लाउने मुन्द्रीजस्तो गहना । २. गोरु, राँगो आदिको नाक छेडेर लगाइने मुन्द्रो, डोरी आदि । – **लायो**– ना० 'थ' अक्षर चिनाउने शब्द । > **नत्थिनु**– अ० क्रि० १. गोरु, राँगो आदिको छेडिएको नाकमा मुन्द्रो, डोरी आदि लाग्नु । २. दुई वा दुईभन्दा बढी वस्तु परस्पर अल्भ्किनु; जोल्टिनु । ३. कुनै काम गर्न बाध्य हुनु । ४. नत्थमा समातिएर घिच्चिनु ।

**नत्थी**– ना० [सं० नस्त] १. कागतपत्रलाई डोरी, धागो, पिन आदिले जेल्ने काम । २. गोरु, राँगो आदिका नाकमा लगाइने मुन्द्रोसहितको डोरी; नत्थ । ३. कसैले कुनै काम गर्न विवश वा बाध्य गराउने उपाय वा कुरा ।

**नत्थु**– ना० [नत्थ+उ] हे० नाथु । – **खैरे**– वि० काम नलाग्ने; बेलायक; पाङ्दुरे ।

**नत्थ्याइ**– ना० [√ **नत्थ्याउ** (+आइ)] नत्थ्याउने किसिम, क्रिया वा भाव । [>] **नत्थ्याइनु**– क० क्रि० नत्थ लगाइनु ।

**नत्थ्याउ-नु**– स० क्रि० [नत्थी+याउ+नु] १. स्त्री-जातिले नाकमा नत्थ लगाउनु । २. गोरु, राँगो आदिको नाक छेडेर मुन्द्रो डोरी आदि लगाउनु । ३. कागतपत्र आदिलाई परस्परमा अल्भ्काउनु । ४. कुनै कामकुरा गर्नका लागि विवश गराउनु; बाध्य तुल्याउनु । > **नत्थ्याहट**– ना० नत्थ्याउने अवस्था, भाव वा क्रिया । **नत्थ्याहा**– वि० नत्थ्याउने चालको; नत्थ्याउने स्वभावको ।

**नत्र**– संयो० [सं० नतु] १. त्यसो नभएको भए, होइन भने; अन्यथा । २. पक्षान्तरमा । – **भने**– संयो० त्यसो हुँदैन भने; त्यसो नभए; नभए त ।

**नथना**– ना० [नत्थ+अन] नाकमा लगाउने पुरानो खालको एक गहना; नाथ ।

**नथुनी**– ना० [था०] थारू जातिका स्त्रीहरूले नाकमा लगाउने एक प्रकारको गहना ।

**नथुली**– ना० [नत्थ+उली] नाकमा लगाइने सानो नत्थ ।

**नद**– ना० [सं०] १. ठूलो खोलो वा नाला । २. नदी शब्दको पुलिङ्गी रूप ।

**नदारत/नदारद**– ना० [फा० नदारद] कुनै वस्तु नभएको स्थिति; अभाव; शून्यता ।

**नदिका**– ना० [सं०] सानो खोलो; खहरे; सानो नदी ।

**नदी**– ना० [सं०] १. कुनै पर्वत, दह आदिबाट निस्केर निश्चित स्थानमा बग्दै अरू नदीनालासँग मिसिएर वा एक्लै समुद्रमा मिसिने जलप्रवाह । २. ठूलो खोलो । – **काट**– ना० १. नदीले काटेको वा नदीले पुरेको जमिन । २. नदीले छोडेको ठाउँ; बगर । – **ज**– वि० १. नदीबाट उत्पन्न हुने । ना० २. समुद्र । ३. भीष्म पितामह । – **मातृक**– वि० आकाशबाट बर्सेको पानीको मात्र भर पर्नु नपर्ने र नदीको पानीले सिँचाइ हुने (जमिन) । – **मुख**– ना० समुद्र वा अरू कुनै नदीसित मिसिने नदीको मुख; नदीको मुहान । > **नदीश**– ना० नदीका अधिपति; समुद्र ।

**नद्ध**– वि० [सं०] १. बाँधिएको; बद्ध । २. मिलाइएको । ३. ढाकिएको ।

**ननिको**– वि० [न+निको] १. नराम्रो; खराब । २. अरुचिकर । ~ **खटिरो**– ना० सार्की खटिरो ।

**नन्खटाइ**– ना० [फा० नानखताई] बिस्कुटजस्तो कमलो, गुलियो, फसाफस जाने एक प्रकारको रोटी ।

**नन्द**– ना० [सं० ननन्दृ] लोग्नेकी बहिनी । > **नन्दक**– वि० १. मन प्रसन्न तुल्याउने; आनन्द दिने । २. सन्तोषप्रद । ना० ३. विष्णुको खड्ग । – **किशोर**– ना० नन्दका छोरा कृष्ण; नन्दपुत्र ।

**नन्दन**– ना० [सं०] १. स्वर्गको बगैँचा; देवराज इन्द्रको उपवन । २. छोरो । ३. शिव । ४. विष्णु । ५. बादल । वि० ६. आनन्द दिने; प्रसन्न पार्ने । ~ **कानन/वन**– ना० साह्रै सुन्दर र सुखद मानिएको स्वर्गमा स्थित इन्द्रको बगैँचा; नन्दन ।

**नन्दा**– ना० [सं०] १. कृष्ण र शुक्ल दुवै पक्षका प्रतिपदा, षष्ठी वा एकादशी तिथि । २. आनन्द; हर्ष । ३. दुर्गाको एक रूप; गौरी । ४. सम्पत्ति; धन ।

**नन्दिनी**– ना० [सं०] १. छोरी; पुत्री । २. दुर्गा । ३. गङ्गा । ४. नन्द । ५. वशिष्ठ ऋषिले पालेकी गाई; कामधेनुकी बाछी । ६. सगण, जगण, सगण, जगण र एक गुरु भएको शास्त्रीय छन्दविशेष ।

**नन्दी–** ना० [सं०] शिवले चढ्ने गरेको साँढे; शिवको वाहन; बसाहा । ~ **गण–** ना० १. शिवको एक गण; द्वारपाल वा बसाहा । २. शिवका नाममा डामेर छाडिएको बहर; साँढे । – **मुखी–** ना० टुँडो नहुने एक जातको गहुँ; मुडुलो गहुँ । – **वृत्त–** ना० लहरे पीपल । > **नन्दीश्वर–** ना० १. नन्दीहरूका मालिक; शिव । २. शिवजीको मुख्य गण ।

**नन्दे–** वि० [नन्द+ए] नन्दसँग सम्बन्धित; नन्दको । ~**ज्वाइँ**/**भाइ–** ना० नन्दको लोग्ने ।

**नपना–** ना० [नाप] १. कुनै वस्तुको लम्बाइ, चौडाइ, उचाइ आदिको परिमाण; नाप; नापो । २. नमुना; उदाहरण ।

**नपाइ–** ना० [√ **नाप्** (+आइ)] नाप्ने क्रिया वा प्रक्रिया; नाप्ने काम । [> ] **नपाइनु–** क० क्रि० नाप्न लाइनु । **नपाउनु–** प्रे० क्रि० जग्गाजमिन आदि नाप्न लाउनु; नापी गराउनु ।

**नपुंसक–** ना० [सं०] १. स्त्रीपुरुष नछुट्टिएको प्राणी; हिजडा । २. कुनै पनि कामकुरामा आँट नभएको व्यक्ति; हिम्मत वा साहस नभएको मानिस । ३. जननेन्द्रिय नभएको वा भए पनि क्रियाशील नभएको व्यक्ति । – **ता–** ना० १. नपुंसक हुनाको भाव वा अवस्था; हिजडापन । २. नपुसंक हुने एक रोग । – **त्व–** ना० नपुसंकता । ~ **लिङ्ग–** ना० व्याकरणअनुसार पुरुष र स्त्री वा भालेपोथी नछुट्टिने लिङ्ग ।

**नप्पल–** ना० [भो० ब०] हिमाली भेगमा पैदा हुने एक प्रकारको गहुँजस्तो अन्न ।

**नबाफ–** ना०हे० नवाफ । > **नबाफी–** ना०/वि० नवाफी ।

**नब्बे–** ना० [प्रा० णउइ] १. असी र दसको योगसङ्ख्या; दस घटी सय; ९० को अङ्क । वि० २. असी र दसका योगसङ्ख्याको; सो सङ्ख्यामा पर्ने । > **नब्बेऔँ**/**नब्बेयौँ–** वि० गणना गर्दा नब्बेको सङ्ख्यामा परेको; नब्बे सङ्ख्यामा पर्ने ।

**नभ–** ना० [सं०] १. पृथ्वी र ग्रहनक्षत्रका बीचको शून्य स्थान; अकास; आकाश । २. साउन महिना । ३. बादल; मेघ । ४. पानी । – **चर–** वि० नभश्चर ।

**नभन्दै–** संयो० [न+भन्दै] आफूले भनेको, सोचेको वा कल्पना गरेको कुरो सत्य हुन आउँदा प्रयोग गरिने शब्द; हो कि त; साँच्चै । (उदा०– मैले त्यो आउँछ भन्ने ठानेको थिएँ, नभन्दै आइहालेछ ) ।

**नभश्चर–** वि० [सं०] १. आकाशमार्गमा हिँड्ने वा डुल्ने; आकाशचारी । ना० २. आकाशमार्गमा हिँड्ने पक्षी, देवता, गन्धर्व आदि । ३. बादल । ४. वायु ।

**नभो–** ना० [सं० नभस्‌को समासगत रूप] नभ । – **मणि–** ना० आकाशमा मणिझैँ भएको चहकिलो नक्षत्र; सूर्य । ~ **मण्डल–** ना० आकाशमण्डल । – **मय–** वि० शून्य भएको (अवस्था); शून्यमय; एकदम शून्य ।

**नमः–** ना० [सं०] १. आदरको भाव बुझाउन प्रयोग गरिने वा भनिने शब्द; नमस्कार; प्रणाम । २. त्याग गर्ने काम; छोड्ने काम; त्याग ।

**नमकिन–** वि० [फा० नमकीन] १. नुन हालेर बनाइएको; नुनिलो स्वाद भएको; नुनिलो । ना० २. निम्की ।

**नमजा–** वि० [न+मजा] १. घटिया किसिमको; दिक्कलाग्दो; नराम्रो । ना० २. बेमज्जा; दिक्दारी ।

**नमन–** ना० [सं०] १. नमस्कार गर्ने काम; प्रणाम गर्ने काम; ढोग । २. नुहुने काम; निहुराइ । ३. नम्रता; विनय । > **नमनीय–** वि० १. शिर निहुराउन योग्य; नमस्कार गर्न योग्य; बन्द्य; प्रणम्य; आदरणीय । २. निहुराउन वा झुकाउन सकिने; बङ्ग्याउन सकिने ।

**नमस्कार–** ना० [सं०] १. निहुरेर वा शिर झुकाएर मान्य जनलाई अभिवादन गर्ने क्रिया; नमः; सादर प्रणाम; सादर अभिवादन; नमस्ते; ढोग । २. कसैलाई दुई हात जोरेर सम्मान देखाउने काम । > **नमस्कार्य–** वि० शिर झुकाउनुपर्ने; नमस्कार गर्नुपर्ने; नमस्कार गर्न योग्य; आदरणीय ।

**नमस्कृत–** वि० [सं०] नमस्कार गरिएको; प्रणाम गरिएको; आदर गरिएको; सम्मानित; पूजित ।

**नमस्क्रिया–** ना० [सं०] नमस्कार गर्ने क्रिया; नमस्कार गर्ने काम; प्रणाम गर्ने काम ।

**नमस्ते–** ना० [सं०] 'तपाईँलाई नमस्कार छ' भन्ने अर्थ बुझाउने शब्द; नमस्कार; प्रणाम ।

**नमाज–** ना० [फा०] इस्लाम धर्मका अनुसार मुसलमानहरूले प्रतिदिन पाँच पटक कुरान पढी गर्ने ईश्वर प्रार्थना । > **नमाजी–** वि० नियमपूर्वक नमाज पढ्ने (व्यक्ति) ।

**नमित–** वि० [सं०] निहुरेको; नुहेको; झुकेको; नत ।

**नमुग–** ना० [नेवा०] कीलो उखेल्ने दुई जिब्रो भएको एक प्रकारको फलामे घन; फलामे मुङ्ग्रो ।

**नमुना–** ना० [फा० नमूना] १. कुनै वस्तुको गुण, आकारप्रकार आदि जान्नका निम्ति झिकिएको वा बनाइएको सानो अंश; कुनै वस्तुलाई चिनाउन त्यसैको अनुकरणमा तयार पारिएको वस्तु; बान्की; ढाँचा । २. कुनै वस्तु वा कुनै कुरालाई सम्झाउन प्रस्तुत गरिएको उदाहरण; दृष्टान्त । – **दार–** वि० नमुना लायक; नमुनाका रूपमा लिन सकिने । ~ **पाठ–** ना० कुनै पुस्तक, लेख आदिबाट नमुनास्वरूप गरिएको पाठ वा वाचन ।

**नमेरु–** ना० [सं०] १. रुद्राक्षको बोट । २. एक प्रकारको पुन्नाग वृक्ष ।

**नमेरो–** ना० नाभो ।

**नमोगुरु–** ना० [सं०] १. धार्मिक-आध्यात्मिक शिक्षा दिने गुरु । २. ब्राह्मण ।

**नम्बर–** ना० [अङ्०] १. गणनाका क्रमले कुनै वस्तुको परिमाण बुझाउने अङ्क (१,२,३ आदि); सङ्ख्या । २. कुनै वस्तुको एकाइ; थान; गोटा; अदत । ३. कर्मचारीहरूको माथिल्लो दर्जामा चढ्ने पालो; उन्नतिको क्रम; रोल ।

**नम्बरी–** वि० [नम्बर+ई] १. नम्बर भएको; नम्बर लागेको;

सङ्ख्यायुक्त । २. उच्च कोटिको; असल दर्जाको; उम्दा; विशिष्ट । ना० ३. नम्बरी नोट । ~ **नोट–** ना० सय रुपियाँको नोट । ~ **पण्डित–** ना० सरकारी फिरिस्तमा दरिएको भाग पाउने विशिष्ट पण्डित; पहिलेपहिले विशिष्ट पण्डितहरूलाई सरकारबाट दिइने इज्जत वा मान । ~ **सुन–** ना० छाप लागेको असल दर्जाको सुन; उम्दा सुन ।

**नम्बु–** ना० [भो० ब०] भोटे जातिले लगाउने दौराजस्तो लुगा ।

**नम्य–** वि० [सं०] नमस्कार गर्न योग्य ।

**नम्र–** वि०[ सं०]१. निहुरेको; नुहेको; विनीत । २. नरम स्वभावको; आफ्नो बल, बुद्धि, सम्पत्ति आदिमा घमन्ड नगर्ने; शिष्ट; विनम्र । **– ता–** ना० नम्र हुनाको भाव वा स्थिति ।

**नय–** ना० [सं०] १.कुनै वस्तु वा कुनै कुरा लैजाने काम । २. नेतृत्व गर्ने काम । ३. नीति । ४. विनय; नम्रता । ५. सिद्धान्त । ६. राजनीति । ७. न्याय । **– चक्षु–** वि० दूरदर्शी; नीतिज्ञ । **– ज्ञ–** वि० नीतिज्ञ ।

**नयन–** ना० [सं०] १. आँखा; लोचन; नेत्र । २. लैजाने काम । ३. नेतृत्व गर्ने काम । ~ **गोचर–** वि० आँखाले देख्न सकिने; दृष्टिपथको; आँखाअगिल्तिरको । ~ **जल–** ना० आँखाबाट निक्लने पानी; नेत्राश्रु; आँसु । ~ **पट–** ना० आँखाको ढकनी; पलक । ~ **पथ–** ना० एक दृष्टि लगाउँदा देख्न सकिने ठाउँ; आँखाको अगाडिको ठाउँ; दृष्टिपथ । **– पुट–** ना० १. आँखाको गेडी । २. आँखाको गह । > **नयना–** ना० आँखाको पुतली; आँखाको नानी । **नयनाभिराम–** वि० १. हेर्दा राम्रो देखिने; आँखालाई आनन्द दिने; ज्यादै सुन्दर; मनोहर । ना० २. चन्द्रमा । **नयनोत्सव–** ना० १.आँखालाई आनन्दित पार्ने वस्तु; सुन्दर वस्तु । २. बत्ती । **नयनोपान्त–** ना० आँखाको कुनु; कोस ।

**नयविद्–** वि० [सं०]१. नीतिशास्त्र वा नीतिसम्बन्धी कुराको ज्ञाता; नीतिज्ञ । २. नियमकानुनको ज्ञाता; नियमकानुन जान्ने; न्यायशास्त्रको ज्ञाता ।

**नयशास्त्र–** ना० [सं०] १. नीतिनियमका कुरा भएको शास्त्र; नीतिशास्त्र । २. ऐनकानुन, विधिविधानसम्बन्धी शास्त्र; न्यायशास्त्र ।

**नयाँ–** वि० [सं० नव] १. हालसालै मात्र देखा परेको; भर्खरै मात्र व्यवहारमा आएको; नूतन; नवीन; नौलो । २. भर्खरै जन्मेको; भर्खरैको; हालैको । ३. भर्खरै खोजिएको; भर्खरै पत्ता लागेको । ४. कुनै काम भर्खरै सिक्न लागेको; कामको अनुभव नभएको; सिकारु; अनुभवहीन; कोरा । ~ **जनवाद–** ना० सर्वहारा क्रान्तिका क्रममा पुँजीवादी संस्कृति, अर्थनीति आदिलाई समाजवादमा परिवर्तित गर्न ल्याइएको नयाँ राजनीतिक व्यवस्था । ~ **पात–** ना० १. भर्खरै पलाएको पात; पालुवा; मुना । २. कलिलो अवस्था; नयाँ छिमल ।

**नर–** ना० [सं०]१. मानवजाति; मानव; मनुष्य; मानिस । २. पुरुष जातिको प्राणी; भाले जाति; मर्द जीव; पुरुष । ३. विष्णुका चौबीस अवतारमध्ये एक । ४. ढिम्रीको भित्रपट्टि पेच काट्ने हतियार । वि० ५. पुरुष जातिको (प्राणी); भाले (नरवानर, नरहरिण, नरमैना इ०) ।

**नरक–** ना० [सं०] १. धार्मिक सिद्धान्तअनुसार पापी वा दुराचारीहरूलाई मरेपछि सजाय दिइने ठाउँ; नर्क । २. दुःखसाथ जीवनयापन गर्नुपर्ने ठाउँ; पीडा वा कष्ट हुने ठाउँ । ३. विष्ठा; मल । ~ **कुण्ड–** ना० पापीहरूलाई यातना दिइने नरकको एक खाल्टो; अत्यन्तै फोहोर ठाउँ । ~ **चतुर्दशी–** ना० कार्तिक कृष्ण चतुर्दशी । > **नरकासुर–** ना० पौराणिक कथाअनुसार पृथ्वीको एक छोरो ।

**नरकेशरी–** ना० [सं०] १. सिंहजस्तै पराक्रमी पुरुष; श्रेष्ठ व्यक्ति । २. नृसिंह ।

**नरखट–** ना० आहारविहार आदिमा गरिने शङ्का-उपशङ्का; नाटीकुटी; नाकनिक । > **नरखटे–** वि० नरखट गर्ने; नाटीकुटी गर्ने (व्यक्ति) ।

**नरदेव–** ना० [सं०] राजा; नृप ।

**नरनाता–** ना० [नर+नाता] नाता; नसनाता ।

**नरनाथ–** ना० [सं०] नरेश; नरदेव ।

**नरनारायण–** ना० [सं०] १. कृष्णका साथी अर्जुन र नारायणका अवतार मानिएका कृष्ण; कृष्ण र अर्जुन । २. विष्णुका अवतार मानिएका नर र नारायण नामक दुई ऋषि; विष्णुका चौबीस अवतारमध्ये एक ।

**नरनारी–** ना० [सं०] १. लोग्नेमान्छे र आइमाई; स्त्री-पुरुष । २. अर्जुनकी स्त्री; द्रौपदी ।

**नरपति–** ना० [सं०] राजा; नरदेव ।

**नरपशु–** ना० [सं०] पशुको जस्तो स्वभाव वा गुण भएको मानिस; मानिस भएर पनि पशु भन्न सुहाउने व्यक्ति ।

**नरपाल–** ना० [सं०] आफ्नो राज्यका मानिसको पालन गर्ने राजा ।

**नरपिशाच–** ना० [सं०] पिशाचको जस्तो स्वभाव भएको मानिस; पैशाचिक प्रवृत्तिको मानिस; दुष्ट मानिस; दुष्ट व्यक्ति; दुर्जन ।

**नरपुर–** ना० [सं०] नरलोक; मर्त्यलोक ।

**नरबलि–** ना० [सं०] मानिसलाई काटेर दिइने बलि; मानिसको बलि ।

**नरभक्षी–** वि० [सं०]१. मानिसलाई खाने; नरमांसभोजी । ना० २. राक्षस ।

**नरम–** वि० [सं० नम्र] मुलायम; कमलो; नम्र । **– करम–** ना० १.जग्गाजमिन वा कुनै वस्तुको भागबन्डा गर्दा राम्रोनराम्रो, असलकमसल मिलाउने काम । वि० २. राम्रोनराम्रो; असल-कमसल । ~ **चाना–** ना० हाड नभएको (विशेष गरी बँदेल र सुँगुरको) फल मासु । ~ **तेल–** ना० घाउखटिरा सुकेपछि लगाइने मलमजस्तो एक प्रकारको तेल । **– पन–** ना० नरम हुनाको भाव; नरमपना; कोमलता; नम्र्याइँ ।

**नरमाला–** ना० [सं०] मानिसका खप्परको माला; मुण्डमाला ।
**नरमी–** ना० [नरम+ई] नरमपन; नम्रता ।
**नरमेध–** ना० [सं०] १. मानिसलाई काटेर होमिने यज्ञ; मानिसको बलि दिएर गरिने यज्ञ । २. ठूलो जनसंहार हुने युद्ध ।
**नरयन्त्र–** ना० [सं०] धूपघडी ।
**नरयान–** ना० [सं०] १. मानिसले बोक्ने वा तान्ने सवारी (डोली, पालकी, रिक्सा आदि) । २. नरवाहन ।
**नरलोक–** ना० [सं०] १. मानिसहरू बसेको लोक; मनुष्यलोक; संसार । २. मानिसहरूको समूह; जनसमुदाय ।
**नरवानर–** ना० [सं०] नृतत्त्वशास्त्रका अनुसार मानव र वानर नछुट्टिएको, मानवजस्तो देखिने वानर; अश्मीभूत र मानवानुगणमा पर्ने प्राणी । ~ **मानवगण–** ना० मानवजस्तो देखिने वानरको समूह; वनमान्छे; भीमवानरगणको समूह; अपुच्छ ख्यातचतुष्कमध्ये तीन । ~ **मानवानुगण–** ना० मानव र मानवजस्तो देखिने वानरको सामूहिक नाम; नृतत्त्वशास्त्रमा आउने विस्तीर्णनास, सङ्कीर्णनास, सपुच्छ, अपुच्छ, पुच्छकपि अनुगण; अपुच्छ-ख्यातचतुष्क, मानवानुगण; शाखावानरानुगण; नरवानरगणजस्ता नरवानर ।
**नरवाहन–** ना० [सं०] १. धनका अधिष्ठाता देवता कुबेर । २. नरयान ।
**नरवीर–** ना० [सं०] मान्छेहरूमध्ये वीर; बहादुर मान्छे; वीर पुरुष; योद्धा ।
**नरव्याघ्र–** ना० [सं०] श्रेष्ठ पुरुष; नरकेशरी ।
**नरसिंह–** ना० [सं०] १. सिँहजस्तै पराक्रमी पुरुष; श्रेष्ठ पुरुष । २. विष्णुका दश अवतारमध्ये एक; नृसिंह । ~ **ट्वाक–** ठर्रा; रक्सी ।
**नरसिङ्गा–** ना० [सं० नर्द+शृङ्ग] कर्नालजस्तै फुकेर बजाइने तथा ठूलो तीखो स्वर हुने, वक्राकारको पुरानो नेपाली बाजा; धुत्तुरी ।
**नरहत्या–** ना० [सं०] मानिसलाई मार्ने काम; मानिसको हत्या ।
**नरहरि–** ना० [सं०] नरसिंह; नृसिंह ।
**नराइ–** ना० [√ नार् (+आइ)] नार्ने वा नारिने भाव, क्रिया वा प्रक्रिया । [>] **नराइनु–** क०क्रि० नार्न लाइनु । ~ **नराउनु–** प्रे० क्रि० नार्न लाउनु ।
**नराधम–** ना० [सं०] नीच स्वभावको मान्छे; अधम खालको मान्छे ।
**नराधिप / नराधिपति–** ना० [सं०] नरपति; राजा ।
**नरालो–** वि० [नार+आलो] बालीको रखबाली गर्ने ।
**नरिचो–** ना० [सं० नारीक] छेउमा नजानिँदो दाँतजस्ता लाम्चा पात हुने, पहेँला फूल फुल्ने, रामतोरियाँका आकारका कोसा फल्ने र बोक्राबाट कागत बनाइने, आयुर्वेदमा अग्निवर्धक र रुचिकारक गुण बताइएको एक जातको सानो बोट ।
**नरिवल–** ना० [सं० नारिवल] खजुरको जस्तो अग्लो बोट हुने, टुप्पामा परपरसम्म फैलिएका ठूलठूला पात हुने, पहेँला, लाम्चा-लाम्चा फूल फुल्ने र ठूलो दानाको रूपमा जटायुक्त फल लाग्ने ताडका जातको एक रूख; त्यही रूखको फल । ~ **कविता–** ना० बाहिरबाट हेर्दा निकै गाह्रो र मुस्किलले बुझ्न सकिने किसिमको तर बुझिसकेपछि सरस कविता ।
**नरुवा–** ना०हे० नलुवा ।
**नरेन्द्र–** ना० [सं०] १. राजा; नृप; नरेश । २. सर्प, बिच्छी आदि विषालु प्राणीले टोक्ता शरीरमा फैलिएको विष झार्ने व्यक्ति; विषवैद्य । – **देव–** ना० आठौँ शताब्दीमा नेपालमा शासन गर्ने लिच्छविवंशका एक राजा ।
**नरेश / नरेश्वर–** ना० [सं०] राजा; नृप ।
**नरोत्तम–** ना० [सं०] १. उत्तम मानिस; श्रेष्ठ व्यक्ति । २. विष्णु ।
**नर्क–** ना०हे० नरक ।
**नर्कट–** ना० [सं० नड] लामालामा पात हुने, चाँडै हलक्क बढेर आउने, छेकाबार आदिका रूपमा प्रयोग गरिने निगालाका जातको एक प्रकारको बोट ।
**नर्के–** वि० [नर्क+ए] नर्कको; नर्कसम्बन्धी । ~**चतुर्दशी–** ना० हे० नरकचतुर्दशी ।
**नर्तक–** ना० [सं०] १. नाच्ने पेसा भएको व्यक्ति; नट; नटुवा; नचरो । २. नाटक आदिमा भाग लिने व्यक्ति; अभिनेता । ३. शिव । > **नर्तकी–** ना० १. नाच्ने पेसा भएकी स्त्री; नटी; नटुवी । २. नाटककी पात्रा; अभिनेत्री ।
**नर्तन–** ना० [सं०] नृत्य गर्ने काम; नाच्ने काम; नाच; नृत्य । – **शाला–** ना० नृत्यशाला; नाचघर ।
**नर्तित–** वि० [सं०] १.नचाइएको । २. नाचिसकेको; नाचेको ।
**नर्म–** ना० [सं०] १. मनोविनोदका लागि जिस्किने वा जिस्क्याउने काम; हाँसखेल; विनोद; परिहास । २. इष्टजनलाई आफूतिर झुकाउने चातुर्य; ठट्टा । ३. संस्कृत नाटकमा वर्णित चार वृत्तिमध्येको कैशिकी वृत्तिको एक अङ्ग । – **गर्भ–** ना० नायकको गुप्त व्यवहारको वर्णन भएको, कैशिकी वृत्तिको एक अङ्ग । – **द–** वि० १. दिल्लगी गर्ने; हँसाउने । ना० २. ठटचौली व्यक्ति; विदूषक ।
**नर्मदा–** ना० [सं०] १. हिन्दूहरूका पवित्र मानिएका प्रसिद्ध सात नदीहरूमध्ये एक; भारतको मध्यप्रदेशमा पर्ने एक नदी । २. आनन्द दिने (स्त्री) । > **नर्मदेश्वर–** ना० नर्मदा नदीमा पाइने शिवलिङ्ग ।
**नर्मद्युति–** ना० [सं०] दोष दबाउने हास्य भएको, प्रतिमुख सन्धिको एक भेद ।
**नर्मल–** वि० [अङ्०] १. नियमित; सामान्य । २. प्रवेशिका उत्तीर्ण नगरेकाहरूलाई दिइने प्रारम्भिक शिक्षणसम्बन्धी (तालिम) । ~ **स्कुल–** ना० स्वदेशी भाषाका शिक्षकहरूलाई शिक्षणकला सिकाउने विद्यालय ।
**नर्मसचिव–** ना० [सं०] राजामहाराजालाई हँसाउन तथा मन प्रसन्न राख्न साथमा रहने ठटचौलो व्यक्ति; विदूषक ।
**नर्मसुहृद्–** ना० [सं०] पुरानो समयमा राजाको मनोविनोदका निमित्त

साथसाथ रहने व्यक्ति; हँसाउने व्यक्ति; ठटचौलो व्यक्ति; नर्मसचिव; विदूषक ।

**नर्मस्फोट–** ना० [सं०] अलिअलि प्रकाश गरिएका भावबाट शृङ्गारको थोरै सूचना; संस्कृत नाटकमा वर्णित चार वृत्तिमध्ये कैशिकी वृत्तिको अङ्गविशेष ।

**नर्स–** ना० [अङ्०] १. रोगीको स्याहारसुसार गर्ने काममा प्रशिक्षित र अस्पतालमा त्यसै कामका लागि नियुक्त स्त्री; रोगीको सुसारे; उपचारिका; परिचारिका । २. अर्काको बालबच्चाको हेरचाह गर्ने आइमाई; धाई ।

**नर्सरी–** ना० [अङ्०] १. ससाना बालबालिकाहरूलाई खेलाउने-सिकाउने धाई, शिक्षिका आदि भएको घर वा कोठा; बालकक्ष । २. बिरुवाहरू हुर्काउने ठाउँ ।

**नर्सिङ–** ना० नरसिंह; नरसिङ्गा । ~ **ट्वाक–** ना० रक्सी; मदिरा (लाक्षणिक अर्थमा) । ~ **विष–** ना० मान्छेलाई मार्ने विष; हलाहल विष ।

**नल–** ना० [सं०] १. अनाज छुट्ट्याइएको धान, कोदो आदिको हरियो बोट । २. नर्कट । ३. नली; ढुङ्ग्रो । ४. कमलको डाँठ । ५. कुलो; ढल । ६. पुराणप्रसिद्ध निषध देशका राजा । ७. रामका सेनाको एक वानर । ८. पेटभित्रको पिसाब निस्कने नली । ९. पुरुषेन्द्रिय; लिङ्ग । – **कूप–** ना० नली थिचेर पानी निकालिने कुवा वा धारा । – **फल–** ना० पुरुषको अण्डकोषसहितको लिङ्ग; लिङ्गको फेदमा भुन्डिएको फल वा अण्डकोष । > **नलिका–** ना० १. सानो, पातलो नली; मसिनो नली । २. महारङ्गी बुटी ।

**नलिनी–** ना० [सं०] १. कमलिनी । २. धेरै कमल फुलेको तलाउ; कमलपोखरी ।

**नली–** ना० [सं० नल] १. धातु, माटो आदिको पानी ल्याउने वा पठाउने डुँड; पाइप । २. पातलो ढुङ्ग्रो । ३. हुक्काको धुवाँ तान्ने खप्तरी, निगालो, सतिसाल आदिको लामो ढुङ्ग्रो । – **खुट्टे–** वि० मसिनो खुट्टा भएको; सुलीखुट्टे; सुइँखुट्टे । – **खुट्टो–** ना० खुट्टाको घुँडादेखि गोलीगाँठासम्मको अवयव । – **हाड–** ना० नलीखुट्टाको हाड ।

**नलुको–** ना० करवीरका आकारको पात हुने र पातमा तिलजस्तो थोप्ला परेको, आयुर्वेदमा शरीर दृढ राख्ने, फलाम पगाल्ने र पारोलाई बद्ध गराउने गुण बताइएको एक प्रकारको जङ्गली झार ।

**नलुवा–** ना० [सं० नल+उवा] धान, कोदो आदि अन्नको हरियो बोट; नल; नरुवा ।

**नल्ठो–** ना० नलीखुट्टी ।

**नव–** वि० [सं०] १. नयाँ, नौलो; नूतन । ना० २. आठ र एकको योगसङ्ख्या; नौ । ~ **अरिस्टोटलवाद–** ना० बीसौँ शताब्दीको तेस्रो दशकमा अमेरिकाको सिकागो विश्वविद्यालयका विद्वान्हरूबाट प्रतिपादित कुनै पनि सिद्धान्त निर्दोष नहुने र सबै सिद्धान्तमा केही न केही गुण हुने भएकाले विभिन्न समालोचनात्मक मान्यताबाट उपयोगी कुरा लिनुपर्छ भन्ने, एउटैमा भन्दा विभिन्न समालोचनात्मक पद्धतिमा विश्वास राख्ने मान्यता । ~ **उपनिवेशवाद–** ना० शक्तिशाली साना देशमाथि सोझै कब्जा नगरेर तिनको सम्पत्तिस्रोतमाथि कब्जा जमाई आर्थिक शोषण गर्ने र अप्रत्यक्ष रूपमा आफ्नो हैकममा राख्ने राजनीतिक प्रक्रिया । ~ **उपनिवेशवादी–** वि० नवउपनिवेशवादमा विश्वास राख्ने; नवउपनिवेशवादको अनुयायी । ~ **कल्प–** ना० विभिन्न कल्पहरूमध्ये आजभन्दा ६ करोड वर्षपहिले सुरु भएको, स्तनपायी जीव र मनुष्यको सृष्टि आरम्भ हुन थालेको कल्प वा युग । ~ **कुमारी–** ना० नवरात्रमा पूजा गरिने नौ कुमारी (कुमारिका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा) । ~ **खण्ड–** ना० पुराणमा वर्णन गरिएका भौगोलिक विभाजनका नौ खण्ड (भारत, इलावृत्त, किम्पुरुष, भद्र, केतुमाल, हरि, हिरण्य, रम्य र कुश) । ~ **ग्रह–** ना० पूर्वीय ज्योतिषशास्त्रअनुसार शुभाशुभ फलका दाता मानिएका नौ ग्रह (सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु); पश्चिमी ज्योतिषीहरूले पत्ता लगाएअनुसार सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र; शनि, अरुण (युरेनस) र वरुण (नेप्चुन) । ~ **छिद्र–** ना० प्राणीका शरीरमा हुने दुई आँखा, दुई कान, नाकका दुई प्वाल, मुख, गुदद्वार र लिङ्ग वा योनि नौवटा द्वार । ~ **जात–** वि० भर्खर जन्मेको; नवोत्पन्न । ~ **जातक–** ना० जन्मदेखि सत्ताइस दिनसम्मको बालक । ~ **जीवक–** ना० भूगर्भशास्त्रका अनुसार जीवको अस्तित्व भएको तेस्रो विभाजन । ~ **दुर्गा–** ना० नवरात्रमा पूजा गरिने दुर्गादेवीका 'दुर्गाकवच' मा वर्णित नौ रूप (शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री) । ~ **द्वार–** ना० नवछिद्र ।

**नवधा–** क्रि०वि० [सं०] १. नौ किसिमले, नौ प्रकारले । २. नौ भागमा; नौ हिस्सामा; नौ खण्डमा ।

**नवधातु–** ना० [सं०] सुन, चाँदी, फलाम, सिसा, तामा, राँग, पारो, काँसो र चुम्बक– यी नौ प्रकारका धातु ।

**नवधाभक्ति–** ना० [सं०] पुराणमा वर्णित नौ किसिमले गरिने वा नौ प्रकारका भक्ति– श्रवण, कीर्तन, स्मरण, पादसेवन, अर्चन, वन्दन, दास्य, सख्य र आत्मनिवेदन; नवभक्ति ।

**नवनिधि–** ना० [ सं०] पद्म, महापद्म, शङ्ख; मकर; कच्छप, मुकुन्द, कुन्द, नील र खर्ब नाम गरेका, कुबेरका नौवटा ढुकुटी ।

**नवनी / नवनीत–** ना० [सं०] दही वा दूध मथेर झिकिएको सार; काँचो वा नखारेको घिउ; ताजा मक्खन; नौनी ।

**नवपत्रिका–** ना० [सं०] दसैँमा फूलपातीका दिन भित्र्याइने केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्ती नौ प्रकारका बोटका पात ।

**नवपाषाण–** ना० [सं०] प्रागैतिहासिक पुरातत्त्वका अनुसार धातुयुग प्रारम्भ हुनुभन्दा पहिले र मध्यपाषाण युगभन्दा पछि प्रयोग

c:\Sabdkosh\dick'Na'.p65



गरिएका ढुङ्गाका हतियार वा सामान । ~ **युग**– ना० त्यस्तो हतियार प्रयोग गर्ने चलन भएको युग वा समय ।

**नव प्रसूता**– वि० [सं०] भर्खरै बच्चा जन्माएकी; भर्खरै सुत्केरी भएकी; आली सुत्केरी ।

**नव भक्ति**– ना० [सं०] हे० नवधाभक्ति ।

**नवम**– वि० [सं०] गणना गर्दा नौको सङ्ख्यामा परेको; गन्तीमा नवौँ ।

**नवमल्लिका**– ना० [सं०] १. चमेलीको फूल । २. नवमालिका ।

**नव मानववाद**– ना० [सं०] १. मान्छेका प्राकृतिक, सहज र निम्न प्रवृत्तिलाई भन्दा आन्तरिक सङ्कल्प, आत्मसंयमजस्ता उच्चतम प्रवृत्तिलाई महत्त्व दिने र यी दुई प्रवृत्तिका द्वन्द्वमा उच्चतम प्रवृत्तिको महत्त्व प्रतिपादित हुनुपर्छ भन्ने साहित्यिक मान्यता । > **नव मानववादी**– वि० नवमानववादमा विश्वास राख्ने; नवमानववादको अनुनायी ।

**नवमालिका**– ना० [सं०] १. चमेलीका जातको एक फूल; नवमल्लिका । २. नगण, जगण, भगण र यगण भएको एक छन्द ।

**नवमी**– ना० [सं०] चन्द्रमासअनुसार शुक्ल तथा कृष्ण दुवै पक्षको नवौँ तिथि; अष्टमीपछिको र दशमी पहिलेको तिथि ।

**नव युवक**– ना० [सं०] भर्खर युवा अवस्थामा प्रवेश गरेको पुरुष; भर्खर जवान भएको लोग्नेमान्छे; नौजवान ।

**नव युवती**– ना० [सं०] भर्खरैकी तरुनी; युवती स्त्री ।

**नव युवराज**– ना० [सं०] राजाका उत्तराधिकारीका रूपमा भर्खरै घोषित व्यक्ति; नयाँ युवराज; नवयुवराजाधिराज ।

**नव युवराज्ञी**– ना० [सं०] नवयुवराजकी पत्नी; युवरानी ।

**नव युवा**– ना० [सं०] नवयुवक; नौजवान ।

**नव यौवन**– ना० [सं०] भर्खर सुरु भएको यौवन; भर्खर चढेको जवानी; नयाँ बैँस । > **नव यौवना**– ना० भर्खर युवा अवस्थामा प्रवेश गरेकी स्त्री; तरुनी आइमाई; नवयुवती ।

**नव रत्न**– ना० [सं०] १. नौ प्रकारका रत्न– मोती, पन्ना, माणिक, गोमेद, हीरा, मुगा, सुन, पद्मराग र नीर । २. विक्रमादित्यका सभाका नौजना पण्डित– धन्वन्तरी, क्षपणक, अमरसिंह, शङ्कु, वेतालभट्ट, घटखर्पर, कालिदास, बराहमिहिर र वररुचि । ३. अकबरका दरबारका नौ प्रसिद्ध व्यक्ति– भगवान्‌दास, मानसिंह, फैजी, अबुल फज्ल, अब्दुर्रहीम खानखाना, टोडरमल, अब्दुल कादिर् बदायुनी, वीरबल र तानसेन ।

**नव रस**– ना० [सं०] १. संस्कृत साहित्यशास्त्रमा वर्णित र साहित्यप्रसिद्ध नौ रस (शृङ्गार, वीर, करुण, हास्य, रौद्र, भयानक, वीभत्स, अद्‌भुत र शान्त) । २. एक प्रसिद्ध आयुर्वेदिक रसादि औषधी ।

**नव रात्र/नव रात्रि/नव रात्री**– ना० [सं०] नवदुर्गाको विशेष व्रत, पूजा, उत्सव आदिका साथ मनाइने, आश्विन शुक्ल परेवादेखि नवमीसम्मका शारदीय दुर्गा पूजाका नौ दिन र चैत्र शुक्ल परेवादेखि नवमीसम्मका वासन्ती दुर्गा पूजाका नौ दिन ।

**नवलपरासी**– ना० नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने, भित्री मधेस र तराईसमेत भएको, लुम्बिनी अञ्चलको एक जिल्ला ।

**नव वधू**– ना० [सं०] भर्खरै बिहे गरी ल्याएकी स्त्री; नवविवाहिता स्त्री; नयाँ दुलही ।

**नव वर्ष**– ना० [सं०] १. नयाँ वर्ष सुरु हुने दिन; संवत् फेरिने दिन; विक्रम संवत्‌अनुसार वैशाख एक गतेको दिन; इस्वी सन्‌का अनुसार जनवरी एक तारिखको दिन । २. नयाँ वर्ष ।

**नव शक्ति**– ना० [सं०] प्रभा, माया, जाया, सूक्ष्मा, विशुद्धा, नन्दिनी, सुप्रभा, विजया र सर्वसिद्धिदा नामक नौ प्रकारका शक्ति ।

**नव श्राद्ध**– ना० [सं०] मरेको एघारौँ दिनमा गरिने श्राद्धकर्म ।

**नव सङ्गम**– ना० [सं०] १. नयाँ मिलन । २. दुलहादुलहीको पहिलो मिलन; नयाँ पतिपत्नीका बीचमा भएको प्रथम समागम ।

**नवाँ/नवाङ**– वि० [नव+आँ/आङ] दुनोट पढ्दा नौ गुना बुझाउन भनिने शब्द; नौगुना; नौ दोबर (उदा०– नौ नवाङ एकासी आदि) ।

**नवान्न**– ना० [सं०] खेतबारीबाट भर्खरै घरमा भित्र्याइएको अन्न; नयाँ अन्न ।

**नवाफ**– ना० [नवाब] १. कुनै प्रदेशको शासनव्यवस्थाका निम्ति नियुक्त गरिएको मुगल बादशाहको प्रतिनिधि; नबाफ । २. धनी मुसलमानहरूलाई अङ्ग्रेज सरकारबाट मिल्ने गरेको एक खिताब । ३. धनवान् व्यक्ति । ४. बाबूसाहेब; ठालु । वि० ५. रवाफका साथ बस्ने; ठाँटबाँटसित रहने । > **नवाफी**– ना० १. नवाफको पद वा काम; नवाफको जस्तो भड्किलो रहनसहन; अमिरी चाल; नबाफी । वि० २. नवाफको; नबाफसँग सम्बन्धित ।

**नवार**– वि० [सं० नवतर] १. नयाँ; ताजा । २.जवान; तरुनो ।

**नवाश्मयुग**– ना० [सं०] भूगर्भशास्त्रका अनुसार हजार वर्षपहिले प्रारम्भ भई आजसम्म चल्दै आएको युग; आधुनिक युग वा आधुनिक मानवयुग; नव-जीवकभित्र पर्ने चतुर्थ खण्डको अन्तिम भागको युग ।

**नवाह**– ना० [सं०] १. नौ दिन । २. नौ दिनमा समाप्त हुने रामायण; देवीभागवत आदिको पारायण ।

**नवीकरण**– ना० [सं०] १. कुनै वस्तुलाई नयाँ बनाउने काम । २. अवधि सिद्धिसकेको कुनै कामकुरालाई वैध रूपबाट फेरि लागू गर्ने काम । ३. अवधि सकिएका मोटर, बन्दुक र ठेक्कापट्टा आदिका इजाजतपत्रलाई फेरि समय थप्ने काम । ४. नवीनीकरण ।

**नवीकृत**– वि० [सं०] नयाँ गरिएको; नयाँ बनाइएको; नूतन ।

**नवीन**– वि० [सं०] भर्खरैको; हालसालैको; नयाँ; नौलो; नूतन ।

**नवीनीकरण**– ना० [सं०] नवीकरण ।

**नवोढा**– ना० [सं०] १. नववधू । २. लज्जा वा भयले युक्त नवविवाहिता स्त्री । ३. यौवन चढेकी तर लज्जा वा भयले गर्दा नायकका नजिक नजाने मुग्धा स्त्री वा नायिका ।

**नवोदित–** वि० [सं०] १. भर्खर उदाएको; नयाँ उदाएको । २. भर्खर माथि उठेको । ३.भर्खर उन्नति प्रगति गरेको ।

**नवोदीयमान–** वि० [सं०] १. भर्खर उदाउन लागेको; नयाँ उदाउन लागेको । २.भर्खर उन्नतिप्रगति गर्न लागेको ।

**नव्य–** वि० [सं०] १. नवीन; नयाँ; ताजा । २. कसैका सामु नमन गर्न उचित; स्तुत्य; प्रशंस्य । – **ता–** ना० नव्य वा नयाँ हुनाको भाव वा स्थिति । ~ **न्याय–** ना० १.न्याय-वैशेषिक शास्त्रमा नवीन दृष्टिले विचार गर्दा निस्केको निष्कर्षका आधारमा प्रचलित न्यायशास्त्रको परिपाटी । २. गङ्गेशोपाध्यायको 'तत्त्वचिन्तामणि' नामक ग्रन्थबाट प्रारम्भ गरिएको न्यायको नयाँ लक्षणपद्धति ।

**नशा–** ना० [अ०] १. खाएपछि मानिसमा मानसिक असन्तुलन पैदा गर्ने पदार्थ; मादक पदार्थ; लागू वस्तु; अम्मल । २. राम्रोनराम्रो जस्तोसुकै भए पनि कुनै काममा तल्लीनतासाथ लाग्ने मानसिक प्रवृत्ति । ३. लागू पदार्थले होस बिग्रेको अवस्था । ४.अम्मल; लत । ५. घमन्ड; अभिमान । – **दार–** वि० नशाले युक्त भएको; नशा लाग्ने । – **बन्दी–** ना० रक्सी आदि नशालु पदार्थको सेवनलाई रोक्ने काम; मद्यपानको निषेध । – **बाज–** वि० रक्सी आदि नशालु पदार्थ सेवन गर्ने; नशा खाने; अम्मली; नशेबाज । > **नशालु–** वि० नशा पैदा गर्ने; मानसिक असन्तुलन पैदा गर्ने । **नशेबाज–** वि० रक्सी आदि मादक पदार्थ खाने लत बसेको; मादक पदार्थ धेरै खाने; अम्मली ।

**नश्वर–** वि० [सं०] १. स्थायित्व नभएको; धेरै नटिक्ने; चाँडै नष्ट हुने; क्षणभङ्गुर । २. नाश हुने; नाशवान् । – **ता–** ना० नाश हुनाको भाव वा अवस्था; क्षणभङ्गुरता; विनाशशीलता ।

**नष्ट–** वि० [सं०] १. नाश भएको; बरबाद भएको; बिग्रेको; ध्वस्त । २.नदेखिने भएको; हराएको; लुप्त । ३. निष्फल; व्यर्थ । ~ **चन्द्र–** ना० भाद्र महिनाका दुवै पक्षका रात्रिमा अशुभ हुने ठानी हेर्न निषेध गरिएका चतुर्थीका चन्द्रमा । ~ **चित्त–** वि० १. विवेक नष्ट भएको । २. मदले उन्मत्त; बहुला । ~ **चेतन–** वि० १. चेतनाशक्ति नष्ट भएको; होस नभएको; बिचेत; बेहोस । २. मूर्च्छा परेको; मूर्च्छित । – **ता–** ना० नष्ट हुनाको भाव वा अवस्था । ~ **दृष्टि–** वि० आँखा बन्द भएको; अन्धो । ~ **नीड–** वि० गुँड भत्केको; रहने ठाउँ नभएको; निराश्रय । ~ **प्रभ–** वि० कान्तिरहित; तेजहीन; हतप्रभ । ~ **बुद्धि–** वि० बुद्धि हराएको; बुद्धिहीन; मूर्ख । ~ **भ्रष्ट–** वि० बिलकुल नाश भएको; भताभुङ्ग भइसकेको; बिग्रे-भत्केको; पूर्णतया ध्वस्त । > **नष्टा–** ना० १. वेश्या; रन्डी । २. व्यभिचारिणी । **नष्टात्मा–** वि० १. आत्मा नष्ट भएको । २. साह्रै नीच; अधम । **नष्टेन्द्रिय–** वि० इन्द्रिय नष्ट वा शिथिल भएको ।

**नस₁–** ना० [सं० नस्त] अम्मल वा औषधीका रूपमा नाकभित्र हालिने सुगन्धी चूर्ण; नाकभित्र हालिने सुर्तीको धूलो ।

**नस₂–** ना० [सं० नस्य] दलिन अडचाउनाका निम्ति गाह्रोमा तेर्सो पारेर हालिने काठ ।

**नस₃–** ना० नसो । – **च्छेदन–** ना० परिवार नियोजनको उद्देश्यपूर्तिका लागि स्त्री-जातिमा गर्भ नरहने बनाउन शल्यक्रियाद्वारा पुरुषहरूको शुक्रवाहिनी नली छेदन गर्ने काम; नसबन्दी (भ्यासेक्टोमी) । – **नाता–** ना० जन्म वा विवाह आदिबाट भएको सम्बन्ध; नाताकुटुम्ब; नातापाता । – **बन्दी–** ना० नसच्छेदन ।

**नसल–** ना०हे० नस्ल ।

**नसावरोधन–** ना० १. धमनी वा शिरामा आकस्मिक अवरोध वा बाधा हुने प्रक्रिया । २. नसामा अवरोध पैदा हुनाले रक्तसञ्चार बन्द हुने प्रक्रिया ।

**नसिप/नसिब–** ना० [अ० नसीब] सुख वा दुःखको भागी गराउने पूर्वनिश्चित दैवी विधान; भाग्य; नियति; प्रारब्ध; निसिप; किस्मत ।

**नसियत/नसिहत–** ना० [अ० नसीहत] १. कसैले नहुने कुनै कामकुरा गरेमा वा कुनै काम बिगारेमा आइन्दा यसो नगर्नू भनी दिइने चेतावनी । २. हप्की; खप्की ।

**नसी–** वि० [नसे+ई] ख्याउटी; दुब्ली ।

**नसो–** ना० [सं० स्नायु] १. शरीरका अङ्गप्रत्यङ्गमा रक्तसञ्चालन हुने तन्तु; रक्तवाहिनी नाडी । २. शरीरका मांसपेसीहरूलाई जोड्ने तन्तु । ३. सागपातहरूमा फिँजिएर रहने तन्तु ।

**नस्तक–** ना० [सं०] पशुहरूको नाथ्रामा धातुको मुन्द्रा लगाउन पारिने प्वाल ।

**नस्तर–** ना० [फा० नश्तर] १. अरूले सुइँको नपाउने किसिमले गरिने कामकुरो; गोप्य रूपमा गरिने कार्य; गुप्त व्यवहार । २. सुराग; सूत्र । ३. चिरफार गर्ने सानो चक्कु ।

**नस्ता–** ना० [सं०] नाथ्रीमा पारिएको प्वाल ।

**नस्ल–** ना० [अ० नश्ल] सन्तति; वंश; जाति; नसल । ~ **सुधार–** ना० कुनै प्राणीविशेषको सन्तति वा वंशलाई सुधार्ने काम ।

**नहर₁–** वि० [सं० नवल] भर्खरै फुलेको (रूख); जोत्ने बेला भएको (गोरु) ।

**नहर₂–** ना० [सं० स्नायुल] गाईबस्तुका ढोडनसाबाट बनाइएको, जुत्ता सिउने बलियो धागो ।

**नहर₃–** ना० [प्रा० णवड < सं० नवट] तासका पत्तीहरूमध्ये नौ फुट्टी भएको पत्ती; गन्जिफा आदिको पत्ती ।

**नहर₄–** ना० [फा० नह] सिँचाइ, जलपथ वा दुवै कामका निम्ति बनाइएको, नदीजस्तो पानीको स्रोत; ठूलो कुलो । ~ **अधिकृत–** ना० नहर, पैनी आदिको व्यवस्था मिलाउन खटिएको राजपत्राङ्कित कर्मचारी; नहरको रेखदेख गर्ने अधिकारी । ~ **योजना–** ना० नहर वा बाँधपैनीसम्बन्धी कार्यको योजना । ~ **विभाग–** ना० नहरसम्बन्धी काम गर्ने विभाग ।

**नहरनी–** ना० [सं० नख+हरणी] नङ काट्नका लागि नाऊहरूद्वारा प्रयोग गरिने एक किसिमको सानो हतियार; नङ काट्ने साधन ।

**ना₁–** वि० बो० [सं०] निषेध वा अस्वीकृतिसूचक शब्द; न, नाहिँ, नाइँ (कुनै भाषिकामा मात्र सीमित, जस्तै–ना, म यो के

पत्याउँथें !) ।

**ना२**– पू० स० [फा०] निषेध, निरोध, विपरीतता आदि बुझाउने एक उपसर्ग (नासमझ, नामन्जुरी, नातागत इ०) ।

**नाइँ**– वि० बो० [ सं० नहि] निषेध, असहमति, अस्वीकृति, निरोध आदि बुझाउने शब्द; अहँ; नाहिँ । ~ **नाइँ**– वि० बो० १. हुँदै होइन; कुनै हालतमा पनि हुँदैन; मान्दै मान्दिनँ । ना० २. उग्र अस्वीकृति; स्पष्ट अस्वीकार । (उदा०– नाइँनाइँ भन्दाभन्दै गुन्डाहरूले जवर्जस्ती अबलाको इज्जत लुटे) । – **कार**– ना० नाइँकार्ने काम; नाइँनाइँ; अस्वीकार; नामन्जुर । – **कार्नु**– स० क्रि० १. अस्वीकार वा नामन्जुर गर्नु; नाइँनाइँ भन्नु । २. असहमति जनाउनु । ~ **नास्ति**– ना० निषेध; बेमन्जुरी; अस्वीकृति; नामन्जुरी ।

**नाइकिनी**– ना० [नाइके+इनी] १. नाइकेकी स्त्री; नइकेनी; नैकिनी । २. नाइके स्त्री । ३. भान्साकी नाइके स्त्री ।

**नाइके**– ना० [सं० नायक] १. ज्यामी, खेतालाहरूलाई काम लगाउने वा निर्देशन दिने व्यक्ति । २. कुनै पनि कामको अगुवा; नायक । ३. कुनै दल वा समूहको प्रमुख व्यक्ति; नेता । ४. झ्यालखानामा अन्य कैदीहरूको देखरेख गर्ने काममा खटाइएको कैदी; दाइ नाइके । ५. दाइ नाइकेभन्दा एक तहमुनिको कैदी; भाइ नाइके ।

**नाइकेनी**– ना०हे० नाइकिनी ।

**नाइटे**– वि० [नाइटो+ए] १. नाइटो बाहिर निस्केको; नाइटो उछिट्टिएको; ठूलो नाइटो भएको । २. नाइटो प्रस्ट देखिने । ~ **ज्यामिर**– ना० चुच्चो आकारको नाइटो स्पष्टै देखिने र भित्र प्रायः खोटेत्रो भएको, अमिलो स्वादको काठे ज्यामिर ।

**नाइटो**– ना० [सं० नाभिट > प्रा० णाभिटो > नाहिटो] १. जरायुज प्राणीको गर्भावस्थामा नाल जोरिने, पेटको शिशुलाई खाद्य प्रदान गर्ने तर जन्मिएपछि भने कुनै खास उपयोगमा नआउने पेटका माझको खाल्टो । २. मदानीको मथ्नेतिरको तल्लो छेउ; सूर्यदर्शन गराउनु हुँदैन भन्ने विश्वासले मदानी कोठाबाहिर लग्नुपरेमा पातले छोपेर मात्र बाहिर ल्याइने मदानीको सोही भाग ।

**नाइट्रोजन**– ना० [अङ्०] १. जमिनलाई उर्वर बनाउन र बालीनाली सपार्नका लागि खेतबारीमा प्रयोग गरिने रासायनिक मल (एमोनियम सल्फेड, युरिया इ०) । २. ग्याँसको एक प्रकार ।

**नाइलन**– ना० [अङ्०] रुवो, पाट, ऊनबाहेक अन्य प्राकृतिक पदार्थहरूबाट कृत्रिम तरिकाले कपडा आदि तयार पार्ने विशेष प्रकारको पदार्थ वा सो पदार्थबाट तयार भएको माल ।

**नाउँ**– ना० [सं० नाम] नाम । ~ **गरेको**– वि० नाउँ भएको; नामक । (उदा०– त्यहाँ हरि नाउँ गरेको एउटा केटो थियो ) । ~ **न गाउँको**– पदा०– एकदमै अपरिचित; बिलकुलै नचिनेको । – **नामासी/नामेसी**– ना० कुनै पनि व्यक्तिको नाउँ, थर, वतन आदि; नाउँ र ठेगाना; नामनामेसी । ~ **निसान**– ना० नाम-निसान; चिह्न वा परिचय । ~ **मात्रको**– वि० खास उल्लेख गर्न लायक नभएको; नगण्य ।

**नाउँरियँ**– ना० [नाहुर+इयँ] मालिङ्गो, निगालो, घोडाका पुच्छरका रौँ र भेडाका आन्द्राले बनाइएको गोठाले बाजा ।

**नाउँसारी**– ना० [सं० नाम+सारी] कुनै एक वा एक थरी व्यक्तिका नाममा भएको कागतपत्रलाई अर्को वा अर्का थरी व्यक्तिका नाममा सार्ने वा लेख्ने काम; नामसारी ।

**नाउ**– ना० [सं० नौ] डुङ्गा ।

**नाउबुडी**– ना० [नाक+बुडी] पानीभित्रभित्र डुबेर खेलिने एक प्रकारको पौडी; पानीभित्र डुबुल्की मारेर खेलिने एक प्रकारको खेल; डुबुल्की; नाकबुडी ।

**नाउम्मेद**– वि० [फा०] कुनै आशाभरोसा नभएको; कुनै उत्साह नभएको; निराश; हतोत्साह । > **नाउम्मेदी**– ना० आशा, भरोसा नभएको स्थिति; उत्साहहीनता; निराशा ।

**नाउर/नाउरु**– ना० [नाहुर] सेतो रङको झ्यापुल्ले भेडोजस्तै झन्डै तीन फिट अग्लो, हिमालको बीच भागमा पाइने जङ्गली भेडो ।

**नाउ**– ना० [सं० नापित] कपाल, दाह्री र जुँगा खौरने र हात गोडाका नङसमेत काट्ने पेसा भएको एक जात; हजाम; नापित ।

**नाक१**– ना० [सं० नाग = हात्ती] नेपालको उत्तरी पहाडी भागमा पाइने याकको पोथी; पोथी याक ।

**नाक२**– ना० [सं० नासिका] १. सास फेर्ने र सुँघ्ने काम गर्ने दुइटा प्वाल भएको ओठमाथिको अवयव; नासिका; घ्राणेन्द्रिय । २. इज्जत; प्रतिष्ठा; मान मर्यादा । ३. चरा आदिकको चुच्चो । ~ **कान**– ना० १. शरीरका सुँघ्ने र सुन्ने अवयव; नाक र कान । २. नाक र कान काटेर पुरानो जमानामा दिइने एक प्रकारको सजाय । ३. इज्जत; प्रतिष्ठा । – **को चाल**– ना० नगरी नहुने स्थिति; बाध्यता । – **कोरे**– ना० १. धनियाँका जस्ता कुनाकुना परेका पात, पहेँला फूल र झुसिला गोल फल हुने, खाँदा नाकमा पिरो राग आउने, आयुर्वेदमा गरम, रुचिकर र अग्निवर्द्धक मानिएको एक जातको भुइँझार । २. भालु आदि जन्तुले चिथोरेर नाक बिगारिदिएको व्यक्ति; भालुकोरे । – **डुबी/बुडी**– ना० नाउबुडी ।

**नाका**– ना० [सं० नग = पहाड] १. एउटै बाटो दुइटा बाटामा बाँडिने ठाउँ; दुई बाटा फाट्ने ठाउँ; दोबाटो; मुहान । २. सहरभित्र पस्ने मुख्य ठाउँ; आउँदा-जाँदा पस्ने मुख्य ठाउँ; प्रवेशस्थान । ३. गौँडा; दोमुहानी; चौमुहानी । ४. पस्ने र निस्कने निकास । – **बन्दी**– ना० मालसामान ल्याउनेलाने मुख्य बाटो बन्द गरी अवरोध खडा गरिएको अवस्था; मार्ग-अवरोध ।

**नाकिमा**– ना० [भो० ब०] फेदैदेखि ठूलाठूला पात लाग्ने, कोसाका आकारका फूल फुल्ने र पात गाईबस्तुलाई घाँस खुवाउन र फूल तरकारीका रूपमा प्रसिद्ध भएको, पहाडमा उम्रने एक जातको बोट ।

**नाकी**– ना० [नाक+ई] गोरु, राँगा आदि पशुको नाक छेडेर लगाइएको डोरी वा सुत्ली, नत्थी; नाकीडोरी । ~ **डोरी**– ना० नाकी ।

c:\Sabdkosh\dick'Na'.p65



**नाकुली**– ना० [सं०] तीनतीनवटा लाम्चा, साना पात एकै साथ लाग्ने, आयुर्वेदमा गरम शान्त गर्ने, त्रिदोषनाशक र विष शमन गर्ने गुण बताइएको एक जातको बुटी ।

**नाके**– वि० [नाक+ए] १. लामो वा ठूलो नाक हुने । २. साधारण ध्वनि पनि नाकबाट निकालेर बोल्ने (मान्छे) । ३. सुगाको जस्तो लामो नाक भएको; सुगानाके । ४. नाकसम्बन्धी; नाकको (उदा०– नाके स्वर; नाके बोली) । ५. अनुनासिक; सानुनासिक । ~ **टोड्की**– ना० नाकका पोरासित ध्वनिको उच्चारणमा सहयोग पुऱ्याउने नाकभित्रको टोड्को; पिनासे ओडार; सिँगाने ओडार । ~ **डाँडी**– वि० नाकको टुप्पोदेखि सँघारसम्मको धुरी । ~ **डाँडो**– ना० १. नाकजस्तो परेको डाँडो । २. नाक भएको डाँडो । ~**बोली**– ना० १. साधारण ध्वनि पनि नाकबाट उच्चारण गरेर बोलिएको बोली; नाकबाट निस्केजस्तो स्वर । २. नाकेको बोली ।

**नाक्सो**– ना० [भो० ब०] जिरेल जातिका पुरोहित ।

**नाखुस**– वि० [फा०] खुसी नभएको; प्रसन्न नभएको; रिसाएको; अप्रसन्न; क्रुद्ध । > **नाखुसी**– ना० खुसी नहुनाको भाव; अप्रसन्नता; रिसानी ।

**नाग**– ना० [सं०] १. घस्रेर हिँड्ने लम्बाकार विषालु कीरो; सर्प; लाम्कीरो । २. पुराणमा कश्यपकी पत्नी कद्रुका सन्तान मानिएका वासुकि, तक्षक, कुलिक, कर्कोटक, पद्म, शङ्खचूड, महापद्म र धनञ्जय नामका आठ नाग । ३. एक प्राचीन राजवंश । ४. एक प्राचीन देश र त्यसमा बस्ने एक जाति । वि० ५. पर्वतीय; नगमा बस्ने । ~ **कन्या**– ना० १. नाग जातिकी कन्या । २. शरीरको माथिल्लो आधा भाग स्त्रीको र तल्लो आधा भाग नागको हुने पुराकथात्मक युवती । ३. चुपिचन्डाल केटी । ~ **केशर**– ना० १.पहेँलो केशर हुने, सेतो सुगन्धी फूलजस्ता बबुरका मसिना पात हुने एक जातको बोट । २. त्यसैको फूल; नागेश्वरी । – **दन्त**– ना० १. हात्तीको दाँत । २. भित्तामा गाडिएको कीलो । – **दन्ती**– ना० घिउकुमारीका जस्ता तीन-चार फिट लामा हुप्प फुलेका हरिया पात र सेता बास्ना आउने फूल फुल्ने र खैरो जरो हुने, आयुर्वेदमा जरालाई शक्तिवर्द्धक र कफनाशक तथा पातलाई विषनाशक र चर्मरोग शमन गर्ने बताइएको एक प्रकारको बुटी । ~ **दह**– ना० १. पौराणिक परम्पराअनुसार नागले वास गर्ने जलाशय; नाग बस्ने दह । २. काठमाडौँको चोभारमा रहेको प्रसिद्ध ऐतिहासिक दह । ३. तेह्रथुम जिल्लाको एउटा प्रसिद्ध ठाउँ । ४. प्रागैतिहासिक कालमा हाल काठमाडौँ उपत्यका भएको ठाउँको एक विशाल जलाशय । ~ **पञ्चमी**– ना० साउन महिनाको शुक्ल पक्षको पञ्चमी तिथि; नागहरूको पूजा गरिने र कागतमा नागका चित्र लेखेर वा छापेर घरघरमा टाँसिने दिन; श्रावण शुक्ल पञ्चमी । – **पाश**– ना० १. पुराणमा वरुणको हतियार मानिएको एक प्रकारको पासो । २. प्राचीन कालको एक प्रकारको जालजस्तो अस्त्र । – **फणी**– ना० १. जोगीहरूले फुकेर बजाउने एक प्रकारको बाजा । २. लामालामा काँडा हुने, ठूला बाक्ला पाटाका टुप्पामा लाम्चा फल फल्ने र फलमाथि पहेँला फूल फुल्ने एक प्रकारको सिउँडी; मदिसे काँडो । – **बला/बलु**– ना० साधारण बाटुला पातको माथि हरियो, चिल्लो र तल रौँ भएका किनारामा दाँती परेका पात हुने रातो जातको बलुको बोट; रातो बलु । – **बेली**– ना० १. नागको जस्तो आकार परेको नदी, बाटो आदिको आकृति; कुण्डलाकृति । २. छाया र पहाडको खोच भुइँमा हाँगा फाटेर लाम्चिएका ससाना पात हुने, कहिल्यै फल र फूल नलाग्ने, आयुर्वेदअनुसार नसालाई ठीक गर्ने, धातुरोग, बाथ, फोक्सो र मृगौलाको रोगलाई शमन गर्ने गुण बताइएको एक थरी बाङ्गोटिङ्गो लहरो । ३. पानको लहरो; नागवल्ली । वि० ४. सर्पको हिँडाइजस्तो बङ्गोटिङ्गो परेको (रेखा, बुट्टा आदि) । – **बेली बाजा**– ना० जोगी, सन्त, महन्तहरूमा प्रचलित मुखले फुकेर बजाइने नागका आकारको एक प्रकारको बाजा; बराँठको सिङको बाजा । – **बेले**– वि० नागबेली परेको; कुण्डलाकार ।

**नागर**– वि० [सं०] १. नगरसम्बन्धी; नगरको । २. सहरमा बस्ने; सहरिया । ३. सभ्य । ४. नागरिक । > **नागरक**– ना० १. कालिगड; शिल्पी । २. नगरको रक्षा गर्ने राजकर्मचारी । ३. चोर ।

**नागरमुस्ता**– ना० [सं०] जरामा ससाना गान्टा हुने, भालाका आकारका हरिया पात हुने, खैरो फूल हुने, एक जातको भुइँझार; मोथे ।

**नागरमोथे**– ना० [सं० नागरमुस्ता] एक प्रकारको मोथे झार ।

**नागराज**– ना० [सं०] १. सहस्र फणा भएका सर्पहरूका राजा; शेषनाग । २. छन्दशास्त्रका प्रवर्तक पिङ्गलाचार्य । ३. ऐरावत हात्ती । ४. एक प्रसिद्ध व्याकरणकार; पतञ्जलि; नागेश ।

**नागरिक**– वि० [सं०] १. नगरसम्बन्धी; नगरको; नगरवासी । ना० २. कुनै देश वा राष्ट्रको विधानअनुसार सामाजिक, राजनीतिक आदि अधिकार पाएको र तदनुसार निश्चित कर्तव्यमा रहनुपर्ने व्यक्ति (नागरिक जन्मसिद्ध र अङ्गीकृत गरी दुई प्रकारका हुन्छन्) । ~ **अधिकार**– ना० कुनै देश वा राष्ट्रको संविधानअनुसार सर्वसाधारण नागरिकले देशप्रतिको कर्तव्य पूर्ण गरेबापत पाउने सामाजिक, राजनीतिक आदि अधिकार; नागरिक हक । ~ **उड्डयन**– ना० सर्वसाधारण जनताको यातायातको सुविधाका लागि गरिएको हवाई उडान । ~ **हक**– ना० नागरिक अधिकार ।

**नागरिकता**– ना० [सं०] १. नागरिक हुनाको भाव वा अवस्था । २. कुनै राष्ट्रले आफ्नो संविधानअनुसार त्यस राष्ट्रमा बस्ने व्यक्तिलाई वंशजका नाताले वा निश्चित अवधिदेखि बसोबास गरेका नाताले दिने नागरिक अधिकार । ३. कुनै राष्ट्रले आफ्नो संविधानअनुसार त्यस देशमा बस्ने व्यक्तिलाई देशप्रति कर्तव्यपरायण भएमा उमेरको निश्चित तहमा पुगेपछि दिने नागरिक अधिकार । ~ **निलम्बन**– ना० कसैलाई अस्थायी तवरले वा अवस्था हेरी स्थायी तवरले नै पनि नागरिक हकबाट वञ्चित गराउने कार्य । ~

**परित्याग**– ना० १. कुनै राष्ट्रको नागरिकद्वारा त्यस राष्ट्रको नागरिकतालाई कारणवश छोड्ने काम । २. कुनै राष्ट्रको नागरिक त्यस राष्ट्रको संविधानबमोजिमको अधिकार र कर्तव्यबाट मुक्त हुने स्थिति । ~ **प्रमाणपत्र**– ना० कुनै राष्ट्रमा बस्ने व्यक्तिलाई वंशजका नाताले वा निश्चित अवधिदेखि बसोबास गरेका नाताले त्यस राष्ट्रको नागरिक हो भन्ने प्रमाणित गरी सरकारी कार्यालयद्वारा दिइने पत्र । ~ **प्राप्ति**– ना० कुनै राष्ट्रमा बस्ने व्यक्तिले वंशजका नाताले वा निश्चित अवधिदेखि बसोबास गरी नागरिकताप्राप्तिका लागि निर्धारित औपचारिकता पूरा गरेपछि त्यस राष्ट्रको नागरिकता पाएको वा नागरिक बनेको स्थिति । ~ **लोप**– ना० कुनै राष्ट्रको नागरिकताप्राप्त व्यक्तिको नागरिकता कुनै कारणवश नरहेको वा गुमेको स्थिति । ~ **हरण**– ना० खास कारणवश नागरिकताबाट कसैलाई सरकारी आधारबाट हटाउने कार्य ।

**नागरी**– ना० [सं०] १. सहरमा बसोबास गर्ने स्त्री; सहरिया स्त्री । २. स्त्री; नारी । ३. देवनागरी लिपि ।

**नागल**– ना० [सं० नाग+गर्त] थाम, निदाल, खसिपा आदिका छेउमा कुना मारेर पारिने खोल्सो ।

**नागलोक**– ना० [सं०] पुराणअनुसार पृथ्वीभन्दा तल्तिर छन् भनी विश्वास गरिएका सात लोकमा सबभन्दा तल्लो लोक; नागहरूको बस्ने ठाउँ; पाताल ।

**नागवल्लरी / नागवल्ली**– ना० [सं०] १. नागबेली । २. ताम्बूल लता; पानको लहरो ।

**नागह्रद**– ना० [सं०] नेपालको राजधानी काठमाडौँमा रहेको चार भन्ज्याङभित्रको खाल्टो विशाल दह छँदाको प्रागैतिहासिक नाम; नागदह ।

**नागा**– ना० [नाङ्गो] १. सधैँ नाङ्गा रहने एक थरी शैव वा जैन सम्प्रदायका जोगी । २. जोगीका भेषमा रहेका फौजी जवानहरू (दिव्य०) । ३. अविवाहित जवान पुरुष । ४. भारतको उत्तरपूर्वी क्षेत्रमा रहने एक जाति; नागाल्यान्डको जाति ।

**नागार्जुन**– ना० [सं०] १. भारतको विदर्भ प्रदेशमा जन्मेका बौद्ध दर्शनका प्रमुख आचार्य । २. काठमाडौँको उत्तरतर्फ रहेको बालाजुबाट सुरु भई आर्यश्वरमा टुङ्गिने एक डाँडो । ३. चौरासी सिद्धमध्ये एक ।

**नागिनी**– ना० [सं०] १. पोथी सर्प; सर्पिणी । २. पिठिउँको बाङ्गोटिङ्गो, सर्पाकार रोमरेखा भएकी स्त्री; पिठिउँमा नागबेली परेका रौँ भएकी स्त्री ।

**नागी**– ना० [सं० नाग+ई] १. विकलाङ्ग शिशु नजन्मून् र जन्मेका शिशुलाई रोग नलागोस् भनी गरिने (राई-लिम्बू समाजमा प्रचलित) एक प्रकारको पूजा । २. बुकीझार हुने लेकाली डाँडा वा चउर । ३. पहाडको ठूलो र फराकिलो खुइले चउर । – **युँ**– ना० १. चौँरी गाई चर्ने ठाउँ; हिमाली पाटन । २. नागी चौर ।

**नागेश**– ना० [सं०] १. सर्पहरूका राजा; शेषनाग । २. नव्य-व्याकरणका प्रसिद्ध आचार्य; पतञ्जलि ।

**नागेश्वरी**– ना० [सं०] हे० नागकेशर ।

**नागो**– वि० [नाङ्गो] स्वास्नी, छोराछोरी कोही पनि नभएको अविवाहित (पुरुष); एक्लो; नाङ्गो, ठिङ्गो ।

**नाघ्-नु**– स० क्रि० [सं० लङ्घन+नु] १. सजीव वा निर्जीव कुनै वस्तुलाई आफ्नो मनि पारेर जानु वा उड्नु; सोझै माथिबाट जानु; फड्कनु । २. कुनै नियम, मर्यादा आदिको विपरीत आचरण गर्नु । ३. भनेको नमान्नु; नटेर्नु । ४. क्रमभङ्ग गर्नु; सिलसिला तोड्नु । ५. कसैलाई उछिन्नु; अघि जानु वा अघि हुनु । > **नाघिनु**– क०क्रि० नाघ्ने काम गर्नु; फड्किनु ।

**नाङ्गिनु**– अ० क्रि० [नाङ्गो+इ+नु] नाङ्गो हुनु; नङ्गिनु ।

**नाङ्गे**– वि० [नाङ्गो+ए] नाङ्गो । ~**झार**– ना० धनसम्पत्ति केही नभएको; श्रीसम्पत्ति गुमाइसकेको; निर्धन; हरिकङ्गाल ।

**नाङ्गो**– वि० [सं० नग्न] १. जीउमा लुगाफाटो केही नलगाएको; नग्न, निर्वस्त्र । २. जहान, परिवार कोही नभएको; ठिङ्गो; नङ्गा । ~ **बुङ्गो / भुतुङ्गो**– वि० शरीरमा कत्ति पनि लुगाफाटो नभएको; एकदमै नाङ्गो ।

**नाङ्ली**– ना० [नाङ्लो+ई] सानो नाङ्लो ।

**नाङ्ले**– वि० [नाङ्लो+ए] १. नाङ्लोसम्बन्धी; नाङ्लाको । २. नाङ्लामा मालसामान राखेर बेच्ने; सडकवरिपरि बसेर सानोतिनो व्यापार गर्ने । ३. नाङ्लो निफनेझैँ गरी मुन्टो हल्लाइरहने (गाई, भैँसी) । ना० ४. नाङ्लाको व्यापार गर्ने व्यक्ति । ५. नाङ्लामा माल राखी व्यापार गर्ने व्यापारी । ~ **भूत**– ना० इन्द्रेनी पर्नुभन्दा पहिले कुद्ने तेजिलो नाङ्लो आकारको तेजपुञ्ज (धामीझाँक्रीहरूमा प्रचलित शब्द) । ~ **माछो**– ना० सानो टाउको हुने, बाटुलो शरीरका वरिपरि पखेटा हुने खैरो रङको एक जातको माछो । ~ **रायो**– ना० ठूलाठूला पात हुने नरम खालको रायो ।

**नाङ्लो**– ना० बाँसका चोयाबाट बुनेर गोलाकार रूपमा बिट राखी बनाइएको, ठूलो थालजस्तो, अनाजहरू निफन्ने साधन; सुपो ।

**नाच्-नु**– अ० क्रि० [सं० नृत्य (+नु)=नर्तन] १. सङ्गीतका ताल र लयअनुरूप हाउभाउ देखाउँदै हात, गोडा र कम्मर आदि शरीरका अवयवको कलापूर्ण तरिकाले सञ्चालन गर्नु; नृत्य गर्नु; नाच गर्नु । २. यताउति हिँड्नु, भौँतारिनु । ३. सोचविचार नगरीकन अर्काको इसारामा चल्नु; अर्काको लहैलहैमा दगुर्नु । ४. घुम्नु, रिङ्नु ।

**नाच**– ना० [नाच्+अ, सं० नृत्य] १. सङ्गीतका ताल र लयअनुसार हाउभाउ देखाउँदै शरीरका हात, गोडा, कम्मर आदि अवयवहरूको सञ्चालन गर्ने काम । २. नाटच; नाटक । ~ **कीर्तन**– ना० नाचका साथ गरिने कीर्तन; नाच र कीर्तन; नाचगान । ~ **गान**– ना० नाच्ने र गाउने काम; नृत्य र गीत; नाच र गान । ~ **घर**–

ना० नाटचशाला । ~ **थली**– ना० १. नाच्नका लागि मण्डपमा बनेको ठाउँ; नाचिने ठाउँ । २. नृत्यस्थान ।

**नाचिनु**– क० क्रि० [नाच्+इ+नु] १. नाच्ने काम गरिनु; नाच गरिनु । अ० क्रि० २. नाच्ने होइनु ।

**नाजवाफ**– वि० [अ०] निरुत्तर; चुप ।

**नाजायज**– वि० [अ०] १. जायज नभएको; मुनासिब नभएको; अनुचित; बेमुनासिब । २. न्यायसङ्गत नभएको; अवैध; गैरकानुनी ।

**नाजी**– ना० [जर्म० नात्सी] १. आफूलाई राष्ट्रिय साम्यवादी भन्ने द्वितीय विश्वयुद्धमा पराजित भएको जर्मनीको एक प्रसिद्ध राजनीतिक दल । २. उक्त दलको सदस्य । वि० ३. साह्रै क्रूर; निर्मम । – **वाद**– ना० शक्तिशाली सैनिक अधिनायकत्वका रूपमा राष्ट्र र संसारकै पनि शासनसूत्र बलपूर्वक हत्याएर चलाउनुपर्छ भन्ने, व्यक्तिस्वतन्त्रता तथा जनतन्त्रको परम विरोधी सिद्धान्त ।

**नाजुक**– वि० [फा०] १. बल नभएको; निर्धो; कमजोर; बिल्पारी । २. सजिलै बिग्रिन-भाँचिन सक्ने; कोमल । ३. कुनै हानि वा अनिष्टको आशङ्का भएको (अवस्था) ।

**नाजोर**– वि० [फा०] कमजोर; निर्धो; नाजुक ।

**नाटक**– ना० [सं०] १. कुनै देश, काल र वातावरणसँग सम्बद्ध नर-नारीको चरित्र र कार्यलाई पात्रहरूका अभिनयका माध्यमद्वारा प्रदर्शित गरिने उद्देश्यले लेखिएको संवादात्मक साहित्यिक विधा; दृश्य काव्य । २. रङ्गमञ्चमा अभिनय गरेर देखाउन मिल्ने गरी लेखिएको कुनै कथावस्तु । ३. पाँचदेखि दस अङ्कसम्म हुने, प्रख्यात धीरोदात्त, दिव्य वा अदिव्य नायक हुने, पञ्चसन्धिले युक्त र वीर आदि रसको समावेश भएको रूपकको एक भेद । ४. वास्तविक रूपमा नभएर देखाउनका निमित्त मात्र गरिने कुनै काम; देखावटी वा बनावटी कुरा । – **कार**– ना० नाटकको रचना गर्ने व्यक्ति; नाटक लेख्ने व्यक्ति । ~ **विधा**– ना० नाटक लेख्ने काम; नाटकको रचना; नाटक लेखन । ~ **सम्राट्**– ना० नाटककारहरूमध्ये श्रेष्ठ नाटककार । २. नेपाली समालोचकहरूले स्व० बालकृष्ण समलाई दिएको एक उपाधि । > **नाटकीय**– वि० १. नाटकसम्बन्धी; नाटकको । २. नाटकजस्तो । ३. नाटकमा झैँ बदलिरहने (घटना वा कार्य) ।

**नाटिका**– ना० [सं०] चार अङ्क हुने दृश्य काव्यको एक भेद ।

**नाटीकुटी**– ना० [निधीखुदी] १. दैनिक आहार व्यवहारमा वा धार्मिक कृत्यहरूमा गरिने शङ्काउपशङ्का; अनावश्यक खोजीनिती । २. नचाहिँदो स्वाङ; आडम्बर; पाखण्ड ।

**नाटच**– ना० [सं०] १. नाच; नाटक । २. अभिनय; हावभाव । ३. बहाना; नक्कल । ४. अवस्थाको अनुकरण । – **कार**– ना० १. नाटचसम्बन्धी काम गर्ने व्यक्ति; नाटक गर्ने व्यक्ति । २. नाटककार । ~ **नौका**– ना० समुद्र वा ठूला नदीमा पर्यटन गर्ने सौखिनहरूको मनोरञ्जनका लागि नाटच रङ्गमञ्चसमेत भएको नाउ । – **रासक**– ना० लयताल धेरै भएको, उदात्त (श्रेष्ठ) नायक, वासकसज्जा नायिका, पीठमर्द उपनायक हुने र शृङ्गारसहित हास्यरसयुक्त एकाङ्की उपरूपक । ~ **वेद**– ना० पाँचौं वेद मानिएको नाटचशास्त्र । – **शाला**– ना० नाचगान गर्ने घर वा स्थान; नाटक खेल्ने घर वा स्थान; नाचघर; प्रेक्षागृह । ~ **शास्त्र**– ना० १. नृत्य, गीत, अभिनयको ज्ञान गराउने शास्त्र; नाटचसम्बन्धी कुराको चर्चा भएको शास्त्र । २. भरतमुनिले बनाएको नाटचसम्बन्धी कुराको चर्चा भएको ग्रन्थ; नाटचग्रन्थ । > **नाटचागार**– ना० नाचघर; नाटचशाला । **नाटचालङ्कार**– ना० नाटकको शोभा बढाउने विशेष खालको अलङ्कार । **नाटचोक्ति**– ना० केही कुरा सबैलाई सुनाइने, कसैलाई बाहेक गरी अरूलाई सुनाइने, मनमनै भनिने, बाहिरबाट फलाकिने र टाढाबाट सुनेजस्तो गरी माथितिर फर्केर भनिने गरी नाटकका पाँच प्रकार (श्रव्य, जनान्तिक, स्वगत, आकाशभाषित र नेपथ्य) का उक्तिमध्ये कुनै एक ।

**नाठे**– ना० [नाठो+ए] गुप्त किसिमले पोइ राख्ने आइमाई; नाठो खेलाउने आइमाई; व्यभिचारिणी स्त्री; वेश्या ।

**नाठो**– ना० [प्रा० णट्ठो] १. अरूले थाहा नपाउने गरी गुप्त किसिमले राखिएको पोइ; जार । २. उपपति; परपुरुष ।

**नाडी**– ना० [सं०] १. शरीरभित्रका विभिन्न अवयवमा रगत बग्ने नली; रक्तवाहिनी नली; धमनी; शिरा । २. नियमित रूपले रक्त सञ्चालन हुने तथा गतिको घटबढ नाप गरिने हातको नसा । ३. हत्केलाको फेद; नारी । ४. ज्योतिषशास्त्रअनुसार वर वधूको राशिगणनामा कल्पित चक्रको नक्षत्रसमूह । ५. मर्मस्थल; सन्नी । ६. हठयोगअनुसार षट्चक्रको अभ्यास गर्दा शरीरमा अवस्थित इडा, पिङ्गला र सुषुम्ना तीन नली । ७. छ क्षणको एक कालमान । ८. वास्तु वा मूर्तिकलामा प्रयुक्त हुने एक अङ्गुल वा मात्राको दस गुनाबराबरको नाप; सय ताल, आयुध वा प्रादुर्भावबराबरको नाप; दस अङ्गुलबराबरको नाप । ~ **ग्रन्थी**– ना० नसाहरूका बीचमा परेका गाँठा; शिरास्फोट । ~ **परीक्षा**– ना० रोग पत्ता लगाउनका लागि वैद्यले रोगीको नाडीको गति जाँच्ने काम; रोगको निदानका लागि गरिने नाडीको परीक्षा । ~ **मन्दता**– ना० स्वास्थ्यको खराबीले गर्दा नाडीको गतिमा देखा परेको धीमापन; नाडीको सञ्चालन बिस्तारै हुने क्रिया ।

**नाता**– ना० [सं० ज्ञाति] १. एउटै कुलमा जन्मनाले वा विवाह आदिले गर्दा जोडिएको पारस्परिक सम्बन्ध; जन्म वा विवाह आदिबाट भएको सम्बन्ध; गोत्र वा कुटुम्बको सम्बन्ध; साइनु । २. स्नेह; माया ।

**नाताकुटुम्ब**– ना० [नाता+कुटुम्ब] जन्म वा विवाह आदिका आधारमा नाता पर्ने व्यक्ति; नातेदारवर्ग; नातागोता; बन्धुवर्ग; इष्टमित्र ।

**नातागत**– वि० [अ० नाताकत] १. शारीरिक अस्वस्थताले गर्दा शक्ति क्षीण भएको; तागत नभएको; दुर्बल; कमजोर; निर्धो । ना० २. तागतको अभाव; नातागती । > **नातागतिलो**– वि० तागत नभएको । **नातागती**– ना० १. तागतको अभाव । वि०

c:\Sabdkosh\dick'Na'.p65



२. दुब्लो; कमजोर ।

**नातागोता–** ना० [सं० ज्ञाति+गोत्र] नाताकुटुम्ब; कुलकुटुम्ब ।

**नातादार–** वि० [नाता+दार] १. जन्म वा विवाह आदिका आधारमा नाता पर्ने; साइनु पर्ने; सम्बन्ध जोडिएको । ना० २. नातादार व्यक्ति । > **नातादारी–** ना० १. नातादारहरूका बीचमा हुने पारस्परिक सम्बन्ध; नातादार हुने भाव । २. साइनु; सम्बन्ध ।

**नातावाद–** ना० [नाता+वादी] कुनै काममा योग्यता, न्याय-अन्याय वा उचित-अनुचितको ख्याल नगरी आफ्ना नातेदारको पक्ष लिने प्रवृत्ति वा नीति । > **नातावादी–** वि० नातावादको समर्थन वा सञ्चालन गर्ने ।

**नाति–** ना० [सं० नप्ता] छोरा वा छोरीको छोरो । – **नातिना–** ना० नाति र नातिनीहरूको समुदाय; नाति र नातिनीहरू । > **नातिनी–** ना० छोरा वा छोरीकी छोरी ।

**नातिने–** वि० नाति वा नातिनीका सम्बन्धबाट भएको; नाति वा नातिनीका नातासम्बन्धी (ज्वाइँ, बुहारी आदि) । ~ **ज्वाइँ–** ना० नातिनीको लोग्ने । ~ **बुहारी–** ना० नातिकी पत्नी ।

**नातिशीतोष्ण–** वि० [सं०] न धेर जाडो न धेर गर्मी भएको; सर्दी र गर्मी ठिक्क भएको ।

**नातेदार–** वि० [नाता+ए+दार] नातादार । > **नातेदारी–** ना० नातादारी ।

**नातो१–** ना० [√ नाता] नाता; साइनु; सम्बन्ध ।

**नातो२–** ना० [सं० लक्तक > लत्तो] १. मालसामान उठाउँदा टाउकोमा बाँध्ने रुमाल । २. कुनै भाँडोको मुखमा बेर्ने टालो । ३. दुना-टपरी आदिमा कुनै पदार्थ राखी जोगारका निम्ति माथितिरबाट पातले खुटेर छोप्ने काम ।

**नाथ्-नु–** स० क्रि० [सं० नाथ+नु] १. नत्थी लाउनका लागि राँगा, गोरु आदिको नाक छेड्नु । २. नाथ्री छेडी मुन्द्रो, डोरी आदि हाल्नु ।

**नाथ–** ना० [सं०] १. मालिक; स्वामी । २. पति । ३. ईश्वर । ४. मालिक, पति, ईश्वरलाई गरिने एक प्रकारको सम्बोधन । ५. गोरखनाथ वा मत्स्येन्द्रनाथका मतानुयायी साधुहरूको एक उपाधि । ६. राँगो, गोरु आदिका नाकमा लगाइने डोरी; नत्थी । – **ता–** ना० नाथ वा स्वामी हुनाको भाव; प्रभुता ।

**नाथिनु–** क० क्रि० [नाथ्+इ+नु] १. नाथ्ने काम गरिनु । अ० क्रि० २. नाथ वा नत्थी लागिनु ।

**नाथु–** वि० बो० [प्रा० णट्ठो < सं० नष्ट] १. कसैलाई हेला, घृणा वा तिरस्कार गर्न भनिने शब्द; कसैलाई होच्याउन भनिने शब्द; नाथे । वि० २. तुच्छ; नीच; जाबो; पामर; पाङ्दुरे । ना० [नाथ+ऊ] ३. नाकका प्वालभित्रको रौं; नाथे । – **रामे–** वि० बिकामे; नाथू; नाथे ।

**नाथू–** वि० बो० हे० नाथु ।

**नाथे–** ना० [सं० नाथ+ए] १. नाकका प्वालभित्र उम्रने रौं । वि० बो० [सं० नष्ट] २. कसैलाई हेला, घृणा वा तिरस्कार गर्दा भनिने शब्द; कसैलाई होच्याउन भनिने शब्द; नाथू; मूला । वि० ३. तुच्छ; नीच; जाबो; पामर; पाङ्दुरे ।

**नाथ्री–** ना० [सं० नाथटी] १. नाकका दुई प्वालबीचको पर्दा, नाकभित्रको सन्धिस्थान; नाथ्रो । २. धागो उन्ने सियोको प्वाल । ३. पुरुषको जननेन्द्रियभित्रको पातलो छाला । ४. ज्यादै मसिनु नाथ वा नत्थी । ~ **फुटाइ–** ना० पिनासे ओडारमा घाउ भई गर्मी आदिले गर्दा नाकका प्वालबाट रगत बग्ने काम ।

**नाथ्रो–** ना० [सं० नस्त] १. नाथ्री । २. नाथ्ने डोरो वा डोरी; नाथ । ३. खापसियो वा सुइराको नाथ्री ।

**नाद१–** ना० [मै०] बस्तुभाउलाई घाँस, ढुटो आदि खान दिने डुँड वा आरी (प्रायः काठ वा सिमन्टीको)।

**नाद२–** ना० [सं०] १. झङ्कारका साथ सुश्राव्य रूपमा उच्चारित हुने ध्वनि; घोष ध्वनि । २. शब्द; ध्वनि; आवाज । ३. ठूलो शब्द; गर्जन । ४. वर्णको अव्यक्त मूल रूप । ५. अनुनासिक वर्ण । ६. सङ्गीतशास्त्रका अनुसार हृदयमा नाभिस्थानभन्दा माथि रहेको वायुका सहायताले उत्पन्न भई मुखबाट प्रसारित हुने ध्वनि । ७. हठयोगका अनुसार षट्चक्रको अभ्यास गर्दा अभ्यास गर्ने साधकले सुन्ने शब्द; त्यस्तो साधकको मस्तिष्कमा उब्जेको सुमधुर शब्द वा उसद्वारा निस्केको मधुर ध्वनि । ८. एक किसिमको वाद्यरहित लयात्मक आवाज । ~ **ब्रह्म–** ना० १. शब्दरूप ब्रह्म । २. ॐ ध्वनि; प्रणव । ~ **लहरी–** ना० सङ्गीतशास्त्रका अनुसार कुनै स्वर वा श्रुतिका ध्वनिमा हुने कम्पनका तरङ्ग । ~ **सौन्दर्य–** ना० कुनै स्वर वा श्रुतिका ध्वनि कम्पनमा हुने सौन्दर्य; ध्वनि-सौन्दर्य ।

**नादान–** वि० [फा०] १. कुनै कामकुरा गर्ने साहस वा उत्साह नभएको; हिम्मत नभएको; डरछेरुवा; लाछी नामर्द । २. बुद्धि नै नभएको वा ज्यादै कम बुद्धि भएको; मूर्ख; नासमझ । ३. कम महत्त्वको; जाबो; तुच्छ । ४. उमेर वा अवस्था नपुगेको; बुद्धि नछिप्पिएको (केटाकेटी) । > **नादानी–** ना० १. नादान हुनाको भाव; नामर्दी । २. मूर्खता; बुद्धिहीनता । ३. तुच्छता । ४. अज्ञान; अज्ञता ।

**नादिर शाह–** ना० [अ० +फा०] आफ्नो निर्दयी व्यवहार र अत्याचारका लागि प्रसिद्ध फारस देशका एक बादशाह । > **नादिर शाही–** ना० १. अत्याचार वा अन्याय । २. बलात्कार वा लुटपिट ।

**नादी–** वि० [सं०] १. नाद गर्ने; शब्द वा ध्वनि निकाल्ने । २. गर्जने; डुक्रने । ३. बज्ने ।

**नानक–** ना० [पं०] वि० सं० १५२६-१५९७ को आसपासका सिक्ख धर्मका प्रवर्तक, पन्जाबका एक प्रसिद्ध महात्मा; सिक्ख सम्प्रदायका आदिगुरु । ~ **पन्थ–** ना० नानकद्वारा सुरु गरिएको धार्मिक सम्प्रदाय; सिक्ख धर्म । ~ **पन्थी–** वि० १. गुरु नानकले चलाएको सम्प्रदायको अनुयायी । ना० २. सिक्ख ।

**नाना१**– ना० [बा० बो०] लुगाकपडाका लागि प्रयोग गरिने शब्द; लुगा; कपडा; वस्त्र ।

**नाना२**– वि० [सं०] अनेक; विभिन्न; किसिम-किसिमको; थरी-थरीको । – **ओली**– वि० अनेक किसिमको, थरी-थरीको; भाँती-भाँतीको; नानावली । > **नानार्थ**– वि० १. अनेक अर्थ भएको; थरी-थरीका अर्थ भएको; धेरै माने लाग्ने । २. अनेक किसिमका काममा आउने; धेरै किसिमले उपयोगमा ल्याउन सकिने । – **वली**– वि० अनेक किसिम वा ढाँचाको; थरीथरीको; भाँति-भाँतीको; किसिम-किसिमको; अनेकओली । – **विध**– वि० १. नानावली । क्रि० वि० २. अनेक किसिमले; विभिन्न तरिकाबाट ।

**नानी१**– ना० रक्सी थाप्न प्रयोगमा ल्याइने एक किसिमको भाँडो ।

**नानी२**– ना० [सं० नन्द+ई+] १. ठूलाले केटा-केटी वा आफूभन्दा कम उमेरकालाई माया गरेर बोलाउने शब्द । २. बच्चा; केटाकेटी; बालबालिका । ३. दरबारिया सुसारे आइमाई; केटी । ४. आँखाको पुतली । वि० ५. सानी । – **को ताइँ**– ना० खुपै काम गर्छु भन्ने घमन्ड; निकै फुर्ती । (उदा०– के गर्न सक्छौ? हेरौँ नानीको ताइँ) । ~ **झार**– ना० छोइँदा मात्रै पनि खुमुच्च भएर पात खुम्च्याउने भुइँझार; बुहारी झार; लज्जावती झार; लाजवन्ती । ~ **साहेब**– ना० १. राजामहाराजा वा राणा शासकहरूकी रखौटी स्वास्नीलाई दिइने एक दर्जा । २. राजामहाराजा वा राणा शासकहरूकी रखौटी ।

**नानु**– ना० [नानो+उ] सानी केटीलाई स्नेहपूर्वक बोलाउँदा प्रयोग गरिने शब्द ।

**नान्दी**– ना० [सं०] १. संस्कृत नाटक परम्पराअनुसार रङ्गशालाको विघ्नशान्तिका लागि सूत्रधारद्वारा नाटकको सुरुमा पढिने, मङ्गलाचरण, देवस्तुति आदि भएको आशीर्वादात्मक श्लोक । २. मङ्गलाचरण । ३. समृद्धि; अभ्युदय । – **मुख**– ना० १. विवाह, व्रतबन्ध आदि शुभ कार्यका आरम्भमा गरिने, दिवङ्गत पितृहरूको पूजा । २. शुभ कार्यको आरम्भमा गरिने माङ्गलिक श्राद्ध, आभ्युदायिक श्राद्ध । – **मुखी**– ना० १. दुई नगण, दुई तगण र दुई गुरु भएको र सातौँ अक्षरमा विश्राम भएको छन्दविशेष । २. नान्दीमुख । – **वाद**– ना० राजाको दैनिक कार्य सुरु गर्दा मङ्गल बजाउने वा मङ्गल गाउने अधिकारी (ऐति०) । ~ **श्राद्ध**– ना० नान्दीमुख ।

**नाप्-नु**– स० क्रि० [सं० मापन] १. कुनै वस्तुको लम्बाइ, चौडाइ, उचाइ आदिको परिमाण लिनु; नापो लिनु; नापी गर्नु । २. जोख्नु; भर्नु; तौलनु; परिमाणको निर्णय लिनु । ३. कसैले कुनै काम गर्छु भनी घमन्ड गरेर पनि काम फत्ते गर्न नसक्दा 'खूब गरिस्' भनी व्यङ्ग्य गर्नु; खुत्त्याउनु ।

**नाप**– ना० [सं० माप] १. कुनै वस्तुको लम्बाइ, चौडाइ, उचाइ आदिको परिमाण; नापो; माप । २. नाप्ने काम; नपाइ । ३. नाप्ने साधन (गज, फुट, टाँगो आदि) । ~ **जोख**– ना० कुनै वस्तुलाई नाप्ने र तौलने काम; नापजोख । ~ **तौल**– ना० नाप्ने र तौलने काम; नापजोख । ~ **नक्सा**– ना० १.जग्गाजमिनको लम्बाइ, चौडाइको परिमाण र त्यसको रेखाचित्र । २. जग्गाजमिन नाप्ने र त्यसको नक्सा खिच्ने काम ।

**नापित**– नाऊ ।

**नापिनु/नाप्पिनु**– क० क्रि० [नाप+इ+नु] १. नाप्ने काम गरिनु । अ० क्रि० २. नपाइमा पर्नु ।

**नापी**– ना० [नाप+ई] १.जग्गाजमिन आदिको लम्बाइ-चौडाइको परिमाण लिने काम । २.जग्गाजमिन आदि नाप्ने काम । ३.जग्गाजमिन नाप्ने व्यक्तिहरूको डफ्फा वा दल । ~ **गोस्वारा**– ना० जग्गाजमिनको लगत खडा गर्ने र सोहीबमोजिम स्रेस्ता राख्ने अड्डा ।

**नापो**– ना० [नाप्+ओ] नाप ।

**नापो नापो**– वि० [सं० नाल्प-नाल्प = धेरै] अलिअलि; अलिकति ।

**नाफल**– ना० [सं० नफल=कुफल] हिमाली भेगतिर हुने एक प्रकारको घटिया गहुँ ।

**नाफा१**– ना० 'नेपाल एसोसिएसन अफ फाइन आर्टस'को सङ्क्षेपीकृत रूप; नेपाल ललित कला संस्थान ।

**नाफा२**– ना० [अ० नफल] १. उद्योग, व्यापार वा अरू कुनै कारोबारबाट हुने मूलधनका अतिरिक्त आम्दानी । २. उद्योग, व्यापार वा अरू कुनै कारोबारमा लगानी गरिएको धनबाट आएको लाभांश । ३. लागतभन्दा आम्दानीको अधिकता; आर्थिक प्राप्ति; लाभ; मुनाफा । – **खोर**– वि० उद्योग, व्यापार वा अरू कुनै कारोबारबाट अनुचित लाभ उठाउने; नसुहाउँदो किसिमले धेरै नाफा खाने । – **खोरी**– ना० त्यसरी अनुचित लाभ उठाउने वा नसुहाउने गरी गरिने काम; नाफाखोरको काम । – **दार**– वि० नाफा हुने किसिमको; नाफा खाने । – **दारी**– ना० नाफा हुने काम; अवस्था वा चाल । – **बन्दी**– ना० नाफाको निर्धारण । > **नाफारी**– वि० धेरै नाफा खाने; नाफाखोर ।

**नाबालक/नाबालख**– ना० [अ० नाबालिग] १. निजामति, जङ्गी आदि सेवाका साथै निर्वाचन, उत्तराधिकारक्रम, विवाह आदि सम्बन्धी ऐनमा बालिग हुन निर्धारित उमेर नपुगेको व्यक्ति । २. उमेर नपुगेको केटो वा केटी । ३. बालक, बच्चो ।

**नाबालिग**– वि० [अ०] १. बालिग हुने अवस्था नभएको । २. नाबालक अवस्थाको ।

**नाभि**– ना० [सं०] १. नाइटो । २. गाडी आदिको बीचको धुरा छिराउने प्वाल । ३. कुनै गाउँठाउँ वा समाजको मुख्य मान्छे; प्रधान; मुखिया । ४. कस्तूरी मृगको नाइटोनिर हुने सुगन्धी द्रव्य; बिना । ५. ग्राह, सर्प, माछो आदिको लिङ्ग । ६. काठ आदिको भित्री भाग; चुरो । ७. कुनै पनि वस्तुको केन्द्रीय भाग । – **कण**– ना० पदार्थविज्ञानका अनुसार हरेक अणुको भित्री गर्भमा हुने शक्तिशाली अतिसूक्ष्म केन्द्रीय परमाणु । ~ **कमल**– ना० १. विष्णुको नाभिस्थानबाट उत्पन्न मानिएको कमल । २.

c:\Sabdkosh\dick'Na'.p65



ब्रह्माको उद्‌भवस्थल । – **च्छेदन**– ना० नवजात शिशुको नाल काट्ने काम; नवजात शिशुको नाल बेडाउने काम । – **जन्मा**– ना० विष्णुको नाभिबाट उत्पन्न कमलको फूलमाथि प्रकट भएको मानिने आधारमा ब्रह्मालाई दिइएको एक नाम । – **स्थान**– ना० दैलेख जिल्लाको शिरस्थानदेखि आधा कोसजति पर नाभि खोलाको तीरमा रहेको, सतीदेवीको नाभि पतन भएको ठाउँ मानिएको र परापूर्वकालदेखि ज्वाला बलिरहेको एक मन्दिर; ज्वालास्थान ।

**नाभो**– ना० [प्रा० णाभिओ < सं० नाभिक] बाली काटिसकेपछि जराबाट पलाएको गाँजमा फल्ने वा झरेको बीजबाट उम्रेर फल्ने अन्न; नछरीकन उम्रेको अनाज; ठिम्मल अनाज ।

**नाम**– ना० [सं०] १. सृष्टित वा कल्पित कुनै पनि वस्तुलाई बुझाउने वा चिनाउने शब्द । २. मनुष्य वा गाई, भैँसी, बाखा आदि पाल्तु जनावरलाई बोलाउने संज्ञा । ३. यश वा कीर्ति; प्रसिद्धि; सुनाम; ख्याति । – **क**– वि० नामधारी; नाउँ भएको । – **करण**– ना० १. नवजात बालक जन्मेको एघारौँ दिनभित्र बिजोडी दिन पारेर परम्पराअनुसार गरिने, नाम राख्ने संस्कार; न्वारान । २. कुनै व्यक्ति, वस्तु वा स्थान आदिको नाम राख्ने काम, शीर्षक दिने कार्य । ~ **कर्म**– ना० नवजात बालकको नामकरण गर्ने संस्कार; बालकको नाम राख्ने काम, नामकरण । ~ **काम**– ना० व्यक्ति र उसले जीवनमा गरेका घटनाहरू । ~ **कीर्तन**– ना० १. ईश्वरका नाम र गुणको सङ्कीर्तन; ईश्वरको भजन; ईश्वरको गुणानुवाद । २. नवधा भक्तिमध्ये एक भक्ति । ३. कसैको गुणगान; प्रशंसा । – **तः**– क्रि०वि० नामानुसार, नामले । – **दार**– वि० राम्रो नाम चलेको; ख्याति पाएको; प्रसिद्ध; नामी; नामुद । ~ **धातु**– ना० व्याकरणअनुसार नामिक पदबाट बनाइएको धातु (रोगाउ, रम्रि, बियाँल्; घिनाउ, डराउ इ०) । ~ **धाम**– ना० आफ्नो नाउँ र आफू बसेको ठाउँ; कुनै व्यक्तिको नाम र उसको बासस्थान । ~ **धारक**/**धारी**– वि० १. नामअनुसारको काम नगर्ने । २.नाम मात्र धारण गरेको; नाम मात्रको । ३. नाम गरेको । ४. भन्न मात्र त्यस्तो भनिने; भनाउँदो; तथाकथित । ~ **नामासी**/**नामेसी**– ना० १. कुनै व्यक्तिको नाम, थर, वतन आदिको विवरण । २. नाम, थर, वतन आदि; नाम र ठेगाना । ~ **निर्देश**– ना० कसैको नामको उल्लेख गर्ने काम; नाम लिने काम; नामोल्लेख; नामोच्चारण । ~ **निर्देशन**– ना० कुनै काम वा पदका निमित्त नामाङ्कन गर्ने काम; नाम राख्ने काम; नाम बताउने काम । ~ **निसान**/**निसाना**– ना० १. नाम र त्यसलाई चिनाउने लक्षण वा चिह्न; नाम र चिनु; नाम र निसाना; नामोनिसान । २. नामठेगाना; ठरठेगाना । ३. अत्तोपत्तो; थाहसुद्धी ।

**नामन्जुर**– वि० [फा०] स्वीकार नगरिएको; मन्जुर नभएको, बेमन्जुर; अस्वीकार । > **नामन्जुरी**– ना० १. स्वीकार नभएको वा नगरिएको स्थिति वा अवस्था; बेमन्जुरी; अस्वीकृति । २. स्वीकार नगर्ने नीति ।

**नामपरक**– वि० [सं०] नामसँग सम्बन्धित; नामको ।

**नाम पाटी**– ना० [सं० नाम+पट्टिका] कुनै व्यक्ति, वस्तु, संस्था, स्थान आदिलाई चिनाउन वा तीबारे सर्वसाधारणलाई जानकारी दिन सम्बन्धित व्यक्ति, वस्तु, संस्था, स्थान आदिको नाम लेखेर ढोकामा वा अन्यत्र उचित स्थलमा टाँगिएको पाटी वा फलेक (नेमप्लेट) ।

**नाम मात्र**– वि० [सं०] १. खालि नाम जनाउने खालको; खालि नामको; व्यर्थैमा नाम चलेको; नामधारी । २. उल्लेख नगरे पनि हुने; नगण्य; तुच्छ । ३. ज्यादै थोरै ।

**नाम मुद्रा**– ना० [सं०] १. कुनै व्यक्ति वा संस्थाको नाम अङ्कित भएको औँठी; नाम लेखिएको औँठी; छापेमुन्द्रो । २. कुनै व्यक्ति वा संस्थाको नाम खोपिएको छाप ।

**नामयोगी**– ना० [सं०] व्याकरणअनुसार सर्वनाम, विशेषण आदिसँग विभक्ति जोडिएझैँ जोडिने, आफ्नो स्वतन्त्र अर्थ पनि हुने अव्यय (तिर, सम्म, सित आदि) ।

**नाम राशि**– ना० [सं०] १. मेष, वृष आदि राशिका आधारमा राखिने नाम । २. नामका आधारमा छुट्ट्याइने राशि । ३. नाम र राशि ।

**नामरूप**– वि० [सं०] १. नाम र रूप भएको । २. जस्तो नाम त्यस्तै रूप भएको ।

**नामर्द**– वि० [फा०] १. पुरुष भईकन पनि पुरुषमा हुनुपर्ने हिम्मत नभएको; हचाउ नभएको; हुतीहारा; डरछेरुवा; कायर; लाछी । २. पुंसत्व नभएको; नपुंसक ।

**नामर्दी**– ना० [फा०] १. नपुंसकता । २. कायरता; लाछीपना । ३. नामर्द हुनाको भाव । ~ **दण्ड**– ना० पोइल गएकी स्वास्नीलाई फर्काएर ल्याई फेरि स्वास्नी बनाएर राख्नेलाई गाउँले नियमअनुसार दिइने एक प्रकारको आर्थिक दण्ड ।

**नामला गुम्बा**– ना० [भो० ब० नाम (र)+ला+गुम्बा] नेपाल अधिराज्यको गोरखा जिल्लाको नामरुङ भन्ने स्थानमा रहेको एक गुम्बा ।

**नाम वाचक**– वि० [सं०] १. नाम वा संज्ञाको अर्थ व्यक्त गर्ने । २. नाम बताउने । ३. व्याकरणका अनुसार अरू कोटिको ठाउँमा नामको अर्थ जनाउने (उदा०– तेरो म जान्दिनँले मलाई दिक्क पारिसक्यो । यस वाक्यमा 'म जान्दिनँ' नामवाचक पदावली हो) ।

**नामशेष**– वि० [सं०] १. भौतिक अस्तित्व सिद्धिएर नाम मात्र बाँकी रहेको । २. शारीरिक रूपमा मरिसकेको । ३. मात्रा, सङ्ख्या आदिका दृष्टिले नगण्य; नाम मात्र शेष रहेको ।

**नामसारी**– ना० [सं०] कसैका नाममा रहेको चलअचल सम्पत्ति उसका नामबाट अरू कसैका नाममा सार्ने वा दर्ता गराउने काम; साबिक नामनामासी खारेज गरी हालको नामनामासी अङ्कित गर्ने कार्य; दाखिलखारिज ।

**नामा१**– वि० [सं०] नामको; नामक; भन्ने ।

**नामा२**– ना० [फा०] कुनै शब्दको पछिल्तिर जोडिने र जुन शब्दको पछिल्तिर जोडिएको छ त्यससम्बन्धी लिखत भन्ने बुझाउने शब्द (उदा०– वारिसनामा, मन्जुरीनामा, राजीनामा इ०) ।

**नामाङ्कन**– ना० [सं०] १. कुनै सङ्घ, संस्थाको सदस्यताको निम्ति वा कुनै पदका निम्ति उम्मेदवारका हैसियतले नाम प्रस्तुत गर्ने काम; नाम राख्ने काम । २. नामावलीमा नाम चढाउने काम । ३. नाम उल्लेख गर्नुपर्ने ठाउँमा हुने लिखित उल्लेख । ४. शीर्षक दिनु वा थप्नुपर्ने ठाउँमा सोको दियाइ वा थपाइ ।

**नामाङ्कित**– वि० [सं०] १. नाउँ लेखिएको; नाउँ खोपिएको । २. कुनै सङ्घ-संस्थाको सदस्यताका निम्ति वा कुनै पदका निम्ति उमेदवारका हैसियतले नाम प्रस्तुत भएको ।

**नामानुशासन**– ना० [सं०] नामहरूको अर्थ र प्रयोगसम्बन्धी कुराको बयान भएको शास्त्र; नामहरूको शब्दकोश ।

**नामान्तर**– ना० [सं०] १. मुख्य नामभन्दा अतिरिक्त अर्को नाम । २. उपनाम; अवान्तर नाम ।

**नामावली**– ना० [सं०] एक किसिमका व्यक्ति वा वस्तुहरूको कुनै उद्देश्यले तयार पारिएको नामको सूची; नामहरूको तालिका । ~ **प्रकाशन**– ना० परीक्षामा उत्तीर्ण छात्रहरूको, कुनै पदका प्रत्याशीहरूको र अरू कार्यमा संलग्न हुन चाहने वा संलग्न भएका व्यक्तिहरूको नामको सूचीको प्रकाशन; सम्बन्धित नामावली बाहिर टाँस्ने काम ।

**नामिक**– ना० [सं० नाम+इक] नामसँग सम्बन्धित; नामसम्बन्धी; नामको । ~ **पद**– ना० नामवाचक पद; नामसम्बन्धी पद । – **पदावली**– ना० नामको अर्थ जाहेर गर्ने पदावली (नाउन फ्रेज) ।

**नामी**– वि० [नाम+ई] १. निकै प्रसिद्धि पाएको; कहलिएको; नाम चलेको; नामुद; प्रसिद्ध । २. उत्तम खालको; राम्रो किसिमको ।

**नामुद**– वि० [फा० नामजद] नाउँ चलेको; नामी । > **नामुद्दार**– वि० प्रसिद्ध भएको; नाम चलेको; नामी; नामुद; प्रसिद्ध ।

**नामेट**– वि० [नाम+मेट] १. नामनिसाना नै नरहने गरी सिद्धिएको; पूर्णतया अस्तित्वविहीन भएको; पूरै रूपमा विनष्ट; सखाप । ना० २. सर्वनाश; बरबादी ।

**नाम्ग्याल गुम्बा**– ना० [भो० ब०] नेपालको मुस्ताङ जिल्लाको लो मान्ताङदेखि उत्तरपट्टिका डाँडाहरूको सिरानमा अवस्थित, मुस्ताङ राज्यका प्रथम संस्थापक राजा अभिपालद्वारा निर्मित मानिएको एक गुम्बा ।

**नाम्जा**– ना० [भो० ब०] नेपाल अधिराज्यको मुगु जिल्लामा पर्ने, भोटतिर आवतजावत गर्ने १६,२२० फिट अग्लो एक भञ्ज्याङ ।

**नाम्जो**– ना० [लामो+जाबो] १. पाटबाट बनाइएको धोक्रो वा थैलो । २. बाँझो जमिन ।

**नाम्ले**– वि० [नाम्लो+ए] १. नाम्लोजस्तो; नाम्लाका ढाँचाको । २. एक नाम्लाको लमाइको फेरोबराबर मोटाइ वा परिमाण भएको । ना० ३. नाम्लो लिएर ज्यालामा भारी बोक्ने मान्छे; डोरी नाम्लाका भरमा जीविका चलाउने व्यक्ति । ~ **किरो**– ना० १. लगभग तीन सेन्टिमिटर लामो थ्याप्चो पातजस्तो जीउ, अगाडि र पछाडि दुवैतिर चूषक भएको, भेडामा परजीवी भएर बाँच्ने र शरीरभित्र बस्तुभाउका पेटमा ज्वालाकोषका रूपमा रहने एक किसिमको कीरो । २. सोको रोग । ~ **जुको**– ना० नाम्ले । ~ **फेद**– ना० नाम्लो नलाई बोक्न नसकिने गिँड हुने ठूलो रूख वा बोट (मसला आदि) को माटामाथि जरो भएको भाग ।

**नाम्लो**– ना० [सं० लम्बट > प्रा० लम्बडो > लाम्लो] पिठ्यूँमा भारी अड्याएर बोक्नाका निम्ति पाट, चोया, छाला आदिबाट बनेको थाप्लोमा लाउने चेप्टो पातो भएको एक प्रकारको डोरी; चेप्टो पातो भएको डोरी थाप्लोमा अड्याई पिठ्यूँमा भारी बोक्ने साधन ।

**नायक**– ना० [सं०] १. कुनै लक्ष्यप्राप्तिका निम्ति समाजको नेतृत्व गर्ने व्यक्ति; कुनै दल वा समुदायलाई अगाडि लैजाने व्यक्ति; जनसमुदायको अग्रगण्य व्यक्ति; अगुवा; नाइके; नेता । २. मार्ग निर्देशन गर्ने व्यक्ति; पथप्रदर्शक । ३. कुनै घर, संस्था वा देशको सर्वोपरि व्यक्ति; स्वामी; मालिक । ४. दस सेनापति माथिको सेनापति । ५. काव्य, नाटक आदि साहित्यिक विधामा प्रधान रूपले चरित्रचित्रण गरिएको पुरुष पात्र (काव्यशास्त्रमा मानिएका नायकका धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त– यी चार प्रमुख अथवा दक्षिण, धृष्ट, अनुकूल र शठ यी चार गौण भेद गरी जम्मा सोह्र भेद र तिनका पनि उत्तम, मध्यम र अधम तीन भेदले गर्दा जम्मा हुन आउने अठचालीस भेदमध्ये कुनै एक भेद) । ६. हारका बीचमा जडिएको मणि । ७. जपमालामा राखिएको ठूलो दाना; सुमेरु । – **त्व**– ना० नायकको स्वभाव, दायित्व वा भाव; नाइकेपन; नेतृत्व ।

**नायखीँ**– ना० [नेवा०] ढोलकजस्तै तर ढोलकभन्दा केही सानो एक प्रकारको बाजा ।

**नायन**– ना० [नाहुर] तिब्बती क्षेत्रमा पाइने ३ देखि ४ फुट अग्लो, ९० सेन्टिमिटर देखि १ मिटरसम्म लामो सिङ भएको ठूलो जङ्गली भेडो ।

**नायब**– वि० [अ०] १. काममा मद्दत पुऱ्याउने; सहायक । ना० २. मुख्य हाकिममुनिको कर्मचारी; सहायक कामदार । ३. पहिलेपहिले कुनै दर्जाको अगिल्तिर लागी त्यसभन्दा एक तह कम बुझाउने शब्द (नायब सुब्बा, नायब मुखिया, नायब गुरुज्यू इ०) । ४. कुनै पदमा काम गरिरहेको व्यक्ति कारणवश केही दिनसम्म काम गर्न नसक्ने भएमा वा अनुपस्थित रहेमा उसको प्रतिनिधि भई काम गर्ने व्यक्ति । ~ **डिठ्ठा**– ना० डिठ्ठाभन्दा मनिको एक निजामती दर्जा । ~ **निरीक्षक**– ना० प्रहरी सेवामा निरीक्षकभन्दा तल्लो श्रेणीको कर्मचारी; उप-निरीक्षक; सब-इन्स्पेक्टर । ~ **बडागुरुज्यू**– ना० बडागुरुज्यूभन्दा एक तहमुनिको गुरुज्यू । ~ **मुखिया**– ना० पूरा मुखिया भइनसकेको तर बहिदारभन्दा माथिल्लो दर्जाको कर्मचारी वा उसको पद । ~ **राइटर**– ना०

केही तल्लो श्रेणीको राइटर वा उसको पद । ~**सुब्बा**– राजपत्र अनङ्कित प्रथम श्रेणीको एक पद ।

**नायिका**– ना० [सं०] १.काव्य, नाटक आदि साहित्यिक विधामा मुख्य रूपले चरित्रचित्रण गरिएकी स्त्रीपात्र । (काव्यशास्त्रअनुसार स्वाधीन भर्तृका, प्रोषित भर्तृका; वासक सज्जा र विरहोत्कण्ठिता-जस्ता आठ प्रकारका नायिका) । २. नायककी पत्नी । ३. जनसमुदायलाई नेतृत्व प्रदान गर्ने स्त्री; नारी नेता ।

**नार्-नु**– स० क्रि० [नारा+नु] १. एक जोडा गोरु वा राँगाका काँधमा जुवा राखी जोताराले बाँधेर हल्लुडमा अल्भ्काई खेतबारी जोत्नका निम्ति उपयुक्त पार्नु । २. त्यसै गरी हिँडाउनका लागि बग्गीमा घोडा जोत्नु । ३. त्यसै गरी गाडामा गोरु वा राँगा मिलाउनु । ४. जम्मा पार्नु; जुटाउनु ।

**नारक**– वि० [सं०] १. नर्कको; नर्कसम्बन्धी; नारीकीय । ना० २. नरक । ३. नरकको प्राणी ।

**नारकी**– वि० [सं०] १. नरकमा परेको; नरकभोगी । २. दुराचारले गर्दा नरक जान लायकको; दुराचारी; दुष्टात्मा; पापी ।

**नारकीय**– वि० [सं०] १. नरकसम्बन्धी; नरकको । २. नरकजस्तो; नरकको जस्तो । ३. नरकमा भएको जीवजस्तो; अति निकृष्ट; ज्यादै अधम ।

**नारद**– ना० [सं०] १. एउटाको कुरा अर्कोलाई लगाई उनीहरूका बीच फाटो पार्ने व्यक्तिका रूपमा प्रसिद्ध देवर्षि; ब्रह्माका दस मानसपुत्रमध्ये एक । वि० २. एक जनाको कुरा अर्कोलाई लगाई भ्कगडा पार्ने; छुल्याहा । ~**कुण्ड**– ना० पश्चिमी नेपालको दरौंदी नदीको मुहानमा अवस्थित एक कुण्ड । ~**पुराण**– ना० सनकादि कुमारहरूद्वारा नारदलाई उपदेश गरिएको कथाको वर्णन भएको, अठार पुराणमध्ये एक । > **नारदीय**– वि० नारदसम्बन्धी; नारदको ।

**नारन**– ना०/वि० बो० [सं० नारायण] १. नारायणको अपभ्रंश रूप; नारान । २. ज्वाइँ शब्दको अन्त्यमा सम्मान जनाउन टाँसिने शब्द (ज्वाइँनारन) । वि० बो० ३. हरे । (उदा०– म किन आएँछु नारन, यस ठाउँमा !) । – **पाती**– ना० भुवादार पात हुने र मसिना, भ्कुप्पादार, बास्ना आउने फूल फुल्ने एक जातको रूख; त्यसैको पात वा फूल । ~ **शिव**– वि० बो० कसैलाई दुःख-कष्ट आइपर्दा त्यस्ता व्यक्तिमाथि दया वा सहानुभूति देखाउनका लागि उच्चारण गर्ने शब्द; नारान; हरे ।

**नारा१**– ना० [अ० नअर] १. कुनै संस्था वा व्यक्तिहरूले आफूले गरेको माग तथा अँगालेको विचार सिद्धान्त आदिको सार्वजनिक प्रचारका लागि गरिने उद्घोष । २. ठूलो आवाज; कुनै कुराको फलाको ।

**नारा२**– ना० [नार्+आ] हल्लुँड ।

**नारा३**– ना० [भो० ब०] हिउँ पग्लेका बेलामा नेपाल र भोटका बीच आवतजावत गर्ने, जुम्ला जिल्लाको १६,०८५ फिट अग्लो एक भन्ज्याङ ।

**नाराइ**– ना० [नार् (+आइ)] नार्ने क्रिया वा प्रक्रिया ।

**नाराज**– वि० [फा०] १. प्रसन्न नभएको; खुसी नभएको; अप्रसन्न; बेखुस । २. रिसाएको; रुष्ट । > **नाराजी**– ना० प्रसन्नता नभएको स्थिति; अप्रसन्नता; बेखुसी ।

**नारान**– ना०हे० नारन । – **पाती**– ना० नारनपाती । ~ **शिव**– वि०बो० नारनशिव ।

**नारायण**– ना० [सं०] विष्णु; नारन । – **पाती**– ना० हे० नारानपाती । ~**प्रेस**– ना० नेपालका जनरल गेहेन्द्रशमशेरले बनाएको पुरानो मुद्रणयन्त्र । ~ **बलि**– ना० अपमृत्यु, अकाल मृत्यु आदिले गर्दा अगति परेका वा लामो समयसम्म बेपत्ता भएकाले मृत मानिएका व्यक्तिको और्ध्वदैहिक क्रिया वा प्रेतकर्म गर्नाका निम्ति ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र र यमको पूजा गरी मृतकको प्रायश्चित्तस्वरूप गरिने संस्कार । – **हिटी दरबार**– ना० तत्कालीन नेपालको राजदरबार ।

**नारायणी**– ना० [सं०] १. नारायणकी पत्नी; लक्ष्मी । २. बूढी गण्डकीसहित त्रिशूली र कालीगण्डकी देवघाटमा पुगेर मिलेपछि एउटै बनेको नदीको नाम । वि० ३. नारायणसम्बन्धी; नारायणकी ।

**नारिनु**– अ० क्रि० [नार्+इ+नु] १. नाराइमा पर्नु । क० क्रि० २. नार्ने काम गरिनु ।

**नारी१**– ना० [सं०] स्त्री; महिला; आइमाई । ~ **आन्दोलन**– ना० आफ्नो सामाजिक, आर्थिक आदि स्थितिमा सुधार ल्याउन नारी जातिले चलाएको क्रान्तिकारी अभियान । ~ **समानता**– ना० नारीहरूले पनि पुरुषहरू सरह सबै क्षेत्रमा समान अधिकार पाउनु पर्छ भन्ने अभिमत वा धारणा ।

**नारी२**– ना० [नारा+ई] घोडाको मुखभित्र हालिने लगामको एक प्रकारको काँडादार फलामे अवयव ।

**नारी घडी**– ना० [नारी+घडी] नाडीमा बाँध्ने घडी ।

**नारी छन्द**– ना० [सं०] मगणको पाउ भएको छन्द । (उदा०– गोर्खाली हौं हामी, शूरामा छौं नामी) ।

**नारी जाति**– ना० [सं०] महिला; स्त्रीजाति ।

**नारी रत्न**– वि० [सं०] १. नारीहरूमा श्रेष्ठ । ना० २. उत्तम नारी; शील सौन्दर्यसम्पन्न नारी; गुणवती नारी ।

**नारीवाद**– ना० [सं०] नारी अस्मिता र नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता; सिद्धान्त वा आन्दोलन ।

**नारीश्वर**– ना० [सं०] आधा शरीर पुरुष, आधा शरीर नारी भएका एक हिन्दू देवता; अर्धनारीश्वर ।

**नारु**– ना० [नारा+ऊ] १. लगभग १८-२० मिटर अग्लो, पन्जाकार हरियो पात हुने, सेतो र पहेँलो फूल लाग्ने, एक जातको लेकाली बोट; करुको बोट । २. त्यसैको बुटी ।

**नारो**– ना० [नारा] नारा; जोतारो; हल्लुँड ।

**नाल१**– ना० [सं०] १. घरको फोहोर मैला, जुठो आदि फाल्ने ठाउँ; रछान । २. कमलको डाँठ । ३. नली; ढुङ्ग्रो । ४. फोहोर पानी बग्ने ठाउँ वा निकास (ढल, डुँड, पाइप आदि) । ५. बालकका

नाभिको आन्द्रो; साललाई नाइटामा जोड्ने अवयव । ६. बन्दुक, तोप आदिको गोली निस्कने नली । ७. थाम वा गारोले छुट्ट्याइने घरको खण्ड । ८. कोदालीको पासो र पाताका बीचको बाङ्गो भाग ।

**नाल२**– ना० [अ० नअल] १. घोडाका टापमा वा जुत्ताका कुर्कुच्चामा ठोकिने अर्ध-चन्द्राकार फलामे साधन । २. जुवा खेलाउनेले खेल्नेहरूसँग लिने बहाल वा दस्तुर । ३. एक प्रकारको सरकारी दस्तुर । – **बन्दी**– ना० १. घोडाको टापमा नाल ठोक्ने काम । २. त्यस्तो काम गर्ने पेसा भएको व्यक्ति ।

**नाला१**– ना० [सं० अनल] आगो झिक्ने दाबिलोजस्तो साधन ।

**नाला२**– ना० [सं०] १. वर्षा भएका बखतमा मात्र भेल आउने सानोतिनो खोल्सो; सानो खोलो; खहरे । २. खेतबारीमा पानी पटाउनाका निम्ति बनाइएको ठूलो कुलो; नहर । ३. फोहोर पानी बग्ने ढल; नल; नाली । ४. खाँबे घरमा एक खाँबो र अर्को खाँबाका बीचको खुला ठाउँ ।

**नालायक**– वि० [फा०] १. कुनै पनि काम वा पदका निम्ति उपयुक्त नभएको; लायक नभएको; अयोग्य । २. योग्यता, गुण आदिका दृष्टिले तल्लो श्रेणीको; क्षुद्र; तुच्छ; नीच; अधम । > **नालायकी**– ना० १. लायक नहुनाको भाव; अयोग्यता । २. क्षुद्रता; नीचता; तुच्छता ।

**नालिक**– वि० [सं०] १. डाँठवाल; नलवाला । ना० २. कमल ।

**नालिका**– ना० [सं०] १. कमलको डाँठ । २. हात्तीलाई सधाउने अङ्कुसे । ३. छालाको कोर्रा । ४. डुँड ।

**नालिश**– ना०हे० नालिस ।

**नालिस**– ना० [फा०] कुनै व्यक्ति वा संस्थाद्वारा आफूमाथि अन्याय भएको लागेमा उचित दण्ड-सजाय वा क्षतिपूर्तिका निम्ति अदालत वा सम्बन्धित अधिकारीसमक्ष गर्ने रीतपूर्वकको उजुरी; फिराद; इजहार; नालेस ।

**नाली**– ना० [नाल+ई] फोहर पानी बग्ने ढल; नाल ।

**नालीबेली**– ना० [नाडी+बेली] १. कुनै वस्तु वा कुराको आद्योपान्त वर्णन; बेहोरा सबै बुझाएर गरिएको वर्णन; सविस्तार वर्णन; बेलीबिस्तार । २. पत्ता नलागेमा खन्न असजिलो हुने तरुल, भ्याकुर आदिको लहरो र फेद ।

**नालु**– ना० [सं० नल+उ] १. एक किसिमको सन; सनपाट । २. अमिलो स्वादको फूल फुल्ने उक्त सनपाटको वृक्ष; चन्ना; चन्नी । ~ **कुरो**– ना० धेरै आकारको पात हुने गुलाफी फूल फुल्ने, आयुर्वेदमा जरालाई बाथरोगको शमन गर्ने भनिएको, घण्टीफूलका समूहको साधारण बोट; चन्ना; चन्नी । ~ **फुल**– ना० नालुको जस्तो बोट र फर्सीका जस्ता फुस्रा पात र फिका गुलाफी रङका थुँगा हुने जङ्गली फूल; त्यसैको बोट ।

**नाले**– ना० [सं० नाल+ए] दुवैतिरका आँखा नकाटीकन एकापट्टिको आँखा छेडी काठको ठेडीजस्तो बिर्को लगाउन हुने गरी बनाइएको बाँसको ढुङ्ग्रो ।

**नालेस**– ना०हे० नालिस ।

**नाविक**– ना० [सं०] १. नदीमा डुङ्गा चलाउने पेसा भएको व्यक्ति वा जाति । २. नाउमा बसेर यात्रा गर्ने व्यक्ति । ~ **सूची**– ना० १. जहाज हाँक्ने कर्मचारीहरूले प्रयोग गर्ने गति, दिशा, समय आदिको विवरण दिने उपकरण । २. उक्त उपकरणबाट प्राप्त सूचना ।

**नावी**– ना० [सं०] माझी; बोटे ।

**नाव्य**– वि० [सं०] १. नाउद्वारा पार गर्नुपर्ने; डुङ्गाद्वारा तर्नुपर्ने । २. नाउ वा डुङ्गा चलाउन हुनेसम्म पानी भएको ।

**नाश**– ना० [सं०] १. भइरहेको वा देखिइरहेको कुनै वस्तु नहुने वा नदेखिने स्थिति; अस्तित्वविहीन बन्ने स्थिति; विनाश; सत्यानाश; विध्वंश; बरबादी । २. धामीझाँक्रीका अनुसार बोक्सी आदिको कुदृष्टि परी खानामा उत्पन्न हुने अरुचि वा त्यसरी अरुचि उत्पन्न गराउने कुदृष्टि; नाश-बिगार । – **क**– वि० १. भइरहेको वस्तुलाई नहुने वा नरहने स्थितिमा पुऱ्याउने; नाश गर्ने; नष्ट पार्ने; सत्यानाश पार्ने; बिगार्ने । २. मार्ने । ३. हटाउने । – **कारी**– वि० नाश गर्ने; नाशक । ~ **बिगार**– ना० १. नाश गर्ने र बिगार गर्ने; नाश र बिगार; हानिनोक्सानी; बरबादी । २. खाने कुरामा अरुचि पैदा हुने बेथा वा रोग; नाश । – **वान्**– वि० धेरै समयसम्म नटिक्ने; नाश हुने; अनित्य; अस्थायी ।

**नास्-नु**– स० क्रि० [सं० नाश+नु] १. भइरहेको वा देखिइरहेको वस्तुलाई नहुने वा नदेखिने स्थितिमा पुऱ्याउनु; नाश गर्नु; विध्वंश गर्नु । २. बनेको वस्तुलाई बिगार्नु; भत्काउनु; लथालिङ्ग पार्नु । ३. खर्च गर्नु; मास्नु । ४. खेर फाल्नु । ५. मार्नु । ६. तुहाउनु ।

**नासत्य**– ना० [सं०] सूर्यकी विवाहिता पत्नी संज्ञाका एक पुत्र; अश्विनीकुमार ।

**नासमझ**– वि० [ना+समझ] जान्ने र बुझ्ने शक्ति नभएको; समझ नभएको; विवेकविचार नभएको; बुद्धिहीन; मूर्ख । > **नासमझी**– ना० मूर्खता; बेबुझक्याइँ ।

**नासलचोक**– ना० हनुमानढोकाभित्र रहेको नाटचशाला भएको पुराना राजाहरूका पालाको चोक ।

**नासा**– ना० [सं०] नाक । – **पुट**– ना० नाकका दुई प्वाल; नाकका पोहरा । – **रन्ध्र**– ना० नासापुट ।

**नासिका**– ना० [सं०] नाक । ~ **विवर**– ना० नाके टोड्की ।

**नासिकी**– वि० [सं० नासिक्य] १. नासिकाबाट उत्पन्न; नासिक्य । ना० २. नासिका; नाक । – **करण**– ना० अनुनासिक ध्वनि नासिक बन्ने भाषावैज्ञानिक प्रक्रिया; नासिक्यीभवन (उदा०– काशी > काँसी) । – **भवन**– ना० अनुनासिक ध्वनिलाई नासिक बनाउने भाषावैज्ञानिक प्रक्रिया; नासिक्यीकरण ।

**नासिक्य**– वि० [सं०] १. कुनै दुइटा उच्चारण अवयव परस्पर जोडिँदा श्वासप्रवाहमा बाधा भएपछि किलकिलेसहित कोमलतालु तल झुकी मुखतिरको बाटो बन्द गरेर नाकेओढारतिरबाट सास बाहिर निस्कँदा उत्पत्ति हुने (ध्वनि) । ना० २. नासिका;

नाक । > **नासिक्यीकरण–** ना० नासिकीकरण । **नासिक्यीभवन–** ना० नासिकीभवन ।

**नासिनु–** क० क्रि० [नास्+इ+नु] १. नष्ट पारिनु । अ० क्रि० २. नष्ट हुनु ।

**नासो–** ना० [सं० न्यास] चाहिएका बेलामा फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिइएको वस्तु; धरौटी; धरोट ।

**नास्ति–** वि० बो० [सं०] १. बिलकुल नभएको वा छैन भन्ने बुझाउने शब्द (उदा०– तिमी सँग होला, आफ्नो त केही पनि नास्ति) । वि० २. नभएको; अभाव भएको ।

**नास्तिक–** वि० [सं०] १. ईश्वर, देवता, परलोक, पुनर्जन्म आदिको अस्तित्व नमान्ने; परलोक छैन भन्ने । २. वैदिक धर्ममा विश्वास नराख्ने; वेदलाई नमान्ने वा वेदको निन्दा गर्ने ।

**नास्तिकता–** ना० [सं०] १. नास्तिक हुनाको भाव वा अवस्था । २. ईश्वर, परलोक, पुनर्जन्म आदि नमान्ने मत वा सिद्धान्त । – **वादी–** ना० नास्तिक दर्शनको अनुयायी ।

**नास्तिकत्व–** ना० [सं०] नास्तिकता ।

**नास्तिक दर्शन–** ना० [सं०] नास्तिक रूपमा लिइने कुनै एक दर्शन (चार्वाक, साङ्ख्य, बौद्ध, जैन, द्वन्द्वात्मक भौतिकवाद इ०) ।

**नास्तिवाद–** ना० [सं०] नास्तिकतावाद ।

**नास्पाती–** ना० [फा० नाशपाती] लहरे पीपलका जस्ता बोट र पात हुने, सेता फूल फुल्ने, स्याउका झैं दाना फल्ने एक प्रसिद्ध वृक्ष वा त्यसको फल; नासपाती ।

**नास्य–** वि० [सं०] नाकको; नाकसम्बन्धी; नाकबाट उत्पन्न हुने (रोग आदि) ।

**नाहक–** क्रि० वि० [अ० नाहक] कुनै प्रयोजनविना; बेमतलव; बिनसित्ति; व्यर्थै; अनाहक ।

**नाहिँ–** वि० बो० [सं० नहि] अभाव, अस्वीकृति वा बेमन्जुरी बुझाउने शब्द; नाइँ ।

**नाहुर–** ना० [सं० अरण्यचर > प्रा० अरण्णअर] हिमालमा हुने एक प्रकारको जङ्गली भेडो ।

**नि१–** उप० [सं०] शब्दको अगिल्तिर लागेर विशेष अर्थ बुझाउने उपसर्ग; एक प्रकारको पूर्वसर्ग (जस्तो- निपात, निग्रह, निर्देश इ०) ।

**नि२–** निपा० [सं० नपुन > प्रा० ठाउण] आफ्नो स्वतन्त्र अर्थ नभएर वाक्य वा शब्दको अर्थलाई नै जोर दिन वा प्रश्न, विस्मय आदि जनाउन शब्द वा वाक्यको प्रायः पछिल्तिर प्रयोग गरिने एक प्रकारको अव्यय (उदा०– ठीकै छ नि, यो केहो नि ? आम्मै नि ! इ० ।

**निः–** उप० [सं०] निस्-उपसर्गको ऊष्मवर्ण (श ष स), अघोष पवर्ण (प फ), अघोष चवर्ण (च छ), अघोष कवर्ण (क ख) भन्दा पहिले आउँदाको वैकल्पिक रूप; निस् । – **क्षत्र–** वि० १. क्षत्रभङ्ग । २. क्षत्रियविहीन (उदा०– भृगुकुलका परशुरामले यस पृथ्वीलाई अनेकौं पल्ट निःक्षत्र तुल्याए) । – **शङ्क–** वि० १. कुनै कामकुरा गर्दा शङ्का नलिईकन गर्ने; शङ्का नभएको; सन्देह नभएको; शङ्काहीन; निस्सन्देह । २. कुनै काम-कुरा गर्दा मनमा डर नलिने; नडराउने; निडर । क्रि० वि० ३. शङ्का वा सङ्कोच नलिईकन । – **शब्द–** वि० १. शब्द नभएको; विनाशब्दको; ध्वनिरहित; ध्वनिहीन; नीरव । २. शब्द वा आवाज ननिकाल्ने; नबोल्ने; मौन बस्ने; चुपचाप बस्ने । – **शस्त्र–** वि० हातहतियार नभएको; शस्त्र नभएको; निश्शस्त्र । – **शस्त्रीकरण–** ना० निश्शस्त्रीकरण; निरस्त्रीकरण । – **शस्त्रीकृत–** वि० हातहतियार खोसिएको; शस्त्रविहीन गराइएको; निश्शस्त्रीकृत; निरस्त्रीकृत । – **शुल्क–** वि० १. शुल्क नलागेको; शुल्क तिर्नु नपर्ने । २. कर नलागेको; तिरोभरो नलागेको; कर तिर्नु नपर्ने; तिरोभरो नपर्ने । – **शेष–** वि० कत्ति पनि बाँकी नरहेको; शेष नरहेको; निश्शेष; समाप्त । – **शोक–** वि० १. शोक नभएको; शोक नरहेको । २. शोक नगर्ने ।

**निःश्वसित / निःश्वस्त–** वि० [सं०] निःश्वास फालिएको ।

**निःश्वास–** ना० [सं०] १. नाक वा मुखबाट बाहिर निस्कने सास । २. सास बाहिर निस्कने क्रिया । ३. लामो सास; सुस्केरा ।

**निःसङ्कोच–** क्रि० वि० [सं०] १. कुनै काम-कुरा गर्दा धक नमानीकन; नहिचकिचाईकन; सङ्कोच नमानीकन; निस्सङ्कोच । वि० २. सङ्कोच नभएको । ३. सङ्कोच नमान्ने । >**निःसङ्कोची–** वि० सङ्कोच नभएको; निःसङ्कोच ।

**निःसन्धि–** वि० [सं०] १. सन्धिरहित । २. कसिएको; बलियो; दह्रिलो ।

**निःसन्तान–** वि०हे० निस्सन्तान ।

**निःसत्त्व–** वि०हे० निस्सत्त्व ।

**निःसन्देह–** वि०हे० निस्सन्देह ।

**निःसम्पन्न–** वि०हे० निस्सपन्न ।

**निःसरण–** वि०हे० निस्सरण ।

**निःसहाय–** वि०हे० निस्सहाय ।

**निःसार–** वि०हे० निस्सार । > **निःसारण–** ना० हे० निस्सारण ।

**निःस्सारित–** वि० हे० निस्सारित ।

**निःसीम–** वि०हे० निस्सीम ।

**निःसृत–** वि०हे० निस्सृत ।

**निःस्वार्थ–** वि०हे० निस्स्वार्थ । > **निःस्वार्थी–** वि०हे० निस्स्वार्थी ।

**निःसम्पात–** ना० [सं०] आधी रात; मध्यरात ।

**निःसम्बल–** वि० [सं०] सम्बलहीन; आधार नभएको; असहाय ।

**निऋति–** ना० [सं०] १. दक्षिण र पश्चिमको बीचमा पर्ने एक विदिशा; नैऋत्य । २. नैऋत्यकोणकी अधिष्ठात्री देवी; सङ्कटा । ३. राक्षसी ।

**निकट–** ना० यो० [सं०] १. नाम, सर्वनाम, विशेषण आदिसँग विभक्ति जोडिएझैं मिल्ने छेउ वा समीपको अर्थ बुझाउने एक प्रकारको अव्यय । २. पास; नजिक; समीप । वि० ३. नजिकको; वरको; आत्मीय; घनिष्ठ । (उदा०– रामका लागि लक्ष्मणभन्दा

c:\Sabdkosh\dick'Na'.p65



निकट सीता नै ठहरिन्छिन्) । क्रि० वि० ४. समीपमा; नजिकै । (उदा०– तिमी मेरै निकट छौ) । ना० ५. नजिकको स्थिति वा नजिक हुनाको अवस्था वा परिस्थिति; सामीप्य । – **तम**– वि० ज्यादै नजिकको; सबभन्दा नजिकको । – **ता**– ना० निकट हुनाको भाव वा अवस्था; सामीप्य । – **वर्ती**– वि० निकट वा नजिकमा रहेको; आसपासमा भएको; नजिकको; छेउछाउको; समीपको; समीपवर्ती । – **स्थ**– वि० निकटवर्ती ।

**निकम्मा**– वि० [सं० निष्कर्म] नालायक; बेकम्मा ।

**निकर**– ना० [सं०] १. कुनै वस्तु वा वस्तुहरूको समूह; समुदाय । २. वस्तु वा वस्तुहरूको सञ्चित राशि; थुप्रो । ३. कुनै एक वस्तु वा वस्तुहरू अधिक मात्रामा भएको ठाउँ; निधि; कोश ।

**निकल**– ना० [अङ्० निकेल] १. मोलम्मा गर्दा वा धातुमा खादको मिश्रण गर्दा प्रयोग गरिने चाँदीझैं सेतो एक धातु । २. अमेरिकामा पाँच सेन्टबराबर मूल्यको एक मुद्रा ।

**निकष**⁄**निकषोपल**– ना० [सं०] १. असल, कमसल छुट्ट्याउन सुनचाँदी आदि धातु घोटेर हेर्ने ढुङ्गो; कसी । २. हतियारमा सान लगाउन प्रयोग गरिने ढुङ्गो; सानढुङ्गो ।

**निकानन्द**– ना० [निको+आनन्द] १. कुनै दुःख, पीर नभएको अवस्था; आनन्द; सन्चो । वि० २. दुःख, पीर नभएको; विघ्नबाधा नभएको; निर्विघ्न ।

**निकाय**– ना० [सं०] १. समूह; समुदाय । २. समुदायअन्तर्गतको एक खण्ड; एकाइ । ३. वासस्थान । ४. शरीर । ५. निशाना; लक्ष्य । ६. कुनै संस्था वा सदन ।

**निकाल्-नु**– स० क्रि० [निष्कासन+नु] १. भित्र भएको कुनै वस्तु बाहिर झिक्नु वा अन्यत्र कतै पठाउनु । २. कुनै व्यक्तिलाई कुनै देश, ठाउँ, कामकाज आदिबाट हटाउनु । ३. बसिरहेको देश, ठाउँ आदिबाट लखेट्नु; धपाउनु । ४. थुनिएको वा रोकिएको कुनै व्यक्ति वा वस्तुलाई छुटाउनु; बन्धनबाट मुक्त पार्नु । ५. लुकिरहेको वस्तुलाई बाहिर प्रकट गर्नु; प्रकाशमा ल्याउनु । ६. अरूले पत्ता नलगाएको कुरो वा वस्तु पत्ता लगाउनु; कुनै नयाँ कुरो वा वस्तुको आविष्कार गर्नु । ७. फुर्ती, ढाँचा आदि झिक्नु । ८. कुनै पदार्थमा बुट्टा वा बान्की निकाल्नु ।

**निकाला**– ना० [निकाल्+आ] १. कसैलाई उसको इच्छाविरुद्ध बसिरहेको देश, ठाउँ, कामकाज आदिबाट निकाल्ने काम; निकालावास; निष्कासन । २. कुनै ठाउँबाट कसैलाई लखेट्ने काम; धपाउने काम ।

**निकालाइ**– ना० [निकाल् (+आइ)] निकाल्ने क्रियाप्रक्रिया ।

**निकालाबास**– ना० [निकाला+बास] कसैलाई कुनै देश, ठाउँ, कामकाज आदिबाट निकाल्ने काम; निकाला ।

**निकालिनु**– क० क्रि० [निकाल्+इ+नु] निक्लने पारिनु ।

**निकास्-नु**– स० क्रि० [सं० निष्कास+नु] १. अप्ठ्यारोमा फसेको कुनै व्यक्ति वा वस्तुलाई त्यसबाट मुक्त गराउनु । २. दुःखमा परेको व्यक्तिलाई त्यसबाट बाहिर निकाल्नु; उकास्नु । ३. निकास खोल्नु; निकाल्नु । ४. निकासा गराउनु । > **निकास**– ना० १. बाहिरबाट भित्र पस्ने र भित्रबाट बाहिर निक्लने ठाउँ । २. गाउँ वा सहरको बाहिरी खुला जमिन; सार्वजनिक जमिन; गौचरन । ३. नालको वा फोहोर– मैला भएको पानी निस्कने ठाउँ; ढल । ४. बचत; उकास । ५. मार्ग; बाटो; माध्यम । **निकासा**– ना० १. सरकारद्वारा कसैको आवेदनउपर लगाइने सकारात्मक तोक । २. कुनै वस्तु बाहिर पठाउने काम; निकासी । ३. रकम वा अधिकारबारे माथिल्ला तहबाट तल्ला तहलाई दिइएको स्वीकृति । **निकासाइ**– ना० निकास्ने क्रिया वा प्रक्रिया । **निकासापुकासा**– ना० निकासा, आदेश आदि । **निकासिनु**– क० क्रि० निकासिने पारिनु ।

**निकासी**– ना० [सं० निष्कास+ई] १. कुनै वस्तु स्वदेशबाट विदेश पठाउने काम । २. निकासाको आदेश । ३. लुकेर बसेको वा रोकिइरहेको कुनै वस्तुलाई निकाल्ने वा बाहिर पठाउने काम । – **कर्ता**– ना० कुनै मालसामान वा अन्य कुनै कुराको निकासी गर्ने व्यक्ति । ~ **पिकासी**– ना० हे० निकासीपुकासी । ~ **पुकासी**– ना० निकासा गर्ने वा गराउने काम; निकासीको आदेश दिने वा लिने काम । ~ **पुर्जी**– ना० एक ठाउँबाट अर्को ठाउँमा मालसामान निकासी गर्ने आदेशपत्र; निकासीका निम्ति दिइएको पुर्जी । ~ **पैठारी**– ना० व्यापारिक मूल्यका मालसामान आफ्नो देशबाट अर्को देशमा पठाउने र अर्को देशबाट आफ्नो देशमा झिकाउने काम; निकासी र पैठारी; आयात-निर्यात ।

**निकुञ्ज**– ना० [सं०] १. लहराहरू र बाक्लो रूखहरू भएको ठाउँ । २. लतामण्डप; लतागृह । ३. बोट-बिरुवा, जनावर आदि । वन्य सम्पदाको सुरक्षाका उद्देश्यले निर्माण गरिएको स्थल; आरक्षण ।

**निकुञ्जिका**– ना० [सं०] सानो निकुञ्ज ।

**निकृष्ट**– वि० [सं०] १. सामान्य स्थितिभन्दा ज्यादै तल गिरेको; एकदमै तल्लो तहको । २. नीच प्रवृत्तिको; नीच; अधम; तुच्छ; हेय । – **ता**– ना० निकृष्ट हुनाको गुण वा भाव; नीचता; तुच्छता; हीनता ।

**निकेत**⁄**निकेतन**– ना० [सं०] घर; वासस्थान; निवास ।

**निकै**– वि० [निको+ऐ] १. प्रशस्त मात्रामा भएको; धेरै; प्रशस्त; मनग्गे । २. आरामै; सन्चै । क्रि० वि० ३. धेरै नै; प्रशस्त मात्रामा; खूबै; प्रशस्तै ।

**निको**– वि० [फा० नेक+ओ] १. राम्रो बानीबेहोरा भएको; असल चालचलन वा बढिया स्वभावको; जाती; बेस । २. मन परेको; रुचिकर; मनपर्ने । ३. थाकेको; चाउरी परेको (घाउ आदि) । ४. जाती भएको (रोग आदि) । ना० ५. सुब्बेफाप्पे; कुशल-मङ्गल; क्षेमकुशल ।

**निकोर्सि**– क्रि० वि० जुन दिनदेखि गन्ती गरिएको हो त्यसलाई समेत लिएर त्यसपछि आउने चौथो दिन पर्सिको भोलिपल्टको दिन; निपर्सि ।

c:\Sabdkosh\dick'Na'.p65



**निक्खर/निक्खरा–** वि० [सं० निःक्षार] १. अरू कुनै कुरा नमिसिएको; अरू रङ वा जात नभएको; चोखो; शुद्ध; निखर । २. कुनै दोष, दाग नभएको; निखरा; निखुर ।

**निक्ल–नु–** अ० क्रि० [सं० निष्कालन] १. भइरहेको देश, ठाउँ, गरिरहेको काम आदिबाट बाहिर हुनु । २. नदेखिएको वा लुकेर बसेको वस्तु बाहिर आउनु; निस्कनु; देखा पर्नु । ३. अप्ठ्यारो पार गर्नु । ४. बन्धनबाट मुक्त हुनु । ५. उत्पन्न हुनु; पैदा हुनु; उम्रनु । >**निक्लाइ–** ना० निक्लने क्रिया वा प्रक्रिया । **निक्लिनु–** अ० क्रि० हे० निक्लनु ।

**निक्षिप्त–** वि० [सं० निःक्षिप्त] १. फालिएको; फ्याँकिएको; मिल्काइएको । २. धरोट राखिएको । ३. ब्याङ्क आदिमा जम्मा गरिएको ।

**निक्षेप–** ना० [सं० निःक्षेप] १. कुनै वस्तुलाई फ्याँक्ने काम; मिल्काउने काम । २. कुनै वस्तुलाई कतै राख्ने काम; थन्क्याइ । ३. चाहिएको बेलामा फिर्ता लिने गरी विश्वासपूर्वक कसैलाई कुनै वस्तु राख्न दिने काम; धरोट; नासो । ४. आर्थिक कारोबार गर्ने कुनै संस्थाको सेयर वा हिस्सा किनेर पैसा हाल्ने काम; लगानी । ५. ब्याङ्कको खातामा जम्मा गरिने रकम वा धन । >**निक्षेपक–** वि० १. कुनै वस्तुलाई फ्याँक्ने वा फाल्ने; मिल्काउने । २. कुनै वस्तुलाई जम्मा राख्ने; धरौटी राख्ने । ३. आर्थिक कारोबार गर्ने; कुनै संस्थाको सेयर किन्ने । ना० ४. निक्षेप गर्ने साधन वा व्यक्ति । **निक्षेपण–** ना० निक्षेप गर्ने कार्य वा प्रणाली । **निक्षेपित–** वि० निक्षेप गरिएको । **निक्षेपी–** वि०/ना० निक्षेपक । **निक्षेप्ता–** वि०/ना० निक्षेपी ।

**निक्सारी–** ना० [निकासा] १. निकासा गर्ने काम । २. राणा शासनकालमा बिन्तीपत्र वा उजुरीको निकासा दिने अड्डा वा फाँट ।

**निखट्ट/निखट्टु–** वि० [सं० निकृष्ट] १. खराब बानीबेहोराले गर्दा कतै टिक्न वा कसैसित मिल्न नसकेको । २. कुनै कामकाज नभएको; निकम्मा; बेकम्मा । ३. अभावग्रस्त । ना० ४. खाँचो; अभाव ।

**निखन्–नु–** स० क्रि० [सं० निष्क्रिय+नु] बन्धकी, धरौटी वा धितो राखिएको कुनै वस्तु, घरजग्गा आदि रुपियाँ तिरेर फिर्ता लिनु । >**निखनाइ–** ना० निखन्ने किसिम, क्रिया वा भाव । **निखनाइनु–** क० क्रि० निखन्न लाइनु । **निखनाउनु–** प्रे० क्रि० निखन्न लगाउनु । **निखनिनु–** क० क्रि० बन्धकी, धितो वा धरौटी राखिएको कुनै वस्तु, घर-जग्गा आदि रुपियाँ तिरेर फिर्ता लिइनु ।

**निखर–** वि०हे० निक्खर ।

**निखलाम–** ना०/वि०हे० निख्लाम ।

**निखर्व–** ना० [सं०] १. दस हजार करोडको सङ्ख्या; सय अरबको सङ्ख्या । वि० २. दस हजार करोड; सय अरब । ना० ३. बाउन्ने; पुड्के ।

**निखार्–नु–** स० क्रि० [सं० निक्षारण+नु] १. भएको चीजबीज वा सम्पत्ति सिद्ध्याउनु; धूलो पनि शेष नराखी खतम पार्नु; खङ्गार पार्नु । २. निथार्नु ।

**निखार–** ना० [सं० निष्कास्+ट] निखेर, निथ्रेर वा थिग्रेर बाँकी रहेको वस्तु; निथार; थिग्रेनी ।

**निखाराइ–** ना० [√ **निखार्** (+आइ)] निखार्ने क्रिया वा प्रक्रिया । [>] **निखारिनु–** क० क्रि० निखने तुल्याइनु ।

**निखित्ते–** ना० [सं० निषिद्ध] १. कुनै विशेष अनुष्ठानका निम्ति कुनै आचरणको परित्याग । २. निषेध ।

**निखिल–** वि० [सं०] सम्पूर्ण; सारा; जम्मै; अखिल ।

**निखुट–** वि० [नि+खोट] खोट वा दोष नभएको; निर्दोष; निखुर ।

**निखुनी–** वि० [नि+खुनी] खुनी नभएको; कुनै खुन-खोट नलागेको; निर्दोष; बेदाग ।

**निखुर–** वि० [निखरा] १. कुनै किसिमको दाग नभएको; निक्खर । २. एउटा रङमा अर्को रङ नमिसिएको; निखरा; निक्खर; एकछाँटा ।

**निखुर्को–** ना० [सं० नि+क्षौरक] १. चैततिर चल्ने तातो हावाका प्रभावले झारपातहरू पूर्ण रूपले सुकेको अवस्था; पतझड । (उदा०– यो पराल अहिले खर्च नगरी निखुर्काका लागि साँच्नुपर्छ) । २. उनाउलो पलाउनुभन्दा पहिलेको ग्रीष्मर्तु ।

**निखुल्क–नु–** अ० क्रि० [सं० नि+खुर्कुनु] अरूलाई मन नपर्ने गरी इत्तरिनु; मात्तिनु; फुरफुरिनु; फुर्किनु; निफुल्कनु; नेप्रिनु । >**निखुल्काइ–** ना० निखुल्कने किसिम, क्रिया वा भाव । **निखुल्किनु–** अ० क्रि० १. निखुल्कनु । **निखुल्क्याइ–** ना० निखुल्काइ । **निखुल्क्याइनु–** क० क्रि० निखुल्किने पारिनु । **निखुल्क्याउनु–** स० क्रि०/प्रे० क्रि० निखुल्किने पार्नु वा पार्न लगाउनु । **निखुल्क्याहट–** ना० निखुल्काहट ।

**निखनु–** अ० क्रि० [सं० निक्षरण] १. भएको चीजबीज, सम्पत्ति आदि समाप्त हुनु; अलि-अलि गरेर भएभरको सकिनु; बाँकी नरहनु; रित्तिनु; सिद्धिनु । २. फोहोर-मैला नभएको हुनु; स्वच्छ हुनु । >**निखाइ–** ना० निखने किसिम, क्रिया वा भाव । **निखाइनु–** क० क्रि० निखने पारिनु वा निखारिनु । **निखाउनु–** प्रे० क्रि०/स० क्रि० समाप्त गर्नु; रित्याउनु; निखार्नु । **निखाहट–** क० क्रि० निखाइ । **निखिनु–** क० क्रि० १. निखने पारिनु; निखारिनु । अ० क्रि० २ समाप्त हुनु ।

**निख्लाम–** ना० [नि+गलो+आम] १. केही पनि नखाएर बस्नुपर्ने स्थिति वा धर्म, सत्याग्रह आदिको लागि गरिने पूर्ण निराहार; निखलाम । वि० २. त्यसरी भोको भएको (व्यक्ति, स्थिति, व्रत इ०) । ३. पूर्ण भोको । क्रि० वि० ४. त्यसरी भोको रहेर (उदा०– उसले निख्लाम सारा रात काट्यो) ।

**निख्लै–** वि० [नि+गलो+ई] १. निस्तै; गलोबाट नछिर्ने । क्रि० वि० २. निस्तो किसिमले ।

**निगड–** ना० [सं०] १. हात्ती बाँध्ने सिक्री । २. कैदीका गोडामा लगाइने एक किसिमको फलामे कडा; नेल ।

**निगम–** ना० [सं०] १. वेद वा वेदको कुनै अंश । २. बाटो; मार्ग ।

c:\Sabdkosh\dick'Na'.p65



३. बजार; हाट । ४. सरकारी नियम कानुनअनुसार चल्ने गरी मान्यताप्राप्त स्वतन्त्र अस्तित्व भएको सहकारी संस्था । ५. सङ्घ । – **कर**– ना० कुनै निगमले आफ्नातर्फबाट लगाएको कर । >**निगमन**– ना० गणित वा भौतिक शास्त्रका सूत्रको समुचित निराकरण । ~ **सचिव**– ना० कुनै निगमको सचिव । **निगमित**– वि० निगमका रूपमा परिणत भएको; निगमको रूप दिइएको ।

**निगरानी**– ना० [फा०] कुनै व्यक्ति वा वस्तु नबिग्रियोस्,नमासियोस् वा अरूद्वारा जथाभावी नहोस् भन्ने उद्देश्यले रेखदेख गर्ने काम; हेरविचार; निरीक्षण; रेखदेख ।

**निगार**– ना० [निखार] छानेको जाँड; चुहाएको जाँड ।

**निगाले**– वि० [निगालो+ए] १. निगालोसम्बन्धी; निगालाको । २. निगालोजस्तो । ~ **उखु**– ना० एक प्रकारको झीनो उखु । ~ **चितुवा**– ना० सानो जातको चितुवा; चरीबाघ । ~ **झाँप्रो**– ना० निगालाको जस्तो पात हुने एक प्रकारको जङ्गली घाँस ।

**निगालो**– ना० कलम, नली आदि बनाइने, प्रायः लेकमा हुने एक जातको मसिनु बाँस; शर ।

**निगाह**– ना० [फा०] १. दुःखी-दरिद्री व्यक्तिका उपर गरिने कृपा; दया । २. दयादृष्टि; मेहरबानी ।

**निगुरो**– ना०हे० निहुरो ।

**निगूढ**– वि० [सं०] १. मुस्किलले मात्र जान्न सकिने; रहस्यपूर्ण; अति गुप्त । ना० २. जङ्गली मुगी । >**निगूढार्थ**– वि० अर्थ स्पष्ट नभएको; अर्थ लुकेको ।

**निगृहीत**– वि० [सं०] १. अपराधको आशङ्कामा वा अन्य कुनै कारणले समातिएको; पक्रिएको; पक्राउ परेको । २. घेरिएको । ३. पीडित; दण्डित ।

**निग्रह**– ना० [सं०] १. मन, इन्द्रिय आदिलाई छाडा हुन नदिएर आफ्नो वशमा राख्ने काम; रोक्ने काम; नियन्त्रण; रोक । २. उच्छृङ्खल काम-कुरा गर्ने व्यक्तिलाई दिइने दण्ड वा सजाय; यातना; पीडा । ३. दान दिइएको वस्तु फिर्ता लिँदा दिइने मूल्य । > **निग्रहण**– ना० १. रोक्ने काम; रोक; अवरोध । २. दण्ड; सजाय । ~ **स्थान**– ना० वाद-विवाद वा शास्त्रार्थमा असङ्गत कुरो झिकी जित्न खोज्नेलाई मूर्ख साबित गरी चुप लाग्न बाध्य गराउने स्थान । **निग्रही**– वि० निग्रह गर्ने; दमनकर्ता ।

**निग्रो**– ना० [सं० निग्रृतिक] अफ्रिकामा रहने कालो छाला भएको एक जाति; हब्सी ।

**निघण्टु**– ना० [सं०] १. संस्कृत भाषाको शब्दका पर्यायहरूको सङ्ग्रह भएको प्राचीन कोश । २. वैदिक शब्दकोश । ३. शब्दकोश ।

**निचर्-नु**– स० क्रि० [निचोर+नु] हे० निचोर्नु । >**निचराइ**– ना० हे० निचोराइ । **निचराइनु**– क० क्रि० निचोराइनु । **निचराउनु**– प्रे० क्रि० निचोराउनु ।

**निचो**– वि० [सं० नीच] १. अपेक्षाकृत तल रहेको; होचो; गहिरो । २. तुच्छ; चुत्थो ।

**निचोड**– ना० सारांश; निष्कर्ष ।

**निचोर्-नु**– स० क्रि० [सं० निच्युतन] १. हातले वा अन्य कुनै साधनले दुईतिरबाट च्यापेर वा अँठचाएर कुनै वस्तुको रस चुहिने गरी निकाल्नु । २. बेसरी थिच्नु । ३. भएजति सबै झिक्नु; निथार्नु । ४. कुनै जुक्ति-बुद्धिले अर्काको मनको कुरा लिनु । ५. माड्नु; मिच्नु । > **निचोर**– ना० १. कुनै वस्तु वा कुराको सार; सारांश । २. विचार वा विवेचनाबाट आखिरमा निक्लेको सिद्धान्त; निष्कर्ष; निधो; निर्केवल । ३. कुनै कामको अन्तिम परिणाम; आखिर; अन्त्य । ४. खोइलाबाट रस निकाल्ने काम । **निचोराइ**– ना० निचोर्ने क्रिया वा प्रक्रिया । **निचोराइनु**– क० क्रि० निचोरिने पारिनु । **निचोराउनु**– प्रे० क्रि० निचोर्न लगाउनु; निचोरिने पार्नु । **निचोराहट**– ना० निचोराइ । **निचोरिनु**– क० क्रि० निचोराइको पात्र हुनु । **निचोरनाचोर**– ना० सबैतिरबाट निचोर्ने काम; राम्ररी चारैतिरको सार-वस्तु झर्ने गरी निचोर्ने प्रक्रिया । **निचोऱ्याइ**– ना० निचोरिने क्रिया वा प्रक्रिया । **निचोऱ्याहट**– ना० निचोऱ्याइ ।

**निछट्टो**– वि० [सं० निःसुष्ठु] शुद्ध बोली नबोल्ने; असभ्य ।

**निछाइ**– ना० [√ **निछाउ** (+आइ)] निछाउने क्रियाप्रक्रिया । [>] **निछाइनु**– क० क्रि० निछाउने पारिनु । **निछाइलो**– वि० पट्टयारलाग्दो; अल्छीलाग्दो ।

**निछाउ-नु**– स० क्रि० [सं० नीच+याउ+नु] १. कुनै काम-कुरोलाई महत्त्व नदिई उपेक्षा गर्नु । अ० क्रि० २. नीच मार्नु । ३. गर्नुपर्ने कुनै काम-कुरोलाई गरूँ कि नगरूँजस्तो गरेर टार्नु; अल्छी गर्नु । ४. ढिलाउनु । >**निछाहट**– ना० निछाइ ।

**निछोट्-नु**– स० क्रि० [नि+छोट्+नु] १. कुनै वस्तु वा कुरालाई केलाउनु । २. हेर्नु । ३. निफन्नु । ४. माझ्नु । >**निछोटाइ**– ना० निछोट्ने भाव, क्रिया वा प्रक्रिया । **निछोटाइनु**– क० क्रि० निछोट्न लाइनु । **निछोटाउनु**– प्रे० क्रि० निछोट्न लाउनु । **निछोटाहट**– ना० निछोटाइ । **निछोटिनु**– क० क्रि० निछोट्ने काम गरिनु ।

**निछ्याम**– ना० [सं० निःशाम] १. कुनै किसिमको शब्द नभएको अवस्था वा बेला; निस्तब्धता; सन्नाटा; सुनसान । २. दिनको बीचको समय; मध्याह्न ।

**निज**– सर्व० [सं०] १. खास आफै; आफू, स्वयम् । २. सो; ऐजन । वि० ३. आफ्नो । ४. फलानु । ५. उक्त; सो । >**निजा**– वि० आफ्नै; निजी; स्वकीय; व्यक्तिगत ।

**निजात्मक**– वि० [सं०] आफ्ना भावना र विचारको स्वतन्त्र अभिव्यक्ति भएको र स्वयम्को व्यक्तित्वसँग नै बढी सम्बन्धित भएको; आत्मपरक; व्यक्तिनिष्ठ । – **ता**– ना० निजात्मक हुनाको भाव, गुण वा अवस्था । ~ **निबन्ध**– ना० आत्मपरक निबन्ध । ~ **शैली**– ना० लेखाइको भावनामूलक शैली ।

**निजामती**– ना० [अ० निजामत+ई] १. राज्यप्रशासनको जङ्गीबाहेकका प्रशासकीय र अदालती सबै शाखा । वि० २. प्रशासनसम्बन्धी र दिवानी अदालतसम्बन्धी (कर्मचारी, अड्डा आदि) । ~ **सेवा**– ना० नेपाल सरकारको सैनिक र प्रहरीसेवाबाहेक

c:\Sabdkosh\dick'Na'.p65



सबै मन्त्रालय र सबै विभागअन्तर्गतको सेवा; नेपाल सरकारका जङ्गीबाहेकका प्रशासकीय विभिन्न शाखा-प्रशाखासँग सम्बन्धित सेवा । ~**सेवा नियमावली**– ना० निजामती सेवासम्बन्धी नियमावली; जङ्गी-प्रहरीबाहेक अन्य कर्मचारीसम्बन्धी नियमावली ।

**निजायत**– ना० [सं० निज+आयत] १. खास आफ्नो काम; निजी काम; आफूतर्फको काम; घरायस । २. घरव्यवहार । > **निजायती**– वि० आफ्नै घरव्यवहारसम्बन्धी; घरायसी; घरेलु; निजी ।

**निजी**– वि० [सं० निज+ई] १. अरू कसैसँग सम्बन्ध नभई आफूसँग मात्र सम्बन्ध भएको; आफ्नो । २. कुनै एक वर्ग वा व्यक्तिसित मात्र सम्बन्धित; व्यक्तिगत । ३. आफ्नो मात्र हकको वा हक भोगेको । ~ **उद्योग**– ना० व्यक्तिविशेषको अधीनमा रही सञ्चालन गरिने उद्योग । ~**क्षेत्र**– ना० सरकारी नियन्त्रणमा नरहेको स्वतन्त्र अर्थतन्त्र । ~ **व्यवसायी**– वि० आफ्नै उद्योगधन्दामा लागेको; व्यक्तिगत रूपमा व्यवसाय गर्ने । ~**सहायक**– ना० विशिष्ट अधिकारी वा विशिष्ट व्यक्तिका अधीनमा रही त्यस्तो अधिकारी वा व्यक्तिलाई निजको काममा सहायता पुऱ्याउने व्यक्ति ।

**निजु**– क्रि० वि० [सं० नित्य] १. हरहमेसा; हमेसा; सधैँ; नित्य; निम । वि० २. उपस्थित; हाजिर ।

**निजोर**– वि० [नि+जोर] कमजोर; निर्धो ।

**निट्टा**– वि० १. एकरङ्गे; एकछायाँ । २. कोरा । (उदा०– ऊ निट्टा मूर्ख रहेछ) । ३. एकसरे ।

**निट्टै**– क्रि० वि० [प्रा० णिपट्ट+इ < सं० निवृत्त] अलिकति पनि; थोरै पनि; निमिटचान्न ।

**निठुर**/**निठुरी**– वि० [सं० निष्ठुर+ई] दयामाया नभएको; निष्ठुर; क्रूर । > **निठुऱ्याइँ**– ना० निठुर हुनाको भाव वा अवस्था; निष्ठुरता ।

**निडर**– वि० [सं० नि+डर] मनमा डर नभएको; कसैको भय नमान्ने; कोहीदेखि नडराउने; सूरो; शूर; निर्भय ।

**नित**– क्रि० वि० [सं० नित्य] नित्य; सधैँ ।

**नितम्ब**– ना० [सं०] कम्मरमनिको पृष्ठ भाग; फिलो; पुट्ठा; चाक । – **कस**– ना० चाक टिमिक्क कसिने गरी लगाइने लुगा वा त्यस्तो पहिरन । ~ **बिम्ब**– ना० बाटुलो चाक । > **नितम्बास्थि**– ना० नितम्ब वा फिलाको हाड; पुट्ठाको हाड । **नितम्बिनी**– ना० १. ठूलो र आकर्षक नितम्ब भएकी स्त्री । २. तरुनी राम्री आइमाई । ३. स्त्री; आइमाई । वि० ४. ठूलो नितम्ब हुने; चाके (स्त्री) । **नितम्बी**– वि० ठूलो नितम्ब हुने; चाके (पुरुष) ।

**नितान्त**– क्रि० वि० [सं०] १. एकदम; बिलकुल । २. अत्यन्त; सर्वथा । वि० ३. पूरै ।

**नित्य**– क्रि० वि० [सं०] १. कहिल्यै नबिराईकन; अटुट रूपमा; लगातार; सधैँ; निरन्तर; अनवरत; दिनदिनै; प्रतिदिन । वि० २. कहिल्यै नाश नहुने; सधैँ रहिरहने; अविनाशी । ~ **कर्म**/**कृत्य**/**क्रिया**– ना० दिनदिनै गरिने काम; प्रतिदिनको काम; दैनिक कर्म (शौच, स्नान, पूजापाठ आदि दैनिक क्रिया) । – **ता**/**त्व**– ना० १. नित्य हुनाको भाव वा अवस्था; निरन्तरता । २. अविनाशिता; शाश्वतता । ~ **दान**– ना० प्रत्येक दिन एकै विधिका साथमा गरिने दान । – **प्रति**– क्रि० वि० प्रतिदिन; दिनहुँ; सधैँ । ~ **यज्ञ**– ना० सधैँ गरिने यज्ञ । – **शः**– क्रि० वि० सधैँभरि; सधैँ । ~ **सन्धि**– ना० वैकल्पिक रूपमा नहुने सन्धि; हुने र नहुने विकल्प नभएको सन्धि । ~ **संज्ञा**– ना० १. सधैँ एउटै रहिरहने संज्ञा; स्थायी रूपमा रहिरहने संज्ञा । २. अविनाशी नाम । >**नित्यानन्द**– ना० १. अविरल रूपमा भइरहने आनन्द । २. भगवान् । वि० ३. सधैँ आनन्दपूर्वक रहने; सदानन्द ।

**नित्रेनी**– ना० [सं० निस्त्राण] धेरै हिँड्दा, कुनै अप्ठ्यारो काम गर्दा वा लामो समयसम्म काम गर्दाको परिश्रमले हुने शारीरिक शिथिलता; शारीरिक ग्लानि; थकावट । > **नित्र्यान्न**– क्रि० वि० थकाइले शरीर शिथिल भएर; लस्त हुँदै; थाक्ने किसिमले ।

**निथाचुर**/**निथाचूर्ण**– क्रि० वि० [निथाचूर्ण] पूरै भिज्ने गरी; निथ्रुक्क; सतचूर्ण ।

**निथार्-नु**– स० क्रि० [निथार+नु] १. पानी आदि तरल पदार्थ राखिएको वा भएको ठाउँबाट नसिद्धिएसम्म चुहाउनु वा बगाउनु; पानी आदि तरल पदार्थ अलि-अलि गरेर चुहाउँदै वा बगाउँदै सिद्ध्याउनु । २. कुनै पनि कुरो सक्नु; सिद्ध्याउनु । > **निथार**– ना० १. चुहिएर वा बगेर बाँकी रहेको वस्तु; निथ्रेर बाँकी रहेको वस्तु । २. अवशेष । **निथारपिथार**– ना० बगेर, चुहिएर वा निथ्रेर बाँकी रहेको वस्तु; अवशेष । **निथाराइ**– ना० निथार्ने वा निथ्रिने क्रिया-प्रक्रिया । **निथारिनु**– क० क्रि० निथार्ने काम गरिनु; निथ्राइनु ।

**निथ्र-नु**– अ० क्रि० [निथ्र+नु] १. पानी आदि तरल पदार्थ बिस्तारै-बिस्तारै भएजति जम्मै चुहनु वा बग्नु । २. पानी आदि तरल पदार्थ अलि-अलि गरेर बग्दै सिद्धिनु । ३. समाप्त हुनु; शेष नरहनु । > **निथ्राइ**– ना० निथ्रने किसिम; क्रिया वा भाव । **निथ्राइनु**– क० क्रि० निथ्रने पारिनु । **निथ्राइलो**– वि० निथ्रने स्वभावको । **निथ्राउनु**– स० क्रि०/प्रे० क्रि० निथार्नु वा निथ्रने पार्नु । **निथ्राहट**– ना० निथ्राइ । **निथ्रिनु**– अ० क्रि० १. निथ्रेको होइनु; निथारिनु । २. निथ्रनु ।

**निथ्रुक्क**– क्रि० वि० [अ० मू० निथ्रुक्+क] पानी वा पसिनाले सम्पूर्ण शरीर बेसरी भिज्ने गरी; झरीमा बेसरी रुझ्ने किसिमले; निथाचूर्ण ।

**निथ्रेनी**– ना० [निथ्र+एनी] निथ्रेर वा थिग्रेर बाँकी रहेको थिग्रेनी; निथार ।

**निथ्याइ**– ना० [√ **निथ्रि** (+याइ)] निथ्रिने क्रिया वा प्रक्रिया । [> ] **निथ्याइनु**– क० क्रि० निथ्राइनु; निथारिनु । **निथ्याउनु**– प्रे० क्रि० निथार्नु । **निथ्याहट**– ना० निथ्याइ ।

**निदर्श**– ना० [सं०] कुनै वस्तु वा कुराको अन्वेषण, परीक्षण गर्दा मूल वा समग्रताको राम्रोसँग प्रतिनिधित्व गर्ने केही अंश । > **निदर्शक**– वि० कुनै वस्तु वा कुरालाई देखाउने; प्रदर्शक ।

**निदर्शन–** ना० १. कुनै वस्तु वा कुरा देखाउने काम; कुनै वस्तु वा कुरालाई औँल्याउने काम । २. उदाहरण; उपमा; दृष्टान्त । **निदर्शना–** ना० दुई वाक्यको अर्थमा अन्तर हुँदाहुँदै पनि उपमाद्वारा तिनीहरूका सम्बन्धको कल्पना गर्दा साहित्यमा हुने एक अर्थालङ्कार ।

**निदाइ–** ना० [√ **निदाउ** (+आइ)] निदाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **निदाइनु–** क० क्रि० निद्रामा परिनु; सुतिनु । **निदाइलो–** वि० निद्रामा पार्लाजस्तो; सुतूँ-सुतूँ हुने ।

**निदाउ-नु–** अ० क्रि० [सं० निद्रा+आउ+नु] १. प्राणीहरूका जीवित अवस्थामा हुने अधिकांश चेतनावृत्ति रोकिएर निश्चेष्ट भई शारीरिक, मानसिक आदि विश्रान्ति पाउनु; निद्रामा पर्नु; सुत्नु । २. हातगोडामा रक्तसञ्चार बन्द भई झमझमाउनु । >**निदाउरो–** वि० १. भोक, प्यास, थकाइ वा मानसिक चिन्ताले मलिन; अँध्यारो; शिथिल । २. निद्रातुर ।

**निदान–** ना० [सं०] १. कुनै कार्यको आदि कारण; प्रमुख कारण; मुख्य हेतु । २. डाक्टर, वैद्य आदिद्वारा रोगीको रोग खुट्ट्याउने काम; रोगीको रोगको निर्णय । ३. कुनै कुराको अन्तिम निष्कर्ष; परिणाम; निचोर; आखिर । ४. शुद्धता । ~ **कार्य–** ना० रोग खुट्ट्याउने काम । **– शेष ⁄ सेक–** क्रि० वि० अन्त्यमा; भरेपरन्तुमा । **– सेकमा–** क्रि० वि० भरेपरन्तुमा ।

**निदार–** ना०हे० निधार ।

**निदाल–** ना० घरका दलिनहरू अडचाउनाका निम्ति गाराका बीचमा वारपार राखिने काठ, फलाम आदिको सत्तरी; दलिनहरू अडचाउने काठ, फलाम आदिको साधन ।

**निदुरी–** ना० [नीद+उरी] १. निदाइरहने स्वास्नीमान्छे । २. (दन्त्यकथामा) नीद; निदुली; निदरी ।

**निदुली–** ना० [सं० निद्रा+उली] (लोककाव्य, बालबोली आदिमा) निद्रा; निदरी; निदुरी ।

**निदेश–** ना० [सं०] १. ठूलो मानिसले आफूभन्दा साना मानिसलाई दिने आदेश; आज्ञा । २. कथन; उक्ति । ३. सामीप्य ।

**निद्रा–** ना० [सं०] १. सुतेको वा काम नभएको बेलामा शरीर शिथिल भई केही काल चेत हराउने प्रक्रिया वा गुण । २. त्यसरी चेत हराएको अवस्था; निद्रावस्था; नीद; स्वप्न; सपना । > **निद्रालु–** वि० १. धेरै बेरसम्म निदाइरहने, बढी निदाउने; सुताहा । २. आँखामा निद्रा भएको; निद्राले ग्रस्त । ३. निद्रामा पार्ने खालको । ४. मादक । **निद्रिका–** ना० मानसिक तनाउलाई मेटेर, जाग्रत् अवस्थाको चेतनावृत्तिलाई निलम्बित पारेर निद्रा लगाइदिने औषधी । **निद्रित–** वि० निदाएको; सुतेको ।

**निधन–** ना० [सं०] १. प्राणीको शरीर सदाको निम्ति चेतनाहीन भई लास हुने प्राकृतिक नियम; मरण; मृत्यु । २. अन्त; समाप्ति । वि० ३. धन नभएको; निर्धन; दुःखी; दरिद्र । ~ **क्रिया–** ना० मरेपछिको काजकिरिया; किरियाकाष्टा; अन्त्येष्टि क्रिया ।

**निधार–** ना० [प्रा० निलाड < सं० निटिल] १. आँखीभुइँदेखि माथि कपालसम्मको अवयव; ललाट; भाल; निदार । २. खप्पर; पुर्पुरो; चाँदो । ३. भाग्य ।

**निधि–** ना० [सं०] १. कुनै वस्तु धेरै मात्रामा भएको ठाउँ; कुनै वस्तु सञ्चित भएर रहेको ठाउँ; खानि । २. गुप्त रूपमा रहेको धन; गडेको धन; गाडधन । ३. कुबेरका नौ भण्डार वा खानि (पद्म, महापद्म, शङ्ख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील र खर्ब) । ४. समुद्र ।

**निधि-नु–** अ० क्रि० [निधो+इ+नु] निधो हुनु; टुङ्गो लाग्नु ।

**निधिनी–** ना० [निधो+इनी] कथ्य० निदिनी । १. बनझाँक्री भन्ने रहस्यमय जातिकी स्त्री; स्त्री बनझाँक्री; बनझँक्रिनी । २. धमिनी । ~ **गुरुमा–** ना० १. झाँक्रीविद्या सिकाउने एक अनुश्रुतिगत बनझँक्रिनी । २. बोक्सी ।

**निधिपति–** ना० [सं०] १. कुबेर । २. खानीको मालिक ।

**निधो–** ना० [सं० निन्दा+ओ] १. अन्तिम निर्णय; पक्कापक्की; निश्चय । २. खोजेर पत्ता लगाउने कार्य; टुङ्गो; खोजीनिती ।

**निध्याइ–** ना० [√ **निध्याउ** (+आइ)] निध्याउने काम वा किसिम । [> ] **निध्याइनु–** क० क्रि० निधो गरिनु; टुङ्गो लगाइनु । **निध्याइलो–** वि० १. निधो लाग्लाजस्तो । २. निधो गर्न वा लगाउन लायक ।

**निध्याउ-नु–** स० क्रि० ⁄ प्रे० क्रि० [निधो+याउ+नु] निधो गर्नु; निधो लगाउनु ।

**निनाद–** ना० [सं०] ध्वनि; आवाज । >**निनादित–** वि० शब्द निस्केको; निनाद भएको; ध्वनित । **निनादी–** वि० ध्वनि निकाल्ने; हल्ला गर्ने; बज्ने ।

**निनी१–** ना० [सं० निद्रा] १. बालबोलीमा सुत्ने क्रिया बुझाउने शब्द; सुत्ने काम; सुताइ; निद्रा; नुनु; चिउँ । वि० बो० २. बालकहरूलाई सुताउँदा भनिने शब्द ।

**निनी२–** ना० [सं० नन्दिनी] गाईकाससाना बाछाबाछीलाई प्यारो गरेर भनिने शब्द ।

**निनुङ–** ना० [भो० ब०] लिच्छवि शासनकालमा प्रशासन सञ्चालन गर्न खडा गरिएको केन्द्रीय स्तरको कुनै एक अड्डा ।

**निन्दक–** वि० [सं०] अर्काको भए-नभएको दोषको बखान गर्ने; अर्काको निन्दा गर्ने; परोक्षमा अर्काको कुरा काट्ने ।

**निन्दनीय–** वि० [सं०] १. निन्दा गर्नुपर्ने; निन्दा गर्न लायक; तिरस्करणीय । २. ऐनकानुन, वंश-परम्परा र लोकव्यवहारको प्रतिकूल; सामाजिक नियम र मर्यादाको विरुद्ध (आचरण, व्यवहार इ०) ।

**निन्दा–** ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुको खोट देखाउने काम; अर्काको भए-नभएको दोष देखाउने काम; परोक्षमा अर्काको कुरा काट्ने काम । २. तिरस्कार; हेलाँ; घृणा; अवज्ञा । ३. अपकीर्ति; अपवाद; बदनामी । > **निन्दात्मक–** वि० कसैको निन्दा वा अनुचित आलोचना गरेर लेखिएको वा भनिएको; निन्दा भएको । **निन्दित–** वि० निन्दा गरिएको; दोष देखाइएको; बदनाम भएको; तिरस्कृत ।

**निन्दु–** ना० [सं०] १. मरेको बच्चा जन्माउने स्त्री । २. जन्मनेबित्तिकै छोराछोरी मर्ने स्त्री; मृतवत्सा । ३. छोराछोरी जन्मनेबित्तिकै स्वयम् मर्ने स्त्री ।

**निन्दो चर्चो–** ना० [निन्दा+चर्चा] १. अर्काको नराम्रो बानीबेहोराको

c:\Sabdkosh\dick'Na'.p65



अनावश्यक चर्चा; अर्काको दोषको अनावश्यक खोजीनिती; परोक्षमा अर्काको कुरा काटिरहने प्रवृत्ति; चेवाचर्चा । २. अर्काको दोष बखान गर्ने काम; बदख्वाइँ; बदनामी ।

**निन्द्य–** वि० [सं०] निन्दा गर्न लायक; निन्दा गर्नुपर्ने; निन्दनीय ।

**निन्द्रा–** ना० [सं० निद्रा] हे० निद्रा । > **निन्द्रालु–** वि० निद्रालु ।

**निन्याउरो–** वि० [सं० निद्रातुर > प्रा० णिद्दाउरो] हे० निदाउरो ।

**निपर्सि–** क्रि० वि० [सं० निक (ट)+परस्व] पर्सिको भोलिपल्ट; निकोपर्सि; निकोर्सि ।

**निपात–** ना० [सं०] १. भाषामा खास-खास भावलाई व्यक्त गर्न स्वयम् प्रत्यक्ष रूपले सार्थक नभए पनि वाक्यका निकटवर्ती शब्दलाई बढी सार्थक तुल्याउने शब्द (नि, पो, र, त आदि) । २. खस्ने काम; झर्ने काम; गिर्ने काम; अधपतन । ३. नाश; सखाप । > **निपातन–** ना० १. माथिबाट तल खस्ने काम; झर्ने काम; गिर्ने काम; पतन । २. पिट्ने काम; चुट्ने काम; पिटाइ; चुटाइ । ३. नाश गर्ने काम; नाश । **निपातित–** वि० १. माथिबाट तल झारिएको; खसालिएको; गिराइएको । २. नाश पारिएको ।

**निपान–** ना० [सं०] १. पोखरी । २. कुवा । ३. दूध दुहुने भाँडो ।

**निपाने–** वि० [नि+पानी+ए] पानी नभएको; सुक्खा (जमिन आदि) ।

**निपुण–** वि० [सं०] कुनै कामकुराको राम्रो ज्ञान भएको; काममा चतुर; सिपालु; चलाख; कुशल; दक्ष; चुपिचन्डाल । **– ता–** ना० १. निपुण हुनाको भाव; दक्षता; कार्यकुशलता । २. चलाखी ।

**निप्ट-नु–** अ० क्रि० [प्रा० निबट्टण] हे० निब्टनु । >**निप्टाइ–** ना० निब्टाइ । **निप्टाइनु–** क० क्रि० निप्टने पारिनु । **निप्टाउनु–** स० क्रि०/प्रे० क्रि० निप्टने पार्नु वा पार्न लाउनु ।

**निफन्-नु–** स० क्रि० [सं० निष्पवन+नु] १. नाङ्लामा हाली फट्कारेर अन्न आदिमा मिसिएको धूलो, कसिङ्गर, भूस आदि छुट्ट्याउनु; नाङ्लाले अन्न आदि केलाउनु । २. अर्काको चेवाचर्चा गर्नु; अर्काको कुरा काट्नु । **निफननाफन–** ना० नाङ्लाले फटकारेर धूलो, कसिङ्गर, भुस आदि छुट्ट्याउने काम; निफन्ने र केलाउने काम । **निफनाइ–** ना० निफन्ने क्रिया व प्रक्रिया । **निफनाइनु–** क० क्रि० निफन्न लगाइनु । **निफनाउनु–** प्रे० क्रि० निफन्न लगाउनु । **निफनिनु–** क० क्रि० १. निफन्ने काम गरिनु । अ० क्रि० २. निफनिएको होइनु । **निफनुवा–** वि० १. निफनेको । २. निफन्ने ।

**निफर–** वि० [सं० निर्बल] कमजोर; निर्धो; दुर्बल ।

**निफुल्क-नु–** अ० क्रि० [सं० निःशल्क] १. बचेचढेको हुनु; फुर्किएर कसैलाई नटेर्नु; मात्तिनु । २. निखुल्कनु । >**निफुल्काइ–** ना० निफुल्कने क्रिया वा प्रक्रिया । **निफुल्किनु–** अ० क्रि० निफुल्केको हुनु । **निफुल्क्याइ–** ना० निफुल्किने काम वा किसिम । **निफुल्क्याइनु–** क० क्रि० निफुल्किने पारिनु । **निफुल्क्याउनु–** प्रे० क्रि०/स० क्रि० १. निफुल्किने पार्नु । २. मत्त्याउनु । ३. खुत्त्याउनु । **निफुल्क्याहट–** ना० निफुल्क्याइ ।

**निब–** ना० [अङ्०] लेख्नका लागि होल्डर, फाउन्टेनपेन आदिमा जडिने (जड्न, झिक्न मिल्ने) धातुको टाँका; होल्डर, फाउन्टेनपेन आदिको टुँडो ।

**निबद्ध–** वि० [सं०] १. नफुस्किने गरी बाँधिएको; राम्ररी बाँधिएको; बद्ध । २. उनिएको । ३. लेखिएको । ४. जडिएको ।

**निबन्ध–** ना० [सं०] १. कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना; साहित्यको एक गद्य विधा । २. राम्रोसँग बाँध्ने काम । **– कार–** ना० निबन्ध लेख्ने लेखक । >**निबन्धन–** ना० १. बाँध्ने काम; बन्धन । २. निबन्धका रूपमा लेख्ने काम; निबन्ध-शिल्प ।

**निबन्धात्मक–** वि० [सं०] निबन्धका रूपमा बनेको; निबन्धका आकारको । **– ता–** निबन्धात्मक हुनाको भाव वा स्थिति ।

**निबा–** ना० [नि+बाँस] एक जातको बाँस ।

**निबारो–** ना० [सं० निम्नविट] ठूलठूला पात हुने, डाले घाँसका रूपमा प्रयोगमा आउने एक प्रकारको रूख ।

**निबिड–** वि० [सं०] १.घना; आपट्टे; बाक्लो । २. कठिन ।

**निबुवा–** ना० [सं० निम्बूक] गोलो किसिमको एक प्रकारको अमिलो फल वा त्यसको काँडादार वृक्ष ।

**निब्ट-नु–** अ० क्रि० [प्रा० णिबट्ट] १. कुनै कामकुरो भने-सोचेजस्तो गरी सफल हुनु; फत्ते हुनु; तामेल हुनु । २. गर्न लागेको काम-कुरोबाट फुर्सद पाउनु । >**निब्टाइ–** ना० निब्टने किसिम, क्रिया वा भाव । **निब्टाइनु–** क० क्रि० निब्टने पारिनु । **निब्टाउनु–** प्रे० क्रि०/स० क्रि० निब्टने पार्नु वा पार्न लगाउनु । **निब्टिनु–** अ० क्रि० १. निब्टने हुनु; निब्टनु । **निब्टयाइ–** ना० निब्टिने क्रियाप्रक्रिया । **निब्टयाइनु–** क० क्रि० निब्टने पारिनु । **निब्टयाउनु–** प्रे० क्रि०/स० क्रि० तामेल गर्नु वा टुङ्ग्याउनु; निब्टाउनु ।

**निभ्-नु–** अ० क्रि० [सं० निर्वाप+नु] १. बलिरहेको आगो, बत्ती आदि बल्न छोड्नु; आगो, बत्ती आदि मर्नु । २. झगडा आदि टुङ्गिनु; समाप्त हुनु । ३. तेज घट्नु; पराक्रम सकिनु; निस्तेज हुनु । ४. मर्नु > **निभाइ–** ना० निभ्ने क्रिया वा प्रक्रिया । **निभाइनु–** क० क्रि० निभ्ने तुल्याइनु । **निभाउनु–** प्रे० क्रि०/स० क्रि० निभ्ने पार्नु; निस्तेज गराउनु ।

**निभृत–** वि० [सं०] १. गुप्त रूपमा राखिएको; गुप्त । २. भरिभराउ भएको । ३. सुटुक्क; चुपचाप ।

**निम–** ना० [सं० निम्ब] बकाइनाका जस्ता पात हुने, खैरा मसिना फूल फुल्ने, खिर्नीका आकारका फल फल्ने र फल, पात, काठ आदि सबै तीता हुने एक जातको रूख ।

**निमक–** ना० [प्रा० नमक] १. पानी पर्नासाथ पग्लने तथा तरकारी, दाल आदिलाई स्वादिलो बनाउन मिलाइने नुनिलो चूर्ण वा ठोस पदार्थ; नुन; लवण । २. सरकार वा मालिक आदिबाट कमाएको दानापानी; आजीविका; नमक । ~ **हराम–** वि० जीविका चलाइदिने व्यक्तिको सोझो नचिताउने; निमकको सोझो नगर्ने; निमेकहराम; कृतघ्न । ~ **हरामी–** ना० निमकको सोझो नगर्ने भाव वा अवस्था । ~ **हलाल–** वि० जीविका चलाइदिनेको अनुकूल काम

गर्ने; निमकको सोभ्fो चिताउने; कृतज्ञ । ~ **हलाली**– ना० निमकको सोभ्fो गर्ने क्रिया वा भाव; कृतज्ञता ।

**निमग्न**– वि० [सं०] १. कुनै काम, व्यवसाय वा अध्ययन आदिमा पूर्ण रूपले लागेको; तल्लीन; तन्मय । २. गहिराइमा पुगेको; डुबेको; मग्न ।

**निमज्जन**– ना० [सं०] पानीमा मारिने डुबुल्की; गोता । > **निमज्जित**– वि० डुबेको ।

**निमठ्‌-नु**– स० क्रि० [निमोठ्‌+नु] १. कुनै वस्तु जोरले समातेर बाटिने गरी घुमाउनु; बटार्नु । २. बोट-बिरुवाको मुन्टो निमोठ्‌नु; टाउको मर्काउनु । ३. कपडा आदि बटारेर निचोर्नु । अ० क्रि० ४. आन्द्रा बटारिने गरी पेट दुख्नु; पीडा हुनु । > **निमठाइ**– ना० निमठ्‌ने भाव, क्रिया वा प्रक्रिया । **निमठिनु**– क० क्रि० १. निमठ्‌ने काम गरिनु । अ० क्रि० २. निमठाइमा पर्नु । **निमठ्याइ**– ना० निमठिने भाव, क्रिया वा प्रक्रिया; निमोठ्याइ । **निमठ्याइनु**– क० क्रि० निमठ्‌न लाइनु । **निमठ्याइलो**– वि० निमठ्ठिएलाजस्तो; निमठ्ठ्याइ-स्वाउँदो । **निमठ्याउनु**– प्रे० क्रि० निमठ्‌न लाउनु; निमोठ्याउनु । **निमठ्याहट**– ना० निमठिने भाव, अवस्था वा क्रिया; निमठ्याइ ।

**निमन**– ना० [सं० नियमन] १. औषधीको प्रभाव आदिले शारीरिक रोग कम हुँदै गएको अवस्था; निको; सन्चो । वि० २. असल; बेस । ३. सफा; शुद्ध; चोखो ।

**निमन्त्रक**– वि० [सं०] १. विवाह वा अन्य यस्तै उत्सवमा बोलाउने; निम्तो दिने; निमन्त्रणा गर्ने । ना० २. निम्त्याउने व्यक्ति ।

**निमन्त्रण**– ना० [सं०] कुनै उत्सव आदिमा सामेल हुन बोलाउने काम; निमन्त्रणा । ~ **पत्र**– ना० निम्तो पठाउने कार्ड वा चिठी ।

**निमन्त्रणा**– ना० [सं०] भोज, विवाह, उत्सव आदि कार्यमा कुनै व्यक्तिलाई निर्धारित समय र स्थानमा उपस्थित हुन गरिने अनुरोध; निम्तो; निमन्त्रण । ~ **पत्र**– ना० निम्तो पठाउने कार्ड वा चिठी; निमन्त्रणपत्र ।

**निमन्त्रित**– वि० [सं०] निम्त्याइएको; बोलाइएको; निम्तो गरिएको ।

**निमारो**– ना० [सं० निम्नविट] तिमिलो; नेभारो; निबारो; बेडु ।

**निमिटयान्न**– वि० [सं० निमिनत्त (=भाग्य)+अन्त] १. जो भएको सबै सकिएको; पूरै समाप्त । ना० २. पूर्ण समाप्ति ।

**निमित्त**– ना० [सं०] १. कुनै घटना वा कार्यको आदि हेतु; कारण । २. उत्तेजना । ३. ध्येय; लक्ष्य; उद्देश्य । ४. लक्षण; प्रतिक्रिया । ५. भाग्यअनुसारको अन्तिम परिणाम । ना० यो० ६. निम्ति; लागि (यसनिमित्त, त्यसनिमित्त आदि) । क्रि० वि० ७. लागि (उदा०– ऊ मेरा निमित्त काम गर्छ) । ~ **कारण**– ना० कार्यसँगै नगाँसिने तर सो कार्यका लागि आवश्यक कारण (जस्तै– घडा बनाउने चक्का, कुमाले आदि) ।

**निमिष**– ना० [सं०] १. आँखा झिम्क्याउने प्रक्रिया; पलक; निमेष । २. आँखा झिम्म गर्दा लाग्ने समय; क्षण; समयको ज्यादै सानो एकाइ ।

**निमीलन**– ना० [सं०] १. परेला ढप्काउने वा पलक झुकाउने काम; आँखाचिम्लाइ । २. निमिष । ३. मरण; मृत्यु ।

**निमीलित**– वि० [सं०] १. परेला ढप्किएको; आँखा चिम्लिएको । २. मरेको; बितेको ।

**निमुखा/निमुखो**– वि० [नि+मुख+आ/ओ] १. अज्ञान, धक, लाज आदिका कारणले मौकामा बोल्न नसक्ने; सीधासाधा । २. अशक्त; निर्धो । ३. साधनहीन; शक्तिहीन । ४. अनाथ ।

**निमेक**– ना० [निमक] १. नुन; लवण । २. पारिश्रमिक; ज्याला; मजुरी । ३. मेलो; लग । ~ **हराम**– ना० निमकहराम । > **निमेकी**– वि० १. पारिश्रमिक लिएर काम गर्ने; ज्यालादार; ज्यामी । २. निमेकको सोभ्fो गर्ने; इमान्दार ।

**निमेष**– ना०हे० निमिष ।

**निमोठ्‌-नु**– स० क्रि० [प्रा० निम्मोडण+नु] हे० निमठ्‌नु । **निमोठनामोठ**– ना० १. जहाँतहीँबाट निमोठ्‌ने काम; बटारबुटुर । २. ससाना रूख-बिरुवाका मुना वा आँकुरालाई चुँड्ने-भाँच्ने काम । **निमोठाइ**– ना० निमठाइ । **निमोठानिमोठ**– ना० १. आपसमा एकले अर्कालाई निमोठ्‌ने वा अँचेट्ने काम; परस्परमा पाखुरा निमोठ्‌ने काम । २. बारम्बार बटार्ने वा भाँच्ने काम । **निमोठिनु**– क० क्रि० १. निमोठाइमा पारिनु । अ० क्रि० २. निमोठाइमा पर्नु । **निमोठ्याइ**– ना० निमठ्याइ । **निमोठ्याइनु**– क० क्रि० निमठ्याइनु । **निमोठ्याउनु**– प्रे० क्रि० निमठ्याउनु । **निमोठ्याहट**– ना० निमोठ्याइ ।

**निमोनियाँ**– ना० [अङ्० न्युमोनियाँ] छातीभित्र चिसो पसेर फोक्सो सुनिई दम र ज्वर आउने कडा रोग; ठन्डी घुसेर ज्वर आउने रोगविशेष; दग्धी ।

**निम्की**– ना० [निमक+ई] १. नुन मिलाई तयार गरिएको मैदाको रोटी वा कुट्के रोटी; नमकिन । २. कागतीमा नुन; बिरेनुन र मसला हाली वा नहाली बनाइएको एक प्रकारको अचार ।

**निम्छरो**– वि० [सं० निम्नस्तर] १. धन, बुद्धि, विद्या आदि सबै कुराबाट नाजुक स्थितिको; कमजोर । २. दुब्लो-पातलो; निर्बलियो ।

**निम्जो**– ना० [सं० नियमत्य] काम आदिको आरम्भ; थालनी; थाल्नी; श्रीगणेश; खेवारा ।

**निम्ठि-नु**– अ० क्रि० [निम्ठो+इ+नु] निम्ठो हुनु; भरिनु; पूरै भरिनु ।

**निम्ठो**– ना० [सं० निर+मस्त (=चुली नभएको)] १. माना, पाथी, आदि नापोमा भुसी नभई केवल बिटसम्म पुगेको भराइ, भाँडामा चुलिएको अन्न आदिको भाग छप्का काटेर बिटबराबर रहेको नापो । वि० २. उक्त नापोबराबरको ।

**निम्ठ्याइ**– ना० [√ **निम्ठि** (+आइ)] निम्ठो पार्ने क्रिया वा प्रक्रिया । [>] **निम्ठ्याइनु**– क० क्रि० निम्ठो तुल्याइनु । **निम्ठ्याउनु**– स० क्रि०/प्रे०क्रि० निम्ठो तुल्याउनु ।

**निम्तारु/निम्तारो/निम्तालु**– वि० [निम्तो+आरु/आरो/आलु] १. निम्तोमा आउने । ना० २. निम्तोमा आउने व्यक्ति ।

**निम्ति**– ना० यो० [सं० निमित्त] १. लागि; खातिर; निमित्त (उदा०– रामका निम्ति कृष्णले के पो गर्न बाँकी राख्यो र !) ।

c:\Sabdkosh\dick'Na'.p65



**निम्ति–नु**– अ० क्रि० [निम्तो+इ+नु] निम्तो पाइनु; निम्तोमा पारिनु; निम्त्याइनु ।

**निम्तो**– ना० [सं० निमन्त्रण] विवाह, धार्मिक यज्ञ आदि शुभ कार्य र अन्य कार्यमा सामेल हुनको लागि बोलाउने काम; निमन्त्रण । ~ **पत्र**– ना० निमन्त्रणपत्र ।

**निम्त्याइ**– ना० [√ **निम्त्याउ** (+आइ)] निम्त्याउने क्रिया वा प्रक्रिया । [> ] **निम्त्याइनु**– क० क्रि० निम्तो गरिनु; निम्ता दिइनु ।

**निम्त्याउनु**– स० क्रि० [निम्तो+याउ+नु] कुनै उत्सव वा कार्यमा बोलाउनु; निम्तो गर्नु; निम्तनु । > **निम्त्याहट**– ना० निम्त्याइ ।

**निम्न**– वि० [सं०] देहायको; तलतिरको; तल्लो । – **अनुसार**– क्र०वि० तल भएबमोजिम । – **गा**– ना० तलतिर बग्ने नदी । ~ **पुरापाषाण**– ना० प्रागैतिहासिक पुरातत्त्वका अनुसार पुरापाषाणका तीन विभाजनमध्ये पहिलो विभाजन; प्राकचेलियन, चेलियन र अश्योल मानवले प्रयोग गरेका पाषाण-उपकरण पाइएको समय । ~ **माध्यमिक**– वि० प्राथमिक तहभन्दा माथिल्लो र माध्यमिक तहभन्दा तल्लो (पाठशाला आदि) । ~ **माध्यमिक विद्यालय**– ना० निम्न माध्यमिक तहसम्म पढाइ हुने विद्यालय; नि० मा० वि० । ~ **लिखित**– वि० तल लेखिएको; निम्नाङ्कित । ~ **वर्ग**– ना० तल्लो वर्ग; धन वा जातको दृष्टिले पिछडिएको वर्ग । >**निम्नोदर**– वि० १. वृत्तको पेटको भाग भित्र पसेको; कोप्रिएको । ना० २. तल्लो पेट । ३. पाठेघर । **निम्नोन्नत**– वि० होचो-अग्लो परेको; नमिलेको; उबडखाबड (जमिन) ।

**निम्फु गुम्बा**– ना० [भो० ब०] नेपालको मुस्ताङ जिल्लामा अवस्थित, कालीगण्डकीको मुहानभन्दा तलतिर पूर्वपट्टिको उपत्यकाबाट ३०५ मिटरजति अग्लो डाँडामा रहेको एक गुम्बा ।

**निम्ब१**– ना० [सं०] नगण, सगण र यगण भएको वार्णिक छन्दविशेष ।

**निम्ब२**– ना० [सं०] ससाना पात हुने, तीतो प्रकृतिको, प्रायः औषधीका लागि उपयुक्त रूख; निमको बोट ।

**निम्बार्क**– ना० [सं०] १. भारतको वृन्दावनमा रहने एक प्रसिद्ध वैष्णव आचार्य । २. उनैले चलाएको मत वा सम्प्रदाय । > **निम्बार्की**– वि० निम्बार्कको अनुयायी ।

**निम्बू**– ना० [सं०] १. निबुवा; अमिलो । २. कागती ।

**निम्सरो**– वि० [सं०] निम्नस्तर; धन, बल, स्वास्थ्य आदि दृष्टिले कमजोर; निर्धो; दुर्बल; निम्छरो ।

**नियत१**– ना० [अ० नीयत] १. आन्तरिक लक्ष्य; भित्री उद्देश्य । २. इरादा; मनसुबा; मनसाय ।

**नियत२**– वि० [सं०] १. नियम, कानुन, प्रथा वा बन्देज आदिद्वारा सीमित गरिएको; नियमबद्ध । २. तोकिएको; निश्चित; निर्धारित । >**नियतात्मा**– वि० आफूलाई नियन्त्रणमा राख्ने; संयमी । **नियताप्ति**– ना० प्रबन्धकाव्यका आख्यानमा पाइने द्वन्द्व वा सङ्घर्षपछिको अवस्था; संस्कृत साहित्यशास्त्रका अनुसार कथावस्तुमा भएका अवस्थामध्ये चौथो ।

**नियति**– ना० [सं०] १. भाग्य; प्रारब्ध; दैव । २. आत्मानुशासन; आत्मसंयम । ३. नियमबद्ध हुने प्रकृति । ४. दैवी वा स्वतः सिद्ध उपलब्धि । ५. दैवी प्रकोप । – **वाद**– ना० भाग्यवाद । – **वादी**– वि० नियति वा भाग्यमा विश्वास राख्ने । > **नियतेन्द्रिय**– वि० इन्द्रियलाई वशमा राख्ने ।

**नियन्डरथल**– ना० [अङ्०] नृतत्त्वशास्त्रका अनुसार जर्मनीको नियन्डरथल नामक स्थानमा पाइएको मानव; फ्रान्सको मुस्तेर मानवसित पूरापूर मिल्ने मानव; अश्मीभूत अस्थिअवशेषको रूपमा पाइएको चतुर्थ हिमयुगका समयको मानव; आजभन्दा पैंतीस हजार वर्षउताको अर्धसभ्य पुरापाषाणयुगीन मानव ।

**नियन्तव्य**– वि० [सं०] नियममा राख्न योग्य; नियममा राखिनुपर्ने ।

**नियन्ता**– वि० [सं०] १. नियन्त्रणमा राख्ने; अनुशासनमा राख्ने; नियामक । ना० २. शासक । ३. शिक्षक । ४. हात्तीलाई तह लगाउने माहुते । ५. परमेश्वर । ६. सञ्चालक ।

**नियन्त्रक**– वि० [सं०] १. नियन्त्रण गर्ने; नियन्ता । २. व्यवस्थापक । ना० ३. कुनै विश्वविद्यालय वा यस्तै संस्थाको परीक्षा सम्पन्न गराउने प्रमुख (कन्ट्रोलर) ।

**नियन्त्रण**– ना० [सं०] १. नियम वा बन्धनमा राख्ने काम; व्यवस्थित स्थिति वा अनुशासनपूर्वकको अधीनता । २. शक्ति प्रयोगबाट हुने वा गरिने अशान्त स्थितिको दमन । ~ **कक्ष**– ना० रेडियो, चलचित्र आदिमा ध्वनिलाई ठीक-ठीक रूपमा चलाउने कक्ष (कन्ट्रोलर बुथ) ।

**नियन्त्रित**– वि० [सं०] १. नियन्त्रणमा राखिएको; स्थिति काबूमा लिइएको । २. व्यवस्थित; नियमबद्ध ।

**नियम**– ना० [सं०] १. परम्परागत नीति, विधि, धार्मिक व्यवस्था आदिद्वारा व्यवहार वा आचरणका बारेमा निश्चित गरिएको सिद्धान्त; रुल; काइदा । २. ऐनकानुनअन्तर्गत कार्यसञ्चालनको विधि; सवाल । ३. परम्परागत रीति वा व्यवस्था । ४. कुनै संस्था वा कार्यालय सञ्चालनका लागि तयार गरिएको लिखित कार्यप्रणाली । ५. पविता, सन्तोष, तपस्या, स्वाध्याय र ईश्वर चिन्तन गरिने, योगका आठ अङ्गमध्ये एक अङ्ग । ६. अनुशासन । > **नियमन**– ना० १. नियममा राख्ने वा रहने काम; नियमको बन्धन । २. वश गर्ने कार्य; अनुशासन; नियन्त्रण । ३. दबाउने काम; दमन; निग्रह । ~ **निष्ठा**– ना० १. परम्परागत नीति-नियमप्रतिको आस्था; नियममा कट्टर रहने स्थिति । २. नियमपालन । ~ **पत्र**– ना० नियमहरूको सूची; नियमावली । – **पर**– वि० नियमअनुसार हुने वा चल्ने; नियमको पालक । – **परक**– वि० नियमसित सम्बन्धित । ~ **पालन**– ना० नियमको अनुसरण । – **बद्ध**– वि० १. नियममा बाँधिएको; नीति-नियन्त्रित । २. नियमअनुसार चल्ने वा हुने । **नियमापत्ति**– ना० कुनै सभा वा बैठकमा स्वीकृत कार्य-प्रणाली वा नियमका विरुद्ध कारणवश उठाइएको आपत्ति; नियम चित्त नबुझेर सो बदल्न वा हटाउन गरिएको जोडदार माग ।

**नियमित**– वि० [सं०] १. नियममा बाँधिएको; नियमबद्ध । २. नियम

वा काइदाअनुसारको । ३. कार्यालय वा शिक्षण संस्था आदिमा प्रायः सधैँ र ठीक समयमा उपस्थित हुने । ४. सबै कुरा ठीकठीक समयमा भइरहने । ५. निश्चित; निर्धारित । – **ता–** ना० नियमित हुने भाव वा क्रिया ।

**नियमी–** वि० [सं०] नियमको अनुसरण गर्ने; नियमअनुसार चल्ने ।

**नियाँ–** ना० [सं० न्याय] १. सत्यअसत्य छुट्ट्याएर गरिएको निर्णय; न्याय; निया । २. दोषीले दण्ड र निर्दोषीले सफाइ पाउने न्यायालयको निर्णय; निसाफ; इन्साफ । ३. साक्षी र प्रमाण नभएका अभियुक्तले आफ्नो सफाइका निम्ति दिने धर्मशास्त्रअनुसारको दिव्य परीक्षा । ~ **निसाप–** ना० निष्पक्ष न्याय; राम्रो इन्साफ; न्याय ।

**नियाँस्रो–** ना० [सं० नि+आश्रय] १. कुनै आफन्तसँग भेट गर्ने आतुरता; न्यास्रो । २. सुनसान; एकलास । ३. एकैनास भइरहने घटना वा कार्यप्रति हुने नरमाइलो भाव । वि० ४. दिक्क लाग्ने वा लगाउने; उराठलाग्दो; नरमाइलो ।

**निया–** ना०हे० नियाँ ।

**नियात्रा–** ना० [सं०] १. यात्रानिबन्धको औपन्यासिक वा उपख्यानात्मक रूप । २. यात्रावर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध ।

**नियामक–** वि० [सं०] १. सामाजिक आचरणका लागि नियम बनाउने; स्थिति बाँध्ने । २. प्रबन्ध मिलाउने; व्यवस्थापक । ना० ३. माझी; बोटे; मल्लाह । ४. सारथि । ५. सर्वशक्तिमान् ईश्वर; विधाता । ~ **रेखा–** ना० भूगोलमा वर्णित अक्षांश र देशान्तरका रेखाहरू ।

**नियाल्-नु–** स० क्रि० [निहार्नु] १. कुनै व्यक्ति वा वस्तुलाई गडेर हेर्नु; ठम्याउने चेष्टा गर्नु । २. केलाउनु; ठीक-बेठीक पर्गेल्नु । > **नियालाइ–** ना० नियाल्ने क्रिया-प्रक्रिया । **नियालाइनु–** क० क्रि० नियाल्ने पारिनु; नियाल्न लगाइनु । **नियालाउनु–** प्रे० क्रि० नियाल्न लगाउनु । **नियालिनु–** क० क्रि० नियाल्ने काम गरिनु ।

**नियुक्त–** वि० [सं०] १. कुनै काममा भर्ना गरिएको; भर्ती भएको । २. लगाइएको; नियोजित । ३. प्रेरणा दिइएको; प्रेरित ।

**नियुक्ति–** ना० [सं०] कुनै कार्यमा वेतन वा पारिश्रमिक पाउने गरी भर्ना हुने वा गर्ने काम; भर्ती; नियुक्त हुने कार्य । ~ **अधिकार–** ना० कुनै पदमा कर्मचारी भर्ना गर्न पाउने अधिकार । – **पत्र–** ना० भर्ना भएको प्रमाणपत्र ।

**नियोक्ता–** वि० [सं०] १. नियुक्ति गर्ने; काममा खटाउने । ना० २. भर्ना गर्ने व्यक्ति; नियोजक ।

**नियोग–** ना० [सं०] १. कुनै निकाय वा सङ्गठन । २. सङ्घ; संस्था । ३. निःसन्तान वा विधवा स्त्रीले पुरुष वा गुरुजनको आज्ञाद्वारा परपुरुषबाट क्षेत्रज सन्तान उत्पन्न गराउने काम । >**नियोगी–** वि० नियोग गर्ने ।

**नियोजक–** वि० [सं०] १. काममा लगाउने अधिकारप्राप्त; नियोक्ता । ना० २. भर्ना गर्ने व्यक्ति वा संस्था ।

**नियोजन–** ना० [सं०] १. नियन्त्रण; गर्भधारणविरुद्ध गरिने व्यवधान; निरोध । २. कुनै काममा तलब वा पारिश्रमिक पाउने गरी खटाउने काम; नियुक्ति ।

**नियोजित–** वि० [सं०] १. नियन्त्रित; रोकिएको । २. पूर्व आयोजित; पहिल्यै कामकुरा मिलाइएको ।

**निर्–** उप० [सं०] शब्द वा धातुका अगिल्तिर लागेर विभिन्न अर्थ बुझाउने उपसर्ग 'निस्'–को अजन्त वर्ण अथवा घोष व्यञ्जनभन्दा पूर्व रहँदाको रूप (जस्तो– निरवयव, निरस्त्र, निर्दोष, निर्वाण इ०) ।

**निरंश–** वि० [सं०] १. अंशबाट ठगिएको; अंश नपाउने; अंश नछुट्ट्याइएको । २. अंशविहीन । >**निरंशी–** वि० निरंश ।

**निर१–** ना० [सं० नील] १. नीलो रङ । २. नीलो रङको एक प्रकारको मणि; नीलमणि ।

**निर२–** ना० [सं० नीली] बाटुला आकारका ससाना पात हुने, प्याजी रङका फूल फुल्ने, लामालामा कोसा फल्ने एक प्रकारको सानो बोट । (आयुर्वेदमा यसको गुण पेटसम्बन्धी रोगलाई नाश गर्ने बताइएको छ) ।

**निर३–** ना० यो० [सं० निकट] १. समीप; नजिक; नेर । २. सँगसँगै; आसपास । (उदा०– राम मनिर बस्यो ।) क्रि० वि० ३. निकटमा; समीपमा । (उदा०– ऊ अलि-अलि गर्दै निरनिर आइपुग्यो) ।

**निरक्ष–** वि०/ना० [सं०] अन्धो ।

**निरक्षर–** वि० [सं०] १. अक्षर पढ्न र लेख्न नजान्ने; अनपढ । २. मूर्ख; गँवार; असभ्य । ~ **भट्ट/भट्टाचार्य–** ना० पढ्न-लेख्न फुट्टी नजान्ने व्यक्ति; पटमूर्ख ।

**निरग्नि–** वि० [सं०] १. वैदिक धर्मअनुसार अग्निहोत्र नगर्ने; अग्निहोत्र यज्ञ गर्न छाडेको । २. अवैदिक; वेदविरोधी ।

**निरङ्कुश–** वि० [सं०] १. कुनै प्रकारको अङ्कुश वा नियन्त्रण नभएको; बन्धनहीन; छाडा; स्वेच्छाचारी । २. कुनै नियम वा संविधानको अधीनमा नरही आफ्नै हुकुमलाई सर्वोपरि कानुन गराउने (शासक) । ~ **तन्त्र–** ना० निरङ्कुश शासक वा शाकसमुदायले चलाएको व्यवस्था ।

**निरच्छेर–** वि० [सं० निरक्षर] निरक्षर; अक्षर नजान्ने; लेखपढ गर्न नजान्ने; अनपढ; अपढ । > **निरच्छेरी–** ना० निरच्छेर रहेको अवस्था ।

**निरञ्जन–** वि० [सं०] १. आँखामा गाजल नलगाएको । २. दोष नभएको; निष्कलङ्क; निर्दोषी । ना० ३. ईश्वर; परमात्मा । ४. पिसाब उत्सर्जन हुन नसक्ने वा बढी पिसाब फेर्न बाधा पर्ने एक रोग; निरञ्जन ग्रन्थि (प्रोस्टेट-ग्ल्यान्ड) । > **निरञ्जनी–** ना० १. सन्न्यासीहरूको एक सम्प्रदाय । २. निरञ्जन-ग्रन्थि फुलेको रोगी ।

**निरत–** वि० [सं०] कुनै काममा लागेको; संलग्न; तल्लीन; तन्मय; एकाग्र । > **निरति–** ना० १. निकै बेर निरत हुने गुण वा अवस्था । २. प्रेम; आसक्ति; अनुराग ।

c:\Sabdkosh\dick'Na'.p65



**निरतिशय–** क्रि० वि०/वि० [सं०] ज्यादै; अत्यधिक ।

**निरनुनासिक–** वि० [सं०] उच्चारण गर्दा नासिकास्थानसँग सम्बन्ध नहुने; अनुनासिक नभएको; अननुनासिक ।

**निरन्तर–** वि० [सं०] १. बीचमा नटुटेको; व्यवधान नभएको । २. लगातारको; बराबर; उस्तै किसिमको । ३. नित्य; स्थायी । क्रि० वि० ४. लगातार; क्रमैले । **– ता–** ना० लगातार भइरहने क्रिया वा भाव; क्रमिकता; सातत्य ।

**निरपराध–** वि० [सं०] १. अपराध नभएको; अपराध नगरेको; निर्दोष; बेकसुर । २. दण्ड दिन अयोग्य; अदण्ड्य । > **निरपराधी–** वि० निरपराध; निर्दोष ।

**निरपवाद–** वि० [सं०] १. कुनै पनि लाञ्छना नलागेको; निष्कलङ्क; निर्दोष । २. सबै क्षेत्रमा समान रूपले लागू हुने । ३. सबैद्वारा स्वीकृत; सर्वमान्य । ४. अपवाद नभएको; अपवादविहीन ।

**निरपेक्ष–** वि० [सं०] १. कुनै कुराको वास्ता नराख्ने; अपेक्षा नभएको; वास्ता नगर्ने । २. कुनै चासो नराखिएको; उपेक्षित । ३. असम्बन्धित; सम्बन्धदेखि मुक्त । >**निरपेक्षा–** ना० १. बेवास्ता । २. उपेक्षा । **निरपेक्षित–** वि० वास्ता नगरिएको; उपेक्षित । **निरपेक्षी–** वि० वास्ता नगर्ने; उपेक्षक; उदास ।

**निर बिरालो–** ना० [सं० नीर-बिडाल] मुसाको जस्तो थुतुनु हुने, नीलो रङको जङ्गली बिरालो ।

**निरभिमान–** वि० [सं०] १. अभिमान नभएको; घमन्ड नगर्ने । २. उदार प्रकृति भएको; स्वच्छ । >**निरभिमानी–** वि० निरभिमान ।

**निरभिलाष–** वि० [सं०] अभिलाषा नभएको; कुनै कुराको चाहना नगर्ने; इच्छा नगर्ने । >**निरभिलाषी–** वि० निरभिलाष ।

**निरर्गल–** वि० [सं०] १. आग्लो नलागेको । २. नछेकेको; कुनै किसिमको प्रतिबन्ध नलागेको । ३. गति नरोकिएको; स्वच्छन्द । ४. निर्विघ्न । ५. नियन्त्रणविहीन ।

**निरर्थ–** वि० [सं०] १. मतलब नभएको; सरोकार नभएको । २. अर्थहीन; अर्थ नलाग्ने; निरर्थक ।

**निरर्थक–** वि० [सं०] १. विनामतलबको; अर्थ नभएको; निरर्थ । २. वास्ता नभएको; निष्प्रयोजन । ३. बेकम्मा । ना० ४. छन्दोभङ्ग नगराउन अर्थ नआउने शब्दहरूको प्रयोग गर्दा हुने काव्यदोष । **– ता–** ना० निरर्थक हुनाको भाव वा स्थिति; सार्थकताको अभाव; निष्प्रयोजन ।

**निरवकाश–** वि० [सं०] १. अवकाश नभएको; समय दिन नसक्ने । २. बेफुर्सद; व्यस्त । ना० ३. फुर्सदको अभाव; व्यस्तता ।

**निरवच्छिन्न–** वि० [सं०] १. सिलसिला नटुटेको; क्रम नबिग्रेको; निरन्तर; अविच्छिन्न । २. लगातार भइरहने; बराबर । क्रि० वि० ३. लगातार ।

**निरवधि–** वि० [सं०] १. कुनै अवधि नभएको; टुङ्गोमा नपुगिने; सीमाहीन; अपार । २. म्याद नतोकिएको ।

**निरवयव–** वि० [सं०] १. अवयव नभएको; अङ्गरहित । २. निराकार ।

**निरवलम्ब–** वि० [सं०] कुनै सहारा नभएको; निराश्रय; असहाय ।

**निरवशेष–** वि० [सं०] १. केही बाँकी नरहेको; अवशेष नभएको । २. समस्त; सम्पूर्ण; सबै ।

**निरव्यय–** वि० १. नाश नहुने; अविनाशी । २. अव्यय नहुने; विनाशी ।

**निरस–** वि०हे० नीरस ।

**निरस्त–** वि० [सं०] १. फ्याँकिएको; फालिएको । २. त्याग गरिएको; त्यक्त । ३. हटाइएको; निकालिएको । ४. नभएको; रहित । ५. नष्ट ।

**निरस्त्र–** वि० [सं०] १. अस्त्रहीन; हतियार नभएको । २. युद्धमा हतियार खोसिएको वा हतियारविहीन गराइएको ।

**निरस्त्री–** वि० [सं०] शस्त्रास्त्र नभएको वा नलिएको । **– करण–** ना० १. अस्त्रहीन पार्ने काम; हतियार हटाउने काम । २. कुनै देशमा रहे-भएका हतियार कम गर्ने अन्तर्राष्ट्रिय अभियान । **– करण सन्धि–** ना० भयानक अस्त्रको निर्माणमा रोक लगाउने वा कमी ल्याउने उद्देश्यले प्रतिद्वन्द्वी राष्ट्रहरूका बीच हुने सन्धि । **– कृत–** वि० हतियारविहीन पारिएको ।

**निरस्थि–** वि० [सं०] हाड नभएको; हाडका टुक्राहरू हटाइएको ।

**निरहङ्कार–** वि० [सं०] अहङ्कार वा घमन्ड नभएको; अभिमानरहित; निरभिमान । >**निरहङ्कारी–** वि० अहङ्कार नभएको । **निरहङ्कृत–** वि० अहङ्कारशून्य तुल्याइएको ।

**निराकरण–** ना० [सं०] १. हटाउने काम; निकाल्ने काम । २. प्रतिवाद; खण्डन । ३. समाधान; हटाउने उपाय । ४. भए-देखिएका गल्ती वा कमीलाई पुनर्विचार गरी सच्याउने प्रक्रिया ।

**निराकाङ्क्ष/निराकाङ्क्षी–** वि० [सं०] १. आकाङ्क्षा नराख्ने; इच्छा नभएको । २. वैरागी; विरक्त ।

**निराकार–** वि० [सं०] १. आकार नभएको; रूप नभएको । ना० २. ब्रह्म; ईश्वर । ३. आकाश ।

**निराकुल–** वि० [सं०] १. आकुल नभएको; विचलित नभएको; नआत्तिएको । २. धीर; शान्त ।

**निराकृत–** वि० [सं०] १. हटाइएको; निराकरण गरिएको । २. उपेक्षित; हेला गरिएको । >**निराकृति–** ना०१. निराकरण । वि० २. आकृतिविहीन ।

**निरातङ्क–** वि० [सं०] १. त्रास नभएको; डर नभएको; निडर । २. निरोगी; स्वस्थ । ३. आतङ्कित नहुने; नआत्तिने ।

**निरादर–** वि० [सं०] १. आदर नभएको; सम्मान नभएको; आदररहित । २. अपमानजनक । ना० ३. अपमान; अनादर ।

**निराधार–** वि० [सं०] १. आधार नभएको; आश्रयहीन । २. सहारा नभएको; असहाय । ३. विनाप्रमाणको; प्रमाणबाट सिद्ध नहुने । ४. जीविकाको लागि कुनै उपाय नभएको ।

**निरापद्–** वि० [सं०] १. कुनै आपद् नभएको; आपत्तिरहित । २. निर्विघ्न; सुरक्षित । क्रि० वि० ३. कुनै आपत्ति नपरीकनै ।

**निरामय–** वि० [सं०] १. रोग नभएको; निरोगी; स्वस्थ । २. निर्दोष; निर्मल ।

**निरामिष–** वि० [सं०] १. मासु नभएको; मांसरहित । २. मासु नखाने ।

**निरालम्ब–** वि० [सं०] १. समात्ने कुनै आधार नभएको; निराधार; आधारहीन । ना० २. ब्रह्मा; ईश्वर ।

**निरालस/निरालस्य–** वि० [सं०] १. आलस्य नभएको; अल्छी नगर्ने; जाँगरी । २. सक्रिय; संलग्न ।

**निराला–** वि० [सं० निरालाप] १. अकथनीय; अवर्णनीय । २. कथनहीन; आलापहीन । ३. मान्छेको ध्वनि नसुनिने (ठाउँ) । ४. अनौठो; आफ्नै ढङ्गको । ५. उस्तै किसिमको अरू कुनै नभएको । ६. अपूर्व; विलक्षण ।

**निरावरण–** वि० [सं०] १. आवरण नभएको; ढकनी नभएको; खुला । २. नाङ्गो; निर्वाङ्ग ।

**निरावृत्त–** वि० [सं०] नछोपिएको; निरावरण ।

**निराश–** वि० [सं०] १. आशा नभएको; हताश । २. मन खुम्चेको; ओइलाएको ।

**निराशा–** ना० [सं०] १. आशाको अभाव; आस मार्ने कार्य । २. कुनै भौतिक चाहनाबाट निवृत्त हुने काम; वैराग्य । ~ **जनक–** वि० आशा नभएको; निराशा पैदा गर्ने; निराशा गराउने (कुरा, काम, अवस्था आदि) । – **वाद–** ना० षड्यन्त्रपूर्ण र धोकेबाज संसारमा उच्च आकाङ्क्षा पूर्ति हुने आशा राख्नु व्यर्थ छ भन्ने किसिमको भौतिक मत; जीवन र जगत्‌देखि विरक्त भएर अँगालिने विचार । – **वादी–** वि० निराशावादको अनुयायी; निराशावादसँग सम्बन्धित ।

**निराश्रय–** वि० [सं०] १.कतै कहीँ पनि आश्रय नभएको; आधारहीन । २. निमुखा; असहाय ।

**निराश्रित–** वि० [सं०] आश्रय नभएको; सहारा नभएको ।

**निराहार–** वि० [सं०] १. कुनै वस्तु पनि नखाएको; भोको । २. धार्मिक पर्वहरूमा अन्न र फलफूलसम्म पनि नखाएको; पूर्ण व्रत बसेको । ना० ३. कुनै खाद्य वस्तु पनि नखाइने प्रक्रिया; अनशन; धार्मिक व्रत । >**निराहारिका–** ना० पेट वा पाकस्थली खाली हुन गई भएको पेटदुखाइ; पेट दुख्ने रोग । **निराहारी–** वि० निराहार बस्ने ।

**निरीक्षक–** वि० [सं०] १. रेखदेख गर्ने, निरीक्षण गर्ने । २. परीक्षा लिने काममा अनियमितता हुनुबाट रोक्ने; परीक्षा कार्यलाई निष्पक्ष सम्पन्न गराउने । ना० ३. प्रहरीको एक दर्जा; इन्स्पेक्टर । ४. निरीक्षणकर्ता ।

**निरीक्षण–** ना० [सं०] १. हेरचाह; रेखदेख । २. जाँच; परीक्षण । ३. कुनै काम ठीकसँग भए-नभएको जाँचबुझ गर्ने काम । – **कर्ता–** ना० निरीक्षण गर्ने व्यक्ति । ~ **भ्रमण–** ना० निरीक्षणका निम्ति काजमा जाने कार्य । >**निरीक्षणीय–** वि० निरीक्षण योग्य । **निरीक्षित–** वि० रेखदेख गरिएको; जाँचिएको ।

**निरीक्ष्य–** वि० [सं०] निरीक्षण योग्य । – **माण–** वि० गरिँदै गरेको वा गर्दै रहेको ।

**निरीश्वर–** वि० [सं०] ईश्वर नमान्ने; नास्तिक; अनीश्वर । – **वाद–** ना० ईश्वर नमान्ने सिद्धान्त; नास्तिकवाद । – **वादी–** वि० ईश्वर नमान्ने मतको अनुयायी; अनीश्वरवादी ।

**निरीह–** वि० [सं०] १. कुनै वस्तुको चाहना नगर्ने; उदासीन । २. चेतना-शक्तिको विकास नभएको; अदना । ३. उद्योग नगर्ने । – **ता–** ना० उदासीनता; वितृष्णा । >**निरीहा–** ना० १. चाहनाको अभाव; विरक्ति; निरीहता । २. चेतनाशक्तिको शून्यता । ३. चेष्टाहीनता; अकर्मण्यता । वि० ४. निरीह (नारी) ।

**निरुक्त–** वि० [सं०] १. तोकेर भनिएको; पक्कापक्की गरिएको । ना० २. वेदका छ अङ्ग– शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषमध्ये एक अङ्ग । ३. शब्दको व्युत्पत्ति र मूल रूपको व्याख्या गरिएको व्याकरणविशेष (जस्तै– यास्कको निरुक्त) । >**निरुक्ति–** ना० १. कुनै पद वा वाक्यको व्याकरण । २. शब्दको व्युत्पत्ति; निर्वचन ।

**निरुत्तर–** वि० [सं०] १. उत्तर दिन नसक्ने; नाजवाफ । २. जटिल प्रश्न वा तर्कको खण्डन गर्न नसक्ने । ३. अकाट्य । ४. चुप; मौन । – **दायी–** वि० उत्तरदायित्व वहन नगर्ने; गैरजिम्मेवार । > **निरुत्तरित–** वि० निरुत्तर रहेको; उत्तर नदिइएको; उत्तर दिन बाँकी ।

**निरुत्साह–** वि० [सं०] १. उत्साह नभएको; केही गरौँ भन्ने उमेद नभएको; हतोत्साह । ना० २. उत्साहको अभाव; निष्क्रियता ।

**निरुत्सुक–** वि० [सं०] कुनै पनि काममा लाग्ने जाँगर हराएको; केही गरौँ भन्ने भावना मरेको; उत्सुक नभएको; उत्सुकतारहित ।

**निरुद्देश्य–** वि० [सं०] १. कुनै परिणामको आशा नभएको; उद्देश्य नभएको; लक्ष्यहीन; उद्देश्यविहीन । २. कामना नभएको; निष्काम । ३. अव्यावहारिक; मतिभ्रान्त ।

**निरुद्ध–** वि० [सं०] १. रोकिएको; अवरुद्ध । २. बाधा पुऱ्याइएको; प्रतिबन्धित ।

**निरुद्यम–** वि० [सं०] १. उद्योग वा इलम नभएको । ना० २. उद्यमको अभाव । >**निरुद्यमी–** वि० १. नयाँनयाँ कामधन्दामा सरिक नहुने; उद्योग नगर्ने; अनुद्योगी । २. अल्छी ।

**निरुद्योग–** वि० [सं०] १. उद्योग नगर्ने; निरुद्यम । २. अल्छी । ना० ३. उद्योगको अभाव । >**निरुद्योगी–** वि० निरुद्योग ।

**निरुपद्रव–** वि० [सं०] बिघ्न नभएको; उपद्रवहीन; निर्विघ्न ।

**निरुपपत्ति–** वि० [सं०] १. दह्रो प्रमाण नभएको; उपपत्ति नभएको । २. अव्युत्पन्न; व्युत्पत्तिरहित । ३. सिद्ध गर्न नसकिने; अप्रमाणित ।

**निरुपम–** वि० [सं०] दाँज्न नसकिने; उपमा नभएको; अनुपम; बेजोड । >**निरुपमा–** ना० बौद्ध धर्मका अनुसार त्रयोदश भूमिमा बाह्रौँ भूमि; बज्रयानको बाह्रौँ भूमि । >**निरुपमान–** वि० उपमान वा दाँजो नभएको ।

**निरुपाय–** वि० [सं०] १. युक्ति नभएको; उपाय नभएको । २. उपाय नलाग्ने ।

**निरूढ–** वि० [सं०] १. तोकिएको; निर्धारित । २. प्रसिद्ध । – **लक्षण–**

ना० शब्दको प्रसिद्ध अर्थ नै रूढ हुने लक्षणाविशेष । >**निरूढि–** ना० १. प्रसिद्धि; ख्याति । २. निरूढलक्षणा ।

**निरूपक–** वि० [सं०] १. तोक्ने; निरूपण गर्ने । २. निर्णायक; प्रतिपादक । ना० ३. निरूपण वा निर्णय गर्ने व्यक्ति ।

**निरूपण–** ना० [सं०] १. सोचविचारका साथ गरिने निर्णय; विवेक पुऱ्याएर गरिएको अठोट । २. छानबिन; अन्वेषण । ३. सम्पादन; प्रतिपादन ।

**निरूपित–** वि० [सं०] १. तोकिएको; निरूपण गरिएको । २. प्रतिपादित; निर्धारित ।

**निरूप्य–** वि० [सं०] छानबिन गर्न लायक; निरूपणयोग्य ।

**निरोग–** वि० [सं०] रोग नभएको; स्वस्थ; तन्दुरुस्त; निरोगी; सारसौँदो ।

**निरोगी–** वि० [सं०] रोग नभएको; स्वस्थ ।

**निरोध–** ना० [सं०] १. रोक्ने वा छेक्ने काम; रोक; अवरोध; प्रतिबन्ध । २. घेरा; सीमाबन्दी । ३. परिवार-नियोजन वा उक्त नियोजनको लागि व्यवहार गरिने उपाय । >**निरोधक–** वि० १. रोक्ने; अवरोध पैदा गर्ने; अवरोधक । २. निरोध गर्ने । **निरोधित–** वि० निरोध गरिएको । **निरोधी–** वि० १. रोक्ने; अवरोधक । २. निरोध गर्ने ।

**निर्ऋति–** ना० [सं०] १. नैर्ऋत्य दिशाकी अधिष्ठात्री देवी । २. राक्षसी । ३. मृत्यु ।

**निर्क्योल्‌-नु–** स० क्रि० [निर्क्योल+नु] ठम्याउनु; निश्चय गर्नु; ठोकुवा गर्नु; निरूपण गर्नु ।

**निर्क्योल–** ना० कुनै कुराको टुङ्गो; निर्णय; निधो; निष्कर्ष; निर्केवल ।

**निर्गत–** वि० [सं०] १. निस्केको; बाहिर गएको । २. बितेको । >**निर्गति–** ना० १. निष्क्रमण; निर्गमन । २. बाहिराइ ।

**निर्गन्ध–** वि० [सं०] गन्ध नभएको; गन्धहीन ।

**निर्गम–** ना० [सं०] १. बाहिर जाने काम; निष्क्रमण; निस्कने कार्य । २. निस्कने ठाउँ; निकास । > **निर्गमन–** ना० निर्गम । **निर्गमित–** वि० १. बाहिर पठाइएको; निकालिएको । २. गइसकेको; बितिसकेको ।

**निर्गुण–** वि० [सं०] १. सत्त्व, रज र तमजस्ता तीन गुणमध्ये कुनै गुण पनि नभएको; गुणरहित । २. असल गुण नभएको; बैगुनी । ना० ३. ईश्वर; ब्रह्म; परमात्मा । ४. अविकारी ईश्वरलाई गरिने एक प्रकारको भजन वा उपासना ।

**निर्गुण्डी–** ना० [सं०] हरेक ठाउँमा ससाना पाँच-पाँचवटा पात लाग्ने र सेता, पहेँला, नीला रङका मञ्जरी फूल फुल्ने एक जातको बोट; सिँदुरे ।

**निर्गुन–** ना० [सं० निर्गुण] १. निर्गुण । २. भजनको एक भेद ।

**निर्घात–** ना० [सं०] १. आघात; प्रहार । २. ध्वंस; नाश । ३. तुफान; आँधी । क्रि० वि० ४. धूमधामसँग; बेसरी ।

**निर्घिनी–** वि० [सं० निर्घृण+ई] १. इज्जत नभएको; बेइज्जतीपूर्ण । २. तुच्छ; नीच । ३. घिन नमान्ने ।

**निर्घोष–** ना० [सं०] १. आवाज; शब्द; नाद; ध्वनि । वि० २. ध्वनिरहित; आवाज नभएको ।

**निर्छली–** वि० [सं० निश्छल+ई] 'निर्छलो' को स्नेहार्थी रूप ।

**निर्छलो–** वि० [सं० निश्छल] १. लाज-सरम नभएको; बेसर्मी । २. नकच्चरो । ३. छलकपट नगर्ने ।

**निर्जन–** वि० [सं०] १. कुनै प्राणीसम्म पनि नभएको; एउटा मान्छे पनि नभएको; एकान्त; सुनसान; एकलासे । ना० २. मरुभूमि; विकट प्रदेश ।

**निर्जर–** वि० [सं०] १. जरावस्था नआउने; कहिल्यै बूढो नहुने । ना० २. देवता ।

**निर्जरा–** ना० [सं०] गुर्जो (लता) ।

**निर्जल–** वि० [सं०] १. पानी नभएको; जलहीन । २. पानीसम्म खान पनि निषेध गरिएको (व्रत) । ना० ३. मरुभूमि ।

**निर्जला–** ना० [सं०] हिन्दू धर्मअनुसार कार्तिक महिनाभर पानीसम्म पनि नखाई तीर्थमा बसेर गरिने व्रत । ~ **एकादशी–** ना० ज्येष्ठ शुक्ल एकादशी ।

**निर्जलीय–** वि० [सं०] जलविहीन । – **ता–** ना० पखाला, रक्तस्राव, अतिसारजस्ता रोग लागेर शरीरमा तरल द्रव्य घट्तै जाने प्रक्रिया (डिहाइड्रेसन) ।

**निर्जीव–** वि० [सं०] १. जीव वा प्राण नभएको; मरेको; मृत । २. गतिहीन; जड । ३. स्थावर ।

**निर्जीवन–** वि० [सं०] १. जीवन नभएको; मरेको । २. मारिएको; खतम गरिएको । ~ **बिमा–** ना० घर, पसल, कारखाना आदिको बिमा ।

**निर्जीवीकरण–** ना० [सं०] जीवित प्राणीलाई निर्जीव बनाउने प्रक्रिया; हत्या ।

**निर्झर–** ना० [सं०] झर्ना; छहरा; प्रपात । >**निर्झरिणी–** ना० झर्नाबाट निस्केकी नदी; निर्झरी । **निर्झरी–** ना० १. निर्झरिणी । २. झर्ना भएको पहाड ।

**निर्णय–** ना० [सं०] १. पक्षविपक्षका जिकिरलाई प्रमाणका आधारमा छानबिन गरी सत्यपक्षको विजयबारे गरिएको टुङ्गो; फैसला । २. कुनै विवादास्पद विषयमा एक्लै वा सामूहिक रूपमा गरिने निधो । ३. दुई विरोधीहरूको विवादबारे मध्यस्थले दिएको मत । ४. निधो । ~ **क्षमता–** ना० निर्णय गर्ने शक्ति । ~ **पुस्तिका–** ना० सभा वा बैठकमा पारित भएका प्रस्तावहरू लिपिबद्ध गर्ने वा टिप्ने कार्यालयीय अभिलेख (माइन्युट) ।

**निर्णयात्मक–** वि० [सं०] १. निर्णयका रूपमा रहेको; निर्णयसम्बन्धी । २. कुनै विवादास्पद विषयमा गरिएको निर्णयसँग सम्बन्धित । ३. निर्णय दिने; टुङ्गो लगाउने; निर्णायक । – **ता–** ना० निर्णयात्मक हुनाको भाव, क्रिया वा स्थिति ।

**निर्णायक–** वि० १. कुनै दुई पक्षका बीच टुङ्गो लगाउने; निर्णयमा पुऱ्याउने (शक्ति, मत इ०) । २. निर्णय गर्ने; निश्चय गरिदिने ।

**निर्णीत–** वि० [सं०] निर्णय गरिएको; निश्चित; टुङ्गो लागेको ।

**निर्णेता**– वि० [सं०] निर्णय दिने; निर्णायक (व्यक्ति) ।

**निर्दन्त**– वि० [सं०] १. दाँत झरेको; दाँत नभएको । २. पूर्ण दशमासा ।

**निर्दम्भ**– वि० [सं०] सेखी नगर्ने; दम्भ नभएको; निरभिमानी ।

**निर्दय**– वि० [सं०] दया नभएको; अर्काको दुःख हटाउन नचाहने; निठुरी । – **ता**– ना० निठुरीपन । >**निर्दयी**– वि० दया नभएको ।

**निर्दल**– वि० [सं०] १. कुनै पार्टी नभएको; दलविहीन । २. पात नभएको ।

**निर्दलीय**– वि० [सं०] कुनै राजनीतिक दल वा पार्टी नभएको; दलविहीन । – **ता**– ना० निर्दलीय हुनाको भाव, अवस्था वा स्थिति; दल वा पार्टीको अभाव; दलविहीनता । ~**व्यवस्था**– ना० कुनै राजनीतिक दल नभएको व्यवस्था वा शासन-प्रणाली (पञ्चायती व्यवस्था) ।

**निर्दिष्ट**– वि० [सं०] १. निर्देश गरिएको; बताइएको; तोकिएको । २. निर्णय दिइएको; निश्चित ।

**निर्देश**– ना० [सं०] १. अह्राेट; आज्ञा; आदेश । २. कुनै कामकुराबारे विशेष रूपले दिइने आदेश । ३. उल्लेख; उल्लिखित । ४. वर्णन; वृत्तान्त । ~**पत्र**– ना० कुनै आदेश वा निर्देशन पालना गर्न लेखिएको पत्र; औषधी सेवन गर्ने तरिका लेखिएको कागज (प्रेस्क्रिप्सन) ।

**निर्देशक**– वि० [सं०] १. निर्देशन दिने; काममा खटाउने । ना० २. कुनै विभाग वा कार्यालयको प्रमुख सञ्चालक; कुनै संस्थाको मुख्य अधिकारी; डाइरेक्टर । ~ **समिति**– ना० कुनै कार्यबारे निर्देशन दिन गठित समिति । ~ **सिद्धान्त**– ना० प्रशासनिक नीतिसम्बन्धी सिद्धान्त ।

**निर्देशन**– ना० [सं०] १. निर्देश गर्ने काम; कुनै काममा कुशलतापूर्वक प्रवृत्त गराउने कार्य । २. अह्राेट; आज्ञा । >**निर्देशनालय**– ना० कुनै कार्यको निम्ति निर्देशन दिने ठाउँ वा कार्यालय; निर्देशकको कार्यालय । ~**विभाग**– ना० निर्देशन दिने विभाग ।

**निर्देशित**– वि० [सं०] निर्देश गरिएको; निर्दिष्ट ।

**निर्देष्टा**– वि० [सं०] अह्राउने; निर्देशन गर्ने; कुनै काममा सक्रिय गराउने ।

**निर्दो**– वि०हे० निर्धो ।

**निर्दोष**– वि० [सं०] १. दोष नभएको; निष्कलङ्क; गल्ती नभएको । २. अपराध नगरेको; निरपराध । – **ता**– ना० दोष वा अपराधको अभाव । >**निर्दोषी**– वि० निर्दोष ।

**निर्द्वन्द्व**– वि० [सं०] १. कुनै प्रतिद्वन्द्वी नभएको विरोधी नभएको; द्वन्द्वहीन । २. आफूखुसी गर्ने; स्वच्छन्द । ३. राग, द्वेष, मान, अपमान आदि सांसारिक क्रियाकलापदेखि निवृत्त भएको । ४. चिसो-तातो, सुख-दुःख आदि द्वन्द्वात्मक धारणाको प्रभावदेखि मुक्त भएको; वीतराग ।

**निर्धक्क**– वि० [निर्+धक] १. डर वा त्रास नभएको; धक नमान्ने; सङ्कोच नमान्ने । २. निश्शङ्क । क्रि० वि० ३. कुनै धक नमानीकन; निस्फिक्रीसँग ।

**निर्धन**– वि० [सं०] धन नभएको; कुनै जायजेथा नदेखिएको; गरिब; दरिद्र । – **ता**– ना० दरिद्रता; गरिबी । >**निर्धनी**– वि० दरिद्र ।

**निर्धारक**– वि० [सं०] १. कुनै विषयबारे यही हो भनी किटान गर्ने; तोक्ने; निर्धारण गर्ने । २. निर्णायक ।

**निर्धारण**– ना० [सं०] १. कामको समय अथवा वस्तुको मूल्य आदि तोक्ने काम; ठहर; तोक । २. निर्णय; निश्चय । ३. अन्वेषण; छानबिन ।

**निर्धारित**– वि० [सं०] निर्धारण गरिएको; ठहर भएको; तोकिएको; निश्चित । ~ **कर**– ना० कुनै परिस्थिति वा वस्तुविशेषका आधारमा सम्बन्धित तहको मातहतबाट किटान गरिएको शुल्क वा कर । ~**सीमा**– ना० तोकिएको हदबन्दी ।

**निर्धो**– वि० [सं० निर्ऋद्ध] १. धन-सम्पत्तिका दृष्टिले कमजोर; दरिद्र; गरिब; निर्दो । २. बल नभएको; निर्बलियो; नाजुक । ३. क्षमता नभएको ।

**निर्निमेष**– वि० [सं०] १. आँखा नझिम्क्याउने; पलक नमार्ने; आँखा झिमझिम नगराउने । क्रि० वि० २. आँखा नझिम्क्याईकन; एक टक लाएर; हेरेको हेर्‍यै गरेर ।

**निर्बन्ध**– ना० [सं०] १. आग्रह; ढिपी; जिद्दी । २. रोकावट; प्रतिबन्ध । क्रमबद्ध कथा नभई स्वच्छन्द रूपमा कुनै भाव, रस वा तथ्यको विवेचन भएको, काव्यको एक प्रकार वा भेद । >**निर्बन्धन**– ना० निक्र्योल; बाचा-बन्धन; निर्णय । **निर्बन्धित**– वि० निर्बन्ध वा निर्बन्धन गरिएको ।

**निर्बल**– वि० [सं०] बल, तागत नभएको; दुर्बल; शक्तिहीन । – **ता**– ना० दुर्बलता; कमजोरी ।

**निर्बाङ्ग**– वि० [सं० निर्वाङ्ग] १. कुनै पनि कपडा नपहिरिएको; सम्पूर्ण नाङ्गो । क्रि० वि० २. नाङ्गै ।

**निर्बाध**– वि० [सं०] १. कुनै बाधा वा प्रतिबन्ध नभएको; रोकटोक नभएको । २. एकान्त; निर्जन ।

**निर्बिसी**– ना० [सं० निर्विषा] १. लामालामा पाँचपाँच खण्ड परेका ठूलठूला पात हुने र मोथेजस्तै कन्द हुने एक हिमाली बुटी; निर्विषा । २. त्यसैको कन्द वा जरो । (यसका सेतो र रातो कन्द हुने दुई जात छन् । आयुर्वेदका अनुसार यसको गुण विषनाशक र रक्तदोषनाशक बताइएको छ) ।

**निर्बीज**– वि० [सं०] १. बीउ नभएको; बीजरहित; बिनाबीउको । २. विनाकारणको; प्रमाणहीन । ३. नपुंसक; हिजडा । ~**समाधि**– ना० बीज वा आलम्बनविहीन एक प्रकारको समाधि । >**निर्बीजा**– ना० सानो जातको दाख; किसमिस ।

**निर्बुद्धि**– वि० [सं०] बुद्धि नभएको; सोचविचार गर्न नसक्ने; मूर्ख ।

**निर्बोध**– वि० [सं०] केही ज्ञान नभएको; अनजान; अज्ञानी ।

**निर्ब्याज/निर्ब्याजी**– वि० [निर्+ब्याज (ई)] १. मूल धनमा कुनै प्रकारको ब्याज नलाग्ने । क्रि० वि० २. विनाब्याज नै ।

**निर्भय**– वि० [सं०] १. डर नभएको; निडर; त्रासहीन । २. सुरक्षित ।

c:\Sabdkosh\dick'Na'.p65



– **ता**– ना० भयको अभाव ।

**निर्भर**– वि० [सं०] १. भरोसामा रहेको; आश्रित; अवलम्बित; भुन्डिएको । २. पूरा भरिएको; भरिभराउ । ३. प्रशस्त; ज्यादै; खूब । – **ता**– ना० भर पर्ने क्रिया वा भाव; आश्रयधर्मिता ।

**निर्भीक**– वि० [सं०] १. भय नभएको; नडराउने; निडर । २. सशक्त; सक्षम; सक्रिय । – **ता**– ना० नडराउने क्रिया वा भाव; निर्भयता ।

**निर्भुक्क**– वि० [सं० निर+बुको] १. केही नभएको; बुङ्गो । २. केही नजान्ने; बुद्धू । क्रि० वि० ३. केही नहुने वा नजान्ने किसिमले ।

**निर्मम**– वि० [सं०] १. ममता नभएको; अनुदार । २. निर्दयी; क्रूर; निष्ठुर । – **ता**– ना० निर्मम हुनाको भाव वा अवस्था; ममताको अभाव; निर्दयता; निष्ठुरता ।

**निर्मल**– वि० [सं०] १. मल वा दाग नभएको; दोषहीन; स्वच्छ । २. शुद्ध; पवित्र । ना० ३. देवतालाई चढाइएको वस्तु । ४. शालिग्रामलाई स्नान गराएको जल; निर्माल्य । (निम्बार्क सम्प्रदायअनुसार वैष्णव समाजमा निर्माल्यको प्रचलन पाइन्छ) । >**निर्मली**– ना० १. लाम्चा, ठूला पात, सेता फूल र बाटुला, थेप्चा फल हुने, आयुर्वेदमा शूलनाशक, आँखाको हित गर्ने र पानी सफा गर्ने गुण बताइएको एक जातको रूख; त्यसकै फल । २. सगरमाथा अञ्चलनेर सीमामा पर्ने एक भारतीय स्थल ।

**निर्माण**– ना० [सं०] १. घर, मन्दिर, सडक आदि बनाउने काम; रचना । २. बनेका भवन, सडक, मन्दिर आदि । – **कर्ता**/**कारी**– वि० निर्माण गर्ने; बनाउने; सार्वजनिक पाठशाला, बाटो आदि तयार गर्ने । ~ **यातायात**– ना० श्री ५ को सरकारको एक मन्त्रालय; आफ्नो मातहतमा भवन, सडक, पुल आदि सार्वजनिक निर्माणको काम गर्ने, मन्त्रालय, विभाग वा संस्था । ~ **विद्या**– ना० निर्माणशिल्प । ~ **शिल्प**– ना० निर्माणसँग सम्बन्धित शास्त्र । ~ **स्थल**– ना० निर्माण भइरहेको ठाउँ । >**निर्माणात्मक**– वि० निर्माणसम्बन्धी; रचनात्मक । **निर्माणोन्मुख**– वि० भर्खर-भर्खर बन्न लागेको ।

**निर्माता**– वि० [सं०] १. बनाउने; भवन, सडक आदिको निर्माण गर्ने; रचयिता । ना० २. ईश्वर; परमात्मा ।

**निर्माया**– वि० [सं०] १. माया नभएको; निठुरी । २. एकअर्काको हृदय चिन्न नसक्ने (प्रेमी वा प्रेमिका) ।

**निर्माल्य**– ना० [सं०] १. वैष्णव सम्प्रदायअनुसार विष्णुलाई चढाइएको वस्तु; कुनै देवताको प्रसाद । २. शालिग्राम, देवमूर्ति आदि देवतालाई स्नान गराइएको पञ्चामृतसहितको जल; देवतालाई नुहाइदिइएको जल ।

**निर्मित**– वि० [सं०] बनाइसकिएको; बनेको; तयार; रचित ।

**निर्मुक्त**– वि० [सं०] पूर्ण रूपले मुक्ति पाएको; पूरै मुक्त । >**निर्मुक्ति**– ना० निर्मुक्त हुनाको भाव वा स्थिति; पूर्ण मुक्ति ।

**निर्मूल**– वि० [सं०] १. मूलसमेत नराखिएको; जरोसमेत उखेलिएको; जरो नभएको । २. पूरै सखाप पारिएको; बीउसम्म पनि नरहने गरी मासिएको । >**निर्मूलन**– ना० १. निर्मूल पार्ने काम; उन्मूलन । २. पूर्ण विनाश; सखाप ।

**निर्मोक्ष**– वि० [सं०] सांसारिक प्रपञ्चमा नफस्ने; माया-मोह नभएको; मुक्त ।

**निर्मोचन**– ना० [सं०] १. सर्पले काँचुली फेरेजस्तै प्रत्येक वर्ष चराहरूले पनि प्रजनन समयपछि प्वाँख फेर्ने प्रक्रिया । २. छुटकारा; मुक्ति ।

**निर्मोह**– वि० [सं०] १. मोहमा नअल्भेको । ना० २. मोहको अभाव । >**निर्मोही**– वि० माया-मोह नभएको; निठुरी ।

**निर्याण**– ना० [सं०] १. बाहिर जाने काम; निष्क्रमण । २. मृत्यु । ३. निर्वाण; मोक्ष । ४. पशुका खुट्टामा बाँध्ने दाम्लो; खुट्टे; खुट्टेसो ।

**निर्यात**– वि० [सं०] १. निस्केको; बाहिरिएको । २. एक देशबाट अर्को देशमा पठाइएको (माल) । ना० ३. कुनै एक देशबाट अर्को देशमा मालसामान पठाउने काम; निकासी । ~ **कर**– ना० बाहिरी देशमा निकासी गरिने मालमा लाग्ने महसुल; निर्यात गर्ने मालमा लाग्ने कर । – **कर्ता**– ना० एक देशबाट अर्को देशमा कुनै मालसामान निकासी गर्न सरकारबाट प्रमाण पाएको व्यक्ति; निकासी गर्ने मान्छे । >**निर्यातन**– ना० धरौट राखेको माल फिर्ता लिने काम; ऋण तिर्ने काम; बदला लिने प्रक्रिया । **निर्यातित**– वि० बाहिरी देशमा निकासी गरिएको (मालसामान) ।

**निर्यास**– ना० [सं०] १. सल्लो आदिका रूखबाट निस्कने गुँद; चोप; खोटो । २. रूखको बाहिरी बोक्रो । ३. काँडा; क्वाथ ।

**निर्लज्ज**– वि० [सं०] १. लाज नभएको; सरम नमान्ने; नकच्चरो । क्रि० वि० २. कुनै सङ्कोच नमानीकन; विना कुनै हिचकिचाहट । – **ता**– ना० कुनै प्रकारको सरम वा लाज नमान्ने भाव वा प्रवृत्ति ।

**निर्लिप्त**– वि० [सं०] १. सांसारिक मोहबन्धनमा नभुल्ने; राग, द्वेष आदिबाट मुक्त भएको; कुनै विषयमा आसक्त नहुने । २. लिप्त नभएको; कसैसित कुनै सम्बन्ध नभएको; स्वतन्त्र ।

**निर्लेप**– वि० [सं०] निर्लिप्त ।

**निर्लोभ**– वि० [सं०] लोभ नभएको; सन्तोषी, लालच नगर्ने ।

**निर्वंश**– वि० [सं०] वंश वा कुल नभएको; निस्सन्तान ।

**निर्वचन**– वि० [सं०] १. वचन वा बोली नभएको; चुप रहने; मौन । ना० २. शब्द वा वाक्यबारे व्याकरणअनुसार गरिने व्युत्पत्ति; भाष्य ।

**निर्वस्त्र**– वि० [सं०] कुनै पनि वस्त्र नपहिरेको; लुगा नलगाएको; नाङ्गो ।

**निर्वहण सन्धि**– ना० [सं०] संस्कृत साहित्यशास्त्रअनुसार नाटक आदिमा कार्य र फलागमको योगबाट बीज सफलीभूत भई प्रयोजन सिद्ध भएका अवस्थाको भाग ।

**निर्वाचक**– वि० [सं०] १. छानबिन गरेर चाहिएको व्यक्ति वा वस्तु चुन्ने; निर्वाचन गर्ने । ना० २. चुन्ने व्यक्ति; निर्वाचन गर्ने वा

गराउने अधिकारी । ~**मण्डल**– ना० राष्ट्रपति वा यस्तै महत्त्वपूर्ण पदमा आसीन हुने व्यक्तिको चुनाउ गर्न आम जनताबाट चुनिएका व्यक्तिहरूको समूह ।

**निर्वाचन**– ना० [सं०] १. प्रायः प्रजातान्त्रिक मुलुकको विधायिकाका विभिन्न निकायमा प्रतिनिधित्व गर्ने व्यक्ति वा व्यक्तिहरूलाई त्यसै मुलुकका आम बालिग जनताले मतदानद्वारा चुन्ने काम; कुनै काम वा पदका लागि मतदान गरेर चाहेअनुसारको व्यक्ति छान्ने काम; चुनाउ; चुनाव; चयन; छनोट । २. धेरैमा ठीक बेठीक छुट्ट्याएर गरिने छनोट; विवेचन । ~**अधिकारी**– ना० निर्वाचन आयोगबाट चुनाव गराउन तथा विशेष रेखदेख गर्न खटिएको व्यक्ति । ~**अपराध**– ना० निर्वाचन नियमावलीअनुसार चुनावका सम्बन्धमा निषेध गरिएका काम वा कुरा । ~**आयोग**– ना० संविधानअनुसार राष्ट्रिय विधायिकाको चुनाव सम्पन्न गराउने कार्यालय (इलेक्सन कमिसन) । ~**उम्मेदवार**– ना० निर्वाचन वा चुनाव लड्ने उम्मेदवार । ~**एजेन्ट**– ना० निर्वाचन वा चुनावका काममा उम्मेदवारले आफ्नो हितको हेरविचार गर्न खटाएर पठाउने आफ्नो प्रतिनिधि । ~**क्षेत्र**– ना० चुनाव गराइने ठाउँको सीमाक्षेत्र । ~**परिणाम**– ना० कुनै क्षेत्रको प्रतिनिधित्व गराउने गरी भएको चुनावको नतिजा; चुनावमा हारजितको निर्णय ।

**निर्वाचित**– वि० [सं०] मतद्वारा छानिएको; निर्वाचन भएको; चुनिएको ।

**निर्वाण**– ना० [सं०] १. आत्माले जन्ममरणको चक्रबाट छुटकारा पाउने कार्य; मोक्ष; मुक्ति । २. निभ्ने काम । वि० ३. मरेको; मृत । ४. निभेको; बल्न छाडेको । ५. मोक्ष प्राप्त भएको; मुक्त ।

**निर्वास**– ना० [सं०] आफ्नो मुलुकबाट निकाल्ने काम; देशनिकाला । >**निर्वासन**– ना० देशनिकाला; कुनै मुलुक वा राष्ट्रबाट निकाल्ने काम; निर्वास । **निर्वासित**– वि० निर्वासन गरिएको; देशबाट निकालिएको; मुलुकबाट धपाइएको । **निर्वास्य**– वि० देशनिकाला गर्न लायक; निर्वासनयोग्य ।

**निर्वाह**– ना० [सं०] १. गाँस, बास र कपासको न्यूनतम आवश्यकताको जसोतसो पूर्ति हुँदै गएको अवस्था; तडकभडक नगरीकन सामान्य रूपले चलेको जीविका । २. कामचलाउ स्थिति; गुजारा । ३. पालनपोषण; आश्रय । ~**भत्ता**– ना० सामान्य आजीविका चलाउन लगातार दिइने निर्धारित रकम ।

**निर्विकल्प**– वि० [सं०] १. अवान्तर भेद नभएको; विकल्प नहुने । २. निश्चित; अपरिवर्तनीय ।

**निर्विकल्पक**– ना० [सं०] वेदान्त दर्शनअनुसार ज्ञाता र ज्ञेयको भेद नभई दुवै एक हुने स्थिति; तत्त्वज्ञान । ~**समाधि**– ना० वेदान्तका अनुसार ज्ञान, ज्ञाता, ज्ञेय आदि भेद नभई ज्ञानात्मक सच्चिदानन्द ब्रह्मबाहेक अरू केही प्रत्यक्ष नहुने समाधिविशेष ।

**निर्विकार**– वि० [सं०] १. विकार नहुने; बाह्य प्रभाव परे पनि कुनै विकृति देखा नपर्ने । २. रूपान्तरमा नजाने; नबदलिने; अपरिवर्तित ।

**निर्विघ्न**– वि० [सं०] १. बीचमा कुनै बाधा अड्को नपरेको; विघ्नरहित; निर्बाध । क्रि० वि० २. कुनै किसिमको विघ्नबाधा नपरीकन; सजिलैसित ।

**निर्विचार**– वि० [सं०] १. विचार नभएको; सोचविचार गर्न नसक्ने । ना० २. योगशास्त्रका अनुसार सूक्ष्म आलम्बनमा तन्मय हुँदा आलम्बनको नाम र सङ्केत आदिको समेत ज्ञान नभई आकारको मात्र ज्ञान हुने सबीज समाधि ।

**निर्वितर्क**– वि० [सं०] कुनै पनि तर्क गर्न नसकिने; विवाद गर्न नसकिने; निर्विवाद ।

**निर्विद्य**– वि० [सं०] विद्या नपढेको; अनपढ; अपठित; मूर्ख; स्वाँठ ।

**निर्विरोध**– वि० [सं०] १. विरोध नभएको; कहीँ कुनै पक्षबाट पनि आपत्ति नउठाइएको । क्रि० वि० २. बिना कुनै विरोध; विरोध नभईकन ।

**निर्विवाद**– वि० [सं०] १. विवाद नभएको; कुनै प्रकारको झैँझगडा नभएको । २. सबैद्वारा स्वीकृत; सर्वमान्य । क्रि० वि० ३. विवाद नभईकनै ।

**निर्विवेक**– वि० [सं०] विवेक नभएको; विचार पुऱ्याउन नसक्ने; विचारशून्य । >**निर्विवेकी**– वि० निर्विवेक ।

**निर्विष**– वि० [सं०] विष नभएको; विषरहित । >**निर्विषा**– ना० हे० निर्बिसी ।

**निर्वीज**– वि० [सं०] बीउ नभएको; बीजरहित । ~**समाधि**– ना० योगका अनुसार समाधिको बीज र आलम्बन नभएको एक प्रकार । >**निर्वीजा**– ना० किसमिस; निर्बीजा ।

**निर्वीरा**– ना० [सं०] पति र पुत्र नभएकी स्त्री; लोग्ने र छोरा दुवै मरिसकेर बाँचेकी स्त्री; अवीरा ।

**निर्वीर्य**– वि० [सं०] १. पराक्रम देखाउन नसक्ने; वीर्य नभएको; शूरताहीन । २. नपुंसक; हिजडा ।

**निर्वृत्त**– वि० [सं०] १.काम पूरा भएको; सिद्ध; सम्पन्न; समाप्त । २. सांसारिक विषय-वासनाबाट मुक्त भएको; विरक्त । >**निर्वृत्ति**– ना० १. समाप्ति । २. निस्पत्ति ।

**निर्वेतन**– वि० [सं०] तलब नपाउने; विनातलब काम गर्ने; पारिश्रमिक नपाउने; अवैतनिक ।

**निर्वेद**– ना० [सं०] १. खेद; खिन्नता; दुखेसो । २. पछुतो; पश्चात्ताप । ३. वैराग्य; विरक्ति ।

**निर्वैयक्तिक**– वि० [सं०] १. व्यक्तिविशेषसँग असम्बन्धित; व्यक्तिगत नभएको । २. सामाजिक; व्यक्तितहबाट माथि उठेको । ३. व्यक्तिगत रुचिअरुचिका कुरा नभएको; भावनासँगभन्दा वस्तुको यथार्थतासँग सम्बद्ध । >**ता**– ना० निर्वैयक्तिक हुनाको भाव वा अवस्था । **निर्वैयक्तिकीकरण**– ना० निर्वैयक्तिक बनाउने प्रक्रिया ।

**निर्वैर**– वि० [सं०] १. वैरभाव नभएको; शत्रुताहीन; दुस्मनी नगर्ने । २. शत्रु वा वैरी नभएको ।

c:\Sabdkosh\dick'Na'.p65



**निर्व्याज–** वि० [सं०] १. छलकपट नगर्ने; निष्कपट । २. स्वच्छ दिल भएको; उदार ।

**निर्व्रजन–** ना० [सं०] एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने काम; आप्रवास; पाही बदल्ने काम ।

**निर्हस्त–** वि० [सं०] १. हात नभएको । २. हातको कुनै भर नभएको । ३. काम गर्न नसक्ने; निहत्था ।

**निर्हेतुता–** ना० [सं०] काव्यमा कुनै विशेष कुरामा कारण नदेखाउँदा हुने अर्थदोष ।

**निल्–नु–** स० क्रि० [सं० निगलण+नु] मुखमा हालेर घाँटीबाट तल छिराउनु; खानु ।

**निलम्बन–** ना० [सं०] १. कुनै ओहदामा रहेको पदाधिकारी वा कर्मचारीलाई अनियमितता वा भ्रष्टाचार गरेको सूचना दिई नियमानुसार छानबिन गर्न राखिने काम । २. पद, अधिकार वा दायित्वको रोक्का ।

**निलम्बित–** वि० [सं०] निलम्बन गरिएको ।

**निलय–** ना० [सं०] १. वासस्थान; भवन; घर । २. चराले आफ्नो आश्रयका लागि र बच्चा पार्न समेत रूख वा घरभित्र बनाएको वासस्थान; गुँड । ३. प्रलय; नाश ।

**निलसर–** ना० [सं० नीलेश्वर] प्रायः चारकोसे झाडीमा वा गहन तराई भागमा पाइने सानो चराविशेष ।

**निलाइ–** न० [√ **निल्** (+आइ)] निल्ने क्रिया-प्रक्रिया । [>] **निलाइनु–** क० क्रि० निल्न लगाइनु । **निलाउनु–** प्रे० क्रि० निल्न लगाउनु ।

**निलाहार–** ना० [सं० निराहार] १. कुनै कुरा पनि नखाने कार्य । २. एकादशी आदि धार्मिक पर्वमा अन्न वा फलफूल केही नखाने व्रत; अनशन ।

**निलिनु–** क० क्रि० [निल्+इ+नु] निल्ने कार्य गरिनु ।

**निलो–** वि० [सं० नील] १. आकाशजस्तो गाढा रङको; नीर । २. गाढा आकासे रङको; नीलो रङ भएको । – **तुथो–** ना० तामाको उपधातु; तामाको नीलो क्षार वा लवण ।

**निलोत्पल–** ना० नीलकमल । **नीलोपल–** ना० नीलमणि । ~ **विजयसार–** ना० नीलो रङको काठ हुने एक जातको सदाबहार विजयसार ।

**निवपन–** ना० [सं०] १. छराइ; रोपाइ । २. पितृपक्षमा छरिने अन्नका दाना; सद्बीउ ।

**निवसन–** ना० [सं०] लुगा; वस्त्र; वसन ।

**निवह–** ना० [सं०] १. समूह; समुदाय । २. सात वायुमध्ये एक वायु ।

**निवार–** ना० [सं०] वनमा स्वतः फल्ने धान; मुनिधान्य; व्रत बस्दा खाइने अन्नविशेष; नाभो ।

**निवारक–** वि० [सं०] निवारण गर्ने; हटाउने; रोक्ने । ~ **कानुन–** ना० राष्ट्रको सुरक्षाका दृष्टिले कसैलाई केही समयका लागि ऐनबमोजिम थुनामा राख्ने कानुन । **नजरबन्द–** ना० निवारक कानुनअन्तर्गत गरिने नजरबन्द ।

**निवारण–** ना० [सं०] १. कुनै काम गर्नुबाट रोक्ने काम; पन्छाउने काम; अपसारण । २. रोक; रोकावट; छेको । >**निवारणीय–** वि० १. निवारण गर्न लायक; छेक्न योग्य । २. रोकावट गर्न सकिने; हटाउन सकिने ।

**निवास–** ना० [सं०] १. निजी वासस्थानमा अथवा अरूकै घरकोठामा बस्ने काम; रहने काम । २. स्थान; आश्रम; घर; डेरा । ३. क्षणिक वास बस्ने काम । ~ **स्थान–** ना० बस्ने ठाउँ; भवन; घर; डेरा; वास । >**निवासी–** वि० निवास गर्ने; बस्ने ।

**निविड–** वि० [सं०] १. झाङ्गिएको; बाक्लो; घना । २. घोर; डरलाग्दो; भयङ्कर ।

**निविदा–** ना० [सं०] कुनै संस्था वा कार्यालयबाट बनाइने भवन, सडक आदिको नापनक्साबमोजिम ठेक्कामा बनाउन स्वीकार गरिने पत्र; बोलपत्र ।

**निविष्ट–** वि० [सं०] १. निवेश बनाएर बसेको; स्थित; आसीन । २. प्रवेश गरेको; छिरेको । ३. एकाग्र पारिएको (मन) । – **ता–** ना० निविष्ट हुनाको भाव, क्रिया वा स्थिति । >**निविष्टि–** ना० निविष्ट हुने काम; प्रवेश ।

**निवीत–** ना० [सं०] १. जनै; यज्ञोपवीत; ब्रह्मसूत्र । २. ओढ्ने वस्त्र; पछ्यौरा; खास्टो ।

**निवृत्त–** वि० [सं०] १. कुनै कामकुरा, विषयवासना, नोकरी आदिबाट हटेको; छाडेको । २. फिर्ता भएको; फर्केको; फिरेको । ३. गर्नुपर्ने काम सकिएको; समाप्त । ४. अवकाश पाएको; नोकरीको अवधि पूरा भएको ।

**निवृत्ति–** ना० [सं०] १. हट्ने काम; मुक्ति; छुटकारा । २. पन्छने वा तर्कने प्रक्रिया । ३. सकिएको स्थिति; समाप्ति । – **भरण–** ना० कुनै पनि स्थायी कर्मचारीले नोकरीको निश्चित अवधि पूरा गरेर अवकाश पाएपछि सम्बन्धित कार्यालयबाट आजीवन पाउने निर्वाह-भत्ता; पेन्सन ।

**निवेदक–** वि० [सं०] निवेदन गर्ने; प्रार्थी; आवेदक ।

**निवेदन–** ना० [सं०] १. विनम्र भनाइ; बिन्ती; प्रार्थना । २. चढाउने काम; समर्पण । ~ **पत्र–** ना० संस्था वा कार्यालय आदिमा कुनै काम पाऊँ वा गरिपाऊँ भनी लेखिने कागज; बिन्तीपत्र; दर्खास्त ।

**निवेदित–** वि० [सं०] निवेदन गरिएको ।

**निवेश–** ना० [सं०] १. पस्ने काम; प्रवेश । २. वासस्थान; घर । ३. विवाह ।

**निशा–** ना० [सं०] रात; रात्रि; रजनी । – **कपि–** ना० नृतत्त्वशास्त्रअनुसार दिनमा निष्क्रिय र रातमा सक्रिय रहने वानर; निशाकपि अनुगणमा पर्ने एक प्रकारको सानो वानर । – **कपि अनुगण–** ना० निशाकपिजस्तै साना जातको वानरसमूह । – **कर–** ना० चन्द्रमा । – **चर–** वि० १. राति हिँड्ने; रातिराति डुल्ने । ना० २. राक्षस । ३. लाटोकोसेरो । ४. चखेवा । ५. भूत । ६. पिशाच । ७. चोर । ८. फुँडो । – **चरी–** ना० राक्षसी; वेश्या स्त्री; व्यभिचारिणी नारी ।

**निशान**– ना० [फा०] हे० निसान । >**निशाना**– ना० निसाना । **निशानी**– ना० निसानी ।

**निशान्त**– ना० [सं०] उज्यालो हुने बेलाको रात; रातको चौथो प्रहर ।

**निशान्ध**– वि० [सं०] १. राति आँखा नदेख्ने । ना० २. रतन्धो । – **ता**– ना० राति आँखा नखेख्ने रोग; रतौँजी ।

**निशामुख**– ना० [सं०] साँझ; सन्ध्याकाल ।

**निशि**– ना० [सं०] १. रात; रात्रि । २. एकथरी काँसको बोट । – **दिन**– क्रि० वि० रातदिन; अहोरात्र । – **पाल**– ना० भगण, जगण, सगण, नगण र रगण भएको वार्णिक छन्द ।

**निशीथ**– ना० [सं०] १. आधा रात; मध्यरात्रि । २. रात; रात्रि । >**निशीथिनी**– ना० रात ।

**निशोथ**– ना० [सं०] दुई वा तीन वर्षमा एकपल्ट मात्र फुल्ने, पानका आकारका पात, हरिया फूल र खैरा फल लाग्ने एक जातको रौँदार नरम लहरा । (यसका हरिया डाँठमा सेता, काला र राता धर्सा गरी तीन भेद छन् । आयुर्वेदमा यसको गुण ज्वररेचक, वायुनाशक र सर्प तथा बिच्छीले टोकेको विष शमन गर्ने बताइएको छ) ।

**निश्चय**– ना० [सं०] १. शङ्का वा दुविधा नभएको ज्ञान; सन्देहरहित ज्ञान । २. टुङ्गो; निर्क्योल; निधो; ठहर । ३. विश्वास; पत्यार । ४. दृढ विचार; गहिरो भावना । ५. अलङ्कारशास्त्रका अनुसार अरू विषयलाई निषेध गरेर प्रकृत विषयको स्थापना गर्दा पर्ने अलङ्कारको एक भेद । – **तः**– क्रि० वि० निश्चय नै; पक्कापक्की ।

**निश्चयात्मक**– वि० [सं०] १. निश्चय भएको; निधो गरिएको; निश्चित । २. निस्सन्देह । ३. ठीक । – **ता**– ना० निश्चयात्मक हुनाको भाव वा स्थिति । ~ **सर्वनाम**– ना० कुनै व्यक्ति वा वस्तुलाई तोकेर देखाउने वा औँल्याउने त्यो, यो, ती, यी, त्यहाँ, यहाँ आदि सर्वनाम; दर्शक सर्वनाम ।

**निश्चल**– वि० [सं०] १. हलचल नगर्ने; चल्न वा हल्लन नसक्ने; नचलेको; स्थिर । २. नबदलिने; परिवर्तन नहुने । >**निश्चला**– वि० १. निश्चल (स्त्री) । ना० २. लक्ष्मी ।

**निश्चित**– वि० [सं०] १. निश्चय गरिएको; निधो भएको; टुङ्गो लागेको । २. पक्का । क्रि० वि० ३. कुनै बाधाविना; पक्कापक्की । – **ता**– ना० निश्चित हुनाको भाव वा अवस्था ।

**निश्चिन्त**– वि० [सं०] १. कुनै चिन्ता नलिने; फिक्री नभएको; निस्फिक्री । २. शान्त प्रकृतिको; धैर्यशाली । – **ता**– निश्चिन्त हुनाको भाव वा स्थिति; बेफिक्रीपन ।

**निश्चेतन**– वि० [सं०] चेतनाशक्ति नभएको; बेहोस; मूर्च्छित ।

**निश्चेष्ट**– वि० [सं०] १. चेष्टा नभएको; होस हराएको; अचेत; चेतनाहीन । २. अचल; स्थिर । – **ता**– ना० १. निश्चेष्ट हुनाको भाव वा अवस्था; अरू ठाउँमा सर्ने प्रवृत्तिको अभाव; स्थिरता । २. चेष्टाविहीनता ।

**निश्छल**– वि० [सं०] १. अरूलाई धोका नदिने; छलकपट नगर्ने; निष्कपट । २. स्वच्छ हृदयको । – **ता**– ना० निश्छल हुनाको भाव वा स्थिति; निष्कपटता ।

**निश्वस्त**– वि० [सं०] १. निश्वास फालिएको । २. निश्वास निकाल्दा उच्चारण गरिएको (ध्वनि आदि) ।

**निश्वास**– ना० [सं०] १. नाक वा मुखबाट निस्केको सास; शरीरको श्वासप्रश्वासको प्रक्रियामा भित्रबाट बाहिर जाने वायु । २. प्राणवायु नाकबाट निस्कने प्रक्रिया । ३. लामो सास; सुस्केरा ।

**निश्शक्त**– वि० [सं०] शक्ति नभएको; विनातागतको; शक्तिहीन ।

**निश्शङ्क**– वि० [सं०] विनाशङ्काको; शङ्कारहित; सन्देहरहित ।

**निश्शब्द**– वि० [सं०] आवाजविनाको; शब्दहीन ।

**निश्शस्त्र**– वि० [सं०] हतियार नभएको; शस्त्रहीन । > **निश्शस्त्रीकरण**– ना० हातहतियारले रहित पार्ने काम; शस्त्र हटाउने काम; कुनै देश वा देशहरूमा आपसी सम्झौताबाट हतियारहरू कम गर्दै जाने नीति । **निश्शस्त्रीकृत**– वि० निश्शस्त्रीकरण गरिएको ।

**निश्शुल्क**– वि० [सं०] १. शुल्क नलाग्ने; तिरो तिर्नु नपर्ने; फिस बुझाउनु नपर्ने; निःशुल्क । क्रि० वि० २. पारिश्रमिक नलिईकन; विनावेतन ।

**निश्शेष**– वि० [सं०] १. केही पनि बाँकी नरहेको; शेष नभएको । २. सिद्धिएको; समाप्त ।

**निषङ्ग**– ना० [सं०] १. बाण, शर राखेर पिठ्यूँमा भिर्ने भाँडो; ठोक्रो । २. तरबार; खड्ग । ३. एकता; मेल । >**निषङ्गी**– वि० १. ठोक्रो भिर्ने । ना० २. व्याधा ।

**निषाद**– ना० [सं०] १. एक प्राचीन अनार्य जाति । २. सङ्गीतका सात स्वरमध्ये एक स्वर । ३. ब्राह्मणद्वारा शूद्रकन्याबाट जन्माइएको वर्णसङ्कर जाति । >**निषादी**– ना० माहुते ।

**निषिद्ध**– वि० [सं०] १. निषेध गरिएको; रोक लगाइएको; वर्जित । २. दूषित; दोषले पूर्ण । ३. खराब; काम नलाग्ने ।

**निषेचन**– ना० [सं०] १. सेचन गर्ने काम; छर्कने प्रक्रिया । २. भिजाउने काम; आर्द्रीकरण ।

**निषेध**– ना० [सं०] १. रोक लगाउने काम; वर्जन; मनाही । २. बाधा; प्रतिबन्ध; अड्को । >**निषेधक**– वि० रोक लगाउने; निषेध गर्ने; रोक्ने । **निषेधाज्ञा**– ना० १. कतैकहीँ कुनै अवाञ्छित काम भएगरेमा वा गर्ने आशङ्का देखिएमा त्यसबाट हानि हुने पक्षले अदालतमा उजुरी परेको बखत सम्बन्धित अदालतबाट त्यस्तो कार्य नगर्न प्रतिवादी पक्षलाई दिइने आदेश । २. कुनै सङ्कटको स्थितिमा मालसामानको आयातनिर्यात वा परिवहनमा प्रतिबन्ध लगाइने सरकारी आदेश; मालसामान वा सेवाको निकासी पैठारीमा लाइने प्रतिबन्ध वा नियन्त्रण ।

**निषेधात्मक**– वि० [सं०] निषेध गरिएको; अस्वीकृति वा अभाव बुझाउने; नकारात्मक । – **ता**– ना० निषेधात्मक हुनाको भाव वा अवस्था ।

**निषेधाधिकार**– ना० [सं०] १. कुनै प्रस्तावित कार्यलाई अस्वीकृत

गरेर रोक्ने अधिकारी; आफ्नो अस्वीकृति अरूमा पनि सक्रिय गराउने हक । २. संयुक्त राष्ट्रसङ्घका केही शक्तिशाली राष्ट्रले प्रस्तावित कार्यमा रोक लगाउने अधिकार; विशेषाधिकार; भिटो ।

**निष्क**– ना० [सं०] १. एक प्रकारको स्वर्णमुद्रा (एक कर्षबराबरको) । २. गलामा पहिरने सुनको गहना । ३. सुन ।

**निष्कण्टक**– वि० [सं०] १. काँडा नभएको; स्निग्ध । २. बिघ्न-बाधा केही नभएको; निर्विघ्न । ३. प्रतिद्वन्द्वी नभएको; कुनै शत्रु नभएको; एकलौटी । क्रि० वि० ४. निर्विघ्न तवरले ।

**निष्कपट**– वि० [सं०] १. अरूलाई धोका नदिने; छलकपट नभएको; छलछाम गर्न नजान्ने । २. सोझो; साधारण प्रकृतिको । – **ता**– ना० निष्कपट हुनाको भाव वा अवस्था ।

**निष्कर**– वि० [सं०] करबाट मुक्त; महसुल नलाग्ने; शुल्क नलिइने ।

**निष्करुणा**– वि० [सं०] करुणा नभएको; निर्दयी; निठुरी ।

**निष्कर्म**– वि० [सं०] निष्क्रिय; अल्छी; जाँगरमरुवा ।

**निष्कर्मण्य**– वि० [सं०] १. कर्म नगर्ने; अकर्मण्य; काममा नजोतिएको; अल्छी । २. काम नलाग्ने; निकम्मा ।

**निष्कर्मा**– वि० [सं०] १. मन लाएर काम नगर्ने; एकचित्त भएर काम नगर्ने । २. बेकामको; रद्दी ।

**निष्कर्ष**– ना० [सं०] १. सारभूत अर्थ; निचोड; सार । २. विवादास्पद विषयमा आपसी विचारविमर्शबाट निस्केको ठहर; विचार मन्थनबाट निस्केको सारवस्तु । ३. परिणाम; नतिजा । ४. निर्णय; निधो; टुङ्गो । ५. निश्चय; जाँचबुझ ।

**निष्कल**– वि० [सं०] १. कुनै अङ्ग वा भाग नष्ट भएको; टुटेफुटेको । २. कला नभएको; कलाहीन । ३. वीर्य नभएको; पराक्रमहीन ।

**निष्कलङ्क**– वि० [सं०] १. कलङ्क नभएको; दाग नभएको; निर्दोष । २. स्वच्छ; उदार हृदय भएको ।

**निष्काम**– वि० [सं०] १. कुनै प्रकारको इच्छा नभएको; आसक्ति नभएको । २. फलको इच्छा नराखी गरिएको (काम); कामनाहीन । ३. फलको आशा नराखी गरिने (कार्य) । ~ **कर्म**– ना० फलको आशा नगरीकन गरिएको काम ।

**निष्कारण**– क्रि० वि० [सं०] १. कुनै कारणविना; कारण नभईकनै । २. बिनसित्ति; अकारण ।

**निष्कास**– ना० [सं०] १. निकाल्ने काम; बाहिर पठाउने प्रक्रिया । २. कुनै घरजग्गाबाट बाहिर सडकसम्म ओहोरदोहोर गर्ने ठाउँ; निकास । ३. घर, महल आदिको बाहिर निस्केको भाग; कौसी; बरन्डा ।

**निष्कासन**– ना० [सं०] १. कुनै संस्था, कार्यालय आदिबाट केही अवधिका लागि वा सधैँका लागि निकाल्ने काम; निकाला । २. प्रवेश रद्द गर्ने काम; सम्बन्धित संस्था वा कार्यालयबाट लाञ्छनासहित हटाउने काम ।

**निष्कासित**– वि० [सं०] १. निकालिएको; बाहिर पठाइएको । २. विद्यालय वा कुनै कार्यालयबाट निष्कासन गरिएको ।

**निष्किञ्चन**– वि० [सं०] केही पनि नभएको; दरिद्र; तन्नम; निर्धन ।

**निष्कुल**– वि० [सं०] वंशहीन; कुलहीन । >**निष्कुलीन**– वि० १. असल कुलमा नजन्मेको; कुलीन नभएको; बेखानदानको । २. सभ्य नभएको; असभ्य ।

**निष्क्रम**– वि० [सं०] क्रमविहीन; क्रम नभएको ।

**निष्क्रमण**– ना० [सं०] १. निस्कने काम; बाहिर जाने प्रक्रिया । २. हिन्दू धर्मअनुसार बालकलाई पहिलो पटक बाहिर निकाल्ने संस्कार; नवजात शिशुलाई सूर्यको दर्शन गराउने संस्कार । – **पत्र**– ना० पारपत्र ।

**निष्क्रय**– ना० [सं०] १. कुनै काम वा सेवाको लागि दिइने धन; भाडा; ज्याला । २. बदलामा दिइने द्रव्य । ३. मालको साटफेर; अदलीबदली; विनिमय । ४. कुनै वस्तु लिएर त्यसको वास्तविक मोलभन्दा धेरै कम मोल दिने काम; निग्रह ।

**निष्क्रान्त**– वि० [सं०] १. बाहिर गएको; निस्केको । २. निकालिएको ।

**निष्क्रिय**– वि० [सं०] १. कुनै चेष्टा नभएको; निश्चेष्ट । २. कुनै पनि काम नगर्ने; क्रियारहित; अकर्मण्य । ३. निश्चल; स्थिर । – **ता**– ना० अकर्मण्यता । ~ **प्रतिरोध**– ना० खटाएको काम नगरी जनाइने विरोध; असहयोग आन्दोलन ।

**निष्क्लेश**– वि० [सं०] क्लेश, चिन्ता वा फिक्री नभएको ।

**निष्ठ**– वि० [सं०] १. रहेको; काममा लागेको; कर्तव्यमा संलग्न । २. कुनै काममा आस्था वा श्रद्धा राख्ने; निष्ठावान् । ३. ठहऱ्याइएको; प्रमाणित ।

**निष्ठा**– ना० [सं०] १. कुनै कामविशेषमा अथवा परम्परागत मान्यतामा राखिने श्रद्धा; भक्तिभाव; आस्था । २. अवस्थिति; आधार । ३. विश्वास । ~ **कर्म**– ना० चोखीनिती; आचारविचार; धार्मिक कार्य । ~ **काष्ठा**– ना० पुरानो रूढि र अन्धधारणालाई तर्कविना अनुसरण गर्ने काम । – **वान्**– वि० निष्ठा भएको; श्रद्धा राख्ने; आस्थावान् । >**निष्ठित**– वि० निष्ठा भएको; निष्ठामा रहेको ।

**निष्ठुर**– वि० [सं०] १. कठोर हृदय भएको; उज्जन्ड । २. निठुरी; निर्दयी । – **ता**– ना० निष्ठुर बन्ने क्रिया वा स्वभाव; निठुरीपन; क्रूरता ।

**निष्णात**– वि० [सं०] १. सिपालु; कुशल; निपुण । २. कुनै विषयमा आधिकारिक जानकारी राख्ने; विशेषज्ञ ।

**निष्पक्ष**– वि० [सं०] १. वादी, प्रतिवादीमध्ये कसैको पक्षमा नलाग्ने; पक्षपात नगर्ने । २. मध्यस्थ; तटस्थ; ब्रह्मले देखेको निर्णय दिने । – **ता**– ना० निष्पक्ष हुनाको भाव वा स्थिति; पक्षपात नगरिने क्रिया वा नीति ।

**निष्पत्ति**– ना० [सं०] १. पैदा हुने काम; उत्पत्ति । २. प्रमाणद्वारा सिद्ध भएको स्थिति; निर्माण । ३. व्युत्पत्ति; व्याकरण, कोश आदिबाट प्रमाणित स्थिति ।

**निष्पत्र**– वि० [सं०] १. पत्र वा पात नभएको; पातविनाको; पत्ररहित । २. प्वाँख नभएको; प्वाँखविनाको ।

**निष्पन्द**– वि० [सं०] स्पन्दन वा गति नभएको; निश्चल; स्थिर ।

c:\Sabdkosh\dick'Na'.p65



**निष्पन्न–** वि० [सं०] १. उत्पन्न भएको; पैदा भएको; तयार भएको; बनेको । २. सिद्धिएको; समाप्त । ३. व्याकरण, कोश आदिबाट व्युत्पन्न ।

**निष्परिग्रह–** वि० [सं०] १. विषयको जन्जालमा नफसेको; आसक्तिहीन; वासनारहित । २. जहान-परिवारको सङ्ग्रह नगर्ने; विवाह नभएको; अविवाहित । ३. कुनै पनि दान नलिने; अपरिग्राही । ना० ४. दण्ड, कमण्डलु आदिको समेत सङ्ग्रह नगर्ने सन्न्यासी ।

**निष्पादन–** ना० [सं०] अरूबाट दिइएको वा स्वयम् थालिएको काम पूरा भएको अवस्था; तामेली ।

**निष्पादित–** वि० [सं०] १. सम्पन्न गरिएको; तामेल भएको (काम) । २. व्याकरण, कोश आदिबाट व्युत्पत्ति गरिएको; व्युत्पादित ।

**निष्पाप–** वि० [सं०] १. अधर्म नभएको; पाप नभएको; कुकृत्य नगर्ने । २. कुनै आरोप वा कलङ्क नलागेको; निष्कलङ्क ।

**निष्पीडन–** ना० [सं०] रस चुहुने गरी थिच्ने वा अँठ्याउने काम; निचोर्ने काम ।

**निष्पुत्र–** वि० [सं०] छोराछोरी नभएको; अपूतो ।

**निष्पौरुष–** वि० [सं०] पुरुषत्व वा पराक्रम नभएको ।

**निष्प्रताप–** वि० [सं०] बल नभएको ।

**निष्प्रतिकार–** वि० [सं०] साटो फेर्न नसकिने; प्रतिकारको कुनै उपाय नभएको ।

**निष्प्रभ–** वि० [सं०] १. प्रभाव वा प्रकाश नभएको; निस्तेज । २. शक्ति नभएको; सामर्थ्यहीन ।

**निष्प्रयोजन–** वि० [सं०] १. विनामतलबको; कुनै प्रयोजन नभएको; व्यर्थको । २. निःस्वार्थ । क्रि० वि० ३. बिनसित्ति; अनाहक ।

**निष्प्राण–** वि० [सं०] १. प्राण नभएको; मरेको; निर्जीव । २. शक्तिहीन; निस्तेज ।

**निष्फल–** वि० [सं०] १. कुनै राम्रो परिणाम नआएको; राम्रो नतिजा ननिस्कने । २. फल नलागेको । ३. निरर्थक; व्यर्थ । ४. बीउ नभएको; निर्बीज । **– ता–** ना० निष्फल हुने क्रिया वा भाव; असफलता ।

**निस्–** उप० [सं०] अभाव, निषेध आदिको अर्थ भएका खास-खास शब्द बनाउनको लागि प्रयोगमा आउने उपसर्ग (जस्तै– निस्तार, निस्सहाय इ०) ।

**निसङ्ग–** वि०हे० निस्सङ्ग ।

**निसान–** ना० [फा० निशान] १. कुनै व्यक्ति वा वस्तु चिनाउने लक्षण; चिनु; चिह्न; निशान । २. पल्टनियाँ झन्डा बोक्ने व्यक्ति । ३. त्यस्तो झन्डा बोक्ने दर्जा । ~ **छाप–** ना० १. कुनै वस्तुको पहिचानको लागि चिनोका रूपमा लगाइने छाप; परिचायक चिह्न । २. कार्यालयको आफ्नो परिचयात्मक छाप । ~ **यात्रा–** ना० लिम्बूवानमा दसैँको नवमीका दिन मनाइने एक उत्सव वा समारोह । > **निसाना–** ना० १. शस्त्रअस्त्र आदिले ताकेर हानिने चिनु; तारो; लक्ष्य । २. चिनु; चिह्न । **निसानी–** ना० १. कुनै कुरालाई जनाउने वा कुनै वस्तुबारे थाहा पाउन सकिने चिनु; निसान; लक्षण । २. रूप; आकारप्रकार । ३. सीमा; हद ।

**निसाफ–** ना० [अ० इन्साफ] १. कुनै मुद्दामामिलामा न्यायालयबाट दिइने न्याय; अदालती निर्णय; इन्साफ । २. निष्पक्ष न्याय; असत्यको हार र सत्यको विजय गराउने निर्णय । > **निसाफी–** वि० निसाफ गर्ने; न्यायी ।

**निसासि-नु–** अ० क्रि० [सं० निःश्वास+इनु] १. सास फेर्ने प्रक्रियामा बाधा पर्नु; सास रोकिनु । २. छटपटाउनु; अतालिनु; आत्तिनु । > **निसासिलो–** वि० १. निसासिने स्वभावको; निसासिएलाजस्तो । २. निसासिने खालको; निसासिने ।

**निसासी–** ना० [सं० निःश्वास] १. सास रोकिने क्रिया वा स्थिति । २. अतालिने भाव; आत्तिएको अवस्था; अत्याहट । ३. हडबड; चटारो ।

**निसास्याइ–** ना० [√ **निसासि** (+याइ)] निसासिने स्थिति, क्रिया वा प्रक्रिया । [> ] **निसास्याइनु–** क० क्रि० निसासिने तुल्याइनु । **निसास्याउनु–** प्रे० क्रि० निसासिने पार्नु वा पार्न लगाउनु ।

**निसिप–** ना० [अ० नसीब] कर्म; भाग्य; नसिप; नसिब ।

**निसृत–** वि० [सं०] बाहिर आएको; निस्केको; निष्पन्न ।

**निसृष्ट–** वि० [सं०] १. त्याग गरिएको; छाडिएको । २. दिइएको; प्रदत्त । ३. वास्ता नगरिएको; अवहेलित । >**निसृष्टार्थ–** ना० दुवैतिरको आशय बुझी आफैँ कुरा मिलाई काम पटयाउने दूत; संस्कृत भाषाका नाटक आदिमा नायकको दूतको एक प्रकार ।

**निसोथ–** ना० [सं० निसत] डाँठ र जरो औषधीका काममा प्रयोग गरिने एक जातको बुटी ।

**निस्क-नु–** अ० क्रि० [सं० निष्कास+नु] १. बाहिरतिर जानु; निक्लनु । उत्पन्न हुनु; उम्रनु । २. देखा पर्नु; प्रकट हुनु; प्रकाशित हुनु । >**निस्काइ–** ना० निस्कने क्रिया वा प्रक्रिया । **निस्किनु–** अ० क्रि० निस्कनु; निक्लिनु ।

**निस्केवल–** ना० [सं० निस्+केवल] १. केही पनि बाँकी नरहेको अवस्था । वि० २. निमिटचान्न । ३. दोषहीन; शुद्ध ।

**निस्तत्त्व–** वि० [सं०] १. तत्त्व नभएको; तत्त्वहीन; सार नभएको । २. काम नलाग्ने; छोक्रा मात्र बाँकी रहेको ।

**निस्तनी–** वि० [सं०] स्तन नभएकी (स्त्री); स्तन नदेखिने (स्त्री); स्त्रीत्वहीन (नारी) ।

**निस्तन्द्र–** वि० [सं०] १. तन्द्रा वा आलस्य नभएको; जाँगरिलो; कर्मठ । २. बिउँझेको; जागरूक ।

**निस्तब्ध–** वि० [सं०] १. सुनसान; चकमन्न । २. हलचल केही गर्न नसक्ने; स्थिर । ३. जड पदार्थजस्तै निश्चेष्ट । **– ता–** ना० सुनसान अवस्थाको भाव; सन्नाटा; चकमन्याइँ ।

**निस्तरण–** ना० [सं०] १. नदी आदिबाट पार लाग्ने काम; तर्ने काम । २. काम फत्ते भएको स्थिति । ३. छुटकारा; निस्तार ।

**निस्तार–** ना० [सं०] १. पार पाउने काम; तर्ने काम । २. छुटकारा; मुक्ति । ३. कुनै काम वा कुराबाट धर पाएको स्थिति । ४. उपाय; युक्ति । >**निस्तारक–** वि०१. कुनै कामबाट पार

लगाइदिने । २. छुटकारा दिलाउने; मुक्त गराउने । **निस्तारण–** ना० १. पार लगाउने काम; तार्ने काम; उद्धार । २. जित्ने काम; विजय ।

**निस्ति–नु–** अ० क्रि० [निस्तो+इ+नु] १. नमुछिनु; निस्तो हुनु । २. उत्कण्ठित हुनु; उत्सुक हुनु । ३. न्यास्रो लाग्नु ।

**निस्ती१–** ना० [फा० निशान] १. काठ काट्दा आरावालले नापोका निम्ति प्रयोग गर्ने उपकरण । २. मिति; टुङ्गो ।

**निस्ती२–** ना० १. कुनै बेला सङ्कट पर्ने वा पार्ने काम । २. सङ्कट ।

**निस्तुक–** ना० [सं० निश्चित] १. पक्कापक्की; निश्चय; टुङ्गो; निधो । वि० २. मुद्रा ढाल्दा त्यसमा मिलाउन तोकिएअनुसारको धातु वा धातुको परिमाण ।

**निस्तेज–** वि० [सं०] १. तेज वा प्रकाश नभएको; अन्धकारयुक्त । २. शक्ति नभएको; निर्धो ।

**निस्तो–** वि० [सं० निःसिक्त] १. सहायक खाद्यवस्तु नभएको; अचार, तरकारी, दाल आदि केही नभएको (खानेकुरो) । २. नमुछिएको; बुगुल्टो । ३. निरस; रसहीन; उराठलाग्दो ।

**निस्त्याइ–** ना० [√ **निस्ति** (+याइ)] निस्तिने क्रियाप्रक्रिया । [>] **निस्त्याइनु–** अ० क्रि० नरमाइलो अनुभव गर्ने होइनु । **निस्त्याउनु–** अ० क्रि० नरमाइलो अनुभव गर्ने हुनु । **निस्त्याहट–** ना० नरमाइलो अनुभवगराइ ।

**निस्त्रैगुण्य–** वि० [सं०] सत्त्वगुण, रजोगुण र तमोगुण नभएको; त्रैगुण्यरहित ।

**निस्पट्ट–** वि० [सं० निस्स्पष्ट] १. कतै कहीँ केही पनि नदेखिने; ज्यादै गाढा; अन्धकार । २. विवेक, बुद्धि र ज्ञानले सर्वथा रहित (व्यक्ति) ।

**निस्पन्द–** वि० [सं०] १. स्पन्दन नभएको; हलचल नगर्ने; निस्स्पन्द । २. अचल; स्थिर ।

**निस्पृह–** वि० [सं०] १. स्पृहा वा आकाङ्क्षा नभएको; निराकाङ्क्षा; निस्पृह । २. वैरागी; विरक्त ।

**निस्याइलो–** वि० [निसा+आइलो] सुनसान किसिमको; उराठलाग्दो; नरमाइलो ।

**निस्लोट–** वि० [सं० निस+लोड] १. खूबसँग जरो आएको; जरोको तापक्रम बढी भएर होसहवास गुमेजस्तो भएको; ज्वरग्रस्त । २. रोगले आक्रान्त ।

**निस्सङ्कोच–** वि० [सं०] १. सङ्कोच नभएको; हिचकिचाहट नभएको; निसङ्कोच । क्रि० वि० २. धक नमानीकन; नअनकनाईकन ।

**निस्सङ्ग–** वि० [सं०] १. कसैसँग पनि सम्बन्ध नराख्ने; सङ्गत गर्न नचाहने; निसङ्ग । २. सांसारिक विषयवासनादेखि अलग रहेको । ३. एक्लो । ४. निर्जन; एकान्त ।

**निस्सत्त्व–** वि० [सं०] १. सत्त्व नभएको; भित्री गुण नभएको; सारहीन; निःसत्त्व । २. शक्तिहीन; कमजोर । ३. प्राण नभएको; निर्जीव । ४. नीच; तुच्छ ।

**निस्सन्तान–** वि० [सं०] सन्तान नभएको; छोराछोरी नरहेको वा नभएको; अपूतो; निःसन्तान ।

**निस्सन्देह–** वि० [सं०] १. सन्देह नभएको; दुविधा नलाग्ने; निश्शङ्क; निःसन्देह । क्रि० वि० २. विनासन्देह; शङ्का नमानीकन; अवश्य; जरुर ।

**निस्सपत्न–** वि० [सं०] दुस्मन नभएको; शत्रुहीन; अजातशत्रु ।

**निस्सरण–** ना० [सं०] १. बाहिर जाने वा निस्कने काम; बहिर्गमन । २. बगाइ; चुहावट । ३. बाहिर जाने निकास; निस्कने बाटो ।

**निस्सहाय–** वि० [सं०] कुनै सहारा नभएको; कतैबाट मद्दत नपाउने; असहाय ।

**निस्सा–** ना० [फा० निशाना] १. कुनै कुराको प्रमाणस्वरूप राखिने चिनु; प्रमाण; दसी; साक्ष्य । २. चिनु; निसान ।

**निस्सार–** वि० [सं०] १. कुनै सार वस्तु नभएको; तत्त्व गइसकेको; सारहीन । २. बेकम्मा; बेकार; बेमतलवको । > **निस्सारण–** ना० बाहिर पठाउने काम; निकाल्ने काम । **निस्सारित–** वि० निस्सारण गरिएको ।

**निस्सीम–** वि० [सं०] १. सीमा वा हद नभएको; असीम; बेहद । २. अत्यधिक; ज्यादा; धेरै ।

**निस्सृत–** वि० [सं०] १. बाहिर आएको; निस्केको । २. बाह्य दबाबले वा स्वतः अँचेटिएर बगेको ।

**निस्से–** क्रि० वि० [सं० निश्चय] १. पक्कै । वि० २. पक्का; निश्चित । ना० ३. निश्चय । >**निस्सै–** क्रि० वि० निश्चय नै; पक्कै ।

**निस्स्पन्द–** वि०हे० निस्पन्द ।

**निस्स्पृह–** वि०हे० निस्पृह ।

**निस्स्वार्थ–** वि० [सं०] स्वार्थरहित । **निस्स्वार्थी–** वि० स्वार्थ नभएको ।

**निहत–** वि० [सं०] १. वध गरिएको; मारिएको । २. नाश गरिएको; नष्ट । >**निहतार्थ–** ना० प्रसिद्ध अर्थलाई श्लेषार्थ बनाई गौण अर्थलाई दिइएको प्रमुखता (काव्यको एक दोष) ।

**निहत्था–** वि० [सं० निर्हस्त] १. कमजोर; शक्तिहीन; हातहतियारविहीन । २. टुहुरो; आश्रयदाता कोही नभएको ।

**निहन्ता–** वि०/ना० [सं०] हत्यारो; घातक; ज्यानमारा ।

**निहार्–नु–** स० क्रि० [सं० निहार+नु] १. कुहिरो लागेको बेलामा केही कुरो प्रयासपूर्वक च्याएझैं गरी च्याउनु । २. गहिरिएर हेर्नु; गडेर हेर्नु । ३. सरसरती अवलोकन गर्नु; विहङ्गम दृष्टि दिनु ।

**निहार–** ना० [सं०] १. कुहिरो । २. दृष्टिपात; पुल्को । > **निहारिका–** ना० अँधेरी रातमा दूर आकाशमा सेतो कुहिराको धारजस्तै देखिने नक्षत्रपुञ्ज; स्वर्गङ्गा; घाङ बादल ।

**निहाल–** वि० [फा०] १. समृद्ध; ज्यादै धनी; धनाढ्य । २. सबै प्रकारले सन्तुष्ट; प्रसन्न । क्रि० वि० ३. धेरै; अत्यन्तै ।

**निहित–** वि० [सं०] १. राखिएको; स्थापित; पोसिएको । २. दिइएको; सुम्पिएको । ३. हुलिएको; कोचिएको ।

**निहिन१–** ना० [सं० निहितान्न, प्रा० णिहिअण्ण] काटेपछि खेतमा

नलसितै पातलो गरी फिँजाएर सुकाइएको धान ।

**निहिन२**– ना० [सं० निहन्य] लात्ती हान्ने गाईको दूध दुहुँदा खुट्टामा बाँध्ने डोरी; खुट्टे; छाँद ।

**निहुँ**– ना० १. कुनै कुरा वा व्यवहार थाल्नको लागि सहायक आधारको काम गर्ने अर्को कुरो वा व्यवहार । २. पन्छन वा संलग्न नहुनको लागि देखावटी कारण; बहाना; स्वाङ । ३. झगडाको उपाय; झगडा गर्ने वा जुध्ने माध्यम । – **पिहुँ**– ना० भएनभएको बहाना; बहानाबाजी ।

**निहुर-नु**– अ० क्रि० [प्रा० णिहुअ+नु] १. शिर झुकाउनु; झुक्नु; नुहुनु । २. नम्र हुनु; पस्रनु । ३. ढोग्नु । ४. हार्नु; लाचार बन्नु ।

**निहुरमुन्टी/निहुरमुन्टे**– वि० [निहुरो+मुन्टो+ई/ए] १. निहुरोको जस्तो मुन्टो भएको; नतमस्तक । ना० २. 'न' अक्षरलाई चिनाउनका लागि प्रयुक्त हुने शब्द; नकार ।

**निहुराइ**– ना० [√ **निहुर** (+आइ)] निहुरिने भान, क्रिया वा प्रक्रिया । > **निहुराइनु**– क० क्रि० निहुरने तुल्याइनु । **निहुराइलो**– वि० झुक्ने स्वभावको; झुकालु । **निहुराउनु**– प्रे० क्रि०/क० क्रि० झुकाउनु; झुक्न लगाउनु । **निहुराहट**– ना० निहुराइ । **निहुरिनु**– अ० क्रि० १. निहुरनु । २. निहुरने होइनु ।

**निहुरो**– ना० तरकारी र अचारका रूपमा खाइने प्रायः चिस्यानमा लेक, बेसी, मधेस, पहाड सर्वत्र पाइने उनिउँजस्तै बोटको प्रजाति; यस प्रजातिभित्र पर्ने कुनै पनि वनस्पति; निगुरो (डाँठे निहुरो, झुसे निहुरो, कान्ले निहुरो इ०) ।

**निहोरा**– ना० १. चाकडी; खुसामद । २. बिन्तीभाउ; अनुरोध । ३. अनुनय; विनय । ४. बाबाठाकुरे; जनी ।

**नीच**– वि० [सं०] १. जाति, गुण, सम्प्रदाय, धर्म, व्यवहार आदि दृष्टिले तल्लो तहको; क्षुद्र; चुत्थो । २. अधम; तल्लो श्रेणीको । ३. बाउन्ने; पुड्को । ना० ४. तल रहेको; होचोमा स्थित । तुच्छ व्यक्ति । [सं० नित्य (कर्म)] ५. कर्तव्यप्रतिको दायित्व (केवल 'नीचमारा' मा सीमित) । – **ता**– ना० नीच हुनाको भाव वा अवस्था; अधमता; तुच्छता; नगण्यता । – **मारा**– ना० कर्तव्यलाई उपेक्षा गर्ने व्यक्ति ।

**नीचो**– वि० हे० निचो ।

**नीड**– ना० [सं०] १. आश्रयस्थल; बस्ने ठाउँ । २. चराहरूले बेलाबखत रूखका हाँगामा वा अन्त बनाएको खोप्रो; गुँड ।

**नीत**– वि० [सं०] १. लगिएको; पुऱ्याइएको । २. बितेको । ३. ग्रहण गरिएको; प्राप्त ।

**नीति**– ना० [सं०] १. विभिन्न जाति, वर्ण, आश्रम, धर्म, सम्प्रदायहरूका प्रवर्तकबाट लोकव्यवहारको सञ्चालनका लागि निर्धारित आचरण; आचारपद्धति; आचारसंहिता । २. त्यस पद्धतिबाट हिँड्दा अँगाल्नुपर्ने नियम । ३. कुनै सरकार वा संस्था आदिले आफ्नो कार्यसञ्चालनका लागि अँगाल्ने आधारभूत सिद्धान्त । ४. उपाय; युक्ति । ५. राज्यसञ्चालनका चार प्रमुख उपाय– साम, दाम, दण्ड र भेदमध्ये कुनै एक । – **परायण**– वि० नीतिको पालन गर्ने; नीतिमा रहने । – **मान्**– वि० नीतिका अनुसार व्यवहार गर्ने; नीतिपरायण । – **वाद**– ना० नीतिप्रति विशेष आस्था राख्ने मत; नियमवाद; कानुनवाद । – **वादी**– वि० नीतिलाई महत्त्व दिने; नीतिवादको समर्थक । – **विज्ञान**– ना० आचारशास्त्र । – **विद्**– वि० नीतिज्ञ । – **शास्त्र**– ना० कर्तव्य-अकर्तव्यबारे लेखिएको शास्त्र; आचारशास्त्र । – **सम्मत**– वि० नीतिले बताएअनुसारको; नीतिबमोजिमको; नीतिअनुकूल ।

**नीद**– ना० [सं० निद्रा] हे० निद्रा ।

**नीम**– ना० हे० निम ।

**नीर१**– ना० हे० निर१ ।

**नीर२**– ना० हे० निर२ ।

**नीर३**– ना० [सं०] १. पानी; जल । २. रस; झोल; द्रव पदार्थ । > **नीरज**– ना० १. कमल; सरोज । २. मोती; हार । ३. उशीर । वि० ४. पानीबाट पैदा भएको । **नीरव**– ना० बादल ।

**नीर बिरालो**– ना० हे० निर बिरालो ।

**नीरव**– वि० [सं०] १. आवाज नभएको; कुनै प्रकारको शब्द नआउने; निश्शब्द । २. आवाज नगर्ने; शब्द ननिकाल्ने ।

**नीरस**– वि० [सं०] १. रस नभएको; सुक्खा, रूखो । २. स्वाद नभएको; बेस्वादिलो । ३. भावनाको कमी; नरमाइलो; खल्लो ।

**नीराजन/नीराजना**– ना० [सं०] १. पूजाआजा सकेपछि समापनभन्दा पहिले गरिने देवदेवीको आरती; पूजाको अन्तमा घिउमा भिजाएका पाँच-सात गुत्था बत्ती बालेर देवताको सम्मुख घुमाउने काम; आरती । २. विजययात्राका निम्ति हतियारमा साँध लाउने काम ।

**नील**– ना० [सं०] १. नीलो रङ; गाढा आसमानी रङ; आकासे रङ । २. नीलो रङ बनाइने बोटविशेष; नीर । ३. सय अरब जनाउने सङ्ख्या । ४. कुबेरका नौ निधिमध्ये एक । ५. शरीरको कुनै भागमा चोट लागी भित्रभित्रै रगत जम्नाले देखिने नीलो दाग; चोट लागेको ठाउँ । वि० ७. नीलो; गाढा आकासे रङको । – **कण्ठ**– वि० घाँटी नीलो भएको । ना०२. शिव, महादेव । ३. कालिज । ~ **काँडा**– ना० ससाना पात हुने ठूलो केराउका जत्रा, सुन्तला रङका झुप्पादार दाना फल्ने, प्रायः नीला रङका फूल फुल्ने हातेबारका रूपमा लगाइने काँडादार एक जातको बोट । – **कान्त**– ना० १. हिमाली प्रदेशमा पाइने, टाउको, घाँटी र छाती कालो तथा पुच्छर नीलो भएको एक जातको चरो । २. एक प्रकारको मणि; नीर । ~ **क्रौञ्च**– ना० नीलो वर्ण र घाँटी लामो हुने एक जातको कऱ्याङकुरुङ चरो । ~ **गाई**– गाईका जस्ता कान, छोटो र बाङ्गो सिङ, गर्दनमा काला छोटा रौँ, घाँटीमा लामा रौँका गुच्छा हुने र बराँठको जस्तो रङ हुने एक जातको लामपुछ्रे मृग; घोडगधा; लिलीगाई । ~ **चरी**– ना० सर्वाङ्ग जीउ र विष्ठा पनि नीलो हुने चिभेजत्रो एक चरो । ~ **डाम**– ना० पिटिएर, दुर्घटनामा परेर वा ठक्कर लागेर चोटपटक लाग्दा रगत बाहिर निस्कन नसकी शरीरको भित्रभित्रै

c:\Sabdkosh\dick'Na'.p65



पर्ने नीलो दाग; नीलो डाम । ~ **पत्र**– ना० १. नीलकमल । २. विजयसालको रूख । ३. व्यापार वा अन्य योजनासम्बन्धी आलेख । ४. खाका; पूर्वयोजना; नक्सा; रूपरेखा । – **पद्म**– ना० नीलकमल । – **पौर**– ना० लामा-लामा मकैका जस्ता पात हुने एक जातको उखु; चुनीउखु । ~ **बैजनी**– वि० नीलो र बैजनी रङ मिसिएको ( रङ) । – **मणि**– ना० एक प्रकारको बहुमूल्य नीलो मणि; नीर । – **वल्ली**– ना० १. अरू ठूला रूखमा उम्रने, लाम्चा पात हुने, रातो फूल फुल्ने, गुलिया ससाना फल फल्ने बुटीविशेष । २. शरीरमा थप फुकुन्डो उठ्ने एक रोग । ३. ऐँजेरु । ~ **वाराही**– ना० काठमाडौँ उपत्यकाको ठिमी सहरको उत्तर भेगमा रहेको एक वाराही; काठमाडौँ उपत्यकाका प्रसिद्ध चार वाराहीमध्ये एक । ~ **वीज**– ना० नीलो विजयसाल । ~ **वृक्ष**– ना० एकथरी वृक्ष; प्रेमधप्के । ~ **वृष**– ना० वैदिक धर्मका अनुसार पितृका उद्देश्यले यज्ञ गरेर छोडिने साँढे; वृषोत्सर्गको साँढे । – **सर**– ना० पानीमा पनि राम्रोसँग पौडिन सक्ने र त्यसै उड्न पनि सक्ने, भाले भए कालो टाउकोमा नीलो रङ हुने एक प्रकारको हाँस ।

**नीला**– ना० [सं०] १. पौराणिक मान्यताअनुसार कालीको एक शक्ति । २. नीलो रङ बनाउने एक प्रकारको लहरो ।

**नीलाञ्जन/नीलाञ्जना**– ना० [सं०] १. नीलोतुथो । २. आँखामा लगाउन बनाइएको एक प्रकारको शृङ्गारिक द्रव्य; सुर्मा ।

**नीलाम्बर**– ना० [सं०] १. नीलो कपडा । २. बलराम । वि० ३. नीलो कपडा पहिरने ।

**नीलाम्बुज**– ना० [सं०] नीलकमल ।

**नीलाम्मे**– वि० [सं० नीलमय] सम्पूर्ण नीलो भएको; नीलैनीलो ।

**नीलालु**– ना० [सं०] कालीढकायो (एक बुटी) ।

**नीलिम**– वि० [सं०] नीलो-नीलो वर्णको । > **नीलिमा**– ना० १. नीलोपन; नीलो भएको अवस्था । २. नीलो ।

**नीलो**– वि० हे० निलो । – **तुथो**– ना० हे० निलोतुथो ।

**नीवार**– ना० [सं०] १. तिना धान; मुनिधान्य । २. नाभोबाट उत्पन्न धान । ३. वनजङ्गलमा खेती नै नगरी उब्जेको धान ।

**नीवी**– ना० [सं०] १. धोती वा फरियाको मुजो । २. धोती वा फरियाको मुजो बाँध्ने डोरी; इँजार । ३. गुठीका रूपमा राखिएको सम्पत्ति ।

**नीहार**– ना० [सं०] कुहिरो । > **नीहारिका**– ना०१. कुहिरो । २. बादल । ३. आकाशगङ्गा; घाङ बादल ।

**नुकता**– ना० [अ० नुक्त] तलथोप्ली (उदा०– ब, आदि वर्णको पुछारको थोप्लो) ।

**नुगाइ**– ना० [√ **नुगाउ** (+आइ)] नुगाउने क्रिया-प्रक्रिया । [> ] **नुगाइनु**– क० क्रि० झुकाइनु ।

**नुगाउनु**– स० क्रि० [सं० नुत > प्रा० णु अ+नु] झुकाउनु; नुहाउनु; निहुराउनु । > **नुगिनु**– अ० क्रि० झुकिनु; झुक्ने होइनु ।

**नुत**– वि० [सं०] १. नमस्कार गरिएको; ढोगिएको । २. प्रशंसा गरिएको; स्तुत्य । > **नुति**– ना० १. नमस्कार; प्रणाम । २. प्रशंसा; स्तुति ।

**नुन**– ना० [सं० लवण] प्रायः दाल, तरकारी आदिलाई स्वादिष्ट बनाउन प्रयोग गरिने, समुद्री पानीबाट वा खानीबाट निस्कने एक प्रकारको क्षार पदार्थ; निमक; लवण । ~ **चुक**– ना० १. नुन र चुकको सम्मिश्रण । २. कुनै वेदना वा चोटमाथि थपिएको चोट । ~ **ढिकी**– ना० १. नुनको डल्लो । २. टुप्पातिर फराकिलो लाम्चा पात हुने पहेँला फूल फुल्ने र हरिया साना फल फल्ने, आयुर्वेदमा आँखाको रोग, खटिरा र कुष्ठरोग नाश गर्ने भनी बताइएको एक जातको भुइँझार । ~ **तेल छुवाइ**– ना० विशेष गरेर मरणको आशौचमा दिन पुगेपछि शुद्धिका लागि नुनतेल छोएर तामाङहरूको चोखिने कर्म । **नुनिया**– ना० चिसोको प्रभावले माटोबाट निस्कने एकथरी सेतो नुनिलो पदार्थ; सोडा । > **नुनिलो**– वि० नुन हालिएको; नुन भएको; नुनको स्वाद आएको ।

**नुनु**– ना० [बा० बो०] निदाउने काम; सुत्ने काम; निनी; चिउँ ।

**नुने**– वि० [नुन+ए] १. नुन हालिएको; नुन बढी भएको; चर्को । २. नुनसम्बन्धी; नुनको । ~ **जाउलो**– ना० प्रायः केटाकेटी र बिरामीले खाने नुन, बेसार, अदुवा आदि हाली गिलो गरी पकाइएको जाउलो वा भात । ~ **ब्याज**– ना० एक रुपियाँ साँवाको प्रतिमहिना एक माना नुन लिने, म्याद नाघेमा डबलिँदै जाने पुरानो रीतिअनुसारको ब्याज ।

**नुप्से**– ना० [भो० ब०] नेपालको सोलुखुम्बु जिल्लामा पर्ने ७,८७९ मिटर अग्लो एक हिमाली पर्वतश्रेणी ।

**नुवाकोट**– ना० १. नेपालको बाग्मती अञ्चलमा पर्ने एक जिल्ला । २. त्यस जिल्लाको सदरमुकाममा रहेको एक ऐतिहासिक किल्ला भएको ठाउँ । ३. गण्डकी अञ्चलको स्याङ्जा जिल्लामा पर्ने एक पुरानो ऐतिहासिक किल्ला ।

**नुवागी**– ना० [सं० नवान] हरेक वर्ष नयाँ धानबाली पाकेपछि काँचो चामल र दही, केरा आदि एकै ठाउँ मिलाई मुछेर देवता तथा पितृहरूलाई चढाई पछि आफूले खाइने दही-चामल; नवान्न-प्राशनको वस्तु; न्वागी ।

**नुहाइ**– ना० [√ **नुहाउ** (+आइ)] १. नुहाउने कार्य; स्नान । २. झुकाउने क्रियाप्रक्रिया । ~ **धुवाइ**– ना० जीउ नुहाउने र कपडा आदि धुने काम; धोइपखाली गर्ने क्रिया; स्नानशौचादि कर्म । [> ] **नुहाइनु**– क० क्रि० १. स्नान गराइनु । २. झुकाइनु । ~ **बुडी**– ना० नुहाउने र डुबुल्की मार्ने काम; नाउबुडी; नाकबुडी ।

**नुहाउ-नु**– अ० क्रि० [सं० स्नान+आउ+नु] पानीले सारा शरीर भिज्ने गरी पखाल्नु; स्नान गर्नु ।

**नुहिनु**– अ० क्रि० [नुहु+इ+नु] नुहुने काम हुनु; झुकिनु ।

**नुहु-नु**– अ० क्रि० [निहुर+नु] १. निहुरिनु; झुक्नु । २. नम्र हुनु । ३. हार खानु । **नुहुचाइ**– ना० नुहिने क्रिया वा प्रक्रिया ।

**नूतन**– वि० [सं०] १. नयाँ; नौलो; नवीन । २. भर्खरैको; हालैको ताजा । ३. अनौठो; अपूर्व । – **ता**– ना० नौलोपन; नयाँपन;

c:\Sabdkosh\dick'Na'.p65



नवीनता; नौल्याइँ । – **त्व**– ना० नूतनता ।

**नूपुर**– ना० [सं०] १. शृङ्गारका लागि नारीहरूले दुई पाउमा लगाउने चाँदीका झुम्कादार कल्ली; पाउजेब । २. नर्तक नर्तकीले नाच्दा लाउने पाउजेबका आकारको बाजा; पायल; घुँगुरा ।

**नूर**– ना० [अ०] १. चमक; तेज; ज्योति । २. शोभा; कान्ति । ३. आँट; साहस । ४. अनुहार (जस्तो– नूर गिर्नु = अनुहार बिग्रनु) ।

**नृ**– ना० [सं०] मान्छे (समासको आरम्भमा विकल्पले प्रयोग हुने 'नर' शब्दको रूप, जस्तै– नृसिंह, नृपित इ० ।

**नृतत्व**– ना० [सं०] मानवविज्ञान । – **वाद**– ना० मानवशास्त्रसँग सम्बन्धित वाद वा सिद्धान्त (साहित्यमा नृतत्वबाट प्रभावित परिपाटी) । ~ **विज्ञान**– ना० नृतत्व । ~ **शास्त्र**– ना० नृतत्त्व ।

**नृत**– ना० [सं०] संस्कृत नाटचशास्त्रका अनुसार ताल र लयका साथ गरिने शास्त्रीय पद्धतिको नाच; नर्तन; नाटचको अविकसित रूप ।

**नृत्य**– ना० [सं०] अङ्गसञ्चालनको प्राधान्य भएको र ताल, लय तथा भावमा आश्रित भएको नाच; नृत्तभन्दा विकसित तर पूरै विकसित भइनसकेको नाटच । ~ **नाटिका**– ना० नाचैनाच मात्र हुने एक प्रकारको नाटक । – **शाला**– ना० नाच्ने घर; रङ्गमञ्च; मञ्चन हुने ठाउँ; नाचघर ।

**नृप**/**नृपति**– ना० [सं०] राजमुकुटको अधिकारी; राजा; नरेश ।

**नृपशु**– वि० [सं०] १. मानिस भएर पनि पशुसरहको । २. नीच (मान्छे) । ना० ३. अधम व्यक्ति ।

**नृवंश**– ना० [सं०] मानव-समाज । ~ **शास्त्र**– ना० मानवका वंशपरम्पराको अध्ययनसँग सम्बन्धित शास्त्र (एन्थ्रोपोलोजी) ।

**नृशंस**– वि० [सं०] १. कुनै दयामाया नराखी अरू व्यक्तिलाई सताउने; अति निर्दयी; ज्यादै क्रूर । २. हत्यारा; घातक । – **ता**– ना० क्रूरता; निर्दयी भाव ।

**नृसिंह**– ना० [सं०] १. शिरको भाग सिंहको र बाँकी भाग मानिसको भएको विष्णुको चतुर्थ अवतार; हिरण्यकशिपुको हत्या गर्न विष्णुले लिएको अवतार । २. पराक्रमी व्यक्ति; वीर पुरुष । – **चतुर्दशी**– ना० वैशाख शुक्ल चतुर्दशी । ~ **पुराण**– ना० नृसिंहको माहात्म्य वर्णन गरिएको एक उपपुराण ।

**नेउको**– ना० [नेफा+को] सुरुवाल वा फरियाको मास्तिरको फेरामा गाँसिने लाम्चो कपडा; नेफा; न्यौको ।

**नेकु**– ना० [नेवा०] मुखले फुकेर बजाइने, भैंसीका सिङको एक प्रकारको बाजा ।

**नेग**– ना० [फा० निगाह] १. जन्ती ओल्किएबापत दमाईंको नाइके (नेगी) ले पाउने शिरपाउ । २. विवाह, व्रतबन्ध आदि शुभ कार्यमा काम गर्ने इष्टमित्रहरूलाई दिइने दस्तुर; खुसीयालीका पर्वहरूमा बालीघरे दमाईं र चेलीबेटीलाई दिइने उपहार वा पैसा । > **नेगी**– ना० १. नेग पाउने व्यक्ति; नेग लिने व्यक्ति । २. दमाईं ।

**नेगियार**/**नेगियारे**– ना० [नेग+यार/यारे] बिहे, व्रतबन्ध आदि उत्सवमा बाजा बजाउने दमाईंहरूको बन्दोबस्त र नियन्त्रण गर्ने मूल दमाईं । ~ **फेटा**– ना० नेगियारहरूलाई उत्सवमा दिइने फेटा ।

**नेगीजोगी**– ना० [नेगी+जोगी] उत्सव आदिमा नेग पाउने अधिकारी वा नेगीदेखि जोगीसम्मको समुदाय ।

**नेगेटिभ**– वि० [अङ्०] १. नकारात्मक; निषेधात्मक; ऋणात्मक; पोजिटिभको उल्टो । ना० २. सक्कल तयार पार्नका लागि खिचिएको प्रतिकृति; प्रतिछवि ।

**नेटो**– ना० [सं० नदृष्ट] १. आँखाले देख्न भ्याइनेसम्मको टाढाको ठाउँ; दूर क्षितिजमा आँखाले नजानिँदो किसिमले ठम्याइने स्थल । २. डाँडाको सिरान; भन्ज्याङ ।

**नेता**– ना० [सं०] १. कुनै राजनीतिक दल वा जनसमुदायलाई असल बाटो देखाउने व्यक्ति; कुनै समाजमा नेतृत्व दिन सक्ने व्यक्ति; अगुवा; नाइके । २. नाटक, महाकाव्य आदिको प्रमुख पात्र । ३. लैजाने व्यक्ति; बाटो बताइदिने व्यक्ति । ४. नायक; मालिक । वि० ५. कुनै दल वा जनसमुदायलाई असल बाटो देखाउने; नेतृत्व गर्ने । ~ **गण**– ना० नेताहरूको समुदाय । – **गिरी**– ना० जानीनजानी नेताको धाक जमाउने काम; आफ्नो सामर्थ्यविना पनि बडप्पन देखाउने प्रक्रिया ।

**नेति बिरालो**– ना० नाइटोनजिकै कस्तूरी मृगको जस्तो सुगन्धी बिना हुने एक प्रकारको बिरालो ।

**नेती**– ना० [सं० नेत्रिका] दही मथेर नौनी वा घिउ निकाल्दा मधानी घुमाउने डोरी; दही, दूध आदि मथ्दा चाहिने रस्सी । ~ **धोती**/**धौती**– ना० कपडाको लामो धजोको केही भाग मुखबाट निल्दै पेटमा पुऱ्याई पेट सफा गर्ने हठयोगको एक क्रिया ।

**नेतृत्व**– ना० [सं०] १. कुनै दल वा जनसमुदायको सामुदायिक कल्याण गर्न गरिने मार्ग-प्रदर्शन । २. नेताको काम वा पद; अगुवाले गर्ने कार्य । ३. कुनै नयाँ कुराको खोजमा वा नौलो सिद्धान्तको प्रतिपादनमा सबैभन्दा पहिले सफल हुने कार्य ।

**नेत्र**– ना० [सं०] १. आँखा; चक्षु; नयन । २. नेती । ३. बाँस, उखु आदिको आँख्लो । – **कनीनिका**– ना० आँखाको नानी । ~ **कोष**– ना० आँखाको कोस । – **च्छद**– ना० आँखाको ढकनी; पलक । ~ **जल**– ना० आँसु । ~ **दान**– ना० अन्धोलाई आँखा वा दृष्टि दिने कार्य । ~ **मल**– ना० कचेरा । ~ **रोम**– ना० परेला । > **नेत्राम्बु**– ना० आँसु । ~ **शिविर**– ना० नेत्रदान दिने शिविर ।

**नेत्री**– ना० [सं०] स्त्री नेता; महिला नेता ।

**नेपच्युन**– ना० [अङ्०] सूर्यदेखि सबै ग्रहभन्दा टाढा रहने सौरमण्डलको एक ग्रह ।

**नेपथ्य**– ना० [सं०] १. नाटचशालामा अभिनय गर्ने पात्रहरूले पोसाक बदल्ने र सिँगारपटार गर्ने, पर्दापछाडिको छुट्टै ठाउँ; रङ्गमञ्चभित्रको कोठा; नाचघरको पर्दाभित्रको भाग । २. वेशभूषा; सिँगारपटार । > **नेपथ्योक्ति**– ना० नाटकमा दर्शक र रङ्गमञ्चका पात्रहरूले सुन्ने गरी पर्दाभित्रबाट भनिएको कुरा ।

~ **सङ्गीत–** ना० चलचित्र वा नाटकमा गायक नदेखिने तर बाहिर सुन्न सकिने सङ्गीत ।

**नेपर्–नु–** स० क्रि० [सं० निवारण] १. पुरुषेन्द्रियको टुप्पाको छाला फर्काउनु; लिङ्गको अगिल्लो भागको छाला खुल्क्याउनु । २. मुस्लिम धर्मअनुसार बालकको लिङ्गको टुप्पाको छालाको भाग काटी फ्याँक्नु; खदना गर्नु । > **नेपरसिङ–** ना० १. रिसाउने, उल्का गर्ने भनी मानिएका, काठमाडौँका एक देउता । २. पुरुषेन्द्रिय; लिङ्ग । वि० ३. निखुल्किएको; नेप्रिएको । **नेपराइ–** ना० नेपर्ने वा नेप्रिने क्रियाप्रक्रिया । **नेपराइनु–** क० क्रि० नेपरिने पार्नु । **नेपराउनु–** स० क्रि० ⁄ प्रे० क्रि० नेपर्नु वा नेपर्न लगाउनु । **नेपरिनु–** अ० क्रि० बैँस, धन र घमन्डले फुल्नु; मात्तिनु; निफुल्किनु । **नेपऱ्याइ–** ना० नेपरिने क्रिया वा किसिम ।

**नेपाल–** ना० [सं०] १. विश्व मानचित्रमा एसिया महादेशको एक भागमा रहेको, सर्वोच्च हिमशिखर सगरमाथा भएको, उत्तरमा चीनको तिब्बत र दक्षिणमा भारत, पूर्वमा मेची र पश्चिममा महाकालीसम्म फैलिएको एक सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्र । २. पर्वते जातिको एक थर (थर अर्थमा) । स्त्री० नेपाल्नी । ~ **औद्योगिक विकास कर्पोरेसन–** ना० २०१४ सालमा औद्योगिक विकास केन्द्रको नामले स्थापित भई २०१६ सालदेखि संस्थानका रूपमा परिणत भएको, उद्योग धन्दाहरू खोल्न ऋण दिने संस्थान; नेपाल औद्योगिक विकास संस्थान । – **तारा–** ना० तत्कालीन राजा त्रिभुवनबाट १९७५ सालमा स्थापित एक पदवी । ~ **प्रज्ञा–प्रतिष्ठान** – ना० नेपालका सबै भाषा, साहित्य, संस्कृति, सामाजिकशास्त्र तथा दर्शनको संरक्षण, संवर्द्धन र विकास गर्ने उद्देश्यले सरकारी स्तरबाट गठन गरिएको एक संस्था । ~ **प्रताप भास्कर–** ना० स्वदेश र विदेशका राजा-रानीलाई मात्र प्रदान गर्ने उद्देश्यले २०२३ सालमा स्थापित एक पदवी । ~ **प्रताप वर्द्धक–** ना० सेनाका उच्च पदस्थ अधिकृतलाई प्रदान गर्ने उद्देश्यले १९७५ सालमा स्थापित एक पदक । ~ **प्रशासनिक प्रशिक्षण प्रतिष्ठान–** ना० २. ०३९ सालदेखि प्रशासन शिल्पमा तालिम दिने उद्देश्यले स्थापना भएको, पछि स्वतन्त्र संस्थान हुने उद्देश्य लिएर हाल श्री ५ को सरकारको रेखदेखमा खुलेको एक प्रशिक्षण-केन्द्र । ~ **बैङ्क लिमिटेड–** ना० नेपालमा १९९४ सालमा स्थापित, सबभन्दा पुरानो व्यावसायिक ब्याङ्क । ~ **भूषण–** ना० प्रशंसनीय काम गर्ने व्यक्तिलाई प्रदान गर्ने उद्देश्यले २०२३ सालमा स्थापित एक पदक । ~ **महाप्रतापवर्द्धक–** ना० सेनाको गणपति वा सोभन्दा माथिका व्यक्तिहरूलाई प्रदान गर्ने उद्देश्यले २०२० सालमा स्थापित एक पदक । ~ **यशोवर्द्धक–** ना० रणक्षेत्रमा आफ्नो विरता देखाउने सेनाको पदिकलाई दिइने उद्देश्यले २०२० सालमा स्थापित एक पदक । ~ **राजकीय प्रज्ञा प्रतिष्ठान–** ना० हे० नेपाल प्रज्ञा-प्रतिष्ठान । ~ **श्रीपद–** ना० राजपरिवार र विशिष्ट व्यक्तिहरुलाई प्रदान गर्ने उद्देश्यले २०१९ सालमा स्थापित एक पदक ।

**नेपाली–** वि० [नेपाल+ई] १. नेपालसम्बन्धी; नेपालको; नेपालमा बनेको । २. नेपालमा बसोबास गर्ने; नेपालको बासिन्दा; नेपाली नागरिकता प्राप्त गरेको । ना० ३. नेपालका जाति । ४. बहुसङ्ख्यक नेपालीले बोल्ने भाषा; नेपालको राष्ट्रभाषा । ~ **कागत–** ना० नरिचो, सिस्नु, अल्लो आदि बोटबिरुवाका पाटबाट नेपालमै तयार हुने कागत; पहाडी कागत । ~ **चिराइतो–** ना० लामा पात, रातो डाँठ र सेता फूल हुने एक जातको चिराइतो । (आयुर्वेदमा यसको गुण ज्वरनाशक, रुचिवर्द्धक र ठन्डा बताइएको छ) । ~ **नागरिक–** ना० नेपालको जन्मसिद्ध नागरिक; बाह्य मुलुकबाट नेपालमा आएर नेपालको नागरिकता ऐनबमोजिमका सर्तहरू पूरा गरी नेपालको कृत्रिम नागरिकता प्राप्त गरेको व्यक्ति । ~ **नागरिकता–** ना० नेपाली नागरिक भएको हैसियतले पाइने अधिकार र गर्नुपर्ने कर्तव्य; नेपाली नागरिक हुने अवस्था, पद वा भाव । ~ **भाषा–** ना० भारोपेली भाषापरिवारको 'शतम्' वर्गबाट संस्कृत, प्राकृत र अपभ्रंश हुँदै जन्मेको आधुनिक भारतीय आर्यभाषाको एक भेद; देवनागरी लिपिमा लेखिने नेपालको राष्ट्रभाषा; नेपालमा बस्ने विभिन्न भाषाभाषीहरूका बीच विचारविनिमय गर्ने माध्यम भाषा; बहुसङ्ख्यक नेपालीहरूको भाषा । ~ **भाषा प्रकाशिनी समिति–** ना० सं० १९७० सालमा स्व० श्री ५ त्रिभुवन र तात्कालीन राणा प्रधानमन्त्री स्व० श्री ३ चन्द्रशमशेरको समयमा 'गोर्खा भाषा प्रकाशिनी समिति'का नामले स्थापित संस्था जो पछि 'नेपाली भाषा प्रकाशिनी समिति' (ने० भा० प्र० स०) का नामले प्रसिद्ध भयो र अन्त्यमा साझा प्रकाशन बन्न पुग्यो) । ~ **ब्याचलर–** ना० खैरो रङको जीउ तर चुच्चो र छाती सेतो भएको, नेपालको डोटीदेखि ताप्लेजुङसम्ममा पाइने, गुँड लगाउँदा घाँस भएको रूख छान्ने र बर्सेनि त्यसैको वरिपरि नै बसिरहने रुपीजस्तै एक खालको चरो ।

**नेपाले–** वि० [नेपाल+ए] १. नेपालको । २. नेपाल उपत्यकाको ।

**नेपुल–** ना० [अङ्० निपल] १. जुत्तामा लगाइने फूलीको प्वाल पार्ने हाते साधन । २. मैन्टुल, स्टोभ आदि बाल्दा तेल फाल्ने सानो दुलो । ३. पम्पिङ सेट आदिमा पाइपलाई मेसिनसँग जोड्ने मध्यस्थ साधन ।

**नेपे–** वि० [सं० निम्न+ए] नाक कोप्चिएको; थेप्चो नाक भएको ।

**नेपो–** वि० [सं० निम्न] नेप्टो; नेपे ।

**नेप्टाइ–** ना० [नेप्टो+आइ] नेप्टो हुनाको भाव वा स्थिति; नेप्टोपना ।

**नेप्टि–नु–** अ० क्रि० [नेप्टो+इ+नु] नेप्टो वा चेप्टो हुनु; थेप्चिनु; चेप्टिनु ।

**नेप्टे–** वि० [नेप्टो+ए] नाक थेप्चिएको; चेप्टो नाक हुने; कारणवश नेप्टो भएर नाक विकृत भएको । ~ **नाक–** ना० नेप्टिएको नाक; थेप्चो नाक ।

**नेप्टो–** वि० [सं० निम्नट] नाक नेप्टिएको; थेप्चो नाक हुने; नेपो ।

**नेप्टचाइ–** ना० [√ **नेप्टि** (+याइ)] नेप्टिने क्रिया वा प्रक्रिया ।

[> ] **नेप्टचाइनु**– क० क्रि० नेप्टो पारिनु । **नेप्टचाउनु**– प्रे० क्रि० नेप्टो पार्नु; थेप्च्याउनु ।

**नेप्रिनु**– अ० क्रि० [नेप्रो+इ+नु] १. बाङ्गिनु; निर्देशित बाटोबाट बहकिएर मनलागी गर्नु; भनेको वा अह्राएको नमान्नु । २. नेप्रिएको हुनु; खुल्किनु ।

**नेप्रे**– वि० नेप्रिएको (व्यक्ति) । ~ **काँजे**– ना० नेप्रियो भन्ने अर्थमा प्रयोग हुने शब्दावली ।

**नेप्रो**– वि० [सं० निवृत्त] १. अडबाङ्गो; भनेअह्राएको नमान्ने; जर्कट । २. खुत्तिएको; खालो सरेको ।

**नेप्र्याइ**– ना० [√ **नेप्रि** (+याइ)] १. नेप्रिने भाव, क्रिया वा प्रक्रिया । [नेप्र्याउ+आइ] २. नेप्र्याउने भाव, क्रिया वा प्रक्रिया । [> ] **नेप्र्याइनु**– क० क्रि० नेप्रिने तुल्याइनु । **नेप्र्याउनु**– प्रे० क्रि० नेप्रिने तुल्याउनु; नेप्रिने पार्नु । **नेप्र्याहा**– वि० नेप्रिने खालको; नेपरिएको । **नेप्र्याहट**– ना० नेप्रिने भाव, स्थिति वा क्रिया-प्रक्रिया ।

**नेफा**– ना० [फा० नेफ] सुरुवाल, पेटीकोट, पाइजामा आदिको कमरमा अल्झाउने फेरोमा इँजार हाल्न दोब्र्याएर सिइएको भाग; इँजारघर ।

**नेबुला**– ना० १. नेपाली भुटिया र लाप्चेहरूको एक सङ्गठन (दार्जिलिङ) । २. त्यसै सङ्गठनबाट चलाइएको पत्रिका । [अङ्०] ३. असङ्ख्य ताराहरूको समूह; स्वर्गङ्गा ।

**नेमुनि**– ना० [सं०] नेपालका प्राचीन वंशावलीमा उल्लेख भएका प्रसिद्ध मुनि । (यिनैको नामबाट 'नेपाल' नाम रहेको भन्ने किंवदन्ती छ) ।

**नेर/नेरि**– ना० यो० [सं० निकट > प्रा० णि अड] १. नजिकै; समीप; निकट; निर । क्रि० वि० २. समीपमा ।

**नेल**– ना० [सं० निगड] कैदीको गोडामा लगाइने एक किसिमको फलामे वस्तु ।

**नेलकटर**– ना० [अङ्०] नङ काट्ने साधन ।

**नेवर**– ना० [सं० नूपुर] नारीले दुवै पाउमा शृङ्गारका लागि लगाउने चाँदीको झुम्कादार कल्ली; पाउजेब ।

**नेवा**– ना० [नेवा०] नेवार जाति ।

**नेवार**– ना० [नेवा० नेवा] नेपालको प्रायः सहरी क्षेत्रमा बसोबास गर्ने एक प्रसिद्ध जाति । > **नेवारी**– वि० १. नेवारसम्बन्धी; नेवारको । ना० २. नेवार जातिको भाषा ।

**नेवारी**– ना० [सं०] कुन्दका जस्ता पात र सानासाना सेता सुगन्धी फूल हुने एक जातको लहरो; त्यसकै फूल; नवमल्लिका ।

**नेवारे**– वि० [नेवार+ए] नेवार जातिसँग सम्बन्धित; नेवारी ।

**नेवाली**– ना० [सं०] नेवारी फूल; नवमल्लिका ।

**नेहुर**– ना० [नाहुर] हिमालमा पाइने जङ्गली भेडो; नाहुर ।

**नै**– निपा० कुनै शब्दको सामुन्ने आई त्यसको अर्थमा विशेष जोड दिने शब्द (उदा०– राम होइन, तिमी नै खराब छौ) ।

**नैकट्य**– ना० [सं०] सामीप्य; निकटता ।

**नैकाउन**– ना० [नाइके+उन] नाइकेले पाउने दस्तुर; नाइकेले लिने भाग ।

**नैकिनी**– ना० [नाइके+इनी] १. नाइकेकी पत्नी । २. नायक नारी ।

**नैकेलो**– ना० [नाइके+एलो] १. नाइकेले पाउने रकम वा भाग । २. नाइकेले पाउने बिर्ता वा जागिर ।

**नैगम**– वि० [सं०] १. निगमसम्बन्धी; वेदसम्बन्धी । ना० २. उपनिषद् ।

**नैचा**– ना० [फा० नेच] तमाखु खाने हुक्काको घुँगुरिएको नली ।

**नैतिक**– वि० [सं०] राम्रो आचरणसम्बन्धी; नीतिसँग सम्बन्धित; नीतिको; नीतिसम्बन्धी । ~ **तत्त्व**– ना० नैतिक गुण वा भावना । ~ **पतन**– ना० परम्परागत धर्म-नियमको परिधिबाट बाहिर गएको अवस्था; नैतिक व्यवहारको उल्लङ्घन; चारित्रिक पतन ।

**नैत्य**– वि० [सं०] १. नित्यको; नित्य हुने; दिनहुँको । ना० २. नित्यकर्म ।

**नैदानिक**– वि० [सं०] १. निदान गर्ने । ना० २. निदान निकाल्ने औषधीविशेषज्ञ (प्याथोलोजिष्ट, ब्याकटेरोलोजिस्ट, रेडियोलजिस्ट इ०) ।

**नैनसुत**– ना० [नैनु+सुत] एक जातको असल र मिहिन सेतो सुती कपडा ।

**नैनी**– ना० [नाऊ+नी] १. नाऊ जातकी स्त्री । २. नाऊकी पत्नी । ३. हातगोडामा मेहँदी लगाइदिने स्त्री वा नङ काटिदिने स्त्री; नङिनी ।

**नैनु**– ना० [सं० नयन] परेवाआँखे बुट्टा भएको एक जातको कपडा ।

**नैपाल**– वि० [सं०] १. नेपालको । ना० २. नेपाल देश । > **नैपालिक**– वि० १. नेपालको; नेपालमा तयार भएको । ना० २. तामा धातु । ३. राडी; पाखी ।

**नैपुण्य**– ना० [सं०] सिपालुपन; निपुणता; कुशलता; कौशल ।

**नैमित्तिक**– वि० [सं०] १. कुनै विशेष निमित्तसँग सम्बन्धित; प्रयोजनविशेषले गरिने (काम, उत्सव आदि) । २. आकस्मिक; अचानक घट्ने ।

**नैयायिक**– ना० [सं०] १. न्यायशास्त्रमा पारङ्गत; न्यायविद्याको विद्वान्; न्यायवेत्ता । २. तर्कशास्त्रको विद्वान्; तार्किक व्यक्ति ।

**नैरन्तर्य**– ना० [सं०] लगातार भइरहने स्थिति वा भाव; अविच्छिन्नता; निरन्तर हुनाको भाव; सातत्य; निरन्तरता ।

**नैराश्य**– ना० [सं०] आशा क्षीण हुनाको भाव; निराशा भएको स्थिति; निराशा ।

**नैर्ऋत**– वि० [सं०] १. निर्ऋतिसम्बन्धी । ना० २. नैर्ऋत्य । > **नैर्ऋती**– ना० नैर्ऋत्य-कोण ।

**नैर्ऋत्य**– ना० [सं०] १. दस दिशामध्ये एक; दक्षिण-पश्चिम बीचको कुनो; नैर्ऋत्य दिशा । २. नैर्ऋत्य दिशाको अधिष्ठाता देवता; निऋति ।

**नैवेद**– ना० [सं० नैवेद्य] देवतालाई अर्पिएको खाद्य वस्तु; भगवान्‌लाई भोग लगाइएको खाद्य पदार्थ; नैवेद्य ।

**नैवेद्य**– ना० [सं०] नैवेद ।

**नैषध**– ना० [सं०] १ं निषध देशका भारतीय राजा; नल राजा । २. कवि श्रीहर्षद्वारा रचित प्रसिद्ध महाकाव्य । २. निष्काम भावले गरिएको कर्म ।

**नैसर्गिक**– वि० [सं०] स्वभावसिद्ध; स्वाभाविक; प्राकृतिक ।

**नैष्ठिक**– वि० [सं०] निष्ठा भएको; ईश्वरीय पूजाआजा गर्ने; स्वधर्मनिर्देशित आचरणको अनुसरण गर्ने; निष्ठाकर्म गर्ने; निष्ठावान् ।

**नोकर**– ना० [फा० नौकर] १. कुनै सानोतिनो घरायसी काम गराउन मासिक तलब दिएर वा खानपिन गराएर राखिएको व्यक्ति । २. सेवक; चाकर । ३. कमारो; दास । ~ **चाकर**– ना० नोकरहरूको जत्था वा समूह; नोकरीमा लाग्ने र चाकरी गर्ने व्यक्ति; सेवकगण । – **साही**– ना० १. वेतनभोगी कर्मचारीहरूद्वारा नै सञ्चालित शासन-प्रबन्ध । २. आश्रयदाता व्यक्तिविशेषको पूर्णतः चाकरी गर्ने प्रवृत्ति । > **नोकरान**– ना० नोकरहरूको समुदाय; सेवकगण ।

**नोकरी**– ना० [नोकर+ई] १. तलब लिएर गरिने काम; जागिर । २. सेवा । ~ **कर**– ना० नोकरी पाएबापत वा नोकरीमा रहेसम्म तलबको प्रतिशतको रूपमा लाग्ने शुल्क ।

**नोक्सान**– ना० [अ० नुक्सान] १. हानि; क्षति, न्यूनता । २. कमी । ३. घाटा; डचाक । > **नोकसानी**– ना० १. नोक्सान; टुट्टा; घाटा । वि० २. नोक्सान भएको ।

**नोजल**– ना० [अङ०] १. पानी भर्ने टचाङ्कीमा हुने प्वाल भएको एक यन्त्र । २. पम्पिङ सेट, गाडी आदिमा तेल हाल्ने चुच्चे अङ्ग ।

**नोट**– ना० [अङ] १. अधिकृत पुँजी धरौटी सुरक्षित राखी अधिकारप्राप्त ब्याङ्क वा सरकारबाट चलाइएको कागजी मुद्रा । २. कुनै कुराको सम्झनाका लागि लेखिएको छोटकरी लेख; टिप्पणी । ३. कुनै ग्रन्थ, वाक्य वा शब्दबारे लेखिएको सरलीकृत अर्थ; टीका । ~ **बुक**– ना० महत्त्वपूर्ण कार्य वा घटनाको टिपोट गर्ने सानो कापी; टिपोट-पुस्तिका ।

**नोबटाँ**– ना० [नेवा० नवता] डकर्मी र सिकर्मीले गारो अथवा थामको कोण मिलाउन प्रयोग गर्ने साधन; बटाम ।

**नोबेल पुरस्कार**– ना० [नोबेल+पुरस्कार] भौतिक विज्ञान, रसायनशास्त्र, अर्थशास्त्र, शरीरविज्ञान, औषधविज्ञान, साहित्य र शान्तिजस्ता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने, विश्वका जुनसुकै व्यक्तिलाई प्रतिवर्ष छुट्टाछुट्टै प्रदान गरिने स्विडेनका नागरिक अल्फ्रेड वर्नहार्ड नोबेलद्वारा सन् १९०१ मा स्थापित विश्वप्रसिद्ध पुरस्कार ।

**नोभेम्बर**– ना० [अङ०] ग्रेगोरी पात्रोअनुसार वर्षचक्रको एघारौँ महिना; कार्तिक आधाआधीदेखि मङ्सिर आधाआधीसम्ममा पर्ने इस्वी संवत्को तीस दिनको महिना ।

**नोल**– ना० [नेवा० नो] १. दुई टुप्पामा खर्पन वा त्यस्तै अरू भारी झुन्डचाई काँधमा बोकिने काठ वा बाँसको मोटो दण्डी । २. लिउन,वज्र आदि लगाएका ठाउँमा सम्म्याउने वा घोट्ने काठको साधन ।

**नौ१**– ना० [सं० नव] १. आठ र एक जोड्दा हुने सङ्ख्या; ९ को अङ्क । वि० २. नौ सङ्ख्यामा पर्ने वा आठपछिको अङ्कको ।

**नौ२**– ना० [सं०] १. नाउ; डुङ्गा । २. पानीजहाज; नौका ।

**नौका**– ना० [सं०] १. नाउ; डुङ्गा । २. पोत; पानीजहाज । > **नौकाश्रय**– ना० जहाज अडचाउने जलाशय; बन्दरगाह; घाट ।

**नौकीरी**– ना० [सं० नभ (=प्रकाश)+कीट+ई] बत्तीमा होमिन आउने कीरो; मोथ ।

**नौगङ्गा**– ना० [सं० नवगङ्गा] चाहिएजति; प्रशस्त; धेरै ।

**नौगजा**– वि० [नौ+गज+आ] १. नौ गज भएको; अठार हात भएको (कपडा) । ना० २. नौ गज परिमाणको कपडाको टुक्रो ।

**नौगेडी**– ना० [नौ+गेडो+ई] नौवटा वा त्योभन्दा कमबेसी सुन वा मुगाका गेडी पोते, धागो आदिका बीचबीचमा उनिएको माला ।

**नौजवान**– वि० [फा०] १. चढ्दो उमेरको; तरुनो; पट्ठो । ना० २. नवयुवक; तरुनो मान्छे । > **नौजवानी**– ना० तरुनो अवस्था; नवयौवन ।

**नौटङ्की**– ना० [सं० नाटच+अङ्की+ई] मेला, पर्व र हाटबजार आदिमा जनसाधारणलाई देखाइने हल्का किसिमको मनोरञ्जन गराउने नाचगान, नाटक आदि ।

**नौतिरी**– ना० [नौ+सं० त्रि] १. बालकहरू समूहमा मिलेर खेल्ने एक खेल । २. पासाको खेलमा नौ (छ-तीन र चरीपन्जा) परेमा तिर्ने र तेह्र (एघार-दुई र पोट बाह्र) परेमा खाने दाउको खेल ।

**नौनाडी/नौनारी**– ना० [सं० नवनाडी] १. शारीरिक शक्ति । २. शरीरका सबै अङ्ग ।

**नौनी**– ना० [सं० नवनीत] दही वा दूध मथेर निकालिएको सार; मक्खन; नतताइएको घिउ ।

**नौपोके**– ना० [नौ+पोको+ए] गाईभैँसी बियाएपछि पहिलो छाकको बिगौती ठूला पातमा बेरेर नौ पोका पारी दलिन वा निदालको खाँदमा घुसारेर देउतालाई छुट्टचाइने भाग ।

**नौबङ्गी**– ना० [न्वागी <सं० नवान्नक+ई)] नयाँ बाली पाकेपछि पूर्वी तराईका धिमाल जातिले मनाउने एक उत्सव; न्वागी ।

**नौबत**– ना० [अ०] १. कुनै अवाञ्छित घटना घट्ने वा घटेको स्थिति; अनिष्ट स्थिति । २. खराब हालत; दुर्दशा । ३. दरबार वा मन्दिरको मूल ढोकामा प्रतिदिन नियमित रूपले बजाइने माङ्गलिक बाजा; नौमती बाजा । – **खाना**– ना० दरबार वा मन्दिरको मूल ढोकामाथि रहेको दिनहुँ माङ्गलिक बाजा बजाइने कोठा ।

**नौबिसे**– वि० [नौ+बिस+ए] १. नौबीस मुरी माटो भएको (आबादी जग्गा) । २. एक सय असी सङ्ख्याको । ना० ३. त्रिभुवन राजपथमा पर्ने एक स्थान ।

**नौबोडी**– ना० [नौ+बोडी] १. सवा बिसौली; सवा धार्नी । २. पाँच सेरबराबरको नापो ।

**नौमती**– ना० [अ० नौबत+ई] १. नौबत । २. भारतका प्रसिद्ध वाद्यवादक नौबत खाँको सम्झनामा नामकरण गरिएका केही बाजाहरू (ढोलक, टयाम्को, सनही, तुरही, कर्नाल इ०) ।

**नौ मुरी**– वि० [नौ+मुरी] धेरै; प्रशस्त; थुप्रै ।

**नौरङ्गी**– वि० [नौ+रङ्ग+ई] १. नौ वा त्योभन्दा धेरै रङ भएको; अनेक रङ्गको । २. धेरै किसिमको । ना० ३. टाउको कुखुराको, हात मान्छेको, पुच्छर सर्पको र यस्तै विभिन्न अङ्ग मिसिएर बनेको काल्पनिक प्राणी; नवकुञ्जर ।

**नौरङ्गे**– ना० [नौ+रङ्ग+ए] १. नेपालको राष्ट्रिय पन्छी; डाँफे । वि० २. नौ रङ्ग भएको ।

**नौरथा**– ना० [सं० नवरात्रि] आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्मका दिन; विजया दशमीपूर्वका नौ दिन; नवरथा ।

**नौलखा**– वि० [नौ+लाख+आ] नौ लाख रुपियाँ पर्ने वा बहुमूल्य । ~ **मणि**– ना० एक बहुमूल्य मणि । ~ **हार**– ना० एक बहुमूल्य हार ।

**नौलाखी**– वि० [नौ+लाख+ई] नौ लाख रुपियाँ पर्ने; बहुमूल्य ।

**नौली**– वि० [नौलो+ई] १. भर्खर घरमा आएकी; नयाँ (स्त्री) । २. भर्खरै परिचित भएकी (स्त्री) । ३. अपरिचित; नचिनेकी (स्त्री) ।

**नौलो**– वि० [सं० नवल] १. पहिले नदेखेको; भर्खरै मात्र आएको (पुरुष) । २. नयाँ; नवीन । ३. हालसालै चिनजान भएको; भर्खरै परिचित । ४. अपरिचित; चिनजान नभएको । ना० ५. धामीका एक देउता । – **पौलो**– वि० नयाँ; भर्खरको । > **नौल्याइँ**– ना० नौलोपन; नवीनता ।

**नौशक्ति**– ना० [सं०] नौसेनाको शक्ति; समुद्री अभियानको शक्ति ।

**नौसादर**– ना० [फा० नौशादर] एक प्रकारको फस्को र कडा क्षार पदार्थ ।

**नौसिन्दा**– ना० [फा० नवीसिन्द] अड्डाअदालतको तल्लो दर्जाको कारिन्दा कर्मचारी ।

**नौसेना**– ना० [सं०] समुद्री जहाजको माध्यमबाट युद्ध गर्ने फौज; जलसेना । ~ **सेनापति**– ना० नौसेनाको हाकिम । > **नौसैनिक**– ना० नौसेनाको सिपाही ।

**न्यग्रोध**– ना० [सं०] १. वरको रूख । २. विष्णु । ३. शिव । – **परिमण्डला**– ना० स्तन, नितम्ब, कम्मर आदि सबै शारीरिक लक्षणले आकर्षक भएकी स्त्री ।

**न्यस्त**– वि० [सं०] १. सम्भार गरिएको; राखिएको । २. मिल्किएको; फालिएको । – **देह**– वि० मरेको ।

**न्याउँ**– ना० [अ० मू०] १. बिरालो, न्याउलो, मजुर आदि कराउँदा सुनिने ध्वनि; म्याउँ । २. बिरालो (बालबोलीमा); ङ्याउँ ।

**न्याउ**– ना० [भो० ब०] माछा मार्ने ढुङ्गाको पासो; माछा मार्ने ढुङ्गे साधन ।

**न्याउरी**– ना० [सं० नकुल] सर्प र मुसा खोजीखोजी खाने एक जातको जङ्गली मुसो । ~ **मुसो**– ना० न्याउरी ।

**न्याउरो**– ना० [न्याउ+रो] बिरालाको सानो छाउरो; बिरालाको बच्चो ।

**न्याउली**– ना० [अ० मू० न्याउ+ली] १. पहेँलो चुच्चो, नीलो टाउको, हरियो पुच्छर र रातो भुँडी हुने एक जातको चरो । २ तीनवटा बाँसका वा यस्तै नलीबाट स्वर निस्किरहने, चौथो नलीमा बाँसुरीका जस्ता विभिन्न स्वरका प्वालहरू हुने र पाँचौँ नलीबाट फुकेर छाला आदिको खलाँतीजस्तो थैलीमा हावा भरी बजाइने एक किसिमको बाजा ।

**न्याउलो**– ना० [अ० मू० न्याउ+लो] न्याउली चरो ।

**न्याकन्याक**– ना० [अ० मू० न्याक+अ (द्वि०)] १. रिसाएको बेला पशुपक्षीले निकाल्ने आवाज; ङ्याकङ्याक । २. असन्तोष । ~ **नुकनुक**– ना० १. पशुपक्षीबाट निस्कने एक प्रकारको आवाज; ङ्याकङ्याकङ्कङ्क । २. कुनै काम अह्राउँदा आलटाल गर्ने बानी । ३. असन्तोष ।

**न्यातपोल**– ना० [नेवा०] १७६५ सालमा राजा भूपतीन्द्र मल्लले बनाएको, भक्तपुर जिल्लाको टौमढी टोलमा अवस्थित नेपालको एक प्रसिद्ध पाँचतले देवल ।

**न्यानु/न्यानो**– वि० १. जाडाको बेलामा गरम बनाउने (स्थल, कोठा आदि); आरामदायी । ना० २. ठिक्कको तातो भएर जाडामा शरीरले अनुभव गर्ने आनन्द ।

**न्याय**– ना० [सं०] १. सुहाउँदो वा उचित कुरो; मनासिब तथ्य; इन्साफ; निसाप; नियाँ । २. मुद्दामामिलामा विभिन्न प्रमाण बुझी वादी वा प्रतिवादी कुनै एकका पक्षमा गरिएको निर्णय; फैसला । ३. कुनै विषयबारे तर्कपूर्ण विवेचना गर्ने छ दर्शनमध्ये एक दर्शन । ४. नीति । – **कर्ता**– वि० न्याय गर्ने; निसाफी । – **तः**– क्रि० वि० न्यायद्वारा । ~ **परक**– वि० न्यायसम्बन्धी । ~ **परायण**– वि० न्यायप्रेमी । ~ **परायणता**– ना० न्यायप्रतिको प्रेम । ~ **पालिका**– ना० सरकारका तीन अङ्गमध्ये देशको कानुनलाई कार्यान्वित गर्ने तथा त्यसकै आधारमा जनताका हक र हितको सुरक्षाका साथै न्याय दिने दिलाउने संवैधानिक अङ्ग । ~ **प्रणाली**– ना० न्याय प्रदान गर्ने प्रबन्ध । ~ **प्रशासन**– ना० न्यायविभागको प्रशासन; न्यायसेवा । – **प्रिय**– वि० न्यायपरायण । – **प्रेमी**– वि० न्यायलाई मन पराउने । – **शील**– वि० न्याय गर्ने खालको । ~ **शुल्क**– ना० न्यायालयमा वादी वा प्रतिवादीले तिर्नुपर्ने शुल्क । ~ **सङ्गत**– वि० न्यायोचित; न्यायका दृष्टिले उचित । ~ **सभा**– ना० १. न्यायालय; अदालत । २. कुनै विषयको निर्णयका निम्ति बसेको सभा । ~ **सेवा**– अदालततर्फको सेवा; न्यायालयको जागिर । ~ **सेवा आयोग**– ना० न्यायसेवाको सरुवा, बढुवा, बहाली र खोसुवाको नियन्त्रण गर्ने आयोग ।

**न्यायाधिकरण**– ना० [सं०] निर्धारित अख्तियार लिएर कुनै विशेष मामिलाको बारेमा निर्णय गर्न नियुक्त व्यक्ति वा व्यक्तिहरूको इजलास (ट्रिब्युनल) ।

**न्यायाधीश**– ना० [सं०] अदालत वा न्यायालयको प्रमुख अधिकारी; अदालतमा परिआएका मुद्दामामिला वा विवादबारे प्रमाण बुझी

c:\Sabdkosh\dick'Na'.p65



यथार्थ निर्णय दिने वा टुङ्गो लगाइदिने व्यक्ति; श्रीमान्; न्यायकर्ता (जज) ।

**न्यायालय–** ना० [सं०] साधारण जनताले अन्याय परेको बखत न्यायनिसाफका लागि धाउने ठाउँ; न्यायाधीशले मुद्दामामिला हेरेर छानबिन गर्ने कार्यालय; अदालत ।

**न्यायी–** वि० [सं०] न्यायमा चल्ने; न्यायअनुसार आचरण गर्ने; निष्पक्ष व्यवहार गर्ने; न्यायप्रेमी ।

**न्यायोचित–** वि० [सं०] न्यायसुहाउँदो; न्यायअनुसारको; न्यायबमोजिम ठीक भएको ।

**न्यास–** ना० [सं०] १. राख्ने काम; स्थापना । २. धरौट; निक्षेप । ३. सुरक्षित गरी राखिदिनुपर्ने अर्काको माल; नासो । ४. तान्त्रिक पद्धतिका अनुसार देवताका विभिन्न अङ्ग सम्भेर मन्त्र पढ्दै आफ्ना शिर, काँध आदि अङ्ग छुने काम । ५. गायनको समाप्तिमा प्रयुक्त हुने स्वर । ६. छोड्ने काम; त्याग । **– धारी–** वि० धरौटी राख्ने; नासो राख्न दिने । **– ध्यान–** ना० पूजा आदि धार्मिक अनुष्ठानमा कर्ताबाट गरिने न्यास क्रिया र देवताको ध्यान । >**न्यासी–** ना० १. सन्न्यासी; जोगी । वि० २. त्याग गर्ने; त्यागी ।

**न्यासे–** वि० [नेवा० न्यासिचा] लोतोपोतो वा नखरा पार्ने; चिप्लो घस्ने; ठिक्क पारेर लहसिन खोज्ने ।

**न्यास्रिनु–** अ० क्रि० [न्यास्रो+इ+नु] एक्लो भई खल्लो अनुभव हुनु; न्यास्रो लाग्नु; नियाँस्रो मान्नु ।

**न्यास्रो–** ना० [सं० निराश्रय] १. आफ्नो हितचिन्तक व्यक्ति वा कुनै आत्मीयको बिछोडबाट हुने उराठलाग्दो स्थिति; शून्यलाग्दो अवस्था । २. कुनै साथी नहुँदा हुने खिन्नता ।

**न्याहुर–** ना० [नाहुर] कस्तूरी मृगको जस्तो भुत्ला हुने, भुकुल्ले खालको एक थरी हिउँभेडो ।

**न्याहुले–** ना० [न्याली+ए] देउडाजस्तै एक नेपाली लोकगीत ।

**न्यून–** वि० [सं०] १. थोरै; कम; नपुग । २. क्षुद्र; नीच । **– तम–** वि० सबभन्दा थोरै परिमाणको; अपेक्षाकृत कम नापोको; सबभन्दा सानो । >**न्यूनता–** ना० कमी; नपुग्दो; हीनता । **न्यूनाधिक–** वि० कमबेसी; धेरथोर; थोरबहुत । **न्यूनाधिक्य–** ना० घटीबढी भएको स्थिति ।

**न्यौको–** ना०हे० नेउको ।

**न्वागी–** ना०हे० नुवागी ।

**न्वाइन्वाइ–** ना० [बा० बो०] नुहाउने काम; स्नान; हरहर ।

**न्वारन/न्वारान–** ना० [सं० नामकरण] १. बालक जन्मेको तीनदेखि एघारौँ दिनसम्ममा बिजोडी दिन पारी राशिअनुसार बालकको नाम राख्न गरिने संस्कार । २. द्विजातिका षोडश संस्कारमध्ये एक संस्कार; नामकरण-संस्कार ।

# प

**प**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये एक्काइसौँ व्यञ्जन; ओष्ठ्य, स्पर्शी, अघोष, अल्पप्राण व्यञ्जन ध्वनि; पवर्गको पहिलो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; पकार; पाटी प ।

**पँजाइ**– ना० [पाँज्+आइ] पाँज्ने क्रिया वा प्रक्रिया ।

**पँज्याइ**– ना० [√ **पँज्याउ** (+आइ)] पँज्याउने क्रिया-प्रक्रिया । [ > ] **पँज्याइनु**– क० क्रि० पँज्याउने पारिनु; पँज्याउन लाइनु; पँजाइनु । **पँज्याइलो**– वि० पाँजिएको वा पँज्याइएको; पाँजिलो ।

**पँज्याउनु**– स० क्रि०/प्रे० क्रि० [पाँजो+याउ+नु] १. धान, कोदो आदिको बीउ उखेलेर वा नल काटेर साना-साना थुप्रा पार्नु; पाँजा बनाउनु । २. पाँजा बनाउन लगाउनु वा पाँजिने पार्नु ।

**पँदाइ**– ना० [√ **पाँद्** (+आइ)] पँजाइ । [ > ] **पँदाइनु**– क० क्रि० पँजाइनु । **पँदाउनु**– स० क्रि०/प्रे० क्रि० पँज्याउनु ।

**पँधालो**– ना० [सं० प्रणाल] १. पानी थाप्नाका निम्ति खोलेको बाँस तेर्स्याएर त्यसमाथि पानीढलो पारी चित्रो राखेर बनाइएको एक प्रकारको छाप्रो । २. कुलो वा धाराको पानी ल्याउनाका निम्ति बनाइएको भूमिगत काठ आदिको डुँड ।

**पँधेरी**– ना० [पँधेरो+ई] पँधेरो वा पनेरो (लोकगीत, गीत वा कवितामा पाइने प्रयोग) ।

**पँधेरो**– ना० [पनेरो] १. खाने पानी लिन जाने कुवा आदि सार्वजनिक ठाउँ; पानीघाट; जलाशय; पनेरो । २. धान, सागसब्जी आदिमा लागी तिनलाई बिगार्ने एक प्रकारको दुर्गन्धित कीरो । > **पँधेर्नी**– ना० पानी भर्न पँधेरामा जाने स्त्री ।

**पउन**– ना० [सं० पवन] १. सनई, मुरली आदि बजाउँदा रोकिने वा फेरिने सास । २. सास; श्वास; प्राणवायु ।

**पउल**– वि० [सं० प्रचुर] १. चाहिएभन्दा धेरै; प्रशस्त; पर्याप्त; मनग्गे; पौल । ना० २. प्रशस्तता; पर्याप्तता; छेलोखेलो; पौलो ।

**पकड**– ना० [**पकड्** (+अ)] १. पक्डने क्रिया वा प्रक्रिया; पक्राउ; समाताइ । २. हठ; जिद्दी । ३. सङ्गीतमा रागको स्वरूप प्रदर्शित गर्ने केही मुख्य स्वरको समुदाय; स्वरलहरी । [ > ] **पकडा**– ना० पक्रा; पक्राइ । **पकडाइ**– ना० पक्डने काम वा ढाँचा; पकड । **पकडाइनु**– क० क्रि० पक्राइनु । **पकडाउ**– ना० १. कुनै वस्तु हातले अँठ्याउने काम; पक्डने काम; समात्ने क्रिया । २. कुनै अपराधीलाई पुलिस वा सुरक्षकले गिरफ्तार गर्ने काम; पक्राउ; गिरफ्तारी । **पकडाउनु**– प्रे० क्रि० पक्राउनु ।

**पकपक**– क्रि० वि० [अ० मू० पक्+अ(द्वि०)] १. भोक, प्यास, कष्ट आदि हुँदा मुख बाउने किसिमले; प्याकप्याक । २. कुनै काम धमाधमसँग गर्ने गरी; खुरुखुरु । ३. लगातार उखेलिने, मर्ने वा ढल्ने गरी । ४. पाप्रो, बोक्रो आदि खुरुखुरु उप्कने गरी । ना० ५. पकपक हुने स्थिति, क्रिया-प्रक्रिया । > **पकपकती**/ **पकपकी**– क्रि० वि० अझै पकपक हुने गरी ।

**पकला**– ना० गोबर सुकेर बनेको साह्रो डल्लो; बनगुइँठो ।

**पकवान**– ना० [सं० पक्वान्न] गतिलो मीठो भोजन; मिष्टान्न ।

**पकाइ**– ना० [√ **पाक्** (+आइ)] १. पाक्ने क्रिया वा प्रक्रिया । [पकाउ+आइ] २. पकाउने क्रिया-प्रक्रिया । [ > ] **पकाइनु**– क० क्रि० पाक्ने पारिनु; परिपक्व पारिनु । **पकाउनु**– स० क्रि०/प्रे० क्रि० १. अन्न आदिलाई पानीका साथमा भाँडामा राखेर आगाका आँचमा गलाउनु; खान लायक बनाउनु; परिपक्व पार्नु । २. आलु, तरुल आदिलाई आगाका कोइला वा भुतभुतेमा घुसारेर गलाउनु । ३. फलफूल आदिलाई खान योग्य तुल्याउनु; पाक्ने पार्नु । ४. खटिरा, फोका आदिलाई उपचारद्वारा पीप भरिने पार्नु । ५. नोकरी वा कुनै किसिमको कामद्वारा पारिश्रमिक वा ज्याला आर्जन गर्नु । ६. आलाकाँचा व्यक्तिलाई शिक्षा, उपदेश आदिद्वारा प्रबुद्ध वा पाको गराउनु ।

**पकापक**– क्रि० वि० [पक्+पक] १. एकपछि अर्को पक्कु वा गाँस हालेर; कपाकप; खपाखप । २. केही कुरो गर्दा एकछिन पनि नरोकिईकन; धमाधम । ३. लगातार एकपछि अर्को ढल्ने वा मर्ने गरी । ४. लगातार पाप्रो, बोक्रो आदि उप्कने किसिमले । > **पकापकी**– क्रि० वि० पकापक ।

**पकार**– ना० [सं०] 'प' अक्षर; पवर्गको पहिलो वर्ण; पाटी प ।

**पकुवा**– वि० [पाक्+उवा] १. पाकेको; पकाएको (मासु आदि खाद्य पदार्थ) । २. पाक्ने किसिमको (लुतो, मासु आदि०) । ना० ३. विशेष प्रकारले पकाएको मासु आदिको प्रकार; पक्कु; कवाफ ।

**पकुवान**– ना० [सं० पक्वान्न] पक्वान्न; पकवान ।

**पकौडी**– ना० [पाक्+औडी] बेसन (चना, मास, फापर आदिको पीठो) पानीमा मुछेर साग, आलु, प्याज आदि लटपटचाएर घिउ वा तेलमा फुराएर पकाएको वस्तु; फुरौलाको एक प्रकार ।

**पक्क**– क्रि० वि० [अ० मू० पक्+क] १. हेर्दा आश्चर्यचकित भएर वा अज्ञानतावश टोलाएर; जिल्ल । २. पाप्रो, बोक्रो, भुइँमा दबिएको ढुङ्गो आदि सजिलैसित उक्कने किसिमले; पक्लक्क । ३. मुख बाउने गरी । ४. बोल्दा सोचविचारै नगरीकन । ५. एकाएक मर्ने वा ढल्ने गरी । ६. डल्ला आदिले बिस्तारै हिर्काउने किसिमले; प्वाक्क । ७. खाद्य पदार्थ हलुका तवरले मुखमा हालेर क्वाप्प; ख्वाप्प ।

**पक्कण**– ना० [सं०] जङ्गली वा चाण्डाल जातिको घर वा गाउँ; पख्यान ।

**पक्का**– ना० [सं० पक्व] १. कुनै काम वा विषयप्रति गरिएको वा भएको सङ्कल्प; निधो; अठोट; निश्चय । वि० २. पाकेको; पाको । ३. होसियार; सिपालु । ४. बलियो; मजबुत (घर इत्यादि) ।

– **पक्की**– ना० कुनै काम वा विषयबारे गरिएको वा भएको खसोखास निधो; पूरै आधारयुक्त निर्णय ।

**पक्की**– वि० [पक्का+ई] १.पाको; अनुभवी । २. स्थायित्व प्राप्त गरेको; स्थायी; नियत । ३. रङ नखुइलिने; रङ नजाने । ४. बलियो; मजबुत । ~**घर**– ना० खरको सट्टा ढुङ्गा, टिन आदिले छाइएको घर; सिमेन्टले जोडेको गारो भएको र छड एवं सिमेन्टले ढलान गरिएको छत भएको घर । ~ **टाँका**– ना० लुगा आदि सिउँदा बराबरको फरक पारी बलियो किसिमले मिलाएर दिइने टाँका । ~**नापो**– ना० वैज्ञानिक साधनद्वारा लिइएको नापो । ~ **पुल**– ना० सिमेन्ट, छड आदिले ढलान गरेर बनाइएको टिकाउ साँघु । ~**बाटो**– ना० रोडा आदि बिछ्याएर अलकत्राले बलियो टिकाउ पारिएको बाटो । ~ **बात**– ना० हिन्दीभाषी इलाकाका भारतीयहरूका अनुसार स्तरीय हिन्दी भाषामा गरिने बातचित । ~ **भाषा**– ना० हिन्दी । ~ **रङ**– ना० धुँदा नजाने वा नखुइलिने रङ । ~**सडक**– ना० कालोपत्र (अलकत्रा) बिछ्याएर बलियो र टिकाउ पारिएको बाटो ।

**पक्कु**– ना० [सं० पक्व+उ] पकुवा; कबाफ ।

**पक्कै**– क्रि० वि० [पक्का+ऐ] अवश्य नै; निश्चय नै; निस्से; निधै ।

**पक्को**– वि० [पक्का+ओ] १. फिक्का नभएको; खेर नजाने । २. समर्थ; दह्रो । ३. पक्का; पाको ।

**पक्क्याइ**– ना० [√ **पक्क्याउ** (+आइ)] पक्क्याउने क्रिया वा प्रक्रिया । [ > ] **पक्क्याइनु**– क० क्रि० धमाधम खाइनु; पक्क्याउने काम गरिनु । **पक्क्याइलो**– वि० पक्क्याउन लायक; पक्क्याउन योग्य ।

**पक्क्याउनु**– स० क्रि० [पक्कु+याउ+नु] धमाधम खानु; पकापक खानु; गफल्क्याउनु । > **पक्क्याहट**– ना० पक्क्याउने क्रिया वा प्रक्रिया ।

**पक्ड-नु**– स० क्रि० समाउनु; अँठ्याउनु; पक्रनु; पक्रिनु; पक्डिनु । > **पक्डा**– ना० पक्रा; पक्राइ; पकडा । **पक्डाइ**– ना० पक्डने क्रिया वा प्रक्रिया । **पक्डाइनु**– क० क्रि० पक्राइनु । **पक्डाउनु**– प्रे० क्रि० पक्राउनु । **पक्डाहट**– ना० पक्राइ; पक्राहट । **पक्डिनु**– स० क्रि० / क० क्रि० पक्रिनु ।

**पक्दो**– वि० [सं० √ पच्+दो] १. पुरानो तथा छिप्पिएको । २. दिन धेरै खाएको; पाको ।

**पक्र-नु**– स० क्रि० १. बलियो गरी हातले केही कुरो समात्नु; समाउनु; पक्डनु; पकड्नु । २. लिनु; ग्रहण गर्नु । ३. बुझ्नु; बुद्धिद्वारा ग्रहण गर्नु । ४. अपराध आदिको सिलसिलामा अभियुक्तलाई खोजेर नियन्त्रणमा राख्नु । ५. उम्कन नदिनु । ६. साथ दिनु वा साथ नछोड्नु । > **पक्रा**– ना० १. प्रहरी आदिद्वारा गरिएको पक्राइ; पक्राउ । २. पक्राउपुर्जी । **पक्राइ**– ना० पक्रने क्रिया वा प्रक्रिया; पक्राउ । **पक्राइनु**– क० क्रि० पक्रने पारिनु; पक्रन लाइनु ।

**पक्राउ**– ना० [पक्र+आउ] पक्रा । ~ **पुर्जी**– ना० अभियुक्तलाई पक्रिने बेलामा दिइने पुर्जी; वारेन्ट; पक्रा । > **पक्राउनु**– प्रे० क्रि० पक्रने पार्नु; पक्रन लाउनु । **पक्राहट**– ना० पक्राइ ।

**पक्रि-नु**– स० क्रि० [पक्र+इ+नु] १. पक्रनु । क० क्रि० २. पक्रामा पर्नु; पक्रा पर्नु ।

**पक्लक्क**– क्रि० वि० [अ० मू० पक्लक्+क] १. पाप्रो, बोक्रो, माटामा गाडिएको ढुङ्गो आदि उप्कने किसिमले । २. रूख, बिरुवा आदि जरैदेखि उखेलिने किसिमले । ३. एकाएक मर्ने गरी; भुतुक्क ।

**पक्व**– वि० [सं०] १. पाकेको; परिपक्व । २. पकाइएको; पाक गरिएको । ३. कुनै विषयको विशेष अनुभवी; भुक्तभोगी । ४. पक्का; दृढ; निश्चित । ५. पूर्ण रूपले विकसित; पुष्ट । ६. फुलेको वा रौँ कालोबाट सेतो भएको, ना० ७. पकाइएको खानेकुरो; पक्वान्न । – **ता**– ना० पक्व हुनाको भाव वा अवस्था; पाको अवस्था; पाकोपन । > **पक्वान्न**– ना० १. पकाइएको अन्न; पकाइएको खानेकुरो । २. आगामा पकाइएको खानेकुरो (भात, रोटी आदि) । **पक्वाशय**– ना० खाएको कुरो पेटमा गएर पाक्ने थैलो; पाकस्थली; पाकाशय; आँत ।

**पक्ष**– ना० [सं०] १. उड्ने जीवजन्तुहरूको शरीरका दुवैपट्टि रहेका, उड्न मद्दत गर्ने प्रायः भुत्लावाल अङ्ग; पखेटा । २. ढोकाका फग्लेँटा वा खापा; द्वार । ३. कुनै वस्तुका दायाँ-बायाँ रहने अवयव; पार्श्व । ४. कुनै वस्तुको आधा भाग । ५. प्रतिपदादेखि औँसी वा पूर्णिमासम्मका पन्ध्र दिन; चान्द्र मासको आधा महिना । ६. कुनै विषयका अनेक तत्त्व वा दल । ७. झगडा वा विवाद गर्नेहरूमध्ये कुनै एक व्यक्ति वा दल । ८. सहायक वा समान वर्गको जमात । ९. बाणका फेदमा लागेको प्वाँख । १०. नदीको किनारा; तट । ११. जमिनको भिरालो भाग; पाखो । १२. छानाका दुई भिराला पाटा । ना० यो० १३. तिर; तर्फ; पट्टि । ~ **ग्रहण**– ना० १. कुनै विषयका अनेक पक्षमध्ये एक पक्षतिर लाग्ने काम; पक्षपात । २. एकै महिनाका शुक्ल र कृष्ण दुवै पक्षमा लागेको ग्रहण । – **द्वार**– ना० मूलढोकादेखि बाहेकको अर्को ढोका; जस्केलो; पार्श्वद्वार । – **धर**– ना० विभिन्न पक्षमध्ये एक पक्षतिर लाग्ने व्यक्ति; पक्षपाती । – **पात**– ना० औचित्य वा न्यायको विवेक नगरी कुनै एक पक्षमा मात्र लाग्ने प्रवृत्ति; एक पक्षको समर्थन; तरफदारी; पनपच्छे । ~ **पालिता**– ना० पक्षपातको प्रवृत्ति वा अवस्था; तरफदारी; पक्षग्रहण । – **पाती**– वि० पनपच्छेमा लाग्ने; पक्षपात गर्ने; तरफदारी । ~ **पोषण**– वि० १. कुनै पक्षको समर्थन; तरफदारी । ना०२. विवादमा आफ्ना पक्षका कुराको पुष्टि गर्ने काम । – **वात**– ना० शरीरको दायाँ वा बायाँ आधा अङ्ग नचल्ने वा निश्चेष्ट हुने एक रोग; लकुवा; पक्षाघात । > **पक्षाघात**– ना० शरीरको दायाँ वा बायाँ अङ्ग चेतनहीन हुने एक किसिमको वातरोग; वायुविकार वा रक्तचापको कारणबाट शरीरको दायाँ वा बायाँ भाग निश्चेष्ट हुने क्रिया; पक्षवात । **पक्षान्तर**– ना० १. अर्को पक्ष; दोस्रो पक्ष; भिन्न पक्ष; अलग पक्ष । २. पक्षमा आएको वा आउने परिवर्तन । **पक्षाभास**– ना०

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



हेत्वाभासयुक्त तर्क; सिद्धान्तको आभास हुने क्रिया ।

**पक्षिणी–** ना० [सं०] १. दुई दिनका बीचको रात । २. पूर्णिमा । ३. पोथी चरो; चरी ।

**पक्षी–** ना० [सं०] १. आकाशमा उड्ने, पखेटा भएको प्राणी; चरो; पङ्खी । २. पक्ष लिने व्यक्ति; तरफदार । वि० ३. पक्षसम्बन्धी; पक्षको । ४. पखेटा हुने । **– राज–** ना० विष्णुको वाहन मानिएको एक पक्षी; गरुड । ~ **विज्ञान–** ना० पक्षीका हरेक पक्ष वा विषयको विवेचना वा विश्लेषण गरिएको शास्त्र; पक्षीशास्त्र । **– शाला–** ना० चिडियाखाना । ~ **शास्त्र–** ना० पक्षीविज्ञान । **– सिंह–** ना० चीलको टाउको र सिंहको शरीर भएको कल्पित पशु ।

**पक्षीय–** वि० [सं०] १. पक्षसम्बन्धी; पक्षको । ना० २. कुनै शब्दका पछाडि रहेर कुनै पक्षतर्फ लागेको भन्ने बुझाउने शब्द (उग्रपक्षीय, मध्यमपक्षीय इ०) ।

**पक्ष्म–** ना० [सं०] १. आँखाका परेला । २. फूलको केसर । ३. पखेटा । ४. प्वाँख । ५. भुत्ला । **– यूका–** ना० चमजम्रो । > **पक्ष्मल–** वि० लामा र राम्रा परेला भएको; झिमझिमपरेले ।

**पक्ष्य–** वि० [सं०] १. कुनै एक पक्षमा लागेको; तरफदार; पक्षी । २. कुनै एक पक्षको ।

**पख्–** वि० बो० [पर्ख] कसैलाई तर्साएर वा दागा धरेर भनिने शब्द; पखेस् । (उदा०– पख्, तँलाई नचुटी कहाँ छाड्छु !)

**पख्-नु–** अ० क्रि० [पर्ख+नु] पर्खनु; कुर्नु ।

**पख–** क्रि० वि० [सं० पक्ष] १. पक्षमा; याममा; ताक । ना० २. दिनभित्रको कुनै समय बुझाउने र शब्दका पछाडि गाँसिएर त्यसका आसपासमा भन्ने बुझाउने शब्द (बिहानीपख, साँझपख आदि) । ३. समय; बेला । ४. पक्ष ।

**पखबाज/पखाबाज–** ना० [सं० पक्षवाद्य] सानो मृदङ्गजस्तो बाजा; पखाबाज । > **पखबाजी–** ना० पखबाज बजाउने कलाकार ।

**पखाल्-नु–** स० क्रि० [प्रा० पक्खाल <सं० प्रक्षालन+नु] १. फोहोर मैला आदिलाई पानीले सफा गर्नु; धुनु वा खकाल्नु । २. कसैका कुरा काट्नु; बदनाम गर्नु । ३. अवशेष मेटाउनु; बीउसमेत नरहने गरी सखाप पार्नु । > **पखालपुखुल–** ना० १. पखाल्ने र खकाल्ने काम; धुने वा सफा गर्ने काम । २. दहीमा पानी हालेर बनाइएको महीजस्तो पातलो वस्तु; पखाले; दहीमहीको अवशेष ।

**पखाला–** ना० [पखाल्+आ] १. ज्यादै पातलो दिसा । २. त्यस्तो दिसा लाग्ने रोग; डायरिया ।

**पखालाइ–** ना० [√ **पखाल्** (+आइ)] पखाल्ने क्रिया वा प्रक्रिया; प्रक्षालन । [ > ] **पखालिनु–** क० क्रि० पखाल्ने काम गरिनु; खकालिनु ।

**पखाले–** ना० [√ पखाल्+ए] दहीमा पानी हालेर पातलो पारिएको पेय; विनामसलाको राइता ।

**पखिनी–** ना० [पाखे+इनी] वि० १. असभ्य (स्त्री); पखेनी । २. पाखापर्वतमा रहने स्त्री; पाखेकी स्वास्नी ।

**पखुवा–** वि० [पाखो+उवा] १. पाखासँग सम्बन्धित; पाखामा पाइने वा रहेको । ना० २. भोजपुर जिल्लाअन्तर्गत तीनतले भन्ने ठाउँको नजिकमा रहेको एक तीर्थस्थल ।

**पखेटा–** ना० [सं० पक्षट] १. चराचुरुङ्गीका शरीरको दायाँ र बायाँ रहने, उड्दा फिँजिने र साधारण अवस्थामा जीउमै लेप्सिने, विशेष प्रकारको अङ्ग; पक्षीको उड्ने काममा सहायक अङ्ग । २. पार्श्व । ३. दुईपाखे छानु भएको घरका छानाको कुनै एक पाखो । ४. पहाडका दुईतिरका पाखामध्ये कुनै एक पाखो । ~ **लाग्नु–** टु० १. हराउनु । २. उड्न सक्ने हुनु; सक्षम हुनु ।

**पखेटो–** ना० [सं० पक्षट] १. चराका दुई पखेटामध्येको एक । २. भिरालो परेको जमिन; पखेरो ।

**पखेनी–** वि०हे० पाखिनी ।

**पखेरा–** ना० [पखेरोको ति० रू०] पखेरो । ~ **पखेरी–** ना० सानाठूला पाखाहरूको समूह ।

**पखेरी–** ना० [पखेरो+ई] १. भिरालो परेको सानो खालको पखेरो । २. पखेरो (गीत, लोकगीत, कविता आदिमा प्रयुक्त) ।

**पखेरु–** ना० [सं० पक्ष+एरु] १. चरो; पक्षी । २. आत्मा । ३. प्राण; हंस ।

**पखेरो–** ना० [पाखो+एरो] भिरालो परेको पहाडी जमिन; पाखो ।

**पखेस्–** वि० बो० [पर्ख+एस्] कसैलाई दागा धरेर भनिने शब्द; लाखेस् । (उदा०– पखेस्, भोलि त तेरो जात्रा नदेखाई छाड्दिनँ) ।

**पख्यान–** ना० [सं० पक्कण] १. पाखेहरूको बस्ती; पाखे गाउँ । २. पाखो; पखेरो ।

**पख्रनु–** अ० क्रि० थकाइ, सुस्ती आदि हटेर शरीर चङ्गा हुँदै जानु; फुर्ती वा जाँगर पलाउनु । > **पखाइ–** ना० पख्रने भाव, क्रिया वा प्रक्रिया । **पखाहट–** ना० पख्रने क्रिया वा अवस्था; पखाइ । ~ **पखिनु–** अ० क्रि० पखिने हुनु; पख्रनु ।

**पगडी–** ना० [सं० पक्षटी] १. पस्मिना वा छालाको भुत्ले टोपी (हाल मृत अर्थ) । २. पगरी ।

**पगरी१–** ना० [सं० पक्षटी] १. टोपीका सट्टामा शिरमा फनफनी बेरेर लगाइने कपडा; फेटा । २. विवाहमा दुलाहाले तथा पुराण भन्दा पण्डितले शिरमा बाँध्ने फेटा । ३. सरकारी कर्मचारीहरूले लगाउने चाँदतोडासहितको एक प्रकारको टोपी । ४. सरकारी मान । ५. कसैले पुरुषार्थ देखाएबापत आक्षेप गरेर भनिने शब्द (उदा०– खूबै ठूलो काम गरिस्, पगरी गुताइमागिनस् त !) ।

**पगरी२–** ना० [सं० प्रगाढिका] भ्याल्सीलाई अडचाउन वा ठीकसँग मिलाउन तलतिर ठोकिने पाङ्को ।

**पगला–** वि० [पागल+आ] बौलाहा वा बहुला । > **पगली–** वि० पग्लाही वा बौलाही ।

**पगार्-नु–** स०क्रि०हे० पघार्नु ।

**पगार१–** ना० [सं० प्रकार] चुलामाथिको विशेष किसिमले बनाइएको भित्तो ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पगार२–** ना० [सं० प्रघात] १. उखु पेल्दा निस्केको छोक्रा । २. उखुको सुकेको पात ।

**पगार३–** ना० [√ **पगार्** (+अ)] हे० पघार । [ > ] **पगाराइ–** ना० पग्रिने वा पगार्ने क्रियाप्रक्रिया । **पगाराइनु–** क० क्रि० पग्रिने पार्न लगाइनु; पगारिने तुल्याइनु । **पगाराउनु–** प्रे० क्रि० पग्रिने पार्न लाउनु । **पगारिनु–** क० क्रि० पग्रिने पारिनु । **पगारो–** ना० पघारो ।

**पगाल्–नु–** स० क्रि० [सं० प्रगालन] १. डल्लो वा घनत्वयुक्त वस्तुलाई आगोको सहायताबाट तरल रूपको बनाउनु; पानीजस्तो पार्नु; गाल्नु । २. अर्काको मनमा दया उत्पन्न गराउनु । ३. मनलाई आफूतिर खिच्ने पार्नु; पगार्नु । > **पगालाइ–** ना० पगाल्ने भाव, क्रिया वा प्रक्रिया । **पगालिनु–** क० क्रि० पग्लने पारिनु ।

**पगाहा–** ना० [सं० प्रग्रह] निश्चित ठाउँमा वरिपरि घुमेर चर्न हुने गरी गाईबस्तुलाई बाँध्ने लामो डोरी; पगहा; पघा ।

**पगितो–** वि० / क्रि० वि० [सं० प्रकृत = प्रकीर्ण] चाहिएभन्दा बढी; प्रशस्त; ज्यास्ती; पबितो; पबित्तो; पघितो ।

**पग्र–नु–** अ० क्रि० [सं० प्रगलन] १. फाँचाबाट थुनमा दूध आउने हुनु; थुनबाट दूध रसाउनु; थुनबाट प्रशस्त मात्रामा दूध निस्कनु । २. कोही निठुरी व्यक्ति दयावान् बन्नु वा लोभी व्यक्ति दानी हुनु । > **पग्राइ–** ना० पग्रने क्रिया वा प्रक्रिया । **पग्राइनु–** क० क्रि० पग्रने पारिनु । **पग्राउनु–** सं० क्रि० / प्रे० क्रि० पग्रने पार्नु । **पग्रिनु–** अ० क्रि० १. पग्रने होइनु । २. पग्रनु । ३. पग्लिनु । **पग्र्याइ–** ना० पग्रिने भाव, क्रिया वा प्रक्रिया **पग्र्याहट–** ना० पगऱ्याइ ।

**पग्लँदो–** वि० [पग्ल+दो] पग्लन लागेको; पग्लिँदो ।

**पग्ल–नु–** अ० क्रि० [सं० प्रगलन] १. बाक्लो वा खँदिलो पदार्थ तरल रूपमा आउनु; द्रवित हुनु; गल्नु । २. केही दयावान् वा दानी बन्नु । > **पग्लाइँदो–** वि० स्वाद नभएको; बेस्वादिलो । **पग्लाइ–** ना० पग्लने क्रिया वा प्रक्रिया । **पग्लाइनु–** क० क्रि० पगालिनु ।

**पग्लाउनु–** अ० क्रि० [पागल+आउ+नु] १. बहुला बन्नु; पागल बन्नु । स० क्रि० / प्रे०क्रि० [पग्ल+आउ+नु] २. पग्लिने पार्नु वा पार्न लगाउनु ।

**पग्लाहा–** वि० [पागल+आहा / सं० प्रगल्भ] पागल भएको; हावा खुस्केको; छटाएको । > **पग्लाही–** वि० पागल भएकी; बौलाएकी; हावा खुस्केकी; छटाएकी ।

**पग्लिँदो–** वि० [पग्लि+दो] १. पग्लिन लागेको; पग्लँदो । २. पीतल, तामा आदिका भाँडामा राखिएको दही, मही आदि ज्यादै अमिलो भएर बिग्रँदो; तमतमिँदो ।

**पग्लिनु–** अ० क्रि० [पग्ल+इ+नु] पग्लनु ।

**पग्ल्याइँ–** ना० [पागल+याइँ] बहुलट्टीपना; पागलपन ।

**पग्ल्याइ–** ना० [√ **पग्लि** (+याइ)] पग्लिने क्रिया वा प्रक्रिया । [ > ] **पग्ल्याहट–** ना० पग्ल्याइ ।

**पघार्–नु–** स० क्रि० [पग्र+आर्+नु < सं० प्रगालन] १. गाई-भैँसीका थुनबाट सजिलोसँग दूध आउने पार्नु; थुनबाट कमलोसँग दूध झर्ने पार्नु; पगार्नु । २. कठोर मनको व्यक्तिको हृदयलाई प्रार्थना आदिद्वारा दयालु बनाउनु । ३. लोभीलाई दानी तुल्याउनु । > **पघार–** ना० १. गाई-भैँसीका थुनबाट खुलस्त रूपमा दूध झर्ने क्रिया । २. गोरस । ३. दुहुनो गाई वा भैँसी । **पघारा–** ना० थुनबाट सजिलैसित दूध झर्ने पार्नका निम्ति पाडो वा बाछालाई चुस्न लगाउने काम । **पघाराइ–** ना० पघार्ने भाव, क्रिया वा प्रक्रिया; पगाराइ । **पघारिनु–** क० क्रि० पघार्ने काम गरिनु; पगारिनु । **पघारो–** ना० दूध पगार्नका निम्ति गाई-भैँसीका थुनमा दलिने नौनी, घिउ आदि चिप्लो पदार्थ; पगारो ।

**पघितो–** वि०हे० पगितो ।

**पघ्र–नु–** अ०क्रि०हे० पग्रनु । > **पघ्राइ–** ना० पघ्रने क्रिया वा प्रक्रिया । **पघ्राइनु–** क०क्रि० पघ्रने पारिनु । **पघ्राउनु–** प्रे०क्रि० पघ्रने पार्नु । **पाघ्रिनु–** अ०क्रि० पग्रिनु । **पघ्र्याइ–** ना० पग्र्याइ । **पघ्र्याहट–** ना० पगऱ्याहट ।

**पङ्क–** ना० [सं०] १. पानीले गलेको माटाको लेदो; हिलो । २. धाप; दलदल; भास । ३. दबदबे पदार्थ; लेप । ४. पाप; कलङ्क ।

**पङ्कज–** ना० [सं०] १. कमल वा त्यसको फूल । वि० २. हिलामा उत्पन्न हुने वा हिलामा उत्पन्न भएको । > **पङ्कजासन–** ना० १. ब्रह्मा । २. योगका चौरासी आसनमध्ये एक; कमलासन ।

**पङ्कनरवानर–** ना० [सं०] अश्मीभूत अस्थिअवशेषका रूपमा केन्यामा पाइएको, मानवजस्तो देखिने एक प्रकारको वानर; केन्यामानव ।

**पङ्किल–** वि० [सं०] १. हिलो भएको; हिले; पङ्कयुक्त । २. मैलो; फोहोर ।

**पङ्की–** ना० [भो० ब०] हिमाली प्रदेशमा प्रचलित भोटे समाजका नारीले लगाउने ऊनीद्वारा तयार गरिएको लुगाविशेष ।

**पङ्क्ति–** [सं०] १. कुनै जन्तु वा वस्तुको लाम; हार; लहर; ताँती; पाँती । २. अक्षरको लहर; हरफ । ३. दस सङ्ख्यालाई बुझाउने शब्द । **– बद्ध–** वि० लाम लागेको; ताँती लागेको; लस्कर लागेको । ~ **बीजारोपण–** ना० हार मिल्ने हिसाबले बीउ रोप्ने काम । ~ **रोपण–** ना० हार मिलाएर बोटबिरुवा रोप्ने काम; पङ्क्तिबद्ध बीजारोपण ।

**पङ्ख–** ना० [सं० पक्ष] १. पखेटा । २. प्वाँख ।

**पङ्खा–** ना० [पङ्ख+आ] प्वाँख, पत्र, कागज, कपडा, धातु आदिद्वारा निर्मित, हावाको वेग पैदा गर्ने वा बढाउने उपकरण; हम्कने साधन । ~ **फुल–** ना० एक मिटर अग्लो ठूलठूला भालाआकारको लामो भेटनापट्टि फुकेको हरिया पात हुने, पहेँलो फुल्ने, घोगाझैँ फल्ने र आयुर्वेदमा दाहक, पुष्टिकारक, पेटको रोग, कफ, पित्त, बान्ता, घाउ, सर्पले टोकेको आदिमा हित गर्ने बताइएको बुटीविशेष ।

**पङ्खी–** ना० [पङ्ख+ई] पक्षी; चरो; पखेरु ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पङ्गु**– वि० [सं०] १. गोडाले हिँड्न नसक्ने; लङ्गडो । २. परिस्थितिवश नराम्रो चाल चल्न बाध्य भएको । ३. विनाकामको (व्यक्ति) । – **ता/त्व**– ना० पङ्गु गराउने वा हुने भाव वा अवस्था ।

**पच्-नु**– अ० क्रि० [सं० पचन] १. खाएको कुराले शरीरमा बिगार नगरी तागत आदि दिएर अनावश्यक भाग मलमूत्रका रूपमा परिणत भई मलद्वार वा मूत्राशय आदिबाट जान लायक हुनु; हजम हुनु । २. लिएको वस्तु फर्काउन नपर्ने हुनु; पच हुनु । ३. कुनै वस्तु अर्का वस्तुमा गाभिएर समाप्त हुनु; लीन हुनु ।

**पच१**– ना० [सं०] १. पच्ने काम; पाचन । २. अर्कासँग लिएको धनमाल फिर्ता नगरी आफैँले उपभोग गर्ने नियतले गरिने अधिकरण; लिएको लियै पार्ने काम ।

**पच२**– वि० [सं० पञ्च] पाँच (पचभैया, पचहत्तर, पचासी आदि शब्दको आरम्भमा प्रयुक्त) ।

**पच३**– वि० बो० [सं० पश्च] नारिएका गोरुलाई पछाडि सार्न वा फर्काउनका निम्ति हलीले भन्ने शब्द (जस्तै- होरी पच) ।

**पचका**– ना० [अ० मू० पच+का] १. पानी आदि पन्यालो पदार्थ भरेर टाढासम्म पुग्ने गरी छर्कने ढुङ्ग्राका आकारको बाँस, फलाम, पीतल आदिको साधन; पिचकारी । २. स्प्रे गर्ने मेसिनको तरल पदार्थ फाल्ने टुँडोदार अवयव; पच्का । ३. पम्प सेटको डेलिभरी पाइपको टुप्पाको निपल; सो निपलसहितको डेलिभरी पाइप ।

**पचक्क**– क्रि० वि० [अ० मू० पचक्+क] १. कमसल धातु आदिको भाँडालाई दाब्दा आउनेझैँ शब्द निस्कने गरी । २. रसिलो पदार्थ किचिँदा वा दाबिँदा झैँ शब्द आउने किसिमले ।

**पचन**– ना० [सं०] १. पकाउने काम । २. पकाउने साधन । ३. पकाउने व्यक्ति । ४. अग्नि; आगो । > **पचनागार**– ना० भान्साघर । **पचनी**– ना० पचाउने काम; पच; हजम; दमपच ।

**पचनीय**– वि० १. पचाउन लायक; पकाउन सकिने खालको । २. पचाउन योग्य ।

**पचपच**– क्रि० वि० [अ० मू० पच्+उ (द्वि०)] १. रुघा, खोकी आदिका कारणले गर्दा मुख नमीठो भई थुक वा थुकथुकी निकालिरहेर । २. जे पायो त्यही शब्द मुखबाट निकालेर । > **पचपचती**– क्रि० वि० १. अझै पचपच हुने गरी । ना० २. त्यसरी थुक्ताको आवाज । ३. त्यस्तो बोलाइ वा किरिया । **पचपचाइ**– ना० पचपच गर्ने क्रिया वा प्रक्रिया; पचपचाहट । **पचपचाइनु**– अ० क्रि० पचपचाउँदो होइनु । **पचपचाउँदो**– वि० १. पचपचाएको; नमीठो स्वादको । २. पानी, पीप (घाउ, खटिरा आदिबाट) बगिरहने खालको । ३. फतफते । **पचपचाउनु**– अ० क्रि० १. मुखमा खल्लोपनको अनुभव हुनु; मुखको स्वाद बिग्रनु । २. पानी, पीप आदि बगिरहने हुनु । ३. जे पायो त्यही बोल्नु । **पचपचाहट**– ना० पचपचाउने भाव, स्थिति वा क्रिया-प्रक्रिया । **पचपचाहा**– वि० पचपचाउने खालको; पानी, पीप आदि (घाउ, खटिराबाट) बगिरहने । **पचपची**– क्रि० वि० पचपचती ।

**पचपन्न**– ना० [सं० पञ्चपञ्चाशत्] १. पचास र पाँचको योगबाट बन्ने सङ्ख्या; चवन्नपछि र छपन्नअघि आउने सङ्ख्या; ५५ को सङ्ख्या । वि० २. गणनाका क्रमले चवन्नभन्दा पछि आउने सङ्ख्यामा पर्ने; सो सङ्ख्याका क्रममा आउने । > **पचपन्नौँ**– वि० गणनाका क्रमले पचपन्न सङ्ख्यामा परेको; पचपन्न सङ्ख्याका क्रमको ।

**पचभैया**– – ना० [पच+भैया] १. एकसाथ हिँड्छन् भनी लोकले विश्वास गरेको पाँचवटा भूतहरूको समुदाय । २. सुदूरपश्चिमी नेपालतिर पूजा गरिने पाँच आत्माहरूको संयुक्त स्वरूप ।

**पचमेल**– ना० [पाँच+मेल] पाँच थोक मिसाएर बनाइएको मिठाई वा मसला ।

**पचरङ्गी**– वि० [पञ्च+रङ्गी] १. पाँच प्रकारका रङ वा बुट्टा मिलेको (वस्तु); पञ्चरङ्ग; पञ्चरङ्गी । २. रङबिरङको; बहुरङ्गी ।

**पचहत्तर**– ना० [सं० पञ्चसप्तति] १. सत्तरी र पाँचका योगबाट बन्ने सङ्ख्या; चौहत्तरपछि र छयहत्तरअघि आउने सङ्ख्या; ७५ को अङ्क । वि० २. गणना गर्दा सत्तरीभन्दा पाँच बेसी हुने; चौहत्तरपछिका सङ्ख्याको । > **पचहत्तरौँ**– वि० गणनाका क्रमले पचहत्तर सङ्ख्यामा पर्ने; पचहत्तर सङ्ख्याका क्रमको ।

**पचाइ**– ना० [√ **पच्** (+आइ)] पच्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पचाइनु**– क० क्रि० पचाउने काम गरिनु; हजम पारिनु ।

**पचाउ-नु**– स० क्रि० [पच्+आउ+नु] १. खाएको वस्तुलाई पाकयुक्त गराउनु; परिपक्व तुल्याउनु; पौष्टिक तत्त्वलाई आत्मसात् गर्नु । २. कसैको माल वा सम्पत्ति फिर्ता नदिने नियतले गायब तुल्याउनु वा लिनु । > **पचाउनी**– ना० १. पचाउने काम वा वस्तु । २. खान काटेका पशुको भित्री अङ्ग (भित्र्याँस, भुँडी, आन्द्रो आदि) ।

**पचाउरे**– वि० चाउरे शब्दकै अर्थमा त्यसका पछाडि प्रयोग हुने शब्द । (उदा०– चाउरेपचाउरे खुर्पाको बिँड, के खान्छस् चाउरे सुँगुरको लिँड । – लोककविता) ।

**पचापच**– क्रि० वि० [पच्+अ+पच] १. कत्ति पनि धक नमानी धमाधम शब्द उच्चारण गरेर । २. लगातार पचका चलाएर । ३. थुक्दा स्पष्टसँग ध्वनि उत्पन्न गरेर ।

**पचास**– ना० [सं० पञ्चाशत्] १. चालीस र दसको योगबाट बन्ने सङ्ख्या; ५० को सङ्ख्या; उनन्चासपछि आउने सङ्ख्या । वि० २. गणनाका क्रमले उनन्चासपछिको सङ्ख्यामा पर्ने; सङ्ख्याका दृष्टिले चालीस र दसका योगको ।

**पचासिऔँ/पचासियौँ**– वि० गणनाका क्रमले पचासी सङ्ख्यामा पर्ने; पचासी सङ्ख्याका क्रमको ।

**पचासी**– ना० [सं० पञ्चाशीति] १. असी र पाँचका योगबाट बन्ने सङ्ख्या; ८५ को सङ्ख्या; चौरासीपछि आउने सङ्ख्या । वि० २. गणनाका क्रमले उनासीपछि आउने सङ्ख्याबराबरको । >

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पचासीऔँ ⁄ पचासीयौँ**– वि० हे पचासिऔँ ।

**पचासौँ**– वि० [पचास+औँ] गणनाका क्रमले पचास सङ्ख्यामा आउने; पचाससङ्ख्याका क्रमको; उनन्चासपछिको प्रथम ।

**पचाहा**– वि० [पचाउ+आहा] १. अर्काको धनमाल लिएर फिर्ता नदिने स्वभावको; पचाउने खालको । २. जानेका कुरालाई पनि नजानेझैँ गर्ने; बुझपचाहा; बुझपेलाहा; हेपाहा ।

**पचिनु**– अ० क्रि० [पच्+इ+नु] १. हजम होइनु; पच्ने होइनु । २. पच्नु ।

**पची**– ना० [बा० बो०] आची; गुहु ।

**पचेटा ⁄ पचेडा**– ना० [सं० पश्च+एटा] १. केही कुराको पछि लाग्दा हुने धपेडी; धामा । २. झन्झट; झमेला ।

**पच्का**– ना०हे० पचका ।

**पच्कार्-नु**– स० क्रि० [अ० मू० पच्+कार+नु] १. समाजमा धक नमानीकन अर्काका दोष वा गुण स्पष्ट रूपमा भन्नु; भन्न नहुने कुरो पनि प्याच्च भन्नु । २. तोकेर भन्नु; औँल्याएर भन्नु । ३. अश्लील कुरो वा शब्द बोल्नु । > **पच्कार ⁄ पच्काराइ**– ना० पच्कार्ने क्रिया वा प्रक्रिया । **पच्कारिनु**– क० क्रि० १. पच्कार्ने पारिनु । अ० क्रि० २. पच्कार्ने होइनु ।

**पच्चर**– ना० [√ पस्+चिर्] ठूलो काठ, आरा आदिले चिर्दै गरेको बेला सजिलाका लागि चिरिएका ठाउँतिर ठोकिने फेसो ।

**पच्चिस**– ना० [सं० पञ्चविंशति] १. बीस र पाँचको योगबाट बन्ने सङ्ख्या; चौबीसपछि लगत्तै आउने सङ्ख्या । २. चारैतिर फिँजिएका आठ ⁄ आठ कोठा हुने, तीन ⁄ तीन लहरका चारवटा पाटा भएको थर्कीमा विभिन्न चार रङका चारचारवटा गोटी लिएर सातवटा कौडाले खेलिने एक खेल । वि० ३. बीस र पाँचका योगको; चौबीसपछिको सङ्ख्यामा पर्ने । ~ **गन्डा**– ना० सय पैसा; थुप्रो; धेरै । ~ **गन्डी**– वि० पच्चीस गन्डाको । > **पच्चिसा**– वि० १. सयमा पच्चीस; पच्चीसको । २. राम शाहले बसालेको सोअनुसार अन्नको ब्याज लिने थिति । **पच्चिसौँ**– वि० गणनाका क्रमले पच्चीस सङ्ख्यामा पर्ने; पच्चीस सङ्ख्याको; पच्चीस सङ्ख्याका क्रमको ।

**पच्चीस**– ना० हे० पच्चिस । > **पच्चीसा**– वि० हे० पच्चिसौँ ।

**पच्चु**– वि० [सं० पच्+उ] १. पचेको; पाक भएको । २. प्रौढ भएको; पोख्त भएको ।

**पच्छि-नु**– अ० क्रि० [सं० पश्च+नु] पछि पर्ने होइनु; पछौटे हुनु ।

**पच्छिउँ**– ना० [सं० पश्चिम] हे० पश्चिम ।

**पच्छिम**– ना० [सं० पश्चिम] पूर्व दिशाको विपरीत दिशा; घाम, जून, तारा आदि अस्ताउने दिशा । ~ **एक नम्बर**– ना० काठमाडौँदेखि पच्छिमतिरका नुवाकोट, लामीडाँडा, धादिङ, सल्यान आदि क्षेत्र पर्ने एक इलाका । ~ **चार नम्बर**– ना० पच्छिम तीन नम्बर इलाकादेखि पच्छिमपट्टिका भिर्कोट, गह्रौँ, सतौँ, स्याङ्जा आदि क्षेत्र भएको इलाका । ~ **तिन नम्बर**– ना० पच्छिम दुई नम्बर इलाका र तीन नम्बर इलाकाका बीचमा पर्ने लम्जुङ, कास्की, तनहुँ आदि क्षेत्र भएको इलाका । ~ **दुई नम्बर**– ना० पच्छिम एक नम्बर इलाका र तीन नम्बर इलाकाका बीचमा पर्ने (मुख्य बस्ती गोर्खा भएको) एक इलाका । > **पच्छिमा**– वि० १. पच्छिमसम्बन्धी; पच्छिमको; पश्चिमी; पाश्चात्य । २. पच्छिम दिशातिर रहने; पश्चिमी प्रदेशको । ३. काठमाडौँदेखि पश्चिमतिरको । ना० ४. नेपाली बाहुनहरूको गढकुमाउँबाट आएको वा आदिथलो डोटी भएको एक शाखा । **पच्छिमे**– वि० पच्छिमको (उपेक्षार्थमा) । **पच्छिमेली**– वि० पच्छिमको; पाश्चात्य ।

**पच्छे**– ना० [सं० पक्ष] १. कृष्णपक्ष वा शुक्लपक्ष । २. पक्षपात; तरफदारी; पनपच्छे; पनपक्ष । – **पात**– ना० पक्षपात । – **पाती**– वि० पक्षपाती ।

**पच्याङ**– ना० होचा-अग्ला ढुङ्गाहरू भएको असजिलो बाटो; राम्ररी नबनेको उबडखाबड परेको बाटो ।

**पछबार**– ना० [पछि+बार] १. नाउलाई यताउता घुमाउन नाउका पछिल्तिर लगाइने साधन; पतवार । २. पछुवा ।

**पछाइ**– ना० [√ **पछाउ** (+आइ)] १. पछाउने क्रिया वा प्रक्रिया । [√ **पाछ्** (+आइ)] २. पाछ्ने क्रिया वा प्रक्रिया । [ > ] **पछाइनु**– अ० क्रि० १. पछि होइनु; पछाडि परिनु । २. पाछ्न लाइनु ।

**पछाउ-नु**– अ० क्रि० [सं० पश्च+आउ+नु] १. पछि हुनु; पछाडि पर्नु । २. ढिलो हुनु; विलम्ब हुनु । ३. पछि लाग्नु; पछेटा लाग्नु । ४. बालीनाली पाक्न पछि हुनु । प्रे० क्रि० [सं० प्रवेश+आउ+नु] ५. पाछ्न लगाउनु; खोपाउनु; माईको टीका दिन लाउनु ।

**पछाड**– ना० [पछि+आड] १.शरीरको पछिल्लो अवयव । २. हात्ती, घोडा, गाई आदिका पछाडिका खुट्टा बाँध्ने डोरी ।

**पछाडि**– ना० यो० १. पछिल्तिर; पछि; पश्चात् (उदा०– राम-पछाडि श्याम छ) । क्रि० वि० २. पछि (उदा०– म अगाडि थिएँ ऊ पछाडि थियो) । ना० ३. पछाड । ४. जुत्ताको खुरातिर पर्ने कुर्कुच्चानेरको भाग । > **पछाडिनु**– अ० क्रि० १. पछाडि पर्नु; पछि हुनु । २. लड्नु; पछाड खानु ।

**पछार्-नु**– स० क्रि० [प्रा० पच्छाडि] १. भुइँमा लडाउनु; गिराउनु; लोटाउनु; ढाल्नु । २. साबुन, सोडा आदि नलगाईकन पानीमा मात्र लुगा आदि धुनु; मयल फाल्न लुगा आदिलाई भिजाएर ढुङ्गा, काठ, सिमेन्टको ढलान आदिमा बजार्नु । ३. जित्नु; पराजित गर्नु । > **पछार**– ना० १. पछार्ने काम; लडाउने काम । २. सफा गर्नका निम्ति लुगाफाटो ढुङ्गामा बजार्ने काम । **पछारपुछुर**– ना० राम्ररी पछार्ने काम (लुगा) । **पछाराइ**– ना० १. पछार्ने क्रिया वा प्रक्रिया । २. पछारिने क्रिया वा प्रक्रिया । **पछारिनु**– अ० क्रि० १. भुइँमा लड्नु; लोट्नु । क० क्रि० २. भुइँमा लडाइनु । ३. भिजेका लुगा ढुङ्गा आदिमा बजार्ने काम गरिनु ।

**पछि**– ना० यो० [सं० पश्च+ई] १. पछिल्तिर; पछाडि । क्रि० वि० २. समय बिताएर; पछिबाट; ढिलो; पछाडि । – **उँडै ⁄ उँडो**–

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



क्रि० वि० पछिबाट समय बिताएर; पश्चात् ।

**पछितो–** ना० [√ **पछुतो**] पश्चात्ताप; पछुताउ; पछुतो ।

**पछिया–** ना० [पश्चिम] पच्छिमतर्फबाट आउने बतास वा हावा ।

**पछिल्तिर–** क्रि० वि० [पछि+तिर] १. पछाडिपट्टि; पिठिउँतिर । ना० यो० २. पछि; पछाडि ।

**पछिल्लो–** वि० [पछि+लो] पछाडिपट्टिको; पछिल्तिरको; पिठिउँतिरको ।

**पछुताइ–** ना० [√ **पछुताउ** (+आइ)] पछुताउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पछुताइनु–** क० क्रि० पछुताउने काम गरिनु; पछुताउने पारिनु ।

**पछुताउ–** ना० [पछुतो+आउ > सं० पश्चात्ताप] पश्चात्ताप; पछितो; पछुतो । > **पछुताउनु–** स० क्रि० भूलचूकमा भए-गरेका काम-कुरामा दुःख मान्नु; पछुताउ गर्नु; पछुतो मान्नु; चुकचुकाउनु; थकथकाउनु । **पछुताहट–** ना० पछुताइ; पछुतो ।

**पछुतो–** ना० [सं० पश्चात्ताप] पहिले आफूले गरेका भूलमा मानेको अफसोस; थकथकी; पश्चात्ताप; पछितो ।

**पछुवा१–** वि० [पछि+उवा] १. पछाडि रहेको; पछाडि परेको; पछि भएको । ना० २. हात्तीका सवारीमा पछाडिपट्टि बस्ने (माहुतेभन्दा तल्लो दर्जाको) व्यक्ति । ३. पोइल जाँदा आफ्ना पछि लागेर आएको; पहिलो लोग्नेतिरको पछिल्लो सन्तान । ४. गोरुगाडा आदि सङ्कटमा पर्दा बैलवानलाई सहायता गर्न पछि लाग्ने व्यक्ति ।

**पछुवा२–** ना० [सं० पश्चवात] पश्चिमतिरबाट पूर्वतिर बगेको हावा; लु ।

**पछेउरा–** ना०हे० पछ्यौरो । > **पछेउरो–** ना० पछ्यौरी । **पछेउरो–** ना० पछ्यौरो ।

**पछेटा / पछेटो–** ना० [सं० पश्च+एटा / एटो] पछि लाग्ने काम; पछ्याउने काम; पिछा; अनुसरण ।

**पछेनी–** ना० [सं० पक्ष्म > फा० पशम+एनी] १. पस्मिनाको फेटा । २. फेटा ।

**पछोड–** ना० [सं० पश्च+ओड] कडी लगाएर हात्तीका पछिल्तिर कसिने डोरी ।

**पछौटे–** वि० [सं० पश्च+औटे] १. पछि परेको; पछाडिको । २. अविकसित । ३. पछाडि पाक्ने वा पछाडि फल्ने (बाली, फल आदि); पछ्तिया । ४. पछि लाग्ने; पछ्याउने (व्यक्ति) । ५. पछि बियाउने (गाई आदि) ।

**पछौटो–** ना० [पछि+औटो] १. सबभन्दा पछि जन्मिएको सन्तान । २. कुनै काममा सबभन्दा पछि परेको व्यक्ति । ३. सबैभन्दा पछिको उब्जा ।

**पछ्तिया–** वि० [सं० पश्चात्+इया] पछि पाक्ने वा तयार हुने (बाली, फल आदि) ।

**पछ्याइ–** ना० [√ **पछ्याउ** (+आइ)] पछ्याउने क्रिया वा प्रक्रिया । [ > ] **पछ्याइनु–** क० क्रि० पछ्याउने काम गरिनु; पछि लागिनु ।

**पछ्याउ-नु–** स० क्रि० [पछि+आउ+नु] १. पछि लाग्नु; पिछा गर्नु । २. केटाकेटी वा पशुले माया गरेर पछि लाग्नु; रत्तिनु । ३. कसैका सँगसँगै काम गर्नु; पछिपछि गर्दै जानु ।

**पछ्यौरा–** ना० [सं० पक्ष्म+यौरा] पछ्यौरो; पछेउरा । > **पछ्यौरी–** ना० पछ्यौरो । **पछ्यौरो–** ना० फेर मार्न वा फन्को मार्नसमेत हुने किसिमको ओढ्ने वस्त्र; दुपट्टा; उत्तरीय वस्त्र (खास्टो, बर्को आदि) ।

**पजनी–** ना० [फा० पा+जनी] सरकारी तहका कर्मचारीहरूको कामगराइको इमानदारी वा बेइमानीका आधारमा खारेजी, सरुवा, थमौती, बढुवा आदि गर्ने काम । ~ **कागज / कागत–** ना० सरकारी कर्मचारीको कामअनुसार थमौती, खारेजी, सरुवा, बढुवा आदिका निम्ति तिनले गरेका काम आदिको विवरणसमेत तयार पारिएको कागज ।

**पजलो–** ना० [पन्जा+लो] १. सम्म परेको जमिन; समतल भूमि । वि० २. समथर; पँजलो ।

**पञ्च–** ना० [सं०] १. पाँचको सङ्ख्या । २. पाँच वा त्यसभन्दा बढी भलादमीहरूको समुदाय; पञ्चभलादमी । ३. पञ्चभलादमीमध्ये एक । ४. पञ्चायतको सदस्य । – **क–** ना० १. एकै प्रकारका पाँच वस्तुहरूको समुदाय । २. धनिष्ठादेखि रेवतीसम्मका पाँच नक्षत्र । ३. कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मका पाँच दिन; यमपञ्चक । ४. कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मका पाँच दिनको समय; भीष्मपञ्चक । वि० ५. पाँच अङ्कको । ~ **कचहरी–** ना० पञ्चभलादमीहरू बसेर गरिएको कुनै विषयको छलफल । ~ **कन्या–** ना० अहल्या, द्रौपदी, तारा, कुन्ती र मन्दोदरी गरी जम्मा पाँचवटी कन्याहरूको समुदाय । ~ **कर्म–** ना० जप, होम, तर्पण, रुद्राभिषेक र ब्राह्मणभोजन यी पाँच पुण्य कर्म । ~ **किर्ती / किर्ते–** वि० पञ्चभलादमीले ठहराएको; पञ्चले निर्णय गरेको (मोल) । ~ **किर्ते मोल–** ना० पञ्चभलादमीले ठहराएको वा निर्णय गरेको मोल । ~ **कृति–** वि० पञ्चकिर्ते । ~ **क्लेश–** ना० योगशास्त्रअनुसार अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश गरी जम्मा पाँच प्रकारका क्लेशहरू । ~ **खत–** ना० साबित भएमा ज्यान सजाय हुने, दामल हुने, मुडिने, घटी जातमा मिलाई खोपिने र जात पतित हुने– यी पाँच किसिमका दण्ड हुने खत वा अपराध । ~ **गव्य–** ना० गाईको दूध, दही, घिउ, गउँत र गोबर मिलाई पूजादि कार्यका निम्ति बनाइएको पवित्र वस्तु । ~ **गुण–** ना० १. शब्द, स्पर्श, रूप, रस र गन्ध– यी पाँच प्रकाका गुण । वि० २. पाँच गुना; पाँच दोब्बर । ~ **गौड–** ना० विन्ध्याचलका उत्तरी भागमा बस्ने सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र औत्कल गरी ब्राह्मणका पाँच वर्ग । – **चामर–** ना० प्रत्येक चरणमा लघुगुरु मात्रा हुने सोह्र-सोह्र अक्षरका चार चरण हुने वार्णिक छन्द । ~ **तत्त्व–** ना० १. पृथ्वी, जल, तेज, वायु र आकाश गरी जम्मा पाँच प्राकृतिक तत्त्व । २. पञ्चमकार । – **तन्त्र–** ना०

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



नीतिसम्बन्धी उपदेशप्रद कथाहरूलाई पाँचोटा मूल कथामा उनेर लेखिएको प्रसिद्ध ग्रन्थ । – **तारा**– ना० १. ध्यानी बुद्धका पाँच शक्ति । २. पञ्चबोधिसत्त्वकी माता । ३. वज्रधात्वीश्वरी, लोचना, मामकी, पाण्डुरा र तारा गरी जम्मा पाँच बौद्ध शक्ति । – **ताल**– ना० मादलसँग मिल्दो एक नेपाली बाजा । – **दश**– ना० दस र पाँचको योगबाट बनेको सङ्ख्या; पन्ध्रको सङ्ख्या । – **दशी**– ना० १. पूर्णिमा तिथि । २. वेदान्तको एक प्रसिद्ध ग्रन्थ । – **द्रविड**– ना० १. विन्ध्यापर्वतका दक्षिण भागमा बस्ने, महाराष्ट्र, तैलङ्ग, गुर्जर र द्रविड गरी जम्मा पाँच ब्राह्मणवर्गको समुदाय । २. विन्ध्यापर्वतभन्दा दक्षिणतिर बोलिने तामिल, कन्नड, तेलगु, मलयालम र सिंहलीझैँ पाँच प्रधान भाषा । ~ **ध्यानी बुद्ध**– ना० वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि गरी जम्मा पाँच बुद्ध । – **नख**– वि० १. पाँच नङ हुने (जीव) । २. हात्ती । ३. कछुवा । ४. बाघ । – **नद**– ना० १. पन्जाब प्रदेशमा बग्ने झेलम, व्यास, राबी, चिनाव र सतलज– यी पाँच नदीहरूको समूह । २. पन्जाब प्रदेश । ३. किरण, धूतपापा, सरस्वती, गङ्गा र यमुना– यी पाँच नदीहरूको समुदाय । ~ **निर्णय**– ना० पञ्चद्वारा गरिएको निर्णय । ~ **न्यायाधिकरण**– ना० पञ्चभलादमीहरूद्वारा गठन गरिएको तल्लो तहको अदालत; पञ्चायती अदालत । ~ **पखान**– ना० छताछुल्ल भएर छरिएको वा पोखिएको वस्तु । ~ **पखाल**– ना० १. ज्यादै पातलो दिसा; पखाला । २. छताछुल्ल भएर छरिएको वा पोखिएको पन्यालो वस्तु; पञ्चपखान । ~ **पर्व**– ना० अष्टमी, चतुर्दशी, पूर्णिमा, अमावास्या र रविसङ्क्रान्ति गरी पाँचवटा पर्व । ~ **पाण्डव**– ना० पाण्डुका पाँच छोराहरू; युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेव गरी महाभारतप्रसिद्ध पाँच पुरुष । ~ **पात्र**– ना० देवादिको कार्यमा प्रयोगमा ल्याइने दुई जलपात्र, दुई आचमनी र एक थाली गरी जम्मा पाँच पात्र । ~ **पाला**– ना० १. प्रायः पाँचदेखि सात खण्डसम्म भएको पूजाको सामग्री हाल्ने, धातुबाट बनेको विशेष प्रकारको थाली । २. धेरै खण्ड भएको काठ, माटो आदिबाट बनेको मरमसला राखिने भाँडो; सन्जोगे । ~ **पिता**– ना० जन्म दिने (बाबु), मन्त्र दिने (गुरु), कन्या दिने (ससुरो), अन्न दिने (किसान) र भय हर्ने (राजा) गरी जम्मा पाँच प्रकारका पिता । ~ **प्राण**– ना० प्राण, अपान, व्यान, उदान र समान गरी जम्मा पाँच प्रकारका वायु; शरीरमा रहने पञ्चवायु । ~ **बुद्ध**– ना० १. वैरोचन, अक्षोभ्य, अमिताभ, रत्नसम्भव र अमोघसिद्धि गरी अलौकिक शक्ति भएका जम्मा पाँच बुद्ध । २. पुराणप्रसिद्ध पाँच बुद्धहरूको समूह (विपस्वी, शिखी, ककुच्छन्द, कनकमुनि र काश्यप) । ~ **बोधिसत्त्व**– ना० १. समन्तभद्र, वज्रपाणि, रत्नपाणि, पद्मपाणि र विश्वपाणि गरी जम्मा पाँच बोधिसत्त्व । २. पञ्चध्यानी बुद्धका छोरा । ३. पञ्चताराका छोरा । ~ **भलादमी**– ना० गाउँका पाँच वा त्यसभन्दा बढी गण्यमान्य व्यक्तिहरूको समुदाय । ~ **भेला**– ना० पञ्चायतका सबै तहका सदस्यहरूको एकत्रित समूह, जमघट वा महासम्मेलन । – **म**– वि० १. पाँचौँ । ना० २. सङ्गीतका सात स्वरमध्ये एक । (यसलाई सङ्क्षेपमा 'प' भनिन्छ र यसमा ३६० नादलहरी रहेका हुन्छन्) । ~ **मकार**– ना० वाममार्गीहरूका मतअनुसार मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन– यी पाँच शब्दका सुरुसुरुका पाँचोटा म; यी पाँच मकारबाट बन्ने वस्तु । ~ **महापातक**– ना० ब्रह्महत्या, सुरापान, चोरी, गुरुस्त्रीगमन र ती चार महापातकीको सहवास गरी पाँच किसिमका पातक वा पाप । ~ **महाभूत**– ना० पृथ्वी, जल, तेज, वायु र आकाश– यी पाँच तत्त्व; पञ्चतत्त्व । ~ **महायज्ञ**– ना० स्वाध्याय (ब्रह्मयज्ञ), होम (देवयज्ञ), वलिवैश्वदेव (भूतयज्ञ), पिण्डक्रिया (पितृयज्ञ) र अतिथिपूजा (नृयज्ञ) गरी जम्मा पाँच किसिमका यज्ञ; गृहस्थीका घरमा नित्य रूपले गरिने उपर्युक्त पाँच महायज्ञ । ~ **महाव्याधि**– ना० अर्श, यक्ष्मा, कुष्ठ, प्रमेह र उन्माद गरी जम्मा पाँच किसिमका भयानक रोग । ~ **महाव्रत**– ना० अहिंसा, सुनृता (मीठो वा साँचो बोली), अस्तेय (चोरी नगर्नु), ब्रह्मचर्य र अपरिग्रह (दान नलिनु वा सङ्ग्रह नगर्नु) जस्ता मनुष्यलाई माथिल्ला तहमा पुऱ्याउने मानिएका योगशास्त्रमा उल्लिखित जम्मा पाँचोटा महाव्रत ।

**पञ्चमाङ्ग**– ना० [सं०] १. आधुनिक राजनीतिमा शत्रुका राज्यमा उपद्रव मच्चाउन र त्यहाँको गोप्य रहस्य थाहा पाउनका निम्ति तयार पारिएको वा नियुक्त गरिएको विशेष प्रकारको दल । २. स्वदेशका विरुद्ध विदेशको दलाली गर्ने दल वा व्यक्ति । > **पञ्चमाङ्गी**– वि०. १. पञ्चमाङ्गको; पञ्चमाङ्गसम्बन्धी । ना० २. पञ्चमाङ्ग ।

**पञ्चमी**– ना० [सं०] चान्द्र मासका आधारमा प्रत्येक मासमा आउने शुक्ल एवं कृष्ण दुवै पक्षको पाँचौँ तिथि; चौथीपछिको तिथि; शुक्ल वा कृष्ण पञ्चमी । ~ **विभक्ति**– ना० व्याकरणमा देखि, देखिन्, बाट आदि विभक्ति ।

**पञ्च रङ्ग**– ना० [सं०] १. पाँच प्रकारका रङ वा वस्तु । वि० २. पाँच रङ वा वस्तुले युक्त । ३. धेरै प्रकारका रङले युक्त; रङ्दार ।

**पञ्च रत्न**– ना० [सं०] १. नीर, हीरा, पद्मरागमणि, मोती र मुगा गरी जम्मा पाँच रत्न । २. सुन, चाँदी, तामा, पित्तल र फलाम गरी जम्मा पाँच धातुहरूको संयोग ।

**पञ्चराशिक**– ना० [सं०] जानिएका चार राशिहरूद्वारा नजानिएको पाँचौँ राशि पत्ता लगाउन सकिने एक खालको हिसाब ।

**पञ्च लौह**– ना० [सं०] १. सुन, चाँदी, तामा, फलाम र पीतल– यी पाँच धातु । २. ती पाँच धातुका योगबाट बनेको धातु ।

**पञ्च वर्षीय**– वि० [सं०] पाँच वर्षमा हुने वा गरिने; पाँच वर्षको अवधिमा पूरा हुने । ~ **योजना**– ना० खास-खास योजना वा लक्ष्यको पूर्ति र समस्याहरूको समाधानका निम्ति पाँच वर्षको अवधिभित्र सम्पन्न गरिने कार्यक्रम ।

**पञ्च बलि**– ना० [सं०] कुनै किसिमको भाकल पूरा गर्नका निम्ति

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



देव-देवीलाई दिइने पाँच जातका पशुपक्षीहरूको बलि ।

**पञ्च शस्य–** ना० [सं०] धान, मुगी, तिल, मास र जौ– यी पाँच अन्न ।

**पञ्चशील–** ना० [सं०] १. हिंसा नगर्नु, चोरी नगर्नु, झुट्टो नबोल्नु, रक्सी आदि नखानु, ब्रह्मचर्यमा रहनु भनी बौद्ध धर्मअनुसार गृहस्थीमा रहेका बौद्ध उपासकहरूले पालन गर्नुपर्ने पाँच नियम । २. इन्डोनेसिया देशको बाङ्डुङ नामक सहरमा अप्रिल, १९५५ इ० मा भएको एसिया र अफ्रिकाका अनेक राष्ट्रको सम्मेलनमा राष्ट्रका पारस्परिक हितका लागि स्वीकार गरिएका, क्षेत्रीय अक्षुण्णता र सार्वभौमिकताको पारस्परिक सम्मान, पारस्परिक अनाक्रमण, एक अर्काका देशीय समस्याहरूमा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित तथा शान्तिपूर्ण सहअस्तित्त्वजस्ता महत्त्वपूर्ण पाँच सिद्धान्त ।

**पञ्च सन्धि–** ना० [सं०] १. व्याकरणअनुसार स्वर, व्यञ्जन, विसर्ग, स्वादि र प्रकृतिभाव– यी पाँच किसिमका सन्धि । २. नाटकका मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण गरी जम्मा पाँच किसिमका सन्धि ।

**पञ्च सुगन्ध धूप–** ना० [सं०] श्रीखण्ड, कस्तूरी, अगरु, कुमकुम, केसरीसमेत पाँचवटा वस्तु मिसाई बनाइएको सुगन्धित धूप ।

**पञ्च स्कन्ध–** ना० [सं०] बौद्ध धर्मअनुसार रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान गरी जम्मा पाँच गुणहरूको समुदाय ।

**पञ्च स्नान–** ना० [सं०] १. दुई हात, दुई गोडा र मुखमण्डल गरी जम्मा पाँच अङ्गहरूको स्नान । २. स्नानको साटो मुख, हात मात्रै धुने कार्य ।

**पञ्चाक्षर–** वि० [सं०] १. पाँच अक्षर भएको । ना० २. 'नमः शिवाय'– यी पाँच अक्षरको मन्त्र । **पञ्चाक्षरी–** वि० १. पाँच अक्षर भएको । ना० २. पाँच अक्षर मात्र हुने मन्त्र ।

**पञ्चाग्नि–** ना० [सं०] १. अग्निहोत्रीहरूद्वारा प्रयोग गरिने अन्वाहार्य (पितृकार्यका निम्ति), गार्हपत्य (दैवीवाक्का निम्ति), आहवनीय (हवनका निम्ति), आवसथ्य (गृहकार्यका निम्ति) र पचन (मरणोपरान्त आत्मदाहका निम्ति) गरी पाँच प्रकारका अग्नि । २. तपस्या गर्दा प्रयोग गरिने आफ्ना चारैतिर बालिएका चार अग्नि र आफूमाथिका सूर्यसमेत जम्मा पाँच अग्निको समुदाय ।

**पञ्चाङ्ग–** ना० [सं०] १. पाँच अङ्ग भएको वस्तु । २. आयुर्वेदअनुसार जरो, बोक्रो, पात, फूल र फल गरी पाँच अङ्गहरूको समूह । ३. ज्योतिषशास्त्रअनुसार प्रत्येक दिनमा पर्ने तिथि, वार, नक्षत्र, योग तथा करण– यी पाँच अङ्ग भएको पुस्तिका; पात्रो; क्यालेन्डर ।

**पञ्चामृत–** ना० [सं०] १. गाईको दूध, दही, घिउ र मह तथा चिनी मिलेर बनेको वस्तु । २. पाँच प्रकारका अमृतहरूको समुदाय ।

**पञ्चायत–** ना० [सं०] १. नेपालको सं० २०१९ को पञ्चायतकालीन संविधानअनुसार गाउँ, नगर, जिल्ला तथा राष्ट्रको सञ्चालनका निमित्त चुनिएका वा निर्वाचित भएका पञ्चहरूको सङ्गठन; त्यसको पद्धति वा व्यवस्था; पञ्चहरूको सभा । २. कुनै विवाद वा मुद्दामामिलामा समुचित निर्णय दिनका निम्ति जम्मा भएका वा चुनिएका व्यक्तिहरूको व्यवस्था एवं कार्य । ~ **उपसमिति–** ना० पञ्चायतद्वारा कुनै कार्य सम्पन्न गर्न गठित समितिभित्रको अर्को समिति । ~ **समिति–** ना० तत्कालीन राष्ट्रिय पञ्चायतमा नियमानुसार गठित हुने विभिन्न समितिमध्ये गृह पञ्चायत तथा स्थानीय विकास, कानुन तथा न्याय, रक्षा, सामान्य प्रशासन र लोकसेवा आयोगको वार्षिक प्रतिवेदनविषयक कार्यसँग सम्बन्ध राखी कार्यसम्पन्न गर्ने समिति ।

**पञ्चायती–** वि० [सं०] १. पञ्चायतको वा पञ्चायतसम्बन्धी । २. धेरै जनाको; साझा; गोस्वाराको; सर्वसाधारणको । ~ **अदालत–** ना० गाउँ पञ्चायतका पञ्चभलादमीहरू मिली सानातिना स्थानीय झगडाहरू टुङ्गो लाउनका निम्ति गठन गरिएको अदालत । ~ **प्रजातन्त्र–** ना० नेपालको सं० २०१९ को संविधानअनुसार पञ्चायतका नीतिनियमहरूको आधारमा चलेको शासनव्यवस्था । ~ **व्यवस्था–** ना० नेपालको सं० २०१९ को संविधानअनुसार गाउँ, नगर, जिल्ला तथा राष्ट्रिय पञ्चायत आदिका क्रमले गठित एक विशेष प्रकारको राजनीतिक व्यवस्था । ~ **सभा–** ना० कुनै कार्य सम्पन्न गर्नका लागि र सोका सम्बन्धमा विचारविमर्श गर्नका निम्ति बस्ने पञ्चहरूको सभा ।

**पञ्चेन्द्रिय–** ना० [सं०] १. बाह्य जगत्‌को ज्ञान गराउने आँखा, कान, नाक, जिब्रो तथा छाला गरी जम्मा पाँच इन्द्रियको समुदाय । २. बोली, हात, खुट्टा, गुदद्वार तथा मूत्रद्वार गरी जम्मा पाँच कर्मेन्द्रियको समुदाय ।

**पञ्चोपचार–** ना० [सं०] चन्दन, फूल, धूप, बत्ती र नैवेद– यी पाँच थोकबाट तयार गरिएको पूजाको सामग्री ।

**पञ्जर–** ना० [सं०] १. चराचुरुङ्गी पाल्ने खोर; पिँजरा । २. शरीरका हाडहरूको आकृति; कङ्काल । ३. शरीर; देह ।

**पञ्जिका–** ना० [सं०] १. कार्यालयहरूमा ठाउँठाउँबाट आएका मिसिल वा त्यसमा लेखिएका हरेक किसिमका कागजपत्र स्रेस्तामा चढाएर दर्ता गरी राख्ने र पठाइने कागजको दर्ताकापी; पुस्तिका वा दर्ताको नम्बरबमोजिमका कागजको विवरण । २. प्रत्येक पद वा शब्दको अर्थ खुलाएको टीका; विशद टीका । ३. पञ्चाङ्ग; पात्रो । ४. विषयसूची । > **पञ्जिकाधिकारी–** ना० जन्म, विवाह, मृत्यु आदि दर्ता गरी दुरुस्त राख्ने काममा खटिएको कर्मचारी । **पञ्जिकाध्यक्ष–** ना० रजिस्ट्रार ।

**पञ्जी–** ना० [सं०] हिसाब वा विवरण लेखिने पुस्तिका; बही । – **बद्ध–** वि० अभिलिखित; खातामा चढाइएको; तालिकाबद्ध ।

**पञ्जीयन–** ना० [सं०] १. घर, जग्गा आदिको बिक्री वा हस्तान्तरण गर्दा वा कुनै पार्सल, चिठी आदि पठाउनुपर्दा सम्बन्धित व्यक्तिहरूको नाम, ठेगाना आदि खातामा चढाएर अभिलेखका रूपमा राख्ने काम । २. निवेदकको नाम, निवेदन, दर्खास्त

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



आदि र निवेदन गरिएको विषय आदि दर्ता गराउने काम । ~ **पत्र–** ना० पञ्जीयन कार्यका लागि भर्नुपर्ने पूर्वनिर्धारित तालिकायुक्त कागज ।

**पट्-नु१–** अ० क्रि० [सं० प्रवृत्त+नु] १. कुनै काम बन्नु वा तामेल हुनु; सिद्ध हुनु; निब्टनु । २. भेटघाट हुनु; मेल हुनु; मिलाप हुनु ।

**पट्-नु२–** अ० क्रि० खेतबारीमा पानी पुग्नु; सिञ्चित हुनु ।

**पट१–** ना० [सं०] १. कपडा; लुगा; वस्त्र । २. चित्र लेख्ने कपडा, कागज, फलेक आदि वस्तु । ३. पर्दा । ४. तस्बिर; चित्र ।

**पट२–** वि० [सं०] १. केही नजान्ने; मूर्ख; अज्ञानी कोरा । २. समतल (मैदान) । क्रि० वि० ३. एकदम; धेरै (पटमूर्ख, पटबाँझो इ०) ।

**पट३–** ना० [सं०] घाउ, खटिरा चिरेपछि पीप तथा रगत सफा गर्ने काममा प्रयोग गरिने वस्तु ।

**पटक–** क्रि०वि० [सं० प्रत्येक] चोटि; पल्ट; बाजि; फेर ।

**पटकथा–** ना० [सं०] दृश्यावली र छायाङ्कनका लागि निर्देशसहितको संवादात्मक आलेख (स्क्रिप्ट) ।

**पटका–** ना० [अ० मू० पट्+का] १. बारुद र गन्धकबाट तयार गरिएको; पटचाक-पटचाक गरी पड्काइने वस्तु; पटाका । २. भुइँमा बजार्दा वा आगो सल्काउँदा बम, गोला आदिझैँ पड्कने एक किसिमको आतसबाजी ।

**पटके–** वि० [पटक+ए] १. एक पटक मात्र हुने; एक चोटि मात्र हुने । २. एक वा धेरै पटक कुनै अपराधमा साबित भइसकेको वा सजाय पाएको । ३. पटकपटक गरी गरिने । ना० ४. एकै चोटिका निम्ति भनी तोकिएर निकासा भएको रकम । ~ **चोर–** ना० एकपल्ट चोरीमा समातिइसकेको ।

**पटक्क–** क्रि० वि० [अ० मू० पटक्+क] १. काठ आदि भाँचिँदा झैँ शब्द आउने गरी । २. भुतुक्कसँग मर्ने किसिमले । ३. केही पनि हुँदै नहुने किसिमले । ४. ठ्याम्मै; बिलकुल; कत्ति पनि । (उदा०–ऊ मैले भनेको पटक्क मान्दैन) ।

**पटटट–** क्रि० वि० [अ० मू० पट् (सात०)] १. पटका आदि एकपछि अर्को पड्कँदाको झैँ शब्द आउने गरी । २. पड्कारो किसिमले; सुनिने गरी उच्चारण गरेर ।

**पटना–** ना० [सं० पट्टन] १. भारतको विहारप्रान्तको राजधानी; पटना सहर । २. अङ्ग्रेज सरकारले इस्ट इन्डिया कम्पनीमार्फत चलाएको मुद्रा; कम्पनी । ३. अङ्ग्रेजले चलाएको भारतीय मुद्रा । ~ **माला–** ना० पटना जडेर गहनाका रूपमा बनाएको माला; टक्काहार; कम्पनीमाला ।

**पटनी–** ना० [पाट्+अनी] खेत आदिमा पानी पटाउने काम; सिँचाइ ।

**पटपट–** ना० [अ० मू० पट+अ (द्वि०)] १. केराका पातको डाँख्लो बीचमा केही भाग राखेर दुईतिर चिरी हल्लाएर बजाउँदाको शब्द । २. त्यस्तो शब्द निकालेर खेलिने खेल । ३. हाँडीमा भुटिएका मकै आदि पड्कँदा आउने शब्द । ४. लट्ठी आदि बारबार भाँचिरहँदा आउने शब्द । ५. कुनै वस्तु लगातार फुट्दा आउने शब्द । ६. केही पड्कँदा आउने शब्द । क्रि० वि० ७. त्यस्तो शब्द निस्कने गरी । > **पटपटती–** क्रि० वि० १. अझै पटपट हुने गरी । २. भकाभक एकपछि अर्को ढल्ने वा मर्ने गरी । > **पटपटाइ–** ना० पटपट गर्ने क्रिया वा प्रक्रिया । **पटपटाइनु–** अ० क्रि० १. पटपट शब्द निस्किनु । क० क्रि० २. पटपट शब्द उत्पन्न गराइनु । **पटपटाउनु–** अ० क्रि० १. पटपट शब्द उत्पन्न हुनु; पट्कनु । २. भटभटाउनु; फलाक्नु । ३. अस्पष्ट शब्द बोल्नु । **पटपटाहट–** ना० पटपटाउने भाव, अवस्था वा क्रियाप्रक्रिया; पटपटाइ । **पटपटाहा–** वि० पटापट शब्द निकाल्ने; पटपटे; फटफटे । **पटपटिनु–** अ० क्रि० पटपटाउनु । **पटपटी–** क्रि० वि० पटपटती; पटपट । **पटपटे–** ना० १. मोटो जातको दूबो; घोडेदूबो । २. खुकुरीको बिँड आदि बनाउने काममा आउने एक जातको रूख; भालुकाठ । ३. बलियो तथा नझर्ने, दाँती परेका किनारा भएको साधारण पात हुने, पहेँला वा सेता ससाना आकारका फूल फुल्ने बोटविशेष । ४. केराका पातका डाँख्लाबाट बनाइने र पटपट बजाउँदै खेलिने केटाकेटीको एक खेलौना । वि० ५. पटपट शब्द गर्ने; पटपट शब्द निकाल्ने । ६. भटभटाउने; फटफटे । **पटपट्याइ–** ना० पटपटिने वा पटपटाउने क्रिया वा प्रक्रिया । **पटपट्याइनु–** क० क्रि० पटपट पारिनु; पटपट शब्द निकालिनु । **पटपट्याउनु–** प्रे० क्रि० पटपट पार्नु; पटपट शब्द निकाल्नु वा निकाल्न लाउनु । **पटपट्याहट–** ना० पटपटिने भाव, स्थिति, क्रिया वा प्रक्रिया; पटपट्याइ ।

**पटबन्धा–** ना० [सं०] कुनै पनि अधिराज्यका अधिराजकी प्रमुख विवाहिता महारानी; पटरानी ।

**पटबाँझो–** ना० [सं० पट्टबन्ध्य] १. कहिले पनि खनजोत नगरिएको बाँझो र साह्रो जमिन । वि० २. एकदम बाँझो; पट्टबन्ध्य ।

**पटमिरो/पटमेरो–** ना० बडहरका जस्ता तर केही चिल्ला पात हुने, सेता फूल र काला फल फल्ने र पात गाईबस्तुले खाने एक प्रकारको रूख; कुटमिरो ।

**पटमैदान–** ना० [पट+मैदान] १. सम्म परेको फराकिलो मैदान; खुला रूखहरू केही पनि नभएको उघारो मैदान । ३. खुला, फराकिलो र समथर बाँझो जग्गा; पर्ती ।

**पटरानी–** ना० [सं० पट्ट+राज्ञी] राजाका साथमा शुभराज्याभिषेक भएकी रानी; महारानी; पट्टमहिषी ।

**पटरी१–** ना० [सं० पट्ट+अरी] १. रेलका लिकमुन्तिर बिछ्याइएको काठ वा फलाम; रेल आदिको लिक । २. फल्याक । ३. इन्च आदिका नापको चिह्न भएको काठ आदिको नाप्ने साधन । ४. राजमार्गका दुवैतिर पैदल हिँड्न बनाइएको बाटो । ५. नदी आदिका पुलका दुवैतिर हिँड्न बनाइएको पेटी ।

**पटरी२–** ना० [प्रवृत्ती > सं० प्रवृत्ति) मेल; मिलाप; बानीमा समानता (उदा०– हरिको त उससँग पटरी नै खाँदैन) ।

**पटल–** ना० [सं०] १. घर आदिको छानो; छत; छादन । २. कुनै वस्तुलाई ढाक्ने वा छोप्ने साधन; पर्दा; आवरण । ३. तह; पत्र ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



४. आँखाको फलक वा ढकनी । ५. ग्रन्थको अध्याय; परिच्छेद । ६. समूह; जमात; हूल ।

**पटवन्ध्या–** ना० [सं० पट्टवन्ध्या] निःसन्तान आइमाई (टकारौंड, बूढी कन्ने वा बैला) ।

**पटवारी–** ना० [सं० पट्ट+वाला+ई] तराईका मौजाको जमिन र त्यसका उठतीको हिसाब राख्ने जिम्दारभन्दा तलको एक पदाधिकारी; जिम्दारको सहायक; पटुवारी; पटवारी ।

**पटाइ–** ना० [√ **पट्** (आइ)] १. पानी पट्ने क्रिया वा प्रक्रिया । [पटाउ+आइ] २. पटाउने क्रिया वा प्रक्रिया । [ > ] **पटाइनु–** क० क्रि० १. पट्ने पारिनु; काम तामेल पारिनु । २. खेत आदिमा पानी लगाइनु । **पटाउनु–** स० क्रि०/प्रे० क्रि० १. खेत आदिमा पानी लगाउनु; बिरुवा आदिमा पानी सिञ्चन गर्नु । २. खाल्टो पुर्नु; सम्म तुल्याउनु । ३.काम सिद्ध गर्नु; कार्य पूरा गर्नु । ४. पट्ने पार्नु वा पार्न लगाउनु ।

**पटाउनी–** ना० [√ पट्टचाउ+आउनी] कपडाको मुख सिलाउने काम; बिट मार्ने काम ।

**पटाउनु–** स० क्रि० कुनै कुरा आफ्नो पक्षमा पार्न सफल हुनु ।

**पटाका–** ना०हे० पटका ।

**पटाक्षेप–** ना० [सं०] नाटकमा एक दृश्य देखाइसकेपछि अर्को दृश्य देखाउनुभन्दा पहिले पर्दा खसाल्ने काम; जवनिका खसाउने काम ।

**पटाङ्गिनी–** ना० [पाटो+प्रा० अङ्गण+ई] १. घरका दायाँबायाँ बनाइएको खुला मैदान; कोखे आँगन । २. सम्म परेको फराकिलो चउर ।

**पटाङ्गी–** ना० [पाटो+सं० अङ्ग+ई] पटाङ्गिनी ।

**पटापट–** क्रि० वि० [अ० मू० पट] १. फुर्तीसाथ; धमाधम; चटाचट; छटाछट; फटाफट । २. लगातार भाँचिने वा पड्कने गरी; पटपट । ३. धमाधम पिट्ने किसिमले । ४. एकपछि अर्को गर्दै मर्दै जाने गरी; भटाभट ।

**पटार्-नु–** स० क्रि० [पटार+नु] सिँगार गर्नु; सजाउनु; शृङ्गार पार्नु ।

**पटार–** ना० [सं० पट्ट+आर] १. पेटीजस्तो पारेर बुनिएको फित्ता । २. घोडाको काठी कस्ने पेटी । ३. लुगाफाटो आदिले सिँगारिने वा सुसज्जित हुने काम (जस्तो– सिँगारपटार) ।

**पटाराइ–** ना० [√ **पटार्** (+आइ)] पटार्ने क्रिया वा प्रक्रिया । [ > ] **पटारिनु–** क० क्रि० पटार्ने काम गरिनु; सिँगारिनु ।

**पटासी–** ना० [नेवा० पतासि] रातो किनारा हुने, विशेष गरी ज्यापुनीहरूले लगाउने, कालो फरिया ।

**पटाहा–** ना० [प्रा० पट्ट] १. घरका ढोकाको दायाँबायाँ बस्न बनाइएको ठाउँ । २. काठको फलैंचा । ३. जोतिएका खेतबारीमा उठेका डल्लाडुल्ली फुटाउने र सम्म्याउने काममा प्रयोग हुने एक किसिमको काठ; चौकी ।

**पटि-नु–** अ० क्रि० [पट्+इ+नु] काम सिद्ध होइनु; पट्नु ।

**पटु–** वि० [सं०] १. कुशल; निपुण; दक्ष; सिपालु; प्रवीण । २. चलाक; चतुर । ३. स्पष्ट (वक्ता) ।

**पटुका१–** ना० [सं० पटक] रक्सी बनाउँदा खप्टिएका भाँडाका बीचबाट हावा जान बन्द गर्नका लागि गोबरले टालेको घेरो ।

**पटुका२–** ना० [सं० पटक] कम्मरमा बाँध्ने लामो खालको कपडा; कमरबन्दी । > **पटुकी–** ना० १. सानो खालको पटुका; कम्मरपेटीका रूपमा प्रयोग गरिएको ठिक्क लम्बाइ वा चौडाइको कपडा । २. पटुका (गीत, कविता वा लोकगीतमा) ।

**पटुता/पटुत्व–** ना० [सं०] १. विषयवस्तुप्रतिको दक्षता; कौशल; सीप । २. बाठोपना; चतुऱ्याइँ ।

**पटुवा१–** ना० [पाट+उवा] १. दस फिटसम्म अग्लो हुने, भेट्नामा तीन/तीनवटा पात जोडिएर रहने, राता तथा फिका हरिया डाँठ हुने, फुल्ने बेलामा कानी छोड्ने र तिनुवा (वा सादा) तोसा (वा लक्खी)-जस्ता दुई भेदमा वर्गीकृत एक वनस्पति; सन । २. त्यसैको डाँठ कुहाई बोक्राबाट निकालिएको पाट; सनपाट ।

**पटुवा२–** ना० [सं० पट+उवा] धागो, पोते, जरी आदिको काम गर्ने एक वर्ग वा जाति ।

**पटुवारी–** ना०हे० पटवारी ।

**पटेर१–** ना) [सं० पत्र] १. घुइँचो; भीड । २. छिर्न नसकिने जङ्गल वा झाडी; काठी । (जस्तै- कालीपटेर) । वि० ३. प्रशस्त; ज्यादा; धेरै । क्रि० वि० ४. धेरै; प्रशस्त; पट्टेर ।

**पटेर२–** ना० [सं० पत्र+एर] बोझाको झैँ तर गन्धविहीन जरो हुने तथा जलाशयका निकटमा पैदा हुने, गुन्द्री आदि बुन्ने काममा समेत प्रयोगमा आउने, एक थरी उखुपाते वनस्पति ।

**पटेला/पटेलो–** ना० [सं० पटल=डुङ्गा] १. एक जातको माछो । २. मुडा, मुड्का वा केराका थाम आदिलाई एक-अर्कासँग बाँधेर बनाइएको खास प्रकारको डुङ्गा ।

**पटोल–** ना० [सं०] १. एक प्रकारको कपडा । २. परबर (तर्कारी) ।

**पट्क-नु–** अ० क्रि० [अ० मू० पटक] १. बन्दुक, तोप आदि चलाउँदा शब्द निस्कनु । २. मकै आदि भुट्ताखेरि पटपट शब्द निस्कनु । स० क्रि० ३. भन्न नहुने कुरो प्याच्च भन्नु । ४. जमिनमा पछार्नु; लडाउनु । > **पट्काइ–** ना० पट्कने क्रिया वा प्रक्रिया । **पट्काइनु–** क० क्रि० पट्काउने काम गरिनु । **पटकाउनु–** स० क्रि० १. तोप, बन्दुक, पटका आदिबाट आवाज निकाल्नु; पड्काउनु । २. गालामा लबटाले हिर्काउनु; चड्काउनु । ३. भाँच्नु । ४. रबाफका साथ कुनै काम गर्नु । ५. अर्काको धनमाल अनुचित तरिकाबाट हडप गर्नु ।

**पट्कार-नु–** स० क्रि० [सं० स्पष्टकर+नु] १. स्पष्ट आवाज उच्चारण गर्नु । २. गाली गर्नु; फट्कार्नु । [अ० मू० पट] ३. पछार्नु; पट्कनु ।

**पट्कारो–** वि० [सं० स्पष्टकर] स्पष्ट (आवाज) ।

**पट्कि-नु–** अ० क्रि०/स० क्रि० [√ पट्कनु] १. पट्कनु । २. पटपट शब्द निस्किनु ।

**पट्के**– वि० [पटक+ए] १. गाईबस्तु ठहरै मर्ने एक प्रकारको रोग; एक किसिमको देसान । २. गोठालाले गाईबस्तुलाई गाली गर्दा भन्ने शब्द; लडे । ३. कसैको डरधाक नमानी बीचैमा निर्धक्क बोल्ने; स्पष्टवक्ता ।

**पट्क्याइ**– ना० [√ **पट्कि** (+याइ)] पट्किने क्रिया वा प्रक्रिया । > **पट्क्याहट**– ना० पट्किने भाव, क्रिया वा स्थिति; पट्क्याइ ।

**पट्ट१**– क्रि० वि० [अ० मू० पट्+ट)] १. भाँडा फुट्दा वा काठ आदि भाँचिँदा झैँ आवाज निस्केर । २. एकाएक मर्ने किसिमले; भुतुक्क । ३. एकाएक कुनै काम हुने वा गर्ने चालमा; चट्ट; छट्ट । ४. एकदम; बिलकुल; पटक्क; कुनै पनि हालतमा (उदा०–ऊ मैले भनेको पट्ट मान्दैन ।) ।

**पट्ट२**– ना० [सं०] १.अँगारले कालो लगाइएको खरीले लेख्ने काठको फल्याक; पाटी । २. धूलो हालेर सिन्काले लेखिने काठको फल्याक । ३. पिरा; पिर्का । ४. राजाज्ञा, दानपत्र आदि लेखिएको धातु, शिला, छाला, कागत आदिको पातो वा पत्र । ५. युद्धमा छातीमा लगाइने ढाल । ६. पगरी । ७. राजपाट । ८ कपडा; पट । ९. राजसिंहासन । १०. रेसम । ११. पदक; तक्मा । वि० १२. प्रधान; मुख्य ।

**पट्टन**– ना० [सं०] सहर; नगर; पत्तन । > **पट्टनी**– ना० नगरी; पत्तनी; पुरी ।

**पट्टबन्धा**– ना० [सं०] पट्टरानी; पटरानी; पटबन्धा ।

**पट्ट महारानी**– ना० [सं० पट्ट+महारानी] पटबन्धा ।

**पट्ट महिषी/पट्टराज्ञी**– ना० [सं०] पटरानी ।

**पट्टरानी**– ना० [सं० पट्टराज्ञी] पटरानी ।

**पट्टल**– ना० [सं०] १. पर्दा; आवरण; पटल । २. आँखामा धूलो, मैलो आदिद्वारा बच्नका निम्ति बाँधिने रुमाल ।

**पट्ट वस्त्र/पट्टांशुक**– ना० [सं०] सनपाटको कपडा; पाट आदिका धागाबाट तयार पारिएको कपडा ।

**पट्टा१**– ना० [सं० पट] १. मसिना विभिन्न आकारका धर्सा भएको, प्रायः सुत्ने बेलाको पहिरन र हनुमान् कट्टुका निम्ति प्रयोग गरिने कपडा । २. साधा रङको तल्लो किनारमा बाहिरपट्टि बुट्टादार देखिने टलक्क परेको सारी ।

**पट्टा२**– ना० [सं० पट्ट] १. सरकारले ठेकेदारलाई ठेक्कापट्टाबमोजिम काम गर्न दिने अधिकारपत्र; ठेक्काको बहालीपुर्जी । २. साहू-महाजनको एक प्रकारको व्यापार । ३. तरबार राख्ने खोल; म्यान । ४. तरबार चलाएर दुई प्रतिद्वन्द्वीका बीच हुने खेल वा युद्धको अभ्यास गरिने एक प्रकारको लट्ठी । ५. छालाको पेटी । ६. छाला, धातु, कपडा आदिको फित्ताजस्तो वस्तु । ७. विशेष पहिरनका अवस्थामा दायाँ र बायाँ कुमदेखि कम्मरसम्म पुग्ने गरी प्रालम्बिका लुर्काउन पहिरिने विशेष प्रकारको पट्टी ।

**पट्टाइ**– ना० [√ **पट्टाउ** (+आइ)] १. पट्टाउने क्रिया वा प्रक्रिया; उराठलाग्दोपन; उच्चाट । [ > ] **पट्टाइनु**– अ० क्रि० उराठ लाग्ने होइनु । **पट्टाइलो**– वि० पट्टाइलाग्दो; उराठिलो ।

**पट्टाउनु**– अ० क्रि० [सं० पट्ट+आउ+नु] १. एकै ठाउँ धेरै बेर बसिरहँदा, एकनाससित काम गरिरहँदा वा हिँडिरहँदा उच्चाट लाग्नु; उराठ लाग्नु । २. आलस्य लाग्नु; अल्छी लाग्नु ।

**पट्टा कबुलियत**– ना० [पट्टा+बकुलियत] ठेकदारले ठेक्कापट्टाको काम तोकिएको समयभित्र गर्नेछु भनी गरिदिएको लिखत ।

**पट्टाभिषेक**– ना० [सं०] राज्याभिषेक ।

**पट्टि**– ना० यो० [सं० प्रति] १. तिर; तर्फ । (जस्तो– त्यतापट्टि, यतापट्टि, बाटापट्टि इ०)। २. पक्षमा । (जस्तो– न्यायपट्टि लाग, शत्रुपट्टि नलाग इ०) ।

**पट्टिका**– ना० [सं०] १. लेख्ने सानो पट वा सिलोट; पाटी । २. कपडाको टुक्रो वा धरो । ३. प्रमाणपत्र । ४. विभूषण आदि लुर्काउन प्रयोग गरिने विशेष किसिमको फित्ता ।

**पट्टी१**– ना० [सं० पट्टिका] १. लेख्ने काठ वा ढुङ्गाको पाटी । २. छाला, कपडा आदिको टुक्रो । ३. घाउखटिरामा औषधी लगाई बाँधिने वा टाँसिने कपडा; ब्यान्डेज । – **लेपन**– ना० घाउखटिरा, चोटपटक, भाँचिएको ठाउँ आदिमा पट्टी बाँध्ने क्रिया ।

**पट्टी२**– ना० [सं० पत्ति] सैनिकको सुबेदारका मातहतको स्यानो टोली ।

**पट्टु१**– ना० [सं० पट्ट] एक प्रकारको ऊनी कपडा ।

**पट्टु२**– ना० [सं० पटु] १. एक जातको मीठो बोल्ने सुगा । २. सुगा ।

**पट्टेर**– वि०/क्रि० वि० [सं० पत्र+एर] प्रशस्त; धेरै; पटेर; बाक्लो घम्सी ।

**पट्टो**– ना० [सं० पट] बालख सुताउने सानो बिछ्याउना; एक किसिमको चकटी; डफलो ।

**पट्ट्याइ**– ना० [√ **पट्ट्याउ** (+आइ)] पट्ट्याउने क्रिया वा प्रक्रिया । [ > ] **पट्ट्याइनु**– क० क्रि० कागज, कपडा आदि तहैतह पारेर दोब्र्याइनु ।

**पट्ट्याउनु**– स० क्रि० [सं० पत्र+याउ+नु] लुगा, कागत आदिलाई तहैतह पारेर देब्र्याउनु; तहतह पार्नु ।

**पट्ट्यार**– ना०हे० पट्यार ।

**पट्ट्याहट**– ना० [पट्ट्याउ+आहट] पट्ट्याउने भाव, क्रिया वा प्रक्रिया ।

**पट्ठा१**– ना० [प्रा० पुट्ठ] सुनौला वा रूपौला रङका तारले बनेको फित्ता ।

**पट्ठा२**– वि० [पट्ठोको ति० रू०] हे० पट्ठो । – **पट्ठी**– वि० पट्ठो र पट्ठी; युवा-युवती ।

**पट्ठी**– वि० [पट्ठो+इ)] तरुनी; युवती ।

**पट्ठो**– वि० [सं० प्रथ = पृथु] १. युवा; तरुनो; जवान । ना० २ जवान हात्ती ।

**पट्ना**– ना० [सं० पत्तन] १. मालाको रूपमा लगाइने कम्पनी रुपियाँहरूको ठिँगुराझैँ उनेको माला; पटनामाला; कम्पनीमाला । २. कम्पनी मुद्रा ।

**पटचाँस१**– ना० [अ० मू० पटचाँस्+अ] चामल आदि निफन्दा

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



औँलाले हान्दा नाड्लाबाट निस्कने शब्द ।

**पटचाँस**२– ना० [सं० पटांश] बाँसका हरेक आँख्लामा बेरिएर पलाउने भुसैभुस भएको, फुकाएर फराकिलो पारी लेख्ने काममा र पङ्खा आदि बनाउने काममा प्रयोग गर्न सकिने वस्तु; बाँसको खपटा ।

**पटचाइ**– ना० [√ **पटचाउ** (+आइ)] पटचाउने भाव, क्रिया वा प्रक्रिया; पट्टचाइ । [ > ] **पटचाइनु**– क० क्रि० कागज, कपडा आदि तहैतह पारी दोब्र्याइनु; पटचाइनु; पटचाउने काम गरिनु ।

**पटचाउ-नु**– स० क्रि० [स० पत्र+याउ+नु] कागज, कपडा आदि तहैतह पारेर दोब्र्याउनु; दोबर-तेबर आदि पार्दै तह लगाउनु; पट्टचाउनु ।

**पटचाक**– ना० [अ० मू० पटचाक्+अ] पड्कने वा भाँचिने चाल । **–पुटुक**– ना० १. कडा र साना काठ भाँच्दा आउने शब्द । क्रि० वि० २. त्यस्ता काठहरू भाँच्दा शब्द गर्ने किसिमले । ३. हाँडीमा भुटिँदै गरेका मकै आदि फूल उठ्दै गर्ने गरी । ४. आगामा सेकाइएका दूधे मकै आदि शब्द निस्कने गरी पड्किँदै गरेर । **–पुटुक्क**– क्रि० वि० पटचाकपुटुक हुँदै । > **पटचाक्क**– क्रि० वि० १. कडा र सानो काठ भाँच्ता एकाएक शब्द आउने किसिमले । २. पड्का आदि पड्कँदा एक्कासि शब्द निस्कने गरी । ३. औँला पड्काउँदा एक्कासि शब्द गर्ने किसिमसँग ।

**पटचाङ**– ना० [अ० मू० पटचाङ्+अ] हे० पटचाक । – पुटुङ– ना०/क्रि० वि० पटचाकपुटुक । > **पटचाङ्ग/पटचाङ्ङ**– क्रि० वि० पटचाङको ठूलो आवाज आउने गरी; पटचाक्क ।

**पटचार**– ना० [सं० प्रतिहार] १. कुनै काम गर्दा अनुभव हुने उराठ स्थिति । २. सधैँ एकै ठाउँमा बसिरहँदा अनुभव हुने दिग्दारी । ३. पर्खँदा, कुर्दा वा पालो बस्दा लाग्ने अल्छी वा उँघाइ ।

**पठन**– ना० [सं०] १. पढ्ने काम; अध्ययन । २. उल्लेख । **–पाठन**– ना० पढ्ने र पढाउने काम; अध्ययन-अध्यापन; लेखपढ । **–शील**– वि० खूब पढ्ने; अध्ययनशील । > **पठनीय**– वि० पढ्न योग्य; पाठ गर्न लायक; अध्ययनीय; पाठ्य ।

**पठाइ**– ना० [√ **पठाउ**+आइ] पठाउने क्रिया वा प्रक्रिया । [ > ] – **पठाइनु**– क० क्रि० १. पठाउन लाइनु । २. पठाउने काम होइनु । ३. पुऱ्याउन लाइनु ।

**पठाउ-नु**– स० क्रि०/प्रे० क्रि० [सं० प्रस्थापन > प्रा० पट्ठावण] १. कुनै ठाउँमा जान प्रेरणा दिनु; कतै पुग्न आज्ञा दिनु । २. कसैलाई कुनै ठाउँमा कुनै वस्तु पुऱ्याउन लगाउनु । ३. बिदा गर्नु; अन्माउनु । ४. लुर्काउनु । ५. प्रेषित गर्नु ।

**पठार**– ना० [सं० प्रस्थाकर] समतल जमिनमा रहेका साना पर्वतशिखरहरूको बराबर उचाइमा रहेको हिमाल आदिका बीचमा परेको विस्तृत मैदान ।

**पठित**– वि० [सं०] १. पढे-लेखेको; साक्षर । २. विद्या हासिल गरेको; शिक्षित ।

**पठुवा**– ना० [> पडुवा] खेतमा रहलपहल हरिया बोट सोहोरेर लगाइएको कुनिउँमा गुम्स्याएर तयार भएको हकुवा धान ।

**पठेग्री/पठेग्रो/पठ्याङ्ग्री/पठ्याङ्ग्रो**– ना० [पाठो+एग्री/एग्रो/याङ्ग्री/याङ्ग्रो] दूध छाडिसकेको र चर्ने अवस्थामा पुग्न लागेको, भेडा-बाख्राको पाठो ।

**पड्‌-नु**– अ० क्रि० [सं० पतन] १. उपयोगमा नआई रहिरहनु; मिल्किएजस्तो भइरहनु । २. ढल्कनु; पल्टिनु ।

**पडताल**– ना० [सं० परितोलन] कुनै काम-कुरामा रहेका खोट वा त्रुटिहरूको निरीक्षण वा जाँचबुझ गर्ने काम ।

**पडनी**– ना० [पडता+नी] १. सुक्खा खेतमा पनि हुने एक प्रकारको चाँडै पाक्ने अग्निया धान । २. एक प्रकारको अघैया धान; घैया ।

**पडाइ**– ना० [√ **पड्** (+आइ)] पड्ने क्रिया वा प्रक्रिया । [ > ] **पडाइनु**– क० क्रि० पड्ने तुल्याइनु । **पडाउनु**– स० क्रि०/प्रे० क्रि० पड्ने तुल्याउनु । **पडिनु**– अ० क्रि० उपयोगमा नआई त्यसै रहिरहनु; मिल्किनु । **पडुवा**– वि० उपयोगमा नआई त्यसै रहिरहेको; मिल्किएबराबर भएको ।

**पड्‌क-नु**– अ० क्रि० [अ० मू० पडक्+नु] हे० पट्‌कनु । > **पड्‌का**– ना० पट्‌का । **पड्‌काइ**– ना० पड्कने क्रिया वा प्रक्रिया । **पड्‌काइनु**– क० क्रि० पट्‌काइनु । **पड्‌काउनु**– स० क्रि० पट्‌काउनु ।

**पड्‌कार्‌-नु**– स० क्रि० हे० पट्‌कार्नु ।

**पड्‌कारो/पड्‌कालो**– वि० [सं० स्पष्टकर] पट्‌कारो ।

**पड्‌कि-नु**– अ० क्रि० हे० पट्‌किनु ।

**पड्‌के**– वि०/ना० १. हे० पट्‌के । २. सेता भावका खस्रा, तीन-चार अमल चौडा पात हुने र सेतो बोक्रो हुने पडचाक्क भाँचिने खालको दुब्लो काठ हुने एक जातको रूख । ३. पशु ।

**पड्‌को**– ना० [पड्‌क+ओ] पडचाक्क भाँचिने खालको; कमजोर वा कमलो (रूख, काठ आदि) ।

**पड्‌क्याइ**– ना० [√ **पड्‌कि** (+याइ)] पड्‌किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पड्‌क्याहट**– ना० पड्‌किने भाव, अवस्था वा क्रिया-प्रक्रिया ।

**पडचाक**– ना० [पडचाक्+अ] पड्कँदा वा भाँचिँदाको शब्द । – **पुडुक**– ना०/क्रि० वि० हे० पटचाकपुटुक । > **पडचाक्क**– क्रि० वि० हे० पटचाक्क ।

**पडचाङ**– ना० [अ० मू० पटचाङ्+अ] हिर्काइको चाल वा शब्द । – **पुडुङ**– क्रि० वि० पडचाङको शब्द निकालिरहेर । > **पडचाङ्ग/पडचाङ्ङ**– १. बन्दुक आदि वस्तु पड्‌कने किसिमले पटचाङ्ङ; पटचाक । २. गालामा लबटाले हान्दा शब्द निस्कने गरी ।

**पढ्‌-नु**– स० क्रि० [सं० पठन्] १. पुस्तक वा लेखमा लेखिएका कुराको ज्ञान हुने गरी पाठ गर्नु; पाठ घोक्नु; विद्याभ्यास गर्नु; अध्ययन गर्नु । २. बाच्नु; पाठ गर्नु । ३. सिक्नु; जान्नु । > **पढन्त/पढन्ते**– वि० आवश्यकभन्दा बढी पढ्ने; खूब पढ्ने; सधैँ एकनाससित पढिरहने । **पढाइ**– ना० पढ्ने भाव, क्रिया वा

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



प्रक्रिया । **पढाइनु–** क० क्रि० पढ्न लाइनु; शिक्षा दिइनु । **पढाउनु–** प्रे० क्रि० १. पुस्तक वा लेखमा लेखिएका कुराको बोध गराउनु; पुस्तकका कुरा बुझाउनु । २. विद्याभ्यास गराउनु; विद्या हासिल गराउनु । ३. ज्ञान गराउनु; सिकाउनु । **पढिनु–** क० क्रि० पढ्ने काम गरिनु । **पढीपण्डित–** ना० पढेर भएको पण्डित । **पढैया–** वि० पढिरहने; रटन्ता; अध्ययनशील ।

**पण–** ना० [सं०] १. बाजी राखेर खेलिने खेल । २. बाजी राखिएको वस्तु । ३. ज्याला; मजदुरी; पारिश्रमिक । ४. इनाम; पुरस्कार; पारितोषिक । ५. रुपियाँ; पैसा । ६. प्रतिज्ञा; कबुल; सर्त । ७. लिच्छविकालीन तामाको मुद्रा । ~ **क्रिया–** ना० बाजी थाप्ने वा बाजी लगाउने काम । – **बन्ध–** ना० १ बाजी । २. प्रतिज्ञा ।

**पण्डा–** ना० [सं०] १. सत् र असत् कुराको विवेक गर्ने बुद्धि; विवेकशक्ति । २. विद्या; ज्ञान । ३. तीर्थ, मन्दिर वा घाटमा धार्मिक कृत्य गराउने ब्राह्मण; तीर्थ-पुरोहित; गङ्गापुत्र ।

**पण्डित–** ना० [सं०] १. शास्त्रको तात्पर्य राम्ररी बुझेको विद्वान् व्यक्ति; शास्त्रवेत्ता । २. सत् र असत् छुट्ट्याउने बुद्धि भएको व्यक्ति । ३. संस्कृतको वा अन्य भाषाको विद्वान् व्यक्ति । ४. ब्राह्मणलाई आदर गर्दा भनिने शब्द । ५. राणाकालमा चलेको शिक्षकहरूको एक दर्जा । ६. घृतकौशिक गोत्रका नेपाली बाहुनहरूको एक थर । वि० ७. विद्वान्; शास्त्रज्ञ । ८. निपुण; कुशल । ९. पुराण भन्ने; पौराणिक । – **मानी–** वि० आफूलाई सबैभन्दा ठूलो विद्वान् ठान्ने । – **राज–** ना० १. ठूला विद्वान् वा धुरन्धर पण्डित । २. त्यस्ता ठूला विद्वान् पण्डितलाई दिइने एक उपाधि । > **पण्डित्याइँ–** ना० पण्डितमा रहने गुण; पाण्डित्य; विद्वत्ता ।

**पण्ढ–** वि० [सं०] १. खरिदबिक्री गर्न योग्य । ना० २. खरिदबिक्री गरिने वस्तु । ३. खरिदबिक्री गरिने ठाउँ; बजार । ४. खरिदबिक्री गर्ने साधन; पण; मुद्रा । ~ **क्षेत्र–** ना० मालसामानहरू खरिदबिक्री गरिने ठाउँ; बजार; हाट; पण्यभूमि । ~ **दासी–** ना० पैसा लिएर अर्काको नोकरी गर्ने स्त्री । ~ **भूमि–** ना० पण्ढक्षेत्र । – **वीथि–** ना० हाट; बजार; पसल । – **शाला–** ना० खरिदबिक्री गर्ने दुकानहरू भएको घर; पसल ।

**पतकर–** ना० [सं० पत्रकृत] हे० पत्कर ।

**पतङ्ग–** ना० [सं०] १. पक्षी; चरो । २. उड्ने पुतली । ३. फटयाङ्ग्रो । ४. चङ्गा । > **पतङ्गिका–** ना० १. सानो आकारको एक जातको पक्षी । २. मौरी । ३. उड्ने पुतली ।

**पतझर–** ना० [सं० पत्र+प्रा० झड] शिशिर वा अन्य कुनै ऋतुमा रूखबाट पात झर्ने निखुर्को । ~ **वन–** ना० सदाबहार नभई शिशिर वा अन्य कुनै ऋतुमा पात झरेर नाङ्गिएका रूख भएको जङ्गल ।

**पतञ्जलि–** ना० [सं०] महाभाष्य नामक व्याकरण वा भाषाशास्त्रको रचना गर्ने पाणिनीय परिपाटीका मुनि; नागेश; फणीन्द्र ।

**पतन–** ना० [सं०] १. माथिबाट तलतिरको खसाइ; गिराइ । २. उन्नति, वैभव, पद मर्यादा आदिबाट तल झरेको अवस्था; अवनति । ३. जातिच्युत हुने वा भएको अवस्था । ४. नाश; विध्वंस । ५. मृत्यु; मरण । – **शील–** वि० पतन हुँदै गएको; पतनोन्मुख । > **पतनीय–** पतन हुन सम्भावित वा स्वाभाविक; पतन हुने अवस्थामा पुगेको र खस्न वा झर्न लायक । **पतनोन्मुख–** वि० पतनतिर उन्मुख भएको; पतन हुन लागेको; खस्न आँटेको; पतनशील ।

**पतपत–** क्रि० वि० [अ० मू० पत्+अ (द्वि०)] १. गिलो वा पातजस्तो हलुका वस्तु लगातार खस्ने गरी; त्यसरी खस्ता शब्द निस्कने गरी । २. धूवाँ निस्कने किसिमले; पुतपुत । > **पतपती–** क्रि० वि० अझै पतपत हुने गरी ।

**पतरी१–** ना० [पातर+ई] वेश्या; पातर ।

**पतरी२–** ना० [पात+अरी] १. टपरी । २. साह्रै पुरानो भई टालेको कपडा ।

**पतला–** वि० [सं० पत्राल] पातलो ।

**पतलाइ–** ना० [√ **पतलाउ** (+आइ)] पतलाउने क्रिया वा प्रक्रिया । [ > ] **पतलाइनु–** अ० क्रि० पातलो होइनु ।

**पतलाउ-नु–** अ० क्रि० [पातलो+आउ+नु] पातलो हुनु; दुब्लाउँदै जानु ।

**पतलुन–** ना० [अङ्० पैन्टलून] खुकुला र सोझा मोहोता हुने, इँजार नहाली टाँक आदि लगाइने एक प्रकारको युरोपेली सुरुवाल ।

**पतल्याइ–** ना० [√ **पतल्याउ** (+आइ)] पतल्याउने क्रिया वा प्रक्रिया । [ > ] **पतल्याइनु–** क० क्रि० पातलो पारिनु; पातलो बनाइनु ।

**पतल्याउ-नु–** स० क्रि० [पातलो+याउ+नु] १. पातलो पार्नु; पतन बनाउनु । २. पन्यालो तुल्याउनु; तरल बनाउनु । ३. काठ आदिलाई खुर्केर वा ताछेर पातलो पार्नु । > **पतल्याहट–** ना० पतल्याइ ।

**पतवार–** ना० [प्रा० पात्तवाड < सं० पत्रवाल] १. नाउ ल्याउने दाबिलोजस्तो साधन; बहना । २. नाउलाई यताउति घुमाउन नाउका पछिल्तिर लगाइने साधनविशेष; पछवार ।

**पतही–** ना० [सं० पत्र + ई] हे० पतै ।

**पता–** ना० [सं० प्रस्थ = बस्ती] १. व्यक्तिविशेषको बसोबास भएको ठाउँ-ठेगाना; वतन । २. चिठी आदि ठीक ठाउँमा पुऱ्याउनका निम्ति खामका बाहिरपट्टि लेखिने नाम, ठाउँ आदि । ३. परिस्थितिको वा कुनै विषयका रहस्यको ज्ञान; पत्तो ।४. रहस्य; भेद; भेउ । ५. ज्ञान ।

**पताका–** ना० [सं०] १. झन्डा वा ध्वजा । २. चिह्न वा निसान । ३. साहित्यमा नाटकको मूल कथावस्तुदेखि अतिरिक्त सहायक कथा हुने विशिष्ट स्थल; पताकास्थानक । – **स्थानक–** ना० विचार गरिएको विषय वा प्रस्तुत प्रसङ्गसँग मेल खाने अर्को विषय वा प्रसङ्ग उपस्थित हुने नाटकको स्थल । > **पताकी–** वि० १. पताका भएको; झन्डावाल । २. पताका लिने; झन्डा बोक्ने । ना० ३. रथ ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पताल–** ना० [सं० पाताल] हे० पाताल ।

**पतासी–** ना० हे० पटासी ।

**पतिँगर–** ना० [पात+इँगर] हे० पतिङ्गर ।

**पतिंवरा–** ना० [सं०] आफ्ना इच्छाअनुसार पति वरण गर्ने कन्या; स्वयंवरा ।

**पति–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिको धनी वा स्वामी । २. कुनै विवाहिता स्त्रीको लोग्ने; पोइ; कान्त । ३. राष्ट्रको सर्वोच्च शासक । ४. पाशुपत दर्शनअनुसार अपरिमित ज्ञानशक्ति र प्रभुशक्तिले युक्त (जगत्‌को सृष्टि, स्थिति र संहारका कारण) महेश्वर । ५. इज्जत; आबरु; पती; मान; प्रतिष्ठा । ६. जरो; मूल । ७. शाही सेनाको एक उच्च पदाधिकारी; कमान्डर (जस्तो– चमूपति) । – **कामा–** ना० पतिको कामना गर्ने स्त्री । ~ **घातिनी–** ना० १. पतिलाई मार्ने स्त्री । २. ज्योतिष वा सामुद्रिक शास्त्रअनुसार विधवा हुने योग वा लक्षण भएकी स्त्री । ~ **भज्नु–** अ० क्रि० मन एवं तनले लोग्ने तुल्याउनु ।

**पतिङर/पतिङ्गर–** ना० [पात+इङ्र/इङ्गर, सं० पत्राकीर्णट] झरेर भुइँमा झरेका पातहरूको समुदाय; पातपतिङ्गर ।

**पतित–** वि० [सं०] १. खसेको; झरेको; गिरेको । २. जाति, धर्म आदिबाट च्युत भएको । ३. आचारभ्रष्ट; चरित्रभ्रष्ट । ४ महापापी; पातकी । ५. नीच; अधम । ~ **पावन–** वि० १. पतितहरूको उद्धार गर्ने; अपवित्रलाई पवित्र पार्ने । ना० २ ईश्वर । ३. ब्रह्मा ।

**पतिदेवता–** ना० [सं०] १. पतिरूपी देवता । ना० २. आफ्ना पतिलाई देवतासमान मान्ने स्त्री; पतिव्रता स्त्री ।

**पतिधर्म–** ना० [सं०] १. पतिप्रति गर्नुपर्ने स्त्रीको कर्तव्य । २. स्त्रीप्रति पुरुष वा पतिले गर्नुपर्ने कर्तव्य ।

**पतिना–** ना० [सं० पत्रिना = पत्रिनी] बाबरी झार; पुदिना; पदिना ।

**पतिया–** ना० [सं० पतित] नयाँ मुलुकी ऐन लागू हुनुभन्दा पूर्व जातभातबाट पतित भएका व्यक्तिले आफ्ना जातमा मिल्नका निम्ति धर्माधिकारीका निर्देशनअनुसार गर्ने गरेको शुद्धि; प्रायश्चित्त । ~ **पुर्जी–** ना० जातबाट पतित भएका मानिसलाई आफ्ना जातमा मिल्नका निम्ति सरकारी अड्डाबाट दिइने पुर्जी ।

**पतिवती–** वि० [सं०] पति जिउँदै भएकी; सधवा; सौभाग्यवती (स्त्री) ।

**पतिव्रत–** ना० [सं०] पतिको निरन्तर सेवा-शुश्रूषा गरिने व्रत; पातिव्रत्य; पतिप्रतिको अनन्य भक्ति र प्रेम । > **पतिव्रता–** ना० पतिव्रत लिएकी स्त्री; सती ।

**पती–** ना० [सं० प्रतिष्ठा] इज्जत; आबरु; हुर्मत ।

**पतुर्‌-नु–** अ० क्रि० [सं० प्रत्यारोहण] १. धामीझाँक्रीले चिन्ता बस्ता सम्बन्धित देवतालाई आङमा चढाएर काँप्नु । २. त्यसरी काँप्तै बक्नु । > **पतुराइ–** ना० पतुर्ने भाव, क्रिया वा प्रक्रिया । **पतुरिनु–** अ० क्रि० पतुर्ने होइनु ।

**पतेरो–** ना० [पात+एरो] बोटबिरुवाका पातमा लाग्ने वा बस्ने पातैका रङको कीरो; पधेरो ।

**पतेलो–** ना० [पातो+एलो] १. हाँडी । [पात+एलो] २. बिरुवा (जस्तो– बेला-पतेला) ।

**पतै–** ना० [√ **पतही**] १. पराल काटेर पारिएको धूलो; कुटी । २. धानका नलको फेद काटेको छोटो-छोटो टुक्रे पराल । ३. दाइँ गर्दा धानमा मिसिएको पराल ।

**पत्कर–** ना० [सं० पत्रकृत] सुकेर भुइँमा झरेका पातपतिङ्गर वा झारपात ।

**पत्तन१–** वि० [सं० पतन] खेर गएको; बिग्रेको; कामै नलाग्ने ।

**पत्तन२–** ना० [सं०] १. सहर; नगर; पट्टन । २. मृदङ्ग । ~ **आयुक्त–** ना० नगर-रक्षक । – **पाला–** ना० नगरी ।

**पत्ता१–** ना० [पता] १ गेठाना; पता । २. ज्ञान; थाहा ।

**पत्ता२–** ना० [सं० पत्र] १. पात; पत्र । २. तास, गन्जिफा आदिको चक्की; पत्ती ।

**पत्ताइ–** ना० [√ **पत्ताउ** (+आइ)] पत्ताउने क्रिया वा प्रक्रिया । > **पत्ताइनु–** अ० क्रि० १. पातका रूपमा परिणत होइनु । क० क्रि० २. पत्ताउने होइनु; बत्ताइनु ।

**पत्ताउ-नु–** अ० क्रि० [पात+आउ+नु] १. मुनाले पातको रूप लिनु । २. पातजस्तो हलुको भई यताउति उड्न लाग्नु; बत्ताउनु ।

**पत्तातोड/पत्तातोल–** ना० [पत्ता+तोड] १. बेगिलो कुदाइ । २. सुइँकुच्चा । ३. भगाइ; पलायन ।

**पत्ताल–** ना० [सं० पाताल] हे० पाताल ।

**पत्ति–** ना० [सं०] १. पैदल हिँड्ने यात्री; पदयात्री । २. पैदल हिँड्ने सिपाही; पदाति । ३. योद्धा; बीर । ४. एक रथ, एक हात्ती, तीन घोडा र पाँच पैदल हुने, सेनाको सबभन्दा सानो विभाग; पट्टी ।

**पत्ती–** ना० [सं० पत्र+ई] १. कागज, कपडा आदिको टुक्रा; पत्र । २. सानो पात । ३. फूलको पत्ता वा दल । ४. तास, गन्जिफा आदिको चक्की । ५. दाह्री काट्ने दुवै किनारामा धार भएको पातलो साधन; ब्लेड ।

**पत्तु–** ना० [सं० पत्र] रुपियाँ-पैसा; सिक्का (तुच्छार्थमा)

**पत्तेरो–** वि० [पत्यारो] पत्यारिलो; विश्वासिलो ।

**पत्तो–** ना० [पत्ता+ओ] पत्ता; पता ।

**पत्याइ–** ना० [√ **पात्ति** (+याइ)] पात्तिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पत्याहट–** ना० पत्याइ; मत्याइ ।

**पत्थर–** ना० [स० प्रस्तर] १. ढुङ्गो; शिला; पाषाण । २. हीरा, यूँ, पन्ना आदि रत्न । ३. पित्ते थैली वा मूत्राशयमा जम्ने ढुङ्गाजस्तै साह्रो वस्तु; पत्थरी । वि० ४. कडा हृदयको । ~ **कला/काला–** ना० १. पुराना समयको एक प्रकारको बन्दुक; पर्काल । २. चकमक र पत्थर घोटेर आगो निकाली बारुद सल्काएर पड्काउनुपर्ने सोही बन्दुक । ~ **कुङ्कुम–** ना० नदी, खोला आदिका किनारामा रहेका ढुङ्गाका अन्तरमा उम्रने बास्ना आउने, एक प्रकारको बुटी; शैलेय । ~ **कोइला–** ना० प्राङ्गारयुगमा सृष्टि भएको ढुङ्गा वा पत्थरजस्तो प्राङ्गारिक इन्धन; बाल्ने काममा आउने एक प्रकारको खनिज पदार्थ । > **पत्थरिलो–** वि० पत्थरैपत्थर भएको; चारैतिर वा जमिनमुनि समेत ढुङ्गैढुङ्गा

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



भएको; पथ्रेन; ढुङ्गेलो; ढुङ्ग्याने ।

**पत्थरी–** ना० १. ढुङ्गाका भाँडाकुँडा, थाल, रिकापी, कटौरा आदि । २. खास गरी मृगौला वा पित्तथैलीमा पत्थरजस्तै साह्रो बनी वेदना बढाउने एक खालको रोग । ३. उक्त रोगद्वारा जमेको पत्थर ।

**पत्नी–** ना० [सं०] विधिपूर्वक विवाह गरेर ल्याइएकी स्त्री; विवाहिता स्त्री; स्वास्नी; भार्या । – **व्रत–** ना० विवाहिता स्त्रीबाहेक अरू स्त्रीहरूका साथ सहवास नगर्ने व्रत; स्वनारीव्रत ।

**पत्याइ–** ना० [√ **पत्याइ** (+आइ)] पत्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पत्याइनु–** क० क्रि० पत्यार गरिनु; पत्याउने काम गरिनु ।

**पत्याउ-नु–** स० क्रि० [सं० प्रत्यायन] १. कसैको भनाइ वा कुरामा विश्वास मान्नु; पत्यार गर्नु; भरोसा गर्नु । २. अरूले भनेको कुरा साँचो सम्झनु; हो भन्ने निश्चय गर्नु ।

**पत्यान–** ना० [पात+यान] धेरै पात वा पाती भएको ठाउँ; पातीघारी ।

**पत्यार–** ना० [सं० प्रत्ययकार] कथ्य० पतेर पनि । १. कसैका भनाइमा वा कुनै विषयमा हुने सत्यप्रतीति; विश्वास । २. भरोसा; आड । ३. निश्चय; पक्कापक्की । ~ **पत्र–** ना० व्यक्तिको चिनारी गराउने वा विश्वास दिलाउने पत्र; परिचयपत्र । – **वाला–** वि० माथवर; पत्यारिलो । > **पत्यारिलो–** वि० पत्यारलाग्दो; विश्वासिलो ।

**पत्र–** ना० [सं०] १. बोटबिरुवाका पात; पत्ती; दल । २. चिठी । ३. कागत । ४. कुनै विषयको प्रामाणिक लेख लेखिएको कागत, धातु, शिला आदिको पातो (दानपत्र, ताम्रपत्र, शिलापत्र आदि) ५. समाचार आदि छापिएको कागज; अखबार । ६. पुस्तक, कापी आदिको पातो; पाना । ७. बाणका मोठमा लगाइने प्वाँख । ८. एकमाथि अर्को हुँदै रहेको वा राखिएको तह; खात । ९. फूलका पत्ती वा दल । – **कार–** ना० समाचार, लेख-रचना आदिको सङ्कलन, सम्पादन तथा प्रकाशन गर्ने व्यक्ति; पत्र-पत्रिकाको काम गर्ने व्यक्ति । – **कार सङ्घ–** ना० पत्रकारहरूमध्येबाट निश्चित व्यक्तिहरू छानिएर बसेको सङ्गठन वा समिति । – **कारिता–** ना० १. पत्रकारले गर्ने काम; पत्रपत्रिकासम्बन्धी धन्दा वा क्रियाकलाप । २. पत्रकारहरूको काम, कर्तव्य, उद्देश्य आदिको विवेचन हुने विद्या । – **पुट–** ना० पात गाँसेर बनाइएको खोची; दुनु; सोली । ~ **पुष्प–** ना० १. सत्कार गर्दाको वा पूजा गर्दाको सामान्य सामग्री । २. रातो तुलसी । ३. पात र फूलको समूह । ~ **पेटिका–** ना० १. हुलाकमा पठाइने चिठीपत्र, पोस्टकार्ड आदि खसाल्ने बाकस; पत्रमञ्जूषा । २. बाहिरबाट आएका चिठी, पत्रपत्रिका आदि छोड्नका निमित्त कार्यालय वा घरका भित्तामा ठोकिएको वा टाँसिएको सानो पेटी । ~ **प्रतिनिधि–** ना० हप्तामा एक पटक वा सोभन्दा बढी प्रकाशित हुने समाचारपत्रका प्रतिनिधि वा संवादसमितिको प्रतिनिधि । ~ **भङ्ग–** ना० युवतीहरूका गाला, छाती, हातहरूमा चन्दन, कस्तूरी आदिद्वारा बनाइने पात, लहरा, फूल आदिको रचना । ~ **मञ्जूषा–** ना० हुलाकद्वारा अन्यत्र पठाउनका निम्ति ठाउँ-ठाउँमा राखिएको चिठीपत्र खसाल्ने पेटिका; पत्रपेटिका । ~ **मित्र–** ना० एक-अर्कोबाट टाढा हुनाले साक्षात्कार नभए तापनि पत्रव्यवहारद्वारा मित्र हुन इच्छुक वा मित्र भएका व्यक्ति । ~ **मुद्रा–** ना० एक, पाँच, दस, सय आदि रुपियाँका रूपमा चलाइने (ब्याङ्कका मातहतबाट छापी जारी गरिएको) कागज आदिको मुद्रा; कागजी मुद्रा; नोट वा विनासर्त रुपियाँ दिनेबारेको प्रमाणित लेखोट (प्रमिसरी नोट) > **पत्रम्पुष्पम्–** ना० १. मान्य जनलाई श्रद्धापूर्वक दिइने वस्तु; साधारण उपहार (विनयार्थमा) । २. कसैलाई कुनै काम गरेबापत वा कसैको मन राख्नका निम्ति दिइने थोरबहुत पारिश्रमिक । ~ **रचना–** ना० १. हे० पत्रभङ्ग । २. चिठी आदि लेख्ने क्रिया । ~ **वल्लरी–** ना० हे० पत्रभङ्ग । ~ **वाचन–** ना० १. चिठीपत्र पढ्ने काम । २. समाचारपत्र आदि पढ्ने काम । ~ **वाहक–** ना० १. पत्र वा चिठी पुऱ्याउने व्यक्ति; कसैले कसैलाई पठाएको चिठी सम्बन्धित व्यक्तिकहाँ लगिदिने व्यक्ति । २. पत्र वा प्वाँख भएको जीव; पक्षी । ३. प्वाँख जडान गरिएको हतियार; बाण । ~ **वितरक–** ना० बाहिरबाट आएका चिठीपत्र सम्बन्धित व्यक्तिका हातमा पुऱ्याउने हुलाकको कर्मचारी; हलकारा; हुलाकी पिउन । ~ **वियोजक–** ना० हुलाकमा जम्मा भएका विभिन्न क्षेत्र वा ठाउँमा पठाइएका चिठीपत्रहरूलाई क्षेत्र, अञ्चल, जिल्ला, गाउँ आदिका आधारमा भिन्नभिन्न वर्गमा छुट्टयाउने हुलाक वा डाँकखानाको कर्मचारी (सर्टिङ क्लर्क) । – **व्यवहार–** ना० परस्परमा चिठीपत्र आदिको आदान-प्रदान गर्ने काम; चिठी लेखालेख गर्ने क्रिया । ~ **शिरा–** ना० बोटबिरुवाहरूका पातको नसो । ~ **सङ्ख्या–** ना० पत्रको शिरभागमा लेखिने सिलसिलेवार सङ्केत नम्बर; प० सं० । ~ **सञ्चार–** ना० एक ठाउँबाट अर्को ठाउँमा चिठीपत्र, खबरकागज आदि ओसारपसार गर्ने काम । **पत्राङ्ग–** ना० रातो चन्दन; रक्तचन्दन । २. भोजपत्र; भुर्जपत्र । ३. उड्ने पुतली वा कीरोविशेष । **पत्राचार–** ना० पत्रव्यवहार । **पत्रात्मक–** वि० १. कथाभित्रका पात्रहरूले एक-अर्कामा गरेका पत्रव्यवहारद्वारा घटनाबोध गराइएको । २. चिठी लेखिएझैँ शैलीमा लेखिएको । **पत्रालय–** ना० चिठी, पार्सल, धनादेश (मनी अर्डर) आदि बाहिर पठाउने, बाहिरबाट आएर जम्मा हुने र प्रापकहरूका जिम्मा दिने सरकारी संस्था; डाँकघर; हुलाक; पोस्ट अफिस । ~ **पत्रालाप–** ना० चिठीपत्र आदिका सहायताबाट हुने विचारको आदानप्रदान । **पत्रावली–** ना० १. पत्रहरूको ताँती वा चाङ । २. कसैले पठाएका चिठीपत्रहरूको क्रमिक रूपमा गरिएको सङ्ग्रह ।

**पत्रिका–** ना० [सं०] १. निश्चित समयमा प्रकाशित हुने मासिक, पाक्षिक, साप्ताहिक आदि प्रकाशन । २. विभिन्न विषयमा लेखिएका रचनाहरूको सङ्ग्रह भएको सामयिक पुस्तिका । ३.

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



चिठीपत्र वा अन्य कुनै विषयको प्रधानता भएको पत्र । ४. चिना; टिपन । ५. आश्विन शुक्ल सप्तमीका दिन दुर्गापूजाको उत्सवका निम्ति भित्र्याइने फूलपाती ।

**पत्रिताश्म–** ना० [सं०] पत्रैपत्र भएको ढुङ्गो; पत्रे चट्टान ।

**पत्री–** वि० [सं०] १. पत्र भएको; पत्तीदार । २. प्वाँख भएको; प्वाँख हुने । ना० ३. चिठीपत्र । ४. सानो वा छोटो लेख । ५. हे० पत्रिका । ६. चिना; जन्मपत्र; टिपन । ७. तेजपात ।

**पत्रु–** वि० [सं० पत्र] १. काम चलाउँदा-चलाउँदा पुरानो भएको; थोत्रो । २. रद्दी; बेकम्मा । ना० ३. काममा नआउने भएका धातुका भाँडाकुँडा ।

**पत्रे–** वि० [पत्र+ए] १. पत्र भएको; पत्रदार । २. तहैतह मिलेको; पत्रैपत्र परेको । ~ **चट्टान–** ना० पत्रिताश्म । ~ **डाँठ–** ना० काण्डसँग जोडिएको पातको भाग । ~ **सितारा–** ना० ढुङ्गामा पत्रपत्र परेर टल्किने सिताराजस्तै कण; बोक्सी सितारा ।

**पत्रैपत्र–** वि० [ पत्र+पत्र] धेरै पत्र भएको; खातैखात; खापैखाप ।

**पथ१–** ना० [सं० पथ्य] १. रोगी वा पेट कमजोर भएका मानिसले खान लायकको वस्तु । २. हलुको र स्वास्थ्यकर खानेकुरा । ३. पाथेय ।

**पथ२–** ना० [सं०] १. बाटो; मार्ग । २. कार्यपद्धति; कार्यप्रणाली । **– कर–** ना० कुनै सडक वा पुलबाट जाने-आउने र मालसामान ल्याउने-लैजाने काम गरेबापत लाग्ने दस्तुर । **– गामी–** वि० १. पथ वा बाटामा हिँड्ने; पथिक; बटुवा । २. अनुयायी; अनुगामी । **– चारी–** वि० बाटो हिँड्ने; बटुवा; पथिक । ~ **दर्शक–** ना० बाटो देखाउने मानिस; भेगियार; अगुवा व्यक्ति; पथप्रदर्शक । ~ **परहेज–** ना० रोगीले गर्ने, नगर्ने वा खान नहुने कुरा आदिको अनुशासन; मुख बार्ने काम । ~ **प्रदर्शक–** ना० बाटो देखाउने वा कुनै विशेष कामको निर्देशन दिने व्यक्ति; पथदर्शक; मार्गदर्शक । ~ **प्रदर्शन–** ना० बाटो देखाउने काम; कुनै विशेष कामकुरामा दिइने वा गरिने निर्देशन ।

**पथरा–** ना० [पथारा] १. रोगीको बिछ्यौना; रोगशय्या । २. रोगी थला परेको अवस्था; पथारा ।

**पथार्-नु–** स० क्रि० [सं० प्रस्तरण] १. पत्थर वा चकलामा मुछेको पीठो राखेर बेल्नाले बेल्नु । २. गिलो गोबरको गुइँठा वा डल्ला पार्नु । ३. नौनी घिउ हातमा उफार्दै मोही निथार्नु । ४. धान, कोदो आदिका जरा पानीमा चोप्दै ढुङ्गामा बजारेर माटो निथार्ने काम गर्नु ।

**पथार–** वि० [सं० प्रस्तार] १. थेप्चो वा चेप्टो । ना० २. नौनी घिउलाई हातमा राखेर उफार्दै मही निथार्ने काम । ३. उखेलिएको धान, कोदो आदिका बीउको जरामा अल्झेको माटो पानीमा चोभेर साह्रो ठाउँमा ठोक्तै माटो निथार्ने काम । **– पुथुर–** ना० १. नौनी-घीउबाट मही निथार्ने काम । २. धान, कोदो आदिका जरामा टाँसिएको माटो पानीमा पखाल्ने काम । ३. राम्ररी पाँज्ने वा फिँजाउने क्रिया ।

**पथारा–** ना० [सं० प्रस्तार] १. रोगी सुत्ने बिछ्यौना; रोगशय्या । २. रोगशय्यामा रहेको अवस्था; रोगी उठ्न नसक्ने अवस्था; थला परेको अवस्था ।

**पथराइ–** ना० [√ **पथार** ⁄ **पथरा** (+आइ)] १. पथार्ने क्रिया वा प्रक्रिया । २. पथरा पर्ने क्रिया वा प्रक्रिया । [ > ] **पथारिनु–** क० क्रि० पथार्ने काम गरिनु । अ० क्रि० २. पथरा परिनु ।

**पथिक–** ना० [सं०] बाटो हिँड्ने व्यक्ति; बटुवा; मुसाफिर । > **पथिकाश्रम–** ना० १. बटुवाहरूलाई वास बस्नका निम्ति बनाइएको पाटी, पौवा वा सत्तल । २. धर्मशाला; अतिथिगृह ।

**पथी–** ना० [सं०] पथिक; बटुवा; यात्री ।

**पथ्य–** ना० [सं०] १. बिरामीलाई खुवाउन हुने हलुका किसिमको खाना; पथ । २. उपयुक्त एवं स्वास्थ्यकर आहार । वि० ३. लाभदायक; गुणकारी; स्वास्थ्यकर (आहार) । > **पथ्यापथ्य–** ना० रोगीले खान हुने र नहुने तथा बिरामीलाई हित गर्ने वा नगर्ने चीज; पथ्य र अपथ्य आहार ।

**पथ्रेन ⁄ पथ्र्यान–** ना० [पत्थर+एन ⁄ यान] ढुङ्गैढुङ्गा भएको जमिन; ढँड्यान; ढाँड ।

**पद–** ना० [सं०] १. गोडो; खुट्टो, पाउ । २. पाइलो; कदम । ३. श्लोकको चरण वा पाउ । ४. वाक्यमा व्यवहार गर्न लायक वा व्यवहार गरिएका शब्दको कोटि । ५. योग्यता, काम वा महत्त्वका आधारमा निश्चित गरिएको दर्जा; पदवी; उपाधि । ६. ठाउँ; स्थान । ७. दान गरिने छाता, जुत्ता, लट्ठी, औँठी, कमण्डलु, पकाउने भाँडा, तामाको भाँडो, जनै, द्रव्य, पकाएको खानेकुरो, काँचो अन्न, आसन र वस्त्र- यी तेह्र थरी वस्तुको समूह ।

**पदक–** ना० [सं०] १. पूजा गर्नका निम्ति बनाइएका चरणको प्रतिमूर्ति; प्रतिमा । २. कुनै राम्रो काम गरेबापत पुरस्कार वा सम्मानका रूपमा दिइने सुन, चाँदी, तामा आदि धातुको गोल वा अरू आकारको विशेष टुक्रो; तक्मा (मेडल) । ३. वेदको पाठ गर्ने प्रवीण व्यक्ति ।

**पद चाप–** ना० [सं० पद+प्रा० चप्प] पाइलो राख्ताको आघात; पाइलाको चिह्न ।

**पद चिह्न–** ना० [सं०] पैतालाको डाम; पाइलो ।

**पदच्छेद–** ना० [सं०] वाक्य वा वाक्यांशका पदहरूलाई अलग-अलग छुट्ट्याउने काम ।

**पद च्युत–** वि० [सं०] आफ्नो पदबाट हटाइएको; नोकरीबाट हटाइएको । > **पदच्युति–** ना० पदबाट हटाउने काम; नोकरीबाट निकाल्ने काम; खोसुवा ।

**पदतल–** ना० [सं०] १. पैतालो । २. जुत्ताको तलुवा ।

**पद त्याग–** ना० [सं०] आफ्नो ओहदा वा पदबाट हट्ने काम; जागिर छाड्ने काम; राजीनामा ।

**पद दलित–** वि० [सं०] १. खुट्टाले कुल्चिएको । २. गर्व चूर्ण पारेर खुट्टामा झुकाइएको वा निहुराइएको ।

**पददान–** ना० [सं०] मृतकका नाउँमा मरेका तेह्रौँ दिनमा गरिने

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



छाता, जुत्ता, ताम्रपत्र, लट्ठी, जनै, औँठी, कमण्डलु, पाकपात्र, पकाएको अन्न, काँचो अन्न, धोती, आसन, द्रव्य आदिको दान ।

**पदधारी–** वि० [सं०]१. कुनै पदमा रहेको वा बहाली भएको; कुनै दर्जा पाएको । ना० २. पदाधिकारी; कर्मचारी ।

**पद न्यास–** ना० [सं०]१. खुट्टा राख्ने काम; गोडाले टेक्ने काम । २. पाउको चिह्न; पैतालाको डाम; पाइलो । ३. कुनै लेख वा रचनामा उपयुक्त पद राख्ने काम; पदविन्यास ।

**पद पूरक–** ना० [सं०]१. कुनै पदको रिक्त स्थान पूर्ति गर्ने काम वा अवस्था । वि० २. त्यस्तो पद पूरा गर्ने; पदपूर्तिको काम गर्ने (सङ्ख्या, अङ्ग आदि) ।

**पद पूर्ति–** ना० [सं०]१. खाली रहेका पद वा दर्जामा नयाँ व्यक्ति भर्ना गरेर उक्त पद पूरा गर्ने काम । २. परीक्षा आदिका प्रश्नमा तोकिएको कुनै गद्यांशभित्र खाली रहेका ठाउँमा उपयुक्त पद हालेर वाक्य पूरा गर्ने काम । ~ **प्रश्न–** ना० बीच-बीचका पदहरू खाली छाडेर सो ठाउँमा पदपूर्ति गर्नका निम्ति सोधिने प्रश्न ।

**पदबन्ध–** ना० [सं०] पद वा शब्दहरूको समूह; हे० पदावली ।

**पदबिरी–** ना० [सं०] पाँचदेखि पन्ध्र सेन्टिमिटरसम्म लामा र डल्लादेखि भालाकारसम्म पात हुने; बैजनी वा गुलाफी भावका फूल फुल्ने र अण्डाकार राता वा काला फल फल्ने एक जातको लहरो । (आयुर्वेदमा यसका पातलाई पौष्टिक बताइएको छ ।)

**पद भेद–** ना० [सं०] नाम, सर्वनाम आदि पदका विभिन्न प्रकार; शब्दभेद; पदकोटि ।

**पदम–** ना० [सं० पद्म]१. कमलको फूल; पद्म । २. आरती-स्याउँलीमा टपरीमा पीठो गिलो पारेर बनाइने कमलको बुट्टा । **– चाल/चाल्नु–** ना० १. कर्कलाका आकारका ठूला पात, खैरा फल, हरियोमा खैरा र पहेँला टीका परेका फूल र पहेँलो ठूलो कन्द हुने, लेकाली जङ्गलमा पाइने एक बुटी; पद्मचारिणी । २. आयुर्वेदमा अजीर्ण, अतिसार तथा अरुचि नाश गर्ने र हलुको जुलाफ हुने गुण बताइएको त्यसैको अमिलो र ठूलो कन्द । ~ **पुष्कर–** ना० तेह्रदेखि तीस सेन्टिमिटर अग्लो, लामा-लामा दाँती परेका पात हुने, पहेँलो फूल फुल्ने, डल्ला र लामा फल फल्ने, हिमाली प्रदेशमा हुने एक जातको बुटी । (आयुर्वेदमा यसको जरो पित्तनाशक र पिसाबसम्बन्धी रोगमा हितकारी बताइएको छ ।)

**पद मिलान–** ना० [सं० पद+मिलन] वाक्यमा उल्टोपाल्टो परेर रहेका पदहरूलाई ठीक-ठीक ठाउँमा मिलाउने काम; पदन्यास । ~ **प्रश्न–** ना० कुनै वाक्य वा गद्यांशका पदहरूलाई उल्टोपाल्टो पारेर विद्यार्थीहरूलाई वाक्यमा पदविन्याससम्बन्धी ज्ञान भए-नभएको जाँच्नका निम्ति बनाइने प्रश्न ।

**पद मुक्त–** वि० [सं०] आफ्नो पद वा स्थान छाडेको वा त्यसबाट हटेको (व्यक्ति) । > **पद मुक्ति–** ना० कुनै पद वा दर्जाबाट छुटाउने काम; नोकरी खोसिने क्रिया; बर्खास्तगी; खोसुवा ।

**पद मैत्री–** ना० [सं०]१. विषयअनुसारका पदहरूको कुनै लेख वा छन्दमा गरिने योजना; पदविन्यास । २. वाक्य वा छन्दका आदि, मध्य र अन्तमा चमत्कारपूर्ण पदहरूको योजना गर्ने काम; अनुप्रास ।

**पद मोचन–** ना० [सं०] कुनै पद वा कर्तव्यबाट छुटकारा पाउने काम; पद छाड्ने वा छोडाउने क्रिया; खोसुवा वा राजीनामा ।

**पद योजना–** ना० [सं०]१. कुनै लेख वा कवितामा विषयअनुसार भाववाही गुण भएका शब्दहरू राख्ने काम । २. गद्य-रचनामा व्याकरणका नियमअनुसार पदहरूको संयोजन गर्ने काम; पदन्यास ।

**पद लोलुप–** वि० [सं०] दर्जा वा पद पाउनका निम्ति अत्यन्त लोभ गर्ने; पदको लोभी; ओहदामुखी । **– ता–** ना० पदलोलुप हुनाको भाव, क्रिया वा स्थिति ।

**पदवि–** ना० [सं०] हे० पदवी; दर्जा ।

**पद विच्छेद–** ना० [सं०] समास वा सन्धि भएका पदहरूलाई अलग-अलग छुट्ट्याउने काम ।

**पद विराम–** ना० [सं०] गद्य वा पद्यसम्बन्धी वाक्य स्पष्ट गराउन खास-खास ठाउँमा हुने विराम वा यति । ~ **चिह्न–** ना० पद, वाक्यांश वा चरणका अन्तमा विश्राम गरिने कुरा बुझाउन प्रयोग गरिने चिह्न; कमा ( , ); अल्पविराम ( ; ) ।

**पदवी–** ना० [सं०]१. कुनै व्यक्तिलाई योग्यताअनुसार सरकार वा अन्य कुनै संस्थाबाट दिइने उच्च पद वा सम्मानित उपाधि । २. प्रतिष्ठासूचक पद; दर्जा; ओहदा ।

**पद व्याख्या–** ना० [सं०] कुनै पद वा शब्दको भेद, वचन, लिङ्ग, पुरुष र वाक्यमा त्यसको अन्य शब्दका साथमा रहेको सम्बन्ध देखाउने काम ।

**पद शिक्षार्थी–** वि० [सं०] नोकरी पाउने आशाले कम तलब वा विनातलबमा काम सिक्ने व्यक्ति; सिकारु उम्मेदवार (अप्रेन्टिस) ।

**पद सङ्गति–** ना० [सं०] वाक्यमा व्याकरणका नियमअनुसार लिङ्ग, वचन र पुरुषसम्बन्धी पदहरू मिलाएर राख्ने काम ।

**पद सङ्घात–** ना० [सं०]१. संहितामा छुट्टिएका पदहरू मिलाउने काम । २. टीका; व्याख्या ।

**पद सूचक–** वि० [सं०] पद जनाउने; पदको बोध गराउने । ~ **चिह्न–** ना० राजा, मन्त्री र अरू सरकारी प्रमुख कर्मचारी वा अधिकारीका पदको ज्ञान गराउने विशेष चिह्न (श्रीपेच, झन्डा, पट्टा, बिल्ला, पगरी, तोडा, ब्याज आदि) ।

**पदस्थापन–** ना० [सं०]१. लिखित परीक्षा तथा अन्तर्वार्तामा उत्तीर्ण भई कुनै पदमा छानिएका उम्मेदवारहरूलाई कुनै निश्चित ठाउँमा काम गर्ने गरी बहाली गर्ने कार्य (पोस्टिङ) । २. पदको स्थापना; दरबन्दी ।

**पदाइ–** ना० [√ **पाद्** (+आइ)] पाद्ने क्रिया वा प्रक्रिया । [ > ] **पदाइनु–** क० क्रि० १. पाद्न लगाइनु; पाद्ने पारिनु । २. हाराबारा खेलाइनु । **पदाउनु–** प्रे० क्रि० १. पाद्न लगाउनु;

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



पाद्ने पार्नु । स० क्रि० २. आच्छु-आच्छु खेलाउनु; मुस्किल पार्नु । ३. सास्ती दिनु, कष्ट दिनु । ४. डन्डीबियोका खेलमा जित्नेले हार्नेलाई 'बजी' भन्दै दौडाउनु; खेद्नु ।

**पदाक्रान्त–** वि० [सं०] गोडाले कुल्चिएको; खुट्टाले थिचिएको; पाउले खुँदेको; पददलित ।

**पदाघात–** ना० [सं०] लात्तीले हान्ने काम; पदप्रहार; लात्तीले भकुर्ने काम; लत्याइ ।

**पदाति–** ना० [सं०] पैदल हिँड्ने सिपाही; पैदल सैनिक; पत्ति ।

**पदाधिकार–** ना० [सं०] कुनै पदमा रहेका अधिकारीले प्रयोग गर्न पाउने अधिकार; अधिकारीमा निहित अधिकार । > **पदाधिकारी–** वि० कुनै पदमा रहेर वा नियुक्त भएर अधिकारपूर्वक काम गर्ने अधिकारी; ओहदादार ।

**पदान्त–** ना० [सं०] १. पदको अन्तिम भाग । २. कुनै श्लोक वा पद्यका चरणको अन्तिम भाग ।

**पदारूढ–** वि० [सं०] पदमा रहेको; पदासीन ।

**पदार्थ–** ना० [सं०] १. पद वा शब्दको अर्थ । २. ज्ञानेन्द्रियले जान्न सकिने कुनै नाउँ भएको वस्तु । ३. कुनै आकार वा रूप भएको वस्तु, चीज । ४. उत्खनन गर्दा पाइएका ढुङ्ग्रो, माटो, काठ, धातु, हाड आदि पुरातात्त्विक वस्तु । ~ **विज्ञान–** ना० भौतिक पदार्थ र त्यसका व्यापार एवं गुणको ज्ञान गराउने विद्या; भौतिक विज्ञान । ~ **विद्या–** ना० विभिन्न पदार्थहरूको अध्ययन गरिने विद्या; भौतिक विद्या ।

**पदार्पण–** ना० [सं०] १. कुनै ठाउँमा पाउ राख्ने काम; पाइलो हाल्ने काम । २. कहीं जाने काम; गमन । ३. कतैबाट आउने काम; आगमन । ४. प्रवेश; पहुँच ।

**पदावधि–** ना० [सं०] कुनै पदमा रही पदाधिकारीले काम गर्ने वा काम गरेर भोग्ने खास अवधि; पदाधिकारीको कार्यकाल ।

**पदावली–** ना० [सं०] पदहरूको श्रेणी वा समूह; पदबन्ध ।

**पदावास–** ना० [सं०] कुनै पदमा रहेका सरकारी अधिकारीको सरकारी निवासस्थान; आवासगृह; क्वार्टर ।

**पदासन–** ना० [सं०] राजामहाराजाहरूको पाउ अडचाउने र सिंहासनमनि रहने सानो खटियाजस्तो वस्तु; पादपीठ ।

**पदासीन–** वि० [सं०] कुनै पद वा दर्जामा रहेको; ओहदादार; पदारूढ ।

**पदाहत–** वि० [सं०] लात्तीले हानिएको; पादप्रहार गरिएको ।

**पदुवा–** वि० [पाद्+उवा] धेरै अपानवायु छाड्ने; ज्यादा पादिरहने । स्त्री० पदुवी; पदुवै ।

**पदेन–** वि० [सं०] १. पदमा रहुन्जेलको; बहाल भएसम्मको । २. पदका हैसियतले वा पदका सम्बन्धबाट उपलब्ध वा नियुक्त ।

**पदोन्नति–** ना० [सं०] कर्मचारीहरूको भइरहेको दर्जाबाट माथिल्लो दर्जामा वृद्धि हुने काम; पदवृद्धि; प्रमोसन; बढुवा ।

**पदौरे / पद्दु–** वि० [पाद+औरे / ऊ] १. धेरै पादिरहने; पदुवा; पधुरो । २. बेकम्मा; रद्दी; काम नलाग्ने; तुच्छ । ३. लाछी ।

**पद्धति–** ना० [सं०] १. बाटो; मार्ग । २. कुनै काम गर्ने सिलसिलेवार नियम; कार्यप्रणाली । ३. कार्यविधि । ४. तरिका; रीत; रिवाज; परिपाटी । ५. कुनै कर्म वा संस्कारको विधिविधान लेखिएको पुस्तक ।

**पद्धु–** वि० हे० पद्दु ।

**पद्म–** ना० [सं०] १. कमलको फूल । २. कमलको बोट । ३. सामुद्रिक शास्त्रअनुसार हत्केला वा पैतालामा हुने सौभाग्यसूचक चिह्न । ४. कमलका आकारको विष्णुको एक हतियार । ५. कुबेरका नौ खजानामध्ये एक खजानाको नाम । ६. हात्तीको सुँड वा गालामा बनाइने चित्र । ७. अष्ट नागमध्ये एक । ८. अठार पुराणमध्ये एक । ९. एक प्रकारको योगासन । १०. गणितमा १,००,००,००,००,००,००,००० को सङ्ख्या । ११. वास्तु वा मूर्तिमा प्रयोग हुने अङ्गुलको दुई गुनाबराबरको नाप; कला एवं कोलकबराबरको नाप; मात्राको दुई गुनाबराबरको नाप; अक्षि एवं अश्विनीबराबरको नाप । **– कुन्द–** ना० कमलको जरा । ~ **कर्णिका–** ना० कमलका फूलका बीचको गट्टो; कमलको बीजकोष । **– काष्ठ–** ना० पैयुँ । ~ **केशर–** ना० कमलका फूलभित्र हुने सुगन्धी धूलो; पद्मकर्णिका । **– चारिणी–** ना० १. पदमचाल्नु । २. शमी । ३. सयपत्रीको फूल । **– ज–** ना० ब्रह्मा । **– जा–** ना० लक्ष्मी (देवी) । ~ **तन्तु–** ना० कमलका नालभित्रको मसिनो धागो; मृणाल । **– नाभ–** ना० १. नाभिबाट कमल उम्रिएका विष्णु । २. शत्रुले प्रहार गरेको अस्त्र रोक्ने मन्त्र । **– निधि–** ना० कुबेरका नौवटा खानीमध्ये एक; पद्म । **– नेत्र–** वि० कमलका फूलका पत्तीजस्तै आँखा हुने; कमलपत्राक्ष । **– पाणि–** वि० १. कमल हातमा लिने । ना० २. विष्णु । ३. ब्रह्मा । ४. गौतम बुद्धको एक विशेष किसिमको मूर्ति । ५. लोकेश्वर, बोधिसत्त्व आदिको विशेष मुद्रा । ६. अभिताभ बुद्धका छोरा एक बोधिसत्त्व; पञ्च बोधिसत्त्वमध्ये एक । ~ **पुराण–** ना० अठार महापुराणमध्ये एक । **– बन्ध–** ना० कमलका फूलको आकार पारी अक्षरहरू लेखिएको एक चित्रकाव्य । **– बन्धु–** ना० १. कमलका मित्र समान भएका सूर्य । २. कमलसँग ज्यादै हितैषिता राख्ने भमरो । ~ **बीज–** ना० कमलको गट्टा; कमलको बीज । **– राग–** ना० एक किसिमको बहुमूल्य रातो मणि; माणिक । ~ **रेखा–** ना० सामुद्रिक शास्त्रअनुसार हत्केलामा हुने कमलका आकारको सौभाग्यसूचक रेखा । ~ **लोचन–** ना० कमलका दलका आकारजस्ता आँखा हुने; पद्मनेत्र (विष्णु) । **– वीज–** ना० कमलगट्टा । **– सम्भव–** ना० १. अतिसानामक बौद्ध भिक्षुभन्दा पहिले भारतबाट नेपाल भई तिब्बत गएर बौद्धधर्मको उपदेश गर्ने एक प्रसिद्ध भिक्षु । २. ब्रह्मा ।

**पद्मा–** ना० [सं०] १. लक्ष्मी । २. मनसादेवीको एक नाम । ३. ल्वाङ । ४. सयपत्री ।

**पद्माकर–** ना० [सं०] १. कमल फुल्ने पोखरी वा तलाउ; कमलपोखरी । २. कमलको समूह ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पद्‌माक्ष**– ना० [सं०] १. कमलगट्टा; कमलबीज । २. विष्णु । ३. सूर्य । वि० ४. कमलका दलको बान्कीका आँखा हुने; कमलनेत्र ।

**पद्‌मासन**– ना० [सं०] १. दुवै पैताला तिघ्रामाथि पर्ने गरी पलेँटी मारेको आसन; एक प्रकारको योगासन । २. ब्रह्मा ।

**पद्‌मिनी**– ना० [सं०] १. कमलिनी । २. कमल फुलेको पोखरी वा तलाउ । ३. लक्ष्मी । ४. कामशास्त्रअनुसार चार कोटिकी स्त्री; अति कोमलाङ्गी, सुशीला, रूपवती र पतिव्रता स्त्री ।

**पद्य**– ना० [सं०] १. पद अर्थात् नियत मात्रा, गण आदिका नियमअनुसार प्रस्तुत हुने साहित्यिक रचना; छन्दोमय रचना । २. विभिन्न प्रवाह वा चरणमा विभाजित उपर्युक्त किसिमको गेयात्मक कृति; काव्य । वि० ३. पदसम्बन्धी; शब्दसम्बन्धी । **– मय**– वि० १. पद्यमा लेखिएको; छन्दोबद्ध ।

**पद्यात्मक**– वि० [सं०] पद्यमा लेखिएको; पद्यप्रधान भएको; पद्यमय । **– ता**– ना० पद्यात्मक हुनाको भाव, क्रिया वा स्थिति ।

**पधार्‌-नु**– अ० क्रि० [सं० पादधारण] पाउ लाग्नु; आगमन हुनु; पदार्पण गर्नु; पाल्नु । > **पधाराइ**– ना० पाउलगाइ; पदार्पण । **पधाराइनु**– क० क्रि० पाउ लाग्ने तुल्याइनु । **पधाराउनु**– प्रे० क्रि० पाउ लाग्ने तुल्याउनु । **पधार्‍याइ**– ना० पधारिने क्रिया वा प्रक्रिया ।

**पधुरो**– वि० [पद्‌धू+उरो] पदुवा; पद्‌दू ।

**पधेरो**– ना० [सं० पत्रकीट] १. पातमा लाग्ने, पटपट शब्द निकाल्ने र ठस्स गनाउने एक जातको दुर्गन्धी कीरो; पतेरो । २. कुवा; पँधेरो ।

**पधौरे**– वि० [पदौरे] पदुवा; पदौरे ।

**पन१**– प्रत्य० [सं० प्रण] भाववाचक नामशब्द बनाउनका निम्ति गुणवाचक वा जातिवाचक शब्दका पछाडि गाँसिने एक प्रत्यय; पना । (जस्तै– राम्रोपन, बूढोपन, भेडोपन इ०) ।

**पन२**– ना० [सं० प्रण] पक्षपात; पनपच्छे ।

**पनडुब्बा**– ना० [पानी+डुब्‌+आ] पानीभित्र लुकेर रहने र कुनै मानिस पानीका छेउछाउमा गएमा तानेर डुबाउँछ भनी लोकले पत्याएको एक प्रकारको पानीभूत । > **पनडुब्बी**– ना० पानीभित्रभित्रै चल्ने एक प्रकारको जहान; सवमेरिन ।

**पनपक्ष**– ना० [पन+पक्ष] विवेक वा न्यायको विचार नगरी कसैको पक्ष लिने काम; ओड; पनपच्छे; पक्षपात । > **पनपक्षी**– वि० पनपक्ष गर्ने; पक्षपाती ।

**पनपच्छे**– ना० [पन+पच्छे] पक्षपात; पनपक्ष ।

**पनबिजुली**– ना० [पानी+बिजुली] जलप्रवाहको वैज्ञानिक ढङ्‌गले गरिएको प्रयोगबाट उत्पन्न हुने विद्युत्‌शक्ति वा बिजुली ।

**पना**– प्रत्य० [पन+आ] १. पन (रातोपना; जिउँदोपना इ०) । ना० २. विशेषता; गुण; बाना ।

**पनाति**– ना० [सं० प्रनप्तृ] नाति वा नातिनीको छोरो; छोरा वा छोरीको नाति । > **पनातिनी**– ना० नाति वा नातिनीकी छोरी; छोरा वा छोरीकी नातिनी ।

**पनातिने**– वि० [पनातिनी+ए] पनाति वा पनातिनीसित सम्बन्ध भएको । ~ **जुवाइँ / ज्वाइँ**– ना० पनातिनीको लोग्ने वा पति । ~ **बुहारी**– ना० पनातिकी स्वास्नी वा पत्नी ।

**पनाली**– ना० [सं० प्रणाली] पानी बग्ने नल; कुलो; ढल ।

**पनालो**– ना० [सं० प्रणाल] ठूलो आकारको पनाली ।

**पनि**– क्रि० वि० [सं० पुनः > पण+इ] समेत; सहित; लगायत ।

**पनिउँ**– ना० समात्नेतिर डोलो वा चेप्टो भएको अनि अगाडिपट्टि चेप्टो र फराकिलो रहेको, भात आदि चलाउने वा पस्कने दाबिलोजस्तो साधन; पन्यूँ ।

**पनिर**– ना० [फा० पनीर] १. दूध फटाएको छोक्रा; छेना । २. पानी निचोरिएको दही ।

**पनेर**– ना० [सं० पर्णतरु] १. लाम्चा र ठूला पात, पहेँलो फूल र गोला फल फल्ने सानो एक जातको काँडादार बोट । २. त्यसैको फल ।

**पनेरु**– ना० [सं० पर्णतरु] दाँती परेका पात हुने आलुबखडाजत्रो एक जातको नीलो फल ।

**पनेरू**– ना० ब्राह्मण जातिको एक थर ।

**पनेरो१**– ना० [पतेरो] हे० पँधेरो ।

**पनेरो२**– ना० [सं० पानीयगृह] पँधेरो; कुवा । > **पनेर्नी**– ना० पनेरामा पानी लिन जाने आइमाई; पँधेर्नी ।

**पनेला**– ना० [अङ्० फ्लानेल] गाढा कालो र टल्कने एक जातको कपडा; फलाटिन ।

**पनेलो**– वि० [पानी+एलो] हे० पन्यालो; तरल ।

**पनौती**– ना० बाह्रबर्से मेला लाग्ने काभ्रे जिल्लाको एक ठाउँ ।

**पनौतो**– वि० [पानी+औतो] सधैँ पानी लागिरहने; पानी पुग्ने (जग्गा) ।

**पनौनी**– ना० [सं० प्राप्त > पाउ+औनी] हराएको वस्तु भेट्टाएबापत दिइने इनाम ।

**पन्च**– ना० [अङ्०] छाला, कागज आदिमा सानो बाटुलो प्वाल पार्ने साधन वा सामान ।

**पन्चट / पन्चर**– ना० [अङ्० पङ्‌क्चर] १. भकुन्डो, मोटर, साइकल आदिमा हावा भरिएको ठाउँमा प्वाल परी हावा छिर्ने कार्य, रबर आदिको ट्युबबाट प्वाल पर्दा हुने, भरिराखेको हावाको उम्काइ । वि० २. त्यसरी हावा बाहिरिन गई बेकम्मा भएको । ३. रद्दी; थोत्रो ।

**पन्चान्नब्बे**– ना० [सं० पञ्चनवति] १. पाँच र नब्बेका योगबाट बनेको सङ्‌ख्या; चौरान्नब्बेपछिको सङ्‌ख्या । वि० २. नब्बे र पाँचका योगको । > **पन्चान्नब्बेऔँ / पन्चानब्बेयौँ**– गणनाका क्रमले पन्चान्नब्बे सङ्‌ख्यामा पर्ने; पन्चान्नब्बे सङ्‌ख्याको ।

**पन्चाली**– ना० [सं० पञ्चवलि] हे० पञ्चवलि ।

**पन्चे**– वि० [सं० पञ्च+ए] दुनोटमा पाँच दोबर; पाँच गुना । ना० २. पञ्चलाई गाली गर्ने शब्द ।

**पन्चेन लामा**– ना० [भो० ब०] तिब्बतको तासीलुम्पो नाउँ भएका

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



गुम्बाका प्रधान धर्मगुरु; तासीलामा ।

**पन्चे माटो**– ना० पानी नछिर्ने खालको, पहँलो किसिमको माटो ।

**पन्चै**– वि० [सं० पञ्च+ऐ] हे० पन्चे । ~ **बाजा**– ना० दमाईं, कुस्ले आदिले बजाउने सनई, टचाम्को, दमाहा, झ्याम्टा, ढोलकी बाजा; नेपाली संस्कृतिअनुसार शुभ कार्यमा बजाइने उक्त पाँच प्रकारका बाजा ।

**पन्चौली**– वि० [सं० पन्च+ने० औली] पञ्चायती । ~ **सभा**– ना० पञ्चायती सभा ।

**पन्छ-नु**– अ० क्रि० [पन्सनु] रजस्वला हुनु; नछुने हुनु; पर सर्नु; टक्रिनु । > **पन्छाइ**– ना० पन्छने वा पन्छाउने क्रियाप्रक्रिया । **पन्छाइनु**– क० क्रि० पन्छाउने काम गरिनु; पर सारिनु । **पन्छाउनु**– स० क्रि०/प्रे० क्रि० पर सार्नु; हे० पन्साउनु ।

**पन्छि-नु१**– अ०क्रि० [पन्सि+नु] हे० मन्सिनु ।

**पन्छि-नु२**– अ०क्रि० [पन्छनु] १. पर सर्नु; छुट्टिनु । २. अलग रहनु; हट्नु; टाढा पुग्नु । ३. टर्नु । ४. पन्छनु ।

**पन्छी**– ना० [सं० पक्षी] पखेटा हुने, आकाशमा उड्ने र अन्डाबाट बच्चा पार्ने प्राणी; चरो; पक्षी; पङ्खी; दोपाया ।

**पन्छयाइ**– ना० [√ **पन्छि** (+आइ)] १. पन्छिने क्रिया वा प्रक्रिया । २. मन्सिने क्रिया वा प्रक्रिया । [ > ] **पन्छयाहट**– ना० पन्छयाइ ।

**पन्जा**– ना० [फा० पन्ज, सं० पञ्च+आ] १. हात वा गोडाका पाँच औँलाको समूह । २. पाँच औँलासहितको हत्केलो; लबटो; पौँजा । ३. तास वा गन्जिफाको पाँच फुट्टीको पत्ती । ४. पाँच, नौ र एक कौडा ठाडा हुँदा पर्ने जुवाको खेलको एक दाउ । ५. पासाको खेलमा दुई पासामा दुवा-दुवा र एक पासामा पोट पर्दा हुने एक दाउ । ६. गलैँचा बुन्दा तानको तनोट र बुनोटको धागो मिलाउन ठोकिने साधन । ७. पाँच औँलालगायत हत्केलादेखि मणिबन्धसम्म वा त्यसभन्दा केही माथिसम्म लगाइने सूती, ऊनी, प्लास्टिक, छाला आदिको खोल । ~ **छाप**– ना० पाँच औँलाको सामूहिक छाप । ~ **पत्र**– ना० राजाबाट बाहुलीद्वारा सिँदुर रङको छाप लगाई बक्स भएको ऐन, सबाल, सनद आदि ।

**पन्जाब**– ना० [फा० पञ्जाब < सं० पञ्चाप] भारतको उत्तर-पश्चिमी भागमा पर्ने भारत र पाकिस्तानमा विभाजित भएको एक प्रदेश ।

**पन्जाबी**– वि० [पन्जाब+ई] १. पन्जाब प्रान्तको; पन्जाबसम्बन्धी । २. पन्जाबमा बनेको, भएको वा रहेको । ना० ३. पन्जाबको भाषा वा निवासी । ४. बीचमा साठो हाली पत्रैपत्र तथा चिरैचिरा पारेर घिउमा पकाइएको, मैदाका पीठाको एक प्रकारको रोटी । ~ **कुर्था**– ना० आङ, कम्मर आदि चिटिक्क मिल्ने गरी तयार गरिएको जनाना कुर्था । ~ **सुट**– ना० लामो सुलुत्त परेको कुर्था र सुरुवालको जाँघ ठूलो हुने, मोहोतामा खीप राखेर बनाइने जोडी पोसाक । ~ **सुरुवाल**– ना० कम्मरमा इँजार बाँधिने, जाँघ खुकुलो हुने, मोहोता साँघुरो पारी कलले बाक्लै तगेर सिइएको सुरुवाल ।

**पन्जु**– ना० [पन्जा+ऊ] दुई दुवा र एउटामा पोट आउँदा पर्ने पासाको खेलको एक दाउ ।

**पन्डर**– ना० [सं० पाण्डुर] पानका आकारका पात हुने, भेट्नातिर गट्टाजस्तो हुने, सेता फूल फुल्ने र काला साना फल फल्ने, राता धर्का भएको हरियो डाँठ हुने, एक जातको लहरो; त्यसैको फूल । (आयुर्वेदमा यसको गुण खटिरा नाश गर्ने र आँखाको हित गर्ने भनी लेखिएको छ ) ।

**पन्तरो**– ना० [पत्तरो < सं० पत्र] सानोतिनो कुटुरो; पोको; पुन्तुरो ।

**पन्थ**– ना० [सं० पन्था] १. बाटो; मार्ग । २. कुनै विचार वा दर्शनको सम्प्रदाय; धर्म । ३. कुनै किसिमको विचार वा दर्शनको मत; सिद्धान्त । > **पन्थी**– वि० १. बाटो हिँड्ने; यात्री; बटुवा । ना० २. कुनै सम्प्रदायको अनुयायी । ३. एक नेपाली थर ।

**पन्ध्र**– ना० [सं० पञ्चदश] कथ्य० पन्द्र पनि । १. दस र पाँचको योगबाट बन्ने सङ्ख्या; चौधपछि आउने सङ्ख्या; १५-को अङ्क । वि० २. दस र पाँचका योगसङ्ख्याको; गन्तीका क्रममा चौधपछि आउने । ~ **पोल**– ना० पौने एक बिसौली । > **पन्ध्रौँ**– वि० गणनाका क्रमले चौधपछिको सङ्ख्यामा पर्ने; पन्ध्र सङ्ख्याको ।

**पन्ना१**– वि० [सं० प्राज्ञ > प्रा० पञ्ञा] विषयवस्तुमा अत्यन्त निपुण; धेरै जान्ने; सिपालु ।

**पन्ना२**– ना० [प्रा० पण्ण < स० पर्ण] १. पुस्तक, कापी आदिको पाना; पातो । २. हरियो वा नीलो रङको एक जातको बहुमूल्य रत्न; नीलमणि; चन्द्रमणि ।

**पन्याइ**– ना० [√ **पन्याउ** (+आइ)] पन्याउने क्रिया वा प्रक्रिया । [ > ] **पन्याइनु**– क० क्रि० पन्याउने काम गरिनु; खेतमा पानी लगाइनु । **पन्याइलो**– वि० पानीको कमी नभएको (खेत आदि) ।

**पन्याउ-नु**– स० क्रि० [पानी+याउ+नु] खेतमा पानी लगाउनु; बालीनालीमा पानी पटाउनु; सिँचाइ गर्नु ।

**पन्यालो**– वि० [पानी+आलो] १. कुनै तरल पदार्थ पानीजस्तो पातलो बनेको; पानीझैँ पातलो; पनेलो; तरल । २. भित्र पानी भएको र पानीकै जस्तो स्वाद हुने (काँक्रो, पानीअमला आदिजस्तो) ।

**पन्युँ**– ना० [√ पनिउँ] भात चलाइने वा पस्किने, दाबिलाका छाँटको प्रायः धातुको साधन; पनिउँ ।

**पन्साइ**– ना० [√ **पन्साउ** (+आइ)] पन्साउने भाव, क्रिया वा प्रक्रिया; पन्छाइ । [ > ] **पन्साइनु**– क० क्रि० पन्साउने काम गरिनु; कुनै वस्तुलाई वरबाट पर सारिनु ।

**पन्साउ-नु**– स० क्रि० [सं० प्र+नस्+आउ+नु] १. कुनै वस्तुलाई पर सार्नु; हटाउनु; पन्छाउनु । २. कुनै वस्तुलाई अलग राख्नु; छुट्टयाउनु । ३. मन नपरेका व्यक्ति वा विषयलाई आफूबाट अलग गर्नु; हटाउनु; पन्छाउनु । ४. देवता, भूतप्रेत आदिका निम्ति केही वस्तु पर सार्नु; छुट्टयाएर राख्नु । > **पन्सिनु**– अ० क्रि० १. अलग्ग बस्नु; पर सर्नु; छुट्टिनु । २. हट्नु; टाढा जानु वा

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



पुग्नु । ३. टरेर जानु; टर्नु; पन्छिनु । ४. पन्साउने काम हुनु; पन्साइ माग्नु । **पन्स्याइ–** ना० पन्सिने भाव, क्रिया वा प्रक्रिया । **पन्स्याहट–** ना० पन्छचाइ ।

**पपरी–** ना० [तुल० फा० परी = पखेटावाली] चमेरो (पक्षी) ।

**पपलिन–** ना० [अङ्०] कटन र सिल्कसमेत मिसी तयार गरिएको एक प्रकारको कपडा ।

**पपिता–** ना० [सं० पारेवत] अँडिरका जस्ता पात हुने, प्रायः हाँगाबिँगा नहुने, पहेँलो फूल फुल्ने, भेट्नातिर विशेष डल्लो र फुकेको हुँदै टुप्पातिर केही पातलो हुने लाम्चा भावका ठूला फल टुप्पानेरै झुत्तिने एक जातको बोट; त्यसै बोटको फल पाकेपछि गुदी पहेँलो रङको र गुलियो स्वादको हुने र भित्र काला बियाँ हुने फल; मेवा; पविता । (यसका फललाई शक्तिवर्धक र पाचनशील मानिएको छ ।) **– फोर्ट–** ना० मेवाको फलबाट तयार, एक पाचनकारी औषधी ।

**पप्पी–** ना० पातहरूमा काँडैकाँडा हुने एक जातको बिरुवा ।

**पप्लु–** ना० [अङ्०] १. तीन जोर तास मिलाएर रमी वा साइटिङका ढाँचाले खेलिने एक प्रकारको तास-खेल । २. सो खेलमा जोकर पल्टिएकै रङको माथिल्लो दोस्रो पत्ती ।

**पबितो/पबित्तो–** वि० हे० पगितो ।

**पब्लिक–** ना० [अङ्०] १. सर्वसाधारण मानिस; जनता; प्रजा । वि० २. जनतासम्बन्धी; जनताको । ~ **कम्पनी–** ना० कम्पनी-कानुनअनुसार चलेको, जनतामा नै स्वामित्व रहेको संस्था । ~ **कम्पनी लिमिटेड–** ना० कम्पनी कानुनअनुसार चलेको, जनसमूहमा नै त्यसको स्वामित्व रहेको व्यवसायमूलक संस्था । ~ **सर्भिस कमिसन–** ना० लोकसेवा आयोग ।

**पम्प–** ना० [अङ्०] १. पानीको नाला; पाइप । २. साइकिल, मोटर आदिका टचुबमा हावा भर्ने साधन । ३. पानी वा रङ घोलिएको तरल पदार्थ चुसेर फ्याँक्ने वा छचाप्ने साधन; पचका; पिच्कारी । ४. फित्ता बाँध्न नपर्ने एक छाँटको खुला र हलुका जुत्ता । **– सेट–** ना० होचो ठाउँमा भएको वा भुइँभित्रको पानीलाई अग्लो ठाउँमा तान्नुपर्दा प्रयोग गरिने यन्त्र; सिँचाइका लागि प्रयोगमा ल्याइने दमकल ।

**पम्पास–** ना० [अङ्०] दक्षिण अमेरिकामा रहेको अर्जेन्टिना राज्यको समशीतोष्ण तृणभूमि; घाँसे मैदान ।

**पम्पु–** ना० [पम्प+उ] हे० पम्प (हावा भर्ने साधन) ।

**पम्फा–** ना० [सं० पम्पा] १. मसिनो भुवा र कमलो पत्र हुने एक जातको लेकाली फूल । वि० २. सुन्दरताको अभिमान भएकी (स्त्री) ३. सानोतिनो कुरामा पनि दुःख मान्ने; पिन्चे ।

**पय–** ना० [सं०] १. दूध । २. पानी ।

**पयठ–** ना० [प्रा० पयट्ठ < सं० पदस्थ] १. कुनै गह्रौँ वस्तुका निम्ति दिइने भर; आड; सहारा; पैठ । २. ठेल्ने काम; पेलाइ ।

**पयर–** ना० [ प्रा० पयड < सं० पदट] पाउ; गोडो; खुट्टो ।

**पयस्विनी–** ना० [सं०] १. निरन्तर पानी बगिरहने नदी । २. प्रशस्त मात्रामा दूध आउने गाई; दुहुनू गाई ।

**पयो–** ना० डोरीको बटारिएको आँठो; डोरीका दुई वा दुईभन्दा बढी बटारिएका आँठामध्ये एक; पोयो ।

**पयोधर–** ना० [सं०] १. पानी धारण गर्ने वा बोक्ने पदार्थ; मेघ । २. दूध धारण गर्ने वा रहने अङ्ग; स्तन; फाँचो ।

**पयोधा/पयोधि/पयोनिधि–** ना० [सं०] १. समुद्र । २. बादल ।

**पयोव्रत–** ना० [सं०] उत्तम सन्तान पैदा होस् भनी महिनादिनसम्म दूध मात्र खाएर लिइने एक किसिमको व्रत ।

**पर्‌-नु–** अ० क्रि० [सं० पतन] १. खस्नु; झर्नु; गिर्नु । २. आइलाग्नु । ३. संयुक्त हुनु; मिल्नु । ४. आवश्यक हुनु; जरुरत हुनु । ५. बल्नु, सल्कनु । ६. संयोग हुनु; जरुरत हुनु । ७. ठीकठाक हुनु; तयार हुनु । ८. कुनै काम गर्ने स्थिति हुनु ।

**परःपुंसा–** ना० [सं०] आफ्ना पतिदेखि असन्तुष्ट भएर परपुरुषसँग शारीरिक सम्बन्ध राख्ने आइमाई ।

**परःश्व–** क्रि० वि० [सं०] पर्सि; भोलिको भोलि वा निपर्सिको हिजो ।

**पर–** पू० स० [सं०] १. शब्दको आरम्भमा जोडिएर आफूदेखि भिन्न, पराई, अर्काको, पछिको आदि जनाउने पूर्वसर्ग (परदेश, परतन्त्र, परलोक इ०) । प० स० २. शब्दका अन्तमा लागेर निमग्न, तल्लीन, उद्यत आदि अर्थ बुझाउने एक प्रत्यय (स्वार्थपर, तत्पर इ०) । वि० ३. पराई; अर्को; भिन्न । क्रि० वि० ४. टाढा; दूर ।

**परक–** प० स० [सं०] शब्दका अन्तमा गाँसिई पछि लागेर, सम्बन्धित आदि अर्थ बुझाउने एक प्रत्यय (जस्तै– बुद्धिपरक, भावपरक, वस्तुपरक इ०) ।

**परकम्प–** ना० [सं०] ठूलो भूकम्प भइसकेपछि फेरि-फेरि हुने ससाना कम्प ।

**परकाय प्रवेश–** ना० [सं०] १. योगबलद्वारा अर्काको मृत शरीरमा आफ्नो आत्माको प्रवेश गराउने काम वा साधन । २. मरेका मान्छेलाई आफ्नो आत्मा दिएर बचाउने र आफू मर्ने यौगिक विधि ।

**परकीय–** वि० [सं०] अर्कासँग सम्बन्ध रहेको; अर्काको; अन्य जनको; पराईको । > **परकीया–** ना० १. गुप्त तबरले परपुरुषसित प्रेम गर्ने नायिका; नाटचशास्त्रअनुसार नायिकाका मुख्य दुई भेदमध्ये एक । २. अर्काकी पत्नी; परस्त्री; परनारी ।

**परको–** वि० [पर+को] टाढाको; बिरानो; नाता सम्बन्ध नलाग्ने । स्त्री० परकी ।

**परक्क–** क्रि० वि० [अ० मू० परक+क] १. कुनै वस्तु निमोठिने गरी बटारेर । २. प्राणी आदिको मुन्टो बटारिने किसिमले । ३. तेल, घिउ आदिमा तरकारी आदि भुट्ताको आवाज निक्लने गरी । ४. चाम्रो वस्तु (उखु, मकैको ढोड आदि) भाँचिने वा भाँच्ने किसिमले ।

**परक्षेत्र–** ना० [सं०] १. पराईको वा अर्काको शरीर । २. अर्काको

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



जग्गाजमिन । ३. अर्काकी स्वास्नी; परस्त्री ।

**परख**– ना० [ परीक्खण < सं० परीक्षण] कुनै वस्तुमा रहेको गुणदोष, राम्रोनराम्रो आदि हेर्ने, जाँच्ने वा पर्गेल्ने काम; परीक्षा; पारख । > **परखिया**– ना० सातसाले क्रान्तिपूर्व तराईका मालअड्डाको नौसिन्दाभन्दा तलको अनि लेखनदासभन्दा माथिको कर्मचारी ।

**परगन्ना**– ना० [फा० पर्गन] प्रशासकीय दृष्टिले धेरै मौजा मिलाएर बनेको इलाका; भूमिप्रशासन लागू हुनुभन्दा पहिले तराईका मौजे, तप्पालाई दिइएको संज्ञा; प्रगन्ना ।

**परगेल्-नु**– स० क्रि० [सं० परिग्रहण] १. मिसिएको वा छ्यासमिस भएका धेरै वस्तुको समूहबाट प्रत्येक वस्तु अलग-अलग छुट्ट्याउनु; छान्नु । २. केलाउनु; अनावश्यक वस्तुलाई फ्याँक्ने र आवश्यक वस्तुलाई राख्ने काम गर्नु । ३. नाउँ काढेर बोलाउनु; नाउँ किट्नु । > **परगेलाइ**– ना० परगेल्ने क्रिया वा प्रक्रिया । **परगेलाइनु**– क० क्रि० परगेल्न लाइनु । **परगेलाउनु**– प्रे० क्रि० परगेल्न लाउनु । **परगेलाहट**– ना० परगेल्ने स्थिति, क्रिया वा प्रक्रिया । **परगेलिनु**– क० क्रि० परगेल्ने काम गरिनु ।

**परचक्र**– ना० [सं०] १. शत्रुको राष्ट्र वा सेना । २. शत्रुको आक्रमण । ३. शत्रुको कूटनैतिक चाल । > **परचक्री**– वि० १. अर्को; पराई । ना० २. आफन्तदेखि अतिरिक्त व्यक्ति; पराई मानिस ।

**परच्छन्द**– वि० [सं०] अर्काका अधीनमा रहेको; पराधीन; परतन्त्र । > **परच्छन्दानुवर्ती**– वि० अर्काका इच्छाअनुसार काम गर्ने; अर्काको इसारामा नाच्ने; पराधीन; परमुख ।

**परजात**– वि० [सं०] १. अर्काबाट उत्पन्न भएको; अन्यज । २. अर्कोद्वारा पालिएको । ना० ३. नोकर; कमारो । ४. कोइली । ५. झड्केलो सन्तान; क्षेत्रज ।

**परजीवी**– वि० [सं०] १. अरूका भरमा बाँच्ने; अर्काका आश्रयमा रहेको । २. आफ्नो स्वतन्त्र जरा नहुने (आकाशबेली) र भए पनि अरू वृक्षको बोक्राबाट रस चुसी बाँच्ने (सुनाखरी आदिझैँ वनस्पति) । ~ **कीटाणु**– ना० अन्य प्राणीको शरीरको रगत आदि चुसेर बाँच्ने जुम्रा, चमजुम्रा, जुका, किर्ना आदिजस्ता कीटाणु ।

**परञ्च**– अव्य० [सं०] १. अरू पनि; फेरि पनि; अझ पनि । २. तर पनि; तापनि ।

**परञ्जय**– वि० [सं०] १. शत्रुलाई जित्ने; शत्रुलाई हराउने । ना० २. वरुण ।

**परतः**– क्रि० वि० [सं०] १.अर्कासितबाट; अर्काबाट; अरूबाट । २. शत्रुबाट । ३. भविष्यमा; पछि ।

**परत**– ना० [सं० पत्र] पृथ्वीको बाहिरी खँदिलो तह; भूतल ।

**परतन्त्र**– वि० [सं०] अर्काका अधीनमा रहेको; स्वतन्त्र हुन नपाएको; पराधीन ।

**परतिर**– क्रि० वि० [पर+तिर] कथ्य० पल्तिर पनि । १. वरको विपरीतपट्टि; उतातिर; त्यतातिर । २. टाढा; अलग्ग ।

**परत्र**– क्रि०वि० [सं०] १. अर्का ठाउँमा; अन्य स्थानमा; अन्यत्र । २.परलोकमा; दोस्रो कल्पित लोकमा । ३. पछि; भविष्यमा । ना० ४. परलोक; पुनर्जन्म ।

**परथन**– ना० [पथार+अन] रोटी बेल्दा लगाउने फुको पीठो ।

**परदारा**– ना० [सं०] अर्काकी स्त्री; पराई स्वास्नीमान्छे; परस्त्री । > **परदारी**– वि० परस्त्रीसँग गमन गर्ने; व्यभिचारी; नाठो ।

**परदेवता**– ना० [सं०] १. परमात्मा; परब्रह्म । २. विजातिको देउता ।

**परदेश**– ना० [सं०] १. आफ्नो देशदेखि भिन्न देश; अर्काको देश; विदेश । २. शत्रुको देश । ३. आफू बसेका ठाउँदेखि टाढाको ठाउँ; दूर देश । ~ **सेवा पदक**– ना० २०२० साल पौष ११ गते संस्थापित, संयुक्त राष्ट्रसङ्घका आह्वानमा वा मित्रराष्ट्रको सहायतार्थ परदेशमा गएर सैनिक सेवा गर्ने नेपाली सैनिकलाई प्रदान गर्ने गरिएको एक राष्ट्रिय पदक । > **परदेशी**– वि० १. परदेशमा रहने; परदेशको । २. अर्काका देशमा रहने; विदेशमा बस्ने; विदेशी ३. प्रवासमा रहने; प्रवासी । ना० ४. परदेशबाट फर्केर आएको व्यक्ति ।

**परद्रोह**– ना० [सं०] अरूको रिस गर्ने काम; अर्कासँगको वैरभाव । > **परद्रोही**– वि० अरूको रिस गर्ने; अर्कासँग वैरभाव राख्ने ।

**परधन**– ना० [सं०] अर्काको धन; पराईको सम्पत्ति ।

**परधर्म**– ना० [सं०] आफूले मानिआएदेखि भिन्न धर्म; अर्काको धर्म; इतरधर्म, अन्य धर्म ।

**परधाम**– ना० [सं०] १. वैकुण्ठ । २. परमेश्वर । ३. विष्णु ।

**परन्तु**– संयो० [सं०] १. पहिलो कथनको विरोध दर्साउने सम्बन्धमा आउने संयोजक; तर; किन्तु । ना० २. अन्त । ३. आखिरको समय; अन्तिम समय ।

**परपक्ष**– ना० [सं०] १. अर्काको ओड वा पक्ष; विरोधी पक्ष । २. विरोधी मत; विरोधी पक्षको मत । – **ग्राही**– वि० १. आफ्नो दल वा पक्ष छाडेर दोस्रो दल वा पक्ष ग्रहण गर्ने । ना० २. आफ्नो विश्वास वा सिद्धान्त त्यागेर अर्काको विचार वा सिद्धान्त ग्रहण गर्ने व्यक्ति ।

**परपजनी**– ना० [(द्वि०) पजनी] पजनी र सोसँग सम्बन्धित सरुवा, बढुवा, खोसुवा आदि कारबाई; पुनर्गठन ।

**परपर**– क्रि० वि० [अ० मू० पर्+अ (द्वि०)] १. खारिएका तेल वा घिउमा तरकारी आदि भुट्दा शब्द आउने किसिमले । २. धमाधम निमोठ्ने वा बटार्ने गरी । ३. बिँगठिने चालसँग । ४. टिमुर आदि खाँदा जिब्रामा हलुको पीडा हुने किसिमले । ना० ५. त्यस्तो शब्द वा पीडा । > **परपरती**– क्रि० वि० अझै परपर हुने गरी । **परपराइ**– ना० परपर ध्वनि उत्पन्न हुने वा परपर पीडाको अनुभव हुने क्रिया-प्रक्रिया ।

**परपराइनु**– क० क्रि० १. परपरती बटारिनु । २. परपरती भुटिनु । अ० क्रि० ३. परपर पीडाको अनुभव होइनु ।

**परपराउनु**– स० क्रि० १. परपरती भुट्नु वा बटार्नु । अ० क्रि०

२. परपरको अनुभव हुनु ।

**परपरागण–** ना० [सं०] एउटा फूलको शुक्रकीट अर्का फूलको डिम्बसँग मिलेर बीजाणु बन्ने प्रक्रिया ।

**परपराहट–** ना० [परपर+आहट] परपराउने स्थिति, क्रिया वा प्रक्रिया ।

**परपरि-नु१–** अ० क्रि० [परपर+इ+नु] १. एक-अर्कोसँग नमिल्ने हुनु; बाउँठिनु; बिभिन्डिनु । २. परपर हुनु; टाढिनु ।

**परपरि-नु२–** अ० क्रि० [परपर+ई+नु] परपऱ्याउनु ।

**परपरी–** क्रि० वि० [परपर+ई] परपर; परपरती ।

**परपरे–** वि० [परपर+ए] परपर गर्ने; बिँगठिने चालको ।

**परपरै–** क्रि० वि० [पर+पर+ऐ] १. छेउमा नपरी; टाढटाढै । २. पृथक्-पृथक् ।

**परपऱ्याइ–** ना० [√ **परपरि** (+याइ)] परपरिने क्रिया वा प्रक्रिया । [ > ] **परपऱ्याइ–** ना० परपऱ्याउने क्रिया वा प्रक्रिया । **परपऱ्याइनु–** अ० क्रि० १. जिब्रामा हलुको पीडा होइनु; रमरम भइनु । क० क्रि० २. परक्क परिनु; दोबारिनु; परपरती भुटिनु । **परपऱ्याउनु–** अ० क्रि० १. टिम्बुर, पिरिया आदि खाँदा जिब्रामा हलुको पीडा हुनु; एक किसिमको पिरो अनुभव हुनु; रमरमी लाग्नु । स० क्रि० २. परपरती बटार्नु वा निमोठ्नु । > **परपऱ्याहट–** ना० परपऱ्याउने क्रिया वा प्रक्रिया; परपऱ्याइ ।

**परपाक–** ना० [सं०] १. अर्काका निम्ति वा पञ्चमहायज्ञका निम्ति पकाइने खानेकुरो । २. अर्काले पकाएको खानेकुरो ।

**परपीडक–** वि० [सं०] १. अर्कालाई शारीरिक वा मानसिक रूपमा दुःख दिने; अर्कालाई खूबसँग सताउने । ना० २. अर्कालाई पिर्ने व्यक्ति ।

**परपीडन–** ना० [सं०] अर्कालाई शारीरिक वा मानसिक दुःख दिने काम; अर्कालाई सताउने वा सास्ती दिने क्रिया ।

**परपुरुष–** ना० [सं०] १. सर्वसाधारण मानिसमा भन्दा गुण, शक्ति आदि बढ्ता भएको व्यक्ति; सर्वश्रेष्ठ पुरुष; परमात्मा । २. आफ्नो लोग्नेबाहेकको अन्य पुरुष; नाठो ।

**परप्रपौत्र–** ना० [सं०] पनातिको छोरो; जनजाति ।

**परबर–** ना० [सं० पटोल] दाँती परेका, मुटुका आकारका पात हुने, सेतो फूल फुल्ने, लहरामा फल्ने र गोलकाँक्रीका जस्ता डोला कोसा हुने, तरकारी खाइने, प्रसिद्ध फलविशेष । (आयुर्वेदमा यसको पात पित्तनाशक र पुष्टिकारक बताइएको छ ।) ।

**परबस्ती–** ना० [फा० परवरिश] १. पालनपोषण; सम्भरण; सम्भार । २. जीवनवृत्ति; जीवननिर्वाह ।

**परब्रह्म–** ना० [सं०] १. निर्गुण, निराकार र उपाधिरहित ब्रह्म । २. ईश्वरको परम सत्ता ।

**पर भाग्योपजीवी–** वि० [सं०] अर्काको कमाइ वा अन्न खाएर जीविका गर्ने; अर्काको कामबाट जीवननिर्वाह गर्ने ।

**परम–** वि० [सं०] १. सबभन्दा पहिलेको; आदिको; आद्य । २. सबभन्दा उत्तम; उत्कृष्ट । ३. सबैभन्दा प्रधान; सर्वप्रमुख । ४. सबैभन्दा ठूलो वा सानो; अति धेरै वा कम । ~ **गति–** ना० लोकविश्वासअनुसार मरेपछि पाइने सबभन्दा उच्च स्थिति; मोक्ष । ~ **तत्त्व–** ना० मूलतत्त्व; ब्रह्मा । ~ **धाम–** ना० १. सर्वश्रेष्ठ स्थान; स्वर्ग; वैकुण्ठ । २. परलोक । ३. मृत्यु; मरण । ~ **पद–** ना० १. सबैभन्दा उच्च पद वा स्थान; सर्वोत्तम स्थान । २. मुक्ति; मोक्ष । ~ **पिता–** ना० संसारको सबैभन्दा ठूलो मानिने ईश्वर; परमेश्वर । ~ **पुरुष–** ना० सबभन्दा ठूलो, समर्थ पुरुष; परमेश्वर; विष्णु । – **भट्टा–** ना० प्राचीन कालमा कमारा-कमारी किनबेच गर्दा बेच्नेले किन्नेलाई बेचबिखनको बेहोरा लेखी दिने कागत । ~ **भट्टारक–** ना० ठूला राजामहाराजाहरूले पाउने एक प्राचीन उपाधि । ~ **भट्टारक महाराजाधिराज–** ना० लिच्छविकालका राजाहरूलाई विभूषित पार्ने र सम्मान जनाउने शब्द वा प्रशस्ति ।

**परमर्मज्ञ–** वि० [सं०] अर्काको मर्म जान्ने; अर्काको दुःख बुझ्ने ।

**परमर्षि–** ना० [सं०] सबभन्दा ठूला ऋषि; महर्षि ।

**परम सत्ता–** ना० [सं०] १. अनियन्त्रित शक्ति वा अधिकार; पूर्ण तथा अबाध सत्ता । २. अधिनायक । ३. अधिनायकत्व ।

**परमहंस–** ना० [सं०] १. सन्न्यासीहरूमध्ये माथिल्लो तहको चाहिँ वर्ग वा पद । २. महात्मा । ३. परमेश्वर ।

**परमाकर–** ना० [सं०] सबभन्दा उत्तम अक्षर; ॐ (ओंम्); प्रणव; ओंकार ।

**परमाङ्गना–** ना० [सं०] असल शील-स्वभाव भएकी नारी; उत्तम स्त्री ।

**परमाङ्गी–** ना० [फा० फरमानगी] १. राजाको वा सरकारी उच्च अधिकारीको आज्ञा; प्रमाङ्गी । २. आज्ञा; आदेश; अनुमति ।

**परमाणु–** ना० [सं०] १. कुनै पदार्थको अत्यन्त सूक्ष्म कण; अति सानो कण । २. कुनै भौतिक पदार्थको निर्माण गर्ने सबभन्दा सूक्ष्म तत्त्व । ३. वास्तु वा मूर्तिमा प्रयोग हुने सबभन्दा सानो नापो । ~ **बम–** ना० परमाणुका रचनामा निहित शक्तिलाई एकत्रित गरी तयार गरिएको शक्तिशाली बम । – **वाद–** ना० संसारको सम्पूर्ण शक्ति परमाणुबाटै बनेको हो भनी भन्ने एक दार्शनिक सिद्धान्त । – **वादी–** वि० परमाणुवादको अनुयायी ।

**परमात्मा–** ना० [सं०] परब्रह्म वा परमेश्वर ।

**परमादेश–** ना० [सं०] १. तल्लो अदालत, संस्था, अधिकारी आदिलाई कुनै विशिष्ट काम गर्न वा नगर्नका निम्ति सर्वोच्च अदालतले दिने आदेश ।

**परमाधिकार–** ना० [सं०] सर्वोच्च शासकले मात्र प्रयोग गर्न सक्ने विशिष्ट अधिकार । > **परमाधिकारी–** ना० परमाधिकारप्राप्त व्यक्ति ।

**परमाधिपति–** ना० [सं०] राष्ट्रको सर्वोच्च अधिपति (राजा, राष्ट्रपति, अध्यक्षमण्डलको सभापति इ०) । > **परमाधिपत्य–** ना० परमाधिपतिको दायित्व, पद वा अधिकार ।

**परमानन्द–** ना० [सं०] १. ब्रह्माको साक्षात्कार वा त्यसका ज्ञानको सुख; ब्रह्मानन्द । २. परब्रह्म; ईश्वर । ३. अत्यन्त आनन्द;

अति सुख ।

**परमायु**– ना० [सं०] जीवशास्त्रले बताएको पूर्ण आयु; जीवनको सर्वाधिक आयु । (मान्छेको परमायु १०० वर्ष मानेर नेपाली समाजमा आसिक दिँदा बीसासय (एक सय बीस वर्ष) आयु होस् भनिन्छ ।)

**परमार्थ**– ना० [सं०] १. सबैभन्दा महत्त्वको विषय वा अर्थ । २. मोक्ष; मुक्ति । ~ **सत्य**– ना० सबैभन्दा ठूलो सत्य; ईश्वरसिद्ध सत्य । – **वादी**– वि० वेदान्ती; तत्त्वज्ञ । > **परमार्थी**– वि० परमार्थमा लागेको; मोक्षार्थी ।

**परमासन**– ना० [सं०] राजाका अध्यक्षतामा बस्ने माथिल्लो तहको विशेष इजलास ।

**परमुखापेक्षी**– वि० [सं०] आफूले परिश्रम वा कुनै उद्योग नगरीकन अर्काकै परिश्रम वा उद्योगबाट जीवननिर्वाह गर्ने; अर्काका भरमा बाँच्ने; परजीवी ।

**परमेश्वर**– ना० [सं०] १. संसारको सृष्टि, स्थिति र संहारको कारण वा कर्ता मानिने परब्रह्म; सगुण ब्रह्म; परमात्मा । २. विष्णु । ३. शिव । > **परमेश्वरी**– ना० १. सृष्टि, स्थिति र प्रलयकी कारिणी देवी; दुर्गा; महामाया । २. परमेश्वरको शक्ति; आदिशक्ति । वि० ३. परमेश्वरसम्बन्धी ।

**परमेष्ठी**– ना० [सं०] १. सृष्टिकर्ता ब्रह्मा । २. संहारकर्ता शिव । ३. अग्निदेव ।

**परम्पद**– ना० [सं०] हे० परमपद ।

**परम्परा**– ना० [सं०] १. पहिलेदेखि चलिआएको रीतिथिति; अविच्छिन्न रूपले चलिआएको क्रम वा सिलसिला; प्रथा; रूढि । २. क्रमबद्ध समूह; पङ्क्ति । ३. पद्धति; प्रणाली; अनुक्रम । ४. वंश; सन्तति । – **गत**– वि० १. परम्परादेखि चलिआएको; पहिलेदेखि हुँदै आएको । २. क्रमैसँग आएको; क्रमागत । > **परम्परित**– वि० परम्परा भएको; सिलसिला भएको; क्रमैसँग रहेको । ~ **रूपक**– ना० साहित्यमा एउटालाई गरेको आरोप अर्कामा पर्न जाँदा हुने रूपक अलङ्कारको एक भेद ।

**परराष्ट्र**– ना० [सं०] १. एक राष्ट्रको दृष्टिमा अर्को राष्ट्र; आफ्नो देशभन्दा भिन्दै देश; अर्को देश । २. मित्रराष्ट्र; विदेश । ~ **नीति**– ना० एक राष्ट्रले अर्का राष्ट्रसँग व्यवहार गर्दा तथा पारस्परिक सम्बन्ध राख्दा अँगालिने नीति वा सिद्धान्त । ~ **मन्त्रालय**– ना० परराष्ट्रसम्बन्धी मामिलाको काम गर्न परराष्ट्रमन्त्रीका मातहतको कार्यालय; विदेशमन्त्रालय ।

**परल**– वि० [पर्+अल] १. परिरहेको; मिल्किरहेको । २. परेको; तयार गर्दा वा किन्दा लागेको (लागत वा मूल्य) ।

**परलोक**– ना० [सं०] १. धर्म तथा पुराणअनुसार, मरेपछि प्राणीको आत्मा गएर रहने ठाउँ; स्वर्ग । २. मृत्यु; मरण । ~ **गमन**– ना० परलोकको यात्रा; मृत्यु; मरण । ~ **प्राप्ति**– ना० परलोकवास । – **वास**– ना० मृत्यु; मरण । – **वासी**– वि० परलोक भएको; मरेको; परलोकमा बस्ने ।

**परवर**– वि० [फा० पर्वर] संरक्षण गर्ने; पालन गर्ने । (यो शब्दका अन्तमा आउँछ,जस्तै– गरिबपरवर) ।

**परवर्ती**– वि० [सं०] पछि हुने; पछि रहने; पछिल्ला काँटको ।

**परवश**– वि० [सं०] अर्काका अधीनमा रहेको; पराधीन; परतन्त्र । – **ता**– परवश हुनाको भाव वा स्थिति; पराधीनता ।

**परवाद**– ना० [सं०] १. पहिलेदेखि चलेर आएको हल्ला; जनश्रुति; किंवदन्ती । २. अपवाद; निन्दा ।

**परवाह**– ना० [फा० परवा] हे० पर्वाह ।

**परशु**– ना० [सं०] बन्चरो; कुठार । – **राम**– ना० विष्णुका दस अवतारमध्ये छैटौँ अवतार मानिने एक ऋषि; भृगुवंशी जमदग्नि ऋषिका छोरा ।

**परसर्ग**– ना० [सं०] आफू एक्लैमा स्वतन्त्र अर्थ नहुने तर कुनै धातु वा प्रातिपदिकका पछाडि गाँसिँदा विशेष अर्थ बुझाउने प्रत्ययधर्मी पद ।

**परस्त्री**– ना० [सं०] आफ्नी पत्नीबाहेककी अन्य स्त्री; पराईकी स्त्री । ~ **गमन**– ना० अर्काकी स्त्रीसँग समागम गर्ने काम; नाठोगिरी ।

**परस्थानीय**– वि० [सं०] १. परतिर रहने; पल्लापट्टि रहने; पछाडि रहने । २. अर्काका स्थानको; अर्काको ठाउँसम्बन्धी । ~ **प्रजाति**– ना० परस्थानमा रहने प्राणी वा वनस्पतिको सानो उपजाति ।

**परस्पर**– क्रि० वि० [सं०] १. आफू-आफूमा; एक-अर्काका साथ; आपस-आपसमा । ना० २. आफूआफू; आफन्त; आपस । – **ता**– ना० १. दुई बिन्दु वा वस्तुका मिल्दाजुल्दा लक्षण वा विशेषता । २. मेल; मिलाप । > **परस्परोपमा**– ना० अर्को उपमा नराखी उपमेयलाई नै उपमानको रूपमा देखाउँदा हुने उपमा अलङ्कारको एक भेद; उपमेयोपमा ।

**परस्व**– ना० [सं०] अर्काको सम्पत्ति; अरूको धन; परद्रव्य ।

**परहित**– ना० [सं०] अर्काको भलाइ; पराईको कल्याण । > **परहितैषी**– वि० परहित गर्ने; अरूको भलाइ चाहने ।

**परहेज**– ना० [फा० फरहेज] बिरामीले हानिकारक वस्तु नखाने वा मुख बार्ने काम; पथपरहेजमा रहने काम; कुपथ्य सेवन नगर्ने काम; खानेकुराको बारना । > **परहेजी**– वि० परहेजमा रहने; स्वास्थ्यका लागि अहित हुने कुराबाट जोगिने; मुख बार्ने ।

**परा**– उप० [सं०] १. शब्दका अगाडि रहेर अर्को, टाढा, अगिल्तिर, ठूलो आदि अर्थ प्रकट गर्ने उपसर्ग (जस्तै– पराक्रम, पराकाष्ठा, पराजय, परामर्श इ०) । ना० २. चार प्रकारका वाणीमध्ये मूलाधारमा रहेको नादरूपी पहिलो वाणी । ३. ब्रह्मविद्या । ४. गङ्गा ।

**पराइ**– ना० [√**पर्** (+आइ)] पर्ने क्रिया वा प्रक्रिया [ > ] **पराइनु**– क० क्रि० पर्न लगाइनु; पर्ने पारिनु ।

**पराई**– वि० [प्रा० परय < सं० परक] १. आफूदेखि बाहेकको; अर्को; बिरानो । ना० २. आफन्तबाहेकको व्यक्ति; परचक्री ।

**पराउ-नु**– प्रे० क्रि० [पर्+आउ+नु] १. पर्न लाउनु; पर्ने पार्नु ।

[पार्+आउ+नु] २. पार्न लाउनु; पार्ने पार्नु ।

**पराकाष्ठा–** ना० [सं०] निश्चित आयाम वा विषयको अन्तिम सीमा; चरमसीमा; आखिरी हद; पल्लो फाल ।

**पराक्रम–** ना० [सं०] १. शक्ति-सामर्थ्यका साथ गरिने वा हुने कुनै ठूलो काम; बहादुरी; वीरता । २. उत्साह तथा उद्यमका रूपमा गरिने कुनै राम्रो र ठूलो काम; पौरख; पुरुषार्थ । ३. अगाडि बढेर कसैमाथि आक्रमण गर्ने काम; जाइकटक; चढाइ । > **पराक्रमण–** ना० १. अर्कामाथि जाइलाग्ने काम । २. अर्कामा निहित अधिकार बलपूर्वक आफूमा हस्तान्तरित गर्ने काम । – **पराक्रमी–** वि० पराक्रम भएको; पुरुषार्थी; पौरखी । **पराक्रम्य–** वि० आक्रमण गर्न लायकको; पराक्रमण गर्न योग्य ।

**पराग–** ना० [सं०] १. फूलभित्र हुने सुगन्धी धूलो; पुष्पराज । २. नुहाउनुभन्दा पहिले घसिने सुगन्धी चूर्ण; बुकुवा । ३. चन्दन; सुगन्धी लेपन । ~ **कण–** ना० फूलहरूका परागकेलीमा उत्पन्न हुने एक किसिमको उर्वर प्रजननशील तत्त्व । ~ **केसर–** ना० फूलका गुभामा पराग टाँसिएको सूत्र । ~ **कोष–** ना० परागकणहरू रहने पुरुषेन्द्रियको एक छेउको भाग ।

**परागण–** ना० [सं०] भमरा आदिले एक फूलको केसर लगेर अर्का फूलमा हालिदिने क्रिया; पराग-सेचन; भालेपोथी फूलहरूको प्रजनन-व्यापार । ~ **कार्य–** ना० एक फूलमा रहेका शुक्रकीट अर्का फूलका डिम्बमा पर्ने क्रिया ।

**परागत–** वि० [सं०] १. परलोक भइसकेको; मरेको; मृत । २. लपेटिएको; बेरिएको । ३. फैलिएको; पाँजिएको । ४. पछिल्लो वर्णका प्रभावमा परेर अगिल्लो वर्ण पनि पछिल्लो वर्णजस्तै भएको (जस्तै– भक्त > भत्त आदि) ।

**पराग सेचन–** ना० [सं०] पूर्ण विकसित पराग एकअर्कामा सङ्क्रमण हुने र बीजाधान हुने प्रक्रिया ।

**पराघौँ–** वि० [सं० पर+आघौँ] आउँदो तेस्रो वर्ष; आघौँपछिको वर्ष ।

**पराङ्मुख–** वि० [सं०] १. विपरीत दिशापट्टि वा पछिल्तिर मुख फर्काएको; मुन्टो फर्काएको; विमुख । २. अनुकूल नभएको; प्रतिकूल ।

**पराजय–** ना० [सं०] युद्ध, खेल, प्रतियोगिता आदिमा हार खाने काम; हार ।

**पराजित–** वि० [सं०] पराजय भएको; हार खाएको; हारेको ।

**परात्मा–** ना० [सं०] १. परमात्मा; परब्रह्म । २. अर्काको आत्मा ।

**पराधीन–** वि० [सं०] अर्काका अधीनमा रहेको; स्वतन्त्र नभएको; परतन्त्र; परवश । – **ता–** ना० पराधीन हुनाको भाव वा अवस्था; अर्काका अधीनमा रहने काम; परतन्त्रता; परवशता । ~ **वाक्य–** ना० आफू स्वतन्त्र नरही अर्काका अधीनमा रहेको वाक्य; अधीन वा आश्रित वाक्य; गौण वाक्य; अङ्गवाक्य ।

**परानी–** ना० [सं० प्राणी] माकुराका आकारको, लामालामा खुट्टा हुने, कालो रङको एक प्रकारको कीरो; ढिकीच्याउँ; चाकाचुली (कीरो) ।

**परान्त–** ना० [तुल० हि० परात = थाल] भिउँट ।

**परान्न–** ना० [सं०] १. अरूले दिएको अन्न वा भोजन । २. अरूको स्वामित्व भएको अन्न । ~ **भक्षण–** ना० अर्काको कमाइ खाएर गरिने पेटपालो । ~ **भोजी–** वि० अर्काले दिएको अन्नबाट जीवननिर्वाह गर्ने; परोपजीवी ।

**परापर–** वि० [सं०] १. पर तथा अपर । २. राम्रो र नराम्रो । ३. वैशेषिक दर्शनअनुसार परत्व र अपरत्व दुवै गुणले युक्त ।

**परापूर्व–** क्रि० वि० [सं०] १. धेरै वर्षअघि; उहिले । ना० २. कुलपरम्परा; पुर्ख्यौली । ~ **काल–** ना० धेरै वर्षअघिको समय ।

**पराभव–** ना० [सं०] १. पतन तथा ह्रास हुन लागेको स्थिति; नाश वा विनाशको अवस्था । २. पराजय; हार । ३. अनादर; हेला; तिरस्कार; अपमान ।

**पराभूत–** वि० [सं०] १. हारेको; हार खाएको; पराजित । २. तिरस्कृत; अपमानित; हेपिएको । ३. नष्ट; भ्रष्ट । > **पराभूति–** ना० पराभव ।

**परामनोविज्ञान–** ना० [सं०] १. छैटौँ ज्ञानेन्द्रिय (मन) मा मात्र आधारित मनोविज्ञान । २. परजन्म, पूर्वसंस्कार आदिको सम्भावनाको छानबिन गर्ने मनोविज्ञान ।

**परामर्श–** ना० [सं०] १. कुनै विषयमा छलफल गर्ने तथा त्यसबाट खँदिलो निष्कर्ष निकाल्ने काम; सरसल्लाह; मन्त्रणा । २. कुनै अत्यावश्यक वा आकस्मिक विषयमा गरिने विचार वा विवेचना । ~ **कक्ष–** ना० चिकित्सक, वकिल आदिका कुनै विषयमा परामर्श वा सल्लाह लिने ठाउँ; परामर्श-गृह । ~ **केन्द्र–** ना० परामर्शकक्ष । – **दाता–** वि० परामर्श दिने; सम्मति दिने; सल्लाह दिने; सल्लाहकार । – **दातृ–** वि० हे० परामर्शदाता । – **दात्री समिति–** ना० कुनै कार्य वा विषयमा सल्लाह दिनका निम्ति गठन गरिएको समिति । > **परामर्शालय–** ना० हे० परामर्शकक्ष ।

**परामृत–** वि० [सं०] मृत्युलाई जितेको; मृत्युञ्जयी ।

**परायण–** वि० [सं०] १. कुनै विषय वा कुरामा दृढतापूर्वक लागेको वा स्थिर रहेको (जस्तो– कर्तव्य-परायण, धर्मपरायण इ०) । २. आसक्त; निरत । ना० ३. अति आसक्ति । ४. अन्तिम लक्ष्य । ५. आश्रयस्थान ।

**परार–** क्रि० वि० [सं० परारी] बितेको दोस्रो वर्ष; पोहोरभन्दा अगिल्लो वर्ष ।

**परार्थ–** वि० [सं०] १. अर्काका निमित्तको । ना० २. अर्काको उपकार वा कल्याण; परोपकार ।

**परार्द्ध्य–** वि० [सं०] १. उत्तम; श्रेष्ठ । २. बहुमूल्य; मूल्यवान् । ना० ३. असीम सङ्ख्या; परार्ध ।

**परार्ध–** वि० [सं०] कुनै अङ्कका पछाडि सत्रवटा शून्य दिँदा बन्ने सङ्ख्या; १,००,००,००,००,००,००,००,००० को अङ्क ।

**पराल–** ना० [सं० पलाल] दाइँ गरेर धान भारिसकेपछिको सुकेको नल र पात; पुवार । – **को आगो–** टु० लोग्नेस्वास्नीको भगडा; क्षणस्थायी ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पराले–** वि० [पराल+ए] परालले छाएको; परालसम्बन्धी; परालको । ~ **घर–** ना० परालले छाएको घर । ~ **जुत्ता–** ना० परालको डोरी बाटेर त्यसबाट तयार पारिएको जुत्ता ।

**परावर्तन–** ना० [सं०] १. कतैबाट फर्कने काम; प्रत्यावर्तन । २. सट्टापट्टा; साटफेर । ३. उल्टाउने काम । ४. ऐनामा परेको प्रकाश फर्कने काम; प्रत्यावर्तन ।

**परावर्तित–** वि० [सं०] फर्काइएको; उल्टाइएको; प्रत्यावर्तित । ~ **चट्टान–** ना० ताप वा चाप वा दुवैले गर्दा बदलिएको चट्टान ।

**परावर्ती–** वि० [सं०] फर्केर आउने; प्रत्यागत ।

**परावर्त्य–** ना० प्रत्यावर्तन ।

**पराविद्या–** ना० [सं०] १. अध्यात्मविद्या । २. परामनोविज्ञान ।

**परावृत्त–** वि० [सं०] १. फर्केर आएको; प्रत्यागत । २. फेरिएको; बदलिएको; हेरफेर गरिएको । ३. फर्काइएको; फिर्ता दिएको । > **परावृत्ति–** ना० १. फर्केर आउने काम । २. उल्टापाल्टा हुने क्रिया । ३. दोहोरिने क्रिया ।

**पराशर–** ना० [सं०] महर्षि वसिष्ठका पौत्र, शक्तिका पुत्र तथा कृष्णद्वैपायन व्यासका पिता; एक प्रसिद्ध गोत्रप्रवर्तक ऋषि । (यिनकै नाउँबाट पराशर वा पाराशर गोत्र चलेको हो) ।

**पराश्रय–** ना० [सं०] १. अर्काको आश्रय वा अवलम्बन; अर्काको भरोसा । २. पराधीनता; परवशता । वि० ३. अर्काका आश्रयमा रहेको; पराश्रित; पराधीन । > **पराश्रयी–** वि० १. अर्काको आश्रय वा भरोसामा रहने । २. अर्का थरी जन्तु वनस्पति आदिका अङ्गमा रहेर जीवन-निर्वाह गर्ने कीटाणु वा वनस्पतिको वर्ग ।

**पराश्रित–** वि० [सं०] अर्काका आश्रय वा भरोसामा रहेको; पराश्रय; पराधीन ।

**परास्त–** वि० [सं०] १. कसैबाट हारेको; पराजित भएको । २. दबाइएको; अदबमा राखिएको । ३. फ्याँकिएको; मिल्काइएको ।

**पराह–** क्रि० वि० [सं०] १. अर्को दिन; दोस्रो दिन; भोलिपल्ट । ना० २. भोलि आउने दिन ।

**पराहत–** वि० [सं०] १. कुल्चीमिल्ची पारिएको वा दबाइएको; आक्रान्त । २. हटाइएको; पन्छाइएको । ३. खण्डन गरिएको; खण्डित । ४. जोतिएको; लदाइएको ।

**पराह्ण–** ना० [सं०] दिनको दोपहरपछिको समय; दिनको पछिल्लो आधा; दिनको तेस्रो प्रहर; अपराह्ण ।

**परि–** उप० [सं०] धातु वा शब्दका अगिल्तिर गाँसिएर वरिपरि, चारैतिर, राम्ररी, अतिशय, पूर्णता, तिरस्कार आदि अर्थ बुझाउने एक उपसर्ग (जस्तै– परिक्रमा, परिपूर्ण, परित्याग, परिभव इ०) ।

**परिआउनी–** ना० [परी+आउ+नी] आकस्मिकता; भैपरी, दैवी वा आकस्मिक संयोग ।

**परिकथा–** ना० [सं०] १. लामो कथाभित्रका अनेकौं छोटा कथामध्ये कुनै एक । २. पशुपक्षीहरू पात्र भएको कथा (हितोपदेश, पञ्चतन्त्र, शुकबहत्तरी, वीरसिक्का इ०) ।

**परिकम्प–** ना० [सं०] १. ठूलो कम्प; थरीथरी काँप्ने क्रिया । २. ठूलो डर; आतङ्क; थरहरी; त्राहित्राहि ।

**परिकर–** ना० [सं०] १. परिवार; जहान । २. समुदाय; समूह । ३. अनुचरवर्ग; नोकरचाकरको समूह । ४. कमरमा बाँध्ने लामो कपडा; पटुका । ५. पलङ; खाट । ६. अभिप्रायसहित विशेषणका साथ विशेष्य जोडिँदा हुने एक अर्थालङ्कार । ७. विशिष्ट तक्माका साथमा निर्धारित रङको काँधदेखि कम्मरसम्म छड्के पारेर लगाइने फित्ता । > **परिकराङ्कुर–** ना० विशेष अभिप्रायले युक्त कुनै विशेष्यको प्रयोग गर्दा हुने एक अर्थालङ्कार ।

**परिकर्म–** ना० [सं०] १. शरीरमा गरिने केसर, चन्दन आदिको लेपन । २. गोडामा माहुर लाउने काम ।

**परिकल्पन–** ना० [सं०] १. परिकल्पना गर्नाको क्रिया वा भाव । २. कुनै विषयमा हुने चिन्तन वा मनन । ३. परिकल्पना ।

**परिकल्पना–** ना० [सं०] १. पछि सिद्ध हुन सक्ने कुराको पहिले नै मनमा गरिने अड्कल वा धारणा । २. तर्कका लागि मात्र कुनै कुराको मान्यता । ३. बनाउने काम; निर्माण; रचना । ४. कुनै कुरा वा विषयप्रतिको निश्चय वा निर्णय । ~ **साध्य–** ना० कुनै विषयगत संरचना (हाइपोथेसिस) ।

**परिकल्पित–** वि० [सं०] परिकल्पना गरिएको; बनाइएको; रचित; निश्चित; निर्णीत ।

**परिका–** ना० भित्र हावा जाँदा फुक्ने तर बाहिर आउन भने रोक्ने वस्तु; टयुबमा हावा फैलिने भोल्टयुब ।

**परिकार–** ना० [सं० प्रकार] १. अचार, तर्कारी आदिका विविध प्रकार । २. खानेकुरा, मिठाई आदिका विभिन्न प्रकार वा किसिम ।

**परिकीर्तन–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिको अत्यधिक प्रशंसा गर्ने काम; ज्यादै बढाइचढाइ गरी कसैलाई हौस्याउने क्रिया । २. चाटुकारिता; चिल्लोघसाइ; चम्चागिरी ।

**परिक्रम–** ना० [सं०] १. चारैतिर घुम्ने काम; प्रदक्षिणा । २. यताउति हिँड्ने काम; टहलाइ । ३. सिलसिला; क्रम । > **परिक्रमण–** ना० परिक्रम; परिक्रमा । **परिक्रमा–** ना० १. चारैतिर घुम्ने क्रिया । २. देवताको मूर्ति, मन्दिर, पुण्यक्षेत्र आदिलाई दाहिने पारी घुम्ने काम । ३. फागुन शुक्ल प्रतिपदादेखि सुरु भई पूर्णिमाका दिन समाप्त हुने, देवस्थलहरूको प्रदक्षिणा गरिने एक उत्सव । (यो परिक्रमा जनकपुरबाट थालिई हनुमाननगर, कल्याणेश्वर, मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनपुर, धनुषा आदि हुँदै फेरि जनकपुरै पुगेपछि समाप्त हुन्छ ।) **परिक्रमात्मक–** वि० १. परिक्रमा गर्ने । २. कुनै वस्तुलाई केन्द्र बनाई त्यसैका वरिपरि घुम्ने (अर्को वस्तुको गति वा सञ्चालन) ।

**परिक्रान्त–** वि० [सं०] कुल्चीमिल्ची पारिएको; पदार्पण गरिएको; टेकिएको ।

**परिक्लान्त–** वि० [सं०] ज्यादै थाकेको; थकाइले भुतुक्क भएको; अति थकित । > **परिक्लान्ति–** ना० ठूलो परिश्रम वा थकाइ ।

**परिक्षालन–** ना० [सं०] राम्रोसँग धुने काम; राम्ररी पखाल्ने काम ।

**परिक्षिप्त–** वि० [सं०] १. यताउति फ्याँकिएको; चारैतिर फालिएको, छरिएको वा मिल्काइएको । २. चारैतिर फैलिएको; पाँजिएको; प्रकीर्ण । ३. चारैतिर घेरिएको; जेलिएको । ४. छोडिएको; त्यक्त । > **परिक्षिप्ति–** ना० १. परिक्षिप्त हुनाको भाव वा अवस्था; छराइ; बर्काइ । २. फैलाइ; परिक्षेप ।

**परिक्षेप–** ना० [सं०] १. यताउति डुल्ने काम; टहल्ने काम । २. चारैतिर फैलाउने काम; फिँजाउने काम; परिक्षिप्ति । ३. फाल्ने वा आफल्ने काम; मिल्काउने काम । ४. चारैतिर घेर्ने काम; छेकारो मार्ने काम ।

**परिखा/परिखात–** ना० [सं०] नगर वा किल्लामा अरू कोही प्रवेश गर्न नपाऊन् भनी चारैतिर खनिएको खाल्टो वा चारैतिर उठाइएको अग्लो पर्खाल ।

**परिगणन–** ना० [सं०] नबिराईकन राम्ररी गणना गर्ने काम; मिहिनेतसाथको गनाइ; परिगणना । > **परिगणना–** ना० परिगणन । **परिगणनीय–** वि० राम्ररी गन्न योग्य; गणना गर्न लायक; गनिरहूँ लाग्ने; गनूँगनूँजस्तो लाग्ने । **परिगणित–** वि० १. गणना गरिएको; गनिएको; गणनामा आएको । २. अनुसूचीमा अङ्कित भएको, परेको वा दरिएको; गणनाद्वारा अनुसूचीमा अङ्कित भएको (आदिवासी, दलित, अल्पसङ्ख्यक आदि जाति वा वर्ग) ।

**परिगत–** वि० [सं०] १. चारैतिर घेरिएको; आवेष्टित । २. चौतर्फी ढाकिएको; सर्वव्याप्त । ३. राम्ररी जानिएको; परिज्ञात । ४. बितिसकेको; विगत । ५. मरेको; मृत । ~ **वृत्त–** ना० कुनै एउटा वृत्तले अर्को वृत्तलाई घेरेको छ भने सो घेरिएको चाहिँ वृत्त । > **परिगति–** ना० १. घेराइ; आवेष्टन; व्याप्ति । २. व्यापक ज्ञान । ३. मृत्यु ।

**परिगमन–** ना० [सं०] १. चारैतिर जाने, घेर्ने काम; चौघेरा; आवेष्टन । २. चारैतिर ढाक्ने काम; परिव्याप्त हुने क्रिया । ३. कुनै वस्तु प्राप्त गर्ने काम; प्राप्ति ।

**परिगर्भिक–** ना० [सं०] गर्भिणीको दूध पिउँदा उत्पन्न हुने एक खालको रोग ।

**परिगृहीत–** वि० [सं०] १. ग्रहण गरिएको; स्वीकृत । २. पाएको; प्राप्त । ३. समातिएको; पकडिएको; अँठ्याइएको । > **परिगृहीता–** वि० विवाह भएकी; परिगृहीत भइसकेकी; विवाहिता ।

**परिग्रह–** ना० [सं०] १. लिने वा ग्रहण गर्ने काम; स्वीकार । २. चारैतिर घेर्ने काम; घेरा हाल्ने काम । ३. विवाह । ४. स्वास्नी; पत्नी; भार्या । ५. परिवार; जहान । > **परिग्रहण–** ना० १. लिने काम; ग्रहण गर्ने काम; स्वीकार गर्ने काम; स्वीकार; स्वीकृति । २. पहिरने काम; धारण गर्ने काम; धारण । **परिग्रह्य–** वि० १. लिन लायक; स्वीकार गर्न योग्य । २. धारण गर्न लायक; लगाउन लायक ।

**परिघ–** ना० [सं०] १. ढोका बन्द गर्न वारपार हुने आग्लो; बिरेआग्लो । २. मुद्गर । ३. भाला । ४. ढोका । ५. ज्योतिषशास्त्रअनुसार सत्ताइस विष्कम्भादि योगमध्ये एक ।

**परिघट्टन–** ना० [सं०] वरिपरि वा चारैतिर घुमाईघुमाई घोट्ने क्रिया; पूर्ण घोटाइ ।

**परिघट्टित–** वि० [सं०] चारैतिर घुमाएर घोटिएको; बेसरी घोटिएको; खूबसँग रगडिएको ।

**परिघात–** ना० [सं०] १. मार्ने काम; वध; हत्या । २. प्रहार; हनन । ३. नाश गर्ने काम; नष्ट गर्ने क्रिया । ४. उल्लङ्घन । > **परिघाती–** वि० १. परिघात गर्ने; मार्ने; वध गर्ने; हत्यारो । २. नष्ट गर्ने; विनाशकारी; संहारकर्ता ।

**परिघोष–** ना० [सं०] १. ठूलो आवाज; भयानक गर्जना । २. अनुचित कुरो; नालायक कामकुरो ।

**परिङ–** ना० [तुल० पेरुङ्गो] १. एक जातको बेत । २. एक जातको बाँस; एक जातको निगालो ।

**परिचय–** ना० [सं०] १. राम्ररी चिनारी गर्ने वा गराउने काम; जानपहिचान; चिनाजानी; चिनापर्ची । २. राम्ररी जम्मा गर्ने क्रिया; एकत्रित गर्ने काम; बटुलो; सँगालो । ~ **पट्ट–** ना० कुनै व्यक्ति, संस्था, पसल आदिको नाम वा अरू कुनै विषयको विवरण लेखेर सार्वजनिक सूचनाका निम्ति टाँगिएको धातु, काठ आदिको फलक; सूचनापाटी; परिचयपाटी । ~ **पत्र–** ना० १. वस्तुहरूका सम्प्राप्तिको उचित प्रबन्धका लागि हुलाकद्वारा सर्वसाधारणले उपयोग गर्न सक्ने गरी दस्तुर लिई जारी गरिने पत्र । २. कुनै व्यक्तिलाई परिचय गराउनका निम्ति उसको नाम, कार्य आदि विवरण लेखिएको पत्र । ३. कुनै विषय वा संस्थाको उद्देश्य, कार्यप्रणाली आदिको विस्तृत विवरण लेखिएको पत्र वा पुस्तिका । ~ **पाटी–** ना० सार्वजनिक तथा ज्ञातव्य सूचनाका निम्ति टाँगिएको काठ, धातु आदिको चिह्न (साइनबोर्ड) ।

**परिचयात्मक–** वि० १. आपसमा चिनजान गर्ने वा गराउने । २. कुनै पनि विषय वा वस्तुको चिनारी दिलाउने; परिचय भएको । ३. परिचयसँगसम्बन्धित । – **ता–** ना० परिचयात्मक अवस्था, भाव वा क्रिया ।

**परिचर–** ना० [सं०] १. नोकर; चाकर; सेवक । २. रोगीका सेवा-शुश्रूषा आदिका निम्ति रहेको व्यक्ति । > **परिचरण–** ना० परिचर्या गर्ने काम; सेवा; शुश्रूषा । **परिचरणीय–** वि० १. सेवा गर्न लायक; परिचरणयोग्य; शुश्रूषा योग्य । ना० २. परिचरको कर्तव्य । **परिचरित–** वि० परिचरण गरिएको । **परिचरिता–** ना० १. सेवक; परिचर्या गर्ने व्यक्ति; नोकर; चाकर; भृत्य । २. अस्पतालकी नर्स । **परिचरी–** ना० १. नोकर्नी; दासी; चाकर्नी; सेविका । २. नर्स ।

**परिचर्चा–** ना० [सं०] कुनै विषयका गुणअवगुण आदिको चौतर्फी चर्चा वा विश्लेषण ।

**परिचर्या–** ना० [सं०] १. आफूभन्दा कमजोर वा बिमारी आदिको सेवा-टहल गर्ने काम । २. जीवन-निर्वाहका निम्ति ठूला बडाको

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



सेवाशुश्रूषा गर्ने काम ।

**परिचायक–** वि० [सं०] १. कुनै वस्तु वा व्यक्तिविशेषको चिनारी गराउने; परिचय दिने वा चिनाउने । २. कुनै वस्तु वा विषयको खास रहस्य बताउने । ना० ३. कुनै पदार्थ, विषय, घटना आदिको परिचय दिने वा गराउने वस्तु; सम्झौटो । ~ **चिह्न–** ना० परिचय गराउने खास चिनो (निसान, छाप, नम्बर आदि) ।

**परिचार–** ना० [सं०] १. परिचारक; परिचर; नोकर; चाकर । २. यताउति घुमफिर गर्ने ठाउँ । ३. रोगी आदिको सेवाशुश्रूषा गर्ने काम । **– क–** ना० जीवन-निर्वाहका निमित्त ठूलाबडाको सेवा-टहल गर्ने व्यक्ति; सेवक; नोकर; चाकर; दास; भृत्य; परिचार; परिचर । २. रोगीको सेवा-टहल गर्ने व्यक्ति । ४. बस्तु-भाउ, बोट-बिरुवा आदिको स्याहार-सम्भार गर्ने व्यक्ति । ~ **गाडी–** ना० घाइते, मुर्दा वा बिरामीलाई ओसार्ने गाडी; एम्बुलेन्स । ~ **दल–** ना० १. रोगी, लुला-लङ्गडा वा अशक्त व्यक्तिहरूको सेवाका निम्ति गठन गरिएको दल । २. आहतोपचारी दल । > **परिचारण–** ना० परिचार । **परिचारिका–** ना० १. अस्पतालमा उपचारका निम्ति भर्ना गरिएका रोगीहरूको सेवाशुश्रूषा गर्ने आइमाई; सेविका; नर्स । २. नोकर्नी; सेविका; दासी । **परिचारित–** वि० १. परिचार गरिएको । २. परिचारिकाको सेवा पाएको (शिशु) । **परिचारी–** ना० परिचारक । **परिचार्य–** वि० १. सेवा गर्न लायक; सेव्य । २. स्याहारसम्भार गर्न लायक; परिसेव्य ।

**परिचालक–** वि० [सं०] १. कार्यविशेषको परिचालन गर्ने, त्यसलाई चालू राख्ने वा त्यसको प्रबन्ध मिलाउने । २. हल्लाउने; वरिपरि घुमाउने । ना० ३. कुनै कार्यको सञ्चालन गर्ने व्यक्ति; सञ्चालक ।

**परिचालन–** ना० [सं०] १. कुनै कार्य वा संस्थाको प्रबन्ध । २. हल्लाउने काम; वरिपरि घुमाउने काम । ३. हिँडडुल गराउने काम ।

**परिचालित–** वि० [सं०] १. चालू राखिएको । २. हल्लाइएको; डोलाइएको; वरिपरि घुमाइएको । ३. हिँडडुल गराइएको ।

**परिचित–** वि० [सं०] १. चिनेजानेको; जानपहिचान भएको; परिचय भएको । २. थाहा पाइएको; जानिएको; ज्ञात । ३. थुप्र्याइएको; एकत्रित गरिएको; बटुलिएको ।

**परिचिन्तन–** ना० [सं०] १. कुनै विषयमा चारैतिर दृष्टि पुऱ्याई गरिएको सोचाइ । २. कुनै विषयको राम्रो सम्झना; स्मरण । ३. फिक्री; चिन्ता । > **परिचिन्तित–** वि० सोचिएको; स्मरण गरिएको; चिन्ता गरिएको ।

**परिचिह्न–** ना० [सं०] १. हस्ताक्षर; दस्तखत । २. छाप वा चिह्न; निसाना; राम्रोसँग लगाइएको चिनु । > **परिचिह्नित–** वि० १. हस्ताक्षर गरिएको; दस्तखत गरिएको । २. छाप वा चिह्न लगाइएको; निसाना लगाइएको । ३. राम्ररी चिनु लगाइएको ।

**परिचुम्बन–** ना० [सं०] प्रेमले विभोर भएर गरिने चुम्बन; धेरै माया गर्दा खाइने म्वाइँ ।

**परिचुम्बित–** वि० [सं०] प्रेमपूर्वक चुम्बन गरिएको; मायाले म्वाइँ खाइएको ।

**परिचेय–** वि० [सं०] १. परिचय गर्न योग्य; जानपहिचान गर्न लायक । २. जान्न लायक; थाहा पाउन योग्य । ३. सञ्चय गर्न योग्य; जम्मा गर्न लायक ।

**परिच्छद–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिलाई माथिबाट ढाक्ने कपडा; झापन; आच्छादान । २. शरीरमा लगाउने लुगा; पोसाक । ३. राजाका अगि वा पछि लाग्ने व्यक्ति; अनुचर । ४. परिजन; परिवार; जहान ।

**परिच्छेद–** ना० [सं०] १. कुनै वस्तु वा विषयलाई खण्ड-खण्डमा विभाजित गर्ने काम; विभाजन । २. ग्रन्थको कुनै एक विषयको चर्चा गरिएको अंश; अध्याय; खण्ड; प्रकरण । ३. सीमा; अवधि । ४. सत्य, असत्य आदिको निर्णय; निश्चय । **– क–** वि० १. सीमा वा अवधि निर्धारण गर्ने । २. अलग-अलग छुट्ट्याउने; विभाजक । **– न–** ना० १. काट्ने, टुक्र्याउने र चिरा पार्ने काम । २. पुस्तकको अध्याय वा परिच्छेद छुट्ट्याउने कार्य । > **परिच्छेदिका–** ना० परिच्छेदको उपविभाग; सानो अध्याय । **परिच्छेद्य–** वि० १. छुट्याउन योग्य; विभाज्य । २. नापतौल गर्न योग्य; परिमेय ।

**परिच्युत–** वि० [सं०] तल झरेको; जाति वा धर्मबाट गिरेको; च्युत; पतित । > **परिच्युति–** ना० १. परिच्युत हुनाको अवस्था; पतन; स्खलन । २. जातहटक ।

**परिजन–** ना० [सं०] १. आश्रयमा रहेका व्यक्ति; परिवार; जहान (स्त्री, पुत्र, नोकर इ०) । २. दरबारभित्रका कर्मचारी ।

**परिजात–** वि० [सं०] १. जन्मिएको; उम्रिएको; उत्पन्न । २. विकास भएको; विकसित ।

**परिज्ञात–** वि० [सं०] राम्ररी थाहा पाइएको; निश्चित रूपमा ज्ञात भएको; पूर्ण ज्ञान भएको वा जानकारी भएको । > **परिज्ञाता–** वि० १. विषयवस्तुप्रतिको राम्रो ज्ञान भएको; खूब थाहा पाएको; विशेष जानकारी हासिल गरेको । २. परिचय पाउने; चिन्ने । ना० ३. विशेषज्ञ ।

**परिज्ञान–** ना० [सं०] १. राम्रोसित भएको ज्ञान; सम्यक् ज्ञान; विशुद्ध ज्ञान । २. सूक्ष्म ज्ञान; वैज्ञानिक ज्ञान; यथार्थ ज्ञान । ३. विशेषज्ञता । ४. परिचय; जानपहिचान । ५. चिनो; अभिज्ञान ।

**परिणत–** वि० [सं०] १. खूबसँग झुकेको; बेसरी नुहेको ।२. नम्र; विनम्र; विनीत । ३. एक रूपबाट अर्को रूपमा बदलिएको; रूपान्तर भएको; स्वरूप बदलेको । ४. पाकेको; परिपक्व भएको; ५. पचेको; हजम भएको । ६. उमेर छिप्पिएको वा पुगेको; पाको; प्रौढ । > **परिणति–** ना० १. खूबसँग झुक्ने काम; बेसरी नुहुने क्रिया । २. नम्रता; विनम्रता; विनयशीलता । ३. एक रूपबाट अर्को रूप हुने स्थिति; रूपान्तरण । ४. पाक्ने क्रिया; परिपाक । ५. पच्ने वा हजम हुने क्रिया; परिपाक । ६. प्रौढता;

परिपक्वता । ७. बुढ्याइँ, वार्द्धक्य । ८. अन्त; समाप्ति; समापन । ९. परिणाम; निष्कर्ष । **परिणतीकरण**– ना० कुनै वस्तुलाई एक रूपबाट अर्को रूपमा परिवर्तित गर्ने क्रिया; रूपान्तरीकरण ।

**परिणय**– ना० [सं०] विवाह गर्ने काम ।

**परिणाम**– ना० [सं०] १. कुनै काम वा विषयको निचोरमा हुने निष्कर्ष; फल; नतिजा । २. कुनै काम वा विषयलाई बदल्ने काम; परिवर्तन । ३. एक रूपबाट अर्को रूपमा बदल्ने काम; रूपान्तरण । ४. कुनै वस्तु वा विषयको वृद्धि हुने क्रिया; विकास । ५. समाप्त हुने क्रिया; समापन; समाप्ति; टुङ्गो; छिनाफाना । ६. उपमेयको काम उपमानद्वारा गरिँदा हुने एक अर्थालङ्कार । **– तः**– क्रि० वि० परिणामका रूपमा; फलतः **– दर्शी**– वि० १. कुनै काम वा विषयको पछि हुने परिणाम पहिले नै जान्ने । २. फल वा परिणामको पहिले नै विचार गरेर काम गर्ने; भविष्यदर्शी; दूरदर्शी । > **परिणामी**– वि० १. परिणाम हुने; नतिजा निस्कने; फल पाइने । २. परिणाम भएको; परिणामसँग सम्बन्धित ।

**परिणायक**– ना० [सं०] १. अगाडि डोऱ्याउने व्यक्ति; अगुवा; नेता । २. पति; स्वामी ।

**परिणीत**– वि० [सं०] १. विवाह वा परिणय भइसकेको; विवाहित । २. परिणाम निस्किसकेको; समाप्त; पूर्ण । > **परिणीता**– वि० १. विवाह भइसकेकी; विवाहिता । ना० २. ब्याहिते स्वास्नी ।

**परिणेता**– ना० [सं०] परिणायक ।

**परिणेया**– वि० [सं०] पाणिग्रहण गर्न योग्य; विवाह गर्न लायककी ।

**परितप्त**– वि० [सं०] १. खूबसँग तातेको; उत्तप्त । २. अति नै दुःखित; सन्तप्त ।

**परिताप**– ना० [सं०] १. अत्यधिक ताप; अति गर्मी । २. ज्यादा दुःख; चारैतिरबाट खनिएको पीर । ३. शोक; चिन्ता । ४. पछुतो; पश्चात्ताप । > **परितापी**– वि० १. अति तातो; उग्र ताप भएको । २. अत्यन्त दुःखित; सन्तापयुक्त । ३. अतीव दुःखकर; ज्यादै दुःख दिने । ४. अत्यन्त कष्ट दिने ।

**परितिक्त**– वि० [सं०] धेरै तीतो; कलबिख ।

**परितुष्ट**– वि० [सं०] १. परम सन्तुष्टि पाएको; खूब सन्तुष्ट । २. प्रसन्न; खुस । > **परितुष्टि**– ना० १. पूर्ण सन्तुष्टि; परितोष । २. हर्ष; आह्लाद; आनन्द ।

**परितृप्त**– वि० [सं०] १. राम्ररी अघाएको; सबैतिरबाट तृप्ति पाएको । २. पूर्ण तुष्ट; सन्तुष्ट । > **परितृप्ति**– ना० १. चारैतिरबाटको सन्तोष; पूर्ण सन्तुष्टि । २. आन्तरिक प्रसन्नता; मानसिक प्रफुल्लता ।

**परितोष**– ना० [सं०] १. चारैतिरबाट प्राप्त हुने सन्तोष; परितुष्टि ।२. पूर्ण रूपले अघाउने क्रिया; तृप्ति । ३. कुनै काम-कुरो सफल हुँदा हुने आनन्द । > **परितोषक**– वि० १. सबै कुराबाट सन्तुष्ट तुल्याउने । २. चारैतिरबाट खुसी गराउने । ३. आन्तरिक आनन्द दिने । **परितोषण**– ना० कसैलाई परितोष वा सन्तोष गराउने क्रिया; परितृप्ति । **परितोषी**– वि० परितोषयुक्त; सन्तोषी ।

**परित्यक्त**– वि० [सं०] राम्रैसँग; पूर्ण रूपले त्यागिएको । **– ता**– ना० परित्याग । > **परित्यक्ता**– वि० राम्रैसँग छाडिएकी; पूर्ण रूपले त्यागिएकी (स्त्री) ।

**परित्याग**– ना० [सं०] १. पूर्ण त्याग; पूर्ण रूपले छाड्ने क्रिया (अधिकार, सम्पत्ति आदि) । २. कसैसँग रहेको सम्बन्धको त्याग । ३. पूर्ण उदारता । > **परित्यागी**– वि० १. परित्याग गर्ने; पूर्ण रूपले त्याग गर्ने । २. आफ्नो अधिकार वा स्वत्व पूर्ण रूपले छाड्ने । **परित्याज्य**– वि० पूरा तवरले त्याग गर्न योग्य; सबैतिरबाट छाड्न लायक; परित्याग गर्न लायक ।

**परित्राण**– ना० [सं०] १. आपत्-विपत्मा परेकाको रक्षा; बचाउ । २. पूर्ण रक्षा; आरक्षण । ३. आत्मरक्षा । ४. आश्रय; सहारा ।

**परित्रात**– वि० [सं०] राम्ररी रक्षा गरिएको; चारैतिरबाट सुरक्षित राखिएको; हरतरहले जोगाइएको । > **परित्राता**– वि० १. परित्राण गर्ने (व्यक्ति) । ना० २. संरक्षक; अभिभावक ।

**परित्रास**– ना० [सं०] चारैतिरबाट हुने डर; अत्यधिक भय; ठूलो त्रास ।

**परिदग्ध**– वि० [सं०] पूरै डढेको; पूरै तातेको । > **परिदग्धि**– ना० १. ठूलो ज्वलन; महाताप । २. डबल निमोनिया ।

**परिदर्शक**– वि० [सं०] १. परिदर्शन गर्ने । ना० २. पर्यटक ।

**परिदर्शन**– ना० [सं०] १. कुनै स्थान वा वस्तु आदिलाई चारैतिरबाट हेर्ने काम; सम्यक् दर्शन । २. दृश्यावलोकन । ३. अवलोकन ।

**परिदर्शित**– वि० [सं०] राम्ररी हेरिएको ।

**परिदहन**– ना० [सं०] १. बेसरी डढाउने काम; राम्ररी पोल्ने काम; परिदाह; परिदग्धि । २. आगो लगाउने काम; सल्काउने काम ।

**परिदान**– ना० [सं०] १. एक देशले अर्का देशलाई वा एक व्यक्तिले अर्का व्यक्तिलाई गरिने विशेष आर्थिक सहायता । २. साटफेर; विनिमय । ३. फिर्ता दिने काम; फर्काउने काम ।

**परिदाह**– ना० [सं०] १. अत्यन्त ठूलो डाहा; प्रचण्ड ताप; परिदहन । २. अत्यधिक मानसिक ताप; सन्ताप ।

**परिद्रष्टा**– वि० [सं०] १. कुनै स्थान, वस्तु, विषय आदिलाई चारैतिरबाट हेर्ने; परिदर्शन गर्ने । ना० २. परिदर्शक ।

**परिधान**– ना० [सं०] १.चारैतिरबाट घेर्ने काम; परिवेष्टन । २. लगाउने लुगाफाटो; पहिरने वस्त्र । ३. लुगा लगाउने काम; परिधान गर्ने काम । ~ **गृह**– ना० कपडा लगाउने, फेर्ने वा शृङ्गार आदि गर्ने कोठा; शृङ्गारकोठा (ड्रेसिङरुम) । > **परिधानीय**– वि० परिधान गर्न योग्य ।

**परिधायक**– ना० [सं०] १. छोप्ने साधन; आवरण । वि० २. छोप्ने; आवरण गर्ने ।

**परिधारण**– ना० [सं०] १. कुनै वस्तुलाई अडयाउने काम; थाम्ने काम । २. सहने काम; सहन गर्ने काम ।

**परिधावक**– ना० [सं०] १. राम्ररी कुद्न सक्ने व्यक्ति । २. कुदाइमा प्रवीण खेलाडी । वि० ३. एकदम कुद्ने वा दौडिने ।

**परिधावन**– ना० [सं०] १. चारैतिर दगुर्ने वा दौडने काम; बेसरी

कुद्ने काम । २. पिछा गर्ने काम; पछि लाग्ने काम; पछ्याइ । ३. राम्ररी धुने वा पखाल्ने काम ।

**परिधावी–** वि० [सं०] परिधावन गर्ने; परिधावक ।

**परिधि–** ना० [सं०] १. चारैतिर बारिएको बार; चौतर्फको घेरा; चौघेरो । २. वृत्तको सबभन्दा बाहिरपट्टिको पूर्ण रेखा; वृत्त बनाउने वक्ररेखा । ३. विस्तार; व्याप्ति । ४. सूर्य, चन्द्र आदि ग्रहका वरिपरि देखिने बाटुलो घेरो; परिवेश; मण्डल; सभा । ५. यज्ञकुण्डका तीनतिर ठोकिने कीलो । ६. परिक्रमा गर्ने मार्ग वा बाटो । ७. कुनै वस्तु वा विषयको निश्चित सीमा वा हद । **– क–** वि० परिधि भएको; चौघेरो भएको ।

**परिधेय–** वि० [सं०] परिधानका रूपमा व्यवहार गर्न लायक ।

**परिनियम–** ना० [सं०] कुनै नियमअन्तर्गत बनेको अर्को नियम; उपनियम; गर्भे नियम ।

**परिनिर्वाण–** ना० [सं०] पूर्ण रूपले प्राप्त भएको निर्वाण; मोक्ष ।

**परिनिवृत्ति–** ना० [सं०] १. परिनिर्वाण । २. पूर्ण सन्न्यास । ३. घरव्यवहार वा व्यस्तताबाट लिइएको पूर्ण अवकाश ।

**परिनिष्ठा–** ना० [सं०] १. अन्तिम टुङ्गो; चरम सीमा; पराकाष्ठा । २. पूर्ण रूपले भएको ज्ञान; पूर्ण ज्ञान । ३. पर्यवसान । > **परिनिष्ठित–** वि० १. अन्तिम टुङ्गो लागेको; चरम सीमामा पुगेको । २. पूर्णतया निपुण; पूर्ण कुशल ।

**परिनु–** अ० क्रि० [पर्+इ+नु] १. खसिनु; झरिनु । २. पर्ने हुनु वा होइनु ।

**परिन्जो–** ना० [सं० प्रत्यञ्चा] धनु वा गुलेलीमा काँड वा मटचाङ्ग्रा अड्याएर हान्नका निम्ति लगाइएको डोरी, रबर वा चोयाको साधन; ताँदो; प्रत्यञ्चा ।

**परिन्यास–** ना० [सं०] १. कुनै वाक्यको अर्थ पूरा गर्ने काम । २. विशेष अर्थ पूरा हुने काव्यको घटना वा स्थल ।

**परिपक्व–** वि० [सं०] १. राम्ररी पाकेको; पूर्णतया पक्व । २. राम्ररी पचेको । ३. राम्ररी विकसित भइसकेको । ४. व्यवहारमा खारिएको वा माझिएको; प्रौढ । ५. भुक्तभोगी; अनुभवी । ६. कार्यकुशल; प्रवीण । ७. निश्चित; निर्णीत । **– ता–** ना० परिपक्व हुनाको भाव, गुण वा विशेषता; परिपक्व भएको अवस्था वा स्थिति ।

**परिपत्र–** ना० [सं०] १. विचार, सूचना, जानकारी आदिका निम्ति सम्बन्धित धेरै व्यक्ति, संस्था, अङ्ग वा विभागलाई एकै बेहोरामा पठाइने आधिकारिक पत्र (सर्कुलर) । २. कुनै संस्था वा दलको उद्देश्य, विचार, कार्यप्रणाली आदिका मूल नियम लेखिएको पत्र । ३. कुनै विषयमा कुनै संस्था वा दलले लिखित रूपमा प्रकट गरेको सम्मति वा विचार । ४. राष्ट्रहरूका सर्वोच्च स्तरमा भएका कामको बेहोरा सर्वसाधारणलाई अवगत गराउने पत्र (जस्तै– मन्त्रिपरिषद्को परिपत्र) ।

**परिपन्च–** ना० [सं० प्रपञ्च] चाँजोपाँजो; प्रपञ्च; परिपाठ । > **परिपन्चे–** वि० चाँजोपाँजो मिलाउने; परिपाठे ।

**परिपन्थ–** ना० [सं०] १. बाटो छेक्ने व्यक्ति; मार्गबाधक; अवरोधक । २. शत्रु । > **परिपन्थी–** वि० १. बाटो छेक्ने वा रोक्ने । २. प्रतिकूल आचरण गर्ने; विरुद्ध आचरण गर्ने । ना० ३. शत्रु; दुस्मन; वैरी; परिपन्थ ।

**परिपाक–** ना० [सं०] १. राम्ररी पाक्ने वा पकाउने काम । २. पच्ने वा हजम हुने क्रिया । ३. पूर्ण रूपले विकसित भएको अवस्था; प्रौढता । ४. परिणाम; फल । ५. निपुणता; प्रवीणता; दक्षता ।

**परिपाटि ⁄ परिपाटी–** ना० [सं०] १. पहिलेदेखि चलिआएको क्रम; सिलसिला; रूढि ।२. प्रणाली; पद्धति; प्रथा । ३. तरिका; रीति । ४. ढङ्ग; ढर्रा; ढाँचा । ५. शैली; मेलो ।

**परिपाठ–** ना० [सं०] १. नालीबेली लाउँदै चलाखीसाथ कुरा मिलाएर भन्ने वा उल्लेख गर्ने काम-काइदा । २. सीप; कला । ३. परिपञ्च; चाँजो; परिपाटी । ४. व्यावहारिक दक्षता वा वाक्पटुता । > **परिपाठे–** वि० परिपाठ गर्ने; चाँजो मिलाउने ।

**परिपालक–** ना० [सं०] राम्ररी पालनपोषण गर्ने व्यक्ति; परिपालन गर्ने व्यक्ति; संरक्षक ।

**परिपालन–** ना० [सं०] राम्ररी पालनतालन गर्ने काम; संरक्षण । ~ **कार्य–** ना० पालनपोषण आदि गर्ने काम । > **परिपालना–** ना० परिपालन । **परिपालनीय–** वि० राम्ररी पालन गर्न योग्य ।

**परिपालयिता–** वि० [सं०] राम्ररी पाल्ने ।

**परिपालित–** वि० [सं०] राम्ररी पालिएको ।

**परिपाल्य–** वि० [सं०] पालनपोषण गर्न योग्य ।

**परिपुष्ट–** वि० [सं०] १. राम्ररी पालनपोषण गरिएको । २. अति पुष्ट; हृष्टपुष्ट । ३. प्रमाणप्रमेयद्वारा सत्य प्रमाणित । > **परिपुष्टि–** ना० १. सुपोषण । २. राम्रो पालन-पोषण । ३. कुनै मत वा विचारको सत्यताको निमित्त आवश्यक आधार वा दृष्टान्त; पुष्टि ।

**परिपूजन ⁄ परिपूजा–** ना० [सं०] सबै अङ्गमा वा विधि पुऱ्याएर पूजा गर्ने काम । > **परिपूजनीय–** वि० राम्ररी पूजा गर्न योग्य ।

**परिपूजित–** वि० [सं०] राम्ररी पूजित ।

**परिपूज्य–** वि० [सं०] परिपूजनीय ।

**परिपूरक–** वि० [सं०] १. पूरा गर्ने वा परिपूर्ण पार्ने । २. राम्ररी भर्ने, निम्ठ्याउने वा चुल्याउने । ३. अपूर्ण वस्तु, कथन, कार्य आदिलाई पूर्ण गर्ने ।

**परिपूरण–** ना० [सं०] १. पूरा गर्ने वा परिपूर्ण गर्ने क्रिया । २. राम्ररी भर्ने काम । ३. समाप्त गर्ने वा सिद्ध्याउने क्रिया । > **परिपूरणीय–** वि० परिपूर्ण गर्न लायक ।

**परिपूरित–** वि० [सं०] १. पूर्ण गरिएको वा पूरा गरिएको । २. पूरा भरिएको ।

**परिपूर्ण–** वि० [सं०] १.राम्ररी भरिएको; भरिभराउ; भरिपूर्ण । २. पूरा गरिएको; पूर्ण भएको । ३. सन्तुष्ट; तृप्त । ४. चौतर्फ मिलेको । **– ता–** ना० परिपूर्ण हुनाको भाव वा अवस्था ।

**परिपूर्ति–** ना० [सं०] १. आवश्यक सबै वस्तुहरूको पूर्ति;

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



सन्तोषजनक वा पर्याप्त पूर्ति । २. राम्रो पूर्ति । ३. कुनै कार्य आदि सम्पन्न गर्ने क्रिया । ४. एउटाको क्षतिमा कुनै अर्को क्रियाकलापद्वारा पूरा गरिने विधि; क्षतिपूर्ति गर्ने काम; बिगोभराइ; नोक्सानी पूरा गर्ने काम ।

**परिपृच्छा–** ना० [सं०] १. उत्सुकतावश गरिएको प्रश्न; सवाल; आग्रहपूर्ण सोधपुछ । २. जानकारी गरिने क्रिया । ~ **गृह–** ना० कुनै पनि काम-कुराको सोधपुछ गर्ने वा पत्ता लगाउने कार्यालय; सूचनागृह; सूचना-विभाग ।

**परिपोष–** ना० [सं०] परिपोषण । > **परिपोषण–** ना० पालन-पोषण गर्ने क्रिया; संरक्षण । **परिपोषित–** वि० राम्ररी पालनपोषण गरिएको; स्याहारसम्भार गरिएको; परिपुष्ट ।

**परिप्रेक्ष्य–** ना० [सं०] १. पारस्परिक अन्तरलाई साधारणतः आँखाले ठीकसँग देखिने गरी चित्रकलामा लेखिने दृश्य, पदार्थ एवं व्यक्तिहरूको अङ्कन । २. आँखाले भेटेसम्मको हेराइ । ३. आँखाले हेर्दा देखिने कुनै पनि वस्तुको रूप । ४. सामु वा समक्षको दृश्य, वातावरण वा परिस्थिति । ५. सामुन्नेको दृश्य, वातावरण, परिस्थिति वा समस्यालाई हेर्ने खास दृष्टिकोण । ६. सन्दर्भ; प्रसङ्ग ।

**परिप्रेषण–** ना० [सं०] १. राम्रोसँग पठाउने काम । २. निकाल्ने काम; निर्वासन । ३. दूत, हलकारा आदिलाई चारैतिर पठाउने काम ।

**परिप्रेषित–** वि० [सं०] १. राम्ररी पठाइएको; प्रेषित । २. निकालिएको; निर्वासित । ३. त्यागिएको; त्यक्त ।

**परिप्रेष्य–** वि० [सं०] १. परिप्रेषण गर्न योग्य । ना० २. नोकर; टहलुवा ।

**परिप्लव/परिप्लावन–** ना० [सं०] १. जथाभावी पोख्ने वा पौडी खेल्ने क्रिया । २. नाउ; डुङ्गा । ३. बाढी; भेल । ४. अत्याचार । ५. द्रोणकलशबाट सोमरस झिक्ने पात्र । > **परिप्लावित–** वि० १. पानी आदिले बेसरी भिजेको; निथ्रुक्क भिजेको । २. चुर्लुम्म डुबेको; परिप्लव वा परिप्लावन भएको ।

**परिबन्द–** ना० [सं० परिबन्ध] १. औपचारिक कारण, हेतु वा बेहोरा । २. रोकावट; प्रतिबन्ध । ३. घटनाचक्रबाट कुनै किसिमले स्वतः आइपर्ने काम वा कुरो; चारैतिरबाट फन्दामा पर्ने काम । ४. काकताली, संयोग ।

**परिबन्ध/परिबन्धन–** ना० [सं०] १. कसेर बाँध्ने काम । २. रोकावट; प्रतिबन्ध । ३. चौघेरामा परेर फुत्कन नसक्ने स्थिति ।

**परिभक्षण–** ना० [सं०] भएभरको जति सबै खाने कार्य; भएजति सबै भक्षण गर्ने क्रिया; सऱ्यापसुरुप ।

**परिभक्षित–** वि० [सं०] पूरै भक्षण गरिएको; सऱ्यापसुरुप पारिएको ।

**परिभव–** ना० [सं०] १. कसैलाई तिरस्कार गर्ने काम; निन्दा । २. अनादर; हेला । ३. पराजय; हार; पराभव ।

**परिभावना–** ना० [सं०] १. विचार; चिन्तन । २. चिन्ता; फिक्री । ३. साहित्यमा अतिशय उत्सुकता उत्पन्न गर्ने पद वा वाक्य ।

**परिभावित–** वि० [सं०] १. टम्म मिलेको; संयुक्त । २. राम्ररी विचार गरिएको; गम्भीरतापूर्वक सोचिएको । ३. चारैतिर ढाकिएको; व्याप्त ।

**परिभाव्य–** वि० [सं०] होसियारी वा सोच गर्न लायक । ~ **धन–** ना० १. ठूलठूला उपयोगी योजना आदि जिम्मा लिनेसँग जिम्मा दिनेले जमानतका रूपमा लिने अग्रिम धरौटी (सेक्युरिटी) । २. छात्रहरूले क्षति गरेमा नगदी रूपमा सोधभर्ना गर्ने उद्देश्यले छात्रसँग सत्रारम्भमा लिइएको अग्रिम धरौटी (अर्नेस्टमनी) ।

**परिभाषक–** वि० / ना० [सं०] १. वार्तालाप वा कुराकानी गर्ने । २. वक्ता; भाषणकर्ता । ३. कसैमाथि निन्दा तथा दोषरोपण गर्ने; निन्दक । ४. परिभाषा गर्ने (व्यक्ति) ।

**परिभाषण–** ना० [सं०] १. कुराकानी; वार्तालाप । २. दुर्वचन बोल्ने वा गाली गर्ने काम । ३. परिभाषागराइ ।

**परिभाषा–** ना० [सं०] १. कुनै शब्द वा पदको अर्थ वा भाव निश्चित रूपमा स्पष्ट गर्ने कथन; व्याख्या; लक्षण । २. कुनै कुराको सामान्य गुण र विशेष गुण दुवैको उल्लेख गरी दिइएको परिचय । ३. कुनै वस्तुको स्वरूप, गुण, विशेषता आदिको यथार्थ ज्ञान गराउने लक्षण । ४. कुनै शास्त्र वा विद्याका क्षेत्रमा विशिष्ट अर्थमा प्रयुक्त हुने शब्द; पारिभाषिक शब्द । ५. आफूले प्रयोग गर्नाका निम्ति शास्त्रकारहरूले रचेका विशिष्ट संज्ञा । ६. कुराकानी; वार्तालाप । ७. टीका; व्याख्या । > **परिभाषित–** वि० १. परिभाषा गरिएको; परिभाषा दिइएको । २. राम्ररी भनिएको । **परिभाषी–** वि० १. राम्ररी बोल्ने वा भाषण गर्ने । २. परिभाषा दिने वा गर्ने । **परिभाष्य–** वि० १. परिभाषा गर्न वा गरिन योग्य । २. भन्न लायक ।

**परिभुक्त–** वि० [सं०] १. परिभोग गरिएको वा राम्ररी भोगिएको; अनुभव गरिएको । २. उपभोग गरिएको; उपभुक्त ।

**परिभूषण–** ना० [सं०] १. राम्ररी सजाउने वा शृङ्गार गर्ने काम । २. कुनै एक प्रदेशको आम्दानी विपक्षी देशलाई दिएर गरिएको सन्धि वा मिलापत्र ।

**परिभूषित–** वि० [सं०] १. राम्ररी सजाइएको वा सिँगारिएको । २. परिभूषण गरिएको ।

**परिभोक्ता–** वि० [सं०] १. परिभोग गर्ने । २. विनाअधिकार अर्काको वस्तु वा धनको उपभोग गर्ने । ना० ३. परिभोग गर्ने व्यक्ति ।

**परिभोग–** ना० [सं०] १. भोग गर्ने काम; उपभोग । २. मैथुन; स्त्रीप्रसङ्ग । ३. कुनै वस्तु वा धन विनाअधिकार उपभोग गर्ने काम ।

**परिभ्रम–** ना० [सं०] १. यताउति घुम्ने काम; चौतर्फ घुम्ने काम । २. घुमाउरो तरिकासँग कुनै कुरो भन्ने काम । ३. भ्रम; भूल । ४. कुनै वस्तुको प्रसिद्ध नाम नलिएर गुण, सम्बन्ध, उपयोग आदिद्वारा गरिने सङ्केत । > **परिभ्रमण–** ना० . चारैतिर घुम्ने वा चक्कर लगाउने काम । २. यताउति जाने वा घुमफिर गर्ने काम । ३. परिधि; घेरो ।

**परिभ्रष्ट–** वि० [सं०] १. जाति वा धर्मबाट खसेको; पतित । २. हराएको; बेपत्ता भएको । ३. भागेको; पलायित ।

**परिभ्राट–** ना० [सं० परिभ्राज] १. मुस्किल; कठिनाइ । २. कष्ट; हैरानी । ३. अभिभारा । ४. कामकाजको भीड । ५. ठूलो आयोजना । ६. सँभालिनसक्नु व्यवहार । वि० ७. व्यापक; ठूलो ।

**परिमण्डल–** वि० [सं०] १. बाटुलो वा गोलो; वर्तुलाकार । ना० २. घेरो; परिधि (विशेषतः वृत्ताकार) । ३. सूर्य वा चन्द्रमाका चारैतिरको प्रकाशमान गोलाकार पिण्ड; गोलक; प्रभामण्डल । – **ता–** ना० गोलाइ । > **परिमण्डलाकार–** वि० वृत्ताकार; गोलाकार । **परिमण्डलित–** वि० गोलाकार पारिएको; बाटुलो बनाइएको ।

**परिमर्दन–** ना० [सं०] १. बेसरी घोट्ने काम; रगडाइ । २. नाश गर्ने क्रिया; विनाश । ३. खूबसँग माड्ने काम; माडमुड गर्ने क्रिया ।

**परिमर्दित–** वि० [सं०] परिमर्दन गरिएको; माडिएको ।

**परिमल–** ना० [सं०] १. राम्रोसँग मल्ने वा माड्ने काम । २. कुमकुम, चन्दन आदि घोटेर बनाइएको सुगन्धित पदार्थ शरीरमा दल्ने वा लगाउने काम । ३. त्यसरी शरीरमा दलिएको वा लगाइएको पदार्थबाट आउने मीठो बास्ना । ४. फूल आदिबाट निस्कने, वरिपरि फैलिएको मगमग वास । ५. सुवास; सुगन्ध; खुस्बु । ६. मैथुन; सम्भोग । ७. पण्डित वा विद्वान्हरूको समूह; पण्डितमण्डली । > **परिमलित–** वि० फूल आदिको बास्ना फिँजाइएको; सुगन्धित; सुवासित । > **परिमले–** वि० बेसरी सिँगारपटार गर्ने; धेरै सिँगार पार्ने (आइमाई) ।

**परिमाण–** ना० [सं०] तौलने, नाप्ने, भर्ने, आदि क्रियाद्वारा निकालिने कुनै वस्तुको गह्रुँङ्गोपन, विस्तार, घनत्व आदिको मान; नापतौल वा भराइ; नापो; मात्रा । > **परिमाणक–** ना० १. नापतौल; परिमाण । वि० २. परिमाणसम्बन्धी । **परिमाणी–** वि० परिमाणयुक्त ।

**परिमाता–** वि० [सं०] परिमाण स्थिर गर्ने; नापतौल गर्ने; नापजोख गर्ने (व्यक्ति) ।

**परिमार्ग–** ना० [सं०] कुनै चीजको चारैतिरको मार्ग वा बाटो; परिपथ । > **परिमार्गण–** ना० खोजी; खोजखबर । **परिमार्गी–** वि० खोजखबर गर्ने; पत्ता लगाउने ।

**परिमार्जक–** वि० [सं०] १. परिमार्जन गर्ने । २. धुने; पखाल्ने । ३. सफा-सुग्घर गर्ने ।

**परिमार्जन–** ना० [सं०] १. राम्ररी धुने, पखाल्ने, सफा गर्ने वा स्वच्छ पार्ने काम । २. लेखरचनामा रहेका दोष, त्रुटि आदिलाई हटाएर राम्रो तुल्याउने काम । ३. गुणात्मक विकास वा परिष्कार । ४. कुनै मिश्रित वस्तुलाई रासायनिक विधिद्वारा निक्खर वा चोखो पार्ने काम ।

**परिमार्जित–** वि० [सं०] १. राम्ररी धोइपखाली गरिएको; स्वच्छ वा सफा पारिएको । २. दोष, त्रुटि आदि हटाएर ठीक गरिएको; परिमार्जन गरिएको; परिष्कृत ।

**परिमित–** वि० [सं०] १. नापिएको वा तौलिएको; नापतौल गरिएको; नापो लिइएको । २. परिमाणमा घटी वा बढी नभई ठीक मात्रा भएको; ठिक्कको । ३. सीमित । ४. थोरै; अत्यल्प । > **परिमितायु–** वि० पूरा आयु नहुने वा नभएको; अल्पायु । **परिमिताहार–** वि० थोरै खाने; अल्प आहार भएको । **परिमिति–** ना० १. परिमाण; नापो । २. अवधि । ३. सीमा ।

**परिमिलन–** ना० [सं०] १. भेटघाट; संयोग; मिलन । २. छुने काम; स्पर्शगराइ ।

**परिमिलित–** वि० [सं०] १. राम्ररी मिलेको; संयुक्त । २. भेटघाट गरिएको ।

**परिमुक्त–** वि० [सं०] राम्ररी मुक्त भएको; उन्मुक्त; पूरै स्वच्छन्द । > **परिमुक्ति–** ना० राम्ररी भएको मुक्ति; उन्मुक्ति ।

**परिमेय–** वि० [सं०] १. परिमाण लिन योग्य । २. तौलन लायक ।३. नाप, तौल वा गन्ती गर्न सकिने । ४. थोरै; अल्प । ५. सीमित ।

**परिमोक्ष–** ना० [सं०] १. पूर्ण रूपले पाएको मुक्ति; निर्वाण । २. छोड्ने काम; परित्याग । ३. दिसा गर्ने काम; मलत्याग । ४. विष्णु । > **परिमोक्षण–** ना० १. परिमोक्ष । २. नेतीधौतीद्वारा शरीरका भित्री अवयव सफा गर्ने एक यौगिक विधि ।

**परिम्लान–** वि० [सं०] १. एकदम म्लान; निन्याउरो; भ्याउरो । २. ओइलाएको; ओल्याङमल्याङ परेको ।

**परिम्लायी–** वि० [सं०] १. हे० परिम्लान । ना० २. आँखाका नानीमा पैदा भई सर्वत्र पहेँलो वा तिरमिर उज्यालो हुने एक रोग; तैमिरिक ।

**परियार–** ना० [सं० परिवार] १. परिवार । २. दमाईंको एक थर । स्त्री० परियार्नी ।

**परियोजक–** ना० [सं०] परियोजना तयार पार्ने; परियोजनाकार ।

**परियोजना–** ना० [सं०] १. कुनै पनि विषयवस्तुको सम्पूर्णतालाई ध्यानमा राखी सोसम्बन्धी कार्य सम्पन्न गर्नका निम्ति बनाइएको योजना (प्रोजेक्ट) । २. मनमा सोचेर अगाडि आउने स्थितिको अनुमान लगाएर गरिएको योजना वा परिकल्पना ।

**परियोजित–** वि० [सं०] परियोजना तयार पारिएको ।

**परिरक्षक–** वि० [सं०] सबैतिरबाट रक्षा गर्ने वा बचाउने; संरक्षक; सुरक्षक ।

**परिरक्षण–** ना० [सं०] १. चारैतिरबाट गरिने रक्षा; संरक्षण; सुरक्षा; पूर्ण रक्षा । २. कुनै चलअचल सम्पत्ति सुचारु रूपले राख्ने काम वा सो बारेमा लाग्ने खर्चको रकम । > **परिरक्षणीय–** वि० परिरक्षण गर्न योग्य; संरक्षणीय ।

**परिरक्षित–** वि० [सं०] चारैतिरबाट रक्षा गरिएको; सुरक्षित; संरक्षित; पूर्ण रक्षित ।

**परिरक्षिता/परिरक्षी–** वि० [सं०] पूर्ण रूपले रक्षा गर्ने; परिरक्षक ।

**परिरूप–** ना० [सं०] १. भावी कार्यक्रमका बारेमा पहिले नै सोचिएको रूपरेखा; प्रारूप । २. कुनै कलात्मक कृति वा सजावटसम्बन्धी पूर्वकल्पना । ३. सोअनुसार कपडा, काठ आदिमाथि फूल, बुट्टा

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



वा यस्तै कुरा बनाउने विशेष सीप वा ढङ्ग; रूपाङ्कन; डिजाइन । > **परिरूपक–** ना० रूपाङ्कन गर्ने वा रूपरेखा तयार गर्ने व्यक्ति; नक्सा आदि बनाउने व्यक्ति; प्रारूपक ।

**परिलक्षित–** वि० [सं०] १. वरिपरिका वस्तुस्थितिबाट लख काटिएको । २. चाहेको; खोजेको । ३. देखाइएको; निर्दिष्ट । ४. लक्ष्य गरेको; ताकेको ।

**परिलक्ष्य–** ना० [सं०] १. सोचविचारपूर्वक निर्धारित वा स्वीकृत लक्ष्य; निर्दिष्ट उद्देश्य । वि० २. परिलक्षित गर्न योग्य ।

**परिलङ्घन–** ना० [सं०] १. उफ्रेर कुनै वस्तु वा अग्लो ठाउँ नाघ्ने काम । २. उल्लङ्घन ।

**परिलङ्घित–** वि० [सं०] नाघिएको; उल्लङ्घन गरिएको ।

**परिलब्ध–** वि० [सं०] अतिरिक्त रूपमा उपलब्ध भएको । > **परिलब्धि–** ना० निर्धारित वेतन वा वृत्तिदेखि बाहेक दिइने भत्ता वा शुल्क; अनुलाभ; अतिरिक्त आम्दानी ।

**परिलाभ–** ना० [सं०] कुनै पदमा रही काम गर्दा सेवा आदिको कारण वेतनबाहेक भएको उपरि लाभ (पुरस्कार आदि) ।

**परिलिखित–** वि० [सं०] चारैतिर रेखा आदिले घेरिएको; वृत्तले घेरिएको ।

**परिलेख–** ना० [सं०] १. रेखाचित्र; खाका । २. ठूलो अधिकारी भएका ठाउँमा पठाइने कुनै कुराको विवरण ।

**परिवञ्चन/परिवञ्चना–** ना० [सं०] अर्कालाई फकाईफुल्याईकन ठग्ने काम । > **परिवञ्चनीय–** वि० परिवञ्चनाको लायक; ठग्न लायक ।

**परिवञ्चित–** वि० [सं०] फकाएर ठगिएको; वञ्चित पारिएको ।

**परिवर्जन–** ना० [सं०] कुनै वस्तु, ठाउँ आदिलाई राम्रैसँग छाड्ने काम; परित्याग । **परिवर्जनीय–** वि० राम्रैसँग छाड्न योग्य; परित्याग गर्न लायक ।

**परिवर्जित–** वि० [सं०] राम्रैसँग छाडिएको; परित्याग गरिएको ।

**परिवर्तक–** वि० [सं०] १. घुम्ने वा चक्कर खाने । २. घुमाउने; रिँगाउने । ३. सट्टापट्टा गर्ने; विनिमय गर्ने । ४. युगको अन्त गर्ने; नयाँ युग आरम्भ गर्ने ।

**परिवर्तन–** ना० [सं०] १. एक थरी रूप, अवस्था, गुण आदिबाट अर्का थरी रूप, अवस्था, गुण आदिमा बदलिने वा रूपान्तरित हुने क्रिया; हेरफेर; अदलाबदली । २. उपयोगिताको विचार गरी कुनै वस्तुलाई बढाउने वा नयाँ रूप दिने काम; सुधार्ने काम । ३. साटफेर; विनिमय । ४. फेरो; चक्कर । ५. चक्कर लगाउने काम; परिभ्रमण । ६. वर्किनेफर्किने काम । ७. कुनै पुरानो युगको अन्त र नयाँ युगको आरम्भ । **– वाद–** ना० कुनै पनि चलिरहेको परम्परा, विधान, सामाजिक बनोटको ढाँचा आदि कुरा परिस्थितिअनुसार बदलिरहनुपर्छ भन्ने विचार । **– वादी–** वि० १. परिवर्तनवादप्रति विश्वास गर्ने । ना० २. परिवर्तनवादको अनुयायी । **– शील–** वि० परिस्थितिअनुसार परिवर्तन भइरहने; हेरफेर वा अदली-बदली गर्न सकिने । > **परिवर्तनीय–** वि० १. परिवर्तन हुन वा गर्न योग्य; हेरफेर गर्न लायक । २. परिवर्तनको अधीनमा रहेको ।

**परिवर्तित–** वि० [सं०] १. परिवर्तन गरिएको; अदलबदल गरिएको । २. सट्टापट्टा गरिएको; विनिमय गरिएको । ३. घुमाइएको । ४. फर्केको; फिरेको । ~ **किरण–** ना० कुनै परावर्त्य वस्तुमा परेर फर्केको किरण ।

**परिवर्तिनी–** ना० [सं०] १. भाद्रकृष्ण एकादशी । वि० २. घुम्ने; चक्कर मार्ने; परिवर्तनशील ।

**परिवर्त्य–** वि० [सं०] १. परिवर्तन गर्न सकिने; हेरफेर गर्न सकिने । २. साट्न सकिने; विनिमय गर्न सकिने ।

**परिवर्द्धन–** ना० [सं०] राम्ररी बढ्ने क्रिया; सप्रने प्रक्रिया; परिवृद्धि ।

**परिवर्द्धित–** वि० [सं०] परिवर्द्धन गरिएको वा भएको ।

**परिवहन–** ना० [सं०] १. कुनै वस्तु एक ठाउँबाट अर्का ठाउँमा बोकेर लैजाने काम । २. मोटर, गाडा, जहाज आदिद्वारा एक ठाउँबाट अर्का ठाउँमा मालसामान सार्ने काम । ३. तरल पदार्थका अणु तातेपछि चिसा अणुलाई तताउँदै लैजाने तरल पदार्थमा हुने तापको प्रसारण । ~ **खर्च–** ना० परिवहन वा मालसामानको ओसारपसारमा लाग्ने खर्च । ~ **व्यवस्थापक–** ना० रेल, मोटर, जहाज आदि सवारीगाडीबाट आवतजावत गर्ने यात्री तथा मालसामानका परिवहनको व्यवस्था गर्ने अधिकारी ।

**परिवाद–** ना० [सं०] १. कसैप्रति गरिने हेला; निन्दा; अनादर । २. सिकायत । > **परिवादक–** वि० १. परिवाद वा निन्दा गर्ने; निन्दक । २. मुद्दा लड्ने; वादी । ३. वीणा बजाउने । **परिवादिनी–** ना० सातवटा तार हुने एक प्रकारको वीणा बाजा । **परिवादी–** वि० १. निन्दा गर्ने; अपवाद फिँजाउने । २. परिवादक ।

**परिवार–** ना० [सं०] १. रगत, वीर्य, नाता, घर, अनुकूलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसको समूह । २. एउटै भान्सामा खाने घरका मानिसहरूको समूह; जहान । ३. नातादार र कुटुम्ब आदिको समूह । ४. सजातीय व्यक्तिहरूको समूह; वर्ग । ५. कुनै राजा वा धनवान्का आश्रयमा रहने मानिसहरूको समूह; आश्रित जन; परिजन । ~ **नियोजन–** ना० परिवारमा छोराछोरीको सङ्ख्या बढ्न नदिने काम; सन्तान उत्पादनमा गरिने नियन्त्रण; सन्ततिनिग्रह ।

**परिवित्त–** ना० [सं०] दाजुको विवाह नगरीकन विवाह भएको (भाइ) । > **परिवित्ति–** ना० दाजुको भन्दा पहिले भएको भाइको विवाह ।

**परिविहार–** ना० [सं०] अघाउँजी यताउति डुल्ने वा घुमफिर गर्ने काम; चारैतिर घुमफिर गर्ने क्रिया ।

**परिवृत्त–** वि० [सं०] १. घुमाइएको, रिडाइएको वा फर्काइएको । २. हेरफेर गरिएको; बदलिएको । ३. घेरिएको; बेरिएको; आवेष्टित । ना० ४. आलिङ्गन; अँगालो । ५. कुनै कार्य, घटना आदिबारे अरूको जानकारीका निम्ति प्रस्तुत गरिने सङ्क्षिप्त विवरण । > **परिवृत्ति–** ना० १. घुम्ने काम; फेरो लगाउने काम । २. घेराइ; बेह्राइ; आवेष्टन । ३. अदलबदल; परिवर्तन; बदलाइ ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



४. सट्टापट्टा; विनिमय । ५. घटी र बढी वस्तुको साटफेर भएको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । ६. एक शब्दका ठाउँमा उही अर्थ व्यक्त गर्न अर्को शब्द प्रयोग गर्ने अर्थात् पर्यायवाची शब्द राख्ने काम । (जस्तो– 'कमललोचन' - का स्थानमा पद्मनयन, 'चरणकमल' - का स्थानमा 'पादपद्म' इ०) ।

**परिवृद्ध–** वि० [सं०] १. खूब बढेको; हलहली बढेको; राम्रोसँग बढेको । २. पूरै पाको । > **परिवृद्धि–** ना० राम्ररी बढ्ने क्रिया; सम्यक् वृद्धि; हल्काइ ।

**परिवेत्ता–** ना० [सं०] १. दाजुको भन्दा पहिले विवाह गर्ने भाइ । २. दाजुको भन्दा पहिले अग्निहोत्री ग्रहण गर्ने भाइ; परिवित्त ।

**परिवेश–** ना० [सं०] १. चारैतिरबाट भएको घेराइ; परिवेष्टन । २. सूर्य वा चन्द्रमाका चारैतिर देखिने एक प्रकारको मण्डल; सभा । ३. परिधि; सीमा । ४. वातावरण ।

**परिवेष्टक–** वि० [सं०] परिवेष्टन गर्ने; चारैतिरबाट घेर्ने ।

**परिवेष्टन–** ना० [सं०] १. वरिपरिबाट घेर्ने काम; चारैतिरको घेराइ; छेकाइ; लपेटाइ; बेह्नाइ । २. परिधि; घेरा ।

**परिवेष्टित–** वि० [सं०] १. चारैतिरबाट घेरिएको; छेकारो मारिएको । २. ढाकिएको; आच्छादित ।

**परिव्राज ⁄ परिव्राजक–** ना० [सं०] घरबाट छाडेर सन्न्यास लिने व्यक्ति; सन्न्यासी ।

**परिशिष्ट–** वि० [सं०] १. बाँकी रहेको; शेष; अवशिष्ट । ना० २. पुस्तक, ग्रन्थ आदिका मूल भागमा छुट्न गई अन्ततिर राखिएको बाँकी कुरा स्पष्ट पार्ने अंश; पूरक अंश । ३. बाँकी रहेको भाग; अवशिष्ट अंश । ४. थपुवा अंश । > **परिशिष्टाङ्क–** ना० कुनै पत्रपत्रिका आदिको नियमित वा अनियमित रूपले प्रकाशित गरिने अतिरिक्त अङ्क; पत्रिका आदिको अतिरिक्ताङ्क ।

**परिशीलन–** ना० [सं०] १. कुनै विषयको राम्ररी अध्ययन गर्ने काम; मननपूर्वकको अध्ययन । २. छुने वा स्पर्श गर्ने क्रिया ।

**परिशीलित–** वि० [सं०] विचारपूर्वक अध्ययन गरिएको; परिशीलन गरिएको ।

**परिशेष–** ना० [सं०] १. बचेखुचेको वस्तु; अवशेष । २. समापन वा समाप्ति ।

**परिशोध–** ना० [सं०] परिशोधन । > **परिशोधन–** ना० १. राम्ररी भएको शुद्धि; शुद्धीकरण; संशोधन । २. ऋण आदि तिर्ने काम; चुक्ता । > **परिशोधित–** वि० परिशोध गरिएको ।

**परिश्रम–** ना० [सं०] १. थकाइ लाग्ने गरी गरिने काम; उद्यम; मिहिनेत । २. थकाइ; श्रम; क्लान्ति । > **परिश्रमी–** वि० परिश्रम गर्ने; मेहनती ।

**परिश्रवण–** ना० [सं०] शब्दको निरीक्षण वा अध्ययन गर्ने क्रिया ।

**परिश्रान्त–** वि० [सं०] धेरै थाकेको; गलिपत्तन भएको; अतिथकित । > **परिश्रान्ति–** ना० ज्यादा मात्रामा लागेको थकाइ; गलिपत्तन अवस्था ।

**परिश्रावक–** ना० [सं०] शब्दको निरीक्षण र अध्ययन गरिने यन्त्र ।

**परिश्रुत–** वि० [सं०] खूब नाम चलेको; विख्यात; प्रसिद्ध ।

**परिषद्–** ना० [सं०] १. प्राचीन कालमा राजाहरूद्वारा अत्यावश्यक काममा बोलाइने विशिष्ट सभा; राजसभा । २. सभा; समिति । ३. चुनिएका व्यक्ति वा निर्वाचित सदस्यहरूको सभा । ४. समूह; मण्डली ।

**परिष्कार–** ना० [सं०] १. कुनै वस्तुलाई राम्ररी खार्ने वा शुद्ध पार्ने काम; संस्कार; शुद्धि । २. कुनै कुरामा रहेका दोष, त्रुटिलाई हटाएर सुन्दर, स्वच्छ र रुचिपूर्ण बनाउने काम । ३. स्वच्छता; निर्मलता । ४. अलङ्कार; आभूषण । ५. शृङ्गार; सजावट ।

**परिष्कृत–** वि० [सं०] अपरिष्कृत वस्तुलाई परिष्कार गरिएको; संस्कार गरिएको; सुधारिएको । २. शुद्ध पारिएको; संशोधित; विशुद्ध । > **परिष्कृति–** ना० परिष्कृत हुनाको भाव वा अवस्था; परिष्कार ।

**परिसंवाद–** ना० [सं०] दुई वा दुईभन्दा बढी व्यक्ति, वक्ता वा विद्वान्हरूका बीचमा कुनै कुरा, विषय आदिबारे प्रायः खास-खास अवसरमा हुने तर्कसङ्गत वा विचारपूर्ण वादविवाद; त्यसरी सौहार्द्रपूर्णरूपमा हुने महत्त्वपूर्ण संवाद वा कुराकानी ।

**परिसङ्ख्या–** ना० [सं०] १. गन्ती; गणना । २. एक ठाउँबाट कुनै वस्तुलाई निषेध गरेर अर्का ठाउँमा स्थापना गर्दा हुने एक अर्थालङ्कार । > **परिसङ्ख्यान–** ना० १. गन्ने काम; गन्ती; गणना । २. पहिले नै गरिने अनुमान; ठीक अनुमान ।

**परिसञ्चित–** वि० [सं०] सन्तोषजनक रूपमा सञ्चय गरिएको; सञ्चित ।

**परिसमापन–** ना० [सं०] कुनै काम-कारोबारको समाप्ति; राम्ररी समापन हुने क्रिया ।

**परिसमाप्ति–** वि० [सं०] राम्ररी टुङ्ग्याइएको; परिसमापन गरिएको ।

**परिसर–** ना० [सं०] १. नदी, सहर, पर्वत आदिका आसपासमा रहेको जमिन । २. आसपास; छिमेक । ३. घेरा । ४. कम्पाउन्ड । > **परिसरक–** वि० १. डुलुवा । २. पर्यटक । **परिसरण–** ना० चारैतिर घुम्ने काम; पर्यटन ।

**परिसर्प ⁄ परिसर्पण–** ना० [सं०] १. सर्पको जस्तै बाङ्गोटिङ्गो चारैतिर हिँड्ने वा घुम्ने काम । २. डुलफिर गर्ने काम; घुमफिर; पर्यटन । > **परिसर्पित–** वि० घुमेको; डुलिएको ।

**परिसान्त्वन ⁄ परिसान्त्वना–** ना० [सं०] राम्रोसँग सम्झाईबुझाई दिइने सान्त्वना ।

**परिसीमन–** ना० [सं०] कुनै स्थान, क्षेत्र, प्रदेश, राष्ट्र आदिको सीमा स्थिर गर्ने काम; सीमानिर्धारण; सीमाङ्कन ।

**परिसीमा–** ना० [सं०] १. चारैतिर निर्धारित गरिएको सीमा; चौहद्दी । २. अन्तिम सीमा; पराकाष्ठा । > **परिसीमाङ्कन–** ना० परिसीमन ।

**परिसूचक–** वि० [सं०] चारैतिर सूचना प्रसार गर्ने; ठाउँठाउँमा कुनै विषयको सूचना दिने ।

**परिसेवन ⁄ परिसेवा–** ना० [सं०] विशेष रूपमा गरिएको सेवा ।

**परिस्थिति**– ना० [सं०] १. कुनै घटना, काम आदिको वास्तविक तथा तर्कसङ्गत अवस्था । २. कुनै देश, संस्था वा व्यक्तिको हालत; स्थिति; अवस्था । ३. समसामयिक वातावरणबाट सिर्जिएको स्थिति ।

**परिस्फुरण**– ना० [सं०] १. छरिएका बीउ आदि उम्रिएर टुसो निस्कने क्रिया वा प्रक्रिया । २. फूल आदिको कोपिलो पलाउने क्रिया । ३. विशेष प्रकारले काँप्ने क्रिया । ४. भित्रबाट भाव, विचार आदिको स्फुरण हुने काम; स्मृति वा सम्झना ।

**परिस्रव/परिस्राव**– ना० [सं०] १. चारैतिरबाट वा बेसरी चुहुने क्रिया । २. बच्चा जन्मने काम ।

**परिहसित**– वि० [सं०] परिहास गरिएको; उपहास गरिएको ।

**परिहार**– ना० [सं०] १. पूर्ण त्याग; परित्याग । २. दोष वा अनिष्ट कुराहरूलाई हटाउने वा फाल्ने काम । ३. युद्धमा लुटिएको धन-सम्पत्ति । ४. कुनै कुकृत्यको प्रायश्चित्त । ५. अनावृष्टि आदि सङ्कटका कारणले कर वा लगानीको ब्याजमाफी । ६. दण्ड वा ऋण आदिमा गरिएको सहुलियत । ७ बचाउने वा प्रयोग नगर्ने क्रिया; जगेर्ना । ८. कुनै विषयका सम्बन्धमा गरिएको खण्डन । > **परिहारक**– वि० परिहार गर्ने; परिहारी । **परिहारी**– वि० १. परिहरण गर्ने; अपहरण गर्ने । २. परिहार गर्ने । ना० ३. त्याग; छोडाइ । ४. हटाउने काम; निवारण । **परिहार्य**– वि० १. परिहरण गर्न योग्य; अपहरण गर्न सकिने । २. त्याग्न सकिने; परित्याज्य । ३. हटाउन सकिने; पन्छाउन लायक; निवारणीय ।

**परिहास**– ना० [सं०] १. हाँसो; ख्यालठट्टा; उपहास; दिल्लगी । २. मनोविनोद गर्ने काम; खेल; क्रीडा । > **परिहासक**– वि० उपहास गर्ने; ख्यालठट्टा गर्ने; हँसीमजाक गर्ने; दिल्लगी गर्ने; खिसी वा खिसीटिउरी गर्ने । **परिहास्य**– वि० परिहास वा उपहास गर्न लायक; ख्यालठट्टा गर्न सकिने ।

**परी१**– ना० [सं० प्रति] १. तरिका; काइदा; ढर्रा; ढाँचा । २. थरी; प्रकार । (उदा०- उनीसँग परीपरीका कुरा गर्न कसले सक्छ !)

**परी२**– ना० [सं० परि] १. सविस्तार वर्णन; व्याख्या । २. लम्बेचौडे कुरो; बेलीविस्तार (उदा०- उनी परी लाएर कुरा गर्न सिपालु छन् ।) ।

**परी३**– ना० [फा०] १. पखेटा हुने एक कल्पित स्त्रीजाति; अप्सरा । २. पुराना दन्त्यकथा, पुराण आदिमा वर्णित, आवश्यक पर्दा प्रकट हुने र नपर्दा अदृश्य हुने शक्ति भएकी सुन्दरी । ३. अति राम्री युवती; परमसुन्दरी स्त्री । ~ **कथा**– ना० पशुपक्षी पात्र भएको कथा ।

**परीक्षक**– वि० [सं०] १. कुनै व्यक्ति वा वस्तु सम्बन्धित विषयमा योग्य छ-छैन भनी चारैतिरबाट मूल्याङ्कन गर्ने; जाँच गर्ने; परीक्षा गर्ने; पारखी । ना० २. परीक्षा लिने वा उत्तरपुस्तिका जाँच्ने व्यक्ति ।

**परीक्षण**– ना० [सं०] १. परीक्षा लिने काम; सम्बन्धित विषयमा योग्य छ-छैन भनी चौतर्फी मूल्याङ्कन गर्ने काम; जाँच गर्ने काम । २. पारख गर्ने काम । ~ **काल**– ना० कुनै नयाँ कर्मचारी सम्बन्धित कामका निम्ति योग्य छ छैन भनी पारख गर्ने निश्चित अवधि । ~ **दर्ता**– ना० छ महिनाको अवधिका निम्ति गरिने दर्ता ।

**परीक्षमाण**– वि० [सं०] १. परीक्षणकालमा राखिएको । २. परीक्षा भइरहेको ।

**परीक्षा**– ना० [सं०] १. योग्यता, विशेषता, सामर्थ्य, गुण आदिको स्तर निर्णय गर्नका निम्ति ठीकसित पारख गर्ने काम; जाँच गर्ने काम; जाँच; जँचाइ । २. कुनै वस्तुको गुण, दोष आदिको अनुभव गर्नका निम्ति गरिएको प्रयोग; पारख । ३. प्राचीन न्यायालयमा अभियुक्त वा साक्षीको सच्चाइ जाँच्ने क्रिया; दिव्यपरीक्षा । ४. तर्क, प्रमाण आदिबाट कुनै वस्तुका यथार्थ तत्त्वको निरूपण गर्ने काम; निष्पक्षता । ~ **नियन्त्रक**– ना० परीक्षा विभागको उच्च अधिकृत । ~ **प्रमुख**– ना० परीक्षा सम्बन्धी काम गर्ने प्रमुख अधिकारी । ~ **भवन**– ना० परीक्षार्थीहरूले परीक्षा दिने घर वा ठाउँ; परीक्षालय । > **परीक्षार्थी**– ना० परीक्षा दिने व्यक्ति; परीक्षा दिन चाहने व्यक्ति । ~ **परीक्षालय**– ना० परीक्षास्थल; परीक्षाभवन । ~ **विभाग**– ना० परीक्षासम्बन्धी कामकारोवार हुने विभाग । ~ **शाखा**– ना० शिक्षणसंस्थाअन्तर्गतका प्रशासनिक निकायहरूमध्येको परीक्षासम्बन्धी कामकारोबार गरिने फाँट वा विभाग । ~ **सञ्चालक**– ना० परीक्षा सञ्चालन गर्ने अधिकारी । ~ **सञ्चालन**– ना० परीक्षासम्बन्धी काम । ~ **स्थल**– ना० परीक्षाभवन; परीक्षालय ।

**परीक्षित्**– ना० [सं०] महाभारतप्रसिद्ध अर्जुनको नाति तथा अभिमन्युको छोरो; सर्पयज्ञ गर्ने जनमेजयको बाबु ।

**परीक्षित**– वि० [सं०] १. परीक्षा गरिएको; जाँच लिइएको; जाँचिएको । २. पारख गरिएको ।

**परीक्ष्य**– वि० [सं०] परीक्षा गर्न योग्य; जाँच गर्न लायक ।

**परुत्**– क्रि० वि० [सं०] पोहोर; गत वर्ष ।

**परुष**– वि० [सं०] १. कठोर; कडा । २. रूखो; कर्कश; अप्रिय । ३. तीव्र; उग्र । ४. निष्ठुर; निर्दय । ५. नीरस; रसविहीन । > **परुषाक्षर**– वि० कडा र रूखो शब्द प्रयोग गर्ने । **परुषावृत्ति**– ना० वीररसका निम्ति उपयुक्त, ओजगुणप्रधान, टवर्गीय द्वित्वीभूत तथा संयुक्त वर्णका साथै रेफ, श, ष आदि कठोर वर्ण र लामालामा समासयुक्त शब्दद्वारा काव्यको रचना गर्ने एक रीति । **परुषोक्ति**– ना० निष्ठुर वचन; कठोर बोली ।

**परेखिया**– ना० [पारख+इया] अड्डाखानामा रत्नहरू र अरू विशेष वस्तुको पारख गर्न राखिने सरकारी कर्मचारी; परखिया ।

**परेठ/परेड**– ना० [अङ्० प्यारेड] सैनिकहरूको तालिम वा शिक्षा; कवायद ।

**परेता१**– ना० [सं० प्रहारकृत] सार्कीले छाला पिट्ता तलतिर राखिने ढुङ्गो ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**परेता२**– ना० [सं० परित] चङ्गाको धागो बेर्ने एक खालको लट्टाई ।

**परेती**– ना० [परेता+ई] सानो किसिमको परेता ।

**परेला**– ना० [परेलोको ति० रू०] हे० परेलो । – **पेटी**– ना० परेलाको बन्धन वा मेखला ।

**परेली१**– ना० [सं० प्रहर+एली > पालो+एली] कृषकहरूको परस्परमा खेतालाको साटासाट गर्ने वा एक अर्काको काम गरिदिने प्रक्रिया; खेतालो गएर खेतालै तिर्नुपर्ने गरी लगाइएको रिन; खेताले पैँचो; पर्म; बोझे ।

**परेली२**– ना० [सं० प्राणी] स्वास्नीलाई बोलाउँदाको मानबोधक शब्द; विवाहिता स्त्री ।

**परेली३**– ना० [पडेली < सं० पाठावली] धामी वा झाँक्री पतुर्ने बेलामा उच्चारण गर्ने मन्त्र ।

**परेली४/परेलु**– ना० [परेलो+ई/उ] परेलो (गीत, लोकगीत र कवितामा– झमझम परेली, आँखैमा गाजलु)

**परेलो**– ना० [सं० पटल] आँखाको ढकनीका रूपमा रहेको डिलमा उम्रेको रौँ ।

**परेवा१**– ना० [सं० प्रतिपदा] औँसी वा पूर्णिमाको भोलिपल्टको तिथि; प्रतिपदा ।

**परेवा२**– ना० [सं० पारावत] हलेसो वा ढुकुरका आकारको केही ठूलो विभिन्न रङ र जातको प्रसिद्ध पक्षी; घरमा पालिने शान्तिको प्रतीक मानिने एक प्रकारको पक्षी । ~ **आँखी/आँखे**– वि० परेवाका जस्ता आँखा वा परेवाका आँखाजस्तै बुट्टा भएको (मानिस वा कपडा) । ~ **डाँक**– ना० १. परेवाद्वारा पठाइने पुरानो किसिमको डाँक-व्यवस्था (पिजन-पोस्ट) । २. बास बसेको परेवाले प्रत्येक पहरमा बासेको आवाज ।

**परोक्त**– वि० [सं० अपरोक्त] गलत कुरो भनिएको । ~ **दोष**– ना० न्यायालय आदिमा अनुचित वा अशिष्ट बयान दिएबापत लाग्ने दोष ।

**परोक्ष**– वि० [सं०] १. आँखाका सामुन्ने नभएको; अप्रत्यक्ष । २. सोझो ढङ्गले नभनी घुमाउरो पाराले भनिएको । ३. छिपेको; गुप्त । ४. व्याकरणमा पूर्ण भूतकाल । ५. उपमान । ~ **निर्वाचन**– ना० जनताबाट सोझै मतदान नभएर अप्रत्यक्ष तरिकाद्वारा गराइने चुनाउ; जनताले मतदान गरेर पठाएका सदस्यहरूबाट कार्यकारिणीका सदस्यहरू छान्ने चुनाउ-प्रणाली । > **परोक्षार्थ**– वि० अर्थ वा अभिप्राय रहस्यपूर्ण रहेको; अर्थ गम्भीर भएको; सजिलै बुझ्न नसकिने ।

**परोढा**– ना० [सं०] अर्काकी स्वास्नी; परस्त्री ।

**परोपकार**– ना० [सं०] अर्काको उपकार; पराईको भलो हुने काम । – **क**– वि० अर्काको उपकार गर्ने; अर्काको भलो गर्ने । ~ **संस्था**– ना० अनाथ वा दीनदुःखीहरूको उपकार गर्ने संस्था । > **परोपकारी**– वि० परोपकार गर्ने; परोपरकारक ।

**परोपकृत**– वि० [सं०] अरूद्वारा उपकार गरिएको; अरूबाट हित गरिएको ।

**परोपजीवी**– वि० [सं०] १. अर्काले दिएको खाएर जीविका गर्ने; अर्काका भरमा बाँच्ने; परान्नभोजी । ना० २. अर्काको अङ्गबाट खाद्य वस्तु चुसेर बाँच्ने वनस्पति (ऐँजेरु, सुनाखरी, इ०) वा कीरा (जुका, किर्ना, जुम्रा इ०) ।

**परोपदेश**– ना० [सं०] १. अर्कालाई मात्र उपदेश दिने काम; अर्कालाई अर्ती दिने काम । २. अर्काद्वारा दिइएको उपदेश वा अर्ती ।

**परौँठा/परौठा**– ना० [सं० प्ररोटक] गहुँको पीठोलाई घिउ दल्दै बेलेर पत्रैपत्र पारी फेरि पटचाई बेरी घिउ लगाउँदै पकाइने विशेष प्रकारको रोटी; पत्रे रोटी ।

**पर्काल**– ना० [फा० फरकाल] गोल वा अन्य विविध किसिमका रेखा खिँच्ने एक साधन; कर्कांटो ।

**पर्ख-नु**– स० क्रि० [सं० प्रतीक्षण] १. कसैको बाटो हेर्नु; प्रतीक्षा गर्नु । २. कुनै थालेको काम रोकेर वा स्थगित गरेर कसैको प्रतीक्षा गर्नु । ३. पख्नु; बाटो हेर्नु; ढुक्नु । > **पर्खाइ**– ना० पर्खने क्रिया वा प्रक्रिया । **पर्खाइनु**– क० क्रि० पर्खन लाइनु । **पर्खाउनु**– प्रे० क्रि० पर्खन लाउनु । **पर्खापर्खी**– ना० परस्परमा पर्खने काम ।

**पर्खाल**– ना० [सं० परिखाधार] १. इँट, ढुङ्गा आदिको गारो लगाएर अग्लो पारी बारिएको बार; दिवाल । २. गारो ।

**पर्खि-नु**– स० क्रि०/क० क्रि० [पर्ख+इ+नु] १. पर्खनु । २. गति अडाइनु ।

**पर्गेल्-नु**– स० क्रि० [सं० परिग्रहण] छासमिस भएका धेरै वस्तुबाट निश्चित वस्तु छान्ने काम गर्नु । > **पर्गेलाइ**– ना० पर्गेल्ने क्रिया वा प्रक्रिया । **पर्गेलाइनु**– क० क्रि० पर्गेल्न लगाइनु । **पर्गेलाउनु**– प्रे० क्रि० पर्गेल्न लाउनु । **पर्गेलिनु**– क० क्रि० पर्गेल्ने काम गरिनु ।

**पर्चा**– ना० [फा० पर्च] १. प्रचारका निमित्त कुनै कुरा लेखिएको वा छापिएको कागत; विज्ञापनको कुरो लेखिएको पुर्जा; सूचनापत्र । २. अड्डा-अदालतबाट दिइने तारेखको पुर्जा । ३. विशेष अवस्थामा लेखिने मुद्दामामिलाको टिप्पणी । ४. फैसला । ५. अदालतमा वादीप्रतिवादी परेपछि प्रमाण बुझी फैसला गर्नुपर्ने भएमा प्रमाण बुझ्नलाई छोटकरीमा मुद्दासमेत लेखी दस्तखत गराई मिसिलसाथ राखिने कागज । ६. परीक्षा आदिको प्रश्नपत्र । ~ **पत्र**– ना० लम्बाइमा दसदेखि बाह्र इन्चसम्मको तासको आकारको बाक्लो कागजको टुक्रामा आफ्नो विचार स्पष्टसँग लेखेर कुनै विशेष समयमा प्रदर्शन गर्ने एक किसिमको शैक्षिक सामग्री । – **बाजी**– ना० कुनै विशेष कुराको समर्थन, विरोध वा विज्ञापन गर्दा पर्चा बाँड्ने काम । > **पर्ची**– ना० १. सानो पर्चा । २. चिनाको पूरक, जस्तो- चिनापर्ची ।

**पर्जन्य**– ना० [सं०] १. बादल; मेघ । २. झरी; वर्षा । ३. मेघको गर्जन । ४. इन्द्र ।

**पर्ण**– ना० [सं०] १. बोटबिरुवा आदिको पात; पत्र । २. पान । ३.

पखेटा । ४. बाणमा लगाइने प्वाँख । ५. पलाँसको रूख वा बोट । ६. कागजको पातो; पाना । – **क**– ना० विनामूल्य वितरणको काममा ल्याउन छापेको कागजको टुक्रा; पर्चा (पाम्प्लेट) । ~ **कुटी**– ना० सेउलाको बार र सेउलाकै छानो आदि भएको छाप्रो; सेउले छाप्रो । ~ **कुटीर**– ना० पर्णकुटी । ~ **लता**– ना० पानको लहरो । – **वीटिका**– ना० पानको बिरा; पानको खिल्ली । – **शर**– ना० बेपत्ता भएर मरेको वा मरेको अनुमान गरिए पनि लास नभेटिएमा कुशको पुतला बनाई दाहसंस्कारदेखि तेह्र दिनसम्म गरिने क्रिया; नारायणबलि । ~ **शव**– ना० लास बेपत्ता भएका शवको दाहसंस्कारका निम्ति बनाइने कुश आदिको पुतला; नारायणबलि । – **शाला**– ना० पर्णकुटी । > **पर्णाशन**– ना० पात मात्र खाएर वा सागपात आदिको आहाराले मात्र लिइने एक किसिमको व्रत । **पर्णिक**– ना० पात बेचेर जीवन-निर्वाह गर्ने व्यक्ति । **पर्णिका**– ना० अमुक व्यक्तिलाई अमुक वस्तु यति दिनू भनी लेखिएको कागज; वस्तुहरूको सीमित वितरणका व्यवस्थामा बजारबाट मालसामान किन्न पाइने पुर्जी; कुपन । **पर्णी**– ना० वृक्ष; बोट ।

**पर्ता१**– ना० [पर्+ता] १. परेको मोल; परल; साउँ । २. नाफा; फाइदा ।

**पर्ता२**– वि० [पर्ती+आ] पर्ती; बाँझो ।

**पर्ती**– वि० [पाटो+ती] आबाद वा खनजोत नभएको; बाँझो; पर्ता (जमिन) । ~**आवादी**– ना० हालआबादी । ~**जग्गा**– ना० खनजोत नभएको वा नगरिएको जमिन; बालीनाली नलगाएको बाँझो जग्गा ।

**पर्दा**– ना० [फा० पर्द] १. भित्रको दृश्य बाहिरबाट नदेखियोस् भनी झ्याल-ढोकामा झुन्ड्याइने कपडा आदिको आवरण । २. स्त्रीजातिले मुख छोप्न आवरणको रूपमा प्रयोग गर्ने घुम्टो आदि । ३. नाटक वा चलचित्रको पट । ४. अदेखा वा अछेका प्रथा । ५. मर्यादा वा इज्जत । ६. आँखाको नानीमा मोतियाबिन्दु हुँदा लाग्ने जालो । ७. हार्बिन, प्यानो आदि बजाउँदा औँलाले दबाउने अवयव । ८. पुराना शैलीका मयलपोसमा छातीनेर निकालिने एक फेसन । ~ **घर**– ना० झ्यालढोका आदिमा पर्दा अड्ने एक शिल्पविधान । – **नसिन**– वि० पर्दामा रहेकी (आइमाई) । – **फास**– ना० पर्दा खुलेको अवस्था; कुनै कुरो प्रत्यक्ष भएको स्थिति; रहस्योद्घाटन; भन्डाफोर । – **वाल**– वि० पर्दा भएको; पर्दायुक्त; पर्दाभित्र रहेको वा रहने ।

**पर्धानी**– ना० [सं० पर्याधान+ई] टुप्पामा फलामको कापा जडिएको, डोली अडचाउनलाई डोलेहरूले लिएर हिँड्ने लौरो ।

**पर्प**– ना० [सं०] १ं घर; गृह । २. हरियो वा नयाँ घाँस । ३. लँगडालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने साधन । ४. लँगडाले हिँड्दा सहायता लिने लट्ठी वा काठको एक प्रकारको साधन; खर्ल्याङखुट्टी; बैसाखी ।

**पर्पट**– ना० [सं०] पापड । > **पर्पटी**– ना० १. पापड । २. गोपीचन्दन । ३. आयुर्वेदमा प्रसिद्ध एक रसादि औषधी ।

**पर्बाह्**– ना० [फा० परवा] १. कुनै विषयप्रति मन दिने क्रिया; वास्ता; सरोकार; चासो; परबाह । २. चिन्ता; फिक्री । ३. सोच; विचार; ख्याल ।

**पर्म**– ना० [सं० परकर्म] आफू-आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन; परेली; पालो; बोझे । – **पात**– ना० आफुसआफुसमा गरिने पर्म; परस्परको पर्म ।

**पर्माङ्गी**– ना० [फा० परमानगी] हे० प्रमाङ्गी ।

**पर्यङ्क**– ना० [सं०] पलङ; खाट ।

**पर्यटक**– वि० [सं०] १. पर्यटन गर्ने; देशविदेश घुम्ने; भ्रमण गर्ने; घुमक्कड । ना० २. त्यस्तो व्यक्ति ।

**पर्यटन**– ना० [सं०] दर्शनीय र महत्त्वपूर्ण स्थानहरू हेर्न वा मन बहलाउनका निम्ति देशविदेशमा गरिने भ्रमण वा यात्रा । ~ **उद्योग**– ना० देशविदेशबाट मन बहलाउन वा महत्त्वपूर्ण स्थलहरूको अवलोकन गर्न आउने व्यक्तिहरूको सुविधाका लागि स्थापना गरिने होटल वा दृश्यावलोकनका साधनहरू र त्यसबाट हुने विदेशी मुद्राको आर्जनसम्बन्धी उद्योग । ~ **केन्द्र**– ना० पर्यटनसम्बन्धी दृश्यावलोकन आदि भएको मुख्य ठाउँ । ~ **विभाग**– ना० पर्यटक तथा पर्यटन उद्योगलाई प्रोत्साहित गर्ने र तत्सम्बन्धी व्यवस्था, रेखदेख, नियन्त्रण आदि गर्ने उद्योग-मन्त्रालयअन्तर्गतको एक विभाग ।

**पर्यनुयोग**– ना० [सं०] कुनै बयान वा भनाइलाई झुट्टा साबित गर्नाका निम्ति गरिएको सोधपुछ ।

**पर्यन्त**– ना० यो० [सं०] १. तक; सम्म; तलक । वि० २. सीमित । ना० ३. अन्तिम सीमा; हद । ४. अन्त; आखिर । ~ **भूमि**– ना० नदी, पर्वत, नगर आदिका आसपासको जमिन ।

**पर्यबन्धन**– ना० [सं०] कपडाले पिठिउँ र घुँडा बाँधेर बसिने एक आसन ।

**पर्यवलोकन**– ना० [सं०] कुनै काम वा क्षेत्र आदिको आदिदेखि अन्त्यसम्म हेर्ने वा खोजतलास गर्ने काम; कुनै विषयको साङ्गोपाङ्ग हेरविचार गर्ने काम ।

**पर्यवसान**– ना० [सं०] १. अन्त; समाप्ति; टुङ्गो । २. निश्चय; निधो ।

**पर्यवसित**– वि० [सं०] १. सिद्धिएको; समाप्त । २. निधो गरिएको; निश्चित । ३. नष्ट ।

**पर्यवेक्षक**– ना० [सं०] १. जाँचबुझ गर्ने व्यक्ति; खोजबखर गर्ने व्यक्ति । २. कुनै काम वा विषयको रेखदेख गर्ने व्यक्ति; निरीक्षक । ३. जाँचकी; परीक्षक ।

**पर्यवेक्षण**– ना० [सं०] १. कुनै काम वा विषयको जाँचबुझ गर्ने काम । २. कुनै कार्य वा विषयलाई विचारपूर्वक हेर्ने काम; निरीक्षण ।

**पर्यस्त**– वि० [सं०] १. फ्याँकिएको; मिल्काइएको । २. हटाइएको; निकालिएको । > **पर्यस्तापह्नुति**– ना० उपमानका गुणलाई छिपाएर

उपमेयप्रति आरोप गर्दा हुने अपह्नुति अलङ्कारको एक भेद ।

**पऱ्याकपुरुक–** क्रि० वि० [अ० मू० पऱ्याक्+अ (द्वि०)] १. घिउतेलमा तरकारी भुट्दा परपरी पारेर । २. सानातिना काठ वा सन्ठी आदिका टुक्रा भाँच्दा शब्द आउने किसिमले । ३. साग आदि निमोठनामोठ पार्दा शब्द आउने चालसँग ।

**पर्याण–** ना० [सं०] घोडाको काठी ।

**पर्याप्त–** वि० [सं०] १. चाहिएजति; प्रशस्त; यथेष्ट; काफी; पुग्दो; लात्तीकुत्ती । २. पाइएको; प्राप्त । ३. समर्थ । > **पर्याप्ति–** ना० चाहिएजति हुने अवस्था; प्रशस्त मात्रामा पुग्ने स्थिति; यथेष्टता ।

**पर्याय–** ना० [सं०] १. समान अर्थ बुझाउने शब्द; एउटै अर्थ बुझाउने अर्को शब्द; समानार्थक शब्द । २. अनुक्रम; सिलसिला । ३. एउटा वस्तुको क्रमैसँग अनेक आश्रय वा एउटैमा आश्रित अनेक वस्तुहरू वर्णन गर्दा हुने एक अर्थालङ्कार । – **वाचक / वाची–** वि० समान अर्थ बुझाउने; एउटै अर्थ बुझाउने; समानार्थक । > **पर्यायोक्ति–** ना० कुनै कुरो सोझै नभनेर घुमाउरो पाराले वा चमत्कारपूर्ण ढङ्गले वर्णन गर्दा पर्ने एक अर्थालङ्कार ।

**पर्यालोकन–** ना० [सं०] चारैतिर राम्ररी हेर्ने काम; सम्यक् अवलोकन ।

**पर्यालोकित–** वि० [सं०] पर्यालोकन गरिएको; राम्ररी हेरिएको ।

**पर्यालोचन–** ना० [सं०] कुनै विषय वा वस्तुको दोष, गुण आदि वा सबै किसिमका पक्षको राम्ररी विचार गर्ने काम; समीक्षा । > **पर्यालोचना–** ना० पर्यालोचन ।

**पर्यालोचित–** वि० [सं०] पर्यालोचन गरिएको; समीक्षित ।

**पर्यावरण–** ना० [सं०] १. कुनै वस्तु, विषय, व्यक्ति आदिको स्थिति; वातावरण । २. चारैतिर फैलिएको वा रहेको हावा-पानी ।

**पर्यावर्तन–** ना० [सं०] फर्केर आउने काम; फिर्ने काम ।

**पर्यावर्तित–** वि० [सं०] पर्यावर्तन भएको ।

**पर्युपासक–** वि० [सं०] देवदेवीहरूको राम्ररी उपासना गर्ने; देवदेवीहरूको पूजा गर्ने ।

**पर्युपासना–** ना० [सं०] १. राम्ररी गरिएको उपासना; पूजा; अर्चना । २. मैत्री; सद्भावना ।

**पर्र–** क्रि० वि० [अ० मू० पर्+र] १. ससाना दाना तातेका घिउतेलमा हाल्दा वा पानीका छिटा पर्दा आएझैँ शब्द आउने किसिमले । २. पुस्तक, लेख आदि नरोकिईकन बाच्ने किसिमले; हर्र; खर्र । ३. धेरै बन्दुक वा पटाकाहरू क्रमैसित पड्कँदा आएझैँ शब्द आउने किसिमले ।

**पर्रन / पर्रा–** ना० [पर्र+अन / आ] १. धाराप्रवाह; अविच्छिन्न गति । २. ताँती; धुइरो ।

**पर्लक–** ना० [अ० मू० पर्लक्+अ] पल्टने-पल्टाउने चाल वा खेप । – **पर्लक–** क्रि० वि० धेरै खेप पर्लक्क हुने चालसँग । > **पर्लक्क–** क्रि० वि० १. एक्कासि पल्टने किसिमले; टाउकाले टेकेर शरीर उल्टाउने गरी । २. आँखाका परेला वा पट्टल माथि उचाल्ने किसिमले; रिसले आँखाको पट्टल धेरै माथि उचालेर हेरेझैँ ।

**पर्ल्याक–** ना० [अ० मू० पर्ल्याक्+अ] बिस्तारै पल्टने चाल । – **पर्ल्याक–** क्रि० वि० बरोबर वा धेरै खेप पल्टेर । > **पर्ल्याक्क–** क्रि० वि० एकै खेपमा पल्टने चालसँग । – **पुर्लुक–** क्रि० वि० सबै एकै चोटि पल्टने गरी; एकै खेपमा पल्टिएर ।

**पर्व–** ना० [सं०] १. शुक्ल वा कृष्णपक्ष, तिथि, बार, नक्षत्र, योग, करण तथा महिनाका आधारमा निर्धारित पुण्यकाल । २. चन्द्र वा सूर्यमा लाग्ने ग्रहण । ३. धार्मिक, सांस्कृतिक वा सामाजिक दृष्टिले महत्त्वपूर्ण मानिने समय वा दिन; उत्सव; चाड । ४. कुनै काम हुने वा गरिने विशिष्ट दिन; मौका; अवसर । ५. दुई वस्तु वा दुई अङ्ग जोडिएको ठाउँ; जोर्नी । ६. चतुर्मास । ७. औँलाका जोर्नीले छुट्ट्याइएको खण्ड । ८. कुनै विशेष घटना वा त्यस्तो घटना भएको समय (जस्तो– कोतपर्व, भँडारखालपर्व इ०) । ९. महाभारत ग्रन्थको खण्ड । १०. तीन मात्रा वा अङ्गुलबराबरको नाप । – **काल–** ना० कुनै पर्व परेको समय ।

**पर्वण–** ना० [सं०] पूरा गर्ने काम; पूर्ति गर्ने काम । > **पर्वणी–** ना० १. पूर्णिमा । २. प्रतिपदा । ३. पर्व; उत्सव; चाड ।

**पर्वत–** ना० [सं०] १. पहाड; डाँडो; शैल । २. चट्टान । ३. वेदप्रसिद्ध एक देवर्षि । ४. दशनामी सन्न्यासीहरूमध्ये एक । ५. धवलागिरि अञ्चलमा पर्ने एक जिल्ला । – **द्राक्षा–** ना० पर्वते दाख । ~ **नन्दिनी–** ना० पार्वती । – **माला–** ना० पहाडहरूको पङ्क्ति; पर्वतश्रेणी । – **राज–** ना० हिमालय पर्वत । > **पर्वतारोहण–** ना० पहाड चढ्ने काम । **पर्वतारोही–** वि० १. पहाड चढ्ने; पर्वतारोहण गर्ने । ना० २. पर्वतारोहण गर्ने व्यक्ति । **पर्वतिया–** वि० १. पर्वतीय प्रदेशमा रहने; पहाडिया; पर्वते । ना० २. नेपाली मातृभाषा भएका नेपाली जातिहरूमध्ये एक ।

**पर्वतीय–** वि० [सं०] १. पर्वतसम्बन्धी; पहाडी । २. पहाडी प्रदेशमा रहने; पर्वते; पहाडे । ~ **वर्षा–** ना० धरातलीय वर्षा ।

**पर्वते–** वि० / ना० [पर्वत+ए] पहाडे, पर्वतिया । ~ **दाख–** ना० पहाडी प्रदेशमा हुने दाख; पर्वतद्राक्षा ।

**पर्वपात–** ना० [पर्व+पात] पर्वको दिन; चाडबाड; उत्सवको दिन ।

**पर्वमूल–** ना० [सं०] चतुर्दशी र औँसी वा पूर्णिमाको मध्यकाल ।

**पर्वसन्धि–** ना० [सं०] पूर्णिमा वा औँसी र प्रतिपदाका बीचको समय; पूर्णिमा र औँसीको अन्तकाल; चन्द्रग्रहण वा सूर्यग्रहण लाग्ने समय ।

**पर्वास्फोट–** ना० [सं०] औँला पड्काउने क्रिया ।

**पर्स-नु–** अ० क्रि० [सं० पृषत्] १. बलि दिने बेलाका पशुले जीउमा छर्किएको पानी टकटक्याउनु; पर्सिनु । २. विवाहका अवसरमा दुलाहाका तर्फबाट आएका मानिस वा ल्याइएका वस्तुहरूलाई दही, अक्षता आदिले पूजा गर्नु वा छर्कनु ।

**पर्सा–** ना० [पारस] नेपालको नारायणी अञ्चलमा पर्ने एक जिल्ला ।

**पर्साइ–** ना० [√ **पर्स** (+आइ)] पर्सने क्रिया वा प्रक्रिया । [ > ] **पर्साइनु–** क० क्रि० पर्सन लाइनु । **पर्साउनु–** प्रे० क्रि० पर्सन लाउनु । **पर्साहट–** ना० पर्साइ ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पर्साद**– ना० [सं० प्रसाद] हे० प्रसाद । > **पर्सादी**– ना० प्रसाद ।

**पर्सि**– क्रि० वि० [सं० परश्व] आउँदो तेस्रो दिन; भोलिको भोलि ।

**पर्सि-नु**– अ० क्रि० [पर्स+इ+नु] १. पर्सने होइनु । २. पर्सनु । > **पर्स्याहट**– ना० पर्सने भाव, क्रिया वा प्रक्रिया ।

**पल**– ना० [सं०] १. विपलभन्दा साठी गुना र सेकेन्डभन्दा चौबीस गुना धेर समय; पला । २. अति अल्प क्षण; छिन । ३. चार कर्षबराबरको तौल ।

**पलक**– ना० [सं० पला] १. एकचोटि आँखा झिम्म गर्दा बित्ने समय । २. आँखाको माथिल्लो पर्दा; ढकनी । ३. पल; छिन; क्षण ।

**पलङ**– ना० [सं० पल्यङ्क] १. सुत्ने विशेष प्रकारको खाट । २. बिछ्याउना; शय्या ।

**पलट**– ना० [सं० प्रलोड] १. पल्टने काम; उल्टने क्रिया; पल्टा । २. परिवर्तन । [सं० पलट] ३. पल; पल्ला; तुलो; तराजु ।

**पलटी**– ना० [सं० प्रलोष्टिका] चर्मकारले छाला पिट्ता तलतिर राख्ने ढुङ्गो ।

**पलट्ट**– क्रि० वि० [प्रा०] पल्टिने वा पल्टाउने किसिमले; फर्काउने वा उल्टाउने किसिमले; कोल्टो फर्कने किसिमले; पल्टा खाने किसिमले ।

**पलाँस**– ना० [सं० पलाश] १. सुगाका ठुँडका आकारका रातो, सेतो, पहेँलो र नीलो रङका फूल फुल्ने, कोइरालो र टाँकीका जस्ता पात हुने, लामा र खैरा रङका फल फल्ने एक जातको बोट; पलाश; किंशुक; त्यसैको फूल । २. बोटबिरुवाका पात । ३. काठको चुरोभन्दा बाहिर र बोक्राभन्दा भित्रपट्टिको भाग ।

**पलाँसी**– ना० [पल्ला+नेवा० सिँ = काठ] गुम्बजहरू बनाउँदा पल्ला राख्ने काठ आदि ।

**पला**– ना० [सं० पल] १. घडीको साठीऔँ भाग; चौबीस सेकेन्डको समय; पल । २. ज्यादै थोरै समय; छिन । ३. तराजुको जोखिने मालसामान वा ढक राखिने थालजस्तो धातु वा काठको भाँडो; पल्ला ।

**पलाइ**– ना० [√**पाल्** (+आइ)] १. पाल्ने भाव, क्रिया वा प्रक्रिया । [पलाउ+आइ] २. पलाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पलाइनु**– क० क्रि० १. पाल्न लाइनु । अ० क्रि० २. पलाउने होइनु । **पलाइलो**– वि० पलाउलाजस्तो; सप्रेको । **पलाउनु**– प्रे० क्रि० १. पाल्न लाउनु ।

**पलाउनु**– अ० क्रि० [√पल्हाउनु] १. बोटबिरुवा आदिमा पात, आँकुरा आदि निस्कनु; पालुवा वा पल्लव उत्पन्न हुनु; पल्लवित हुनु; पाउला हाल्नु; टुसाउनु; मुजुरा निस्कनु । २. घाउ, खटिरा आदिले खाल्टो परेका ठाउँमा मासु भरिएर आउनु । ३. काटेको वस्तु (नङ, केश, हाँगो आदि) फेरि विकसित भएर आउनु । ४. विपन्न अवस्थाबाट सम्पन्न अवस्थातिर लाग्नु । ५. मनमा दया उब्जनु । ६. उत्पन्न हुनु; उदय हुनु; उन्नति हुनु ।

**पलान्चोक**– ना० १. बाग्मती अञ्चलमा पर्ने काभ्रेपलान्चोक जिल्लाको एक भाग । २. उक्त जिल्लामा रहेको एक ठाउँ, जहाँ पलान्चोक भगवतीको मन्दिर छ ।

**पलान्चोके**– वि० [पलान्चोक+ए] पलान्चोकको । ना० २. नेपाली जुत्ताको एक प्रकार । ~ **जुत्ता**– ना० छालाकै धागाले सिइएको, पहेँलो रङको सावरजस्तो देखिने, फित्ता नलाइने र हिँड्दा चुइँकने, पलान्चोकका सार्कीहरूले उत्पादन गरेको जुत्ता ।

**पलान्न**– ना० [सं०] १. मासु मिसाइएको अन्न; पुलाउ ।

**पलापि-नु**– अ० क्रि० [सं० प्रलापन] १. आफ्नो साबिकको स्थितिमा नरहनु; बिग्रँदै जानु; तन छाड्नु । २. पात्तिनु; सल्लाहमा नआउनु । **पलाप्याइ**– ना० पलापिने भाव, क्रिया वा प्रक्रिया । > **पलाप्याइलो**– वि० १. पलापिने पार्लाजस्तो । २. पलापिने होइएलाजस्तो ।

**पलायक**– वि० [सं०] भाग्ने; भगुवा; पलायन गर्ने ।

**पलायन**– ना० [सं०] डराएर वा परिस्थितिसँग हारेर भाग्ने काम वा आफ्नो डेग छाड्ने काम; सुइँकुच्चा । – **वाद**– ना० १. गाह्रो-साँघुरो परेका बखतमा आफ्नो सिद्धान्तमा स्थिर नरही पलायन हुने सिद्धान्त । २. जीवनका बाधाहरूसित जुधी तिनलाई जित्ने साहस नदेखाई भागेर कुनै सुखद काल्पनिक स्थितिमा पुग्ने आकाङ्क्षा राख्ने एक साहित्यिक सिद्धान्त (युटोपिया) । – **वादी**– वि० पलायनवादको अनुसरण गर्ने; पलायनको सिद्धान्तको अनुयायी ।

**पलायमान**– वि० [सं०] भागिरहेको; कुलेलम भइरहेको; भाग्दो ।

**पलायित**– वि० [सं०] पलायन भएको; भागेको; सुइँकुच्चा ठोकेको ।

**पलायी**– वि० [सं०] १. डराएर भाग्ने; भगुवा । २. पलायनधर्मी; पलायन रुचाउने ।

**पलाल**– ना० [सं०] १. गेडा झारिसकेपछिको धानको बोट । २. बस्तुभाउको लागि घाँसका रूपमा प्रयोग गरिने सोही वस्तु; पराल ।

**पलाश**– ना० [सं०] हे० पलाँस; किंशुक । > **पलाशी**– ना० वनअङ्गुरको लहरो; पुरनी ।

**पलिसा**– ना०हे० पलेसो ।

**पल्किनी**– ना० [सं०] १. कपाल सेतै भई फुलेकी बूढी आइमाई । २. पहिलो बेत बियाउने गर्भिणी गाई ।

**पलित**– वि० [सं०] १. बूढो; वृद्ध । २. फुलेको वा सेतै भएको कपाल ।

**पलुवा**– वि० [पाल्+उवा] पालेको; पालिएको; पाल्तु ।

**पलुवो**– ना० तिहुनतरकारीको झोल बाक्लो पार्नका निम्ति हालिने पीठो, चौलानी, मसला आदि ।

**पलेँटी**– ना० [सं० पृथुलस्थ+ई] १. पद्मासनजस्तो एक प्रसिद्ध र प्रचलित आसन; ब्रह्मासन । २. दुवै खुट्टाका पन्जा एक अर्काका छेपारीका चेपमा घुसाएर बसिने शिष्ट आसन ।

**पलेँटो**– ना० [सं० पलट] ढोका, झ्याल, दिउल, जाँतो, घट्ट आदिको एउटा फलक; फग्लेँटो ।

**पलेटी**– ना० [पलट+ई] छाला खुर्केर वा पिटेर चिल्लो बनाउँदा

छाला अडचाउने काममा प्रयोग गरिने च्याप्टो परेको ढुङ्गो ।

**पलेसो**– ना० [पालो+एसो, सं० पर्यास] बदला; सट्टा; हर्जाना; पलिसा ।

**पलो**– ना० [सं० पलित = पाकेको] भात आदि पकाउँदाको माड ।

**पलौटाइ**– ना० [√ **पलौटो** (+आइ)] पलौटो हुने स्थिति; पालुवापन । [ > ] **पलौटिनु**– अ० क्रि० पालिनु; पलौटो बस्नु; पलौटो पारिनु । **पलौटे**– वि० पलौटोसम्बन्धी; पलौटिएको; पलौटो ।

**पलौटो**– वि० [पाल्+औटो] १. पालिएको; पाल्तु; पालुवा । ना० २. पालिएको बस्तुभाउ ।

**पलौनी**– ना० [पाल्+औनी] गाईबस्तु पालिदिएबापत पाल्नेलाई दिइने दर्माहा ।

**पल्क-नु**– अ० क्रि० [प्रा० पलक्क+नु] १. स्वाद; रङ, सङ्गत, वस्तु आदिको गुणद्वारा त्यता आकर्षित हुनु; लोभिनु । २. एकचोटि चाल पाइसकेको गुणको पछि फेरि-फेरि लाग्न इच्छुक हुनु । ३. चित्ताकर्षित हुनु; आसक्त हुनु । > **पल्काइ**– ना० पल्कने भाव, क्रिया वा प्रक्रिया । **पल्काइनु**– क० क्रि० पल्कने पारिनु । **पल्काउनु**– प्रे० क्रि० पल्कने पार्नु; लोभ्याउनु । **पल्किनु**– अ० क्रि० १. पल्कनु । २. पल्कने होइनु । **पल्क्याइ**– ना० पल्किने भाव, क्रिया वा प्रक्रिया । **पल्क्याइलो**– वि० पल्काउने खालको । **पल्क्याहट**– ना० पल्काइ; पल्क्याइ ।

**पल्ट**– ना० यो० [पटक] अरू शब्दका पछि लागेर मौका, अवसर, पटक आदि अर्थ बुझाउने शब्द (भोलिपल्ट, पर्सिपल्ट आदि; पटक; चोटि; खेप; फेर; फेरा ।

**पल्ट-नु**– अ० क्रि० [पलट+नु] १. आराम लिनका निम्ति ढल्कनु; लेट्नु; सुत्नु । २. ढल्नु; लड्नु । ३. पल्टा खानु; उल्टनु । ४. उल्टो पार्नु; फर्कनु । ५. कोल्टो पर्नु । ६. गुड्नु ।

**पल्टन**– ना० [अङ्० प्लाटुन] १. सेनाका कम्पनीभन्दा सानो विभाग । २. सेना; फौज ।

**पल्टनबाजी**– ना० [पल्ट+बाजी] १. टाउकाले टेकेर पल्टने एक खेल वा व्यायाम । २. उल्टिने काम; पल्टिने काम । ३. गुड्ने काम; बल्ढचाङ; चिप्लेटी ।

**पल्टनियाँ**– वि० [पल्टन+इयाँ] १. पल्टनसम्बन्धी; फौजी । ना० २. फौजी जवान; सिपाही; सैनिक ।

**पल्टा**– ना० [प्रा० पलट्ट] १. पलट; पल्टचाङ । २. सङ्गीतमा तानको एक टुक्रो; तानका स्वरहरूलाई क्रमशः एक, दुई, तीन आदिमा पुऱ्याउँदै फेरि फर्केर अगिको वा पछिको एक वा अनेक स्वरलाई क्रमशः छोड्दै र तिनमा अन्य स्वरहरूलाई जोड्दै गाउने-बजाउने विधि; सङ्गीतका पाँच हजार चालीस पल्टामध्ये कुनै एक ।

**पल्टाइ**– ना० [√ **पल्ट** (+आइ)] पल्टने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पल्टाइनु**– क० क्रि० पल्टने पारिनु । **पल्टाइलो**– वि० १. पल्टने खालको । २. पल्टला-पल्टलाजस्तो; अस्थिर; ढलपल । **पल्टाउनु**– स० क्रि० १. फर्काउनु; उल्टाउनु । २. सुताउनु; लेटाउनु । ३. ढाल्नु; लडाउनु । ४. कोल्टो फर्काउनु; पल्टा खुवाउनु । ५. गुडाउनु । **पल्टिनु**– अ० क्रि० १. पल्टनु । २. पल्टने होइनु । **पल्टचाइ**– ना० पल्टिने भाव, क्रिया वा प्रक्रिया ।

**पल्टचाङ**– ना० [पल्टा+याङ] १. पल्टाइ; पल्टाहट । २. पल्टा; पलट; बल्डचाङ । – **पुल्टुङ**– ना० १. लगातारको पल्टचाङ । क्रि० वि० २. लगातार पल्टचाङका साथमा ।

**पल्टचाहट**– ना० [पल्टि+याहट] पल्टिने भाव, स्थिति, क्रिया वा प्रक्रिया; पल्टचाइ ।

**पल्तिर**– ना० यो० [परतिर] १. परतिर । क्रि० वि० २. उतातिर; त्यता । ३. टाढा; अलग्ग ।

**पल्थी**– ना० [भो० ब० ?] हिमाली भेकमा उत्पन्न हुने एक खालको अन्न ।

**पल्प**– ना० [अङ्०] कागत बनाउन काठ, पराल आदि गलाएर तयार पारिएको लेदो वस्तु; कागज बनाउने फाँडो ।

**पल्यङ्क**– ना० [सं० पर्यङ्क] १. पलङ; खाट । २. बिछ्याउना; शय्या; पर्य ।

**पल्याकपुलुक**– क्रि० वि० [अं० मू० (द्वि०) पुलुक्+अ] १. डर, उत्सुकता; आकाङ्क्षा आदिले यताउति हेर्दै । २. यताउति रहेका सबै वस्तुलाई पालैसित हेरेर । ना० ३. उत्सुकतापूर्ण दृष्टि; सतर्क हेराइ । ४. चञ्चल हेराइ; अस्थिर दृष्टि ।

**पल्लव**– ना० [सं०] १. नयाँ निस्केको पात; कमलो वा कलिलो पात; पालुवा; पाउला । २. हातमा लगाउने बाला; कङ्कण । ३. कामुक वा लम्पट व्यक्ति । ४. इरानतिरबाट भारत पसेको पार्थ जाति । – **ग्राहिता**– ना० कुनै विषयको अत्यन्त साधारण ज्ञान । – **ग्राही**– वि० कुनै विषयमा पूर्ण ज्ञान नभएको; केवल बाहिरी वा मोटामोटी ज्ञान भएको; अधूरो ज्ञान भएको । – **ग्राही पाण्डित्य**– ना० १. कुनै विषयमा भएको अपूरो ज्ञान; कुनै विषयको बाहिरी वा मोटामोटी जानकारी । २. टपर्टुय्याँ ज्ञान वा स्थिति । > **पल्लवाङ्कुर**– ना० नयाँ निस्केको पाउलाको टुसो । २. कलिला पात भएको हाँगो; चिउलो; मुनो; । **पल्लवित**– वि० १. नौलो पल्लव लागेको; पालुवा पलाएको; पाउला फेरेको; पाउलिएको । २. लहलहाउँदो; हलहलाउँदो । ३. विस्तृत; विशाल । ४. रोमाञ्च भएको; रोमाञ्चित भएको । **पल्लवी**– वि० १. नयाँ पालुवा फेरेको; पाउलिएको वा पाउला हालेको । ना० २. रूख; वृक्ष । ३. पार्थ जातिकी नारी । ४. पहलवी भाषा ।

**पल्ला१**– ना० [सं० पल्लव] १. सिरक, डसना बनाउँदा कपास मोहोर्ने कपडा । २. धोक्रो सिउने टाटजस्तो कपडाको टुक्रो । ३. ओढ्ने लुगा आदिको तह; साल (भित्री पल्ला, बाहिरी पल्ला आदि) ।

**पल्ला२**– ना० [पला] १. तराजुका डन्डीका दुई टुप्पामा झुन्डिएको ढालको आकारको पात्र । २. ढोकाको खापा; द्वार; फग्लेँटो ।

**पल्ला३**– वि० [पल्लोको ति० रू०] हे० पल्लो । – **घरे**– वि० आफ्नो घरदेखि परतिर घर हुने । ~ **छेउ**– ना० १. पराकाष्ठा; पल्लो हद । क्रि० वि० २. परतिर; पल्लो छेउमा ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पल्लि/पल्लिका**– ना० [सं०] हे० पल्ली । > **पल्लिवाह**– ना० अर्थुंगे (खरको एक काँडादार प्रकार) ।

**पल्ली१**– ना० [सं०] १. सानो ठाउँ । २. छाप्रो; झुपडी । ३. माउसुली; भित्ती; टिकटिके । ४. एक जातको लहरो ।

**पल्ली२**– वि० [पल्लो+ई] १. पल्लो (लघु रूप) । २. परतिरकी; परतिर रहने (आइमाई) । ~ **बेसी**– ना० १. पल्लापट्टिको बेसी; ठूलीबेसी । २. चुरे पर्वतभन्दा दक्षिणको बेसी; तराई ।

**पल्लो**– वि० [पर+लो] १. परको; टाढाको; परतिरको । २. अर्को; अरू । ३. उताको । ~ **किराँत**– ना० नेपालको पूर्वी भागमा रहेका धनकुटा, स्याङलुङ, चैनपुर, ताप्लेजुङ आदिसहितको इलाका । ~ **टुङ्गो**– ना० पल्लो फाल । ~ **फाल**– ना० अन्तिम टुङ्गो; पराकाष्ठा ।

**पल्हाइ**– ना० [√ **पल्हाउ** (+आइ)] पल्हाउने क्रिया वा प्रक्रिया । [ > ] **पल्हाइनु**– अ० क्रि० पल्हाउने होइनु । **पल्हाइलो**– वि० पलाइलो ।

**पल्हाउ-नु**– अ० क्रि० [सं० पल्लव+आउ+नु] हे० पलाउनु ।

**पवटा**– ना० [फगटा] १. भित्र चामल नभएको धानको गेडो; फोस्रो धान; पोगटा । २. हावा लगाउँदा उडेर छेउ लागेका धानका फोस्रा गेडा ।

**पवन**– ना० [सं०] १. हावा; बतास; वायु; समीर । २. प्राणवायु । ३. सास; श्वास; पौन । ४. शुद्धि; सफाइ । वि० ५. शुद्ध; पावन । ~ **चक्र**– ना० हावाको भुँवरी; हुन्डरी; चक्रवात । ~ **पुत्र**– ना० १. हनुमान् । २. भीमसेन । ~ **व्याधि**– ना० वातरोग; बाथ । २. लकपके; लकुवा । > **पवनाशन**– वि० १. हावा खाएर बाँच्ने । ना० २. सर्प ।

**पवमान**– ना० [सं०] १. बतास; हावा; पवन; वायु । २. गार्हपत्य अग्नि ।

**पवर्ग**– ना० [सं०] 'प' अक्षरबाट सुरु भएर 'म' अक्षरमा टुङ्गिने पाँचोटा व्यञ्जनवर्ण; प, फ, ब, भ, म- को समूह ।

**पवल**– वि० [प्रा० पअल < सं० प्रबल] पउल; प्राचुर्य; प्रशस्तता; पौलो ।

**पवारी**– ना० एक जातको झार ।

**पवि**– ना० [सं०] १. बज्र; कुलिश । २. बिजुली (आकाशमा चम्कने) ।

**पवित**– वि० [सं०] १. शुद्ध गरिएको; शोधित । ना० २. मरीच । ३. खुर्सानी ।

**पविता**– ना०हे० पपिता ।

**पवित्र**– वि० [सं०] १. फोहरमैला नभएको; निर्मल; स्वच्छ; चोखो । २. शुद्ध; पुनीत । ना० ३. श्राद्ध आदिमा प्रयोग गरिने कुशका दुई वा तीन त्यान्द्राको ग्रन्थि । – **ता**– ना० पवित्र हुनाको भाव वा अवस्था; शुद्धता; स्वच्छता । ~ **धान्य**– ना० जौ । > **पवित्रा**– ना० १. तुलसी । २. पीपल । ३. हलेदो । ४. श्रावण शुक्ल एकादशी । **पवित्रात्मा**– वि० आत्मा पवित्र भएको; अन्तःकरण शुद्ध भएको; शुद्धात्मा । **पवित्रित**– वि० पवित्र पारिएको; शुद्ध पारिएको; चोख्याइएको ।

**पवै**– ना० [सं० उपोदकी] पानका जस्ता नरम र कोमल पात हुने, कलेजी रङका फूल फुल्ने, ऋषिपञ्चमीमा बर्त बस्नेहरूले तरकारीका रूपमा खाने एक लहरो ।

**पशम**– ना० [फा० पश्म] हे० पसम । > **पशमिना**– ना० पस्मिना ।

**पशु**– ना० [सं०] १. चार खुट्टा हुने, पुच्छरधारी जन्तु; चौपाया; जनावर । २. बलि दिइने जनावर । वि० ३. मूर्ख; विवेकहीन (व्यक्ति) । ~ **करणी**– ना० चौपाया जन्तुलाई गरिने मैथुन; पशुसम्भोग । ~ **कर्म**– ना० १. यज्ञमा गरिने पशुको बलिदान । २. आहार, निद्रा, भय र मैथुनझैँ पशुद्वारा पनि हुन सक्ने काम । ~ **गायत्री**– ना० बलि दिने बेलामा पशुका कानमा भनिने मन्त्र । ~ **घात**– ना० १. पशुको वध गर्ने काम; पशुको हत्या । ~ **घाती**– वि०/ना० १. पशुको हत्यारा । २. मांसाहारी । ~ **चर्या**– ना० पशुको जस्तो निर्लज्ज व्यवहार; पशुकर्म । ~ **चारक**– ना० पशुपालक; गोठालो; ग्वालो । ~ **चारण**– ना० गोठालोगिरी; पशुपालक । ~ **चिकित्सक**– ना० पशुहरूको औषधी गर्ने विशेषज्ञ; पशुको उपचार गर्ने डाक्टर । ~ **चिकित्सा**– ना० १. पशुहरूको उपचार गर्ने शास्त्र; भेटेरिनरी । २. पशुका रोगको उपचार गर्ने कार्य । ~ **चिकित्सालय**– ना० पशुहरूका रोगको उपचार गर्ने ठाउँ; पशु-अस्पताल; भेटेरिनरी अस्पताल; पशु-अस्पताल । – **ता/त्व**– ना० १. पशुको वा पशुको जस्तो गुण । २. मूर्खता; मुर्ख्याइँ । ~ **धन**– ना० चौपाया-सम्पत्ति; चौपायाधन (गाई, भैँसी, खसी इ०) । ~ **पक्षी**– ना० चराचुरुङ्गी र बस्तुभाउ । ~ **पक्षी कानन**– ना० १. वन्यजन्तु आरक्षण । २. चिडियाखाना । – **पशुपति**– हे० पशुपतिनाथ । – **पतिनाथ**– ना० १. काठमाडौँस्थित, विश्वका प्रसिद्ध शैव पीठमध्ये एक मानिने तीर्थस्थल वा एक शिवमन्दिर । २. पशुहरूको मालिक । ३. शिव; महादेव । ~ **पालक**– ना० पशुहरू पालेर जीवननिर्वाह वा पेटपालो गर्ने व्यक्ति; पशु पाल्ने पेसा भएको मानिस; पशुचारक । ~ **पालन**– ना० १. पशुहरू पाल्ने पेसा । २. पशुपालनसम्बन्धी उद्योग; पशुचारण । – **पाश**– ना० १. पशुरूपी जीवहरूको बन्धन; दाम्लो । २. बलि दिइने पशुलाई बाँध्ने डोरी । ~ **बन सर्पन**– ना० पोइल गएकी स्वास्नी फर्काई ल्याएर फेरि स्वास्नी तुल्याई राख्ने लोग्नेलाई लाग्ने दण्ड (सं० पशुवत्सरण्ड) । ~ **भाव**– ना० पशुता; पशुत्व; पाशविकता; मूर्खपना । ~ **यज्ञ**– ना० पशुबलि । – **राज**– ना० पशुको राजा; सिंह । ~ **वाक्य**– ना० १. मनको कुरो; व्यक्त नगरिएको कुरो । २. दन्त्यकथाका अनुसार पशुपक्षीहरूको वाणी वा बोली । ~ **वैद्य**– ना० पशुचिकित्सक । ~ **सम्भोग**– ना० मान्छेबाट पशुसँग गरिने मैथुन ।

**पश्चात्**– क्रि० वि० [सं०] १. पछिबाट; भविष्यमा । २. आखिरमा; अन्तमा; अन्ततोगत्वा । ३. पश्चिमबाट; पश्चिमतिरबाट । ~ **काल**– ना० भरेपरन्तु; भविष्य । ~ **कालीन**– वि० भरेपरन्तुको;

भविष्यको; भावी ।

**पश्चात्ताप–** ना० [सं०] आफूले गरिसकेका कार्यबाट उत्पन्न कुनै मानसिक खेद; पछुतो; पछितो; थकथकी । > **पश्चात्तापी–** वि० पछुतो गर्ने; पश्चात्ताप गर्ने; थकथकाउने ।

**पश्चार्द्ध/पश्चार्ध–** ना० [सं०] १. पछिल्लो आधा भाग; उत्तरार्ध । २. पश्चिमी भाग; पाश्चात्य भाग ।

**पश्चिम–** वि० [सं०] १. सबैभन्दा पछिको; पछिल्लो । २. अन्तिम; आखिरी । ना० ३. सूर्य, तारा आदि अस्ताउने दिशा; पूर्वको विपरीत दिशा; पच्छिम; पच्छिउँ । ~ **एक नम्बर–** ना० पुरानो व्यवस्थाअनुसार राजधानीदेखि पश्चिमपट्टि रहेको नुवाकोट, धादिङ आदि इलाका भएको प्रदेश । ~ **एसिया–** ना० एसियाका पश्चिमपट्टि रहेका इराक, इरान, साउदी अरब, यमन, टर्की आदि मुलुकहरूको भूभाग । ~ **क्रिया–** ना० मरेपछि गरिने दाहसंस्कारादि क्रिया; अन्त्येष्टिक्रिया । ~ **चार नम्बर–** ना० पुरानो व्यवस्थाअनुसार राजधानीदेखि पश्चिमतिर प्रशासनिक दृष्टिले चारौँ खण्डमा परेको, सदरमुकाम पुतलीखेत वा स्याङ्जा भएको प्रदेश । ~ **तिन नम्बर–** ना० पुरानो व्यवस्थाअनुसार राजधानीदेखि पश्चिमतिर रहेको प्रशासनिक दृष्टिले तेस्रो खण्डमा परेको पोखरा सदर मुकाम भएको प्रदेश । ~ **दुई नम्बर–** ना० पुरानो व्यवस्थाअनुसार राजधानीदेखि पश्चिम प्रशासनिक दृष्टिले दोस्रो खण्डमा पर्ने गोर्खा सदर मुकाम भएको प्रदेश । > **पश्चिमा–** वि० १. पश्चिमी क्षेत्रमा बस्ने; पश्चिमतिरको; पश्चिमी; पश्चिमेली; पाश्चात्य । ना० २. नेपाली ब्राह्मणको एक वर्ग । ३. पखबाजजस्तै एकातिर पीठो अर्कोतिर खरी लगाइएको आवश्यकताअनुसार थपघट गर्न हुने (चाडबाड, नाचगान आदिमा बजाइने) बाजा । **पश्चिमाचल–** ना० पुराणअनुसार सूर्य अस्ताउने पर्वत; अस्ताचल । **पश्चिमाञ्चल–** ना० १. विकासक्षेत्रको नयाँ विभाजनअनुसार नेपालको मध्यमाञ्चलदेखि नजिक र पश्चिमतिर रहेको गण्डकी, लुम्बिनी र धवलागिरि अञ्चल समावेश भएको एक विकासक्षेत्र । २. पश्चिमी इलाका । **पश्चिमाञ्चल विकासक्षेत्र–** ना० प्रशासनिक दृष्टिकोणले छुट्ट्याइएको मध्यमाञ्चल विकासक्षेत्रदेखि पश्चिमतिर आउने विकासक्षेत्र; पश्चिमाञ्चल । **पश्चिमाधिकरण–** ना० चार दिशामा विभाजित गरिएका लिच्छविकालीन प्रशासन सञ्चालन गर्ने अड्डाहरूमध्ये पश्चिमपट्टिको प्रशासन सञ्चालन गर्ने अड्डा । **पश्चिमाभिमुख–** वि० १. पश्चिमतिर फर्केको । २. पछाडितिर मुख गरेको ।

**पश्चिमी–** वि० [पश्चिम+ई] पश्चिमतिर रहने; पश्चिमतिरको; पच्छिमा; पश्चिमेली । ~ **गोलार्द्ध–** ना० प्रधान मध्याह्न रेखादेखि पश्चिमतर्फको भूभाग । ~ **वायु–** ना० पश्चिम दिशाबाट बहने वायु ।

**पश्चिमे–** वि० [पश्चिम+ए] पश्चिमा । ~ **मादल–** ना० आकारमा सानो र छरितो पश्चिम नेपालमा पाइने मादल ।

**पश्चिमेली–** वि० [पश्चिम+एली] १. पश्चिमको; पाश्चात्य । ना० २. नेपाली भाषाका उप-भेदमा महाकालीदेखि सेती अञ्चलसम्मका विभिन्न स्थानीय भाषिकामध्ये कुनै एक ।

**पश्चिमोत्तर–** वि० [सं०] पश्चिम र उत्तर दिशाका बीचमा रहेको; वायव्य कोणको; पश्चिमोत्तरको । > **पश्चिमोत्तरा–** ना० उत्तर र पश्चिम दिशाको एक विदिशा वा उपदिशा; वायव्य कोण ।

**पश्म–** ना० [फा०] हे० पस्म; पशम । > **पश्मीना–** ना० हे० पस्मिना ।

**पश्यतोहर–** वि० [सं०] १. देखादेखी कुनै वस्तु चोर्ने; जबर्जस्ती खोसेर लिने । ना० २. समसाँझैको चोर वा लुटाहा । ३. सुनार ।

**पश्यन्ती–** ना० [सं०] १. स्फोटवादअनुसार मूलाधारबाट उठेर नाभिप्रदेशमा आई अव्यक्त नादका अवस्थामा परिणत भएको परानाडी । २. वेश्या ।

**पस्-नु–** स० क्रि० [सं० प्रवेशन] १. बाहिरबाट भित्र जानु; छिर्नु; घुस्नु; प्रवेश गर्नु । २. सामेल हुनु; सम्मिलित हुनु । ३. फस्नु; अल्झनु ।

**पसङ्ची–** वि० [पासा (ङ)+ची] पासा खेल्ने आदत बसेको; पासा खेलिरहनुपर्ने ।

**पसनी–** ना० [सं० परशु+नी] काँजो र काठ आदिको बिँड हालिने, दाबिलाका आकारको, झार गोड्ने वा दूबो आदि खुर्कने फलामे साधन; खुर्पी ।

**पसम–** ना० [फा० पश्म] १. नरम तथा असल जातको ऊन; पशम; पश्म । २. उपस्थका रौँ । ३. साह्रै तुच्छ वस्तु ।

**पसर–** ना० [सं० प्रसृति] १. औँलाहरू र हत्केलालाई कुप्र्याएर दुनो झैँ बनाउँदाको खोबिल्टो । २. त्यसमा अटाउने परिमाणबराबरको कुनै वस्तु ।

**पसल–** ना० [सं० पव्यशाला] स्थायी रूपले मालमत्ताहरू बिक्री हुने ठाउँ; दोकान । – **वाला–** ना० पसल राख्ने व्यक्ति; पसले; दुकानदार; दोगानदार; दोकानदार । > **पसले–** ना० १. पसल थाप्ने व्यक्ति; दुकानदार । वि० २. पसलको ।

**पसाँगि-नु–** अ० क्रि० हे० पसाङ्गिनु; पसाङिनु । > **पसाँग्याइ–** ना० पसाँगिने भाव, क्रिया वा प्रक्रिया । **पसाँग्याहा–** वि० पस्याङ्याहा ।

**पसा–** ना० [सं० प्रसाद] दया; कृपा । (उदा० – गोल्हुजैसी कनक-पत्रकि भाष् पसाकरि अक्र्याँ छुँ । – **पृथ्वी मल्ल**) ।

**पसाइ–** ना० [√**पस्** (+आइ)] १. पस्ने क्रिया वा प्रक्रिया । [पसाउ+आइ] २. मकै आदिमा घोगो वा धान आदिमा बालो पसाउने क्रिया-प्रक्रिया । [सं० पष्+आइ] ३. भात आदिको माड पसाउने क्रिया-प्रक्रिया । [ > ] **पसाइनु–** क० क्रि० १. पस्न लगाइनु; पस्ने पारिनु । २. माड आदि पसाउने पारिनु । अ० क्रि० ३. घोगो, बालो आदि पसाउने होइनु । **पसाउनु–** प्रे० क्रि० १. भित्र पठाउनु; पस्ने वा छिर्ने पार्नु । २. सम्मिलित गराउनु; सामेल गराउनु ।

**पसाउनु१–** अ० क्रि० [सं० प्रसवण] १. अन्नका बोटमा बाला, घोगा आदि निस्कनु । २. केराका बोटबाट केराको घरी निस्कनु । ३. अन्नमा बाला लाग्नु ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पसाउनु२**– स० क्रि० १. कुनै वस्तु दुलामा छिराउनु । २. भातबाट माड काड्नु ।

**पसाङि-नु**– अ० क्रि० हे० पसाङ्गिनु ।

**पसाङ्गि-नु**– अ० क्रि० [सं० प्रसृताङ्ग+नु] १. काँचा काठका फलेक सुकेर बाङ्गिनु वा खुम्चनु; त्रिपट हुनु । २. काठहरू सुकेर बाङ्गोटिङ्गो हुनु वा साँगुरिनु । > **पसाङ्ग्याइ**– ना० पसाङ्गिने क्रिया वा प्रक्रिया । **पसाङ्ग्याहट**– ना० पसाङ्गिने भाव, क्रिया वा प्रक्रिया; पसाङ्ग्याइ । **पसाङ्ग्याहा**– वि० पसाङ्गिने खालको ।

**पसाङ्ग्रिनु**– अ० क्रि० [पसाङ्गिनु] १. काठहरू घाम, हावा आदिले सुकेर खुम्चिनु, साँघुरिनु, बाङ्गिनु, टेढिनु, त्रिपट हुनु । २. घाउ-खटिराबाट पानी, पीप आदि निस्कन बन्द हुनु; मसाङ्ग्रिनु । ३. सेप्रो हुनु; चाउरिनु । ४. पसाङ्गिनु । > **पसाङ्ग्र्याइ**– ना० पसाङ्ग्रिने क्रिया वा प्रक्रिया । **पसाङ्ग्र्याइनु**– क० क्रि० पसाङ्ग्रिने पारिनु । **पसाङ्ग्र्याउनु**– प्रे० क्रि० पसाङ्ग्रिन लाउनु । **पसाङ्ग्र्याहट**– ना० पसाङ्ग्रिने क्रिया वा प्रक्रिया ।

**पसानी / पसाने**– ना० [सं० प्रस्वेदिनी] १. जमिनबाट पानी रसाउने क्रिया; पानी उम्रने क्रिया । २. गर्मी वा अरू कुनै कारणले रसाएर बाहिर पसिनाझैँ निस्केको द्रव पदार्थ ।

**पसार्-नु**– स० क्रि० [सं० प्रसार+नु] १. लामो पारेर फैलाउनु वा फिँजाउनु; लमतन्न पार्नु; तन्काउनु । २. तेर्छो पार्नु; तेर्स्याउनु । ३. सुताउनु; लडाउनु । ४. ढाल्नु । > **पसाराइ**– ना० पसार्ने क्रिया वा प्रक्रिया । **पसारिनु**– अ० क्रि० १. सुत्नु; लेट्नु; लमतन्न भएर तेर्सिनु । क० क्रि० २. पसार्ने काम गरिनु । **पसारो**– ना० १. जतातत्तै छरिने वा अलपत्र भएर फिँजिने-फैलने काम; छिरलो; छरस्ट; छरपस्ट । वि० २. बिटुङ्गोसित रहेको; पाँजिएको (मालताल, मानिस आदि) । **पसार्‍याइ**– ना० पसारिने भाव, क्रिया वा प्रक्रिया । **पसार्‍याहट**– ना० पसार्‍याइ ।

**पसाल्-नु**– स० क्रि० [पस्+आल्+नु] १. पसाउनु; घुसाउनु; हुल्नु; घुसार्नु । २. कोच्नु; खाँद्नु । ३. हाल्नु । > **पसालाइ**– ना० पसाल्ने क्रिया वा प्रक्रिया । **पसालिनु**– क० क्रि० पसाल्ने काम गरिनु ।

**पसि-नु**– क० क्रि० [पस्+इ+नु] पस्ने काम गरिनु ।

**पसिना**– ना० [सं० प्रस्वेदन] १. परिश्रम वा गर्मीले शरीरका रोमकूपबाट निस्कने पानी; प्रस्वेद । २. बाफबाट निस्केको पानी; पसानी । –**को कमाइ**– ना० परिश्रम वा मेहनतको आर्जन ।

**पसीना**– ना० हे० पसिना ।

**पसेरी**– ना० [पाँच+सेर+ई] १. मनको आठौँ भाग । २. पाँच सेरको तौल; पाँच सेरको ढक ।

**पसेरु**– ना० पश्चिमी नेपालको जाजरकोट जिल्लातिर प्रचलित एक लोकनृत्य ।

**पसोत्पादक**– वि० [अङ्० पस+सं० उत्पादक] पीप उब्जाउने खालको; पीप उब्जाउने गुण भएको ।

**पस्क-नु**– स० क्रि० [सं० परिवेषण] पाकेको खानेकुरो खानका निमित्त पन्यू, चम्चा आदिले थाल, टपरी आदिमा हाल्नु; खानेकुरो खान बसेकालाई दिनु । > **पस्काइ**– ना० पस्कने क्रिया वा प्रक्रिया । **पस्काइनु**– क० क्रि० पस्कन लगाइनु । **पस्किनु**– स० क्रि० १. पस्कनु । क० क्रि० २. पस्कने काम गरिनु ।

**पस्टन**– ना० [सं० शपथ > * पशथ+न] कुनै काम-कुरो आफूले गर्ने वा गरेको हो- होइन भनी गरिने प्रतिज्ञा; शपथ; किरिया ।

**पस्म**– ना० [पश्म] १. दोसल्ला, गलबन्दी आदि बनाउने असल जातको नरम ऊन, च्याङ्ग्राको भुवा । २. उपस्थका रौँ; पशम । ३. ज्यादै तुच्छ वस्तु । > **पस्मिना**– ना० १. मुलायम भुवा वा ऊन; पश्म । २. त्यसबाट बनेको कपडा ।

**पस्यौटो**– ना० [पस्+यौटो] १. टाँक वा घुँडी छिराएर अड्काउन बनाइएको प्वाल । २. दाम्लाको गाँठो छिराएर अड्काउन बनाइएको प्वाल; गलामगाँठो छिराउने प्वाल ।

**पस्र-नु**– अ० क्रि० [सं० प्रसरण] १. लम्पसार पर्नु; पसारिनु; सुत्नु । २. शरण पर्नु; पाउ पर्नु । > **पस्राइ**– ना० पस्रने क्रिया वा प्रक्रिया । **पस्राइनु**– क० क्रि० पस्रन लाइनु । **पस्राउनु**– प्रे० क्रि० पस्रन लाउनु । **पस्रिनु**– अ० क्रि० पस्रनु । **पस्र्याइ**– ना० पस्रिने क्रिया वा प्रक्रिया । **पस्र्याहट**– ना० पस्रिने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**पस्सिउँ / पस्सिम**– ना० [सं० पश्चिम] पश्चिम; पच्छिम । > **पस्सिमा**– वि० पस्सिउँको; पस्सिमा डुब्ने वा अस्ताउने (घाम, जून आदि) ।

**पहर**– ना० [सं० प्रहर] १. अहोरात्रको आठौँ भाग; दिन वा रातको चारौँ भाग; झन्डै तीन घण्टाको समय । २. पहार । –**दार**– ना० हे० पहरेदार ।

**पहरा**– ना० [सं० प्रहर] १. कुनै वस्तु वा व्यक्तिको रेखदेख, रक्षा आदिका निम्ति अथवा त्यसलाई निर्दिष्ट स्थानबाट अन्यत्र जान नदिन चौकसी गर्ने काम; पालो । २. रखबारी; निगरानी; रेखदेख; थुना । –**दार**– ना० पहरा गर्ने व्यक्ति; पहरेदार ।

**पहरी१**– ना० १. डाला, नाङ्ला आदि बुन्ने पेसा भएको एक जाति । २. त्यस जातिको भाषा ।

**पहरी२**– ना० १. प्रहरप्रहरमा वा एक प्रहरसम्म रेखदेख वा रक्षाका निम्ति पालो बस्ने व्यक्ति; प्रहरी । २. पुलिस ।

**पहरेदार**– ना० [पहरा+दार] पहरा दिने व्यक्ति; निगरानी गर्ने पाले ।

**पहरो**– ना० [सं० प्रस्तर] ठाडो र अग्लो पत्थरैपत्थरले बनेको भीर । > **पहर्‍यान**– ना० पहरो भएको भूमि ।

**पहल**– ना० [पहर] १. कुनै काम गर्ने ठीक अवसर; मौका । २. कार्यारम्भ; यात्रारम्भ । ३. आरम्भ ।

**पहलमान**– ना० [फा० पहलवान] १. कुस्ती खेल्ने कसरती व्यक्ति; लाप्पा खेल्न सिपालु र बलियो व्यक्ति; मल्ल । २. हृष्टपुष्ट र बलबान् व्यक्ति । वि० ३. शक्तिशाली । > **पहलमानी**– ना० कुस्ती खेल्ने काम वा पेसा; मल्लवृत्ति ।

**पहलवान**– ना० [फा०] हे० पहलमान । **पहलवानी**– ना० पहलमानी ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पहलिया–** वि० [पहल+इया] १. मौकाअनुसार काम गर्न जान्ने; पहल जान्ने । २. मनको दाउ पर्ने गरी पासा हान्न जान्ने ।

**पहाड–** ना० [सं० पाषाट = पाषाण] १. समतल जमिनको सतहदेखि धेरै माथिसम्म उठेको, प्रायः ढुङ्गा धेरै भएको पृथ्वीको उचो भाग । २. कुनै वस्तुको ठूलो थुप्रो; पर्वत; डाँडो ।

**पहाडा–** ना० [सं० प्रस्तार] कुनै अङ्कका गुणनफलको क्रमिक सूची; क्रमिक रूपले चलेको दुनोट; दुनाइ ।

**पहाडिया/पहाडी/पहाडे–** वि० [पहाड+इया/ई/ए] १. पहाडको; पहाडमा बस्ने; पहाडमा पाइने वा देखिने । २. जङ्गली; पाखे; असभ्य ।

**पहार–** ना० [सं० प्रकाशट] घामको ताप; सूर्यबाट आउने राप वा तातोपना । > **पहारिलो–** वि० १. घाम लाग्ने; पहार लाग्ने । २. न्यानो; रापिलो (घाम) ।

**पहिचान्‌-नु–** स० क्रि० [पहिचान+नु] १. पहिचान गर्नु; चिन्नु । २. पारख गर्नु; ताड्नु । > **पहिचान–** ना० १. चिनाजानी; परिचय; प्रत्यभिज्ञान । २. कुनै वस्तुको गुण, मूल्य आदि जान्ने काम; पारख । ३. जाँचबुझ । **पहिचानिनु–** क० क्रि० पहिचान्ने काम गरिनु ।

**पहिया–** ना० [सं० पथिका] गाडी आदिलाई बाटामा हिँडाउन मद्दत गर्ने पाङ्ग्रो; चक्का ।

**पहिर्‌-नु–** स० क्रि० [सं० परिधान > *पधिरान > * पहिराण] लुगा, गहना आदि शरीरमा लगाउनु; पैह्रनु । > **पहिरन–** ना० शरीरमा लुगा, गहना आदि लगाउने काम; पहिरने काम; परिधान । **पहिराइ–** ना० पहिरने क्रिया वा प्रक्रिया । **पहिराइनु–** क० क्रि० पहिरन लाइनु । **पहिराउनु–** प्रे० क्रि० पहिरन लाउनु । **पहिरिनु–** स० क्रि० १. पहिरनु । क० क्रि० २. पहिरने काम गरिनु ।

**पहिरो–** ना० [पहरो] १. पहाड भत्केर बनेको भीर; पहरो । २. पहाड भत्केर खसेको ढुङ्गा, माटो आदिको समूह । ३. पहाडको भत्काइ; भुइँको धस्काइ; भूस्खलन ।

**पहिला–** वि० [पहिलोको ति० रू०] १. पहिलो; प्रथम । क्रि० वि० २. पहिले; उहिले । ~ **बेते–** वि० पहिलोपल्ट बियाएको वा बियाउने (गाईबस्तु आदि) ।

**पहिलि-नु–** क० क्रि० [पहिल्याउ+इ+नु] १. फेला पारिनु; भेट्टाउनु । २. पहिचान पाइनु; चिनिनु । अ० क्रि० ३. फेला पर्नु ।

**पहिली–** वि० [पहिलो+ई] १. गणनाका क्रमले एकको स्थानमा पर्ने; सुरुकी; अगिल्ली । २. कुनै प्रतिद्वन्द्वितामा प्रथम स्थान प्राप्त गर्ने (स्त्री) ।

**पहिले–** क्रि० वि० [पहिलो+ए] १. अगाडि; सुरुमा; प्रथम पटक । २. उहिले; प्राचीन कालमा ।

**पहिलो–** वि० [सं० * प्रथिल्ल प्रथम] १. गणनाका क्रमले एकको स्थानमा पर्ने; सुरुको; अगिल्लो; प्रथम । २. कुनै प्रतिद्वन्द्वितामा प्रथम स्थान प्राप्त गर्ने । ३. कालक्रमले जेठो । ~ **नम्बरको–** वि० १. उत्तम दर्जाको; सबैभन्दा उम्दा; राम्रो । २. हदसम्मको; हदैको (बदमास) ।

**पहिल्याइ–** ना० [√ **पहिल्याउ** (+आइ)] पहिल्याउने क्रिया वा प्रक्रिया । [ > ] **पहिल्याइनु–** क० क्रि० पहिल्याउने काम गरिनु ।

**पहिल्याउ-नु–** स० क्रि०/प्रे० क्रि० [पाइलो+याउ+सु] १. फेला पार्नु; भेट्टाउनु । २. चिन्नु; पहिचान्नु । ३. मेलोमेसो पाउनु । > **पहिल्यावट/पहिल्याहट–** ना० पहिल्याइ ।

**पहिल्यै–** क्रि० वि० [पहिलो+ऐ] १. पहिले नै; अगि नै; अगाडि नै । २. उहिले नै; पुरानो समयमै; अतीतमै ।

**पहुँच्‌नु–** पठाइएको वस्तु, मानिस आदि नियत स्थानमा पुग्नु; दाखिला हुनु ।

**पहुँच–** ना० [प्रा० पहूच] १. कुनै व्यक्ति वा वस्तु कतै पुग्ने काम । २. निश्चित लक्ष्यसम्मको जवाइ । ३. निश्चित ठाउँमा पुगेको सूचना । ४. कुनै ठाउँ वा विषयसम्म पुग्ने शक्ति; गति; प्रवेश । ५. कुनै कुरो राम्ररी बुझ्ने शक्ति । ६. चिनजान; परिचय; पहिचान । ७. कुनै कुरा गर्ने वा गरेर पुऱ्याउने सामर्थ्य । ~ **दस्तुर–** ना० ट्रङ्कल आदिमा खोजेको व्यक्ति ठेगानामा भए-नभएको थाहा भएपछि ग्राहकले तिर्नुपर्ने रकम । – **नामा–** ना० पठाएको वस्तु वा व्यक्ति नियत ठाउँमा पुगेको प्रमाणस्वरूप प्राप्त हुने रसिद; पहुँच । ~ **बाहिरको–** वि० शक्ति वा आँटले नपुग्ने । **पहुँचाइ–** ना० पहुँचने क्रिया वा प्रक्रिया । **पहुँचाइनु–** क० क्रि० पहुँचाउने काम गरिनु; पुऱ्याइनु । **पहुँचाउनु–** प्रे० क्रि० पुग्ने गराउनु; पुऱ्याउनु । **पहुँचिनु–** अ० क्रि० १. पहुँचनु । २. पुगिनु ।

**पहेँल–** वि० [√ पहेँलो] केही समस्त शब्दको आरम्भमा प्रयोग हुने 'पहेँलो' शब्दको सङ्क्षिप्त रूप । – **पित्त–** ना० पित्त बिग्रेर सारा शरीर पहेँलो हुने रोग; कमलपित्त; कामला; जन्डिस; गायो; पहेँले । – **पुर–** वि० सर्वत्र पहेँलो भएको; पहेँलै भएर रहने; पहेँलाम्मे । > **पहेँला–** ना० धानमा बाला निस्कने बेलामा र मकैमा घोगा पसाउने बेलामा पातमा देखिने पहेँलोपन । **पहेँलाम्मे–** वि० पहेँलपुर, पीतमय । **पहेँल्याइ–** ना० पहेँला दृष्टिगोचर हुने कार्य ।

**पहेँलि-नु–** अ० क्रि० [पहेँलो+इ+नु] पहेँलो हुनु; पीत रङ्गको बन्नु ।

**पहेँली–** वि० [पहेँलो+ई] १. पहेँलो वर्णको; पहेँलो रङ हुने । २. पहेँलो वर्णकी (नारी) । ~ **काठ–** ना० पहेँलो काठ हुने एक जातको रूख । ~ **पात–** ना० मकै पाक्नलाई खोस्टो पहेँलो हुने अवस्था; पहेँला । ~ **मकै–** ना० पहेँला गेडा हुने एक जातको लेकाली मकै ।

**पहेँले–** वि० [पहेँलो+ए] १. पहेँलो भएको; पहेँलो वर्णको । ना० २. पित्त बिग्रेर सारा शरीर पहेँलो हुने रोग; कमलपित्त; गायो; पित्तव्याधि । ३. अदुवाको जस्तो बोट हुने, सखरखण्डका ढबको पहेँला सेला फल्ने र औषधीका रूपमा काम लाग्ने एक कन्द ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पहेँलो**– ना० [सं० पीतल] १. सुन, बेसार आदिको जस्तो रङ; पीत । वि० २. त्यस्तो रङको । ~**अगरु**– ना० पहेँलो काठ हुने एक जातको अगरु । ~ **केवँरा**– ना० पहेँलो फूल र डाँठ हुने एक जातको केवँरा । ~ **घाम**– ना० सायङ्कालको तापहीन सूर्यको प्रकाश; सूर्य डुब्नुभन्दा अगाडिको घाम । (यस्तो घाम भएको बेला केटाकेटीलाई भूत लाग्छ भन्ने अन्धविश्वास छ ।) ~ **चना**– ना० पहेँलो वर्णको एक जातको चना; गौरचणक; काबुलीचना । ~**बलु**– ना० किनारामा दाँती परेका ससाना पात हुने पहेँलो फूल र ससाना हरिया फल लाग्ने एक किसिमको झारविशेष (यसलाई आयुर्वेदमा बलवीर्यवर्द्धक, धातुको रोग विनाश गर्ने र रगत बढाउने भनिएको छ) । ~ **मार्सी**– ना० पहेँला बोक्रा हुने उत्तम जातको धान । ~ **मुगी**– ना० शरत्कालमा पाक्ने एक जातको मुगी । ~ **सहचर**– ना० पहेँलो फूल फुल्ने एक जातको सहचर बुटी । ~**सूर्यभक्ति**– ना० पहेँलो फूल फुल्ने एक जातको सूर्यभक्ति फूल ।

**पहेँल्याइ**– ना० [√ **पहेँलि** (+याइ)] पहेँलिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पहेँल्याइनु**– क० क्रि० पहेँलो तुल्याइनु । **पहेँल्याउनु**– प्रे० क्रि० पहेँलो पार्नु वा पार्न लाउनु ।

**पहेली**– ना० [सं० प्रहेलिका] १. भ्रमात्मक वा घुमाउरो किसिमले दिएको लक्षणका आधारमा कुनै वस्तुको नाउँ वा उत्तर दिनुपर्ने जटिल शब्द वा वाक्य; उत्तर लुकेको प्रश्न; अत्तो; कूट; प्रहेलिका; अड्को । २. हत्तपत्त बुझ्न नसकिने जटिल कुरो; कठिन समस्या । ३. गम्भीर रहस्य ।

**पाँ**– ना० [बाल बोलीमा] पानी ।

**पाँक**/**पाँको**– ना० [सं० पङ्क] हिलो; लेदो; पाँगो ।

**पाँगा**– ना० [भो ब०] स्वास्नीमान्छेले लगाउने स्वदेशी घरबुनाको लुगा (**दिव्य०**) ।

**पाँगे**– वि० [पाँगो+ए] १. पाँगो भएको; लेदो । ना० २. पाँगे नुन । ~**नुन**– ना० समुद्रका छेउको लेदो खारी बनाइएको खाने नुन ।

**पाँगो**– ना० [सं० पङ्क] नदी, पोखरी, भल, बाढी आदिले बगाएर ल्याएको मलिलो लेदो माटो; मदम । ~**भूमि**– ना० नदीले थुपारेको पाँगो माटाले बनेको जमिन । ~ **माटो**– ना० नदीले बगाएर ल्याउने, उब्जाउका निम्ति उपयोगी मिहिन र लस्सादार मलिलो माटो ।

**पाँच**– ना० [सं० पञ्च] १. चार र एकका योगको सङ्ख्या; पाँचको अङ्क । २. वि० चार र एकका योगको । ~**अङ्गुले**– ना० १. हर्थुङ्गाका आकारको एक बुटी; करज्योडी । वि० २. पाँच अङ्गुलका परिमाणको । ३. पाँचवटा औँला हुने । ~**औँले**– ना० पहेँलो फूलको भागमा गुलाबी टिकटिके भएको पाँच औँलाका आकारको कन्द हुने, (आयुर्वेदमा यसका जरालाई पौष्टिक र रुचिकारक भनिएको) बुटीविशेष; पाँच अङ्गुल । – **खाल**– ना० काभ्रे जिल्लाको धुलिखेल पूर्वोत्तरको एक रमणीय उपत्यका । ~**तीन**– ना० एक पासामा पन्जा, अर्कोमा दुवा र अर्कोमा पोट मात्र पर्दा हुने पासाको एक दाउ । ~ **थर**– ना० नेपालको पूर्वाञ्चलअन्तर्गत मेची अञ्चलमा पर्ने एक जिल्ला । ~ **पाते**– ना० पाँचचोसे आकारको मझौला खालको डाले घाँस । ~ **पोखरी**– ना० सिन्धुपाल्चोक जिल्लामा पर्ने नाउलिङ तथा चोचे डाँडाका उत्तरमा करिब ३,८६५ मिटरको उचाइमा रहेको ससाना पाँचवटा पोखरी बनेको दह । ~ **पोल**– ना० तुलाको तौलअनुसार सवाबोडी । ~**सरकार**– ना० तत्कालीन नेपालका श्री ५ महाराजाधिराज । > **पाँचौँ**– वि० गणनाका क्रमले पाँच सङ्ख्यामा पर्ने; पाँच नम्बरमा आउने ।

**पाँज्-नु**– स० क्रि० [पाँजो+नु] १. खेतबारी आदिमा उखेलेको बीउको थुप्रो पार्नु । २. नलसँगको काटिएका धानको बोट सुक्न सक्ने गरी थुप्रो पार्नु; निहिन लगाउनु । ३. फैलाउनु; फिँजाउनु । > **पाँजिनु**– क० क्रि० पाँजा पारिनु; बीउ, नल आदिसँगको धान आदि सुक्नका लागि फिँजाइनु; निहिन लगाइनु ।

**पाँजुलो**– वि० [पन्जा+लो] १. सम्म परेको; समथर । ना० २. मैदान; पजलो ।

**पाँजो**– ना० [पञ्जा+ओ] १. धान, कोदो आदिका बीउ वा घाँस आदिको मुठीमा अटाएसम्मको थुप्रो । २. नलसँगको काटेका धानको सुक्न सक्ने गरी पारिएको थुप्रो; निहिन ।

**पाँड**– ना० [सं० पारणड = पाण] १.थाडाको आधाजसो भागमा थपिएको बुइँगलखण्ड । २. पिँढी वा पिँढीमाथिको छानो ।

**पाँडुले**– वि० [सं० पाण्डुर] कालो, पहेँलो वर्णका भुइँमा सेता र सेतो वर्णका भुइँमा चाहिँ पहेँला खालका पाटा वा पाङ्ग्रा भएको (प्रायः कुकुर) ।

**पाँडे**– ना० [सं० पाण्डेय] ब्राह्मण र क्षत्रियहरूको एक थर वा वर्ग; पाण्डे । ~ **कुरो**– ना० १. नाउँ नलिईकन कसैका उपर घोचपेच गरिएको कुरो; छनक । २. आपसमा आदर वा अनादर नजनाई गरिने कुरो । ~**गाली**– ना० नाउँ नलिईकन कसैलाई गरिने गाली; अस्पष्ट आक्षेप । ~**पजनी**– ना० योग्यायोग्यको विचार नगरी विशेषतः प्रतिष्ठित व्यक्तिहरूको मानहानि हुने किसिमले गरिने पजनी । ~**बोली**– ना० पाँडेकुरो; गाली ।

**पाँती**– ना० [सं० पङ्क्ति] लहर; लाम; श्रेणी; ताँती; लस्कर ।

**पाँद्-नु**– स० क्रि० [पाँज्+नु] हे० पाँज्नु । > **पाँदिनु**– क० क्रि० पाँजिनु ।

**पाँसुली**– वि० [पाँसुलो+ई] १. ठूलठूला पाँसुला भएकी (आइमाई) । २. पाँसुलो (गीत, कविता आदिमा) ।

**पाँसुले**– वि० [पाँसुलो+ए] १. ठूलठूला पाँसुला हुने; पाँसुला मोटा हुने । २. बलिष्ठ ।

**पाँसुलो**– ना० [सं० पांसुल] १. खुट्टाको छेपारी । २. खुट्टो (तुच्छार्थमा) ।

**पाँसेर**– ना० [पाँच+सेर] डेढ बिसौलीको तौल ।

**पाइ१**– ना० [पाउ+आइ] पाउने क्रिया वा प्रक्रिया ।

**पाइ२**– ना० [बा० बो०] पिट्ने काम; पिटाइ; कुटाइ ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पाइक–** ना० [सं० पादक] पायक; पाहिक ।

**पाइका–** ना० [अङ्०] छाप्ने बाह्र प्वाइन्टको टाइप अक्षर ।

**पाइखाना–** ना० [फा० पायखाना] १. दिसापिसाब गर्ने ठाउँ वा घर; चर्पी; शौचालय । २. विष्ठा; मल ।

**पाइजामा–** ना० [फा० पायजामा] १. ठूलठूला बाहुला हुने एक प्रकारको खुकुलो सुरुवाल । २. हात्तीपाइले सुरुवाल; ह्वाङ्ल्याङे ।

**पाइतो–** ना० [सं० पदयात्रा] १. आफ्नो घर छोडी अन्यत्र प्रस्थान गर्ने साइत । २. परदेश वा टाढा जानुपर्दा साइतमा आफू निस्कन नसकेका खण्डमा मुहूर्तदोष मेट्न जनै, सुपारी आदि पर सार्ने धार्मिक वा लौकिक विधि । ३. त्यस प्रकारका माङ्गलिक वस्तु । ~ **सराइ–** ना० १. साइतका समयमा माङ्गलिक वस्तुलाई पर सार्ने काम । २. यात्राको लागि प्रस्थान ।

**पाइथागोरस–** ना० [ग्री०] विक्रमको पाँचौं शताब्दीपूर्वका एक ग्रिसेली दार्शनिक तथा गणितज्ञ ।

**पाइन–** ना० [सं० पानीय] १. फलामका हतियारहरूमा धार लाग्ने र नदोब्रिने पार्नका निम्ति चढाइने पानी; हतियारहरू आगामा तताएर रातो पारी हालिने पानी । २. सामर्थ्य; शक्ति; तुजुक ।

**पाइनु–** क० क्रि० [पाउ+इ+नु] प्राप्त गरिनु; फेला पारिनु; भेटिनु ।

**पाइन्ट–** ना० [अङ्० प्यान्ट] सुरुवालजस्तो, मोहोता ठूलो भएको खुकुलो पोसाक; पायन्ट ।

**पाइप–** ना० [अङ्०] १. तरल पदार्थ छिराउन बनेको फलाम, सिमेन्ट, माटो आदिको लामो ढ्वाङे नली; डुँड । २. ढुङ्ग्रो । ३. कक्कड खाने आधुनिक शैलीको चिलिम वा सुल्पा ।

**पाइपिङ–** ना० [अङ्०] १. चोलो, भोटो, कुर्था आदि सिउँदा गलामा पर्ने भागलाई पाइपजस्तै डोलो पारेर सिइने विधि; सिलाइको एक प्रकार । २. पाइपिन ।

**पाइपिन–** ना० [पाइपिङ] सारीका छेउमा गाँसिने कपडा; सारीको सन्जाप ।

**पाइले–** वि० [पाइलो+ए] पाइलोजस्तो; पाइला हुने (जस्तो– हात्तीपाइले) ।

**पाइलो–** ना० [सं० पादतल] १. पैतालो; पादतल । २. पैतालाको चिह्न; पैतालाको डाम; गोहो । ३. कदम; फड्को । **– खेदो–** ना० पाइलैपिच्छे खेदो गर्ने काम; लट्टोखेदो ।

**पाइँ–** ना० [पाइन] १. पाइन; पानी । २. शक्ति; सामर्थ्य; ताकत । ३. स्फूर्ति; ओज । ४. पना । ५. अहङ्कार ।

**पाई१–** ना० [सं० पाद] १. भारतीय एक पैसाको चौथो भाग । २. वाक्य पूरा भएपछि दिइने ठाडो धर्को; पूर्णविराम-चिह्न; खडीपाई; ठाडीखुट्टी ।

**पाई२–** ना० [बा० बो] कुट्ने काम; पिटाइ ।

**पाउँ–** ना० [नेवा०] अमला, लप्सी, आँप, तित्री, कागती, निबुवा आदिबाट तयार पारिएको अमिलो, पीरो, गुलियो स्वाद भएको खाद्य वस्तु ।

**पाउ–** ना० [सं० पाद] १.गोडो; खुट्टो; पाद । २. श्लोक वा पद्यको एक चरण । ३. चौथो भाग; चतुर्थांश । ४. बीस तोलाको तौल वा त्यति तौलको ढक । ५. अढाई सय ग्रामको परिमाण । ६. पच्चीस सेन्टिमिटरको नाप । वि० ७. एक पाउको नाप वा परिमाणबराबरको ।

**पाउकष्ट–** ना० आउने-जाने कुरामा कष्ट, दु:ख; आउन आग्रह ।

**पाउ-नु–** स० क्रि० [सं० प्रापण] १. खोजेर वा नखोजीकन कुनै वस्तुलाई भेट्टाउनु; प्राप्त गर्नु । २. हराएको वस्तु फेला पर्नु; भेट्टाउनु । ३. ज्ञानेन्द्रियमार्फत अनुभव ग्रहण गर्नु । ४. सक्नु; समर्थ हुनु । ५. जन्माउनु; पैदा गर्नु; जन्म दिनु । ६. आतिथेयले वा भान्सेले दिएको भोजन खाने मान्छेले स्वीकार गर्नु । ७. कसैले दिएको केही कुरो कसैले लिनु ।

**पाउजु/पाउजेब–** ना० [फा० पायजेब] स्त्री-जातिले पाउमा लगाउने घुँगुराहरू लागेको चाँदी, सुन आदिको गहना; नूपुर ।

**पाउडर–** ना० [अङ्०] १. चेहरा वा शरीरको सुन्दरता बढाउन घसिने एक प्रसिद्ध सुगन्धित चूर्ण । २. धूलो; चूर्ण ।

**पाउदान–** ना० [पाउ+दान] १. पाउ राख्नका निम्ति बनाइएको वस्तु वा स्थान । २. मेच, कुर्सीका मुनि पाउ राख्नका निम्ति राखिने चौकी । ३. सवारीमा चढ्दा टेक्ने सवारीका अवयव । ४. गद्दरपोस । > **पाउदानी–** ना० पाउदान ।

**पाउनी–** ना० [पाउ+नी] पाइने चीज वा वस्तु ।

**पाउने–** वि० [पाउ+ने] प्राप्त गर्ने; भुक्तानी लिने; प्रापक ।

**पाउन्ड–** ना० [अङ्०] १. झन्डै आधा सेरको पाश्चात्य तौल । २. बीस सिलिङबराबरको एक बेलाइती मुद्रा ।

**पाउपोस–** ना० [फा० पायपोश] १. जुत्ता । २. पाउदान । ३. कोठामा पस्नुभन्दा पहिले जुत्ताको धूलो पुछ्न ओछ्याइएको चकटी; गद्दरदान ।

**पाउर–** ना० [सं० प्राभृत] सौगात; कोसेली; पागुर ।

**पाउरो–** ना० [सं० पक्षकर्त > प्रा.० पक्खअट्टो > पावडो] अस्कोट ।

**पाउरोटी–** ना० [पोर्तु० पाव+रोटी] खूबसँग उक्सने वा फुलेर हुप्प हुने, खमिर हालेर बनाइएको एक प्रकारको रोटी ।

**पाउला–** ना० [पाउलोको ति० रू०] पाउलो; पालुवा ।

**पाउलागी–** ना० [पाउ+लागी] पुरोहितलाई जजमानले वा कसैले बाबुआमा वा अन्य मान्यजनको गोडामा शिरले छोएर गर्ने अभिवादन; ढोग ।

**पाउ लाग्नु–** स० क्रि० [पाउ+लाग्नु] १. पदार्पण गर्नु । २. ढोगभेट गर्नु । ३. आउनु वा जानु (शिष्टार्थमा); पाल्नुहुनु; पाल्नु ।

**पाउलो१–** ना० [सं० पल्लव] पल्लव; पालुवा ।

**पाउलो२–** ना० [सं० पादतल] जुत्ता ।

**पाउसो–** ना० [सं० पाक+सो] सुनिएको, मर्किएको आदि ठाउँमा लगाउन गहुँतमा पकाएर लेप बनाइने एक प्रकारको बुटी वा त्यसैबाट बनेको लेप ।

**पाक्-नु–** अ० क्रि० [पाक+नु] १. पाक पुग्नु; परिपक्व हुनु । २. फलहरू रसपरिपाक भएर खान वा व्यवहारमा ल्याउन लायक

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



हुनु । ३. घाउखटिरा आदिमा पीप भरिनु । ४. ज्याला, तलब आदिको आर्जन पूरा हुनु । ५. चित्त दुख्नु; पिरिनु वा पीर हुनु । ६. मानिसका रौँ सेता हुनु । ७. उमेर वा बुद्धि छिप्पिनु ।

**पाक**– ना० [सं०] १. पकाउने क्रिया वा प्रक्रिया । २. पकाएको; पक्वान्न । ३. चास्नीमा मिलाएर बनाइएको औषधी; एक प्रकारको क्वाथ । ४. खाएको वस्तु पच्ने पाचनक्रिया । ५. श्राद्धमा पिण्ड बनाउन छुट्टै पकाइएको खीर वा भात । ६. चास्नी; पाग । ७. पक्वता; परिपक्वता । – **ताउली**– ना० दन्त्यकथाका अनुसार मन लागेको खानेकुरो तुरुन्त दिन सक्ने भनिएको एक मनचिन्ते ताउली । – **पत्थरी**– ना० भुँडीभित्र जम्ने साह्रो चूनढुङ्गा । ~ **पद्धति**– ना० १. खानेकुरो आदि पकाउने विधि; पाकशास्त्र । २. खाएको कुरो पच्ने पाचन-प्रणाली ।

**पाकपुक**– ना० [पाक+पुक] १. हल्का किसिमले गरिने आघात; पिटपाट; ठोकठाक; भाकभुक । २. चाँडो-चाँडो गरेर काम सिद्ध्याउने क्रिया; हाटहुट । क्रि० वि० ३. पिटपाट, ठोकठाक वा हाटहुट गरेर । > **पाकपुके**– वि० १. हाटहुट गर्ने; काममा छिटो-छरितो । २. पिटपाट, ठोकठाक र भाकभुकमा लागेको ।

**पाकपुटी**– ना० [सं०] १. चुलो । २. भट्टी ।

**पाकलपुकल**– ना० [पाकल+पुकल] १. भुईंमा हात राखी मुड्कीले हानी खेलिने एक किसिमको बालखेल । वि० २. हृष्टपुष्ट (बालक) ।

**पाकशाला**– ना० [सं०] खानेकुरा पकाउने घर; भान्सा; भान्साघर ।

**पाकस्थली**– ना० [सं०] खाएको वस्तु पाक होउन्जेल रहने पेटभित्रको थैलो; पक्वाशय; आँत ।

**पाकिनु**– अ० क्रि० [पाक्+इ+नु] १. पाक होइनु; पाकेको होइनु । २. पाको होइनु ।

**पाकिस्तान**– ना० [फा०] एसिया महाद्वीपमा रहेको नेपालको छिमेकी देशमा पर्ने सन् १९४७ को अगस्त १४ तारिखमा भारतबाट छुट्टिएर अस्तित्वमा आएको एक स्वतन्त्र देश । > **पाकिस्तानी**– वि० पाकिस्तानसम्बन्धी; पाकिस्तानको ।

**पाके**– ना० [नेवा०] उसिनेर अमिलो वा गुलियो अवस्थामा परिणत गराइएको जाँडको छोक्रा ।

**पाकेट**– ना० [अङ्० पकेट] खल्ती; गोजी । ~ **गह्रौँ**– वि० धेरै पैसा भएको; रुपियाँवाल । – **मार**– ना० पाकेटमारा । – **मारा**– ना० पाकेट काटेर त्यसमा भएको सम्पत्ति चोर्ने व्यक्ति ।

**पाको**– वि० [सं० पक्व] १. आगामा पाकेको; पकाइएको । २. ऋतुअनुसार समय पुगेर परिपक्व भएको; नरम भएको (फल आदि) । ३. प्रौढ; अनुभवी; जानिफकार; परिपक्व । ~ **इँट**– ना० पोलेको इँट । ~ **तेल**– ना० भुटेको वा पकाएको खाने तेल ।

**पाकोपचार**– ना० [सं०] पाकस्थलीसम्बन्धी रोगको उपचारक्रिया ।

**पाक्कपुक्क**– ना०/क्रि० वि० [अ० मू० (द्वि०) पुक्+क] पाकपुक ।

**पाक्के**– ना० [सं० पाक्य] पाकेको वा पकाएको खानेकुरो (दाल-भात आदि) ।

**पाक्य**– वि० [सं०] १. पकाउन योग्य; पकाउनुपर्ने । ना० २. पकाएको कुरो; पाक्के ।

**पाक्षिक**– वि० [सं०] १. पक्षसम्बन्धी; पक्षको । २. प्रत्येक पन्ध्र दिनमा हुने वा प्रकाशित गरिने ।

**पाखण्ड**– ना० [सं०] १. वेदविरुद्ध आचरण गर्ने व्यक्ति; सम्प्रदाय वा मत । २. देखावटी भक्ति; पाठपूजा आदिको आडम्बर; ढोँग । ३. छल; धोका । ४. धूर्तता; चिप्ल्याइँ । ५. नैसर्गिक धर्मका विपरीत धर्म । ६. भगवान् र भक्तका बीचमा महात्माले मध्यस्थता गर्ने कुनै पनि धर्म; अप्रत्यक्ष ईश्वर-उपासना । ~ **मत**– ना० पाखण्डहरूले चलाएको वेदविरुद्ध नीति । > **पाखण्डी**– वि० १. पाखण्डधर्ममा वा कर्ममा लागेको । २. कुमार्गमा चल्ने । ३. धूर्त ।

**पाखनभेद**– ना० [सं० पाषाणभेद] हे० पाषाणभेद ।

**पाखरी**– ना० [सं० पाटली] कलेजी रङका तरवारे फल फल्ने, सेता वा राता रङका फूल फुल्ने र चाँपका ढबका पात हुने एक जातको सदाबहार वृक्ष; पाडरी ।

**पाखा**– ना० [सं० पक्ष] पाखो । ~ **बारी**– ना० १. मकै, भटमास आदि हुने पाखो जग्गा । २. पानी नलाग्ने भिरालो परेको बारी; भित्ते जग्गा । ~ **बिर्ता**– ना० वि० सं० १८६२-मा सरकारबाट हरण गरी बाँकी रहेको बिर्ता; बासट्ठीहरणपछि बाँकी रहेको बिर्ता । ~ **बाली**– ना० १. पाखामा हुने बालीनाली (मकै, कोदो आदि) । २. नगदीबाली । ~ **बेत**– ना० पाखामा हुने बेत; महागौरी बेत । ~ **भित्ता**– ना० १. घाँच; पहाडको फेदी । २. डाँडाको छेउछाउ । ३. भिरालो परेको गोरु नलागेर मुस्किलले अडिएर कुटो-कोदालाले खन्नुपर्ने जमिन । ४. पाखोपखेरो; पखेरो ।

**पाखी**– ना० [सं० पक्ष्म+ई] धेरै भुवा भएको बाक्लो, मोटो र खस्रो ऊनीको ओढ्ने; धुस्सा ।

**पाखुरी**– ना० [पाखुरो+ई] १. सानो पाखुरो । २. पाखुरो (गीत, कविता आदिमा) । ३. रोटे पीङमा दुईतिर दुई हातले समाउने ठाडा काठ ।

**पाखुरे**– वि० [पाखुरो+ए] १. आफ्नै हातले काम गर्ने; आफ्ना बाहुबलले जीविका गर्ने । २. बलिया पाखुरा हुने; मर्द; लाठे । ना० ३. मोहीले पनि खेती गर्न दिएको अर्को मोही; पाखुरे मोही; मोही । ~ **तमसुक**– ना० कपाली तमसुकभन्दा अलिक साधारण किसिमको तमसुक । ~ **दाउरा**– ना० झन्डै पाखुराजत्रा गोलमिल्दा दाउरा । ~ **माछो**– ना० पाखुराजस्तै वा पाखुराका आकारको माछो । ~ **मोही**– ना० मोहीको पनि मोही; पाखुरे ।

**पाखुरो**– ना० [सं० पक्षट] हर्खुङ्गामाथिदेखि कुमसम्मको हातको भाग; कुहिनादेखि उँभो र काँधदेखि तलतिरको हातको भाग; बाहु ।

**पाखे**– वि० [पाखो+ए] १. पाखामा हुने । २. पाखामा बस्ने । ३. असभ्य; ग्वाँजे । ४. पाखावाल (घर) । ~ **खिचुवा**– ना० बार्दली र दलानको छानो र मूल छानो एउटै भएको बार्दलीसहितको

घर । ~ **बाली**– ना० १. पाखाबाली ।

**पाखो**– ना० [सं० पक्ष] १. भिरालो जग्गा; तेर्पे परी पानी नअडिने जमिन । २. पानी नलाग्ने र प्रायः मकै, कोदो आदि पाखेबाली मात्र हुने जग्गा । ३. पहाडका फेदतिरको जग्गा; पहाडको भित्तो; पखेरो । ४. सहरदेखि बाहिरको पायक नपरेको भाग । ५. छानाको एकातिरको भाग । – **पखेरो**– ना० सामान्य किसिमको भिरालो तथा टारी परेको र ज्यादै भिरालो भई गोरु जोत्न नहुने खालको जग्गा । ~ **बारी**– ना० पानी नलाग्ने र नअडिने जमिन; भीरखेत ।

**पाखी**– ना० [सं० पर्कटी] चिल्ला पात तथा झ्याम्म परेको ठूलो बोट हुने र डाले घाँसका निम्ति प्रयोग गरिने एक जातको रूख; अर्चलेका जस्तो पात र डुम्रीका जस्ता फल फल्ने एक वृक्ष ।

**पाग१**– ना० [मै०] १. मैथिल समाजमा एक विशेष प्रकारको पगरी ।

**पाग२**– ना० [सं० प्रगल] सुन, चाँदी आदिलाई पगालेर एकै डल्लो पार्ने सुनारकर्म ।

**पाग३**– ना० [सं० पाक] मिठाई गुलियो पदार्थमा डुबाउनका निम्ति पकाइएको चिनी वा मिस्रीको चास्नी; पाक ।

**पागल**– वि० [सं०] १. बहुला; सन्की, हावा खुस्केको; विक्षिप्त । ना० २. बहुलाएको व्यक्ति । ३. गधाको बच्चो; गाँडु । – **खाना**– ना० पागलहरूको उपचार गर्नका निम्ति राखिने घर वा कोठा । – **पन**– ना० बहुला अवस्था; बौलट्टीपन ।

**पागुर**– ना० [सं० पुनर्गिलन] पशुहरूले पहिले निलिसकेको घाँस, पराल आदि उकेलेर फेरि चपाउने काम; उग्राइ; पाउर ।

**पाग्मा**– ना० [भो० ब०] सेतो फुल्ने, आयुर्वेदमा शक्तिवर्धक र भिरङ्गी रोग निको हुने गुण बताइएको एक बुटी ।

**पाग्री**– ना० [सं० प्राकार+ई] १. डोका, नाङ्ला, चित्रा आदि बुनेर जीवननिर्वाह गर्ने नेपालको एक जाति । २. कामीजातिको एक भेद । ३. नेपाली घरको एउटा आकार (जस्तै– पाग्रीघर) ।

**पाङ्क्त**– वि० [सं०] १. पङ्क्तिसम्बन्धी; पङ्क्तिको । २. पङ्क्तिमा बाँधिएको । ३. समान जातिपाँतीको । > **पाङ्क्तेय**– वि० पङ्क्तिमा मिल्ने वा सुहाउने; पङ्क्तिमा मिलाउन सकिने; सजातीय ।

**पाङ्ग्रा**– ना० १. हाँगाबिँगा नहुने, भित्र साह्रो भएको, टुप्पामा केराउका जस्तो घुम्रेको लहराको भाव हुने, पहेँलो फूल फुल्ने र कोसामा लाग्ने फल । २. आयुर्वेदमा शक्तिवर्धक मानिएको तथा जुका, चुर्ना आदि नाश गर्ने तथा बान्ता रोक्ने गुण बताइएको त्यसैको बोट ।

**पाङ्ग्रे**– वि० [पाङ्ग्रो+ए] १. पाङ्ग्रा भएको; पाङ्ग्राजस्तो परेको; पाङ्ग्रावाल । २. शरीरमा चक्राकार टाटा भएको; टाटेपाङ्ग्रे (कुकुर आदि) । ~ **रोटी**– ना० पाङ्ग्राका आकारजस्तो पारेर बनाइएको वा पकाइएको रोटी; पानीरोटी ।

**पाङ्ग्रो**– ना० १. रथ, बग्गी, मोटर आदि सवारीको गुड्ने चक्को; पहिया । २. ससाना पात, पहेँला लामा फूल र लामा-लामा कोसा वा टाटा फल्ने एक जातको लहरो । ३. आयुर्वेदमा शक्तिवर्धक, बान्ता रोक्ने र जुका, चुर्ना आदि नाश गर्ने गुण बताइएको त्यसैका कोसा वा टाटाभित्र हुने बाटुलो र साह्रो बियाँ; लेकपाङ्ग्रो; महाकरञ्ज ।

**पाङ्दङ्वा**– ना० [भो० ब०] किराँती जातिका कुलदेउता ।

**पाङ्दुर**– ना० १. चाँडो रोपेर चाँडै पाक्ने, राई-जातिले पितृपूजाका निम्ति उपयोगमा ल्याउने एक जातको कोदो । २. चौरिकोदो । ३. बाग्लुङपूर्व र गण्डकी उत्तरतर्फ रहेको एक गाउँ; पाङ ।

**पाङ्दुरे**– वि० [पाङ्दुर+ए] १. कोदो खाने; कोदे । २. असभ्य; पाखे । ३. पाङ्दुरमा बस्ने । ~ **नाच**– ना० १. पाङ्दुर पाकेका बखत वा त्यतिखेर नाचिने एक किसिमको नाच । २. असभ्य वा पाखे खालको नाच ।

**पाचक**– वि० [सं०] १. पकाउने; पाक तयार गर्ने; भान्सामा बस्ने । २. पचाउने; परिपाक पार्ने; हजम गर्ने । ना० ३. खाएको कुरो पचाउने क्षारयुक्त एक आयुर्वेदीय औषधी । ४. भान्से । > **पाचकाङ्ग**– ना० खाएको कुरो पचाउने अङ्ग; पाकस्थली ।

**पाचन**– ना० [सं०] १. पकाउने काम; पक्व गर्ने क्रिया । २. पचाउने काम; हजम गर्ने क्रिया । ३. भोजनलाई पचाउने औषधी; पाचक । ~ **क्रिया**– ना० खाएको अपक्व भोजनलाई पचाउने क्रिया । ~ **प्रणाली**– ना० वनस्पति तथा प्राणी दुवैले खाने खाद्य पचाउने विधि र मलोत्सर्ग गर्ने प्रक्रिया । ~ **यन्त्र**– ना० खाएको कुरो पाक गर्ने वा पचाउने यन्त्र वा अङ्ग; पाचकाङ्ग । ~ **रस**– ना० पाकस्थलीमा रहेका अन्नादि वस्तु पचाउनका निम्ति निस्केको एक किसिमको रस । ~ **वृद्धि**– ना० पाचनशक्तिको विकास वा भोकजगाइ । > **पाचनाङ्ग**– ना० पाचकाङ्ग; पाकस्थली । **पाचनीय**– वि० १. पकाउन योग्य । २. पचाउन सकिने; हजम गर्न सकिने ।

**पाचयिता**– वि० [सं०] १. खाद्य वस्तु पकाउने; पाचक । २. पचाउने; हजम गर्ने ।

**पाची**– ना० [सं०] लाम्चा पात र मसिना खैरा मुजुरावाल फूल हुने, आयुर्वेदका अनुसार खटिरा र छालासम्बन्धी रोगलाई हित गर्ने एक जातको लहरो वा साग ।

**पाचुकी**/**पाचुके**– ना० [नेवा०] १. पारपाचुके गरेबापत प्रमाणको लागि लेखिएको कागत । २. विवाहिता स्त्री र पुरुषले परस्परमा खुसीराजीसँग गरेको वैवाहिक सम्बन्धविच्छेद; पारपाचुके ।

**पाच्छै**– ना० [चि० पाइछाय] रायोको साग; पासाई; पाछाई ।

**पाच्य**– वि० [सं०] १. पकाउन योग्य; पकाउन सकिने । २. पचाउन योग्य; पचाउन सकिने ।

**पाछ्-नु**– स० क्रि० [प्रा० पच्छण] १. बाँस, नर्कट, उखु, मकै आदिमा पातका धारले शरीरका अङ्गलाई खोस्याउनु; दर्फर्याउनु । २. वैद्यद्वारा माईनिरोधका निम्ति टीका दिने काम गर्नु ।

**पाछा**– ना० १. वंशको क्रम; गोत्र; पुर्खौली हाँगो । २. पछि; पछाडि । ३. नजिक; समीप ।

**पाछाई–** ना० हे० पाच्छै (साग) ।

**पाछिनु–** क० क्रि० [पाछ्+इ+नु] १. मकै, उखु आदिका सुक्खा पातले शरीरका अङ्ग घोटिनु वा कोरिनु । २. वैद्यद्वारा नारी वा पाखुरामा टीका दिने काम गरिनु ।

**पाजली–** ना० [सं० पदचालिका] १. तेर्सो बाटो । २. यात्रा वा प्रस्थान ।

**पाजी–** ना० [फा०] १. गधाको बच्चो । २. कसैलाई गालीका रूपमा भनिने शब्द । वि० ३. दुष्ट; दुर्जन । ४. नीच; तुच्छ । **– पन–** ना० दुष्टता; नीचता ।

**पाञ्चजन्य–** ना० [सं०] १. विष्णुले पञ्चजन नामक दैत्यलाई हराई लिएको शङ्ख । २. पञ्चजन नामक दैत्यहरूको कुल वा वंश ।

**पाञ्चभौतिक–** वि० [सं०] पञ्चमहाभूतको; पञ्चमहाभूतले बनेको; पाँच भौतिक तत्त्व (पृथ्वी, जल, तेज, वायु र आकाश) सम्बन्धी ।

**पाञ्चायन–** ना० [सं०] १. गणेश, सूर्य, देवी, शिव र विष्णु– पाँच देवदेवीको समूह । २. उक्त देवदेवीहरूको संयुक्त पूजा गर्ने सम्प्रदाय ।

**पाञ्चाल–** ना० [सं०] १. अचेलको पन्जाब-प्रदेशमा पर्ने एक प्राचीन देश । २. त्यस देशको चन्द्रवंशी जाति । > **पाञ्चालिक–** ना० १. लिच्छविकालीन स्थानीय पञ्चायत वा समिति । २. उक्त समितिको सदस्य । **पाञ्चालिका–** ना० १. पाँच खेतहरूको समुदाय । २. द्रौपदी । **पाञ्चाली–** ना० १. पुतली; खेलौना । २. साहित्यमा प्रसिद्ध एक प्रकारको रीति वा शैली । ३. पाण्डवहरूकी सगोलकी स्त्री; द्रौपदी । ४. स्थानीय प्रशासन तथा जनहितसम्बन्धी काम गर्ने पञ्चहरूको प्राचीन सभा; पाञ्चालिक ।

**पाट्-नु१–** अ० क्रि० १. पानीले ढाक्नु; जमिनका चारैतिर पानीले भिज्नु । २. कुनै वस्तु सबै बजारमा लदाबदी पाइनु ।

**पाट्-नु२–** स० क्रि० हेक्कामा राख्नु; सम्झनु ।

**पाट१–** ना० [सं० पट] १. सन, ओदाल, अर्गेली आदिबाट निकालिएको सूत । २. रेसम; रेसमको सूत । ३. रेसमी कपडा ।

**पाट२–** ना० [सं०] फैलावट; विस्तार; व्याप्ति; फिँजाइ ।

**पाटन–** ना० [सं० पत्तन/पट्टन] १. अग्ला-अग्ला पहाडबीचका उचाइमा रहेको सम र अर्धसम मैदान । २. नेपालको राजधानीमा रहेका तीन सहरमध्ये एक; ललितपत्तन; ललितपुर । **– जीरा–** ना० हिमाली लेकतिर पाइने एक बुटी ।

**पाटपिट–** ना० [पाट+पिट] हल्का किसिमको पिटाइ; पिटपाट; पाकपुक । > **पाटपिटे–** वि० अरूलाई पाटपिट गर्ने; प्याट्टपुट्ट पिटिरहने ।

**पाटपुट–** ना० [पाट+पुट] १. पिटपाट । क्रि० वि० २. पिटपाटका साथमा ।

**पाटल–** ना० [सं०] १. गुलाफी रङ्ग । २. पाखरीको रूख वा त्यसैको फूल । वि० ३. लाल; गुलाफी । > **पाटला–** ना० १. पाडरीको रूख । २. दुर्गाको एक रूप ।

**पाटली–** ना० [सं०] पाटला । **– पुत्र–** ना० १. भारतको पटना सहर । २. प्राचीन मगधसाम्राज्यको राजधानी ।

**पाटव–** ना० [सं०] चतुऱ्याइँ; कौशल; पटुता; दक्षता; चलाखी । > **पाटविक–** वि० चलाख; चतुरो; बाठो ।

**पाटा१–** ना० [सं० पट] धोती वा धोतीको साटो फेर्ने कुनै वस्त्र (पटुका, गम्छा, रुमाल इ०) ।

**पाटा२–** ना० [सं० पट्ट+आ] १. धातुका भाँडाहरूमा घनले पिट्दा बसेको डाम । २. दुई कुनाका बीचको सोझो रेखा वा विस्तार । ३. चेप्टो वस्तुको एकातिरको भाग । ४. एक प्रकारको रङको भुइँमा दोस्रो रङको धर्सा वा चारपाटे बुट्टा । **– को भतेर–** ना० उघारो ठाउँ तथा अरक्षित अवस्थाको भतेर ।

**पाटि-नु–** अ० क्रि० [पाट्+इ+नु] १. पाट्ने होइनु । क० क्रि० २. पाट्ने काम गरिनु ।

**पाटी१–** ना० [सं० पट्टिका] १. केटाकेटीलाई अक्षर लेखाउने काठ, ढुङ्गा आदिको फल्याक; काठ वा ढुङ्गाको सिलोट । २. दौराका फेरका बिब्ल्याँटापट्टि गाँसिने कपडाको धरो । ३. हलो बाँध्दा हरिस मिलाउन ठोकिने काठको च्याप्टो चोइटो । ४. आराले चिर्दै गरेका काठको चिरिएको भागतिर चिर्न सजिलो पार्न ठोकिने काठको टुक्रो । ५. कुनै दुलो परेको ठाउँ बुच्याउन ठोकिने काठको ठेडी ।

**पाटी२–** ना० [सं०] १. कुनै काम वा निर्माण तथा रचना आदिको पद्धति; शैली; तरिका । २. परिपाटी; रीति; शैली । ३. पाटीगणित; अङ्कगणित ।

**पाटी३–** ना० [सं० पट्ट+ई] १. बटुवाहरूलाई विश्राम गर्न एवं वास बस्नका निम्ति बनाइएको घर; धर्मशाला; टौवा; ठाँटी । २. खाटका लम्बाइ वा चौडाइतिरका चार थान बला । **– को वास–** ना० घरद्वार नभई पाटीमा बस्नुपर्ने अवस्था ।

**पाटी गणित–** ना० [सं०] १. गणितशास्त्र । २. धुलौटोमा कोरिएको हिसाब ।

**पाटी पौवा–** ना० [पाटी+पौवा] १. बटुवाहरूलाई वास बस्नका निम्ति बनाइएको पानीको समेत व्यवस्था भएको पाटी; पाटी र धारा; पाटी र पौवा । २. खाट वा चौकीका चार थान पाटी र चार थान पौवा (खुट्टा); फलेक वा डन्डीबाहेक खाटका अन्य उपकरण ।

**पाटी बिर्ता–** ना० [पाटी+बिर्ता] पाटी-पौवाको रेखदेख गर्ने व्यक्तिले पाएको बिर्ता; पौवालीको बिर्ता ।

**पाटु–** वि० [सं० पाटली] धानी रङ वा वर्णको (गाई) ।

**पाटे–** वि० [पाटो+ए] १. पाटैपाटा परेको; पाटा भएको; पाटावाल । २. अत्यधिक; ज्यादै; धेर; पट्ट । ३. बारीको पाटामा पाइने; पाटामा हुने । ~ **अल्सी–** वि० ज्यादै अल्छी; अल्छीको राजा; पट्ट अल्छी । ~ **खौराइ–** ना० कैँचीले रागेपाटे गरी काटेको केश-सज्जा । ~ **घाँस–** ना० गाईबस्तुले खाने, दूध र बल बढाउने नरम चिल्लो किसिमको घाँस । ~ **घिरौँलो–** ना०

पाटैपाटा परेको घिरौँलो; पाटेतोरियाँ । ~ **जिन**– ना० सिरकको पल्ला अथवा डसना आदिको पल्लाका रूपमा प्रयोग गरिने पाटैपाटा परेको सुती कपडाको एक भेद; पाटावाल जिन कपडा । ~ **जुको**– ना० जङ्गलमा हुने चेप्टो, ठूलो जातको जुको । ~ **जोडाइ**– ना० दुई भिन्नाभिन्नै हलका एक-एक गोरुद्वारा अर्को हल बाँध्ने काम । ~ **तोरियाँ**– ना० पीपलका पातका आकारका ठूलठूला पात हुने, पहेँलो फूल फुल्ने, पाटैपाटा परेका लामा फल फल्ने लहरो । २. तर्कारीका रूपमा प्रयोगमा आउने त्यसैको फल; पाटेघिरौँलो; झिँगनीतोरियाँ । ~ **परेली**– ना० दुई व्यक्तिसँग एक-एक मात्र गोरु भई दुई व्यक्तिका एक-एक गोरु मिलाएर एक हल तुल्याई परस्परमा काम चलाउन बाँधिएको सम्बन्ध; बराहा । ~ **बँधाइ**– ना० पाटेजोडाइ । ~ **बाघ**– ना० शरीरमा काला वा पहेँला पाटा भएको बाघ (रायल बङ्गाल-टाइगर) । ~ **बारुलो**– ना० सेता पाटा हुने एक जातको बारुलो । ~ **सिमी**– ना० पाटा परेको कोसा फल्ने एक जातको सिमी ।

**पाटो**– ना० [सं० पट्ट] १. बारीको विशाल चकला; सतह मिलेको फराकिलो जग्गा; पाटा । २. दुई कुनाका बीचको भूमि; पाटा । ३. एक रङको भुइँमा अर्को रङ परेको धर्सो । ४. कुनै वस्तुका आकारमा देखिने चेप्टो आकृति वा धरो ।

**पाठ**– ना० [सं०] १. पढ्ने कार्य वा काम; पढाइ । २. नियम वा विधिपूर्वक कुनै धार्मिक ग्रन्थ आदि बाच्ने काम । ३. पढ्ने वा पढाउने सामग्री । ४. गुरुले शिष्यलाई एक पटक घोक्न दिएको अंश । ५. पाठ्यपुस्तकको कुनै परिच्छेद । ६. बाच्ने वा पढ्ने क्रिया । ७ अर्ती; उपदेश । ८. प्रेरणा; भुक्त अनुभव । > **पाठक**– ना० १. पढ्ने छात्र । २. पढाउने गुरु । ३. कथावाचक । ४. ब्राह्मण-जातिको एक थर । ~ **घण्टा**– ना० १. नयाँ शिक्षा प्रणालीअनुसार एक विषयको हप्ताभर पढाइने घण्टा (क्रेडिट आवर) । २. कुनै पाठ्यविषयको पाठ्यभारको अनुपात । > **पाठन**– ना० पढाउने कार्य; अध्यापन । **पाठनीय**– वि० पढाउन योग्य; अध्यापन गर्न सुहाउने; पढाउन हुने वा मिल्ने । ~ **पत्र**– ना० कक्षाका प्रत्येक विद्यार्थीलाई हात-हातमा दिनका निम्ति शिक्षकले तयार पारेको, एक दिनमा पढाइने विषयका मुख्य-मुख्य बुँदाको लेखोट वा टाइप गरेको पत्र । ~ **पर्चा**– ना० पाठपत्र । ~ **भेद**– ना० एकै पुस्तकका दुई वा दुईभन्दा बढी प्रतिमा लेखिएका शब्द, वाक्य आदिमा देखिएको भिन्नता; पाठान्तर । ~ **योजना**– ना० एक दिनमा निश्चित अवधिमा पढाइने विषयको पहिले नै तयार पारिएको योजनाबद्ध रूपरेखा । – **शाला**– ना० विद्यार्थी वा छात्रछात्राहरूलाई शिक्षा दिइने वा पढाइने घर; विद्यालय; स्कूल । – **शालिनी**– ना० मान्छेझैँ बोल्ने शालिनी पक्षी; मैना चरी । – **शालीय**– वि० पाठशालासम्बन्धी; पाठशालाको । **पाठान्तर**– ना० पाठभेद ।

**पाठा१**– ना० [पाटो+आ] बाटुल्याते झारको ठूलो चाहिँ प्रकार ।

**पाठा२**– ना० [सं०] निकै ठूलो पात हुने, छेउछाउमा फूल फुल्ने, आयुर्वेदका अनुसार तीतो जरो हुने, आउँ र शूल रोगका निम्ति हितकारी हुने मानिएको, एक जातको रूख चढ्ने लहरो ।

**पाठा३**– ना० [सं० पत्र] सेलरोटी पकाउँदा टुक्राटुक्री परेर ताईमा रहेका रोटीका झुर्का । (लोग्नेमान्छेले पाठा खाँदा छोरी-छोरी हुन्छन् भन्ने लोकोक्ति छ ।)

**पाठा४**– ना० [पाठोको ब० व० तथा ति० रू०] पाठो । ~ **पाठी**– ना० बाखो, भेडो, सुँगुर, मृग आदिका साना बच्चा वा छाउरा ।

**पाठावली**– ना० [सं०] पढिने पुस्तकका पाठहरूको क्रमबद्ध समूह; पाठ्यग्रन्थावलि; पाठ्यविषयावलि ।

**पाठिका**– ना० [सं०] १. पढ्ने वा पढाउने स्त्री । २. पाठ गर्ने स्त्री ।

**पाठित**– वि० [सं०] पढाइएको; पाठ गराइएको ।

**पाठी१**– वि० [सं०] १. पाठ गर्ने; बाच्ने । २. पढ्ने; अध्ययन गर्ने; पाठक । ३. पढिसकिएको; पढेर सिद्ध्याइएको ।

**पाठी२**– ना० [पाठो+ई] भेडा, बाखा, सुँगुर आदिको पोथी बच्चो; छाउरी ।

**पाठीन**– ना० [सं०] १. लामो थुतुनो हुने एक जातको माछोविशेष । २. अध्ययन-अध्यापनको काम गर्ने व्यक्ति । ३. पुराण आदिको वाचक ।

**पाठे**– वि० [पाठो+ए] पाठोसम्बन्धी; पाठाको । – **घर**– ना० गर्भमा बालक वा बच्चो रहने थैलो; स्त्रीजातिका पेटमा रहने बच्चा बस्ने थैलो; गर्भाशय; तल्लो पेट; भुँडी । ~ **भाइ**– ना० १. एउटै पाठ पढ्ने वा सँगसँगै पढ्ने साथी; सहपाठी; सहाध्यायी । २. एकै कोखको दाजु वा भाइ; गर्भे भाइ ।

**पाठो**– ना० [सं० पृथुक = शिशु] १. भेडा, बाखा, मृग, सुँगुर आदिको भाले बच्चो । २. पिँडालुको गानामा जोल्टिएर रहेको पुड्को; छाउरो ।

**पाठ्य**– वि० [सं०] पढ्न लायक; पढ्न हुने; पढाइयोग्य; पाठ गर्न योग्य; पठनीय । – **क्रम**– ना० पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापरक्रम । – **क्रम विकास केन्द्र**– ना० पाठ्यक्रम र पाठ्यपुस्तकहरूको निर्धारण एवं तर्जुमा गर्ने संस्था । ~ **ग्रन्थ**– ना० पाठ्यपुस्तक । ~ **पुस्तक**– ना० विद्यालय एवं विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढ्नुपर्ने पुस्तक । ~ **वस्तु**– ना० पाठ्यक्रममा उल्लिखित पाठ्यसामग्री । ~ **विषय**– ना० पढाइने विषय; पढाउनुपर्ने विषय; पाठ्यवस्तु । ~ **सामग्री**– ना० १. कक्षामा विद्यार्थीहरूलाई पढाउन पाठ्यक्रममा उल्लिखित सामग्री । २. पढाउँदा चाहिने कुनै सामान (किताप, चक, डस्टर इ०) ।

**पाठ्यांश**– ना० [सं०] विद्यार्थीहरूलाई पढाइने पुस्तकको निर्धारित अंश वा भाग । ~ **चक्र**– ना० पढाइने विषयका निर्धारित अंशहरूको क्रमिक सूची ।

**पाड्को**– ना० १.फेरो । २. ठेडी ।

**पाडरी**– ना० [सं० पाटली] बस्तुहरूले खाने डाले घाँसका रूपमा

प्रसिद्ध एक जातको वृक्षविशेष; पाखरी ।

**पाडी**– ना० [पाडो+ई] भैँसीको पोथी बच्चो ।

**पाडो**– ना० [सं० पृथुक] भैँसीको भाले बच्चो; राँगो ।

**पाढी नीम**– ना० [पहाडी+नीम] पहाडतिर हुने एक खालको नीम; पहाडी नीम ।

**पाणि**– ना० [सं०] हे० हात । – **गृहीता**– ना० विवाह भएकी पत्नी; विवाहिता स्वास्नी । – **ग्रहण**– ना० १. विवाहका समयमा वरले वधूको हात विधिपूर्वक समात्ने धार्मिक विधि । २. विवाह । – **ग्रहीता/ग्राहक**– ना० लोग्ने । – **तल**– ना० हत्केलो ।

**पाणिनि**– ना० [सं०] केही विचारकहरूका अनुसार फणी वा पणी जातको व्यापारिक समाजमा जन्मिएका, संस्कृत व्याकरणका रचयिता वा आचार्य एक प्रसिद्ध मुनि । > **पाणिनीय**– वि० १. पाणिनिले बनाएको वा रचेको; पाणिनिसम्बन्धी । ना० २. पाणिनिरचित व्याकरण; अष्टाध्यायी ।

**पाण्डरा**– ना० १. बौद्ध धर्मअनुसार पञ्चतारामध्ये एक । २. अमिताभकी पत्नी; शक्ति । ३. पद्मपाणिकी माता वा आमा ।

**पाण्डव**– ना० [सं०] महाभारतप्रसिद्ध पाण्डुका पाँच छोरा; पञ्चपाण्डव (युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेव) ।

**पाण्डित्य**– ना० [सं०] पण्डित हुनाको भाव वा पण्डितमा हुनुपर्ने विशेषता; विद्वत्ता, पण्डित्याइँ ।

**पाण्डु**– ना० [सं०] १. पञ्चपाण्डवका पिता । २. केही रातो भावको पहेँलो रङ । ३. नीलो भावको सेतो रङ । ४. सम्पूर्ण शरीर र रौँ सेतो हुने एक रोग; श्वेतकुष्ठ; सेतो कोढ । वि० ५. पाण्डु रङको । > **पाण्डुर**– ना० १. सेतो रङ । २. पहेँलो रङ । ३. पाण्डुरोग । वि० ४. पहेँलो भावको सेतो; पाँडुले । – **लिपि**– ना० १. प्रेसमा कम्पोज गरिने लिखित वा टङ्कित लेख-रचना; मूल प्रति; गुरुकापी । २. हस्तलिखित खेस्रा वा मस्यौदा; पाण्डुलेख । – **लेख**– ना० पाण्डुलिपि । ~ **लेखन**– ना० पाण्डुलिपि तयार पार्ने काम; पाण्डुलेख तयार पार्ने काम; लिपिकर्म ।

**पात१**– ना० [सं० पत्र] बोटबिरुवा आदिका हाँगाबिँगाबाट निस्कने हरियो एवं पातलो अवयव; पत्र; बोटबिरुवाले सास फेर्ने अङ्ग ।

**पात२**– ना० [सं०] १. खस्ने वा झर्ने काम; पतन; खसाइ; झराइ । २. नाश हुने वा बिग्रने क्रिया; विनाश; स्वाहा; सत्यानाश । ३. मृत्यु; मरण । ४. कसैमाथिको प्रहार; ताडन; हिर्काइ ।

**पातक**– ना० [सं०] कुकर्मतिर धकेल्ने तत्त्व; पाप; अधर्म । > **पातकी**– वि० १. पापकर्ममा लागेको; पापी । २. अपराध कर्म गर्ने; अधर्मी । ३. ऐनबमोजिम दामल भएको लोग्ने वा स्वास्नीबाट जन्मिएको सन्तान; छितकी; बापती ।

**पातञ्जल**– वि० [सं०] पतञ्जलिसम्बन्धी वा पतञ्जलिले बनाएको (व्याकरणको महाभाष्य वा योगदर्शन) ।

**पातन**– ना० [सं०] १. खसालाइ; झराइ; । २. ढाल्ने वा लडाउने काम । > **पातनीय**– वि० खसाल्न वा झार्न योग्य; झार्न हुने वा सकिने ।

**पातपतिङ्गर/पातपतिङर**– ना० [सं० पत्र+पत्राङ्कुर] झरेका पातहरूको समूह; पतकर ।

**पातपातै**– क्रि० वि० [पात+पात+ऐ] १. रूखमा पात हुने वा चाल्ने गरी । २. कुरैपिच्छे, जस्तै– पातपातै टिप्नु (कुरा काट्नु) ।

**पातयिता**– वि० [सं०] खसाल्ने वा झार्ने काम गर्ने; पातन गर्ने; खसालुवा ।

**पातल**– ना० [सं० पत्रतल] सधैँ हराभरा भइरहने लेकको सेपिलो एवं घना जङ्गल ।

**पातलिनु**– अ० क्रि० [पातलो+इ+नु] १. पातलो हुनु; घनत्व घट्नु; मोटाइ कम हुनु । २. पन्यालो हुनु; तरल हुनु । ३. भीड कम हुनु; घुइँचो कम हुनु । ४. कुनै वस्तु जोडिएर नरही पर-पर छुट्टै रहनु ।

**पातली**– वि० [पातलो+ई] १. पातलो शरीर भएकी; चिटिक्क परेकी; राम्रो, सानो र छरितो जीउ भएकी । २. दुब्ली; सिकुटे (नारी) । ३. छाला पातलो भएको र रौँ सपक्क परेर चिल्लो देखिने (गाई) । ना० ४. हकुवा, पठुवा आदिका कुनिउँमा पिन्जरीभन्दा माथिको पातलो फेरो ।

**पातले**– वि० [पातलो+ए] १. पातलो आकार वा पत्र भएको । २. दुब्लो; खियाउटे । [पातल+ए] ३. पातलमा हुने । ना० ४. कालो भुस तथा रातो चामल हुने एक जातको धान; आँगा । ~ **कटुस**– ना० पातलका रूखमा फल्ने वा झ्याप्प पात हुने एक जातको कटुस । ~ **ढुकुर**– ना० सानो र चिटिक्क परेको एक जातको ढुकुर । ~ **निहुरो**– ना० ससाना डाँठ हुने एक जातको निहुरो । ~ **रोटी**– ना० चामल वा गहुँका पीठाको पातलो गरी पकाइने बाबर । ~ **सिस्नु**– ना० साना डाँठ र झ्याम्टा हने एक जातको सिस्नु; अल्लो ।

**पातलो**– वि० [सं० पत्रल] १. पन्यालो; तरल । २. बाक्लो नभएको; मोटाइ एकदम कम भएको; पात्लो । ३. दुब्लो; सिकुटे; खिनाउटे । ४. परस्परमा नजोडिई अलगअलग रहेको; बीचबीचमा खाली भएको (कुनै वस्तु) ।

**पातल्याइ**– ना० [√ **पातली** (+याइ)] – ना० पातलिने क्रिया वा प्रक्रिया । [ > ] **पातल्याइनु**– क० क्रि० पातलिने पारिनु; पातलो बनाइनु । **पातल्याउनु**– स० क्रि०/प्रे० क्रि० पातलिने पार्नु; पातलो तुल्याउनु ।

**पाता१**– वि० [सं०] १. रक्षा गर्ने; रक्षक; संरक्षक । २. पिउने काम गर्ने; पियक्कड ।

**पाता२**– ना० [पातो+आ] हे० पातो । ~ **फर्काइ**– ना० दुई हात पछाडिपट्टि लगी बाँधेर अपराधी आदिलाई दण्ड दिने एक उपाय ।

**पाता३**– ना० पत्र; धातु आदिको पातलो पत्र ।

**पाताल**– ना० [सं०] १. पौर्वात्य परम्पराअनुसार पृथ्वीका तलतिर रहने सात लोकमध्ये सबभन्दा तल्लो लोक; पत्ताल; नागलोक । २. पृथिवीभन्दा तलको कुनै लोक । ३. घर बनेको वा बनाउने

जग्गा । ४. अङ्गुल वा मात्राको सात गुनाबराबरको नाप । ५. दृष्टि, मुनि वा अब्धिबराबरको नाप । ६. सात अमलबराबरको नाप । ७. घर भत्केको घडेरी; खँडहर । ~ **यन्त्र–** ना० धातु गलाउने अर्क, तेल आदि तयार गर्ने यन्त्र । – **वासी–** ना० १. दैत्य; दानव; नाग । वि० २. पातालमा बस्ने । > **पातालिनु–** अ० क्रि० १. तलतिर झर्नु; भासिनु । २. भत्किनु ।

**पाताली–** वि० [सं० पाताल+ई] १. पातालको । २. भूगर्भको । ~ **चट्टान–** ना० धरातलभित्र आगाको प्रभावबाट बनेको कडा चट्टान ।

**पाताले–** वि० [सं० पाताल+ए] १. पातालको; पातालसम्बन्धी । २. पातालमा बस्ने वा पाइने ।

**पातित–** वि० [सं०] १. खसालिएको; झारिएको; गिराइएको; पतन गराइएको । २. लडाइएको; ढालिएको ।

**पातित्य–** ना० [सं०] १. आचार, शील आदिबाट पतित हुने क्रिया । २. जाति एवं धर्मबाट च्युत हुने भाव वा अवस्था ।

**पातिव्रत/पातिव्रत्य–** ना० [सं०] १. पतिव्रता स्त्रीले पालन गर्नुपर्ने धर्म । २. पतिव्रता स्त्रीको समुचित गुण । ३. पतिप्रतिको नैतिक इमानदारी । ४. परपुरुषसितको सतर्कता ।

**पाती१–** वि० [सं०] १. तल खस्ने; झर्ने; तलतिर गिर्ने । २. खसाल्ने; झार्ने; गिराउने । ३. ढाल्ने; लडाउने । वि० बो० ४. धन्यवादका बदलाको आक्षेप ।

**पाती२–** ना० [पात+ई] १. पात; पत्र । २. देवतालाई चढाइएको फूलप्रसाद । ३. पितृप्रसाद पहिराउँदा पुरोहितले पढ्ने मन्त्र । ४. ब्राह्मण वा पुरोहितले यजमानलाई पितृप्रसाद पहिराउँदा पढ्ने मन्त्र । ५. फूलपात ।

**पाते–** ना० [अ० मू० पच्+ए > पाचे] १. कसैले बोलेका कुरा हास्यात्मक रीतिबाट काट्ने उल्याहा व्यक्ति । वि० [पातो+ए] २. पाता परेको; पातासम्बन्धी । [पात+ए] ३. पात भएको; पातसम्बन्धी । ~ **कुरो–** ना० चेप्टा पात भएको एक थरी डल्ले कुरो । ~ **कुटो–** ना० फराकिलो पातो भएको, छरितो खन्ने हतियार वा कुटो । ~ **झुलो–** ना० ऋद्धिलता । ~ **फिस्टो–** ना० पातहरू जोडेर थैली आकारको गुँड बनाउने फिस्टो चरो ।

**पातैपात–** ना० [पात+पात] १. धेरै वा थुप्रै पात । २. लुगाफाटाको छालैछाल । (उदा०– अनिकाल लागे भातैभात, लुगा फाटे पातैपात । – उखान) ।

**पातो१–** ना० [सं० पट्ट] १. कुनै पनि धातु पिटेर चेप्टो पारिएको पातलो पत्र; पाता । २. कोदालो, कादाली आदिको खन्नेतिरको पातलो र फराकिलो भाग । ३. तमाखु टाँसेर चिलिमभित्र घोप्ट्याइने माटाको खबटो अथवा ढुङ्गा आदिको चेप्टो साधन । ४. नाम्लाको चुल्ठ्याइएर चेप्टो वा पातलो पारिएको, थाप्लामा अडिने भाग । ५. सिमेन्टको बनाइएको चकला ।

**पातो२–** ना० [सं० पृष्ठपत्र] १. शरीरको कुमदेखि कम्मरसम्मको पछिल्लो अवयव । २. साँप्राको कोखमा जोडिएको पातलो र फराकिलो अवयव । ३. पुस्तक, कापी आदिको पानु वा पातो; पन्ना ।

**पात्तिनु–** अ० क्रि० [सं० पाती+इनु] १. कुपात्र हुनु । २. बल्किनु; जथाभावी गर्ने हुनु । ३. मात्तिनु; इत्तरिनु; छिहिलिनु; निर्लज्ज हुनु । ४. फुरफुरिनु; फुर्किनु । > **पात्त्याइ–** ना० पात्तिने क्रिया वा प्रक्रिया ।

**पात्य–** वि० [सं०] १. खसाल्न वा झार्न लायक । २. दण्डजरिमाना गर्न उचित । ३. प्रहार गर्न लायक ।

**पात्लो–** वि०हे० पातलो ।

**पात्र–** ना० [सं०] १. कुनै वस्तु राख्ने आधार; भाँडो; बर्तन । २. केही वस्तु पाउन वा लिन योग्य व्यक्ति; सत्कार, पूजा आदि गर्न योग्य मानिस; सुपात्र; सत्पात्र । ३. नाटकमा अभिनय गर्ने व्यक्ति; अभिनेता; नट । ४. काव्य, नाटक, कथा, उपन्यास आदिमा चरित्रको वर्णन गरिएको नायक, नायिका वा अन्य कुनै व्यक्ति । ५. योग्यता; क्षमता; सामर्थ्य । वि० ६. अधिकार दिन वा पाउन योग्य । – **क–** ना० १. सानो खालको भाँडो; तुच्छ भाँडो; ठाँडो । २. पत्रु । – **ता–** ना० १. कुनै काममा रोजिन वा कुनै पदमा नियुक्त हुनका लागि चाहिने आवश्यक गुण वा योग्यता । २. पात्रमा हुनुपर्ने वा भएको गुण; असल गुण । – **त्व–** ना० पात्रता ।

**पात्रो–** ना० [सं०] वर्षभरिका गते, वार, तिथि, योग, करण आदि लेखिएको पुस्तिका; पञ्चाङ्ग ।

**पात्ले–** ना० [पातल+ए] १. पातल वा लेकाली जङ्गलमा हुने कटुसको एक जात । वि० २. पातलको; पातलसम्बन्धी । [पात्लो+ए] ३. पात्लो खालको; पातले । ~ **कटुस–** ना० पातले कटुस । ~ **ढुकुर–** ना० पातले ढुकुर । ~ **निहुरो–** ना० पातले निहुरो । ~ **रोटी–** ना० पातले रोटी ।

**पाथी–** ना० १. आठ माना अटाउने भर्ने भाँडो; आठ मानाको परिमाणको वस्तु अटाउने नाप्ने भाँडो । वि० २. आठ माना परिमाणको । ३. मुरीको बीसौँ अंशको । ~ **ब्याज–** ना० वर्ष दिनमा एक रुपियाँको एक पाथीका दरले लिइने ब्याज । ~ **भात खाए जस्तो–** वि० पूरा सन्तोष लाग्ने; मन ढुक्क हुने । ~ **भात खाने–** वि० पूरा समर्थ; लक्का ।

**पाथे–** वि० [पाथी+ए] १. पाथीको; पाथीसम्बन्धी । २. एउटै पाथीले भरेको अन्नादि खाने सम्बन्धित (व्यक्ति); चुले । ३. पाथी अटाउने वा भरिने । ~ **भाइ–** ना० १. एउटै कामको हिस्सा बेहोर्ने व्यक्तिहरू; हिस्सेदार । २. एउटै खलाको मोही । ३. एउटै चुलामा खाने साथी; भान्से भाइ, चुले भाइ ।

**पाथेय–** ना० [सं०] बाटामा खानका निम्ति लिइने साँवल; बाटाको सामलतुमल; बाटाखर्च । ~ **श्राद्ध–** ना० मृतकको मोक्षका उद्देश्यले सातौँ र बाह्रौँ दिनमा गरिने श्राद्ध ।

**पाद्‌-नु–** अ० क्रि० [सं० पर्दन] अपानवायु छाड्नु; अधोवायु छाड्नु; गुदद्वारबाट दुर्गन्धमय हावा फाल्नु ।

**पाद१**– ना० [सं० पर्द] अपानवायु; अधोवायु ।

**पाद२**– ना० [सं०] १. पाउ; चरण; गोडो; खुट्टो । २. श्लोक वा पद्यको पाउ; चरण; पद । ३. कुनै वस्तुको चौथो भाग; चतुर्थांश । ४. पुस्तकको प्रकरण । ५. कुनै वस्तुको तल्लो भाग; पींध । ६. जरो; जड; मूल । ~ **कटक**– ना० पाउजेब । ~ **कमल**– ना० १. कमलजस्ता नरम र राता पाउ; चरणकमल । २. गोडा; पाउ (आदरार्थमा) । – **क्षेप**– ना० १. टेकाइ; टेक्ने काम । २. हिँडाइ । ३. लात । – **चाप**– ना० खुट्टाले टेक्दा हुने थर्कन; टेकाइ; कुल्चाइ । – **चार**– ना० पैदल जाने काम; पैदल हिँडाइ । – **चारी**– वि० १. पैदल यात्री; पैदल हिँड्ने । ना० २. पैदल सेना; पदाति । – **जल**– ना० देवता वा मान्य जनका पाउ धोएको जल; चरणोदक; चरणामृत । ~ **टिप्पणी**– ना० पृष्ठका पुछारमा राखिने कुनै विषयको प्रमाण वा पुष्टिका निम्तिको टिप्पणी; खुरेटिपोट । ~ **टीका**– ना० कुनै ग्रन्थमा पृष्ठका पुछारमा सूचना, निर्देश, व्याख्या आदिका निम्ति लेखिएको टिप्पणी । – **तल**– ना० पैतालो; तलुवा । – **त्राण**– ना० जुत्ता; उपानह; पाउलो । ~ **दलित**– वि० १. गोडाले कुल्चिएको; खुट्टाले टेकिएको । २. थिचिएको; दबाइएको । ३. पराजित; अपमानित । – **न्यास**– ना० पाइलो राख्ने वा टेक्ने काम; टेकाइ; कुल्चाइ । ~ **पङ्कज**– ना० पादकमल । – **पथ**– ना० पैदल हिँड्नुपर्ने बाटो; गोरेटो; डोरेटो । –पद्म– ना० पादकमल । – **पीठ**– ना० १. राजसिंहासनमुन्तिर पाउ राख्न बनाइएको सानो चौकी; उपधानी । २. अग्ला आसनको तल खुट्टा राख्न बनाइएको चौकी । ~ **पीडा**– ना० काँडो आदि बिभ्दा वा घाउ हुँदा खुट्टामा हुने पीडा । – **पूरण / पूर्ति**– ना० १. कुनै अपूरो श्लोकको पाउ पूरा गर्ने काम । २. निरर्थक वा अनावश्यक शब्दहरू राखेर भए पनि छन्दको पूर्ति गर्ने काम । ~ **प्रणाम**– ना० साष्टाङ्ग दण्डवत् गर्ने काम; पाउमा प्रणाम गर्ने काम; ढोग्ने काम; ढोग । – **रज्जु**– ना० पशुहरूको खुट्टो बाँध्ने डोरी; खुट्टे डोरी; खुट्टे । – **लग्न**– वि० १. पाउमा लागेको; गोडामा परेको । २. शरणमा आएको; शरणार्थी । ~ **वन्दन / वन्दना**– ना० पाउ छोएर नमस्कार गर्ने काम; दण्डवत् गर्ने काम । ~ **वल्मीक**– ना० खुट्टा सुन्निने एक किसिमको रोग; थामखुट्टे रोग; हात्तीपाइले रोग; फाइलेरिया । ~ **विन्यास**– ना० १. पाउ राख्ने काम; पाइलो राख्ने काम; खुट्टोटेकाइ; कुल्चाइ । २. पदविन्यास । ~ **विराम**– ना० वाक्यमा पद वा वाक्यांशलाई छुट्ट्याउने र विश्राम दिने चिह्न; अल्पविराम; कमा ( , ) । ~ **सेवन**– ना० १. पाउको सेवा गर्ने काम; पाउ छुने काम । २. सेवाशुश्रूषा । ३. कमार्तन । ~ **सेवा**– ना० पादसेवन । – **हत**– वि० १. लत्याइएको; लात मारिएको । २. हेला गरिएको; उपेक्षित । – **हीन**– वि० १. खुट्टो नभएको; लँगडो; खोरन्डो । २. श्लोकको कुनै पाउ वा चरण नभएको । > **पादाति**– ना० पैदल सिपाही; पदाति । **पादान्त**– ना० श्लोक वा पद्यका पाउ वा चरणको अन्त । **पादारविन्द**– ना० पादकमल ।

**पादिनु**– क० क्रि० [पाद्+इ+नु] अपानवायु छोडिनु; पाद्ने काम गरिनु ।

**पादुक**– वि० [सं०] पैदल जाने; खुट्टाले हिँड्ने ।

**पादुका**– ना० [सं०] १. खराउ । २. जुत्ता । – **दान**– ना० १. जुत्ता दान दिने एक धार्मिक कार्य । २. जुत्ता वा खराउ दिने काम । – **स्थान**– ना० दैलेख जिल्लाको दुल्लु बजारदेखि दुई कोस पश्चिमपट्टि पादुका खोलाका किनारमा रहेको एक मन्दिर । (यहाँ सतीदेवीको पाउ झरेको र परापूर्वकालदेखि एक ज्वाला बलिरहेको छ भन्ने कथन छ ।)

**पादोदक**– ना० [सं०] चरणोदक; खुट्टाको जल ।

**पाद्य**– वि० [सं०] १. गोडासम्बन्धी; चरणको । २. पूज्य व्यक्ति वा देवदेवीको पाउ धुने (पानी) । ना० ३. देवकार्यमा पूजा गर्दा चढाइने पवित्र जल; पाद्योदक । > **पाद्यार्घ**– ना० १. हातपाउ धुने पानी । २. पूजाका सामग्री; पूजासामा । ३. पूजाका निम्ति छुट्ट्याइएको कुनै वस्तु । **पाद्यार्घ्य**– ना० हे० पाद्यार्घ ।

**पाध्या / पाध्ये**– ना० [सं० उपाध्याय] ब्राह्मण । स्त्री० पाध्येनी ।

**पान**– ना० [सं०] १. पिउने काम; पन्यालो पदार्थ वा धूवाँ निल्ने काम । २. पिइने पदार्थ; पेय पदार्थ । ३. चुम्बन; म्वाइँ । [पञ्च] ना० / वि० ४. 'पाँच' शब्दको अपभ्रंश रूप । [सं० पानीय>पानी] ५. समास भएका केही शब्दको आरम्भमा देखिने 'पानी'–को सङ्क्षिप्त रूप (जस्तै– पानढिकी, पानडोको इ०) । [सं० पर्ण (=पात)] ६. पीपलका पातका आकारका पात हुने एक प्रसिद्ध लहरो; ताम्बूली; खयर, चून आदि हालेर खाइने, आयुर्वेदमा रक्तवर्धक, कफनाशक, बलवर्द्धक र रुचिकारक गुण बताइएको त्यसैको पात । ७. खयर, चून, सुपारी आदि हाली बनाइएको सोही पातको खिली । ८. पानकै पातका आकारका राता फुट्टी हुने तासका चक्कीको एक प्रकार । ~ **गोष्ठिका / गोष्ठी**– ना० चिया वा रक्सी आदिका साथ चमेना गर्न भेला भएको समूह । ~ **डोको**– ना० पानी बोक्ने वा पानीको गाग्रो हालेर बोक्ने सानो खालको डोको । ~ **ढिकी**– ना० १. पानीको कुलाबाट वा पानीका वेगबाट चलाइने ढिकी । २. त्यस्ता यन्त्रले एक टक मारेको मोहर । ~ **मोहर**– ना० पानीका वेगबाट चल्ने यन्त्रले टक मारेको सिक्का । ~ **दस**– ना० पाँच, दस, पन्ध्र, बीस गरी पपाँचको फरक गर्दै गनेर खेल्ने डन्डीबियाको एक खेल । (उदा०– 'पान्दस् जम्मा दण्डको चार खेल,व्यर्थै खेल्थ्याँ झल्ल भो आज बल्ल') । – **दान / दानी**– ना० पान र त्यसका मसलाहरू हाल्ने भाँडो । ~ **दुई**– ना० एक पासामा पन्जा र शेष दुई पासामा पोट परी जम्मा सात फुट्टी हुने पासाको दाउ । ~ **पाते**– ना० १. पानका पातका आकारका पात हुने एक जातको सानो जलकुम्भी । वि० २. पानका पातका आकारको; पानको पातजस्तो । ~ **पात्र**– ना० जाँड, रक्सी आदि मादक पेय पदार्थ पिउने भाँडो; चषक । – **फुल**– ना० १. सानोतिनो कोसेली; अल्प उपहार; श्रद्धासहितको सानो नजराना । २. पारिश्रमिक

(शिष्टार्थमा) । ३. घूस (कूटार्थमा) । ~**बट्टा**– ना० पान र त्यसका मरमसला हाल्ने भाँडो । ~**बुट्टा**– ना० पानका पातका आकारका बुट्टा । ~**बुट्टे**– वि० पानका पातका आकारको बुट्टा भएको; पानपाते बुट्टा भएको । ~**भूमि**– ना० मदिरा पिउने ठाउँ; भट्टी । ~**मण्डल**– ना० पियक्कडहरूको जमात; जाँडरक्सी पिउनेहरूको समूह; रक्स्याहा-मण्डली । – **रत**– वि० जाँडरक्सी आदि मादक पदार्थ पिउने आदत बसेको; जँडचाहा; रक्स्याहा ।

**पानस**– ना० [फा० फानूस] ठडौराको सिरानमा जडिएको दियोमा तेलआदि हालेर बालिने बत्ती; फानुस; साधारण कोटिको सुकुन्डो ।

**पान सुपारी**– ना० [पान+सुपारी] मेजमान वा अतिथि आदिको सम्मानका निम्ति खुवाइने वा दिइने पान र सुपारी ।

**पाना१**– ना० [सं० पर्ण] १. पुस्तक, पुस्तिका आदिको पत्र; पातो; पन्ना । २. फूलका थुँगाको पत्र ।

**पाना२**– ना० [सं० पान+आ] एक बालीसम्म जोत्न भनी कसैबाट गोरु लिएबापत गोरुधनीलाई दिइने अन्नको दस्तुर । – **कर**– ना० रुपियाँ-पैसाका आधारमा लिच्छविकालमा लगाइएको एक प्रकारको कर ।

**पानी**– ना० [प्रा० पाणीअ < सं० पानीय] १. नदी, इनार, कुवा, बादल आदिबाट प्राप्त हुने र तिर्खा मेट्न चलअचल प्राणीले सदैव पिउनुपर्ने, बालीनाली आदिका निम्ति निरन्तर आवश्यक पर्ने प्रसिद्ध तरल पदार्थ; जल; नीर । २. झोल; रस । ३. जिब्रो, आँखा, घाउ आदिबाट बग्ने तरल पदार्थ; आँसु । ४. झरी; वर्षा; वृष्टि । ५. तेज; कान्ति । ६. टलक; चमक; पाइन । ७. मान; प्रतिष्ठा । ८. पुरुषार्थ; वीरता । ९. अभिमान; ताइँ; घमन्ड । १०. वर्ष; साल (जस्तो– दुई पानी खाएको रूख) । ११. जलवायु । ~**अड्डा**– ना० खाने पानीको व्यवस्था मिलाउने सरकारी अड्डा । ~**अमला**– ना० १. उनिउँका पातजस्ता लामालामा पात हुने जरामा पानी नै पानी भएजस्तो रसिला तथा खैरा फल फल्ने एक जातको झार । २. त्यसैको फल; भुइँअमला । (आयुर्वेदमा यसको गुण ठन्डा र धातु रोगका निम्ति उपयोगी बताइएको छ ।) ~**आन्द्रे**– वि० डरछेरुवा; कातर । ~**आन्द्रो**– ना० पिएको पानी भित्र जाने आन्द्रो । ~**ओद**– ना० पानीमा हिँड्ने बिरालोजस्तो प्राणी; पानीबिरालो; ओद । ~**कर**– ना० १. टयाङ्कीमा जम्मा गरी पाइपबाट वितरण गरिएको पानीको उपयोग गरेबापत सम्बन्धित संस्थान वा सरकारलाई दिइने दस्तुर वा रकम । २. जग्गाजमिनमा नहर, पैनी आदिबाट पानी पटाएबापत सरकारलाई दिइने कर । ~**करेलो**– ना० १. सिमसारमा पाइने एक जातको करेलो । ~**कल**– ना० १. पानीको प्रवाह वा वेगबाट चल्ने कल; घट्ट । २. इनार, कुवा आदिको पानी माथि तान्ने एक प्रकारको धारो; टयूबवेल । ३. पानी तान्ने यन्त्र; दमकल । ४. जमिनमुनिको पानी तान्ने मिसिन; पम्पिङ सेट । ~**काग**– ना० जलाशयका नजिक रहने एक कालो पक्षी । ~**कागत**– ना० प्लास्टिकको, पानी अडिने एक प्रकारको वस्तु (पोलिथिन पेपर) । ~**कौवा**– ना० पानीकाग । ~**खेदो**– ना० पानीमुनि गए पनि नछोड्ने किसिमको खेदो; नछाडीकन दुःख दिइरहने काम । ~**गुलाफी**– ना० १. गुलाफी रङको एक भेद । वि० २. त्यस्तो रङको । ~**गुन्डो**– वि० १. सुकुलगुन्डोभन्दा पनि तल्लो स्तरको गुन्डो । २. हरितन्नम; हरिलट्टक । ~**घट्ट**– ना० पानीले चल्ने घट्ट । – **घडी**– ना० पानीमा सानो छिद्र भएको भाँडो राखेर छिरेको पानी भरिएपछि एक घडी हुने एक पुरानो चलनको घडी; जलयन्त्र । ~**घाट**– ना० पानीको धारो आदि भएको ठाउँ; पनेरो; कुवा; जलाशय । ~**घोडा**– ना० पानीमा हुने एक जातको घोडा । ~**चरी**– ना० पानीमा गोता खाने एक जातको चरो । ~**जहाज**– ना० समुद्रमा वा ठूला नदीमा चल्ने जहाज । ~**जुको**– ना० पानीमा रहने एक जातको ठूलो जुको । ~**झ्याउ**– ना० जलाशयमा उम्रने एक जातको कुरकुरेजस्तो झ्याउ । ~**ढलो**– ना० पानी बगेर जाने भिरालो वा तेर्पे परेको जग्गा । ~**ढिकी**– ना० १. पानीका प्रवाहबाट चल्ने एक किसिमको यन्त्र । २. त्यस्ता यन्त्रले टक मारेको सिक्का । ~**ढुकुर**– ना० पानीका नजिक रहने एक जातको ढुकुर । ~**तोरी**– ना० ठूला गेडा हुने एक जातको तोरी; आफलतोरी । – **दार**– वि० १. चम्किलो; चमकदार । २. इज्जतदार । ३. साहसी; पाइनदार । ~**दुबो**– ना० करौँते झार । ~**पखाला**– ना० पानीजस्तै पातलो पखाला । ~**पट्टी**– ना० शिरमा वा अन्य कुनै अङ्गमा शीतलताका निम्ति राखिने भिजाएको कपडा । ~**पधेरो/पनेरो**– ना० १. ज्यादै आवतजावत भएको ठाउँ । २. पानीघाट । ~**पेट**– ना० पानी जम्मा हुने वा खाएको पानी गएर अडिने पेटको थैलो । ~**पोखलो**– ना० पानीपेट । ~**फल**– ना० पानीसिङ्गडा । ~**फोको**– ना० प्रसवका समयमा बालक, पाठो, बाछो, पाडो आदि जन्मनुभन्दा पहिले निस्कने पानीको थैलो । ~**बटुवा**– ना० जलमार्ग गरी हिँड्ने यात्री; पानीजहाजको यात्री । ~**बलो**– ना० छानाका छेउमा रहने लामो र तेर्सो काठ वा बाँस; दाँतीमाथिको बलो । ~**बाराबार**– ना० परस्परको ठूलो विरोध; परस्परमा भएका वैरभावको पराकाष्ठा । ~**बाहेक**– ना० पानीबाट हटक गर्ने काम । ~**बिरालो**– ना० पानीमा बस्ने बिरालोजस्तो एक जातको प्राणी; ओद । ~**बिउ**– ना० हिल्याएर अनि पानी जमाएर राखिने धानको बीउ । ~**बेत**– ना० पानीको निकट हुने एक जातको बेत । ~**ब्याड**– ना० खेतका गरामा पानी जमाई हिल्याई बीउ राख्न तयार पारिएको ठाउँ । ~**भालु**– ना० पानीमा खेल्ने र पानीकै आसपासमा बस्ने सेतो भालु । ~**भूत**– ना० पानीमा डुबेर रहने भूत; पनडुब्बा । ~**मरुवा**– ना० पानीआन्द्रे; लाछी । ~**महुवा**– ना० पानीका छेउछाउमा हुने महुवाको एक भेद ।

**पानीजुह**– ना० [नेवा०] मच्छिन्द्रनाथका पुजारी ।

**पानीय**– वि० [सं०] १. पिउन योग्य । २. बचाउन लायक; रक्षणीय । ना० ३. पानी; जल । – **शाला**– ना० बटुवाहरूलाई पानी पियाउने ठाउँ; पौशाला ।

**पानी रोटी–** ना० [पानी+रोटी] पीठाका ससाना पाङ्ग्राजस्ता डल्ला पारी उम्लेको पानीमा हालेर बेसरी पकाएको रोटी; पाङ्ग्रे रोटी ।

**पानी लट्टे–** ना० [पानी+लट्टे] चाँगेका जस्ता पात हुने, टुप्पामा लटरम्म भएर फुल्ने, दानादाना फल्ने सिमसार भूमिमा हुने एक जातको लट्टे; सिमलट्टे ।

**पानी लहरो–** ना० [पानी+लहरो] दाखका जस्ता पात हुने, साना सेता फूल फुल्ने, आयुर्वेदमा विष, खटिरा र कुष्ठरोगको नाश गर्ने गुण बताइएको एक जातको लहरो; अमृतस्रवा ।

**पानी लुँडे–** ना० [पानी+लुँडे] सिमसार वा पोखरीमा हुने एक जातको लुँडे साग ।

**पानी शिरीष–** ना० [पानी+शिरीष] बाटुला साना पात, मसिना सेता फूल र लाम्चा कोसा हुने, पानीका पहराका चिस्यानमा उम्रने एक जातको झार ।

**पानीसरो–** ना० [पानी+सरो] १. पात र बोट अदुवाका जस्ता हुने डाँठका सिरानमा सुन्तला रङका फूल फुल्ने तथा हरियो फल फल्ने एक थरी बुटी; त्यसैको फल । २. आयुर्वेदमा चर्मसम्बन्धी रोग र कुष्ठरोगलाई निको गर्ने बताइएको र श्रावण सङ्क्रान्तिका दिन लुतो फाल्न कण्डारकको पूजा गर्दा कुकुरडाइनाको लहराका साथ चढाइने त्यसको फूल । ३. शरीरमा जिलजिलाउँदा उठ्ने एक प्रकारको खटिरो; सात प्रकारका माई रोगमध्ये एक ।

**पानी सर्प/पानी साँप–** ना० [पानी+साँप] प्रायः पानीमा रहने एक जातको सर्प; नाग; ढोडिया ।

**पानी साज** ना० [पानी+साज] हलुको काठ हुने, पानीका छेउछाउमा पाइने एक जातको साज ।

**पानी सिँवाली–** ना० [पानी+सिँवाली] पानीका किनारमा रहेका ढुङ्गाका छेउछाउमा उम्रने, आयुर्वेदमा अति ठन्डा र गर्मीबाट आएका खटिरा निको पार्ने गुण बताइएको एक जातको भ्याउ ।

**पानी सिँगडा–** ना० [पानी+सिँगडा] पानीमा उम्रने ठूलठूला हरिया पात हुने, करबीरका दानाजस्ता र सिङ्गडाका आकारमा कलेजी रङका फल हुने र जरामा फल्ने एक जातको फल; पानीफल ।

**पानी सिस्नु–** ना० [पानी+सिस्नु] १. हिर्काएर सास्ती वा दण्ड दिनका निम्ति प्रयोग गरिने, पानीमा भिजाइएको सिस्नु । २. त्यसरी पानीमा सिस्नु भिजाई हिर्काएर दिइने दण्डको एक प्रकार ।

**पानी हटक/पानी हल्ट–** ना० [पानी+हटक/हल्ट] १. पानीबाट हटाउने काम; पानी नचल्ने बनाउने काम । वि० २. पानीबाट हटाइएको ।

**पानी हाँस–** ना० [पानी+हाँस] विशेष गरेर पानीमै बस्ने र राम्ररी उड्न सक्ने एक जङ्गली जातको हाँस; जलहंस ।

**पानी हात्ती–** ना० [पानी+हात्ती] पानीभित्र रहने झन्डै गैँडाका आकारको एक स्तनपायी चौपाया; जलहस्ती; पानीघोडा ।

**पाने–** वि० [पानी+ए] पानीवाला; पानीसम्बन्धी; पानीको । (शब्दका पछाडि गाँसिएर समस्त शब्द निर्माण गर्दा प्रयोगमा आउने, जस्तैं–तीनपाने, निपाने, चिसापाने इ०) ।

**पानोत्सव–** ना० [सं०] मदिरा पानको उत्सव (ककटेल पार्टी) ।

**पान्थ–** ना० [सं०] १. पथिक; बटोही; बटुवा (पेसेन्जर) । २. परदेशी; प्रवासी । ~ **निवास–** ना० यात्रीहरूलाई बास बस्नका निम्ति बनाइएको घर; पाटी; धर्मशाला; अतिथिशाला; पाहुनाघर । – **शाला–** ना० धर्मशाला ।

**पाप–** ना० [सं०] १. धार्मिक दृष्टिले खराब ठहरिने र इहलोक-परलोक दुवैमा अशुभ फल दिने कार्य; कुकर्म; पातक । २. कुकृत्यको फल; कुकर्मको परिणाम । ३. अपराध; कसूर; दोष । ४. मनमा उत्पन्न खराब नियत । ५. झन्झट; भ्याउलो । ६. हिंसा; आघात । ७. अरूलाई पुऱ्याइने हानि । ८. चारित्रिक वा नैतिक पतन हुने आचरण । – **कर–** वि० पाप गर्ने; पातकी । ~**कर्म–** ना० पाप लाग्ने काम; दुष्कर्म । ~**कर्मी–** वि० पाप गर्ने; पापी । ~**ग्रह–** ना० ज्योतिषशास्त्रअनुसार शनि, मङ्गल, राहु, केतु, सूर्य र तिनका साथमा रहेको बुध; अशुभ ग्रह । – **चेता–** वि० मनमा अर्काको कुभलो चिताउने; दुरात्मा; दुष्ट ।

**पापड–** ना० [सं० पर्पट] रहर, मुगी आदिको छाँटा पिँधेर मसिनो पीठो (बेसन) बनाई मरमसला हालेर गिलो पारी बेलिएको, फुराएर वा सेकाएर खाइने पातलो पाप्रो आकारको खाद्य पदार्थ । > **पापडी–** ना० १. पाप्राका आकारमा बन्ने खास प्रकारको रोटी; सनपापडी । २. एक प्रकारको बुटीविशेष ।

**पाप दृष्टि–** ना० [सं०] १. अरूको कुभलो हुने गरी हेरिएको हेराइ; कुदृष्टि । २. खराब नियत ।

**पाप नाश–** ना० [सं०] पापको नाश; कुकर्मको समाप्ति । > **पाप नाशक–** वि० पाप नाश गर्ने; कुकर्म समाप्त गर्ने । **पाप नाशिनी–** वि० १. पाप नाश गर्ने; अधर्मको विनाश गर्ने (स्त्री) । ना० २. बैजनी रङका नसा हुने एक जातको तुलसी । ३. शमी वृक्ष । ४. भगवती; देवी । ५. गङ्गा; पवित्र नदी । **पापनाशी–** वि० पाप नाश गर्ने; अधर्म खतम पार्ने ।

**पाप पुरुष–** ना० [सं०] १. पाप गरिरहने व्यक्ति; पापी व्यक्ति । २. तन्त्रशास्त्रअनुसार तान्त्रिकले आफ्ना देब्रे कोखामा कल्पना गर्ने पापमय पुरुष; पापमूर्ति । ३. पुराण आदिअनुसार सृष्टिकर्ताले सृष्टिलाई सन्तुलित पार्न आवश्यक ठानी रचना गरेको पापको अधिष्ठाता ।

**पाप बुद्धि/पाप मति–** वि० [सं०] पापी बुद्धि भएको; दुष्ट; पापी ।

**पाप मुक्त–** वि० [सं०] पापबाट मुक्त भएको; पापको परिणामबाट मुक्त भएको ।

**पाप मोचन–** ना० [सं०] पाप नष्ट गर्ने काम; पाप छुटाउने काम । > **पाप मोचनी–** ना० १. चैत्रकृष्ण एकादशी । वि० २. पापनाशिनी देवी वा गङ्गा ।

**पाप योनि–** ना० [सं०] पाप गरेबापत जीवले जन्म लिएको ठानिने, मानव जुनीबाहेकको कुनै जुनी ।

**पापलोक–** ना० [सं०] धार्मिक विश्वासअनुसार मरेपछि पापीले बस्नुपर्ने लोक; नरक ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पापशील**– वि० [सं०] पाप गर्ने स्वभाव भएको; पापकर्ममा लागिरहने । >**पापशीला**– वि० पापशील (नारी) ।

**पाप शोधन**– ना० [सं०] पापको शुद्धि; पापको दोष मेटिई शुद्ध हुने वा पार्ने काम ।

**पापहर**– वि० [सं०] पाप वा अधर्म हरण गर्ने ।

**पापा१**– ना० [बा० बो०] केटाकेटीका लागि रुचिकर मीठो खानेकुरा ।

**पापा२**– ना० (अङ्०) पिता ।

**पापाङ्कुशा**– ना० [सं०] आश्विन शुक्ल एकादशी; गिद्धे एकादशी ।

**पापाचार**– ना० [सं०] पाप कर्म; कुकर्म ।

**पापात्मा**– वि० [सं०] पापी; पातकी; दुष्टकर्मी ।

**पापिष्ठ**– वि० [सं०] १. निकै ठूलो पापी; महापापी । २. पापी । ३. कुकर्मी ।

**पापी**– वि० [सं०] १. पापकर्म गर्ने स्वभावको; दुराचारी । २. निठुरी; दया नभएको । ना० ३. पापकर्ममा लागेको व्यक्ति ।

**पाप्रा**– ना० [पाप्रोको ति० रू०] हे० पाप्रो । – **पाप्री**– ना० साना-ठूला पाप्राहरूको समूह । >**पाप्रे**– वि० पाप्रो भएको; पाप्रा-पाप्रा परेको ।

**पाप्रो**– ना० [सं० पर्पट] १. वस्तुको सुकेर वा उक्सेर छुट्टिने बाहिरी पत्र । २. छाला । ३. बोक्रो ।

**पामर**– वि० [सं०] १. फटाहा; सिल्लड; दुर्जन । २. अविवेकी; अबुझ । ३. काँतर; कायर । ४. चुत्थो; बेकम्मा; बिकामे ।

**पायक**– वि० [सं० पादक] १. अनुकूल; कामकाज गर्न सजिलो पर्ने; कुनै पनि कामका निम्ति सरेक पर्ने; स्वाहिक । ना० २ हिँड्दा, काम गर्दा वा आउँदा-जाँदाको अनुकूल अवस्था; त्यस्तो अनुकूल स्थिति; अनुकूलता ।

**पायखाना**– ना० [फा०] दिसा गर्ने ठाउँ; पाइखाना; चर्पी; शौचालय ।

**पायजामा**– ना० [फा०] हे० पाइजामा ।

**पायन्ट**– ना० [अङ्० प्यान्ट] हे० पेन्ट; पाइन्ट ।

**पायस**– ना० [सं०] दूध मिसाएर पकाएको खाद्य पदार्थ; खीर; तस्मै ।

**पायी**– वि० [सं०] पिउने; पान गर्ने (समस्त शब्दको अन्तमा प्रयोग हुने, जस्तै– स्तनपायी, दुग्धपायी, मद्यपायी इ०) ।

**पार्-नु**– प्रे० क्रि० [पर्+आर्+नु] १. पर्ने गराउनु; पर्ने तुल्याउनु; समावेश गर्नु-गराउनु । २. गराउनु; तुल्याउनु; बनाउनु (मोही पार्नु इ०) । ३. दिलाउनु (गाल पार्नु आदि) । ४. तयार गराउनु (ठीक पार्नु आदि) । ५. सल्काउनु; बाल्नु (सलाई, आगो आदि) । ६. फुल आदि पैदा गर्नु । ७. मुखमा औषधी, पथ्य आदिको सेवन गराउनु । ८. गिराउनु; झार्नु । ९. झमेला (मुद्दा आदि) खडा गर्नु । १०. हाल्नु (शब्द, बोली, आदि) ११. शृङ्गार गर्नु ।

**पार**– ना० [सं०] १. नदी, समुद्र आदिको पल्लो किनारा; पल्लो तीर वा तट । २. आखिरी छेउ; अन्तिम सीमा । ३. डाँडा वा पहाडको पल्लो पाटो । ४. कुनै कामको समाप्ति; सिद्धि । ५. छुटकारा; मुक्ति; उद्धार । ६. अनुकरण; नक्कल । ७. समाधान (जस्तै– पार लाउनु, पार पाउनु आदि) ।

**पारख**– ना० [सं० परीक्षा] १. गुणदोष वा असलकमसल छुट्ट्याउने काम; परीक्षा । २. असलकमसल छुट्ट्याउने बुद्धि; विवेक । > **पारखी**– वि० १. पारख गर्ने; असल, कमसल वा गुण-दोषको जाँच गर्ने; परीक्षक । ना० २. जाँचकी ।

**पारगामी**– वि० [सं०] १. पार जाने; पार लागेको । २. पारङ्गत; विशेषज्ञ । ३. टाढासम्म जाने; दूरगामी ।

**पारङ्गत**– वि० [सं०] १. पार लागेको; पार भएको । २. विद्या, शास्त्र, शिल्प आदिको पूर्ण ज्ञान प्राप्त गरेको; मर्मज्ञ; विशेषज्ञ । ३. पोख्त; सिपालु ।

**पारण**– ना० [सं०] १. व्रत, उपवास आदिको दोस्रो दिन गरिने प्रथम भोजन आदि । २. तृप्ति; सन्तोष; अनुतोष । ३. समाप्ति; समापन; सिद्धि । ४. पढ्ने काम; पढाइ । ५. घरभित्रको बरन्डा । >**पारणा**– ना० पारण । **पारणीय**– वि० पारण गर्न योग्य; कुनै विषयको सिङ्गो ज्ञान प्राप्त गर्न लायक ।

**पारतन्त्र्य**– ना० [सं०] परतन्त्रता; स्वाधीनताको अभाव; पराधीनता ।

**पारदर्शक**– वि० [सं०] १. छ्याङ्ङ देखिने; काँच, स्फटिक, पानी आदि जस्तो स्वच्छ (पदार्थ) । २. वारिदेखि पारि देखिने (सिसा आदि) । – **ता** ना० पारदर्शक हुनाको भाव, गुण वा अवस्था ।

**पारदर्शन**– ना० [सं०] १. वारपार देख्ने काम । २. टाढाटाढासम्मको कुरो देख्ने काम; दूरदर्शन । ३. तीव्र बुद्धि; चतुरता ।

**पारदर्शित**– वि० [सं०] वारपार देखिएको; छ्याङ्ङ भएको ।

**पारदर्शी**– वि० [सं०] १. पल्लापट्टिसम्म देख्ने । २. टाढासम्मको कुरो देख्ने; दूरदर्शी । ३. बुद्धिमान्; चतुर; चलाख । ४. छ्याङ्ग देखिने ।

**पारपत्र**– ना० [सं०] १. कमाराकमारीलाई दासत्वबाट अमलेख गराउँदा मालिकले लेखिदिएको प्रमाणपत्र । २. लोग्ने र स्वास्नीको सम्बन्धविच्छेद गर्दा परस्परमा लेखिदिने कागज; पारपाचुकेको कागत; त्यागपत्र । ३. राहदानी; पासपोर्ट ।

**पारपाचुके**– ना० [पार+पाचुके] पतिपत्नीका बीचमा गरिने सम्बन्धविच्छेद; पाचुके; स्वेच्छाले गरिने वैवाहिक सम्बन्धको अन्त ।

**पार पारको**– वि० [पार (द्वि०)+को] १. छाँटछाँटको; किसिम किसिमको । २. धेरै पहिलेको; धेरै टाढाको । (उदा०– मुटुमा भर्दथ्यो बोली अनेकौं पारपारको । – देवकोटा, 'सुलोचना' ।)

**पारमाणविक**– वि० [सं०] परमाणुको; परमाणुसम्बन्धी । ~ **भार**– ना० एक परमाणुको तौल । (पारमाणविक भार ऋणात्मक, धनात्मक तथा तटस्थ कणको संयुक्त भार हो । यसमा ऋणात्मक कणको भार नगण्य हुने हुनाले धनात्मक र तटस्थ कणको संयुक्त भार मात्र पारमाणविक भारमा लिइन्छ) ।

**पारमार्थिक**– वि० [सं०] परमार्थसम्बन्धी; परमार्थको ।

**पारमार्थ्य**– ना० [सं०] १. परमार्थको भाव वा गुण; परमार्थपरायणता ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



वि० २. ज्यादै साँचो; परम सत्य ।

**पारमित–** वि० [सं०] १. पार लागेको; पूरापूर गरिएको; पारङ्गत । २. परम बिन्दुमा पुगेको ।

**पारलौकिक–** वि० [सं०] १. परलोकसम्बन्धी; परलोकसँग सम्बन्ध रहेको; परलोकको । ना० २. हे० अन्त्येष्टिक्रिया ।

**पारवहन–** ना० [सं०] कुनै पनि देशले उपभोग्य वस्तुहरू एक देशबाट अर्को देशमा ल्याउने वा लैजाने काम; कुनै देशले एउटा देश हुँदै अर्को देशसँग गर्ने आयातनिर्यात । ~ **गोदाम–** ना० पारवहनका सरसामानहरू राख्ने गोदाम । ~ **बिमा–** ना० सामुद्रिक बिमा । ~ **सन्धि–** ना० पारवहन विषयमा दुई वा दुईभन्दा धेरै देशका बीचमा भएको सन्धि ।

**पारस१–** ना० [सं० स्पर्श] पारसमणि । – **मणि–** ना० १. फलामलाई छुवाउँदा फलाम पनि सुन हुन्छ भनी पत्याइएको एक कल्पित मणि । २. अति उत्तम वस्तु ।

**पारस२–** ना० फारस देश; इरान ।

**पारसी–** ना० [सं० पारसीक] १. फारस देशका प्राचीन निवासी । २. जरथुस्तको धर्मका अनुयायी; फार्सी ।

**पारस्परिक–** वि० [सं०] परस्परको; आफुसको; आपसी । – **ता–** पारस्परिक हुनाको भाव वा अवस्था ।

**पारा१–** ना० [सं० प्रकार] १. प्रकार; किसिम; ढाँचा; छाँट । २. तरिका; काइदा; ढङ्ग ।

**पारा२–** ना० [सं० पाटक] जुवा खेलमा पासासँग मिल्ने एक साधन ।

**पाराट्रूप–** ना० [अङ्०] १. प्यारासुटबाट उत्रने सैनिक; हवाईजहाजबाट खसी प्यारासुटको सहायताबाट झर्ने व्यक्ति । २. प्यारासुटसेना ।

**पारायण–** ना० [सं०] १. कुनै ग्रन्थको आद्योपान्त गरिने पाठ । २. कुनै महत्त्वपूर्ण कार्यको समाप्ति; पूर्णता । > **पारायणिक–** वि० १. पारायण गर्ने; कुनै ग्रन्थको पूर्ण पाठ गर्ने । २. पुराण आदि बाच्ने । ना० ३. विद्यार्थी ।

**पारावत–** ना० [सं०] परेवा (चरो) ।

**पारावार–** ना० [सं०] १. दुवै किनारा; नदी वा सागरको वल्लो र पल्लो दुवै तट । २. समुद्र; सागर । ३. लेखाजोखा; गणना ।

**पाराशर–** ना० [सं०] १. पराशर ऋषिका छोरा; वेदव्यास । वि० २. पराशरद्वारा रचित । ३. पराशरको वंशमा जन्मिएको । ~ **गोत्र–** ना० पराशर ऋषिको कुल वा वंश । > **पाराशरि–** ना० शुकदेव ।

**पारि-नु–** क० क्रि० [पार+इ+नु] १. पर्ने तुल्याइनु । २. पार्न लगाइनु ।

**पारि–** ना० [सं० पार+इ] १. पल्लो किनार; पल्लो पाटो; पार । क्रि० वि० २. पल्लो तटमा; पल्लो छेउमा । ३. उता; त्यतातिर । ४. टाढा ।

**पारिजात१–** ना० [सं०] १. खस्रा पात हुने र मसिना र सेता सुगन्धी फूल फुल्ने एक जातको रूख; देववृक्षमध्ये एक । २. सुन्तला रङको भेट्नु र मसिना तथा सेता सुगन्धित फूल हुने एक वनस्पति; मालती फूल ।

**पारिजात२–** ना० [फा० परवाज] खुट्टामा पनि ठूलठूला प्वाँख हुने एक जातको परेवा ।

**पारिजात३–** ना० प्रसिद्ध लेखिका विष्णुकुमारी वाइवाको साहित्यिक नाम ।

**पारित–** वि० [सं०] १. कुनै सभामा पेस गरेर विधिपूर्वक स्वीकृत भएको (विधेयक, प्रस्ताव इ०) । २. नियमानुसार पास भएको । ३. परिणाम निस्केको । ४. उत्तीर्ण भएको ।

**पारितोषिक–** ना० [सं०] १. राम्रो काम गरेबापत काम गर्नेलाई गराउनेले सन्तुष्ट भएर दिने पुरस्कार । २. पुरस्कार; इनाम; शिरपाउ ।

**पारिद्रुम–** ना० [सं०] ससाना पात हुने र पहेँलो फूल फुल्ने गोदावरी फूलविशेष ।

**पारिपार्श्विक–** ना० [सं०] नाटकमा सूत्रधारको सहकर्मी ।

**पारिभद्र–** ना० [सं०] फलेदो (वृक्ष); ठूलठूला पात हुने वृक्षविशेष ।

**पारिभाषिक–** वि० [सं०] १. साङ्केतिक रूपले विशेष अर्थ बुझाउने; प्राविधिक अर्थमा प्रयोग हुने (शब्द) । २. लक्षण भएको; परिभाषासम्बन्धी । ~ **शब्द–** ना० खासखास क्षेत्रमा चल्ने तथा विशिष्ट अर्थमा प्रयोग हुने र परिभाषा दिनुपर्ने खालका शब्द । ~ **शब्दावली–** ना० त्यस्ता शब्दहरूको सँगालो ।

**पारिवारिक–** वि० [सं०] १. परिवारसम्बन्धी; परिवारको । २. परिवारमा हुने, पर्ने वा गरिने (काम-कुरा) । ३. जहानियाँ; जहानको । ~ **उपादान–** ना० परिवारवाला कर्मचारीले पाउने उपदान । ~ **जीवन वृत्ति–** ना० परिवारसमेतले पाउने वृत्ति वा पेन्सन । ~ **बजेट–** ना० परिवारको आवश्यकतालाई आधार बनाएर तयार गरिएको बजेट । ~ **वर्गीकरण–** ना० शब्द, अर्थ, वाक्य एवं ध्वनिसमानताका आधारमा भाषा, प्राणी र वनस्पतिलाई विभिन्न परिवारमा छुट्ट्याउने प्रक्रिया । ~ **सुरक्षा–** ना० सरकारका वा कुनै निकायका तर्फबाट सम्बन्धित कर्मचारीका परिवारको समेत सुरक्षा वा संरक्षण गर्ने काम ।

**पारिश्रमिक–** वि० [सं०] १. परिश्रमसम्बन्धी; परिश्रमको । ना० २. परिश्रम वा कुनै कार्य गरेबापत पाइने वा दिइने धन; ज्याला; बनी; मजदुरी ।

**पारी–** ना० [सं० पाट+ई] धोती, सारी आदिलाई टिकाउ बनाउन केही बलियो किसिमले बुनेको किनार ।

**पारुष्य–** ना० [सं०] १. कठोरता; कडापन । २. रूखोपन; खस्रोपन ।

**पारे–** वि० [पार+ए] पार भएको; पार पाएको; मुक्त । ~ **घर्ती–** ना० पार गरिदिएको दास; दासत्वबाट छुटकारा पाएको कमारो वा करिया ।

**पारो१–** ना० [सं० पारद] सेतो, चम्किलो र गह्रौं एक प्रसिद्ध तरल धातु ।

**पारो२–** ना० [सं० प्रारोपक] बिँडमा घुसारिने खुकुरी, हँसिया आदि

हतियारको सुइरे अवयव ।

**पारो३**– ना० [सं० पट्टक] १. सानो ठेकी; हातमा झुन्डयाएर बोक्न सकिने खालको ठेकी; हाते ठेकी । २. मादल, ढोलक, तबला आदिको बीचमा लगाइने लेप । ३. तराजु ।

**पार्क**– ना० [अङ्०] १. उपवन; बगैँचा (जस्तो– रत्नपार्क, भूगोलपार्क आदि) । २. बस, रिक्सा आदिको बिसौनी वा त्यस्ता सवारी अडयाएर राख्ने ठाउँ । > **पार्किङ**– ना० पार्कमा यातायातका साधनहरू बिसाउने काम ।

**पार्केट**– ना० बैठक, कोठा आदिका फर्समा ठोकिने वा ठोकिएका विभिन्न आकारका काठका टुक्रा ।

**पार्कोट**– ना० [पारि+कोट] सेती अञ्चलमा पर्ने एक ठाउँ । > **पार्कोटे**– वि० १. पार्कोटको; पार्कोटतिर बस्ने । २. अशिष्ट; पाखे; कोदे ।

**पार्टी**– ना० [अङ्०] १. दल; मण्डली; राजनीतिक संस्था । २. खानपान गर्ने गोष्ठी; प्रीतिभोज ।

**पार्थक्य**– ना० [सं०] १. भिन्नता; अन्तर; बेग्ल्याइँ; बेमेल; विसङ्गति । २. बिछोड; वियोग ।

**पार्थिव**– वि० [सं०] १. पृथ्वीको; पृथ्वीसम्बन्धी । २. पृथ्वीबाट उत्पन्न; सांसारिक; भौतिक; लौकिक । ३. माटाको; माटाले बनेको । ना० ४. माटाको भाँडो । ५. माटाको शिवलिङ्ग । ६. एक संवत्सर । ७. पृथ्वीको पदार्थ; जड पदार्थ; भौतिक पदार्थ । ८. मनुष्यजाति; मर्त्यजाति ।

**पार्लियामेन्ट**– ना० [अङ्०] संसद् ।

**पार्वण**– वि० [सं०] १. पर्वको; पर्वमा हुने; पर्वसम्बन्धी । २. औँसी, पितृपक्षमा गरिने वा गर्नुपर्ने; सोह्रश्राद्धमा गरिने । ~ **श्राद्ध**– ना० पर्वमा गरिने श्राद्ध; आश्विन कृष्णपक्षमा गरिने श्राद्ध; सोह्रश्राद्ध ।

**पार्वत**– वि० [सं०] १. पर्वतको; पर्वतसम्बन्धी; पर्वतीय । २. पर्वतमा हुने, रहने वा उम्रने; पहाडी । > **पार्वतिक**– ना० पर्वतहरूको शृङ्खला; पर्वतमाला । **पार्वती**– ना० १. हिमालय पर्वतकी छोरी; शिवकी अर्द्धाङ्गिनी; गौरी । २. हिमाली नारी । ३. पहाडे नारी । **पार्वतीय**– वि० पर्वतीय; पर्वती । **पार्वतेय**– वि० पर्वतबाट उत्पन्न; पर्वतबाट भएको ।

**पार्वा**– ना० [धि०] धिमाल जातिले आफ्ना पूर्वज तथा देवदेवीको पूजा गर्ने र कृषिऔजारको सरसफाइ गर्ने एक महत्त्वपूर्ण चाड; धिमाल-जातिको पितृपर्व र विश्वकर्माका पूजाको संयुक्त रूप ।

**पार्श्व**– ना० [सं०] १. शरीरको हर । २. कुनै वस्तुको दायाँ वा बायाँ भाग; चोसो; सुर । ३. नजिकको ठाउँ; छरछिमेक; ४. छेउ; नजिक । ५. साज; सङ । ~ **गायक**– ना० मुख्य गायकका साथसाथै गाउने अन्य गायक । ~ **गायन**– ना० मुख्य गायकका सुरमा सुर मिलाई गरिने गायन । – **चर**– वि० १. साथमा रहने; नजिक रहने । ना० २. अनुचर; नोकर । ~ **चित्र**– ना० धरातलीय स्वरूप देखाउने चित्र (ल्यान्डस्केप) । ~ **टिप्पणी**– ना० कुनै लेख वा पुस्तकको फट्केमा लेखिएको टिप्पणी । – **द्वार**– ना० जस्केलो । – **रक्षक सेना**– ना० पार्श्व अर्थात् पछिल्लो भागको रक्षा गर्ने सेना । – **वर्ती**– वि० १. नजिकमा रहने; साथै रहने; सहचर । २. नोकर; परिचारक । ~ **शीर्षक**– ना० कुनै पुस्तक, लेख आदिको पार्श्वमा दिइएको शीर्षक । > **पार्श्वस्थ**– वि० पार्श्ववर्ती; सहचर । > **पार्श्विक**– वि० जिभ्राको टुप्पाले वर्त्सलाई छोई जिभ्राको छेउछाउबाट सास बाहिर निस्कँदा उच्चरित हुने ध्वनि; पार्श्विक ध्वनि ।

**पार्षद्**– ना० [सं०] परिषद्; सभा । > **पार्षद**– ना० १. परिषद्को सदस्य; सभासद् । २. प्राचीनकालीन राजभवनका अनुचर; सेवक; परिचारक ।

**पार्सल**– ना० [अङ्०] हुलाक, रेल, मोटर, हवाईजहाज आदिबाट पठाइने सामानको पोको ।

**पाल्-नु१**– स० क्रि० [सं० पालन] १. खान-लाउन दिएर कसैलाई आफ्ना घरमा राख्नु; भरणपोषण गर्नु; प्रतिपालन गर्नु । २. मनोरञ्जन, उपयोग वा उपभोगका निम्ति पशुपक्षीलाई खानपान दिएर राख्नु । ३. स्याहारसम्भार गर्नु; हेरविचार गर्नु । ४. आज्ञा, अनुशासन, अर्ती, कर्तव्य, कानुन आदिका अनुसार चल्नु; पालना गर्नु; मान्नु; अनुशासनको रक्षा गर्नु । ५. सहचार गर्नु; सुसार गर्नु । ६. रौँ, नङ, रूख आदिलाई नकाटी बढ्न दिनु ।

**पाल्-नु२**– अ० क्रि० [पाउ+लाग्नु] १. कुनै मान्य जन आउनु; पदार्पण गर्नु । २. जानु (शिष्टार्थमा); पाउ लाग्नु ।

**पाल१**– ना० [सं० पटल] १. अस्थायी रूपमा वास बस्नका निम्ति बनाइएको कपडाको डेरा । २. हावाका वेगद्वारा नाउ वा जहाज चलाउनका निम्ति नाउ वा जहाजका मस्तुलमा झुन्डयाइने फराकिलो कपडा । ३. पाल्की, बग्गी आदिमाथि लगाइने ढकनी । ४. फलफूल गुम्स्याएर पकाउने विधि ।

**पाल२**– ना० [सं०] १. रक्षा गर्ने व्यक्ति; रक्षक । २. गाईबस्तु चराउने र तिनको हेरचाहा गर्ने गोठालो । ३. राजा । ४. मध्यकालीन नेपालको एक प्रसिद्ध राजवंश । ५. नेपाली ठकुरीहरूको एक थर । – **क**– ना० १. पालन गर्ने व्यक्ति; पाल्ने व्यक्ति; रक्षक; अभिभावक । २. राजा । ३. गोठालो । ४. मालिक । वि० ५. पालन गर्ने; पाल्ने । ~ **काव्य**– ना० १. हात्ती, घोडा आदि प्राणीसम्बन्धी लक्षण, गुण आदिको निरूपण गरिएको शास्त्र । २. त्यसै शास्त्रका निर्माता एक प्राचीन मुनि ।

**पालकी**– ना० [सं० पल्यङ्क] हे० पाल्की; म्याना ।

**पालङ्क**– ना० [सं०] पालुङ्गाको साग । > **पालङ्की**– ना० १. पालङ्क; पालुङ्गो । २. गोलकाँक्री ।

**पालन**– ना० [सं०] १. लाउन-खान दिएर गरिने रक्षण; भरणपोषण; पलाइ; पोसाइ । २. आज्ञा, निर्देश, वचन, कर्तव्य आदिको अनुसरण; पालना । ३. कुनै प्रयोजनका निम्ति पशुपक्षी पाल्ने काम । – **तालन**– ना० पालन; लालनपालन । ~ **पोषण**– ना० पाल्ने एवं पोस्ने काम; हेरचाहका साथमा खानलाउन दिने काम; लालनपालन;

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



पालनतालन । > **पालनीय–** वि० १. पाल्न योग्य; पालन गर्न लायक; रक्षणीय । २. अनुसरणीय; अनुकरणीय ।

**पालपुल/पालपोल–** ना० [√पोलपाल] १. पोल लगाउने कार्य । २. कामचलाउ किसिमले पोल्ने वा भुल्स्याउने कार्य ।

**पालम–** ना० [भो० ब०] लिम्बू जातिले धाननाचमा जुहारीका रूपमा गाउने गीत ।

**पालयिता–** वि० [सं०] १. पालन गर्ने; पाल्ने; रक्षक । ना० २. अभिभावक । ३. पालनकर्ता ।

**पाला–** ना० [प्याला < फा० पियाल] माटाको सानो कटौरी ।

**पालि१–** ना० यो० [पालो+इ] पालामा; पटक; बाजि (यसपालि, पहिलोपालि इ०) ।

**पालि२–** ना० [सं०] १. पङ्क्ति; श्रेणी । २. गालाको माथिल्लो भाग । ३. किनारा; छेउ । ४. कानको उठेको भाग । ५. साँघु । ६. काख; कोख । ७. लाम्चो छाँटको तलाउ । ८. नदी वा बाटामाथि वारिदेखि पारिसम्म पवित्र वृक्षका पात, फूल आदि जडेर टाँगिने डोरी; तोरण ।

**पालि३–** ना० [सं०] १. बुद्धले दिएका उपदेशहरू सङ्कलन गरिएको बौद्धहरूको संस्कृतभन्दा पहिलेको भाषा । २. अर्धमागधी इलाकामा बोलिए तापनि अर्धमागधीसँग निकै भिन्न सोही लेख्य भाषा; सिंहली वा एलुको पूर्वरूप ।

**पालित–** वि० [सं०] १. पालिएको; पालना गरिएको; भरणपोषण गरिएको । २. अनुसरण गरिएको; मानिएको; टेरिएको ।

**पालिनु–** क० क्रि० [पाल्+इ+नु] भरणपोषण गरिनु ।

**पालिस–** ना० [अङ्० पलिश] १. कुनै वस्तुलाई चम्किलो वा टल्कने बनाउने साधन; रोगन । २. सो साधनबाट हुने चमक; टलक । ३. दाँत, नङ आदिको टल्कने बाहिरी भाग । ४. शरीर वा अनुहारको रूप वा रोगन । **– दार–** नि० १. पालिस लगाएको; टल्काएको; चम्काएको । २. तेजिलो । > **पालिसे–** वि० पालिस लाएझैँ गरी कुरा गर्न सिपालु; ठिक्क पारेर कुरा गर्ने ।

**पाली१–** ना० [पालो+ई] १. पालो; पटक; फेरा । २. समय; मौका; बखत ।

**पाली२–** ना० [सं०] १. घरको माथिल्लो मुख्य छानाभन्दा तल गारोबाट झिकेको सानो छानो; अर्माली; सिकुवाको छानु । २. सिकुवा; दलान । ३. पालि (भाषा) ।

**पालुङ–** ना० टिस्टुङनजिकैको एक ठाउँ ।

**पालुङ्गे–** वि० [पालुङ्गो+ए] पालुङ्गोसम्बन्धी; पालुङ्गोजस्तो । ~ **च्याउ–** ना० खैरा रङको, खान हुने एक छत्राकार च्याउ ।

**पालुङ्गो–** ना० [सं० पालङ्क] रातो, कमलो जरा हुने, प्रायः चम्सुरसँग मिलाएर पकाइने एक जातको प्रसिद्ध साग । (आयुर्वेदमा यसको पात ठन्डा गर्ने, आन्द्राको रोग निको पार्ने र फोक्साको हित गर्ने बताइएको छ । रातो डाँठ हुने गोब्रे पालुङ्गो र हरियो डाँठ हुने पाटने पालुङ्गो गरी यसका दुई किसिम छन्) ।

**पालुवा–** ना० [सं० पल्लव] बोटबिरुवामा पलाएको नयाँ पात, मुनु, चिउलो आदि; पल्लव ।

**पाले–** ना० [पालो +ए] १. पालो बस्ने व्यक्ति; ढोके । २. पहरा दिने व्यक्ति; पहरेदार । ३. चौकी कुर्ने व्यक्ति; चौकीदार । ४. अड्डाखानाको अर्दली । ~ **उङ–** ना० पालो बस्दा पालेलाई आएझैँ आउने उङ । ~ **घर–** ना० अड्डाखाना, विद्यालय, महाविद्यालय आदिमा पाले बस्न बनाइएको सानो घर वा छाप्रो ।

**पालैपालो–** क्रि० वि० [पालो+इ+पालो] १. पालोपालो गरेर; पालैसँग । २. एकको पालो सकिएपछि अर्को जाने वा आउने किसिमले । ३. त्यसरी नै एकपछि अर्काको पालो आउने गरी ।

**पालैसान्ती–** क्रि० वि० [पालो+ए+सान्ती] क्रमैसँग; एकपछि अर्को गरेर; पालोको पूर्वापर क्रमलाई ध्यानमा राखेर ।

**पालो१–** ना० [प्रा० पालओ < सं० पालक] कुनै कुराको हेरविचार; रखवारी; निगरानी; पहरा ।

**पालो२–** ना० [सं० पाल+ओ] १. चोटि; खेप; पटक; बाजि । २. क्रम; सिलसिला । ३. क्रमले वा नियमले कुनै काम गर्ने अधिकार वा दायित्व; पाली । ४. मौका; अवसर । (उदा०– **कहिले सासूको पालो कहिले बुहारीको पालो ।** –उखान) ।

**पालो पहरा–** ना० [पालो+पहरा] पाले राख्ने कार्य; पालोको व्यवस्था; पहरादारी ।

**पालो पैँचो–** ना० [पालो+पैँचो] १. कसैले गरेका गुणको प्रत्युपकार । २. अरूका दुर्गुणको साटोफेराइ । ३. मौका-अवसर । क्रि० वि० ४. बेलामौकामा । (उदा०– पालोपैँचो एक दिन मैले पनि यसको परिणाम देख्न पाउँला) ।

**पालोसान्ती–** क्रि० वि० [पाली+शान्ति] हे० पालैसान्ती ।

**पाल्की–** ना० [सं० पल्यङ्क] मानिसले बोकेर लाने मास्तिर छत भएको एक विशेष प्रकारको यान; म्याना; छाना र झ्यालसमेत भएको तामदान; पालकी ।

**पाल्ता–** ना० [पात+ला] कर्णाली अञ्चलतिर तिहुनतरकारीको रूपमा खाइने फापरको पात ।

**पाल्पा–** ना० [सं० पाल+भो० ब० पा] नेपालको पश्चिमाञ्चल विकास क्षेत्रभित्र पर्ने लुम्बिनी अञ्चलको तानसेन सहर सदर मुकाम भएको एक पहाडी जिल्ला ।

**पाल्य–** वि० [सं०] पाल्न योग्य; पालन गर्न लायक ।

**पाल्सी–** ना० [अङ्० पलिसी] १. छँदाखाँदाका शब्दहरूलाई उल्टापल्टा पारेर बोलिने बोली; कूटभाषा; पाल्से; पालिसे (जस्तै– 'राम भात खान जान्छ' को 'मार ताभ नाख छान्ज' ।) । २. शब्दहरूमा कुनै अक्षर वा पद जोडेर बोलिने बोली (जस्तै– बिराम बिभात बिखान बिजान्छ) । वि० ३. कूटनैतिक; पेचिलो; पोलिसीदार । ~ **कुरो–** ना० पाल्सी ढङ्गले गरिएको कुरा ।

**पाल्से–** ना०/वि० [अङ्० पलिसी+ए] पाल्सी । ~ **कुरो–** ना० पाल्सीकुरो ।

**पावक–** ना० [सं०] १. आगो । २. सूर्य । ३. बिजुली; चटचाडको मल्याकमिलिक । वि० ४. वस्तुलाई पवित्र पार्ने; शुद्ध पार्ने;

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



प्रशोधक; चोख्याउने ।

**पावन–** ना० [सं०] १. आगो । २. प्रायश्चित्त; पतिया । वि० ३. शुद्ध; पवित्र । ४. पापबाट मुक्त गर्ने; अधर्म छुटाउने । ५. पवित्र पार्ने; शुद्ध गर्ने; पावक ।

**पावनी–** ना० [सं० पर्वणी] शास्त्रले वा सांस्कृतिक परम्पराले तोकेको पवित्र दिन; चाड; पर्व; पवनी; पौनी ।

**पावर–** ना० [अङ्०] १. शक्ति; सामर्थ्य; तुजुक । २. अधिकार; हक; दैया । ३. यन्त्रको चल्ने क्षमता । ४. विद्युत्शक्ति; करेन्ट । ~ **हाउस–** ना० बिजुलीको शक्ति पैदा गर्न बनाइएको घर; बिजुलीघर ।

**पावै–** ना० [पावो (=पाखो)+ई] १. मतवाली छेत्री । वि० २. पाखे ।

**पाश–** ना० [सं०] १. फसाउने काममा प्रयोग हुने, सुर्काउनी पारेको र धेरै फेरो भएको डोरी; पासो; प्राचीनकालको जालजस्तो एक अस्त्र । २. पशुपक्षीहरूलाई फसाउने जाल; फन्दा । ३. कुनै किसिमको बन्धन । ४. डोरी । ५. पासा वा जुवाको खेल । **–क–** ना० १. पासो । २. पासा वा जुवाको खेल । **–क्रीडा–** ना० जुवा (खेल) । ~ **बन्धक–** ना० पासोद्वारा चराचुरुङ्गी मारी त्यसबाट जीविका गर्ने व्यक्ति; व्याधा । ~ **बन्धन–** ना० १. पासाले बाँध्ने काम; डोरीको बन्धन । २. पासो; डोरी । ३. जाल; फन्दा ।

**पाशविक–** वि० [सं०] १. पशुसम्बन्धी; पशुको । २. पशुको जस्तो । ३. पशुसुहाउँदो । ४. निन्दनीय ।

**पाशिक–** ना० [सं०] चराचुरुङ्गीको सिकार गर्ने व्यक्ति; व्याधा ।

**पाशित–** ना० [सं०] पाशमा फसेको; पासामा परेको; फन्दामा परेको ।

**पाशी–** वि० [सं०] १. पाश लिने; पासो बोक्ने । ना० २. वरुण । ३. यम । ४. व्याधा ।

**पाशुपत–** वि० [सं०] १.सनातन धर्मको पशुपतिपूजासम्बन्धी; पशुपतिको । ना० २. पशुपति वा शिवको उपासक । ३. पशुपतिको उपासना । ४. एक प्रकारको शैव सम्प्रदाय । ५. शिवजीले बताएको भनी प्रसिद्ध एक तन्त्र । ६. अथर्ववेदको एक उपनिषद् । ~ **क्षेत्र–** ना० १. पशुपतिका मन्दिरका चारै किल्लामा रहेको निश्चित तीर्थस्थल । २. नेपालतीर्थ । ~ **दर्शन–** ना० सबै जीवहरूलाई पशु र तिनीहरूका अधीश्वर शिव मानिने एक प्रसिद्ध दर्शन । > **पाशुपतास्त्र–** ना० महादेवबाट अर्जुनले पाएको एक अस्त्र ।

**पाश्चात्य–** वि० [सं०] १. पश्चिम दिशाको; पश्चिमेली; पश्चिमा; पश्चिमी । २. पछिल्लो; पछिल्तिर परेको । ३. पश्चिम दिशातिर रहने । ४. पश्चिमी महादेश (युरोप र अमेरिका) अथवा सुदूर पश्चिमका देशसित सम्बन्ध राख्ने वा सुदूर पश्चिमी देशमा बस्ने । ~ **कला–** ना० युरोप, अमेरिका आदि महादेशमा विकसित भएको कला । ~ **दर्शन–** ना० पश्चिमी मुलुकका दार्शनिकहरूबाट अँगालिएको दर्शन । ~ **देश/मुलुक–** ना० युरोप वा अमेरिकाको कुनै देश । ~ **सभ्यता–** ना० पश्चिमेली सभ्यता । ~ **साहित्य–** ना० युरोप, अमेरिका आदिमा विकसित भएको साहित्य । > **पाश्चात्यीकरण–** ना० १. पूर्वीय देश वा त्यहाँका निवासीउपर क्राइस्टेली बीसौँ शताब्दीमा परेको पाश्चात्य कला, संस्कृति, सभ्यता आदिको प्रभाव । २. त्यस्तो प्रभावमा पर्ने वा पार्ने क्रिया-प्रक्रिया ।

**पाषण्ड–** ना० [सं०] हे० पाखण्ड । > **पाषण्डी–** ना०/वि० पाखण्डी ।

**पाषाण–** ना० [सं०] ढुङ्गो; पत्थर; शिला । **– तह–** ना० पृथ्वीमा वा त्यसको भित्र रहेका ढुङ्गाहरूको तह । **– दारक–** ना० छिनो । **– भेद–** ना० १. बाटुला किसिमका ठूलठूला पात हुने सेता वा राता फूल फुल्ने एक जातको बुटी । २. त्यसैको कन्द वा जरो । (यसका चार किसिम छन् । आयुर्वेदमा यसको गुण धातु बहने, मूत्रकृच्छ्र, पत्थरी आदि रोगलाई नाश गर्ने र योनिसम्बन्धी रोग नाश गर्ने बताइएको छ) । ३. एक स्वादिष्ठ फल; पाखनबेत । ~ **युग–** ना० १. झन्डै पाँच लाख वर्षपूर्वका आग्नेय मानवको पालादेखि आरम्भ भएको ढुङ्गालाई हतियारको रूपमा प्रयोग गर्ने एक आदिम युग; मानिसहरूले धातु पत्ता लाउनुभन्दा पहिलेको युग; ताम्रयुगभन्दा पहिलेको युग । २. निम्नपुरापाषाण, मध्यपुरापाषाण, अपरपुरापाषाण, मध्यपाषाण र नवपाषाणको साझे नाम । ~ **रोग–** ना० मूत्राशय, मिर्गौला, पित्तेथैली आदिमा पत्थर जम्ने रोग; पत्थरी । **– वत्–** वि० १. ढुङ्गाजस्तो । २. जड । ३. मूर्ख । ४. मरेको । ५. बेहोस । ६. निश्चल । ~ **हृदय–** वि० पत्थरजस्तो कठोर हृदय भएको; निष्ठुर; निर्दयी; निर्माया; निर्मोही ।

**पास१–** ना० यो० [सं० पार्श्व] १. नजिक; नेर; निकट; निर । २. साथ; सँग; सित । ना०/क्रि० वि० ३. निकट; नजिक ।

**पास२–** ना० [सं० पाश] हे० पाश ।

**पास३–** ना० [अङ्०] १. परीक्षा वा अन्य कुनै जाँचमा उत्तीर्ण हुने प्रक्रिया; सफलता (चार पास, छ पास) । २. पार हुने वा छिर्ने काम । ३. प्रतिबन्ध लागेका ठाउँमा विनारोकटोक जानका निम्ति दिइने टिकट । वि० ४. निपुण; दक्ष; सिपालु । ५. स्वीकृत; मन्जुर; पारित । **– पोर्ट–** ना० विदेशमा जानका निम्ति आफ्नो सरकारले दिने अनुमतिपत्र; राहदानी । ~ **फेल–** ना० १. परीक्षामा होइने सफलता-असफलता । वि० २. पास वा फेल भएको, उत्तीर्णानुत्तीर्ण । ~ **बुक–** ना० ब्याङ्कमा रुपियाँ जम्मा गर्नेलाई ब्याङ्कले रुपियाँको हरहिसाब लेखिदिने पुस्तिका; समर्थनपुस्तिका ।

**पास४–** [अङ्०] भन्ज्याङ (खैवर पास, नाथुला पास) ।

**पासलपुसल/पासलीपोसली–** ना० [सं० पार्श्व+ल (द्वि०)] नेपालमा चलेको एक प्रकारको बालखेल ।

**पास हुवाइ–** अ० क्रि० [अङ्० पास+हुवाइ] १. छात्रछात्राहरू जाँचमा सफल हुने क्रियाप्रक्रिया । २. कुनै सभा, बैठक आदिमा पेस गरिएका प्रस्तावहरू पारित हुने क्रियाप्रक्रिया । ३. एकातिरबाट अर्कातिरको छिराइ, उम्काइ वा पारहुवाइ ।

**पासा–** ना० [प्रा०] १. पच्चीस खेलमा झैँ थर्कीको प्रयोग हुने तर

कौडीको साटो छ, पाँच, दुई र एक बिन्दु हुने लाम्चो र चारपाटे टुक्रो गुडाएर खेलिने खेल । २. सो खेलमा गुडाइने तीनमध्ये कुनै एक टुक्रो वा गुड्को ।

**पासो१–** ना० [सं० प्रवेश] बन्चरो, कोदालो आदिको बिँड घुसार्ने भाग ।

**पासो२–** ना० [सं० पार्श्व] गाईबस्तुका दायाँ र बायाँतिरका दुई थुनको समूह; फाँचाको दायाँ वा बायाँ भाग ।

**पासो३–** ना० [सं० पाश] १. पशुपक्षी वा मानिसलाई फसाउने सुर्काउनी पारेको डोरी; पाश; जाल । २. बाघ, भालु आदि जन्तुलाई थुन्ने खोर; धराप । ३. अल्झो; झन्झट । ४. आत्महत्या गर्नेले झुन्डिने डोरी ।

**पास्नी–** ना० [सं० प्राशन+ई] बालकहरूलाई पहिलोपल्ट अन्न खुवाउने संस्कार; अन्नप्राशन ।

**पाहाँचरे–** ना० [नेवा०] काठमाडौँ जिल्लाका नेवारहरूले घोडेजात्राका दिन मनाउने पाहुनाचाड ।

**पाहा–** ना० [सं० भेक > प्रा० भेअ > * भ्याआ > **पाहा**] १. ठूलो जातको पानीभ्यागुतो; ब्याङ । वि० २. पाहाजस्तै गरेर सुत्ने; सुताहा; सुतुवा । ३. राम्रो हिँड्न नसक्ने; घस्रिएझैँ गरेर हिँड्ने । ४. फुर्ती नभएको; जुम्सो ।

**पाहार–** ना० [प्रा० पभाड > पाहार] पहार । > **पाहारिलो–** वि० पहारिलो; घमाइलो ।

**पाहि–** वि० बो० [सं०] आफ्नो रक्षाका निमित्त अरूसित मद्दत माग्दा प्रयोग गरिने शब्द; गुहार ।

**पाहिक / पाही–** वि० [सं० पादय, फा० पायग] पायक; पाइक ।

**पाहुना–** ना० [पाहुन्] अतिथि; पाहुनु । ~ **घर–** ना० पाहुनाहरूलाई बस्न बनाइएको घर; अतिथिनिवास । ~ **चाड / पर्व–** ना० पाहाँचरे । **– पाछा–** ना० पाहुना र पाहुनासमानका मानिसहरूको समूह ।

**पाहुनु / पाहुनो–** ना० [सं० प्राघुणिक / प्राहुण] घरमा बास बस्ने गरी वा केही दिन रहने गरी आएको सत्कार गर्न योग्य इष्टमित्र वा अन्य व्यक्ति; अतिथि; अभ्यागत ।

**पाहुर१–** ना० [सं० प्राभृत] कसैकहाँ जाँदा सम्मानका निम्ति लगिने वा ल्याइने कोसेली; सौगात; नजराना; पाउर ।

**पाहुर२–** ना० हे० पागुर; उग्राइ ।

**पिँजडा / पिँजरा–** ना० [सं० पिञ्जर] चराचुरुङ्गी आदिलाई थुनेर पाल्नाका निम्ति बाँसका छेस्का, तार आदिले बनाइएको खोर ।

**पिँडालु–** ना० [सं० पिण्डालु] उत्तानु परेका ठूला, नरम पात हुने; जरा काँचै खाँदा कोक्याउने र धेरै सेला भएको आलुजस्तो कन्द वा गानु फल्ने एक वनस्पति; कर्कला वा त्यसको जराको गानु; कलिलो पात गाभाको रूपमा र जरामा फल्ने गानु; उसिनेर वा तरकारी पकाएर खाइने वनस्पतिविशेष ।

**पिँडाल्ने–** ना० [पिँडालु+ने] सिमसारमा हुने, लामा डाँठ तथा ठूलठूला चिल्ला, हरिया, पानी नअडिने मुटुका आकारका पात हुने सानो जातको जलकुम्भी; त्यसैका फेदमा हुने कोक्याउने कन्दविशेष ।

**पिँडी–** ना० [सं० प्रवेदी] १. पेटी; पिँढी । २. डोरीले बनेको खाट; डोरीको खाट; चारपाई; पिँडी वा पेटीमा ओछ्याइने खाट । ~ **साँढे–** ना० आफ्नो गाउँ वा घरमा मात्रै फुर्तीफार्ती गर्ने तर बाहिर गएपछि लुरुक्क पर्ने व्यक्ति; घरसाँढा ।

**पिँडुली–** ना० [पिँडुलो+ई] पिँडुलोको सानो रूप । (कविता, गीत र लोकगीतमा प्रयोग) ।

**पिँडुले–** वि० [पिँडुलो+ए] ठूलठूला मोटा पिँडुला हुने ।

**पिँडुलो–** ना० [पिण्ड+उल्ल < सं० पिण्डकुल] कुर्कुच्चो र घुँडीखोप्रीका बीचको भुक्क उठेको अवयव; घुँडा र नलीखुट्टाबीचको कसिलो मासु भएको छेपारी ।

**पिँडे–** वि० [पिँडो+ए] ठूलठूला पिँडा वा फिला हुने (खसी, भेडा आदि) ।

**पिँडो–** ना० [सं० पिण्ड] १. गाई-गोरुलाई खुवाउन पीठो र सखर मिलाई डल्लो पारिएको दाना; पीठो र सखर मिलाई डल्लो पारिएको, गाई-गोरुले खाने दाना । २. खान भनी काटेका पशुको पिँडुलो वा पिँडुलाको मासु ।

**पिँडौला / पिँडौलो–** ना० [सं० पिण्डकुल] घुँडादेखि मुनि नलीखुट्टाको पछिल्तिर भुक्क उठेको मांसल भाग; पिँडुलो ।

**पिँढिया–** ना० [सं० पिण्डिका] धानको दाइँ गरेपछि मनाइने उत्सव; थारु-जातिको भूमे पूजा र त्यससम्बन्धी उत्सव ।

**पिँढी–** ना० १. बस्न र केही राख्न हुने गरी गाराको सट्टा थामहरू हाली बनाइएको, घरको गाराबाहिरको भाग; दलान; पिँडी । २. बाबु, बाजे, बराजु आदि र छोरो, नाति, पनाति आदिको पूर्वापर क्रम; वंशपरम्परा; पुस्ता (जस्तो–सातौँ पिँढी, आठौँ पिँढी आदि) । ३. उमेर र अवस्थाका आधारमा निर्धारित मानिसहरूको जमात । (उदा०– बाल पिँढी, युवा पिँढी, नयाँ पिँढी, भोको पिँढी आदि) । ~ **साँढे–** ना० आफ्ना गाउँ वा घरमा फुर्ती देखाउने तर अन्यत्र केही बोल्न-गर्न नसक्ने व्यक्ति; आफ्नो पिँढीमा मात्र डुक्रिने व्यक्ति; पिँडीसाँढे ।

**पिँद्-नु–** स० क्रि० [पिँध्+नु] चूर्ण पार्नु; धूलो पार्नु; पिन्नु; पिँध्नु । > **पिँदाइ–** ना० पिँधाइ । **पिँदाइनु–** क० क्रि० पिँधाइनु । **पिँदाउनु–** प्रे० क्रि० पिँधाउनु । **पिँदिनु–** क० क्रि० पिँधिनु ।

**पिँध्-नु–** स० क्रि० [सं० पिष्ट=पेषण] १. घट्ट, जाँतो वा त्यस्तै प्रकारका यान्त्रिक उपकरणका सहायताले अन्न आदिलाई पीठो पार्नु; खल, सिलौटो आदिमा राखेर नुन, मसला आदि मसिनो पार्नु; चूर्ण पार्नु; पिन्नु; पिस्नु । २. अर्कालाई थिचोमिचो गर्नु; लेथ्रो पार्नु; दमन गर्नु; हेप्नु ।

**पिँध–** ना० कुनै भाँडो वा वस्तुको सबैभन्दा तल्लो भाग; पुछार; पीँध । २. तल्लो सतह; तल्लो भाग; भुइँ । ३. फेद; फेदी ।

**पिँधाइ–** ना० ] √ **पिँध्** (+आइ)] पिँध्ने क्रिया वा प्रक्रिया । [ > ] **पिँधाइनु–** क० क्रि० पिँध्न लाइनु । **पिँधाउनु–** प्रे० क्रि० पिँध्न लाउनु । **पिँधिनु–** क० क्रि० पिँधाइमा पारिनु; पिसिनु । **पिँधुवा–** वि० १. पिँध्ने; दल्ने । २. अत्याचारी । स्त्री० पिँधुवी, पिँधुवै ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पिउ-नु–** स० क्रि० [सं० पिव्+नु] पानी, दूध, रक्सी आदि तरल पदार्थ मुखमा हाली निल्नु; पन्यालो पदार्थ घुट्क्याउनु; पान गर्नु । २. चुरोट, तमाखु आदि धूवाँ आउने वस्तु मुखले तान्नु; चुरोट, तमाखु आदि खानु; धूम्रपान गर्नु ।

**पिउठ–** ना० [अङ्० पिभट] १. सिपाहीभन्दा माथिल्लो एक जङ्गी दर्जा । २. त्यो दर्जाको व्यक्ति ।

**पिउन–** ना० [अङ्० पियन] १. चिठीपत्र आदि पुऱ्याउन, कार्यालयलाई सफा सुग्घर राख्न र दैनिक रूपमा कार्यालयमा परिआउने अन्य काम पूरा गर्न, सरकारी, अर्धसरकारी वा गैरसरकारी कार्यालयमा नियुक्त कर्मचारी; कार्यालयको तल्लो तहको कर्मचारी । २. त्यस्तो कर्मचारीको दर्जा; पियन । ~ **बुक–** ना० पिउनहरूले चिठीपत्र आदि बुझाउँदा भर्पाई गराउने पुस्तिका; भर्पाई-पुस्तिका ।

**पिउरी–** ना० [सं० पृक्तोर्णी] धागो, बत्ती आदि कात्न धनुले फट्केर लाम्चो आकारको बनाइएको ऊन, कपास आदिको लुर्को; धागो, बत्ती आदि कात्न बनाइएको फट्केका कपासको लामो लुर्को; प्यूरी ।

**पिउरो–** ना० [सं० पिकट > प्रा० पिअडो] हिमाली लेकमा पाइने एक जातको सानो चरो; प्यूरो ।

**पिउसो–** ना० [पिप्सो] १. फोहोर ठाउँमा हुने, भुसुनोभन्दा पनि सानो एक जातको उड्ने कीरो । २. नवजात बालकको असहाय अवस्थालाई बुझाउने शब्द; सानो निर्धो बालक । ३. पिलोभन्दा सानो पकुवा घाउ; पिप्सो; प्यूसो ।

**पिक१–** ना० [सं०] कोकिल; कोइली ।

**पिक२–** ना० डल्ल्याँठाका ढाँचाको, दुईतिर दुई किसिमका चुच्चा भएको, साऱ्हो जमिन वा पक्की सडक आदि खन्ने फलामे हतियार; सडक आदि खन्ने, फुटाउने एक प्रकारको फलामे साधन; एक प्रकारको झम्पाल ।

**पिक३–** ना० [सं० पृक्त] १. पान, सुर्ती आदि खाएर थुकिने थुक; फिक । २. थुक । **– दान/दानी–** ना० पिक वा खकार, थुक आदि थुक्ने भाँडो; थुकदानी ।

**पिकपाया–** ना० दुई देशका सिमाना छुट्ट्याउन गाडिएको लट्ठा वा ढुङ्गो, सिमेन्ट वा फलामको खाँबो; मुर्चल; साँगीढुङ्गो; साँधे ढुङ्गो ।

**पिङ–** ना० [प्रा० पेंखोल < सं० प्रेङ्खा] १. रूखका हाँगामा वा चारतिर चारवटा बाँस गाडी तिनका टुप्पामा बाँधिएका गरालामा डोरी झुन्ड्याएर झुलेर वा मच्चाएर खेल्ने साधन; पीङ । २. त्यस साधनमा बसी झुल्दै वा मच्चाउँदै खेलिने खेल; पीङ । ~ **खेलाइ–** ना० १. पिङ खेल्ने काम । २. निद्रा वा उँघको झुलाइ । ३. अर्कामाथिको ढलीमली । ४. दुब्लाएर सकीनसकी हिँड्ने अवस्था ।

**पिङ्गल–** ना० [सं०] १. नीलो र पहेँलो मिसिएको रङ; खैरो रङ; कैलो वर्ण । २. प्याँलो; पहेँलो । वि० ३. त्यस्तो रङको । ~ **सूत्र–** ना० पिङ्गलनामक मुनिले बनाएको छन्दशास्त्र । > **पिङ्गला–** ना० १. राजा भर्तृहरिकी पत्नी; मैयाँ पिङ्गला । २. षट्चक्रको अभ्यासमा प्रयोग हुने योगशास्त्रअनुसारको एक नाडी । वि० ३. पिङ्गल वर्णकी (नारी) । ४. वेश्या ।

**पिच–** ना० [अङ्०] सडक आदि बनाउने काममा प्रयोग गर्नका लागि रासायनिक प्रक्रियाद्वारा तयार पारिएको, तापले पग्लने एक प्रकारको कालो लेसाइलो पदार्थ; अलकत्रा; कालोपत्र ।

**पिचकारी–** ना० [अ० मू० पिच्च+सं० कारी] हे० पचका ।

**पिचपिच–** क्रि० वि० [अ० मू० पिच्+अ (द्वि०)] १. बारबार थुक फालेर । ना० २. त्यस प्रकारको थुकाइ । > **पिचपिचाइ–** ना० पटक-पटक मुखबाट थुक निकालिरहने क्रिया-प्रक्रिया । **पिचपिचाइनु–** क० क्रि० १. पिचपिच थुक निकालिनु । अ० क्रि० २. पिचपिच थुक्ने होइनु । **पिचपिचाउनु–** अ० क्रि० पिचपिच थुकिरहनु । **पिचपिचाहट–** ना० पिचपिच थुकिरहने अवस्था वा क्रिया-प्रक्रिया; पिचपिचाइ । **पिचपिचे–** वि० पिच्च-पिच्च पारिरहने; बारबार थुकिरहने (व्यक्ति) ।

**पिचा–** ना० [सं० पिट] बाँसका मसिना चोयाले बनेको समाउने वा झुन्ड्याउने उभिन्डो नलागेको, कँडालीका ढबको भाँडो ।

**पिचास–** ना० [सं० पिशाच] १. हे० पिशाच । वि० २. पिचासे । > **पिचासे–** वि० १. जथाभावी खाने; हन्तकाली । २. फोहोरी; असभ्य; जङ्गली ।

**पिचिक–** ना० [अ० मू०] साह्रै थोरै मात्रामा थुक्ने चाल । ~ **पिचिक–** क्रि० वि० १. घरिघरिको थुकाइका साथमा; छिन नबिराईकन थुक्तै गरेर; पिच्च-पिच्च । ना० २. त्यस प्रकारको थुकाइ । > **पिचिक्क–** क्रि० वि० १. दबिएर वा निचोरिएर लेदो पदार्थ बलसित अलिकति निस्कने वा निकालिने किसिमले । २. थोरै मात्रामा; पितिक्क । ना० ३. त्यस्ता पदार्थको बलपूर्वकको झिकाइ वा निक्लाइ ।

**पिचिच्च–** क्रि० वि० [अ० मू० पिच् > पिचिच्+च] बलपूर्वक लगातार पिचिक्क भएर; बडो साँघुरो स्रोतबाट पिचिक्क भएर निक्लने किसिमले ।

**पिचुवा–** ना० [पुतु+वा] हे० पिच्चो ।

**पिच्का–** ना० [अ० मू० पिच्+का] १. पचका वा त्यस्तै साधनद्वारा पानी आदि तरल पदार्थ छर्कने किसिम; पचका आदिबाट पानी आदि तरल पदार्थ निस्कने किसिम । २. पचकाबाट छुटेको झैँ पानीको प्रवाह । ३. पचका । > **पिच्कारी–** ना० पचका ।

**पिच्च–** क्रि० वि० [अ० मू० पिच्+च] १. एकै थुकाइमा; थुक्दाको एकै प्रयासमा । ना० २. एकै प्रयासको वा एकै पटकको थुकाइ । ~ **पिच्च–** क्रि० वि० १. बारबार थुकेर; थुक्दाको अनेकौँ प्रयासमा । ना० २. अनेकौँ पटकको लगातारको थुकाइ ।

**पिच्चा–** बालखेलको थेगो (कानेकाने पिच्चा) ।

**पिच्चो–** ना० [पुती + ओ] स्त्री-जातिको जननेन्द्रिय; पिचुवा ।

**पिच्छ–** ना० [सं०] १. मयूर आदिको पुच्छर । २. पुच्छर ।

**पिच्छिल–** वि० [सं०] १. पुच्छर भएको । २. चिप्लो ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पिच्छे**– ना० यो० [सं० पश्च+ए] १. प्रत्येकलाई एक पर्ने गरी; अपुङ्गी (उदा० मान्छेपिच्छेका बेग्लाबेग्लै कुरा सुनिन्छन् ।) । २. प्रति (व्यक्ति, वस्तु इ०, जस्तै–व्यक्तिपिच्छे, ठाउँपिच्छे इ०) ।

**पिछड्-नु**– अ० क्रि० [पिछाडि+नु] पछाडि पर्नु, पछि पर्नु । > **पिछडाइनु**– क० क्रि० पछाडि पर्ने तुल्याइनु; पछि पारिनु । **पिछडाउनु**– स० क्रि०/प्रे० क्रि० पछाडि पार्नु वा पार्न लाउनु । **पिछडाहट**– ना० पिछडाइ । **पिछडिएको**– वि० १. आर्थिक सामाजिक आदि स्तरमा पछि परेको । २. प्रतियोगितामा पछि परेको ।

**पिछलग्गू**– वि० [पिछा+लग्गू] १. अर्काको पछि लाग्ने स्वभावको; कुनै काममा आफैँ अगाडि बढ्ने खूबी नभएको; पुछ्रे; चम्चा ।

**पिछही**– ना० [पिछा+ही] शरण पर्न आउनेले ल्याउने कोसेली वा दस्तुर ।

**पिछा**– ना० [सं० पश्च+आ] १. कसैलाई समात्न, मार्न वा कुनै किसिमको हानि पुऱ्याउन थाहा नपाइने गरी पछि लाग्ने काम; लखेट्ने काम; पछेडा । २. सहायता, सहयोग आदि पाउनका निम्ति कसैको पछि लाग्ने काम; पछ्याउने काम । ३. आश्रय वा शरणमा पर्ने काम; आशापिछा । ~ **गराइ**– ना० १. अनुसरण । २. आश्रयग्रहण ।

**पिछाडि**– क्रि० वि० [पिछा+डि] पछाडि ।

**पिछे**– ना० यो० [सं० पश्च+ए] पिच्छे ।

**पिञ्जर**– ना० [सं०] १. पिँजरा । २. पहेँलो रङ । ३. शरीरका हाडहरूबाट बनेको पिँजराको आकार; अस्थिपिञ्जर; आँठ-अठिङ्गर । > **पिञ्जरा**– ना० १. पिँजरा; पिँजडा । २. पिञ्जर । **पिञ्जरी**– ना० १. हकुवा, पठुवा आदिको कुनिउँ लाउँदा सबैभन्दा तल बिछ्याउने दुई भ्कटनीको मात्र फेरो । २. पिँजडा (गीत, लोकगीत, कविता आदिमा) ।

**पिट्-नु**– स० क्रि० [प्रा० पिट्ट+नु] १. मानिस, प्राणी वा केही कुरालाई हात, लौरो आदिले कुट्नु; चुट्नु; ठटाउनु । २. जित्नु । ३. भ्याली आदि बजाउनु । ४. हल्ला मचाउनु । ५. खूबसँग काम गर्नु; दन्काउनु ।

**पिट**– ना० [सं०] १. पेटारो । २. सन्दुक । – **क**– ना० १. पेटारो । २. बौद्ध ग्रन्थका वाङ्मयमध्ये एक । ३. ग्रन्थको कुनै भाग । ४. पिड्को; खटिरो ।

**पिटपाट**– ना० [पिट्+पाट] पिट्ने किसिम, क्रिया वा भाव; पाटपिट; ठोकठाक; मारमुङ्ग्री । > **पिटपाटे**– वि० पिटपाट पार्ने; पाट्टपिट्ट गर्ने खालको ।

**पिटल्जा**– ना० लिच्छविकालीन अधिकरण वा केन्द्रीय अड्डाअदालतमध्ये एक ।

**पिटाइ**– ना० [√ **पिट्** (+आइ)] पिट्ने क्रिया वा प्रक्रिया । [ > ] **पिटाइनु**– क० क्रि० पिट्न लाइनु; पिटिने पारिनु । **पिटाउनु**– प्रे० क्रि० पिटिने पार्नु; पिट्न लाउनु । **पिटापिट**– ना० एक-अर्कामा उसले उसलाई उसले उसलाई पिट्ने काम; परस्परको पिटाइ ।

**पिटिक्क**– क्रि० वि० [अ० मू० पिटिक्+क] १. सानोतिनो वस्तु भाँच्ने वा भाँचिने किसिमले; पिट्ट । २. त्यस्तो वस्तु भाँच्दा वा भाँचिँदाको भ्कैँ शब्द निकालेर । ना० ३. त्यसरी भाँच्दा वा भाँचिदाको आवाज । > **पिटिक्किनु**– अ० क्रि० पिटिक्क हुनु; पिटिक्क भाँचिनु । **पिटिक्क्याइ**– ना० पिटिक्क ध्वनि निकाल्ने क्रिया वा प्रक्रिया । **पिटिक्क्याहट**– ना० पिटिक्याइ ।

**पिटीपाटी**– क्रि० वि० [पिटी+(द्वि०) पाटी] पिटपाट पारेर; चुटचाट पारेर; पिटेर ।

**पिटीपिटी**– क्रि० वि० [अ० मू० पिट्+ई (द्वि०)] बारम्बार पिट्ट-पिट्ट भाँचिने गरी ।

**पिटुवा**– वि० [पिट+उवा] १. घनले पिटेर अलि पातलो पारी बनाइएको (पाता, भाँडो आदि) । ना० २. त्यसरी पिटेर बनाइएको धातुको भाँडो ।

**पिट्को**– ना० हे० पिड्को ।

**पिट्ट**– क्रि० वि० [अ० मू० पिट्+ट] सिटासिटी आदि भाँचिने वा भाँचिएर शब्द आउने गरी । सात० पिटिटिटि ।

**पिट्टा**– ना० [√ पिट्+आ] १. पिट्ने काम; पिटाइ; थप्पड । २. टिप्पा; टिपाइ; उछिनाइ ।

**पिट्ठु**– वि० [सं० पृष्ठ+ऊ] १. हरेक कामकुरामा कसैको पछि लाग्ने; अनुगामी; पिछलग्गू; पुच्छर; चम्चा । ना० २. विचार नगरीकन हाहामा कसैको पछि लाग्ने व्यक्ति; पृष्ठपोषक व्यक्ति ।

**पिट्ठू**– वि० हे० पिट्ठु ।

**पिठाउली**– ना० [सं० पिष्ठावली] १. मसिनामसिना लाम्चा किसिमका पात हुने अमिलोमा गुलियो मिसिएका फल फल्ने सानो एक बोट; सतीबयर । २. नासपाती, स्याउ आदिको खूब पाकेको गुदी ।

**पिठिउँ**– ना० शरीरका पछाडिको भाग; पीठ; पृष्ठभाग; आङ; पिठचूँ; पिन्डो । – **परि**– क्रि० वि० पछिल्तिर; कन्डापरि ।

**पिठिम**– ना० [सं० पृष्ठम् > पिट्ठम्] डँडाल्नु; पिठिउँ ।

**पिठिया**– ना० [सं० पीठिका] तराईका गाउँमा हप्तामा निश्चित दिनमा निश्चित ठाउँमा लाग्ने अस्थायी बजार; हाट; हटिया ।

**पिठो**– ना० [सं० पिष्ट] १. जाँतो, घट्ट, कल आदिमा पिँधिएको अनाजहरूको चूर्ण; पिठो । २. धूलो; चूर्ण ।

**पिठौली**– ना० [सं० पिष्ठावली] पिठाउली; सतीबयर ।

**पिठ्युँ**– ना० हे० पिठिउँ ।

**पिठ्यूँ**– ना० हे० पिठिउँ ।

**पिडा**– ना० जङ्गली भैँसीको पाडो; अर्नाको बच्चो ।

**पिडार**– ना० [सं० पिण्डार] लाम्चा पात, सेता फूल र पहेँला फल फल्ने, भाँच्दा सेतो दूध निस्कने एक जातको वृक्ष वा त्यसैको फल ।

**पिड्को**– ना० [सं० पीडक] सानोतिनो खटिरो वा पिलो; पिप्सो; पिउसो ।

**पिढिया**– ना० [सं० पीठिका] गोरु वा राँगाले हाँक्ने गाडामा बैलवान बस्ने ठाउँनिरको च्याप्टो काठ; पिडिया ।

**पिण्ड**– ना० [सं०] १. सानो वा ठूलो कुनै खँदिलो डल्लो; गोलाकार कुनै वस्तु; बाटुलो पदार्थ । २. श्राद्धमा पितृका नाममा छोरा वा नाति आदिद्वारा चढाइने भात वा जौको पीठाको डल्लो; पितृलाई दिने उद्देश्यले बाटिएको भात वा जौको डल्लो । ३. मन नपरीकन कसैलाई दिएको खानेकुरा । ४. शरीर; देह । ५. गाँस । ६. अर्काले दिएको खानेकुरा (तुच्छार्थमा) । – **क**– ना० १. कुत (ऐति०) । २. जमिन नाप्ने अड्डा । – **कन्द**– ना० पिँडालु । – **कर**– ना० प्राचीन कालमा ग्रामवासीहरूमाथि लगाइएको एक प्रकारको भूमिकर । ~ **खर्जुरिका**– ना० सानो जातको डल्ले फल फल्ने खजूर; थाकल । ~ **खाने**– वि० १. ज्यादै बूढो । २. दुर्घटनाको सम्भावनालाई उपेक्षा गरी हिँड्ने वा काम गर्ने । – **ज**– ना० १. गर्भमै आकार ग्रहण गरेर जन्मने जन्तु; जरायुज । वि० २. त्यस प्रकार जन्मेको (मान्छे, पशु इ०) । – **द**– वि० १. पितृलाई पिण्ड-पानी दिने; पितृका उद्देश्यले श्राद्ध गर्ने । २. खान-लाउन दिएर पाल्ने । ना० ३. पितृलाई पिण्डपानी दिने व्यक्ति; श्राद्ध गर्ने व्यक्ति । ४. छोरो । ५. सन्तान । ~ **दान**– ना० पितृहरूका उद्देश्यले पिण्ड दिने काम; श्राद्धमा पितृहरूका नाममा पिण्ड चढाउने काम । ~ **पानी**– ना० पितृहरूका नाममा चढाइने पिण्ड र जल; श्राद्धमा गरिने पिण्डदान र तर्पण । ~ **मुछौनी**– ना० १. बाह्र दिनसम्म प्रेतका निम्ति पिण्ड पकाउनाका लागि दूध दुहुन प्रयोग गरिने गाई । २. पिण्ड बटार्ने कार्य । ~ **यज्ञ**– ना० पितृहरूका निम्ति गरिने यज्ञ; पितृहरूलाई पिण्ड दिने र तर्पण गर्ने कार्य; सराद; पितृकार्य । ~ **राशि**– ना० किस्ताका रूपमा पटकपटक गरी नदिएर एकमुष्ट वा एकै पटक दिइने रकम; एकमुस्ट रकम; डक्क रकम । ~ **लोप**– ना० १. पिण्डदाताहरूमध्ये छोरा वा छोरीतर्फका कोही जीवित नहुनाले पितृको श्राद्ध रोकिने र पिण्डपानी नपाउने स्थिति; पिण्ड दिने काममा अवरोध । २. अपुताली । ३. वंशलोप । ~ **सर्जाम**– ना० ढिकुरामा मृतकको प्रेतकर्म गर्दा दिइने पिण्डको सामग्री । – **स्थाने पिण्ड**– ना० १. पिण्डका ठाउँमा पिण्ड नै हुने स्थिति । २. जस्तो पहिले थियो त्यस्तै हुने प्रक्रिया; कुनै व्यक्ति वा वस्तुमध्ये पहिले जो जहाँ थियो त्यहीँ रहने स्थिति; यथास्थिति । > **पिण्डी**– ना० १. गोलाकारको सानो वस्तु; कुनै वस्तुको सानो डल्लो । २. सानो पिण्ड ।

**पिण्डे**– वि० [पिण्ड+ए] १. पिण्डाकारको; डल्लो आकारको पिण्डजस्तो । २. पिण्डको; पिण्डसम्बन्धी; सपिण्डी । ३. कहिले निको नहुने (रोग वा रोगी) । ~ **बिदा**– ना० श्राद्ध गर्नका निम्ति पाइने बिदा । ~ **भाइ**– ना० जूठो सूतक लाग्ने र मर्दा पिण्ड-तर्पण दिनुपर्ने नजिकको दाजुभाइ; सपिण्डी दाजुभाइ । ~ **रोग**– ना० कहिल्यै निको नहुने रोग; क्रनिक रोग । ~ **रोगी**– वि० सधैँ रोग लागिरहने; कहिल्यै रोगले नछोड्ने; सधैँको रोगी; दीर्घरोगी ।

**पिण्डोपजीवी**– वि० [सं०] अर्काले दिएको अन्नका भरमा बाँचेको; परान्नजीवी; भतुवा ।

**पितपित**– क्रि० वि० [अ० मू० पित्+अ (द्वि०)] १. गिलो पदार्थ थिचिएर वा निचोरिएर बारबार अलिकति बाहिर निस्कने गरी; पिचपिच । ना० २. त्यस्तो पदार्थ बाहिर निस्कँदाको चाल वा ध्वनि । > **पितपिताइ**– ना० पितपिताउने क्रिया वा प्रक्रिया । **पितपिताइनु**– अ० क्रि० पितपिताउने होइनु । **पितपिताउनु**– अ० क्रि० पितपित चाल वा ध्वनि उत्पन्न हुनु । **पितपिताहट**– ना० पितपिताइ । **पितपिते**– वि० पितपित गर्ने ।

**पितर**– ना० [सं० पितृ] पितृ; देउपितर ।

**पितल**– ना० हे० पित्तल । > **पितले**– वि० हे० पित्तले ।

**पिता**– ना० [सं०] आफूलाई जन्माउने व्यक्ति; जन्मदाता; बाबु; जनक । – **जी/ज्यू**– ना० बुबा (आदरार्थी एवं औपचारिक प्रयोग) ।

**पिताम**– ना० कुनै काम गर्ने वा कसैलाई जित्ने शक्ति; तागत; प्रताप ।

**पितामह**– ना० [सं०] आफ्ना बाबुको बाबु; बाजे; हजुरबा । > **पितामही**– ना० आफ्ना बाबुकी आमा; बज्यै; हजुरआमा; हजुरबाकी पत्नी ।

**पितिकपितिक**– क्रि० वि० [अ० मू० पितिक्+अ (द्वि०)] पितपित; पितिति; पितितिति ।

**पितिक्क**– वि० [अ० मू० पितिक्+क] १. अलिकति; थोरै (घिउ, अचार, दही, गुहु, गोबर आदि जस्ता लेदो पदार्थका सन्दर्भमा) । क्रि० वि० २. लेदो पदार्थ थोरै मात्रामा दिने वा झार्ने गरी ।

**पितित्त**– क्रि० वि० [अ० मू० पित् > पितित्+त] पिचिच्च; पितिति; पितपित ।

**पितृ**– ना० [सं०] १. मरेका बाबुबाजेहरू; दिवङ्गत भएका आफ्ना पुर्खा । २. प्रेतको अवस्थाबाट मुक्त भएका पूर्वज । ३. सनातनी विश्वासअनुसार पितृलोकको निवासी । ~ **ऋण**– ना० धर्मशास्त्रअनुसार जन्मजात तीन ऋण (देवऋण, ऋषिऋण र पितृऋण)-मध्ये तेस्रो ऋण; पुत्रोत्पत्तिपछि मात्र मुक्ति पाइने ऋण । ~ **कर्म/कार्य**– ना० पितृका निम्ति गरिने तर्पण, श्राद्ध आदि कर्म । ~ **कुल**– ना० १. आफ्ना बाबुको वंश; बाबुतर्फका बन्धुबान्धव । २. माइतीकुल; माइतीखलक । ~ **कृत्य/क्रिया**– ना० पितृकर्म । ~ **गण**– ना० १. पितृहरूको समूह । २. मरीचि मुनिका अग्निष्वात्त, सोमपा आदि छोराहरू । ~ **गृह**– ना० छोरीचेलीका लागि पितृगृह; माइतीघर; माइती; बाबुको घर । ~ **घात**– ना० पितृहत्या । ~ **घातक/घाती**– वि० १. बाबुलाई मार्ने; पितृहत्या गर्ने । २. बाबुको अनिष्ट गर्ने; बाबुको कुभलो गर्ने । ना० ३. त्यस प्रकारको कुभलो वा हत्या गर्ने व्यक्ति । ~ **तन्त्र**– ना० १. बाबु वा घरको बूढोपाको व्यक्तिका अनुशासनमा परिवार वा जातिका सदस्यहरूले बस्नुपर्ने मानव समाजको पुरानो शासनव्यवस्था; थकालीतन्त्र (हाम्रो तराई र भित्री मधेसमा

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



बस्ने थारूहरूमा यस्तो चलन अझै कताकतै पाइन्छ)। २. पितृसत्ता। ~ **तर्पण**– ना० पितृहरूका निम्ति अर्पण गरिने कुशसहितको जलाञ्जलि; पितृहरूका निमित्त दिइने तर्पण। ~ **तिथि**– ना० १. बाबुको मृत्यु भएको तिथि; बाबु मरेको दिन। २. मरेका बाबुको वार्षिक श्राद्ध गर्ने तिथि। ३. अमावस्या। ~ **तीर्थ**– ना० १. हिन्दूहरूको पितृकार्य गरिने गया, ब्रह्मकपाली आदि तीर्थ। २. चोर औँला र बूढी औँलाका बीचको हत्केलाको छेउ भाग। – **त्व**– ना० १. पिता हुनाको भाव। २. पिताका नाताले पूरा गर्नुपर्ने दायित्व। ~ **दान**– ना० श्राद्धका दिन अथवा औँसी तिथिमा पितृका नाममा ब्राह्मणलाई दिइने दान। – **दाय**– ना० पिताबाट छोराहरूले पाएको सम्पत्ति; पैत्रिक सम्पत्ति; अंश। ~ **देव**– ना० १. पितालाई देवताका रूपमा मान्ने व्यक्ति; पितालाई देवता सम्झने व्यक्ति। २. पिताज्यू। ~ **पक्ष**– ना० पितृहरूका उद्देश्यले श्राद्ध गरिने आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका जम्मा सोह्र दिन; सोह्रश्राद्ध; सोह्रसराद। ~ **भक्त**– वि० बाबुको सेवाशुश्रूषा गर्ने र बाबुले भनेको मान्ने; बाबुको भक्त। ~ **भक्ति**– ना० १. बाबुको सेवाशुश्रूषा। २. बाबुको आज्ञापालन। ३. बाबुप्रतिको भक्ति वा कर्तव्यपरायणता। ~ **भाग**– ना० भोजनका बेलामा वा अन्य विशेष तिथिपर्वमा पितृहरूका निम्ति छुट्ट्याइने पक्वान्न, नैवेद्य आदि; पितृको भागस्वरूप छुट्ट्याइने पक्वान्न। ~ **भोजन**– ना० १. पितृलाई चढाएको प्रसाद। २. मास वा मासको फुरौला। ३. गैँडाको मासु। ~ **भ्राता**– ना० १. काका। २. बडाबा। ~ **यज्ञ**– ना० पितृका निम्ति गरिने तर्पण, श्राद्ध आदि क्रिया; पितृकर्म; सराद। – **राज**– ना० पितृहरूको राजा; यमराज। ~ **राज्य**– ना० यमलोक। ~ **लोक**– ना० पितृहरू बस्ने लोक; पितृहरूको लोक; यमलोक। – **व्य**– ना० बाबुका दाजुभाइ; आफ्ना जेठा बाबु, कान्छा बाबु आदि। ~ **श्राद्ध**– ना० पितृहरूका निम्ति गरिने पिण्डदानादि कर्म; पितृहरूका उद्देश्यले गरिने श्राद्ध; पितृहरूको श्राद्ध। ~ **सत्ता**– ना० १. बाबु परिवारको स्वामी मानिने र बाबुका अनुशासनमा परिवारको सदस्यले बस्नुपर्ने सामाजिक व्यवस्था; परिवारका सदस्यमाथि बाबुको स्वामित्व हुने व्यवस्था। २. बाबुको सत्ता। ३. बाबुको नामबाट वंशपरम्परा चल्ने व्यवस्था। ~ **सत्तात्मक**– वि० परिवारको वास्तविक मालिक बाबु भएको प्रणालीमा आधारित वा उक्त प्रणालीको। ~ **सत्तात्मकता**– ना० पितृसत्तात्मक हुने गुण; पितृसत्ताको विशेषता। – **स्वसा**– ना० बाबुकी दिदी वा बहिनी; फुपू। ~ **हत्या**– ना० बाबुलाई मार्ने काम; पिताको हत्या; पितृघात।

**पितो**– ना० [सं० पित्त] शरीरभित्र पित्त रहने थैली; पित्ते थैली।

**पित्क-नु**– अ० क्रि० [पित्को+नु] पित्कोका रूपमा निस्कनु वा झर्नु। > **पित्काइ**– ना० पित्कने क्रिया वा प्रक्रिया। **पित्काइनु**– क० क्रि० पित्कने पारिनु। – **पित्काउनु**– स० क्रि०/प्रे० क्रि० पित्कोका रूपमा दिनु वा हाल्नु; पित्कने पार्नु। **पित्काहट**– ना० पित्कने भाव, स्थिति वा क्रियाप्रक्रिया। **पित्किनु**– अ० क्रि० १. पित्कनु। २. पितिक्क झर्ने वा दिइने होइनु।

**पित्को**– ना० [अ० मू० पित्+को] १. पितिक्क झर्ने वस्तुको थोरै मात्रा; अल्प मात्रामा दिइएको वा झरेको लेदो पदार्थ। २. अल्पमात्रा वा परिमाण।

**पित्त१**– क्रि० वि० [अ० मू० पित्+त] लेदो पदार्थ थिचिएर वा निचोरिएर अलिकति बाहिर निस्कने किसिमले; पित्किएर। सात० पितिति; पितितिति।

**पित्त२**– ना० [सं०] १. पेटभित्र कलेजो र फोक्साका बीचमा दाहिनेपट्टि रहने, खाएको वस्तुलाई पचाउन सहायता गर्ने, तीतो र पहेँलो तरल पदार्थ; यकृज्जल; यकृद्रस। २. वैद्यशास्त्रअनुसार कफ, वात, पित्त– यी त्रिदोषमध्ये एक दोष। – **कर**– वि० स्वस्थ शरीरका लागि आवश्यकभन्दा बढी पित्त पैदा गर्ने; शरीरमा पित्त बढाउने; पित्तवर्द्धक। – **कोष**– ना० पेटभित्र कलेजो र फोक्साका बीचमा हुने र पित्त रहने थैली; पित्ताशय; पित्तथैली; पित्ते थैली (गलब्लाडर)। – **घ्न**– वि० १. पित्तलाई नाश गर्ने; पित्तनाशक। ना० २. पित्तलाई बढ्न नदिने आयुर्वेदिक औषधी। ३. घ्यू; घिउ। ~ **ज्वर**– ना० शरीरमा पित्तको मात्रा बढ्नाले आउने जरो; पित्तको प्रकोपबाट आउने जरो; पित्तका कारणले गर्दा आउने जरो; कामला, कमलपित्त, गायो, जन्डिस आदिले गर्दा शरीरमा अनुभव हुने तातोपन। ~ **थैली**– ना० पित्तकोष। ~ **पत्थरी**– ना० शारीरिक विकारबाट पित्ताशयमा बन्ने ढुङ्गाजस्ता सानाठूला प्रायः गोला दाना। – **पापडा**– ना० साधारण, डोलो जरा हुने, पहेँलो बोक्रा हुने, लाम्चो भावको तीनवटा पात एउटै डाँठमा हुने लाम्चा, सेता वा नीला फूल फुल्ने एक जातको वनस्पति। ~ **प्रकृति**– वि० बढी पित्त हुने प्रकृतिको; पित्त बढ्ने स्वभावको। ~ **प्रकोप**– ना० पित्तको आधिक्यले गर्दा हुने शारीरिक अस्वस्थता; हानिकारक रूपमा पित्तको वृद्धि।

**पित्तल**– ना० [सं०] १. तामो र जस्ताको मिश्रणबाट बन्ने पहेँलो रङ्गको एक उपधातु; पीतल। वि० २. पित्त धेरै भएको; पित्त बढाउने। ~ **भुँडे**– वि० औलो वा खुँजले खाएर रगत सकिनाले पहेँलो ठूलो भुँडी भएको (मानिस)। > **पित्तले**– वि० १. पित्तलबाट बनाइएको; पित्तलसम्बन्धी; पित्तलको; पित्ले। २. पित्तको रोगले गर्दा पहेँलिएको; कमलपित्त भएको। ३. हुप्प फुलेको (भुँडी); पित्ले।

**पित्ताम्ल**– ना० [सं०] पित्तमा हुने अमिलोपन; पित्तमा हुने अम्ल; अमलपित्त।

**पित्ताशय**– ना० [सं०] पित्त रहने स्थल वा कोष; पित्ते थैली।

**पित्ते**– वि० [पित्त+ए] पित्त भएको। ~ **थैली**– ना० पित्त रहने थैली; पित्ताशय।

**पित्ले**– वि० [पित्तले] १. पित्तले। [अ० मू० पित्+ले] २. नराम्ररी फुलेको (भुँडी)। ~ **भाँडो**– ना० पित्तलको भाँडो। ~ **भुँडी**– ना० हुप्प फुलेको भुँडी; टयाम्के भुँडी।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पिधान**– ना० [सं०] १. ढाक्ने काम; छोप्ने काम । २. ढकनी; बिर्को । ३. झापन । > **पिधानक**– ना० १. पिधान । २. दाप ।

**पिधायक**– वि० [सं०] १. ढाक्ने; छोप्ने । २. ढाकछोप गर्ने; लुकाउने ।

**पिन**– ना० [अङ्‍०] कागजपत्रहरू नत्थी गर्ने काममा प्रयोग गरिने सियोको जस्तै मिहिन टुप्पो भएको, धातुको मसिनो कीलो; आलपिन ।

**पिना**– ना० [सं० पिण्याक] तोरी, तिल आदि पेलेर तेल झिकेको सिट्ठी वा छोक्रा; खली; खलीपिना ।

**पिनाइ**– ना० [√ **पिन्** (+आइ)] पिन्ने क्रिया वा प्रक्रिया । [ > ] **पिनाइनु**– क० क्रि० पिन्न लगाइनु; पिँधाइनु । **पिनाउनु**– प्रे० क्रि० पिन्न लाउनु; पिँधाउनु ।

**पिनाक**– ना० [सं०] १. शिवजीको धनु; अजगव । २. धनु । > **पिनाकी**– ना० पिनाक धनुलाई धारण गर्ने व्यक्ति; शिवजी ।

**पिनास**– ना० [सं० पीनस] रुघा बिग्रेर नाके ओढारमा हुने विकार ।

**पिनासे**– वि० [पिनास+ए] १. पिनासको रोग लागेको । २. पिन्चे; पिलन्धरे । ~ **ओढार**– ना० नाकभित्र पिनास पर्ने ठाउँ; नाके स्वर उत्पन्न गर्ने शारीरिक अवयव; नाके टोड्की ।

**पिन्चे**– वि० [अ० मू० पीँ+चे] सानोतिनो कुरामा पनि रुन थाल्ने; पिलपिले; आँसु बगाइरहने; रुन्चे; पितुर्के । > **पिन्च्याइँ**– ना० पिन्चे हुने चाल; पिन्चेपन; रुन्चेपन ।

**पिन्डो**– ना० [सं० पिण्ड] १. मासु खान काटेका पशुको पछाडिको फिलो; पिँडो । २. थुप्रो (अल्छीको पिन्डो) ।

**पिन्सिन**– ना० [अङ्‍० पेन्सन] हे० पेन्सन; निवृत्तिभरण । > **पिन्सिने**– वि० पेन्सनवाल ।

**पिप**– ना० [सं० पूय] पाकेका घाउ, खटिरा आदिबाट निस्कने सिँगानजस्तो विषाक्त पदार्थ; पिप ।

**पिपल**– ना० [सं० पिप्पल] पानका आकारको तर टुप्पाको भाग केही लामो हुने, डाँठ हुने, बरकै किसिमका मसिना गोल फल फल्ने, बोक्रा हुने र खोटो निस्कने एक जातको वृक्ष; अश्वत्थ; पिप्पल । (आयुर्वेदमा यसको बोक्रा दिसासम्बन्धी रोगमा र बियाँ शीतकारक औषधीको रूपमा प्रसिद्ध छ र हिन्दूहरूका दृष्टिमा यो पवित्र वृक्ष मानिन्छ ।) – **पाती**– ना० बटारिएको, गोलागोला लामा डाँठ भएका पात हुने, पहेँला बास्नादार फूल फुल्ने, र राता डल्लाकार फल फल्ने लताविशेष । (आयुर्वेदमा यसको पात टाउको दुख्दा र जरा सर्पले टोक्दा हितकारक मानिएको छ ।) – **पाते**– वि० १. पीपलका पातका आकारको । २. पातला ओठ भएको । ना० ३. पीपलजस्तो पात हुने एक जातको लहरो । ४. कुनै सिद्धान्तमा नअड्ने; मौकाअनुसार यताउता भइरहने; अवसरवादी; पिप्पलपाते । > **पिपलु**– ना० पिप्पल (गीत, काव्य वा लोकगीतमा) ।

**पिपलमेन्ट**– ना० [अङ्‍० पिपरमिन्ट] १. पुदिनाका जस्ता ससाना पात हुने, बास्नादार सेता फूल फुल्ने, बाबरी झारका समूहको एक जातको झार; एक प्रकारको पुदिना । २. त्यसको सार वा सो सार चिनीमिस्रीमा मिलाई बनाइएको एक प्रकारको मिठाई । पीपी (बालबोलीमा) ।

**पिपला**– ना० [सं० पिप्पलिका] हे० पिप्ला ।

**पिपा१**– ना० [पोर्त० पीपा] काठ, धातु, आदिको ठूलो, गोल र लाम्चो किसिमको भाँडो ।

**पिपा२**– ना० [ल्या०] भरिया वा टहलुवाको काम गर्ने तल्लो तहको पल्टनिया जागिरदार । ~ **गोस्वारा**– ना० पिपाहरूको अड्डा ।

**पिपासा**– ना० [सं०] पानी आदि पिउने इच्छा; प्यास; तिर्खा; तृषा । २. कुनै कुराको अतिशय चाहना; लोभलालच (उदा०–धनको पिपासा अन्तहीन कुरो हो) । > **पिपासु**– वि० पिपासा भएको; तिर्खाएको; प्यासो ।

**पिपिरा**– ना० [पिपिरो+आ] पिपिरो । – **पिपिरी**– ना० सानाठूला धेरै पिपिराहरू; सानाठूला पिपिराहरूको समूह ।

**पिपिरी**– ना० [पिपिरो+ई] १. एकापट्टि केही सानो र अर्कापट्टि केही ठूलो पारी पात बटारेर ढुङ्ग्रोजस्तो पारिएको तीखो, चर्को स्वरले बज्ने केटाकेटीको बाजा । २. बजाउँदा मुखभित्र पसाइने सनईको भाग । ३. पहाडमा पाइने र पात बटारेर खेल्ने बाजा बनाउन प्रयोगमा आउने एक जङ्गली बोट । ~ **पीँ**– वि० बो० १. पिपिरी बजाउँदा निस्कने स्वरको अनुकरण । ना० २. उक्त आवाज । ~ **बाजा**– ना० पिपिरी; सिठी ।

**पिपिरो**– ना० [सं० पिप्पल+ओ] १. आँकुरो; पिउलो । २. सनई बाजा आदिको फुक्दा बज्ने टुप्पो; पिपिरी ।

**पिपीँ**– ना० [अ० मू०] केटाकेटीले फुकेर बजाउने बाजा; पिपिरी ।

**पिपीलिका**– ना० [सं०] कमिलो ।

**पिपृच्छा**– ना० [सं०] प्रश्न गर्ने इच्छा; सोध्ने चाहना ।

**पिप्पल**– ना० [सं०] पीपल । ~ **पाते**– वि० हे० पीपलपाते ।

**पिप्पली**– ना० [सं०] पिप्ला । ~ **मूल**– ना० पिप्लाको जरो; पिप्लाको मूल ।

**पिप्ला**– ना० [सं० पिप्पली] १. पानका जस्ता पात, पिरो स्वाद र किम्बुका जस्ता फल हुने एक जातको लहरो; जङ्गली पान । २. त्यसैको फल; पिप्पली । ~ **मूल**– ना० पिप्पलीमूल ।

**पिप्ली**– ना० [सं० पिप्पली] १.पानका आकारका पाँचसात सेन्टिमिटर लामा पात; पानका जस्ता आकारका फूल, पिरो स्वाद, किम्बुका आकारका फल, खैरो बाहिरी भागमा धर्सा परेको जरा हुने, आयुर्वेदमा सो जरा पौष्टिक र कफनाशक मानिएको लहरोविशेष; पिप्लाको लहरो । २. खाक्सीजस्तै पात हुने र दारका जस्तै दाना हुने, बस्तुले घाँस खाने र ठेकी कुँद्न हुने रूखविशेष; खस्रेटो ।

**पिप्सिङ**– ना० [अङ्‍० पाइपसक्सन] सासद्वारा दूध, सर्बत आदि तानेर पिउने नली; तरल पदार्थ पिउने एक प्रकारको सानो पाइप ।

**पिप्सो**– ना० [सं० पिप्लु+सो] १. पिउसो (भुसुनो) । [सं० पूय+सो]

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



२. पिउसो (खटिरो) ।

**पियक्कड–** वि० [पिउ+अक्कड] १. रक्सी पिउने लत भएको; धेरै रक्सी पिउने । २. धेरै पिउने ।

**पियाइ–** ना० [√ **पिउ** (+याइ)] १. पिउने क्रिया वा प्रक्रिया; पान । २. दुहुने बेलामा गाई-भैँसीलाई कुँडो आदि पियाउने क्रिया वा प्रक्रिया । [ > ] **पियाइनु–** क० क्रि० १. पिउने तुल्याइनु; पिउन लाइनु । अ० क्रि० २. गाईबस्तुआदि पियाउने होइनु ।

**पियाउनी–** ना० [पियाउ+नी] पिउने बेलामा बस्तुको थुनमा दल्ने चिल्लो ।

**पियाउनु–** स० क्रि० [पिउ+याउ+नु] १. चुक्ली लाउनु; छुस्क्याइँ गर्नु । अ० क्रि० २. बाछाबाछी वा पाडापाडीलाई दूध दिने अवस्थामा (गाईभैँसी आदि) हुनु । प्रे० क्रि० ३. पिउने पार्नु; पिउन लाउनु । > **पियान–** ना० गाईभैँसीका बाछापाडाले माउको दूध खाने काम ।

**पियानो–** ना० [अङ्०] हार्मोनियमजस्तो एक प्रकारको पाश्चात्य बाजा ।

**पियार–** ना० [सं० प्रियङ्कर > पियआर] प्रेम; प्यार; माया; प्रीति ।

**पियारा–** ना० [सं० प्रियङ्कर] प्राणप्रिय; प्रेमी; प्रियतम; माया; मायालु ।

**पियारी–** वि० [सं० प्रियङ्कर+ई] १. प्यारी । ना० २. प्रेमिका; प्रियतमा; माया; मायालु ।

**पियारो–** वि० [सं० प्रियङ्कर] १. प्यारो; मायालु; प्रिय । २. मनपर्दो; रोचक; रुचिपूर्ण । ३. आकर्षक । ना० ४. मायालु; प्रियतम; पियारा ।

**पियाल–** ना० [सं०] चौडा र हरिया पात हुने, ससाना झुप्पादार फूल फुल्ने, राता वा राताकाला फल फल्ने बदामका स्वादको एक प्रकारको खाने मसलाको निकै अग्लो बोट; चिरौँजी । २. त्यसैको फल (आयुर्वेदमा यसको तेललाई चर्मरोग निको पार्ने भनिएको छ ।)

**पियालो–** ना० [तल० बङ्गा०=पाचाली (=यात्रा) < सं० पदचाल] १. लुकीछिपी हिँड्ने बाटो; बेचल्ती वा कम चल्तीको बाटो; चोरबाटो । २. सोझेरी कतै जाने बाटो; सोझेटो ।

**पिर्‌-नु–** स० क्रि० [सं० पीडन] १. नचाहिँदो काम वा कुरा गरेर अर्काका शरीर वा मनमा पीर पार्नु; दुःख दिनु । २. नचाहिँदो वा दिक्कलाग्दो कुरा बारबार गरिरहनु; कचकच गर्नु; टोकस्नु । ३. भूतप्रेत आदिका कारणले गर्दा कुनै घर-जग्गा आदि नफाप्नु; पिरपिराउ हुनु ।

**पिर१–** ना० डन्डीबियोका खेल खेल्दै जाँदा अवस्थानुसार भनिने सातको सङ्ख्या; सिट्टो ।

**पिर२–** ना० सल्लाको पात; पिरल; पिरौल; सल्लेपिर; सल्लेबिर ।

**पिर३–** ना० [फा०] १. पुजारी । २. साधुसमाज वा मठका अधिष्ठाता; मठाधीश; महन्त (खास गरी गोरखपन्थमा) । ३. मुसलमानहरूका सिद्ध महात्मा; मुसलमानहरूका धर्मगुरु ।

**पिर४–** ना० [सं० पीडा] १. कुनै हानिनोक्सानी हुँदा वा अप्ठ्यारो परिस्थिति आइपर्दा हुने मानसिक ताप; चिन्ता । २. डन्डीबियो आदिका खेलमा बाजी हार्नेलाई जित्नेले लाउने एक किसिमको दण्ड; पिर ।

**पिरपिर–** क्रि० वि० [अ० मू० पिर्‌+अ० (द्वि०)] १. लुगा आदि अलिअलि गरेर च्यातिँदाको झैँ ध्वनि उत्पन्न गरेर । २. पीरो स्वाद उत्पन्न गरी । वि० ३. त्यस्तो ध्वनि वा स्वाद उत्पन्न गर्ने; पिरपिरे । ४. पिरपिर च्यातिने; कमजोर । ना० ५. त्यस्तो ध्वनि वा स्वाद । > **पिरपिराइ–** ना० पिरपिर गर्ने क्रिया वा प्रक्रिया । **पिरपिराइनु–** अ० क्रि० पिरपिराउने होइनु । – **पिराउ–** ना० १. लोकविश्वासअनुसार भूत, प्रेत आदि लाग्नाले वा अभिचारीसम्बन्धी कर्मबाट शारीरिक वा मानसिक रूपमा कष्ट हुने क्रिया; फाप नहुने स्थिति; अफाप; बिगार । २. अरू कसैबाट हुने वा दिइने धेरै कुराको दुःखकष्ट; परपीडा । **पिरपिराउनु–** अ० क्रि० पिरपिर शब्द वा स्वाद उत्पन्न हुनु । **पिरपिराहट–** ना० पिरपिराउने वा पिरपिर गर्ने क्रियाप्रक्रिया । **पिरपिरे–** ना० १. सनईजस्तो गरेर बज्ने एक प्रकारको बाजा । वि० २. पिरपिर स्वाद पैदा गर्ने । ३. पिरपिरको ध्वनि वा आवाज निकाल्ने ।

**पिर मर्का–** ना० १. कुनै सामाजिक, प्राकृतिक आदि कारणबाट वा कसैद्वारा भएको हानिनोक्सानी । २. आपत्‌-विपत्‌ । ३. सङ्कट ।

**पिरल–** ना० [पिरौल] सल्लाको पात; पिरौल; सल्लेपिर; सल्लेबिर ।

**पिरलाइ–** ना० [√ **पिरोल** (+आइ)] पिरोलाइ । [ > ] **पिरलाइनु–** क० क्रि० पिरोलाइनु । **पिरलाउनु–** प्रे० क्रि० पिरोलाउनु । **पिरलाहट–** ना० पिरोलाहट । **पिरलाहा–** वि० पिरोलाहा ।

**पिरलो–** ना० [प्रा० पीडाअरो सं० < पीडाकर] १. कुनै हानि-नोक्सानी हुँदा वा अप्ठ्यारो परिस्थिति आइपर्दा हुने मानसिक ताप; पीर । २. झिँजोलाग्दो काम; पिरोल्ने काम । ३. टोकसो । > **पिरल्याइँ–** ना० पिरल्ने चाला; पिरलोपन; पिरोल्याइँ ।

**पिरा–** ना० [सं० पीठिका] काठको फल्याकबाट बनाइएको, विशेष गरेर भात खाँदा बस्ने, बाटुलो वा चारपाटे आसन; पिर्का; पिरुका ।

**पिराइ–** ना० [√ **पिर्‌** (+आइ)] १. पिर्ने भाव, क्रिया वा प्रक्रिया । [पिराउ+आइ] २. पिराउने भाव, क्रिया वा प्रक्रिया [ > ] **पिराइनु–** क० क्रि० पिर्न लाइनु । **पिराउनु–** स० क्रि० १. पिर्ने काम गर्नु; दुःख-कष्ट दिनु; सताउनु; सास्ती दिनु । प्रे० क्रि० २. पिर्ने तुल्याउनु; पिर्न लाउनु । **पिराहट–** ना० पिराइ । **पिराहा–** वि० १. जन्मलग्नमा अरूलाई दुःख दिने ग्रह परेको; अर्कालाई दुःख दिने; दुःखदायी । २. नसहने; नफाप्ने; अफाप । ३. पिर्ने स्वभावको; पिरोल्ने । **पिराही–** वि० पिराहा स्वभावकी (आइमाई) ।

**पिरिक्क–** क्रि० वि० [अ० मू० पिरिक्‌+क] लुगाफाटा च्यातिने र भाँडाकुँडा चर्कने वा फुट्ने गरी; पिर्र ।

**पिरिङ्गो–** ना० साना भालाकारका पात हुने, सेतो फुल्ने र लाम्चो किसिमको फल फल्ने, आयुर्वेदमा ठन्डा गर्ने र पेटको रोग निको पार्ने भनिएको एक प्रकारको बुटी ।

**पिरिनु**– अ० क्रि० [पिर्+इ+नु] १. पीर वा चिन्ता लिइनु । क० क्रि० २. पिराइमा परिनु; दुःख दिइनु ।

**पिरिया**– ना० [पीरो+इया] लामा पात, मसिना सेता वा राता फूल र किम्बुका जस्तो आकारको तर रातो पर्पऱ्याउने सानो फल फल्ने प्रायः सिमसारमा हुने एक जातको झार; पिर्रे ।

**पिरीपिरी**– क्रि० वि० [पिर्+ई (द्वि०)] छिटछिटो पिरिपिर हुने गरी ।

**पिरुका**– ना० [सं० पीठिका] पिरा; पिर्का ।

**पिरे**– ना० [अ० मू० पिर्+ए] कुनै-कुनै ठाउँमा खाइने एक जातको भ्यागुतो; पाहा; ब्याङ ।

**पिरो**– ना० [सं० पीडक] १. खुर्सानी, मरीच आदि खाँदा पाइने स्वाद; छ रसमध्ये एक रस; कटुरस । २. पोल्ने र एक प्रकारको उत्तेजना पैदा गर्ने गुण भएको वस्तु (खुर्सानी, मरीच आदि) । वि० ३. त्यस्तै स्वाद भएको । ~**न पिरो**– वि० औधी पिरो; अबिजालो । ~**पिरो**– वि० धेरै पिरो नभएको; अलि-अलि पिरो; थोरै पिरो; रमरम पिरो ।

**पिरोल्-नु**– स० क्रि० [पिरलो+नु] १. कुनै वस्तु बारबार मागेर वा कुनै कामकुरो बारबार गरेर अर्कालाई पीर पार्नु; पिरलोमा पार्नु । २. कुनै कामकुरो बारबार गरेर अर्कालाई कष्ट दिनु; दुःख दिनु । ३. टोकस्नु; कचकच गर्नु । ४. पोल्नु; डढाउनु । > **पिरोलाइ**– ना० पीडा दिने वा पिरल्ने क्रियाप्रक्रिया । **पिरोलाइनु**– क० क्रि० पिरोलाउने पारिनु । **पिरोलाउनु**– प्रे० क्रि० पिरोल्न लाउनु । **पिरोलाहट**– ना० पिरोलाइ । **पिरोलाहा**– वि० १. पिरोलिरहने; पिराहा । २. जन्मेका समयको ग्रहगतिअनुसार पिर्ने ग्रह भएको; पिर्ने स्वभावको; पिराहा ।

**पिरोलो**– ना० [पिरलो] हे० पिरलो । > **पिरोल्याइँ**– ना० पिरोलो पार्ने काम वा चाल; पिरोल्ने पन ।

**पिरौल**– ना० सल्लाको पात; सल्लीपिर ।

**पिर्का**– ना० [सं० पीठिका] १. गोरुगाडीको चालक बस्ने ठाउँमा पर्ने गरी राखिएको च्याप्टो काठ; पिढिया । २. पिरुका; पिरा ।

**पिर्जा**– ना० [भीर+(भो० ब०) जा (=चरो)] शरीर रातो, पखेटा कालो, सारौँभन्दा अलि सानो, भीरमा बस्ने र बस्दाखेरि पुच्छर र पखेटा उफार्ने, एक्लै वा जोडी भएर हिँड्ने एक खालको चरो ।

**पिर्ती**– ना० [सं० प्रीति] प्रीति; पिरती ।

**पिर्र**– क्रि० वि० [अ० मू० पिर्+र] १. लुगा आदि च्यात्दा वा च्यातिँदा पिरिक्क वा पिर्र आवाज निक्लने गरी । २. कमजोर लुगा आदि एकाएक च्यातिने किसिमले । ३. सिठी वा पिपिरी बाजा बजेझैँ आवाज निकालेर । ४. पिरपिर ध्वनिका साथमा । सात० पिरिर्र ।

**पिर्रे**– ना० धानका जस्ता लामा पात हुने, झन्डै दुई मिटर अग्लो, आयुर्वेदमा त्यसको तेल हैजा र भित्र जलन हुने रोगलाई हित गर्ने भनिएको, सिमसारमा पाइने घाँस वा झार; पिरिया । मधेसतिर 'कतरा' भनिने झार ।

**पिर्लिक्क**– क्रि० वि० [अ० मू० पिर्लिक्+क] १. रिसाउँदा, मूर्च्छा पर्दा वा मर्दा आँखा पल्टाएर; पर्लक्क । वि० २.डरलाग्दो किसिमसित पल्टिएको (आँखा) । ना० ३. क्रुद्ध दृष्टि; डरलाग्दो हेराइ । > **पिर्लिक्किनु**– अ० क्रि० आँखा पिर्लिक्क हुनु; डरलाग्दो किसिमले आँखा पल्टिनु । **पिर्लिक्क्याइ**/**पिर्लिक्क्याहट**– ना० आँखा पिर्लिक्क हुने क्रिया वा प्रक्रिया ।

**पिलन्धरे**– वि० [पीर+धर] १. रोग आदिले गर्दा चाउरिएको; दुब्लो; कृश; कमजोर । २. सानातिना कुरामा रुन थाल्ने; रुन्चे; पितुर्के । > **पिलन्धऱ्याइँ**– ना० पिलन्धरेपन ।

**पिलपिल**– क्रि० वि० [अ० मू० पिल्+अ (द्वि०)] १. सानोतिनो कुरामा पनि रोइरहने किसिमले । २. आँखाबाट बर्र आँसु झारेर । ३. मधुरोसँग बलेर; धिपधिप । ना० ४. आँसुझराइ । ५. बत्तीको मन्द बलाइ । > **पिलपिलाइ**– ना० पिलपिल गर्ने क्रिया वा प्रक्रिया । **पिलपिलाइनु**– अ० क्रि० पिलपिल गर्ने होइनु । **पिलपिलाउँदो**– वि० पिलपिले । **पिलपिलाउनु**– अ० क्रि० पिलपिल गर्ने हुनु । **पिलपिलिनु**– अ० क्रि० पिलपिलाइनु । **पिलपिले**– वि० पिलपिल गर्ने; पिलपिलाउँदो; पिलपिलाहा । **पिलपिल्याइ**– ना० पिलपिलाइ । **पिलपिल्याहा**– वि० १. पिलपिले; रुन्चे । २. मन्द (आलोक) ।

**पिला**– ना० विवाहका समयमा छोरीलाई दाइजोका साथ दिइने पेटारोजस्तो भाँडो ।

**पिलाइ**– ना० [√ **पिलाउ** (+आइ)] १. दूध, पानी आदि तरल पदार्थ पियाउने क्रिया वा प्रक्रिया; पियाइ । २. गोली सुलाउने क्रियाप्रक्रिया; सुलाइ । [ > ] **पिलाइनु**– क० क्रि० १. पानी आदि पियाइनु । २. गोलीले हानिनु । **पिलाउनु**– स० क्रि०/प्रे० क्रि० १. पानी आदि पियाउनु वा पिउन लाउनु । २. गोलीले हान्न लाउनु । **पिलाहट**– ना० गोलीको प्रहार ।

**पिलास**– ना० [अङ्० प्लास्] १. पेचकस । २. निम्न कोटिको मखमल ।

**पिलि-नु**– अ० क्रि० [पिलो+इ+नु] १. आघात परेको, चोट लागेको वा नीलडाम परेको ठाउँको रगत भित्रभित्रै बिग्रिएर घाउ उत्पन्न हुने स्थितिमा पुग्नु । २. घाउखटिरामा पीप आदि जमेर पाक्ने लक्षण देखिनु ।

**पिलिक्क**– क्रि० वि० [अ० मू० पिलिक्+क] १. आगो, बत्ती आदि एक्कासि बलेर । २. सानोतिनो कुरामा झट्ट आँसु चुहाएर । > **पिलिक्याइ**– ना० पिलिक्क बल्ने, आँसु झार्ने वा आँखा पल्टाउने क्रियाप्रक्रिया । **पिलिक्याइनु**– क० क्रि० पल्टाइनु; पिर्लिक्क पारिनु । **पिलिक्याउनु**– स० क्रि०/प्रे० क्रि० पिलिक्क पार्नु वा पार्न लाउनु ।

**पिलीपिली**– क्रि० वि० [अ० मू० पिल्+ई (द्वि०)] पिलपिल भइरहेर ।

**पिले**– वि० [पिलो+ए] पिलो (खटिरो) आएको (व्यक्ति) ।

**पिलेट**– ना० [अङ्० प्लेट] हे० प्लेट ।

**पिलो**– ना० [सं० पीडक] मासु धेरै भएको ठाउँमा आउने एक

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



किसिमको खटिरो; फिलामा आउने खटिरो; ठूलो जातको पिप्सो ।

**पिल्याइ–** ना० [√ **पिल्याउ** (+आइ)] पिलिने वा पिल्याउने क्रिया-प्रक्रिया । [ > ] **पिल्याइनु–** क० क्रि० पिल्याउने वा पिलिने पारिनु ।

**पिल्याउ-नु–** स० क्रि० ⁄ प्रे० क्रि० [सं० प्रेरण] १. ज्यामिर, निबुवा आदि फलहरू रस निकाल्नाका लागि मल्नु; गिलो पार्नु; गिल्याउनु । २. घाउ-खटिरा आदिलाई कुनै उपायद्वारा पिलिने तुल्याउनु । ३. गोली आदि मिलाउन लगाउनु । > **पिल्याहट–** ना० पिल्याइ ।

**पिल्ल–** क्रि० वि० [अ० मू० पिल्+ल] १. सानोतिनो कुरामा आँसु झारेर । २. मधुरो किसिमले बलेर । ~ **पिल्ल–** क्रि० वि० १. सानोतिनो कुरामा बारबार आँसु झारिरहेर । २. आगो, बत्ती आदि पिलपिल किसिमले बलिरहेर ।

**पिल्लि-नु–** अ० क्रि० [पिलो+इ+नु] १. घाउ, खटिरा आदि पिलिनु । २. निबुवा, कागती आदि रस निस्कने गरी निचोरिनु ।

**पिल्सि-नु–** अ० क्रि० [सं० √ प्लुष्=डढ्नु] १. (हरिया मकै आदि) आगाको रापले सेकिएर भित्रभित्रै पाक्नु । २. कुनै वस्तु अलि-अलि डढ्नु । ३. मानसिक चिन्ताले गर्दा भित्रभित्रै दुःखी हुनु; पिरोलिनु; चिन्तित हुनु । > **पिल्स्याइ–** ना० पिल्सिने भाव, क्रिया वा प्रक्रिया । **पिल्स्याइनु–** क० क्रि० आगोमा सेकाएर भित्रभित्रै पाक्ने बनाइनु । **पिल्स्याउनु–** स० क्रि० ⁄ प्रे० क्रि० त्यसरी सेकाएर पाक्ने पार्नु वा पार्न लाउनु । **पिल्स्याहट–** ना० पिल्स्याइ ।

**पिवाँचा–** ना० [नेवा०] गजाले रेटेर बजाइने एक प्रकारको छालाले मढेको तारबाजा । (यो दुई प्रकारको हुन्छ– चारतारे र दुईतारे) ।

**पिवा–** ना० [भो० ब०] १. तुङ्वा खानेले जाँडको ढुङ्ग्रामा गाडेर चुस्ने दुवैतिर प्वाल परेको बाँसको सोते । २. भँडारे ।

**पिवाङ–** ना० [सेर्पा०] पिवाँचाजस्तै एक प्रकारको बाजा ।

**पिशाच–** ना० [सं०] १. देवताबाट जन्मेका मठचाहा जातिका दस भेदमध्ये एक; देवताका ठिमाहा जातिमध्ये एक; निम्नकोटिको र बीभत्स कर्म गर्ने हीन देवयोनि; भूत-प्रेत आदि । २. दुष्ट मानिस । वि० ३. दुष्ट; नीच । ~ **भाषा–** ना० पैशाची भाषा । > **पिशाचिका–** ना० १. पिशाचयोनिकी स्त्री; पिशाच नारी । २. जटामसीको एक भेद । **पिशाची–** ना० पिशाच योनिकी स्त्री; स्त्री पिशाच ।

**पिशुन–** ना० [सं०] १. अर्काको चुक्ली लाउने व्यक्ति; छुल्याइँ गर्ने व्यक्ति; छुल्याहा मानिस । वि० २. चुक्ली लाउने; छुल्याहा; नीच; क्षुद्र ।

**पिष्ट–** वि० [सं०] १. पिँधिएको; पिँधेर चूर्ण पारिएको । ना० २. पिँधिएको वस्तु; पीठो । – **पेषण–** ना० १. एकपल्ट पिँधिसकेको वस्तुलाई फेरि पिँध्ने काम । २. गरिसकिएको वा भनिसकिएको काम वा कुरालाई फेरि दोहोऱ्याउने काम; पुष्टि; पुष्टिप्रदान; स्पष्टीकरण ।

**पिस्-नु–** स० क्रि० [सं० पेषण] १. हे० पिँध्नु; पिन्नु । २. तास, गन्जिफा आदि फेट्नु र बाँड्नु ।

**पिस१–** ना० [अङ्०] १. कुनै हास्यव्यङ्ग्यको सानो अंश । २. कुनै छोटो रोचक प्रसङ्ग । ३. कपडा आदिको टुक्रो । ४. शान्ति ।

**पिस२–** ना० [सं० √ पिष्] तास, गन्जिफा आदि फेटेर बाँड्ने काम ।

**पिसाइ–** ना० [√ **पिस्** (+आइ)] १. पिस्ने काम (तास आदि) । २. पिँध्ने क्रिया वा प्रक्रिया; पिँधाइ; पिनाइ । [ > ] **पिसाइनु–** क० क्रि० पिस्न वा पिँध्न लाइनु । **पिसाउनी–** ना० पिसाएको वा पिँधाएको ज्याला; पिसानी । **पिसाउनु–** प्रे० क्रि० पिस्न वा पिँध्न लगाउनु ।

**पिसाच–** ना० [सं० पिशाच] पिशाच; पिचास ।

**पिसानी–** ना० [√ पिसाउ+आनी] १. घट्ट, कल आदिमा मकै आदि पिँधाउँदा दिइने ज्याला; पिसाउनी । २. पिसाउने वा पिँधाउने कार्य । ~ **दस्तुर–** ना० पिँधाएको ज्याला ।

**पिसाप–** ना० [फा० पेशाब] खाएको तरल पदार्थ पेटमा पुगी पचेर प्राणीहरूका जननेन्द्रियबाट निस्कने तरल पदार्थ; पिसाब; मूत्र; मूत; लघुशङ्का । – **खाना–** ना० पिसाब गर्न बनाइएको ठाउँ; पिसाबघर ।

**पिसाब–** ना० [फा० पेशाब] पिसाप; मूत्र; मूत । – **खाना–** ना० पिसाप गर्ने घर वा खण्ड । ~ **घर–** ना० पिसापखाना ।

**पिसि-नु–** क० क्रि० [√ पिस्+इ+नु] १. पिस्ने काम गरिनु; पिसाइमा पारिनु । अ० क्रि० २. पिसाइमा पर्नु ।

**पिसोल्-नु–** स० क्रि० अलि-अलि डढाउनु; पिल्स्याउनु । > **पिसोलपासोल–** ना० बाहिर-बाहिर अलि-अलि पिसोल्ने वा डढाउने काम । **पिसोलाइ–** ना० पिसोल्ने क्रिया वा प्रक्रिया । **पिसोलाइनु–** क० क्रि० पिसोल्ने पारिनु । **पिसोलिनु–** क० क्रि० पिसोल्ने काम गरिनु; पिसोलाइ पुग्नु ।

**पिस्ता–** ना० [फा० पिस्त] हे० पेस्ता ।

**पिस्तोल ⁄ पिस्तौल–** ना० [अङ्० पिस्टल] सानो, च्याप्टो तथा एक हातले चलाइने बन्दुकका जातिको हतियार; तमन्चा ।

**पीँ–** ना० [अ० मू०] १. सनई आदि बाजा बजाउँदा आउने आवाज; सनई आदि बाजा बज्ने किसिम । २. साना बालकहरू रुँदा आउने आवाज; साना बालकहरू रुने किसिम । क्रि० वि० ३. त्यसरी बज्ने वा रुने गरी ।

**पीँध–** ना० हे० पिँध ।

**पीक–** ना० हे० पिक३ । – **दान ⁄ दानी–** ना० हे० पिकदानी ।

**पीङ–** ना० हे० पिङ ।

**पीछा–** ना० हे० पिछा ।

**पीठ–** ना० [सं०] १. हाटबजार लागेको ठाउँ । २. हाटबजार; बजार । ३. तीर्थस्थल । ४. राजसिंहासन । [स०] पृष्ठ=पिठिउँ ⁄ पछि] ५. गर्दनदेखि चाकसम्मको अङ्ग; पिठिउँ; आङ । ६. काठ, ढुङ्गा आदिको आसन; पिरा; पिर्का । ७. विद्यार्थीहरूले पढ्ने ठाउँ । ८. देवताको मूर्तिलाई अडेसाको लागि दिइने कुनै वस्तु । – **क–** ना० बस्ने आसन (चौकी, चकटी, पिर्का इ०) । –

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**मर्द**– ना० १. संस्कृत साहित्यशास्त्रअनुसार आफ्ना कुराका चातुर्यले नायिकाको मानभङ्ग गर्न जान्ने नायकको मित्र । २. नटीलाई नाच सिकाउने उस्ताद । ३. लामो प्रासङ्गिक कथाको नायक; पताकाको नायक; मुख्य नायकभन्दा गुणमा केही कम भएको उपनायक । – **स्थविर**– ना० विश्वविद्यालय, विद्यापीठ, गुरुकुल आदि संस्थाको छात्रसम्बन्धी विवरण तथा अन्य कागतपत्र राख्ने र तिनीहरूको शिक्षादीक्षाको राम्रो प्रबन्ध गर्ने प्रमुख (वृद्ध) पदाधिकारी; कुलसचिव; रजिष्ट्रार । > **पीठाध्यक्ष**– ना० राजाका आसनहरूको बन्दोबस्त गर्ने व्यक्ति । **पीठासीन**– वि० १. अध्यक्षको आसनमा बसेको; पीठमा बसेको (व्यक्ति) । २. गद्दीमा बसेको (व्यक्ति) ।

**पीठिका**– ना० [सं०] १. पिरा; पिर्का । २. कथा आदिका पुस्तकहरूको परिच्छेद; अध्याय (पूर्वपीठिका, उत्तरपीठिका इ०) । ३. देवमूर्ति वा कुनै खम्बाको आधार ।

**पीठो**– ना० हे० पिठो ।

**पीडक**– वि० [सं०] १. अरूलाई वा स्वयम्लाई कष्ट पुऱ्याउने वा दुःख दिने; पीडा पुऱ्याउने । ना० २. पीडा दिने व्यक्ति । प० स० ३. धेरैजसो अरू शब्दका पछाडि आउने र 'पीडा दिने' भन्ने अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (जस्तै– आत्मपीडक, परपीडक इ०) ।

**पीडन**– ना० [सं०] १. पीडा वा दुःख दिने क्रिया वा काम; सताउने क्रिया वा काम; पिरोलाइ । २. अन्याय; अत्याचार । ३. कुनै व्यक्ति वा वस्तुलाई थिच्ने काम; पेल्ने काम । ४. अँठ्याउने काम ।

**पीडा**– ना० [सं०] १. शरीरमा चोटपटक लाग्दा वा अन्य कुनै कारणले शारीरिक कष्ट हुँदा वा मानसिक आघात पर्दा सचेत व्यक्तिका मनमा हुने दुःखको अनुभूति; शारीरिक वा मानसिक दुःखको अनुभव; वेदना; व्यथा; तकलिफ; कष्ट । २. रोग; व्याधि । ३. बाधा; अडकाउ । – **कर/जनक**– वि० शारीरिक वा मानसिक दुःख दिने; पीडा दिने; कष्टप्रद । > **पीडाल्पक**– वि० दुःख कम गराउने (औषधीविशेषः सिडेटिन, पेनकिलर आदि) । **पीडित**– वि० १. दुःख दिइएको वा दुःख पाएको; सताइएको । २. दबाइएको; थिचिएको । ३. सिकिस्त पारिएको ।

**पीढी**– ना० हे० पिँढी ।

**पीत**– वि० [सं०] १. पहेँलो । २. पिइएको; पान गरिएको । ना० ३. पहेँलो रङ । – **कण**– ना० वनस्पतिमा हुने पहेँलो रञ्जक वस्तु । ~**चन्दन**– ना० १. चन्दनका रूपमा प्रयोग गरिने पहेँलो किसिमको श्रीखण्ड । २. चन्दनका रूपमा लगाइने माटो; गोपीचन्दन; रामतिलक । – **मणि**– ना० हे० पुष्पराज । – **मूली**– ना० पदमचाल्नु (बुटी) ।

**पीतल**– ना० [सं०] हे० पित्तल । > **पीतलीय**– वि० पित्तलको; पित्तलको जस्तो; पहेँलो । **पीतले**– वि० हे० पित्तले ।

**पीताम्बर**– ना० [सं०] १. पूजापाठ आदि गर्दा लगाइने रेसम वा पाटको धोती । २. पहेँलो वस्त्र । ३. पहेँलो वस्त्र धारण गर्ने विष्णु । ४. पहेँलो फुल्ने एक प्रकारको फूल । वि० ५. पहेँलो वस्त्र लगाउने वा पहेँलो वस्त्र भएको ।

**पीन**– वि० [सं०] १. मोटो जीउ भएको; मोटो; स्थूल; स्थूलकाय । २. पुष्ट । ३. ठूलो; विशाल; भीम ।

**पीप**– ना० हे० पिप ।

**पीपल**– ना० हे० पिपल । > **पीपलु**– ना० हे० पिपलु ।

**पीयूष**– ना० [सं०] १. सुधा; अमृत । २. बिहाएको सात दिनभित्रको गाईको दूध; सात दिनभित्रको लैनु गाईको बिगौते दूध ।

**पीलु**– ना० [सं०] साधारणतः पात, फल, फूल ओखरका जस्तै हुने विशेष प्रकारको ओखर; दाँते ओखर ।

**पीवर**– वि० [सं०] पीन; मोटो; विशालकाय; बडेमाको ।

**पुँ१**– वि० बो० [अ० मू०] शङ्ख वा त्यस्तै किसिमले फुकेर बज्ने बाजा बजाउँदा शब्द आउने किसिम ।

**पुँ२**– ना० [बा० बो०] १. पानी आदि पेय पदार्थलाई वा पिउने क्रियालाई बुझाउने शब्द । २. बालबोलीमा पानी खाने क्रिया । ३. पानी आदि पेय पदार्थ ।

**पुँगीफल**– ना० [सं० पूगीफल] सुपारी; सुपाडी ।

**पुँजी**– ना० [हि० पूँजी] १. कुनै व्यक्ति वा संस्थाको जीवननिर्वाहको आवश्यकताबाट जोगिएको धन; जीवन धान्नका लागि खर्च गरेर उब्रिएको धन; सञ्चित धन; बचत धन । २. उद्योग, व्यापार आदि कुनै व्यवसायमा लगानी गरिएको निरन्तर मुनाफा दिइरहने मूल धन; व्यापार, उद्योग आदिको साउँ । ३. रुपियाँपैसा, सुनचाँदी; नगद; सम्पत्ति । ४. धन । – **गत**– वि० १. पुँजीका रूपमा परिणत भएको; धनका रूपमा बदलिएको । २. पुँजीसम्बन्धी । – **गत व्यय**– ना० पछि प्रतिफलका रूपमा लाभ दिने रेल, नहर, बिजुली, कलकारखानाजस्ता व्यवसायको निर्माणमा गरिने खर्च; उन्नति वा धनोपार्जनका लागि तत्काल गरिने व्यय । – **पति**– ना० १. कुनै उद्योग, व्यवसाय आदिमा नाफा कमाउने उद्देश्यले प्रशस्त धनको लगानी गर्ने व्यक्ति; उद्योगपति । २. पर्याप्त पुँजी भएको व्यक्ति; धनी व्यक्ति । वि० ३. धनी । ~ **परिचालन**– ना० उचित वा लाभप्रद किसिमले गरिएको पुँजीको परिचालन; कुशलतापूर्वक गरिएको सम्पत्तिको विनियोजन । ~**लगानी**– ना० पुँजीलाई उद्योग, व्यवसाय आदिमा लगाउने काम; पुँजीको विनियोजन । – **वाद**– ना० कार्लमार्क्स र उनका अनुयायीका मतअनुसार उत्पादनका प्रमुख साधन तथा उत्पादित वस्तुहरूको वितरणमा पुँजीपतिको व्यक्तिगत स्वामित्व भएको आर्थिक व्यवस्था; उत्पादनमा भूमि, श्रम आदिका अपेक्षा पुँजीकै सर्वोपरि भूमिका मान्ने आर्थिक व्यवस्था । – **वादी**– वि० पुँजीवादमा विश्वास गर्ने; पुँजीवादको समर्थक ।

**पुँडे**– वि० [पुँडो+ए] सबै आङ एक रङको र निधारदेखि थुतुनोसम्म अर्को रङको; पुँडो भएको (गाईबस्तु) ।

**पुँडो**– ना० [सं० पुण्ड्र] गाईबस्तु आदिको जम्मैजसो जीउ एक

रङको भई निधारदेखि थुतुनोसम्मको अघिल्लो भागमा मात्र भएको सेतो वा अरू रङको टाटो ।

**पुँडो/पुँढो**– ना० यो० [सं० परट] १. उता; त्यता; पर । (उदा०– घरपुँडो एउटा रूख छ) । क्रि० वि० २. परतिर; टाढा (उदा०– धेरै पुँडो नजाऊ, नजिकै बस) ।

**पुँपुँ**– ना० [अ० मू० पुँ (द्वि०)] बालबोलीमा मोटरलाई बुझाउने शब्द; मोटर ।

**पुंकेशर**– ना० [सं०] फूलको परागमा पुरुषप्रधान तत्त्व भएको रज; पुष्पपरागमा हुने पुंस्त्वप्रधान रज ।

**पुंरत्न**– ना० [सं०] पुरुषरत्न; श्रेष्ठ वा उत्तम पुरुष ।

**पुंलिङ्ग**– ना० [सं०] १. पुरुषको पुंसत्वको चिह्न; पुरुषको जननेन्द्रिय । २. व्याकरणमा भाले वा पुरुष जातिलाई बुझाउने तत्त्व ।

**पुंश्चिह्न**– ना० [सं०] १. पुरुषको चिह्न । २. पुरुषको जननेन्द्रिय ।

**पुंसत्व**– ना० [सं०] १. पुरुषत्व; मर्दपना । २. वीरता; बहादुरी; पुरुषार्थ; पराक्रम ।

**पुंसवत्**– वि० [सं०] १. पुरुष वा भालेजस्तो । २. वीर; पराक्रमी; आँटी ।

**पुंसवन**– ना० [सं०] गर्भाधानदेखि लिएर मृत्युपर्यन्त गरिने द्विजातिका षोडश संस्कारमध्ये गर्भधारण भएको तेस्रो महिनामा गरिने एक संस्कार; गर्भवती स्त्रीले छोरो पाओस् भनी गरिने संस्कार; षोडश संस्कारमध्ये द्वितीय संस्कार ।

**पुंस्त्व**– ना० [सं०] १. पुरुषको भाव; पुरुषत्व । २. पुरुषको स्त्रीसमागम र सन्तानोत्पत्ति गर्न सक्ने शक्ति । ३. पुरुषको गुण, स्वभाव वा विशेषता ।

**पुइँ/पुइँक्**– ना० [अ० मू०] अपानवायु चल्दाको मसिनु ध्वनि । > **पुइँक्क**– क्रि० वि० अपानवायु चल्दा तीखो मसिनु आवाज आउने गरी । **पुइँक्याइ**– ना० पुइँक्याउने क्रिया वा प्रक्रिया । **पुइँक्याइनु**– क० क्रि० पुइँक्याउने काम गरिनु । **पुइँक्याउनु**– स० क्रि० पुइँक्क आवाज आउने गरी अपानवायु छोड्नु ।

**पुकपाक**– क्रि० वि० [अ० मू०] १. पिटपाट गरेर; कुटकाट गरेर । ना० २. पिटपाट; कुटकाट ।

**पुकपुक**–क्रि० वि० [अ० मू० पुक्+अ (द्वि०)] १. कसैलाई मुड्की वा सानो डल्लाले हलुका किसिमले बारबार हान्ने गरी । ना० २. त्यस्तो किसिमको हनाइ । > **पुकपुकती/पुकपुकी**– क्रि० वि० अझै पुकपुक हुने गरी । **पुकपुक्याइ**– ना० पुकपुक्याउने किसिम वा क्रिया; पुकपुकगराइ । **पुकपुक्याइनु**– क० क्रि० पुकपुक हिर्काइनु । **पुकपुक्याउनु**– स० क्रि० पुकपुक आवाज आउने गरी कसैलाई हिर्काउनु; पाटपिट पार्नु; पिट्नु । **पुकपुक्याहट**– ना० पुकपुक्याइ ।

**पुकार्–नु**– स० क्रि० [पुकार+नु] १. कसैलाई नाउँ काढेर वा सम्बोधन गरेर टाढाबाट बोलाउनु; हाँक पार्नु । २. कुनै आपत्विपत् आइपर्दा सुरक्षा वा सहायताका लागि कसैलाई बोलाउनु; गुहार्नु । ३. बिन्तीभाउ गर्नु; प्रार्थना गर्नु । ४. फिराद गर्नु ।

**पुकार/पुकारा**– ना० १. कसैको नाउँ लिएर नाउँ लिएको व्यक्तिले सुन्ने गरी टाढाबाट बोलाउने काम । २. आपत्विपत् आइपर्दा सुरक्षा वा सहायताका लागि कसैलाई गुहार्ने काम । ३. बिन्तीभाउ; प्रार्थना; अनुनयविनय । ४. फिराद; उजुर ।

**पुकाराइ**– ना० [√ **पुकार्** (+आइ)] पुकार्ने क्रियाप्रक्रिया; पुकारागराइ । [ > ] **पुकारिनु**– क० क्रि० १. बोलाइनु; डाकिनु । २. पुकारा गरिनु ।

**पुकुपुकु**– क्रि० वि० [अ० मू० पुक्+उ (द्वि०)] पुकपुक; पुकपुकती; पुकपुकी ।

**पुक्क**– क्रि० वि० [अ० मू० पुक्+क] १. कसैलाई मुड्की वा सानो डल्ला आदिले हान्दा एकै चोटि हलुका किसिमले लाग्ने गरी । २. फुल्ने वा सुन्निने किसिमले । (उदा०– हावा भरिएपछि भकुन्डो पुक्क फुल्छ ।) । वि० ३. फुलेको; सुन्निएको । ४. मोटाएको; मोटो । (उदा०– उसका पुक्क गाला देखेर सबै मोहित हुन्छन्) । ~ **पुक्क**– क्रि० वि० १. एकपछि फेरि अर्कोपल्ट पुक्क प्रहार गरेर । २. पुक्क फुलिरहेर । **पुक्किनु**– क० क्रि० १. मुड्की वा सानो डल्ला आदिले हलुका चालमा पिटिनु; पुक्क पिटाइ खाइनु । अ० क्रि० २. पुक्क मोटाउनु । **पुक्क्याइ**– ना० पुक्क्याउने क्रिया वा प्रक्रिया । **पुक्क्याइनु**– क० क्रि० १. पुक्क हानिनु । २. पुकुपुकु खाइनु; खप्प्याइनु । **पुक्क्याउनु**– स० क्रि० १. पुक्क हान्नु; पुकपुक्याउनु । २. पुकुपुकु खानु; खप्प्याउनु । **पुक्क्याहट**– ना० पुक्क्याइ ।

**पुक्खल/पुक्खलो**– वि० [सं० पुष्कल] १. मीठोसँग बोल्ने वा कुरा गर्न जान्ने; कुरा गर्न सिपालु; मिजासिलो । २. बाठो; चतुर ।

**पुग्–नु**– अ० क्रि० [सं० प्रापक+नु] १. एक ठाउँबाट प्रस्थान गरी अर्को ठाउँमा प्रस्तुत हुनु; कुनै ठाउँबाट हिँडी लक्षित स्थानमा उपस्थित हुनु । २. पठाइएको ठाउँमा पठाइएको कुरा दाखिल हुनु; पहुँचनु । ३. कुनै कामका निम्ति मालमत्ता वा वस्तुको परिमाण पर्याप्त हुनु । ४. एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तित हुनु । ५. इच्छा गरेको कुरा पूर्ण हुनु; चिताएको कुरा प्राप्त हुनु । ६. कसैको दाँजो वा बराबरमा आउनु; कसैको बराबर बन्नु । ७. सम्पन्न हुनु । > **पुग–नपुग**– वि० १. पुग्छ-पुग्छजस्तो; झन्डै पुगेको; अलिकतिले मात्र नपुगेको; पुगेस-पुगेस । २. धेरथोर । **पुगाइ**– ना० पुग्ने क्रिया वा प्रक्रिया । **पुगाइनु**– क० क्रि० पुग्ने पारिनु; पुऱ्याइनु । **पुगाउनु**– स० क्रि०/प्रे० क्रि० पुग्ने पार्नु वा पार्न लगाउनु; पुऱ्याउनु । **पुगिनु**– अ० क्रि० कहीं पुगेको होइनु । **पुगीसरी**– ना० धनसम्पत्ति, सुखसुबिस्ता, साधन आदिको पर्याप्तता; छेलोखेलो; समृद्धि । **पुगेस-पुगेस**– वि० १. नाममात्रले पुग्ने वा पुग्यो भन्न मात्र सुहाउने; पर्याप्त मात्रामा नपुगेको; अल्प मात्रामा मात्र पुगेको वा पुग्ने । ना० २. नपुग्ला कि भन्ने भय ।

**पुङ**– ना० [फुङो] १. जाँड, रक्सी आदि राख्ने काठ, बाँस, माटो

आदिको ढुङ्ग्रो; पुङवाङ; पुङमाङ । २. ठेकी, ढुङ्ग्रो, भाँडो आदिको मुख । ३. प्राणी वा भाँडा आदिको सिरानतिरको भाग । ~ **न पुच्छर**– टु० १. सिरानदेखि पुछारसम्म केही न केहीको स्थिति । २. कुनै उक्ति वा कथनको निरर्थकता; फेदटुप्पो केही नहुनाको अवस्था ।

**पुङमाङ**– ना० १. मुख र पींध खुला भएको ढुङ्ग्रोजस्तो भाँडो; दुवैपट्टि खुला भएको ढुङ्ग्रो । वि० २. बेकामको; रद्दी; बेकम्मा । ३. मूर्ख; हुस्सु; पुङवाङ । > **पुङमाङे**– वि० सिद्धान्त नभएको र बेकामे (मानिस); पुङमाङ ।

**पुङ्गव**– ना० [सं०] १. कुनै जाति, वर्ग वा समुदायलाई बुझाउने शब्दका पछिल्तिर लागी त्यस जाति, वर्ग वा समुदायमा श्रेष्ठ भन्ने अर्थ बुझाउने शब्द (जस्तो– नरपुङ्गव, ऋषिपुङ्गव, वीरपुङ्गव इ०) । २. कुनै जाति, वर्ग वा समुदायमा श्रेष्ठ व्यक्ति ।

**पुच्च**– क्रि० वि० [अ० मू० पुच्+च] १. मुख खोकल्दा ओठले पानी फालेर; कुलकुल गरी थुकेर । २. प्रेम जनाउँदा दुवै ओठ चोसे पारेर; स्वाइँ खाएको जस्तो आवाज निकालेर ।

**पुच्छ**– ना० [सं०] पुच्छर । – **कपि**– ना० १. अफ्रिकामा पाइने एक प्रकारको पुच्छ्रेवानर । २. कुनै पनि पुच्छ्रेबाँदर । – **कपि अनुगण**– ना० कपि वा श्वकपि र त्यस्तै प्रकारका वानरको सामूहिक नाम ।

**पुच्छर**– ना० [सं० पुच्छ] १. पशु, पक्षी वा कीराहरूका शरीरको पछिल्लो भागबाट निस्केको लामो अवयव; कुनै वस्तुको पछिल्लो भाग; पुच्छ । वि० २. अर्काको पछि लाग्ने; पछौटे ।

**पुच्छ्रे**– वि० [पुच्छर+ए] १. पुच्छर भएको; पुच्छर हुने । २. कुनै कागतको पुछारमा गरिने वा लगाइने (हस्ताक्षर वा छाप) । ३. पुछारको; खुरे (पुच्छ्रे टिपोट : खुरे टिपोट) । ना० ४. गोठालो । ५. अनुचर । ~ **टिपोट**– ना० पाद-टिप्पणी; खुरे टिपोट । ~ **तारो**– ना० रातमा कहिलेकाहीँ आकाशमा देखिने, पछिल्तिर लामो धुवाँको मुस्लो वा ज्वालाजस्तो हुने तारो; उल्का; धूमकेतु । (यो देखिनु अनिष्टकारी मानिन्छ) । ~ **भाग**– ना० गाई-भैँसी आदि चौपाया बिक्री गर्दा गोठालो लाग्ने केटाकेटी वा गोठालोलाई दिइने मोहररुपियाँको दस्तुर । ~ **सही**– ना० कुनै कागजको पुछारमा गरिने हस्ताक्षर वा लगाइने छाप । > **पुच्छ्रौली**– ना० कुनै ग्रन्थ वा रचना आदिको पछिल्लो अंश; परिशिष्ट; अवशेष ।

**पुछ्-नु**– स० क्रि० [सं० प्रोञ्छन] ३. शारीरिक अङ्ग वा कुनै वस्तुमा लागेको मयल वा दाग हटाउनु; मेट्नु; सफा गर्नु । > **पुछ**– ना० १. कुनै कुरा सोध्ने काम; सोधपुछ; पुछनी । २. खबर । ३. वास्ता । **पुछताछ**– ना० कुनै कुरा सोधपुछ गर्ने काम; सोधखोज । **पुछनपाछन**– ना० पुछपाछ गर्ने काम; पुछपाछ । **पुछनी**– ना० १. कुनै कुरा सोधपुछ गर्ने काम; सोध्ने काम; प्रश्न; सोधनी । २. पुछाइ; सफाइ ।

**पुछपाछ**– ना० शारीरिक अङ्ग वा कुनै वस्तुलाई सफा पार्ने काम; चिसो कपडा, कागत आदि दलेर कुनै वस्तुलाई सफा गर्ने काम । **पुछाइ**– ना० पुछ्ने भाव, क्रिया वा प्रक्रिया ।

**पुछाइनु**– क० क्रि० पुछ्न लाइनु; मेटाइनु । > **पुछाउनी**– ना० १. कसैको कुनै हानिनोक्सानी हुँदा आँसु पुछाउन वा सन्तुष्ट गराउनका निम्ति दिइने वस्तु; पुछौनी । २. पुछ्ने वा मेट्ने साधन । ३. प्रश्न गरेबापत दिनुपर्ने दस्तुर; उत्तरशुल्क । **पुछाउनु**– प्रे० क्रि० पुछ्न वा मेट्न लगाउनु ।

**पुछार**– ना० [पुच्छर] १. कुनै स्थान, वस्तु वा कुराकानी आदिको सबभन्दा पछिल्लो भाग; पछाडिको अंश; अन्तिम भाग । २. अन्तिम स्थान; आखिरी ठाउँ । ३. पहाड, वृक्ष आदिको फेदी ।

**पुछारी**– ना० [पुछ्+आरी] १. कुरा सोधपुछ गर्ने काम; सोध्ने काम; प्रश्न । २. कुनै कुराका सम्बन्धमा चासो राख्ने काम; वास्ता; प्रयोजन; खोजी; पुछनी ।

**पुछिनु**– क० क्रि० [पुछ्+इ+नु] १. पुछ्ने काम गरिनु । २. सोधिनु । अ० क्रि० ३. मेटिनु; सफा हुनु ।

**पुछुवा**– ना० [पुछ्+उवा] १. कुनै वस्तु पुछी सफा गर्ने वा पुछ्ने साधन; रुमाल । वि० २. पुछ्ने; पुछेर साफ गर्ने (व्यक्ति वा साधन) ।

**पुछौनी**– ना०हे० पुछाउनी ।

**पुज्-नु**– स० क्रि० [सं० पूजन] १. देव-देवी, पितृ आदिलाई जल, फूल, अक्षता, नैवेद्य आदि चढाउनु; श्रद्धा-भक्तिपूर्वक पूजा गर्नु; अर्चना गर्नु । २. मान्य वा आदरणीय जनको मान गर्नु; सत्कार गर्नु; आदर गर्नु । > **पुजाइ**– ना० पुज्ने भाव, क्रिया वा प्रक्रिया । **पुजाइनु**– क० क्रि० पुज्न लाइनु; पूजा गर्न लाइनु । **पुजाउनु**– प्रे० क्रि० पूजा गर्न लाउनु; पूजा गराउनु । **पुजारी**– ना० १. देवताको पूजाआजा गर्ने व्यक्ति । २. जागिर वा देवस्वको आम्दानी खाएर जीवनयापनका निम्ति देवताको पूजा गर्ने व्यक्ति । **पुजिनु**– क० क्रि० पुज्ने काम गरिनु; पूजा गरिनु ।

**पुञ्ज**– ना० [सं०] वस्तुहरूको समूह; थुप्रो; रास । > **पुञ्जित**– वि० रास लागेको; थुप्रिएको; सम्मिलित । **पुञ्जी**– ना० १. पुञ्ज । २. पुँजी । **पुञ्जीभूत**– वि० थुप्रिएको; पुञ्ज बनेको ।

**पुट१**– ना० [सं०] १. एउटा कुरालाई महत्त्व वा पुष्टि दिने अर्को भिन्न कुरो । २. कथन आदिको पुष्टि वा सहारा ।

**पुट२**– ना० [सं०] १. आयुर्वेदिक प्रक्रियाअनुसार रसादि औषधी भस्म गर्ने माटाको कचौरा वा हाँडीजस्तो भाँडो । २. त्यस्तो भाँडामा राखी औषधी भस्म गराउने काम । ३. कटौरा वा दुनाका आकारको भाँडो । ४. दुनु । ५. अँजुली । ६. कोसा । ७. दाप । ८. खोल । – **पाक**– ना० १. औषधीलाई जामुन, बर आदिका पातले बेरी गिलो माटोले पोतेर डल्लो पारी डढाएर भस्म पार्ने प्रक्रिया । २. माटाको सानो पालाभित्र औषधी राखी माथिबाट पालैले छोपी दुइटा पालाको जोर्नीमा माटो पोती बन्द गरेर पोल्ने क्रिया । ३. त्यस्तो प्रक्रियाबाट तयार पारिएको

औषधी ।

**पुटपुट–** क्रि० वि० [अ० मू० पुट्+अ (द्वि०)] १. पुट्ट भाँचिरहने गरी । २. पुट्ट मोटाइरहने गरी । > **पुटपुटती–** क्रि० वि० पुटपुट; पुटुपुटु । **पुटपुटाइ–** ना० पुट्ट भाँचिरहने वा फुलिरहने क्रियाप्रक्रिया । **पुटपुटाउँदो–** वि० पुट्ट भाँचिइरहने वा फुलिरहने ।

**पुटिका–** ना० [सं०] १. औषधी आदिको पुरिया । २. सानो पोको । ३. पुटुक्क परेको कुनै गाँठो । ४. जन्मोत्सवमा बाँधिने त्यस्तो ग्रन्थि ।

**पुटित–** वि० [सं०] १. दुवै तर्फबाट बन्द गरिएको । २. पुटपाक गरिएको । ३. अघि र पछि कुनै मन्त्र पढेर आदिदेखि अन्तसम्म पाठ गरिएको (चण्डी आदि) ।

**पुटिन–** ना० [अङ्० पुटिङ] खापामा ऐना अडचाउन वा प्वालहरू टाल्नाका निम्ति सिकर्मीहरूले प्रयोग गर्ने लेदो मसला; पुल्टिन ।

**पुटी–** ना० [सं०] १. सानो दुनु । २. पुडिया ।

**पुटु–** ना० [सं० पट] पुस्तक बाँध्ने बासाको फित्ता वा तुनु ।

**पुटुक्क–** क्रि० वि० [अ० मू० पुटुक्+क] १. सानोतिनो वस्तु एकै चोटि भाँचिने गरी । २. रोटी, गाला आदि फुल्ने वा उक्सने गरी; पुट्ट; भुक्क, फुक्क । ३. सानो र राम्रो हुने किसिमले ।

**पुटुपुटु–** क्रि० वि० [अ० मू० पुट्+उ (द्वि०)] १. मीठो बोलीमा केटाकेटीले नधकाईकन बोलेर । २. पुटपुटती ।

**पुट्ट–** क्रि०वि०हे० पुटुक्क ।

**पुट्टो–** ना०हे० पुट्टा ।

**पुट्ठा–** ना० १. चाकदेखि मास्तिरको दुई खण्डमा विभाजित मांसल भाग; फिलो; पुट्ठो । २. तिघ्राको मांसल भाग । ३. नितम्ब ।

**पुट्ठे–** वि० [पुट्ठा+ए] १. पुट्ठावाल । २. पुष्ट; मोटो । ~ **हाड–** ना० पुट्ठाको हाड; टुइँके हाड ।

**पुठ–** ना० [सं० पुट] १. गाह्रोसाङ्ग्रो पर्दा आडभर दिने काम; आड; भरोसा; पूठ । २. कुनै काममा प्रवृत्त हुन वा गर्न दिइने प्रेरणा ।

**पुठिया–** ना० एक प्रकारको माछो; पोथी माछो; कत्ले माछो; पोठिया ।

**पुठो–** ना० [सं० पुष्ट] फुस्रो रङको डाँठ हुने एक जातको गुलियो उखु ।

**पुडिया–** ना० [सं० पुटिका] भित्रपट्टि औषधी वा अरू कुनै वस्तु राखी बाहिरबाट बेह्रिएको कागतको सानो पोको; पुरिया ।

**पुड्का–** वि० [सं० पुटक] पुड्को । ~ **पुड्की–** ना० १. होचो कद भएका मानिसहरूको समूह; पुड्काहरूको समूह । २. पुड्का र पुड्की । > **पुड्किनु–** अ० क्रि० १. पुड्को हुनु । २. पुड्को होइनु । **पुड्के–** वि० धेरै नबढेको; होचो कदको; बाउन्ने ।

**पुड्को–** वि० [सं० पुटक] १. उमेरअनुसार नबढेको; होचो कदको; उचाइ नभएको; बाउन्ने; बामपुड्के । २. डल्ले; गर्चो । > **पुड्क्याइँ–** ना० पुड्को हुनाको भाव वा अवस्था; पुड्कोपन ।

**पुणे–** वि० [सं० पुण्ड्र+ए] हे० पुँडे । ~ **उखु–** ना० फुस्रो रङको डाँठ हुने एक जातको मोटो, गुलियो उखु; पुणे ।

**पुण्ड/पुण्ड्र–** ना० [सं०] चन्दन वा विभूतिको तिलक; टिको ।

**पुण्डरीक–** ना० [सं०] १. सेतो कमल; कमल । २. तिलक । > **पुण्डरीकाक्ष–** वि० १. कमलको फूलका पत्रजस्ता आँखा हुने । ना० २. विष्णु ।

**पुण्ड्र–** ना०हे० पुण्ड ।

**पुण्य–** ना० [सं०] १. धार्मिक विश्वासअनुसार असल काम वा परोपकारबाट प्राप्त हुने शुभ फल । २. धार्मिक दृष्टिबाट शुभ फल दिने काम; धर्म-कार्य । ३. यस लोकमा पनि राम्रो सम्झिने र परलोकमा पनि शुभ फल दिने काम । वि० ४. पवित्र; शुद्ध । ५. शुभ; असल । ~ **कर्म–** ना० पुण्य प्राप्त हुने काम; धर्म हुने काम । ~ **काल–** ना० १. दानपुण्यादि धार्मिक कार्य र अन्य पवित्र कार्य गर्ने समय । २. प्रातःकाल । ~ **कीर्ति–** ना० १. पछिकाले सम्झँदा वा गाउँदा पुण्य प्राप्त हुने कीर्ति । २. पुण्य दिन सक्ने कीर्ति भएको श्रेष्ठ पुरुष (राम, कृष्ण, बुद्ध आदि) । वि० ३. पुण्य हुने कीर्ति भएको । ~ **क्षेत्र–** ना० पवित्र मानिएको स्थान; पुण्य प्राप्त हुने स्थान; धार्मिक दृष्टिले उत्तम मानिएको स्थान; तीर्थस्थल । ~ **तिथि–** ना० दानपुण्यादि धार्मिक कार्य र अन्य पवित्र कार्य गर्ने दिन; धार्मिक दृष्टिले शुभ कार्य गर्ने दिन । ~ **दिन–** ना० पुण्यतिथि । ~ **फल–** ना० पुण्य गर्नेले पाउने राम्रो फल वा परिणाम । ~ **भूमि–** ना० पुण्यक्षेत्र । ~ **योग–** ना० पूर्वजन्ममा गरिएको पुण्यको फल; पूर्वजन्मका शुभकर्मको प्रभाव । ~ **लोक–** ना० पुण्यबाट प्राप्त हुने लोक; स्वर्ग, वैकुण्ठ आदि लोक । ~ **शिला–** ना० पूजा गर्न लायकको पवित्र ढुङ्ग्रो । – **शील–** वि० पुण्य गर्ने स्वभावको । – **शीला–** वि० पुण्य गर्ने स्वभावकी । – **श्लोक–** वि० १. पुण्य कीर्ति भएको; पवित्र चरित्र वा आचरण भएको (व्यक्ति) । ना० २. युधिष्ठिर, नल वा विष्णु । – **सलिला–** वि० १. पवित्र जल भएकी; जलमा स्नान गर्दा पुण्य प्राप्त हुने (नदी) । ना० २. गङ्गा । ~ **स्थान–** ना० देवस्थल; तीर्थस्थल । > **पुण्यात्मा–** वि० पवित्र वा शुद्ध मन भएको; चोखो मन भएको; धर्ममा मन दिने; धर्मात्मा ।

**पुण्यार्थ–** वि० [सं०] १. पुण्य चिताएर गरिएको । ना० २. पुण्यका हेतुले गरिएको कार्य; धर्मार्थ । ~ **निधि–** ना० पुण्यकार्यका लागि छुट्टयाइएको वा जम्मा गरिएको सम्पत्ति; पवित्र वा धार्मिक कार्यका निम्ति सञ्चित धनराशि ।

**पुण्योदय–** ना० [सं०] पुण्यको कारणले गर्दा जीवनमा हुने राम्रो स्थितिको उदय ।

**पुतपुत–** क्रि० वि० [अ० मू० पुत्+अ (द्वि०)] १. कुनै वस्तुमा आगो लाग्दा आरम्भमा सानो धूवाँको मुस्लो निस्केझैँ निस्कने किसिमले; कुनै वस्तु राम्ररी बल्न नसकी अलिअलि धूवाँ आउने गरी बलेझैँ भएर । ना० २. त्यसरी धूवाँ छुट्ने अवस्था, क्रिया वा प्रक्रिया । > **पुतपुताइ–** ना० पुतपुताउने किसिम, क्रिया वा भाव । **पुतपुताइनु–** अ०क्रि० पुतपुत धूवाँ छोड्ने वा धूवाँ छोडेर बल्ने तुल्याइनु । **पुतपुताउनु–** अ० क्रि० पुतपुत धूवाँ छाडेर

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



बल्नु । **पुतपुताहट–** ना० पुतपुताइ । **पुतपुतिनु–** अ० क्रि० पुतपुताउनु । **पुतपुती–** क्रि० वि० अझै पुतपुत हुने गरी । **पुतपुते–** वि० पुतपुत धूवाँ आउने; पुतपुत धूवाँ छोडेर बल्ने । **पुतपुत्याइ/पुतपुत्याहट–** ना० पुतपुतिने भाव स्थिति वा क्रियाप्रक्रिया ।

**पुतला–** ना० [सं० पुतल] १. घाँस, पराल, कुश आदिबाट बनेको मनुष्यको आकृति । २. पञ्चकमा मर्नेका साथमा वा विदेशमा मर्ने व्यक्तिका प्रतीकका रूपमा दाह गरिने कुश आदिबाट बनेको मनुष्याकृति । ३. विरोधका निम्ति कपडा आदिबाट तयार गरिएको कसैको व्यङ्ग्य-चित्र; कार्टुन । ४. आत्मा । ५. जीवतत्त्व; प्राणतत्त्व; पुत्लो ।

**पुतली–** ना० [सं० पुत्तली] १. अनेक किसिमका र रङका हुने, शरीरको मूल भाग भन्दा पखेटा ठूला हुने, उड्ने र फूलहरूमा बस्दै रसपान गर्दै गर्ने कीराहरूको जाति । २. धानमा लाग्ने सेतो जातको कीरो । ३. काठ, धातु, कपडा आदिबाट बनाइएको, मनुष्य आदिका आकारको खेलौना । ४. आँखाका बीचमा हुने कालो भाग; नानी । ५. डाँठसहित धानका बालाको विभिन्न आकारमा बनाइएको झुप्पो । ६. पुतली फूल । **– कट–** ना० पुतलीको आकारझैँ पारेर काटिएको जुँघा । ~ **झ्याल–** ना० चुलीगारोमा राखिने झ्याल; बुट्टेझ्याल; आँखीझ्याल । ~ **फुल–** ना० १. उड्ने पुतलीका पखेटाजस्तै छिरबिरे रङ्गका पात हुने फूल । २. विभिन्न रङका फूल फुल्ने एक जातको फूल; बर्खेफूल । ~ **बिहा/बिहे–** ना० १. उमेर नपुगेका केटाकेटीको पुतलीको बिहे गरेझैँ गरिने बिहे । २. पुतलीको बिहे गरेर खेल्ने बाल्यक्रीडा । ~ **बुट्टा–** ना० पुतलीजस्तै देखिने पारेर बनाइएको बुट्टा ।

**पुतवार–** ना० हे० पुतुवार ।

**पुता–** ना० [सं० पुत्र] छोरो; पुतो; पुत्र (उदा०– **बुढेसकालको पुता यता न उता** –उखान) ।

**पुतारी–** ना० [पुता+री] स्वास्नी ।

**पुती–** ना० स्त्रीको जननेन्द्रिय; पूती; भग; योनि ।

**पुतु/पुतुरो–** ना० [पुती+उ/उरो] स्त्रीको जननेन्द्रिय; भग; योनि ।

**पुतुवार–** ना० [पोतदार] १. नेवारहरूमा डुइयाँसरहको एक जातिलाई पृथ्वीनारायण शाहद्वारा नुवाकोटयुद्धमा दिइएको उपाधि । २. नेवार-जातिको एक वर्ग; डुइयाँसरहको एक जाति ।

**पुतो१–** ना० [सं० पुत्र] पुत्र; छोरो; पूत ।

**पुतो२–** ना० [सं० पुत्रक] रोप्नको लागि तयार पारिएको धानको बिरुवा; बीउ; गावा ।

**पुतौरो–** ना० [पुती+औरो] स्त्रीको जननेन्द्रियका लागि प्रयोग गरिने शब्द ।

**पुत्को१–** ना० [सं० पत्रकिट्ट] सानो जातको एक किसिमको माहुरी; कठचौरी; झिँगौरी ।

**पुत्को२–** ना० [अ० मू० पुत+को] धूवाँ आदिको सानो मुस्लो ।

**पुत्त–** क्रि० वि० [अ० मू० पुत्+त] एकै बाजि पुतपुत हुने गरी; त्यसरी धूवाँको मुस्लो उठेर ।

**पुत्तलिका–** ना० [सं०] १. पुतली । २. मनुष्य आदिका आकारमा बनाइएको केटाकेटीको खेलौना; खेल्ने पुतली ।

**पुत्ताइ–** ना० [√ **पुत्ताउ** (+आइ)] पुत्त धूवाँको मुस्लो उठ्ने क्रिया वा प्रक्रिया [ > ] **पुत्ताइनु–** अ० क्रि० पुत्त मुस्लो उठ्ने होइनु ।

**पुत्ताउ-नु–** अ० क्रि० [पुत्त+आउ+नु] पुत्त मुस्लो उठ्ने हुनु । > **पुत्ताहट–** ना० पुत्ताइ ।

**पुत्तिका–** ना० [सं०] १. रङ-बिरङका पखेटा हुने धानमा लाग्ने एक जातको कीरो । २. धानमा लाग्ने सेतो कीरो । ३. एक जातको माहुरी ।

**पुत्ले छोरो–** ना० मित-मितेनीको छोरो ।

**पुत्ले छोरी–** ना० मित-मितेनीकी छोरी ।

**पुत्याहा–** ना० [पुतो+याहा] सन्तान चाहिनेहरूले भाकलअनुसार सन्तान पैदा भएपछि दिने पूजा; बलि । ~ **भाकल–** ना० सन्तानको कामना राखेर गरिने भाकल । ~ **भाग–** ना० पुत्याहा भाकल गर्नेले पुत्याहाको लागि छुट्टयाएको भाग ।

**पुत्र–** ना० [सं०] छोरो । **– क–** ना० १. छोरो । २. सानो छोरो । ३. धर्मपुत्र । **– वधू–** ना० आफ्ना छोराकी पत्नी; बुहारी । **– वती–** वि० छोरो भएकी (स्त्री); छोरोवाली (स्त्री) । **– वान्–** वि० छोरो भएको; छोरोवाला (पुरुष) । > **पुत्रार्थी–** वि० पुत्रप्राप्तिको इच्छा गर्ने; छोरो पाउने चाहना भएको; छोरो पाउन इच्छुक; पुत्रेच्छुक (पुरुष) ।

**पुत्रिका–** वि० [सं०] १. छोरी । २. सानी छोरी । ३. छोरीका रूपमा पालिएकी बालिका; धर्मपुत्री । **– पुत्र–** ना० छोरीतिरको नाति ।

**पुत्रिणी–** वि० [सं०] छोरो भएकी; पुत्रवती ।

**पुत्री–** ना० [सं०] १. छोरी । २. दुर्गा ।

**पुत्रेष्टि–** ना० [सं०] पुत्रप्राप्तिका लागि शास्त्रले बताएको विधिअनुसार गरिने यज्ञयागादि ।

**पुत्ला–** ना० [पुतली+आ] १. जुत्ताको कुर्कुच्चामा पर्ने सिलाइको जोर्नीलाई छोपिराख्ने छालाको टुक्रा; पुतली । २. पुत्लो ।

**पुत्ले–** वि० [पुत्लो+ए] निधारमा पुत्लो भएको; तारे; चाँदे । ~ **पाङ्ग्रे–** वि० टाटेपाङ्ग्रे ।

**पुत्लो१–** ना० [सं० पुत्तल] १. कुनै मानिसमाथि मारण, मोहन, उच्चाटन आदि तान्त्रिक विधिको प्रयोग गर्न धामी, झाँक्री वा बोक्सी आदिले प्रयोगार्थ लिएको कसैको जीउको लुगा, रौँ आदि । २. लुगाफाटाको टुक्रो; चिल्थो । ३. पुत्ला ।

**पुत्लो२–** ना० [सं० पुत्तल] १. सेतो, ज्यादै नरम प्वाँख हुने, भकारीमा राखेको धानमा लाग्ने, उड्ने सानो जातको कीरो । २. घोइरे पुतली; घोत्ले पुतली (तुल० अङ्० मोथ) ।

**पुत्लो३–** ना० [सं० पत्र+ल] केराको बोटको टुसो वा गुभो ।

**पुत्लो४–** ना० [सं० पुत्तल] १. आत्मा । २. प्राण; प्राणतत्त्व । ३.

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



जीवतत्त्व; सत्त्व ।

**पुदिना**– ना० [फा० पोदीना >पुदीना] बाबरी झारको जस्तो पात हुने, वनस्पतिविज्ञानका दृष्टिले बाबरीकै जातको, साधारण, हरिया, बास्ना आउने पात हुने, सानासाना फूल फुल्ने एवम् अचार आदि खाइने एक प्रकारको झार; बाबरीझार । ~ **झार**– ना० १. पुदिना । २. सिलामका जस्ता पात हुने एक थरी झार ।

**पुनः**– क्रि० वि० [सं०] अर्को पटक; फेरि । ~ **परीक्षण**– ना० १. कुनै परीक्षकले एकपल्ट जाँचिसकेको उत्तरपुस्तिकालाई ठीकसँग जाँचिएको छ-छैन भनी पुनः अर्को परीक्षकले जाँच्ने काम; सम्परीक्षण । २. आफूले दिएको जाँचको प्राप्ताङ्क सन्तोषप्रद नलागी नियमानुसार निवेदन दिएमा सम्बन्धित उत्तरपुस्तिकालाई फेरि जँचाउने काम । ३. एकपल्ट परीक्षण भइसकेको कुराको फेरि परीक्षण गराउने काम । ~ **परीक्षा**– ना० कुनै परीक्षामा सम्मिलित कुनै विद्यार्थी त्यस परीक्षामा असफल भएमा त्यसै परीक्षालाई नियमानुसार फेरि दिन पाउने व्यवस्था । ~ **प्रवेश**– ना० कुनै शिक्षण-संस्थामा पढिरहेको छात्रको नाम कारणवश एकपल्ट काटियो भने फेरि नाम लेख्ने काम । ~ **प्रवेश शुल्क**– ना० १. शिक्षण-संस्था वा अन्य सङ्घ-संस्थाको सदस्य भएका व्यक्तिको सदस्यताको अवधि नियमानुसार समाप्त भएपछि फेरि सदस्य बन्नका लागि लाग्ने शुल्क । २. शिक्षण-संस्थामा पढिरहेको छात्रको नाम कारणवश काटिएपछि फेरि नाम लेखाउनका लागि लाग्ने शुल्क ।

**पुनर्**– क्रि० वि० [सं०] फेरि; पुनः (केही सघोष ध्वनिका साथ सन्धि हुँदाको 'पुनः' को रूप जस्तै– पुनर्विचार, पुनर्निर्माण इ०) । > **पुनरधिनियम**– ना० पुनर्विधायन । **पुनरपि**– क्रि० वि० फेरि पनि; फेरि । **पुनरवलोकन**– ना० एकपल्ट सर्वोच्च अदालतबाट निर्णय भई जीतहार भइसकेको मुद्दामामिलामा हार्नेले चित्त नबुझी मुद्दा फेरि दोहोऱ्याउनका लागि प्रधान न्यायाधीशसमक्ष निवेदन दिएमा सो निवेदनका आधारमा उक्त मुद्दा फेरि हेरिने वा दोहोरिने कानुनी प्रक्रिया; रिटउपर गरिने कार्बाही; पुनरावलोकन । **पुनरस्त्रीकरण**– ना० १. सेनालाई नयाँनयाँ आधुनिक शस्त्रास्त्रले सुसज्जित गर्ने काम । २. शस्त्रास्त्राविहीन पारिएको कुनै देशको सेनालाई फेरि शस्त्रास्त्रले युक्त पार्ने काम । ३. शस्त्रास्त्रको भण्डारलाई फेरि बढाउने काम । **पुनरागमन**– ना० १. एकपल्ट गइसकेको व्यक्ति वा वस्तु फेरि आउने काम; फर्केर फेरि आउने काम । २. फेरि जन्म लिने काम; पुनर्जन्म । **पुनरारोपण**– ना० १. काटिएर वा भाँचिएर छुट्टिएका वा कुनै कारणले काम नलाग्ने भएका अङ्गलाई फाली अर्काको अङ्ग जोडेर पहिलेको जस्तै पार्ने क्रिया । २. एकपल्ट फाँडिएर खुइलिएको ठाउँमा फेरि बोटबिरुवा लगाउने कार्य । **पुनरालोकन**– ना० पुनरावलोकन । **पुनरावर्तक**– वि० १. एकपल्ट गइसकेको कुरालाई फेरि फर्काउने । २. फेरिफेरि फर्कने । **पुनरावर्तन**– ना० पुनरागमन । **पुनरावर्ती**– वि० एकपल्ट गएर फेरि फर्कने; फेरि-फेरि आउने । **पुनरावलोकन**– ना० पुनरवलोकन । **पुनरावृत्त**– वि० फेरि आवृत्ति गरिएको; पुनः दोहोऱ्याइएको । **पुनरावृत्ति**– ना० १. एकपल्ट भइसकेको कुरा फेरि दोहोरिने वा गरिसकेको कुरालाई फेरि दोहोऱ्याउने काम । २. नयाँ आवृत्ति ।

**पुनरावेदक**– ना० [सं०] पुनरावेदन दिने व्यक्ति ।

**पुनरावेदन**– ना० [सं०] तल्लो अदालतबाट निर्णय भई हारजीत भइसकेपछि हार्ने पक्षले आफ्नो चित्त नबुझेका कुराको जिकिरसहित माथिल्लो अड्डामा विचारार्थ पेस गरिने प्रार्थनापत्र; तल्लो अदालतबाट हार्नेले पुनः विचार गरियोस् भनी माथिल्लो अड्डामा दिने निवेदन । ~ **पत्र**– ना० पुनरावेदन ।

**पुनरीक्षण**– ना० [सं०] १. कुनै कुरा छुटेको, भूल भएको वा संशोधन गर्नुपर्ने दृष्टिले अड्डाअदालतका कागतपत्र, पुस्तक, लेख, रचना वा आयव्ययको बेहोरा आदि सुरुदेखि नै हेर्ने वा पढ्ने काम; कागतपत्र, पुस्तक, लेख, रचना वा आयव्ययको बेहोरा आदि संशोधन गर्ने काम । २. मुद्दामा गरिएको निर्णय वा फैसला ठीक भएनभएको बुझ्न दोहोऱ्याएर हेर्ने काम ।

**पुनरीक्षित**– वि० [सं०] पुनरीक्षण गरिएको; संशोधित । ~ **पाठ**– ना० पुनरीक्षण गरिएको पाठ; संशोधित पाठ ।

**पुनरुक्त**– वि० [सं०] १. एकपल्ट भनिसकिएको कुरा फेरि भनिएको; दोहोऱ्याइएको । २. पुनरावृत्त । ~ **वदाभास**– ना० १. वास्तवमा नभनिएको वा नदोहोरिएका कुराको भनिएको वा दोहोरिएको जस्तो प्रतीति । २. साहित्यमा नभनिएको वा नदोहोरिएको कुरा भनिएको वा दोहोरिएको जस्तो प्रतीत भएको देखाउँदा पर्ने अलङ्कार । > **पुनरुक्ति**– ना० एकपल्ट भनिसकिएको कुराको पुनः कथन; कुनै कुरालाई दोहोऱ्याएर भन्ने काम ।

**पुनरुत्थान**– ना० [सं०] १. एकपल्ट तल खसेर फेरि माथि उठ्ने काम । २. एकपल्ट निम्न तहमा झरेर फेरि माथिल्लो तहमा पुग्ने काम । ३. एकपल्ट अवनति भइसकेकाको फेरि उन्नति हुने काम ।

**पुनरुत्पत्ति**– ना० [सं०] फेरि उत्पत्ति हुने काम; पुनर्जन्म ।

**पुनरुत्पन्न**– वि० [सं०] फेरि उत्पन्न भएको वा पुनः जन्मिएको ।

**पुनरुत्पादन**– ना० [सं०] एकपल्ट उत्पादन भएर रोकिएको वस्तुको फेरि उत्पादन-आरम्भ ।

**पुनरुद्धार**– ना० [सं०] १. एकपल्ट बनाई वा उद्धार गरिसकिएको वस्तु बिग्रँदा फेरि उद्धार गर्ने काम; जीर्णोद्धार । २. एकपल्ट उद्धार गरेको वस्तु वा व्यक्तिलाई गरिएको नयाँ उद्धार ।

**पुनर्गठन**– ना० १. भइरहेको प्रशासनिक व्यवस्थामा छिटो-छरितोपन ल्याउन कर्मचारीहरूको सरुवा, बढुवा वा खोसुवा गरी नयाँ तरिकाले व्यवस्था गर्ने काम; कर्मचारीहरूको नयाँ बन्दोबस्त; पजनी । २. भइरहेको मन्त्रिमण्डल आदिलाई विघटित गरी आवश्यक परिवर्तनका साथ फेरि गठन गर्ने काम । ३. एक पटक विघटित भइसकेको सङ्घ, संस्था, परिषद् आदिको फेरि गठन गर्ने काम ।

**पुनर्गठित**– वि० पुनर्गठन भएको ।

**पुनर्जन्म**– ना० [सं०] १. एक पटक जन्मेर मरिसकेको प्राणीले फेरि जन्म लिने काम । २. एकपल्ट नाश भएर पुनः भएको उत्पत्ति; पुनरुत्पत्ति । – **वाद**– ना० प्राणीको मृत्युपछि पुनर्जन्म हुन्छ भन्ने कुरामा विश्वास गर्ने मत वा सिद्धान्त; जन्मान्तरमा पनि विश्वास गर्ने सिद्धान्त; जन्मान्तरवाद । – **वादी**– वि० पुनर्जन्मवादमा विश्वास गर्ने; पुनर्जन्मवादलाई मान्ने ।

**पुनर्जल**– ना० [सं०] जल आदिको कमी पूरा गर्नका लागि रक्तवाहिनी नलीबाट सुईमार्फत शरीरमा पसाइने जल; सेलाइन । > **पुनर्जलीयता**– ना० शरीरबाट निक्लिएका तरल पदार्थको सन्तुलन राख्न शरीरमा तरल पदार्थ दिने काम; सेलाइन दिने क्रिया ।

**पुनर्जागरण**– ना० [सं०] १. साहित्य, संस्कृति, कलाकौशल आदिको पुनरुत्थान । २. त्यस्ता कुराको पुनरुत्थानको समय ।

**पुनर्जागृत**– वि० [सं०] फेरि जागेको । > **पुनर्जागृति**– ना० पुनर्जागरण ।

**पुनर्जीवन**– ना० [सं०] १. मृतप्रायः प्राणीलाई कुनै उपायले फेरि जीवन दिने काम । २. सामाजिक, आर्थिक आदि दृष्टिले बरबाद भइसकेका व्यक्तिलाई फेरि सपार्ने काम । > **पुनर्जीवित**– वि० फेरि जिउँदो भएको; मरेर बाँचेको; पुनर्जीवनप्राप्त ।

**पुनर्नव**– वि० [सं०] फेरि नयाँ भएको; पुनर्नवीन । > **पुनर्नवा**– ना० १. लाम्चा पात हुने, सानासाना डाँठको रङअनुसार तीन किसिमको (रातो डाँठ भए रातो, सेतो डाँठ भए सेतो र नीलो डाँठ भए नीलो) फूल फुल्ने र तरकारीका रूपमा समेत खाइने एक झार; पिसाब, दिसा, दम, कफ, पेट आदि रोगमा फलामको कमीसम्बन्धी रोगमा र पहेँलो ज्वर, बाथ, नेत्रविकार आदि रोगमा समेत हितकर मानिएको जरा हुने वनस्पतिविशेष । २. फेरिफेरि जन्मने वस्तु; नङ । **पुनर्नवीकरण**– ना० १. एकपल्ट बिग्रिएको, भत्किएको वा कुनै कारणले मैलो भएको वस्तु वा कुनै मालसामानलाई फेरि नयाँ बनाउने काम । २. म्याद सिद्धिन लागेको वा सिद्धिसकेको सन्धि, सम्झौता आदिलाई फेरि पहिलेको जस्तै रूप वा नयाँ रूप दिने काम । ३. संविधानका कुनै धारा वा ऐननियमका कुनै दफामा तोकेको म्याद सकिएर निष्क्रिय भएपछि फेरि घोषणाद्वारा सक्रिय पार्ने काम । ४. परिस्थितिवश धमिलिएको वा रोकिएको काम-कुरोलाई नयाँ रूप दिने वा फेरि सुरु गर्ने काम । ५. बन्दुक, रेडियो आदिको लाइसेन्सलाई नियमानुसार म्याद थपी फेरि नयाँ रूप दिने काम । **पुनर्नवीन**– वि० फेरि नयाँ भएको; पुनर्नव ।

**पुनर्नियुक्त**– वि० [सं०] फेरि भर्ना भएको; फेरि नियुक्त भएको । > **पुनर्नियुक्ति**– ना० १. कुनै सङ्घ, संस्थामा वा पद वा काममा नियुक्ति पाएको व्यक्तिको नियुक्तिको मिति सकिएपछि उसैलाई फेरि नियुक्त गर्ने काम । २. कुनै पद वा काममा पहिले कसैको नियुक्ति भएकोमा त्यसै पद वा काममा फेरि उसैलाई वा अरू कसैलाई नियुक्त गर्ने काम ।

**पुनर्निर्माण**– ना० [सं०] बिग्रेको, भत्केको कुनै वस्तुलाई फेरि बनाउने काम; एकपल्ट निर्मित कुनै वस्तुको फेरि निर्माण गर्ने काम; फेरि गरिएको निर्माण । > **पुनर्निर्मित**– वि० पुनः निर्माण गरिएको; बिग्रेपछि मर्मत गरिएको ।

**पुनर्निर्वाचन**– ना० [सं०] एकपल्ट निर्वाचन भइसकेको ठाउँमा कारणवश फेरि निर्वाचन गर्ने काम ।

**पुनर्निर्वाचित**– वि० [सं०] फेरि निर्वाचनमा विजयी भएको; फेरि चुनिएको वा छानिएको ।

**पुनर्भुक्तान**– ना० १. एक पटक भुक्तान भइसकेको कुरामा फेरि भुक्तान दिने वा गर्ने काम । वि० २. पुनर्भुक्तान गरिएको । > **पुनर्भुक्तानी**– ना० पुनर्भुक्तान ।

**पुनर्भू**– ना० [सं०] पहिलेको लोग्ने मरी वा मन नपरी अर्कोसँग फेरि विवाह गर्ने स्त्री; पोइले; ल्याइते । – **पति**– ना० १. पोइले स्त्रीको पति । २. विधवाको पति ।

**पुनर्मिलन**– ना० [सं०] एकपल्ट बिछोड भइसकेकाको फेरिफेरि भेट हुने क्रिया वा काम । ~ **समारोह**– ना० १. विद्यालय, महाविद्यालय आदिको नयाँ सत्र सुरु भएपछि नयाँपुराना छात्रछात्राहरू भेला भई एकले अर्कोसँग परिचय गर्ने र जलपान आदि आनन्दोत्सव मनाउने कार्यक्रम । २. नाटक आदिमा भाग लिने कलाकारहरू एकत्रित भएर एकअर्कासँग भेट्ने र आनन्दोत्सव मनाउने कार्यक्रम; प्रीति-मिलनको कार्यक्रम ।

**पुनर्मुद्रण**– ना० [सं०] १. फेरि मुद्रित गर्ने कार्य; नयाँ छपाइ । २. फेरि टाइप गर्ने कार्य ।

**पुनर्मुद्रित**– वि० [सं०] १. एकपल्ट छापिएको पुस्तक, पत्रपत्रिका आदिको खपत भइसकेपछि फेरि छापिएको । २. फेरि दोहोरिएर टाइप गरिएको ।

**पुनर्मूल्यन**– ना० [सं०] कुनै वस्तु वा मुद्रा आदिको मूल्यमा अन्यत्र फेरबदल हुँदा पनि नयाँ मूल्यमै लिइएको अडान ।

**पुनर्योग**– ना० [सं०] १. परीक्षामा पाएको अङ्कमा चित्त नबुझी नियमानुसार निवेदन दिएमा पुनः जोड्ने काम । २. दोहोऱ्याएर गरिने जोड ।

**पुनर्रोपण**– ना० [सं०] १. एक पटक रोपिएको ठाउँमा फेरि रोप्ने काम । २. एक पटक बिरुवा आदि उखेलेर त्यस ठाउँमा फेरि पनि बिरुवा आदि रोप्ने काम ।

**पुनर्लेखन**– ना० [सं०] कुनै पुस्तक, पत्रपत्रिकाका सामग्री आदिलाई मूल सामग्रीका आधारमा प्रकारान्तरबाट लेख्ने काम । ~ **समिति**– ना० एक पटक लेखिएका त्यस्ता सामग्रीलाई दोहोऱ्याई लेखेर तयार पार्न बनेको समिति ।

**पुनर्वसु**– ना० [सं०] अश्विनी आदि सत्ताइस नक्षत्रमध्ये एक; सातौँ नक्षत्र ।

**पुनर्वास**– ना० [सं०] कतैबाट लखेटिएर वा देशनिकाला भएर घरबारविहीन भएकाहरूलाई घरजग्गा दिई फेरि बसाउने काम; घरबारविहीन भएकाहरूको बसोबासोको प्रबन्ध मिलाउने काम ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



~ **कार्यक्रम–** ना० पुनर्वासका निम्ति सरकारी स्रोतबाट अँगालिएको कार्यक्रम । ~ **योजना–** ना० पुनर्वास वा बसोबासोको समस्यासमाधानका लागि नयाँ बस्ती बसाउन सरकारी रूपमा तयार पारिएको योजना ।

**पुनर्विचार–** ना० [सं०] १. एकपल्टको विचारमा चित्त नबुझी गरिएको अर्को विचार । २. एक पटकको विचार ठीक भए-नभएको जान्न गरिएको अर्को विचार । ३. फेरि देखाइएको करुणा, दया वा सहानुभूति । ~ **न्यायाधिकरण–** ना० विशेष प्रकृतिका मुद्दामामिलाका सम्बन्धमा फेरि विचार गर्न खडा भएको विशेष अदालत । ~ **न्यायालय–** ना० तल्लो तहको अदालतमा निर्णय भइसकेको मुद्दामामिलाका सम्बन्धमा फेरि विचार गर्ने माथिल्लो तहको अदालत; पुनरावेदन सुन्ने अदालत ।

**पुनर्विधायन–** ना० [सं०] भइरहेको कुनै विधान, ऐन, कानुन, नियम, अधिनियम आदिको पुनः तर्जुमा गर्ने काम; पुनरधिनियम ।

**पुनर्विलोकन–** ना० [सं०] १. तल्लो तहको अदालतले तोकेको दण्ड, जरिवाना वा दिएको कुनै आदेशका सम्बन्धमा माथिल्लो तहको अदालतले फेरि विचार गर्ने काम । २. एक तहले छिनेर तोक लगाइसकेको मामिला अर्को तहले फेरि दोहोऱ्याउने वा उल्टाउने काम । ३. बितिसकेको घटनाका सम्बन्धमा फेरि विचार गर्ने काम ।

**पुनर्विवाह–** ना० [सं०] एक पटक विवाह भइसकेका स्त्री वा पुरुषको फेरि विवाह गर्ने काम; एक पटक विवाह भइसकेका स्त्री वा पुरुषको अर्कोपल्ट गरिने विवाह । >**पुनर्विवाहित–** वि० फेरि विवाह भएको । **पुनर्विवाहिता–** वि० फेरि विवाह भएकी ।

**पुनर्व्याख्या–** ना० [सं०] एक पटक एक किसिमको व्याख्या भइसकेका कुराको फेरि व्याख्या; उस्तै वा भिन्न रूपमा दोहोऱ्याउने काम । > **पुनर्व्याख्यान–** ना० फेरि उही विषयमा दिइएको व्याख्यान वा प्रवचन ।

**पुनश्च–** क्रि० वि० [सं०] फेरि पनि ।

**पुनश्चर्वण–** ना० [सं०] एक पटक निलिसकेको कुरालाई उकेलेर फेरि चपाउने काम; उग्राउने काम; पागुर; उग्राइ ।

**पुनस–** ना० [सं० पुनः] १. पूर्वजन्म; धर्म तथा पुराणअनुसार अघिल्लो जुनी । २. पूर्वजन्मका कर्मको फल; प्रारब्ध; भाग्य । (पुनसमा छैन भने केही पाइँदैन भन्ने कतिको धारणा छ तापनि वैज्ञानिक दृष्टिले यसलाई सत्य मानिएको छैन) ।

**पुनीत–** वि० [सं०] पवित्र; चोखो; शुद्ध ।

**पुन्टे–** वि० [पुन्टो+ए] सानो कदको; देख्दा राम्रो र मायालाग्दो; सानुसानु जीउडालको; पुटुक्क परेको ।

**पुन्टो–** वि० [सं० पूलट] पुड्को; भुन्टो ।

**पुन्तुरो–** ना० [सं० पूलक+रो] पन्तरो ।

**पुन्नाग–** ना० [सं०] १. ससाना बाटुला पात, गुच्छाकार फल र सुगन्धयुक्त फूल हुने एक जातको चाँप । २. सेतो कमल । ३. जाइफल ।

**पुमोरी–** ना० [भो० ब०] नेपाल अधिराज्यको सोलुखुम्बु जिल्लामा पर्ने एउटा हिमाली पर्वतश्रेणी; पुमोरी हिमाल ।

**पुर्-नु–** स० क्रि० [सं० पुर्+नु] १. खाल्टो वा गहिरो ठाउँलाई कुनै उपायले भर्नु । २. खाडल वा गहिरो ठाउँलाई माटो आदि हाली उकास्नु । ३. कुनै वस्तु खाल्टोमा हाली माटो आदिले छोप्नु । ४. धनमाल आदि प्रशस्त दिनु; पोस्नु । ५. जनैको धागो सङ्लनु ।

**पुर–** ना० [सं०] नगर; सहर; बजार । **– तोरण/द्वार–** ना० नगरमा प्रवेश गर्ने मूल ढोका; सहरको बाहिरी ढोका; सहरको प्रथम प्रवेशद्वार; गोपुर ।

**पुरनी१–** ना० [सं० सुपर्णी] लाम्चा पात, काला गोला फल र राता डाँठ हुने, आयुर्वेदमा रुचिकारक र पथ्य गुण बताइएको एक जातको अङ्गुर वा दाखजातिको लहरो; सुपर्णी; पलाशी; पुरुनी ।

**पुरनी२–** ना० [पुर्+नी] १. लुगामा धागोले भरिने बुट्टा । २. घरको भित्तामा कमेरो, रातो माटो, खोटो आदिले लेखेर बनाइने एक प्रकारको बुट्टा; भित्तिचित्र ।

**पुरन्दर–** ना० [सं०] इन्द्र; शचीपति ।

**पुरपार–** ना० [पुर (द्वि०)] १. माटो, ढुङ्गा आदिले खाल्टाखुल्टी भर्ने काम; खाल्टाखुल्टी पुर्ने काम । २. कुनै वस्तुलाई जमिनभित्र गाडेर छोपछाप पार्ने काम; गाड्ने काम; गाडगुड; छोपछाप ।

**पुरवासी–** वि० [सं०] सहरका निवासी; सहरिया; सदरिया ।

**पुरश्चरण/पुरश्चर्या–** ना० [सं०] १. कुनै सिद्धि वा सफलताप्राप्तिका लागि मन्त्रको विधिपूर्वक जप, पाठ आदि गर्ने काम; काम्य फलप्राप्तिका लागि शास्त्रोक्त विधिपूर्वक गरिने मन्त्रको जप, पाठ आदि । २. कुनै मन्त्रसिद्धिका निम्ति गरिने अनुष्ठान ।

**पुरस्कार–** ना० [सं०] १. कुनै काम गर्ने व्यक्तिलाई सो काम गरेबापत प्रशंसास्वरूप दिइने इनाम; कुनै कठिन वा प्रशंसनीय काम गर्ने व्यक्तिलाई प्रोत्साहनका निम्ति दिइने पारितोषिक । २. राम्रो काम गर्ने व्यक्तिलाई गरिने आदर वा सम्मान । ३. राम्रो काम गर्ने व्यक्तिलाई सम्मानित गर्न वा उसको सामाजिक प्रतिष्ठा बढाउन दिइने वस्तु ।

**पुरस्कृत–** वि० [सं०] कुनै असल, नयाँ, कठिन वा प्रशंसनीय काम गरेबापत पुरस्कार दिइएको; आदर वा सम्मान गरिएको; पुरस्कार पाएको; इनाम पाएको ।

**पुरस्थ–** वि० [सं० पुरःस्थ] सामुन्ने रहेको; अघिल्तिरको । > **पुरस्थापन/पुरस्थापना–** ना० सभा, बैठक आदिमा कुनै प्रस्ताव वा कार्यक्रम आदिलाई वैधानिक रूपले राख्ने काम; सभा, बैठक आदिमा प्रस्ताव आदि प्रस्तुत गर्ने काम । **पुरस्थापित–** वि० पुरस्थापना गरिएको ।

**पुरा१–** ना० [प्रा० पुड] पहिले कसैले खाइसकेपछि खाएकै भाँडामा बाँकी रहेको खाना; खाएर उब्रिएको खानेकुरा; कसैको जुठो भइसकेको खाना; अवशिष्ट भोजन; उच्छिष्ट भोजन ।

**पुरा२–** वि० [सं० पूर्ण] १. चाहिनेजति सबै कुराले पूर्ण भएको; कुनै कुराको कमी नभएको; पूर्ण । २. आफ्ना सबै अङ्गले युक्त

भएको; कुनै अङ्ग वा अंशको कमी नभएको । ३. खुन-खोट केही नलागेको; कमी वा त्रुटि नभएको; सग्लो; सिङ्गो । ४. भएजति सबै; सारा; सम्पूर्ण । ५. खोजे वा चाहेअनुसारको; पुग्दो; यथेष्ट । ६. कुनै काम-कुरा फत्ते भएको; सफल; सिद्ध ।

**पुरा३–** क्रि० वि० [सं०] १. पहिले; प्राचीन समयमा । वि० २. अतीतको; प्राचीन; पुरानो । ना० ३. पूर्व दिशा । **– कथा–** ना० १. कुनै समूह, जाति वा राष्ट्रविशेषको परम्परागत लोककथा । २. मनोविज्ञानका आधारमा मानव-समाजमा सामूहिक रूपले परम्परादेखि नै अवचेतनमा रहिआएको कुनै ग्रन्थि; मिथक । **– कल्प–** ना० धेरै पहिलेको युग; पुरानो युग; प्राचीन युग । **– जीवक–** ना० भूगर्भशास्त्रअनुसार जीवनको अस्तित्व भएका समयको विभाजन गर्दा सबभन्दा पहिलो खण्ड ।

**पुराण–** ना० [सं०] १. सृष्टि, स्थिति, लय आदिका साथै प्राचीन ऋषि, मन्वन्तर, राजवंश आदिका वृत्तान्त र देवी, देवता, तीर्थ आदिका माहात्म्यको समेत वर्णन गरिएका प्रसिद्ध अठार हिन्दू धर्मग्रन्थमध्ये कुनै एक । २. हिन्दू समाजमा परम्परादेखि चलिआएका मनुष्य, देवता, दानव आदिका कथा । ३. सृष्टि र सृष्टिदेखि भएका घटनाको सविस्तार वर्णन । ४. लिच्छविकालीन नेपालमा प्रचलित चाँदीको टक; कार्षापण । वि० ५. धेरै समयदेखि चलिआएको; पुरानो; प्राचीन । ६. थोत्रो; जीर्ण ।

**पुरातत्त्व–** ना० [सं०] १. प्राचीन समयमा निर्माण भएका वा उपयोग गरिएका ऐतिहासिक तथा महत्त्वपूर्ण वस्तुको अध्ययन गर्ने विद्या; पुराना कला वा संस्कृतिको अनुसन्धान तथा अध्ययनसँग सम्बन्ध राख्ने विद्या । २. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले तोकेअनुसार सय वर्षभन्दा पहिलेका वस्तुको अध्ययन गर्ने विद्या वा शास्त्र । **– ज्ञ–** ना० पुरातत्त्वसम्बन्धी कुराको ज्ञान भएको व्यक्ति; पुरातत्त्वसम्बन्धी विशेषज्ञ; पुरातत्त्वविद् व्यक्ति । **– विद्–** वि० पुरातत्त्वसम्बन्धी कुराको ज्ञान भएको; पुरातत्त्वसम्बन्धी कुराको ज्ञाता; पुरातत्त्वज्ञ । ~ **शास्त्र–** ना० प्राचीन समयका ऐतिहासिक विषयवस्तुको अध्ययन गर्ने शास्त्र; आर्कियोलजी ।

**पुरातन–** वि० [सं०] १. आदिकालको; अतीतको; प्राचीन; पुरानो । ना० २. विष्णु । ~ **पन्थी–** ना० पुरानो विचारको व्यक्ति; परम्परावादी व्यक्ति ।

**पुरातात्त्विक–** वि० [सं०] पुरातत्त्वसम्बन्धी; पुरातत्त्वको । ~ **वस्तु–** ना० १. प्राचीन समयका मानवले बनाएको अथवा उपयोग गरेको कुनै पनि चीज । २. 'प्राचीन स्मारक संरक्षण ऐन' ले तोकेअनुसार सय वर्षभन्दा पुरानो कलात्मक वा ऐतिहासिक महत्त्वको चीज । ~ **सङ्ग्रहालय–** ना० पुरातात्त्विक वस्तुहरूको सङ्ग्रह गरिएको स्थल वा घर ।

**पुरानरवानर–** ना० [सं०] अफ्रिकाको स्टर्क फाउन्टेन नाम गरेको ठाउँमा पाइएको मानवजस्तो नरवानर ।

**पुरानियाँ–** वि० [पुरानो+इयाँ] १. धेरै समय पहिलेदेखिको; धेरै पहिलेदेखि चल्दै आएको । २. अनुभवी; जानिफकार ।

**पुरानु ⁄ पुरानो–** वि० [सं० पुराण] १. धेरै अघिदेखि चलनमा आएको; धेरै दिनदेखि चलनचल्ती भएको । २. धेरै समयअघिको; पहिलेको; प्राचीन । ३. थोत्रो; जीर्ण । ४. अनुभवी; पुरानियाँ । स्त्री० पुरानी ।

**पुरापात–** ना० [पुरा+पात] कसैले खाएर छोडिएको तर कसैले खानलाई स्वीकार गरेको जुठो खानेकुरो; पुरा; जुठोपुरो ।

**पुरापाषाण–** ना० [सं०] मध्य–पाषाणयुगभन्दा पहिलेको समय; पाषाणयुगको प्रथम चरण ।

**पुरापुर–** वि० १. कुनै कुराको कमी नभएको; सबै कुराले पूर्ण भएको; भरिभराउ भएको; टनाटन भएको । २. चाहिएजति; यथेष्ट । ३. भएजति सबै; समस्त; समग्र; पूरा । क्रि० वि० ४. पूरै ।

**पुराभूमध्यसागर–** ना० [सं०] भूगर्भशास्त्रअनुसार आजभन्दा सात करोड वर्षपहिलेसम्म हिमाली क्षेत्रमा लहराइरहेको समुद्र ।

**पुरालेख–** ना० [सं०] पुराना, महत्त्वपूर्ण प्रामाणिक अभिलेख । **– पाल–** ना० पुराना महत्त्वपूर्ण लेखहरू वा अन्य प्राचीन वस्तुहरूको यथातथ्य विवरण राख्ने अधिकारी; पुराना महत्त्वपूर्ण अभिलेखहरूलाई र अरू पुराना वस्तुहरूलाई पनि सुरक्षित रूपमा राख्ने व्यवस्था गर्ने अधिकारी ।

**पुराविद्–** वि० [सं०] १. पुरानो समयमा घटेका घटना वा कुराहरू जान्ने; पुरातत्त्व विषयको ज्ञान भएको । ना० २. प्राचीन इतिहासको ज्ञाता । ३. पुरातत्त्वको ज्ञाता; पुरातत्त्वविद् ।

**पुरावृत्त–** ना० [सं०] १. पुरानो समयमा घटेबितेका कुरा; प्राचीन कुरा; पुरानो घटना । २. इतिहास । वि० ३. पहिले घटेको; पहिले बितेको; पुरानो ।

**पुरि-नु–** अ० क्रि० [पुर्+इ+नु] १. खाल्टो आदि भरिनु । २. घाउ आदिमा पुनः मासु पलाउनु ।

**पुरिया–** ना० [√ पुडिया] औषधी आदि बेरिएको कागतको सानो पोको; पुडिया ।

**पुरी–** ना० [सं०] १. नगर । २. भारतको उडिसा प्रान्तमा रहेको (हिन्दूहरूको) प्रसिद्ध तीर्थस्थल; हिन्दूहरूका चार धाममध्ये एक धाम; जगन्नाथ धाम । ३. दशनामी सन्न्यासीहरूको एक सम्प्रदाय । ४. डर, रिस, गन्ध आदि भाव ज्यादै मात्रामा भएको व्यक्ति (रिसको पुरी, डरको पुरी, गन्धपुरी इ०) ।

**पुरी–** ना० [सं० पूरिका] राम्ररी मुछेर र बेलेर बाटुलो बनाई तातो घिउमा डुबाएर बनाइएको गहुँको पीठाको रोटी; खरो गरी पकाइएको स्वारी; पुडी; पूरी ।

**पुरु–** ना० [सं०] शर्मिष्ठाका गर्भबाट जन्मेका, ययातिका कान्छा छोरा; पुराणप्रसिद्ध चन्द्रवंशी राजा; पौरववंशका प्रवर्तक, कौरव र पाण्डवका पूर्वज ।

**पुरुक्क–** क्रि० वि० [अ० मू० पुरुक्+क] एकै चोटि थतकिँदो ध्वनि निस्कने गरी (पाद्ने क्रममा) ।

**पुरुखा–** ना० [सं० पुरुष] पुर्खा; पूर्वज ।

**पुरुवा१–** वि० [पुर्+उवा] पुरेको; भरेको; पुरिएको; भरिएको ।

**पुरुवा२–** ना० [सं० पुर] कचौरा वा गिलासको काम लिइने गिलासका

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



आकारको माटाको भाँडो; माटाको एक किसिमको गिलास ।

**पुरुष१**– ना० [सं०] अङ्गुलको चौरासी गुनाबराबरको नाप; चौरासी अमलबराबरको नाप; एक मान्छेको उचाइबराबरको नाप ।

**पुरुष२**– ना० [सं०] १. लोग्नेमान्छे । २. लोग्ने । ३. मानवजाति । ४. भाले जातिको प्राणी । ५. साङ्ख्यशास्त्रका अनुसार प्रकृतिदेखि भिन्न, अपरिणामी कर्ता; आत्मा । ६. विष्णु । ७. जीव । ८. व्याकरणशास्त्रको परिभाषाअनुसार सर्वनामको वा क्रियाको कर्ता भेद । वि० ९. भाले; वीर; आँटी । ~ **एकल**– ना० पक्षविपक्षमा एकएक पुरुष खेलाडीले भाग लिएको खेल (ब्याडमिन्टन आदि) । – **त्व**– ना० १. पुरुषको भाव; पुरुषमा रहने गुण तथा विशेषता । २. पुरुषार्थ; भालेपन । ~ **रत्न**– ना० रत्नजस्तै सबैले मन पराउने पुरुष । – **सिंह**– ना० सिंहजस्तै निर्भीक र पराक्रमी पुरुष; सूरो मान्छे । ~ **सूक्त**– ना० विराट् पुरुषसम्बन्धी चर्चा भएको यजुर्वेदको एक खण्ड वा अनुवाक् । > **पुरुषाधम**– ना० पुरुषहरूमा अधम; नीच पुरुष; क्षुद्र मान्छे; अधम मानिस । **पुरुषायित**– ना० १. आइमाईद्वारा पुरुषको वेशभूषा धारण गरेर पुरुषको जस्तै आचरण गर्ने काम; रतेली खेल । २. एक प्रकारको रतिबन्ध । वि० ३. पुरुषको जस्तै आचरण गर्ने ।

**पुरुषार्थ**– ना० [सं०] १. मनुष्य मात्रको जीवनको परम लक्ष्य । २. मानिसको बहादुरीपूर्ण काम; पराक्रम; पौरख । ३. अद्भुत वा कठिन कार्य गर्ने मानिसको क्षमता; सामर्थ्य; शक्ति । ४. मनुष्यमात्रका लागि अभीष्ट धर्म, अर्थ, काम र मोक्ष– यी चार तत्त्वमध्ये कुनै एक । > **पुरुषार्थी**– वि० १. जीवनको परम लक्ष्य प्राप्त गर्ने; पुरुषार्थ गर्ने; पराक्रमी; पौरखी । २. कुनै कठिन वा दुस्साध्य काम गर्न सक्ने; समर्थ; शक्तिशाली ।

**पुरुषोत्तम**– ना० [सं०] १. पुरुषहरूमा उत्तम; मनुष्यहरूमा श्रेष्ठ; उत्तम पुरुष । २. विष्णु । ~ **महिना**– ना० पुरुषोत्तम-मास । – **मास**– ना० मलमास; अधिकमास ।

**पुरूरवा**– ना० [सं०] पुराणप्रसिद्ध एक चन्द्रवंशी राजा; उर्वशीका मनुष्य-पति; बुधले इलाबाट जन्माएको छोरो; चन्द्रमाको नाति र अत्रिको पनाति ।

**पुरेत**– ना० [सं० पुरोहित] पुरोहित । ~ **बाजे**– ना० पुरोहितका लागि प्रयोग हुने एक सम्मानवाची शब्द । > **पुरेत्याइँ**– ना० पुरोहितकर्म; जजमानी ।

**पुरेधारो**– ना० [पुर्‍याउ+√धर] विवाह गर्ने कुरा निश्चित गरिएको दिनमा केटाको घरबाट केटीको घरमा पठाइने एक प्रकारको कोसेली रोटी । (यो चलन विशेष गरी कालीकोट जिल्लाका मतवाली छेत्रीहरूमा बढी प्रचलित छ) ।

**पुरो**– ना० [पुरा+ओ] जुठोपुरो; पुरा ।

**पुरोभागिता**– ना० [सं०] पुरोभागी हुनाको भाव वा क्रिया; अर्काको दोष मात्र देख्ने वा खोज्ने प्रवृत्ति ।

**पुरोभागी**– वि० [सं०] १. अगाडि रहने, आउने वा हुने; अग्रभागको । २. अर्काको गुणलाई नदेखेर दोषलाई मात्र देख्ने; दोषदर्शी; छिद्रान्वेषी ।

**पुरोहित**– ना० [सं०] यजमानका घरमा समयसमयमा परिआउने कर्मकाण्डसम्बन्धी श्राद्धादि पितृकार्य र षोडश संस्कारविधि गराउने बाहुन; पुरेत । > **पुरोहित्याइँ**– ना० पौरोहित्य; जजमानी; पुरेत्याइँ ।

**पुर्खा**– ना० [सं० पुरुष] आफ्ना पूर्वजहरू; बाबुबाजे; जिज्यू । – **वली**– ना० वंशावली । > **पुर्खौली** ⁄ **पुर्ख्यौली**– ना० १. पितापुर्खाका पालादेखि चलिआएका कुराको वर्णन; पुस्तावली । वि० २. आफ्ना पितापुर्खाको पालादेखिको (चलन, व्यवहार इ०) । ३. प्राचीन ।

**पुर्जा**– ना० [फा० पुर्ज] १. सानातिना कुराको टिपोट भएको कागत; सानातिना कुरा छोटकरीमा टिपिएको कागत । २. सानोतिनो चिट्ठी वा पत्र । ३. यन्त्र (मेसिन) को कुनै अङ्ग । ४. पुर्जी । > **पुर्जी**– ना० एक अड्डाले अर्को अड्डालाई वा व्यक्तिलाई नियमानुसार लेखेको पत्र; अड्डाबाट लेखिएको सानो पत्र; लेखौट ।

**पुर्तगाल**– ना० [अङ्०] युरोपको एक देश, पोर्तगाल । > **पुर्तगाली**– ना० ⁄ वि० १. पोर्तगाली ।

**पुर्नियाँ** ⁄ **पुर्ने**– ना० [सं० पूर्णिमा] पूर्णिमा तिथि; रातमा भरेली जून हुने दिन ।

**पुर्पक्ष** ⁄ **पुर्पच्छे**– ना० [सं० पूर्वपक्ष] १. अदालतमा कुनै विषयलाई प्रमाणित गर्नाका निम्ति गरिने उक्तिप्रत्युक्ति । २. बहस; छलफल । ३. निर्णय ।

**पुर्पुरो**– ना० [सं० पुरः+पुट>प्रा० पुप्पुडो] १. निधार । २. भाग्य ।

**पुर्बिया**– वि० [सं० पूर्वीय+आ] १. पूर्व दिशाको; पूर्वतिरको; पूर्वतिर रहने; पूर्वीय; पुर्बेली; पौरस्त्य । ना० २. नेपाल अधिराज्यका ब्राह्मणहरूमध्ये कूर्माञ्चलीय र मैथिलबाहेक अरू ब्राह्मण; नेपाली ब्राह्मणको एक भेद ।

**पुर्ब्यौली**– ना० [सं० पूर्वावली] १. पूर्वतिरको, पुर्बिया । २. परापूर्वकालका घटना आदिको वर्णन; पुर्ख्यौली; इतिहास ।

**पुर्र**– क्रि० वि० [अ० मू० पुर्+र] अपानवायु निस्कँदाको झैँ शब्द निकाल्ने गरी; अपानवायु निस्कने गरी । सात० पुर्र-पुर्र; पुरुरुरु ।

**पुर्लुक्क**– क्रि० वि० [अ० मू० पुर्लुक्+क] १. मानिस वा कुनै सानोतिनो वस्तु बिस्तारै ढल्ने वा लड्ने किसिमले । २. टाउकाले टेकेर पल्टने किसिमले; पल्टनबाजी खाने किसिमले; पर्लक्क । वि० ३. त्यस्तो किसिमको । ~ **पुर्लुक्क**– क्रि० वि० बारबार पुर्लुक्क हुने किसिमले । > **पुर्लुक्किनु**– अ० क्रि० पुर्लुक्क हुनु । **पुर्लुक्क्याइँ**– ना० पुर्लुक्क हुने क्रियाप्रक्रिया ।

**पुर्सुङ्गे**– ना० [सं० पुरुषाङ्ग+ए] मारुनीसँगै नाच्ने पात्र; ढँटुवारे; जोकर ।

**पुर्सुन**– ना० [√ पिल्सि+अन्न] थोरै तर मीठो खानेकुरो हरिया पातमा बेरेर भुङ्ग्रामा पोलेर तयार पारेको खाद्य । > **पुर्सुने**– वि० १. खानेकुरामा पुर्सुन हालेर खान मन पराउने । २. स्वादे; मिठौरे; मिठासे ।

**पुर्सुने**– वि० [पुर्सुङ्गे] सानो गाँठीको; ग्याँचे ।

**पुर्सो**– ना०[सं० पुरुष]१. भाले पशु वा पक्षी । वि० २. भाले ।

**पुल्–नु**– अ० क्रि० [√ पिलाउ+नु]१. केटाकेटीले खेल्ने गुच्चाको खेलमा घ्वाइँले सिमाना वा गट्टी नाघ्नु । २. बिग्रनु; नाश हुनु ।

**पुल१**– ना० [फा०]१. नदीनाला पार गर्नाका निम्ति वारिपारि वा बीचमा समेत उठाइएका खम्बाका आधारमा वा खम्बा नउठाईकन नै बनाइएको बाटो; नदीमा वारपार गर्न बनाइएको पक्की साँघु; सेतु । २. नदी पार गर्ने कुनै पनि अचल साधन (तुइन, झोलुङ्गेपुल; पुलेसो आदि) ।

**पुल२**– ना० [सं०]१. घाँस, झार आदिको समूह; तृणराशि । २. सागपातको मुठा; पुला ।

**पुलक**– ना० [सं०]१. प्रेम, हर्ष, भय आदिका उद्रेकबाट शरीरका रौँ ठाडा हुने क्रिया; प्रेमादिका कारणबाट जीउ जिरिङ्ग हुने क्रिया । २. खानीबाट निस्कने वा निकालिने वस्तु; खनिजपदार्थ । ३. रायोको एक प्रकारको मसला । > **पुलकावली**– ना० प्रेम, हर्ष, भय, आदिको कारणबाट शरीरका रौँ धेरै बेरसम्म ठाडा हुने क्रिया वा स्थिति; धेरै बेरसम्मको रोमाञ्च । **पुलकित**– वि० प्रेम, हर्ष आदिले रौँ ठाडा भएको; रोमाञ्च भएको (व्यक्ति) ।

**पुलपुल**– ना० [सं० पुलक (द्वि०)]१. छोराछोरी आदिलाई मात्तिने गरी लाडप्यार गर्ने काम; खराब काम गर्दा पनि हप्काइदप्काइ नगरेर माया मात्र गर्ने काम; बढ्ता लाडप्यार गर्ने काम । २. लाडे बानी । > **पुलपुलिनु**– अ० क्रि० आमाबाबु आदिको बढ्ता लाडप्यारले गर्दा छोराछोरी आदि मात्तिनु; अभिभावकको बढ्ता मायाले केटाकेटीको बानी बिग्रनु; पुलपुले बन्नु । ~ **पुलपुल्याइ**– ना० पुलपुल्याइने वा पुलपुलिने क्रियाप्रक्रिया । **पुलपुल्याइनु**– क० क्रि० पुलपुलको व्यवहारमा पारिनु वा त्यस्तो व्यवहार गरिनु । **पुलपुल्याउ**– ना० पुलपुल्याइ; पुलपुल । **पुलपुल्याउनु**– स० क्रि०/प्रे० क्रि० १. केटाकेटीलाई मात्तिने गरी माया गर्नु; बढ्ता माया गर्नु; लाडप्यार गर्नु । २. मत्याउनु; पात्तिने पार्नु; पुलपुलाउनु । **पुलपुल्याहट**– ना० पुलपुल्याइ ।

**पुलस्त्य**– ना० [सं०] ब्रह्माका सात मानस पुत्रमध्ये एक; सप्तर्षिमध्ये एक; रावणको बाजे; पुलस्त्य ऋषि ।

**पुलस्त्याइँ**– ना० भए-नभएका कुरालाई बढाईचढाई भन्ने काम वा प्रवृत्ति; चेपारे छाँटको र बेसारे पाराको कुरागराइ । > **पुलस्त्याइ**– ना० पुलस्त्याइँ । **पुलस्त्याइनु**– क० क्रि० पुलस्त्याइँका साथ कुरा गरिनु । **पुलस्त्याउनु**– स० क्रि० पुलस्त्याइँका साथ कुरा गर्नु । **पुलस्त्याहट**– ना० पुलस्त्याइँ । **पुलस्त्याहा**– वि० पुलस्त्याइँ गर्ने स्वभावको । **पुलस्त्याही**– वि० पुलस्त्याइँ गर्ने स्वभावकी ।

**पुलह**– ना० [सं०] ब्रह्माका एक मानस पुत्र; सप्तर्षिमध्ये एक; कपिशाका पति तथा पिशाच जातिका जन्मदाता ।

**पुला**– ना० [सं० पुल] सागपात आदि बेच्न पारिएको मुठो; सागपातको मुठो; बिटा; कल्ली ।

**पुलाइ**– ना० [√ **पुल्** (+आइ)] घ्वाइँले पुलेर सिमाना वा गट्टी नाघ्ने क्रियाप्रक्रिया । [ > ] **पुलाइनु**– अ० क्रि० पुल्ने तुल्याइनु ।

**पुलाउ**– ना० [फा० पुलाव < सं० पुलाक/पलान्न] उसिनेको मासुको केस्रा मिसाई वा नमिसाई भिजाएको चामल घिउतेलमा पकाएर तयार पारिएको मसलादार भात; मांसोदन; पुलाव ।

**पुलाउनु**– स० क्रि०/प्रे० क्रि० [पुल्+आउ+नु] पुल्ने पार्नु वा पुल्न लाउनु ।

**पुलाक**– ना० [सं०]१. पकाएको चामल; भातको सिता । २. खराब किसिमको अन्न । ३. भित्र चामल नभएको सेप्रो धान; पोगटो ।

**पुलाते**– वि०/ना० ठूलठूला पाता भएको (खुकुरी) ।

**पुलिक**– ना० [सं० पुलक] घोटेर वा रगडेर गहनाहरूलाई चम्किलो पार्ने पत्थर; बलक ।

**पुलिङ्ग**– ना० [सं० पुलिङ्ग] व्याकरणका अनुसार भालेतत्त्व जनाउने लिङ्ग ।

**पुलिन्दा**– ना० [सं० पुल+फा० इन्द] हुलाक, मोटर, रेल, हवाईजहाज आदिबाट कहीँ पठाइने उद्देश्यले मालमत्ता भित्र राखेर बाहिरबाट सिइएको वा कागत, कपडा आदिले बेरेर बाँधिएको पोको; पार्सल ।

**पुलिस**– ना० [अङ्०] जनताका जीउ-धनको रक्षा गर्न र देशमा शान्ति-सुरक्षा कायम राख्न नियुक्त, शस्त्रधारी वा निरस्त्र सरकारी कर्मचारी; प्रहरी । ~ **अड्डा**– ना० प्रहरी-कार्यालय । ~ **कर्मचारी**– ना० प्रहरी । ~ **गोस्वारा**– ना० प्रहरीको प्रधान कार्यालय; प्रहरी उपरीक्षक कार्यालय; डी० एस० पी० कार्यालय । ~ **चौकी**– ना० शान्ति-सुरक्षाका निम्ति सरकारद्वारा तोकिएबमोजिम ठाउँठाउँमा पुलिसहरू रहने केन्द्र; प्रहरीचौकी । ~ **विभाग**– ना० सरकारी रूपमा सर्वसाधारण जनताको जीउधनको रक्षा गर्न र देशमा शान्ति-सुरक्षा कायम राख्न बनेको एक सरकारी विभाग; प्रहरीसम्बन्धी कुराको व्यवस्था गर्ने कार्यालय । ~ **सेन्ट्री**– ना० यातायात नियन्त्रण गर्न व्यस्त सडकको बीचमा प्रहरी उभिने ठाउँ ।

**पुलीचक्का**– ना० [अङ्० पुलिङ+चक्का] धुरमा जडिएको र लोताले घुमाउने पाङ्ग्रा; लोता लागेर मेसिन घुमाउने चक्का; (पुलिङ ह्विल) ।

**पुलुकिसी**– ना० [नेवा०] इन्द्रजात्राको अवधिभर काठमाडौँको कीलागल टोलबाट निकालिने, मान्द्रोको हात्तीभित्र दुईजना पसेर मनोरञ्जनका लागि टोलटोलमा नचाइने एक जात्रा; पुलुगणेश ।

**पुलुक्क**– क्रि० वि० [सं० पलक+क] कतै एकै पल्ट आँखाले हेरेर; टुलुक्क । ~ **पुलुक्क**– क्रि० वि० घरि-घरि कतै आँखाले हेर्दै गरेर; पुलुपुलु । **पुलुक्क्याइँ**– ना० पुलुक्क हेर्ने भाव वा क्रियाप्रक्रिया ।

**पुलुपुलु**– क्रि० वि० [सं० पलक (द्वि०)] हेर्दा लगातार आँखा च्यातेर; एक टकसँग; टुलुटुलु ।

**पुलेसो**– ना० [सं० पुल+सदृश] सानो आकारको पुल; छोटो पुल; कलभर्ट ।

**पुल्कि–नु**– अ० क्रि० [पुलुक्क+इ+नु]१. पुलुक्क देखा पर्नु; पुलुक्क

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



देखिने हुनु । २. चहकिनु; उज्जर हुनु ।

**पुल्को**– ना० [सं० पलक] एकपल्ट पुलुक्क हेर्ने काम; पुलुक्क हेराइ; पलक ।

**पुल्क्याइ**– ना० [√**पुलिक** (+याइ)] पुल्किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पुल्क्याइनु**– क० क्रि० १. पुलुक्क हेराइनु । २. पुल्किने पारिनु । **पुल्क्याउनु**– प्रे० क्रि० १. पुलुक्क हेराउनु । २. पुल्किने पार्नु । **पुल्क्याहट**– ना० पुल्क्याइ । **पुल्क्याहा**– वि० पुलुक्क हेर्ने; पुल्किने । स्त्री० पुल्क्याही ।

**पुल्टिस**– ना० [अङ्० पोल्टिस] जीउमा निक्लेका घाउखटिरा पकाउन वा पाक्नुभन्दा पहिले नै थकाउन लगाइने बाक्लो लेप; एक प्रकारको मलम; पुटिन; पुल्टिन ।

**पुल्टी**– ना० [सं० पुलट+ई] सानो पुल्ठो; पुल्ठी ।

**पुल्टुङ**– ना० [अ० मू०] पल्टँदै जाने किसिम । – **बाजी**– ना० पुल्टुङ खाने चाल; पल्टनबाजी । > **पुल्टुङ्ग/पुल्टुङ्ङ**– क्रि० वि० १. कुनै व्यक्ति वा वस्तु कहीँ पल्टने वा लड्ने किसिमले; पुर्लुङ्ग । वि० २. पल्टिएको ।

**पुल्ठी**– ना० [सं० पुलट+ई] १. मट्टितेलको बत्ती बाल्ने काममा प्रयोग गरिने, फलामको सानो थेप्चो भाँडो; डिबी; ढिब्री । २. सानो पुल्ठो ।

**पुल्ठो**– ना० [पोल+ठो < पुलट] भएनभएका कुरा लाएर दुई जनामा फाटो पार्ने काम; अर्काको चुक्ली लगाउने काम; पोल ।

**पुवाँले**– वि० [पुवाँलो+ए] १. नक्कली मुगा अर्थात् पुवाँलाको रङको; फुस्रो रातो रङको (पोते, पगरी, वस्तु आदि) । ना० २. वसन्त ऋतुमा फुल्ने एकातिर सेतोसेतो र अर्कातिर हरियोहरियो पात हुने, एक जातको ठूलो रूख; पुवालपाते ।

**पुवाँलो१**– ना० [सं० प्रबाल] नक्कली किसिमको मुगा ।

**पुवाँलो२**– ना० थाहा नपाउने गरी कपडामा लागेको आगो ।

**पुवाँलो३**– ना० यज्ञमा आहुति दिँदा धारापात्रबाट यज्ञाग्निमा घृतधारा चुहाउने काम ।

**पुवा**– ना० [सं० पूपक] चामल आदिको पीठो रयालेर गुलियो हाली वा नहाली घिउमा भुटेर बनाइएको खाद्य पदार्थ; पूवा ।

**पुवाल पाते**– ना० [सं० प्रवालपत्र+ए] हे० पुवाँले (रूख) ।

**पुष्कर**– ना० [सं०] १. पोखरी । २. पानी । ३. हात्तीको सुँडको अघिल्लो भाग । ४. कमल । ५. सूर्य । ६. पुराणअनुसार सात द्वीपमध्ये एक । ७. भारतस्थित एक प्रसिद्ध तीर्थ । ८. आकाश । ~ **तीर्थ**– ना० भारतको एक तीर्थ । – **मूल**– ना० १. पानीका पोखरीमा हुने एक औषधी । २. कमलको जरा । ३. कुटकी । > **पुष्करिणी**– ना० १. पोखरी । २. हत्तिनी ।

**पुष्कल**– वि० [सं०] १. प्रशस्त; धेरै । ना० २. चार गाँस पुग्ने गरी भिक्षुकलाई दिइने भिक्षा ।

**पुष्ट**– वि० [सं०] १. मोटोघाटो शरीर भएको; मोटोघाटो; पोटिलो । २. शरीरमा तागत भएको; बलियो । ३. लालनपालन गरिएको; भरणपोषण गरिएको । – **कारी**– ना० शरीरलाई हृष्टपुष्ट बनाउने औषधी; शरीरलाई शक्ति र स्फूर्ति दिने औषधी; पौष्टिक पदार्थ; दूध र चाकुबाट बनेको मिठाईविशेष । – **ता**– ना० पुष्ट हुने क्रिया, गुण वा अवस्था ।

**पुष्टि**– ना० [सं०] १. मोटो, बलियो हुने क्रिया वा भाव; पुष्ट हुने क्रिया वा भाव । २. पहिले भइसकेको कुनै कुरालाई तर्क, प्रमाण आदिद्वारा बलियो बनाउने क्रिया वा भाव । – **कर**– वि० १. हृष्टपुष्ट पार्ने; बलियो बनाउने । २. प्रमाणित गर्ने । – **कारक**– वि० पुष्टिकर । > **पुष्टीकरण**– ना० १. प्रतिनिधिहरूद्वारा गरिएको सम्झौता आदिसँग सम्बन्धित सन्धिपत्र । २. विधिपूर्वक गरिएको कुनै सम्झौतापत्र, संविदापत्र आदिमा हस्ताक्षर आदिद्वारा समर्थन वा पुष्टि जनाउने क्रिया वा काम । ३. पुष्टिगराइ ।

**पुष्प**– ना० [सं०] १. फूल । २. नछुने भएकी आइमाईको रज; स्त्री-जातिमा ऋतुकालमा रहने तत्त्व । – **क**– ना० १. फूल । २. सानो वा नक्कली फूल । ३. कुबेरको विमान । ४. फूल फुल्ने सम्पूर्ण वनस्पतिवर्ग; पुष्पित हुने सम्पूर्ण लतावृक्ष । ~ **काल**– ना० १. वनस्पति आदिको फूल फुल्ने समय । २. नारी जातिको नछुने हुने वा भएको समय; ऋतुकाल । ~ **बाण**– ना० हिन्दू पुराकथाका अनुसार नारी-पुरुषलाई कामुक तुल्याएर एक अर्काप्रति आकर्षित पार्ने देवता; कामदेव । ~ **रज**– ना० फूलभित्र हुने मकरन्दयुक्त सुगन्धी धूलो; फूलको केशरमा टाँसिएको पुष्परसले भिजेको, सुगन्धी धूलो; पराग । ~ **रथ**– ना० विवाह, रथयात्रा, झाँकी वा अन्य विशेष पर्व आदिमा दुलहा, दुलही सम्मानित व्यक्ति वा कुनै देवमूर्ति राखेर हिँडाइने, फूल, ध्वजा, पताका आदिले सजिसजाउ पारिएको रथ, मोटर आदि; फूल आदिले सिँगारिएको यानविशेष । ~ **रस**– ना० १. फूलको रस; मकरन्द । २. फलको रस चुस्ने भमरो । ~ **राग**– ना० पुष्पराज-मणि । – **राज**– ना० प्रायः हल्का पहेँलो रङको बहुमूल्य पत्थर; एक जातको मणि । – **रेणु**– ना० पुष्परज । – **वती**– ना० रजस्वला नारी; नछुने भएकी आइमाई । ~ **वाटिका**– ना० फूलबारी, बगैँचा । ~ **वाण**– ना० फूलको बाण लिने र स्त्री-पुरुषमा परस्पर आकर्षण पैदा गरेर संयोगका लागि प्रेरणा दिने पौराणिक देवता; कामदेव । ~ **विमान**– ना० पुष्पक विमान । ~ **वृष्टि**– ना० विशेष पर्व, उत्सव आदिमा वा ठूलाबडा व्यक्तिका सम्मानमा गरिने फूलको वर्षा । ~ **शय्या**– ना० बेलीचमेली आदि कोमल सुगन्धी फूल बिछ्याई बनाइएको शय्या; फूलको बिछ्यौना । – **शाक**– वि० १. फूलका रूपमा तरकारी, अचार आदि बनाएर खाइने । ना० २. कोइरालो । ३. अगस्ती । ~ **समय**– ना० पुष्पकाल । – **सार**– ना० १. मकरन्द । २. फूल आदिको सुगन्धी सार; अत्तर । > **पुष्पाक्षी**– वि० फूलका जस्ता आँखा भएकी; पुष्पनयनी । **पुष्पाञ्जन**– ना० पित्तलको हरियो औषधी मिलाई बनाइएको गाजल । **पुष्पाञ्जलि**– ना० १. देवता वा मान्य व्यक्तिलाई चढाउन अँजुलीमा लिइएको फूल । २. त्यसरी हातमा फूल लिएर अँजुलीले नमस्कार गरी फूल चढाउने

विधि । **पुष्पिका–** ना० १. हरेक अध्यायमा वर्णन गरिएका प्रसङ्गको समाप्तिको सूचना दिने त्यस अध्यायको अन्तिम भाग वा वाक्य । २. पुस्तकको अन्तमा लेखकको नाम, पुस्तक लेखिएको समय, स्थान आदिको उल्लेख सहित लेखिएको वाक्य वा श्लोक । ३. पाउडर आदि सुगन्धी द्रव मुखमा लगाउने कपडा, भुवा आदिको फूलजस्तो कोमल साधन; पफ । **पुष्पिणी–** ना० रजस्वला स्त्री । **पुष्पित–** वि० फुलेको; फक्रिएको । **पुष्पिता–** वि० रजस्वला भएकी; नछुने । **पुष्पी–** वि० फूलद्वारा सजाइएको; फूलले युक्त । **पुष्पोद्यान–** ना० फूलबारी । **पुष्पोपजीवी–** ना० १. माली । २. भमरो । वि० ३. फूल चुसेर वा फूल बेचेर जीवन धान्ने ।

**पुष्य–** ना० [सं०] सत्ताइस नक्षत्रमध्ये आठौँ नक्षत्र; तिष्य ।

**पुस–** ना० [सं० पौष] मङ्सिरपछि आउने महिना; वैशाखमा थालिने वर्षको नवौँ महिना; पौष; पूस । **पुस फासफुस** (उखान) ।

**पुसाइँ/पुसाजु/पुसाज्यू–** ना० [फुपू+स्वामी+जु/ज्यू] फुपाज्यू; फुपाजु; पुसैं ।

**पुसे–** वि० [पुस+ए] पुस महिनाको; पुसमा हुने वा जन्मने । ~**झरी–** ना० पुस महिनामा पर्ने झरी ।

**पुस्टाइ–** ना० [√**पुस्टाउ** (+आइ)] पुस्टाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पुस्टाइनु–** अ० क्रि० १. पुष्ट होइनु । २. सप्रिनु ।

**पुस्टाउ-नु–** अ० क्रि० [पुस्टि+आउ+नु] हृष्टपुष्ट हुनु; मोटोघाटो हुनु; पुस्टिनु ।

**पुस्टि-नु–** अ० क्रि० [सं० पुष्टि+नु] मोटो वा पुष्ट हुनु; सप्रनु । > **पुस्टचाइँ–** ना० १. पुस्टिने काम वा ढाँचा । २. तर्क, प्रमाण आदिद्वारा कुनै कुराको पुष्टि गर्ने काम; पुष्टिगराइ । **पुस्टचाइ–** ना० पुस्टिने भाव, क्रिया वा प्रक्रिया । **पुस्टचाइनु–** क० क्रि० पुष्ट पारिनु । **पुस्टचाउनु–** स० क्रि०/प्रे० क्रि० पुष्ट पार्नु; मोटोघाटो तुल्याउनु । **पुस्टचाहट–** ना० पुस्टचाइँ ।

**पुस्त–** ना० [सं०] १. हस्तलिखित ग्रन्थ; पाण्डुलेख । २. शिल्प; कालिगढ ।

**पुस्तक–** ना० [सं०] १. पढ्नेपढाउने, पाठ गर्नेगराउने आदि उद्देश्यले तर्क, विचार, भावना, कल्पना, ज्ञानविज्ञान आदिका कुरा लेखिएको वा छापिएको ग्रन्थ; ज्ञानविज्ञानसम्बन्धी कुरालाई सुरक्षित राख्न लिपिबद्ध गरिएको लिखित वा मुद्रित ठेली । २. लिखित, मुद्रित, छायाङ्कित, भूर्ज, ताड, धातु वा कागत आदिका पत्रलाई सुरक्षा र क्रमबद्धताका निम्ति काठ, छाला, धातु आदिका पत्रको आवरण दिई पठनपाठनका लागि सिइएको वा क्रम मिलाएर राखिएको ग्रन्थ । ~**खर्च–** ना० १. कुनै संस्थाका मातहतमा रही अध्ययन गर्ने र अनुसन्धान गर्ने कुनै व्यक्तिलाई उक्त संस्थाले पुस्तक किन्नका निम्ति दिने आर्थिक सहयोग । २. पुस्तक किन्न लाग्ने खर्च । – **खाना–** ना० १. पुस्तकालय । २. कितापघर । > **पुस्तकाकार–** वि० पुस्तकका आकारको । **पुस्तकागार–** ना० पुस्तकालय; ग्रन्थागार । **पुस्तकाध्यक्ष–** ना० पुस्तकालयमा पुस्तकहरूको सङ्ग्रह, सुरक्षा र नियमानुसार तिनीहरूको आदानप्रदान आदिको व्यवस्था गर्ने व्यक्ति; पुस्तकालयका पुस्तकसम्बन्धी व्यवस्था गर्ने अधिकारी । **पुस्तकालय–** ना० १. सार्वजनिक रूपले इच्छुक पाठकहरूले विभिन्न सर्तमा पढ्न पाउने हिसाबले विभिन्न विषयका पुस्तकहरूको सङ्ग्रह गरेर राखिएको घर वा ठाउँ । २. पुस्तकघर । **पुस्तकालयाध्यक्ष–** ना० पुस्तकालयमा नियुक्त कर्मचारीहरूको रेखदेख गर्ने, आवश्यकताअनुसार तिनीहरूलाई निर्देशन दिने र पुस्तकालयको सुरक्षा तथा समृद्धिका लागि प्रयत्नशील रहने अधिकारी; पुस्तकालयको मुख्य हाकिम । (अङ्०) लाइब्रेरियन ।

**पुस्ता–** ना० [फा० पुश्त] बाबु, बाजे, बराजु आदि र छोरो, नाति, पनाति आदिको पूर्वापर क्रम; वंश-परम्परा; पिँढी (जस्तो– सातौँ पुस्ता, आठौँ पुस्ता आदि) । > **पुस्तान-पुस्ता–** ना० १. वंशानुक्रममा धेरै पुस्ता; धेरै पिँढी; पुस्तौँ-पुस्तौँ । २. धेरै पुस्तादेखि चलेर आएको कुरा । **पुस्तावली/पुस्तावारी–** ना० पुस्ताहरूको वृत्तान्त; वंशावली; पुर्ख्यौली ।

**पुस्तिका–** ना० [सं०] सानोतिनो किताब; लघु पुस्तक ।

**पुस्तिन/पुस्ती–** ना० [फा० पुश्ती] पुस्तक रक्षाका निम्ति जिल्दको पीठमा लगाइने छाला । २. कागतपत्रमा बाहिरपट्टि बेर्ने वा लगाइने जिल्द । ३. जिल्द बाँध्दा जिल्द र पुस्तकका बीचमा टाँसिने कागत । ४. पुस्तकहरू वा मिसिलहरूको पोकाभित्र अगाडिपट्टि राखिएको त्यसभित्रका किताब वा मिसिलहरूको सूची ।

**पुस्तैनी–** वि० [फा० पुश्तैनी] १. धेरै पुस्तादेखि चलिआएको; धेरै पिँढीसम्म रहिरहने; पुस्तान-पुस्ताको; पिँढीदरपिँढीको । क्रि० वि० २. पुस्तैपिच्छे ।

**पुस्तौँ–** वि० [पुस्ता+औँ] १. धेरै पुस्ता बितेको । ना० २. बितेका वा बित्न बाँकी अनेकौँ पुस्ताहरू ।

**पुस्त्यौली–** वि० [पुस्ता+यौली] पुर्ख्यौली; पुस्तावली ।

**पुहुन–** ना० [सं० प्रघुण] पुहुन्की पाउने मानिस; पुहुनी जातको व्यक्ति ।

**पुहुनी–** ना० [पुहुन+ई] नयाँ मुलुकी ऐन लागू हुनुभन्दा पहिले अछूत मानिएको (दमाईं, कामी, सार्की आदि) जाति; पौनी । ~**दस्तुर–** ना० सामाजिक नियमअनुसार पुहुनीले पाउने दस्तुर । ~ **भाग–** ना० १. पुहुनीले चाडपर्व आदिमा पाउने भाग । २. पुहुनीले नयाँ बाली पाकेपछि पाउने खलेपाथी, मुरीबाली आदि भाग ।

**पुहुन्की–** ना० [पुहुनी] १. घरमा आई काम गरेर जाँदा पुहुनीले पाउने दस्तुर वा भाग; पुहुनी । २. पुहुनी-भाग पाउने अधिकार वा वृत्ति । – **पात–** ना० पुहुन्कीका रूपमा पाउने चीज वा वस्तु ।

**पूगी–** ना० [सं०] सुपारीको बोट वा फल । – **फल–** ना० सुपारी ।

**पूछ–** ना० हे० पुछ । – **ताछ–** ना० हे० पुछताछ । – **पाछ–** ना० हे० पुछपाछ ।

**पूजक**– वि० [सं०] १. देवीदेवता वा पूजनीय व्यक्तिलाई पूजा गर्ने; पुज्ने । ना० २. पुजारी ।

**पूजन**– ना० [सं०] १. देवीदेवता वा पूजनीय व्यक्तिको पूजा; पुज्ने काम; अर्चना । २. कसैको आदरसत्कार ।

**पूजनीय**– वि० [सं०] १. पूजा गर्नुपर्ने; सम्मान गर्नुपर्ने; पूजा गर्न योग्य; पूजा गर्न लायक; पूज्य । २. सम्माननीय । ३. माननीय । ४. आदरणीय ।

**पूजा**– ना० [सं०] १. देवीदेवता वा पूजनीय व्यक्तिलाई प्रसन्न पार्न, अनुकूल पार्न वा पुण्यार्जन गर्न श्रद्धाभक्तिपूर्वक गरिने कार्य । २. देवदेवी आदिलाई जल, फूल, अक्षता, नैवेद्य आदि चढाएर गरिने धार्मिक कार्य; अर्चा; अर्चना । ३. आदरसत्कार; मानसम्मान । ४. कसैलाई प्रसन्न वा अनुकूल पार्नका निम्ति केही वस्तु दिने काम । ५. (व्यङ्ग्यार्थमा) पिट्ने काम; पिटाइ (उदा०– प्रहरीले उसको राम्ररी पूजा गऱ्यो ।) – **आजा**– ना० पूजापाठ । ~ **कोठा**– ना० देवी-देवताको पूजा गर्न घरभित्र बनाइएको कोठा; घरभित्र पूजा गर्ने गरिएको एउटा कोठा । ~ **कोठी**– ना० सानो पूजाकोठा । ~ **कोठे**– ना० पूजाकोठामा काम गर्ने व्यक्ति; पुजारी । ~ **गृह**– ना० पूजाका निमित्त बनाइएको घर वा घरभित्रै पूजाका निम्ति बनाइएको छुट्टै कोठा । ~ **पाठ**– ना० देवदेवीलाई प्रसन्न पार्न र पुण्यार्जन गर्नाका निम्ति गरिने पूजा, स्तोत्रादिको पाठ । – **सामा**– ना० पूजाका निम्ति चाहिने सरसामान; पूजाका उपकरण; पूजोपकरण; पूजासामग्री । **पूजाहारी**– ना० हे० पूजारी । **पूजित**– वि० १. पूजा गर्दै आएको; पुजिएको; पूजा गरिएको । २. आदरसत्कार गरिएको; मानसम्मान गरिएको । **पूजोपकरण**– ना० पूजासामा ।

**पूज्य**– वि० [सं०] हे० पूजनीय । – **पाद**– ना० १. पूजा गर्न लायक व्यक्ति (आमा, बाबु, गुरु आदि) । २. पूजा गर्न लायकको पाउ । – **मान**– वि० १. पूजा गरिएको; पूजित । २. सम्मान गरिएको; सम्मानित ।

**पूठ**– ना० १. समर्थन; ओड । २. संस्कार ।

**पूत**१– वि० [सं०] १. पवित्र; शुद्ध । ना० २. साँचोपन; सत्य ।

**पूत**२– ना० [सं० पुत्र] छोरो; पुता; पुतो । – **कर**– ना० १. आफ्ना घरमा कुनै छोरो मान्छे नभएर वा भएर पनि अरू मान्छेलाई छोरासरह पाल्ने र हक दिने थारूहरूको चलन । २. त्यसरी पालिएको व्यक्ति; पुत्रक ।

**पूतना**– ना० [सं०] १. बालक कृष्णलाई मार्न कंसद्वारा पठाइएकी पुराणप्रसिद्ध एक राक्षसी; कृष्णद्वारा मारिएकी कंसकी एक गुप्तचरी । २. नरराक्षसी । वि० ३. दुष्ट (आइमाई); दुष्टा ।

**पूतात्मा**– वि० [सं०] शुद्ध अन्तःकरण भएको; पवित्र आत्मा भएको; चोखो मन भएको; मनमा छलकपट नराख्ने ।

**पूरक**– वि० [सं०] १. कुनै व्यक्ति वा वस्तुको कमीलाई पूरा गर्ने; कुनै कुराको खाँचोलाई पूरा गर्ने । ना० २.व्याकरणमा अपूर्ण वा पूरकापेक्षी क्रियापद प्रयुक्त भएको वाक्यमा जोडिई क्रियापदको अर्थलाई पूरा गराउन सहयोग गर्ने शब्द (उदा०– राम डाक्टर भयो; यो कुरा राम्रो लाग्यो ।) । ३. बाहिरी प्रकृतिबाट सास तानी भित्र फोक्सो भर्ने एक प्रकारको प्राणायाम । ४. कुनै वस्तुको कमी वा त्रुटिलाई पूरा गर्न पछि थपिने अंश । ~ **खर्च**– ना० १. थप खर्च; थप व्यय । २. खर्च गर्न थप निकासी भएको रकम । ~ **परीक्षा**– ना० १. कुनै परीक्षार्थी परीक्षामा निर्धारित विषय वा पत्रहरूमध्ये कुनै विषय वा पत्रमा अनुत्तीर्ण भएमा त्यसैमा मात्र दोहोऱ्याएर दिइने परीक्षा; मूल परीक्षाको अङ्गका रूपमा रहेको अर्को परीक्षा । २. परीक्षामा भएको कमी वा त्रुटिलाई वा बाँकी रहेको परीक्षालाई पूरा गर्ने परीक्षा । ~ **प्रश्न**– ना० १. कुनै परीक्षाका प्रश्नमा भएको कमी वा त्रुटिलाई पूरा गर्न बनाइएको वा कारणवश दोहोऱ्याएर गरिएको परीक्षाको प्रश्नपत्र । २. कुनै सभा, बैठक आदिमा प्रस्तुत कुनै समस्या, प्रस्ताव आदिका सम्बन्धमा चर्चापरिचर्चा भइसकेपछि पनि बाँकी रहेको शङ्काको समाधानका निम्ति गरिने थप प्रश्न; सभा, बैठक आदिको काम, प्रस्ताव आदि पूरा गर्न गरिने प्रश्न । ~ **बजेट**– ना० मुख्य बजेटलाई पूरा गर्नको लागि तयार पारिएको थप बजेट ।

**पूरण**– ना० [सं०] १. पूरा गर्ने क्रिया वा काम । २. पुर्ने कार्य; पुराइ । > **पूरणीय**– वि० १. पूरा गर्न सक्ने किसिमको; पूरा गर्नुपर्ने (कमी, त्रुटि वा क्षति) । २. पुर्नुपर्ने; पुर्न सकिने; पुर्न हुने ।

**पूरयिता**– वि० [सं०] कुनै व्यक्ति, वस्तु वा कुरामा भएको कमी, त्रुटि वा क्षतिलाई पूरा गर्ने; पूरक (व्यक्ति) ।

**पूरा**– वि० हे० पुरा२ । – **पूर**– वि० हे० पुरापुर ।

**पूरिका**– ना० [सं०] १. कचौडी । २. पुरी; रोटी ।

**पूरी**– ना०हे० पुरी ।

**पूर्ण**– वि० [सं०] १. पूरा; सिङ्गो । ना० २. ब्रह्मा । ~ **कलश**– ना० १. पातमा कीराहरू बस्नासाथ धोक्रोजस्तो भएर बन्द गरी कीराहरू खाने बिरुवा; एक प्रकारको कीटाहारी बिरुवा; कीटाहारी । २. पूर्णकुम्भ । – **काम**– वि० आफूले इच्छा गरेका कुरा प्राप्त गरिसकेको; मनका कामना पूर्ण भएको; परितुष्ट; पूर्णमनोरथ । ~ **कुम्भ**– ना० १. पानी भरेको घडा; भरी गाग्रो । २. पूजामा पानी भरेर राखिने कलश; पूर्णकलश । ~ **चन्द्र**– ना० सोह्रै कलाले पूर्ण भएको चन्द्रमा; सबै अंशले पूर्ण चन्द्रमा; पूर्णिमाको जून । – **तः**– क्रि० वि० पूरापूरी; पूरै । – **तया**– क्रि० वि० पूर्ण रूपले; पूरा तवरले । ~ **न्यायाधिकरण**– ना० प्रधान न्यायाधीशसहित तीन वा तीनभन्दा बढी न्यायाधीशको इजलास; प्रधान न्यायाधीश र अरू तीन वा तीनभन्दा बढी न्यायाधीशको सभा; फुलबेन्च । ~ **न्यायाधिवेशन**– ना० सर्वोच्च अदालतका सबै न्यायाधीशहरू सम्मिलित हुने इजलास; सर्वोच्च अदालतका सबै न्यायाधीशहरूको पूरा सभा । – **पात्र**– ना० १. कुनै शुभ कार्यको पूर्णताका लागि चामल, सिङ्गो सुपारी, पैसा आदिले भरिएको प्याङ, टपरी आदि । २. यज्ञमा जलसेचन गर्न राखिएको,

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



जलले भरिएको पात्र । – **पात्रो**– ना० पूर्णपात्र । – **प्रज्ञ**– वि० लौकिक तथा पारलौकिक कुराको ज्ञान भएको; ज्ञानवान्; परमज्ञानी । – **मासी**– ना० पूर्णिमा । ~ **यौवन**– ना० मस्त बैँस; पूर्ण तन्नेरीपना; पूर्ण तरुणता । ~ **विराम**– ना० १. वाक्य पूरा भएपछि पूरा भएको जनाउन दिइने ठाडो धर्को; वाक्य पूरा भएको जनाउने चिह्न; खडीपाई; ठाडीखुट्टी; पाई (।) । २. पूर्ण रूपले विश्राम लिने काम । – **श्री**– वि० १. धनधान्यले पूर्ण भएको; श्री-सम्पत्तिले भरिपूर्ण भएको; सुसम्पन्न; ऐश्वर्यशाली । ना० २. पूर्ण सम्पत्ति दिने भगवती; पूर्णा; अन्नपूर्णा । ~ **सङ्ख्या**– ना० १. पूर्णाङ्क । २. एकको सङ्ख्यादेखि बाहेक अन्य सङ्ख्याले भाग दिँदा शेष नरहने अथवा दशमलवको हिसाबमा दशमलव चिह्न (.) को दाहिने कुनै अङ्क नरहने सङ्ख्या ।

**पूर्णा**– ना० [सं०] १. पञ्चमी, दशमी, पूर्णिमा र अमावास्या– यी चार तिथिलाई बुझाउने शब्द; पञ्चमी, दशमी, पूर्णिमा र अमावास्याको साझे नाम । २. पूर्णश्री (देवी) ।

**पूर्णाङ्क**– ना० [सं०] १. भिन्न वा दशमलवमा हरअङ्कले विभाजित हुने राशि । २. कुनै प्रश्न वा प्रश्नपत्रको निर्धारित सम्पूर्ण अङ्क; निर्धारित पूर्ण अङ्कको समूह । ३. पूरा सङ्ख्या; पूर्ण अङ्क ।

**पूर्णाधिकार**– ना० [सं०] १. पूर्ण अधिकार । २. एकाङ्गी अधिकार; एउटै स्वामित्व । ~ **प्राप्त**– १. वि० पूर्णाधिकारवाला; पूर्णाधिकार पाएको । २. कुनै व्यक्ति वा सरकारले अर्को व्यक्ति वा सरकारसँग कुनै किसिमको वार्तालाप, सन्धि आदि गर्नुपर्दा आफ्नो विवेकबुद्धिले देखेअनुसार निर्णय गर्ने अधिकार प्रदान गरी पठाइएको सर्वाधिकारप्राप्त (दूत आदि)।

**पूर्णाधिवेशन**– ना० [सं०] कुनै सङ्घ, संस्था, सभा आदिका सबै सदस्यले भाग लिएको अधिवेशन; कुनै सङ्घ, संस्था, सभा आदिका सबै सदस्य सम्मिलित हुन सक्ने सभा ।

**पूर्णानन्द**– ना० [सं०] १. अलौकिक किसिमको आनन्द; माथिल्लो तहको आनन्द; सधैँ स्थायी रहने आनन्द; शाश्वत आनन्द; कैवल्यानन्द । २. भगवान्; परमेश्वर ।

**पूर्णायु**– ना० [सं०] १. सामान्यतया प्राणीले पाउन सक्ने पूरा किसिमको आयु (मनुष्यको सय वर्षको आयु); पूरा उमेर; परमायु । वि० २. पूरै आयु बाँच्ने; सय वर्ष बाँच्ने (मान्छे); सय वर्षको आयु भएको (मान्छे) । ३. पूरा उमेर पुगेको (कुनै पनि प्राणी) ।

**पूर्णावतार**– ना० [सं०] ईश्वरको सम्पूर्ण कलाले युक्त भएको मनुष्य वा अरू प्राणीहरूको रूप; कृष्णावतार ।

**पूर्णाहुति**– ना० [सं०] १. यज्ञको समाप्तिका अवसरमा पूर्णताका निम्ति घृतधारा, नरिवल आदिद्वारा गरिने हवन वा आहुति । २. कुनै कामलाई पूरा गर्ने अंश; अपुग वा कमी पूरा गर्ने अंश । ३. समाप्ति ।

**पूर्णिमा**– ना० [सं०] चान्द्र मासअनुसार शुक्लपक्षको अन्तिम दिन; षोडश कलाले युक्त चन्द्रमा भएको दिन; पूर्णचन्द्र भएको दिन; पुर्ने ।

**पूर्णेन्दु**– ना० [सं०] पूर्णचन्द्र ।

**पूर्णोपमा**– ना० [सं०] उपमान, उपमेय, साधारण धर्म र वाचक शब्दले युक्त भएको एक अर्थालङ्कार; उपमाअलङ्कारको एक भेद ।

**पूर्ति**– ना० [सं०] १. कुनै कमी, त्रुटि वा क्षतिलाई पूरा गर्ने काम । २. सुरु गरिएको कामको समाप्ति; थालिएको कामलाई पूरा गर्ने कार्य । > **पूर्त्यधिकारी**– ना० जनताको घरव्यवहारका लागि आवश्यक पर्ने फलाम, कपडा, धागो, सिमेन्ट आदिको समुचित ढङ्गले वितरणको व्यवस्था गर्ने अधिकारी; जनताका उपभोग्य सामग्रीको बिक्रीवितरणको समुचित व्यवस्था गर्ने हाकिम ।

**पूर्व**– ना० [सं०] १. प्रातःकालमा सूर्योदय हुने क्षितिजको भाग; सूर्य उदाउने दिशा; पश्चिमको विपरीत दिशा । २. नेपाल, भारत, चीन, जापान आदि पूर्वीय देश; एसियाका पूर्वी भेकका देश । (उदा०– पूर्वको अतीत जति समृद्ध थियो वर्तमान त्यति छैन) । ३. कुनै कुराको अघिल्लो भाग । ४. अघिल्लो समय । ५. पूर्वज; पुर्खा । क्रि० वि० ६. पहिले; अघि । वि० ७. पहिलेको (जस्तो- पूर्वकाल, पूर्वसमय इ०) । ~ **अतिनूतन नरवानर**– ना० अश्मीभूत अस्थि अवशेषका रूपमा पाइएको मिस्रको नरवानर । ~ **अनुभव**– ना० पहिले भोगे-गरेको काम कुराको अनुभव; पहिलेको अनुभव । ~ **अनुभवी**– वि० पहिलेको अनुभव भएको । ~ **एक नम्बर**– ना० भक्तपुरदेखि पूर्वतिरका बनेपा, धुलिखेल, सिन्धुपाल्चोक आदि बस्तीहरूसहितको एक इलाका; पहिले (राणाकालमा) सुविधाका दृष्टिले बनाइएका एकाइमध्ये भक्तपुरदेखि पूर्वका र पूर्व दुई नम्बरमा पर्ने बस्तीहरूभन्दा पश्चिमका बस्तीहरू मिलाएर बनाइएको प्रशासनिक एकाइ । – **क**– क्रि० वि० १. भाववाचक नामशब्दका पछाडि प्रयोग हुने, साथ वा सहित अर्थ बुझाउने शब्द (जस्तै– कृपापूर्वक, भक्तिपूर्वक, आनन्दपूर्वक आदि) । २. साथ; सहित । ~ **कथित**– वि० पहिले भनिएको वा उल्लेख गरिएको; पूर्वोक्त । ~ **कम्प**– ना० १. ठूलो भूकम्प आउनुभन्दा अगाडि भूकम्पको पूर्वसङ्केतका रूपमा हुने कम्पन । २. कामजरो आदिमा जरो आउनुभन्दा पहिले शरीरमा हुने नजानिँदो कम्पन । ~ **कर्म**– ना० १. अघिल्लो जन्मको कर्म; पूर्वजन्मको कर्म । २. पहिले गरेको कर्म; पहिलेको काम; पहिलो काम; प्रथम कार्य । ३. कुनै काम गरिनुभन्दा पहिलेको तयारी । ~ **काय**– ना० नाइटोदेखि माथितिरको शरीरको भाग; शरीरको माथिल्लो अर्द्ध भाग । ~ **काल**– ना० १. पहिलेको समय; बितिसकेको समय । २. पुरानो समय; प्राचीन काल । ~ **कालिक**– वि० १. पहिले भइसकेको; पहिलेको समयको । २. प्राचीन कालको; पुरानो; प्राचीन । ३. व्याकरणका अनुसार एर, ई, ईकन आदि प्रत्ययद्वारा व्यक्त (क्रिया, जस्तै- गरेर, गरी, गरीकन आदि) । ~ **कालीन**– वि० पूर्वकालिक । – **कृत**– वि० पहिले गरिएको; अगावै गरिएको । ~ **गामी**– वि० १. अगाडि जाने; पहिले जाने; अगि हिँड्ने । २. पहिलेको; अगाडिको । ३. पूर्व दिशातिर जाने । ~ **चार नम्बर**– ना० पूर्व

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



तीन नम्बरदेखि पूर्वपट्टिका भोजपुर, खोटाङ, दिङ्ला आदि बस्तीहरूसहितको हाल केही सगरमाथा र केही कोसी अञ्चलमा पर्ने, पहिलेको प्रशासनिक इलाका । – **ज**– ना० १. जाति वा वस्तुको अंश वा आदिम स्वरूप । २. पुर्खा; जिजुबाजे । वि० ३. पहिले नै जन्मिएको; जेठो । ~**जन्म**– ना० यो जन्मभन्दा पहिलेको जन्म; अघिल्लो जन्म; ऊन्जुनी । ~**जन्मा**– ना० १. आफूभन्दा पहिले जन्मेको व्यक्ति । २. अग्रज; दाजु । ३. मनुष्य-जातिमध्ये प्रथम उत्पन्न भनी परम्पराअनुसार मानिएको जाति; ब्राह्मण जाति । – **जा**– ना० १. दिदी; अग्रजा । वि० जन्मले जेठी । ~**ज्ञान**– ना० पूर्वजन्मको यस जन्ममा हुने आभास; पूर्वजन्मको ज्ञान । – **तः**– क्रि० वि० १. पूर्व दिशातिर । २. सामुन्नेमा । ३. उहिले । ४. पहिले ।

**पूर्वतर्फ**– क्रि० वि० [सं० पूर्व+तर्फ] पूर्वपट्टि; पूर्वतिर । – **का कम्यान्डिङ जनरल**– ना० राणाशासनमा काठमाडौँ उपत्यकादेखि पूर्वतर्फको पहाडी इलाकाको शासन-प्रबन्धको अधिकार पाएको व्यक्ति; कम्यान्डिङ जर्नेल; जङ्गी लाठपछिको रोलवाला व्यक्ति ।

**पूर्व तालिम**– ना० [सं० पूर्व+अ० तालीम] खेल, नाटक, युद्ध आदिका लागि पहिले नै दिइने तालिम; रिहर्सल ।

**पूर्व तिथीय**– वि० [सं०] १. जुन दिन लेखिएको हो त्यसभन्दा पहिलेकै तिथि-मिति दिइएको; वास्तविकभन्दा अगाडिको मिति जनाइएको (लेख, प्रलेख आदि) । २. अघिल्लो मितिदेखि लागू हुने गरी निर्धारित गरिएको ।

**पूर्व तिन नम्बर**– ना० [पूर्व+तीन+नम्बर] पूर्व दुई नम्बर र चार नम्बरका बीचमा पर्ने ओखलढुङ्गा, चिसङ्खु, ऐँसेलुखर्क, मानेभञ्ज्याङ आदि बस्तीहरूसहितको एक इलाका ।

**पूर्व दिन**– ना० १. बितेको दिन; हिजोको दिन । २. कुनै दिनको दिउँसो बाह्र बजेभन्दा पहिलेको अंश; पूर्वाह्ण ।

**पूर्व दुई नम्बर**– ना० [पूर्व+दुई+नम्बर] पूर्व एक नम्बर र तीन नम्बरका बीचमा पर्ने रामेछाप, चरीकोट, मेलुङ, दोलखा आदि (हाल जनकपुर अञ्चलमा पर्ने) पहाडी बस्तीसहितको एक इलाका ।

**पूर्वदूत**– ना० [सं०] पहिलो दूत; अग्रदूत; प्रथम चर । – **नरवानर**– ना० अश्मीभूत अस्थि अवशेषका रूपमा पाइएको किनिया (पूर्वी अफ्रिका)-को मानवजस्तो देखिने वानर (प्रोकन्सल) ।

**पूर्व धारणा**– ना० [सं०] १. कुनै तर्क, वादविवाद आदिमा वा कुनै समस्या आदिका सम्बन्धमा पक्ष वा विपक्षका सम्बन्धमा, कसैले पहिलेदेखि नै स्थिर गरेको धारणा; पूर्वनिश्चित धारणा वा विचार । २. पूर्वाग्रह । – **युक्त**– वि० १. कुनै तर्क, वादविवाद आदिमा कुनै एक पक्ष वा अर्को पक्षका सम्बन्धमा पहिलेदेखि नै एउटा धारणा वा विचार स्थिर गरिसकेको; पहिलेदेखि नै बनाएको धारणा वा विचार लिएर हिँड्ने । २. पूर्वाग्रहग्रस्त ।

**पूर्व निश्चित**– वि० [सं०] पहिलेदेखि नै निश्चय गरिएको; अघिबाट नै टुङ्गो लागिसकेको; पूर्वनिर्धारित । – **ता**– ना० पूर्वनिश्चित हुनाको भाव वा स्थिति; पहिलेकै पक्कापक्की ।

**पूर्व पक्ष**– ना० [सं०] १. कुनै कुराको पहिलो भाग; पूर्व भाग । २. कुनै वादविवाद वा झगडा आदिमा पहिलो पक्षको भनाइ वा तर्क । ३. शास्त्रीय चर्चापरिचर्चामा पहिले उठाइएको प्रश्न । ४. पुर्पच्छे । ५. कृष्णपक्ष; अँधेरीपक्ष । > **पूर्व पक्षी**– वि० १. वादविवादमा, शास्त्रीय चर्चापरिचर्चामा पूर्वपक्ष उपस्थित गर्ने; प्रश्न गर्ने । २. नालिस दिने; बादी दिने । **पूर्व पक्षीय**– वि० पूर्वपक्षसम्बन्धी; पूर्वपक्षको ।

**पूर्व पद**– ना० [सं०] १. समासद्वारा निर्माण भएका पदमा रहेको पहिलो शब्दतत्त्व; दुई वा दुईभन्दा बढी पदहरू मिलेर बनेका शब्दको पहिलो पद । २. पहिले आउने पद । ३. पहिलो स्थान ।

**पूर्व पीठिका**– ना० [सं०] भूमिका; पृष्ठभूमि ।

**पूर्व पुरुष**– ना० [सं०] हे० पुर्खा ।

**पूर्व प्रबोध**– ना० [सं०] १. पूर्वबाट पाइने ज्ञान; पूर्वको ज्ञान । २. पहिलो ज्ञान । ३. पहिलो जागरण । ४. अभिमुखीकरण (ओरियन्टेसन) ।

**पूर्व प्राथमिक**– वि० [सं०] प्राथमिकभन्दा पहिलेको (शिशु-विद्यालय) । ~**विद्यालय**– ना० बालक-बालिकाहरूलाई अक्षरारम्भ गराउने पाठशाला; कखरा सिकाइने पाठशाला; शिशु-विद्यालय ।

**पूर्व फाल्गुनी**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक; एघारौँ नक्षत्र ।

**पूर्व भाद्रपदा**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक; पच्चीसौँ नक्षत्र ।

**पूर्व मध्यमा**– ना० [सं०] संस्कृतको प्रथमापछिको परीक्षा; प्रवेशिकाबराबरको संस्कृतको परीक्षा; संस्कृत मध्यमाको आधा भाग ।

**पूर्व मीमांसा**– ना० [सं०] कर्मकाण्डहरूको तात्त्विक विवेचना गरिएको, जैमिनि मुनिद्वारा प्रतिपादित मीमांसा-दर्शनको एक भाग; मीमांसा-दर्शनको कर्मकाण्डसँग सम्बद्ध भाग; भारतीय आस्तिक षड्दर्शनमध्ये एक ।

**पूर्व रङ्ग**– ना० [सं०] १. नाटकका प्रारम्भमा विघ्नशान्तिका निम्ति नटद्वारा गरिने प्रार्थना; नाटकका सुरुमा गरिने देवादिस्तुति । २. तारसुर । ३. पूर्वपीठिका ।

**पूर्व राग**– ना० [सं०] नायक-नायिकाको भेट हुनुभन्दा पहिले एकअर्काको गुणश्रवण वा परस्पर दर्शन आदिबाट हुने प्रेम; पूर्वानुराग ।

**पूर्व रात्र**– ना० [सं०] १. हिजोको रात; गतरात्रि । २. रातको पूर्वार्ध ।

**पूर्वरूप**– ना० [सं०] १. कुनै व्यक्ति, वस्तु वा कुराको पहिलेको रूप; अगाडिको रूप । २. कुनै कुरा वा घटना हुनुभन्दा पहिलेको अवस्था । ३. रोगको पूर्वावस्था; रोगको प्रारम्भिक लक्षण । ४. निकट भविष्यमा हुने कुनै कुरालाई सूचित गर्ने लक्षण । ५. कसैको खतम भइसकेको रूप, गुण, वैभव आदि फेरि प्राप्त भएको वर्णन गर्दा हुने एक अर्थालङ्कार । ६. व्याकरणमा वर्णसन्धिको एक प्रकार ।

**पूर्ववत्–** क्रि० वि० [सं०] १. पहिले भएको जस्तै; पहिलेजस्तै । वि० २. पहिलेको जस्तो । **– करण–** ना० १. पहिलेकै स्थितिमा ल्याउने वा पुऱ्याउने काम । २. बन्द भएको कुरालाई फेरि चालू गर्ने काम । ३. प्रभावहीन बनेका कुरालाई पुनः प्रभावयुक्त बनाउने काम ।

**पूर्ववर्तिता–** ना० [सं०] १. पहिले नै हुनाको वा भइसक्नाको भाव; पूर्ववर्ती हुनाको भाव । २. कालक्रम, स्थान, गुण आदिका दृष्टिले पूर्ववर्ती हुने वा भएको स्थिति; पूर्वस्थानीयता; पूर्वता ।

**पूर्ववर्ती–** वि० [सं०] १. कालक्रम, स्थान, गुण आदिका दृष्टिले पहिले भएको; पहिलेको । २. सामुन्नेको । ३. पूर्व दिशातर्फको ।

**पूर्ववाद–** ना० [सं०] अदालतमा वादीले गरेको प्रार्थना; वादीको नालिस । > **पूर्ववादी–** ना० वादी ।

**पूर्वविद्–** वि० [सं०] १. पुरातत्त्वविद् । २. पूर्वविद्याको विशेषज्ञ । > **पूर्वविद्या–** ना० १. पूर्व (भारत, चीन, जापान इ०)-का सभ्यता आदिको अध्ययन गर्ने विद्या । २. भारतीय विद्या ।

**पूर्व विहित–** वि० [सं०] पहिले नै गरिएको ।

**पूर्व वृत्त ⁄ पूर्व वृत्तान्त–** ना० [सं०] १. पहिले घटेको घटना; पहिले भएको कुरा । २. इतिहास; पूर्ववृत्तान्त । ३. भूमिका ।

**पूर्व सञ्चित–** वि० [सं०] अगावै साँचिएको; अघिबाटै सञ्चित ।

**पूर्व सम्मोदन–** ना० [सं०] जारी गर्नुपर्ने आदेश, नियम आदिका सम्बन्धमा उच्चाधिकारीहरूबाट पहिले नै प्राप्त गरेको वा गरिने स्वीकृति वा पुष्टि; पूर्वस्वीकृति ।

**पूर्व सर्ग–** ना० [सं०] व्याकरणका अनुसार स्वतन्त्र रूपमा प्रयुक्त नभईकन शब्द वा धातुरूपका अगाडि जोडिएर मात्र प्रयुक्त हुने उपसर्ग जस्तै रूप (बेकामे, कुरीति आदिका बे, कु इ०) ।

**पूर्व सेवाकालीन–** वि० [सं०] १. कुनै सेवा वा नोकरीमा नियुक्ति पाउनुभन्दा पहिले तालिम आदिमा सरिक भएको समयको । २. हालको सेवाभन्दा पहिलेको सेवाको समयको; साबिकको सेवाको समयको ।

**पूर्वस्थान–** ना० [सं०] कुनै व्यक्ति, वस्तु आदिको पहिलेको स्थान, दर्जा, स्थिति आदि ।

**पूर्वस्थानीय–** वि० [सं०] १. पहिलेको स्थानसम्बन्धी । ना० २. पूर्ववर्ती हुनाको भाव वा स्थिति; पूर्ववर्तिता ।

**पूर्वस्थिति–** ना० [सं०] कुनै व्यक्ति, वस्तु आदिको पहिलेको स्थिति; पूर्वावस्था । ~ **स्थापना–** ना० १. असामान्य परिस्थितिको अन्त भएर पुनः पहिलेको जस्तै शान्तिपूर्ण परिस्थितिको स्थापना । २. रोग आदिका कारणबाट कमजोरी आदि सकिएर पहिलेको जस्तै स्वास्थ्यको प्राप्ति; पुनः स्वास्थ्यलाभ ।

**पूर्वस्वीकृति–** ना० [सं०] कुनै कामकुराबारे पहिले नै दिइने स्वीकृति; पहिले नै गरिएको स्वीकार ।

**पूर्वहिमानी–** ना० [सं०] आजभन्दा पचास लाखदेखि चालीस लाख वर्ष पहिलेसम्मको समय; हिमकल्पभन्दा पहिलेको समय ।

**पूर्वा–** ना० [सं०] १. पूर्वदिशा । २. पूर्वाफाल्गुनी नक्षत्र । ३. पूर्वाभाद्रपदा नक्षत्र ।

**पूर्वाग्रह–** ना० [सं०] कुनै विषय, समस्या आदिमाथि तर्क, वादविवाद वा विचार गर्दा कसैले नयाँ सोचाइ वा सिद्धान्त ग्रहण नगरी आफ्नो पूर्वनिश्चित धारणानुरूप नै लिने अड्डी; परिवर्तित समय वा परिस्थितिका कुरा नबुझी आफ्ना कुरालाई नै बढी महत्त्व दिने जिद्दीवाल प्रवृत्ति; एकोहोरो हठ; लिँडेढिपी ।

**पूर्वाङ्ग–** ना० [सं०] यज्ञ-पुराणादि धार्मिक कार्य वा विवाह-व्रतबन्धादि शुभकार्य गर्दा प्रारम्भमा गरिने कृत्य; शुभकार्यमा गरिने प्रारम्भिक विधिविधान; पूर्वकर्म । ~ **पूजा–** ना० पाठपूजा, यज्ञयागादि कार्यको प्रारम्भमा मङ्गलका लागि गरिने पूजा; पूर्व पक्षको पूजा ।

**पूर्वाचल–** ना० [सं०] १. पुराण आदिमा विश्वास गरिएअनुसार सूर्य उदाउने पर्वत; उदयाचल । २. पूर्वाञ्चल ।

**पूर्वाञ्चल–** ना० [सं०] १. पूर्वपट्टिका अञ्चल; पूर्वपट्टिको क्षेत्र । २. पूर्वीय सिमाना; पूर्वपट्टिको किनार; पूर्वी छेउ । ~ **विकासक्षेत्र–** ना० नेपाल अधिराज्यको सन्तुलित विकास गर्ने उद्देश्यले बाँडिएका पाँच विकासक्षेत्रमध्ये पूर्वाञ्चलसँग सम्बन्धित विकासक्षेत्र ।

**पूर्वाधार–** ना० [सं०] १. कुनै योजना वा उद्योगधन्दा आदि सुरु गर्नुभन्दा पहिलेको आवश्यक आधार; कुनै पनि कार्यको पहिलो आधार; मुख्य आधार । २. धरातल ।

**पूर्वाधिकरण–** ना० [सं०] लिच्छविकालमा चार दिशामा विभाजित प्रशासनिक अड्डाहरूमध्ये पूर्वपट्टिको अड्डा ।

**पूर्वाध्ययन–** ना० [सं०] कुनै कुराको सम्यक् अध्ययन गर्नुभन्दा पहिले कामचलाउ किसिमले गरिने अध्ययन ।

**पूर्वानुमान–** ना० [सं०] कुनै समस्या, घटना आदिको सम्भावित परिणामबारे पहिलेदेखि गरिने अडकल; कुनै विषय वा कुराको परिणाम आउनुभन्दा पहिले गरिने अनुमान ।

**पूर्वापर–** ना० [सं०] १. अगाडि र पछाडिको भाग; कुनै कुराको आदि-अन्त; छेउटुप्पो । वि० २. अगाडि र पछाडिको; आदि र अन्तको । ३. पूर्व र पश्चिमको ।

**पूर्वापराधी–** ना० [सं०] पहिले पनि ऐनकानुनविपरीत वा धार्मिक दृष्टिले निषिद्ध काम गरिसकेको अपराधी; पहिले पनि कसूर गरिसकेको व्यक्ति; पटकपटक अपराध गरिसकेको व्यक्ति; पटके अपराधी ।

**पूर्वाफाल्गुनी–** ना० [सं०] पूर्वफाल्गुनी नक्षत्र ।

**पूर्वाभाद्रपदा–** ना० [सं०] पूर्वभाद्रपदा नक्षत्र ।

**पूर्वाभास–** ना० [सं०] पछि हुने कुनै कामकुरा आदिको पहिले नै देखिने लक्षण; पछि आउने परिस्थिति वा हुने घटनाको पूर्वलक्षण; पूर्वसङ्केत ।

**पूर्वाभिनय–** ना० [सं०] १. कुनै नाटकको रङ्गमञ्चमा प्रदर्शन गर्न लाग्दा हुन सक्ने कमी वा त्रुटिलाई हुन नदिन पहिले नै गरिने अभ्यासात्मक अभिनय । २. युद्ध सुरु हुनुभन्दा पहिले युद्धका स्थितिमा गरिने आक्रमण, प्रत्याक्रमण वा आत्मसुरक्षाको अभ्यास ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



३. रिहर्सल; पूर्वतालिम ।

**पूर्वाभिमुख–** वि० [सं०] पूर्वतर्फ मुख फर्केको; पूर्वतिर मुख गरेको ।

**पूर्वाभ्यास–** ना० [सं०] १. काम गर्न थाल्नुभन्दा पहिले गरिने अभ्यास; कुनै कामको पूर्वतयारी; पूर्वतालिम । २. पूर्वाभिनय ।

**पूर्वार्जित–** वि० [सं०] पहिले कमाइएको; पहिले नै उपार्जन गरिएको (धनसम्पत्ति, मान-प्रतिष्ठा आदि) ।

**पूर्वार्द्ध/पूर्वार्ध–** ना० [सं०] १. कुनै कुराको दुई बराबर भागमध्ये पहिलो आधा भाग; पहिलो आधा । २. सङ्गीतका अनुसार गीतका स्थायी र अन्तराको पहिलो आधा भाग ।

**पूर्वावधानता–** ना० [सं०] १. कुनै कामकुरामा सम्भावित हानि-नोक्सानीको विचार गरी पहिलेदेखि नै लिनुपर्ने सतर्कता; पूर्व-सावधानी । २. कुनै कामकुरामा हानिनोक्सानीको पूर्वाभास हुनेबित्तिकै त्यसको रोकथामका लागि गर्नुपर्ने सोचविचार ।

**पूर्वावश्यक–** वि० [सं०] कुनै योजना वा उद्योगधन्दा सुरु गर्नुभन्दा पहिले आवश्यक; कुनै कार्य गर्नुभन्दा पहिले आवश्यक ।

**पूर्वावस्था–** ना० [सं०] १. पूर्वस्थिति । २. सबभन्दा पहिलो अवस्था । ३. बाल्यावस्था ।

**पूर्वाषाढा–** ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक; बीसौँ नक्षत्र ।

**पूर्वाह्णण–** ना० [सं०] पूर्वाह्न । > **पूर्वाह्णिक–** वि० १. दिनको पहिलो भागमा गर्नुपर्ने काम; पूर्वाह्णमा गर्नुपर्ने काम । २. पूर्वाह्णसम्बन्धी ।

**पूर्वाह्न–** ना० [सं० पूर्वाह्ण] दिनको प्रथम अर्धांश; दिनको पूर्वार्ध; पूर्वाह्ण ।

**पूर्वी–** वि० [सं० पूर्वीय] १. पूर्वपट्टिको; पूर्व दिशाको; पूर्वको; पूर्वीय । २. एसियाली । ~ **गोलार्द्ध–** ना० प्रधान मध्याह्नरेखादेखि पूर्वपट्टिको भूभाग । ~ **मादल–** ना० नेपाल अधिराज्यको पूर्वी भेकमा प्रचलित मादल; ठूलो किसिमको मादल ।

**पूर्वीय–** वि० [सं०] १. पूर्वपट्टिको; पूर्व दिशाको; पूर्वको । २. एसियाको; एसियाली । ३. भारतीय; भारतेली । ~ **दर्शन–** ना० भारतीय दर्शन । ~ **संसार–** ना० एसियाली वा भारतीय संसार । ~ **संस्कार–** ना० एसियाली या भारतीय संस्कार । ~ **संस्कृति–** ना० एसियाली वा भारतीय संस्कृति । ~ **सभ्यता–** ना० एसियाली वा भारतीय सभ्यता ।

**पूर्वेतर–** वि० [सं०] १. पूर्वभन्दा भिन्न किसिमको; पूर्वभन्दा बाहेकको । २. पश्चिमी ।

**पूर्वोक्त–** वि० [सं०] पहिले भनिसकेको; पहिले उल्लेख भइसकेको; पूर्वकथित ।

**पूर्वोत्तर–** वि० [सं०] १. पूर्व र उत्तरको; पूर्व र उत्तरका बीचको । ना० २. पूर्व र उत्तरका बीचको दिशा; ईशानकोण । > **पूर्वोत्तरा–** ना० ईशानकोण ।

**पूर्वोदाहरण–** ना० [सं०] १. कुनै मुद्दामामिलाका सम्बन्धमा दिइएको वा अँगालिएको र पछिसम्म उदाहरण वा दृष्टान्तका रूपमा प्रस्तुत गरिने सर्वोच्च अदालतको निर्णय वा कार्यविधि; नजिर । २. पछिका कुनै घटना, समस्या आदिमा उदाहरणका रूपमा प्रस्तुत गरिने पहिलेको कुनै घटना वा समस्या आदि ।

**पूर्वोदित–** वि० [सं०] १. पूर्वतर्फ उदाएको । २. पहिले उदाएको ।

**पूर्वोपाय–** ना० [सं०] सम्भावित हानिनोक्सानीको रोकथामका लागि पहिलेदेखि नै गरिने उपाय; कुनै कामकुरामा हानिनोक्सानीको पूर्वाभास हुनेबित्तिकै रोकथामका लागि गरिने उपाय ।

**पूस–** ना०हे० पुस ।

**पृच्छक–** वि० [सं०] जिज्ञासा वा उत्सुकता मेट्नका लागि कुनै प्रश्न सोध्ने; प्रश्नकर्ता; प्राश्निक ।

**पृच्छा–** ना० [सं०] १. प्रश्न सोध्ने इच्छा; जिज्ञासा । २. प्रश्न; सबाल ।

**पृतना–** ना० [सं०] सेना; फौज ।

**पृथक्–** क्रि० वि० [सं०] १. भिन्न हुने किसिमले; अलग्ग; छुट्टै । वि० २. भिन्न; अलग; छुट्टो । – **करण–** ना० १. मिलेका व्यक्ति, वस्तु आदिलाई छुट्ट्याउने काम; अलगअलग बनाउने काम; बिछोडचाइ; विखण्डन । २. विश्लेषण ।

**पृथक्ता–** ना० [सं०] पृथक् वा अलग्ग रहने स्थिति, गुण वा प्रक्रिया; भिन्नता; बेग्ल्याइँ । – **वाद–** ना० १. कुनै उपजाति र मूलजातिका बीच पाइने समानतालाई उपेक्षा गरी भिन्न गुणलाई महत्त्व दिएर उक्त उपजाति नै मूलजाति भएको कुरामा जोड दिने सिद्धान्त । २. मूलधर्मदेखि भिन्न केही गुणका आधारमा उपधर्मलाई भिन्नै मान्यता दिनुपर्छ भन्ने मत । ३. कुनै पनि क्षेत्रमा पृथक् हुन चाहने मत । – **वादी–** वि० १. मिलेर बसेकालाई फुटाउन चाहने; अलग्याउन चाहने । २. समूहबाट फुट्न चाहने; अलग्गिन चाहने; सगोलदेखि फुटेर भिन्नै रहन चाहने; भिन्नतावादी ।

**पृथा–** ना० [सं०] १. पाण्डुकी पत्नी; पाँच पाण्डवकी आमा; कुन्ती । वि० २. ठूलो जीउ भएकी ।

**पृथु–** वि० [सं०] १. प्रशस्त फैलिएको; फराकिलो; विस्तृत । ना० २. इक्ष्वाकुवंशका एक राजा । ३. पृथ्वीको मालिक; राजा । – **कीर्ति–** वि० ठूलो कीर्ति भएको । – **पर्ण–** ना० ठूला पात हुने एक वनस्पति । – **मुण्ड–** वि० १. ठूलो टाउको भएको; घनटाउके । ना० २. ठूलो टाउको ।

**पृथुल–** वि० [सं०] १. पृथु; ठूलो । २. स्थूल; मोटो । – **तर–** वि० ठूलोभन्दा पनि ठूलो; झन् ठूलो । – **तम–** वि० ज्यादै ठूलो; पृथुतमः; झन् ठूलोभन्दा पनि ठूलो; अझ झन् ठूलो । > **पृथुलाधीश–** ना० १. ठूला राज्यका राजा; ठूला राजा । २. युवराजा अठार वर्ष नपुगेसम्म रानीले प्राप्त गर्ने पदवी ।

**पृथुली–** ना० जिम्बु; झान्ने काममा आउने वनस्पतिविशेष ।

**पृथ्वी–** ना० [सं०] १. ढुङ्गा, माटो आदिले बनेको, मनुष्यादि जीवजन्तुको बस्ती भएको, सौरमण्डलको एक ग्रह; भूमि; धर्ती; पृथिवी । २. पृथ्वी, जल, तेज, वायु र आकाश– यी पञ्च महाभूतमध्ये एक । ३. मृत्तिका; माटो । ~ **छन्द–** ना० जगण,

सगण, जगण, सगण, यगण र लघु तथा गुरु हुने एक वार्णिक छन्द । ५. खूब फैलिएको; ठूलो छाती भएको । ~ **कम्प–** ना० भुइँचालो; भैँचालो । – **धर–** वि० १. पृथ्वीलाई धारण गर्ने । २. पहाड; पर्वत । – **नारायण शाह–** ना० एकीकृत राजा; आधुनिक नेपालका प्रथम राजा; बडामहाराज । – **पति–** ना० १. पृथ्वीको मालिक । २. राजा । ३. गोरखाका एक प्रसिद्ध राजा । ~ **प्रज्ञा-पुरस्कार–** ना० भाषा, साहित्य, कला, संस्कृति र ज्ञानविज्ञानका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका साधकहरूलाई समष्टिगत मूल्याङ्कनका आधारमा प्रदान गर्ने गरिएको एक पुरस्कार । ~ **मण्डल–** ना० १. सम्पूर्ण पृथ्वीको डल्लो; भूगोल; भूमण्डल । २. पृथ्वीतल । ~ **राजमार्ग–** ना० काठमाडौँ-पोखरा यातायातका लागि नौबीसेदेखि पोखरासम्म जाने राजमार्ग । ~ **वीरविक्रम–** ना० वि० सं० १९३२ मा जन्म भई राजगद्दीमा बस्ने र वि० सं० १९६८ मा दिवङ्गत हुने, नेपालका शाहवंशीय सातौँ राजा ।

**पृष्ट–** वि० [सं०] सोधिएको; प्रश्न वा सवाल गरिएको ।

**पृष्ठ–** ना० [सं०] १. शरीरको पछिल्लो भाग; डँडाल्नु; पिठिउँ; पिठिम । २. पुस्तकका पन्ना वा कागतको एकपट्टिको भाग । ३. कुनै वस्तु, व्यक्ति वा कुराको पछिल्लो भाग । ४. कुनै वस्तुको माथिल्लो भाग । – **गामी–** वि० पछि लाग्ने; अनुयायी । ~ **गायन–** ना० रङ्गमञ्चमा देखा नपरी पात्र-पात्रहरूका निम्ति गाइने गीत । – **देश–** ना० १. पृष्ठभाग; पछिल्तिरको अङ्ग । २. पिठिउँ । ~ **पोषक–** ना० १. कुनै कामकुरा गर्ने व्यक्तिलाई पछिल्तिरबाट मद्दत गर्ने व्यक्ति; पछाडि बसेर सहायता पुऱ्याउने वा हौसला दिने व्यक्ति; सहायक; मदतगार । ~ **पोषण–** ना० कुनै कामकुरामा पछाडि बसेर सहायता पुऱ्याउने काम वा प्रवृत्ति; सहयोग; मदत । ~ **भाग–** ना० १. शरीरको पछिल्लो भाग; पिठिउँ; पृष्ठ । २. कुनै पनि वस्तु वा कुराको पछिल्लो भाग । – **भूमि–** ना० १. कुनै वस्तु वा कुनै कुराको मूल आधार वा भूमिका । २. पछिल्तिरको जमिन । ३. कुनै विशेष घटना वा कुराको रूप स्पष्टसँग देखाउने र त्यससँग सम्बद्ध पहिलो घटना वा कुरा । ४. मुख, मूर्ति वा चित्र आदिको अघिल्लो भागलाई स्पष्ट गराउन काम दिने दृश्य, चित्र वा वर्णनको भाग; मूर्ति वा चित्रको सबभन्दा पछिल्लो भाग । ५. अङ्कित दृश्य वा घटनाको आधार । ६. बन्दरगाहपछाडिको क्षेत्र । ७. सहरवरिपरिको ग्रामीण क्षेत्र । – **वंश–** ना० मेरुदण्ड भएको प्राणी; ढाड भएको प्राणी । > **पृष्ठाङ्कन–** ना० १. कुनै लेख, पत्र, धनादेश, चेक, चलानी आदिका पीठमा हस्ताक्षर गर्ने काम । २. कसैसँग केही लिने वा कसैलाई केही दिने बेहोराको लिखित आदेश । ३. कुनै कुराको समर्थन आदिका रूपमा केही लेख्ने काम; दरपीठ गर्ने काम; कागतको पछाडि सही गर्ने काम । **पृष्ठाङ्कित–** वि० पीठमा केही लेखिदिएको वा हस्ताक्षर गरिदिएको कागत; दरपीठ गरिएको कागत । **पृष्ठावरण–** ना० १. सुरक्षाका लागि पुस्तक आदिमा गाताको बाहिरपट्टि बेरिएको वा लगाइएको आवरण । २. पुस्तक आदिमा लगाइएको जिल्द; गाता । ३. पर्यावरण । **पृष्ठास्थि–** ना० शरीरको पछिल्तिरको हाड; ढाड । **पृष्ठिका–** ना० १. वृत्तान्तको आधार । २. मूर्ति वा चित्रको पृष्ठभूमि । ३. पृष्ठदेश । ४. पृष्ठभूमि ।

**पे–** ना० [अङ्०] तलब; तलप; वेतन । ~ **कमिसन–** ना० तलबसम्बन्धी प्रबन्ध गर्नका निम्ति खडा भएको आयोग । ~ **रोल–** ना० मासिक तलब-विवरण ।

**पेकिङ–** ना० [चिनि०] जनवादी गणतन्त्र चीनको राजधानी (हाल बेजिङ) । ~ **मानव–** ना० पेकिङभन्दा सत्ताइस माइल पर रहेको चौकुतियान नामक स्थानको एउटा गुफामा १९२१ इस्वीमा प्राप्त जीवाश्मको आधारमा मानवशास्त्रले मान्यता दिएको प्राचीन मानव; उत्तिष्ठवानरको चिनियाँ प्रजाति; उत्तिष्ठवानरको जावामानवभन्दा केही पछिको अवस्था ।

**पेग–** ना० [अङ्०] १. ह्विस्की, ब्रान्डी आदि पेय पदार्थको एक अल्प परिमाण । २. सो परिमाणको रक्सी नाप्ने कचौरी; प्याला ।

**पेङ्कर–** ना० [सं० भयङ्कर] खेती-कमाई गर्न र जानआउन सारै मुस्किल पर्ने भीरबाटो ।

**पेङ्गुइन–** ना० [अङ्०] ध्रुवीय क्षेत्रमा पाइने, पानीमा पौडनका लागि बहनाका रूपमा काम दिने पखेटा भएको समुद्रमा आहारा खोजी खाने, दौडिन सक्ने तर उड्न नसक्ने र बसेका बेला हेर्दा उभिएको जस्तो देखिने एक प्रकारको चरो ।

**पेच–** ना० [फा०] १. झन्झट; बखेडा । २. चलाकी; धूर्तता । ३. छनक; व्यङ्ग्य । ४. बेरिएको डाँडो; घुमाएर कस्ने एक प्रकारको डोल्सी परेको कीलो । ५. भित्री वैमनस्य; गुप्त षडयन्त्र । ६. कुनै डन्डी, काँचको सिसी वा धातुको नलीमा ढिम्री वा बिर्को कस्नका निम्ति बनाइएको फनफनी घुमेको रेखा; गुना । ७. कुस्ती आदि खेल्दा अर्कालाई पछार्ने युक्ति; कुनै प्रतिद्वन्द्वितामा अर्कालाई हराउने युक्ति । ८. चङ्गा उडाएर लडाउँदा दुई पक्षका चङ्गाको धागा जोल्टचाउने काम । ९. पगरीको अगिल्तिर शोभाका निम्ति जडिएको आभूषण; कल्की; शिरपेच । – **कस–** ना० पेचका थाप्लामा परेका गहिरा ठाउँमा धार अड्काएर बिँडमा समाती सो पेचलाई मस्काउने वा खुस्काउने हतियार । – **काँटी–** ना० पेचकीलो । – **किलो–** ना० टोप्रो वा छातामा पेचकस अडचाउने खोल्सो भएको एक कीलो । – **दार–** वि० १. पेच भएको; पेचवाल । २. व्यङ्ग्यात्मक । ३. पेचिलो । – **पाच–** ना० १. जाली व्यक्तिको काम; जालझेल; झेलबखेडा । २. व्यङ्ग्योक्तिसहित जिस्किने काम; छेडछाड; छेडपेच । ३. पेच । – **वाल–** वि० पेचदार ।

**पेचा–** ना० [सं० पेचक] चेपुवामा तेल पेल्दा फुलो हाल्ने चोयाको पात्र; छपनी ।

**पेचिलो–** वि० [फा० पेच+इलो] १. पेच भएको; पेचताल । २. चालबाजी गर्ने; बखेडा गर्ने; धूर्त; धूर्ततापूर्ण; चालबाज ।

**पेची–** वि० [फा० पेच+ई] पेच लडाउने; बखेडा गर्ने; जालझेल गर्ने; झेली ।

**पेज–** ना० [अङ्०] १. पृष्ठ । २. पाना वा पाताको दुई भागको कुनै

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



एक भाग ।

**पेट**– ना० [सं०] १. छातीदेखि मनि र काखदेखि माथिको शरीरको भाग; भुँडी । २. खाएको वस्तु जम्मा हुने, शरीरभित्रको थैली । ३. गर्भ; पाठेघर । ४. मन; दिल; अन्तःकरण । ५. खोक्रो वस्तुको भित्री भाग । ६. थैली; झोला । ~ **कटाइ**– ना० नमासीकन वा खाई-नखाईकनको केही कुराको सँचाइ । २. पेटदुखाइ । – **को कुरा**– ना० मनको कुरा । – **कट्टी**– ना० १. पेट दुखेर आउँ आदि आउने रोग । २. पेटकटाइ । ~ **परमात्मा/परमेश्वर**– ना० भोक (व्यङ्ग्यार्थमा) । – **पाला**– वि० आफूले खानका निमित्त मात्र काम गर्ने; खानकै धन्दामा मात्र लागेको । ~ **पालो**– ना० पेट पाल्नका लागि गरिने काम; जीविका; निर्वाह । ~ **फाऱ्यो**– ना० नेपाली वर्णमालाको 'फ' वर्णको नाम; पेटफाऱ्यो फ । ~ **बोली**– ना० निवेदनपत्र, फिरादपत्र, प्रतिउत्तरपत्र आदिको मूल बेहोरामा लेखिएको कुरा । ~ **मारा**– ना० नखाईकन पनि धन जम्मा गर्ने; पेट भोकै राखेर पनि धन जम्मा गर्ने; कृपण; द्रव्यपिशाच । ~ **वाक्य**– ना० पेटबोली ।

**पेटाङे**– ना० [पेट+अङ्गी+ए] पेट मात्र ढाक्ने भोटो; पेटेभोटो ।

**पेटानी**– ना० गुनिउँ ।

**पेटारी**– ना० [पेटारो+ई] बाँस बेत आदिका चोयाले बनेको एक प्रकारको सानो सन्दुस ।

**पेटारे**– वि० [पेट+आरे] शरीर एक रङको र पेट मात्र अर्को रङको हुने (बाख्रो, पाठो आदि) ।

**पेटारो**– ना० [सं० पिट+आरो] बाँस, बेत, निगालो आदिका चोयाले बुनेको ठूलो किसिमको पेटारी ।

**पेटाहा**– वि० [पेट+आहा] १. आफ्ना कुरा नभन्ने स्वभावको; पेटमा कुरा राख्न सक्ने; घुसघुसे । २. मुखले स्पष्ट केही नभने पनि अर्काको कुभलो चिताउने वा गर्न खोज्ने । ३. ठूलो पेट भएको; भुँडीवाल; भुँडे ।

**पेटिका**– ना० [सं०] एक प्रकारको सानो सन्दुस ।

**पेटिया**– ना० [पेट+इया] कुनै भारदार वा कुलीन व्यक्तिको परिवार जीवन धान्न असमर्थ भएमा जीवननिर्वाहका लागि दिइने सरकारी जग्गाजमिन; खुवाबिर्ता ।

**पेटी**– ना० [सं०] १. एक प्रकारको सानो सन्दुस; सानो पेटारो; पेटारी; पेटिका । [सं० पट+ई] २. जगमा पानी नबसोस् भन्ने उद्देश्यले र गाराका सुरक्षाका लागि समेत घरका वरिपरि बलियोसँग बनाइएको आड; बलेनीभित्र उठाइएको डिल । ३. मानिसहरू पैदल हिँडून् भन्नाका लागि सडकका छेउमा केही अग्ला पारेर बनाएको डिल; फुटपाथ । [पेट+ई] ४. कमरमा बाँध्ने छाला आदिको फित्ता; कमरपेटी; कमरबन्दी । ५. पातलो, चेप्टो, बाक्लो वस्तु; फित्ता । ६. घर आदिको भित्तामा तल-माथि अलगअलग रङ लगाउँदा देखिने पाटा । ७. मिलका चक्कालाई इन्जिनसँग जोडी घुमाउने काममा प्रयोग गरिने साधन; मिलको फित्ता (अङ्० बेल्ट) ।

**पेटीकोट**– ना० [अङ्०] शरीरका भित्रपट्टि लगाइने जामाजस्तो जनाना पोसाक ।

**पेटीघर**– ना० [पेटी+घर] गर्भनिरोधका निम्ति स्त्रीको गुप्ताङ्गमा राखिने वस्तु; टेपलुप्स; लुप ।

**पेटीवाल/पेटीवाला**– वि० [पेटी+वाल/वाला] १. पेटी अड्काउने सुविधा भएको (प्यान्ट, फ्रक इ०) । २. कुनै पनि प्रकारको पेटी भएको । ३. पेटी लाएको वा बाँधेको ।

**पेटुवा/पेटु**– वि० [पेट+उवा/ऊ] खूब खानुपर्ने; खन्चुवा; घिचासे; घिचुवा ।

**पेटे**– वि० [पेट+ए] १. पेटको; पेटसम्बन्धी । २. पेटसम्म मात्र आइपुग्ने (लुगा आदि) । ~ **कुरा**– ना० गोप्य कुरा ।

**पेटेन्ट**– ना० [अङ्०] १. कुनै नयाँ वस्तुको उत्पादन वा बिक्री गर्नका लागि सरकारद्वारा प्राप्त हुने एकाधिकारको स्वीकृति । वि० २. त्यस्तो एकाधिकार प्राप्त वा रजिस्टर्ड (वस्तु) ।

**पेटे भोटो**– ना० [पेटे+भोटो] बाहुला, फेर आदि नभएको, कुममा तना बाँधिने बालकहरूले लगाउने लुगा ।

**पेट्रोम्याक्स**– ना० [अङ्०] मैन्टोल; मैन्टुल ।

**पेट्रोल**– ना० [अङ्०] १. उज्यालोका निम्ति र मोटर तथा यन्त्र चलाउन आवश्यक शक्तिका लागि प्रयोग हुने, चट्टानहरूमा वा पानीका सतहमा पाइने, प्रशोधित खनिज तेल; यान्त्रिक उपकरण चलाउन जमिनभित्रबाट निकालिएको प्रशोधित तेल । २. सैनिक वा प्रहरीले यताउति घुमीघुमीकन दिने पहरा; गस्ती । ३. त्यसरी दिइने सैनिक वा प्रहरी-गस्ती । ~ **पम्प**– ना० बिक्रीवितरणका लागि पम्पमा डिजेल, पेट्रोल आदि राखिएको स्थल । >**पेट्रोलियम**– ना० १. अप्रशोधित तेल । वि० २. खनिज, तेलसम्बन्धी ।

**पेठो**– ना० [सं० पिष्ट] १. कुभिन्डाको भुजुरी आदि । २. कुभिन्डो ।

**पेडा**– ना० [सं० पिण्डिका] भुटेको खुवामा चिनी मिलाई बनाइने थेप्चो र बाटुलो आकारको प्रसिद्ध मिठाई ।

**पेदू**– वि० [सं० पद+ऊ] धेरै हिँडेर थाकेको ।

**पेनी**– ना० [अङ्०] कम दामको एक बेलाइती मुद्रा; पेन्स । ~ **पोस्टेज**– ना० १. बेलाइतमा पुरानो जमानामा एक पेनी तिरी चिठी पठाउने सुविधा । २. सो समयमा बेलाइतमा भएको एक हुलाकप्रणाली ।

**पेनु/पेनो**– ना० [अङ्० पियानो] मेचमा बसी दुई हातले बजाइने हारमोनियमजस्तो तार-बाजा ।

**पेन्चिस**– ना० [अङ्० प्लायर्स] कुनै वस्तुलाई समात्ने, समातेर तान्ने, कस्ने र सानातिना तार काट्ने सनासोका आकारको एक ज्याबल ।

**पेन्ट**– ना० [अङ्०] कमरमुनिको अवयव र गोडा ढाक्ने सुरुवालजस्तो लुगा; पाइन्ट ।

**पेन्टाग्राफ**– ना० [अङ्०] मूल नक्सा वा चित्र आदिका आधारमा ठूलो वा सानो आकारको प्रतिलिपि उतार्ने साधन ।

**पेन्सन**– ना० [अङ्०] विभिन्न सेवामा रहेका कर्मचारीहरूले निर्धारित

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



समयसम्म अविच्छिन्न सेवा गरी विना खुन-खोट अवकाश प्राप्त गरेमा त्यस्ता कर्मचारीलाई सरकारबाट वा सम्बन्धित निकायबाट दिइने भत्ता; निवृत्तिभरण । – **वाल**– ना० पेन्सन वा निवृत्तिभरण पाउने गरी अवकाशप्राप्त कर्मचारी; निवृत्तिभरण पाउने व्यक्ति; पिन्सिने ।

**पेन्सिल**– ना० [अङ्०] सिलेटमा लेख्ने ढुङ्गाको कलम; सिसाकलम; पिल्सिङ । ~ **हिल**– ना० आइमाईले प्रयोग गर्ने चप्पल; अग्लो र तीखो खुरा हुने चप्पल ।

**पेन्सिलिन**– ना० [अङ्० पेनिसिलिन] शरीरभित्र रोग पैदा गर्ने जीवाणुलाई नाश गर्ने एक प्रकारको औषधी ।

**पेपर**– ना० [अङ्०] १. कागज; कागत । २. अखबार । ३. प्रश्नपत्र । ४. सुर्तीलाई कागतमा बेरी बनाइएको एक प्रकारको बिडी । – **वेट**– ना० कार्यालय आदिमा कागतपत्र नउड्न् भनी थिचेर राख्ने सिसा, पत्थर आदिको गह्रुँगो साधन; थिचौटो; कागतढुङ्गी ।

**पेय**– वि० [सं०] १. पिउन सकिने; पिउन हुने; पिउन लायकको । ना० २. पिइने (पानी आदि तरल) पदार्थ ।

**पेरुङ्गो**– ना० [परिङ+ओ] लाम्चो, चेप्टो प्वाल वा आँखा भएको बाँसको चोयाको भाँडो; तामा, च्याउ, माछा, सुङ्गुरको पाठो आदि हाल्नका निम्ति प्रयोग हुने एक प्रसिद्ध वस्तु ।

**पेल्-नु**– स० क्रि० [सं० प्रेरण > प्रा० पेल्लण] १. कोल वा अन्य किसिमका यन्त्रलाई चारैतिर घुमाई वा थिची रस वा तेल निकाल्नु । २. कोल आदि यन्त्रले खूबसित निचोर्नु वा थिच्नु । ३. अँचेट्नु; घचेट्नु; ठेल्नु । ४. थिचोमिचो गर्नु; अरूको अधिकार मिच्ने काम गर्नु; बलप्रयोग गर्नु । ५. नटेर्नु । > **पेला**– ना० कुनै काम चाँडो गराउनाका निम्ति गरिने आग्रह वा प्रेरणा; ताकिता; हुटहुटी । **पेलाइ**– ना० पेल्ने वा पेलिने कार्य वा कार्यप्रणाली । **पेलाइनु**– क० क्रि० पेल्न लगाइनु । **पेलाउनु**– प्रे० क्रि० पेल्न लगाउनु । **पेलाहट**– ना० पेलाइ । **पेलाहा**– वि० पेल्ने स्वभाव भएको; पेल्ने खालको । **पेलिनु**– अ० क्रि० १. पेलाइमा पर्नु । क० क्रि० २. पेलिएको पारिनु । **पेलुवा**– वि० १. तामा, पित्तल आदि धातुलाई पेलेर बनाइएको (पाता) । २. तामा आदिको पेलुवा पाताबाट बनाइएको (भाँडो) । ३. पेलाहा ।

**पेवा**– ना० [सं० प्राप्य] कथ्य० प्यावा/प्यावो पनि । १ लोग्ने, लोग्नेपट्टिका अंसियार, घरतर्फका अरू नातेदार वा इष्टमित्रले मन्जुरीको लिखत गरिदिएको र त्यसबाट बढेबढाएको वा माइतीले अथवा मावलीले दिएको धन; दाइजो । वि० २. निजी; व्यक्तिगत ।

**पेशल**– वि० [सं०] १. कमलो । २. सुन्दर । ३. चतुर; बाठो ।

**पेशि/पेशी**– ना० [सं०] शरीरमा रहने मासुको लोतो; मासुको थुप्रो; मांसपिण्ड; मांसपेशी । – **कोष**– ना० चराचुरुङ्गीको फुल; अन्डा । ~ **विकार**– ना० शरीरको मांसपेशीमा हुने कुनै प्रकारको विकृति; मांसपेशी । ~ **विज्ञान**– ना० मांसपेशीको स्वरूप र संरचना तथा त्यसमा हुने रोगसम्बन्धी कुराको अध्ययन, विश्लेषण गर्ने विज्ञान; मांसपेशीसम्बन्धी विज्ञान ।

**पेषण**– ना० [सं०] कुनै कुरालाई पिँधेर पीठो बनाउने काम; पिँध्ने काम; पिस्ने काम; चूर्ण वा धूलो बनाउने क्रिया । > **पेषणी**– ना० नुन आदि पिँध्ने साधन (सिलौटो, लोहोरो आदि)

**पेस्-नु**– स० क्रि० [सं० पेषण/फा० पेश] १. पेस गर्नु; प्रस्तुत गर्नु; दाखिल गर्नु । २. हुलाकबाट पठाउनु ।

**पेस**– ना० [फा० पेश] १. कुनै व्यक्ति वा अड्डाअदालतका समक्ष कुनै कागजपत्र आदि प्रस्तुत गर्ने काम; अगिल्तिर ल्याउने काम; उपस्थित गर्ने काम । २. जाहेर गर्ने काम; जाहेरी । वि० ३. पेस गरिएको ।

**पेसा**– ना० [फा० पेशा] जीवनयापनका निम्ति अँगालिएको मुख्य काम; जीविकाका निम्ति गरिने काम; इलम, व्यवसाय वा उद्योग; उद्यम; धन्दा ।

**पेसाइ**– ना० [√ **पेस्** (+आइ)] पेसगराइ । [ > ] **पेसाइनु**– क० क्रि० पेस गराइनु; पेस्न लाइनु । **पेसाउनु**– प्रे० क्रि० पेस गराउनु; पेस्न लाउनु ।

**पेसा मूलक**– वि० पेसालाई मूल कुरा मान्ने खालको; व्यवसायप्रधान ।

**पेसावाल**– वि० [फा० पेशा+वाल] पेसेवर; पेसेवार ।

**पेसिनु**– क० क्रि० [पेस्+इ+नु] १. पेस गरिनु । अ० क्रि० २. पेस हुनु ।

**पेसी**– ना० [फा०] १. निर्णयका लागि अदालतसम्मुख मुद्दामामिला आदि प्रस्तुत गर्ने काम; अदालतमा सुनुवाइका लागि दिएको तारिखअनुसार मुद्दा छिन्न न्यायाधीशसमक्ष पेस गर्न लैजाने कार्य । २. कुनै कार्यालयका उच्चाधिकारी कुनै सेनाका अध्यक्ष वा सभामुख आदिका समक्ष कुनै समस्या वा प्रस्ताव लिखित रूपमा पेस गर्ने काम; प्रस्तुतीकरण; अभिमुखीकरण; सम्मुखीकरण ।

**पेसुवा**– वि० [पेस+उवा] १. पेस गरिएको । २. जबर्जस्तीसँग जीउमा लगाइएको; भिडाइएको । ३. बलजफतीसँग समावेश; प्रवेश वा सम्मिलित गरे-गराइएको ।

**पेसेवर/पेसेवार**– वि० [फा० पेशेवर] कुनै पेसामा लागेको; कुनै कामलाई पक्षका रूपमा अँगाल्ने; कुनै व्यवसायमा संलग्न; व्यावसायिक ।

**पेस्की**– ना० [फा० पेश्की] १. कसैलाई कुनै काम गर्न लगाउँदा वा कुनै वस्तु किन्न निश्चय गर्दा अग्रिम रूपमा दिइने पारिश्रमिक वा मूल्यको केही अंश; अग्रिम भुक्तानी; अग्रिम रकम; बैना । २. नियमित कर्मचारीका रूपमा वा अन्य प्रकारले काम गर्ने व्यक्तिलाई निर्धारित समयभन्दा पहिले वा काम सकिनुभन्दा पहिले उसले पछि पाउने तलब वा पारिश्रमिकको अङ्कबाट कट्टा गर्ने सर्तमा दिइने अग्रिम रकम । ३. बसेको वा भएको ठाउँभन्दा अन्यत्र भ्रमणमा जाँदा प्रस्थान गर्नुभन्दा पहिले पठाइने मालसामान, कर्मचारी आदि । ~ **खर्च**– ना० पछि काम परेका बेलामा खर्च गर्नका निम्ति पहिले नै छुट्याइएको वा दिइएको खर्च; पेस्कीका रूपमा स्वीकृत गरिएको खर्च ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पेस्केल–** ना० [अङ्०] सरकारी वा गैरसरकारी सेवामा संलग्न कर्मचारीहरूले निर्धारित रूपमा पाउने तलबको परिमाण; कर्मचारीले तलबका रूपमा पाउने रकमको परिमाण; वेतनक्रम ।

**पेस्ट–** ना० [अङ्०] सानो टचुबमा राखिएको, दाँत माझ्ने वा अन्य वस्तु सफा गर्ने गिलो वस्तु ।

**पेस्ता–** ना० [फा० पिस्तः] हरियो रङको साना दाना हुने खाने मसला ।

**पैँच–** ना० [फा० पेच] फित्ता, बाकल आदिको सुइरो छिराउन छालामा प्वाल पार्ने, फुली भएको वा नभएको एक हतियार ।

**पैँचो–** ना० दिनेलाई खाँचो परेका बेलामा वा सकेका बेलामा फिर्ता गर्ने गरी छरछिमेकीबाट कुनै वस्तु, धन, माल, श्रम आदि लिने काम; पछि फिर्ता गर्ने गरी कसैसँग लिने वा कसैलाई केही दिने काम; ऐँचोपैँचो; सापटी ।

**पैँडा–** ना० [सं० पथिट (पथी) > प्रा० पहिड] बाटो; पथ ।

**पैँता–** ना० [नेवा०] तामाको अन्दाजी तीन फिटजति लामो बाजा ।

**पैँतालिस–** ना० [सं० पञ्च+चत्वारिंशत्] १. चालीस र पाँचको जोडबाट बनेको सङ्ख्या; ४५-को अङ्क । वि० २. चालीस र पाँचको जोडबराबरको । > **पैँतालिसौँ–** वि० पैँतालीसका सङ्ख्याको क्रम बुझाउने; क्रमअनुसार पैँतालीस सङ्ख्याको ।

**पैँतालीस–** ना० हे० पैँतालिस । > **पैँतालीसौँ–** वि० हे० पैँतालिसौँ ।

**पैँतिस–** ना० [सं० पञ्च+त्रिंशत्] १. तीस र पाँचको योगबाट बन्ने सङ्ख्या । वि० २. सो सङ्ख्याबराबरको । > **पैँतिसौँ–** पैँतीसका सङ्ख्याको क्रम बुझाउने; क्रमअनुसार पैँतीस सङ्ख्याको ।

**पैँतीस–** ना० हे० पैँतिस । > **पैँतीसौँ–** वि० हे० पैँतिसौँ ।

**पैँलेटी–** ना० झन्डै नीलकाँडाका जत्रै तर काँडाविहीन बोटमा नीलकाँडाका जत्रै नीला दाना फल्ने एक पोथ्रो ।

**पैँसट्ठिऔँ/पैसट्ठियौँ–** वि० [पैँसट्ठी+औँ/यौँ] पैँसट्ठी सङ्ख्याको; पैँसट्ठी सङ्ख्यामा पर्ने ।

**पैँसट्ठी–** ना० [सं० पञ्चषष्ठी] १. साठी र पाँचबाट बन्ने सङ्ख्या; ६५-को सङ्ख्या । वि० २. उक्त सङ्ख्याबराबरको । > **पैँसट्ठीऔँ/पैसट्ठीयौँ–** वि० हे० पैँसट्ठिऔँ पर्ने ।

**पैका–** ना० युद्धमा ठूलो पराक्रम देखाउने व्यक्ति; महान् योद्धा; पैकालो ।

**पैकार–** ना० [फा०] १. नाफा कमाउने उद्देश्यले सानोतिनो व्यापारमा धन लगाउने काम; सानोतिनो खेलो गर्ने काम; सानोतिनो व्यापार; गाउँघर वा उत्पादनस्थलमै पुगी व्यापारको माल किनेर सहरबजारमा लगी नाफा गर्ने खुजुरा व्यापार; बनियाँगिरी; खेपुवा व्यापार । २. अन्न वा रुपियाँ-पैसा सापटी लगेर जाँड-रक्सी व्यापार गरी नाफा कमाउने र साउँ तिर्ने काम । > **पैकारी–** वि० सानोतिनो व्यापारी; सानोतिनो खेलो गर्ने; पैकार गर्ने ।

**पैकालो/पैकेलो–** ना० [पैका+आलो/एलो] पराक्रमी व्यक्ति; शूर ।

**पैचान–** ना० [√ पहिचान] चिनारी; ठम्याइ ।

**पैजनी–** ना० [फा० पायजन+ई] स्त्रीजातिले पाउमा लगाउने सुन, चाँदी आदिको गहना; आइमाईले गोडामा लगाउने एक प्रकारको सिक्री; नूपुर; पैरा; पाउजेब ।

**पैटि-नु–** अ० क्रि० [प्रा० पयट्टी+इ+नु] १. थन्क्याइराखेको भकारी, कुन्यू, भाँडा आदिबाट धान, मकै वा अचार आदि वस्तु पहिलो पटक झिकिनु; नचलाई राखेको ठाउँबाट पैसा आदि पहिलो पटक खर्च गर्न निकालिनु वा खर्च गर्न सुरु हुनु । क० क्रि० २. थालिनु । **पैटचाइ–** ना० पैटिने क्रिया वा प्रक्रिया । **पैटचाइनु–** क० क्रि० पैटचाउने काम गरिनु; सुरु गरिनु । **पैटचाउनु–** अ० क्रि० १. खर्च गर्न थाल्नु; उपयोगमा आउनु । प्रे० क्रि० २. थाल्न लाउनु; सुरु गराउनु; उठान गराउनु ।

**पैठ–** ना० [सं० प्रतिष्ठ] १. कुनै गह्रौं वस्तु बोक्ता, तान्दा वा थाप्नुपर्दा लिइने आवश्यक आड । २. बलपूर्वक प्रवेश गर्ने काम (जस्तो– घुसपैठ) । ३. कुनै वस्तुलाई ठेल्ने वा पेल्ने काम; घच्याट्ने काम; पेलाइ । ४. आड-भरोसा; सहारा । ५. खेल्ने खालमा अगिल्तिर नगद नराखी अरूले थाहा नपाउने गरी गुप्त रूपबाट लेनदेन गरी खेलिने जुवा ।

**पैठारी–** ना० [पैठ+आरी] आफ्नो देशमा हुँदै नभएका वा पर्याप्त मात्रामा नभएका मालसामान विदेशबाट झिकाउने काम; विदेशबाट आवश्यक मालसामान स्वदेशमा मगाउने काम; आयात; निकासीको उल्टा । – **कर्ता–** ना० विदेशबाट स्वदेशमा मालसामान झिकाउने व्यक्ति; मालसामान आयात गर्ने व्यक्ति ।

**पैठि-नु–** अ० क्रि० [पैठ+इ+नु] खुट्टाको बलले थिचेर कुनै वस्तु भित्र पस्नु । > **पैठचाइ–** ना० पैठिने क्रिया वा प्रक्रिया । **पैठचाइनु–** क० क्रि० पैठिने पारिनु । **पैठचाउनु–** स० क्रि०/प्रे० क्रि० प्रवेश गराउनु; घुसाउनु; पैठिने तुल्याउनु । **पैठचाहट–** ना० पैठचाइ ।

**पैतालो–** ना० [सं० पादतल] जमिनमा टेक्ने खुट्टाको भाग; शरीरको सबभन्दा तल्लो भाग; पादतल ।

**पैतृक–** वि० [सं०] १. आफ्नो जन्मदाता बाबुको; पिताको । २. पितृसम्बन्धी । ३. पितापुर्खाको; बाबुबाजेबाट प्राप्त; पुर्ख्यौली । ४. पितृका उद्देश्यले गरिने (श्राद्ध आदि) । ~ **सम्पत्ति–** ना० आफ्ना पितापुर्खाले आर्जेको र छोरानातिलाई उत्तराधिकार रूपमा प्राप्त सम्पत्ति; पुर्ख्यौली सम्पत्ति ।

**पैतो–** ना० [सं० पवित्र] १. पवित्र अर्थात् घिउ हालेर पकाएको हुनाले जातभातमा परहेज राख्नेका लागि समेत स्वीकार गर्न मिल्ने मानिएको दाल; चोखो दाल । २. दाल ।

**पैत्तिक–** वि० [सं०] पित्तको प्रकोपबाट पैदा भएको; पित्तबाट भएको; पित्तसम्बन्धी ।

**पैदल–** वि० [सं० पादतल] १. हिँडेर यात्रा गर्ने; कुनै सवारीसाधनको उपयोग नगरी गोडाले नै हिँड्ने । क्रि० वि० २. गोडाले; खुट्टाले । ना० ३. लडाइँ आदिमा जाँदा कुनै सवारीमा गोडाले नै हिँडेर जाने सैनिक वा सिपाही; पैदल हिँड्ने सिपाही; पदाति । ४.

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



बुद्धिचालको खेलमा सबभन्दा सानो गोटी; सिपाही ।

**पैदा**– वि० [फा०] १. जन्मेको; उत्पन्न भएको; उत्पन्न । २. निस्केको; प्रकट भएको; प्रकट । ३. घटित भएको । ४. कमाइएको; आर्जित । >**पैदाइस**– ना० १. जन्म लिने क्रिया; जन्म । २. पैदा हुने क्रिया; उत्पत्ति । **पैदाइसी**– वि० १. उत्पत्तिकालदेखि नै सँगै आएको; जन्मदेखिको; जन्मजात । २. पैदाइससम्बन्धी । ३. पैदाइसदेखिको । **पैदावार**– ना० खेतबारीबाट हुने उब्जनी; बाली; उपज । **पैदावारी**– ना० पैदावार ।

**पैन१**– ना० [सं० पानी] पाइँ, पाइन; तुजुक; तागत; शक्ति; ताइँफाइँ ।

**पैन२**– ना० [सं० पानीय] खेतबारीमा पानी लगाउनका निम्ति बनाइएको कुलो; नहर-प्रणाली; गडकुलो । >**पैनी**– ना० खेतबारीमा पानी लगाउनका निम्ति बनाइएको कुलो; पैन; गडकुलो ।

**पैनी**– ना० [स० पानीय] रक्सी पार्दा थोपा-थोपा गरी चुहाएर सङ्ग्रह गर्ने भाँडो ।

**पैमाइस**– ना० [फा० पैमाइश] जग्गाजमिन आदि नाप्ने काम, जग्गाजमिनको नाप लिने काम, नापी ।

**पैमाना**– ना० [फा०] १. जग्गाजमिन आदिको नक्सा आदि बनाउँदा ठूलो विस्तारलाई सानो पार्न लिइएको अनुपात । २. जग्गा जमिन आदि नाप्ने औजार वा साधन । ३. मात्रा; परिमाण; नाप ।

**पैयाँ**– ना० [सं० पादक] १. पाउ । २. पाङ्ग्रो । ३. घोडाको दगुर्ने किसिम; फर्दचालभन्दा कम र कदमचालभन्दा धेरै गतिशील चाल ।

**पैयुँ**– ना० [सं० पद्मक] विभिन्न आकारका विशेष गरेर साना मसिना दाँती परेका पात हुने, सेता वा गुलाफी रङका फूल फुल्ने र राता, सानसाना खान हुने फल फल्ने भूर्जपत्रजस्ता बोक्रा हुने आरुकै समूहको वृक्षविशेष । (आयुर्वेदमा यसको गुण सर्पको विषनाशक भनिएको छ ।)

**पैरवी**– ना० [फा०] १. मुद्दामामिला आदिमा कुनै एक पक्षको समर्थनमा तर्क प्रस्तुत गर्ने काम; दुई पक्षका बीचमा झगडा हुँदा कुनै पक्षको समर्थन गरेर बोल्ने काम; पक्षपोषणी; वकालत । २. कुनै काम सफल पार्न गरिने प्रयत्न ।

**पैरा**/**पैरी**– ना० [पयर+आ/ई] आइमाईले गोडामा लगाउने चाँदीको एक प्रकारको गहना; पैजनी ।

**पैरो**– ना० [√ पहिरो] पहिरो; पैह्रो ।

**पैले**– क्रि० वि० [√ पहिले] पहिले; अघि ।

**पैलो**– वि० [√ पहिलो] पहिलो; प्रथम ।

**पैशाच**– वि० [सं०] पिशाचसम्बन्धी; पिशाचजस्तो । ~ **विवाह**– ना० निद्रामा परेकी वा होस नभएकी कन्याको अपहरण गरी वा त्यस्तीका साथ सम्भोग गरी गरिने विवाह; सनातनी विधिअनुसार आठ प्रकारका विवाहमध्ये एक प्रकारको विवाह । >**पैशाचिक**– वि० १. पिशाचको; पिशाचसम्बन्धी । २. दानवीय; क्रूरतापूर्ण । **पैशाची**– ना० १. प्राकृत भाषाको एक भेद; एक प्रकारको प्राकृत । २. पिशाच महिला ।

**पैसा**– ना० [पोर्तु० पइसा < इटा० पिसा] १. मूल्यमानमा रुपियाँका सय खण्डको एक खण्ड मूल्यको तामा, पित्तल, आलमोनियम आदि धातुको सिक्का । २. नगद धन; सम्पत्ति । – **वाल**– वि० धेरै धन भएको; प्रशस्त पैसा भएको; धनी । >**पैसे**– वि० १. पैसा पर्ने; एक पैसाको । प्रत्य० २. सङ्ख्यावाची शब्दको अन्त्यमा जोरिएर पैसा बराबरको भन्ने अर्थ जाहेर गर्ने प्रत्ययधर्मी शब्द (जस्तो– एकपैसे, दुईपैसे, तीनपैसे आदि) ।

**पैह्‌–नु**– स० क्रि० [सं० परिधान] हे० पहिरनु । >**पैह्राइ**– ना० पैह्रने क्रिया वा प्रक्रिया । **पैह्राइनु**– क० क्रि० पैह्रन लाइनु । **पैह्राउनु**– स० क्रि० पैराइदिनु । प्रे० क्रि० पैह्रन लाउनु ।

**पैह्रो**– ना० [पहिरो] पहिरो; पैरो ।

**पो**– निपा० [प्रा० पउ < सं० प्रतु] कुनै शब्द वा वाक्यमा जोड दिँदा, निश्चयात्मक रूपले भन्दा वा ठम्याउँदा वाक्यका बीचमा वा अन्त्यमा आउने शब्द । (उदा०– को रहेछ भनेको त तिमी पो रहेछौ । डाक्न त डाकुँला, तर उनी आए पो) ।

**पोइ**– ना० [सं० पति] पति; लोग्ने ।

**पोइल**– ना० [सं० पति+आलय ?] १. आफ्ना संरक्षकहरूद्वारा विधिपूर्वक कुनै वरसँग विवाह गर्नुभन्दा पहिले र विधिपूर्वक विवाहपछि पनि विवाहित पतिलाई छोडी आफूखुसी अर्कै लोग्नेमान्छेकी स्वास्नी बन्ने कार्य; आफ्नो पोइ आफैँले खोजेर जाने काम । २. आफूखुसी खोजेर गएको पोइको घर । ३. पतिगृह । >**पोइले**– वि० बिहे नगरी ल्याइएकी; ल्याइते ।

**पोका**– ना० [पोकोको ति० रू०] हे० पोको । ~ **पोकी**– ना० साना-ठूला धेरै पोका; साना-ठूला धेरै पोकाहरूको समूह ।

**पोके**– वि० [पोको+ए] १. पोको बोक्ने । २. पोकाको; पोकोसम्बन्धी । ३. शरीरमा पोकोजस्तो देखिने फुकुन्डो भएको; पोको निस्केको; फोके । ~**कोसेली**– ना० पोको पारेर ल्याएको कोसेली; साधारण कोसेली । ~**रोग**– ना० १. मकै आदिमा लाग्ने रोग; कालीपोके । २. गाँड । ३. टयुमर । ~ **वैद्य**– ना० साथमा जडीबुटीबाट बनेका औषधीहरूको पोको वा पुडिया बोकेर आफूलाई डाक्ने रोगीका घरमा गई औषधी दिने वैद्य; केही तल्लो तहको वैद्य । ~ **फाइल**– ना० लिखतहरूको पोको ।

**पोको**– ना० [सं० पुष्क (ल) = झन्डै साढे छ मानाको नाप] कुनै वस्तुहरू भित्रपट्टि हाली झुन्ड्याउन हुने पारी कागत वा कपडा बेरेर बनाइएको सानो कुम्लो; सानो गठरी । ~ **पन्तरो**– ना० सानाठूला पोकाहरूको समूह; सानाठूला धेरै पोका । ~ **पुन्तरो**– ना० पोकोपन्तरो ।

**पोक्किनु**– अ० क्रि० १. गाला फुलाउनु । २. घमन्डले फुल्नु ।

**पोक्ती**– ना० [पौँती] एक प्रकारको बिर्कोवाल ढक्की; पौँती ।

**पोख्‌–नु**– स० क्रि० [सं० प्रोक्ष+नु] पानी, अनाज आदि तरल वा चूर्ण वस्तु भुईंमा झर्ने गरी खन्याउनु; छर्नु; पसारो पार्नु; छिरलो पार्नु ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पोख–** ना० [पोख्+अ] १. पोख्ने काम; ओइराइ । [पोचो] वि० २. रद्दी । ना० ३. नुनिलो माटो भएकोले बोटबिरुवाहरू नउम्रने जमिन; ऊषर जमिन । **– ढोल–** ना० १. पोख्ने र ढोल्ने काम । वि० २. पोखिएको; ढोलिएको ।

**पोखनढोलन–** ना० [√ पोखढोल] पोखिएको वस्तु ।

**पोखर–** ना० [सं० पुष्कर] १. पोखरी (समासको पूर्वपदका रूपमा प्रयुक्त, जस्तै– पोखरमूल, पोखरपाने आदि) । २. पोखरीनिकटको बस्ती; पोखरा । **– मूल–** हे० पुष्करमूल; कमलको जरा ।

**पोखरा–** ना० [सं० पुष्कर] १. नेपालको गण्डकी अञ्चलअन्तर्गत कास्की जिल्लामा पर्ने, वरिपरि सुन्दर तालहरू भएको हिमशृङ्खलाद्वारा सुन्दर देखिने सहर; गण्डकी अञ्चलको सदर मुकाम । २. ठूलो पोखरी; तलाउ । ३. ताल वा पोखरीनिकटको बस्ती; पोखर ।

**पोखरी–** ना० [सं० पुष्करिणी] तलाउ; जलाशय ।

**पोखरो–** ना० [पोखरी] १. सानोतिनो जलाशय; सानो पोखरी । २. गहिरो जग्गा ।

**पोखल–** ना० [सं० पूजाक्षत > प्रा० पू आक्खअ+ल] १. विभिन्न देवदेवीका पूजाआजामा लगिने धूपअक्षता; पूजासामग्री । २. मुठी चामल ।

**पोखाइ–** ना० [√ **पोख्** (+आइ)] पोख्ने वा पोखिने क्रियाप्रक्रिया । [ > ] **पोखाइनु–** क० क्रि० पोखिने तुल्याइनु । **पोखाउनु–** प्रे० क्रि० पोख्न लाउनु; पोखिने तुल्याउनु । **पोखिनु–** क० क्रि० १. पोखाइमा पारिनु । अ० क्रि० २. पोखाइमा पर्नु; ढोलिनु । ३. छिरलिनु; छरिनु ।

**पोख्त–** वि० [फा० पुख्त] १. कुनै कामकुरा गर्न वा भन्नमा चतुर; निपुण; दक्ष । २. अनुभवी; सिपालु; कुशल । ३. पक्का; दृढ; बलियो ।

**पोगटो–** ना० [पगटो] भित्र खाली भएर वा सुकेर स्याप्प परेको धान; भित्र चामल नभएको सेप्रो धान; फोस्रो धान; पगटो ।

**पोङ्गा–** ना० [नेवा०] फुकेर बजाइने पैँताजस्तै एक प्रकारको बाजा ।

**पोच–** ना० [अङ्०] कुखुरा आदिको फुल फोरी त्यसभित्रको पहेँलो पदार्थ सग्लै रहने गरी घिउ-तेलमा पकाइएको खाद्य पदार्थ ।

**पोची–** वि० गाला भुक्क परेकी (केटी)।

**पोट–** ना० [प्रा० पोट्ट] त्रिपासा, पच्चीस आदि खेलमा एकलाई बुझाउने शब्द; एक फुट्टी । **– बाह्र–** ना० १. दुई पासामा छक्का, छक्का र एक पासामा पोट पर्दा हुने दाउ; पौ-पोटबाह्र; पौ-बाह्र । २. भनेको जस्तो हुने क्रिया; इच्छा-सिद्धि, ठूलो सफलता; सत्र ।

**पोटरी–** ना० [सं० पोट्टली] सानो पोको; गठरी ।

**पोटलिका–** ना० [सं०] १. सानो पोको; पुन्तरो; कुटुरो । २. जौ, सस्यूँ, सर्वौषधी , नीम आदि हालेको, जन्मोत्सवमा हातमा बाँधिने पोको ।

**पोटली–** ना० [सं०] दिउसो खाइने खाजा; मध्याह्नको खाजा; दोपहरे ।

**पोटवाल–** वि० [पोट+वाल] धनकुबेर; एकदम धनी; पैसावाल ।

**पोटा१–** ना० [सं० स्फुट] ब्याड राखेको धान उम्रिनलाई अङ्कुरित हुने अवस्था; धानको ब्याडमा टुसा देखिने अवस्था ।

**पोटा२–** ना० [सं०] ओठमा जुँघाको रेखी बसेकी स्त्री; पुरुषको लक्षण भएकी स्त्री ।

**पोटाइ–** ना० [√ **पोटाउ** (+आइ)] १. पोटा (धान आदिको) निस्कने क्रियाप्रक्रिया । २. आइमाई जुँघे हुने क्रियाप्रक्रिया । ३. पुष्ट भएर आउने वा पोटिलो हुने क्रियाप्रक्रिया । [ > ] **पोटाइनु–** क० क्रि० १. पोटिलो तुल्याइनु । अ० क्रि० २. पोटा निस्कनु । ३. (आइमाई) जुँघे होइनु । **पोटाउनु–** अ० क्रि० १. धान आदि पोटिलो हुनु । २. मोटाउनु । ३. जुँघा पलाउनु (आइमाईको) । ४. दुधेबालकको दाँत निस्कन-निस्कन लाग्नु । ५. दाँत निस्कनका लागि गिजा टिमिक्क हुँदै आएको देखिन थाल्नु ।

**पोटास–** ना० [अङ्०] १. बोटबिरुवाहरूको खरानीबाट वा खनिज पदार्थबाट निकालिने क्षार पदार्थ । २. एक प्रकारको रासायनिक मल । ३. पानीमा हाल्दा घोलिएर रातो हुने र ओभानो हुँदा कालो रङको कीटाणुनाशक औषधी ।

**पोटासी–** ना० [भो० ब०] १. ममचाजस्तो बाफले पाक्नुपर्ने खाद्यलाई पकाउने, पीँधमा प्वालै-प्वाल भएको, वाष्प पाकका निम्ति प्रयोग गरिने, माटो वा धातुको भाँडो । २. रक्सी बनाउँदा प्रयोग गरिने, पीँधमा प्वाल परेको, माटाको भाँडो ।

**पोटिलो–** वि० [सं० पुष्ट+इलो] १. मोटाएको; पुष्ट । २. बीचको खण्ड उक्सिएको; पुटुक्क ।

**पोटी१–** ना० [प्रा० पुट्ट] लसुन-प्याजको गानु वा डल्लो ।

**पोटी२–** ना० [पुठी] बैलगाडी वा राँगागाडीका चक्काका वरिपरि हुने नल्की; पुठी; पोठी ।

**पोटी३–** ना० [अङ्०] घरमा गाँसेर बाहिरतिर निकालिएको, माथि कौसीजस्तो र तलतिर खुलाएको घरकै भाग ।

**पोटे–** ना० १. खसी, बोका आदिको भुटुवा; भुँडी । ~ **खिर–** ना० दूधमा भात हालेर पकाएको खीर । ~ **देउता–** ना० ढुङ्गेधारो, टुटीधारो आदिका मन्दिरमा स्थापना गरिने देवताको मूर्ति । (यो प्रायः राजा भगीरथको मूर्ति हुन्छ) । ~ **धारो–** ना० बाटामा आवतजावत गर्ने बटुवाहरूले पानी खाऊन् भनी बनाइएको टुटीधारो ।

**पोठिया–** ना०हे० पुठिया ।

**पोठी–** ना० [पुठी] १. गाडाको पाङ्ग्रावरिपरिको खण्डवृत्ताकार काठका गिँडुल्कामध्ये कुनै एक; नलकी; पुठी; पोटी । २. कत्ले माछो; पोथी माछो ।

**पोडे/पोढे–** ना० [नेवा०] नेवार-जातिको एउटा निम्नवर्ग; फोहरमैला आदि सफा गर्ने जाति; चाण्डालको एक भेद; देउला । ~ **मल–** ना० गुहुको मल ।

**पोत्-नु–** स० क्रि० [प्रा० पुत्+नु] १. गोबर, माटो आदि मिसाएर घरको चुलो, दैलो, मझेरी आदि लिप्नु । २. गिलो वा लेसाइलो पदार्थ अरू वस्तुमाथि लगाउनु । ३. विभूति, चन्दन आदि बेसरी दल्नु वा थोपर्नु । ४. पोतर्नु ।

**पोत१–** ना० [सं०] १. शिशु; बच्चो । २. डुङ्गा; नाउ । ३. कपडा बुन्दा धागाको किसिम, बुनोट आदिका हिसाबले कपडाको भुईंको चिल्लोपन र एकनासेपन । ४. जमिन पोत्ने क्रिया वा प्रक्रिया; पोताइ ।

**पोत२–** ना० [फा० पोत] जग्गाधनीले सरकारलाई तिर्नुपर्ने कर; जग्गाको कर; तिरो; कुत ।

**पोतपात–** ना० [पोत्+अ+(द्वि०)] लिप्ने र पोत्ने काम; लिपपोत; लिपलाप ।

**पोत बिर्ता–** ना० [पोत+बिर्ता] बिर्ता उन्मूलन ऐन लागू हुनुभन्दा पहिले विभिन्न प्रकारका बिर्तामध्ये केही पोतरकम सरकारलाई बुझाई खान पाउने गरी दिइएको एक प्रकारको बिर्ता; आंशिक पोत तिर्नुपर्ने बिर्ता जग्गा; पोताबिर्ता ।

**पोतर्-नु–** स० क्रि० [पोत्+अर्+नु] गिलो वा लेस्याइलो पदार्थ जथाभाबी दल्नु; लिप्नु; घस्नु; नराम्रो देखिने गरी लतपत्याउनु । > **पोतराइ–** ना० पोतर्ने क्रियाप्रक्रिया । **पोतराइनु–** क० क्रि० पोतर्न लाइनु । **पोतराउनु–** प्रे० क्रि० पोतर्न लाउनु ।

**पोतवार–** ना० [सं०] डुङ्गा खियाएर जीविका गर्ने व्यक्ति; माझी ।

**पोता–** ना० [फा० पोत] पोत; तिरो । ~**अड्डा–** ना० १. बिर्ताप्रथाको प्रचलन भएका बेलामा बिर्ता जग्गाको मालपोत असुल गर्ने कार्यालय । २. पोताबिर्ताको मालपोत कार्यालय ।

**पोताइ–** ना० [√ **पोत्** (+आइं] पोत्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **पोताइनु–** क० क्रि० पोत्न लाइनु । **पोताउनु–** प्रे० क्रि० पोत्न लाउनु ।

**पोता बिर्ता–** ना० [पोता+बिर्ता] केही मात्रामा भूमिकर तिरेर भोगचलन गरिने जग्गा; थोरै मात्र पोता लागेको बिर्ता जग्गा ।

**पोतारी/पोतारो–** ना० [पोतो+आरी/आरो] चुलो, दैलो, मझेरी आदि पोत्नका निम्ति गोबर, माटो आदि मिलाएर राखिने भाँडो; पोतो राख्ने आरी ।

**पोताला–** ना० लासामा रहेको दलाइ लामाको इतिहासप्रसिद्ध दरवार ।

**पोति-नु–** क० क्रि० [पोत्+इ+नु] पोत्ने काम गरिनु; लिपिनु; लिप्सिनु ।

**पोते–** ना० [प्रा० पोता] १. विभिन्न रङका काँचका ससाना दानालाई धागोमा उनेर बनाइएको, सधवा स्त्रीले घाँटीमा लाउने सौभाग्यसूचक माला । २. डोकोको बिट नआइपुग्दै अर्थात् बिट मार्नुभन्दा पहिल्यै, डोकोलाई बलियो पार्ने, राम्रो पनि गराउने उद्देश्यले ठीक डोकाको घाँटी भन्न सुहाउने ठाउँमा बाक्लो किसिमले वरिपरि बुनिने माल्याकार बुट्टा । ३. पोतेमाला बनाउने काँचका कणहरू । ~ **गेडे–** ना० सेतो पोतेका दानाजस्तो साना-साना दाना हुने एक प्रकारको मल; युरिया । ~ **माला–** ना० पोतेका कणद्वारा बनाइने माला; पोते ।

**पोतेला–** ना० [सं० पट+एला] खेतबारीका कान्ला भत्की वा अरू कुनै कारणवश कान्लामुनि निस्केको जमिन; खेतबारीको कान्लामुनिको जमिन ।

**पोतेलो–** ना० नौ मिटरजति अग्लो बोट हुने, खैरा बोक्रा हुने, नजानिँदो डिम्बाकार र मालाकारका हरिया पात हुने, बास्नादार पहेँलो झुप्पामा फुल्ने, पाकेपछि कालो फल लाग्ने एक प्रकारको सदाबहार वृक्षविशेष । (आयुर्वेदमा यसको फल चर्मरोगलाई नाश गर्ने मानिएको छ) ।

**पोतो–** ना० [पोत+ओ] १. चुलो, दैलो, मझेरी आदि पोत्ने लुँडो; पोत्ने झुम्रो । २. पोतेका ठाउँमा देखिने अर्धवृत्ताकार रेखा; पोतेको डोब । ३. दुईमुखे चुलाको बीचको भाग; पौडो । ४. मुखमा बसेको चायाको कालो दाग ।

**पोथरो–** ना० [पोथ्रो] १. मान्छे चढ्दा थाम्न नसक्ने अवस्थाको सल्लो आदि रूखको सानो बोट वा लङ्गुरो । २. पोथ्रो ।

**पोथी१–** ना० [प्रा० पोत्थिआ] पुस्तक; किताब ।

**पोथी२–** ना० [सं० पोत स्त्री > प्रा० पोअत्थी] १. पशु वा पक्षीका स्त्री-जाति; स्त्री पशु-पक्षी । २. स्त्री-जाति । वि० ३. माता हुने जातकी । ४. फल लाग्ने जातको (काफल, ओखर, मेवा आदि) । ~ **चाँप–** ना० ठूलो रूख, लाम्चा पात हुने र गेडा फल्ने चाँपको एक जात; एक प्रकारको चाँप । ~ **दमाहा–** ना० बजाउँदा केही सानो आवाज निस्कने एक किसिमको दमाहा; सानो नगरा । ~ **बाँस–** ना० गोलाइको फेरो मोटो हुने तर भित्रको प्वालदेखि बाहिरको मोटाइ बाक्लो हुने, वंशलोचन रहने, हरियोमा पाटेपाटे खैरोपन मिसिएका पात हुने एक जातको बाँस; बाँसको एक भेद । ~ **माछो–** ना० कत्ले माछो; पोठी । ~ **मादल–** ना० बजाउँदा तीखो स्वर निस्कने सानो छरितो मादल; पश्चिमे मादल । ~ **बास्नु–** टु० स्त्रीको हैकम चल्नु ।

**पोथ्रा–** ना० [पोथ्रो] १. सन्तान । २. सानो रूख; पोथ्रो । – **पोथ्री–** ना० १. साना-ठूला धेरै पोथ्राको समूह; बुटचान । २. केटाकेटी ।

**पोथ्रो–** ना० [सं० पोतक] सानो, मान्छे चढ्दा थाम्न नसक्नेजस्तो रूखको लिङ्गुरो; सानो रूख ।

**पोन–** ना० [भो० ब०] हिमाल र भोटमा बौद्ध धर्मले प्रवेश गर्नुभन्दा पूर्व तन्त्र-मन्त्र, झारफुक आदिमा आश्रित एक आदिम धर्म; बोन ।

**पोप–** ना० [अङ्०] इसाई धर्मका प्रधान गुरु; क्रिस्चियन धर्मका मुख्य आचार्य ।

**पोपतिया–** ना० हिउँ पग्लेका मौसममा भोट र नेपालका बीच आवागमन गर्ने एक बाटो; अरुण-प्रवेश मार्ग ।

**पोयेभाउ–** ना० [पतिभाव] गोठालाहरूले वा घाँस, दाउरा काट्न जाने ठिटाहरूले सवालजबाफका रूपमा गर्ने अश्लील ठट्टा । (उदा०– वारिको ढुङ्गो पारि पुऱ्याई, तेरो बाबुलाई जोगी तुल्याई) ।

**पोयो–** ना०हे० पयो ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**पोरो**– ना० १. चारपाटा परेको, मथ्ने, मधानीको तल्लो भाग । २. नाकका दायाँ-बायाँका प्वाल; नाकका दुई प्वाल; फोरो ।

**पोर्तगाल**– ना० [अङ्०] युरोपमा रहेको एक देश । > **पोर्तगाली**– वि० १. पोर्तगालसम्बन्धी; पोर्तगालको । ना० २. पोर्तगालको जाति वा भाषा ।

**पोर्सो**– ना० [सं० पुरीष] मल; पुर्सी; गोबर ।

**पोल्-नु**– स० क्रि० [सं० प्लुष्+नु] १. कुनै व्यक्ति वा वस्तुलाई आगो, घाम आदिले जलाउनु; डढाउनु । २. आगोमा हालेर पकाउनु । ३. अर्काको गोप्य कुरा खोल्नु । ४. कुनै अभियुक्तले मतियारहरूलाई वा अन्य कसुरदारहरूलाई वा बेकसुरका मान्छेहरूलाई समेत अपराधी देखाउनु; अपराधमा मुछ्नु । ५. अरूको चुक्ली लगाउनु । अ० क्रि० ६. पिरो वा त्यस्तै ज्वलनशील पदार्थ परी शरीरको कुनै भागमा पीडा उत्पन्न हुनु; भबाउनु; टट्टाउनु; । ७. ज्वरो आदिले शरीरमा ताप अनुभव हुनु । ८. मनमा चिन्ता पर्नु ।

**पोल१**– ना० [अङ्०] टेलिफोन, बिजुली आदिको तार राख्नका लागि गाडिएको खम्बा ।

**पोल२**– ना० [सं० पल] धार्नीका नापको सबैभन्दा तलको तौल; एक धार्नीको चौसट्ठी भाग लगाउँदा हुने एक भागबराबरको परिमाण ।

**पोल३**– ना० [पोल्+अ] १. कुनै अभियुक्तले मतियारहरूलाई वा अन्य कसुरदार वा बेकसुर व्यक्तिलाई देखाउने काम । २. अर्काको भित्री कुरा खोल्ने काम । ३. चुक्ली लाउने काम; चुक्ली ।

**पोलपाल**– ना० [पोल्+अ (द्वि०)] १. कुनै वस्तुलाई आगोमा पोल्ने काम; डढाउने काम । २. अर्काको पोल लगाउने काम ।

**पोला१**– ना० [पोलो+आ] ओखरको भित्रपट्टिको भाग; ओखरको गुदी ।

**पोला२**– ना० [पोलो+आ] १. माहुरी, अरिँगाल आदिको बथान । २. माहुरी आदिको गोलो वा गुँड ।

**पोलाइ**– ना० [√ **पोल्** (+आइ)] पोल्ने भाव वा क्रियाप्रक्रिया । [ > ] **पोलाइनु**– क० क्रि० पोलिने तुल्याइनु । **पोलाउनु**– प्रे० क्रि० पोल्न लाउनु । **पोलाहट**– ना० पोलाइ । **पोलाहा**– वि० १. अर्काको पोल लाउने; चुक्ली लाउने; चुक्लीखोर; छुल्याहा । २. भए-नभएको कसुरमा अर्कालाई मुछ्ने स्वभावको; अर्काको उजुर गर्ने वा पोल लगाउने । **पोलिनु**– क० क्रि० पोल्ने काम गरिनु ।

**पोलिस्टर**– ना० [अङ्०] सिन्थेटिक वा रबरजस्तो पग्लने तत्त्वमिश्रित धागोबाट तयार गरिएको कोट, पाइन्ट, कमिज आदिका निम्ति उपयोगी कपडा ।

**पोलो१**– ना० [फा० पुलाव] तिहुन, तरकारी आदि मीठो पार्न चामलसमेत मिसाई पिँधिएको मसला ।

**पोलो२**– ना० [√ पोल्+ओ] १. कामकाजको पीर । २. चटारो ।

**पोलो३**– ना० [स० पूल] अरिङ्गाल, माहुरी आदिले बनाएको गुँड वा गोलो ।

**पोलो४**– ना० [अङ्०] हात्ती वा घोडामा चढेर खेलिने खेलविशेष ।

**पोल्टि-नु**– अ० क्रि० [पोल्टो+इ+नु] केही वस्तु पोल्टामा पर्नु ।

**पोल्ट्री फार्म**– ना० [अङ्०] कुखुरा, हाँस आदि घरपाला चरा पाल्ने ठाउँ ।

**पोल्टो**– ना० [सं० पुलट] केही पोको पार्ने काममा प्रयोग गरिने दौरा, पटुका आदिको फेरो ।

**पोल्टयाइ**– ना० [√ **पोल्टि** (+याइ)] पोल्टिने किसिम, क्रिया वा भाव । [ > ] **पोल्टयाइनु**– क० क्रि० पोल्टोमा हालिनु; पोल्टोमा कुनै वस्तु भरिनु; पोल्टो भरिनु । **पोल्टयाउनु**– स० क्रि०/प्रे० क्रि० पोल्टामा हाल्नु; पोल्टो भर्नु वा भर्न लगाउनु ।

**पोश**– ना० [फा०] हे० पोस ।

**पोष**– ना० [सं०] १. पालन-पोषण गर्ने काम; पोस्ने काम; पोसाइ । २. पुष्टि; पुस्टयाइँ । ३. तागत बढाउने वा पुष्ट बनाउने औषधी । ४. तागत ।

**पोषक**– वि० [सं०] १. पालनपोषण गर्ने; मोटो, बलियो बनाउने; पुष्ट बनाउने । २. सहायता पुऱ्याउने; सहायक । ना० ३. आफूमा आश्रित जीवलाई पोसिलो पदार्थ प्रदान गर्ने प्राणी वा वनस्पति । ~ **द्रव्य**– ना० शरीरलाई मोटोघाटो बनाउने पदार्थ; पोसिलो पदार्थ ।

**पोषण**– ना० [सं०] स्वास्थ्यप्रद भोजन र अन्य सुखसुविधा प्रदान गरेर आनन्दपूर्वक जीवन बिताउन कसैलाई सहायता पुऱ्याउने काम; पालन गर्ने काम; पोस्ने काम । ~ **विज्ञान**– ना० पोषण वा पौष्टिक तत्त्वसम्बन्धी कुराको अध्ययन गर्ने विज्ञान । > **पोषणाभाव**– ना० १. शरीरलाई मोटो, बलियो बनाउने पौष्टिक तत्त्व वा पौष्टिक भोजनको कमी । २. त्यस्तो कमीले हुने रोग; कुपोषण । **पोषित**– वि० १. पोषण गरिएको; पालिएको । ना० २. पराश्रयी जीवजन्तुलाई सहारा दिई बचाउने जीव वा वनस्पति ।

**पोष्य**– वि० [सं०] १. पोषण गर्नुपर्ने; पोषण गर्न योग्य; पोषण गर्न लायक । २. पोस्न सकिने । ~ **पुत्र**– ना० आफूबाट जन्मेको छोरो नभए पनि छोरासमान गरी पालनपोषण गरिएको व्यक्ति; धर्मपुत्र । ~ **वर्ग**– ना० आफूले पालनपोषण गर्नुपर्ने मानिसहरूको समूह (नोकरचाकर, छोराछोरी आदि) ।

**पोस्-नु**– स० क्रि० [सं० पुष्+नु] १. मन परेका व्यक्तिलाई धनमाल आदि खूब दिनु । २. पालनपोषण गर्नु; पाल्नु । ३. हृष्टपुष्ट पार्नु; मोटो, बलियो पार्नु ।

**पोस१**– ना० [फा० पोश] कुनै कुरा ढाक्न वा छोप्नका लागि प्रयोग गरिने लुगा, छाला आदिबाट बनेको वस्तु । (जस्तो– शिरपोस, पाउपोस आदि) ।

**पोस२**– ना० [सं० पोष] १. पोष; पोषण । २. तागत ।

**पोसाइ**– ना० [√ **पोस्** (+आइ)] पोस्ने क्रिया वा प्रक्रिया । [ > ] **पोसाइनु**– क० क्रि० पोस्न लाइनु; पोसिलो पारिनु । **पोसाउनु**– प्रे० क्रि० पोस्न लाउनु; पोसिलो पार्नु ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**पोसाक–** ना० [फा० पोशाक] लुगा; पहिरन । – **खाना–** ना० सैनिक र प्रहरीहरूका पोसाक राख्ने घर वा ठाउँ; पोसाक राख्ने घर । ~**घर–** ना० पोसाकखाना । >**पोसाके–** ना० १. चाहिएको बेलामा पोसाक अगिल्तिर ल्याएर राखिदिने वा पोसाक पहिराउने व्यक्ति । २. पोसाकसम्बन्धी काम गर्ने व्यक्ति । वि० ३. पोसाकको; पोसाकसम्बन्धी ।

**पोसिनु–** क० क्रि० [√ पोस्+इ+नु] १. पोसाइ प्राप्त गरिनु । स० क्रि० २. पालनपोषण गरिनु; पालिनु ।

**पोसिलो–** वि० [सं० पोष+इलो] शरीरलाई हृष्टपुष्ट बनाउने; मोटो, बलियो बनाउने; तागत दिने; पौष्टिक ।

**पोस्ट–** ना० [अङ्०] १. हुलाक । २. पद; दर्जा । ३. खाँबो । ४. चौकी । ~**अफिस–** ना० हुलाक; हुलाकघर; डाकघर; डाकखाना । – **कार्ड–** ना० बाक्लो, लाम्चो, चार कुना परेको, चिठी लेख्ने कार्ड; चिठीपत्र लेख्ने कार्ड; टाढा-टाढा पठाउने निम्तो, शुभकामनापत्र आदि । ~ **ग्रजुएट/ग्र्याजुएट–** वि० स्नातक भइसकेको; स्नातकोत्तर । ~**बक्स–** ना० हुलाकद्वारा पठाउनुपर्ने चिठी खसाल्नका निम्ति राखिएको बाकस; पत्रमञ्जूषा । – **मार्टम–** ना० भवितव्य वा कर्तव्यले कसैको शङ्कास्पद मृत्यु भएमा वा कोही व्यक्ति दुर्घटनामा परी मरेमा डाक्टरहरूद्वारा मर्नेको लास जाँच्ने काम; लासजाँच । ~ **मास्टर–** ना० डाकखानाको हाकिम; पोस्टअफिसको मुख्य कर्मचारी । ~ **म्यान–** ना० हुलाकी; हल्कारो ।

**पोस्टर–** ना० [अङ्०] सर्वसाधारणको जानकारीका लागि नारा, माग आदि ठूलठूला अक्षरमा लेखी आवश्यकताअनुसार चित्र समेत बनाई भित्ता आदिमा टाँसिने पत्र; एक प्रकारको विज्ञापनपत्र; भित्ते प्रचारपत्र ।

**पोस्टाचार्य–** ना० [अङ्० पोस्ट+सं० आचार्य] आचार्य परीक्षा उत्तीर्ण गरेपछि तीन वर्षसम्म अध्ययन गरी विशिष्ट परीक्षा उत्तीर्ण भएर पाइने एक उपाधि ।

**पोस्त–** ना० [फा० पोश्त+दाना] अफिमको फल; खसखसको दाना ।

**पोस्तक–** ना० [सं० पुस्तक] हे० पुस्तक ।

**पोस्ता–** ना० [फा० पोश्त] अफिम ।

**पोस्तिन–** ना० पुस्तकको भित्री पृष्ठावरणसँग टाँसिएर रहेको खाली पाना ।

**पोस्ती–** ना० [फा० पुश्ती] १. खोजेका बेलामा पाइने गरी राम्रोसित मिलाएर मिसिल राख्ने काम (फाइलसिस्टम) । २. मिसिलभित्र रहेका कागतको विषय खोली ढकनका रूपका राखिएको कागत; मिसिलसूची; पञ्जिका । ३. वादीप्रतिवादीका नाउँ, थर, वतन र मुद्दादायरी आदिको बेहोरा बाहिरबाटै देखिने गरी लेखिएको मिसिलकै बाहिरपट्टि रहने कागत; पुस्ती ।

**पोस्याइ–** ना० [√ **पोस्** (+याइ)] पोस्ने क्रिया वा प्रक्रिया । [ > ] **पोस्याइनु–** क० क्रि० पोस्न लगाइनु; पोसिलो तुल्याइनु । **पोस्याउनु–** प्रे० क्रि० १. पोस्न लाउनु । स० क्रि० २. पोसिलो तुल्याउनु ।

**पोहटा–** ना० हे० पवटा ।

**पोहर/पोहोर–** ना० [सं० पोत/परुत्] १. गएसाल; अघिल्लो वर्ष; एक वर्षपहिलेको वर्ष; गत वर्ष । क्रि० वि० २. पोहोर; गत वर्षमा ।

**पोहोरो–** ना० [सं० पोतर] कुखुराको कोरलो पोथी; फुल पार्ने बेलाको कुखुरो ।

**पौँ–** ना० [नेवा०] पिरो, अमिलो; नुनिलो वा गुलियो स्वाद हुने, केही रातो वा केही कालो माडाजस्तो खानेकुरो; माडाको विशेष प्रकार ।

**पौँच–** ना० [पहुँच] १. पहुँच; पुगाइ । २. शक्ति । >**पौँचनु–** अ० क्रि० ताकेका ठाउँमा पुग्नु; सामेल हुनु । – **नामा–** ना० पहुँचनाम । ~**पौँचाइ–** ना० पौँचने वा पौँचाउने क्रियाप्रक्रिया । ~**पौँचाइनु–** क० क्रि० पौँचने पारिनु । ~ **पौँचाउनु–** स० क्रि०/प्रे० क्रि० पुऱ्याउनु; सामेल गराउनु ।

**पौँजा–** ना० [पन्जा] पन्जा (सोझा औँलासहितको हत्केलो वा नङ्ग्रासहितको मुठी); लबटो । – **फुलाइ–** ना० कुट्न वा झम्टन पौँजा दह्रिला पारेर फिँजाउने काम ।

**पौँठा१–** ना० [सं० पृष्ठ] बियाउने गाई-भैँसीका पुच्छरका फेदका दुईपट्टि उठेको मांसल भाग वा लोला । ~**बसाइ–** ना० नबियाउँदै तर बियाउने समय नजिक आइसकेपछि गाई-भैँसी आदि स्त्री-पशुका पुच्छरका फेदमा दुवैतिर गहिरो हुँदै जाने अवस्था ।

**पौँठा२–** ना० [पौँठो+आ] दुई हातका नारी; पाखुरा; मणिबन्ध । ~ **जोरी–** ना० परस्परमा हातका नारी समातेर तान्दै बल देखाउने प्रक्रिया ।

**पौँठे–** वि० [पौँठो+ए] पौँठोसम्बन्धी । ~**जोरी–** ना० एउटाले अर्काको नारी अँठचाउँदै बल प्रदर्शनका लागि खेलिने दुई जनाको खेल; पौँठाजोरी ।

**पौँठो–** ना० [प्रा० पओट्ठो, पवट्ठो < सं० प्रकोष्ठ] नारी; पाखुरो; बाहु ।

**पौँडो–** ना० [सं० पौगण्ड] १. नबियाएको भैँसी; थारो भैँसी । २. बकेर्नो पाडो ।

**पौँती–** ना० बिर्को हुने एक प्रकारको ढक्की ।

**पौगण्ड–** ना० [सं०] १. बालबालिकाको पाँचदेखि दस वर्षसम्मको उमेर । वि० २. पाँच वर्षदेखि दस वर्षसम्मका उमेरको ।

**पौडनु–** अ० क्रि० [सं० प्लवट (प्लवन)+नु] १. नडुब्नका लागि हात-गोडा चालेर पानीमा खेल्नु; पानीमा हातगोडाले खियाउनु । २. काठ आदि वस्तु पानीमा उत्रेर बग्नु । >**पौडाइ–** ना० पौडने क्रिया वा प्रक्रिया । **पौडाइनु–** क० क्रि० पौडन लाइनु; पौडने पारिनु । **पौडाउनु–** प्रे० क्रि० पौडन लाउनु; पौडने पार्नु । **पौडिनु–** अ० क्रि० १. पौडनु । २. पौडने होइनु ।

**पौडी–** ना० पानीमा हातगोडा चालेर तैरिँदै खेलिने खेल; जलक्रीडा; पौरी । – **बाज–** ना० पौडी खेल्न सिपालु मान्छे ।

**पौडो–** ना० दुईमुखे चुलाका बीचको भाग; पोतो ।

**पौत्र**– ना० [सं०] १. छोराको छोरो; नाति । वि० २. छोराको; छोरासम्बन्धी । > **पौत्री**– ना० छोराकी छोरी; नातिनी ।

**पौन**– ना० [सं० पवन] १. प्राणवायु; सास । २. श्वास-प्रक्रिया ।

**पौनी**– ना० [√ पुहुनी] पुहुनी; पुहुन्की । – **पात**– ना० पुहुन्कीका रूपमा पाइने वस्तु; पुहुन्कीपात ।

**पौनीसाँप**– ना० एक प्रकारको साँप; सिरिसे ।

**पौने**– वि० [प्रा० पाएण > सं० पादेन] १. कुनै सङ्ख्या वा परिमाणको चार भागमध्ये तीन भाग मात्र भएको । ना० २. चार खण्डको तीन खण्ड; तीनचौथाई ।

**पौबा**– ना० [नेवा० पौवा] कागत, कपडा आदिमा देवदेवीहरूका चित्र लेखिएको प्राचीन शैलीको चित्रपट; थाङ्का ।

**पौबाह्र**– ना० हे० पोटबाह्र ।

**पौर**– वि० [सं०] १. नगरमा हुने वा बस्ने; नगरसम्बन्धी; नगरको । ना० २. नगरनिवासी; सहरिया; नागरिक ।

**पौरख**– ना० [सं० पौरुष] १. पौरुष; पुरुषार्थ । २. कमाइ; आर्जन । > **पौरखी**– वि० १. पुरुषार्थी । २. उद्यमी; व्यवसायी; कमाउने । **पौरख्याइँ**– ना० १. पौरखको भाव । २. पुरुषार्थ; पौरख ।

**पौरस्त्य**– वि० [सं०] हे० पूर्वीय ।

**पौराणिक**– वि० [सं०] १. पुराणमा भएको; पुराणको; पुराणसम्बन्धी । २. प्राचीन कालको; पुरानो समयको । ना० ३. पुराण भन्न जान्ने मान्छे; पुराणवाचक ।

**पौरुष**– वि० [सं०] १. पुरुषसम्बन्धी; पुरुषको । ना० २. पुरुषको भाव वा अवस्था; पुरुषत्व । ३. सामान्य रूपले पुरुषमा हुने विशेषता तथा गुण; पुरुषार्थ; पौरख; पराक्रम । > **पौरुषेय**– वि० १. पुरुषले निर्माण गरेको; मान्छेले बनाएको । २. मानवीय; पुरुषसम्बन्धी । ना० ३. पुरुषको काम ।

**पौरो**– ना० अगेनु ।

**पौरोहित्य**– ना० [सं०] समयसमयमा जजमानका घरमा गई पुरोहितले गर्ने कर्मकाण्ड र संस्कार आदिसम्बन्धी काम; पुरेतले गर्ने काम; जजमानी । ~ **कर्म**– ना० जजमानी काम ।

**पौर्णमास**– वि० [सं०] १. पूर्णिमासम्बन्धी; पूर्णिमाको । ना० २. अग्निहोत्रहरूद्वारा पूर्णिमाको दिन गरिने एक प्रकारको यज्ञ । ३. पूर्णिमा । > **पौर्णमासिक**– वि० १. पूर्णिमाको; पूर्णिमासम्बन्धी । २. पूर्णिमाका दिनमा हुने (पूजा, व्रत आदि) । **पौर्णमासी**– ना० पूर्णिमा । **पौर्णमास्य**– ना० पौर्णमासिक यज्ञ ।

**पौर्वात्य**– वि० [सं० पौरस्त्य] पूर्व दिशाको; पूर्वीय ।

**पौर्वापर्य**– ना० [सं०] १. पहिलेको अगाडि र पछिको पछाडि रहने क्रम । २. अगाडि र पछाडिकोमा हुने सम्बन्ध । ३. पूर्वापरको भाव वा अवस्था ।

**पौरी**– ना०हे० पौडी

**पौल / पौलो१**– वि० [सं० प्रबल] १. छेलोखेलो; प्रचुर; मनग्य; प्रशस्त । ना० २. प्रशस्तता; प्रचुरता; पर्याप्तता ।

**पौलो२**– ना० ठेका, गाग्रा आदिमा प्वाल परेमा बन्द गर्न प्रयोग गरिने काठको टुक्रो वा बुजो; भाँडाको मुख वा छिद्र थुन्ने ठेडी ।

**पौवा१**– ना० [सं० पादुका] खाट, टौवा, ठाँटी, चौकी आदिको खुट्टा ।

**पौवा२**– ना० [प्रा० पर्वा > सं० प्रपा] १. बटुवाहरूका लागि पानीको समेत प्रबन्ध भएको पाटी; पानीयशाला; पौशाला । २. ठाँटी; टहरो; धर्मशाला । > **पौवाली**– ना० १. पौवाको हेरविचार वा संरक्षण गर्ने व्यक्ति; पौशालाको रक्षक । २. पौवा वा त्यसका छेउछाउमा बास गर्ने व्यक्ति ।

**पौशाला**– ना० [सं० पानीयशाला] पानीघर; पानीशाला; पँदेरे घर; छाप्रे कुवा ।

**पौष**– ना० [सं०] सौर मासअनुसार मङ्सिर र माघका बीचमा पर्ने महिना; पुस । > **पौषी**– वि० १. पौष महिनामा पर्ने । २. पौषसम्बन्धी; पुसको ।

**पौष्टिक**– वि० [सं०] १. शरीरलाई मोटो, बलियो बनाउने; पुष्टिकारक; शक्तिवर्धक । ना० २. पुष्ट पार्ने काम; पुष्टिकारक कर्म ।

**प्याँ**– क्रि० वि० [अ० मू०] सनही आदि बाजा बजाउँदाको झैँ शब्द निस्कने गरी (प्रायः केटा-केटीका रुवाइका अनुकरणमा प्रयोग हुने) । – **प्याँ**– ना० १. बाजा (बालबोलीमा) । क्रि० वि० २. लगातार प्याँ ध्वनि उत्पन्न गरेर ।

**प्याइ**– ना० [√ **प्यू** (+आइ)] प्यूने क्रिया वा प्रक्रिया; पियाइ । [ > ] **प्याइनु**– अ० क्रि० १. प्याउने होइनु । क० क्रि० २. पियाइनु । **प्याउनु**– प्रे० क्रि० पियाउनु ।

**प्याउरी**– ना० [सं० पिककुली] प्याउप्याउ गरेर कराउने एक जातको पक्षी ।

**प्याउली**– ना० [सं० पल्लवी] साधारण, दाँती नपरेका पात हुने, पहँलो फूल फुल्ने बुटो वा त्यसैको फूल । (उदा०– एक्लो कोमल प्याउली कुसुम यो एक्लासमा फुल्न द्यौ । –माधव घिमिरे, **राजेश्वरी**) ।

**प्याउलो**– वि० १. पिलन्धरे । २. लाडिने स्वभावको; पुलपुलिएको; लाडे । ना० ३. पुलपुल्याउने नीति । [सं० पानगृह] ४. गर्मीमा बटुवाहरूलाई पानी, सर्बत आदि सित्तैंमा खुवाउने ठाउँ ।

**प्याक**– ना० [अङ्०] कुनै वस्तु वा मालताल आदिलाई अन्यत्र कहीँ पठाउन वा सुरक्षासाथ राख्नका निम्ति भाँडोमा हाली बन्द गर्ने काम ।

**प्याकप्याक**– क्रि० वि० [अ० मू० प्याक्+अ (द्वि०)] १. मर्ने बेलामा मुख बाउने गरी । २. खान नपाएर मर्ने स्थितिमा पुग्ने किसिमले । ३. कुनै वस्तुको खाँचो भएर गाह्रो-साँगुरो पैदा हुने गरी । वि० ४. त्यसरी मुख बाएको, मरेको वा खाँचो परेको । ना० ५. त्यसरी बाउने, मर्ने वा खाँचो पर्ने क्रियाप्रक्रिया । > **प्याकप्याकती / प्याकप्याकी**– क्रि० वि० अझै प्याकप्याक हुने गरी ।

**प्याकिस**– ना० [अङ्०] १. कुनै वस्तु मालताल आदिलाई चलनचल्तीमा नल्याउने गरी थन्क्याएर राख्ने काम । २. कुनै

व्यक्तिलाई बाहिर निस्कन नदिई थुनामा राख्ने काम । वि० ३. थुनामा राखिएको; थन्क्याइएको; जकडबन्द ।

**प्याकेट–** ना० [अङ्०] भित्र कुनै वस्तु वा मालसामान राखी बाहिरबाट कपडा, कागत आदिले बेह्रेको, बाँधेको वा सिएको पोको; सानोतिनो पोको; चुरोट, सलाई आदिको बट्टा ।

**प्याक्क–** क्रि० वि० [अ० मू० प्याक्+क] १. हिर्काउँदा हलुको किसिमले लाग्ने गरी । २. मर्दा मुख बाउने गरी । ३. एकाएक उघ्रिने गरी । ४. सोचविचार नगरी त्यसै बोलेर; प्याच्च । वि० ५. हलुङ किसिमले प्रहार गरिएको । ६. उघ्रिएको । ७. असावधानीपूर्वक भनिएको ।

**प्याङ–** ना० [भो० ब०] पिउरी आदि राख्नका निम्ति बाँसका गिद्राबाट बनाइएको बट्टा । – **पाथी–** ना० आठ माना वा एक पाथी भर्ने बाँस आदिका गिद्राबाट बनेको भाँडो ।

**प्याङ्खर–** ना० बालीनाली नलाग्ने कमसल जमिन; उब्जनी नहुने जमिन; अनुर्वरा भूमि; पेखर ।

**प्याच पाकेट–** ना० [अङ्०] सफारी-सर्ट वा अन्य त्यस्तै कपडामा बाहिरैपट्टिबाट टाँसेर लगाइने एकसरो खल्ती; टँसुवा गोजी ।

**प्याच्च–** क्रि० वि० [अ० मू० प्याच्+च] १. पछि के-कसो पर्छ भन्ने विचार नगरीकन मन लागेको कुरा उच्चारण गरेर; सोचविचार नगरीकन बोलेर; प्याक्क । २. असावधानीका साथमा थुकेर । – **पुच्च/प्याच्च–** क्रि० वि० सोचविचार नगरीकन बारबार बोलेर ।

**प्याज–** ना० [फा०] तरकारी, मसला र औषधीका काममा समेत प्रयोग गरिने, उग्र गन्ध भएको, गोलाकार (लसुनसँग मिल्ने) पत्रैपत्रबाट बनेको कन्द; आयुर्वेदमा अग्निवर्द्धक, वीर्यवर्द्धक, रुचिकारक, विषनाशक र ठन्डा गुण मानिएको एक प्रसिद्ध कन्द । >**प्याजी–** वि० १. सुकेको प्याजका बोक्राको जस्तो रङ हुने; रातो, नीलो मिसिएको हल्का रङको; बैजनी रङको । ना० २. प्याजबाट बनेको पकोडा ।

**प्याटप्याट–** क्रि० वि० [अ० मू० प्याट्+ट (द्वि०)] १. बारम्बार प्याट्ट ध्वनि निकालेर । २. लगातार पिटेर वा ठटाएर; प्याट्ट-प्याट्ट पारी ।

**प्याट्ट–** क्रि० वि० [अ० मू० प्याट्+अ (द्वि०)] १. लबटा, लट्ठी आदिले पिट्दा एकै चोटि मात्र लाग्ने गरी; हलुका किसिमले लाग्ने गरी । २. कुनै भाँडाकुँडा आदि एकै चोटि फुट्ने किसिमले; पट्ट ।

**प्याड–** ना० [अङ्०] १. चिठीपत्र आदि लेख्ने काममा प्रयोग गरिने टाउकामा कार्यालय वा सम्बन्धित व्यक्तिको नाम छापिएको र बाँकी ठाउँ खाली भएको कागत; लेटरप्याड । २. कोटका कुम, बक्रम आदिमा राखिने वा रजस्वला हुँदा नारीले योनिमा राख्ने, रुवोलाई पटचाई बाक्लो पारेको साधन; रुवोको बाक्लो चक्की । ३. कुनै कार्यालय आदिसँग सम्बन्धित कागतपत्र आदिमा छाप लगाउनका निम्ति मसीले भिजाएर राखिएको मोटो कपडा आदिको बाक्लो तह; छापदानी ।

**प्याडल–** ना० [अङ्०] साइकल आदि चलाउँदा पैताला अडचाउने साधन; साइकल आदिको पाउदान ।

**प्यात्त–** क्रि० वि० [अ० मू० प्यात्+त] कुहेर, गलेर वा सडेर एकै पल्ट खस्ने गरी; फ्यात्त ।

**प्यादा–** ना० [फा० पियाद] १. पैदल सिपाही; पदाति । २. दूत; हल्कारा । ३. आफ्नो काम फत्ते गर्न कसैको पछि लाग्ने काम; पिछा; हत्ते । ४. बुद्धिचालका गोटीमध्ये सबैभन्दा सानो तहको गोटी; पैदल ।

**प्यान/प्यानो–** वि० [नेवा०] १. जुम्सो; लोसे । २. धिङ्न्याहा; लोकतो ।

**प्यानो–** ना० (अङ्०) एक किसिमको बाजा ।

**प्यार–** ना० [सं० प्रिय] प्रेम; प्रीति; माया; रतिराग ।

**प्यारप्यार–** क्रि० वि० [अ० मू० प्यार्+अ (द्वि०)] सोचविचार नगरीकन एकोहोरो फतफताइरहने गरी । > **प्यारप्यारती/ प्यारप्यारी–** क्रि० वि० प्यारप्यार गरिरहने किसिमले । **प्यारप्यारे–** वि० सोचविचार नगरीकन एकोहोरो किसिमले वा अरूका कुरा नसुनी आफैँ मात्र फतफताइरहने; प्यारप्यार बोलिरहने ।

**प्यारा–** ना० [अङ्० प्यारा (ग्राफ)] सामान्यतया वाक्यभन्दा ठूलो र वाक्यले भन्दा बढी पूर्ण अर्थ दिने, कुनै एक बुँदाको विवेचना गरिएको लेख आदिको अंश; प्रघट्टक; कण्डिका; अनुच्छेद । – **ग्राफ–** ना० अनुच्छेद ।

**प्याराट्रुप–** ना० [अङ्०] प्यारासुट लाएर भुइँमा झर्ने तालिम पाएको सेना; छाताधारी पल्टन ।

**प्यारासुट–** ना० [अङ्० पैराशूट > प्यारशूट] उडिरहेको हवाईजहाज आदिको उचाइबाट तल जमिनमा सुरक्षित रूपमा उत्रन उपयोग गरिने छाताजस्तो साधन ।

**प्यारिस–** ना० [फ्रा० पेरिस] फ्रान्सको राजधानी ।

**प्यारी–** वि० [प्यारो+ई] १. ज्यादै मनपरेकी; प्यारो लाग्ने (स्त्री) । ना० २. प्रिया; प्रेमिका; मायालु ।

**प्यारो–** वि० [प्यार+ओ] मनपर्दो; स्नेहिलो; प्रिय ।

**प्यारोल–** ना० [अङ्०] १. रातमा हिँड्ने सरकारी कर्मचारीलाई सुरक्षा चौकीका सैनिक वा प्रहरीहरूले नरोकून् भन्ने उद्देश्यले दिइने साङ्केतिक शब्द । २. बन्दीले आफू बाहिर निस्कनुपर्दा कारागार आदिका अधिकारीलाई दिइने मौखिक विश्वास वा वचन; पेरोल । ३. प्रतिज्ञा वा वचन ।

**प्यार्र–** क्रि० वि० [अ० मू० प्यार्+र] पातलो दिसाका साथ अपानवायु आउने किसिमले; पातलो दिसा आउने किसिमले । ~ **प्यार्र–** क्रि० वि० बारबार पातलो दिसाका साथ अपानवायु छुट्दा शब्द आउने किसिमले ।

**प्याला–** ना० [फा० पियाला] दूध, चिया आदि खाने काममा उपयोग गरिने कचौराजस्तो भाँडो; चिया खाने कप ।

**प्यास–** ना० [सं० पिपासा] तिर्खा; पियास । > **प्यासा/प्यासी–** वि० तिर्खाएको; प्यासो ।

**प्यासेन्जर–** ना० [अङ्०] यात्री; मुसाफिर । ~ **गाडी–** ना० डाकगाडी

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



वा एक्सप्रेस गाडी नभई बीचबीचमा रोकिँदै ढिलो चालले हिँड्ने यात्रुगाडी ।

**प्यासो–** वि० [प्यास+ओ] पानी आदि पिउने इच्छा प्रबल भएको; तिर्खाएको; तिर्खालु ।

**प्युपा–** ना० [अङ्० प्यूपा] कीटाणु वा कीराफटेङ्ग्रा आदिका फुलबाट निस्केका लार्भाहरू केही विकसित भएको तर खान-पिउन र चहल-पहल गर्न सक्ने हालतमा नपुगेको अवस्था; कीराहरूको विकासक्रमको तेस्रो अवस्था ।

**प्यु-नु–** स० क्रि० हे० पिउनु ।

**प्युठान–** ना० [सं० पीठस्थान] राप्ती अञ्चलअन्तर्गत पर्ने र गुल्मी तथा सल्यान जिल्लाको बीचमा पर्ने एक जिल्ला ।

**प्युठाने–** वि० [प्यूठान+ए] प्यूठानमा हुने; प्यूठानबाट आएको; प्यूठानसम्बन्धी । ~ **मुला–** ना० एक प्रकारको ठूलो मूला ।

**प्युरी–** ना०हे० पिउरी ।

**प्युरो–** ना०हे० पिउरो ।

**प्युसो–** ना०हे० पिउसो

**प्र–** उप० [सं०] शब्द वा धातुको अगिल्तिर जोडिएर नयाँ अर्थ बुझाउने एक उपसर्ग (प्र+गति=प्रगति, प्र+सार=प्रसार इ०) ।

**प्रकट–** वि० [सं०] १. लुकेर बसेको कुरा बाहिर देखिएको; अगिल्तिर भएको; प्रत्यक्ष भएको । २. स्पष्ट; खुलस्त । > **प्रकटित–** वि० १. प्रकट; उत्पन्न । २. उदित । **प्रकटीकरण–** ना० लुकेर बसेको कुरा वा वस्तुलाई बाहिर प्रकट गर्ने काम; रहस्योद्घाटन गर्ने काम; प्रकटगराइ ।

**प्रकथन–** ना० [सं०] पहिले भनिएको वा गरिएको काम-कुराको पुनः समर्थन गर्ने काम; पहिलेको काम-कुराको पुष्टि ।

**प्रकम्प–** ना० [सं०] १. भैँचाला आदिले गर्दा भुईंमा उत्पन्न भएको ठूलो थतर्को । २. ज्वरो, रिस आदिले शरीरमा उत्पन्न कम्प । ३. कम्प; कम्पन; कँपाइ; थतर्को; थर्को । > **प्रकम्पन–** ना० १. आँधी-बेहरी । २. कुनै व्यक्ति, वस्तु आदि बेसरी काँप्ने क्रियाप्रक्रिया । > **प्रकम्पित–** वि० १. कम्पन भएको; काँपेको; थर्केको; थतर्केको । २. बेसरी हल्लिएको ।

**प्रकरण–** ना० [सं०] १. कुनै वस्तु वा कुरालाई बनाउने काम; निर्माण; रचना । २. कुनै कुरालाई विस्तारपूर्वक भन्ने काम; वर्णन; प्रतिपादन । ३. कुनै कुराको क्रम, सिलसिला वा सन्दर्भ; प्रसङ्ग । ४. कुनै एक विषय वा प्रसङ्गको चर्चा गरिएको, ग्रन्थभित्रको एक अंश; अध्याय; परिच्छेद । ५. दृश्यकाव्यको एक भेद । ६. किसिम; प्रकार ।

**प्रकरी–** ना० [सं०] नाटकका बीचमा उठी बीचमा नै टुङ्गिने, मुख्य कथावस्तुको सहायक उपकथा; पताकाभन्दा सानो प्रसङ्ग; प्रासङ्गिक कथावस्तुको एक भेद ।

**प्रकर्ष–** ना० [सं०] १. हे० उत्कर्ष । २. कुनै कुरा प्रशस्त भएको अवस्था; प्रचुरता; आधिक्य । ३. बलपूर्वक वा बेसरी तान्ने काम; घिच्याउने काम । ४. बिस्तार । > **प्रकर्षक–** वि० १. बलपूर्वक वा बेसरी तान्ने; घिच्याउने । २. हलो जोत्ने; खन्ने । > **प्रकर्षण–** ना० प्रकर्ष । **प्रकर्षित–** वि० प्रकर्षण गरिएको; तानिएको; घिसारिएको; जोतिएको ।

**प्रकल्पना–** ना० [सं०] अनुपस्थित वस्तुहरूको आदर्श पुनरुपस्थापनलाई पूर्ण बनाउने गरी आन्तरिक विम्बहरूलाई एकत्रित, सम्बद्ध र सङ्गृहीत पार्ने प्रक्रिया; काव्यको आभूषण मात्र बन्ने विलक्षण र चमत्कारी तर असम्बद्ध र सम्बद्ध अनुभूतिहरूको संश्लेषणको सामर्थ्य नभएको दोस्रो तहको कल्पना ।

**प्रकल्पित–** वि० [सं०] प्रकल्पना गरिएको ।

**प्रकाण्ड–** ना० [सं०] १. रूखको फेददेखि हाँगा छुट्टिने ठाउँसम्मको अवयव; रूखको मूल भाग । २. ठूलो हाँगो । वि० ३. कुनै विषयमा पूरा ज्ञान भएको; खूब जान्ने । ४. सर्वश्रेष्ठ; सर्वोत्कृष्ट; महान् ।

**प्रकार–** ना० [सं०] १. थरी । २. ढङ्ग; काइदा; किसिम । > **प्रकारान्तर–** ना० एक प्रकारको अर्कोद्वारा स्थानान्तरण; प्रकारको हालसाबिकी; अर्को किसिम । **प्रकारार्थी–** वि० भिन्न-भिन्न किसिमका विजातीय कुरालाई बुझाउने; अनेक विजातीय कुरालाई बुझाउन प्रयोग गरिने किसिम वा प्रकारको अर्थ दिने (शब्द) ।

**प्रकाश–** ना० [सं०] १. बलेको वा उज्यालो पदार्थबाट निस्कने, अन्धकारलाई हटाउने तत्त्व; अन्धकारले गर्दा प्रत्यक्ष हुन नसकेका वस्तु आँखासामुन्ने प्रत्यक्ष गराउने, उज्यालो वस्तुबाट निस्कने तेज; आलोक; ज्योति; उज्यालो । २. घाम; जून । ३. लुकेर बसेको वा गोप्य रहेको कुरा प्रकट हुने क्रिया; निस्कने वा देखिने क्रिया । ४. सबैले देख्ने, सुन्ने गरी गरिएको वा भनिएको नाटक आदिका पात्रको उक्ति वा कार्य । ~ **ऊर्जा–** ना० प्रकाशबाट प्राप्त हुने शक्ति; प्रकाशबाट निस्कने शक्ति । ~ **एकाइ–** ना० प्रकाशको नापका निम्ति निर्धारित गरिएको न्यूनतम पूर्ण खण्ड; प्रकाशको सानो अंश ।

**प्रकाशक–** वि० [सं०] १. उज्यालो बनाउने; प्रकाश दिने । २. लुकेर बसेको वा गोप्य रहेको कुरालाई प्रकाशमा ल्याउने । ३. पुस्तक, पत्रपत्रिका आदिलाई छपाउने; प्रकाशित गर्ने । ना० ४. पुस्तक छाप्ने व्यक्ति वा संस्था । > **प्रकाशकीय–** वि० १. प्रकाशकसम्बन्धी; प्रकाशकको; प्रकाशकमा हुने । ना० २. कुनै पुस्तक वा पत्रपत्रिका आदिमा प्रकाशकका तर्फबाट दिइएको वक्तव्य, लेख वा भूमिका; प्रकाशकको मन्तव्य ।

**प्रकाश चित्रण–** ना० [सं०] प्रकाशका सहायताले चित्र उतार्ने प्रक्रिया; प्रकाशको सहायता लिएर गरिने चित्रण ।

**प्रकाशन–** ना० [सं०] १. बाहिर प्रकाशमा नआएको कुनै वस्तु वा कुरालाई प्रकाशमा ल्याउने काम । २. गोपनीयता भङ्ग गर्ने वा कुनै कुराको रहस्य खोल्ने काम । ३. पुस्तक, पत्रपत्रिका आदि प्रकाशित गर्ने काम; छपाउने काम; छपाइ । ४. कुनै व्यक्ति वा संस्थाद्वारा प्रकाशित गरिएका पुस्तक, पत्रपत्रिका आदि । ५.

सर्वसाधारणलाई जानकारी दिने काम; सूचना; विज्ञापन । ~ **वर्ष–** ना० कुनै पुस्तक, पत्रपत्रिका प्रकाशित गरिएको वर्ष; किताब आदि छपाइएको वर्ष । ~ **स्वतन्त्रता–** ना० यो यस्तो कुरा प्रकाशित गर्न वा छाप्न हुँदैन भन्ने बन्देजव्यवस्थाको अधीनमा रही कुनै पनि पुस्तक, पत्रपत्रिका आदि प्रकाशित गर्ने वा छाप्न पाउने अधिकार; प्रकाशनका निम्तिको स्वाधीनता ।

**प्रकाशोन्मुख–** वि० [सं०] प्रकाशन गर्न लागिएको; प्रकाशनका क्रममा समावेश भएको; छपाउन खोजिएको (पुस्तक, पत्रपत्रिका आदि) ।

**प्रकाशमान–** वि० [सं०] १. चम्किरहेको; प्रकाशले युक्त भएको; प्रकाशवान् । २. चारैतिर नाम फैलिएको; प्रसिद्ध; विख्यात ।

**प्रकाश मापक–** ना० [सं०] १. प्रकाशको परिमाण नाप्ने साधन; प्रकाश नाप्ने उपकरण । २. प्रकाश नाप्ने तत्त्व (समय, दूरी इ०) ।

**प्रकाश वर्ष–** ना० [सं०] १. एक सेकेन्डमा तीन लाख किलोमिटर दूरी दगुर्ने प्रकाशले एक वर्षमा पार गर्न सक्ने दूरी; प्रकाशले १६,६४,५६४ वर्षभन्दा करोड गुना धेरै समय लगाएर हिँड्ने दूरी । २. १६,६४,५६४ वर्षभन्दा करोड गुना धेरै लामो समयावधि ।

**प्रकाश स्तम्भ–** ना० [सं०] सवारीसाधनको आवागमन तथा बटुवालाई हिँड्न सजिलो होस् भन्ने हेतुले सार्वजनिक स्थलमा गाडिएको, बत्तीसहितको खाँबो; आलोकस्तम्भ (ल्याम्पपोस्ट) ।

**प्रकाशात्मक–** वि० [सं०] प्रकाश भएको; चहकिलो; तेजिलो ।

**प्रकाशार्थी–** वि० [सं०] १. प्रकाश चाहने; उज्यालो खोज्ने । २. प्रकाशन गराउन चाहने; छपाउन चाहने ।

**प्रकाशित–** वि० [सं०] १. उज्यालो पारिएको; प्रकाशयुक्त बनाइएको । २. प्रकाशयुक्त; चहकिलो । ३. लुकेर बसेको वा गोप्य रहेको कुरालाई बाहिर प्रकाशमा ल्याइएको; प्रकट गरिएको । ४. छपाएर जनताका सामु ल्याइएको; छपाइएको (पुस्तक-पुस्तिका, पत्र-पत्रिका आदि) ।

**प्रकाश्य–** वि० [सं०] १. प्रकाशित गर्न योग्य; प्रकाशन-योग्य । २. गोप्य नरहेको; उदाङ्गो ।

**प्रकीर्ण–** वि० [सं०] १. यताउता छरिएको; छिरोलिएको; व्यवस्थित नभएको; सिलसिला नमिलेको । २. यताउतिबाट ल्याएर नमिलाईकन थुपारिएको । > **प्रकीर्णक–** ना० साना-साना वस्तुहरूको सङ्ग्रह; फुटकर वस्तुहरूको सङ्ग्रह । ~ **लेख–** ना० सानातिना आम्दानीखर्चको हिसाब; फुटकर आयव्ययको हिसाब; मुख्य स्याहास्रेस्तामा नचढाइएको वा नटिपिएको फुटकर हिसाब ।

**प्रकुपित–** वि० [सं०] ज्यादै रिसाएको; अति कुपित; क्रुद्ध ।

**प्रकृत–** वि० [सं०] १. आरम्भ गरिएको; सुरु गरिएको; थालिएको । २. प्रसङ्गमा आएको; चर्चा भइरहेको; प्रस्तुत । ३. नैसर्गिक; स्वाभाविक । – **वाद–** ना० उन्नाइसौँ शताब्दीको उत्तरार्धपछि युरोपको साहित्यमा चलेको यथार्थवादी आन्दोलनको एक शाखा । – **वादी–** वि० प्रकृतवादको अनुयायी ।

**प्रकृतार्थ–** ना० [सं०] स्वाभाविक अर्थ; अभिधेय अर्थ; वाच्यार्थ ।

**प्रकृति–** ना० [सं०] १. व्यक्ति वा वस्तुको मूलभूत विशेषता; व्यक्ति वा वस्तुमा अन्तर्निहित गुण । २. व्यक्ति वा प्राणीको जन्मैदेखि नै लागेको लत, बानी वा स्वभाव । ३. अनेक रूपात्मक जगत्को निर्माण तथा विकास गर्ने र त्यसको मूल रूपमा देखापर्ने शक्ति; साङ्ख्यदर्शनअनुसार जगत्का उत्पत्तिको कारणरूप मूलतत्त्व । ४. ईश्वरीय लीला; दैवी प्रपञ्च; माया । ५. पृथिवी, जल, तेज, वायु र आकाश– यी पञ्च महाभूत । ६. राज्यका स्वामी, अमात्य, सुहृद् आदि सात अङ्ग । ७. कुनै राजाद्वारा शासित जनता; प्रजा । ८. शरीरको शीत वा उष्ण स्वभाव । ९. व्याकरणमा प्रत्ययभन्दा भिन्न, शब्दको मूल रूप (प्रातिपदिक वा धातु); मूल शब्दको प्रत्ययभन्दा अगिल्तिर रहने भाग । १०. एक पाउमा एक्काइस अक्षर हुने छन्दजति सबैलाई बुझाउने शब्द; एक पाउमा एक्काइस अक्षर हुने छन्दको कुनै एक भेद । – **कोप–** ना० १. हुरी, झरी आदि प्रकृतिको उग्र रूप; प्राकृतिक विपत्ति । २. कफ, वात, पित्त आदिको प्रकोप । – **ज–** वि० प्रकृतिबाट जन्मेको; प्राकृतिक; नैसर्गिक । ~ **प्रदत्त–** वि० प्रकृतिबाट प्रदान गरिएको; नैसर्गिक रूपमा प्राप्त भएको । ~ **भाव–** ना० १. पहिलेको रूप वा अवस्थामा कुनै विकृति नआउने प्रक्रिया; पहिलेकै अवस्थामा रहने क्रिया । २. वस्तु वा प्राणीको सक्कली वा मौलिक स्वभाव । ~ **मण्डल–** ना० १. राजा, मन्त्री, मित्र, कोष, राष्ट्र, दुर्ग र फौज यी राज्यका प्रमुख सात अङ्ग । २. कुनै राजाद्वारा शासित रैतीको समुदाय; प्रजावर्ग । – **वाद–** ना० १. मनुष्यका सम्पूर्ण आचरण, कार्य, विचार आदि प्रकृतिबाट नै पैदा भएका र उसका कामना, प्रवृत्ति आदि पनि प्रकृतिमा नै आश्रित हुन्छन् भनी मान्ने एक मत । २. सृष्टि-जगत्को कारण कुनै दैवीतत्त्व या अलौकिक शक्ति नभएर प्रकृति हो र मनुष्यको धर्म, नीति, आचारजस्ता कुरा पनि दैवी शक्ति वा अलौकिक शक्तिका प्रेरणा नभई प्राकृतिक जगत्बाट नै प्राप्त भएका हुन् भन्ने दार्शनिक सिद्धान्त । ३. प्राकृतिक रूपमा वा वास्तविक रूपमा संसारमा भएका वा घटेका घटनाको कुनै किसिमको आदर्शको आरोपविना निर्वैयक्तिक चित्रण गर्ने कुरामा जोड दिने एक साहित्यिक मत; प्रकृतवाद । – **वादी–** वि० १. प्रकृतिवादमा विश्वास गर्ने; प्रकृतिवादको अनुयायी । २. प्रकृतिवादसम्बन्धी । ~ **विचरण–** ना० प्राकृतिक जगत्मा स्वच्छन्द विचरण गर्ने काम । ~ **विज्ञान–** ना० १. प्रकृतिको अध्ययन, विश्लेषण गर्ने विज्ञान, प्राकृतिक विषयहरूको विवेचना गर्ने विज्ञान । २. सामाजिक विज्ञानका विपरीत प्राकृतिक (विशुद्ध) विज्ञान । ~ **शास्त्र–** ना० प्रकृति-विज्ञान । – **सिद्ध–** वि० प्रकृतिबाट नै सिद्ध भएको; कुनै प्रयासविना आफैँ भएको; सहज; स्वाभाविक; नैसर्गिक । – **स्थ–** वि० प्रकृतिमा स्थित; प्रकृतिभित्रै पाइने; प्राकृतिक; स्वाभाविक; नैसर्गिक । । > **प्रकृत्या–** क्रि० वि० स्वभावैले; स्वाभाविक रूपले; स्वभाववश ।

**प्रकृष्ट–** वि० [सं०] १. उत्कृष्ट । २. बलपूर्वक तानिएको; घिसारेर हटाइएको । – **ता–** ना० १. उत्कृष्टता । २. तन्क्याइलोपना ।

**प्रकोप–** ना० [सं०] १. कुनै महामारी, रोग आदिको प्रबलता । २.

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



शरीरमा पैदा हुने पित्त आदिको विकार; प्रकृतिमा आउने विकार । ३. क्रोधको प्रबलता; चर्को रिस । > **प्रकोपन–** ना० १. अर्कालाई कुपित बनाउने क्रिया; क्रुद्ध बनाउने काम । २. रिसाउने क्रिया । **प्रकोपित–** वि० रिसाएको; कुपित; क्रुद्ध ।

**प्रकोष्ठ–** ना० [सं०] १. कुहिनोदेखि हर्थुङ्गासम्मको हातको भाग । २. ठूलो कोठाको नजिकको भाग । ३. भित्रीकोठा; क्याबिन । > **प्रकोष्ठक–** ना० दरबारमा ढोकेहरू बस्ने ठाउँ; नोकरको कोठो ।

**प्रक्रम–** ना० [सं०] १. उपक्रम । २. सिलसिला । ३. मौका । ~ **भङ्ग–** ना० १. कुनै काम गर्दा सिलसिला नमिलाईकन गर्ने क्रिया; थालेको कामलाई अगाडिपछाडि पारेर गर्ने क्रिया । २. साहित्यशास्त्रमा क्रम नमिलेमा हुने दोष । वि० ३. सिलसिला नमिलेको; लथालिङ्ग भएको ।

**प्रक्रिया–** ना० [सं०] १. कुनै वस्तु बन्ने, बनाउने, तयार हुने तथा तयार पार्ने व्यवस्थित क्रिया; क्रमबद्ध शृङ्खला वा प्रणाली; विधि; पद्धति; तरिका । २. सिलसिला ।

**प्रक्षालन–** ना० [सं०] १. हात, गोडा, लुगा, घर, कोठा आदि धुने क्रिया; पखाल्ने वा सफा पार्ने काम; पखालाइ; धुवाइ । २. नुहाउने क्रिया; स्नान; नुहाइ । > **प्रक्षालनाधार–** ना० धारोसमेत जडिएको, भित्र पानी भएको हात धुने भाँडो ।

**प्रक्षालित–** वि० [सं०] १. धोइएको । २. नुहाइएको; नुहाएको ।

**प्रक्षिप्त–** वि० [सं०] १. कुनै मूल रचनामा पछिबाट थपिएको वा घुसाइएको (अंश) । २. फ्याँकिएको; हुत्त्याइएको ।

**प्रक्षेप–** ना० [सं०] १. कुनै मूल रचनामा पछिबाट केही थप्ने, जोड्ने, घुसाउने क्रिया । २. थपिएको, जोडिएको वा घुसाइएको अंश । ३. फ्याँक्ने वा हुत्त्याउने क्रियाप्रक्रिया । > **प्रक्षेपक–** वि० कुनै मूल रचनामा पछिबाट केही थप्ने; घुसाउने (व्यक्ति); प्रक्षेप्ता । **प्रक्षेपण–** ना० १. अन्तरिक्षयान, भूउपग्रह आदिलाई अन्तरिक्षमा पठाउने कार्य; प्रक्षेप । २. फाल्ने, हाल्ने, माथिबाट मिलाउने, मूल्य आदि निर्धारण गर्ने काम । **प्रक्षेपास्त्र–** ना० विनाशक आणविक हातहतियार राखेर टाढा-टाढासम्म ताकेको ठाउँमा प्रहार गर्ने अस्त्र; दूरभेदी अस्त्र; क्षेप्यास्त्र । **प्रक्षेप्यास्त्र–** ना० १. प्रक्षेपास्त्र; घुयेँत्रो हतियार । २. घुयेँत्रो ।

**प्रखण्ड–** ना० [सं०] १. कुनै कुराको सानो भाग; उपखण्डभन्दा पनि सानो खण्ड । २. कोठाभित्रको कोठो; भित्री कोठो ।

**प्रखर–** वि० [सं०] १. ज्यादै तेजिलो; कडा; उग्र; प्रचण्ड । २. अतिशय कडा स्वभावको; ज्यादै खरो । ३. तीव्र गति वा वेग हुने; द्रुतगतिको (बुद्धि, प्रवाह आदि) । – **ता–** ना० प्रखर हुनाको भाव गुण वा अवस्था; अतिशय तीव्रता; प्रचण्डता; उग्रता ।

**प्रख्यात–** वि० [सं०] नाउँ चलेको; कीर्ति फैलिएको; प्रसिद्ध । > **प्रख्याति–** ना० प्रसिद्धि ।

**प्रख्यापन–** ना० [सं०] १. ख्याति बढाउने कुनै उपाय (लेख, गतिविधि, निर्माण, कलाकृति आदि); ख्यातिको विज्ञापन । २. जनाउ दिने कार्य ।

**प्रख्यापित–** वि० [सं०] १. सर्वसाधारण जनतालाई जनाउ दिइएको वा बोध गराइएको; सर्वसाधारणले थाहा पाउने गरी घोषणा गरिएको वा जारी गरिएको (सरकारी इस्तिहार, अध्यादेश, आज्ञप्ति, विज्ञप्ति, राज्यादेश आदि) । २. प्रसिद्ध तुल्याइएको; प्रख्यात ।

**प्रगत–** वि० [सं०] १. अघिल्तिर गएको । २. अघिल्लो वर्णको प्रभावमा परेर पछिल्लो वर्ण पनि अघिल्लो वर्णजस्तै बन्ने (एक प्रकारको समीभवन, जस्तै– सं० पक्व > प्रा० पक्क आदि) ।

**प्रगति–** ना० [सं०] राम्रोसित अगाडि बढ्ने क्रिया; माथि उक्लने क्रिया; राम्रोसित अगाडि बढ्नाको भाव, क्रिया वा प्रक्रिया; उन्नति; विकास; उत्थान । ~ **मूलक–** वि० १. प्रगतिलाई देखाउने (विवरण आदि) । २. प्रगतिका उद्देश्यले गरिने । ~ **रोधक–** वि० कुनै कामकुरामा भइरहेको प्रगतिमा बाधा वा अवरोध पैदा गर्ने; प्रतिक्रियावादी; प्रगतिविरोधी । – **वाद–** ना० साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई बढी महत्त्व दिने, मार्क्सवादबाट प्रभावित साहित्य-सिद्धान्त; यथार्थवादको प्रकृतवादी शाखादेखि भिन्न अर्को समानान्तर शाखा । – **वादी–** वि० प्रगतिवादमा विश्वास गर्ने; प्रगतिवादको अनुयायी । – **शील–** वि० १. समाजको उत्तरोत्तर विकासमा विश्वास गर्ने । २. मार्क्सवादी सिद्धान्तअनुसार सामाजिक प्रगतिमा विश्वास गर्ने । – **शीलता–** ना० प्रगतिशील हुने गुण, स्वभाव वा प्रक्रिया ।

**प्रगन्ना–** ना० [फा० पर्गन] १. जिल्लाअन्तर्गत धेरै मौजा मिलाई बनाइएको एउटा भूभाग; धेरै गाउँ भएको भूभाग । २. नयाँ भूमिव्यवस्था लागू हुनुभन्दा पूर्व तराईमा जिल्लाभन्दा सानो र मौजाभन्दा ठूलो प्रशासनिक भूखण्ड; पहाडका थुम, गर्खा आदिसँग तुलनीय तराइली भूखण्ड ।

**प्रगल्भ–** वि० [सं०] १. मौकाअनुसार काम-कुरा गर्न सक्ने बुद्धि भएको; जानेको-सुनेको; प्रत्युत्पन्नमति । २. मौकाअनुसार काम-कुरा गर्न पछि नहट्ने; कसैको डरधम्कीमा नपरी मनमा लागेका कुरा निर्धक्क भएर भन्न सक्ने; निडर भएर बोल्न सक्ने; बोलक्कड । ना० ३. गुड्डीहँकाइ; फुर्तीफार्ती; धमास । ४. अवसरवाद । ५. चङ्ख्याइँ । – **ता–** ना० प्रगल्भ । > **प्रगल्भा–** ना० १. प्रगल्भ स्वभावकी नारी । २. नायकसँग नधकाउने प्रौढा नायिका; साहित्यका अनुसार नायिकाको एक भेद । **प्रगल्भित–** वि० १. मौकाअनुसार गरिएको । २. धक नराखी बोलिएको । ३. अवसरवादी वा बोलक्कडमा परिणत । ४. चङ्खे ।

**प्रगाढ–** वि० [सं०] १. ज्यादै गहिरो; गहन; गम्भीर । २. अतिशय धेरै; निकै । ३. कसिएको; मसक्क पारिएको (आलिङ्गन) ।

**प्रगीत–** ना० [सं०] मूलतः भावनानुकूल लयमा निजी अनुभूतिको अभिव्यक्ति रहने तथा गीतकारको विशिष्ट व्यक्तित्व प्रकट हुने गीत । २. गीत; गाना । ~ **काव्य–** ना० कविको आत्मानुभूतिले

पूर्ण, सङ्गीतात्मक वा गेयात्मक तत्त्वले युक्त, उक्त प्रकारको काव्य; गेय काव्य ।

**प्रगुण–** ना० [सं०] १. राम्रो गुण भएको; गुणवान्; गुणी । २. राम्रो र लाभदायक । ३. होसियार; चतुर । ना० ४. परिश्रम तथा प्रयत्नपूर्वक आर्जिने कुनै गुण वा विशिष्टता; निपुणता; दक्षता । ~**अर्गल–** ना० नियमानुसार कुनै सरकारी वा अर्धसरकारी सेवामा रहेका कर्मचारीहरूको वेतनवृद्धि आदि पराकाष्ठामा पुग्ने प्रणाली; दक्षता-अर्गल (एफिसियन्सी-बार) । **– ता–** ना० राम्रो गुण हुने स्थिति, अवस्था वा क्षमता ।

**प्रघटक–** ना० [सं०] १. निया वा सिद्धान्त । २.आदेश । ३. घटक ।

**प्रघट्टक–** ना० [सं०] १. अनुच्छेद । २. प्रघटक ।

**प्रघर्षण–** ना० [सं०] १. विशेष प्रकारको घर्षण । २. रगेडाइ; घोटाइ । ३. घँगारुको बोट । > **प्रघर्षित–** वि० घर्षण भएको; घोटिएको ।

**प्रचण्ड–** वि० [सं०] १. ज्यादै चर्को स्वभावको; ज्यादै मापाको; ज्यादै खरो । २. कसैदेखि नदब्ने; नडराउने; साहसी; आँटिलो । ३. सहन मुस्किल पर्ने; असत्य; दु:सह ।

**प्रचलन–** ना० [सं०] १. चलाइ; गति; हिँडाइ । २. चालचलन; चलन ।

**प्रचलित–** वि० [सं०] प्रचलनमा रहेको वा आएको; चलनचल्तीको (नाप, तौल, नियम, मान्यता इ०) । ~ **नेपाल कानुन–** ना० नेपाल अधिराज्यमा हाल चलनचल्तीमा रहेको ऐनकानुन ।

**प्रचार–** ना० [सं०] १. कुनै वस्तु वा कुरालाई कुनै उपायले निरन्तर वा व्यापक रूपमा फैलाउने क्रिया; कुनै कुरालाई बराबर उपयोग वा व्यवहारमा ल्याउने काम । २. कुनै विचार, सिद्धान्त वा उल्लेखनीय समाचार आदिबारे विज्ञापन, पोस्टर, लेख आदिका माध्यमले सर्वसाधारणलाई जानकारी दिन गरिने कार्य । ३. उपर्युक्त आधारमा लोकप्रिय बनाउनका निम्ति प्रचारित गरिने कुनै पनि कुरो । ४. प्रसिद्धि । > **प्रचारक–** वि० प्रचार गर्ने; फैलाउने । **प्रचारण–** ना० कुनै वस्तु वा कुराको प्रचार गर्ने क्रिया वा भाव । **प्रचारणीय–** वि० प्रचार गर्नुपर्ने; प्रचार गर्न लायक । **प्रचारिणी–** वि० कुनै कुरा वा भाषा, संस्कृति आदिको प्रचार गर्ने (सभा आदि) । **प्रचारित–** वि० प्रचार गरिएको; कुनै उपायले सर्वसाधारणको जानकारीमा ल्याइएको । **प्रचारी–** वि० प्रचारक ।

**प्रचालक–** वि० [सं०] १. प्रचलनमा ल्याउने (व्यक्ति) । २. चलाउने; चालित गर्ने । ना० ३. चालक (ड्राइभर, बैलवान, सारथि आदि) ।

**प्रचुर–** वि० [सं०] प्रशस्त; पर्याप्त; पौल; मनग्य; थुप्रो; औलदौल । **– ता–** ना० प्रचुर हुनाको भाव; पर्याप्तता; पौल ।

**प्रचेष्टा–** ना० [सं०] कुनै कामकुराका लागि गरिने विशेष किसिमको चेष्टा; विशेष प्रयास ।

**प्रच्छन्न–** वि० [सं०] १. बाहिर प्रकाशमा नआएको; छोपिएको (जस्तो–प्रच्छन्न शरीर) । २. नदेखिने; लुकेको (जस्तो– प्रच्छन्न धन) ।

**प्रच्छादक–** वि० [सं०] १. ढाक्ने वा छोप्ने । २. छिपाउने; लुकाउने ।

**प्रच्छादन–** ना० [सं०] १. कुनै वस्तु वा कुरालाई ढाक्ने काम; छोप्ने कार्य । २. प्रच्छद ।

**प्रच्छादित–** वि० [सं०] छोपिएको; ढाकिएको ।

**प्रजन–** ना० [सं०] १. प्रजनन । वि० २. जन्म दिने; जन्मदाता ।

**प्रजनन–** ना० [सं०] १. सन्तान पैदा गर्ने क्रिया; बच्चा जन्माउने काम । २. गर्भबाट उत्पन्न हुने क्रिया; जन्म; उत्पत्ति । **– क्रिया–** गर्भाधानका निम्ति पोथी पशुसित भाले लाउने काम । **– शील–** ना० प्रजनन वा पैदा हुने; उत्पादनशील ।

**प्रजनयिता–** ना० [सं०] जन्म दिने व्यक्ति; पिता ।

**प्रजनिका–** ना० [सं०] जन्म दिने नारी; आमा ।

**प्रजल्प–** ना० [सं०] काम नलाग्ने कुरा; अनावश्यक गफ ।

**प्रजा–** ना० [सं०] १. राजाद्वारा शासित देशका जनता; राजतन्त्रात्मक देशका जनता; रैती । २. कुनै राज्य वा राष्ट्रमा रहेको जनसमूह । ३. सन्तान; सन्तति । ४. चेपाङ । **– तन्तु–** ना० १. सन्तानको अविच्छिन्न परम्परा; सन्तानको लहरो । २. अविच्छिन्न वंशपरम्परा ।

**प्रजातन्त्र–** ना० [सं०] १. प्रजा वा जनताद्वारा निर्वाचित, जनप्रतिनिधिद्वारा चलाइने शासनव्यवस्था; जनप्रतिनिधिका हातमा शासनसत्ता भएको राज्यव्यवस्था । २. जनताद्वारा जनताका लागि जनताकै रायसल्लाहबाट चलाइने शासन । ~**दिवस–** ना० नेपालमा २००७ सालमा प्रजातन्त्र आएको उपलक्ष्यमा बर्सेनि फागुन ७ गते मनाइने राष्ट्रिय उत्सव । **– वाद–** ना० प्रजातन्त्रलाई महत्त्व दिने सिद्धान्त; प्रजातन्त्रका सिद्धान्त । **– वादी–** वि० प्रजातन्त्रवादमा विश्वास राख्ने; प्रजातन्त्रको अनुयायी । ~**श्रीपद–** ना० राजा त्रिभुवनका नाममा स्थापित छ श्रेणीमा विभक्त एक तक्मा । > **प्रजातन्त्रात्मक–** वि० प्रजा वा प्रजाद्वारा निर्वाचित प्रतिनिधिको शासन भएको; प्रजासत्तात्मक (राज्यव्यवस्था) । **प्रजातन्त्री–** वि० हे० प्रजातान्त्रिक । **प्रजातन्त्रीकरण–** ना० प्रजाद्वारा निर्वाचित प्रतिनिधिलाई शासनसत्ता सुम्पने कार्य; प्रजातन्त्र विकसित तुल्याउने क्रिया ।

**प्रजातान्त्रिक–** वि० [सं०] प्रजातन्त्रको; प्रजातन्त्रसम्बन्धी । ~ **समाजवाद–** ना० प्रजातान्त्रिक पद्धतिद्वारा निश्चित सीमा निर्धारित गरी कृषि, उद्योग र व्यापारमा होडबाजी गराएर क्रमश: सामाजिक परिवर्तन गर्दै समाजवादको स्थापना गर्ने कुरामा विश्वास राख्ने राजनीतिक सिद्धान्त; निम्न पुँजीवादी वा असाम्यवादी समाजवाद । ~**समाजवादी–** वि० प्रजातान्त्रिक समाजवादमा विश्वास राख्ने; प्रजातान्त्रिक समाजवादको अनुयायी ।

**प्रजाति–** ना० [सं०] १. एउटै मूल जातिभित्रका सानासाना जाति; एउटै जातिभित्रको अर्को जाति । २. प्राणी, वनस्पति आदिका प्रमुख जातिको कुनै शाखा । ~**सुजनन–** ना० १. असल सन्तति जन्माउने क्रिया । २. असल प्रजाति पैदा गर्ने क्रिया । ~**संहार–** ना० १. एउटै जातिअन्तर्गतका प्रजातिहरूमा परस्परमा

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



आत्मश्रेष्ठताका भावनाले गर्दा उत्पन्न हुने जातीय भेदभाव । २. भिन्नभिन्न प्रजातिहरूका बीच व्यावहारिक प्रतिस्पर्धा पर्न गई एक प्रजातिद्वारा कुनै अर्काको संहार ।

**प्रजातीय–** वि० [सं०] प्रजातिको; प्रजातिसम्बन्धी । ~ **गुण–** ना० प्रजातिमा हुने गुण । **– ता–** ना० प्रजातीय हुनाको भाव, अवस्था वा लक्षण ।

**प्रजापति–** ना० [सं०] १. प्रजाको मालिक; राजा । २. प्राजापत्यको मालिक; कविलाको नेता । ३. ब्रह्मा वा ब्रह्मर्षि ।

**प्रजापालक–** वि० [सं०] १. प्रजालाई पालन गर्ने । ना० २. राजा । ३. प्रजापति ।

**प्रजावती–** ना० [सं०] १. छोराछोरी भएकी स्त्री; सन्तान भएकी स्त्री । २. गर्भधारण गरेकी स्त्री; गर्भिणी ।

**प्रजासत्ता–** ना० [सं०] प्रजातन्त्र; जनतन्त्र; गणतन्त्र । > **प्रजासत्तात्मक–** वि० प्रजातान्त्रिक; जनतान्त्रिक; गणतान्त्रिक ।

**प्रज्ञ–** वि० [सं०] १. चतुर तथा बुद्धिमान्; जान्नेबुझ्ने । २. विद्वान्; पण्डित । **– ता–** ना० १. प्रज्ञ हुनाको भाव वा अवस्था; राम्रो ज्ञान । २. विद्वत्ता; पाण्डित्य ।

**प्रज्ञप्ति–** ना० [सं०] १. जनाउने वा सूचित गर्ने काम । २. विज्ञप्ति; सूचना ।

**प्रज्ञा–** ना० [सं०] १. नयाँ-नयाँ कुरा सोच्न सक्ने वा कल्पना गर्न सक्ने मानसिक शक्ति; गहिरो कुरा सोच्न सक्ने बुद्धि; विवेक । २. विशिष्ट ज्ञान । ~ **केन्द्र–** ना० प्राज्ञिक परिषद्को सचिवालयका रूपमा काम गर्ने विश्वविद्यालयीय एक निकाय; विश्वविद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षणपद्धतिको निर्माणजस्ता प्राज्ञिक कार्य गर्ने प्रशासनिक सङ्गठन । **– चक्षु–** ना० १. मानसिक दृष्टि प्रबल भएको व्यक्ति; प्रज्ञा नै आँखा भएको व्यक्ति; ज्ञानचक्षु । २. ठूलो विद्वान्; मेधावी । ३. अन्धो । ४. चर्मचक्षुका विपरीत अन्तरचक्षु; ज्ञानचक्षु । > **प्रज्ञात–** वि० विशेष रूपमा ज्ञात भएको वा जानिएको ।

**प्रज्ञापक–** वि० [सं०] १. प्रज्ञापन गर्ने । २. सूचित गर्ने; विज्ञापक ।

**प्रज्ञापन–** ना० [सं०] कुनै घटना, विषय वा कुराको जनाउ दिने काम; सूचना; विज्ञापन । **– पत्र–** ना० १. विवरणसहित र अधिकारपूर्वक कुनै कुराको जनाउ दिने पत्र । २. व्यवसायी, व्यापारीहरूले विदेशबाट मालसामान झिकाउनका लागि चाहिनेजति खर्चको विवरण खुलाई सम्बन्धित सरकारी अड्डामा दिने औपचारिक पत्र । ३. व्यापारीहरूले विदेशबाट झिकाएको मालसामानको विवरण लेखी भन्सारमहसुल तिर्न दिइने औपचारिक पत्र ।

**प्रज्ञापारमिता–** ना० [सं०] १. बौद्धधर्ममा सर्वज्ञता वा ज्ञानको पूर्णताका लागि प्रयुक्त हुने शब्द । २. ज्ञानको अवस्थालाई पार गर्ने स्थिति; सबै कुरा जान्ने-बुझ्ने स्थिति; सर्वज्ञता; ज्ञानपूर्णता । ३. एक प्रसिद्ध बौद्ध ग्रन्थको नाम ।

**प्रज्ञाप्रतिष्ठान–** ना० [सं०] १. हे० नेपाल प्रज्ञा-प्रतिष्ठान । २. विद्वान्हरूको सभा; विद्वत्-परिषद् ।

**प्रज्ञावान्–** वि० [सं०] नयाँ-नयाँ कुरा सोच्ने वा कल्पना गर्ने बुद्धि भएको; प्रज्ञा भएको (व्यक्ति) ।

**प्रज्ञावृद्ध–** वि० [सं०] उमेर धेरै नभएको भए तापनि परिपक्व बुद्धि भएको; बुद्धिले छिप्पिएको; बुद्धिमा जेठो; बुद्धिले जेठो ।

**प्रज्ञाहीन–** वि० [सं०] बुद्धिहीन ।

**प्रज्वलन–** ना० [सं०] राम्रोसित बल्ने क्रिया; राम्रो बलाइ । **– शील–** वि० आगाको सानो झिल्का पर्दा पनि बलिहाल्ने (पेट्रोल, बारुद इ०) ।

**प्रज्वलित–** वि० [सं०] एकदम बलेको; दन्केको ।

**प्रण–** ना० [सं०] १. दृढ निश्चय; प्रतिज्ञा । २. अठोट; सङ्कल्प ।

**प्रणत–** वि० [सं०] १. निहुरेको; नुहेको; विनीत । २. प्रणाम गर्न झुकेको; ढोग्न निहुरेको । ३. विनयशील; विनम्र । ४. शरणागत; आश्रित । **– पाल ⁄ पालक–** ना० १. आफ्नो शरणमा आउने प्राणीको रक्षा गर्ने पुरुष; दीन-दुःखीहरूको रक्षा गर्ने व्यक्ति । २. ईश्वर । > **प्रणति–** ना० १. मान्यजनहरूका अगाडि झुक्ने, नुहुने र निहुरने क्रिया । २. नमस्कार; प्रणाम । ३. विनयशीलता; नम्रता । ४. निवेदन; प्रार्थना ।

**प्रणम्य–** वि० [सं०] प्रणाम गर्नुपर्ने; नमस्कार गर्न योग्य; ढोग्नुपर्ने; नमस्कार्य ।

**प्रणय–** ना० [सं०] १. मायालु शब्दमा गरिएको बिन्तीभाउ; प्रेमपूर्वक गरिएको प्रार्थना; प्रीतिपूर्वकको निवेदन । २. प्रेम; प्रीति; माया । ~ **कलह–** ना० १. प्रेमका कुरालाई लिएर नायक र नायिकाका बीचमा हुने झगडा; नायक र नायिकाबीचको प्रेमविषयक विवाद । २. भित्र एकअर्कामा प्रेम हुँदाहुँदै पनि बाहिरबाट गरिने झगडा । ~ **कोप–** ना० प्रेमका कुरालाई लिएर नायक र नायिकाका बीचमा देखा पर्ने बनावटी रिस; बाहिरी रिस ।

**प्रणयन–** वि० [सं०] १. कुनै कुराको रचना; निर्माण । २. कुनै कुरा लैजाने क्रिया । ३. साहित्यिक ग्रन्थ, काव्य, लेख आदिको प्रस्तुति वा लेखन ।

**प्रणय पुतली–** ना० [सं० प्रणय+पुतली] १. प्रेमले गर्दा पुतलीजस्तै व्यवहार गरिएकी नारी; प्रेमकी पुतली । २. प्रेमिका; मायालु ।

**प्रणय भङ्ग–** ना० [सं०] १. नायक र नायिकाको प्रेमको टुटाइ; प्रीतिभङ्ग । २. विश्वासघात ।

**प्रणय भिक्षा–** ना० [सं०] नायक वा नायिकामध्ये कुनै एकले अर्कासँग प्रेम गर्न गरेको अनुरोध ।

**प्रणय सुख–** ना० [सं०] प्रेमी र प्रेमिकाबीचको प्रेमको सुख; प्रेमबाट पाइने सुख; प्रणयानन्द ।

**प्रणयिता–** ना० [सं०] १. बिहे गरेर लाने पति; प्रेमी; प्रणयी । २. प्रणय ।

**प्रणयिनी–** वि० ⁄ ना० [सं०] १. कसैलाई प्रेम गर्ने (स्त्री); प्रेमिका; कान्ता; प्यारी । २. प्रेमको चाहना गर्ने (स्त्री); प्रेमका लागि निवेदन गर्ने (स्त्री) ।

**प्रणयी–** वि० [सं०] १. प्रेम गर्ने; प्रेमी; अनुरागी । २. प्रेमको चाहना गर्ने; प्रेमाकाङ्क्षी । ३. प्रणययुक्त; प्रणयशील । ना० ४. प्रेम गर्ने व्यक्ति; प्रेमी । ५. लोग्ने; पति ।

**प्रणव–** ना० [सं०] १. ॐकार; ओंध्वनि । २. परमेश्वर ।

**प्रणाम–** ना० [सं०] निहुरेर वा भुकेर नमस्कार गर्ने क्रिया; नमस्ते गर्ने काम; नमस्कार । > **प्रणामाञ्जलि–** ना० प्रणाम गर्नका निम्ति दुई हातका पन्जा जोडेर गरिने प्रणाम; करबद्ध प्रणाम । **प्रणामी–** ना० १. मूर्तिपूजामा विश्वास गर्ने एक प्रकारको कृष्णभक्तिसम्प्रदाय । वि० २. प्रणाम गर्ने ।

**प्रणाली–** ना० [सं०] १. ठूलठूला दुई जलमार्गलाई जोड्ने सानो जलस्रोत । २.कुनै काम गर्ने विधि; पद्धति; रीति; तरिका । ३. परम्परा; प्रथा ।

**प्रणीत–** वि० [सं०] बनाइएको वा रचिएको; रचित; निर्मित ।

**प्रणेता–** ना० [सं०] १. पुस्तक लेख्ने व्यक्ति; ग्रन्थको रचना गर्ने व्यक्ति; लेखक; रचयिता । २. कुनै वस्तु वा कुरा बनाउने व्यक्ति; निर्माता । ३. कुनै सिद्धान्त वा मतको प्रवर्तक; आविष्कारक ।

**प्रताडक–** वि० [सं०] १. ताडना दिने वा ठटाउने; पिट्ने (व्यक्ति) । ना० २. ताडना दिने व्यक्ति; पिट्ने व्यक्ति । ३. कष्ट वा पीडा दिने व्यक्ति, वस्तु वा घटना ।

**प्रताडन/प्रताडना–** ना० [सं०] १. पिटाइ; ताडना । २. कष्ट; पीडा ।

**प्रताडित–** वि० १. पिटिएको; चुटिएको । २.गोता पाएको ।

**प्रतान–** ना० [सं०] कुनै लहरा आदिमा निस्कने नङ्ग्रा ।

**प्रताप–** ना० [सं०] १. आफ्ना विरोधी वा शत्रुलाई त्रस्त बनाउन सक्ने शक्ति; विरोधी वा शत्रुलाई दबाउन सक्ने वीरता । २. राजा वा शक्तिशाली व्यक्तिको प्रभुत्व वा सामर्थ्यबाट उत्पन्न तेज । ३. पुरुषार्थ; पौरख; वीरता । ~ **मल्ल–** ना० विक्रमको सत्रौँ शताब्दीमा काठमाडौँमा शासन गर्ने विद्या र कलाप्रेमी एक प्रसिद्ध कवि राजा । (काठमाडौँको प्रसिद्ध रानीपोखरी यिनैले बनाएका हुन्) । – **वान्–** वि० प्रतापी । – **सिंह शाह–** ना० वि० सं० १८०८-मा जन्मी वि० सं० १८३१-मा राजगद्दीमा बस्ने र वि० सं० १८३४–मा दिवङ्गत हुने नेपालका शाहवंशीय दोस्रा राजा । > **प्रतापी–** वि० प्रशस्त शक्ति र सामर्थ्य भएको; ठूलो प्रताप भएको; प्रतापवान् ।

**प्रतारक–** ना० [सं०] ठग्ने व्यक्ति; ठग ।

**प्रतारण/प्रतारणा–** ना० [सं०] १. ठग्ने काम; छलछाम; धोका । २. ठगी; वञ्चन ।

**प्रतारित–** वि० [सं०] १. ठगिएको; वञ्चित । २. छलेको; धोका दिइएको ।

**प्रति–** ना० यो० [सं०] १. तिर; तर्फ; पट्टि । २. माथि; उपर । ३. बारे; विषयमा; सम्बन्धमा; निमित्त । ना० ४. कुनै पुस्तक, पत्रपत्रिका आदिको सङ्ख्या; कुनै जिन्सीको एकाइ; गोटा; थान; अदत । उप० ५. शब्द वा धातुको अगिल्तिर जोडिएर केही नयाँ अर्थ बुझाउने उपसर्ग (जस्तै– प्रतिनिधि, प्रतिष्ठान, प्रतिक्रिया इ०) । – **उत्तर–** ना० १. वादीले दिएको उजुरीमा प्रतिवादीले दिने उत्तरको बेहोरा लेखिएको कागत; प्रतिवादीपत्र । २. आफ्नो नाउँमा परेको फिरादपत्रबमोजिमको दावी कसुरबाट फुर्सद पाउनका निम्ति अदालतमा दिइने जवाफी कागज । – **कथन–** ना० कसैको भनाइउपरको जवाफी भनाइ; कसैले कुनै कुरा भनेकोमा जवाफमा भनिने कुरा । – **कर्ता–** ना० १. बदला लिने व्यक्ति; साटो फेर्ने व्यक्ति । वि० २. साटो फेर्ने; बदला लिने ।

**प्रतिकार–** ना० [सं०] १. अरूले गरेको अपकारका बदलामा गरिने अपकार; कसैले गरेको हानि, नोक्सानी वा अहितका बदलामा गरिने कार्य; साटो फेर्ने काम; बदला लिने काम । २. कसैको जग्गाजमिन, सम्पत्ति आदिमा कब्जा गरेपछि बदलामा क्षतिपूर्तिका निम्ति दिइने रकम । > **प्रतिकारात्मक–** वि० १. प्रतिकारका लागि गरिने । २. रोगको प्रभावलाई कम गर्ने वा रोगको रोकथाम गर्ने (औषधी) । ३. त्यस्तो रोकथामका लागि उपायसाथ गरिने (सेवा) । ४. कुनै अपकारको बदलास्वरूप साटो फेर्न उठाइने (कदम, पाइलो आदि) । **प्रतिकार्य–** वि० १. साटो फेर्नुमाफिकको । २. तिर्नुमाफिकको । ना० ३. ऋण; कर्जा । ४. दुर्व्यवहार ।

**प्रतिकूल–** वि० [सं०] १. आफूले सोचेको वा चाहेको भन्दा उल्टो; अनुकूल नभएको; नमिल्दो; अहित गर्ने; विपरीत; विरुद्ध । २. आफ्नो पक्षमा नभएको; प्रतिपक्षी; विरोधी । ३. कुनै कुराको पनि उल्टो; बिब्ल्याँटो; बिपिउँ । – **ता–** ना० प्रतिकूल हुनाको भाव वा अवस्था; प्रतिकूल वा विरुद्ध हुने स्थिति; अभेक । – **त्व–** ना० प्रतिकूलता ।

**प्रतिकृति–** ना० [सं०] १. कसैको स्वरूप जस्तो छ त्यस्तै पारी बनाइएको प्रतिमा; कसैको अनुहारको वा आकृतिको अनुकरण गरेर बनाइएको मूर्ति; प्रतिमूर्ति । २. प्रतिबिम्ब । ३. प्रतिकार; प्रतिकार्य ।

**प्रतिक्रान्ति–** ना० [सं०] कुनै क्रान्तिको विरोधमा गरिने क्रान्तिको उल्टो क्रान्ति; प्रतिक्रियावादीहरूद्वारा शासनसत्ता हत्याउन गरिने क्रान्ति । – **कारी–** वि० प्रतिक्रान्ति गर्ने वा प्रतिक्रान्तिमा लाग्ने; प्रतिक्रान्तिको सहभागी । – **वाद–** ना० प्रतिक्रान्तिको समर्थक सिद्धान्त । – **वादी–** वि० प्रतिक्रान्तिवादको अनुयायी ।

**प्रतिक्रिया–** ना० [सं०] १. कुनै घटना वा क्रिया हुँदा त्यसको फलस्वरूप हुने क्रिया वा भावना । २. कुनै घटना वा कार्य हुँदा हुने मनको स्थिति वा मनमा पर्ने प्रभाव । ३. प्रतिकूल स्थितिमा वा विपरीत अवस्थामा हुने कार्य; विरोध । ४. मनको विरोधी स्थिति । ५. परिणाम । ६. द्वन्द्वात्मक-भौतिकवादी दर्शनका अनुसार विवाद उत्पन्न भइसकेपछि वादका तर्फबाट र संवाद उत्पन्न भइसकेपछि विवादका तर्फबाट हुन जाने भौतिक, सामाजिक वा आर्थिक प्रक्रिया । > **प्रतिक्रियात्मक–** वि० १. प्रतिक्रियाका रूपमा भएको वा गरिएको; प्रतिक्रियाको फलस्वरूप भएको वा गरिएको;

प्रतिक्रियाबाट पैदा भएको । २. कसैका सहायताको प्रतिक्रियास्वरूप गरिने (सहयोग) । – **वाद**– ना० उन्नति, सुधार आदिका विरुद्ध वा विपरीत आचरण गर्ने सिद्धान्त; नयाँ परिवर्तन, वैज्ञानिक तथा प्रगतिशील विचारधारा आदिको विरोध र शोषणजन्य सामाजिक व्यवस्थाको समर्थन गर्ने, प्रगतिवादको विरोधी सिद्धान्त । – **वादी**– वि० प्रतिक्रियावादमा विश्वास गर्ने; प्रतिक्रियावादको समर्थक वा अनुयायी ।

**प्रतिक्षण**– क्रि०वि० [सं०] एकएक क्षणमा; हरेक क्षणमा; छिनछिनमा; हमेसा; निरन्तर ।

**प्रतिक्षेपक**– ना० [सं०] चलचित्र आदि छायाङ्कन गर्दा दृश्य वा पात्रविशेषमा प्रकाश दिने उपकरण (रिफ्लेक्टर) ।

**प्रतिगमन**– ना० [सं०] पछिल्तिर फर्कने काम; फर्काइ; फिर्तो; प्रत्यागमन ।

**प्रतिगर्जन/प्रतिगर्जना**– ना० [सं०] आफ्ना विरुद्ध गर्जनेलाई प्रत्युत्तरका रूपमा सुनाइने गर्जाइ ।

**प्रतिगामी**– वि० [सं०] १. उल्टो दिशातिर हिँड्ने; अगाडि बढ्नाको साटो पछाडि सर्ने; विपरीत दिशातिर जाने । २. उन्नति, प्रगति, नयाँ परिवर्तन, सुधार आदिको विरोध गर्ने; प्रतिक्रियावादी । ~ **तत्त्व**– ना० प्रतिक्रियावादी तत्त्व ।

**प्रतिग्रह/प्रतिग्रहण**– ना० [सं०] १. कसैद्वारा धर्मार्थ दिइएको वस्तु; दानस्वरूप दिइएको वस्तु । २. अर्काले दिएको वस्तु ग्रहण गर्ने काम; दान लिने काम । ३. दान ।

**प्रतिग्रही/प्रतिग्राहक/प्रतिग्राही**– वि०/ना० प्रतिग्रहण गर्ने व्यक्ति ।

**प्रतिघात**– ना० [सं०] कसैले गरेको घातको बदलामा गरिने आघात; कसैले आफूलाई प्रहार गरेमा बदलामा गरिने प्रहार; प्रत्याघात । > **प्रतिघातक/प्रतिघाती**– वि० प्रतिघात गर्ने ।

**प्रतिचालन**– ना० [सं०] १. बदलामा कुनै कुराको परिचालन गर्ने काम । २. कुनै कुराको बारबार परिचालन गर्ने काम ।

**प्रतिचालित**– वि० [सं०] १. बदलामा परिचालन गरिएको । २. बारबार परिचालन गरिएको ।

**प्रतिचिन्तन**– ना० [सं०] १. बारबार गरिएको चिन्तन; बारबार सोच्ने काम । २. बदलामा गरिएको चिन्तन ।

**प्रतिच्छवि**– ना० [सं०] १. प्रतिबिम्ब; छाया । २. चित्र; तस्बिर ।

**प्रतिच्छाया**– ना० [सं०] १. प्रतिबिम्ब । २. प्रतिमा; प्रतिकृति; मूर्ति ।

**प्रतिजीवी**– ना०/वि० [सं०] शरीरमा अनेक प्रकारका रोग उत्पन्न गर्ने जीवाणु वा रोगाणुहरूलाई मार्न सक्ने गरी बनाइएको (औषधी); एन्टिबायोटिक ।

**प्रतिज्ञा**– ना० [सं०] कुनै काम पूरा गर्न वा नगर्न गरिएको अठोट; कुनै काम-कुरा गर्न वा नगर्न गरिएको सङ्कल्प; कुनै काम-कुरा गर्न वा नगर्न दिइएको वचन; दृढ निश्चय; बोलकबुल; कबुल; कसम; किरिया; शपथ; प्रण । ~ **पत्र**– ना० काम गर्ने वा नगर्ने, कुनै कुरा दिने वा नदिने आदि सम्बन्धमा दृढ निश्चय व्यक्त गरिएको कागत; प्रतिज्ञापूर्ण कागत; कबुलियतनामा । ~ **पत्र मुद्रा**– ना० कुनै निश्चित व्यक्तिलाई वा पत्रवाहकलाई, तोकिएको तिथिमा, तोकिएको रकम दिउँला भनी कुनै व्यक्ति वा संस्थाका तर्फबाट लेखिएको पत्र; वचनपत्र; कबुलपत्र ।

**प्रतिज्ञापन**– ना० [सं०] सोधिएपछि वा विशेष रूपले दिइएको जानकारी ।

**प्रतिज्ञा पालन**– ना० [सं०] आफूले गरेको प्रतिज्ञा पालन गर्ने काम; वचन पूरा गर्ने काम; बोलकबुलको पालना ।

**प्रतिज्ञा भङ्ग**– ना० [सं०] १. प्रतिज्ञा भङ्ग हुनाको स्थिति, किसिम वा क्रम । वि० २. प्रतिज्ञाबाट झरेको; प्रतिज्ञा भङ्ग भएको; प्रतिज्ञाच्युत (व्यक्ति) ।

**प्रतितुलना**– ना० [सं०] कुनै दुई कुराका बीचमा फरक, असमानता वा अन्तर देखाई तिनलाई दाँज्ने काम; भिन्नतामूलक तुलना; व्यतिरेकी तुलना ।

**प्रतिदान**– ना० [सं०] १. आफूलाई कुनै वस्तु दिने व्यक्तिलाई कृतज्ञतास्वरूप आफूले पनि केही दिने काम । २. कसैले राख्न दिएको वा कसैबाट ल्याइएको वस्तु बिग्रनभाँचिन गएमा त्यसको बदलामा अर्को वस्तु दिने काम; सट्टाभर्ना दिने काम; सट्टाभर्ना ।

**प्रतिदाबी**– ना० [सं० प्रति+अ० दावा+ई] कसैले कुनै वस्तु वा विषयमा गरेको दाबीमा पहिले दाबी गर्नेले भन्दा बढी प्रमाण पुऱ्याएर फेरि अर्काले गरेको दाबी ।

**प्रतिदिन**– क्रि०वि० [सं०] हरेक दिन; प्रत्येक दिन; दिनदिनै; दिनहुँ ।

**प्रतिद्वन्द्व**– ना० [सं०] १. शक्ति, सामर्थ्य आदिका दृष्टिले समान दुई व्यक्तिको आपसी विरोध वा झगडा । २. प्रतिद्वन्द्वीको पक्ष; विरोधी भाव । ३. सङ्घर्ष; टक्कर; विरोध; भिडन्त । > **प्रतिद्वन्द्विता**– ना० १. शक्ति, सामर्थ्य आदिका दृष्टिले समान दुई व्यक्तिको आपसी झगडा । २. कुनै काम-कुरामा सफलता हासिल गर्न दुई व्यक्तिका बीचको होडबाजी; प्रतियोगिता । ३. प्रतिद्वन्द्वी हुनाको भाव; प्रतिद्वन्द्व । **प्रतिद्वन्द्वी**– वि० १. आमुन्नेसामुन्ने भएर परस्पर भिडिने; परस्पर मुकाबिला गर्ने; प्रतिस्पर्धी । २. विपक्षी; विरोधी ।

**प्रतिधारा**– ना० [सं०] १. साहित्य, राजनीति, दर्शन आदिका क्षेत्रमा प्रचलित कुनै विचार, मान्यता आदिका बदलामा चलेको अर्को विचार वा मान्यता । २. एउटा धाराको बदलामा चलेको अर्को धारा ।

**प्रतिध्रुव**– ना० [सं०] एउटा ध्रुवको विपरीत अर्को ध्रुव ।

**प्रतिध्वनन**– ना० [सं०] प्रतिध्वनित हुने क्रिया; गुँजाइ वा घन्काइ ।

**प्रतिध्वनि**– ना० [सं०] १. ध्वनि-उत्पत्तिस्थानबाट गएर अन्त कहीँ ठक्कर खानाले फर्केर आउँदा सुनिने आवाज; टाढासम्म पुगी फर्केर आएको ध्वनि; प्रतिशब्द; गुञ्जन; गुँजाइ । २. आवाज घन्कने किसिम, क्रिया वा भाव; घन्काइ ।

**प्रतिनति**– ना० [सं०] मोडदार पहाडको माथितिर मोडिएको भाग; अपनत ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**प्रतिनाद**– ना० [सं०] प्रतिध्वनि; गुँजाइ; घन्काइ । > **प्रतिनादित**– वि० गुँजिएको; घन्किएको ।

**प्रतिनायक**– ना० [सं०] नाटक वा काव्यमा मुख्य नायकको प्रतिद्वन्द्वी पात्र; प्रतिद्वन्द्वी नायक; खलनायक ।

**प्रतिनिधि**– ना० [सं०] १. कुनै व्यक्तिले गर्नुपर्ने काम गर्न सो कामसँग सम्बन्धित व्यक्तिका तर्फबाट नियुक्त अर्को आधिकारिक व्यक्ति; अर्काले गर्नुपर्ने कामकुराको आधिकारिक अभिभारा लिने व्यक्ति; वारिस; वारेस; गुमस्ता । २. कुनै वर्ग, समाज वा स्थानविशेषका जनताले आफ्ना सट्टामा काम गर्न वा राय दिन चुनेर वा विश्वास गरेर पठाएको व्यक्ति । ~ **तन्त्र**– ना० जनप्रतिनिधिमार्फत चल्ने राज्यव्यवस्था । ~ **तन्त्रात्मक / तान्त्रिक**– वि० प्रतिनिधितन्त्रको; प्रतिनिधितन्त्र भएको । – **त्व**– ना० प्रतिनिधिको कार्य, अधिकार वा कर्तव्य । ~ **पत्र**– ना० १. कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधिका रूपमा कुनै सङ्घ, संस्था, सभा आदिमा उपस्थित भएर राय दिन वा काम गर्न लेखिदिएको अधिकारपत्र । २. कुनै कामकुरो गर्नाका निम्ति कुनै व्यक्तिलाई प्रतिनिधिका रूपमा पठाउँदा प्रमाणस्वरूप लेखेर दिइने कागत; वारिसनामा । ~ **मण्डल**– ना० कुनै सङ्घ, संस्था, सभा आदिमा उपस्थित भएर काम गर्न कसैका तर्फबाट पठाइएका प्रतिनिधिहरूको समूह । ~ **सत्ता**– ना० प्रतिनिधितन्त्र । ~ **सत्तात्मक**– वि० प्रतिनिधितन्त्रात्मक; प्रतिनिधितान्त्रिक । ~ **सभा**– ना० १. जनताबाट चुनिएर गएका प्रतिनिधिहरूको सभा; जनप्रतिनिधिहरूको सभा । २. संसदीय व्यवस्थामा विधायिकाको तल्लो सदन; जनप्रतिनिधिहरूबाट बनेको सभा; निम्न सदन ।

**प्रतिनियम**– ना० [सं०] १. सामान्य नियमलाई काट्ने विशेष नियम; अपवादको नियम । क्रि० वि० २. हरेक नियम; प्रत्येक नियम; हरेक नियममा; नियमैपिच्छे ।

**प्रतिनियुक्त**– वि० [सं०] १. प्रतिनिधि वा अधीनस्थ कर्मचारीका रूपमा नियुक्त गरिएको वा पठाइएको । २. एउटाका बदलामा अर्को नियुक्त भएको । > **प्रतिनियुक्ति**– ना० १. कसैलाई प्रतिनियुक्त गर्ने काम । २. सट्टाभर्नाको नियुक्ति ।

**प्रतिपक्ष**– ना० [सं०] १. कसैसँग शत्रुतापूर्ण सम्बन्ध राख्ने अर्को पक्ष; विरोधी पक्ष; विपक्ष । २. शत्रु । ३. प्रतिवादी । – **ता**– ना० प्रतिपक्ष हुनाको भाव वा अवस्था; विरोध । ~ **नेता**– ना० दलगत शासनप्रणाली भएका देशमा प्रतिनिधिसभामा सरकारका नीति, कार्यक्रम आदिको विरोध गर्ने नेता; प्रतिपक्षी नेता; विरोधी नेता । > **प्रतिपक्षी**– वि० आफूसँग शत्रुतापूर्ण सम्बन्ध राख्ने पक्षको; विरोधी पक्षको; शत्रुपक्षको; विरोधी; प्रतिद्वन्द्वी ।

**प्रतिपत्र**– ना० [सं०] राष्ट्र ब्याङ्कले अर्को ब्याङ्कका नाममा लेखेको, फलानाको यति रुपियाँले खामेको चेक, ड्राफ्ट वा हुन्डी आदि स्वीकार गर्नू भनी लेखेको पत्र । > **प्रतिपत्रक**– ना० कसैलाई दिइएको वा पठाइएको (दोस्रो) टुक्राको प्रतिलिपि वा सङ्क्षिप्त विवरण भएको, चेकको किताब, चलानबही, रसिदबही आदिमा नत्थी भएको टुक्रा ।

**प्रतिपद**– क्रि०वि० [सं०] १. पाइलापाइलामा; हरेक पाइलामा; पाइलैपिच्छे । २. पदपदमा; हरेक पदमा । ३. शब्दशब्दमा; शब्दैपिच्छे ।

**प्रतिपदा**– ना० [सं०] शुक्ल वा कृष्णपक्षको पहिलो तिथि; अमावास्या वा पूर्णिमापछि लगत्तै आउने तिथि; परेवा ।

**प्रतिपरीक्षण**– ना० [सं०] अदालतमा कुनै मुद्दामामिलाका साक्षी आदिले बयान दिँदा बयान साँचो, झूटो के-कसो हो, र केही वास्तविक कुरा लुकाइएको-छिपाइएको छ वा छैन भन्ने पत्ता लगाउन उल्टापाल्टा, बाङ्गाटिङ्गा प्रश्न गर्ने काम; एकपल्ट साक्षी बकिसकेकालाई फेरि साक्षी बकाउने काम ।

**प्रतिपादक**– वि० [सं०] १. कुनै विषय, सिद्धान्त आदिलाई स्पष्टताका साथ व्याख्या गर्ने; राम्रोसित बुझाएर भन्ने; सम्झाउने; खुलस्त पार्ने । २. नयाँ विषय वा सिद्धान्तलाई खोज्ने वा पत्ता लगाउने; निरूपण गर्ने । ना० ३. त्यसरी व्याख्या गर्ने, भन्ने, खुलस्त पार्ने, खोज्ने, पत्ता लगाउने वा निरूपण गर्ने व्यक्ति ।

**प्रतिपादन**– ना० [सं०] १. कुनै विषय, सिद्धान्त, नियम आदिलाई स्पष्टताका साथ व्याख्या गर्ने वा उपपत्तिसहित स्थापना गर्ने काम; राम्रोसित बुझाएर भन्ने, सम्झाउने वा खुलस्त पार्ने काम । २. नयाँ विषय वा सिद्धान्तलाई खोज्ने, पत्ता लगाउने काम; निरूपण गर्ने काम ।

**प्रतिपादयिता**– वि० [सं०] प्रतिपादन गर्ने; प्रतिपादक ।

**प्रतिपादित**– वि० [सं०] प्रतिपादन गरिएको (विषय, सिद्धान्त आदि) ।

**प्रतिपाद्य**– वि० [सं०] प्रतिपादन गर्नुपर्ने; प्रतिपादन गर्न लायक; प्रतिपादन गर्न योग्य ।

**प्रतिपालक**– वि० [सं०] १. कसैको पालनपोषण गर्ने; हेरचाह गर्ने; प्रतिपालन गर्ने; पालक; रक्षक । ना० २. पालन वा रक्षण गर्ने व्यक्ति । ~ **अधिकरण**– ना० अल्पवयस्क वा अयोग्य व्यक्तिका सम्पत्तिको प्रबन्ध र रक्षा गर्ने सरकारी विभाग ।

**प्रतिपालन / प्रतिपालना**– ना० [सं०] पालनपोषण गर्ने काम; हेरविचार गर्ने काम; रक्षा गर्ने काम; पालनपोषण; संरक्षण; लालनपालन । > **प्रतिपालनीय**– वि० प्रतिपालन गर्न लायक; प्रतिपालन गर्नुपर्ने; पाल्नुपर्ने; पालन गर्नुपर्ने; रक्षा गर्नुपर्ने ।

**प्रतिपालित**– वि० [सं०] प्रतिपालन गरिएको; पालनपोषण गरिएको; रक्षित ।

**प्रतिपुरुष**– ना० [सं०] १. कुनै सङ्घ, संस्था, सभा आदिमा कसैको प्रतिनिधिका रूपमा काम गर्ने, मत दिने आदि अधिकार पाएको व्यक्ति; नियमपूर्वक कसैको प्रतिनिधित्व गर्ने व्यक्ति । २. वारेस; गुमस्ता; एजेन्ट ।

**प्रतिप्रभाव**– ना० [सं०] १. एक देशको अर्कोमा वा एक व्यक्तिको अर्कोमा पर्ने पारस्परिक प्रभाव; एउटामा पर्ने अर्काको प्रभाव । २. पछिल्लो पुस्ताका व्यक्तिबाट अगिल्लो पुस्ताका व्यक्तिमा परेको प्रभाव वा असर ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**प्रतिप्रश्न–** ना० [सं०] प्रश्न गर्नेलाई उत्तर दिनुको साटो सोधिएको प्रश्न; कसैको प्रश्नको जवाफका रूपमा गरिएको प्रश्न; प्रश्न सोध्ने व्यक्तिलाई उल्टै प्रश्न सोध्ने काम ।

**प्रतिप्रेषण–** ना० [सं०] कुनै आवेदनपत्र आदिका सम्बन्धमा स्वीकृति वा आवश्यक कारबाईका निम्ति सम्बन्धित उच्च पदाधिकारीका समक्ष पठाउने कार्य; कुनै विवादास्पद वा सन्देहयुक्त विषयमा निश्चित निर्णय गर्न वा संशय मेटाउनका लागि विशेषज्ञ वा जानकारका समक्ष पठाउने कार्य ।

**प्रतिफल–** ना० [सं०] १. कुनै कुराको निचोड; निष्कर्ष । २. कसैले अर्काप्रति गरेका गुण वा अवगुणका अनुरूप राम्रो वा नराम्रो परिणाम । ३. कुनै कुराको फल; नतिजा; परिणाम । ४. दुई वा दुईभन्दा बढी बलको सम्मिश्रणबाट निस्केको गति वा परिणाम । > **प्रतिफलन–** ना० १. कुनै कामका निचोडमा निष्कर्ष निक्लने क्रिया । २. प्रतिफल निस्कने क्रिया । **प्रतिफलित–** वि० कुनै कामको नतिजाका रूपमा प्राप्त भएको; निष्कर्षस्वरूप प्राप्त भएको; प्रतिफलका रूपमा प्राप्त भएको ।

**प्रतिबद्ध–** वि० [सं०] १. कुनै विचार, सिद्धान्त आदिबाट बाँधिएको वा त्यसप्रति पूरापूर निष्ठा राख्ने । २. पारिवारिक, सामाजिक आदि दायित्वले जकडिएको । ३. कुनै किसिमको वाचाबन्धनमा पारिएको; कबुल गराइएको ।

**प्रतिबन्ध–** ना० [सं०] १. कुनै व्यक्ति, सङ्घ, संस्था आदिका गतिविधिलाई सीमित पार्ने वा रोक लगाउने काम; कसैको कुनै कामकुरामा बन्देज लगाउने काम; रोक; रोकावट; अवरोध । २. विघ्न; बाधा । ३. कुनै कुरा वा काममा लगाइएको अड्को । ४. बाँध्ने काम; बन्धन । > **प्रतिबन्धक–** वि० रोक लगाउने; विघ्नबाधा उपस्थित गर्ने; प्रतिबन्ध लगाउने । **प्रतिबन्धात्मक–** वि० १. प्रतिबन्ध लागेको; प्रतिबन्ध भएको । २. कुनै प्रसङ्गमा पहिले गर्न पाइने भनेर उल्लेख भएका कामकुरामा खास स्थितिमा प्रतिबन्ध लगाउने उद्देश्यले लेखिएको; भइरहेको प्रावधान वा कामकुरामा प्रतिबन्ध लगाउने किसिमको (वाक्य) । **प्रतिबन्धित–** वि० रोक लागेको; प्रतिबन्ध लागेको ।

**प्रतिबाधक–** वि० [सं०] प्रतिबाधा उपस्थित गर्ने ।

**प्रतिबाधा–** ना० [सं०] कुनै बाधाका सट्टामा आफूले पनि उपस्थित गरेको बाधा । > **प्रतिबाधित–** वि० १. रोकिएको वा रोकेको । २. बाधाविरोध गरिएको ।

**प्रतिबिम्ब–** ना० [सं०] १. ऐना, पानी आदिमा प्रकाश पर्दा अर्कापट्टि पर्ने त्यसैका आकारको टलक वा छाया; प्रतिबिम्ब । २. ऐना, पानी आदि टलकदार वस्तुमा देखिने बाह्य वस्तुको स्पष्ट प्रतिरूप; प्रतिच्छाया । ३. मूर्ति । ४. चित्र । > **प्रतिबिम्बक–** वि० प्रतिबिम्ब प्रदान गर्ने वा पार्ने । ~ **क्रिया–** ना० शरीरमा कुनै वस्तुले छोइदिँदा स्नायुमा व्यक्त हुने प्रतिक्रिया । **प्रतिबिम्बन–** ना० प्रतिबिम्ब उत्पन्न गर्ने वा हुने क्रियाप्रक्रिया । **– वाद–** ना० १. कवि वा कलाकारले वस्तुजगत्को प्रतिविम्ब मात्र उपस्थित गर्न सक्छ वा गर्नुपर्छ भन्ने सिद्धान्त । २. विश्वका प्रत्येक वस्तुलाई ईश्वरको प्रतिबिम्ब मान्ने एक सिद्धान्त । ३. विम्बवाद; प्रतिविम्बको सिद्धान्त । > **प्रतिबिम्बित–** वि० ऐना, पानी आदि टलकदार वस्तुमा बाह्य वस्तुको स्पष्ट प्रतिरूप देखिएको; छाया परेको; प्रतिविम्ब परेको; प्रतिविम्बित ।

**प्रतिबोध–** ना० [सं०] जागृति; जागरण; सचेतता; होस । > **प्रतिबोधक–** वि० प्रतिबोध दिने वा मिलाउने । **प्रतिबोधन–** ना० प्रतिबोध-कार्य; प्रतिबोध । **प्रतिबोधित–** वि० प्रतिबोध गरेको वा गरिएको । **प्रतिबोधी–** वि० प्रतिबोध गर्ने; जाग्रत् भएको; ज्ञान पाउन इच्छुक ।

**प्रतिभा–** ना० [सं०] १. नयाँ-नयाँ कुराको कल्पना गर्न सक्ने र कलात्मक, मौलिक तथा रचनात्मक भाव, कृति आदि प्रस्तुत गर्न सक्ने असाधारण तीव्रता र प्रखरता भएको सहज बुद्धि वा मानसिक शक्ति; प्रज्ञा । २. कुनै पनि काम विशेष योग्यताका साथ गर्न सक्ने बुद्धिबल । ३. प्रकाशको चमक; प्रभा; टलक; टहक । **– वान्–** वि० १. प्रतिभाशाली । २. चमकदार । **– शाली–** वि० प्रतिभा भएको; प्रतिभायुक्त (व्यक्ति) ।

**प्रतिभास–** ना० [सं०] १. मनले सम्झिरहेको मानिस वा वस्तु देखेजस्तो हुने क्रिया; आभास; प्रतीति; भान; झझल्को । २. भ्रम हुने क्रिया; भ्रम ।

**प्रतिमा–** ना० [सं०] १. कसैको वास्तविक वा कल्पित रूपअनुसार बनाइएको काठ, माटो, पत्थर, धातु आदिको मूर्ति; अनुकृति । २. पूजा गर्दा कुनै देवताको मूर्तिको प्रतीक स्वरूप राखिएको ढुङ्गा, सुन, चाँदी आदिको टुक्रो; प्रतिमूर्ति । ३. कुनै मुख्य पदार्थ वा व्यक्तिका अभावमा त्यस्तै कुनै अर्को पदार्थ वा व्यक्तिको वर्णन गर्दा हुने काव्यालङ्कार ।

**प्रतिमान–** ना० [सं०] १. प्रतिबिम्ब; छाया । २. गुण, आकार-प्रकार जान्नका निम्ति झिकिएको, बनाइएको वा कोरिएको वस्तु वा वस्तुको अंश; नमुना । ३. प्रतियोगितात्मक कामकारबाईहरूमा नमुनाका रूपमा कायम गरिएको माथिल्लो स्तर वा मान; आदर्श; दृष्टान्त ।

**प्रतिमास–** क्रि० वि० [सं०] हरेक महिनामा; महिनैपिच्छे ।

**प्रतिमुख–** ना० [सं०] १. नाटकका पञ्चसन्धिमध्ये दोस्रो सन्धि; बिन्दु र यत्नको योगबाट बन्ने सन्धि । २. मुखको छाया । वि० ३. मुखका अघिल्तिरको; सम्मुखको; सामुन्नेको ।

**प्रतिमूर्ति–** ना० [सं०] कुनै वस्तु वा व्यक्तिको आकृतिको अनुकृति; प्रतिमा ।

**प्रतियोगिता–** ना० [सं०] १. बल, बुद्धि, योग्यता आदिमा अरूलाई जित्ने विचारले दाँजिने वा भिडिने क्रिया । २. बल, योग्यता आदिका दृष्टिले दाँजिन आउने व्यक्तिहरूको एकले अर्कोलाई जित्ने प्रयत्न । ३. प्रतियोगी हुनाको भाव; प्रतिस्पर्धा; होडबाजी ।

**प्रतियोगितात्मक–** वि० [सं०] प्रतियोगिताका लागि तयार गरिएको; प्रतियोगिताका दृष्टिले आयोजित; प्रतियोगितासम्बन्धी, प्रतिस्पर्धात्मक । ~ **परीक्षा–** ना० प्रतियोगिताद्वारा उत्तम व्यक्तिलाई

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



कुनै पद, पुरस्कार आदि दिनको लागि लिइने परीक्षा ।

**प्रतियोगी–** ना० [सं०] १. बल, योग्यता आदिमा अरूसँग दाँजिन आउने व्यक्ति; कुनै कामकुराको प्रतिस्पर्धामा भाग लिने वा लिन लायक व्यक्ति । २. कुनै कामकुराको विरोधमा उभिने व्यक्ति । वि० ३. बल, योग्यता आदिका दृष्टिले बराबरीको; प्रतिद्वन्द्वी; विरोधी ।

**प्रतिरक्षक–** वि० [सं०] भित्री, बाहिरी आक्रमणबाट वा अन्य कुनै प्रकारको खराबीबाट आफ्ना पक्षका जनतालाई वा देशलाई जोगाउने; प्रतिरक्षा गर्ने ।

**प्रतिरक्षण–** ना० [सं०] १. प्रतिरक्षा गर्ने क्रिया वा काम । २. प्रतिरक्षा ।

**प्रतिरक्षा–** ना० [सं०] भित्री-बाहिरी आक्रमणबाट, अन्य विपत्तिबाट वा रोगव्याधिबाट आफूलाई, आफ्ना पक्षकालाई तथा आफ्नो देशलाई बचाउने काम; प्रतिरक्षण । ~**आयोग–** ना० १. आफ्नो देश वा जनताको प्रतिरक्षासम्बन्धी व्यवस्था मिलाउन गठन गरिएको आयोग । २. रक्षासम्बन्धी विभिन्न कार्यहरूको सम्पादन गर्न गठित आयोग । ~**व्यय–** ना० कुनै पनि देशको सरकारले आफ्नो देशको प्रतिरक्षाका निमित्त गर्ने खर्च; आक्रमण आदिबाट देशलाई जोगाउन गरिने खर्च । >**प्रतिरक्षित–** वि० आक्रमण आदिबाट जोगाइएको; प्रतिरक्षा गरिएको ।

**प्रतिरूप–** ना० [सं०] कुनै व्यक्ति वा वस्तुसित रूप वा आकृतिमा मिल्ने अर्को व्यक्ति वा वस्तु; कुनै व्यक्ति वा वस्तुको रूपजस्तै रूप (चित्र, मूर्ति, प्रतिमा आदि) । >**प्रतिरूपक–** ना० १. प्रतिरूप । २. जाली वा नक्कली पत्र, सिक्का आदि ।

**प्रतिरोध–** ना० [सं०] १. कुनै किसिमको आक्रमण, बलप्रयोगलाई रोक्ने काम । २. कसैले गर्न लागेको काममा बाधा उपस्थित गर्ने काम; रोक; रोकावट; बाधा । ३. रोगका कीटाणुहरूको आक्रमणसँग भिड्न सक्ने काम; रोगका कीटाणुहरूको आक्रमणबाट आफूलाई जोगाउने क्रिया । >**प्रतिरोधक–** वि० रोकावट पैदा गर्ने; प्रतिरोध गर्ने; रोक्ने । **प्रतिरोधन–** ना० प्रतिरोधकार्य; प्रतिरोधविधि । **प्रतिरोधात्मक–** वि० प्रतिरोध खडा गर्ने उद्देश्यले बनेको; प्रतिरोधका लागि तयार पारिएको । **प्रतिरोधित–** वि० प्रतिरोध गरिएको । **प्रतिरोधी–** वि० प्रतिरोध गर्ने ।

**प्रतिरोपण–** ना० [सं०] १. एक ठाउँको बिरुवा अर्का ठाउँमा सार्ने काम । २. शल्यचिकित्सा गरी एउटा प्राणीको सडेबिग्रेको हृदयका स्थानमा अर्को प्राणीको हृदय राख्ने काम । ३. एक ठाउँको छाला, मासु आदि झिकी अर्को ठाउँमा सिउने, टाँस्ने आदि काम (प्लास्टिक सर्जरी, ट्रान्सप्लान्टेसन इ०) ।

**प्रतिलाभ–** ना० [सं०] कुनै कुरा दिए वा छोडेबापत अर्को कुराको प्राप्ति; अन्यत्र गइसकेको वा हराइसकेको वस्तु फेरि पाउने क्रिया; गुमेको वस्तुको पुनःप्राप्ति; पुनरुपलब्धि; पुनर्लाभ ।

**प्रतिलिपि–** ना० [सं०] कुनै कागतपत्र, लेख, रचना, तस्बिर आदिको जस्तातस्तै उतारिएको वा नक्कल गरिएको प्रति; नक्कलप्रति; नक्कल । ~**अधिकार–** ना० आफ्नो वा अर्काको लेख, रचना, पुस्तक आदिको प्रतिलिपि उतार्ने वा नक्कल लिने र पुनर्मुद्रण वा पुनः प्रकाशन गराउने कानुनी अधिकार; कपीराइट । >**प्रतिलिपिक–** ना० कुनै कागतपत्र, लेख, रचना आदिको प्रतिलिपि उतार्ने वा नक्कल सार्ने व्यक्ति । **प्रतिलिपित–** वि० प्रतिलिपि लिइएको वा नक्कल उतारिएको (कागतपत्र, लेख, रचना आदि) ।

**प्रतिलेखक–** ना० [सं०] प्रतिलिपिक ।

**प्रतिलेखन–** ना० [सं०] १. प्रतिलिपि लिने काम; सक्कलबमोजिम नक्कल सार्ने काम । २. प्रतिलिपि ।

**प्रतिलोम–** वि० [सं०] १. नमिल्ने; उल्टो; विपरीत । २. अर्कै गोत्र, जात, गुण आदिको । ना० ३. कुनै ठाउँदेखि सीधा उल्टोपट्टिको ठाउँ; वितल । – **ज–** वि० प्रतिलोम विवाह वा प्रतिलोम सम्बन्धबाट जन्मिएको । >**प्रतिलोमन–** ना० १. विपरीत दिशातिर मोडेर गतिशीलता प्रदान गर्ने क्रिया; विपरीत दिशातिर मोड्ने क्रिया । २. गोत्र छलेर बिहे गर्ने नीति । ~**विवाह–** ना० १. गोत्र छलेर गरिएको विवाह । २. चार वर्णमध्ये तल्लो वर्णको पुरुष र माथिल्लो वर्णकी स्त्रीका बीचको विवाह ।

**प्रतिवचन–** ना० [सं०] १. कसैले बोलेको वचनको उत्तरमा आएको वचन; जवाफका रूपमा निस्केको वचन; जवाफ; उत्तर । २. प्रतिध्वनि । ३. दच्किएर निकालिएको आवाज ।

**प्रतिवस्तु–** ना० [सं०] १. शरीरबाट पैदा हुने र शरीरमा प्रवेश गरेको जैविक तथा रासायनिक वस्तुलाई निष्क्रिय पार्ने वस्तु । २. कुनै वस्तुसित रूप वा आकृतिमा मिल्ने अर्को वस्तु; उपमान । ३. एउटा वस्तुका बदलामा दिइने अर्को वस्तु । >**प्रतिवस्तूपमा–** ना० दुई पृथक्-पृथक् वाक्यमा भिन्न शब्दद्वारा उपमान र उपमेयको एउटै समान वा साधारण धर्म देखाउँदा हुने एक अर्थालङ्कार ।

**प्रतिवहन–** ना० [सं०] १. विपरीत दिशाबाट बग्ने काम । २. रगत, पानी आदिको असामान्य दिशातर्फको बगाइ ।

**प्रतिवाद–** ना० [सं०] १. कसैको मत, विचार, कथन आदिलाई झूटो वा तथ्यहीन सिद्ध गर्न दिइएको जवाफ । २. मुद्दामामिलामा वादीले भनेका कुरा वा लगाएको अभियोगलाई खण्डन गर्न दिइएको जवाफ । ३. कुनै गलत वा चित्त नबुझ्ने कुराको विरोध; खण्डन । ४. प्रतिवादीले दिएको नालिस वा नालिसको लिखत । >**प्रतिवादिता–** ना० प्रतिवाद-धर्म; प्रतिवाद गर्ने गुण वा कार्य ।

**प्रतिवादी–** ना० [सं०] १. झूटो वा चित्त नबुझ्दो कुराको जवाफ दिने व्यक्ति; अर्काले भनेका कुराको खण्डन गर्ने व्यक्ति । २. मुद्दामामिलामा वादीका कुराको विरोधमा उत्तर दिने व्यक्ति; वादीको झगडिया । ३. वादीले भनेका कुरा वा लगाएको आरोपको उत्तर लेखिएको पत्र; प्रत्युत्तरपत्र । ~ **खमाइ/पेसाइ–** ना० प्रतिवादीद्वारा अदालतमा वादीका फिरादका विपक्षमा

प्रतिउत्तरपत्रको प्रस्तुति वा पेसाइ ।

**प्रतिविम्ब–** ना० [सं०] हे० प्रतिबिम्ब ।

**प्रतिविष–** ना० [सं०] विषले पार्ने असरभन्दा उल्टा असर पारेर विषको विरुद्ध काम गर्ने विष वा विषनिर्मित औषधी (एन्टिभेनम-भ्याक्सिन) ।

**प्रतिवेदक–** वि० [सं०] १. प्रतिवेदन पेस गर्ने । ना० २. प्रतिवेदन पेस गर्ने व्यक्ति ।

**प्रतिवेदन–** ना० [सं०] १. कुनै घटना, कार्य, योजना आदिका सम्बन्धमा छानबिन, पुछताछ आदि कार्य गरिसकेपछि सम्बन्धित अधिकारी वा सभा आदिका अगाडि प्रस्तुत गर्न तयार पारिएको विवरण । २. कुनै घटना वा कामका बारेमा कसैलाई दिइने कार्यविवरण; कुनै घटना वा कामका विषयमा तालुकवालाकहाँ जाहेर गर्ने जाहेरी; टिपोट ।

**प्रतिवेश–** ना० [सं०] आसपासको ठाउँ वा बस्ती; छिमेक । > **प्रतिवेशी–** वि०/ना० छिमेकी ।

**प्रतिव्यक्ति–** क्रि० वि० [सं०] १. प्रत्येक व्यक्तिमा; व्यक्तिपिच्छे । वि० २. प्रत्येक व्यक्तिमा लाग्ने । ~**कर–** ना० कुनै कारणवश तोकिएको समयसम्म हरेक व्यक्तिमा लाग्ने कर ।

**प्रतिशत–** क्रि० वि० [सं०] १. हरेक सयको सङ्ख्यामा; प्रत्येक सयमा; सयकडा; सयका सङ्ख्यैपिच्छे । ना० २. प्रत्येक सयको खास अंश ।

**प्रतिशब्द–** ना० [सं०] १. प्रतिध्वनि । २. समान अर्थ बुझाउने अर्को शब्द; पर्याय । क्रि० वि० ३. प्रत्येक शब्दमा; शब्दैपिच्छे ।

**प्रतिशाप–** ना० [सं०] कसैले दिएको शापको बदलामा दिइने शाप; सराप्नेलाई दिइने सराप ।

**प्रतिशुल्क–** ना० [सं०] १. आयात गरिएको वस्तु स्वदेशमा उत्पादित वस्तुभन्दा सस्तो नहोस् भन्ने उद्देश्यले लगाइने शुल्क । २. विदेशद्वारा पहिले नै लगाइएको कुनै शुल्कको अनिष्टकारी प्रभाव व्यर्थ पार्न लगाइने कर ।

**प्रतिशोध–** ना० [सं०] कसैले गरेको कुनै अपकार वा हानिनोक्सानीमा बदला लिनाका निम्ति गरिने काम; साटो फेर्ने काम; प्रतिकार; प्रतिहिंसा; बदला; साटोफेराइ ।

**प्रतिश्रवण–** ना० [सं०] १. राम्ररी सुन्ने क्रियाप्रक्रिया; सुनाइ । २. प्रतिज्ञा; अठोट; वाचाबन्धन ।

**प्रतिश्रुत–** वि० [सं०] १. राम्ररी सुनिएको । २. प्रतिज्ञा गरिएको; वचन दिइएको । >**प्रतिश्रुति–** ना० १. प्रतिवचन । २. प्रतिध्वनि । ३. निश्चितता; ठोकुवा ।

**प्रतिषेध–** ना० [सं०] १. कुनै अड्डाअदालतबाट वा कुनै संस्था, व्यक्ति आदिबाट हुन लागेको कुनै कामकारबाई अधिकारभन्दा बाहिरको भएमा सो कामकारबाई रोक्न त्यस्ता अड्डाअदालत, संस्था वा व्यक्तिलाई सर्वोच्च अदालतले दिने आदेश । २. कुनै कुरामा रोक लगाउने काम; निषेध; मनाही । ३. कुनै कुरालाई हटाउने काम; निवारण । >**प्रतिषेधक–** वि० प्रतिषेध गर्ने (लिखत, व्यक्ति वा अड्डा) । ~**लेख–** ना० कुनै मुद्दामामिलाका सिलसिलामा भइरहेको बहसको सुनुवाइ बन्द गर्न सर्वोच्च अदालतद्वारा उसका मातहतका अदालतलाई दिइने लिखित आदेश । ~**समावेश–** ना० कुनै मुद्दाका सिलसिलामा भइरहेको बहस वा पुर्पक्ष बन्द गर्न माथिल्लो अदालतबाट तल्लो अदालतका न्यायाधीश वा मुद्दाका पक्ष वा विपक्षका नाउँमा जारी गरिने आदेश । **प्रतिषेधाधिकार–** ना० १. कुनै पनि देशका राष्ट्राध्यक्षको, विधायिकाद्वारा पारित वा स्वीकृत कुनै विधेयक वा प्रस्तावलाई अमान्य ठहऱ्याउन सक्ने अधिकार । २. सुरक्षापरिषद्द्वारा पारित वा स्वीकृत कुनै प्रस्तावलाई कार्यान्वित हुनबाट रोक्न सक्ने, विश्वका पाँच राष्ट्र– अमेरिका, बेलायत, फ्रान्स, रूस र चीनको विशेषाधिकार; निषेधाधिकार; भिटो ।

**प्रतिष्ठा–** ना० [सं०] १. मानमर्यादा राख्ने काम; आदरसत्कार गर्ने काम; मान; सम्मान; इज्जत । २. कसैको राम्रो नाम चल्ने क्रिया; राम्रो नाम; यश; कीर्ति । ३. कुनै देवादि वा व्यक्तिविशेषका मूर्ति, सालिक आदिको ससम्मान गरिने स्थापना । ४. एक पाउमा चार अक्षर हुने छन्दविशेष ।

**प्रतिष्ठान–** ना० [सं०] १. स्थापना गर्ने काम; राख्ने काम; रखाइ । २. प्रतिष्ठापूर्ण रूपमा स्थापित कुनै संस्था । – **पत्र–** ना० कुनै व्यापारिक सङ्घ, संस्था आदिको विधिवत् स्थापनाभन्दा पहिले त्यस्ता संघ, संस्था आदिका नाम, उद्देश्य दिएर सार्वजनिक रूपमा प्रकाशित गरिने र विधिवत् दर्ता गरिने पत्र ।

**प्रतिष्ठा पत्र–** ना० [सं०] कसैको आदर, सम्मान वा प्रतिष्ठा सूचित गर्न दिइने पत्र; मानपत्र ।

**प्रतिष्ठापन–** ना० [सं०] देवादि मूर्ति वा व्यक्तिविशेषको सालिक आदि स्थापना गर्ने काम; ससम्मान गरिने स्थापना ।

**प्रतिष्ठावान्–** वि० [सं०] प्रतिष्ठा भएको; मान भएको; प्रतिष्ठित; सम्मानित (व्यक्ति) ।

**प्रतिष्ठित–** वि० [सं०] १. इज्जत-प्रतिष्ठा भएको; मानसम्मान पाएको । २. प्रसिद्धि पाएको; प्रसिद्ध; प्रख्यात ।

**प्रतिसंस्कार–** ना० [सं०] १. बिग्रेभत्केका वस्तुको मर्मत; जीर्णोद्धार; स्थित्युद्धार । २. पुनः संस्कार ।

**प्रतिसंस्कृत–** वि० [सं०] मर्मत गरिएको; सुधारिएको; पुनः संस्कार गरिएको ।

**प्रतिसत्कार–** ना० [सं०] सत्कारका बदलामा गरिने सत्कार ।

**प्रतिसन्देश–** ना० [सं०] खबरका रूपमा पठाइएको जवाफ ।

**प्रतिसन्धान–** ना० [सं०] १. धनुमा बाण चढाउने काम । २. जोड्ने काम; जोडा मिलाउने काम । ३. खोजी गर्ने काम; खोजी; अनुसन्धान ।

**प्रतिसरकार–** ना० [सं०] कुनै देशमा प्रतिष्ठित वा विद्यमान सरकारका विरोधमा त्यसै देशको केही भागमा अधिकार जमाएर बसेको वा शासन गरेर बसेको अर्को सरकार; समानान्तर सरकार ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**प्रतिस्थापन ⁄ प्रतिस्थापना–** ना० [सं०] १. कुनै प्रक्रियामा अडेका वस्तुको सट्टा अर्को वस्तु प्रयोगमा ल्याउने काम । २. प्रतिष्ठापन ।

**प्रतिस्पर्धा–** ना० [सं०] १. केही कुरामा आफू उत्तम हुन वा आफूले जित्न गरिएको उछिनपाछिन; प्रतियोगिता; होडबाजी । २. अभिमान; सेखी; फुइँ । > **प्रतिस्पर्धी–** वि० प्रतिस्पर्धा गर्ने; प्रतिद्वन्द्विता गर्ने; होडबाजी गर्ने ।

**प्रतिहस्ताक्षर–** ना० [सं०] पहिले एउटाले हस्ताक्षर गरेर फेरि अर्को अधिकारीले पनि हस्ताक्षर गर्ने काम । > **प्रतिहस्ताक्षरित–** वि० प्रतिहस्ताक्षर गरिएको (लेख, अनुबन्धन, सम्झौता आदि) ।

**प्रतिहार–** ना० [सं०] १. राजकाजका दृष्टिले महत्त्वपूर्ण मेल, झगडा, सैनिक तयारी आदि व्यवहारका अनेक कामकुरा राजाकहाँ जाहेर गर्ने राजदरबारको पाले; द्वारपाल; प्रतीहार । २. ढोके । ३. ढोका; दैलो । > **प्रतिहारी–** ना० १. प्राचीन कालमा राजाका ढोकामा ढोकेको काम गरेर बस्ने स्त्री; द्वारपालको काम गर्ने स्त्री; प्रतीहारी । २. प्रतिहार ।

**प्रतिहिंसा–** ना० [सं०] १. हिंसाका बदलामा गरिने हिंसा; मनमा हिंसाको भाव राखेर लिइने बदला । २. बदला; साटोफेराइ ।

**प्रतीक–** ना० [सं०] १. समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनु । २. अन्य कुनै वस्तुको भावनात्मकता वा प्रतिनिधित्वका रूपमा व्यवहार चलाइने अर्को कुनै पदार्थ । ३. चिह्न; लक्षण; निसाना । ४. चित्र; मूर्ति; प्रतिमूर्ति; प्रतिमा । ५. कुनै एउटा मन्त्र, श्लोक, वाक्य आदिको पूरा अर्थबोध गराउन राखिएको कुनै अर्को पद, अक्षर आदि । वि० ६. प्रतिकूल; विरुद्ध । – **वाद–** ना० प्रतीकहरूको प्रयोगमा जोड दिने र कुनै पनि वस्तु, भाव, विषय आदिको प्रस्तुतीकरण अपारम्परिक प्रतीकहरूका माध्यमद्वारा गर्न खोज्ने साहित्यिक वा चित्रकलासम्बन्धी अभिव्यञ्जना-परिपाटी । – **वादी–** वि० १. प्रतीकवादमा विश्वास गर्ने; प्रतीकवादको अनुयायी । २. प्रतीकवादसम्बन्धी ।

**प्रतीकात्मक–** वि० [सं०] १. प्रतीकका माध्यमले व्यक्त हुने; प्रतीकका सहायताले भाव, विषय, वस्तु आदिको बोध गराइएको (साहित्यिक रचना) । २. प्रतीकसित सम्बद्ध; प्रतीकसम्बन्धी; प्रतीकको । – **ता–** ना० प्रतीकात्मक हुनाको भाव वा स्थिति ।

**प्रतीक्षक–** वि० [सं०] १. प्रतीक्षा गर्ने; पर्खने । ना० २. प्रतीक्षा गर्ने व्यक्ति ।

**प्रतीक्षण–** ना० [सं०] प्रतीक्षा गर्ने काम; प्रतीक्षा ।

**प्रतीक्षा–** ना० [सं०] १. चाहेको वा खोजेको कुनै व्यक्ति, वस्तु आदिलाई भेट्न वा पाउन गरिएको ढुकाइ; कुराइ; रुडाइ । २. कुनै काम हुने आशामा गरिएको पर्खाइ; बाटोहेराइ । – **कारी–** वि० प्रतीक्षक । ~ **गृह–** ना० प्रतीक्षालय । > **प्रतीक्षालय–** ना० १. रेलगाडी, हवाईजहाज आदि नआउँदासम्म प्रतीक्षा गर्न यात्रीहरू बस्ने घर वा कोठा; यात्रीहरूले रेल आदि पर्खंदा बस्ने ठाउँ । २. कुनै मन्त्री, सचिव वा अन्य विशिष्ट व्यक्तिसित भेटघाट गर्न बसेर पर्खने कोठा वा ठाउँ । ३. घरमा आएका व्यक्तिलाई भेट दिने कोठा । **प्रतीक्षित–** वि० पर्खिएको; प्रतीक्षा गरिएको । **प्रतीक्ष्य–** वि० १. पर्खनुपर्ने; प्रतीक्षा गर्नुपर्ने । २. पर्खन लायक; प्रतीक्षायोग्य । ३. पूजायोग्य; पूजनीय ।

**प्रतीची–** ना० [सं०] पूर्वको विपरीत दिशा; पश्चिम दिशा । > **प्रतीच्य–** वि० पश्चिमको; पश्चिमी ।

**प्रतीत–** वि० [सं०] १. पत्यार गरिएको; पत्याइएको; विश्वास गरिएको; विश्वस्त । २. मनमनै धारणा लिइएको वा निश्चय गरिएको; मनमा लागेको । ३.जानिएको; ज्ञात । ४. आभास भएको; भान भएको । ना० ५. पत्यार; आभास; भान । ~ **पत्र–** ना० १. सरकारको, जनताको वा अरू कुनै साधिकार व्यक्तिको प्रतिनिधिका रूपमा काम गर्ने अधिकार दिइएको पत्र; अख्तियारनामा । २. कसैले आफ्नो प्रतिनिधिका रूपमा कुनै सङ्घ, संस्था, सभा, सरकारी अड्डाखाना आदिमा उपस्थित भएर काम गर्न कुनै व्यक्तिलाई लेखिदिएको अधिकारपत्र; वारिसनामा । ३. विश्वास दिलाउनका निम्ति लेखिएको पत्र; विश्वासपत्र । ४. एक ब्याङ्कबाट अर्को ब्याङ्कका नाममा फलानाको यति रुपियाँले भ्याएसम्म चेक, ड्राफ्ट वा हुन्डीहरू स्वीकार गर्नू भनी लेखिएको पत्र ।

**प्रतीति–** ना० [सं०] १. प्रतीत हुनाको भाव वा स्थिति; पत्यार; विश्वास । २. जान्ने वा थाहा पाउने क्रिया; ज्ञान । ३. भान ।

**प्रतीत्यसमुत्पाद–** ना० [सं०] प्राणी प्रत्येक क्षण मर्छ र प्रत्येक क्षण जन्मन्छ भन्ने बौद्ध दर्शनको एक सिद्धान्त ।

**प्रतीप–** वि० [सं०] १. विपरीत । ना० २. उपमानभन्दा उपमेयको उत्कृष्टता देखाएर वा उपमानलाई उपमेय बनाएर वर्णन गर्दा हुने एक अर्थालङ्कार; उपमाको उल्टो अलङ्कार ।

**प्रतीयमान–** वि० [सं०] १. वास्तविक नभए पनि वास्तविकजस्तो लाग्ने; साँचैजस्तो भान पर्ने; प्रतीत हुने (रूप आदि) । ना० २. व्यञ्जनावृत्तिद्वारा प्राप्त हुने अर्थ; ध्वनिगत अर्थ; व्यङ्ग्यार्थ ।

**प्रतीहार–** ना०हे० प्रतिहार । > **प्रतीहारी–** ना० प्रतिहारी ।

**प्रत्यक्ष–** वि० [सं०] १. आँखाअगिल्तिरको; आँखाले देखिने । २. राम्ररी देखिने; छर्लङ्ग देखिने; स्पष्ट; खुलस्त; साफ । ३. इन्द्रियद्वारा थाहा पाइने । विप० परोक्ष । ना० ४. न्यायशास्त्रअनुसार इन्द्रिय र वस्तुको सम्पर्कबाट हुने ज्ञान; चार प्रकारका प्रमाणमध्ये पहिलो प्रमाण । ५. क्रि० वि० ⁄ ना० यो० अघिल्तिर; सामुन्ने । ~ **कर–** ना० कुनै वस्तुको आयातनिर्यातमा र उत्पादन आदिमा लाग्ने वा लागेको कर । ~ **करार–** ना० प्रत्यक्ष संविदा । ~ **ज्ञान–** ना० प्रत्यक्ष स्रोतबाट प्राप्त भएको ज्ञान; आफ्नै ज्ञानेन्द्रियद्वारा पाइएको ज्ञान । > **प्रत्यक्षण–** ना० कुनै कुरालाई मनले प्रत्यक्ष अनुभव गर्ने क्रिया; प्रत्यक्षीकरण । – **तः–** क्रि० वि० प्रत्यक्ष रूपमा; स्पष्ट रूपमा; खुलस्त । – **ता ⁄ त्व–** ना० प्रत्यक्ष हुने, होइने वा हुन लगाउने गुण; प्रत्यक्षको विशेषता । ~ **दर्शन–** ना०

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



आफ्नै आँखाद्वारा गरिएको दर्शन; साक्षात्कार । – **दर्शी**– वि० १. कुनै घटना, चित्र आदिलाई आफ्नै आँखाले देख्ने; खुद देख्ने । ना० २. साक्षी; गवाही । ~ **निर्वाचन**– ना० राष्ट्रपति वा सर्वोच्च विधायिकाका प्रतिनिधि आदिलाई जनताले सोझै चुन्ने काम । ~ **प्रमाण**– ना० १. आफ्नै आँखाले देखेको प्रमाण; प्रत्यक्षदर्शीद्वारा दिइएको प्रमाण । २. न्यायशास्त्रका चार प्रमाणमध्ये पहिलो प्रमाण । ~ **लिपि**– ना० आसामीले धनीका सामुन्ने बसेर गरिदिएको लिखत; तमसुक । – **वाद**– ना० प्रत्यक्ष वा देखेका, सुनेका, भोगेका आदि कुरालाई मात्र प्रामाणिक वा वास्तविक मानी अदृश्य रूपमा रहेको त्यसको मूलकारण वा अन्तर्निहित कारणको वास्ता नगर्ने एक दार्शनिक सिद्धान्त; चार्वाकमत । – **वादी**– वि० १. प्रत्यक्षवादमा विश्वास गर्ने; प्रत्यक्षवादको अनुयायी । २. नास्तिक । ~ **शासन**– ना० १. राजा वा राष्ट्रपति आदिद्वारा संसद्, मन्त्रिमण्डल आदिका माध्यमद्वारा शासन नगरी सोझै शासन गर्ने काम । २. राजा, राष्ट्रपति वा केन्द्रीय सरकारले पूरै देशको वा देशका कुनै भागको सोझै शासन गर्ने प्रक्रिया । > **प्रत्यक्षीकरण**– ना० १. कुनै विषयवस्तुलाई प्रत्यक्ष देख्ने वा ज्ञानेन्द्रियले अनुभव ज्ञान गर्ने काम; साक्षात्कार । २. प्रत्यक्षण । **प्रत्यक्षीकृत**– वि० साक्षात्कार गरिएको । **प्रत्यक्षीभूत**– वि० प्रत्यक्ष भइसकेको ।

**प्रत्यङ्ग**– ना० [सं०] हात, खुट्टा आदि शरीरका एक-एक अङ्ग; शरीरका सानातिना अङ्ग; उपाङ्ग (प्रायः अङ्ग शब्दको पछिल्तिर जोडिएर प्रयोग हुने, जस्तै– अङ्गप्रत्यङ्ग) ।

**प्रत्यङ्मुख**– वि० [सं०] पश्चिमतिर मुख फर्केको; पश्चिमतिर फर्केको ।

**प्रत्यञ्चा**– ना० [सं० प्रत्यञ्च] बाण छोड्न सहायक हुने धनुको डोरी; ताँदो; परिन्जो ।

**प्रत्यपकार**– ना० [सं०] अपकार गर्नेसितको साटोफेराइ ।

**प्रत्यभिज्ञा/प्रत्यभिज्ञान**– ना० [सं०] १. पहिले देखेका वा तीसित मिल्दाजुल्दा व्यक्ति, वस्तु आदिलाई कालान्तरमा देख्दा मनमा आउने अघिका कुराको स्मृति; स्मृतिका आधारमा हुने पुराना कुराको ज्ञान । २. चिनापर्ची; चिनारी; परिचय ।

**प्रत्यय**– ना० [सं०] १. विश्वास; पत्यार । २. कुनै धातु वा शब्दको अन्तमा जोडिएर कुनै विशेष अर्थ वा प्रकृतिकै अर्थ बुझाउने वर्ण वा वर्णसमूह; परसर्ग (उदा०– इलो, एलु, दार इ०) । > **प्रत्ययन**– ना० प्रत्यय वा सद्भावनालाई ग्रहण अथवा संश्लिष्ट गराउने प्रक्रिया; प्रतिभाशक्तिको कार्यव्यापार; भावन । ~ **पत्र**– ना० १. कुनै व्यापारी वा महाजनद्वारा निजको खाताबाट वा ऋणका रूपमा यति रुपियाँ दिनू भनी कुनै व्यक्तिका सम्बन्धमा लेखी सोही व्यक्तिलाई दिइएको पत्र; विश्वासपत्र । २. सरोकारवालाले जानून् भनी थर-ठेगाना, नाम आदिसमेत खुलाई कुनै ठूलो व्यक्ति वा संस्थाले लेखिदिएको कसैका बारेको पत्र; परिचयपत्र ।

**प्रत्यर्पण**– ना० [सं०] कुनै वस्तु जसको हो त्यसैलाई गरिएको अर्पण; फिर्ता ।

**प्रत्यवाय**– ना० [सं०] सन्ध्या, उपासना आदि शास्त्रोक्त नित्यकर्म नगर्नाले लाग्ने दोष वा पाप । > **प्रत्यवायी**– वि० सन्ध्या, उपासना आदि शास्त्रोक्त नित्यकर्म नगर्ने; शास्त्रविहित नित्यकर्म नगर्नाले दोषी ।

**प्रत्याक्रमण**– ना० [सं०] कसैले गरेको आक्रमणका बदलामा गरिने आक्रमण; झिकीकटक ।

**प्रत्याख्यान**– ना० [सं०] १. कसैको कुनै सिद्धान्त वा विचारमा देखापरेको भ्रमपूर्ण कुराको खण्डन; निराकरण । २. कसैले लगाएको आरोप वा आक्षेपको अस्वीकृति; नामन्जुरी । ३. विरोध । ४. कथा, उपन्यास आदिमा कथातत्त्वको अभाव हुनुपर्छ भन्ने एक परिपाटी र उक्त परिपाटीका अनुयायीहरूको कृति; अकथा वा अउपन्यास ।

**प्रत्यागमन**– ना० [सं०] फर्केर आउने काम; फर्कने काम; फिर्ती यात्रा ।

**प्रत्याघात**– ना० [सं०] आघात गर्नेका विरुद्ध गरिने आघात; ढुङ्गाद्वारा दिइएको ईंटको जवाफ (व्यङ्ग्यार्थमा) ।

**प्रत्यादेश**– ना० [सं०] १. भइरहेको कुनै आदेशका बदलामा आएको आदेश । २. कुनै कुराको प्रत्याख्यान; निराकरण । ३. कुनै कुराको अस्वीकृति; नामन्जुरी । ४. माथिल्ला तहको अधिकारीले दिएको कुनै आदेशलाई मध्यवर्ती अधिकारीले तल्ला तहका कर्मचारीसमक्ष पुर्‍याउने काम; माथिल्लो तहको कर्मचारीअनुसार तल्ला तहका कर्मचारीलाई आदेश दिने काम ।

**प्रत्यायुक्त**– वि० [सं०] १. कुनै सङ्घ, संस्था, सभा आदिमा वा कुनै विशेष काममा केही अधिकार प्रदान गरी पठाइएको; प्रतिनियुक्त । ना० २. त्यसरी तैनाथ गरिएको व्यक्ति वा व्यक्ति-समुदाय ।

**प्रत्यायोजन**– ना० [सं०] १. कुनै सङ्घ, संस्था र कार्यालयले वा कुनै पदाधिकारीले केही समयका लागि आफ्नो सम्पूर्ण वा केही अधिकार कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने क्रिया । २. आफ्ना मातहतको कुनै वस्तु अरूलाई हस्तान्तरण गर्ने वा सुम्पने काम ।

**प्रत्यायोजित**– वि० [सं०] अर्कालाई सुम्पिएको; प्रत्यायोजन गरिएको ।

**प्रत्यारोप**– ना० [सं०] कसैले लगाएको आरोपका बदलामा आफूले आरोप लगाउने काम; जवाफी आरोप ।

**प्रत्यालोचना**– ना० [सं०] कसैले गरेको आलोचनाका बदलामा गरिने आलोचना वा त्यस सन्दर्भमा दिइने स्पष्टीकरण ।

**प्रत्यावर्तन**– ना० [सं०] १. प्रत्यागमन । २. प्रकाश, ध्वनि आदिको कतै फर्केर पुनः उत्पत्तिस्थलतिरको आगमन (प्रतिध्वनन) ।

**प्रत्यावर्तित**– वि० [सं०] छोडेर गएको ठाउँमा फेरि फर्केको ।

**प्रत्याशित**– वि० [सं०] १. पहिलेदेखि आशा गरिएको । २. अन्दाज गरिएको; सम्भावित ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**प्रत्याशी**– ना० [सं०] १. कुनै पद वा स्थानका निम्ति निर्वाचनमा उठ्ने उम्मेदवार । वि० २. केही कुराको आशा गर्ने ।

**प्रत्याहार**– ना० [सं०] १. इन्द्रियहरूलाई विषयवासनाबाट हटाएर चित्त एकाग्र पार्ने साधना; योगका आठ अङ्गमध्ये एक; इन्द्रियनिग्रह । २. पाणिनीय व्याकरणमा माहेश्वरसूत्रका आधारमा बनेका अच् आदि प्रत्याहार ।

**प्रत्याह्वान**– ना० [सं०] १. कुनै पदाधिकारी, विदेश गएका प्रतिनिधि, राजदूत, वाणिज्यदूत आदिलाई गएका ठाउँबाट वा रहेका पदबाट फिर्ता बोलाउने काम; वापस बोलाउने काम । २. निर्वाचनमा छानिएर गाउँ, नगर, जिल्ला, राष्ट्रिय तहमा पुगेका प्रतिनिधिलाई कुनै कारणवश निर्वाचकसमूहले फेरि फिर्ता बोलाई गरिने पदच्युतकार्य वा पदनिलम्बनकार्य ।

**प्रत्युक्ति**– ना० [सं०] कसैको उक्तिका बदलामा बोलिने वा भनिने उक्ति ।

**प्रत्युच्चारण**– ना० [सं०] दोहोऱ्याएर गरिने वा गरिएको उच्चारण; पुनरुक्ति ।

**प्रत्युत्तर**– ना० [सं०] कसैको जवाफका बदलामा दिइने वा दिइएको जवाफ; उत्तर आएपछि दिइने उत्तर ।

**प्रत्युत्थान**– ना० [सं०] आफ्ना मान्य वा पूज्य व्यक्तिको आगमन हुँदा सम्मानका निम्ति बसेको ठाउँबाट उठ्ने काम; आउन लागेका पूज्य वा मान्यजनलाई केही परसम्म लिन जाने काम ।

**प्रत्युत्थित**– वि० [सं०] प्रत्युत्थान गरिएको वा भएको ।

**प्रत्युत्पन्न**– वि० [सं०] तत्काल उत्पन्न हुने; ठीक समयमा ठीक जवाफ दिन सक्ने । ~ **मति**– वि० १. मौकामा तत्काल युक्तिसङ्गत उत्तर दिन सक्ने बुद्धि भएको; ठीक समयमा ठीक उपाय सोच्न सक्ने खुबी भएको । ना० २. मौकामा सही उत्तर दिने वा सही निर्णय गर्न सक्ने मति ।

**प्रत्युपकार**– ना० [सं०] कसैले गरेको उपकारका बदलामा गरिने उपकार । > **प्रत्युपकारी**– वि० उपकारका बदलामा उपकार गर्ने ।

**प्रत्येक**– वि० [सं०] हरएक; हरेक ।

**प्रत्यौषध**– ना० [सं०] एक औषधीको विकार वा प्रतिक्रियालाई शमन गर्ने अर्को औषधी (एन्टिडोज) ।

**प्रथम**– वि० [सं०] १. गिन्ती गर्दा सबभन्दा पहिले आउने; पहिलो । २. सबैभन्दा असल; सर्वोत्तम । ३. सबैभन्दा मुख्य; प्रधान । क्रि० वि० ४. अगाडि; पहिले । ५. प्रथमतः । ~ **अन्तरहिमानी**– ना० आजभन्दा छ लाख वर्षपहिले प्रारम्भ भएको हिमानीपछिको युग; प्रथम हिमानीभन्दा पछि र द्वितीय हिमानीभन्दा पहिलेको बीचको समय । ~ **कल्प**– ना० गर्नुपर्ने उपायहरूमध्ये सबभन्दा उत्तम उपाय; सबभन्दा उत्तम पक्ष । ~ **खण्ड**– ना० १. जीवकल्पको समयको विभाजनमा पहिलो खण्ड; पुराजीवको अर्को नाम । २. पहिलो भाग वा अध्याय । – **तः**– क्रि० वि० पहिलो उक्तिका रूपमा भन्ने हो भने; पहिलो भनाइका अनुसार । ~ **पुरुष**– ना० १. व्याकरणअनुसार कुनै काम-कुरा गर्ने वा गर्नेहरूलाई बुझाउने सर्वनाम; म, हामी र यिनका साथ लाग्ने क्रियालाई बुझाउने शब्द । २. सम्पर्कमा आएको पहिलो व्यक्ति । ३. बहुपति विवाहप्रथा भएका समाजमा जेठो चाहिँ लोग्ने (उदा०– युधिष्ठिर द्रौपदीका प्रथम पुरुष थिए) । ४. पोइल आएकी आइमाईको पहिलोचाहिँ पोइ । ~ **पुरुषात्मक**– वि० व्याकरणका अनुसार प्रथमपुरुष शैलीमा लेखिएको (कथा, उपन्यास आदि) । ~ **श्रेणी**– ना० सबैभन्दा पहिलो स्तर; उत्तमकक्षा । ~ **हिमानी**– ना० आजभन्दा लगभग दस लाख वर्षपहिले प्रारम्भ भएको हिमयुगको समय; चार हिमयुगमध्ये पहिलो हिमयुग ।

**प्रथमा**– ना० [सं०] १. व्याकरणअनुसार वाक्यको उद्देश्यलाई जनाउने विभक्ति वा प्रत्ययसँग सम्बन्धित कारकको प्रतिनिधित्व गर्ने विभक्ति; कर्तासँग सम्बन्धित विभक्ति । २. कर्तृकारक (अप्राविधिक अर्थ) । ३. संस्कृतका परीक्षाहरूमध्ये पहिलो परीक्षा । ४. जेठी छोरी । वि० ५. पहिलो (विभक्ति, परीक्षा आदि) । > **प्रथमार्द्ध/प्रथमार्ध**– ना० कुनै कुरालाई दुई बराबर भागमा बाँड्दा हुने अर्धमध्ये पहिलो अर्ध; उत्तरार्धको उल्टो अर्ध । **प्रथमाश्रम**– ना० ब्रह्मचर्याश्रम ।

**प्रथा**– ना० [सं०] पितापुर्खाका पालादेखि वर्तमानसम्म चल्दै आएको र जीवनलाई प्रभावित पार्दै आएको रीतिरिवाज; पहिलेदेखि चलिआएको चालचलन; परम्परागत परिपाटी; बूढीरूढि । > **प्रथित**– वि० १. फैलिएको; फिँजिएको । २. प्रसिद्ध; विख्यात ।

**प्रद**– वि० [सं०] नाम शब्दका पछाडि जोडिने र 'दिने' भन्ने अर्थ बुझाउने विशेषणवाचक उत्तरपद (ज्ञानप्रद, बुद्धिप्रद, शिक्षाप्रद इ०) ।

**प्रदक्षिणा**– ना० [सं०] १. कुनै देवमूर्तिलाई, मन्दिरलाई वा बर-पीपल आदि वृक्षलाई दाहिनेपट्टि पारी भक्तिपूर्वक चारैतिर घुम्ने काम । २. कुनै व्यक्ति वा वस्तुका चारैतिर घुम्ने काम; फेरामाराइ; घुमाइ ।

**प्रदत्त**– वि० [सं०] प्रदान गरिएको; दिइएको ।

**प्रदर**– ना० [सं०] पाठेघरबाट लेस्याइलो तरल पदार्थ निस्किरहने, स्त्रीहरूको एक रोग ।

**प्रदर्शक**– वि० [सं०] १. बाटो आदि देखाउने; प्रदर्शन गराउने; चिनाउने । २. हेर्ने वा देख्ने; दर्शक । ३. कुनै कुरा सम्झाउने, बुझाउने वा बताउने ।

**प्रदर्शन**– ना० [सं०] १. बाटो आदि देखाउने काम; मार्गनिर्देशन; भेगियारी । २. रङ्गमञ्चमा नाटक आदि देखाउने काम वा देखाउने उद्देश्यले अभिनयादि गर्ने काम । ३. कुनै समस्याप्रति जनताको समर्थन वा सहानुभूति प्राप्त गर्न वा सरकारको दृष्टि आकर्षित गर्न सो समस्यासँग सम्बन्धित व्यक्तिहरूको जुलुस, नारा आदिद्वारा असन्तोष वा आफ्नो विचार प्रकट गर्ने काम; सामूहिक रूपमा कुनै विषयमा असन्तोष व्यक्त गर्ने काम । ~ **कक्ष**– ना० व्यापारका लागि चीजबीजका नमुना राखिएको

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



ठाउँ (सोरूम) । – **कारी–** वि० कुनै विषयमा सामूहिक रूपमा असन्तोष व्यक्त गर्ने । – **शाला–** ना० नाटक आदि देखाइने र अन्य सांस्कृतिक कार्यक्रमको आयोजना गरिने उद्देश्यले बनाइएको घर; प्रदर्शनकक्ष; सभाकक्ष । > **प्रदर्शनालय–** ना० प्रदर्शन गरिने ठाउँ; प्रदर्शनीस्थल; प्रेक्षालय । **प्रदर्शनी–** ना० १. जनसाधारणलाई देखाउने उद्देश्यले नमुनास्वरूप विभिन्न प्रकारका वस्तु सजाएर राखिने ठाउँ; प्रदर्शनका निम्ति समय-समयमा विभिन्न प्रकारका वस्तुहरू राखिने ठाउँ । २. विभिन्न प्रकारका वस्तुहरू नमुनास्वरूप देखाउने काम । **प्रदर्शनीय–** वि० प्रदर्शन गर्न योग्य; प्रदर्शन गर्न लायक ।

**प्रदर्शित–** वि० [सं०] देखाइएको; प्रदर्शन गरिएको ।

**प्रदर्शिनी–** वि० [सं०] १. कुनै वस्तु वा कुनै कार्यक्रम देखाउने वा हेर्ने (स्त्री) । २. प्रदर्शनी ।

**प्रदर्शी–** वि० [सं०] प्रदर्शित गर्ने (पुरुष) ।

**प्रदान–** ना० [सं०] कसैलाई कुनै वस्तु वा कुरा दिने काम; दान ।

**प्रदाय–** ना० [सं०] चुक्ता गर्नुपर्ने वा दिनुपर्ने रकम अथवा सम्पत्ति ।

**प्रदीप–** ना० [सं०] १. चहकिलो बत्ती । २. दीप; दियो; बत्ती । > **प्रदीपक–** वि० १. निकै उज्यालो बनाउने; पर्याप्त प्रकाश दिने । २. स्पष्ट र सफा पार्ने । ना० ३. ठूलो र चहकिलो बत्ती । **प्रदीपन–** ना० १. चम्किलो कुनै वस्तुले उज्यालो पार्ने क्रिया; प्रदीप्त पार्ने काम । २. उद्दीप्त पार्ने काम । ३. पाँच-पाँच कुना परेका पहेँला र हरिया रङ मिसिएका पात, राता फूल, खैरा कन्द हुने र रातो दूध निस्कने, हिमालयको लेकमा पाइने एक जातको विषालु बुटी । **प्रदीपिका–** ना० १. उज्यालो पार्ने र वस्तुहरूलाई देखाउने सानो बत्ती । २. कुनै विषय वा अर्थलाई स्पष्ट पार्ने सानो पुस्तिका ।

**प्रदीप्त–** वि० [सं०] बेसरी बलेको; प्रकाशयुक्त; उद्दीप्त । > **प्रदीप्ति–** ना० विशेष प्रकारको तेज वा दीप्ति ।

**प्रदूषक–** वि० [सं०] हावा, पानी, माटो वा कुनै खाद्य वस्तु आदिमा मिसिएर वातावरण दूषित पार्ने; वातावरणमा दूषित असर ल्याउने (तत्त्व) ।

**प्रदूषण–** ना० [सं०] १. दूषित पार्ने काम; दोषयुक्त पार्ने काम । २. रोगव्याधि पैदा गर्ने वा स्वास्थ्यमा हानि गर्ने तत्त्वको सराइ ।

**प्रदूषित–** वि० [सं०] कुनै वस्तु वा वातावरण नराम्रो कारणले दूषित भएको ।

**प्रदेय–** वि० [सं०] १. कसैलाई दिनुपर्ने; देय; प्रदाय । २. दिन योग्य; दातव्य ।

**प्रदेश–** ना० [सं०] १. भाषा, रीतिरिवाज, हावापानी र अन्य भौगोलिक स्थिति, प्रशासन आदिका दृष्टिले छुट्ट्याइएको देशको एउटा ठूलो भाग; प्रान्त । २. कुनै ठाउँ; स्थान । ३. शरीरको अङ्ग; अवयव । ४. कुनै भूभाग । ५. भूभाग वा नदीका दृष्टिले नेपालका तीन भौगोलिक (हिमाली, पहाडी र तराइली वा कोसी, गण्डकी र कर्णाली) विभाजनमध्ये कुनै एक । ६. वास्तुकलामा वा मूर्ति-निर्माणसम्बन्धी कलामा अङ्गुलको नौ गुनाबराबरको नापका लागि प्रयोग गरिने शब्द; नौ अमलबराबरको नाप । ७. परदेश; विदेश (न्यूनस्तरीय प्रयोग) । > **प्रदेशी/प्रदेशीय–** वि० १. प्रदेशको; प्रदेशसम्बन्धी । २. देख्ने वा देखाउने ।

**प्रदोष–** ना० [सं०] १. सूर्य अस्ताउने समय; सन्ध्याको समय । २. रात्रिको पहिलो प्रहर । ३. कृष्ण र शुक्ल दुवै पक्षका त्रयोदशीका दिन उपवास बसेर सन्ध्याकालमा शिवको पूजा गरिने एक व्रत ।

**प्रद्युम्न–** ना० [सं०] १. पौराणिक कथाअनुसार कृष्णका जेठा छोरा; अनिरुद्धका पिता, बाणासुरका सम्धी र उषाका ससुरा । २. कामदेव ।

**प्रद्योत–** ना० [सं०] १. चम्किला वस्तुबाट चारैतिर फिँजिएको देखिने प्रकाशरेखा; किरण; रश्मि । २. चम्किला वस्तुमा हुने चमक; दीप्ति । ३. उज्जैनका प्राचीन ऐतिहासिक राजा; महासेन ।

**प्रधान–** वि० [सं०] १. आफ्ना समूहमध्ये सबैभन्दा ठूलो; सर्वश्रेष्ठ; प्रमुख; मुख्य । २. गाउँ-घरको प्रमुख; प्रतिष्ठित (व्यक्ति); ठालु । ना० ३. गाउँघरको प्रमुख; प्रतिष्ठित व्यक्ति; मुखिया; पञ्चायतकालीन प्रधानपञ्च । ४. कुनै संस्था वा विभागको मुख्य अधिकारी । ५. सचिव; मन्त्री । ६. नेवार-जातिको एक थर । ७. लिच्छविकालमा गाउँको मुखियालाई बुझाउने शब्द । ~ **कार्यालय–** ना० सरकारी र गैरसरकारी संस्थाहरूका शाखा-प्रशाखाको सञ्चालन गर्ने मुख्य कार्यालय; केन्द्रीय कार्यालय । – **तः/तया–** क्रि० वि० मुख्य रूपमा; खास गरी । – **ता–** ना० १. सरकारी वा गैरसरकारी संस्थाको प्रधानको पद वा अधिकारी । २. प्रधान हुनाको भाव वा प्रधान हुने गुण । ~ **धातु–** ना० १. कुनै वाक्यको प्रमुख क्रियापदको धातु; समापिका धातु । ~ **पञ्च–** ना० तत्कालीन पञ्चायती व्यवस्थाअन्तर्गत जारी रहेको गाउँ तथा नगर पञ्चायत ऐनबमोजिम गाउँ वा नगरसभाका मतदाताहरूद्वारा छानिएको मुख्य व्यक्ति; गाउँ वा नगरतहका पञ्चसदस्यमध्ये मुख्य । ~ **परीक्षक–** ना० कुनै परीक्षामा सम्मिलित भएका छात्रहरूको उत्तरपुस्तिकाका परीक्षकहरूमध्ये मुख्य परीक्षक । ~ **मध्याह्न रेखा–** ना० भूगोलका अनुसार बेलायतको 'ग्रीनवीच' भन्ने ठाउँ छुने गरी खिचिएको $0^\circ$ को मध्याह्नरेखा । ~ **मन्त्री–** ना० कुनै राष्ट्रको सबभन्दा ठूलो मन्त्री; मन्त्रीहरूमध्ये मुख्य; मन्त्रिमण्डलको अध्यक्ष । ~ **सेनापति–** ना० प्रमुख सेनापति; कम्यान्डर-इन-चीफ । > **प्रधानाङ्ग–** १. ना० शरीर वा अन्य कुनै वस्तुको मुख्य अङ्ग । २. कुनै राज्यको प्रधान अधिकारी । ३. नेवारजातिको एक थर । **प्रधानाध्यापक–** ना० कुनै स्कुल वा पाठशालाको मुख्य अध्यापक; हेडमास्टर । **प्रधानामात्य–** ना० प्राचीन कालको प्रधानमन्त्री वा मुख्य सचिव; प्रधान अमात्य । **प्रधानी–** ना० डोली अडचाउने काठ; पर्धानी ।

**प्रपञ्च–** ना० [सं०] १. घरगृहस्थी आदिको झन्झट; जगत्को जञ्जाल; सांसारिक मायामोह; मायाजाल । २. कता-कताबाट

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



आइपरेको झोज वा झमेला; झेलबखेडा । ३. छल; कपट । ४. ढोँग; आडम्बर । ५. विस्तार; फैलावट । ६. कुनै कुराको प्रबन्ध; बन्दोबस्त । ७. एकपल्ट भनिसकिएको कुरालाई फेरि खुलस्त पारी भन्ने काम । > **प्रपञ्ची–** वि० १. प्रपञ्चसँग सम्बन्धित; प्रपञ्चमा रहेको । २. प्रपञ्च गर्ने; प्रपञ्च रच्ने; आडम्बरी; ढोँगी । ३. छलछाम गर्ने; कपटी । ४. धेरै झोज भएको ।

**प्रपञ्जी–** ना० [सं०] कुनै ब्याङ्क, व्यापारिक संस्था आदिको व्यापारसम्बन्धी आयव्यय, लेनदेन आदि लेखिएको मुख्य खाता; मूल रजिष्टर; बही (लेजर) । ~ **पृष्ठ–** ना० कुनै ब्याङ्क, व्यापारिक संस्था आदिमा कसैको रुपियाँ जम्मा गर्ने वा झिक्ने किसिमको बेहोरा लेखिएका, प्रपञ्जीको अगाडि-पछाडिका दुई पत्र ।

**प्रपत्र–** ना० [सं०] कुनै पद, परीक्षा, स्थान आदिका निम्ति विवरण प्रस्तुत गर्दा आवश्यक जानकारीको बेहोरा भरिने, रित्तो ठाउँ, कोठा आदि भएको मुद्रित वा टङ्कित पत्र; फाराम ।

**प्रपद–** ना० [सं०] शरीरको प्रपदास्थिनेरको अवयव । > **प्रपदास्थि–** ना० गोलीगाँठाभन्दा मुनि र कुर्कुच्चाभन्दा अगाडिपट्टिको हाडका ससाना टुक्रा ।

**प्रपन्न–** वि० [सं०] १. कसैका शरणमा परेको; शरण पर्न आएको; शरणागत । २. आइपुगेको ।

**प्रपात–** ना० [सं०] १. अग्लो ठाउँबाट कुनै वस्तु ठाडै तलतिर खस्ने क्रिया । २. कुनै ठाडै तलतिर खस्ने अग्लो ठाउँ; भीर-पहराको चुली; टाकुरो । ३. निर्झर; छाँगो; छहरो ।

**प्रपितामह–** ना० [सं०] १. आफ्ना बाबुका बाबुका बाबु; आफूभन्दा तीन पुस्तामाथिका पुर्खा; बाबुका बाजे; बूढा बाजे । २. ब्रह्मा । ३. परब्रह्म । ४. पूर्वज; जिजुबाजे । > **प्रपितामही–** ना० आफ्ना बाबुका बाबुकी आमा; बाबुको बज्यै; जिजुबज्यै; बूढीबज्यै ।

**प्रपीडक–** वि० [सं०] ज्यादै पीडा दिने; अत्यन्त दुःख दिने; हैरान पार्ने ।

**प्रपीडन–** ना० [सं०] १. ज्यादै पीडा वा दुःख दिने काम; कष्ट दिने काम; सताइ । २. अतिशय पीडा; अत्यन्त कष्ट ।

**प्रपौत्र–** ना० [सं०] छोरा वा छोरीपट्टिको नाति वा नातिनीको छोरो; छोरा वा छोरीबाट उत्पन्न आफूभन्दा तीन पुस्तापछिको पुरुष सन्तति; पनाति । > **प्रपौत्री–** ना० त्यस्तै स्त्री सन्तति; पनातिनी ।

**प्रफुल्ल–** वि० [सं०] १. राम्ररी फुलेको वा फक्रेको; विकसित भएको । २. हँसिलो; प्रसन्न । **– वदन–** वि० उज्यालो अनुहारको; प्रसन्न । > **प्रफुल्लित–** वि० प्रफुल्ल; प्रसन्न भएको ।

**प्रबन्ध–** ना० [सं०] १. कुनै कामकुरा राम्ररी सम्पन्न गर्न मिलाइने व्यवस्था; बन्दोबस्त; इन्तिजाम; चाँजोपाँजो । २. आयोजना । ३. कुनै विषय वा सिद्धान्तको युक्तियुक्त प्रतिपादन भएको, गद्यात्मक, विचारप्रधान लेख; एक प्रकारको विचारप्रधान निबन्ध । ४. कुनै कल्पित कथाका आधारमा तयार गरिएको सुव्यवस्थित रचना । **– क / कर्ता–** वि० प्रबन्ध मिलाउने; बन्दोबस्त गर्ने; व्यवस्थापक । ~ **कल्पना–** ना० केही सत्य र केही काल्पनिक कथाका आधारमा शृङ्खलाबद्ध रूपमा तयार पारिएको साहित्यिक रचना; कथात्मक रचना । **– कारिणी–** ना० कुनै सङ्घ, संस्था, सभा वा अन्य आयोजनाका लागि आवश्यक प्रबन्ध मिलाउने समिति; प्रबन्ध-समिति । ~ **काव्य–** ना० १. सत्य वा काल्पनिक कथाका आधारमा कुनै कविद्वारा रचना गरिएको, काव्योचित गुणले युक्त, सर्गबद्ध, पद्यात्मक काव्य; महाकाव्य । २. कथा वा उपन्यास । ~ **पत्र–** ना० १. कम्पनी-ऐनबमोजिम कम्पनीका उद्देश्य र अधिकारहरू लेखिएको पत्र । २. कुनै कामकुराको व्यवस्था वा कार्यान्वयनका सम्बन्धमा लेखिएको पत्र । ~ **विधान–** ना० कुनै काम वा वस्तु आदिको प्रबन्ध मिलाउने काम । ~ **सम्पादक–** ना० कुनै पत्रपत्रिका आदिमा प्रकाशन गरिने लेखरचना आदि सङ्कलित गर्ने र प्रकाशनसम्बन्धी अन्य आवश्यक व्यवस्था मिलाउने सम्पादक । ~ **समिति–** ना० कुनै सङ्घ, संस्था, सभा आदिका लागि आवश्यक प्रबन्ध मिलाउने समिति; प्रबन्धकारिणी; कार्यसमिति । ~ **सार–** ना० कुनै प्रबन्धको प्रमुख कुरा नछुट्ने गरी तयार गरिएको सारांश; प्रबन्धको निचोड ।

**प्रबल–** वि० [सं०] १. प्रशस्त बल भएको; ज्यादै बलियो; बलवान्; बलिष्ठ; शक्तिशाली । २. उग्र किसिमको; भयङ्कर; प्रचण्ड ।

**प्रबाल–** ना० [सं०] १. पल्लव । २. मुगा । ३. पुवाँलो; प्वाँलो ।

**प्रबुद्ध–** वि० [सं०] १. सचेत अवस्थामा रहेको; जागरूक; जाग्रत्; जागा । २. बुझ्नुपर्ने कुरालाई राम्ररी बुझेको; जानेसुनेको । ३. विकसित मस्तिष्क भएको । **– ता–** ना० प्रबुद्ध हुनाको भाव वा अवस्था ।

**प्रबोध–** ना० [सं०] १. जाग्रत् अवस्था; सचेत अवस्था; ज्ञानावस्था । २. लौकिक वा पारलौकिक किसिमको ज्ञान; जीवनजगत्‌को वास्तविकताको ज्ञान; तत्त्वज्ञान । > **प्रबोधक–** वि० १. होसमा ल्याउने; बिउँझाउने; जाग्रत् गराउने; सचेत पार्ने । २. ज्ञान दिने । **प्रबोधन–** ना० १. जगाउने काम; सचेत गराउने काम; होसमा ल्याउने काम; बिउँझाउने काम । २. ज्ञान दिने काम । **प्रबोधनी–** ना० प्रबोधिनी । **प्रबोधित–** वि० प्रबोध भएको; प्रबुद्ध । **प्रबोधिनी–** ना० कार्तिक शुक्ल एकादशी; हरिबोधिनी एकादशी; प्रबोधनी ।

**प्रभव–** ना० [सं०] १. उत्पन्न हुने क्रिया; उत्पत्ति; जन्म । २. उत्पत्तिको कारण । ३. उत्पत्तिस्थान । ४. धातु आदि निकालिने ठाउँ; खानी; आकार । ५. सृष्टि; संसार । ६. पानी निस्कने वा उम्रने ठाउँ; मूल; स्रोत; उद्गमस्थल । ७. पराक्रम । ८. साठी मध्येको पहिलो संवत्सर ।

**प्रभा–** ना० [सं०] १. प्रकाश; आभा; दीप्ति; कान्ति; चमक; उज्यालो । २. सूर्यको बिम्ब । ३. किरण; तेज । ४. सूर्यकी पत्नी; संज्ञा; उषा । **– कर–** ना० १. प्रभा फैलाउने ग्रह; सूर्य । २. चन्द्रमा । ३. अग्नि । ४. समुद्र । ५. मदारवृक्ष । वि० ६. उज्यालो फैलाउने । **– करी–** ना० बौद्ध धर्मअनुसार दस वा त्रयोदश भूमिमध्ये तेस्रो भूमि ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**प्रभात**– ना० [सं०] रात सकिएर चारैतिर उज्यालो भएको समय; बिहानको बेला; प्रातःकाल; सबेर । – **फेरी**– ना० कुनै कुराको प्रचार गर्न वा उत्सव मनाउनका लागि बिहानको समयमा सामूहिक रूपमा नारा लगाउँदै तथा गानाबजानाका साथ रमाइलो गर्दै निश्चित ठाउँ वा क्षेत्रमा परिक्रमा गर्ने वा घुम्ने कार्य । > **प्रभाती**– ना० १. प्रातःकालका समयमा गाइने एक खालको गीत । २. प्रातःकालमा गरिने नित्यकर्म । वि० ३. बिहान गाइने (जस्तै–प्रभाती राग) ।

**प्रभा मण्डल**– ना० [सं०] १. देवदेवी वा दिव्यपुरुषहरूका अनुहारका वा शरीरका चारैतिर फैलेर रहने वृत्ताकारको घेरो; बिम्ब । २. तेजपुञ्जका वरिपरिको मण्डल; प्रकाशमण्डल । ३. देवता वा देवतुल्य व्यक्तिका चित्रमा ज्योतिको प्रतीकका रूपमा शिरवरिपरि कोरिने सेतो वा पाँडुलो रङको वृत्त ।

**प्रभारी**– वि० कुनै पद वा विभागमा सम्बन्धित कार्यको जिम्मेदारी लिने (व्यक्ति, सदस्य आदि) ।

**प्रभाव**– ना० [सं०] १. उत्पन्न हुने वा जन्मने क्रिया; उद्‌भव; प्रादुर्भाव । २. व्यक्तिमा रहेको प्राकृतिक एवं क्रियात्मक सामर्थ्य; शक्ति । ३. कुनै वस्तुको वा विषयको अध्ययनबाट मनमा पर्ने गुण; असर । ४. महिमा; माहात्म्य । ५. अन्तःकरणलाई प्रसन्न वा अप्रसन्न तुल्याउने गुण । ६. कुनै व्यक्ति वा वस्तुको शक्ति, सम्मान, अधिकार, पराक्रम आदिबाट अरू व्यक्ति वा वस्तुमा पर्ने असर; छाप । – **क**– वि० आफ्नो प्रभाव वा छाप अर्कामा पार्न सक्ने गुण भएको; प्रभावकारी । – **कारिता**– ना० आफ्ना स्वभाव वा क्रियाकलापको छाप अर्कामा तत्काल पार्न सक्ने गुण वा शक्ति; प्रभावधर्मिता । – **कारी**– वि० आफ्ना प्राकृतिक गुण वा क्रियात्मक विशेषताहरूको छाप अर्कालाई तुरुन्त पार्न सक्ने; प्रभावशाली; प्रभावात्मक; प्रभावधर्मी । – **धर्मिता**– ना० प्रभावकारिता । – **धर्मी**– वि० प्रभावकारी । – **पूर्ण**– वि० आकर्षक गुणले भरिएको; सद्‌गुण, सच्चरित्र, सत्कर्म आदिका सामर्थ्यले भरिभराउ भएको; प्रभावमय । – **मय**– वि० प्रभावपूर्ण । – **वान्/ शाली**– वि० यथेष्ट प्रभाव पार्न सक्ने गुण वा विशेषता भएको; राम्रो र धेरै प्रभाव पार्न सक्ने ।

**प्रभावात्मक**– वि० [सं०] प्रभावकारी; प्रभावशाली । – **ता**– ना० प्रभावात्मक हुनाको भाव वा अवस्था; प्रभावकारिता ।

**प्रभावान्**– वि० [सं०] तेज भएको; तेजिलो; तेजस्वी ।

**प्रभावान्वित**– वि० [सं०] कसैका प्राकृतिक एवं क्रियात्मक गुणअवगुणहरूको प्रभाव वा छाप परेको; त्यस प्रकारका प्रभाव वा छापले युक्त भएको ।

**प्रभावित**– वि० [सं०] कसैको प्रभाव वा असर परेको; प्रभावान्वित ।

**प्रभावी**– वि० [सं०] १. प्रभाव भएको; शक्तिशाली । २. प्रभाव पार्ने; प्रभावक ।

**प्रभावोत्पादक**– वि० [सं०] प्रभाव उत्पन्न गर्ने; प्रभाव पार्ने । – **ता**– ना० प्रभावोत्पादक हुनाको भाव, गुण वा अवस्था ।

**प्रभास**– ना० [सं०] १. चारैतिर छरिएको उज्यालो; प्रकाश; ज्योति; दीप्ति । २. हिन्दूहरूको एक प्राचीन तीर्थ; सोमतीर्थ । ३. रामवानर नामक आदिम मानवको आजभन्दा एक करोड दस लाख वर्षपूर्वको दाँतको अवयव फेला परेको, बुटवलबाट पाल्पा जाने बाटोमा पर्ने एक ठाउँ, पर्भास ।

**प्रभास्वर**– ना० [सं०] १. सूर्य; भास्कर; भास्वर । वि० २. साह्रै चम्किलो; दीप्तियुक्त; उज्यालो ।

**प्रभु**– ना० [सं०] १. सबैले आदरसम्मान गर्नुपर्ने व्यक्ति; मालिक; स्वामी । २. सर्वशक्तिसम्पन्न अधिकारी; अधिपति; शासक । ३. ईश्वर; परमात्मा । ४. विष्णु । ५. शिव । ६. राजा, स्वामी, देवता एवं श्रेष्ठ पुरुषलाई गरिने आदरार्थी सम्बोधन । – **ता**– ना० प्रभुत्व; सम्प्रभुत्व; स्वामित्व ।

**प्रभुत्व**– ना० [सं०] १. प्रभुमा हुने गुण एवं सामर्थ्य; प्रभुता । २. सर्वाधिकारसम्पन्नता; स्वामित्व । ३. महिमा; गौरव; महत्त्व; गरिमा । ४. वैभव; ऐश्वर्य । – **वाद**– ना० सर्वोच्च शासक हर्ताकर्ता हुने राजनीतिक सिद्धान्त । – **वादी**– वि० प्रभुत्ववादको अनुयायी; हैकमवादी ।

**प्रभुभक्त**– वि० [सं०] प्रभुको भक्त वा प्रशंसक; प्रभुको आदर गर्ने । > **प्रभुभक्ति**– ना० प्रभुको श्रद्धा वा आदर; प्रभुको भक्ति वा मान ।

**प्रभुशक्ति**– ना० [सं०] १. कोश वा खजाना तथा सेनामा रहेको बल । २. पूर्णप्रभुत्व; परमसत्ता; प्रभुसत्ता; सम्प्रभुत्व; सम्प्रभुता ।

**प्रभुसत्ता**– ना० [सं०] कुनै देशको हरेक दृष्टिले स्वाधीन वा स्वतन्त्र अस्तित्व; कुनै देश हरेक दृष्टिले स्वाधीन हुने विशेषता वा शक्ति; सम्प्रभुत्व; सार्वभौमिकता । ~ **सम्पन्न**– वि० प्रभुसत्ता भएको; सम्प्रभुता भएको ।

**प्रभूत**– वि० [सं०] १. विशिष्ट रूपले भइसकेको; भूत । २. उत्पन्न भएको; जन्मिएको; प्रादुर्भूत । ३. ज्यादा; प्रशस्त; अधिक; धेरै । > **प्रभूति**– ना० १. ऐश्वर्य; ईश्वरीय शक्ति । २. सम्पत्ति; संवृद्धि ।

**प्रभृति**– क्रि० वि० [सं०] १. इत्यादि; हरू; आदि । ना० यो० २. लगायत; समेत ।

**प्रभेद**– ना० [सं०] १. भेद; भिन्नता । २. अन्तर; फरक । ३. फोरेर निकाल्ने क्रिया; फोराइ; तोडाइ ।

**प्रमण्डल**– ना० [सं०] १. प्रतिनिधिमण्डल; शिष्टमण्डल । २. एक देशबाट अर्को देशमा सांस्कृतिक, आर्थिक, सामाजिक आदि विषयबारे जानकारी हासिल गर्न र तिनको आदानप्रदान गर्न जाने विशिष्ट व्यक्तिहरूको समुदाय । ३. केही व्यक्ति मिलेर व्यापारसम्बन्धी वा अरू कुनै कार्य सम्पन्न गर्नका निम्ति खडा गरिएको व्यापारीहरूको सङ्घ वा समुदाय ।

**प्रमत्त**– वि० [सं०] १. मात्तिएको; उन्मत्त भएको । २. बहुलाएको; सनक चढेको । ३. नशा लागेको; मात लागेको । ४. घमन्डले फुलेको वा चूर भएको । ५. असावधान; बेहोसी । – **ता**– ना० १. उन्मत्त भएको अवस्था; पागलपना । २. नशा लागेर चूर

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



भएको स्थिति । ३. बौलट्टीपन ।

**प्रमद**– ना० [सं०]१. ज्यादै मद भएको स्थिति; उन्मत्तता; प्रमाद; मात । २. आनन्द; प्रसन्नता; प्रफुल्लता । वि० ३. उग्र; प्रचण्ड । ४. असावधान; बेहोसी । ५. घमण्डले चूर भएको; मात लागेको; उन्मत्त । ~ **कानन/वन**– ना० प्राचीन नाटकहरूमा नायकले नायिकाका साथमा, राजाले रानीका साथमा विहार गर्ने उपवन वा बगैँचा । > **प्रमदा**– वि० १. बैँसले उन्मत्त भएकी; मतमताउँदी युवती । ना० २. सुन्दरी स्त्री; रूपवती स्त्री । ३. पट्ठी आइमाई; मस्त तरुनी ।

**प्रमर्दन**– ना० [सं०]१. राम्ररी माड्ने वा दल्ने काम; माडमुड । २. कुल्चेर थिलीपितिली पार्ने काम; खाँदखुँद ।

**प्रमाङ्गी**– ना० हे० परमाङ्गी ।

**प्रमाण**– ना० [सं०]१. कुनै विषय वा कुरालाई सिद्ध वा साबित गर्नका निम्ति प्रस्तुत गरिने वस्तु वा कथन (प्रमाण चार प्रकारका हुन्छन्– प्रत्यक्ष प्रमाण, अनुमानसिद्ध प्रमाण, शब्दसम्बन्धी प्रमाण तथा उपमान वा उदाहरणसम्बन्धी प्रमाण) । २. कुनै वस्तुको यथार्थ ज्ञान गराउने साधन । ३. परिमाण; मात्रा । ४. सत्यता; सच्चाइ । ५. निश्चय; प्रतीति । ६. मर्यादा; मान; आदर । ७. प्रमाणद्वारा कुनै कुरो प्रत्यक्ष सिद्ध गर्दा हुने एक अर्थालङ्कार । ८. प्रमाणपत्र । > **प्रमाणक**– ना० कुनै रकमलाई आयव्ययका खातामा चढाउनका निम्ति सम्पुष्टि वा प्रमाणका रूपमा साथसाथै नत्थी गरेको, हिसाबको कच्चावारी फाँट खोलेको कागज; पुर्जा । **प्रमाणतः**– क्रि० वि० १. प्रमाणअनुसार; प्रमाणका निम्ति; प्रमाणलाई । २. प्रमाणका रूपमा; प्रमाणस्वरूप । **प्रमाणन**– ना० १. कुनै लेख, कथन आदि ठीकसँग प्रमाणित हुने क्रिया; प्रमाणको पर्याप्तता । २. प्रमाणितगराइ ।

**प्रमाण पत्र**– ना० [सं०]१. आफूले गरेका काम, अध्ययन आदिको प्रमाणका निम्ति सरकारी विभाग, गैरसरकारी सङ्घ-संस्था वा विश्वविद्यालयले दिने लिखित प्रमाण वा निस्साको कागज (सर्टिफिकेट) । २. कुनै कामकुराका निम्ति प्रमाण वा निस्सा मानिने पत्र वा लेख आदि । ३. नयाँ शिक्षा योजनाका अनुसार इन्टरमिडिएट वा प्रवीणतातहका पर्यायका रूपमा चलेको शब्द । ~**तह/स्तर**– ना० प्रवेशिका वा एस्० एल्० सी० परीक्षा पास गरिसकेपछि पढिने महाविद्यालय वा क्याम्पसका पढाइको पहिलो तह; इन्टरमिडिएटतह; प्रवीणतातह ।

**प्रमाण पुरुष**– ना० [सं०] पक्ष एवं विपक्ष दुवैले स्वीकार गर्ने खालको निर्णय दिने व्यक्ति; प्रमाणका निम्ति सबैले मानेको व्यक्ति (पञ्च, साक्षी आदि) ।

**प्रमाणिक**– वि० [सं० प्रामाणिक] प्रमाण हुन सक्ने; प्रमाण प्रदान गर्न सक्ने; तथ्यपूर्ण; सत्य ।

**प्रमाणित**– वि० [सं०] प्रमाणद्वारा सिद्ध भएको वा गरिएको; प्रमाणसिद्ध; साबित; निश्चित ।

**प्रमाणीकरण**– ना० [सं०]१. कुनै कुरो सत्य हो भनी प्रमाणित गर्ने काम; कसैको विश्वसनीयताको पुष्टि गर्ने कार्य । २. कुनै तथ्यको आधार लिएर कुनै कुरालाई ठीकसँग जँचाउने क्रिया ।

**प्रमातामह**– ना० [सं०] आमाका हजुरबाबु वा बाजे । > **प्रमातामही**– ना० आमाकी हजुरआमा; आमाकी बज्यै ।

**प्रमाद**– ना० [सं०]१. असावधान रहने क्रिया; बेहोसी हुने स्थिति । २. कर्तव्यलाई अकर्तव्य र अकर्तव्यलाई कर्तव्य सम्झने प्रवृत्ति । ३. भूल; चूक । ४. भ्रम; भ्रान्ति । ५. उन्माद; नशा; बहुलट्टीपना । ६. घमन्ड; अहमत्याइँ । ७. लापर्बाही; हेलचेक्र्याइँ; असावधानी । ८. समाधिका साधनहरूलाई ठीकसँग नसम्झने प्रवृत्ति । – **वान्**– वि० १. प्रमाद गर्ने; प्रमत्त । २. उन्मत्त स्वभावको; बहुलट्टी स्वभावको । ३. भूलचूक गर्ने; असावधानीका साथमा काम गर्ने । > **प्रमादी**– वि० प्रमादवान् ।

**प्रमान**– ना० [सं० प्रमाण] मल्लकालीन नेपालको प्रशासन-प्रमुख वा प्रमुख प्रशासनिक अधिकारी ।

**प्रमाप**– ना० [सं०]१. निश्चित आधारमा स्थिर गरिएको, तोकिएको वा सबैले मानेको माप वा मान । २. योग्यता, श्रेष्ठता आदि जाँच्ने-नाप्ने आदि निर्धारित स्तर वा क्रम; स्तरीय नापो; सरकारी मान्यताप्राप्त नापजोख । ३. नापो । ४. नापी । > **प्रमापक**– वि० १. कुनै विषयलाई निश्चित रूपमा प्रमाणित गर्ने । २. नाप्ने; जोख्ने; नापतौल गर्ने ।

**प्रमित**– वि० [सं०]१. वास्तविक रूपमा प्रामाणिक ज्ञान भएको; सत्यज्ञानले युक्त । २. थोरै; अल्प; कम । ३. नापिएको; जोखिएको; प्रमाणद्वारा सिद्ध गरिएको; प्रमाणित गरिएको; प्रमाणित । > **प्रमिताक्षरा**– ना० सगण, जगण, सगण र सगण–यी चार गणका योगबाट बन्ने जगती जातिको छन्दको एक भेद । **प्रमिति**– ना० १. कुनै प्रमाणद्वारा प्राप्त हुने यथार्थ ज्ञान; प्रमाण । २. माप; नाप ।

**प्रमीलन**– ना० [सं०]१. आँखा बन्द गर्ने काम; निमीलन । २. उँघाइ; तन्द्रायुक्त स्थिति; तन्द्रा; झक; लोल्याहट ।

**प्रमीला**– ना० [सं०]१. उँघ; तन्द्रा; लोल्याहट । २. झकाइ; अर्द्धनिद्रा । ३. शिथिलता; क्लान्ति; थकाइ; जुम्सोपन ।

**प्रमीलित**– वि० [सं०] उँघेको; तन्द्रामा परेको; झकाएको; लोलाएको ।

**प्रमुख**– वि० [सं०]१. गन्दा सबैभन्दा पहिलो ठहरिने । २. जनसमूहका बीच पहिलो क्रममा आउने; प्रथम । ३. कामदार व्यक्तिहरूमा मुख्य; प्रधान । ४. साधारण व्यक्तिहरूले सम्मान गर्ने; सम्मान्य; प्रतिष्ठित । ना० ५. सम्मान गर्न योग्य व्यक्ति । ~**अतिथि**– ना० कुनै उत्सव, समारोह आदिमा आमन्त्रित गरिएको प्रतिष्ठित एवं सम्मान्य व्यक्तिमध्ये श्रेष्ठ । ~**अधिकारी/अधिकृत**– ना० कार्यालय वा विभागको मुख्य अधिकारी; हाकिम । ~ **जिल्ला अधिकारी**– ना० जिल्लाको प्रशासनसम्बन्धी कार्य हेर्ने प्रमुख अधिकारी; नेपाल सरकारद्वारा नियुक्त, जिल्लाको प्रशासकीय हाकिम । – **ता**– ना० १. प्रमुख हुने स्थिति । २. प्रमुख हुने गुण, सामर्थ्य वा प्रमुख भइसकेपछिको विशेषता । ~**सचिव**– ना०

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



सरकारी प्रशासनसम्बन्धी विभागको प्रधान सचिव; मुख्य सचिव (चीफ सेक्रेटरी) । ~ **सभा–** ना० १. देशका प्रमुख पद वा स्थानमा रहेका प्रख्यात व्यक्तिहरूका बीच मुख्य विषयमा छलफल एवं विचारविमर्शका निम्ति गरिएको सभा । २. मुख्य वा माथिल्ला तहको सभा । ~ **सेनानी–** ना० शाही नेपाली सेनाको एक उच्च पद; लेफ्टिनेन्ट कर्णेल । ~ **स्थपति–** ना० कुनै विभागका इन्जिनियरहरूमध्ये सबैभन्दा प्रमुखचाहिँ (चीफ इन्जिनियर) ।

**प्रमुदित–** वि० [सं०] अत्यन्त प्रसन्न भएको; ज्यादै खुशी भएको; अति प्रफुल्लित; हर्षले गद्‌गद भएको । ~ **नयन–** ना० १. रमाएको आँखा । २. प्रसन्न हेराइ । वि० ३. रमाएको; हाँसेको; प्रसन्नतापूर्वक हेर्ने । ~ **हृदय–** वि० १. खुसी र हर्षले हृदय प्रफुल्ल भएको; मन प्रसन्न भएको; चित्त रमाएको । ना० २. प्रसन्न मन; रमाएको हृदय । > **प्रमुदिता–** ना० १. बौद्ध महायान र वज्रयानका साधकहरूका ध्यानको पहिलो अवस्था । २. बौद्ध धर्मअनुसार दशभूमि, त्रयोदशभूमिमध्येको पहिलो भूमि वा चैत्यको पहिलो भूमि । ३. प्रमुदित भएकी नारी ।

**प्रमेय–** ना० [सं०] १. प्रमाणका निम्ति उपयुक्त ठहरिएको विषय । २. प्रमाण वा यथार्थ ज्ञान गर्न सकिने कुरा । ३. कुनै यथार्थ ज्ञानलाई प्रमाणित गर्ने आधार । ४. नापो वा नापोको साधन । वि० ५. प्रमाणको निम्ति उपयुक्त; प्रमाण दिन सक्ने ।

**प्रमेह–** ना० [सं०] पिसाबसँग मिसिई वीर्य अथवा शरीरका अरू धातु पातलिएर जाने रोगहरूमध्ये कुनै एक । > **प्रमेही–** वि० पिसाबबाट वीर्य एवं शरीरका अरू धातु पग्लिएर जाने रोगबाट ग्रस्त; प्रमेहको रोगी ।

**प्रमोद–** ना० [सं०] १. मन रमाएको अवस्था; हर्ष; आनन्द; हर्क । २. साठी संवत्सरमध्येको एक । – **कर–** ना० नाटक, चलचित्र आदिको प्रदर्शन तथा अन्य मनोरञ्जन आदिमा लाग्ने कर; मनोरञ्जनकर; विलासकर; विनोदकर । – **वन–** ना० आमोद गर्ने बगैँचा; मन बहलाउने एवं विहार गर्ने बगैँचा । > **प्रमोदित–** वि० हृदय प्रफुल्लित भएको; प्रमोदयुक्त; प्रसन्न; हर्षले गद्‌गद भएको । **प्रमोदी–** वि० हृदयलाई प्रफुल्लित गराउने; आनन्दित तुल्याउने ।

**प्रमोसन–** ना० [अङ्०] भइरहेका पद वा स्थानबाट माथिल्लो पद वा स्थानमा हुने बढुवा; पदोन्नति; पदवृद्धि । ~ **कट्टा–** ना० कुनै कारणवश कर्मचारीहरूको पदोन्नति हुने कुरा कटौती हुने काम; हुन लागेको प्रमोसनमा कारणवश उपस्थित बाधा ।

**प्रमोह–** ना० [सं०] १. इन्द्रियहरू शिथिल वा निष्क्रिय भएर हुने बेहोसीपना; मोह; मूर्च्छा । २. अज्ञान; मूर्खता । > **प्रमोहन–** ना० १. कसैको हृदयमा गहिरो प्रभाव पारेर उसलाई मुग्ध गराउने कार्य; मोहनी लाउने क्रिया; मुहुनी । २. कसैका इन्द्रियहरूलाई शिथिल वा निष्क्रिय तुल्याएर बेहोस तुल्याउने क्रिया; मूर्च्छा पार्ने काम । **प्रमोहित–** वि० १. मोहमा परेको वा पारिएको । २. मूर्च्छित तुल्याइएको; बेहोस गराइएको ।

**प्रयत्न–** ना० [सं०] १. कुनै काम वा उद्देश्य पूरा गर्नका निमित्त गरिने कार्य; चेष्टा; उन्नति; प्रयास; कोसिस । २. व्याकरणअनुसार वर्णहरूको उच्चारण गर्दा श्वास, जिब्रो, कण्ठ आदिको व्यापार । – **वान्–** वि० कुनै कार्य वा उद्देश्य पूरा गर्नका निम्ति प्रयत्नशील रहने; कोसिस गर्ने; यत्नशाली । – **शील–** वि० कुनै कार्य वा लक्ष्यसिद्धिका निम्ति उन्नतशील रहने स्वभाव भएको; उद्योगी । – **साध्य–** वि० कठोर परिश्रम वा ठूलो यत्नद्वारा सिद्ध हुने; ठूलो उन्नतिले सम्पन्न हुने वा सफलता हासिल गर्न सकिने ।

**प्रयाग–** ना० [सं०] गङ्गा, यमुना एवं सरस्वतीको सङ्गममा रहेको, अचेल इलाहाबादका नाउँले प्रख्यात एक प्रसिद्ध तीर्थस्थल; तीर्थराज ।

**प्रयाण–** ना० [सं०] १. साइतका साथ गरिने एक ठाउँबाट अर्को ठाउँको यात्रा; पाइलो वा पाइतोसराइ; प्रस्थान; पयान (प० ने०); यात्रा । २. युद्धका निम्ति रणस्थलतिर गरिने प्रस्थान । ३. कुनै पनि कार्यको थालनी । ४. इहलोकबाट परलोकतिर गरिने प्रस्थान । ५. पशुको पिठिउँ वा ढाड । – **काल–** ना० १. कुनै ठाउँको यात्रा गरिने समय; प्रस्थानकाल । २. इहलोकबाट अवकाश प्राप्त गर्ने समय; मर्ने बेला; मृत्युसमय । ~ **गीत–** ना० सैनिक अभियान वा मुक्ति सङ्ग्रामका समयमा गाइने गीत (मार्चिङ सङ) ।

**प्रयात–** वि० [सं०] १. इहलोकबाट अवकाश प्राप्त गरेको; मरेको; मृत । ना० २. राति गरिने युद्ध । ३. पहाड वा चट्टानको किनारा; प्रपात । ४. छहरो; भीर ।

**प्रयास–** ना० [सं०] १. आफूले चाहेको कुरो हासिल गर्न गरिने कामकारबाई; यत्न; कोसिस; जमर्को । २. परिश्रम; आयास । ३. उद्योग; उन्नति । – **शील–** वि० प्रयत्नशील; परिश्रमी; मिहिनेती । – **साध्य–** वि० प्रयत्न वा प्रयासबाट पूरा हुने । > **प्रयासी–** वि० कुनै कार्य सिद्ध गर्न वा लक्ष्य हासिल गर्न प्रयत्नशील रहने; प्रयासशील; मेहनती ।

**प्रयुक्त–** वि० [सं०] १. कुनै विषयलाई व्यवहारमा ल्याइएको; प्रयोग गरिएको; उपयोगमा ल्याइएको । २. मिलाइएको; उपयोगी तुल्याइएको । > **प्रयुक्ति–** ना० १. प्रयुक्त हुनाको भाव वा अवस्था । २. प्रयोग ।

**प्रयोक्ता–** वि० [सं०] १. कुनै विषयलाई व्यवहारमा लगाउने; प्रयोगमा ल्याउने; उपयोगमा ल्याउने । २. काममा लगाउने । ३. कार्यरत तुल्याउने; प्रेरक ।

**प्रयोग–** ना० [सं०] १. कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य; उपयोग । २. नीति, नियम, सिद्धान्त आदिको स्थापना गरी कार्यरूपमा ल्याउने प्रक्रिया; परीक्षण । ३. कुनै किसिमका शस्त्र, अस्त्र आदिलाई व्यवहारमा ल्याउने कार्य; इस्तेमाल । ४. मारण, मोहन, उच्चाटन, वशीकरण आदिका निम्ति मन्त्रको व्यवहार । ५. दृष्टान्त; उपमा; उदाहरण । ६. आरम्भ; प्रारम्भ; थालनी । ~ **पत्र–** ना० रेल, मोटर आदिद्वारा निश्चित ठाउँसम्म

यात्रा गर्दा प्रयोग गरिने गन्तव्य स्थानको नाउँ, मिति, दस्तुर आदि लेखिएको पत्र; टिकट । – **वाद**– ना० पहिलेदेखि चलिआएका कलात्मक वा साहित्यिक परम्परालाई प्रयोगात्मक रूपमा परीक्षा गरेर त्यसमा रहेका अनावश्यक तथा निरर्थक कुराहरूको विरोध गर्दै वा त्यस्ता कुराहरूलाई हटाउँदै नयाँ किसिमको प्रयोग गर्नुपर्छ भन्ने एक किसिमको मत । – **वादी**– वि० १. प्रयोगवादसम्बन्धी । २. प्रयोगवादको अनुयायी । ३. प्रयोगवादी विचारधाराहरूको प्रतिपादन गर्ने । ~ **विधि**– ना० कुनै वस्तु वा विषयलाई प्रयोग गर्ने तरिका; व्यवहारमा ल्याउने पद्धति वा प्रक्रिया । – **शाला**– ना० १. पदार्थविज्ञान, रसायनशास्त्र आदि विज्ञानविषयक तथ्यहरूलाई जाँचबुझ गर्ने, सम्झने, जान्ने वा त्यस सम्बन्धमा नयाँ तथ्य पत्ता लगाउने आदि दृष्टिबाट विभिन्न प्रयोग गरिने स्थान । २. जरीबुटी आदिका विभिन्न अङ्गप्रत्यङ्गका गुण-धर्मको विवेचना एवं विश्लेषण गरिने ठाउँ; वेधशाला ।

**प्रयोजक**– वि० [सं०] १. कुनै विषय वा वस्तुलाई प्रयोगमा ल्याउने; काममा लगाउने; प्रेरक । ना० २. कुनै विषयवस्तुलाई प्रयोगमा वा व्यवहारमा लगाउने व्यक्ति; प्रयोगकर्ता । ३. कसैलाई कुनै विषयमा प्रेरणा दिने व्यक्ति । ४. जोड्ने वा मिलाउने व्यक्ति ।

**प्रयोजन**– ना० [सं०] १. कुनै कार्यविशेषमा प्रवृत्त हुनाको मूलभूत कारण वा कारणभूत अभिप्राय; उद्देश्य; आशय । २. अर्थ; मतलब; काम । ३. करणी; हेतु । ४. उपयोग; व्यवहार । – **वती लक्षणा**– ना० साहित्यमा कुनै विशिष्ट प्रयोजनसिद्धिका निम्ति गरिएको, वाच्यार्थदेखि भिन्न अर्थ निस्कने लक्षणा; सारोपा लक्षणा । > **प्रयोजनीय / प्रयोज्य**– वि० प्रयोजन भएको; व्यवहारमा आउन सक्ने; काममा लगाउन सकिने वा मिल्ने; उपयोगी; जरुरत भएको; आवश्यक; चाहिने; चाहिँदो ।

**प्ररोचना**– ना० [सं०] नाटककार र नाटकको प्रशंसा गरी प्रेक्षकलाई नाटक हेर्न प्रेरित गर्ने काम ।

**प्रलम्ब**– वि० [सं०] १. झुन्डिएको; लट्किएको । २. अति लामो । ना० ३. झुन्डिने काम; लट्काइ; झुन्ड्याइ । ४. हाँगो; शाखा । ५. बलरामद्वारा मारिएको एक राक्षस । > **प्रलम्बन**– ना० १. झुन्डिने क्रिया; लट्काइ । २. ज्यादै लम्बिने क्रिया; तन्कने क्रिया; लम्काइ; तन्काइ । – **बाहु**– वि० लामालामा हात हुने; घुँडासम्म पुग्ने हात हुने; आजानुबाहु । > **प्रलम्बित**– वि० तन्किएको; झुन्डिएको; लम्बिएको । **प्रलम्बी**– वि० १. तन्किने; झुन्डिने । २. आश्रय लिने ।

**प्रलम्भ**– ना० [सं०] १. लाभ; उपलब्धि; प्राप्ति; फाइदा । २. छलकपट; धोका । > **प्रलम्भन**– ना० छलकपट; जालसाज; धोका ।

**प्रलय**– ना० [सं०] १. संसारमा भएका नाना किसिमका दृश्य एवं अदृश्य पदार्थहरू सबै नै विलीन भएर लुप्त हुने प्रक्रिया । २. सृष्टि, लय वा विलय भई सृष्टिको मूल कारणमा मिल्ने प्रक्रिया; प्रकृतिमा लुप्त हुने क्रिया । ३. सर्वनाश; विध्वंस, संहार । ४. मृत्यु; मरण । – **कर / कारी**– वि० प्रलय गर्ने; प्रलयङ्कर । – **काल**– ना० प्रलयको समय । – **कालीन**– वि० प्रलयका समयको । – **ङ्कर**– वि० प्रलयकारी । – **धर्मी**– वि० नाश एवं विध्वंस हुने स्वभावको ।

**प्रलाप**– ना० [सं०] १. बहुलाको जस्तो व्यर्थको कुरो; सन्काहाको फलाकोजस्तो कथन; निरर्थक आलाप; बकवाद । २. दुःख प्रकट गरेर रुने प्रक्रिया; विलाप । ३. ज्वरो आएका बेला वा आवेगमा आएका बेला जथाभावी बोल्ने प्रक्रिया; छाँटा; उन्मादको वचन । > **प्रलापक**– वि० १. प्रलाप गर्ने; बकवादी । २. आलापविलाप गर्ने । ३. प्रलाप गराउने; प्रलापकारी; प्रलापी । **प्रलापी**– वि० १. प्रलापक । २. प्रलापकारी ।

**प्रलेख**– ना० [सं०] १. विभिन्न क्षेत्रका काममा आउन सक्ने लिखित कागज वा लेख (डकुमेन्ट) । २. कुनै कुराको प्रामाणिकता सम्मिलित भएको, कानुनी दृष्टिबाट कुनै पक्ष वा व्यवहारका समर्थनमा उपस्थित गर्न सकिने विशिष्ट किसिमको लिखित पत्र; प्रामाणिक लेख । ३. अभिलेख ।

**प्रलेखीय**– वि० [सं०] प्रलेखसम्बन्धी । ~ **चलचित्र**– ना० कुनै महत्त्वपूर्ण कुरा, घटना, पुरातत्त्व, देशदर्शन, औद्योगिक प्रगति आदिको चित्र लिइएको चलचित्र; समाचार फिल्म; सूचनाचित्र; वृत्तचित्र; डकुमेन्टरी फिल्म ।

**प्रलेप**– ना० [सं०] १. घाउ, खटिरा आदिमा मलम लगाउने क्रिया; लेपन गर्ने काम । २. घाउ, खटिरा आदिमा लगाउने मलम । ३. मुखमा वा शरीरमा घस्ने स्निग्ध एवं सुगन्धित पदार्थ; लेपन; लेप । > **प्रलेपन**– ना० १. लेपन गर्ने क्रिया एवं प्रक्रिया । २. प्रलेप; लेप ।

**प्रलोभ**– ना० [सं०] १. धनमाल, वस्तु आदिमा ज्यादै मात्रामा गरिने लोभ; ठूलो लोभ; लालच । २. कसैलाई लोभमा पार्ने क्रिया; प्रलोभन; आरिस्याइँ । > **प्रलोभक**– वि० अर्कालाई लोभ देखाउने; प्रलोभनमा पार्ने । **प्रलोभन**– ना० १. ज्यादै लोभ एवं लालच गर्ने काम । २. लोभ्याउने प्रक्रिया । **प्रलोभित**– वि० १. ज्यादै लोभिएको; प्रलोभनमा परेको; प्रलुब्ध । २. मक्खीचुस स्वभावको । **प्रलोभी**– ज्यादै लोभी; प्रलोभनमा लाग्ने; मक्खीचुस; आहारिसे; लुब्धो ।

**प्रवक्ता**– वि० [सं०] १. कुनै विषयवस्तुलाई सबै श्रोताले राम्ररी बुझ्ने गरी प्रभावकारी ढङ्गबाट प्रवचन गर्ने । ना० २. सङ्घ-संस्थाका तर्फबाट आधिकारिक रूपमा कुनै विषयमाथि बोल्ने वा प्रकाश पार्ने व्यक्ति ।

**प्रवचन**– ना० [सं०] १. कुनै विषयमा श्रोताहरूले राम्ररी बुझ्ने गरी प्रभावकारी ढङ्गबाट बोल्ने वा भन्ने क्रिया; प्रवक्ताको लिखित वा अलिखित भाषण । २. वेद, पुराण आदिमा भएका उपयोगी विषयका उपदेशहरू बताउने काम । ३. धार्मिक एवं नैतिक विषयमा गरिने भाषण । > **प्रवचनीय**– वि० १. प्रवचन दिन वा गर्न उचित । २. प्रवचनसम्बन्धी ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



**प्रवञ्चक**– वि० [सं०] जालसाज गरेर अर्काको श्रीसम्पत्ति धुत्ने; ठग; धूर्त; धोकेबाज ।

**प्रवञ्चन/प्रवञ्चना**– ना० [सं०] जालसाज गरेर अर्काको धनमाल धुत्ने प्रवृत्ति; ठगी; धोकेबाजी; धूर्तता ।

**प्रवञ्चित**– वि० [सं०] कसैका जालसाजमा परेर आफ्नो धनमाल हराएको; ठगिएको; धोकामा परेको; प्रवञ्चनामा परेको ।

**प्रवर**– वि० [सं०] १. सबैभन्दा मुख्य; प्रधान; श्रेष्ठ । २. सबैभन्दा माथिल्ला तहको; मूली । ना० ३. गोत्र चलाउने ऋषिपछिका नाउँ चलेका ऋषि । ~**वृक्ष**– ना० सार्नका लागि मूल रूखका हाँगाहरूलाई कलमी बनाइएको असल र सप्रेको बोट वा बिरुवा । ~**समिति**– ना० कुनै विधेयक, प्रस्ताव आदिमा विचार र आवश्यक संशोधन आदि गरेर संसद्मा पेस गर्न संसद्द्वारा गठित प्रमुख समिति ।

**प्रवर्ग**– ना० [सं०] १. अनेक वर्ग वा श्रेणीहरूमा एक; कुनै वर्गका अन्तर्गतको सानो विभाग । २. हवन गर्ने अग्नि; होमाग्नि ।

**प्रवर्तक**– वि० [सं०] १. कुनै काममा लगाउने; प्रवृत्त गर्ने । २. सुरु गर्ने; आरम्भ गर्ने; थाल्ने । ३. कुनै काम चलाइराख्ने; जारी राख्ने । ४. नयाँ वस्तुको निर्माण गर्ने; आविष्कार गर्ने । ना० ५. नाटकमा सूत्रधारद्वारा वर्तमान कथाको वर्णन र पात्रहरूको प्रवेश देखाइने एक शिल्प; प्रस्तावनाको एक भेद ।

**प्रवर्तन**– ना० [सं०] १. कसैलाई कुनै काममा लगाउने कार्य; प्रवृत्त गराउने कार्य । २. थालनी । ३. सञ्चालन; प्रचालन । ४. कुनै नयाँ विषयवस्तु, सिद्धान्त वा प्रक्रियाको निर्माण; आविष्कार; अन्वेषण ।

**प्रवर्तित**– वि० [सं०] प्रवर्तन गरिएको; फेरिएको ।

**प्रवर्द्धक**– वि० [सं०] प्रवर्द्धन गर्ने (व्यक्ति) ।

**प्रवर्द्धन**– ना० [सं०] वृद्धि; प्रवर्धन ।

**प्रवर्द्धित**– वि० [सं०] हे० प्रवर्धित ।

**प्रवर्धक**– वि० [सं०] १. बढाउने; वृद्धि गराउने; हुर्काउने । २. परिवर्धित तुल्याउने ।

**प्रवर्धन**– ना० [सं०] १. सानु वा थोरैबाट ठूलो हुँदै वा धेरै हुँदै जाने क्रिया; प्रवर्द्धन; वृद्धि । २. सानोबाट ठूलो गराउने वा थोरैबाट धेरै गराउने क्रिया; बढाउने कार्य; वृद्धि ।

**प्रवर्धित**– वि० [सं०] १. सानोबाट ठूलो गराइएको । २. थोरैबाट धेरै गराइएको; बढाइएको; प्रवर्द्धित । ३. बढेको; ठूलो भएको; धेरै भएको ।

**प्रवर्षण**– ना० [सं०] १. सगरबाट हुने झरीको बर्साइ; वर्षा; वृष्टि । २. किष्किन्धाका समीपमा रहेको रामायणप्रसिद्ध एक पर्वत ।

**प्रवसन**– ना० [सं०] १. प्रवास वा विदेश जाने क्रिया; परदेशयात्रा । २. मृत्यु; मरण ।

**प्रवह**– ना० [सं०] १. पानीको ठूलो प्रवाह वा धारा; जलस्रोत । २. हावाको प्रवाह । ३. सात प्रकारका वायुमध्ये एक । >**प्रवहण**– ना० १. बहने क्रिया एवं प्रक्रिया । २. गोरु वा घोडाले तान्ने, पर्दा भएको बग्गी वा पालकी; पर्दावाल सवारी । ३. छोरीको विवाह गरी वरका हातमा सुम्पने काम; कन्यादान ।

**प्रवह्ली**– ना० [सं०] प्रहेलिका; अड्को ।

**प्रवात**– ना० [सं०] १. खुला, सफा र ताजा हावा; स्वस्थ हावा । २. आँधी; हुरी; हुन्डरी ।

**प्रवाद**– ना० [सं०] १. परस्परमा बोल्ने काम; वार्तालाप; कुराकानी । २. व्यक्त गर्ने क्रिया; प्रकटगराइ । ३. किंवदन्ती; जनश्रुति । ४. मानिसहरूको होहल्ला वा गाइँगुइँ; जनरव । ५. बाजाको ध्वनि; वाद्यझङ्कार । >**प्रवादक**– वि० बाजा बजाउने काम गर्ने; वाद्यवादक । **प्रवादी**– वि० १. प्रवादसम्बन्धी । २. प्रवाद गर्ने ।

**प्रवाल**– ना० [सं०] १. एक प्रकारको रत्न; मुगा; विद्रुम । २. नक्कली मुगा; पुवाँलो । ३. पालुवा; पाउलो; पल्लव । ~**युग**– ना० भूगर्भशास्त्रअनुसार मुगाको सृष्टि भएको युग; आजभन्दा चवालीस करोड वर्ष पहिले प्रारम्भ भएको युग; पुराजीवकभित्र पर्ने तेस्रो युग ।

**प्रवास**– ना० [सं०] १. परदेशको बसाइ; विदेशको वास । २. परदेश जाने क्रिया; बिदेसिने काम । >**प्रवासन**– ना० १. विदेशमा जाने वा रहने काम; स्वदेशबाट बाहिरको प्रस्थान । २. देशनिकाला; देशनिष्कासन । ३. वध; हत्या । **प्रवासित**– वि० १. देशनिकाला गरिएको; देशनिष्कासित । २. विदेशमा गएर बसोबास गरेको; परदेशमा रहेको; पर्देसिएको । **प्रवासी**– वि० परदेशमा रहने; विदेशमा बस्ने; प्रवासमा रहने । स्त्री० प्रवासिनी ।

**प्रवाह**– ना० [सं०] १. पानीको बगाइ; जलधार । २. हावाको बहाइ; वायुप्रवाह । ३. पानीसँगै कुनै वस्तुको बगाइ वा हावासँगै कुनै वस्तुको बहाइ । ४. बगुवा पानी वा बहँदो हावा । ५. भाषण, चलन, काम, यात्रा आदि कार्यको अटुट सिलसिला । >**प्रवाहक**– १. वि० प्रवाहित पार्ने; प्रवाहमा लैजाने; बहाउने; बगाउने । ना० २. मोटर, रेल, हवाईजहाज आदि गाडी । – **पूर्ण**– वि० १. प्रवाहका साथमा भएको वा गरिएको । २. प्रवाहले युक्त वा भरिपूर्ण । – **मय**– वि० प्रवाह भएको; बेगिलो; फुर्तिलो; छिटो । >**प्रवाहित**– वि० १. राम्ररी बगेको वा बगाइएको । २. ओसारिएको; लगिएको । ३. बहेको वा बहाइएको । **प्रवाहिनी**– ना० नदी । **प्रवाही**– वि० १. राम्ररी बग्ने; प्रवाहयुक्त । २. ओसार्ने काम गर्ने; लैजाने । ३. चलाउने; सञ्चालन गर्ने । ४. बहाउने; उडाउने । ५. प्रवाहमय; छिटो ।

**प्रविधि**– ना० [सं०] १. कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया; कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सीप, ढङ्ग वा कौशल; तकनिकी । २. खासखास शिल्पको हतौडी । (उदा०– बूढा मरेपछि त्यो घरका मान्छेले जजमानी छोडे, किनभने छोराहरूलाई पुरेत्याइँको प्रविधि थाहा थिएन ।) ~ **शास्त्र**– ना० वैज्ञानिक तरिकाले जीवनका निम्ति आवश्यक तथा निर्माणात्मक कार्य सञ्चालित गर्ने शास्त्र ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**प्रविष्ट–** वि० [सं०] १. प्रवेश गरेको वा घुसेको; पसेको; छिरेको । २. प्रवेश पाएको; प्रवेश गराइएको । > **प्रविष्टि–** ना० १. प्रवेश गराउने कार्य; मुख्य स्थानमा रहन दिने अनुमति । २. खर्च वा आम्दानी खातामा लेखिने काम । ३. नाम दर्ता गराउनाका निम्ति दिइने सामान्य निवेदन । ४. दर्ता; समावेश । (उदा०– कोशकारले प्रत्येक शब्दको प्रविष्टिमा विशेष ध्यान दिनुपर्छ ।)

**प्रवीण–** ना० [सं०] १. कुनै पनि कार्य सम्पन्न गर्नमा सीप भएको; सिपालु; निपुण; कुशल । २. वीणा बजाउन जान्ने ।

**प्रवीणता–** ना० [सं०] १. कुनै काम गर्नका निम्ति रहेको कुशलता; निपुणता; सीप । २. इन्टरमिडिएट-तह; प्रमाणपत्र-तह । **– प्रमाण पत्र–** ना० प्रमाणपत्र-तहको अध्ययन पूरा गरी प्राप्त हुने प्रमाणपत्र (आई० ए०, आई० एस०सी०, आई० कम्०, आइ० एड० का परीक्षाहरूको नयाँ शिक्षा-योजनाअनुसारको नाम ।)।

**प्रवृत्त–** वि० [सं०] १. कुनै काममा कुशलतापूर्वक लागेको; रत; तल्लीन; लीन । २. कुनै कार्यका निम्ति तयार; उद्यत । ३. कुनै कार्य सुरु गरिएको; आरब्ध । ४. तत्पर ।

**प्रवृत्ति–** ना० [सं०] १. कुनै कार्य, लक्ष्य, वस्तु वा लततिरको मानसिक झुकाउ । २. मनको लगन । ३. इन्द्रियहरूको आआफ्ना विषयभोगतर्फको आकर्षण; सांसारिक विषयप्रतिको मोह । ४. वार्ता; वृत्तान्त । ५. चालचलन; आचारविचार । ६. आनीबानी । **– गत–** वि० प्रवृत्तिसँग सम्बन्धित; प्रवृत्तिको । **– मूलक–** वि० खास गरी प्रवृत्तिमा आधारित; प्रवृत्तिबाट प्रेरित ।

**प्रवेश–** ना० [सं०] १. बाहिरबाट भित्र जाने वा पस्ने क्रिया । २. कुनै क्षेत्र, वर्ग, सङ्घ आदिमा नियमपूर्वक हुने सामेली । ३. कुनै विषय वा शास्त्रसम्बन्धी प्रारम्भिक ज्ञान । ४. कुनै कार्यविशेषको सहभागिता । ५. संस्था आदिमा होइने वा गरिने भर्ना । ६. समावेश; प्रविष्टि । वि० ७. प्रविष्ट । **– क–** ना० १. प्रवेश दिने वा मिलाउने व्यक्ति । २. कुराकानीबाटै घटना वा कथाको परिचय गराइने, नाटकको मध्यभागको एक शिल्प । वि० ३. प्रवेश गराउने । **– पत्र–** ना० कुनै कार्यविशेषका निम्ति सम्बन्धित ठाउँमा प्रवेश गर्न पाउने अधिकार लेखिएको पत्र; टिकट । **– पत्रक–** ना० सिनेमा हल, नाटचशाला, सङ्गीत-सम्मेलन आदि समारोहमा पस्ने बेलामा टिकट खिच्ने व्यक्ति (गेटकिपर) । ~ **परीक्षा–** ना० प्रवेशिका पास भइसकेका विद्यार्थीहरूबाट महाविद्यालयीय पढाइ सुरु गर्नका निम्ति योग्य-अयोग्य छुट्ट्याउन लिइने परीक्षा; एक तह पार गरेर अर्को तहमा जाने सम्बन्धमा योग्य छ-छैन भनी लिइने परीक्षा । **– रोधन–** ना० उच्च पदाधिकारीहरूबाट आफ्नो माग पूरा गराउनलाई वा साधारण मानिसहरूलाई अनुचित काम गर्नबाट रोक्न वा जोगाउनलाई कार्यालय, दोकान, अड्डाखाना, विद्यालय, महाविद्यालय आदिका ढोकामा र सडक आदिका अगाडि अडेर बस्ने काम; पिकेटिङ् । ~ **शुल्क–** ना० १. कुनै संस्था वा ठाउँमा प्रविष्ट हुनका निम्ति निर्धारित गरिएको द्रव्य वा रकम । २. प्रवेशपत्र लिँदा लाग्ने शुल्क । > **प्रवेशार्थी–** वि० १. कुनै संस्था, पद वा ठाउँमा प्रवेश गर्न चाहने । ना० २. प्रवेशको उम्मेदवार ।

**प्रवेशिका–** ना० [सं०] १. उच्च शिक्षामा प्रवेश गर्नुभन्दा पहिले लिइने माध्यमिक तहको परीक्षा; एस० एल० सी०; म्याट्रिक । २. उक्त परीक्षासम्बन्धी पठनपाठन । ३. उक्त पठनपाठनको तह । ~ **परीक्षा–** ना० उच्च शिक्षा प्राप्त गराउनुभन्दा पहिले लिइने वा दिइने परीक्षा; विद्यालयको पढाइ समाप्त भएपछि लिइने वा दिइने अन्तिम परीक्षा; म्याट्रिक जाँच; एस्० एल० सी० को परीक्षा ।

**प्रवेशित–** वि० [सं०] १. पसेको; प्रवेश गरेको; प्रविष्ट । २. प्रवेश गराइएको; प्रवेश पाएको; हुलिएको ।

**प्रव्रजन–** ना० [सं०] १. कुनै कारणले अथवा ऋतुविशेषमा बसेको ठाउँ वा देशबाट सरिएको बसाइँ । २. सन्न्यास; प्रव्रज्या ।

**प्रव्रजित–** वि० [सं०] १. सन्न्यास ग्रहण गरेको; सन्न्यस्त; जोगी भएको । २. विदेश गएको; परदेश लागेको । ३. सन्न्यासी ।

**प्रव्रज्या–** ना० [सं०] १. घर छाडेर कहीँ टाढा जाने काम । २. घरबार छाडी टाढाको कुनै निर्जन स्थलमा गएर बस्ने काम; एकान्तवास । ३. सांसारिक व्यवहार वा बन्धनलाई त्यागेर सन्न्यास ग्रहण गर्ने काम; सन्न्यास । ४. जीविका, निवास आदिको सुविधाका दृष्टिले आफ्नो देश वा स्थल छाडेर कुनै अर्को देश वा स्थानमा गएर बस्ने काम । ~ **व्रत–** ना० हिन्दूहरूका यज्ञोपवीतका किसिमको हुने नेपाली बौद्धहरूको एक संस्कार ।

**प्रव्राजक–** ना० [सं०] १. सन्न्यासी । २. परिव्राजक; भिक्षु ।

**प्रशंसक–** वि० [सं०] प्रशंसा वा गुणगान गर्ने; राम्रो वा उत्तम छ भनी तारिफ गर्ने (व्यक्ति) ।

**प्रशंसनीय–** वि० [सं०] गुणगान गर्न लायक; प्रशंसा गर्न योग्य; तारिफ गर्न लायक; स्तुत्य । ~ **पट्ट–** ना० वीरतापूर्वक कार्य गर्ने नेपाली सेनाका अधिकृत तथा जवानलाई प्रदान गर्ने उद्देश्यले २०२० सालमा स्थापित एक पदक ।

**प्रशंसा–** ना० [सं०] १. केही राम्रा गुणहरूको आधारमा बढाईचढाई अथवा यथार्थ रूपमा गरिएको कसैको राम्रो बखान; सद्धनी; तारिफ । २. स्तुति; स्तुतिगान । ३. झूटो तारिफ; चाप्लुसी; बेसारघसाइ । **– घोष–** ना० कुनै वक्ताले भाषण गर्दा वा कविले कविता पाठ गर्दा मूलभूत तथ्यको अनुमोदनमा श्रोताहरूबाट भएको प्रशंसासूचक तालीको ध्वनि । ~ **पत्र–** ना० १. कुनै कामदारहरूले इमानदारीपूर्वक काम गरेबापत उच्च अधिकारीले अथवा कुनै संस्थाले दिने सराहनापत्र । २. राम्रो कार्य गरेबापत संस्था, व्यक्ति वा संस्थाको प्रमुखले कतैबाट पाउने सराहनापत्र । > **प्रशंसित–** वि० प्रशंसा गरिएको; गुणगान गरिएको; तारिफ गरिएको । **प्रशंस्य–** वि० प्रशंसा गर्न योग्य; गुणगान गरिने खालको; तारिफ गर्न लायक; प्रशंसनीय ।

**प्रशमन**– ना० [सं०] १. मानसिक आनन्द; शान्ति । २. सांसारिक उपभोगबाट पाइने मुक्ति; मोक्ष । ३. अन्तःकरण र इन्द्रियहरूको संयम । ४. क्षमा; सहनशीलता । ५. तिरस्कार; निन्दा । ६. नाश । ७. अवसान; अन्त ।

**प्रशस्त**– वि० [सं०] १. प्रशंसा गरिएको; प्रशंसित । २. प्रशंसा गर्न लायक; प्रशंसनीय । ३. सबैमाको असल; उत्तम । ४. सबैमाको ठूलो; विशाल; विस्तृत । ५. धेरै; ज्यादा; औधी; अधिक; मनग्य । क्रि० वि० ६. धेरै मात्रामा; धेरै सङ्ख्यामा । ७. पर्याप्त हुने गरी; पर्याप्त मात्रामा ।

**प्रशस्ति**– ना० [सं०] १. कसैका शील, स्वभाव, रूप, सुकार्य आदिका निम्ति गरिने प्रशंसा; स्तुति । २. राजा वा राष्ट्रप्रमुखको वंश, कीर्ति, प्रशंसा आदिको वर्णन भएको वाक्य; ताम्रपत्र, शिलापत्र आदिमा लेखिने, राजा वा वीरहरूको प्रशंसासूचक वाक्य । ३. ग्रन्थका कर्ता, विषय, काल आदिको उल्लेख गरिएको, आदि र अन्त्यको पङ्क्ति ।

**प्रशाखा**– ना० [सं०] १. रूखका हाँगामा पलाएको अर्को हाँगो । २. प्रशासनिक वा अन्य कुनै मुख्य विभागअन्तर्गत रहेको; मुख्य विभागलाई सहयोग पुऱ्याउने उपविभाग; विभागअन्तर्गतको अर्को विभाग ।

**प्रशान्त**– वि० [सं०] १. मनमा कुनै किसिमको विकार नभएको; शान्त । २. चञ्चल स्वभाव नभएको; निश्चल; स्थिर । ३. इन्द्रियहरूलाई वशमा राखेको; इन्द्रियजित । ४. इहसंसारबाट मुक्ति पाएको; मरेको । ना० ५. एसिया र अमेरिकाका बीचमा पर्ने महासागर । ~ **चित्त**– वि० स्थिर चित्त भएको; शान्त मन भएको; निश्चल स्वभावको । ~ **महासागर**– ना० संसारको सबैभन्दा ठूलो महासागर ।

**प्रशासक**– ना० [सं०] १. राज्य, सङ्घ, संस्था, कार्यालय आदिका माथिल्ला तहको प्रबन्धक; राज्यको शासन वा प्रबन्ध गर्ने व्यक्ति । वि० २. शासन गर्ने; शासन चलाउने; शासनकर्ता ।

**प्रशासकीय**– वि० [सं०] १. प्रशासनसम्बन्धी । २. प्रशासकसम्बन्धी । ना० ३. प्रशासक वा प्रशासनसम्बन्धी कार्य वा दायित्व । ~ **कार्यविधि**– ना० प्रशासनसम्बन्धी काम कसरी गर्नुपर्छ भन्ने नीति एवं नियमको तरिका; प्रशासनिक व्यवस्था मिलाउने कार्यप्रणाली; प्रशासनका कामकारबाईको ढाँचा । ~ **नियन्त्रण**– ना० शासनप्रबन्धको नियन्त्रण गर्ने काम; प्रशासनलाई आफ्नो अधीनमा राख्ने कार्य । ~ **परिषद्**– ना० कुनै खास किसिमको प्रशासन चलाउनका निम्ति गठित विशिष्ट व्यक्तिहरूको समूह । ~ **सहायक**– ना० १. मुख्य प्रशासकका मातहतमा रहेर निजले चलाउने प्रशासनसम्बन्धी कार्यमा सहयोग पुऱ्याउने व्यक्ति । २. कुनै कार्यालयका मुख्य प्रशासकभन्दा तल्लो तहको प्रशासक । ~ **सङ्गठन**– ना० कुनै खास किसिमको प्रशासन चलाउनका निम्ति विशिष्ट व्यक्तिहरूद्वारा गठित प्रशासकीय समूह; विशिष्ट किसिमका प्रशासकीय व्यक्तिहरूको समूह ।

**प्रशासन**– ना० [सं०] १. कुनै कार्यालयका विभिन्न समस्याहरूको प्रबन्ध । २. राज्य, जिल्ला, अञ्चल आदिको सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक आदि समस्याको नियन्त्रण वा समाधान गर्ने कार्य । ~ **कार्य**– ना० प्रशासन । ~ **कार्य क्षमता**– ना० प्रशासनसम्बन्धी कार्य गर्न एवं गराउनका निम्ति आवश्यक योग्यता वा निपुणता; प्रशासनकार्यका निम्ति उपयुक्त सामर्थ्य । ~ **पत्र**– ना० इच्छापत्रहीन सम्पत्तिको प्रबन्ध गर्नका निम्ति प्रशासकलाई नियुक्त गरिएको, सर्वोच्च अदालत वा उच्च अदालतद्वारा जारी गरिएको आदेशपत्र । ~ **भङ्ग**– ना० आन्तरिक उपद्रव, आर्थिक सङ्कट आदिका कारणले गर्दा शासन व्यवस्था भङ्ग हुने स्थिति; प्रशासनिक गडबडी ।

**प्रशासनिक**– वि० [सं०] प्रशासनसँग सम्बन्धित; प्रशासनको । ~ **अङ्ग**– ना० देशको मुख्य प्रशासनका अधीनमा रही त्यसलाई चारैतिरबाट सहयोग पुऱ्याउन स्थापना गरिएका साना-साना प्रशासनिक निकाय वा कार्यालय । ~ **नगर**– ना० १. धेरैजसो प्रशासनका निकायहरू रहेको सहर; देश, जिल्ला आदिको सदर मुकाम । २. प्रशासनका अधीनमा बसाइएको वा व्यवस्था गरिएको सहर ।

**प्रशासनीय**– वि० [सं०] १. प्रशासन गर्नुपर्ने; प्रशासन गर्न लायक । २. प्रशासनसँग सम्बन्ध राख्ने; राजकाजसित सम्बन्धित (कार्य) ।

**प्रशासित**– वि० [सं०] १. प्रशासन गरिएको । २. प्रशासकद्वारा अदपमा राखिएको ।

**प्रशिक्षक**– ना० [सं०] कुनै प्राविधिक विषयहरूको क्रियात्मक वा व्यावहारिक शिक्षा दिने व्यक्ति; प्रायोगिक शिक्षा दिने वा त्यस सम्बन्धमा तालिम दिने शिक्षक; प्रशिक्षण दिने व्यक्ति; तालिमको पथप्रदर्शक ।

**प्रशिक्षण**– ना० [सं०] १. प्राविधिक विषयहरूमा क्रियात्मक वा व्यावहारिक शिक्षा दिने काम; प्रायोगिक शिक्षा दिने वा त्यस सम्बन्धमा तालिम दिने काम । २. प्राविधिक वा शिल्पगत शिक्षण । ३. प्रशासनिक कार्यविधि एवं अन्य व्यावहारिक विषयहरूको विशेष किसिमको शिक्षा । ~ **केन्द्र**– ना० प्राविधिक विषयहरूमा क्रियात्मक वा व्यावहारिक शिक्षा दिइने ठाउँ; प्रशासनिक एवं अन्य व्यावहारिक विषयहरूको तालिम दिने ठाउँ । ~ **क्याम्पस/महाविद्यालय**– ना० सामान्य शिक्षक एवं अन्य कर्मचारीहरूलाई क्रियात्मक वा व्यावहारिक शिक्षा दिने वा आआफ्ना विषयका प्रविधिको विशेष प्रशिक्षण वा तालिम दिइने महाविद्यालय (ट्रेनिङ कलेज) । ~ **विद्यालय**– ना० सामान्य शिक्षक एवं अन्य कर्मचारीहरूलाई क्रियात्मक वा व्यावहारिक शिक्षा दिने वा आआफ्ना विषयका प्रविधिको विशेष प्रशिक्षण वा तालिम दिइने विद्यालय; प्राविधिक विद्यालय; तालिम स्कुल । > **प्रशिक्षणार्थी**– ना० प्राविधिक विषयमा तालिम लिइरहेका छात्र-छात्रा ।

**प्रशिक्षा**– ना० [सं०] १. प्रशिक्षण । २. तालिम; प्राविधिक शिक्षण । > **प्रशिक्षार्थी**– ना० प्रशिक्षण प्राप्त गर्न चाहने व्यक्ति; प्रशिक्षण

प्राप्त गरिरहेका छात्र-छात्रा । **प्रशिक्षित–** वि० प्रशिक्षा वा तालिम प्राप्त गरेको वा प्राप्त गराइएको ।

**प्रशोधन–** ना० [सं०] कच्चा, अशुद्ध एवं अपरिष्कृत वस्तुलाई खारेर, पेलेर एवं पखालेर शुद्ध, चोखो एवं परिष्कृत तुल्याउने काम ।

**प्रशोधित–** वि० [सं०] शुद्ध, चोखो एवं परिष्कृत पारिएको; खारिएको; पखालिएको; प्रशोधन गरिएको ।

**प्रश्न–** ना० [सं०] १. कुनै कुराको उत्सुकता मेट्नका लागि अथवा उचित जवाफ पाउनका लागि कसैलाई सुनाइने शब्द, वाक्य वा वाक्य-समूह; सवाल । २. त्यसै उद्देश्यले गरिने मुद्रा, हाउभाउ, साउती आदिको प्रदर्शनी । ३. छात्रको योग्यता जाँच्नका लागि शिक्षणसंस्थाले तयार पारेको लिखित वा मौखिक सवाल । ४. प्रश्नपत्र । ५. अन्तर्वार्ता दिने वा कुनै पदको उम्मेदवार हुनेको योग्यता जाँच्न सोधिने लिखित वा मौखिक सवालपत्र । ~ **चिह्न–** ना० १. प्रश्नयुक्त वाक्यका अन्तमा लेखिने चिह्न (?) । २. प्रश्न अनुत्तरित रहेको कुरो जनाउने चिह्न । ३. समस्यामूलक विषयमा लक्ष्य गरिने चिह्न; प्रश्नवाचक चिह्न । ~ **पत्र–** ना० परीक्षा, अन्तर्वार्ता आदिमा सोधिने, लेखेर वा छपाएर तयार गरिएको प्रश्नावलीको पत्र । – **वाचक चिह्न–** ना० प्रश्नचिह्न; सवाल गर्ने चिह्न (?) । > **प्रश्नावली–** ना० १. प्रश्नहरूको क्रमबद्ध तालिका । २. परीक्षामा परीक्षार्थीहरूलाई उत्तर लेख्नका निम्ति सोधिने प्रश्नपत्र । ३. कुनै पनि विषयको वास्तविक जानकारी प्राप्त गर्न वा तथ्य सङ्कलन गर्नका निम्ति त्यससँग सम्बन्धित व्यक्तिहरूलाई सोध्न तयार गरिएका प्रश्नहरूको सूची । **प्रश्नोत्तर–** ना० १. कसैबाट कुनै कुराको जानकारी हासिल गर्न सोधिने प्रश्न एवं उसले दिएको उत्तर । २. प्रश्न र उत्तर । ३. प्रश्न र त्यसको उत्तरसमेत साथसाथै भएको एक अर्थालङ्कार । ४. मुखामुख । ५. खैखबर ।

**प्रश्रय–** ना० [सं०] १. आफूभन्दा सम्पन्न व्यक्तिसँग लिइने वा आफूभन्दा विपन्न व्यक्तिलाई दिइने सहारा; आश्रय; आड; आडभरोसा । २. विनय; नम्रता । ३. प्रीति; प्रेम । > **प्रश्रयी–** वि० १. गुण, शील आदि नम्र भएको; विनीत । २. आचारविचार एवं बानीबेहोरा शिष्ट भएको; सज्जन । ३. सहारा लिने; प्रश्रय लिने; आश्रय लिने ।

**प्रश्रवण–** ना० [सं०] सुनुवाइ; सुनाइ; श्रवण ।

**प्रश्रित–** वि० [सं०] १. विनीत; नम्र । २. झुकेको; निहुरिएको । ३. प्रश्रयमा रहेको; आश्रित ।

**प्रश्वस्त–** ना० [सं०] १. सास फेरेझैँ गरी उच्चारण गरिने ध्वनि (श, ष, स, ह आदि) । वि० २. सास फेरिएको ।

**प्रश्वास–** ना० [सं०] १. नाक, मुख आदिबाट सास बाहिर निस्कने क्रिया; निःश्वास; सासफेराइ । २. फोक्साभित्र रहेको विकारयुक्त श्वासलाई बाहिर फ्याँक्ने प्रक्रिया । ३. त्यसरी निस्केको वा फ्याँकिएको सास ।

**प्रष्टव्य–** वि० [सं०] सोध्न योग्य; प्रश्न गर्न लायक ।

**प्रसङ्ग–** ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिसँग रहने सम्बन्ध; संसर्ग । २. एक अर्कासँगको सिलसिला; क्रम; सन्दर्भ । ३. कुनै कार्यका निम्ति अवसर; मौका । ४. कुनै विषयमाथि भएको चर्चा; वार्तालाप । ५. स्त्रीपुरुषका बीचमा हुने समागम; मैथुन; सम्भोग । ६. अनुराग; आसक्ति । ७. प्रकरण; अध्याय । > **प्रसङ्गी–** वि० १. प्रसङ्गले युक्त भएको; प्रसङ्गयुक्त । २. प्रेम गर्ने; प्रेमी; अनुरागी ।

**प्रसन्न–** वि० [सं०] १. मनमा कुनै किसिमका विकारहरू वा पीर, सुर्ता आदि नभएको; हर्षित; प्रफुल्ल; तुष्ट । २. विकार नभएको; स्वच्छ; निर्मल । ~ **चित्त–** वि० सधैँ चित्त रमाइरहने (व्यक्ति) । – **ता–** ना० मनको निर्मलता; हृदयको प्रफुल्लता; खुसी । > **प्रसन्नात्मा–** वि० प्रसन्नचित्त ।

**प्रसरण–** ना० [सं०] १. कुनै विषय वा वस्तुको फैलावट; विस्तरण । २. फिँजाइ; फैलाइ । ३. अघि बढ्ने वा अगि लाग्ने प्रक्रिया । ४. शत्रुलाई घेरा हाल्ने काम; घेराइ ।

**प्रसव–** ना० [सं०] १. बच्चा जन्मने वा बालक पैदा हुने क्रिया; प्रसूति । २. उत्पत्ति; जन्म । ३. सन्तान; सन्तति । ४. फल । ५. फूल; पुष्प । ~ **काल–** ना० सुत्केरी भएको वा हुने समय; बालक पैदा भएको क्षण । ~ **गृह–** ना० १. बच्चा जन्माउनका निम्ति सजिलो हुने वा सम्बन्धित सबै सामग्री भएको अस्पताल; प्रसूतिगृह । २. सुत्केरीकोठो । > **प्रसवन–** ना० बालक जन्माउने क्रिया एवं प्रक्रिया; बच्चा पैदा गर्ने वा हुने काम; सुत्केरो । **प्रसवन्ती–** ना० प्रसववेदनाले छोएकी स्त्री; प्रसवपीडा हुन थालेकी आइमाई; सुत्केरी हुने बेलाकी आइमाई । – **पीडा–** ना० बच्चा पाउनुभन्दा केही अगाडिदेखि बच्चा जन्मिसक्तासम्म बच्चाकी आमालाई हुने कष्ट एवं दुखाइ; प्रसवव्यथा । ~ **वेदना–** ना० प्रसवपीडा । ~ **व्यथा–** ना० प्रसवपीडा । ~ **स्थान–** ना० १. बालक जन्मिएको ठाउँ; (प्रसूतिगृह, सुत्केरीकोठो इ०) । २. गुँड; नीड ।

**प्रसविता–** ना० [सं०] जन्म दिने बाबु; जनक; पिता ।

**प्रसवित्री–** ना० [सं०] बालकको जन्म दिने आमा; जननी; माता ।

**प्रसविनी–** वि० [सं०] १. बालकको जन्म दिने; जन्माउने; सुत्केरी । २. आमा ।

**प्रसाद–** ना० [सं०] १. मनमा असन्तोष, लोभ, मोह, रिस आदि विकार नभई प्रफुल्लता रहेको अवस्था; स्वच्छता; निर्मलता । २. मनमा शोक, सुर्ता, चिन्ता आदि केही पनि नभई हर्षोल्लास भएको स्थिति; प्रसन्नता । ३. देउदेउतालाई चढाइएको वस्तु; नैवेद । ४. देवता वा पूज्य जनहरूले आफ्ना भक्तहरूलाई बाँड्ने खानेकुरो । ५. काव्य वा रचनालाई सरल र सुबोध पार्ने काव्यको एक गुण । ६. कृपा; दया; अनुग्रह; निगाह । > **प्रसादी–** ना० १. देउदेउता वा पूज्य व्यक्तिलाई चढाएको वा चढाएर बाँकी रहेको फलफूल, मिष्टान्न आदि । २. पवित्र भोजन; नैवेद्य ।

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



३. आदरणीय व्यक्तिको जुठो-पुरो ।

**प्रसाधक–** वि० [सं०] १. रङरोगन, फूलमाला, लुगा-कपडा आदि विविध सामग्रीद्वारा सिँगारपटार गर्ने; सजाउने; सिँगार्ने । २. कुनै काम परिश्रमका साथ सम्पन्न गर्ने; दुष्कर काम सिद्ध गर्ने । ना० ३. स्वामी वा राजालाई वस्त्र, आभूषण आदि पहिराइदिने व्यक्ति; पोसाके ।

**प्रसाधन–** ना० [सं०] १. राम्रो हुने वा पार्ने उद्देश्यले गरिने शृङ्गारपटार; सजावट; शृङ्गार । २. कार्यसिद्धि गर्ने काम; सम्पादन; प्रतिपादन; फत्ते; तामेली । ३. कपालकोराइ; केशविन्यास । ४. सिँगारपटार एवं साजसज्जाका निम्ति उपयुक्त वस्तु; शृङ्गारका सामग्री; शृगारसाधन । > **प्रसाधनी–** ना० केशप्रसाधनको साधन; काङ्गियो; पुष्पिका । **प्रसाधिका–** ना० अर्काको प्रसाधनको काम गर्ने स्त्री; सिँगारपटारको काम गरी जीविकोपार्जन गर्ने स्त्री । **प्रसाधित–** वि० १. सिँगारपटार गरेर सजिसजाउ गरिएको; अलङ्कृत; सिँगारिएको; सजाइएको । २. पूरा गरिएको; सम्पादित ।

**प्रसार–** ना० [सं०] १. चारैतिर फैलिने वा फैलाउने काम; विस्तार; फैलावट । २. चारैतिर छरिने क्रिया; पसारो । ३. रेडियो, विज्ञापन, सूचना आदिद्वारा सबैतिर पुऱ्याउने वा फिँजाउने कार्य । ४. कुनै कुराको व्यापक प्रचार एवं चर्चा । > **प्रसारक–** वि० प्रसार गर्ने; चारैतिर फैलाउने वा फिँजाउने; पसारो पार्ने; तन्काउने (व्यक्ति) । **प्रसारण–** ना० १. व्यापक रूपमा फैलाउने वा फिँजाउने काम; प्रचारप्रसार गर्ने क्रिया । २. समाचार वा सन्देशलाई कुनै आकाशवाणी, रेडियो आदि कुनै साधनद्वारा कतै पठाउने कार्य । **प्रसारिणी–** वि० व्यापक रूपमा प्रसार गर्ने; चारैतिर फैलाउने कार्य गर्ने (स्त्री) । **प्रसारित–** वि० प्रसार गरिएको; चारैतिर फैलाइएको । **प्रसारी–** वि० १. प्रसार गर्ने; चारैतिर फैलाउने । २. निक्लने; उक्सने । **प्रसार्य–** वि० प्रसार गर्न योग्य; चारैतिर फैलाउन लायक ।

**प्रसिद्ध–** वि० [सं०] १. असल वा खराब गुणमार्फत सबैजसोले थाहा पाएको; सबैलाई ज्ञान भएको वा सबैले जानेको; कहलिएको; विख्यात; प्रख्यात । २. सिँगारपटार गरिएको; साजसज्जा गरिएको; अलङ्कृत । ३. नाउँ चलेको; नामुद । ४. सर्वपरिचित । ~ **सेवापदक–** ना० दुई वर्ष अविच्छिन्न सेवा गर्ने शाही पार्श्ववर्तीलाई प्रदान गर्ने उद्देश्यले २०२३ सालमा स्थापित एक पदक । > **प्रसिद्धि–** ना० राम्रो काम गरेबापत वा राम्रो गुण भएको आधारमा चलेको कसैको राम्रो नाम; कीर्ति; ख्याति; सुयश; यश; नामुदपन ।

**प्रसुप्त–** वि० [सं०] १. मस्तसँग निदाएको; सुतेको; गाढा निद्रामा परेको । २. कुनै कार्य वा विषयप्रति निष्क्रिय रहेको; चेष्टारहित भएको; निष्क्रिय; निश्चेष्ट । > **प्रसुप्ति–** ना० १. गाढा निद्रा; मस्त सुताइ । २. निष्क्रियता; निश्चेष्टता ।

**प्रसूत–** वि० [सं०] १. जन्म दिइएको; जन्माउने काम गरिएको । २. जन्मेको; पैदा भएको; उत्पन्न । > **प्रसूता–** ना० १. बालक जन्माएकी स्त्री; सुत्केरी । २. बाछो पाएको बस्तुभाउ; ब्याएको पशु ।

**प्रसूति–** ना० [सं०] १. बालक जन्माउने क्रिया; प्रसव; सुत्केरो । २. जन्म; उत्पत्ति । ३. लालाबाला; सन्तान; सन्तति । ४. सुत्केरी; प्रसूता । > **प्रसूतिका–** ना० हे० प्रसूता । ~ **काल–** ना० सुत्केरी हुने समय; बालक जन्मने समय; बच्चा पाउने समय । ~ **गृह–** ना० सुत्केरीले बालक जन्माउने घर; सुत्केरी बस्ने कोठो वा घर; प्रसवगृह । ~ **ज्वर–** ना० सुत्केरी हुने बेलाको पीडा एवं वेदनाले आउने ज्वरो । ~ **वायु–** ना० १. सुत्केरी हुने समयमा गर्भाशयभित्र उत्पन्न हुने वायु । २. सुत्केरी अवस्थामा पाचनप्रणालीमा बाधा पैदा हुन गई पेटबाट चल्ने वायु । ~ **विज्ञान–** ना० बच्चाकी आमा एवं बच्चालाई कुनै किसिमको पीडा नहुने किसिमले प्रसव गराउने कला वा विद्याको विवेचना भएको विज्ञान (गायनोकोलोजी) ।

**प्रसून–** ना० [सं०] १. फक्रिएको कोपिलो; फूल । वि० २. जन्मेको; पैदा भएको ।

**प्रस्ट–** वि० [सं० स्पष्ट] १. स्पष्ट; टड्कालो । २. छचाड्ड । > **प्रस्टिनु–** अ० क्रि० प्रस्ट हुनु; छर्लङ्गिनु । **प्रस्ट्याइँ–** ना० १. प्रस्ट हुने पन; स्पष्टता । २. स्पष्टीकरण । **प्रस्टचाइ–** ना० प्रस्टिने भाव, क्रिया वा प्रक्रिया । **प्रस्ट्याइनु–** क० क्रि० प्रस्ट्याउने काम गरिनु; प्रस्ट पारिनु । **प्रस्टचाउनु–** स० क्रि०/प्रे० क्रि० प्रस्ट पार्नु; खुलस्त्याउनु । **प्रस्टचाहट–** ना० खुलस्त पार्ने कार्य; स्थिति वा किसिम; खुलस्त्याइँ ।

**प्रस्तर–** ना० [सं०] १. फैलिएर रहेका विविध किसिमका ढुङ्गा; पत्थर; पाषाण । २. सुत्न वा बस्नका निम्ति ओछ्याइने ओछ्यान; बिछ्याउना । ३. फल, पात आदिको शय्या; पुष्पशय्या । ४. मैदान; समतल भूमि । > **प्रस्तरण–** ना० १. बिछ्याउना; ओछ्यान । २. आसन; बस्नौटो; आसनी ।

**प्रस्तार–** ना० [सं०] १. व्यापक रूपमा चारैतिर फैलाउने काम; चारैतिर फिँजाउने क्रिया । २. राम्ररी ढाक्ने वस्तु; ढकना; झापन । ३. फूलपात आदिको शय्या । ४. बिछ्याउना; ओछ्यान; प्रस्तर । ५. मैदान; समतल भूमि । ६. छन्दशास्त्रअनुसार छन्दको भेद, सङ्ख्या र रूप थाहा पाउने एक क्रिया । ७. वाक्यको लय (इन्टोनेसन) ।

**प्रस्ताव–** ना० [सं०] १. कुनै कार्य वा उद्देश्यका निम्ति उठाइएको प्रसङ्ग; प्रस्तुत गरिने वा गरिएको कुरो वा चर्चा; सुझाउ । २. कुनै कार्यको आरम्भ वा सम्पादनका निम्ति प्रस्तुत गरिएको विचार । ३. कुनै योजना, कार्यप्रणाली आदिका सम्बन्धमा सभा, समाज, समिति आदिमा स्वीकृतिका निम्ति राखिएको विचार । ४.कुनै ग्रन्थ, रचना आदिको भूमिका; प्रस्तावना । > **प्रस्तावक–** वि०/ना० १. कुनै कार्ययोजना, उद्देश्य आदिका निम्ति सभा, समाज आदिमा स्वीकृतिका निम्ति प्रस्ताव उपस्थित गर्ने (व्यक्ति); प्रस्तोता । **प्रस्तावन–** ना० प्रस्तावरखाइ; प्रस्तावको प्रस्तुति ।

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



**प्रस्तावना**– १. कुनै कार्य, योजना, उद्देश्य आदि पूरा गर्ने सम्बन्धको आरम्भ । २. कुनै पुस्तक वा ग्रन्थको भूमिका; उपोद्घात; प्राक्कथन । ३. नाटकमा मुख्य कथाको अभिनय हुनुभन्दा पहिले सूत्रधार र नटीको कथोपकथनमार्फत वा अन्य कुनै उपायले नाटकबारे सङ्क्षिप्त वा सूक्ष्म रूपमा प्रकाश पारिने, नाटकको एक अवस्थाविशेष । **प्रस्तावित**– वि० १. प्रस्तावका रूपमा आएको; प्रस्तुत गरिएको; योजना गरिएको । २. सुरु गरिएको; आरम्भ गरिएको । ३. भनिएको; वर्णन गरिएको ।

**प्रस्तुत**– वि० [सं०] १. कुनै कार्यविशेषका निम्ति तयार रहेको; उद्यत । २. कुनै विचार, विमर्श, स्वीकृति वा कामका निम्ति पेस गरिएको; प्रस्तावित । ३. कुनै व्यक्ति, वस्तु वा विषयलाई उपस्थित गरिएको; हाजिर गराइएको । ४. तयार पारिएको; ठिक्क पारिएको; रिटिक्क । ५. भनिएको; कथित; उक्त । ६. स्तुति गरिएको; प्रशंसा गरिएको; प्रशंसित । ७. चर्चा उठाइएको वा चलाइएको; प्रासङ्गिक; सान्दर्भिक । ८. सुरु गरिएको; थालिएको; आरब्ध । >**प्रस्तुताङ्कुर**– ना० एउटा प्रस्तुत विषयमा गरिएको कुरो अर्को प्रस्तुत वस्तु वा विषयमा घट्ता हुने एक अर्थालङ्कार ।

**प्रस्तुति**– ना० [सं०] १. सभामा कुनै प्रस्ताव पेस गर्ने काम; कुनै प्रस्ताव वर्णनका साथमा सभामा पेस गर्ने क्रिया । २. प्रशंसा; गुणगान; स्तुति । **– कर्ता**– वि० १. प्रस्तुति गर्ने । २. प्रशंसा गर्ने । >**प्रस्तुतीकरण**– ना० १. कुनै प्रस्तावलाई व्यक्ति, समाज, सभा, समिति आदिका समक्ष प्रस्तुत गर्ने कार्य । २. कुनै वस्तु वा विषय राम्ररी तयार गरेर प्रभावकारी ढङ्गबाट जनसमक्ष ल्याउने काम; उपस्थितगराइ । ३. कुनै लेख, रचना, प्रवचन आदिलाई प्रभावपूर्ण तरिकाले जनसमक्ष पेस गर्ने काम; पेसगराइ; दाखिला ।

**प्रस्तोता**– ना० [सं०] १. कुनै विषय वा वस्तुलाई प्रभावकारी ढङ्गबाट जनसमक्ष प्रस्तुत गर्ने व्यक्ति; प्रस्तुतिकर्ता । २. प्रशंसा गर्ने व्यक्ति; प्रशंसक । ३. सामवेदका गायक ।

**प्रस्थ**– ना० [सं०] १. एक प्रकारको भर्ने साधन; पाथी । २. बस्ती; स्थल (जस्तो– इन्द्रप्रस्थ) । ३. बसाइ; आश्रम (जस्तो– वानप्रस्थ) ।

**प्रस्थान**– ना० [सं०] १. एक ठाउँबाट अर्का ठाउँमा जाने क्रिया; गमन; यात्रा । २. ठीक मुहूर्तमा आफू प्रस्थान गर्न नसक्ने कारण परेमा जनै, सुपारी, वस्त्र आदि पर सार्ने काम; पाइतोसराइ । ३. युद्धका निम्ति यात्राको आरम्भ ।

**प्रस्थापक**– वि० [सं०] १. कसैलाई वा केही कुरालाई कतैतिर पठाउने । २. राम्ररी स्थापना गर्ने वा युक्तिपूर्वक राख्ने ।

**प्रस्थापन/प्रस्थापना**– ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिलाई पठाउने कार्य । २. स्थापना वा युक्तिपूर्वकको रखाइ । ३. कुनै पद, मत, व्यक्ति, वस्तु आदिको स्थायित्व-प्राप्ति । ४. स्थापित हुने क्रियाप्रक्रिया । ५. कार्यसिद्धि; सिद्धि । ६. सरकारको विधायिका अङ्गमा जनप्रतिनिधिसमक्ष विधेयकको प्रस्तुतीकरण ।

**प्रस्थापित**– वि० [सं०] १. पठाइएको; प्रेषित गरिएको । २. स्थापना गरिएको वा युक्तिपूर्वक राख्ने काम गरिएको । ३. संसद्, राष्ट्रिय सभा आदि झैं विधायक स्थलमा जनप्रतिनिधिका सामुन्ने प्रस्तावका रूपमा अग्रसर गरिएको । ४. प्रस्तुत गरिएको; पेस गरिएको ।

**प्रस्थायी**– वि० [सं०] एक ठाउँबाट अर्को ठाउँमा जाने; प्रस्थान गर्ने ।

**प्रस्थित**– वि० [सं०] १. एक ठाउँबाट अर्का ठाउँमा गएको; प्रस्थान गरेको । २. प्रस्थानका निम्ति तयार भएको । ३. विशेष रूपले रहेको; दृढ भएर रहेको । >**प्रस्थिति**– ना० १. प्रस्थान; यात्रा; गमन । २. वस्तुको विशेष स्थिति ।

**प्रस्फुट**– वि० [सं०] १. फूल आदि फुलेको वा फक्रिएको; प्रफुल्ल; विकसित । २. निस्केको वा प्रकट भएको; प्रकटित; स्पष्ट । ३. बिरुवा आदि उम्रिएको । ४. मनका क्रोध, हर्ष आदिको उदय भएको । ना० ५. प्रस्फुटन । >**प्रस्फुटन**– ना० १. फूल आदि फुल्ने वा फक्रिने क्रिया; विकास । २. निस्कने वा प्रकट हुने क्रिया; प्रकट ।

**प्रस्फुरण**– ना० [सं०] १. निस्काइ; निक्लाइ । २. फुलाइ; फक्राइ । ३. फरफराइ; फुराइ । ४. चम्काइ । ५. कँपाइ; कम्पन; प्रकम्पन ।

**प्रस्फुरित**– वि० [सं०] प्रस्फुरण भएको ।

**प्रस्फोट/प्रस्फोटन**– ना० [सं०] १. कुनै विस्फोटक पदार्थको फुटाइ वा पड्काइ । २. फूल आदिको फुलाइ वा फक्राइ । ३. निस्काइ वा निक्लाइ । ४. चम्काइ वा प्रकाशन । ५. निफनाइ; छँटाइ ।

**प्रस्रव/प्रस्रवण/प्रस्राव**– ना० [सं०] १. निरन्तरको चुहाइ वा रसाइ; तप्को । २. निरन्तरको बहाइ वा बगाइ; प्रवाह; धारा । ३. कुनै तरल पदार्थको बेगिलो बगाइ वा चुहाइ । ४. धारो । ५. झर्ना; छाँगो; छहरो । ६. वात्सल्य वा दूधको अधिकताले स्तनबाट चुहिरहने दूधको सिर्को । ७. मूत्र; पिसाब । ८. शरीरका भित्र रहने विभिन्न ग्रन्थिहरूबाट निस्कने रसिलो पदार्थ; हर्मन (अङ्०) ।

**प्रस्रुत**– वि० [सं०] १. प्रस्रवका रूपमा आएको; चुहेको; रसाएको; टप्किएको । २. झरेको; बगेको ।

**प्रस्वेद**– ना० [सं०] १. तरतरी चुहेको वा निस्केको पसिना । २. स्वेद; पसिना । >**प्रस्वेदन**– ना० पसिना तर्तरी चुहुने वा निस्कने क्रिया एवं प्रक्रिया; प्रस्वेदको झराइ वा निस्काइ । **प्रस्वेदित**– वि० तरतरती पसिना चुहेको वा निस्केको ।

**प्रस्वेदी**– वि० पसिनाले तर भएको; तरतरी पसिना चुहेको वा निस्केको ।

**प्रहर**– ना० [सं०] १. दिनरातका आठ भागको एक भाग; अहोरात्रको आठौँ भाग; तीन घण्टाको समय । २. पहर; याम । >**प्रहरक**– ना० पहरादार; पाले ।

**प्रहरी**– ना० [सं०] १. देशभित्र अशान्ति र अव्यवस्था हुन नदिन र त्यस्तो भएमा शान्ति-सुव्यवस्था कायम गर्नका निम्ति व्यवस्था गरिएको सरकारी विभागको कर्मचारी; पुलिस । २. उक्त विभाग । ३. उक्त विभागअन्तर्गतको तल्लो तहको सिपाही । ४. एक-एक पहरमा बदलिने पाले । ५. पहरेदार; पाले । ~ **कर्मचारी**–

ना० प्रहरी ऐनअन्तर्गत प्रहरीमा नियुक्त भएको वा दरिएको जवान । ~**चौकी–** ना० शान्ति-सुरक्षाका निम्ति आवश्यक परेका ठाउँमा राखिएको प्रहरीहरू रहने अड्डा । ~**दीर्घसेवापट्ट–** ना० पच्चीस वर्षसम्म अविछिन्न रूपले प्रहरी-सेवामा काम गर्ने प्रहरी जवानलाई प्रदान गर्ने उद्देश्यले २०२२ सालमा स्थापित एक पदक । ~ **नायब महानिरीक्षक–** ना० प्रहरी-महानिरीक्षकपछिको पद वा दर्जा ~ **निरीक्षक–** ना० प्रहरीतर्फको इन्स्पेक्टर । ~ **पराक्रम पदक–** ना० प्रहरी-सेवामा रहेर पराक्रमपूर्ण एवं प्रशंसनीय काम गर्ने प्रहरी जवानलाई प्रदान गर्ने उद्देश्यले २०२२ सालमा स्थापित एक पदक । ~**प्रतिवेदन–** ना० कुनै अशान्ति, अव्यवस्था, काटमार, लुटपिट आदिको राम्रो छानबिन गरी सम्बन्धित विभागमा प्रहरीले दिने प्रतिवेदन । ~**फोर्स–** ना० देशमा आन्दोलन, अशान्ति, अव्यवस्था, लुटपिट, चोरीडकैती आदि भएमा शान्तिसुरक्षा गर्न-गराउनका निम्ति सरकारद्वारा गठन गरिएको वा शक्ति प्रदान गरिएको प्रहरीहरूको दल (पुलिसफोर्स) । ~ **महानिरीक्षक–** ना० प्रहरीतर्फका प्रमुख हाकिम (आईo जीo पीo) । ~ **रत्न–** ना० साहसी प्रहरीलाई प्रदान गर्ने उद्देश्यले २०२२ सालमा स्थापित एक पदक । ~ **विभाग–** ना० १. प्रहरीहरूको व्यवस्था मिलाउने, गृहमन्त्रालयका अधीनमा रहेको एक विभाग । २. प्रहरी-सेवाअन्तर्गतको कुनै पनि तहको विभाग । ~**सेवा–** ना० प्रहरीको जागिर । ~ **सेवा पदक–** ना० प्रहरीसेवामा अविछिन्न रूपले बाह्र वर्षसम्म सेवा गर्ने प्रहरीलाई गर्ने उद्देश्यले २०२३ सालमा स्थापित एक पदक ।

**प्रहर्ष–** ना० [सं०] मनोकामना पूरा भएर वा अरू त्यस्तै खुसियालीका कारणले गर्दा मनमा भएको ठूलो हर्ष; अत्यधिक प्रसन्नता; हार्दिक प्रफुल्लता । > **प्रहर्षण–** ना० १. मनमा भएको ठूलो हर्ष; अत्यधिक प्रसन्न हुने क्रिया एवं प्रक्रिया; हार्दिक प्रफुल्लता । २. हर्षबाट उत्पन्न भएको रोमाञ्च । ३. इच्छा पूर्ति हुँदा हुने हर्षोल्लासको स्थिति । ४. प्रयत्न नगरीकन अभीष्ट सिद्धि भएको वर्णन गर्दा हुने एक अर्थालङ्कार । **प्रहर्षिणी–** ना० भगण, नगण, जगण, रगण तथा एक गुरु भएको अतिजगती छन्दको एक भेद । **प्रहर्षित–** वि० १. अत्यन्त हर्षित; अतिप्रसन्न । २. अत्यन्त रोमाञ्चित; ज्यादै पुलकित ।

**प्रहसन–** ना० [सं०] १. ज्यादै ठूलो हाँसो; गद्‌गद स्वरले हाँसिएको हाँसो वा त्यसरी हाँसिने क्रियाप्रक्रिया । २. ठट्टा; दिल्लगी; ख्याल । ३. हास्यरस प्रधान भएको रूपकको एक भेद ।

**प्रहसित–** वि० [सं०] १. खूबसित हाँसेको; ज्यादै हाँसेको । २. हाँसो गरिएको; परिहास गरिएको । ३. ठट्टा गरिएको; दिल्लगी गरिएको; ख्याल गरिएको ।

**प्रहार–** ना० [सं०] १. लट्ठी, हतियार आदिको हनाइ, हिर्काइ वा ताडन; शस्त्रादिको आघात । २. मार्ने काम; हत्या; वध । > **प्रहारक–** वि० १. लट्ठी, हतियार आदिले हान्ने; प्रहार गर्ने; मार्ने (व्यक्ति) । ना० २. त्यस्तो प्रहार गर्ने साधन (लट्ठी, हतियार आदि) । – **कर्ता–** वि० १. प्रहार गर्ने वा मार्ने काम गर्ने । ना० २. हानमार गर्ने व्यक्ति । > **प्रहारी–** वि० १. प्रहार गर्ने; हानमारको काम गर्ने; प्रहारक । २. आक्रमणकारी । ३. योद्धा; लडाकू । ~ **प्रहार्य–** वि० १. हतियार आदिले प्रहार गर्न योग्य; मार्न लायक । २. हरण गर्न योग्य; अपहरण गर्न लायक ।

**प्रहास–** ना० [सं०] १. खित्का छाडेर हाँसिएको हाँसो; खितखिती । २. उपहास; हेलाँ । ३. निन्दा; तिरस्कार । > **प्रहासक–** वि० ज्यादै हँसाउने; खित्का छोडीछोडी हाँस्नुपर्ने स्थिति उत्पन्न गर्ने । **प्रहासी–** वि० १. हाँस्दा खित्का छोड्ने वा प्रहास गर्ने । २. ठट्टा गर्ने; ख्याल गर्ने । ना० ३. नाटकमा हाँसो उत्पन्न गर्ने पात्र; विदूषक । ४. पुर्सुङे; ढँटुवारे ।

**प्रहृत–** वि० [सं०] १. कसैमाथि हतियार आदिले हानिएको; आहत । २. हतियार आदि फ्याँकेर हानिएको; हतियार आदि हातबाट छोडेर हानिएको ।

**प्रहृष्ट–** वि० [सं०] अति प्रसन्न; ज्यादै प्रफुल्ल; प्रमुदित; रमाएको; खुसी भएको (चित्त) ।

**प्रहेलिका–** ना० [सं०] पहेली; अड्को ।

**प्रह्लाद–** ना० [सं०] १. दैत्य भएर पनि आदित्यको वैष्णव धर्म मान्ने, हिरण्यकशिपुको कान्छो छोरो । २. ठूलो आनन्द वा प्रसन्नता । ३. प्रमोद; हर्ष; खुसी । > **प्रह्लादन–** ना० १. खुसी पार्ने क्रिया वा प्रक्रिया; प्रसन्न तुल्याउने क्रिया वा प्रक्रिया; हर्षोल्लास गराउने क्रिया वा प्रक्रिया । वि० २. मनलाई प्रफुल्लित गराउने; खुसी दिलाउने; आनन्दित पार्ने; हर्षित गराउने । **प्रह्लादित–** वि० प्रसन्न तुल्याइएको; खुसी गराइएको; हर्षित तुल्याइएको; आनन्दित गराइएको ।

**प्राइभेट–** वि० [अङ्०] सरकारी विभाग वा कुनै समूह अथवा संस्थासँग सम्बन्धित नरहेको; निजी; व्यक्तिगत; भित्रिया । ~ **कम्पनी–** ना० कुनै सरकारी वा अर्धसरकारी सङ्घ एवं संस्थासँग सम्बन्ध नरहेको निजी वा व्यक्तिगत उद्यम; स्वकीय कारोबारसम्बन्धी स्थापना । ~ **फर्म–** ना० सरकार वा कुनै सङ्घ-संस्थासँग सम्बन्धित नभई व्यक्ति वा व्यक्ति-समूहसँग सम्बन्ध रहेको उद्योगशाला; निजी उद्योगशाला । ~ **सेक्रेटरी–** ना० निजी सचिव; पीo एo ।

**प्राइममिनिस्टर–** ना० [अङ्०] मन्त्रिमण्डल वा मन्त्रिपरिषद्‌को प्रमुख; प्रधानमन्त्री । > **प्राइम मिनिस्टरी–** ना० प्रधानमन्त्रित्व ।

**प्राइमर–** ना० [अङ्०] १. कुनै पाठ्यवस्तु वा विषयको प्रारम्भ गर्नको लागि लेखिएको पुस्तक । २. प्राथमिक तहको पाठ्यपुस्तक ।

**प्राइमरी–** वि० [अङ्०] १. प्रारम्भिक; प्राथमिक; सुरुको । ना० २. प्राथमिक पाठशाला । ~**स्कुल–** ना० प्राथमिक पाठशाला; प्राथमिक विद्यालय ।

**प्राक्–** वि० [सं०] १. सबैभन्दा पहिलेको; सबैभन्दा अगाडिको (पूर्वपदका रूपमा समासमा मात्र प्रयोग हुने शब्द, जस्तै–

c:\Sabdkosh\Rajendra\Dict'Pa'1.p65



प्राक्कथन, प्राक्कल्पना, प्राङ्मुख, प्रागैतिहासिक इ०) । २. अगिल्तिरको; सामुन्नेको । ३. पूर्वको; पूर्वीय ।

**प्राकार–** ना० [सं०] १. सहर वा किल्ला आदिको सुरक्षाका निम्ति चारैतिर लगाइएको अग्लो पर्खाल; प्राचीर ।

**प्राकृत–** वि० [सं०] १. प्रकृतिसम्बन्धी; प्रकृतिको; प्राकृतिक । २. संस्कार नगरिएको वा नभएको; असंस्कृत; कोरा । ३. अकृत्रिम; सहज; स्वाभाविक; सहजसाध्य । ४. सामान्य; साधारण; नैसर्गिक । ना० ५. संस्कृत भाषाको प्रचलनपछाडि जनसाधारणले लोकभाषाका रूपमा बोल्ने गरेको भाषा । ६. संस्कृत भाषाको प्रचलनभन्दा अगाडि वैदिक कालतिर लोकभाषाका रूपमा चलेको भाषा; कथ्यसंस्कृत (संस्कृतको प्रचलनपछि प्रचलनमा आएका प्राकृत भाषाका मुख्य भेदहरू सात छन्–मागधी, आवन्ती, प्राच्य, शौरसेनी, अर्द्धमागधी, वाह्लिक र दाक्षिणात्य) । ~ **पोखरा–** ना० १. डाँडैडाँडा, नदीनाला, वनबगैँचा आदि प्रकृतिले रमाइलो रहेको ताल । २. गण्डकी अञ्चलको, कास्की जिल्ला वा पश्चिमाञ्चल क्षेत्रको सदर मुकाम पोखरालाई दिइएको एक संज्ञा । ३. सोही नामको एउटा काव्य ।

**प्राकृतिक–** वि० [सं०] १. प्रकृतिसम्बन्धी; प्रकृतिको । २. सहज; स्वाभाविक; नैसर्गिक; अकृत्रिम । ३. प्रकृतिबाट उत्पन्न । ४. भौतिक; सांसारिक । ~ **चिकित्सा–** ना० प्राकृतिक साधन, कसरत, व्यायाम आदिबाट गरिने उपचार वा विधि । ~ **चुनाउ–** ना० डार्बिनको विकासवादअनुसार प्राणीले अस्तित्वका लागि खास प्रकारको प्राकृतिक वातावरण रोज्ने कार्य; एक जातिबाट भिन्न प्रजातिको विकास हुने एक कारण । ~ **विकास–** ना० १. प्रकृतिसँग सम्बन्धित विभिन्न सम्पदाको वृद्धि वा विस्तार गरिने वा हुने क्रिया । २. डार्बिनका अनुसार प्राकृतिक चुनाउले गर्दा प्राणीमा आउने प्रजातीय परिवर्तन । ~ **विज्ञान–** ना० १. प्रकृतिसँग सम्बन्धित कुरा वा प्रकृतिका विभिन्न तथ्य एवं सम्पदाको परिचय तथा विश्लेषण गर्ने शास्त्र । २. विशुद्ध विज्ञान (भौतिकी, रसायनशास्त्र, जीवशास्त्र, खगोलशास्त्र आदि) । ~ **सन्तुलन–** ना० जीवजन्तु र वनस्पतिका बीच सबैको सहअस्तित्वका लागि आवश्यक पर्ने प्राकृतिक स्रोत र साधनको समुचित उपभोगको अवस्था ।

**प्राक्कथन–** ना० [सं०] कुनै पुस्तक वा ग्रन्थका आरम्भमा लेखिने भूमिका; प्रस्तावना; उपोद्घात; लेखकीय ।

**प्राक्कर्म–** ना० [सं०] १. कुनै पनि कार्य, महाकार्य आदिका थालनीमा गरिने कर्म । २. बिहानै गरिने नित्यकर्म । ३. पूर्वजन्ममा गरिएको कार्य ।

**प्राक्कलन–** ना० [सं०] १. पछि हुने सम्भावित खर्च वा लागतको पहिले नै गरिने अनुमान वा अड्कल । २. आयव्ययको प्रारूप ।

**प्राक्कल्पना–** ना० [सं०] कुनै खासखास तथ्यहरूको सङ्कलनद्वारा प्राप्त हुने सत्यताको प्रतिपादनका निम्ति आरम्भमै गरिने परिणामको अनुमान; अनुकल्पना; शोधको सैद्धान्तिक आधार । हाइपोथेसिस (अङ्०) ।

**प्राक्काल–** ना० [सं०] १. धेरै पहिलेको समय; पूर्वकाल । २. प्राचीन समय । ३. सभ्यताको जन्म हुनुभन्दा पहिलेको समय; पुरातनकाल । ४.प्रागैतिहासिक समय । > **प्राक्कालिक–** वि० धेरै वर्षअगिको; पहिले भएको; प्राचीन; पुरानो; प्राक्कालीन । **प्राक्कालीन–** वि० प्राक्कालिक ।

**प्राक्टिस–** ना० [अङ्०] १. कुनै विषयमा गरिने अभ्यास; प्रयोग; रफत । २. डाक्टरले डिग्री हासिल गरिसिद्धचाएपछि गरिने प्रायोगिक उपचार । ३. वकिल आदिले न्यायिक छलफल आदिमा वादी र प्रतिवादीको पक्ष लिएर अदालतमा बहस आदिमा भाग लिने पेसा ।

**प्राक्तन–** वि० [सं०] १.पहिलेको; उहिले; आदिम; प्राचीन । २. पुरानो समयको; पुरानो ।

**प्रागैतिहासिक–** वि० [सं०] इतिहासमा वर्णन गरिएको समयभन्दा पहिलेको; इतिहास लेखिनुभन्दा पहिलेको; क्रमबद्ध इतिहासभन्दा पूर्वकालको ।

**प्राग्भाषिक–** वि० [सं०] भाषाको उत्पत्ति हुनुभन्दा अघिको; भाषाको जन्म नहुँदैको; भाषाको उद्गमभन्दा पहिलेको ।

**प्राङ्गण–** ना० [सं०] १. आँगन । २. सानो खालको ढोल वा ढोलकी ।

**प्राङ्गार–** ना० [सं०] १. पत्थर कोइला, हीरा आदि अँगारधर्मी वस्तु; कार्बन । २. पातपतिङ्गरको सडेको रूप । ~ **युग–** ना० प्राङ्गारको सृष्टि भएको युग; आजभन्दा तीस करोड वर्षपहिले चलेको युग ।

**प्राङ्गारिक–** वि० [सं०] १. प्राङ्गारसम्बन्धी । २. प्राङ्गार भइसकेपछिको । ~ **मल–** ना० १. पातपतिङ्गर खाडलमा कुहाएर गाउँघरमै तयार गरिएको मल; घरेलु मल । २. मलका रूपमा प्रयोग गरिएको प्राङ्गार ।

**प्राङ्न्याय–** ना० [सं०] कुनै वादीप्रतिवादीका बीचमा परेका मुद्दाको निर्णय भइसकेपछि सोही अदालतमा तिनै वादीप्रतिवादीका बीचमा पुनः नयाँ मुद्दा पर्न गएमा अदालतले दिएको पहिलो निर्णय ।

**प्राचार्य–** ना० [सं०] महाविद्यालय, विश्वविद्यालय आदिका प्रधान प्राध्यापक; कलेजका प्रशासक; प्रमुख प्राध्यापक; प्रिन्सिपल ।

**प्राची–** ना० [सं०] पूर्व दिशा; पूर्व ।

**प्राचीन–** वि० [सं०] १. धेरै दिन पहिलेको; पूर्वीय; पौरस्त्य । २. धेरै पुरानो; पुरातन । ३. धेरै पहिलेको समयमा बनेको, भएको वा रहेको । ~ **आर्य शाखा–** ना० १. भारोपेली भाषिक परिवारबाट छुट्टिएर आर्य-इरानी शाखामा विभक्त भइसकेपछि आर्य र इरानी उपशाखाहरूमध्ये आर्यको पहिलो हाँगो । २. भारतवर्षमा प्रवेश गर्ने आर्यहरूको पहिलो समूह; बाह्य आर्य । **– ता–** ना० प्राचीन हुनाको भाव, गुण वा अवस्था; पुरानोपन; पुरातनता । ~ **स्मारक–** ना० १. ऐतिहासिक, पुरातात्त्विक वा कलात्मक महत्त्वका देवालय, भवन, सालिक, मूर्ति, चित्र, गुफा, ढुङ्गा, धातु, काठ, हस्तिहाड

आदि तथा ताम्रपत्र, शिलापत्र, कनकपत्र, रजतपत्र, भोजपत्र, ताडपत्र आदि वस्तु र यस्ता वस्तुहरू रहेको ठाउँ । २. कलात्मक पुराना वस्तु वा सामग्री । ~**स्मारक संरक्षण ऐन–** ना० पुरातात्त्विक वस्तुहरूको संरक्षण एवं संवर्द्धन गर्न र तिनलाई नियमित गर्नाका निम्ति तत्कालीन सरकारले २०१३ सालमा तयार गरेको ऐन ।

**प्राचीर–** ना० [सं०] सहर, किल्ला आदि स्थलको सुरक्षाका निम्ति चारैतर्फ बनाइएको अग्लो पर्खाल; प्राकार ।

**प्राचुर्य–** ना० [सं०] प्रचुर हुनाको भाव वा अवस्था; प्रचुरता ।

**प्राच्य–** वि० [सं०] १. पूर्वको; पूर्वसम्बन्धी; पूर्वतिर रहेको वा भएको; पूर्वीय; पुर्बेली । २. पहिलेको; पुरानो; पुरातन । ३. सामुन्नेको अगिल्लो । ना० ४. संस्कृत भाषाको सबैभन्दा पूर्वमा बोलिने कथ्यरूप; मागधी आदि पूर्वीय प्राकृत भाषाहरूको पूर्वरूप । ~ **संस्कृत–** ना० प्राच्य (भाषा) ।

**प्राजापत्य–** वि० [सं०] १. प्रजापतिसम्बन्धी; प्रजापतिको । २. प्रजापतिद्वारा उत्पन्न । ना० २. बाह्र दिनमा सम्पन्न हुने एक व्रत । ३. धर्मशास्त्रअनुसार आठ प्रकारका विवाहमध्ये एक । ४. प्रजापतिको पद, अधिकार वा अधिकारक्षेत्र । ~ **विवाह–** ना० बाबु वा अभिभावकले कन्यादान गरी शास्त्रोक्त विधिले गरिदिने विवाह; आठ प्रकारका विवाहमध्ये एक; ब्राह्मणविवाह । **– हस्त–** ना० पच्चीस अङ्गुलबराबरको नाप ।

**प्राज्ञ–** वि० [सं०] १. प्रखर वा परिपक्व बुद्धि भएको; बुद्धिमान् । २. अत्यन्त सीप भएको; ज्यादै सिपालु; दक्ष । ३. अध्ययनद्वारा प्रशस्त ज्ञान आर्जन गरेको (व्यक्ति); विशिष्ट विद्वान्; पण्डित; विज्ञ । ना० ४. नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य । **– त्व–** ना० १. प्राज्ञ हुनाको भाव वा अवस्था; विद्वत्ता; पाण्डित्य । २. कौशल; चातुर्य । ३. बुद्धिमत्ता । ~ **परिषद्–** ना० १. प्राज्ञ व्यक्ति वा विशिष्ट विद्वान्हरूको समूह वा मण्डली । २. प्रज्ञाप्रतिष्ठानको कार्यकारिणी परिषद् । **– मन्य–** वि० आफूलाई विद्वान् वा धेरै बुद्धिमान् ठान्ने । **– सभा–** ना० १. विद्वान्हरूको सभा । २. नेपाल प्रज्ञाप्रतिष्ठानको सभा ।

**प्राज्ञिक–** वि० [सं०] १. प्राज्ञसम्बन्धी; कौशल वा दक्षतायुक्त । २. प्राज्ञद्वारा सम्पन्न हुने वा गरिने । ~**परिषद्–** ना० विश्वविद्यालयको शिक्षण-प्रशिक्षण आदिका क्रियाकलापसँग सम्बन्धित विनियम निर्माण गर्ने उच्चस्तरीय प्राज्ञिक समिति ।

**प्राज्ञी–** ना० [सं०] विशिष्ट प्रतिभा एवं विद्वत्ता भएकी स्त्री; अत्यन्त दक्ष बुद्धि भएकी आइमाई; विदुषी ।

**प्राञ्जल–** वि० [सं०] १. परिष्कृत; शुद्ध । २. नम्र; विनम्र; हात जोडेको; भद्र ।

**प्राञ्जलि/प्राञ्जली–** वि० [सं०] १. दुई हातका दसै औँला जोडेको; अञ्जलि बाँधेको; बद्धाञ्जलि । ना० २. अँजुली; दुई हातको खोचो; अञ्जलि ।

**प्राड्विवाक–** ना० [सं०] १. न्यायाधीश; न्यायकर्ता । २. कुनै विशेष मुद्दामाथि न्यायअन्यायको विचार गरी उक्त मुद्दा छिन्नका निम्ति सरकारका तर्फबाट नियुक्त गरिएको व्यक्ति वा विचारपति; न्यायाधीश ।

**प्राण–** ना० [सं०] १. शरीरभित्र रहेको जीवनको आधारभूत वायु; शरीरको पञ्चप्राणवायु (प्राण, अपान, व्यान, समान र उदान) । २. हावा; वायु । ३. सास; श्वास; पौन । ४. ज्यान; जीवन । ५. जीव; आत्मा । ६. शक्ति; सामर्थ्य । ७. परब्रह्म । ८.ज्यादै प्रिय वा आत्मीय व्यक्ति । ~ **कष्ट–** ना० प्राण जाने वा मर्ने बेलामा हुने कष्ट; मरणकालको यातना वा वेदना । ~ **घात–** ना० जीवहत्या; ज्यानहरण । ~ **घातक–** वि० प्राण लिने; ज्यानमारा । ~ **त्याग–** ना० प्राण छाड्ने काम; मर्ने क्रिया; मृत्यु । **– द–** ना० १. पानी । २. रगत रक्त; रुधिर । वि० ३. प्राण दिने; प्राण राखिदिने । ~ **दण्ड–** ना० ठूलठूला फौजदारी अपराधी एवं राजद्रोही, देशद्रोही अपराधीहरूलाई दिइने ज्यानको सजाय; मृत्युदण्ड; ज्यानसजाय । ~ **दाता–** वि० कसैको ज्यान बचाइदिने; मृत्यून्मुख स्थितिबाट जोगाइदिने; प्राण दिने; जीवनदान दिने । ~ **दान–** ना० मृत्युबाट बचाउने काम; ज्यान जोगाउने क्रिया; जीवनदान । ~ **धन–** ना० १. प्राणसमान प्रिय तथा आत्मीय रहेको वस्तु वा व्यक्ति । २. अत्यन्त प्यारो व्यक्ति । ~ **धारण–** ना० १. प्राण धारण गर्ने क्रिया; जीवननिर्वाह । २. जीवनशक्ति । ३. बाँच्ने क्रिया । ४. सनातनी विश्वासअनुसार, मरेका व्यक्तिले ढिकुरो उठेका दिनदेखि प्रेतयोनि त्याग गरी कुनै प्राणीको अर्को जुनीमा प्रवेश गर्ने क्रिया । ~ **धारी–** ना० प्राणधारण गर्ने वा जरायुज, अण्डज, स्वेदज एवं उद्भिद्ज आदि जीवधारण गर्ने प्राणी; वनस्पतिलगायत प्राणधारी कुनै पनि सृष्टि; जीव; प्राणी । **– नाथ–** ना० १. प्राणका नाथ; लोग्ने; पोइ; पति । २. प्रेमी; प्रियतम । ३. यमराज; धर्मराज । ~ **पखेरु–** ना० १. प्राणरूपी पक्षी; प्राण नै पक्षी । २. आत्मा; जीवतत्त्व । **– प्रण–** ना० ज्यान हत्केलामा राखेर काम गरिने प्रक्रिया; प्राणको बाजी; ज्यानको बाजी । ~ **प्यारी–** वि० १. प्राणजस्तै प्यारी; ज्यादै आत्मीया; गहिरो माया बसेकी । ना० २. स्वास्नी; पत्नी । ~ **प्यारो–** वि० १. प्राणजस्तै प्यारो; ज्यादै आत्मीय; ज्यादै मायालु । ना० २. प्राणधन; लोग्ने; पति । ~ **प्रतिष्ठा–** ना० १. कुनै नयाँ देवप्रतिमाको स्थापना गरी पूजा गर्नुभन्दा पहिले मन्त्रद्वारा त्यसमा देवताको आवाहन गर्ने क्रिया; मूर्तिमा देवतालाई आवाहन गरी विधिवत् स्थापित गर्ने काम । २. तन्त्रमन्त्रद्वारा मृतकको देहमा भएको मानिने, प्राणको पुनःप्रवेश । ~ **प्रिय–** वि० १. प्राणसमान प्यारो; ज्यादै प्यारो; प्रियतम । ना० २. लोग्ने; पति; श्रीमान् । ~ **प्रिया–** वि० १. ज्यादै प्यारी; प्राणभन्दा पनि प्यारी; प्राणजत्तिकै प्यारी । ना० २. स्वास्नी; पत्नी । ~ **वायु–** ना० शरीरभित्र रहेको जीवनको आधारभूत वायु; जीवनाधार वायु । ~ **सङ्कट–** ना० ज्यानमाथि आइपरेको खतरा; ज्यानै जाने किसिमको डर; ठूलो सङ्कट । **– हारी–** वि० १. प्राण लिने; प्राण हरण गर्ने । ना० २. प्राणघातक

तत्त्व; विष ।

**प्राणाधार–** ना० [सं०] १. प्राण अड्ने वा टिक्ने आधार; जीवनको आधार वा अवलम्ब । २. प्राणका आधारभूत प्रियतम; पति ।

**प्राणान्त–** ना० [सं०] १. प्राणको हुन लागेको अन्त्य वा नाश; मृत्यु; मरण । २. ठूलो सङ्कट वा कष्ट; प्राणसङ्कट । वि० ३. मरणान्त; मर्लान्त । > **प्राणान्तक–** वि० १. प्राणको अन्त्य गर्ने; प्राण हरण गर्ने; ज्यान लिने । ना० २. यमराज ।

**प्राणायाम–** ना० [सं०] श्वासप्रश्वासका गतिलाई नियमित पार्ने क्रिया; योगका आठ अङ्गहरूमध्ये एक । > **प्राणायामी–** वि० श्वासप्रश्वासलाई नियमित राख्ने; प्राणायाम गर्ने ।

**प्राणी–** वि० [सं०] १. प्राण भएको; प्राणयुक्त; सास भएको । ना० २. जीवजन्तु; जीवधारी शरीर । ३. मनुष्य । ~ **भूगोल–** ना० विभिन्न स्थानका जीवजन्तुको अध्ययन गर्ने भूगोल । ~ **विज्ञान–** ना० विभिन्न जीवजन्तुको परिचय एवं वैज्ञानिक विश्लेषण गरिएको शास्त्र; जीवविज्ञान । ~ **शास्त्र–** ना० विभिन्न जीवजन्तुका सम्बन्धमा विश्लेषणात्मक परिचय दिने शास्त्र; प्राणीविज्ञान ।

**प्राणेश्वर–** ना० [सं०] १. प्राणरूपी देवता; पति; स्वामी । २. परम प्रिय व्यक्ति; प्रियतम; प्रेमी । ३. शैथिल्य वा अन्त्य अवस्थामा खुवाइने एक प्रकारको प्रसिद्ध आयुर्वेदीय औषधी । > **प्राणेश्वरी–** ना० १. प्राणरूपी देवी; स्त्री; पत्नी । २. प्रियतमा; प्रेमिका ।

**प्राणोत्सर्ग–** ना० [सं०] प्राणत्याग; मृत्यु ।

**प्रातः–** ना० [सं०] १. बिहानीपखको समय; प्रातःकाल । क्रि० वि० २. सबेरै; सखारै; बिहानै । ~ **कर्म–** ना० प्रातःकालमा गरिने नित्यकर्म; प्रातःकृत्य । ~ **काल–** ना० बिहानको समय; प्रभात । ~ **कालिक–** वि० प्रातःकालसम्बन्धी; प्रातःकालको । ~ **कालीन–** वि० प्रातःकालको; प्रभातकालीन; बिहानी । – **कृत्य–** ना० प्रातःकालमा गरिने कर्म । ~ **सन्ध्या–** ना० १. बिहान गरिने सन्ध्या वा जप । २. बिहानको समय । ~ **स्नान–** ना० बिहान गरिने स्नान । ~ **स्मरण–** ना० प्रातःकालमा गरिने देवता वा पूज्य व्यक्तिको स्मरण । ~ **स्मरणीय–** वि० १. प्रातःकालमा सम्झन लायक । २.आदरणीय; मननीय; सम्मान्य ।

**प्राति–नूतनाश्मयुग–** ना० [सं०] आजभन्दा पचास लाखदेखि चालीस लाख वर्षपहिले प्रारम्भ भएको युग; मानवयुग प्रारम्भ भएका समयको युग ।

**प्रातिपदिक–** ना० [सं०] क्रियादेखि बाहेक अरू नाम, सर्वनाम, विशेषण आदि शब्द; मूलपदमा अर्को कुनै तत्त्व थपिइसकेपछिको (नाम, विशेषण आदि शब्दको) अवस्था ।

**प्राथमिक–** वि० [सं०] १. सुरुको; थालनीको; प्रथम तहको शिक्षासम्बन्धी । २. पहिलेको; प्रथम । ३. सबभन्दा बढी महत्त्वको; सबभन्दा पहिलो क्रममा आउने । ~ **उद्योग–** ना० सुरु-सुरुमा गरिने सानोतिनो वा प्रारम्भिक उद्योग । ~ **उपचार–** ना० १. चोटपटक लागेको वा घाइते कुनै व्यक्तिलाई औषधी-उपचार गराउनुभन्दा पहिले तत्काल गरिने मलमपट्टी आदि सामान्य उपचार; प्रारम्भिक स्तरको उपचार (फस्ट एड); प्रथमोपचार । २. उक्त उपचारसम्बन्धी औषधी । ~ **उपचार बाकस–** ना० प्राथमिक उपचारका सामग्रीहरू राखिने बाकस । ~ **काल–** ना० कुनै निश्चित समयका तीन खण्डमध्ये पहिलो खण्ड वा निश्चित समयका तीन भागमध्ये पहिलो भाग; प्रारम्भिक काल ।

**प्राथमिकता–** ना० [सं०] कार्य, व्यक्ति वा वस्तुलाई प्राप्त हुने पहिलो स्थान वा अवसर; अग्रावसर; अग्राधिकार । ~ **सूची–** ना० योग्यता, दर्जा, गुण आदिका क्रमले पहिलो, दोस्रो, तेस्रो आदिका क्रमले राखिने क्रम वा सूची; आवश्यकताअनुसार क्रमैले राखिने कार्य वा त्यसको सूची ।

**प्राथमिक वर्ग–** ना० [सं०] वानरानुगण, निशाकपि अनुगण, कूर्चमर्कट अनुगण, नरवानरानुगण र मानवानुगण आदि र तीजस्तै हाँगामा वास बस्ने अन्य स्तनपायी; शाखामृगको लागि एक सामूहिक संज्ञा; शाखामृग ।

**प्राथमिक विद्यालय–** ना० [सं०] ससाना बालबालिकाहरूलाई आरम्भमा शिक्षा दिने पाठशाला; एक कक्षादेखि पाँच कक्षासम्मको शिक्षा दिइने तल्लो तहको विद्यालय; प्राथमिक पाठशाला ।

**प्रादुर्भाव–** ना० [सं०] १. कुनै वस्तु वा विषय प्रकट हुने वा देखापर्ने क्रिया । २. कुनै वस्तु वा विषयको उत्पत्ति वा उद्भव । ३. अस्तित्व भएको तर नदेखिएको कुरो जनसमक्ष आउने काम ।

**प्रादुर्भूत–** वि० [सं०] १. सृष्टि भएको; प्रादुर्भाव भएको; प्रकट भएको । २. उत्पन्न भएको; पैदा भएको ।

**प्रादेश–** ना० [सं०] फैलिएका बूढी औँलाका टुप्पादेखि चोर औँलाका टुप्पासम्मको नापो ।

**प्रादेशिक–** वि० [सं०] १. प्रदेशसम्बन्धी; प्रदेशको । २. कुनै प्रदेशका भित्री भागसँग सम्बन्ध राख्ने; प्रदेशअन्तर्गतको । ३. स्थानीय । ४. राजधानीबाहिरको; मोफसलको । – **ता–** ना० आफ्नै प्रदेश वा क्षेत्रलाई मात्र सुदृष्टिले हेर्ने क्रिया; स्थानीय पक्षपात; क्षेत्रीय स्वार्थ; प्रान्तीय भावना । ~ **मौसम विज्ञान–** ना० कुनै खास प्रान्त वा भागको ऋतुक्रिया, हावापानी र शीत-तापक्रमको वैज्ञानिक विश्लेषण र मूल्याङ्कन गर्ने मौसमविज्ञान । ~ **विकास–** ना० कुनै विशेष प्रदेश वा क्षेत्रका आधारमा गरिने विकास । ~ **सेना–** ना० कुनै प्रदेश वा क्षेत्रविशेषमा स्थानीय शान्तिसुरक्षाका निम्ति राखिएका वा रहने सेना । > **प्रादेशिकीकरण–** ना० कुनै क्षेत्र, पृथ्वी, महादेश वा मुलुकलाई प्रदेशमा विभाजन गर्ने प्रक्रिया ।

**प्राधान्य–** ना० [सं०] कुनै वस्तु वा विषयलाई दिइने प्रमुख स्थान; सबभन्दा बढी महत्त्व दिने कार्य; प्राथमिकता; पूर्वाधिकार ।

**प्राधिकरण–** ना० [सं०] १. कसैलाई कुनै कार्य गर्न आदेश आदि दिनका निम्ति प्रदान गरिने अधिकार । २. (अङ्०) कर्पोरेशन (जस्तै– विद्युत् प्राधिकरण) ।

**प्राधिकार–** ना० [सं०] १. कसैलाई जिम्मेदारीपूर्वक कार्य गर्न, आदेश आदि दिनका निम्ति प्रदान गरिएको वा सो कामका निम्ति प्राप्त गरेको अधिकार । २. कुनै अधिकारीलाई आफ्ना

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



पदअनुसारको कार्य गर्नाका निम्ति प्रदान गरिएको वा निजले पाएको अधिकार । > **प्राधिकारी–** ना० आफ्ना पदअनुसारका सम्पूर्ण काम गर्नका निम्ति अधिकार प्राप्त गरेको व्यक्ति; अख्तियारवाला कर्मचारी; हाकिम; अधिकृत ।

**प्राधिकृत–** ना० [सं०] १. प्राधिकारी । वि० २. अख्तियार पाएको । ~**अभिकर्ता–** ना० प्रतिनिधिस्वरूप काम गर्नका निम्ति विधिवत् वा कानुनी तवरबाट अधिकार पाएको अभिकर्ता ।

**प्राध्यापक–** ना० [सं०] १. विश्वविद्यालयअन्तर्गतका क्याम्पस वा महाविद्यालयमा प्राध्यापन गर्ने विशिष्ट श्रेणीको अध्यापक; प्रोफेसर । २. क्याम्पस आदिमा पढाउने कुनै पनि श्रेणीको शिक्षक (सामान्य अर्थमा)।

**प्राध्यापन–** ना० [सं०] विश्वविद्यालयीय वा उच्च शिक्षासम्बन्धी विषयहरू पढाउने कार्य ।

**प्रान्त–** ना० [सं०] १. कुनै देशको एक ठूलो भाग; प्रदेश । २. अनेक जिल्लाहरू मिलाएर बनाइएको वा प्रशासनिक सुविधाअनुसार तोकिएको क्षेत्र । ३. सङ्घात्मक संविधान भएका देशको स्थानीय प्रशासनका अधीनमा रहेको कुनै पनि एकाइ । ४. अङ्ग; भाग ।

**प्रान्तर–** ना० [सं०] १. दुई स्थान वा समयका बीचमा रहेको लामो ठूलो व्यवधान वा अन्तर । २. वनजङ्गल; तरी ।

**प्रान्तिक–** वि० [सं०] १. प्रान्तसम्बन्धी; प्रान्तको; प्रान्तीय । २. आङ्गिक ।

**प्रान्तीय–** वि० [सं०] प्रान्तसम्बन्धी; प्रान्तको । **– ता–** ना० केन्द्रप्रति अनास्थावान् वा कम आस्थावान् रही प्रान्तप्रति पूरै वा धेरै आस्थावान् हुने पृथक्तावादी गुण वा नीति; प्रादेशिकता । ~**सरकार–** ना० सङ्घीय संविधानअनुसार केन्द्रीय सरकारका मातहतमा कुनै प्रान्तको शासनव्यवस्थाका निम्ति बनेको सरकार ।

**प्रापक–** वि० [सं०] १. कसैले दिएको वा पठाएको वस्तु प्राप्त गर्ने; पाउने; प्राप्तिकर्ता । २. कुनै वस्तु एक ठाउँबाट अर्का ठाउँमा पुऱ्याउने । ३. प्राप्त गराउने; प्रापयिता ।

**प्रापण–** ना० [सं०] १. पाउने काम; प्राप्त गर्ने क्रिया वा प्रक्रिया । २. प्राप्त गराउने क्रिया एवं प्रक्रिया; उपलब्ध गराउने काम । ३. पुऱ्याउने कार्य । > **प्रापणीय–** वि० १. प्राप्त गर्न योग्य; प्राप्त हुनुपर्ने; प्राप्तव्य । २. पुऱ्याउन लायक ।

**प्रापयिता–** वि० [सं०] १. प्राप्त गर्ने; पाउने । २. प्राप्त गराउने; पुऱ्याउने ।

**प्राप्त–** वि० [सं०] १. भेटेको; भेट्टाइएको; मिलेको; पाएको; उपलब्ध । २. आइपुगेको; उपस्थित । **– कर्ता–** ना० प्राप्त गर्ने व्यक्ति; प्राप्तिकर्ता । ~ **काल–** वि० १. समय-सुहाउँदो; बेलाअनुसारको । ना० २. उचित समय; उपयुक्त अवसर वा मौका । ~ **मनोरथ–** वि० इच्छापूर्ण भएको; इच्छा पुगेको; सन्तुष्ट । ~ **यौवन–** वि० युवा अवस्थामा पुगेको; नौजवान; तन्नेरी उमेरको ।

**प्राप्तव्य–** वि० [सं०] पाउनुपर्ने; पाउन लायक; प्राप्त गर्न योग्य ।

**प्राप्ताङ्क–** ना० [सं०] परीक्षामा निर्धारित पूर्णाङ्कअनुसार परीक्षार्थीले प्राप्त गरेको अङ्क वा नम्बर । ~ **तालिका–** ना० प्राप्त भएका अङ्कहरू क्रमबद्ध रूपमा लेखेर राखिने फाराम । ~ **सूची–** ना० प्राप्त भएका अङ्कहरू क्रमबद्ध रूपमा लेखिएको सूची ।

**प्राप्ताधिकार–** ना० [सं०] १. कुनै विशिष्ट व्यक्तिले प्राप्त गरेको विशेष किसिमको अधिकार; कुनै व्यक्ति, वर्ग, संस्था आदिलाई विशेष कारण वा स्थितिले गर्दा प्रदान गरिएको विशेष अधिकार वा सुविधा । वि० २. अख्तियारप्राप्त; अख्तियारवाला ।

**प्राप्ति–** ना० [सं०] १. प्राप्त हुने क्रिया; पाउने काम । २. फायदा; लाभ; उपलब्धि । ३.कुनै वस्तु आइपुग्ने वा हात पर्ने क्रिया । ४. आठ प्रकारका ऐश्वर्य वा आठ सिद्धिमध्ये एक । **– कर्ता–** ना० कुनै वस्तु वा विषय प्राप्त गर्ने व्यक्ति; प्राप्तकर्ता ।

**प्राप्य–** वि० [सं०] १. पाउन सकिने; प्राप्त गर्न योग्य । २. पाइने; पाउनुपर्ने ।

**प्राप्यक–** ना० [सं०] मालसामान बेचेको बेहोरा र परेको मोल जनाएको पत्र; मालसामान खरिदबिक्री गरेबापत दिनेलिने बिल ।

**प्राबल्य–** ना० [सं०] बलियोपना; दरिलो अवस्था; प्रबलता ।

**प्रामाणिक–** वि० [सं०] १. कुनै विशेष कार्यसिद्धिका निम्ति प्रमाण मान्न सकिने; प्रमाणबाट सिद्ध भएको; सबुतबाट ठहरिएको । २. ठीक; सत्य । ३. प्रमाणसम्बन्धी; प्रमाण भएको । ४. कानुनले प्रमाणित गरेको वा मान्यताप्राप्त (कुरा, ग्रन्थ, नाप, तौल आदि) । ~ **समय–** ना० देशको केन्द्रीय मध्याह्नरेखाको आधारमा निकालिएको मुख्य समय ।

**प्रायः/प्राय–** वि० [सं०] १. समस्त शब्दको उत्तरपदका रूपमा रहेर तुल्य वा समान अर्थ बुझाउने शब्द (जस्तै–नष्टप्राय, कष्टप्राय) । ना० २. मृत्यु; मरण । ३. कुनै कार्यसिद्धिका निम्ति अनशन बस्ने क्रिया । ४. सबभन्दा ठूलो अंश वा भाग । ५. आधिक्य; विपुलता । ६. जीवनको अवस्था । क्रि०वि० ७. धेरै मात्रामा; धेरैजसो; अक्सर; पुग-नपुग झन्डै । **– द्वीप–** ना० तीनतिर पानीले घेरिएको स्थलभाग; प्रायःद्वीप; प्रायोद्वीप । > **प्रायशः–** क्रि० वि० प्रायः ।

**प्रायश्चित्त–** ना० [सं०] १. गरेका पाप वा अपराधको दोष मेट्नका निम्ति गरिने शास्त्रविहित धार्मिक कृत्य; आफूले ठूलो पाप वा अपराध गरेबापत भएको मानसिक उत्पीडनबाट मुक्त हुन गरिने कुनै कठोर वा विशेष प्रकारको कार्य । २. भूल गरेबापत बदलामा गरिने कुनै पनि क्षतिपूरक कार्य । > **प्रायश्चित्ती–** वि० प्रायश्चित्त गर्ने ।

**प्रायोजक–** वि० प्रायोजन गर्ने व्यक्ति वा संस्था ।

**प्रायोजन–** ना० अन्य संस्था वा व्यक्तिका कार्यक्रम सञ्चालनमा आर्थिक आदि दायित्व वहन गर्ने प्रक्रिया ।

**प्रायोगिक–** वि० [सं०] १. प्रयोग गरिने । २. प्रयोगसम्बन्धी; प्रयोगको । ३. क्रियात्मक; व्यावहारिक । ४. प्रयोगबाट प्राप्त हुने ।

**प्रारब्ध–** वि० [सं०] १. कुनै कार्यविशेषको आरम्भ गरिएको; थालिएको; आरब्ध । ना० २. भाग्य; किस्मत । ३. पूर्वजन्मको मानिने कर्मको फल । > **प्रारब्धी–** वि० प्रारब्ध भएको; राम्रो भाग्य भएको; भाग्यवान् ।

**प्रारम्भ–** ना० [सं०] कुनै कार्यविशेषको आरम्भ; सुरु; थालनी; श्रीगणेश । > **प्रारम्भिक–** वि० १. प्रारम्भ-सम्बन्धी; प्रारम्भको; सुरुको । २. प्रारम्भमा हुने, गरिने वा गर्नुपर्ने (अवस्था, कार्य, योजना इ०) ।

**प्रारूप–** ना० [सं० प्राग्+रूप] १. पहिलो रूप; पहिले भएको रूप । २. खेस्रा; मस्यौदा । ३. कुनै कार्यका निम्ति तयार पारिएको प्रारम्भिक रूपरेखा । – **कार–** ना० प्रारूप वा मस्यौदा तयार पार्ने व्यक्ति । > **प्रारूपण–** ना० प्रारूपको निर्माण । **प्रारूपीकरण–** ना० कुनै कार्यक्रमको परिणामलाई अनुमान वा अडकल काट्न सकिने खालको प्रारम्भिक ढाँचा तयार गर्ने क्रिया एवं प्रक्रिया ।

**प्रार्थक–** वि० [सं०] १. कुनै इष्टसिद्धिका निम्ति प्रार्थना गर्ने; प्रार्थयिता; प्रार्थी; याचक । ना० २. प्रार्थना गर्ने व्यक्ति । ३. कन्या माग्ने व्यक्ति । ४. वर । ५. दर्खास्त दिने व्यक्ति; निवेदक; आवेदक ।

**प्रार्थना–** ना० [सं०] १. कसैसित केही कुरा माग्ने क्रिया; याचना । २. नम्र निवेदन; बिन्तीभाउ । ३. ईश्वरको पुकार; वन्दना । ४. विशिष्ट व्यक्तिप्रति गरिने अभिवादन । ~ **पत्र–** ना० कुनै किसिमको प्रार्थना लेखिएको पत्र; निवेदन; आवेदन; दर्खास्त ।

**प्रार्थनीय–** वि० [सं०] १. प्रार्थना गर्न योग्य; याचनीय । २. निवेदन गर्न लायक । ३. वन्दनीय ।

**प्रार्थयिता–** वि० [सं०] १. प्रार्थना गर्ने; निवेदन गर्ने । २. वन्दना गर्ने; ईश्वरको पुकारा गर्ने । ३. याचक ।

**प्रार्थित–** वि० [सं०] प्रार्थना गरिएको ।

**प्रार्थी–** वि० [सं०] प्रार्थना गर्ने; प्रार्थयिता ।

**प्रार्थ्य–** वि० [सं०] प्रार्थना गर्न योग्य; वन्दना गर्न लायक; याचना गर्न सकिने ।

**प्रालम्ब–** वि० [सं०] १. कुनै वस्तुमा लट्किएको; झुन्डिएको । ना० २. लट्किएको वा झुन्डिएको वस्तु । ३. आड; अवलम्ब । > **प्रालम्बिका–** ना० साङ्ली वा पट्टामा लट्काएर पहिरने एक प्रकारको विभूषण । (यसलाई साङ्लीमा झुन्डचाउँदा छातीका बीचमा र पट्टामा लट्काउँदा बायाँ कमरमनि पार्नुपर्छ) ।

**प्रालेख–** ना० [सं०] आवश्यकताअनुसार पछि छाँटकाँट वा संशोधन गरिने गरी चाँडोचाँडो तयार गरिएको प्रस्ताव, योजना, विधेयक आदिको प्राथमिक रूप; मस्यौदा; खेस्रा ।

**प्रावार–** ना० [सं०] कुमदेखि शरीरको पृष्ठभाग ढाकिई जमिनमा लत्रने गरी राजकीय पहिरनमाथि धारण गरिने विशेष प्रकारको पोसाक । > **प्रावारक–** ना० १. आङमा पूरा ढाकिने गरी ओढ्न हुने वस्त्र; पछ्यौरा । २. छोप्ने वस्त्र; आवरण ।

**प्राविधिक–** वि० [सं०] १. कुनै किसिमको विज्ञान, शिल्पकला आदिसँग सम्बन्ध रहेको; प्रविधिसम्बन्धी । २. व्यावहारिक । ~ **कार्य–** ना० विज्ञान आदि प्रविधिसम्बन्धी कार्य । ~ **सहयोग–** ना० विज्ञान आदिका प्रविधि वा विशेष नियमका क्षेत्रमा गरिने सहयोग । ~ **सिप–** ना० प्रविधिसम्बन्धी सीप वा ज्ञान ।

**प्राविधिज्ञ–** ना० [सं०] कुनै किसिमको विज्ञान, कला, शिल्प, प्रयोग आदिसम्बन्धी ज्ञान भएको व्यक्ति; प्रविधि जान्ने व्यक्ति; शिल्पी ।

**प्राशन–** ना० [सं०] १. प्रथम पटक अन्न खुवाउने क्रिया । २. खाने क्रिया; भोजन गर्ने काम; भोजन ।

**प्राश्निक–** ना० [सं०] १. प्रश्न गर्ने व्यक्ति; प्रश्नकर्त्ता । २. परीक्षाका निम्ति प्रश्नपत्र बनाउने व्यक्ति; प्रश्ननिर्माता । वि० ३. प्रश्नसम्बन्धी । ४. प्रश्न बनाउनेवाला ।

**प्रासङ्गिक–** वि० [सं०] १. प्रसङ्गसम्बन्धी; प्रसङ्गको । २. प्रसङ्ग मिलेको; प्रसङ्गप्राप्त । ३. मूल विषयसँग सम्बन्ध भएको । ४. चलिरहेको चर्चासँग मेल खाने । – **ता–** ना० प्रासङ्गिक हुनाको गुण, विशेषता वा कार्य ।

**प्रासाद–** ना० [सं०] १. राजाको दरबार; राजभवन । २. ठूलो दरबार; विशाल भवन । ३. देवालय; मन्दिर । ४. ठूला भवनको छत; कौसी; अट्टालिका । > **प्रासादीय–** वि० १. प्रासादसम्बन्धी । २. राजदरबारसम्बन्धी ।

**प्रासूतिक–** वि० [सं०] प्रसूतिसम्बन्धी; प्रसवसम्बन्धी ।

**प्राहारिक–** ना० [सं०] १. पहरा बस्ने व्यक्ति; पहरेदार; पाले । वि० २. प्रहरसम्बन्धी; प्रहरको ।

**प्राह्न–** ना० [सं०] दिनको पूर्व भाग; पूर्वाह्न ।

**प्रिन्टिङ–** ना० [अङ्०] छाप्ने कार्य; छपाइ; मुद्रण ।

**प्रिन्सिपल–** ना० [अङ्०] १. स्कुल, कलेज वा महाविद्यालयको प्रधान शिक्षक; प्राचार्य; प्रधानाध्यापक । वि० २. मुख्य; प्रमुख ।

**प्रियंवद–** वि० [सं०] सबैलाई प्यारो लाग्ने गरी मीठो बोल्ने; कसैलाई पनि कुराले रिझाउने; प्रियवादी; मिष्टभाषी । > **प्रियंवदा–** वि० सबैलाई प्यारो र सुन्दर लाग्ने गरी बोल्ने; मिष्टभाषिणी; मधुरभाषिणी; प्रियवादिनी (स्त्री) ।

**प्रिय–** वि० [सं०] १. हृदयमा गहिरो प्रभाव परी माया बसेको; मन परेको; प्यारो । २. राम्रो; सुन्दर । ३. निको लाग्ने; जाती लाग्ने । ना० ४. स्वामी; पति । ५. प्रेमी; प्रेमिका । – **काङ्क्षी–** वि० कुनै वस्तु, विषय एवं व्यक्तिप्रति भलो चिताउने; शुभाभिलाषी । > **प्रियङ्कर–** वि० १. सबैलाई मन पर्ने वा राम्रो लाग्ने काम गरिदिने; रिझाउन जान्ने । २.सबैले प्रिय मान्ने । **प्रियङ्करी–** ना० १. सेतो कण्टकारी; ठूलो जातको बिही । २. बृहत् जीवन्ती । वि० ३. सबैलाई मन पर्ने वा प्यारो लाग्ने काम गरिदिने (स्त्री) । – **जन–** ना० प्रेमी ।

**प्रियतम–** वि० [सं०] १. एकदम माया लाग्ने; धेरै प्रिय; ज्यादै गहिरो माया बसेको । ना० २. पोइ; स्वामी; पति; लोग्ने । ३. प्रेमी । > **प्रियतमा–** वि० १. ज्यादै प्यारी; ज्यादै गहिरो माया बसेकी । ना० २. पत्नी । ३. प्रेमिका ।

**प्रियता–** ना० [सं०] १. प्रिय हुनाको भाव, गुण वा अवस्था (प्रायः

c:\Sabdkosh\Rajendra\Dict 'Pa'1.p65



समस्त पदका अन्तमा प्रयुक्त, जस्तै–जनप्रियता, लोकप्रियता इ०) । २. प्यारोपन; मनपराइ; हितैषिता । ३. प्रेम; माया ।

**प्रियदर्शन–** वि० [सं०] सधैँ हेरिरहूँजस्तो लाग्ने; अत्यन्त मनोहर; ज्यादै सुन्दर । > **प्रियदर्शिनी–** वि० हेरिरहूँ जस्ती राम्री (आइमाई) ।

**प्रियदर्शी–** वि० [सं०] १. सबैलाई स्नेहको दृष्टिले हेर्ने; अत्यन्त मायालु भावले हेर्ने । २. मनोहर; सुन्दर । ना० ३. भारतका एक प्राचीन नरेश; अशोक ।

**प्रियपात्र/प्रियभाजन–** वि० [सं०] प्यारो व्यक्ति; मन परेको व्यक्ति; स्नेहपात्र; प्रेमभाजन ।

**प्रियभाषी–** वि० [सं०] मीठो बोली बोल्ने; मधुर वचन बोल्ने; प्रियवक्ता ।

**प्रियवक्ता–** वि० [सं०] १. प्यारो कुरा गर्ने; मीठो बचन बोल्ने; प्रियभाषी; मिष्टभाषी । २. बेसारे; चाप्लुसीवाल ।

**प्रियवचन–** ना० [सं०] १. मीठो बोली; प्यारो कुरा; मधुर वचन । वि० २. प्रियंभाषी; मृदुभाषी ।

**प्रियवादिनी–** वि० [सं०] प्रिय बोल्ने; मधुर बोल्ने (स्त्री); प्रियंवदा ।

**प्रियवादी–** वि० [सं०] प्रिय बोल्ने; मधुरभाषी; प्रियंवद ।

**प्रिया–** ना० [सं०] १. माया बसेकी युवती; प्रेमिका । २. पत्नी; स्वास्नी; भार्या ।

**प्रियोक्ति–** ना० [सं०] १. हृदयलाई आह्लादित पार्ने खालको बोली; मीठो बोली; प्रियवचन । २. चिप्लो कुरा; फकाउने कुरा; चाप्लुसी ।

**प्रीत–** वि० [सं०] १. प्रीतियुक्त; प्रेमपूर्ण । २. प्रसन्न; सन्तुष्ट । ३. मन पर्ने; प्यारो ।

**प्रीति–** ना० [सं०] १. स्त्रीको पुरुषका हृदयमा र पुरुषको स्त्रीका हृदयमा बसेको प्यार; पिरती; प्रेम; अनुराग । २. स्नेह; ममता; माया । **– भोज–** ना० बिहाबटुलो र यस्तै कुनै उत्सवका सन्दर्भमा आफ्ना प्रियजन, इष्टमित्रहरूलाई प्रेमपूर्वक खुवाइने भोज ।

**प्रुफ–** ना० [अङ्०] १. छापाखानामा पुस्तकपुस्तिकाहरू छाप्नुभन्दा पहिले कम्पोज गर्दा भएको अशुद्धि संशोधन गर्नका निम्ति ग्यालीमा छापिएको नमुना । २. प्रमाण; सबुत । ~ **मेसिन–** ना० प्रुफ उतार्ने यन्त्र । ~ **रिडर–** ना० प्रुफमा रहेका अशुद्धि संशोधन गर्ने व्यक्ति । ~ **रिडिङ–** ना० प्रुफमा रहेका अशुद्धिको संशोधन ।

**प्रेक्षक–** वि० [सं०] १. देख्ने वा हेर्ने; दर्शक । ना० २. सभा-सम्मेलनमा सदस्यता प्राप्त नभएको भए तापनि चासो राख्ने कारणले हेर्नवर्नका लागि विशेष रूपमा निम्त्याइएको व्यक्ति ।

**प्रेक्षण–** ना० [सं०] १. हेर्ने वा देख्ने काम; हेराइ; देखाइ । २.आँखा; नेत्र । ३. तमासा; दृश्य । > **प्रेक्षणीय–** वि० हेर्न योग्य; देख्न लायक; दर्शनीय ।

**प्रेक्षा–** ना० [सं०] १. हेर्ने वा देख्ने काम । २. दृश्य । ३. बुद्धि; प्रज्ञा । ४. शोभा; सुषमा । ~ **गृह–** ना० १. राजा-महाराजाहरूले विशिष्ट विद्वान् एवं कूटनीतिज्ञहरूसँग विचारविमर्श आदि गर्ने घर । २. नाट्यशाला; नाचघर । > **प्रेक्षालय–** ना० १. प्राचीन कालका राजाले मन्त्रीहरूसँग विशिष्ट किसिमको सल्लाह एवं विचारविमर्श गर्ने राजमहलको कोठा । २. नाटकको अभिनय आदि गर्नका निम्ति बनाइएको रङ्गमञ्च । ३. दृश्यावलोकनका निम्ति बनाइएको घर । ४. आफ्ना देशका विभिन्न स्थानका उद्योग, व्यवसाय आदिबाट तयार पारिएका मालसामान, चित्र तथा तथ्याङ्कहरू राखिएको घर; समीक्षालय । **प्रेक्षित–** वि० राम्ररी हेरिएको वा देखिएको ।

**प्रेङ्खण–** ना० [सं०] १. कुनै वस्तुमा लट्किएर झुल्ने वा हल्लने क्रिया एवं प्रक्रिया । २. डोली । ३. झोलुङ्गो; कोक्रो । ४. पिङ ।

**प्रेङ्खा–** ना० [सं०] १. पिङ । २. डोली ।

**प्रेत–** वि० [सं०] १. मरेको; स्वर्गे भएको; मृत । ना० २. मानिस मरिसकेपछि प्राप्त हुने कल्पित योनि । ३. मृतक व्यक्तिको आत्मा; मृतात्मा । ४. पिशाचको जस्तो एक जुनी । ५. भयङ्कर आकारको मानिस । ६. दुष्ट मानिस । ~ **कर्म/कार्य/कृत्य–** ना० मृतक प्रेतयोनिबाट मुक्त होस् भनी गरिने दाहसंस्कार आदिदेखि सपिण्डीसम्मका कर्म । ~ **गृह–** ना० मसान; चिहान । **– ता–** ना० प्रेतत्व । **– त्व–** ना० १. प्रेतको अवस्था वा धर्म । २. मृत्यु; मरण; निधन । ~ **देह–** ना० मरेदेखि लिएर सपिण्डी नगरेसम्म मृतकले धारण गर्ने दयनीय वा भयङ्कर लाग्ने कल्पित शरीर । ~ **पिण्ड–** ना० दाहसंस्कार गरेदेखि लिएर सपिण्डीसम्म प्रेतका उद्देश्यले दिइने पिण्ड । ~ **भूमि–** ना० मसान; स्मशान; प्रेतगृह । ~ **लोक–** ना० यमलोक । ~ **विद्या–** ना० तन्त्रमन्त्र आदिद्वारा प्रेतात्मालाई बोलाएर त्यससित प्रश्नोत्तर गर्ने, प्रेतलाई काम आदि गर्न लगाउने, एक तान्त्रिक विद्या; धम्यौली । ~ **श्राद्ध–** ना० मरेदेखि लिएर वर्ष दिनसम्म प्रेतका उद्देश्यले गरिने श्राद्ध । > **प्रेताशौच–** ना० मरेका व्यक्तिको आशौच; मानिस मर्दाखेरि बारिने वा लाग्ने जुठो ।

**प्रेम–** ना० [सं०] १. कुनै विषय, वस्तु वा व्यक्तिका स्वभाव एवं गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता; अनुराग । २. रूप, गुण, स्वभाव, सामीप्य अथवा कामवासना आदिका कारणले स्त्री-पुरुषमा परस्पर हुने अनुराग; प्यार; प्रीति । ३. कृपा; दया; माया । ~ **कटारी–** ना० सुर्ती, गाँजा आदि काट्ने काममा ल्याइने, बाङ्गो आकारको धारिलो फलामे साधन । **– धप्के–** ना० ठूला र लाम्चा पात हुने, हिमाली भेकमा उम्रने एक जातको रूख; नीलवृक्ष । **– पात्र–** वि० १. आफूलाई ज्यादै मन परेको; प्यारो; आत्मीय । ना० २. प्यारो मानिस; प्रिय व्यक्ति । **– पाश–** ना० प्रेमको कसाइ वा बन्धन; प्रेमका कारणले उत्पन्न भएको बन्धन । ~ **बन्धन–** ना० प्रेमपाश । > **प्रेमालाप–** ना० १. प्रेमपूर्वक गरिने कुराकानी वा बातचित । २. प्रेमी-प्रेमिकाका बीचमा हुने प्रेमसम्बन्धी कुराकानी । ३. तरुनी र तन्नेरी अथवा प्रेमीप्रेमिका वा पतिपत्नीका बीचमा प्रेम - व्यापारलाई लिएर हुने कुराकानी । **प्रेमालिङ्गन–** ना० प्रेमले आकुल भएर वा प्रेम जनाउनका निम्ति एकले अर्कालाई हालिने

अँगालो; प्रेमासक्त वा कामासक्त भएर स्त्रीपुरुषले परस्परमा गर्ने आलिङ्गन । **प्रेमाश्रु–** ना० प्रेमीको प्रेमिकासँग वा प्रेमिकाको प्रेमीसँग अथवा कसैको आफ्नो कुनै आत्मीय व्यक्तिसँग भेट हुँदा भित्रैदेखि उम्लिएर आएको प्रेम वा हर्षले गर्दा निक्लेको आँसु; हर्षाश्रु । **प्रेमास्पद–** वि० प्रेम भएको; प्रेमवाला; प्रेमयुक्त ।

**प्रेमिका–** ना० [सं०] आफूलाई प्रेम गर्ने स्त्री; आफूसँग आत्मसमर्पण गर्न तत्पर रहेकी स्त्री; प्रेयसी ।

**प्रेमी–** ना० [सं०] १. आफूसँग प्रेम गर्ने वा माया लगाउने पुरुष; प्रियतम । वि० २. प्रेम भएको; प्रेमयुक्त । ३. माया बसेको; पिरती गाँसिएको । ४. स्नेही; आत्मीय ।

**प्रेय–** वि० [सं०] १. धेरै मन पर्ने; अति प्रिय; प्रिय । ना० २. प्रिय वस्तु; मन परेको विषय, व्यक्ति वा वस्तु ।

**प्रेयसी–** ना० [सं०] प्रियतमा; प्रेमिका ।

**प्रेरक–** वि० [सं०] १. कुनै विषय वा उद्देश्यप्रति हौसला दिने र सक्रिय वा सचेष्ट गराउने; प्रेरणा दिने; उत्तेजक । २. कुनै व्यक्ति वा वस्तुलाई कतै पठाउने; ठेल्ने । ३. पेल्ने । ~ **तत्त्व–** ना० नृतत्त्व-शास्त्रअनुसार, प्रेरित गर्ने वस्तु, विषय, गुण, धर्म आदि ।

**प्रेरणा–** ना० [सं०] १. कसैले कसैलाई कुनै कार्य वा उद्देश्यप्रति प्रवृत्त गराउने क्रिया; हौसला वा उत्साह । २. मानसिक प्रवृत्तिको सक्रियता; उत्तेजना । ३. उत्तेजना दिलाउने माध्यम वा कार्य; उत्तेजन; उद्दीपन ।

**प्रेरणार्थक–** वि० [सं०] १. कसैलाई कुनै विषय वा उद्देश्यप्रति प्रवृत्त वा उत्तेजित गराउने । २. व्याकरणमा 'गर्न लगाउने' भन्ने अर्थ व्यक्त गर्ने क्रियाव्यापार (गराउनु, हलाउनु, छोपाउनु इ०) सँग सम्बन्धित; त्यस्तो क्रियाव्यापार जनाउने । ~ **क्रिया–** ना० व्याकरणअनुसार क्रियाको व्यापार, कसैका प्रेरणाबाट भएको भनी सूचित गर्ने क्रियाको रूप (जस्तै– गराउनु, भनाउनु इ०) ।

**प्रेरणीय–** वि० [सं०] प्रेरणा दिन वा लिन लायक; प्रवृत्त गराउन वा उत्तेजित गराउन योग्य ।

**प्रेरित–** वि० [सं०] १. प्रेरणा गरिएको; कामविशेषमा प्रवृत्त गराइएको; उत्तेजित । २. पेलिएको; ठेलिएको; घचेटिएको ।

**प्रेषक–** वि० [सं०] १. कुनै वस्तु वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा पठाउने । ना० २. त्यस्तो काम गर्ने व्यक्ति ।

**प्रेषण–** ना० [सं०] १. कुनै वस्तु वा विषय एक ठाउँबाट अर्का ठाउँमा पठाउने काम । २. कसैलाई कुनै विषयमा प्रेरणा दिने काम । ३. विचार वा भावको अभिव्यक्ति; सम्प्रेषण । ~ **पत्र–** ना० १. पठाउन ठीक पारिएको वा पठाइने पत्र । २. कुनै ठाउँमा कुनै वस्तु पठाइएको बेहोरा जनाइएको पत्र । > **प्रेषणादेश–** ना० कुनै मालसामान एक ठाउँबाट अर्का ठाउँमा पठाउने आदेश वा अधिकार प्राप्त भएको पत्र वा लिखत ।

**प्रेषणीय–** वि० [सं०] १. कुनै वस्तु एक ठाउँबाट अर्का ठाउँमा पठाउन योग्य । २. कसैलाई कुनै कार्यविशेषमा प्रेरणा दिन योग्य । – **ता–** ना० १. कुनै लेखक वा विचारकले आफ्ना अनुभव एवं विचार पाठकहरूका अनुभव एवं समझदारीको अनुकूल हुने गरी व्यक्त गर्ने क्रिया वा प्रक्रिया । २. अभिव्यक्ति-धर्म; सम्प्रेषणीयता ।

**प्रेषित–** वि० [सं०] १. कुनै कुरो एक ठाउँबाट अर्का ठाउँमा पठाइएको । २. कसैलाई कुनै कार्यविशेषमा प्रेरित गरिएको । > **प्रेषितव्य–** वि० हे० प्रेषणीय ।

**प्रेष्य–** वि० [सं०] १. पठाउन योग्य । २. पठाउन सकिने । > **प्रेष्यता–** ना० प्रेष्य हुनाको भाव वा स्थिति; दूतत्व । **प्रेष्या–** ना० १. नोकरचाकर; सेवक । २. दूत । ३. हलकारा ।

**प्रेस–** ना० [अङ्०] १. किताब, समाचार आदि छाप्ने यन्त्र । २. उक्त यन्त्रसमेत भएको छपाइघर; मुद्रणालय । ३. पटुवा आदिको ठूलो गाँठलाई थिचेर छरितो तुल्याउने एक यन्त्र; जुटप्रेस । ४. त्यसरी थिच्ने र अँचेट्ने कुनै पनि यन्त्र । ५. समाचार । ६. समाचारपत्र । ~ **काउन्सिल–** ना० १. पत्रपत्रिकाको हित तथा विकासका निम्ति गठित समिति । २. समाचार-समिति; संवाद-समिति ।

**प्रेसरकुकर–** ना० [अङ्०] ढकनी वा बिर्को बलियोसँग लगाएर बाफ उम्कन नदिई चाँडोभन्दा चाँडो खाद्यपदार्थ पकाउने एक खालको बिर्केभाँडो; बाफौँडी ।

**प्रेस रिपोर्ट–** ना० [अङ्०] समाचारपत्रमा छपाउन तयार गरिएको खबर आदि संवाद । > **प्रेस रिपोर्टर–** ना० समाचारपत्रमा छपाउनका लगि खबरहरू सङ्कलन गर्ने व्यक्ति; संवाददाता ।

**प्रेसवक्तव्य–** ना० [अङ्० प्रेस+सं० वक्तव्य] १. पत्रपत्रिकामा छाप्नका निम्ति पत्रकार भेला गरी दिइएको वक्तव्य । २. पत्रकारहरूले प्रचार गरून् भनी मुद्रित रूपमा वितरण गरिएको वक्तव्य ।

**प्रेसविज्ञप्ति–** ना० [अङ्० प्रेस+सं० विज्ञप्ति] कुनै आधिकारिक व्यक्तिले वा संवाददाता आदिले कुनै समाचार वा घटनाका बारेमा दिएको जानकारी ।

**प्रेससचिव–** ना० [अङ्० प्रेस+सं० सचिव] राजदरबार वा कुनै विशेष व्यक्तिको पत्रपत्रिकामा पठाउने समाचार वा अन्य प्रकाशनसम्बन्धी काम गर्ने सचिव (प्रेस-सेक्रेटरी) ।

**प्रेससम्मेलन–** ना० [अङ्० प्रेस+सं० सम्मेलन] प्रेस-वक्तव्य सुन्न निम्त्याइएका पत्रकारहरूसहित सो वक्तव्य दिने पक्षका व्यक्तिहरूसमेतको भेला ।

**प्रेसिडेन्ट–** ना० [अङ्०] १. कुनै संस्था, सभा वा समितिको प्रधान व्यक्ति; अध्यक्ष; सभापति । २. गणतान्त्रिक राष्ट्रको राष्ट्रपति ।

**प्रोजेक्टर–** ना० [अङ्०] १. सिनेमा, भिडिओ, स्लाइड, बाइस्कोप आदि देखाउने यन्त्र । २. प्रकाश फैलाउने यन्त्र ।

**प्रोज्ज्वल–** वि० [सं०] खूब चम्किलो; ज्यादै उज्यालो; तेजस्वी ।

**प्रोटिन–** ना० [अङ्०] सम्पूर्ण जीवित प्राणीको सुपोषणका निम्ति आवश्यक तथा एमिनो नामक अम्लबाट निर्मित एक पोष्य तत्त्व (मासु, भटमास आदिमा धेरै पाइने) ।

**प्रोत्साह–** ना० [सं०]१. प्रबल उत्साह; हौसला; ठूलो उम्मेद । २. जाँगर । >**प्रोत्साहक–** वि० कसैलाई कुनै कार्यविशेषमा प्रोत्साहन दिने वा उत्साह बढाइदिने । **प्रोत्साहन–** ना० कसैलाई कुनै कार्यविशेषप्रति उत्साह एवं हौसला बढाइदिने क्रियाप्रक्रिया; उत्साह । **प्रोत्साहित–** वि० खूबसँग उत्साह बढाइएको; हौसला बढाइएको; प्रोत्साहन दिइएको ।

**प्रोप्राइटर–** ना० [अङ्०] कुनै उद्योगधन्दाको संस्थापक एवं सञ्चालक ।

**प्रोफेसर–** ना० [अङ्०] प्राध्यापक (पहिलो दर्जाको)।

**प्रोषित–** वि० [सं०] परदेशमा गएर बसेको; प्रवासी । **– पतिका–** ना० पति परदेशमा बसेका कारणले दुःखित भएकी स्त्री; प्रोषितभर्तृका । **– भर्तृका–** ना० १. प्रोषितपतिका । २. नायिकाका भेदहरूमध्ये एक ।

**प्रौढ–** वि० [सं०]१. राम्रोसँग बढेको; सलक्क भएको वा हल्केको; प्रवृद्ध । २. युवावस्था पार गरेको; तीसदेखि पचास वर्षभित्रका अवस्थाको । ३. धेरै अनुभव भएको; पाको । ४. परिपक्व । ५. बलवान्; शक्तिशाली । ६. निपुण; चतुरो । ७. गम्भीर; गूढ । ना० ८. परिपक्व उमेर भएको व्यक्ति; प्रबुद्ध व्यक्ति । ९. तान्त्रिकहरूमा चलेको चौबीस अक्षरबाट बनेको मन्त्र । **– ता/त्व–** ना० प्रौढ बन्नका निम्ति आवश्यक गुण एवं स्वभाव । ~ **विद्यालय–** ना० प्रौढ अवस्थामा पुगेका स्त्रीपुरुषहरूलाई शिक्षा दिने पाठशाला । ~ **शिक्षा–** ना० प्रौढ व्यक्तिहरूलाई दिइने वा त्यस्ता व्यक्तिले लिने शिक्षा । ~ **साक्षरता–** ना० प्रौढ व्यक्तिहरूलाई अक्षर चिनाएर साक्षर तुल्याउने क्रिया वा कार्यक्रम । ~ **सङ्गठन–** ना० प्रौढ व्यक्तिहरूको शिक्षा, स्वास्थ्य एवं विकास आदिमा ध्यान दिई उनीहरूमा राष्ट्रप्रेमको भावना जगाउनका निम्ति गठन गरिएको वा प्रौढ व्यक्तिहरू मिलेर बनाइएको सङ्गठन ।

**प्रौढा–** ना० [सं०]१. तरुनी भन्न नसुहाउने उमेरमा पुगेकी स्त्री; तीसदेखि पचास वर्षभित्रका अवस्थाकी स्त्री । २. शृङ्गाररसअनुसार नायकलाई यौनतृप्ति दिन ज्यादै चतुर स्त्री । वि० ३. प्रौढ अवस्थामा पुगेकी । ~ **अधीरा–** ना० आफ्ना नायकमा परस्त्रीसमागमका चिह्नहरू देखेर प्रत्यक्ष रूपमा रिस गर्ने नायिका । ~ **धीरा–** ना० आफ्ना नायकमा परनायिकाका साथ भएका विलासका चिह्नहरू देखेर व्यङ्ग्यपूर्वक रिस गर्ने नायिका । ~ **धीराधीरा–** ना० आफ्ना पुरुषमा परनायिकासँग समागम भएका प्रत्यक्ष चिह्नहरू देखेर केही व्यङ्ग्य र केही प्रत्यक्ष रूपमा रिस गर्ने नायिका ।

**प्रौढि–** ना० [सं०]१. व्यक्तिमा निहित शक्ति; सामर्थ्य । २. पूर्ण रूपले भएको वृद्धि; परिपक्वता । ३. साहस; आँट; हिम्मत । ४. धृष्टता; ढिटोपन ।

**प्रौढोक्ति–** ना० [सं०]१. स्पष्ट, सशक्त, सुगठित एवं पाको भनाइ; प्रबल उक्ति । २. नाहक कतै उत्कर्षका कारणको कल्पना गर्दा हुने एक अर्थालङ्कार ।

**प्रौद्योगिक–** वि० [सं०]१. विशिष्ट किसिमका उद्योगसँग सम्बन्धित; ठूलठूला उद्योगसँग सम्बन्ध रहेको । २. विज्ञान एवं उद्योगमूलक विषयसँग सम्बन्धित । ~ **शिक्षा–** ना० विशिष्ट किसिमले दिइने वा लिइने कलात्मक एवं व्यावहारिक शिक्षा; रचनात्मक एवं निर्माणात्मक शिक्षा ।

**प्रौद्योगिकी–** ना० [सं०] प्राविधिक ज्ञान वा सीप । ~ **हस्तान्तरण–** ना० प्राविधिक सम्बन्धी ज्ञान वा सीपको आदानप्रदान ।

**प्लट–** ना० [अङ्०]१. कथा, उपन्यास, नाटक, काव्य, महाकाव्य आदिको मुख्य कथावस्तु; कथासार । २. षड्यन्त्र । ३. जमिनको सम्म परेको ठूलो भाग; चक्ला ।

**प्लवन–** ना० [सं०]१. पानीमा खेलिने पौडी खेल । २. उफ्रने क्रिया वा प्रक्रिया । ३. फाल हाल्ने क्रिया वा प्रक्रिया । ४. पानीभित्रको डुबाइ; पानीद्वारा भएको डुबाइ ।

**प्लाइउड–** ना० [अङ्०] पेलेर बनाइएको, पातलो र फराकिलो पत्रदार काठ ।

**प्लाजा–** ना० [अङ्०] सहरका बीचमा रहेको खुला ठाउँ; चोक ।

**प्लाटिपस–** ना० [अङ्०] स्तनधारी जीवहरूको समूह; सबभन्दा पहिले फूल पार्ने स्तनधारी समूहको सबभन्दा पुरानो जीव; पानीमा बस्ने, बीस इन्च लामो, हाँसको चुच्चोजस्तो थुतुनु हुने, अष्ट्रेलिया, तसमानिया, न्युगिनी आदिमा पाइने जन्तुविशेष ।

**प्लाटुन–** ना० [अङ्०] सेनाको एक विभाग; सेनामुख ।

**प्लाव–** ना० [सं०]१. बाढी । २. डुबाइ । ३. डुबुल्की । >**प्लावन–** ना० १. पानीमा डुब्ने वा डुबाउने क्रियाप्रक्रिया । २. जलप्रलय; जलाम्मे हुने क्रिया वा प्रक्रिया । **प्लावित–** वि० डुबेको वा डुबाइएको; पानीमा चोपलेको ।

**प्लास्टर–** ना० [अङ्०]१. घरको भित्तो, भुइँ, छत आदिमा लिउन वा सिमन्टी लगाएर चिल्लो पार्ने काम । २. भाँचिएका अङ्गहरूमा सिमन्टी, कपडा आदिले बाँधेर कसिलो पार्ने काम ।

**प्लास्टिक–** ना० [अङ्०] विभिन्न उपयोगमा आउने अथवा भाँडा, थैला आदि बनाउन काम लिइने एक रासायनिक पदार्थ । ~ **सर्जरी–** ना० क्षतविक्षत छालालाई शल्यक्रियाद्वारा दुरुस्त गर्ने अभ्यास वा सीप; नराम्रो रूपलाई राम्रो बनाउने प्रक्रिया ।

**प्लिडर–** ना० [अङ्०]१. वकिल । २. कसैका तर्फबाट बहस वा वादविवाद गर्ने व्यक्ति; अधिवक्ताभन्दा तल्लो तहको वकिल; अभिवक्ता ।

**प्लुत–** वि० [सं०]१. माथि उफ्रिएको । २. तीन मात्रा भएको (स्वर वा वर्ण) । ३. पानी आदिले ढाकिएर जलाम्मे भएको । ना० ४. डुब्ने वा भिज्ने क्रिया । ५. उफ्रने वा फाल हान्ने क्रिया । ~ **गति–** ना० उफ्रेर हिँड्ने क्रिया; भ्यागुतोउफ्राइ ।

**प्लेग–** ना० [अङ्०]१. एक किसिमको भयानक सङ्क्रामक रोग । २. उपियाँ, मुसा आदिबाट मानिसमा फैलिई काखी, खुट्टाका जोर्नी आदिमा डल्लो निस्केर त्यसको वेदनाले ज्वरो आई मृत्यु

हुने एक रोग; महामारी ।

**प्लेट–** ना० [अङ्०] १. अचार, तर्कारी आदिदेखि लिएर भातसम्म राखी खान हुने, होचो बिट भएको थालीविशेष; रिकापी । २. फोटो, मुद्रण-सामग्री आदिको नेगेटिभ आउने काँच, प्लास्टिक, कागज आदिको पातो ।

**प्लेटफार्म–** ना० [अङ्०] १. रेलबिसौनीमा यात्री आदिलाई ओर्लन, उक्लन वा हिँड्न सजिलो होस् भनी रेल रोकिने ठाउँमा ढेपाएर बनाइएको फराकिलो र लामो पेटी । २. भाषण गर्ने मञ्च । ३. विचार व्यक्त गर्ने वा काम गर्ने अनुकूल वातावरण; त्यसो गर्न पाउने माध्यम ।

**प्लेटिनम–** ना० [अङ्०] सेतो रङको एक कडा र गह्रौं ज्यादै बहुमूल्य धातु ।

**प्वाँख–** ना० [सं० पक्ष > प्रा० पक्ख > पङ्ख] चराको भुत्ला । ~ **मुङ्ग्री–** ना० १. ब्याडमिन्टनको खेलमा प्रयोग हुने कर्क र ब्याट । २. ब्याडमिन्टनको खेल ।

**प्वाँले–** ना० [प्वाँलो+ए] १. शमीका पातजस्ता आकारका पात हुने, प्वाँलोजस्तो रङको फल फल्ने एक जातको रूख । २. जाबेमा जस्तै बिमिरा आउने एक चर्मरोग । ३. आगलागी । वि० ४. प्वाँलोको जस्तो रङ भएको; पुवाँले ।

**प्वाँलो–** ना० [पुवाँलो] पुवाँलो; नक्कली किसिमको मुगा ।

**प्वाइन्ट–** ना० [अङ्०] १.टेलिफोनमा प्रत्येक सेटको लागि गरिएको छुट्टै लाइन-व्यवस्था । २. अक्षरहरूको नाप । ३. बुँदा ।

**प्वाकल–** ना० [नेवा० प्वाक] १. ढिकी, ओखली आदिको खोबिल्टो । २. खोबिल्टो; खोप्लो ।

**प्वाक्क–** क्रि० वि० [अ० मू० प्वाक्+क] १. हिर्काउँदा हलुको किसिमले लाग्ने गरी; प्याट्ट । २. अप्रत्याशित रूपबाट असमयमा नै मर्ने गरी; पुक्लुक्क । ३. कुराको सिलसिला नटुङ्गिँदै बीचैमा अमिल्दो कुरा भनेर; अर्काको कुरा काटेर । ४. जे मनमा आयो त्यही भनेर ।

**प्वाक्लाक्क–** क्रि० वि० [अ० मू० प्वाक्लाक्+क] १. हलुका किसिमबाट एकै चोटि उक्किने गरी । २. एकै चोटि उखेलिए । ३. एकाएक मर्ने गरी ।

**प्वाङ्ङ–** क्रि० वि० [अ० मू० प्वाङ्+ङ] १. फुटेर उछिट्टिने किसिमले । २. भाँडा, गाग्रा आदि फुट्दा-फुटाउँदा आवाज निकाल्ने वा निक्लने गरी ।

**प्वाल–** ना० [सं० प्लाव < पुवाल] पुवाल; दुलो; छिद्र ।

c:\1Saroj\Sabdkosh\Pha.p65



# फ

**फ**– देवनागरी वर्णमालाका व्यञ्जन-वर्णमध्ये बाइसौँ व्यञ्जनवर्ण; ओष्ठ्य, स्पर्शी, अघोष, महाप्राण व्यञ्जन ध्वनि; पवर्गको दोस्रो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; छोरी बोक्यो फ ।

**फँकिनु**– अ० क्रि० [फाँको+इ+नु] १. फाँको हुनु; फाँको हालिनु । क०क्रि० २. फाँको मारी खाइनु । > **फँक्याइ**– ना० फँकिने वा फँक्याउने क्रियाप्रक्रिया । **फँक्याइनु**– क० क्रि० फाँको मारिनु; फाँको हालिनु । **फँक्याउनु**– स० क्रि० १. फाँको मार्नु; फाँको हाल्नु । २. चिउरा, सातु आदि मुखभरि हुने गरी हाल्नु ।

**फँजाइ**– ना० [**फाँज्** (+आइ)] फाँज्ने क्रिया वा प्रक्रिया । [ > ] **फँजाइनु**– क० क्रि० फँजाउन लाइनु; फँजाउने पारिनु । **फँजाउनु**– स० क्रि० फाँजो हाल्नु ; फाँज्न लगाउनु ।

**फँडाइ**– ना० [**फाँड्** (+ आइ)] १. फाँड्ने वा छिमल्ने क्रियाप्रक्रिया । २. फाँड्ने वा फाउने क्रियाप्रक्रिया । [ > ] **फँडाउनु**– प्रे० क्रि० १. फाँड्न लाउनु; छिमलाउनु । २. फाँड्न वा फाउन लाउनु ।

**फँडानी**– ना० [फाँड्+आनी] फाँड्ने काम; जङ्गलका रूख, बुटेन, झाडी आदि काट्ने काम ।

**फँडिर**– ना० [सं० फलेन्द्र] जामुनुविशेष ।

**फँदाइ**– ना० [√ **फाँद्** (+आइ)] १. फाँदेर वा उफ्रेर नाघ्ने क्रिया-प्रक्रिया । २. फाँद्ने वा फसाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **फँदाइनु**– क० क्रि० १. फाँद्न वा उफ्रेर नाघ्न लाइनु । २. फाँद्न वा फसाउन लगाइनु । **फँदाउनु**– प्रे० क्रि० १. फाँद्न वा उफ्रेर नाघ्न लगाउनु । २. फाँद्न वा फँदाउन लगाउनु ।

**फकडा**– ना० [√ **फक्कड**] १. जोगी । २. चिलिम वा सुल्फामा गाँजा वा कक्कड भरी आगो हालिसकेपछि सर्को तान्नुभन्दा पहिले गाँजाको वा शिवजीको लयबद्ध किसिमले गरिने स्तुति ।

**फकफक**– क्रि० वि० [अ० मू० फक्+अ० (द्वि०)] १. लेसाइलो नभई बुरबुराउँदो हुने किसिमले । २. धमाधम फाँको हालेर खाने गरी; फकाफक । ३. सरासर कुनै काम गर्ने चालसँग; सुरुसुरु । ४. इन्जिनबाट धूवाँ निस्कँदा शब्द आउने गरी । ५. कुनै कमलो वस्तु काट्ताझैँ आवाज निस्केर । > **फकफकती**– क्रि० वि० फकफक । **फकफकाइ**– ना० फकफकाउने क्रिया वा प्रक्रिया । **फकफकाइनु**– अ० क्रि० १. फकफक पर्ने होइनु । क० क्रि० २. फकफक पारिनु; फकफक शब्द निकालिनु । **फकफकाउँदो**– वि० १. फकफक परेको; बुरबुराउँदो । २. राम्ररी पाकेर फुरफुराउँदो भएको (आलु, पिँडालु आदि) । **फकफकाउनु**– अ० क्रि० १. लेसाइलो किसिमको नभएर बुरबुर परेको हुनु; फकफकाउँदो हुनु वा पर्नु । स० क्रि० फकफक शब्द गर्नु वा निकाल्नु । **फकफकाहट**– नि० फकफकाउने भाव, स्थिति वा क्रियाप्रक्रिया । **फकफकिनु**– अ० क्रि० १. फकफक गर्ने हुनु; बुरबुर पर्नु । क० क्रि० २. फकफक शब्द निकालिनु । **फकफकी**– क्रि० वि० फकफक; फकफकती । **फकफक्याइ**– ना० फकफकिने क्रिया वा प्रक्रिया । **फकफक्याहट**– ना० फकफकिने भाव, स्थिति वा क्रियाप्रक्रिया ।

**फकत**– क्रि०वि० [अ०] हे० फगत ।

**फकरताउलो**– वि० [फक्क+ताउलो] कुनै प्रसङ्ग नभएको सारविहीन कुरा गर्ने; गुदीविनाका कुरा गर्ने । स्त्री० फकरताउली ।

**फकाइ**– ना० [√ **फकाउ**(+आइ)] फकाउने क्रिया वा प्रक्रिया । [ > ] **फकाइनु**– क० क्रि० फकिने पारिनु; फुस्ल्याइनु ।

**फकाउनु**– स० क्रि० [फक्क+आउ+नु] १. कसैलाई आफ्नो बनाउने प्रयत्न गर्नु; मनाउनु । २. मानसिक अशान्ति वा तुलबुल्याइँ हटाई सान्त्वना दिनु । ३. कसैलाई लोभलाचल देखाएर आफ्नो कार्य सिद्ध गर्ने प्रयत्न गर्नु; लोभ्याउनु; लोभमा पार्नु । ४. फुस्ल्याउनु; लहस्याउनु ।

**फकाफक**– क्रि० वि० [अ० मू० फक्+आ+फक] १. धमाधम फाँको हालेर खाने गरी । २. फकफक शब्द निकाल्ने किसिमले । ३. कुनै काम सरासर गर्ने चालसँग । > **फकाफकी**– क्रि० वि० फकाफक ।

**फकार्–नु**– स० क्रि० [फक्क+आर्+नु] अनार, दारिम आदिका बिजुला केलाउनु वा छोडाउनु । > **फकाराइ**– ना० फकार्ने क्रिया वा प्रक्रिया । **फकारिनु**– क० क्रि० फकार्ने काम गरिनु ।

**फकार**– ना० [सं०] 'फ' अक्षर; पवर्गको दोस्रो वर्ण ।

**फकावट**– ना० [फकाउ+आवट] फकिने एवं फकाउने काम; फकाइ; फक्याहट ।

**फकिनु**– क० क्रि० [फकाउ+इ+नु] फकाइमा परिनु; अर्काका फुस्ल्याइँमा लाग्नु ।

**फकिर**– ना० [अ० फकीर] १. पारिवारिक वा गृहस्थी धर्म त्यागेको व्यक्ति; जोगी; सन्न्यासी । २. भीख मागेर जीविका गर्ने व्यक्ति; भिखारी; भिक्षुक । ३. ज्यादै गरिब व्यक्ति; निर्धन व्यक्ति । – **फकिरा**– ना० १. भीखमङ्गा आदिको समूह । २. जोगीसन्न्यासीको बटुलो । > **फकिरी**– ना० १. फकिरले गर्ने काम; फकिरपना । वि० २. फकिरसम्बन्धी; फकिरको ।

**फकुल्लो**– वि० [फकाउ+उल्लो] १. अर्काले फकाउनेबित्तिकै विश्वासमा पर्ने; फकिने स्वभावको । २. बुद्धि नभएको ।

**फकौटी**– वि० [फकौटो+ई] १. अर्काको फकाइ-फुल्याइमा पर्ने; फकिने (स्त्री) । २. लोलोपोतो देखाउने; चेपारे; खुसामदी (स्त्री) ।

**फकौटे**– वि० [फकौटो+ए] १. कसैलाई लोभलालच देखाएर आफूपट्टि तान्ने; फकाउने काम गर्ने । २. फकिने वा फकाउने (व्यक्ति) ।

**फकौटो**– वि० [फकाउ+औटो] १. अर्काका फकाइमा विश्वास

गर्ने; फकिने । २. लालोपोतो देखाउने; चेपारे; खुसामदी ।

**फकौरी–** वि० [फकाउ+औरी] १. फकाउने काम । २. 'ललौरी'-को पूरक, जस्तै – ललौरीफकौरी । ३. फकौटी ।

**फकौरे–** वि० [फकौरो+ए] फकाउने; फकौटे ।

**फकौरो–** वि० [फकाउ+औरो] फकाइमा पर्ने; फकौटो ।

**फक्कड–** ना० [√ **फकीर**] १. फकडा गाउने व्यक्ति । २. फकिर; फकरा । **– दास–** वि० १. फकिरहरूको अभिनय वा अनुसरण गर्ने; फकिरहरूका पछि लागेर तिनकै आचरण गर्ने । २. तातोछारो केही नभएको; हरिटट्टू ।

**फक्किका–** ना० [सं०] १. शास्त्रार्थमा कठिन ठाउँलाई सुगम तुल्याउनका निम्ति उपस्थित गरिने पूर्वपक्ष वा पूर्वाधार । २. कपटपूर्ण वा नराम्रो व्यवहार; धोका; छल ।

**फक्कु–** वि० कसैको नराम्रो व्यवहारमा लागेको; धोका वा कपटमा परेर पनि नचेतेको ।

**फक्क्याइ–** ना० [√ **फक्क्याउ**(+आइ)] फाँको मार्ने क्रिया । [ > ] **फक्क्याइनु–** क० क्रि० फँक्याइनु ।

**फक्क्याउनु–** स० क्रि० [ > ] १. फाँको मार्नु; फँक्याउनु । २. केस्रा छुट्ट्याउनु वा छोडाउनु ।

**फक्र-नु–** अ० क्रि० कोपिला पूर्ण रूपले विकसित हुनु; मुख खुलेर वा उघ्रेर राम्ररी फुल्नु; प्रस्फुटित हुनु ।

**फक्रक्क–** क्रि० वि० [अ० मू० फक्रक्+क] मुकुलित वा कोपिलैमा रहेको वस्तु पूर्ण विकसित हुने गरी; प्रस्फुटित भएर; फक्रिएर ।

**फक्रन्ता–** वि० [फक्र+अन्ता] फक्रन लागेको; फक्रिने ।

**फक्राइ–** ना० [√ **फक्र** (+आइ)] फक्रने क्रिया वा प्रक्रिया । [ > ] **फक्राइनु–** क० क्रि० फक्रने पारिनु । **फक्राउनु–** प्रे० क्रि० फक्रने पार्नु । **फक्रिनु–** अ० क्रि० फक्रने काम हुनु; फक्रनु ।

**फक्रास–** ना० डाँफेको आकारको तर लामो र तीखो चुच्चो हुने, हिमाली भेकमा पाइने एक जातको चरो ।

**फक्लक्क–** क्रि० वि० [अ० मू० फक्लक्+क] कुनै वस्तु सहजै फुक्लने चालसँग; सजिलैसँग फुक्लिने गरी ।

**फगटो–** ना० एक छेउतिर अग्लो र अर्को छेउतिर होचो भई समान रूपले पानी नपट्ने स्थितिमा बीचमा आँठो बाँधेर अलग्गै बनाइएको सानो गरो; फोगटो ।

**फगत–** क्रि० वि० [अ० फकत] यत्ति नै; मात्र; केवल; खालि; फकत ।

**फगल्टा–** क्रि० वि० [फगत] १. बेकाममा; विनाकाममा; व्यर्थ; बिनसित्ति । ना० २. बिनसित्तिको काम; व्यर्थको काम । वि० ३. यता न उताको; बिनसित्तिको; फोस्रो ।

**फगीर–** ना०हे० फणिर ।

**फगेटो–** ना० एक जातको सानो माछोविशेष ।

**फग्लेँटो/फग्ल्याँटो–** ना० [सं० फलक+एँटो/याँटो] १. काठ, बाँस आदिको आधा भएको वा छुट्टिएको चेप्टो भाग; खापा । २. दैलाको दुई पल्लामध्ये एक पल्ला; द्वारको एक भाग । ३. अन्न, फल आदिलाई बीचमा फुटाइएको आधा भाग । ४. जाँतो, घट्ट आदिको एक चक्का ।

**फच्चि-नु–** अ०क्रि० [फच्चे+इ+नु] फच्चे हुनु; लेनदेन बाँकी नरहनु ।

**फच्चे–** ना० [√ **फछर्योट**] १. लेनदेनसम्बन्धी व्यवहार मिलाउने काम; चुक्ता । २. बाजी राखेर खेल्दा हारेको धन अर्को पटक जितेर तिर्ने काम । > **फच्च्याइ–** ना० फच्चिने तथा फच्च्याउने क्रिया वा प्रक्रिया । **फच्च्याइनु–** क० क्रि० फच्चिने पारिनु; फच्च्याउन लाइनु । **फच्च्याउनु–** स० क्रि० लेनदेन बाँकी नराख्नु, चुक्ता गर्नु; फछर्याउनु । **फच्च्याकफुच्चुक–** ना० लेनदेन सबै चुक्ता गर्ने काम; फच्चे ।

**फच्छे–** ना० [√ **फच्चे**] फच्चे; चुक्ता । > **फच्छ्याइ–** ना० फच्च्याइ । **फच्छ्याइनु–** क० क्रि० फच्च्याइनु । **फच्छ्याउनु–** स० क्रि० फच्च्याउनु ।

**फजित–** ना० [अ० फजीहत] १. गर्न थालेको काम असफल भएर हुने बेचैनी; हैरानी । २. कुनै आपत्ति आइलाग्ने अवस्था; सङ्कट । ३. चारित्रिक वा क्रियात्मक गल्तीले गर्दा हुने बदनामी; अबगाल । **फजिती–** ना० फसाद; मुस्किल ।

**फजिर–** ना० बिहान ।

**फजुल–** वि० [अ० फजूल] १. व्यर्थको; बिनसित्तिको । २. आवश्यकताबाहिरको; चाहिनेभन्दा बढी । ~ **खर्च–** ना० चाहिनेभन्दा बढी खर्च हुने काम; व्यर्थको व्यय; बिनसित्तिको खर्च । ~ **खर्ची–** वि० चाहिनेभन्दा बढी खर्च गर्ने; बिनसित्तिको खर्च गर्ने; अपव्ययी ।

**फट्–** ना० [सं०] १. तन्त्रशास्त्रअनुसार मन्त्रसँगै वा मन्त्र पढिसकेपछि भनिने शब्द । २. अघमर्षण, अङ्गन्यास, करन्यास आदिको एक अनुकरणशब्द ।

**फट–** ना० [सं० फट्] १. पराजय; हार । वि० २. अलग्ग; फुट्टा; छुट्टा ।

**फटक्क–** क्रि० वि० [अ० मू० फटक्+क] १. उफ्रेर नाघ्ने किसिमले; फड्कने गरी । २. कुनै वस्तु निफन्दा औँलाले नाङ्लाका पछाडि हानेको शब्द आउने गरेर ।

**फटफट–** क्रि० वि०– [अ० मू० फट्+अ (द्वि०)] १. चराचुरुङ्गीले पखेटा चलाउँदा शब्द निस्कने गरी; भटभट । २. पशुहरूले कान हल्लाउँदा आवाज आएझैँ; फ्याटफ्याट । ३. कुनै वस्तुको अभाव वा अप्राप्तिमा छटपटिएर; फिटफिटी । ४. लामा-लामा फड्का हालेर हिँड्ने किसिमले; फटाफट । ५. चाँडोचाँडो कुनै काम गर्ने वा बोल्ने गरी । > **फटफटती–** क्रि० वि० फटफटको छिटो चालसँग । **फटफटाइ–** ना० फटफटाउने क्रिया वा प्रक्रिया । **फटफटाइनु–** क० क्रि० फटफट पारिनु; फटफटाउन लाइनु । **फटफटाउनु–** अ० क्रि० १. चराचुरुङ्गीले पखेटा चलाउँदा वा गाईबस्तुले कान चलाउँदा शब्द निस्कनु । २. हडबडमा पर्नु; हतपताउनु । ३. तुलबुल लाग्नु; फिटिफिटी हुनु । **फटफटिनु–**

c:\1Saroj\Sabdkosh\Pha.p65



अ० क्रि० १. हडबड हुनु; हतपत हुनु । २. तुलबुली लाग्नु; फिटिफिटी पर्नु । ३. कुनै कामबाट अलग्ग हुन खोज्नु । **फटफटी–** क्रि० वि० फटफटती । **फटफटयाइ–** ना० फटफटिने क्रिया वा प्रक्रिया ।

**फटा–** ना०हे० फणा ।

**फटाइँ–** ना० [फाटो+आइँ] १. फाटो गराउने काम । २. फटाहा चाल; धूर्तता ।

**फटाइ–** ना० [√ **फाट्**(+आइ)] फाट्ने क्रिया वा प्रक्रिया । [ > ] **फटाइनु–** क० क्रि० फाट्ने पारिनु; फटाउन लाइनु । **फटाउनु–** प्रे० क्रि० १. फाट्ने पार्नु; फाट्न लगाउनु । स० क्रि० २. मिलेका दुई वा अधिक वस्तुलाई अलग पार्नु; छुट्ट्याउनु । ३. मिलेका दुई वा दुईभन्दा बढी व्यक्तिमा बेमेल गराउनु; फाटो गराउनु । ४. च्यात्नु; फार्नु । ५. धाँदो पार्नु; चिरा पार्नु ।

**फटाटोप–** ना० [सं०] १. सर्पले फणा फुलाउने काम । २. सर्पले फणा फुलाएझैँ गरी अरूलाई तर्साउने काम । ३. देखावटी तडकभडक; आडम्बर ।

**फटाफट–** क्रि० वि० [अ० मू० फट्+आ+फट] १. लामालामा फड्का चाल्दै चाँडचाँडो हिँड्ने गरी । २. कुनै काम छिटछिटो गर्ने वा बोल्ने किसिमसँग ।

**फटाहा–** वि० [फाटो+आहा] १. साना कुरालाई बढाईचढाई ठूलो पार्ने वा भए-नभएको कुरा गर्ने । २. झूटो बोल्ने; नचाहिँदा गफ हाँक्ने । ३. झूटो काम वा व्यवहारद्वारा सोझा-सीधा जनतालाई दुःख दिने (व्यक्ति) । > **फटाही–** वि० १. व्यर्थका झूटा गफ हाँक्ने । २. झूटो बोल्ने; साँचो व्यवहार नगर्ने (स्त्री) ।

**फटिक–** ना० [सं० स्फटिक] काँचजस्तै पारदर्शी सेतो पत्थर; फट्टिक ।

**फटेङ्ग्रो–** ना० [अ० मू० फटयाक+रो] उफ्रेर वा फड्केर हिँड्ने लामा-लामा खुट्टा भएको एक जातको कीरो; फटयाङ्ग्रो ।

**फट्कनु–** स० क्रि० [अ० मू० फट्+क+नु] १. कुनै अग्लो ठाउँलाई उफ्रेर नाघ्नु; फटक्क फड्को मार्नु । २. उइँटा वा धनुद्वारा कपास धुनु । ३. अन्नहरू नाङ्लाले निफन्नु । ४. धोइएका लुगा झट्कार्नु र त्यसमा भएको पानीको अंश फ्याँक्नु । ५. लुगा आदिमा टाँसिएको धूलो झड्कारेर फ्याँक्नु । अ० क्रि० ६. उफ्रेर जानु; फड्को हाल्नु । ७. उछिट्टिनु; उम्कनु । > **फट्काइ–** ना० फट्कने क्रिया वा प्रक्रिया । **फट्काइनु–** क० क्रि० फट्कन लगाइनु । **फट्काउनु–** प्रे० क्रि० फट्कन लगाउनु ।

**फट्कार्-नु–** स० क्रि० [सं० फट्कार+नु] १. कसैलाई कुनै गल्ती भएका कुरामा बेसरी भन्नु; झाँट्नु; हप्काउनु । २. भिजेको वा धूलो लागेको लुगा टकटक्याएर पानी वा धूलो झार्नु । ३. अमिलो, पिरो आदिको स्वाद पाउँदा जिब्रो बजाउनु; जिब्रो छिटछिटो चलाउनु । > **फट्कार–** ना० १. फटकार्ने काम; हप्काइ; हप्की । २. लुगा टकटक्याउने काम; झट्कार । ३. कुनै कुरामा तिरस्कार गरिने चाल । **फट्काराइ–** ना० फट्कार्ने क्रिया वा प्रक्रिया । **फट्कारिनु–** क० क्रि० फट्कार्ने काम गरिनु ।

**फट्किनु–** क० क्रि० [फट्क+इ+नु] १. फट्कने काम गरिनु; नाघिनु । स० क्रि०/अ० क्रि० २. फट्कनु ।

**फट्किरी–** ना० [सं० स्फटिका] खल्लो एवं टर्रो स्वादको मिस्रीजस्तो एक प्रकारको खनिज पदार्थ; फिट्किरी ।

**फट्के–** ना० [फट्को+ए] १. सानातिना खोलाका दुवै किनारामा ढुङ्गा आदिको ढिस्को उठाई वा स्वतः उठेका ढिस्कामा काठहरू तेर्छ्याएर तर्न सकिने बनाइएको साँघु । २. गाईबस्तुले नाघ्न नसक्ने मानिसचाहिँ उक्लेर फड्कन सक्ने गरी गौँडा-गल्छैँडामा लगाइएको बार । ३. जग्गा-जमिन, कागजपत्र आदिको एउटै तह भए पनि क्रम छुट्टिएर रहेको खण्ड वा भाग; किनारा; छेउ । वि० ४. फड्कोसम्बन्धी; फड्केर हिँड्ने; फड्केर गर्ने वा गरिने । ~ **साँघु–** ना० सानातिना खोलामा लामालामा काठ तेर्छ्याएर बनाइएको साँघु; फट्के । – **का साक्षी–** ना० कागजका छेउमा जनाइएका साक्षी ।

**फट्को–** ना० १. टाढाटाढा पैताला पुग्ने गरी छिटछिटो हिँड्दाको चाल; त्यस प्रकारको पाइलोचलाइ; फड्को । २. मुटु आदिको द्रुत गतिको चाल; धड्कन । ३. भित्री व्यथाद्वारा हुने छटपटी; उँभर्को; खरो ।

**फट्ट–** क्रि० वि० [अ० मू० फट्+ट] १. फट्कने वा नाघ्ने गरी । २. कुनै वस्तु फुट्ताका शब्द निस्केर । ३. कुनै काम चाँडोभन्दा चाँडो गरिहाल्ने किसिमसँग । ~ **फट्ट–** क्रि० वि० क्रमिक रूपमा फट्ट हुने गरी

**फट्टा–** वि० [फाट्+आ] १. कुन लिखत वा कागतलाई प्रभावहीन तथा बेप्रमाणको बनाउन च्याती रद्दी पारिएको; फटाइएको । २. फिर्ता लिइएको । ना० ३. परस्परको व्यवहार मिलिसकेपछि कुनै कागतपत्र फार्ने वा च्यात्ने काम । ४. त्यसरी च्यातिएको तमसुक आदि कागतपत्र ।

**फट्टाइ–** ना० [√ **फट्टि**(+आइ)] फाट्ने क्रिया वा प्रक्रिया । [ > ] **फट्टाइ–** ना० फट्टाउने भाव, क्रिया वा प्रक्रिया । **फट्टाइनु–** क० क्रि० फट्टिने पारिनु । **फट्टाउनु–** प्रे० क्रि० १. फट्टिने पार्नु । स० क्रि० २. जोडिएको वा टाँसिएको वस्तुलाई अलिक वरपर पार्नु; छुट्ट्याउनु ।

**फट्टिक–** ना०हे० फटिक ।

**फट्टिनु–** अ० क्रि० [फट्टा+इ+नु] १. दोब्रिएका धातुका कडा वस्तु नलेप्सिईकन रहनु । २. चिरिएका काठ, ढुङ्गा आदि अलिक टाढा हुनु । ३. जमिन आदि चिरिएर धाँजा पर्नु ।

**फट्टी–** वि० [फाटो+ई] फटाहा; फट्टिक । – **चर–** वि० १. फाटेको लुगा लगाएर हिँड्ने; केही नभएको; तन्नम । २. फटाहा स्वभावको; फटयाइँ गर्ने ।

**फटयाइँ–** ना० [फट्टी+याइँ] १. फटाइँ । २. नभएको कुरा; झूट ।

**फटयाकफुटुक–** ना० [अ० मू० फटयाक्+फुटुक] १. आकाशबाट फाटफुट पानी पर्ने चाल । २. एकदुई जना आउने वा निस्कने

प्रक्रिया । ३. सामान्य रूपले फड्का मार्ने काम । क्रि० वि० ४. कहिलेकाहीँ; आकलझुकल; एकदुइटा मात्र ।

**फटचाक्क**– क्रि० वि० [अ० मू० फटचाक्+क] १. फट्कने वा फट्का हाल्ने गरी । २. कुनै वस्तु फुट्ता एकै खेपमा आवाज निस्केर ।

**फटचाङ्ग्रो**– ना० [अ० मू० फटचाक्+याङ्ग्रो] १. फटेङ्ग्रो । २. कलमा सिलाइको धागो मिलाउने पुर्जा ।

**फड्क-नु**– स० क्रि० [फट्क+नु] फट्कनु । > **फड्काइ**– ना० फड्कने क्रिया वा प्रक्रिया । **फड्काइनु**– क० क्रि० फड्कन लाइनु । **फड्काउनु**– प्रे० क्रि० फड्कन लाउनु । **फड्किनु**– क० क्रि० फट्किनु ।

**फड्के**– ना० [फड्क+ए] १. हे० फट्के । २. साक्षीहरूको सही भएको तमसुकको किनारा । ३. बसोबास गरेका ठाउँदेखि टाढा गएर गरिने कमाइ वा जग्गा कमाउने काम ।

**फड्को**– ना० [फड्क+ओ] १. फट्को । २. मूर्च्छा पर्ने एक रोग; जरो वा अन्य कुनै रोगबाट नातागत भएर हुने भाउन्न ।

**फण/फणा**– ना० [सं०] कथ्य० फँडा पनि । विशेष जातिका सर्पको हर्षले वा क्रोधले फुकेर छाताजस्तो बनेको शिरको भाग; फटा ।

**फणिर**– ना० [सं० फलेन्द्र] १. फँडिर; फलिँट; जामुनु; फगीर ।

**फणी**– ना० [सं०] फणा फुलाउने एक जातको सर्प ।

**फणीन्द्र**– ना० [सं०] १. शेषनाग । २. ठूलो सर्प ।

**फणीमुख**– ना० [सं०] टुप्पो चेप्टो र धारिलो भएको खन्ने काममा आउने एक प्रकारको फलामे साधन; गल; खन्ती ।

**फतक्क**– क्रि० वि० [अ० मू० फतक्+क] १. ज्यादा पाकेर वा गलेर गिलो हुने किसिमले । २. परिश्रमले ज्यादै थकित भएर ।

**फतफत**– ना० [अ० मू० फत्+अ(द्वि०)] १. अरूलाई झर्को लाग्ने वा मन नपर्ने गरी उही कुरा बारम्बार दोहोऱ्याउने क्रिया; कचकच; गनगन । २. कसैले सुने पनि नसुने पनि र जवाफ दिए पनि नदिए पनि एकोहोरो बोलिरहने कुरा; फतरफतर । क्रि० वि० ३. माथिबाट गिलो वस्तु झर्दा शब्द निस्कने किसिमले । ४. खूबसँग फत्कने गरी । ५. ज्यादा पाकेर वा गलेर बारबार झर्ने गर्दै । > **फतफताइ**– ना० फतफताउने क्रिया वा प्रक्रिया । **फतफताइनु**– क० क्रि० फतफताउन लाइनु । **फतफताउनु**– अ० क्रि० अरूलाई झर्को लाग्ने गरी वा मन नपर्ने गरी बारबार उही कुरो दोहोऱ्याउनु; गनगन गर्नु; कचकच गर्नु; फतरफतर गर्नु । **फतफती**– क्रि० वि० अझै फतफत गरेर वा भएर । **फतफते**– वि० फतफत गर्ने; गनगने; कचकचे ।

**फतरफतर**– क्रि० वि० [अ० मू० फत्+अर (द्वि०)] फतफत ।

**फतरि-नु**– अ० क्रि० [फतरो+इ+नु] १. अर्कालाई झर्को लाग्ने गरी नचाहिँदो कुरा गर्नु । २. फतफताउनु । > **फतरे**– वि० १. फतरफतर गर्ने; गनगने; कचकचे । ना० २. ससाना पात हुने, केटाकेटीले पात लपेटेर सनईझैँ बजाउने एक जातको बोट । **फतरो**– वि० फतरफतर कुरा गर्ने; अर्कालाई झर्को लाग्ने गरी बोलिरहने । **फतर्को**– ना० फतरफतर गर्ने बिकामे कुरा (ततर्कोसँग जोडिएर आउने) । **फतऱ्याइ**– ना० फतरिने भाव, क्रिया वा प्रक्रिया । **फतऱ्याइनु**– क० क्रि० फतरिन लाइनु; फतरिने पारिनु । **फतऱ्याउनु**– प्रे० क्रि० फतरिन लाउनु; फतरिने पार्नु ।

**फतल्-नु**– स० क्रि० [फाउ+तल+नु] १. गिलो वा खोले वस्तुमा पानी हालेर हुँडल्नु । २. फाउनु; फेट्नु; फाँड्नु । > **फतलाइ**– ना० फतल्ने क्रिया वा प्रक्रिया । **फतलाइनु**– क० क्रि० फतल्न लाइनु; फतल्ने पारिनु । **फतलिनु**– क० क्रि० फतल्ने काम गरिनु ।

**फताँ**– ना० [नेवा०] घलेकको कमरमा गाँठो पार्दा दोब्रिएको ठाउँमा खाल्टो परी पेटमा गोजीजस्तो बन्ने, केही सामान राख्न हुने ठाउँ; खोकिलो ।

**फतुर**– ना० [अ० फुतूर] अर्कालाई लगाइने बिनसित्तिको दोष; नभएको आरोप; फरेब; फतुरो; फत्तुर ।

**फतुरो**– वि० [√ **फतरो**] फतरो; फतफते ।

**फतौरे**– वि० [फतौरो+ए] फतरो; फतुरो ।

**फतौरो**– वि० [√ **फतरो**] फतरो; फतफते ।

**फत्क-नु**– अ० क्रि० [अ० मू० फत्+क+नु] भात, खोले आदि फतफत गरेर छड्कनु; फत्किनु । > **फत्काइ**– ना० फत्कने क्रिया वा प्रक्रिया । **फत्काइनु**– क० क्रि० फत्कने पारिनु । **फत्काउनु**– प्रे० क्रि० फत्कने पार्नु । **फत्किनु**– अ० क्रि० फतफत गरेर उम्लिनु वा पाकिनु । **फत्को**– ना० एकचोटिको फत्काइ; फत्कने काम ।

**फत्त**– क्रि० वि० [अ० मू० फत्+त] कुनै गलेको वस्तु झर्ने वा खस्ने र त्यसरी झर्दा वा खस्ता आवाज आउने गरी ।

**फत्तलफाँडो**– ना० ज्यादै पाकेर फाँडोजस्तै भएको अवस्था ।

**फत्तु**– ना० [अ० फतुही] प्रायः बाहुला नहुने एक प्रकारको भोटो वा दौरा ।

**फत्तुर**– ना०हे० फतुर ।

**फत्ते/फत्य**– ना० [अ० फतह] १. कुनै काममा भएको सफलता वा सिद्धि । २. कुनै प्रतिद्वन्द्विता वा कार्यविशेषको विजय । ~**मुबारक**– ना० सफलतामा बधाइ ।

**फत्याकफुतुक**– क्रि० वि० [अ० मू० फत् > फत्याक्+अ(द्वि०) १. बढी मात्रामा पाक्ने वा गल्ने गरी । २. गलेर वा सडेर झर्ने किसिमले; गल्याकगिलिक ।

**फत्रक**– ना० [अ० मू० फत्रक्+अ] कुनै सानातिना वस्तुका खसाइको चाल । ~ **फत्रक**– क्रि० वि० त्यस्तो वस्तु पटक-पटक गरेर भुइँमा खस्ने गरी । > **फत्रक्क**– क्रि० वि० १. कुनै वस्तु एकै खेप बिस्तारै खस्ने गरी । २. शरीर वा हातगोडा चलाउन नहुने गरी गलेर; लस्त हुने किसिमले ।

**फत्र्याक**– ना० [अ० मू० फत्रक्+ > फत्र्याक्+अ] छटपटी वा दुखाइले उफ्रने चाल । ~ **फत्र्याक**– क्रि० वि० १. साह्रै कष्ट पर्दा सहन नसक्नाले उचालिँदै-पछारिँदै भएर । २. कुनै कामको दृढ निश्चय गर्न नसकी यसो कि उसो गरूँ हुने चालसँग । ३.

सिकिस्त भएर वा गोली आदि लागेर मानिस वा अन्य प्राणी मरणासन्न स्थितिमा पुग्दा छटपटाउने गरी । – **फुत्रुक–** क्रि० वि० १. थोरथोरै उफ्रने गरी । २. उफ्री-उफ्री खेल्ने चालसँग । > **फत्र्याक्क–** क्रि० वि० १. कुनै वस्तु भुइँमा एकै खेपमा बिस्तारै खस्ने गरी । २. परिश्रमले शरीर थकित हुने किसिमले । ३. कुनै वस्तु झर्ने स्थितिमा गलेर पुग्ने गरी ।

**फत्ल्याक–** ना० [अ० मू०] पानीमा कुनै चीज खस्ता आवाज आउने चाल । – **फुत्लुक–** क्रि० वि० १. पानीमा ससाना माछा उफ्रने किसिमले । २. पानीमा मसिना गिर्खा, गेडा आदि खस्ता आवाज आइरहने गरी । > **फत्ल्याक्क–** क्रि० वि० पानीमा एकै चोटि आवाज आउने गरी ठूलो माछा आदि उफ्रेर वा कुनै गह्रौं वस्तु खसेर ।

**फनक्क–** क्रि० वि० [अ० मू० फन् > फनक्+क] १. कुनै वस्तु वेगले घुम्ने वा घुमाउने गरी । २. क्रोध वा रिसले झनक्क हुने किसिमले । ३. एकोहोरो गतिले गइरहेको वस्तु वा व्यक्ति एकाएक फर्किएर ।

**फनफन–** क्रि० वि० [अ० मू० फन्+अ(द्वि०)] १. कुनै वस्तु वेगले घुम्ने वा घुमाउने गरी । २. क्रोध वा रिसले आकुल हुने किसिमले । > **फनफनती–** क्रि० वि० अझै तीव्र फनफन; फनफनी । **फनफनाइ–** ना० फनफनाउने क्रिया वा प्रक्रिया । **फनफनाइनु–** अ० क्रि० फनफनी घुमिनु; फनफनाउने हुनु । **फनफनाउनु–** अ० क्रि० १. फनफन गर्ने हुनु; फनफन घुम्नु; रिङ्नु । २. ज्यादै रिसाउनु; सन्कनु । **फनफनाहट–** ना० फनफनाउने भाव, अवस्था वा क्रियाप्रक्रिया । **फनफनिनु–** अ० क्रि० फनफनाइनु । > **फनफनी–** क्रि० वि० फनफन; फनफनती । **फनफने–** वि० फनफन घुम्ने; फन्कने । **फनफन्याइ–** ना० फनफनिने क्रिया वा प्रक्रिया । **फनफन्याहट–** ना० फनफनिने क्रिया वा प्रक्रिया ।

**फनेल–** ना० [सं० फलेन्द्र] टर्रो र अमिल्चो स्वाद हुने एक प्रकारको फल; फँडिर ।

**फन्क-नु–** अ० क्रि० [अ० मू० फनक्+नु] रिसले आकुल भएर मुन्टो बटार्नु; रिस देखाउनु । > **फन्काइ–** ना० फन्कने क्रिया वा प्रक्रिया । **फन्काइनु–** स० क्रि० फन्कन लाइनु; फन्कने पारिनु । **फन्काउनु–** प्रे० क्रि० फन्कन लाउनु; फन्कने पार्नु । **फन्काफन्की–** ना० परस्परमा फन्कने काम । **फन्किनु–** अ० क्रि० फन्कने होइनु; फन्कनु । **फन्के–** वि० फन्कने स्वभावको; रिसाहा । **फन्को–** ना० १. एक पटकको घुमाइ; घुमाइको परिधि वा फेरो । २. एक ठाउँबाट हिँडेर घुम्दै फेरि त्यसै ठाउँमा आइपुग्ने काम; फेरो । ३. फन्कने चाल; रिस । **फन्क्याइ–** ना० फन्किने क्रिया वा प्रक्रिया । **फन्क्याहट–** ना० फन्किने भाव, अवस्था वा क्रियाप्रक्रिया; फन्क्याइ ।

**फन्टुस–** वि० [अङ्० फेन्टास्टिक] काम न काजको; साँचो कुरा पनि नगर्ने, असल काम पनि नगर्ने (व्यक्ति) ।

**फन्ड–** ना० [अङ्०] कुनै विशेष काम-कुराका निम्ति छुट्ट्याइएको, स्थायी रूपले ब्याज आउने गरी ब्याङ्क आदिमा सञ्चित गरिएको धन; पुँजी ।

**फन्दा–** ना० [फा० फन्द] १. पासो; बन्धन; अल्झो । २. छलकपट; धोका । ~ **टाँका–** ना० लुगा सिउँदा ठाउँ-ठाउँमा मिलाउनका निम्ति खुटिने सिलाईको टाँका ।

**फयटा–** ना० औँलाजत्रो हुने एक जातको माछो ।

**फयल–** वि० [प्रा० पयल, पयल्ल < सं० प्रकट] १. फैलिँदै गएको; फिँजिएको; फैल । २. चारैतिर हल्लाखल्ला मच्चिएको; सबैतिर प्रचार भएको (खबर, कुरो आदि) ।

**फरक–** ना० [अ० फर्क] १. कुनै वस्तुसँगको नमिल्दो हुने स्वरूप वा विषमता; भिन्नता; पार्थक्य । २. अन्तर; टाढा; दूरी । वि० ३. दुइटा वस्तुमा एउटाको अपेक्षा अर्को भिन्नै खालको; अलग; बेग्लो ।

**फरक्क–** क्रि० वि० [अ० मू० फरक्+क] झट्ट वा एकाएक फर्कने गरी; पुग्नासाथ फर्कने किसिमले ।

**फरजी–** ना [फा० फरजीन] १. बुद्धिचालको खेलमा मन्त्री हुने गोटी । २. झुटो (मत) ।

**फरफर–** क्रि० वि० [अ० मू० फर्+अ(+द्वि०)< सं० स्फुरण] १. कपडा, कागज आदि हावाले हल्लाउने गरी । २. शरीरको कुनै अंश वा भाग फुर्ने किसिमले; स्फुरण हुने चालसित । ३. ध्वज-दण्डमा टाँगिएको झन्डा हावामा हल्लने किसिमले । > **फरफरती–** क्रि० वि० फरफर; फरफरी । **फरफराइ–** ना० फरफराउने क्रिया वा प्रक्रिया । **फरफराइनु–** क० क्रि० फरफराउन लाइनु; फरफराउने पारिनु । **फरफराउँदो–** वि० १. फरफर गर्दो; फरफर गरिरहने (झन्डा) । २. ओबानो र बुरबुराउँदो (भात) । **फरफराउनु–** अ० क्रि० १. हावाले कपडा, कागज आदि हल्लनु; फरफर गरेर चल्नु । २. शरीरको कुनै अंश फुर्नु; अङ्ग स्फुरण हुनु । ३. झन्डा फरफर हुनु । **फरफराहट–** ना० फरफर गर्ने भाव, स्थिति वा क्रियाप्रक्रिया । **फरफरी–** क्रि० वि० अझ छिटो फरफर हुँदै; फरफरती । **फरफरे–** वि० १. फरफर गरेर हल्लने; फरफराइरहने । २. फरफर गर्ने, फरफराउने । ३. फकफकाउँदो; बुरबुरे । ना० ४. आफुसमा पत्रहरू जोडिएको सानो पुस्तक; ठ्यासफु ।

**फरफारख–** ना० [(द्वि०) फारख] लेनदेनको हिसाब बाँकी नरहने गरी फर्छिने काम; लिनुदिनु वा बुझाइनुपर्ने कुराको सबै चुक्ती ।

**फरबरी–** ना०हे० फेब्रुअरी ।

**फराँस१–** ना० [अङ्० फ्लश] क्रमैले तीन-तीन चक्की बाँडेर खेलिने, तासको एक खेल ।

**फराँस२–** ना०हे० फरास । – **खाना–** ना० फरासखाना ।

**फराइ–** ना० [√ **फर्**(+आइ)] फार्ने क्रिया वा प्रक्रिया । [ >] **फराइनु–** क० क्रि० फार्ने पारिनु; फार्न लाइनु । **फराउनु–** प्रे० क्रि० फार्न लाउनु; फार्ने पार्नु ।

**फराक१–** वि० [अ० फारिग] १. अलग; भिन्न । २. कुनै विषयबाट

निवृत्त भएको; कर्तव्य पूरा गरी छुट्टी पाएको (जस्तो– धर्मफराक) ।

**फराक२–** वि० [फा० फराख] १. टाढासम्म फैलिएको; विस्तृत; फराकिलो । २. चौडा ।

**फराकत–** ना० [अ० फरागत] १. कुनै बन्धन वा प्रतिबन्धबाट छुटकारा; मुक्ति । २. कुनै शोकसुर्ता नभई निस्फिक्री हुने स्थिति; निश्चिन्तता ।

**फराकिलो–** वि० [फराक+इलो] धेरै फराक भएको; चारैतिर फैलिएको; विस्तृत ।

**फरार–** वि० [अ० फर्रार] १. गिरफ्तारी वा कारबाईबाट बच्न गुप्त रूपले भागेको; लुकीछिपी बसेको । २. कुनै अपराध गरेर बेपत्ता भएको; पलायित (अपराधी)।

**फरास–** ना० [अ० फर्राश] बिछ्याउनासम्बन्धी काम गर्ने नोकर; फराँस । **– खाना–** ना० बिछ्याउना र अरू आसन राख्ने एवं तत्सम्बन्धी काम गर्ने अड्डा ।

**फरासिलो–** वि० [फा० फराख+इलो] १. हँसिलो मुख लगाएर मीठो बोली बोल्ने; सुमधुर बोलीवचन गर्ने । २. स्पष्टवक्ता; साँचो बोल्ने । ३. उदार स्वभावको । स्त्री० फरासिली ।

**फरासी–** ना० गाउनका रूपमा र फरियाका रूपमा प्रयोग गरिने एक खालको कपडा ।

**फराहा–** ना० इजिप्ट देशका पिरामिड बनाउने प्राचीन शासक ।

**फरिको–** ना० छाप्रो, गोठ, कटेरो आदिमा हालिने बाँसका भिक्रा, चित्रा आदिको ढोका; फलिको ।

**फरिफार्छे/फरिफार्से–** ना० [फा० फारिग+फार्से] हे० फार्से ।

**फरिया–** ना० [प्रा० फलिअ] स्त्रीहरूले कम्मरदेखि गोलीगाँठासम्म ढाक्ने गरी लगाइने, अगाडि मास्तिरपट्टि घुमाएर काँधमा वा शिरमा ढाक्ने धोतीविशेष । **– को नाता/साहिनु–** ना० १. स्वास्नी वा आइमाईतिरको सम्बन्ध । २. त्यसै जरियाले दर्जा वा धन पाउँदा भनिने हेलाको बोली ।

**फरुई–** ना० [हि०/सं० स्फुरिता] सिरौला भुटेर वा फूल उठाएर बनाइएको खट्टे ।

**फरुवा–** ना० [हि० फावडा] ठूलो फाँच भएको र लामो बिँड हाली उठीउठी खन्न हुने विशेष खालको कोदालो; चपरा ।

**फरेप/फरेब–** ना० [फा० फिरेब] १. अनाहकमा वा विनाकसूर लगाइएको दोष; फत्तुर; आरोप । २. छलकपट; जाल-भेल । > **फरेपी/फरेबी–** वि० १. फरेब लाउने; फत्तुर लगाउने । २. जाल-भेल गर्ने; छलकपट गर्ने । ३. फटाहा; बकम्फुस ।

**फर्क-नु–** अ० क्रि० [अ० मू० फरक्+नु] १. गइरहेको बाटाबाट फेरि पछाडि आउनु; प्रत्यागमन गर्नु । २. एकापट्टिबाट अर्कापट्टि पल्टनु वा लेप्सिएर बसेको वस्तु उल्टो हुनु; उल्टिनु । ३. गुमिसकेको वस्तु फेरि हात लाग्नु । ४. एक दिशाबाट अर्को दिशातर्फ मुख लाउनु । ५. एक कोल्टेबाट अर्को कोल्टे हुनु । > **फर्काइ–** ना० फर्कने क्रिया वा प्रक्रिया । **फर्काइनु–** क० क्रि० फर्कन लाइनु । **फर्काउनु–** प्रे० क्रि० फर्कन लाउनु । **फर्किनु–** अ० क्रि० फर्कनु; फिर्नु ।

**फर्छि-नु–** अ० क्रि० [फर्छे+नु] लेनदेन, खरिदबिक्री आदिको हिसाब चुक्तिनु; हे० फर्सिनु । > **फछ्र्याइ–** ना० फर्छिने वा फछ्र्याउने क्रियाप्रक्रिया । **फछ्र्याइनु–** क० क्रि० फर्स्याइनु । **फछ्र्याउनु–** स० क्रि० फर्स्याउनु ।

**फछ्र्योट/फछ्र्यौट–** ना० [फर्छि+योट/यौट] फछ्र्याउने काम; लेनदेनको व्यवहार मिलाउने काम; छिनाफाना गर्ने काम ।

**फर्द/फर्दा–** ना० [अ० फर्द] १. कागज, कपडा आदिको सग्लो वा अलग टुक्रा । २. पल्ला । ३. पत्र; तह । ४. कुनै कुरो लेखिएको लामो कागत । वि० ५. एकलो; एक मात्र ।

**फर्निचर–** ना० [अङ्०] काठ एवं फलाम आदिबाट बन्ने वा बनेका मेच, टेबुल, दराज आदि सामान ।

**फर्म–** ना० [अङ्०] कुनै निश्चित लक्ष्य हासिल गर्नका निमित्त स्थापना गरिएको व्यापारिक संस्था ।

**फर्मा१–** ना० [अङ्० फर्म] १. प्रेसमा एक पटकमा छापिने कागजको सिङ्गो ताउ वा कम्पोज भएका टाइपहरूको विस्तार । २. ढाँचा ।

**फर्मा२–** ना० [अङ्० फ्रेम] जुत्तामा काँटी आदि ठोक्नुपर्दा जुत्तालाई अल्भाएर राख्ने चार-पाँच चोसा परेको फलामे औजार ।

**फर्मा३–** ना० ढलान गर्न उभ्याइएको आधार-ढाँचा ।

**फर्माइ–** ना० [√ **फर्माउ**(+आइ)] फर्माउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **फर्माइनु–** क० क्रि० १. आज्ञा दिइनु; अह्राइनु । २. फर्माइस गरिनु ।

**फर्माइस–** ना० [फा० फरमाइश] १. चाहनाअनुसारको कुनै वस्तु ल्याउन वा बनाउनका निम्ति कसैलाई दिइने आज्ञा वा अह्रोट; फर्मायस । २. फर्माएर गरिएको त्यस्तो कुनै खास कुरो वा वस्तु । ३. फर्माउने काम । > **फर्माइसी–** वि० १. विशेष किसिमले आज्ञा दिएर मगाइएको वा तयार गराइएको । २. विशेष किसिमको; असल; उम्दा ।

**फर्माउनु–** स० क्रि० [फर्माइस+नु] १. कुनै वस्तु वा चीज ल्याउन वा बनाउनका निम्ति आज्ञा दिनु; अह्राउनु । २. विशेष किसिमले बनाउन लगाउनु, फर्माइस गर्नु । ३. नभएका कुरा बनाउनु ।

**फर्मान–** ना० [फा० फरमान] राजकीय आज्ञापत्र (जस्तै– शाही फरमान) ।

**फर्मायस–** ना०हे० फर्माइस ।

**फर्मुला–** ना० [अङ्०] सूत्र ।

**फऱ्याकफुरुक–** क्रि० वि० [अ० मू० (द्वि०)फुरुक्+अ] खुसी वा हर्षले फुर्तीसाथ यताउति हिँड्ने गरी; इच्छा लागेको ठाउँमा जान तथा चाहेको वस्तु लाउन पाउने आदि रमाइलोले फुर्किएर जाँगर देखाउँदै ।

**फऱ्याक्लो–** ना० [भो० ब०] लिम्बू जातिमा आशौचका सम्बन्धमा शुद्धशान्ति गर्ने धार्मिक विधि ।

**फर्र–** क्रि० वि० [अ० मू० फर्+र] १. कागज, कपडा आदि

हावाका चापमा परेर एकै खेपमा हल्लने गरी । २. वरिपरि बाँधेको कपडा एक्कासि फुक्ने गरी । ३. पक्षीहरू एकै बाजि उड्दा आवाज आउने किसिमले । ४. तातो तेलमा पकाइएको रोटी फुल्ने वा उक्सिने गरी । ५. शरीरका अङ्गहरू एकाएक फुर्ने भएर ।

**फर्लक्क**– क्रि० वि० [अ० मू० फर्लक्+क] १. एकातिर ढेप्सिएको वस्तु अर्कातिर पल्टने वा फर्कने गरी; पर्लक्क । २. दुई फग्लेँटा फकलक्क छुट्टिने किसिमले ।

**फर्लङ्**– ना० [अङ्० फर्लाङ्ग] जमिन नाप्ने अङ्ग्रेजी नाप माइलको आठौँ भाग ।

**फर्स**– ना० [अङ्० फर्श] १. पक्का गरी बनाइएको समथर भुइँ वा जमिन । २. बिछ्याउना; ओछ्यान ।

**फर्सा**– ना० [सं० परशु] चेप्टो र तीखो मुख भएको पुरानो खालको बन्चरो; कुठार ।

**फर्सिनु**– अ० क्रि० [फर्सि+इ+नु] १. लेनदेनसम्बन्धी व्यवहार वा हरहिसाब छिनोफानो हुनु; फर्छिनु; फार्से हुनु । २. कुनै काम-कुरो समाप्त हुनु; सिद्धिनु ।

**फर्सी**– ना० [नेवा० फसि] भेट्नापट्टि र पिँधपट्टि थ्याप्चो परेको र घण्टका छाँटको, पहेँलो फूल फुल्ने, डल्ले कुभिन्डाभन्दा ठूलो, तर्कारी खाइने एक जातको लहरे फल ।

**फर्से**– वि० [फर्सी+ए] फर्सीका छाँटको; फर्सीजस्तो । ~ **आँप**– ना० ठूलठूला दाना हुने, भित्र पाकेका फर्सीको जस्तो रङ एवं उसिनेका फर्सीको जस्तो फकफक परेको गुदी हुने एक जातको आँप । ~ **चाक**– ना० फर्सीजस्तो ठूलो, बाक्लो चाक । ~ **लहरो**– ना० फर्सीका जस्ता फुस्रा र वृत्ताकार पात हुने र फर्सीकै जस्ता आँख्ला-आँख्लाबाट हाँगा हाल्ने एक जातको लहरो । – **ला**– वि० मिलनसार ।

**फर्स्याइ**– ना० [√ **फर्सि**(+याइ)] फर्सिने क्रिया वा प्रक्रिया । [ > ] **फर्स्याइनु**– क० क्रि० फर्सिने पारिनु, चुक्त्याइनु; फछर्याइनु । **फर्स्याउनु**– स० क्रि० १. लेनदेनसम्बन्धी हिसाब छिनोफानो गर्नु; फर्स्यौट गर्नु; फार्से गर्नु । प्रे० क्रि० २. फर्सिने पार्नु ।

**फर्स्योट ⁄ फर्स्यौट**– ना० [फार्से+योट ⁄ यौट] लेनदेन वा खरिदबिक्रीसम्बन्धी हरहिसाब चुक्ता गर्ने काम; छिनाफाना; फछर्योट ।

**फल्-नु१**– स० क्रि० [सं० फाल्+नु] ढिकी एवं ओखलमा चामल, मल्खु, कोदो आदि कुटेर सफा गर्नु; भुस, बियाँ आदि निखार्नु ।

**फल्-नु२**– अ० क्रि० [सं० फल्+नु] १. बोट, बिरुवा, लता-लहरा आदिमा फल लाग्नु; फल निस्कनु । २. उत्पन्न हुनु; पैदा हुनु । ३. सिद्ध हुनु; सफल हुनु ।

**फल**– ना० [सं०] १. ऋतुकालअनुसार रूख, लहरा आदिमा पहिले फूल फुल्ने र पछि तिनै फूलसँग सम्बद्ध भएर निस्की विकसित हुने बोक्रा, गुदी र बीजले युक्त वस्तु । २. कुनै कार्यविशेषको परिणाम; नतिजा; लाभ । ३. धार्मिक विश्वासअनुसार पूर्वजन्ममा गरिएका कर्मको यस जन्ममा र यस जन्ममा गरिएका कर्मको परजन्ममा भोग्नुपर्ने दुःख वा सुख । ४. आफ्ना बल, बुद्धि एवं परिश्रमबाट प्राप्त हुने उपलब्धि । ५. गणितका प्रक्रियाबाट प्राप्त अङ्क; उत्तर । ६. उद्देश्य; प्रयोजन । ७. बाण, भाला आदिको अगिल्लो भाग । ८. अण्डकोश; आँडा । > **फलक**– ना० १. डोलो काठ चिरेर तयार गरिएको पातलो वा चेप्टो वस्तु; फलेक । २. पिठिउँदेखि तल्लो र फिलादेखि माथिल्लो भागमा रहेको शरीरको अंश; नितम्ब; चाक । ३. कागज, कपडा आदिको पत्र वा ताउ । ४. युद्धका समयमा सेना आदिले छातीमा भिर्ने वस्तु; ढाल । ५. हत्केलो । ~ **कपुर**– ना० कङ्कोल; वनकपुर । – **तः**– क्रि० वि० फलस्वरूप; परिणामस्वरूप; परिणामतः । – **दान**– ना० कन्यापक्षबाट वरपक्षका पिता वा अभिभावकलाई कुनै शुभ मुहूर्तमा विवाहको निश्चय गर्दा फलफूल, जनै-सुपारी आदि दिइने प्राचीन विवाह-पद्धतिको एक रीति । – **दार**– वि० लटरम्म फलहरू लागेको; फलयुक्त । ~ **प्राप्ति**– ना० अभीष्ट लक्ष्यको सिद्धि; कार्यविशेषबाट प्राप्त सफलता । – **फुल**– ना० १. फलहरूको समुदाय । २. फल र फलसमानका वस्तुहरूको समूह । ३. फल र फूलको समुदाय । – **मूल**– ना० रूख वा लहरामा फल्ने कन्दमूल । ~ **मासु**– ना० हाड नभएको मासु; ह्याकुलो वा फिलाको मासु । – **वत्ता**– ना० फलप्राप्ति; फलसहित हुनाको स्थिति; लाभयुक्त अवस्था । – **वान्**– वि० १. फल भएको; फलयुक्त । २. फल बोकेको; फल प्राप्त गरेको । – **श्रुति**– ना० कुनै काम गर्दा वा स्तोत्र आदि पाठ गर्दा पाइने फलको विस्तृत वा सङ्क्षिप्त महिमा; सत्कर्मको फल बताउने वाक्य । ~ **स्तुति**– ना० कुनै सत्कर्म गर्न वा अभीष्ट फल प्राप्त गर्नाका निम्ति गाइने वा पाठ गरिने देवदेवताहरूको महिमाको वर्णन भएको विषय वा सोसम्बन्धमा गाइने महिमागान । – **हीन**– वि० फलरहित; निष्फल; विफल ।

**फलाँट**– ना० कटुसका छाँटका फल फल्ने, ससाना पात हुने, बलियो र गह्रौं काठ हुने एक जातको रूख ।

**फलाँसी**– ना० [फाली+याँसी] काठ आदि खोपेर प्वाल पार्ने एक प्रकारको रामोजस्तो फलामे हतियार ।

**फलाइ**– ना० [√ **फल**(+याइ)] १. फल्ने वा फल लाग्ने क्रिया वा प्रक्रिया । २. फल्ने वा चामल आदि फलेर सफा पार्ने क्रियाप्रक्रिया । [ > ] **फलाइनु**– क० क्रि० १. फल लाग्ने पारिनु; फल्ने गराइनु । २. फल्न लगाइनु; चामल आदि ढिकीमा कुटाइनु वा बियाँ, भुस आदि निखारिनु ।

**फलाइलो**– वि० [फल+आइलो] फल्ने वा फल लाग्ने गुण भएको; फलारु खालको ।

**फलाई**– ना० [अङ्०] पाइन्टको अगाडिपट्टि फस्नरको सट्टा टाँक राख्ने ठाउँ । – **बाला**– ना० पाइन्टको फलाईमा रहेका टाँक र टाँकघरसमेतलाई छोप्ने आवरण ।

**फलाउनु**– प्रे० क्रि० [फल्+आउ+नु] १. फल लाग्ने पार्नु; फल्ने

गराउनु । २. फल्न लाउनु; चामल आदि ढिकीमा कुटाउनु ।

**फलाक्‌–नु–** अ० क्रि० [फलाक+नु] १. ठूलो स्वरले धेरै कुरो भन्नु; चाहिनेभन्दा बढी बोल्नु; भटचाउनु । २. कसैलाई सरापेर गाली गर्नु । ३. धामीझाँक्री आदिले जोखना हेरेर ग्रहदशा आदि बताउनु । > **फलाकाइ–** ना० फलाक्ने क्रिया वा प्रक्रिया ।

**फलाकाङ्‌क्षा–** ना० [सं०] फल प्राप्त गर्ने आशा; फलप्राप्तिको इच्छा ।

**फलाकिनु–** अ० क्रि० [फलाक्‌+इ+नु] फलाक्ने काम गरिनु; धेर बोलिनु; भटचाइनु ।

**फलाको–** ना० [फलाक+ओ] १. ठूलो स्वरले भनिएको वा बोलिएको कुरो; भटचाइ । २. कसैलाई सरापेर गरिएको गाली; सत्तो न सराप । ३. ठूलो स्वर; डाँको । ४. लयबद्ध सामूहिक स्वर; नारा ।

**फलागम–** ना० [सं०] दृश्य वा श्रव्य काव्यका अन्तमा सङ्‌घर्ष सकिएर प्राप्त हुने शुभ वा अशुभ फल; फलप्राप्तिको स्थिति ।

**फलाटिन–** ना० [अङ्‌० फ्लानेल] एक किसिमको भुवादार, न्यानो र नरम खालको कपडा ।

**फलादेश–** ना० [सं०] ग्रहगतिअनुसार शुभाशुभ फल बताउने कार्य ।

**फलानी–** सर्व० [फलानो+ई] फलानाको स्त्रीरूप; अमुक; ढिस्कानी ।

**फलानु/फलानो–** सर्व० [अ० फुलाँ] यही हो भनी निश्चय वा किटान नभएको वस्तु वा व्यक्ति; अमुक; ढिस्कानो ।

**फलाम–** ना० कालो रङको र साह्रो, विभिन्न प्रकारका अस्त्र, हतियार, भाँडाकुँडा, यन्त्र आदि बनाइने, अपारदर्शी एक प्रसिद्ध खनिज धातु; लोहा; लौह । ~ **काँडे–** ना० निबुवाका जस्ता तर साना पात हुने, घाँस-सेउलाको काममा आउने एक काँडेदार रूख । **– को गुहु–** ना० कीट । ~ **खानी–** ना० फलाम भएको ठाउँ वा पहरो ।

**फलामे–** वि० [फलाम+ए] फलामको; फलामबाट बनेको; फलामसम्बन्धी । ~ **कुर्सी–** ना० फलामबाट तयार भएको मेच । ~ **भाँडो–** ना० फलामबाट तयार भएको भाँडो ।

**फलालिन/फलालेन–** ना० [अङ्‌० फ्लानेल] हे० फलाटिन ।

**फलालो–** वि० [फल+आलो] फल (गेडा) नभरिएको; थोतो; फोस्रो (बाला, घोगो, कोसो आदि)।

**फलावाङ–** ना० नेपालको सल्यान जिल्लामा रहेको एक प्राचीन राज्य ।

**फलाहार–** ना० [सं०]१. व्रत लिँदा वा व्रत बस्ता खाइने फलफूल, कन्दमूल आदिको खाना । २. रोपेर हरवर्ष फल्ने र काँचै पनि खान हुने मेधावर्धक एवं सुपाच्य वस्तु । > **फलाहारी–** वि० फलफूल एवं कन्दमूलको आहारा गर्ने; अन्न नखाने ।

**फलिको–** ना०हे० फरिको ।

**फलित–** वि० [सं०]१. फल लागेको; फलेको । २. सफल भएको; सिद्धि मिलेको । ~ **ज्योतिष–** ना० ग्रहनक्षत्रका स्थितिका आधारमा शुभ तथा अशुभ फल बताउने ज्योतिषको एक अङ्‌ग ।

**फलिनु–** अ० क्रि० [फल्‌+इ+नु] १. फल लागिनु । क० क्रि० २. ढिकीमा चामल आदि फल्ने काम गरिनु ।

**फलिफाप–** ना० [फली+फाप] १. राम्ररी फाप्ने वा सप्रने काम; कुनै वस्तु फल्दा वा कुनै काम गर्दा बढी लाभप्रद हुने स्थिति । २. सुब्बेफाब्बे; दिनदशाको सुधार । ३. अनुकूलता; उन्नति ।

**फलियो–** ना० [सं० फलक]१. लेख्ने काठ आदिको पाटी; धुलौटो । २. फलेक ।

**फलिलो–** ना० [सं० फल+इलो] फल लागेको; फलाइलो ।

**फली१–** ना० [सं० फाल] काठका फलेक आदि खुर्केर चिल्लो पार्ने एक प्रकारको धारिलो हतियार; रन्दामा लगाइने फाली; रन्दाको धार ।

**फली२–** वि० [सं०] फल लागेको; फलयुक्त; फलवान् । **– भूत–** वि० फल वा परिणाम प्रत्यक्ष भएको; फलित ।

**फलीश–** ना० [सं०] पीपलका जस्ता पात हुने, सेतो फूल फुल्ने तथा साह्रो काठ हुने एक जातको रूख; काठेपीपल ।

**फलुवा–** वि० [फल्‌+उवा] १. राम्रोसँग फल लाग्ने, झुप्पाका फुप्पा फल फल्ने । २. ढिकी, ओखली आदिमा चामल आदि राम्ररी फलिएको वा भुस, बियाँ आदि निखारिएको ।

**फलेक–** ना० [सं० फलक] डोलो वा सिङ्‌गो काठ चिरानी गरेर चेप्टो, पातलो र चौडा पारी ताछिएको टुक्रो; फल्याक ।

**फलेदो–** ना० ठूलठूला पात हुने, रातो फूल फुल्ने सिमीका जस्ता कोसा लाग्ने, भित्र फस्केइलो काठ हुने र बाहिर काँडैकाँडा हुने एक जातको रूख । (खुकुरीका दाप बनाउन उपयुक्त काठ) ।

**फलैँचा–** [सं० फलक+मञ्च] घरको दलानमा र बाटाघाटाका चौतारा आदिमा धेरै मानिस अडेस लागेर बस्न, सुस्ताउन हुने गरी बनाइएको फलेकको आसन ।

**फलोदय–** ना० [सं०]१. फलको उदय; फल देखा पर्ने वा लाग्ने अवस्था । २. कुनै कार्यविशेषको फलप्राप्ति ।

**फलोद्यान–** ना० [सं०] योजनाबद्ध तरिकाबाट लगाइएको फलको बगैँचा; बागवानीकेन्द्र ।

**फल्कोनेट–** ना० [अङ्‌०] नेपालको चितवन जिल्ला र त्यसका छेउछाउमा पाइने, संसारको सबभन्दा सानो चरो ।

**फल्गु–** वि० [सं०]१. सार नभएको; निस्सार; फोस्रो, खोस्टो । ना० २. गया तीर्थको एक प्रसिद्ध नदी ।

**फल्याक–** ना०हे० फलेक ।

**फस्‌–नु–** अ० क्रि० [सं० पाश+नु]१. पासोमा पर्नु; जालमा अल्झनु । २. धोका वा छलकपटमा पर्नु । ३. जटिल समस्यामा पर्नु; फन्दामा पर्नु । ४. अर्काका लैलैमा लाग्नु; फकिनु । ५. खराब आचरणमा लाग्नु । ६. अल्झनु; अड्‌कनु । ७. कुनै लोग्नेमान्छे र आइमाईका बीच यौन सम्बन्ध हुनु । ८. धसिनु; भासिनु ।

**फसक्क–** क्रि० वि० [अ० मू० फसक्‌+क] १. हावा भरिएको वस्तु फुस्कने गरी; फुस्स । ३. बाँधिएको पराल आदिको मुठो वा बिटो फुस्किने गरी ।

**फसफस–** क्रि० वि० [अ० मू० फस्+अ(द्वि०] १. फस्को वस्तु धमाधम फुट्ने, खस्ने वा खुस्कने गरी; फसाफस । २. निदाउँदा सास फेर्ने किसिमले । ३. बन्द भएको हावा बिस्तार-बिस्तार फुस्किने गरी । > **फसफसती/फसफसी–** क्रि० वि० १. अझै फसफस हुने गरी । २. धमाधम; सरासर । **फसफसे–** वि० फसफसी फुट्ने वा खुस्कने ।

**फसल–** ना० [अ० फस्ल] खेतबारीमा हुने उब्जनी; बालीनाली । ~ **चक्र–** ना० एकपछि अर्को पैदा हुने गरी क्रमशः लगाइने बाली; घुम्ती बाली । ~ **खेती–** ना० बालीनाली लगाइने खेती ।

**फसाइ–** ना० [√ **फस्**(+आइ)] फस्ने किसिम वा क्रिया । [ > ] **फसाइनु–** क० क्रि० जालमा पारिनु; अल्झाइनु । **फसाउनु–** स० क्रि०/प्रे० क्रि० १. झुक्क्याउनु वा धोका दिनु । २. अल्झाउनु; अड्काउनु । ३. आफ्ना मत वा समर्थनमा ल्याउनु । ४. प्रायः बिग्रँदो व्यापारव्यवसाय आदिमा धन, मन, व्यक्ति आदिलाई सम्मिलित गराउनु । ५. फस्ने वा अल्झने स्थितिमा पार्नु ।

**फसाद–** ना० [अ०] अप्ठेरो वा असजिलो अवस्था; यसो गरूँ कि उसो गरूँको स्थिति; झमेला । > **फसादी–** वि० १. फसाद पार्ने; झमेला खडा गर्ने । २. उपद्रवी; उपद्रवसम्बन्धी ।

**फसान–** ना० [फस्+आन] कुनै जटिल समस्या वा कामको फसाइ; धसान ।

**फसाफस–** क्रि०वि०हे० फसफसी ।

**फसिनु–** क० क्रि० [फस्+इ+नु] फस्ने काम गरिनु; पासोमा परिनु ।

**फसेल–** वि० प्रशस्त; थुप्रै; धेरै; अत्यधिक फस्योल ।

**फस्क-नु–** अ० क्रि० १. [फस्को+नु] फस्को वस्तु हल्का किसिमले फुट्नु वा खस्नु; फस्स हुनु । २. कुनै वस्तुमा भरिएको हावा खुस्कनु । > **फस्काइ–** ना० फस्कने क्रिया वा प्रक्रिया । **फस्काइनु–** क० क्रि० फस्कने पारिनु । **फस्काउनु–** स० क्रि० १. फस्कने पार्नु । २. सम्भोग गर्नु । **फस्किनु–** अ० क्रि० हे० फस्कनु । **फस्को–** वि० हल्का किसिमले फुट्ने वा फुस्किने खालको; कमलो; खुकुलो ।

**फस्ट–** वि० [अङ्० फस्ट] उम्दा, प्रथम ।

**फस्टाइ–** ना० [√ **फस्टाउ**(+आइ)] फस्टाउने क्रिया वा प्रक्रिया । [ > ] **फस्टाइनु–** अ० क्रि० पुष्ट होइनु; हलक्क बढिनु । **फस्टाइलो–** वि० फस्टने खालको; फस्टने ।

**फस्टाउनु–** अ० क्रि० [सं० पुष्ट+आउ+नु] १. पुष्ट वा पोटिलो हुनु; मोटाउनु; हलक्क बढ्नु । २. विकसित हुनु; मौलाउनु; झाङ्गिनु ।

**फस्टिनु–** अ० क्रि० [सं० पुष्ट+इ+नु] १. फस्टनु । २. फस्टने होइनु । > **फस्टचाइँ–** ना० फस्टिने ढाँचा वा पन । **फस्टचाइ–** ना० फस्टिने क्रिया वा प्रक्रिया ।

**फस्फोरस–** ना० [अङ्०] बालीनालीमा प्रयोग गरिने एक प्रकारको रासायनिक मल ।

**फस्याक–** ना० [अ० मू० फस्याक्+अ] फस्काइको चाल । – **फुसुक–** क्रि० वि० १. सानातिना वस्तुमा बन्द रहेको हावा अलि-अलि गर्दै फुस्कने गरी । २. हलुको गाँठो फुस्कने वा फस्को वस्तु खस्ने चालसँग । > **फस्याक्क–** क्रि० वि० कुनै फस्को वस्तु फुट्ने वा बाँधिएको वस्तु फुस्कने गरी ।

**फस्याङफुसुङ–** ना० [अ० मू० फस्याङ्+अ(द्वि०)] १. वरपरका नचाहिँदा कुरा गरेर अलमल्याउने काम । २. फकाउने वा वशमा पार्ने चाल । ३. सारहीन कामकुरो । ४. सानातिना मालमत्ता; खत्र्याकखुत्रुक । क्रि० वि० ५. कुनै काम हतारहतार गरेर सामान्य रूपले टुङ्ग्याउने गरी; कुनै कामकुरो आउने र त्यसै हराउने भएर ।

**फस्योल–** ना० प्रशस्त; थुप्रै; फसेल ।

**फहराइ–** ना० [√ **फहराउ**(+आइ)] १. फहराउने वा नङ, काँडा आदिले कोर्ने क्रिया-प्रक्रिया । २. फहराउने वा फरफराउने क्रिया-प्रक्रिया । [ > ] **फहराइनु–** क० क्रि० १. फहराउने वा नङ, काँडा आदिले कोर्ने काम गरिनु । २. फहराउने वा फरफराउने काम गरिनु ।

**फहराउनु१–** स० क्रि० [फर+आउ+नु] नङ, काँडा आदिले अलि-अलि कोर्नु; चिथोर्नु; दरफऱ्याउनु ।

**फहराउनु२–** स० क्रि० [फरफर+आउ+नु] फरफराउनु ।

**फहराहट–** ना० [फहराउ+आहट] फहराउने वा दरफऱ्याउने भाव, क्रिया वा प्रक्रिया; फहराइ ।

**फा–** ना० फल्ने काम; मिल्काइ (बालबोलीमा) ।

**फाँक्-नु–** स० क्रि० [फाँक+नु] मुखमा चिउरा, चामल, खट्टे आदिको फाँक मार्नु; फाँको हाल्नु ।

**फाँक–** ना० [√ फाँको] १. मुखभरि हालिने चिउरा, खट्टे आदिको एक पटकको गाँस । २. मुखमा हालिने सुर्ती वा खैनीको एक पटकको अंश । ~ **मुठी–** ना० थोरबहुत भुटे-कुटेको खाने कुरो वा गेडागुडी; माग्ने आदिलाई दिइने पसरभर वा मुठीभरको अन्न ।

**फाँकिनु१–** अ० क्रि० १. अरूलाई मन परे पनि नपरे पनि अघि-अघि सरेर कुरो गर्नु । २. धेरै जान्नेजस्तो भएर बतुरिनु ।

**फाँकिनु२–** क० क्रि० [फाँक्+इ+नु] खट्टे, चामल आदिको फाँको हालिनु; फाँको मारिनु ।

**फाँकी–** ना० [सं० फक्क] १. लय वा छन्दको आधारमा गीत, श्लोक आदिको भाग वा खण्ड; चरण । २. शब्दका अगाडि वा पछाडि लागेर आउने द्वित्वशब्द (जस्तै– घरसर, कामसाम, चालमाल इ०) ।

**फाँको–** ना० [फाँक+ओ] मुखभरिको गाँस; फाँक ।

**फाँच–** ना० [सं० स्फिच] १. चारैतिर फैलिएको वा बढेको वस्तुको अवस्था; विस्तार; फाँज । २. फैलिएका दुई बाहाँभित्र अटाउने वस्तु वा भाँडाकुँडाका ठाउँ । ३. पीँधको फैलावट वा विस्तार । ४. कुनै वस्तुका बीचको वा पेटको फैलावट; फाँज । ५. गाई,

भैँसी आदिका दूध भरिएर फैलिएको कल्चौँडो । ६. नदीको तर्न सकिने फिँजिएको जँघार । ७. हलाको टुँडादेखि मास्तिर र टाउकादेखि मुन्तिरको भाग ।

**फाँचे**– वि० [फाँचो+ए] ठूलठूला फाँचा भएको (भैँसी आदि) ।

**फाँचो**– ना० [फाँच+ओ] १. मालमत्ताको ठूलो गठरी वा पोको । २. रुपियाँ-पैसा आदिको ठूलो थैलो वा पोको । ३. धेरै वस्तु हालिएको ठूलो पोल्टो । ४. गाईभैँसी आदिको ठूलो कल्चौँडो ।

**फाँज्-नु**– स० क्रि० [फाँज+नु] चारैतिर छर्नु वा फिँजाउनु; फैलाउनु; हे० पाँज्नु ।

**फाँज**– ना०हे० फाँच ।

**फाँट**– ना० [सं० प्रान्त] १. खेती गर्न लायक फैलावट भएको जमिन वा मैदान । २. कित्ता; खण्ड; भाग । ३. कुनै कार्यालयको एक खण्ड, विभाग वा शाखा । ४. स्रेस्तामा विषय आदिलाई लिएर खोलिएको तपसिलको खण्ड । – **वारी**– ना० १. सूची; विवरण; फेहरिस्त । २. विभिन्न कारणवश गरिएको विषयको विभाजन । – **वाला**– वि० १. सरकारी वा गैरसरकारी संस्थाहरूका प्रशासनसम्बन्धी विभिन्न एकाइमध्ये कुनै एक फाँटको जिम्मा लिएको । ना० २. त्यस्तो फाँट सँभाल्ने विभागीय कर्मचारी । > **फाँटिलो**– वि० फाँटजस्तो चारैतिर खुला रहेको; फराकिलो; सम्म परेको ।

**फाँड्-नु१**– स० क्रि० [फाँडो+नु] कुनै घोलिलो वस्तु पानीमा हालेर हुँडल्नु; फाँडो पार्नु; फेट्नु; फाउनु वा लेदो पार्नु ।

**फाँड्-नु२**– स० क्रि० [प्रा० फड+नु] १. घना वनजङ्गलका रूखहरू काट्नु वा उखेल्नु; जङ्गल वा झाडी छिमल्नु; उजार्नु । २. हाँगाबिँगा, स्याउलापात आदि काट्नु वा बिरुवा, झारपात आदि उखेल्नु । ३. बालीनाली भित्र्याएपछि बचेका बोट, झाङ आदि उखेल्नु; मास्नु । > **फाँडफुँड**– ना० फाँड्ने वा मास्ने काम; फँडाइ । **फाँडिनु**– क० क्रि० १. जङ्गल फाँड्ने काम गरिनु; हाँगाबिँगा छिमलिनु वा काटिनु । २. फाँडोजस्तो पारिनु; हुँडलिनु; हाँडलहुँडल गरिनु ।

**फाँडो१**– ना० [सं० फाणि] १. पीठो, कनिका आदि हालेर पातलो वा लेदो पारी पकाइएको खाना; एक प्रकारको माडजस्तो खोले । २. कलिला मकैका दाना थिची लेदो हुने गरी बनाइएको खानेकुरो । वि० ३. माडजस्तो पातलो; दबदबे ।

**फाँडो२**– ना० [फाड्+ओ] जानीजानी कसैमाथि थोपरिएको नचाहिँदो टन्टा वा झ्याउलो; हुँदै नभएको कुरो ।

**फाँद्-नु१**– स० क्रि० [फाँद+नु] अप्ठेरामा पार्नु; फन्दा वा झमेलामा पर्नु; नचाहिने कुरामा अल्झाउनु ।

**फाँद्-नु२**– स० क्रि० [सं० फणन+नु] १. अग्लो डिल वा गहिरो, फराक खाडल उफ्रेर नाघ्नु; फट्कनु । २. कसैले समाउन नसक्ने गरी छट्केर भाग्नु; बुर्कुसी मार्नु ।

**फाँद१**– ना० [फाँद्+अ] १. फड्कने काम; फड्काइ । २. उफ्रेर एकै फड्कोमा नाघ्न सकिने जमिनको नापो वा भाग; फाँच; फड्को । ३. खेतीयोग्य वा पर्ती जमिनको फैलावट; विस्तार ।

**फाँद२**– ना० [फन्दा] जङ्गली हात्तीलाई खेदो गर्दा फसाइने वा पक्राउमा पारिने मोटो डोरीको पासो; फन्दा ।

**फाँदिनु**– क० क्रि० [फाँद्+इ+नु] १. फाँद्ने वा फन्दामा पार्ने काम गरिनु । २. फाँद्ने काम गरिनु वा उफ्रेर नाघिनु; बुर्कुसी मारिनु ।

**फाँदिलो**– वि० [फाँद+इलो] फैलिएको; फराकिलो; फिँजिएको वा फिँजारिएको; विस्तृत ।

**फाँसी**– ना० [प्रा० फंस<सं० स्पर्शिका] १. फसाउने वा अल्झाउने वस्तु; पासो । २. अपराधीलाई पासामा घाँटी झुन्ड्याएर मार्ने सजाय वा दण्ड । ३. विनाकारण आइलागेको झोज वा झन्झट; झमेला । ४. मन नपरीनपरी गर्नुपरेको काम वा कुरो ।

**फाइँफुइँ**– ना० [(द्वि०) फुइँ] नचाहिँदो रूपमा देखाइएको फुर्ती वा धाक; ताइँफाइँ; आडम्बर; घमन्ड; फुइँ ।

**फाइँफुट्टी**– ना० [फुइँ+फुट्टी] नचाहिँदो फुर्ती; व्यर्थको आडम्बर; धाकरवफा; फाइँफुइँ; ताइँफाइँ । > **फाइँफुट्टे**– वि० फाइँफुट्टी गर्ने; ताइँफाइँ गर्ने; धाकधक्कु लाउने ।

**फाइदा**– ना० [अ० फायद] १. कुनै कामकुरा, व्यापार आदिमा हुने बढी प्राप्ति; लाभ; नाफा; फायदा । २. कामकुराबाट हुने इष्ट वा शुभ परिणाम; असल नतिजा ।

**फाइनु**– क० क्रि० [फाउ+इ+नु] हुँडलिनु; लेदो पारिनु; फेटिनु ।

**फाइबर**– ना० [अङ्०] कपास, रेसम आदि मिश्रित चिप्लो खालको कपडा ।

**फाइल**– ना० [अङ्०] १. कार्यालयका महत्त्वपूर्ण कागजपत्र सुरक्षित राखिने बाक्लो वा कडा एक प्रकारको जिल्द । २. सिलसिला मिलाएर राखिएका कागतपत्रहरूको समूह; मिसिल । ~ **निर्देशिका**– ना० कुन फाइल कहाँ र कुन नम्बरमा छ भनी थाहा पाइने अनुक्रमपुस्तिका । ~ **पुस्तिका**– ना० कागतपत्र वा मिसिल आदि राखिने जिल्ददार फाइल ।

**फाउ१**– ना० [प्रा० फाइ] १. चीजबीज किनेपछि सित्तैँ मागेर लिइने थप वस्तु; फोसा; तासा । २. वृद्धि; थप ।

**फाउ२**– ना० [√ फागु] १. फागु वा होलीसम्बन्धी गीत, नाच आदि । २. फागु, फाग ।

**फाउनु**– स० क्रि० [सं० फणि] १. पानीमा पीठो आदि वस्तु हालेर हातले बेसरी हल्लाउनु वा हुँडल्नु; फेट्नु । २. लस्सा आउने गरी चलाउनु; घोल्नु ।

**फाउन्टेन पेन**– ना० [अङ्०] पाइपमा मसी भरिने, निप, जिब्री आदि भएको कलम; फौन्टेन; फुन्टिन ।

**फाकट**– ना० जङ्गलबाहिरको पर्ती मैदान; समतल भूमि ।

**फाकन**– ना० [नेवा० फकँ] कर्कलो । > **फाकने**– वि० १. कर्कलो वा जलुको आदि उसिनेर खाने । २. होसै नराखी भएभरको कुरा गर्ने । ना० ३. त्यस्तो खाने मानिसलाई हियाएर भनिने शब्द ।

**फाकफुक**– ना० [(द्वि०) फुक] धामी, झाँक्री आदिले भूतप्रेत

c:\1Saroj\Sabdkosh\Pha.p65



आदिको बाधा हटाउन गर्ने तन्त्रमन्त्र आदिको प्रयोग; झारफुक; फुकफाक । > **फाकफुके–** वि० फाकफुक गर्ने; झारफुके; झारफुक गर्ने (व्यक्ति) ।

**फाग–** ना० [√ फागु] १. फागु । २. नारीहरूले उत्सवपर्वमा गाउने मङ्गल-गीत ।

**फागु–** ना० [√ फागुन] १. फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म परस्परमा रङ, अबिर आदि हाल्ने र नाच्ने, गाउने तथा प्रीतिभोज आदि गरी रमाइलो मनाइने उत्सव; होली । २. त्यस अवसरमा गाइने गीत; फाउ । ३. सल्लाका फूलको पहेँलो भाग ।

**फागुन–** ना० [सं० फाल्गुन] वर्षको एघारौँ महिना; फाल्गुन । **फागुने–** वि० १. फागुनसम्बन्धी; फागुनको । २. बेकम्मा; रद्दी; अश्लील ।

**फाङफुङ–** क्रि०वि० [अ० मू० (द्वि०)फुङ] १. कुनै सग्लो मालसामानको सबैजसो अवयव छुट्टिएर अलग हुने गरी; फाङ्ल्याङफुङ्लुङ । २. कुनै वस्तु काम नलाग्ने गरी भत्कने, भत्काउने वा बिग्रने, बिगार्ने पारेर । ना० ३. त्यसरी छुट्टिने, बेग्लिने, भत्किने, बिग्रने आदि चाल । > **फाङ्ङफुङ्ङ / फाङ्लाङफुङ्लुङ–** क्रि० वि० फाङफुङ ।

**फाजिल–** वि० [अ० फाजिल] १. आवश्यकताभन्दा धेरै; चहिनेभन्दा बेसी । २. त्यसरी हिसाबमा बढेको वा खर्च बच्न गएको (रकम); अवशिष्ट; अतिरिक्त । ~**बाँकी–** ना० लेनदेनसम्बन्धी हरहिसाबमा लिन वा दिन बाँकी रहेको रकम ।

**फाट्-नु–** अ० क्रि० [सं० स्फाटन+नु] १. जमिन, घरको गारो आदि धाँजा पर्नु वा फाट्नु; चिरा पर्नु वा चिरिनु । २. लुगाफाटो आदि थोत्रो पुरानो हुनु; च्यातिनु, धस्कनु वा खिइनु । ३. टुक्रा-टुक्रा हुनु; च्याथ्लो हुनु । ४. अलग हुनु; छुट्टिनु । ५. झोल र छोक्रा छुट्टिनु । ६. दुई थरीको मत वा मन नमिल्नु; राय बाझ्नु । ७. शत्रुता हुनु; अरिष्ट पर्नु ।

**फाटका–** [हि०] नियत समयमा कुनै वस्तुको दर, माग बढ्ने विचारअनुसार वस्तुको मूल्य निर्धारित गरी सोही मूल्यमा आँटेर गरिने खरिदबिक्रीको अठोट; सोअनुसार बढी मुनाफा वा लाभको आशाले गरिने जोखिमी कारोबार ।

**फाटफुट–** वि० [फाट्+फुट, सं० स्फाटन] १. चानचुन; धेरथोर; थोरथोरै । क्रि० वि० २. एउटा-दुइटा मात्र देखा पर्ने गरी; कतैकतै; फाट्टफुट्ट । > **फाटफुटे–** वि० १. चानचुने; सानोतिनो । २. अपूर्ण; अपूरो; अधूरो । ३. फुटकर; खुद्रा ।

**फाटिनु–** अ० क्रि० [फाट्+इ+नु] धाँदो परिनु; चिरा परिनु ।

**फाटो–** ना० [फाट्+ओ] १. परस्परमा हुने मनको बेमेल; फुट । २. राय बाझ्ने काम; मतभेद । ३. शत्रुता; वैमनस्य ।

**फाट्टफुट्ट–** क्रि० वि० [√ फाटफुट] १. एउटादुइटा गर्दै सबै आउने, उठ्ने वा निस्कने गरी । २. एकएक गरी सिद्धचाउने किसिमले । ३. पातलोपातलो चालमा देखिने वा हुने गरेर ।

**फाणित–** ना० [सं०] चासनी; पाग; सिर्का ।

**फातफुत्त–** क्रि० वि० [अ० मू० फ्यात्त+फुत्त] १. दबदबे वा लेदो पदार्थ एकै चोटि खस्ने वा खस्दा शब्द आउने गरी । २. पेटमा भएको मल एकै चोटि साफ हुने गरी निस्केर; खातखुत्त ।

**फाद–** ना० [√ फन्दा] हे० फाँद (बन्धन) ।

**फानस / फानुस–** ना० [फा० फानूस] काँचका वा अन्य धातुका कमलपत्र वा गिलासजस्ता वस्तु एउटै डन्डीमा जडिएको, बत्ती बाल्ने विशेष साधन; पानस ।

**फान्नु–** ना० तेल पेल्ने क्रममा चौथो पटक पेलिएको पिना ।

**फाप्-नु–** अ० क्रि० [प्रा० फाव्वीह, सं० स्फायन] आफू लागेको काम-कुरामा विघ्नवाधा वा पीरपिराउ नभएको हुनु; फलिफाप हुनु; फाप हुनु । > **फाप–** ना० १. पीरबाधा, दुःख आदि नहुने स्थिति; फाप्ने काम । वि० २. फापेको वा फाप्ने; छुकी; शुभ । ३. सबै कुरा राम्रो हुँदै गएको; अनुकूल लाभ भएको ।

**फाप–** वि० अफापको उल्टो; शुभ; फाप्ने ।

**फापर–** ना० १. पानपाते छाँटका पातला केही लाम्चा परेका पात, प्याजी रङका फूल, तीनकुने वा तीनधारे दाना र राता डाँठ हुने एक जातको सानो बोट । २.त्यसैको तीनकुने वा तीनधारे परेको, कालो बोक्रा र सेतो गुदी हुने फल वा गेडा । –**चरी–** ना० फापरबारीमा चर्ने वा फापर खान मन पराउने, टाउकामा पङ्खाजस्तै सिउर भएको, भँगेरोभन्दा केही सानो, लाम्चो र कालो, सेतो रङ हुने, रूपी चराका छाँटको चरो ।

**फापिनु–** अ० क्रि० [फाप्+इ+नु] फाप होइनु ।

**फाप्रे–** वि० [फापर+ए] १. फापरका भरमा जीवननिर्वाह गर्ने; फापर मात्र खाने स्थितिमा परेको । २. कोर्काली; काँठे; असभ्य । – **चरो–** ना० फापरचरी ।

**फाम–** ना० १. दूध, दही, मोही आदि राख्ने भाँडो; काठको गबुवा; काठे ढुङ्ग्रो । २. सरकारी छाप एवं नम्बर भएको, अन्न भर्ने पाथी ।

**फायदा–** ना०हे० फाइदा ।

**फायर–** ना० [अ०] पिस्तोल, बन्दुक, तोप आदि पड्काउने वा गोली हान्ने काम; गोलीचलाइ ।

**फार्-नु–** स० क्रि० [सं० स्फट्] १. कुनै सिङ्गो वस्तु (कपडा आदि) चिरेर दुई टुक्रा पार्नु; चिरा पार्नु; च्यात्नु; छुट्ट्याउनु । २. धस्काउनु; फटाउनु; रद्दी तुल्याउनु ।

**फारक / फारख–** ना० [अ० फारिग] १. आफूले बुझाउनुपर्ने बही बुझाइसकेपछि रकमीले पाउने छुटकारा; रकमकलमबाट हुने छुट्टी वा निस्साका रूपमा दिइने त्यस्तो कागत । २. कामकाजबाट पाइएको छुट्टी; फुर्सत; अवकाश । > **फारकती / फारखत / फारखती–** ना० सम्बन्धित व्यक्तिका जिम्मामा रहेका सबै नगदी वा जिन्सी बुझेर लिई प्रमाणका रूपमा लेखिदिने कागज; हिसाबकिताबसम्बन्धी बही बुझाइसकेपछि बुझ्ने अड्डाले रकमीलाई लेखिदिने कागज ।

**फारधर्ती–** ना० [फाट्+धर्ती] धर्ती फारिनुजत्तिकै ठूलो सङ्कट; विषम अवस्था ।

c:\1Saroj\Sabdkosh\Pha.p65



**फारफेर–** ना० [फार्+फेर] यताको उता; उताको यता पार्ने काम; सारफेर; फेरफार ।

**फारफोर–** ना० [फार्+फोर्] फार्ने र फोर्ने काम; छुट्टचाई, काटी चोक्टचाउने काम; फोरफार ।

**फारस–** ना० [फा० फार्स < सं० पादस्थ] अफगानिस्थानको पश्चिमपट्टि रहेको एक देश; वर्तमान इरान । > **फारसी–** वि० १. फारस देशको; फारससम्बन्धी । २. त्यसै देशको भाषा; फार्सी ।

**फारा१–** ना० खाने चून बनाउने काममा प्रयोग गरिने कडा खालको फग्ल्याँटे सिपी ।

**फारा२–** [सं० फाल] ना० योनिको डिल; भगोष्ठ ।

**फाराम–** ना० [अङ्० फर्म] १. आवश्यक रूपमा एकरूपता ल्याउने दृष्टिले निर्धारित ढाँचामा तयार पारिएको आवेदनपत्र, रसिद आदिको नमुना वा ढाँचा । २. प्रार्थी वा निवेदकले भर्नुपर्ने मुख्यमुख्य वा व्यक्तिसम्बन्धित कुरा छाडेर अन्य कुरा लेखिएको पत्र ।

**फारिनु–** क० क्रि० [फार्+इ+नु] फार्ने काम गरिनु ।

**फारु–** ना० [√ फारो] मितव्ययिता; फारो । – **तिनु–** ना० फारोतिनो ।

**फारो–** ना० [सं० स्फार] थोरै पैसा वा सीमित वस्तुले आवश्यक तथा बढी काम चलाउने किफायती काइदा; कम खर्च; मितव्ययिता; फारु । – **तिनो–** ना० परिमित वस्तु वा थोरै खर्चले भ्याउने काम; फारो गर्ने कामकाइदा; जोगारका साथ पुऱ्याएर गरिने खर्चबर्च ।

**फार्छे–** ना० [√ फार्से] हे० फार्से । ~ **पत्र–** ना० फार्सेपत्र; राजीनामा ।

**फार्दिङ–** ना० [अङ्०] सबैभन्दा सानो ब्रिटिस मुद्रा ।

**फार्म–** ना० [अङ्०] १. योजनाबद्ध रूपमा बालीनाली, फलफूल, तरकारी आदि लगाइएको भूमि; खेत । २. त्यसरी नै निश्चित रूपमा वस्तुपालन वा अन्य कुनै व्यवसाय चलाइएको खास ठाउँ वा कार्यस्थान । (कृषि फार्म, बागवानी फार्म, भेडापालन फार्म इ०) ।

**फार्से–** ना० [अ० फारिग] १. लेनदेनसम्बन्धी व्यवहारको छिनाफाना; फर्स्योट । २. बिर्ता जग्गाको खरिदबिक्री आदिको टुङ्गो; सुक्रीबिक्री । ~ **पत्र–** ना० बिर्ता जग्गाको बेचबिखन गर्दा राजीनामाका बेहोराले हकदाबी छाडिदिने गरी लेखिदिएको कागज; राजीनामा ।

**फाल्-नु–** स० क्रि० [सं० स्फाल+नु] १. कुनै वस्तु आफूतिरबाट अर्कातिर फ्याँक्नु; मिल्काउनु । २. हुर्याउनु; हुत्याउनु । ३. नलिनु; त्याग्नु ।

**फाल१–** ना० [सं०] हलाका टुँडामा जोडिने तीखो फलामे साधन; फाली ।

**फाल२–** ना० [सं० आस्फाल] १. फाल्ने वा आफल्ने काम । २. विशेष काम सम्पन्न गर्नका निम्ति मिल्ने अवसर; मौका; अनुकूलता । ३. लामो फट्को । ४. अग्ला ठाउँबाट उफ्रेर तलतिर झर्ने काम; हामफलाइ । ~ **हनाइ/हलाइ–** ना० फाल हाल्ने क्रिया वा प्रक्रिया । ~ **हानाहान–** ना० पालैपालोसित फाल हाल्ने काम । ~ **हानी–** ना० केही अग्ला ठाउँबाट फाल हाल्ने गरी खेलिने केटाकेटीको एक खेल । ~ **हान्नु/हाल्नु–** अ० क्रि० माथिबाट उफ्रेर तलतिर झर्नु; हाम्फाल्नु; फाल हाल्नु ।

**फालाफाल–** ना० [फाल्+आ+फाल्] १. कुनै वस्तु परस्परमा यताउति फाल्ने वा मिल्क्याउने काम; फ्याँकाफ्याँक । २. चाहिएभन्दा धेरै भएर गरिने मिल्कामिल्की; आफलताफल । ३. बेथितिसँग फाल्ने वा हुत्त्याउने स्थिति ।

**फालिनु–** क० क्रि० [फाल्+इ+नु] फाल्ने काम गरिनु; आफलिनु ।

**फाली१–** ना० गाई-भैँसी दुहुँदा लात्ती नचलाउने वा नउफ्रिने पार्न पछाडिको खुट्टो बाँध्ने डोरी; छाँद; फाले ।

**फाली२–** ना० [फाल+ई] १. हलाका टुप्पापट्टि जडिने फलामको तीखो अवयव; फाल । २. रन्दामा लगाएर ताछ्ने धारिलो वस्तु । ~ **घर–** ना० हलाका टुँडामा फाली अडचाउन खोपेर बनाइएको ठाउँ ।

**फाले–** ना० [सं० स्फाल] घोडा वा भैँसीका अगाडि वा पछाडिका खुट्टा बाँध्ने डोरी; छाँद; फाली । ~ **पाथी–** ना० बालीमा काम लगाउने गरिए तापनि फाली कमाएर ल्याएबापत मङ्सिरमा दिइने एक पाथी अन्न ।

**फाल्गुन–** ना० [सं०] सौरमानअनुसार वर्षको एघारौँ महिना; माघ र चैतका बीचको महिना; फागुन । > **फाल्गुनी–** ना० १. फाल्गुन शुक्ल पूर्णिमा; फागुपूर्णिमा । २. पूर्वाफाल्गुनी वा उत्तराफाल्गुनी नक्षत्र ।

**फाल्टु/फाल्तु–** वि० [पोर्तु० फाल्टो] १. नचाहिँदो; अनावश्यक । २. आवश्यक काम टरेर उब्रेको । ३. रद्दी; बेकम्मा । ४. चानचुने; खुद्रा; फुटकर ।

**फाल्सा१–** ना० [फा० काल्स] ठूलठूला खस्रा पात, पहेँला फूल र भित्र एक वा दुई बीज हुने, काफलको जस्तो स्वाद र पीपलको जस्तो फल फल्ने एक वृक्ष वा सोही वृक्षको फल ।

**फाल्सा२/फाल्सो–** ना० १. जमेको रगतको डल्लो । २. लुगाफाटाको सानोतिनो टुक्रो ।

**फावर गीत–** ना० [ता० फावर+ सं० गीत] दैनिक जीवनको रामरउस र मायापिर्ती लगाउने सम्बन्धमा गाइने, तामाङ जातिमा प्रचलित एक लोकगीत ।

**फावा–** ना० [√ फाउ] फाउ; फागु ।

**फास न फुस/फासफुस–** ना० [(द्वि०) फुस्सा] १. काम नलाग्ने वा महत्त्वहीन भई कुनै वस्तु त्यसै बिलाउने वा हराउने काम; फास्स न फुस्स । २. बन्द हावा अलिअलि गरेर फुस्कने प्रक्रिया । > **फासफुसे–** वि० १. विनाप्रयोजनको; विशेष महत्त्व नभएको । २. हावा फुस्कने खालको । ३. महत्त्व नभएको ।

c:\1Saroj\Sabdkosh\Pha.p65



**फासलाङफुसलुङ–** ना० [अ० मू० (द्वि०) फुसलुङ] १. अलमलमा पारेर फुक्याउने काम । २. फकाउने काम ।

**फासिज्म–** ना० [अङ्०] १. प्रभुसत्ता कुनै निरङ्कुश शासकमा केन्द्रित हुने एक शासनव्यवस्था; अधिनायकवाद; तानाशाही । २. मुसोलिनीका समयको इटालीमा प्रचलित त्यस प्रकारको कट्टर राष्ट्रवादी शासनव्यवस्था ।

**फासिस्ट–** वि० [अङ्०] १. फासिज्मका सिद्धान्तलाई मान्ने । २. सम्पूर्ण अधिकार आफ्ना हातमा लिएर निरङ्कुशताको विरोध गर्नेहरूको निर्दयतापूर्वक दमन गर्ने; अधिनायकवादी । ना० ३. फासिज्मका सिद्धान्तलाई आधार मानेर बनेको इटालीको एक राजनीतिक दलका सदस्य ।

**फास्टो–** ना० [सं० स्पृष्ट] १. छोइपासो । २. नचाहिँदो झमेला; झन्झट ।

**फाहा–** ना० [फा] १. शोभाका निम्ति अत्तरका सिन्कामा फूलका आकृतिमा बेरिने, विभिन्न रङको कपासको डल्लो । २. पाउडर आदि घस्ने भुवा । ३. मुखमा घस्ने पाउडर । ४. गहनामा हीरा, माणिक आदिलाई चम्किलो पार्न जडिने वस्तु वा त्यसरी चम्किलो पार्ने काम ।

**फिँज–** ना० [सं० फेन] पानीका ससाना थोपा वा फोकाहरूको समुदाय; पानीमा साबुन, सोडा आदि पर्दा निस्कने गाज ।

**फिँज्‌-नु–** स० क्रि० [सं० प्रसृ] १. खुम्चिएको वा सोहोरिएर थुप्रिएको वस्तुलाई तन्काएर पाँज्नु । २. नाउँ, कीर्ति, खबर वा पत्रपत्रिका आदिको व्यापक प्रचार गर्नु । ३. फैलाउनु; फिजाउनु । > **फिँजाइ–** ना० फिँज्ने वा फिँजाउने क्रियाप्रक्रिया । **फिँजाइनु–** क० क्रि० फिँजिने पारिनु; फैलाइनु । **फिँजाउनु–** प्रे० क्रि० १. फिँज्ने पार्नु; फैलाउनु । स० क्रि० २. फिँज्नु; प्रचार गर्नु । **फिँजिनु–** अ० क्रि० फिँजिने होइनु; फैलिनु ।

**फिई डिप्पी डेस–** ना० [अङ्०] विश्वप्रसिद्ध पहिलो हुलाकी; फारसी र एथेनियनबीच भएको इ० पू० ४९० तिरका लडाइँमा आफ्ना पक्षको विजयसन्देश बोकी दौडेर जाँदाजाँदै नगरद्वारमा पुग्नासाथ मर्ने इमान्दार एथेनियन सन्देशवाहक ।

**फिक–** ना० [√ पिक] पान, खैनी, सुर्ती आदि खाएर थुकिने थुक; पिक । – **दानी–** ना० थुक्ने भाँडो ।

**फिकदार–** ना० [फिक+दार] राजाको फिकदानी साफ गर्ने आदि काम गर्ने नोकर । ~ **बिर्ता–** ना० राजाको सेवा गर्ने फिकदार वा नोकरहरूलाई बकस भएको बिर्ता जग्गा ।

**फिका/फिक्का–** वि० [प्रा० अपिक्का] १. स्वाद नपुगेको वा नभएको; खल्लो । २. उज्जर वा चहकिलो नभएको; हल्का (रङ) । ३. मधुरो; मलिन; अँध्यारो (मुख आदि) । ४. कम महत्त्वको; त्यति उपयोगी नभएको । ५. खिन्न; दिग्दार । ~ **चिया–** ना० दूध वा चिनी नहालेको, नपुगेको अथवा चियाको रङ कम्ती भएको चिया ।

**फिक्री–** ना० [अ० फिक्र] १. कुनै विषयप्रति भएको चिन्ता; सुर्ता । २. त्यस्तो विषयप्रतिको चासो; वास्ता; पर्वाह ।

**फिट्‌-नु–** स० क्रि० [प्रा० फेड्+नु] १. पग्लने वा घोलिने वस्तु पन्यालो पदार्थमा मिलाउनका निम्ति घुमाई-घुमाई हल्लाउनु; हुँडल्नु; फेट्नु । २. तास, गन्जिफा आदिका चाङका चक्कीलाई तलमाथि पार्नु; तलास्नु ।

**फिट–** ना० [अङ्०] १. फुटको बहुवचन; फीट । २. फुट ।

**फिटकीरी–** ना० कुनै सेता गेडा फ्याँक्ने र ती खोजेर ल्याउँदा खोस्न आउनेबाट बच्दै बूढी माउलाई दिने एक खेल ।

**फिटन–** ना०हे० फिटिन ।

**फिटर–** ना० [अङ्०] यन्त्र वा मिसिनका विभिन्न पुर्जा जडान गर्ने व्यक्ति ।

**फिटाइ–** ना० [√ **फिट्**(+आइ)] फिट्ने क्रिया वा प्रक्रिया । [ > ] **फिटाइनु–** क० क्रि० फिट्न लाइनु; फिट्ने पारिनु; फेटाइनु । **फिटाउनु–** प्रे० क्रि० फिट्न लाउनु; फिट्ने पार्नु; फेटाउनु ।

**फिटिन–** ना० [अङ्०] एक वा दुई घोडाले तान्ने टपवाला खुला र हल्का किसिमको चारपाङ्ग्रे बग्गी; फिटन ।

**फिटिनु–** क० क्रि० [फिट्+इ+नु] फिट्ने काम गरिनु ।

**फिट्किरी–** ना० हे० फट्किरी ।

**फिट्टा–** वि० [√ फुट्टा] जहान-परिवार नभएको; फुट्टा; फुट्टो; ठिङ्गो; एक्लो । > **फिट्टे–** वि० फिट्टा ।

**फिड–** ना० [अङ्०] उन्नत जातका कुखुरालाई खुवाउन प्रयोग गरिने चारो ।

**फिडर प्यानल–** ना०[अङ्०] ट्रलीलाइनलाई विद्युत्‌शक्ति पूर्ति गर्ने एकाइ ।

**फितलो–** वि० [प्रा० फिट्ट] १. दह्रो नभएको; लुलो; दुर्बल । २. निर्धो; शिथिल; कमजोर ।

**फितिक्क–** क्रि० वि० [अ० मू० फितिक्+क] १. गिलो वस्तु थोरै खस्ने गरी; फतक्क । २. कुनै वस्तु गलेर खोले हुने किसिमले ।

**फित्कौली–** ना० [अ० मू० फुत्+क+औली] १. सानातिना ढुङ्गा, मटचाङ्ग्रा आदि हान्ने गुलेलीसरहको बाँसको कप्टेरो । २. फित्कौली हानेझैँ गरी खेलिने बालकहरूको एक खेल ।

**फित्तफीँ–** ना० [अ० मू० फित्+त+फीँ] काइँयोका जस्ता लाम्चिला पात हुने एक किसिमको बोट; फलाँट । (केटाकेटीहरू यसको पात बेरेर बजाउने गर्छन्) ।

**फित्ता–** ना० [पोर्तु० फिता] चौडाइ कम भएको कपडा वा नाइलन आदिको लामो पट्टी; जुत्ता कस्ने डोरी । – **वाल–** वि० फित्ता कस्ने खालको; फित्ता लगाएको वा फित्ता बाँधिने (जुत्ता) ।

**फित्ते–** वि० [फित्ता+ए] फित्ताजस्तो; फित्ताको । ~ **जुका–** ना० फित्ताजस्तै लामो तर टाउको सानो हुने, पुच्छरतिर ठूलो हुँदै गएको, जीउ थुप्रै खण्डमा विभाजित भएको र सो टुक्रिँदा अरू आफूजस्तै कीरा तयार गर्न सक्ने परजीवी जुको ।

**फिनाइल–** ना०हे० फिनेल ।

**फिनी–** ना० [प्रा० फीणिया] १. नचिरेको पन्जाफीजस्तो एक प्रकारको बाटुलो रोटी । २. तृणासन ।

**फिनेल–** ना० [अङ्० फिनोएल] विषालु कीटाणुहरू नाश गर्ने, उत्कट गन्ध भएको एक प्रकारको औषधी; कीटनाशक दबाईविशेष; फिनाइल ।

**फिपी–** ना० बेत, बाँस आदिका चोयाले बुनेको, एक प्रकारको बिर्कोवाल भाँडो; चोयाको डिब्बा ।

**फियो–** ना० [सं० प्लीहा] शरीरमा पेटभित्र पाकस्थलीसँगै बायाँतर्फ हुने एक अवयव ।

**फिर्–नु–** अ० क्रि० [प्रा० फेरण+नु] १. गएको व्यक्ति वा पठाइएको वस्तु फिर्ता आउनु; फर्कनु । २. भइरहेको स्थितिमा परिवर्तन आउनु; सो स्थिति उल्टनु; बदलिनु । ३. घुमफिर गर्नु; डुल्नु । ४. मलमूत्रादि त्याग गर्नु ।

**फिरङ्ग–** ना० [सं०]१. युरोप महादेश । २. गर्मीले वा वेश्यासँगका समागमबाट गुप्ताङ्गमा हुने एक रोग; भिरङ्गी । > **फिरङ्गी–** ना० १. फिरङ्ग महादेशको निवासी; अङ्ग्रेज; गोरा; युरोपियन । २. फिरङ्ग रोग लागेको व्यक्ति ।

**फिरन्ता–** वि० [फिर्+अन्ता] १. स्थायी रूपले एकै ठाउँमा घरबार गरेर नबसी घुमीघुमी हिँड्ने; डुलुवा । ना० २. परदेशी; यात्री; घुमन्ता व्यक्ति । ३. जोगी; सन्न्यासी । > **फिरन्ते–** वि० फिरन्ता ।

**फिरफिर–** क्रि० वि० [अ० मू० फिर्+अ० (द्वि०)] १. कागत, कपडा, पात आदि हावामा हलुको किसिमबाट हल्लने गरी; फरफर । २. फिरफिर गर्दै उड्ने पुतली जस्तो एक जातको कीरो । ३. मन्द गतिले हावा चलिरहेर; सिरसिर । > **फिरफिरती**/**फिरफिरी–** क्रि० वि० अझ छिटो फिरफिर हुने गरी । **फिरफिरे–** वि० १. हावामा हलुको तबरले हल्लने वा चल्ने । ना० २. हावाका वेगले घुम्ने कागत, पात, टिन आदिको पङ्खाका आकारको खेलौना । ४. लामाले असिना, पानी, हुरी आदि रोक्नका निम्ति ठाउँठाउँमा गाड्ने बाँसको पुतली । ५. ससाना चुच्चे पात हुने एक जातको बोट । ६. अग्लो चौडा भाला आकारका पात हुने, दाँती परेका किनारा हुने, तल्लो भाग सेतो रौँले ढाकिएको, पहेँलो फूल फुल्ने बोटविशेष ।

**फिराइ–** ना० [√ **फिर्**(+आइ)] फिर्ने क्रिया वा प्रक्रिया । [ > ] **फिराइनु–** क० क्रि० १. फिर्न लाइनु; डुलाइनु; घुमाइनु । २. फर्काइनु । **फिराउनु–** प्रे० क्रि० १. फिर्न लाउनु, डुलाउनु; घुमाउनु । २. फर्कन लाउनु । स० क्रि० ३. फिँजाउनु; फैलाउनु ।

**फिराद–** ना० [फा० फरियदा] सम्बन्धित अदालत वा अधिकारीका समक्ष न्याय पाउन गरिने प्रार्थना; नालिस । ~ **पत्र–** ना० कानुनी कारबाईका निम्ति मर्का परेको कुरा लेखी वादी भएर अदालतमा दिइएको रीतपूर्वकको कागज; नालिसपत्र; इजहार ।

**फिरादी–** वि० [फिराद+ई] फिराद गर्ने, नालिसवाला; उजुरबाजुर गर्ने । ~ **पत्र–** ना० फिरादपत्र ।

**फिरिनु–** अ० क्रि० [फिर्+इ+नु] १. फिर्ता आइनु; फर्किनु । २. डुलिनु; घुमिनु ।

**फिरिस्त–** ना० [अ० फहरिस्त] सम्बन्धित विषयवस्तु वा व्यक्तिहरूको नामावली, विवरण, फाँट आदि क्रमिक रूपमा अङ्कित गरिएको पुस्तिका वा पत्र; तालिका; सूचीपत्र ।

**फिरोजा–** ना० [फा० फिरोज] हरियोहरियो पाराको नीलो रङ हुने एक किसिमको बहुमूल्य रत्न; यूँ ।

**फिरौती–** ना० [फिर्+औती] अपहरित व्यक्ति वा वस्तु फिर्ता गर्नुपर्दा माग गरिने रकम; त्यस्तो कुनै सर्त ।

**फिर्क–नु–** अ० क्रि० [√ फर्कनु] फर्कनु; फिर्नु । > **फिर्काइ–** ना० फिर्कने क्रिया वा प्रक्रिया । **फिर्काइनु–** क० क्रि० फिर्कन लाइनु; फर्काइनु । **फिर्काउनु–** प्रे० क्रि० फिर्कन लाउनु; फर्काउनु । **फिर्किनु–** अ० क्रि० फिर्कने होइनु; फर्किनु ।

**फिर्के–** ना० [फिर्क+ए] १. घट्टको पुतली । २. दाल घोट्नका निम्ति बिँडमा ठोकेर वा गाँसेर बनाइएको काठ वा फलामको मधानीजस्तो चारचोसे साधन ।

**फिर्ता–** ना० [फिर्+ता] फर्कने वा फर्काउने काम; फिर्ती; फिराइ ।

**फिर्ती–** वि० [फिर्ता+ई] फिर्ता आउने; फर्कने । ~ **चिठी–** ना० पाउने व्यक्तिको पत्तो नलागेर फेरि पठाउने व्यक्तिकै हातमा फर्किएर आएको चिठी । ~ **चिठी केन्द्र–** ना० पाउने व्यक्ति वा ठेगानाका गडबडीले टुङ्गो लाग्न नसकेका चिठीपत्रसम्बन्धी काम गर्ने हुलाककार्यालय । ~ **डाँक–** ना० तत्काल फर्कने डाँक वा चिठीपत्र । ~ **रसिद–** ना० रजिस्टरी आदि पठाइएको वस्तु सम्बन्धित व्यक्ति वा संस्थाले बुझेको प्रमाणस्वरूप फर्किएर आउने रसिद; पहुँच; प्राप्तिस्वीकार । ~ **सवारी–** ना० कुनै यात्राबाट फर्किने काम ।

**फिर्र–** क्रि० वि० [अ० मू० फिर्+र] कागत, कपडा, पात आदि हलुको हावामा हल्लने गरी ।

**फिलखाना–** ना० [फा० फीलखान] हात्ती बाँध्ने ठाउँ; हस्तिशाला; हात्तीसार ।

**फिलफिल–** क्रि० वि० [अ० मू० फिल्+अ० (द्वि०)] सानो र पातलो वस्तु हावामा हल्लने गरी । > **फिलफिलती**/**फिलफिली–** क्रि० वि० फिलफिल । **फिलफिले–** वि० १. हलुको किसिमबाट हल्लने । २. चिप्लो परेको ।

**फिलवान–** ना० [फा० फीलवान] माहुते ।

**फिलाटिलिस्ट–** वि० [अङ्०] १. हुलाक-टिकटहरूको सङ्कलन गर्ने; टिकट-सङ्कलक । ना० २. फिलाटेलीसँग सम्बन्धित व्यक्ति । > **फिलाटेलिक–** ना० हुलाकटिकटको सङ्कलनसम्बन्धी काम; टिकटहरूको सङ्ग्रह गर्ने क्रिया । **फिलाटेली–** ना० हुलाकटिकटको सङ्कलन; टिकटसङ्कलन गर्ने काम ।

**फिलिङ्गी–** वि० [सं० फिरङ्गी] आँखा तथा कपाल कैलो र जीउ गोरो भएकी; कैली, गोरी (स्त्री); मीम ।

**फिलिङ्गे–** ना० [फिलिङ्गो+ए] फिलिङ्गो भएको; फिलुङ्गे । ~ **बाँस–** ना० एक जातको बाँस ।

c:\1Saroj\Sabdkosh\Pha.p65



**फिलिङ्गो–** ना० [सं० स्फुलिङ्ग] काठ वा दाउरा बलेको झर्झराउँदो आगो; बल्दो अँगार वा कोइला ।

**फिलुङ्गे–** ना० [फिलुङ्गो+ए] १. हरिया पातमा अरू रङका थोप्लाथोप्ली हुने एक प्रकारको झार । २. कमला र खोक्रा डाँठ हुने, पहेँलो फूल फुल्ने र सयपत्री फूलका जस्ता बीज हुने तथा त्यसको तेल पेलिने, कुटेर वा धूलो पारेर अचारसमेत खान हुने बाली । ~ **झार–** ना० फिलुङ्गे । ~ **फुल–** ना० फिलुङ्गेका जस्ता पातला पत्र भएका फूल फुल्ने एक जातको फूल ।

**फिलो–** ना० [सं० स्फिक] १. चाकका दुईतिरका चक्का वा मांसपिण्ड । २. खुट्टाका पछाडिपट्टि जोर्नीमा रहेका भुक्क उठेका दुईतिरका भाग; पुट्ठा ।

**फिल्ड–** ना० [अङ्०] १. बालीनाली लगाइने जग्गा; खेत । २. समथर मैदान; चौर । ~**बुक–** ना० १. जग्गा आदिको नापी गर्न प्रयोगमा ल्याइएको पुस्तिका । २. जग्गाधनी र मोहीले कमाएको जग्गाको विवरण लेखिएको किताब; क्षेत्रीय पुस्तिका । ~ **मार्सल–** ना० फौजी अतिरथी दर्जा ।

**फिल्म–** ना० [अङ्०] १. फोटो वा छायाचित्र खिच्न रासायनिक प्रक्रियाले बनाइएको सेलोलाइड आदिको लामो पत्र वा पट्टी । २. उक्त प्रकारको पट्टीमा खिचिएको चित्र वा त्यसैको सहायताले देखाइने चलचित्र । ~**क्यान–** ना० चलचित्रका रिल राख्ने धातुको डब्बा ।

**फिस१–** ना० [अङ्० फी] १. शिक्षक, डाक्टर, वकिल आदिलाई दिइने पारिश्रमिक । २. विद्यालय, क्याम्पस आदि संस्थालाई अध्ययन गरेबापत बुझाउनुपर्ने शुल्क । ३. कुनै कामका लागि कार्यालयमा लाग्ने रकम; दस्तुर ।

**फिस२–** वि० [अ० मू० फिस्+अ(द्वि०)] १. अति तुच्छ; फुस्सा । २. ज्यादै थोरै; पितिक्क ।

**फिसफिस–** क्रि० वि० [अ० मू० फिस्+अ(द्वि०)] १. कुनै वस्तुमा बन्द रहेको हावा अलिअलि गरेर खुस्कने गरी । २. ज्यादै फस्को र कमलो भई हलुकोसँग चुँडिने वा खुस्किने किसिमले । > **फिसफिसती–** क्रि० वि० फिसफिस; फिसफिसी । **फिसफिसाउँदो–** वि० फिसफिस जाने; फिसफिस गर्दो । **फिसफिसी–** क्रि० वि० फिसफिस । **फिसफिसे–** वि० फिस्सफिस्स जाने, च्यातिने वा चुँडिने ।

**फिसिक्क–** क्रि० वि० [अ० मू० फिस् > फिसिक्+क] १. मन नलागी-नलागी र दाँत नदेखाईकनै ओठले मात्र हाँस्ने गरी । २. पातलो र कमलो वस्तु हलुको किसिमले च्यातिएर ।

**फिसोल्-नु–** स० क्रि० [सं० प्रसरण] १. कसैलाई आलेटाले गरेर काममा अल्झाउनु वा भुलाउनु । २. कुनै काम बन्न वा सप्रन नदिनु । ३. यताउति गरेर टार्नु; फासफुस पार्नु । > **फिसोलाइ–** ना० फिसोल्ने क्रिया वा प्रक्रिया । **फिसोलाइनु–** क० क्रि० फिसोल्न लाइनु । **फिसोलाउनु–** प्रे० क्रि० फिसोल्न लाउनु । **फिसोलिनु–** क० क्रि० फिसोल्ने काम गरिनु ।

**फिसौटो–** ना० [फिस+औटो] १. ज्यादै तुच्छ वस्तु । २. ज्यादै थोरै चीजबीज ।

**फिस्टी–** वि० [फिस्टो+इ] १. फिस्टोजस्ती सानी; सार्है सानी । ना० २. भँगेरीभन्दा सानो आकारको एक चरो; फिस्टाको पोथी रूप ।

**फिस्टे–** वि० [फिस्टो+ए] फिस्टोजस्तो सानो; धेरै सानो ।

**फिस्टो–** ना० भँगेरोभन्दा पनि सानो आकारको एक जातको चरो ।

**फिस्स–** क्रि० वि० [अ० मू० फिस्+स] सामान्य बल पर्नेबित्तिकै फाट्ने वा च्यातिने भएर; छुनेबित्तिकै चुँडिने वा फुस्किने किसिमले । २. हल्का किसिमले (हाँस्ने क्रिया) । > **फिस्सु–** वि० १. निर्धो खालको र सबैभन्दा पछि परेको; पछिल्लो । २. सबैभन्दा ठगिएको वा हेपिएको । **फिस्से–** वि० १. फिस्सू । ना० २. फिस्स च्यातिने वा फुस्किने वस्तु ।

**फी१–** अव्य० जनही; प्रत्येक; अपुङ्गी ।

**फी२–** ना० [अङ्०] १. शुल्क; मेहनताना; फीस । २. दस्तुर ।

**फींज–** ना० हे० फिँज ।

**फीनी–** ना० हे० फिनी ।

**फीस–** ना० [अङ्० फी] हे० फिस ।

**फु–** क्रि० वि० [अ० मू० फू] १. मुख गोलो र सानो पारेर जोडसित सास फ्याँक्ने गरी; त्यसरी फुक्ने किसिमले । ना० २. झारफुक; फुकफाक (बालबोलीमा) ।

**फुँक्-नु–** स० क्रि० [फुँक्क+नु] गाईबस्तुले हान्न खोज्दा वा जुध्नका निम्ति निउँ खोज्दा नाक र मुखबाट 'फूँ' शब्द निकाल्नु । > **फुँकाइ–** ना० फुँक्ने क्रिया वा प्रक्रिया । **फुँकाइनु–** क० क्रि० फुँक्ने पारिनु । **फुँकाउनु–** प्रे० क्रि० 'फुँ' गर्ने पार्नु । **फुँकिनु–** क० क्रि० फुँक्ने काम गरिनु ।

**फुँक्क–** क्रि० वि० [अ० मू० फुँक्+क] रिसाएका गाईबस्तुले हान्न खोज्दा वा अर्को वस्तुसँग जुध्ने निउँ खोज्दा नाक एवं मुखबाट शब्द निकालेर; फूँ ।

**फुँडी–** ना० [प्रा० फुडिअ] चारित्रिक हिसाबबाट पतित आइमाई; पातर; वेश्या; रण्डी ।

**फुँडुल्को–** ना० [प्रा० फोड+उल्ल > उल्को] साह्रो ठाउँमा ठोकिँदा निधार, तालु आदिमा उठेको टुटुल्को; फुकुन्डो ।

**फुँडो–** ना० [फुँडी+ओ] चारित्रिक दृष्टिले पतन भएको व्यक्ति; फुँडीसँग सल्केको व्यक्ति; रण्डीबाज ।

**फुँदा–** ना० [सं० फुल्ल] १. साधारण कुरा पनि राम्रो र प्रभावकारी पार्ने विशेषण । २. नयाँ शब्द बन्दा मूल शब्दका पछाडि गाँसिने शब्दांश; प्रत्यय; परसर्ग । ३. झल्लर ।

**फु-नु–** स० क्रि० [फुक्+नु] १. कुनै वस्तुमा परेको बन्धन वा दाम्लाको गाँठो आदि खोल्नु; फुकाउनु; फुकाल्नु; फुस्काउनु । २. बाधा-अड्काउ हटाउनु; छुटकारा दिनु ।

**फुआ–** ना० [हि०] फुपू ।

**फुइँ–** ना० १. फोस्रो धाक; घमन्ड । २. बतास । > **फुइँकी–** ना०

१. वेगसँग आएको हावाको झोक्का; बतासको वेग । २. होहल्ला; चुइँकी । ३. बेफ्वाँकको घमन्ड; अहङ्कार । **– फाइँ–** ना० नचाहिँदो सेखी; मात्राभन्दा बेसी घमन्ड; ताइँफाइँ । **– बाज–** वि० फुस्रो सेखी गर्ने; बेकारको तुजुक देखाउने; धेरै घमन्डी । > **फुइँयाँ–** ना० केही नहुनु वा नभएको स्थिति; तातो न छारो; फुस्सा ।

**फुई१–** ना० [बा० बो०] १. आगो वा पोल्ने वस्तु । २. आगाको पोलाइ ।

**फुई२–** ना० [प्रा० फुक्कार] १. कुइराको रूपमा रहेको मसिनु जलकण । २. घाँसपात आदिमा शीत पर्दा देखिने सूक्ष्म जलकण । ३. काठका भाँडाकुँडामा लाग्ने सेतो ढुसी; ढुसी ।

**फुक्-नु१–** अ० क्रि० [फुस्क+नु] १. डोरी, धागो आदिको बन्धन वा गाँठो खुस्कनु; फुस्कनु । २. नियन्त्रणबाट मुक्त हुनु; छुटकारा पाउनु । ३. मात्राभन्दा बढी खर्च गर्नु; सम्पत्ति सक्नु ।

**फुक्-नु२–** स० क्रि० [प्रा० फुक्क+नु] १. मुख अलिकति खुला पारेर वेगसित सास छोड्नु; फूफू गर्नु । २. साससे कुनै हलुको वस्तु उडाउनु । ३. रोग शान्त गर्न मन्त्र पढेर फूफू गर्नु; झारफुक गर्नु । ४. सासका वेगले आगो बाल्नु वा सल्काउनु । ५. शङ्ख आदि बजाउनु । ६. कानमा गुप्त कुरा गर्नु । ७. होच्याउनु; नचाहिँदो निन्दा गर्नु । ८. आवश्यकभन्दा बढी खर्च गर्नु ।

**फुकन्ता–** वि० [फुक्+अन्ता] १. पासो, बन्धन, परतन्त्रता आदिबाट मुक्त भएको; उडन्ता; फुकाहा । २. फुकफाक, तन्त्रमन्त्र आदिद्वारा लागो पन्साउने; भूतप्रेतबाट भएको बाधाविघ्न हटाउने । > **फुकन्ते–** वि० १. फुकन्ता (फुकेको वा मुक्त) । २. फुकन्ता (फुकफाक गर्ने) ।

**फुकफाक–** ना० [फुक्+अ (द्वि०)] धामी, झाँक्री आदिले लागो वा भूतप्रेतको बाधा हटाउनका निम्ति फुक्ने काम; फाकफुक; झारफुक ।

**फुकाइ–** ना० [√ **फुक्**(+आइ)] १. फुक्ने वा फुस्कने-फुस्काउने क्रियाप्रक्रिया । २. फुक्ने क्रिया वा फूफू गर्ने क्रियाप्रक्रिया; फूफूगराइ । ३. धेरै खर्च गर्ने काम । [ > ] **फुकाइनु–** क० क्रि० १. फुक्ने, फुस्कने वा फुस्काउने पारिनु । २. फुक्न लाइनु; फूफू गराइनु । ३. धेरै खर्च गर्ने पारिनु । **फुकाउनी–** १. ना० पिसाबथैली; मूत्राशय । २. पाठेघर फर्किएर बाहिर निस्केको, भुक्क उठेको भाग । **फुकाउनु–** स० क्रि० १. फुक्न लगाउनु; फूफू गर्न लाउनु । २. धेरै खर्च गराउनु । ३. बाधा-अड्काउ आदि हटाउन लाउनु । ४. धागो, डोरी आदिको गाँठो खोल्नु; बन्धनमुक्त गर्नु । ५. फुस्कने पार्नु; फुस्काउनु । **फुकाउरो–** वि० बेकारमा धेरै खर्च गर्ने स्वभावको; फुकाहा; बहुखर्ची ।

**फुकादाम–** ना० [फू+दाम] एकदाम-मूल्यको चार भागको एक भाग मूल्यका सिक्का ।

**फुकाफाल–** वि० [फुक्का+फाल] १. नियमित आचरण वा अनुशासनमा नरहेको; छाडा । २. स्वतन्त्र; आफूखुसी चल्ने ।

**फुकाल्-नु–** स० क्रि० [फुक्+आल+नु] १. बन्धन, गाँठो आदि खोल्नु; फुकाउनु; फुनु । २. जीउमा लगाएका लुगा, गहना आदि खोल्नु; झिक्नु । ३. जडिएको वस्तु खोल्नु; खुस्काउनु । ४. कसैसँग कुनै वस्तु युक्तिपूर्वक ढङ्गले लिनु; फुस्काउनु । > **फुकालाइ–** ना० फुकाल्ने क्रिया वा प्रक्रिया । **फुकालिनु–** क० क्रि० फुकाल्ने काम गरिनु ।

**फुकाहा–** वि० [फुक्+आहा] फुक्ने स्वभावको; फुकाउरो ।

**फुकिनु–** क० क्रि० [फुक्+इ+नु] १. मुखबाट वेगसित हावा छोडिनु । २. धेरै खर्च गरिनु । ३. फुस्किनु; खुस्किनु ।

**फुकी१–** ना० [नेवा०] धेरै पुस्ताका दाजुभाइ; बन्धुवर्ग ।

**फुकी२–** ना० मारुनी नाच नाच्ता गाइने एक गीत ।

**फुकीढल–** वि० [फुक्+ई+ढल] फुक्नेबित्तिकै ढल्ने वा लड्ने खालको; ज्यादै दुब्लो ; मरन्च्याँसे ।

**फुकुन्डे–** वि० [फुकुन्डो+ए] फुकुन्डो भएको; फुकुन्डो परेको ।

**फुकुन्डो–** ना० [फुक्+उन्डो] १. शरीरमा रोगवश निस्केको मांसपिण्ड वा पानी आदि भरिएको फोको । २. स्त्रीजातिको पाठेघर फर्किएर निस्केको भुक्क उठेको अंश । ३. बेलुन ।

**फुकुवा–** वि० [फुक्+उवा] १. फुक्ने खालको; धेरै खर्च गर्ने; फुकाउरो । २. बन्धन वा नियन्त्रणबाट मुक्त भएको; छुटकारा पाएको । ~ **पुर्जी–** ना० कुनै ठाउँमा आवतजावत गर्ने, कुनै कामका विषयमा लेनदेन गर्ने तथा कुनै स्थानविशेषमा हुनुपर्ने तर कारणवश रोकिएका काम-कुराउपरको बन्देज फुकेको जनाउने पुर्जी ।

**फुको–** वि० [फुक्+ओ] १. कणहरू नजोडिएको; बुकुल्टो; भुरभुरे; फुरफुरे । २. घिउ-तेल आदि चिल्लो नपरेको; पानीले नमुछिएको; सुक्खा; फुस्रो । ३. सितन, तर्कारी आदि नभएको; निस्तो ।

**फुकौरो–** वि० [फुक्+औरो] फुकाउरो ।

**फुक्का–** वि० [फुक्+आ] १. बन्धनबाट मुक्त भएको; फुकेको; बन्धनमुक्त । २. नियन्त्रणबाट छुटकारा पाएको; स्वतन्त्र; स्वाधीन । > **फुक्की–** ना० १. केटाकेटीका खेलमा खेल स्थगित राख्ने साङ्केतिक शब्द । (जस्तै– धरीचोट खेलमा भनिने काँकरीफुक्की) । २. फुक्का । **फुक्को–** वि० फुक्का ।

**फुक्ल-नु–** अ० क्रि० [फुक्+ल+नु] कुनै वस्तु जोडिएको वा जडिएको ठाउँबाट छुट्टिनु; उखेलिनु; फुस्कनु; खुस्कनु । > **फुक्लाइ–** ना० फुक्लने क्रिया वा प्रक्रिया । **फुक्लाइनु–** क० क्रि० फुक्लने पारिनु । **फुक्लिनु–** अ० क्रि० उखेलिनु; खुस्किनु ।

**फुक्लो–** वि० [√ फुको] फुको; निस्तो ।

**फुङ–** ना० [प्रा० फुग्ग] भोटो, दौरा, चोलो आदिका फेरमा गाँसिने कपडा ।

**फुङो–** ना० पेटारो ।

**फुङ्कार–** ना० [सं०] सर्प आदिले वेगले सास छोड्दा निस्कने शब्द; फूत्कार ।

**फुङ्ग–** क्रि० वि० [अ० मू० फुङ्+ग] १. चेहरा, रङ आदि निस्तेज हुने गरी; फिक्का पर्ने किसिमले; फुङ्ङ । २. रूख, पात केही नभई खुला भएर । ३. दङदङती धूलो उड्ने चालमा ।

**फुङ्गिन/फुङ्ङिन–** वि० [फुक्+इन] १. धनसम्पत्ति सबै उडाएर तन्नम भएको; गरिब; निर्धन । २. फुकाउरो । > **फुङ्गिने/फुङ्ङिने–** वि० फुङ्गिन ।

**फुङ्ङ–** क्रि०वि० [अ०मू० फुङ्+ङ] हे० फुङ्ग ।

**फुचा–** वि०/ना० [फुचो+आ] हे० फुच्चो । – **फाची/फुची–** ना० फुच्चाफुच्ची । > **फुची–** ना० फुच्ची ।

**फुचुना–** ना०/वि० [फुचुनु+आ] हे० फुचुनु । – **फुचुनी–** ना० ससाना केटाकेटी; मसिना भुराभुरी । > **फुचुनी–** ना० सानी फुच्ची ।

**फुचुनु/फुचुनो–** वि० [फुच्च+उ+नु/नो] १. साह्रै सानो र होचो; फुच्चो । ना० २. सानु फुच्चो वा केटो ।

**फुचे–** वि०हे० फुच्चो ।

**फुचो–**ना०/वि०हे० फुच्चो ।

**फुच्चा–**वि० ['फुच्चो'को ति०रू०] १. सानो दकदको; फुच्चो । ना० २. सानो बच्चा । – **फाच्ची/फुच्ची–** ना० ससाना केठाकेटी; भुराभुरी । > **फुच्ची–** ना० १. कान्लाका झासझुसमा गुँड लगाउने भँगेराजस्तो एक जातको चरो । २. सानी केटी वा बच्ची ।

**फुच्चे–**वि०हे० फुच्चो ।

**फुच्चो–**वि० [बच्चो] १. सानो कदको; होचो । ना० २. सानो केटो वा बच्चो । ३. होचो वा पुड्को मान्छे ।

**फुट्–नु–** अ० क्रि० [सं० स्फुटन+नु] १. कुनै सिङ्गो वस्तु टुक्रा पर्नु; टुक्रिनु; टुट्नु । २. चिरा पर्नु; धाँजा फाट्नु; चर्कनु; चिरिनु । ३. पाकेका खटिरा, घाउ आदिका मुखबाट रगत, पीप आदि निक्लनु । ४. मिलेका वस्तु वा व्यक्तिहरू अलग्गिनु; छुट्टिनु । ५. प्वाल पर्नु वा मुख बन्नु; छिद्र हुनु । ६. मेल नहुनु; फाटो पर्नु; छुट्टिनु; फुट हुनु ।

**फुट१–** ना० [अङ्०] १. लम्बाइ, चौडाइ आदि नाप्ने काममा प्रयोग गरिने बाह्र इन्चको नापो । २. त्यसैबराबरको नाप वा मान; गजका तीन भागमध्ये एक ।

**फुट२–** ना० [सं० स्फुटन] विरोध, वैमनस्य आदिबाट हुने बेमेल; फाटो ।

**फुटकर–** वि० [सं० स्फुट+कर] १. कुनै स्थान, वर्ग वा समूहमा नमिली अलग्गै रहेको; श्रेणी वा हारमा नमिलेको; मूल विषयदेखि बाहिरको (फुटकर कुरो, फुटकर कविता, फुटकर विषय इ०) । २. फाटफुट; विविध । ३. (व्यापारमा) डक्क वा थुप्रै नभएर बेग्लाबेग्लै छुट्ट्याइएको; चानचुन; खुद्रा; खुदरा (माल, पैसा आदि) ।

**फुटनोट–** ना० [अङ्०] १. लेख, पुस्तक वा ग्रन्थका पृष्ठको पुछारमा दिइने टिप्पणी; पादटिप्पणी । २. आफूले लेखेका कुनै कुराका पुष्टिका निमित्त अन्य ग्रन्थबाट लिइएका उद्धरणको सन्दर्भ ।

**फुट काँक्रो–** ना० काँक्राका जस्ता पात हुने, ससाना पहेँला फूल फुल्ने, काँक्राका झैँ हरिया र लामा फल लाग्ने र पाकेपछि पहेँला हुने, भित्र सेता बियाँ र सेतै गुदी हुने एक जातको नङ्ग्रे लहरो; त्यसैको फल ।

**फुट परस्त–** वि० एउटै समूह वा दलमा तथा एउटै विचार वा सिद्धान्तमा रहेका व्यक्तिहरूमध्ये केही व्यक्तिहरू अलग भएर वा फुटेर पहिले रहेकै समूह वा सिद्धान्तको विरोधमा उभिने ।

**फुटपाथ–** ना० [अङ्०] १. राजपथ वा मूल सडकका दुई किनारामा मानिस हिँड्न बनाइएको पेटी । २. मानिस हिँड्ने सडकछेउको गोरेटो ।

**फुटप्रेसर–** ना० [अङ्०] लुगा सिउने मिसिनको कपडा सार्ने दाँतीका माथिल्लापट्टि रहेको, कपडा थिच्ने अङ्ग वा पुर्जा ।

**फुटफाट–** ना० [फुट+फाट] फुट्ने वा फोरिने काम; टुटफुट ।

**फुटबल–** ना० [अङ्०] १. गोडाले हानेर खेलिने, छालाले मोहोरिएको, हावा भरिने रबरको ठूलो झकुन्डो । २. सोही झकुन्डो खेलिने एक खेल ।

**फुटल–** वि० [फुट्+अल] फुटेको (चीज वा वस्तु) ।

**फुटा–** ना० कपासको बीज वा बियाँ; ज्यापु ।

**फुटाइ–** ना० [√ **फुट्**(+आइ)] फुट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **फुटाइ–** ना० फुटाउने भाव, क्रिया वा प्रक्रिया । **फुटाइनु–** क० क्रि० फुट्न लाइनु, फुट्ने पारिनु । **फुटाउनु–** प्रे० क्रि० १. कुनै सिङ्गो वस्तुलाई टुक्रा पार्नु; टुक्र्याउनु; फोर्नु, फुटाल्नु । स० क्रि० २. चिरा पार्नु; चर्काउनु; छुट्ट्याउनु; धाँदो वा धाँजो पार्नु । ३. मेल भएकालाई फुट वा बेमेल गराउनु; छुट्ट्याउनु; अलग्ग पार्नु वा अलग्ग्याउनु । **फुटानी–** ना० सामान्य कुरालाई बढाइचढाइ गरेर आफूआफूमा वैमनस्य पार्ने काम; बाझाबाझ ।

**फुटाल्–नु–** स० क्रि० [फुट्+आल+नु] फोर्नु; दुई टुक्रा पार्नु । > **फुटालाइ–** ना० फुटाल्ने भाव, क्रिया वा प्रक्रिया । **फुटालिनु–** क० क्रि० टुक्रा-टुक्रा पारिनु; फोरिनु ।

**फुटिनु–** क० क्रि० [फुट्+इ+नु] टुक्रा-टुक्रा होइनु; टुक्राटुक्रा पारिनु; फोरिनु ।

**फुटेको–** वि० [फुट्+एको] टुक्रिएको; टुटेको; चिरिएको । ~ **कर्म–** ना० भाग्य हराएको अवस्था । ~ **पैसा–** ना० साह्रै थोरै द्रव्य; चुनदाम ।

**फुट्ट–** क्रि० वि० [अ० मू० फुट्-ट < सं० स्फुट] १. कुनै वस्तु, कुरा आदि उछिट्टिने गरेर; झ्यागुतो वा फटचाङ्ग्रा फड्केजस्तै गरी । वि० २. क्रम वा शृङ्खलामा नमिलेको; अलग्ग; फुट्टा; भिन्न; छुट्टा । > **फुट्टा–** वि० १. फौज वा जमातबाट भिन्न वा छुट्टै रहेको; अलग; एक्लो; फुट्टो; ठिङ्गो । २. जोडी नभएको; बेजोडी; बिजोडा; बिजोर । ना० ३. एक पासामा दुवा र दुई पासामा पोटपोट पर्दा हुने, पासाका खेलको एक दाउ; चार फुट्टीको दाउ; पासाको चौका दाउ ।

**फुट्टी–** ना० [फुट्टा+ई] १. सानो थोप्लो; विन्दु; टिकी । २. पासा,

तास आदिमा एक्का, दुवा, तिर्की आदि जनाउने थोप्ला वा टिकी । ३. अति सानो मान वा मात्रा; न्यूनतम परिमाण । क्रि० वि० ४. एक जात पनि; पटक्क । ~ **कौडी–** ना० केही पनि नहुने स्थिति; अकिञ्चनता । > **फुट्टे–** वि० फुट्टी भएको; फुट्टा परेको । २. अलग्गिएको; छुट्टा बसेको ।

**फुट्टो–** ना० [√ फुट्टा] १. समूहमा नरही एक्लो रहेको व्यक्ति वा वस्तु । वि० २. एक्लो; छुट्टा; ठिङ्गो । ३. फुटेर निस्केको ।

**फुतफुत–** क्रि० वि० [अ० मू० फुत्+अ(द्वि०)] १. धमाधम एकएकवटा निस्कने वा पस्ने गरी । २. पालैसित हुत्त्याउँदै वा मिल्काउँदै । > **फुतफुती–** क्रि० वि० फुतफुत; फुतुफुतु । **फुतुफुतु–** क्रि० वि० १. फुतफुत । २. एक-एक थोपा तप्किएजस्तै गरी खसेर ।

**फुत्क-नु–** अ० क्रि० [अ० मू० फुत्+क+नु] १. एक ठाउँबाट उछिट्टिएर अर्का ठाउँमा पुग्नु; उछिट्टिनु; चिप्लिनु । २. जोडिएको वा टाँसिएको ठाउँबाट कुनै वस्तु एकाएक फुस्कनु वा खुस्कनु । ३. कुनै वस्तुका चेपमा वा दुलामा रहेको वस्तु वेगले निस्कनु; बाहिर निस्कनु । ४. समातिएको व्यक्ति प्रहरीको आँखा छली भाग्नु वा उम्कनु । > **फुत्काइ–** ना० फुत्कने भाव, क्रिया वा प्रक्रिया । **फुत्काइनु–** क० क्रि० फुत्कने पारिनु । **फुत्काउनु–** प्रे० क्रि० फुत्कन लाउनु; उम्काउनु ।

**फुत्कार–** ना० [सं० फूत्कार] १. बस्तुभाउ आदिले साह्रै रिसाएको वेला मुख वा नाकबाट वेगपूर्वक सास निकाल्दा आउने शब्द । २. सर्पले फणा उठाएर सास फेर्दा निस्कने शब्द; फुङ्कार ।

**फुत्किनु–** अ० क्रि० [फुत्क+इ+नु] १. फुत्कनु । २. फुत्कने होइनु; उम्किनु ।

**फुत्त–** क्रि० वि० [अ० मू० फुत्+त] १. कहीँ कतैबाट अकस्मात् निस्किए वा पसेजस्तो गरी । २. एकाएक निस्कने, फालिने वा मिल्किने गरेर । ३. कतै नछोई फड्कने वा नाघ्ने किसिमले ।

**फुत्रुक्क–** क्रि० वि० [अ० मू० फुत्रुक्+क] १. कुनै वस्तु एकाएक खस्ने गरी; खुत्रुक्क । २. हलुका तवरले उफ्रने किसिमले; बुर्लुक्क ।

**फुने–** ना० [नेवा० फोने] कसैसँग केही कुरा माग्ने काम; मगनी; याचना ।

**फुन्टिन–** ना० [√ फाउन्टेन] मसी भर्ने कलम; फाउन्टेन ।

**फुपा–** ना० [प्रा० पुप्फा] फुपाजु; फुपाज्यू । > **फुपाजु/फुपाज्यू–** ना० फुपूका पति वा लोग्ने; फुपा ।

**फुपाली–** ना० [फुपू+आली] फुपूको घर; फुपूका पतिको घर ।

**फुपू–** ना० [फुपा+ऊ] बाबुकी दिदी वा बहिनी । – **को सराद्ध–** वि० नगरे पनि हुने काजक्रिया । ~ **चार–** ना० विवाहमा दुलाहा बनेका भदाहाले फुपूदिदीलाई दिने कपडा वा पैसा । ~ **चेला–** ना० फुपूका सन्तान । ~ **सासू–** ना० पत्नीका नातामा पतिकी फुपू र पतिका नातामा पत्नीकी फुपू; ससुराकी दिदी वा बहिनी ।

**फुप्फुस–** ना० [सं०] फोक्सो ।

**फुमडी–** ना० केही कुरा पनि नहुने स्थिति; अभाव; रिक्तता; शून्यता ।

**फुमन्तर–** ना० [फु+मन्तर] १. धामीझाँक्री, वैद्यले भूतप्रेत आदिको बाधा हटाउनका निम्ति मन्त्र पढिसकेपछि अन्तिममा भन्ने शब्द । २. जादु; इन्द्रजाल । ३. कुनै काम अचम्म पार्ने गरी सजिलैसित गर्ने प्रक्रिया । वि० ४. बेपत्ता; गायब ।

**फुर्-नु–** अ० क्रि० [सं० स्फुर+नु] १. मौका वा आवश्यक परेका अवस्थामा मनमा कुनै नयाँ भाव वा विचार आउनु; स्मरण हुनु; सम्झनु । २. शरीरका अङ्गप्रत्यङ्ग फरफराउनु । ३. आगो वा घिउतेलमा सुकेको वस्तु हाल्दा फर्र फुक्नु वा फुल्नु ।

**फुरफुर–** क्रि० वि० [अ० मू० फुर्+अ(द्वि०)] १. अरूले सऱ्हाएको सुन्दा मक्ख पर्ने गरी; फुरफुरिने वा दङ्ङ पर्ने गरी; फुरफुरिने वा दङ्ङ पर्ने चालसँग । २. कुनै कागत, पात आदि हावामा हलुको किसिमले हल्लने गरी । ३. ससाना पुतली आदि उड्ने किसिमले । > **फुरफुराइ–** ना० फुरफुर गर्ने भाव, क्रिया वा प्रक्रिया । **फुरफुराइनु–** अ० क्रि० फुरफुर गरिनु । **फुरफुराउनु–** अ० क्रि० फुरफुर हुनु वा गर्नु । **फुरफुरिनु–** अ० क्रि० फुर फुर होइनु; फुर्किनु । **फुरफुरे–** वि० फुरफुर हुने वा गर्ने । **फुरफुऱ्याइ–** ना० फुरफुरिने भाव, क्रिया वा प्रक्रिया । **फुरफुऱ्याइनु–**क० क्रि० फुरफुरिने पारिनु; फुर्क्याइनु । **फुरफुऱ्याउनु–**प्रे० क्रि० फुरफुररिने पार्नु; फुर्क्याउनु । **फुरफुऱ्याहट–** ना० फुरफुरिने भाव, स्थिति वा क्रियाप्रक्रिया । **फुरफुऱ्याहा–** वि० फुरफुरिने खालको ; फुर्किने स्वभावको ।

**फुराइ–** ना० [√ **फुर्**(+आइ)] १. फुर्ने भाव, क्रिया वा प्रक्रिया । [फुराउ+आइ] २. फुराउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **फुराइनु–** क० क्रि० फुर्ने वा फुराउने गरिनु । **फुराउनु–** प्रे० क्रि० १. फुर्ने पार्नु । स० क्रि० २. घिउ-तेलमा ज्वानु, मेथी, खोर्सानी, जाइफल आदि पड्काउनु । **फुरिनु–** अ० क्रि० १. मौकामा सुहाउँदो र चाहिँदो विचार निस्कनु । २. घिउतेल आदिमा मसला आदि फुलिनु ।

**फुरी–** ना० [भो० ब०] चौँरी वा भेडा कुर्ने कुकुरहरू बस्ने पालेघरजस्तो ठाउँ; कुकुरले भेडा ढुक्ने गौँडो वा दोबाटो ।

**फुरु–** ना० [भो० ब०] १. विशेष गरी भोटे जातिले प्रयोग गर्ने काठको बटुको । २. चिया खाने काठको प्याला वा कप ।

**फुरुक्क–** क्रि० वि० [अ० मू० फुरुक्+क] आफ्नो प्रशंसा सुन्दा वा मनको इच्छा पूर्ण हुँदा दङ्ग पर्ने गरी; आफूले चिताएको वस्तु प्राप्त हुँदा फुर्किएर; फुरुङ्ङ ।

**फुरुङ्ङ–** क्रि० वि० [अ० मू० फुरुङ्+ग/ङ] १. फुरुक्क । २. खुसी, घमन्ड आदिले फुल्ने गरी ।

**फुरौला/फुरौलो–** ना० [फुर्+औला/औलो] १. मास, फापर आदि पिँधेर घिउतेलमा फुराएर बनाइने डल्लो खानेकुरो; फुलौरा । २. फुरौलोजस्तो भएर उठेको टुटुल्को ।

**फुर्क-नु–** अ० क्रि० [अ० मू० फुर्+क+नु] १. कुनै कुराले सन्तोष लिएर मक्ख पर्नु; फुरुक्क हुनु; फुर्किनु । २. घमन्डले फुल्नु;

c:\1Saroj\Sabdkosh\Pha.p65



अभिमान गर्नु । > **फुर्काइ–** ना० फुर्कने भाव, क्रिया वा प्रक्रिया । **फुर्काइनु–** क० क्रि० फुर्कन लाइनु; फुर्कने पारिनु । **फुर्काउनु–** प्रे० क्रि० फुर्कन लाउनु; फुर्कने पार्नु । **फुर्किनु–** अ० क्रि० फुरुक्क पारिनु; फुर्कने होइनु ।

**फुर्की–** वि० [फुर्को+ई] पुछारका झुप्पाका रौँ सेतो भएको (गाई) ।

**फुर्के–** वि० [फुर्को+ए] १. फुर्को भएको; फुर्को परेको । २. पुछारका झुप्पाका रौँ सेतो भएको (गोरु) । ~**घाँस–** ना० टुप्पामा फुर्को भएको , पाखाबारीमा पलाउने घाँस । ~**थैलो–** ना० कपडाका टुक्राहरू गाँसिएको थैली । ~ **धागो–** ना० टुप्पामा फुर्का भएको , स्वास्नीमान्छेले कपालमा लाउने धागो । ~ **बन्सो–** ना० टुप्पामा देखिने फुर्कामा प्याजी रङ हुने एक जातको बन्से घाँस ।

**फुर्को–** ना० [फुर्का+ओ] १. स्त्रीजातिले कपालमा लगाउने धागाका टुप्पामा रहेको गुजुल्टो । २. गलबन्दी, पछ्यौरा, इँजार आदिका छेउमा हुने झालर वा झुप्पो । ३. धरो; धुर्को ।

**फुर्क्याइ–** ना० [√ **फुर्कि**(+याइ)] फुर्किने भाव, क्रिया वा प्रक्रिया । [ >] **फुर्क्याइनु–** क० क्रि० फुर्किन लाइनु; फुर्किने पारिनु । **फुर्क्याउनु–** प्रे० क्रि० फुर्किन लाउनु; फुर्किने पार्नु । **फुर्क्याहट–** ना० फुर्किने भाव, अवस्था वा क्रियाप्रक्रिया । **फुर्क्योट–** ना० फुर्कने वा खुसी हुने काम; फुर्क्याइ ।

**फुर्तिलो–** वि० [फुर्ती+इलो] फुर्ती भएको; कामकाजमा छिटो र जाँगरिलो ।

**फुर्ती–** ना० [√ फूर्ति] फूर्ति; फुइँफाइँ । **– फार्ती–** ना० फुर्ती वा जाँगर, उत्साह, सक्रियता आदि देखाउने काम; फूर्ति-फार्ति । **– बाजी–** ना० ज्यादै फुर्ती लडाउने काम वा स्वभाव । **– वाल–** वि० फुर्ती भएको; फूर्तिवाल ।

**फुर्माइ–** ना० [√ **फुर्माउ**(+आइ)] फुर्माउने भाव, क्रिया वा प्रक्रिया । [ >] **फुर्माइनु–** क० क्रि० फुर्माउन लाइनु; फर्माइनु ।

**फुर्माइस–** ना० [फा० फरमाइश] हे० फर्माइस । > **फुर्माइसी–** ना० हे फर्माइसी ।

**फुर्माउ-नु–** स० क्रि० [फर्माउ+नु] १. कुनै कुरा राम्ररी सिँगारेर वा सीप लाएर बनाउनु; चिटिक्क पार्नु । २. फर्माउनु ।

**फुर्मास–** ना० [फा० फरमाइश] १. मनखुसी वा कुनै उपलक्ष्यमा गरिने बढ्ता खर्च फुर्माइस । २. कुनै चीज विशेष रूपले बनाउन वा ल्याउनका निम्ति दिइने आज्ञा वा आदेश । > **फुर्मासी–** वि० १. फुर्मास गरिएको; फुर्माइएको । २. आवश्यकभन्दा बढी खर्च भएको । ना० ३. मुख्य काममा नभएर साधारण आवश्यकताका निम्ति छुट्ट्याइएको रकम वा वस्तु (जस्तो– फुर्मासी खर्च, फुर्मासी लुगा आदि) ।

**फुर्र–** क्रि० वि० [अ० मू० फुर्+र] १. एकै झमटमा हावामा कागत, पात अदि उड्ने गरी २. चरा, पुतली आदि उड्ने किसिमले । ३. मुखमा पानी वा सातु हालेर फुक्ता शब्द आउने किसिमले । ४. घिउ-तेलमा कुनै वस्तु फुर्ने वा फुराइको शब्द आउने गरी > **फुर्रा**–ना० केटाकेटीले उफ्रँदै, दगुर्दै खेल्ने एक किसिमको खेल ।

**फुर्लुङ–** ना० [सं० पर्यस्त] चोयाले बुनेको, मुख केही सानो र पेट फुकेको हुने, चरा, माछा, कुराउनी आदि हाल्ने भाँडो; कँडालीका छाँटको त्यस्ता कोसेलीपात हाल्ने पेरुङ्गो ।

**फुर्सत ⁄ फुर्सद–** ना० [अ० फुरसत] कामबाट खाली रहेको समय; काम नभएको बेला; खाली समय; अवकाश । > **फुर्सतिलो ⁄ फुर्सदिलो–** वि० फुर्सत भएको; फुर्सदिलो ।

**फुल्-नु–** अ० क्रि० [सं० फुल्ल+नु] १. कोपिलो फुक्नु वा फक्रनु; पुष्पित हुनु; विकसित हुनु । २. रोटी आदि उक्सिएर भुक्क हुनु; भुक्लुक्क पर्नु । ३. शरीरको कुनै भाग उक्सनु; सुन्निनु । ४. घमन्ड वा रिसले गमक्क पर्नु; गम्कनु । ५. धुमधुमती परेर बस्नु । ६. केश पाक्नु; रौँ सेतो हुनु । ७. बिहे गर्न लायक हुनु ।

**फुल१–** ना० [प्रा०] ससाना जीव (चराचुरुङ्गी, माछा, साँप आदि) जन्मने, एकापट्टि केही चुच्चोजस्तो परेको गोलाकार पिण्ड; अण्डा; अण्ड; डिम्बा ।

**फुल२–** वि० [अङ्०] १. भरिभराउ; पूर्ण; पूरा । २. प्रशस्त; पर्याप्त; मनग्य ।

**फुल३–** ना० [सं० फुल्ल] १. बोटबिरुवामा फल लाग्नुभन्दा पहिले निस्कने मनोहर एवं सुकोमल अङ्ग; फुलेको कोपिलो; पुष्प; कुसुम; सुमन; प्रसून । २. रज; ऋतु (जस्तो– आडको फूल फुलिसक्यो) । ३. मकै, धान, जुनेलो आदि भुट्ता विकसित भएको स्वरूप; लावा । ४. स्त्रीजातिले टाउकामा लगाउने, सुनको चेप्टो, पातलो र वृत्ताकार गहना; शिरफूल । ५. ल्वाङका टुप्पामा फुकेर रहेको फस्को अंश; ल्वाङको गोटा । ~ **कपास–** ना० पाँच-छ महिनामा पाक्ने वा फुल्ने कपास; फुट्टा कपास । ~ **किलो–** ना० ल्वाङ कीलो । ~ **कोपी ⁄ कोबी–** ना० ठूलठूला रायोका जस्ता, पाउडर छिटेजस्ता लाग्ने फुस्रा पात हुने, टुप्पामा नौनी घिउको जस्तो सेतो र पहेँलो डल्लो लाग्ने तथा तोरीका जस्ता गेडा फल्ने एक वनस्पतिविशेष । ~ **खरानी–** ना० अँगार पचेर सेतो भएको खरानी; भस्म; विभूति । ~ **खाजा–** ना० मीठो खाने कुरो । ~ **गोभी–** ना० फूलकोपी । ~ **जडी ⁄ झडी ⁄ झरी–** ना० फूलका आकारका झिल्का निस्कने एक प्रकारको आतसबाजी । **– दान ⁄ दानी–** ना० शोभाका निमित्त फूलहरूको गुच्छो राख्ने काँच, धातु, माटो आदिको भाँडो । **– नाम–** ना० न्वारानमा राखेका नामदेखि अतिरिक्त बोलाउने प्यारो नाम वा उपनाम । ~ **पाती–** ना० १. फूल र पात । २. आश्विन शुक्ल सप्तमीको दिन । ३. उक्त दिन दुर्गापूजाका निमित्त भित्र्याइने पत्र, पुष्प आदि । ~ **पार्नु–** ट० १. नभएका कुरा रिटिक्क पारेर भन्नु । २. जताततै स्वास्नी बटुली धेरै छोराछोरी पाउनु । ~ **प्रसाद–** ना० कुनै शुभ कार्य, यज्ञ आदिमा वा देउदेउतालाई चढाइएको फूल, अछेता, नैबेद आदि । ~ **बारी–** ना० फूल रोपिने वा फूल भएको बगैँचा । **– बासा–** ना० धानको एक जात । **– मती–** ना० मसिनु र बास्नादार धानको एक जात ।

c:\1Saroj\Sabdkosh\Pha.p65



(स्त्री नाम पनि)।

**फुल कोर्ट–** ना० [अङ्० ] इन्साफ गर्ने कामबाहेक अन्य कामका निम्ति बसेको सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा अरू न्यायाधीशहरूको सभा ।

**फुलजडी**/**फुलझडी–** ना० [फुल्+जड+ई)] खुबै सिफारिस गर्ने वा बुट्टा भर्ने काम; रिटिक्क पारिने कुरा ।

**फुल बेन्च–** ना० [अङ्०] १. प्रधान न्यायाधीशसहित तीन वा तीनभन्दा बढी न्यायाधीशहरूको बेन्च वा सभा; विशेष परिस्थितिमा प्रधान न्यायाधीशका तजबिजले नै गठित प्रधान न्यायाधीशसहित तीन वा सोभन्दा बढी न्यायाधीश भएको बेन्च वा सभा । २. डिभिजन बेन्चमा राय फाट्न गएको मुद्दा हेर्ने बेन्च ।

**फुलाइ–** ना० [√ **फुल्**(+आइ)] फुल्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **फुलाइनु–** क० क्रि० फुल्ने पारिनु; फुल्न लाइनु; पुष्पित गराइनु । **फुलाउनु–** प्रे० क्रि० फुल्ने पार्नु; फुल्न लाउनु; पुष्पित गराउनु ।

**फुलाङ्गो–** ना० [फूल+आङ्गो] १. फल नलागी फुलेर मात्र खेर जाने फलफूलको बोट; भाले रूख । वि० २. चाँडचाँडै फुल्ने ।

**फुलिनु–** अ० क्रि० [फुल्+इ+नु] फूलको कोपिला फुट्ने वा फुल्ने होइनु ।

**फुलिस्केप–** ना० [अङ्० फुल्स्क्याप] मिसिनमा पेलेर तयार गरिएको, डोरा नहालिएको देशी कागज; १२×१५ वा १२½×१६ इन्चीको हुने त्यस्तो कागतको नापो वा आकार ।

**फुली–** ना० [फुल+ई] १. स्त्रीजातिले नाकमा लगाउने सानो फूलको आकारको सुनको गहना; नाकफूली । २. जुत्ता, पेटी, फुटबल आदिको फित्ता घुसार्ने प्वालमा जडिने धातुको चक्का आकारको वस्तु ।

**फुलुङ्गा–** ना० गुब्बारा ।

**फुले–** वि० [फुलो+ए] आँखामा फूलो परेको; फूलो परेको आँखा हुने ।

**फुलेल१–** वि० [सं० फुल्+एल] १. प्रसन्नताले पूर्ण भएको; दङ्ङ, खुसी । २. फूलसमान प्रसन्न; प्रफुल्ल ।

**फुलेल२–** ना० [फूल+तेल] फूलको सुगन्ध मिलाइएको, फूलकै जस्तो बास्ना आउने तेल; सुगन्धित तेल ।

**फुलो–** ना० १. भात पकाएको भाँडाको पींधमा बस्ने भातका सिताको दाग । २. आँखाको नानीमा निस्कने सेतो बादल । ३. तेल पेल्नका निम्ति कुटेर धूलो पारिएको तोरी, फिलुङ्गे, कदम आदिको चूर्ण ।

**फुलौरा–** ना०हे० फुरौला ।

**फुल्का–** ना० [फुल्+क्+आ] तावामा पकाई आगामा सेकाएर फुलाइएको, चिल्लो नहालेको गहुँको रोटी ।

**फुल्चोकी–** ना० [सं० फुल्लोच्च] काठमाडौँ उपत्यकाको आग्नेय कोणमा रहेको, गोदावरी तीर्थमाथिको उच्च शिखर जहाँ रेडियो नेपालको ट्रान्समिटिङ टावर रहेको छ । (त्यहाँ फुल्चोकी देवीको मेला लाग्दछ) ।

**फुल्याइ–** ना० [√ **फुल्याउ**(+आइ)] फुल्याउने क्रिया वा प्रक्रिया । [ > ] **फुल्याइनु–** क० क्रि० सान्त्वना दिइनु; सम्झाइबुझाइ गरिनु ।

**फुल्याउनु–** स० क्रि० [सं० फुल्ल+याउ+नु] १. शोक, रोग, दुःख आदिमा परेर आत्तिएकालाई सान्त्वना वा भरोसा दिनु; चित्त बुझाउनु । २. रोएकालाई शान्त गराउनु; सम्झाउनु; फकाउनु; मनाउनु ।

**फुल्ल–** वि० [सं०] १. कोपिला फक्रिएको; प्रफुल्ल; विकसित । खुसी भएको; प्रसन्न; हर्षित । ना० ३. फूल; पुष्प; सुमन ।

**फुस–** ना० [सं० तुष] १. घर छाउन हुने खर, पराल, काँस आदि । २. सुकेको घाँस आदि ।

**फुसडी–** ना० [फुस्रो+अडी] साधु भइटोपलेको; खरानी घसेको; फुस्रो ।

**फुसफुस–** क्रि० वि० [अ० मू० फुस्+अ(द्वि०)] १. बन्द रहेको हावा अलिअलि गरेर छुट्ने वा छोडिने गरी । २. धूवाँ, कुइरो आदि अलिअलि निस्कने किसिमले । ३. बिस्तारबिस्तार अपानवायु निस्किएर । ४. फस्को वस्तु थोरथोरै फुटेर खस्ने गरी; फसफस । ५. मसिनु पानी पर्ने किसिमले; सिमसिम; बिरबिर । > **फुसफुसती**/**फुसफुसी–** क्रि० वि० अझै फुसफुस भएर ।

**फुसफुसे–** वि० [फुसफुस+ए] फुसफुस गरी उड्ने; फुसफुससँग खुस्कने वा फुट्ने । ~ **झार–** ना० गोबर आदि मल थुप्रेको ठाउँमा पलाउने, फुल्दा सेतो रङ्गको देखिने, हावा लाग्दा फुस्स उडेर जाने फूल हुने एक जातको झार; गोब्रेझार ।

**फुसी–** ना० [प्रा० फुसिअ] १. वीर्य; शुक्र । २. लिङ्गका टुप्पाको छालाभित्र टाँसिएर रहने सेतो मल । ३. स्त्रीको योनि रसाई आउने चिप्लो पदार्थ ।

**फुसुक्क–** क्रि० वि० [अ० मू० फुसुक्+क] १. सजिलैसित फुस्कने वा खुस्कने गरी । २. एकै छिनमा निदाउने चालसँग । ३. कसैलाई थाहै नदिई काम गरिसिध्याउने किसिमले ।

**फुसुफुसु–** क्रि० वि० [अ० मू० फुस्+उ(द्वि०)] १. फुस्कने वा खुस्कने गरी । २. निःशब्द रूपमा अपानवायु छोडेर । ३. खुरुखुरु निदाउने चालसित । ४. कुनै काम सजिलैसित सुरुसुरु गर्ने गरी । ५. धूवाँ, कुहिरो आदि उडिरहने गरी । ६. मसिनु पानी परिरहने किसिमले ।

**फुसुल्टि–नु–** अ० क्रि० [फुस्+उल्+टि+नु] निदाउनु; भुसुल्टिनु । > **फुसुल्टचाइ–** ना० फुसुल्टिने क्रिया वा प्रक्रिया । **फुसुल्टचाइनु–** क० क्रि० फुसुल्टिन लाइनु । **फुसुल्टचाउनु–** प्रे० क्रि० फुसिल्टिन लाउनु; फुसुल्टिने पार्नु; धोकामा पार्नु; छल्नु ।

**फुस्क–नु–** अ० क्रि० [प्रा० फसुल+नु] १. कसिएको वा गाँठो, सुर्काउनी आदि परेको वस्तु फुक्नु; खुस्कनु । २. कामबाट फुर्सत पाउनु; फुक्का हुनु; मुक्त हुनु । ३. अप्ठेरो स्थिति, बाधा आदिबाट

c:\1Saroj\Sabdkosh\Pha.p65



पार हुनु; छुट्नु; उम्कनु; फुत्कनु । > **फुस्काइ–** ना० फुस्कने क्रिया वा प्रक्रिया । **फुस्काइनु–** क० क्रि० फुस्कन लाइनु; फुस्कने पारिनु । **फुस्काउनु–** प्रे० क्रि० फुस्कन लाउनु; फुस्कने पार्नु । **फुस्किनु–** अ० क्रि० १. फुस्कने होइनु; फुकिनु । २. फुस्कनु ।

**फुस्टा–** ना० [√ फुट्टा] पासाको खेलमा चार फुट्टी भएको दाउ; फुट्टा ।

**फुस्रि-नु–** अ० क्रि० [फुस्रो+इ+नु] १. फुस्रो हुनु; चिल्लोपन हराउनु । २. लाभ वा उपलब्धिबाट वञ्चित हुनु; हिस्सिनु ।

**फुस्रिनी–** ना० [फुस्रो+इनी] गृहस्थ सन्न्यासिनीलाई भनिने अपमानजनक शब्द; फुस्रोको पोथी रूप; फुस्रेनी ।

**फुस्री–** वि० [फुस्रो+ई] १. चिल्लो नभएकी; चिल्लोपन हराएकी । २. फुस्रो वा खैरो रङकी । ३. खरानी घसेकी । ना० ४. सन्न्यासिनीलाई अपमान गरेर भनिने शब्द ।

**फुस्रुक्क–** क्रि० वि० [अ० मू० फुस्रुक्+क] १. विचारै नगरी वा नअनकनाईकन दिने गरी; खुरुक्क । २. गुप्त तबरले कुनै काम गर्ने किसिमले ; खुसुक्क । ३. कुनै कुरो कसैबाट सजिलैसँग फुस्काउने वा खुस्काउने गरेर । ४. गाँठो फुक्ने वा फुकाउने किसिमले । ५. हलुका चालले लड्ने वा पल्टने गरी ।

**फुस्रे–** वि० [फुस्रो+ए] १. चिल्लो नभएको; फुस्रो । ना० २. जोगी; सन्न्यासी (निन्दार्थमा) । ३. फुस्रो पात हुने वा कटुस फल्ने, मध्य लेकमा हुने एक जातको रूख । ~ **केरा–** ना० फुस्रा बोक्रा र ठूला कोसा हुने एक जातको केरा । ~ **चाँप–** ना० फुस्रो रङको एक जातको चाँप ।

**फुस्रेनी–** ना० [फुस्रो+एनी] हे० फुस्रिनी ।

**फुस्रो–** वि० १. चिल्लोपन नभएको; फुस्रिएको । २. सेतो भावको; कैलो । ना० ३. जोगी वा सन्न्यासीलाई निन्दा गरेर भनिने शब्द । ~ **धुस्रो–** वि० १. खरानी र धूलो घसी विरूप भएको । २. धूलोमैलो लागेको; धूलामा लडीबडी खेलेको ।

**फुस्र्याइ–** ना० [√ **फुस्रि**(+याइ)] १. फुस्रिने भाव, क्रिया वा प्रक्रिया । [फुस्र्याउ+आइ] २. फुस्र्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **फुस्र्याइनु–** क० क्रि० फुस्रो पारिनु; फुस्रिन लाइनु । **फुस्र्याउनु–** प्रे० क्रि० फुस्रो पार्नु; फुस्रिन लाउनु ।

**फुस्ल-नु–** अ० क्रि० [फुल्+नु] कसैका फकाउरीमा लाग्नु; अरूका मीठामीठा कुरामा अल्झनु वा फुरुङ्ङ पर्नु । > **फुस्लाइ–** ना० फुस्लने क्रिया वा प्रक्रिया । **फुस्लाइनु–** क० क्रि० फुस्लन लाइनु; फुस्लने पारिनु । **फुस्लाउनु–** प्रे० क्रि० फुस्लन लाउनु; फुस्लने पार्नु । **फुस्लिनु–** अ० क्रि० १. फुस्लने होइनु; फकिनु । २. फुस्लनु । **फुस्ल्याइ–** ना० फुस्लिने क्रिया वा प्रक्रिया । **फुस्ल्याइनु–** क० क्रि० फुस्लिन लाइनु; फुस्लिने पारिनु । **फुस्ल्याउनु–** प्रे० क्रि० फुस्लिन लाउनु; फुस्लिने पार्नु । **फुस्ल्याह ट–** ना० फुस्लिने भाव, क्रिया वा प्रक्रिया । **फुस्ल्याहा–** वि० फुस्ल्याउने स्वभावको; फुस्याउने खालको ।

**फुस्स–** क्रि० वि० [अ० मू० फुस्+स] १. खुकुलोसँग बाँधेको वस्तु एक्कासि फुस्कने वा खुस्कने गरी । २. बन्द रहेको हावा, अपानवायु आदि बिस्तारै निस्कने गरी । ३. थाहै नपाइने किसिमले सजिलैसँग निदाएर । ४. चुरोटबिँडी आदि खाएर धूवाँ फाल्दै । ५. तातोछारो केही पनि नहुने स्थितिमा पर्ने गरी । वि० ६. फुस्सा । ७. गम्कने अवस्थाको; गमक्क; मक्ख ।

**फुस्सा–** ना० [फुस्स+आ] १. आफूले चाहेको वस्तु तातोछारो केही पनि नहुने अवस्था; शून्य स्थिति । क्रि० वि० २. केही न केहीसँग; सित्तैं । > **फुस्सिनु–** अ० क्रि० हातलागी शून्य हुनु; तातोछारो केही पनि नहुनु; फुस्सामा पर्नु ।

**फुस्स्याइ–** ना० [√ **फुस्सि** (+याइ)] फुस्सिने क्रिया वा प्रक्रिया । **फुस्स्याइनु–** क० क्रि० फुस्सा पारिनु; फुस्सिन लाइनु । **फुस्स्याउनु–** प्रे० क्रि० फुस्सा पार्नु; फुस्सिन लाउनु । **फुस्स्याहट–** ना० फुस्सिने भाव, क्रिया वा प्रक्रिया ।

**फुहारा–** ना० [अ० फव्वारः] पोखरीमा जडेका पाइपबाट माथिसम्म पुग्ने गरी वेगसित निस्केको पानीको ठूलो सिर्को; फोहरा ।

**फू–** क्रि० वि० हे० फु ।

**फूँ–** क्रि० वि० [अ० मू०] १. रिसाएका वा जुध्न निउँ खोजेका गाईबस्तुले नाकबाट वेगले सास निकाल्दा शब्द आउने गरी । २. सर्पले फुत्कार्दा आवाज निस्कने किसिमले । ना० ३. त्यस प्रकारको शब्द वा आवाज ।

**फूत्कार–** ना० [सं०] १. गाईबस्तु रिसाएर वा जुध्नका निमित्त निउँ खोज्दा नाकबाट वेगसित सास निकाल्दा उत्पन्न हुने शब्द । २. सर्पको फुङ्कार ।

**फेँक्-नु–** स० क्रि० [फ्याँक्+नु] हे० फ्याँक्नु । > **फेँकाइ–** ना० फेँक्ने क्रिया वा प्रक्रिया । **फेँकाइनु–** क० क्रि० फेँक्न लाइनु । **फेँकाउनु–** प्रे० क्रि० फेँक्न लाउनु । **फेँकिनु–** क० क्रि० फेँक्ने काम गरिनु ।

**फेका–** ना० भाषण, नाचगान आदिको समाप्तिमा दिइने प्रशंसासूचक ताली ।

**फेचो–** ना० १. तेल पेल्नका निम्ति तयार पारिएको फूलो माड्ने काम । २. तेल पेल्ने कोल ।

**फेट्-नु–** स० क्रि० [प्रा० फेड+नु] १. तरल पदार्थमा बिलाउने खालको कुनै चूर्ण पदार्थ हालेर घोल्नु; फिट्नु; फाउनु । २. तासका पत्तीहरू तलमाथि पर्ने गरी फिट्नु ।

**फेट–** ना० [फाँट] १. वरिपरि लगाइएको वा उठाइएको घेरो; गिर्दा । २. मानिसहरूका बस्तीको एक समूह; टोल ।

**फेटा–** ना० [सं० फटा] १. टोपीको सट्टा फेरो पारेर शिरमा बेरिने कपडा । २. एक प्रकारको पगरी; पाग; साफा ।

**फेटाइ–** ना० [√ **फेट्**(+आइ)] फेट्ने क्रिया वा प्रक्रिया । [ > ] **फेटाइनु–** क० क्रि० फेट्न लाइनु । **फेटाउनु–** प्रे० क्रि० फेट्न लाउनु; फिटाउनु । **फेटिनु–** क० क्रि० फेट्ने काम गरिनु; फिटिनु ।

**फेत–** ना० [अ० फर्द] कविता वा श्लोकको पहिलो पाउ वा चरण;

c:\1Saroj\Sabdkosh\Pha.p65



एक पङ्क्ति ।

**फेत्तु–** ना० पेटेभोटो ।

**फेद–** ना० [सं० पाद] १. रूखको जराभन्दा माथिल्लो तथा हाँगा लाग्नुभन्दा तल्लो भाग । २. पहाडका पुछार वा उकालो लाग्ने ठाउँको जमिन । ३. गाजर, मूला आदिको साग पलाउनेपट्टिको भाग । ४. पुस्तक आदिको सुरुको भाग । ~ **टुप्पो–** ना० १. रूख आदिको फेद र टुप्पो । २. पहाड आदिको फेद र टुप्पो । ३. किताब आदिको सुरु र अन्त ।

**फेदाङ्मा–** ना० [भो० ब०] लिम्बूजातिका घरका देवीदेवताको पूजा गर्ने र शुभकार्य समापन गर्ने तथा हरेक धार्मिक कार्य सम्पन्न गराउने जातीय पुरोहित ।

**फेदी–** ना० [फेद+ई] १. पहाडको तल्लो भाग; पुछार । २. उपत्यका; बेसी । ३. एक बाली लिइसकेपछि ठुटाबाट नै उम्रने अर्को बाली ।

**फेन–** ना० [सं०] फीँज; गाज । > **फेनक–** ना० फीँज; फेन । **फेनिल–** वि० फेन वा फीँज भएको; फेनयुक्त ।

**फेब्रुअरी–** ना० [अङ्०] ग्रेगोरी पात्रोअनुसार सामान्य रूपले अट्ठाइस दिन हुने, वर्षको दोस्रो महिना; माघ र फागुनका बीचमा पर्ने इस्वी महिना; फरबरी । (प्रत्येक चार वर्षमा यो महिना उनन्तीस दिनको हुन्छ) ।

**फेम्मर–** ना० दुलाहाका तर्फबाट दुलहीका माइतीमा लगिने प्रथाअनुसारका मालसामान ।

**फेर्-नु–** स० क्रि० [प्रा० फेर+नु] १. कुनै एकसँग अर्को साट्नु वा बदल्नु; सट्टापट्टा गर्नु; परिवर्तन गर्नु । २. उल्टो पार्नु; उल्टाउनु । ३. बदला लिनु; साटो फेर्नु । ४. जपमाला घुमाउनु । ५. घोडा आदिलाई मण्डलाकार गतिमा घुमाउनु; कावा खुवाउनु । ६. दिसा-पिसाब त्याग गर्नु; मलमूत्रादि छाड्नु ।

**फेर१–** क्रि० वि० [√ फेरा] फेरा; पटक; पल्ट ।

**फेर२–** ना० [फेर्+अ] १. कुनै विषयमा पाइने फरक; अन्तर; भेद । २. उल्टो; विपरीत । ३. छल; कपट; बखेडा । ४. उलट-पलट; हेरफेर; फेरबदल । ५. परिवर्तन; दिनदशा बदलिएको स्थिति ।

**फेर३–** ना० [फेरो] १. वरिपरि घुमेको स्वरूप; फेरो; चक्कर । २.मयलपोस, कमिज आदिका कम्मरमनिको चारैतिरको भाग । ३. स्त्रीजातिले पटुका बाँध्दा वा सारी लाउँदा छोडिने किनारा वा छेउ । – **कल्ली–** ना० विवाहिता नारीलाई एकभन्दा बढी पुरुषले जारी तिरेर ल्याउने क्रिया । – **फन्द–** ना० १. कुनै कठोर परिस्थितिमा पर्ने काम; चक्करमा रुमलिने क्रिया । २. कसैको छलकपट, जालसाज आदिमा पर्ने काम । – **फार–** ना० १. कुनै विषयको परिवर्तन वा हेरफेर; अदलीबदली; सट्टापट्टा । २. लुगाफाटो आदि बदल्ने वा फेर्ने काम । ३. त्यस्तो फेर्ने लुगाफाटा आदिको जगेडा ।

**फेरल नियम–** ना० उत्तरी गोलार्द्धमा दायाँपट्टि र दक्षिणी गोलार्द्धमा बायाँपट्टि वायु मोडिएर बहने नियम ।

**फेरहानी–** ना० घुमन्ता बेपारीलाई लाग्ने दस्तुर ।

**फेरा–** क्रि० वि० [√ फेरि] पटक; पल्ट; बाजि; चोटि; फेर ।

**फेराइ–** ना० [√ **फेर्**(+आइ)] फेर्ने क्रिया वा प्रक्रिया । [ > ] **फेराइनु–** क० क्रि० फेर्न लाइनु, बदलाइनु । **फेराउनु–** प्रे० क्रि० फेर्न लाउनु; बदलाउनु ।

**फेरि–** क्रि० वि० [प्रा० फिर] १. अर्को पटक; दोस्रो पल्ट । २. अरू पनि; अझै ।

**फेरिनु–** क० क्रि० [फेर+इ+नु] १. फेर्ने काम गरिनु; बदलिनु । अ० क्रि० २. मोटाउँदै जानु; बलियो हुनु ।

**फेरी१–** ना० [फिर्+ई] १. गोरख-मतानुयायी फिरन्ता साधुहरूले भूतप्रेत आदिका प्रकोपबाट लोककल्याण गर्न राती घरघरमा घुमेर हरिणका सिङको बाजा बजाउँदै हिँड्ने काम । २. व्यापारीहरूले माल लिई बिक्री गर्न यताउति घुमफिर गर्ने काम । ३. कुनै स्थानको वरिपरि घुम्ने क्रिया; प्रदक्षिणा ।

**फेरी२–** ना० [अङ्०] १. नाउ, डुङ्गा आदिद्वारा वारपार गर्ने ठाउँ; नदी तर्ने घाट । २. घाटमा नाउ, डुङ्गा आदि चलाउने ठेक्का । ३. नदी आदि तर्नका निम्ति प्रयोग गरिने उपकरण ।

**फेरुवा–** वि० [फेर्+उवा] १. फेरिने स्वभावको; फेरिएको । ना० २. ऊनीको एक प्रकारको बस्ने चकटी वा बिछ्याउना; फेरे ।

**फेरे–** [फेर्+ए] १. खसीको रौँबाट बन्ने, दरीका छाँटको, भुइँमा बिछ्याइने कपडा; फेरुवा । वि० २. फेरो भएको; फेरो परेको

**फेरो–** ना० [प्रा० फेरण] १. कुनै वस्तुको घुमाइ; चक्कर; फन्को । २. अँगालोभरको नाप । वि० ३. घुमाउरो; घुमेको ।

**फेल–** वि० [अङ्०] १. परीक्षा आदिमा असफल भएको; अनुत्तीर्ण । ना० २. असफलता; विफलता ।

**फेल जमानी–** ना० [अ० फेल+जामिन] १. कसैले कबुल गरेको काम पूरा हुने कुराको टुङ्गो नलागुन्जेल दिइने म्यादी वा अस्थायी जमानी । २. दैनिक तारिखमा हाजिर हुने कबुल गरी लेखिएको कागत ।

**फेला–** ना० १. खोजेको कुनै वस्तु भेट्टाउने काम; भेट्ने काम; प्राप्ति । २. कसैको कुचक्र वा फन्दामा पर्ने काम ।

**फेलु–** ना० [नेवा०] चर्खाद्वारा टुकीमा धागो भर्नुपर्दा लच्छी अड्याउने, डमरु आकारको, घुम्दा धागो बेरिने साधन ।

**फेवा–** ना० नेपालको पश्चिमाञ्चल क्षेत्रअन्तर्गत पोखरामा रहेको एक प्रसिद्ध ताल । ~ **ताल–** ना० फेवा ।

**फेस–** ना० [अङ्०] कुनै निश्चित प्वाइन्टको अक्षर गाढा वा हल्का देखिने प्रकार; गाढा र हल्का देखिने अक्षर ।

**फेसन–** ना० [अङ्० फेशन] १. शृङ्गार, सजावट आदि गरिने नयाँ र राम्रो ढाँचा; लगाउने वा पहिरिने ढर्रा । २. चालचलन; रीतिरिवाज; ढाँचाकाँचा । – **दार–** वि० शृङ्गार, सजावट आदिमा नयाँ ढाँचाकाँचा भएको; फेसन मन पराउने । – **दारी–** ना० नयाँ ढाँचाकाँचा भएको चालचलन वा रीतिरिवाज । > **फेसनेबुल–**

वि० आधुनिक शृङ्गारले सुसज्जित; नयाँ किसिमको पहिरनले युक्त । ~**सो**– शृङ्गारपटार र प्रसाधनको सार्वजनिक प्रदर्शन ।

**फेसो**– ना० १. कोदालो, बन्चरो आदिका बिँड पासामा घुसार्दा खुकुलो भएको खण्डमा कसिलो वा नहल्लने पार्न घुसारिने चोइटो वा छेस्को; पाड्को । २. काठ चिर्दा करौँती नच्यापियोस् भनी चिरेको धर्सोमा हालिने चुकुल ।

**फेहरिस्त**– ना० [फा० फहरिस्त] कुनै विषय वा वस्तुको क्रमबद्ध नामाङ्कन; सूची; तालिका ।

**फैका**– ना० [अ०] फरेब ।

**फैल**– वि०हे० फयल ।

**फैल-नु**– अ० क्रि० [प्रा० फयल्ल+नु] १. कुनै वस्तु सङ्कुचित स्थितिबाट विस्तृत हुनु; फिँजिनु; फैलिनु । २. कुरा, समाचार, नाउँ आदिको प्रचार हुनु; विख्यात हुनु । > **फैलाइ**– ना० फैलने क्रिया वा प्रक्रिया । **फैलाइनु**– क० क्रि० फैलने पारिनु; फैलन लाइनु । **फैलाउ**– ना० फैलने क्रिया; विस्तार । **फैलाउनु**– प्रे० क्रि०/स० क्रि० फैलने पार्नु; प्रचार गराउनु; फिँजाउनु; पाँज्नु । **फैलावट**– फैलने क्रिया वा प्रक्रिया; फैलिएको परिमाण; फराक; विस्तार । **फैलाहट**– ना० फैलने भाव, क्रिया वा प्रक्रिया । **फैलिनु**– अ० क्रि० फिँजिनु; सर्वत्र प्रचार हुनु; फैलिने होइनु । **फैलोट**– ना० फैलिएको परिधि वा परिमाण; फैलावट ।

**फैसला**– ना० [अ० फैस्ल] कथ्य० फसेला पनि । १. वादी र प्रतिवादीका बीचमा उपस्थित भएका विवादको निर्णय; कुनै मुद्दामामिलामा हकबेहक छुट्टचाई वा उजुरी साँचो झूटो ठहराई अदालतले गरेको निर्णय । २. निर्णय; ठहर । ~**सुनुवाइ**– ना० कुनै मुद्दामामिलामा अदालतले गरेको अन्तिम निर्णय सुनाउने काम ।

**फोइनु**– क० क्रि० [फु+इ+नु] फुकाइनु; खोलिनु ।

**फोकट**– वि० [पोर्त० फोगुइटे] बेकम्माको; व्यर्थको; फोगट ।

**फोकस**– ना० [अङ्०] १. छरिएका किरणहरू एकत्रित भएर रहने ठाउँ वा विन्दु । २. फोटो लिँदा लेन्सद्वारा चित्र लिइने वस्तुको छायाँलाई नियत स्थानमा स्थिर गर्ने प्रक्रिया ।

**फोकाफोकी**– ना० [फोको+फोको+इ] सानाठूला फोकाहरूको समूह ।

**फोके**– वि० [फोको+ए] फोको भएको; फोको उठेको ।

**फोको**– ना० [सं० स्फोट] १. जीउमा उब्जेको मासुभित्र पानी वा पीप भरिएको पिण्ड; खटिरो । २. फुकुन्डो; फुँडुल्को । ३. पानीको फीँजभित्र हावा घुसेर उठ्ने डल्लो; बुद्बुद ।

**फोक्से**– वि० [फोक्सो+ए] १. फोक्सोझैँ फुलेको । २. सुनिएर पहेँलो देखिएको । ३. रगतविनाको मासु लागेर गाला पुक्क परेको । ना० ४. बाक्लो बोक्रा हुने कालीज्यामिरका आकारको तर निकै ठूलो, पाक्ता राता बिजुला हुने, काँचैमा अमिलो र पाक्ता गुलियो हुने एक प्रकारको फल; टाप । ~**माया**– ना० देखावटी माया । ~**मासु**– ना० सिकिस्त भएर उठेपछि लागेको रगतविनाको मासु । ~**सास**– ना० फोक्सोबाट निस्कने र भाषिक ध्वनिको उच्चारणमा सहायता पुऱ्याउने सास । ~ **सिँगान**– ना० नाकबाट हत्तपत्त नझर्ने फिँजैफिँज भरिएको बाक्लो सिँगान ।

**फोक्सो**– ना० [सं० फुप्फुस] प्राणीको छातीभित्र रहेको सास फेर्ने मुख्य अवयव; फुप्फुस ।

**फोगट**– वि० [पोर्त० फोगुइटे] कुनै काममा पनि नआउने; बेकामे; व्यर्थको; निरर्थक; फोकट ।

**फोगटा**– ना०हे० फोगटो । – **फोगटी**– ना० सानाठूला फोगटाहरूको समूह ।

**फोगटिया**– वि० [फोगट+इया] कुनै काममा नआउने; विनाकामको; व्यर्थको ।

**फोगटो**– ना० [√ फगटो] सानो आँठो वा आली लगाई बनाइएको, खेतको सानो गरो वा पाटो; फगटो ।

**फोगल्टो**– ना० [√ फोगटो] १. अर्थ न बर्थको काम-कुरो; बेकारको वस्तु । २. भित्र चामल नपसेको फोस्रो धान; पोगटो ।

**फोगिन**– वि० [√ फुँगिन] माग्ने कामबाट जीवन धान्ने; अकिञ्चन; मगन्ते ।

**फोटो**– ना० [अङ्० फोटोग्राफ] आधुनिक वैज्ञानिक प्रक्रियाद्वारा क्यामराले खिचेको तस्बिर; छायाचित्र । – **ग्राफ**– ना० फोटो । – **ग्राफर**– ना० फोटोकार; छविकार । > **फोटोग्राफी**– ना० फोटो खिच्ने कला वा विद्या; फोटोविज्ञान । –**लिथो**– ना० फोटोग्राफीसम्बन्धी यन्त्रबाट निकालिने नकल प्रति । – **कपी**– ना० प्रतिच्छवि; प्रतिकृति चित्र ।

**फोड्-नु**– स० क्रि० [सं० स्फोट+नु] हे० फोर्नु । > **फोडफाड**– ना० फोरफार ।

**फोडा**– ना० [प्रा० फोड] गर्मीयाममा रक्तविकारबाट उच्छ्रने खटिरो ।

**फोडाइ**– ना० [√ **फोड्**(+आइ)] फोड्ने क्रिया वा प्रक्रिया । [ > ] **फोडाइनु**– क० क्रि० फोड्न लगाइनु; फोराइनु । **फोडाउनु**– प्रे० क्रि० फोड्न लगाउनु; फोराउनु । **फोडाफोड**– ना० फोराफोर । **फोडिनु**– क० क्रि० फोड्ने काम गरिनु; फोरिनु । **फोड्वा**– वि० फोरुवा; फोडिएको; टुक्रा पारिएको (सुपारी आदि) ।

**फोन**– ना० [अङ्०] १. टाढाका मानिसले परस्पर दुईतिरबाट वार्तालाप गर्ने यन्त्र; टेलिफोन । २. फोनोग्राफ । > **फोनोग्राफ**– ना० रेकर्डमा भरिएका गानाबजाना बजाउने यन्त्र; ग्रामोफोन ।

**फोर्-नु**– स० क्रि० [सं० स्फोटन+नु] १. सिङ्गो वस्तुलाई दुई फ्याक पार्नु; फुटाल्नु; फोड्नु । २. चिर्नु; फटाउनु । ३. छुट्ट्याउनु; अलग पार्नु । ४. कुनै समूहलाई दुई समूहमा विभाजित गर्नु ।

**फोर**– ना० गोरु, राँगा आदिले तान्ने गाडीका वारपार पुग्ने लामा र मुख्य काठ ।

**फोरफार**– ना० [फोर्+फार] १. फोर्ने र फार्ने काम । २. बिगार्ने वा भत्काउने काम । ३.नाश गर्ने काम; ध्वंस गर्ने काम ।

**फोरबाँस**– ना० [फोर्+बाँस] १. फोरेर भाटा वा चिम बनाउने

खालको बाँस । २. पोरो बनाउन हुने बाँस ।

**फोरम्यान–** ना० [अङ्०] कारखानाका काममा अरूलाई निर्देशन गर्ने नाइके ।

**फोराइ–** ना० [√ **फोर्**(+आई)] फोर्ने क्रिया वा प्रक्रिया । [>] **फोराइनु–** क० क्रि० फोर्न लाइनु; फोडाइनु । **फोराउनु–** प्रे० क्रि० फोर्न लाउनु; फोडाउनु । **फोराफोर–** ना० परस्परमा एक अर्काका सामान वा टाउका फोड्ने काम; फोडाफोड । **फोरिनु–** क० क्रि० फोर्ने काम गरिनु; फोडिनु ।

**फोरुवा–** वि० [फोर्+उवा] फोरिएको; टुक्रा पारिएको; फोडिएको । ~ **बाँस–** ना० फोरिएको बाँस; चिरिएको बाँस । ~ **सुपारी–** ना० फोरिएको वा टुक्र्याइएको सुपारी ।

**फोरो–** ना०हे० पोरो ।

**फोल्डर–** ना० [अङ्०] १. हुलाक टिकटको परिचयात्मक साहित्य लेखिएको र फिलाटेलिक महत्त्व रहने, पटचाइएको कागजी वस्तु । वि० २. कुनै वस्तुलाई मिलाएर पटचाइएको । > **फोल्डिङ–** ना० पटचाउने काम ।

**फोसा–** ना० [नेवा० फ्वसा] १. कुनै वस्तु खरिद गरेपछि सित्तैं मागिने सानोतिनो वस्तु; तासा । २. विनाप्रयासको आम्दानी; विनामूल्यमा उपलब्ध भएको वस्तु ।

**फोसी–** ना० [नेवा० फ्वसि] बिट फर्केको मुख र पेट प्रायः बराबर रहने तामा वा पित्तलको ठूलो ठाडो भाँडो ।

**फोस्रिनु–** अ० क्रि० [फोस्रो+इ+नु] १. फलफूल वा दानादार वस्तुका बोक्राभित्र गुदी नभई फोस्रो हुनु; गुदी पुष्ट नहुनु । २. आशा पूर्ण नहुनु; प्रयास खेर जानु; हिस्सिनु । ३. घाउ-खटिरा आदि पानी मरेर बिसेक हुन आँट्नु वा निको भएर भुवा उड्न थाल्नु ।

**फोस्रे–** वि० [फोस्रो+ए] फोस्रो ।

**फोस्रो१– ना०** [√ फुस्रो] खस्रा पात, भुप्पा परेका सेता फूल, सानासाना गुलियो स्वादका काला गेडा हुने, घाँस गाईबस्तुले खाने र बोक्राको पाट काडिने एक जातको बोट ।

**फोस्रो२–** वि० [सं० परुष] १. सार वा गुदी नभएको; खोक्रिएको; सारहीन । २. निष्फल भएको । ३. मकाएको ।

**फोस्र्याइ–** ना० [√ **फोस्रि**(+याइ)] फोस्रो पार्ने काम; फोस्रिने क्रिया वा प्रक्रिया । [>] **फोस्र्याइनु–** क० क्रि० फोस्रो पारिनु; फोस्रिने तुल्याइनु । **फोस्र्याइलो–** वि० फोस्रिने छाँटको; फोस्रो । **फोस्र्याउनु–** प्रे०क्रि० फोस्रो पार्नु; फोस्रिन लाउनु । **फोस्र्याहट–** ना० फोस्रिने भाव, क्रिया वा स्थिति; फोस्र्याइ । **फोस्र्याहा–** वि० सारहीन; फोस्रो ।

**फोहर–** वि० १. सफा नभएको; मैलो; फोहोर । २. घिनलाग्दो; मन नपर्दो । ३. लाजभाँडको; अश्लील । ना० ४. गुहु आदि मल; विष्टा । ५. घिनलाग्दो वस्तु; दुर्गन्धित वस्तु ।

**फोहरा–** ना०हे० फुहारा । > **फोहारी–** वि० हे० फोहोरी ।

**फोहोर–** ना० सफा नभएको; फोहर ।

**फोहोरा–** ना० [अ० फव्वार] फुहारा; फोहरा ।

**फोहोरी–** वि० [फोहोर+ई] १. फोहोर गर्ने; सफा-सुग्घर नगर्ने । २. अशुद्ध; अपवित्र । ३. अश्लील; लाजभाँड । ४. मैलो; मलिन । ५. थुकथुकी लाग्ने; घिनलाग्दो ।

**फौज–** ना० [अ०] १. सेना; पल्टन । २. हूल; जमात; समूह । **– दार–** ना० पहिलेपहिले फौजदारीसम्बन्धी मुद्दामामिला हेर्ने र मालपोत उठाउने काममा समेत नियुक्त हुने जिल्ला तहको एक प्रहरी अधिकारी ।

**फौजदारी–** वि० [फौजदार+ई] १. मारपिट, चोरी, डकैती आदि अपराधको न्यायिक कारवाही गरिने कुरासँग सम्बन्धित । ना० २. त्यस्तो मुद्दामामिला हेर्ने अदालत । ३. चोरी-डकैती, मारपिट, ज्यान आदिको कुनै घटना वा मुद्दा । ~ **अदालत–** ना० लिखित रूपमा परेका कारबाईका निम्ति आएका फौजदारी मुद्दाहरूको पुर्पक्ष तथा ठहर गर्ने ठाउँ । ~ **कानुन–** ना० चोरी-डकैती, कुटपिट, ज्यानखुन आदिका मुद्दामा प्रयोग गरिने तथा सजायको व्यवस्था उल्लेख भएको कानुन । ~ **प्रक्रिया–** ना० लुटपिट, खून आदि वा सरकारवादी हुने मुद्दामामिलाहरू हेर्ने, निर्णय गर्ने र बात लागेका व्यक्तिलाई दण्ड दिलाउन कारबाई गर्ने कानुनी विधि । ~ **मच्चाउनु–** स० क्रि० मारपिट, चोरीडकैती आदि कार्य गर्नु वा गराउनु ।

**फौजी–** वि० [अ० फौजी] फौजसम्बन्धी, सैनिक । ~ **अखडा–** ना० सैनिकहरू रहने ठाउँ वा शिविर । ~ **अदालत–** ना० सैनिक-अदालत ।

**फौरेल–** ना० आसाम, मणिपुर आदिमा पाइने धानको एक जात ।

**फौबन्जार–** ना० [फा०] स्थायी रूपले एकै ठाउँमा पसल नथापी थैला आदिमा मालसामान बोकेर गाउँघर घुमीघुमी वा बीचमा माल खरिद गरेर बजारमै पनि बढी मोलमा बेच्ने व्यापारी । > **फौबन्जारी–** ना० फौबन्जारको काम वा पेसा ।

**फ्यँकाइ–** ना० [√ **फ्याँक्**(+आई)] फ्याँक्ने क्रिया वा प्रक्रिया । [>] **फ्यँकाइनु–** क० क्रि० फ्याँक्न लाइनु; फ्याँक्ने पारिनु । **फ्यँकाउनु–** प्रे० क्रि० फ्याँक्न लाउनु; फ्याँक्ने पार्नु ।

**फ्याँ–** ना० [अ० मू०] १. मुख उघारेर सास फेर्दा आउने आवाज । २. धपेडी, थकाइ आदिले वा निद्रा लागेको बेला सास निस्कँदा आउने शब्द । ३. थकान; थकाइ । वि० ४. मुख बाएको; उदाङ्गो । ५. फ्याक्क फाटेको; फक्क उघारिएको । ६. थाकेको; थकित । **– फुँ–** ना० ताइँफाइ; फुङ्कार; फुर्तीफार्ती । **– फ्याँ–** क्रि० वि० लगातार फ्याँ गर्ने गरी । **– फ्याँती–** क्रि० वि० फ्याँफ्याँ ।

**फ्याँक्–नु–** स० क्रि० [सं० क्षेपण] १. कुनै वस्तु आफूतिरबाट अर्कातिर फाल्नु; मिल्काउनु । २. कुनै वस्तु वेगसँग हुत्याउनु; आफल्नु । ३. छोड्नु; त्याग्नु । ४. बेला वा महिना नपुगी तुहाउनु । > **फ्याँकाइ–** ना० फ्याँक्ने क्रिया वा प्रक्रिया । **फ्याँकाफ्याँक–** क्रि० वि० १. परस्परमा फ्याँक्ने किसिमले; फालाफाल । २. धमाधम फाल्ने वा मिल्काउने गरी । ३. कुनै वस्तु आवश्यकभन्दा बढी भएर आफलताफल गर्ने चालसँग । **फ्याँकिनु–** क० क्रि०

c:\1Saroj\Sabdkosh\Pha.p65



फ्याँक्ने काम गरिनु; फालिनु ।

**फ्याँचे**– ना० जरामा ससाना गाँठा हुने एक खालको साग ।

**फ्याउ**– ना० [अ० मू०] १. फ्याउरो कराउँदाको शब्द । २. निर्धा वा नपुंसक मान्छेको गर्जन । – **फ्याउ**– ना० १. फ्याउराको बोली । क्रि० वि० २. फ्याउरो कराउने किसिमले ।

**फ्याउरी**– ना० [फ्याउरो+ई] १. फ्याउराको पोथी रूप । २. केही गर्न नसकी कराएर मात्र हिँड्ने स्त्री (निन्दार्थमा) । ३. अनाज सुकाउँदा फिँजाउने तथा सोहोर्ने काम गर्ने, काठका पातामा बिँड हालिएको दाँदेजस्तो साधन । ४. धान रोप्ता दाँदेले सम्याउन नसकेको छेउकुनाको हिलो सम्याउने काममा आउने र सो काम बाउसेले गर्ने त्यस्तै हतियार ।

**फ्याउरे१**– ना० [फ्याउरी+ए] रोपाइँका दिन फ्याउरी चलाउने व्यक्ति; बाउसे ।

**फ्याउरे२**– वि० [फ्याउरो+ए] १. फ्याउराको जस्तो झर्कोलाग्दो किसिमबाट कराउने । २.अर्काको दूतजस्तो बनेर वा अगुवा भएर हिँड्ने ।

**फ्याउरो**– ना० [सं० फेरव] १. फ्याउ-फ्याउ गरेर कराउने, लोकविश्वासअनुसार चितुवा वा बाघको अगि लागेर हिँड्ने, स्यालका जातको तर केही सानो एक हिंस्रक प्राणी । २. केही गर्न नसकी कराएर मात्र हिँड्ने मानिस ।

**फ्याउसे**– ना० [फ्याउसो+ए] फ्याउसो ।

**फ्याउसो**– [√ फ्याक्से] कर्कलाको जस्तो पात हुने र डन्ठीमा फूल फुल्ने, एक जातको विषालु बोट; जङ्गली कर्कलो; फ्याक्सो ।

**फ्याक**– ना० [सं० फलक] १. कुनै पनि वस्तुलाई बराबर पारेर चिरिएको एक भाग; फग्ल्याँटो । २. आधा फ्याक; ठूलो टुक्रो ।

**फ्याकफ्याक**– क्रि० वि० [फ्याक्+अ०(द्वि०)] १. कुनै वस्तुलाई टुक्राटुक्रा पार्ने गरेर । २. कुनै वस्तु काट्ने किसिमले; छ्याकछ्याक । > **फ्याकफ्याकती**/**फ्याकफ्याकी**– क्रि० वि० अझै फ्याकफ्याक हुने गरी ।

**फ्याक्क**– क्रि० वि० [अ० मू० फ्याक्+क] १. कुनै वस्तुलाई बराबरी हुने हिसाबले दुई टुक्रा पार्ने गरी । २. हिर्काउने वा काट्ने किसिमले ।

**फ्याक्चे**– वि० [फ्याक्च्याक्क+ए] १. गाला पुक्क उठेर पनि थेप्चिएको । २. नाक चेप्टो भएको वा नाकेडाँडी भासिएको । ३. कुच्चिएर असुहाउँदो बनेको ।

**फ्याक्च्याक्क**– क्रि० वि० [अ० मू० फ्याक्च्याक्+क] १. कुनै वस्तु कुच्चिएर वा थेप्चिएर नसुहाउँदो देखिने हुँदै । २. नाक नेप्टिएर वा नाकेडाँडी भासिएर असुहाउँदो देखिने गरी । ३. गाला भुक्क उठेर पनि केही थेप्चो भई भद्दा देखिने छाँटसँग ।

**फ्याक्से**– ना० कर्कलो; फ्याउसे ।

**फ्याङफ्याङ**– क्रि० वि० [अ० मू० फ्याङ्+अ(द्वि०)] १. धमाधम काट्ने वा फाँड्ने गरी । २. बेपर्वाहसँग सरासर हिँडेर; फटाफट । ३. कुनै साह्रो र पातलो वस्तु धमाधम फोर्ने गरी । > **फ्याङफ्याङती**/**फ्याङफ्याङी**– क्रि० वि० अझै फ्याङफ्याङ हुने गरी ।

**फ्याङलाङ**– क्रि० वि० [अ० मू० फ्याङ्+अ(द्वि०)] लुगाफाटा वा बाँधिए-मिलाइएका अन्य वस्तु खुस्कने गरी । – **फुङलुङ**– ना० जतातत‍ै पुस्केर छरिने वा अलपत्रिने स्थिति । > **फ्याङल्याङ्ग**/**फ्याङल्याङ्ङ**– क्रि० वि० १. फ्याङलाङ चालसित; अलपत्रिएर । वि० २. त्यस्तो चालको; अलपत्रिएको ।

**फ्याङ्ग**/**फ्याङ्ङ**– क्रि० वि० [अ० मू० फ्याङ्+ग/ङ] १. खुकुरी, तरवार आदि धारिलो वस्तु काट्ने वा हान्ने किसिमले । २.उदाङ्गो वा उघारो पार्ने किसिमले; छर्लङ्ग । ३. धातुको पातलो भाँडोको शब्द आउने गरी भुइँमा बजारेर ।

**फ्याङ्लो**– वि० [अ० मू० फ्याङ्+लो] १. कुनै वस्तु चिथ्रा-चिथ्रा भइसकेका अवस्थाको; फाटेको; थोत्रो । ना० २. थोत्रो वा पुरानो भइसकेको कपडा वा त्यस्तै राडी, गुन्द्री आदिको बिछ्याउना । ३. गहिराइ केही नभएको एकोहोरो बोलिरहने मान्छे । स्त्री० फ्याङ्ली ।

**फ्याटफ्याट**– क्रि० वि० [अ० मू० फ्याट्+अ०(द्वि०)] १. चप्पल लगाएर हिँड्दाको आवाज आउने गरी । २. पक्षीले पखेटा चलाउँदा आवाज आउने किसिमले । > **फ्याटफ्याटती**/ **फ्याटफ्याटी**– क्रि० वि० फ्याटफ्याट । **फ्याटफ्याटे**– वि० १. फ्याटफ्याट शब्द गर्ने वा निकाल्ने । ना० २. चट्टी; चप्पल ।

**फ्याट्ट**– क्रि० वि० [अ० मू० फ्याट्+ट] १. सोचविचारै नगरी एकै चोटि बोल्ने चालसँग । २. एक्कासि कुनै काम गर्ने वा हुने किसिमले । ३. कसैलाई एकाएक हिर्काउने गरी । ४. गुलेलीद्वारा मटचाङ्ग्रा छाड्ने किसिमले ।

**फ्यातफ्यात**– क्रि० वि० [अ० मू० फ्यात्+अ(द्वि०)] १. पकाएको खोले पदार्थ उम्लने वा छड्कने किसिमले । २. लेदो वा गिलो पदार्थ बारबार खस्ने गरी । > **फ्यातफ्याती**– क्रि० वि० अझै फ्यातफ्यात हुने गरी । **फ्यातफ्याते**– वि० १. फ्यातफ्यात गर्ने । २. लेदो; दबदबे ।

**फ्यातुलो**– वि० लुलो ।

**फ्यात्त**– क्रि० वि० [अ० मू० फ्यात्+त] १. गिलो वा लेदो पदार्थ एकै पल्ट खस्दा शब्द आउने गरी । २. त्यस्तो वस्तु एकै बाजि फाल्दा आवाज निस्कने गरेर ।

**फ्यात्लो**– ना० [√ अ० मू० फ्यात्+लो] १. फ्यातफ्यात गरी पाकेको खोले पदार्थ; भ्यात्लो । २. लेदो पदार्थ । वि० ३. खोले परेको । ४. लेदो परेको । ५. फ्याङ्लो ।

**फ्यारफ्यार**– क्रि० वि० [अ० मू० फ्यार्+अ(द्वि०)] चराहरूले पखेटा टकटक्याउने वा उड्ने किसिमले । > **फ्यारफ्यारती**/**फ्यारफ्यारी**– क्रि० वि० फ्यारफ्यार । **फ्यारफ्यारे**– वि० १. फ्यारफ्यार गरेर उड्ने । ना० २. पुतलीजस्तो तर अलिक ठूलो एक प्रकारको कीरो ।

**फ्यार्र**– क्रि० वि० [अ० मू० फ्यार्+र] १. चराहरूले पखेटा

c:\1Saroj\Sabdkosh\Pha.p65



टकटक्याउँदा वा उड्दाको शब्द निस्केर । २. कुनै वस्तु फुक्ने वा फिँजिने गरी ।

**फ्यालफ्याल–** क्रि० वि० [अ० मू० फ्याल्+अ(द्वि०)] फिँजाएर सुकाएको लुगा हावामा उड्ने किसिमले । > **फ्यालफ्यालती**/**फ्यालफ्याली–** क्रि० वि० फ्यालफ्याल ।

**फ्याली–** ना० [फ्याले+ई] एक ठाउँमा नबसी डुलीडुली खान पल्केकी आइमाई ।

**फ्याले–** ना० एक ठाउँमा स्थिर भएर नबसी डुली-डुली खान पल्केको लोग्नेमान्छे ।

**फ्याल्ल–** क्रि० वि० [अ० मू० फ्याल्+ल] १. कपडा आदि पानी चुहिँदै फरफराउने वा भुईँमा फिँजिने गरेर । २. अव्यवस्थित किसिमले ।

**फ्यासफ्यास–** क्रि० वि० [अ० मू० फ्यास्+अ(द्वि०)] कुनै फस्को वा खुकुलो वस्तु फुस्किरहने, फुटिरहने वा चुँडिरहने किसिमले । > **फ्यासफ्यासती**/**फ्यासफ्यासी–** क्रि० वि० फ्यासफ्यास ।

**फ्यास्स–** क्रि० वि० [अ० मू० फ्यास्+स] १. कुनै फस्को वा कमलो वस्तु फुस्कने वा चुँडिने किसिमले । २. फस्को वस्तु फुट्ता शब्द आउने किसिमसँग । ३. कुनै कार्य व्यर्थ खेर जाने वा फुस्सा हुने भएर ।

**फ्युज–** ना० [अङ्०] बिजुलीको अत्यधिक तापमा गलेर जाने खालको, त्यसैको प्रवाहमार्गमा जडिएको विशेष किसिमको धातुको तार ।

**फ्रक–** ना० [अङ्०] घाँगर ।

**फ्रान्स–** ना० [फ्रे०] युरोप महादेशअन्तर्गत रहेको एक प्रसिद्ध देश । > **फ्रान्सिसी–** वि० फ्रान्सेली । **फ्रान्सेली–** वि० १. फ्रान्ससम्बन्धी; फ्रान्सको । २. फ्रान्समा उत्पन्न वा उत्पादित ।

**फ्रिज–** ना० [अङ्०] नकुहियोस्, नबिग्रियोस्, ताजै रहोस् र तरलवस्तु जमोस् भन्ने उद्देश्यले भण्डारण गरिने यान्त्रिक उपकरण ।

**फिल्टर–** ना० [अङ्०] पानीमा भएका दूषण छानेर पानीलाई खान योग्य गराउने उपकरण ।

**फ्री–** वि० [अङ्०] १. स्वतन्त्र; स्वाधीन । २. सित्तैं; पैसा वा शुल्क नलाग्ने । ३. बाधाअड्काउ केही नभएको ।

**फ्रुबी ढ्याचु–** ना० [भो० ब०] हिउँ पग्लेका बेलामा नेपाल र तिब्बतका बीच आवतजावत गर्ने सिन्धुपाल्चोकमा पर्ने एक घाटी; हिमाली भन्ज्याङ ।

**फ्रेन्च–** वि० [अङ्०] १. फ्रान्ससम्बन्धी; फ्रान्सको; फ्रान्सेली । २. फ्रान्सका निवासी । ना० ३. फ्रान्सको भाषा । ~ **समाचार समिति–** ना० अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध फ्रान्सको समाचार समिति (ए० एफ० पी०) ।

**फ्रेम–** ना० [अङ्०] १. तस्बिर, ऐना आदिमा रहने चौतर्फी बार; चौघेरो । २. ढोका बनाउँदा रहने काठको चौकोस । ३. साइकिलको च्यासिस । ४. कम्पोज भएको स्याटर हाली फर्मा कस्ने फलामको चारकुने साधन ।

**फ्र्याङ्क–** ना० [फ्रे०] स्विटजरल्यान्ड, बेल्जियम, फ्रान्स आदि देशको मुद्रा ।

**फ्र्याङ्किङ यन्त्र–** ना० [अङ्० फ्र्याङ्किङ+ सं० यन्त्र] धेरै सङ्ख्यामा हुलाकवस्तु पठाउने व्यक्ति वा संस्थाका निमित्त छिटछिटो टिकट चिह्नित गर्ने यन्त्र वा मिसिन ।

**फ्लोरमिल–** ना० [अङ्०] पीठो आदि पिँध्ने मिल वा कलघट्ट ।

**फ्ल्याट मेसिन–** ना० [अङ्०] एकै पटक धेरै पृष्ठसम्म छाप्न सकिने समतल भागमा रहने ठूलो मुद्रणयन्त्र ।

**फ्वाँ–** ना० [अ० मू०] सासको तीखो वेग ।

**फ्वाँक१–** वि० १. बेफ्वाँक; नाहक; व्यर्थ । २. पैठ (जुवा) ।

**फ्वाँक२–** ना० [अ० मू० फ्वाँक्+अ] फाँको । > **फ्वाँकफ्वाँक–** क्रि० वि० पटक-पटक फाँको हाल्ने किसिमले । **फ्वाँकफ्वाँकती**/**फ्वाँकफ्वाँकी–** क्रि० वि० फ्वाँकफ्वाँक । **फ्वाँक्क–** क्रि० वि० फाँको मार्ने वा हाल्ने गरी ।

**फ्वाँफ्वाँ–** क्रि० वि० [अ० मू० फ्वाँ (द्वि०)] १. धपेडी आदिले निदाएको बेलामा लामोलामो सास निस्कने गरी । ना० २. त्यस्तो सासफेराइको शब्द वा आवाज ।

**फ्वाँय–** ना० १. फुस्सा । वि० २. झूटो; मिथ्या ।

**फ्वाकफ्वाक–** क्रि० वि० [अ० मू० फ्वाक्+अ(द्वि०)] १. माटाको भाँडो फुट्ता वा कोदालाका पासाले हिर्काइएको डल्लो फुट्दा शब्द आउने गरी । २. खुकुरी आदि हतियारले कमलो र फस्को वस्तु काट्ता झैँ शब्द निस्केर । > **फ्वाकफ्वाकती**/**फ्वाकफ्वाकी–** क्रि० वि० फ्वाकफ्वाक ।

**फ्वाक्क–** क्रि० वि० [अ० मू० फ्वाक्+क] माटोको भाँडो वा डल्लो फुट्ने वा त्यसरी फुट्ता मसिनु शब्द निस्कने गरी ।

**फ्वाङफ्वाङ–** क्रि० वि० [अ० मू० फ्वाङ्+अ(द्वि०)] काँचका वा माटाका भाँडाहरू पटक पटक फुट्ने गरी । > **फ्वाङफ्वाङती**/**फ्वाङफ्वाङी–** क्रि० वि० फ्वाङफ्वाङ ।

**फ्वाङ्ग**/**फ्वाङ्ङ–** क्रि० वि० [अ० मू० फ्वाङ्+ग/ङ] १. काँच वा माटाका भाँडाहरू एक्कासि फुट्ने गरी । २. बन्चराले चिरिएको दाउरो उच्छिट्टिँदा शब्द आउने किसिमले ।

**फ्वासफ्वास–** क्रि० वि० [अ० मू० फ्वास्+अ(द्वि०)] १. कुनै फस्को वा खुकुलो वस्तु बारम्बार फुट्ने वा चुँडिने किसिमले । २. चुरोट, बिँडी आदिको सर्को तान्दै धूवाँ उडाएर । > **फ्वासफ्वासती**/**फ्वासफ्वासी–** क्रि० वि० हे० फ्वासफ्वास ।

**फ्वास्स–** क्रि० वि० [अ० मू० फ्वास्+स] चड्कासँग फुस्कने वा खुस्कने गरी; फ्यास्स ।

# ब

**ब**– देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये तेइसौँ व्यञ्जनवर्ण; ओष्ठ्य, स्पर्शी, सघोष, अल्पप्राण व्यञ्जन ध्वनि; पवर्गको तेस्रो वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; बाटुलो ब ।

**बँझिनु**– अ० क्रि० [बाँझो+इ+नु] १. बाँझो हुनु; बाँझो बस्नु । २. एकचोटि आवाद भएको जमिन पछि पर्ती पार्नु; बाँझिनु । ३. स्त्रीजातिमा सन्तान नहुनु । >**बँझ्याइ**– ना० बाँझिने भाव, क्रिया वा प्रक्रिया । **बँझ्याइनु**– क० क्रि० बँझिन लाइनु; बाँझो पारिनु । **बँझ्याउनु**– प्रे० क्रि० १. बँझिने पार्नु; बँझिन लाउनु । स० क्रि० २. बालीनाली केही नलगाई खेतबारी बाँझो राख्नु । ३. औषधीका प्रयोगले कोखलाई गर्भ नरहने तुल्याउनु ।

**बँडाइ**– ना० [√ **बाँड्** (+आइ)] बाँड्ने क्रिया वा प्रक्रिया । [>] **बँडाइनु**– क० क्रि० बाँड्न लाइनु । **बँडाउनु**– प्रे० क्रि० बाँड्न लाउनु ।

**बँदिया**– ना० [बाँध+इया] छाइएको छानो उधारेर झिकिएको पुरानो खर, पराल ।

**बँदेल**– ना० [√ बनेल] बनेल ।

**बँधाइ**– ना० [√ **बाँध्** (+आइ)] बाँध्ने क्रिया वा प्रक्रिया । [>] **बँधाइनु**– क० क्रि० बाँध्न लाइनु । **बँधाउनु**– प्रे० क्रि० बाँध्न लाउनु ।

**बँधितिनी**/**बँधितेनी**– ना० [√ बँधिनी] हे० बँधिनी ।

**बँधिनी**– ना० [बाँधा+इनी] बाँधाको पोथी रूप; स्त्री बाँधा ।

**बँधुवा**– वि० [बाँध्+उवा] १. बाँधिएको; बन्धनमा राखिएको । २. बाँधेर पालिएको; बाँध्ने गरेको । ना० ३. वर्षको एकपटक लिने स्थिति बाँधेको जग्गाजमिन, खान्नी आदिको आम्दानी । ४. नियमित रूपले कुनै वस्तु वा रकम लिने-दिने व्यवस्था ।

**बँधेर्-नु**– स० क्रि० [बाँध्+एर्+नु] १. कसैलाई काममा व्यस्त तुल्याउनु; कामकाजमा अलमल्याइराख्नु । २. बाँध्नु; कस्नु । > **बँधेराइ**– ना० बँधेर्ने क्रिया वा प्रक्रिया । **बँधेरिनु**– अ० क्रि० कामकाजमा व्यस्त रहनु; काममा अलमलिनु । **बँधेऱ्याइ**– ना० बँधेरिने क्रिया वा प्रक्रिया । **बँधेऱ्याइनु**– क० क्रि० बँधेरिने पारिनु; बँधेरिन लाइनु । **बँधेऱ्याउनु**– प्रे० क्रि० बँधेरिने पार्नु; बँधेरिन लाउनु ।

**बंस**– ना० [सं० वंश] हे० वंश (खलक) । > **बंसियार**– वि० वंशको; वंशसम्बन्धी ।

**बइन**– ना० [प्रा० वयण] १. राम्रो वा नराम्रो कुराको बयान । २. प्रसिद्धि; ख्याति; नामचलाइ ।

**बक्-नु**– स० क्रि० १. आफ्नै मुखले कुनै कुरा भन्नु । २. बयान गर्नु; कहनु । ३. बेहोसीमा कुनै कुरा भन्नु; बरबराउनु ।

**बक१**– ना० [सं० वच] बोली; बक्के ।

**बक२**– ना० [सं०] १. बकुल्लो; वक । २. ठग ।

**बकची**– ना० [सं० बाकुची] चर्मरोगको औषधीका रूपमा प्रयोग गरिने एक प्रकारको औषधी; बकुची ।

**बकध्यान**– ना० [सं०] आफ्नो स्वार्थसिद्धिका निम्ति बकुल्लाजस्तै चूपचाप भएर बस्ने काम; बकव्रत । >**बकध्यानी**– ना० बकुल्लाले जस्तै ध्यान गर्ने; बकव्रती; ढोँगी ।

**बकपत्र**– ना० [बक्+पत्र] मुद्दामा वादी वा प्रतिवादीका साक्षी बस्ने व्यक्तिले बकेका कुरा लेखिएको कागत; साक्षीको बयान लेखिएको कागत ।

**बकपुष्प**– ना० [सं०] बकुल्लाका आकारको फूल फुल्ने, फुस्रो र लाम्चो पात हुने एक जातको बोट; त्यसैको फूल, बकुल पुष्प ।

**बकबक**– ना० [बक्+बक्] कसैलाई मन नपर्ने वा कुनै काम नलाग्ने कुरो; व्यर्थको बकवाद । >**बकबकाइ**– ना० बकबकाउने क्रिया वा प्रक्रिया । **बकबकाइनु**– अ० क्रि० बकबकाउने होइनु; बकबक गरिनु । **बकबकाउनु**– अ० क्रि० १. नचाहिँदा धेरै कुरा बोल्नु; बकबक गर्नु । २. मनपरी बोल्नु; जथवातथवा भन्नु; व्यर्थका कुरा गर्नु । **बकबके**– वि० नचाहिँदा धेरै कुरा गर्ने; जथाभाबी बोल्ने ।

**बकभक्त**– ना० [सं०] देखासिकीका निम्ति कसैको भक्ति गर्ने व्यक्ति; देखौवा भक्त; ढोँगी व्यक्ति ।

**बकम**– ना० पश्चिम नेपालको त्रिवेणीतिर पाइने रातो काठ हुने एक प्रकारको रूख ।

**बकम्फुस**– ना० [सं० वाक्+फुस्सा] १. निरर्थक वा नचाहिँदा कुरा; व्यर्थका कुरा । वि० २. त्यस्ता कुरा धेरै गर्ने । > **बकम्फुसे**– वि० १. बकम्फुस । २. व्यर्थका कुरा धेरै गर्ने; निरर्थक कुरा गर्ने ।

**बकरिद**– ना० [अ०] पशुवलि दिएर मनाइने मुसलमानहरूको एउटा पर्व ।

**बकरे**– ना० [अ० बकर+ए] खसी, बोका आदि काटेर मासु बेच्ने पेसा लिएको व्यक्ति; मासुपसले; बगरे ।

**बकलाटो**– वि० [बक+लाटो] १. बकुल्लाझैँ लाटो । २. पटक्कै नबोल्ने; बोल्नै नसक्ने ।

**बकवाद**– ना० [बक+वाद] १. अर्कालाई नराम्रो हुने वा दोष लाउने कुरो; बदख्वाइँ । २. जथाभाबी बोलाइ; खराब वचन; बकबक । >**बकवादी**– वि० १. बकवाद गर्ने; अर्काको बदख्वाइँ गर्ने । २. बकबक गर्ने; बकबके ।

**बकवृत्ति**– ना० [सं०] १. अनेक किसिमका स्वाङ रचेर ठगठागको काम गर्ने व्यवहार; बकव्रत । वि० २. बकुल्लोझैँ ढोँगी भक्त;

बुकल्लाभगत; बकव्रती ।

**बकवेदान्त–** ना० [सं०] अर्कालाई ठगी खाने विद्या; ठगविद्या । > **बकवेदान्ती–** वि० आफूले केही तत्त्व नबुझे पनि अर्कालाई ठग्नका निम्ति वेदान्त छाँट्ने; आडम्बरी वेदान्ती; ठगी ।

**बकव्रत–** ना० [सं०] अर्कालाई देखाउनका निम्ति गरिने ढोँगी व्रत नक्कली आचरण । > **बकव्रती–** वि० १. बकुल्लाको जस्तो ध्यान गर्ने; साधुको वेशमा रहेको महाको ठग । २. ढोँगी; आडम्बरी; बकवेदान्ती ।

**बकस–** ना० [फा० बख्श] कसैका क्रियाकलाप वा शीलस्वभावबाट सन्तुष्ट वा खुसी भएर केही वस्तु दिइने काम; इनाम; बक्सिस; पुरस्कार; पारितोषिक । ~ **पत्र–** ना० खुसी भएर कसैलाई कुनै वस्तु वा जग्गाजमिन आदि दिएर गरिदिएको कागज ।

**बकाइ–** ना० [√ **बक्** (+आइ)] बक्ने क्रिया वा प्रक्रिया । [ > ] **बकाइनु–** क० क्रि० बक्न लाइनु; बक्ने पारिनु ।

**बकाइनु–** ना० [सं० वकनिम्ब] नीमका जस्ता पात हुने, कलेजी रङका फूल फुल्ने, नपाक्ता हरिया र पाक्ता पहेँला हुने झुप्पाझुप्पा परेको ससाना फल फल्ने, कमलो खालको काठ हुने एक जातको रूख; आयुर्वेदमा कफ, कीरा, कुष्ठ र विषनाशक तथा ठन्डा गुण मानिएको एक जातको नीम; महानिम्ब ।

**बकाउनु–** प्रे० क्रि० [बक्+आउ+नु] सोधपुछ गरेर कसैलाई केही कुरा बक्न लगाउनु; बयान गराउनु ।

**बकार–** ना० [सं०] 'ब' अक्षर; पवर्गको तेस्रो वर्ण ।

**बकावली–** ना० [सं०] हलेदाको जस्तो पात हुने र सेतो सुगन्धी फूल फुल्ने एक जातको बोट; त्यसैको फूल ।

**बकितम्–** ना० [बक्+इतम्] बकेको वा बोलेको कुरो; दिएको बयान ।

**बकिनु–** क० क्रि० [बक्+इ+नु] आफ्नै मुखले कुनै कुरो भनिनु; बक्ने काम गरिनु ।

**बकुची–** ना० [सं० बाकुची] ससाना लाम्चा पात हुने, गुलाबी रङको फूल फुल्ने, बाटुलो, चेप्टो, कालो र कडा गेडाहरू फल्ने एक जातको बोट ।

**बकुल–** ना० [सं०] खोर्सानीका जस्ता साना, सेता र सुगन्धी फूल फुल्ने, सुन्तला रङका लाम्चा र साना फल फल्ने एक जातको रूख वा त्यसैको फूल; मौलसिरी; वकुल । ~ **पुष्प–** ना० मौलसिरी ।

**बकुला–** ना० [अ० बाकल] लाम्चा र साना पात हुने, आँख्लैपिच्छे कोसा फल्ने, कोसा र त्यसभित्र हुने थेप्चा गेडाको तरकारी खाइने एक जातको बोट; सोही कोसा वा गेडा; सिमचना; सिम्बीचना । ~ **सिमी–** ना० लाम्चा पात हुने, छोटा कोसा लाग्ने र तरकारी खाने काममा आउने एक प्रकारको बोट; सोही बोटका कोसा वा गेडा ।

**बकुल्ला–** ना० [बकुल्लोको ति० रू०] हे० बकुल्लो । – **ध्यानी ⁄ भगत–** वि० साधुका भेषमा रहेको कपटी; ढोँगी; आडम्बरी; धर्मध्वजी । > **बकुल्ले–** ना० १. होच्याएर वा हियाएर भन्दा प्रयोग गरिने शब्द । वि० २. बकुल्लाजस्तो; बकुल्लाको स्वभाव वा बान्कीको ।

**बकुल्लो–** ना० [सं० बक+उल्लो] लामो घाँटी, लामा खुट्टा र पुच्छर छोटो हुने, सेतो रङको एक पक्षी ।

**बकेर्नू ⁄ बकेर्नो–** वि० [सं० वष्कयिणी] १. दूध थाक्ने बेला भएको दुहुनो (गाईभैँसी) । ना० २. त्यसैको बाछो वा पाडो ।

**बकैया–** ना० [सं० वक्तिक] बाङ्गोटिङ्गो बोट तथा खैरो बोक्रा हुने एक जातको धान; त्यसैको चामल ।

**बक्क–** ना० [सं० बक] बोली; बक्के । ~ **लाटो–** वि० कत्ति बोल्न नसक्ने; अक्क न बक्कको ।

**बक्के–** ना० [बक+ए] बोली; बक (जस्तो– बक्के फुट्नु; बक्के बस्नु आदि) ।

**बक्खु–** ना० [वै० प्रा० बक्ख] १. मोटो ऊनी कपडाको लामो कोटजस्तो वस्त्र । २. जुवामा ताल मारिसकेपछि घाइते नभएका च्याँखेले थापेको धन । क्रि० वि० ३. बिनसित्ति; निष्प्रयोजन; व्यर्थ ।

**बक्खे–** ना० [बक्खु+ए] डबलसोल जुत्तामा सामाभन्दा बाहिर निस्केको, तलुवाको माथिल्लो भाग । ~ **आरो–** ना० बक्खे सिउने काममा प्रयोग हुने ठूलो खालको सियो; डबलसोलवाला जुत्ता सिउने सियो ।

**बक्यौता–** वि० [बाँकी < अ० बाँकी+यौता] १. बाली, मालपोत आदि असुल गर्न बाँकी रहेको; तिर्न बाँकी भएको । २. बुझबुझारथ गर्न बाँकी रहेको; कामकारबाई मिलाउन बाँकी रहेको ।

**बक्रम–** ना० [अङ्०] कोट, कमिज आदिका मुख्य मुख्य भाग वा दह्रो हुनुपर्ने ठाउँमा भित्रपट्टि हालेर मोहोरिने ठर्रो कपडा ।

**बक्स–** ना० [अङ्०] बक्सा; बाकस । ~ **प्लेट–** ना० घाँगर, फ्रक आदि लुगा सिउँदा ठाउँठाउँमा मसिना मुजा नराखी फराकिलो पारेर पटच्याएको भाग ।

**बक्स–नु–** स० क्रि० [बकस+नु] १. बकस वा बक्सिस दिनु; कसैले रिझिएबापत अरूलाई केही कुरा दिनु । २. ठूलाबडाले सानालाई केही वस्तु दिनु; बक्सिनु । ३. दिनु (विशेष आदरार्थी प्रयोगमा) ।

**बक्सा–** ना० [अङ्० बक्स] हे० बाकस ।

**बक्साइ–** ना० [√ **बक्स** (+आइ)] बक्सने क्रिया वा प्रक्रिया । [ > ] **बक्साइनु–** क० क्रि० बक्सन लाइनु । **बक्साउनी–** ना० १. दुई झगडियाले मिलापत्र गरेबापत लाग्ने सरकारी दस्तुर । २. बकस पाए बापत लाग्ने दस्तुर । **बक्साउनु–** स० क्रि० १. उच्च अधिकारीको स्वीकृति लिनु; आदेश गराउनु । प्रे० क्रि० २. बक्सन लाउनु । **बक्सिनु–** स० क्रि० १. बकस दिनु; बक्सनु । क० क्रि० २. बकस दिने काम गरिनु; बकस दिइनु ।

**बक्सिस–** ना० [फा० बख्शिश] कुनै काम गरेबापत वा रिझिएर आफूभन्दा निम्न स्तरका व्यक्तिलाई त्यसै वा पारिश्रमिकका अतिरिक्त इनामस्वरूप दिइने रकम वा वस्तु; बकस ।

**बक्सौनी ⁄ बक्स्यौनी–** ना० [बक्साउ+औनी ⁄ यौनी] हे० बक्साउनी ।

**बखत**– ना० [अ० वक्त] १. समय; बेला । २. जमाना । ३. अवसर; मौका ।

**बखता**– ना० [सं० भक्त] भुटेर बोक्रा छुट्ट्याइएको चना, भटमास, केराउ आदिको खानेकुरो ।

**बखान्-नु**– स० क्रि० [बखान+नु] १. बखान गर्नु; बयान गर्नु । २. तारिफ गर्नु; प्रशंसा गर्नु ।

**बखान**– ना० [सं० व्याख्यान] १. कुनै कुराको वर्णन; बयान । २. तारिफ गर्ने काम; प्रशंसा । > **बखानिनु**– अ० क्रि० १. बखान गरेर बोल्नु । क० क्रि० २. बखान गरिनु । **बखानिया**– वि० बखान चलेको; कहलिएको; प्रसिद्ध ।

**बखिया**– ना० [फा० बखिय] १. पहिलोपल्ट फड्का मारी सिइएको वा टाँका लगाइएको कपडामा पछिबाट गरिने मसिनु सिलाइ । २. फेरका छेउमा गरिने मसिनु सिलाइ; खुटाइ । ~ **टाँका**– ना० फड्का मारिएको सिलाइ; बखिया ।

**बखुबी**– [अ०] वि० खास ।

**बखेडा**– ना० [सं० व्याक्षेप] १. दुई थरीका बीचमा भएको झगडा; कलह; कचिङ्गल । २. व्यर्थको झमेला; टन्टा । ३. नचाहिँदा कामबाट भएको हैरानी; कठिनाइ । ४. झगडा गर्ने निहुँ; खिचोला । > **बखेडिया**– वि० बखेडा गर्ने स्वभावको; टन्टा मच्चाउने खालको ।

**बखेत्रो**– ना० [बाखो+एत्रो] चुत्थो खालको वा सानो कदको बाखो ।

**बख्तर**– ना० [फा० बख्तर] लडाइँमा योद्धाहरूले लगाउने फलामका सिक्रीले बुनेको वस्त्रविशेष ।

**बग्-नु**– स० क्रि० [सं० वह+नु] १. पानी आदि पन्यालो वस्तु तलतिर सर्दै जानु; प्रवाहित हुनु; बहनु । २. बग्दो पानीका साथसाथै जानु; प्रवाहका साथमा हेलिनु । ३. कुनै रूख आदि वस्तुबाट लेस्याइलो वा तरल पदार्थ निस्कनु । ४. तरल पदार्थ धाराको रूपमा निस्कनु । ५. चिप्लिएर सर्नु । ६. हावा लाग्नु । ७. सर्प आदि घस्रनु । ८. अर्काका बहकाउमा लाग्नु; बहकिनु ।

**बगडा**– वि० धान उसिनेर कुटिएको; पठुवा (चामल) । > **बगडी**– ना० बगर; खोला, नदी आदिको किनार ।

**बगम्फुस**– वि० हे० बकम्फस । > **बगम्फुसे**– वि० बकम्फुसे ।

**बगर**– ना० [गुज० बगड < प्रा० बिगड] १. नदीका दायाँबायाँ रहेको बलौटे जमिन; बलौटे वा ढुङ्गेन जमिन । २. खोलाले छाडेको बलौटे जग्गा । > **बगरल्ल**– क्रि० वि० बग्रेल्ती । **बगरिलो**– वि० बगरैबगर भएको । **बगरे**– वि० बगरजस्तो; बगरको ।

**बगरे**– ना०हे० बकरे ।

**बगरेठ**– ना० [बगरेकाठ < सं० बगर+काष्ठ] नदीले बगाएर ल्याई बगरमा थुपारेका काठको समूह ।

**बगऱ्यान**– ना० [बगर+यान] बगर भएको ठाउँ; बगरको जमिन ।

**बगऱ्याल्ल**– क्रि० वि० [बग्रेल+याल्ल] चारैतिर छरिने गरी; बग्रेल्ल; बग्रेल्ती; बगरल्ल; बगिरल्ल ।

**बगल**– ना० [फा० बगल] १. काखी; कोखो; पार्श्व । ना०यो० २. नजिक; समीप; निकट । क्रि० वि० ३. वरिपरि; छेउछाउ; आसपास; अगल-बगल ।

**बगलामुखी**– ना० [सं०] तन्त्रका अनुसार शत्रुको वाक्शक्ति बन्द गर्नाका निम्ति आराधना गरिने एक प्रसिद्ध देवी; दशमहाविद्यामध्ये एक । ~ **स्तोत्र**– ना० निजदेवीको स्तुति ।

**बगलिस**– ना० [अङ्० बकल] जुत्तामा कुर्कुच्चा घुसार्न सजिलो तुल्याउने चेप्टो साधन ।

**बगली**– ना० [फा० बगली] कोट, इस्टकोट आदिका अगाडिपट्टि बाहिर-भित्र र पेन्ट आदिका पछाडि र अगाडि कम्मरमुनि पैसा, कलम आदि राख्नका निम्ति बनाइएको थैलोजस्तो वस्तु; गोजी; खल्ती; जेब; पाकेट । ~ **मारा**– ना० बगलीमा राखिएको रुपियाँ-पैसा चोर्ने व्यक्ति; पाकेटमारा – **कोश**– ना० खल्तीमा अट्ने कोश । ~ **खर्च**– ना० दैनिक खर्च पाकेट खर्च ।

**बगाइ**– ना० [√ **बग्** (+आइ)] बग्ने क्रिया वा प्रक्रिया । [ > ] **बगाइनु**– क० क्रि० बग्न लाइनु; बग्ने पारिनु । **बगाउनु**– प्रे० क्रि० १. बग्न लाउनु; बग्ने पार्नु; प्रवाहित गर्नु । २. जलप्रवाहका साथसाथै कुनै वस्तु पठाउनु । स० क्रि० ३. कसैलाई सापट दिएको वस्तु फिर्ता लिन नसक्नु । ४. बेकाममा धेरै खर्च गर्नु; धन उडाउनु ।

**बगान**– ना० [बाग+आन] चियाखेती गरिएको जग्गा वा बारी; बगैँचा । > **बगाने**– वि० १. बगानमा काम गर्ने । २. बगानमा बस्ने ।

**बगाल**– ना० [प्रा० वग्गल] १. पशुहरूको हाँच वा समूह; बथान । २. सिपाहीका लस्कर वा ताँती । ~ **छोडाउनी**– ना० गाईभैँसी बेच्दा किन्ने व्यक्तिले गोठालालाई दिने दस्तुर । > **बगालिनु**– अ० क्रि० १. बगालमा मिलेर हिँड्नु । २. बिहिलिनु; बाटो बिराउनु । ३. भालेपोथी मिसिनु ।

**बगाले**– वि० [बगाल+ए] १. ठूलो बगाल हुने; धेरै पाठापाठी जन्माउने (बाखी, भेडी इ०) । २. बगालमा हिँड्ने वा बस्ने । ३. बगालसँग सम्बन्धित; बगालको । ~ **थापा**– ना० थापाको एक उपभेद (भीमसेन थापाको थर) ।

**बगावट**– ना० [बग्+आवट] १. कुनै वस्तु बग्ने काइदा वा किसिम । वि० २. बगेको वा बगाइएको (वस्तु) ।

**बगिनु**– क० क्रि० [बग्+इ+नु] बग्ने काम गरिनु; प्रवाहित होइनु ।

**बगिरल्ल**– क्रि०वि०हे० बगऱ्याल्ल ।

**बगुन्द्र/बगुन्त्र**– वि० [बग्+उन्द्र/उन्त्र] धेरै; प्रशस्त; अत्यधिक ।

**बगुवा**– वि० [बग्+उवा] बगेर जाने; बग्ने ।

**बगेडा**– ना० डाँक राखेपिच्छे जाँचिँदै जाने एक किसिमको हुलाक-चलानी ।

**बगेडी/बगेरी**– ना० [सं० वर्तिका] भँगेराका आकारको, मासु खान हुने एक जातको चरो ।

**बगैँचा**– ना० [फा० बागच] फलफूलहरू लगाइएको बारी; फूलबारी; पुष्पवाटिका; बघैँचा । > **बगैँचे**– वि० १. बगैँचाको;

बगैँचासम्बन्धी । ना० २. बगैँचासम्बन्धी काम गर्ने व्यक्ति; माली; बागवान्; बघैँचे ।

**बग्गी–** ना० [अङ्० बोगी] कोठाजस्तो बस्ने ठाउँ भएको, घोडाले तान्ने एक किसिमको सवारी । – **खाना–** ना० बग्गी राख्ने ठाउँ ।

**बग्ने–** वि० [बग्+ने] १. बगेर जाने; प्रवाहित हुने । ना० २. घस्रेर हिँड्ने प्राणी; सर्प आदि ।

**बग्रेठाबग्रेठी–** ना० [बग्रेठो+बग्रेठो] सानाठूला बग्रेठाहरूको समूह ।

**बग्रेठो–** ना० [बगर+एठ] खहरे वा खोलाले बगाएर ल्याई बगरमा फालिएका रूख, काठ आदि; बगरेठ ।

**बग्रेन–** ना०हे० बग्र्यान ।

**बग्रेल/बग्रेलो/बग्रेल्ती–** वि० [बगाल+एल/एलो/एल्ती] १. चारैतिर छरिएको; थुप्रै; धेरै; प्रशस्त; छ्यासछ्यासती । ना० २. अस्तव्यस्त भएका वस्तु वा व्यक्तिको समूह । ३. अस्तव्यस्तता; लथालिङ्गेपना । क्रि० वि० ४. त्यसरी छरिने गरी ।

**बग्र्यान–** ना० [बगर+यान] नदीका किनारको जमिन; बगरसमान गेगर भएको भूमि; बगरको जमिन; बग्रेन ।

**बघम्बर–** ना० [सं० व्याघ्राम्बर] १. ओछ्याउने वा ओढ्ने काममा उपयोग गरिने बाघको छाला । २. बाघका छालामा रहेको जस्तो बुट्टा भएको कपडा; बघम्बरु । > **बघम्बरु–** ना० बघम्बर ।

**बघाइ–** ना० [बाघ+आइ] बाघको आक्रमण वा झम्टाइ ।

**बघार्-नु–** स० क्रि० [सं० अवधारण] १. कुनै बास्नादार पदार्थ घिउ-तेलमा फुराएर तरकारी, अचार आदिमा झान्नु । २. सेखी गर्नु; फाइँफुट्टी लगाउनु । > **बघार–** ना० बघार्ने काम । **बघाराइ–** ना० बघार्ने क्रिया वा प्रक्रिया । **बघारिनु–** क० क्रि० बघार्ने काम गरिनु; झानिनु ।

**बघिनी/बघेनी–** ना० [बाघ+इनी/एनी] बाघको पोथी रूप; पोथी बाघ ।

**बघैँचा–** ना०हे० बगैँचा । > **बघैँचे–** वि०/ना० बगैँचे ।

**बङ्क–** ना० [अङ्० बैङ्क] ब्याङ्क; बैङ्क ।

**बङ्गडी–** ना० ट्रकका दायाँ-बायाँ बार जोड्ने फलामे डाँडा ।

**बङ्गला–** ना० [सं० बङ्ग+ला] १. बङ्गालमा बोलिने भाषा । २. चारैतिर खुला भएको सानो हावादारी कोठा वा घर । वि० ३. बङ्गालसम्बन्धी; बङ्गालको । – **देश–** ढाका राजधानी हुने मुसलमानी देश ।

**बङ्गारे–** वि० [बङ्गारो+ए] बङ्गारा भएको; बङ्गाराजस्तो । ~ **मकै–** ना० बङ्गाराजस्ता ठूलठूला र थेप्चिएका गेडा हुने एक जातको मकै ।

**बङ्गारो–** ना० [सं० बङ्कि+आरो] खाएको वस्तु चपाउने दुवै गालाका चेपमा तलमाथि हुने, मुडिएजस्तो तर छेउछाउमा धार भएको दाँत ।

**बङ्गाल–** ना० [सं० बङ्ग] १. भारतको विहार प्रान्तको पूर्वपट्टि रहेको एक राज्य वा प्रान्त । २. बङ्ग-प्रदेश ।

**बङ्गाला–** ना० [√ बङ्गला] बङ्गला, घर । > **बङ्गाले–** वि० बङ्गला छुट्टिएको; बङ्गला भएको (घर) ।

**बङ्गिनु–** अ० क्रि० [बाङ्गो+इ+नु] बाङ्गो हुनु; सोझो नभई टेढो हुनु ।

**बङ्गुर–** ना० [वनेल+सुँगुर] बनेल र सुँगुर मिसिएर पैदा भएको मासु खान पालिने एक जातको पशु ।

**बङ्ग्याइ–** ना० [**बाङ्गि** (+याइ)] १. बाङ्गिने क्रिया वा प्रक्रिया । [बङ्ग्याउ+आइ] २. बङ्ग्याउने क्रिया वा प्रक्रिया । [>] **बङ्ग्याइनु–** क० क्रि० बङ्गिन लाइनु; बाङ्गिने पारिनु । **बङ्ग्याउनु–** प्रे० क्रि०/स० क्रि० १. बङ्गिने वा बाङ्गिने पार्नु । २. बाङ्गो पार्नु; टेढो तुल्याउनु ।

**बच्-नु–** अ० क्रि० [बाँच्+नु] १. दुःख, सङ्कट, खतरा, नराम्रो आदत आदिबाट जोगिनु; रक्षित रहनु । २. बाँच्नु; जिउँदो रहनु । ३. खर्च गरेर बाँकी रहनु; शेष रहनु; उब्रनु ।

**बचकना/बचकाना–** वि० [फा० बचगान] १. बालकसम्बन्धी; बालकको । २. बालकलाई सुहाउने वा शोभा दिने । ३. सानो खालको; सानोतिनो । > **बचकानी–** वि० ससाना खालका; सानातिना ।

**बचत–** ना० [बच्+अत] १. खर्च गरेर बाँकी रहेको धन वा कुनै वस्तु; बचेखुचेको धन वा चीज । २. नाफा; लाभ । वि० ३. बचाउका निम्ति सुरक्षित राखिएको । ४. बाँकी रहेको; शेष रहेको । ~ **खाता–** ना० बैङ्कमा निश्चित व्याज पाक्ने नियमअनुसार रुपियाँपैसा राखिने हिसाब-किताब । ~ **हिसाब–** ना० बचत खातामा जम्मा गरिएको रुपियाँपैसाको हरहिसाब; बचेको हरहिसाब ।

**बचन–** ना० [सं० वचन] १. वचन; बोली । २. प्रतिज्ञा; सङ्कल्प । ३. कसैलाई यस्तो दिउँला वा गरुँला भनेर बाँधिएको बाचा ।

**बचपन–** ना० [बच्चो+पन] बालख अवस्था; शिशुपन; लडकपन ।

**बचरा बचरी–** ना० [बचरो+बचरो+ई] साना-ठूला बचराहरूको समूह ।

**बचरो–** ना० [बच्चो+अरो] चराको चल्लो वा बच्चो; बच्चो पक्षी; बचेरो ।

**बचाइ–** ना० [√ **बच्** (+आइ)] बच्ने क्रिया वा प्रक्रिया । [>] **बचाइ–** ना० बाँच्ने क्रिया वा प्रक्रिया । **बचाइनु–** क० क्रि० बचाउ गरिनु; जोगाइनु । **बचाउ–** ना० १. बचाउने काम; जोगाउने काम; सुरक्षा; हिफाजत; जतन । २. जम्मा गर्ने काम; बचत; जगेडा । **बचाउनु–** स० क्रि० १. जीउ, धन आदिको बचाउ गर्नु; प्राण रक्षा गर्नु । २. कुनै खतरा, खराबी, सङ्कट आदिबाट जोगाउनु । ३. पैसा आदि खर्च गरेर शेष राख्नु; उबार्नु । ४. जोगाएर राख्नु; जम्मा गर्नु । **बचावट–** ना० १. बच्ने काम; बचाउ; रक्षा । २. बचाउने काम; रक्षा गर्ने काम । **बचिनु–** अ० क्रि० रक्षित होइनु; जोगिनु; बाँच्ने होइनु । **बचेखुचेको–** वि० आवश्यक काममा आइसकेपछि शेष रहेको; बाँकी बचेको; उब्रेको ।

**बचेरा बचेरी**– ना० [बचेरो+बचेरो+ई] साना-ठूला बचेराहरूको समूह ।

**बचेरो**– ना० [बच्चो+एरो] हे० बचरो ।

**बचोट**– ना० [बच्+ओट] बचत; जोगार ।

**बच्च-नु**– स० क्रि० १. खोपीका खेलमा खोपीभित्र पैसा पर्ने गरी फाल्नु । २. खोपी, गुच्चा आदिको खेलमा निर्धारित चिनुभित्र पैसा, गुच्चा आदिलाई घ्वाइँले लाग्ने गरी हान्नु । > **बच्चाइ**– ना० बच्चने क्रिया वा प्रक्रिया ।

**बच्चा**– ना० [बच्चोको ति० रू०] हे० बच्चो । – **दानी**– ना० गर्भाशय; पाठेघर । ~ **बच्ची**– ना० केटाकेटीहरूको समूह; बालबच्चा; भुराभुरी ।

**बच्ची**– ना० [बच्चो+ई] १. बालिका; केटी । वि० २. निकै कम उमेरकी; सानी (बालिका) ।

**बच्चू/बच्चे**– ना० [बच्चो+ऊ/ए] बच्चालाई सम्बोधन गरिने स्नेहसूचक शब्द ।

**बच्चेट**– ना० [बर्चोट] गाली गर्दा भनिने उपेक्षात्मक शब्द ।

**बच्चो**– ना० [सं० वत्स] १. भर्खरै जन्मेको शिशु; नवजात बालक । २. बालख; केटो । वि० ३. उमेरमा निकै सानो; कम्ती उमेरको ।

**बच्छी१**– ना० [बच्छली < सं० वत्सला] राम्ररी फल्ने र चामल पर्ने, मसिनु धानको एक जात ।

**बच्छी२**– वि० [नेवा०] १. आधा; अर्द्ध । २. सजिया; साजे; साझा । ना० ३. आधाभाग; अधियाँ । ~ **बच्छी**– ना०/वि० दुवैतर्फ बराबरी; आधा-आधा ।

**बच्छ्युँ**– ना० कम्मरमा पहेँलो पाटा परेको, खिल गाडेर चिल्ने, अरिङ्गालका जातको उड्ने कीरो ।

**बछिया**– ना० [बाछो+इया] बाछो वा बाछी ।

**बछेडा बछेडी**– ना० [बछेडो+बछेडी] सानाठूला बछेडाहरूको समूह ।

**बछेडी**– ना० [बछेडो+ई] घोडाको बच्ची ।

**बछेडो**– ना० [सं० वत्स] घोडाको बच्चो ।

**बज्-नु**– अ० क्रि० १. घण्ट, बाजा आदिबाट शब्द निस्कनु; कुनै वस्तुमा ठक्कर लाग्दा शब्द निस्कनु । २. घन्कनु; रन्कनु । ३. घडीद्वारा समय सूचित हुनु ।

**बजरङ्ग**– ना० [फा० बदरङ्ग] १. तासका खेलमा बोलेको रङ्गदेखि अतिरिक्त अरू तीन रङका चक्की । २. पासा, पच्चीस आदि खेलका गोटीमा अप्रधान वा विरुद्ध रङ (कालो र हरियो रङ); कुरङ्ग । ३. ना० हनुमान्; बजरङ्गबली । – **बली**– ना० हनुमान् ।

**बजरमात**– ना० [बजरङ्ग+मात] १. पासाका खेलमा बजरङ्गबाट भएको मात; बजर । २. ठूलो जित; विजय ।

**बजाइ**– ना० [√ **बज्** (+आइ)] १. बज्ने क्रिया वा प्रक्रिया । [बजाउ+आइ] २. बजाउने क्रिया वा प्रक्रिया । [ > ] **बजाइनु**– क० क्रि० बज्न लाइनु; बज्ने पारिनु; बाजाबाट शब्द निकालिनु; पिटिनु । **बजाउनु**– स० क्रि० १. बाजा आदिबाट शब्द वा स्वर निकाल्नु । २. ठोक्नु; ठटाउनु; पिट्नु । ३. खूब खानु; प्रशस्त खानु । ४. हातलागी गर्नु; चप्काउनु । ५. सम्भोग गर्नु (लाक्षणिक अर्थमा) । **बजान**– ना० १. बजाउने काम (जस्तो– गानबजान) । २. रुवावासी; कलह; झगडा; बाझो (जस्तो– दन्तबजान) ।

**बजार्-नु**– स० क्रि० [वज्र+आर्+नु] १. बज्ने गरी कुनै वस्तु राख्नु; फ्याँक्नु; थचार्नु । २. अरूका थाप्लामा विपत्ति, दोष आदि थोपर्नु ।

**बजार**– ना० [फा० बाजार] १. विभिन्न वस्तुहरूको पसल राखिएको ठाउँ; मालमत्ता वा चीजबीज खरिद-बिक्री हुने पसलहरूको समुदाय; हाट; हटिया । २. पसल; दोकान । ३. धेरै मान्छे बसेको वा धेरै सामान जतातता थुपारिएको ठाउँ । ~ **भाउ**– ना० प्रचलित भाउ । ~ **सेवा**– ना० बजारभाउ र व्यवस्थाको सन्तुलक कार्यक्रम वा तत्सम्बन्धी सेवा ।

**बजाराइ**– ना० [√ **बजार्** (+आइ)] बजार्ने क्रिया वा प्रक्रिया । [ > ] **बजारिनु**– अ० क्रि० १. कुनै वस्तु वेगसित भुइँमा खस्नु; पछारिनु । क० क्रि० २. बजार्ने वा पछार्ने काम गरिनु ।

**बजारिया**– वि० [बजार+इया] १. बजारसँग सम्बन्ध भएको; बजारको । २. सामान्य खालको; फर्माइसी नभएको । ३. बजारमा बस्ने ।

**बजारु**– वि० [बजार+उ] बजारमा पाइने; साधारण; बजारिया ।

**बजिनी**– ना० [बजिया+इनी] १. बजियाको स्त्री-रूप; कमारी; दासी । २. स्वास्नीमानिसलाई गाली गरिने शब्द ।

**बजिनु**– अ० क्रि० [बज्+इ+नु] घण्ट, बाजा आदिबाट शब्द निस्किनु; शङ्ख, नरसिङ्गा आदि घन्किनु ।

**बजिया**– ना० [सं० वृजिन] १. घरको सानोतिनो काम गर्न र सेवाटहलका निम्ति राखिएको मानिस; कमारो; दास । २. लोग्नेमान्छेलाई निन्दापूर्वक भनिने शब्द ।

**बजिर**– ना० [अ० वजीर] १. तास, बुद्धिचाल, गन्जिफा आदिमा बादशाहभन्दा तलको चक्की वा गोटी; मिम वा मिस्सी । २. अमात्य; मन्त्री; सचिव ।

**बजू**– ना० [सं० वर्या] बाबुकी अथवा आमाकी आमा; हजुरआमा; बज्यू ।

**बजे**– क्रि० वि० [बज्+ए] घडीको कुनै निश्चित समयमा; घडीमा बज्दा; बजेपछि ।

**बजेट**– ना० [अङ्०] आगामी समयका कामका निम्ति भिन्न-भिन्न विभाग वा कार्यका लागि अन्जाम गरिएको आय-व्ययको लेखा; भविष्यमा हुने आय-व्ययको अनुमानित लेखा; आय-व्ययक ।

**बजेवा**– ना० हरियो घाँटी, अकासे रङको डाढ र पुच्छर तथा पखेटा खैरो हुने, एक जातको जङ्गली परेवा ।

**बजै**– ना०हे० बज्यै ।

**बज्यू१**– ना० [बज्यै] बज्यै; बज्यैको आदरार्थी शब्द ।

**बज्यू२**– ना० [मग०] मगर जातिका कुलदेउता ।

**बज्यै**– ना० [सं० वर्या] १. आमा वा बाबुकी आमा; मातामही वा पितामही; बजै । २. पतिकी वा पत्नीकी आमा; सासू । ३. बाहुनी तथा पाकी आइमाईलाई प्रयोग गरिने आदरसूचक शब्द । ४. भान्से बाहुनीलाई भनिने शब्द ।

**बज्र**– ना० [सं० वज्र] १. इन्द्रको प्रमुख अस्त्र; कुलिश; पवि । २. बादल र हावाको घर्षणबाट निस्कने शब्द; चटचाङ, चट्को । ३. चुना र सुर्की घोलेर बनाइएको लेदो । ४. हीरा काट्ने हतियार वा ज्याबल । ५. ज्यादै कठोर वा साह्रो वस्तु । वि० ६. नचल्ने, नछटपटाउने र डेग नचल्ने । – **ठिङ्गा**– ना० दन्त्यकथाको त्यस्तो ठिँगा (लाठो), जसले आफ्नो स्वामीको आदेशअनुसार विपक्षीलाई तह लगाई काम फत्ते गर्दथ्यो । – **ठिङ्गो**– वि० वरको पर नसर्ने; डेग नचल्ने । – **दन्ती**– ना० १. ना० एउटा ठूलो र अरू ससाना पातहरू मिलेको तथा किनारमा दाँती परेको संयुक्त पात हुने, पहेँलो वा सुन्तले रङको फूल फुल्ने एक प्रकारको बुटी; मौलसिरी । ना० २. दन्तमञ्जन । > **बज्रनु**– अ० क्रि० कुनै वस्तु जमिन वा अर्को वस्तुमा जोडसित ठक्कर खानु; बेसरी ठोकिनु वा पछारिनु; बजारिनु । – **पात**– ना० १. बज्र वा चटचाङ खस्ने काम । २. थाम्नै नसकिने गरी आइपरेको ठूलो विपत्ति । – **लेप**– ना० १. भित्ता, पर्खाल आदिमा लाउन चून, सुर्की आदि मिलाएर बनाइएको लेदो पदार्थ । २. मूर्ति, शिलालेख आदिमा लगाइने एक प्रकारको कडा पालिस । वि० ३. साह्रै बलियो; दह्रिलो । ४. निश्चित; पक्कापक्की । – **स्वाँठ**– वि० बज्रझैँ साह्रो चित्तको; महामूर्ख; पटमूर्ख ।

**बज्राँठ**– ना० [सं० वज्रद्रुमी] ज्यादै साह्रो काठ हुने एक जातको लेकाली रूख; वज्रद्रुमी ।

**बज्राइ**– ना० [√ **बज्र** (+आइ)] बज्रने क्रिया वा प्रक्रिया । [>] **बज्राइनु**– क० क्रि० बज्रने पारिनु; बज्रन लगाइनु । **बज्राउनु**– प्रे० क्रि० बज्रने पार्नु; बज्रन लाउनु ।

**बझाइ**– ना० [√ **बाझ्** (+आइ)] १. बाझ्ने भाव, क्रिया वा प्रक्रिया । [बझाउ+आइ] २. बझाउने भाव, क्रिया वा प्रक्रिया । [>] **बझाइनु**– क० क्रि० बाझ्न लाइनु; बाझो गराइनु । **बझाउनु**– प्रे० क्रि०/स० क्रि० १. राय वा मतो नमिल्ने पार्नु; बाझ्ने तुल्याउनु; बाझो पार्नु । २. जोल्टचाउनु; फसाउनु ।

**बझाङ**– ना० १. सेती अञ्चलमा रहेको एक पहाडी जिल्ला । २. पश्चिम नेपालको बाइसे राज्यमध्येको एक प्राचीन राज्य ।

**बझुवा**– वि० [बाझ्+उवा] बाझ्ने स्वभावको; बाझ्ने प्रकृतिको; झगडालु । स्त्री० बझुवी ।

**बझौटी**– ना० [बाझ्+औटी] परस्परमा वा धेरै जना एकै खेप बाझ्ने काम; मुख-छाडाछाड; बाझाबाझ, भनाभन ।

**बझौटे**– वि० [बाझ्+औटे] बाझ्ने खालको; बझुवा ।

**बझौटो**– ना० [बाझ्+औटो] बाझाबाझसम्बन्धी विषय; झगडाको विषय ।

**बटन**– ना० [अङ्०] १. बिजुलीको करेन्ट खोल्ने र बन्द गर्ने स्विचमा जडिएको साधन । २. टाँक । ३. पाइन्टको गोलीगाँठानेर पर्ने भाग; पाइन्टको पीँध; मोहता ।

**बटाँ**– ना० [नेवा० बताँ] कुना वा सतह मिलाएर नाप्ने काठ, फलाम आदिको एककुने ९०° को कोण भएको साधन; बटान ।

**बटाइ**– ना० [बाट्+आइ] बाट्ने वा बाटिने क्रिया वा प्रक्रिया ।

**बटान१**– ना० [बाट्+आन] बाट्ने काम; बटाइ ।

**बटान२**– ना० [नेवा० बताँ] हे० बटाँ ।

**बटार्-नु**– स० क्रि० [बाट्+आर्+नु] १. कुनै वस्तुलाई घुमाई-घुमाइँ मर्काउनु; निमोठ्नु; बाट्नु । २. कसार, लड्डू आदि कसिलोसँग डल्लो पार्नु; बाटुलो बनाउनु । ३. टेढो पार्नु; बाङ्गो पार्नु । ४. मर्काउनु; कर्काउनु । > **बटार बुटुर**– ना० बटार्नेवर्ने काम । **बटाराइ**– ना० बटार्ने क्रिया वा प्रक्रिया । **बटारिनु**– क० क्रि० १. बटार्ने काम गरिनु; बाटिनु । अ० क्रि० २. टेढो हुनु; बाङ्गिनु । ३. घमन्डले मात्तिनु; बाउँठिनु; बिँगठिनु ।

**बटालियन**– ना० [अङ्०] कम्पनीभन्दा ठूलो र रेजिमेन्टभन्दा सानो खालको पैदल सेनाको एक विभाग; गण ।

**बटी**– ना० [सं० वटी] गोली; बरी ।

**बटुक**– ना० ब्रह्मचारी; साना विद्यार्थी ।

**बटुका बटुकी**– ना० [बटुको+बटुकी] साना-ठूला बटुकाहरूको समूह ।

**बटुकी**– ना० [बटुको+ई] सानो खालको बटुको; कचौरी ।

**बटुको**– ना० [सं० वर्तक] वृत्ताकार घेरो र मुख भएको कचौरो ।

**बटुल्-नु**– स० क्रि० [प्रा० बट्टुल+नु] १. छरिएका वस्तुहरू एक-एक गरेर भेला गर्नु; एकत्रित पार्नु; समेट्नु । २. कुनै वस्तु वा व्यक्तिलाई खोजी-खोजी जम्मा गर्नु । ३. थुप्र्याउनु; सङ्ग्रह गर्नु । ४. ल्याउनु । > **बटुलबाटुल**– ना० बटुल्ने र जम्मा गर्ने काम; सोहोरसाहर । **बटुलाइ**– ना० बटुल्ने क्रिया वा प्रक्रिया । **बटुलिनु**– क० क्रि० बटुल्ने काम गरिनु; जम्मा पारिनु; । **बटुलो**– ना० १. छरिएका वस्तुहरू जम्मा गर्ने काम । २. भेला; एकत्रीकरण ।

**बटुवा१**– ना० [बाटो+उवा] बाटो हिँड्ने मानिस; पथिक; यात्री ।

**बटुवा२**– ना० [प्रा० बट्ट] भित्र खण्ड-खण्ड भएको, वृत्ताकार वा बाटुलो आकारको एक प्रकारको थैलो ।

**बटुवा३**– वि० [बाट्+उवा] १. बाटेको; बाटिएको । २. बाट्नका निम्ति ठीक पारिएको (डोरी आदि) । ~ **धूप**– ना० कागतका टुक्रामा सुगन्धित द्रव्य हालेर बटारिएको घरेलु धूप; बाटेको धूप ।

**बटुवारे**– वि० [बटुवा+रे] पथिक; बटुवा ।

**बटे**– ना० [बा० बो०] कचौरा; बटुको ।

**बटेरु**– ना० [बाटो+एरु] बटुवारे; बटुवा ।

**बटेर्नु**– ना० [बाट्+एर्+नु] दाम्लो, डोरी आदि बाट्दा पोया बेर्ने सानो लट्ठी; बट्न्यौटो ।

**बटैया**– ना० [बाँट्+ऐया] मोहीले कमाएको जग्गामा उब्जिएको बालीनाली जग्गाधनी र मोहीको बीचमा बाँडेर लिने काम वा प्रथा; अधियाँ ।

**बटौली**– ना० [बुटौल+ई] बुटौल, वुटवल; तिनाउछेउको ठाउँ ।

**बट्टा१**– ना० [प्रा० बाट्ट] १. एक देशका रुपियाँ, पैसा, नोट आदि अर्को देशका रुपियाँ, पैसा, नोट आदिसँग साट्दा लाग्ने दस्तुर । २. कुनै मालसामान साटफेर गर्दा त्यसको मूल्यबाट काटेर लिइने रकम । ३. कुनै कार्य वा बन्दव्यापार आदिबाट हुने घाटा; नोक्सान । ४. दाग ।

**बट्टा२**– ना० [सं० वटक] केही चीजबीज राख्न हुने काठ, टिन आदिको बिर्को भएको भाँडो; डिब्बा ।

**बट्टाई**– ना० [वर्तक] भँगेरोभन्दा सेख ठूलो र केही डल्लो खालको तित्राका रङको, पुच्छर छोटो भएको, खेतका आलीतिर दुलादुलीमा गुँड लगाएर बस्ने एक जातको चरो ।

**बट्नेउटो/बट्न्यौटो**– ना० [बाट्+नेउटो/न्यौटो] तोस्रामा तगाएका बाबियो, पाट आदिको पोया उठाउने काठको साधन ।

**बठौरो**– वि० [बाठो+औरो] हे० बठ्यौरो ।

**बठ्याइँ**– ना० [बाठो+याइँ] १. बाठो हुनाको भाव वा अवस्था; बाठोपन; चलाकी । २. बाठो बन्न चाहिने बुद्धि वा चातुर्य । ३. चालबाजी ।

**बठ्यौरो**– वि० [बाठो+यौरो] अति बाठो (बालबालिका); बठौरो ।

**बड्कुँलो**– ना०हे० बड्कौँलो ।

**बड१**– क्रि० वि० साना केटाकेटीलाई गाली गर्दा वा हप्काउँदा भनिने शब्द ।

**बड२**– वि० [√ बढ] १. बढ । २. बडो । ३. बन्धकी खाएका जमिनमा समय-समयमा थपिदिने (मूलधन) । – **घर**– ना० जेठरैती; अर्काको बाँझो जग्गा पहिलोपल्ट आबाद गर्ने रैती । ~ **धयँरो**– ना० लाम्चा र ठूला पात, सेता फूल र भन्टाका आकारको तर निकै साना फल फल्ने एक जातको रूख; सोही रूखको फल ।

**बडप्पन**– ना० [बडो+पन] १. ठूलो र श्रेष्ठ बन्ने स्वभाव; ठुल्याइँ । २. महत्त्व; गौरव ।

**बडबड**– ना० [प्रा०] बरबर; बकबक । > **बडबडाइ**– ना० बडबडाउने क्रिया वा प्रक्रिया । **बडबडाइनु**– अ० क्रि० बरबराइनु । **बडबडाउनु**– अ० क्रि० बडबड गर्नु; बरबराउनु । **बडबडाहट**– ना० बडबडाउने स्थिति, क्रिया वा प्रक्रिया; बरबराहट । **बडबडाहा**– वि० बडबड गर्ने; बरबराहा । **बडबडिनु**– अ० क्रि० बडबड गर्ने होइनु; बरबरिनु । **बडबड्े**– वि० बडबड गर्ने; बरबरे ।

**बडबिहीँ**– ना० [बडो+बिहीँ] ठूला र लाम्चा पात हुने, सेता फूल फुल्ने र भुप्पादार हरिया फल फल्ने एक जातको बोट; त्यसैको फल ।

**बडवाग्नि**– ना० [सं०] समुद्रभित्र चट्टानमा रहने आगो; वडवानल ।

**बडहर**– ना० [प्रा० बड्ढ+फल] १. ठूला र खस्रा पात हुने, नास्पातीका आकारको फल फल्ने र पाक्ता पहेँलो रङको हुने, सलिफाका जस्ता बियाँमा टाँसिएको गुदी हुने र खाँदा अमिलो र गुलियो मिसिएको स्वाद हुने, गाईबस्तुले मन पराएर स्याउला खाने एक जातको रूख । २. त्यसैको फल ।

**बडा**– वि० [बडोको ति० रू०] सबैमा ठूला; श्रेष्ठ । – **कटुस**– ना० पन्ध्रदेखि अठार फुटसम्म अग्लो रूख हुने, पात सब्ल्याँटापट्टि चिल्लो र बिब्ल्याँटापट्टि खस्रो हुने, घोगोजस्तो भुप्पो भएर फुल्ने र त्यसैमा फल लाग्ने एक जातको रूख; त्यसैका गेडा । – **काजी**– ना० नेपाल सरकारको पुरानो सर्वोच्च निजामती दर्जा वा त्यसै दर्जामा रहेका व्यक्ति; सबैभन्दा ठूला काजी । – **गुरुज्यू**– ना० प्रमुख गुरुका पदमा प्रतिष्ठित व्यक्ति; मुख्य राजगुरु । > **बडादमी**– ना० १. ठूलो प्रतिष्ठा तथा मानमर्यादा भएको व्यक्ति । २. भलादमी; भद्र मानिस । – **दसैँ**– ना० आश्विन शुक्ल प्रतिपदादेखि सुरु भई कोजाग्रत पूर्णिमासम्म रहने नेपालीहरूको प्रमुख राष्ट्रिय चाड । – **पत्र**– ना० १. राजाबाट कसैलाई भएको हुकुमको ठाडो कागत; सर्वोपरि राजाज्ञा । २. कुनै अत्यन्त उच्च व्यक्ति वा सङ्गठनद्वारा दिइएको विशेष महत्त्वपूर्ण आज्ञा वा निर्णयको पत्र । ३. संयुक्त राष्ट्रसङ्घको घोषणापत्र । – **बा/बाबु**– ना० बाबुका दाजु; जेठाबा । – **महाराज**– ना० श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहलाई बुझाउने, बाइसी-चौबिसी राज्यअन्तर्गतका धेरै राजा-रजौटा र महाराजलाई बल र बुद्धिमा जितेकाले 'बडा' पदवी थपिएको विशेष आदरसूचक शब्द । – **महाराजाधिराज**– ना० बडामहाराज; श्री ५ पृथ्वीनारायण शाह । – **महारानी**– ना० १. श्री ५ महाराजाधिराजकी पटमहारानी । २. महाराजाधिराजकी मुख्य महारानी । – **हाकिम**– ना० राणा शासनका समयमा र त्यसपछि पनि केही समय जिल्लाको सर्वोच्च प्रशासक; जिल्लाको सर्वोच्च निजामती अधिकारी (हाल प्रमुख जिल्ला अधिकारी) ।

**बडिस**– ना० [अङ्०] स्वास्नीमानिसले छातीमा लगाउने स्तनकस चोली; अङ्गिया; कञ्चुक ।

**बडी**– वि० [बडो+ई] 'बडो'-को स्त्री रूप; ठूली । – **आमा**– ना० बाबुकी भाउजू; ठूली आमा ।

**बडी गार्ड**– ना० [अङ्०] अङ्गरक्षक ।

**बडेमा/बडेमान**– वि० [बडोमा] अति ठूलो; बडोमा ।

**बडेर**– ना० बेतलौरीका जस्ता पात, राता फूल र खैरो कन्द हुने एक बूटी वा त्यसैको कालो फल बढेर ।

**बडेरो**– ना० कपुर-कपुर बास्ना आउने तरकारी खान हुने जङ्गली झार ।

**बडै**– क्रि० वि० [बड+ऐ] धेरै मात्रामा; चाहेजति; मनाक ।

**बडो**– वि० [प्रा० बड्ढो] निकै ठूलो; विशाल । क्रि० वि० २. खूब; अति । ना० ३. कसैलाई उपेक्षापूर्वक हप्काउने किसिम । ४. भलादमी; भद्र मानिस ।

**बडोमा**– वि० साह्रै ठूलो; अजङको; विशाल ।

**बड्कुम्लो**– ना० [सं० वटी+कुम्भल] बड्कौँलो; बकौँलो । > **बड्कुम्ल्याइ**– ना० बड्कुम्ल्याउने क्रिया वा प्रक्रिया । **बड्कुम्ल्याइनु**– क० क्रि० बड्कौँल्याइनु । **बड्कुम्ल्याउनु**– स० क्रि० बाखा आदिले जुत्याउनु; बड्कुम्ला पार्नु ।

**बड्कौँलो**– ना० [√ बकौँलो] भेडा-बाखाको, मसिना गोली परेको बिष्ठा; बड्कुम्लो; बड्कुँलो । > **बड्कौँल्याइ**– ना० बड्कौँल्याउने क्रिया वा प्रक्रिया । **बड्कौँल्याइनु**– क० क्रि० बड्कौँला निकालिनु; बड्कुम्ल्याइनु । **बड्कौँल्याउनु**– स० क्रि० खसी, बाखा आदिले बड्कौँला झार्नु; बड्कौँला निकाल्नु ।

**बढ्–नु**– अ० क्रि० [सं० वर्द्धन] १. कुनै वस्तुको आकार, आयतन, परिमाण आदि पहिलेको भन्दा बढ्ता हुनु; वृद्धि हुनु । २. गणना, नापतौल आदिमा अधिक हुनु । ३. मूल्य, अधिकार, योग्यता, सामर्थ्य आदिमा वृद्धि हुनु । ४. धेरै स्थान ढाक्ने वा ओगट्ने हुनु । ५. मदमत्त हुनु; उन्मत्त हुनु; मात्तिनु; टुप्पिनु । ६. अगि सर्नु; लम्कनु । ७. सङ्ग्रालिनु; फैलनु; फिँजिनु । ८. झाँगिनु; गाँजिनु; मौलाउनु । ९. फुल्नु; सुनिनु ।

**बढ**– वि० [प्रा० बड्ढ] १. आवश्यकताभन्दा थप वा भएको भन्दा बढी; बढी; बढ्ता । २. बढेको; धेरै । – **करार**– ना० सरकारी वा गैरसरकारी कार्यसम्पादनका निम्ति लिइने ठेक्कापट्टा, तिरो आदिमा बढी तिर्ने प्रतिज्ञा वा सम्बन्ध । – **बन्धकी**– ना० १. बन्धकी जग्गा लिएबापत बीच-बीचमा थपौती गरिएको रिन । २. भोगबन्धकी दिएकोमा यति समयसम्म निखन्ने छैन भन्ने सर्त राखी लेखिएको लिखत ।

**बढवा**– ना० [बढ+वा] १. कुनै वस्तु थोरैबाट धेरै हुने प्रक्रिया । २. कसैलाई सर्काएर वा फुर्काएर माथि पुऱ्याउने काम ।

**बढाइँ**– ना० [बढ्+आइँ] १. सामूहिक रूपबाट तोप, बन्दुक आदि पड्काएर हर्षोल्लास मनाउने काम । २. त्यस्तो हर्षोल्लासको उत्सव (हर्ष बढाइँ, लहरे बढाइँ; एकट्ठा बढाइँ इ० ।) ।

**बढाइ**– ना० [√ **बढ्** (+आइ)] बढ्ने क्रिया वा प्रक्रिया । – **चढाइ**– ना० १. वास्तविकताभन्दा बढी रूपमा कुनै कुरा प्रस्तुत गरिने क्रिया वा प्रक्रिया । २. उचाल्ने र फुर्क्याउने काम । [>] **बढाइनु**– क० क्रि० बढ्ने पारिनु; बढ्न लाइनु; वृद्धि गराइनु । **बढाउ**– ना० थोरैबाट धेरै हुने प्रक्रिया; वृद्धि; विस्तार । **बढाउनु**– प्रे० क्रि० बढ्ने पार्नु; बढ्न लाउनु; विस्तार वा वृद्धि गराउनु ।

**बढाबढ**– ना० [बढ्+आ+बढ्] १. कुनै ठेक्कापट्टा आदिमा परस्परमा बढी ठेक्का दिन कबुल गर्ने काम । २. धमाधम बढ्ने काम । > **बढाबढी**– ना० बढाबढ ।

**बढार्–नु**– स० क्रि० [सं० वर्द्धन+नु] कूचाले वा झाडुले धूलोमूलो, कसिङ्गर आदि साफ गर्नु; खरेटो आदिले फोहोर-मैला फ्याँक्ने काम गर्नु । > **बढारकुँढार**– ना० धूलोमूलो, कसिङ्गर आदि कूचो वा झाडुले सफा गर्ने काम; बढार्ने काम । **बढाराइ**– ना० बढार्ने क्रिया वा प्रक्रिया । **बढारिनु**– क० क्रि० बढार्ने काम गरिनु; कूचो लगाइनु ।

**बढारु१**– वि० [बढ्+आरु] १. बढ्ने जात वा अवस्थाको; बढ्ने खालको; बढालु । २. जेठो; ठूलो ।

**बढारु२**– ना० [बढार्+उ] १. कूचो लगाउने काम; बढार्ने काम । २. बढार्ने वस्तु; कूचो ।

**बढालु**– वि० [बढ्+आलु] १. बढ्ने जात वा अवस्थाको; बढ्ने खालको; बढारु । २. ठूलो भएको; सग्लाएको; सप्रेको ।

**बढिनु**– अ० क्रि० [बढ्+इ+नु] बढ्ने होइनु; ठूलो होइनु ।

**बढिबढाउ**– ना० [बढी+बढाउ] १. धमाधम बढ्दै जाने काम वा स्थिति; वृद्धि । २. धन, मान आदि उत्तरोत्तर बढ्दै जाने प्रक्रिया । ३. बढाबढ ।

**बढिया**– वि० [बढ्+इया] १. विशेष गुण भएको; असल; उत्तम; उम्दा । ना० २. भलो; कल्याण ।

**बढी**– वि० [बढ्+ई] चाहिनेभन्दा धेरै; बढ्ता; अधिक; थुप्रै ।

**बढुवा/बढैया**– वि० [बढ्+उया/ऐवा] १. बढ्ने किसिमको; बढ्ने खालको; सप्रने जातको । ना० २. तल्लो पदबाट माथिल्लो पदमा वृद्धि हुने काम; पदोन्नति; प्रमोसन ।

**बढेर**– ना० हे० बडेर ।

**बढोत्तरी**– ना० [बढ्+उत्तरी] उत्तरोत्तर वृद्धि हुँदै जाने प्रक्रिया ।

**बढौती**– ना० [बढ्+औती] १. तलब, भत्ता आदि बढेअनुसार थप पाउने रकम । २. बढिबढाउ ।

**बढौली**– ना० [बढ्+औली] काँक्राका अगिल्तिरको ठूलो भाग ।

**बढ्ता**– वि० [बढ्+ता] १. बढी; बर्ता । २. कसैसँग नमिल्ने; अर्घेलो; अखानु ।

**बढ्ती**– ना० [बढ्+ती] १. बढ्ने वा बढी हुने काम; वृद्धि; अधिकता । २. बढिबढाउ; बढौती ।

**बढ्दो**– वि० [बढ्+दो] बढिरहेको; बढ्न लागेको; वर्द्धनशील । ~ **माल**– ना० बढिरहेको पाठो-पाठी, बाछो-बाछी, पाडो-पाडी आदि बस्तु ।

**बणिक**– ना० [सं०] व्यापारी ।

**बताइ**– ना० [√ **बताउ** (+आइ)] १. बताउने वा भन्ने क्रिया वा प्रक्रिया । २. बताउने वा बत्ताउने क्रिया वा प्रक्रिया । [>] **बताइनु**– क० क्रि० १. बताउने काम गरिनु; बयान गराइनु; भनिनु । २. बताउने वा बत्ताउने काम गरिनु; बत्ताइनु ।

**बताउ–नु१**– स० क्रि० [सं० वार्ता+आउ+नु] १. कुनै कुरो वा खबर भन्नु; बयान गर्नु; कहनु । २. सम्झाउनु; जनाउनु । ३. कुरो खोलेर भन्नु; रहस्य प्रकट गर्नु ।

**बताउ–नु२**– स० क्रि० [सं० वात+आउ+नु] धानमा मिसिएका पोगटा तथा धान, कोदो, गहुँ आदिमा भएको धूलोमूलो हावामा धारो लाएर वा नाङ्लाले हम्किएर झार्दै उडाउनु; बत्ताउनु ।

**बतास**– ना० [सं० वात+आस] १. हावा; वायु; पवन । २. ठूलो हावा; हुरी । ३. पुइँकी । > **बतासा**– ना० मधेसमा पाइने भित्र खोक्रो हुने, चिनीको, एक प्रकारको मिठाई । **बतासिनु**– अ०

क्रि० १. चलिरहेको बतास सँगसँगै हुर्रिनु; हावाका साथसाथै उड्नु । २. वेगसँग कुद्नु; हानिनु; बत्तिनु । ३. फुलबाट बच्चा पैदा नहुनु । ४. अरूका लैलैमा लाग्नु । **बतासिलो–** वि० चाहिँदो बतास लाग्ने; हावा चल्ने (ठाउँ) । **बतासी–** ना० बीचबीचमा ठाडा डन्डी हाली बनाइएको झ्याल ।

**बतासी–** ना० [नेवा०] घरको छानो अडचाउने पाखातिरको दलिन ।

**बतासे–** वि० [बतास+ए] १. अग्घोर बतास लाग्ने । २. भित्र हावा मात्र भएको; सार वा तथ्य नभएको । ३. हावाले उडाउन सक्ने, हलुङ्गो र पातलो । ४. भाले नलागीकन पारिएको र चल्ला ननिस्कने; निर्जीव (फुल) । ५. फुइँ धेरै झिक्ने वा बकबक गरिरहने; बढ्ता बोल्ने । ६. बाबुको टुङ्गो नलागेको (बालख) ।

**बतास्याइ–** ना० [√ **बतासि** (+याइ)] बतासिने क्रिया वा प्रक्रिया । [ > ] **बतास्याइनु–** क० क्रि० बतासिने पारिनु; बतासिन लाइनु । **बतास्याउनु–** प्रे० क्रि० बतासिने पार्नु; बतासिन लाउनु ।

**बताहा१–** वि० [सं० वात+आहा] बताउने वा बत्ताउने खालको; हावाको जोड पुऱ्याएर जो भएको धूलोमूलो हटाइएको; बताइएको (धान आदि) ।

**बताहा२–** वि० [सं० वार्ता+आहा] नचाहिँदा कुरा धेरै गर्ने; बतासे । > **बताही–** वि० नचाहिँदा कुरा गर्ने; बढ्ता कुरा गर्ने (स्त्री) ।

**बतिया१–** ना० [प्रा० बत्तिआ] बर्खामासमा सापट वा पैँचो लिएको अन्न; त्यस्तो अनाजको सापटी वा पैँचो ।

**बतिया२–** ना० छानो उधारेको पुरानो खर, पराल आदि ।

**बतिलो–** ना० [सं० वात+इलो] १. फूल झरिनसकेको फल; फूलसँगैको फल; चिचिलो । २. दूधमुखे बालक ।

**बतुरि-नु–** अ० क्रि० [बतुरो+इ+नु] बतुरो हुनु; नचाहिँदो कुरामा गन्थनिनु; फाँकिनु ।

**बतुरे/बतुरो–** वि० [बतुरो+ए], [बात+उरो] धेरै कुरा गर्ने बानी भएको; कुरौटे । स्त्री० बतुरी; फतौरी ।

**बतौरे/बतौरो–** वि० [बतौरो+ए], [बात+औरो] फतौरो; धेरै कुरा गर्ने; बतुरो । स्त्री० बतौरी ।

**बत्ता–** ना० [सं० वट] खल, सिलौटो आदिमा औषधी, मसला आदि पिँध्ने पत्थर वा फलामको साधन; लोहोरो; पिस्ता ।

**बत्ताइ–** ना० [√ **बत्ताउ** (+आइ)] बत्ताउने क्रिया वा प्रक्रिया । > **बत्ताइनु–** क० क्रि० बत्ताउने काम गरिनु ।

**बत्ताउनु–** अ० क्रि० [सं० वात+आउ+नु] १. हावाका साथै उडेर जानु; बतासिनु । २. अत्तोपत्तो नहुनु; बेपत्ता हुनु । ३. गएका ठाउँबाट नफर्कनु; गएको गयै हुनु; उताको उतै रहनु । स० क्रि० ४. हे० बताउनु२ ।

**बत्ति-नु–** अ० क्रि० [सं० वात+इ+नु] १. वेगले हाँकिनु; वेगले जानु वा उड्नु । २. हावा लागेर पोगटा, भुस, धूलोमूलो आदि उड्ने काम होइनु ।

**बत्तिस–** ना० [सं० द्वात्रिंशत्] १. तीस र दुईको योगबाट बन्ने सङ्ख्या; ३२-को अङ्क । वि० २. तीस र दुईका योगसङ्ख्याको । ~ **दन्त–** ना० बत्तीसवटा दाँत; परिपक्वताको चिह्न । ~ **दन्ते–** वि० बत्तीसवटा दाँत हुने; बोलेको कुरा पुग्ने वा पुऱ्याउने । ~ **पुतला–** वि० नानाभाँती छलछामका कुरा । ~ **पुतली–** ना० रोचक आख्यान भएको प्राचीन पुस्तक । ~ **पुतले–** वि० बत्तीसपुतला जोड्ने । ~ **मुजा–** ना० उमेर, बल वा श्रमले अनुहार चाउरिएको स्थिति । ~ **लक्षण–** ना० विशिष्ट व्यक्तिहरूका शरीर तथा स्वभावमा हुने भनी प्रसिद्ध बत्तीसवटा शुभ लक्षण । [(१) पद्मासनमा बस्ता वृत्ताकार आसन हुनु । (२) औँला लामालामा हुनु । (३) औँलाका कापमा छालाविशेष बढ्ता र औँला जोड्दा टम्म मिल्ने हुनु । (४) छाला नरम हुनु र वृद्धावस्थामा पनि युवाको जस्तो श्री हुनु । (५) सात प्रकारले शरीर सुवासित हुनु । (६) हरिणका जस्ता फिला हुनु । (७) गुप्ताङ्गहरू हात्तीका अण्डकोषजस्तै गुप्त रहनु । (८) शरीरको माथिल्लो भाग सिंहको जस्तै सलक्क परेको हुनु । (९) शरीरका विभिन्न अङ्ग सुगठित रहनु । (१०) काँध पुष्ट, चौडा र गोल हुनु । (११) पाखुरा राम्ररी फर्कने र तलसम्म पुग्ने हुनु । (१२) पाखुरा लामा हुनु । (१३) सम्पूर्ण शरीर तेजोमय वृत्तले युक्त हुनु । (१४) शङ्खसमान घाँटी हुनु । (१५) सोझो र सिंहको जस्तो चिउँडो हुनु । (१६) बत्तीस दाँत हुनु । (१७) उज्ज्वल र छिद्र नभएका दन्तपङ्क्ति हुनु । (१८) स्वच्छ र परस्परमा मिलेका दाँत हुनु । (१९) बङ्गरा स्वच्छ र सुन्दर हुनु (२०) जिब्रो लामो हुनु । (२१) विभिन्न सूक्ष्मातिसूक्ष्म स्वाद लिने शक्ति हुनु । (२२) भँगेराको जस्तो स्वर हुनु । (२३) ब्रह्माको जस्तो मौलिक र ज्ञानपूर्ण वाणी हुनु । (२४) आँखीभौँ साँढेका जस्ता र नीलकमलका रङका हुनु । (२५) दुई आँखीभौँका बीच कोमल रोमरेखा हुनु । (२६) पगरीजस्तो मिलेको र राम्रो कपाल हुनु । (२७) शुद्ध सुनजस्तो प्रदीप्त शरीर हुनु । (२८) प्रबल व्यक्तित्व हुनु । (२९) शरीरमा धेरै र परस्पर टाँसिएका नरम र दाहिनेतिर घुमेका रौँ हुनु । (३०) नीलमणिजस्तो कालो र टल्कने केश हुनु । (३१) न्यग्रोध परिमण्डल हुनु र (३२) विष्णुको जस्तो दृढ स्वभाव हुनु ] ~ **लच्छिन–** ना० बत्तीस-लक्षण । > **बत्तिसा–** ना० १. बत्तीस प्रकारका जडीबुटी, मसला आदि मिलाएर बनाइएको, सुत्केरीलाई खुवाइने एक पौष्टिक औषधी । वि० २. धेरै किसिमका कुरा गर्न जान्ने; छत्तीसा; बित्पाते । **बत्तिसी–** ना० बत्तीसवटा वस्तुको समूह, जस्तो– सिंहासन-बत्तीसी (एक पुस्तकको नाउँ) । **बत्तिसे–** वि० १. बत्तीस वर्षको उमेर भएको । २. बत्तीस दन्त हुने ३. बत्तीस लच्छिनले युक्त । ४. बत्तीसपुतले । **बत्तिसौँ–** वि० गणनाका क्रमले बत्तीस सङ्ख्यामा परेको; बत्तीसचाहिँ सङ्ख्याको ।

**बत्ती–** ना० [सं० वर्तिका] १. घिउ-तेलमा भिजाएर बाल्नका निम्ति पिउरी कातेर वा धागो दोब्र्याएर बनाइएको सलेदो । २. लालटिन, लम्फा, कुपी आदिको सलेदो वा फित्ता । ३. दियो; दीप । ४. चिराक; मसाल । ५. बिजुली, मैनबत्ती, लालटिन

आदि प्रकाश उत्पन्न गर्ने साधन । ६. बाँस फोरेर बनाइएको पातलो चिरो; भाटो (मैथि०) । ~ **चिरा**– ना० चिरफारका काममा प्रयोग गरिने ज्यादै पातलो एक जातको कपडा ।

**बत्तीस**– ना० हे० बत्तिस । > **बत्तीसा**– ना० हे० बत्तिसा । **बत्तीसी**– ना० हे० बत्तिसी । **बत्तीसे**– वि० हे० बत्तिसे । **बत्तीसौँ**– वि० हे० बत्तिसौँ ।

**बत्तु**– ना० [√ कलाबत्तु] धागामा बेरिएको सुन, चाँदी आदिको मसिनु तार; धागामा बेरिएको एक किसिमको जरी ।

**बथन**– ना० थेगो; रहनी ।

**बथान्-नु**– अ० क्रि० [बथान+नु] १. पर्खेर बस्नु; ढुक्नु; प्रतीक्षा गर्नु । २. बथानमा मिलेर जानका निम्ति पर्खनु; साथी कुर्नु ।

**बथान**– ना० [सं० अवस्थान] पशु वा पक्षीहरूको समूह; हाँच; बगाल; फौज । > **बथानाइ**– ना० बथान्ने क्रिया वा प्रक्रिया । **बथानिनु**– अ० क्रि० पर्खेर बसिनु; प्रतीक्षा गरिनु; बथान्ने काम गरिनु ।

**बथुवा**– ना० [सं० वास्तुक] बेथेको साग ।

**बथ्याहा**– वि० [बाथ+याहा] बाथको रोग भएको; वात रोगले पीडित ।

**बद**– ना० [फा०] १. खराब । २. कुनै शब्दका अगाडि लागेर खराबी वा भ्रष्टताको अर्थ बुझाउने एक विशेषणवाची शब्द (जस्तै– बदचलन, बदमास, बदनाम इ०) । – **ख्वाइँ/ख्वाही**– ना० अर्काको निन्दा वा अहित हुने कुरा; बदनामी; चियोचर्चो । – **चलन**– वि० खराब चालचलन वा आचरण भएको; दुराचारी; दुश्चरित्र । – **नाम**– वि० सबैद्वारा ललकारिएको वा निन्दा गरिएको; कुख्यात । – **नामी**– ना० बदख्वाइँ; निन्दा; अपकीर्ति; कुख्याति । – **नियत**– वि० १. नियत खराब भएको; स्वार्थ तथा नीच विचारबाट अरूलाई धोका दिने वा बहकाउने मनसाय भएको; बेइमान; धोकेबाज । २. जानाजानी कर्तव्य वा करारसम्बन्धी दायित्व पूरा नगर्ने; दुराचारी; दुष्ट । – **नियती**– ना० बदनियत हुनाको भाव वा अवस्था; बेइमानी; धोकेबाजी । – **मास**– वि० १. खराब कामबाट जीवननिर्वाह गर्ने; दुष्कर्मी । २. खराब चाल-चलन वा आचारविचारको; दुराचारी । ३. दुष्ट; दुश्चरित्र । – **मासी**– ना० १. बदमासको काम; दुष्कर्म; दुराचार । २. दुष्टता; दुर्वृत्ति; दुर्व्यसन । ३. व्यभिचार; दुश्चरित्रता ।

**बदर**– वि० [फा०] १. सदर वा साँचो नठहरिएको; सदर नभएको; अस्वीकृत । २. कानुनी रूपमा कुनै प्रभाव नभएको वा रहन-मिल्न नआएको । ३. स्रेस्तामा सदरको उल्टो; खारिज; खारेज ।

**बदरिका**– ना० [सं०] १. गङ्गाको उद्गमस्थान तथा छेउछाउको क्षेत्र । २. बयरको रूख वा त्यसको फल । > **बदरिकाश्रम**– ना० उत्तर भारतमा रहेको एक सुप्रसिद्ध हिन्दू तीर्थस्थल; चार धाममध्येको एक धाम ।

**बदरीनाथ/बदरीनारायण**– ना० [सं०] १. बदरिकाश्रम नामको तीर्थ । २. बदरिकाश्रममा रहेका नारायणको मूर्ति ।

**बदल्-नु**– स० क्रि० [बदल+नु] १. एक थोकका सट्टामा अर्को थोक राख्नु; साटफेर गर्नु । २. कुनै काम एक ठाउँबाट अर्का ठाउँमा सार्नु; हेरफेर गर्नु; परिवर्तन गर्नु । ३. कुनै वस्तु यताको उता र उताको यता गर्नु; अदलबदल गर्नु । ४. उल्टाउनु ।

**बदल**– ना० [अ०] १. बदल्ने वा बदलिने काम; हेरफेर; परिवर्तन (जस्तो– अदलबदल; फेरबदल) । २. बोतल ।

**बदला**– ना० [अ० बदल] १. एक वस्तुका सट्टामा अर्को वस्तु दिने काम; बदला-बदली; सट्टाभर्ना; क्षतिपूर्ति । २. सट्टापट्टा; साटफेर । ३. एक वस्तुका सट्टामा लिइएको अर्को वस्तु; हर्जानामा दिइएको माल वा रकम । ४. कसैले गरेका असल वा खराब कामका उत्तरमा अर्काले गर्ने त्यस्तै काम; प्रतिकार ।

**बदलाइ**– ना० [√ **बदल्** (+आइ)] बदल्ने क्रिया वा प्रक्रिया । [ > ] **बदलाइनु**– क० क्रि० बदल्न लाइनु; बदल्ने पारिनु । **बदलाउनु**– प्रे० क्रि० बदल्न लाउनु; बदल्ने पार्नु । **बदलिँदो**– वि० बदलिन लागेको; बदलिनै आँटेको । **बदलिनु**– अ० क्रि० १. अदलबदल हुनु; हेरफेर हुनु । २. एक थोकको अर्को थोक हुनु; साटफेर हुनु । ३. उल्टापाल्टी हुनु; उल्टिनु । ४. हेरफेर होइनु ।

**बदली१**– ना० [बादल+ई] फिँजिएर आकाश ढाकी बसेको बादल; हुस्से; घटा; घाम नलागेको स्थिति ।

**बदली२**– ना० [बदल+ई] १. बदल्ने काम; हेरफेर गर्ने काम; परिवर्तन । २. साटफेर; सट्टापट्टा ।

**बदाम**– ना० [फा० बादाम] १. जरामा कोसाका रूपमा फल्ने, रातो पत्रले बेरिएको, सेतो दिउला हुने एक जातको फल; चिनियाँबदाम; बदम । २. आरुका बियाँका आकारको, दिउल स्वादिष्ट हुने र मसलाको रूपमा प्रयोग गरिने एक जातको फल; कागजी बदाम । > **बदामी**– ना० १. सेतो, पहेँलो, रातो र खैरो भाव मिसिएको रङ । वि० २. बदामको जस्तो रङ्गको । **बदामे**– ना० वि० बदामी ।

**बदी१**– ना० [सं० बहुल-ब, दिन-दि = बदि] १. चान्द्रमासमा हुने कृष्ण पक्ष । २. बहुल पक्ष (कृष्णपक्ष) र दिनको छोटो रूप ।

**बदी२**– ना० [फा०] १. खराबी; कमसलपना । २. पाप; दुराचार । विप० नेकी ।

**बद्ध**– वि० [सं०] १. बाँधिएको; कसिएको । २. सांसारिक बन्धनमा परेको । ३. नियमित; निर्धारित । – **कोष्ठ**– वि० कब्जियत भएको; कोष्ठबद्धताको रोग लागेको । – **परिकर**– वि० कुनै काम गर्न तम्सिएको वा जुरमुराएको; कम्मर कसेको । – **प्रतिज्ञ**– वि० प्रतिज्ञा गरेको; वचनबद्ध भएको । – **मुष्टि**– वि० साऱ्हो मुठी भएको; दिन नसक्ने; लोभी । – **मूल**– वि० दृढ रहेको; अटल; स्थिर । – **राग**– वि० अनुरक्त; आसक्त । ~ **रूपिम**– ना० स्वतन्त्र रूपले प्रयोग हुन नसक्ने र मूल रूपमा गाँसिएर मात्र प्रयोग हुने पूर्वसर्ग, परसर्ग आदि रूपखण्ड । – **वैर**– ना० मनमा रहेको इबी; पुरानो रिस । > **बद्धाञ्जलि**– वि० कसैलाई सम्मान गर्न हात जोडेको; जम्लाहात गरेको । **बद्धानुराग**– वि०

प्रेममा फसेको; अनुरक्त; आसक्त ।

**बद्री**– ना० [सं० बदरी] बदरिका । – **धाम**– ना० भारतको उत्तरखण्डमा रहेको एक प्रसिद्ध हिन्दू तीर्थस्थल; चार धाममध्ये एक धाम । – **नाथ**– ना० बदरीनाथ; शिव ।

**बद्ल-नु**– स० क्रि० [बदल्+नु] १. एक वस्तुका सट्टामा अर्को वस्तु राख्नु; साटफेर हुनु; बदल्नु । २. कामकुरोको हेरफेर हुनु; परिवर्तन हुनु । ३. उल्टनु । >**बद्लाइ**– ना० बद्लने क्रिया वा प्रक्रिया । **बद्लाइनु**– क० क्रि० बद्लने पारिनु; बद्लन लाइनु । **बद्लाउनु**– प्रे० क्रि० बदल्न लगाउनु; बदल्ने पार्नु । **बद्लिनु**– स० क्रि० बद्लनु । **बद्ल्याइ**– ना० बद्लिने क्रिया वा प्रक्रिया ।

**बधाई**– ना० [सं० वर्द्धन] १. आफ्ना इष्टमित्र वा साथीहरूको कुनै सफलतामा प्रकट गरिने हर्षोद्गार । २. साधुवाद; धन्यवाद; स्यावासी । ३. प्रशंसा; तारिफ ।

**बधिक**– वि० [सं० बधक] ज्यान मार्ने; हत्यारो ।

**बधिर**– वि० [सं०] बहिरो । – **ता**– ना० बहिरोपना ।

**बधू**– ना० [सं० वधू] १. नवविवाहिता स्त्री; बेहुली; दुलही । २. पत्नी; भार्या । ३. बुहारी ।

**बन्-नु**– अ० क्रि० [प्रा० वणणा] १. कुनै विषय वा वस्तु निर्मित हुनु; बनिबनाउ हुनु; तयार हुनु; रचिनु । २. पुरानो वस्तुको नवीकरण हुनु; मर्मत हुनु; जीर्णोद्धार हुनु । ३. पद, मर्यादा, अधिकार, स्थिति आदिमा उँभो लाग्नु; सप्रनु; उन्नति हुनु । ४. काम सिद्ध हुनु; कार्यसिद्धि हुनु । ५. बढी योग्य वा गम्भीर भाव देखाउनु; बुजुक्याइँ देखाउनु । ६. धनसम्पत्ति कमाएर स्थिति सुध्रनु ।

**बन**– ना० [सं० वन] जङ्गल; हे० वन । ~ **अदुवा**– ना० डाँठबाटै पात निस्कने, कालो कन्द हुने एक जातको अदुवा । ~ **कपास**– ना० पाँचकुने पात हुने, पहेँला फूल फुल्ने, सेतो भुवादार फल फल्ने रूख वा त्यसै रूखका फलको कपास । ~ **कपुर**– ना० कङ्कोल । – **कर**– ना० १. बाँदर । वि० २. असभ्य; जङ्गली । ~ **करेलो**– ना० फर्सीका छाँटका पात, सेता ठूला फूल, नरम, काँडेदार, रातो, लाम्चो फल र ठूलो कन्द हुने एक जातको लहरो; सोही लहराको फल; झुसेकरेलो । ~ **कर्कलो**– ना० बनैया कर्कलो; जलुको । – **कस**– ना० १. बाबियो । २. जङ्गली घाँसपात ल्याउँदा तिर्नुपर्ने सरकारी रकम । ~ **काने**– ना० साधारण किसिमका डिम्बाकार पात हुने, नीला, साना पातको फेदमा छोपिएका फूल फुल्ने एक जातको भुइँझार । ~ **कुकुर**– ना० जीउको रङ्ग खैरो-खैरो, टाउको कालो र पुच्छरको टुप्पो सेतै हुने, जङ्गलमा बस्ने कुकुर । ~ **कुखुरो**– ना० वनमा हुने वा पाइने कुखुरो; वनकुक्कुट; लुइँचे । ~ **कैँवरा**– ना० जङ्गली कैँवराको फूल । ~ **केरा**– ना० वनमा हुने, काइगियो नछुट्टिई एकै घरीमा लहरै लाग्ने र गुदीभित्र काला गेडा हुने एक जातको केरा । ~ **केराउ**– ना० चिस्यान परेका खेतहुँदो उम्रने, मसिना कोसा र कोसाभित्र तिलका गेडाजत्रा गेडा हुने एक किसिमको बोट वा त्यसैका कोसा । >**बनको**– ना० १. प्रायः धामीझाँक्रीले देवताको रूपमा मान्ने र पूजाआजा, धूपधुवाँर गरिने एक देवता, जस्तै– वनको लाग्नु (मूर्च्छा पर्ने, विचेत हुने वा मुटु खाने रोग लाग्नु); बनको कराउनु; (लाटोकोसेरो कराउनु इ०); बुडेनी । ~ **कोदो**– ना० जङ्गलमा हुने एक जातको कोदो; चौंरिकोदो; पाङ्दुर । ~ **गधा**– ना० बनमा हुने, राघेपाटे रङको एक जातको गधा । – **गजुवा**– वि० कसैलाई नटेर्ने; साँढा । ~ **गहत**– ना० गहतकै छाँटका पात हुने, हरियो लामो धोगे झारको जस्तो फूल फुल्ने, झुप्पादार कोसा फल्ने एक जातको लहरो; सोही कोसाभित्रको गेडा वा अन्न । ~ **गुइँठा**– ना० वनमा गाईले गोब्र्याएर सुकेको गोबर; पकला । ~ **गोभी**– ना० गाईजिब्रे झार । ~ **गोस्वारा**– ना० राणाकालीन समयमा खडा गरिएको, नेपाल अधिराज्यको वनजङ्गलसम्बन्धी काम-कुरो गर्ने वा हेर्ने अड्डा । ~ **घाले**– ना० बेसारका जस्ता ठूला पात हुने, हरिया घोगामा फूल फुल्ने एक जातको बोट वा त्यसैको जरामा फल्ने कन्द । ~ **चम्सुर**– ना० जङ्गलमा वा सिमसारमा हुने एक खालको चम्सुर; जङ्गली चम्सुर । ~ **चरी**– ना० १. वनको चरो; वनचरोको सानो रूप । २. गाउँघरमा बस्ने सीधा मानिस । ~ **चरुवा**– ना० १. बनमा चर्ने पशु । वि० २. बनमा चर्ने । ३. बन-बन डुलेर हिँड्ने । ४. बनमा घाँसपात, दाउरा आदि ल्याउने काममा जाने (व्यक्ति) । ~ **चुवा**– ना० लामालामा पात हुने, वस्तुलाई घाँस खुवाइने एक जातको चुवा । ~ **जाँच**– ना० बनसम्बन्धी काम गर्ने अड्डा । ~ **जाँचे**– ना० बनको रेखदेख गर्ने कर्मचारी । ~ **जिरो**– ना० जङ्गली जीरो । ~ **झाँक्री**– ना० १. हिमाली भेकमा रहने, ठूला मनुष्यका आकारको हुने एक प्रसिद्ध प्राणी । २. यती; हिममानव । ३. जङ्गलभित्रका खोल्साखाल्सीमा डुली हिँड्ने प्राणी । (यसले खोट नलागेका मान्छेलाई सुटुक्क लगेर झाँक्री विद्या सिकाएर केही दिनमा फेरि आफ्नै ठाउँमा ल्याइदिन्छ भन्ने लोकविश्वास छ) । ४. धामीले देउता बस्ता सेउलीका रूपमा व्यवहार गर्ने मसलाका जस्ता तर काला-काला पात हुने एक जातको रूख । – **टारी**– खजुरको बोटजस्तो सलक्क अग्लो, लामालामा हरिया पात हुने, सल्लाका रूखमा झैँ गुच्छादार फूल फुल्ने र फल लाग्ने शोभा वृक्ष । ~ **डढेलो**– ना० बनमा लागेको डढेलो वा आगो । ~ **डुन्डु**– ना० प्याजी रङगो फूल फुल्ने जङ्गली डुन्डु साग । ~ **ढाडे**– ना० बन पसेको ढाडे वा भाले बिरालो; घरको बिरालोभन्दा ठूलो र डरलाग्दो बिरालो । ~ **तरुल**– ना० घरतरुलकै जस्ता तर साना तथा पानका आकारका पात हुने, सेतो, खैरो, रातो आदि कन्द हुने एक जातको तरुल । ~ **तोरियाँ**– ना० १. बाटुला किसिमका पात, पहेँलो फूल र झुसे करेलाका जस्ता फल हुने एक जातको लहरो । २. त्यसैको फल; बनघिरौँलो । ~ **धान्य**– ना० जङ्गली अन्न । ~ **दूधे**– ना० मूलाका छाँटका ससाना पात हुने टुप्पामा सिउरजस्तो भएर पहेँला फूल फुल्ने एक जातको बुटी । ~ **देउ/द्यौ**– ना० वनदेवता । ~ **नालु**– ना०

ठाडा रौँ भएको, पाँचसात कुना परेका लामा भेट्‌ना हुने, कपासको जस्तो पात भएको, पहेँला ठूला फूल हुने एक जातको बलियो बोट । ~ **नुनढिकी**– ना० बढ्ता नुनिलो हुने एक जातको झार । ~ **पवै**– ना० एक जातको जङ्गली पवै; वनउपोदकी । ~ **पाला**– ना० बन-बनमा गोठ राखेर पालिने गरिएको भेडाको एक जात । ~ **पाले**– ना० वनजङ्गलको रेखदेख वा हेरविचार गर्ने कर्मचारी; बनजाँचके । ~ **पिप्ला**– ना० जङ्गलमा हुने पिप्ला । ~ **पैदावार**– ना० वन-जङ्गलका सबै जात र किसिमका रूख, काठपात, काठका बोझा, खोटा, बाँस, बाबियो आदि र चौपाया जनावरहरूको समूह । ~ **पैयूँ**– ना० पैयूँको भन्दा अलि सानो बोट हुने, वनमा पाइने एक थरी पैयूँ । ~ **बनेलो**– ना० बन र बनमा हुने वस्तु । – **वास**– ना० बनको वास हुने स्थिति; वनकै रासोबासो; वनवास । – **बासी**– ना० १. दाँती परेका साधारण डल्ला परेका पात हुने, हरियो फूल फुल्ने, सानो भेट्‌नु भएको अनि फलमा पातलो पर्दाजस्तो उनिएको हुने, एक जातको रूख चढ्ने लहरो । २. वनवासी । ~ **बिमिरो**– ना० बनमा हुने एक जातको बिमिरो । ~ **बिरालो**– ना० बिरालाका जातको बनमा हुने प्राणी; जङ्गली बिरालो । ~ **बेथे**– ना० पालुङ्गाका आकारका ससाना पात, सेता फूल तथा मसिना गेडा हुने जङ्गली बेथे । ~ **बेली**– ना० लहरामा फुल्ने, बास्नादार एक प्रकारको सेतो फूल । ~ **भँगेरो**– ना० टाउको र ढाड रातो, भुँडी सेतो र बाँकी भाग खैरो हुने, जुङ्गलमा रहने एक जातको भँगेरो । ~ **भतेर**– ना० घरदेखि बाहिर नदीको तीर, रमाइलो बन आदिमा गएर गरिएको भतेर वा भोज; बनभात । ~ **भात**– ना० १. बनजङ्‌ल वा त्यस्तै रमाइला ठाउँमा गएर पकाई खाइने भात । २. कात्तिक महिनामा विशेषतः अमलाका रूखमुनि पकाएर खाइने भात । ~ **मान्छे**– ना० १. वनको मान्छे; मानवजस्तो देखिने वानर । २. नर-वानरगणमध्ये एक । – **मारा**– ना० दुधिलाका जस्ता पात हुने, फैलिँदै जाने र फैलिँदै जाँदा ससाना झारबुटा, बालीबिरुवा आदि नाश गर्ने एक जातको बुटो; तीतेझार । ~ **मास**– ना० फेदतिर डल्ला र टुप्पातिर चुच्चा परेका तीनोटा संयुक्त पात हुने र कोसामा फल लाग्ने, आयुर्वेदमा शुक्रवर्द्धक तथा बलवर्द्धक भनी बताइएको एक जातको लहरो; त्यसैका गेडा; माषपर्णी । ~ **मुगी**– ना० मुगीकै जस्ता र केही ठूला पात, कोसा र फूल हुने एक जातको लहरो; त्यसैका गेडा; मुद्‌गपर्णी । ~ **मुला**– ना० मूलाकै जस्ता ठूला र लामा पात, लाम्चा, ठूला र प्याजी रङका फूल हुने एक जातको मूला; गोठाले मूला; रावन्ने मूला । ~ **मेथी**– ना० पहेँलो फूल फुल्ने एक जातको जङ्गली मेथी । – **राज**– ना० सिंह । ~ **लसुन**– ना० लसुनका जस्तै तरवारका आकारका चार-छवटा पात हुने, गुलाफी फूल फुल्ने एक बुटी वा त्यसैको पोटी । ~ **साङ्लो**– ना० घर-साङ्लोभन्दा ठूलो र सुर्तीको जस्तो रङ हुने एक किसिमको साङ्लो । ~ **सिलाम**– ना० जङ्गलमा पाइने एक जातको सिलाम; जङ्गली सिलाम । ~ **सुन्तला**– ना० सुन्तलाकै जस्ता अलिक साना पात र निकै साना फल हुने, सुन्तलाको जस्तो त्यति राम्ररी केस्रा नछुट्टिने, स्वाद पनि सुन्तला-सुन्तलाको जस्तो तर केही अमिलो हुने एक जातको जङ्गली सुन्तला । ~ **सुप**– ना० सेता फूल फुल्ने एक प्रकारको जङ्गली सुप । ~ **हलेदो**– ना० लामालामा पात हुने, तहैतह परेका राता फूल फुल्ने र अदुवाको जस्तो कन्द हुने एक जातको जङ्गली हलेदो; वनहरिद्रा ।

**बनाइ**– ना० [√ **बन्** (+आइ)] बन्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **बनाइनु**– क० क्रि० १. बन्न लगाइनु; बनिबनाउ पारिनु । **बनाउनु**– प्रे० क्रि० १. बनिबनाउ पार्नु; रचना गर्नु; निर्माण गर्नु । २. मर्मत गर्नु; जीर्णोद्धार गर्नु । ३. तुल्याउनु; तयार पार्नु । ४. कसैलाई सामान्य अवस्थाबाट विशेष अवस्थामा पुऱ्याउने काम गर्नु । स० क्रि० ५. कल्पना गर्नु; अजमाउनु । ६. पद, मर्यादा, मान, स्थिति आदिमा उँभो लगाउनु; उन्नत पार्नु ।

**बनात**– ना० [बनावट] अरू कपडाभन्दा भिन्नै किसिमको, भिन्नै बाना र बुनोट भएको, बाक्लो खालको ऊनी कपडा; बराँत ।

**बनारस**– ना० [सं० वाराणसी] काशी; वाराणसी ।

**बनारसी**– वि० [बनारस+ई] १. बनारसमा हुने, बन्ने वा पाइने । २. बनारससम्बन्धी; बनारसको । ~ **सारी**– ना० बनारसमा तयार गरिने एक प्रकारको प्रसिद्ध सारी । ~ **बाबु**– ना० सोखिन व्यक्ति ।

**बनावट**– ना० [बन्+आवट] १. बनाउने काम वा कला; बनोट; रचना; निर्माण । २. देखावटी ढाँचा; ढोँग; आडम्बर । ३. बान्की; बनोट । > **बनावटी**– वि० १. कृत्रिम रूपको; देखावटी; नक्कली (चरित्र, चाल, स्वभाव इ०) । २. ढोँगी; आडम्बरी । ३. कृत्रिम रूपबाट बनाइएको (चीजबीज) ।

**बनिबनाउ**– वि० [बन्+य+बनाउ] १. बनेर तयार भएको; राम्ररी बनिसकेको; पूर्णतः सम्पन्न भएको । २. ठीकठाक पारिएको; तम्तयार भएको । ना० ३. बढिबढाउ; उन्नति; प्रगति ।

**बनियाँ**– ना० [सं० वणिक्] १. पसल थापेर बसेको व्यक्ति; पसले; व्यापारी । २. व्यापार गर्ने एक जाति । ३. व्यापारिक मनोवृत्ति भएको व्यक्ति । ~ **जाति**– ना० व्यापार गरेर जीवननिर्वाह गर्ने एक जाति ।

**बनियार**– ना० बनी लिएर अर्काका मेलापातको काम गर्ने व्यक्ति; बनीमा काम गर्ने मानिस; खेतालो; मजदुर; जन । > **बनियारी**– ना० बनियारको काम; ज्यालादारी ।

**बनी**– ना० [बन+ई] १. सानो वन; वन । [अह्नवी] २. अर्काको काम गरिदिएबापत पाइने पारिश्रमिक वा ज्याला; मजदुरी । – **बास**– ना० १. जङ्गलको बास; वनवास (प्रायः कथ्य प्रयोग तथा लोकगीतमा) । २. आफूसँग भएको चलअचल सम्पत्ति जुवा खेलेर वा साहू लागेर सबै रित्त्याएपछि बसेको ठाउँ छाडेर अन्यत्र जाने काम वा अवस्था । – **बुतो**– ना० बनी लिएर गरिने

काम; ज्याला वा पारिश्रमिक लिने गरी गरिएको अर्काका मेलापातको काम ।

**बनुवा–** वि० [बन्+उवा] बनको, जङ्गली; बनैया ।

**बनेल–** ना० [बन+एल] सुँगुरका जातको तर विशेष मोटो र कसिलो देखिने जङ्गली प्राणी; जङ्गली सुँगुर; बँदेल; वराह ।

**बनेली–** ना० [बन+एली] १. सानो बन; बुटाबुटी मात्र भएको सानो जङ्गल; पोथ्रे बन । २. बनको शोभा; बनमा रहेको रमाइलो । वि० ३. वनमा पाइने वा हुने; बनसम्बन्धी; वनको ।

**बनैया१–** वि० [बन्+ऐया] बनेको; निर्मित; तयार भएको ।

**बनैया२–** वि० [बन+ऐया] बनको; बनसम्बन्धी; जङ्गली । ~ **पशु–** ना० बनमा रहने जन्तु; बनको जनावर ।

**बनोट**/**बनौट–** ना० [बन्+ओट/औट] बनावट ।

**बनौटो–** ना० [बनाउ+औटो] बटेर्नु; बट्न्यौटो ।

**बन्चरे–** वि० [बन्चरो+ए] बन्चरोजस्तो । ~ **ढोग–** ना० बन्चरो उजाएजस्तो गरी मन नलागीनलागी गरिने ढोग ।

**बन्चरो–** ना० [सं० वनेचर] रूख ढाल्ने, गिँड्ने र दाउरा आदि चिर्ने काममा उपयोग गरिने, बिँड हालिने पासातिर मोटो र धारतिर पातलो भएको एक किसिमको हतियार; परशु; फर्सा । > **बन्चर्‍याइ–** ना० बन्चर्‍याउने क्रिया वा प्रक्रिया । **बन्चर्‍याइनु–** क० क्रि० बन्चर्‍याउने काम गरिनु; बन्चराले हिर्काइनु । **बन्चर्‍याउनु–** स० क्रि० १. मन नपरीनपरीकन ढोग्नु; करबलले ढोग्नु; टस्क्याउनु । २. मन नपरेका व्यक्तिलाई हातले काटेको जस्तो गरी देखाउनु; धारिउँ हात पार्नु; धारे हात लाउनु ।

**बन्जर**/**बन्जार–** ना० [सं० बन्ध्य] १. नुनिलो माटो भएको जमिन । २. केही पनि नउम्रने जमिन; ऊसर भूमि ।

**बन्जारा**/**बन्जारो–** ना० [सं० वणिज्] १. घोडामा, गोरुमा, गधामा वा आफ्नै काँधमा मालताल बोकाएर वा बोकेर घुमीघुमी व्यापार गर्ने व्यक्ति; धोक्रे व्यापारी । २. एउटा थर ।

**बन्डल–** ना० [अङ्०] कुनै वस्तु, कागत, कपडा, बोरा आदिमा पारिएको पोको; पुलिन्दा ।

**बन्डा–** ना० [बाँड्+आ] १. कुनै वस्तु, जग्गाजमिन, धनसम्पत्ति आदि एक-अर्कामा बाँड्ने काम; बराबरी हिस्सा पार्ने वा भाग लगाउने काम । २. अंश; भाग; हिस्सा । – **चुन्डा–** ना० कुनै वस्तु वा अन्य सम्पत्ति सबैलाई बराबर हुने गरी बाँड्ने काम; चुँडेर भए पनि सबैमा समान रूपले भाग लगाउने कार्य । ~ **पत्र–** ना० एकाघरमा बसेका अंसियार दाजुभाइहरूमा चलअचल सम्पत्ति एवं धनमाल, साहू-आसामी आदिको भागबन्डा गरेर रीतपूर्वक लेखिएको कागत; अंशबन्डाको लिखत ।

**बन्द–** वि० [फा०] १. चारैतिरबाट थुनिएको वा रोकिएको । २. बिर्को लगाएको; ढाकिएको; छोपिएको । ३. थुनामा परेको; बन्धनमा परेको; बाँधिएको । ना० ४. रोकावट; रोकटोक; छेकथुन; मनाही । ५. कागतको आधा ताउ; आधा ताउ कागत । ६. कुनै काम वा कुरो नहुने स्थिति । ~ **इजलास–** ना० न्यायाधीशहरू मात्र रही चलाइएको इजलास । – **कोपी**/**कोबी**/**गोभी–** बन्दाकोपी; बन्दागोभी । – **नासा–** ना० नाकको प्वाल थुनिएको अवस्था; थुनिएको नाक ।

**बन्द बेपार–** ना० [सं० वन्द्र+व्यापार] १. भइरहेको वा सप्रेको बेपार । २. व्यापार ।

**बन्दर१–** ना० [सं० वानर] बाँदर; वानर ।

**बन्दर२–** ना० [फा०] जहाजी घाट; बन्दरगाह । – **गाह–** ना० पानीजहाज अडिने समुद्रकिनारको घाट; पानीजहाजको स्टेसन ।

**बन्दर घुर्की–** ना० [बन्दर+घुर्की] अरूलाई घुर्क्याउन एवं तर्साउनका निम्ति मात्र देखाइने धम्की; देखावटी धम्की; बनावटी घुर्की ।

**बन्द सवाल–** ना० [बन्द+सवाल] १. वादी वा प्रतिवादीका साक्षीहरू मुद्दा परेका अड्डाबाट टाढा भएमा निजहरूले देखे-जाने-थाहा पाएको कुरा सोधनी गर्न देखिएसम्मको सवाल उतारी ती साक्षी भएका जिल्लाका अदालतलाई बकपत्र गरी पठाइदिनू भनी पठाइने सवाल लेखिएको कागज । २. त्यसरी लिखित प्रश्नावली पठाई बकाएका साक्षी वा व्यक्तिको बकपत्र ।

**बन्दा१–** ना० [सं० बद्ध] १. कागत गाँसिएको ठाउँ । २. बन्दकोपी; बन्दागोभी । ~ **कोपी**/**कोबी**/**गोभी–** ना० फूलगोभीका जस्ता बाक्ला, ठूला र हरिया पात हुने, टुप्पामा कलिला र पहेँल्या पात गुजुल्टिएर गाँठो पर्ने, तर्कारी खाइने एक जातको वनस्पति; बन्दकोपी ।

**बन्दा२–** ना० [हि०] सेवक, दास ।

**बन्दाबन्दी–** ना० [बन्द+आ+बन्द+ई] १. झ्यालढोका, बाटोघाटो आदि सबै बन्द हुने काम । वि० २. पूरा मात्रामा बन्द भएको; सबैतिर थुनिएको ।

**बन्दा रोग–** ना० [बन्दा+रोग] बोटबिरुवामा लाग्ने एक प्रकारको रोग ।

**बन्दी१–** ना० [सं० बन्धी] स्त्री-जातिले शिरमा लगाउने एक वा अनेक लहर हुने र निधारमा जडाउको झुप्पो हुने एक प्रकारको सुनको गहना; शिरबन्दी ।

**बन्दी२–** ना० [बन्द+ई] नाम शब्दका पछि लागेर बन्द गरिएको, आधारमा, क्रममा आदि अर्थ बुझाउने शब्द । (जस्तै– बोराबन्दी, खामबन्दी, रैबन्दी, वर्षबन्दी इ०) ।

**बन्दी३–** ना० [सं०] १. राजाहरूको स्तुतिगान गर्ने व्यक्ति; चारण; भाट । २. झ्यालखानामा थुना परेको व्यक्ति; थुनुवा; कैदी । – **खान**/**खाना–** ना० थुनुवालाई राख्ने घर; झ्यालखान; कैदखाना । ~ **खाम–** ना० भित्र चिठी आदि हालेर बन्द गरिएको खाम । ~ **गृह–** ना० मानिस वा अन्य प्राणी आवतजावत गर्न नसक्ने गरी थुनिने ठाउँ; बन्दीखाना; झ्यालखान । – **पुर–** ना० नेपालको पश्चिमाञ्चल क्षेत्रअन्तर्गत पर्ने गण्डकी अञ्चलको एक मुख्य बस्ती । ~ **प्रत्यक्षीकरण–** ना० १. थुनामा परेका व्यक्तिलाई आवश्यक कामकारबाईका निम्ति न्यायाधीश वा अदालतका समक्ष उपस्थित गर्न दिइएको आदेश; सरोकारवालाले दिएको निवेदनका आधारमा सर्वोच्च अदालत, क्षेत्रीय अदालत आदिले

थुनुवा व्यक्तिलाई कुनै निश्चित समयमा अदालतसामु प्रस्तुत गर भनी जारी गरेको आदेश । २. व्यक्तिगत स्वतन्त्रताका अधिकारको एक महत्त्वपूर्ण प्रलेख ।

**बन्दुक**– ना० [अ० बन्दूक] गोली, बारुद आदि भरेर पड्काउने वा चलाइने एक प्रसिद्ध हतियार । – **धारी**– वि० बन्दुक बोक्ने (सैनिक वा सिपाही) । > **बन्दुके**– ना० १. बन्दुक पड्काउने व्यक्ति । वि० २. बन्दुक पड्काउने ।

**बन्देज**– ना० [सं० बन्धन] १. कुनै विशेष प्रकारको रीतिथिती; बन्दोबस्त; नियम । २. कुनै कारणबाट लागेको प्रतिबन्ध; रोकावट । ३. हैकम; तैनात ।

**बन्दोबस्त**– ना० [फा०] कुनै विषय वा काम-कारबाईको प्रबन्ध; व्यवस्था; इन्तिजाम; बरबन्दोबस्त ।

**बन्ध**– ना० [सं०] १. बाँध्ने काम; बन्धन । २. बाँध्ने वस्तु वा साधन (डोरी, फित्ता आदि) । ३. कैद; थुना । ४. पर्खाल; जेल । ५. बाँध (.तटबन्ध आदि) । ६. कुनै काव्यकृतिको रूपगठन राम्ररी मिलाउन विशेष प्रकारको आकृति, चित्र आदि बनाउने काम (सर्गबन्ध, खड्गबन्ध, छत्रबन्ध इ०) ।

**बन्धक**– वि० [सं०] १. बाँध्ने; कस्ने । ना० २. डोरी; जुइनु; बन्धन । ३. बाँध । ४. रिनीले रुपियाँ-पैसा सापट लिएबापत सो चुक्ता नगरुन्जेल साहूकहाँ राखेको धितो वा धरोट; बाँधा । ५. पैसा असुल्ने दृष्टिले कसैलाई थुनिराख्ने काम । – **कर्ता**– ना० आफ्नो घर, खेत आदि अचल सम्पत्ति कसैलाई बन्धकीका रूपमा दिने व्यक्ति ।

**बन्धकी१**– ना० [सं०] १. देह व्यापार गरेर जीविका गर्ने आइमाई; व्यभिचारिणी स्त्री । २. बन्ध्या स्त्री; बाँझी आइमाई ।

**बन्धकी२**– वि० [बन्धक+ई] बन्धकमा परेको; ऋण लिएबापत धितो राखिएको । ~ **तमसुक**– ना० कसैको अचल वस्तु बन्धकी राखेको प्रमाणपूर्वकको लिखित कागत ।

**बन्धन१**– ना० [सं० वन्दना] मारुनी नाच नाच्नुभन्दा पहिले निर्विघ्नताको निम्ति गाइने मङ्गलगीत ।

**बन्धन२**– ना० [सं०] १. बाँध्ने काम । २. डोरी आदि बाँध्ने साधन । ३. झ्यालखान; बन्दीगृह । ४. रोकावट; प्रतिबन्ध । ५. शरीरको जोर्नी; सन्धि । ६. फल, पात आदिको भेट्नु । ~ **ग्रन्थि**– ना० १. डोरी, पासो आदिको गाँठो । २. शरीरका अवयवहरूको जोर्नी । ~ **पाता**– ना० मालमत्ता राख्ने बाकस कस्ने फलामे पाता । – **मुक्ति**– ना० कुनै नियन्त्रण वा बन्धनबाट हुने छुटकारा । > **बन्धनी**– ना० १. शरीरका अवयवहरूलाई मिलाएर बाँध्ने वा जेलेर राख्ने अवयव; नसो । २. डोरी, जुइनु आदि बन्धन । **बन्धनीय**– वि० १. बाँध्न योग्य; टन्काउन लायक; कस्नुपर्ने । ना० २. पुल; फट्के ।

**बन्धित**– वि० [सं०] १. बाँधिएको; बन्धनमा परेको । ना० २. बन्ध्या स्त्री; बाँझी आइमाई ।

**बन्धु**– ना० [सं०] १. दाजुभाइ; फुकी; वंशज; सगोत्र; जाति । २. इष्टमित्र; आत्मीय जन; आफन्त । ३. साथी; मित्र; हितैषी । ४. सहायक; सहचर । ५. सहकर्मी; सहपाठी । – **ता/त्व**– ना० बन्धु हुनाको भाव वा बन्धुमा रहने स्वभाव, गुण, व्यवहार आदि । – **बान्धव**– ना० दाजुभाइ; बन्धुवर्ग ।

**बन्धु वर्ग**– ना० [सं०] दाजुभाइहरूको समुदाय; फुकी ।

**बन्धु विग्रह**– ना० [सं०] १. आफ्ना दाजुभाइका बीचको झगडा । २. दाजुभाइहरूका बीचको फूट ।

**बन्ध्य**– वि० [सं०] १. बाँध्न योग्य; बन्धनीय । २. निष्फल; व्यर्थको; प्रयोजन नभएको । ३. फल नलाग्ने; थारो । ४. बाँझो ।

**बन्ध्या**– ना० [सं०] १. बाँझी आइमाई; शारीरिक दोषले गर्दा सन्तान हुन नसकेकी स्त्री । २. थारो वा बैला पशु । – **करण**– ना० परिवार नियोजनअन्तर्गत स्त्रीहरूको डिम्बवाहिनी नसालाई शल्यक्रियाद्वारा बन्द गर्ने काम; गर्भनिरोध । ~ **पुत्र**– ना० बन्ध्याको छोरो हुनुजस्तै असम्भव कुरो; हुनै नसक्ने कुरो ।

**बन्ना नाच**– ना० [था०] राना थारूहरूमा प्रचलित एक प्रकारको लोकनाच ।

**बन्सो**– ना० [सं० वंश] १. दुबाका जस्ता तर केही लामा पात हुने, केस्रैकेस्रा परेका झुप्पादार फूल हुने, आँख्लैपिच्छे हाँगा हाल्ने र भुइँमा लत्रँदा आँख्लाबाट जरा हाल्ने एक भुइँझार वा घाँस; मन्थानक । २. वंश । ३. अति सूक्ष्म अंश; लेश; अत्यल्पता ।

**बपौती**– ना० [बाप+औती] बाबुले छोडेर गएको वा बाबुका तर्फबाट अंश वा अधिकारका रूपमा आएको सम्पत्ति; पैतृक सम्पत्ति ।

**बफाइ**– ना० [√ **बफाउ** (+आइ)] बफाउने क्रिया वा प्रक्रिया । [ > ] **बफाइँदो**– वि० बफाइएको; उसिनिएको । **बफाइनु**– क० क्रि० बाफद्वारा पकाइनु; बाफले उसिनिनु ।

**बफाउ-नु**– स० क्रि० [बाफ+आउ+नु] कुनै खाद्य वस्तुलाई बाफद्वारा पकाउनु; बाफद्वारा उसिन्नु; खँगार्नु ।

**बफादार**– वि० [वफा+दार - फा०] १. वचन र कर्तव्यको पालना गर्ने २. स्वामिभक्त वा अनुशासनशील । > **बफादारी**– ना० १. बफादार हुनाको भाव वा अवस्था । २. स्वामिभक्ति; अनुशासनशीलता ।

**बब**– ना० [बा० बो०] गाई; बाँबाँ ।

**बबन्डर**– ना० १. कुनै घटना-दुर्घटना आदिका कारणबाट भएको होहल्ला । २. उल्का; उत्पात । > **बबन्डरी**– वि० बबन्डर गर्ने; उल्का वा उत्पात मच्चाउने । ना० ३. आँधीब्यारी ।

**बबर**– ना० [अङ्०] सिंह; शेर ।

**बबबाँ**– ना० [वब+बाँ] केटाकेटीले गाईलाई डाक्ने वा डाक्नका निम्ति भन्ने शब्द; बबैबाँ ।

**बबाल**– ना० [अ० वबाल] १. अनावश्यक झमेला; नचाहिँदो कचिङल; व्यर्थको टन्टा; बखेडा; आपत्ति; बवाल । २. भार; बोझ ।

**बबिन**– ना० [अङ्०] कलमा सिलाइको धागो बेर्ने लट्टाई वा चक्का ।

**बबुर**– ना० [प्रा० बबूर] पहेँला रङका नरम वा बाटुला फूल फुल्ने,

लामा कोसा फल्ने काँडैकाँडा हुने एक जातको रूख; बवुल ।
**बबुरो–** वि० मायालाग्दो; दयनीय; बिचरो; बरो ।
**बबैबाँ–** ना०हे० बबबाँ ।
**बभ्रु–** वि० [सं०]१. गाढा रूपको खैरो । ना० २. न्याउरीमुसो । ३. गाढा खैरो रङ । ४. शिव । – **वाहन–** ना० चित्राङ्गदाको गर्भबाट जन्मेका र पछि मणिपुरका शासक हुने, अर्जुनका एक पुत्र ।
**बम्–** ना० [सं० ॐ (ओम्)] १. शिवजीलाई प्रसन्न गराउन उच्चारण गरिने शब्द; प्रणव । २. साधु-सन्न्यासी आदिले भिक्षा माग्दा भन्ने शब्द ।
**बम१–** ना० [सं० वंश] बग्गी, गाडा आदिमा लागेका घोडा वा गोरुहरूका माझमा रहने लामो काठ ।
**बम२–** ना० [अङ्० बम्ब] भित्र विष्फोटक पदार्थ भरिएको, कुनै पनि आकार-प्रकारको गोला; शत्रुको विनाश गर्न वा अन्य कुनै कार्यका निम्ति प्रयोग गरिने ध्वंसक अस्त्र । – **गोला–** ना० हे० बम२ ।
**बमन–** ना० [सं० वमन] बान्ता । >**बमनक–** ना० बान्ता गराउने वस्तु ।
**बमवर्षक–** वि० [बम+वर्षक] बम बर्साउने; बम खसाल्ने; बम हान्ने ।
**बमोजिम–** ना० यो० [फा० बमुजिब] अनुसार; मुताबिक; सरह । (उदा०– यो बेहोरा झुट्टा ठहरे ऐनसवालबमोजिम सहुँला-बुझाउँला) ।
**बम्क-नु–** अ० क्रि० रिसका आवेगमा ठूलठूलो स्वरले गर्जनु; कुर्लनु । >**बम्काइ–** ना० बम्कने क्रिया वा प्रक्रिया । **बम्काइनु–** क० क्रि० बम्कन लगाइनु; बम्कने पारिनु । **बम्काउनु–** प्रे० क्रि० बम्कन लगाउनु; बम्कने पार्नु । **बम्किनु–** अ० क्रि० बम्कने होइनु; कुर्लिनु । **बम्क्याइ–** ना० बम्किने क्रिया वा प्रक्रिया । **बम्क्याइनु–** क० क्रि० बम्किने पारिनु । **बम्क्याउनु–** प्रे० क्रि० बम्किन लगाउनु । **बम्क्याहट–** ना० बम्किने भाव, अवस्था वा क्रिया-प्रक्रिया । **बम्क्याहा–** वि० बम्किने स्वभावको; बम्किने खालको ।
**बम्पर–** ना० [अङ्०] १. मोटरगाडीमा इन्जिनको बचावटका निम्ति रहने अगिल्लो भागको ढकनी । २. भरपूर; झुसी (बम्पर उपहार)
**बम्परसेल–** वि० [फा० ब+अ० फस्ल] आफलताफल; प्रशस्त; छेलोखेलो भरपूर बिक्री ।
**बम्बई–** ना० भारतको एक प्रसिद्ध नगर; मुम्बई । ~ **आँप–** ना० एक प्रकारको असल आँप ।
**बम्बईसन–** ना० खुवा र चास्नी भुटेर रातो पारेर बनाइएको, बर्फीजस्तै गरी थाल आदिमा ढालेर तयार पारिएको एक जातको मिठाई ।
**बम्बम्–** ना० [बम्+बम्] जोगीसन्न्यासीहरूले भिक्षा माग्दा भन्ने शब्द ।
**बम्बार्ड–** ना० [अङ्० बमबार्ड] बमगोला प्रहार गर्ने वा बर्साउने काम ।
**बम्बु–** ना० [अङ्० बूम] लुगाफाटाका सिउनी वा जोर्नीमा लगाइने कपडाको धरो वा टुक्रो ।
**बम्भोला–** ना० [बम्+भोला] १. महादेव; शिव । २. विषय-वासनाबाट मुक्त रहेको अथवा अत्यन्त सोझो प्रकृतिको मानिस ।
**बम्मे–** ना० १. थाती; जगेडा; जतन । २. बन्दा-बन्दी (खास गरी सैनिकहरूको तलबसम्बन्धी विषयमा प्रचलित) ।
**बम् शङ्कर–** ना० [बम्+शङ्कर] १. शिवभक्तहरूको जपमन्त्र । २. जोगीसन्न्यासीले भिक्षा माग्दा वा गाँजा खाने बेलामा भन्ने शब्द ।
**बय–** ना० [नेवा०] काठबाट बनाइएको, मुरलीकै छाँटको र सानो, सुरिलो स्वर हुने, काठमाडौँ उपत्यकाका कृषिजीवी ज्यापूहरूको लोकप्रिय बाजा ।
**बयर–** ना० [सं० बदरी] विशेष गरी औलिया जग्गामा पाइने, बाक्लो झाङ र काँडा हुने कलिलोमा हरिया, कट्मिरोमा पहेँला र पाकेपछि राता फल लाग्ने र गुदीभित्र सानो बियाँ वा हाड र त्यसभित्र दिउल हुने झन्डै अमलाजत्रो एक फल ।
**बयल१–** ना० बयली; बयेली ।
**बयल२–** ना० [सं० वलद] गोरु । ~ **गाडा–** ना० गोरुले तान्ने गाडा; गोयान । – **खुरी ताल–** ना० मैदानमा नदीले मार्ग बदल्दा बनेको ताल । – **पाटा–** ना० अछाममा रहेको एउटा स्थान ।
**बयलपाते–** वि० [बयल/बयली+पाते] १. पुङ न पुच्छरको कुरा गर्ने र उत्ताउलो स्वभाव हुने; बित्पाते; छाले; बयल्ल । २. बयली खेल्ने बेला भएको धानको बोट वा गहुँको बोट ।
**बयल सिद्धान्त–** ना० [बयल+सिद्धान्त] जो बलियो छ उसैले भनेको एवं गरेको कुरो ठीक मान्ने सिद्धान्त वा मत; शक्तिसिद्धान्त । (जसको लट्ठी, उसको भैँसी) ।
**बयलिनु–** अ० क्रि० १. अमिल्याउनका निम्ति कुनै भाँडामा खाँदिएको अचार, गुन्द्रुक, सिन्की आदिको अमिलोपन हराएर बिग्रन वा सड्न लाग्नु; स्वाद बिग्रनु । २. दुश्चरित्र भएर हिँड्नु; छिहिलिनु ।
**बयली–** ना० [वयल+ई] हे० बयेली ।
**बयल्याइ–** ना० [√ **बयलि** (+याइ)] बयलिने क्रिया वा प्रक्रिया । [ > ] **बयल्याइनु–** क० क्रि० बयलिने पारिनु । **बयल्याउनु–** प्रे० क्रि० बयलिने पार्नु; बयलिन लगाउनु ।
**बयल्ल–** वि० [सं० वय] ज्यादै छाडा भएर हिँड्ने; छाडा स्वभाव हुने; उच्छृङ्खल; छयल्ल; छाले । >**बयल्ले–** वि० बयल्ल ।
**बयस–** ना० [सं० वयस्] जीवनको बितेको समय; वय ।
**बयसट्ठिऔँ/बयसट्ठियौँ–** वि० [बयसट्ठी+औँ/यौँ] बयसट्ठी सङ्ख्याका क्रममा आउने; बयसट्ठी सङ्ख्याको ।

**बयसट्ठी**– ना० [प्रा० बासट्ठि] १. साठी र दुईको योगसङ्ख्या; एकसट्ठीपछि आउने अङ्क । वि० २. साठी र दुईको योगसङ्ख्याको । **बयसट्ठीऔँ**⁄**बयसट्ठीयौँ**– वि० हे० बयसट्ठिऔँ ।

**बया**– ना० १. सारङ्गी रेट्तै र गीत गाउँदै हिँड्ने गाइने जातिलाई दिइने अन्नको भाग । २. त्यसरी मागेर ल्याइएको अन्न ।

**बयान**– ना० [अ०] १. कुनै विषयमा दिइएको वास्तविक कुराको बखान; वर्णन; विवरण । २. कसैको राम्रो स्वभाव, राम्रो काम आदिबाट खुसी भएर गरिने प्रशंसा; तारिफ । ३. अड्डाअदालतमा साक्षी वा अभियुक्तहरूले दिने अपराध वा मुद्दासम्बन्धी वक्तव्य । ४. कुनै विषयमा सम्बन्धित व्यक्तिद्वारा दिइने विवरण ।

**बयानब्बे**– ना० [सं० द्विनवति] १. नब्बे र दुईको योगबाट बनेको सङ्ख्या; एकानब्बेपछिको सङ्ख्या; ९२-को अङ्क । वि० २. नब्बे र दुईको योगसङ्ख्याको । >**बयानब्बेऔँ**⁄**बयानब्बेयौँ**– वि० बयानब्बे सङ्ख्याका क्रममा आउने; नब्बे र दुईको योग भएको सङ्ख्यामा पर्ने ।

**बयार**– ना० हावा ।

**बयालिस**– ना० [सं० द्विचत्वारिंशत्] १. चालीस र दुईको योगबाट हुने सङ्ख्या; एकचालीसपछि आउने सङ्ख्या; ४२-को अङ्क । वि० २. चालीस र दुईका योगसङ्ख्याको । >**बयालिसौँ**– वि० बयालीस सङ्ख्याका क्रममा आउने वा सो सङ्ख्याका क्रममा रहेको ।

**बयालु**⁄**बयालो**– वि० [वय्+आलु⁄आलो] १. धेरै बासी भएर स्वाद बिग्रेको । २. अमिल्चो भाव हराएको; सडेको । ना० ३. हावाको लहर ।

**बयासिऔँ**⁄**बयासियौँ**– वि० [बयासी+औँ⁄यौँ] गणनाका क्रमले बयासी सङ्ख्यामा पर्ने; बयासी सङ्ख्याका क्रममा रहेको ।

**बयासी**– ना० [सं० द्व्यशीति] १. असी र दुईको योगबाट बनेको सङ्ख्या; एकासीपछि आउने सङ्ख्या । वि० २. असी र दुईको योगबाट बनेको सङ्ख्याको; चारबीस र दुईको योगबाट बनेको सङ्ख्याको । >**बयासीऔँ**⁄**बयासीयौँ**– वि० हे० बयासिऔँ ।

**बयेलिनु**– अ० क्रि० [बयेली+नु] १. बयेली खेल्ने हुनु । २. बयलिनु । >**बयेल्याइ**– ना० बयेलिने क्रिया वा प्रक्रिया । **बयेल्याइनु**– क० क्रि० बयेलिने पारिनु । **बयेल्याउनु**– प्रे० क्रि० बयेलिने पार्नु ।

**बयेली**– ना० [बयल+ई] १. धान, गहुँ आदिको हरियो र कलकलाउँदो बालीमा हावा लाग्दा तरङ्गित हुने लहर; बयली । २. शीतलदायी सिरसिरे हावा; स्वच्छ हावा; वयार ।

**बर्-नु**– स० क्रि० [सं० वरण+नु] कन्याले वर रोज्नु; स्वयंवर गर्नु; वरण गर्नु; रोज्नु ।

**बर**– ना० [सं० वर] हाँगाबाट लहरा निस्कने र यसरी निस्केका लहरा भुइँमा गाडिएर जराका रूपमा परिणत हुने, चारैतिर बाक्लो हाँगा फैलने, पीपलका आकारका तर केही बाक्ला पात हुने, राता बाटुला फल फल्ने एक प्रसिद्ध वृक्ष; बरपीपल; वटवृक्ष ।

**बरकरार**– वि० [फा० बरकरार] १. राम्ररी स्थापित गरिएको; जस्ताको तस्तै रहेको । २. दह्रो; दृढ । ३. वर्तमान ।

**बरकठै**– वि० बो० [बरा+कठै] सहानुभूति जनाउँदा प्रयोग हुने शब्द; कठै । (उदा०– बरकठै ! ज्ञानीलाई कसले लडाइदियो !) ।

**बरखा**– ना० [सं० वर्षा] वर्षा ऋतु; बर्खा ।

**बरखास**– वि० [√ फा० बरखास्त] बरखास्त; खारेज । >**बरखासी**– ना० बरखास हुने वा गर्ने काम; खारेज ।

**बरखास्त**– वि० [फा० बरख्वास्त] १. नोकरीबाट खोसिएको; कुनै काम वा पेसाबाट हटाइएको; खोसुवा, खारिज गरिएको; गरिरहेको कामबाट अवधि पुगेपछि वा एकाएक बीचमै अवकाश दिइएको; कामकाजबाट मुक्त गरिएको । ना० २. चलिरहेको कुनै बैठक, इजलास आदिको विसर्जन ।

**बरखिलाफ**– वि० [अ० बरखिलाफ] १. विरुद्ध; प्रतिकूल । २. उल्टो ।

**बरखी**– ना० [सं० वार्षिक] १. मानिस मरेका वर्ष दिनमा गरिने श्राद्ध; बर्खी । २. बाबु, आमा, पति आदि मर्दा वर्षदिनसम्म पालन गर्नुपर्ने नियम; बर्खी ।

**बरताव**– ना० कुनै कामकुराका सिलसिलामा कसैसित गरिने भद्र वा अभद्र व्यवहार ।

**बरन्डा**– ना० [सं० वरण्ड] घरको मुख्य भागदेखि बाहिरपट्टि गाँसिएको छानासहितको अवयव; बार्दली; कौसी ।

**बरनी**– ना० [सं० वरणी] विवाहमा जन्ती आइपुगेपछि बेहुलीका बाबुले बेहुलालाई शास्त्रीय विधिविधानका साथमा गरिने पूजा; वरणी ।

**बरफ**– ना० [फा० बर्फ] १. ज्यादै चिसो पारेर जमाएको पानीको डल्लो । २. हिउँ । ३. असिना । ~ **घर**– ना० १. बरफ तयार गरिने घर । २. अति चिसो वा ठिही लाग्ने घर । – **दान**– ना० बरफ राख्ने, हावा नछिर्ने बाकस वा भाँडो । >**बरफिलो**– वि० ज्यादै चिसो; अति ठन्डा; बरफ भएको । ~ **बाग**– ना० सिंहदरबारको एउटा बगैँचा ।

**बरबन्दोबस्त**– ना० [(द्वि०) बन्दोबस्त] कुनै काम वा व्यवहारको प्रबन्ध; बन्दोबस्त; इन्तजाम ।

**बरबर**– ना० [अ० मू० बर्+अ (द्वि०)] १. नीदमा वा बेसुरमा बोल्ने काम; बडबड; प्रलाप । क्रि० वि० २. लगातार आँसुका ढिका खस्ने वा झर्ने गरी । ३. ससाना गेडागेडी आदि चुहिएर वा झरेर । > **बरबराइ**– ना० बरबर गर्ने वा बरबराउने क्रियाप्रक्रिया । **बरबराइनु**– अ० क्रि० १. बरबराउने होइनु, बरबर गरिनु । क० क्रि० २. बरबर गर्ने पारिनु । **बरबराउनु**– अ० क्रि० १. बेसुरका अवस्थामा वा मस्त निदाएका बेलामा बोल्नु; बडबडाउनु । २. फतफताउनु; भटभटाउनु । स० क्रि० ३. थोपा-थोपा गरेर आँसु खसाल्नु । **बरबराहट**– ना० बरबराउने भाव, अवस्था वा क्रियाप्रक्रिया । **बरबरी**– क्रि० वि० १. थोपाथोपा गरेर आँसु चुहाउने गरी । २. मसिना गेडागुडी भुइँमा झर्दा शब्द आउने किसिमले बर्कने गरेर । **बरबरे**– वि० बरबराउने

स्वभावको; बडबडे; फतफते; प्यारप्यार कराइरहने ।

**बरबाद–** वि० [फा०] १. काम नलाग्ने भएको; नासिएको; बिग्रेको; विनष्ट । २. बेथितिसँग रहेको; भताभुङ्ग वा लथालिङ्ग भएको । > **बरबादी–** ना० बरबाद हुनाको भाव वा स्थिति, विनाश; भताभुङ्ग ।

**बरबुझारथ–** ना० [(द्वि०) बुझारथ] आफ्नो जिम्मामा भएका कागजपत्र, मालसामान, नगदीजिन्सी आदि साबिकवालाले हालवालालाई बुझाउने काम; बुझाउने तथा जिम्मा लगाउने काम; फर्स्यौट गर्ने काम ।

**बरबेवहार–** ना० [(द्वि०) बेबहार] व्यक्तिगत वा सामाजिक रूपमा प्रचलित कामकारबाई; व्यवहार ।

**बरही–** ना० [सं० वृ] १. पानसम्बन्धी काम गर्ने एक जाति; बरै । २. पानपसले; पानबेपारी ।

**बराँठ–** ना० [अ० बर्राक] १. सोझा सिङ, छोटो पुच्छर, खैरो वर्ण र मोटो खालको हुने एक जातको मृग; शम्बर । वि० २. हृष्टपुष्ट र मोटोघाटो; हट्टाकट्टा । ३. मोटीघाटी र बाँझी; बैला (युवती) ।

**बराँठि-नु–** अ० क्रि० १. बराँठजस्तै भएर मोटाउनु । २. उमेर पुगेर पनि गर्भ धारण नगर्नु; बाँझी हुनु; बैला बस्नु । > **बराँठचाइ–** ना० बराँठिने क्रिया वा प्रक्रिया । **बराँठ्याइनु–** क० क्रि० बराँठिने पार्नु । **बराँठ्याउनु–** प्रे० क्रि० बराँठिने पार्नु ।

**बराँत–** ना० १. हे० बरियाँत । वि० २. बराला । > **बराँतिनु–** अ० क्रि० बरालिनु । **बराँती–** वि० बरियाँती ।

**बरा–** ना० [सं० वराक] १. बिचरो; बबुरो । वि० बो० २. दया-मायाको उद्‌गारसूचक शब्द; कठै; कठैनि । (उदा०– बरा ती टुहुरालाई कसले हेरचाह गर्छ !) ।

**बराइ–** ना० [√ **बर्** (+आइ)] बर्ने क्रिया वा प्रक्रिया । [ > ] **बराइनु–** क० क्रि० बर्न लगाइनु; रोजाइनु । **बराउनु–** प्रे० क्रि० बर्न लगाउनु; कन्याद्वारा वर रोजाउनु ।

**बराजु/बराज्यू–** ना० [बडा+ज्यू < सं० वरा-आर्य] १. बाजेका पिता; बाबुका बाजे; प्रपितामह । २. आफ्ना चार पुस्तामाथिका पुर्खा । > **बराज्यै–** ना० बराज्यू ।

**बरानी–** ना० [बहु+रानी] नोकरचाकरले आफूभन्दा कम उमेरका मालिककी स्त्रीलाई सम्बोधन गर्ने शब्द ।

**बराबर–** वि० [फ०] १. कुनै वस्तुको लम्बाइ-चौडाइ आदि समान भएको । २. कसैलाई लगाएको कुनै वस्तुको भाग एकनास रहेको । ३. होचोअग्लो, अड्बेखड्बे आदि नभई समतुल्ल भएको । क्रि० वि० ४. निरन्तर; लगातार; सधैँभरि । > **बराबरी–** ना० १. सबैतिर उत्तिकै मिल्ने भाव वा स्थिति; तुल्यता; समानता । क्रि० वि० २. निरन्तर; लगातार । ३. प्रायः; समयसमयमा ।

**बरामद–** ना० [फा०] खोजतलास हुँदा कसुरदारद्वारा दबाइएका तथा चोरिएका मालसामान, प्राणी आदि फेला पर्ने काम; खानतलासीबाट भएको त्यस्तो वस्तुको दाखिला ।

**बराल्-नु–** स० क्रि० [सं० बरल+नु] १. नचाहिँदो वा नराम्रो काममा प्रवृत्त गराउनु; बहकाउनु । २. सिँगारपटार गराई काम न काजसँग यताउति डुलाउनु । ३. कुसङ्गतमा लगाउनु; कुलतमा अल्झाउनु । > **बराल–** वि० १. बरालिने (मान्छे); बराला । ना० २. बाहुन जाति र मगर जातिमा प्रचलित एक थर । **बरालसिङ–** ना० काम नगरीकन बरालिने मान्छे; कुसङ्गतमा लागेको व्यक्ति । **बराला–** वि० काम नगरीकन बरालिने; कुसङ्गतमा लाग्ने; विना काममा घुमफिर गर्ने । **बरालाइ–** ना० बराल्ने क्रिया वा प्रक्रिया । **बरालिनु–** अ० क्रि० १. अर्काका बहकावटमा लाग्नु; बहकिनु । २. बेकाममा यताउति घुम्नु; अल्लारिनु । ३. खराब सङ्गतमा लाग्नु; कुसङ्गतमा फस्नु । ४. बिराला आदिका पोथीले भाले खोज्दै हिँड्नु । क० क्रि० ५. बराला पारिनु; बराल्ने काम गरिनु ।

**बराली–** ना० ससाना वृत्ताकार पात हुने, नीलो वा गुलाफी फूल फुल्ने, जरामा ठूला, बाङ्गिएका, चौडा र पहेँला कन्द फल्ने, जराको उपयोग बान्ता, बाथ, सुनिएको ठाउँ आदिका निम्ति गरिने एक खालको बोट । ~ **कुन्द–** ना० बराली ।

**बरासो–** ना० मट्टीतेलका सट्टामा वा सो अभाव हुँदा पहाडतिर उज्यालाका लागि मसिना चोइटा वा दियालो बाल्न बनाइएको आट अथवा त्यसमा खोपिएको अगेनी ।

**बराह–** ना० [सं० वराह] बँदेल; वराह ।

**बराहा–** वि० [बराबर+आहा] अधियाँ; साझा; बच्छी ।

**बराहा उमराउ–** ना० [बराह+उमराव] आफ्नो रक्षा गर्न वा अरूप्रति आक्रमण गर्नका निम्ति मुख्यमुख्य बाटामा रहेका भारदार (दिव्य०) ।

**बरियाँत–** ना० [सं० वर+यात्रा] विवाहमा बेहुलाका साथ बेहुलीका घरमा जाने आमन्त्रित व्यक्तिहरूको समूह; वरयात्री; जन्ती । > **बरियाँती–** वि० बरियाँत जाने; जन्त जाने ।

**बरियो–** ना० [सं० वरत्रा] नाम्लाका पाताका दुई छेउमा गाँसिएको डोरी ।

**बरिलै–** ना० १. लोकगीतका चरणका अन्तमा र बीचबीचमा पनि पादपूरकका रूपमा वा भावलाई विशेष उराल्न प्रयोग गरिने शब्द । वि० बो० २. कसैका दुःखप्रति समवेदना प्रकट गर्ने शब्द । (उदा०– कठै बरिलै, कति दुःख पाइछ्यौ तिमीले !) ।

**बरी१–** ना० [सं० वटी] १. औषधीको गोली; वटी । २. पीठाका ससाना डल्ला पारेर तातो पानीका बाफमा पकाइएको खाद्य वस्तु; बफौरी; टिकिया ।

**बरी२–** ना० बराको स्त्रीलिङ्गरूप ।

**बरु१–** संयो० [सं० वरम्] १. त्यसो भन्दा त; त्यसो भए त; होइन भने; तैबिसेक । २. अथवा; वा; यद्‌वा ।

**बरु२–** ना० [सं० वर+उ] वरका निम्ति कन्या माग्न जाने व्यक्ति; लमी ।

**बरुनी१–** ना० काँडादार बोटमा सयपत्रीको जस्तो रङमा फूल्ने र

रसले पेटमा भएको पत्थर गलाउँछ भनिने एक जातको फुल; त्यसकै बोट; चिप्लिकान ।

**बरुनी**२– ना० [तरुनी] 'तरुनी' शब्दका पछि गाँसिने र उमेर पुगेको भाव जनाउने शब्द (जस्तै– तरुनीबरुनी) ।

**बरुनो**– ना० [सं० तरुण] तरुनो शब्दका पछि गाँसिने र उमेर पुगेको भाव जनाउने शब्द । (जस्तै– तरुनोबरुनो) ।

**बरुवा**– ना० १. नेपाली कागज बनाउने काममा आउने एक प्रकारको झार । २. एक प्रकारको जरीबुटी ।

**बरुवाल**– ना० [अ० बरीक] १. मोटा सिङ हुने एक जातको लेकाली भेडो । २. बीउका निम्ति पालिएको भेडो; भेडाको साँढ; भाले भेडो ।

**बरेलो**– ना० तरकारी खाइने, परबरभन्दा सानो एक जातको फल; चुच्चे करेलो ।

**बरै**१– ना० [√ बरही] पानपसले; हे० बरही ।

**बरै**२– ना० [बरा+ऐ] लोकगीत गाउँदा 'बरिलै' जस्तै प्रयोग हुने शब्द ।

**बरो**– वि० [बरा+ओ] बिचरो; बबुरो; बरा ।

**बरोबर**– वि० [बराबर] १. समान; तुल्य । क्रि० वि० २. फेरि-फेरि; पटक-पटक; पुनः-पुनः । ३. प्रायः ।

**बरौनी**– ना० [वर+औनी] १. वरका निम्ति कन्या माग्ने काम; केटी खोज्ने काम । २. आँखाको परेला । ~ **खास्टो**– ना० केटी माग्न जाने व्यक्तिलाई ओढाइदिने खास्टो ।

**बर्कत**– ना० [अ० बरकत] १. मानिस वा अन्य प्राणीमा भएको शारीरिक शक्ति; बल; ताकत; सामर्थ्य; बर्गत । २. आधिक्य; अधिकता । ३. लाभ; आय । ४. उन्नति; अभ्युदय । > **बर्कती**– वि० बर्कत भएको; तागतदार; शक्तिशाली ।

**बर्क-नु**– अ० क्रि० दानादार कुनै वस्तु क्रमैले खस्नु; गेडागुडी पोखिनु; दानाहरू खसेर छरिनु ।

**बर्कनदास**– वि० [अ० बर्क+फा० अन्दाज] १. बेकम्मा वा काम नलाग्ने भई खारिज भएको; बरखास्त । ना० २. त्यस्तो खालको सैनिक वा सिपाही ।

**बर्काइ**– ना० [√ **बर्क** (+आइ)] बर्कने क्रिया वा प्रक्रिया । [ > ] **बर्काइनु**– क० क्रि० गेडागुडी खसालिनु वा छरिनु । **बर्काउनु**– स० क्रि० १. मसिना दाना वा गेडागुडी छर्नु; छरिलो पार्नु । २. बीउ छर्नु । **बर्किनु**– अ० क्रि० १. गेडा वा दानाहरू खसिनु । २. बर्कनु ।

**बर्की**– ना० [बर्को+ई] सानो बर्को ।

**बर्को**– ना० [सं० वरक] सानो एकसरो ओढ्ने वा पछेउराविशेष; मजेत्रो ।

**बर्कौलो**– ना० [सं० बर्कर+ने० औँलो] भेडा, बाखा आदिको कालो गोलीजस्तो बिष्टा । > **बर्कौंल्याइ**– ना० बर्कौंल्याउने क्रिया वा प्रक्रिया । **बर्कौंल्याइनु**– क० क्रि० बर्कौंल्याउने काम गरिनु । **बर्कौंल्याउनु**– स० क्रि० भेडा, बाखा आदिले बर्कौंला हग्नु ।

**बर्ख**– ना० [सं० वर्ष] १. साल; उमेर । २. वर्ष । ~ **दिन**– ना० पूरा बाह्र महिना । ~ **दिनको चाड**– ना० १. बाह्र महिनामा एकचोटि आउने चाड; ठूलो चाड । २. दसैँ-तिहार ।

**बर्खा**– ना० [सं० वर्षा] १. गर्मी यामका छ महिनाको समय; वर्षा । २. एक वर्षाऋतु भएको वर्षाचक्र । > **बर्खान**– ना० मरुभूमिमा वायुले थुपारेको अर्धचन्द्राकारको बालुवाको ढिस्को; वार्चन । > **बर्खासन**– ना० [सं० वर्षाशन] १. बाह्र महिनाको सिधा अथवा मानु-चामल । २. तीर्थवासी खास गरी काशीवास गर्नेहरूलाई नेपालको राजकोशबाट दिइने वार्षिक भत्ता ।

**बर्खास/बर्खास्त**– वि० [√ बरखास्त] खारिज; बरखास्त । > **बर्खासी**– ना० बर्खास हुने काम वा स्थिति; बरखासी ।

**बर्खि-नु**– अ० क्रि० [बर्ख+इ+नु] १. बर्खाभरिका निम्ति पर्खनु वा अडिनु । २. वर्ष बिताउनु ।

**बर्खिलाप**– वि० [फा० बर+अ० खिलाफ] प्रतिकूल; विरुद्ध ।

**बर्खी**– ना० [√ बरखी] १. बरखी । २. वर्ष बर्ख (उदा०– बुहारी बर्खीको छोरो छोडेर माइत गएकी दुई बर्षसम्म आइन) ।

**बर्खे**– वि० [बर्खा+ए] बर्खामा हुने वा उब्जने; बर्खासम्बन्धी; वर्षाकालीन । ~ **कटेरो**– ना० छ महिना बर्खा वा पानी परुन्जेलका निम्ति बस्न, ओत लाग्न बनाइएको कटेरो । ~ **गोठ**– ना० बर्खायामका निम्ति बस्तुभाउ आदि राख्न बनाइएको गोठ । ~ **जिउ**– ना० साधारणतः बर्खायाममा रोग लाग्ने शरीर । ~ **नदी**– ना० बर्खामा वा पानी पर्ने बेला मात्र पानी बग्ने खोलो; खहरे । ~ **नहर**– ना० बर्खायाममा चालू हुने गरी खेतीकमाइका लागि पानी पटाउन बनाइएको नहर । ~ **फल**– ना० काँक्रो (मङ्सिरमा नाउँ नकाटी काँक्रो खाने चलन हुँदा) । ~ **बाली**– ना० बर्खायाममा लगाइने वा हुने धान, मकै, भटमासजस्ता बाली । – **सरो**– ना० हलेदाका जस्तै ठूला आकारका पात हुने, घोगामा पहेँला फूल फुल्ने, विभिन्न आकारका कन्द फल्ने एक जातको बोट । ~ **सारौँ**– ना० ढुकुरका जस्ता रौँ हुने एक जातको सारौँ ।

**बर्ख्याइ**– ना० [√ **बर्खि** (+याइ)] बर्खिने क्रिया वा प्रक्रिया । [ > ] **बर्ख्याइनु**– क० क्रि० बर्खिने पारिनु । **बर्ख्याउनु**– प्रे० क्रि० बर्खिन लाउनु; बर्खिने पार्नु ।

**बर्ख्यौली**– वि० [बर्खा+यौली] बर्खैपिच्छे; बर्सेनि; सालबसाली ।

**बर्गत**– ना०हे० बर्कत ।

**बर्गल्याउनु**– अ० क्रि० अल्मल्याउनु ।

**बर्चोट**– [हि० बुरचोद] ना० गालीमा प्रयोग गरिने शब्द; बच्चोट; बच्योट ।

**बर्छा**– ना० [सं० व्रश्चन] घोप्ने, रोप्ने काममा प्रयोग हुने एक किसिमको हतियार; भाला । > **बर्छी**– ना० सानो बर्छा; बर्छा ।

**बर्जू**– ना० [सं० वर्य] बाहुनबाहुनीलाई आदर गरी सम्बोधन गर्दा शब्दका साथ जोरिएर आउने शब्द (जस्तै– बाहुनबर्जू; बहुनीबर्जू) ।

**बर्त**– ना० [सं० व्रत] व्रत; उपवास । (उदा०– **बर्त बस्नू एकादशी,**

**तीर्थ गर्नू काशी ।** – उखान) ।

**बर्तन**– ना० [सं० वर्तन] खाने, पकाउने आदि काममा प्रयोग गरिने धातु, माटो आदिको भाँडो; पात्र ।

**बर्तनु**– अ० क्रि० [सं० वृत्+नु] १. जीवन-निर्वाह गर्नु; बाँच्नु । २. रहनु; बाँडिनु (विशेष गरी प्रसाद) ।

**बर्तमन**– ना० [सं० व्रतबन्ध] व्रतबन्ध; उपनयन ।

**बर्ता**– वि० [√ बढ्ता] मात्राभन्दा धेर; बढ्ता; बेसी ।

**बर्ताइ**– ना० [√ **बर्त** (+आइ)] १. बर्तने क्रिया वा प्रक्रिया । [बर्ताउ+आइ] २. बर्ताउने क्रिया वा प्रक्रिया । [ > ] **बर्ताइनु**– क० क्रि० बर्ताउने काम गरिनु । **बर्ताउनु**– स० क्रि० १. रहन दिनु । २. बाँड्नु (प्रसाद आदि) ।

**बर्तालु**– वि० [बर्त+आलु] बर्त बसेको वा बर्त लिने; व्रती ।

**बर्द**– ना० हे० बर्दा । – **गन्दी**– ना० तराईतर्फ हलगोरुका आधारमा निर्धारण गरिने जग्गा-कर ।

**बर्दा**– ना० [सं० बलीवर्द] १. गोरु । २. गोरु धपाउँदा भन्ने बोली (जस्तो– हो बर्दा, हो !) ।

**बर्दिया**– ना० नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने भेरी अञ्चलको तराई भागमा रहेको एक जिल्ला ।

**बर्दी**– ना० [√ बरदी] औपचारिक रूपमा अधिकृत कर्मचारीहरूले लगाउने विशेष प्रकारको निर्धारित पोसाक; उर्दी पोसाक ।

**बर्दुल**– ना० [सं० वर्तुल] काठ आदि प्वाल पार्ने ज्यावल; बर्मा; भ्रीर ।

**बर्धन्ने**– ना० [सं० वर्द्धन] दीर्घ उकारको चिह्न; (ू) यस्तो मात्रारूप ।

**बर्न**– ना० [सं० वर्ण] मुखको रङ्गरूप; वर्ण । > **बर्नी**– वि० बर्न भएकी । **बर्ने**– वि० बर्न भएको । (बर्नी, बर्ने प्रायः गाई, गोरुमा मात्र सीमित, जस्तो– लालबर्नी गाई, लालबर्ने गोरु) ।

**बर्नट**– ना० [अङ्०] मोटर गाडीको इन्जिनको ढकनी ।

**बर्नाउनु**– स० क्रि० [सं० वर्ण+आउ+नु] १. धामीले देवताको वर्णन गर्नु वा देवता बुझाउनु । अ० क्रि० २. गाईबस्तुको साहा जान खोज्नु; चटारिनु । ३. यस्तो छ भनी प्रख्यात हुनु; कहलाउनु ।

**बर्फ**– ना० [फा०] बरफ । > **बर्फिलो**– वि० बरफैबरफले ढाकिएको; हिउँले भरिएको ।

**बर्फी**– ना० [फा० बर्फ] खुवा घोटेर चिनी आदि मिलाई पकाएपछि थालमा जमाएर टुक्राटुक्रा पारी काटेर झिकिने मिठाईविशेष ।

**बर्बर**– वि० [सं०] सभ्यता, संस्कार केही नभएको; असभ्य; जङ्गली । – **ता**– ना० बर्बर हुने भाव वा ढाँचा; असभ्यता; जङ्गलीपना ।

**बर्मा१**– ना० [फा० बर्मा] डोरीले घुमाएर काठमा प्वाल पार्ने, फलामको चुच्चे हतियार ।

**बर्मा२**– ना० [सं० ब्रह्मदेश] भारत र बङ्गलादेशको दक्षिण-पूर्वमा रहेको एक देश; म्यानमा ।

**बर्मान्ड**– ना० [सं० ब्रह्माण्ड] ब्रह्माण्ड । (उदा०– यति कुरा सुन्दैमा तिम्रो बर्मान्ड जल्यो होइन ?) । > **बर्मान्डे**– ना० दुहुने बेलामा हैरान पार्ने गाई ।

**बर्मासी**– ना० [भो० ब०] राई जातिले मान्ने कुलदेवता ।

**बर्मी/बर्मेली**– वि० [बर्मा+ई/एली] १. बर्मा देशको; बर्मासित सम्बद्ध । ना० २. बर्माको निवासी । ३. बर्माको भाषा । ४. वर्माबाट फर्केर आएका नेपाली । ~ **टोल**– बर्माबाट फर्केर आएका नेपालीहरू बसेको बस्ती ।

**बर्र**– क्रि० वि० [अ० मू० बर्+र] गेडागुडी वा पानीका थोपा एकै खेप धेरै खस्ता आवाज आउने गरी ।

**बर्रा**– ना० मारुनी नाचमा गाइने एक थरी गीत । ~ **टप्पा**– ना० बर्रा ।

**बर्रो**– ना० [सं० विभीत] १. ठूलठूला पात हुने, मञ्जरीका रूपमा मसिना हरिया फूल फुल्ने, पहँला गोल फल फल्ने एक वृक्ष वा त्यसकै फल । २. त्रिफलाका तीन फलमध्ये एक फल ।

**बर्ल्याक**– क्रि० वि० [अ० मू० बर्ल्याक्+अ] उफ्रने, ओर्लने आदि चालसँग । ~ **बुर्लुक**– क्रि० वि० धेरै जना एकै चोटि ओर्लने वा उफ्रने गरी ।

**बर्ल्याङ्ग/बर्ल्याङ्ङ**– क्रि० वि० [अ० मू० बर्ल्याङ्+ग/ङ] एकै चोटि लड्ने वा पछारिने गरी ।

**बर्स**– ना० [सं० वर्ष] वर्ष; बर्ख ।

**बर्स-नु**– अ० क्रि० [सं० वर्षा+नु] १. वृष्टि हुनु; पानी पर्नु । २. दानाहरू खस्नु; झर्नु; बर्कनु । ३. पर्रा छुट्नु । > **बर्साइ**– ना० बर्सने क्रिया वा प्रक्रिया । **बर्साइनु**– क० क्रि० वृष्टि गराइनु । **बर्साउनु**– प्रे० क्रि० बर्सने पार्नु; वृष्टि गराउनु; झार्नु । **बर्सिनु**– अ० क्रि० वृष्टि होइनु; पानी परिनु ।

**बर्सात/बर्साद**– ना० [सं० वर्षातति] १. पानी धेरै परिरहने समय; बर्षाकाल; असार र साउन महिना । २. वृष्टि; वर्षा । > **बर्सादी**– ना० १. पानीबाट जोगिन कोटजस्तै लगाइने, भित्र पानी नछिर्ने, लामो र खुकुलो वस्त्र । वि० २. वर्षा ऋतुमा हुने वा भएको; बर्सातको ।

**बर्सी**– ना० [बर्सा+ई] एक वर्षको समय; बर्खदिन । – **को खाजा**– ना० अचेल चलन हराउँदै गएको, बिहे भएको बर्खदिनभित्र प्रायः दसौं महिनामा बेहुलाले बेहुलीपक्षलाई लग्ने अर्सा, रोटी आदिको कोसेलीपात । – **को पिण्ड**– ना० पहिलो वार्षिक श्राद्ध; बर्खी फुकाउने काम (जस्तै– बर्सीको पिण्ड चलाउनु) । – **को बालख**– ना० एक बर्से शिशु ।

**बर्सेनि**– क्रि० वि० [वर्ष+एनि] वर्ष नबिराईकन; हरेक वर्ष; वर्षैपिच्छे ।

**बर्सौटी**– ना० वर्ष-वर्ष दिनमा लिने वा दिने गरिआएको रकम; वर्षबन्दी ।

**बर्सौटे**– वि० वर्षैपिच्छे बियाउने गाईबस्तु ।

**बर्स्यानि**– क्रि० वि० [बर्स+यानि] हे० बर्सेनि । > **बर्स्याने**– वि० हरेक वर्ष हुने (प्रायः छोरा-छोरीका जन्मबारे) ।

**बर्स्यौलो**– ना० [वर्ष+यौलो] वर्षाकालमा हुने जमिनमनि रहने जुकाजस्तो कीरोविशेष; गँडचौलो ।

**बल्-नु**– अ० क्रि० [सं० ज्वल्+नु] १. आगो, बत्ती आदिबाट

प्रकाश निस्कने हुनु; सल्कनु; दन्कनु । २. जल्दोबल्दो हुनु; प्रतापी बन्नु; भाग्य चम्कनु ।

**बल१**– ना० [सं०] १. शरीरमा सञ्चित हुने शक्ति; तागत । २. अरूलाई गरिने भरथेग वा आडभरोस; सहयोग; मद्दत । ३. सेना; फौज । ४. बलराम ।

**बल२**– ना० [सं० बलि] औसानी; बलि ।

**बल३**– ना० [अङ्०] हात वा खुट्टाले हिर्काएर खेलिने, रबड आदिले बनेको र छालाले मोहोरिएको वस्तु; भकुन्डो; भलिबल; फुटबल ।

**बल/बलक१**– ना० १. पोत्ने, चित्र लेख्ने आदि काममा उपयोग गरिने रङ वा धूलो । २. सुन-चाँदीका गहना, भाँडा आदिमा घोटेर टलक निकाल्ने एक प्रकारको पत्थर; पुलिक ।

**बलक२**– ना० [अ० मू० बलक्+अ] बल्काइको तोड वा खेप । ~ **बलक**– क्रि० वि० १. घाउखटिराहरू पीप भरिनाले टन्कने गरी; टनकटनक । २. चञ्चल वा उत्तेजित हुने किसिमले ।

**बलक्क**– क्रि० वि० बेसरी टन्कने गरी (टाउको); तोड वा वेगसित ।

**बलजफत**– ना० [बल+जफत] कुनै काम-कुरामा गरिने बलमिचाइ; जबरजस्ती; बलात्कार । > **बलजफती**– ना० बलजफत; जबरजस्ती ।

**बलतल**– क्रि० वि० [(द्वि०) बल] बलपूर्वक वा बल गरेर; मुस्किलसँग; बल्लतल्ल ।

**बलदेव**– ना० [सं०] बलराम; बलभद्र ।

**बल प्रयोग**– ना० [सं०] कसैको इच्छाविरुद्ध कुनै कार्य गर्नलाई गरिने शक्तिको प्रयोग; बल लगाउने वा अनुचित दबाव दिने काम ।

**बल बर्कत**– ना० [बल+बर्कत] काम गर्न, हिँड्न आदि सक्ने बल र तागत ।

**बलबल**– क्रि० वि० [अ० मू० बल्+अ (द्वि०)] १. उत्ताउलो हुने गरी; उच्छृङ्खल हुने चालले । ना० २. चुलबुलेपन; बकबक । > **बलबलाइ**– ना० बलबलाउने क्रिया वा प्रक्रिया । **बलबलाइनु**– बलबल होइनु; चञ्चल बनिनु । **बलबलाउनु**– अ० क्रि० १. उत्ताउलो हुनु; चञ्चल हुनु । २. नचाहिँदो बढी कुरा गर्नु; बकबक गर्नु । **बलबलाहट**– ना० बलबलाउने काम वा किसिम । **बलबलिनु**– अ० क्रि० बलबल गर्नु; बलबलाउनु । **बलबले**– वि० १. बलबल गर्ने; उत्ताउलो स्वभावको; चुलबुले । २. बकबक गर्ने । **बलबल्याइ**– ना० बलबलिने क्रिया वा प्रक्रिया । **बलबल्याहट**– ना० बलबलिने स्थिति वा चाल; बलबल्याइ ।

**बलबाहु**– ना० [बल+बाहु] प्रसिद्ध शिल्पी अर्निकोको अर्को नाउँ (चीन, मङ्गोलियातिरका मानिसहरूले नेपालवासीको अर्थमा 'पोल्वोकू' भनेकोलाई संस्कृत रूप दिई बनाइएको वा चिनियाँ भाषाका अनुसार बल्ब (पाल्वा) र हु (मान्छे)-को संयोग भएको नेपाली नाम) ।

**बलभद्र**– ना० [सं०] कृष्णका दाजु; बलराम ।

**बलमिचाइँ/बलमिचाइ**– ना० [बल+मिचाइँ/मिचाइ] अनधिकार रूपमा वा जबरजस्ती अर्काको हक मिच्ने काम; जबरजस्ती; बलजफती ।

**बलराम**– ना० [सं०] महाभारतकालका एक प्रसिद्ध व्यक्ति; कृष्णका दाजु; बलभद्र ।

**बलरेखा**– ना० [सं०] चुम्बकको वरिपरि रहने अदृश्य चुम्बकीय रेखाहरूको समूह ।

**बलवान्/बलशाली**– वि० [सं०] बल भएको; शक्तिशाली; बलियो ।

**बला१**– ना० [सं०] १. लडाइँको बेलामा भोकतिर्खा हटाउने भनिएको एक विद्या । २. बलु झार ।

**बला२**– ना० आपत्ति ।

**बलाइ१**– ना० [अ० बल] आपत्ति; दुःख; कष्ट; बला । (उदा०– हटाइदिन्छु अवश्य म बलाइ । – लेखनाथ) ।

**बलाइ२**– ना० [√ **बल्/बाल्** (+आइ)] बल्ने वा बाल्ने क्रिया वा प्रक्रिया । [ > ] **बलाइनु**– क० क्रि० बल्ने पार्नु; बाल्न लाइनु । **बलाउनु**– प्रे० क्रि० बल्ने पार्नु; बाल्न लाउनु ।

**बलाका**– ना० [सं०] १. बकुल्लाको पङ्क्ति; बकुल्लो । २. पोथी बकुल्लो । ३. कामुक स्त्री ।

**बलाघात**– ना० [सं] कुनै ध्वनि वा स्वरको उच्चारणमा पर्ने विशेष बल वा सो उच्चरित हुँदा दिइने बढी झोक्का । (जस्तै– अनन्त = 'न'-मा बलाघात, गर्छ = 'ग'-मा बलाघात, हेक्का = दुवैमा बलाघात इ०) ।

**बलाढ्य**– वि० [सं०] १. बलको धनी; बलवान् ।

**बलात्**– क्रि० वि० [सं०] बलपूर्वक; जबर्जस्तीसँग । > **बलात्कार**– ना० १. जबर्जस्ती गर्ने काम; अन्याय; अत्याचार । २. कुनै स्त्रीलाई उसको इच्छाविरुद्ध जबर्जस्तीसँग सम्भोग गर्ने काम; बलपूर्वक सतीत्व नष्ट पार्ने काम । **बलात्कृत**– वि० बलात्कार गरिएको । **बलात्ग्रहण**– ना० कुनै पनि गैरकानुनी ढङ्गबाट कसैद्वारा हुने वा लिइने रुपियाँको प्राप्ति ।

**बलाधिकृत/बलाध्यक्ष**– ना० [सं०] सबै अधिकृतहरूमा मुख्य; प्रमुख सेनापति (चीफ अफ दि जनरल स्टाफ) ।

**बलाबल**– ना० [सं] १. दुई पक्षको तुलनात्मक सबलता र निर्बलता । २. दुई पक्षमा हुने बलको प्रतिस्पर्धा; खिचातानी ।

**बलि**– ना० [सं०] १. देवदेवतालाई अर्पिने भोग्य वस्तु; नैवेद्य । २. देवतालाई भोग दिइने पशुपन्छी । ३. भोजन गर्नुभन्दा पहिले देवपितृका उद्देश्यले चढाइने अन्न; औसानी । ४. पूजा, होम आदिमा क्षेत्रपाललाई चढाइने अन्न । ५. पञ्च-महायज्ञमध्ये एक भूतयज्ञ । ६. भूमिकर; मालपोत । ७. पेटको लुँदाका बीचको रेखा । ८. पुराणप्रसिद्ध दानी दैत्य राजा । – **दान**– ना० १. देवदेवताका नाममा गरिने पशुपन्छीको वध; पशुबलि दिने काम । २. लोकहित वा राष्ट्रहितका निम्ति गरिने उत्सर्ग; त्याग । – **वेदी**– ना० बलिदान गर्ने ठाउँ ।

**बलिउड**– ना० हलिउडको अनुकरण गरेर फिल्मनगरी बम्बई

(मुम्बई) लाई जनाउने शब्द ।

**बलिबन्ते–** वि० [वलवन्त+ए] १. बलवन्त; बलियो । ना० २. किंवदन्तीअनुसार एक प्रसिद्ध दानी चोर ।

**बलिन्द्र–** वि० [बलेनी] १. पानी पर्दा बलेनीबाट चुहेको पानीको धाराजस्तो । २. बरबर चुहुने (आँसु) । ~ **धारा–** ना० बरबर खसेको पानी, आँसु आदिको धारा ।

**बलिपशु–** ना० [सं०] देवतालाई चढाइने उद्देश्यले छोडिने वा काटिने पशु; भोग दिइने वस्तु ।

**बलिपाध्ये–** ना० आगोको रापबाट पिल्सिएर मर्ने प्रख्यात रैती उत्पीडक ।

**बलि प्रथा–** ना० [सं०] कुलायन वा देवदेवतालाई बलि दिने चलन; देवदेवताका नाममा पशुवध गरिने परम्परा ।

**बलियो–** ना० [सं० बलीय] १. धेरै बल भएको; शक्तिशाली; बलिष्ठ । २. हतपती नबिग्रने; धेरै खप्ने; मजबुत; दह्रो । ३. धनजन आदिले सम्पन्न । स्त्री० बलियी । ~ **बाङ्गो–** वि० हान्न-मार्न सक्ने; हट्टाकट्टा; जोधाहा । स्त्री० बलियीबाङ्गी ।

**बलि वैश्वदेव–** ना० [सं०] ब्राह्मणले नित्य गर्नुपर्ने पञ्चमहायज्ञ; चुलो, ढिकी, जाँतो, सिलौटो, लोहोरो र कूचोद्वारा अज्ञानमा हुन जाने हत्यामा लाग्ने पापको प्रायश्चित्तका निम्ति गरिने यज्ञ; भूतयज्ञ ।

**बलिष्ठ–** वि० [सं०] सबैभन्दा बलियो; अति बलियो ।

**बली–** वि० [सं०]१. बलियो । ना० २. छालाको लुँदोलाई छुट्ट्याउने रेखा; चाउरी । ३. बलि ।

**बलु१–** ना० [सं० बल०] पानीमा रहने रौंजस्तो मसिनु र लामो, बेह्रिएर गाईबस्तुको पुच्छर काटिदिने एक जातको कीरो ।

**बलु२–** ना० [सं० बला] बाक्ला र बाटुला खालका पात, पहेँला फूल र हरिया सानासाना फल हुने झारविशेष; बला ।

**बलेँसी–** ना० [सं० बलीक] १. छानाको किनारबाट खसेको पानी; बलेनी । २. बलेनी तप्किने ठाउँ; पेटीमनिको जग्गा ।

**बलेखो–** ना० [बलि+बाखो] १. तन्नेरी नहुन्जेलको भेडो वा पाठो । २. नबियाएको बाख्री; कुमारपाठी । ३. बलि दिइने पशु; बलिपशु ।

**बलेनी–** ना०हे० बलेँसी ।

**बलो–** ना० [सं० बलभी] छानाको दाँतीमाथि बीचमा र धुरीमा रहने लामो काठ; मुसी वा डाँडा अडचाउने तेर्सो काठ (पानीबलो, कुमबलो र धुरीबलो) ।

**बलौटे–** वि० [बलौटो+ए] बालुवा धेरै भएको (माटो, जमिन आदि) ।

**बलौटेनी–** वि० [बलौटो+एनी] धेरैजसो बालुवा भएको; बलौटे ।

**बलौटो–** ना० [बालुवा+औटो] बालुवा ।

**बल्क-नु–** अ० क्रि० [बलक्+नु] घाउखटिरा पीपले भरिएर बलकबलक गरी टन्कनु । > **बल्काइ–** ना० बल्कने क्रिया वा प्रक्रिया । **बल्किनु–** अ० क्रि० घाउखटिरा पीपले भरिएर बलकबलक गरी टन्किनु ।

**बल्कोनी–** ना० [अङ्०] १. घरको गाह्रोभन्दा बाहिरपट्टि बस्ने ठाउँ; बरन्डा । २. चलचित्र, नाचघर आदिमा भुइँतला देखिने गरी मास्तिरपट्टि रहेको बरन्डाजस्तो भाग ।

**बल्छी–** ना० [सं० बडिश] बाहिरपट्टि माछाका निम्ति खाद्य पदार्थ बेरेर धागोमा झुन्डयाई माछा अल्झाउने अङ्कुसे; बल्सी ।

**बल्छे–** वि० [बल्छी+ए] बल्छीजस्तो अङ्कुसे परेको । ~ **काँडो–** ना० मास्तिर फर्केको काँडैकाँडा हुने एक जातको लहरो ।

**बल्झ-नु–** अ० क्रि० [बल्छी+नु] १. बल्छीमा पर्नु; जालमा अल्झनु । २. आइपर्नु; जुध्नु । ३. गर्भ रहनु । ४. जुवामा च्याँखेको दाउ लाग्नु । > **बल्झन–** ना० १. बल्झने काम । २. सित्तैंको दण्ड । ३. दाउ हान्नेले तिर्नुपर्ने धन । **बल्झाइ–** ना० बल्झने वा बल्झाउने क्रियाप्रक्रिया । **बल्झाइनु–** क० क्रि० पासोमा अल्झाइनु; बल्छीमा पारिनु । **बल्झाउनु–** प्रे० क्रि० १. पासो, जाल, बल्छी आदिमा पार्नु । २. अल्झाउनु; अड्काउनु । ३. च्याँखेमा थापेका पैसाले अरूका पैसा जित्नु । **बल्झिनु–** अ० क्रि० बल्झनु; अल्झनु । **बल्झो–** ना० बल्झने काम वा कुरो । **बल्झ्याइ–** ना० बल्झिने काम वा किसिम ।

**बल्टु–** ना० [अङ्० बोल्ट] काठ, फलाम आदि जोड्नका निम्ति तल-माथि दुवैतिर कसिने एक किसिमको पेचदार ठूलो कीलो ।

**बल्डचाङ–** ना० [अ० मू० बल्याङ्+अ] १. पल्टा खाने काम; पल्टनबाजी । २. असफलता; वाङ ।

**बल्डचाङ्ग्रे–** वि० [बल्डचाङ्ग्रो+ए] बाहिरपट्टि अलि बढी आँखा निस्केको; ठूला-ठूला आँखा भएको; आँख्ले ।

**बल्डचाङ्ग्रो–** ना० [अ० मू० बल्डचाङ्+ग्रो] १. लहरामा फल्ने, ठूलठूला गेडा हुने सिमीका ढाँचाको फलविशेष । २. गाढा प्याजी रङ्का फूल फुल्ने र लामा-लामा कोसा फल्ने, एक जातको लहरो वा त्यसकै कोसामा फल्ने दाना । ३. ठूलठूला वा थोरै बाहिरपट्टि निस्केका आँखा ।

**बल्डचाङ्ङ–** क्रि० वि० [अ० मू० बल्डचाङ्+ङ] बल्डचाङ खाने चालले; पल्टा खाएर लड्ने गरी ।

**बल्ब–** ना० [अङ्०] करेन्टको योगबाट बिजुलीको प्रकाश छर्न बनाइएको, भित्रपट्टि जेलिएका मसिना तार भएको हावाबन्द काँचको साधन; चिम; गुलुप ।

**बल्याइ–** ना० [√ **बल्याउ** (+आइ)] बल्याउने काम वा किसिम । > **बल्याइनु–** क० क्रि० बल्याउने काम गरिनु ।

**बल्याउनु–** स० क्रि० [बाली+आउ+नु] धान, कोदो आदि अन्नका बाला बीउका निम्ति छानेर काट्नु ।

**बल्ल–** क्रि० वि० [सं० बलात्] १. बलपूर्वक वा मुस्किलसँग; कुनै किसिमले । २. धेरै समयपछि; धेरै कालमा । – **तल्ल–** क्रि० वि० बडो मुस्किलसँग; कठिनसित; बल्लबल्ल ।

**बल्ला–** ना० [बल्लो+आ] गोरुगाडाको एक अवयव ।

**बल्लाबल्ली–** ना० जङ्गलमा रूख कटानी भएर ठेकदारले उठाएपछि बाँकी भएका नापोभन्दा साना-साना मुढा वा ठेउका ।

**बल्लो–** ना० [सं० वर्द] गोरु; बहर ।

**बल्सी**– ना० [सं० बलिश] हे० बल्छी ।

**बव**– ना० [सं०] ज्योतिषका तिथि, वार, योग, नक्षत्र र करण-यी पञ्चाङ्गमध्ये एक भेद वा त्यसको पहिलो करण ।

**बवाल**– ना०हे० बबाल ।

**बवासिर**– ना० [अ०] अलकाइ; अर्स रोग ।

**बवुल**– ना०हे० बबुल ।

**बस्–नु**– अ० क्रि० [सं० वस्+नु] १. कुनै आसन वा जमिनमा नितम्ब अडचाएर ठहर्नु; चाक टेकाउनु । २. बसोबास गर्नु; वास गर्नु । ३. क्रम वा सिलसिला मिल्नु । ४. नियममा रहनु; थिति मिल्नु ।

**बस१**– वि० बो० [फा०] १. भयो, पुग्यो; ठीक छ आदि बुझाउँदा प्रयोग हुने शब्द । (उदा०– बस, खानेकुरा थप्नुपर्दैन, मलाई पुग्यो । बस, त्यहीँ अड है !) । वि० २. भरपूर; यथेष्ट । ३. पर्याप्त; यथेष्ट; मनग्य ।

**बस२**– ना० [अङ्०] छानो, झ्याल, ढोका र बस्ने सिट भएको यात्रीहरू ओसार्ने ठूलो मोटर ।

**बस३**– अ०क्रि० बस्नु क्रियाको आदेशार्थी रूप (तिमी बास बस) ।

**बस उठ**– ना० [बस्+उठ्] १. साथसाथै बस्ने र उठ्ने काम; साथको रहनसहन; बसाउठी । २. आवतजावत, बोलचाल, हिमचिम इ० । ३. व्यायामका निम्ति वा सजाय पाउँदा लगातार बस्ने-उठ्ने काम ।

**बसन्ती**– ना० [सं० वसन्ती] १. जूहीका जस्ता पात तथा कुन्दका जस्ता लामा काँडा हुने, सेता फूल फुल्ने र अण्डाकार काला फल फल्ने एक जातको लता वा त्यसैको फूल; वासन्ती । वि० २. पाकेका कागतीको बोक्राजस्तो रङको; पहेँलो खालको ।

**बसन्ते**– वि० [सं० वसन्त+ए] वसन्त ऋतुमा हुने, पाक्ने वा पाइने । ~**काँडो**– ना० पहेँला सानासाना पात काँडैकाँडा हुने लहरिएर जाने एक बुटो । ~**गहुँ**– ना० एक प्रकारको गहुँ ।

**बस बिसौनी**– ना० [बस+बिसौनी] बस अडचाउने ठाउँ (बसपार्क) ।

**बस सेवा**– ना० [बस+सेवा] बसद्वारा मानिस ओसारपसार गर्ने काम वा व्यवस्था ।

**बसाइँ**– ना० [बस्+आइँ] आफू बसेको गाउँठाउँ वा देश छाडी अर्को गाउँठाउँ वा देशमा गएर गरिने बसोबास ।

**बसाइ**– ना० [√ **बस्** (+आइ)] १. बस्ने क्रिया वा प्रक्रिया । [बसाउ+आइ] २. बसाउने वा बस्न लाउने क्रियाप्रक्रिया । ३. बसाउने वा गनाउने क्रियाप्रक्रिया । [ > ] **बसाइनु**– अ० क्रि० बस्न लाइनु ।

**बसाउठी**– ना० [बस्+उठ] साथैमा बसउठ गर्ने काम; साथसाथको रहनसहन; बसउठ ।

**बसाउनु१**– प्रे० क्रि० [बस्+आउ+नु] १. बस्न लाउनु; बसोबास गराउनु; बसाल्नु । २. थिति वा नियम मिलाउनु ।

**बसाउनु२**– अ० क्रि० [वास+आउ+नु] मीठो वा नमीठो बास्ना आउनु ।

**बसाहा**– ना० [प्रा० बसह < सं० वत्स] १. महादेवको वाहन; साँढे । २. महादेवको मन्दिर वा देवलअगाडि राखिने साँढेको ढलौटे वा ढुङ्गे मूर्ति ।

**बसिनु**– अ० क्रि० [बस्+इ+नु] बस्ने काम होइनु ।

**बसिबसाइ**/**बसिबसाउ**– ना० [बस्+बसाइ/बसाउ] सुबिस्तासाथ बस्ने काम; आनन्दसँग रहने काम ।

**बसिबियाँलो**– ना० [बस्+बियाँलो] फुर्सदमा बसेर समय काट्न गर्ने सानोतिनो काम; समयकटनी ।

**बसिला**– ना० [सं० वासि] काठ ताछ्ने, मुख कोदालोजस्तो र बिँड कुटाको जस्तो भएको हतियार ।

**बसिदेउ**/**बसिद्यौ**– वि० [सं० वासदेव] १. बसेर मात्र खान पल्केको (व्यक्ति) । २. बसेर नअघाउने ।

**बसु**– ना० [सं०] वास्तु वा मूर्तिमा प्रयोग हुने अङ्गुलको वा मात्राको आठ गुनाबराबरको नाप; तुणी, लोक र मूर्तिबराबरको नाप; आठ अमलबराबरको नाप; आठ अङ्गुल ।

**बसेरा**– ना० [बास+एरा] १. बास; निवास; घर । २. अस्थायी बास ।

**बसैँ**– ना० [सं० वसन] बसाइँ । (उदा०– **कुम्लो बोकी बसैँ, परेवा काटी दसैँ ।** – उखान) ।

**बसोबास**/**बसोबासो**– ना० [वास+आवास] १. रहनेबस्ने ठाउँ; निवासस्थान । २. धेरैजसो समय जानेबस्ने काम; रासोबासो ।

**बसौँधी**– ना० [हि०] बाक्लो दूध वा तरमा चिनी, सुकुमेल आदि हाली बनाइने लेदिलो र सुगन्धी खाद्य पदार्थ ।

**बस्तर**– ना० [सं० वस्त्र] वस्त्र; लुगा (कथ्य प्रयोग) ।

**बस्ता**– ना० [फा० बस्त] पुस्तक, बहीखाता, बाकस आदि बाँध्ने वा बेर्ने कपडा ।

**बस्ती**– ना० [सं० वसति] १. घरहरू भएको वा मानिस बस्ने ठाउँ; आवादी । २. गाउँ; वासस्थान । – **वाल**/**वाला**– ना० बस्तीमा बस्ने मानिस; गाउँले ।

**बस्तु**– ना० [सं० वस्तु] दूध र मासु वा मलका निम्ति पालिने गाईभैँसी आदि घरेलु पशु; वस्तु । – **भाउ**– ना० गाईभैँसी आदिको समूह; गाईबस्तु ।

**बस्नौटो**/**बस्यौटो**– ना० [बस्+औटो/यौटो] १. विवाहमा दुलाहालाई बसाउने चकटी आदि आसन । २. विवाहमा दमाईंलाई दिने कपडा आदि दस्तुरी । ३. पातलो लम्पट वा चकटी ।

**बस्य**– ना० [सं० अवश्य] अवश्य, निश्चय; पक्का (दिव्य०) ।

**बह**– ना० [प्रा०] १. पेट दुखेर मुखमा पानी आइरहने रोगविशेष; भित्र दुख्ने एक प्रकारको शूल । २. आन्तरिक वेदना; मनको पीर ।

**बह–नु**– अ० क्रि० [सं० वह+नु] १. पानी आदि तरल पदार्थ गहिरोतिर जानु; बग्नु । २. हावा चल्नु ।

**बहक–नु**– अ० क्रि० [सं० वह+नु] अरूको फकाइमा वा लहैलहैमा लाग्नु; काम न काजसित लर्खरिनु; बरालिनु; बहकिनु । >**बहकाइ–**

ना० बहकने क्रिया वा प्रक्रिया । **बहकाइनु–** क० क्रि० बरालिनु । **बहकाउ–** ना० बरालिने, फकिने वा लहैलहैमा लाग्ने काम; बहक्याइ । **बहकाउनु–** स० क्रि० १. अरूलाई नचाहिँदो काम-कुरामा लाग्न हौस्याउनु; गलत बाटामा लग्नु । २. नमिल्दा कामकुरालाई पनि ठीक हो भन्ने विश्वास पार्नु; फुस्ल्याउनु; फकाउनु । ३. कसैलाई विदेशतिर लग्नु । **बहकावट–** ना० बहकाउमा लाग्ने काम वा अवस्था; बहकाउ । **बहकिनु–** अ० क्रि० १. चाहिँदो काम छोडेर अरूको कुरामा लाग्नु; अर्काको लहैलहैमा हिँड्नु; बरालिनु । २. बाटो बिराउनु । ३. फुस्लिनु । ४. विदेसिनु । **बहक्याइ/बहक्याहट–** ना० बहकिने चाल, स्थिति, क्रिया वा प्रक्रिया ।

**बहत्तर–** ना० [प्रा० बहत्तरि] १. सत्तरी र दुईको योगबाट बन्ने सङ्ख्या; ७२-को अङ्क । वि० २. त्यति योगसङ्ख्याको । > **बहत्तरौँ–** वि० बहत्तर सङ्ख्याको; गणनाका क्रममा सो सङ्ख्यामा पर्ने ।

**बहना–** ना० [सं० बह] डुङ्गा खियाउन बनाइएको, काठको दाबिलोजस्तो साधन; पतवार ।

**बहर–** ना० [सं० वृषभ] नसुमरेको गोरु; नडामेको बाछो । ~ **गोरु–** ना० १. नसुमरेको गोरु । २. तह नलागेको तरुनो मानिस ।

**बहलाइ–** ना० [√ **बहलाउ** (+आइ)] बहलाउने क्रियाप्रक्रिया । [>] **बहलाइनु–** क० क्रि० मन आनन्दित पारिनु ।

**बहलाउ–** ना० [बह+आउ] मनलाई आनन्द दिने वा दुःख बिर्साउने काम । > **बहलाउनु–** स० क्रि० १. मन प्रसन्न पार्नु; दुःख बिर्साउनु । अ० क्रि० २. आनन्दित हुनु; प्रसन्न हुनु ।

**बहस–** ना० [अ०] कुनै विषय वा पक्षको कुरा प्रमाणित गर्नका लागि गरिने सवालजवाफ; छलफल; तर्कवितर्क; पैरबी । ~ **नोट–** ना० मुद्दामा सम्बन्धित पक्षका वकिलले आफ्नो पक्षमा निर्णय हुनुपर्ने विषयलाई पुष्टि गरी लेखेको लिखित बहस ।

**बहाइ१–** ना० [√ **बह** (+आइ)] १. बहने क्रिया वा प्रक्रिया । [बहाउ+आइ] २. बहाउने क्रिया वा प्रक्रिया । [>] **बहाउ–** ना० पानी आदि तरल वस्तु होचोतिर जाने काम; बहने काम । **बहाउनु–** स० क्रि० प्रवाहित गर्नु; बगाउनु ।

**बहाइ२–** ना० एउटा धर्मविशेष ।

**बहाड–** ना० [√ बहार] मनोविनोद; बहार । > **बहाडिलो–** वि० रमाइलो; फरासिलो ।

**बहादुर–** वि० [तु०] १. आँट, साहस र सुर्‍याइँका काम गर्न सक्ने; वीर; पराक्रमी । २. आँटिलो; साहसी । ~ **शाह–** ना० बडामहाराज पृथ्वीनारायण शाहका कान्छा छोरा र अठारौँ शताब्दीको अन्ततिर रणबहादुर शाहका राज्यकालमा मुख्तियार भई नेपालको शासन सँभाल्ने इतिहासप्रसिद्ध एक पुरुष ।

**बहादुरी–** ना० [फा०] बहादुरको पन, सामर्थ्य वा गुण; वीरता; पराक्रम । ~ **पदक–** ना० बहादुरीसाथ ठूलो काम गर्ने सैनिकलाई दिइने राष्ट्रिय तक्माविशेष ।

**बहाना–** ना० [फा०] कुनै काम-कुराको देखौवा क्रियाकलाप वा कारण; बनावटी प्रयोजन; निहुँ ।

**बहार–** ना० [फा०] १. मनोविनोद; आमोदप्रमोद; रामरमिता । २. रमणीयता; शोभा । ३. उन्मादक समय; वसन्त ऋतु ।

**बहाल१–** ना० [सं० विहार] बौद्धमार्गीको मठ वा मन्दिर; विहार ।

**बहाल२–** ना० [फा०] १. पहिलेजस्तै आफ्नो पद वा स्थानमा रहने काम; कायम; थमौती । २. नयाँ ठाउँ, घरजग्गा, पद आदि सँभाल्ने वा तिनमा पहिलोपल्ट प्रवेश गर्ने काम । ३. घर, कोठा, पसल आदि उपयोग गरेबापत घरधनीलाई बुझाउने शुल्क; भाडा; किराया । – **गिरी–** वि० बहाल वा भाडामा लिनुदिनु गरेको; बालगिरी । – **वाला–** वि० आफ्नो पद वा स्थानमा बहाल रहेको । ~ **बिदौरी–** ना० आफ्नो घर, पसल आदि अरूलाई चलन गर्न दिएबापत घरधनीले लिने शुल्क; भाडा वा किराया । > **बहालिया–** वि० बहालमा रहेको; बहालवाला ।

**बहाली–** ना० [बहाल+ई] बहाल गर्ने काम; नयाँ पद, ओहदा, अधिकार आदि सँभाल्ने काम । ~ **पुर्जी–** ना० नयाँ पद, ओहदा, हक आदि सँभाल्न दिइने अधिकारपत्र; बहाली गर्न दिइने लिखित नियुक्ति वा प्रमाणको कागत; नियुक्तिपत्र ।

**बहिः–** क्रि० वि० [सं०] बाहिर ।

**बहिनी–** ना० [सं० भगिनी] १. आफ्नै आमाको गर्भबाट आफूभन्दा पछि जन्मेकी स्त्री; बैनी । २. आफूभन्दा कम उमेरकी जेठाबाबु, कान्छाबाबु, ठूली आमा, सानी आमा, मामा, फुपू र गुरुकी छोरी । ३. सालाकी पत्नी । ४. आफूभन्दा कम उमेरकी स्त्री-जातिलाई सम्बोधन गर्ने स्नेहसूचक शब्द । ~ **जुवाइँ–** ना० बहिनीको पति; बैनीज्वाइँ ।

**बहिरङ्ग–** ना० [सं०] १. शरीर, पदार्थ, क्षेत्र आदिको बाहिरपट्टि रहेको भाग; बाहिरी अङ्ग । वि० २. बाहिर रहेको; बाहिरको; बाहिरिया । ~ **कक्ष–** ना० अस्पतालमा बाहिर रहेका बिरामी जाँचेर उपचार गरिने कक्ष वा विभाग । ~ **रोगी–** ना० अस्पतालमा वा स्वास्थ्यचौकीमा परीक्षण मात्र गरिने रोगीको समूह; अस्पतालको शय्यामा भर्ना नभई बाहिरैबाट उपचार गराउने रोगी

**बहिरिन्द्रिय–** ना० [सं०] विषयहरूको अनुभव गर्ने नाक, कान, आँखा, जिभ्रो र छाला– यी पाँच बाहिरी इन्द्रिय ।

**बहिरो–** वि० [सं० बधिर] कान नसुन्ने; बधिर; बैह्रो । स्त्री० बहिरी ।

**बहिर्गत–** वि० [सं०] १. घर वा कार्यालयमा नभएको । २. पदारूढ वा पदासीन नभएको । ३. स्पष्ट वा सबैले थाहा पाउने गरी प्रकाशित भएको ।

**बहिर्जगत्–** ना० [सं०] आँखाले देखिने संसार; बाह्य जगत्; भौतिक जगत् ।

**बहिर्देश–** ना० [सं०] १. सहर वा गाउँदेखि बाहिर रहेको ठाउँ । २. परदेश; विदेश ।

**बहिर्भूत–** वि० [सं०] १. बाहिरी पाटो लागेको; बाहिर भएको ।

२. बाहिरपट्टि परेको; निक्लिएको ।

**बहिर्मुख / बहिर्मुखी**– वि० [सं०] १. बाहिरतिर रहेको वा मुख फर्काएको । २. बाहिरी कुराको मात्र विचार गर्ने; वस्तुजगत्‌तिर दृष्टि दिएको । ३. आध्यात्मिक कुरातिर मन नलगाउने । ४. बाह्य संसार वा सामाजिक जीवनका गतिविधिमा प्रशस्त अभिरुचि लिने तथा सहभागी हुने (व्यक्तित्व) ।

**बहिर्लापिका**– ना० [सं०] प्रश्नभित्रै उत्तर नभएको, बाहिरबाट उत्तर खोज्नुपर्ने पहेली; ('कल्ले चलायो रेललाइ चाँडो' मा जसरी पद-योजनाभित्र उत्तर नभएको पहेलिका वा कूट) ।

**बहिष्कार**– ना० [सं०] १. कसैलाई जाति, वर्ग, समाज, संस्था आदिबाट हटाउने वा बाहिर निकाल्ने काम । २. पारस्परिक सम्बन्धको टुटाइ; छोड्ने काम; त्याग । **– वादी**– वि० बहिष्कार गर्ने; कुनै कार्यक्रम, सभा आदिमा भाग नलिने ।

**बहिष्कृत**– वि० [सं०] १. बहिष्कार गरिएको; बाहिर निकालिएको । २. कुनै कार्यक्रम, सभा आदिमा भाग नलिइएको ।

**बहिस्**– ना० यो० [सं०] बहिः; बाहिर ।

**बही**– ना० [अ० बयाज] १. आयव्ययको हिसाब लेख्ने किताब; खाता । २. महाजनी हरहिसाब वा सरकारी अड्डाखानाको आमदानीखर्च लेख्ने पुस्तक । **– खाता**– ना० १. बहीको पुस्तक । २. दैनिक कारोबारको ऋणधन वा आम्दानीखर्च देखाउने गरी लेखिएको लेखाको किताब; खाताबही । **– दार**– ना० अड्डाखानाको लेखक कर्मचारी; नौसिन्दाभन्दा एक तहमाथिको कर्मचारी वा दर्जा; हाल राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद । **~ पत्र**– ना० बहीसम्बन्धी कागतपत्र ।

**बहु**– वि० [सं०] दुईभन्दा बढी; अनेक; धेरै । **~ उद्देश्यीय**– वि० धेरै उद्देश्य भएको वा विभिन्न प्रकारका सीप प्राप्त गराउने लक्ष्य लिएको (योजना, विद्यालय आदि) । **~ कोषीय जीव**– ना० धेरै कोष भएको जीव । **~ चर्चित**– वि० धेरै चर्चा भएको; अधिकांशले जानेसुनेको । **– ज्ञ**– वि० १. धेरै किसिमका उपयोगी कुरा जानेको; धेरै विषयको ज्ञाता । २. कुनै एक विषयका बारेमा धेरै कुरा जान्ने; विशेषज्ञ ।

**बहुत**– वि० [सं० प्रभूत] ज्यादा; धेरै; निकै ।

**बहुतन्त्र**– ना० [सं०] कुनै राज्यको सञ्चालन वा नीतिका अनेक विचार र नेतृत्व भएको शासन-प्रणाली ।

**बहुतायत**– ना० [सं०] धेरै मात्रा; अधिकता ।

**बहुत्व**– ना० [सं०] धेरै हुनेपन वा अवस्था; आधिक्य ।

**बहुदल**– ना० [सं०] एकभन्दा बढी राजनीतिक दल भएको राजनीतिक व्यवस्था । विप० निर्दल । **– वादी**– वि० बहुदलमा विश्वास गर्ने वा बहुदललाई रुचाउने ।

**बहुदलीय**– वि० बहुदलसम्बन्धी; बहुदलको; बहुदलमा लागेको । विप० निर्दलीय । **– ता**– ना० बहुदलीय हुनाको भाव वा अवस्था; बहुदलमा हुनेपन । विप० निर्दलीयता । **~ व्यवस्था**– ना० राजनीतिक दलहरू भएको व्यवस्था वा शासन-प्रणाली ।

**बहुधा**– क्रि० वि० [सं०] धेरैजसो; खास गरी; प्रायः ।

**बहुनामा**– वि० [सं०] धेरै नाम भएको; विभिन्न नामको ।

**बहुपक्ष**– ना० [सं०] धेरैको एउटै पक्ष, विचार वा दृष्टिकोण । > **बहुपक्षीय**– वि० धेरैको एउटै पक्ष भएको; बहुसङ्ख्यकलाई हित गर्ने, धेरैका निम्ति उपयोगी वा सञ्चालित (कार्यक्रम, नियम, विधि आदि, जस्तै– बहुपक्षीय भुक्तानी व्यवस्था, बहुपक्षीय विनिमय-स्थिरता इ०) ।

**बहुपदी**– वि० [सं०] दुईभन्दा बढी पदको अभिव्यञ्जना दिने ।

**बहुभाषिक**– वि० [सं०] दुईभन्दा बढी भाषा बोल्न र बुझ्न सक्ने (व्यक्ति) ।

**बहुभुज**– ना० [सं०] चारभन्दा बढी रेखाले घेरिएको समतलीय चित्र; चारभन्दा बढ्ता भुजा भएको चित्र ।

**बहुमत**– वि० [सं०] १. धेरैले मानेको; अति मान्य । ना० २. धेरैको भिन्न-भिन्न मत । ३. धेरैको एउटै मत वा राय । ४. कुनै सभा, समिति वा समाजमा आधाभन्दा बढी सदस्य वा सङ्ख्याको मत । **~ प्राप्त**– वि० धेरै जनाले रोजेको; सबैभन्दा बढी मत पाउने ।

**बहुमान्य**– वि० [सं०] १. धेरैले मानेको वा आदर गरेको; सम्माननीय । २. धेरैलाई मान्य हुने; धेरैलाई मन पर्ने ।

**बहुमुखी**– वि० [सं०] १. धेरै लक्ष्य भएको; विभिन्न विषयको विशेषताले युक्त भएको । २. हातमा लगाउने एक किसिमको सुनको बाला । **~ क्याम्पस**– ना० एकभन्दा बढी विषयको पढाइ हुने अध्ययनसंस्थान; महाविद्यालय ।

**बहुमूत्र**– ना० [सं०] १. धेरै पिसाब लाग्ने एक रोग । वि० २. धेरै पिसाब हुने रोग लागेको ।

**बहुमूल्य**– वि० [सं०] १. धेरै मोल पर्ने; किम्मती; दामी । २. धेरै महत्त्व भएको ।

**बहुरङ्गी**– वि० [सं०] १. अनेक रङ्ग वा ढाँचा भएको; रङ्गीचङ्गी । २. अनेक किसिमको; नानाथरीको ।

**बहुरूपी**– वि० [सं०] १. विभिन्न रूप धारण गर्ने; अनेक रूपको; अनुरूपी । २. जनसाधारणलाई विभिन्न रूपले भुलाउन सक्ने । ३. समाजमा रहेर विभिन्न रूप देखाई जीविका चलाउने ।

**बहल**– वि० [सं०] अधिक; धेरै; ज्यादा ।

**बहुलट्टी**– ना० [√ बहुला] बहुलाको अवस्था वा चाल; पागलपन; सिल्लडपना; छाँटा ।

**बहुलता**– ना० [सं०] बहुल हुने स्थिति वा पन; अधिकता; बहुतायत ।

**बहुला**– वि० [सं० वातुल] दिमाग बिग्रेको; पागल; बौलाहा; छँटाहा । **– पन**– ना० बहुलाको अवस्था; बौलट्टी ।

**बहुलाइ**– ना० [√ बहुलाउ (+आइ)] बहुलाउने भाव, क्रिया वा प्रक्रिया । > **बहुलाइनु**– क० क्रि० बहुला होइनु ।

**बहुलाउ-नु**– अ० क्रि० [बहुला+आउ+नु] १. दिमाग ठेगानमा नहुनु; बहुला हुनु; छँटाउनु; बौलाउनु । २. साह्रै ठूलो आँट गर्नु ।

**बहुवचन**– ना० [सं०] व्याकरणमा एकभन्दा बढी वस्तु वा व्यक्तिलाई

बुझाउने शब्द; एउटालाई बुझाउने शब्दबाट धेरैलाई बुझाउने गरी बनेको रूप (जस्तै– 'घर'-बाट घर-हरू, 'रातो'बाट राता इ०) ।

**बहुविकल्पी–** वि० [सं०] धेरै विकल्प भएको; छनौट गर्न सकिने वा पाइने । ~**प्रश्न–** ना० छनौट गर्न सकिने वा 'अथवा' धेरै भएका प्रश्नको समूह ।

**बहुविद्–** वि० [सं०] धेरै विषय जान्ने; बहुज्ञ ।

**बहुविध–** वि० [सं०] धेरै किसिमको; नाना भाँतिको ।

**बहुविवाह–** ना० [सं०] १. एक पुरुषले दुई स्त्री वा एक स्त्रीले दुई पुरुषसँग बिहे गरी दुवै एक समयमा जीवित रहेको अवस्था । २. जानाजान वा स्वेच्छासाथ त्यसरी दोस्रो विवाह गर्ने चलन वा अपराध ।

**बहुव्रीहि–** ना० [सं०] समस्त-पदभित्र रहेका शब्दको मूल अर्थलाई छोडी भिन्न अर्थ बुझाउने र विशेषणपद बन्ने समासको एक भेद । (उदा०– माछाको जस्तो पुच्छर भएको = माछापुच्छ्रे (हिमाल), चरीको जस्तो नङ्ग्रा भएको = चरीनङ्ग्रे (धान) इ०) ।

**बहुशः–** क्रि० वि० [सं०] १. धेरै किसिमले; प्रायः । वि० २. अधिक; धेरै ।

**बहुश्रुत–** वि० [सं०] लौकिक वा शास्त्रीय धेरै कुरा सुनेबुझेको; धेरै पढेलेखेको; विद्वान् ।

**बहुसङ्ख्य–** वि० [सं०] बहुसङ्ख्यक । > **बहुसङ्ख्यक–** वि० धेरै सङ्ख्या भएको; आधाभन्दा बढी सङ्ख्या भएको; गणनामा धेरै भएको ।

**बहू–** ना० [सं० वधू] बुहारी; दुलही । ~**भतेर–** ना० नयाँ दुलही भित्र्याएको भोलिपल्ट दाजुभाइ, बन्धुहरू भेला गरी खुवाइने भोज; नयाँ दुलहीले पकाएको सबैले खाने पहिलो दिनको भातभान्सा ।

**बहूद्देश्यीय–** वि० [सं०] हे० बहु-उद्देश्यीय ।

**बहू रानी–** ना० [बहू+रानी] बुहारी; बुहारीलाई घरका नोकरचाकर आदिले सम्मानपूर्वक भन्ने शब्द ।

**बा–** ना० [√ बाबु] १. बाबु; बुवा; पिता । २. स्नेहपूर्वक बोलाइँदा वा सम्बोधन गर्दा आउने शब्द । (उदा०– लौन बा, यति काम गरिदेऊ !) । निपा० ३. प्रशंसा, स्याबासी, उपेक्षा, व्यङ्ग्य आदि व्यक्त गर्दा प्रयोग गरिने शब्द । (उदा०– यस्तो काम त गर्नु हुँदैन बा !) ।

**बाँ–** क्रि० वि० [अ० मू] १. गाई-गोरु कराउँदा आवाज निस्कने किसिमले । ना० २. गाई (बालबोलीमा) । (उदा०– बबो बाँ, बुबु दे । – बालगीत) ।

**बाँक–** ना० [√ बाँको] हे० बाँको ।

**बाँकटे–** वि० [बाँह+कट्टा+ए] १. आधा वा सिङ्गै बाहुला नभएको । ना० २. त्यस्तै किसिमको भोटोजस्तो लुगा । ३. पौडी खेल्दा हातखुट्टा चलाउने एक ढाँचा; छड्के पौडी ।

**बाँका–** वि० [सं० बङ्क] १. खूबै काम गर्न सक्ने; बहादुर; साहसी । २. पट्ठो; तरुनो ।

**बाँकी–** वि० [अ०] १. खर्च गरेर बचेको; बचत; शेष । २. हिसाब गर्दा घटाएर आएको (अङ्क) । ३. हिसाब फर्छिनसकेको वा फिर्ता दाखिल नभएको (पेस्की) । ना० ४. गणितमा घटाउने प्रक्रिया । ५. रकमीहरूले कामकाज गर्दा बेरुजु र गलफत भएबापत बुझाउनुपर्ने रकम । ६. समाचारपत्रको कुनै पृष्ठमा सामग्री नअटाई अर्को पृष्ठमा लगिएको अंश । ~**बक्यौता–** ना० उठाउन वा असुल गर्न बाँकी रहेको रकम । – **वाला–** ना० अन्यत्र सर्दा वा खोसिँदा बुझाउनुपर्ने आफ्नो जिम्माको सरकारी रकमकलम, स्रेस्ता आदि बुझाउन नसकी बाँकी राख्ने व्यक्ति; बाँकी रकम तिर्नुपर्ने व्यक्ति ।

**बाँके१–** ना० नेपाल अधिराज्यको मध्य पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने भेरी अञ्चलको तराईमा पर्ने एक जिल्ला ।

**बाँके२–** वि० [सं० वक्र] लमाइको एक छेउबाट छड्के पारी गाँसिएको; टेढो गँसुवा (घर) ।

**बाँको–** ना० १. पिँडालुजस्तो र बढी कोक्याउने एक जातको कन्द । २. सार्कीले छाला काट्ने रामोजस्तो हतियार; बाँक ।

**बाँगवा–** ना० हिउँ पग्लेका बखत नेपाल र तिब्बतबीच आवतजावत गर्ने, सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा रहेको एक घाटी ।

**बाँच्-नु–** अ० क्रि० [सं० वञ्चन+नु] १. जीवित रहनु; जिउँदो हुनु; कालको मुखमा नपर्नु । २. बाँकी रहनु; जोगिनु । > **बाँचिनु–** अ० क्रि० जीवित रहिनु; जिउँदो होइनु । **बाँचुन्जेल–** क्रि० वि० जीवन रहेसम्म; मृत्युपर्यन्त ।

**बाँझ–** ना० १. खोलाका किनारतिर उम्रने, लाम्चा मसिना पात हुने एक जातको रूख । २. जङ्गलमा हुने ठूला खस्रा पात भएको, गाईबस्तुलाई घाँस खुवाइने एक प्रकारको रूख ।

**बाँझी–** वि० [बाँझो+ई] सन्तान पैदा नगर्ने; गर्भधारण नगर्ने; कोख बाँझो भएकी; बैला ।

**बाँझो–** वि० [सं० बन्ध्य] खनजोत नगरिएको; आबाद नभएको; बालीनाली नलगाइएको ।

**बाँड्-नु–** स० क्रि० [सं० बण्ड+नु] १. आफुसमा मिलाएर भाग लगाउनु; बाँडचुँड गर्नु । २. वितरण गर्नु ।

**बाँड–** ना० [बाँड्+अ] आफुसमा भाग लगाउने काम; बाँड्ने काम; बन्डा । ~ **चुँड–** ना० बराबर पारेर भाग लाउने वा बाँड्ने काम । ~ **फाँट–** ना० भिन्न-भिन्न विभाग, खण्ड, फाँट आदि छुट्ट्याएर वा तोकेर बाँड्ने काम; लाम मिलाएर पर्गेल्दै पर सार्दै भाग लाउने काम ।

**बाँडा–** ना० [वान्ध] प्रायः सुनचाँदीको काम गर्ने, बौद्धमार्गी नेवार-जातिको एक वर्ग ।

**बाँडिनु–** क० क्रि० [बाँड्+इ+नु] बाँड्ने काम गरिनु ।

**बाँडे**– वि० [बाँडा+ए] बाँडासम्बन्धी; बाँडाको; बाँडाले गर्ने किसिमको । ~**जात्रा**– ना० भाद्रकृष्ण त्रयोदशीका दिन बाँडाहरूले आफन्त श्रद्धालुहरूका घरमा गई भिक्षादान लिने पर्व वा जात्रा; पञ्चदान । – **मुन्द्रो**– ना० कानको माथिल्लो भागमा लगाइने सानो मुन्द्रोविशेष; कुमाले ।

**बाँदर**– ना० [√ वानर] वानर; कपि । ~**टोपी**– ना० जाडो छल्न आँखा र मुख मात्र देखिने गरी घाँटीसम्म छोपेर लगाइने ऊनीको टोपी । ~ **पुच्छ्रे**– वि० १. बाँदरको जस्तो पुच्छर भएको । २. फेदैदेखि खप्टिएर बाक्ला पात लाग्ने, टुप्पामा बाँदरको पुच्छरजस्तो लामो, सेतो गुभो हुने र गुभामा ससाना पहेँला फूल फुल्ने, हिमालयमा पाइने एक जातको बुटी । – **को घाउ**– ना० बराबर चलाई वा कोट्याई निको हुन नदिइएको घाउ ।

**बाँदरे**– वि० [बाँदर+ए] बाँदरको किसिमको; बाँदरजस्तो । ~**फल**– ना० सेता, मसिना फूल फुल्ने र आरुका जस्ता फल फल्ने एक जातको वृक्ष वा त्यसैको फल ।

**बाँध्-नु**– स० क्रि० [सं० बन्ध+नु] १. कुनै वस्तुलाई धागो, डोरी आदिले बेरेर कस्नु; टन्काउनु; बेर्नु; घेर्नु । २. नियम, प्रतिज्ञा आदि उपायद्वारा मर्यादामा चलाउनु; नियम वा क्रममा राख्नु; मिलाउनु । ३. बन्धनमा राख्नु; बन्दी बनाउनु । ४. मन्त्रका बलले कुनै काम हुन नदिनु । ५. शस्त्र-अस्त्र धारण गर्नु । ६. निर्माण गर्नु; बनाउनु (बाँध, किल्ला आदि) ।

**बाँध**– ना० [सं० बन्ध] १. खोलानालाबाट कुलामा पानी ल्याउन वा खोलाको पानी थुन्नका निम्ति लगाइएको छेकबार वा डिल । २. विशाल नदीहरूलाई बाँधी पानी जम्मा पारेर बिजुली आदि निकाल्ने कामका निम्ति माथिबाट उघार्न र लाउन हुने पानीका ठूलठूला निकासद्वारहरू बीचबीचमा राखिएको, पुलको कामसमेत दिने, सिमेन्ट, फलाम आदिका सहायताले बनाइएको मोटो, बलियो गारो । ३. समुद्रको आवश्यक भाग जमिनको रूपमा उपयोग गर्न त्यहाँको पानी मेसिनले निकास्ने र बाहिर आउन नदिने गरी लगाइएको बलियो पर्खाल ।

**बाँधछाँद**– ना० [बाँध्+छाँद्] बाँध्ने र छाँद्ने काम; बाँधबुँध ।

**बाँधपैन**– ना० [बाँध+पैन] बाँध र कुलो ।

**बाँधबुँध**– ना० [बाँध् (द्वि०)] बाँध्ने आदि काम; बाँधछाँद ।

**बाँधा**– ना० [सं० बन्धक] रुपियाँ सापट लिएबापत सो रुपियाँ नकटुन्जेल नोकरी गर्न कबुल गरी बसेको व्यक्ति; कमारो ।

**बाँधिनु**– क० क्रि० [बाँध्+इ+नु] बाँध्ने काम गरिनु ।

**बाँस**– ना० [सं० वंश] लाम्चा तीखा पात, सेता फूल र जौजस्ता फल हुने, बीच-बीचमा आँख्ला भएको र भित्र खोक्रो रहने वनस्पतिविशेष । ~ **घारी**– ना० बाँस धेरै भएको ठाउँ; बाँसैबाँसको धेरै झाङ; बाँसको घारी । ~ **पाते**– ना० बाँसका जस्ता पात हुने र लहरा फैलने एक प्रकारको घाँस ।

**बाँसुरी**– ना० [वंशी] ओठमा राखी दाहिने कुमतिर फर्काई फुकेर बजाइने, छोटो, लामो र मझौला तीन थरी आकारका हुने, स्वरपरिवर्तनका निम्ति छ-सातवटा छिद्र भएको र तिनमा पालैपालो औँलाले थुनेर वा छेकेर बजाइने बाँस, निगालो, काठ आदिबाट बनाइएको बाजा; वंशी ।

**बाँसे**– वि० [बाँस+ए] बाँसजस्तो; बाँसका ढाँचाको । ~ **च्याउ**– ना० बाँसमा उम्रने खैरो रङको लामो डाँठ र सानो छत्र हुने एक जातको च्याउ । ~**ढुङ्ग्री**– ना० आगो फुक्ने दुवैतिर खोलिएको बाँसको ढुङ्ग्री । ~**ढुङ्ग्रो**– ना० बाँसको ढुङ्ग्रो ।

**बाँह**– ना० [सं० बाहु] १. हात; भुजा । २. दुई हातले फेरो मारिँदाको भाग; अँगालो । – **डोला**– ना० धाई, सुसारे आदिका निर्देशनमा केटाकेटीले दुवै हात माथि उठाएर डोलाई खेल्ने काम ।

**बाः**– वि० बो० [फा० बाह] हर्ष, जोस, प्रशंसा, विस्मय आदि प्रकट गर्दा निकालिने शब्द; बाह ! (उदा०– बाः तिम्रो नाच त कमाल भयो !) । – **बाः**– वि० बो० धेरै प्रशंसा, हर्ष, स्याबासी आदि प्रकट गर्दा उच्चारण हुने शब्द; बाहबाह (उदा०– बाः बाः आज क्या चटक हेरियो !) ।

**बाइ**– ना० [बाउ+आइ] बाउने काम वा किसिम (उदा०– तिम्रो मुखबाइ देखेर म त छक्कै परेँ ।) ।

**बाइकाट**– ना० [अङ्० बँय+कट] कुनै समाज, वर्ग, संस्था आदिबाट अलग गरिने वा हटाउने काम; बहिष्कार ।

**बाइनु**– क० क्रि० [बाउ+इ+नु] मुख पूरै खोलिनु; आँ गरिनु ।

**बाइपङ्खी**– वि० [वायु+पङ्खी] १. हावा-जस्तै छिटो दौडने वा हावामा उड्ने (घोडा) । २. दन्त्यकथामा वर्णित, पखेटा भएको र प्रसिद्ध (काल्पनिक घोडा) ।

**बाइफाला**– वि० [वायु+फाल्+आ] बाइफाले । >**बाइफाले**– वि० १. उत्ताउलो स्वभावकी; नखरमाउली । २. धेरै नाठा खेलाउने; वेश्या । ३. अग्घोर बाठी; चुलबुले ।

**बाइबल**/**बाइबिल**– ना० [अङ्०] इसाई वा क्रिस्तानीहरूको प्रसिद्ध धर्मग्रन्थ ।

**बाइमात्रा**– ना० [बायाँ+मात्रा] व्यञ्जनवर्णमा इकारको सट्टा दिइने वा लगाइने चिह्न; ( ि ) यस्तो मात्रा ।

**बाइस**– ना० [प्रा०] १. बीस र दुई जोड्दा हुने सङ्ख्या; २२-को अङ्क । वि० २. बीस र दुई जोड्दा हुने सङ्ख्याको ।

**बाइसकल**– ना० [√ बाइसिकिल] गोडाले चलाएर कुदाइने दुई पाङ्ग्रे साधन; साइकल ।

**बाइसधारा**– ना० [बाइस+धारा] काठमाडौँदेखि उत्तर बालाज्यूमा रहेको, बाइसवटा धारा भएको प्रसिद्ध स्थल वा तीर्थ ।

**बाइसी**– ना० [बाइस+ई] बाइसे राज्य । ~ **चौबिसी**– ना० मध्यकालीन नेपालका बाइस राज्य र चौबीस राज्यको एक-एक समूह ।

**बाइसे**– वि० [बाइस+ए] १. बाइस सङ्ख्याको; बाइस वर्षको । २. यौवन भरिएको; तन्नेरी । (उदा०– बाइसे जोबन त्यसै खेर जाला है, कान्छा !) । ~ **राज्य**– ना० मध्यकालमा नेपालको गण्डकीपारका क्षेत्रमा रहेका बाइसवटा सानातिना राज्यको

समूह (जसमा निम्नानुसारका राज्य थिए– जुम्ला, रुकुम, सल्यान, मालनेटा, फलावाङ, गुर्माकोट, दाङ, छिल्ली, जाजरकोट, जाहारी, रोल्पा, बाँकी, दुल्लु, दैलेख, गोताम, अछाम, वीमकोट, मुसिकोट (पल्लो), दर्ना, बझाङ, बाजुरा, थलहरा) ।

**बाइसौँ–** वि० [बाइस+औँ] बाइस सङ्ख्यालाई पूरा गर्ने; बाइस सङ्ख्याको ।

**बाइस्कोप–** ना० [अङ्०] कुनै पनि घटना वा कथाका अभिनीत कुरा क्रमबद्ध रूपमा पारदर्शकपटमा खिँचेर प्रकाशको सहायताद्वारा पर्दामा देखाइने छायाचित्र ।

**बाईँ–** ना० [√ बाहाँ] १. स्त्रीजातिले नाडीमा लगाउने सुन-चाँदीको बाला वा चुरा । २. कमिजको बाउलामा टाँक लगाउने ठाउँमा तेर्सो पारेर सिइएको भाग ।

**बाउँ१–** ना० [सं० बाहु] हात; बाहु ।

**बाउँ२–** वि० [सं० बाम] बायाँ; देब्रे; वाम ।

**बाउँटिनु–** अ० क्रि० [बाउँटो+इ+नु] टेढो स्वभावको हुनु; बाउँटो हुनु; चिढिनु ।

**बाउँटे१–** वि० [बाउँटो+ए] हे० बाउँटो ।

**बाउँटे२–** ना० प्रसव भएपछि गर्भाशयबाट निस्कने रगत, पानी आदि ।

**बाउँटो–** वि० [सं० वाम-ट] १. कसैसित नमिल्ने स्वभावको; टेढो वा उल्टो स्वभावको; कोग्ल्याँटो; बाउँठे; बाउँठो । २. बायाँ हात चलाउने ।

**बाउँटचाइ–** ना० [√ **बाउँटि** (+याइ)] बाउँटिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **बाउँटचाहट–** ना० बाउँटिने भाव, अवस्था वा क्रिया-प्रक्रिया ।

**बाउँठे–** वि० [**बाउँठो**+ए)] हे० बाउँटे ।

**बाउँठो–** वि०हे० बाउँटो ।

**बाउँडि-नु–** अ० क्रि० [बाउँडो+इ+नु] १. बाउँडो हुनु; टेढिनु । २. शरीरका जोर्नीमा सड्किए-मर्किएजस्तो भई रक्त-सञ्चार रोकिएर दुख्ने गरी नसा बटारिनु । > **बाउँडचाइ–** ना० बाउँडिने क्रिया वा प्रक्रिया ।

**बाउँपाटो–** ना० [बाउँ+पाटो] १. शरीरको देब्रेपट्टिको भाग । २. अनुकूल नपर्ने ठाउँ

**बाउँहाते–** वि० [बायाँ+हाते] दायाँ हातभन्दा बायाँ हात बढी चलाउने; डेप्पा ।

**बाउनी काठ–** ना० [बाहुनी+काठ] चाँपोका जस्तै पात र बलियो जातको काठ हुने रूखविशेष ।

**बाउनु–** स० क्रि० [सं० व्यादान] मुख पूरा खोल्नु; आँ गर्नु ।

**बाउन्न–** ना० [सं० द्वापञ्चाशत्] १. पचास र दुई जोड्दा हुने सङ्ख्या; ५२-को अङ्क । वि० २. पचास र दुईका जोड सङ्ख्याको । ~**गन्डा–** वि० धेरै; थुप्रै । ~**कुरा–** ना० बाह्रसत्ताइस कुरा । ~**ठक्कर–** ना० नाना प्रकारका ठक्कर, अनुभव ।

**बाउन्ने–** वि० [सं० वामन+ए] १. ज्यादै होचो; पुड्को; बामपुड्के । २. ढाडको अनुपातमा हात र खुट्टा धेरै छोटा हुने ।

**बाउन्नौँ–** वि० [बाउन्न+औँ] बाउन्न सङ्ख्यालाई पूरा गर्ने; बाउन्न सङ्ख्याको ।

**बाउरु–** ना० १. खेतालाको पेसा वा काम; खेताला-खेताली । २. सघाउपघाउ । > **बाउरे–** ना० १. खेती गर्दा अरूकहाँ सगाउन जाने व्यक्ति । २. ज्यालादारीमा काम गर्ने व्यक्ति; ज्यामी । आउरे-बाउरे ।

**बाउसे–** ना० [बाउसो+ए] १. रोपाइँ गर्दा खेतको हिलो सम्म्याउने काम । २. त्यस्तो काम गर्ने व्यक्ति; लाठे ।

**बाउसो–** ना० [सं० बाहुल] कोदालो वा कोदाली ।

**बाकट–** ना० लामालामा कान र लामालामा खुट्टा हुने खसी; विकासे जख्खू खसी ।

**बाकन–** ना० [नेवा०] छिपाहरूले कपडा आदिमा बुट्टा छिप्ने छाप चोप्न रङ घोलेर राख्ने, चार कुना परेको काठको भाँडो; कागी ।

**बाकल–** ना० [सं० बल्कल] रूख, काठ आदिको बोक्राभित्र रहेको बाहिरी भाग; आरा वा यन्त्रले ताछेर वा चिरेर छुट्ट्याउँदा छुट्टिने त्यस्तो टुक्रा । – **काने–** ना० बाक्ला कान हुने एक जातको बाखो । – **पाते–** ना० बाक्ला पात हुने र पातको झिल्ली पातलो कागतजस्तो हुने एक झार ।

**बाकस–** ना० [अङ्० बक्स] बक्सा; सन्दुक ।

**बाकाइदा–** क्रि० वि० [फा० बा+अ० कायद] काइदामुताबिक; काइदासाथ; नियमानुसार ।

**बाकुपौ–** ना० [नेवा०] पुरानो चलनअनुसार कुनै विशेष महत्त्वको सग्लो कागतपत्र पछि किर्ते हुने स्थिति नपरोस् भनी सो कागत च्याती सम्बन्धित व्यक्तिहरूले बाँडेर लिएको टुक्रा; अधकट्टी (यस्ता कागतमा १९४५ साल वैशाख ३० गते शुक्रवारभन्दा पहिलेको ललितपुर र भक्तपुरको 'श्रीवत्स' भन्ने छाप लगाएर कानुनी मान्यता दर्साइएको हुन्थ्यो ।) ।

**बाकुल्लो–** ना०हे० बकुल्लो ।

**बाक्लि-नु–** अ० क्रि० [बाक्लो+इ+नु] बाक्लो हुनु; गाढा हुनु; घना हुनु ।

**बाक्लो–** वि० [सं० बल्कल] १. पातलो नभएको; मोटो । २. पन्यालोपन कम नभएको; गाढा । ३. घना; सघन । ४. खूब जमेको । ~ **चाक्लो–** वि० बाक्लो र चाक्लो; चाक्लोबाक्लो । (उदा०– **बाक्लो-चाक्लो दुई माना पाक्ने** । – उखान) ।

**बाक्सी–** ना० १. कस; खिया । २. ढुसी; सडुवापन ।

**बाखापाठा–** ना० [बाखा+पाठा] बाखा र पाठा ।

**बाखी–** ना० [बाखो+ई] पोथी बाखो ।

**बाखे–** वि० [बाखो+ए] १. खसी-बाखा पाल्ने; खसीबाखाबाट जीविका चलाउने । २. बाखोजस्तो; बाखाको । ३. लाजशरम केही नभएको । ~**उन्यु–** ना० उन्यूका भन्दा ठूलठूला पात र बोट हुने एक जातको उन्यू । ~**केटो**/**केटी–** ना० सानो फुच्चे केटो वा केटी । ~**च्याउ–** ना० पुराना रूखमा उम्रने, कालो रङको, खान

हुने एक जातको च्याउ ।

**बाखो–** ना० [सं० बर्कर] १. मासु खाइने प्रसिद्ध घरपाला पशुविशेष; बोको । २. बोका, बाखा बढाउनका निम्ति पालिने पोथी बाखो; बाखी ।

**बाग१–** ना० [अ०] फलफूलबारी; बगैँचा; वाटिका ।

**बाग२–** ना० [सं० बल्गा] १. कुनै वस्तु च्याप्नका निम्ति टेबिल आदिमा स्थिर गरी जडिएको वस्तु । २. घोडाको लगाम; बागडोर । **– डोर–** ना० १. घोडा आदिको लगाम । २. मातहतका व्यक्तिलाई निर्देशन दिने तथा कार्यसञ्चालन गर्ने मुख्य अधिकारी; शासनको अभिभारा वा नियन्त्रण ।

**बागलुङ–** ना० नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने धवलागिरि अञ्चलको दक्षिणी भागमा रहेको एक जिल्ला ।

**बागलुङे–** वि० [बागलुङ+ए] १. बागलुङमा बनेको वा हुने । २. बागलुङसम्बन्धी; बागलुङको । ~ **कागत–** ना० बागलुङमा तयार भएको नेपाली कागत ।

**बागवान–** ना० [अ० बाग+फा० बान] बगैँचाको वा बगैँचासम्बन्धी काम गर्ने व्यक्ति; बगैँचे; माली । > **बागवानी–** ना० १. बगैँचे वा मालीले गर्ने बगैँचासम्बन्धी काम; मालीको पेसा । २. फलफूल खेती । ~ **केन्द्र–** ना० फलफूल उत्पादन गर्ने कृषिकेन्द्र ।

**बागियान–** वि० [वागी] १. विद्रोही; बागी । २. बागीको जस्तो काम गर्ने ।

**बागी–** वि० [अ०] देश वा राज्यका विरुद्ध द्रोह गर्ने; विद्रोह गर्ने; विप्लवी ।

**बाग्मती–** ना० [सं० वाङ्मती] काठमाडौँ उपत्यकाको पशुपति छेउबाट बग्ने एक प्रसिद्ध नदी ।

**बाघ–** ना० [सं० व्याघ्र] १. बिरालाका जातको बलियो, ठूलो र हिंस्रक प्रसिद्ध जङ्गली जनावर । २. मेसिनको काम गर्ने कारिगरले कुनै वस्तु अँठ्याउन प्रयोग गर्ने चेपुवा फलामे औजार । ~ **काने–** ना० ठूलठूला कान हुने जुत्ता । ~ **खोर–** ना० बाघलाई मार्नका निम्ति थुन्ने, वनको छेउछाउमा थापिने एक किसिमको खोर । ~ **चाल–** ना० पच्चीसकोठे थर्कीमा एउटा खाली कोठा र चारवटा बाघ र बीसवटा बाखाको कल्पना गरी गोटी चालेर खेलिने एक खेल । ~ **चुली–** ना० बाघजस्तै देखिने हिमालको चुली; हिमाल । ~ **छाला–** ना० बाघको छाला; व्याघ्राम्बर । ~ **जुँगे–** वि० बाघका जस्तै लामा जुँगा हुने । ~ **झम्टाइ–** ना० बाघको जस्तो झम्टाइ; रिसले झम्टने काम; साह्रै रिसाएर गरेको हप्की । ~ **झम्टा–** ना० बाघझमट । ~ **पन्जा–** ना० बाघको जस्तै अरूलाई अँठ्याउन र ङ्याक्न सक्ने हात । ~ **पाइला–** ना० १. एक जनालाई बाघ बनाएर खेलिने, केटाकेटीको एक प्रकारको खेल । २. वि० बाघका जस्ता पाइला भएको । ~ **बाजु–** ना० बाघको अगाडि खुट्टामा हुने र मङ्गलकारक मानिने बाजुजस्तो झीनो हाड । ~ **मारी–** ना० एक जना डोरीको घेराभित्र पस्ने र ऊ भाग्न खोज्दा अरूले डोरीले तानेर गाँठो पारी बाँध्न खोज्ने एक बालखेल । ~ **मुखे–** वि० १. बाघको जस्तो मुख भएको (जस्तो– बाघमुखे चरा) । ना० २. एक जातको फूल । ३. असुराको फूल । ४. साधारण पिलपिले पात भएको, सानासाना पहेँला फूल फुल्ने घाँसविशेष ।

**बाघे–** वि० [बाघ+ए] १. बाघको छालाजस्तो टाटेपाटे; बाघजस्तो; बाघसम्बन्धी । २. बाघले खाने वा बाघलाई हुने । ना० ३. गाईभैँसीलाई गाली गरिँदा प्रयोग हुने शब्द । ~ **किरो–** ना० चिप्लेकीरा खाने, काँढे खुट्टाहरू भएको एक प्रकारको कालो कीरो । ~ **खटिरो–** ना० शरीरमा जनै रहने ठाउँमा जनैकै आकारमा निस्कने एक प्रकारको घातक खटिरो; जनैखटिरो; सार्कीखटिरो ।

**बाङ्खुट्टे–** वि० [बाङ्गो+खुट्टा+ए] बाङ्गा खुट्टा हुने; खुट्टा बाङ्गो पारी टेकेर हिँड्ने; बाङ्खुरे ।

**बाङ्खुरे–** वि० [बाङ्गो+खुर+ए] खुर बाङ्गिएर दुवै छेउ जोरिएको; बाङ्खुट्टे ।

**बाङ्गि-नु–** अ० क्रि० [बाङ्गो+इ+नु] १. बाङ्गो हुनु; दोब्रिनु; टेढिनु । २. बेमेलको हुनु; बाउँटिनु ।

**बाङ्गी काठ–** ना० [बाङ्गो+काठ] खैरो बोक्रा र बाङ्गाटिङ्गा भेट्ना हुने, हरियोमा पातला झिलझिल परेका र सुकेपछि काला, कलेजी रङका पात हुने, टुप्पामा भाले र पोथी अङ्ग भएका भिन्नाभिन्नै साना फूल फुल्ने रूख वा त्यसैको फुस्रा रङको फल ।

**बाङ्गे–** वि० [बाङ्गो+ए] कुनै अवयव बाङ्गो भएको; बाङ्गो । ~ **काठ–** ना० हे० बाङ्गीकाठ ।

**बाङ्गो–** वि० [सं० वक्र] सोझो नभएको; टेढो चालको । स्त्री० बाङ्गी । **– टिङ्गो–** वि० धेरै ठाउँमा बाङ्गो भएको; टेढोमेढो ।

**बाच्-नु–** स० क्रि० [सं० वच्+नु] अक्षर, पुस्तकपुस्तिका आदि पढ्नु वा पढेर सुनाउनु; पाठ गर्नु; पारायण गर्नु ।

**बाचक–** ना० [सं० वाचक] १. पुराण, कथा आदि भन्ने मुख्य पण्डित । २. स्पष्ट, छिटो र शुद्ध भन्ने शक्ति; पढाइ । > **बाचकी–** वि० पुराण, कथा आदि भन्ने; वाचन गर्ने ।

**बाचा१–** वि० [बाच+आ] १. अलिकति; थोरै; चिउँटी । २. बोली वा भनाइ मात्रको ।

**बाचा२–** ना० [सं०] कुनै काम वा कुरा पूरा गर्न दिइने वचन; बोली; कबुल; प्रतिज्ञा । **– बन्धन–** ना० प्रतिज्ञामा बाँध्ने काम; किरियाहलाइ ।

**बाचिनु–** क० क्रि० [बाच्+इ+नु] वाचन गरिनु; पाठ गरिनु ।

**बाच्छाई–** वि० [अ० बादशाही] सुहाउँदो; राम्रो; उत्तम । **– बाजा–** ना० धेरै मानिस मिलेर एकैसाथ बजाइने, सबै अङ्गले पूर्ण, युरोपेली बाजाहरूको समूह । **– बुट्टा/बुट्टी–** ना० टक आदिमा लागेका, तस्बिरका बुट्टा वा चिह्न ।

**बाच्छो–** ना० हे० बाछो ।

**बाछ्-नु–** स० क्रि० [सं० वाञ्छा+नु] १. केलाउनु । २. रोज्नु;

छान्नु ।

**बाछिटा**– ना० [बाङ्गो+छिटा] हावाले हुत्त्याउँदा छड्के गरी परेको पानीको छिटा ।

**बाछो**– ना० [प्रा० बच्छओ] गाईको बच्चो । स्त्री० बाछी ।

**बाज१**– ना० [फा०] चीलजस्तो एक जातको हिंस्रक पक्षी ।

**बाज२**– प० स० [फा०] कुनै शब्दको अन्तमा जोडिएर त्यसलाई मन पराउने वा त्यसमा सोख भएको अर्थमा प्रयुक्त हुने रूपखण्ड । (धोकेबाज, रक्सीबाज, हुल्लडबाज इ०) ।

**बाजरा**– ना० [सं० बर्जरी] जुनेलाका जातको काला र मसिना दाना हुने अन्नविशेष ।

**बाजा**– ना० [सं० वाद्य] तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुरताल मिलाई बजाइने यन्त्रविशेष; वाद्य । – **गाजा**– ना० १. गानबजान । २. वाद्यसहितको गाना । ~ **भाग**– ना० १. दमाईंका नेगियारलाई दिइने मुख्य भाग । २. ठूलो भाग (व्यङ्ग्यार्थमा) ।

**बाजि**– क्रि० वि० [सं० वार] कुनै कामकुराका क्रमको पटक; चोटि; पल्ट ।

**बाजिब**– वि० [अ० वाजिब] १. उचित; लायक । २. सत्य ।

**बाजी१**– प्रत्य० [फा० बाज+ई] नामशब्दका अन्तमा गाँसिएर त्यो काम गर्ने वा त्यसको सोखिन भन्ने भाव बुझाउने शब्द । (इसाराबाजी, ठट्टाबाजी, नाराबाजी, मौकाबाजी इ०) ।

**बाजी२**– ना० [फा०] १. कुनै पनि खेलमा दुई थरीका बीच हारजित हुँदा गरिने सर्त वा त्यस्तो हारजितको प्रतिज्ञा गरी खेलिने सुरुदेखि अन्तसम्मको खेल; होड । २. पल्टने काम; उल्टा;पल्टा । ३. जादुको खेल; तमासा । ४. दाउ । – **गर**– ना० जादुगर; चटकी । ~ **थाप्नु**– क्रि० पदा० कुनै अनिश्चित परिणामको प्रसङ्गमा दुई थरीका बीच हार वा जितको ओड लिई अगावै सर्त राख्नु; बाजी लगाउनु । – **बाजी**– ना० १. बालबोलीका अनुकरणमा भनिने शब्द । २. धार्मिक पाठपूजा आदिका कारणमा भनिने शब्द । – **माथ**– ना० माथ गरेर बाजी जित्ने काम; विरोधीलाई हराउने वा मौकामा जुक्तिसँग काम फत्ते गर्ने चाल । ~ **लगाउनु**– क्रि० पदा० बाजी थाप्नु ।

**बाजु**– ना० [फा० बाजू] १. पाखुरामा बाँधेर पहिरिने एक प्रकारको आभूषण; अङ्गद । २. पाखुरो । – **बन्द**– ना० बाजु ।

**बाजुरा**– ना० नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने सेती अञ्चलको एक पहाडी जिल्ला; पहिलेको एक सामन्त राज्य ।

**बाजुरो**– ना० [सं० वर्जरी] बाजरा ।

**बाजे**– ना० [बाबाज्यू] १. आमा वा बाबुका बाबु । २. ससुरो । ३. ब्राह्मणलाई आदर जनाउन प्रयोग गरिने शब्द । ~ **बराज्यू**– ना० बाबु, बाजे आदि पूर्वपुरुष; पुर्खा ।

**बाझ्-नु**– अ० क्रि० १. परस्परमा दुर्वचन प्रयोग गर्नु; मुख लाग्नु; भनावैरी गर्नु; कलह गर्नु । २. मतभेद हुने गर्नु; दङ्गा गर्नु । ३. लेखरचना, राय आदिमा विमति हुनु । > **बाझाबाझ**– ना० परस्परमा बाझ्ने काम; भनाभन; भनावैरी । **बाझिनु**– क० क्रि० बाझ्ने काम गरिनु; भनावैरी गरिनु ।

**बाझो**– ना० [बाझ्+ओ] बाझ्ने काम; झगडा; बझाइ । – **जुझो**– ना० मुखले बाझ्ने तथा हातले कुट्नेसमेत काम ।

**बाट्-नु**– स० क्रि० [सं० वेष्ट+नु] धागो, तार, घाँस, पराल आदि कुनैलाई जोल्टचाएर एउटै डोरो बनाउनु; डोरी बनाउनु; बटार्नु; चुल्ठी पार्नु ।

**बाट१**– विभ० पञ्चमी विभक्तिमा लाग्ने एक रूप; देखि । (उदा०– तपाईं घरबाट कहिले आउनुभयो ? आकाशबाट पानी पर्छ इ०) ।

**बाट२**– ना० गुरुङ, तामाङ आदि जातिले दुवैतिरका दुई टुप्पा सुकाएझैं गरी हातले समातेर लासको अघि लैजाने सेतो कपडा ।

**बाटा**– ना० [सं० वाट] उत्तानो, फराक मुख भएको र बिट फर्केको, पित्तल, तामा, प्लास्टिक आदिको भाँडो ।

**बाटुलि-नु**– अ० क्रि० [बाटुलो+इ+नु] बाटुलो हुनु; गोलाकार पर्नु; कुँडुलिनु ।

**बाटुले**– वि० [बाटुलो+ए] गोल आङ मिलेको; मुखको आकार बाटुलो भएको । स्त्री० बाटुली ।

**बाटुलो**– वि० [सं० वर्तुल] गोल आकार भएको; गोल मिलेको; डल्लो । ~ **मुला**– ना० सलगमका ढाँचाको एक जातको मूला ।

**बाटुल्पाते**– ना० [बाटुलो+पात+ए] पीपलका जस्ता बाटुला पात हुने, हरिया फूल फुल्ने र पहेँला गोल फल फल्ने लहरोविशेष ।

**बाटो**– ना० [सं० वर्त्म] १. हिँड्नका निम्ति बनाइएको फराकिलो वा साँघुरो सोतोदार ठाउँ (सडक, गल्ली, गोरेटो आदि); मार्ग; पथ । २. तरिका; उपाय; पद्धति । ३. जीविका आदिको साधन; वृत्ति । ४. आरम्भ; सुरु । ~ **कुरुवा**– वि० १. बाटो कुर्ने । ना० २. प्रायः बाटामा बस्ने एक जातको सानो सर्प । ~ **खर्च**– ना० बाटो हिँड्दा खानपान, सवारी आदिमा लाग्ने वा लिइने खर्च । ~ **घाटो**– ना० सानो-ठूलो सबै बाटो; बाटो र बाटामा पर्ने नदीनाला आदि । ~ **म्याद**– ना० कुनै कामका निम्ति मोफसलबाट आउँदा वा सदरबाट जाँदा बाटामा लाग्ने निर्धारित समय ।

**बाठो**– वि० [प्रा० बट्ठ] १. राम्ररी बोल्न वा व्यवहार गर्न जान्ने; चलाख; चतुर; पटु; धूर्त । २. बुद्धिमान् ।

**बाड**– ना० [सं० बारङ्ग] खुकुरी, तरबार आदिको बिँड ।

**बाडव**– ना० [सं०] समुद्रको जललाई सोस्ने अग्नि; बडवानल ।

**बाडा**– ना० डोको, थुन्चे आदि बुन्दा थप्नुपर्ने चोया ।

**बाडी**– ना० [सं० वाटी] घरघडेरी; बारी (जस्तो– ठाकुरबाडी, चन्दनबाडी इ०) ।

**बाडुली**– ना० वातविकार आदिका कारणले घाँटीबाट हिक्कहिक्क निस्कने आवाज; हिक्का ।

**बाढ**– ना० [बाढी] १. बाढी । २. हतियारको वर्षा (दिव्य०) ।

**बाढी**– ना० [प्रा० वड्ढि] ज्यादा वर्षा हुँदा पानी बढेर आफ्नो नियत स्थान नाघी बगेको नदीनालाको प्रवाह; बाढ । ~ **सिँचाइ**–

नाο कुलो खुलै राखेर भल-बाढी पस्न दिई खेतीलाई सिँचाइ गर्ने काम । ~**को मुढो–** नाο आपत् कालमा सहारा ।

**बाण–** नाο [संο] धनुको ताँदोमा फेद अडचाई ताँदो आफूपट्टि तानेर लक्ष्यवेध गर्न वेगसँग छोडिने, टुप्पो तीखो र दुवैतिर धार भएको प्राचीन हतियार; वाण; शर; काँढ । **– भट्ट–** नाο संस्कृत साहित्यमा प्रसिद्ध 'हर्षचरित' र 'कादम्बरी' गद्यकाव्य लेख्ने महाकवि । **– मुख लिपि–** नाο सुमेर, इरान आदि देशमा आ-आफ्नै किसिमले प्राचीनकालमा प्रचलित, बाणको मुखको आकार भएको लिपि; बाणमुख लिपि; कीलाक्षार (क्युनिफार्म लिपि) । **– लिङ्ग–** नाο १. शिवलिङ्गका रूपमा पूजा गरिने, नर्मदा नदीमा पाइने, केही लाम्चो, गोल र सेतो चिल्लो पत्थर । २. बाणको चिह्न भएको शिवलिङ्ग ।

**बात१–** नाο [संο वात] वायुको विकारबाट शरीरका जोर्नीहरू सुन्निएर दुख्ने रोगविशेष ।

**बात२–** नाο [संο वार्ता] १. दुई थरीका बीच गरिने कुरो; वार्ता । २. बोली वा वचन । ३. प्रसङ्ग; विषय । ४. समाचार; सन्देश । ५. दोषारोपण; अभियोग । विο ६. छोडिएको; बाहेक । **– चित–** नाο दुई वा दुईभन्दा बढी मानिसहरूका बीच परस्परमा हुने कुराकानी; वार्तालाप ।

**बातन–** नाο [√ बात] बात; कुरा । **– पिच्छे–** क्रिο विο हरेक कुरो गर्दा; जुन कुरामा पनि ।

**बाता–** नाο [संο वर्तिका] डाँडा भाटा, बार आदि बाँध्न बनाइने, बाँसको नछुट्ट्याइएको चोयाको मुठो ।

**बातिल–** विο [अο] खारिज गरिएको; रद्द गरिएको; बदर; बाहेक ।

**बाती–** नाο [संο वर्ति] बत्ती; दीप ।

**बातो१–** नाο कोदाली वा कोदालाको पातो; बापट ।

**बातो२–** नाο [संο वर्तिका] १. चाकबाट रोपेर शासना दिइने वा मार्ने हतियारविशेष; शूली । २. घर छाइने टुप्पो तिखारेको चोयो । ~**बस्नु–** टुο अनिकालले चुलामा आगो बल्न बन्द हुनु; काम टक्क रोकिनु । ~**हान्ने–** नाο झुलो सल्काई दुखेको ठाउँमा पोलेर गरिने, एक किसिमको ग्रामीण उपचारपद्धति ।

**बात्तिनु–** अο क्रिο [बात+इ+नु] १. कुरैकुरामा लाग्नु; गफी वा कुरौटे हुनु । २. प्रसङ्गबेप्रसङ्गका नानावली कुरा झिकी कुरैमा भुल्नु वा हराउनु ।

**बाथ१–** नाο [संο वात] १. वातरोगविशेष; बात । २. जुवा खेल्दा कुनै दाउमा ठिनी वा च्याँखे केही नराखिने र जितहार हुँदा लिनुदिनु नगरी बाहेक गर्ने काम ।

**बाथ२–** नाο [प्राο बत्थि] बनेलको बोसो ।

**बादरा–** नाο [संο बादर+आ] कपडा आदिमा बुट्टा भर्ने र माला आदि उन्दा बीचबीचमा हालेर राम्रो पार्न प्रयोग गरिने पहेँलो, सेतो र चम्किलो मसिनु चेप्टो तार; धातुको डोरी ।

**बादल–** नाο [संο वार्दल] १. पृथ्वीको पानी माथि सोसिएर आकाशमा फैलिई पानी बर्साउने वाष्पकण; मेहरो; मेघ । २. आँखामा लाग्ने जालोविशेष ।

**बादसाह–** नाο [फाο] १. धेरै मुलुकको अधिपतिका रूपमा रहेका एउटै मुख्य राजा; सम्राट्; चक्रवर्ती । २. तास, गन्जिफा आदिमा राजाको चित्र भएको एक प्रमुख पत्ती; बास्सा । ३. बुद्धिचालको सबैभन्दा मुख्य गोटी ।

**बादसाही–** विο [फाο] बादशाहलाई सुहाउँदो; बादशाहसम्बन्धी । ~**बाजा–** नाο विशेषतः सैनिकले बजाउने अङ्ग्रेजी ढाँचाको सामूहिक बाजा; बाच्छाईबाजा । ~**बुट्टा–** नाο बाच्छाई बुट्टा ।

**बादी१–** विο [फाο] वायुको विकारबाट भएको; शरीरमा वायु बढाउने; वायु-विकारसम्बन्धी ।

**बादी२–** विο [संο वादी] फिराद दिने; नालिस गर्ने ।

**बादे–** नाο १. जाकनाको रूपमा प्रयोग हुने ठूलो डालको हिमाली खसी । विο २. ठूलो; अजङको (जस्तै– बादे कुम्लो) ।

**बाद्दे–** नाο १. अर्को कुनै सीप नचल्ने स्थिति; करमा पर्ने काम; रोकावट । २. कुनै कुराका निम्ति गरिने निधो; पक्का; निश्चय ।

**बाध–** नाο [संο] १. कुनै कामकुरामा बाधा आउने स्थिति; रोक; रोकावट; प्रतिबन्ध; बाधा । २. कुनै काम वा कुरामा बाधा पर्दा हुने कष्ट; पीडा ।

**बाधक–** विο [संο] १. काममा बाधा पुऱ्याउने; रोक्ने; बाधक । २. विघ्न पार्ने ।

**बाधा–** नाο [संο] १. कुनै पनि काममा हुने अड्काउ वा विघ्न; वाधा । २. छेकथुन; रोकावट; खिचोला । ३. भूत-प्रेत आदिका कारणले हुने भय वा कष्ट; पीडा । ~**अड्काउ–** नाο सुरु भएको कामकुरो सफल हुन नपाई रोकिने अवस्था; छेकाभाँजी; विघ्नबाधा । >**बाधित–** विο बाधा पुऱ्याइएको; रोक लगाइएको; वाधित ।

**बाध्य–** विο [संο] १. नियम, विधि, वचन आदिले बाँधिएको वा नगरी नहुने स्थितिमा परेको; विवश तुल्याइएको । २. रोक लगाइएको; छेकिएको । **– ता–** नाο बाध्य हुने स्थिति; विवशता; लाचारी ।

**बान१–** नाο [संο वर्ण] १. चमक; टलक । २. कान्ति; आभा; बर्न ।

**बान२–** नाο [संο बाण] हेο बाण । **– दार–** विο धनुकाँड बनाउने र चलाउने ।

**बाना१–** नाο [संο बाण] सैनिकले कम्मरमा झुन्ड्याएर भिर्ने, दुईतिर धार भएको तरवारजस्तो अस्त्रविशेष; सङ्गिन ।

**बाना२–** नाο [संο वयन] कपडाको गजपट्टिको बुनोट वा किसिम ।

**बाना३–** नाο [संο वर्ण] १. पहिरन वा वेश-विन्यास; वस्त्र । २. कुनै जिनिसको प्रकार वा किसिम; बान्की । ३. स्वीकार गरिएको धर्म वा रीति । **– दार–** विο १. बाना भएको; बानावाल; फेसनबाज । नाο २. पल्टनिया बाजा बजाउने जागिरदार ।

**बानी–** नाο १. निरन्तरको अभ्यासद्वारा प्राप्त सजिलो र सुपरिचित व्यवहार तथा सचेत विचारविना पनि गर्न सकिने त्यस्तो क्रियाकलाप; अभ्यस्तता । २. असल वा खराब तथा सद्गुण वा

दुर्गुण हुने मनोगत स्थिति; आदत; बेहोर; लत; स्वभाव । ~ **बेहोर/बेहोरा–** ना० शीलस्वभाव; आनीबानी ।

**बान्किलो–** वि० [बान्की+इलो] बान्की परेको; आकारप्रकार मिलेको; नमुना वा ढाँचालायकको; बानादार ।

**बान्की/बान्गी–** ना० [बानगी] कुनै वस्तुको आकारप्रकार; नमुना; ढाँचा ।

**बान्चोट–** ना० [बहिन+हि० चोद] कसैप्रति रिस पोख्ता वा गालीगलौजका सिलसिलामा प्रयुक्त हुने अश्लील शब्द; वाहान्चोट (उदा०– अब त्यसै कहाँ उम्केलास् बान्चोट ! वाहान्चोट) ।

**बान्टे–** ना० पाल्लेका जस्ता पात हुने, ठूलो, लेकाली वृक्षको एक जात ।

**बान्ता–** ना० [सं० बान्त] कुनै किसिमका विकारले खाएपिएको वस्तु पेटबाहिर निस्कने काम; वमन; छाद ।

**बान्धव–** ना० [सं०] १. मामाचेला र फुपूचेलासमेतका दाजुभाइ; बन्धुवर्ग; फुकी । २. आफन्त, नातेदार वा सम्बन्धी; स्वजन; इष्टमित्र ।

**बान्नु/बान्नो–** ना० पर्खाल; भित्ता ।

**बाप–** ना० [सं० वप्र] बाबु; पिता ।

**बापट–** ना० कोदालाकोदालीमा कीला ठोकिएर गाँसिएको पातो ।

**बापत–** ना० [फा० बाबत] १. चोरी, जारी, हाडनाताकरणीजस्ता मुद्दाको कसूर; दोष । २. कुनै कुराको निम्तिको सट्टा; बदला । ना० यो० ३. सम्बन्धमा; विषयमा (उदा०– काम गरेबापत तलब दिनुपर्छ ।) ४. लागि; निम्ति (उदा०– यसबापत तपाईंले के पाउनुभयो ?) । > **बापती–** वि० चोरी, जारी, हाडनाता-करणीजस्ता मुद्दामा अपराधी ठहरिएको; बापत वा दोष लागेको; कसूरदार ।

**बापवैरी–** ना० [बाप+वैरी] बाबुका पालादेखिको वैरी; पूरा खलककै विरोध गर्ने शत्रु; बाफवैरी ।

**बाफ१–** ना० [सं० वाष्प] १. पानी तातेर हल्का भई धूवाँका रूपमा मास्तिर उडेका सूक्ष्म जलकणहरूको समूह । २. शरीरबाट निस्केको तातोपन ।

**बाफ२–** ना० [√ बाप] बाबु; पिता ।

**बाफरे–** वि० बो० [सं० वप्र+रे] डर, अचम्म, उदेक आदि जनाउने शब्द । (उदा०– बाफरे, चिडियाखानामा कत्रो बाघ रहेछ !) । ~ **बाफ–** वि० बो० डर, अचम्म, उदेक, दुःख आदि प्रकट गर्दा निस्कने शब्द । (उदा०– बाफरेबाफ ! छोरीको विवाहमा तिनको खर्च देखेर म त छक्कै परें ।) ।

**बाफवैरी–** ना० [बापवैरी] बाबुबाजेका पालादेखिको शत्रु; बापवैरी ।

**बाफि-नु–** अ० क्रि० [बाफ+इ+नु] १. बाफ बन्नु वा बाफ निस्कने हुनु; गर्माउनु । २. बाफले कुनै खानेकुरा पाक्नु; गुम्सिनु ।

**बाफिलो–** वि० [बाफ+इलो] बाफ निस्कने; बाफले भरिएको; धेरै तातो; गरम हुने (ठाउँ आदि) ।

**बाफौंडी–** ना० [बाफ+कसौंडी] बिर्कोबाट बाफ उम्कन नदिएर, खानेकुरो छिटै र राम्ररी गलाई पकाउने खास प्रकारको भाँडो; प्रेसरकुकर ।

**बाफ्ता–** ना० [फा० बाफ्त] एक प्रकारको मोटो रेसमी कपडा ।

**बाबर–** ना० चामलको पीठो रयालेर घिउ-तेलमा पकाइएको गोलो रोटी । ~ **काने–** वि० बाबरका जस्ता ठूलठूला कान हुने ।

**बाबरनेट/बाबरलेट–** ना० [अङ्० बबिनेट] खास्टो, चोलो आदि छाप्ने वा फूल पर्दा आदि बनाउने काममा प्रयोग हुने, जालीदार मिहिन कपडा ।

**बाबडी–** ना० तलगडा; पोखरी ।

**बाबरी–** ना० [सं० बर्बरी] सानासाना खस्रा पात हुने, राता मसिना फूल फुल्ने र तुलसीको जस्तो बास्ना आउने झारविशेष; पुदिना ।

**बाबा–** ना० [फा०] १. बाबु वा बाबुजस्तै पूज्य वृद्ध व्यक्ति । २. साधु, सन्न्यासी वा पूज्य व्यक्तिलाई अरूले र अरूलाई साधुसन्न्यासीले गर्ने सम्बोधन । ३. छोराछोरीलाई प्यारो गरेर भनिने शब्द । वि० बो० ४. डर, त्रास, दिक्क, आश्चर्य आदि जनाउँदा निस्कने शब्द । – **जी–** ना० १. साधुसन्न्यासीलाई आदर जनाइने शब्द । २. साधुसन्न्यासी । ~ **लँगौटी–** ना० भर्खर जन्मेका नानीहरूलाई कमरमा बाँधेर लगाइदिने कट्टुजस्तै लुगाविशेष ।

**बाबियो–** ना० [सं० बल्वजा] घर छाउने, डोरी बाट्ने र कूचो बनाउने काममा प्रयोग गरिने, कुशजस्ता लामा, झीना पात हुने र कोदाका कोसाजस्ता साना फूल फुल्ने झारविशेष ।

**बाबु–** ना० [√ बाबा] १. आफूलाई जन्माउने व्यक्ति; बुबा; पिता । २. कानुनअनुसार धर्मपुत्र राख्न पाउने व्यक्ति । – **बाजे–** ना० बाबु, बाजे आदि पूर्वपुरुष; पुर्खा । – **साहेब–** ना० ठकुरी, राजघरानाका साधारण व्यक्ति र धनीमानीका छोराहरूलाई प्रयोग गरिने मानबोध शब्द ।

**बाबै–** वि० बो० [बाबा+ऐ] १. आश्चर्य, उदेक, भय, आशङ्का आदि बुझाउने शब्द । (उदा०– बाबै ! यहाँ त कत्रो सर्प रहेछ ! बुहारीले ससुरासँग कसरी झगडा गर्न सकेकी होली बाबै !) । २. आफूभन्दा मनिको व्यक्तिलाई सम्झाउँदा प्रयोग गरिने शब्द । (उदा०– मैले भनेको मान बाबै, नत्र पछि पछुताउनुपर्ला) । ~ **नि–** निपा० आश्चर्य, उदेक, डर-त्रास आदिमा प्रयोग हुने शब्द । (उदा०– नानी झन्डै झ्यालबाट खसेको, बाबै नि ! म त डरले थर्र भएँ । बाबै नि, त्यहाँ त मान्छे पो झुन्डिएको रहेछ !) ।

**बाम१–** ना० [सं० वर्मि] झलक्क हेर्दा सर्पजस्तो देखिने एक जातको माछो ।

**बाम२–** वि० [सं० वाम] बायाँ; बाउँ । ~ **खुट्टे–** वि० बायाँ खुट्टाले अगाडि टेक्ने वा बायाँ खुट्टा ठीक नभई खोच्याएर हिँड्ने; बाङ्गो खुट्टा भएको । ~ **खुरे–** वि० बायाँतिर खुर फर्केको; बामखुट्टे । ~ **पाटो–** ना० १. शरीरको देब्रे भाग । २. अनुकूल नपर्ने ठाउँ । ३. प्रायः साल आदिका रूखमा गोलो बनाएर बस्ने, खैरो खालको

कमिलो । ~ **पुड्के**– वि० ज्यादै पुड्को; बाउन्ने ।

**बाम३**– ना० देब्रे हातले बजाइने तबला ।

**बामे**– ना० [√ बाम+ए] बालक घस्रँदाको सराइ । ~ **सराइ**– ना० बामे सर्ने काम वा किसिम । ~ **सर्नु**– क्रि० पदा० भर्खरका नानीले हातखुट्टाका सहायताले शरीर भुइँमा घिसारेर हिँड्नु । ~ **चरो**– ना० बाहुनचरी ।

**बायविडङ्ग**– ना० [सं० विडङ्ग] हिमाली पहाड, लङ्का र बर्मामा हुने एक लता वा त्यसैको फल ।

**बायाँ**– वि० [सं० वाम] १. शारीरिक रूपमा विपरीत पक्षभन्दा केही दुर्बल तथा कम सक्रिय; 'दायाँ'-को विपरीतार्थक शब्द; देब्रे; बाउँ; बाम । २. प्रतिकूल; उल्टो । ना० ३. देब्रे हातले बजाइने तबला । ~ **हातको खेल**– ना० ज्यादै सजिलो काम ।

**बायु**– ना० [सं० वायु] हावा; वायु । ~ **पङ्खी**– ना० बाइपङ्खी । ~ **बेग**– वि० छिटो ।

**बार्-नु**– स० क्रि० [सं० वार+नु] १. जोगाउबचाउका निम्ति कुनै ठाउँलाई वरिपरिबाट घेर्नु; छेका वा बार लाउनु । २. नियम पुऱ्याई कुनै वस्तु प्रयोगमा नल्याउनु; बारना गर्नु । ३. रोक्नु; छेक्नु । ४. पथपरहेज गर्नु । ५. आशौच मनाउनु ।

**बार१**– ना० [सं० वार] १. काठ, बाँस, घोचा आदिको छेका वा एक प्रकारको पर्खाल । २. समय; अवसर; वार । क्रि० वि० ३. पटक; फेरा; चोटि ।

**बार२**– ना० [अङ्०] कानुनव्यवसायी वा वकिलहरूको समूह वा संयुक्त निकाय । ~ **एसोसिएसन**– ना० वकिल वा बारका सदस्यहरूको सङ्घ वा सङ्गठन ।

**बारना**– ना० [सं० वारण] १. अशुद्ध मानिएको वस्तु प्रयोगमा नल्याउने, निषिद्ध भोजन नगर्ने; संसर्गबाट भएको दोष हटाउने आदि काम; त्यस्ता दोषको परिहार । २. पथपरहेज ।

**बार बन्देज**– ना० [बार+बन्देज] जग्गाजमिनको सुरक्षाका निम्ति वा बस्तुभाउ पस्न नदिन आवश्यक व्यवस्थासहित बार आदि लगाउने काम; छेकथुन ।

**बार बार**– क्रि० वि० [बार+बार] पटकपटक; वारवार; बारम्बार; पुनः-पुनः ।

**बारबुर**/**बारबेर**– ना० [बार्+बेर्] बार्ने र बेर्ने काम; बार लाउने काम ।

**बारम्बार**– क्रि० वि० पटकैपिच्छे; लगातार; बार-बार ।

**बारा१**– ना० [सं० वटक] मास, मुगी आदिको पीठो रयाली बीचमा प्वाल पारेर फुरौलाका ढाँचाले घिउ-तेलमा पकाइने गोलो बाक्लो रोटी ।

**बारा२**– ना० [बार+आ] झ्याल, ढोका, तस्बिर, ऐना आदिको चौकोस; फ्रेम ।

**बारा३**– ना० नेपाल अधिराज्यको मध्यमाञ्चल विकासक्षेत्रभित्र पर्ने नारायणी अञ्चलको एक जिल्ला ।

**बाराबार**– ना० [बार्+आ+बार्] १. परस्परमा एकले छोएको अर्काले नखाने वा पानी, आवतजावत आदि बार्ने काम । २. धमाधम बार्ने काम; बारबेर गर्ने अवस्था ।

**बारिनु**– क० क्रि० [बार्+इ+नु] बार्ने काम गरिनु; बार लाइनु ।

**बारी**– ना० [सं० वाटिका > प्रा० वाडिआ] १. पाखाबाली मात्र लाग्ने आबादी जग्गा; पाखो जग्गा । २. बगैँचा; वाटिका ।

**बारुत**/**बारुद**– ना० [तु० बारूत] गन्धक, सोडा र कोइलाको धूलो मिसाएर बनाइएको विस्फोटक पदार्थ । – **खाना**– ना० बारुद बनाउने अथवा राख्ने घर ।

**बारुले**– वि० [बारुलो+ए] बारुलाका ढाँचाको वा बारुलोसम्बन्धी; बारुलाको जस्तो । ~ **कम्मर**– ना० बारुलाको जस्तो चटक्क छिनेको राम्रो कम्मर ।

**बारुलो**– ना० [सं० वरटा] अरिङ्गालका जातको सानो चिल्ने कीरोविशेष ।

**बारे१**– ना० यो० [फा० बार] १. विषयमा; प्रसङ्ग वा सम्बन्धमा । (उदा०– यसबारे मैले केही सोचेकै छैन ।) ना० २. विषय; सम्बन्ध । (उदा०– के बारेको काम हो तपाईंको ?) । ३. वि० वारसम्बन्धी (आइतबारे, मङ्गलबारे) ।

**बारे२**– ना० स्थाननाम ।

**बारेमज्जा**– ना० [बाह रे+ मज्जा] भुटेका चना, भुजा आदि विभिन्न वस्तु मिलाई कागतमा सोतो पारी हालिएको खानेकुरो; चनाचटपटे ।

**बार्दली**– ना० [फा० बारा+दरी] घरको छानामनि गारोभन्दा बाहिरपट्टि निकालेर डन्डी, रेलिङ आदिले बारिएको बस्ने ठाउँ; एक किसिमको बुर्जा ।

**बार्निस**/**बार्नेस**– ना० [अङ्० वारनिश] १. जोगाउन र टल्काउनका निम्ति काठ, फलाम, छाला आदिमा लगाइने रोगन । २. रङ्गरोगनमा मिलाइने एक प्रकारको चिल्लो टलकदार तेल ।

**बाह्र**– ना० [प्रा० बारह] १. दस र दुईको योगबाट बन्ने सङ्ख्या; १२-को अङ्क । वि० २. त्यति सङ्ख्याको । – **खरी**– ना० दस स्वर तथा अनुस्वार र विसर्गयुक्त दुई स्वरसमेतका मात्रा मिलेर बन्ने क, का आदि व्यञ्जनवर्णका बाह्रबाह्र अक्षरको समुदाय; साउँ-अक्षर; बारखरी । ~ **ठकुराई**– ना० बाह्र थरी । – **पोल**– ना० धार्नी-प्रणालीमा सवा दुई बोडी तौल । ~ **बहत्तर**– ना० सधैँ चाड आदिको निहुँ पारेर टार्न गरिने कुरा; चाडबाडको दिन । ~ **बिस**– ना०/वि० दुई सय चालीस । ~ **मगरात**– ना० नेपालमा पहिले मगरहरूको बसोबास भएको बाह्र स्थानलाई संयुक्त रूपले भन्ने नाम (सतहुँ, पैयुँ, भीरकोट, ढोर, गर्‍हौँ, रिसिङ, घिरिङ, गुल्मी, अर्घा, खाँची, मुसीकोट र इस्मा) । – **मास**– ना० १. वर्ष दिनभरि । २. सदाकाल । – **मासा**– ना० बाह्र महिना वा ती महिनाको बयान लेखिएको कविता । – **मासे**– वि० १. बाह्रै महिना फल्ने वा फुल्ने (फलफूल) । २. बैला भएकी; बराँठिएकी । ना० ३. बाह्रै महिनाको प्राकृतिक वर्णन गरिएको कविता । ४. अवैधानिक वा चोर जुवा; त्यस्तै बन्देज

गरिएको खेल वा जुवा खेल्ने व्यक्ति; जुवाडे । ५. बाह्रै महिना फुल्ने, प्रायः कलेजी रङको, तीनकुने एक जातको फूल । ६. बाह्रै महिनामा गाइने एक प्रकारको गीत । **– मासे अखडा–** ना० बाह्रमासेहरू जम्मा भई जुवा खेल्ने ठाउँ; चोरजुवाको खाल । **~ सत्तरी–** वि० अनेक किसिमको वा ओली-ओलीको (कुरा, गन्थन इ०); धेरै परिपाठ मिलाएको । **~ सत्ताइस–** वि० चाहिँदो-नचाहिँदो; बाह्रसत्तरी । **~ सिङ्गा/सिङ्गे–** ना० लामा-लामा हाँगादार सिङ हुने एक जातको मृग; जरायो । **~ हजार–** ना० दुनियाँ; जनता (दिव्य०) । (पहिले गोरखा राज्यभर बाह्र हजार घर मानिएकाले पछिसम्म यो शब्द सम्पूर्ण जनताको बोध गराउन प्रयुक्त हुन्थ्यो) ।

**बार्हस्पत्य–** वि० [सं०] १. बृहस्पतिसम्बन्धी; बृहस्पतिद्वारा हुने वा गरिने; बृहस्पतिको । २. बृहस्पतिद्वारा प्रवर्तित मानिएको भौतिकवादी सम्प्रदाय वा त्यसमा लाग्ने शिष्य । ३. गणित ज्योतिषमा साठी संवत्सरमध्ये एक । ४. पुष्य नक्षत्र ।

**बाह्रामस्ट–** ना० खस-बाहुनका कुलायन; खसानी देवता ।

**बाह्रौँ–** वि० [बाह्र+औँ] १. बाह्र सङ्ख्यालाई पूरा गर्ने; बाह्र सङ्ख्याको । ना० २. मरेका बाह्र दिनमा गरिने कर्म ।

**बाल्-नु–** स० क्रि० [बल्+नु] १. दाउरा, कोइला, बत्ती आदि बल्ने गराउनु; जलाउनु; सल्काउनु । २. ज्वाला निकाल्नु; दन्काउनु ।

**बाल–** ना० [सं०] १. साह्रै सानो उमेरको व्यक्ति; केटाकेटी; नानी; बालक । २. कपाल; केश; रौँ । ३. गहुँ, जौ आदिको भुस । वि० ४. उमेर नपुगेको वा कम उमेरको; भर्खर उदाएको वा जन्मेको (जस्तो-बालपोथ्रो, बालसूर्य आदि) । ५. अनजान; नासमझ ।

**बाल अमृत–** ना० [सं०] हे० बालामृत ।

**बालक–** ना० [सं०] १. केटाकेटी; बच्चा; नानी; शिशु; बालख । २. छोरो; पुत्र । ३. अनजान मान्छे; मूर्ख वा नासमझ व्यक्ति ।

**बालकठी–** ना० [नेवा० बलकथी] लुगाको तान लाउँदा धागाका बीच-बीचमा घुसारिने झीनो लट्ठीजस्तो सामान ।

**बालकपन–** ना० [बालक+पन] बालक हुनाको भाव वा अवस्था; केटाकेटीपन । २. बेबुझक्याइँ ।

**बाल कमानी–** ना० [बाल+कमानी] रौँजस्तो मसिनु तारद्वारा बनेको, निरन्तर हल्लिएर घडी ठीकसँग चलाउने कमानी ।

**बाल काण्ड–** ना० [सं०] रामायणमा रामको जन्म तथा बाललीलाको वर्णन भएको पहिलो काण्ड वा भाग ।

**बालकाल–** ना० [सं०] बालकको अवस्था; बाल्यावस्था ।

**बालकुमारी–** ना० अँग्रेजीमा 'मैडेन हेयर ट्रि' भनिने संसारमै ज्यादै कम पाइने दुर्लभ जातको मझौला खालको रूख ।

**बालकेलि–** ना० केटाकेटीको खेलबाड ।

**बालकोष–** ना० [सं०] बालकहरूको सामाजिक कल्याण तथा उन्नतिका निम्ति स्थापना गरिने कोष ।

**बालगिरी–** वि० [बहाल+गिरी] बहालमा लिने-दिने गरिएको वा त्यस्तै कुनै कामका लागि सापट ल्याइएको (वस्तु); भाडावाल; बहालगिरी ।

**बाल गोपाल–** ना० १. बालक कृष्ण । २. परिवारका केटाकेटी ।

**बाल ग्रन्थि–** ना० [सं०] बाल्यावस्थामा बढ्ने, तरुणावस्थामा उस्तै रहने र वृद्धावस्थामा घट्दै जाने, छातीको मध्य स्थानमा रहेको ग्रन्थि (इन्द्रिय) ।

**बाल ग्रह–** ना० [सं०] बालकहरूलाई दुःख दिने वा रोग पैदा गराउने पिशाच ।

**बाल घर–** ना० [बाल+घर] टुहुरा बालबालिकाहरूलाई पालनपोषण आदि गरेर राखिने घर; अनाथालय ।

**बाल चन्द्र–** ना० [सं०] १. द्वितीयाका चन्द्रमा । २. औँसीपछिको प्रतिपदादेखि दशमीसम्मका चन्द्रमा ।

**बालचर–** ना० [सं०] १. बालकहरूलाई सच्चरित्रता, स्वावलम्बन, सेवाभावना र व्यायाम सिकाउने सैनिक ढाँचाको शिक्षा । २. त्यस्तो शिक्षा प्राप्त गर्ने वा ग्रहण गर्ने व्यक्ति ।

**बाल चर्या–** ना० [सं०] १. बालकहरूद्वारा गरिने वा उनीहरूलाई गराइने दैनिक कृत्य । २. बालकहरूको स्याहार-सम्भार; शिशुपालन ।

**बालछड–** ना० बास्ना भएको एक प्रकारको वनस्पति ।

**बालटिन–** ना०हे० बाल्टिन ।

**बालतङ–** ना० [फा० बाला+तङ्ग] घोडाको काठीमा पटार कस्ने वा जडिने छाला ।

**बालतन्त्र–** ना० [सं०] बालकहरूको लालन-पालन, हेरविचार गर्ने प्रक्रिया; धात्रीकर्म ।

**बालतोड–** ना० [बाल+तोड] रौँका जराको विकारबाट वा सो जरामा आघात पर्नाले निस्कने खटिरोविशेष ।

**बालतोरी–** ना० [बाल+तोरी] कालतोरीका भन्दा सेखै साना गेडा र कोसा पनि सानै हुने एक जातको तोरी ।

**बाल दिवस–** ना० [सं०] प्रतिवर्ष नेपालमा मनाइने बालबालिकाहरूको राष्ट्रिय पर्व ।

**बालन–** ना० [सं०] विशेष धार्मिक पर्व आदिमा एक जनाले भटचाउने र सामूहिक रूपमा अरूले स्वर मिलाउने गरी गाइने राम, कृष्ण आदि देवताको चरित्रगाथा; बालुन ।

**बाल पोथ्रो–** ना० [बाल+पोथ्रो] १. सानोतिनो बोट वा बिरुवा; बालक बिरुवा । २. आफैँले स्याहार्नुपर्ने सानो बच्चा; बालापोथरी ।

**बालपोष/बालपोस–** ना० [सं० बालपोष] बालकहरूलाई पोष लाग्ने गुलियो औषधी; पुष्टकारी ।

**बाल बच्चा–** ना० [बाल+बच्चा] १. बालक छोरा-छोरी; केटाकेटी । २. जहान-परिवार; सन्तान; लालाबाला ।

**बाल बोली–** ना० [बाल+बोली] बालकहरूको बोली ।

**बाल ब्रह्मचारी–** ना० [सं०] १. बाल्यावस्थादेखि नै ब्रह्मचर्यमा रहेको व्यक्ति । २. अघि दिङ्लामा संस्कृत पाठशाला स्थापित गरी नेपालमा शिक्षा-प्रचार गर्न महत्त्वपूर्ण योगदान दिने बालाषडानन्दको पदवी । स्त्री० बाल-ब्रह्मचारिणी ।

**बालभोग**– ना० [सं०] १. बिहान-बेलुका बालकृष्णलाई चढाइने नैवेद्य । २. बालकहरूको भोज्य पदार्थ ।

**बाल मन्दिर**– ना० [सं०] विशेषतः असहाय बालबालिकाहरूको शिक्षादीक्षा र मनोविनोदसमेतको विचार गरी उनीहरूलाई सही मार्गमा लैजान सहयोग गर्ने स्थान वा घर ।

**बाल रोग**– ना० [सं०] प्रायः बालकहरूलाई लाग्ने रोग; बालग्रहद्वारा उत्पन्न हुने रोग । ~ **विशेषज्ञ**– ना० बालरोगका बारेमा विशेष ज्ञान प्राप्त गरेको व्यक्ति; तत्सम्बन्धी उपचार गर्ने चिकित्सक ।

**बालव**– ना० [सं०] ज्योतिषका पञ्चाङ्गमध्ये करणको एक भेद ।

**बाल वध**– ना० [सं०] विनाकसुर बालक मार्ने काम; बालहत्या ।

**बालविकलाङ्ग**– ना० [सं०] भिटामिन 'डी'-को कमीबाट छ महिनादेखि दुई वर्षसम्मका बालकहरूको हाड ठूलो वा विरूप भएर कमजोर हुने रोग ।

**बाल विकास**– ना० [सं०] बालकको शारीरिक, मानसिक, बौद्धिक, सांवेगिक आदिको विकासप्रक्रिया ।

**बाल विधवा**– ना० [सं०] बालककालमै विवाह भई पति मरेकी स्त्री; बाल्यावस्थामै विधवा भएकी स्त्री ।

**बाल विवाह**– ना० [सं०] केटा र केटीको उमेर नपुग्दै गरिने गैरकानुनी बिहे ।

**बाल सङ्गठन**– ना० [सं०] बालबालिकहरूको शारीरिक, बौद्धिक र मानसिक विकासका साथै उनीहरूमा देशप्रेमको भावना जागृत गराई असल नागरिक बनाउने उद्देश्यका निम्ति गठित संस्था; बालकहरूको उन्नति वा हक-हितको सुरक्षाका निम्ति खडा भएको सङ्घ ।

**बाल सङ्गाती**– ना० [सं० बाल+सङ्गाती] बालककालदेखिको साथी; बाल्यावास्थाको साथी ।

**बाल-साहित्य**– ना० १. बालकले पढ्न सक्ने साहित्य । २. बालहितकारी साहित्य ।

**बाल सूर्य**– ना० [सं०] उदाउन लागेको वा भर्खरै उदाएको सूर्य; बालारुण ।

**बाला१**– ना० [सं० वलय] स्वास्नीमानिसहरूले नारीमा लाउने सुन-चाँदीको चुरा ।

**बाला२**– ना० [सं०] १. सोह्रसत्र वर्षसम्मकी वा रजस्वला हुने अवस्थाकी स्त्री; नवयुवती; किशोरी; केटी । २. पुत्री; कन्या; बालिका । ३. पत्नी; भार्या; प्रियतमा । ४. बालो । – **गुरु**– ना० अघि दिङ्ला महाविद्यालय चलाउने गुरु (षडानन्द) । – **चतुर्दशी**– ना० मङ्सिर कृष्णपक्षको चतुर्दशी; सद्मी छर्ने चतुर्दशी । – **ज्यू**– ना० काठमाडौँको उत्तरपश्चिममा रहेको र बाइस धारा भएको एक तीर्थ वा रमणीय स्थान । – **डाङ्ग्रे**– ना० बाल्यावस्थादेखि नै झारफुक गर्न थालेको वा देउता चढेको धामी । – **दरिद्री**– ना० जन्मैदेखिका दुःखी केटाकेटी; ससाना धेरै छोराछोरी । – **पन**– ना० १. बचपन । २. तरुनोपन; तारुण्य । अव्य० ३. लोकगीतमा प्रेमीप्रेमिकाले आफुसमा एकले अर्कालाई पुकार्ने शब्द; प्रिय, युवक वा युवती । (उदा०– मेरा बालापन जान्छु नभन) । – **पोथरी**– ना० ससाना केटाकेटी ।

**बालामृत**– ना० [सं०] बालहितकारी ओखती ।

**बालिका**– ना० [सं०] १. कलिलो उमेरकी स्त्री; सानी केटी; बच्ची । २. कुमारी; कन्या; पुत्री; छोरी ।

**बालिग**– वि० [अ०] १. बाल्यावस्था पार गरेको; उमेरदार; जवान । २. संविधानले दिने मताधिकारका निम्ति उमेर पुगेको; वयस्क ।

**बालिनु**– क० क्रि० [बाल्+इ+नु] बाल्ने काम गरिनु; सल्काइनु ।

**बालिम**– ना० पहेँलो रङ्गको एक जातको बाम माछो ।

**बालिस्ट**– ना० [फा० बालिश] अडेसा लाग्न बनाइएको ठूलो तकिया ।

**बालिस्टर**– ना० [अङ्० बारिस्टर] माथिल्लो तहमा बहस गर्ने अधिकारप्राप्त वकिल; अधिवक्ता ।

**बाली**– ना० १. खेतबारीमा उब्जेको अन्न; कृषिउपज; खेती । २. मोहीले तल्सिङ वा सरकारलाई बुझाउने तिरो; कूत; पोत । ३. पहिलेको चलनमा एक किसिमको जग्गा-कर । ४. ठेक्कामा कमाउने, सिउने, कामी, दमाई आदिलाई दिनुपर्ने वर्षभरिको अन्नको भाग । ~ **जानु**– ट० काम गरेको वा कमाइको वर्ष बित्नु । (जस्तो– कलुवा गोरु चार बाली गयो, काले गोरु दुई बाली मात्र गएको छ) । ~ **रोक्का पुर्जी**– ना० झगडा परेको जग्गाको बाली मुद्दा नछिनिएसम्म रोक्का गर्नका निम्ति अड्डाले लेख्ने कागत । – **नाली**– ना० खेतबारीमा लगाइएको बाली; धान, मकै आदिको खेती; बाली-बिरुवा । ~ **भर्ना**– ना० राणाशासनमा पल्टनिया उच्च दर्जाका केही जवानहरूलाई तलबका रूपमा आयस्ता खान पाउने गरी दिइएको जग्गा । ~ **बिरुवा**– ना० खेतबारीमा लगाइएको बाली; बालीनाली । ~ **विज्ञान**– ना० बालीनालीका विषयमा वैज्ञानिक किसिमले गरिने विशेष अध्ययन वा अन्वेषणको विद्या । ~ **हुनु**– ट० पशुहरूको गर्भ रहनु ।

**बालुका**– ना० [सं०] बालुवा; पत्थरको चूर्ण । ~ **यन्त्र**– ना० पारो, सुवर्ण आदि भस्म बनाउँदा वा पारोको शुद्धीकरण गर्दा प्रयोगमा ल्याइने यन्त्र । ~ **स्तूप**– ना० मरुभूमिमा वायुले थुपारेको बालुवाको ढिस्को ।

**बालुचरी**– ना० [बालचुर (स्थान)+ई] एक जातको असल गाँजा ।

**बालुन**– ना०हे० बालन ।

**बालुबुर्ज**– ना० [सं० बालुका+फा० बुरीद] खोलाले छाडेका ठाउँको बलौटे जग्गा वा बगर; खोलाले बगाएर ल्याएको बालुवा, पाँगो आदि थुप्रिएको जग्गा ।

**बालुवा**– ना० [सं० बालुका] विशेषतः समुद्र वा नदीका छेउछाउमा र मरुभूमिहुँदो हुने माटोविनाका ढुङ्गाका मिहीन कणको समूह; बालुका; रेत । – **को घर**– ना० नटिक्ने वा कच्चा काम ।

**बालुसाही**– ना० [हि० बालूशाही] घिउमा पकाएर पागमा डुबाई तयार पारिने, मैदाको एक किसिमको मिठाई ।

**बालो**– ना० [सं० बाल] १. धान, गहुँ आदिको झुस आदिसहितको

फल-गुच्छ । २. सन्तान; बालक; बच्चो ।

**बाल्टिन ⁄ बाल्टी–** ना० [अ० बकेट+टिन ⁄ टी] समात्ने ठूलो कडा लागेको, सोलीका ढाँचाको टिन, जस्ता, पित्तल आदिको भाँडो; बालटिन ।

**बाल्तेली शाखा–** ना० [अङ्० बल्टिक+सं० शाखा] भारोपेली भाषा-परिवारका बाल्तस्लाभेली वा लेहोस्लाभेली शाखाका दुई वर्गमध्ये एक ।

**बाल्य–** ना० [सं०] १. बालकको भाव; बालकमा रहने गुण तथा पन; केटौली; लडकपन । २. अज्ञान । वि० ३. बालकसम्बन्धी; बालककालको; बालकको जस्तो (बाल्यअवस्था, बाल्यकाल, वाल्यस्वभाव इ०) । > **बाल्यावस्था–** ना० १. सोह्र वर्ष नपुगेसम्मको अवस्था; बालककाल । २. बालकपन ।

**बाष्प–** ना० [सं०] १. बाफ । २. आँसु ।

**बास्–नु–** अ० क्रि० [सं० बाश+नु] कुखुरो, तित्रा आदि चरा प्रहर-प्रहरमा कराउनु वा बोल्नु ।

**बास–** ना० [सं० वास] बस्ने ठाउँ वा घर; निवास; वास ।

**बासक–** ना० [सं० वासक] धुर्सुलको जस्तो आकार भएको, चिल्ला पात हुने, गुलियो रस भएको, सेता फूल फुल्ने र आयुर्वेदी अवलेह-औषधीहरू बनाइने एक बोट; असुरो ।

**बासट्ठिऔँ ⁄ बासट्ठियौँ–** वि० [प्रा० बासट्ठी+औँ ⁄ यौ] बासट्ठी सङ्ख्याको; गणनाका क्रममा बासट्ठी सङ्ख्यामा पर्ने ।

**बासट्ठी–** ना० [प्रा० बासट्टि] साठी र दुईको योगले बन्ने सङ्ख्या; बयसट्टी । > **बासट्ठीऔँ ⁄ बासट्ठीयौँ–** वि० हे० बासट्ठिऔँ । ~ **हरण–** ना० वि० सं० १८६२ सालमा हरण भएको बिर्ता ।

**बासन–** ना० [√ बास्ना] बास्ना; वास । (उदा०– इन्द्रकमल फूल फुल्यो मगमग बासन देश डुल्यो । – लोकगीत) ।

**बासमती–** ना० [सं० वास+मती] बास्ना आउने, एक किसिमको असल जातको धान वा त्यसैको चामल ।

**बासा–** ना० [सं० वास] १. पुस्तकपुस्तिका आदि बाँध्ने कपडाको टुक्रा वा रुमाल; बस्ता । २. सुर्ती आदि हाल्ने बेरुवा सानो थैली ।

**बासिनु–** अ० क्रि० [बास्+इ+नु] बास्ने काम हुनु; पक्षीहरू कराइनु ।

**बासिन्दा–** वि० [फा० बासिन्द] कुनै ठाउँमा बसोबास गर्ने वा त्यस ठाउँको निवासी; रैथाने ।

**बासिबिदो–** ना० निकै दिनसम्म लगातार पानी बर्सिएर बीचमा एक रात रहेको पानीको अडान ।

**बासी–** ना० [सं० वास] तयार हुनेबित्तिकै उपयोगमा नल्याई अर्को दिन उपस्थित गरिएको; धेरै रातदेखि एक रातसम्मको पुरानो; ताजा नभएको; बास चलेको । ~ **कुरो–** ना० बितेको कुरो; पुरानो कुरो । ~ **पानी–** ना० अघिल्लो दिन ल्याइएको वा राखिएको पानी । ~ **मुख–** ना० बिहान उठेर नधोइएको मुख ।

**बास्ना–** ना० [सं० वास] १. मीठो बास; सुगन्ध । २. राम्रो वा फिँजिएको नाउँ । – **दार–** वि० बास्ना आउने वा बास्ना भएको ।

**बास्सा–** ना० [फा० बादशाह] हे० बादशाह ।

**बाहाँ–** ना० [सं० बाहु] १. कुमदेखि हातका औँलासम्मको भाग वा फेरो; हात; भुजा । २. छानामा बलो राख्ने ठाउँ । – **कटे ⁄ कट्टे–** ना० १. केटाकेटीले छड्के हिर्काएर खेल्ने एक किसिमको खेल । २. दुवै बाहाँले पानी काटेर पौडने चाल । ३. बाँकटे (भोटो) । – **जोरी–** ना० १. मितेरी जनाउँदा वा आत्मीयता प्रदर्शित गर्दा अँगालो मार्ने काम; अङ्कमाल; आलिङ्गन । २. मल्लयुद्ध; कुस्ती । – **भरि–** वि० पूरै एक बाहाँ ।

**बाहान–** ना० [सं० वहन] १. खानेकुराको एक पटकको पाक । २. खाने वा पकाउने पटक; चोटि । > **बाहाने–** वि० पहिलोपल्ट बाहेकका पाकको; दोस्रोतेस्रो पटकमा पकाइएको ।

**बाहिक–** ना० यो० ⁄ क्रि० वि० [सं० बाहेक] हे० बाहेक (उदा०– चरण् बाहिक् एक् छिन् पनि रहन ताप् हुन्छ मनमा । – भानुभक्त) ।

**बाहिडा–** वि० [√ बाहिडो] १. सरकारभन्दा बाहिरको; बाहिरिया (दिव्य०) । २. गैरकानुनी; खोटो; कीर्ते (टक, छाप, लालमोहर आदि) ।

**बाहिर–** ना० यो० [सं० बाह्य] १. कुनै स्थान, सीमा, अवस्था, नियम आदिदेखि पर वा अलग; भित्रदेखि बाहेक; बाहिडो (प० ने०) । २. अन्य स्थानमा; अर्को गाउँ, सहर, जिल्ला वा देशमा । ना० ३. कुनै नियत ठाउँको बाहिरी भाग । वि० ४. अलग; भिन्न । – **पाटो–** ना० बाहिरबाहिरै हुने काम; निकालावास । – **फेरा ⁄ फेरो–** ना० यो० सहर वा बस्तीदेखि बाहिर; काँठहुँदो; बाहिरतिर । > **बाहिरिनु–** अ० क्रि० बाहिर निस्कनु; बाहिर हुनु । **बाहिरिया–** वि० १. बाहिरको; बाहिरी । २. घरायसीभन्दा बेग्लो; परचक्री; विदेशी ।

**बाहिरी–** वि० [बाहिर+ई] बाहिर रहने वा बाहिरको; बाहिरिया । ~ **पात–** ना० बाहिरको भाग । > **बाहिऱ्याइ–** ना० बाहिरिने काम वा किसिम । **बाहिऱ्याउनु–** प्रे० क्रि० बाहिरिन लाउनु ।

**बाहीँ–** ना० [बाहाँ+ई] सुन चाँदी आदिको चुराविशेष; बाइँ; बाला ।

**बाहु–** ना० [सं०] १. बाहुली; हात; भुजा । २. पाखुरो ।

**बाहुन–** ना० [सं० ब्राह्मण] आर्यहरूका चार वर्णमध्ये एक; ब्राह्मण । ~ **चरी–** ना० जजमानी वृत्तिमा लागेको दयापात्र बाहुन वा दुःखी, सीधा र निर्दोष ब्राह्मण । – **दाजु–** ना० फुपूको आफूभन्दा जेठो छोरो (पुरोहित हुने हुँदा रहेको नाम) । – **बाजे–** ना० बाहुनलाई बोलाइने शब्द । – **भाइ–** ना० फुपूको आफूभन्दा कान्छो छोरो ।

**बाहुनी–** ना० [बाहुन+ई] १. बाहुनको स्त्रीलिङ्गी शब्द; बाहुन जातकी आइमाई; बाहुनकी स्वास्नी । वि० २. पवित्र; राम्रो; निरीह । ~ **काठ–** ना० बाहुनीलहरोको काठ । ~ **चरी–** ना० बाहुनचरी । ~ **चरो–** ना० प्रायः खोलाको किनारमा बस्ने, पखेटामा कालो र सेतो मिसिएको गौँथलीजत्रो एक जातको चरो । ~ **बज्यै–** ना० बाहुनीलाई सम्बोधन गरिने शब्द; बाहुनबाजेको

स्त्रीरूप । ~ **लहरो–** ना० एक पात अर्को पातसँग जेलिने, लाम्चिला फूल र फल लाग्ने, आयुर्वेदका अनुसार जरा आन्द्रे रोगमा प्रयोग गरिने एक जातको लहरो ।

**बाहुबल–** ना० [सं०] १. पाखुरा चलाउने शक्ति; शारीरिक बल । २. पुरुषार्थ; पराक्रम ।

**बाहुयुद्ध–** ना० [सं०] १. अस्त्रशस्त्रविना लडिने लडाइँ; हातहातैको जुधाइ । २. परस्परमा हुने कुस्ती वा पहलमानी; मल्लयुद्ध ।

**बाहुली–** ना० [सं० बाहु] १. दरबारिया सम्मानको बोलीमा पाखुरो वा हात । २. ताता भाँडा समाउने एक किसिमको सनासो । ~ **निसान–** ना० बाहुलीको चिह्न; बाहुलीको छाप; हस्ताक्षर ।

**बाहुलो–** ना० [सं० बाहु] दौरा, चोलो, कोट आदि आङका पहिरनको, हात पसाउने खोलजस्तो भाग ।

**बाहुल्य–** ना० [सं०] धेरै हुनाको भाव वा अवस्था; अधिकता; आधिक्य ।

**बाहेक–** ना० यो० [फा० बा+अ० हक] १. कुनै वस्तु, चीज, ठाउँ आदिबाट अलग; विना; सिवाय । वि० २. अरूलाई छुट्ट्याइएको; अतिरिक्त; भिन्न । क्रि० वि० ३. अलग गरेर; छाडेर ।

**बाह्य–** वि० [सं०] १. कुनै पनि वस्तु वा कुराभन्दा बाहिर पर्ने; बाहिरपट्टिका भागको; बाहिरी । २. उपरिया; पृथक् । ~ **तन्तु–** ना० प्राणीका शरीरको बाहिरी भागका छालामा रहेको तन्तु । ~ **परीक्षा–** ना० खास शिक्षण-संस्थाको रोहबरमा नभई स्वतन्त्र रूपमा सञ्चालित एवं नियन्त्रित हुने र उत्तरपुस्तिका जाँच्ने तथा परीक्षाफल प्रकाशित गर्ने काम पनि गर्ने परीक्षा । ~ **वृत्ति–** ना० बाहिरी कुरो वा भौतिक विषयमा लागेको मनको स्थिति; जीवन चलाउन गरिने बाहिरी काम वा पेसा । ~ **सेवा–** ना० बाहिरी देशतिर गरिने हवाई-उडान आदिसम्बन्धी कामको सेवा । > **बाह्येन्द्रिय–** ना० बाहिरी विषयहरू भोग्ने वा तिनको अनुभव गर्ने आँखा, कान, नाक, जिभ्रो र छाला– यी इन्द्रिय । **बाह्योन्मुखी–** वि० केन्द्रबाट छुट्टिएर बाहिरतिर जान खोज्ने; बाहिरपट्टि फर्केको ।

**बि–** पू० स० [सं० वि] शब्दको अगाडि जोरिएर विपरीतता, भिन्नता, प्रतिकूलता, अधिकता, क्रम, परिवर्तन, निषेध आदि अर्थ बुझाउने पूर्वसर्ग (बिचेत, बिजोग, बिछोड इ०) ।

**बिँगठिनु–** अ० क्रि० [बिँगठो+इ+नु] कुनै कामकुरामा टेढो हुनु; बाउँटिनु; बिभिन्डिनु; बिमठिनु ।

**बिँगठे–** वि० [बिँगठो+ए] बिँगठो ।

**बिँगठो–** वि० [सं० विकुण्ठित] बेमेलको कुरा गर्ने; बाउँटो; बिँगठचाहा; बिमठो । > **बिँगठचाइ–** ना० बिँगठिने क्रिया वा प्रक्रिया; खोते; निहुँ; बिमठचाइ । **बिगठचाहट–** ना० बिँगठिने भाव, स्थिति वा क्रियाप्रक्रिया । **बिँगठचाहा–** वि० बिँगठिने स्वभावको; बेमेलको; बाउँटो ।

**बिँगो–** ना० [सं० वृ] १. हाँगाबाट निस्केको अर्को सानो हाँगो; झिँजो । २. बाधा वा अड्को; छेको; बिङ्गो । ३. निहुँ; खोते ।

**बिँड–** ना० [प्रा० बिंट < वृन्त] खुकुरी, तरवार आदि हतियारको समाउन सजिलो हुने गरी फेदमा हालिएको काठ, सिङ आदि वस्तु; हतियारको समात्ने ठाउँ वा मूठ । (उदा०– **बिँड तातेर के गर्नु, ताप्के ताते पो हुन्छ ।** – उखान) ।

**बिँडा–** ना० [बिँडो] बस्न हुने गरी बुनिएको पराल आदिको चकटी ।

**बिँडाल्ने–** वि० [√ बिँड] बिँड भएको; बिँड हालिएको ।

**बिँडी–** ना० [सं० वीटी] धूवाँ खान पातमा सुर्ती लपेटेर बनाइएको, फेदतिर सानु भएको खिल्ली; बिडी ।

**बिँडो–** ना० [सं० वृन्त] १. पिता-पुर्खाको इज्जत वा प्रतिष्ठा । २. चाँदतोडाविनाको पगरी । ३. पदवी; मान । ४. गाग्रा, घ्याम्पा आदिका पीँधमा हालिने घाँस, पराल आदिको चक्का । ५. मूल ठेको । ६. कागतको कोरी ।

**बिउँ–** ना० [√ बीउ] चामलमा मिसिएर रहेको धान ।

**बिउ–** ना० [सं० बीज] १. रोप्न वा छर्न राखिएको अन्न; बीज; बिजन । २. धान, कोदो आदिको उखेलेर रोप्न राखिएको बिरुवा । ३. बिजनका लागि नसुमरी राखिएको बोको, राँगो, साँढे आदि । ४. आगाको सानो फिलिङ्गो । ५. दहीको जोरन । ६. वीर्य । ७. कारण; हेतु । – **पाँजे–** ना० धानको ब्याडमा काम गर्ने व्यक्ति; ब्याडे । (**बिउ र जिउ राखे काम लाग्छ** – उखान) ।

**बिउँझ-नु–** अ० क्रि० [प्रा० बिउभ्भइ+नु] १. निद्रा खुल्नु; जागा हुनु; बिउँतनु । २. होसमा आउनु; सचेत हुनु । > **बिउँझाइ–** ना० बिउँझने र बिउँझाउने क्रिया वा प्रक्रिया । **बिउँझाइनु–** क० क्रि० निद्रा छुटाइनु, जगाइनु । **बिउँझाउनु–** प्रे० क्रि० निद्रा छुटाउनु; जागा गराउनु । २. सचेत पार्नु । **बिउँझिनु–** अ० क्रि० बिउँझनु । **बिउँझो–** १. निद्रा खुलेको; बिउँझिएको; जागा । २. होसमा रहेको; सचेत ।

**बिउँतनु–** अ० क्रि० [सं० विबुध्+नु] १. जागा हुनु; बिउँझनु । २. बेहोसीबाट होसमा आउनु । > **बिउँताइ–** ना० बिउँतने वा बिउँताउने क्रियाप्रक्रिया । **बिउँताइनु–** क० क्रि० बिउँतने गराइनु; बेहोस अवस्थाबाट होसमा ल्याइनु । **बिउँताउनु–** प्रे०क्रि० १. बिउँझाउनु; जगाउनु । २. होसमा ल्याउनु; सचेत पार्नु । **बिउँतिनु–** अ० क्रि० होस वा चेतनामा आउनु; बिउँतिनु । **बिउँतो–** वि० बिउँतिएको; जागा; बिउँझो ।

**बिक्-नु–** अ० क्रि० [सं० विक्रय+नु] १. मोल लिएर माल बिक्री हुनु; बेचिनु । २. कुनै जागिर, व्यवहार वा काममा उपयुक्त हुनु । ३. बिहे गर्न पत्याइनु । ४. नाममा कलङ्क लाग्नु ।

**बिकट–** ना० [अङ्० पिकेट] चोर, बदमास आदिबाट सुरक्षा गर्नका निम्ति रातमा सिपाहीहरूले दिने पहरा । > **बिकटे–** वि० राती पहरा बस्ने; बिकट बस्ने ।

**बिकाइ–** ना० [√ **बिक्** (+आइ)] बिक्ने काम वा किसिम । [ > ] **बिकाइनु–** क० क्रि० बिक्ने पारिनु; बेचाइनु । **बिकाउ–** वि० बिक्रीका निम्ति राखिएको; बिक्री गरिने वा बिक्री हुने । **बिकाउनु–** प्रे० क्रि० १. बिक्ने पार्नु, बेचाउनु । २. जागिरमा वा काममा लगाउनु । ३. बिहे गराउनु । स० क्रि० ४. माल बेच्नु । ५.

बदनामी कमाउनु ।

**बिकाता**– ना० [सं० विक्रय] बिक्री । ~ **पत्र**– ना० बिक्रीको प्रमाणस्वरूप लेखिएको कागत ।

**बिकाम**– ना० [बि+काम] काम नहुने चाल वा अवस्था; बेकाम । > **बिकामी**– वि० १. काम नभएको; विनाकामको; बेकामी । २. काम नलाग्ने; बेकम्मा । **बिकामे**– वि० बिकामी ।

**बिकिनु**– अ० क्रि० [बिक्+इ+नु] बिक्री होइनु; बेचिनु ।

**बिकुल**– ना०हे० बिगुल ।

**बिक्री**– ना० [सं० विक्रय] १. मोल लिएर माल दिने काम; बेच्ने काम । २. सुक्रीको पूरक शब्द । ~ **कर**– ना० बिक्री गरिने मालसामानमा लाग्ने निर्धारित कर । ~ **भण्डार**– ना० उत्पादित वस्तुको बिक्रीवितरणका निम्ति खोलिएको पसल । ~ **सहायक**– ना० बिक्रीभण्डारमा सहायकका रूपमा काम गर्ने व्यक्ति ।

**बिख**– ना० [सं० विष] जहर; विष ।

**बिखडो**– वि० [√ बिँगठो] बाउँटो; बिँगठो । > **बिखडयाइँ** ना० बिँगठ्याइ । **बिखड्याहा**– वि० बिँगठ्याहा ।

**बिखर्ची**– वि० [बि+खर्च+ई] खर्च सकिएको; खर्च नभएको; बेखर्ची ।

**बिखालु**– वि० [सं० विषालु] बिख भएको; बिखले भरिएको; विषयुक्त ।

**बिखालो**– वि० [बिख+आलो] शरीरमा बिख लाग्ने वा विकार उब्जाउने; बिखालु ।

**बिखे**– वि० [बिख+ए] बिख भएको; बिखालु । ~ **उन्यु**– ना० खोलाको तीरतिर पाइने, नरम पात भएको र माछा मार्ने काममा प्रयोग हुने बिखालु उन्यू ।

**बिखेत**– ना० [सं० विषाद] अफसोस; खेद; दुःख (उदा०– उसलाई बाबु मरेको भन्दा पनि भाइ छुट्टिएर गएकोमा बिखेत छ ।) ।

**बिखेती**– ना० विषादी; विषयुक्त ।

**बिगबिगती**– ना० छुकछुक; चकचक ।

**बिगबिगाइ**– ना० [√ **बिगबिगाउ** (+आइ)] बिगबिगाउने क्रिया वा प्रक्रिया । [ > ] **बिगबिगाउँदो**– ना० बिगबिगाउने खालको; बिगबिगी हुने ।

**बिगबिगाउ-नु**– अ० क्रि० [बिगबिगी+आउ+नु] बिगबिगी हुनु; उपध्रो हुन खोज्नु; आतङ्क छाउनु । (उदा०– बाघ बिगबिगाएको थाहा पाएर गाउँलेहरू सुत्न पनि सकेका छैनन्) ।

**बिगबिगी**– क्रि० वि० [अ० बगावत] कुनै वस्तुको चर्को उपध्रो; आतङ्कको अधिकता ।

**बिगहट्टी**– ना० [बिगाहा+अ० हद्द] कुनै जग्गाजमिनको बिघा, पोत आदिको लगत वा बिघापिच्छेको रकम; बिघट्टी ।

**बिगार**– ना० [सं० विकार] १. नराम्रा कुरातिर भएको परिवर्तन; बरबादी; नाश; हानि; बितल; बित्यास । २. टुना, मोहिनी आदिबाट उत्पन्न भएको रोग वा दुःख । – **सिङ**– वि० १. बिगार्ने काम गर्ने; बिग्रने; विनाशकारी । २. उदास ।

**बिगुत**– ना० [सं० विभूति] देवदेवताका नाममा हवन गरिएको यज्ञकुण्डको खरानी; जोगीहरूले चन्दनको साटो लाउने खरानी; विभूत । > **बिगुती**– वि० बिगुत वा खरानी रङको ।

**बिगुल**– ना० [अङ्० ब्यूग्ल] सङ्केत दिनका लागि फुकेर बजाइने एक प्रकारको पल्टनियाँ बाजा; बाच्छाईबाजाका प्रकारभित्र पर्ने, फुकेर बजाइने बाजाविशेष; बिकुल । > **बिगुले**– ना० बिगुल बजाउने व्यक्ति; बिकुल बजाउने पल्टनिया जवान ।

**बिगो**– ना० [बिगार] १. कसैले अनुचित किसिमले लिएको धनमाल वा सो धनमालमा दाबी गरिएको निश्चित रकम; अपराध, कसुर र दोषसम्बन्धी मामिलामा प्रभाव पार्ने कुनै पनि रकम । २. नचाहिँदो वा नाश हुने किसिमको काम; बिगार; निहुँ ।

**बिगौती**– ना० [सं० विक+वर्ती] भर्खर बियाएका गाई-भैँसीको दूध पकाउँदा फाटेर पानी सुकेपछि तयार भएको कुराउनीजस्तो बुरबुरे खानेकुरो; बिघौती ।

**बिगौते**– वि० [बिगौती+ए] बिघौतीजस्तो; आलो; बिघौतीको; बिघौते । ~ **औलो**– ना० पालुवा-पातका घाँस खाएका वस्तुको दूध खाँदा लाग्ने औलो; आलो औलो । ~ **दुध**– ना० भर्खर-भर्खर बियाएका लैनू वस्तुको दूध ।

**बिग्याहा**– वि० [बिगो+याहा] बिगो गर्ने स्वभावको उपद्रवी ।

**बिग्र-नु**– अ० क्रि० [सं० विकृ+नु] १. कुनै वस्तुको रूप, गुण आदिमा कुनै प्रकारले विकार आउनु; बरबाद हुनु; नाश हुनु; सड्नु; कुहुनु आदि । २. काम नलाग्ने हुनु; हानि हुनु । ३. टुटफुट वा भताभुङ्ग हुनु; भत्कोस लाग्नु । ४. कुनै वस्तु बनाउन थाल्दा चुकेर वा नजानेर नबन्नु; खेर जानु; विफल हुनु । ५. जाति, धर्म, नीति, उद्देश्य आदिबाट च्युत हुनु; पतित हुनु । ६. खराब बानी लिनु वा आचरणहीन हुनु; बदमास बन्नु । ७. पोइल जानु; बोरिनु । ८. गर्भ तुहुनु । > **बिग्राइ**– ना० बिग्रने काम वा किसिम । **बिग्रिनु**– अ० क्रि० बरबाद होइनु; नासिनु; बिग्रनु ।

**बिघट्टी**– ना० बिघापिच्छेको हिस्सा; बिगहट्टी ।

**बिघा**– ना० [प्रा० बिगह] जग्गाजमिनको बीस कट्ठा वा विश्वाको नाप; तेह्र रोपनी पाँच आना वा ६७७२.६३ वर्ग मिटर जग्गाको परिमाण ।

**बिघौती**– ना०हे० बिगौती । >**बिघौते**– वि० बिगौते ।

**बिघ्न**– ना० [सं०] १. कुनै काममा हुने ठूलो बाधा वा अड्काउ । वि० २. धेरै; अति । क्रि० वि० ३. बिछट्ट; खूब । – **को**– वि० ठूलो; राम्रो; बढिया ।

**बिङठि-नु**– अ० क्रि० हे० बिँगठिनु । > **बिङठे**– वि० बिँगठे । **बिङठो**– वि० बिँगठो । **बिङठ्याइ**– ना० बिँगठ्याइ । **बिङठ्याहट**– ना० बिँगठ्याहट । **बिङठ्याहा**– वि० बिँगठ्याहा ।

**बिङबिङ**– ना० [अ० मू० बिङ (द्वि०)] गन्ध आउने वा गनाउने किसिमले । > **बिङबिङाइ**– बिङबिङाउने भाव, क्रिया वा प्रक्रिया । **बिङबिङाइनु**– अ० क्रि० बिङबिङाउने होइनु; गनाइनु । **बिङबिङाउनु**– अ० क्रि० बिङबिङ हुनु; गनाउनु ।

**बिङ्गो**– ना० कुनै कुरा टाल्ने, नगर्ने वा पन्छाउने निहुँ; बढाएर

भनिएको कुरो; बहाना । > **बिङ्ग्याहा–** वि० बिङ्गो लगाउने; बिँग्याहा ।

**बिच–** ना० [प्रा० विच्च] १. कुनै क्षेत्र, वस्तु, समूह, आकार आदिको माझ; मध्य भाग । २. अन्तर; फरक । क्रि० वि० ३. बाहेक (उदा०– तीतेफापरदेखि बीच यस गाउँमा केही खान पाइँदैन ।) > **बिचाबिच/बिचोबिच–** क्रि० वि० ठीक बीचमा; माझामाझी; माझैमाझ ।

**बिचरो–** वि० [फा० बेचार] आधार नभएको; निरुपाय; अनाथ; टुहुरो; बबुरो ।

**बिचल्ती–** वि० [बि+चल्ती] चल्ती नभएको; बेचल्ती ।

**बिचल्ली–** ना० [बीच+रल्ली] १. पहिलेको स्थिति अस्तव्यस्त भई अर्को स्थिति नबसुन्जेलको अवस्था; बिल्लिबाठ; बिजोग; दुर्दशा । २. ठूलो दुःख; आपत्ति ।

**बिचार–** ना० १. क्रियापुत्रीलाई बन्धुवर्गका तर्फबाट खान दिइने सिधा; सराङ; घोत । २. शोकमा परेका व्यक्तिलाई सम्झाई-बुझाई सान्त्वना दिने काम ।

**बिचार्-नु–** [सं० विचार+नु] विचार गर्नु; मनन गर्नु; सोच्नु । > **बिचाराइ–** ना० बिचार्ने काम वा किसिम । **बिचारिनु–** क० क्रि० विचार गरिनु । **बिचारी–** वि० १. विचार गर्ने । ना० २. विचारी ।

**बिचेत–** वि० [सं० विचेतस्] होस वा चेतना नभएको; अचेत; बेहोस; बिसुर ।

**बिच्क-नु–** अ० क्रि० [सं० वि+चित्+नु] कुनै वस्तु देखेर वा कसैको कामकुरो, व्यवहार आदिबाट तर्सनु; डराएर भाग्नु; विचलित हुनु; दच्कनु; हच्कनु । > **बिच्काइ–** ना० बिच्कने काम वा किसिम । **बिच्काइनु–** क० क्रि० दच्काइनु । **बिच्काउनु–** प्रे० क्रि० बिच्कने पार्नु; दच्काउनु । **बिच्किनु–** अ० क्रि० १. दच्कनु; हच्कनु; तर्सनु । २. बिच्कने होइनु । **बिच्क्याइ–** बिच्किने काम वा किसिम । **बिच्क्याइनु–** क० क्रि० बिच्किने पारिनु । **बिच्क्याउनु–** प्रे० क्रि० १. बिच्किने पार्नु; तर्साउनु । स० क्रि० २. बिच्काउनु; दच्काउनु । **बिच्क्याहट–** ना० बिच्किने भाव, स्थिति वा क्रियाप्रक्रिया । **बिच्क्याहा–** वि० बिच्कने स्वभावको; तर्सने; दच्कने ।

**बिच्छी१–** ना० [सं० वृश्चिक] प्रायः गर्मी प्रदेशमा पाइने, पुच्छरमा रहने डङ्कमा कडा विष हुने एक प्रकारको कीरो ।

**बिच्छी२–** वि० तीखो बुद्धि भएको; कुशाग्र; चुपिचन्डाल ।

**बिच्छुक–** ना० [बि+छुक] कुनै काममा मङ्गल नहुने अवस्था वा सङ्केत; अपशकुन; अलच्छिन । (उदा०– आज बिहानैदेखि के बिच्छुक लागेको हो कुन्नि, कुनै काम पनि हुँदैन) । > **बिच्छुकी–** वि० अमङ्गलको सूचना वा सङ्केत दिने; बिच्छुक लगाउने ।

**बिच्छट्ट–** क्रि० वि० [अ० मू० बिछट्+ट ? प्रा० बिसत्थ] १. थुप्रो वा धेरै हुने चालसँग; अत्यन्त; ज्यादै । वि० २. अचाक्ली; धेरै । ३. निकै निपुण । स्त्री० बिछट्टकी ।

**बिच्छन्द–** ना० [सं० बिच्छन्द] छन्द नपर्ने चाल; ढङ्ग नमिल्ने स्थिति । **– को–** वि० छन्द वा ढङ्ग नपरेको; छन्द न बन्दको ।

**बिछाइ–** ना० [√ **बिछाउ** (+आइ)] बिछाउने काम वा किसिम । [ > ] **बिछाइनु–** क० क्रि० बिछाउने काम गरिनु ।

**बिछाउना–** ना०हे० बिछ्याउना ।

**बिछाउ-नु–** स० क्रि० [सं० विच्छादन+आउ+नु] बस्न वा सुत्नका निम्ति चकटी, गुन्द्री, राडी आदि फिँजाउनु; बिछ्याउनु । > **बिछिनु–** अ० क्रि० बिछ्याउने काम हुनु ।

**बिछोड–** ना० [सं० वि+छुट] छुट्टिने काम वा स्थिति; वियोग; छुट्टिम ।

**बिछ्याइ–** ना० [√ **बिछ्याउ** (+आइ)] बिछ्याउने क्रिया वा प्रक्रिया । [ > ] **बिछ्याइनु–** क० क्रि० बिछ्याउने काम गरिनु ।

**बिछ्याउ-नु–** स०क्रि० ओछ्याउनु; बिछाउनु ।

**बिछ्याउना–** ना० [सं० विच्छादन] सुकुल, राडी, डस्ना, लम्पट आदि बिछ्याउने वस्तु; ओछ्यान; बिछाउना/बिछ्यौना ।

**बिछ्याउने–** ना० [बिछ्याउना+ए] १. बिछ्याउने वस्तु; ओछ्यान; बिछ्यौना । २. बिछ्याउने काम गर्ने व्यक्ति वा साधन ।

**बिछ्यौना–** ना० [सं०+विच्छादन] ओछ्यान; बिछ्याउना ।

**बिजन–** ना० [सं० बीज] १. विभिन्न थरीका बीउहरूको समुदाय; बीउ । २. पाखो जग्गाको नाप लिने आँकडा । ~ **जाँच–** ना० बिजनका आधारमा गरिने पाखो जग्गाको नापजाँच ।

**बिजयसार/बिजयसाल–** ना० सालकै जस्ता पात हुने, काठको कचौरा, गिलास आदि बनाइने, काण्डमा घाउ लाग्दा रगतजस्तो चोब निस्कने एक जातको शालवृक्ष ।

**बिजाइँ–** ना० [फा० बेजा] १. अरूलाई दुःख दिने वा मर्का पार्ने किसिमले गरिने बिगो; उपद्रव; अर्घेल्याइँ । २. गर्न नहुने वा अरूलाई अहित हुने काम; अन्याय; अत्याचार । ~ **बिद्युत्–** ना० अरूलाई मिच्ने वा हानिनोक्सानी पुऱ्याउने दृष्टिले गरिने उपध्रो; लुटपिट, हूलदङ्गा आदि ।

**बिजात–** ना० [बि+जात] १. परम्परागत रूपमा अरूभन्दा कम्ती भनी मानिएको जात; सानो जात । २. एकबाट अर्को भिन्न-भिन्न जात । > **बिजाती–** वि० बिजातको; विजातीय ।

**बिजारपट्टी–** ना० [बिजार+पट्टी] कोट, पाइन्ट आदि सिउँदा गोल आकारका बनाउन र सीधा रेखा तान्न प्रयोग गरिने, दुवैतिर धातुको चुच्चो निकालिएको, तीनदेखि छ फिटसम्मको, फुटजस्तो काठको औजार ।

**बिजुली–** ना० [सं० विद्युत] १. बादल लागेको बेला आकाशमा झिलिक्क चम्कने प्रकाश; सौदामिनी । २. वैज्ञानिक प्रणालीले उत्पन्न गरिने प्रकाश र ताप भएको तथा आकर्षण र अपकर्षणसमेत गर्ने प्रसिद्ध शक्ति; विद्युत् । वि० ३. औधी छिटो; चलाख; चम्किलो । ~ **अड्डा–** ना० बिजुलीको जडान, वितरण आदि र शुल्कको उठतीपुठतीसम्बन्धी काम गर्ने अड्डा; विद्युत्-संस्थान; हालको विद्युत् प्राधिकरण । **– कान्ते–** वि० औधी बाठो; चनाखो; बिजुले । ~ **गारत–** ना० राजामहाराजाको अगाडि-पछाडि लाग्ने सेनाको टोली । ~ **घर–** ना० बिजुली पैदा गर्ने

ठाउँ वा घर (पावर हाउस)। ~ **बाहन–** तुरन्तातुरन्ती पुग्ने, काम गर्ने; ज्यादै बाठो। > **बिजुले–** वि० हिँड्दा, काम गर्दा र कुरा गर्दा साह्रै छिटो; बिजुलीजस्तो; बिजुलीकान्ते।

**बिजुलो–** ना० [√ बिज+उलो] सुन्तला, चाक्सी आदि फलका केस्राभित्र रहने रसिलो दाना वा कोश।

**बिजुवा१–** ना० [लि०] राई, याख्खा आदि किराती जातिको पुरेत; राई जातिको झाँक्री।

**बिजुवा२–** ना० [√ बीज+उवा] बिज्जू (आँप)।

**बिजोक/बिजोग–** ना० [सं० वियोग] दयनीय स्थिति; दुःखलाग्दो अवस्था; बिल्लबाठ; बिचल्ली। > **बिजोकी/बिजोगी–** वि० बिजोक भएको; बिजोक देखाउने।

**बिजोडा–** वि० [बि+जोडा] जोडा नभएको; जोडा नमिलेको; अगल्चो।

**बिजोर–** वि० [बि+जोर] जोर नभएको; समसङ्ख्यादेखि भिन्न; विषम।

**बिज्जु–** वि० [सं० बीज+ऊ] १. बीज वा बिजनबाटै बिरुवा हुर्केको बोटमा फलेफुलेको; कलमी नलगाइएको। ना० २. त्यस्तो बोट वा वृक्षमा फलेको आँप आदि फल।

**बिझ्-नु–** अ० क्रि० [सं० विद्ध+नु] १. शरीरमा काँडा, सुइरो, घोचो आदि गाडिएर पीडा हुनु; घोच्नु। २. अप्रिय व्यवहार, कडा बोली आदिबाट मनमा नराम्रो लाग्नु; चित्त दुख्नु। > **बिझाइ–** ना० बिझ्ने क्रिया वा प्रक्रिया। **बिझाइनु–** अ० क्रि० बिझाउन लाइनु; चस्काइनु। **बिझाउनु–** स० क्रि० १. बिझ्नु; चस्कनु। प्रे० क्रि० २. बिझ्ने पार्नु; घोचाउनु; चस्काउनु। **बिझिनु–** अ० क्रि० बिझ्ने काम होइनु; काँडो आदि गडिनु।

**बिट१–** ना० [सं० वृत्त] भाँडाको मुखमा बाहिरपट्टि फर्केको चौतर्फी घेरो; कुनै वस्तुका छेउको बाटुलो घेरो।

**बिट२–** [अङ्०] जनसहभागिताबाट सहरी क्षेत्रमा बनेका प्रहरीका स-साना चौकी।

**बिटुङ्गो–** वि० [बि+टुङ्गो] टुङ्गो नलाग्ने वा टुङ्गो नलागेको; बेठेगानको; बेटुङ्गो (उदा०– त्यसै बिटुङ्गो चालले त्यहाँ कसरी जाने ?)।

**बिटुल्-नु–** स० क्रि० [बिटुलो+नु] १. मुख जुठो पार्नु; थोरै मात्र खानु; बिटोल्नु। २. बिटुलो पार्नु। > **बिटुलाई–** ना० बिटुल्ने क्रिया वा प्रक्रिया। **बिटुलिनु–** अ० क्रि० १. लसपस वा छूतछात हुनु; बिटुलो हुनु। २. जुठो हुनु; अपवित्र हुनु।

**बिटुलो–** वि० [प्रा० विट्टालिअ] १. अरूसँगको छुवाछूत वा लसपसमा परेको; उच्छिष्ट। २. चोखो नभएको; अशुद्ध; जुठो। > **बिटुल्याइ–** ना० बिटुल्याउने क्रिया वा प्रक्रिया। **बिटुल्याइनु–** क० क्रि० बिटुलो पारिनु। **बिटुल्याउनु–** प्रे० क्रि० बिटुलो पार्नु; बिटुल्ने वा बिटोल्ने गराउनु।

**बिटे–** वि० [बिटो+ए] १. बिटो भएको; बिटोजस्तो। ना० २. धान आदिको बिटा बाँधेर उठाउने खेतालो।

**बिटो–** ना० काँधमा हालेर वा काखीमा च्यापेर बोक्न ठीक पारिएका दाउरा, घाँस, पराल आदिको मुठो।

**बिटोल्-नु–** स०क्रि०हे० बिटुल्नु। > **बिटोलाइ–** ना० बिटुलाइ।

**बिटोलिनु–** क० क्रि० [बिटुलो+इ+नु] बिटुलो पारिनु।

**बिठ्याइँ–** ना० [बेठ्याक+याइँ] राय वा ठ्याक नमिल्ने काम; रडाको।

**बिडा–** ना० [सं० वीटिका] बिरा; खिल्ली।

**बिडाल–** ना० [सं०] बिरालो। > **बिडालाक्ष–** वि० बिरालाका जस्ता आँखा हुने; कुहिरे।

**बिडी–** ना०हे० बिँडी।

**बिडो–** ना० [सं० बीटी] तरवार वा खुकुरी भिर्न कम्मरमा बाँधिने पेटी, रुमाल आदि।

**बिढङ्ग–** ना० [बि+ढङ्ग] १. ढङ्ग वा सीप नहुने स्थिति; छाँट, तरिका आदि नमिल्ने चाल। २. मेल नहुने अवस्था; बेमेल; बेढब। > **बिढङ्गी–** वि० १. ढङ्ग नमिलेको; बिढङ्गको। २. उल्टो चालको; एकोहोरो; अनौठो। **बिढङ्ग्याहा–** वि० बिढङ्गको; बेढङ्गी।

**बिढङ्ङ–** ना० [बि+ढङ्ङ] हे० बिढङ्ग।

**बित्-नु–** अ० क्रि० [सं० वीत+नु] १. बेला घर्कनु; समय गुज्रनु; बियाँलो हुनु; अबेर हुनु; टर्नु। २. आपत् आइलाग्नु; बित्यास पर्नु। ३. मृत्यु हुनु; मर्नु। ४. बरबाद हुनु; नासिनु।

**बितरा–** वि० [सं० वि+स्तर] रहने-बस्ने ठाउँ-ठहर नभएको; बिथात।

**बितल–** ना० [√ बितलब] तिरो नलाग्ने बिर्ता (दिव्य०)।

**बितलब–** वि० [बि+तलब] नगद तलब नलिने वा नपाइने; तिरोभरो नलाग्ने वा सबै रकम मिनाहा भएको। ~ **बिर्ता–** ना० १. काम वा सेवा गर्दा तलबको सट्टामा पाएको बिर्ता। २. सरकारलाई तिरोभरो गर्नु नपर्ने वा सो मिनाहा भएको जग्गा।

**बिताइ–** ना० [√ **बित्** (+आइ)] १. बित्ने क्रिया वा प्रक्रिया। [बिताउ+आइ] २. बिताउने क्रिया वा प्रक्रिया। [ > ] **बिताइनु–** क० क्रि० वेला घर्काइनु; समय गुजारिनु। **बिताउनु–** प्रे० क्रि० १. बित्ने पार्नु; वेला घर्काउनु। २. बित्यास पार्नु; बरबाद गर्नु। ३. मार्नु। **बितिनु–** अ० क्रि० १. समय गुज्रिनु। २. सकिनु।

**बितोड–** ना० [बि+तोड] ठूलो वेग; बेतोड।

**बितोल–** ना० [सं० वितुलन] १. काममा तलमाथि, तलवितल, गोलमाल वा भताभुङ्ग हुने स्थिति; वितल। २. बरबादी; बित्यास।

**बित्ता–** ना० [सं० वितस्ति] १. पन्जा फैलाउँदा बूढीऔँलाको टुप्पादेखि कान्छीऔँलाको टुप्पासम्मको लमाइ; एक हातको आधा भाग। २. शक्ति; बुता (उदा०– बित्ताले भेटेसम्म यो काम गरुँला)। – **भर–** क्रि० वि० १. एकै छिन पनि; सकेसम्म। २. एक बित्ताजति।

**बित्तिकै–** क्रि० वि० [बित्+इकै] काम सकिनासाथ; लगत्तै; तुरुन्तै; साथै।

**बित्ते–** वि० [बित्ता+ए] १. एक बित्ता नापोको; एक बित्ता लामो; बित्ताभरिको। २. साह्रै होचो; पुड्को।

**बित्तो**– वि० [बित्+तो] बित्न लागेको; हडबडीको; बिग्रँदो ।

**बित्था**– क्रि० वि० [सं० वृथा] विनाप्रयोजन; बिनसित्ति; सित्तैं; व्यर्थै । > **बित्थै**– क्रि० वि० त्यसै पनि; सित्तैं; व्यर्थैमा ।

**बित्पात**– ना० [सं० व्युत्पात] १. साह्रै चलाखी वा बठ्याइँ; अति धूर्तता । २. चञ्चलता; चुलबुलेपन । > **बित्पाती**– वि० बित्पातको; बित्पाते । **बित्पाते**– वि० १. साह्रै चलाख; औधी चतुरो; अति धूर्त । २. चञ्चल; बाइफाले; चौताले ।

**बित्यास**– ना० [सं० बत्यास] चाहिने कामकुरो नभएर उल्टो हुने स्थिति; बरबादी; बिगार; तलमाथि; बितोल ।

**बिथल्-नु**– स० क्रि० [√ बिथोल्+नु] बाधा दिनु; भाँड्नु; बिथोल्नु । > **बिथला**– ना० बाधा; रोकावट । **बिथलाइ**– ना० बिथल्ने काम । **बिथलाहा**– वि० बिथोलाहा । **बिथलिनु**– अ० क्रि० हे० बिथोलिनु ।

**बिथात**– वि० [बि+थात] १. रहने-बस्ने ठाउँ-ठेगान नभएको; थातथलो नभएको । २. स्थिति वा व्यवस्था नभएको ।

**बिथान्को**– ना० [बि+थान्को] थान्को वा थिति नभएको; बेथितिसँग रहेको ।

**बिथाहा**– ना० [बि+थाहा] थाहा नहुने वा थाहा नपाउने स्थिति; बेपत्तो ।

**बिथिति**– ना० [बि+थिति] रीतिथिति नमिल्ने अवस्था; बेथिति; अव्यवस्था ।

**बिथोल्-नु**– स० क्रि० [सं० विस्थल] भाँजी हाल्नु; भाँड्नु । > **बिथोल**– ना० बिथोलो भएको स्थिति; गज्मौरिने काम । **बिथोलबाथल**– ना० सबैतिर बिथोल्ने काम; जता पनि बिथोलिएको अवस्था । **बिथोलाइ**– ना० बिथोल्ने क्रिया वा प्रक्रिया । **बिथोलाहा**– वि० बिथोल्ने; काममा गडबड पार्ने । **बिथोलिनु**– अ० क्रि० बिथोलो हुनु; गडबडिनु; बाधा पर्नु । **बिथोलो**– ना० काममा हुन जाने बाधा वा गडबडी; रोकावट; खिचोला । **बिथोल्याइँ**– ना० बिथोल्ने काम वा अवस्था । **बिथोल्याइ**– ना० बिथोलिने क्रिया वा प्रक्रिया । **बिथोल्याहट**– ना० बिथोल्ने भाव, स्थिति वा क्रियाप्रक्रिया ।

**बिदङ्स**– ना० [विध्वंस] विनाश; विध्वंस; उपध्रो ।

**बिदा**– ना० [अ० बिदाअ] १. कसैलाई प्रस्थानका निम्ति दिइने आज्ञा वा अनुमति । २. काम गरेबापत नियमानुसार पाइने वा मागिने अवकाश; छुट्टी । ३. छुट्टी भएको दिन; तातिल । ४. छुटकारा; मुक्ति ।

**बिदाइ**– ना० [बिदा+आइ] १. बिदा गर्ने वा हुने काम । २. बिदा हुने बेलामा दिइने खर्च; बाटाखर्च । ~ **समारोह**– ना० बिदा दिने अवसरमा गरिने उत्सवको आयोजना ।

**बिदाबारी**– ना० [बिदा (द्वि०)] बिदा गर्ने र बिदा हुने काम; बिदाइ ।

**बिदो**– ना० रोकिने काम; थामिने अवस्था (जस्तो– बासिबिदो) ।

**बिद्युत्**– वि० [सं० विद्युत] १. गर्न नहुने वा नसुहाउँदो; अनुचित (कुरा) । ना० २. मारकाट; उपध्रो । ~ **बिजाइँ**– ना० मारकाट र खिचोला; उत्पात; हे० बिजाइँबिद्युत् ।

**बिधारानी**– ना० लोकसंस्कृतिका अनुसार प्रेममा बेइमान गर्ने प्रेमी वा प्रेमिका ।

**बिधुवा**– वि० [सं० विधवा] लोग्ने मरेकी; राँडी; विधवा । > **बिधुवी**– वि० बिधुवा ।

**बिन्-नु**– स० क्रि० [सं० विच्+नु] छानबिन गर्नु; केलाइकुलाइ गर्नु; केलाउनु; छान्नु ।

**बिन**– ना० [सं० वीणा] विशेषतः सपेराले बजाउने, लाम्चो तुम्बामा तलतिर बाँसुरीका जस्ता दुई नलीमा तीन-तीनवटा प्वाल भएको एक बाजा ।

**बिनसित्ति**– क्रि० वि० [सं० विना+सिद्धि] बिनाकाममा; सित्तैं; बित्था; अकार्थ ।

**बिना१**– ना० यो० [सं० विना] अभाव; रहित (जस्तै– बिनाइजाजत; बिनाविभाग; बिनाअनुमति) ।

**बिना२**– ना० [सं० नाभि] कस्तूरी मृगका नाभिमा हुने सुगन्धी द्रव्यको थैली वा गोल डल्लो; मृगनाभि ।

**बिनाइ**– ना० [√ **बिन्** (+आइ)] बिन्ने क्रिया वा प्रक्रिया । [ > ] **बिनाइनु**– क० क्रि० बिन्न लाइनु । **बिनाउनु**– स० क्रि०/प्रे० क्रि० बिन्ने काम गर्नु; बिन्न लाउनु ।

**बिनाबी**– ना० [नेवा०] बाटो वा ठाउँ छोड्नुहोस्, छोइएला, नागिएला आदि अर्थ जनाउने शब्द; विष्णुविष्णु ।

**बिनायो**– ना० मुखमा च्यापी जिभ्राले धागो तन्काएर बजाइने, निगालो र बाँसबाट बनाइएको मुर्चुङ्गाजस्तै बाजा ।

**बिनासाले**– ना० अन्तरा वा थेगो केही नहाली गाइने एक थरी लोकगीत ।

**बिनिनु**– क० क्रि० [बिन्+इ+नु] केलाइनु; छानिनु ।

**बिनिया**– ना० हम्कने वा डोलाउने एक साधन; पङ्खा; चमर ।

**बिनु**– ना० यो० [सं० विना] नभईकन; बेगर; बाहेक (प्रायः कविता वा भावपूर्ण वाक्यमा प्रयोग हुने) ।

**बिन्डी**– ना० [बिटो] रुपियाँ-पैसा आदिको चाङ वा तङ; लक्कु ।

**बिन्ती**– ना० [सं० विनति] नम्रतापूर्ण निवेदन; प्रार्थना; विनति । ~ **पत्र**– ना० सरकार वा मान्यजनलाई लेखेर चढाइने निवेदन । – **भाउ**– ना० १. विनम्र प्रार्थना; नम्र निवेदन । २. भनसुन । > **बिन्त्यारु**– वि० बिन्ती गर्ने; निवेदक ।

**बिन्दी**– ना० [हि०] स्वास्नीमानिसहरूले निधारमा लाउने टीका ।

**बिन्दु**– ना० [सं०] १. पानी आदि पन्यालो वस्तुको थोपो वा बुँद । २. अनुस्वारको चिह्न; थोप्लो; दाग । ३. गौण घटनाहरूको विस्तृत विवरण गरिने नाटकीय पाँच कार्यावस्था (बीज, बिन्दु, पताका, प्रकरी र कार्य) मध्ये दोस्रो अवस्था । ४. वास्तु वा मूर्तिमा प्रयोग हुने अङ्गुल, मात्रा वा मोक्षबराबरको नाप; एक अङ्गुल । ~ **पत्र**– ना० १. बिन्दु वा सङ्केत मात्र भएको चिठी । २. नक्साबाट क्षेत्रफल निकाल्न प्रयोग गरिने पारदर्शक पदार्थ ।

**बिन्द्र–** ना०[सं० वृन्द] दाजुभाइ; बन्धुवर्ग । > **बिन्द्रालो–** ना० दाजुभाइहरूको समूह; बन्धुवर्ग ।

**बिन्द्रा–** वि० [सं० वृन्दा] १. मानिस नभएको; निर्जन; सुनसान । २. आटब्बे । ~ **वन–** ना० एकलासको वन; निर्जन जङ्गल ।

**बिपत्ता–** ना० [बि+पत्ता] गायब; बेपत्ता ।

**बिपना–** ना० [वि+सपना] बिउँझेको वा जागेको अवस्था; ननिदाएको बेला । > **बिपनी–** ना० बिपनाको लघु रूप; बिपना । (उदा०– बिपनीमा नदेखे पनि सपनीमा देखिन्छ) ।

**बिपिउँ–** वि० [सं० विपरीत] 'सपिउँ'-को विपरीतार्थक; उल्टो; बिब्ल्याँटो ।

**बिफर–** ना० १. घातक रोगका कीटाणुको प्रभावले जरोका साथसाथै आङभरि फोकाफोका भएर आउने खटिरो; शीतला वा वसन्तको रोग; माई । २. उक्त रोगले बसेको खत । ~ **उन्मूलन–** ना० बिफरका रोगाणु र त्यसका सञ्चारकलाई निर्मूल पार्ने योजना । > **बिफऱ्याहा–** वि० बिफर आएको; बिफरको खत बसेको; छ्याके । स्त्री० बिफऱ्याही ।

**बिब्लेँटो/बिब्ल्याँटो–** वि० [बिपिउँ+एँटो/याँटो] कपडा, कागत आदिको भित्री वा उल्टो; सब्लेँटो वा सब्ल्याँटोको विपरीतार्थक । स्त्री० बिब्ल्याँटी ।

**बिभिन्डि-नु–** अ० क्रि० [बिभिन्डो+नु] टेढो स्वभावको हुनु; बाउँटिनु; भाँडिनु ।

**बिभिन्डो–** वि० टेढो स्वभावको; अमिल्दो चालको; बाउँटो; अङ्भाङ्गो ।

**बिभिन्ड्याइ–** ना० [√ **बिभिन्डि** (+याइ)] बिभिन्डिने क्रियाप्रक्रिया । [ > ] **बिभिन्ड्याइनु–** क० क्रि० बिभिन्डिने पारिनु; चिढ्याइनु; टेढ्याइनु । **बिभिन्ड्याउनु–** प्रे० क्रि० बिभिन्डिने पार्नु; चिढ्याउनु; टेढ्याउनु । **बिभिन्ड्याहट–** ना० बिभिन्डिने किसिम वा अवस्था । **बिभिन्ड्याहा–** वि० बिभिन्डिने स्वभावको; टेढिने बानी भएको; बिभिन्डो ।

**बिभीषण–** ना० [सं०] १. रावणका कान्छा भाइ; रावणपछिका लङ्काधीश । वि० २. ज्यादै डरलाग्दो; भयङ्कर । ३. स्वदेशका विरुद्ध विदेश वा विदेशीको दलाली गर्ने व्यक्ति; पञ्चमाङ्गी ।

**बिभूत–** ना० [सं० विभूति] बिगुत; विभूति ।

**बिमजा–** ना० [बि+मजा] बेस्वाद; बेमज्जा ।

**बिमठि-नु–** अ०क्रि०हे० बिँगठिनु ।

**बिमठो–** वि०हे० बिँगठो । > **बिमठ्याइ** – ना० बिँगठ्याइ ।

**बिमन–** ना० [बि+मन] कुनै कुरामा मन नलाग्ने वा रुचि नहुने अवस्था । (उदा०– जरोले हो कि खान, घुम्न सबै कुरामा मलाई बिमन भइरहेछ) ।

**बिमा–** ना० [फा० बीमा] १. कुनै किसिमको हानिनोक्सानी वा क्षति भएमा संस्थाले बेहोर्ने र क्षतिपूर्ति पाइने गरी राखिने किस्ताबन्दी वा एकमुस्ट धरौटी; त्यस्तो अभिभारा वहन गरिएको कार्य-व्यवस्था । २. कुनै हानिनोक्सानी हुन गएमा डाकखानाले बेहोर्ने गरी पठाइने चिट्ठी, पार्सल । ~ **कम्पनी–** ना० बिमाव्यवसायको काम गर्ने संस्था । ~ **पत्र–** ना० १. बिमा गरिएको कागत । २. हुलाक-अड्डामा रकम बिमा गरी पठाइएको कागत । ~ **शुल्क–** ना० बिमा गर्दा लाग्ने दस्तुर । ~ **संस्थान–** ना० चल वा अचल वस्तुहरूको बिमा गर्ने-गराउने एक प्रमुख संस्था ।

**बिमाख–** ना० [फा० बे-बाक] १. तिर्नु-फछ्र्याउनुपर्ने रिन, सापटी, हिसाब आदि बाँकी नराखी टुङ्ग्याउने काम; फछ्र्यौट; चुक्ती । २. सखाप पार्ने काम; निमिटचान्न । ३. सर्वनाश; भुसुक्क ।

**बिमार–** वि० [फा० बीमार] बिरामी; रोगी । > **बिमारी–** ना० रोग; व्यथा; व्याधि ।

**बिमिरो–** ना० [सं० बीजपुर] १. निबुवाजस्तो बाक्लो बोक्रा हुने, अमिलो वा केही गुलियो रस हुने प्रसिद्ध एक फल । २. शरीरमा उठ्ने कनिकाजत्रो सानो खटिरो । वि० ३. नछिप्पिएको वा हुर्किनसकेको; भर्खरको; कलिलो वा सानो ।

**बिम्ब–** ना० [सं०] १. ऐना, पानी आदिमा देखिने छायाको रूप; छायामण्डल; प्रतिबिम्ब; बिम्ब । २. आकाशमा देखिने सूर्य, चन्द्र, तारा आदिको ज्योतिपिण्ड । ३. प्रतिमूर्ति; प्रतिमा । ४. कुनै कुराको आभास वा झलक । ५. गोलकाँक्री । ~ **फल–** ना० गोलकाँक्रीको दानु । ~ **विधान–** ना० बिम्बहरूको सृजना गर्ने काम; बिम्बहरूको सृजना । > **बिम्बिका–** ना० १. सूर्य वा चन्द्रमाको मण्डल । २. गोलकाँक्री । **बिम्बित–** वि० प्रतिबिम्ब परेको; प्रतिबिम्बित; विम्बित ।

**बियर–** ना० [अङ्०] प्रायः भिजाएको जौको पीठोमा गुलियो, सोडा आदि मिलाई विशेष प्रक्रियाले बनाइने एक प्रकारको मदिरा ।

**बियाँ–** ना० [सं० वीज्य] चामलमा नकुटिई बचेको सग्लो धान । – **बियीँ–** ना० बियाँहरूको समूह; सबै बियाँ ।

**बियाँल्-नु–** स० क्रि० [बियाँलो+नु] बियाँलो गर्नु; कुनै उपायले समय बिताउनु । > **बियाँलाइ–** ना० बियाँल्ने क्रिया वा प्रक्रिया । **बियाँलिनु–** क० क्रि० बियाँलो गरिनु; अलमलिनु ।

**बियाँलो–** क्रि० वि० [सं० विलम्ब] कुनै कामकुरामा हुने अलमल; अबेर; विलम्ब; ब्याँलो ।

**बियाइ–** ना० [√ बियाउ (+आइ)] बियाउने क्रिया वा प्रक्रिया । [ > ] **बियाइनु–** अ० क्रि० बियाउने काम होइनु ।

**बियाउँदो–** वि० ब्याउँदो ।

**बियाउनु–** अ० क्रि० [सं० व्यापन+नु] १. पशुका पोथीहरू सुत्केरी हुनु; पशुहरूका बच्चाबच्ची जन्मनु । २. रात सकिएर प्रातः काल हुनु; उज्यालो हुनु ।

**बियाङ–** ना०हे० ब्याङ ।

**बियान–** ना० [था० सं० व्यायन] सुत्केरी हुने वा बियाउने काम; बियाउनाको पटक; बेत; प्रसव ।

**बियो–** ना० १. डन्डीबियोको खेलमा डन्डीद्वारा हुच्चिने वा ठ्याक लाइने, दुईतिर तिखारिएको वा नतिखारिएको छोटो काठको

टुक्रो । २. कोलको धुरीमा हालिने चुकुलविशेष ।

**बियोस्ता–** ना० [सं० व्यवस्था] स्वभाव; चालचलन; ढङ्ग । (उदा०– कस्तो बियोस्ता नभएको केटो हो यो त !) ।

**बिरक्ति-नु–** अ० क्रि० [सं० विरक्त+इ+नु] विरक्त हुनु; दिक्दार हुनु; बैरागिनु । > **बिरक्त्याइ–** ना० बिरक्तिने क्रिया वा प्रक्रिया । **बिरक्त्याइनु–** क० क्रि० विरक्त पारिनु; खिन्न तुल्याइनु । **बिरक्त्याउनु–** प्रे० क्रि० विरक्त पार्नु; खिन्न तुल्याउनु ।

**बिरङ्ग–** वि० [बि+रङ्ग] १. अनेक रङ्गको; विभिन्न रङ्गको; रङ्गीचङ्गी । २. बजरङ्ग; कुरङ्ग ।

**बिरल्-नु–** स०क्रि०हे० बिरोल्नु ।

**बिरला–** वि० [सं० विरल] सबैतिर नपाइने वा थोरै मात्र पाइने; छुट्टाछुट्टै रहेको ।

**बिरलाइ–** ना० [√ **बिरल्** (+आइ)] बिरल्ने क्रिया वा प्रक्रिया । [ > ] **बिरलाइनु–** क० क्रि० बिरल्न लाइनु । **बिरलाउनु–** प्रे० क्रि० बिरल्न लाउनु ।

**बिरलाकोटी–** वि० १. [बिरला+कोटी] कोटीमा एउटा; कहीँ-कहीँ वा फाट्टफुट्ट पाइने; अति दुर्लभ । क्रि० वि० २. फाट्टफुट्ट; कतैकतै ।

**बिरसिक्का–** ना० [वीर+शिक्षा>सिक्खा] १. अरूलाई छकाउने वा झुक्क्याउने चलाखी काम । २. वीर, पराक्रमी, निडर बनाउने शिक्षा । ३. पुरानो खालको एक प्रसिद्ध आख्यान । ~ **गर्नु–** स० क्रि० विस्मयपूर्ण कार्य गर्नु ।

**बिरसिलो–** वि० [बि+रसिलो] १. रस नभएको; नीरस; रूखो । २. मन नपर्दो; ठर्रो ।

**बिरहिनी–** ना० [सं० विरहिणी] मारुनी नाचमा गाइने एक किसिमको गीत ।

**बिरा–** ना० [सं० वीटी] खयर, चून, मसला आदि हालेर बेरी खान वा दिन तयार पारिने पानको पात; पानको खिली; बिडा ।

**बिराइ–** ना० [√ **बिराउ** (+आइ)] १. जग्गा बिराउने काम वा किसिम । २. नयाँ आबाद गरिएको जग्गा; बिरौटो (दिव्य०) । ३. बिराम गर्ने क्रिया वा प्रक्रिया; बिगार । [ > ] **बिराइनु–** क० क्रि० १. जग्गा बिराउने काम गरिनु । २. बिराम गरिनु ।

**बिराउ-नु१–** स० क्रि० वन-बुटो, झाङ आदि फाँडेर, भिरालो जमिनमा ढुङ्गा आदि हटाई गरा लगाएर, नदी आदिबाट उकास भएको जग्गा मिलाएर विभिन्न रूपले जग्गा आबाद गर्नु; नयाँ जग्गामा खेती गर्नु ।

**बिराउ-नु२–** स० क्रि० १. कुनै काम-कुरामा भुलेर वा चुकेर अर्कै थोक भन्नु वा गर्नु; बिराम गर्नु; कसूर गर्नु; अपराध गर्नु । २. लेख्ता अक्षर आदि टुटाउनु वा छुटाउनु ।

**बिराज्-नु–** अ० क्रि० [सं० विराज+नु] विराजमान हुनु; सम्मानसाथ बस्नु । > **बिराजिनु–** अ० क्रि० विराजमान होइनु; सम्मानसाथ बसिनु ।

**बिराजी/बिराजु–** वि० [वि+राजी/राजू] राजी नभएको; नमान्ने; बेमन्जुर; बेखुस ।

**बिरानो–** वि० [फा० विरान] १. पहिले नदेखेको, नचिनेको वा थाहा नपाएको; अनजानको । २. परचक्री; पराई; अर्को ।

**बिराम१–** ना० [सं० विराम] १. भन्नु-गर्नुपर्ने कामकुरामा हुने कसूर; दोष वा अपराध; भूलचूक । २. काममा बाधा ।

**बिराम२–** वि० [फा० बिमार] आराम नभएको; बिसन्चो ।

**बिरामी–** वि० [बिराम२+ई] सन्चो नभएको; अस्वस्थ; रोगी; मधौरु । ~ **बिदा–** ना० कर्मचारीले बिरामी हुँदा पाउने निश्चित बिदा (कर्मचारीले नखर्चेको अवस्थामा उक्त दिनबराबरको तलब प्राप्त गर्न सक्ने व्यवस्था भएको बिदा ।) ।

**बिराल गानु–** ना० [बिराले+गानु] लेकतिर पाइने र औषधीमा प्रयोग हुने एक प्रकारको कन्द ।

**बिराली–** ना० [सं० बिडाल+ई] १. धेरै आगो ताप्ता शरीरमा प्रायः गोडाका छालामा पर्ने टाटो । २. बिरालाको स्नेहसूचक रूप वा पोथी रूप ।

**बिराले१–** ना० [सं० बिडालिका] थैलो बनाउनाका निम्ति एकापट्टि चुन्याई पारेको गाँठो; त्यस्तो गाँठो पारी बनाएको थैलो ।

**बिराले२–** ना० [सं० बिडालिका] लाम्चा ठूला पात हुने, प्याजी रङ्गका फूल फुल्ने, तरबारे सिमीजस्ता कोसा र ठूला खैरा गाना हुने एक जातको लता वा त्यसैको गानु ।

**बिरालो–** ना० [सं० बिडाल] चितुवाका जातको, मुसा मार्ने र खाने तथा दूध खूबै मन पराउने घरपालुवा जन्तु । **– को काट्टो–** ना० अति निकृष्ट वस्तु ।

**बिरिम–** ना० बाँसका चोयाले बुनेको, बिर्को लाउने सन्दुक । ~ **फुल–** ना० साधारण मालाकार पात र वरिपरि कालोकालो रङ्ग हुने, डल्लो खालको र बास्ना आउने एक जातको धान वा त्यसैको चामल ।

**बिरी–** ना० दाँतका जोर्नीमा कालो पालिस लाउन प्रयोग गरिने, ठूलठूला पात, हरियासेता फूल र जामुनुजस्ता फल हुने एक जातको लता; प्रसारणी ।

**बिरुँडा–** ना० १. दार्चुला जिल्लातिर प्रचलित विशेष चाडपर्वमा देव-देवीलाई चढाइने र खाइने कलउँ, गुराँस, गहत, मास र गहुँ मिसाएर बनाइने भोजनको एक परिकार । २. दुर्गाष्टमी-पूजामा देवीलाई चढाइने नैवेद्य । ३. बिरौँला; क्वाँटी ।

**बिरुवा–** ना० [विरूढ] रूख, बालीनाली आदिको कलिलो र सानो बोट; बालवृक्ष; पोथ्रो । ~ **घर–** ना० विभिन्न जातका फलफूलका बिरुवाहरू रोपी हुर्काई अन्यत्र सार्न योग्य हुने अवस्था तथा उमेरका बनाउने ठाउँ; नर्सरी ।

**बिरूप–** वि० [सं० विरूप] रूप बिग्रेको; नराम्रो; कुरूप ।

**बिरे आग्लो–** ना० [सं० विवर+अर्गला] बाहिरबाट झ्यालढोका खोल्न नसकिने पार्न भित्रपट्टिबाट लगाइने, गारामा जडिएको ठूलो आग्लो; गजबार ।

**बिरे चुली–** ना० निकै अग्लो र अचम्मलाग्दो टाकुरो; पर्वतशृङ्खलाको

चुली परेको भाग ।

**बिरे नुन**– ना० [सं० बिडलवण] आयुर्वेदीय औषधीविशेषमा प्रयोग गरिने, गन्धदार एक प्रकारको कालो नुन ।

**बिरो**– ना० [√ बिडा] खिल्ली; बिडा; बिरा ।

**बिरोल्-नु**– स० क्रि० [सं० विलोड+नु] १. नुन, खोर्सानी, मसला आदि हालेर साँध्नु; सरोबर पारी मुछ्नु; खऱ्याउनु । २. खोतलखातल गर्नु; भाँड्नु; बिथोल्नु । > **बिरोलाइ**– ना० बिरोल्ने क्रिया वा प्रक्रिया । **बिरोलाइनु**– क० क्रि० बिरोल्न लाइनु । **बिरोलाउनु**– प्रे० क्रि० बिरोल्न लाउनु । **बिरोलाहा**– वि० अरूको काम बिगार्ने; बिथोलाहा । **बिरोलिनु**– क० क्रि० बिरोल्ने काम गरिनु ।

**बिरौँला**– ना० [√ बिरुँडा] भिजाएर ढडचाउँदा अङ्कुर निस्केका धेरै थरी गेडागुडी; बिरुँडा; क्वाँटी ।

**बिरौ**– ना० [सं० बीज] सिलामका जत्रा मसिना, सेता दाना हुने एक प्रकारको तेलहन; पोस्ताको दाना; अफिमका बोटमा फल्ने दाना ।

**बिरौटो**– ना० [बिराउ+औटो] बिराएको जग्गा; नयाँ आबाद गरेको जग्गा ।

**बिर्के**– वि० [बिर्को+ए] बिर्को भएको; बिर्कोजस्तो । ~ **टोपी**– ना० माथितिर बीचमा गट्टो भएको नेपाली कार्चोबी वा मखमली टोपी ।

**बिर्को**– ना० राखिएको वस्तु सुरक्षित पार्न भाँडाकुँडा, बट्टा, ठेकी, सिसी आदिको मुख छोप्ने वा ढाक्ने पात्र; ढकना ।

**बिर्ता**– ना० [सं० वृत्ति] बहादुरी देखाएबापत वा वृत्तिका निम्ति मिलेको, सरकारलाई तिरोभरो गर्नु नपर्ने जग्गा; सबै वा केही मालपोत खान पाउने गरी सबै खालको माफी पाएको जग्गा (हाल भूमिसुधार ऐनअनुसार खारिज भएका कुशबिर्ता, सुनाबिर्ता, सेवाबिर्ता आदि) । – **माल**– ना० दोस्रा माल । – **वार**– ना० बिर्तावाल । – **वाल**– ना० बिर्ताको धनी वा धेरै बिर्ता पाएको व्यक्ति । – **वाला**– ना० बिर्तावाल, बिर्ताको मालिक ।

**बिर्नी**– ना० [सं० विरण] मधेसतिर हुने, फुर्के फूलको डाँठबाट ढक्की, डाली आदि बनाइने एक किसिमको बुट्टे झार ।

**बिर्बल**– ना० कानको लोतीमा लाइने, नास्पातीका आकारको सुनको गहनाविशेष ।

**बिर्रो**– ना० अफिमको बोटमा, सिलामका जस्ता मसिना, सेता दाना फल्ने एक जातको अन्न ।

**बिर्स-नु**– स० क्रि० [विस्मर्+नु] पहिले जानेसुनेको, भनिएको वा मनमा लिइएको कुरो भुल्नु; सम्झना नहुनु; हेक्का नरहनु; विस्मृत हुनु । > **बिर्साइ**– ना० बिर्सने क्रिया वा प्रक्रिया । **बिर्साइनु**– क० क्रि० बिर्सन लाइनु । **बिर्साउनी**– ना० १. बिर्सने काम । २. सम्झाउनीको पूरक (जस्तो– सम्झाउनी-बिर्साउनी) । **बिर्साउनु**– प्रे० क्रि० बिर्सने पार्नु; बिर्सन लाउनु । **बिर्सिनु**– क० क्रि० १. सम्झना नरहिनु; विस्मृत होइनु । स० क्रि० २. बिर्सनु । **बिर्सुवा**– वि० बिर्सने बानी भएको । स्त्री० बिर्सुवी ।

**बिल१**– ना० [सं०] १. जमिन, भित्ता आदिमा परेको प्वाल । २. सर्प, मुसो आदि बस्ने दुलो । ३. गुफा; गुहा ।

**बिल२**– ना० [अङ्०] १. कुनै मालसामान बिक्री गर्दा वा बुझ्दाबुझाउँदा मूल्य वा पारिश्रमिकको फाँट, रकम आदि खुलाई लेखिने कागत; रसिद । २. विधायिकामा प्रस्तुत गरिने कानुनको मसौदा; विधेयक ।

**बिलकन्ना**– वि० [बि+लखकानो] लख, कान्दानी र तर्कुल्ले, बर्धन्ने आदि कुनै मात्रा नभएको (क, ख) ।

**बिलकुल**– वि० [अ०] १. भएभरको; सम्पूर्ण; सबै । क्रि० वि० २. पूर्णतया; एकदम ।

**बिलखबन्द**– वि० [सं० विलक्षमन्द] १. यसो गरूँ न उसो गरूँ भई जिल्ल परेको; अक्क न बक्क भएको; अलमल्ल; रनभुल्ल । २. आफ्नो गुप्ती कुरा अरूले थाहा पाएको जानेर नीलोकालो मुख लाएको; हतप्रभ ।

**बिलखाइ**– ना० [बिलखाउ+आइ] बिलखाउने क्रिया वा प्रक्रिया । > **बिलखाइनु**– अ० क्रि० बिलखाइमा पर्नु ।

**बिलखाउ-नु**– अ० क्रि० [सं० विलक्ष+आउ+नु] के गरूँ हुनु; किंकर्तव्यविमूढ हुनु; अलमलिनु ।

**बिलना**– ना० [√ बिलौना] बिलौना; बिलहना ।

**बिल भरपाई**– ना० [बिल+भरपाई] खरिदबिक्री गर्दा वा कुनै मालसामान बुझेर लिँदादिँदा दिइने रीतपूर्वकको कागत; बिल र भरपाई ।

**बिलाइ**– ना० [√ **बिलाउ** (+आइ)] बिलाउने क्रिया वा प्रक्रिया । [ > ] **बिलाइनु**– अ० क्रि० अलप होइनु; हराइनु ।

**बिलाउ-नु**– अ० क्रि० [सं० विलय+आउ+नु] पग्लेर वा अर्को चीजमा मिलेर नदेखिने हुनु; विलयन हुनु; अलप हुनु; हराउनु ।

**बिलाउनी**– ना०हे० बिलौनी ।

**बिलाउने**– ना० [सं० विलयन] १. नीलकाँडाका जस्ता पात हुने र सानासाना गेडा फल्ने एक जातको बोट । वि० २. मासिने; हराउने ।

**बिलायत**– ना० [अ० विलायत] बेलायत । > **बिलायती**– वि० बिलायतको; बेलायती ।

**बिलाहारी**– ना० [बिलो+आहारी] बिलोबाट जीविका चलाउने व्यक्ति ।

**बिलिनु/बिलिनो**– वि० [सं० विलवण] नुन नपुगेको; नुन कम हालिएको; अलिनो (दाल, तरकारी आदि) ।

**बिलो**– ना० शिकार गरेर ल्याइएका जन्तुको मासुको भाग; थोरै अंश । ~ **बाँडो**– ना० १. बिलो बाँड्ने काम । २. भाग वा अंश बाँड्ने काम ।

**बिलौना**– ना० [प्रा० विलवण < सं० विलपन] रुँदै दुःख प्रकट गर्ने काम; विलाप; बिलना ।

**बिलौनी**– ना० [सं० विलय+औनी] १. नौनी खार्दा भाँडाको पीँधमा रहने थेग्रिन; बिलाउनी । २. लाम्चिला र चिल्ला पात हुने, बस्तुभाउलाई घाँस खुवाइने एक प्रकारको बोट ।

**बिल्झ-नु**– अ० क्रि० [बिल्झो+नु] रोकिनु; थामिनु; अड्किनु । >

**बिल्भाइ**– ना० बिल्भने क्रिया वा प्रक्रिया ।

**बिल्भो**– ना० १. रोक्ने वस्तु; बन्धन । २. घरका असमर्थ मानिस वा साना केटाकेटी । ३. अल्भोको पूरक ।

**बिल्टी**– ना० [अङ्० बिलेट] जहाज, रेल आदिमा माल चलान गर्नाका निम्ति बुझाउँदा दिइने रसिद ।

**बिल्पाते**– वि० [सं० विल्व+पातें] मीठो बोली र राम्रो जीउ भएकी; मृदुभाषिणी; कोमलाङ्गी ।

**बिल्पारी**– वि० निर्धो शरीर भएको; फुकीढल; ख्याउटे; खिनाउरे ।

**बिल्लबाठ**– ना० १. बिचल्ली; बिजोग; दुर्दशा । २. मालसामानको यताउति छराइ वा फिँजाइ ।

**बिल्ला**– ना० [अङ्० वैज] १. फौजी आदि कर्मचारीले लगाउने दर्जासूचक कपडा आदिको चिह्न । २. कुनै खास कुरा जनाउनका निम्ति हातपाखुरा आदिमा बाँधिने परिचयाङ्कित फित्ता वा धरो; कुनै विशेष पर्वमा छाती, कुम आदिनेर कपडामा पिनले अड्काइने कपडा, कागत आदिको त्यस्तो चिह्न अङ्कित टुक्रो वा पट्टी । – **दार**– वि० १. बिल्ला लाएको; बिल्ला भएको । २. सेनातर्फ बिल्ला पाएका फूली नपाएका पिउठ, हुद्दा आदि जवान ।

**बिल्लिबाठ**– ना०हे० बिल्लबाठ ।

**बिल्लौर**– ना० [प्रा० बेलुरिअ] काँच वा फटिकजस्तो एक जातको मूल्यवान् सेतो पत्थर ।

**बिल्व**– ना० [सं०] एउटा भेट्नामा तीनतीनवटा पात हुने र साह्रो, डल्लो फल लाग्ने काँडे वृक्ष वा पाकेपछि गुलियो गुदी हुने त्यसैको फल; श्रीफल; बेल । ~ **पत्र**– ना० बेलको पात । – **मङ्गल**– ना० वेश्या चिन्तामणिको हप्कीबाट ईश्वर भक्तितर्फ लागेका एक भक्त ।

**बिवाई**– ना० [सं० विपादिका] १. खुट्टाका औँलामनिको छाला फाट्ने वा पैतला, कुर्कुच्चा आदि फुट्ने एक रोग; हर्नाठ । २. बिगार; टुना ।

**बिस**– ना० [सं० विंश] १. पन्ध्र र पाँचको योगबाट बन्ने सङ्ख्या । वि० २. पन्ध्र र पाँचका योगसङ्ख्याको । – **बाइसे**– वि० बीस-बाइस वर्षको; पट्ठो; तरुनो । > **बिसासय**– ना० पूरा आयु बाँच्न आशीर्वाद वा शुभकामना दिँदा प्रयुक्त हुने एक सय बीस वर्ष । (उदा०– तपाईंको आयु बीसासय होस्) । **बिसी**– ना० बीसको समुदाय (जस्तो– एक बीसी; दुई बीसी) । **बिसौँ**– वि० बीस सङ्ख्यालाई पूरा गर्ने; बीस सङ्ख्याको ।

**बिसद्दे**– वि० [बि+सद्दे] सद्दे नभएको; फाटेको ।

**बिसन**– ना० [अङ्० बाइसन] भैँसीका ढबको केही डल्लो शरीर र ठूलो जुरो हुने, गर्धन, घाँटी र अनुहारभरि लामा भ्याप्ले रौँ भएको, उत्तर अमेरिकामा पाइने, पाँच फिट अग्लो स्तनधारी जनावर । (यो उत्तर अमेरिकामा पाइने जन्तुमध्ये सबैभन्दा ठूलो हो । त्यहाँ यसको दूध र मासु खाइन्छ ।) ।

**बिसन्चो**– ना० [बि+सन्चो] सन्चो वा आराम नहुने स्थिति; अस्वस्थ ।

**बिसम्भार**– ना० [वि+सम्भार] सँभाल्न नसकिने स्थिति; असम्भार ।

**बिसाइ**– ना० [बिसाउ+आइ] १. बिसाउने काम वा किसिम; विश्राम । २. घाउखटिरा बिग्रने अवस्था ।

**बिसाइत**– ना० [बि+साइत] खराब साइत; बेसाइत ।

**बिसाइनु**– क० क्रि० [बिसाउ+इ+नु] १. विश्राम गरिनु । २. दुःख पोखिनु ।

**बिसाउ-नु१**– स० क्रि० [सं० विश्राम+आउ+नु] १. सुस्ताउनका निम्ति बोकेको भारी वा बोझ केही समय सजिलो हुने ठाउँमा अडचाउनु; विश्राम गर्नु । २. आफ्नो कामको अभिभारा अरूमाथि सुम्पनु । ३. आफ्नो दुःख अरूलाई सुम्पनु; दुःख पोख्नु ।

**बिसाउ-नु२**– अ० क्रि० [सं० विष+आउ+नु] घाउखटिरा आदिमा पानी आदि परेर बिखालुपन उब्जनु; उकुच पल्टनु ।

**बिसाउना**– ना० [बिसाउ+ना/औना] बिसाउने वा अड्ने ठाउँ; बिसाउना (जस्तो– गैरीबिसाउना); बिसौना ।

**बिसाउनी**– ना० [बिसाउ+नी] ना० अड्ने ठाउँ (जस्तै– बस-बिसौनी); बिसौनी ।

**बिसान**– ना० [बिसाउ+आन] बिसाउने काम । ~ **दस्तुर**– ना० यातायातका साधन बिसौनीमा अडचाएबापत लाग्ने दस्तुर ।

**बिसिद्धि**– वि० [बि+सिद्धि] सिद्धि वा सोमत नभएको; असिद्धि ।

**बिसुद्धी**– वि० [बि+सुद्धी] १. सुद्धी नभएको; होसहवास हराएको; बेसुर । ना० २. सुद्धी नहुने अवस्था; बेहोसी ।

**बिसुर**– वि० [बि+सुर] बेसुर; सुर नभएको ।

**बिसेक**– ना० [सं० विशेष] १. पहिलेभन्दा रोग वा व्यथामा भएको कमी; थोरबहुत आराम; सन्चो । वि० २. निको भएको; घटेको । ३. थोरै; अल्प । (तै बिसेक) ।

**बिसेच्याउ**– ना० [विष+च्याउ] जमिनमा उम्रने, छाताका आकारको तथा कालो रङ हुने, खान नहुने एक जातको च्याउ ।

**बिसौँद**– ना० [बिसौँ+दर] एक सयमा बीसको ब्याज दर; सयकडा बीस । > **बिसौँदी**– वि० बिसौँद दरको ।

**बिसौती**– वि० [बिस+औती सं० विषाक्त] विष भएको; खान नहुने । ~ **च्याउ**– ना० जमिनमा उम्रने, गोलाकार, पहेँलो रङ्को डाँठ हुने र खान नहुने एक जातको च्याउ; बिसेच्याउ ।

**बिसौना**– ना०हे० बिसाउना ।

**बिसौनी**– ना० बिसाउने वा अडचाउने ठाउँ; बिसाउनी ।

**बिसौली**– ना० परम्परागत जोखतौलका नापअनुसार छ पाउको परिमाण; आधा धार्नी ।

**बिस्कुट**– ना० [अङ्० बिस्किट] गुलियो वा नुनिलो स्वादको, बाटुलो र चौकुने आकारमा बन्ने, साँचामा ढालेर तथा भट्टामा सेकाएर तयार पारिने पश्चिमेली ढाँचाको हल्का रोटी ।

**बिस्कुन**– ना० [सं० विष्कन्द] १. घाममा सुकाउनका निम्ति पाँजिएको वा फिँजारिएको अन्न । २. मेलोमेसोविना चारैतिर छरिएको वस्तु । ३. सबै चीजबीज अलपत्र परेको अवस्था ।

**बिस्केट**– ना० [सं० विश्व+केतु] भक्तपुर सहरमा चैत मसान्तका दिन लिङ्गो उभ्याई वैशाख सङ्क्रान्तिका दिन लिङ्गो ढालेर मनाइने प्रसिद्ध उत्सव वा जात्रा; त्यसै अवसरमा उभ्याइने लिङ्गो ।

**बिस्ट**– ना० १. थर विशेष; विष्ट । २. थरी, मुखिया ।

**बिस्टा**– ना० [सं० विष्ठा] गुहु; दिसा; विष्ठा ।
**बिस्टी**– ना० [सं० विष्टा+ई] ससाना पशु वा चराको विष्टा । > **बिस्टचाइ**– ना० बिस्टचाउने क्रिया वा प्रक्रिया । **बिस्टचाइनु**– क० क्रि० बिस्टचाउने काम गरिनु । **बिस्टचाउनु**– अ० क्रि० सानातिना पशु वा चराचुरुङ्गीले मलत्याग गर्नु ।
**बिस्तरा**– ना० [सं० विस्तरण] ओछ्यान; बिछ्याउना ।
**बिस्तार**– क्रि० वि० [सं० विस्तार] १. हलुका चालसँग; नहतपताईकन; मन्द गतिले; आस्ते-आस्ते; हलौँ गरी; सुस्तसँग; मसिनु बोलीमा । २. ना० विस्तृत कुरा । ३. फैलावट । > **बिस्तारै**– क्रि० वि० हतार नगरी; हलौँ चालले; अरूले नसुन्ने गरेर; आफ्ना सुरले । **बिस्तारो**– क्रि० वि० बिस्तारै ।
**बिस्तुर**– ना० १. नटुट्ने सिलसिला; अखण्ड क्रम । २. तलमाथि; फरक; अन्तर; व्यर्थ । (उदा०– दाजुले भनेको कुरो कहिल्यै बिस्तुर खाँदैन) ।
**बिस्मात**– ना० [सं० विषाद] कुनै दुःखपूर्ण कुरा वा घटनाबाट पछि हुने शोक वा सन्ताप; अफसोच; खेद ।
**बिस्याहार**– ना० [बि+स्याहार] बेस्याहार ।
**बिस्वाद**– वि० [सं० वि+स्वाद] बेस्वाद; स्वाद नभएको ।
**बिहक**– क्रि० वि० [बि+हट] बिनसित्ति; सित्तैं; अनाहक ।
**बिहा**– ना० [सं० विवाह] बिहे; विवाह ।
**बिहाइता**– वि० [सं० विवाहिता] विवाहिता; बिहाइते । > **बिहाइते**– वि० बिहे गरेर ल्याइएकी; ब्याइते; विवाहिता ।
**बिहान**– ना० [सं० विभात] १. दिनको पहिलो प्रहर; पूर्व फाट्ने बेलादेखि घाम नछिपिउन्जेलको समय; प्रातःकाल । क्रि० वि० २. प्रातःकालमा; सबेरै ।
**बिहानी**– वि० [बिहान+ई] १. बिहानसम्बन्धी; बिहानको । २. बिहान । – **पख**– क्रि० वि० बिहानको समय; बिहानतिर ।
**बिहाबारी**– ना० [बिहा+बारी] विवाहको दोहरो सम्बन्ध; बिहे हुने काम; विवाह ।
**बिहाल**– ना० [बि+हाल] बेहाल ।
**बिहाली**– ना० [सं० विभात] बिहान; ब्याली ।
**बिहिलि-नु**– अ० क्रि० [बि+हिल्+इ+नु] १. कुनै बगालमा मिसिएर थाहा नपाइने हुनु । २. कुकुर्नीले कुकुर खोज्दै हिँड्नु । > **बिहिल्याइ**– ना० बिहिलिने क्रिया वा प्रक्रिया । **बिहिल्याइनु**– क० क्रि० कुनै बगालमा मिसाएर बेपत्ता पारिनु । **बिहिल्याउनु**– प्रे० क्रि० कुनै बगालमा मिसाएर बेपत्ता पार्नु ।
**बिहीँ**– ना० [सं० बृहती] काँडादार पात हुने, नीला वा सेता फूल फुल्ने, तीता स्वादका ससाना रातासेता फल फल्ने एक जातको बोट वा त्यसैको फल ।
**बिहीबार**– ना० [सं० बृहस्पतिवार] साताको पाचौँ बार वा दिन; बृहस्पतिवार ।
**बिहे**– ना० [√ बिहा] विवाह; बिहा । ~ **बटुलो**– ना० बिहेको उत्सव वा त्यस अवसरमा हुने मानिसहरूको भेला ।
**बीज**– ना० [सं०] १. बीउ; बिजन । २. अव्यक्त सङ्ख्यासूचक सङ्केत (बीजगणित) । ३. देवता आदिलाई प्रसन्न पार्न जपिने मन्त्रको मुख्य अंश । ४. नाटक आदिको अन्तिम फलको मुख्य कारण । ५. व्याकरण, विज्ञान, दर्शन आदिका नियमलाई छोटकरीमा बुझाउन प्रयोग गरिने ध्वनि, शब्द आदिको सङ्केत; सूत्र; फर्मुला । > **बीजक**– ना० १. बीज; बीउ । २. पठाइएका मालमत्ताको विवरण लेखिएको कागत वा पुर्जा । – **कोष**– ना० १. भ्रूणको प्राथमिक चरणको सन्तानोत्पादन गर्ने कोष । २. बीज रहने फूलको अवयव । ~ **गणित**– ना० अक्षर, अङ्क आदिको प्रतीकात्मक उपयोगद्वारा कुनै अज्ञात राशि पत्ता लगाउने गणितीय शाखा (अलजेब्रा) । – **पेशिका**– ना० अण्डकोश । – **फेज**– ना० अर्को रूखमाथि उम्रने, खैरो, कालो भावको, घिस्रने जरा भएको, हरिया पात र पातको मनि बीजको थैला हुने, कहिल्यै नफल्ने र नफुल्ने लहरोविशेष । ~ **मन्त्र**– ना० कुनै देवताको उपासना खातिर जपिने सङ्क्षिप्त मूल मन्त्र । > **बीजाक्षर**– ना० मन्त्रको पहिलो अक्षर ।
**बीजाङ्कुर**– ना० [सं०] बीजबाट टुसाउने अङ्कुर वा बिरुवा । > **बीजाङ्कुरण**– ना० बीज टुसाउने काम; बीजाङ्कुर हुने प्रक्रिया । ~ **न्याय**– ना० बीजबाट अङ्कुर बन्यो कि अङ्कुरबाट बीज भन्ने परम्परामा अडेको क्रमजस्तै संसारको अनादित्व सिद्ध गर्ने न्याय वा तर्कसिद्धान्त ।
**बीजाणु**– ना० [सं०] १. एककोषीय जीव; जीवाणु । २. वनस्पतिको सन्तान उत्पादन गर्ने कोष ।
**बीजारोपण**– ना० [सं०] १. बीज रोप्ने काम । २. कुनै काम-कुराको सूक्ष्म प्रारम्भ ।
**बीजोत्पादन**– ना० [सं०] बीज पैदा गर्ने काम वा प्रक्रिया ।
**बीडा**– ना० अभिभारा ।
**बीथि**– ना० [सं०] १. रूपकको एक भेद । २. पङ्क्ति; लहर । ३. बाटो; सडक । ४. बजार; हाट ।
**बीभत्स**– ना० [सं०] १. साहित्यमा नवरसमध्ये दुर्गन्धी पदार्थको वर्णन गर्दा दिगमिगी र घीन उत्पन्न गराउने एक रस । २. घीनलाग्दो वस्तु । वि० ३. सडेगलेको वा कुहेको; घृणा उत्पन्न गराउने; घीनलाग्दो ।
**बुँची**– ना० सुँगुरको पाठो ।
**बुँद**– ना० [सं० बिन्दु] १. तरल पदार्थको थोपो; थोप्लो; बिन्दु; बूँद । २. पानी, तेल आदिको छिटो ।
**बुँदा**– ना० [सं० बिन्दु] १. वादविवादमा आफ्नो पक्षको समर्थन वा प्रमाणका निम्ति प्रस्तुत गरिने मुख्य कुरा; गाँठी कुरो । २. कागतपत्र वा लेखमा लेखिने मुख्य कुरो; मूल विषय; प्रकरण ।
**बुँदिया**– ना० [बूँद+इया] जिलेबीका स्वादको, मकैका गेडाजत्रा ससाना दाना हुने एक जातको मिठाई; बुनियाँ ।
**बुइँगल/बुइगल**– ना० [नेवा० बइग] घरको सबैभन्दा माथिल्लो तला; छानामनिको तला । – **बास**– ना० अरूको धनमाल खाएर वा अन्य कारणले पक्राउको डर मानी बुइँगलमा लुकेर बस्ने काम ।

**बुइसा–** ना० [पु० ने०] एउटै नाम भएका साथीलाई भनिने शब्द ।

**बुई–** ना० [नेवा०] १. केटाकेटीलाई पीठमा बोक्ने काम; पिठिउँको बोकाइ । २. पिठिउँ (बालबोलीमा) ।

**बुक–** ना० [अङ्०] १. रेल, विमान, खेलतमासा आदिमा पैसा तिरेर स्थान सुरक्षित पार्ने काम । २. मालसामान आदि चलान गर्न रेल्वे, डाकखाना आदिमा बुझाई रजिस्टरमा दर्ता गराउने काम । ३. पुस्तक; बही । ~ **पोस्ट–** ना० डाँकद्वारा कम महसुलमा पठाइने मुद्रित पत्रिका, पुस्तिका आदि । ~ **बाइन्डर–** ना० पुस्तक तथा पत्रपत्रिकाका पृष्ठ मिलाई, पटचाई सिउने र गाता हाल्ने काम गर्ने व्यक्ति; त्यस्तो काम गर्ने कर्मचारीको पद; जिल्दकार; जिल्दसाज । ~ **बाइन्डिङ–** ना० पुस्तक, पत्रपत्रिका आदिका पृष्ठ मिलाई सिउने र जिल्द हाल्ने काम ।

**बुकाइ–** ना० [√ **बुकाउ** (+आइ)] बुकाउने क्रिया वा प्रक्रिया । [ > ] **बुकाइनु–** क० क्रि० बुकाउने काम गरिनु ।

**बुकाउ–नु–** स० क्रि० [बुको+आउ+नु] मन परी वा नपरी चिउरा, सातु आदि फुको खानेकुरो फाँको मार्नु; फक्याउनु ।

**बुकिङ–** ना० [अङ्०] रजिस्टर वा किताबमा दर्ता गराउने काम ।

**बुकिनु–** अ० क्रि० [बुको+इ+नु] फाँको हालिनु; फुको, बुको वस्तु खाइनु ।

**बुकी–** ना० हिमाली लेकमा हुने, भेट्नुविनाका लामालामा नरम भुवादार बाक्ला पात तथा सेता नरम फूल हुने बुटी वा झार; त्यसैको फूल; बुके । ~ **फुल–** ना० बुकी । ~ **सुन–** ना० बुको सुन, धूलो सुन; त्यस्तो बुको सुन गलाएर तयार पारिएको तेजाबी वा साधारण सुन ।

**बुकुनी–** ना० बुको वस्तु वा पिँधेको मसिनु धूलो; छोप ।

**बुकुनु–** ना० १. सानो खालको कुनिउँ । २. सानो साँढे । वि० ३. पुड्को; होचो । > **बुकुने–** वि० बुकुनुजस्तो; पुड्को; ग्याँचे ।

**बुकुरा–** ना० थारू कमैया बस्ने घर ।

**बुकुरो–** वि० पुड्को; होचो; बुकुनु ।

**बुकुल्टो–** वि० [बुको+उल्टो] रसिलो नभएको; नमुछिएको, बुरबुराउँदो; फुको; बुगुल्टो ।

**बुकुवा–** ना० [बुको+उवा] आडको मैलो फालेर चिल्लो पार्न मर्दन गरिने तोरी, रायो, बेसार आदि पिँधेर बनाइएको सुगन्धी पदार्थ । २. ब्रतवन्धमा बटुकले र विवाहमा दुलहाले बुकुवाको लेप घसेर नुहाउने माङ्गलिक विधि ।

**बुके–** ना० हे० बुकी; बुकीफूल ।

**बुको–** वि० बुरबुर गर्ने; बुरबुराउँदो; खहरो ।

**बुक्ची–** ना० [तु० बुकच] सूचीकारको सियो, धागो, कैंची आदि राख्ने वा थन्क्याउने थैली ।

**बुक्याइ–** ना० [√ **बुक्याउ** (+आइ)] बुक्याउने क्रिया वा प्रक्रिया । [ > ] **बुक्याइनु–** क० क्रि० बुक्याउने काम गरिनु ।

**बुक्याउनु–** स० क्रि० [बुकाउ+याउ+नु] बुको खानेकुरो फाँको हाल्नु; फक्याउनु; बुकाउनु ।

**बुक्यान–** ना० [बुकी+यान] बुकी घाँस प्रशस्त हुने लेकाली चौर ।

**बुख–** ना० [अङ्० बकरम] मलमलका ढाँचाको मसिनु र दह्रो जातको कपडाविशेष ।

**बुख्याचा–** ना० [नेवा०] बालीनाली लगाएका खेतबारीका बीचमा राखिने, मानिसका आकारको तर्साउने वस्तु; जुलुङ्गो ।

**बुगुल्टि–नु–** अ० क्रि० [बुगुल्टो+इ+नु] बुगुल्टो हुनु ।

**बुगुल्टो–** वि० हे० बुकुल्टो ।

**बुगुल्टयाइ–** ना० [√ **बुगुल्टि** (+याइ)] बुगुल्टिने क्रिया वा प्रक्रिया । [ > ] **बुगुल्टचाइनु–** क० क्रि० बुगुल्टो पारिनु । **बुगुल्टचाउनु–** प्रे० क्रि० बुगुल्टो पार्नु ।

**बुङ्ग–** क्रि० वि० [अ० मू० बुङ्+ग] एक्कासि धूलो उड्ने गरी ।

**बुङ्गि–नु–** अ० क्रि० [बुङ्गो+इ+नु] बुङ्गो हुनु; निर्वस्त्र हुनु; नाङ्गिनु; एक्लो पर्नु ।

**बुङ्गे–** वि० [बुङ्गो+ए] १. बुङ्गो भएको; बुङ्गोजस्तो । २. बुङ्गो । ~ **चरो–** ना० पहेँलो छाती र कालो पखेटा हुने, टाउको कालो भई त्यसमा नीलो रङ भएको, शरीरको तुलनामा चुच्चो लामो हुने, पोथीचाहिँ अलि खैरो भएको, गुराँसको जङ्गलमा पाइने चरो ।

**बुङ्गो–** वि० १. श्रीसम्पत्ति वा जहान-परिवार केही नभएको; एक्लो; नाङ्गो; निर्वाङ्ग । ना० २. केराको गुभो वा फूल । ३. मकैको ठूलो खोस्टो ।

**बुङ्ग्याइ–** ना० [√ **बुङ्गि** (+याइ)] १. बुङ्गिने क्रिया वा प्रक्रिया । [बुङ्ग्याउ+आइ] २. बुङ्ग्याउने क्रिया वा प्रक्रिया । [ > ] **बुङ्ग्याइनु–** क० क्रि० बुङ्गो पारिनु; खोस्टचाइनु । **बुङ्ग्याउनु–** प्रे० क्रि० १. बुङ्गो पार्नु; नङ्ग्याउनु । २. पात, खोस्टा आदि छोडाउनु; खोस्टचाउनु ।

**बुङ्ङ–** क्रि० वि० [अ० मू० बुङ्+ङ] बुङ्ग ।

**बुङ्चे–** वि० [बुङ्चो+ए] पुड्को; होचो; ग्वाँचे ।

**बुङ्चो–** वि० [तु० बुकचः] गठरो; पुडको; ग्वाँचे ।

**बुङथिङ–** ना० लेप्चा जातिका झाँक्री, धामी ।

**बुड्बुड/बुड्बुडती–** क्रि० वि० धूलो, धूवाँ उड्ने गरेर ।

**बुड्लुड्ङ–** क्रि० वि० [अ० मू० बुड्लुङ्+ङ] एकाएक लड्ने वा पछारिने गरी ।

**बुचुनु–** वि० [√ बुकुनु] सानो काँटीको; बुकुनु ।

**बुचुरो–** वि० [बुचो+उरो] बुकुरो; होचो; पुड्को ।

**बुच्काबुच्की–** ना० [बुच्को+बुच्को] सानातिना धेरै बुच्का; बुटाबुटी ।

**बुच्को–** ना० १. झारपात, बिरुवा आदिको झाम्टो; सानो बुटो । २. सानो थुम्को वा ढिस्को ।

**बुच्चि–नु–** अ० क्रि० [बुच्चो+इ+नु] १. नाक, कान आदि कुनै अङ्ग नभएको हुनु । २. गरगहना केही नहुनु वा लाएको गहना सबै फुकालिनु । ३. रूख, पोथ्रा आदिका हाँगाबिँगा छिमलिनु ।

**बुच्चे–** वि० [बुच्चो+ए] बुच्चो ।

**बुच्चो–** वि० [प्रा० विकुच्च] १. नाक, कान, टाउको, पुच्छरमध्ये

कुनै एक अङ्ग नभएको वा काटिएको (मानिस, पशु) । २. बाहुला नभएको वा फेर छोटो भएको (दौरा, कमिज आदि) । ३. गहनागुरिया फुकालेको वा गहना नै नलाएको; रित्तो । ४. नाकमा फूली, मुन्द्री, बुलाकी आदि केही नभएको । ५. हाँगाबिँगा केही नभएको (रूखबिरुवा) ।

**बुच्च्याइ–** ना० [√ **बुच्चि** (+याइ)] १. बुच्चिने क्रिया वा प्रक्रिया । [बुच्च्याउ+आइ] २. बुच्च्याउने क्रिया वा प्रक्रिया । [ > ] **बुच्च्याइनु–** क० क्रि० बुच्चो पारिनु । **बुच्च्याउनु–** प्रे० क्रि० बुच्चो पार्नु; नङ्ग्याउनु ।

**बुजि-नु–** अ० क्रि० [बुजो+इ+नु] १. कान आदिमा छेडिएको प्वाल बन्द हुनु; प्वाल थुनिनु वा टालिनु । २. बुजो लाग्नु ।

**बुजी–** ना० [बा० बो०] डरलाग्दो कल्पित वस्तु; गुजी; हाउ ।

**बुजो–** ना० [प्रा० वुज्जण] १. ठेकी, चौँठी, डिब्बाजस्ता भाँडाको साँघुरो मुख वा प्वाल थुन्ने लुँडो; ठेडी । २. सागपात आदिको ठूलो गाँस ।

**बुज्झकी–** वि० ठीक-बेठीक कुरा बुझ्ने; समझदार; बुजुक; बुझक्कड । >**बुज्झक्याइँ–** ना० बुझ्नेपन; समझदारी ।

**बुज्याइ–** ना० [√ **बुजि** (+याइ)] १. बुजिने क्रिया वा प्रक्रिया । [बुज्याउ+आइ] २. बुज्याउने क्रिया वा प्रक्रिया । [ > ] **बुज्याइनु–** क० क्रि० बुज्याउन लाइनु । **बुज्याउनु–** प्रे० क्रि० बुजिने पार्नु; टाल्न लगाउनु ।

**बुज्रुक/बुज्रुग–** वि० [फा० बुजुग] १. जानेसुनेको; जानिफकार; अनुभवी । २. समझदार; पाको; वृद्ध । >**बुज्रुक्याइँ–** ना० बुज्रुकमा रहने गुण वा योग्यता ।

**बुझ्-नु–** स० क्रि० [सं० बुध+नु] १. भएको वा भनेको कुरा जान्नु; थाहा पाउनु; सम्झनु । २. पत्ता लगाउनु । ३. विचार गर्नु; सोच्नु । ४. जिम्मा लिनु; असुल गर्नु ।

**बुझ–** ना० [प्रा० बुज्झ < सं० बुध्] १. अरूको आँतपेटको कुरा बुझ्ने, सम्झने वा थाहा पाउने शक्ति; समझ; ज्ञान । २. आशय; विचार; गौर; अन्दाज । ~ **पचाहा–** वि० बुझेर पनि नबुझेझैँ गर्ने; बुझ पचाउने । ~ **पच्ची–** ना० बुझ पचाउने काम । ~ **पेलाहा–** वि० जानीबुझीकन पनि वास्ता नगरेर काम गर्ने । ~ **बुझारथ–** ना० १. आफ्नो पद वा स्थानबाट सरुवा-बढुवा हुँदा वा अवकाश पाउँदा कुनै कर्मचारीले आफ्ना जिम्मामा रहेका सरकारी नगदी, जिन्सी मालसामानहरू हालवाला कर्मचारीलाई बुझाउने र हालवालाले बुझ्ने काम । २. कुनै काम-कुराका विषयमा यथार्थ ज्ञान हासिल गर्नका लागि सोधपुछ वा जाँचबुझ गर्ने काम ।

**बुझक्कड–** वि० [बुझ्+अक्कड] चाँडै बुझ्ने; जानिफकार; बुज्रुक ।

**बुझाइ–** ना० [√ **बुझ्** (+आइ)] १. बुझ्ने भाव, क्रिया वा प्रक्रिया । [बुझाउ+आइ] २. बुझाउने क्रिया वा प्रक्रिया । [ > ] **बुझाइनु–** क० क्रि० बुझ्ने पारिनु । **बुझाउनु–** प्रे० क्रि० १. बोध गराउनु; स्पष्टसँग बताउनु । २. जिम्मा लगाउनु । **बुझिनु–** क० क्रि० थाहा पाइनु; जानिनु ।

**बुट–** ना० [अङ्० बुट] प्रायः फौजी जवानहरूले लाउने, गोलीगाँठाभन्दा माथिसम्म छोप्ने एक किसिमको जुत्ता । – **जुत्ता–** ना० बुट ।

**बुटवल–** ना० बुटौल; बटौली ।

**बुटाबुटी–** ना० [बुटो+बुटो] सानाठूला धेरै बुटा ।

**बुटी–** ना० [बुटो+ई] १. औषधीका काममा आउने झारपात आदि; वनौषधि; बूटी । २. केटाकेटीको रक्षाका निम्ति बाँधिने सानो जन्त्र । ३. फूल नफुलीकन फल लाग्ने एक जातको रूख । ४. गाँजा, भाङ (शिव) ।

**बुटे–** वि० [बुटो+ए] १. बुटा भएको । २. सभ्यता थाहा नपाएको; जङ्गली ।

**बुटेन–** ना० [बुटो+एन] धेरै बुटा भएको ठाउँ; बुटचान ।

**बुटो–** ना० [सं० विटप] १. बोटको सानो रूप; पोथ्रोभन्दा सानो बोट । २. जरोको पूरक, जस्तो– जरोबूटो ।

**बुटौल–** ना० लुम्बिनी अञ्चलअन्तर्गत रुपन्देही जिल्लामा पर्ने, तिनाउ खोलाको तीरमा रहेको, व्यापारका निम्ति प्रसिद्ध नगर; बुटवल, बटौली ।

**बुट्टा–** ना० कागत, कपडा, भित्ता आदिमा भरिने वा छापिने रूख, लहरा, फूल आदिको आकार । – **दार–** वि० बुट्टा भएको; बुट्टा भरिएको ।

**बुट्टे–** वि० [बुट्टा+ए] बुट्टा भएको; बुट्टादार । ~ **नली–** ना० बुट्टा भएको नली; बुट्टादार नली ।

**बुटचान–** ना० [बुटो+यान] धेरै बुटा भएको ठाउँ; सानातिना रूख वा पोथ्रापोथ्री रहेको ठाउँ; शुष्क क्षेत्रमा उम्रने सानासाना बिरुवा; बुटेन ।

**बुड्-नु–** अ० क्रि० १. पानीमा शरीर चुर्लुम्म हुनु; डुब्नु । २. डुबुल्की मार्नु; गोता लाउनु । ३. सर्वनाश हुनु; बिग्रनु; बित्नु । > **बुडाइ–** ना० बुड्ने क्रिया वा प्रक्रिया । **बुडाइनु–** क० क्रि० डुबाइनु । **बुडाउनु–** प्रे० क्रि० १. डुबाउनु; चोपल्नु । २. बिगार्नु । **बुडिनु–** अ० क्रि० डुबिनु । **बुडुल्की–** ना० डुबुल्की; गोता । **बुडुवा–** ना० दलदल भएको जग्गा; धाप भएको जमिन ।

**बुड्यानी–** ना० [बूढो+यानी] मानिसको शरीरमा प्रवेश गरी रोग पैदा गर्ने तथाकथित एक डाइनी ।

**बुढन्ती–** ना० [बूढो+अन्ती] बूढो अवस्थाको चिह्न, धार्मिक भावना वा चिन्तन ।

**बुढा–** वि० [√ बूढो] 'बूढो'-को आदरार्थी रूप । – **काजी–** ना० विशेषतः श्री ५ रणबहादुर शाह र श्री ५ गीर्वाणयुद्धविक्रम शाहका राज्यकालमा पश्चिमी क्षेत्र विजय गर्न गएका प्रसिद्ध काजी अमरसिंह थापालाई बुझाउने आदरपद । – **नीलकण्ठ–** ना० काठमाडौँको उत्तरी भागमा अवस्थित एक प्रसिद्ध नारायण । – **बा–** ना० बूढो मानिसलाई आदरपूर्वक सम्बोधन गरिने शब्द । – **बाजे–** १. बूढो व्यक्ति खास गरी बाहुनलाई सम्बोधन गरिने आदरवाचक शब्द । २. बूढा ससुरा । ३. बाजेका बाबु; बराज्यू । स्त्री० बूढीबज्यू । – **बुढी–** ना० १. वृद्ध नरनारी । २. लोग्नेस्वास्नी; पतिपत्नी । ~ **मावली–** ना० बाबु वा आमाका मावली ।

**बुढिया–** ना० [बूढो+इया] १. वृद्धा स्त्री; बूढी (श्रद्धाको अर्थमा) । २. घरकी माउ; घरवाली; पत्नी ।

**बुढी१–** ना० [√ बूढी] अदुवा, हलेदो आदि रोपेर उम्रिएपछि बोटबाट झिकिने त्यही बीउ; पुरानो गानु ।

**बुढी२–** वि० [बूढो+ई] १. उमेर पूरा भएकी (साधारणतः पचास नाघेकी); वृद्धा; पाकी । ना० २. त्यस्ती स्वास्नीमानिस । ३. स्वास्नी; पत्नी । ~**ओखती–** ना० पाखनभेद । ~**औँलो–** ना० हात वा गोडाको सबैभन्दा छोटोमोटो र जेठो औँलो । ~**कमिलो–** ना० पुच्छरपट्टि कुप्रिएको र अलि ठूलो हुने, फुस्रो खालको कमिलो । ~**गण्डकी–** ना० गोरखा जिल्लामा पर्ने लार्के र ग्याला भन्ज्याङक्षेत्रबाट प्रारम्भ भई धादिङ जिल्लाको बेनीघाटमा पुगी त्रिशूलीमा मिल्ने एक प्रसिद्ध नदी । ~**गाँठो–** ना० हातगोडाका बूढी औँलामा हुने गाँठो । ~**जाडो–** ना० अल्छी मान्दा भनिने शब्द । ~**बजू–** ना० १. बूढीबज्यै; वृद्धा नारी । २. धामीका एक देउता; बोक्सी । ~ **बज्यै–** ना० १. बज्यैकी आमा वा सासू । २. वृद्धा ब्राह्मणीलाई बोलाइने आदरको शब्द । ~**माउ–** ना० १. घरकी सबभन्दा बूढी वा नाइके स्त्री । २. घरगृहस्थीको सबै कामको सञ्चालन गर्ने पाकी आइमाई । ~**मार्सी–** ना० लामा, खस्रा मालाकार पात तथा लामालामा जुँघा वा भुस हुने, रातो रङको एक जातको धान वा त्यसैको चामल; जुँघेमार्सी । –**रूढि–** ना० शास्त्रमा लेखिएको नभए तापनि अघिदेखि चलिआएको भनी मानिने रीतिरिवाज; पुर्खादेखिको चालचलन । – **सासू–** ना० सासूकी सासू ।

**बुढेउली–** ना० [बूढो+एउली] बुढचौली, वृद्धावस्था ।

**बुढेत्रो–** ना० [बूढो+एत्रो] टाटे सिमीजस्तो कोसा फल्ने जङ्गली लहरो वा त्यसैको फलविशेष ।

**बुढेसकाल–** ना० [बूढो+एस+काल] बूढो उमेर; वृद्धावस्था ।

**बुढो–** वि० [सं० वृद्ध] १. धेरै उमेर पुगेको; आधा आयु खाएको वा पचास नाघेको; वृद्ध । ना० २. पति; लोग्ने । – **खाडो–** वि० धेरै वृद्ध र जीर्ण । – **पाको–** वि० धेरै दिन खाएर अनुभव पाएको; वृद्ध र परिपक्व । स्त्री० बूढीपाकी ।

**बुढौती–** ना० [बूढो+औती] वृद्ध अवस्था; बुढचौली ।

**बुढयाइँ–** ना० [बूढो+याइँ] वृद्ध अवस्था; वार्धक्य; बुढचौली ।

**बुढचौली–** ना० [बूढो+यौली] १. बूढो अवस्था; बुढेसकाल । २. अघिका अनुभवपूर्ण उपदेशात्मक वचन ।

**बुता–** ना० कुनै काम गर्ने वा पार लाउने खूबी; सामर्थ्य; शक्ति; बुत्ता (उदा०– आफ्ना बुताले भेटेसम्म म यो काम अवश्य गर्नेछु) ।

**बुताइ–** ना० [√ **बुताउ** (+आइ)] बुताउने क्रिया वा प्रक्रिया; बुत्याइ । [ > ] **बुताइनु–** क० क्रि० खाई सकिनु ।

**बुताउनु–** अ० क्रि० [बूता+आउ+नु] गाईबस्तु बगालिनु; लघारिनु ।

**बुतिनु१–** अ० क्रि० [बूत+इ+नु] १. गाईबस्तु गाभिनु हुनु; गर्भिणी हुनु । २. बगालिनु ।

**बुतिनु२–** अ० क्रि० खाएर बाँकी नरहनु; खाएर सकिनु ।

**बुत्ता–** ना० हे० बुता ।

**बुत्याइ–** ना० हे० बुताइ ।

**बुत्याउनु–** स० क्रि० [बुति+याउ+नु] १. खाई सक्नु; जिनतिन खाएर सिद्धयाउनु । २. मन परेका र नातागोता, कुलकुटुम्बलाई दिने वा तिनीहरूले पाउने गराउनु ।

**बुत्यौनी–** वि० [√ बूत+यौनी] गाभिनी; गर्भिणी ।

**बुथ–** ना० [अङ्०] चुनावमा मतपत्र खसाल्न नियत गरिएको ठाउँ; निर्वाचनक्षेत्र । ~**क्याप्चर–** एकपक्षले निर्वाचन क्षेत्र कब्जा गरी आफ्नो पक्षमा मत खसाउने काम ।

**बुथे–** ना० [सं० बुध्+ए] १. बोधो अनुहारको मान्छेलाई होच्याएर भनिने शब्द । वि० २. बेढङ्गी ।

**बुदी–** ना० ससाना भाइबहिनी ।

**बुदुना–** ना० १. टाउको ठूलो हुने एक जातको माछो; बुधुना । २. मसिना केटाकेटी । > **बुदुने–** वि० १. बाक्ला जीउको (केटाकेटी) । २. अलिकति घुमेको र गहकिलो धार भएको (खुकुरी) ।

**बुदौरी–** ना० [बुदी+औरी] घोप्टा सिङ भएको, सानो र कालो गाई ।

**बुद्ध–** वि० [सं०]१. जान्ने-बुझ्ने; बुद्धिमान्; विद्वान् । २. बिउँझेको; जाग्रत् । ना० ३. नेपाल तराईको लुम्बिनीमा मायादेवीको गर्भबाट जन्मेका, शाक्यवंशज, बौद्ध धर्मका प्रवर्तक गौतम बुद्ध । ४. विष्णुका दस अवतारमध्ये एक । – **त्व–** ना० बुद्ध बन्ने काम; बुद्धपद । ~ **धर्म–** ना० बुद्धले चलाएको धर्म; बौद्ध धर्म । – **पुराण–** बुद्धको माहात्म्य वर्णन भएको एक पुराण । ~**प्रेस–** ना० काठमाडौँका दुरुकाजी भन्ने कुवेररत्न वज्राचार्यले १९४८ सालमा बनाएको फलामको हाते प्रेस । > **बुद्धागम–** ना० बुद्धले चलाएका धर्मको सिद्धान्त र यम-नियम भएको शास्त्र ।

**बुद्धि–** ना० [सं०]१. बुझ; सोचविचार गर्ने तथा निर्णय गर्न सक्ने मानसिक शक्ति; ज्ञान; प्रज्ञा; मति । २. समझ; अक्किल । ~**कौशल–** ना० बुद्धिको चलाखी वा सीप; चतुर्‍याइँ । – **गम्य–** वि० बुझ्न सकिने; बुद्धिले भ्याउने; बोधगम्य । – **चाल–** ना० विभिन्न चालमा चालिने, दुई बेग्लै रङका आठ-आठ मोहरा र आठ-आठवटै प्यादा लिएर आठ-आठ कोठाका आठ लहर हुने चौसट्ठीकोटे थर्कीमा युद्धसञ्चालनको अनुकरण गरेझैँ गरी खेलिने एक खेल; सतरन्ज । – **जीवी–** वि० बौद्धिक काम गरेर जीविका चलाउने । ~**तत्त्व–** ना० बुद्धिको प्रमुखता रहेको स्थिति, कारण वा सार । ~**परीक्षा–** ना० खास व्यक्तिको बुद्धि वा बौद्धिक स्तर ठम्याउन तथा जाँच्नका निम्ति लिइने परीक्षा । ~**बर्गत–** ना० बुद्धि र बल । – **बल–** ना० १. बौद्धिक शक्ति; बुद्धिको बल । २. बुद्धिचाल । – **मत्ता–** ना० बुद्धिमान् कहलाउन चाहिने मुख्य गुण । – **मन्त–** वि० बुद्धिमान् । – **मान्–** वि० असल बुद्धि भएको; समझदार । – **मानी–** वि० बुद्धिमान्मा रहने गुण; समझदारी । – **वाद–** ना० मनुष्यको ज्ञानको स्रोत एक मात्र बुद्धि मान्ने, ज्ञानमीमांसाको एक सिद्धान्त । ~ **विनोद–** बुद्धि बहलाउने काम । ~**सङ्गत–** वि० चित्तबुझ्दो; तर्कसम्मत ।

**बुद्धु–** वि० [सं० बुद्ध+उ] १. बुद्धि कम भएको; केही नजान्ने; बोधो । २. सार्है सोझो; पुङमाङे ।

**बुद्धू–** वि०हे० बुद्धु ।

**बुद्बुक्क–** क्रि०वि० [अ० मू० बुद्बुक्+क] उफ्रने वा हाम फाल्ने गरी ।

**बुद्बुद–** ना० [सं०] १. पानीको फोको । २. पाँच रातको गर्भ ।

**बुध–** वि० [सं०] १. बुद्धि भएको; ज्ञानी; विद्वान्; पण्डित । ना० २. नौ ग्रहमध्ये सातौँ र सूर्यको सबभन्दा नजिकै रहने ग्रह । ३. चन्द्रमाका छोराको नाम । **– वार–** ना० १. साताको चौथो दिन; मङ्गलवार र बृहस्पतिवारका बीचको वार । २. माहुरीहरूले घार सार्ने भनिएको एउटा वार । (उदा०– बस बस माहुरी, बुधवार जाउली । नदिने बराजु बुधवार बार्छन् । लोकोक्ति) । **– वासर–** ना० बुधवार ।

**बुधना–** ना० हे० बुदुना । > **बुधने–** वि० बुदुने ।

**बुधेलहरो–** ना० गाईवस्तुलाई घाँस खुवाइने लहरोविशेष ।

**बुन्-नु–** स० क्रि० [सं० वयन+नु] १. यन्त्र वा हाते साधनद्वारा लुगा तयार पार्नु; स्विटर, मोजा, पन्जा आदि बनाउनु । २. सुकुल, गुन्द्री, सोली, डोको आदि तयार गर्नु । > **बुनाइ–** ना० बुन्ने क्रिया वा प्रक्रिया । **बुनाइनु–** क० क्रि० बुन्न लाइनु । **बुनाउनु–** प्रे० क्रि० बुन्न लाउनु ।

**बुनियाँ–** ना० जिलेबीका स्वादको स-साना मकैजस्ता दाना हुने मिठाई; बुँदिया ।

**बुनियाद–** ना० [फा०] १. कुनै कुराको जड वा मूल । २. आधार; वास्तविकता । > **बुनियादी–** वि० मूल विषय वा कारणसित सम्बद्ध; आधारपूर्वकको ।

**बुनोट/बुनौट–** ना० [बुन्+ओट/औट] कपडा आदिका बुनाइको किसिम; बुन्दाको ढङ्ग; बुनाइ ।

**बुन्थी–** ना० गलो बढ्ने रोग; गाँड । > **बुन्थुरो–** वि० सार्है होचो वा पुड्को (मानिस) । **बुन्थे–** वि० घाँटी वा गलो बढेको; गँडचाहा । स्त्री० बुन्थेनी ।

**बुबा–** ना० [√ बुबा] बाबु; पिता ।

**बुबु–** ना० [बा० बो०] १. दूध । २. जिबा । **– ज्यू–** ना० १. पिताज्यू । २. ससुरा ।

**बुबू–** ना० दूध खुवाउने धाई; धाईआमा; धात्री ।

**बुभुक्षा–** ना० [सं०] खानाको इच्छा; भोक; क्षुधा । > **बुभुक्षित–** वि० भोकाएको; भोको; क्षुधित । **बुभुक्षु–** वि० क्षुधित; भोको ।

**बुभुत्सा–** ना० [सं०] जान्ने वा बुझ्ने इच्छा; जिज्ञासा । > **बुभुत्सु–** वि० जान्न चाहने; बुझ्न खोज्ने; जिज्ञासु ।

**बुरबुर–** क्रि० वि० [अ० मू० बुर्‌र+अ (द्वि०)] फुको पदार्थ खस्ने गरी; बुरबुराउँदो हुने किसिमले । > **बुरबुरती–** क्रि० वि० लगातार धूलो पदार्थ खस्ने गरी । **बुरबुराइ–** ना० बुरबुर हुने क्रिया वा प्रक्रिया । **बुरबुराइनु–** अ० क्रि० बुरबुर होइनु । **बुरबुराउँदो–** वि० बुरबुर गर्ने; बुरबुरे । **बुरबुराउनु–** अ० क्रि० १. माटो आदिको धूलो बुरबुर खस्नु । स० क्रि० २. कुनै वस्तुलाई पिँधी-माडी धूलो पार्नु; बुरबुर हुने गरी झार्नु । **बुरबुरिनु–** क० क्रि० बुरबुर गरेर झारिनु । **बुरबुरे–** वि० बुरबुर गर्ने; सुक्खा र अति मसिनु (पीठो, धूलो आदि) ।

**बुरुकबुरुक–** क्रि० वि० [अ० मू० बुरुक्+अ (द्वि०)] लगातार उफ्रने गरी; बुर्लुकबुर्लुक ।

**बुरुक्क–** क्रि० वि० [अ० मू० बुरुक्+क] दुवै खुट्टा साथै उचालेर उफ्रने गरी; बुर्लुक्क ।

**बुरुच/बुरुज–** ना० [फा० बुर्द] बट्टाईकै बाजी थापेर बट्टाई लडाउने खेल वा काइदा ।

**बुरुस–** ना० [अङ्० ब्रश] १. जुत्तामा पालिस लाउने, कोट आदि कपडाको धूलो झार्ने, दाँत माझ्ने, कपाल कोर्ने आदि काममा प्रयोग हुने रौँ, नाइलन, तार आदिबाट बनेको साधन । २. तस्बिर लेख्ने, रङ भर्ने आदि काममा आउने एक प्रकारको हाते कूची ।

**बुर्का–** ना० [अ० बुर्क] मुसलमान स्त्रीहरूले परपुरुषको दृष्टिबाट बच्न ओढ्ने, आँखा हेर्ने ठाउँमा जाली भएको, शरीरको खोलजस्तो प्रायः कालो पहिरन ।

**बुर्की–** ना० [सं० वर्णक] मुर्दा घाटमा लैजाँदा बाटामा छरिने वा शवका छातीमा राखिने धान, लावा, चामल आदि ।

**बुर्कुसी–** ना० वेगसँग फट्का मारेर वा उफ्रीउफ्री दौडने काम । (उदा०– हात्तीवनमा मृगहरू बुर्कुसी मारेर दौडिरहेका थिए) ।

**बुर्चे/बुर्चो–** वि० [√ बुचुरो] बढ्नुपर्नेजति बढ्न नसकेको; ठिँगुरो आकारको; बुर्कुन्चो; पुड्को ।

**बुर्जा–** ना० [अ० बुर्जः] घर, महल, किल्ला आदिको माथिल्लो तलामा चारैतिर खुला हुने गरी प्रायः गोलो किसिमले बनाइएको कोठा; धरहरा आदिको माथिल्लो अंश; गुम्बज ।

**बुर्जुवा–** वि० [फ्रे०] अनुदार वा परम्परावादी विचार राख्ने; पुँजीपति वा उच्चकुलीन वर्गको ।

**बुर्र–** क्रि० वि० [अ० मू० बुर्+र] मसिनु धूलो एक झड्कामा खस्ने वा झर्ने गरी ।

**बुर्लुक–** क्रि० वि० [अ० मू० बुर्लक्+अ] उफ्राइको चालसँग । – **बुर्लुक–** क्रि० वि० खुसीले उफ्रेर; बुरबुर । > **बुर्लुक्क–** क्रि० वि० खुसीले खुट्टा उचालेर उफ्रने गरी; बुर्कुसी मार्ने चालले ।

**बुलन्द–** वि० [फा० बलन्द] १. खूबै राम्रो वा असल । २. टड्कालो; ठूलो; उच्च (स्वर) ।

**बुलबुल–** ना० [अ०] जुरेली चरो । > **बुलबुली/बुलबुले–** ना० अघिल्तिरका रौँ लामा राखेर कपाल बनाउने वा काट्ने ढाँचा ।

**बुलाकी–** ना० [तु० बुलाक] नाकको बीचको पर्दा छेडेर लगाइने हीरा, मोती आदि जडिएको सुनको मुन्द्रे गहना; सारङ्गीको फूली ।

**बुलिन–** ना० [अ० बुलियन] जङ्गी पोसाकको कुममा लगाइने फलामे जाली ।

**बुलु–** ना० गुराँसका जस्ता पात हुने, पातको तल सेतो र टीका-टीका परेको ग्रन्थिद्वार हुने, गाढा रातो फूल फुल्ने, आयुर्वेदका

अनुसार पात गाईबाखाका निम्ति बिखालु मानिने दुईतीन मिटर अग्लो एक बोट ।

**बुलेटिन**– ना० [अङ्०] सरकारी रूपमा वा सङ्घ-संस्थाद्वारा निकालिने सङ्क्षिप्त समाचारपत्र ।

**बुलेन**– ना० [अङ्० बुलियन] सिक्री भएको एक प्रकारको गहना ।

**बुल्कि-नु**– अ० क्रि० [बुलुक्क+इ+नु] बुलुकबुलुक हुनु; बढी चञ्चल हुनु; उत्तालिनु; मच्चिनु । > **बुल्क्याइ**– ना० बुल्किने काम वा किसिम । **बुल्क्याइनु**– क० क्रि० बुलुक्क पारिनु । **बुल्क्याउनु**– प्रे० क्रि० बुल्किने पार्नु ।

**बुल्ला**– ना० एक जातको माछोविशेष ।

**बुवा**– ना० [√ बुवा] बाबु; पिता ।

**बुवारी**– ना० [सं० वीदाल] एक जातको माछोविशेष ।

**बुसर्ट/बुससर्ट**– ना० [अङ्० बुशशर्ट] कमिजको जस्तो कलर र बाहुला हुने, अगाडि खुला भई टाँक लगाइने कमिजका छाँटको वस्त्र ।

**बुहारी**– ना० [सं० वधूटी] १. छोरा वा भाइभतिजाकी पत्नी । २. भानिज, भदो आदि नाता पर्ने आफूभन्दा कान्छाकी स्त्री । ~ **झार**– ना० अमलाका जस्ता पात हुने, छुँदा खुम्चिने एक जातको झार; लज्जावती झार ।

**बुहार्तन**– ना० [√ बुहारी+सं० अर्तन] १. बुहारीको काम वा अभिभारा । २. बुहारीले गर्नुपर्ने घरधन्दा । ३. बुहारीले सहनु-भोग्नुपर्ने, सासू-ससुरा आदिको कडा अनुशासन वा घरको पिरलो र सकस ।

**बूँद**– ना० हे० बुँद ।

**बूटी**– ना०हे० बुटी ।

**बूढा**– वि० हे० बुढा ।

**बूढी**– वि० हे० बुढी ।

**बूढो**– वि० हे० बुढो ।

**बृहत्**– वि० [सं०]१. विशाल; ठूलो; बडेमाको । २. बलिष्ठ; बलियो । > **बृहती**– ना० १. ठूलो वीणा; नारदको वीणा । २. नौ-नौ अक्षरको पाउ हुने एक वार्णिक छन्द । **बृहत्कथा**– ना० गुणाढ्य कविद्वारा पैशाची भाषामा लेखिएको कथाहरूको प्रसिद्ध ग्रन्थ; बड्‌कहा ।

**बृहस्पति**– ना० [सं०]१. देवताका गुरुको नाम; प्रसिद्ध वैदिक देवता । २. सौर जगत्‌को एक प्रसिद्ध ग्रह । – **वार**– ना० साताको पाँचौँ दिन; बुधवार र शुक्रवारका बीचमा पर्ने वार ।

**बैँसी**– ना० [सं० व्यास] पहाडपर्वतका फेदीको मलिलो र पनौतो जमिन वा फाँट; उपत्यका; बेसी; बिसी । – **खेत**– ना० पानी लाग्ने र धान हुने, खोलाछेउको जग्गा । – **बाली**– ना० बैँसीमा हुने धान, मकै, मास, भटमास, आलु आदि विभिन्न बाली ।

**बे**– पू० स० [फा०] १. प्रायः नामवाचक शब्दका अगाडि लागेर अभाव, निषेध, विपरीत आदि अर्थ जनाउने एक उपसर्ग । (जस्तै– बेइलमी, बेकदर, बेकाइदा इ०) । – **अदप/अदब**– वि० अदप वा अदब नभएको; मान्यजनको मानभाउ नराख्ने; बेसोमती । – **अदबी**– ना० काइदा-कदर नजान्ने स्थिति; अविनय; अशिष्टता । – **इज्जत**– ना० आवश्यकता वा योग्यताअनुसारको इज्जत नहुने अवस्था; अनादर; अपमान । – **इज्जती**– वि० इज्जत नभएको; लाजसरम केही नभएको । – **इन्तजाम**– ना० राम्रो प्रबन्ध नहुने काम; नराम्रो बन्दोबस्त । – **इन्साफ**– ना० इन्साफ नहुने स्थिति; अन्याय । – **इन्साफी**– वि० इन्साफ नगर्ने; अन्यायी । – **इमान**– वि० इमान वा सच्चा व्यवहार नभएको; अविश्वासी । – **इमानी**– ना० छलकपटको व्यवहार; इमान वा धर्मको विचार नहुने स्थिति । – **इलम**– ना० इलम, उद्योग, सीप, रोजगार केही नभएर बरालिने स्थिति । – **इलमी**– वि० इलमउद्योग, पढाइलेखाइ केही नभएको; अनुद्योगी । – **उजुर**– वि० उजुर नलाग्ने; विनाउजुरको । – **कदर**– ना० कदर वा प्रतिष्ठा नहुने काम; अपमान; हेलाँ ।

**बेकम्मा**– वि० [√ बेकाम] काम नलाग्ने; निकम्मा; रद्दी ।

**बेकसुर**– वि० [बे+कसूर] कसुर वा बिराम नभएको निर्दोष; निरपराध ।

**बेकाइदा**– ना० नियमविरुद्ध कामकुरो; बेकायदा ।

**बेकाबु**– वि० [फा० बे+काबू] कसैका काबू वा नियन्त्रणमा नआउने; ऐँचमा नबस्ने ।

**बेकाम**– ना० [बे+काम] १. काम नहुने स्थिति; विनाकाम; व्यर्थ । वि० २. काम नभएको; बेकार । > **बेकामी**– वि० काम नलाग्ने; बेकारको; बेकम्मा ।

**बेकायदा**– ना० हे० बेकाइदा ।

**बेकार**– वि० [फा०] १. कुनै काममा नलागेको; रोजगार नभएको; बेइलमी । ना० २. काम नहुने स्थिति; बेकाम । क्रि० वि० ३. बिनाकाम; बिनसित्ति । > **बेकारी**– ना० बेकार हुने वा कुनै काम नपाउने स्थिति; बेइलम ।

**बेकुफ**– वि० [फा० बेवकूफ] बुद्धि, विचार, सोमत, काइदा केही नभएको; होसल्याङ; बुद्धू ।

**बेकुफी**– ना० [फा० बेवकूफी] बेकुफ हुने काम; असभ्य चाल; बुद्धूपना । ~ **दण्ड**– ना० केही सोचविचार नगरी कुनै काम गरेबापत लाग्ने दण्ड; हस्सूदण्ड ।

**बेक्ति-नु**– अ० क्रि० [व्यक्त+इ+नु] व्यक्त हुनु; प्रकट हुनु । > **बेक्त्याइ**– ना० बेक्तिने क्रियाप्रक्रिया । **बेक्त्याइनु**– क० क्रि० व्यक्त गरिनु । **बेक्त्याउनु**– स० क्रि० व्यक्त गर्नु ।

**बेख**– ना० [अ० वक्फ] पहिलेपहिले रिझाएबापत कसैलाई सरकारबाट दिइएको माफी जग्गा; माफी बिर्ता ।

**बेखबर**– वि० [फा०] १. अत्तोपत्तो नभएको; बेपत्ता । २. होस वा सुर नभएको; अचेत ।

**बेख बिर्ता**– ना० मालपोत तिर्नुनपर्ने बिर्ता; माफी बिर्ता; बेख र बिर्ताको समूह ।

**बेखर्ची**– ना० [बे+खर्ची] खर्च नभएको; बेखर्ची ।

**बेखुस**– वि० [बे+खुस] खुसी नभएको; रिसाएको; अप्रसन्न; असन्तुष्ट । > **बेखुसी**– वि० खुसी नभएको; बिनाखुसीको ।

**बेगर–** ना० यो० [अ० वगैर] १. बाहेक; सिवाय; विना । वि० २. अतिरिक्त; भिन्न; बेग्लै ।

**बेगल–** वि० कुनै वस्तुदेखि भिन्न; अर्को; पृथक् । (उदा०– अचेल तपाईं भाइसँगै बस्नुभएको छ कि बेगल ?) । > **बेगलाबेगलै–** क्रि० वि० बेग्लाबेग्लै ।

**बेगार–** ना० [फा०] १. ज्याला नदिई वा नाउँ मात्रको ज्याला दिएर लगाइने काम । २. मन नलगाईकन गरिने काम । > **बेगारी–** ना० बेगारमा गरिने काम; ज्यालाबिनाको खेतालो वा ज्यामी ।

**बेगन्ती/बेगिन्ती–** वि० [बे+गन्ती/गिन्ती] १. गनिनसकिने; अनगन्ती; असङ्ख्य । २. असाध्य; चौपट्ट ।

**बेग्लाबेग्लै–** क्रि० वि० [बेगलाबेगलै] सँगै नरहने गरी; अलग्गै; छुट्टै; भिन्नै ।

**बेग्लो–** वि० [सं० विलग्न] १. अरूसँग नरहेको वा नजोरिएको; बेगल; भिन्न; छुट्टो । २. कामको सुर नपाउने; अलमलिएको ।

**बेग्ल्याइ–** ना० [√ **बेग्लि** (+याइ)] १. बेग्लिने क्रिया वा प्रक्रिया । [बेग्ल्याउ+आइ] २. बेग्ल्याउने क्रिया वा प्रक्रिया । [ > ] **बेग्ल्याइनु–** क० क्रि० अलग पारिनु; छुट्ट्याइनु । **बेग्ल्याउनु–** प्रे० क्रि० बेग्लो पार्नु; छुट्ट्याउनु ।

**बेच्-नु–** स० क्रि० [सं० विकृ+नु] मोल लिएर माल दिनु; बिक्री गर्नु; लिनुपर्ने द्रव्य वा वस्तु लिएर कुनै चीज आफ्नो हकबाट अलग गर्नु । > **बेचबिखन–** ना० बेच्ने आदि काम; बिक्री । **बेचाइ–** ना० बेच्ने क्रिया वा प्रक्रिया । **बेचाइनु–** क० क्रि० बेच्न लाइनु । **बेचाउनु–** प्रे० क्रि० बेच्न लाउनु; बिक्री गराउनु । **बेचाबेच–** ना० परस्परमा बेच्ने काम; मेलैसँगको बेचाइ । **बेचाहा–** वि० बेच्ने स्वभावको; बिक्री गर्ने; बेच्ने । **बेचिनु–** क० क्रि० बेच्ने काम गरिनु । **बेचुवा–** वि० १. बिक्री भएको; बेचिएको । २. बेच्न बनाइएको; बेचिने ।

**बेचैन–** वि० [फा०] १. चैन वा सुखशान्ति नभएको; अशान्त; व्याकुल । २. उराठलाग्दो; उदास । > **बेचैनी–** ना० १. चैन नहुने स्थिति; अशान्ति; व्याकुलता; बिसन्चो । २. उराठिलोपन; उदासी ।

**बेच्छेउटो–** ना० नुन, बेसार आदि हाल्ने काठको प्रायः पाँच खण्ड पारी बनाइएको भाँडो ।

**बेछन्द–** वि० [बे+छन्द] १. छाँटकाँट वा डिलडौल नमिलेको; छन्द न बन्दको । २. इच्छानुसार नभएको; भद्दा देखिने ।

**बेजवाफ–** वि० [बे+जवाफ] जवाफ दिन नसक्ने अवस्थामा पुगेको; जवाफ नभएको; विनाउत्तरको; नाजवाफ ।

**बेजात–** वि० [बे+जात] जात नमिल्ने; भिन्न जातको (रूख, काठ आदि) ।

**बेजाफ्ता–** वि० [फा० बे+अ० जाबीत] १. ऐनसवालमा नमिल्ने वा नियमविरुद्ध; बेकाइदाको । ना० २. नियम वा काइदा नमिल्ने ढङ्ग; बेइन्साफ; अन्याय ।

**बेजो–** ना० १. साटो फेर्ने उद्देश्यले लिइने कुनै कुराको प्रतिक्रिया; बदला । २. नोक्सान भएवापतको भर्ना । ३. आम्दानी खर्च आदिको बराबरी ।

**बेजिङ–** ना० [चि०] जनवादी गणतन्त्र चीनको राजधानीको नाम; पेकिङ ।

**बेजोड/बेजोडा–** वि०[बे+जोड/जोडा] अर्को जोडा नभएको; अतुलनीय; अद्वितीय ।

**बेठ–** ना० [सं० विष्टि] ज्याला वा पैसाविनाको काम । – **बेगार–** करले बुझाउनुपर्ने दस्तुर वा ज्याला नपाई गर्नुपर्ने काम ।

**बेठन–** ना० [सं० वेष्टन] १. पुस्तकपुस्तिका आदि बेर्नेबाँध्ने कपडा वा रुमाल; बासा; बस्ता । २. कसैका पछि लागेर जीविका चलाउने व्यक्ति; अनुचर ।

**बेठिक–** वि० [बे+ठिक] ठीक नभएको; बेमुनासिब; अनुचित ।

**बेठी–** ना० [प्रा० विट्ठि > सं० विष्टि] १. रैतानका बासिन्दाले जमिनदार वा थरी-मुखियालाई बुझाउने रकम वा खेतालापात । २. रोपाइँमा पन्चैबाजा बजाई, भोज खुवाई गरिने उत्सव ।

**बेठीक–** वि० हे० बेठिक ।

**बेठेगान–** वि० [फा० बे०+ठेगान = हि० ठिकान] १. ठेगान नभएको; बेथितिको । २. अनगन्ती; असङ्ख्य ।

**बेड–** ना० [अङ्०] बिछ्याउना; शय्या । – **सिट–** ना० बिछ्याउनामाथि ओछ्याइने एकसरो कपडा; तन्ना ।

**बेडा–** ना० [सं० वेष्ट] १. डुङ्गा वा जहाजहरूको समूह । (उदा०– जङ्गी बेडा हलुङ्गो वितत जलधिको ह्वेल माछो हलुङ्गो । – लेखनाथ) । २. बिनसित्तिको झमेला; जन्जाल ।

**बेडी–** ना० [सं० वलय] अपराधीका गोडामा झिक्न नसकिने पारी ठोकिने फलामे कल्ली; नेल ।

**बेडौल–** वि० [बे+डौल] छाँटकाँट वा रूपरङ्ग नमिलेको; नराम्रो ढाँचाकाँचाको; भद्दा ।

**बेढङ्ग–** ना० [बे+ढङ्ग] नहुने अवस्था; राम्रो थिति नभएको चाल; भद्दापन; कुरूपता । > **बेढङ्गी–** वि० कुनै कामकुरा गर्ने ढङ्ग नभएको; सीप वा चतुऱ्याइँ पुऱ्याउन नसक्ने; बेढङ्गको; अर्धङ्गी ।

**बेढव–** वि० [बे+ढव] १. अमिल्दो ढाँचाको; बनावट नमिलेको; नसुहाउँदो भद्दा । २. विचित्रको; अनौठो ।

**बेढाइ–** ना० [√ **बेढाउ** (+आइ)] बेढाउने क्रिया वा प्रक्रिया । [ > ] **बेढाइनु–** बेढाउने काम गरिनु ।

**बेढाउ-नु–** स० क्रि० [ब्याड+आउ+नु] १. बालीनालीमा बढी उम्रेका र बाक्ला भएका बोटबिरुवा छाँट्नु वा उखेल्नु । २. बालक जन्मेपछि नाल काट्नु । ३. काटमार गर्नु; छप्काउनु ।

**बेत१–** ना० [सं० वीत] सुत्केरी हुनाको पटक; पशुको बियाउनाको पल्ट ।

**बेत२–** ना० [सं० वेत/वेत्र] १. बाँसका जस्ता पात र आँखा हुने, नफुल्ने, लामो र चाम्रो हुने, चोया र डन्ठीबाट मेच, सन्दुक, लौरो आदि उपयोगी वस्तु बनाइने एक जातको लहरो । वि० २. मेहनत गर्नका निम्ति दह्रिलो; बलियो; चाम्रो । – **घारी–** ना० धेरै बेत भएको ठाउँ; बेतको जङ्गल; बेतेनी ।

**बेतलबी–** वि० [बे+तलब+ई] तलब नपाइने वा तलबबिनाको;

तलब नलिएर काम गर्ने; अवैतनिक । ~ **बिदा–** ना० अरू किसिमका बिदा सकिएर तलब नपाइने वा कट्टी हुने गरी लिने-दिने बिदा ।

**बेत लौरी–** ना० [बेत+लौरी] सेता फूल फुल्ने, अदुवाका ढाँचाका पात र कन्द हुने, लौरोजस्तो एउटै डाँठ हुने, पिसाब बन्द हुँदा तथा पेट पोल्ने रोगमा सेवन गरिने बुटे झार ।

**बेत हान्नु–** टु० [बेत+हान्नु] समय पुगेर पनि नबियाउनु ।

**बेतार–** ना० [बे+तार] तार नहुने अवस्था वा चाल; विनातार । **–को तार–** ना० तारको सहायताविना नै तरङ्गका माध्यमले विद्युत्शक्तिद्वारा पठाइने तार; आकाशवाणी ।

**बेताल१–** ना० [नेवा०] खापाका बीचको, दिलापहरूलाई अलग्याउने र छुट्ट्याउने खसिपा ।

**बेताल२–** ना० [बे+ताल] १. सङ्गीतमा ताल नमिल्ने ढाँचा वा स्थिति; तालको चुकाइ । २. मुटुको सामान्य धड्कनभन्दा फरक ताल । वि० ३. ताल नमिलेको; बेछाँटको; बेढब । **–को–** वि० ताल वा ढङ्ग नमिलेको; बेछाँटको; बेताले; बित्पाते ।

**बेतालुक–** वि० [बे+तालुक] १. तालुकभन्दा बाहिरको; तालुकभित्र नपरेको । २. सरोकार नभएको; वास्ता नभएको । > **बेतालुकी–** वि० १. आफूलाई अख्तियार नभएको; तालुक वा अधिकारभित्र नपरेको । २. सरोकारविनाको ।

**बेताले–** वि० [बेताल+ए] सुरतालविनाको धेरै कुरा गर्न जान्ने; बेसारे; बित्पाते ।

**बेते–** वि० [बेत+ए] गाईबस्तु आदि बियाएका पटकको । (उदा०– पाँचबेते भैँसी, छबेते गाई, तीनबेते बाख्रो इ०) ।

**बेतेनी–** ना० [बेत+एनी] बेतको समूह; बेतघारी ।

**बेतोड–** ना० [बे+तोड] कुद्ने, हिँड्ने, हुर्रिने आदि शीघ्र गति वा ठूलो वेग; तोड ।

**बेथा–** ना० [सं० व्यथा] १. व्यथा; ज्वरो आदि शारीरिक रोग । २. सुत्केरी हुने बेलाको कष्ट; प्रसववेदना । **– हारी–** वि० रोग लागिरहने ।

**बेथिति–** ना० [बे+थिति] थिति नमिल्ने चाल; अस्तव्यस्तता; नराम्रो प्रबन्ध ।

**बेथु/बेथे–** ना० [सं० वास्तुक] खेतबारीमा उम्रने, बुँदेका जस्ता साना हरिया पात हुने; सेता फूल फुल्ने र दाना फल्ने, तरकारी वा अचार खाइने एक जातको साग ।

**बेदखल–** वि० [फा० बे+दख्ल] १. दखल नभएको वा दखल नगरिएको; अधिकारमा नरहेको । २. ऐँच, अधिकार आदिबाट हटाइएको । > **बेदखली–** ना० कुनै कुराको दखल, अधिकार आदिबाट वञ्चित हुने वा गराइने काम ।

**बेदस्तुर–** वि० [बे+दस्तुर] दस्तुरमा नभएको वा नमिल्ने; बेरीत (उदा०– बेदस्तुरको निवेदनमा कारबाई नहुनसक्छ ।) ।

**बेदाग–** वि० [बे+दाग] दाग वा खोट नभएको; कसुर नदेखिने; निष्कलङ्क; निर्दोष । > **बेदागी–** ना० दाग नलागेको; खोट नभएको; बेदाग ।

**बेदाम–** वि० [बे+दाम] मोल नकिटिएको वा विनामूल्यको; सित्तैँ पाइने ।

**बेद्धा मानव–** ना० नृतत्त्वका अनुसार श्रीलङ्कामा रहेका भनिएका कम विकसित मानव ।

**बेध्–नु–** स० क्रि० [सं० व्यध्+नु] १. प्वाल पार्नु; छेड्नु । २. चोट लाउनु; रोप्नु; घोच्नु । ३. निसानामा लगाउनु; तारो हान्नु ।

**बेधडक–** वि० [बे+धडक] १. कसैको धक वा भय नमान्ने; निस्फिक्री । क्रि० वि० २. कसैको धक वा भय नमानीकन; निस्फिक्रीसित ।

**बेधाइ–** ना० [√ **बेध्** (+आइ)] बेध्ने क्रिया वा प्रक्रिया । [ > ] **बेधाइनु–** क० क्रि० बेध्न लाइनु । **बेधाउनु–** प्रे० क्रि० बेध्न लाउनु ।

**बेन–** ना० [अङ्० बैन्ड] बादशाही बाजा; ब्यान्ड बाजा ।

**बेनामी–** वि० [बे+नाम+ई] लेख्ने-पठाउनेको नाम, थर, वतन केही नभएको; गुमनाम (चिठी, जाहेरी आदि) ।

**बेनी–** ना० [सं० वेणी] १. कपालको चुल्ठो । २. कपालका आँठाको मेलले चुल्ठो बनेझैँ नदीहरूको सङ्गमले बनेको ठाउँ; नदीहरूको सङ्गम । ~ **चम्पा–** ना० चम्किला खैरा बोक्रा र डिम्बाकार पात हुने, नीला वा सेता फूल फुल्ने, बोक्रा जरोमा र जरा आउँमा उपचारका लागि प्रयोग गरिने एक बोट वा त्यसैको फूल ।

**बेन्च–** ना० [अङ्०] १. काठ, फलाम आदिले बनेको धेरै जना बस्न हुने एक प्रकारको लाम्चो मेच । २. न्यायाधीशहरूको सभा वा आसन; न्यायाधीशहरूको समुदाय ।

**बेन्चा–** ना० [फा० बेलचः] जमिन भाग साह्रो पार्न ठोकिने, लामो बिँड हुने, चक्कादार फलामे साधन; धुर्पिस ।

**बेन्जु/बेन्जो–** ना० [अङ्० बेन्जो] चारवटादेखि आठवटासम्म तार भएको, गजाले रेटेर बजाइने एक प्रकारको तारबाजा ।

**बेन्नु–** ना० धानको बीउ राख्ने घ्याङ; ब्याड ।

**बेपत्ता–** वि० [बे+पत्ता] १. पत्ता वा ठेगाना नभएको; अत्तोपत्तो नभएको; बिपत्ता; बेखबर । २. छेउटुप्पो वा आदि-अन्त्यको केही भेउ नपाइने ।

**बेपरवाह–** वि०हे० बेपर्बाह । > **बेपरवाही–** ना० बेपार्बाही ।

**बेपर्दा–** वि० [फा० बे-पर्द] १. पर्दा केही नभएको; मर्यादारहित; खुला; निर्लज्ज । ना० २. पर्दा वा लाज नहुने स्थिति ।

**बेपर्बाह–** वि० [फा० बेपरवाह] कुनै कुराको चासो वा वास्ता नभएको; मनमोजी; निस्फिक्र; बेपरवाह । > **बेपर्बाही–** ना० पर्बाह नगर्ने चाल; वास्ता वा चासो नलिने काम ।

**बेपार–** ना० [सं० व्यापार] मालमत्ताहरू उत्पादन वा खरिद गरी आफूलाई फाइदा हुने किसिमले बेच्ने काम; खरिदबिक्री; व्यापार; वाणिज्य । > **बेपारी–** ना० १. बेपारको पेसा लिएको मानिस; व्यापार गर्ने व्यक्ति । २. निबाराका जस्ता र बिखालु पात हुने रूखविशेष ।

**बेफाइदा/बेफायदा–** वि० [अ० बे-फायद] १. केही लाभ वा हित नहुने; फाइदा नभएको; व्यर्थको । ना० २. फाइदा नहुने स्थिति; हानि; नोक्सानी ।

**बेफिक्र–** वि० [फा०] कुनै फिक्री वा चिन्तापीर नलिने; निश्चिन्त;

बेपर्बाह । > **बेफिक्री–** ना० कुनै फिक्री नहुने स्थिति वा चाल; निश्चिन्तता ।

**बेफ्वाँक–** क्रि० वि० [बे+फ्वाँक] बिनसित्ति; व्यर्थ; सित्तैं । (उदा०– यहाँ कामै नभएको भए बेफ्वाँकमा किन दुःख दिएको ?) ।

**बेमजा/बेमज्जा–** ना० [बे+मजा/मज्जा] मज्जा वा आनन्द नहुने स्थिति; नमज्जा; नरमाइलो ।

**बेमतलब–** वि० [बे+मतलब] मतलब नभएको; कुनै किसिमको फाइदा नहुने; निरर्थक ।

**बेमनासिब–** वि० [बे+मनासिब] बेठीक; बेमुनासिब ।

**बेमरम्मत–** वि० [बे+मरम्मत] मरम्मत नभएको वा नगरिएको; टुटेफुटेको ।

**बेमाख–** वि० [फा० बे-बाक] कुनै अंश बाँकी नरहेको; सबै चुक्ता वा फछर्यौट गरिसकिएको; बिमाख । > **बेमाखी–** ना० बेमाख हुने काम वा स्थिति ।

**बेमार–** वि० [फा० बीमार] बिमार; बिरामी । > **बेमारी–** ना० बिमारी ।

**बेमुनासिब–** वि० [बे+मुनासिब] मुनासिब नभएको; बेठीक; अनुचित ।

**बेमेल–** वि० [बे+मेल] १. जोडा नमिलेको; मेल नखाने । ना० २. मेल नहुने काम; वैरभाव; फाटो ।

**बेमोज–** ना० [बे+मोज] बेस्वाद; बेमज्जा ।

**बेमौका–** ना० [बे+मौका] मौका नपर्ने वा मौका नपरेको बेला; खराब समय; कुबेला; असमय ।

**बेमौसम–** ना० [बे+मौसम] मौसम नभएको बेला; भिन्न ऋतु; असामयिक समय । > **बेमौसमी–** वि० कुनै चीज हुनुपर्ने समयमा नभई अर्कै समयमा भएको; मौसम वा समयमा पैदा नहुने; बेबखतको (फलफूल आदि) ।

**बेयरर–** ना० [अङ्०] चेक आदि लिएर आउने व्यक्ति; वाहक । ~ **चेक–** कुनै सर्त वा बन्देज नलगाइएको र वाहकलाई सीधा वा सरासर भुक्तानी दिने खालको चेक ।

**बेयरा–** ना० [अङ्०] होटेल आदिमा काम गर्ने तालिमप्राप्त वा सधिएको परिचर, सेवक ।

**बेर्‌-नु–** स० क्रि० [सं० वेष्टन+नु] कुनै चीज वा वस्तुलाई धागो, कपडा आदिले लपेट्नु; वेष्टन गर्नु; घेर्नु; जेल्नु ।

**बेर–** ना० [सं० वेला] १. बितिसकेको बेला; अवकाश बाँकी नभएको समय; अबेर; बियाँलो । क्रि० वि० २. पटक; खेर (जस्तै– अलिबेर, उतिबेर, कतिबेर इ०) ।

**बेरबार–** ना० [बेर्‌+बार] १. बेर्ने र बार्ने काम । २. लपेट्ने वा घेर्ने काम ।

**बेरबेरै–** क्रि० वि० [√ बारम्बार] पटकैपिच्छे; बारम्बार । (उदा०– सकल भनिसक्याँ बात् क्या भनूँ बेरबेरै । भानुभक्तीय रामायण) ।

**बेरसिलो–** वि० [बे+रसिलो] १. रस वा स्वाद नभएको; नीरस; खल्लो । २. बेमिजासको; रूखो ।

**बेराइ–** ना० [√ **बेर्** (+आइ)] बेर्ने क्रिया वा प्रक्रिया । [ > ] **बेराइनु–** क० क्रि० बेर्न लाइनु । **बेराउनु–** प्रे० क्रि० बेर्न लाउनु; वेष्टन गराउनु ।

**बेराजी–** वि० [बे+राजी] राजी नभएको; बेमन्जुर; अप्रसन्न > **बेराजु–** वि० बेराजी; बिराजी ।

**बेरामी–** वि० [बिरामी < फा० बीमारी] बिरामी ।

**बेरिज–** ना० स्रेस्तामा जिन्सीका धेरै कलमको आम्दानीखर्चको जम्माजम्मी अङ्क ।

**बेरित–** वि० [बे+रीत] १. रीत वा काइदा नमिलेको; बेथितिको । ना० २. रीत नपुगेको वा नमिलेको स्थिति; बेथिति; अनरीत । > **बेरिति–** ना० रीति वा कायदा नमिल्ने अवस्था; अनरीति ।

**बेरिनु–** क० क्रि० [बेर्‌+इ+नु] बेर्ने काम गरिनु; बेराइ पुग्नु ।

**बेरीत–** वि० हे० बेरित । > **बेरीति–** ना० हे० बेरिती ।

**बेरुजु–** वि० [बे+रुजु] १. रुजू गर्दा नमिलेको; रुजू नगरिएको वा नभएको । २. बेरीतसँग भएको वा रीतभाँत नमिलेको । ना० ३. आर्थिक कारोबार हेर्दा वा जाँच्ता लेखापरीक्षणले दर्साएको अनियमित कलम ।

**बेरुवा–** वि० [बेर्‌+उवा] बेरेको वा बेरिएको; लपेटिएको; बेहुवा । ~ **औँठी–** ना० सुनको डोलो तारको दुई-तीन फेरो मारिएको औँठी ।

**बेरोकटोक–** क्रि० वि० [बे+रोकटोक] विनारोकटोक; नरोकीकन; सरासर ।

**बेरोजगार–** वि० [बे+रोजगार] इलमधन्दा केही नभएको; बिकामे ।

**बेरोजगारी–** ना० [बे+रोजगारी] रोजगारी नहुने स्थिति; बिकाम । ~ **भत्ता–** ना० विकसित मुलुकहरूमा रोजगार वा काम नहुने व्यक्तिहरूलाई निर्वाहका निम्ति दिइने भत्ता; निर्वाहवृत्ति ।

**बेर्ना–** ना० [√ बिरुवा] काउली, रायो, खोर्सानी, फूल आदिको सार्ने अवस्थाको सानो बोट वा बिरुवा ।

**बेर्नु–** ना० [सं० वेष्ट] दिसा बस्दा गुदद्वारबाट निस्कने आन्द्राजस्तो नली वा त्यस्तो नली निस्कने एक रोग ।

**बेल्‌-नु–** स० क्रि० [√ बेलन+नु] मैदा, पीठो आदि मुछेर ससाना डल्ला पारी बेल्नाले थिच्चै रोटी आदिको आकारमा बदल्नु; पथार्नु ।

**बेल–** ना० [सं० बिल्व] १. एक भेट्नामा तीनवटा पात हुने, सेता फूल फुल्ने, पात प्रायः शिवजीलाई चढाइने प्रसिद्ध एक काँडावाल वृक्ष वा त्यसैको गोलो साह्रो फल । [सं० बल्ली] २. वनस्पतिको लहरो; लता । ~ **घारी–** ना० बेलका रूखहरूको समूह; थुप्रै बेल भएको ठाउँ । – **दार–** वि० फूलपात, लहरा आदि आकारका बुट्टा भएको; बेलबुट्टा परेको ।

**बेलन–** ना० [सं० वेल्लन] १. छापाखानाको टाइपमा मसी दल्ने बेलनाजस्तो साधन । २. रोडा आदि पेल्ने फलाम आदिको डोलो र ठूलो चक्का । ३. बेलना ।

**बेलना–** ना० [√ बेलन] पीठो मुछेर रोटी बेल्ने वा पथार्ने काठको डोलो साधन; बेलन । – **कार–** ना० बेलनाका आकार वा ढाँचाको ।

**बेलन्चे–** ना० नाककोरेका जस्ता पात हुने र सिमसारमा उम्रने एक जातको झार; बेलान्जे ।

**बेलपत्र–** ना० [बेल+पत्र] बेलका पात; बेलपाती ।

**बेलपाती–** ना० [बेल+पाती] बेलका पात; बेलपत्र ।

**बेलबटम–** ना० [अङ्०] ठूलठूला मोहोता हुने एक किसिमको पाइन्ट (उदा०– बेलबटम, काठमाडौँमा चल्यो रटन । – लोकगीत) ।

**बेलबुट्टा–** ना० कपडा, कागज, काठ, भित्ता आदिमा बनाइने लहरा, फूलपात आदिको बुट्टा । > **बेलबुट्टे–** वि० बेलबुट्टा परेको वा भएको (रुमाल, कपडा आदि) ।

**बेलबुडाइ–** ना० [बेल+बुड्+आइ] सूर्यास्त; घामडुबाइ ।

**बेल विवाह–** ना० [बेल+विवाह] कुण्डली आदिमा भएको वैधव्य दोषको निवारण आदिका निम्ति नेवारजातिका स्त्रीहरूको कमै उमेरमा बेलका साथ गरिने परम्परागत विवाह ।

**बेला१–** ना० [सं० वेला] समय; टाइम; वेला ।

**बेला२–** ना० लोहोटा, अम्खोरा आदि पानी हाल्ने भाँडो ।

**बेला३–** ना० [अङ्० भिओला] गजाले रेटेर बजाइने, चारवटा तार लागेको सारङ्गीका छाँटको पश्चिमेली एक बाजा ।

**बेलाइ–** ना० [बेल्+आइ] बेल्ने क्रिया वा प्रक्रिया ।

**बेलाइत–** ना०हे० बेलायत ।

**बेलाइनु–** क० क्रि० [बेलाउ+इ+नु] बेल्न लाइनु ।

**बेलाउनु–** प्रे० क्रि० [बेल्+आउ+नु] बेल्ने काम गराउनु; बेल्न लाउनु ।

**बेलाडोना–** ना० ६० देखि ८० से० मि० सम्म अग्लो हुने, मालाकार, साधारण तीखा टुप्पा भएका पात हुने, गुलाफी पहेँलो वा हरियो टीका-टीका परेका फूल हुने, जरा र पात निद्रा लगाउने तथा फलका निम्ति विष मानिएको बुटीविशेष ।

**बेलान्जे–** ना०हे० बेलान्चे ।

**बेला पञ्चाङ्ग–** ना० [बेला+पञ्चाङ्ग] शुभ-अशुभ मुहूर्त, शकुन, राशिफल तथा प्रश्न आदि भएको सामान्य ज्योतिषको काम दिने पात्रो वा पुस्तक; शकुनौती ।

**बेलायक–** वि० [बे+लायक] लायक नभएको; नालायक; बेमनासिब ।

**बेलायत–** ना० [बेलायत] वि० पश्चिम युरोपको एक प्रसिद्ध देश; ब्रिटेन; इङ्गल्याण्ड; संयुक्त अधिराज्य; बेलाइत ।

**बेलायती–** वि० [बेलायत+ई] बेलायतको; बेलायतसम्बन्धी, बेलायतमा उब्जेको । २. राम्रो; असल । ~**बैठक–** ना० विशेषतः विदेशीहरूको स्वागत-सत्कारका निम्ति बनाइएको काठमाडौँको सिंहदरबारस्थित प्रसिद्ध बैठक; राम्रो सिँगारिएको बैठक ।

**बेलिनु–** क० क्रि० [बेल्+इ+नु] बेल्ने काम गरिनु; बेलाइ पुग्नु ।

**बेली–** ना० १. मसिना पात हुने एक लहरोजस्तो बोट वा त्यसैको सेतो सुगन्धी फूल । २. भाँति वा किसिम जनाउने पूरक शब्द (जस्तो– नागबेली, नालीबेली) । ~**चन्दा–** ना० झन्डै फिलुङ्गेका जस्ता पात हुने, सेता फूल फुल्ने, राता अमिला केस्रा लाग्ने र अचार खाइने एक उद्भिद; राते । ~**बिस्तार–** ना० सबै बेहोरा खुलाएर गरिएको वर्णन; पूरा बयान वा भनाइ ।

**बेलुका–** ना० १. घाम अस्ताउन खोजेको वा अस्ताइसकेपछिको समय; सायङ्काल । क्रि० वि० २. साँझपख; साँझतिर; सन्ध्याको; समयमा ।

**बेलुकी–** क्रि० वि० [बेलुका+ई] साँझमा; बेलुका । – **पख–** क्रि० वि० बेलुकातिर; साँझ-साँझमा ।

**बेलुन–** ना० [अङ्०] भित्र हावा वा ग्याँस भरेर उडाइने र खेलिने, रबर आदिबाट बनेको विभिन्न आकारप्रकार हुने फुकुन्डो ।

**बेले१–** ना० [सं० वेला] १. धेरै वर्ष पुरानो पात्रो; वेलापञ्चाङ्ग । वि० २. बेला भएको ।

**बेले२–** वि० [बेलो+ए] १. बेलो भएको; लहरावाल (जस्तो– नागबेले) । ना० २. घुम्रिएका र गरादार सिङ हुने भैँसीको नाम ।

**बेलो–** ना० [सं० वल्ली] नरम र सानासाना मुन्टा हुने लहरो; लता (फर्सीको बेलो, तरुलको बेलो, काँक्राको बेलो इ०) ।

**बेलौती–** ना० अम्बा; लताम ।

**बेल्चा–** ना० कृषिकार्यमा आउने एक किसिमको औजार ।

**बेल्ट–** ना० [अङ्०] १. प्रायः सैनिकले शरीरमा कपडामाथि बाँध्ने छाला वा पटारको फित्ता; कमरपेटी; लोता । २. भौगोलिक वा अन्य कारणलाई आधार बनाई निर्धारण भएको लामो साँध वा सिमाना; क्षेत्र ।

**बेल्डा–** ना० खस्रा पात हुने, खनियोजस्तो घाँसको बुटो; खस्रु; ओबारो ।

**बेवकुफ–** वि० [फा० बेवकूफ] नासमझ; मूर्ख; बेकुफ । > **बेवकुफी–** ना० बेवकुफ हुने पन; बेकुफी ।

**बेवारिस–** वि० [बे+वारिस] १. वारिस वा प्रतिनिधि नभएको । २. मालधनी वा हकवाला नभएको; अलपत्रिएको । > **बेवारिसी–** वि० बेवारिस ।

**बेवास्ता–** वि० [बे+वास्ता] १. सरोकार वा वास्ता नभएको; सम्बन्ध वा सम्पर्क नभएको; विनामतलबको । ना० २. वास्ता वा प्रयोजन नहुने स्थिति; सम्बन्धको अभाव ।

**बेस–** वि० [फा० बेश] १. अर्को वस्तुसँगको तुलनामा राम्रो; असल; बढिया; उम्दा । २. सज्जन; भलो ।

**बेसउर–** वि० [फा० बेशऊर] अक्कल, ढङ्ग वा सोमत नभएको ।

**बेसन–** ना० [हि०] चनाको छाँटाको पीठो । – **को लड्डु–** ना० बेसनबाट बनेको वा बनाइएको लड्डु ।

**बेसमझ–** वि० [बे+समझ] समझ वा विचार गर्ने शक्ति नभएको; विनासमझको; नासमझ ।

**बेसम्भार–** वि० [बे+सम्भार] सँभाल्न नसकिने; जतन पुऱ्याउन नसकिने ।

**बेसरम–** वि० [फा० बे+शर्म] सरम वा लाज नभएको; नकच्चरो; निर्लज्ज । > **बेसरमी–** ना० लाज नहुने चाल; निर्लज्जता; नकच्चरोपन ।

**बेसरी१–** क्रि० वि० [बेस+गरी] ठीक हुनेभन्दा बढी हुने गरी; जोरसित; खूबसँग; राम्ररी; छ्यालब्याल; मनग्यै ।

**बेसरी२–** ना० [सं०] नेपालका प्रसिद्ध वैयाकरण वीरेन्द्रकेशरीद्वारा

रचित, 'सुन्दरी' पत्रिका (सं० १९६३) का विभिन्न अङ्कमा प्रकाशित अपूर्ण नेपाली लक्षण-ग्रन्थ ।

**बेसाँध**– वि० [बे+साँध] साँध वा सीमा नभएको; मर्यादारहित ।

**बेसाइ**– ना० [बेसाउ+आइ] बेसाउने क्रिया वा प्रक्रिया ।

**बेसाइत**– ना० [बे+साइत] नराम्रो साइत; कुसाइत ।

**बेसाइनु**– क० क्रि० [बेसाउ+इ+नु] बेसाउने काम गरिनु; किनिनु ।

**बेसाउ-नु**– स० क्रि० [बेसाहा+आउ+नु] १. धान, चामलजस्ता खाद्यान्न खरिद गर्नु; सौदा गर्नु । २. जानीजानी गर्न अयोग्य काम गरेर दुःख पाउनु; झन्झट मोल्नु । > **बेसाउनी**– ना० अन्न आदि किन्ने काम, बेसाउने काम । **बेसाउरे**– वि० आफ्नो खेतीको अन्नले खान नपुगी किनेर खाने; बेसाएर खाने ।

**बेसार१**– वि० [बे+सार] कुनै सार नभएको; फोस्रो; बेकामको ।

**बेसार२**– ना० अदुवाका ढाँचाको बोट हुने र जमिनमनि त्यस्तै छाँटले फल्ने पहेँलो एक कन्द; दालतरकारीमा हालिने त्यसैको धूलो; हलेदो । > **बेसारे**– वि० १. चिप्लो कुरा गरेर रिझाउन सिपालु; लोलोपोतो गर्न जान्ने; चेप्लाइँ पार्न सक्ने । (उदा०– च्यान्टी त साह्रै बेसारे पो छ, कुराले ठिक्क पार्छे।) २. बेसारजस्तो पहेँलो । **बेसारो**– ना० आकासमा पखेटा चालेर एकै ठाउँमा उडिरहने चीलजत्रो एक चरो । **बेसार्‍याइँ**– ना० बेसारेपन; ढाँट । ~ **घस्नु**– अ० क्रि० लोलोपोतो गर्नु ।

**बेसाहा**– ना० [बेसाउ+आहा] दैनिक उपभोगका लागि बेसाइने अन्नपात आदि आवश्यक वस्तु; खरिद गरिने अन्नहरूको बजारभाउ ।

**बेसाहारी**– ना० [बेसाउ+आहारी] १. बेसाएको अन्नले जीविका गर्ने व्यक्ति । २. अनिकालका समयमा अन्न खोज्न आउने मानिस ।

**बेसी१**– ना० पहाडको फेदीको मैदानी भाग, बेँसी ।

**बेसी२**– क्रि० वि० [फा० वेशी] मात्रा वा आवश्यकताभन्दा धेरै; बढी बढ्ता ।

**बेसुर१**– वि० [बे+सुर] १. स्वर नमिलेको; बिनासुरको । सुर वा कुनु नमिलेको; टेढोमेढो; बाङ्गो । (उदा०– डकर्मी काँचो परेछ, बेसुरको गारो पो लाइदियो ।) > **बेसुरा**– वि० १. विनास्वरको । २. दुई थरीका गलाको वा तारको आवाज नमिलेको; बेसुर भएको ।

**बेसुर२**– वि० [बे+सूर] १. होस नभएको; स्मरणशक्ति बिलाएको; बेहोस । २. अधबेस्रो ।

**बेसुल्लो**– ना० [वेश्या+उल्लो] गुन्डो; फुँडो ।

**बेसोमत**– ना० [बे+सोमत] १. सोमत नहुने ढाँचा वा स्थिति; असभ्य चाल । वि० २. बेसोमती । > **बेसोमती**– वि० सोमत नजान्ने; मर्यादा नबुझेको; असभ्य; अभद्र ।

**बेसौटी**– ना० [बेसाउ+औटी] बेसाउने काम; बेसाएको अन्नपात; बेसाहा । > **बेसौटे**– वि० १. खरिद गरेको; बेसाएको (अन्न आदि) । २. बेसाहारी । **बेसौटो**– ना० बेसाएको वस्तु ।

**बेसौती**– ना० [बेसाउ+औती] बेसाएको अन्नपात; बेसौटी ।

**बेसौनी**– ना० [बेसाउ+औनी] १. बेसाउने काम; बेसौटी । २. बेसाएको अनाज; बेसाहा ।

**बेसौरी**– वि० [बेसउर+ई] सउर नभएको; बेसउर; अशिष्ट ।

**बेस्मारी**– क्रि० वि० [बेस+मारी] चर्कोसँग; बेसरी ।

**बेस्याहार**– वि० [बे+स्याहार] स्याहार नगरिएको वा गर्न नसकिने; स्याहार नपुगेको ।

**बेस्वाद**– वि० [बे+स्वाद] १. स्वाद नभएको; बिरसिलो; खल्लो; नमीठो । २. स्वाद नहुने स्थिति; नमीठोपन; खल्ल्याइँ । > **बेस्वादिलो**– वि० स्वाद नभएको; बेरसिलो; बेस्वाद ।

**बेस्से**– ना० [सं० वेश्या] १. वेश्या । २. आइमाईलाई गाली गर्दा प्रयुक्त हुने शब्द ।

**बेहक**– ना० [बे+हक] १. हक वा अधिकार नपुग्ने स्थिति । वि० २. हक नपुग्ने; अधिकार नभएको ।

**बेहद**– वि० [बे+हद] १. हद वा सीमा नभएको; विनाअवधिको । २. थाहा पाइनसकिने; धेरै; ज्यादा ।

**बेहान**– ना० [√ बिहान] बिहान । > **बेहानी**– बिहानीपख; बिहानी ।

**बेहाल**– वि० [फा०] १. गएगुज्रेको अवस्थामा रहेको । २. व्याकुल; विकल ।

**बेहिसाब**– वि० [बे+हिसाब] १. हिसाब गरिनसकिने; अनगन्ती; थुप्रो । २. क्रमबद्ध नभएको; अस्तव्यस्त । ना० ३. अन्याय; बरबाद; जथाभाबी ।

**बेहुली**– ना० [बेहुलो+ई] विवाहकी कन्या; दुलही । ~ **भतेर**– ना० दुलही भित्र्याएको भोलिपल्ट इष्टमित्र, दाजुभाइ भेला भई खाने चलनअनुसार दुलहीले पकाएको र पस्केको प्रीतिभोज ।

**बेहोर्-नु**– स० क्रि० [√ बेहोर+नु] १. भइपरिआएका दुःखसुख धैर्यपूर्वक सहनु; जस्तो परिआउँछ उस्तै भोग्नु वा खप्नु । २. कुनै कामका निम्ति हुने खर्चबर्चको जिम्मा लिनु; ऐभारा बोक्नु; अङभर गर्नु । ३. कुनै काम वा कुरो स्वीकार गर्नु; सकार्नु ।

**बेहोर**– ना० [सं० व्यवहार] १. मानिसमा हुने असल वा खराब बानी; चालचलन; स्वभाव । २. बानीको पूरक शब्द ।

**बेहोरा**– ना० [सं० व्यवहार] १. कुनै कुरा वा घटनाअन्तर्गतका हरेक बुँदा वा दफा; कुनै घटना वा क्रियाकलापसित सम्बन्धित प्रामाणिक कुरा । २. लेखाइको छाँट वा सिलसिला । ३. बेहोर ।

**बेहोराइ**– ना० [बेहोर्+आइ] बेहोर्ने क्रिया वा प्रक्रिया ।

**बेहोरिणी**– वि० [बेहोरा+ऋणी] ऋण लिने वा बेहोर्ने; ऋणीको बेहोरा उल्लेख भएको (जस्तै– धनबेहोरिणीका नाम– तमसुक, राजीनामा आदि कागतपत्रमा) ।

**बेहोरिनु**– क० क्रि० [बेहोर्+इ+नु] बेहोर्ने काम गरिनु; सहिनु; खपिनु ।

**बेहोस**– वि० [बे+होस] १. होस नभएको; अचेत अवस्थाको; मूर्च्छित । ना० २. होसको अभाव; अचेतनता । > **बेहोसी**– ना० १. बेहोस हुने स्थिति; होस नहुने चाल । वि० २. होस नराख्ने; होस नभएको ।

**बेह्-नु**– स० क्रि० [प्रा० वेढाई+नु] हे० बेर्नु । > **बेह्राइ**– ना० बेराइ । **बेह्राइनु**– क० क्रि० बेराइनु । **बेह्राउनु**– प्रे० क्रि० बेराउनु ।

**बेह्रिनु**– क० क्रि० बेरिनु ।

**बेहुवा**– वि० हे० बेरुवा ।

**बैँस१**– ना० प्रायः खोलाका छेउछाउ हुने लामालामा पात र लहराजस्ता तर्केका हाँगा भएको वृक्षविशेष ।

**बैँस२**– ना० [सं० वयस्] चढ्दो उमेरको अवस्था; यौवन; जोबन; जवानी । – **दार**– वि० बैँसालु । > **बैँसालु**– वि० यौवन भरिएको; चढ्दो बैँसको । **बैँसे**– वि० बैँस भएको; बैँसको ।

**बैक**– ना० १. लोग्ने; पति; पोइ । २. पुरुषजाति । > **बैकिनी**– ना० १. विवाहित युवती; बिहे भएकी तरुनी (प० ने०) । २. स्वास्नी । ३. स्त्रीजाति; नारी ।

**बैगनी**– वि० ⁄ ना०हे० बैजनी ।

**बैगुन**– ना० [सं० वि+गुण] १. गुनको अभाव; नराम्रो वा खराब गुन; अवगुण । २. बेफाइदा गर्ने वस्तु; कुफत । > **बैगुनी**– वि० १. अरूले लाएको गुन वा उपकार बिर्सने; कृतघ्न । २. खराब गुण भएको; बेफाइदा गर्ने ।

**बैङ्क**– ना० [अङ्०] ब्याज दिएर रुपियाँपैसा जम्मा गर्ने, मागेको बेलामा भुक्तानी वा सापटी दिने, लेनदेन, तेजारती आदि आर्थिक कारोबार गर्ने वाणिज्यसम्बन्धी सरकारी वा गैरसरकारी संस्था; ब्याङ्क । ~ **कारबाई**– बैङ्कले गर्ने काम; बैङ्कसम्बन्धी काम । ~ **पासबुक**– ना० बैङ्क हिसाबपुस्तिका ।

**बैजनी**– वि० १. रातो भन्टाको रङजस्तो; रातो र नीलो मिसिएका रङको; बैगनी । ना० २. त्यस्तो रङ ।

**बैठक**– ना० [प्रा० विट्ठ] १. मानिसहरूसँग भेट्ने, कुरा गर्ने विशेष कोठा । २. सभासमिति आदिका सदस्यको एक पटकको बसाइ; सभा; कचहरी (मिटिङ) । ३. देवप्रतिमाहरू बसाउने आसन । ४. भाँडाकुँडा आदिको भुइँमा टेकिने पीँधको घेरो । ~ **विवरण**– ना० सभासमिति आदिको बैठकमा भएका छलफल, निर्णय आदिको बेहोरा । > **बैठकी**– ना० लगातार उठबसको अभ्यास गर्ने कसरतविशेष । **बैठके**– ना० बैठक सजाउने वा बैठकको सरसफाइसम्बन्धी काम गर्ने नोकर ।

**बैठाई**– क्रि० वि० [√ बैठान] मारेर; मिति पुऱ्याएर (दिव्य०) ।

**बैठान**– ना० [प्रा० विट्ठ] १. उठान भएको कुरो पूरा गर्ने काम; टुङ्गो; समाप्ति । २. रहने ठाउँ; ठेगान; स्थिति । – **कर**– अन्य देशको विमान आफ्नो देशको विमानस्थलमा आई बसेकोमा लाग्ने कर ।

**बैठ्याइ**– ना० [√ **बैठ्याउ** (+आइ)] बैठ्याउने काम वा किसिम । [ > ] **बैठ्याइनु**– क० क्रि० बैठ्याउने काम गरिनु ।

**बैठ्याउ-नु**– स० क्रि० [बैठान+याउ+नु] १. उठ्नै नसक्ने गरी पिट्नु; बजाउनु; ठोक्नु । २. मिति पुऱ्याउनु; मार्नु । ३. मजैसित धनमाल हातलागी गर्नु । ४. खूब खानु ।

**बैतडी**– ना० नेपालको सुदूर पश्चिमाञ्चल विकासक्षेत्रभित्र पर्ने महाकाली अञ्चलको एक पहाडी जिल्ला ।

**बैतर्नी**– ना० [√ वैतरणी] यमलोक जाँदा बीचमा तर्नुपर्ने भनिएको दुस्तर नदी; वैतरणी ।

**बैता**– ना० नाउमा चढेर जाने काम ।

**बैदार**– ना० [√ बहीदार] हे० बहीदार । > **बैदारी**– ना० बैदारको काम ।

**बैना**– ना० [अ० बैआन] किन्ने, बनाउने आदि कामकुराको पक्कापक्की तथा विश्वासका निम्ति पहिले नै दिइने रकम; अग्रिम मूल्य; पेस्की । ~ **पत्र**– ना० बैना वा बैनाबट्टा गरिएको कागत । – **बट्टा**– ना० घरजग्गा आदि खरिदबिक्री गर्दा लिनेदिनेका बीचमा कुरा मिलेपछि पक्का गर्न दिइने अग्रिम मूल्य; पेस्की रकम ।

**बैनी**– ना० [√ बहिनी] बहिनी; भगिनी । ~ **जुवाइँ ⁄ ज्वाइँ**– ना० बहिनीको लोग्ने बहिनी-जुवाइँ ।

**बैने**– वि० [बैनी+ए] बैनीसँग सम्बन्धित; बैनीको । – **जुवाइँ ⁄ ज्वाइँ**– ना० बैनीजुवाइँ; बैनीज्वाइँ । > **बैनेउलो**– ना० दिदीबहिनीको छोरो; सानीआमा वा ठूलीआमाको छोरो ।

**बैन्ड**– ना० [अङ्०] बादशाही बाजा; बेन ।

**बैयुँकेरा**– ना० मालभोग केराको जस्तै बास्ना आउने, लामा र ठूला कोसा हुने एक जातको केरा ।

**बैरङ चिठी**– ना० [अङ्० बाइरङ+चिठी] टिकटविना पठाइएको र पाउनेले नै टिकटखर्च बेहोर्नुपर्ने चिठी ।

**बैल**– ना० [सं० बलीवर्द] बयल; गोरु । ~ **गाडा**– ना० बैलले तान्ने गाडा । ~ **गाडी**– ना० बैलगाडी ।

**बैला**– वि० [सं० वन्ध्या] यौवन परिपक्व भएर पनि गर्भधारण नगर्ने; सन्तान नजन्माउने; कहिल्यै नबियाउने; बाँझी; थारी ।

**बैलिनु**– अ० क्रि० [बैला+इ+नु] मस्त तरुनी भएर पनि पेट नबोक्नु; बैला हुनु; बराँठिनु । > **बैल्याइ**– ना० बैलिने क्रिया वा प्रक्रिया । **बैल्याइनु**– क० क्रि० बैलिने पारिनु । **बैल्याउनु**– प्रे० क्रि० बैलिने पार्नु ।

**बैसाखी**– ना० [हि०] लँगडाले काखीमा च्यापी टेकेर हिँड्ने लट्ठी; खर्ल्याङखुट्टी ।

**बोक्-नु**– स० क्रि० [प्रा० बोज्झ+नु] १. कुनै भारी वा बोझा अन्यत्र लैजान उठाउनु; बुई चढाउनु; काँध हाल्नु; उचाल्नु । २. अभिभारा वहन गर्नु; जवाफदेही लिनु । ३. गर्भधारण गर्नु । > **बोकाइ**– ना० बोक्ने क्रिया वा प्रक्रिया । **बोकाइनु**– क० क्रि० बोक्न लाइनु । **बोकाउनी**– ना० बोकानी । **बोकाउनु**– प्रे० क्रि० बोक्न लाउनु । **बोकानी**– ना० बोक्ने काम; बोकेको ज्याला । **बोकाबोक**– ना० पालैसित एकले अर्कोलाई बोक्ने काम । **बोकाहा**– वि० अरूको मुद्दा वा झगडिया बोकेर हिँड्ने; काँधे । **बोकुवा**– वि० बोक्ने बानी भएको; बोकिने; बोक्ने ।

**बोके**– वि० [बोको+ए] १. बोकाका ढाँचाको; बोकोजस्तो । २. पुड्को; ग्याँचे । ना० ३. बोको । ४. लाम्चा पात तथा पाँचवटा लामा र घुमेका केस्रा हुने, खैरा फूल फुल्ने, लाम्चा फल फल्ने र गनाउने खालको लहरो वा त्यसैको फल । ~ **जिरा**– ना० सेतो खालको ठूलो जातको जीरा । ~ **टिमुर ⁄ टिम्मुर**– ना० बाटुला

ठूला दाना हुने एक जातको टिमुर । ~ **दाह्री**– ना० बोको जस्तो चिउँडोमन्तिर मात्रै हुने भुस्स परेको दाह्री । ~ **लहरो**– ना० एक जातको लहरोविशेष; बोके ।

**बोको**– ना० [प्रा० बोक्कड] बाख्रीको भाले; नसुमरेको पाठो; बोके ।

**बोकोर**– ना० थकाली जातिमा पाँचदेखि बाऱ्ह वर्षभित्रका केटाहरूको बिजोर वर्ष पारेर गरिने, ब्राह्मणजातिको चूडाकर्मजस्तै एक कर्म ।

**बोक्चो**– ना० [तु० बुकच] सूचीकारको सिउने मालमत्ता राख्ने थैली; सुजेरो; बुक्ची ।

**बोक्मेरो**– ना० तन्त्रमन्त्रद्वारा गरिने उच्चाटन; वशीकरण ।

**बोक्रि-नु**– अ० क्रि० [बोक्रो+इ+नु] १. गुदी फेला नपर्नु; फोस्रो हुनु । २. इच्छा गरेको चीज नपाउनु; हिस्सिनु, ठगिनु । ३. निराश हुनु ।

**बोक्रे**– वि० [बोक्रो+ए] १. गुदी वा सार नभएको; निस्सार । २. आडम्बर मात्र देखाउने; ढाँचावाल; देखौवा । ३. बोक्रा मात्र भएको; बोक्राको । ~ **धाक**– ना० देखौवा धाक; फोस्रो ढाँचा; आडम्बर । ~ **निम्तो**– ना० देखावटी रूपमा गरिएको निम्तो; देखीनिम्तो । – **पन**– ना० देखावटी चाल; देखौवापन । ~ **मिजास**– ना० हृदयैदेखि नभएर बाहिरी रूपमा मात्र गरिने मिजास; मुखको मात्र बोलचाल वा लोलोपोतो ।

**बोक्रो**– ना० [सं० वल्कल] १. बोटबिरुवाको बाहिरी तह; रूखको छाला । २. फलको गुदीभन्दा बाहिरको भाग ।

**बोक्सा-बोक्सी**– ना० [बोक्सो+बोक्सी] बोक्सो र बोक्सीको समूह ।

**बोक्सी**– ना० [बोक्सो+ई] १. बोक्सेरो जान्ने वा टुनामुना गर्ने स्त्री; डङ्किनी; डाइनी । २. दुष्टा स्त्री । ~ **काँडो**– ना० तीखो एक किसिमको काँडो । – **को सास**– ना० (रिसको बोलीमा) हुरी वा बतास । ~ **घाँस**– ना० लज्जावती झारका जस्ता मसिना पात हुने, गुलाफी सेता फूल फुल्ने, टाटे खालका फल लाग्ने एक जातको काँडे झार । ~ **बुढी**– ना० बोक्से बूढाको स्त्री-रूप । ~ **मन्त्र**– ना० बोक्सीको मन्त्र । ~ **रुख**– ना० वरिपरिका रूखहरूलाई बाधा पार्ने गरी बढेको रूख । ~ **सितारा**– ना० पत्रे ढुङ्गामा झलल्ल झल्किने सिताराजस्ता अभ्रक कणको समूह ।

**बोक्से**– वि० [बोक्सो+ए] बोक्सेरो जान्ने; बोक्साबोक्सीसम्बन्धी । ~ **बुढो**– ना० नजाती र खराब आचारविचार भएको बूढो मान्छेलाई भनिने शब्द; त्यस्तो शब्दमा गरिने गाली । ~ **भिर**– ना० ठूलो डरलाग्दो भीर; मानिस लडेर मर्ने भीर ।

**बोक्सेरो**– ना० [बोक्सो+एरो] बोक्सीको मन्त्र-प्रयोगसम्बन्धी विद्या; बोक्सीविद्या; टुनामुना वा व्यभिचारसम्बन्धी काम ।

**बोक्सो**– ना० [प्रा० बोक्कस] १. बोक्सेरो वा टुनामुना जान्ने व्यक्ति; टुन्याहा । २. सार्कीले जुत्ता सिउँदा प्रयोग गर्ने साधनविशेष ।

**बोजो**– ना०हे० बोझो ।

**बोझ**– ना० [प्रा० बोज्झ] १. बोकिएको वा बोकिने गह्रौं वस्तु; भारी; भार; बोझा । २. कार्यभार; जिम्मेदारी । – **दायी**– वि० बोझिलो; विशेष गहुङ्गो । > **बोझा**– ना० बोझ । **बोझिल**– वि० बोझिलो । **बोझिलो**– वि० बोझ भएको; गह्रौं । **बोझे**– ना० अरूको बोझ सघाउने काम; पर्म ।

**बोझो**– ना० [सं० वचा] सिमसार जमिनमा उम्रने, अदुवाका जस्ता लामा-लामा पात र घोगाका आकारका फूल हुने, गन्धवाला कन्द फल्ने, औषधीमा प्रयुक्त हुने एक झार; बोजो ।

**बोट**– ना० [सं० विटप] १. प्रायः फलफूल, अन्नपात आदिको सानोतिनो रूख; पोथ्रो; बिरुवा । २. रूख; वृक्ष । ३. मूलधन; साउँ; जिलो । ४. वंशका प्रथम पुरुष; आमाबाबु । ~ **धयँरो**– ना० अम्बाका जस्ता खस्रा कुप्रा पात हुने, खैरा खालका सेता फूल फुल्ने, काला सिलटिमुरजत्रा फल फल्ने, सरकारले रोक्का गरेका तेह्र जातमध्ये एक जातमा पर्ने, पहेँलो भावको सेतो चुरो हुने बलियो एक वृक्ष । **बोट न बिरुवा नौ मुरी तोरी** (उखान) ।

**बोटी**– ना० [सं० वण्ट] १. खेतीमा उब्जेको मोही र तल्सिङले पाउने हरेक भाग । २. भाग; खण्ड; अंश ।

**बोटे**– ना० [अङ्० बोट+ए] घाटमा डुङ्गा खियाउने व्यक्ति; माझी ।

**बोडी**१– ना० [सं० वरवटी] रङ-रङका फूल फुल्ने तरकारी जातको लहरोविशेष र त्यसै लहरामा फल्ने लामालामा कोसा वा कोसाभित्रको दलहन अन्न ।

**बोडी**२– ना० पुरानो नापतौलको प्रणालीअनुसार धार्नीको आठौँ भाग; नेपाली तौलको न्यूनतम मात्रा (२.५ पोलको मात्रा) ।

**बोतल**– ना० [अङ्० बटल] लामो खालको ठूलो सिसी । – **ची**– वि० बोतलबाज । – **बाज**– वि० रक्सीबाज; रक्स्याहा; बोतलची ।

**बोता**– ना० [सं० पोत] उँटको बच्चो ।

**बोतो**– ना० हे० बोहोतो ।

**बोद्धव्य**– वि० [सं०] बुझ्नु वा जान्नुपर्ने; ज्ञातव्य ।

**बोद्धा**– वि० [सं०] सुनेको वा पढेको कुरा बुझ्न सक्ने; जान्ने (व्यक्ति) ।

**बोध**– ना० [सं०] १. सुनेर, पढेर बुझ्ने क्षमता वा सीप; जान्ने वा बुझ्ने काम; समझ; ज्ञान; जानकारी । २. सान्त्वना; धैर्य । > **बोधक**– वि० बोध वा ज्ञान गराउने; बुझाउने; जनाउने । – **गम्य**– वि० बुझ्न सकिने वा समझमा आउने; सजिलो । **बोधन**– ना० १. बोध वा ज्ञान गराउने काम; बुझाउने काम । २. जाग्रत् गराउने काम; बिउँझाइ । **बोधनीय**– वि० बोध वा ज्ञान गराउन योग्य; बुझाउन लायक । **बोधयिता**– वि० बुझाउने; बोधक ।

**बोधात्मक**– वि० [सं०] बोध नै मूल रूपमा रहेको; बोध वा अनुभवद्वारा जानिनेबुझिने; बोधक्रियाका माध्यममा आउने । – **ता**– ना० बोधात्मक हुनाको भाव, गुण वा विशेषता ।

**बोधार्थ**– वि० [सं०] १. कुनै कामकुराको विषय वा प्रगतिको अवगतका निम्ति पाउनेबाहेक सम्बन्धित अङ्ग वा व्यक्तिलाई त्यही प्रतिमा तल जनाई छुट्टै पठाइने (पत्र) । क्रि० वि० २. जानकारीका निम्ति; सम्झौटोका रूपमा ।

**बोधि**– ना० [सं०] १. ज्ञानप्राप्तिका निम्ति तल्लीन हुने समाधिको

एक भेद । २. बोधिवृक्ष ।

**बोधित–** वि० [सं०] १. बोध गराइएको, बुझाइएको । २. बोध भएको; प्रबुद्ध ।

**बोधितव्य–** वि० [सं०] १. बोध गराउन उचित वा योग्य; बुझाउन लायक । २. बिउँझाउन योग्य वा मनासिब ।

**बोधिवृक्ष–** ना० [सं०] १. भारतको बिहार राज्यअन्तर्गत 'गया' भन्ने स्थानमा रहेको सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेका प्रसिद्ध पीपलको बोट, जुन बोटमनि गौतमले थिए भनिन्छ । २. पीपलको बोट ।

**बोधिसत्त्व–** ना० [सं०] बुद्ध बन्ने अधिकारी भइसकेको तर बुद्धत्वप्राप्ति नभएको व्यक्ति ।

**बोधो–** वि० [सं० अबोध] १. मोटो बुद्धि भएको; भनेको कुरो झट्ट नबुझ्ने । २. धार नभएको; भुत्ते (हतियार) । ३. बेछाँटको; भद्दा ।

**बोध्य–** वि० [सं०] बुझ्नुपर्ने; जान्न वा थाहा पाउन योग्य ।

**बोन–** ना० हे० पोन ।

**बोनस–** ना० [अङ्०] १. लाभांश । २. पुरस्कार; इनाम ।

**बोम्बाबारी–** ना० मुगीका जस्ता पात र आकर्षक फूल हुने, कोसामा फल्ने एक जातको बुटी ।

**बोर्–नु–** स० क्रि० [बोर+नु] १. पानी, भातभान्सा आदिको लसपसमा पार्नु; बोर्ने काम गर्नु । २. खराब कामकुरा वा कसुर हुने काममा फसाउनु; सरोबर पार्नु; मुछ्नु ।

**बोर१–** ना० [प्रा० बोड] १. पानी, भातभान्सा आदिमा निषेध मानिएर पनि भएको सम्पर्क; छूतछात; लसपस; लाटलोट । वि० २. सँभाल्न नसकिने; असम्भार ।

**बोर२–** ना० [अङ्०] अनावश्यक कामकुरा वा झोजझमेलाका कारणले हुने मानसिक छटपटी; पट्टाइ; न्यास्रोपन ।

**बोरा–** ना० [फा० बोरिया] जुटले बनेको, अनाज आदि हाल्ने ठूलो थैलो ।

**बोराइ–** ना० [√ **बोर्** (+आइ)] बोर्ने क्रिया वा प्रक्रिया । [ > ] **बोराइनु–** क० क्रि० बोर्न लाइनु । **बोराउनु–** प्रे० क्रि० बोर्ने काम गराउनु; बोर्न लाउनु । **बोराहा–** वि० भातभान्सा, पानी आदिमा लसपस गराउने; सरोबर पार्ने; बोर्ने । **बोरिनु–** क० क्रि० बोर्ने काम हुनु; छूवाछूतमा पारिनु ।

**बोरुवा–** ना० [बोरा+उवा] कागत बनाउने काममा प्रयोग गरिने एक जातको पाट; अर्घेली ।

**बोरो–** ना० [√ बोरा] बोरा ।

**बोर्ड–** ना० [अङ्०] १. सूचना, कागतपत्र आदि टाँसिने फल्याक; सूचनापाटी । २. चक वा खरीले लेखिने काठ आदिको ठूलो फल्याक; कालोपाटी । ३. कुनै विशेष कामका निम्ति गठित समिति; परिषद् । > **बोर्डर–** ना० कुनै विशेष समाचार वा महत्त्वपूर्ण उद्धृतांशलाई दिने सादा वा बुट्टेदार घेरो । वि० बोर्डिङमा बस्ने; आवासीय ।

**बोर्डिङ–** ना० [अङ्०] बस्ने र भोजन गर्ने स्थान । ~**स्कुल–** ना० आवासीय विद्यालय । ~**हाउस–** ना० छात्रावास; पाकशाला ।

**बोर्सी–** ना० [सं०+बह्नि+सि] आगो तापिने एक प्रकारको फलामे मकल; अटल । > **बोर्सो–** ना० भान्साकोठा (प० ने०) ।

**बोल्–नु–** स० क्रि० [बोल+नु] १. मुखबाट सार्थक वा बुझिने शब्द निकाल्नु; वाक्य फुट्नु । २. कुरा गर्नु; बोलचाल गर्नु । ३. वचन दिनु; भन्नु; कहनु । ४. चराचुरुङ्गी कराउनु वा बास्नु ।

**बोल–** ना० [प्रा० बोल्ल > सं० ब्रुव] १. भनिएको कुरो; बोली; वचन । २. कबुलिएको कुरो; कबुल; प्रतिज्ञा । ३. सङ्गीतको मुख्य टुक्रा वा लय । – **कबुल⁄कबोल–** ना० बोलेको वा कबुल गरेको कुरा (सर्त, दरभाउ आदि); बोल र कबुल; करार; प्रतिज्ञा ।

**बोलक्कड–** वि० [बोल्+अक्कड] धक नमानीकन वा मौकाअनुसार बोल्न सक्ने; बोल्नमा सिपालु; बोलैया ।

**बोलचाल–** ना० [बोल्+चाल्] साधारण कुराकानी; परस्परमा बोल्ने काम; बातचित ।

**बोलपत्र–** ना० [बोल+पत्र] काम गराउने संस्थालाई काम गर्न सकिने दररेट खोली ठेकदार वा सरोकारवालाले लेखेर दिने कागत ।

**बोलवाला–** ना० [बोल (द्वि०)] बोलेको कुरो पुऱ्याउन सक्ने स्थिति वा सबैलाई ऐँचने शक्ति; दबदबा; चकचकी ।

**बोलाइ–** ना० [√ **बोल्** (+आइ)] १. बोल्ने भाव, क्रिया वा प्रक्रिया । [बोलाउ+आइ] बोलाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **बोलाइनु–** क० क्रि० १. बोल्ने पारिनु । २. डाकिनु । **बोलाउनु–** स० क्रि० १. निम्तो गर्नु; डाक्नु । २. आपद् वा दुःखकष्टमा परेकालाई धैर्य र सान्त्वना दिनु; आडभरोस दिनु । प्रे० क्रि० ३. बोल्ने पार्नु; बोल्न लाउनु । **बोलाक–** वि० धेरै बोल्ने; बोल्नमा सिपालु; बोलैया । **बोलावट–** ना० १. बोलाउने काम; डाक्ने काम । २. निमन्त्रणा; निम्तो । **बोलाहट–** ना० बोलाउने वा डाक्ने काम; बोलावट ।

**बोली–** ना० [बोल्+ई] १. मुखबाट निस्केको शब्द; वाणी; वचन । २. कुनै जाति वा वर्गको मातृभाषा; भाषा । ३. लिलाम गर्ने र सकार्नेले बोलेको दाम; डाँक; बोल । ४. चराचुरुङ्गी कराएको आवाज । – **चाली–** ना० आफुसको कुराकानी; बोलचाल । – **वचन–** ना० १. बोली र वचन; बोलचाल । २. बोलचाल वा कुराकानी गर्ने तरिका ।

**बोलैया–** वि० [बोल्+ऐया] धाराप्रवाह रूपमा मीठो र तर्कसङ्गत कुरा बोल्न सक्ने; खुलेर बोल्ने; बोलक्कड ।

**बोसी–** ना० काठ चिर्नेताछ्ने काम गर्ने जाति वा व्यक्ति ।

**बोसे–** वि० [बोसो+ए] बोसोसम्बन्धी; धेरै बोसो भएको । ~**आन्द्रो–** ना० पेटमा बोसो धेरै टाँसिएर रहने एक आन्द्रो ।

**बोसो–** ना० [सं० वसा] प्राणीको शरीरभित्र रहने सेतो र चिल्लो पदार्थ; मेद । > **बोस्याइलो–** वि० धेरै बोसो भएको; चाहिँदो बोसो भएको ।

**बोहरी–** ना० [सं० बाहुबीर] १. ससाना कुनादार पात हुने, सेता फूल फुल्ने, मसिना काला दाना फल्ने, फूलको तर्कारी, अचार आदि खाइने एक जातको रूख । २. बाजका छाँटको एक

प्रकारको हिंस्रक पक्षी ।

**बोहारिक**– ना० पहिलेपहिलेका न्यायविभागको कुनै कर्मचारी ।

**बोहोतो**– ना० प्रायः सालका हरिया पात सिन्काले खुटेर गाँसिने, चार कुना परेको वा बाटुलो ठूलो दुनु; बोतो ।

**बौँडाई**– ना० घाम डुबेपछि नाच्न थाल्ने सारौँका छाँटको एक जातको चरो; बेसारे चरो ।

**बौद्ध**– वि० [सं०] १. बुद्ध वा बुद्धिसम्बन्धी; बौद्धिक । ना० २. बुद्धधर्मको अनुयायी वा त्यो धर्म मान्ने सम्प्रदाय । ३. काठमाडौँको पूर्वोत्तरमा चावहिल नजिकै रहेको एक प्रसिद्ध स्तूप । ~ **धर्म**– ना० बुद्धले चलाएको धर्म; बुद्धधर्म । ~ **धाम**– ना० १. बौद्धमार्गीहरूको तीर्थस्थल । २. दार्जीलिङमा रहेको प्रसिद्ध स्तूपको नाम । ~ **भिक्षु**– ना० बौद्ध धर्म ग्रहण गरी भिक्षुरूप धारण गरेको व्यक्ति । ~ **मत**– ना० बुद्धले चलाएको मत; बौद्ध सम्प्रदाय ।

**बौद्धिक**– वि० [सं०] १. बुद्धिबाट हुने; बुद्धिसम्बन्धी; बुद्धिको । २. बुद्धिद्वारा ग्रहण गरिन योग्य । – **ता**– ना० बौद्धिक हुनाको भाव वा अवस्था ।

**बौर-नु**– अ० क्रि० १. विचेत अवस्थाबाट चेतमा आउनु; होस फर्कनु; बिउँतनु । २. मरेमरेजस्तो भइसकेर बाँच्नु ।

**बौर**– ना० भुटेको जौ ।

**बौरा**– ना० दिउसोको खाना; दिवाभोजन ।

**बौराइ**– ना० [√ **बौर** (+आइ)] बौरने क्रिया वा प्रक्रिया । [ > ] **बौराइनु**– क० क्रि० बौरने पारिनु; बिउँताइनु । **बौराउनु**– प्रे० क्रि० बौरने पार्नु; बिउँताउनु । **बौरिनु**– अ० क्रि० बिउँतिनु ।

**बौलट्टी**– ना० [√ बहुलट्टी] बौलाहाको छाँट; पागलपन ।

**बौलाइ**– ना० [√ **बौलाउ** (+आइ)] बौलाउने क्रिया वा प्रक्रिया । [ > ] **बौलाइनु**– अ० क्रि० बौलाहा होइनु ।

**बौलाउ-नु**– अ०क्रि०हे० बहुलाउनु ।

**बौलाहा**– वि० [√ बहुला] बौलाएको; बहुला; पागल; सिल्लङ; छँटाहा । > **बौलाही**– वि० बौलाएकी; बहुलाई; छँटाही; पगली ।

**बौस्या**– ना० लोग्ने; पति ।

**ब्यहोरा**– ना०हे० बेहोरा ।

**ब्याँगे**– ना० डचाङपाटा । ~ **कमिलो**– ना० रूखका पातमा पोको परेर बस्ने, चिल्ने खालको पहेँलो कमिलो; ब्याँगे ।

**ब्याँलो**– क्रि० वि० हे० बियाँलो ।

**ब्याँसी**– ना० बेँसी ।

**ब्याइ**– ना० [ब्याउ+आइ] ब्याउने क्रिया वा प्रक्रिया; बियाइ ।

**ब्याइता**– वि० [सं० विवाहिता] बिहे गरेर भित्र्याइएकी (स्वास्नी); बिहाइता; विवाहिता । > **ब्याइते**– वि० बिहाइते; ब्याइता ।

**ब्याइनु**– अ० क्रि० [ब्याउ+इ+नु] बियाइनु ।

**ब्याउँदो**– वि० बियाउँदो ।

**ब्याउ-नु**– अ० क्रि० बियाउनु ।

**ब्याग**– ना० [अङ्०] छाला, कपडा आदिले बनेको सानो थैलो वा झोला ।

**ब्याङ/बियाङ**– ठूलो खस्रे भ्यागुतो; भ्यागुतो ।

**ब्याङ्क**– ना० [√ बैङ्क] ग्राहकलाई ब्याज दिएर रुपियाँपैसा जम्मा गर्ने, भुक्तानी वा सापटी दिने, लेनदेन, वाणिज्य आदिको आर्थिक कारोबार गर्ने सरकारी वा गैरसरकारी वित्तीय संस्था; बैङ्क; बङ्क ।

**ब्याङ्कक**– ना० थाई देशको राजधानी ।

**ब्याज१**– ना० [अङ्०] १. जागिरदारले दर्जाअनुसार लगाउने सुनचाँदीको सरकारी चिह्नविशेष । २. कुनै चित्र वा सङ्केत भएको, धातु, कपडा, कागत आदिबाट बनाइएको लुगा, कोट आदिमा लगाइने चिह्न ।

**ब्याज२**– ना० [सं० व्याज] कसैले लिएको नगदी वा जिन्सी सापटीमा मूल धनभन्दा बेसी लाग्ने कबुलअनुसारको वा निर्दिष्ट वृद्धिको नगदी अथवा जिन्सी रकम; रिनीले बुझाउने साउँबाहेकको अतिरिक्त धन वा वस्तु । > **ब्याजी/ब्याजे**– वि० ब्याज लाग्ने; ब्याज लागेको ।

**ब्याटरी/ब्याट्री**– ना० [अङ्० ब्याटरी] रासायनिक पदार्थहरूको धनात्मक र ऋणात्मक योगबाट ऊर्जा निस्की बत्ती बल्ने र इन्जिन, रेडियो आदि चल्ने मसलाविशेष ।

**ब्याड**– ना० [प्रा० बीआढ] धान, कोदो आदिको बीउ उमार्न बनाइएको जमिन वा त्यस्तो बीउ राखिएको ठाउँ; बियाड । > **ब्याडे**– ना० ब्याडको काम गर्ने व्यक्ति; बीउ काढ्ने खेतालो ।

**ब्याड्मिन्टन**– ना० [अङ्०] प्वाँखले बनेको खेलौना (कर्क)-लाई र्‍याकेटले हुत्त्याई बीचको जालीदार पर्दा नघाएर खेलिने एक खेल; प्वाँखमुङ्ग्री ।

**ब्यानर**– ना० सार्वजनिक प्रचारप्रसारका निम्ति कपडामा लेखिएको जानकारीमूलक नारा वा सूचना ।

**ब्यारिस्टर**– ना० [अङ्०] उच्च दर्जाको वकिल; बालिस्टर । > **ब्यारिस्टरी**– ना० उच्च तहको वकालत; बालिस्टरी ।

**ब्यारे**– निपा० [फा० बाह+सं० रे] निषेध वा समर्थन जनाउन लाडप्यारले प्रयोग गरिने शब्द । (उदा०– हो ब्यारे, मामाले बिहान हामीलाई पेडा दिनुभएको थियो) ।

**ब्यारेक**– ना० [अङ्० बैरेक] सैनिकहरू बस्ने सरकारी घर; सैनिक शिविर; छाउनी ।

**ब्यारोमिटर**– ना० [अङ्०] हावाको चाप नाप्ने यन्त्र; चापमापक यन्त्र ।

**ब्याली**– ना० हे० बिहाली ।

**ब्यास**– ना० [सं० व्यास] हिउँ पग्लेको बेलामा नेपाल र तिब्बतका बीच आवत-जावत गरिने दार्चुला जिल्लाको पश्चिमोत्तर लिपु लेकमा रहेको घाटी; व्यासक्षेत्र; किङ्करबेसी । > **ब्यासी**– ना० नेपालको सुदूर पश्चिमी भेकमा बस्ने एक जाति; ब्यास हिमालका काखको बासिन्दा ।

**ब्याहुली**– ना० [ब्याहुलो+ई] बेहुली; बेउली; ब्यौली । ~ **भतेर**– बेहुलीभतेर ।

**ब्याहुलो**– ना० बिहे हुने केटो; बेहुलो; बेउलो; ब्यौलो ।

**ब्यूँ**– ना० [√ बिउँ] बिउँ ।

**ब्यूँझ-नु**– अ० क्रि० [√ बिउँझनु] बिउँतनु । > **ब्यूँझाइ**– ना० ब्यूँझने क्रिया वा प्रक्रिया । **ब्यूँझाइनु**– क० क्रि० बिउँझाइनु । **ब्यूँझाउनु**– प्रे० क्रि० बिउँझाउनु । **ब्यूँझिनु**– अ० क्रि० बिउँझिनु । **ब्यूँझो**– वि० ब्यूँझेको; बिउँझो ।

**ब्यूँत-नु**– अ० क्रि० [√ बिउँतनु] बिउँतनु; बिउँझनु । > **ब्यूँताइ**– ना० ब्यूँतने क्रिया वा प्रक्रिया । **ब्यूँताइनु**– क० क्रि० बिउँताइनु । **ब्यूँताउनु**– प्रे० क्रि० बिउँताउनु । **ब्यूँतिनु**– अ० क्रि० बिउँतिनु ।

**ब्यु**– ना० [√ बिउ] बीज; बिउ । – **पाँजे**– ना० बीउपाँजे ।

**ब्युरो**– ना० [अङ्०] सङ्घसंस्था आदिको कार्यालय; विभाग ।

**ब्रह्म**– ना० [सं०] १. वेदान्तदर्शनअनुसार जगत्‌को मूल कारण मानिएको सत्, चित् र आनन्दस्वरूप तथा नित्य, निर्विकार र महान् चेतनतत्त्व । २. आत्मा; परमात्मा; ईश्वर । ३. वेद । ४. ब्रह्मा; ब्राह्मण । ५. सत्य । ६. प्रणव । ~ **कन्या**– ना० सरस्वती; ब्राह्मीबूटी । ~ **कर्म**– ना० ब्राह्मणले गर्नुपर्ने यज्ञ गर्नुगराउनु, पढ्नुपढाउनु, दान दिनु, दान लिनुजस्ता वेदविहित कर्म । – **कूर्च**– ना० १. प्रायश्चित्तका निम्ति गरिने एक व्रत । २. पञ्चगव्य । ~ **ग्रन्थि**– ना० जनैमा बनाइने दोहरो शिखाविशेष । – **घातक**/**घाती**– वि० ब्राह्मणको हत्या गर्ने । – **चर्य**– ना० स्त्रीसमागमबाट अलग रही वेदादिको अध्ययन गरिने, ब्राह्मण आदिको कर्म वा व्रत; आर्यहरूका चार आश्रममध्ये पहिलो आश्रम । – **चर्याश्रम**– ना० ब्रह्मचर्यमा रहेर वेदादिको अध्ययन गरिने एक आश्रम; अविवाहित छात्र-जीवन । – **चारिणी**– ना० १. ब्रह्मचर्यमा रहेकी अध्ययनरत स्त्री । २. नवदुर्गामध्ये दोस्री भगवती; पार्वती । – **चारी**– ना० ब्रह्मचर्यव्रत पालन गर्ने तथा ब्रह्मचर्याश्रममा रहेको व्यक्ति । – **ज्ञ**– वि० ब्रह्मज्ञानी । ~ **ज्ञान**– ना० ब्रह्मसम्बन्धी वा पारमार्थिक तत्त्वको ज्ञान । ~ **ज्ञानी**– वि० ब्रह्मलाई चिनेको; परमार्थतत्त्व बुझेको वा जानेको । – **ण्य**– वि० १. ब्रह्म वा ब्राह्मणमा श्रद्धा राख्ने; वेदाध्ययन वा ईश्वरमा रत । २. ब्रह्मसम्बन्धी; ब्राह्मणको योग्य । ~ **तत्त्व**– ना० ब्रह्म नै सत्य हो र यो विश्व ब्रह्ममा नै आश्रित छ भन्ने कुरो; ब्रह्म वा परब्रह्मसम्बन्धी वास्तविक तथ्य । ~ **तेज**– ना० ब्रह्मचर्य वा ब्रह्मज्ञानबाट प्राप्त हुने विलक्षण दीप्ति; ब्रह्म वा ब्राह्मणको तेज । – **त्व**– ना० ब्रह्ममा रहने वा चाहिने शक्ति र गुण । – **द्रोही**– वि० ब्राह्मणको खोइरो खन्ने; ईश्वरको द्रोह गर्ने । ~ **नगर**– ना० पुराणमा वर्णित एक सहर । – **नाल**– ना० १. पशुपतिनाथको मन्दिरमा चढाइएको जल बाग्मती नदीमा निस्कने ठाउँ । २. शिवजीलाई अर्पण गरेको जल बग्ने नाला । ३. जीवनको अन्तिम घडीमा पुगेको व्यक्ति वा शवलाई हिन्दू परम्पराअनुसार शिवमन्दिर नजिकको नदी वा जलाशयको तटमा मन्दिरतर्फ सिरानी र जलमा खुट्टा पर्ने गरी सुताउने ठाउँ । ~ **निर्वाण**– ना० ब्रह्ममा लय हुने स्थिति; मोक्ष । – **निष्ठ**– वि० ईश्वर-चिन्तनमा लागेको; ब्रह्मज्ञानी । – **पद**– ना० १. ब्रह्मत्व; मुक्ति । २. ब्राह्मणत्व । ~ **पुत्र**– ना० १. ब्रह्माका मनको सङ्कल्पबाट पैदा भएका मानिने नारद, वसिष्ठ, मरीचि आदि ऋषि । २. मानसरोवरबाट निस्केर भारतको आसाम प्रदेश भई गङ्गाजीमा मिल्ने एक नदी । ३. पाँचखण्डे पात हुने, लामो भेट्नामा राता फूल फुल्ने र काला जरा हुने, हिमालमा पाइने बुटीविशेष । ~ **पुराण**– ना० अठार महापुराणमध्ये एक । – **पुरी**– ना० १. ब्रह्मलोक । २. ब्राह्मणको बस्ती । ~ **बल**– ना० तप आदिबाट मिल्ने शक्ति । ~ **बिन्दु**– ना० वेदपाठ वा मन्त्रोच्चारण गर्दा मुखबाट निस्कने थुकको थोपो । ~ **यज्ञ**– ना० वेदवेदाङ्गको अध्ययन-अध्यापन; पञ्च महायज्ञमध्ये एक यज्ञ । – **याग**– ना० ब्रह्मयज्ञ । ~ **योग**– ना० ब्रह्मको साक्षात्कारका निम्ति गरिने योग वा समाधि । – **रन्ध्र**– ना० निधारभन्दा माथि शिखाभन्दा तलको कोमल स्थान; तालुको प्वाल वा छिद्र । ~ **सूत्र**– ना० १. जनै; यज्ञोपवित । २. व्याससमुनिद्वारा रचित एक प्रसिद्ध दर्शन-ग्रन्थ ।

**ब्रह्मर्षि**– ना० [सं०] १. वसिष्ठ आदि मन्त्रद्रष्टा ऋषि । २. ब्राह्मण ऋषि । ~ **देश**– ना० मनुस्मृतिका अनुसार आफ्नो अन्तर्गत कुरुक्षेत्र, मत्स्य, पाञ्चाल तथा शूरसेन देश रहेको एक प्राचीन भूभाग ।

**ब्रह्मलोक**– ना० [सं०] ब्रह्मा रहने स्थान; ब्रह्माको लोक ।

**ब्रह्मवाद**– ना० [सं०] १. जगत्‌को सृष्टि ब्रह्मबाट भएर ब्रह्ममा नै लय हुन्छ भन्ने सिद्धान्त वा तर्क; अद्वैतवाद । २. वेदको पठनपाठन । > **ब्रह्मवादी**– वि० १. ब्रह्मवादको अनुयायी । २. वेदको पठनपाठन गर्ने; वेदान्ती ।

**ब्रह्मविद्**– वि० [सं०] ब्रह्मको ज्ञाता; ब्रह्मज्ञानी ।

**ब्रह्म विद्या**– ना० [सं०] ब्रह्मको ज्ञान गराउने विद्या; अध्यात्मविद्या (गीता, उपनिषद् आदि) ।

**ब्रह्मवेत्ता**– वि० [सं०] ब्रह्मज्ञान भएको; ब्रह्मज्ञानी; ब्रह्मविद् ।

**ब्रह्म समाज**– ना० [सं०] १. धार्मिक सुधारको उद्देश्य लिई बङ्गालका राजा राममोहन रायले चलाएको एक आधुनिक सम्प्रदाय । २. ब्राह्मणको समाज । > **ब्रह्म समाजी**– वि० १. ब्रह्मसमाजसम्बन्धी । २. ब्रह्मसमाजको अनुयायी ।

**ब्रह्मस्व**– ना० [सं०] १. ब्राह्मणको धनसम्पत्ति । २. ब्राह्मणको अंश वा भाग ।

**ब्रह्म हत्या**– ना० [सं०] ब्राह्मणको हत्या वा वध; ब्राह्मणलाई मार्नुको पाप वा अपराध ।

**ब्रह्मा**– ना० [सं०] १. पुराणअनुसार ब्रह्मका तीन सगुण रूपमध्ये संसारको सृष्टि गर्ने भनी मानिएको मुख्य रूप; ब्रह्मा, विष्णु, महेश्वर त्रिदेवमध्ये एक; सृष्टिकर्ता मुख्य देवता; प्रजापति । २. यज्ञका मुख्य होता; प्रधान पुरोहित । > **ब्रह्माक्षर**– ना० ॐकार; प्रणव । **ब्रह्माणी**– १. ब्रह्माकी शक्ति । २. ब्रह्माकी पत्नी । ३. सरस्वती । ४. देवीको एउटा नाम ।

**ब्रह्माण्ड**– ना० [सं०] १. पृथ्वी, अन्तरिक्ष, ग्रहनक्षत्र आदिले युक्त वा अनन्त लोक र भुवनहरू भएको विश्व; संसार । २. खप्पर; खोपडी । ~ **पुराण**– अठार पुराणमध्ये एक । > **ब्रह्माण्डीय**– वि० ब्रह्माण्डमा हुने वा त्यससँग सम्बन्ध राख्ने ।

**ब्रह्मानन्द–** ना० [सं०] ब्रह्मज्ञानद्वारा प्राप्त हुने अलौकिक आनन्द वा तृप्ति; ब्रह्मस्वरूपका अनुभवको आनन्द ।

**ब्रह्मावर्त–** ना० [सं०] सरस्वती र दृषद्वती नदीका बीचमा रहेको क्षेत्र; प्राचीनकालको आर्यबस्ती ।

**ब्रह्मासन–** ना० [सं०] ब्रह्मको चिन्तन गर्नका निम्ति स्थिर बसेर ध्यानमग्न भई गरिने एक प्रकारको आसन ।

**ब्रा–** ना० [अङ्०] स्तन झोलिन नदिई कसिलो पारेर ढाक्ने चोलीजस्तो, पछाडि फित्ताले बाँधिने साधन; ब्रेसियर; कञ्चुकी ।

**ब्रान्डी–** ना० [अङ्०] अङ्गुर आदि फलबाट तयार पारिने एक किसिमको कडा रक्सी ।

**ब्राह्म–** वि० [सं०]१. ब्रह्मसम्बन्धी । २. ब्रह्मा वा ब्राह्मणसम्बन्धी । ३. वैदिक । ना० ४. आठ प्रकारका विवाहविधिमध्ये एक ।

**ब्राह्मण–** ना० [सं०]१. आर्यजातिको सामाजिक विभाजनअनुसार चार वर्ण वा जातिमध्ये प्रथम श्रेणीको मानिने समाज । २. त्यस समाज वा वर्णको मानिस; विप्र; बाहुन । ३. वेदको मन्त्र र संहितादेखि भिन्न भाग । ४. ब्रह्मज्ञान भएको वा वेद जान्ने व्यक्ति । – **त्व–** ना० ब्राह्मणमा रहने गुण; ब्रह्मत्व । ~ **देवता–** ना० अग्नि र बृहस्पति । – **ब्रुव–** ना० ब्रह्मकर्म र संस्काररहित ब्राह्मण; नाममात्रको बाहुन । ~ **भोजन–** ना० धर्मकर्मका निम्ति ब्राह्मणहरूलाई गराइने भोजन । > **ब्राह्मणी–** ना० ब्राह्मण जातकी स्त्री; बाहुनी ।

**ब्राह्म मुहूर्त–** ना० [सं०] सूर्योदय हुनुभन्दा दुई घडीअघिको शुभ तथा पवित्र मानिने समय; झिसमिसे बेला; उषाकाल; प्रातःकाल ।

**ब्राह्म विवाह–** ना० [सं०] धर्मशास्त्रमा वर्णित आठ प्रकारका विवाहमध्ये समान जाति र भिन्न गोत्रका बीचमा वरलाई घरमा बोलाएर वैदिक विधिअनुसार वस्त्र, आभूषणसहित कन्यादान दिइने एक विवाह पद्धति ।

**ब्राह्मी–** ना० [सं०]१. ब्रह्माकी शक्ति (सरस्वती, दुर्गा आदि) । २. 'ललितविस्तर'का अनुसार जन्मदाता ब्रह्मा मानिएका, आठौँ शताब्दीभन्दा पहिलेदेखि प्रचलित तथा देवनागरी लिपिको उत्पादक एक प्राचीन लिपि ।

**ब्रिगेड–** ना० [अङ्०] सेनाको एक विभाग वा दल; वाहिनी । > **ब्रिगेडियर–** वि० ब्रिगेड वा वाहिनीसम्बन्धी (जनरल आदि) ।

**ब्रिज–** ना० [अङ्०] तासको एक प्रकारको खेल ।

**ब्रिटिस–** वि० [अङ्० ब्रिटिस] ब्रिटेनसम्बन्धी; ब्रिटेनको; अङ्ग्रेजी ।

**ब्रिटेन–** ना० [अङ्०] बेलायत; बेलाइत ।

**ब्रुअरी–** ना० [अङ्०] रम तथा बियरको उत्पादनशाला ।

**ब्रेक–** ना० [अङ्०] मोटर, रेल, साइकल आदि सवारी वा कुनै यन्त्रको गति बन्द गर्ने अवयव । > **ब्रेकर–** वि० १. ब्रेक लगाउने; रोक्ने (व्यक्ति वा साधन) । २. नियन्त्रण गर्ने ।

**ब्रेल–** ना० [अङ्०] लुइस ब्रेल नामका व्यक्तिले आविष्कार गरेको, छोएर पढ्न र लेख्न जान्ने व्यवस्था भएको अन्धाहरूको वर्णमाला ।

**ब्रेसियर–** ना० [अङ्०] स्तनकस चोली; ब्रा; कञ्चुकी ।

**ब्रोकेट–** ना० [अङ्०] झरझर गर्ने बुट्टा भएको र साजसज्जाका निम्ति प्रयोग गरिने एक प्रकारको कपडा ।

**ब्लक–** ना० [अङ्०] १. चित्र, अक्षर आदि छाप्ने काठ, रबर, जस्ता; तामा आदिको साँचो; छपाइ-साँचो । २. कुनै क्षेत्रको निर्धारित भाग ।

**ब्लटिङ–** ना० [अङ्०] लेख्ता कलमले छादेको वा बढी भएको मसी सोस्ने एक प्रकारको खस्रो कागत; सोस्ता; शोषणी । – **पेपर–** ना० ब्लटिङ; सोस्ता; सोख्ता ।

**ब्लड बैंक–** ना० [अङ्०] रक्त सञ्चयभण्डार ।

**ब्लाउज–** ना० [अङ्०] घाँटीको अगाडिपछाडि दुवैतिर बढी खोलिएको र आधा बाहुला हुने, टाँक लगाइने चोलो ।

**ब्लेड–** ना० [अङ्०] छुरा, कैँची आदि हतियारको धार । २. कपाल, रौँ, दाह्री खौरने पत्ती ।

**ब्ल्याक–** वि० [अङ्०] कालो; अँध्यारो; मैलो । ~ **बोर्ड–** ना० कालोपाटी । ~ **मार्केट–** ना० गुप्त रूपमा वा अवैध किसिमले बढी मूल्य लिएर माल बिक्री गर्ने बजार; चोरबजार; कालोबजार ।

**ब्ल्याङ्क फायर–** ना० [अङ्०] भीडभाड वा आतङ्क हटाउनका निम्ति हावामा चलाइने गोली; हवाईफायर ।

**ब्वाँसो–** ना० [सं० वृक] १. पशुहरूलाई गुदद्वारबाट हात हालेर आन्द्रा झिकी मार्ने एक हिंस्रक पशु; जङ्गली कुकुर । वि० २. चिप्ला कुरा गरी अरूको बिगार गर्ने; कुरा धुत्नमा बित्पाते; धूर्त (मानिस) ।

**ब्वायलर–** ना० [अङ्०] मासु खाइने विकासे कुखुराको एक जात ।

# भ

**भ**– देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये चौबीसौँ वर्ण, ओष्ठ्य, स्पर्शी, सघोष, महाप्राण व्यञ्जन ध्वनि; पवर्गको चौथो अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; भकारी भ ।

**भँगडची**– वि० [भाङ+ची] भाङको अम्मली; भाङ खाने लत बसेको; भाङको नशामा भुल्ने; भँग्याहा ।

**भँगडी**– ना० [भाङ+अडी] भाङ खाने; भँगडची; भङडी ।

**भँगालि-नु**– अ० क्रि० [भँगालो+इ+नु] खोलो, खोल्सो आदिले आफ्नो बाटो छाडी केही भाग फुटेर वा छरिएर यताउति लाग्नु; भँगालो भएर बग्नु ।

**भँगालो**– ना० [सं० भङ्ग+आलो = भङ्गालो] १. मूल नदी वा खोलाबाट फाटेर दायाँ-बायाँ हानिँदै बगेको सानो खोलो; गहिरिएको खोल्सो; भङालो । २. बर्खाको पानीले गहिरो पारेको ठाउँ; खेत-बारीमा पानीले खोलेको भाग; भङ्दालो ।

**भँगेरी**– ना० [भँगेरो+ई] भँगेराको पोथी । ~**खुट्टे**– ना० १. भँगेराका खुट्टाजस्तै काँडा हुने एक प्रकारको लहरो । वि० २. भँगेराका जस्तै मसिना खुट्टा हुने (मानिस) ।

**भँगेरे**– ना० [भँगेरो+ए] खैरो रङको दाना हुने एक खालको धान वा सो धानको चामल ।

**भँगेरो**– ना० खैरो रङको, कोटेरो वा फिस्टोजत्रै सानो एक जातको चरो ।

**भँग्याहा**– वि० [भाङ+याहा] भाङ खाने लत बसेको; भँगडची; भँगडी ।

**भँचाइ**– ना० [√ **भाँच्** (+आइ)] भाँच्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भँचाइनु**– क० क्रि० भाँच्न लाइनु; भाँच्ने पारिनु । **भँचाउनु**– प्रे० क्रि० भाँच्न लाउनु; भाँच्ने पार्नु ।

**भँडाइ**– ना० [√ **भाँड्** (+आइ)] भाँड्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भँडाइनु**– क० क्रि० भाँड्न लाइनु । **भँडाउनु**– प्रे० क्रि० भाँड्न लाउनु; बिथोलाउनु ।

**भँडार**– ना० [सं० भाण्डार] मालसामान राखनधरन गर्ने कोठो; भण्डार; ढुकुटी । – **खाल**– ना० १. राजामहाराजाहरूले भोजभतेर गर्ने विशेष ठाउँ वा उपवन । २. हनुमान्ढोका दरबारभित्रका आँगनमा रहेको प्रसिद्ध ठाउँ । – **खाल ~ ढुकुटी**– ना० भण्डारखालमा रहेको नेपालको ऐतिहासिक भण्डार वा कोष । – **खाल पर्व**– ना० राणा प्रधानमन्त्री जङ्गबहादुरलाई हनुमान्ढोका दरबारभित्रको भँडारखालमा भोजको निम्तो दिई उनको हत्या गर्ने योजना भएको, इतिहासप्रसिद्ध एक षड्यन्त्रपूर्ण घटना । > **भँडारिया**– ना० भँडारे ।

**भँडारी**– ना० [√ भण्डारी] १. भँडारको हर्ताकर्ता; भण्डारी । २. नेपालीको एउटा थर । स्त्री० भँडार्नी ।

**भँडारे**– ना० [भँडार+ए] भँडारको अधिपति । (उ०– **राजाको धन जान्छ, भँडारेको पेट पुट्छ**) ।

**भँडालो ⁄ भँडाल्नु**– ना० [सं० भ्रूणनाल] भ्रूण रहने स्थान; पाठेघर; गर्भाशय; बच्चादानी ।

**भँडाहा**– वि० [भाड्+आहा] भाँड्ने काम गर्ने; बिथोलाहा ।

**भँडिनी**– ना० [भाँड्+इनी] १. भाँड-जातिकी स्त्री; भाँडकी स्वास्नी; भँडेनी । २. भाँडिएकी वा भ्रष्ट स्त्री । वि० ३. कामकुरोमा भाँडभैलो गर्ने (स्त्री) ।

**भँडुवा**– वि० [भाँड्+उवा] १. भइरहेको कामकुरो बिथोल्ने वा बिगार्ने; भाँडभैलो मचाउने; भाँड । २. अश्लील वा अशिष्ट व्यवहार गर्ने; फोहोरी कुरा बोल्ने । ना० ३. भाँडको पेसा लिने व्यक्ति ।

**भँडेनी**– ना० ⁄ वि० हे० भँडिनी ।

**भँडेरो**– ना० [भाँड+एरो] खेतीवालहरूले मुख्य बाली भित्र्याउँदा भाँडहरूका लागि छुट्ट्याइएको भाग; भाँडहरूले पाउने अन्नको भाग ।

**भँड्खारो ⁄ भँड्खालो**– ना० [भ्वाङ+खालो] गहिरिएको ठाउँ; भड्खारो ।

**भँवरो**– ना० [सं० भ्रमर] भमरो ।

**भइ टोपल्नु**– अ० क्रि० [हु+इ+टोपल्नु] करबलले वा देखाउनका निम्ति मात्र भएजस्तै हुनु; भइदिन खोज्नु ।

**भइनु**– अ० क्रि० [हु+इ+नु] होइनु ।

**भइपरि आउने**– वि० [भई+परी+आउने] आकस्मिक रूपमा वा कारणवश हुने; कुनै विशेष अवस्थाका लागि चाहिने वा गर्नुपर्ने (बजेट, खर्च, बिदा इ०) ।

**भकभक**– ना० [अ० मू० भक्+अ (द्वि०)] १. बोल्दा बीचबीचमा अड्किने तथा शब्द दोहोरिने एक आदत वा रोग । क्रि० वि० २. बेसरी उम्लेर बाफ निस्कने गरी । ३. खन्दा ठूलठूला चपरा पल्टाएर । > **भकभकती**– क्रि० वि० १. खूबसित पाक्ने गरी; भकभक । २. खन्दा ठूलाठूला चपरा झिक्ने गरी । **भकभकाइ**– ना० भकभकाएर बोल्ने भाव वा क्रियाप्रक्रिया । **भकभकाइनु**– अ० क्रि० भकभक गरी बोल्ने होइनु । **भकभकाउनु**– अ० क्रि० बीचबीचमा अड्केर तथा ध्वनि दोहोऱ्याएर आवाज निकाल्नु; भकभक गर्नु । **भकभकिनु**– अ० क्रि० बोल्दा भकभक होइनु; भकभकाइनु । **भकभकी**– क्रि० वि० १. खूबसित उम्लेर पाक्ने गरी; भकभक । २. ठूलठूला चपरा झिकेर धमाधम खन्ने चालसँग । **भकभक्याइ**– ना० भकभकिने भाव, क्रिया वा प्रक्रिया । **भकभक्याहट**– ना० भकभक्याइ ।

**भकाइ–** ना० [√ **भाक्** (+आइ] १. भाक्ने क्रिया वा प्रक्रिया । [भकाउ+आइ] २. भकाउने क्रिया वा प्रक्रिया । [ > ] **भकाइनु–** क० क्रि० भाक्न लाइनु । **भकाउनु–** स० क्रि० १. अचानक सत्य कुरा मुखबाट निस्कनु । प्रे० क्रि० २. किरिया खान लाउनु; शपथ गराउनु ।

**भकानु/भकानो–** ना० [सं० भग्न] १. माटो आदिको ठूलो डल्लो वा चपरी । २. दुःख वा शोकका वेगले छातीमा परेको गाँठो ।

**भकाभक–** क्रि० वि० कुनै काम नरोकिई हुने गरी; सुरुसुरु; खुरुखुरु ।

**भकार–** ना० [भ+कार] पवर्गको चौथो वर्ण; 'भ' अक्षर ।

**भकारी–** ना० [प्रा० वक्खार] १. बाँस, निगालो आदिका चोयाले मान्द्रोजस्तो पारेर बुनेको अन्न राख्ने ठूलो भाँडो । २. त्यसरी बुनेको चित्रो । वि ३. ठूलो जीउ हुने; भद्दा शरीर भएको (व्यक्ति) । ना० ४. नदीको किनाराका घाटमा बनेको गोलाकार चौतारो ।

**भकारो–** ना० गाई, भैँसी आदि पशुहरूको मल; गोबरको थाप्रो ।

**भकी अमिलो–** ना० कथ्य० भकिम्लो । एकै भेट्नामा चारपाँचवटा पात लाग्ने, छदेखि आठजोरसम्म दाँतीका कुना हुने, सेतो-सेतो पहेँल्च्या रङका झुप्पादार मसिना फूल फुल्ने, गहतका जस्ता राता मसिना दाना फल्ने, असोजतिर देखिने तथा त्यसबाट अमिलो बनाइने, महाभारत र चुरेसम्मका पहाडमा हुने एक जातको रूख; सोही रूखको अमिलो फल ।

**भकुन्डिनु–** अ० क्रि० [भकुन्डो+इ+नु] भकुन्डोझैँ गुड्नु; लडीबुडी गर्नु ।

**भकुन्डे–** वि० [भकुन्डो+ए] १. भकुन्डोजस्तो बाटुलो परेको; गोलो । ~ **भाइ–** २. फर्सी (फूलमती दिदी भकुन्डे भाइ)।

**भकुन्डो–** ना० [सं० कन्दुक] १. हुत्त्याएर वा गुडाएर खेलिने रबरले मोरिएको गोलो साधन; बल । वि० २. पुड्को र डल्लो जीउ भएको ।

**भकुन्डयाइ–** ना० [√ **भकुन्डि** (+याइ)] भुकुन्डिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भुकुन्डयाइनु–** क० क्रि० भुकुन्डोझैँ गुडाइनु । **भकुन्डयाउनु–** स० क्रि० १. भकुन्डोझैँ गुडाउनु । २. लात्तीले हानेर यताउति गुडाउनु; लत्त्याउनु ।

**भकुर्-नु–** स० क्रि० १. खूबसित खानु; बेसरी खानु; घिच्नु । २. बेसरी पिट्नु; गोद्नु । > **भकुराइ–** ना० भकुर्ने भाव, क्रिया वा प्रक्रिया । **भकुराइनु–** क० क्रि० भकुर्न लाइनु । **भकुराउनु–** प्रे० क्रि० भकुर्न लाउनु । **भकुरिनु–** क० क्रि० बेसरी पिटिनु ।

**भकुल्ले–** वि० [भकुल्लो+ए] मोटोघाटो शरीरको; भुक्लुक्क परेको; थामरथुमर ।

**भकुल्लो–** वि० [अ० मू० भक्क+उल्लो] शरीर भुक्लुक्क देखिने किसिमको; मोटोघाटो वा थामरथुमर ।

**भक्क–** क्रि० वि० [अ० मू० भक्+क] १. दूध, पानी आदि उम्लिने गरी । २. फुल्ने वा सुन्निने किसिमले ।

**भक्कानि-नु–** अ० क्रि० [भक्कानो+इ+नु] १. भक्कानो छुट्नु; मनमा गाँठो पर्नु । २. अप्रत्याशित घटनाले पिरोलिनु ।

**भक्कानु/भक्कानो–** ना० १. माटो आदिको ठूलो डल्लो वा चपरी । २. ठूलो गानु । ३. ज्यादै हर्ष वा ठूलो दुःख हुँदा बोली नफुट्ने गरी मुटु वा छातीमा रोकिएको गाँठो; उँभर्को; उमर्को ।

**भक्कार–** वि० [भक्का+आर] बडेमान; बडोमा (गोरु, राँगो इ०) ।

**भक्कासे–** वि० [भक्क+आसे] बेछाँटको ठूलो; भद्दा ।

**भक्कु१–** ना० १. भाद्रशुक्ल पक्षमा राँगो बलि दिइन भैरवी नाचमा नाच्ने गण । २. धेरै; थुप्रै (उदा०– आज उसले भक्कु खायो ।) **– मारी–** ना० केटाकेटीले खेल्ने एक प्रकारको खेल । **– चुर–** ना० निर्घात, भक्कुमार ।

**भक्कु२–** वि० [√ भकुल्लो] १. भुक्लुक्क परेको; मोटोघाटो र मूर्ख; बोधो; नासमझ । २. डल्ले ।

**भक्कोटे–** वि०बो० आफ्नो चङ्गाले विपक्षीको चङ्गा काट्ता खुसीमा भनिने शब्द; भचेट ।

**भक्खर–** क्रि० वि० केही बेर मात्र पहिले; भर्खर; अहिले । **– को–** वि० १. थोरै बेर मात्र भएको; ताजा । २. जवानी चढेको; उमेरदार । स्त्री० भक्खरकी ।

**भक्त–** वि० [सं०] १. श्रद्धासाथ ईश्वर वा देवताको भक्ति गर्ने; भक्तालु । २. पूज्य वा ठूला व्यक्तिमा श्रद्धा राख्ने । २. धार्मिक कार्यमा आस्था भएको; श्रद्धालु । ३. भाग वा अंश लगाइएको; विभक्त । ना० ४. सेवक; उपासक । ५. भात; भोजन ।

**भक्तपुर–** ना० [सं०] काठमाडौँदेखि तीन कोस पूर्वमा रहेको प्रसिद्ध नगर; उपत्यकाका प्रसिद्ध तीन सहरमध्ये एक; भादगाउँको वर्तमान नाम । > **भक्तपुरे–** वि० १. भक्तपुरसम्बन्धी; भक्तपुरको । २. भक्तपुरको बासिन्दा ।

**भक्तवत्सल–** वि० [सं०] आफ्ना श्रद्धालु भक्तहरूप्रति दया गर्ने ।

**भक्तालु–** वि० [सं०] भक्तिभावनामा लागेको; श्रद्धालु; भक्त ।

**भक्ति–** ना० [सं०] १. ईश्वर वा देवी-देवताप्रति हुने निष्ठा, आस्था वा पूजाको भावना । २. पूज्य वा मान्यजनप्रति हुने आदरभाव वा श्रद्धा । ३. चाकरी; सेवा; टहल ४. विश्वास; आस्था । ५. साहित्यमा भक्तिमार्गी विद्वान्हरूले मान्ने भक्ति स्थायी भाव हुने एक रागप्रधान रस । ~ **थापा–** ना० वि० सं० १८७२-७३ मा मलाउँमा भएको नेपाल र अङ्ग्रेजको युद्धमा अङ्ग्रेजहरूसँग वीरतापूर्वक लड्दालड्दै वीरगति प्राप्त गर्ने एक प्रसिद्ध गोरखाली सरदार ।

**भक्तिनी–** ना० [भक्त+इनी] भक्तिभावना भएकी स्त्री; भक्त स्त्री; भक्तेनी ।

**भक्तिमान्–** वि० [सं०] भक्तिभावनाले भरिएको; भक्तालु; भक्त ।

**भक्ति मार्ग–** ना० [सं०] ईश्वर वा देवदेवीको भक्ति गरेर मुक्ति प्राप्त गरिने एक उपाय; गीतामा वर्णित ज्ञानमार्ग, कर्ममार्ग र भक्तिमार्गमध्ये एक ।

**भक्तिमालो–** ना० [भक्ति+माला] राई-लिम्बूहरूमा प्रचलित, कात्तिक पूर्णिमादेखि औँसीसम्म पन्ध दिन तिहारका रूपमा मनाइने

चाडमा गाउँका बूढापाकाहरूले फूल-अक्षता लिएर दियो बाली गाउने लोकगीत ।

**भक्तेनी–** ना० [भक्त+एनी] भक्तिनी ।

**भक्याइ–** ना० [√ **भक्याउ** (+आइ)] भक्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भक्याइनु–** क० क्रि० ठूलठूला भकाना उप्कने गरी खनिनु ।

**भक्याउनु–** स० क्रि० [भकानो+याउ+नु] ठूलठूला भकाना उप्कने गरी खन्नु; ठेला वा चपरी उप्काउनु ।

**भक्रन–** वि० [अ० मू० भक्+रण = शब्द गर्नु] १. महामारी जरो आदि रोगले ग्रस्त भई पसारिएको; थला परेको । ना० २. उठ्नै नसक्ने गरी थलिएको रोगी; ऐया-आत्था गरेर कराउने मधौरु । क्रि० वि० ३. उठ्नै नसक्ने किसिमले बिरामी परी; बेसरी थलिएर । > **भक्रन्त–** वि०/ना०/क्रि० वि० भक्रन ।

**भक्राङ–** ना० [भक्रन+आङ] छिटो ढिकी कुट्ता निस्कने शब्द । **– च्याङ–** ना० छिटछिटो र फुर्तीसाथ ढिकी कुट्ताको शब्द; ढिकीच्याउँ ।

**भक्रान/भक्रान्त–** वि०/ना०/क्रि० वि० [√ भक्रन/भक्रन्त] हे० भक्रन; भक्रन्त ।

**भक्षक–** वि० [सं०] १. भोजन गर्ने; खाने । २. नाश पार्ने; विध्वंसक ।

**भक्षण–** ना० [सं०] खाने काम; भोजन ।

**भक्षी–** वि० [सं०] १. खाने वा भोजन गर्ने; भक्षक । २. खाने वा नाश गर्ने अर्थमा शब्दका पछिल्तिर गाँसिने प्रत्ययधर्मी उत्तरपद (मांसभक्षी, शाकभक्षी इ०) ।

**भक्ष्य–** ना० [सं०] १. खाइने वस्तु; खाद्य पदार्थ । वि० १. खान योग्य; खाइने; भोज्य । > **भक्ष्याभक्ष्य–** वि० खान हुने र नहुने; भक्ष्य र अभक्ष्य; भच्छेअभच्छे ।

**भक्सवाइगन–** ना० [अङ्०] लाम्चो आकारको चारपाँच जना अटाउने गाडी वा कार ।

**भग–** ना० [सं०] १. सुखसुविधाका साधन; सम्पत्ति; ऐश्वर्य । २. सौभाग्य । ३. प्रसिद्धि; कीर्ति । ४. धर्म; पुण्य । ५. विवेक; ज्ञान । ६. शक्ति । ७. जीवन र जगत्प्रतिको वितृष्णा; वैराग्य । ८. स्त्रीको मूत्रद्वार; जननेन्द्रिय; योनि । ९. बाह्र आदित्यमध्ये एक; सूर्य । १०. वेदमा उल्लेख भएका एक देवता ।

**भगण–** ना० [सं०] पिङ्गलशास्त्रका अनुसार पहिले गुरु र पछि दुई लघु हुने एक गण (ऽ ॥); गुरु, लघु र लघु हुने त्र्यक्षरी समुदाय (जस्तै– मानस, कोमल, बालक इ०) ।

**भगत–** ना० [सं० भक्त] भक्तजन; भक्त ।

**भगता–** ना० [था०] थारूजातिमा प्रसिद्ध झारफुक गर्ने व्यक्ति; थारूको धामीझाँक्री ।

**भगनासिका–** ना० [सं०] भगाङ्कुर; टिसी ।

**भगन्दर–** ना० [सं०] गुदद्वारबीचमा आउने एक खटिरो ।

**भगवती–** ना० [सं०] १. आदिशक्ति; दुर्गा; देवी; महामाया । २. मान्य नारी; श्रद्धेय स्त्री । वि० ३. ऐश्वर्यशालिनी; सम्पन्न (स्त्री) ।

**भगवद् गीता–** ना० [सं०] १. कुरुक्षेत्रका रणमैदानमा कृष्णले अर्जुनलाई दिएको ज्ञान । २. महाभारतभित्र ब्रह्मविद्या र योगशास्त्रका रूपमा चर्चित, अठार अध्याय भएको प्रसिद्ध पुस्तक ।

**भगवान्–** ना० [सं०] १. ऐश्वर्य, सौभाग्य, यश, धर्म, ज्ञान र विरागजस्ता छवटा तत्त्वले पूर्ण भएको अलौकिक पुरुष; ईश्वर; परमात्मा । २. विष्णु । ३. शिव । ४. बुद्ध । वि० ५. ऐश्वर्ययुक्त; शक्तिसम्पन्न । ६. पूज्य; मान्य ।

**भगाङ्कुर–** ना० [सं०] स्त्रीयोनिको बीचमा पलाएको कामोत्तेजक मासुको टुसो; भगनासिका; योनिगुटिका; टिसी । २. अल्काई; अर्श रोग ।

**भगाल्टो–** ना० भाङको डाँठ ।

**भगिनी–** ना० [सं०] १. दिदी वा बहिनी । २. भाग्यवती स्त्री ।

**भगीरथ–** ना० [सं०] सगरपुत्रहरूको उद्धारका लागि कठिन तपस्या गरी स्वर्गबाट पृथ्वीमा गङ्गा ल्याउने एक प्रसिद्ध सूर्यवंशी राजा; सगर राजाका पनाति । ~ **प्रयास–** ना० राजा भगीरथले आफ्ना पुर्खाहरूको उद्धारका लागि स्वर्गबाट गङ्गा ल्याउन गरेको जस्तो ठूलो र कठिन प्रयास; असाधारण प्रयास; भारी प्रयत्न; ज्यादै ठूलो मेहनत ।

**भगुवा–** वि० [भाग्+उवा] १. भागेको वा भाग्ने; पलायित । २. कातर; डरपोक; लाछी । स्त्री० भगुवी ।

**भगोष्ठ–** ना० [सं०] योनिका दुईतिरका डिल ।

**भगौटे–** वि० [भाग+औटे] भगुवा ।

**भग्न–** वि० [सं०] १. टुटफुट भएको; भत्केबिग्रेको । २. भागेको; पलायित । ~ **प्रतिज्ञ–** वि० आफूले कबुल गरेको कुरासमेत पुऱ्याउन नसक्ने; प्रतिज्ञा भङ्ग भएको; च्युतप्रतिज्ञ । ~ **मनोरथ–** वि० मनोरथ पूरा नभएको; इच्छा नपुगेको । > **भग्नावशेष–** ना० १. भत्की-बिग्री बाँकी रहेको अंश । २. पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण प्राचीन अवशेष । **भग्नोत्साह–** वि० उत्साह भङ्ग भएको ।

**भङडी–** ना० हे० भँगडी ।

**भङाइ–** ना० [√ **भङाउ** (+आइ)] भङाउने क्रिया वा प्रक्रिया । [√ ] **भङाइनु–** क० क्रि० भङाउने काम गरिनु वा गराइनु ।

**भङाउनु–** स० क्रि० [सं० भङ्ग+आउ+नु] वनजङ्गल फाँडेर बस्ती बस्ने ठाउँ बनाउनु; बाँझो ठाउँ खनजोत गर्नु ।

**भङालो–** ना० हे० भँगालो ।

**भङ्ग–** ना० [सं०] १. कुनै पनि विषय वा वस्तु बिग्रने, टुट्ने वा नष्ट हुने काम । २. विनाश; विध्वंस । ३. पूरा नभएको वा नपुगेको स्थिति (निश्चय, प्रतिज्ञा, आशा आदि) । ४. सभा, सङ्गठन, संस्था आदि बीचैमा टुट्ने काम । ५. जल वा ध्वनिको तरङ्ग; लहर । ६. गाँजा; भाङ ।

**भङ्गरभाउलो–** वि० १. सोचविचारै नगरी जथाभाबी टेकेर हिँड्ने । २. उत्ताउलो स्वभावको; उच्छृङ्खल ।

**भङ्गिगत–** ना० १. भन्ने ढाँचा; भङ्गिमा । २. लय; भाखा ।

**भङ्गिमा**– ना० [सं०] १. कुनै खास मनोभाव प्रकट गर्ने भावयुक्त तथा कलापूर्ण शारीरिक मुद्रा । २. भनाइ वा बोलाइको ढाँचा तथा विशेषता । ३. व्यङ्ग्य । ४. टेढोपन; वक्रता । ५. भाँचिने काम; टुक्र्याइ ।

**भङ्गी**– ना० [सं०] १. कलात्मक तथा भावपूर्ण हाउभाउ वा बोलाइचलाइ; भावभङ्गी । २. कुटिलता; टेढोपन । ३. लहर । ४. व्यङ्ग्य । वि० ५. भङ्ग हुने; नाशवान् ।

**भङ्गुर**– वि० [सं०] १. तत्काल भङ्ग हुने अवस्थाको; नाशवान् । २. बाङ्गो; टेढो ।

**भङ्ज्याइँ**– ना० [सं० भञ्ज+याइँ] भङ्ज्याहाको चाल; उपद्रो ।

**भङ्ज्याहा**– वि० [सं० भञ्ज+याहा] उपद्रो गर्ने स्वभावको; भाँडभैलो मचाउने; भङ्ज्याइँमा लाग्ने ।

**भङ्दालो**– ना० [भ्वाङ+आलो] भङ्खारो; भङ्खालो; भ्वाङ ।

**भङ्याहा**– वि० [भाङ+याहा] भाङको अम्मली; भँग्याहा ।

**भचक्र**– ना० [सं०] ज्योतिषशास्त्रमा वर्णित सम्पूर्ण ग्रह र नक्षत्र सङ्क्रमण गर्ने चक्र; राशिचक्र ।

**भचेट**– वि० बो० हे० भक्कोटे ।

**भच्छी**– वि० [सं० भक्षी] खाने; भक्षी ।

**भच्छे**– वि० [सं० भक्ष्य] खान हुने; भक्ष्य । ~**अभच्छे**– ना० खान हुने र खान नहुने; भक्ष्याभक्ष्य ।

**भज्-नु१**– स० क्रि० [सं० भज्+नु] १. देवता वा ईश्वरको नामकीर्तन गर्नु; भजन गर्नु; उपासना गर्नु । २. टहलचाकरी गर्नु; सेवा गर्नु । ३. पतिका रूपमा मान्नु ।

**भज्-नु२**– अ० क्रि० [सं० भञ्ज+नु] १. ठूलो मोलका मुद्रा वा नोट दिएर कम मोलका रुपियाँ, नोट वा खुद्रा पैसा साट्ने काम हुनु; मुद्रा साटिएर चानचुन प्राप्त हुनु । २. एक मुद्रासँग अर्को थरी मुद्राको साटफेर वा सटही हुनु ।

**भजन**– ना० [सं०] १. आराध्य देवीदेवताको र गुरु आदिको नाम र महिमा बारबार लिने र गाउने काम; नामकीर्तन; गुणगान । २. कुनै देवदेवीको गुणवर्णन गरिएको गीत । ~**थरी**– ना० कुनै मृतक व्यक्तिका शान्तिका लागि गाईजात्रामा गेरुवा कपडा पहिरी सहर घुम्दै गाइने शोक गीत वा त्यो गाउने मण्डली । ~**फल**– ना० भागफल । > **भजनानन्दी**– वि० भजन-कीर्तनमा मग्न रहने; भजनमा आनन्द लिने ।

**भजनियाँ/भजने**– वि० [भजन+इयाँ/ए] १. ईश्वरको भजन गर्ने; देवताको नाम-कीर्तन गर्ने । ना० २. मन्दिर आदिमा खैँजडी, कठताल आदि बजाई देव-देवीको गाथा गाउने मण्डली; भजन गर्ने मण्डली ।

**भजाइ**– ना० [√ **भज्** (+आइ)] १. भज्ने भाव, क्रिया वा प्रक्रिया । [भजाउ+आइ] २. भजाउने भाव, क्रिया वा प्रक्रिया । ३. भजाउँदा लाग्ने दस्तुर वा शुल्क; भजाउनी । [ > ] **भजाइनु**– क० क्रि० भज्न लाइनु; सटही गरिनु । **भजाउनी**– ना० रुपियाँ, नोट आदि भजाउँदा लाग्ने दस्तुर वा शुल्क; सटहीमा लिइने नाफा; सटही दस्तुर; बट्टा । **भजाउनु**– स० क्रि०/प्रे० क्रि० १. बढी मूल्यका रुपियाँ, नोट आदि दिएर कम मूल्यका मुद्रा साट्नु; चानचुन पार्नु । २. एक देशका मुद्रासँग अर्का देशका मुद्रा साट्नु; मुद्रा सटही गर्नु । ३. भज्न लाउनु; भजन गराउनु । **भजिनु**– अ० क्रि० १. भज्ने काम हुनु । क० क्रि० २. भजन गरिनु ।

**भञ्जक**– वि० [सं०] १. कुनै कामकुरा भङ्ग गर्ने वा बिगार्ने । २. तोडफोड गर्ने; भत्काउने ।

**भञ्जन**– ना० [सं०] १. बिगार्ने वा भत्काउने काम; तोडफोड । २. नाश; विध्वंस ।

**भट**– ना० [सं०] १. योद्धा; लडाकू । २. सिपाही; सैनिक । ३. पहलवान; मल्ल ।

**भटभट**– क्रि० वि० [अ० मू० भट् (द्वि०)] अस्पष्ट र झर्कोलाग्दो किसिमसँग एकोहोरो आवाज आउने गरी; फतफत । > **भटभटाइ**– ना० भटभटाउने भाव, क्रिया वा प्रक्रिया । **भटभटाइनु**– अ० क्रि० अस्पष्ट रूपले चाँडो-चाँडो आवाज निकालिनु; फतफताइनु । **भटभटाउनु**– अ० क्रि० १. भटभट शब्द गर्नु । २. अस्पष्ट हिसाबले चाँडो बोल्नु । ३. जथाभाबी फलाक्नु । **भटभटे**– ना० १. मोटरसाइकिल; स्कुटर । वि० २. भटभट गरेर आवाज निकाल्ने ।

**भटमास**– ना० [सं० भट्ट+माष] सिमीका ढबका झुसिला पात हुने, सेता फूल फुल्ने झुसिला कोसामा चार-पाँच दाना लाग्ने अन्नको बोट; सोही बोटमा फलेको पौष्टिक तथा द्विदलीय अन्नका गेडा वा दाना । > **भटमासे**– ना० १. भाले र पोथी छुट्टिनुभन्दा पहिलेका कुखुराका चल्ला । वि० २. भटमास खाएर जीवनवृत्ति गर्ने; दुःखजिलो गर्ने निर्धन । ३. असभ्य; बेसोमती । ४. भटमासबाट बनेको; भटमाससम्बन्धी ।

**भटाभट**– क्रि० वि० [अ० मू० भट् (द्वि०)] नरोकिईकन फुर्तीसाथ; चटाचट; झकाझक । > **भटाभटी**– क्रि० वि० भटाभट ।

**भटार्-नु**– स० क्रि० [भटार+नु] भिजाएको पीठो, चामल आदि थोरै घिउ-तेलमा भुट्नु; त्यसरी पुवा आदि पकाउनु ।

**भटार**– ना० [भट+आर] थोरै चिल्लामा पुवा, कनिका आदि भुटभाट पार्ने काम । – **भुटुर**– ना० पुवा आदि भटार्ने वा पकाउने काम । > **भटाराइ**– ना० भटार्ने भाव, क्रिया वा प्रक्रिया । **भटारिनु**– क० क्रि० १. भिजाएको चामल आदि घिउमा भुटिनु । अ० क्रि० २. गर्मी वा निद्राको कमीले आँखा पोल्नु; आँखा भतभती डहनु; आँखा बटारिनु । **भटार्‍याइ**– ना० भटारिने क्रिया वा प्रक्रिया ।

**भट्**– ना० कपडा बुन्ने तानमा प्रयोग हुने चराका आकारको एक साधन ।

**भट्ट**– ना० [सं०] १. स्वामित्व; प्रभुत्व । २. ब्राह्मणजातिको एक थर । ३. दाक्षिणात्य ब्राह्मण । ४. भाट । ५. भटमास । ६. लिच्छविकालीन प्रशासनमा सेनालाई बुझाउने शब्द ।

**भट्टा–** ना० माटोबाट इँटा, झिँगटी, टायल आदि बनाई अवालमा पोलेर तयार पारिने ठाउँ; भट्टी; भट्टाल ।

**भट्टाधिकरण–** ना० [सं०] १. भट्ट, ब्राह्मण वा विद्वान्द्वारा समाजमा धर्मसङ्कट आउन नदिन देखादेख न्याय-अन्यायको निर्णय गर्ने-गराउने लिच्छविकालीन एक अड्डा । २. लिच्छविकालमा सैनिक व्यवस्था चलाउने अड्डा ।

**भट्टारक–** वि० [सं०] १. पूज्य; श्रद्धेय; मान्य । ना० २. राजा; युवराज । ३. स्वामी; मालिक । ४. सूर्य । **– पादीय–** ना० राजा-महाराजको उत्तरदायित्व वहन गरी कुनै कार्यालयमा काम गर्ने कर्मचारी । ~ **युवराज–** ना० लिच्छविकालीन राजपरम्परामा राजाको निश्चित उत्तराधिकारी ।

**भट्टाल–** ना० हे० भट्टा ।

**भट्टी–** ना० [प्रा० भट्ट <भट्ट+ई] १. जाँड, रक्सी बनाउने कारखाना; मदभट्टी । २. जाँडरक्सी बेच्ने पसल; जाँडरक्सी खाने ठाउँ । ३. धातुहरू गाल्ने ठूलो अगेनु । ४. इँटा, हाँडी, गाग्रा आदि माटाका सामान पकाउने ठूलो अवाल; भट्टा । **– चर्सा रकम–** ना० मदभट्टी र लाहाव्यापार सञ्चालन गर्ने व्यापारी वा ठेकेदारले सरकारलाई तिर्नुपर्ने रकम । **– वाल–** ना० भट्टीको मालिक; भट्टीको सञ्चालन गर्ने व्यक्ति । **– वाल्नी–** ना० भट्टीवालको स्त्रीलिङ्गी रूप ।

**भट्टे–** ना० होचो बोट, भटमासका जस्तै पात र झुपुक्क परेका फूल हुने गहतका जस्तै मसिना कोसा लाग्ने, वस्तुलाई घास खुवाइने एक वनस्पति । ~ **किरो–** ना० गोबरका थुप्रातिर बस्ने, खपडाले पखेटा ढाकिएको, उत्तानो पर्दा फित्कौली फिटिक-फिटिक गरेर उफ्रने एक कीरो । ~ **डाँडो–** ना० काठमाडौँ उपत्यकाको दक्षिणतिर पहाडमा रहेको एउटा ठाउँ ।

**भट्ट्याइ–** [√ **भट्ट्याउ** (+आइ)] १. भट्ट्याउने भाव, क्रिया वा प्रक्रिया । २. देउसी, भजन आदिमा पहिलो लबज दोहोऱ्याउने काम । [>] **भट्ट्याइनु–** क० क्रि० १. भट्ट्याउने काम गरिनु; भजन आदिमा पहिलो लबज भनिनु । २. धुरीमा हालेका डाँडालाई भाटा हालेर चोयाले कसिनु ।

**भट्ट्याउ-नु१–** स० क्रि० [भाटो+याउ+नु] घर, कटेराका धुरीमा हालेका डाँडालाई भाटा हालेर चोयाले कस्नु; भाटा हालेर डाँडाहरू बाँध्नु ।

**भट्ट्याउ-नु२–** स० क्रि० [सं० भण्+याउ+नु] १. देउसी, कीर्तन, भजन आदिमा पहिलो लवज वा वाक्य दोहोऱ्याउनु; सामूहिक रूपमा त्यस्तो लवज फलाक्नु । २. मन नपर्दो वा असभ्य कुरा ठूलो स्वरले भन्नु । > **भट्ट्याउने–** ना० भजन, देउसी आदिमा पहिलो चरण भन्ने व्यक्ति ।

**भटचाक–** ना० [अ० मू० भटचाक्+अ] नाडीको चलाइ, पखेटाको आवाज वा भुटाइको शब्द । ~ **भटचाक–** क्रि० वि० १. नाडी, मुटु आदि लगातार चल्ने गरी; ढुकढुक । २. पखेटा, खुट्टा आदि शब्द आउने गरी जोडले चलाएर । **– भुटुक–** क्रि० वि० हरियापरिया अन्न वा दानाहरू भुट्दा पड्कने गरी; भुटाइको शब्दसाथ । > **भटचाक्क–** क्रि० वि० १. एकाएक मुटु, नाडी आदि जोडले चल्ने गरी । २. त्यसरी नै पखेटा आदि चलाएर ।

**भडक–** ना० [प्रा० भडक्क] १. भड्किलो हुनाको भाव वा अवस्था; चमकदमक । २. सजधज; ढाँचा । **– दार–** वि० आवश्यकताभन्दा बढी सजधज गरिएको; चमकदमक भएको; भड्किलो ।

**भड्क-नु–** अ० क्रि० १. डरले आत्तिएर उफ्रनु; बिच्किनु; तर्सनु । २. कुनै कामबाट भाग्नु; पलायन हुनु । २. बाउँठिनु; बिभिन्डिनु; बटारिनु । ४. आफ्नो बाटोबाट विचलित हुनु; पथभ्रष्ट हुनु । > **भड्काइ–** ना० भड्कने वा भड्काउने भाव, क्रिया वा प्रक्रिया । **भड्काइनु–** क० क्रि० भड्कन लाइनु; तर्साइनु; बिच्काइनु । **भड्काउनु–** प्रे० क्रि० तर्साउनु; बिच्क्याउनु; दच्काउनु । २. बिभिन्ड्याउनु; टेढ्याउनु । **भड्किनु–** अ० क्रि० १. भड्कनु । २. तर्सिनु ।

**भड्किलो–** वि० [भड्क+इलो] १. उत्ताउलो किसिमको; अनावश्यक ठाँटबाँट भएको; भडकदार । २. उज्ज्वल; चहकिलो (रङ) ।

**भड्खारो/भड्खालो–** ना० [भ्वाड०+खाल्डो] १. गहिरो खाल्टो; भङ्दालो; खौलो । २. काममा पर्ने विघ्न-बाधा; आपत्ति । **– मा पर्नु–** अ०क्रि० ठूलो विपत्ति वा हानिको स्थितिमा पर्नु ।

**भण्डार–** ना० हे० भन्डार <**भण्डारा–** ना० हे० भन्डारा ।

**भतक्क–** क्रि० वि० [अ० मू० भतक्+क] १. गर्मी, चिन्ता आदिले शरीरमा छटपटी वा ताप उत्पन्न हुने गरी । २. रिसले चूर हुने किसिमले; भुतुक्क ।

**भतभत–** क्रि० वि० [अ० मू० भत्+अ (द्वि०)] १. तातो वस्तु वा आगो आदिले पोलेर डहने गरी; भतभती । २. घाउ-खटिरामा जलन वा डाह हुने गरी । ३. धमाधम मर्ने गरी; भुतुभुतु । ४. फतफताउने किसिमले; फतफत । > **भतभताइ–** ना० भतभताउने भाव, क्रिया वा प्रक्रिया । **भतभताइनु–** अ० क्रि० फतफताइनु; बडबडाइनु । **भतभताउनु–** अ० क्रि० १. आगो, तातो वस्तु आदिले पोल्नु; जल्नु । २. घाउ-खटिरा आदिमा जलन हुनु; डहनु । ३. बडबडाउनु; फतफताउनु; करकराउनु । **भतभती–** क्रि० वि० भतभत ।

**भतवासी–** ना० असारे फूलका जस्ता पात हुने, सेता अथवा हरिया फूल फुल्ने, ससाना फल फल्ने, आयुर्वेदीय औषधीमा प्रयुक्त हुने एक लहरो ।

**भताभत–** क्रि० वि० [अ० मू०] धमाधम मर्ने गरी; एकपछि अर्को हुँदै मरेर; भुतुभुतु ।

**भताभुङ्ग–** क्रि० वि० [भत्क+भङ्ग] १. बरबाद हुने गरी; नष्टभ्रष्ट भएर; लथालिङ्ग । ना० २. बरबाद; नाश । > **भताभुङ्गे–** वि० १. भताभुङ्ग पार्ने; नष्टभ्रष्ट तुल्याउने; भङ्ज्याहा । २. भताभुङ्ग ।

**भतारि-नु–** अ० क्रि० १. हिलोमैलो वा धूलोमैलो भएका फोहोर ठाउँमा ढसमस्स भएर बस्नु । २. पछारिनु; लड्नु । > **भताऱ्याइ–** ना० भतारिने क्रिया वा प्रक्रिया ।

**भताहा–** वि० [भात+आहा] १. परम्पराअनुसार भातभान्सामा मिल्ने; सजातीय । ना० २. त्यस्ता बन्धुवर्ग वा नातादार ।

**भतिज/भतिजा–** ना० [सं० भ्रातृज] १. भतिजोको मानबोधक शब्द । २. भतिजो ।

**भतिजी–** ना० [सं० भ्रातृज+ई] दाजु वा भाइकी छोरी; जेठाजु वा देवरकी छोरी ।

**भतिजो–** ना० [सं० भ्रातृज] दाजु वा भाइको छोरो; जेठाजु वा देवरको छोरो ।

**भतुवा–** ना० [भात+उवा] १. तलबविना भातमात्र खाएर बस्ने नोकर । वि० २. कामकाज नगरी खाएर मात्र बस्ने; भातमारा । ~ **झार–** ना० कमला पात र डाँठ हुने, फूलीका आकारका पहेँला, सेता फूल फुल्ने एक थरी बर्खे झार ।

**भतेर–** ना० [भात+एर] १. निम्तारु अथवा अन्य धेरै मान्छेलाई खान तयार गरिएको भातभान्सा । २. प्रशस्त खाना; धेरै खानेकुरो । ३. आवश्यकभन्दा बढी मात्रामा पाकेको भात ।

**भतेरे–** वि० [भतेर+ए] भतेरका निम्ति आवश्यक; भतेरमा चाहिने । ~**डाडु पन्यु–** ना० खड्कौँलाहरूको भाततिहुन चलाउन, बाँड्न र पस्कन हुने ठूलठूला डाडु-पन्यू ।

**भत्क–नु–** अ० क्रि० [प्रा० भट्ट+नु] १. पर्खाल, भित्तो, छानो, गारो, ढिस्को, डिल, खात आदि खस्नु वा लड्नु; ढल्नु । २. कुनै कामव्यवहार बिग्रनु; लथालिङ्ग हुनु; भताभुङ्ग हुनु; बिग्रनु ।

**भत्करु–** ना० [सं० भद्रकार वा वार्ताकर] बिहेमा जन्तीको खबर लिएर दुलहीका घरमा जाने दुलहातर्फको मानिस; वरयात्रीको अग्रदूत; भत्खरु; भत्खौरे ।

**भत्काइ–** ना० [√ **भत्क** (+आइ)] १. भत्कने भाव, क्रिया वा प्रक्रिया । [भत्काउ+आइ] २. भत्काउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भत्काइनु–** क० क्रि० घर पर्खाल आदि लडाइनु; ढलाइनु । **भत्काउनु–** स० क्रि० १. घर, पर्खाल आदि बिगार्नु वा लडाउनु । २. बिगार्नु; नाश पार्नु । **भत्किनु–** अ० क्रि० १. भत्कनु । २. बिग्रिनु; नासिनु ।

**भत्कोस–** ना० बाधाव्यवधानको लक्षण वा सङ्केत; भत्कने मेलो वा पालो; भाङपाली ।

**भत्खरु–** ना० हे० भत्करु ।

**भत्ता–** ना० १. वेतनबाहेक यात्रा, महँगी अथवा अन्य कुनै अतिरिक्त कार्य वा अवस्थाका निम्ति कर्मचारीहरूलाई दैनिक, मासिक वा सामयिक रूपमा दिइने थप निश्चित रकम । २. राम्रो काम गरेबापत कसैलाई दिइने जीवनवृत्ति ।

**भदन्त–** वि० [सं०] १. सम्मानित; पूजित; श्रद्धेय । ना० २. बौद्ध भिक्षुहरूमा प्रचलित प्रतिष्ठासूचक एक उपाधि । ३. बौद्ध भिक्षु; भन्ते ।

**भदालो–** ना० तरकारी आदि पकाउने काममा प्रयोग हुने, बिँड भएको, ताईजस्तो ठूलो ताप्के; ठूलो दिउरे; झ्याँगा ।

**भदाहा–** ना० [सं० भ्रातृज] [√ भदो] १. स्वास्नीमानिसले आफ्ना दाजु वा भाइका छोरालाई भन्ने नाताबोधक शब्द; भदो । २. सालो वा जेठानको छोरो ।

**भदै/भदैनी–** ना० [भदो+ऐ/ऐनी] स्त्रीका भाइ वा दाजुकी छोरी ।

**भदैया–** ना० [भदो+ऐया] १. भदौ महिनामा पाक्ने बाली; भदौरे बाली (धान र अरू अन्न) । २. भदौमा पाक्ने धानको एक जात; घैया ।

**भदो–** ना० [सं० भ्रातृज] हे० भदाहा ।

**भदौ–** ना० [सं० भाद्र] वर्षको पाँचौँ महिना; साउन र असोजका बीचमा पर्ने महिना; भाद्र ।

**भदौरे–** वि० [भदौ+रो+ऐ] १. भदौ महिनामा हुने वा पाक्ने; भदौसम्बन्धी; भदौको (भदौरे घाम, भदौरे झरी आदि) । २. भदौ महिनामा जन्मेको, बियाएको वा बियाउने (गाईबस्तु) ।

**भद्दा–** वि० [सं० अभद्र] जीउडाल र आकार-प्रकार नमिलेको; छन्द न बन्दको; नराम्रो; कुरूप ।

**भद्र–** वि० [सं०] १. सभ्य, शिष्ट तथा सुशिक्षित; सज्जन । २. मङ्गलकारी; शुभकारक । ३. सुन्दर; मनोहर । ना० ४. मङ्गल; शुभ । – **काली–** ना० देवीका विभिन्न रूपमध्ये सोह्र भुजा भएको एक रूप वा मूर्ति ।

**भद्रगोल–** ना० [सं०] १. धेरै गज्याङगुजुङको स्थिति; गन्जागोल; ठूलो अलमल । ना० २. काठमाडौँमा रहेको केन्द्रीय कारागारको दोस्रो फाँट ।

**भद्रा–** ना० [सं०] १. ज्योतिषशास्त्रका अनुसार शुक्लपक्षका चतुर्थी, अष्टमी, एकादशी र पूर्णिमा तथा कृष्णपक्षका तृतीया; सप्तमी, दशमी र चतुर्दशीका दिन पर्ने सातौँ करण; फलित ज्योतिषअनुसार अशुभ योग । २. गाई । ३. दुर्गा । ४. पृथ्वी ।

**भद्राई–** ना० [सं० भारद्वाज] लामो पुच्छर, आङ्कुसे परेको चुच्चो, आँखावरिपरि काला धर्सा तथा पिठियुँतिर रातो र छातीतिर सेतो हुने, जुरेलीजत्रो सानो चरो ।

**भद्राक्ष–** ना० [सं०] जपमाला बनाउने काममा प्रयोग गरिने रुद्राक्षजस्तै सानो खालको दाना ।

**भद्राच्छे–** ना० [सं० भद्राक्ष] हे० भद्राक्ष ।

**भद्राधिवास भवन–** ना० [सं०] नेपालको इतिहासमा प्रसिद्ध लिच्छविकालीन राजा नरेन्द्रदेव तथा उनका उत्तराधिकारीहरूले शासन चलाउने गरेको, उपत्यकास्थित ऐतिहासिक दरबार ।

**भद्रायो–** ना० [√ भद्राइ] भद्राईभन्दा केही ठूलो, मीठो स्वर भएको एक जातको पक्षी ।

**भद्रो–** ना० [सं० भद्रा] भद्रा योग । ~ **हेराइ–** ना० पक्क परेर बस्ने काम; साइतकुरा । ~ **हेर्नु–** ट० अवसर गुमिसक्दा पनि पक्क परिरहनु; साइत पर्खनु ।

**भन्–नु–** स० क्रि० [सं० भण्+नु] १. मनको भाव बोलीद्वारा व्यक्त गर्नु; कुनै कुरा कसैलाई सुनाउनु; कहनु; बताउनु । २. मुखबाट शब्द निकाल्नु; उच्चारण गर्नु । ३. आज्ञा दिनु; वचन दिनु । ४. बाच्नु; प्रवचन गर्नु; पढ्नु ।

**भनक–** ना० [अ० मू०] तरङ्गिने वा च्याँट्टिने चाल; झोक्किने काम; झोक्याहट ।

**भनक्क–** क्रि० वि० [अ० मू० भनक्+क] १. एकएक तातेर रिसाउने गरी; झनक्क; रनक्क । २. अस्पष्ट र झीनो आवाज आउने गरी । ३. झिँगा, मौरी, भमरो आदि भन्कने चालले ।

**भनभन–** क्रि० वि० [अ० मू० भन्+अ (द्वि०)] १. तातेर रिसिने चालसँग । २. झिँगा, मौरी आदि भन्किने गरी । > **भनभनाइ–** ना० भनभन गर्ने भाव, क्रिया वा प्रक्रिया । **भनभनाइनु–** अ० क्रि० भनभन होइनु । **भनभनाउनु–** अ० क्रि० १. रिसले झोक्किनु । २. झिँगा आदि भन्किनु । **भनभनाहट–** ना० भनभनाउने भाव, अवस्था वा क्रियाप्रक्रिया । **भनभनिनु–** अ० क्रि० भनभनाउनु ।

**भनसुन–** ना० [भन्+सुन] १. कसैसँग कुनै काम सफल पार्नका निम्ति गरिने अनौपचारिक अनुरोध; खुसामद । २. सम्झाउने-बुझाउने काम ।

**भनाइ–** ना० [√ **भन्** (+आइ)] १. भन्ने भाव, क्रिया वा प्रक्रिया । २. भन्नाको तात्पर्य; कथन; मतलब । ३. गाली; खप्की (जस्तै– भनाइ खानु) । [ > ] **भनाइनु–** क० क्रि० भन्न लाइनु । **भनाउँदो–** वि० करबलले भन्नुपर्ने; नाममात्रको; तथाकथित । **भनाउ–** ना० अबजस; भनौरी; गाल; अपवाद ।

**भनाभन–** ना० [भन्+आ+भन्] परस्परमा एकले अर्कालाई जथाभाबी भन्ने काम; बाझाबाझ; गालमुखाल ।

**भनावैरी–** ना० [भन्+वैरी] आफुसआफुसको भनाभनबाट हुने शत्रुता; कलहयुक्त भनाभन; मुखछाडाछाड ।

**भनिनु–** क० क्रि० [भन्+इ+नु] कहिनु; बताइनु ।

**भनी बिझाउनु–** स० क्रि० (संयु०) [भन्+ई+बिझाउ+नु] घोचपेचका कुरा गरेर अर्काको मन दुखाउनु; मर्ममा बिझ्ने कुरा गर्नु ।

**भनी बिराउनु–** स० क्रि० (संयु०) [भन्+ई+बिराउ+नु] कसैलाई चित्त नबुझ्ने कुरा भनेर दोष पाउनु ।

**भने–** संयो० [भन्+ए] सङ्केतार्थक वाक्य बनाउने सापेक्ष संयोजक; यदि । (उदा०– माग्छौ भने दिन्छु । पानी पऱ्यो भने अन्न उब्जन्छ) । ~ **जस्तो–** वि० चिताएजस्तो; मनमाफिकको ।

**भनोट–** ना० [भन्+ओट] भनाइ ।

**भनौरी–** ना० [भन्+औरी] भनाउ; भनाउरी; गाल; अपवाद ।

**भन्क-नु–** अ० क्रि० [भनक्क+नु] १. खूब तातेर रिसाउनु; फन्कनु । [भनक+नु] २. झिँगा, माहुरी आदिले भनभन शब्द निकाल्दै उड्नु; भुनभुन गर्नु; भनभनाउनु । ३. झिँगा, माहुरी आदि कुनै वस्तुमा बस्नु; झिँगा आदि धुइरिनु । > **भन्काइ–** ना० १. खूब तातेर रिसाउने भाव, क्रिया वा प्रक्रिया । २. झिँगा, माहुरी आदि भुनभुनाउने भाव, क्रिया वा प्रक्रिया । भन्काउने भाव, क्रिया वा प्रक्रिया । **भन्काइनु–** क० क्रि० भन्कन वा भनभनाउन लाइनु । **भन्काउनु–** स० क्रि० १. उमङ्ग वा जोसका साथ कुनै काम गर्नु । प्रे० क्रि० २. रिस उठाउनु; जङ्ग्याउनु । ३. भन्कन वा भनभनाउन लाउनु । **भन्किनु–** अ० क्रि० १. भन्कनु । २. भनभनाइनु । ३. भनक्क रिसाइनु । **भन्के–** वि० भन्कने स्वभाव भएको; रिसाहा ।

**भन्ज्याङ–** ना० [सं० भञ्जन] १. पहाडका दुई चुलीका माझको घाटी वा होचो ठाउँ । २. डाँडो पार हुने ठाउँ; नेटो । > **भन्ज्याङेली–** वि० भन्ज्याङसँग सम्बन्धित; भन्ज्याङको ।

**भन्टा–** ना० [सं० वृन्ताक] १. काँडादार ठूलठूला पात, प्याजी रङका फूल र हिउँदे काँक्राका आकारका सेता, हरिया वा प्याजी रङका फल हुने, एक जातको सानो बोट । २. सोही बोटको फल; भिँडा ।

**भन्टे–** वि० [भनटा+ए] भन्टासँग सम्बन्धित; भन्टाको । ~ **खुर्सानी–** ना० मोटो, डल्लो र पोरैपोरा देखिने, कम पिरो हुने, तेल-मसला आदि भरेर अचार आदि बनाई खाइने खुर्सानी ।

**भन्टचाङभुन्टुङ–** ना० सानातिना केटाकेटी; बालबच्चा; चिचीभुँडी; भन्डचाङभुन्डुङ ।

**भन्डाफोड / भन्डाफोर–** ना० [सं० भाण्डस्फोट] गुप्त रहस्य प्रकट गर्ने वा षड्यन्त्रपूर्ण कार्यलाई उदाङ्गो पार्ने काम; कुनै दुष्प्रयासको आन्तरिक भेद खोल्ने काम वा व्यवहार; घ्याम्पोफोराइ ।

**भन्डार–** ना० [सं० भाण्डार < भाण्डागार] १. भाँडाकुँडा, मालमत्ता, जिन्सी आदि राख्ने गोप्य र सुरक्षित ठाउँ; गुप्ती कोठा; भाण्डार । २. स्थायी र गोप्य पुँजी ।

**भन्डारा–** ना० [भण्डार+आ] साधुसन्तहरूलाई दिइने सदावर्ती भोज; जोगीसन्न्यासीहरूको भोज । – **भाट–** ना० नेपालमा रहेका भाटजातिमध्येको एक भेद ।

**भन्डचाङभुन्डुङ–** ना० हे० भन्टचाङभुन्टुङ ।

**भन्ते–** ना० [सं० भदन्त] १. बौद्धभिक्षुलाई सम्बोधन गर्दा प्रयोग गरिने आदरसूचक शब्द; भदन्त । २. बौद्धभिक्षु ।

**भन्दा–** ना० यो० [भन्+दा] परस्परका दुई वस्तुमध्ये उत्कर्ष वा अपकर्ष जनाउन प्रयोग हुने शब्द; कुनै दुई वस्तुको तुलना गर्दा आउने शब्द; लेखा; अपेक्षा । (उदा०– रामभन्दा श्याम राम्रो छ) ।

**भन्न–** क्रि० वि० [अ० मू० भन्+न] १. तागतको कमीले वा मादक पदार्थ आदिको ज्यादा सेवनले टाउको रिङाउने गरी । २. झिँगा, माहुरी आदि भन्कने चालसँग । ३. रिसले रिँग्ने वा घुम्ने गरी ।

**भन्नुको–** वि० [भन्नु+को] साह्रै राम्रो; काइदासाथको । (उदा०– यो चीज त भन्नुको पो छ त !)

**भन्ने–** वि० [भन्+ने] १. नाउँ गरेको; नाउँ भएको; नामक । २. बताउने; कहने । ~ **कुरा मात्र–** ना० असत्य वा काममा परिणत नहुने कुरा ।

**भन्सार–** ना० [सं० भाण्डशाला] १. देशभित्र आयात हुने तथा देशबाट बाहिर निर्यात हुने मालसामानमा निकासीपैठारीका नियमअनुसार जाँचबुझ गरी मूल्य, तौल, सङ्ख्या आदिका

हिसाबले निर्धारित कर वा शुल्क असुलउपर गर्ने अड्डा । २. आयात वा निर्यात हुने मालमत्तामा लाग्ने कर; निकासीपैठारी शुल्क; भन्सारमहसुल । ~ **अड्डा–** ना० आयात-नियति वा निकासी र पैठारी हुने मालमत्तामा लाग्ने कर उठाउने कार्यालय । ~ **अधिकृत–** ना० भन्सार अड्डाको प्रशासन तथा तत्सम्बन्धी कार्यसञ्चालन गर्ने अधिकृत । ~ **क्षेत्र–** ना० १. भन्सार अड्डाले अधिकार पाएको क्षेत्र वा सीमा । २. भन्सारले चर्चेको जमिन वा क्षेत्र । ~ **गोदाम–** ना० भन्सारमा रहन आएका जिन्सी सामानहरूलाई थान्को लाउन बनाइएको घर । ~ **गोस्वारा–** ना० भन्सार अड्डाको विभिन्न शाखा र उपशाखाको रेखदेख गर्ने अघिको केन्द्रीय भन्सार अड्डा । ~ **महसुल–** ना० आयत वा निर्यात गरिने वस्तुमा लाग्ने कर वा दस्तुर । ~ **माफी–** ना० १. आयातनिर्यातका मालसामानमा नियमअनुसार केही वा विशेष स्थितिअनुसार भन्सार मिनाहा हुने व्यवस्था । वि० २. भन्सार छुट भएको; भन्सार मिनाहा भएको । ~ **सुविधा–** वि० सरकारी तहबाट देशविदेशमा आइजाइ गर्ने र दूतावास आदिका कर्मचारीलाई मालसामान लग्नल्याउनका लागि महसुलदरमा दिइने सुविधा वा छुट ।

**भबाइ–** ना० [√ **भबाउ** (+आइ)] भबाउने क्रिया वा प्रक्रिया । [ > ] **भबाइनु–** अ० क्रि० घाउखटिरा आदि डहिनु ।

**भबाउनु–** अ० क्रि० [भाबर+आउ+नु] आगाका डाहले, गर्मीले वा काछ पाछेर आदि किसिमले शरीरमा भतभत पोल्नु; डाह हुनु; जलन हुनु ।

**भमरो–** ना० [सं० भ्रमर] गैंडे आकारको, उडेर फूल-फूल चहार्दै रस चुस्ने र छवटा खुट्टा हुने कालो रङको प्रसिद्ध कीरो; भँवरो ।

**भय–** ना० [सं०] कुनै सङ्कट वा अनिष्ट कुराको सम्भावनाद्वारा उब्जने र प्राणीलाई चिन्तित तथा व्याकुल बनाउने मानसिक स्थिति; डर; त्रास । – **कम्प–** ना० भयद्वारा उत्पन्न हुने कम्पन; डरले हुने कँपकँपी । – **कर–** वि० भय उत्पन्न गराउने; डरलाग्दो । > **भयङ्कर–** वि० भय उत्पन्न गराउने; डरलाग्दो; भयानक । – **जनक–** वि० भयोत्पादक; भयङ्कर । – **त्राता–** वि० भयबाट जोगाउने; डर हटाउने । – **प्रद–** वि० १. भय वा डर देखाउने; तर्साउने । २. डरलाग्दो । ~ **भञ्जन–** वि० भयलाई विनाश गर्ने; भय हटाउने । – **भीत–** वि० धेरै डराएको; भयत्रस्त । ~ **विह्वल–** वि० डरले आकुल भएको । **भयाकुल–** वि० भय वा डरले आकुल भएको; डराएको । **भयाक्रान्त–** वि० चारैतिरबाट भयले घेरिएको; चौपट्ट डराएको; भयभीत । **भयातुर–** वि० डरले आतुरिएको; भयाकुल ।

**भयानक–** वि० [सं०] १. विभिन्न कारणले गर्दा भय लाग्ने; डरलाग्दो; भयङ्कर । २. साहित्यका नौ रसमध्ये स्थायी भाव भय हुने एक रस । > **भयानकाभास–** ना० उत्तम श्रेणीका पात्रबाट वा कीरा आदि क्षुद्र वस्तुबाट भय देखाउँदा हुने स्थिति ।

**भयालो–** ना० [भाइ+यालो] दाजुभाइ, भतिजा आदि स्वजनको समूह; बन्धुबान्धवको समूह; ज्ञाति ।

**भयावह–** वि० [सं०] भय उत्पन्न गर्ने; भयानक; भयकारक; भयङ्कर ।

**भयो–** वि० बो० [प्रा० भुओ/भुयो < सं० भूत] १. अविश्वास, उपेक्षा, निषेध, झर्को आदि जनाउँदा र व्यङ्ग्य प्रकट गर्दा भनिने शब्द; भो । (उदा०– भयो, तिमीबाट के काम पार लाग्ला र ! उनले देलान् र मैले पाउँला भन्नु त भयो त्यत्तिकै) । २. हुनु' क्रियाको भूतकाल, प्रथम पुरुष एकवचनमा चल्ने रूप । ३. पुग्यो; बस ।

**भर्-नु–** स० क्रि० [सं० भरण+नु] १. अन्नपात आदि मानापाथी, डालाडाली, भाँडाकुँडा आदिमा हालेर निम्ठो वा झुसी पार्नु । २. रित्ता ठाउँमा कुनै वस्तु हालेर पुर्नु; टन्न पार्नु (जस्तो– खाल्डो भर्नु, जग भर्नु इ०) । ३. कुनै वस्तुको न्यूनता वा नपुग हिसाब आदि पूरा गर्नु; क्षतिपूर्ति गर्नु; सट्टा हाल्नु । ४. कसैलाई भरणपोषणका निम्ति नियमित रूपमा खर्च, भत्ता आदि दिनु (जस्तो– खर्च भर्नु, मानाचामल भर्नु इ०) । ५. किसानले तल्सिङलाई दिनुपर्ने कुत आदिको अन्न दिनु; बाली तिर्नु । ६. बन्दुक, तोप आदिमा बारुद, गोली आदि हाल्नु । ७. लुगा, काठ आदिमा नानावली चित्र बनाउनु (जस्तो– बुट्टा भर्नु, रफ्फु भर्नु इ०) । ८. भरी पार्नु वा जम्मा गर्नु (जस्तो– पानी भर्नु, हाट भर्नु, खल्ती भर्नु, घर भर्नु इ०) ।

**भर–** ना० १. कुनै कामकुरामा हुने आड वा भरोसा; आधार । २. कुनै वस्तु, समय आदिको सीमा किटदा शब्दका अघिल्तिर वा पछिल्तिर लाग्ने पद; पर्यन्त; सम्म, जस्तै– भरदिन, भरजन्म (अगाडि); दिनभर, मुटुभर, तृणभर (पछाडि) । वि० ३. भरणपोषण गर्ने; पालक । – **बित्तो–** क्रि० वि० सकेसम्म; सकभर; भरसक ।

**भरङ्ग–** ना० [सं० भङ्ग] १. मनमा आकस्मिक घटनाबाट हुने उदासी; निराशा । २. बिलखबन्दी; आश्चर्य । वि० ३. वितृष्णा पैदा भएको; उदास ।

**भरण–** ना० [सं०] १. जीविकाका निम्ति आवश्यक वस्तु दिने काम; पालन; पोषण । २. पूरा गर्ने काम; भराइ । ~ **पोषण–** ना० कसैलाई जीविकाका निम्ति आवश्यक वस्तु दिने काम; पालनपोषण; पालनतालन । > **भरणी–** ना० सत्ताइस नक्षत्रमध्ये दोस्रो नक्षत्र; अश्विनीभन्दा पछिको र कृत्तिकाभन्दा पूर्वको एक नक्षत्र ।

**भरत–** ना० [सं०] १. महाभारतमा वर्णित शकुन्तलाका गर्भबाट जन्मिएका, राजा दुष्यन्तका छोरा । २. रामायणमा वर्णित कैकेयीका गर्भबाट पैदा भएका, राजा दशरथका छोरा; रामचन्द्रका सौतेनी भाइ । ३. पूर्वीय नाटचशास्त्रका प्रवर्तक एक आचार्य । ~ **खण्ड–** ना० राजा भरतले राज्य गरेको भनी प्रसिद्ध, पृथ्वीका नौ खण्डमध्ये एक; भारतवर्ष; हिन्दुस्थान । ~ **वाक्य–** ना० संस्कृत नाटकका अन्त्यमा आउने आशीर्वादात्मक पद्य । ~ **मुनि–** ना० प्राचीन नाट्यशास्त्रका प्रणेता ।

**भरथरी–** ना० १. गेरुवा रङको वस्त्र; अलखा । २. भर्तृहरि ।

**भरथेग–** ना० [भर+थेग] सकेसम्मको धेरथोर सहायता; आडभरोसा; सक्दो मद्दत ।

**भरद्वाज–** ना० [सं०] १. अङ्गिरसगोत्रका उतथ्य ऋषिकी पत्नी ममतासँग उनकै सहोदर भाइ बृहस्पतिले सम्भोग गर्नाले उत्पन्न भएका, गोत्रप्रवर्तक तथा मन्त्रद्रष्टा एक वैदिक ऋषि । २. तिनै ऋषिका गोत्रका व्यक्ति । ~ **पक्षी–** [सं०] ना० भारद्वाज; भद्राई चरो ।

**भरना–** ना० हे० भर्ना ।

**भरपत्यार–** ना० [भर+भत्यार] कुनै कामकुरामा अर्कासँग गरिने विश्वास; भर लिने र पत्याउने काम ।

**भरपाई–** ना० [भर्+पाउ] कसैले अरूबाट कुनै वस्तु बुझेर लिएको प्रमाणको कागत; प्राप्ति-स्वीकारपत्र ।

**भरपुर–** वि० [भरी+पूर्ण] १. पूरै भरिएको; भरिभराउ; परिपूर्ण । २. छेलोखेलो; यथेष्ट; भरमार । क्रि० वि० ३. परिपूर्णताका साथ; अटाएसम्म; अटाउन्जेल ।

**भरभर–** क्रि० वि० [अ० मू० भर्+अ (द्वि०)] १. दाउरा बल्दा हावा लागेर ज्वालाको आवाज आउने गरी । २. शरीरमा मसिना पिड्का वा खटिरा भरिएर निस्कँदै । > **भरभराइ–** ना० भरभराउने क्रिया वा प्रक्रिया । **भरभराइनु–** अ० क्रि० भरभर शब्द निस्कनु; भरभराउने होइनु । **भरभराउँदो–** वि० १. धूवाँ नपुतपुताई राम्ररी बलेको; ढकढकाउँदो; दनदनाउँदो; झरिलो (आगाको फिलिङ्गो) । २. यशको प्राप्ति, अनुहारको तेज आदिले उज्यालो भएको; झरझराउँदो । **भरभराउनु–** अ० क्रि० दाउरा, काठपात आदि बल्दा चिसो, हावा आदिका कारणले भरभर गर्नु; भरभर शब्द निस्कनु ।

**भरभित्तो–** क्रि० वि० [भर+भित्तो] क्षमताले भ्याएसम्म; टुङ्गो पुऱ्याएर; यथाशक्य; भरमग्दुर; भरिभित्तो ।

**भरमग्दुर–** क्रि० वि० [सं० भर+अ० मकदुर] ताकतले भ्याएसम्म; सकुन्जेल; सकेसम्म; भरभित्तो; भरमौदुर ।

**भरम–** ना० १. भ्रम । वि० २. ज्यादै निर्बलियो ।

**भरमार–** वि० [भर+मर] मात्राभन्दा पनि बढ्ता; यथेष्ट; पर्याप्त; थुप्रै ।

**भरमौदुर–** क्रि०वि० भरमग्दुर ।

**भरसक–** क्रि० वि० [भर+सक] हुन र मिल्न सम्भव भएसम्म; सकभर; भरमग्दुर ।

**भरस्ट–** वि० [सं० भ्रष्ट] १. भ्रष्ट । २. चारैतिर बिग्रेको; लथालिङ्ग ।

**भराइ–** ना० [√ **भर्** (+आइ)] भर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भराइ–** ना० भराउने क्रिया वा प्रक्रिया । **भराइनु–** क० क्रि० भर्न लाइनु । **भराउनु–** प्रे० क्रि० १. भर्न लाउनु; पुराउनु । २. क्षतिपूर्ति गराउनु; तिराउनु । ३. बुट्टा, रफ्फु आदि भर्ने काम गराउनु । ४. नपुग पूरा गर्न लाउनु ।

**भराभर–** ना० [भर्+आ+भर] १. धमाधम भर्ने काम । वि० २. भरिभराउ; भरिपूर्ण ।

**भरि–** ना०यो० [प्रा० भरिअ < सं० भर्य] १. कुनै शब्दको उत्तरपदका रूपमा आएर जति, सम्म, पर्यन्त, तक आदि अर्थ बुझाउने पदांश (दिनभरि, समयभरि, आँखाभरि, मुटुभरि इ०) । क्रि० वि० २. कुनै खास सीमा, स्थान वा समयसम्म; भर; तक । ३. सबै ठाउँमा; सर्वत्र ।

**भरित–** वि० [सं०] भरिएको; परिपूर्ण; टनाटन ।

**भरिनु–** क० क्रि० [भर्+इ+नु] कुनै वस्तु भाँडाकुँडामा भरी हालिनु ।

**भरिपूर्ण–** वि० [सं० भर+पूर्ण] परिपूर्ण; भरिभराउ ।

**भरिभन्ड–** क्रि० वि० [सं० भरण+भङ्ग] १. जतासुकै अस्तव्यस्त भएर छरिने गरी; छ्याल्लब्याल्ल । २. जथाभाबीसँग; नाश हुने चालले; मनपरी ।

**भरिभराउ–** वि० [भरि+भराउ] १. कुनै वस्तु वा पात्र पूर्णरूपले भरिएको; परिपूर्ण; टनाटन । ना० २. भराउने वा तिराउने काम; भराइ; दिलाइ; भर्ना ।

**भरिभित्तो–** क्रि० वि० हे० भरभित्तो ।

**भरिया–** ना० [भारी+इया] भारी बोकेर जीवननिर्वाह गर्ने व्यक्ति; कुल्ली ।

**भरिलो–** वि० [भर्+इलो] पोटिलो; परिपुष्ट; खँदिखँदाउ ।

**भरिसक्के ⁄ भरिसक्य–** क्रि० वि० [भर्+सक] बल, बुद्धि वा क्षमताले भ्याएसम्म; अवस्था र तागतले धान्नेजति; सकेसम्म; सकभर; यथाशक्य ।

**भरी–** वि० [भर्+ई] १. भरिएको; भरिभराउ; टनाटन । २. पूर्ण; पूरा । विप० रित्तो ।

**भरुवा–** वि० [भर्+उवा] १. भरिएको; हालिएको । २. भर्नुपर्ने; भरिने । ३. भर्ने; नाप्ने (मानापाथी) । ना० ४. बारुद, छर्रा आदि हालेर हानिने वा पड्काइने बन्दुक ।

**भरे–** क्रि०वि० १. दिन सकिने बेलामा; घाम डुब्न लागेपछि; बेलुकीपख । २. भविष्यमा; परन्तुमा; पछि ।

**भरे भोलि–** क्रि० वि० [भरे+भोलि] १. आजैको दिन वा भोलिसम्ममा । २. एक दुई दिन वा दुईचार दिनपछि; छिट्टै भविष्यमा ।

**भरेङ–** ना० हे० भऱ्याङ ।

**भरेली–** वि० [भर+एली] १. अन्न, फलफूल आदि वस्तु फलेर भरिन लागेको वा सबै पाकेको; लटरम्म । २. भरिभराउ; प्रशस्त । ३. सिङ्गै; पूर्ण (भरेली जून आदि) ।

**भरेल्ती–** क्रि० वि० [भर्+एल्ती] १. भरिने गरी; लटरम्म भएर । २. सबैजस्तो; पूर्णतः ।

**भरोस ⁄ भरोसा–** ना० [सं० भर+आस ⁄ आशा] १. कुनै काम, व्यवहार आदिमा अरूबाट हुने भरको आशा वा विश्वास । २. आधार; भर; आश्रय; टेको ।

**भरौट–** ना० [भाडा ⁄ भार+औट] १. भाडा; ज्याला; मजदुरी । २. भर्ने तथा भरिने काम वा स्थिति; भराइ । > **भरौटे–** वि० १. ज्याला लिएर अरूको काम गर्ने । २. भाडा वा ज्यालामा ल्याइएको;

भाडाका पछि लाग्ने; भाडाको टट्टू । ३. चाहिने वा नचाहिने किसिमले भरिने (मानिस, चीज इ०) । ना० ४. भरिया; कुल्ली । ५. भाडामा लिइएको व्यक्ति वा माल ।

**भर्क–नु–** अ० क्रि० [भड्क+नु] तर्सेर कुद्नु वा भर्र उड्नु; भड्कनु । > **भर्काइ–** ना० भर्कने क्रिया वा प्रक्रिया । **भर्काइनु–** क० क्रि० भर्कने पारिनु; भड्काइनु । **भर्काउनु–** प्रे० क्रि० भर्र उडाउनु; भड्काउनु । **भर्किनु–** अ० क्रि० भर्कने होइनु; भड्किनु ।

**भर्खर–** क्रि० वि० [भर+क्षण] केही बेर मात्र अघि; थोरै समयपहिले; भक्खर । **– को–** वि० १. केही समय मात्र पहिलेको; तत्कालैको । २. जवानी चढेको; नौजवान । स्त्री० भर्खरकी ।

**भर्जनी–** ना० नाउ लाग्ने ठूलो नदी; महानदी ।

**भर्ता१–** वि० [सं०] १. भोगपोषणको अभिभारा वहन गर्ने; पालन-पोषण गर्ने (व्यक्ति) । ना० २. लोग्ने; पति ।

**भर्ता२–** वि० [भर्+ता] १. भरिएको; टन्न भएको । २. पूरा; भरी । ना० ३. भर्ती ।

**भर्ताल–** ना० [भर+ताल] जुवाको खेलमा च्याँखेहरूलाई तिर्नुपर्ने रकम ।

**भर्ती–** ना० [भर+ती] १. कुनै कामका निम्ति गरिने नियुक्ति; भर्ना । २. पल्टन आदिमा भर्ना हुने काम । ३. गर्भधारण । वि० ४. भरिएको; भर्ता । ~ **केन्द्र–** ना० पल्टन आदिमा भर्ती हुने मुख्य ठाउँ । **– वाल–** वि० १. भर्ती भएको । २. सेनामा भर्ना भएको; रिक्रुट गरिएको । ना० ३. उक्त प्रकारको मानिस; लाहुरे । स्त्री० भर्तीवाल्नी । **– वाला–** वि० १. सेना आदिमा भर्ना गर्न पठाउने; गल्लावाल । ना० २. त्यस्तो काम गर्ने मानिस । स्त्री० भर्तीवाल्नी ।

**भर्तृ–** ना० [सं०] १. पति; लोग्ने । २. स्वामी; मालिक । ३. विष्णु । **– मती–** ना० पति जीवित रहेकी स्त्री; सधुवा स्त्री ।

**भर्तृहरि–** ना० [सं०] पछि प्रसिद्ध कवि र योगी भएका उज्जैनका एक राजा; नीतिशतक, वैराग्यशतक, शृङ्गारशतक आदि संस्कृत ग्रन्थका रचयिता; भरथरी ।

**भर्त्सना–** ना० [सं०] १. कसैलाई दिइने धम्की; हप्कीदप्की । २. कुनै अभद्र र निन्दनीय कामप्रति प्रकट गरिने क्षोभ; निन्दा; गाली; खेद ।

**भर्थरी–** ना० [सं० भर्तृहरि] १. राजा भर्तृहरिको कथा, गुणगान आदि सुनाउँदै नेपाल र भारतका गाउँगाउँ चहार्ने गेरुवाधारी जोगी; भरथरी । २. भर्तृहरि ।

**भर्ना–** ना० [सं० भरण] १. कुनै पद, काम आदिमा मानिसहरू नियुक्त गर्ने काम; नियुक्ति; भर्ती; भरना । २. एक वस्तुको सट्टामा अर्को वस्तु दिने काम; क्षतिपूर्ति गर्ने काम; सट्टाभर्ना; बदला; सट्टा । ३. नपुग भएको वस्तु पूरा गर्ने काम । ४. विद्यालय-महाविद्यालयमा विद्यार्थी, अस्पतालमा बिरामी आदिको नाम लेखाई प्रवेश गर्ने काम ।

**भर्नी–** ना० [सं० भरण+ई] भरेर हिसाब मिलाउनुपर्ने वस्तुको लेनदेनमा प्रयोग गरिने भाँडो (मानु, पाथी, कुरुवा आदि) ।

**भर्पाई–** ना० [√ भरपाई] कसैसँग लेनदेन हुँदा लिनेवालाले दिनेवालालाई प्रमाणस्वरूप दिइने रसिद; बुझ्‍नी लिनेले लिएको हुँ भन्ने रसिद । ~ **दार्दै–** ना० भर्पाईको शिरमा रहने शब्द । ~ **पुस्तिका–** ना० भरपाई गराइने सानो किताब; पिउनबुक ।

**भर्मन–** ना० [सं० भ्रम] १. भ्रान्ति हुने काम वा स्थिति; भ्रम; भूल । २. रिँगटा; भाउन्न । ३. बौलाउने छाँट । > **भर्मनाइ–** ना० भर्मनाउने भाव, क्रिया वा प्रक्रिया । **भर्मनाइनु–** अ० क्रि० भ्रममा परिनु; छँटाइनु । **भर्मनाउनु–** अ० क्रि० १. भ्रममा पर्नु; छँटाउनु । २. रिँगाउनु; चक्कराउनु ।

**भऱ्याक–** ना० [अ० मू० भऱ्याक्+अ] उठ्ने वा उड्ने चाल । **– भुरुक–** क्रि० वि० १. धेरै मान्छे एकै पल्ट उठ्ने गरी । २. चराचुरुङ्गी एकैसाथ उड्न थाल्दै । **– भुरुक्क–** क्रि० वि० भऱ्याकभुरुक । > **भऱ्याक्क–** क्रि० वि० एकै पल्ट उठ्ने, उड्ने वा झस्किने गरी ।

**भऱ्याङ–** ना० सिँढी, तलामाथि उक्लने साधन; भरेङ ।

**भऱ्याङभुरुङ–** क्रि० वि० [अ० मू० भऱ्याङ्+अ (द्वि०)] १. एकै पल्ट झुरुम्मिने, छरिने वा उड्ने गरी; भऱ्याकभुरुक । ना० २. मसिना केटाकेटी; चिचीभुँडी ।

**भर्र–** क्रि० वि० [अ० मू० भर्+र] १. पक्षीहरूका उडाइको आवाज आउने गरी; भुर्र । २. स्टोभ, दमचुली आदि बल्दा आवाज निस्केर । ३. शरीरमा घाउ, खटिरा आदि एकै पल्ट निस्कने गरी । ४. मसिनो चीजबीज एकाएक छरिएर ।

**भर्रा–** ना० थारू जातिका पुरोहित ।

**भर्राटप्पा–** बर्राटप्पा; मारुनी नाचमा गाइने एक थरी गीत ।

**भर्साई–** ना० अन्न भुट्न वा बिस्कुट, रोटी आदि भुक्क फुलाउन भाँडो, बालुवा आदिको प्रयोग गरी तातो बनाइने चुलो ।

**भर्सिनु–** अ० क्रि० भर्सेलीका रापमा पिल्सनु वा पाक्नु; मधुरो तापमा राम्ररी पाक्नु ।

**भर्सेला–** ना० भर्सेली वा भर्सेलोको तिर्यक् रूप । ~ **पर्नु–** टु० जेसुकै हुनु ।

**भर्सेली/भर्सेलो–** ना० [सं० भस्त्रा+एली/एलो] १. चम्का लाएका चुलामाथि रहेको सम्म भाग; ताप र धूवाँ निस्कने चुलाका मुखवरिपरिको ठाउँ । २. चुलो ।

**भर्स्याइ–** ना० [√ **भर्सि** (+याइ)] १. भर्सिने क्रिया वा प्रक्रिया । [भर्स्याउ+आइ] २. भर्स्याउने क्रिया वा प्रक्रिया । [ > ] **भर्स्याइनु–** क० क्रि० भर्सिने पारिनु; भर्स्याउने काम गरिनु । **भर्स्याउनु–** स० क्रि० १. भर्सेली वा भुङ्ग्रामा राखेर राम्रोसित पाक्न दिनु । २. पाकेको भात आदि केही बेर ओथाउनु; थरक मार्नु ।

**भल्–नु–** स० क्रि० [भले+नु] खोपी, गुच्चा आदिका खेलमा बच्चने काम गर्नु; खोपीमा हाल्नु; बच्चनु ।

**भल–** ना० [सं० बेला] १. आकाशबाट पानी पर्दा वा बाढी आउँदा

पाखामा बगेको पानीको प्रवाह । २. तेल, रगत, दूध, आँसु आदि तरल पदार्थको धारो वा प्रवाह ।

**भलक्क–** क्रि० वि० [अ० मू० भलक्+क] भुलुक्क ।

**भलभल–** क्रि० वि० [अ० मू० भल्+अ (द्वि०)] पानी, आँसु आदि भुल्का छुटेर बग्ने गरी; भुलभुल । > **भलभले–** वि० ⁄ ना० भुलभुले ।

**भला–** वि० [सं० भद्र] १. बढिया; असल; राम्रो; बेस । वि० बो० २. कुनै कुरामा आंशिक सन्तोष, खुसी, आश्वस्तता आदि व्यक्त गर्दा निस्कने शब्द । (उदा०– भला उसको ज्यानसम्म त जोगिएछ; त्यतिसम्म भए पनि भला ।)

**भलाइ१–** ना० [भलो+आइ] १. भलो वा असल हुने काम । २. हित; कल्याण; उपकार ।

**भलाइ२–** ना० [√ **भल्** (+आइ)] भल्ने क्रिया वा प्रक्रिया । [ > ] **भलाइनु–** क० क्रि० भल्न लाइनु । **भलाउनु–** प्रे० क्रि० भल्न लाउनु ।

**भलाकुसारी–** ना० [भलो+कुशल] १. धेरै दिनपछिको भेटभाटमा दुवै पक्षले गर्ने, पारस्परिक सुखदु:खका प्रश्नोत्तर; कुशलमङ्गल वा सन्चोबिसन्चोको सोधनी । २. दिल खोलेर गरिने मैत्रीपूर्ण कुराकानी; एकान्त वार्तालाप ।

**भलादमी ⁄ भलाद्मी–** ना० [भलो+आदमी] १. शील, स्वभाव र चरित्र राम्रो भएको मान्छे; शिष्ट तथा सभ्य व्यक्ति; सज्जन । २. गण्यमान्य व्यक्ति; प्रतिष्ठित मानिस ।

**भलायो–** ना० [सं० भल्लातक] छोटो भेट्नुमा हरिया र फस्किला पात हुने, हरिया र सेता रङमिश्रित फूल फूल्ने, आँपका आकारका, भित्र तेलजस्तो चिल्लो पदार्थ हुने मसिना फल फल्ने, पाक्दा रातो र टर्रोगुलियो स्वादको हुने, चोप आउने र चोप छोएमा उछ्रिने एक वृक्ष; आयुर्वेदमा वातनाशक, गर्भपात र गुप्ताङ्गरोगको औषधी मानिएको त्यसैको फल ।

**भलिबल–** ना० [अङ्ग०] मैदानमा दुईवटा खामा गाडी त्यसमा जाल टाँगेर दुवैतिर रेखा र कोठा मिलाई छ-छ जना उभिएर हातले एक दोस्रा पक्षमा भकुन्डो गिराउने गरी खेलिने खेल; त्यसै खेलमा प्रयोग हुने हाते भकुन्डो ।

**भलिभाँती–** क्रि० वि० [भलो+भाँति] सही तरिकाले; राम्रो किसिमसँग; खूबसित; राम्ररी; राम्रोसँग ।

**भलुनी–** ना० [भालु+नी] भालुको पोथी ।

**भले–** ना० [भल्+ए] १. खोपी खेल्दा पैसा बच्चनेले भन्ने शब्द । २. भल पस्ने जग्गा; भल ओइरने जमिन ।

**भलेग्रो–** ना० [भाले+एग्रो] १. ठूलो भाले । २. बिहानको भोजन ।

**भलो–** वि० [प्रा० भल्ल] १. राम्रो स्वभावको; असल; उत्तम; श्रेष्ठ । २. सज्जन; गुणवान् । ना० ३. कल्याण; भलाइ; हित ।

**भल्क-नु–** अ० क्रि० [भल्को+नु] पानी, दूध आदि तरल वस्तु तातेर वा छचल्किएर भुल्को उठ्नु; भुल्कनु । > **भल्काइ–** ना० भल्कने क्रिया वा प्रक्रिया । **भल्काइनु–** क० क्रि० भल्को निकालिनु; उमालिनु । **भल्काउनु–** स० क्रि० भल्को निकाल्नु; उमाल्नु ।

**भल्को–** ना० [भल+को] दूध, पानी आदि तरल पदार्थको उम्लाइ; भुल्को ।

**भव–** ना० [सं०] १. हुनाको भाव वा स्थिति; सत्ता । २. जन्म; उत्पत्ति । ३. संसार; जगत् । ४. शिव; महादेव । **– चक्र–** ना० १. सम्पूर्ण जीवजन्तु संसारमा जन्म लिने र विनष्ट हुने क्रम; जन्ममरणको क्रम । वि० २. बग्रेल्ती । **– जल–** ना० भवसागर ।

**भवदीय–** वि० [सं०] तपाईंको; यहाँको (पत्रका अन्तमा नामका पहिले आत्मीयता तथा नम्रता जनाउनका निम्ति प्रयुक्त हुने) । > **भवदीया–** वि० तपाइँकी; यहाँकी ।

**भवन–** ना० [सं०] १. वासस्थान वा अन्य विशेष कार्यमा उपयोग हुने, प्रायः ठूलो घर; महल; प्रासाद; दरबार । २. आश्रय वा आधारको स्थान (जस्तो– आनन्दभवन, करुणाभवन इ०) । ३. उत्पत्ति; जन्म । ~ **निर्माण–** ना० योजनाबद्ध ढङ्गले गरिने, भवनको निर्माण; घर बनाउने काम । ~ **निर्माण कला–** ना० स्थापत्य शैलीको मौलिकतामुताबिक गृहनिर्माण गर्ने कला वा सीप । ~ **निर्माण विज्ञान–** ना० भवन-निर्माण र त्यसको स्थायित्वसम्बन्धी विवेचना गरिएको विद्या; वास्तुकलासम्बन्धी शास्त्र ।

**भवन्त–** सर्व० [सं०] श्रीमान्; यहाँ; तपाईं ।

**भवबन्धन–** ना० [सं०] संसाररूपी बन्धन; सांसारिक मायाजाल ।

**भवभय–** ना० [सं०] संसाररूपी सागरमा जन्म लिएपछि भोग्नुपर्ने रोगव्याध, मृत्यु आदि सङ्कटको सन्त्रास; सांसारिक डर ।

**भवभूति–** ना० [सं०] संस्कृतसाहित्यका 'उत्तररामचरित', 'मालतीमाधव' आदि नाटकका रचयिता, प्रसिद्ध महाकवि । २. सांसारिक ऐश्वर्य; सम्पत्ति ।

**भवसागर ⁄ भवसिन्धु–** ना० [सं०] संसाररूपी समुद्र ।

**भवितव्य–** वि० [सं०] १. पहिले कल्पना वा अनुमान नै नगरिएको आकस्मिक घटना; दुर्घटना । २. कर्तव्य गरेको नभई अनजानमा भएको दुर्घटना । वि० ३. भविष्यमा हुने; पछि हुने; भावी । **–ता–** ना० १. भविष्यमा हुने कुनै काम वा कुरो । २. आकस्मिक घटना । ३. भाग्य; सन्जोग ।

**भविता–** वि० [सं०] १. भविष्यमा हुने; पछि हुने । ना० २. साहित्यमा अस्तित्ववादी सिद्धान्तअनुसार हुनुको अस्तित्वबोध गराउने शब्द; जीवनलाई भविता र शून्यता दुई प्रक्रियामा हेर्ने साहित्यिक चिन्तनसूत्रमध्येको अस्तित्वबोध ।

**भविष्य–** ना० [सं०] १. वर्तमान समयभन्दा पछिको सम्पूर्ण अथाह समय । २. पछि आउने समय; अहिलेभन्दा पछि । वि० ३. पछि हुने । ~ **कथन–** ना० भविष्यवाणी ।

**भविष्यत्–** ना० [सं०] १. आउने समय; आगामी काल । वि० २. पछि हुने; भावी । ~ **काल–** ना० १. वर्तमान समयभन्दा पछि आउने समय; आउँदो समय । २. व्याकरणमा भविष्यमा घटित हुने सूचना दिने क्रियाको रूप (लेख्नेछु, आउनेछौँ, हेर्नेछ इ०) ।

**भविष्य पुराण**– ना० [सं०] व्यासद्वारा रचित अठार पुराणमध्ये भविष्यका घटना वा कुरालाई सङ्केत गरी लेखिएको एक पुराण; अठार महापुराणमध्ये एक ।

**भविष्यवक्ता**– ना० [सं०] पछि हुन सक्ने कुरालाई पहिले नै घोषित गर्न सक्ने व्यक्ति; भविष्यवाणी गर्ने मान्छे (ज्योतिषी, विचारक आदि) ।

**भविष्यवाणी**– ना० [सं०] पछि हुन्छ भनेर पहिले नै ठोकुवा गरिएको कुरा; पूर्वघोषित वाणी ।

**भविष्यवाद**– ना० [सं०] परम्पराप्रति विद्रोह गर्ने, भाषिक प्रयोग र अभिव्यक्तिका दृष्टिले नवीनता दिन खोज्ने र घनत्ववादजस्तै सम्पूर्णतालाई व्यक्त गर्न चाहने साहित्यिक वाद । > **भविष्यवादी**– वि० भविष्यवादको अनुयायी वा समर्थक ।

**भव्य**– वि० [सं०] १. हेर्दैमा सुन्दर एवं विशाल; हुनेसम्मको; सानदार । २. कल्याणकारी; मङ्गलदायक; शुभ । ३. उपयुक्त; योग्य; सुहाउँदो । ४. प्रसन्न तथा शान्त । – **ता**– ना० भव्य हुनाको अवस्था वा भाव ।

**भसक्क**– क्रि० वि० [अ० मू० भसक्+क] कुनै वस्तु एकाएक डढ्ने वा बिग्रने गरी; भुसुक्क ।

**भसभस**– क्रि० वि० [अ० मू० भस्+अ (द्वि०)] १. खुरुखुरु डढ्ने वा खतम हुने गरी । २. खुकुलो जमिन भस्किने चालसँग; फसफस । > **भसभसी**– क्रि० वि० अझै भसभस भएर ।

**भसरभुँडी**– वि० [भसार+भुँडी ] अलपत्रे; भसार ।

**भसाइ**– ना० [√ **भास्** (+आइ)] १. भासिने क्रिया वा प्रक्रिया । [भसाउ+आइ] २. भसाउने क्रिया वा प्रक्रिया । [ > ] **भसाइनु**– क० क्रि० गहिऱ्याइनु; गडाइनु; डुबाइनु । **भसाउनु**– स० क्रि० १. कुनै वस्तुलाई गिलो वा गहिरो ठाउँमा ठोकेर वा छोपिने गरी गाड्नु; खाँद्नु । २. जग्गाजमिनको माटो फालेर गहिरो पार्नु; गहिऱ्याउनु । ३. कसैलाई अप्ठ्यारो स्थितिमा पार्नु; उक्सन नसक्ने बनाउनु ।

**भसाभस**– क्रि० वि० [अ० मू० भस्+आ+भस्] १. कुनै काम धमाधम हुने गरी; सरासर । २. सबै डढ्ने किसिमले ।

**भसार**– वि० [सं० भस्सर] केही पनि स्याहारसम्भार गर्न नजान्ने; अलपत्रे; फोहोरी । > **भसारे**– वि० भस्रक्क परेर बसिरहने; भसार । **भसार्नी**– वि० अलपत्रे; फोहोरी (स्त्री) ।

**भस्क–नु**– अ० क्रि० [भस्क+नु] फस्को वा फुको जमिन आदि भासिनु । > **भस्काइ**– ना० भस्कने क्रिया वा प्रक्रिया । **भस्काइनु**– क० क्रि० भस्कने पारिनु; भत्काइनु । **भस्काउनु**– स० क्रि० १. फस्को जमिन थिची ठोकी गहिऱ्याउनु वा भत्काउनु; भसाउनु । २. खूब खन्नु; भास्नु । ३. धेरै काम गर्नु । **भस्किनु**– अ० क्रि० भस्कनु ।

**भस्म**– ना० [सं०] १. कुनै पनि वस्तु जलेर भएको खरानी; विभूति । २. आयुर्वेदका विधिले विभिन्न धातुउपधातु जलाएर बनाइएको औषधी । – **कारी**– वि० डढाएर भस्म पार्ने । ~ **खरानी**– ना० सत्यानाश (प्रायः सराप्ता आउने) । – **सात्**– वि० डढेर पूरा खरानी भएको; खाक भएको । > **भस्मावशेष**– वि० डढेर खाक भई खरानी मात्र रहेको । **भस्मासुर**– ना० पुराणमा वर्णित, शिवजीको तपस्या गरेर कसैको शिरमा हात राख्दा त्यो व्यक्ति जलेर भस्म हुने वरदान पाएको, पछि आफ्नै शिरमा हात राखिन जाँदा जलेर मरेको दानव ।

**भस्माभुटी**– ट० केही नभएको अवस्था; भुटिभाटी ।

**भस्मीभूत**– वि० डढेर खरानी भएको; भस्म भएको ।

**भस्मे**– वि० [सं० भस्म+ए] १. भस्म पार्ने । ना० २. डढेलो लगाई फाँडफुँड आदि पारेर कमाइ लगाइने पाखो बारी; खोरिया । ~ **ठुँडो**– ना० भस्मेठुटो । ~ **ठुटो**– ना० १. बलेर बचेको कालो ठुटो । २. एकदमै कालो वा अँगारजस्तो मानिस । ~ **माटो**– ना० खोरियापाखो डढेलो लगाई फाँडेपछिको कालो मलिलो माटो ।

**भस्मेली**– वि० [भस्म+एली] १. भस्मेमा बस्ने वा हुने । २. भस्मसम्बन्धी; भस्मको ।

**भस्याकभुसुक**– क्रि० वि० आगो पूरै निभ्ने किसिमले ।

**भस्योट**– ना० [भास+योट] भासिने खालको जमिन; भासिलो जग्गा ।

**भा**– ना० [सं०] १. चमक; दीप्ति; कान्ति । २. छटा; छवि; शोभा । ३. विद्युत्; बिजुली ।

**भाँग**– ना० हे० भाङ ।

**भाँच्–नु**– स० क्रि० [सं० भञ्ज+नु] कुनै लाम्चो वस्तुलाई टुक्र्याउनु; तोड्नु । > **भाँचकुँच**– ना० दोबारेर भाँच्ने तथा थिचेर कुच्च्याउने काम; भाँचभुँच । **भाँचभुँच**– ना० भाँचकुँच । **भाँचाभाँच**– ना० धमाधम भाँच्ने काम; परस्परको भँचाइ । **भाँचिनु**– क० क्रि० १. भाँच्ने काम गरिनु । अ० क्रि० २. टुक्रिनु; टुट्नु; ठुन्किनु । **भाँचीकुँची**– ना० १. भाँच्नेकुच्च्याउने काम; भाँचकुँच । क्रि० वि० २. भाँचकुँच पारेर ।

**भाँचो**– ना० [पाँचौं] १. डन्डीबियोको खेलमा पाँचको गन्ती । २. सो गन्तीमा बियो हान्ने काइदा वा त्यस्तो हनाइ । ३. झटारो ।

**भाँज**– ना० [सं० भञ्जन] १. लुगाफाटा पटयाउने र दोब्र्याउने काम । २. त्यस्तो पटयाएको र दोब्र्याएको ठाउँ; तह । ३. जुक्ति; उपाय । > **भाँजा**– ना० जीवजन्तुहरूलाई थिचेर मार्न तिनीहरूको बाटो पत्ता लगाई दायाँबायाँ राखिने काठका मुढाहरूको धराप; खोर; पासो ।

**भाँजी / भाँजो**– ना० कुनै काम वा व्यवहारमा पर्न आउने व्यवधान; विघ्न; बाधा ।

**भाँटी**– ना० [सं० भस्त्रा] छालाको थैलोजस्तो पारेर बनाइएको, आगो फुक्ने साधन; खलाँती ।

**भाँड्–नु**– स० क्रि० [प्रा० भण्डइ < सं० भण्ड+नु] १. हुन लागेको कामकुरो बिगार्नु; बीचैमा बिथोल्नु । २. नराम्रो बाटो वा नजाती

लतमा लाग्नु; बराल्नु; बिगार्नु । ३. कसैलाई बिभिन्डिने स्थितिमा पुऱ्याउनु; भड्काउनु ।

**भाँड–** ना० [सं० भण्ड] १. गाएर वा नाचेर जीविका चलाउने परम्परा भएको एक जात । स्त्री० भँडिनी; भँडेनी । २. भाँड्ने चाल । वि० ३. अनावश्यक रूपमा वा जानीजानी झैझमेला गर्ने; कचिङ्गल मच्चाउने; जथाभाबी बोल्ने । ~ **गीत–** ना० भाँड-जातिले वंशक्रमका रूपमा गाउँदै आएको गीत; भाँडजातिको गीत ।

**भाँडभैलो–** ना० [भाँड+भैल+ओ] १. अव्यवस्थित एवं अनुशासनहीन ढङ्गबाट गरिने कुनै कामकुरो । २. अश्लील वचन; मनपरी बोली । ३. जथाभाबी र बदमासीका साथ भएको काम व्यवहार ।

**भाँडा–** ना० भाँडोको ब० व० रूप । **– कुँडा–** ना० घरव्यवहारमा खानपिन तथा सामान राखनधरन गर्न आवश्यक पर्ने साधन; भाँडाहरूको समूह; भाँडाबर्तन; कसनतमन । ~ **वर्तन–** ना० भाँडाकुँडा ।

**भाँडिउँ–** ना० १. भाँड्ने खालको बोलीचाली; भाँड्ने निहुँ । वि० २. अचाक्ली; उत्पात; औधी; भाँडिम (उदा०– तिमीले मात्रै त्यो भाँडिउँ लिएर मलाई के नि ?) ।

**भाँडिनु–** क० क्रि० [भाँड्+इ+नु] १. आफै बिग्रनु वा बरालिनु; भ्रष्ट हुनु । २. भइरहेको कामकुरो आदि बिथोलिनु; बिभिन्डिनु ।

**भाँडिम–** ना०/वि० हे० भाँडिउँ ।

**भाँडी–** ना० [भाँडो+ई] आरनमा चलाइने सानो हतौडी वा मार्तोल ।

**भाँडो–** ना० [सं० भाण्ड] १. दैनिक खाद्य वस्तु राखनधरन गर्ने, पकाउनेपस्किने र खानेपिउने आदि काममा प्रयोग हुने, धातु, माटो आदिको पात्र; बर्तन । २. पात्र ।

**भाँत/भाँती–** ना० १. जुनसुकै कामको तौरतरिका; पद्धति । २. कुनै विषय वा वस्तुको प्रकार; कोटि; थरी; किसिम । ~ **भूखण्ड–** ना० कुनै काम सफल पार्न गरिने अथक प्रयास; भरिसक्के मेहनत ।

**भाइ–** ना० [सं० भातृ] १. एउटै आमाबाबुबाट जन्मेको वा एउटै बाबुको अर्की आमाबाट जन्मेको, आफूभन्दा कान्छो व्यक्ति; भ्राता; अनुज । २. त्यस्तै नाताको आफूभन्दा कम उमेरको व्यक्ति । ३. आफूभन्दा कान्छो कुनै पनि व्यक्तिलाई स्नेहले सम्बोधन गरिने शब्द । **– चारा–** ना० कुनै दुई थरी व्यक्ति वा पक्षका बीचमा भाइबन्धुका नाताले गरिने आत्मीयतापूर्ण व्यवहार वा सम्बन्ध । **– टिका/टिको–** ना० १. कार्तिक शुक्ल द्वितीयाका दिन दिदीबहिनीले अष्टचिरञ्जीवी र यमयमुनाको पूजा गरी दाजुभाइलाई लगाइदिने मङ्गलको टीका । २. भ्रातृद्वितीया; भाइतियार; भाइतिहार । ~ **तियार/तिहार–** ना० दिदीबैनीले दाजुभाइलाई टीका लाएर सेल, मिठाई आदि परिकार खान दिने दिन; भाइटीका; भाइटीको । ~ **नाइके–** ना० दाइनाइके नभएका खण्डमा नाइकेको अभिभारा वहन गर्ने व्यक्ति; नाइकेपछिको नाइके; सानो नाइके । ~ **बन्दी–** ना० दाजुभाइका बीचको मेल; एकता ।

**भाइ बन्धु–** ना० [भाइ+बन्धु] एकै वंशका सहोदर दाजुभाइ तथा मित्रहरूको समूह ।

**भाइ बिन्द्रालो–** ना० [भाइ+बिन्द्रालो] आफ्नै वंशका भाइभैयाद तथा अन्य कुटुम्बेरी नाताका व्यक्तिहरूको समूह ।

**भाइ बुहारी–** ना० [भाइ+बुहारी <सं० भातृ-वधू] १. आफ्नै भाइकी पत्नी; सहोदर भाइकी श्रीमती । २. भाइ र बुहारी । ३. भाइ पर्ने व्यक्तिकी पत्नी ।

**भाइ भारादार–** ना० [भाइ+भारादार] राजपरिवारका नातागोताभित्रका व्यक्ति तथा उच्च पदाधिकारी ।

**भाइ भैयाद–** ना० [भाइ+भैयाद] सबै बन्धुवर्ग; भाइबन्धु ।

**भाइरस–** ना० [अङ्०] रोग सार्ने विषालु कीटाणु; जीवाणु; विषाणु ।

**भाइस–** [अङ्०] शब्दमा 'द्वितीय' अर्थको बोध गराउने एक अङ्ग्रेजी उपसर्ग । ~ **चान्सलर–** ना० उपकुलपति । ~ **चेयरम्यान–** ना० उपसभापति । ~ **प्रेसिडेन्ट–** ना० प्रेसिडेन्टको सहायक; उपराष्ट्रपति । २. उपसभापति । ~ **राय–** ना० कुनै उपनिवेशमा राजाको प्रतिनिधि भएर शासन चलाउने व्यक्ति; राजप्रतिनिधि ।

**भाइसरह–** क्रि० वि० [भाइ+सरह] आ-आफ्नै हैसियत वा औकात अनुसार बराबरी रूपमा; भाइ-भाइले पाएजति ।

**भाउँटिनु–** अ० क्रि० [भाउटो+इ+नु] भाउँटो आइलाग्नु; आपत्ति खनिनु; झन्झट थपिनु ।

**भाउँटो–** ना० १. बित्थामा आइपरेको आपत्ति; कठिनाइ । २. नचाहिँदो झन्झट; फजुलको टन्टा ।

**भाउँरी–** ना० विवाहमा दुलहादुलहीले जग्गेमा गर्ने परिक्रमा; माणोघुमाइ ।

**भाउ–** ना० [सं० भाव] १. नाचगान, बोलचाल आदिमा आन्तरिक वा साङ्केतिक भाव प्रकट गरिने आङ्गिक चेष्टा वा मुद्रा; नकल; हाउभाउ । २. मर्यादा; मान; सम्मान; आदर । ३. किनबेच गरिने वस्तुको प्रचलित वा निश्चित मूल्य; दर; मोल ।

**भाउचर–** ना० [अङ्०] १. कार्यालयमा नगद वा जिन्सी धरौट राख्दा वा तिर्दा प्रमाणस्वरूप पाइने रसिद; नगद जम्मा गरेको प्रमाणपत्र; भौचर । २. भुक्तानी तथा हिसाब ठीक छ भनी प्रमाणित गर्ने रसिद ।

**भाउजिया–** ना० [भाउजू+इया] भाउजेलो; भाउजू ।

**भाउजू–** ना० [प्रा० भाउज्जा <सं० भ्रातृजाया] दाजुकी पत्नी । > **भाउजेलो–** १. भाउजू लाने व्यक्ति (देवर) । २. देवर-भाउजूको अवैध सम्बन्धबाट जन्मेको बालक ।

**भाउज्यू–** ना० हे० भाउजू ।

**भाउताउ–** ना० [भाउ+ताउ] कुनै वस्तुको भाउ कायम गर्ने काम वा स्थिति; मोलतोल; दरभाउ ।

**भाउन्न–** ना० [सं० भ्रम] भोक, रोग, गर्मी, कमजोरी, रिस आदि कारणले लाग्ने चक्कर; रिँगटा; भर्मन ।

**भाउबेसाहा–** ना० [भाउ+बेसाहा] बजारमा किनमेल गरिने खाद्यान्न

आदि उपभोग्य वस्तुको मोल ।

**भाउसान्ती–** क्रि० वि० [भाउ+शान्ति] भाउमा चलेमुताबिक; प्रचलित मूल्यअनुसार ।

**भाक्-नु–** स० क्रि० १. कुनै कार्य सिद्ध होस् भनी देवदेवीलाई पूजा, बलि अर्पण गर्नु; प्रतिज्ञा गर्नु; भाकल गर्नु । २. शपथ-ग्रहण गर्नु; किरिया खानु ।

**भाकभुक–** क्रि० वि० [अ० मू० (द्वि०) भुक्+अ] १. हारहुर गरेर कुनै काम चाँडै सिद्ध गर्ने गरी । २. जथाभावी पिट्ने चालसँग; पाकपुक ।

**भाकल–** ना० [भाक्+अल] आफ्नो इच्छा सिद्ध होस् भनेर देवदेवीलाई पूजा गर्ने तथा बलि चढाउने प्रतिज्ञा; देवता भाक्ने काम ।

**भाका–** ना० [भाखा < सं० भाषा] १. कुनै काम पूरा गर्न तोकिएको अवधि वा बोलकबोलको समय; म्याद । २. प्रतिज्ञा; बाचा । ३. पढाइ वा गवाइको लय; स्वर । – **तथ्य–** ना० भाका राखेको दिन । – **पत्र–** ना० भाखापत्र ।

**भाकिनु–** क० क्रि० [भाक्+इ+नु] भाकल गरिनु ।

**भाकुर–** ना० एक जातको माछोविशेष ।

**भाखा–** ना० [सं० भाषा] १. भाषा (अघि 'ष' को उच्चारण 'ख' भएअनुसार) । २. भाका; लय । – **खावा–** ना० कुनै व्यवहार गर्ने म्याद; भाका; अवधि । ~ **पत्र–** ना० निश्चित समयभित्र कुनै काम गर्न लिएको रुपियाँ तिर्न कबुल गरी लेखिएको कागज; प्रतिज्ञापत्र ।

**भाग्-नु–** अ० क्रि० [प्रा भाग्+नु] १. आफ्नो सुरक्षाका निम्ति दौडेर अन्यत्र कतै जानु; बेपत्ता हुनु; सुइँकुच्चा ठोक्नु । २. दौडनु; दगुर्नु; कुद्नु । ३. कर्तव्यपथबाट विमुख भएर पलायन हुनु । ४. उम्कनु ।

**भाग–** ना० [सं०] १. कुनै वस्तुको खण्ड; हिस्सा वा अंश । २. भाग्य; तकदिर । ३. तरफदारी; पक्ष । ४. गणितमा कुनै सङ्ख्या वा राशिलाई खण्डखण्डमा बाँड्ने प्रक्रिया । ५. अङ्ग-प्रत्यङ्ग; अवयव । ६. लिच्छविकालमा जमिनका उब्जनीको छ, आठ वा बाह्र भागमध्ये तोकिएको एक भाग कर । ~ **खोसुवा–** वि० भाग खोस्ने; अंश खाने (भाइ) । ~ **पुग्दो–** वि० भागमा परेजति; बाँडीचुँडी । – **फल–** ना० गणितमा भाजकले भाज्यलाई भाग गर्दा निस्कने अङ्क; लब्धि । ~ **बन्डा–** ना० एकै अंसियार दाजुभाइका बीचमा बराबर हिसाबले गरिने सम्पत्तिको बाँडफाँड; अंशबन्डा । ~ **बाँडो–** ना० भागबन्डा ।

**भागवत–** ना० [सं०] १. अठार महापुराणमध्ये विशेषतः कृष्णका कथाहरूको वर्णन गरिएको एक प्रसिद्ध महापुराण । वि० २. भगवत् अर्थात् विष्णुसम्बन्धी । ३. विष्णुको भक्त; भगवद्भक्त ।

**भागसान्ती–** क्रि० वि० [भाग+सान्ती] भागमा परेअनुसार; दामासाहीले पाएमुताबिक ।

**भागसिङ–** ना० [भाग+सिङ] विशेष स्थिति पर्दा भागेर जोगिने काम वा त्यस्तो भाग्ने व्यक्ति ।

**भागहार–** ना० [सं०] गणितमा भाग गर्ने प्रक्रिया ।

**भागाभाग–** ना० [भाग्+आ+भाग्] कुनै विशेष स्थितिमा धेरै मानिस जता पायो त्यतै भाग्ने काम; सबका सब भाग्ने काम ।

**भागार्ह–** वि० [सं०] १. भाग लाउन योग्य; भाज्य । २. भाग पाउन योग्य; हिस्सेदार; अंसियार ।

**भागिनु–** अ० क्रि० [भाग्+इ+नु] भाग्ने बनिनु; पलायन होइनु ।

**भागिनेय–** ना० [सं०] दिदीबहिनीको छोरो; भानिज ।

**भागी–** वि० [सं०] १. भाग पाउने; भाग वा हिस्सा भएको; हिस्सेदार । २. भोग्ने; बेहोर्ने । ना० ३. हकदार; अंसियार; अधिकारी । – **दार–** ना० नियमपूर्वक तोकिएको भाग पाउने; भागी ।

**भागीरथी–** ना० [सं०] सगर राजाका नाति भगीरथले आराधना गरेर पितृमुक्तिका निमित्त पृथ्वीमा ल्याएको भनी पुराणमा वर्णित नदी; गङ्गा; जाह्नवी ।

**भाग्गे–** ना० [सं० भाग्य] भाग्य; तकदिर । – **जोग्गे–** क्रि० वि० भाग्यजोग्य । – **भागी–** वि० भाग्यको भाग पाउने; प्रारब्धी ।

**भाग्य–** ना० [सं० भाग्य] मनुष्यले आफ्नो कर्मलाई पूर्वनियोजित योजनाको फलका रूपमा स्विकारेको दैवी विधान; सोअनुसार पुनसको कमाइ; प्रारब्ध । ~ **चक्र–** ना० परिस्थितिको घेरामा निरन्तर भइरहने भाग्यको घुमाइ; भाग्यको फेरो । – **जोग्य–** क्रि० वि० भाग्यअनुसार; प्रारब्धबमोजिम । ~ **पत्र–** ना० कुनै समूहबाट अकस्मात् लिइएको वा छानिएको शुभअशुभ फल, जोखना, भाग्य आदिका कुराहरू लेखिएको पत्र वा कागत । – **मानी–** वि० सौभाग्य प्राप्त गरेको; भाग्यवान्; भाग्यशाली । ~ **रेखा–** ना० १. हस्तरेखाअनुसार मान्छेका हत्केलामा रहेको, मणिबन्धदेखि सीधै माझी औँला र साँहिली औँलाका बीचतिर गएको रेखा; भाग्यसूचक ठाडो रेखा । २. सञ्चित शुभाशुभ कर्मको भोग; भाग्यको खेल । ~ **लेखा–** ना० भाग्यमा रहेको भनी मानिएको कुरो; प्रारब्धमा रहेको शुभाशुभ परिणाम । – **वती–** वि० राम्रो भाग्य भएकी वा पति, पुत्र, सम्पत्ति आदिले युक्त (स्त्री); सौभाग्यवती । – **वश / वशात्–** क्रि० वि० भाग्यले गर्दा; भाग्यअनुसार; दैवात् । – **वाद–** ना० प्रारब्धमा जे छ त्यही मात्र जीवनमा भोग्नुपर्छ भन्ने सिद्धान्त; मान्छेले पूर्वजन्मको कमाइ नै भोग्छ भन्ने परम्परा । – **वादी–** वि० भाग्यको भर पर्ने; भाग्यमा निर्भर रहने; भाग्यवादको अनुयायी । – **वान्–** वि० सुखसमृद्धिले पूर्ण भएको; भाग्यशाली; भाग्यमानी । ~ **विधाता–** वि० १. कसैको भाग्यनिर्माण गर्ने वा बनाइदिने; भाग्यनिर्माता । ना० २. सुखदुःखको कारणभूत मानिने शक्तिरूप ईश्वर । ~ **विपर्यय–** ना० परिस्थिति र कार्यकारणले भाग्यमा परिवर्तन आउने काम; राम्रो अवस्थाबाट आउने नराम्रो अवस्था वा नराम्रो अवस्थाबाट आउने राम्रो अवस्था । – **शाली–** वि० राम्रो भाग्य भएको; भाग्यवान्; भाग्यमानी । – **हीन–** वि० १. भाग्य राम्रो नभएको; भाग्यले ठगिएको; अभागी । २. दुःखी; पीडित । > **भाग्योदय–** ना० राम्रो भाग्यको उदय; दिनप्रतिदिन हुँदै जाने उन्नति; बिस्तारै फर्किएको राम्रो दिन ।

**भाङ–** ना० [सं० भाङ्गा] १. सिलामका जस्तै मसिना दाना फल्ने,

ती दाना खाँदा मात लाग्ने, गाँजाका जातको एक बोट; भाँग । २. त्यसैका पात, दाना सबै माडेर-पिँधेर बनाइएको मादक वस्तु वा पेय पदार्थ; घोट्टा; भाँग ।

**भाङपाली**– ना० [भ्वाङ+प्वाल] कुनै वस्तु वा व्यवहार बिग्रँदै जाने काम; भत्कोस ।

**भाङ पेलाइ**– ना० [भाङ+पेलाइ] कुनै जुक्तिले आफ्नो मतलब साध्य गर्ने काम; थिचोमिचो ।

**भाङभुङ**– ना० [अ० मू० (द्वि०) भुङ] १. नष्टभ्रष्ट वा तोडफोड गर्ने काम । २. छिटोछिटो हात चलाएर गरिने पिटाइ; पाकपुक । ३. भएभरका कुराको पोखाइ वा उदाङ्ग्याइ । वि० ४. भत्काएर लथालिङ्ग पार्ने; भताभुङ्ग । > **भाङभुङे/भाङभुङ्गे**– वि० भाङभुङ गर्ने खालको; भाङभुङ पार्ने; उपध्याहा ।

**भाङभुजो**– ना० [भाङ+भुजा] १. केही नबच्ने गरी भएको बाँडचुँड । २. सबै सकिने वा रित्तिने स्थिति; पूर्ण समाप्ति ।

**भाङ्ग्रे१**– वि० [भाङ्ग्रो+ए] १. भाङ्ग्रोजस्तो; भाङ्ग्राबाट बनेको । २. सबै सकिने वा रित्तिने स्थिति; पूर्ण समाप्ति ।

**भाङ्ग्रे२**– वि० [भाङ्ग्रो+ए] १. भाङ्ग्रोजस्तो; भाङ्ग्राबाट बनेको । २. भाङ्ग्राको लुगा लगाउने । स्त्री० भाङ्ग्री । ~ **सिस्नु**– ना० पाट निकाली भाङ्ग्रा, बोरा आदि बनाइने, काम्लेका जस्तै पात हुने र पातमा काँडा हुने ठूलो जातको सिस्नु; अल्लो ।

**भाङ्ग्रो**– ना० [सं० भाङ्गक] पाटाबाट बुनेको बोराजस्तो खस्रो कपडा; टाट; चट्टी ।

**भाङ्जो**– ना० [भाँजी] १. कुनै काम-कुराका बीचमा पर्न आउने बाधा; विघ्न; भाँजी । २. अल्फो; झमेला ।

**भाजक**– ना० [सं०] १. गणितमा कुनै सङ्ख्या वा राशिलाई भाग लिने अङ्क; भाजक सङ्ख्या । वि० २. भाज्यलाई भाग गर्ने; भाग लिने वा भाग लगाउने ।

**भाजन**– ना० [सं०] १. कुनै वस्तु भाग लगाउने काम; बाँड्ने काम । २. पात्र; भाँडो । ३. कुनै काम वा कुराको अधिकारी वा पात्र (जस्तै– कोपभाजन, विश्वासभाजन इ०) ।

**भाजित**– वि० [सं०] बाँडेर अलग पारिएको; भाग लगाइएको; विभक्त ।

**भाज्य**– वि० [सं०] १. भाजक सङ्ख्याले भाग लगाउनुपर्ने; भाग लगाउन सकिने; भाग लगाउन उचित । ना० २. गणितमा भाजकले भाग लगाउन सकिने मूल सङ्ख्या वा राशि ।

**भाट**– ना० [सं० भट्ट] १. राजामहाराजा वा ठूलाबडाको स्तुति गाएर जीविका चलाउने एक जाति । २. ब्राह्मणले सन्न्यासी जातकी नारीसँग सहवास गरी पैदा भएको सन्तान । ३. तीनलिङ्गे वा सोभन्दा बढीको जैसी जातले त्यस्तै जैसी वा खसकी छोरीसँग बिहे गरी जन्माएको सन्तान । – **गिरी**– ना० स्तुतिगान गर्ने काम ।

**भाटभुट**– ना० [(द्वि०) भुट्+अ] धेरथोर भुट्ने काम; भुटभाट ।

**भाटा**– ना० [भाट] समुद्रमा उठेर बिस्तारै घट्दै जाने तरङ्ग; ज्वारको विपरीत अवस्था ।

**भाटिया**– ना० [सं० भट्ट] १. सुन-चाँदीको एक प्रकारको सिक्रीवाल गहना । २. मारबाडी जातिका क्षत्री, खत्री, आदिको एक वर्ग वा थर ।

**भाटी**– ना० [भट्टी] १. कटकटिएको मैल बफाई खुकुलो पार्न पकाइने भाँडो वा अँगेनु । २. सफा पार्नका निम्ति मसलाहरू हालेर लुगा धुने एक प्रक्रिया । ३. नदीका छेउमा, वेणी परेका ठाउँमा वा तीर्थस्थलमा अस्थायी मेला लाग्दा बेपारी वा तीर्थयात्रीहरू बस्न बनाइएको स्याउलाको छाप्रो ।

**भाड**– ना० [सं० भार] झरी वा हिउँ पर्दा अन्न सुकाई कुट्न, पिँध्न असुविधा पर्ने हुँदा सुकाउनका निमित्त अँगेनामाथि झुन्ड्याइने भाँडो ।

**भाडा**– ना० [सं० भाटक] अर्काको कुनै वस्तु प्रयोग गर्दा सो वस्तु प्रयोग गरेबापत नियमित वा पटक-पटक गरी दिइने धनराशि; किराया; बहाल; महसुल । – **को टट्टू**– ना० तलब खाएपछि आफ्नो अस्तित्व नै बिर्सने व्यक्ति; अरूका हातमा बिक्ने मान्छे; दलाल; दास । – **को भरोट**– ना० भाडामा बिकेको भरियाबराबरको व्यक्ति; भाडाको टट्टू । – **भरोट**– ना० भाडा भर्ने वा दिने काम; भाडा । – **वाल**– वि० १. भाडामा पाइने वा उपयोग गरिने; किरायामा दिइने । २. भाडामा बस्ने (व्यक्ति) ।

**भाण**– ना० [सं०] संस्कृत नाटयसिद्धान्तअनुसार एउटै मात्र अङ्क हुने र हास्य-रसप्रधान हुने, दृश्यकाव्यको एक भेद; हास्यप्रधान एकाङ्की । > **भाणिका**– ना० नायक मन्दगति र नायिका प्रगल्भा भएको, कैशिकी र भारतीवृत्तिले युक्त, एक प्रकारको उपरूपक ।

**भाण्ड**– ना० [सं०] १. भाँडो । २. मूल धन; पुँजी । ३. बिक्री गरिने माल वा वस्तु । – **प्रतिभाण्ड**– ना० वस्तुको मूल्यको अनुपातमा हुने विनिमय; समान वस्तुको अदलाबदली वा वस्तु-वस्तुको साटासाट गर्दा प्रयोग गरिने गणना । > **भाण्डागार**– ना० ढुकुटी; भँडार; गोदाम ।

**भाण्डार**– ना० हे० भन्डार ।

**भात**– ना० [सं० भक्त] १. पानीमा चामल पकाएर सितैसिता हुने गरी बनाइएको खाद्य वस्तु । २. बिहान-बेलुकाको नियमित भोजन । – **को भकारी**– वि० १. जति खाए पनि नअघाउने; घिचुवा । २. अल्छीको राजा; भात मात्र खाएको पनि उपती नगर्ने । ~ **भान्छा/भान्सा**– ना० भात, तिहुन पकाउने र खाने मेलो; खानपिनको बाटो । – **मारा**– वि० १. अर्काका घरमा लाजै पचाएर बस्ने र विनाकामै भात मात्र खाने । २. खानका लागि मात्र अरूका घर-घर चहार्ने; भतुवा; भाते । ~ **हटक**– ना० कुनै गैरसामाजिक र जातिविरुद्ध काम गरेबापत भातभान्साबाट अलग गर्ने वा ओराल्ने पुरानो चलन ।

**भाती१**– ना० [सं० भस्त्रा] खलाँती ।

**भाती२**– ना० [भात+ई] उसिनेको आलुलाई छोडाएर पीठो मुछेझैँ

मुछेर तयार पारिने खाद्य वस्तु; आलुभाती ।

**भाते–** वि० [भात+ए] १. भातका भरमा अर्काको काम गरी जीवन बिताउने; भतुवा । २. कुनै काम, इलम नगरी बसेर मात्र खाने; भातमारा । ~ **डोरो–** ना० जनै (व्यङ्ग्यार्थ वा हेयार्थमा) । ~ **निद्रा/नीद–** ना० भात खाएर सुतेपछि लाग्ने गाढा निद्रा; खानापछिको गहिरो नीद । ~ **बेथु–** ना० सागको तरकारी खान हुने, ठूला जातको बेथे । ~ **सितारा–** ना० पानीले भिज्ने बित्तिकै भातजस्तो भएर गल्ने कमसल खालको सितारा ।

**भादगाउँ–** ना० [सं० भक्त+ग्राम] भक्तपुरको पुरानो नाउँ; भक्तपुर ।

**भादगाउँले–** वि० [भादगाउँ+ले] १. भादगाउँको; भादगाउँसम्बन्धी । २. भादगाउँमा बनेको वा तयार भएको । ~ **टोपी–** ना० राष्ट्रिय पहिरनको शिरोभूषण मानिएको, खिपेर सिइएको तथा गरैगरा परेको, कालो र बलियो नेपाली टोपी ।

**भाद्र–** ना० [सं०] भदौ; भाद्रपद । – **पद–** ना० भाद्र महिना । – **पदा–** ना० सत्ताइस नक्षत्रमध्येका बीसौँ र एक्काइसौँ दुई नक्षत्र; पूर्वभाद्रपदा र उत्तरभाद्रपदा । – **पदी–** ना० भदौ महिनाको शुक्लपक्षको अन्तिम तिथि; भाद्रशुक्ल पूर्णिमा ।

**भान–** ना० [सं० भ्रमज्ञान] १. कुनै विश्वस्त तथ्य फेला नपरेको ज्ञान; आभास; झझल्को । २. भ्रमपूर्ण धारणा; भ्रान्त ज्ञान ।

**भानिज–** ना० [सं० भागिनेय] १. दिदी वा बहिनीको छोरो; भान्जो । २. नन्द वा आमाज्यूको छोरो; लोग्नेका दिदीबहिनीको छोरो । ~ **जेठाज्यू–** ना० आफ्ना लोग्नेकी फुपूको छोरो; फुपूसासूको छोरो । ~ **दाइ/दाजु–** ना० आफूभन्दा जेठो फुपूको छोरो; भान्दाइ । ~ **बाबु–** ना० आफ्ना बाबुकी फुपूको छोरो; बाहुनबाबु । ~ **भाइ–** ना० आफूभन्दा सानो उमेरको, फुपूको छोरो ।

**भानु–** ना० [सं०] १. सूर्य; रवि । २. किरण; प्रकाश । ३. कवि भानुभक्तको संक्षिप्त नाम; भानुभक्त ।

**भानुभक्त–** ना० [सं०] वि० सं० १८७१-मा जन्म भएर वि० सं० १९२५-मा देहान्त भएका, नेपाली भाषामा अध्यात्मरामायण, प्रश्नोत्तरी, भक्तमाला, वधूशिक्षा र प्रशस्त फुटकर पद्य लेख्ने, नेपाली साहित्यका प्राथमिककालीन तथा रामभक्तिधाराका प्रमुख कवि; नेपाली साहित्यका आदिकवि । > **भानुभक्तीय–** वि० भानुभक्तसम्बन्धी; भानुभक्तले तयार पारेको (विशेषतः रामायण) ।

**भाने–** वि० [भान+ए] भान हुने; झझल्को लाग्ने । – **मुङ्ग्रो–** ना० मुङ्ग्रोजस्तो भान हुने वा देखिने, डँडाल्नु, पुच्छर र टाउकामा पखेटाजस्तो हुने, चिप्लो र बलियो छेपाराका छाँटको तर छेपारोभन्दा ठूलो र गोहोरोभन्दा सानो एक जन्तु ।

**भान्छा–** ना० हे० भान्सा ।

**भान्जन–** ना० [दनु०] दनुवारसमाजमा झैझमेला पर्दा मध्यस्थ रही दुवै पक्षलाई मिलाउने प्रमुख व्यक्ति; दनुवार समाजको नाइके वा गाउँबूढो ।

**भान्जा भान्जी–** ना० [भान्जो+भान्जी] दिदीबहिनीका छोराछोरीको समूह; भान्जा र भान्जी ।

**भान्जी–** ना० [भान्जो+ई] १. दिदी वा बहिनीकी छोरी । २. नन्द वा आमाज्यूकी छोरी; लोग्नेका दिदी-बहिनीकी छोरी । ~ **दिदी–** ना० उमेरमा आफूभन्दा जेठी, फुपूकी छोरी । ~ **बहिनी–** ना० उमेरमा आफूभन्दा कान्छी, फुपूकी छोरी । ~ **बुहारी–** ना० भानिजकी गृहिणी; दिदीबहिनीकी बुहारी । ~ **भाउज्यू–** ना० भान्दाइकी पत्नी; फुपूकी बुहारी ।

**भान्जे–** वि० [भान्जी/भान्जो+ए] भान्जो वा भान्जीसम्बन्धी; भान्जाभान्जीको । > **भान्जेउलो–** ना० भान्जाभान्जीतिरको नातागोता; भान्जाभान्जीको सन्तान । ~ **जुवाइँ–** ना० दिदी-बहिनीका छोरीको लोग्ने; भान्जीको पति । ~ **बुहारी–** ना० भानिजकी पत्नी ।

**भान्जो–** ना० [प्रा० भाणेज्जो] भानिज ।

**भान्डचौल–** ना० [भाँड+यौल] १. कुनै प्रकारको उपद्रो; भाँडभैलो । २. अचाक्ली; उत्पात ।

**भान्दाइ–** ना० [भानिज+दाइ] भानिजदाइ ।

**भान्सा–** ना० [सं० महानस] १. दाल भात, तरकारी आदि भोजन बनाउने वा पकाउने ठाउँ; भान्साको कोठो वा घर; भान्छा । २. चुलोचौको । ३. दैनिक बिहान-बेलुका खाइने भात-दाल, तरकारी आदि परिकारको भोजन; भातभान्सा । ४. अनियमित आर्जन वा भ्रष्टाचारको रकम; घुस (व्यङ्ग्यार्थमा) । ~ **घर–** ना० बिहानबेलुकाको भोजन बनाउने घर वा कोठो; भात पकाउने ठाउँ; भान्छाघर । > **भान्से–** ना० भात पकाउने, पस्केर खुवाउने आदि भान्साको काम गर्ने व्यक्ति; भान्छे ।

**भाप/भाफ–** ना० [सं० वाष्प] वाष्प; बाफ ।

**भाबर/भाभर–** ना० [सं० बप्र] १. पहाडका फेदीको साह्रै गर्मी हुने र औलोको प्रकोप पर्ने ठाउँ । २. अत्यन्त गर्मी; उखरमाउलो । ३. घमौरो वा गर्मीखटिरा निस्कनाले जीउभरि देखिने टाटा वा दाग ।

**भामे–** ना० ढयाङ्ग्रो बजाएर फलाक्दै नाच्दै गर्ने धामी । > **भामेत–** ना० १. धामीको क्रिया वा प्रक्रिया । वि० २. भामे-धामीसम्बन्धी; भामेको ।

**भाम्टो/भाम्लो–** ना० [√ भाउँटो] कुनै काम वा व्यवहारका बीचमा आइलाग्ने बाधाजनक स्थिति पन्छाउन र उम्कन असजिलो, झर्कोलाग्दो अवस्था; बिथोली; झमेलो; भाउँटो ।

**भार–** ना० [सं०] १. मानिस वा गाडीले बोक्न लैजान सक्नेजति परिमाण; वजन; बोझ; भारी (लोड) । २. कामको जिम्मेदारी; अभिभारा । ३. विवाह आदि मङ्गलकार्यको सगुनका निम्ति पेरुङ्गामा माछा, सागपात आदि हाली केराको पातसहित उखुमा बाँधेको भारी । ४. दाउरा, बिस्कुन आदि सुकाउन अगेनामाथि बनाएको टाँड; चाङ । ५. दुवैतिर डोरीको उफिन्डो लगाएर तेर्छो काठमा काँधमा बोक्ने, खर्पनजस्तो साधन । ~ **केन्द्र–** ना० कुनै वस्तुको आकर्षणको केन्द्रबिन्दु; भारको आकर्षणकेन्द्र । – **जीवी–** ना० १. अर्काको भारी बोकेर जीवन गुजार्ने व्यक्ति;

भरिया। वि० २. भारी बोकेर जीविका चलाउने; भारवाहक।

**भारण्ड–** ना० दन्त्यकथामा पाइने विचित्रको पक्षी; भारण्ड।

**भारत१–** ना० [सं० भारीट] भँगेरोजस्तै रङ र आकारको हुने एक प्रकारको चरो।

**भारत२–** ना० [सं०]१. नेपालको दक्षिणी छिमेकमा रहेको दक्षिण-एसियाली एक प्रसिद्ध देश वा गणतन्त्र मुलुक। २. भारतवर्ष। ३. 'महाभारत' नामक एक ग्रन्थ। ४. भारतवंशमा उत्पन्न व्यक्ति। ५. कठिनाइ; परिभ्राट; मुस्किल; हैरान। ~ **इरानेली–** वि० भारोपेली भाषिक खलकको आर्येली शाखा। ~ **वर्ष–** ना० जम्बु द्वीपका नौ वर्षमध्ये एक वर्ष; आर्यावर्त। ~ **वर्षीय–** वि० भारतवर्षसम्बन्धी; भारतीय। **– वासी–** वि० भारतमा बस्ने; भारतको बासिन्दा।

**भारत३–** ना० पश्चिम नेपालमा प्रचलित लोक एवं वीरगाथा; चैत (चरित्र); हुडकेली; भारत्या।

**भारती–** ना० [सं०]१. वाणी; बोली; भाषा। २. विद्याकी अधिष्ठात्री देवी; वाग्देवी; सरस्वती। ३. संस्कृत काव्यशास्त्रमा वर्णित चार वृत्तिमध्ये एक; भारती वृत्ति। ४. सन्न्यासी जातिका दशनामीमध्येको एक थर।

**भारतीय–** वि० [सं०]१. भारतसम्बन्धी; भारतको। २. भारत देशका बासिन्दा; भारतवासी।

**भारतेली–** वि० [भारत+एली] भारतसम्बन्धी; भारतको; भारतीय।

**भारदार–** ना० [सं० भार+फा० दार] १. कुनै शासनव्यवस्थाका उच्च ओहदामा रही काम गर्ने व्यक्ति; प्रतिष्ठित राजकर्मचारी; राजसभाको सदस्य; राजसभासद्। २. अघि नेपालमा रहेको चौतरिया, काजी, सरदार, खरदार, कपरदार र खजान्चीको समूह; त्यस्तै निजामतीपट्टि काजीदेखि मुखियासम्म तथा जङ्गीपट्टि सुबेदारसम्मका कर्मचारी।

**भारदारी–** ना० [भारादार+ई] १. भारदारहरूको सभा; भारदारहरू बसेर विशेष कुराको छलफल गर्ने वा मुद्दामामिला आदि हेर्ने ठाउँ; सभा वा कचहरी। २. छलफल; बहस। ३. राणाकालमा उच्च अधिकारीहरू सदस्य भएको सभा वा न्यायालय; कौसी। ~ **सभा–** ना० राजालाई राज्यको शासनसम्बन्धी कार्यमा परामर्श दिने सभा; माथिल्लो सदन भारदारी सभा र तल्लो सदन राष्ट्रसभामध्ये माथिल्लो चाहिँ सदन।

**भारद्वाज–** ना० [सं०]१. भारद्वाज ऋषिको कुल वा वंश। २. भारद्वाज-गोत्र। ३. भद्राई चरो। ~ **गोत्र–** ना० भारद्वाज ऋषिको कुलमा उत्पन्न भएका व्यक्तिहरूको वंशपरम्परालाई जनाउने नाम; चौलागाईं, सुवेदी, पन्थी, सिलुवाल, सिजापती, विष्ट, वाग्ले, लोहनी, पन्त, धामी, दूध-पोखरेल, सिवाकोटी, देवकोटा, निरौला, भँडारी, बोहोरा, शुद्ध खँड्का, राउल, कँडेल, श्रीपाली-बस्नेत, कुलेटा-पाण्डे, लटौला-जोशी र धामी-अधिकारी थर हुनेहरूको गोत्र।

**भारल–** ना० स्तनपायी प्राणीमा पर्ने, तीन फिटजति अग्लो, आधा मिटरसम्मका लामा सिङ हुने, लेकमा पाइने एक जातको भेडा।

**भारवाहक–** वि० [सं०]१. भारी बोक्ने, वाडी आदि साधन; व्यक्ति। ना० २. भरिया; कुल्ली।

**भारवि–** ना० अर्थगौरवका निम्ति प्रख्यात 'किरातार्जुनीय' काव्यका रचयिता।

**भारा–** ना० [सं० भार] १. उपकार लगाएको ऋण; कृतज्ञता। २. उपकारप्रतिको दायित्व; जिम्मेदारी; अभिभारा। ३. बोझ; भारी। ४. भाडा; बहाल; किराया।

**भारादार–** ना० [सं० भार+फा० दार] हे० भारदार। > **भारादारी–** ना० भारदारी।

**भारापाँच–** ना० [भार+पाँच] पाँचै खालका भारदार; सबै भारादार।

**भारा फौज–** ना० [भारा+फौज] तोकिएको तलब वा पारिश्रमिक दिएर केही समयका लागि भर्ना गरिएका सैनिक जवान।

**भारा भरौट–** ना० [भाडा+भरौट] १. भाडा, महसुल आदि तिर्ने काम। २. भाडा, महसुल, कर, शुल्क, ज्याला आदि।

**भारी–** ना० [सं० भार+ई] १. एक जनाले बोक्न सक्नेजति बोझा; भार; बोझ। २. डोको, धोक्रो आदिमा भरेको सामानको बोझा। वि० ३. गह्रुङ्गो; वजनदार। ४. अति ठूलो; महान्। ५. धेरै; थुप्रै। ~ **जिउकी–** वि० पेट बोकेकी गर्भवती; दोजिया। **– तारी–** ना० भारी र त्यससाथ लगिने अन्य सामान; भारी र यस्तै अरू पोकापन्तरा।

**भारेभुरे–** वि० १. साधारण खालको; सामान्य (व्यक्ति वा वस्तु)। २. निम्न कोटिको; तल्ला तहको। ३. चानचुने।

**भारोत्तोलन–** ना० [सं०] विभिन्न खेल र कसरत आदिमा वजनदार वस्तु उचाल्ने काम; गह्रौं वस्तु उचाल्ने व्यायाम वा खेल।

**भारोपर्म–** ना० [भारा+पर्म] खेतीपातीको बेला एकअर्कामा गरिने कामदारको ऐँचोपैँचो; खेतालो लाग्ने आलोपालो।

**भारोपीय–** वि० [भारत-युरोपीय] हे० भारोपेली। ~ **परिवार–** ना० भारोपेली परिवार।

**भारोपेली–** वि० [भारतेली+युरोपेली] भारत र युरोपसँग सम्बन्धित; भारतीय उपमहाद्वीप र युरोपीय महादेशको साझा सम्बन्ध भएको। ~ **खलक/परिवार–** ना० १. एसिया र युरोपका एउटै मूलबाट आएका भाषाहरूको समूह। २. त्यस्तो भाषा बोल्नेहरूको समूह।

**भार्गव–** ना० [सं०]१. भृगु ऋषिका वंशमा उत्पन्न व्यक्ति; भृगुको सन्तान। २. शुक्राचार्य। ३. जमदग्निका पुत्र परशुराम।

**भार्गी–** ना० [सं०] बढीमा दुई मिटर अग्लो, ठूलठूला खस्रा पात हुने, टुप्पो सेतो हुने, हाँगा निस्कने ठाउँमा फुल्ने, बाटुला फल फल्ने, चोपबाट वात र कफलाई फायदा हुने एक वनस्पति।

**भार्या–** ना० [सं०] विवाहिता स्त्री, अर्धाङ्गिनी; पत्नी; श्रीमती।

**भार्रभुर्र–** क्रि० वि० [अ० मू० (द्वि०) भुर्+र] चराचुरुङ्गीहरू अलि-अलि गरी उड्ने चालले; त्यसरी उड्दा शब्द निस्कने गरी।

**भार्लाङ**– ना० बाल्द्ध्याङ्ग्रोका जस्तै टाटा र पाङ्ग्रोभन्दा केही साना दाना लाग्ने, एक प्रकारको लहरो; त्यसैको फल ।

**भाल**– ना० [सं०] १. निधार; माथ; ललाट । २. प्रकाश; तेज । ३. अन्धकार । – **चन्द्र**– ना० शिरमा चन्द्रमा धारण गर्ने शिव; महादेव । – **लोचन**– ना० निधारमा आँखा हुने शिव; महादेव ।

**भाला**– ना० [सं० भल्ल] १. बाणको जस्तो टुप्पो र लामो बिँड भएको, घोच्ने एक हतियार; बर्छा । २. हुलाकीले आत्मरक्षाका निमित्त टेकेर हिँड्ने, टुप्पातिर भाला भएको, घुँगुरासमेतको एक लट्ठी ।

**भालु**– ना० [सं० भल्लूक] लामालामा झ्याप्ले रौँ, कुकुरको जस्तो मुख र प्रायः कालो रङ हुने एक हिंस्रक वन्यजन्तु । ~ **आँखो**– ना० बाँस, मालिङ्गो, निगालो आदिको हाँगा पलाउनेपट्टिको भाग । ~ **काठ**– ना० आठदेखि बीस इन्चीसम्म लामा र चारदेखि नौ इन्चीसम्म चौडा पात हुने, सेतो फूल फुल्ने, चार-छ इन्ची ठूला फल फल्ने, महाभारत पर्वत-शृङ्खलामा पाइने एक जातको सदाबहार रूख । – **को कम्पट**– ना० छोड्न पनि नहुने र समातिरहन पनि नसकिने खालको झन्झट; नचाहिँदो झ्याउलो । – **कोरे**– वि० भालुले झम्टेर नाक चिथोरेको (मानिस) । – **गाँडे/गान्टे**– ना० लाम्चा आकारका पात हुने, फलभित्र कदमका जस्तै बीज हुने, नासपातीका जस्ता ठूलठूला फल फल्ने एक वृक्ष वा त्यसैको फल । – **चिन्डे**– ना० सिमलका आकारका र गाढा हरियो रङका पात हुने, बस्तुलाई घाँस खुवाइने एक प्रकारको चिन्डे रूख । ~ **छेराइ**– ना० नलिईकन पटक्कै नछोड्ने चाल । ~ **झम्टाइ**– ना० भालुले जस्तै एक्कासि झम्टने काम; डरलाग्दो आक्रमण । ~ **नङ्ग्रे**– वि० भालुका जस्ता तीखा नङ्ग्रा भएको । ~ **बाँस**– ना० घरकटेराको अस्थायी खाँबो, ढुङ्ग्रो आदि बनाउने काममा प्रयोग हुने, कालो भुस र छोटाछोटा आँख्ला भएको, मोटो बलियो खालको बाँस । – **भुत्ते**– वि० धार नभएको; बोधो (हतियार) । ~ **भुत्ले**– वि० भालुका जस्ता झ्याम्लाङ्ङ परेका भुत्ला हुने; जगरभुत्ले । ~ **पुराण**– ना० १. गफगाफ । २. निरर्थक कथन । ~ **बिख**– ना० एक जातको बिखालु वनस्पति ।

**भाले**– ना० [सं० भल्ल] १. पुरुष वा लोग्ने जातको कुनै प्राणी; मर्द जीव । २. विजयी वा सफल व्यक्ति । ३. चरा आदिको लोग्ने जात । ४. कुखुरो । वि० ५. पुरुषजातिको; लोग्ने जातको (पशु, पक्षी इ०) । ६. कसैलाई नगन्ने वा नटेर्ने; सबै माथिको साँढे । ७. भाला लिएर जुध्ने; भाला लिने; भालाधारी । – **को डाक**– ना० बिहान सखारै; उज्यालो हुनुअघि; पहिलो पहर; कुखुरो बास्ने बेला । ~ **चाँप**– ना० फल र फूल नलाग्ने चाँपो । ~ **जुधाइ**– ना० एउटा खुट्टो उचालेर हातले समाती, एकखुट्टे उफ्रँदै कुमकुम मात्र जुधाई खेलिने एक खेल (ककफाइट) । ~ **टिमुर**– ना० फल नलाग्ने एक प्रकारको टिमुर । ~ **दमाहा**– ना० नौमती बाजाहरूमा नगराका आकारका दुइटा दमाहामध्ये ठूलोचाहिँ दमाहा; बढी गर्जन गर्ने दमाहा । ~ **पोथी**– ना० १. पुरुष र स्त्री; भाले र पोथी । २. मिलेका लोग्ने स्वास्नी । ३. एकै पदार्थका दुई अवयव भएर एउटामा परेको छिद्रमा अर्को कुनै अवयव पसी लाग्ने कुनै पदार्थ (टाँक, ढिम्री इ०) । ~ **बाँस**– ना० खँदिलो र मसिनो खालको एक जातको बाँस । ~ **मादल**– ना० आवाज केही गहिरो र मोटो हुने, अलि ठूलो आकारको मादल; पूर्वी मादल । ~ **माहुरी**– ना० काम नगरी खाने, कालो र अलि डल्लो देखिने माहुरी; डाइनो । ~ **सातो**– ना० डर वा आपत्‌ले मान्छेको होस गुम हुने अवस्था; ठूलो सातो । ~ **सुन**– ना० कानका लोतीमा लाइने लाम्चो र चुच्चो परेको सुनको एक प्रकारको गहना ।

**भाव**– ना० [सं०] १. कुनै वस्तु वा विषयका अस्तित्वमा आउने, रहने वा प्रस्तुत हुने स्थिति वा तत्त्व; सत्ता; अस्तित्व । २. चिन्तन वा कल्पनातरङ्गका क्रममा मनमा उत्पन्न हुने कुनै भाव; विचार । ३. कथन वा लेखनको मुख्य अभिप्राय; आशय; तात्पर्य ४. देवताप्रतिको श्रद्धा; भावना; आस्था । ५. कसैले कुनै विषयमा व्याख्या वा सङ्केत गर्दा उत्पन्न हुने मानसिक प्रतिक्रिया । ६. भावभङ्गी; हाउभाउ; चेष्टा । ७. तीन भाव– स्थायी, व्यभिचारी र सात्त्विकमध्ये कुनै एक । ८. सङ्गीत, नृत्य, नाटक आदिमा विषयको अभिप्राय व्यक्त गर्नाका निम्ति स्वर, नेत्र, मुख आदिको आकार बदल्ने काम । ~ **आमन्त्रण**– ना० भावको आवाहन गर्ने वा भावप्रस्फुटन गराउने काम । – **क**– वि० १. भाव भएको; भावले युक्त । २. रसको अनुभूति गर्न सक्ने; रसज्ञ । ना० ३. भाव; भावना । ४. साहित्य, सङ्गीत, कला आदिको मर्म ठम्याएर व्याख्या गर्न सक्ने व्यक्ति । ५. कविता, नाटक आदिको पाठक वा दर्शक । – **गम्य**– वि० भावनाद्वारा बुझ्न सकिने; जान्न योग्य । ~ **चित्र**– ना० विशेषतः कुनै आन्तरिक भाव व्यक्त गर्ने उद्देश्यले तयार गरिएको चित्र । ~ **तत्त्व**– ना० १. बौद्धिक पक्षभन्दा हार्दिक पक्ष प्रबल रहने तत्त्व; हार्दिक तत्त्व । २. कवितासृजनाका कल्पना, बुद्धि, कला र भाव चार तत्त्वमध्ये एक । ~ **धरातल**– ना० भावको आधार वा पृष्ठभूमि; भावभूमि ।

**भावना**– ना० [सं०] १. अनुभव, स्मृति आदिबाट पैदा हुने मनोभाव; मनमा उत्पन्न हुने कुनै कल्पना, भाव वा विचार । २. ध्यान; चिन्तन । ३. कुनै देव वा पूज्य व्यक्तिप्रतिको श्रद्धा; आस्था । ४. प्रेम; अनुराग । ५. कुनै औषधी आदि अर्को कुनै तरल पदार्थमा मिलाई सो तरल पदार्थको केही सुगन्ध औषधीमा पनि आउने गरी खलमा घोट्ने काम; पुट ।

**भाव नाटक/भाव नाट्य**– ना० [सं०] आङ्गिक अभिनयद्वारा अर्थ र तात्पर्य व्यक्त गरिने नाटक; भावप्रधान नाटक ।

**भावनात्मक**– वि० [सं०] १. भावनासँग सम्बन्धित; भावनाले युक्त; भावनामय । २. सोचविचारसम्म भएको तर कार्यान्वयन भई नसकेको (योजना, काम इ०) । – **ता**– ना० भावात्मक हुनाको

भाव वा अवस्था ।

**भावनामय–** वि० [सं०] १. भावनाले ओतप्रोत; भावनात्मक । २. तरल अनुभूतिले सिञ्चित (काव्य, कविता इ०) ।

**भाव पक्ष–** ना० [सं०] १. काव्यसाहित्यका कलापक्ष र भावपक्षमध्ये एक पक्ष । २. हृदयलाई प्रभावित पार्ने काव्यतत्त्व; हार्दिकता ।

**भावपरक–** वि० [सं०] भावपक्ष प्रबल भएको; भावमूलक; भावात्मक । **– ता–** ना० भावपरक हुनाको भाव वा स्थिति ।

**भाव प्रधान–** वि० [सं०] १. भावपक्षको तीव्रता वा प्रधानता रहेको । २. बाह्य वस्तुपक्षभन्दा अनुभूतिपक्ष प्रधान भएको । **– ता–** ना० भावप्रधान हुनाको भाव, गुण वा स्थिति ।

**भाव बोधक–** वि० [सं०] भाव बुझाउने; भाव प्रकट गर्ने ।

**भाव भक्ति–** ना० [सं०] १. देवता, गुरु आदिमा भक्तिको भाव प्रकट गर्ने काम; भक्तिभाव । २. आदर-सत्कार; सम्मान ।

**भाव भङ्गी–** ना० [सं०] १. मनका भाव व्यक्त गर्ने शारीरिक चेष्टा वा मुद्रा । २. भाव वा अनुभूतिको प्रकटीकरण; भावको पोखाइ ।

**भाव भूमि–** ना० [सं०] काव्य, नाटक आदिमा पाइने भावको आधार वा पृष्ठभूमि ।

**भावमय–** वि० [सं०] भावयुक्त; भावात्मक । **– ता–** भावमय हुनाको गुण वा स्थिति ।

**भाव मूलक–** वि० [सं०] भाव नै मूल रूपमा रहेको; बेसी भावात्मक । **– ता–** ना० भावमूलक हुनाको स्थिति वा अवस्था ।

**भावयित्री–** वि० [सं०] भाव वा मर्मको बोध गराउने । ~ **प्रतिभा–** ना० काव्यको रसास्वादन गराउने प्रतिभा; प्रतिभाका दुई भेद– कारयित्री र भावयित्रीमध्ये एक ।

**भाव वाचक–** वि० [सं०] व्याकरणमा कुनै कुराको भाव, गुण, धर्म आदि बुझाउने (संज्ञा, क्रिया इ०); भावबोधक ।

**भाव वाच्य–** ना० व्याकरणमा क्रियाको साक्षात् उद्देश्य कर्ता वा कर्म नभई भाव अर्थात् क्रिया नै हुने, तीन प्रकारका वाच्य-कर्तृ, कर्म र भावमध्ये एक ।

**भाववाद–** ना० [सं०] इन्द्रियग्राह्य दृश्यको सहज र सरल चित्रणलाई ज्ञानको सर्वोच्च रूपायन मान्ने, विज्ञानको समर्थन र तत्त्व-मीमांसाको खण्डन गर्ने एक दर्शन । > **भाववादी–** वि० भाववादको अनुसरण गर्ने; भाववादको अनुयायी ।

**भाव व्यञ्जक–** वि० [सं०] भावपक्षको अभिव्यञ्जना गर्ने; भाव व्यक्त गर्ने ।

**भावशबलता–** ना० [सं०] धेरै भावहरूको सामूहिक वा शृङ्खलाबद्ध वर्णन गर्दा पर्ने एक काव्यालङ्कार ।

**भावशान्ति–** ना० [सं०] मनमा एकै चोटि नयाँ र प्रतिकूल भाव उदय हुँदा पर्ने एक काव्यालङ्कार ।

**भाव शुद्धि–** ना० [सं०] मनको शुद्ध भावना; सद्भावना ।

**भाव शून्य–** वि० [सं०] कुनै कामना वा भाव नभएको; अनासक्त ।

**भाव सघनता–** ना० [सं०] भावको प्रगाढता; भावको प्रकर्ष ।

**भावाकुलता–** ना० [सं०] प्रगाढ भावबाट मनमा हुने छटपटी ।

**भावाडम्बर–** ना० [सं०] अनुपयुक्त रूपमा खोक्रो आवेगको प्रदर्शन र असंयम देखाउँदा हुने एक आडम्बर; एक किसिमको उदात्तविरोधी तत्त्व । > **भावाडम्बरी–** वि० भावाडम्बरमा लाग्ने; भावाडम्बरको तत्त्व भएको ।

**भावातीत–** वि० [सं०] १. भाव वा कल्पनाले पनि ठम्याउन नसकिने; सोचाइभन्दा परको । २. योगशास्त्रका अनुसार भावनाभन्दा पर रहेको (तत्त्व वा ध्यान) ।

**भावात्मक–** वि० [सं०] भाव प्रबल रूपमा रहेको; भावमूलक । **– ता–** ना० भावात्मक हुनाको स्थिति वा अवस्था ।

**भावानुकूल–** वि० [सं०] भावको अनुकूल; भावसुहाउँदो ।

**भावानुवाद–** ना० [सं०] छायानुवाद, शब्दानुवाद र भावानुवादमध्ये एक; भावलाई पछ्याएर गरिने अनुवाद ।

**भावाभास–** ना० [सं०] १. साहित्यमा अनुपयुक्त ठाउँमा भाव देखाउने वा विशुद्ध रसावस्था प्राप्त गर्न नसक्ने काव्यदोषको अवस्था । २. वेश्या नायिकामा लज्जा र निम्न श्रेणीका व्यक्तिप्रति भक्ति देखाएमा हुने भावविशेषको आभास । ३. कल्पित वा बनावटी भाव ।

**भावार्थ–** ना० [सं०] १. शब्दशब्दलाई अर्थ्याउन छाडेर सम्पूर्ण वाक्य वा अनुच्छेदको आशय मात्र प्रकट गरिएको अर्थ; तात्पर्यबोधक अर्थ ।

**भावावेग–** ना० [सं०] कुनै भावले गर्दा हुने आवेगको स्थिति; भावको प्रबलता ।

**भावावेश–** ना० [सं०] कुनै भावले गर्दा उत्पन्न हुने आवेशको स्थिति ।

**भाविक–** वि० [सं०] १. स्वाभाविक; प्राकृतिक । ना० २. भावक; मर्मज्ञ । ३. भूत वा भविष्यत्कालको घटनालाई वर्तमानकालको घटनाजस्तै वर्णन गर्दा पर्ने एक अलङ्कार ।

**भावित–** वि० [सं०] १. विचार गरिएको; ठम्याइएको । २. सम्मिश्रण भएको; मिलाइएको । ३. शुद्ध पारिएको; शोधित । ४. अन्य रस र भावहरूलाई समेत पूरक रूपमा प्रयोग गरिएको; पुट दिइएको । ५. सुगन्धित ।

**भावी–** ना० [सं०] १. भविष्यत्काल; आउँदो समय । २. पछि गएर नभई नहुने कुरो; हुनेहुनामी । ३. भाग्य; तकदिर । वि० ४. भविष्यमा हुने; पछि हुने । ~ **काण्ड–** ना० बोटबिरुवाहरू बढेर आउँदा जमिनभन्दा माथि र हाँगा फाटेसम्मको भाग । ~ **मूल–** ना० बोटबिरुवाको जमिनमनिको मुख्य भाग; मूलजरो ।

**भावुक–** वि० [सं०] १. मनमा कोमल भाव सहजसित सञ्चार हुने; सुकुमार हृदय भएको; कोमलचित्त । २. सहृदय, रसज्ञ । ३. राम्रो वा असल कुराको सोचविचार गर्ने; असल भावना लिने । **– ता–** ना० भावुक हुनाको भाव वा अवस्था ।

**भावोच्छलन–** ना० [सं०] भावको उच्छलन; भावातिरेक ।

**भावोदय–** ना० [सं०] सन्दर्भित भावको समाप्तिपछि चमत्कारपूर्ण

ढङ्गले अर्को भावको उदय भएको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार ।

**भावोद्दीपक/भावोद्रेक–** वि० [सं०] भावहरूलाई उत्पन्न र सक्रिय गराउने (तत्त्व); भावोत्तेजक; भावोत्पादक ।

**भाव्य–** वि० [सं०] १. पछि हुने; भावी । २. भावना गर्न लायक; विचारणीय ।

**भाषण–** ना० [सं०] १. आमसभा वा यस्तै अन्य जमघटमा कुनै विषयका बारेमा सविस्तार गरिने व्याख्यान; वक्तव्य; प्रवचन । २. बातचित; छलफल; कुराकानी । ~**कला–** ना० सभा, गोष्ठी, जमघट आदिमा कुनै विषयमा धाराप्रवाह वक्तव्य दिने कुशलता वा शिल्प; व्याख्यान-शिल्प । ~ **स्वतन्त्रता–** ना० विशेषतः राजनीतिक, धार्मिक, सामाजिक आदि विषयमा सर्वसाधारणका अगाडि आफ्नो मनको विचार प्रकट गर्न राज्य वा सरकारबाट प्राप्त हुने स्वतन्त्रता; वाक्स्वतन्त्रता ।

**भाषा–** ना० [सं०] १. मनका भाव या विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह; आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनिसमूह; वाणी; बोली । २. व्यक्तिविशेषले लेख्ने र बोल्ने ढङ्ग; शैली । ३. कुनै देशका बासिन्दाले बोलचाल गर्ने साहित्ययुक्त प्रचलित शब्दावली । ४. वाग्देवी; सरस्वती । ५. वाणीका चार रूप– परा, पश्यन्ती, मध्यमा र वैखरी । ६. परिभाषा; लक्षण । ७. कुराकानी; बातचित । – **गत–** वि० भाषासँग सम्बन्धित; भाषाको । ~**तत्त्व–** ना० भाषाका ध्वनि, अर्थ, रूप आदि आवश्यक तत्त्व; भाषाविज्ञान । ~**तात्त्विक–** वि० भाषातत्त्वसँग सम्बन्धित; भाषातत्त्वको । ~**पुरातत्त्व–** ना० भाषाका सहायताले त्यस भाषाका वक्ताहरूको प्राचीन इतिहासमा प्रकाश पार्ने विषय । > **भाषानुवाद–** ना० कुनै एक भाषाबाट अर्को भाषामा गरिने अनुवाद । **भाषान्तर–** ना० १. एक भाषाबाट अर्को भाषामा गरिने अनुवाद; भाषानुवाद । २. अर्को भाषा; पृथक् भाषा । ~**विज्ञान–** ना० भाषाको उत्पत्ति, विकास, परिवार, संरचना, परिवर्तन आदिलाई सूक्ष्म किसिमले अध्ययन गरिने शास्त्र; भाषाशास्त्र । – **विद्–** वि० कुनै भाषा वा भाषाको सैद्धान्तिक ज्ञानका बारेमा गहिरो अध्ययन भएको (व्यक्ति); भाषाविशेषज्ञ । ~**विशेषज्ञ–** वि० १. भाषाको बारेमा गहिरो ज्ञान भएको; भाषाको विभिन्न पक्षीय अध्ययनमा निपुण; भाषाविद् । २. विभिन्न भाषाहरूको ज्ञाता । – **वेत्ता–** वि० भाषाविद् । ~**शास्त्र–** ना० भाषाविज्ञान । – **सम–** ना० एउटै वाक्यमा एकै अर्थ बुझाउने विभिन्न भाषाका शब्दहरूको योजना गर्दा हुने एक अर्थालङ्कार । ~**सम्पादन–** ना० लिखित अभिव्यक्तिको हिज्जे, वाक्यगठन तथा प्रस्तुतीकरण मिलेनमिलेको हेरी वा काटछाँट गरी प्रकाशनयोग्य बनाउने काम ।

**भाषिक–** वि० [सं०] भाषासम्बन्धी; भाषामा पाइने; भाषाको । ~ **समुदाय–** ना० कुनै एक भाषा बोल्ने मान्छेहरूको समाज; समान भाषा बोल्ने मानवसमाज ।

**भाषिका–** ना० [सं०] कुनै एक भाषिक समुदायभित्र ध्वनि, उच्चारण र संरचनागत क्षेत्रीय विभेदका आधारमा देखिने भेदउपभेद; कुनै पनि भाषाको क्षेत्रीय भेद ।

**भाषित–** वि० [सं०] १. भनिएको; कथित । ना० २. भनाइ; बोली ।

**भाषी–** वि० [सं०] १. कुनै शब्दको पछिल्तिर गाँसिएर बोल्ने, भन्ने अर्थ बुझाउने उत्तरपद (जस्तै– नेपालीभाषी; चेपाङभाषी, कटुभाषी, मृदुभाषी इ०) । २. बोल्ने; वक्ता ।

**भाष्य–** ना० [सं०] १. सूत्र वा मूल ग्रन्थका आधारमा गरिएको व्याख्या; विवृति; विवरण । २. टीका; व्याख्या । वि० ३. भन्न वा बोल्न योग्य । – **कार–** ना० भाष्यको रचना गर्ने; व्याख्याता; टीका-लेखक ।

**भास्-नु१–** स० क्रि० [सं० भ्रंश+नु] जग्गाजमिनको माटो झिकेर गहिरो पार्नु; गहिऱ्याउनु; खाल्टो पार्नु ।

**भास्-नु२–** अ० क्रि० [सं० भास्+नु] १. कुनै भावना स्फुरण हुनु; मनमा उब्जनु । २. ज्ञान हुनु; बोध हुनु । ३. प्रतीत हुनु; भान हुनु ।

**भास१–** ना० [सं० भ्रंश] १. भासिने खालको फुको वा खुकुलो ठाउँ; गाडिने ठाउँ । २. सिमसार; सिम । ३. धाप; दलदल ।

**भास२–** ना० [सं०] १. प्रकाश; दीप्ति; किरण । २. कालिदासभन्दा पहिलेका एक प्रसिद्ध संस्कृतका नाटककार । ३. सेतो एक जातको गिद्ध पक्षी । ४. इच्छा ।

**भासभुस–** क्रि० वि० [सं० भस्म+भुस] १. कुनै कामकुरो त्यसै बिलाएर वा हराएर; फासफुस । २. एक्कासि निभ्ने गरी । > **भासभुसे–** वि० नगण्य; साधारण; चानचुने ।

**भासमान–** वि० [सं०] १. उज्ज्वल; प्रकाशमान । २. थाहा पाइएको; विज्ञात । ना० ३. सूर्य ।

**भासित–** वि० [सं०] १. विचार वा कल्पनामा फुरेको । २. चम्किलो; प्रकाशमान ।

**भासिनु–** अ० क्रि० [भास्+इ+नु] १. जमिनको सतह अझै तलतिर दबिनु; गाडिनु । २. हिलो, धाप, खाडी आदिमा डुब्नु; गड्नु । ३. पतन हुनु; उँधो लाग्नु । ४. भास्ने होइनु । ५. विदेश पस्नु ।

**भासे–** वि० [सं० भाषा+ए] भाषासम्बन्धी; भाषा बोल्ने ('दो' का साथ सीमित, जस्तो– दोभासे) ।

**भासेभुसे–** वि० [भासभुस+ए] विशेष प्रकारको नमानिने; चानचुने; भारेभुरे ।

**भास्कर–** ना० [सं०] १. सूर्य । २. बाह्रौँ शताब्दीका अन्तमा जन्मेका ज्योतिषशास्त्रका एक प्रकाण्ड आचार्य; भास्कराचार्य । ३. अग्नि । ४. वीर । ५. सुवर्ण । ६. आँकको बोट । ७. महादेव ।

**भास्कर्य–** ना० [सं०] धातु, पत्थर आदिको मूर्ति बनाउने कला; मूर्तिकला ।

**भास्वत्–** वि० [सं०] १. चहकिलो; उज्ज्वल, दीप्तिमान् । ना० २. सूर्य । ३. चमक; दीप्ति ।

**भास्वती–** ना० ज्योतिषविषयक ग्रन्थ (वि०.सं० १४५७ तिर अनुवाद

गरिएको नेपालीको सर्वप्राचीन ग्रन्थ) ।

**भास्वर**– वि० [सं०] १. चहकिलो; चम्किलो; दीप्तिमान् । ना० २. सूर्य । ३. दिन ।

**भिँगुवा**– ना० एक जातको चरोविशेष ।

**भिँडा**– ना० [सं० भिण्डा] भन्टा । > **भिँडी**– ना० १. रामतोरियाँ । २. सानो एक जातको भन्टा ।

**भिँडे**– वि० [भिँडा+ए] भिँडाजस्तो; भिँडाका छाँटको । ~ **खोर्सानी**– ना० तरकारीमा हालेर वा अचार बनाएर खाइने डल्लो र ठूलो एक जातको खुर्सानी; भ्यान्टे खुर्सानी ।

**भिउँट**– ना० [नेवा० भेग] बाटाका आकारको र ठूलो बिट हुने माटाको ठूलो भाँडो; भ्यूँट । > **भिउँटे**– वि० भिउँटजस्तो ठूलो; आकार नमिलेको र नसुहाउँदो (गाला, अनुहार, ओठ इ०) ।

**भिउँसिने**– वि० [सं० भीमसेन+ए] भीमसेनलाई अर्पेको (बोको) । ~ **बोको**– ना० १. भीमसेनलाई अर्पण गरिएको छाडा बोको । २. यौनअनुशासन पालन नगर्ने व्यक्ति; कामुक पुरुष ।

**भिउसिना**– ना० १. मानसिक तिर्सना; मनको तर्कना; मानसिक संवेग । २. सम्झना ।

**भिक**– ना० [भीख < सं० भिक्षा] भीख; भिक्षा । – **मङ्गा**– वि० भीक माग्ने; भीखमङ्गा ।

**भिक्षण**– ना० [सं०] भिक्षा माग्ने काम; दैला-दैलामा पुगेर सिधा बटुल्ने काम ।

**भिक्षा**– ना० [सं०] १. भिक्षुकहरूले माग्ने काम; याचना । २. माग्नेलाई दिइने अन्न, द्रव्य आदि; भीख । ~ **चर्या**– ना० भिक्षा मागेर जीविका चलाउने काम । – **जीवी**– वि० मागेको अन्न, द्रव्य आदिका भरमा जीवननिर्वाह गर्ने; मगन्ते; याचक; भीखमङ्गा । > **भिक्षाटन**– ना० भिक्षा माग्नका निम्ति घर-घर चहार्ने र भिक्षा बटुल्ने काम । ~ **दान**– ना० भिक्षा दिने काम; सिधादान । **भिक्षान्न**– ना० भीख मागेर प्राप्त गरेको अन्न; भिक्षाबाट सङ्कलित अन्न । ~ **पात्र**– ना० १. भीख माग्ने भाँडो; भिक्षाबाट प्राप्त अन्न राख्ने भाँडो । वि० २. भिक्षा दिन योग्य; भिक्षा दिनुपर्ने । ~ **भाजन**– ना० भिक्षा माग्ने भाँडो; भिक्षापात्र । **भिक्षार्थी**– वि० भिक्षुक; भिक्षु; भिखारी । ~ **वृत्ति**– ना० १. भिक्षा मागेर जीविका चलाउने पेसा । २. भिक्षाद्वारा गरिने भोजनव्यवस्था; मागिखाने चलन । **भिक्षाशी**– वि० भिक्षाद्वारा प्राप्त वस्तु मात्र खाने; भिक्षाद्वारा जीविका गर्ने ।

**भिक्षु**– ना० [सं०] १. भिक्षा माग्ने व्यक्ति; भिक्षुक; भिखारी । २. बौद्ध सन्न्यासी । ३. सन्न्यासी । वि० ४. भिक्षा माग्ने ।

**भिक्षुक**– ना० [सं०] १. सन्न्यासी; साधु; जोगी । वि० २. भिक्षा माग्ने; भिखारी । ३. गरिब; निर्धन ।

**भिक्षुचर्या**– ना० [सं०] १. भिक्षुकको दैनिक जीवनवृत्ति; भिक्षावृत्ति । २. भिक्षुकले पालन गर्नुपर्ने आचरण ।

**भिक्षुणी**– ना० [सं०] सन्न्यासधर्म ग्रहण गरेकी स्त्री; स्त्रीभिक्षु ।

**भिक्षुसङ्घ**– ना० [सं०] १. भिक्षुकहरूको समूह । २. बौद्धभिक्षुकहरूको समुदाय ।

**भिक्स**– ना० [अङ्०] टाउको, घाँटी दुख्दा र सर्दी लाग्दा घसेर मालिस गरिने एक प्रकारको मलम ।

**भिख**– ना० [सं० भिक्षा] जोगी वा माग्नेलाई दिइने अन्न, द्रव्य, सिधा आदि वस्तु; भिक्षा; भीक । – **मङ्गा**– वि० १. भीख वा भिक्षा माग्ने; मागेर जीविका गर्ने; भिखारी; मगन्ते । २. केही नभएको; फुङिन; कङ्गाल; निर्धन; तन्नम ।

**भिखारी**– वि० [भीख+आहारी] भीख मागेर खाने; भिक्षाका भरमा बाँच्ने; भीखमङ्गा ।

**भिच्छे**– ना० [सं० भिक्षा] १. भिक्षा, भीख । २. व्रतबन्धमा आमाबाबु र अन्य कुटुम्बीहरूले वटुलाई दिने अन्न आदि ।

**भिज्-नु**– अ० क्रि० [सं० अभिमज्ज > भिज्ज+नु] १. कुनै तरल पदार्थले आर्द्र हुनु; निथ्रुक्क हुनु; रुज्नु । २. पानीमा परेर अन्न आदि फुल्नु; ढाडिनु । ३. कुनै काममा तन्मय भएर लाग्नु; दत्तचित्त हुनु । ४. कुनै विषयबारे पोख्त हुनु; पारङ्गत हुनु । > **भिजाइ**– ना० भिज्ने भाव, क्रिया वा प्रक्रिया । **भिजाइनु**– क० क्रि० भिज्ने पारिनु; भिज्न लाइनु । **भिजाउनु**– प्रे० क्रि० १. अन्न आदि पानीमा राखेर फुलाउनु; ढडयाउनु । २. पानी आदि तरल पदार्थले तर पार्नु; निथ्रुक्क तुल्याउनु ।

**भिजिटिङ कार्ड**– ना० [अङ्०] भेटघाटको सजिलाका निम्ति वा परिचयको सम्झना दिलाउन नाम, थर, ठेगाना आदि छापिएको कागतको सानो दरो टुक्रो; चिनारीपत्र ।

**भिजिनु**– क०क्रि० [भिज्+इ+नु] तरल पदार्थले निथ्रुक्क होइनु; रुझिनु ।

**भिटा**– ना० [सं० भित्त] १. पानीले नढाक्ने, तराईको केही उच्चा परेको ठाउँ; घर-घडेरीका निम्ति उपयुक्त पाखोबारी । २. धानखेती नलाग्ने र मकै, भटमास, सन आदि पाखा बाली हुने समथर जग्गा ।

**भिटामिन**– ना० [अङ्०] पोषणतत्त्व ।

**भिटो१**– ना० [अङ्०] विशेषाधिकार ।

**भिटो२**– ना० [√ भित्तो] खेतबारी आदिमा लगाइने माटाको डिल वा चपरीको पर्खाल ।

**भिटौरी**– ना० [भिटा+औरी] सहरबजारका घरघडेरीमा लाग्ने धुरीकर ।

**भिड्-नु**– अ० क्रि० [प्रा० भिड+नु] १. परस्परमा लडन्त हुन थाल्नु; मुठभेड हुनु; टकराउनु । २. जोडिनु; मिल्नु; भेटिनु । ३. रुजू गरिनु । ४. दाँजिनु । ५. रोहबरमा राखिनु । ६. जबरजस्ती जिम्मा लाग्नु । स० क्रि० ७. मुकाबिला गर्नु; सामना गर्नु; जुध्नु ।

**भिड**– ना० [प्रा०] १. धेरै मान्छेको जमघटबाट हुने घचारो; घुइँचो; घन्चमन्च । २. ठूलो बथान; हूल; फौज । ३. कामको चापाचाप; कामको थिचोमिचो । – **भाड**– ना० १. हूलमूल; ठेलमठेल; हुल्ला । २. घचारो; घुइँचो ।

**भिडन्त–** ना० परस्परमा लड्ने र भिड्ने काम; परस्परको सङ्घर्ष ।

**भिडाइ–** ना० १. भिड्ने भाव, क्रिया वा प्रक्रिया । २. भिडाउने भाव, क्रिया वा प्रक्रिया । **भिडाइनु–** क० क्रि० जुधाइनु । **भिडाउनु–** स० क्रि० १. दुई थरीलाई साथै राखी दाँज्नु; तुलना गर्नु । २. रोहबर गर्नु; रोहबरमा राख्नु । प्रे० क्रि० ३. भिडन्त गराउनु; जुधाउनु । ४. मुठभेड गराउनु । ५. जबरजस्ती जिम्मा लगाउनु; टाँसो लगाउनु ।

**भिडा–** ना० १. घचारो; घुइँचो । २. झोझझमेला; झन्झट । ३. असजिलोपन; तकलिफ ।

**भिडिओ–** ना० [अङ्०] सौखिनहरूले घरघरमा राखेर पनि हेर्न सक्ने, सानो खालको चलचित्र; कोठेसिनेमा ।

**भिडिनु–** क० क्रि० [भिड्+इ+नु] भिड्ने काम गरिनु ।

**भिण्डी–** ना० [सं०] रामतोरियाँ ।

**भित्ति/भित्तिका–** ना० [सं०]१. गारो; भित्तो । २. जग; आधारस्थल; पृष्ठभूमि । ३. चिरो; धाँजो । ४. खण्ड; टुक्रो । **– चित्र–** ना० भित्तामा लेखिएका वा कुँदिएका देवदेवी आदिका चित्र; भित्तामै बनाइएको तस्बिर ।

**भित्ते–** ना० [भित्तो+ए] १. जीउ छोटो हुने, सानो एक जातको माछा । वि० २. भित्ताको; भित्तामा झुन्डचाइएको । ~ **घडी–** ना० भित्तामा झुन्ड्याइने घडी । ~ **चरो–** ना० हल्का पहेँलो रङका भुत्ला हुने कालाकाला धर्सा हुने, रातो पखेटा, सानो लामो चुच्चो हुने, रूखमा तलबाट माथि जाँदा सोझै उड्न सक्ने रुपीजस्तो चरो । ~ **तालिका–** ना० रेखाङ्कन वा चित्राङ्कनद्वारा खास कुरा सम्झाइएको, भित्तामा टाँसिएको तालिका । ~ **दराज–** ना० भित्तामा टाँसेर बनाइएको गर्भे दराज; भित्तैमा टाँसिएको दराज । ~ **पात्रो–** ना० भित्तामा झुन्डचाइने पात्रो; क्यालेन्डर ।

**भित्तो–** ना० [सं० भित्त] १. पर्खाल, गारो आदिको पाखो । २. पहाडको फेदी; पर्वतको काख । ३. निश्चय; टुङ्गो; निधो । ४. हद; सीमा । **– लगाइ–** ना० टुङ्गो पुग्ने काम; अन्तिम सीमा; पल्लो फाल । ~ **फोर्नु–** अ० क्रि० चोर्नु ।

**भित्र–** क्रि०वि० [सं० अभ्यन्तर] १. घर, पर्खाल, घेरा, बाकस, परिधि आदिको गर्भमा; अन्तर खण्डमा; बाहिरको उल्टोतिर । २. मर्यादा, परिमाण आदिको सीमानिर । ना० यो० ३. बीच; माझ; मध्य । ना० ४. मन; हृदय; दिल; अभ्यन्तर । ५. जनानाखाना; खोपी; अन्तःपुर । > **भित्रनु–** अ० क्रि० भित्र पस्नु; भित्र पुग्नु; छिर्नु; घुस्नु; प्रवेश गर्नु; भित्रिनु । **भित्राइ–** ना० भित्रने भाव, क्रिया वा प्रक्रिया; भित्र्याइ ।

**भित्रिनी–** ना० [भित्र+इनी] गुप्त रूपले राखिएकी स्वास्नी; रखौटी; ल्याइता; भित्रेनी । **– पट्टिको–** वि० भित्रिनीतिरबाट जन्मेको (सन्तान) ।

**भित्रिनु–** अ० क्रि० [भित्र+इ+नु] १. भित्र जानु; प्रवेश गर्नु; पस्नु; घुस्नु; छिर्नु । २. सीमा, बाधा, व्यवधान, नियम आदिका घेरामा पर्नु ।

**भित्रिया–** वि० [भित्र+इया] १. मन मिलेको; भरपत्याएर भएको; विश्वस्त । २. भित्रको; भित्री । ना० ३. कुनै घरपरिवारको आत्मीय व्यक्ति ।

**भित्री–** वि० [भित्र+ई] १. भित्रपट्टिको; भित्रको; आन्तरिक । २. प्रकटमा नआएको; गुप्त । ना० ३. लुगाफाटाको भित्रपट्टिको पत्र; भित्री तह । ~ **खल्ती–** ना० कोट, पाइन्ट आदि लुगामा भित्रपट्टि राखिएको गोजी; भित्री गोजी । ~ **छाला–** ना० जुत्ताको सामाको भित्रपट्टि कपडाको सट्टा राखिने पातलो किसिमको छाला । ~ **तलुवा–** ना० जुत्ताको भित्रपट्टिको तलुवा (इनसोल) । ~ **बारा–** ना० घरको बाहिरी चौघेरादेखि भित्रपट्टि लगाइएको घेरा । ~ **बारी–** ना० घरको करेसाबारी; कोठेबारी; हाताभित्रको बगैँचा । ~ **मधेस–** ना० महाभारत पर्वतमालाका फेदीदेखि तल र चुरे पहाडका फेदीदेखि माथि पर्ने समथर भूभाग । ~ **सन्चो–** वि० १. अन्तस्करणले सोचेजस्तो; मनले चिताएजस्तो । ना० २. सन्चो वा फाइदा हुने काम-कुरो । क्रि० वि० ३. अरूलाई थाहा नदिईकन; गुपचुप ढङ्गले ।

**भित्रेनी–** ना० [भित्र+एनी] रखौटी; ल्याइता; भित्रिनी ।

**भित्र्याँस–** ना० [भित्री+अंश] शरीरमा रहेको कलेजो, फोक्सो, मुटु, आन्द्रो आदि अवयव ।

**भित्र्याइ–** ना० [√ **भित्रि** (+याइ)] १. भित्रिने भाव, क्रिया वा प्रक्रिया । [भित्र्याउ+आइ] २. भित्र्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भित्र्याइनु–** क० क्रि० भित्र हुलिनु । **भित्र्याउनु–** स० क्रि०/प्रे० क्रि० १. भित्र हुल्नु; प्रवेश गराउनु; पसाल्नु । २. भित्र राख्नु; थन्क्याउनु ।

**भिना–** ना० [प्रा० भैनीवई < सं० भगिनीपति] १. दिदीका श्रीमान्; दिदीको लोग्ने; भिनाज्यू । २. प्रेमी (लाक्षणिक अर्थमा) । > **भिनाजु–** ना० १. भिनाज्यू । २. भिनु ।

**भिनाज्यू–** ना० [भिना+ज्यू] दिदीको लोग्ने; भगिनीपति; भिना ।

**भिनु–** ना० [सं० अभ्यन्तर] नासपाती, ज्यामिर, निबुवा, दारिम, कटहर आदि फलको भेट्नुदेखि सुरु भई नाइटोसम्म गएको डाँक्ले गुभो; भिनाजु ।

**भिन्दिपाल–** ना० [सं०] हातले फ्याँकेर प्रहार गरिने छोटो डन्डीजस्तो एक हतियार ।

**भिन्न–** वि० [सं०] १. छुट्टिएको; अलग; पृथक्; छुट्टा । २. आफू र आफूदेखि बाहिरको; अर्को; दोस्रो; अन्यत्री; पराई । ३. टुटेको; खण्डित । ना० ४. गणितमा पूर्णाङ्कभन्दा न्यून सङ्ख्या; अंश (रेखाभन्दा माथि रहने सङ्ख्या) वा हर (रेखामुनि रहने सङ्ख्या) । **– ता–** ना० भिन्न हुनाको भाव वा अवस्था; अन्तर; पार्थक्य । **– दर्शी–** वि० पनपक्ष गर्ने स्वभावको; पक्षपाती । ~ **देशीय–** वि० १. अर्कै देशको; विदेशी । २. अर्को क्षेत्रको; परदेशी । > **भिन्नाभिन्नै–** वि० छुट्टाछुट्टै; अलगअलग; बेग्लाबेग्लै । **भिन्नार्थ–** वि० १. भिन्न उद्देश्य वा नियत भएको । २. अलग-अलग

अर्थ भएको; छुट्टै तात्पर्य भएको । ना० ३. अलग अर्थ; छुट्टै अर्थ ।

**भिन्नु**– ना० [सं० भिन्न] १. सगोलबाट छुट्टिएर बेग्लै बस्ने काम; अंश लागेर वा मानु छुट्टिएर चुलोचौको, आम्दानीखर्च आ-आफ्नो हुने व्यवहार वा स्थिति । वि० २. त्यसरी बसेको; बेग्लै; अलग; छुट; भिन्न ।

**भिमल्-नु**– अ० क्रि० [भिमल+नु] बेहोस हुनु; अचेत पर्नु ।

**भिमल**– वि० [सं० विह्वल] १. कहालिएको; आकुल । २. अचेतन अवस्थाको; अचेत; बेहोस । ना० ३. कहालिने वा बिचेत हुने स्थिति; आकुलता । > **भिमलाइ**– ना० भिमल्ने भाव, क्रिया वा प्रक्रिया । **भिमलाउनु**– अ० क्रि० बिचेत हुन खोज्नु; कहालिनु । **भिमलिनु**– अ० क्रि० अचेत होइनु । **भिमल्याइ**– ना० भिमलिने भाव, क्रिया वा प्रक्रिया । **भिमल्याइनु**– क० क्रि० भिमलिने पारिनु । **भिमल्याउनु**– प्रे० क्रि० भिमलिने पार्नु ।

**भियाइ**– ना० [√ **भियाउ** (+आइ)] भियाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भियाइनु**– क० क्रि० पूरा गरिनु; सकिनु ।

**भियाउनु**– स० क्रि० हे० भ्याउनु ।

**भिर्-नु**– स० क्रि० १. खुकुरी, तरबार, बन्दुक, खकन, घडी आदि सामान शरीरमा धारण गर्नु; सजाउनु; अल्भ्फाउनु; सिउरिनु । २. मन परेको लुगा, पोसाक आदि पहिरनु । ३. कुनै कामकुरो अनिच्छापूर्वक स्विकार्नु ।

**भिर**– ना० ठाडो र एकदमै करालो परेको ठाउँ; पहरो । ~ **गौँडी**– ना० मकैका जस्ता पात र बोट हुने, सेता दाना फल्ने एक जातको बोट; वनजुनेलो । ~ **गौँथली**– ना० भीरमा गुँड लगाएर बस्ने एक जातको गौँथली; घरगौँथलीभन्दा भिन्न गौँथली ।

**भिरङ्गी**– ना० हे० भिरिङ्गी ।

**भिर माहुरी / मौरी**– ना० रूखका टोड्कामा वा भीर-पहरामा बस्ने र केही कडा र नशालु मह लगाउने एक जातको माहुरी ।

**भिराइ**– ना० [√ **भिर्** (+आइ)] भिर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भिराइनु**– क० क्रि० टाँसो लाइनु; भिर्न लाइनु । **भिराउनु**– प्रे० क्रि० १. मननपरेको काम-कुरो वा बेकम्मा वस्तु कसैका जिम्मा लाउनु; टाँसो लाउनु; भिडाउनु । २. भिर्न लाउनु; धारण गराउनु ।

**भिरालो**– ना० [भीर+आलो] १. भीर परेको ठाउँ; ओरालो; दम्स्याइलो पाखो । वि० २. भीर परेको; करालो ।

**भिरिङ्गी**– ना० रक्तविकारले जननेन्द्रियमा खटिरा आउने एक सङ्क्रामक रोग; गर्मीखटिरो; भिरङ्ग; भिरुङ्गी; भिरङ्गी । ~ **झार**– ना० साना, लाम्चा र टुप्पामा केराका जस्तो पात हुने, फुस्राफुस्रा रङका डाँठमा फूल फुल्ने, सर्पले टोकेकोमा औषधी मानिएको एक झार ।

**भिरिनु**– क० क्रि० [भिर्+इ+नु] १. अनिच्छाले कुनै वस्तु जिम्मा लिइनु । २. खुकुरी, तरबार आदि धारण गरिनु ।

**भिरुङ्गी**– ना० [√ भिरिङ्गी] भिरिङ्गी; भिरङ्गी ।

**भिकौँले / भिकौँलो**– ना० लाम्चा र किनारामा सेता भावका पात हुने, लाम्चा र चिप्ला फल फल्ने, जुनेलोजस्तो एक जातको बोट वा त्यसैको फल ।

**भिर्गौले**– ना० गरहडुवाको रूख ।

**भिर्नी**– ना० [भिर्+नी] कलम भिर्नका लागि अङ्कुसे पारेको बिर्को; गोजीमा अल्झाउने, उभिन्डो भएको, बिर्कोसहितको कलम ।

**भिल्ल**– ना० [सं०] भारतको राजस्थान र विन्ध्यपर्वत क्षेत्रमा पाइने पुरानो एक अनार्य जाति; कुसुन्डो ।

**भिषक्**– ना० [सं०] औषधीउपचार गर्ने व्यक्ति; चिकित्सक; वैद्य ।

**भिसा**– ना० [अङ्०] विदेशमा जानका निम्ति सम्बन्धित देशका अधिकारीद्वारा हुने, पासपोर्टको प्रमाणीकरण वा पृष्ठाङ्कन; प्रवेशाज्ञा ।

**भीक**– ना० हे० भिक ।

**भीख**– ना० हे० भिख ।

**भीड**– ना० हे० भिड । – **भाड**– ना० हे० भिडभाड । > **भीडा**– ना० हे० भिडा ।

**भीत**– वि० [सं०] अतालिएको; डराएको; तर्सेको; त्रस्त ।

**भीति**– ना० १. डर; भय; अताल्याइ । २. कम्प; कम्पन ।

**भीम**– वि० [सं०] १. डरलाग्दो; भयानक; भयङ्कर । ना० २. भीमसेन । ३. शिव । – **कर्मा**– वि० १. डरलाग्दो र साहसपूर्ण काम गर्ने; जोखिमी काम गर्ने । २. महापराक्रमी । – **काय**– वि० ठूलो जीउ भएको; विशालकाय । ~ **मल्ल**– ना० मल्लकालमा कान्तिपुरका राजा प्रताप मल्लका एक योद्धा मन्त्री तथा ल्हासामा नेपालको ठूलो व्यापार चलाउने, पछि शत्रुहरूको पेचले हत्या गरिएका एक प्रसिद्ध व्यक्ति । – **वानर**– ना० नृतत्त्वशास्त्रअनुसार मानवजस्तो देखिने डरलाग्दो जीव; डरलाग्दो वानर वा वानरगणमध्येको गुरिल्लासमूहको आदिमानव ।

**भीमसेन**– ना० [सं०] महाभारतमा प्रसिद्ध युधिष्ठिरका माहिला भाइ तथा पञ्चपाण्डवमध्ये एक; पाण्डुका द्वितीय पुत्र । ~ **थापा**– ना० नेपालको इतिहासमा वि० सं० १८६१-देखि ३४ वर्ष प्रधानमन्त्री भएर कार्यभार सँभाल्ने एक प्रसिद्ध भारदार; सुनधारा, धरहरा आदिको निर्माण गराउने व्यक्ति । – **पाती**– ना० १. सिमालीका जस्तै लाम्चा र फुस्रा रङका पात हुने, घोगाजस्ता झुप्पामा मसिना फूल फुल्ने, गाईबाखाले घाँस खाने एक बोट वा बुटो । २. फूलका रूपमा समेत लिई देवतालाई चढाइने त्यसैको पात । ~ **भारत**– ना० परस्परको ठूलो रडाको; चर्को झैझगडा । ~ **भाग**– ना० सबैभन्दा ठूलो भाग ।

**भीमसेनी**– वि० [भीमसेन+ई] १. भीमसेनसित सम्बन्धित; भीमसेनको जस्तो । २. असल; उम्दा । ~ **कपूर**– ना० कपूरका विभिन्न प्रकारमध्ये एक किसिमको असल कपूर ।

**भीमेश्वर**– ना० [सं०] नेपाल अधिराज्यको दोलखा जिल्लाको दोलखा बजारदेखि पूर्वतिरको माथिल्लो भागमा रहेका प्रसिद्ध

भीमसेन ।

**भीर–** ना० हे० भिर ।

**भीरु–** वि० [सं०]१. डराउने स्वभावको; डरछेरुवा; डरपोक । ना० २. डँडाल्नुदेखि पुच्छरसम्म लामा पखेटा पलाएको एक जातको माछा; बाम माछाजस्तो ठूलो जातको माछा । **– ता–** ना० भीरु हुनाको भाव वा अवस्था; डरछेरुवापन ।

**भीषण–** वि० [सं०]१. डरलाग्दो; भयङ्कर; भयावह । ना० २. काव्यको भयानक रस । ३. शिव । **– ता–** ना० भीषण हुनाको भाव वा अवस्था; भयङ्करता ।

**भीष्म–** वि० [सं०]१. भयानक; भयङ्कर । ना० २. महाभारतप्रसिद्ध, बालब्रह्मचारी एक गङ्गापुत्र; भीष्मपितामह; देवव्रत । ~**पञ्चक–** ना० कार्तिक शुक्लपक्षको एकादशीदेखि पूर्णिमासम्मका पाँच दिन । ~**पितामह–** ना० गङ्गाका गर्भबाट उत्पन्न, राजा शन्तनुका एक छोरा; भीष्म; देवव्रत । ~ **प्रतिज्ञा–** ना० १. कान्छी आमा सत्यवतीका सन्तानलाई मात्र राज्यको उत्तराधिकारी गराउन आजीवन विवाह नगर्ने, भीष्मको कठोर प्रतिज्ञा । २. त्यस्तै कठिन काम गर्ने कबुल; कठोर प्रतिज्ञा ।

**भुँ–** ना० [अ० मू०] १. भँवरो, मौरी, अरिङ्गाल आदि कराउँदै उड्दा निस्कने आवाज । २. शङ्ख, तुरही आदि फुकेर बजाउँदा निस्कने आवाज । **– भुँ–** क्रि० वि० भमरा, माहुरी आदि लगातार कराएको शब्द आउने गरी ।

**भुँडी१–** ना० पासा खेल्ने थर्कीको चारै पल्लाका पुछारको बीचको कोठा ।

**भुँडी२–** ना० [सं० भ्रूण] १. छाती र कमरको बीचमा रहेको, खाएको अन्नपात पाचन गर्ने शारीरिक अङ्ग; पेट; उदर । २. खाएको अन्न रहने भित्री आन्द्रे थैली । ~ **फोर–** ना० लामा-लामा खुट्टा र लामो चुच्चो हुने, जलाशयका नजिक बस्ने चरासमूहको प्राणी; एक जातको सारस । **– वाल–** वि० ठूलो र नसुहाउँदो भुँडी भएको; भुँडे । ~ **भर्नु–** टु० पैसा कमाउनु ।

**भुँडुल्के–** वि० [भुँडुल्को+ए] १. भुँडुल्कोजस्तो आकारको; डल्लो; घैँटे । २. पुड्के; ग्याँचे ।

**भुँडुल्को–** ना० [√ भुँडी] १. सानो भुँड्को; सानो घैँटो; कुलिन ।

**भुँडे–** वि० [भुँडी+ए] १. ठूलो भुँडी भएको; भुँडीवाल; लाद्रे । २. प्रशस्त खान सक्ने; धेरै खाने ।

**भुँड्को–** ना० [√ भुँडल्को] माटाको सानो लोटाजस्तो भाँडो; सानो घैँटो ।

**भुँयार–** ना० [सं० भूमिपाल] आफ्नो इलाकाको रक्षकका रूपमा मानेर बलि आदिद्वारा पूजा गरिने देवता; भुइयाँ ।

**भुँवरी–** ना० [भुमरी] १. पानी, हावा आदि घुमीघुमी बनेको चक्राकार ठाउँ; पानी वा हावाको चक्कर; जलावर्त । २. शरीरका रौँ घुम्रिएर पलाएको ठाउँ वा त्यसरी परेको चक्र ।

**भुँवरो–** ना० [सं० भ्रमर] भवँरो; भ्रमर ।

**भुइँभुइँ–** क्रि० वि० [अ० मू० भुइँ (द्वि०)] १. भमरा, माहुरी आदि उड्दा शब्द आउने गरी; पखेटा फट्कारेर । २. बार-बार अपानवायु छोड्दा शब्द आउने गरी ।

**भुइँय्यँ–** क्रि० वि० [अ० मू० भुइँ+यँ] एकै खेपमा तीखो रूपले भुनभुनाएर; भुन्न ।

**भुइँ–** ना० [सं० भूमि] १. स्थावर, जङ्गम अडिने आधार; पृथ्वीको सतह; भइँ; जमिन । २. बिछ्यौना नहालेको खाली ठाउँ; नाङ्गो वा खाली जमिन । ३. कपडा, कागत आदिमा बुट्टा वा अक्षर नभएको ठाउँ; पृष्ठभूमि । ~**अमला–** ना० बाहिर झुस भएका पानीदार मसिना फल फल्ने, अमलाका जस्तै मसिना पात हुने एक झार; पानी-अमला । ~**आमै–** ना० धर्तीमाता । ~**ऐँसेलु–** ना० मसिना पात हुने भुइँझारमा ऐँसेलु जस्तै दाना फल्ने र पाक्ता राता र खाँदा गुलियो हुने फल; भुइँकाफल । ~**कटहर–** ना० केत्तुकेका जस्ता पात हुने, केराको बुङ्गाको आकारमा पसाएर काँडेदार फल लाग्ने र पाकेपछि ताछेर खाँदा गुलियो स्वाद हुने एक किसिमको बास्नादार रसिलो फल; अनारस । ~ **काफल–** ना० ऐँसेलुका जस्तै तर मसिना पात हुने भुइँझारमा फल्ने काफलजस्तो रातो एक किसिमको फल । ~ **कुभिन्डो–** ना० कर्कलाको जस्तै पात हुने, लहराको फेदमा फुस्रो रङको फल लाग्ने एक जातको फल; भूमिकुष्माण्ड; बिदारीकन्द । ~ **खुट्टे–** वि० १. भुइँमा ठक्कर खाँदै उफ्रीउफ्री हिँड्ने; उफ्रँदै दौडने । २. गुडुलिने; गुडुल्केर दौडने । ~ **चम्पा–** ना० १. लसुनका जस्ता पात र प्रायः रातो फूल फुल्ने एक बोट वा त्यसैको फूल । २. रातो रङको फूल फुल्ने एक कन्द । ३. पड्किँदा विभिन्न रङ्गका झिल्का निस्कने एक किसिमको आतसबाजी; पटाका । ~**चरी–** ना० भुइँ-भुइँमा हिँड्ने सानोखाले जुरेली; भुइँजुरेली । **– चालो–** ना० भैँचालो; भूकम्प । ~**जुरेली–** ना० भुइँ वा कान्लामा गुँड लगाएर बचरा हुर्काउने जुरेली चराको एक जात; भुइँचरी । ~ **झार–** ना० भुइँमा टाँस्सिएर फैलिई बढ्ने झार वा घाँस (दुबो, बन्सो, चित्रे, करौते इ०) । ~ **तलो–** ना० घर, गोदाम, बङ्गला आदिको जमिनसतहको तलो । ~ **पाइलट–** ना० ड्राइभर । **– फट्टा/फुट्टा–** वि० १. भुइँ फोरेर निस्कने; जमिन फुटाएर बाहिर टुसाउने । २. कलमबाट पैदा नभई बीजबाट उम्रने (बोट, विरुवा इ०) । ३. कुनै आफन्त वा नातादार नभएको (व्यक्ति) । ४. कुनै स्वाभाविक क्रमविना सहसा पैदा भएको (व्यक्ति) । ५. गुरुबाट मन्त्र नलिई स्वतःस्फूर्त मन्त्रले नाम कमाएको (धामी, झाँक्री इ०) । **– मा न भाँडामा–** टु० मैमत्ता; यता न उताको स्थिति ।

**भुओ–** ना० १. पुसे औँसीका रातमा स्त्री-पुरुषद्वारा नाचगान गरेर मनाइने एक चाड । २. प्राचीन कालका लोकनाट्यमा प्रयोग हुने गीतको नाम ।

**भुक्–नु–** स० क्रि० [प्रा० भुक्क+नु] अपरिचित व्यक्तिलाई देखेर वा अन्य कुनै कारणले कुकुर कराउनु; भुकभुक शब्द गर्नु; घुक्नु ।

**भुकभुक–** क्रि० वि० [अ० मू० भुक्+अ (द्वि०)] १. कुकुरका भुकाइको आवाज आउने गरी । २. मुड्की आदिले प्रायः कमला वस्तुमा कुट्ता आवाज निस्कने चालसँग । ३. चिउरा कुट्ता शब्द निस्केझैँ गरी । > **भुकभुकती–** क्रि० वि० त्यस्ता शब्द वा आवाज धमाधम आउने गरी । **भुकभुकिनु–** अ० क्रि० १. भुकभुक हुनु । २. भुकभुक्याइमा पर्नु; अलिअलि कुटिनु । **भुकभुकी–** क्रि० वि० भुकभुकती ।

**भुकभुके–** वि० [भुकभुक+ए] १. बाक्लो, फुस्रो र भुक्क फुलेको (रोटी आदि) । २. मिरमिरे; झिसमिसे । ३. रिमरिमे; तिरमिरे । ना० ४. भुकभुक हान्ने रोग; वायुगोला । ~ **उज्यालो–** ना० भुईंमा खस्नखस्न लागेको उज्यालो । ~ **रोटी–** ना० आगामा सेकाउँदा उचालिएर फुलेको बाक्लो फुस्रो रोटी । ~ **साँझ–** ना० बेलुकाको दियो बाल्ने वेला; सन्ध्याकाल ।

**भुकभुक्याइ–** ना० [√ **भुकभुक्याउ** (+आइ)] भुकभुक्याउने क्रिया वा प्रक्रिया । [>] **भुकभुक्याइनु–** क० क्रि० भुकभुक पारिनु ।

**भुकभुक्याउ-नु–** स० क्रि० [भुकभुक+याउ+नु] भुकभुक पार्नु; भुकभुक पार्दै कुट्नु ।

**भुकाइ–** ना० [√ **भुक्** (+आइ)] भुक्ने भाव, क्रिया वा प्रक्रिया । [भुकाउ+आइ] २. भुकाउने भाव, क्रिया वा प्रक्रिया । [>] **भुकाउनु–** प्रे० क्रि० भुक्न लाउनु । **भुकिनु–** अ० क्रि० १. धेरै धाक लाएर बोलिनु । २. कुकुर कराइनु ।

**भुकुल्ल–** क्रि० वि० [अ० मू० भुकुल+ल] प्रायः बालकको गाला, गहुँका पीठाको फुस्रो रोटी आदि उक्सने वा फुल्ने गरी; भुक्क । > **भुकुल्ले–** वि० भुकुल्ल परेको; थामरथुमर; भकुल्ले । **भुकुल्लो–** ना० थामरथुमर व्यक्ति वा उक्सिएको वस्तु ।

**भुक्क–** क्रि० वि० [अ० मू० भुक्+क] १. कुनै वस्तु उक्सने, फुल्ने वा सुन्निने गरी; भुक्लुक्क । २. मुड्की आदिले कमला वस्तुमा बिस्तारै हान्दा शब्द आउने चालसँग । ३. कुकुर भुक्ने वा भुकेको शब्द आउने किसिमले ।

**भुक्त-नु–** स० क्रि० [सं० भुक्त+नु] १. भुक्तिनु । २. सुखदुःख सहेर अनुभव गर्नु ।

**भुक्त–** वि० [सं०] १. भोग गरिसकेको; भोगेको; उपभुक्त । २. खाएको । ३. दुःखसुख सबै सहेको । ~ **भोग–** वि० १. भोग गरिसकेको; अनुभव गरिसकेको । २. दुःखसुख सहेको; खली खाएको । ~ **भोगी–** वि० दुःखसुखका सबै झमेला भोगिसकेको; खली खाएको । – **मान–** ना० ज्यादै ठूलो कष्ट; सास्ती; हैरानी । – **मानी–** ना० १. भुक्तमानको भाव वा स्थिति । वि० २. भुक्तमानमा परेको । ~ **वैरागी–** ना० भोगीभोगीकन संसार सबै चिनेको मानिस ।

**भुक्ताइ–** ना० [√ **भुक्ताउ** (+आइ)] भुक्ताउने क्रिया वा प्रक्रिया; भुक्त्याइ । [>] **भुक्ताइनु–** क० क्रि० भुक्त्याइनु ।

**भुक्ताउ-नु–** स० क्रि० [भुक्तान+आउ+नु] लेनदेनको व्यवहार टुङ्ग्याउनु; चुक्ती पार्नु; भुक्त्याउनु ।

**भुक्तान–** ना० [सं० भुक्त+आन] १. भोग गर्ने काम; भोग । २. लेनदेन चुक्ता गर्ने काम; चुक्ती; फछ्र्यौट । ३. कष्टले समय बिताउने काम; अनुभव । वि० ४. तिरिसकेको; फर्छिएको । ४. भोगिएको । ~ **सन्तुलन–** ना० एक देशले अर्को देशबाट पाउनुपर्ने वा अर्को देशलाई दिनुपर्ने व्यापारसम्बन्धी हिसाबको रकम (वस्तु, पुँजी, बिमाशुल्क, जहाज-भाडा इ०) ।

**भुक्तानी–** ना० [भुक्तान+ई] १. लेनदेन चुक्ता गर्ने काम; फछ्र्यौट । वि० २. तिर्नुपर्ने वा दिनुपर्ने । ३. चुक्ता; भुक्तान । ~ **पर्चा–** ना० भुक्तानी दिइएका सम्बन्धमा अभिलेख राखिने पर्चा । ~ **भाउचर–** ना० भुक्तानी गर्ने आधारका निम्ति तयार पारिएको भाउचर ।

**भुक्ति–** ना० [सं०] १. भोजन । २. उपभोग; भोग । ३. अधिकारमा लिइएको वस्तु; कब्जा; दखल । > **भुक्तिनु–** अ० क्रि० १. परिआएको दुःखसुख सहनु; खप्नु । २. जीवन, समय, दिन आदि बित्नु । ३. चुक्तिनु; फर्छिनु ।

**भुक्तिवाद–** ना० [सं०] भरतको रससूत्रका व्याख्याताहरूमध्ये भट्टनायकले प्रतिपादन गरेको, सहृदयबाट रसको उपभोग हुन्छ भन्ने काव्यसिद्धान्त; रसनिष्पत्तिसम्बन्धी एक सिद्धान्त ।

**भुक्त्याइ–** ना० [√ **भुक्ति** (+याइ)] १. भुक्तिने भाव क्रिया वा प्रक्रिया । [भुक्त्याउ+आइ] २. भुक्त्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **भुक्त्याइनु–** क० क्रि० १. समाप्त पारिनु; बिताइनु । २. मारिनु । **भुक्त्याउनु–** स० क्रि०/प्रे० क्रि० १. समाप्त पार्नु; बिताउनु । २. मार्नु ।

**भुक्लुक्क–** क्रि० वि० [अ० मू० भुक् > भुक्लुक्+क] १. उक्सिने, सुन्निने वा फुल्ने गरी; भुक्क । २. एक्कासि लड्ने वा मर्ने चालले ।

**भुङ्ग्रालो–** ना० [भुङ्ग्रो+आलो] १. ठूलो उपद्रव; विप्लव; उत्पात । २. दैवी आपत्; दुर्घटना । ३. भतभती पोल्ने तातो; आगाको भुङ्ग्रो ।

**भुङ्ग्रि-नु–** अ० क्रि० [भुङ्ग्रो+इ+नु] १. भुङ्ग्रैभुङ्ग्रो हुनु; भुङ्ग्रो बन्नु । २. भुङ्ग्रालोमा पर्नु; दुःख वा सन्तापमा होमिनु । ३. रिनले खँगारिनु ।

**भुङ्ग्रे–** वि० [भुङ्ग्रो+ए] १. भुङ्ग्रोमा हालेर पकाएको; भुङ्ग्रोमा पाकेको (रोटी, तरुल आदि) । २. भुङ्ग्रोसम्बन्धी; भुङ्ग्रोको । ३. ज्यादै तातो; रापिलो । ~ **ज्वरो–** ना० सारा शरीर भुङ्ग्रोजस्तै तातेर आउने ज्वरो; कामज्वरो ।

**भुङ्ग्रो–** ना० [सं० अङ्गार] दाउरा बलिसकेपछिको आगाको ढकढकाउँदो अवस्था; झरिलो आगो; आगाको फिलिङ्गाको थुप्रो ।

**भुङ्ग्र्याइ–** ना० [√ **भुङ्ग्रि** + (याइ)] भुङ्ग्रिने क्रिया वा प्रक्रिया । [>] **भुङ्ग्र्याइनु–** क० क्रि० भुङ्ग्रामा पारिनु । **भुङ्ग्र्याउनु–** स० क्रि०/प्रे० क्रि० भुङ्ग्रामा पार्नु; सङ्कटमा झेल्नु ।

**भुच्चुक–** वि० [सं० भूत+चूक] १. साह्रै बेकुफ; हुस्सू । २. अर्धसिल्ली;

अधबेस्रो । ३. अशिष्ट; बेसोमतिलो; असभ्य ।

**भुज्-नु–** स० क्रि० [सं० भुज्+नु] १. भोग गर्नु; अनुभव गर्नु; भुक्तिनु । २. सुख-दुःख बेहोर्नु । ३. सोचविचार गरेर काम गर्नु वा जान्नु । ४. कुनै वस्तु हाँडी, कराही आदिमा लावा उठ्ने गरी भुट्नु ।

**भुज–** ना० [सं०] १. हस्त; हात; बाहुली । २. हाँगो; शाखा । ३. रेखागणितमा कोण बनाउनका लागि खिचिने सोझो रेखा । ४. हात्तीको सुँड ।

**भुजङ्ग–** ना० [सं०] १. सर्प; साँप । २. नाठो; जार । – **प्रयात–** ना० छन्दशास्त्रअनुसार चारवटा 'य' - गणका प्रत्येक चरण हुने एक वार्णिक छन्द । > **भुजङ्गी–** ना० पोथी सर्प; सर्पिणी ।

**भुजदण्ड–** ना० [सं०] राजाले औपचारिक रूपमा हातमा लिने दण्ड; राजदण्ड ।

**भुजपाश–** ना० [सं०] अङ्कमाल; अँगालो ।

**भुजबन्ध–** ना० [सं०] १. भुजाले अँगाल्ने काम; अङ्कमाल; अँगालो । २. बाहुमा पहिरिने एक गहना; बाजुबन्द; अङ्गद ।

**भुजबल–** ना० [सं०] भुज वा शरीरमा हुने बल; शारीरिक शक्ति ।

**भुजा१–** ना० [सं०] १. बाहुली; हात; हस्त । २. रेखागणितमा कोण बनाउन खिचिने सरल रेखा ।

**भुजा२–** ना० [प्रा० भुज्जिअ] १. अनदी, चिनियाँ आदि धानको चामल भुटेको खट्टे । २. खाजामा खाइने त्यस्तो खट्टे वा सिरौँला आदि खानेकुरो । ३. भात (प्रायः दरबारिया बोलीमा) ।

**भुजान्तर–** ना० [सं०] १. दुई भुजाको बीचको स्थान । २. अँगालो; क्रोड ।

**भुजापत्र/भुजापात–** ना० [सं० भूर्जपत्र] भोजपत्र; भोजपात ।

**भुजुङ्गो–** ना० [सं० भुज्+उङ्गो] प्रायः तामो, पित्तल आदि धातुको बाटाका आकारमा बनेको केही ठाडो तर बिट नफर्केको पकाउने भाँडो ।

**भुजुरी/भुजुरो–** ना० [प्रा० भुग्ग] १. कोरेँसोमा कोरेर मसिनो पारेको आलु, मूला, कुभिन्डो आदिको चाना । २. त्यस्तै चानाको आकार वा त्यसैमा पीठो मुछेर तारिएको खानेकुरो । ३. मुछेको बेसन आदि झाँझरबाट चुहाएर मसिना टुक्रा पारी घिउतेलमा पकाइएको नुनिलो खुजुरे खानेकुरो ।

**भुजेल–** ना० घर्ती, मगरको थर विशेष ।

**भुजेली/भुज्याली–** ना० [भुजा+एली/याली] १. ठूलो आकारको खुँडा । २. खुकुरी ।

**भुट्-नु–** स० क्रि० [सं० भृष्ट+नु] १. सुखा मकै, भटमास, धान आदि वस्तु हाँडी आदिमा हाली कप्टेराले चलाएर फूल उठ्ने गरी सुखा पकाउनु; अराल्नु । २. खानेकुरा घिउ वा तेलमा तारेर खरो गरी पकाउनु; तार्नु । ३. तोप, बन्दुक, टच्याङ्क आदिबाट गोली हानेर धेरै मान्छेलाई मार्नु; सखाप पार्नु । > **भुट–** ना० ओबानै भुट्ने वा भुटेर पकाउने काम ।

**भुटन–** ना० [भुट्+अन] हे० भुटुन; भुटुवा । > **भुटनेस–** ना० रस नहाली भुटेर बनाइएको तरकारी; भुटुवा; भुटन ।

**भुटभाट–** ना० [भुट् (द्वि०)] भुट्ने काम; हाँडीमा मकै आदि वस्तु ठेट्नै वा सुक्खा र भाँडामा थोरै चिल्लो हालेर पुवा, तिहुनतरकारी आदि पानी नहाली पकाउने काम ।

**भुटभुटि-नु–** अ० क्रि० [भुट्+भुट्+इ+नु] मनमा परेका ताप वा चिन्ताले पिरोलिनु; त्यस्तो ताप वा चिन्ताले मन पोलेर व्याकुल हुनु वा छटपटिनु; पिरिनु; पिल्सिनु ।

**भुटभुटी–** ना० [√ भुटभुटि] मनमा परेका पीरले भित्रभित्रै भएको व्याकुलता वा छटपटी; चर्को मानसिक ताप ।

**भुटभुटचाइ–** ना० [भुटभुटि+याइ] भुटभुटिने भाव, क्रिया वा प्रक्रिया ।

**भुटाइ–** ना० [√ **भुट्** (+आइ)] भुट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भुटाइनु–** क० क्रि० भुट्न लाइनु । **भुटिनु–** अ० क्रि० १. भुटभाट होइनु । क० क्रि० २. भुट्ने काम गरिनु; भुटाइमा परिनु ।

**भुटिभाङ–** ना० केही पनि नहुने स्थिति; भुटीभाङ ।

**भुटिभाटी–** टु० केही नभएको अवस्था; भस्माभुटी ।

**भुटिमाम–** ना० [बा० बो०] भुटेको भात ।

**भुटी–** ना० [भुट्+ई] १. भुट्ने काम । २. भुटेको वस्तु वा खानेकुरो (बालबोलीमा) । – **भाङ–** ना० अन्न, खानेकुरो आदि केही नहुने स्थिति; फुट्टीकौडी । (उदा०– घरमा भुटीभाङ नभएपछि के खाएर बाँच्ने ?) । – **भाटी–** ना० भुटभाट गर्ने काम; राम्ररी भुटने काम । – **भुटी–** ना० (बालबोलीमा) भुट्ने काम वा भुटेका वस्तु (खास गरी मकै आदि) ।

**भुटुन–** ना० [√ भुटन] १. तरकारी, भटुवा आदि पकाउनाका निम्ति कराहीमा वा यस्तै भाँडामा हालिने घिउतेल । २. आन्द्रा, भुँडी, कलेजो, फोक्सो आदि मिलाई घिउ वा तेलमा तारेको परिकार ।

**भुटुवा–** वि० [भुट्+उवा] १. घिउ-तेलमा भुटेको; तारेको । ना० २. घिउतेलमा भुटेको वा तारेको सुखा तरकारी । ३. आन्द्रा, भुँडी, कलेजो आदि तारेको परिकार; भुटन ।

**भुटेको–** वि० [भुट्+एको] भुटेर पकाइएको वा तयार पारिएको । ~ **तेल–** ना० सड्ने-बिग्रने नहोस् भनी तोरीलाई भुटेर पाको पारी निकालिएको स्वस्थ तेल ।

**भुटो–** ना० [√ भाउँटो] १. सँभालिनसक्नु आपत्; भाउँटो । २. झन्झट; झमेला; टन्टा । ३. मानसिक चिन्ता; फिक्री ।

**भुट्को–** ना० [भुट्+को] उमालेका पानीमा भुटेको पीठो मुछी डल्लो पारी चाकु मिलाई रुमालले छोपेर बाफमा पकाइने रोटी ।

**भुट्टा–** ना० [भुट्+टा] १. भुट्ने काम । २. भुटेको वस्तु वा खानेकुरो । ३. मकै ।

**भुतभुत–** ना० [अ० मू० भुत्+अ (द्वि०)] १. रिस, असन्तोष आदिले अस्पष्ट रूपमा व्यक्त हुने एकोहोरो गनगन; फतफत । क्रि० वि० २. त्यस्तो रिस देखाउँदै गुनगुनाएर; अस्पष्ट रूपमा

फतफताउँदै । ३. झोकले भित्रभित्रै भुङ्ग्रो सल्कने किसिमसँग । > **भुतभुताइ–** ना० भुतभुताउने भाव, क्रिया वा प्रक्रिया । **भुतभुताइनु–** क० क्रि० झोकले बडबडाइनु; गनगनाइनु । **भुतभुताउनु–** अ० क्रि० रिसको सुरमा एक्लै वा एकोहोरो फतफताउनु; बडबडाउनु । **भुतभुते–** ना० १. आगोका फिलिङ्गा र खरानी मिसिएको भुङ्ग्रो; भुङ्ग्रो । वि० २. भुतभुत गरिरहने; फतफते ।

**भुताहा–** वि० [भूत+आहा] भूतसम्बन्धी; भूतद्वारा निर्मित; भूत लाग्ने । ~**बाँध–** ना० इतिहासको अज्ञात कालमा निर्मित भएका हुनाले निर्माताको नाम थाहा हुन नसकी छिमेकका व्यक्तिहरूका दृष्टिमा भूतद्वारा निर्मित ठानिएको कुनै बाँध (पोखराको पार्दी बाँध, सुनसरी भुटाहाको बाँध इ०) ।

**भुतुक्क–** क्रि० वि० [अ० मू० भुतुक्+क] १. रिसले वा असन्तोषले चूर हुने गरी; साह्रै झोक्किएर । २. थकाइले लुथ्रुक्क पर्ने गरी । ३. एक्कासि मर्ने किसिमले; खुत्रुक्क । ४. ठूलो आसक्ति ।

**भुतुङ्गे–** वि० [भुतुङ्गो+ए] भुतुङ्गो; नाङ्गे ।

**भुतुङ्गो–** वि० [भूत+नाङ्गो] निर्वाङ्ग; नाङ्गो; नग्न ।

**भुतुल्लो–** वि० [अ० मू० भुत्+उल्लो] १. थोत्रोपुरानो; चिथ्रो (सिरक, डस्ना आदि) । २. भुक्क फुलेको; भुकुल्लो ।

**भुतेग्रो–** ना० [भूत+एग्रो] भूतले दुःख दिएकोझैँ गरी धेरै दुःख दिने बस्तुभाउ (भेडो, बाखो आदि) ।

**भुतुक्किनु–** अ० क्रि० [भुतुक्क+इ+नु] भुतुक्क हुनु; मर्नु । > **भुतुक्क्याइ–** ना० भुतुक्किने वा भुतुक्क्याउने क्रिया-प्रक्रिया । **भुतुक्क्याइनु–** क०क्रि० मर्ने पारिनु । **भुतुक्क्याउनु–** स० क्रि० भुतुक्क पार्नु; ठहरै तुल्याउनु; मार्नु ।

**भुत्तिनु–** अ० क्रि० [भुत्तो+इ+नु] कुटो, कोदालो, हँसिया, खुकुरी आदि हतियार नकाट्ने वा नलाग्ने हुनु; धार बोधो हुनु; भुत्ते हुनु ।

**भुत्ते–** वि० [भुत्तो+ए] १. धार नभएको वा धार नै कुँडिएको; धारिलो नभएको; नलाग्ने (हतियार) । २. बुद्धि नपसेको; नतिखारिएको; बोधो (मानिस) ।

**भुत्तो–** वि० [सं० भुक्त] १. धार मरेको; नलाग्ने । २. बोधो; भुत्ते ।

**भुत्त्याइ–** ना० [√ **भुत्ति** (+याइ)] १. भुत्तिने क्रिया वा प्रक्रिया । [भुत्त्याउ+आइ] २. भुत्त्याउने क्रिया वा प्रक्रिया । [ > ] **भुत्त्याइनु–** क० क्रि० भुत्ते पारिनु ।

**भुत्याहा–** वि० [भूत+याहा] १. भूतप्रेतले वास गरेको (ठाउँ, घर आदि) । ना० २. भूतप्रेतसम्बन्धी काम गर्ने झारफुके व्यक्ति; धामी वा झाँक्री ।

**भुत्त्याउनु–** स० क्रि० भुत्ते पार्नु ।

**भुत्रुक्क–** क्रि० वि० [अ० मू० भुत्रुक्+क] १. एक्कासि उफ्रने, हाम्फाल्ने वा ओर्लने गरी । २. थकाइले पूरै गलेर । ३. ठहरै मर्ने गरी; भुतुक्क ।

**भुत्रैसित/भुत्रैसिति–** वि० बो० [भुत्रो+ऐ+सित] बेवास्ता वा उपेक्षाको भाव व्यक्त गर्दा भनिने शब्द; यत्रैसित; कन्डैसित । (उदा०– भनेको नमानी रूख चढेपछि लडे के त, भुत्रैसित ! त्यति जाबो कुरामा पनि रिसाउँछन् भने भुत्रैसिति !)

**भुत्रो–** वि० [√ भुत्लो] १. बेवास्ताको; केही न केही; फुस्सा; यत्रो (निन्दार्थमा) । ना० २. गुप्ताङ्गका रौँ ।

**भुत्ला–** ना० [भुत्लोको ति० रू०] १. भुवा; रौँ । २. थोरै वस्तु; सानो टुक्रो । ३. चिथ्रो; भुत्रो । **– वाल–** वि० भुत्ला हुने; लामा-लामा भुत्ला भएको; भुत्ले; झ्यापुल्लो । ~ **भुत्ली–** १. एकले अर्काको केश उखेल्ने काम । २. झगडा ।

**भुत्लि-नु–** अ० क्रि० [भुत्लो+इ+नु] रौँ भुत्ला आदि खुइलिनु; बाहिरी रौँ लुछिनु । २. नाङ्गो हुनु; नाङ्गिनु । ३. थोत्रो-पुरानो हुनु; थोत्रिनु । ४. अधिकार, मान, जागिर आदि खोसिनु ।

**भुत्ले–** वि० [भुत्लो+ए] भुत्लैभुत्ला भएको; जगल्टे; भुत्लावाल । ~ **साग–** ना० कुखुराको मासु ।

**भुत्लो–** ना० [√ भूवा] १. बाखा आदिका रौँ; मसिनो भुत्लो; भुवा । २. चिथ्रो; झुत्रो; पुरानो । ३. थोरै वस्तु; सानो टुक्रो; दम्सो ।

**भुत्ल्याइ–** ना० [√ **भुत्लि** (+याइ)] १. भुत्लिने भाव, क्रिया वा प्रक्रिया । [भुत्ल्याउ+आइ] २. भुत्ल्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भुत्ल्याइनु–** क० क्रि० भुत्ला उखेलिनु । **भुत्ल्याउनु–** स० क्रि० १. रौँ वा भुवा लुछ्नु; भुत्ला उखेल्नु । २. नाङ्गो तुल्याउनु; नङ्ग्याउनु । ३. जथाभावी जगल्टा लुछ्नु; जगल्टयाउनु । ४. अधिकार, मान, प्रतिष्ठा, जागिर आदि खोस्नु । प्रे० क्रि० ५. झुत्रो पार्नु; झुत्र्याउनु; फटाउनु । ६. रौँ, भुवा, भुत्ला आदि खजमज्याउनु; भुत्लिने पार्नु ।

**भुद्रुङ–** ना० ध्वाँसे रङको चीलजत्रै मांसाहारी एक जातको चरो ।

**भुनभुन–** ना० [अ० मू० भुन्+अ (द्वि०)] क्रि० वि० १. झिँगा, माहुरी, भँवरो आदि उड्दा शब्द आउने गरी; भनभन । २. मनमा चिन्ता परेर वा रिसले एक्लै फतफताउने चालले; भुतभुताउने गरी । > **भुनभुनाइ–** ना० भुनभुनाउने भाव, क्रिया वा प्रक्रिया । **भुनभुनाइनु–** क० क्रि० भँवरो, झिँगा, माहुरी आदिद्वारा भुनभुन गरिनु । **भुनभुनाउनु–** अ० क्रि० १. झिँगा, भँवरो, माहुरी आदिले भुनभुन आवाज निकालेर उड्नु; भुनभुन गर्नु । २. मनमा चिन्ता परेर एक्लै बडबडाउनु; भुतभुताउनु । **भुनभुनाहट–** ना० भुनभुनाउने स्थिति, भाव वा क्रियाप्रक्रिया ।

**भुनी–** ना० सुँगुर वा बँदेलको पोथी ।

**भुने–** ना० बाँस, मालिङ्गो आदिका चोयाले बुनेको लेकतिरबाट मही ओसार्ने भाँडो ।

**भुन्टा भुन्टी–** ना० [भुन्टो+भुन्टी] मसिना वा सानातिना केटाकेटी; भन्टचाङभुन्टुङ; भुराभुरी ।

**भुन्टी–** ना० [भुन्टो+ई] १. भुन्टोको पोथी रूप; सानी बच्ची; पुड्की केटी । वि० २. सानो कदकी; होची; पुड्की (स्त्री) ।

**भुन्टे–** ना० [भुन्टो+ए] १. सानो बच्चो । २. पुड्को केटो । वि० ३. सानो; पुड्को; पुड्के ।

**भुन्टो**– वि० [√ पुन्टो] सानो कदको; होचो; पुड्को ।

**भुन्न**– क्रि० वि० [अ० मू० भुन्+न] भँवरा, झिँगा, माहुरी, लाम्खुट्टे आदि उड्दा वा कराउँदा सगोल आवाज आउने गरी ।

**भुमर ताल**– ना० बाजा बजाउने तालका विभिन्न भेदमध्ये एक ।

**भुमरी**– ना० [प्रा० भुमइ] १. हावा, पानी आदि घुमेर बनेको, चक्राकार ठाउँ; जलावर्त; भुँवरी । २. रौँ आदि घुमुर्किएको वा चक्का परेको स्थिति । ३. क्रोध वा रिसले निधारमा पारेको त्यस्तो गाँठो ।

**भुरनहत्ते/भुरमहत्ते**– ना०हे० भुर्नहत्ते/भुर्महत्ते ।

**भुरा**– ना० [सं० भ्रूण] १. 'भुरो'को ति० रू०; कलिला केटा; साना बच्चा । २. ससाना माछा । – **भुरी**– ना० १. सानातिना केटाकेटी; मसिना बालबच्चा । २. जम्राका मसिना बच्चा ।

**भुरुक्क**– क्रि० वि० [अ० मू० भुरुक्+क] बसेको ठाउँबाट एक्कासि उठ्ने गरी; जुरुक्क । २. एकाएक उड्ने चालले; भुर्र ।

**भुरुङ**– ना० [नेवा०] १. धागाले बेरी झट्कारेर भुइँमा घुमाउँदै खेलिने काठको डल्लो खेलौना; लट्टु । २. हातले घुमाएर खेलिने चिलाउने आदिका गेडा । वि० ३. डल्लो; पुड्को ।

**भुरे**– ना० [भुरो+ए] १. सानो केटाकेटी; भुरो । २. 'भारे'को पूरक । वि० ३. सानो गाँठीको; होचो कदको । ~ **भारे**– वि० १. भारेभुरे; ठिनेमिने; सानोतिनो । २. मसिना केटाकेटी र ठूला मानिस । ~ **माछो**– ना० सानो एक जातको माछोविशेष । – **टाकुरे**– ना० ससाना थुम्के राज्य ।

**भुरेल**– ना० [भुरा+एल] मसिना माछा छोप्ने जाल वा जाली ।

**भुरो**– ना० [सं० भ्रूण] १. सानो खालको माछो; माछाको बच्चो । २. सानोतिनो केटो; बच्चो ।

**भुर्कुट**– ना० [सं० भ्रंस्+कुट्ट] १. कुल्चेर, भाँचेर, खाएर भएको सखाप स्थिति; बेमाख; सर्वनाश; बरबादी; विध्वंस । वि० २. सबै; सखाप ।

**भुर्कुल**– ना० सलाई बनाउने काममा प्रयोग हुने एक रूखविशेष ।

**भुर्नहत्ते/भुर्महत्ते**– ना० [सं० भ्रूणहत्या] १. मर्नु न बाँच्नुको स्थिति; भुरनहत्ते । २. निल्नु न उकेल्नुको वस्तु वा त्यस्तै नचाहिँदो कामकुरो; बिनसित्तिको झ्याउलो वा झन्झट ।

**भुर्र**– क्रि० वि० [अ० मू० भुर्+र] चराचुरुङ्गीका उडाइको आवाज आउने गरी ।

**भुर्रा१**– ना० १. मानमर्यादा; प्रतिष्ठा; इज्जत; आबरु । २. गन्जिफाको खेलमा एकएक चक्की फ्याँकेर खाने एक दाउ ।

**भुर्रा२**– ना० [अ० बर्राक] एक जातको परेवा ।

**भुल्-नु**– स० क्रि० [प्रा० भुल्ल+नु] १. पहिले भए-गरेको कुरा नसम्झनु; बिर्सनु । २. कुनै गल्ती वा भूल गर्नु; बिराउनु । अ० क्रि० ३. भूलमा पर्नु; चुक्नु । ४. अलमलिनु; झुक्किनु; छक्किनु । ५. आसक्त हुनु; लहसिनु; लग्गू हुनु ।

**भुल**– ना० [प्रा० भुल्ल] १. ताकेको काम गर्नुपर्नेमा झुक्किएर गरिने अर्कै काम; भुल्ने काम; भ्रम; चूक; गफलत । २. विराम; कसूर; विगार । ३. लेखनमा हुने गल्ती; अशुद्धि । ४. बिर्सने काम; विस्मृति । – **चुक**– ना० १. भूल र चूक; बिराम र दोष । २. भूलबाट हुन आएको त्रुटि; अज्ञानता वा व्यस्तताले हुने गल्ती ।

**भुलभुल**– क्रि० वि० [सं० बुद्‌बुद] पानी, रगत आदि निस्किरहने गरी । > **भुलभुलाइ**– ना० भुलभुलाउने भाव, क्रिया वा प्रक्रिया । **भुलभुलाउनु**– अ० क्रि० १. मूल फुटेर वा भुलभुल हुने गरी जमिनबाट पानी उम्रनु । २. त्यसरी नै आँसु आदि बग्नु । **भुलभुलिनु**– अ० क्रि० भुलभुल गरी जमिनबाट पानी उम्रिनु; भुलभुलाउनु । **भुलभुले**– वि० भुलभुल गरी उम्लेको वा उम्रेको (पानी आदि तरल पदार्थ) ।

**भुलभुलैया**– ना० [भुल्+भुल्+ऐया] १. पेचिलो वा झुक्याउने कुरो; घुमाउरो कुराकानी । २. अलमलिने बाटो भएको कुनै घर वा त्यस्तै रचना ।

**भुलभुल्याहट**– ना० भुलभुलिने स्थिति, भाव वा क्रियाप्रक्रिया ।

**भुलाइ**– ना० [√ **भुल्** (+आइ)] भुल्ने भाव, क्रिया वा प्रक्रिया । [भुलाउ+आइ] ना० भुलाउने भाव, क्रिया वा प्रक्रिया । > **भुलाइनु**– क० क्रि० भुल्ने पारिनु; अल्मल्याइनु । **भुलाउनु**– प्रे० क्रि० १. बिर्साउनु; अलमल्याउनु । २. झुक्याउनु; छकाउनु । ३. प्रेममा फसाउनु; आसक्त बनाउनु ।

**भुलायो**– ना० [√ भवा] १. रेसमको धागोबाट बुनेको एक प्रकारको नरम कपडा; अन्डी । २. भुवैभुवा हुने गरी बुनेको नरम कपडा ।

**भुलिनु**– अ० क्रि० [भुल्+इ+नु] भूलमा परिनु ।

**भुलु**– ना० दुई-तीन मिटर अग्लो, भेट्नु भएका चिल्ला, पातला र टल्कने पात हुने, गुलाफी हल्का पहेँलो रङका फूल फुल्ने एक प्रकारको रूख; सोही रूखको रातो जामुनुका आकारको फल ।

**भुलुक्क**– क्रि० वि० [अ० मू० भुलुक्+क] १. दूध, पानी आदि पहिलोपल्ट भुल्को फुटेर उम्लिने गरी । २. पानी आदि तरल पदार्थ भुल्कोबाट एक्कासि निस्केर ।

**भुल्क-नु**– अ० क्रि० [भुलुक्क+नु] १. पानी, दूध, आदि तरल पदार्थ तताउँदा उम्लनु; भुलुक्क हुनु वा भुल्को निस्कनु । २. पानी, रगत आदि तरल पदार्थ अलिअलि गरी वेगले निस्कनु । > **भुल्काइ**– ना० भुल्कने वा भुल्काउने क्रिया वा प्रक्रिया । **भुल्काइनु**– क० क्रि० भुलुक्क उमालिनु । **भुल्काउनु**– स० क्रि० भुलुक्क उमाल्नु । **भुल्किनु**– अ० क्रि० भुलुक्क उम्लिनु ।

**भुल्को१**– ना० [√ भल] १. दूध, पानी आदि तरल पदार्थ तताउँदाको उम्लाइ; उमाल । २. पानी, आँसु आदि एक पटकमा निस्केको अंश वा वेग; मुल्को । ३. धेरै मलिलो जमिनमा सप्रेर उम्रेको बालीको गाँज ।

**भुल्को२**– ना० [सं० उलूक] लाटोकोसेरो; उल्लू ।

**भुल्क्याइ**– ना० [भुल्कि+याइ] भुल्किने भाव, क्रिया वा प्रक्रिया ।

**भुल्ल**– क्रि० वि० [अ० मू० भुल्+ल] १. जमिनबाट पानी आदि निस्कने गरी । २. उम्लेर । ३. कुनै तरल पदार्थ एक्कासि

निस्कने गरी ।

**भुव–** ना० [सं०] पुराणअनुसार पृथ्वीमाथिका सात लोकमध्ये दोस्रो लोक; पृथ्वी र सूर्यका बीचमा रहेको आकाश; अन्तरिक्ष ।

**भुवन–** ना० [सं०] १. जगत्; संसार । २. जल; पानी । ३. प्रकृतिको सिर्जना; सृष्टि । ४. जनता; दुनियाँ । ५. पुराणअनुसार भू, भुव, स्व, मह आदि चौध लोक; सात लोक तथा सात पातालमध्ये प्रत्येक । ६. उक्त आधारमा चौधको सङ्ख्यासूचक शब्द । – **कोश–** ना० १. चौध भुवनको समष्टि । २. समस्त ब्रह्माण्ड; भूमण्डल । – **त्रय–** ना० धर्तीलगायत माथिको एक र मुनिको समेत तीन लोक– स्वर्ग, मर्त्य र पाताल । > **भुवनेश्वर–** ना० १. भुवनका ईश्वर । २. शिवको मूर्ति वा रूप । ३. राजा । **भुवनेश्वरी–** ना० १. तन्त्रशास्त्रका दश महाविद्यामध्ये एक । २. दुर्गा; देवी ।

**भुवर्लोक–** ना० [सं०] चौध भुवनमध्ये एक; पृथ्वीमाथिका सप्तलोकमध्ये दोस्रो लोक ।

**भुवल/भुवस्तान–** ना० [√ भुवन] कष्टसाथ झेल्नुपर्ने दुःखको अवस्था; ठूलो दुःख; हन्डर; सङ्कट; हैरानी ।

**भुवा–** ना० [सं० भ्रू] १. सिमल, कपास आदिको नरम रुवा । २. मुलायम अनुभव हुने, मसिना, कमला रौँ; भूवा । ३. निबुवा आदि फलको गुदीभन्दा बाहिर र बोक्राभन्दा भित्रपट्टि रहेको खान पनि हुने वस्तु । ४. निको हुन थालेको घाउ-खटिराको साह्रै मसिना पाप्राको समूह । ५. धुस्सा आदिमा धुस्सिएर निस्केको मसिना रौँजस्तै नरम वस्तु । – **जिन–** ना० भुवा उठेको, असल खालको जिन कपडा । – **दार–** वि० १. भुवा हुनाले नरम देखिने; भुवा भएको (कपडा) । ना० २. भुवादारी । – **दारी–** ना० भुवैभुवा उठेको रुमाल, विशेषखालको कपडा ।

**भुस–** ना० [प्रा०] १. धान, गहुँ, कोदो आदि अन्न कुटेर वा पिँधेर केलाउँदा बोक्राका रूपमा आउने खोस्टा । २. सारहीन वस्तु । ३. केही पनि हातलागी नहुने काम; प्राप्तिको अभाव; निष्फलता; फुस्सा । – **को थैली–** वि० मगज नभएको; हलम्बू । – **तिघ्रे–** वि० १. ठूला तिघ्रा वा डाल भएअनुसार काम नदिने । २. मोटा र खस्रा तिघ्रा भएको; मोटो र तिघ्रे । > **भुसाउरो–** ना० १. भित्र चामल नभएको पटुवाको थुप्रो । २. भुस्सा काट्ने हतियार; खडाँस । **भुसाहा–** वि० भित्र गुदी नभई दाम्रो भएको; धेरै भुस निस्कने; भुस्याहा । **भुसिनु–** अ० क्रि० भुसजस्तो हुनु; निष्फल हुनु; खेर जानु ।

**भुसुक्क–** क्रि० वि० [अ० मू० भुसुक्+क] १. एक्कासि बिर्सने गरी । २. आगाले सबै डढ्ने किसिमले । ३. जो भएको सबै नाश भएर, सिद्धिएर वा बिग्रिएर । ४. सुत्दा गाढा निद्रामा पर्ने गरी; चालै नपाई निदाएर ।

**भुसुनु/भुसुनो–** ना० [√ भुस] फोहर-मैला वा रछ्यानतिर हुने पिउसोजस्तो सानो कीरो; भुसुनो । > **भुसुने–** वि० १. ज्यादै सानो । २. कम महत्त्वको; क्षुद्र ।

**भुसुल्टि-नु–** अ० क्रि० [भुसुक्क+इ+नु] आशा गरेको वस्तु नपाइनु; गठिनु; हिस्सिनु । > **भुसुल्टचाइ–** ना० भुसुल्टिने वा भुसुल्टचाइने भाव, क्रिया वा प्रक्रिया । **भुसुल्टचाइनु–** क० क्रि० भुसुल्टिने स्थितिमा पारिनु; जिल्ल्याइनु; हिस्स्याइनु । **भुसुल्टचाउनु–** स० क्रि० कसैलाई आशा देखाएर सो वस्तु नदिनु; जिल्ल्याउनु; हिस्स्याउनु ।

**भुसुसुसु–** क्रि० वि० [अ० मू० भुस्+उ (द्वि०)] १. बिस्तारै आगो सल्केर खतम हुने गरी; कुनै वस्तु धमाधम सल्किने चालले । २. उड्ने वा निदाउने गरी । ३. चालै नपाई सकिँदै जाने किसिमले ।

**भुसे–** वि० [भुस+ए] भुसबाट बनेको; भुससम्बन्धी; भुसको । ~ **चुली–** ना० बीचमा ढुङ्ग्रो हाली भुस खाँदेर ढुङ्ग्रो झिकेपछि तलतिर प्रायः एउटै दाउरो बालेर त्यसैले भुस सल्काई खानेकुरा पकाउने चुलो; भुसको अँगेठी ।

**भुस्कुट–** ना० [भुस+कुट्ट] १. सर्वनाश; सखाप; बरबादी । वि० २. सबै; स्वार्लाक्कै ।

**भुस्याइ–** ना० [√ **भुसि** (+याइ)] भुसिने वा भुस्याउने भाव, क्रिया वा प्रक्रिया । **भुस्याइनु–** क० क्रि० भुसिने पारिनु । **भुस्याउनु–** स० क्रि० भुसिने पार्नु ।

**भुस्याहा–** वि० [भुस+याहा] १. मानमर्यादा, इज्जत आदि नभएको । २. खुबी वा सीप नभएको । ३. भुसजस्तै सारतत्त्व नभएको; निस्सार; बुद्धिहीन । ~ **कुकुर–** ना० गल्लीगल्ली चहार्ने, बेवारिसे र निम्न स्तरको कुकर ।

**भुस्सा–** ना० [सं० बुस] १. सुर्ती काटेर सुकाउँदा राम्रो दर्जाको बन्न नसकेको, फेद, टुप्पा आदि सबै मिसाएर तयार पारिएको सस्तो कोटिको सुर्ती । २. कक्कडका रूपमा वा सुल्फामा हालेर तानिने सुर्ती । ३. गाईबस्तुलाई खुवाइने पराल आदि काटिएका मसिना टुक्रा ।

**भू–** ना० [सं०] १. धरती; जमिन; भूमि । २. ठाउँ; स्थान । – **आकृति–** ना० धरातलको स्वरूप; भूस्वरूप; भूबनोट ।

**भूउपग्रह–** ना० [सं०] १. पृथ्वीका वरिपरि परिक्रमा गर्ने र पृथ्वीकै आकर्षण विकर्षणमा धानिने सानातिना ग्रह । २. पृथ्वीको कक्षमा परिक्रमा गर्ने, वैज्ञानिकहरूद्वारा निर्मित सानो ग्रह । ~ **प्रक्षेपण–** ना० कुनै ग्रहका कक्षमा परिक्रमा गर्न अन्तरिक्षमा भूउपग्रह छोड्ने काम । ~ **सञ्चार सेवा–** ना० पृथ्वीका कक्षमा परिक्रमा गर्ने ग्रहहरूको गतिविधि जान्न चित्र, ध्वनि आदि लिई सञ्चारको सुविधा मिलाउने व्यवस्था ।

**भूउपयोगिता–** ना० [सं०] पृथ्वीको काम लाग्ने गुण वा जमिनको प्रयोजनीयता; माटोबाट हुने लाभदायी गुण ।

**भूकम्प–** ना० [सं०] भुइँचालो; भैँचालो ।

**भूकर्मी–** ना० [सं०] भूमिमा नै काम गर्ने हवाईविभागका कामदार कर्मचारी ।

**भूक्षय–** ना० [सं०] १. बाढी, पहिरो आदिबाट जमिन भास्सिने र

बग्ने काम; त्यसरी जमिन खिइँदै जाने प्रक्रिया । २. उर्वरा शक्तिको ह्रास; भूक्षरण । > **भूक्षयिता–** ना० जमिन नाश हुँदै जाने काम; भूक्षय हुनाको भाव वा स्थिति ।

**भूक्षरण–** ना० [सं०] १. अव्यवस्थित हिसाबले गरिने वनजङ्गलको फँडानी, अतिवृष्टि आदिका कारणले जमिनको सतहको माटो खस्कँदै जाने प्रक्रिया । २. जमिनको उर्वरा शक्तिको ह्रास ।

**भूक्षितिज–** ना० [सं०] पृथ्वी र अन्तरिक्ष जोडिएको आभास हुने ठाउँ; क्षितिज ।

**भूक्षेत्र–** ना० [सं०] १. जमिनको भाग; धरतीको आयतन । २. जलक्षेत्रबाहेकको भूभाग । > **भूक्षेत्रीय–** वि० भूक्षेत्रसम्बन्धी; भूक्षेत्रको ।

**भूखण्ड–** ना० [सं०] १. जग्गाजमिनको टुक्रो । २. ज्यादै झन्झटको काम; अप्ठ्यारो काम । ३. ठूलो विघ्नबाधा; ठूलो अड्काउ ।

**भूगर्भ–** ना० [सं०] पृथ्वीको भित्री वा तल्लो तह । **– विद्–** वि० भूगर्भविद्या वा भूगर्भशास्त्रको ज्ञाता । ~**विद्या–** ना० भूगर्भशास्त्र । ~**शास्त्र–** ना० भूगर्भमा रहेको पदार्थ पत्ता लगाउने र त्यससम्बन्धी अध्ययन गर्ने विद्या; भूगर्भशास्त्र ।

**भूगर्भवेत्ता–** ना० भूगर्भसम्बन्धी ज्ञाता; भूगर्भविद् ।

**भूगृह–** ना० [सं०] भवनको जमिनमनि बनाइएको तला; ताइखाना; तहखाना ।

**भूगोल–** ना० [सं०] १. पृथ्वी । २. पृथ्वीको (बाह्य सतह जङ्गल, नदी, पहाड आदि प्राकृतिक विभाग, देश, नगर, गाउँ आदि राजनीतिक विभाग, उष्णकटिबन्ध, शीतकटिबन्ध आदि वातावरणिक विभाग र उद्योगधन्दा, ऋतुहरू तथा बासिन्दाहरू सबैको) वर्णन वा विचार भएको शास्त्र ।

**भूचक्र–** ना० [सं०] पृथ्वीको परिधि; क्रान्तिवृत्त; विषुवत्‌रेखा ।

**भूचिकित्सा शास्त्र–** ना० [सं०] भौगोलिक तत्त्व र गुणहरूमा भर पर्ने स्वास्थ्यशास्त्र ।

**भूदान–** ना० जग्गा वा भूमिदान ।

**भूत–** वि० [सं०] १. भइसकेको; भएको । २. बितेको; विगत । ३. मिलेको । ४. उस्तै; समान; तुल्य । ५. पैदा भएको; उत्पन्न । ना० ६. चराचर प्राणी; जीव । ७. पृथ्वी, जल, तेज, वायु र आकाश; पञ्च महाभूत । ८. बितेको समय; विगत काल । ९. सृष्टिका चेतन र अचेतन सबै पदार्थ । १०. व्याकरणका अनुसार कार्यव्यापार समाप्त भएको अर्थ बुझाउने क्रिया (गएँ, गयौँ, गए इ०) । ११. मृत शरीर वा त्यसको आत्मा; मृतात्मा । १२. पिशाच; प्रेत । १३. शिवको एक गण । ~ **काल–** ना० १. बितिसकेको समय; विगत काल । २. व्याकरणका वर्तमान, भूत र भविष्यत् कालमध्ये एक । ~ **कालिका–** वि० १. विगत समयमा भएको; पहिले घटिसकेको । २. भूतकालसँग सम्बन्धित । **– नाथ–** ना० चराचर प्राणीका मालिक; शिवजी ।

**भूतत्त्व–** ना० [सं०] पानी, वायु, आकाश आदि पृथ्वीका तत्त्व । ~ **विज्ञान–** ना० भूमिको गहन तत्त्वको अध्ययन गरिने विद्या; भूतत्त्वसम्बन्धी शास्त्र; भूतत्त्वविद्या । **– विद्–** ना० भूतत्त्वको ज्ञान भएको व्यक्ति; भूतत्त्वको ज्ञाता । ~**विद्या–** ना० भूगर्भशास्त्र । **– वेत्ता–** ना० भूतत्त्वविद् ।

**भूत नगर–** ना० [सं०] भूतहरूको बिगबिगी भएको वा भूत-प्रेतले वास गरेको कल्पित सहर ।

**भूतपूर्व–** वि० [सं०] १. पहिले भइसकेको; बितेको समयको; पूर्वकालको; पूर्ववर्ती । २. पहिले कुनै पदप्रतिष्ठामा रही हाल खाली भएको (व्यक्ति) । ~**सैनिक सङ्गठन–** ना० अवकाशप्राप्त सैनिक जवानहरूका परिवारको सुखसुविधा, शिक्षा, बसोबास आदिको प्रबन्ध गर्न र राष्ट्रिय हितमा संलग्न गराउन बनाइएको एक सङ्गठन ।

**भूत प्रेत–** ना० [सं०] अगति परेका मानिसहरूको तथाकथित तर्साउने आत्मा; भूतप्रेत-पिशाचहरूको समुदाय ।

**भूत बङ्गला–** ना० [भूत+बङ्गला] भूत-प्रेत बस्ने भनी विश्वास गरिएको डरलाग्दो र तर्साउने घर; भूतमहल; भूताहाघर ।

**भूत यज्ञ–** ना० [सं०] गृहस्थीहरूले प्रतिदिन नित्य क्रियाका रूपमा गर्नुपर्ने पञ्चयज्ञमध्ये एक; भिक्षुक, श्वान, काक, कमिला आदि प्राणीलाई अन्नदान गरिने यज्ञ ।

**भूतल–** ना० [सं०] पृथ्वीको बाहिरी खँदिलो तह; परत ।

**भूत विद्या–** ना० [सं०] १. भूतप्रेत, पिशाच आदिबाट पैदा हुने रोगव्याधिको उपचार गर्ने विद्या । २. भूतप्रेतसम्बन्धी विद्या ।

**भूत शुद्धि–** ना० [सं०] अनुष्ठान, पुरश्चरण आदिमा यज्ञको आरम्भ हुँदा मन्त्र आदिद्वारा शरीर शुद्ध गरिने विधि ।

**भूतात्मा–** ना० [सं०] १. मृत शरीरमा पहिले रहेको आत्मा । २. पार्थिव शरीर । ३. जीवात्मा । ४. परमात्मा । ५. पिशाच; प्रेत ।

**भूति–** ना० [सं०] १. धन; सम्पत्ति; ऐश्वर्य । २. खरानी; भस्म । ३. उत्पन्न हुने प्रक्रिया; जन्म । **– भूषण–** ना० खरानी नै आभूषण भएका देवता; महादेव ।

**भूते–** वि० [भूत+ए] भूत भएको वा भूत बस्ने; भूतसम्बन्धी । ~ **ओडार–** ना० भूत बस्ने ओडार; डरलाग्दो ओडार ।

**भूदेव–** ना० [सं०] १. ब्राह्मण । २. भूस्वामी । ३. भुँयार ।

**भूधर–** ना० [सं०] १. पहाड; पर्वत । २. शेषनाग । ३. कृष्ण ।

**भूप / भूपति–** ना० [सं०] १. महाराज; राजा; भूपति । २. बादशाह; सम्राट् ।

**भूपरिवेष्टित–** वि० [सं०] चारैतिर अरू देशको भूभागबाट घेरिएको वा समुद्री मार्ग नभएको (देश) ।

**भूपाल–** ना० [सं०] राजा; भूप ।

**भूपेन्द्र–** ना० [सं०] राजाहरूमा शक्तिशाली र सर्वश्रेष्ठ राजा; सम्राट् ।

**भूप्रकृति–** ना० [सं०] पृथ्वीको धरातलको प्राकृतिक बनोट ।

**भूभाग–** ना० [सं०] १. कुनै महाद्वीप वा उपद्वीपको खण्ड; प्रदेश । २. जमिनको खण्ड; भूक्षेत्र; भूखण्ड ।

**भूभार–** ना० [सं०] १. पृथ्वीको भार । २. ठूलो जिम्मेदारी; गहन

उत्तरदायित्व । ३. बेहोर्न गाह्रो पर्ने टन्टा; झमेला; नचाहिँदो झ्याउलो ।

**भूभारत–** ना० [सं०] ठूलो जिम्मेवारी; टन्टा; झमेला; झ्याउलो ।

**भूभौतिक–** वि० [सं०] पृथ्वीको बाह्य भौगोलिक वस्तु (पानी, नदी, हावा आदि)को अध्ययन गर्ने; विज्ञानसम्बन्धी । ~**विज्ञान–** ना० भूभौतिकसम्बन्धी विज्ञान । > **भूभौतिकी–** ना० भूभौतिक विज्ञान ।

**भूमण्डल–** ना० [सं०] पृथ्वीको सतह; भूतल; पृथ्वी; धर्ती ।

**भूमध्य–** वि० [सं०] चारैतिर जमिनले घेरिएको । ~ **रेखा–** ना० अक्षान्तररेखाको समानान्तरमा पृथ्वीको बीच भागमा पटुकाझैँ बेरिएर पूर्वदेखि पश्चिमसम्म पुगेको काल्पनिक रेखा; विषुवत्-रेखा । ~ **सागर–** ना० पूर्वमा टर्कीनेरि एसिया र युरोपलाई र पश्चिममा स्पेननेरि युरोप र अफ्रिकालाई छुट्ट्याउने एक सागर ।

**भूमापन–** ना० [सं०] कुनै देश, प्रदेश, जग्गाजमिन आदिको नापनक्सा गर्ने काम; सर्भे ।

**भूमि–** ना० [सं०] १. पृथ्वीको स्थलभाग; भूमि; जमिन; भुइँ; धरती । २. ठाउँ; स्थान (जन्मभूमि, मातृभूमि आदि) । ३. कुनै देश वा भूभाग (आर्यभूमि, भारतभूमि आदि) । ४. लिच्छविकालीन भूमिको नापोअनुसार एक रोपनीजतिको परिमाण । ५. बौद्धधर्मका हीनयानमा रहने चार, महायानमा रहने दश र वज्रयानमा रहने तेह्र अवस्था । ६. कुनै वस्तुको आधार वा आश्रयस्थल (पृष्ठभूमि, कर्मभूमि आदि) । ७. घरको अलगअलग खण्ड; तला; भुइँतला । ८. खेती गर्न लायक जमिन; खेतीपाती गरिने जग्गा । ~ **एकीकरण–** ना० ससाना टुक्रामा छरिएको जमिनलाई बिराएर खेतीयोग्य बनाउने काम । ~ **कदम्ब–** ना० एक प्रकारको सानो जातको कदम्ब । **– कम्प–** ना० भूकम्प; भैँचालो । ~ **कर–** ना० तोकिएमुताबिक सरकारलाई तिर्नुपर्ने जग्गाको कर; जग्गाकर; तिरो; पोत ।

**भूमिका–** ना० [सं०] १. कुनै ग्रन्थका सम्बन्धमा ज्ञातव्य कुरा लेखिएको, त्यसै ग्रन्थका आरम्भको वक्तव्य; प्रस्तावना; प्राक्कथन, आमुख; उपोद्घात; मुखबन्ध । २. कुनै कुरा प्रस्तुत गर्नुभन्दा पहिले उठाइने प्रसङ्ग; आधारभूमि; पूर्वप्रसङ्ग । ३. कुनै व्यक्ति वा वस्तुको योगदान । ४. नाटक आदिमा पात्रको अभिनय वा कार्य । ५. रचना । ६. वेदान्तशास्त्रका अनुसार चित्तका पाँच अवस्था (क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र र निरुद्ध) । ~**प्रदर्शन–** ना० वास्तविक जीवनसँग समता राख्ने कुनै व्यवहारलाई खास प्रसङ्गमा आरोपित वा अभिनय गर्ने काइदा; खास प्रसङ्ग, अवस्था वा घटनासँग सम्बद्ध चरित्रको अभिनयात्मक प्रस्तुति ।

**भूमिगत–** वि० [सं०] जमिनमुनि रहेको; भूगर्भमा स्थित । ~**जल–** ना० जमिनभित्र रहेको पानी ।

**भूमि गृह–** ना० [सं०] तहखाना; भूगृह ।

**भूमिच्छिद्र–** ना० [सं०] प्राचीनकालमा ब्राह्मणलाई अध्ययन-अध्यापन गरेबापत सरकारी करबाट मुक्त गरी दिइने जग्गाजमिन ।

**भूमिति–** ना० [सं०] भूमि वा क्षेत्रको धरातलमा नाप गर्ने र नक्सा आदि तयार गर्ने विज्ञान; भूमापन गर्ने विद्या ।

**भूमि देवता–** ना० [सं०] जग्गाजमिनका अधिष्ठाता वा संरक्षक देवता ।

**भूमि प्राप्ति–** ना० [सं०] जग्गाजमिन पाउने काम । ~**अधिनियम–** ना० कुनै कामको आवश्यकतापूर्तिका निम्ति जमिन किन्ने वा ग्रहण गर्ने नियमकानुन; भूमिप्राप्त गर्ने अधिकारसम्बन्धी कानुन ।

**भूमि बन्धक–** ना० [सं०] ब्याङ्क आदि संस्थाबाट जग्गाजमिन धितो राखेर ऋण लिने काम ।

**भूमि विखण्डन–** ना० [सं०] जमिनलाई खेतबारीका रूपमा ससाना खण्डमा छुट्ट्याउने वा टुक्र्याउने काम ।

**भूमि सम्बन्धी–** वि० [सं०] जग्गाजमिनसँग सम्बन्धित; जग्गा-जमिनको । ~ **ऐन–** ना० मोही र जग्गाधनीका अधिकार र सर्तहरूको उल्लेख गरी दुवैतर्फको सम्बन्ध मिलाउने जग्गाजमिनसम्बन्धी अधिकारको कानुन ।

**भूमि सुधार–** ना० [सं०] जग्गाजमिनको न्यायपूर्ण वितरण, व्यवस्था, संरक्षण आदिसम्बन्धी सुधारकार्य । ~**ऐन–** ना० भूमिपतिहरूले अधिकतम कतिसम्म जमिन राख्न पाउने र मोहीहरूले अधिकतम कतिसम्म जमिन राख्न पाउने तथा मोहीहरूले कतिसम्म जमिनको अधिकार पाउने भन्ने व्यवस्था गरिएको कानुन । ~**व्यवस्था–** ना० जमिनको उपभोगमा उचित हद तोकी सुधार ल्याउने हिसाबले तयार गरिने तथा जग्गाधनी र मोहीका बीचमा रहेका असमानतालाई हटाउने प्रयत्न गरिने भूमिसम्बन्धी सरकारी व्यवस्था ।

**भूमिहीन–** वि० [सं०] आफ्नो नाउँमा अधिराज्यभर जग्गाजमिन नभएको; सुकुम्बासी; सर्वहारा ।

**भूमे–** ना० [सं० भूमि] किसानहरूले दाइँ गरिसकेपछि पूजा गर्ने देवता; भूमिदेवता । ~ **खाजा–** ना० भूमेपूजामा खाजा खाँदा भूमेका निम्ति छुट्ट्याएर राखिने खाजा । ~**पाठी–** ना० भूमेपूजा गर्दा काटिने पाठी । ~**पाठो–** ना० भूमेपूजा गर्दा काटिने पाठो । ~**पाथी–** ना० धान झारिसकेपछि खलैबाट चेलीबेटीलाई भनी छुट्ट्याइने पाथीभाग । ~**भाग–** ना० अन्न भित्र्याउनुभन्दा पहिले भूमिदेवताका नाममा अर्पण गरिने भाग ।

**भूयः–** क्रि० वि० [सं०] १. फेरि; पुनः; अर्को पल्ट । २. अझ बढी; चाहिनेभन्दा बढ्ता ।

**भूयशः–** क्रि० वि० [सं०] धेरैजसो; अधिकांशतः, प्रायशः ।

**भूयसी–** क्रि० वि० [सं०] प्रशस्त; धेरैभन्दा धेरै; पर्याप्त । ~**दक्षिणा–** ना० धार्मिक अनुष्ठान, मङ्गलकार्य, यज्ञ आदि गरिसकेपछि ब्राह्मणहरूलाई मूल दक्षिणापछि दिइने सहायक दक्षिणा; कुनै यज्ञको प्रतिष्ठास्वरूप दिइने विशेष दक्षिणा ।

**भूरसी**– ना० [सं० भूयसी] १. सबैतिर अलिअलि गरिएको खर्च; चानचुने खर्च । २. भूयसी दक्षिणा ।

**भूराजनयिक**– वि० [सं०] भूराजनीतिसम्बन्धी विषयमा पोख्त भएको ।

**भूराजनीति**– ना० [सं०]१. परराष्ट्रका स्थलगत विषयमा सन्तुलन राख्ने राजनीति; भूपरिवेष्टित राष्ट्रहरूले अँगाल्ने राजनीति । २. देशको भौगोलिक अवस्था र बनावटअनुरूप अँगालिने राजनीति । > **भूराजनीतिक**– वि० भूराजनीतिसँग सम्बन्धित; भूराजनीतिको ।

**भूराजस्व**– ना० [सं०] जग्गाजमिनबाट मालपोतका रूपमा असुल भएको सरकारी रकम ।

**भूरि**– वि० [सं०] धेरै; ज्यादा; अधिक ।

**भूर्ज**– ना० [सं०] भोजपत्रको रूख । – **पत्र**– ना० भोजपत्र; भोजपात ।

**भूर्लोक**– ना० [सं०] मर्त्यलोक; संसार ।

**भूल**– ना० हे० भुल । – **चूक**– ना० हे० भुलचुक । – **भुलैया**– ना० हे० भुल भुलैया ।

**भूलोक**– ना० [सं०] भूर्लोक; मर्त्यलोक ।

**भूवा**– ना० हे० भुवा ।

**भूषण**– ना० [सं०] १. सौन्दर्य वा शोभा बढाउने वस्तु । २. सिँगारपटारका बहुमूल्य साधन; गहना; आभूषण । > **भूषणीय**– वि० सजाउन योग्य; सिँगार्न लायक ।

**भूषा**– ना० [सं०]१. भूषण । २. साजसज्जा; सिँगारपटार (जस्तो– वेशभूषा) । > **भूषित**– वि० गहनागुरियाले सजाइएको; सिँगारिएको; अलङ्कृत ।

**भूसंरक्षण**– ना० [सं०] १. रूखबिरुवा रोपेर वा पर्खाल, आड आदि लगाएर जग्गाजमिनको सुरक्षा गर्ने काम ।

**भूस**– ना० १. समयमा निब्टयाउनुपर्ने कामकुरामा ढिलासुस्ती हुँदा सम्बन्धित कामकुराबाट हुने आमदानी, फाइदा आदि नहुने वा बिग्रने स्थिति; ल्याप्स । २. भुस ।

**भूसतह**– ना० [सं०] जमिनको बाहिरी सतह; पृथ्वीको माथिल्लो भाग ।

**भूस्खलन**– ना० [सं०] बाढीपहिरो आदिबाट जग्गाजमिन खिइँदै जाने र उत्पादनशील माटो बग्दै जाने स्थिति वा प्रक्रिया; भूक्षरण ।

**भूस्वरूप**– ना० [सं०] धरातलको बनावट; जमिनको स्वरूप; भूआकृति ।

**भूस्वामित्व**– ना० [सं०] भूस्वामी हुनाको भाव वा अवस्था; जग्गाजमिनको मालिक हुने हक वा अधिकार ।

**भूस्वामी**– ना० [सं०] जग्गाजमिनको मालिक; जमिनको स्वामित्व भएको मानिस ।

**भृकुटी**– ना० [सं०]१. लिच्छविकालीन प्रसिद्ध राजा अंशुवर्माकी छोरी तथा तिब्बतका राजा स्रङ्चनगम्पोसँग बिहा भएकी, त्यहाँ बौद्धधर्मको प्रचार गराउने नेपालकी राजकुमारी; हरिततारा २. हठयोगमा प्रयुक्त ईडा, पिङ्गला र सुषुम्णा नाडीहरूको सङ्गमस्थल । ३. आँखीभौँ; भ्रू ।

**भृगु**– ना० [सं०] १. ब्रह्माजीका मानसपुत्र मानिएका र भृगु-गोत्रका प्रवर्तक एक ऋषि । २. दैत्यकुलका गुरु; शुक्राचार्य ।

**भृङ्ग**– ना० [सं०] भँवरो; भ्रमर । – **राज**– ना० सेतो, नीलो र पहेँलो तीन रङको हुने, पीरो र तीतो स्वादको, आँखा र टाउको दुखेको औषधीमा प्रयोग हुने एक जातको भुईँझार ।

**भृङ्गी**– ना० [सं०]१. शिवजीका प्रमुख गणमध्ये एक । २. भमराको पोथी । ३. मूलाको पातको भाव परेको गुलाफी फूल फुल्ने, रङ बनाएर ऊन र रेसम रँगाउने काममा प्रयोग हुने एक प्रकारको भुईँझार । – **राज**– ना० पहेँला र राता फूल फुल्ने, मसिना पात हुने एक जातको भुईँझार; भृङ्गराज ।

**भृतक**– ना० [सं०]१. तलब लिएर काम गर्ने व्यक्ति; नोकर । २. ज्यालादार ।

**भृति**– ना० [सं०]१. भरणपोषण गर्ने काम; पालनपोषण । २. सेवा; नोकरी । ३. ज्याला; मजदुरी । ४. वेतन; तलब । ५. मूल्य; दाम । ६. अलग्गै बसेकी पत्नीलाई लोग्नेले भरणपोषणका निम्ति भरिदिएको मानाचामल । ७. निर्वाहभत्ता; वृत्ति ।

**भृत्य**– ना० [सं०]१. तलब लिई काम गर्ने सेवक; नोकर । वि० २. भरणपोषण गर्न योग्य; पाल्नुपर्ने ।

**भेउ**– ना० [प्रा० भेअ] १. गुप्त रहेको रहस्य; भेद । २. कुनै कुराको बोध; थाहापत्तो; सुइँको । ३. सम्झने काम; होस; हेक्का; मेसो ।

**भेक१**– ना० [√ भेउ] १. नजिकको ठाउँ; छरछिमेक २. हाता; इलाका ।

**भेक२**– ना० [सं०]१. भ्यागुतो । २. डरछेरुवा व्यक्ति ।

**भेक्षण**– ना० [सं०] चरु तयार गरिएका मूल पात्रबाट हवन गर्नका लागि झिकिने पात्र; चरुस्थाली ।

**भेख**– ना० [सं० वेष] भेष; वेश ।

**भेग**– ना० हे० भेक (ठाउँ); इलाका ।

**भेजा**– वि० [हि०] १. चिठी आदि पठाउने; प्रेषक । ना० २. गुठी वा यस्तै धार्मिक कृत्यमा सामूहिक रूपले घरघरबाट उठाइने सिधा, दक्षिणा आदि ।

**भेट्-नु**– स० क्रि० [भेट+नु] १. खोजेको वा चिताएको व्यक्तिलाई फेला पार्नु । २. मुलाकात गर्नु; भेट गर्नु । ३. प्राप्त गर्नु; भेट्टाउनु; पाउनु । ४. हराएको वस्तु हात लाग्नु । ५. बराबरीमा आउनु । अ० क्रि० ६. कुराकानी हुनु; भेट हुनु । ७. पर्याप्त हुनु; पुग्नु ।

**भेट**– ना० [प्रा० भिट्ट] १. भेट्ने काम; भेटाइ; मुलाकात; मिलन; समागम । २. भेटी; दक्षिणा । ३. कोसेली; उपहार; नजराना । ~ **घर**– विशिष्ट तहका पाहुनासँग भेटघाट तथा सरसल्लाह गर्न बनाइएको घर; सत्कारगृह । – **घाट**– ना० दुई थरी वा दुई

समूहका बीचको मिलन; भेट्ने काम; मुलाकात; समागम । – **वार्ता**– ना० १. राष्ट्रिय-अन्तर्राष्ट्रिय तहका परिचित वा नयाँ व्यक्तिसित हुने सम्पर्क र कुराकानी । २. भेटका अवसरमा भएको औपचारिक तथा अनौपचारिक कुरोकन्थो । ३. त्यस्तो साहित्यिक तथा सामाजिक रचना ।

**भेटाइ**– ना० [√ **भेट्** (+आइ)] भेट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भेटाइनु**– क० क्रि० १. भेट गराइनु । २. भेट्टाइनु; पाइनु । **भेटाउनु**– प्रे० क्रि० १. भेट गराउनु; भेट्न लाउनु । २. भेट्टाउनु । **भेटिनु**– अ० क्रि० १. भेट हुनु; भेट्नु; मिल्नु । २. प्राप्त हुनु; पाउनु; फेला पार्नु । क० क्रि० ३. भेट गरिनु ।

**भेटी**– ना० [भेट+ई] देवदेवी वा पूज्य व्यक्तिलाई आदरपूर्वक चढाइने नगद तथा सुनचाँदी द्रव्य । – **घाटी**– ना० देवता वा पूज्य व्यक्तिलाई श्रद्धापूर्वक चढाइने रुपियाँपैसा, द्रव्य आदि ।

**भेटेरिनरी**– वि० [अङ्०] पशुरोगको चिकित्सा वा उपचारसम्बन्धी । ~**हस्पिटल**– ना० पशुचिकित्सालय ।

**भेट्टाइ**– ना० [√ **भेट्टाउ** (+आइ)] भेटाउने क्रिया वा प्रक्रिया । [ > ] **भेट्टाइनु**– क० क्रि० प्राप्त गरिनु; फेला पारिनु ।

**भेट्टाउ-नु**– स० क्रि० [भेट्+आउ+नु] १. अघि गएकालाई पछि जानेले फेला पार्नु; भेट्नु । २. हातलागी गर्नु; प्राप्त गर्नु; पाउनु । ३. हराएको कुरो वा वस्तु फेला पार्नु । ४. अरूको बराबरीमा आउनु; समकक्षमा पुग्नु ।

**भेट्नु/भेट्नो**– ना० [सं० वृन्त] फल, फूल, बिरुवा, पात आदिका फेदमा रहने डाँठ; वृन्त ।

**भेडा**– वि० [भेडोको ति० रू०] हे० भेडो । ~**बाखा**– ना० १. भेडा वा बाखाको समूह । २. यौनछाडा भएका केटाकेटीलाई तिरस्कार गर्दा भनिने शब्द ।

**भेडिया**– वि० [भेडो+इया] १. भेडोका चालको; एकोहोरो । ना० २. भेडो । ~**धसान**– ना० कुनै काममा एकोहोरो पाराले लगातार लाग्ने प्रक्रिया; एकोहोरोलगाइ वा खटाइ; फल नसोची अर्काको लहैलहैमा लाग्ने काम ।

**भेडी**– ना० [भेडो+ई] १. भेडाको पोथी रूप; पोथी भेडो । २. आइमाईलाई तिरस्कार गर्दा भनि बोली । ~ **गाँठो**– ना० केटाकेटीहरू घेरा लागेर भुरुप्प बसी एउटाले उठेर घुम्दै गाँठो पारेको रुमाल कसैले नदेख्ने हिसाबले एक जनाको पछिल्तिर राखेर आफ्नै ठाउँमा गएर बस्न सके रुमाल खसाइएको मान्छे मर्ने र रुमाल खसाल्नेलाई खसालिएकाले थाहा पाई बीचैमा फेला पार्न सके रुमाल खसाल्ने नै मर्ने गरी खेलिने केटाकेटीको एक खेल । ~**गोठ**– ना० व्यवसायका रूपमा पालिएका भेडाको बथान र भेडापालनका निम्ति लेकतिर रहेको गोठ । ~**गोठालो**– ना० भेडाको रखवारी गर्ने वा चराउने व्यक्ति । स्त्री० भेडीगोठाल्नी । ~ **फुल**– ना० तीसदेखि साठी सेन्टिमिटरसम्म अग्लो, साधारण डल्ला आकारका पात हुने, पहेँलो फूल फुल्ने, भुवादार हुने र बयरको जस्तो झाङ हुने एक जातको झार वा त्यसैको फूल ।

**भेडे**– वि० [भेडो+ए] एकोहोरो चालले लाग्ने; भेडाको जस्तो बुद्धि भएको । ~**कुरो**– ना० फुस्रा लाम्चा पात र भुस भएका झुप्पे फूल फुल्ने र छुनासाथ लुगामा टाँसिने कुरोजातको एक झार; त्यसैको फूल । ~ **गाँठो**– ना० १. भेडीगाँठो । २. सोचविचारै नगरीकन अर्काको लहैलहैमा लाग्ने काम ।

**भेडो**– ना० [सं० भेड] जीउमा मसिना, बाक्लै रौँ हुने, सिङ हुने, भ्याभ्या शब्द निकाल्दै कराउने, घिउ, दूध, मासु आदिका निम्ति पनि उपयोगी, घरपाला चारखुट्टे पशु; मेष । – **पन**– ना० १. भेडोजस्तो एकोहोरो पाराले लाग्ने बानी; अन्धोपन । २. ठीक र बेठीक छुट्ट्याउन नसक्ने बुद्धि; कुबुद्धि ।

**भेड्कि-नु**– अ० क्रि० [भेट्+इ+नु] १. कुनै काम गर्न तोकिएको समय वा दिन साह्रै थोरै बाँकी हुनु । २. कुनै काम गर्ने बेला बित्न लाग्नु; अबेर हुनु; घर्किनु । > **भेड्क्याइ**– ना० १. भेड्किने भाव, क्रिया वा प्रक्रिया । २. भेड्क्याउने भाव वा क्रिया-प्रक्रिया । **भेड्क्याइनु**– क०क्रि० भेड्किने पारिनु । **भेड्क्याउनु**– स० क्रि०/प्रे० क्रि० समय गुजार्नु; ढिलो गर्नु; भेट्किने पार्नु ।

**भेद्-नु**– स० क्रि० [सं० भेद+नु] १. कसैमाथि तन्त्रमन्त्र प्रयोग गरी मोहनी लाउनु; टुनामुना गर्नु । २. कुनै वस्तुमा प्वाल पार्नु; छेड्नु । ३. लक्ष्यभेद गर्नु । ४. मिलेका साथीहरूलाई परस्परमा फाटो पार्नु; फुट गराउनु । ५. चिर्नु; टुक्र्याउनु; काट्नु; फार्नु ।

**भेद**– ना० [सं०] १. एक वस्तुभन्दा अर्को वस्तुमा रहने अन्तर; भिन्नता; फरक; विषमता । २. कुनै विषय वा वस्तुको किसिम; प्रकार । ३. रहस्यमय कुरा खुलस्त गर्ने काम; गोप्यताभङ्ग । ४. एक-अर्कामा हुने विरोध वा फाटो; फुट । ५. आन्तरिक कुरो; रहस्य; मर्म; तात्पर्य । ६. कुनै विषयवस्तुको अंश वा खण्ड; टुक्रो । ७. मन्त्रको जादुगरी; टुनामुना; मोहनी । ८. चमत्कार ।

**भेदक**– वि० [सं०] १. गोप्यताभङ्ग गर्ने; रहस्य खोल्ने । २. छेड्ने; प्वाल पार्ने । ३. चिर्ने, फार्ने वा काट्ने । ४. भेदन गर्ने; छुट्ट्याउने । ५. निर्धारण गर्ने; निर्धारक । ६. रेचक । स्त्री० भेदिका । > **भेदकातिशयोक्ति**– ना० साहित्यमा अतिशयोक्ति अलङ्कारको उपमेय र वर्णनमा भेद देखिँदा पर्ने एक प्रकार ।

**भेदकारक/भेदकारी**– वि० [सं०] हे० भेदक ।

**भेदज्ञान**– ना० [सं०] भिन्नता वा द्वैतभावको ज्ञान । > **भेदज्ञानी**– वि० भेदज्ञान भएको ।

**भेददर्शी**– वि० [सं०] १. भेद देख्ने; भिन्नता देखाउने । २. विश्वलाई परब्रह्मभन्दा भिन्न मान्ने; द्वैतवादी ।

**भेददृष्टि**– वि० [सं०] १. भेददर्शी । ना० २. भेदबुद्धि ।

**भेदन**– ना० [सं०] १. काट्ने काम; चिरफार; छेदन । २. छेड्ने काम । ३. परस्परमा फटाउने काम; फाटो पार्ने काम । ४. रेचन ।

**भेदभाव**– ना० [सं०] १. प्रायः समान मानिएका व्यक्ति वा वस्तुहरूका बीच गरिने वा सम्झिने भेदको विचार; पक्षपात गर्ने भाव । २. कसैसँग असल र कसैसँग खराब व्यवहार गर्ने काम; पनपक्ष; पक्षपात ।

**भेदाइ**– ना० [√ **भेद्** (+आइ)] भेद्ने वा फाटो पार्ने क्रियाप्रक्रिया । [>] **भेदाइनु**– क० क्रि० भेद गराइनु; प्वाल पार्न लाइनु । **भेदाउनु**– प्रे० क्रि० भेद गराउनु; प्वाल पार्न लाउनु ।

**भेदाभेद**– ना० [भेद्+आ+भेद्] परस्परमा रिसराग राखेर दोषारोपण गर्ने वा झगडा लाउने काम; पोलापोल ।

**भेदाहा**– वि० [भेद्+आहा] भेद्ने; टुनामोहनी गर्ने; टुन्याहा; भेदुवा ।

**भेदित**– वि० [सं०] १. भेदन गरिएको; काटिएको । २. प्वाल पारिएको; छेडिएको ।

**भेदिनु**– क०क्रि० [भेद्+इ+नु] १. भेद्ने काम गरिनु । २. प्वाल पारिनु; छेडिनु ।

**भेदिया**– ना० [भेद+इया] १. गुप्त रूपमा भित्री कुराहरू पत्ता लगाउने व्यक्ति; गुप्तचर । २. मन चोर्ने बानी भएको व्यक्ति; कुरा धुत्ने व्यक्ति ।

**भेदी**– वि० [सं०] १. जासुसी काम गर्ने; गुप्तचर । २. प्वाल पार्ने; भेदन गर्ने; छेड्ने । ३. टुनामुनाको काम गर्ने; तन्त्रमन्त्रद्वारा अर्कामाथि भेद गर्ने; भेदाहा ।

**भेदुवा**– वि० [भेद्+उवा] भेदाहा; टुन्याहा ।

**भेद्य**– वि० [सं०] १. प्वाल पार्न वा छेड्न उचित । २. काट्न लायक; भेदन गर्न योग्य । ~ **चट्टान**– ना० पानी छिर्न सक्ने ढुङ्गा ।

**भेरी**– ना० [सं०] १. नेपालको मध्य पश्चिमाञ्चल क्षेत्रमा पर्ने एक प्रसिद्ध नदी । २. नेपाल अधिराज्यको मध्य पश्चिमाञ्चल विकासक्षेत्रको एक अञ्चल । २. प्राचीन कालमा रणक्षेत्रमा बजाइने एक प्रकारको ठूलो ढोल बाजा ।

**भेल**– ना० [प्रा० भेलम्] खोला, खोल्सा आदिमा वर्षाका कारणले उर्लेर बढेको पानीको प्रवाह; बाढी ।

**भेला**– ना० [फ्रे० भेल] थोरै ऊन मिसिएको र मसिनो भुवा हुने एक प्रकारको न्यानो कपडा । [प्रा० भेल] धेरै जना एकै ठाउँमा जम्मा हुने काम; एकत्र हुने काम; जमघट; बटुलो । ~ **गीत**– ना० समूहगीत; समूहगान ।

**भेल्ड**– ना० [अङ्०] दक्षिण अफ्रिकाको उच्च समस्थलीको समशीतोष्ण तृणभूमि ।

**भेश/भेष**– ना० [सं० वेश] पहिरन वा लवाइ; परिधान; आकृति; रूप ।

**भेषज**– ना० [सं०] १. औषधी; ओखती । २. उपचार । ३. पानी; जल ।

**भेषधारी**– वि० [सं० वेशधारी] वेशभूषा धारण गर्ने; वेशधारी ।

**भेषी**– वि० [सं०] १. भेष भएको; भेषधारी । २. भेष बनाउने (जस्तो– छद्मभेषी) ।

**भेस**– ना० [सं० वेश] १. लुगाफाटो; वस्त्र । २. पहिरन; लवाइ; बाना । ३. अरूले आफूलाई चिन्न नसकून् भन्नाका निम्ति लगाएको वस्त्र; बनावटी वेश । ४. नाचमा कसैको अनुकरण गर्न बनाइएको कृत्रिम रूप । ५. साधुसन्न्यासीको पोसाक । > **भेसी**– वि० भेस लिएको; भेस धारण गर्ने ।

**भैँ**– ना० [भुइँ < सं० भूमि] भुइँ; भूमि । – **ऐँसेलु**– ना० भुइँऐँसेलु । – **कटहर**– भुइँकटर । – **काफल**– ना० भुइँकाफल । – **कुभिन्डो**– भुइँकुभिन्डो । – **खुट्टे**– वि० भुइँखुट्टे । – **चम्पा**– ना० भुइँचम्पा । – **चरी**– ना० भुइँचरी । – **चालो**– ना० ज्वालामुखी-विस्फोटन आदिका कारणले पृथ्वीको गतिमा असन्तुलन आई सतह हल्लिने काम; भूकम्प; भुइँचालो । – **जुरेली**– ना० भुइँजुरेली । – **झार**– ना० भुइँझार । – **फुट्टा**– ना० भुइँफुट्टा ।

**भैँमाल**– ना० [सं० भू-माल] उच्च ठाउँमा रहेको समथर जमिन; दुईतिर नदी भई बीचमा रहेको अग्लो र समथऱ्याइलो जग्गा; टार । > **भैँमाले**– वि० भैँमाल परेको ठाउँको; भैँमालको बासिन्दा ।

**भैँलाठे**– ना० [भैँ+लाठे] जमिनको काममा शारीरिक परिश्रम मात्र गर्ने, अन्यत्रका कुनै कुरा थाहा नपाउने व्यक्ति; लट्टक; पटमूर्ख ।

**भैँसालो**– ना० [भैँसी+आलो] भैँसी पाल्ने गोठालो; भैँसीपाला ।

**भैँसी**– ना० [सं० महिषी] दूध, दही, घिउ आदिका लागि घरमा पालिने, प्रसिद्ध चौपाया पाल्तू जनावर; राँगाको पोथी ।

**भैँसे**– वि० [भैँसी+ए] भैँसीजस्तो; भैँसीसँग सम्बन्धित; भैँसीको । ~ **चरी**– ना० भैँसीलाई बोलाउँदा प्रयोग हुने 'हेइ-हेइ' शब्दझैँ गरी कराउने एक जातको चरो । ~ **च्याउ**– ना० रूखमा उम्रने र तरकारी खान हुने, बाक्लो खालको च्याउविशेष । ~ **तरुल**– ना० जङ्गलमा हुने तरुलको एक जात; एक प्रकारको वनतरुल । ~ **तिल**– ना० अररो बोट र ठूलठूला खस्रो गेडा हुने एक जातको तिल । ~ **दाद**– ना० भैँसी बस्ने आहालको हिलो पानीका सम्पर्कबाट शरीरमा उछिने एक प्रकारको दाद । ~ **पाहा**– ना० फोहोर पानी जम्ने पोखरी वा भैँसी बस्ने आहालमा हुने एक जातको ठूलो खालको भ्यागुतो । ~ **लहरो**– ना० प्रसिद्ध सोमलता बुटीको एक भेद । ~ **लुतो**– ना० शरीरभरि ठूलठूला फोका उठेर फुट्दै, पाक्दै गर्ने रक्तविकार वा चर्मसम्बन्धी रोग ।

**भैया**– ना० [भाइ+ऐया] १. भाइ । २. भैयाद ।

**भैयात/भैयाद**– ना० [सं० भ्रातृ+दायद] भाइ, भतिजा आदि बन्धुवर्ग; दाजुभाइ; कुलकुटुम्ब ।

**भैरव**– वि० [सं०] १. भयानक; डरलाग्दो; भयङ्कर । ना० २. शिवजीको प्रथमादि गणमध्ये एक । ३. गीतसूत्रका सप्तस्वरमध्ये ऋषभ र धैवत कोमल हुने, बाँकी स्वर सामान्य हुने, विशेष गरी शरद् ऋतुका प्रथम प्रहरमा गाइने एक राग; सङ्गीतका छ रागमध्ये एक । ४. भय; त्रास । ~ **पाती**– ना० हे० भैरुम्पाती ।

**भैरवी**– ना० [सं०]१. दुर्गा; भवानी; देवी । २. दस महाविद्यामध्ये एक । ३. सङ्गीतका रागिनीहरूमध्ये एक । ~**चक्र**– ना० पञ्च मकारका विधिअनुसार भैरवी देवीको पूजा गर्न चक्राकार रूपमा बसेका वाममार्गी तान्त्रिकहरूको मण्डली

**भैरवीय**– वि० [सं०] भैरवसम्बन्धी; भैरवको ।

**भैरुम्पाती**– ना० [√ भैरवपाती] हिमाली भेगमा पाइने, धूपीका जस्ता मसिना पात र खैरा डाँठ हुने एक जातको सानो पोथ्रो बोट; भैरवपाती ।

**भैलक्के**– वि० सुझबुझ नराखी बोल्ने; प्वाक्क बोल्ने ।

**भैलिनी**– ना० [भैलो+इनी] कार्तिक कृष्ण औँसीका दिन लक्ष्मीको गाथा र मङ्गल गाउँदै हिँड्ने नारीसमुदाय । वि० २. भैलो गाउने वा भैलो खेल्ने ।

**भैलो**– ना० [सं० भद्र √ भलो] १. कार्तिक कृष्ण औँसी अर्थात् गाईतिहारका राति र कतैकतै पछिसम्म पनि गाइने, विशेष प्रकारको गाथा वा गीत । २. त्यस्तो गाथा गाएर श्रद्धाले दिएको सेलरोटी, रुपियाँ-पैसा आदि माग्ने वा सांस्कृतिक उत्सव मनाउने काम ।

**भैषज**– ना० [सं०] औषधी; ओखती । > **भैषज्य**– ना० १. औषधोपचार; चिकित्सा । २. स्वास्थ्य र आरोग्य प्रदान गर्ने शक्ति ।

**भौँचा**– ना० [नेवा०] सुनचाँदी आदि गाल्दा अगेनामा राखेर तताइने भाँडो; घरिया; क्रुसिबल ।

**भो१**– वि० बो० [सं०] मान्य जनलाई गरिने एक प्रकारको सम्बोधन ।

**भो२**– वि० बो० १. कुनै कुराबाट आफू अघाइसकेको अवस्था व्यक्त गर्दा वा झिज्याहट, घृणा, निषेध आदि देखाउँदा प्रयोग हुने अव्यय शब्द; भयो (उदा०– भो, मलाई छकाउनुपर्दैन । उनले बोलेको पूरा हुन त भो त्यत्तिकै । भो, पुग्यो) । २. मनग्गे भयो; पुग्यो ।

**भोक**– ना० [सं० बुभुक्षा] १. भुँडी काउकाउ गरी आहाराको आवश्यकता परेको अनुभव; खाने इच्छा; क्षुधा; छुद्दे । २. कुनै कुरा पाउनका निम्ति उत्कट अभिलाषा; इच्छा । – **मरी**– ना० विशेषतः अन्नको अभावमा भोकभोकै मर्ने अवस्था । ~**हडताल**– ना० कुनै राजनीतिक वा सामाजिक माग पूरा नभएसम्म नखाने प्रतिज्ञा गरी अधिकारीहरूका समक्ष विरोध दर्साउने प्रक्रिया; त्यसरी भोकै बसी गरिने हडताल; अनशन ।

**भोकाइ**– ना० [√ **भोक** (+आइ)] भोकाउने भाव, क्रिया वा प्रक्रिया । [>] **भोकाइनु**– अ० क्रि० भोक लागिनु ।

**भोकाउनु**– अ० क्रि० [भोक+आउ+नु] १. भोक लाग्नु; के खाऊँ के खाऊँ हुनु; खान मन लाग्नु । २. कुनै योग्य वस्तुप्रति उत्कट अभिलाषा जाग्नु; चाहना हुनु ।

**भोको**– वि० [भोक+ओ] १. खानेकुरा नखाएको; नखाईकन भोकै रहेको । २. भोगको इच्छापूर्ति नभएको; भोगको लालसा जागेको ।

**भोक्कर**– ना० तामाको, मुरलीजस्तो पारी बनाइएको, फुकेर बजाइने लाम्चो एक बाजा; बानो ।

**भोक्तव्य**– वि० [सं०] भोग गर्न उचित; भोग्न लायक; भोग्नुपर्ने ।

**भोक्ता**– वि० [सं०]१. कुनै वस्तु वा सुख-दुःखका अवस्थाको भोग गर्ने; उपभोग गर्ने; भोग्ने । २. भोजन गर्ने; खाने । ३. शासन गर्ने; शासक । ना० ४. भोग गर्ने व्यक्ति । ५. राजा; शासक । ६. स्त्रीको पति वा प्रेमी ।

**भोग्-नु**– स० क्रि० [सं० भोग+नु] १. जीवन र जगत्को सुखदुःखका सबै पाटाको अनुभव गर्नु; राम्रानराम्रा सबै कुरा खेप्नु । २. कुनै वस्तु वा स्थितिको उपभोग गर्नु । ३. बेहोर्नु; सुमर्नु । ४. स्त्रीसम्भोग गर्नु; सहवास गर्नु ।

**भोग**– ना० [सं०]१. सुखदुःख आदिको अनुभव गर्ने काम; भोगाइ । २. पाप वा पुण्यको फल; प्रारब्ध । ३. सुखदुःखको अनुभव गर्ने देह । ४. कुनै वस्तु आफ्नो अधिकार वा उपयोगमा ल्याउने काम; मनमाफिकको चलन । ५. कुनै ग्रह एकै राशिमा रहने समय वा काल । ६. खानेकुरो खाने काम; भक्षण; खवाइ । ७. देवदेवी आदिलाई अर्पण गरिने नैवेद्य, बलि आदि । ८. शासन; राज्य । ९. समागम; मैथुन । १०. लिच्छविकालमा पशुपालन गरेबापत सरकारलाई तिर्नुपर्ने कर; वस्तुकर । ११. आफ्नो सम्पत्तिमा अरू कसैको हस्तक्षेप नरही आफूखुसी गर्न पाउने स्थिति वा शक्ति । ~**कर**– ना० सरकारलाई तिर्नुपर्ने खेतीको उब्जनी वा पशुपालनसम्बन्धी कर । ~**काल**– ना० १. कुनै घटना वा कुरो थालनीदेखि टुङ्ग्याउनीसम्म घटित हुने समय (राशिका ग्रह आदिको) । २. सुखदुःख आदि भोगिने पूरा समय । ~**चलन**– ना० कुनै वस्तुमाथि पूरै रूपमा आफ्नो अधिकारको प्रयोग वा उपयोग; भोग र चलन गर्ने काम ।

**भोगटे**– ना० १. ज्यामिर जातको डल्लो र ठूलो, बाक्लो बोक्रा भएको, गोल फल हुने, रसिलो र गुलियो, बिजुलैबिजुला भएको गुदी लाग्ने एक जातको फल; फोक्से । २. हल्का हरियो रङका बाटुला र फराकिला पात हुने, पाक्ता सेतो र पहेँलो रङका मसिना दाना झुप्पैझुप्पा परेर फल्ने प्रायः चार हजार फिटभन्दा माथि हुने एक वनस्पति; त्यसैको फल । ३. सेता आकारका मसिना दाना झुप्पैझुप्पा परेर फल्ने, पाकेपछि रक्सी बनाउने काममा प्रयोग हुने एक जातको फल ।

**भोग पत्र**– ना० ऋण नफछर्याएबापत साहूले ऋणीको सम्पत्ति ग्रहण गर्न पाउने हक सुम्पने कानुनी कागज ।

**भोग बन्धक**– ना० [सं०] सापटी दिएका रुपियाँको भोगचलन गर्ने गरी लिनेदिने काम । > **भोग बन्धकी**– वि० १. भोगबन्धकमा परेको ऋण चुक्ता नहुन्जेल ब्याजबापत बन्धकी भोग गर्न दिइएको । ना० २. सोअनुसार भोगबन्धक भएको तमसुक ।

**भोगभाग**– ना० [सं०] भाग्यवादीका अनुसार जीवनले भोग्नुपर्ने सुखदुःख, पापपुण्य आदिको फल; भाग्यको भोग ।

**भोगवादी**– वि० [सं०] भौतिक संसारकै सुख-दुःखमाथि विश्वास गर्ने; परलोकको बारेमा विश्वास नगर्ने ।

**भोगविलास–** ना० [सं०] शारीरिक वा इन्द्रियजन्य रूपमा हुने सुखसुविधाको अधिक भोग; ऐसआराम; मोजमज्जा ।

**भोगाइ–** ना० [√ **भोग्** (+आइ)] भोग्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **भोगाइनु–** क० क्रि० भोग्न लाइनु; भोग्ने पारिनु । **भोगाउनु–** स० क्रि०/प्रे० क्रि० १. दुःखकष्ट दिएर चेताउनु; काबू पार्नु । २. भोग्न लाउनु ।

**भोगिनी–** ना० [सं०] १. खालि भोगका लागि ल्याइएकी स्वास्नी; रखौटी । २. राजाकी उपपत्नी । ३. सर्पिणी ।

**भोगिनु–** क० क्रि० [भोग्+इ+नु] सुखदुःखको अनुभव गरिनु ।

**भोगी–** वि० [सं०] १. व्यवहारको दुःख-सुख वा राम्रो-नराम्रो भोगिसकेको; भुक्तभोगी । २. इन्द्रियहरूको सुख भोग गर्न चाहने; भोगविलासमा लीन भएको; विलासी । ३. स्त्रीहरूमा रत; स्त्रीलम्पट । ४. भोग गर्ने; खाने । ५. कुनै कुरा अघोर मन पराउने । ना० ६. सुखचैन, आमोदप्रमोदमा लीन भएको मानिस; भोग गर्ने व्यक्ति ।

**भोग्य–** वि० [सं०] १. भोग गर्न उचित; भोग्न लायक । ना० २. भोग गरिने वा भोग्न सकिने वस्तु ।

**भोज१–** ना० [सं० भोजन] कुनै चाडबाड, बिहेबटुलो आदिमा धेरै मानिस सम्मिलित भएर खाइने विशेष भोजन; भतेर; सहभोजन ।

**भोज२–** ना० [सं०] भारतको मालवाक्षेत्रमा राज्य गर्ने, कालिदासका समयका एक प्रसिद्ध दानी, विद्वान् र कवि राजा ।

**भोजन–** ना० [सं०] १. भोकनिवारणका निम्ति भरपेट खाइने खानेकुरो; खाद्य पदार्थ । २. खाने काम; भक्षण । ३. विशेष उत्सव वा अवस्थामा खाइने भोजभतेर । ~ **भट्ट–** वि० साह्रै धेरै खाने; खन्चुवा । > **भोजनालय–** ना० १. खानेकुरा तयार पार्ने घर वा कोठो; भान्साघर । २. सहरबजारमा ग्राहकहरूलाई भात खुवाई पैसा लिने व्यवस्था भएको पसल; होटेल । **भोजनीय–** वि० भोजन गर्न उचित; खान लायक; भोज्य ।

**भोजपत्र/भोजपात–** ना० [सं० भूर्जपत्र] १. पातलो र चिल्लो कागतजस्तो पत्रैपत्र बोक्रो हुने एक जातको मझौला खालको रूख; भोजपात । २. प्राचीन कालमा लेख्नका निमित्त कागतका सट्टामा प्रयोग गरिने सोही रूखको बोक्रो वा पत्र ।

**भोजपुर–** ना० [सं०] नेपालको पूर्वाञ्चल विकासक्षेत्रअन्तर्गत कोसी अञ्चलको पहाडी भेकमा पर्ने एक जिल्ला र त्यसको सदरमुकाम ।

**भोज भतेर–** ना० [भोज+भतेर] विशेष उत्सव वा पर्वमा धेरै जना मिलेर खान तयार गरिएको भातभान्सा; त्यस्तो सामूहिक भोजन ।

**भोजिन्सो–** ना० बाटुला पात हुने, साना हरिया फूल फुल्ने, कालो रङको एउटै गेडो फल लाग्ने, आयुर्वेदमा विषालु मानिएको एक बोट ।

**भोजी–** वि० [सं०] भोजन गर्ने वा खाने (जस्तै– मिष्टान्नभोजी, मांसभोजी इ०) ।

**भोजे–** वि० [भोज+ए] १. भोज मन पराउने; भोज खोज्दै हिँड्ने । २. धेरै खाने ।

**भोज्य–** वि० [सं०] १. खान योग्य; खान लायक । ना० २. खानका निम्ति उपयुक्त वस्तु; भोजन; खाद्य पदार्थ । ~ **काल–** ना० भोजन गर्ने समय; खाने बेला ।

**भोट१–** ना० [अङ्०] कुनै व्यक्ति वा कुरालाई छान्न निर्णयका निम्ति दिइने स्वैच्छिक राय; मत ।

**भोट२–** ना० [सं० भोट] नेपालको उत्तरतिर पूर्वदेखि पश्चिम वारपार सिमाना जोडिएको एक देश तथा हाल जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र; तिब्बत । ~ **चिनियाँ–** वि० तिब्बती, चिनियाँ, थाई, बर्मेली, बोदो र करेनी भाषाखलकसम्बन्धी; चिनियाँतिब्बती । ~ **बर्मेली–** वि० भोटचिनियाँ भाषिक खलकको (एक शाखा) । > **भोटिया–** वि० १. भोट मूल भएको (भाषा, जाति आदि) । ना० २. भोट वा भुटान देशको मान्छे; भोटे ।

**भोटाङ–** ना० हे० भुटान ।

**भोटी–** ना० एक जातको कालो रङको हिले माछो ।

**भोटे–** ना० [भोट+ए] १. भोट वा तिब्बतमूलको प्रसिद्ध जाति । २. त्यस जातिको मान्छे । वि० ३. भोटको; भोटसम्बन्धी । ४. भोटमा बसोबास गर्ने; तिब्बती । स्त्री० भोटिनी, भोटेनी । ~ **कुकुर–** ना० ठूलो टाउको र झ्याप्प्याइङ परेका भुत्ला हुने एक जातको जङ्गी कुकुर । ~ **खयर–** ना० कपडा, ऊन आदि रँगाउने काममा प्रयोग हुने, रातो रङ हुने एक जातको खयर । ~ **घोडा–** ना० लेकमा विशेष गरी भोटतिरबाट आउने लामा-लामा बाक्ला रौँ हुने एक जातको घोडा । ~ **ताल्चा–** ना० ढोकाका खैमलमा साङ्लोमा छिराएर लाइने ठूलो खालको ताल्चा । ~ **नुन–** ना० भोटबाट आउने एक किसिमको नुन । ~ **भेडो–** ना० भोटबाट आउने ठूलठूला सिङ र झ्याप्ले भुत्ला हुने एक जातको भेडो; भ्याङलुङ । ~ **मार्सी–** ना० मार्सी धानका विभिन्न भेदमध्ये मोटो खालको मार्सी । ~ **साङ्लो–** ना० कुकुर बाँध्ने काममा प्रयोग हुने मोटो खालको साङ्लो । ~ **सेलो–** ना० भोटे वा तामाङहरूले गाउने लोकगीतको एक विशेष लय; सेलो ।

**भोटो–** ना० दौराका बान्कीको र त्यसरी नै तुना बाँधिने अगाडिपछाडि फेर नभएको तथा कमरमुनि र जाँघमाथिसम्म मात्र आउने एक पोसाक । ~ **जात्रा–** ना० बर्सेनि ललितपुरको जाउलाखेलमा राता मत्स्येन्द्रनाथको रथबाट ऐतिहासिक भोटो देखाइने एक प्रसिद्ध जात्रा ।

**भोर्-नु–** स० क्रि० [भोर+नु] १. भोर गर्नु; बोर्नु; लसपस गर्नु । २. भद्रगोल पार्नु ।

**भोर१–** ना० [सं० विभावरी] १. प्रातःकाल; बिहान । क्रि० वि० २. बिहानीपख; सखारै ।

**भोर२–** ना० [सं० व्यवहार] १. झुक्याउने वा झुक्किने काम; झुकान; भ्रम । २. कुनै कामकुरोमा पर्न आउने अव्यवस्था; गडबडी; गोलमाल । ३. छुवाछूत; बोर । ~ **जुवा–** ना० बन्द हुन लागेको समयको अव्यवस्थित जुवा ।

**भोरस**– ना० [भरोसा] सहारा, भरोसा, आधार (उखान– **गाई भए गोरस, भाइ भए भोरस**)

**भोराइ**– ना० [√ **भोर्** (+आइ)] भोर पार्ने क्रियाप्रक्रिया । > **भोराउनु**– क० क्रि० भोर्न लाइनु । **भोराउनु**– प्रे० क्रि० भोर्न लाउनु; बोराउनु । **भोरिनु**– क० क्रि० भोरमा परिनु; भोर गरिनु ।

**भोर्जन**– ना० [सं० भोजन] भोजन; खानेकुरो । (**उदा०– भोक मीठो कि भोर्जन मीठो महाराज** !)

**भोर्तलक**– ना० एक जातको माछोविशेष ।

**भोर्लो**– ना० कोइरालाका आकारका र ठूलठूला पात हुने, सेता फूल फुल्ने च्याप्टा र लाम्चा टाटा फल्ने, पात दुनाटपरी गाँस्न र घुम छाप्ने काममा प्रयोग हुने, लहराका बोक्राबाट पाट निकालिने एक जातको लहरादार बोट ।

**भोला**– वि० १. सरल स्वभावको; सीधासाधा आनीबानी भएको; सोझो; भलादमी; साधु । ना० २. शिव; महादेव । > **भोलाउलो**– वि० भोलाभाला स्वभावको; भलादमी पाराको । – **नाथ**– ना० १. शिव; शङ्कर । वि० २. छलकपट नभएको मानिस; साह्रै सरल र सोझो व्यक्ति । – **पन**– ना० भोला हुनाको भाव, गुण वा अवस्था । – **भाला**– वि० छलकपट नभएको; सीधासाधा; निष्कपट ।

**भोलि**– क्रि० वि० [सं० विभावरी > भोरि] आजभन्दा पछि आउने पहिलो दिन; आउँदो दोस्रो दिन; आउने दिन; अर्को दिन । – **पल्ट**– क्रि० वि० भोलिको दिनमा; आउने दिनमा । – **पल्टै**– क्रि० वि० अर्को दिनभित्रै; आउने दिनमै । – **पर्सि**– क्रि० वि० एकदुई दिनपछि; भविष्यमा । – **बेर**– ना० अर्को दिन; भोलिपल्ट ।

**भोले१**– ना० फलाँटका जस्ता पात र बोट हुने, पाउलाको अचार खाइने एक जातको बोट ।

**भोले२**– ना० भोलाकै अर्को रूप; शिवजी, बमभोले, भोलेबाबा ।

**भोलेन्टियर**– ना० [अङ्०] स्वयंसेवक ।

**भोल्ट**– ना० [अङ्०] वैद्युतिक चालकशक्तिको एकांश परिमाण ।

**भोल्टेज**– ना० [अङ्०] यन्त्र आदिमा व्यवहृत चालक शक्तिको मोठ परिमाण ।

**भोल्टो**– ना० धनुकाँड चलाउनेहरूले हातका औँला र नारीमा लाउने छालाको साधन । – **धारी**– ना० भोल्टो धारण गर्ने व्यक्ति; भोल्टो लाउने र धनुकाँडा चलाउने सेना ।

**भौँ**– ना० [सं० भ्रू०] आँखीभुइँ; आँखीभौँ ।

**भौँतारिनु**– अ० क्रि० [सं० भ्रमित+नु] १. अनावश्यक रूपमा तथा विनाउद्देश्यले जताततै घुम्नु; लरखराउनु । २. हैरानी भोग्ने गरी दौडधूपमा लाग्नु; धेरै हिँडडुलमा पर्नु । **भौँताऱ्याइ**– ना० भौँतारिने चाल, क्रिया वा प्रक्रिया ।

**भौँप्वाल**– ना० [नेवा०] बुइँगलको भान्साचुलो चलाउने ठाउँमा हावा र धूवाँ पास होस् भन्ने हेतुले छानामा आधी गोलो पारेर राखिने झ्यालजस्तो प्वाल ।

**भौँरा**– ना० [सं० भ्रमर] १. मुहालीका छाँटको एक प्रकारको बाजा । २. भमरा ।

**भौगर्भिक**– वि० [सं०] भूगर्भसम्बन्धी; भूगर्भको; धरातलभित्रको बनोटसम्बन्धी ।

**भौगोलिक**– वि० [सं०] भूगोलसँग सम्बन्धित; भूगोलको ।

**भौज्या**– ना० [भाउजू+या] १. देवर र भाउजूको अनुचित सम्बन्धबाट जन्मेको सन्तान; भाउजेलो । वि० २. भाउजूसँग अनुचित सम्बन्ध राख्ने ।

**भौतिक**– वि० [सं०] १. पृथ्वी, अप, तेज, वायु, आकाशजस्ता पञ्चमहाभूत तत्त्वबाट बनेको; पञ्चमहाभूतसम्बन्धी । २. पृथ्वीका सबै गुणयुक्त; पार्थिव । ३. हाडमासुयुक्त शरीरसम्बन्धी; प्राणीसम्बन्धी; भूतसम्बन्धी । – **ता**– ना० २. भौतिक पक्ष पर्याप्त हुनाको भाव वा अवस्था । ~ **परिवर्तन**– ना० विज्ञानका प्रक्रियाअनुसार कुनै वस्तुको तौल, अस्तित्व आदिमा फरक नभई हुने परिवर्तन; पानी बाफमा, नुन झोलमा बदलिनुजस्ता भौतिक रूपमा नै हुन आउने परिवर्तन । ~ **भूगोल**– ना० कुनै देश वा क्षेत्रको राजनीति, जनघनत्व, व्यापार आदि पक्षलाई नछोई प्राकृतिक बनोट वा रूप र उत्पादन आदि विषयलाई प्रस्तुत गर्ने भूगोल । ~ **वातावरण**– ना० वस्तुपक्ष वा वस्तुगत रहनसहनको यथार्थ स्थिति; बाह्य तथा दृश्य वातावरण । – **वाद**– ना० अदृश्य र पारलौकिक सत्ता वा ईश्वरलाई नमानेर जीवन र जगत्का वस्तुसत्यलाई नै मान्ने सिद्धान्त; भौतिक गुण तथा निर्माणतत्त्वलाई शाश्वत मान्दै भौतिक जगत्लाई परिवर्तनशील तथा विकासशील रूपमा बुझ्ने र पदार्थबाटै चेतनाको सृष्टि भएको हो भनी मान्ने वैज्ञानिक वा दार्शनिक सिद्धान्त वा मत । – **वादी**– वि० भौतिकवादको अनुयायी वा समर्थक; भौतिकवादमा विश्वास राख्ने । ~ **विज्ञान**– ना० भौतिक तत्त्व वा वस्तुहरूको विवेचन र विश्लेषणका साथ तिनको गुण छानबिन गरिने शास्त्र; वस्तुजगत्को सूत्रात्मक अध्ययन गर्ने विज्ञान; पदार्थविज्ञान । ~ **विद्या**– ना० १. भौतिक शास्त्र; भौतिक विज्ञान । २. जादु-टुना गर्ने विद्या; इन्द्रजाल । ३. मरेका मान्छेहरूको हंस जगाई बातचित गरिने विद्या; भूतसाधना गर्ने विधि । ४. भूत-प्रेत आदिको बाधा हटाउने विद्या; झारफुके तन्त्रमन्त्र । ~ **शास्त्र**– ना० भौतिक विज्ञान । ~ **सम्पत्ति**– ना० सरकारी वा व्यक्तिगत कार्यालय वा घरका टेबुल, दराज, गाडी आदि विभिन्न अचल वस्तु; जग्गाजमिन, भवन आदि अचल सम्पत्ति । ~ **साधन**– ना० शिक्षण-संस्था आदिका लागि आवश्यक भवन, खेलमैदान, फर्निचर, कोठोजस्ता भौतिक सुविधाका सामानहरूको समूह ।

**भौम**– ना० [सं०] १. ज्योतिषका अनुसार नौ ग्रहमध्ये तेस्रो ग्रह; मङ्गल । वि० १. भूमिबाट आउने । २. भूमिसम्बन्धी; जग्गा-जमिनको । – **वार**– ना० सात वारमध्ये तेस्रो वार; मङ्गलवार । > **भौमिक**– वि० भूमिसम्बन्धी; जमिनसँग सम्बन्धित ।

**भ्या–** क्रि० वि० [अ० मू०] भेडो कराएको आवाज आउने गरी ।

**भ्याइ–** ना० [√ **भ्याउ** (+आइ)] कुनै काम गर्न भ्याउने क्रिया वा प्रक्रिया । [>] **भ्याइनु–** क० क्रि० निश्चित समयमा काम सिद्ध्याउनु; फुर्सद पाइनु ।

**भ्याउ–नु–** स० क्रि० १. कुनै काम गर्नाका निम्ति समय पाउनु वा फुर्सदले भेट्टाउनु; भियाउनु । २. गर्नुपर्ने काम गर्न योग्यता, सामर्थ्य आदि प्राप्त गर्नु । ३. थालेको काम समयमै टुङ्ग्याउनु वा सक्नु ।

**भ्याउसुलो–** ना० हाप्सिलो ।

**भ्याकभ्याक–** क्रि० वि० [अ० मू० भ्याक्+अ (द्वि०)] बन्चरो, खुकुरी आदिले धमाधम काट्ने गरी । – **भ्याकभ्याकती/भ्याकभ्याकी–** क्रि० वि० छिटोपिटो भ्याकभ्याक पारेर ।

**भ्याकुर–** ना० तरुलको जस्तो लहरो र लाम्चा चोसैचोसा परेका पात हुने, ठूलो र बाटुलो गाँठो परेको कन्द फल्ने वनस्पतिविशेष; त्यसैको सेतो, पहेँलो, नीलो आदि रङ हुने कन्द ।

**भ्याकुरो–** ना० १. बट्टाईभन्दा केही ठूलो र लाटोकोसेरोजस्तै भ्याप्स्याक्क परेको, फुस्रा रङको भुत्ला हुने एक जातको चरो । वि० ३. मोटोघाटो भईकन जुम्सो; ज्याम्तो । ३. गोज्याङ्ग्रो; अधबेस्रो ।

**भ्याक्क–** क्रि०वि० [अ० मू० भक् > भ्याक्+क] भुत्ते चालले प्रहार हुने वा अलपत्र भई लड्ने, पछारिने चालमा ।

**भ्याक्से–** ना० १. गाँड निस्कन आँटेको जस्तो भएर बढेको गलो । वि० २. बेछाँटले बढेको वा मोटाएको; भद्दा ।

**भ्यागुती–** ना० [भ्यागुतो+ई] घोडाका टापका माझमा हुने मासुको डल्लो; पुतली ।

**भ्यागुते–** ना० [भ्यागुतो+ए] १. दुईदेखि चार फिटसम्मको उचाइ हुने, भ्यागुताका मुखका आकारका राता, सेता, नीला र पहेँला फूल फुल्ने एक बोट; त्यसैको फूल । २. गाईभैँसीको घाँटीमा खटिरा आउने एक रोग । वि० ३. भ्यागुतोजस्तो पुथ्रुक्क परेको; बुधुने । ~ **फुल–** ना० फोहर पानीमा चिप्लो च्यालफ्याल परेको देखिने, बाबरीका जस्ता मसिना दाना हुने, भ्यागुताका फुल ।

**भ्यागुतो–** ना० [सं० भेक] बर्सात लागेपछि, आहाल वा सिमसार ठाउँमा निस्कने डल्लो जीउ र चार खुट्टा हुने, पुच्छर ननिस्कने, उफ्रीउफ्री टरटर गरी कराउने एक थरी जलजन्तु; पाहा; ब्याङ ।

**भ्याङलुङ–** ना० एक जातको लेकाली भेडो; भोटेभेडो ।

**भ्याङ्ग/भ्याङ्ङ–** क्रि० वि० [अ० मू० भ्याङ्+ग/ङ] ठूलो वा गह्रुङ्गो वस्तु लड्दा एकै पल्ट आवाज निस्कने गरी ।

**भ्याङ्ले–** वि० [भ्याङ्लो+ए] १. जीउडाल नमिलेको; छाँट नपरेको; ह्वार्लङ्गे । २. फुर्तिलो वा छिटोछरितो नभएको; लुगाफाटा राम्ररी नलाउने ।

**भ्याङ्लो–** वि० भ्याङ्ले; भ्यात्लो । > **भ्याङ्ल्याङे–** वि० भ्याङ्ले; भ्याङ्लो ।

**भ्याङ्ल्याङ्ग/भ्याङ्ल्याङ्ङ–** क्रि० वि० [अ० मू० भ्याङ्ल्याङ्-ग/ङ] १. लुगाफाटो पूरै उधिनाले वा खोलिनाले उदाङ्गो हुने गरी । २. ठूलो र गह्रौं वस्तु थचारिने वा पछारिने चालसँग ।

**भ्याट–** ना० [अङ्०] १. वस्तुको खुद मूल्य र बिक्री मूल्यका बीचको भिन्नता; मूल्य अभिवृद्धिकर । २. वस्तु वा सेवा बिक्री हुँदा प्रत्येक क्रेताले विक्रेतालाई तिर्दै जाने कर; उपभोक्ताले तिर्ने अप्रत्यक्ष कर । ३. भ्याल्यु एडेड टयाक्सको संक्षिप्त रूप ।

**भ्याटभ्याट–** क्रि० वि० [अ० मू० भ्याट्+अ (द्वि०)] १. चराचुरुङ्गीले पखेटा चलाउन वा उड्न खोज्दा आवाज आउने गरी । २. मोटरसाइकल आदि चल्दा शब्द निस्केर । ~ **भ्याटभ्याटे–** ना० १. बढीमा दुई जना चढ्न मिल्ने पेट्रोलबाट चल्ने दुई पाङ्ग्रे वाहन; मोटरसाइकिल । वि० २. भ्याटभ्याट आवाज गर्ने ।

**भ्यातभ्यात–** क्रि० वि० [अ० मू० भ्यात्+अ (द्वि०)] १. दबदबे पदार्थ छड्कँदा वा पाक्ता शब्द आउने गरी । २. लेदो पदार्थ खस्ता शब्द आउने किसिमले । **भ्यातभ्याततती/भ्यातभ्याती–** क्रि० वि० छिटछिटो भ्यातभ्यात गरेर ।

**भ्यातल–** ना० [नेवा० भ्यात्तल] कर्कलाका साँप्रा, सागपात आदि मिसाई मकै वा कोदाको पीठो रयाली दबदबाउँदो बनाएर खाइने खानेकुरो; एक प्रकारको खोले ।

**भ्यात्त–** क्रि० वि० [अ० मू० भ्यात्+त] १. मोटो र भद्दा परेको वस्तु खस्दा आवाज आउने गरी । २. जीउडाल, आकारप्रकार आदि नमिल्ने भएर । ३. कान्लो, डिल आदि लच्केर खस्ने गरी; भ्याक्क ।

**भ्यात्तल–** ना० [नेवा०] हे० भ्यातल ।

**भ्यात्ले–** वि० [भ्यातल+ए] १. भ्यातल खाएर जीविका चलाउने; भ्यातलभन्दा अरू थोक खान नपाउने । २. मोटो र भद्दा; भ्याङ्ले (व्यक्ति) । ३. छिटोछरितो वा फुर्तिलो नभएको ।

**भ्यात्लो–** वि० [भ्यातल+ओ] भ्यात्ले; भ्याङ्लो ।

**भ्यान्टा–** ना० [√ भन्टा] भिँडा; भन्टा ।

**भ्यान्टे–** वि० डल्लो, डल्ले (खुर्सानी) ।

**भ्यार्र–** क्रि० वि० [अ० मू० भ्यार्+र] १. अधोवायु निस्कँदा वा पखाला लाग्दा आवाज आउने गरी । २. चराचुरुङ्गीले एकै पल्ट पखेटा चलाउँदा वा उड्न लाग्दा निस्कने शब्द ।

**भ्याल्सा–** ना० खोलो तर्न लट्ठा टाँगी झुन्डयाइएको कोक्रोको दुवैतिर समात्न मिल्ने हिसाबले डोरीमा अडयाइएको काठ ।

**भ्याल्सी–** ना० [नेवा०] पाखी छानो भएका घरमा कुमको गारो वा बलोदेखि धुरीको बलोसम्म पुग्ने गरी छानाका डाँडाभाटा थाम्न राखिएको ठाडो काठ ।

**भ्यासभ्यास–** क्रि० वि० [अ० मू० भ्यास्+अ (द्वि०)] १. फस्को

खालको माटो वा वस्तु फुट्तै खस्ने गरी । २. दलदलो वा खुकुलो जमिन क्रमैसित गाडिँदै जाने चालले । > **भ्यासभ्यास ⁄ भ्यासभ्यासी–** क्रि० वि० अझै छिटो भ्यासभ्यास भएर ।

**भ्यासलिन–** ना० [अङ्०] छाला नरम राख्न दलिने एक प्रकारको मलहम; बैसलिन ।

**भ्यास्स–** क्रि० वि० [अ० मू० भ्यास्+स] १. हल्का र खुकुलो वस्तु एकाएक गाडिने गरी । २. फस्को माटो वा वस्तु एक्कासि खस्ने वा फुट्ने किसिमले ।

**भ्यूँट–** ना० हे० भिउँट ।

**भ्रंश–** ना० [सं०] १. कुनै वस्तु वा स्थिति बिस्तारै खस्ने काम; पतन; ह्रास । २. पथभ्रष्ट हुने काम; मार्गबाट विचलित हुने स्थिति । ३. नाश; ध्वंस । > **भ्रंशित–** वि० भ्रंश भएको; तलतिर खसेको; खस्केको । २. भ्रष्ट । **भ्रंशी–** वि० १. भ्रंश वा पतन हुने; खस्ने । २. नाश हुने वा गर्ने; भ्रष्ट हुने ।

**भ्रम– ना०** [सं०] १. कुनै विषयवस्तुलाई अर्कै सम्झने स्थिति वा प्रक्रिया; मिथ्या ज्ञान; गलत आभास । २. शङ्का; सन्देह । ३. भूल; बिराम । ~ **जाल–** ना० वेदान्तवादीहरूले जीवन र जगत्लाई भ्रम ठान्ने काम; मायाजाल; मोहपाश । ~ **निवारण–** ना० धुकचुक नरहेको अवस्था; भ्रम हटाउने काम ।

**भ्रमण–** ना० [सं०] १. घुमफिर वा डुलफिर गर्ने काम; नजिक वा टाढाको आइजाइ । २. देशदेशावरको विचरण; देशाटन । ३. यात्रा; सफर । ~ **आदेश–** ना० कार्यालयले कसैलाई आवश्यक काममा कतै खटाउँदा यति समयसम्म यस-यस साधनद्वारा यहाँसम्म जाने भनी भत्तासमेत दिई प्रदान गरिने औपचारिक पत्र; भ्रमणको अनुमति प्रमाणित गर्ने कागत । ~ **केन्द्र–** ना० पर्यटकहरूलाई आकर्षित पार्न सक्ने ठाउँ; पर्यटकले मूल केन्द्र मानेको ठाउँ । ~ **पेस्की–** ना० कार्यालयद्वारा कसैलाई भ्रमणमा पठाउँदा अग्रिम रूपमा दिइने रकम; भ्रमणमा जानुअगावै पाइने रकम । ~ **भत्ता–** ना० काज खटिई जाने व्यक्तिले नियमबमोजिम पाउने भ्रमणका अवधिको थप सुविधा; काजभात्त । ~ **साधन–** ना० भ्रमण गर्दा प्रयोग गरिने रेल, मोटर, हवाईजहाज, पैदाल आदि साधन ।

**भ्रम मूलक–** वि० [सं०] मूल रूपमा भ्रम पार्ने; भ्रमका कारणले उब्जिएको ।

**भ्रमर–** ना० [सं०] भमरो; भँवरो ।

**भ्रमात्मक–** वि० [सं०] १. भ्रम उत्पन्न भएको; भ्रममूलक; भ्रम पैदा गर्ने । **– ता–** ना० भ्रमात्मक हुनाको भाव वा स्थिति ।

**भ्रमित–** वि० [सं०] १. फनफनी घुमेको; चक्कराएको । २. भ्रममा परेको; भूल परेको ।

**भ्रमी–** वि० [सं०] १. चक्कर लाउने; फनफनती घुम्ने । २. भ्रममा परेको; चक्कराएको ।

**भ्रष्ट–** वि० [सं०] १. कहीँबाट फ्यात्त खसेको; च्युत भएको; गिरेको । २. आचरण र अनुशासनबाट तल झरेको; दुश्चरित्र । ३. अपवित्र; दूषित । ४. बिग्रेको; विनाश भएको । > **भ्रष्टा–** ना० चरित्र वा आचरण भ्रष्ट भएकी नारी; दुश्चरित्र स्त्री; कुलटा । **भ्रष्टाचरण–** ना० नीतिनियमले मनाही गरेको व्यवहार; कानुनले निषेध गरेको आचरण; दुराचरण ।

**भ्रष्टाचार–** ना० [सं०] १. पतित आचरण; दूषित मर्यादा । २. नियम वा कानुनविरुद्ध नैतिक पतन हुने काम गरी घूस खाई पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम; भ्रष्ट मनसाय वा घुसखोरीको काम । ~ **निवारण–** ना० भौतिक वा नैतिक रूपमा हुने भ्रष्टाचारलाई रोक्ने काम; घूसखोरी र अवैध व्यवहार हुने वातावरणलाई हटाउने काम । ~ **निवारण आयोग–** ना० प्रशासनिक क्षेत्रबाट हुने भ्रष्टाचार, ढिलासुस्ती, घूसखोरी आदि निवारण गर्ने उद्देश्यले पहिले गठित विशेष समिति । > **भ्रष्टाचारी–** वि० भ्रष्टाचार गर्ने आचरण भएको; नैतिक र भौतिक दुवै रूपमा आचरणको पतन भएको ।

**भ्राता–** ना० [सं०] १. एकै गर्भबाट वा एउटै बाबुका छोरा भएर जन्मेका दाजु वा भाइ; सहोदर दाजु वा भाइ । २. बन्धुवर्ग । ३. समान स्तरका पुरुषलाई सम्बोधन गरिने शब्द ।

**भ्रातृ–** ना० [सं०] हे० भ्राता । **– क–** वि० दाजु वा भाइ भएको (जस्तै– सभ्रातृक) । **– ज–** ना० १. भतिजो । २. भदो । **– जाया–** ना० १. दाजु वा भाइकी पत्नी । २. भाउजू वा बुहारी । **– त्व–** ना० दाजुभाइमा रहने आत्मीयता; भ्रातृभावको सम्बन्ध । ~ **द्वितीया–** ना० कार्तिक शुक्लपक्षको द्वितीया; भाइटीका; भाइतिहार । ~ **भाव–** ना० दाजुभाइमा रहने आत्मीय स्नेह; भ्रातृत्व ।

**भ्रान्त–** वि० [सं०] १. भुलेको; भ्रममा परेको । २. देशदेशावर घुमफिर गरेको; चक्कर खाएको; घुमेको । > **भ्रान्तापह्नुति–** ना० भ्रम पर्दा भ्रम हटाउका लागि सत्य कुरा बताउँदा हुने एक काव्यालङ्कार; अपह्नुति अलङ्कारको एक भेद ।

**भ्रान्ति–** ना० [सं०] १. कुनै कुरो देख्दा वा सुन्दा त्यस्तै अर्को कुराको भान हुने अवस्था; कुनै कुराको आभास । २. चक्कर; भ्रमण; घुमफिर । ३. मानसिक असन्तुलनबाट आउने भ्रम । ४. भूलचूक; सामान्य गल्ती । ४. उपमानलाई देखेर उपमेयको भ्रम पर्दा हुने एक अर्थालङ्कार । > **भ्रान्तिमान्–** वि० १. भ्रान्ति भएको; भ्रमयुक्त । २. घुमेको; चक्कराउँदै गरेको । ना० ३. भ्रान्ति नामको अर्थालङ्कार ।

**भ्रामक–** वि० [सं०] १. भ्रम उत्पन्न गराउने; भ्रममा पार्ने । २. शङ्का उत्पन्न गर्ने; सन्देहकारक । ३. घुमाउने; चक्कर लगाउने; रिँगाउने ।

**भ्रामरी–** ना० [सं०] १. अष्टयोगिनी दशामध्ये मङ्गलकी पत्नी मानिने, जम्मा चार वर्ष पालो रहने एक योगिनी । २. दुर्गाको एक नाम । **– को दशा–** ना० यता र उता भौंतारिरहनु पर्ने अवस्था ।

**भ्रुकुंश–** ना० [सं०] आइमाईका पोसाक लगाएर नाच्ने लोग्नेमान्छे; नट; मारुनी ।

**भ्रुकुटी–** ना० [सं०] १. दुवै आँखाभन्दा माथि पर्ने रौँ पलाएको ठाउँ; आँखीभौँ । २. ईडा, पिङ्गला र सुषुम्णा नाडीको सङ्गमस्थल; चन्द्रमण्डल ।

**भ्रू–** ना० [सं०] दुवै आँखाका माथिल्लापट्टि छोटाछोटा रेखी पलाउने ठाउँ; आँखीभुइँ । – **कुटी–** ना० आँखीभुइँ; भृकुटी । – **क्षेप–** ना० रिस वा आवेगले हुने आँखीभौँको खुम्च्याइ; भ्रूभङ्ग ।

**भ्रूण–** ना० [सं०] पाठेघरमा रहेको सालनालसहितको बच्चो; जरायुज जन्तुको पेटमा रहेको विकासशील अवस्थाको गर्भ; पेटको नानी । ~ **हत्या–** ना० १. औषधोपचारको प्रयोगबाट गर्भमा रहेका शिशुको हत्या; गर्भ पतन गर्ने काम; गर्भपात । २. धर्मसङ्कटमा परेको अवस्था; साह्रै असजिलो काम ।

**भ्रूभङ्ग–** ना० [सं०] आँखीभुइँको भङ्गिमा ।

**भ्रूमध्य–** ना० [सं०] दुई आँखाका बीचको नाकको डाँडी निधारमा जोडिने ठाउँ; आँखीभुइँको जोर्नी ।

**भ्वाँक–** क्रि० वि० [अ० मू० भ्वाँक्+अ] भ्वाँक्को आवाजका साथमा; भ्वाँक्क । > **भ्वाँक्क–** क्रि० वि० १. अधोवायु छोड्दा आवाज आउने गरी । २. मोटर आदिको हर्न बज्ने किसिमले ।

**भ्वाँरपैठना–** ना० [था०] १. थारू समाजमा घरज्वाइँ बस्ने चलन । २. घरज्वाइँ ।

**भ्वाँला–** ना० [सं० ज्वाला] बढी परिश्रम, क्रोध वा अन्य कुनै कारणका आवेगले शरीरमा उत्पन्न हुने ज्वाला ।

**भ्वाक्क–** क्रि० वि० [अ० मू० भक > भ्वाक्+क] तीखो चालले भ्वाक्क भएर ।

**भ्वाङ–** ना० [सं० भङ्ग] १. कुनै वस्तु वा ठाउँमा फाटेर, चिरिएर आदि किसिमले परेको ठूलो प्वाल; ठूलो प्वाल वा दुलो । २. भडखारो; खाडल । – **पाल–** ना० ठूलो र डरलाग्दो दुलो; टाल्न नसकिने खाडल ।

**भ्वाङसी–** ना० खेतबारी वा अन्य जग्गा-जमिनमा परेको ठूलो प्राकृतिक खाडल; होक्सी ।

**भ्वाङ्ग/भ्वाङ्ङ–** क्रि० वि० [अ० मू० भ्वाङ्+ग/ङ] १. ठूलो वा गह्रौँ वस्तु बजारिँदा शब्द आउने गरी । २. ठूलो र खाली भएको प्वालमा कुनै वस्तु बज्दा आवाज आउने किसिमले । ३. ठूलो कुकुर एकै पल्ट भुक्दाको आवाज निस्केर ।

**भ्वाङलाखे–** ना० [नेवा०] १. लाखे नाचमा नाच्ने व्यक्तिलाई जिस्क्याउने पुड्को व्यक्ति; लाखे नाचको ढँटुवारे । वि० २. ढँटुवारेजस्तो ।

**भ्वात्त–** क्रि० वि० [अ० मू० भ्वात्+त] तीखो चालले भ्यात्त हुने गरी ।

**भ्वार्र–** क्रि० वि० [अ० मू० भ्वार्+र] तीखो रूपमा भ्यार्र हुने गरी ।

**भ्वास्स–** क्रि० वि० [अ० मू० भ्वास्+स] १. फ्यास्स परेको वस्तु वा माटा आदिको डल्लो खस्दा आवाज आउने गरी । २. खुकुलो पोकोपन्तुरो एकै पल्ट फुक्दा तीखो शब्द निस्केर । ३. धूलो, धूवाँ आदि उड्ने चालले ।

# म

**म**१– देवनागरी वर्णमालाको व्यञ्जनवर्णमध्ये पच्चीसौँ वर्ण; ओष्ठ्य, सघोष, अल्पप्राण, अनुनासिक ध्वनि; पवर्गको अन्तिम तथा पाँचौँ वर्ण वा अक्षर; लेख्य रूपमा सो वर्ण वा अक्षरको प्रतिनिधित्व गर्ने लिपिचिह्न; राम्रो म ।

**म**२– सर्व० [सं० अहम्] व्याकरणमा उत्तम पुरुषको एकवचनलाई बुझाउने सर्वनाम शब्द; आफू; स्वयम् ।

**मइन**– ना० हे० मैन ।

**मइन्टोल**– ना० [अङ्० मैनटल] लाल्टिनमा जस्तै मटीतेल हालेर जाली सल्काई दम दिएर बालिने चहक प्रशस्त भएको बत्ती (पेट्रोमाक्स) ।

**मइमत्त**– वि० हे० मैमत्त ।

**मई**– ना० [अङ्० मे] ग्रेगोरी पात्रोअनुसार वर्षको पाँचौँ महिना; वैशाखको आधाआधीदेखि सुरु भएर जेठको आधाआधीसम्म पर्ने इस्वी वर्षको महिना ।

**मकमक**– क्रि० वि० [अ० मू० मक्+अ (द्वि०)] १. परेवा घुर्दाको आवाज निस्कने गरी वा सो घुराइको चालसँग । २. दाँत नहुँदा अलि-अलि चपाएर । ३. सर्दी, बाथ, जरो आदिले आङअठिङर दुख्ने गरी । > **मकमकाइ**– ना० मकमकाउने क्रिया वा प्रक्रिया । **मकमकाउनु**– अ० क्रि० १. सर्दी, बाथ, जरो आदिले आङअठिङर दुख्नु । २. मकमक हुनु । **मकमकिनु**– अ० क्रि० अलिअलि चपाइनु; मकमक हुनु । **मकमक्याइ**– ना० मकमकिने तथा मकमक्याउने क्रिया वा प्रक्रिया । **मकमक्याइनु**– क०क्रि० मकमक्याउने काम गरिनु । **मकमक्याउनु**– स० क्रि० दाँत नहुँदा दनासाद्वारा अलि-अलि चपाउनु । **मकमक्याहट**– ना० मकमक्याउने भाव, स्थिति वा क्रिया; मकमक्याइ ।

**मकर**– ना० [सं०] १. ज्योतिषको बाह्र राशिमध्ये धनुभन्दा पछि र कुम्भभन्दा अघि पर्ने दसौँ राशि । २. मकरसङ्क्रान्तिदेखि प्रारम्भ हुने महिना; माघ महिना । ३. ठूलो र डरलाग्दो एक जलजन्तु । ४. ग्राह । ५. माछो । ६. कुबेरका नौ निधिमध्ये एक । –**काँची**– ना० तिउरेका ढबका गुलाफी वा सेता फूल फुल्ने, पुरुनीका जस्ता कलेजी रङका छिर्कामिर्का परेका र ऐँसेलुका आकारका पात हुने, विशेष गरी भीरपहरामा पलाउने, त्यसै वा अचार बनाएर खान हुने अमिलो रस भएको बुटो । – **ध्वज**– ना० १. पारोबाट बन्ने चन्द्रोदय नामको आयुर्वेदीय रसौषध । २. कामदेव । ३. पुराणअनुसार हनुमान्पुत्र मानिने अहिरावणको द्वारपाल । > **मकरन्द**– ना० १. फूलका पुष्पपुटमा रहने गुलियो रस; पुष्पमधु । २. फूलको केसर; किञ्जल्क । ~ **राशि**– ना० ज्योतिष शास्त्रअनुसार बाह्रराशिमध्ये दसौँ राशि; उत्तराषाढाको पछिल्ला तीन चरण, श्रवण पुरै र धनिष्ठाको आधासम्मको नक्षत्रगत अवधि । ~ **रेखा**– ना० भूगोल अथवा ज्योतिषका अनुसार विषुवत्रेखादेखि साढे तेइस अंश दक्षिणमा पर्ने एक रेखा; कर्कटरेखाको ठीक विपरीत रेखा । ~ **सङ्क्रान्ति**– ना० सूर्यले मकरराशिमा प्रवेश गरेको समय वा दिन; माघे सग्राँती ।

**मकल**– ना० [नेवा० मकल < सं० मक्कुल] आगो बालेर वा गोल हालेर तापिने आरीका छाँटको धातु वा माटाको भाँडो; बोर्सी; अटल ।

**मकवानपुर**– ना० नेपालको नारायणी अञ्चलमा पर्ने एक पहाडी जिल्ला; ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण मानिने मकवानपुरे राजाहरूले आफ्नो राजधानी बनाएको ठाउँ । ~ **गढी**– ना० मकवानपुर जिल्लामा पर्ने, सेनवंशी मकवानपुरे राजाहरूका पालामा बनेको दुर्ग वा किल्ला । > **मकवानपुरे**– वि० मकवानपुरसित सम्बन्धित; मकवानपुरको; मकवानी ।

**मकवानी**– वि० [मकवान (मकवानपुर) +ई] १. मकवानपुरसँग सम्बन्धित; मकवानपुरे । २. मकवानपुरको बासिन्दा ।

**मकाइ**– ना० [√ **मकाउ** (+आइ)] मकाउने क्रिया वा प्रक्रिया ।

**मकाउनु**– अ० क्रि० चिसो, पानी, माटो, धमिरा आदिका सम्पर्कले कुनै वस्तु गल्दै जानु; सड्नु; पुरानो हुनु ।

**मकार**– ना० [सं०] १. 'म' अक्षर; पवर्गको अन्तिम वर्ण ।

**मकालु**– ना० कोसी अञ्चलको उत्तर-पश्चिम सीमामा पर्ने कुम्भकर्ण हिमालको २७,७५९ फिट अग्लो एक चुचुरो ।

**मकिनु**– अ० क्रि० [मकाउ+इ+नु] मकाउनु ।

**मकुनु**– ना० [सं० मत्कुण] छावाको उमेर नाघेको तर दाह्रो नआएको जवान हात्ती ।

**मकुन्डो**– ना०हे० मखुन्डो ।

**मकुला बाँस**– ना० [सं० मुकुल-वंश] कठबाँस ।

**मकै**– ना० [सं० मर्कट > मक्कड > मक्कय] जुनेलाका आकारका पात हुने, चारदेखि दस फिटसम्म अग्लो र सुलुक्क परेको ठिङ्गो बोट हुने, सप्रिएमा दुईतीन घोगासम्म लाग्ने, घोगाका बाहिर खोस्टाले ढाक्ने र टुप्पामा जुँघा लाग्ने, खोयामा सेता-पहेँला रङका गेडा फल्ने एक बोट; बारीमा फल्ने मुख्य अन्न । ~ **किरो**– ना० मकै फलेर पाक्ने बेलामा आउने एक थरी कीरो; लाटा । ~ **चरी**– ना० मकैमात्र उब्जाई जीवन पाल्ने व्यक्ति; मकैका भरमा जीवन यापन गर्ने व्यक्ति । ~ **पर्व**– ना० वि० सं० १९७७-मा 'मकैको खेती' पुस्तक लेखेबापत त्यससँग सम्बन्धित कृष्णलाल सहित लेखकहरूलाई राणाहरूद्वारा दमन, उत्पीडन गरिएको पर्व । ~ **बोडी**– ना० मकै पाक्ने बेलामा मकैबारीभित्र फल्ने, लहरामा तनाजस्ता तन्द्रङ्ङ परेका कोसा लाग्ने, तरकारी खाइने र सुकेपछि दालसमेत खान मिल्ने एक जातको लहरा;

सोही लहराका कोसा वा गेडा ।

**मकोई**– ना० [सं० मची] खोर्सानीका जस्ता पात र पहेँला रङका फूल हुने, खैरा रङका खोस्टाभित्र गोल फल फल्ने, डाँठका बीचबीचमा गाँठा हुने एक बोट; त्यसै बोटमा फल्ने फल ।

**मक्ख**– वि० [फा० मस्त] १. आनन्द, हर्ष आदिले लट्ठ परेको; फुरुक्क परेको; मस्त क्रि० वि० २. आनन्द वा हर्षले मस्त हुने गरी; फुरुक्क परेर ।

**मक्खन**– ना० हे० मखन१ ।

**मक्खी**– ना० [सं० मक्षिका] १. माखो; झिँगो । २. काँक्रो, बदाम आदि खाँदा साथीहरूले नदेख्ने गरी थोरै लुकाएर खाइसकेपछि देखाई 'कि यो खा, कि यति दण्ड तिर' भनी अड्को थाप्न राखिने अंश; मखी । ~**चुस**– वि० १. भरसक झिँगाका खुट्टामा लागेको चीज पनि चुसेर खाने खालको साह्रै लोभी; द्रव्यपिशाच; कन्जुस; कृपण । २. महाको छुच्चो । ~**बुट्टे**– वि० सेतो भुइँमा झिँगा बसेजस्तो देखिने बुट्टा भएको; झिँगाका आकारको बुट्टा भएको (कपडा, चोलो आदि) ।

**मक्याइ**– ना० [मकि+याइ] मकिने स्थिति, क्रिया वा प्रक्रिया ।

**मक्ल्याकमुक्लुक**– क्रि० वि० [अ० मू० (द्वि०) मुक्लुक्+अ] खानेकुरा मकमक्याउने वा त्यसो गर्दा शब्द निस्कने गरी ।

**मक्षिका**– ना० [सं०] १. झिँगो; मक्खी । २. माहुरी ।

**मखन**१– ना० [प्रा० मक्खण < सं० म्रक्षण] दूध वा दही मथेर निकालिने बाक्लो, चिल्लो सारपदार्थ; नौनी; नवनीत; मक्खन ।

**मखन**२– ना० हे० मखाना ।

**मखमल**– ना० [अ०] एकापट्टि नरम भुवा राखी अर्कातिर चिल्लो हुने गरी बुनिएको एक जातको, असल, मोटो रेसमी कपडा ।

**मखमली**– ना० [मखमल+ई] १. दुईतीन फिटसम्मको अग्लो, राता डाँठ हुने र लाम्चा पात हुने, खस्रा गाढा सेता वा राता रङका फूल फुल्ने एक जातको बोट; सोही बोटको प्रसिद्ध फूल । वि० २. मखमलसम्बन्धी । ३. मखमलका छाँटको । ~**किरो**– ना० वर्षाकालमा आउने रातो रङको एक जातको कीरो; इन्द्रगोप ।

**मखाना**– ना० पानी वा सिमसार जग्गामा उम्रने, बीज भुटेर मसलाको रूपमा खाइने एक जातको लहरो; सोही लहराका गाँठामा फल्ने फल; मखन ।

**मखिबुट्टे**– वि० माखाझैँ बुट्टा भएको ।

**मखी**– ना० हे० मक्खी । ~**चुस**– वि० मक्खीचुस ।

**मखुन्डी**– वि० [मखुन्डो+ई] १. काम गर्ने ढङ्ग वा सीप नभएको; सिकारु; मखन्डी । २. मखुन्डो लाउने; मखुन्डोधारी ।

**मखुन्डे**– वि० [मखुन्डो+ए] १. मखुन्डो लगाएर खेल्ने वा नाच्ने; मखुन्डो भिर्ने । २. मुखले एउटा र कामले अर्को कुरा गर्ने ।

**मखुन्डो**– ना० लाखे वा ढँटवारेले सकली चेहरा छिपाउन मुखमा लगाउने, देव-देवता, राक्षस आदिका अनुहारको कृत्रिम साधन; मखुन्डी; मुकुन्डो । – **धारी**– वि० मखुन्डो लाउने ।

**मखौरो**– ना० [माखो+औरो] लौरीका टुप्पामा कागतका टुक्रा, घोडाका पुच्छरको रौँ आदि बाँधेर बनाइएको, झिँगा आदि धपाइने चमरजस्तो साधन ।

**मख्याहा**– ना० [माखो+याहा] मुखमा निस्कने कोठीजस्ता मसिना खालका काला दाग ।

**मख्ले**– ना० चामल कुटेर वा पिँधेर बचेको कनिका ।

**मगज**– ना० [अ० मग्ज] १. मस्तिष्क; गिदी । २. अक्कल; दिमाग; बुद्धि ।

**मगण**– ना० [सं०] छन्दशास्त्रअनुसार तीनैवटा गुरु हुने गण (SSS) ।

**मगन**– वि० [सं० मग्न] मग्न । – **मस्त**– वि० सुख वा हर्षमा डुबेको; हर्षविह्वल । – **मस्ती**– ना० आनन्दातिरेक ।

**मगनी**– ना० [माग्+अनी] १. कुनै वस्तुको याचना; माग्ने काम । २. मागिएको वा माग्दा पाएको चीज । ३. राई, लिम्बु आदिका समाजमा कन्यार्थी हुनेले पहिलो पल्ट जाँड, रक्सी, कुखुरा आदि कोसेली लाने रीतभाँत । ४. नेपाल तराईका मधेसी समुदायमा केटी माग्न जाने काम ।

**मगन्ता**/**मगन्ते**– ना० [माग्+अन्ता/अन्ते] १. मागेर जीविका चलाउने; मागी खाने । २. मागेकै भरमा टार्न खोज्ने । ३. कङ्गाल; फुङ्डिन; गरिब ।

**मगमग**– क्रि० वि० [अ० मू० मग्+अ (द्वि०)] मीठो सुवास फैलिने गरी; बास्ना आउने किसिमले । > **मगमगती**/**मगमगी**– क्रि० वि० मगमगाएर बास्ना आउने गरी ।

**मगर**– ना० [भो० ब०] नेपालको मध्यपश्चिमी पहाडी क्षेत्रमा बस्ने भोटबर्मेली भाषिक समूहको एक जाति; मगरातका आदिवासी । > **मगराँत**/**मगरात**– ना० विशेष रूपमा मगरहरूको बसोबासो तथा प्राचीन राज्य भएको क्षेत्र ।

**मगही**– वि० [प्रा० सं० मागधी] १. मगधप्रदेशमा हुने; मगध-प्रदेशसम्बन्धी । २. मगधवासी । ३. मगधप्रान्तमा हुने, असल एक जातको पान ।

**मगाइ**– ना० [√ **माग्** (+आइ)] १. माग्ने क्रिया वा प्रक्रिया । [मगाउ+आइ] २. मगाउने क्रिया वा प्रक्रिया । [ > ] **मगाइनु**– क० क्रि० माग्न लाइनु; झिकाइनु । **मगाउनु**– प्रे० क्रि० टाढाको मानिस वा वस्तु पठाउने वा आउने पार्नु; माग्न लाउनु; झिकाउनु ।

**मगिया**– ना० नेपालमा हुने, धोबी जातिको एक वर्ग वा भेद ।

**मग्न**– वि० [सं०] १. कुनै विषय वा चिन्तनमा डुबेको; तन्मय; तल्लीन । २. सुखसयलमा लट्ठ; मस्त । ~**मस्त**– वि० १. सुख-सयलमा डुबेको; हर्षविह्वल । २. सुखसम्पन्नताले मात्तिएको । ३. नशालु वस्तुमा निश्चिन्त ।

**मग्राहा**– ना० [सं० मकर+आहा] १. प्रायः गोहीको झैँ थुतुनोबाट झर्ने काठ, ढुङ्गा वा धातुको धारो । (उदा०– हिउँद तातो बर्खा चिसो मग्राहाको पानी/सुख धीर दुःख धीर सज्जनको बानी) ।

२. झरीको पानी पर हुत्त्याउनलाई टिन वा झिँगटीका छानामा खास-खास ठाउँमा जडिने विशेष प्रकारको डुँड ।

**मघा–** ना० [सं०] ज्योतिषमा सत्ताइस नक्षत्रहरूमध्ये दसौँ नक्षत्र; अश्लेषा र पूर्वाफाल्गुनी नक्षत्रका बीचमा पर्ने नक्षत्र ।

**मघै–** ना० [प्रा० मगही] मगही; मगध । ~**बङ्गला–** ना० भेट्‌ना लामा हुने एक जातको पान; अम्लसरा ।

**मघैया–** ना० [प्रा० मगही < सं० मगध] १. प्राचीन कालमा स्तुति, गाथा आदि गाएर जीवनवृत्ति गर्ने एक जाति । २. एक असल जातको पान; मगही । ~**जिरा–** ना० मसिना दाना हुने एक जातको जीरा ।

**मघैसाँची–** ना० [मगही > मघै+साँची] बाटुला खालका असल जातको पान; श्रीवाटी ।

**मङ्गल–** ना० [सं०]१. शुभ लक्षणले युक्त, शुभ हुने तथा श्रेयकारी मानिने कुनै पनि काम वा कुरो; कल्याण; हित; भलाइ । २. सौरमण्डलको एक प्रसिद्ध ग्रह; नवग्रहमध्ये एक; भौम । ३. उक्त ग्रहका नाममा रहेको, सात वारमध्ये तेस्रो वार; सोमवार र बुधवारका बीचको वार । ४. शुभ अवसर, शकुन वा लक्षण । वि० ५. कल्याणकारी; भलो हुने; हितकर । ६. शुभ लक्षणले युक्त । ~**कर्म–** ना० कुनै कार्य निर्विघ्न पूर्ण होस् भनी गरिने गणेश, सरस्वती आदिको पूजा तथा प्रार्थना; माङ्गलिक कर्म । ~**कलश–** ना० १. शुभकार्यका अवसरमा देवताका सन्मुख राखिने जलपूर्ण कलश । २. मङ्गल वा सगुनका निम्ति द्वार, मार्ग, पूजास्थान आदिमा राखिने जलपूर्ण घडा । ~**कामना–** ना० शुभ वा भलो चिताउने काम; शुभ-कामना । –**कारक/कारी–** वि० मङ्गल वा भलाइ गर्ने; कल्याणकारी । ~ **कार्य–** ना० विवाह-व्रतबन्धजस्ता शुभकार्य । – **गान/गीत–** ना० शुभ अवसरमा गाइने गीत । ~ **ग्रह–** ना० १. सौरमण्डलमा रहेको एक ग्रह; नवग्रहमध्येको एक ग्रह । २. शुभग्रह; कल्याणकारी फल प्रदान गर्ने ग्रह । ~**ध्वनि–** ना० शुभ अवसरमा बजाइने बाजाको ध्वनि; मङ्गलवाद्य । –**मय–** वि० १. सबै प्रकारको मङ्गल हुने; कल्याणमय; मङ्गलस्वरूप । ना० २. परमेश्वर । ~**यात्रा–** ना० १. कुनै माङ्गलिक कार्यका निम्ति हुने यात्रा । २. आनन्द वा मनबहलाउका निम्ति कतै जाने काम । ~**वाद्य–** ना० मङ्गलकार्यमा बजाइने बाजा; मङ्गलध्वनिका निम्ति बजाइने बाजा; मङ्गलध्वनि । –**वार–** ना० भौमवार । ~**सूत्र–** ना० १. मङ्गलका निम्ति घाँटीमा वा नाडीमा बाँधिने रक्षासूत्र । २. सधवा स्त्रीले घाँटीमा लगाउने सौभाग्यको प्रतीक, एक किसिमको आभूषण ।

**मङ्गला–** ना० [सं०]१. पार्वती; दुर्गा; शक्ति । २. पतिव्रता स्त्री; सती नारी । ३. योगिनी दशाका आठवटा योगिनीमध्ये चन्द्रमाकी पत्नी मानिने पहिलो दशा; अष्टयोगिनीमध्ये एक योगिनी ।

**मङ्गलाचरण–** ना० [सं०]१. कुनै मङ्गलकार्यको प्रारम्भमा पढिने वा गाइने मन्त्र वा श्लोक । २. ग्रन्थको आरम्भमा मङ्गल-कामना तथा सफल समाप्तिका निम्ति लेखिने पद्य ।

**मङ्गलामुखी–** ना० [सं०] रन्डी, वेश्या (व्यङ्ग्यार्थमा) ।

**मङ्गलिनी–** ना० [सं०] विवाह आदि शुभ कार्यमा मङ्गलगान गाउने स्त्री; मङ्गलेनी ।

**मङ्गलु–** ना० [सं० मङ्गल+उ] मङ्गलकार्यमा गाइने गीत; मङ्गलगान ।

**मङ्गले–** वि० [मङ्गल+ए] १. मङ्गलगीत गाउने । २. मङ्गलवार जन्मेको; मङ्गलबारे । स्त्री० मङ्गली ।

**मङ्गलेनी–** ना० [मङ्गल+एनी] मङ्गलगान गर्ने स्त्री; मङ्गलिनी ।

**मङ्गलेरी–** वि० [मङ्गल+एरी] मङ्गल गीत गाउने (महिला); मङ्गलेनी ।

**मङ्गाल–** ना० [नेवा०] ढलको पानी छानेर निकासी गरिने खाल्टो ।

**मङ्गोल–** ना० [मङ्गोलिया (देश)] १. अनुहार चेप्टो र नाक थेप्चो हुने मङ्गोलिया आदिम थलो भएको भोटबर्मेली भाषा-परिवारसमूहको एक जाति । वि० २. उक्त जातिको ।

**मङ्सिर–** ना० [सं० मार्गशीर्ष] वर्षको आठौँ महिना; कात्तिक र पुसका बीचमा पर्ने महिना; मार्गमास ।

**मचक–** ना० [अ० मू० मचक्+अ] कुल्चाइथिचाइको चाल । >**मचक्क–** क्रि० वि० १. कुनै ठाउँमा बलियो किसिमले खुट्टा टेक्ने गरी । २. गह्रौं वस्तु लच्कँदाको आवाज निस्केर; मच्याक्क । – **मचक–** क्रि० वि० मचक्को चाल बराबर हुने गरी ।

**मचमच–** क्रि० वि० [अ० मू० मच्+अ (द्वि०)] १. दह्रो पाइलाले बिस्तारै टेकेर हिँड्ने गरी । २. लुगाफाटा धुँदा बेसरी मिचमाच पारेर । ३. च्याप्पच्याप्प समाएर गोडा मिच्ने गरी । ४. कुनै लचिलो पदार्थमा भार पर्नाले शब्द आउने किसिमसँग । >**मचमचती/मचमची–** क्रि० वि० अझै तीव्र रूपमा मचमच पारेर ।

**मचाकथी–** ना० [नेवा०] प्रायः छ महिनाभित्रका बालकलाई घाममा सुताउन, खेलाउन वा झिँगा, भुसुनाका दुःख हटाउन तीनवटा नरकट ठडयाई वरिपरि कपडा अल्झाइने चुच्चे आकारको तीनखुट्टे साधन ।

**मचान–** ना० [सं० मञ्च+अन] १. खाँबा गाडेर फल्याक बिछ्याई बनाइएको बस्ने वा घाँस-पराल आदि राख्ने ठाउँ । २. ठूलो र अग्लो टाँड; मञ्च । २. सिकार पर्खेर बस्ने अग्लो ठाउँ ।

**मचिया–** ना० [माच+इया] एक जना मात्र सुत्न हुने खटियाका छाँटको चारखुट्टे आसन; सानो खटिया ।

**मच्क-नु–** अ० क्रि० [मचक्+नु] १. घर, खाट, टाँड आदिका दलिन थर्केर वा भार बढ्‌ता भएर लच्कनु; मच्किनु । २. कुनै गह्रौं वस्तु हल्लेर लच्कनु वा नुहुनु । ३. सङ्कोच मान्नु; धक मान्नु ।

**मच्काइ–** ना० [√ **मच्क** (+आइ)] १. मच्कने भाव, क्रिया वा प्रक्रिया । [मच्काउ+आइ] २. मच्काउने भाव, क्रिया वा प्रक्रिया । [>] **मच्काइनु–** क० क्रि० मच्कने पारिनु । **मच्काउनु–** प्रे० क्रि० मच्कने पार्नु; लच्काउनु; नुहाउनु । **मच्किनु–** क० क्रि० मच्कने होइनु ।

**मच्च-नु–** अ० क्रि० [प्रा० मच्चई+नु] १. पिङ, रूख, लहरा

आदिमा समातेर खुब हल्लनु; झुल्नु । २. कुनै कामकुरामा सुरिएर लाग्नु । ३. कस्सिएर कतै हिँड्नु । ४. एकदमै खैलाबैला हुनु; होहल्ला चम्कनु । ५. मुद्दामामिला, झैझमेला आदि चर्कनु । ६. कुनै कुरामा उत्कण्ठित हुनु; चौचौ हुन थाल्नु ।

**मच्चाइ–** ना० [√ **मच्च/मच्चि** (+आइ)] १. मच्चने तथा मच्चिने क्रिया वा प्रक्रिया । [मच्चाउ+आइ] २. मच्चाउने क्रिया वा प्रक्रिया । [ > ] **मच्चाइनु–** क० क्रि० मच्चिने पारिनु; खूबसित मच्चाइनु वा हल्लाइनु । **मच्चाउनु–** स० क्रि०/प्रे० क्रि० १. हल्ला आदि चलाउनु । २. हल्लाउनु; झुलाउनु । > **मच्चामच्ची–** ना० १. परस्परमा मच्चिने वा मच्चाउने काम । २. धमाधम मच्चिने वा मच्चाउने काम । २. धमाधम मच्चाउने प्रक्रिया । **मच्चिनु–** अ० क्रि० १. मच्चने काम गरिनु । २. मच्चनु ।

**मच्चे–** ना० [मचिया] सानो खटिया; खटौली ।

**मच्च्याइ–** ना० [√ **मच्चि** (+याइ)] मच्चिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मच्च्याहट–** ना० मच्चिने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**मच्छड/मच्छर–** ना० [प्रा० मच्छर < सं० मत्सर] लाम्खुट्टे । **– दानी–** ना० मच्छडबाट बच्नका लागि प्रयोग गरिने साधन; झूल ।

**मच्याक–** ना० [अ० मू० मच्याक्+अ] किचाइ, मिचाइ वा लच्काइको चाल । **– मुचुक–** क्रि० वि० १. लच्कने वा लच्कँदा शब्द आउने गरी । २. मिचामिच पार्ने गरी; मच्याकमुरुक । ३. थिच्ने, किच्ने वा मिच्ने किसिमले; कच्याककुचुक । > **मच्याक्क–** क्रि० वि० मचक्क ।

**मछाइनु–** ना० धसिङ्गरेका जस्ता पात र ससाना काला दाना हुने बोटविशेष; त्यसै बोटमा फल्ने फल ।

**मछुवा–** ना० [माछा+उवा] १. माछा मारेर जीवननिर्वाह गर्ने जाति वा व्यक्ति । वि० २. माछा मार्ने; जलाहारी ।

**मजकुर–** वि० [अ०] ऐजन; उक्त; निज; मौसुफ ।

**मजदुर–** ना० [फा०] १. अर्काको काममा शारीरिक श्रम गरी ज्यालाबनीद्वारा जीवननिर्वाह गर्ने व्यक्ति; कलकारखाना, कृषिफारम, सडक, भवननिर्माण आदि कार्यमा शारीरिक श्रम वा काम गरेर दुखजिलो गर्ने व्यक्ति; श्रमजीवी । २. कुल्ली; ज्यामी । ~ **सङ्गठन–** ना० मजदुरहरूको पेसा, ज्याला, स्वास्थ्य, बसोबास, तालिम आदिको निश्चितता तथा उनीहरूको हकहितका लागि मजदुरहरूकै एकताबाट निर्माण गरिएको सङ्घ; मजदुरहरूको सङ्गठन । > **मजदुरी–** ना० १. मजदुरले पाउने पारिश्रमिक; ज्याला; मजुरी । २. मजदुरको काम वा पेसा ।

**मजबुत–** वि० [अ० मजबूत] १. दह्रो; दह्रिलो; बलियो । २. नडग्ने; दृढ; पक्का । ३. बलवान्; तागतदार; बलिष्ठ । > **मजबुती–** ना० १. मजबुत हुनाको भाव वा स्थिति; दृढता; दह्रिलोपन । २. तागत; बल; आँट ।

**मजबुन–** ना० [मजबून < अ० मजमून] कुनै सिङ्गो लेख वा अनुच्छेदको सङ्क्षेपीकृत रूप; सार अंश वा रचना ।

**मजलिस–** ना० [अ०] १. कुनै सभा, सम्मेलन आदि हुने घर; सभाभवन; बैठक । २. परिषद्; सभा । ~ **घर–** ना० सभागृह ।

**मजहब–** ना० [अ०] १. धार्मिक सम्प्रदाय; पन्थ; मत । २. धर्म ।

**मजा–** ना० [फा० मज] कुनै कामकुराको गराइ वा भोगाइमा मानसिक तथा भौतिक रूपले हुने रमाइलो; आनन्द; सुबिस्ता; सुख; मज्जा ।

**मजाक–** ना० [अ०] ठट्टा रमाइलो; परिहास; हँसी; दिल्लगी । > **मजाकी–** वि० मजाक गर्ने; दिल्लगीबाज ।

**मजाको–** वि० [मजा+को] १. उत्तम र राम्रो; भनेसम्मको सुन्दर । २. मनपर्दो; आनन्ददायक; रमाइलो ।

**मजाल–** ना० [अ०] तागत; शक्ति; बल; सामर्थ्य ।

**मजिटो/मजिठो–** ना० [सं० मञ्जिष्ठा] पानका आकारका अलिक लाम्चा पात तथा अपामार्गको जस्तो डाँठ हुने, पहेँलो फूल फुल्ने र रातानीला र अन्य रङका मसिना फुल लाग्ने, रङ बनाउने काम लिइने र जरीबुटीमा उपयोग हुने एक जातको लहरो; त्यसै लहरामा फल्ने फल ।

**मजिपाटे–** वि० [मजिपाट (स्थान)+ए] १. काठमाडौँ उपत्यकाको मजिपाट भन्ने ठाउँमा रहेको । ना० २. कृष्णाष्टमीको दिनमा नचाइने लाखे । ~ **लाखे–** ना० मजिपाटे ।

**मजिस्ट्रेट–** ना० [अङ्०] नगरको शान्ति-सुरक्षासम्बन्धी काम गर्ने र फौजदारी मुद्दामामिला हेर्ने सरकारी उच्च अधिकारी; जिल्लाधीश ।

**मजुर–** ना० [सं० मयूर] मुजुर; मयूर ।

**मजुरा–** ना० [सं० मञ्जीर] मुजुरा ।

**मजुरी–** ना० [फा० मजदूरी] मजदुरी; ज्यालाबनी ।

**मजुवा–** वि०/ना० हे० मझुवा ।

**मजेत्रो–** ना० [मुजो+एत्रो] स्वास्नीमासिनहरूले शिर ढाक्न ओढ्ने सानो एकसरो कपडा; पछ्यौरा; बर्को ।

**मजेदार–** वि० [फा०] मजा लाग्ने; मजाको; आनन्ददायक ।

**मज्जा१–** ना० [सं०] प्राणीहरूका हाडभित्र रहने सेतो र स्निग्ध पदार्थ; मासी ।

**मज्जा२–** ना० [अ० मजा] मजा; आनन्द; रमाइलो ।

**मझ पश्चिमा–** ना० [सं० मध्यपश्चिम+आ] नेपाली भाषाको डोटी र डँडेलधुरामा बोलिने भाषिका ।

**मझाइ–** ना० [√ **माझ्** (+आइ)] माझ्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मझाइनु–** क० क्रि० माझ्न लाइनु । **मझाउनु–** प्रे० क्रि० माझ्ने काम गराउनु; माझ्न लाउनु ।

**मझिया–** ना० [माझ+इया] गाउँघरको थरीसरहको काम गर्ने मान्छेको एक पद; एक प्रकारको थरी ।

**मझुवा–** वि० [माझ+उवा] १. माझेर सफा पारिएको; माझिएको; मजुवा । २. माझ्ने काम गर्ने; माझ्ने । ना० ३. दुई डाँडाका माझमा गाउँ रहेको ठाउँ; मजुवा । > **मझुवाली–** वि० मझुवामा

बस्ने मान्छे; मझुवाको बासिन्दा ।

**मझेरी**– ना० [माझ+एरी] घरभित्र चुलो, ओछ्यान र कोठाका अतिरिक्त खाली छोडिएको बीचको ठाउँ; छिँडीको भुईं; मझेरो; मजेरी ।

**मझेरो**– ना० [माझ+एरो] १. माझको ठाउँ वा गाउँ; मझुवा । २. टापु । ३. मझेरी ।

**मझौ**– ना० [प्रा० ने० *मझव <प्रा मज्झअ <सं० मध्यक] १. मझेरो; मझुवा । २. टप्पु; टाकुरो ।

**मझौला**– वि० [माझ+औला, प्रा० मझिल्ल] १. साधारण कोटिको; मध्यम कक्षको; बीचको । २. रोजी पनि नभएको छाडी पनि नभएको । ~ **उद्योग**– ना० उद्योगसम्बन्धी कानुनमा उल्लेख भएअनुसार न्यूनतमभन्दा धेर र अधिकतमभन्दा थोर लगानीबाट चलेको उद्योग; मध्यम खालको उद्योग । ~ **खाले**– वि० मध्यम किसिमको; न उत्तम किसिमको न कमसल किसिमको; ठिक्कको ।

**मञ्च**– ना० [सं०] १. सर्वसाधारण जनताका सामु सभासम्मेलन गर्न वा नाटक आदि कार्यक्रम प्रस्तुत गर्न तयार गरिएको उच्च मण्डप वा आसन (स्टेज) । २. रङ्गमञ्च; रङ्गभूमि । ३. लाक्षणिक अर्थमा, कुनै विशष्टि क्रियाकलापको क्षेत्र (जस्तो– राजनीतिक मञ्च) । ४. खाट वा पिँढीजस्तै बस्ने, आराम गर्ने कुनै ठाउँ (चौतारी, मचान इ०) । > **मञ्चन**– ना० नाटक, कविता, गीत आदिलाई मञ्चमा दर्शकसमक्ष प्रस्तुत गर्ने काम । **मञ्चिका**– ना० सानो खालको मञ्च; मचिया । **मञ्चित**– वि० रङ्गमञ्चमा खेलाइएको; प्रदर्शन गरिएको; अभिनीत । **मञ्चीय**– वि० मञ्चसँग सम्बन्धित, मञ्चको अनुकूल भएको ।

**मञ्जरित**– वि० [सं०] मञ्जरी लागेको; मञ्जरी भएको; मुना हालेको ।

**मञ्जरी**– ना० [सं०] बोट, बिरुवा, लहरा आदिमा निस्कने नयाँ पालुवा; नयाँ पात वा मुनासहितको टुप्पो; मुजुरा; कोपिला; आँकुरो ।

**मञ्जीर**– ना० [सं०] घुँगरुका आकारको, हल्लिँदा छमछम गर्ने, गोडामा लाउने सानो खालको पाउजेब; नूपुर ।

**मञ्जु**– वि० [सं०] मनोहर; मनपर्दो; सुन्दर; राम्रो । ~ **घोष**– ना० १. मीठो बोली; सुमधुर वचन । २. बौद्ध दर्शनका एक प्रसिद्ध आचार्य; मञ्जुश्री । ~ **पतन**– ना० काठमाडौँ उपत्यकाको प्रागैतिहासिक कालको नाम । ~ **भाषिणी**– ना० १. छन्दशास्त्रअनुसार सगण, जगण, सगण, जगण र गुरु अक्षर मिलेर बन्ने एक वार्णिक छन्द । वि० २. अत्यन्त मीठो र प्यारो बोलीवचन भएकी (स्त्री०) ।

**मञ्जुल**– वि० [सं०] सुन्दर; मनोहर; मञ्जु ।

**मञ्जुश्री**– ना० [सं०] काठमाडौँ उपत्यकाका दक्षिणतिरको चोभार डाँडो काटेर पानी बगाई उपत्यकामा बस्ती बसाउने भनी किंवदन्ती चलेका एक बौद्धाचार्य महापुरुष; मञ्जुघोष ।

**मञ्जूषा**– ना० [सं०] १. सानो खालको सन्दुस; सानो पेटारो; पेटिका । २. मजिटो ।

**मटक**– ना० १. अभिरुचि; इच्छा । २. घिउ, बोसो आदि खाएर हराएको अरू चीज खाने इच्छा; अमन ।

**मटकिलो**– ना० [माटो+इलो] १. माटाको ढिस्को; माटाको थुप्रो । २. माटोजस्तो वा माटाको रङको; माटो मिसिएको । ३. चहक नभएको; मटमैलो ।

**मटक्क**– क्रि० वि० [अ० मू० मटक्+क] १. बेसरी निमोठ्ने वा निचोर्ने गरी । २. अरुचि भएर ।

**मटर१**– ना० ठूलठूला दाना हुने सेतो केराउ; ठूलो केराउ ।

**मटर२**– ना० मोटर (लोकजिब्रो अनुसार ।)

**मटमैलो**– ना० हे० मटकिलो ।

**मटान**– ना० [नेवा० मातन] घरमा कोठाबाहिर रहेको खाली ठाउँ; तलामा कोठा नबारी खुला छाडिएको ठाउँ ।

**मटितेल**– ना० [सं० मृत्तिका+तैल] लाल्टिन, टुकी, स्टोभ आदिमा हालेर बाल्न उपयोग गरिने प्रसिद्ध खनिज तरल पदार्थ; मट्टीतेल ।

**मटिनु**– क० क्रि० [माटि+नु] माटोजस्तो हुनु; हे० माटिनु ।

**मटिया**– ना० [माटो+इया ? सं० मृत्तिका] माटाको सानो भाँडो (घैँटो, गोल्फु आदि) । – **मेट**– ना० नामनिसानै नरहने हिसाबले मासिने काम; नामेट हुने काम; सखाप ।

**मटिलो**– वि० [माटो+इलो] पत्थर, बालुवा आदि नभई मलिलो माटैमाटो भएको; मट्चाइलो ।

**मटिहानी**– ना० १. सीताको बिहे हुँदा वेदी बनाउन माटो लगिएको भनिने र बर्सेनि रामजानकीको विवाहोत्सव हुने, जनकपुर धामका दक्षिणपूर्वमा रहेको एक प्रसिद्ध ठाउँ । २. सोही ठाउँमा रहेको प्रसिद्ध एक मठ वा उक्त मठवरिपरि पर्ने गाउँ ।

**मटीतेल**– ना० हे० मटितेल ।

**मटे**– ना० [माटो+ए] माटाको सानो भाँडो वा भुँड्को ।

**मटेइलो**– वि० [माटो+एइलो] राम्रो माटो भएको; माटैमाटो भएको; मटिलो ।

**मटेउलो**– वि० [माटो+एउलो] मटिलो; मटचौलो ।

**मटेङ्ग्रो**– ना० [माटो+एङ्ग्रो] मट्चाङ्ग्रो; माटाको सानो गोली ।

**मटक्यानु**– ना० माटाको खानी ।

**मट्टि-नु**– अ० क्रि० [माटो+इ+नु] कुनै वस्तु सडेर वा गलेर माटो हुनु; कामै नलाग्ने हुनु ।

**मट्टी**– ना० [प्रा० मिट्टीआ <सं० मृत्तिका] १. मृत्तिका; माटो । २. मृत्युस्थान; मर्ने ठाउँ । ३. शव; लास । ~ **तेल**– ना० मटीतेल । ~ **दिनु**– स० क्रि० मुर्दालाई गाड्नु ।

**मट्टै**– क्रि० वि० [माटो+ऐ] १. चाहिएभन्दा पनि धेरै हुने; सस्तै; छेलोखेलो । २. तुरुन्तै; झट्टै ।

**मट्ठा**– ना० [हि०] १. पानी, चिनी आदि मिसाएर दहीलाई मन्थन गरी तयार पारिएको पेय पदार्थ । २. नौनी झिकिसकेपछि बचेको तरल वस्तु; मही ।

**मटचाइ**– ना० [√ **मटि** (+याइ)] १. माटोमा मिल्ने वा मटिने

क्रियाप्रक्रिया । [मट्चाउ+आइ] २. मट्चाउने क्रिया वा प्रक्रिया । [>] **मटचाइनु–** क० क्रि० माटो पारिनु ।

**मटचाइलो–** वि० [माटो+याइलो] मटेइलो; मट्चौलो; मटिलो ।

**मटचाउनु–** स० क्रि०/प्रे० क्रि० [माटो+याउ+नु] माटो बराबर पार्नु; माटोझैँ पारी सडाउनु; मटिने पार्नु ।

**मटचाङ्ग्रे–** वि० [मट्चाङ्ग्रो+ए] मट्चाङ्ग्रोजस्तो; सानो काँटीको; पुर्सुने (मान्छे, बस्तुभाउ आदि) ।

**मटचाङ्ग्रो–** ना० [माटो+याङ्ग्रो] आगोमा पोली साह्रो पारेको माटाको डल्लो; गुलेलीमा राखेर हान्ने गोली ।

**मटचौलो–** वि० [माटो+यौलो] माटैमाटो भएको; मटचाइलो ।

**मठ१–** ना० धनु, गुलेलीजस्ता हतियारको समात्ने ठाउँमा जोडिएको काठको लाम्चो टुक्रो; धनु वा गुलेलीको समात्ने ठाउँ; मुठ ।

**मठ२–** ना० [सं०] १. जोगीसन्न्यासी वा सन्तमहन्त बस्ने ठाउँ; साधुहरूको आश्रम । २. अध्ययन गर्ने विद्यार्थी वा वटुहरू बस्ने ठाउँ; गुरुकुल । ३. देवदेवीको मन्दिर; देवालय । ४. प्रायः घरको आँगनमा तुलसी रोप्न अग्लो पारी बनाइएको चौकी; तुलसी रोप्ने ठाउँ । ५. योगी वा तपस्वीहरूको पुरश्चरण गर्ने ठाउँ । – **धारी–** ना० मठको प्रधान व्यक्ति; मठाधीश; महन्त ।

**मठार्-नु–** स० क्रि० [सं० मन्थर+नु] ताछतुछ पारेर काट्नु; पातलो र छोटो पार्नु । > **मठार–** ना० कुनै वस्तुलाई हतियारले काटेर ठिक्क बनाउने काम; मठाराइ । **मठाराइ–** ना० मठार्ने क्रिया वा प्रक्रिया । **मठारिनु–** क० क्रि० मठार्ने काम गरिनु ।

**मठी–** ना० [मठ+ई] १. सानो मठ; मढुली । २. मठको मूल महन्त; मठाधीश ।

**मठचा/मठचाहा–** वि० [नेवा० मथ्या] १. तल्लो जातकी आमाबाट जन्मेको सन्तान; वर्णसङ्कर; ठिम्मल । ना० २. त्यसरी जन्मेको व्यक्ति; ठिमाहा सन्तान ।

**मडा–** ना० प्रायः पूर्वी तराईमा पाइने, सुपारीका जस्ता दाना फल्ने, शीतल हुने र टाउको दुखेको रोगमा फाइदा गर्ने नरिवलका जातको एक बोट वा त्यसैको फल ।

**मडाइ–** ना० [√ **माड्** (+आइ)] माड्ने भाव, क्रिया वा प्रक्रिया । [>] **मडाइनु–** क० क्रि० माड्न लाइनु । **मडाउनु–** प्रे० क्रि० माड्न लाउनु ।

**मडार्-नु–** स० क्रि० [माड्+आर्+नु] कुनै चीज साह्रो वस्तु वा भुइँमा दल्नु; रगड्नु; माड्नु; दल्नु । > **मडार–** ना० माडमुड पार्ने काम । **मडाराइ–** ना० मडार्ने भाव, क्रिया वा प्रक्रिया । **मडारिँदो–** वि० मडारिने स्वभावको; मडारिन थालेको । **मडारिनु–** अ० क्रि० १. छटपटी वा बेचैनीले अतासिनु । २. अकासमा घना बादल खूबसित खेल्नु । ३. नदीको पानी जोडले उर्लीउर्ली बग्नु । ४. मनमा नाना थरी कुरा खेल्नु । ५. अरूको उन्नति वा वृद्धि देखेर मनमा डाहा हुनु; ईर्ष्या हुनु; इखिनु ६. बटारिनु; उमेठिनु । **मडाऱ्याइ–** ना० मडारिने भाव, क्रिया-प्रक्रिया । **मडाऱ्याहट–** ना० मडाऱ्याइ ।

**मडिलो–** ना० [√ मल्लिँडो] १. घुम अडचाउनाका निम्ति टाउकामा अडाइने डोरी । २. परबरका आकारका फल फल्ने र गुन्दरका जस्ता गाना हुने एक जातको लहरो । ३. धानसँगै फल्ने गुदी नभएको दाना; मल्लिँडो । ~ **सर–** ना० गहुँ वा सामाका जस्ता पात र जौका जस्तै बाला फल्ने, खेतमा हुने एक किसिमको बर्खे झार ।

**मडुवा१–** वि० [माड्+उवा] १. मिसिन आदिमा पेलेर नरम पारिएको वा सिउन सजिलो हुने गरी माडिएको (छाला) । २. गोरु, मिसिन आदिले माडेर झारेको; माडेर वा दाइँ गरेर पराल, कुसाउरो आदि छुट्टचाइएको (अन्न) ।

**मडुवा२–** वि० [माड+उवा] १. माड लगाएर बाक्लो पारेको; मड्चाएको (कागज, कपडा आदि) । २. चिनीका चास्नीमा डुबाएर बनाइएको अमलाको अचार ।

**मडुवा३–** ना० [सं० मलिञ्जक] आँख्ला-आँख्लाबाट हाँगा पलाई फल्ने एक जातको कोदो ।

**मडेउली–** ना० [माडो+एउली] विवाहमा मङ्गलगीत गाउने स्त्री; बेहुलीका साथीहरूको समूह; मडचौली ।

**मडेल–** ना० [माडो+एल] मडेउलीको पुरुष साथी ।

**मड्क-नु–** अ० क्रि० [सं० मर्दन+नु] कागज, कपडा आदिमा लगाइएको कलप, रोगन, पालिस, घोट आदि बिग्रनु; पुरानो भएर उज्जर नदेखिनु; घसिटिनु; मड्किनु; खुइलिनु ।

**मड्काइ–** ना० [√ मड्क (+आइ)] १. मड्कने भाव, क्रिया वा प्रक्रिया । [मड्काउ+आइ] २. मड्काउने क्रिया वा प्रक्रिया । [>] **मड्काइनु–** क० क्रि० मड्कने पारिनु । **मड्काउनु–** स० क्रि० मड्किलो तुल्याउनु; मड्किने पार्नु । **मड्किनु–** अ० क्रि० १. मड्कनु । २. मड्कने होइनु; घसिटिनु; घस्टिनु ।

**मड्किलो–** वि० [मड्क+इलो] १. मड्किन वा घसिटिन लागेको; मड्किने अवस्थामा पुगेको; पुरानो हुँदै गएर उज्जर नदेखिने भएको; मड्किएको; घसिटिएको । २. मटकिलो । – **पन–** ना० मड्किलो हुनाको भाव वा अवस्था ।

**मड्क्याइ–** ना० [√ **मड्कि** (+याइ)] मड्किने भाव, क्रिया वा प्रक्रिया । [>] **मड्क्याइनु** क० क्रि० मड्किन लाइनु; घसिटचाइनु । **मड्क्याउनु–** प्रे० क्रि० १. कागज, कपडा आदिको कलप, पालिस, घोट आदि बिगार्नु; घस्टचाउनु । २. माटाको जस्तो रङ पार्नु; मड्किलो तुल्याउनु । ३. उज्जरपन नष्ट पार्नु ।

**मडचाइ–** ना० [√ **मडचाउ** (+आइ)] मडचाउने भाव, क्रिया वा प्रक्रिया । [>] **मडचाइनु–** क० क्रि० मडचाउने पारिनु; कलप, पालिस आदि चढाइनु ।

**मडचौली–** ना० हे० मडेउली ।

**मडचाउनु–** स० क्रि० [माड+याउ+नु] कागज, कपडा आदि दह्रो पार्न माड लगाउनु; कलप हाल्नु ।

**मढ्-नु–** स० क्रि० [माड्+नु] १. प्रायः चारैतिर छाला, कपडा आदि लपेट्नु; मोहोर्नु । २. तबक आदि लाउनु; टाँस्नु । >

**मढाइ**– ना० मढ्ने भाव, क्रिया वा प्रक्रिया । **मढाइनु**– क० क्रि० मढ्न वा मोहोर्न लाइनु । **मढाउनु**– प्रे० क्रि० मढ्न वा मोहोर्न लाउनु । **मढिनु**– क० क्रि० मढ्ने काम गरिनु; मोहोरिनु ।

**मढिया**– ना० कामधाम बेगरको स्थिति । ~ **मार्नु**– कामकाज नगरी निश्चिन्त भई समय बिताई बस्नु ।

**मढी**– ना० [सं० मण्डप] १. योगी, सन्न्यासीहरूको आश्रम; कुटी; मठ । २. नदीका किनारामा धार्मिक कृत्य गर्नाका निम्ति बनाइएको मण्डप । > **मढुली**– ना० सानो कुटी ।

**मणि**– ना० [सं०] १. अत्यन्त; मूल्यवान्, चम्किलो पत्थर; रत्न; जवाहिरात । २. सुयोग्य र श्रेष्ठ व्यक्ति । ३. भगाङ्कुर; स्त्रीमणि । ४. पुरुषका जननेन्द्रियका टुप्पाको छत्राकार कामोत्तेजक अवयव; पुम्मणि; टेप्रो । – **काञ्चन संयोग**– ना० १. मणि र सुनको संयोग । २. असल गुण वा असल वस्तुहरूको संयोग हुने ज्योतिषशास्त्रीय एक योग । – **पद्म**– ना० एक बोधिसत्त्व । – **पूर**– ना० १. शरीरमा कल्पना गरिने षट्चक्रमध्ये नाभिस्थानमा रहने र डकारदेखि फकारसम्मका दस वर्णहरूको पुष्प हुने, हठयोगमा प्रयुक्त तेस्रो चक्र; षट्चक्रमध्ये एक । २. दामी रत्नहरू जडिएको चौबन्दी चोलो । ३. नाइटो; नाभि । ~ **फल**– ना० काला-काला दाना फल्ने र थिलथिल्याई खाइने एक प्रकारको फल । – **बन्ध**– ना० हत्केला र पाखुराका बीचको भाग; नारी ।

**मणिभ**– ना० [सं०] रासायनिक प्रक्रियाद्वारा प्रशोधित खनिज पदार्थ सुकाएर बनाइएको, मसिना चुच्चे कण ।

**मण्ड**– ना० [सं०] माड; खोले

**मण्डन**– ना० [सं०] १. सजाउने काम; सिँगार; सजावट; शृङ्गार । २. गहना; आभूषण । ३. युक्ति र प्रमाणद्वारा गरिने कुनै पक्षको समर्थन; तर्कपूर्ण पुष्टि । ४. खण्डनको विपरीतार्थक शब्द । ५. विशेष उत्सवका बेला छातीमा देब्रेपट्टि धारण गरिने एक विभूषण । ६. काभ्रे जिल्लामा इन्द्रावतीका नजिक रहेको एक बस्ती । ~ **मिश्र**– ना० आदिगुरु शुङ्कराचार्यसित शास्त्रार्थ गर्ने एक प्रसिद्ध मीमांसक । > **मण्डने**– वि० १. मण्डनको; मण्डनसम्बन्धी । ना० २. मण्डनको बासिन्दा; मण्डनको रैथाने ।

**मण्डप**– ना० [सं०] १. सप्ताह, व्रतबन्ध, यज्ञ आदि शुभ कार्य गर्नाका निम्ति चारैतिर बेरेर बनाइएको स्थान । २. देवपूजा गर्ने ठाउँ; पूजाघर; मन्दिर । ३. चारैतिर खुला रहने गरी छाएर बनाएको बस्ने ठाउँ; विश्रामस्थान । ४. बगैँचा; कुञ्ज ।

**मण्डल**– ना० [सं०] १. बाटुलो परिधि; गोल फन्को; घेरा । २. सूर्य, चन्द्र वा त्यस्तै चहकिलो वस्तुका वरिपरि देखिने चम्किलो घेरो; बिम्ब; सावा । ३. वृत्ताकार; परिधि । ४. समान उद्देश्यका मानिसहरूको जमात; समिति । ५. ऋग्वेदका खण्डहरूमध्ये कुनै खण्ड । ६. नगर वा बस्तीको कुनै एक टोल; महल्ला । ७. राज्यभित्रको कुनै एक सानो भूभाग । > **मण्डलाइ**– ना० १. योगीहरूका जमातमा सबैभन्दा मान्य, मूल योगी । २. योगीको सर्वोच्च पद । **मण्डलाकार**– वि० वरिपरि धेरै मात्रामा गोलो आकार भएको; वृत्ताकार; बाटुलो ।

**मण्डली**– ना० हे० मन्डली ।

**मण्डले**– ना० हे० मन्डले ।

**मण्डलेश्वर**– ना० [सं०] १. कुनै एक मण्डलको शासक; सानो क्षेत्रको राजा । २. साधुसन्न्यासीहरूका सम्प्रदायको प्रमुख आचार्य; महामठाधीश ।

**मण्डित**– वि० [सं०] सिँगारिएको; सजिसजाउ; भूषित ।

**मण्डूक**– ना० [सं०] भ्यागुतो । ~ **पर्णी**– ना० चार प्रकारका ब्राह्मी बुटीमध्ये एक; घोडताप्रे । ~ **ब्राह्मी**– ना० घोडताप्रे ।

**मण्डूर**– ना० [सं०] फलाम गाल्दा निस्केको कसर; फलामको कीट ।

**मत१**– ना० [लेप्चा] लेप्चा जातिको कर्मकाण्ड गराउने पुरोहित; लेप्चाको धर्मगुरु ।

**मत२**– ना० [सं० मद] मादक पेय पदार्थ; मदिरा; रक्सी, जाँड आदि ।

**मत३**– ना० [सं०] १. कुनै विषयका सम्बन्धमा सोची-सम्झी प्रकट गरिने विचार; राय; सम्मति । २. कुनै धार्मिक भावनाले प्रेरित सम्प्रदाय; पन्थ । ३. आन्तरिक अभिप्राय; आशय । ४. निर्वाचनमा कुनै व्यक्ति, व्यवस्था वा पक्षलाई छान्न दिइने सम्पति; भोट । ~ **गणना**– ना० चुनावमा मतपत्रहरू गन्ने काम; भोटको गन्ती ।

**मत दान**– ना० [सं०] निर्वाचनमा कुनै उम्मेदवारलाई मत दिने काम; भोट खसाल्ने काम । ~ **अधिकृत**– ना० मतदान केन्द्रको व्यवस्था मिलाउन खटिएको अधिकारी; मतदान केन्द्रको अधिकारी । ~ **केन्द्र**– ना० चुनावमा मतदाताले मत दिन व्यवस्था गरिएको तोकिएको ठाउँ; भोट खसाल्ने ठाउँ (बुथ) ।

**मत पत्र**– ना० [सं०] निर्वाचनमा कुनै उम्मेदवारलाई रोज्न मतदाताले मतपेटिकामा खसाल्ने सरकारी छाप लागेको पत्र; प्रतिनिधि छान्ने टिकट (ब्यालेट-पेपर) ।

**मत पेटिका/मत पेटी**– ना० [सं०] मतदाताहरूले मतपत्रहरू खसाल्ने बाकस (ब्यालेट-बक्स) ।

**मत प्रणाली**– ना० [सं०] १. मत दिएर आफूले चाहेको प्रतिनिधि छान्ने पद्धति । २. मत खसाल्ने प्रक्रियाको जानकारी दिने नियम ।

**मतभेद**– ना० [सं०] मत वा राय नमिल्ने स्थिति; ठ्याक नमिल्ने वा राय बाभ्ने काम ।

**मतमत**– ना० [सं० मदमत्त] रूप, यौवन, शक्ति, सम्पन्नता आदिले मत्त भएको अवस्था; मदमत्त । > **मतमताइ**– ना० मतमत हुने भाव वा क्रियाप्रक्रिया । **मतमताइनु**– अ० क्रि० मदले मत्त होइनु । **मतमताउँदो**– वि० १. एकदम मात्तिएको; उन्मत्त; मात लागेको । २. बैँस आदिले गर्दा ज्यादै उरन्ठेउलो । **मतमताउनु**– अ० क्रि० १. यौवनले मत्त हुनु; बैँस चढ्नु । २. धन, मान, उमेर आदिले मत्त हुनु; घमन्डले मात्तिनु ।

**मतमतान्तर**– ना० [सं०] फरकफरक विभिन्न मत; अनेक मत;

मत-मतका बीचको अन्तर ।

**मतमुखी–** ना० [मत+मुखी] जाँडरक्सी खाने व्यक्ति ।

**मतयाः–** ना० [नेवा०] ललितपुर इलाकाको बौद्ध, विहार, चैत्यादिमा सीमित क्षेत्रमा गाईजात्राको भोलिपल्ट दिनमा घुमेर गरिने दीप-जात्रा ।

**मतलब–** ना० [अ०] १. आन्तिरक भाव; आशय; तात्पर्य; अभिप्राय । २. कुनै भनाइको अर्थ; माने । ३. आफ्नै मात्र हित सिद्ध गर्ने नियत; स्वार्थ । ४. लक्ष्य; उद्देश्य । ५. सरोकार; वास्ता; सम्बन्ध; प्रयोजन । > **मतलबी–** वि० आफ्नो मात्र मतलब सिद्ध गर्ने; स्वार्थी ।

**मतवाला१–** वि० [मत+वाला] कसैको मतका पछि लाग्ने; मतियार ।

**मतवाला२–** वि० [मत्त+वाला] १. मादक पदार्थ सेवन गरेको; नशा लागेको; मदमत्त । २. वंशपरम्पराबाट नै मदिरा खाने । ३. विक्षिप्त; पागल । ४. कसैको मत वा सिद्धान्तको अनुयायी । > **मतवाली–** ना० १. जाँडरक्सी खाने जाति; मदिरा सेवन गर्ने वंश; मतमुखी । वि० २. वंशपरम्पराबाट मदिरा खाँदै गरेको ।

**मत व्यवस्था–** ना० [सं०] मतदानका आधारमा निर्णय गरिने शासन-व्यवस्था ।

**मत सङ्ग्रह–** ना० [सं०] कुनै आवश्यक प्रश्न, विषय, स्थिति आदिमा र प्रतिनिधिका छनोटको निर्णयका लागि सम्बन्धित व्यक्तिहरूबाट मत लिने तथा एकत्र गर्ने काम वा परिपाटी ।

**मताधिकार–** ना० [सं०] निर्वाचनमा नियमानुसार प्रतिनिधि छान्नका लागि मत वा भोट दिने अधिकार; राय दिने हक । > **मताधिकारी–** ना० निर्वाचनमा मतदान गर्ने अधिकार पाएको व्यक्ति; मतदाता ।

**मतानुयायी–** वि० [सं०] कुनै व्यक्तिको वा धार्मिक सम्प्रदायका मत वा सिद्धान्तको अनुसरण गर्ने; मतावलम्बी ।

**मतान्तर–** ना० [सं०] १. अर्को मत । २. अलग सम्प्रदाय । ३. विरोधी राय वा विचार ।

**मताप–** ना० [सं० मन्दताप] १. कमबेसी नभएको चाल; एकनासको गति । २. उग्र वा मन्द नभएको प्रकृति, आगो आदि; सरल स्वभाव । > **मतापी–** वि० १. सधैँ मध्य गतिले चल्ने; मतापको । २. सुहाउँदो; मनासिब ।

**मतावलम्बी–** वि० [सं०] कुनै सिद्धान्त, मत वा सम्प्रदायको अवलम्बन गर्ने; मतानुयायी ।

**मतावली–** ना० [सं०] कुनै खास विषय वा समस्याबारे व्यक्तिका आफ्ना विचार, दृष्टिकोण वा मत प्रकट गर्न वा सङ्कलन गर्न उपयोग गरिने प्रश्नावली ।

**मति–** ना० [सं०] १. ज्ञान; बुद्धि, समझ । २. राय; मत; सम्मति । ३. इच्छा; मनसुबा । ~ **भ्रम–** ना० बुद्धि बिग्रने काम; बुद्धिको विभ्रम । – **मान्–** वि० समझदार; बुद्धिमान् ।

**मतियार–** वि० [मत+इयार] १. कसैलाई कुनै खराब काम कुरा गर्न प्रेरित गर्ने वा हौस्याउने; नराम्रो काम गर्नेका साथमा लाग्ने । २. कुनै गुटबन्दीमा संलग्न । > **मतियारी–** ना० कसैको गुट वा सम्प्रदायको अनुसरण गर्ने काम; मतियार हुनाको भाव वा अवस्था ।

**मतिशाली–** वि० [सं०] बुद्धिमान्; समझदार ।

**मतिहीन–** वि० [सं०] बुद्धि नभएको; नासमझ; मूर्ख ।

**मतुवाली–** ना०/वि० हे० मतवाली ।

**मतैक्य–** ना० [सं०] कुनै विषयमा दुई वा दुईभन्दा बढी व्यक्तिका बीच हुने एकै मत वा राय; विचारको एकता वा समानता ।

**मतो–** ना० [सं० मत] १. मिलेर गरिने सल्लाह; परामर्श । २. मत; राय । ३. समान विचार; मिल्दो मत । – **जतो–** ना० अठोट भएको मतो; सरसल्लाह; विचारविमर्श । – **न जतो–** ना० अठोट नभएको मतो; बेसल्लाह । ~ **बाँध्नु–** ट० केही कुरा गर्नका निम्ति सल्लाह मिलाउनु ।

**मत्त–** वि० [सं०] १. मात्तिएर भुइँमा खुट्टा नभएको; बढेचढेको; प्रमत्त । २. नशा आदिले चूर; उन्मत्त; पागल । ३. घमन्डी; सेखीवाल । ४. ज्यादै खुसी; अति प्रसन्न । ना० ५. मतवाला । ६. मत्ता हात्ती । ७. भाले हात्ती । ~ **मयूर–** ना० १. बर्सातमा बादल गड्केको सुनेर नाच्ने मुजुर । २. प्रत्येक चरणमा क्रमैले यगण, मगण, यगण, सगण र मगण हुने, पन्ध्र अक्षरको एक वार्णिक छन्द । – **ता–** ना० मत्त हुनाको भाव वा अवस्था ।

**मत्ता१–** ना० [सं० मत्त] १. गण्डस्थल फुटेर मद चुहिरहेको हात्ती; जवान हात्ती । २. भाले हात्ती ।

**मत्ता२–** ना० [सं० मत] भाववाचक शब्द बन्दा प्रत्ययका रूपमा अन्तमा आउने शब्द (बुद्धिमत्ता, नीतिमत्ता इ०) ।

**मत्ताइ–** ना० [√ **मत्ताउ** (+आइ)] मत्ताउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मत्ताइनु–** अ० क्रि० मत्त होइनु ।

**मत्ताउनु–** अ० क्रि० [सं० मत्त+आउ+नु] १. मत्त हुनु; मातिनु । २. मद चढ्नु; सेखी बढ्नु । ३. उन्मत्त वा विक्षिप्त हुनु; बहुलाउनु । ४. हात्तीको गण्डस्थलबाट मद फुट्नु ।

**मत्त्याइ–** ना० [√ **मात्ति** (+याइ)] मात्तिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मत्त्याइनु–** क० क्रि० पुलपुल्याइनु; मात्तिने पारिनु । **मत्त्याउनु–** स० क्रि० १. फुरफुर्‍याउनु; पुलपुल्याउनु । २. मद चढाउनु; उन्मत्त पार्नु । **मत्त्याहट–** ना० मात्तिने भाव, अवस्था, क्रिया वा प्रक्रिया । **मत्त्याहा–** वि० कसैको मतमा लागेको; मतियार ।

**मत्थर–** वि० [सं० मन्थर] १. वेग वा प्रवाह कम भएको; झोक्का कम भएको; मन्द; सुस्त । २. निस्तेज; मलिन ।

**मत्सर–** ना० [सं०] १. अरूको भलाइ वा उन्नति देख्न नसक्ने ईर्ष्यापूर्ण मानसिक स्थिति; जलन; डाह । २. रिस; क्रोध । > **मत्सरी–** वि० १. मत्सर गर्ने (व्यक्ति); ईर्ष्यालु; द्वेषी । २. क्रोधी; रिसाहा ।

**मत्स्य–** ना० [सं०] १. माछो । २. विष्णुका दस अवतारमध्ये एक; मत्स्यावतार । ३. प्राचीन विराट देशको अर्को नाम । ~ **उत्पादन–** ना० कृषिकार्यका रूपमा विशेष विधिले पोखरीमा माछा पालेर

हुर्काउने काम; माछाको खेती । ~ **उद्योग–** ना० पोखरी बनाई ठूलो मात्रामा माछा-उत्पादन गर्ने व्यवसाय; माछा पाल्ने उद्योग । **– गन्धा–** ना० १. व्यासकी आमा; सत्यवती । वि० २. माछाको जस्तो गन्ध आउने (स्त्री) । **– जीवी–** ना० १. जाल, बल्छी आदि साधनले माछा मारेर बिक्री गरी जीविका चलाउने व्यक्ति; माझी । वि० २. माछा पाल्ने पेसाबाट जीवन निर्वाह गर्ने । ~ **पालन–** ना० वैज्ञानिक प्रक्रियाबाट माछा पाल्ने र हुर्काउने काम । ~ **पुराण–** ना० व्यासद्वारा निर्मित अठार महापुराणमध्ये एक ~ **युग–** ना० भूगर्भशास्त्रअनुसार उनन्चालीस करोड वर्षपहिले प्रारम्भ भएको पुराजीवक युगहरूमा चौथो मानिने, माछा सृष्टि भएको युग । ~ **विकास–** ना० वैज्ञानिक तरिकाले हुर्काई माछाउत्पादनमा वृद्धि गरिने काम । ~ **विकास केन्द्र–** ना० कृषि-कार्यक्रममा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न प्रकारका माछा पाली पैदावारी बढाउन स्थापना गरिएको केन्द्र; माछा पाल्ने फार्म । > **मत्स्यावतार–** ना० पुराणअनुसार वैवस्वत मन्वन्तरका पालामा संसार जलमग्न हुँदा संसारको बीजतत्त्व बचाउन विष्णुले लिएको माछाको रूप; दस अवतारमध्ये एक; पहिलो अवतार ।

**मत्स्येन्द्रनाथ–** ना० [सं०] १. हठयोगी, एक प्रसिद्ध महात्मा; गोरखनाथका गुरु । २. एक बोधिसत्त्व ।

**मथ्-नु–** स० क्रि० [मन्थ+नु] १. तत्त्वज्ञानका लागि कुनै विषय वा ग्रन्थको गहन अध्ययन गर्नु; मनन गर्नु । २. नौनी आदि सारतत्त्व निस्कने गरी दही, दूध आदि हुँडल्नु; मन्थन गर्नु । > **मथन–** ना० १. मथ्ने वा हुँडल्ने काम । २. गम्भीर अध्ययन ।

**मथल्-नु–** स० क्रि० [मथ्+अल्+नु] मथ्ने काम गर्नु; मथ्नु; हुँडल्नु; छिलबिल पार्नु; घोल्नु । > **मथल–** ना० मथल्ने काम । **मथलमाथल–** ना० मथल्नेवर्ने काम; हुँडलहाँडल । **मथलाइ–** ना० मथल्ने क्रिया वा प्रक्रिया । **मथलारम्भ–** ना० १. भद्रगोल पार्ने काम । २. घारघुर पार्ने काम ।

**मथाइ–** ना० [√ **मथ्** (+आइ)] मथ्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मथाइनु–** क० क्रि० मथ्न लाइनु; मन्थन गराइनु ।

**मथाउनु–** प्रे० क्रि० मथ्न लाउनु; मन्थन गराउनु ।

**मथिँगल / मथिङ्गल–** ना० [प्रा० मत्थुलुङ्ग] मस्तिष्क; गिदी; खोपडी ।

**मथित–** वि० [सं०] १. मथिएको; मन्थन गरिएको; हुँडलिएको । २. दुःख दिइएको; सताइएको ।

**मथिनु–** क० क्रि० [मथ+इ+नु] मन्थन गरिनु; हुँडलिनु ।

**मथुरा–** ना० [सं०] १. हिन्दू धर्मग्रन्थमा चर्चित सप्तपुरीमध्येको एक पुरी; सोही प्रसिद्ध तीर्थस्थल । २. भारतको पश्चिमी उत्तरप्रदेशमा रहेको यमुनाको तटवर्ती प्रदेश ।

**मथेउडो / मथेडो–** ना० [माथा+एउडो / एडो] शिरमा पहिरिने फेटा; शिरपोस ।

**मथेलो–** ना० [मथ्+एलो] मथिएको वस्तु ।

**मद१–** ना० [अ०] १. मुख्य कार्यालय वा संस्थाको वर्गीकृत; विभाग फाँट । २. रकम; बजेट ।

**मद२–** ना० [सं०] १. मादक पदार्थको सेवनबाट उत्पन्न मानसिक विकृति; नशा । २. धन, सम्पत्ति, रूप, यौवन, अधिकार आदिबाट हुने घमन्ड; अभिमान । ३. हात्तीको गण्डस्थल फुटी निस्कने गन्धयुक्त तरल पदार्थ । ४. जाँडरक्सी आदि मादक पदार्थ; मदिरा । ५. नाभिमा सुवासयुक्त दाना हुने एक मृगविशेष; कस्तूरी । ६. वीर्य । **– कल–** वि० १. मदले मधुर आवाज गर्ने; मधुर स्वरको । २. मदले मात्तिएको; मदोन्मत्त; मदमत्त । **– जल–** ना० हात्तीको गण्डस्थलबाट चुहुने तरल पदार्थ; मदवारि ।

**मदत / मदद–** ना० [अ० मदद] एकले अर्कालाई गर्ने सहयोग; सहायता; सहारा । **– गार–** वि० १. अर्कालाई सघाउने भावना भएको; मदत दिने; सहायक । २. मतियार; साथी । > **मदती–** वि० मदत पुऱ्याउने; मदतगार; सहायक ।

**मदन–** ना० [सं०] १. रतिको पति; कामदेव । २. भँवरो; भ्रमर । ३. मैना चरो । ४. प्रेम । ५. मइन-फल । **– गृह–** ना० भग; योनि । ~ **पुरस्कार–** ना० मदन शमशेरकी पत्नी जगदम्बाले आफ्ना पतिका नाममा स्थापना गरेको, नेपाली वाङ्मयका विशिष्ट साधकका उत्कृष्ट कृतिलाई प्रदान गरिने एक पुरस्कार ।

**मदनोत्सव–** ना० [सं०] १. वसन्त ऋतुमा कामदेवको अर्चना गरी मनाइने विशेष उत्सव । २. फागु; होलिकोत्सव ।

**मद भट्टी–** ना० [मद+भट्टी] १. रक्सीको उत्पादन र वितरण गरिने कारखाना । २. रक्सीपसल; सराबखाना ।

**मदमत्त–** वि० [सं०] १. धन, यौवन, अधिकार आदिको घमन्डले मात्तिएको; मदले मत्त । २. घमन्डी; सेखीवाल ।

**मदरसा–** ना० [अ० मद्रस] पाठशाला ।

**मदलेन–** ना० [अङ्०] मदलेन मानवले प्रयोग गरेको एक पुरातात्त्विक उपकरण । ~ **मानव–** ना० नृतत्त्वशास्त्रअनुसार फ्रान्सको वेजेर नदीको उपत्यकामा भएको एक मानवजाति; बल्छीको आविष्कार गर्ने जाति ।

**मदवारि–** ना० हे० मदजल ।

**मद विकृति–** ना० [सं०] नशालु वा यस्तै वस्तुको सेवनबाट बुद्धिमा पर्ने असर; मतिभ्रम ।

**मदसार–** ना० [सं०] रासायनिक क्रियाबाट देखा पर्ने एक अर्गानिक यौगिक पदार्थ ।

**मदाना–** ना० रुबिएसी समूहमा पर्ने एक किसिमको वन्य फल; मइनफल ।

**मदानी–** ना० हे० मधानी ।

**मदान्ध–** वि० [सं०] १. मद वा कामवासनाले आँखै नदेख्ने भएको; जवानीले मातिएको । २. मदमत्त; विवेकहीन ।

**मदारी–** ना० चटके; चटक देखाउने व्यक्ति ।

**मदालस–** वि० [सं०] मद वा नशाले अल्छी भएको; लट्ठिएको ।

**मदिना–** ना० [अ० मदीनः] अरबको प्रसिद्ध सहर, जहाँ हजरत महम्मदले आश्रय लिएका थिए ।

**मदिर**– वि० [सं०] १. नशा लाग्ने । २. आनन्द दिने । ३. नयनाभिराम ।

**मदिरा**– ना० [सं०] १. जाँडरक्सी आदि नशालु पदार्थ; मद्य; सराब । २. सात भगण र अन्तमा एक गुरु भएको बाइसअक्षरे वार्णिक छन्द । > **मदिराक्ष**– वि० मदले लट्ठिएका आँखा भएको; मत्तलोचन । **मदिराक्षी**– वि० १. मदले लट्ठिएका आँखा हुने (स्त्री) । २. जादूले जस्तो आकर्षण गर्ने आँखा भएकी (युवती) । ~ **गृह**– ना० जाँडरक्सी बनाउने, बेच्ने वा बसेर खाने ठाउँ; भट्टी; बार । **मदिरालय**– ना० मदिरागृह; भट्टी । **मदिरोन्मत्त**– वि० रक्सीका नशाले चूर भएको; मदिराले मात्तिएको ।

**मदिलो**– ना० अण्डाकार लाम्चिला पात हुने, पातका तल्लापट्टि चाँदीको जलपझैं सेतो टल्कने, मञ्जरीका आकारका प्रशस्त फूल फुल्ने, दिसा खलास गर्ने औषधीका रूपमा तथा हृदयरोगमा समेत सेवन गरिने, भुइँमै लत्रेर फिँजारिएको एक बोटविशेष ।

**मदिसा**– ना० चाँगेजस्तै फुल्ने, ठूलठूला, लाम्चा आकारका पात भएको, मसिना, काला रङका चेप्टा दाना फल्ने, अमलपित्त र गर्मीको औषधी मानिएको एक जातको झार ।

**मदिसे**– वि० [मदेस+ए] १. मदेसमा बस्ने; मदेसको बासिन्दा । २. मदेससम्बन्धी; मदेसको । ३. मध्यप्रदेशको निवासी । ~ **काँढो**– ना० च्याप्टो खालको सिउँडी; मदिसे सिउँडी । ~ **बदाम**– ना० एक प्रकारको बदाम; कागजी बदाम । ~ **सिउँडी**– ना० रोटीजस्ता ठूला र लाम्चा पात हुने, पातबाटै अर्को पात पलाउने, पातभरि लामा र तीखा काँडा हुने एक प्रकारको सिउँडी; नागफणी; नागबिहिनी; मदिसे काँडो । ~ **सुप**– ना० बास्ना आउने खालको, ठूलो जातको सुप ।

**मदीय**– वि० [सं०] मेरो; आफ्नो ।

**मदुस**– ना० काठको ठूलो आकारको, अनेक सामान राखनधरन गर्न मिल्ने र खाटको कामसमेत लिन सकिने, ठूलो सन्दुस; खाटे बाकस ।

**मदेस / मदेश**– ना० हे० मधेस ।

**मदोन्मत्त**– वि० [सं०] १. मदिराको सेवनले मातिएको; नशाले चूर भएको; मदान्ध । २. धन, यौवन, अधिकार, मान आदिले भुइँमा खुट्टा नभएको; मदमत्त ।

**मद्दत**– ना० [अ० मदद] मदत । – **गार**– ना० मदतगार । > **मद्दतिया**– ना० १. सहायक व्यक्ति । वि० २. सहायक । **मद्दती**– वि० मद्दत गर्ने; मदती ।

**मद्धिम**– ना० [सं० मध्यम] मध्यम; ठिक्क; साधारण ।

**मद्य**– ना० [सं०] रक्सी, जाँड आदि मादक पेय पदार्थ; मदिरा; सराब । ~ **निषेध**– ना० १. जाँडरक्सी आदि मादक पदार्थको प्रचलनमा प्रतिबन्ध लगाउने काम । २. बुद्धधर्मका पञ्चशील सिद्धान्तमध्येको एक । > **मद्यप**– वि० जाँडरक्सी पिउने; रक्सीबाज; जँड्याहा । – **पान**– ना० जाँड, रक्सी आदि मादक पदार्थ सेवन गर्ने काम; मदिराको पान । – **पायी**– वि० मद्यपान गर्ने; सराबी ।

**मधानी**– ना० [सं० मन्थनी] प्रायः बाँसको सरोमा चारैतिर छेडिएको च्याप्टा चारपाटे पोरा राखी नेतीले तान्दा ठेकीको दही मथ्ने साधन; मही पार्ने उपकरण; मन्थनी; मदानी । > **मधाने**– वि० १. ठूलो र चाक्लो । २. कामकुरो बिथोल्ने; अघिसरा; भाले । ना० ३. लप्सीका जस्ता तर गाढा हरिया पात हुने, काठ, टेबुल, कुर्सी आदि बनाउने काममा प्रयोग गरिने एक वृक्ष ।

**मधिसे**– वि० [मधेस+ए] मदिसे । ~ **काँडो**– ना० मदिसे काँडो; च्याप्टे सिउँडी । ~ **सुप**– ना० मदिसे सुप ।

**मधु**– ना० [सं०] १. माहुरीले चाकामा जम्मा गरेको गुलियो पदार्थ; मह । २. फूलका कलिकामा जमेर बस्ने र भँवरा, माहुरी आदिले चुस्ने गुलियो रस; पुष्परस; मकरन्द । ३. मदिरा । ४. चैत-वैशाख; वसन्त ऋतु । ५. पानी; जल । ६. मदिरा बनाउने काममा प्रयोग हुने टपजस्तो आकारका फूल फुल्ने एक वृक्ष; महुवा । ७. पुराणअनुसार विष्णुका कानेगुजीबाट उत्पन्न भएका र विष्णुले आफ्नै जाँघमा राखेर मारेका मधु र कैटभ नामक दुई राक्षसमध्ये एक । ८. औषधीमा प्रयोग गरिने,सानो नली भएको, गुलियो स्वाद हुने लेकाली बुटी; जेठीमधु । ९. अमृत । वि० १०. मीठो; मधुर; गुलियो । – **कर**– ना० १. भवँरो; भ्रमर । २. कामुक पुरुष; स्त्रीलम्पट व्यक्ति । – **कारी**– ना० १. पोथी भँवरो; भ्रमरी । २. जोगीसन्न्यासी र भाटहरूलाई दिइने पकाएका अन्नको भिक्षा । – **कर्कटी**– ना० निबुवाजस्तै आकारका बास्नादार पात हुने, त्यस्तै खालको फूल फुल्ने, डल्ला हरिया, पाक्दा पहेँलो बोक्रो हुने फल फल्ने, भित्र केस्राकेस्रामा रस हुने काँडादार बोट वा त्यसैको फल । – **कोश**– ना० १. माहुरीले मह सञ्चय गर्ने चाका; महको घार । २. फूलको परागमन्तिर पुष्परस जम्ने ठाउँ; रसकुड्मल । > **मधुप**– ना० १. भवँरो । २. माहुरी । वि० ३. मद्यपान गर्ने; रक्सीबाज; सराबी । – **पर्क**– ना० मह, घिउ, चिनी, सखर र जल मिलाएर बनाइएको, देवता, वर, अतिथि आदिलाई अर्पण गरिने पदार्थ; घिउ, मह र चिनीको मिश्रण । ~ **प्राशन**– ना० नवजात बालकलाई पहिलो पल्ट मह, घिउ चटाउने एक संस्कार । ~ **बिमिरो**– ना० पहाडखण्डमा हुने, बोक्रो बाक्लो भएको निबुवाभन्दा केही ठूलो फल लाग्ने एक बोट; त्यसकै फल । – **मक्खी / मक्षिका / मक्षी**– ना० माहुरी । – **मती**– ना० योगशास्त्रअनुसार रजोगुण र तमोगुणको नाश भएर सत्त्वगुणको पूर्ण प्रकाश हुने मनको स्थिति । – **मय**– वि० मधु वा मिठासले युक्त; गुलियो रसले भरिएको । – **मल्लिका**– ना० मालतीको लता; मधुमालतीको लहरो । – **माधव**– ना० चैत्र र वैशाख दुई महिना; वसन्त ऋतु । – **मालती**– ना० १. भेट्नु खस्रो भएको ठूला पात हुने, झुप्पो भएर फूल फुल्ने जलन, कफ, वातज्वर आदिमा औषधी हुने एक जातको बोट वा त्यसकै फूल । २. प्राचीन आख्यानमा प्रसिद्ध एक सुन्दरी युवती; सोही नामको नेपाली आख्यान । – **मास**– ना० १. चैत्र महिना । २. वसन्त

याम । – **मेह**– ना० पिसाबसँगै महजस्तो केही बाक्लो तरल पदार्थ आउने रोग; प्रदरको रोग; प्रमेह ।

**मधुर**– वि० [सं०] १. मीठो महक भएको; स्वादिलो । २. सुन्दा कानलाई आनन्द दिने; कर्णप्रिय (बोली) । ३. कोमल; मृदु । ४. मधुरो; मन्द; हल्का । ना० ५. मीठो स्वाद; मिठास । – **ता/त्व**– ना० मधुर हुनाको भाव वा अवस्था; मीठोपन; माधुर्य । ~**भाषी**– वि० मीठो बोली बोल्ने; मृदुभाषी ।

**मधुरस**– वि० [सं०] १. मधुर रस भएको; मीठो । २. गुलियो । ना० ३. मह ।

**मधुरिमा**– ना० [सं०] माधुर्य; मधुरता; मिठास ।

**मधुरो**– वि० [सं० मधुर] १. चर्को राप वा ताप नभएको; मीठो वा न्यानो लाग्ने (घाम, आगो आदि) । २. हल्का खालको; बिस्तारै चल्ने; मत्थर; मन्द (हावा आदि) । ३. गुलियो वा पिरो आदि अलिअलि मात्र लागेको (खानेकुरो) । ४. हलौं खालको बास्ना भएको (कमल, गुलाफ आदिका फूलको जस्तो) । ५. सुन्दा राम्रो वा मीठो लाग्ने (कुरो) । ६. मधुर; मीठो ।

**मधुशाला**– ना० [सं०] जाँडरक्सी आदि मादक पदार्थ बनाउने, बेच्ने वा खाने ठाउँ; मदिरागृह; भट्टी; बार ।

**मधुश्री**– ना० [सं०] वसन्त ऋतुको आनन्ददायक सौन्दय; वसन्तशोभा ।

**मधुसार**– ना० [सं०] चिनी र यस्तै तागतदार वस्तु ।

**मधुसूदन**– ना० [सं०] मधु नामक राक्षसलाई मार्ने देवता; विष्णु ।

**मधूलिका**– ना० [सं०] १. जेठीमधु । २. गहुँबाट बनाइएको रक्सी ।

**मधेस**– ना० [सं० मध्यदेश] १. अग्लो होचो र डाँडाकाँडा नभएको, एकदम समथर भूमि; तराई; मधेश । २. हिमालदेखि दक्षिण, विन्ध्य पर्वतदेखि उत्तर, कुरुक्षेत्रदेखि पूर्व प्रयागदेखि पश्चिमपट्टि पर्ने समथर भूभागको पुरानो नाउँ; मध्यप्रदेश । >**मधेसी**– वि० १. मदेसमा बस्ने; मदेसको बासिन्दा । २. मदेसको; मदेससँग सम्बन्धित ।

**मधौरु/मधौरो**– ना० रोगले थला परेको व्यक्ति वा प्राणी; रोगी; बिरामी । (**भूतले पाएको मधौरु बाँच्न सक्तैन** –उखान) ।

**मध्य**– ना० [सं०] १. कुनै चीजको बीचको भाग; माझ; केन्द्र । २. शरीरको मध्यभाग; कटि; कमर । ३. फरक; अन्तर । ४. दस अरबको सङ्ख्या । वि० ५. बीचको; माझको । ६. मध्यस्थ । – **काल**– ना० प्राथमिक काल र आधुनिक कालका बीचमा पर्ने काल; मध्ययुग; माध्यमिक काल ।

**मध्यकालिक/कालीन**– वि० प्राचीन काल र आधुनिक कालका बीचको; भाषाको विकासका दृष्टिले मोटामोटी रूपले सातौं शताब्दीदेखि सत्रौं वा अठारौं शताब्दीका बीचको; मध्ययुगीन; मध्ययुगको । ~**आर्य भाषा**– ना० विक्रमपूर्व पाँचौं शताब्दीदेखि दसौं शताब्दीसम्म प्रचलनमा आएको प्राकृत भाषा । ~**ऋण**– ना० कुनै संस्था वा राष्ट्रले दिने ऋणको अल्प, मध्य र दीर्घकालीन हिसाबले तोकेअनुसार बीचको समय तोकेर दिइएको ऋण ।

**मध्यगत**– वि० [सं०] बीचमा रहेको; बीचमा आएको वा ल्याइएको; मध्यस्थ । >**मध्यगति**– ना० तटस्थ रहने नीति वा स्थिति ।

**मध्यजीवक**– ना० [सं०] भूगर्भशास्त्रअनुसार संसारमा जीवको सृष्टि भएका समयको विभाजनमा दोस्रो खण्डको समय ।

**मध्यता**– ना० [सं०] मध्य हुनाको क्रिया, भाव, धर्म वा अवस्था ।

**मध्यदिन**– ना० [सं०] दिनको पूर्वार्द्धको समाप्ति र उत्तरार्द्धको प्रारम्भमा पर्ने समयरेखा; दिनको माझ; आधा दिन; मध्याह्न ।

**मध्यदेश**– ना० [सं०] १. मदेस; मधेस । २. बीचमा पर्ने ठाउँ; केन्द्रस्थल ।

**मध्यनजर**– ना० [सं० मध्य+अ० नजर] १. दृष्टिगत । २. ध्यान ।

**मध्य नूतनाश्म युग**– ना० [सं०] भूगर्भशास्त्रअनुसार आजभन्दा तीन करोड पचास लाख वर्षपहिले प्रारम्भ भएको एक युग; नवजीवक युगभित्र पर्ने एक युग ।

**मध्यपाषाण**– ना० [सं०] १. अपरपुरापाषाणयुगभन्दा पछि र नवपाषाणयुगभन्दा पहिलेका मानिसहरूले प्रयोग गर्ने ढुङ्गाहरूको हतियार । २. प्रागैतिहासिक पुरातत्त्वशास्त्रका अनुसार अपरपाषाणयुग र नवपाषाणयुगका बीचको पूर्वी र दक्षिणी अफ्रिकालीहरूको व्यवसाय; ढुङ्गे व्यवसाय । ३. युरोप, उत्तरी अफ्रिका र मध्यपूर्वको मुस्तेर शैलीको हाते बन्चरो प्रयोग हुने समय ।

**मध्य पुरापाषाण**– ना० [सं०] पुरातत्त्वशास्त्रका अनुसार पुरापाषाण युगलाई पनि गरिएको विभाजनअनुसार दोस्रो चरण प्रयोग हुने पाषाण-औजारहरूको समय; पुरापाषाणका शाखामा दोस्रो ।

**मध्यपूर्व**– ना० [सं०] १. एसियाको दक्षिण तथा पश्चिम दिशामा रहेको भूभाग; इरानदेखि इजिप्टसम्मका देश । २. अफ्रिकामा पर्ने इजिप्ट, सुडान, लिबिया आदि र पश्चिमी एसियामा रहेका सउदी अरब, लेबनान, प्यालेस्टाइन, इजरायल, सिरिया आदि देश तथा तिनका वरिपरिका देशको समूह ।

**मध्य प्रतिनूतनाश्म**– ना० [सं०] भूगर्भशास्त्रका अनुसार प्रातिनूतनाश्म युगलाई विभाजन गर्दा पर्ने दोस्रो चरण; आजभन्दा दस लाख वर्षपहिले प्रारम्भ भएको समय ।

**मध्य बिन्दु**– ना० [सं०] कुनै घेरा, परिधि, वस्तु वा रेखालाई ठीक आधामा छुट्टयाउने हिसाबले सङ्केतका लागि लगाइएको बिन्दु; बीचको बिन्दु; केन्द्रबिन्दु ।

**मध्यम**– वि० [सं०] १. गुण, परिमाण, स्तर आदिका दृष्टिले न घटीको न बढीको; बीचको; मझौला । २. जेठोभन्दा पछिको; माहिलो । ना० ३. सङ्गीतका सप्तस्वरमध्येको तीन सय बीस नादलहरी हुने 'म'-स्वर । ~**काव्य**– ना० भित्री व्यङ्ग्य अर्थ भए पनि वाच्यार्थलाई जित्न नसक्ने भई व्यङ्ग्यार्थ गौण भएको काव्य; गुणीभूतव्यङ्ग्य काव्य । ~**छँटाइ**– ना० साधारण किसिमको र बीच समयमा पर्ने हिसाबले बिरुवाहरू छाँटेर मिलाउने काम । ~**पुरुष**– ना० व्याकरणअनुसार आफूले कुरा गरिरहेको वा आफ्नो कुरा सुन्ने मानिस; तीन पुरुष-उत्तम,

मध्यम र प्रथममध्ये एक; द्वितीय पुरुष (तँ, तिमी आदि)। ~ **लोक**– ना० भूलोक; मर्त्यलोक; पृथ्वी। ~ **वयस्क**– वि० आधा उमेर गुमेको; अधबैंसे। ~ **वर्ग**– ना० १. बौद्धिक दृष्टिले सचेत भए पनि आर्थिक दृष्टिले पुगीसरी नआउने श्रेणीका मानिसहरूको समूह; मझौला स्तरका जनता। २. आर्थिक दृष्टिले बीचको श्रेणीका मानिस। ~ **वर्ण लोप**– ना० शब्दका माझको वर्ण लोप हुने भाषावैज्ञानिक प्रक्रिया।

**मध्यमा**– ना० [सं०] १. हात वा खुट्टाका पाँच औँलामध्ये बीचको औँलो; माझी औँलो। २. नायकका गुण वा दोषका आधारमा मानअपमान गर्ने नायिका। ३. मध्यम श्रेणीको परीक्षा; प्रमाणपत्र वा इन्टरमिडिएट तहको परीक्षा। ४. रजोवती स्त्री।

**मध्यमाङ्क**– ना० [सं०] पूर्णाङ्कभन्दा पछिका अङ्कहरूमा प्रत्येक दसका बीचमा पर्ने अङ्क; दशमलवपछिको पाँच अङ्क।

**मध्यमाङ्गुल**– ना० [सं०] वास्तु वा मूर्तिकलाको नापोमा प्रयोग हुने, जौको पेटतिरबाट मिलाएर राख्दा सात जौबराबरको नापो।

**मध्यमाञ्चल**– ना० [सं०] नेपाललाई विकासक्षेत्रका आधारमा विभाजन गर्दा बाग्मती, जनकपुर र नारायणी अञ्चललाई गाभेर बनाइएको एक क्षेत्र।

**मध्यमुण्ड**– ना० [सं०] नृतत्त्व-शास्त्रअनुसार मझौला आकारको मुण्ड।

**मध्य युग**– ना० [सं०] एसिया र युरोपको इतिहासका आधारमा सभ्यता, संस्कृति, शिक्षा आदिका दृष्टिले इसाका सातौँदेखि सत्रौँ शताब्दीसम्मको समय; प्राचीन र आधुनिक कालका बीचको काल; मध्यकाल। > **मध्य युगीन**– वि० मध्ययुगसम्बन्धी; मध्यकालको।

**मध्यरात**– ना० [सं० मध्यरात्र] रातको पूर्वार्द्ध र उत्तरार्द्धका बीचको समय; रातका बीचको समय; आधा रात।

**मध्यरात्र/मध्यरात्रि**– ना० [सं०] मध्यरात।

**मध्यवर्ती**– वि० [सं०] १. बीचमा रहेको; मझमा रहेको; मध्यस्थ। २. कुनै पनि पक्षमा नलाग्ने; तटस्थ। ३. कुनै वृत्त वा रेखालाई बराबरी पार्ने गरी बीचमा सङ्केतको रूपमा रहेको (बिन्दु)। ४. कुनै भुजाको शीर्षबिन्दुबाट सम्मुख भुजाको मध्य बिन्दुमा पारी खिचिएको (रेखा)।

**मध्यवित्त**– वि० [सं०] आर्थिक दृष्टिले मझौला स्तर भएको; न धनी न गरीब। ~ **वर्ग**– ना० मध्यवित्त भएका मानिसहरूको समूह; मध्यम वर्ग। ~ **समाज**– ना० मध्यवित्त वर्ग।

**मध्य व्यञ्जनागम**– ना० [सं०] माझमा व्यञ्जन थपिने भाषावैज्ञानिक प्रक्रिया।

**मध्य सप्तक**– ना० [सं०] सङ्गीतशास्त्रका अनुसार स्वरहरूको सामान्य उच्चारण हुने अवस्था।

**मध्यस्थ**– वि० [सं०] १. बीचमा रहेको; माझको। २. कसैको पक्षमा नलाग्ने, तटस्थ; उदासीन। ना० ३. दुई पक्षका बीचमा रही कुनै विवादको निर्णय गर्ने वा झगडा आदि मिलाउने व्यक्ति। – **ता**– ना० खेल, वादविवाद, मुद्दामामिला आदिमा दुई थरीका बीचमा रही हारजितको निर्णय गर्ने वा मिलाउने काम; मध्यस्थको काम। २. मध्यस्थ हुनाको भाव वा अवस्था। ~ **निर्णय**– ना० कुनै पक्षविपक्षका बीचमा उठेको विवादमा दुवै पक्षलाई मर्का नपर्ने हिसाबले गरिने निर्णय वा फैसला।

**मध्य स्वर लोप**– ना० [सं०] कुनै शब्दका व्यञ्जनका बीचमा रहेको स्वरध्वनिको लोप हुने काम (जस्तै– समाचार > सम्चार, तमसुक > तम्सुक आदि)।

**मध्य स्वरागम**– ना० [सं०] शब्दका बीचमा दुवैतिरका व्यञ्जनध्वनिका बीचमा स्वर थपिन आउने काम (जस्तै– क्रिया > किरिया, प्लेट > पिलेट)।

**मध्या**– ना० [सं०] १. यौवन चढेकी, केही धृष्ट र कम लज्जालु नायिका; मझौली खालकी नायिका। २. रजस्वला भइसकेकी स्त्री। ३. हात वा गोडाका सबैभन्दा लामो औँला; माझीऔँला। ४. छन्दशास्त्रअनुसार प्रत्येक चरणमा तीन अक्षर हुने एक वर्णवृत्त।

**मध्यानी**– ना० [सं० मध्याह्न] १. दिनको ठीक मध्य समय; आधा दिन। २. पुराण, यज्ञ आदिमा दिउँसो केही क्षणसम्म विश्राम गर्ने समय; मध्यान्तर; मध्याह्न।

**मध्यान्तर**– ना० [सं०] चलिरहेको कुनै कार्यक्रम थोरै बेर विश्रामका लागि रोकिने समय; बीचको विश्राम; मध्य-समय।

**मध्यान्न**– ना० [सं० मध्याह्न] मध्याह्न; दोपहर।

**मध्यावकाश**– ना० [सं०] चालू कार्यक्रमलाई स्थगित राखेर केही छिनका लागि गरिने विश्राम; मध्यान्तर; अल्पावकाश।

**मध्यावधि**– ना० [सं०] १. बीचको अवधि वा समय। २. कुनै खास योजना वा कार्यक्रमका कार्यान्वयनको बीचको चरण वा अवस्था। ~ **चुनाव**– ना० निर्धारित अवधिका लागि चुनिएका सदस्यहरूद्वारा गठित प्रतिनिधिसभा आदिको समय पूर्ण नहुँदै विशेष परिस्थितिवश बीचैमा हुने अर्को चुनाव वा निर्वाचन। ~ **मूल्याङ्कन**– ना० त्यस चरणमा गरिने कार्यप्रगतिको मूल्याङ्कन वा लेखाजोखा।

**मध्यासव**– ना० [सं०] १. धयँराका फूलमा लाग्ने गुलियो रस; धयँराको पुष्परस। २. पानी र मह मिलाएर बनाइने एक किसिमको मद।

**मध्याह्न**– ना० [सं०] दिनको बीचको समय; आधा दिनको बेला; मध्यदिन; मध्यानी। ~ **रेखा**– ना० हे० देशान्तररेखा। > **मध्याह्नोत्तर**– ना० दिनको आधा भाग बितिसकेपछिको समय; अपराह्ण।

**मध्ये**– ना० यो० [सं० मध्य+ए] कुनै वस्तु वा समूहका माझमा; धेरै वा अनेकका बीचमा। (उदा०– पाठ्यक्रममा निर्धारित विभिन्न विषयमध्ये आफूलाई मन परेको विषय रोज्नुपर्छ)।

**मध्वाचार्य**– ना० [सं०] दक्षिणी भारतमा प्रचलित वैष्णव सम्प्रदायका प्रवर्तक एक प्रसिद्ध आचार्य; वैष्णवाचार्य।

**मन१**– ना० [सं० मान] चालीस सेर वजनबराबरको तौल वा परिमाण ।

**मन२**– ना० [सं० मनः] १. प्रणीहरूको अनुभव, इच्छा, बोध, विचार, सङ्कल्प-विकल्प आदिलाई नियन्त्रित तथा परिचालित गर्ने अन्तकरणको अंश वा वृत्ति; नाक, कान, आँखा आदिबाट थाहा पाइने कुराबाट आफूलाई प्रभावित पार्ने आन्तरिक इन्द्रिय; अन्तःकरण; चित्त; दिल; हृदय । २. इच्छा; कामना; अभिलाषा; रुचि । ३. स्वभाव; प्रकृति । ४. आशय; इरादा; विचार । ~**कन्थे**– वि० मनले कथेको; मनगढन्त । ~**कल्पाइ**– ना० मन कल्पने काम वा भाव; अग्घोर चाहना । ~**कल्पित**– वि० मनगढन्त; मनचिन्ते । – **कान्छे**– ना० मनको आकाङ्क्षा; मानसिक इच्छा वा आकाङ्क्षा; मनको धोको; मनोरथ । – **कामना**– ना० १. नेपाल अधिराज्यको गण्डकी अञ्चलअन्तर्गत गोरखा जिल्लामा अवस्थित एक प्रसिद्ध भगवती । २. मनको इच्छा वा अभिलाषा; मनकान्छे; मनोकामना । – **कारी**– वि० फुक्का दिलको; उदार मन भएको; दिलदार । – **खत**– ना० मनमा लागेको चोट; मानसिक दुःख; खेद । – **गढन्त**– वि० मनमा गढेको; मनले कल्पना गरेको; कपोलकल्पित; निराधार । – **गढन्ते**– वि० मन गढन्त ।

**मनग्गे/मनग्य**– वि० [मन+योग्य] मनले चिताएजति; प्रशस्त; यथेष्ट; पउल; पुग्दो; छ्यालब्याल ।

**मनचरी**– ना० [मन+चरो] १. मनको चञ्चलता; मानसिक अस्थिरता । २. मनरूपी चरो; मन ।

**मनचिन्ते**– वि० [सं० मनश्चिन्तित] मनले चिताएजस्तो दिने; मनले चिताएजति; मनमाफिकको; इच्छाअनुसारको । ~**झोली**– ना० मनले चिताएको कुरा तुरुन्तै झिक्न सकिने भनी प्रसिद्ध, एक प्रकारको काल्पनिक झोली (दन्त्यकथा आदिमा प्रचलित) ।

**मनतातो**– वि० [मन्द+तातो] सहन सकिनेजति तातो; केही मात्र तातो; अलिअलि तातो ।

**मनन**– ना० [सं०]१. मन लगाएर कुनै कुरा सोच्नेसम्झने काम वा प्रयास; गौरसाथको सोचाइ; विचार; चिन्तन । २. अनुमान; अन्दाज; अडकल । – **शील**– वि० मनन गर्ने स्वभावको; सोचविचार गर्ने आदत भएको; चिन्तनशील; विचारशील । >**मननीय**– वि० मनन गर्न योग्य; सोच्न लायक; विचारणीय ।

**मन पर्-नु**– अ० क्रि० [मन+पर्+नु] १. रुचिकर हुनु; चित्तबुझ्दो हुनु; हृदयले स्वीकार गर्नु । स० क्रि० २. मन पराउनु; दिलदेखि नै चाहना गर्नु । >**मन पराइ**– ना० मनपर्ने भाव, क्रिया वा प्रक्रिया । **मनपरी**– क्रि० वि० १. राम्रोनराम्रो, असलखराब केही नसोचेर; मनलागी; मनपर्दी; मनमानी । वि० २. जस्तो मन लाग्यो त्यस्तो; उटपटचाङ चालको; जथाभाबी । **मनपर्दी**– क्रि० वि० १. मनपरी; जथाभाबी । वि० २. मनले चाहेकी वा रुचाएकी; प्रिय लाग्ने (स्त्री०) । **मनपर्दो**– वि० १. मनले चाहेको वा रुचाएको; प्रिय; चित्तबुझ्दो । क्रि० वि० २. मनपरी; जथाभाबी ।

**मनपाहा**– ना० लामालामा खुट्टा, लाम्चो शरीर र जालीदार पन्जा हुने एक प्रकारको लेकाली भ्यागुतो ।

**मनपुत**– वि० मनले पवित्र वा शुद्ध ठहऱ्याएको; अन्तरात्माले अनुमोदन गरेको ।

**मन पेट**– ना० [मन+पेट] भित्री आशय वा अभिलाषा; मन र हृदय; आँतभेउ ।

**मन बहलाउ**– ना० [मन+बहलाउ] कुनै कुरामा मनलाई संलग्न गरी प्रसन्न रहने वा समय काट्ने काम-काइदा ।

**मनभोग**– ना० [सं० मोहनभोग] सुजी, मैदा आदि घिउमा भुटी चिनी, दूध आदि हालेर पकाइने स्वादिष्ठ नरम खानेकुरो; हलुवा ।

**मनमती**– ना० [मन+मत्+ई] काठमाडौं उपत्यकाको ईशान कोणमा रहेको मणिचूड पर्वतबाट निस्की काठमाडौं र भक्तपुरको बीचबाट बग्ने एक नदी; मनहरा ।

**मनमन**– क्रि० वि० [मन+मन] अरूले नसुन्ने गरी; मनमा मात्र; आफैमा । >**मनमनै**– क्रि० वि० मनमनमा; मनभित्रै (**मनमन हर्क डोली चढी लर्क** –उखान) ।

**मनमानी**– क्रि० वि० [मन+मान्+ई] इच्छाअनुसार; मनपरी; मनलागी; जथाभाबी ।

**मनमुटाउ**– ना० [हि० मनमुटाव] दुई थरीका बीच मनमनै हुने फाटो; वैमनस्य; अमेल ।

**मनमोज**– ना० [मन+मोज] १. मनले चाहेको जस्तो आनन्द वा सुख; मनमाफिकको मोज; मनमौज । वि० २. मनले चिताएजस्तो; मनपर्दी । >**मनमोजी**– वि० १. मनले चाहेको जस्तो मोज गर्ने; मनमोजमा लाग्ने; मनमौजी । २. निश्चिन्त; अलमस्त ।

**मनमोहक**– वि० [सं०] १. मनोहर; सुन्दर । २. मनलाई मोहित पार्ने । – **ता**– ना० मनमोहक हुनाको भाव, अवस्था वा विशेषता ।

**मनमौज**– ना०हे० मनमौज । > **मनमैजी**– वि० मनमोजी ।

**मन रत्यौली**– ना० [मन+रत्यौली] मनको रत्याइ; मनोरञ्जन; मनोविनोद; मोजमज्जा ।

**मनलागी**– क्रि० वि० [मन+लाग्+ई] जस्तो मन लाग्यो त्यस्तै गरेर; मनपरी; जथाभाबी ।

**मनशक्ति**– ना० [सं०] मानसिक शक्ति; मनोबल ।

**मनशिला**– ना० [सं०] आयुर्वेदीय औषधीमा प्रयोग गरिने एक प्रशोधित खनिजपदार्थ; मैनसिल ।

**मनश्चक्षु**– ना० [सं०]१. भित्री मनको आँखा; अन्तर्दृष्टि । २. ज्ञान; विवेक ।

**मनश्चिकित्सक**– ना० [सं०] मानसिक रोगको उपचार गर्ने चिकित्सक वा डाक्टर ।

**मनश्चिकित्सा**– ना० [सं०] मनोविज्ञानका क्षेत्रमा रोगीको मनको विश्लेषण गरी औषधोपचार गर्ने एक विशेष चिकित्साविधि; मनको उपचार ।

**मन संस्कार**– ना० [सं०] मनको परिष्कार; चित्तशुद्धि ।

**मनसा१**– क्रि० वि० [सं०] १. मनले; मनद्वारा; मनबाट । ना० २. कश्यपकी एक छोरीको नाम; नागराज अनन्तकी बहिनी तथा जरत्कारु मुनिकी पत्नी ।

**मनसा२**– ना० [√ मनसाय] १. मनको इच्छा; मनसुबा; चाहना; कामना । २. अभिप्राय; आशय; तात्पर्य ।

**मनसाय**– ना० [अ० मन्शाय] अभिप्रायः; मन्सा ।

**मनसा वाचा कर्मणा**– क्रि० वि० [सं०] मन, वचन र कर्मले; मन, वचन र कर्मअनुसार ।

**मनसिज**– ना० [सं०] १. प्रणयोन्माद; प्रेम । २. कामदेव ।

**मनसिला**– ना० [सं० मनःशिला] धूप बनाउँदा राखिने कीटनाशक गुण भएको, सुन्तला रङको एक पदार्थ ।

**मनसुन**– ना० [अङ्०] १. ऋतुअनुसार बहने वायु; मौसमी वायु । २. हिन्दमहासागर तथा बङ्गालको खाडीबाट खास गरी बर्खायाममा बहने हावा । ३. वर्षा-ऋतु । ~ **रोपाइँ**– ना० बर्खायाममा लगाइने धान । > **मनसुनी**– वि० मनसुनसम्बन्धी ।

**मनसुबा**– ना० [अ० मन्सूब] १. मनसाय; मनसा; अभिलाषा; महत्त्वाकाङ्क्षा । २. सङ्कल्प; अठोट; मन्सुवा ।

**मनस्ताप**– ना० [सं०] मनको पीर वा पीडा; मानसिक ताप, कष्ट वा दुःख ।

**मनस्तोष**– ना० [सं०] मनको सन्तोष; मानसिक तृप्ति ।

**मनस्थिति**– ना० [सं०] मनको अवस्था; मानसिक स्थिति ।

**मनस्विता**– ना० [सं०] मनस्वी हुनाको भाव वा अवस्था ।

**मनस्वी**– वि० [सं०] १. मनको उच्चताले सम्पन्न; बुद्धिमान्; प्रतिभाशाली । २. दृढ सङ्कल्प भएको; स्थिरमना । ३. उच्च विचार भएको । ४. मनकारी; उदार ।

**मनहर**– ना० धनसार ।

**मनहरा**– ना० [सं० मनोहरा] मनोहरा; मनमती (नदी) ।

**मना१**– ना० [सं० मदिरा] कुनै पर्वको अवसर पारेर विभिन्न वस्तु मिसाई बनाइने गहुँ वा कोदाको रक्सी ।

**मना२**– ना० [√ मनाही] मनाही; मनाई, निषेध ।

**मनाइ**– ना० [√ **मान्** (+आइ)] १. मान्ने भाव, क्रिया वा प्रक्रिया । [मनाउ+आइ] २. मनाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मनाइनु**– क० क्रि० मान्न लाइनु; मान्ने पारिनु ।

**मनाइ**– ना० [अ० मनाही] मनाही; निषेध; रोक्का ।

**मनाउ**– ना० [मान्+आउ] मान्ने काम; सहमति; स्वीकृति ।

**मनाउनु**– स० क्रि० [मान्+आउ+नु] १. फकाई-फुल्याई आफ्नो बनाउनु; खुसी पार्नु । २. सम्झाउनु; बुझाउनु । ३. आफ्नो पक्षमा ल्याउनु; हात लिनु । ४. चाडपर्वको उत्सव वा रमाइलो गर्नु । प्रे० क्रि० ५. मान्न लाउनु; मान्ने पार्नु; चित्त बुझाउनु ।

**मनाक्**– क्रि० वि० [सं०] १. थोरै मात्रामा; अलिकति; अल्प मात्रामा । २. बडै ।

**मनाङ**– ना० [भो० ब] नेपालको गण्डकी अञ्चलअन्तर्गत उत्तरी हिमाली क्षेत्रमा पर्ने एक जिल्ला ।

**मनायु**– ना० [नेवा०] सेतो फूल लाग्ने, सानो बोट हुने वस्तुको फूलमा चामलको पीठो मिलाई रक्सी, जाँड आदि बनाइने काममा प्रयोग हुने, पेडा आकारको वस्तु; मर्चा ।

**मनासलु**– ना० नेपाल अधिराज्यको गोरखा जिल्लामा पर्ने ८,१६३ मिटर अग्लो एक हिमशिखर । ~ **गुम्बा**– ना० गोरखा जिल्लाको ल्हो गाउँ भन्ने ठाउँमा रहेको एक प्रसिद्ध गुम्बा ।

**मनासिब**– ना० [अ० मुनासिब] उचित; ठीक; योग्य; मुनासिब ।

**मनाही**– ना० [अ०] निषेध; रोक्का; मनाइ ।

**मनि**– ना० यो० [सं० मुण्डी] पीँधपट्टि; तल; मुनि ।

**मनिटर**– ना० [अङ्०] विद्यालयहरूमा कक्षा अनुशासित रूपमा राख्न तथा अन्य आवश्यकताका लागि चुनिएको वा तोकिएको विद्यार्थी; कक्षानायक ।

**मनितो**– ना० [सं० मान्यता] १. मानगराइ; सम्मान; आदर । २. मानको पूरक शब्द (जस्तो– मानमनितो) ।

**मनि-मनि**– ना० [अ० मू० मनि (द्वि०)] १. भेडा-बाखालाई बोलाउँदा भनिने शब्द; मुनिमुनि । २. भेडा-बाखा (बालबोलीमा) ।

**मनी**– ना० [अङ्०] रुपियाँ-पैसा; धन । ~ **आडर**– हे० धनादेश ।

**मनीषा**– ना० [सं०] १. मन वा मस्तिष्कको विशिष्ट शक्तिका रूपमा विकसित अकिल वा बुद्धि; प्रज्ञा । २. अभिलाषा; चाहना; कामना । > **मनीषी**– वि० १. बुद्धिमान्; विद्वान् । २. विचारशील; चतुर ।

**मनु**– ना० [सं०] १. मनुष्यका मूल पुरुष मानिने, ब्रह्माजीका छोरा; मनुष्यका प्रतिनिधि एक प्रसिद्ध व्यक्ति । २. चौध क्रमागत प्रजापति वा मन्वन्तरका मूल पुरुष (स्वायंभुव, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष, वैवस्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रुद्रसावर्णि, रौच्यदैव सावर्णि र इन्द्रसावर्णि) । ३. सोहीअनुसार चौधको सङ्ख्या । ४. मानिस; मनुष्य । ५. मन; अन्तःकरण ।

**मनुक्खे**– ना० [सं० मनुष्य] मनुष्य; मानिस ।

**मनुज**– ना० [सं०] मनुष्य; मानव । > **मनुजाधिप**– ना० नराधिप; राजा ।

**मनुवा**– ना० [सं० मानव] मानिस; मान्छे; मानव ।

**मनुष्य**– ना० [सं०] मानिस; मान्छे; मानव । – **ता**– ना० मनुष्य हुनाको भाव वा अवस्था; मानव हुनाको निम्ति चाहिने गुण; मानवता । – **त्व**– ना० मनुष्यता । ~ **यज्ञ**– ना० पाहुनालाई गरिने आदर; अतिथिसत्कार । – **यान**– ना० मानिसद्वारा बोकेर चलाइने सवारी; डोली; पाल्की; म्यान । ~ **लोक**– ना० मर्त्यलोक; पृथ्वी ।

**मनु संहिता**– ना० [सं०] मनुले बनाएको स्मृतिग्रन्थ; मनुस्मृति ।

**मनुस्मृति**– ना० [सं०] आदिमनुले बनाएको मानवीय आचरणबारे विस्तृत वर्णन गरिएको शास्त्र; मनुद्वारा रचित धर्मशास्त्र; मनुसंहिता ।

**मने**– ना० [बा० बो०] बाखाको पाठो वा पाठी ।

**मनोकामना**– ना० [सं० मनकामना] मनको कामना वा इच्छा; मनकान्छे ।

**मनोगत**– वि० [सं०] मनमा अवस्थित; मनमा रहेको वा उठेको (भावना, विचार, कल्पना आदि) । – **वाद**– ना० भौतिकवादी दृष्टिकोण नलिई स्वविवेकका निर्णयलाई नै ठीक ठहऱ्याउने र कल्पना तथा अनुमानका आधारमा नै कुनै विषय वा कुराको ठोकुवा गर्ने मत वा सिद्धान्त ।

**मनोज**– ना० [सं०] १. कामदेव; मदन । वि० २. राम्रो; सुन्दर; मनोहर ।

**मनोजगत्**– ना० [सं०] मानसिक संसार; मनको दुनियाँ; मनोलोक ।

**मनोज्ञ**– वि० [सं०] १. मनमोहक; राम्रो; सुन्दर । २. मन बुझेर काम गर्ने । ३. अर्काको मनभित्र लुकेको कुरो बुझ्ने (व्यक्ति) ।

**मनोदशा**– ना० [सं०] मनको दशा वा स्थिति; मानसिक अवस्था; मनोवैज्ञानिक स्थिति ।

**मनोद्वेग**– ना० [सं० मन उद्वेग] मनको उद्वेग; मनको चाञ्चल्य; मानसिक उथलपुथल ।

**मनोनयन**– ना० [सं०] १. मनले रोज्ने काम; इच्छामुताबिकको छनोट । २. कसैलाई इच्छाअनुसार कुनै पदमा गरिने नियुक्ति ।

**मनोनिग्रह**– ना० [सं०] मनलाई वशमा राख्ने काम; मनमा उठ्ने विषयवासनाका इच्छा वा वृत्तिलाई नियन्त्रित गर्ने काम ।

**मनोनीत**– वि० [सं०] १. मनोनयन गरिएको; रोजिएको; चुनिएको; छानिएको । २. मन परेको । ३. कुनै स्थान वा पदमा नियुक्त गर्नाका निम्ति छानिएको ।

**मनोभाव**– ना० [सं०] मनको भाव वा विचार; मानसिक अभिप्राय; मनोभावना ।

**मनोभावना**– ना० [सं०] मनको भावना वा आशय; मानसिक सोचाइ ।

**मनोभिराम**– वि० [सं०] मनका लागि सुखद; मनलाई तृप्त पार्ने; मनोहर; सुन्दर ।

**मनोमय**– वि० [सं०] १. मनले सहित; मनले युक्त । २. मनसँग सम्बन्धित; मानसिक । ~ **कोश**– ना० वेदान्तशास्त्रअनुसार मन, अहङ्कार र कर्मेन्द्रियले युक्त भएको पाँच कोशमध्ये एक

**मनोमल**– ना० [सं०] द्वेष, डाहा, रिस आदि मनका दूषित भाव वा विचार; मनोविकार ।

**मनोमान**– ना० [मन+मान] १. दिलैदेखिको मन्जुरी; चित्त बुझ्ने काम; मनले मान्ने काम । क्रि० वि० २. खुसीराजीसँग; स्वेच्छाले । > **मनोमानी**– क्रि० वि० चित्त बुझाएर; स्वेच्छापूर्वक; मनोमान ।

**मनोमालिन्य**– ना० [सं०] मनभित्रभित्रै गुम्सिएको वैरविरोधको भावना; चित्तको फाटो; मनमुटाउ ।

**मनोयोग**– ना० [सं०] कुनै काममा दत्तचित्त भएर लाग्ने प्रवृत्ति; मानसिक एकाग्रता ।

**मनोरञ्जक**– वि० [सं०] मनलाई प्रसन्न गराउने; मनलाई प्रफुल्लित पार्ने । – **ता**– ना० मनोरञ्जक हुनाको गुण वा भाव ।

**मनोरञ्जन**– ना० [सं०] मनलाई प्रसन्न तुल्याउने काम; दिल बहलाउने काम; मनोविनोद । ~ **कर**– ना० चलचित्र, नाटक आदि मनोरञ्जनका साधनहरूमा लगाइने कर वा शुल्क ।

**मनोरथ**– ना० [सं०] मनको अभिलाषा; कामना; मनकान्छे ।

**मनोरम**– वि० [सं०] मन रमाउने; आकर्षक; सुन्दर; मनोहर । > **मनोरमा**– ना० १. मनलाई आनन्दित तुल्याउने स्त्री । २. सरस्वती । ३. गोरोचन ।

**मनोराग**– ना० [सं०] प्रणय; अनुराग; प्रेम ।

**मनोराज्य**– ना० [सं०] १. मनरूपी राज्य । २. कल्पनामा सिँगारिएका सुखद भावना वा विचार ।

**मनोरोग**– ना० [सं०] मानसिक रोग । २. स्नायुसम्बन्धी रोग; स्नायविक रोग ।

**मनोवाञ्छा**– ना० [सं०] मनको धोको; मनको इच्छा; अभिलाषा । > **मनोवाञ्छित**– वि० मनले चाहेको; इच्छित ।

**मनोवाद**– ना० [सं०] १. आफू मात्र एक्लै गुनगुनाउने काम; स्वगत कथन; एकालाप । २. त्यस्तो एक्लो वार्तालापयुक्त साहित्यिक रचना ।

**मनोविकार**– ना० [सं०] एकाएक मनमा उठ्ने तीव्र तथा विसङ्गत आवेग; मनको विकारयुक्त भाव वा विचार ।

**मनोविकृति**– ना० [सं०] १. मानसिक अस्वस्थता वा विसङ्गति; मनको विकृति । २. विक्षिप्तता; पागलपन ।

**मनोविज्ञान**– ना० [सं०] मानिसका मनको प्रकृति, उसका विभिन्न अवस्था तथा क्रिया र त्यसमा पर्ने प्रभाव आदिको अध्ययन-विश्लेषण गर्ने विज्ञान वा शास्त्र ।

**मनोविनोद**– ना० [सं०] मनोरञ्जन ।

**मनोविश्लेषक**– वि० [सं०] मनोविश्लेषण गर्ने ।

**मनोविश्लेषण**– ना० [सं०] १. कुनै खास प्रकारका रोग वा विकारलाई मनोवेगको दमन गर्नाले उत्पन्न भएको ठानेर उपचार गरिने आधुनिक मनोविज्ञानको एक शाखा; मन; स्नायुविकृतिको उपचारका लागि फ्रायडद्वारा प्रवर्तित एक मनोवैज्ञानिक उपचारविधि । २. मनको विश्लेषण । > **मनोविश्लेषणात्मक**– वि० मनोविश्लेषण नै मूल रूपमा रहेको; मनोविश्लेषणका माध्यममा आएको ।

**मनोवृत्ति**– ना० [सं०] कुनै कामकुरोतर्फ लाग्ने वा त्यसबाट हट्ने मानसिक स्थिति वा झुकाउ; मनको क्रियाशीलता; चितवृत्ति; स्वभाव ।

**मनोवेग**– ना० [सं०] मनमा उत्पन्न हुने तीव्र आवेग ।

**मनोवैज्ञानिक**– वि० [सं०] १. मनोविज्ञासम्बन्धी । २. मनोविज्ञानशास्त्रका ज्ञाता । – **ता**– ना० मनोवैज्ञानिक हुनाको भाव वा अवस्था ।

**मनोव्यथा**– ना० [सं०] मनको भुटो; मानसिक चिन्ता, ताप वा कष्ट ।

**मनोहर**– वि० [सं०] मनलाई लोभ्याउने खालको; अति राम्रो;

सुन्दर; आकर्षक । – **ता**– ना० मनोहर हुनाको भाव ।

**मनोहरा**– ना० [सं०] १. मनहरा; मनमती । वि० २. मनलाई लोभ्याउने (स्त्री); सुन्दरी ।

**मनोहारी**– वि० [सं०] मनलाई हरण गर्ने; चित्ताकर्षक; राम्रो लाग्ने; मनोहर; सुन्दर ।

**मनौती**– ना० [मान्+औती] १. मनाउन वा चित्त बुझाउनका लागि दिइने वस्तु । २. आफ्नो मनोवाञ्छा पूरा भएमा देवदेवीलाई पूजा, बलि आदिले सन्तुष्ट पार्ने प्रतिज्ञा; भाकल ।

**मन्छ-नु**– स० क्रि० [सं० मुच्+नु] १. दोबाटो आदिमा भूतप्रेत आदिलाई बलि दिनु; भूतप्रेत आदिलाई खुसी पार्ने भाग दिनु; मन्सनु; पन्साउनु । २. कर परेर कसैलाई कुनै कुरो दिएर पठाउनु । > **मन्छाइ**– ना० मन्छने भाव, क्रिया वा प्रक्रिया । **मन्छाइनु**– क० क्रि० मन्छन लाइनु । **मन्छाउनु**– प्रे० क्रि० मन्छन लाउनु; मन्साउनु । **मन्छिनु**– स० क्रि० १. मन्छनु । क० क्रि० २. मन्छने काम गरिनु ।

**मन्छचौलो**– ना० [प्रा० मणुस्सउलो < सं० मनुष्यकुल] १. समाज । २. मानवकुल । **मन्छचौल्याइँ**– ना० १. मानवता । २. सामाजिकता ।

**मन्जन**– ना० [सं० मार्जन] १. दाँत माझ्ने प्रयोजनका निम्ति तयार पारिएको चूर्ण वा लेदो पदार्थ । २. दतिउन, बुरुस आदिले दाँत सफा गर्ने काम; दाँतको सरसफाइ ।

**मन्जुर**– वि० [अ०] १. सकारिएको; स्वीकार गरिएको; स्वीकृत । ना० २. स्वीकृति; अनुमति । – **नामा**– ना० कुनै काम, व्यवहारमा यति कारणले मेरो राजीखुसी छ भनी प्रमाणका निम्ति लिखित रूपमा दिइने कागज; स्वीकृतिपत्र । – **वाला**– ना० कुनै काम-कुरा गर्न वा नगर्नका लागि स्वीकृति दिने व्यक्ति; मन्जुर गर्ने व्यक्ति । > **मन्जुरी**– ना० मन्जुर गर्ने वा सकार्ने काम; प्रस्ताव आदिमा जनाइएको स्वीकृति; सहमति ।

**मन्टि-नु**– अ० क्रि० हे० मुन्टिनु ।

**मन्टे**– ना० [मन्टो+ए] मन्टाको; मुन्टे ।

**मन्टेसरी**– ना० [अङ्०] शिशुहरूको प्रकृतिअनुरूप शिशुशिक्षामा जोड दिने एक शिक्षाविद् (पूरा नाम मेरिया मन्टेसरी) । ~ **विधि**– ना० मन्टेसरीद्वारा विकसित, शिशुहरूलाई खेलाउँदै तिनको मानसिक विकास र शिक्षामा जोड दिने एक विधि । ~ **स्कुल**– ना० त्यस्तो विधिद्वारा शिक्षा प्रदान गर्ने स्कुल ।

**मन्टो**– ना० हे० मुन्टो । > **मन्टचाइ**– ना० मन्टिने वा मन्टचाउने क्रियाप्रक्रिया । **मन्टचाइनु**– क० क्रि० मन्टचाउन लाइनु; मुन्टचाइनु । **मन्टचाउनु**– स० क्रि० घोक्र्याउनु; गर्दन्याउनु; गलहत्याउनु; मुन्टचाउनु । **मन्टचाहट**– ना० मन्टिने भाव, अवस्था वा क्रिया-प्रक्रिया ।

**मन्डली**– ना० [मण्डल+ई] १. सानो एक समूह; सानो दल । २. कुनै सामूहिक र साहसिक काम गर्नाका निम्ति सङ्गठित जमात; दल । ३. कुनै जमात वा समूहको सर्वश्रेष्ठ व्यक्ति; जमातको प्रमुख । ४. धागोमा काठको टुक्रा वा ढुङ्गा बाँधी परस्परमा अल्झाई खेल्न बनाइएको खेलौना । – **मार**– १. कुनै कुरा वा समूहको अगुवाझैँ भएर चारैतिर गरिने घुमाइ । २. दिग्विजय ।

**मन्डले**– ना० [मण्डल+ए] १. दलको प्रमुख; नेता । २. कुनै जमात वा दलमा सक्रिय भूमिका खेल्ने व्यक्ति; मण्डलको चर्चित व्यक्ति । वि० ३. छुल्याहा; बदनामी कमाएको; उद्धत । ४. अरूको अहित चिताउने; उपद्रवी ।

**मन्डी**– ना० [सं० मण्डन] १. खस्रो र बाक्लो खालको ऊनीको ओढ्ने वस्त्र; धुस्सा । २. मालसामान थोक बिक्री गर्ने बजार ।

**मन्तर्-नु**– स० क्रि० हे० मन्त्रनु ।

**मन्तर**– ना० [सं० मन्त्र] हे० मन्त्र । – **तन्तर**– ना० मन्त्रतन्त्र ।

**मन्तराइ**– ना० [मन्तर्+आइ] मन्तर्ने भाव, क्रिया वा प्रक्रिया ।

**मन्तरे**– वि० गन्तीका क्रममा दसौँ जनाउने; क्रमशः जेठो, माहिलो, साहिँलो, काइँलो, ठाइँलो, राइँलो, अन्तरे, जन्तरे, खन्तरे र मन्तरेमा सबैभन्दा पछिको ।

**मन्तव्य**– ना० [सं०] १. मनको विचार । २. सम्मति; मत; राय । ३. कुनै सभासमिति वा ग्रन्थ आदिमा प्रकट गरिने आफ्नो कुरा वा प्रस्ताव; वक्तव्य ।

**मन्तिर**– क्रि० वि० [मनि+तिर] मुन्तिर; तलतिर; उँधो ।

**मन्त्र-नु**– स० क्रि० [सं० मन्त्र+नु] १. मन्त्रको प्रयोग गर्नु; मन्त्र पढ्नु; मन्तर्नु । २. झारफुक गर्नु । ३. मन्त्र पढेर कुनै कुरा शुद्ध पार्नु (जस्तो– गउँत मन्त्रनु) । ४. कुरा सिकाउनु; सल्लाह दिनु । ५. कानमा सुटुक्क केही भन्नु; कानेखुसी गर्नु (जस्तो– कान मन्त्रनु) । ६. चुक्ली लगाउनु ।

**मन्त्र**– ना० [सं०] १. सल्लाह; मन्त्रणा; परामर्श । २. गुप्ती कुरो; गोप्य वार्ता; भित्री रहस्य । ३. वेदको ऋचा; संहिता । ४. देवदेवीबाट असाधारण शक्ति प्राप्त गर्न जपिने शब्द वा वाक्य । ५. टुन्याहा, बोक्सी, भूतप्रेत आदिको लागो वा नराम्रो असर शान्त गर्न र सर्प बिच्छी आदिको विष झार्न झारफुकेले प्रयोग गर्ने शब्दसमूह; लागोभागो हटाउन झारफुक गर्दा उच्चारण गरिने वचन । – **कार**– ना० मन्त्र बनाउने ऋषि; वैदिक सूक्तका कर्ता; मन्त्रद्रष्टा । – **गूढ**– ना० गुप्ती; जासुस; गुप्तचर; भेदिया । – **ज्ञ**– ना० १. सल्लाहकार; परामर्शदाता । २. विद्वान् ब्राह्मण । ३. गुप्तचर । ४. तन्त्रमन्त्र जान्ने व्यक्ति ।

**मन्त्रणा**– ना० [सं०] १. कुनै महत्त्वपूर्ण कुराको छलफल; रायसल्लाह; परामर्श । २. गुप्ती कुरो । ३. मन्तव्य ।

**मन्त्र तन्त्र**– ना० [सं०] मन्त्रको प्रयोग; मन्त्रने काम; झारफुक; मन्तरतन्तर ।

**मन्त्रदाता**– ना० [सं०] १. मन्त्र सुनाउने व्यक्ति; दीक्षा दिने आचार्य; गुरु । २. गुप्ती कुराको सल्लाह दिने व्यक्ति ।

**मन्त्रदान**– ना० [सं०] १. मन्त्र सुनाउने काम । २. सल्लाह दिने काम ।

**मन्त्रद्रष्टा**– ना० [सं०] मन्त्रको ज्ञाता वा मन्त्र दिने ऋषि; मन्त्रकार ।

**मन्त्रपूत–** वि० [सं०] मन्त्रद्वारा पवित्र गराइएको; मन्त्र पढेर फुकिएको ।

**मन्त्रबीज–** ना० [सं०] १. मन्त्रको पहिलो अक्षर वा पद । २. मूल मन्त्र ।

**मन्त्रमुग्ध–** वि० [सं०] मोहित पारिएको; लट्ठ तुल्याइएको; मुहुनी लाइएको; मन्त्र, टुना आदिद्वारा वशवर्ती तुल्याइएको ।

**मन्त्र विद्या–** ना० [सं०] मन्त्रतन्त्रसम्बन्धी विद्या; झारफुके विद्या; जादुटुना ।

**मन्त्र संस्कार–** ना० [सं०] १. मन्त्र ग्रहण गर्नाका निम्ति गरिने संस्कार वा अनुष्ठान (जनन, जीवन, ताडन, बोधन, अभिषेक, विमलीकरण, अध्यापन, तर्पण, दीपन र गोपननामक दस संस्कार) । २. मन्त्रतन्त्रद्वारा गरिने संस्कार ।

**मन्त्र संहिता–** ना० [सं०] वेदका सम्पूर्ण मन्त्र वा सूक्तहरूको सङ्ग्रह; वेद ।

**मन्त्राइ–** ना० [√ **मन्त्र** (+आइ)] मन्त्रने भाव, क्रिया वा प्रक्रिया । [>] **मन्त्राइनु–** क० क्रि० मन्त्रन लाइनु । **मन्त्राउनु–** प्रे० क्रि० मन्त्रन लाउनु ।

**मन्त्रालय–** ना० [सं०] कार्यविभाजनअनुसार मन्त्रीका बेग्लाबेग्लै प्रमुख कार्यालय (जस्तो– परराष्ट्र मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय; गृहमन्त्रालय इ०) ।

**मन्त्रिणी–** ना० [सं०] १. मन्त्रीकी पत्नी; मन्त्रिनी । २. मन्त्रीको काम गर्ने वा परामर्शदाता स्त्री ।

**मन्त्रित–** वि० [सं०] १. परामर्श वा सल्लाह दिइएको । २. भनिएको; बोलिएको । ३. मन्त्रद्वारा पवित्र तुल्याइएको; अभिमन्त्रित । ४. मन्त्र दिइएको वा सुनाइएको ।

**मन्त्रित्व–** ना० [सं०] मन्त्रीले गर्ने काम; मन्त्रीको पद ।

**मन्त्रिनु–** क० क्रि० [मन्त्र+इ+नु] मन्त्रने काम गरिनु; मन्त्रको प्रयोग गरिनु ।

**मन्त्रिपरिषद्–** ना० हे० मन्त्री परिषद् ।

**मन्त्रिमण्डल–** ना० हे० मन्त्री मण्डल । > **मन्त्रिमण्डलीय–** वि० हे० मन्त्री मण्डलीय ।

**मन्त्री–** ना० [सं०] १. सल्लाहकार; परामर्शदाता; काजी; अमात्य; बजिर; प्रधान । २. राज्यका कुनै विभागको सञ्चालन गर्ने वा त्यसको व्यवस्था मिलाउने प्रमुख अधिकारी । ३. कुनै संस्था वा विभागको नियत रूपमा काम चलाउने अधिकारी; सचिव; सेक्रेटरी ।

**मन्त्रीपरिषद्–** ना० [सं०] मन्त्रिमण्डल ।

**मन्त्रीमण्डल–** ना० [सं०] १. कुनै देश वा राज्यमा काम गर्ने मन्त्रीहरूको समुदाय; मन्त्रिपरिषद्; क्याबिनेट; मिनिस्टरी । २. देशको कुनै समस्या वा अन्य कुनै महत्त्वपूर्ण प्रशासनिक कार्यको निर्णयका लागि बैठक बस्ने मन्त्रीहरूको समुदाय । > **मन्त्रीमण्डलीय–** वि० मन्त्रिमण्डलसँग सम्बन्धित; मन्त्रिमण्डलको ।

**मन्थन–** ना० [सं०] १. मधानी चलाएर दही मथ्ने र नौनी निकाल्ने काम । २. मथ्ने, हुँडल्ने वा फेट्ने काम । ३. मधानी । ४. अरणीबाट आगो निकाल्ने काम । ५. कुनै गूढ वा नवीन तत्त्व निकाल्नका लागि परिश्रमपूर्वक गरिने छानबिन । > **मन्थनी–** ना० १. दही मथ्ने ठेको । २. मधानी ।

**मन्थर–** वि० [सं०] १. मन्द; सुस्त । २. खुकुलो; होलो । ३. नासमझ; अधम ।

**मन्थरा–** ना० [सं०] १. कैकेयीकी मन परेकी सेविका । २. वि० घरभाँडा (स्त्री) ।

**मन्थान–** ना० [सं०] १. मधानी । २. महादेव; शिव । ३. मन्दराचल पर्वत । > **मन्थानी–** ना० मन्थनी; मधानी ।

**मन्द–** वि० [सं०] १. अर्को भन्दा गति, चाल, प्रवाह, वेग आदि कम भएको; ढिलो सुस्त (मन्द बुद्धि, मन्द मति इ०) । २. अधिक उग्रता वा तीव्रता नभएको (मन्द ज्वर, मन्द विष आदि); मत्थर । ३. दुष्ट; दुश्चरित्र । ४. मूर्ख; अज्ञानी; जड । ५. दुर्बल; कमजोर । **– ता–** ना० मन्द हुनाको भाव वा अवस्था । ~ **मन्द–** क्रि० वि० बिस्तारैबिस्तारै ।

**मन्दाकिनी–** ना० [सं०] १. पुराणअनुसार स्वर्गमा बग्ने गङ्गाको धारा । २. आकाशगङ्गा । ३. प्रत्येक चरणमा दुई नगण र दुई रगण हुने एक वार्णिक छन्द ।

**मन्दाक्रान्ता–** ना० [सं०] प्रत्येक चरणमा मगण, भगण, नगण, दुई तगण र अन्तमा दुई गुरु हुने र चार तथा नौ अक्षरमा यति हुने, सत्र अक्षरको एक वार्णिक छन्द ।

**मन्दाग्नि–** ना० [सं०] रोगीको पाचनशक्ति मन्द हुने र भोक नलाग्ने एक प्रकारको रोग; अजीर्ण; अपच ।

**मन्दार–** ना० [सं०] १. इन्द्रको नन्दनवनका पाँच प्रसिद्ध वृक्षमध्ये एक । २. आँकको रूख । ३. धतुरोको बोट । ४. स्वर्ग । ५. हात्ती । ६. हिरण्यकशिपुको एक पुत्रको नाम ।

**मन्दिर–** ना० [सं०] १. बस्ने घर; वासस्थान; भवन । २. पूजा आदि गर्नाका लागि मूर्ति स्थापना गरिएको भवन; देवालय । ३. कुनै विशिष्ट शुभकार्यका लागि बनेको भवन; देवालय । ३. कुनै विशिष्ट शुभकार्यका लागि बनेको भवन (कलामन्दिर, साहित्यमन्दिर, शिक्षामन्दिर आदि) । ४. छाउनी; शिविर ।

**मन्दोदरी–** ना० [सं०] रावणकी पत्नी; मय दानवकी पुत्री ।

**मन्द्र–** ना० [सं०] १. गम्भीर ध्वनि; जोरको शब्द । २. सङ्गीतका तीन प्रकारका स्वरमध्ये अपेक्षाकृत मन्द हुने एक स्वर । ३. मादल; मृदङ्ग । वि० ४. सुन्दर; मनोहर । ५. खुसी; प्रसन्न । ६. मन्द; धीमा (स्वर) । ~ **सप्तक–** ना० सङ्गीतमा स्वरहरूको सबभन्दा मसिनो उच्चारण वा ध्वनि ।

**मन्मथ–** ना० [सं०] १. कामदेव । २. कामवासना; प्रणय; प्रेम । ३. साठी संवत्सरमध्ये उन्नाइसौँ संवत्सर । > **मन्मथी–** वि० कामुक; कामी ।

**मन्मय–** वि० [सं०] आत्ममय; आत्मनिष्ठ ।

**मन्वन्तर–** ना० [सं०] १. ब्रह्माको एक दिनको चौधौँ भाग; एकहत्तर

चतुर्युगको समय । २. मनु ।

**मन्स–नु–** स० क्रि० [√ मन्छनु] मन्छनु; पन्साउनु ।

**मन्सरा–** ना० पहेँलो भुस र लाम्चो गेडा हुने मझौला खालको एक प्रकारको धान वा त्यसैको चामल ।

**मन्साइ–** ना० [√ **मन्स** (+आइ)] मन्सने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मन्साइनु–** क० क्रि० मन्सन लाइनु । **मन्साउनु–** प्रे० क्रि० मन्सन लाउनु; मन्सने पार्नु ।

**मपाइँ–** ना० [म+पाइँ] आफैँले आफूलाई ठूलो वा सम्मानित ठहऱ्याउने चाल; आत्माभिमान; बडप्पन ।

**मफत–** वि० [अ० मुफ्त] १. केही नदिई वा विनामूल्य प्राप्त भएको । क्रि० वि० २. विनामूल्य; सित्तै; मुफ्त ।

**मफती–** वि० विना मूल्यको; मुफती ।

**मफलर–** ना० [अङ्०] कम्ती चौडा हुने सानो गलबन्दी ।

**मभिरा–** ना० धानको जस्तो जरा, कालो कन्द, मुटु आकारको पात र सेता फूल हुने एक हिमाली बुटी ।

**मम१–** सर्व० [सं०] १. मेरो; आफ्नो । ना० २. लोभ ।

**मम२/ममचा–** ना० [√ मोमोचा] मैदाको मुछेको पीठोभित्र मसलादार मासुको धूलो हालेरससाना डल्ला पारी बफाएर तयार पारिएको खाद्य पदार्थ; मोमोचा ।

**ममता/ममत्व–** ना० [सं०] १. मम वा मेरो भन्ने भाव, विशेषता वा समझ; स्नेह; माया; अनुराग (जस्तो– बाबुआमाको आफ्नो सन्तानप्रति हुने ममता) । २. मनमा हुने कुनै प्रकारको मोह वा लोभ । ३. 'म ठूलो हुँ' भन्ने अभिमान; घमन्ड ।

**मय१–** प० स० [सं०] १. अरू शब्दका पछिल्तिर गाँसिएर तद्रूपता, विकार, प्रचुरता आदि अर्थ बुझाउने तद्धित प्रत्यय (जस्तो– करुणामय, तेजोमय, जलमय, दयामय इ०) ।

**मय२–** ना० २. पाण्डवहरूका निम्ति भव्य भवन बनाइदिने, स्थापत्यकलामा निपुण एक दानव ।

**मय३–** ना० १. मेक्सिकोको प्राचीन जाति । २. सो जातिको सभ्यता ।

**मयल१–** ना० केही सानो र टर्रो स्वाद भएको एक जातको नास्पाती ।

**मयल२–** ना० [सं० मल] १. शरीरबाट निस्कने विकार (कफ, पसिना, विष्ठा आदि) । २. दोष; विकार । ३. फोहोर पदार्थ; कस ।

**मयलपोस–** ना० [अ० मयामिन+फा० पोश] तुना बाँधेर सुरुवालका साथ जीउमा लाइने, झन्डै घुँडासम्म लत्रिएको एक किसिमको फेरवाल पोसाक; लबेदा; दौरा ।

**मयाँलु–** वि० हे० मयालु ।

**मयायु–** ना० सरकारले दयामाया गरी कसैलाई आयस्ता खान दिएको जग्गा वा भत्ता ।

**मयालु–** वि० [मायाँ/माया+आलु] मायाँलु; मायालु; स्नेहमयी ।

**मयूख–** ना० [सं०] १. किरण; रश्मि; कान्ति । २. चमक; दीप्ति; उज्यालो; प्रकाश । ३. ज्वाला; लप्को । ४. शोभा ।

**मयूर–** ना० [सं०] १. मुजुर । २. एक फूल । ३. 'सूर्यशतक'-का रचयिता एक कवि । ४. पुराणअनुसार सुमेरु पर्वतभित्रको एक पर्वत । – **केतु–** ना० स्वामिकार्तिक; स्कन्द । – **गति–** ना० प्रत्येक चरणमा पाँच यगण, त्यसपछि मगण, यगण र भगण हुने चौबीस अक्षरको एक वार्णिक छन्द । – **गामी–** ना० मयूरमा सवार हुने कार्तिकेय । ~ **पङ्खा–** ना० मुजुरको प्वाँखबाट तयार पारिएको एक थरी पङ्खा । ~ **शिखा–** ना० १. भाले मुजुरको टाउकामा हुने प्वाँखको शिखा वा सिउर । २. सहस्र बुटी ।

**मर्–नु–** अ० क्रि० [सं० मरण+नु] १. जीवजन्तु वा प्राणीको शरीरबाट सदाका लागि प्राण निस्कनु; आयु वा जीवनको अन्त हुनु; स्वर्ग हुने; मृत्यु हुनु । २. वनस्पति, वृक्ष आदि ओइलाएर सुक्नु । ३. कामको बढी चापले साह्रै कष्ट हुनु । ४. कुनै कामकुरालाई अत्यधिक महत्त्वपूर्ण ठानेर त्यसका लागि हरेक प्रकारको कष्ट भोग्न तयार हुनु । ५. खेलमा पराजित हुनु; पासा, पच्चीस आदिमा कुनै गोटी अरूद्वारा खाइनु । ६. नष्ट हुनु; नरहनु (लाज, सङ्कोच, घिन आदि) । ७. असह्य कष्ट हुनु ।

**मर–** ना० [सं०] १. मृत्यु । २. मर्त्यलोक; पृथ्वी ।

**मरकत–** ना० [सं०] पन्ना नामक एक रत्न ।

**मरक्क–** क्रि० वि० [अ० मू० मरक्+क] १. लाज, माया, अनुराग आदिले आङ मर्काउने गरी; सर्माएर । २. दाँत आदिले चपाएर ।

**मरट्ठी–** ना० बोतलको काग वा बिर्कोमा च्यापी घुमाएर झिक्ने झीरजस्तो साधन ।

**मरण–** ना० [सं०] १. मर्ने काम वा भाव; मृत्यु; देहान्त; निधन । २. साहित्यमा वियोगमा मरणासन्न हुने अवस्थाको एक व्यभिचारी भाव । – **शील–** वि० मर्ने स्वभाव वा धर्म भएको । > **मरणान्त/मरणान्तक–** वि० १. नमरुन्जेल मात्र रहने; मरेपछि अन्त हुने । २. ज्यादै कष्टपूर्ण; दुःखदायी । **मरणाशौच–** ना० आफन्त कसैको मृत्यु हुनाले सम्बन्धी वा बन्धुवर्गलाई लाग्ने जुठो; मृत्युको आशौच । **मरणासन्न–** वि० मर्न आँटेको; मर्न लागेको; मर्ने स्थितिमा पुगेको । **मरणोत्तर–** क्रि० वि० मरिसकेपछि; मृत्युपछि; मृत्युउप्रान्त । **मरणोन्मुख–** वि० मरणासन्न । **मरणोपरान्त–** ना० मरेपछि; मृत्युपश्चात् ।

**मरन–** ना० [सं० मरण] मरण; मृत्यु । – **घाट–** ना० मसान; सागर ।

**मरन्च्याँसे–** वि० [मरण+च्याँसे] तत्कालै मरिहाल्ला कि जस्तो दुब्लो; सिट्ठो; फुकीढल ।

**मरमर१–** ना० [फा० मर्मर] एक किसिमको सेतो चिल्लो ढुङ्गो ।

**मरमर२–** क्रि० वि० [अ० मू० मर्+अ (द्वि०)] १. झुरो वस्तु चपाउँदा शब्द आउने गरी; मरमरी । २. सुकेका पातपतिङ्गर माडिँदाको आवाज निस्केर । ना० ३. त्यस्ता खालको शब्द वा ध्वनि । > **मरमरती–** क्रि० वि० मरमर ।

**मरमरम्मत–** ना० [(द्वि०) मरम्मत] मरम्मत; मरमर्मत ।

**मरमरी–** क्रि० वि० [मरमर+ई] मरमर; मरमरती ।

**मरमर्मत–** ना० [√ मरमरम्मत] मर्मत आदि गर्ने काम; मर्मत; सम्भार ।

**मरमऱ्याइ–** ना० [√ **मरमऱ्याउ** (+आइ)] मरमऱ्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मरमऱ्याइनु–** क० क्रि० मरमर शब्द आउने गरी चपाइनु ।

**मरमऱ्याउनु–** स० क्रि० [मरमर+याउ+नु] १. मरमर शब्द आउने गरी दाँतले चपाउनु । २. सुकेका पातपतिङ्गर, खोस्टा, नल आदि माड्नु ।

**मरमसला–** ना० [(द्वि०) मसला] १. जीरा, मरीच, धनियाँ आदि तरकारीमा हाल्ने मसला र यस्तै अरू चीज । २. पान; सुपारी; ल्वाङ, सुकुमेल आदि खाने मला ।

**मरमिजास–** ना० [(द्वि०) मिजास] राम्रो सुहाउँदो मिजास, बानीबेहोरा, बोली आदि ।

**मरमोलाहिजा–** ना० [(द्वि०) मोलाहिजा] खरखुसामद; मोलाहिजा; बेहोरा ।

**मरम्मत–** ना० [अ०] १. टुटेफुटेका वा भत्केबिग्रेका वस्तु बनाउने काम; मर्मत । २. कसैलाई पिटपाट पारेर राम्रो बाटोमा लगाउने काम (लाक्षणिक अर्थमा) । > **मरम्मती–** वि० मरम्मत गरिएको; मरम्मत गर्नुपर्ने ।

**मरवट–** ना० लडाइँमा मर्ने व्यक्तिका छोराछोरी, स्वास्नी आदिलाई छोरा कमाउन सक्ने नहुन्जेल भरणपोषणका लागि दिइने जग्गाजमिन वा वृत्ति; मरेपछिको इनाम (दिव्य०) ।

**मरहट्टी–** ना० [प्रा०] ठूलठूला पात, टुप्पामा रातो किसिमका लप्सीका गेडाका आकारको फूल हुने एक बुटी ।

**मरहट्ठा–** ना० महाराष्ट्रका निवासी, महाराष्ट्री; मराठी ।

**मराइ–** ना० [√ **मर्** (+आइ)] मर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मराइ–** ना० मार्ने क्रिया वा प्रक्रिया । **मराइनु–** क० क्रि० मर्न लाइनु; मर्ने पारिनु । **मराउनु–** प्रे० क्रि० मर्न वा मार्न लाउनु ।

**मराठी–** वि० महाराष्ट्रको; महाराष्ट्रसम्बन्धी । ना० महाराष्ट्रका निवासी; महाराष्ट्रको भाषा ।

**मराल–** ना० [सं०] १. रजहाँस; राजहंस । २. एक जलचर पक्षी; कारण्डव । ३. घोडा । ४. बादल । ५. बदमास ।

**मरिचे–** वि० [मरीच+ए] १. मरीचजस्तो पिरो । २. सानो भए पनि कडा स्वभावको (मानिस) । ~ **खोर्सानी–** ना० साना ढिँडी हुने पिरो खालको खोर्सानी ।

**मरिनु–** अ० क्रि० [मर्+इ+नु] १. प्राण त्याग गरिनु । २. लज्जित भइनु ।

**मरिमेट्‌नु–** अ० क्रि० [मर्+इ+मेट्+नु] कुनै कामका लागि अदम्य प्रयास गर्नु; दिलोज्यान दिएर काममा संलग्न हुनु । > **मरिमेटाइ–** ना० मरिमेट्ने काम । **मरिमेटाइनु–** क० क्रि० मरिमेट्न लाइनु । **मरिमेटाउनु–** प्रे० क्रि० मरिमेट्न लाउनु । **मरिमेटिनु–** अ० क्रि० कुनै कामका लागि अदम्य प्रयास गरिनु; प्राणै दिने गरी काममा लागिनु । **मरिमेटी–** क्रि० वि० मरिमेट्ने किसिमले; दिलोज्यान दिएर ।

**मरियाँत–** ना० [सं० मरण+यात्रा] मलामी ।

**मरीच–** ना० [सं०] लाम्चा साना पात हुने, झुप्पा परेका साना काला गेडा फल्ने एक लहरो वा त्यसैको फल । ~ **बुट्टा–** ना० प्रायः घरबुना कपडामा काला थोप्लाथोप्ला देखिने हिसाबले राखिएका बुट्टा; मरीचका जस्ता बुट्टा ।

**मरीचि–** ना० [सं०] १. प्रथम मनुबाट उत्पन्न भएका दस मूल पुरुषमध्ये एक; ब्रह्माका दस मानस पुत्रमध्ये एक; प्रजापति । २. किरण; कान्ति; चमक । ३. मृगतृष्णा । ४. सप्तर्षिमध्येका एक प्राचीन ऋषि । > **मरीचिका–** ना० मृगतृष्णा; मृगमरीचिका ।

**मरीचे–** वि० हे० मरिचे ।

**मरु१–** ना० तुलसीका जस्ता पात हुने, साना गोलागोला सेता फूल हुने एक वन्य बुटी; मरुवा ।

**मरु२–** ना० [सं०] ऊसर जमिन; मरुभूमि ।

**मरु३–** अ० क्रि० [नेवा०] छैन; नभएको (ढङ्ग मरु) ।

**मरुई–** ना० [सं० मधुरा] लाम्चा पात, राता फूल, सेता टीकाटीका परेका हरिया फल र ठूलो कन्द हुने एक लहरो ।

**मरु गणेश–** ना० काष्ठमण्डप वा काठमाडौँको छेउमा रहेका एक प्रसिद्ध गणेश; अशोक विनायक ।

**मरुत्–** ना० [सं०] १. हावा; वायु । २. वायुका देवता । ३. प्राण । > **मरुत्वान्–** ना० १. हनुमान् । २. इन्द्र ।

**मरुद्यान–** ना० [सं०] मरुभूमिको रसिलो वा सेपिलो जमिन ।

**मरुभूमि–** ना० [सं०] पानी नभई सर्वत्र बालुवैबालुवा भएको, ज्यादै सुक्खा जमिन; रेगिस्तान; मरुस्थल ।

**मरुले–** ना० [तुल० नेपाली मारुनी, मरौ+ले] सेती अञ्चलको अछाम जिल्लाहुँदो प्रत्येक वर्ष भाद्रसङ्क्रान्तिका दिन सार्वजनिक रूपमा मनाइने, गाईजात्रासँग मिल्दोजुल्दो एक चाड ।

**मरुवा१–** वि० [मर्+उवा] १. मर्ने किसिमको; मरेर जाने । २. बहालवाला जागिरदार कोही मरेर रिक्त हुन गएको (कुनै पद वा खान्गी) ।

**मरुवा२–** ना० [सं० मरुव] हे० मरु (बुटी) ।

**मरुस्थल–** ना० [सं०] मरुभूमि; रेगिस्तान ।

**मरूद्‌भिद्–** ना० [सं०] मरुभूमिमा पाइने बोटबिरुवा ।

**मरोट / मरौट–** ना० [मर्+औट] मर्ने काम; मराइ । ~ **छाप / बिर्ता–** ना० पुरानो चलनअनुसार देशको भलाइका निम्ति प्राण दिने मानिसका सन्तानलाई सरकारबाट जीविकाका लागि दिइने बिर्ता । > **मरौटे–** वि० १. मरेकाका लागि गरिने; मृतकका उद्देश्यको । ना० २. मर्ने रोग; रूढी । **मरौटो–** ना० मृतकका निमित्तको वस्तु; मृतकका उद्देश्यले दिइने वस्तु ।

**मरौपरौ–** ना० [मर्+औ+पर्+औ] मर्दापर्दाको अवस्था; आपत्-

विपत्‌मा हेर्नुपर्ने र अरू वेला सघाउनुपर्ने स्थिति ।

**मर्क–नु१–** अ० क्रि० [मारक+नु] १. भाँचिएझैँ हुनु; टेढिनु; बाङ्गिनु । २. निमोठिनु; बटारिनु । ३. मर्मर चपाइनु ।

**मर्क–नु–२–** अ० क्रि० [सं० मर्दन+नु] १. शरीरका अङ्गप्रत्यङ्ग भाँचिने, खँजाहा हुने गरी निमोठिनु वा बटारिनु । २. करकरी जीउ खानु; डाहा हुनु ।

**मर्कट–** ना० [सं०] १. बाँदर; लङ्गूर । २. माकुरो । ३. सारस । ४. एक किसिमको विष ।

**मर्करी–** ना० [अङ्०] १. पारो; पारोको बाफ राखिएको, नली आकारको, ज्यादै उज्यालो प्रकाश दिने बिजुली बत्ती (टचुबलाइट) ।

**मर्का–** ना० [मर्क+आ] १. कुनै चीजको अभाव खड्कनाले हुने पिरलो; चर्को खाँचो । २. अड्काउ; बाधा । ३. अन्याय । ४. आन्तरिक वेदना; मर्म ।

**मर्काइ–** ना० [√ **मर्क** (+आइ)] १. मर्कने भाव, क्रिया वा प्रक्रिया । [मर्काउ+आइ] २. मर्काउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मर्काइनु–** क० क्रि० मर्कन लाइनु । **मर्काउनु–** स० क्रि०/प्रे० क्रि० १. हातले समातेर परपरी बेर्नु वा बटार्नु; निमोठ्नु । २. मर्म पर्ने गरी हात, खुट्टा आदि बङ्ग्याउनु; भाँचिएलाजस्तो पार्नु । ३. थकाइ मेट्न आङ तान्नु; जोरसँग आङ चलाउनु ।

**मर्किनु–** अ० क्रि० [मर्क+इ+नु] १. मर्कनु । २. मर्कने वा निमोठिने होइनु ।

**मर्की–** ना० [सं० मरक] १. भुइँतला आदिमा वज्र ठोक्ने काठको मुङ्ग्रो । २. खोकीसहितको रुघाको जरो; रुघाखोकी ।

**मर्चमाने–** ना० मसिना र छोटाछोटा कोसा हुने एक जातको केरा ।

**मर्चा–** ना० जाँडरक्सी आदि बनाउने अन्नमा अनुपात मिलाई घोलिने एक प्रकारको मसला ।

**मर्जा–** ना० विवाहका समयमा जन्तीलाई खुवाउन केटापक्षकाले केटीपक्षलाई दिइने धान, चामल आदि रासन । (विशेषतः कालीकोट जिल्लाका मतवाली क्षेत्रीहरूमा प्रचलित) ।

**मर्जी–** ना० [अ० मरजी] १. अह्रोट; आदेश; आज्ञा; आडर । २. कुनै कामकुरामा दिइने सहमति; मन्जुरी; स्वीकृति । ३. राणाशासनका समयमा प्रधानमन्त्रीभन्दा तलका उच्च अधिकारीले दिने आज्ञा । ४. मनसुबा; इच्छा ।

**मर्तापर्ता–** ना० [मर्+ता+पर्ता] रैती मर्नाले बाँझो रहेको जग्गा ।

**मर्त्य–** ना० [सं०] १. मान्छे; मनुष्य; मानव । २. मर्त्यलोक; पृथ्वी । वि० ३. नाश हुने वा मर्ने स्वभाव भएको; मरणशील ।

**मर्थरी–** ना० अलखा; कठालो नभएको ह्वार्लाङे कुर्था ।

**मर्द–** ना० [फा०] १. पुरुष जातिको व्यक्ति; लोग्नेमान्छे; पुरुष; भाले । वि० २. पुरुष जातिको; पुंस्त्व भएको । ३. शक्तिशाली; वीर; जमामर्द । ४. साहसी; आँटी ।

**मर्दन–** ना० [सं०] १. जीउमा तेल, बुकुवा आदि घस्ने काम; तेलारी; मालिस । २. रगड्ने वा मिच्ने काम; आङमिचाइ । ३. सताउने काम । ४. नाश; विध्वंश ।

**मर्दल–** ना० [सं०] मृदङ्गका छाँटको एक थरी प्राचीन तालबाजा ।

**मर्दाङ्गी–** ना० [फा० मर्दानगी] मर्दसुहाउँदो काम; बहादुरी; पौरख ।

**मर्दाना–** वि० [फा०] १. मर्दको; मर्दसँग सम्बन्धित (धोती, शौचालय आदि) । वि० जनाना ।

**मर्दा पर्दा–** क्रि० वि० [मर्+दा+पर्+दा] गाह्रोसाङ्ग्रो परेको बेलामा; अप्ठेरो स्थिति देखेर ।

**मर्दित–** वि० [सं०] १. मर्दन गरिएको; मालिस गरिएको; माडिएको । २. पीडित । ३. दबाइएको । ४. नाश पारिएको; विध्वस्त ।

**मर्दाइँ–** ना० [मर्द+याइँ] १. मर्द हुनाको भाव वा अवस्था; पुरुषत्व; पुंस्त्व । २. मर्दको गुण वा अवस्था; वीरता; पराक्रम ।

**मर्म–** ना० [सं०] १. चोटपटक लाग्दा वा एक्कासि बज्रँदा साह्रै दुख्ने र ज्यानसमेत जाने सम्भावना हुने शरीरको कोमल अङ्ग; मर्मस्थल । २. शरीरका हाड, नसा आदिको जोर्नी; सन्धिस्थल । ३. गुप्ती कुरो; आन्तरिक रहस्य; भेद । ४. भित्री आशय; केन्द्रीय भाव; तात्पर्य । ५. भित्री चोट; आन्तरिक वेदना; मर्का । **–घाती–** वि० १. मर्ममा चोट पुऱ्याउने; साह्रै सताउने । २. मनमा आघात पुऱ्याउने । > **मर्मच्छेदन–** ना० १. कसैलाई मनमा चोट पुग्ने गरी वचन लाउने काम । २. मर्ममा आघात पुऱ्याउने काम । **मर्मच्छेदी–** वि० मर्मच्छेदन गर्ने; मनमा, दिलमा चोट पुऱ्याउने; मर्मभेदी । **– ज्ञ–** वि० १. मर्म जान्ने । २. रहस्यको सुइँको पाएको । ३. वास्तविक तत्त्वसँग परिचित; तत्त्वज्ञ ।

**मर्मत–** ना० [अ० मरम्मत] १. बिग्रेको वा टुटेफुटेको वस्तुलाई फेरि ठीक पारेर राम्रो अवस्थामा ल्याउने काम । २. ठीक बाटामा ल्याउन गरिने मारपिट (लाक्षणिक अर्थमा) ।

**मर्मभेद–** ना० [सं०] १. मर्ममा चोट पुऱ्याउने काम; मन दुखाउने व्यवहार । २. रहस्य खोल्ने काम; रहस्यको उद्घाटन । > **मर्मभेदी–** वि० १. मर्मस्थलमा चोट पुऱ्याउने; मर्मच्छेदी । २. सताउने; ज्यादै दुःख दिने । ना० ३. बाण ।

**मर्मर–** क्रि० वि० [सं०] १. सुक्खा पातपतिङ्गर, खोस्मेरा आदि चलाउँदा वा हल्लँदा शब्द आउने गरी । ना० २. त्यस्तो शब्द वा आवाज ।

**मर्म वचन/मर्म वाक्य–** ना० [सं०] हृदयमा आघात पर्ने कुरो; मनमा चोट पर्ने वचन ।

**मर्मविद्/मर्मवेत्ता–** ना० [सं०] मर्मज्ञ ।

**मर्मवेधी–** वि० [सं०] मर्मभेदी ।

**मर्मस्थल/मर्मस्थान–** ना० [सं०] १. मर्म पर्ने ठाउँ; चोट लाग्दा साह्रै दुख्ने र ज्यान पनि जान सक्ने शरीरको कुनै कमलो भाग । २. हाड, मासु आदिको जोर्नी; सन्धिस्थल ।

**मर्मस्पर्शी–** वि० [सं०] १. हृदयमा छोएर तीव्र प्रभाव पार्ने; मार्मिक । २. मनमा आघात पुऱ्याउने; मर्मभेदी ।

**मर्माघात–** ना० [सं०] मर्मस्थलमा गरिएको आघात; दिलमा परेको चोट ।

**मर्मान्तक/मर्मान्तिक–** वि० [सं०] हृदयमा गहिरो चोट पर्ने; मर्मभेदी ।

**मर्मान्वेषण–** ना० [सं०] मर्म वा भित्री रहस्यको खोजीनिती; रहस्य पत्ता लगाउने काम; वस्तुतथ्यको अन्वेषण ।

**मर्माहत–** वि० [सं०] मर्ममा आघात गरिएको; हृदयमा गहिरो चोट लागेको; पीडित ।

**मर्मोद्घाटन–** ना० [सं०] भित्री गुह्य कुरो प्रकाशमा ल्याउने काम; रहस्यको उद्घाटन ।

**मऱ्याक–** ना० [अ० मू० मऱ्याक्+अ] चपाउने, भाँचिने, दोब्रिने आदि चाल वा शब्द । ~ **मऱ्याक–** ना० मूला, काँक्रो आदि टोकिने वस्तु चपाउने वा चपाउँदा शब्द आउने गरी । ~ **मुरुक–** क्रि० वि० १. भुरो वस्तु दाँतले चपाउँदा शब्द आउने गरी; मऱ्याकमऱ्याक । २. भाँच्ने वा निमोठ्ने चालले; भाँचभुँच । > **मऱ्याक्क–** क्रि० वि० १. भुरो चीज जोडसँग चपाउँदा शब्द आउने गरी । २. एक्कासि भाँचिने वा भाँच्दा आवाज निस्कने चालले । ३. सहसा मर्कने वा मर्काउने चालले ।

**मऱ्याङ–** ना० [अ० मू० मऱ्याङ्+अ] काँक्रो, मकै आदि चपाउने चाल वा शब्द । – **मऱ्याङ/मुरुङ–** क्रि० वि० भुटेका गेडागुडी (मकै, भटमास आदि) चपाउने गरी । > **मऱ्याङ्ङ–** क्रि० वि० एकै खेपमा मऱ्याङको वेग, चाल वा शब्दका साथमा ।

**मर्यादा–** ना० [सं०] १. कुनै कामकुरो यतिसम्म गर्न हुन्छ भन्ने वा यहाँसम्म जान सकिन्छ भन्ने टुङ्गो; सीमा; हद । २. परम्परागत रीतिथिति; चालचलन । ३. नैतिक बन्धन । ४. प्रचलित नियम; व्यावहारिक प्रणाली । ५. कबुल; प्रतिज्ञा । ६. इज्जत; प्रतिष्ठा; मान । ७. सात्त्विक आचरण; धर्म । ८. तोकिएको समय; निश्चित अवधि । ९. किनारा; तट । ~ **पालक/पालन–** ना० सदाचार वा परम्परागत नीति-नियमको पालन । ~ **पुरुषोत्तम–** ना० दशरथका पुत्र राम । ~ **भङ्ग–** ना० मर्यादा वा नैतिक विधिविधान पालन नगर्ने काम; मर्यादाको उल्लङ्घन । > **मर्यादी–** वि० १. मर्यादाको राम्रो पालन गर्ने; सदाचारी । २. निश्चित सीमाभित्र रहेको ।

**मर्लान्त–** वि० [सं० मरणान्त] १. चोटपटक आदि लागेर वा बिरामी परेर मर्ने अवस्थामा पुगेको । २. साह्रै थाकेको; लत्र्याँस्स ।

**मर्स्याङ्दी–** ना० [भो० ब०] मुक्तिनाथ डाँडाको पूर्वी ढालबाट पैदा भई मुगलिङमा त्रिशूली नदीसँग मिसिने सप्त-गण्डकीमध्येको एक प्रसिद्ध नदी ।

**मल्-नु–** स० क्रि० [सं० मर्द्+नु] १. हातगोडा मिच्नु; माड्नु । २. तेल, बुकुवा आदि जीउमा दल्नु; मालिस गर्नु । ३. घोटेर वा दलेर कुनै वस्तुहरू आपसमा मिलाउनाका लागि मुछ्नु । ३. खुसामद गर्नु (हात मल्नु) ।

**मल–** ना० [सं०] १. मयल; कस । २. शरीरबाट निस्कने विकार (खकार, सिँगान, कानेगुजी, चिप्रा आदि) । ३. विष्ठा; गुहु । ४. धातुको कस; कीट; खिया । ५. विकार; दोष । ६. नैतिक वा धार्मिक अपराध; पाप । ७. घिउको बिलाउनी वा तेलको काती । ८. छालाको लुगा । ९. कपूर । १० बोटबिरुवा हुर्काउनाका लागि माटामा मिलाइने उर्वरक तत्त्व; खाद । ~ **खाल्डो–** ना० गोठकटेरोसँगै रहेको, गोबर, भकारो आदि जम्मा गर्ने ठाउँ; मल बनाउनाका लागि घाँस सोतर आदि कुहाउने खाल्डो । ~ **चाँदी–** ना० कमसल खालको वा कसर भएको चाँदी । ~ **डोको–** ना० बर्खे मल खेतबारीमा पुऱ्याउँदा बोक्नका लागि प्रयोग गरिने डोको । – **द्वार–** ना० दिसा निस्कने प्वाल; गुदद्वार ।

**मलन–** ना० [सं०] १. लिपपोत । २. घसघास ।

**मलम–** ना० [अ० मरहम] घाउ, खटिरा आदिमा लगाइने एक लेसिलो औषधी; लेप; प्रलेप; मलहम । ~ **पट्टी–** घाउखटिरा आदिमा मलम आदि लाएर त्यसमाथि बाँधिने पट्टी ।

**मलमल–** ना० एक जातको सेतो मिहिन कपडा ।

**मलमास–** ना० [सं०] अधिक मास; पुरुषोत्तम महिना ।

**मलमूत्र–** ना० [सं०] मूत्रज; युरिया; नाइट्रोजन मल ।

**मलय–** ना० [सं०] १. भारतको दक्षिण भागमा अवस्थित एक पर्वतशृङ्खला; मलयाचल । २. चन्दन; श्रीखण्ड ।

**मलयागरु/मलयागिरि–** ना० [सं० मङ्गल्यागरु] सेता भावका फूल, हरिया फल, लाम्चा पात र सेता काण्ड हुने एक प्रकारको रूख वा त्यसैको फल ।

**मलयाचल–** ना० [सं०] भारतको दक्षिण भागमा रहेको, श्रीखण्डका वृक्ष पाइने एक प्रसिद्ध पर्वत; मलयागिरि ।

**मलयानिल–** ना० [सं०] मलयाचल पर्वत भएर आउने सुगन्धी हावा; मलयसमीर; दक्षिणी हावा ।

**मलसाँप्रो–** ना० खैरो र कालो रङको, न्याउरीमुसाका आकारको एक वन्य जन्तु ।

**मलसाङ्लो–** ना० [मल+साङ्लो] मल भएका ठाउँमा हुने कालोकालो रङको साङ्लो ।

**मलहम–** ना० [अ० मरहम] हे० मलम । ~ **पट्टी–** ना० मलमपट्टी ।

**मलाइ–** ना० [√ **मल्** (+आइ] मल्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मलाइनु** क० क्रि० मल्न वा मिच्न लाइनु ।

**मलाई–** ना० दूधको तर; बसौँदी छाली; क्षीरसार ।

**मलाउनु–** प्रे० क्रि० [मल्+आउ+नु] मल्न वा मिच्न लाउनु ।

**मलाम–** ना० मृत व्यक्तिको दाहसंस्कार गर्न नियत स्थानमा वा मसानघाटमा लैजाने काम; शवयात्रा । > **मलामी–** ना० मलाम जाने मानिस; मुर्दाको सद्गतिका लागि साथ जाने व्यक्ति ।

**मलायो–** ना० ठूलो केराउका दानाजत्रा राता, गुलिया भावका अमिला गेडा हुने, भुप्पा फल फल्ने, आँख्लैपिच्छे लाम्चा किसिमका बाटुला पात हुने र प्रायः चूक बनाइने एक जातको लेकाली लहरो वा त्यसैको फल ।

**मलावरोध–** ना० [सं०] १. खुलेर दिसा नहुने अवस्था; कब्जियत । २. गोटा पर्ने स्थिति ।

**मलाशय–** ना० [सं०] पेटभित्र लादी रहने थैलो; लाद्रो ।
**मलाहा–** ना० [अ० मल्लाह] नाविक; मल्लाह; माझी ।
**मलिगिरी–** ना० विभिन्न आकारका पात हुने, भेट्नु भएको कपूरजस्तो फुल्ने (लरेसी समूहको) बास्नादार एक बोट ।
**मलिन–** वि० [सं०] १. मल भएको; घिनलाग्दो; फोहोर । २. अशुद्ध; अपवित्र । ३. उज्ज्वल नभएको; अँध्यारो; मलिनु । ४. ओइलाएको; निस्तेज । ५. नीच; कपटी । ६. पापी; दुश्चरित्र । **– ता–** ना० मलिन हुनाको भाव वा अवस्था ।
**मलिनु१–** वि० [सं० मलिन] हे० मलिन ।
**मलिनु२–** क० क्रि० [मल्+इ+नु] मल्ने काम गरिनु; माडिनु; मालिस गरिनु ।
**मलिमस–** वि० [सं०] १. कालो; कल्सौंदो । २. मलिन ।
**मलिलो१–** वि० [सं०] १. कालो; कल्सौंदो । २. मलिन ।
**मलिलो२–** वि० [मल+इलो] मल पुगेको; उब्जाउ हुने खालको; उर्वर (माटो वा जग्गाजमिन) ।
**मलुको१–** वि० पाइन कडा नभएको; मलुवा ।
**मलुको२–** ना० हिमालयमा पाइने, कर्कलाका जस्ता केही लाम्चा पात, गानु र गाभो हुने एक जातको वनस्पति; जलुकोको एक प्रकार ।
**मलुवा–** वि० [मल्+उवा] १. माडिएको; मलेको । २. मलेर वा माझेर टलक्क पारिएको; टल्काइएको । ३. कडा पाइन नभएको; मलुको । ४. हल्का स्वादको (सुर्ती, तमाखु, बिडी इ०) ।
**मलेदा१–** ना० [अ० मलीद] ऊनको ओढ्ने बर्को; तयँगा ।
**मलेदा२–** ना० [सं० मर्दित] अक्षर वा छाप खिइएर चिल्लो भएको टक वा सिक्का ।
**मलेया–** ना० घेराभित्र पारिएको, ग्रामीण क्षेत्रको जमिन ।
**मलेरिया–** ना० [अङ्० मेलेरिया] एनोफिलिस नाउँको लामखुट्टेले टोकेपछि मानिसको शरीरमा लाग्ने एक सङ्क्रामक रोग; औलो ज्वरो; कामज्वरो; औलो ।
**मलेवा–** ना० जङ्गलमा पाइने परेवाका जातको एक पक्षी; जङ्गली परेवा । > **मलेवी–** ना० पोथी मलेवा ।
**मलेसिया–** ना० वर्मा (म्यानमार) भन्दा दक्षिणतिर रहेको एउटा मुस्लिम देश ।
**मलोहो–** ना० खसीबाखाका मुखमा आउने एक प्रकारको रोग ।
**मलौटो–** वि० परिवारमा केही पनि नभएको; ठिङ्गो; एक्लो ।
**मल्क-नु–** अ० क्रि० [मलक्क+नु] १. फुर्तीसँग हिँड्नु; जाँगरका साथ यताउति जानु; फत्याकफुरुक गर्नु । २. एक्कासि देखा पर्नु; मुल्किनु । > **मल्काइ–** ना० मल्कने भाव, क्रिया वा प्रक्रिया । **मल्काइनु–** क० क्रि० मल्कन लाइनु; मल्कने पारिनु । **मल्काउनु–** प्रे० क्रि० मल्कन लाउनु । **मल्किनु–** अ० क्रि० १. मल्कनु । २. यताउति मल्कने होइनु ।
**मल्को१–** ना० १. हलक्क बढ्ने काम; बन्दै गएको अवस्था । २. विशेष फाइदा हुने काम वा कुरो । (उखान– **जतातिर मल्को, उतातिर ढल्को ।**)
**मल्को२–** ना० [सं० मूलक] पानीको प्रवाह; धारा ।
**मल्खिनु–** अ० क्रि० [मल्खु+इ+नु] मकैको फग्ल्याँटो पर्नु; मल्खु हुनु ।
**मल्खु–** ना० [सं० म्लक्ष] १. खस्रो पारेर पिँधी फग्ल्याँटो पारिएको मकै । २. पृथ्वी राजमार्गमा पर्ने एक खोलो र सोही खोलानजिकको बस्ती । > **मल्खे–** वि० १. टुक्र्याइएको; खोस्टयाइएको । २. मल्खुजस्तो ।
**मल्याकमिलिक–** क्रि० वि० [(द्वि०) अ० मू० मिलिक्+अ] १. आकाशमा झल्याकझुलुक बिजुली चम्किने गरी । २. कामकुरो तुरुन्तै समाप्त हुने किसिमले; झाटझुट ।
**मल्याकमुलुक–** क्रि० वि० [(द्वि०) अ० मू० मुलुक्+अ] १. जिज्ञासा, भय, शङ्का आदिका कारणले वरपर हेर्ने गरी; पल्याकपुलुक । २. आँखा छलेर तत्कालै सामान बेपत्ता पार्ने गरी ।
**मल्ल–** ना० [सं०] १. नेपालको पर्वत जिल्लाअन्तर्गत, मल्लाजवासी क्षत्रियजाति । २. नेपालको मध्यकालीन इतिहासमा प्रसिद्ध शासकवर्ग । ३. द्वन्द्वयुद्धमा पोख्त व्यक्ति; पहलमान । ~ **भूमि–** ना० १. मल्लयुद्ध गर्ने ठाउँ । २. मल्लहरूको मूलथलो । ~ **युद्ध–** ना० द्वन्द्वयुद्ध; कुस्ती । ~ **विद्या–** ना० कुस्ती खेल्न सिकाउने कला; पहलमानी विद्या । **– शाला–** ना० मल्लभूमि ।
**मल्लार–** ना० [सं०] सङ्गीतशास्त्रमा प्रसिद्ध मेघरागको एक रागिनी ।
**मल्लाह–** ना० [अ०] डुङ्गा वा नाउ चलाउने पेसा भएको व्यक्ति; बोटे; माझी ।
**मल्लिँडो–** ना० १. जीराजस्तो गेडा फल्ने तर भित्र गुदी नहुने प्रायः धानखेतमा हुने बन्सोजस्तो एक झार । २. हलुवावेदजस्तै तर अमिलो फल फल्ने एक वनस्पति; खजुरी; थाकल; चिरौंडो ।
**मल्लिका–** ना० [सं०] १. उज्जर र सुगन्धी खालको बेलीजस्तो एक फूल; एक जातको चमेली फूल । २. मालती लहरो वा त्यसैको फूल । > **मल्लिकार्जुन–** ना० श्रीशैलमा अवस्थित शिवको एक ज्योतिर्लिङ्ग ।
**मल्ली१–** ना० [सं०] १. मल्लिका । २. मल्ल राजासित सम्बद्ध वा तिनले चलाएको (मुद्रा, जस्तो– महेन्द्रमल्ली) ।
**मल्ली२–** वि० [मल्लो+ई] माथिल्लो; माथिको; माथि भएको ।
**मल्लो–** ना० चुच्चाचुच्चा र चिल्ला पात हुने एक वृक्ष ।
**मशक–** ना० [सं०] १. लामखुट्टे । २. पानी राख्नका लागि बनाइएको छालाको थैलो । ३. जीउमा निस्कने एक प्रकारको कोठी वा मुसो ।
**मशान–** ना० [सं० श्मशान] हे० मसान ।
**मशाल–** ना० [अ०] हे० मसाल ।
**मसक्क–** क्रि० वि० [अ० मू० मसक्+क] १. बलियो गरी बाँध्ने चालले; मस्कने वा मस्काउने गरी । २. कुनै कामकुरो एकाएक आँट्ने गरी; सहसा । ३. धाक वा लाज मान्ने चालले; सर्माएर ।

**मसनद**– ना० [अ०] अडेसा लाग्ने आरामदायक ठूलो तकिया; बालिस्ट ।

**मसमन्डी**– क्रि० वि० बालीनाली, लुगाफाटो आदि चीजबीजलाई माड्ने र कुल्चीमिल्ची पार्ने गरी; खाँदखुँद पार्ने गरी छरेर ।

**मसराइज**– ना० [अङ्० मर्सराइज्ड] कास्टिक सोडाजस्ता रासायनिक वस्तुद्वारा बलियो र रेसमी कपडाजस्तो चम्कने पारिएको सूती कपडा । (बेलायतका जे० मर्सर (१७९१-१८६६ इ०) यस प्रविधिका आविष्कारक थिए) ।

**मसल**– ना० [सं० मांसल] पाखुरा, छाती, पुट्ठा आदिमा भएको मासुको खाँदिएको भाग । – **दार**– वि० १. मसल भएको । २. कसरती ।

**मसलन्द**– ना० [अङ्० मिसलेनियस] कार्यालयको दैनिक कार्यसञ्चालनका लागि चाहिने कागत, कलम, मसी आदि वस्तु र यस्तै फुटकर कामका लागि छुट्याइने खर्च वा रकम ।

**मसला**– ना० [अ० मसालेह] १. तिहुन, तरकारी आदि खाद्य परिकारलाई स्वादिष्ठ पार्न अनुपात मिलाई मिसाइने वस्तु; जीरा, धनियाँ, मरीच, ल्वाङ, जाइफल आदि पदार्थ; मसाला । २. काजु, पेस्ता, किसमिस, सुपारी, नरिवल आदि सुकेका फलहरू; ल्वाङ-सुपारी । ३. टर्च बाल्न र रेडियो आदि बजाउन भित्र हालिने विद्युत्तत्त्वीय एक रासायनिक पदार्थ; ब्याटरी । ४. कुनै विशेष कामकुराका निम्ति तयार पारिएका औषधी वा रासायनिक वस्तुहरूको मिश्रण । ५. ढलान गर्न वा इँटा, ढुङ्गा आदि जोर्न तयार पारिएको सिमेन्ट, बालुवा, गिट्टी आदिको आनुपातिक मिश्रण । ६. प्रायः चौडा सडकका छेउछेउमा लाइने, सेता भुवादार फूल फुल्ने र घण्टीका आकारका साना फल लाग्ने एक जातको सुगन्धी फूल । ७. हलक्क बढ्ने र अग्लो भुरो बोट हुने एक जातको रूख । – **दार**– वि० सुगन्धित मसला मिलाइएका (तिहुन-तरकारी, पुलाउ आदि) । ~ **दोसा**– ना० मसला हालेर तयार पारिएको, सुपसमेत राखेर खाइने दोसाको एक प्रकार ।

**मसल्ची**– ना० [मालिस+ची] मालिस गर्ने व्यक्ति ।

**मसविदा**– ना० हे० मसौदा ।

**मसाइ**– ना० [√ **मास्** (+आइ)] मास्ने वा खर्च गर्ने क्रिया वा प्रक्रिया । [ > ] **मसाइनु**– क० क्रि० मास्न लाइनु; खर्च गराइनु । **मसाउनु**– प्रे० क्रि० मास्न लाउनु; खर्च गराउनु ।

**मसाङ्ग्रि-नु**– अ० क्रि० १. बिस्तारै सुकेर चाउरिनु; सुक्तै जानु; साँघुरिनु । २. लाज वा सरमले मस्कनु । ३. रोग आदि मत्थर हुनु वा कम हुनु । > **मसाङ्ग्याइ**– ना० मसाङ्ग्रिने भाव, क्रिया वा प्रक्रिया । **मसाङ्ग्याइनु**– क० क्रि० मत्थर वा कम पारिनु । **मसाङ्ग्याउनु**– प्रे० क्रि० मसाङ्ग्रिन लाउनु; मत्थर पार्नु ।

**मसान**– ना० [सं० श्मशान] मुर्दा जलाउने वा गाड्ने ठाउँ; मरेको मान्छेको सद्गत गर्ने ठाउँ; मसानघाट; चिहान; मशान । ~ **घट्टा / घाट**– ना० मुर्दा जलाउने वा गाड्ने ठाउँ । ~ **चोक**– ना० हे० कन्हेलचोक ।

**मसाने**– वि० [मसान+ए] १. मसानसँग सम्बन्धित; मसानको । २. मसानमा बस्ने (व्यक्ति) । ना० ३. धामीझाँक्री विद्या जान्ने व्यक्ति; झारफुके मान्छे । ~ **भूत**– ना० मसानमा बस्ने भूत-प्रेत आदि ।

**मसान्त**– ना० [सं० मासान्त] सौर मासको अन्तिम दिन; महिनाको सबैभन्दा पछिल्लो दिन ।

**मसार्-नु**– स० क्रि० [√ मुसार्+नु] १. हल्का किसिमले सुमसुम्याउनु; मुसार्नु । २. दाह्री, जुँगा, कपाल आदिलाई हातले बिस्तारै तह लाउनु; सम्म्याउनु । > **मसाराइ**– ना० मसार्ने भाव, क्रिया वा प्रक्रिया । **मसारिनु**– क० क्रि० मसार्न लाइनु; मुसारिनु ।

**मसाल**– ना० [अ० मशाल] चिराक; बल्दो आगो; मशाल । ~ **जुलुस**– ना० राती हातमा मसाल लिएर निस्कने जुलुस ।

**मसाला**– ना० [अ० मसालेह] हे० मसला ।

**मसाले**– वि० [मसाल+ए] १. हातमा चिराक लिएको; मसाल बोकेको । २. राँके ।

**मसिन**– ना० [अङ्० मेशीन] मेसिन; यन्त्र ।

**मसिनि-नु**– अ० क्रि० [मसिनो+इ+नु] पहिलेभन्दा खिइनु; मसिनो हुनु ।

**मसिनी**१– ना० [मसी+इनी, सं० मषीधानी] मसी राख्ने भाँडो; मसीदानी; मस्यानी ।

**मसिनी**२– वि० [मसिनो+ई] १. मसिनो स्वरले बोल्ने (स्त्री) । २. नरम स्वाभावकी (स्त्री) ।

**मसिनु / मसिनू / मसिनो**– वि० [सं० मसृण] १. मोटो नभएको; झीनो; सानो; सूक्ष्म । २. तीखो र मिठास भरिएको; मधुर (स्वर) । ३. खस्रो नभएको; मिहिन; मसिनु । ४. कोमल; मृदुल; ना० नरम । ५. पातलो (कपडा) । ६. सानो दाना भएको र स्वादिलो धान, चामल आदि ।

**मसिन्याइ**– ना० [√ **मसिन्याउ**– (+आइ)] मसिन्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मसिन्याइनु**– क० क्रि० मसिन्याउन लाइनु; मसिनो पारिनु ।

**मसिन्याउनु**– स० क्रि० [मसिनो+याउ+नु] मसिनो तुल्याउनु वा पार्नु; मिहिन बनाउनु ।

**मसी**– ना० [सं०] १. कलमभित्र भरेर वा कलमले चोपेर लेख्ने कालो, नीलो, रातो आदि रङ । २. ब्लक, टाइप, लिथो आदिमा लगाएर छाप्ने कुनै पनि रङ । ~ **उद्योग**– ना० मसी बनाउने र त्यसको बिक्री-वितरणको व्यवस्था मिलाउने उद्योग वा व्यवसाय । – **जीवी**– वि० लेख्ने काम गरेर जीविका चलाउने । – **दान / दानी**– ना० मसिनी; मसी हाल्ने भाँडो ।

**मसुली**– ना० १. तराईखण्डमा पानी कम हुने खेतमा लगाइने एक प्रकारको धान । २. एक किसिमको जडीबुटी ।

**मसृण**– वि० [सं०] १. मुलायम; कमलो । २. चमकदार; टल्कने; चिल्लो । ३. मसिनु । ४. मधुर; मीठो ।

**मसेल्लो**– वि० १. नरम; कोमल । २. राम्रो ।

**मसोट ⁄ मसौट**– ना० [मास्+ओट ⁄ औट] १. मास्ने वा खर्च गर्ने काम। २. सरकारी धनमाल, तहबिल आदि मास्ने काम; हिनामिना।

**मसौदा**– ना० [अ० मसवद्दह] १. निवेदन, पुनरावेदन, लेख ग्रन्थ आदिको प्रारम्भिक रूप; प्रारूप; खेस्रो; प्रालेख; मसविदा ⁄ मस्यौदा। २. पहिलो पल्ट सरसरती लेखिएको खेस्रा (रफ)। **– कार**– ना० मसौदा तयार पार्ने व्यक्ति; खेस्रा गर्ने व्यक्ति। ~ **शैली**– ना० पहिले मसौदा गरेर मात्रै अन्तिम रूप दिने लेखनप्रणाली।

**मस्क-नु**– अ० क्रि० [मसक्क+नु] १. बेसरी कसिनु; टन्कनु; बाँधिनु। २. लाज वा सरमले मुस्कुराउनु; लजाउनु; मसक्क पर्नु; मसक्क मस्कनु। ३. मकै, ढिँडो आदि बेसरी पाक्नु।

**मस्करी**– ना० [अ० मस्खर] ख्यालठट्टा; हँसीदिल्लगी; मनोरञ्जन।

**मस्काइ**– ना० [√ **मस्क** (+आइ)] १. मस्कने भाव, क्रिया वा प्रक्रिया। [मस्काउ+आइ] २. मस्काउने क्रिया वा प्रक्रिया। [ > ] **मस्काइनु**– क० क्रि० मस्कने पारिनु; कसेर बाँधिनु। **मस्काउनु**– स० क्रि० ⁄ प्रे० क्रि० १. बेसरी कसेर बाँध्नु; टन्काउनु। २. खानेकुरा पकाएका भाँडाकुँडा सफा गर्न लुँडो आदिले मल्नु। ३. खुबसँग ओडाल्नु (ढिँडो, हलुवा आदि)।

**मस्को१**– ना० [मसक+ओ] १. भाँडाबर्तन माझ्दा वा मस्काउँदा प्रयोग गरिने लुँडो। २. भाँडाबर्तन मस्काउने काम।

**मस्को२**– ना० सोभियत रुसको राजधानी।

**मस्खरा**– ना० [अ० मस्खर] ख्यालठट्टा वा हँस्सीमजाक गरेर अरूलाई मनोरञ्जन गराउने व्यक्ति; दिल्लगीबाज। > **मस्खरी**– ना० ठट्टा वा हँसीमजाक; दिल्लगी; ख्याल; मस्करी।

**मस्जिद**– ना० [अ० मसजीद] मुसलमानहरूको नमाज पढ्ने वा उपासना गर्ने भवन वा स्थान; मुसलमानहरूको प्रार्थनागृह।

**मस्टा ⁄ मस्टो**– ना० सुदूर-पश्चिमाञ्चल (भेरी, सेती, कर्णाली, महाकाली आदि) भेगका खसबाहुनले मान्ने परम्परागत कुलदेवता; कुलायन। (यस्ता मस्टा बाह्र भाइ छन्)।

**मस्त**– वि० [फा०] १. रक्सी आदिको नशामा डुबेको; मदोन्मत्त; मत्त। २. केही फिक्री नलिने; चिन्तामुक्त। ३. यौवनले मत्त; जवान; पट्ठो। ४. आनन्दित; हर्षित। ५. तृप्त; सन्तुष्ट; मनग्य; प्रशस्त।

**मस्तक**– ना० [सं०] १. शिर; टाउको; माथा, खोपडी। २. शिखर; चुचुरो।

**मस्तराम**– वि० [फा०] मस्त रहने; आनन्दी।

**मस्तामस्ती**– ना० [मस्त+मस्त] १. परस्पर मस्त वा आनन्दित रहने काम; परस्परको खुसीयाली। २. मगनमस्ती; आनन्द।

**मस्तिष्क**– ना० [सं०] १. खोपडी; गिदी; दिमाग; मगज। २. बुद्धि; प्रतिभा; विचारशक्ति। ~ **ज्वर**– ना० गिदी सुनिने एक घातक रोग (इन्सेफलाइटिस)।

**मस्ती**– ना० [फा०] १. जाँडरक्सी आदि नशालु पदार्थको सेवनले प्राप्त हुने आनन्द; नशा; उन्माद। २. जवानीको जोस। ३. मद। ४. तुजुक; फुर्ती।

**मस्तुल**– ना० [पोर्त०] डुङ्गा वा जहाजमा पाल बाँध्नका निमित्त बीचमा उभ्याइने ठूलो खम्बा; लट्ठा।

**मस्तै**– वि० [मस्त+ऐ] धेरै; ज्यादै; निकै।

**मस्याइलो**– वि० [मास+याइ+लो] लस्सादार; लेस्याइलो।

**मस्याङ**– ना० [सं० मयुष्ट] मासका ढबका पात हुने, बोडीका जस्ता लाम्चो र झीनो कोसा हुने, पहेँला फूल फुल्ने एक लहरा वा त्यसको कोसाभित्रको गेडा; सेतोकैलो रङको मासजस्तो दलहन।

**मस्यानी**– ना० [मसी+यानी] हे० मसिनी१।

**मस्यौटो**– ना० [मास+यौटो] मास भिजाएर पिँधेको लेदो।

**मस्यौदा**– ना० हे० मसौदा।

**मस्यौरा**– ना० [मास+यौरा] मस्यौटोमा मूला, आलु, काटेको कर्कलो आदि मिसाई सुकाएर तरकारी खानका निम्ति बनाइएको डल्लोडल्लो वस्तु वा बरी। > **मस्यौरे**– वि० मस्यौरा सुकाएको जस्तो देखिने गरी टिकाटिकी भई फिँजारिएको (बादल)।

**मस्सक**– ना० [फा० मश्क] सरसफाइ गर्दा पखाल्ने आदि काम गर्न पानी हालिने छालाको ठूलो थैलो।

**महँगी**– ना० [महँगो+ई] १. महँगो हुनाको भाव वा अवस्था; महँगोपन। २. उपभोग्य वस्तुहरूको कमी; दुर्लभता।

**महँगो**– वि० [सं० महार्घ] १. उचित वा सुहाउँदोभन्दा बढी मूल्यको; धेरै मोल पर्ने। २. चाहिएजति नपाइने; दुर्लभ; दुष्प्राप्य। ३. बढी मोल पर्ने; बहुमूल्य; किम्मती।

**मह**– ना० [प्रा० महु] फूलहरूबाट सारतत्त्व झिकेर माहुरीले चाकामा जम्मा पारिराख्ने गुलियो तरल पदार्थ; मधु।

**महक-नु**– अ० क्रि० [महक+नु] १. महक आउनु; वास्ना चल्नु; सुगन्ध आउनु। २. बसाउनु।

**महक**– ना० टाढासम्म फैलिने बास्ना; सुगन्ध। **– दार**– वि० सुगन्ध भएको; वासनायुक्त।

**महकाइ**– ना० [√ **महक** (+आइ)] महकने भाव, क्रिया वा प्रक्रिया। [ > ] **महकाउनु**– अ० क्रि० १. सुगन्ध चल्नु; बास्ना आउनु। २. सडेगलेको नमीठो स्वादको वास चल्नु; वसाउनु। ३. गन्ध आउने पार्नु। **महकिनु**– अ० क्रि० महकनु। > **महकिलो**– वि० महक भएको; महकदार।

**महज्जन**– ना० [सं०] आदरभाउ गर्नुपर्ने व्यक्ति; ठूलाबडा मानिस।

**महत्**– वि० [सं०] १. ठूलो; महान्; विशाल। २. यथेष्ट; प्रशस्त। ३. व्यापक। ४. हृष्टपुष्ट; बलवान्। ५. प्रचण्ड; उग्र। ६. स्थूल; सघन। ७. महत्त्वपूर्ण; गुरुतर। ८. उन्नत; उच्च।

**महत**– ना० नेपालका छेत्री जातिको एकथर।

**महतारी**– ना० [सं० मातृ] आमा; माता; जननी।

**महती**– ना० [सं०] १. नारद मुनिको वीणाको नाम। २. महिमा; महत्त्व। वि० ३. महान्; ठूलो।

**महतो–** ना० [था०] १. थारूका बस्तीको नाइके । २. तराईको एक जाति वा वर्गको थर ।

**महत्तत्त्व–** ना० [सं०] साङ्ख्यदर्शनअनुसार प्रकृतिको प्रथम विकार; बुद्धितत्त्व; जीवात्मा ।

**महत्तम–** वि० [सं०] सबभन्दा ठूलो । ~**समापवर्तक–** ना० दुई वा सोभन्दा बढी सङ्ख्याले भाग जान सक्ने सबभन्दा ठूलो सङ्ख्या ।

**महत्तर–** वि० [सं०] १. परिमाण, गुण आदिका दृष्टिले दुई पदार्थमा ठूलो; अरू ठूलो । ना० २. प्रतिष्ठित व्यक्ति; मुख्य मानिस । ३. कञ्चुकी; राजभवनको प्रतिहार । ४. गाउँको मुखिया ।

**महत्ता–** ना० [सं०] १. ठूलो वा महान् हुनाको भाव वा स्थिति । २. महत्त्व । ३. वैशिष्ट्य ।

**महत्त्व–** ना० [सं०] १. महान् हुनाको भाव वा अवस्था; विशालता; महत्ता । २. आवश्यकता; जरुरत । ३. उत्तमता; श्रेष्ठता । ४. ऐश्वर्य । – **पूर्ण–** वि० पूरा महत्त्व भएको; विशेष महत्त्व भएको । > **महत्त्वाकाङ्क्षा–** ना० उच्च लक्ष्य प्राप्त गर्ने आकाङ्क्षा; कुनै ठूलो कामकुरा गर्ने चाहना; उच्चाकाङ्क्षा । **महत्त्वाकाङ्क्षी–** वि० महत्त्वाकाङ्क्षा राख्ने; महत्त्वाकाङ्क्षा भएको ।

**महनीय–** वि० [सं०] सम्मान गर्न लायक; आदरणीय; प्रतिष्ठित; पूज्य ।

**महन्त– ना०** [सं० महन्त:] योगीसन्न्यासीका आश्रमको सर्वोच्च अधिपति; साधुसमाज वा मठको प्रमुख व्यक्ति; मठाधीश । > **महन्तिनी–** ना० १. स्त्री महन्त । २. महन्तकी स्त्री । **महन्त्याइँ–** ना० महन्त हुनाको भाव; महन्तको पद वा अधिकार; महन्तले गर्ने काम ।

**महफिल–** ना० [अ०] १. नाचगान हुने रमाइलो ठाउँ; मनोरञ्जन स्थल । २. बैठक; सभा; गोष्ठी ।

**महरा–** ना० छेत्रीको एउटा थर ।

**महर्ग–** ना० [प्रा० महग्घ < सं० महार्घ] हे० महार्घ । ~ **निवारण–** ना० महँगी हटाउने काम; महँगीको निवारण ।

**महर्लोक–** ना० [सं०] भूलोकभन्दा माथिका लोकमध्ये चौथो लोक ।

**महर्वा–** ना० [था०] पश्चिम नेपालका थारूजातिमा प्रचलित एक थरी लोकनृत्य ।

**महर्षि–** ना० [सं०] १. धेरै ठूला ऋषि । २. ब्रह्माका दस मानस पुत्र ।

**महल–** ना० [अ०] १. सबै सुविधाले युक्त भवन; दरबार; प्रासाद । २. खाना; कोठा; खण्ड । ३. सिलसिला; क्रम । ४. मौका; अवसर । ५. भित्री कोठा; अन्त:पुर । – **दार–** वि० महल वा खण्ड भएको; खानावाल ।

**महलदारी–** वि० [महलदार+ई] महलदारसम्बन्धी; महलदारको । ~ **सवाल–** ना० साबिकको सवालमा बाधा पर्ने देखिएमा सो बाधा फुकाउने गरी अर्को सवाल गरिदिनुपर्‍यो भने साबिक सवालका दफाहरू अदलबदल गर्नु, थाम्नु वा खारेज गर्नुपर्दा खडा गरिने अनेक महल भएको कागज ।

**महला–** ना० [मोहोला] खसीबाखाका मुखमा आउने एक प्रकारको खटिरा; मोहोला ।

**महलो–** ना० १. खान हुने, गुलियो रातो फल फल्ने एक वृक्ष । वि० २. महजस्तो स्वादिलो; गुलियो ।

**महल्ला–** ना० [अ० महल्ल] नगर वा गाउँको कुनै भाग; टोल; मुहल्ला ।

**महसुर–** वि० [अ० मशहूर] १. कुनै कुरामा वा कसैसँग पनि नडराउने; साह्रै आँटिलो । २. धूर्त; बदमास । ३. सिपालु; पोख्त । > **महसुऱ्याइँ–** ना० महसुर हुनाको भाव वा अवस्था; आँटिलोपन; साहस ।

**महसुल–** ना० [अ० महसल] १. सरकारी वा अन्य संस्थाद्वारा विशेष काम वा प्रयोजनका निम्ति उठाइने धन; भन्सार; जगात; कर । २. भाडा । ~ **सुविधा–** ना० महसुल लिँदा वा उठाउँदा दिइने सुविधा । > **महसुली–** ना० महसुल । **महसुले–** ना० पाखोलाई खेत बनाएर कमाई तिरो तिरी खाएको जग्गा ।

**महसुस–** ना० [अ० महसूस] १. अनुभव; आवश्यकताबोध । वि० २. अनुभव वा बोध भएको; विदित; हे० अनुभूत ।

**महा–** वि० [सं०] १. ठूलो; महान् । ना० २. कुनै शब्दको अगाडि रहेर ठूलो, महान् आदि अर्थ बुझाउने विशेषणवाचक शब्दको रूप (जस्तै– महाकाव्य, महापुरुष आदि) । – **कवि–** ना० १. महाकाव्यका रचयिता वा ठूला कवि । २. शुक्राचार्य । – **कष्ट–** ना० १. ज्यादै ठूलो कष्ट; अति ठूलो वेदना वा पीडा । २. भुटो; चिन्ता; पीर । – **काय–** वि० १. ठूलो शरीर भएको; स्थूलकाय । ना० २. गणेश । ३. हात्ती । ४. शिव वा विष्णुको विशेषण । – **काल–** ना० १. कुनाकुना परेका लामा भेट्ना र फर्सीका जस्ता पात हुने, चिचिन्डोका जस्ता फल फल्ने (कुकुर्बिटेसी समूहको) एक लहरो । २. प्रलयकर्ताका रूपमा प्रसिद्ध शिवजीको एक विकराल रूप; रुद्र । ३. काठमाडौँको टुँडिखेलमा अवस्थित एक भैरव । ४. अनन्तकाल । – **काली–** ना० १. दुर्गाको एक भयङ्कर रूप; रुद्राणी । २. नेपालको पश्चिम सीमान्तमा बहने एक ठूलो नदी । – **काली नाच–** ना० भक्तपुरमा देखाइने एक प्रसिद्ध प्राचीन परम्परागत नृत्य । – **काव्य–** ना० काव्यशास्त्रअनुसार कथासूत्रमा आबद्ध, प्रख्यात विषयवस्तुमा आधारित र सर्गबद्ध तथा रसयुक्त ठूलो गहन काव्य । – **गज–** ना० पुरातत्त्वशास्त्रका अनुसार पुराप्रातिनूतनाश्ममा पाइने सुदूर पूर्वको हात्ती । – **गुरु–** ना० आमा, बाबु वा गुरुको समूह । – **गौरी–** ना० १. नौरथामा पूजा गरिने नवदुर्गामध्ये आठौँ दुर्गा । २. रातो देखिने एक प्रकारको बेत; पाखाबेत ।

**महाजन–** ना० [सं०] १. ठूलो मानिस; प्रतिष्ठित व्यक्ति; प्रमुख व्यक्ति । २. व्यापारी; सेठ; साहूकार; कोठीवाल । ३. मानिसहरूको समूह । ४. धनी मानिस । > **महाजनी–** ना० व्यापारव्यवसाय; रुपियाँपैसाको कारोबार गर्ने पेसा ।

**महाजाँच–** ना० [महा+जाँच] जग्गाजमिनको विस्तृत जाँच वा

सर्वेक्षण ।

**महाजाल–** ना० [सं०] ठूलो जाल वा षड्यन्त्र; खतरापूर्ण योजना । > **महाजाली–** वि० महाजाल रच्ने; षडयन्त्रकारी ।

**महाज्ञानी–** वि० [सं०] ब्रह्मज्ञानी; विद्वान्; उच्च ज्ञान प्राप्त गरेको ।

**महातल–** ना० तलतिरका सात लोक अतल, वितल, सुतल, तलातल, महातल, रसातल, पातालमध्ये पाँचौँ लोक ।

**महात्मा–** ना० [सं०] १. महान् आत्मा भएको व्यक्ति; अति उत्तम स्वभाव वा विचार भएको व्यक्ति । २. साधुसन्त । ३. महापुरुष । ४. समदर्शी व्यक्ति । ५. परमात्मा; ईश्वर ।

**महादशा–** ना० [सं०] १. लोकविश्वासअनुसार मानिसका भाग्यमा पर्ने प्रबल ग्रहको प्रभाव; मानिसका जीवनमा जन्मनक्षत्रका आधारमा ग्रह र योगिनीहरूले भोग गर्ने निर्धारित पूर्णकाल । २. ठूलो आपत् ।

**महादान–** ना० [सं०] विशेष फलको प्राप्तिहेतु गरिने तुलादान, गजदानजस्ता महत्त्वपूर्ण ठूला दान । > **महादानी–** वि० साह्रै ठूला दानी ।

**महादेव–** ना० [सं०] सबैभन्दा ठूलो देवता; शङ्कर; शिव । > **महादेवी–** ना० १. पार्वती; दुर्गा । २. प्राचीन कालमा पटरानीका निम्ति प्रचलित उपाधि वा संज्ञा ।

**महादेश–** ना० [सं०] पृथ्वीका प्रमुख र ठूलठूला सात भूक्षेत्र (एसिया, युरोप, अस्ट्रेलिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका र अन्टार्टिका) ।

**महादेशीय–** वि० [सं०] महादेशसम्बन्धी; महादेशको । ~ **ढाल–** ना० महादेशीय तख्ताबाहिरको ढाल । ~ **तख्ता–** ना० ६०० फिटसम्मको समुद्री पानीको गहिराइमा परेको समभूमि ।

**महाद्वीप–** ना० [सं०] पुराणअनुसार पृथ्वीका सात विभाग (जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक र पुष्कर) ।

**महाधिपति–** ना० [सं०] १. सर्वोच्च स्वामी वा अधिकारी । २. महाराज ।

**महाधिवेशन–** ना० [सं०] राजनीतिक, सामाजिक आदि सङ्घ-संस्थाका सबै तह र स्थानका प्रतिनिधि वा सम्बद्ध व्यक्तिहरू भेला भई विधानअनुसार आयोजना गरिने ठूलो सम्मेलन (कन्फरेन्स) ।

**महाधूप–** ना० [सं०] तलेजु, नरदेवी आदि नरबलि खाने विश्वास गरिएका देवदेवीलाई चढाउन मानिसको मासुसमेत मिसाइन्छ भन्ने कुरा स्विकारिएको एक धूप ।

**महान्–** वि० [सं०] ठूलो; उच्च; विशाल; महत् ।

**महानदी–** ना० [सं०] १. उद्गमस्थानदेखि समुद्रसम्म नसुकी आफ्नै नामले बहने नदी । ३. बङ्गालको खाडीमा मिसिने एक नदी ।

**महानरक–** ना० [सं०] ठूलठूला एक्काइसवटा नरक (तामिस्र, अन्धतामिस्र, रौरव, महारौरव, नरक, महानरक, कालसूत्र, सञ्जीवन, महावीचि तपन, प्रतापन, संहात, काकोल, कुड्मल, प्रतिमूतिक, लोहशङ्कु, ऋजीष, शाल्मली, वैतरणी, असिपत्रवन र लोहदारक) ।

**महानल–** ना० [सं०] १. ठूलो खालको देउनिगालो । २. ठूलो अग्नि ।

**महानवमी–** ना० [सं०] आश्विन शुक्ल नवमी; दुर्गानवमी ।

**महानाटक–** ना० [सं०] सबै अर्थप्रकृति, सन्धि, लास्याङ्ग, नाट्यालङ्कार तथा नाटकका लक्षणद्वारा आभूषित नाटक; हनुमन्नाटक ।

**महानिद्रा–** ना० [सं०] देहावसान; मृत्यु; मरण ।

**महानिद्रिका–** ना० [सं०] ज्यादा निद्रा लाग्ने औषधी ।

**महानिम्ब–** ना० [सं०] एउटै भेट्नुमा नीमका जस्ता मसिना पात हुने, साना फूल फुल्ने र पहेँला लाम्चा फल लाग्ने (मोलिएसी समूहको) एक वृक्ष; बकाइनु ।

**महानिर्वाचन–** ना० [सं०] प्रचलित शासनप्रणालीअनुसार राज्यप्रशासनका विभिन्न एकाइमा उचित प्रतिनिधित्वका लागि राष्ट्रव्यापी रूपमा गरिएको निर्वाचन; आमचुनाव ।

**महानिर्वाण–** ना० [सं०] बौद्धमतअनुसार बुद्ध वा अर्हत्लाई मात्र प्राप्त हुने उच्चकोटिको निर्वाण; बौद्धदर्शनअनुसार व्यष्टि सत्ताको पूर्ण नाश हुने स्थिति ।

**महानिशा–** ना० [सं०] १. आधारात; रातको दोस्रो वा तेस्रो पहर । २. प्रलयकालको समय ।

**महानुभाव–** ना० [सं०] आफ्ना महान् गुणहरूको प्रभाव अरूमा पार्ने व्यक्ति; महापुरुष; महाशय ।

**महाने–** ना० माल, अमाल, वनजाँच आदि अड्डाको दैदस्तुर उठतीपुठती गर्ने र जग्गाजमिन, वनजङ्गलको रेखदेख गर्ने तल्लो दर्जाको कर्मचारी ।

**महान्धकार–** ना० [सं०] ठूलो अन्धकार; ज्यादै अँधेरो ।

**महान्यायाधिवक्ता–** ना० [सं०] राज्य, सरकार वा राष्ट्रको प्रमुख कानुन अधिकृत (एटर्नी जनरल) ।

**महापण्डित–** ना० [सं०] ठूला विद्वान्; ठूला पण्डित; प्राज्ञ ।

**महापत्तन–** ना० [सं०] महानगर ।

**महापथ–** ना० [सं०] १. लामो चौडा सडक; राजमार्ग; राजपथ । २. मृत्यु; मरण ।

**महापद्म–** ना० [सं०] १. सय पद्मबराबरको सङ्ख्या । २. नारदमुनि । ३. कुबेरका नौ निधिमध्ये एक । ४. धेरै पात हुने एक जातको सेतो कमल ।

**महापातक–** ना० [सं०] १. जघन्य अपराध; पात । २. पाँच प्रकारका महान् पाप; पञ्च महापातक । > **महापातकी–** वि० पञ्च महापातक गर्ने; ठूलो पाप गर्ने ।

**महापात्र–** ना० [सं०] मृतकका नाउँमा दान गरिएको वस्तु लिने ब्राह्मण; काट्टे; महाब्राह्मण ।

**महापाप–** ना० [सं०] महापातक ।

**महापुराण–** ना० [सं०] महर्षि व्यासद्वारा रचित अठार पुराणमध्ये कुनै एक ।

**महापुरुष**– ना० [सं०] १. ठूला मानिस; पूज्य व्यक्ति । २. परमात्मा । ३. विष्णु ।

**महाप्रतिहार**– ना० [सं०] माथिल्लो दर्जाको प्रतिहार; राजाका हजुरिया (इतिहास) ।

**महाप्रबन्धक**– ना० [सं०] औद्योगिक वा व्यापारिक संस्थानका प्रमुख पदाधिकारी (जनरल म्यानेजर) ।

**महाप्रभु**– ना० [सं०] १. भक्तिसम्प्रदायका प्रवर्तक सिद्ध पुरुष । २. परमेश्वर । ३. शिव । ४. विष्णु । ५. इन्द्र ।

**महाप्रयाण**– ना० [सं०] मृत्यु; मरण ।

**महाप्रलय**– ना० [सं०] पुराणअनुसार ब्रह्माको आयुर्दा सिद्धिँदा सम्पूर्ण सृष्टि नष्ट हुने ठूलो प्रलय; महाविनाश; कल्पान्त ।

**महाप्रशासक**– ना० [सं०] सरकारी वा अर्धसरकारी कार्यालयमा प्रशासनको पूर्ण उत्तरदायित्व वहन गर्ने प्रमुख अधिकारी; प्रशासन-प्रमुख ।

**महाप्रसाद**– ना० [सं०] १. ठूलो अनुग्रह वा कृपा । २. देवीदेवतालाई चढाइएको नैवेद्य, भोग आदि । ३. जगन्नाथजीलाई चढाइएको भात ।

**महाप्रस्थान**– ना० [सं०] १. मृत्यु । २. भाषाविज्ञानअनुसार ख्, घ् आदिजस्ता श्वासातिरेकले युक्त वर्ण । ३. महाभारतका अनुसार हिमालयको बाटो गरी स्वर्ग जाने काम ।

**महाप्राज्ञ**– वि० [सं०] १. ठूला विद्वान्; प्रकाण्ड विद्वान् । २. विशिष्ट ज्ञानी ।

**महाप्राण**– ना० [सं०] १. भाषाशास्त्रअनुसार उच्चारणमा बढी श्वास खर्च हुने वर्ण; व्याकरणअनुसार स्पर्शवर्गका दोस्रा, चारौँ र उष्मवर्ण (ख, छ, ठ, थ, फ, घ, झ, ढ, ध, भ, स, ह) । वि० २. ज्यादै बलियो; शक्तिशाली । > **महाप्राणीभवन**– ना० भाषाशास्त्रअनुसार शब्दका अल्पप्राण ध्वनि महाप्राण ध्वनिमा परिवर्तित हुने प्रक्रिया । (जस्तै– पाश > फासो, बुस > भुस) ।

**महाबल**– वि० [सं०] ज्यादै बलियो; बलिष्ठ; शक्तिशाली । > **महाबला**– ना० १. सहदेवी । २. पहेँलो बलु । ३. पीपल । > **महाबलाध्यक्ष**– ना० प्रधान सेनापति । **महाबली**– वि० साह्रै बलियो; शक्तिशाली ।

**महाबाहु**– वि० [सं०] १. हात लामो भएको; आजानुबाहु । २. शक्तिशाली । ना० ३. विष्णु ।

**महाबोधि**– ना० [सं०] १. बुद्धद्वारा अर्जिएको ज्ञान । २. बुद्धदेव ।

**महाब्राह्मण**– ना० [सं०] १. ठूला वा महान् ब्राह्मण । २. मृतकका एघारौँको अन्न खाने वा मृतकका नाउँको दान लिने ब्राह्मण; महापात्र ।

**महाभाग**– वि० [सं०] १. ज्यादै भाग्यवान्; सौभाग्यशाली । २. पूज्य; यशस्वी । ३. ज्यादै गुणवान् ।

**महाभागवत**– ना० [सं०] श्रीमद्भागवत महापुराण ।

**महाभारत**– ना० [सं०] १. भारतवंशको चरित्र तथा कौरव-पाण्डवका युद्धको वर्णन भएको, जम्मा अठार पर्वमा विभाजित, व्यासरचित एक प्रसिद्ध पूर्वीय आख्यान वा महाकाव्य । २. ठूलो परिश्रम । ३. कौरवपाण्डवका बीच अठार दिनसम्म चलेको प्रसिद्ध युद्ध । ४. ठूलो झगडा; महायुद्ध । ५. नेपालको शिवालिक पर्वतदेखि उत्तर र हिमालय पर्वतशृङ्खलादेखि दक्षिणपट्टि पूर्व-पश्चिम फैलिएको पर्वतशृङ्खला ।

**महाभाष्य**– ना० [सं०] महर्षि पाणिनिका व्याकरणसूत्रको महर्षि पतञ्जलिले गरेको टीका; वृहद्भाष्य ।

**महाभिनिष्क्रमण**– ना० [सं०] १. महान् वा महत्त्वपूर्ण धार्मिक कार्यका निम्तिको गृहत्याग । २. तपस्या गर्न जानका लागि गौतम बुद्धले गरेको गृहत्याग ।

**महाभिरा**– ना० बोट काट्दा दूधझैँ सेतो चोप निस्कने सिउँडीजस्तो एक वनस्पति ।

**महाभूत**– ना० [सं०] १. पृथ्वी, जल, तेज, वायु र आकाश – यी पञ्चभूतमध्ये कुनै एक । २. मूलतत्त्व । ३. परमेश्वर ।

**महामण्डल**– ना० [सं०] १. धेरै ठूलो मण्डल । २. नुवाकोटको प्रमुख देवस्थल कालिका-मालिकास्थान ।

**महामति**– वि० [सं०] महाप्राज्ञ; अति बुद्धिमान् ।

**महामना**– वि० [सं०] १. उच्चमना; उदार । २. स्वाभिमानी ।

**महामन्त्री**– ना० [सं०] कुनै सार्वजनिक सङ्घ-संस्थाको दैनिक कार्यसञ्चालन तथा पत्राचार आदि गर्ने प्रमुख अधिकारी; मन्त्री वा सचिवहरूमध्ये मुख्य; जनरल सेक्रेटरी ।

**महामहिम**– वि० [सं०] १. ठूलो महिमा भएको; ठूलो प्रताप भएको; महिमाशाली । २. उच्च ओहदाका पदाधिकारी (राष्ट्रपति, मन्त्री, राजदूत आदि)-लाई सम्बोधन गर्दा प्रयोग गरिने सम्मानार्थी शब्द ।

**महामहोपाध्याय**– ना० [सं०] १. ठूला उपाध्याय अथवा विद्वान् । २. संस्कृतका विद्वान्लाई मानार्थ प्रदान गरिने एक उच्च उपाधि ।

**महामांस**– ना० [सं०] १. मानिसको मासु; नरमांस । २. गाईको मासु; गोमांस ।

**महामात्य**– ना० [सं०] मुख्य मन्त्री; प्रधान मन्त्री ।

**महामानव**– ना० [सं०] १. जर्मन दार्शनिक नित्सेको दर्शनअनुसार विकासात्मक सङ्घर्षका निमित्त उत्सर्जित एक उच्च मानव (सुपरम्यान) । २. हे० महापुरुष ।

**महामान्य**– वि० [सं०] ज्यादै मान्नुपर्ने; परम माननीय ।

**महामाया**– ना० [सं०] १. जगत्की अधिष्ठात्री देवी; दुर्गा । २. प्रकृति । ३. सांसारिक मोह; प्रपञ्च ।

**महामारी**– ना० [सं०] हैजा, प्लेग आदि सङ्क्रामक रोग; देसान ।

**महामूर्ख**– वि० [सं०] ज्यादै मूर्ख; पटमूर्ख ।

**महामृत्युञ्जय**– ना० [सं०] १. अकाल मृत्युको निवारणका निम्ति जपिने शिवको प्रसिद्ध मन्त्रसमूह । २. शिवको एक रूप ।

**महामेदा**– ना० [सं०] अदुवाजस्तो देखिने ठूलो जातको मेदा बुटी ।

**महायज्ञ**– ना० [सं०] पाँच ठूला यज्ञ (वेदाध्ययन, अग्निहोत्र, तर्पण, अतिथिसत्कार र भूतबलि) ।

**महायात्रा**– ना० [सं०] १. काशीयात्रा । २. मृत्यु; मरण । ३. ठूलो

तीर्थयात्रा ।

**महायान–** ना० [सं०] बौद्ध धर्मका तीन प्रमुख यान वा सम्प्रदायमध्ये एक यान वा सम्प्रदाय । > **महायानी–** वि० १. महायानसम्बन्धी; महायानको । २. महायान सम्प्रदायको अनुयायी ।

**महायुद्ध–** ना० [सं०] विश्वयुद्ध; महासमर; महासङ्ग्राम ।

**महारकपादीष–** ना० [सं०] लिच्छविकालका राजाका उत्तरदायी कर्मचारीको एक पद ।

**महारङ्गी–** ना० [सं० महारङ्ग+ई] १. सेता साना टीकाटीका परेका लामा पात हुने, बीचमा चँवरजस्तो फूल फुल्ने र खैरा सानासाना फल फल्ने एक हिमाली बुटी; नलिका । २. तेलमा डुबाउँदा तेलको रङ नै रातो पारिदिने, केश लामो बनाइदिने र कीरा मार्ने भनी प्रसिद्ध एक बुटी ।

**महारथ–** ना० [सं०] १. ठूलो गाडी वा रथ । २. ठूलो योद्धा । > **महारथी–** ना० १. शाही सेनाको एक उच्च अधिकृत; मुख्य सेनापति; जनरल; जर्नेल । २. ठूलो योद्धा; महान् वीर । ३. कुनै विषयको विशेषज्ञ वा प्रकाण्ड विद्वान् । ४. ठूलो नेता ।

**महारा–** ना० १. साङ्केतिक स्थल । २. गौचर; गौचरन । ३. गाईबस्तु चराउने काम । (जस्तो– महारा लाग्नु; गोठालो लाग्नु) ।

**महाराजा–** ना० [सं०] १. ससाना सामन्त र रजौटाहरूमाथिका शासन गर्ने महान् राजा; सम्राट्; श्रेष्ठ राजा । २. साधुसन्न्यासी वा राजाहरूलाई आदरपूर्वक सम्मान गर्ने शब्द । > **महाराजाधिराज–** ना० १. राजाहरूका पनि राजा; राजाधिराज; बादशाह; सम्राट्; महाराज । २. सबभन्दा महान् राजा ।

**महाराज्य–** ना० [सं०] विशाल राज्य; विशेष भूभाग ओगटेको ठूलो राज्य ।

**महाराज्ञी–** ना० [सं०] महाराजकी प्रधान रानी; मुख्य रानी; पटरानी; महारानी ।

**महारात्रि–** ना० [सं०] १. महाप्रलयको रात । २. अर्धरात्रिपछिको लगभग दुई मुहूर्तको समय । ३. महाशिवरात्रि ।

**महारानी–** ना० [सं० महाराज्ञी] १. ठूलो राज्य वा राष्ट्रकी रानी; महाराजकी पटरानी । २. युवराजाधिराज, युवराज, अधिराजकुमार आदिका रानीहरू । ३. राजकुमारीको सम्मानबोधक शब्द ।

**महाराष्ट्री–** ना० [सं०] १. मरहट्टी बुटी । २. महाराष्ट्रका अधिवासीहरूको भाषा । ३. एक मुख्य प्राकृत भाषा ।

**महारुद्र–** ना० [सं०] महादेव; शिव । > **महारुद्री–** ना० एघार जना ब्राह्मणद्वारा प्रतिदिन एघार आवृत्तिका दरले एघार दिन लगाएर गरिने रुद्रीको पाठ ।

**महारोग–** ना० [सं०] १. असाध्य मानिने आठ प्रकारका रोग (उन्माद, क्षय, दम, कुष्ठ, मधुमेह, पत्थरी, उदररोग र भगन्दर); महाव्याधि । > **महारोगी–** वि० महारोग भएको; ठूलो रोग लागेको (मानिस) ।

**महारौद्र–** वि० [सं०] १. ज्यादै भयानक; डरलाग्दो । ना० २. शिव; महारुद्र ।

**महारौरव–** ना० [सं०] महानरकहरूमध्ये एक ।

**महार्घ–** वि० [सं०] १. महँगो । २. किम्मती; दामी । **– ता–** ना० महँगी । > **महार्घ्य–** वि० धेरै मोल पर्ने; किम्मती ।

**महार्चन–** ना० [सं० मार्जन] हातगोडा तथा मुख धुने काम; पञ्चस्नान ।

**महार्णव–** ना० [सं०] १. महासागर । २. शिव । ३. पुराणअनुसार विष्णुले दाहिना हातबाट उत्पन्न गरेको एक दैत्य ।

**महाल१–** ना० [सं० मङ्गल] चाड, व्रत, उपासना आदिको आरम्भमा मङ्गलका निम्ति गाइने एक लोकगीत; माहाल; माघल ।

**महाल२–** ना० मालसामान राखिने कुनै ठाउँ (जस्तो– काठमहाल) ।

**महालक्ष्मी–** ना० [सं०] १. नारायणकी आदिशक्ति; लक्ष्मी । २. दुर्गापूजाको अवसरमा महालक्ष्मी बन्ने कन्या ।

**महलदार–** ना० जिमिदारी प्रथाभन्दा पहिले मालपोत उठतीपुठती गर्ने गैरसरकारी कामदार ।

**महालय–** ना० [सं०] १. आश्विन कृष्णपक्ष; पितृपक्ष; सोह्रश्राद्ध । २. विष्णु । ३. बौद्ध विहार । ४. देवमन्दिर । > **महालया–** ना० आश्विन कृष्ण पक्षको औँसी ।

**महालात–** ना० [महाल+आत] कुनै पनि रकमको ठेक्कामा लाग्ने वा लगाइने दस्तुर ।

**महालेखापरीक्षक–** ना० [सं०] सरकारी लेखापरीक्षणसम्बन्धी काम गर्ने-गराउने सर्वोच्च अधिकारी; महालेखा परीक्षक विभागको प्रमुख (अडिटर जनरल) । ~ **विभाग–** ना० सरकारी आयव्ययको लेखापरीक्षणसम्बन्धी काम गर्ने संवैधानिक कार्यालय ।

**महावराह–** ना० [सं०] पुराणअनुसार विष्णुले वराहको रूप लिएको तेस्रो अवतार; वराह अवतार ।

**महावला–** कुनाकुना परेका खस्रा पात हुने, पहेँलो गुलाफी वा सेता फूल फुल्ने माल्भेसी समूहको कपासको बोट ।

**महावाक्य–** ना० [सं०] १. गुह्य अर्थ वा महत्त्वपूर्ण अर्थ खुलाउने वाक्य; उपनिषत्का 'अहं ब्रह्मास्मि', 'तत्त्वमसि' आदि र यस्तै महान् वाक्य । २. लामालामा वाक्य । ३. कुनै महत्त्वपूर्ण वाक्य वा मन्त्र ।

**महावाणिज्यदूत–** ना० [सं०] मित्र देशको प्रमुख वाणिज्यनगरमा नियुक्त गरिएका वाणिज्यदूतहरूमा मुख्य दूत (कन्सुलेट जनरल) ।

**महावारुणी–** ना० [सं०] चैत्र कृष्ण चतुर्दशीका दिन शतभिषा नक्षत्र र शनिवार परेमा हुने गङ्गास्नानको एक योग वा पर्व ।

**महाविद्या–** ना० [सं०] १. तन्त्रशास्त्रअनुसार मानिएका दस देवी (काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमलात्मिका) । २. दुर्गा; गङ्गा ।

**महाविद्यालय–** ना० [सं०] माध्यमिक शिक्षाका तह पार गरेपछि उच्च शिक्षा दिने विद्यालय; क्याम्पस; कलेज ।

**महाविद्यावारिधि–** ना० [सं०] डी० लिट्०; विद्यावाचस्पति ।

**महावीर–** वि० [सं०] १. ठूलो वीर वा योद्धा । ना० २. सिंह । ३. इन्द्रको वज्र । ४. हनुमान् । ५. विष्णु । ६. गरुड । ७. सेतो

घोडा । ८. चौबीसौँ र अन्तिम जैनतीर्थङ्कर ।

**महावेदी**– ना० [सं०] ठूलो वा मुख्य वेदी ।

**महाव्याधि**– ना० [सं०] महारोग ।

**महाव्याहृति**– ना० [सं०] सात व्याहृतिहरूमध्ये वैदिक अनुष्ठान र सन्ध्यावन्दन आदिमा प्रयुक्त हुने तीन व्याहृति (भूर्, भुवस् र स्वर्) ।

**महाव्रत**– ना० [सं०] १. कठोर व्रत; ठूलो व्रत । २. बाह्र वर्षसम्म प्रायश्चित्तस्वरूपले गरिने कठिन व्रत । > **महाव्रती**– वि० १. महाव्रत लिने । ना० २. सन्न्यासी । ३. भक्त । ४. शिव ।

**महाशक्ति**– ना० [सं०] १. ठूलो शक्ति । २. दुर्गाभवानी । वि० ३. ठूलो शक्ति भएको; धेरै शक्तिशाली ।

**महाशङ्ख**– ना० [सं०] १. ठूलो आकारको शङ्ख । २. कनपट्टीको हाड; खप्पर; कपाल । ३. कुबेरका नौ निधिमध्ये एक । ४. सय शङ्ख सङ्ख्या ।

**महाशय**– वि० [सं०] १. महान् आशय वा उच्च विचार भएको; महानुभाव । ना० २. उच्च उद्देश्य वा विचार भएको व्यक्ति; महापुरुष । ३. प्रायः समकक्षी वा सज्जन व्यक्तिलाई सम्बोधन गरिने आदरार्थी शब्द; महानुभाव ।

**महाशाखा**– ना० [सं०] कुनै कार्यालयअन्तर्गतको प्रमुख तथा महत्त्वपूर्ण शाखा कार्यालय (डिभिजन) ।

**महाशून्य**– ना० [सं०] आकाश ।

**महाश्रमण**– ना० [सं०] बुद्ध ।

**महाश्वेता**– ना० [सं०] १. विद्याकी अधिष्ठात्री सरस्वती । २. दुर्गादेवी । ३. चिनी । ४. बाणभट्टरचित संस्कृतको गद्यमहाकाव्य 'कादम्बरी'की उपनायिका; कादम्बरीकी सखी ।

**महाष्टमी**– ना० [सं०] आश्विन शुक्ल अष्टमी; दुर्गा अष्टमी ।

**महासङ्ग्राम**– ना० [सं०] महायुद्ध ।

**महासचिव**– ना० [सं०] कुनै ठूलो संस्थाको अधिकारसम्पन्न मुख्य पदाधिकारी; महामन्त्री ।

**महासन्धि विग्रहिक**– ना० [सं०] अन्य राष्ट्रका साथ शान्ति वा युद्ध गर्ने अधिकार पाएको युद्धसचिव वा परराष्ट्रमन्त्री ।

**महासभा**– ना० [सं०] १. प्रजातान्त्रिक शासनपद्धतिमा संसद्को माथिल्लो सदन । २. संयुक्त राष्ट्रसङ्घका अधिकांश सदस्यहरूले भाग लिने विशेष खालको अधिवेशन । ३. ठूलो सभा ।

**महासमर**– ना० [सं०] महायुद्ध ।

**महासमिति**– ना० [सं०] विशेष गरेर राजनीतिक संस्थाका जिल्ला-जिल्लाका प्रतिनिधिहरूद्वारा आफूमध्येबाट निर्वाचित सदस्यहरूको सामूहिक सभा ।

**महासमुद्र**– ना० [सं०] महासागर ।

**महासर्ग**– ना० [सं०] महाप्रलय पछि हुने नयाँ सृष्टि ।

**महासर्वदण्डनायक**– ना० [सं०] लिच्छविकालमा न्यायप्रशासनको मुख्य कार्यभार सँभाल्ने प्रमुख पदाधिकारी ।

**महासागर**– ना० [सं०] १. पृथ्वीका सतहको झन्डै एकहत्तर प्रतिशत भाग ढाकेको नुनिलो पानीयुक्त ठूलो समुद्र; महासमुद्र; महोदधि । २. उक्त महासागरका पाँच विभाग (प्रशान्त महासागर, हिन्द महासागर, आन्ध्र महासागर, सुमेरु महासागर र कुमेरु महासागर ।

**महासामन्त**– ना० [सं०] लिच्छविकालमा सामन्तभन्दा उच्च ओहदामा रहेको शासनभार सँभाल्ने प्रमुख उच्चाधिकारी ।

**महासाहसिक**– वि० [सं०] १. ठूलो साहस गर्ने; अतिसाहसी । ना० २. बलपूर्वक अर्काको धनमाल हरण गर्ने व्यक्ति; डाँकू ।

**महासेनानी**– ना० शाही सेनाको उच्च तहको एक पद; कर्णेल; कर्नेल ।

**महास्नान**– ना० [सं०] १. विशेष अवसर वा पर्वमा वैदिक मन्त्रोच्चारण गरी पञ्चामृत आदिद्वारा देवमूर्ति, प्रतिमा आदिलाई गराइने स्नान । २. ऋषितर्पणीका दिन नदी आदिमा गएर महासङ्कल्पका विधिले गरिने स्नान ।

**महाहार**– ना० [सं०] राजामहाराजाहरूले राजकीय वेशभूषाका साथ लगाउने विशेष प्रकारको रत्न वा हार ।

**महिना**– ना० [फा० महीन] वर्षको बाह्र भागको एक भाग; प्रायः तीस दिन र घटबढ हुँदा उनन्तीसदेखि बत्तीस दिनसम्मको हुने अवधि; मास । – **वारी**– वि० १. महिनामहिनाको; प्रत्येक महिनाको । ना० २. मासिक स्राव हुने; नछुने । ३. मासिक वेतन; तलब । – **मारी**– वि० महिना पूरा भएपछि पाइने (तलब आदि) ।

**महिमा**– ना० [सं०] १. माहात्म्य; प्रशंसा । २. कीर्ति; यश; ख्याति । ३. प्रभाव; प्रताप । ४. अष्टसिद्धिमध्ये एक । ५. उच्च पदवी; ठूलो मान । > **महिमान्वित**– वि० महिमाले युक्त भएको; महिमामण्डित । – **मण्डितमय**– वि० महिमा भएको; महिमायुक्त । – **वान्**– वि० महिमाले युक्त; महिमा भएको; गौरवशाली ।

**महिला**– ना० [सं०] १. स्त्री; नारी; आइमाई । २. भद्र नारी । ३. प्रियंगु नामको लहरो । ४. एक सुगन्धित वृक्ष । ~ **दीर्घा**– ना० सभाघरहरूमा महिलावर्गका निम्ति बस्न बनाइएको ठाउँ । ~ **सङ्गठन**– ना० महिलाहरूको अधिकार तथा हितको संरक्षणका निम्ति बनेको, वर्गीय सङ्गठनको एक अङ्ग ।

**महिष**– ना० [सं०] १. राँगो । २. महिषासुर दानव । ३. ठूलठूला कत्ला हुने मोटो खालको एक जातको माछो । > **महिषासुर**– ना० मार्कण्डेय पुराणका अनुसार दुर्गाले मारेको राँगाको आकारको एक दानव ।

**महिषी**– ना० [सं०] १. राजाका साथ अभिषेक भएकी पटरानी; महाराज्ञी । २. भैँसी ।

**मही१**– ना० [प्रा० महिअ] दही, नौनी झिकिसकेपछि रहन गएको तरल पेय पदार्थ; मोही; छान्ना; मट्ठा ।

**मही२**– ना० [सं०] १. धरती; पृथ्वी । २. माटो; भूमि । ३. भूसम्पत्ति । ४. राज्य; देश । – **तल**– ना० संसार; धरातल ।

**मही तिघ्रे**– वि० [मही+तिघ्रे] त्यसै पनि ठूलठूला तिघ्रा लागेको;

भुसतिघ्रे ।

**महीधर–** ना० [सं०] १. पहाड । २. विष्णु ।

**महीप/महीपति–** ना० [सं०] पृथ्वीका अधिपति; राजा ।

**महीपाल–** ना० [सं०] राजा ।

**महीपुत्र–** ना० [सं०] १. भौम; मङ्गल ग्रह । २. खेतीवाल; कृषक । ३. नरकासुर ।

**महीश–** ना० [सं०] राजा ।

**महुवर–** ना० [महुअर] सपेरा, इन्द्रजाली आदिले बजाउने तुम्बासमेत भएको एक किसिमको मुरली ।

**महुवा–** ना० [प्रा० महुआ] सेता फूल फुल्ने, चिउलीजस्ता फल फल्ने, सालका जस्ता ठूलठूला पात हुने एक रूख वा त्यसको फल ।

**महेन्द्र–** ना० [सं०] १. महान् इन्द्र । २. एक प्रसिद्ध पर्वत शृङ्खला । ३. नेता; प्रमुख व्यक्ति । – **ताल–** ना० नेपालको एक प्रसिद्ध ताल; रारादह । ~ **प्रज्ञा** ~ **पुरस्कार–** ना० तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रत्येक दुई वर्षमा नेपालका कुनै एक उत्कृष्ट साहित्यकारलाई प्रदान गर्ने गरिएको नगद पुरस्कार । ~ **प्रहरी अलङ्कार–** ना० नेपालभित्र आन्तरिक अशान्ति मच्चिएका बखतमा सक्रिय रूपले कर्तव्य पूरा गर्ने तथा अद्वितीय बहादुरीका साथ जनधनको सुरक्षाका निम्ति काम गर्ने प्रहरी अधिकृतलाई प्रदान गर्ने गरिएको एक राष्ट्रिय अलङ्कार । ~ **मल्ली–** ना० मध्यकालीन राजा महीन्द्र मल्लले सर्वप्रथम प्रचलनमा ल्याएको मोहर; नेपाली मोहर । – **माला–** ना० १. विदेशी राज्यका गद्दीनसिन राजा वा गद्दीनसिन रानीलाई मात्र प्रदान गर्ने गरिएको मध्यमणिसहितको एक मानपदवी । २. पहिले जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित भाग-भागमा विभक्त माध्यमिक तहसम्मका नेपाली विषयका पाठ्यपुस्तक । ~ **रत्न** ~ **आभूषण–** ना० राष्ट्रिय जीवनका कुनै क्षेत्रमा महत्त्वपूर्ण रचनात्मक कार्य गर्ने वा दैवी प्रकोप परेका बेलामा सक्रिय रूपले कार्य सम्पन्न गर्ने व्यक्तिलाई प्रदान गर्ने गरिएको एक अलङ्कार । ~ **रत्न** ~ **भूषण–** ना० राष्ट्रिय जीवनका कुनै क्षेत्रमा प्रशंसनीय रचनात्मक कार्य गर्ने वा दैवी प्रकोप परेको बेलामा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई प्रदान गर्ने गरिएको एक अलङ्कार । ~ **रत्न** ~ **सुभूषण–** ना० राष्ट्रिय जीवनका कुनै क्षेत्रमा प्रभावकारी ढङ्गबाट रचनात्मक कार्य गर्ने वा दैवी प्रकोप परेका बेला प्रभावकारी स्वयंसेवा गर्ने व्यक्तिलाई प्रदान गर्ने गरिएको एक अलङ्कार । ~ **राजमार्ग–** ना० १०३० किलोमिटर भएको नेपालको सबभन्दा लामो राजमार्ग; पूर्व-पश्चिम राजमार्ग । ~ **विद्या भूषण–** ना० विद्यावारिधि गर्ने वा स्नातकोत्तर तहमा सर्वप्रथम हुने व्यक्तिलाई राजाका तर्फबाट प्रदान गर्ने गरिएको एक पदक । ~ **वीरविक्रम शाहदेव–** ना० नेपालका शाह वंशका आठौँ राजा (जन्मः १९७७ – मृत्युः २०२८) ।

**महेश–** ना० [सं०] १. महादेव । २. परमेश्वर ।

**महेश्वर–** ना० [सं०] १. परमेश्वर । २. शिव । > **महेश्वरी–** ना० दुर्गा ।

**महोत्तरी–** ना० नेपाल अधिराज्यको जनकपुर अञ्चलअन्तर्गत पर्ने तराई भागको एक जिल्ला ।

**महोत्सव–** ना० [सं०] धेरै ठूलो उत्सव; सजधजपूर्वकको विशेष समारोह ।

**महोदधि–** ना० [सं०] महासागर ।

**महोदय–** ना० [सं०] १. महान् उदय; ठूलो उन्नति । २. आफूभन्दा ठूला व्यक्ति वा मान्यजनलाई आदरपूर्वक गरिने सम्बोधन; महानुभाव ।

**महोपाध्याय–** ना० [सं०] ठूला उपाध्याय; प्रधानअध्यापक ।

**महौषध–** ना० [सं०] १. विशेष गुणकारी औषधी । २. सूठो । ३. पिपला । ४. लसुन । ५. वत्सनाभ ।

**महौषधि/महौषधी–** ना० [सं०] १. विशिष्ट प्रकारको अमोघ औषधी; अचुक दबाई । २. दूबो । ३. अतिबला ।

**मा१–** ना० [सं०] १. धनकी देवी; लक्ष्मी । २. 'आमा'-को छोटकरी रूप (सानीमा, ठूलीमा इ०) ।

**मा२–** ना० [नेवा०] चौकोसको ठाडो काठ ।

**मा३–** विभ० [सं० मध्य] अधिकरण कारक वा सप्तमी विभक्तिको चिह्न; कुनै शब्दका पछाडि जोडिएर त्यसभित्र, त्यसउपर आदि अर्थ बुझाउने प्रत्यय वा रूप (घरमा, कोठामा, रूखमा इ०) ।

**मांस–** ना० [सं०] १. प्राणीका शरीरमा छाला र हाडका बीचमा रहने नरम पदार्थ; मासु । २. फलफूलका बोक्रा र बियाँका बीचमा रहने नरम पदार्थ; गुदी । – **क्षय–** ना० शरीरको मासु क्रमशः सुक्तै जाने प्रक्रिया; सुकेनाश । – **पट–** ना० कलेजो, मुटु र फोक्सोलाई आन्द्राभुँडीसँग छुट्ट्याउने मांसपेशीको पातलो पर्दा । – **पिण्ड–** ना० मांसपेशी । – **पुटिका–** ना० शरीरको कुनै स्थानबाट निस्कने, एकातिर बन्द भएको तर अर्कातिर झोलीजस्तो आकारको मासुको थैली; मासुको लोती । – **पेशी–** ना० शरीरका विभिन्न भागमा रहने मासुका लोला; मांसपिण्ड; मसल । – **भक्षी–** वि० मासु खाने; मांसाहारी; मासभोजी । – **भोजी–** वि० मांसभक्षी । > **मांसल–** वि० १. मासुको भाग धेरै भएको; मांसपूर्ण । २. मोटोघाटो; बलियो; हृष्टपुष्ट । **मांसाहारी–** वि० १. मासु खाने; मांसभोजी । २. मासु खाएर जीवननिर्वाह गर्ने; मासुकै आहारा भएको । ३. हिंस्रक । **मांसोपजीवी–** ना० मासुको बिक्री गरेर जीविका गर्ने व्यक्ति; बकरे ।

**माइक–** ना० [अङ्० माइक्रोफोन] खास गरी विद्युत्तरङ्गद्वारा ध्वनिलाई ठूलो पार्ने एक यान्त्रिक उपकरण; ध्वनिप्रसारक यन्त्र; माइक्रोफोन ।

**माइकोराइजा–** ना० [अङ्०] बोटबिरुवाको जरामा ढुसी लागी हुर्कन बाधा पुऱ्याउने रोगविशेष ।

**माइक्रोफोन–** ना० [अङ्०] हे० माइक ।

**माइक्रोवेभ–** ना० [अङ्०] १. जमिनको तल्लो तथा उपल्लो सतहको

सूक्ष्म तरङ्ग । २. दूरसञ्चार-व्यवस्थाको सन्देश-प्रसारणको एक प्रणाली ।

**माइजू/माइज्यू–** ना० [सं० मातुली+ज्यू] मामाकी पत्नी; मातुली । ~**चेली–** ना० मामाकी छोरी । ~**चेलो–** मामाको छोरो ।

**माइत–** ना० [√ माइती] विवाहिता नारीको आमाबाबु वा दाजुभाइको घर; माइतीको घर; नारीको पितृगृह ।

**माइती–** ना० [प्रा० माइ+ती] विवाहिता नारीको बाबुआमाको घर; माइत ।

**माइतो–** ना० [माइत+ओ] पिङ खेल्दा पाइतोसँग अनुप्रास मिलाउन चलाइएको माइत शब्दको रूप ।

**माइल–** ना० [अङ्०] १७६० गजबराबरको रैखिक माप वा परिमाण; मिल । **– खुट्टी–** ना० एक निर्धारित स्थानबाट माइलमा दूरी देखाउन निर्धारित ठाउँहरूमा गाडिने ढुङ्गो वा स्तम्भ; कोसे ढुङ्गो (माइल स्टोन) ।

**माइली–** वि०हे० माहिली ।

**माइलो–** वि०हे० माहिलो ।

**माई–** ना० [प्रा० माइ < सं० मातृ] १. माता; आमा । २. आराध्या स्त्रीदेवता; देवी । ३. सन्न्यासिनी; जोगिनी । ४. शीतला; बिफर । **– बेनी–** ना० इलामका माई र जोगमाई दुई नदीका दोभानको माघभरि मेला लाग्ने स्थान ।

**माउ–** ना० [प्रा०] १. आमा (पशुपक्षी, कीराफटेङ्ग्रा आदिको); पोथी पशुपक्षी । २. घरपरिवारको मुख्य मानिस, थकाली । ३. चित्रो, मान्द्रो, गुन्द्री आदि बुन्दा टिपिने तीनवटा चोया वा धागो । ४. ट्रली वा रेल तान्ने इन्जिन । ५. ऊनी लुगा, कागज आदि काट्ने कीरो । वि० ६. मुख्य; प्रमुख । ~**कस्तूरी–** ना० कस्तूरीको माउ; पोथी कस्तूरी । ~**कुरो–** ना० मातृभाषा; मातृबोली ।

**माउते–** ना०हे० माहुते ।

**माउ थलो–** ना० [माउ+थलो] १. कुनै जाति, भाषा आदिको पहिलो मुख्य ठाउँ; मूल स्थान; उद्गमस्थल । २. मातृभूमि ।

**माउर–** ना०हे० माहुर।

**माउरी–** ना० [√ माहुरी] माहुरी; मौरी ।

**माउसुली–** ना० [सं० मुसली] घरकोठाका दलिन र भित्ताभित्ता टाँसिएर दगुर्ने, भुसुना, कीरा आदि टिपेर खाने, छेपाराको जातको लाम्चो कीरो; घरछेपारो ।

**माऊ–** ना०हे० माउ ।

**माकल–** ना० [सं० मर्कट] बाँदर; लङ्गुर । **– टोपी–** ना० चेहराबाहेक कपालको सम्पूर्ण भाग छोप्ने, न्यानो खालको बाँदरमुखे टोपी ।

**माकुरा–** ना० [सं० मर्कट] हे० माकुरो । **– को जालो–** ना० १. साह्रै फितलो जाल वा षड्यन्त्र । २. माकुराको जाल । ~**जाले–** वि० माकुराको जालोजस्तो गोलागोला मसिना रेखा भएको (बुट्टा, पछ्यौरा आदि) ।

**माकुरी–** ना० [सं० माकुरो+ई] १. माडबारीका जस्तो आकारको, बीचमा यूँ जडिएको, कानमा लगाउने एक प्रकारको गहना । २. भाद्र शुक्ल पञ्चमीका दिन स्वास्नीमानिसहरूद्वारा सप्तर्षिलाई चढाइने एक प्रकारको फूल ।

**माकुरे–** वि० [माकुरो+ए] माकुरोजस्तो; माकुराका छाँटको । ~**यान–** ना० वैज्ञानिकहरूले चन्द्रमामा पदार्पण गर्दा प्रयोगमा ल्याएको माकुराका आकारको यान (लुनार) ।

**माकुरो–** ना० [सं० मर्कट] शरीरको पछिल्लो भागबाट च्यापच्याप परेको ज्यादै मसिनो तन्तु निकालेर जाल बनाई झिँगा, भुसुना आदि ससाना कीराहरू अल्झाएर खाने एक जातको आठखुट्टे कीरो ।

**माक्षिक–** ना० [सं०] १. मह; मधु । २. रूपामक्खी । ३. सुनामक्खी ।

**माखा–** ना० [माखोको ति० रू०] हे० माखो । ~**मुन्द्रो–** ना० कानमा गहनाका रूपमा लगाइने माखाका आकारको गहना ।

**माखे–** वि० [माखो+ए] माखोजस्तो; माखाका आकारको । ~**साङ्लो–** ना० १. दुईतिरबाट च्यापेर बीचमा अँठ्याउने काम वा काइदा । २. रहस्य वा मेसो थाहा नपाई फुकाउन नसकिने एक किसिमको साङ्ली । ३. त्यस्तै अप्ठेरो वा उम्कन नसकिने अवस्था; जटिल समस्या; असमञ्जस स्थिति ।

**माखो–** ना० [सं० मक्षिका > प्रा० मक्खिअ] १. झिँगो; मक्षिका । २. नाकमा लाइने एक प्रकारको गहना । ~**मुन्द्रो–** ना० गरगहना ।

**माख्ले–** ना० धान कुटेर वा मकै पिनेर चामल, च्याँख्ला बनाउँदा आउने वस्तु; कनिका ।

**माग्-नु–** स० क्रि० [प्रा० माग+नु] १. कुनै कुरो पाउनका निम्ति कसैसित प्रार्थना गर्नु; याचना गर्नु । २. गरिब वा दरिद्रले अन्न, वस्त्र, पैसा आदि पाऊँ भनेर प्रार्थना गर्नु; भिक्षा गर्नु । ३. अधिकार वा यस्तै कुनै कामकुरोका लागि प्रार्थना गर्नु; माग गर्नु ।

**माग–** ना० [माग+अ] १. माग्ने काम; याचना; प्रार्थना । २. आग्रह जनाएर गरिने अनुरोध; अधिकारपूर्वक मागिएको कुनै कुरो । ३. कुनै कुराको विशेष आवश्यकता वा खाँचो । **– ढोल–** ना० जे पाए पनि माग्ने काम; यताउति घुमेर माग्ने काम । ~**पूर्ति–** ना० चाहनाको पूर्ति, खाँचोपूर्ति । **– मुग–** ना० माग्नेवर्ने काम; माङमुङ ।

**मागधी–** ना० [सं०] १. प्राकृत भाषाको एक भेद । वि० २. मगध देश; मगध देशसम्बन्धी ।

**माग फाराम–** ना० [माग+फाराम] कार्यालयहरूमा कागज, मसी आदि मसलन्द तथा अन्य सामग्रीहरू प्राप्त गर्न सामानको विवरण खोली भरिने एक प्रकारको फाराम ।

**मागल–** ना० [सं० मङ्गल] विवाह आदि मङ्गलकार्यमा गाइने गीत; महाल । >**मागलिनी–** ना० मागल गाउने कन्या र ऐभाँती नारी ।

**मागिनु–** क० क्रि० [माग्+ई+नु] याचना गरिनु; भिक्षा थापिनु ।

**माग्ने**– वि० [माग्+ने] १. माग वा प्रार्थना गर्ने । ना० २. घरघर मागेर जीवननिर्वाह गर्ने व्यक्ति; मगन्ते; भिक्षुक । ३. नामको पछिल्तिर जोडिई कार्यभागी भएको बुझाउने शब्द (भनाइमाग्ने पोलाइमाग्ने आदि) ।

**माघ**– ना० [सं०] १. पुसपछि र फागुन अघिको महिना । २. कालिदास, भारविकै कोटिका संस्कृति साहित्यका ठूला कवि ।

**माघे**– वि० [माघ+ए] १. माघ महिनाको; माघ महिनासम्बन्धी । २. माघ महिनामा पर्ने वा हुने । ~**झरी**– ना० माघ महिनामा पर्ने झरी । ~ **ठिही**– ना० माघ महिनाको ज्यादै ठिहिऱ्याउने जाडो; अति जाडो । ~**सग्राँती**– ना० चेलीतिहार ।

**माङ्गलिक**– वि० [सं०] १. मङ्गलसूचक; मङ्गलसम्बन्धी; शुभ । २. सौभाग्यशाली । ना० ३. नाटक आदिमा प्रारम्भमै मङ्गलपाठ गर्ने पात्र ।

**माङ्गल्य**– वि० [सं०] १. मङ्गलकारक; शुभ । २. भाग्यवान् । ना० ३. मङ्गल हुनाको भाव वा अवस्था ।

**माङबा**– ना० [भो० ब०] लिम्बूजातिमा भूतप्रेत आदि मन्साउने पुरोहित ।

**माच**– ना० [सं० मञ्च] बस्तुभाउलाई खुवाउनका निम्ति घाँस, पराल आदि सुरक्षित राख्न बनाइने अग्लो टार; टौवा; मचान ।

**माचाङ्गी**– वि०हे० मानचङ्गी ।

**माछा**– ना० ['माछो'को ति० रू०] हे० माछो । – **कत्ले**– वि० माछाको कत्लाजस्तो (बुट्टा, भुईं आदि) । – **काँडे**– वि० माछाको काँडाजस्तो भएको; माछाको काँडाको आकारको (सियाको टाँका, बुट्टा, कपाल आदि) । – **भाला**– ना० माछा मार्ने एक प्रकारको भाला ।

**माछो**– ना० [सं० मत्स्य > प्रा० मच्छ] १. पानीभित्र रहने, चिसो रगत साथै प्रायः कत्ला पनि हुने विभिन्न आकारप्रकारमा पाइने, खाद्योपयोगी एक जलजन्तु; माछा । २. बन्द गरिएको झ्यालढोका अडचाउने एक किसिमको चुकुल ।

**माजा**– ना०हे० माझा ।

**माजु**– ना० [फा० माजू] काँडैकाँडा हुने र भाँच्दा एक प्रकारको चोप वा गुँद निस्कने झारविशेष । ~ **फल**– ना० माजुबाट निकालिएको चोपको डल्लो; मायाफल ।

**माझ्-नु**– स० क्रि० [प्रा० मज्झ्+नु] १. भाँडाबर्तन, दाँत आदिमा भएको कस वा मैलो फ्याँक्नु; मल्नु । २. सफासुग्घर गर्नु; स्वच्छ पार्नु । ३. पखाल्नु; धुनु ।

**माझ**– ना० [प्रा० मज्झ < सं० मध्य] १. दुई वस्तुका बीच रहने अन्तर । २. मध्य; बीच । ना०यो०३. भित्र ।

**माझमुझ**– ना० [माझ् (द्वि०)] भाँडाबर्तन आदि माझ्ने, पखाल्ने काम ।

**माझा१**– ना० [प्रा० मज्झ] हात्तीको पिठचूँमा कसिने पछुवा अडिने डोरी; मादा ।

**माझा२**– ना० [सं० मज्जन] चङ्गा उडाउने धागो बलियो तथा धारिलो पार्नका लागि लगाइने काँच, चरेस आदिको धूलो वा मसला; माजा ।

**माझामाझी**– ना० यो० [माझ+माझ] बीचोबीच; ठिक्क माझमा; माझनेर ।

**माझाली**– वि० [माझ+आली] १. माझमा बस्ने वा रहने । २. माझखण्डको; माझको । ना० ३. कर्णाली अञ्चलमा बोलिने नेपाली भाषिका; नेपाली भाषाको केन्द्रीय भाषिका; खसानी ।

**माझिनु**– क० क्रि० [माझ्+इ+नु] पखालिनु; टल्काइनु ।

**माझी**– ना० [प्रा० मज्झ] १. पुर्ख्यौलीदेखि डुङ्गा खियाएर तथा माछा मारेर जीविका गर्ने एक जाति । वि० २. बीचको; माझको । ~**औँलो**– ना० चोर औँलो र साहिली औँलाका बीचको औँलो । ~ **किरो**– ना० पानीमाथि रगरग खेल्ने, ठूलो भटमासको दिउलजस्तो कालो रङको एक कीरो । – **टार**– ना० १. माझीहरूको बस्ती भएको समथर जमिन । २. खोलामाथिको सम्म परेको कुलो नलाग्ने जग्गा । – **बार**– मदिसे सिउँडीका भन्दा ठूला पात लाग्ने लामा तीखा काँडा हुने एक वृक्षविशेष ।

**माटमेट**– ना० [(द्वि०) मेट्] छिनाफाना; मारीमेटी ।

**माटिनु**– अ० क्रि० [माटो+इ+नु] १. ज्यादै पुरानो हुनु; बेकम्मा हुनु; सड्नु । २. मटिलो बन्नु; माटोजस्तो हुनु ।

**माटी**– ना० [माटो+ई] माटो । – **कोरे**– ना० १. किसान; खेतीवाल । २. पहरामा प्वाल पारेर गुँड लाउने, हरियो शरीर, रातो टाउको र तीखो चुच्चो हुने एक चरो ।

**माटे**– वि० [माटो+ए] १. माटोसम्बन्धी; माटाको । २. माटाको काम गर्ने । ३. माटो खाने बानी परेको वा माटो खाने इच्छा गर्ने । ना० ४. गहुँको सुक्खा रोटी ।

**माटो**– ना० [प्रा० मिट्टीआ < सं० मृत्तिका] १. जमिनको माथिल्लो भागमा पाइने, ढुङ्गो, बालुवा, पानी, खनिज पदार्थ आदि बाहेकको, बोटबिरुवा, बालीनाली आदि उम्रने, जीवजन्तु आदि बस्ने र हिँड्ने, भाँडाकुँडा आदि बनाउने काममा प्रयोग हुने, लेउ, सडेपडेका वस्तु आदि मिलेर बनेको उर्वर, बुरबुराउँदो तथा कमलो, गन्धयुक्त वस्तु; मट्टी; माटी । २. खेतबारी; जमिन; जग्गा । ~**घिसाइ**– ना० माटाको अपहरण; माटोक्षय । ~**क्षय**– ना० माटोघिसाइ । ~**विज्ञान**– ना० हे० मृत्तिकाविज्ञान ।

**माड्-नु**– स० क्रि० [प्रा० मड्ड > माड्+नु] १. मर्दन गर्नु; अँठ्याएर रगड्नु; मालिस गर्नु; मिच्नु; मल्नु; दाब्नु । २. मच्याकमुरुक पार्नु; कुल्चीमिल्ची गर्नु; थिचोमिचो गर्नु ।

**माड**– ना० [सं० मण्ड] १. अन्नादिको पीठो पकाएर बनाइएको कागत आदि टाँसिने लेदो पदार्थ । २. भात पकाउँदा पाक्ने बेलामा निस्कने बाक्लो सेतो झोल । ३. लदरो पारी बनाइएको खाद्य पदार्थ; खोले ।

**माडमुड**– ना० [माड् (द्वि०)] बेसरी माड्नेवर्ने काम; रगडाइ ।

**माडा**– ना० [सं० मण्ड] लप्सी, आँप आदिको गुदी पकाएर पातलो पारी सुकाइएको अमिलो खाद्य पदार्थ ।

**माडिनु–** क० क्रि० [माड्+इ+नु] माड्ने काम गरिनु; मलिनु; रगडिनु ।

**माडी/माडु–** ना० [सं० मण्डल] १. ठूलो फराक ठाउँ । २. पुण्य स्थल; धार्मिक उद्देश्यले मानिस जम्मा हुने ठाउँ; मेला; मण्डी ।

**माडो–** ना०हे० माणो ।

**माडौँ–** ना० [माणो <सं० मण्डप] मण्डप भएको देवमन्दिर (जस्तो– काठमाडौँ ।)

**माणक–** ना० [सं०] मानकन्द; बुटीविशेष ।

**माणवक–** ना० [सं०] १. बालक; ठिटो । २. बाउन्ने । ३. मूर्ख मान्छे । ४. विद्यार्थी । ५. सोह्र गेडा भएको एक प्रकारको मोतीमाला ।

**माणिक/माणिक्य–** ना० [सं० माणिक्य] गुलाफी वा रातो रङको एक रत्न; पद्मरागमणि; लालमणि; मानिक ।

**माणो–** ना० [सं० मण्डप] विवाह मण्डप; दुलाहादुलहीले बिहामा घुम्ने जग्गे; माडो ।

**माण्डलिक–** ना० [सं०] १. कुनै मण्डल वा प्रान्तको प्रमुख शासक; रजौटा । २. शासनकार्य । वि० ३. मण्डलसम्बन्धी; मण्डलको ।

**माण्डव्य–** ना० [सं०] गोत्र-प्रवर्तक एक प्राचीन ऋषि । **– गोत्र–** ना० माण्डव्य ऋषिको कुल वा वंशबाट चलेर आएको वा सो कुल वा वंशको परिचायक नाम; ज्ञवाली, बजगाईं आदि थर हुनेहरूको गोत्र ।

**माण्डूक्य–** ना० [सं०] दस प्रसिद्ध उपनिषद्मध्ये एक ।

**मात१–** ना० [सं० मद] १. कुनै नशालु वस्तु वा लागू पदार्थ (रक्सी, जाँड, अम्मल इ०) । २. धन, मान, यौवन, इज्जत आदिको घमन्ड; तमक । ३. लागू पदार्थको सेवनबाट हुने उन्माद वा असर; मद ।

**मात२–** ना० [अ०] विशेषतः खेल, कुस्ती, भिडन्त आदिमा हुने हार वा पराजय; माथ । (उदा०– हिजोको फुटबल खेलमा सङ्कटा एघारले ठमेल एघारलाई गजबले मात गरिदियो) ।

**मातङ्ग–** ना० [सं०] १. हात्ती । २. नीच मानिस; चण्डाल । ३. किरात; भिल्ल । >**मातङ्गी–** ना० १. दस महाविद्यामध्ये एक (तन्त्र) । २. चाण्डाल जाति वा व्यक्तिकी स्त्री । ३. वसिष्ठकी पत्नी । ४. पार्वती ।

**मातदिल–** वि० [अ० माउतदिल] न धेरै गर्मी न धेरै जाडो; समशीतोष्ण; मधुरो ।

**मातवर–** वि०हे० माथवर ।

**मातहत–** वि० [अ०] १. अरूको आश्रय, अधीन, खटन वा नियन्त्रणमा रहेको; अधीनस्थ । ना० २. हाता वा इलाका; अम्बल । ~**दर्जा–** ना० प्रमुख अड्डाभन्दा मुनिका वा अधीनमा रहेका सम्बद्ध अड्डाका कर्मचारीको पद । >**मातहती–** ना० मातहत हुनाको भाव वा अवस्था; अधीनता; अख्तियारी ।

**माता–** ना० [सं०] १. जन्म दिने स्त्री; आमा; मुमा; जननी; महतारी; इजा । २. कुनै आदरणीय पूज्य स्त्री । २. देवी (लक्ष्मी, सरस्वती आदि) । ४. सन्न्यासिनी; जोगिनी । ५. अन्न दिएर पाल्ने धर्ती । ६. दूध खुवाउने गाई । **– पुला–** ना० साह्रै पातलो सेतो लुगा ।

**माति-नु–** अ० क्रि० हे० मात्तिनु ।

**मातुल–** ना० [सं०] मामा >**मातुली–** माइजू । **मातुलेय–** ना० मामाको छोरो ।

**मातृ–** ना० [सं०] माता; जननी । >**मातृक–** वि० १. मातासम्बन्धी; माताको । २. माताका तर्फबाट प्राप्त हुने (व्यवहार, अधिकार इ०) । **मातृका–** ना० १. आमा; माता; जननी । २. धाईआमा । ३. विवाह, व्रतबन्ध आदि माङ्गलिक कार्यको पूर्वाङ्गका रूपमा पूजा गरिने सोह्रवटी देवीहरूको वर्ग (गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, माता, लोकमाता, शान्ति, पुष्टि, धृति र स्वस्ति) । ४. तन्त्रशास्त्रका अनुसार सातवटी देवी (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्राणी, चामुण्डा र वाराही) । ५. पञ्चाशत् वर्णमातृका । ६. स्रोत; मूल । ७. जादुको शक्ति निहित रहने अक्षरहरूको खास प्रकारको रेखाचित्र । ~**कुल–** ना० आमापट्टिको वंश; मामालीको कुल । ~**गण–** सात वा सोह्र मातृकाको गण वा वर्ग (सप्तमातृका र षोडशमातृका) । ~**घातक/घाती–** वि० आमाको हत्या गर्ने; आमालाई मार्ने । ~**तन्त्र–** ना० माता नै गृहस्वामिनी मानिने र उनैले घरेलु व्यवस्था पनि गर्ने केही प्राचीन जातिमा तथा वर्तमानमा पनि कतैकतै प्रचलित एक सामाजिक व्यवस्था । **– त्व–** ना० माता वा आमा हुनाको गुण, अवस्था वा भाव । ~**पक्ष–** वि० मातृकुलसँग सम्बद्ध पक्ष (मामा, मातामह आदि); मातृकुल । ~**भाषा–** ना० आमाको काखमा बसेर सिकिने तथा आफ्नो वर्ग वा जातिमा बोलिने भाषा । ~**शिशु कल्याण केन्द्र–** ना० स्वास्थ्यकार्यक्रमअन्तर्गत परिवार नियोजनका साथसाथै बच्चा र बच्चाको आमाको स्वास्थ्यसेवाका निम्ति खोलिएको केन्द्र ।

**मातृ सत्ता–** ना० [सं०] १. परिवारमा आमाकै सत्ता सर्वोच्च तथा सर्वोपरि रहने सामाजिक व्यवस्था; मातृतन्त्र । २. आमाका नामबाट वंशपरम्परा चल्ने सामाजिक व्यवस्था । >**मातृ सत्तात्मक–** वि० मातृसत्ता प्रमुख भएको; मातृसत्ताका रूपमा चलेको ।

**मात्त–** क्रि० वि० [सं० मात्र] मात्र; खालि; केवल (उदा०– म मात्त एक्लै त्यहाँ जान्न ।) ।

**मात्ति-नु–** अ० क्रि० [मात+इ+नु] १. मत्त हुनु; माद चढ्नु; लागू पदार्थको नशा लाग्नु । २. धन, मन, यौवन आदिले गम्कनु; माथि पुगेर पनि चढेको हुनु; उन्मत्त हुनु । ३. पात्तिनु; पुलपुलिनु । ४. निहुँ खोज्नु; जोरी खोज्नु ।

**मात्तै–** क्रि० वि० [मात्त+नै] मात्र नै; मात्त ।

**मात्र–** क्रि० वि० [सं०] केवल; खालि; एकलै; मात्रै; मात्तै ।

**मात्रा–** ना० [सं०] १. कुनै वस्तुको एक पटकमा उपयोग गरिने मान; परिमाण । २. एक खेपमा खाइने ओखतीको परिमाण वा

अंश । ३. व्यञ्जनका साथ जोडिने आकार, इकार, उकार आदि चिह्न (ा, ि, ु आदि) । ४. स्वरचिह्न । ५. अक्षरको उच्चारण गर्दा लाग्ने समय । ६. धनसम्पत्ति । ~**वृत्त**– ना० मात्रिक छन्द ।

**मात्रिक**– वि० [सं०] मात्रासम्बन्धी; मात्राको गणना गरिने । ~ **छन्द**– ना० मात्राहरूलाई ध्यानमा राखेर वा मात्राको गणनाबाट चरण मिलाइने छन्दविशेष ।

**मात्रै**– क्रि० वि० [सं० मात्र+नै] मात्र नै; मात्रै ।

**मात्सर्य**– ना० [सं०] १. मत्सरको भाव वा अवस्था । २. अरूको उन्नति देखेर हुने डाहा; ईर्ष्या; डाढो; जलन ।

**माथ१**– ना० [सं० मस्तक] टाउको; शिर; माथा ।

**माथ२**– ना०हे० मात२ ।

**माथवर**– वि० [अ० मोतबर] १. पत्यार गर्न सकिने; भरपर्दो; विश्वासी; मातवर । २. भलादमी; सज्जन । ३. पुँजीवाल; धनाढ्य; सम्पन्न । – **सिंह**– ना० नेपालको इतिहासमा विक्रमको उन्नाइसौँ शताब्दीको अन्तततिर प्रधानमन्त्री बनेका थापा कुलका एक प्रसिद्ध व्यक्ति ।

**माथा**– ना० [सं० मस्तक] शिर; टाउको; माथा । – **पच्ची**/**पच्चिसी**– ना० धेरै दिमाग खियाउनुपर्ने काम; गिदीपगालाइ ।

**माथि**– ना० यो० १. मास्तिर; उँभो; उपर । क्रि०वि० २. उच्च श्रेणी वा कोटिमा । ३. अग्लो ठाउँमा; मास्तिर । ४. पहिले; अगाडि (लेख, वक्तव्य आदिमा) । ५. माथिल्लो ठाउँ वा भाग; चोटो । ६. अतिरिक्त; थप । – **को देउता**– ना० आकाशदेवी (केटाकेटीका सामु नाउँ नलिने चलनअनुसार) । > **माथिल्लो**– वि० १. मास्तिर वा उँभो रहेको; उपल्लो; माथिको । २. उच्च श्रेणी वा उपल्लो तहको (दर्जा, विभाग इ०) ।

**माद**– ना० [सं० मद] १. मद; मात; नशा । २. अभिमान; घमन्ड । ३. प्रसन्नता; हर्ष ।

**मादक**– वि० [सं०] १. मताउने; नशा लाग्ने; बेहोस पार्ने । २. आनन्ददायक । – **ता**– ना० मादक हुनाको भाव वा अवस्था । ~**पदार्थ**– ना० मात लगाउने वस्तु (रक्सी, गाँजा, चरेस इ०) । ~ **फसल**– ना० गाँजा, सुर्ती आदिको बाली वा उत्पादन ।

**मादन**– ना० [सं०] १. मद; मात; नशा । २. कामदेव । वि० ३. नशामा लट्ठ पार्ने; मादक ।

**मादल**– ना० [सं० मर्दल] १. रोटेपिङको दुई खाँबाका बीचमा रहने बलो । २. धुरा वा धुरी पस्ने रथ, बग्गी वा गोरुगाडाका पहियाका बीचको अवयव; नाउ । ३. दाहिनेतिर साँगुरो र देब्रेतिर केही ठूलो मुख भएको, तेर्सो पारेर कम्मरमा भिरी नाङ्गो हातले बजाइने छालाका खरीसहितको नेपालको अति लोकप्रिय तालबाजा । > **मादलु**– ना० मादल (कविता, गीत र लोकगीतमा प्रचलित) । **मादले**– वि० १. मादल भिर्ने वा बजाउने । २. मादलजस्तो । ३. ठूलो; बडेमाको । ४. रमाइलो गर्ने; रमिता देखाउने ।

**मादा१**– ना० [सं० मध्य] हात्तीका पीठमा कसिने पछुवा अड्ने डोरी; माभ्का ।

**मादा२**– वि० [फा०] पोथी ।

**मादी**– ना० [भो० ब०] १. अन्नपूर्णा हिमालका हिमनदीहरूबाट उत्पत्ति भई तनहुँ जिल्लाको दमौलीमा आई सेतीमा मिसिने एक नदी । २. कोसी अञ्चल सङ्खुवासभा जिल्लाअन्तर्गत पर्ने एक गाउँ ।

**माधव**– ना० [सं०] १. विष्णु । २. वैशाख महिना । ३. वसन्त ऋतु ।

**माधवी**– ना० [सं०] १. सुगन्धित सेतो फूल फुल्ने वासन्ती लता । २. तुलसी । ३. महबाट तयार पारिएको एक पेय पदार्थ । ४. सं० १९६५-मा मातृप्रसादका नाउँले स्व० राममणि आ० दी० द्वारा सम्पादित र काशीबाट प्रकाशित नेपाली साहित्यिक मासिक पत्रिका । ~**लता**– ना० दसपन्ध्र सेन्टिमिटर लामा हरिया पात हुने, माथि पहेँलो र तल सेतो रङको सुगन्धित फल हुने सदाबहार एक लहरो ।

**माधिमे**– ना० [सं० मा+नेवा०+धिमे] नाङ्गै हात र बेतको घुमेको गजाले बजाइने, धुन्या बाजासमूहको मुख्य तालबाजा; काठमाडौँ उपत्यकाको धिमे बाजाको ठूलो प्रकार ।

**माधुरी**– ना० [सं०] १. मिठास; मधुरता । २. रक्सी ।

**माधुर्य**– ना० [सं०] १. मीठोपन; मधुरोपना; मधुरता; सौन्दर्य; लावण्य । २. साहित्यमा सरस र सुगम हुने तथा पाठकलाई मनोहर लाग्ने पाञ्चाली रीतिसँग सम्बन्धित काव्यात्मक गुण ।

**माध्य**– वि० [सं०] मध्यवर्ती; माभ्कको; केन्द्रीय; बीचको ।

**माध्यम**– वि० [सं०] १. मध्यवर्ती अंशसँग सम्बद्ध; केन्द्रीय; एकदम माभ्कको । ना० २. कुनै काम सिद्ध गर्ने साधन वा उपाय; कुनै काम सम्पन्न गर्ने साधन वा व्यक्ति ।

**माध्यमिक**– वि० [सं०] १. माभ्कको; बीचको । ना० २. बौद्ध धर्मका चार सम्प्रदायमध्ये एक । ~ **विद्यालय**– ना० निम्न माध्यमिकभन्दा माथिल्लो, प्रवेशिका परीक्षाका तहसम्मको नियमित पढाइ हुने विद्यालय; आठौँदेखि दसौँ कक्षासम्म मात्र पढाइ हुने विद्यालय । ~ **शिक्षा**– ना० मध्यमिक विद्यालयमा दिइने वा पूरा हुने शिक्षा ।

**माध्याह्निक**– वि० [सं०] मध्याह्नको; मध्यदिनको; मध्याह्न-सम्बन्धी ।

**माध्व**– वि० [सं०] १. मधुबाट बनेको वा तयार भएको; मधुनिर्मित । २. मधुर; मीठो । ना० ३. मध्वाचार्यद्वारा चलेको एक वैष्णव सम्प्रदाय ।

**माध्वी**– ना० [सं०] १. मधुबाट बनाइएको एक किसिमको रक्सी । २. माधवीलता । > **माध्वीक**– ना० १. महुवाको रक्सी । २. अङ्गुरको रक्सी । ३. अङ्गुर ।

**मान्–नु**– स० क्रि० [मान+नु] १. भनेको कुरो टेर्नु; आज्ञापालन गर्नु । २. मान गर्नु; मानितो राख्नु; आदर वा श्रद्धा गर्नु । ३. पूजा वा भक्तिभावना गर्नु; सेवा गर्नु । ४. स्वीकार गर्नु; मन्जुर

गर्नु; राजी हुनु । ५. ठीक ठान्नु; ठहराउनु । ६. चाडपर्व आदि मनाउनु । ७. विश्वास गर्नु; पत्याउनु ।

**मान**– ना० [सं०] १. आदर; सत्कार; सम्मान; प्रतिष्ठा । २. अभिमान; अहङ्कार; घमन्ड । ३. दर्जा; पदवी । ४. नाप; तौल; परिमाण । ५. नायकले गरेको अपराध देखेर नायिका अप्रसन्न हुने काम वा स्थिति । ६. नक्सामा धरातलीय दूरी जनाउने हिसाब वा तथ्याङ्कीय परिमाण । > **मानक**– ना० विशिष्ट वस्तुको आकार-प्रकार, महत्त्व आदि जाँच्ने कुनै आधिकारिक स्तर, मानदण्ड वा रूप । – **कन्द**– ना० कर्कलाका आकारका ठूलठूला पात र गानु हुने, बुटी; माने । – **गृह**– ना० १. स्त्रीहरूले पति वा प्रेमीलाई घुर्क्याएर बस्ने घर; मानमन्दिर । २. प्रसिद्ध लिच्छवि राजा मानदेवले बनाएको, एक प्रसिद्ध भवन । (यस दरबारमा टाँगिएको तोरणको अर्को टुप्पो चाँगुनारायण मन्दिरको गजुरमा गाँसिएको उल्लेख अभिलेखहरूमा पाइएको छ) ।

**मानचङ्गी**– वि० सानो जातको (सुपारी वा नरिवल) । ~ **नरिवल**– ना० नरिवलकै छाँटका काण्ड, पात, फूल र फल लाग्ने सानो खालको नरिवल । ~ **सुपारी**– ना० सानो एक जातको सुपारीविशेष ।

**मानचित्र**– ना० [सं०] पृथ्वीका सम्पूर्ण महादेश तथा महासागरको चित्र; नक्सा; भूचित्रावली; भूचित्र ।

**मानदण्ड**– ना० [सं०] १. नाप्ने लट्ठी वा दण्ड; गज । २. योग्यता, गुण, वैशिष्ट्य आदि खास कुराको मूल्य निश्चित गर्ने वा आधार निर्धारित गर्ने स्वीकृत स्तर वा माध्यम ।

**मानदेव**– ना० [सं०] प्रसिद्ध मानगृहका निर्माता लिच्छविकालीन एक प्रख्यात राजा ।

**माननीय**– वि० [सं०] १. मान वा आदर गर्न योग्य; मान्य; आदरणीय । २. मन्त्री, संसदका सदस्य, कुलपति आदि र सोसरहका अन्य व्यक्तिलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

**मानपत्र**– ना० [सं०] अभिनन्दनपत्र ।

**मान पदवी**– ना० [मान+पदवी] आभूषण, अलङ्कार, प्रशंसापत्र आदि ।

**मान भङ्ग**– ना० [सं०] अपमान; अप्रतिष्ठा; बेइज्जती; मानहानि ।

**मानभाउ**– ना० [मान+भाउ] मान र मर्यादा; मान र कदर; प्रतिष्ठा; इज्जत; मान; मानमनितो ।

**मान मनितो**– ना० [मान+मनिता] १. आफ्ना कुलपरम्पराले मान्दै आएका देवदेवीको पूजाआजा । २. मानभाउ ।

**मान मन्दिर**– ना० [सं०] १. स्त्रीहरू रिसाएर बस्ने घर; कोपभवन; मानगृह । २. ग्रहनक्षत्रहरूको निरीक्षण गर्ने यन्त्रहरू रहेको स्थान; वेधशाला ।

**मान मर्यादा**– ना० [सं०] मानभाउ; मानमनितो ।

**मान मिजास**– ना० [मान+मिजास] १. मान र मिजास; आदरसत्कार । २. शिष्टाचार; सौजन्य ।

**मानर**– ना० तराई क्षेत्रमा प्रचलित, मादलका आकारको एक प्रकारको माटाको बाजा ।

**मानव**– ना० [सं०] १. मनुका सन्तति; मनुष्य । स्त्री० मानवी । वि० २. मनुसँग सम्बन्धित; मनुको वंशमा उत्पन्न भएको; मनुसम्बन्धी । स्त्री० मानवी । ~ **अधिकार**– ना० संयुक्त राष्ट्रसङ्घले इ० १९४८ मा गरेको घोषणाअनुसार विश्वका मानवमात्रले पाउने आधारभूत सामाजिक, आर्थिक र नागरिक हक तथा स्वतन्त्रता ।

**मानवता**– ना० [सं०] मानव हुनाको भाव वा विशेषता; मनुष्य बन्न चाहिने गुण; मनुष्यत्व । – **वाद**– ना० मानिसका प्रकृति, प्रतिष्ठा, आदर्श आदिमा विश्वास गर्ने मत वा सिद्धान्त, मानिसले मानिसप्रति गर्ने राम्रो व्यवहारको सिद्धान्त । – **वादी**– वि० मानवतावादमा विश्वास गर्ने; मानवतावादको सिद्धान्तको समर्थक वा अनुयायी ।

**मानवती**– वि० [सं०] १. आफू मानमा रहन चाहने; अभिमानिनी; मानिनी (स्त्री) । ना० २. साहित्यमा नायकसित असन्तुष्ट वा रुष्ट भएकी नायिका ।

**मानव धर्म शास्त्र**– ना० [सं०] मानवधर्मको विवेचना गरिएको शास्त्र; मनुस्मृति; मनुसंहिता ।

**मानव पूर्वकाल**– ना० [सं०] नृतत्त्वशास्त्रअनुसार किनिया नर-वानर र त्यसभन्दा पहिलेको समय ।

**मानव बस्ती**– ना० [मानव+बस्ती] मानिसको बसोबास भएको भूक्षेत्र ।

**मानव युग**– ना० [सं०] १. नृतत्त्वशास्त्रअनुसार पृथ्वीमा पहिलोपल्ट मानवको सृष्टि प्रारम्भ हुन थालेको युग; आजभन्दा पचासदेखि चालीस लाख वर्षपहिले प्रारम्भ भएको युग । २. प्रातिनूतनाश्मको समस्त भाग वा हिमकल्पको समस्त भागलाई भनिने युग ।

**मानव शास्त्र**– ना० [सं०] १. मानवजातिको उत्पत्ति, प्रकार, गुण, स्वभाव, संस्कृति आदिको अध्ययन गर्ने एक शास्त्र; नृतत्त्वशास्त्र; नृवंशशास्त्र । २. मूलतः मानवजातिको उन्नतिप्रगतिमा सहायक हुने इतिहास, दर्शन, पुरातत्त्व, दर्शन, मनोविज्ञान, अर्थशास्त्र, राजनीति, साहित्य आदिसित सम्बन्ध राख्ने सबै शास्त्रविषय ।

**मानवानुगुण**– ना० [सं०] नृतत्त्वशास्त्रअनुसार नरवानरानुगणभित्र पर्ने सङ्कीर्णनास भएकामध्ये अपुच्छको गणनामा आउने मानव र त्यससँग मिल्ने प्राणीको समूह ।

**मानविकी**– ना० [सं०] शिक्षाशास्त्रीय वर्गीकरणका दृष्टिले मानिसका विचार, सम्बन्ध आदिसँग सम्बन्धित ज्ञानहरूमध्ये दर्शन, भाषा, साहित्य, कला, भूगोल, गणित, इतिहास आदिसँग सम्बन्धित शाखा । ~ **र सामाजिक शास्त्र**– ना० मानविकी र राजनैतिक, आर्थिक, सामाजिक आदि शास्त्रहरूको समुदाय । ~ **र सामाजिक शास्त्र अध्ययन संस्थान**– ना० उक्त समुदायको पठनपाठनसँग सम्बन्धित संस्था ।

**मानवीकरण**– ना० [सं०] कुनै वस्तुलाई मानवको रूप दिनाको भाव तथा प्रक्रिया वा मानवका रूपमा कल्पित तथा प्रस्तावित गर्ने काम ।

**मानवीय–** वि० [सं०] १. मानवसम्बन्धी; मानव वा मनुष्यको । २. मानिस भएर गरिने; मनुष्योचित । ~ **तत्त्व–** ना० मानिसमा हुनुपर्ने गुण वा वैशिष्टच ।

**मानस–** ना० [सं०] १. अनुभव र अनुभूति तथा विचार र संवेदना आदि हुने, मानिसमा रहेको आन्तरिक सत्ता; मन; हृदय । २. मानसरोवर । ३. तुलसीदासकृत रामायण (रामचरितमानस) । वि० ४. मनसँग सम्बन्ध राख्ने; मानसिक । ~ **पुत्र–** ना० इच्छाले मात्र उत्पन्न सन्तति; कल्पित पुत्र । ~ **पूजा–** ना० लौकिक विधि नअँगाली मनद्वारा नै सबै कृत्य गरिने पूजा ।

**मानसरोवर–** ना० [सं०] १. हिमालमा कैलास पर्वतमुनि रहेको ठूलो र पवित्र तीर्थ मानिने एक प्रसिद्ध दह । २. हठयोगमा शरीरभित्र कल्पना गरिएको अमृतरूपी भावसरोवर वा सो रहने स्थान ।

**मानसिक–** वि० [सं०] १. मनसम्बन्धी; मनसँग सम्बन्ध राख्ने; मानस; आत्मिक । ~ **आघात–** ना० १. मनमा परेको आघात वा चोट – **ता–** ना० मानसमा हुने भाव, गुण वा स्थिति; आत्मिकता ।

**मानसी–** वि० [सं०] १. मनसम्बन्धी; मानसिक; मनको । २. मनैमन हुने (आराधना; पूजा इ०) ।

**मानहानि–** ना० [सं०] कसैको इज्जत, प्रतिष्ठा आदिमा क्षति पुर्‍याउने काम; मानभङ्ग; बेइज्जती; अपमान ।

**माना–** ना० [सं० मान] १. दस मुठीबराबरको अनाज आदि भर्ने भाँडो; मानु । वि० २. दस मुठीको परिमाण भएको ।

**मानाङ्क–** ना० [सं०] लिच्छवि राजा मानदेवले प्रचलनमा ल्याएको टक; मानाङ्क-मुद्रा । ~ **मुद्रा–** ना० मानाङ्क ।

**माना चामल–** ना० [माना+चामल] १. कुनै विशेष स्थितिमा अरूलाई जीवननिर्वाह वा पेटपालोका निम्ति दिइने खर्च, वृत्ति वा सिधा; पेटिया । २. सरकारको सेवामा विशेष रूपले संलग्न भारदारका वंशज तथा उच्च खानदानका व्यक्तिलाई जीवन-निर्वाहका लागि दिइने र निजको मृत्युपछि सो जग्गा रैकरमा परिणत गरिने एक प्रकारको पुरानो बिर्ताप्रथा; खुवा बिर्ता ।

**माना पाथी–** ना० मानु र पाथी वा त्यति परिमाणको वस्तु ।

**मानार्थ–** वि० [सं०] मानका निम्तिको; मानको खातिर । ~ **उपाधि–** ना० खास प्राज्ञिक आवश्यकताका लागि तयारी भएका पाठ्यांशहरू पूरा नगरी कुनै खास क्षेत्रमा महत्त्वपूर्ण सफलता हासिल गरेको व्यक्तिलाई सम्मान गर्न दिइने डिग्री वा उपाधि । ~ **सदस्य–** ना० मानार्थ दिइने सदस्यपद ।

**मानिक–** ना० [सं० माणिक्य] लालमणि ।

**मानिका–** ना० [सं०] १. एक प्रकारको रक्सी । २. आठ पल वा साठी तोलाको तौल वा परिमाण । ३. लिच्छविकालीन प्रचलनमा एक मुरीजतिको नापो । ~ **कर–** ना० पूरा उब्जनीको छैटौँ भाग लिइने एक प्रकारको पुरानो भूमिकर ।

**मानिता–** ना० [सं० मान्यता] १. मान्यता; सम्मान; आदर; मानभाउ । २. स्वाभिमान; गौरव ।

**मानिनु–** क० क्रि० [मान्+इ+नु] मान गरिनु; पुजिनु ।

**मानिस–** ना० [सं० मानुष] जैविक जातिमा मस्तिष्क तथा बुद्धिबलका कारणले सबैभन्दा श्रेष्ठ, विकसित तथा चेतनशील रूपमा रहेको र श्रमलाई सरल तथा सुगम तुल्याउन आवश्यकताअनुसार हतियारको निर्माण तथा प्रयोगसमेत गर्ने स्तनपायीवर्गको दुईखुट्टे प्राणी; मनुष्य; मान्छे ।

**मानी१–** ना० [था०] चार पाथीको परिमाण ।

**मानी२–** वि० [सं०] १. कुनै मान वा कुराको अभिमान गर्ने, अभिमानी; अहङ्कारी; घमन्डी । २. मान भएको वा मान पाउने; प्रतिष्ठित; इज्जतदार ।

**मानी३–** वि० [सं० मान+ई] घट्टको माथिल्लो तथा जाँताको तल्लो फग्ल्याँटाका प्वालमा राखिने र घुम्न सजिलो पार्ने काठ, फलाम आदिको डन्डी; माने । ~ **घर–** ना० घट्ट; जाँतोको मानी छिराउने दुलो । ~ **पाथी–** ना० मानी बनाएबापत कामीले चलनअनुसार पाउने एक पाथी अन्न ।

**मानु–** ना० [सं० मान] १. दस मुठी अन्न भरिने, अटाउने वा नाप्ने भाँडो; मानो । २. त्यति अन्नको परिमाण । ३. पेटपालोको साधन; दानापानी । ~ **चामल–** ना० हे० मानाचामल । ~ **छुट्टिनु–** ट० अंशबन्डा गरेर बेग्लै बस्नु; अलग घरजम गर्नु । ~ **मुठी–** ना० १. थेरथोर अन्नपात; अलिअलि अनाज; दुई-चार मुठी । २. विशेषतः असहाय व्यक्तिलाई वा सघाउनुपर्ने स्थितिमा दिइने अलिअलि अन्नपात वा खर्च । ~ **मुरी–** ना० खेती गर्दा एक मानाको एक मुरीका दरले फल्ने उब्जनी हुने धान आदि अन्न ।

**मानुष–** ना० [सं०] मानिस; मनुष्य । > **मानुषिक–** वि० मनुष्यसम्बन्धी; मानिसको जस्तो; मानवीय । **मानुषी–** ना० आइमाई; स्वास्नीमान्छे; स्त्री; महिला ।

**मानूँ–** संयो० [मान्+ऊँ] जस्तो; तुल्य; समान; मानौँ ।

**माने१–** ना० [सं० मानकन्द] खान हुने जङ्गली कर्कलो; मानकन्द ।

**माने२–** ना० [अ० मानी] अर्थ; आशय; अभिप्राय; मतलब; तात्पर्य ।

**माने३–** वि० [मानो+ए] १. मानुको; मानासम्बन्धी (परिमाण वा नापो) । २. मानाभर रहने, अटाउने, हालिने वा पाक्ने र त्यत्ति नै खाने वा खान सक्ने, जस्तो– एकमाने, तीनमाने, पाँचमाने (भाँडो, व्यक्ति आदि) ।

**माने४–** ना० [सं० मान+ए] जाँतोको तल्लो तथा घट्ट आदिका माझमा माथिल्लो फग्ल्याँटाका प्वालमा हालिने काठ वा फलामको डन्डी; हे० मानी पनि ।

**माने५–** ना० [सं० मणिपद्म] १. बौद्ध धर्मावलम्बीहरूले हातमा लिएर घुमाउने 'ॐ मणिपद्मे हुँ' लेखिएको एक वस्तु । २. बौद्धधर्मावलम्बीहरूले चिहानमाथि ध्वजा गाडी बनाएको स्तम्भ । ~ **गाउँ–** ना० लामा, तामाङहरूको माने भएको ठाउँको बस्ती । ~ **डाँडो–** ना० माने थापना गरिएको डाँडो । ~ **भन्ज्याङ–** माने रहेको भन्ज्याङ । ~ **मधौरु–** ना० बिरामी भएको बहाना गरेर काम नगर्ने मानिस ।

**मानो१–** अव्य० मानूँ; मानौँ ।

**मानो२–** ना० [सं० मान] दस मुठी अन्नबराबरको भाँडो; मानु ।

**मानौँ–** अव्य० [मान्+औँ] समान; तुल्य; मानूँ ।

**मान्छे–** ना० [सं० मनुष्य] मानिस; मनुष्य । **– को भाँडो–** ना० ठीक मानिस; लाजघिनको ख्याल भएको मान्छे (उदा०– त्यो मान्छेको भाँडै होइन, जे मन लाग्यो त्यही गर्छ) । ~**खाने कुरा–** ना० नबुझिने बोली वा भाषा (उदा०– तिमी मान्छे खाने कुरा नगर, नेपालीमा भन) ।

**मान्द्य–** ना० [सं०] १. मन्द हुनाको भाव वा स्थिति; मन्दता; सुस्ती । २. दुर्बलता; कमजोरी । ३. रोग; बिमारी । ४. न्यूनता; कमी ।

**मान्द्रिलो–** वि० [मान्द्रो+ईलो] मान्द्रो जस्तो ।

**मान्द्रे–** वि० [मान्द्रो+ए] १. मान्द्रो बुनेझैँ गरी बुनेको; मान्द्राको जस्तो बनोट भएको । २. बाक्लो र बलियो (राडी) । ना० ३. मान्द्रो बुन्ने र बेच्ने मानिस । ~**मेसो–** ना० १. मान्द्रो बुन्दाको जस्तो मेसो वा सिलसिला; मान्द्रो बेरिएझैँ भएको रोल वा ताँती । २. राडीका बुनोटको एक मेसो । ३. मान्द्रो बेरेझैँ भई लुँडिँदै आएको छाल । क्रि० वि० ४. उपर्युक्त किसिमले; ताँतीका ताँती लागेर ।

**मान्द्रो–** ना० बाँसको चोयाबाट चित्रो बुनेझैँ चुल्ठेमेसो पारी बुनिने, तर चित्रोमेसोमा झैँ एक-एक पात नटिपी दुई-दुई पात टिपेर बुनिने, बिस्कुन सुकाउने, कठघरामा ओछ्याउने आदि काम लिइने वस्तु ।

**मान्धाता–** ना० [सं०] अयोध्याका पुराणप्रसिद्ध एक सूर्यवंशी राजा ।

**मान्य–** वि० [सं०] १. मान गर्न लायक; आदरणीय । २. मान्न योग्य; स्वीकार गर्न सकिने । **– ता–** ना० १. मान्य हुनाको भाव वा अवस्था; मनाइ । २. मान्ने काम; मान; इज्जत । ३. कुनै विचार, सिद्धान्त, कुरो आदिलाई मान्ने भाव वा प्रक्रिया । ४. काम-कुरो स्विकारी प्रमाणित गर्ने वा ठूलो संस्थाद्वारा सानो संस्था वा त्यसका कामकाजमा दिने स्वीकृति । **– वर–** वि० मान गर्न योग्य; आदरणीय ।

**माप–** ना० [सं० मापन] १. नाप्ने काम; नापो; मापन । २. नाप्ने उपकरण ।

**मापक–** ना० [सं०] १. नाप्ने उपकरण; माना, पाथी, गज, फुट आदिमध्ये कुनै एक साधन । २. ढक । वि० ३. माप गर्ने वा नाप्ने, (जस्तै– स्तरमापक, दुग्धमापक, वर्षामापक) ।

**मापकुण्डिका–** ना० [सं०] अन्न, तेल आदि भर्ने मानो, पाथी, कुरुवा आदि ।

**मापचोक–** ना० [किरा०] सम्पत्तिसम्बन्धी नियन्त्रण गर्ने तथा विवाहसम्बन्धी नियम लागू गर्ने लिच्छविकालीन एक अड्डा ।

**मापन–** ना० [सं०] नाप्ने काम; माप । >**मापनीय–** वि० माप गर्न योग्य; नाप्न सकिने ।

**माप विज्ञान–** ना० [सं०] आयतन नाप्ने एक विज्ञान ।

**मापा–** वि० [सं० नाल्प > प्रा० णप्प] कडा; जङ्गी । **– को–** वि० कडा मिजासको; रिसाहा; जङ्गी ।

**माफ–** वि० [अ० मुआफ] १. माफी वा क्षमा दिइएको । ना० २. दोषी वा अपराधीलाई दिइने सजायको छुट; क्षमा । ३. लिनुपर्ने रकम छोड्ने काम; मिनाहा; छूट ।

**माफा–** ना० गाउँघरतिर प्रचलित पाल्कीजस्तो एक प्रकारको सवारी साधन ।

**माफिक–** ना० यो० [अ० मुआफिक] १. बमोजिम; मुताबिक; अनुसार । क्रि० वि० २. निर्धारित स्थिति, परिमाण, गति आदिमा; मर्यादामुताबिक । वि० ३. विरुद्ध नभएको; अनुकूल; उपयुक्त ।

**माफिया–** ना० कानून, राज्यव्यवस्थालाई हाँक दिने ठूलठूला अपराध कार्यमा संलग्न छद्म अपराधीसमूह ।

**माफी–** ना० [अ० मुआफी] १. दण्डसजाय आदिबाट मुक्ति दिने काम; क्षमा; माफ । २. मिनाहा; मुक्ति । वि० ३. रकमकलम वा तिरोभरो केही नलाग्ने; मिनाहा हुने । ~**छाप–** ना० माफीबिर्ता । ~**बिर्ता–** ना० तिरोभरो गर्नु नपर्ने गरी दिइएको बिर्ता ।

**माम–** ना० [बा० बो०] भात ।

**मामकी–** ना० बौद्ध धर्मअनुसार पञ्चतारामध्ये एक; रत्नसम्भवकी पत्नी र रत्नपाणिकी आमा ।

**मामलो–** ना०हे० मामिला ।

**मामा–** ना० [सं० मातुल] १. आमाका दाजु वा भाइ । २. प्रहरी (लाक्षणिक अर्थमा) । ~**घर–** ना० जेल । ~**चेलो–** ना० मामाको छोरो ।

**मामिला–** ना० [अ० मुआमिल] १. परस्परमा हुने कुनै काम वा व्यवहार; कामकारबाई; मामलो । २. झैझगडा; मामला; मुद्दा । ~**निक्सारी–** ना० राणाकालमा प्रधानमन्त्रीले मुद्दा सुनी निकासा दिने अड्डा; कम्यान्डर-इन-चीफको दलानमा रहने अड्डा ।

**मामुली–** वि० [मामूली अ० मअमूल] १. सामान्य साधारण । २. निम्न तहको; नगण्य; महत्त्वहीन ।

**माम्री–** ना० [माम+री] भाँडामा डढेर खरो भएको भात, ढिँडो आदिको चाम्रो पाप्रो ।

**माया–** ना० [सं०] १. मोहवश कसैका प्रति हुने हार्दिकतायुक्त अनुराग, प्रेम वा स्नेहको भाव; प्यार; प्रीति; ममता; ममत्व । २. कुनै प्रकारको भ्रमपूर्ण, अवास्तविक तथा मिथ्या धारणा वा आभास; धोका; छल; कपट । ३. कुनै छलपूर्ण काम वा कुरा (जादु-टुना, इन्द्रजाल, चटक आदि) । ४. वेदान्तका अनुसार सम्पूर्ण सृष्टि र प्रपञ्चको कारण मानिने ईश्वरको अलौकिक तथा अदृश्य शक्ति; लीला । ५. अविद्या; अज्ञान । ६. जीवनलाई बन्धनमा राख्ने मोहरूपी शक्ति । ७. धन; सम्पत्ति; दौलत । ८. कूटनीति; दाउपेच । ९. लक्ष्मी; दुर्गा । ~**जाल–** ना० १. मायारूपी जालो; मोहको बन्धन । २. गृहस्थीको जन्जाल । **– देवी–** ना० बुद्धकी माताको नाम । **– पाश–** ना० मायाजाल । ~**पिर्ती/प्रीती–**

ना० परस्परको अनुरागमय आकर्षण वा सम्बन्ध; माया र प्रेम । – **पुरी–** ना० मोक्षदायिनी सात पुरीमध्ये एक; हरिद्वार । ~ **मारी–** क्रि० वि० १. माया मारेर । ना० २. माया मार्ने स्वभाव वा चाल । ~ **मोह–** ना० १. माया तथा मोह । २. स्नेह; प्रेम । ३. ईश्वरीय मायाबाट पैदा भएको मानिने सांसारिक वस्तुप्रतिको आसक्ति । ४. असुरहरूको अन्त गर्नका लागि विष्णुका शरीरबाट पैदा भएको पुरुष । ~ **युद्ध–** ना० धोकापूर्ण युद्ध; छलपूर्वक गरिएको लडाइँ; इन्द्रजालपूर्ण युद्ध । ~ **लाग्दो–** वि० माया लाग्ने खालको; मायालु ।

**मायालु–** वि० [माया+आलु] माया पोखिने (पात्र); प्रेमी; प्रेमिका । ~ **ज्यान–** ना० एक जीउको प्रेमी; दिलेरी प्रिय ।

**मायावाद–** ना० [सं०] ब्रह्मलाई सत्य र अरू वस्तुलाई असत्य मान्ने पूर्वीय दर्शनको एक सिद्धान्त; अद्वैतवाद । > **मायावादी–** वि० मायावादको अनुयायी; वेदान्ती; अद्वैतवादी ।

**मायाविनी–** वि० [सं०] छलकपट गर्ने; मायावी (स्त्री) ।

**मायावी–** वि० [सं०] १. मायाका रूपमा रहने वा हुने; मायासम्बन्धी । २. ठूलो कपटी वा धोकेबाज । ३. अवास्तविक; भ्रामक । ४. इन्द्रजाली; जादुगरी । ५. चतुर; धूर्त । ना० ६. परमात्मा ।

**मायिक–** वि० [सं०] १. मायाद्वारा बनेको वा भएको; मायासम्बन्धी । २. अवास्तविक भएर पनि वास्तविकजस्तै देखिने; जादुगरीका छाँटको । ३. मायावी ।

**मायी–** वि० [सं०] १. माया गर्ने वा माया देखाउने; मायावी । ना० २. जादुगर; चटकी ।

**मार१–** ना० [सं० मारण] १. मार्ने काम; हत्या; वध । २. आघात; चोट; प्रहार । ३. हप्की; खप्की । ४. पर्याप्तता; आधिक्य । ५. कामको भीड वा चटारो (मारामार) ।

**मार२–** ना० [सं०] १. कामदेव । २. विष; बिख । ३. बाधा; विघ्न ।

**मारक–** वि० [सं०] १. हत्या गर्ने; मार्ने; विनाशकर्ता । ना० २. कुनै घातक रोग; महामारी । ३. कामदेव । ४. बाज चरो । ~ **दशा–** ना० जन्मकुण्डलीको द्वितीय, सप्तम र अष्टम स्थानका स्वामीको दशा भएको अवस्था; मारकेश-दशा ।

**मारकाट–** ना० [मार+काट] १. एकले अर्कालाई मार्ने र काट्ने काम; काटमार; काटामार । २. भयङ्करको झगडा वा युद्ध ।

**मारकिन–** ना० [अङ्० नैनकीन] १. एक प्रकारको छिपुवा जनाना धोती । २. खैरोखैरो सेतो रङको एक जातको बाक्लो सूती कपडा ।

**मारकेश–** ना० [सं०] लग्नकुण्डलीमा द्वितीय, सप्तम र अष्टम स्थानका स्वामी ग्रह । ~ **दशा–** ना० मारक-दशा ।

**मारङ्गी–** ना० हिमाली भेकतिर उम्रने, जरो तेलमा हाल्दा तेलै रातो हुने एक बुटी ।

**मारण–** ना० [सं०] १. मार्ने वा ज्यान लिने काम; हत्या; वध; विनाश । २. शत्रुलाई विनाश गर्न प्रयोग गरिने जादुटुनाको प्रयोग । ३. धातु आदिलाई भस्म पार्ने काम ।

**मारताल–** ना० [मार+ताल] जुवाखेलमा मार्ने वा जित्ने दाउ लागिरहेको अवस्था ।

**मारपिट–** ना० मार+पिट] पिटापिट; झगडा; मारकाट; मारामार ।

**मारमुङ्ग्री–** ना० [मार+मुङ्ग्रो+ई] १. पिटाइ; ठोकाइ; दनक । २. मारामार; मारपिट; मारकाट ।

**मारवाडी–** ना० [मारवाड (प्रदेश) +ई] १. भारतको मारवाड अर्थात् वर्तमान राजस्थानको निवासी; तिनैको वर्ग वा जाति तथा बोली । २. स्वास्नीमानिसले कानका लोतीमा लाउने मुन्द्राजस्तो बाटुलो र केही मोटो गहना ।

**मारा–** ना० [मार्+आ] १. नामशब्दको पछिल्तिर जोडिएर मार्ने, खतम गर्ने आदि अर्थ बुझाउने शब्द (जस्तो– ज्यानमारा, वनमारा, भाइमारा, बगलीमारा इ०) । २. जुवा आदि खेलमा जितको भाव दर्साउन प्रयोग गरिने शब्द; मार्रा ।

**मारामार–** ना० [मार्+आ+मार्] १. आफुसमा पिटापिट गर्ने काम; मारपिट । २. मानिसहरूको अटाइनसक्नु घुइँचो; ठूलो भीड । ३. कामकाजको चेपाचेप । वि० ४. भरिभराउ; भरपूर; पर्याप्त; यथेष्ट ।

**मारिनु–** क० क्रि० [मार्+इ+नु] मार्ने काम गरिनु ।

**मारिन्गो–** ना० तीनचार मिटर अग्लो हुने, सेतो र चिल्लो बोक्रा हुने, हरिया ससाना फूल फुल्ने, कालो सिस्नुका झैँ फल लाग्ने (आर्टिकेसी समूहको) एक बोट ।

**मारिष–** ना० [सं०] १. नाटकको सूत्रधार । २. नाटकमा आदरणीय वा सम्मान्य व्यक्तिलाई गरिने सम्बोधन ।

**मारी–** क्रि० वि० [मार्+ई] मारेर वा टुङ्ग्याएर; बिताएर (जस्तो– महिना मारी) । ~ **मेटी–** क्रि० वि० भएभरको सबै; सिरीखुरी । ना० २. लिनुदिनुको चुक्ती; छिनाफाना ।

**मारु–** ना० [सं०] दीपक रागको एक प्रकार वा सो रागमा गाइने गीत ।

**मारुत–** ना० [सं०] १. हावा; पवन; वायु । २. वायु वा पवनका अधिपति देवता । > **मारुति–** ना० १. हनुमान् । २. भीम । ३. भारतमा बनेको मोटरको एक प्रकार ।

**मारुनी–** ना० [सं० मारु+नी] आइमाईको भेषमा नाच्ने र गाउने व्यक्ति; नचुवी; नटुवी । ~ **नाच–** ना० मारुनीले नाच्ने, अरूले गानबजान गर्ने र ढुँटुवारेले स्वाङ पार्ने प्रसिद्ध नेपाली लोकनाच ।

**मार्क१–** ना० जर्मनीको मुद्रा ।

**मार्क२–** [अङ्०] चिनो; प्राप्ताङ्क ।

**मार्कण्डेय–** ना० [सं०] अष्टचिरञ्जीवीमध्ये एक तथा मृकण्डु ऋषिका पुत्र; एक प्राचीन प्रसिद्ध ऋषि । ~ **पुराण–** ना० मार्कण्डेय ऋषिद्वारा प्रणीत वा उनका नाममा प्रचलित एक पुराण ।

**मार्का–** ना० [अङ्० मार्क] चिह्न; चिनु; छाप; निसान ।

**मार्क्स–** राजनीतिक साम्यवाद र दार्शनिक द्वन्द्वात्मक भौतिकवादका प्रणेता जर्मनीका एक प्रसिद्ध विद्वान् तथा क्रान्तिकारी नेता । (पूरा नाम कार्ल हेनरिच मार्क्सः १८१८-१८८३ इ०) । – **वाद–**

ना० निज विद्वान्‌द्वारा सहयोगी फ्रेडरिक एङ्गेल्सको साहचर्यमा औपचारिक रूपले प्रतिपादित राजनीतिक, आर्थिक, सामाजिक एवं दार्शनिक सिद्धान्त; हेगेलको द्वन्द्वात्मक सिद्धान्त र फेरबाकको भौतिकवादी सिद्धान्तको सम्मिश्रणका साथै निजले स्वयं आफ्ना मतहरूसमेत समाविष्ट गरी प्रतिपादन गरेको, राज्यव्यवस्थामा श्रमको यथोचित फल मिल्नुपर्छ र पुँजीवाद तथा सामन्तवादलाई सङ्घर्षद्वारा पल्टाएर वैज्ञानिक समाजवाद स्थापित गर्नुपर्छ भन्ने विचार भएको सोही सिद्धान्त । – **वादी**– वि० १. मार्क्सवादसित सम्बन्धित; मार्क्सवादको । २. मार्क्सवादको सिद्धान्तका समर्थक वा अनुयायी । – **वादी समालोचना**– ना० जीवन र जगत्‌का सम्बन्धमा मार्क्सद्वारा प्रतिपादित सिद्धान्त वा मान्यताअनुसार साहित्यको विवेचना गर्ने पद्धति ।

**मार्ग**– ना० [सं०] १. आउनेजाने बाटो; सडक; पथ । २. सम्प्रदाय; धर्म । ३. कुनै उपाय; युक्ति; रीति । ४. तरिका; काइदा; ढङ्ग; चाल । ४. मङ्सिर महिना; मार्गशीर्ष । ४. मृगशिरा नामको नक्षत्र । – **दर्शक**– वि० अरू कसैलाई बाटो देखाउने; मार्ग-प्रदर्शक; पथ-प्रदर्शक । – **दर्शन**– ना० पथप्रदर्शन; बाटो देखाउने काम; नेतृत्व लिने कार्य । ~ **निर्देशन**– ना० बाटो देखाउने काम; पथप्रदर्शन । ~ **रक्षक**– वि० सडकको रेखदेख गर्ने; बाटामा पालोपहरा बस्ने । ~ **रेखा**– ना० खास कार्य वा प्रक्रियालाई ठीक बाटामा लैजाने निर्देशक बुँदा ।

**मार्गशीर्ष**– ना० [सं०] पूर्ण चन्द्रमा मृगशिरा नक्षत्रमा पर्दा हुने महिना; मङ्सिर महिना ।

**मार्गस्थ**– वि० [सं०] मार्गको; मार्गसम्बन्धी । ~ **बिमा**– ना० स्थलमार्गबाट आयातनिर्यात गर्दा गरिने वस्तुको बिमा ।

**मार्गी**– ना० [सं०] १. मार्गमा हिँड्ने यात्री; बटुवा; पथिक । २. कुनै धार्मिक आदि मार्ग वा सम्प्रदायमा संलग्न (जस्तो– बौद्धमार्गी, वाममार्गी इ०) । ३. मार्गसित सम्बन्धित; मार्गको ।

**मार्च**– ना० [अ०] १. झन्डै फागुन आधाआधीदेखि चैत आधाआधीसम्म पर्ने, ग्रेगोरी पात्रोअनुसारको एकतीसदिने तेस्रो महिना । २. सैनिक टोलीको प्रस्थान; कबाज ।

**मार्जक**– वि० [सं०] मार्जन गर्ने; माझ्ने; धोइपखाली गर्ने ।

**मार्जन**– ना० [सं०] १. माझमुझ, धोइपखाली, नुहाइधुवाइ आदिद्वारा मैलो, फोहर र दोष हटाएर निर्मल तुल्याउने काम । २. आफूमाथि जल छर्केर गरिने शुद्धि । ३. दोष, त्रुटि आदिको परिष्कार । > **मार्जनी**– ना० बढारकुँढार गर्ने साधन; कूचो वा झाडु । **मार्जनीय**– वि० मार्जन गर्न उचित वा आवश्यक; माझ्नुपर्ने ।

**मार्जार**– ना० [सं०] बिरालो ।

**मार्जित**– वि० [सं०] मार्जन गरिएको; माझिएको; स्वच्छ पारिएको ।

**मार्जिन**– ना० [अङ्०] १. लेख्दा वा छाप्दा बायाँपट्टि छाडिने भाग; खाली किनारा । २. मूल्यनिर्धारण गर्दा स्फीतिलाई समेत ध्यानमा राखी कटाइने अंश ।

**मार्तण्ड**– ना० [सं०] १. सूर्य; भानु । २. सुनामक्खी । ३. आँकको रूख ।

**मार्तोल**– ना० पेच कस्दा वा खोल्दा प्रयोग गरिने एक हतियार; पेचकस; घन; हथौडा ।

**मार्दङ्गिक**– वि० [सं०] मृदङ्ग बजाउने; मृदङ्गिया ।

**मार्फत**– ना० यो० [अ० मारफत] कसैका माध्यमबाट; द्वारा; तर्फबाट; हस्ते ।

**मार्फा**– ना० १. टयाम्कोभन्दा ठूलो र दमाहाभन्दा सानो एउटै गजाले बजाइने एक तालबाजा । २. टुकुचे बजार र जोमसोमका बीचमा पर्ने एक बस्तीको नाम ।

**मार्बल१**– ना० [अङ्०] एक प्रकारको कडा र टल्कने सेतो वा रङ्गीन ढुङ्गो; सिङ्गमर्मर; सङ्गमर्मर ।

**मार्बल२**– ना० एक जातको शाली धान ।

**मार्मिक**– वि० [सं०] १. मर्मसम्बन्धी; मर्मको । २. मर्मलाई छुने; हृदयलाई प्रभावित पार्ने; मर्मस्पर्शी । ३. मर्म बुझ्ने वा मर्मको विचार गर्ने; मर्मज्ञ । – **ता**– ना० मार्मिक हुनाको भाव वा अवस्था ।

**मार्रा**– ना० [मार्+रा] बाजी थापिने वा जूवा आदि खेलमा जित्नेले गड्केर भन्ने शब्द; मारा ।

**मार्सल**– वि० [अङ्०] १. लडाइँका निमित्त उपयोगी; युद्धोपयोगी । २. फौजी; जङ्गी । ना० ३. फौजी कमान्डर । ४. संसद्‌को मर्यादापालक । ~ **ल**– ना० फौजी कानुन; जङ्गी कानुन; जङ्गी नियम वा व्यवस्था ।

**मार्सी**– ना० एक जातको असल धान वा त्यसको चामल ।

**माल१**– ना० [सं० माला] गाईगोरु, छेपारो आदिका घाँटीमा झुन्डिने छाला; गलकम्बल ।

**माल२**– ना० खिइएर वा घिस्सिएर ठाउँठाउँमा खाल्टाखुल्टी परेका वा पातलो भएका कलपुर्जामा पछिबाट थपिने धातुको रसायन ।

**माल३**– ना० [अ०] १. व्यावहारिक जीवनमा उपयोग हुने तथा किनबेच गरिने कुनै पनि प्राकृतिक वा मानवीय श्रमद्वारा उत्पादित वस्तु; चीजबीज; जिन्सी सामान; जिनिस । २. धन; सम्पत्ति । ३. जग्गा-जमिनको तिरो तहसिल गर्ने अर्थ-मन्त्रालयअन्तर्गतको एक अड्डा; मालपोत कार्यालय; मालअड्डा । ४. मदेस; तराई । ५. गाँजा । ~ **कागुनु**– ना० लाम्चा पात हुने, मञ्जरीका आकारका साना फूल फुल्ने, केराउजत्रा पहेँला दाना फल्ने लहरो वा त्यसैको फल । – **कोश**– ना० सङ्गीतशास्त्रअनुसार ऋषभ र पञ्चम स्वर नरहने, गान्धार, धैवत र निषाद कोमल हुने, शास्त्रअनुसार रातको चौथो प्रहर र विशेष गरी शिशिर ऋतुमा गाइने औडवजातिको एक राग । – **गाडी**– ना० मालसामान ओसारपसार गर्ने रेलगाडी । – **गुजार**– ना० मालगुजारी बुझाउने जमिन्दार । – **गुजारी**– ना० जमिन्दारले सरकारलाई तिर्ने जमिनको तिरो; भूमिकर; जग्गाकर । ~ **गोदाम**– ना० व्यापारका मालसामान राख्ने घर वा ठाउँ; रेल, जहाज, भन्सार आदिको गोदाम । – **चरी**– ना० कर्‍याङकुरुङ; क्रौञ्च

पक्षी । ~ **जाँच–** ना० आयात गरिएका मालसामानहरूको सम्बन्धित अधिकारी वा भन्सार आदिद्वारा गरिने जाँच ।
**मालता–** ना० भाले र पोथी अङ्ग भिन्नाभिन्नै फूलमा हुने, हाँगा, पात झर्दा सेतो चोप निस्कने, हिमाली भेकमा हुने एक रूख ।
**मालताल–** ना० [अ० माल (द्वि०)] मालहरूको समूह; मालमत्ता ।
**मालती–** ना० [सं०] १. दुई-दुई पात जोरिएको लाम्चा पात हुने, लाम्चै झुप्पा भएर सुगन्धित सेता फूल फुल्ने एक लहरो वा त्यसैको फूल । २. एक नगण, दुई जगण र एक रगणको योगबाट बन्ने (जगतीको भेद) एक वार्णिक छन्द । ३. जात्री वा जाइफलको वृक्ष । ~ **फल–** ना० जाइफल ।
**मालदह–** ना० [पोर्तु० ?] १. भारतको पश्चिम बङ्गालको असल जातको आँप हुने एक स्थान । २. सोही ठाउँबाट प्रसिद्ध हुँदै गएको उत्तम खालको कलमी आँप ।
**मालदाम्लो–** ना० [माल+दाम्लो] दाइँ गर्दा सबै गोरुलाई मियाको एउटै फेरोमा बाँध्नका निम्ति प्रयोग गरिने दाम्लो वा नारा ।
**मालदार–** ना० [अ० माल+ फा० दार] १. धनवान्; धनी; महाजन । वि० २. लुर्कन भएको (खसी, बोका आदि) । ३. भनेजस्तो; काइदामाफिकको ।
**मालदिभ्स/मालद्वीप–** ना० १. हिन्दमहासागरमा रहेको टापुदेश । २. सार्क देशहरूमध्ये सबैभन्दा सानो देश ।
**मालधनी–** ना० [माल+धनी] मालको स्वामी र हकदार; मालिक ।
**मालनेटा–** ना० १. सल्यान जिल्लाको एक प्रसिद्ध बजारको नाम । २. अदुवाका लागि प्रसिद्ध सोही ठाउँ ।
**मालपुवा–** ना० गुलियो पदार्थ र मसलाहरू हाली घिउमा पकाइएको, गहुँको थेप्चो बाटुलो आकारको रोटीविशेष ।
**मालपोत–** ना० [माल+पोत] सरकारमा बुझाइने जग्गा जमिनको तिरो; भूमिकर; मालगुजारी । ~ **मिनाहा–** ना० मालपोतको छुट ।
**मालबाँस–** ना० [माल+बाँस] एक जातको बाँस ।
**मालभूमि–** ना० [सं०] १. पहाड वा पर्वतको फेदीको जमिन; बेँसी । २. टार; सम्म जग्गा ।
**मालभोग–** ना० [माल+भोग] १. असल जातको केरा । २. एक जातको गाढा पहेँलो धान वा त्यसको चामल ।
**मालमदेस–** ना० [माल+मदेस] खेतखेतै भएको मदेस । (उदा०– हो हो बरदा, मालमदेसको सह ल्याऊ – दाइँगीत) ।
**मालसिरी–** ना० [सं० मालसी] हे० मालश्री ।
**मालश्री–** ना० [सं० मालसी] १. सङ्गीतशास्त्रका अनुसार सायङ्कालमा गाइने रागिनीको एक प्रकार । २. सोही रागमा रचिएको गीत; मालसिरी । ३. दसैँमा बिहानबेलुकी गाइने दुर्गादेवीको स्तुति भएको गीत ।
**मालसामान–** ना० [माल+सामान] मालमत्ता; मालताल; सरसामान ।
**माला–** ना० [सं०] १. फूल, दूबो आदि एउटै सूत्रमा उनेर लाउन वा चढाउन तयार पारिने वस्तु; सुवर्ण वा चाँदीको सूत्रमा जोडेर मणिमाणिक्य आदि जडी बनाइएको हार । २. लहर; ताँती; पङ्क्ति; सिलसिला (पर्वतमाला, ग्रन्थमाला आदि) । ३. समूह; समुच्चय । > **मालाकार–** ना० १. माली । वि० २. मालाका आकारको । – **दीपक–** ना० साहित्यशास्त्रका अनुसार पहिले भनिएका कुरा पछिपछि क्रमशः उत्कर्षका कारण हुँदै जाने दीपक अलङ्कारको एक भेद ।
**मालामाल–** वि० [माल+माल] १. प्रायः अकस्मात् भएको धनी; धनधान्यले परिपूर्ण; साह्रै धनी; सम्पन्न । क्रि० वि० २. प्रशस्त धनसम्पत्ति कमाएर वा माल जोरेर ।
**मालिक–** ना० [अ०] १. माल वा सम्पत्तिको स्वामी वा अधिकारी; मालधनी; धनी । २. पति; खसम; लोग्ने । ३. ईश्वर; ईश; अधिपति । ४. अन्नदाता; ।
**मालिका–** ना० [सं०] १. सानो खालको माला । २. पङ्क्ति; लहर । ३. कण्ठहार । ४. एक प्रकारको चमेलीफूल । ५. देवी; भगवती ।
**मालिक्नी–** ना० [मालिक+नी] १. मालिककी पत्नी । २. स्त्री मालिक ।
**मालिक्याइँ–** ना० [मालिक+याइँ] मालिक हुनाको भाव वा अवस्था; मालिकको अधिकार; स्वामित्व; स्वामिता; प्रभुत्व; प्रभुता ।
**मालिङ्गो–** ना० लेकमा हुने; औँलाभन्दा केही ठूलो गोलाइ भएको, मेच, कुर्सी, मान्द्रा, भकारी आदि बुन्ने काममा प्रयोग गरिने बलियो खालको निगालो ।
**मालिनी–** ना० [सं०] १. दुई नगण, एक मगण र दुई यगण मिली बन्ने सातआठ अक्षरमा यति हुने, पन्ध्र अक्षरको चरण भएको एक वार्णिक छन्द । २. चम्पानगरीको नाम । ३. स्वर्गङ्गा । ४. दुर्गा । ५. माली जातकी स्त्री; मालीकी पत्नी ।
**मालिन्य–** ना० [सं०] १. मलिन हुनाको भाव वा स्थिति; मलिनता; मैलोपन । २. दुःख; कष्ट । ३. कालिमा ।
**मालिस–** ना० [फा०] शरीरमा तेल, औषधी आदि मल्ने वा घस्ने काम; मर्दन; तेलारी ।
**माली१–** वि० [सं०] १. माला लगाउने; माला पहिरने । ना० २. बगैँचासम्बन्धी काम गरेर वा फूल बेचेर जीविका चलाउने जाति वा व्यक्ति; मालाकार । ३. बागवान; बगैँचे ।
**माली२–** ना० [माले+ई] १. मान्यजनका जीउमा घस्ने, चिल्लो हालिने काठको भाँडो; पौरो । २. झालेमाले गाई ।
**मालुम–** वि० [अ० मअलुम] १. थाहा भएको; ज्ञात; विदित । २. प्रकट; स्पष्ट ।
**माले१–** वि० [सं० माल्मी] मालाकार बुट्टा भएको; टाटेपाङ्ग्रे; छिरबिरे; झालेमाले (बहर वा गोरु) ।
**माले२–** ना० मालदिभ्सको राजधानी ।
**माले३–** ना० मार्क्सवादी-लेनिनवादीको सङ्क्षिप्त रूप; नेपालको एउटा वामपन्थी पार्टी ।
**मालोपमा–** ना० [सं०] साहित्यमा एक उपमेयलाई अनेक उपमानद्वारा वर्णन गरिने तथा प्रत्येक उपमानको भिन्नाभिन्नै धर्म हुने उपमा अलङ्कारको एक भेद ।

**माल्का–** ना० [सं० मालिक] चर्खाको चक्का र सुइरोमा फित्ताका रूपमा लगाइने मोटो धागो ।

**माल्टा१–** ना० [अङ्०] भूमध्यसागरको एउटा टापु, रातो गुलियो रस हुने मोसमका जातिको त्यस्तै फल तथा त्यसैको बोट ।

**माल्टा२–** ना० पाटन जिल्लाको दुर्गम र सुन्दर बस्ती ।

**माल्य–** ना० [सं०] १. माला; हार । २. फूल । > **माल्यार्पण–** श्रद्धापूर्वक कुनै सम्मान्य पुरुष, प्रतिमा आदिमा माला चढाउने काम ।

**मावल–** ना० [प्रा० माउल < सं० मातृकुल] मामाको घर; आमाको माइती; मावली ।

**मावली–** ना० [मावल+ई] १. मामा र मामाका वंश । २. मामाको घर; मावल । ~ **दाजु–** ना० मामाको आफूभन्दा जेठो छोरो । ~ **बाजे–** ना० आमाको बाबु । ~ **भाइ–** ना० मामाको आफूभन्दा कान्छो ।

**माषपर्णी–** ना० [सं०] वनमास ।

**मास्-नु–** स० क्रि० [सं० मृष्+नु] १. खर्च गर्नु; व्यय गर्नु; समाप्त पार्नु; सिद्ध्याउनु । २. ठूलो माल बिगारी सानो माल बनाउनु (जस्तो– फाली मासी करुवा/सियो) । ३. सटही गर्नु; भजाउनु; साट्नु । ४. दास बनाउनु; कमारो तुल्याउनु । ५. निर्मूल पार्नु; नाश गर्नु; मार्नु ।

**मास१–** ना० [सं०] महिना; मैन्हा ।

**मास२–** ना० [सं० माष] बाटुला किसिमका भुसिला पात हुने, पहेँला फूल फुल्ने र लामालामा कोसा फल्ने एक लहरो वा त्यसैका कोसाभित्रका दाल खाइने काला गेडा । **– गेडी–** ना० १. मासको नदलिएको सिङ्गो गेडा । २. सोही गेडाजस्तो, अक्षरका दाहिनातर्फ दिइने सानो थोप्लो; ङ अक्षर चिनाउने शब्द; नाकाथोप्ली । ~ **छर्न जानु–** टु० मर्नु ।

**मासतमास–** ना० [मास+तमाम] स्रेस्तामा महिनाभरको काम वा विवरण; महिनाको अन्त ।

**मास मुसुरो–** ना० [मास+मुसुरो] १. फलाहारमा नआउने तथा बर्त बस्दा खान नहुने दलहन; अन्न । २. मास र मुसुरो ।

**मास लहरी–** ना० [सं० मास+लहरो+ई] लाम्चा पात हुने, साना हरिया फूल फुल्ने एक प्रकारको भुइँफार ।

**मासा१–** ना० [फा० माशा, सं० माष] आठ रत्तीको तौल वा परिमाण ।

**मासा२–** ना० [मास+आ] मासको; महिने (जस्तो– चौमासा; बाह्रमासा) ।

**मासान्त–** ना० [सं०] मासको अन्तिम दिन; मसान्त ।

**मासि-नु–** अ० क्रि० [मास्+इ+नु] १. खर्च हुनु; सकिनु । २. नष्ट हुनु । ३. कम हुनु; घट्नु । ४. जातिच्युत हुनु (ऐति०) । क० क्रि० ५. खर्च गरिनु; नासिनु ।

**मासिक–** वि० [सं०] १. माससँग सम्बन्धित; मासको; महिनाको । २. प्रत्येक महिनामा हुने; प्रतिमास हुने । ३. महिनामा एक पटक निस्कने वा प्रकाशित हुने (पत्रपत्रिका आदि) । ना० ४. महिनावारी; तलब । ५. मरेको वर्ष दिनसम्म वा बर्खी नफुकुन्जेल प्रतिमास मृत्युतिथिमा गरिने श्राद्ध । ६. स्त्रीहरूको मासिक धर्म; रजस्वला । ~ **कट्टा–** ना० १. महिनैपिच्छे साउँमा यति कट्टी हुँदै जाने भन्ने बोली परेको कागज वा तमसुक । २. सोअनुसार महिनावारी कट्टी हुँदै जाने ऋण वा मूल धन; महिनावारी कट्टी । ~ **धर्म–** ना० स्त्रीहरूको महिनैपिच्छे हुने रजस्राव; रजस्वला; नछुने । ~ **पत्र–** ना० महिनामहिनामा प्रकाशित हुने पत्र । ~ **पत्रिका–** ना० महिनामा एक पटक प्रकाशित हुने पत्रिका । ~ **शुल्क–** ना० महिना महिनामा लाग्ने दस्तुर; फी ।

**मासी–** ना० १. नलीहाडभित्र हुने गिलो पदार्थ; मज्जा । २. आउँ; आम । ३. खुबी; सामर्थ्य ।

**मासु–** ना० [सं० मांस] १. प्राणीका शरीरमा हुने हाड, नसा र छालादेखि भिन्न रक्त वर्णको नरम पदार्थ; मांस । २. फलका बोक्रा र कोयाका बीचमा रहने पदार्थ । ३. पोसाकमा सिउनीभित्र रहने जगेडा कपडाको भाग ।

**मास्केवारी–** ना० [सं० मास+पोर्तु० कावार] स्रेस्ताप्रणालीअनुसार महिनाभरि गरिएका कामको सङ्क्षिप्त फाँटवारी ।

**मास्टर–** ना० [अङ्०] १. शिक्षक; अध्यापक; गुरु । २. सुजीकारको मानबोधक शब्द । ३. सङ्गीत, वाद्य आदिका विशेषज्ञ । > **मास्टरी–** ना० मास्टरले गर्ने काम; मास्टरको पेसा वा काम; पढाउने वा सिकाउने इलम ।

**मास्तिर–** क्रि० वि० [माथि+तिर] माथिल्लो भागमा; उँभोतिर; माथितिर ।

**माहात्म्य–** ना० [सं०] १. महिमा; गुणानुवाद; गुणगान; बखान । २. कुनै इष्ट देव वा दिव्य विभूतिका महत्त्वको वर्णन । ३. महिमा, गुण आदिको वर्णन गरिएको ग्रन्थ । ४. गौरव; महत्त्व ।

**माहारा–** ना० प्रेमी र प्रेमिकाको भेट गर्ने ठाउँ; मिलनस्थल ।

**माहिली–** क्रि० [माहिलो+ई] १. दिदीबहिनीहरूमा जन्मका क्रमले दोस्री; जेठी र साहिँलीका बीचकी; माइली । २. माहिलाकी (स्त्री) । ३. क्रम वा आकारमा पहिली वा ठूलीभन्दा पछिकी; दोस्री ।

**माहिलो–** वि० [प्रा० माज्झिल्ल] १. दाजुभाइहरूमा जन्मका क्रमले दोस्रो; माइलो । २. माहिलीको (लोग्ने) । ३. दोस्रो स्तर वा श्रेणीको (जस्तो– माहिलो सुन) । ~ **डोको–** ना० घाँसपात गर्दा बोकिने मझौला खालको डोको । ~ **भटमास–** ना० कतै सेतो तथा कतै कैलो गेडा हुने एक जातको भटमास ।

**माहुते–** ना० [सं० महामात्र] हात्ती हाँक्ने मानिस; हात्तीवान; माउते; फिलवान ।

**माहुर१–** ना० [सं० मधुपर्क] विवाहमा दुलहा तथा दुलहीले परस्परमा खुवाउने चिनी, घिउ र मह मिसाई तयार पारिएको पदार्थ; मधुपर्क ।

**माहुर२–** ना० विवाहमा पण्डित वा पुरोहितले वरवधूलाई दिइने आशीर्वादपत्र ।

**माहुर३–** ना० [सं० महावर्ण] सधवा स्त्रीहरूले हात, गोडा र नङमा लगाउने, लाहाका फूलबाट तयार पारिएको पदार्थ; नखराग; माउर ।

**माहुरी–** ना० [सं० मधुकर] फूलका पराग र रस चुसेर मह तयार पार्ने, चार पखेटा हुने एक कीरो; माउरी; मौरी । ~ **घर–** ना० मह झिक्न सजिलो पर्ने गरी वैज्ञानिक ढङ्गबाट तयार गरिएको, माहुरी बस्ने घर; घार ।

**माहुरे–** वि० [माहुर+ए] माहुर अर्थात् मधुपर्कसम्बन्धी । ~ **थाल–** ना० विवाहमा दुलहा दुलहीले माहुर खुवाउन राखिने थाल ।

**माहेन्द्री–** ना० [सं०] १. महेन्द्र अर्थात् इन्द्रको शक्ति । २. पूर्व दिशा । ३. गाई । ४. इन्द्राणी ।

**माहेश्वर–** वि० [सं०] १. शिवको पूजा गर्ने; शैव । २. महेश्वरसम्बन्धी; महेश्वरको । ~ **सूत्र–** ना० महेश्वरबाट पाणिनिले प्राप्त गरेका अइउण् आदि चौध सूत्र । > **माहेश्वरी–** ना० १. दुर्गा । २. सप्त-मातृकामध्ये एक । वि० ३. महेश्वरसम्बन्धी ।

**मिक्स्चर–** ना० [अङ्०] औषधालयमा विविध रासायनिक पदार्थको योगद्वारा तयार पारिएको झोलिलो औषधी ।

**मिच्-नु–** स० क्रि० [सं० मर्दन+नु] १. शरीरमा हातले धेरै थिचेर तथा दलेर माड्नु; मल्नु; दाब्नु । २. थिचोमिचो गर्नु; दमन गर्नु; दबाउनु । ३. बेअदबी गर्नु; नटेर्नु; नमान्नु । ४. साँधसीमाको उल्लङ्घन वा अतिक्रमण गर्नु; गिजोल्नु । > **मिचमाच–** ना० धमाधम मिच्ने र थिच्ने काम; किचकाच । **मिचाइ–** ना० मिच्ने भाव, क्रिया वा प्रक्रिया । **मिचाइनु–** क० क्रि० मिच्न लाइनु; मिचाइमा पारिनु । **मिचाउनु–** प्रे० क्रि० मिच्न लाउनु; मिचाइमा पार्नु । **मिचान–** ना० मिच्ने काम; मिचाइ । **मिचामिच–** ना० १. धमाधम वा परस्परमा मिच्ने वा पेल्ने काम; पेलापेल; ठेलाठेल । २. कामकाजको घचारो; धेरै मिचो । **मिचाहा–** वि० १. अर्कालाई मिच्ने वा दबाउने स्वभाव भएको । २. भनेको कुरा नटेर्ने; हेपाहा; अटेरी । ३. पेलाहा; ठेलाहा । ४. चलनचाँजोको अतिक्रमण गर्ने । **मिचिनु–** क० क्रि० मिच्ने काम गरिनु; मलिनु; माडिनु । **मिचो–** ना० १. कामको चटारो वा चापाचाप; कामको बोझ; कामको भीड । २. घुइँचो; हूलमूल ।

**मिचा–** ना० [मग०] कान्छो छोरो । – **खान–** ना० भिर्कोटे राजा भूपाल रायका कान्छा छोरा अजयसिंहको स्थानीय प्रचलित नाम ।

**मिच्छि-नु–** अ० क्रि० १. पाहुनापाछा, केटाकेटी आदिसँग झिजिनु । २. लुगाफाटा, गरगहना आदिको लगातार प्रयोगबाट झर्कनु । > **मिच्छ्याइ–** ना० मिच्छिने भाव क्रिया वा प्रक्रिया । **मिच्छ्याइनु–** क० क्रि० मिच्छिने पारिनु । **मिच्छ्याउनु–** प्रे० क्रि० मिच्छिन लाउनु; मिच्छिने पार्नु ।

**मिजायसी–** वि० [√ मिजासी] हे० मिजासिलो ⁄ मिजासी ।

**मिजार–** ना०हे० मिझार । > मिजारे– ना० मिझारे ।

**मिजास–** ना० [अ० मिजाज] १. राम्रो बोलीवचन र मिष्ट व्यवहार; शिष्टाचार । २. बानीबेहोर; शीलस्वभाव; बानी; शील । > **मिजासिलो ⁄ मिजासी–** वि० राम्रो वा असल मिजास भएको ।

**मिझार–** ना० १. सार्कीलाई शिष्टतापूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द; मिजार । २. गाउँको एक प्रकारको मुखिया; तालुकदारभन्दा तल्लो दर्जाको तिरो उठाउने व्यक्ति; मिझारे । > **मिझारी–** ना० मिझारले गर्ने काम; मिझारको पद; मिजारी । **मिझारे–** ना० मिझार; मिजारे ।

**मिट–** ना० [अङ्०] मासु । – **बल–** भित्रपट्टि कुटेको वा थुङथुङ्याएको मासु राखी बाहिर मैदाको आवरणले ढाकेर बनाइएको पकौडीका छाँटको डल्लो खानेकुरो । ~ **मसला–** ना० मासुका परिकारमा हाल्न तयार गरिएको विशेष प्रकारको फुको मसला ।

**मिटर–** ना० [अङ्०] १. बिजुली, पानी आदिको गति तथा परिमाण नाप्ने र रेकर्ड गर्ने यन्त्र । २. मोटर (ट्याक्सी), टेम्पो, मोटरसाइकल आदिको भाडा आँक्ने यन्त्र । ३. मेट्रिक प्रणालीअनुसार विस्तार वा लमाइ नाप्ने नापो ।

**मिट्टी–** ना० [मट्टी] माटो; मट्टी ।

**मिठा–** वि० [मीठोको ति० रू०] हे० मीठो । ~ **चपत–** ना० स्नेहले वा जिस्किएर हल्का तवरले दिइएको चपेटा वा लपटो । ~ **पानी–** ना० फलफूलको रसबाट तयार पारिएको ठन्डा पेय; एक प्रकारको सर्बत ।

**मिठाई–** ना० [मीठो+आइ] गुलियो वा मीठो स्वादको रोटीविशेष; हलुवाई रोटी; मिष्टान्न ।

**मिठास–** ना० [मीठो+आस] मीठोपन; गुलियोपन; मधुरता; माधुर्य ।

**मिठासे–** वि० [मिठास+ए] स्वादे; जिबुल्के; मिठौरे; मीठोमीठो खान मन पराउने ।

**मिठि-नु–** अ० क्रि० [मीठो+इ+नु] १. अरूले मीठो खानेकुरा खाएको देखेर मुख रसाउनु । २. मीठो लाग्ने हुनु ।

**मिठौरे–** वि० [मीठो+औरे] मीठो खान रुचाउने; स्वादे; मिठासे ।

**मीठु–** ना० [मीठो+ऊ] स्नेहले बोलाइने एक नाम ।

**मिठे–** वि० [मीठो+ए] मीठो हुने; मीठो । ~ **फापर–** ना० गुलियो स्वाद हुने एक जातको फापर ।

**मिठो–** वि० [प्रा० मिट्ठ < सं० मिष्ट] १. मह, चिनी आदिको स्वादजस्तो; गुलियो; मधुर । २. स्वादिलो; स्वादिष्ठ । ३. मन पर्ने; प्रिय । ४. राम्रो लाग्ने; रमाइलो । ना० ५. गुलियो स्वाद । ६. मनपर्दो स्वाद । ७. स्वादिष्ठ खानेकुरो । ~ **मिठो–** ना० १. सामान्य प्रकारको खानेकुरो । २. नमीठो बाहेकको खाना ।

**मिठ्याइ–** ना० [√ **मिठि** (+याइ)] मिठिने भाव, क्रिया वा प्रक्रिया । **मिठ्याइनु–** क० क्रि० मीठो वस्तु खाएर मुख मीठो पारिनु । **मिठ्याउनु–** स० क्रि० १. मीठो वस्तु खाएर वा चाखेर मुख मीठो पार्नु । २. अरूले खाएको देखेर वा आफूले खान पाउने आशामा मीठो खाने कुराको अनुभव गर्नु; मीठो स्वाद सम्झेर जिभ्रो खेलाउनु ।

**मिडिल–** वि० [अङ्०] माध्यमिक (हाल निम्न माध्यमिक अर्थमा

प्रचलित) । ~**स्कुल**– ना० निम्न माध्यमिक विद्यालय ।

**मिडिया**– ना० [अङ्०] माध्यम (सञ्चार क्षेत्रका) ।

**मिडी**– ना० [अङ्०] पिडौँलासम्म मात्र पुग्ने, घेरादार फुकेको फेर भएको, कम्मरपेटी जोडिएको र लम्बाइमै चोलीसमेत जडिएको, केटीहरूले लाउने कपडा ।

**मित**१– ना० [सं० मित्र] कुनै दुई व्यक्तिका बीचमा विशेष औपचारिक विधिअनुसार पारस्परिक बन्धुभाव गाँसिएको हितैषी साथी; मित्र ।

**मित**२– वि० [सं०] १. थोरै; ठिक्क; अलिकति । २. सीमाबद्ध; सीमित; परिमित । ३. नापिएको; नाप लिइएको ।

**मितछोरो**– ना० मीतको छोरो ।

**मितबुहारी**– ना० १. मीतकी बुहारी; मितेनी-बुहारी । २. मितिनीकी बुहारी; मितिनीबुहारी ।

**मितबोलाइ**– ना० मीत लाउने वाचा वा बोली ।

**मितभाषिता**– ना० मितभाषी हुनाको भाव ।

**मितभाषी**– वि० कम बोल्ने; अल्पभाषी ।

**मितलगाइ**– ना० विशेष विधिअनुसार मीत लाउने काम ।

**मितव्यय**– ना० [सं०] आवश्यक काममा मात्रा पुऱ्याएर गरिने खर्च; कम खर्च; किफायत; फारु; फारो; बचाउ । > **मितव्ययिता**– ना० मितव्ययी हुनाको भाव; आवश्यक काममा मात्र खर्च गर्ने काम । **मितव्ययी**– वि० कम खर्च गर्ने; चाहिनेभन्दा बढी खर्च नगर्ने; किफायती; कमखर्ची ।

**मिता**– ना० [मीत+आ] १. मित्र; मीत । २. सतारको आदरवाची शब्द ।

**मितार्थ**– ना० [सं०] छोटो चाहिँदो अर्थ; सीमित अर्थ । > **मितार्थक**– वि० मितार्थ भएको ।

**मिताहार**– ना० [सं०] १. परिमित तथा थोरै भोजन; स्वल्पाहार । वि० २. मिताहारी । > **मिताहारी**– वि० परिमित तथा थोरै भोजन गर्ने; स्वल्पाहारी ।

**मिति**– ना० [सं०] १. दिन तोक्नाका लागि लेखिने वा व्यवहार गरिने अवधि वा समय (साल, महिना, गते, वार आदि); तारिख । २. समयको सीमा वा हद; म्याद; आयु (जस्तो– मिति पुग्नु, मिति पुऱ्याउनु आदि) । ३. परिमाण; मान । ~ **छाप**– ना० साल, महिना, गते आदि भएको छाप । ~ **पुऱ्याउनु**– टु० हद पुऱ्याउनु ।

**मितिनी**– ना० [मीत+इनी] १. आइमाईले मीत लगाइएकी आइमाई; स्त्रीमीत; मितेनी । २. आइमाईकी आइमाई साथी; सँगिनी । ३. मीतकी पत्नी । ४. पत्नीले मीत लगाएकी सखी । ~ **बुहारी**– ना० मितिनीको बुहारी; बुहारीकी मितिनी ।

**मितिबन्द**– ना० [मिति+बन्द] स्याहा स्रेस्ता आदिमा लेख्नुपर्ने बेहोरा लेखिसकेपछि आखिरमा मिति लेखी गरिने समाप्ति वा टुङ्ग्याइ ।

**मिति रेखा**– ना० [सं०] समाचारपत्र आदिमा मिति जनाउने पङ्क्ति (डेटलाइन) ।

**मितु**– ना० हे० मिता ।

**मितेनी**– ना० हे० मितिनी ।

**मितेरी/मित्यारी**– ना० [मीत+एरी/यारी] मीतको भाव; मित्रता; मैत्री; दोस्ती; मित्यारी । ~ **साँघु**– ना० अरनिको राजमार्गमा कोदारीनजिकै पर्ने, नेपाल-चीन सिमानामा रहेको प्रसिद्ध पुल । ~**साइनु**– ना० मित्रताको सम्बन्ध; मीत लगाएर भएको साइनु ।

**मित्र**– ना० [सं०] १. साथी; सखा; सँगी; दौँतरी; सँगाती । २. सूर्य; आदित्य । ३. सहयोगी; शुभचिन्तक । – **ता**– ना० १. मित्रको भाव; मैत्री; दोस्ती; मितेरी । २. मित्रको भाव, धर्म वा अवस्था । ~**द्रोह**– ना० मित्रलाई घृणा गर्ने काम । ~**द्रोही**– वि० मित्रद्रोह गर्ने । ~ **भाव**– ना० मित्रताको भाव; मितेरी । ~ **भेद**– ना० मित्रताको छुटाइ । ~ **राष्ट्र**– ना० मैत्री सम्बन्ध रहेको देश; सहयोगी राष्ट्र । ~**सम्मित**– वि० मित्रले जस्तो; मित्रबराबर ।

**मिथिला**– ना० [सं०] विदेह देशको राजधानीको नाम; जनकपुर ।

**मिथुन**– ना० [सं०] १. स्त्रीपुरुषको जोडी; दम्पती; जोईपोइ । २. बाह्र राशिमध्ये तेस्रो राशि । ३. समागम; मैथुन; सहवास । – **गाई**– ना० जङ्गली गाई ।

**मिथ्या**– वि० [सं०] असत्य; ढाँट; झूटो; झूट; झुट्टो । > **मिथ्याचार**– ना० अनुचित आचरण; छलपूर्ण व्यवहार; गलत चाल । **मिथ्याचारी**– वि० मिथ्याचार गर्ने । ~ **ज्ञान**– ना० भ्रमपूर्णज्ञान; भ्रान्ति । ~ **दृष्टि**– ना० १. नास्तिकता । २. मतविरोध । **मिथ्यापवाद**– ना० झूटो आरोप; मिथ्याभियोग । ~ **भाषी**– वि० झूटो बोल्ने; असत्यवादी । **मिथ्याभियोग**– ना० मिथ्यापवाद । – **वादी**– वि० झूटो बोल्ने; असत्यवादी; ढँटुवा ।

**मिनट**– ना० हे० मिनेट ।

**मिना**– ना० [फा० मीना] सुन, चाँदी आदिका गहनामा बुट्टा भर्ने एक प्रकारको रङ । – **कारी**– ना० मिना भर्ने काम ।

**मिनार**– ना० [अ० मीनार] स्तम्भका आकारमा बनेको उच्च इमारत; धरहरा ।

**मिनाहा**– वि० [अ० मिनहा] १. माफ गरिएको वा छोडिएको; छुट । २. घटाइएको; कम गरिएको । ना० ३. असुलउपर गर्नुपर्ने रकमको छुट; त्यस्तो छुट दिने काम । ~**मोजरा**– ना० आयव्ययको हिसाबमा केही रकम नपुग वा घटीबढी भएमा केही माफी दिने र केही कट्टा गर्ने काम ।

**मिनिस्टर**– ना० [अङ्०] मन्त्री; अमात्य । > **मिनिस्टरी**– ना० १. मन्त्रीको काम वा पद । २. मन्त्रिमण्डल; मन्त्रिपरिषद् ।

**मिनी**– वि० [अङ्०] सानो; छोटो; होचो । ~ **बस**– ना० सानो आकारको बस गाडी । ~ **स्कर्ट**– ना० स्वास्नीमानिसहरूले लगाउने छोटो लमाइ भएको एक पोसाक । ~ **मार्केट**– ना० सानो बजार ।

**मिनेट**– ना० [अङ्० मिनिट] साठी सेकेन्डको समयावधि; एक घण्टाको साठी भागको एक भाग; मिनट ।

**मिन्जालिका**– ना० आबर्जेमा खर्चको रकम वा सो खर्च भएको गोस्वारा बोली ।

**मिन्ट**– ना० [अङ्०] सिक्का बनाउने ठाउँ; टकसार; टकशाला ।

**मिम**– ना० [अङ्० मेडम] १. सभ्य श्वेत स्त्री; मीम । २. तासको

बाह्रौं फुट्टी; मिसी । ~ **पोसाक–** ना० युरोपेली स्त्रीहरूले लगाउने खास प्रकारको पोसाक; टाँक भएको ब्लाउज र फ्रक जोरेर बनाइएको एक प्रकारको जनाना पोसाक । ~ **लहरी–** ना० बाक्ला हरिया पात हुने, बीचबीचमा टपका आकारको फूलको झुप्पा हुने एक लहरो वा त्यसको फूल ।

**मिमियाँ–** ना० [फा० मोमियाई] शरीरमा चोटपटक लागेमा सेवन गरिने एक औषधी ।

**मियाँ१–** ना० १. धानको नाश्री । २. चामलमा मिसिने कनिकाजस्तो भुस ।

**मियाँ२–** ना० [फा०] मुसलमानको आदरवाची शब्द ।

**मियो–** ना० [सं० मेधि] १. दाइँ गर्न खलाका बीचमा बलियो गरी गाडिने लामो खम्बा । २. घर वा परिवारको मूली । ३. सङ्घ-संस्थाको प्रमुख व्यक्ति ।

**मिर–** ना० [फा० मीर] १. सरदार । २. प्रधान; मुख्य व्यक्ति ।

**मिर उमराउ–** ना० कार्याधिकारी पुरुषहरूका अगुवा; मुख्य सैनिकको एक पद ।

**मिरगी–** ना०हे० मिर्गी ।

**मिरजाब–** ना० नक्खी ।

**मिरमिच्चे–** वि० [अ० मू०] छरितो; पातलो; ख्याउटे ।

**मिरमिर–** क्रि० वि० [अ० मू० मिर्+अ (द्वि०)] १. भुइँमा उज्यालो खस्नखस्न खोज्ने गरी; अलिअलि उज्यालोका साथमा; रिमरिम; भुकभुक । ना० २. त्यस्तो उज्यालो हुने बिहानीपखको समय; झिसमिस । > **मिरमिरे–** वि० मिरमिर भएको; थोरैथोरै (उज्यालो); भुकभुकाउँदो ।

**मिर मुन्सी–** ना० पहिलेपहिले परराष्ट्रविभागको काम गर्ने मुख्य अधिकारी ।

**मिर सुब्बा–** ना० सुब्बाभन्दा माथि र सरदारभन्दा मनिको एक उच्च निजामती दर्जा ।

**मिर्ग–** ना० [सं० मृग] हरिण; मृग । > **मिर्गाई–** ना० मृगजस्तो देखिने एक थरी गाई; नीलगाई । **मिर्गासन–** ना० सन्ध्यावन्दन आदि पवित्र कार्यमा प्रयोग गरिने मृगका छालाको आसन; मृगासन ।

**मिर्गी–** ना० [सं० मृगी] छारेरोग ।

**मिर्गौलो–** ना० [सं० मेरु+गोला] रगतबाट खराब तत्त्वहरू अलग गरेर पिसाबका रूपमा बाहिर निकाल्ने शरीरभित्र मेरुदण्डका दायाँ-बायाँ रहने जोडी अवयव ।

**मिर्धा–** वि० [फा० मीरजा] १. बहादुर; नायक । ना० २. नाइके हात्ती ।

**मिल्-नु–** ना० [मिल+नु] १. कुनै दुई वस्तु वा व्यक्ति एकै ठाउँ भेला हुनु; एकत्रित हुनु । २. जोडिनु; गाँसिनु; टाँसिनु । ३. भेट हुनु; भेटिनु । ४. प्राप्त हुनु; पाउनु । ५. बराबर हुनु; समान हुनु । ६. ठीक हुनु । ७. छ्यासमिस हुनु; गाभिनु; मिसिनु । ८. वरबधूको चिन्हा-टिप्पनअनुसार ग्रहगति अनुकूल हुनु । ९. मेल वा मिलाप हुनु; मित्रता हुनु ।

**मिल–** ना० [अङ्० माइल] तेल वा विद्युत्शक्तिका सहायताले अन्न आदि पिँध्ने यन्त्र; कारखाना; घट्ट ।

**मिलजुल–** ना० [मिल्+जुट] आफुसको आत्मीयता तथा सहयोग; मेलजोल; मित्रता; मेलमिलाप; मिलेमतो ।

**मिलन–** ना० [सं०] १. सम्मिलित वा सम्मुख हुने काम; भेट; संयोग; मुलाकात । २. सम्पर्कमा आउने काम; भेला; बटुलो । ३. मिश्रण; मिलाइ । ४. मुकाबिला; सामना । – **शील–** वि० सबैसँग मेलजोल राख्ने; मिलनसार । ~ **समारोह–** ना० विशेष गरेर विद्यालयहरूमा पुराना र नयाँ विद्यार्थीहरू भेला भई मनोरञ्जनका साथ मनाइने समारोह वा भेटघाटको रमाइलो कार्यक्रम । – **सार–** वि० मिलजुल गर्ने प्रकृतिको; सबैसँग मेल राख्ने; मिलनशील । – **सारी–** ना० मिलनसार हुनाको भाव वा अवस्था ।

**मिलाइ–** ना० [√ **मिल्** (+आइ)] मिल्ने वा मिलाउने क्रियाप्रक्रिया । [ > ] **मिलाइनु–** क० क्रि० मिल्ने पारिनु । **मिलाउनु–** स० क्रि० ⁄ प्रे० क्रि० १. दँजाउनु; दाँज्नु । २. ठीकठाक पार्नु; व्यवस्था गर्नु । ३. मिल्ने पार्नु वा गराउनु ।

**मिलान–** ना० [मिल्+आन] १. मेल; मिलाप । २. मिश्रण; मिसाइ । ३. तुलना; दँजाइ; भिडाउने काम; रुजु ।

**मिलाप–** ना० [सं० मिलापन] १. मेल; संयोग; भेट । २. मित्रता; आत्मीयता । ३. मैत्री सम्बन्ध; हिमचिम ।

**मिलापत्र–** ना० कुनै मुद्दाका वादी तथा प्रतिवादी दुवैले परस्पर मिली झगडा छोडेर अड्डामा आई लेखिने सम्झौताको कागज ।

**मिलावट–** ना० [मिल्+आवट] १. मिलाउने काम; मिलान । २. राम्रानराम्रा अनेक थोक वा वस्तुको मिश्रण गरी बिगार्ने काम (जस्तो बेसारमा ढुटो, घिउमा चिउरीको तेल आदि); अपमिश्रण; छ्यासमिसेपन । ३. मिलाइने वस्तु; कसर ।

**मिलिक–** ना० [अ० मू० मिलिक्+अ] १. बिजुली चम्कँदाको वेग; झिमिक । २. एकै छिन; निमेष; पलक । चुलोमाथि बनाइने फल्याकको टाँड । ~ **भरमा–** क्रि० वि० १. पलकभरमा; एकै छिनमा । २. साह्रै छिटोसँग; चालै नपाई । ~ **मिलिक–** क्रि० वि० छिटछिटो बिजुली चम्कने वा ज्योति फाल्ने गरी । > **मिलिक्क–** क्रि० वि० १. एकै छिन वा क्षणभर मात्र देखा पर्ने गरी; एक्कासि झुल्किएर, देखा परेर तुरुन्तै हराउने गरी; झिमिक्क । २. आँखा झिम्म पारेर ।

**मिलिङ–** ना० धुनीमाथि दाउरा सुकाउनका निमित्त बनाइने टाँड ।

**मिलिटरी–** वि० [अङ्०] कथ्य० मिल्ट्री ।१. सैनिक; जङ्गी; फौजी । ना० २. सेना; फौजी ।

**मिलित–** वि० [सं०]१. एक ठाउँमा राखिएको वा आएको; जोडिएको; संयुक्त । २. मिलेको; मिश्रित । ३. उस्तै वस्तु अर्कोमा दबिँदा हुने एक अर्थालङ्कार । ~ **दृष्टि–** ना० समान दृष्टि; केन्द्रित दृष्टि ।

**मिलिनु–** अ० क्रि० [मिल्+इ+नु] मिल्ने होइनु ।

**मिलिन्द**– ना० [सं०] भमरो; भ्रमर; मधुमक्खी ।

**मिलिसिया**– ना० [अङ्०] १. सङ्कटकालीन स्थितिमा जङ्गी सेवामा लगाइने, नागरिकहरूमध्येबाटै सङ्गठन गरिएको वा अल्प समयमा प्रशिक्षित भएको सेना । २. जिल्लाजिल्लामा सुरक्षाका लागि तैनाथ, त्यस्तो फौजी तालिमप्राप्त सेना ।

**मिलीजुली**– क्रि० वि० [मिलजुल+ई] आपसमा मिलजुल गरी; मेलजोल राखेर; मिलोमतो गरी ।

**मिलीभगत**– ना० प्रायः कुनै स्वार्थपूर्ण वा नराम्रो काममा मिलेमतो गरी वा साझेदारी भई लाग्ने स्थिति, काम वा प्रवृत्ति; गठबन्धन; गठजोड ।

**मिलेमतो**– ना० [मिल+ए+मत+ओ] १. परस्पर मिलेको वा मिलाएको मतो; आपसी मेल र कुराकानी; सरसल्लाह । २. कुनै गुप्त कुराको परामर्श; मतोजतो; षड्यन्त्र ।

**मिल्क-नु**– अ० क्रि० [प्रा० मिल्लइ+नु] १. कुनै वस्तु नस्याहारी त्यसै अलपत्र रहनु; फालिनु; फ्याँकिनु । २. हुत्तिनु; हुर्रिनु । ३. त्याग्ने काम हुनु; छोडिनु । > **मिल्काइ**– ना० मिल्कने तथा मिल्काउने क्रिया वा प्रक्रिया । **मिल्काइधुल्काइ**– ना० छरपस्ट तालले मिल्काउने, पोख्ने वा फ्याँक्ने क्रियाप्रक्रिया । **मिल्काउनु**– स० क्रि० १. आफल्नु; फ्याँक्नु; फाल्नु । २. छोड्नु; त्याग्नु । ३. हुत्त्याउनु; हुर्याउनु । ४. अलपत्र पार्नु ।

**मिल्कि-नु**– अ० क्रि० [मिलिक्क+नु] १. मिलिक्क गर्नु । २. त्यसरी बिजुली चम्किनु । ३. मिल्कनु । > **मिल्क्याइ**– ना० मिल्किने क्रिया वा प्रक्रिया । **मिल्क्याइनु**– क० क्रि० मिल्किने पारिनु । **मिल्क्याउनु**– प्रे० क्रि० मिलिक्क पार्नु । **मिल्क्याहट**– वि० मिल्किने स्थिति, भाव वा क्रियाप्रक्रिया । **मिल्क्याहा**– वि० मिल्किने खालको; मिलिक्क देखा पर्ने । **मिल्क्याही**– वि० मिल्किने; मिलिक्क देखा पर्ने (स्त्री) ।

**मिल्के**– वि० पल्याकपुलुक-पल्याकपुलुक हेरिरहने; चुलबुले; झिल्के ।

**मिल्ती**– ना० [मिल्+ती] १. मेलको भाव; मिलन; मिलाप । २. सद्भावना । ३. मैत्री; एकता ।

**मिल्दो**– वि० [मिल्+दो] १. मिल्ने किसिमको; सुहाउँदो । २. ठीक; मुनासिब; उपयुक्त; अनुकूल । – **जुल्दो**– वि० १. परस्परमा मिल्ने खालको; मिल्दो । २. एकैनासको; झन्डै उस्तै । स्त्री० मिल्दीजुल्दी ।

**मिश्र**– वि० [सं०] १. दुई वा धेरै पदार्थ एकै ठाउँ मिलाइएको; घोलिएको; मिश्रित । २. साथ लागेको; संयुक्त । ३. बहुविध; अनेक प्रकारको । ना० ४. ब्राह्मणवर्गको एक थर । > **मिश्रण**– ना० विभिन्न पदार्थ मिसाउने काम; मिसावट; मिलावट; घोल । **मिश्रणीय**– वि० मिश्रणयोग्य; मिसाउन हुने वा सकिने । ~ **वाक्य**– ना० अङ्गवाक्य र मुख्य वाक्य मिलेर बनेको वाक्यको एक प्रकार, जस्तो– जहाँ फल पाक्छ (अङ्गवाक्य) त्यहाँ चरी नाच्छ (मुख्य वाक्य) ।

**मिश्रित**– वि० [सं०] १. मिसाइएको; घोलिएको; संयुक्त । २. मिलावट भएको (पदार्थ) । ~ **अर्थ व्यवस्था**– ना० सार्वजनिक तथा निजी दुवै क्षेत्रको मिश्रित पुँजीबाट सञ्चालित कारखाना, मिल, संस्थान आदिको अर्थ-व्यवस्था । ~ **रूप**– ना० दुई वा दुईभन्दा बढी धातुहरू मिलाइएको अवस्था । ~ **रोपण**– ना० एकै ठाउँमा विभिन्न किसिमका बोटबिरुवा आदि लगाइने विधि । ~ **वन**– ना० जातजातका रूखपात आदि मिश्रत भएको वा छ्यासमिस रूपमा उम्रेको वन ।

**मिष्ट**– वि० [सं०] १. मीठो; स्वादिष्ठ । २. गुलियो । ३. मधुर । ~ **भाषी**– वि० मीठो बोल्ने; मधुर वचन गर्ने; मधुरभाषी । > **मिष्टान्न**– ना० मीठो अन्न वा पकवान अर्थात् मिठाई; गुलियो रोटी आदि खानेकुरो ।

**मिस्-नु**– स० क्रि० [मिश्र+नु] दुई वा दुईभन्दा धेरै कुरा, वस्तु आदि एक ठाउँमा मिलाउनु; एकत्र गर्नु; जोड्नु ।

**मिस१**– ना० [अङ्०] १. कुमारी; कन्या । २. विद्यालयकी शिक्षिका । ३. गल्ती; चूक; भूल ।

**मिस२**– ना० [मिस्+अ] १. मिसाउने काम; मिसाइ (जस्तो– छ्यासमिस; मिसमास) । २. झिसको पूरक शब्द (जस्तो– झिसमिस) ।

**मिसन**– ना० [अङ्०] १. कुनै संस्था वा सरकारका तर्फबाट विशेष उद्देश्यको प्राप्ति वा सेवाकार्यका निम्ति र महत्त्वपूर्ण कुराकानी गरेर नयाँ सम्बन्ध स्थापित गर्नलाई अर्को देश वा स्थानमा खटाई पठाइने प्रतिनिधिमण्डल । २. विशेषतः सङ्गठित रूपमा इसाई धर्मको प्रचारमा संलग्न रहेको संस्था । > **मिसनरी**– ना० १. लोकसेवाका भावनाले अर्को देश वा स्थानमा गएर बस्ने व्यक्तिसमूह । २. कुनै मिसनको सदस्यको रूपमा धर्मप्रचार गर्न विभिन्न देशमा जाने इसाई पादरी ।

**मिसमास**– ना० [मिस (द्वि०)] नाना वस्तुको मिसावट; छ्यासमिस; मिस्कट ।

**मिसाइ**– ना० [√ **मिस्** (+आइ)] १. मिस्ने-मिसिने भाव, क्रिया वा प्रक्रिया । [**मिसाउ**+आइ] २. मिसाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मिसाइनु**– क० क्रि० मिलाइनु; सरोबर गरिनु; संयुक्त पारिनु ।

**मिसाइल**– ना० [अङ्०] क्षेप्यास्त्र ।

**मिसाउनु**– स० क्रि० १. मिस्नु; मिलाउने काम गर्नु; एकत्र पार्नु; सरोबर गर्नु; छ्यासमिस गर्नु । २. सहवास गराउनु । ३. संयुक्त पार्नु; जोड्नु ।

**मिसाखत**– ना० [नेवा०] विवाह वा यौन सम्बन्धका विषयमा स्त्रीजातिले अनैतिक कार्य गरेको अभियोगमा लाग्ने खत ।

**मिसावट**– ना० [मिस्+आवट] मिश्रण; मिसौट; मिलावट । > **मिसावटी**– वि० मिसावट गरिएको; मिसावट भएको; मिलावटी ।

**मिसाहा**– वि० [मिसाउ+आहा] १. मिसिएको वा मिसाएको; छ्यासमिस भएको । २. मिसाउने खालको ।

**मिसिनी**– ना० [अङ्० मिस+नी] प्रसव गराउने र स्त्रीरोगको सामान्य उपचार गर्ने नर्स वा त्यसभन्दा माथिल्लो तहको काम

गर्ने स्त्री ।

**मिसिनु**– अ० क्रि० [मिस्+इ+नु] १. धेरै थरी वस्तु एकत्र वा छ्यासमिस हुनु; मिसाइमा पर्नु । २. संयुक्त हुनु; जोरिनु । क० क्रि० ३. एकै ठाउँमा पारिनु; मिस्ने काम गरिनु ।

**मिसिल**– ना० [अ०] एकसाथ नत्थी भएका वा राखिएका विषयका कारबाई, मुद्दामामिला, विवाद आदिसित सम्बन्धित कागजपत्र । ~ **कागजात**– ना० अड्डाखानाका स्याहा-स्रेस्ता र अन्य कागजपत्रहरू । ~ **फाँट**– ना० छिनुवा वा कार्यवाही टुङ्गिएका पुराना मिसिलहरू राख्ने, थन्क्याउने एक अड्डा ।

**मिसी**– ना० [फा०] दाँत माझ्न वा चम्काउनका लागि लगाइने वस्तु; दाँतको शोभाका लागि दाँतका जोर्नीमा लगाइने कालो पालिस; बिरी ।

**मिसोट**– ना० [मिस्+ओट] मिसौट; मिसावट ।

**मिसौट**– ना० [मिस्+औट] १. मिसिएको वस्तु; मिसोट । २. मिस्नेमिसाउने काम; मिसाइ; मिसावट । > **मिसौटी**– वि० १. मिसौट भएको; मिसावटी । २. कपट गरिएको; कपटी । **मिसौटे**– वि० १. मिसौट भएको; मिसाइएको । २. मिसाउने ।

**मिस्कट**– वि० [अङ्० मिक्सड] मिसावट गरिएको; मिसावटी; मिसौटे ।

**मिस्टर**– ना० [अङ्०] श्रीयुत; महाशय (नामका अगाडि प्रयुक्त हुने, जस्तै– मिस्टर शर्मा, मिस्टर रामजी आदि) ।

**मिस्त्री**– ना० [पोर्त० मेस्ट्रे] काठपात, रङ्गरोगन, धातु, यन्त्र आदिको काम गर्ने वा मर्मत गर्ने कर्मी; कारिगर, कालिगड ।

**मिस्र**– ना० [अ० मिसर = पुरोहित, सादृश्य सं० मिश्र] राजधानी कायरो भएको, उत्तरपूर्वी अफ्रिकाको एक देश; इजिप्ट देशको पुरानो नाम । > **मिस्री**१– वि० मिस्र देशको, मिस्र देशमा जन्मेको; मिस्र देशसम्बन्धी ।

**मिस्री**– ना० चिनीलाई पानीमा पकाएर जमाई ढिका पारिएको गुलियो वस्तु । ~ **आँप**– ना० मिस्रीजस्तो गुलियो हुने एक प्रकारको उत्तम आँप । ~ **काँढा**– ना० काल्फी मिस्रीलाई पानीमा बेसरी पकाएर तागतका निम्ति बिरामी वा व्रतालुहरूलाई खान दिइने पेय पदार्थ ।

**मिस्रेली**– वि० [मिस्र+एली] मिस्री; मिस्र देशको ।

**मिहिन**१– ना० नदीका बीचको पानी घुम्ने भाग ।

**मिहिन**२– वि० [सं० मसृण] १. मसिनु; मिहीँ; मिही । २. धूलो; मैदा । ३. सूक्ष्म । ४. कमलो; कोमल; नरम (स्वर, काम आदि) ।

**मिहिर**– ना० [सं०] १. सूर्य । २. बादल; मेघ । ३. चन्द्रमा । ४. हावा; वायु । ५. बूढो मानिस ।

**मिहीँ**/**मिही**– वि० [मिहिन] मिहिन; मसिनो ।

**मीठा**– वि० हे० मिठा ।

**मीठू**– ना० हे० मिठु ।

**मीठे**– वि० हे० मिठे ।

**मीठो**– वि० हे० मिठो ।

**मीड**– ना० [सं०] एक सुरबाट अर्को स्वरको आवाज निकाल्ने तरिका; रेटेर वा पर्दामा रगेडेर विभिन्न स्वरको आवाज निकाल्ने क्रिया ।

**मीन**– ना० [सं०] १. मत्स्य; माछो । २. बाह्रौँ राशिको नाम । ~ **पचास**– ना० १. मङ्सिरको एक्काइस गतेदेखि माघको दस गतेसम्म पचास दिनको जाडाको याम । २. शिक्षणसंस्थानहरूमा प्रायः सोही याममा दिइने बिदा; हिउँदे बिदा । – **मेख**– ना० १. खोट लगाउने काम । २. आनाकानी; नाइँनास्ति ।

**मीम**– ना०हे० मिम ।

**मीमांसक**– वि० [सं०] मीमांसा गर्ने; मीमांसाशास्त्रको ज्ञाता वा पण्डित ।

**मीमांसन**– ना० [सं०] मीमांसा गर्ने काम वा भाव ।

**मीमांसा**– ना० [सं०] १. भारतीय छवटा मुख्य दर्शनशास्त्रमध्ये मूलतः पूर्व मीमांसा र उत्तर मीमांसा दुई भागमा बाँडिएको एक दर्शन । २. अनुमान र तर्कवितर्कद्वारा कुनै विषयका मूल तत्त्व वा वास्तविकताको पत्तो लगाउने काम; सो सन्दर्भमा गरिने गम्भीर मनन वा विचार; तत्त्वनिर्णय; विवेचना । – **कार**– ना० मीमांसासूत्रका प्रणेता जैमिनि ऋषि । – **मूलक**– वि० मीमांसाको प्रधानता रहेको; मीमांसाका दृष्टिले हेरिने वा अध्ययन गरिने । > **मीमांसित**– वि० मीमांसा गरिएको वा भएको । **मीमांस्य**– वि० मीमांसा गर्न योग्य वा उचित ।

**मीर**– ना० हे० मिर ।

**मील**– ना० माइल ।

**मीलन**– ना० [सं०] बन्द गर्ने काम; चिम्लाइ (आँखा); खुम्चिने काम; खुम्चाइ (फूल आदि) । > **मीलित**– वि० १. बन्द गरिएको; चिम्लिएको । २. खुम्चिएको; सङ्कुचित ।

**मुँगी**– ना०हे० मुगी ।

**मुअत्तल**– वि० [अ०] १. लागेका अभियोगको किनारा नलागुन्जेल पद वा कामबाट हटाइएको (कर्मचारी); निलम्बित । २. खाली । > **मअुत्तली**– ना० मुअत्तल हुने काम; निलम्बन ।

**मुआब्जा**– ना० [अ०] कुनै वस्तुको बदलामा दिइने नगद वा वस्तु; क्षतिपूर्ति; हर्जाना; साटो ।

**मुकदमा**– ना० [अ० मुकद्दमा] झगडा; मुद्दा; कलह; मामिला ।

**मुकर**– ना० [फा० मुकर्रर] निश्चय; निधो; टुङ्गो; ठेकान; मुक्कुर । > **मुकर्रर**– वि० १. निश्चय गरिएको; टुङ्गो लगाइएको । २. खटाइएको; नियुक्त ।

**मुकाबला**/**मुकाबिला**– ना० [अ० मुकाबिल] १. डट्ने काम; सामना । २. मुठभेड; द्वन्द्वयुद्ध; लडाइँ; भिडन्त । ३. विरोध; प्रतिरोध । ४. कुनै विषयमा दुई थरी व्यक्ति वा वस्तुका बीचमा हुने बराबरीको भावना; दाँजो; तुलना ।

**मुकाम**– ना० [अ०] १. भ्रमण गर्दा बाटामा पर्ने बास; अस्थायी बसाइ । २. विश्राम; बिसाइँ ।

**मुकुट**– ना० [अ०] १. देवता वा राजाले पैह्रने श्रेष्ठतासूचक

शिरोभूषण; श्रीपेच; शिरपेच; मुकुट; ताज । २. शिखा । ३. शिखर । ~ **धमनी–** ना० मुटुमा रगतको सञ्चालन गर्ने नाडीहरू ।

**मुकुन्द–** ना० [सं०] १. विष्णु वा कृष्णको नाम । २. एक अमूल्य पत्थर । ३. एक प्रकारको ढोल । ४. कुबेरका नौ निधिमध्ये एक । ~ **सेन–** ना० विक्रमको अठारौँ शताब्दीको चौथो चरणतिर पाल्पाप्रदेशमा राज्य गर्ने एक प्रसिद्ध सेनवंशी राजा ।

**मुकुर–** ना० [सं०] १. ऐना; दर्पण । २. फूलको कोपिला । ३. कुमालेको चक्र घुमाउने लट्ठी । ४. एक वृक्षविशेष ।

**मुकुरि-नु–** अ० क्रि० [प्रा० मुक्कुरुड+इ+नु] १. उकुसमुकुस हुनु; ठेसमठेस हुनु । २. सानो भाँडामा धेरै अन्न पकाउँदा खाँदिएर पाक्न नसक्नु । ३. अररिनु । ४. सङ्कीर्ण हुनु । ५. असह्य हुनु ।

**मुकुरो–** वि० हे० बुकुरो ।

**मुकुऱ्याइ–** ना० [**मुकुरि** (+आइ)] १. मुकुरिने क्रिया वा प्रक्रिया । [मुकुऱ्याउ+आइ] २. मुकुऱ्याउने क्रिया वा प्रक्रिया । [ > ] **मुकुऱ्याइनु–** प्रे० क्रि० १. सकी-नसकी धेरै खानु । २. सानो भाँडोमा खाँदिने गरी धेरै अन्न पकाउनु । ३. उकुसमुकुस पार्नु । **मुकुऱ्याहट–** ना० मुकुरिने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**मुकुल–** ना० [सं०] १. फूलको कोपिला; मुना । २. कोपिलाजस्तै कुनै चीज । ३. शरीर । ४. आत्मा; जीव । > **मुकुलित–** वि० १. कोपिला लागेको; टुसाएको । २. केही फक्रेको वा फुलेको ।

**मुक्का–** ना० [सं० मुष्टिका] कसैलाई हान्न बाँधिएको मुठी; मुड्की; मुक्की; घुस्सा; ढुस्सा । ~ **बाजी–** ना० मुक्काले हिर्काउने काम; त्यस्तो झगडा वा कुस्ती; पिटापिट । ~ **मुक्की–** ना० एक-अर्कामा मुक्काले हान्ने काम; मुक्काबाजी । > **मुक्किनु–** अ० क्रि० मुक्का खानु; घुस्सा खानु । **मुक्की–** ना० मुक्का; मुड्की ।

**मुक्केबाज–** वि० [मुक्का+बाज] मुक्काको प्रयोग गरेर लड्ने; (बक्सर) । > **मुक्केबाजी–** ना० परस्परमा मुक्काले हान्ने प्रक्रिया वा त्यसरी खेलिने प्रतियोगितात्मक खेल ।

**मुक्कोपिरा–** ना० एउटै भेट्नुमा जोडिएका संयुक्त पात हुने, टुप्पामा क्याप्सुल आकारका थुप्रै ससाना फूल फुल्ने एक लहरो ।

**मुक्क्याइ–** ना० [√ **मुक्क्याउ** (+आइ)] मुक्क्याउने क्रिया वा प्रक्रिया । [ > ] **मुक्क्याइनु–** क० क्रि० मुक्काले हिर्काइनु ।

**मुक्क्याउनु–** स० क्रि० [मुक्का+याउ+नु] मुक्काले हान्नु; घुस्सी दिनु; डिम्क्याउनु; ढुस्याउनु ।

**मुक्त–** वि० [सं०] १. स्वतन्त्र गरिएको; फुक्का छोडिएको; बन्धनमा नपारिएको; खुला । २. परित्यक्त; त्यागिएको । ३. मोक्ष प्राप्त गरेको । ~ **इलाका–** ना० स्वतन्त्र क्षेत्र ।

**मुक्तक–** ना० [सं०] १. पूर्वीय काव्यशास्त्रअनुसार समासरहित गद्य । २. कथासूत्रमा आबद्ध नभएको, हृदयका भावलाई प्रतिबिम्बित गर्ने प्रभावकारी निरपेक्ष स्वतन्त्र कविता । ~ **काव्य–** ना० मुक्तक कविता; टुक्रे कविता ।

**मुक्त कण्ठ–** वि० [सं०] खुला हृदयले बोल्ने वा प्रशंसा गर्ने; निःसङ्कोच ।

**मुक्त क्षण–** ना० [सं०] स्वतन्त्रतापूर्वक निर्धक्क भएर बिताइएको क्षण ।

**मुक्त छन्द–** ना० [सं०] १. मात्रा, अनुप्रास, चरण आदिको बन्धन नमानिने केवल गत्यात्मक लयलाई ध्यानमा राखेर लेखिने कविता (ब्ल्याङ्कभर्स) । २. रबड-छन्द ।

**मुक्त परिवर्तन–** ना० [सं०] ध्वनि अर्थभेदक नभईकन स्वतन्त्र रूपमा परिवर्तित हुने भाषावैज्ञानिक प्रक्रिया ।

**मुक्त वाणिज्य⁄मुक्त व्यापार–** ना० [सं०] विदेशबाट आफ्नो देशमा आउने मालमा बाधक कर नलगाइने नीति; कुनै देशका साथ विशेष कर नलाग्ने व्यापारनीति; मुक्त प्रकारको व्यापार-नीति (फ्री ट्रेड); खुल्ला बेपार ।

**मुक्त हस्त–** वि० [सं०] ठूलो हात भएको; फुक्का मनको; उदार; दानी ।

**मुक्त हृदय–** वि० [सं०] उदार मन भएको; सफा हृदय भएको ।

**मुक्ता–** ना० [सं०] १. मोती । २. वेश्या ।

**मुक्ताक्षर–** ना० [सं०] अन्त्यमा आउने वा आएको अक्षर ।

**मुक्तात्मा–** वि० [सं०] मोक्ष प्राप्त गरेको; आसक्तिरहित; जीवनमुक्त ।

**मुक्ताफल–** ना० [सं०] मोती ।

**मुक्तावली–** ना० [सं०] मोतीको माला वा हार ।

**मुक्ति–** ना० [सं०] १. छुटकारा, उन्मोचन; स्वतन्त्रता । २. मोक्ष; बारबारको जन्म र मरणबाट आत्माको मोचन । ३. त्याग; परित्याग । ४. उद्धार । – **क्षेत्र–** ना० १. नेपाल अधिराज्यको धवलागिरि अञ्चलअन्तर्गत मुस्ताङ जिल्लामा पर्ने एक प्रसिद्ध तीर्थक्षेत्र । २. वाराणसी; काशी । – **नाथ–** ना० मुक्तिक्षेत्रमा रहेका देवता । ~ **शुल्क–** ना० कैदमुक्त भएबापत सरकारलाई बुझाउने रकम । ~ **सङ्ग्राम–** ना० मुक्तिका निमित्त गरिएको सङ्घर्ष; मुक्तिसङ्घर्ष । ~ **सङ्घर्ष–** ना० मुक्तिसङ्ग्राम ।

**मुख–** ना० [सं०] १. प्राणीहरूको खाने तथा बोल्ने अवयव । २. चेहरा; अनुहार; आनन; मुहार । ३. थुतुनो; चुच्चो । ४. कुनै वस्तुको अग्रभाग; मोहडा । ५. मुहान; उद्‌गमस्थान; दिशा । ६. ढोका; द्वार । ७. आरम्भ; सुरु; थालनी । ८. प्रस्तावना । ९. मुख्य; प्रधान; प्रमुख । १० नाटकमा पाँच सन्धिमध्ये एक । ११. वेद; श्रुति । – **गुहा–** ना० मुखभित्रको खोक्रो भाग । ~ **जमान–** ना० पक्का वचन; प्रतिज्ञा । ~ **जमानी–** ना० मुखजमान । – **तोड–** वि० फेरि केही बोल्न नसक्ने गरी दिइएको (जवाफ); मुखभरिको । ~ **देखाउनी–** ना० मुख देखाउँदा वा विशेष भेटघाटका अवसरमा दिइने पुरस्कार । – **द्वीप–** ना० समुद्रछेउ नदी खस्ने ठाउँमा नदीले ल्याएको माटो जम्मा भएर बनेको समतल जमिन । – **नली–** ना० बोल्दा वा बजाउँदा मुखमा हालिने नली; पिपिरो । – **पट–** ना० घुम्टो; घुम्टी । – **पतित–** वि० आफैँले आफ्नो अपराध स्वीकार गर्ने । – **पत्र–** ना० धार्मिक, राजनीतिक, सामाजिक आदि संस्थाको निजी उद्देश्यको पूर्तिका

लागि प्रकाशित गरिएको सामयिक पत्रिका; जर्नल । – **पात्र–** ना० लेखक वा स्रष्टाको वैचारिकता व्यक्त गर्ने पात्र । – **पृष्ठ–** ना० पुस्तक, पत्रिका आदिको आवरणको पहिलो पृष्ठ; आवरण । – **बन्ध–** ना० कुनै ग्रन्थादिको प्रस्तावना; भूमिका ।

**मुखबिर–** ना० [अ० मुख्बिर] १. अपराध गर्ने व्यक्तिका विरुद्ध गुप्त रूपमा खबर दिने व्यक्ति; जासुस । २. सरकारी साक्षी । > **मुखबिरी–** ना० मुखबिरको काम वा पद ।

**मुख मण्डल–** ना० [सं०] अनुहार; चेहरा; मुहार; आनन ।

**मुखमूल्य–** ना० [सं०] १. वस्तुको उत्पादनमा आधारित नरहेको मूल्य । २. मनलागी मोल; मुखको मोलतोल ।

**मुखर–** वि० [सं०] १. मुख लाग्ने; मुखाले; चोथाले; थुतुने । २. वाचाल; कुरौटे; वाक्पटु । ३. आवाज दिने; बज्ने; ध्वननशील; अनुनादी । ४. अभिव्यञ्जक; सूचक । ५. अश्लील बोल्ने; छाडा । ६. उपहास गर्ने; हँसीमजाक गर्ने । > **मुखरित–** वि० १. राम्ररी बोल्ने, बज्ने वा ध्वनि निकाल्ने । २. शब्द वा ध्वनिले युक्त; अनुनादित ।

**मुख विवर–** ना० [सं०] कलनासो र ओठका बीचको मुखभित्रको खाली भाग; हाब्रो; खाद्रो; खाप्चो ।

**मुख शुद्धि–** ना० [सं०] १. मुख सफा गर्ने वा धुने काम; मुखारी । २. खानापछि पानसुपारी आदि खाएर मुखलाई सुगन्धित तुल्याउने काम ।

**मुखश्री–** ना० [सं०] मुखको सौन्दर्य; प्रिय मुखमुद्रा; चेहराको प्रसन्नता ।

**मुखसन्धि–** ना० [सं०] पञ्चसन्धिमध्ये बीज र आरम्भको योगबाट अनेक रस र अर्थलाई अभिव्यञ्जित गर्ने, बीज उत्पन्न भएको भाग; पञ्चसन्धिमध्ये पहिलो सन्धि ।

**मुखसाबित–** वि० [मुख+साबित] अपराध भएको भए पनि नभए पनि मुखले स्वीकार गर्ने; मुखपतित ।

**मुखसार–** वि० [मुख+सार] वारेसले झैं अघि सरी बोल्ने काम । > **मुखसारी–** वि० अर्काको मामलामा अघि सरी बोल्ने; वारेस भई अघि सर्ने वा बोल्ने; लाफ्रे ।

**मुखाकृति–** ना० [सं०] १. मुखको आकृति वा आकार; मुख; चेहरा । २. कुनै गोलो वस्तु वा माझमा टोड्को भएको वस्तुको अगाडिपट्टि देखिने भाग ।

**मुखाग्र–** वि० [सं०] कण्ठ आउने; कण्ठ भएको; कण्ठस्थ; कण्ठाग्र ।

**मुखापेक्षी–** वि० [सं०] अर्काको मुख ताक्ने; अरूमा अवलम्बित; पराश्रित; अरूका भरमा पर्ने ।

**मुखामुख–** [मुख+आ+मुख] १. प्रायः उत्कण्ठा, आश्चर्य आदिको भावले र परस्परमा कुनै कुरा वा रहस्यको सङ्केत गर्नका लागि एक-अर्कामा हुने मुखको हेराहेर । २. दुई थरीका बीच कुनै वैमनस्यले हुने भनाभन; परस्परको बाझो । क्रि० वि० ३. एक अर्काको सामुन्ने; आमुन्नेसामुन्ने । > **मुखामुखी–** क्रि० वि० मुखकै अगिल्तिर; मुखेन्जी; मुखामुख ।

**मुखारी–** ना० [मुख+आरी] १. मुख धुने काम (दरबारिया शिष्ट बोलीमा) । २. गाईबस्तुको थुतुनो खुकुलो पारेर बाँध्ने डोरी (साधारण बोलचालमा) ।

**मुखाले–** वि० [मुख+आले] मर्यादा नराखी बोल्ने; मुख लाग्ने; चोथाले; थुतुने; दुर्मुखा ।

**मुखिनी–** ना० [मुखिया+नी] १. मुखिया दर्जावालकी पत्नी; मुखेनी । २. क्षत्रिय आदि जातका स्त्रीलाई आदरपूर्वक गरिने सम्बोधन । ३. आफैँ मुख्य भएर काम-कुरा गर्ने स्त्री; नाइकिनी; नाइकेनी ।

**मुखिन्जी / मुखिन्जेल–** क्रि० वि० [मुख+इन्जी / इन्जेल] अघिल्तिर; सामुमा; मुखेन्जी ।

**मुखिया–** ना० [सं० मुख्य] १. निजामती वा अन्य सेवातर्फको राजपत्रअनङ्कित तृतीय श्रेणीको एक दर्जा वा पद । २. गाउँको तालुकदार वा ठालु । ३. छेत्रीलाई सम्बोधन गर्दा प्रयोग गरिने सम्मानसूचक शब्द । ४. माझी वा सुनुवार जातिको एक थर ।

**मुखी–** वि० [सं०] १. मुख भएको वा गरेको । २. मुख फर्केको वा फर्काएको ।

**मुखेनी–** ना० [मुखिया+एनी] मुखिनी ।

**मुखेन्जी–** क्रि० वि० [मुख+एन्जी] मुखैनेर; मुखको नजिक; सामुन्ने; अघिल्तिर; अगाडि; सामुमा; दृष्टिमा; मुखिन्जेल; मुखिन्जी ।

**मुखौटो–** ना० [मुख+औटो] १. मुख ढाक्ने वस्त्र । २. मुखुन्डो ।

**मुख्तियार–** ना० [अ०] १. राणाकालमा मुख्य मन्त्री वा प्रधानमन्त्रीको उत्तराधिकारी; चीफ साहेब । २. अधिकारप्राप्त प्रतिनिधि वा वारेस । – **नामा–** ना० मुख्तियार बनाइएको कागज वा लेख । > **मुख्तियारी–** ना० मुख्तियारीको काम वा पद ।

**मुख्य–** वि० [सं०] १. अरूभन्दा ठूलो वा महत्त्वपूर्ण; प्रधान; मूल । २. विशेष; खास । ३. वर्ग वा समाजको जेठो; प्रमुख (व्यक्ति) । ४. अगुवा; नेता । ~ **अधिकारी–** ना० कार्यालय आदिको अधिकारप्राप्त प्रमुख पदाधिकारी; मूल हाकिम । ~ **आयुक्त–** ना० विशेष उद्देश्यका निमित्त गठित कुनै आयोगको प्रधान अधिकारी । ~ **चौतरिया–** ना० राणाशासनको सुरुमा राजाद्वारा राजपरिवारको नातेदारमध्ये उच्च चौतरिया पदमा नियुक्त गरिएको व्यक्ति; चौतरियाहरूमा प्रमुख । – **तः** – क्रि० वि० विशेष गरेर; खास गरी; प्रधानतः । ~ **नियन्त्रण कक्ष–** ना० रेडियोबाट सञ्चालित कार्यक्रमहरू नियन्त्रण गर्ने एकाइ । ~ **न्यायाधीश–** ना० अधिराज्यका अञ्चल वा क्षेत्रीय अदालतहरूमा रहने प्रमुख न्यायाधिपति । ~ **मन्त्री–** ना० सङ्घात्मक शासनपद्धति भएका मुलुकमा केन्द्रीय मन्त्रिमण्डलबाहेक राज्यका मन्त्रिमण्डलको प्रमुख मन्त्री । ~ **वाक्य–** ना० मिश्रित वाक्यमा आफैँमा अर्थपूर्ण भएको, अर्को वाक्यांशमा आश्रित नभएको वाक्यांश । ~ **सचिव–** ना० विभागीय सचिवहरूभन्दा माथिल्लो तहको सचिव; चीफ सेक्रटरी । > **मुख्यालय–** ना० अञ्चल वा जिल्लास्तरीय मुख्य कार्यालय ।

**मुख्याइ–** ना० [√ **मुख्याउ** (+आइ)] मुख्याउने क्रिया वा प्रक्रिया । [ > ] **मुख्याइनु–** क० क्रि० खाइनु ।

**मुख्याउनु**– स० क्रि० [मुख+याउ+नु] मुखमा हाल्नु; भोजन गर्नु; खानु ।

**मुख्येली**– ना० [मुखिया+एली] मुखियाको दर्जा वा काम; तालुकदारी ।

**मुगल**– ना० [अ०] विक्रमको सोह्रौं शताब्दीमा भारतमा शासन गर्ने तातार-देशनिवासी एक मुसलमान जाति ।

**मुगलान**– ना० [मुगल+आन] १. मुगलकालीन भारत; भारत; मोगलान । २. विदेश । > **मुगलानियाँ**– वि० मुगलानसम्बन्धी; मुगलानको; मोगलानियाँ । **मुगलाने**– वि० मुगलानियाँ ।

**मुगा**– ना० [प्रा० मुग्गा सं० मुक्ता] १. न्यानो समुद्रमा रहने एक प्रकारको कीरा; मूगा । २. त्यसै कीराले तयार पारेको, गहना आदिमा जडिने र औषधीमा उपयोग गरिने एक प्रकारको रातो रत्न । ३. नेपालको कोसी अञ्चलअन्तर्गत धनकुटा जिल्लामा पर्ने एक गाउँ । ~ **ढिस्को**– ना० समुद्रमा मुगाको हाडखोर जम्मा भएर बनेको ढिस्को (कोरल रिफ) । ~ **भस्म**– ना० असल औषधी बनाइने मुगाको भस्म वा खरानी । > **मुगाली**– ना० १. मुगा लगाउने । २. मुगामा बस्ने; मुगाको बासिन्दा ।

**मुगिया**– ना० [मुगा+इया] छिपाइद्वारा तयार हुने एक प्रकारको कपडा । ~ **छिट**– ना० हरियो, भुईंमा रातो वा रातो भुईंमा हरियो थोप्ले बुट्टा हुने, पहाडिया महिलाहरूमा निकै प्रचलित एक प्रकारको कपडा ।

**मुगी**– ना० [सं० मुद्ग] मासका जस्ता पात हुने, पहेँला फूल फुल्ने र लामालामा कोसाभित्र मसिना दाना हुने एक अन्न; मुङ; मुँगी ।

**मुगु**– ना० [भो० ब०] नेपाल अधिराज्यको कर्णाली अञ्चलअन्तर्गत पर्ने एक जिल्ला ।

**मुगौतो**– ना० [मुगा+औतो] मुगा र पत्थरको मालामा सानो कैँडो झुन्डचाई घाँटीमा लगाइने एक प्रकारको गहना ।

**मुगदल**– ना० [मुद्ग+दल] मुगीको पीठोबाट बनाइएको लड्डु; मोतीचुर ।

**मुग्ध**– वि० [सं०] १. मोहमा परेको; मक्ख; मोहित । २. होसहवास गुम भएको; मूर्छित । ३. मूढ; मूर्ख; अज्ञानी; जड । ४. सरल; सीधासाधा; सोझो । ५. प्रणयोन्मत्त । ६. भूल गर्ने; भूलमा परेको । ~ **बुद्धि**– वि० १. मूर्ख; जड; मूढ; मुग्धमति । २. सीधासाधा; सोझो । > **मुग्धा**– ना० १. कलिलो यौवनकी लज्जालु किसिमकी नायिका । २. कुमारी युवती ।

**मुग्री**– ना० एक प्रकारको माछो ।

**मुङ्ग्रे**– वि०हे० मुङ्ग्रे । ~ **केरा**– ना० मुङ्ग्रेकेरा । ~ **कोदो**– ना० मुङ्ग्रे कोदो ।

**मुङ्ग्री**– ना० [मुङ्ग्रो+ई] सानो मुङ्ग्रो । ~ **मारे**– ना० मुङ्ग्रीको मार वा चुटाइ; साफी चुटाइ ।

**मुङ्ग्रे**– वि० [मुङ्ग्रो+ए] १. मुङ्ग्रोजस्तो; मुङ्ग्रोका छाँटको; ठूलो । ना० २. मुङ्ग्रो चलाउने मानिस । ~ **केरा**– ना० ठूलठूला र मोटा कोसा हुने एक जातको ठिक्कै खालको केरा । ~ **कोदो**– ना० बोट अलि सानो भई बाला ठाडो हुने एक जातको कोदो वा त्यसैको बोट ।

**मुङ्ग्रेलो**– ना० ज्वानुका छाँटका काला गेडा हुने एक प्रकारको जीरो; कालो जीरो; कलौँजी ।

**मुङ्ग्रो**– ना० [सं० मुद्गर] १. लुगा धुँदा पिट्ने वा कीला आदि ठोक्ने काठको हाते साधन । २. छाडा गाईभैँसीका घाँटीमा अघिल्तिरका खुट्टा ठोकिएर कुद्न नहुने गरी बाँध्ने काठको डन्डी । ३. एक खालको पुरानो हतियार; मुद्गर ।

**मुङ्लेरी**– ना० [सं० मङ्गल+एरी] विवाह आदि कार्यमा मङ्गलगीत गाउने आइमाई ।

**मुङ्सिर**– ना० [√ **मङ्सिर**] मङ्सिर; मार्ग । > **मुङ्सिरे**– ना० मङ्सिरमा दाइँ गर्दा गाइने एक लोकगीत; मङ्सिरे; राशिगीत ।

**मुचकुन्द / मुचुकुन्द**– ना० [सं०] १. मान्धाताका पुत्र प्राचीन एक तपस्वी राजा । २. ठूलठूला खस्रा पात हुने, झुस भएका पहेँला ठूलठूला फूल फुल्ने र लाम्चा खैरा फल फल्ने एक वृक्षविशेष; सोही वृक्षको फूल ।

**मुचुमुचु**– ना० [अ० मू० मुच्+उ (द्वि०)] १. चाम्रो वस्तु (चुइगम आदि) को चपाइको चाल वा ध्वनि । क्रि० वि० २. त्यस्तो वस्तु चपाइरहने गरी ।

**मुचुल्का**– ना० [तु० मुचुल्क] सरजमिन हुँदा कसैले कुनै कामकारबाई भएबापत आफूले जानेसुनेको बयान लेखिदिएको कागज; सरजमिनका मानिसहरूले लेखिदिएको बयानको कागज ।

**मुचो**– ना० [सं० मुस्त] १. मुठो; झुप्पो । २. साँचोको पूरक, जस्तै– साँचोमुचो ।

**मुछ्–नु**– स० क्रि० [सं० म्रक्षण > मुछ्+नु] १. रसदार पदार्थमा मिलाएर खाइने खानेकुरालाई मासमिस गर्नु; सरोबर वा सालेमाले पार्नु (दालभात, दूधभात, दहीचिउरा आदि) । २. कुनै दोष वा अपराधमा आरोपित गर्नु; बोर्नु । > **मुछमाछ**– ना० सबै मुछ्नेवर्ने काम । **मुछाइ**– ना० मुछ्ने क्रिया वा प्रक्रिया । **मुछाइनु**– क० क्रि० मुछ्न लाइनु; फतेलाइनु । **मुछाउनु**– प्रे० क्रि० मुछ्न लाउनु; फतेलाउनु । **मुछामुछ**– ना० परस्परमा मुछ्ने काम । **मुछिनु**– क० क्रि० १. सालेमाले गरिनु; सरोबर पारिनु । २. बोरिनु ।

**मुज**– ना० [सं० मुञ्ज] कुशका छाँटका पात र काँसका जस्ता सेता फूल फुल्ने, पातको डोरी आदि बाटिने र व्रतबन्धमा डोरीको कन्धनीसमेत लगाइने एक जातको झार वा त्यसैको लट्ठी ।

**मुजा**– ना० [सं० मुस्त] १. मुख, हात आदिमा छाला खुम्चिनाले परेका ससाना गरा; चाउरी । २. मुजो । > **मुजिनु**– अ० क्रि० १. मुजा पर्नु; चाउरी पर्नु । २. बाध्य हुनु; विवश बन्नु ।

**मुजी**– ना० [मुजो+इ] १. स्त्रीका योनि ओरिपरि उम्रने रौँ । २. उपेक्षा; गालीबोधक अश्लील शब्द ।

**मुजुक्क**– क्रि० वि० [अ० मू० मुजुक्+क (द्वि०)] १. खुम्चिने वा चाउरी पर्ने किसिमले; खुम्चुङ । २. मुजिने वा मुजा पर्ने चालसँग ।

३. विवशता वा बाध्यताका साथमा ।

**मुजुर–** ना० [सं० मयूर] फुक्ने खालको लामो पुच्छर हुने र पुच्छरका प्वाँखैपिच्छे टल्कने टीका तथा बुट्टा हुने, शिरमा कल्की भएको, केही ठूलो आकारको प्रसिद्ध सुन्दर पक्षी; मयूर; मजुर; मजूर । ~ **खुट्टे–** ना० १. टुप्पो मुजुरको खुट्टाभैँ हुने र निहुरोभैँ तरकारी खाइने एक जातको औल्याहा वनस्पति । वि० २. मुजुरको जस्तो भीनो खुट्टा हुने । ~ **प्वाँखे–** वि० १. मुजुरका जस्तो प्वाँख हुने (पङ्खा आदि) । २. नक्कले; भिल्के ।

**मुजुरा१–** ना० [सं० मञ्जरी] मुना; कोपिला; मुन्टा; टुसा ।

**मुजुरा२–** ना० [सं० मुज] काँसको सानो भ्याली वा भाम्टा; मजुरा ।

**मुजुरो–** ना० [सं० मञ्जरी] कोपिलो; मुनु; मुना; मुजुरा ।

**मुजो–** ना० [सं० मुस्त] १. सारी, धोती आदि लुगामा मसिनु पारी मिलाइएको पाटो; चुना; भाँज । २. मुजा । > **मुज्याइ–** ना० मुजिने वा मुज्याउने क्रिया-प्रक्रिया । **मुज्याइनु–** क० क्रि० मुजो पारिनु; मुजा पार्ने काम गरिनु । **मुज्याउनु–** स० क्रि० १. मुजा पार्नु; चुन्याउनु; खुम्च्याउनु । २. धडपकड गर्नु; बाध्य गर्नु । ३. कष्ट दिनु; सास्ती दिनु ।

**मुजूर–** ना०हे० मुजुर ।

**मुटु–** ना० [सं० मुष्ट] १. शरीरमा छातीभित्र देब्रेपट्टि हुने, शरीरभरि दोहरो रक्तसञ्चार गर्ने र सो नहुँदा ठहरै पार्ने, प्राणीको ज्यादै महत्त्वपूर्ण अङ्ग; हृदय; हृद् । २. केन्द्र; प्रमुख । ~ **कलेजो–** ना० १. रक्तसञ्चार गर्ने मुटु र रक्तपरिष्कार तथा श्वासशोधन गर्ने कलेजो । २. मुख्य भित्र्याँस । – **को रोग–** ना० मुटुसम्बन्धी रोग । – **को व्यथा–** ना० हृदयगति बन्द भएर मर्ने वा मर्ने सम्भावना हुने कडा बिमारी; मुटुको रोग ।

**मुटुरि-नु–** अ० क्रि० [मुटुरो+इ+नु] १. मुटुरो वा पोको पर्नु; कुटुरोभैँ भएर बाँधिनु । २. एउटै थलामा कुच्रिएर बस्नु ।

**मुटुरी–** ना० [मुटुरो+ई] सानो मुटुरो; कुटुरी ।

**मुटुरो–** ना० [प्रा० मट्ठो] सानो कुम्लो वा पोको; कुटुरो; पन्तरो; पोटलिका ।

**मुटुर्‍याइ–** ना० [√ **मुटुर्‍याउ** (+आइ)] मुटुर्‍याउने क्रियाप्रक्रिया । [ > ] **मुटुर्‍याइनु–** क० क्रि० मुटुरो पारिनु ।

**मुटुर्‍याउनु–** स० क्रि० [मुटुरो+याउ+नु] मुटुरो तुल्याउनु; पोको पार्नु ।

**मुट्ठी–** ना० हे० मुठी । ~ **भर–** क्रि० वि० मुठीभर ।

**मुठ–** ना० [सं० मुष्टि] १. हातले समाइने, हतियार वा औजारको बिँडको भाग; मुष्टि । २. बट्टाई मुठ्याउने काम । वि० ३. जो भएको सबै; भएभरको ।

**मुठभेट ⁄ मुठभेड–** ना० [मुठी+भेड्+आ] १. परस्परको भिडन्त; मुक्की हानाहान; मुक्कामुक्की । २. प्रायः मन नपर्दो मानिससँग अप्रत्याशित रूपले भएको भेट; जम्काभेट ।

**मुठरी–** ना० [√ मुटुरी] सानो पोको; मुटुरी ।

**मुठल–** ना० [नेवा० मुथल] छानाको दाँतीछेउ रहने फल्याकजस्तो तेर्सो लामो काठ ।

**मुठा–** ना० [मुठोको ति० रू०] हे० मुठो । – **का मुठा–** ना० १. धेरै मुठा; थुप्रै मुठा । २. मुठामाथि थप मुठा । – **मुठी–** ना० सानाठूला धेरै मुठाको समूह ।

**मुठार्-नु–** स० क्रि० [सं० मुष्ट+आकार+नु] फेद वा टुप्पो मिलाएर काट्नु; सम्म पारेर ताछ्नु; मठार्नु । > **मुठाराइ–** ना० मुठार्ने क्रिया वा प्रक्रिया । **मुठारिनु–** क० क्रि० सम्म पारेर काटिनु वा ताछिनु ।

**मुठि-नु–** अ० क्रि० [मुठी+नु] १. मुठीमा आउनु; मुठीभित्र पर्नु । २. चङ्गुलमा पर्नु ।

**मुठी–** ना० [सं० मुष्टि] १. हातका औँलाहरू मोडेर हत्केलामा दबाउँदा बन्ने आकार र त्यसभित्रको रित्तो ठाउँ । २. एक मानाको दसौँ भागको परिमाण; मुट्ठी ⁄ मूठी । ३. थोरै परिमाण । ४. मुड्की; मुक्का । – **एक–** वि० १. एक मुठीजति । २. अलिकति; थोरै । – **भर–** क्रि० वि० मुठीमा आए वा अटाएजति; एक मुठीबराबर । ~ **लिवाइ–** ना० नयाँ धान काट्ता परम्पराअनुसार साइत गर्ने काम । – **हात–** ना० मोडिएका हातको कुहुनादेखि मुठीसम्मको नाप; मुढीहात ।

**मुट्ठी–** ना० हे० मुठी । – **भर–** क्रि०वि० मुठीभर ।

**मुठे–** ना० [मुठो+ए] १. परालको सादा डालीजस्तो बनाई बीउका लागि त्यसमा पोको पारिएको धान । वि० २. मुठो बनाएको; मुठो पारेको । ~ **पराल–** ना० मुठा वा कल्ली पारी बाँधिएको पराल ।

**मुठो–** ना० [प्रा० मुट्ठो] घाँस, पराल, कागत आदिको बिटो वा कल्ली ।

**मुठ्याइ–** ना० [√ **मुठ्याउ** (+आइ)] मुठिने क्रिया वा प्रक्रिया । [ > ] **मुठ्याइनु–** क० क्रि० मुठीले समाइनु वा लिइनु ।

**मुठ्याउनु–** स० क्रि० [मुठी+याउ+नु] १. कुनै चीज मुठीमा अटाएसम्म लिनु; हातले सकेसम्म भिक्नु । २. मुठीमा लिनु; मुठीले बेसरी समाउनु वा निकाल्नु ।

**मुड्-नु१–** स० क्रि० [सं० मुण्ड+नु] १. कपाल खौरनु; मुण्डन गर्नु । २. जोगी बनाउनु; सन्न्यासको दीक्षा दिनु । ३. आफ्ना मत, दल आदिमा ल्याउनु; आफ्नो पक्षको बनाउनु । ४. लटीपटी गर्नु; ठग्नु; धुतधात पार्नु; धुत्नु । ४. भूल वा अपराध गरेबापत जातबाट हटक गर्नु ।

**मुड्-नु२–** ना० [मोड्+नु] एक ठाउँबाट अर्का ठाउँतिर लाग्नु; विपरीत दिशातिर फर्कनु । २. दोब्रिनु ।

**मुड१–** ना० [अङ्०] मानसिक तत्परता वा भाव; मनःस्थिति; चित्तवृत्ति ।

**मुड२–** ना० [सं० मुण्ड] १. टाउको; शिर; खप्पर । २. सन्तान; छोराछोरी; घर-जहान । ~ **गन्ती–** ना० १. हरेक व्यक्तिको गणना; प्रत्येक व्यक्तिको गन्ती; जनगन्ती । क्रि० वि० २. व्यक्तिपिच्छे; जनही; प्रत्येक ।

**मुडाइ**– ना० [√ **मुड** (+आइ)] १. मुड्ने वा मुण्डन गरिने क्रियाप्रक्रिया; मुण्डनगराइ । २. मुड्ने वा फर्किने क्रियाप्रक्रिया; फर्काई; दोब्राइ । [ > ] **मुडाइनु**– क० क्रि० १. मुड्न वा कपाल खौरन लाइनु । २. फर्काइनु । **मुडाउनु**– प्रे० क्रि० १. मुड्न वा कपाल खौरन लाउनु; जोगी बनाउनु । २. मुड्ने वा फर्कने पार्नु; फर्काउनु । **मुडिनु**– क० क्रि० १. मुण्डन गरिनु; जोगी बनिनु । २. फर्किनु; दिशा बदलिनु ।

**मुडिलो**– ना० खण्डखण्ड परेका बाटुला र ठूला पात हुने, नीलो फूल फुल्ने र खैरो रङको फल फल्ने बुटी वा त्यसैको फल ।

**मुडी**– ना० [ना० सं० मुष्टि] कुहुनादेखि मुठीका टुप्पासम्मको भाग; मुठी । – **हात**– ना० सोही परिमाणको नापो ।

**मुडुला**– ना० [मुडुलेको ति० रू०] हे० मुडुलो । ~ **मुडुली**– ना० १. धेरै मुडुलाको समूह । २. मुडुला र मुडुली ।

**मुडुली**– ना० [मुडुलो+ई] १. मृगको पोथी; पोथी मृग । वि० २. कपाल खौरेकी, झरेकी वा खौराएकी (स्त्री०) । ~ **माउ**– ना० कपाल झरेकी वा खौराएकी भिक्षुणी अथवा विधवा ।

**मुडुले**– वि० [मुडुलो+ए] १. मुडुलो; मुण्डित; मुण्डा । ना० २. (उपेक्षाको अर्थमा) जोगी; सन्न्यासी । ~ **जौ**– ना० टुँडो नहुने एक जातको जौ ।

**मुडुलै**– क्रि० वि० [मुडुलो+ऐ] मुडुलो भएर; टोपी नै नलाईकन । ~ **ठुँडुलै**– क्रि० वि० कपाल पनि खौरी टोपी पनि नलाईकन ।

**मुडुलो**– वि० [मुड+उलो] १. कपाल खौरेको; शिरखुइले; मुडुले । २. टोपी नलगाई शिर खाली भएको; सिङ नभएको । ~ **गहुँ**– ना० टुँडो नहुने एक प्रकारको गहुँ । ~ **ठुँडुलो**– वि० कपाल खौरेको र टोपी पनि नलगाएको; सिङपुच्छर केही नभएको ।

**मुडुवा**– वि० [मुड्+उवा] मुडिएको; मुडिने ।

**मुडेलो**– ना० [मुड+एलो] टाउकामा घुम अडचाउनका निमित्त लगाइने डोरी ।

**मुड्कि-नु**– अ० क्रि० [मुड्की+नु] मुड्की खाइनु; मुड्कीले कुटिनु । २. मुड्कीजस्तो हुनु ।

**मुड्किलो**– ना० [मुड्को+इलो] चुलो लोटाउने गोबर, घर पोत्ने माटो, पोतारी आदि राखनधरन गर्ने ठाउँ ।

**मुड्की**– ना० [प्रा० मुट्ठी] घुस्सा हान्न वा कुट्न कस्सिएको मुठी । – **को भर**– ना० बाह्य शक्ति; गुण्डागिरी । ~ **चिउरा/च्यूरा**– ना० पिटाइ; मुक्क्याइ; मुड्कीसास्ती । ~ **सास्ती**– ना० मुड्की चिउरा; मुड्कीच्यूरा ।

**मुड्के**– वि० [मुड्को+ए] मुड्कोजस्तो; मुड्कोका छाँटको; मुड्कोका ढाँचाको ।

**मुड्को**– ना० [सं० मुण्ड] काठआदिको छोटो र मोटो गिँड; मुढो ।

**मुड्क्याइ**– ना० [√ **मुड्क्याउ** (+आइ)] १. मुड्क्याउने क्रिया वा प्रक्रिया । [ > ] **मुड्क्याइनु**– क० क्रि० १. मुड्कीले हिर्काइनु; मुक्क्याइनु । २. मुड्को पारिनु ।

**मुड्क्याउनु**– स० क्रि०/प्रे० क्रि० [मुड्की+याउ+नु] १. मुड्कीले हान्नु; मुक्क्याउनु; डिम्क्याउनु । २. हतियारको धार कुँडिने पार्नु; भुत्ते तुल्याउनु ।

**मुढ**– ना० [सं० मुण्ड] मुढो । – **पेलाइ**– ना० अबुझ ढिपी ।

**मुढन**– ना० उखुको पहिलो सालको बाली ।

**मुढा**– ना० [मुढोको ति० रू०] १. हे० मुढो । २. बाँसका मसिना डन्डीहरू मिलाई छाला वा डोरीले बुनी बस्ने ठाउँतिर ढाकी बनाइएको डमरुका आकारको बस्ने साधन ।

**मुढि-नु**– अ० क्रि० [मुढो+इ+नु] १. मुढोजस्तो हुनु । २. हतियारको धार दोब्रिनु; भुत्ते हुनु; नलाग्ने हुनु ।

**मुढे**– वि० [मुढो+ए] मुढो भएको; मुढोजस्तो । ना० १. बुद्धिसुद्धी नभएको बल; मुढपेलाइ; जबर्जस्ती । २. मूर्खता; मुर्ख्याइँ ।

**मुढो**– ना० [सं० मूढ] १. ढालेको र हाँगाबिँगा काटेको काठको मोटो गिँड; मुढ । वि० २. चेत हराएको; मधौरु । ३. धार मोडिएको; नलाग्ने; भुत्ते ।

**मुढ्याइ**– ना० [√ **मुढि** (+याइ)] मुढिने क्रिया वा प्रक्रिया । [ मुढ्याउ+आइ ] ना० मुढ्याउने क्रिया वा प्रक्रिया । > **मुढ्याइनु**– क० क्रि० मुढिने पारिनु; भुत्ते तुल्याइनु ।

**मुढ्याउनु**– स० क्रि० [मुढो+याउ+नु] हतियारको धार मार्नु; नलाग्ने बनाउनु; भुत्त्याउनु ।

**मुण्ड**– ना० [सं०] १. टाउको; शिर; खप्पर । २. कपाल खौरेको टाउको । ३. शरीरबाट काटिएर छुट्टिएको टाउको; काटिएको शिर । ४. लिङ्ग वा भगाङ्कुरको टुप्पाको भाग । > **मुण्डन**– ना० कपाल खौरने काम; हजामत; मुडाइ; क्षौर; खौराइ । – **माला**– ना० शिवका गण, काली, भैरव, भैरवी आदिले गलामा लगाउने दैत्य, मानिस आदिका टाउकाको माला । > **मुण्डित**– वि० मुण्डन गरिएको; कपाल खौरेको; मुडुलो । **मुण्डी**– वि० १. मुण्डन गरेको । ना० २. सन्न्यासी; जोगी । ३. गोरखमुण्डी । ४. शिव ।

**मुत्-नु**– स० क्रि० [सं० मूत्र+नु] १. पिसाब गर्नु; पिसाब फेर्नु; छुल्क्याउनु; तुर्क्याउनु; तुरी गर्नु । २. डराउनु; छुलछुल हुनु ।

**मुत**– ना० [सं० मूत्र] खाएको झोल वस्तु पेटमा पुगेर प्राणीको जननेन्द्रियबाट निस्कने तरल पदार्थ; पिसाब; पिसाप; मूत्र । > **मुताइ**– ना० मुत्ने क्रिया वा प्रक्रिया । **मुताइनु**– क० क्रि० १. मुत्न लाइनु । २. छुलछुल पारिनु । **मुताउनु**– प्रे० क्रि० १. मुत्न लाउनु । २. छुलछुल पार्नु; कुस्तुर तुल्याउनु ।

**मुतको न्यानो**– ना० क्षणभर मात्रको सुख वा आनन्द ।

**मुताबिक**– ना०यो० [अ०] १. अनुसार; माफिक । वि० २. अनुरूप; सुहाउँदो ।

**मुताहा**– वि० [मुत्+आहा] १. निद्रामा ओछ्यानैमा वा बिउँझोमा पनि जहाँ पायो त्यहीँ मुत्ने । २. धेरै मुत्ने; मुतुवा । ३. डरछेरुवा; काथर । ४. हार्ने; हरुवा ।

**मुतिनु**– क० क्रि० [मुत्+इ+नु] पिसाब फेरिनु ।

**मुती**[१]– ना० [नेवा०] पहिलोपल्ट निकालिएको कडा र असल

कोटिको रक्सी; एकपाने रक्सी ।

**मुती२**– ना० [मुत्+ई] पिसाब; मूत; सुसु (बालबोलीमा) ।

**मुतुनु/मुतुनो**– ना० [सं० मूत्र+नु/नो] मुत्ने अङ्ग; मूत्रेन्द्रिय; मुतौरो; मुत्ने ।

**मुतुरो**– ना० [मुत्+उरो] मूत्रेन्द्रिय; मुतुनु; मुतुनो; तुरी ।

**मुतुवा**– वि० [मुत्+उवा] १. कुठाउँमा मुत्ने वा मुतिरहने । २. मुताहा ।

**मुतौरो**– ना० [मुत्+औरो] मुतुनु; मुतुनो; मुतुरो ।

**मुत्ने**– ना० [मुत्+ने] मुतुरो; मुतौरो ।

**मुदगापर्नी**– ना० मुङको झैँ पात हुने एक लहरो ।

**मुदित**– वि० [सं०] १. प्रसन्न; हर्षित; आनन्दित । ना० २. खुसी; आनन्द; हर्ष । ३. सम्भोगका निम्ति उपयुक्त एक किसिमको आलिङ्गन ।

**मुदिता**– ना० [सं०] १. बौद्ध धर्मअनुसार महायान र वज्रयानका साधकहरूका ध्यानको पहिलो अवस्था । २. चैत्यको पहिलो भूमि । ~ **वृत्ति**– ना० अर्काले सुख पाएको देखेर आनन्दित हुने चित्तवृत्ति ।

**मुद्ग**– ना० [सं०] मुगी; मुङ । – **पर्णी**– ना० वनमुगी ।

**मुद्गर**– ना० [सं०] १. मुग्रो; घन; हथौडी । २. पहलमानहरूले व्यायाम गर्दा प्रयोग गर्ने काठको एक साधन । ३. गदा । ४. एक प्रकारको चमेली फूल ।

**मुद्दती**– वि० [अ०] १. धेरै दिनसम्म चल्ने वा चलेको; लामो समयसम्म अड्ने; सावधि । ना० २. कुनै दल, वर्ग, समूह वा सम्प्रदायको नेता; मुख्य व्यक्ति । ~ **खाता**– ना० बैङ्कमा रुपियाँ जम्मा गरी निर्धारित समयसम्म साउँ-ब्याज नझिकेमा बढी ब्याज पाइने व्यवस्था भएको खाता (फिक्स्ड एकाउन्ट) । ~ **रसिद**– ना० म्याद नाघेपछि स्वतः रद्द हुने एक प्रकारको रसिद ।

**मुद्दा**– ना० [अ० मुद्द+आ] झगडा; बाझो; तकरार; मुकद्दमा; कलह; विवाद; बझाइ । ~ **दराइ**– ना० झगडियाले मुद्दा चलाउन अदालतमा कागज दाखिल वा दर्ता गर्ने काम । ~ **सकार**– ना० अर्काको मुद्दा सकार्ने वा बोक्ने काम ।

**मुद्रक**– वि० [सं०] मुद्रण गर्ने; छाप्ने ।

**मुद्रण**– ना० [सं०] १. यन्त्रद्वारा अक्षरका टाइप, ब्लक आदि छाप्ने काम; छपाइ । २. बन्द गर्ने काम । ३. मुद्राङ्कित गर्ने काम । ~ **यन्त्र**– ना० मुद्रण गर्ने यन्त्र; छपाइमेसिन; प्रिन्टिङ प्रेस । ~ **स्वतन्त्रता**– ना० प्रजातान्त्रिक पद्धतिमा जनताले निश्चित सीमामा रही आफ्ना विचार, भावना, प्रतिक्रिया आदि छाप्न पाउने एक मौलिक अधिकार । > **मुद्रणालय**– ना० छापाखाना; प्रेस ।

**मुद्रा**– ना० [सं०] १. कुनै वस्तुलाई आधिकारिक रूपमा प्रमाणित गर्ने नाम, चिह्न आदि लगाउने छाप । २. नाम वा कुनै व्यक्तिगत चिह्न भएको औँठी । ३. राणाकालीन नेपालमा मुग्लानबाट आवतजावत गर्नलाई दिइने, उक्त छाप लागेको सरकारी अधिकारपत्र; राहदानी; पारपत्र । ४. वैष्णव सम्प्रदायका भक्तहरूले आफ्नो छाती, पाखुरा आदिमा डाम्ने वा खोप्ने विष्णुका शङ्ख, चक्र आदि आयुध । ५. सरकारले प्रचलनमा ल्याउने विभिन्न आकार र मूल्य तोकिएका, कुनै पनि देशका जनताले क्रयविक्रयको माध्यम वा भुक्तानीसङ्कलनका साधनका रूपमा प्रयोग गर्ने वस्तु वा उपकरण (धातुका मुद्रा वा सिक्का, नोट) । ६. गोरखनाथसम्प्रदायमा साधुहरूले कानमा लगाउने फटिक आदिको कुण्डल वा मुद्रा । ७. उठ्ने, बस्ने शरीरका अङ्गको स्थिति वा मनको भाव प्रदर्शित गर्ने आँखा, नाक, कान, मुख, हात आदिको कुनै पनि क्रिया । ८. देवी-देवताका ध्यान, पूजा, आदिको समयमा प्रदर्शन गराइने आकार (जस्तै– धेनुमुद्रा, मत्स्यमुद्रा आदि) । ९. आधुनिक मुद्रण-कार्यमा वा पत्रादिको छपाइमा प्रयोग गरिने सिसाका ढालिएका उल्टा अक्षरहरू; टाइप । १०. साहित्यमा शब्दालङ्कारअन्तर्गत पर्ने श्लेषअलङ्कारको एक भेद । ११. नाक, कान, आदिमा लगाइने मुन्द्री । १२. प्रतीकात्मक चिह्न । १३. पदक; विभूषण; तक्मा । > **मुद्राक्षर**– ना० १. सरकारी कार्यालयका छाप औँठी आदिमा खोपिएको वा कुँदिएको अक्षर । २. पत्रपत्रिका आदि छाप्ने काममा प्रयोग हुने टाइप । **मुद्राङ्क**– ना० १. अर्जी आदि लेखेर पेस गर्ने सरकारी छाप लागेको कागत; फाराम । २. सादा वा एकरङ्गी तस्बिर र अक्षर आदि छाप्ने धातु, रबर आदिको यन्त्र; छाप; मोहर । **मुद्राङ्कन**– ना० कुनै पनि मुद्राको सहायताबाट चिह्न आदि छाप्ने काम । **मुद्राङ्कित**– वि० १. कुनै तस्बिर आदिको छाप लागेको; छापिएको । २. मोहर लागेको । ३. डामेर चिह्न अङ्कित गरिएको । ४. छापेको । ~ **तत्त्व**– ना० प्राचीन कालका मुद्रा वा सिक्काहरूको सहायता वा अध्ययनबाट त्यस देशको इतिहास, संस्कृति आदिको ज्ञान गराउने विषय वा विज्ञान । ~ **बाहुल्य**– ना० आवश्यकताभन्दा बढी मुद्रा प्रचलनमा आएको अवस्था; मुद्रास्फीति । ~ **प्रदाय**– ना० मुद्रा-आपूर्ति । ~ **माला**– ना० केटाकेटीका रक्षाका लागि लगाइने विभिन्न मुद्रा (चाँदीका सिक्का, पैसा, बाघको दाह्रा, नङ्ग्रा आदि) उनिएको माला; रक्षामाला; रक्खेमाला । ~ **यन्त्र**– ना० १. बिजुलीबाट चल्ने छपाइयन्त्र । २. मुद्रा वा सिक्का ढाल्ने यन्त्र । ~ **विज्ञान**– ना० मुद्रातत्त्व; मुद्राशास्त्र । ~ **शास्त्र**– ना० पुराना मुद्रा वा सिक्काद्वारा ऐतिहासिक कालक्रमको निरूपण वा विवेचना गर्ने शास्त्र; मुद्रातत्त्व । ~ **स्फीति**– ना० क्रयशक्तिका दृष्टिले मुद्राको मूल्य कम र त्यसका अनुपातमा वस्तुको मूल्य धेरै हुने गरी असाधारण रूपले बढी मुद्रा प्रचलनमा आउने स्थिति; मुद्राबाहुल्य । > **मुद्रिका**– ना० १. नाम कुँदिएको, छाप लगाउने औँठी; छाप । २. तर्पण आदि गर्दा लगाइने कुशको औँठी । ३. सिक्का । **मुद्रित**– वि० १. मुद्रण भएको; छपाइएको वा छापिएको । २. औँठी वा रबर छाप लगाइएको (कागतपत्र) ।

**मुनक्का**– ना० [अ० मुनक्क] ठूलो खालको किसमिस वा सुकाइएको अङ्गुर; दाख; मनक्का ।

**मुना**– ना० [सं० मुण] बोट, बिरुवा, लहरा आदिमा निक्लेको कमलो मुन्टा वा पालुवा; मञ्जरी; मुनु; टुसो; पिपिरो ।

**मुनाफा**– ना० [अ० मुनाफा] मालसामान खरिदबिक्री गर्दा आर्थिक दृष्टिबाट लागतभन्दा बढ्ता हुने लाभ; फाइदा; नाफा ।

**मुनाल**– ना० [सं० मृणपाल] पहाडी भेगमा हुने, जीउभरि बुट्टा, घाँटीमा राम्रो कण्ठा र शिरमा कल्की हुने एक सुन्दर चरो; मोनाल ।

**मुनासिब**– वि० [अ०] मनासिब; उचित; ठीक ।

**मुनि१**– ना० यो० [√ मनि] तल; उँधो ।

**मुनि२**– ना० [सं०] १. वास्तु वा मूर्तिकलामा मात्रा वा अङ्गुलको सात गुनाबराबरको नाप; दृष्टि, पाताल, धातु वा अब्धिबराबरको नाप । २. कुनै विषयवस्तुको मनन गर्ने व्यक्ति; मननशील व्यक्ति; ऋषि; तपस्वी; महात्मा; सन्त; भक्त; सन्न्यासी । ३. गहिरिएर विचार गर्ने स्वभाव भएको व्यक्ति । ४. अङ्गिरा, पुलस्त्य, भृगु, कर्दम आदि । ५. बुद्ध । ६. व्यास । ७. सातको सङ्ख्या । –**त्रय**– ना० पाणिनि, कात्यायन र पतञ्जलि । – **पुङ्गव**– ना० महान् वा प्रमुख ऋषि ।

**मुनिम**– ना० [अ० मुनीब] व्यक्तिगत संस्था, कोठी आदिको हिसाबखाताको काम गर्ने कर्मचारी । > **मुनिमी**– ना० १. मुनिमको काम वा पद । २. मुनिम हुनाको भाव वा स्थिति ।

**मुनियाँ**– ना० गाढा खैरो रङको शरीरमा थोप्लाथोप्ला हुने फिस्टोजत्रो एकजातको राम्रो चरो ।

**मुनिव्रत**– ना० [सं०] मुनि वा ठूला योगी महात्माहरूको प्रतिज्ञा; तपस्या ।

**मुनी**– ना० [बा० बो०] भेडाबाखाको माउ वा पाठो ।

**मुनीन्द्र/मुनीश्वर**– ना० [सं०] १. धेरै ठूला ऋषि; मुनिहरूमा श्रेष्ठ । २. गौतम बुद्ध । ३. शिव ।

**मुनु**– ना० [सं० मुण] टुसो; पिपिरो; मुना ।

**मुन्टा मुन्टी**– ना० [मुन्टो (द्वि०)] धेरै मुन्टाको समूह ।

**मुन्टि-नु**– अ० क्रि० [मुन्टो+इ+नु] १. कसैले घचेट्दा वा रिँगटा लाग्दा टाउकाले नै टेक्न पुग्नु; मुन्टाले टेक्नु; मन्टिनु; टाउकाको भर पर्नु । २. ठ्याक खानु; घोक्रिनु; निकालिनु । ३. बाउँटिनु; टेढिनु; भाँडिनु ।

**मुन्टे**– वि० [मुन्टो+ए] मुन्टो निहुरेको; मुन्टिएको । ~**ठिँगुरो**– ना० १. मुन्टो अडिने गर्दनको हाड । २. सजाय दिँदा अपराधीलाई गर्दनमा हालिने एक प्रकारको ठिँगुरो ।

**मुन्टो**– ना० [सं० मुण्ड] १. शरीरको सबभन्दा माथिल्लो अवयव; टाउको; माथ; शिर । २. मुना; मुन्टा । ३. स्तन वा थुनको अग्रभाग वा टुप्पो; चुचुक ।

**मुन्टयाइ**– ना० [√ **मुन्टि** (+याइ)] मुन्टिने भाव, क्रिया वा प्रक्रिया । [>] **मुन्टयाइनु**– क० क्रि० मुन्टयाउने काम गरिनु; मुन्टाले टेक्ने पारिनु; मन्टयाइनु; घोक्र्याइनु । **मुन्टयाउनु**– स० क्रि०/प्रे० क्रि० १. कापे हातले गर्धन अँठयाई हुत्याउनु; घोक्र्याउनु; ठ्याक खुवाउनु; घोक्रेछुत्तीं लाउनु । २. मुन्टाले टेकाउनु; मुन्टाको भर पार्नु ।

**मुन्डा**– वि० [सं० मुण्ड] १. कपाल नभएको; खुइले; मुडुलो । २. छानो नभएको (घर) । ना० ३. जोगी; सन्न्यासी ।

**मुन्तला**– ना० [सादृश्य–सुन्तला] सुन्तलाको जातको अमलाजत्रो अमिलो हुने एक फलविशेष ।

**मुन्तिर**– क्रि० वि० [मुनि+तिर] तलतिर; मनितिर ।

**मुन्दुम**– ना०हे० मुन्धुम ।

**मुन्द्रा**– ना० [सं० मुद्रा] खास गरी रिसका झमटमा देखिने मानिसका मुखको विशेष अवस्था; झोक (जस्तो– रिसमा मुन्द्रा फेर्नु) । > **मुन्द्री**– ना० स्त्रीहरूले कानमा लगाउने मुद्राकार सुनको गहना; सानो मुन्द्रा । **मुन्द्रे**– वि० १. मुन्द्रा लाएको; मुन्द्रा भएको । २. मुन्द्रा परेको मुन्द्राजस्तो; मुन्द्राको छाँटको ।

**मुन्द्रो**– ना० [सं० मुद्रिका] बुलाकी, कुण्डल, यार्लिङ, औंठी आदि कुण्डलाकार कुनै गहना ।

**मुन्धुम**– ना० [भो० ब०] लिम्बूजातिको धर्मशास्त्र; मुन्धुम ।

**मुन्सी**– ना० [अ० मुन्शी] १. खास गरेर अरबी, फारसी भाषामा लेखापढी गर्ने सरकारी कर्मचारी । २. पुराना खान्दानी राजघरानामा प्रायः अदालतसम्बन्धी लेखापढीको काम गर्ने कर्मचारी । – **खाना**– ना० राणाशासनको समयमा परराष्ट्र-मन्त्रालयको काम गर्ने एक अड्डा ।

**मुफत**– वि० [फा० मुफ्त] १. मूल्यबिनाको; सित्तै । क्रि० वि० २. काम न काजसित; बिनसित्ति; मफत; व्यर्थ । > **मुफती**– त्यसै भेटिएको वा पाइएको; मुफतको ।

**मुफ्त**– वि० [फा०] हे० मुफत । > **मुफ्ती**– हे० मुफती ।

**मुबारक**– वि० [अ०] मङ्गलकारी; शुभ । ना० २. शुभ अवसरमा बधाई दिँदा प्रयोग हुने शब्द । – **वाद**– ना० बधाई; शुभकामना; फत्तेमुबारक । – **वादी**– वि० बधाई दिने; शुभकामना दिने ।

**मुमा**– ना० [सं० माता] आमा; माता ।

**मुमुक्षु**– वि० [सं०] मोक्षका लागि प्रयत्नशील; मोक्षको चाहना गर्ने; सांसारिक जीवनबाट मुक्त हुन इच्छा राख्ने ।

**मुमूर्षा**– ना० [सं०] १. मृत्युको चाहना; मर्ने इच्छा । > **मुमूर्षु**– वि० १. मरणासन्न; मर्नै आँटेको । २. मर्न चाहने; मरणेच्छुक; मृत्युकामी ।

**मुरकुल**– ना० विशेषतया तराईतिर हुने एक प्रकारको लता ।

**मुरब्बा**– ना० [अ० मुरब्ब] बफाएर वा उसिनेर चास्नीमा डुबाइएको सुगन्धी फलको पाक ।

**मुरमुरि-नु**– अ० क्रि० [मुरमुर+इ+नु] १. भित्रभित्रै रिसाउनु; रिसले चूर हुनु । २. मुरमुराउने काम गरिनु । > **मुरमुऱ्याइ**– ना० मुरमुरिने भाव, क्रिया वा प्रक्रिया । **मुरमुऱ्याइनु**– अ० क्रि० जङ्गिने पारिनु । **मुरमुऱ्याउनु**– प्रे० क्रि० भित्रभित्रै क्रुद्ध पार्नु; मुरमुर तुल्याउनु । **मुरमुऱ्याहट**– ना० मुरमुरिने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**मुरली**– ना० [सं०] निगालो, बाँस वा काठद्वारा बनेको, लामो-छोटो विभिन्न प्रकारको हुने, औँला चाली विभिन्न स्वरमा फुकेर बजाइने एक बाजा । ~ **निगालो**– ना० औँलाजतिको मात्र डोलाइ र पातलो मोटाइ हुने, मुरली बनाउने काममा प्रयोग गरिने एक

प्रकारको निगालो । ~ **बाँस–** ना० मदेसतिर पाइने, गोलाइ सानो र फेद-टुप्पो पनि झन्डै एकनासको मोटाइ हुने एक किसिमको बाँस । ~ **मकै–** ना० टुप्पामा चुच्चो हुने, भुट्दा खूबै फूल उठ्ने एक प्रकारको मकै ।

**मुरा–** ना० [सं०] एक जातको गन्धयुक्त बुटी; गुदबुटी ।

**मुराद–** ना० [अ०] १. मनमा रहिरहेको अभिलाषा; कामना; मनोरथ; मनसुबा । २. भित्री आशय; अभिप्राय । > **मुरादी–** वि० मुराद राख्ने; अभिलाषी ।

**मुरारि/मुरारी–** ना० [सं० मुरारि] मुर नामको राक्षसलाई मार्ने; कृष्ण ।

**मुरी–** ना० [प्रा० मूड] १. नापतौलको भराइका पद्धतिमा बीस पाथी अन्न आदिको परिमाण । २. धेरै (मुरीमुरी धन्यवाद, मुरीमुरी प्रशंसा इ०) । ३. एक रोपनीको चारौं भाग; जवा । ~ **पाथी–** ना० अन्न सापटी लिँदा एक मुरी अनाजको पाथीका दरले लाग्ने ब्याज । ~ **बाली–** ना० नयाँ बाली भित्र्याउँदा वर्षभरि फाली पिटेको र अरू हातहतियार बनाए वा मर्मत गरेको बापतमा कामीले प्रतिहल एक मुरीका दरले पाउने बाली । ~ **भाउ–** वि० साह्रै सस्तो । ~ **भुस–** ना० उमेर पुगेर पनि बुद्धि नपसेको मानिस । ~ **माना–** एक माना बीउ लाग्ने जग्गामा एक मुरीका हिसाबले फल्ने बाली ।

**मुरुकमुरुक–** क्रि० वि० [अ० मू० मुरुक्+अ (द्वि०)] १. खरो खालको खानेकुरो (मकै, चिउरा आदि) चपाउँदा आवाज आउने गरी । २. सुकेका वस्तु बराबर कुल्चिँदा वा भाँचिदा आवाज निस्केर ।

**मुरुक्क–** क्रि० वि० [अ० मू० मुरुक्+क] १. खरो खालको वस्तु चपाउँदा वा कुल्चँदा शब्द आउने किसिमले । २. सुकेको ससानो वस्तु भाँच्दा वा भाँचिँदाको झैं आवाज निस्केर ।

**मुरुङ–** ना० [अ० मू० मुरुङ्+अ] मसिनो साह्रो खानेकुरो (मकै, खट्टे आदि) मुख नउघारीकनै चपाउने किसिम । – **मुरुङ–** क्रि० वि० त्यसरी लगातार चपाउने गरी । > **मुरुङ्ङ–** क्रि० वि० मुरुङका चालले एकै खेपमा चपाएर ।

**मुरुमा–** ना० काण्ड नहुने, चौडा ठूला बटारिएका पात हुने, ठूलठूला हरिया, सेता फूल फुल्ने, ठूला फल फल्ने (हिमोडोर्‍यासी समूहको) एक वनस्पति ।

**मुर्कट्टा–** वि० [मुड+कट्टा] १. टाउको काटिएको; मुडकटा । ना० २. टाउको नभएको एक थरी प्रेत वा पिशाच ।

**मुर्कुचा–** ना० जुत्तामा काँटी ठोक्ने र छाला तह लाउने काममा प्रयोग गरिने फलामे हतियार ।

**मुर्ख्याइँ–** ना० [मूर्ख+याइँ] मूर्ख हुनाको भाव वा अवस्था; मूर्खता; मूर्खपना ।

**मुर्चल–** ना० सिमानामा गाडिने किल्ला वा लट्ठा; लौंकिल ।

**मुर्चुङ्गा–** ना० [सं० मृदङ्ग] मुखमा राखी दाँतले च्यापेर चोर औंलाले बीचको जिब्री चलाएर बजाइने फलामको एक प्रसिद्ध बाजा ।

**मुर्छा–** ना० [सं० मूर्च्छा] १. शोक, भय, रोग आदिका कारण हुने बेहोसी अवस्था; अचेतनता । २. बेहोसी हुने रोग; छारे रोग ।

**मुर्दा–** ना० [फा० मुर्द] १. प्राण नभएको शरीर; लास; मृतक; शव । वि० २. मरेको; मृत; चेतनाहीन । ३. केही शक्ति नभएको । – **वाद–** ना० शासन आदिको अव्यवस्था वा अन्य कुनै जनहितविपक्षी कार्यप्रति असन्तुष्टि वा विरोध जनाउन नाराबाजी गर्दा 'नाश होस्' भन्ने अभिप्रायले प्रयोग गरिने सामूहिक स्वर वा नारा; जिन्दावादको विपरीतार्थक शब्द ।

**मुर्दार–** वि० [फा० मुरदार] १. स्वाभाविक रूपले मरेको । २. अपवित्र । ३. मरन्च्याँसे ।

**मुर्दासङ्ख–** ना० [फा० मुरदा+सङ्ख] बेदार भन्ने पर्वतशृङ्गमा पाइने, टल्कने पहेँलो रङको, घाउखटिरामा लगाइने एक औषधी ।

**मुर्मी–** ना० तराईमा बस्ने एक जाति ।

**मुर्रा–** ना० [सं० मुरज] १. औंलाले च्यापिने खराउको गट्टी । ३. झ्याल, ढोकाहरूमा जडिने गट्टाका आकारको हत्था । ३. ढचाङ्ग्रोको बिँड; मुर्रो । ४. वीणा, सितार, सारङ्गी आदिमा तार कस्नका लागि ठाउँठाउँमा जडिने गट्टा । ५. दुधालु भैंसीको एक जात ।

**मुर्रि–नु–** अ० क्रि० [मुर्र+इ+नु] मुकुरिनु; खाँदिनु; रिसाउनु ।

**मुर्रो–** ना० १. ढचाङ्ग्रो; बिँड; हातो; मुर्रा । २. मास, गहत आदिका झ्याङ उखेल्दा फेदफेद गाँसी बटारेर बनाइएको पाँजो ।

**मुर्‍याइ–** ना० [√ **मुर्रि** (+याइ)] १. मुर्रिने भाव, क्रिया वा प्रक्रिया । [मुर्‍याउ+आइ] २. मुर्‍याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मुर्‍याइनु–** क० क्रि० मुर्रिने पारिनु । **मुर्‍याउनु–** स० क्रि० १. मुकुर्‍याउनु; खाँद्नु । २. धेरै खुवाउनु । **मुर्‍याहट–** ना० मुर्रिने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**मुलतबी–** वि० [फा० मुल्तबी] सम्बन्धित अर्को कारबाहीको टुङ्गो लागेपछि किनारा लगाउने गरी स्थगित गरिएको (मुद्दामामिला आदि); मुल्तबी ।

**मुलन्धरे–** ना० [√ मुलाङ्खरे] गाली गर्दा प्रयोग गरिने शब्द; मुलाङ्खरे; मूला ।

**मुलम्मा–** ना० [अ० मुलम्म] रासायनिक प्रक्रियाद्वारा कुनै धातुमा चढाइने, सुन-चाँदी आदिको जलप; मुलम्बा; मोलम्बा ।

**मुला–** ना० [सं० मूलक] १. साग र कन्द दुवै पकाएर वा काँचै खाइने शाकजातीय एक उद्‌भिद् वनस्पति । २. बेकम्मा वा रद्दी मान्छे (लाक्षणिक अर्थमा) ।

**मुलाइजा–** ना०हे० मुलाहिजा ।

**मुलाका–** ना० दाँती नपरेका पात हुने, सेता वा पहेँला फूल फुल्ने, जराका रूपमा मोटो कन्द हुने (क्रुसिफेरी समूहको) मूला ।

**मुलाकात–** ना० [अ०] भेट; मिलन; संयोग; समागम; भेटघाट ।

**मुलाङ्खरे–** ना० [प्रा० मुलनखन्न+ए] मुलन्धरे; मुल्याहा ।

**मुलायम–** वि० [अ०] कमलो; नरम; कोमल ।

**मुलाहिजा–** ना० [अ० मुलाहज] न्याय वा नियम छाडी कसैको ओड लिने काम; मोलाहिजा; पक्षपात; पनपक्ष; पनपच्छे; मुलाइजा ।

**मुली**– वि० [मूल+ई] १. मुख्य; प्रधान; प्रमुख । ना० २. घरको मुख्य मानिस; माउ । ३. थकाली ।

**मुलुक**– ना० [अ० मुल्क] १. देश; राज्य; राष्ट्र । २. प्रदेश; प्रान्त । ३. संसार; लोक । – **मारा**– वि० मुलुकलाई मार्ने; सबैलाई सोस्ने; लुटाहा । ~ **हनाइ**– ना० अर्काको देशमा गरिने चढाइ वा आक्रमण ।

**मुलुकी**– वि० [अ० मुल्की] मुलुकसम्बन्धी; मुलुकको । ~ **अड्डा**– ना० राणाकालमा गृह तथा साधारण प्रशासनसम्बन्धी कार्य गर्ने वा तत्सम्बन्धी बन्दोबस्त मिलाउने अड्डा । ~ **ऐन**– ना० लोकव्यवस्थाका निमित्त बनेको र मुलुकभरि लागू हुने देशको कानुन । ~ **खाना**– ना० राणाकालमा देशभरको आय जम्मा हुने अड्डा वा ढुकुटी ।

**मुलुक्क**– क्रि० वि० [अ० मू० मुलुक्+क] एकै छिनका निम्ति मात्र देखा पर्ने गरी; मिलिक्क; झुलुक्क ।

**मुलेठी**– ना० [सं० मूलयष्टि] जेठीमधु; हे० मरहट्टी ।

**मुल्कि-नु**– अ० क्रि० [मुलुक्क+इ+नु] मुलुक्क देखा पर्नु; झट्ट देखिनु; झुल्किनु ।

**मुल्को**– ना० [सं० मूलक] पानी, धूवाँ आदिको पहिलो भुल्को ।

**मुल्क्याइ**– ना० [√ **मुल्कि** (+याइ)] १. मुल्किने भाव, क्रिया वा प्रक्रिया । [मुल्क्याउ+आइ] २. मुल्क्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मुल्क्याइनु**– क० क्रि० मुलुक्क देखाइनु । **मुक्ल्याउनु**– अ० क्रि० १. मुलुक्क देखा पर्नु; मुल्किनु । स० क्रि० ⁄ प्रे० क्रि० २. मुलुक्क हेर्नु वा देखाउनु; झुल्क्याउनु । **मुल्क्यान**– ना० क्षणभर मात्र देखा पर्ने काम; मुलुक्क देखापराइ । **मुल्क्याहट**– ना० मुल्किने भाव, स्थिति, क्रिया वा प्रक्रिया । **मुल्क्याहा**– वि० मुल्किने स्वभावको ।

**मुल्तबी**– ना० [फा०] हे० मुलतबी ।

**मुल्याहा**– वि० [सं० मूल+याहा] १. मूल नक्षत्रमा जन्मेको । २. अरूलाई पीडा दिने वा पिर्ने; पिराहा । ३. मुलन्धरे ।

**मुल्ला**– ना० [अ०] १. अरबी-फारसी भाषाका ठूला ज्ञाता । २. बालबालिकालाई पढाउने मुसलमान शिक्षक ।

**मुशली**– ना० [सं०] १. हलेदोको जस्तो जरा हुने एक बुटी; मुसली । २. शिवजी । ३. बलराम । – **कन्द**– ना० लामालामा पात हुने र सेता फूल हुने एक बुटी वा त्यसको कन्द ।

**मुष्टि**– ना० [सं०] मुठी । ~ **दान** ⁄ **भिक्षा**– ना० भिक्षार्थीलाई दिइने मुठीभर अन्न ।

**मुसमुन्द्रे**– वि० [मुसमुन्द्रो+ए] १. कपटी चालले र थाहा नपाउने गरी भित्रभित्रै अरूको बिगार गर्ने । २. बुझ पचाउने खालको; पेटाहा ।

**मुसमुन्द्रो**– वि० मुसमुन्द्रे । स्त्री० मुसमुन्द्री ।

**मुसमुस**– क्रि० वि० [सं० मुष् (द्वि०)] १. मन्द गतिमा मीठो बास्ना आउने गरी; सुगन्ध फैलिने किसिमले; मगमग । ना० २. मानिसका शरीरको गन्ध । > **मुसमुसाइ**– ना० मुसमुसाउने भाव, क्रिया वा प्रक्रिया । **मुसमुसाइनु**– क० क्रि० मुसमुस बास्ना आउने होइनु । **मुसमुसाउनु**– अ० क्रि० मुसमुस बास्ना आउनु । **मुसमुसे**– वि० १. मुसमुस बास्ना आउने; हल्का र मधुर गन्ध फैलिएको । ना० २. टाढैबाट थाहा पाइने मानिसको शरीरको जस्तो मीठो गन्ध (दन्त्यकथाका राक्षसको भनाइमा प्रचलित) ।

**मुसल**– ना० [सं०] १. प्राचीन समयको एक शस्त्र; गदा । २. चिउरा आदि कुट्ने काठको साधन; लुसी । – **धार** ⁄ **धारा**– ना० मुसलजत्रै ठूलठूला पानीका धारा । – **धारे**– वि० मुसलजत्रै धारा भएर झर्ने वा दर्कने (पानी) ।

**मुसलमान**– ना० [अ०] मुहम्मद साहबले चलाएका धर्म वा सम्प्रदायको अनुयायी वर्ग; मुहम्मदी; इस्लामी; मुस्लिम । > **मुसलमानी**– वि० मुसलमानसम्बन्धी; मुसलमानको । ~ **जुत्ता**– ना० चुच्चो एकदम तीखो र लामो भएको एक किसिमको जुत्ता ।

**मुसलिन्डी**– ना० हे० मुशलीकन्द ।

**मुसली**– ना० हे० मुशली । – **कन्द**– ना० हे० मुशलीकन्द ।

**मुसाउरो**– ना० [मुसो+आउरो] मुसो पार्ने खोर; मुसो समात्ने वा अल्झाउने खोर ।

**मुसा कानी** ⁄ **मुसा काने**– ना० [मुसा+कान+ई ⁄ ए] १. साना पात हुने एक प्रकारको उद्‌भिद् । वि० २. मुसाका जस्ता साना कान हुने ।

**मुसाफिर**– ना० [अ०] भ्रमण गर्ने मानिस; यात्री; पर्यटक; परदेशी; बटुवा । – **खाना**– ना० १. मुसाफिरका निम्ति बनाइएको घर; धर्मशाला । २. नश्वर संसार ।

**मुसाबर**– ना० [अ० मुसब्बर] घिउकुमारीको रस सुकाएर विशेष विधिद्वारा तयार पारिएको एक औषधी ।

**मुसार्-नु**– स० क्रि० [सं० मसृण+नु] १. जुँगा, दाह्री आदि सम्म्याउनु; तह लगाउनु । २. सुमसुम्याउनु; तह लगाउनु । > **मुसाराइ**– ना० मुसार्ने क्रिया वा प्रक्रिया । **मुसारिनु**– क० क्रि० जुँगा, दाह्री आदि तह लाइनु वा सम्याइनु; सुमसुम्याइनु ।

**मुसी**– ना० [नेवा०] घरको छानो अडचाउने मोटो लामो दलिन ।

**मुसुक्क**– क्रि० वि० [अ० मू० मुस् > मुसुक्+क] आवाज ननिकाली ओठ मात्र चलाएर हाँस्ने किसिमले; मीठो गरी मुस्कुराएर ।

**मुसुमुसाइ**– ना० [मुसमुसाउ+आइ] मुसमुसाउने भाव, क्रिया वा प्रक्रिया । > **मुसुमुसाइनु**– क० क्रि० मुसुमुसु हाँसिनु ।

**मुसुमुसाउ-नु**– अ० क्रि० [मुसुमुसु+आउ+नु] मुसमुस हाँस्नु; मुस्कुराउनु ।

**मुसुमुसु**– क्रि० वि० [अ० मू० मुस्+उ (द्वि०)] आवाज ननिकाली हाँस्ने गरी; मुसुमुसाउने चालले ।

**मुसुरी**१– ना० झूल; मच्छरदानी (बङ्गाल र आसामका नेपालीमा प्रचलित) ।

**मुसुरी**२– ना० [मुसुरो+ई] मुसुरो (दालविशेष) ।

**मुसुरी**३– ना० १. गोडामा लगाउने एक प्रकारको पुरानो ढाँचाको गहना; पाउजेब । २. मुसो (बालबोलीमा, जस्तै– यति नाना फाटचो मुसुरीले काटचो) । ~ **कटुस**– ना० एक जातको सानो

कटुस; मुसुरे कटुस ।

**मुसुरे**– वि० [मुसुरो (सं०) मसूर+ए] कलिला पात भएको; मसिना-मसिना पात हुने । ~**अर्चले**– ना० सानो पोथ्रो तथा मसिना पात हुने र काला दाना फल्ने, अचार खाइने एक जातको अर्चले; मुसेअर्चले । ~**कटुस**– ना० मुसुरी कटुस । ~**च्याउ**– ना० खान हुने एक प्रकारको च्याउ ।

**मुसुरो१**– ना० [सं० मसूर] मासका छाँटको तर रातो दाना खैरो बोक्रो हुने दालविशेष; मुसुरी; मुसुरो ।

**मुसुरो२**– ना० [मुजुरो < सं० मञ्जरी] १. कलिलो पात; मसिनो पात; मुजुरो । २. पशुजातमा खास गरी घोडाको पहिले आउने दाँतको कोथो ।

**मुसुली**– ना० मसिना र लाम्चा गेडा हुने एक प्रकारको धान वा चामल ।

**मुसे**– वि० [मुसो+ए] १. मुसो भएको या मुसो आएको । २. मुसोजस्तो । ३. साना गाँठीको । स्त्री० मुसी । ~ **अर्चले**– ना० हे० मुसुरे अर्चले । ~ **खरी**– ना० दूबोका जस्ता पात हुने र खैरो बाला हुने तथा घाँस र सोतर बनाइने एक जातको खरविशेष । ~ **खरुकी**– ना० डाँख्ला रातो हुने र बस्तुभाउले त्यति मन नपराउने एक थरी घाँस; सानो खालको खरुकी । ~ **घाँटी**– ना० ज्यादै सानो घाँटी; झीनो घाँटी । ~ **थापा**– ना० गेहेन्द्रशमशेरका सहयोगी वैज्ञानिक । ~ **दाँत**– ना० बुढेसकालमा पहिलेका दाँत फुक्लेर फेरि आएका दाँत । ~ **पाली**– ना० सानो पछि गाँसिएको अर्को पाली ।

**मुसो**– ना० [सं० मूषक] १. दुलोभित्र बस्ने, लुगाफाटो, कागजपत्र आदि काट्ने, अन्न आदि र मासु पनि खाने, ज्यादै चनाखो चारखुट्टे जन्तु; धानचरी; मूषक; मूसो । २. मानिसका हातखुट्टातिर निस्कने मासुको सानो र साह्रो डल्लो वा फोको ।

**मुस्काउनु**– अ० क्रि० प्रायः दाँत नदेखिने गरी मुसुक्क हाँस्नु ।

**मुस्कान**– ना० [मुस्काउ+आन] मन्द हँसाइ; मुस्कुराउने काम; मुस्कुराहट; मुस्क्यान ।

**मुस्किल**– वि० [अ०] कठिन; दुःसाध्य; दुष्कर; दुर्बोध; अप्ठ्यारो; साह्रो; गाह्रो ।

**मुस्कुराइ**– ना० [√ **मुस्कुराउ** (+आइ)] मुस्कुराउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मुस्कुराइनु**– अ० क्रि० मुसुक्क हाँसिनु ।

**मुस्कुराउ-नु**– अ० क्रि० [सं० स्मितकृ+आउ+नु] मुसुक्क हाँस्नु; मुस्कान छाड्नु । > **मुस्कुराहट**– ना० मुस्कुराउने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**मुस्क्यान**– ना० हे० मुस्कान ।

**मुस्ताङ**– ना० नेपाल अधिराज्यको धवलागिरि अञ्चलअन्तर्गत उत्तरी भेगमा रहेको एक जिल्ला । ~ **हिमाल**– ना० मुस्ताङ जिल्लामा पर्ने २१,२४५ फिट अग्लो एक हिमाल ।

**मुस्तेर**– ना० [फ्रा०] एक स्थान । ~ **मानव**– ना० नृतत्त्वशास्त्रअनुसार फ्रान्सको मुस्तेर भन्ने ठाउँमा पाइएको मानव; नियण्डस्थल मानव । ~ **शैली**– ना० प्रागैतिहासिक पुरातत्त्वअनुसार मुस्तेरमानवले प्रयोग गर्ने गरेको पाषाण उपकरणको प्रकार ।

**मुस्तैद**– वि० [अ० मुस्तअर] १. तयार; तत्पर; कटिबद्ध; तम्तयार । २. तन्दुरुस्त; सद्दे; कसिकसाउ; ठीकठाक; मुस्तेज । > **मुस्तैदी**– ना० तयारी; तत्परता; तन्दुरुस्ती ।

**मुस्लि-नु**– अ० क्रि० [मुस्लो+इ+नु] १. मुस्लोजस्तो हुनु । २. धूवाँको मुस्लो निस्कनु ।

**मुस्लिम**– ना० [अ०] १. मुसलमान । वि० २. मुसलमानसम्बन्धी; मुसलमानको ।

**मुस्ली**– ना० [मुसल+ई] मुसलले जस्तै ओखलमा कुट्ने हतियार ।

**मुस्लो**– ना० [सं० मुसल] १. आगाको बाक्लो ज्वाला; राँको; लप्को; लपट । २. बादल, कुहिरो, धूवाँ आदिको लहर । ३. दर्केका पानीको ठूलो धारो । ४. मूला, डुकु आदि काँचै खाँदा नाकबाट निस्कने राग । ५. सुन्निएर वा अन्य कुनै प्रकारले शरीरका कुनै भागमा उठेको मासुको पिण्ड वा लोला । ६. एकोहोरिँदै आएको बतासको मोहरी । ७. क्रोध वा रिसको वेग ।

**मुहम्मद** ना० [अ०] इस्लाम धर्मका एक प्रसिद्ध महापुरुष; हजरत मुहम्मद (वि० सं० ६२७-६७९) ।

**मुहान**– ना० [सं० मुखस्थान] १. नदीनाला, खोलो, धारो आदिको पानी उम्रने वा निस्कने ठाउँ; मूल । २. खोलाको पानी कुलोतिर जाने ठाउँ; निकास; मोहडा । ३. आम्दानीको स्रोत । ४. मुख्य ठाउँ; उद्गमस्थल ।

**मुहार**– ना० [सं० मुखाकार] १. मुखको पूर्ण आकृति; अनुहार; मुख । २. विशिष्ट वा मान्यजनको मोहडा ।

**मुहाली**– ना० [प्रा० मुह+आली] सनहीजस्तो मुखले फुकेर बजाइने एक प्रकारको बाजा ।

**मुहावरा**– ना० [अ०] घुमाउरो पाराले अर्थ बुझिने वाक्पद्धति; लक्षणा वा व्यञ्जनाद्वारा अर्थ बुझिने वाक्यांश; हे० वाग्धारा; टुक्का ।

**मुहुटी**– ना० [√ मुहुडा] १. मुहुडा; मोहडा । २. अघिल्लो पङ्क्ति; अगाडिको ताँती (सेनाको मुहुटी, यात्रीको मुहुटी आदि) । ३. आयस्रोत ।

**मुहुडा**– ना० [प्रा० मुह+डा] १. अनुहार; मोहडा; चेहरा । २. कुनै वस्तुको अघिल्लो भाग; सामुन्नेको रूप । ३. घोडाका टाउकामा कसिने छालाको साज; शिरद्वार ।

**मुहुनी**– ना० [√ मोहनी] १. वशीकरण गर्ने मन्त्र; मोहनी । २. झुकाउ; आसक्ति ।

**मुहूर्त**– ना० [सं०]१. अठचालीस मिनेट वा दुई घडीको समय । ३. ज्योतिषशास्त्रका अनुसार यात्रा, विवाह, व्रतबन्ध आदि कार्यका निम्ति तोकिएको शुभ वा अशुभ काल; साइत; लगन । ३. नियत समय ।

**मूक**– वि० [सं०]१. उमेर पुगेपछि पनि बोली नफुटेको; लाटो; ग्वाँगे; ग्वाँजे; लठेप्रो । २. मौकामा बोल्न नसक्ने; निमुखा । – **दर्शक**– वि० हेरी मात्र रहने; केही नबोल्ने; रमिते ।

**मूगा**– ना०हे० मुगा ।

**मूठी**– ना०हे० मुठी ।

**मूढ**– वि० [सं०] १. मूर्ख; मन्दबुद्धि; जड । २. मोहित; मुग्ध । ३. भ्रमपूर्ण; भ्रान्त । ~ **गर्भ**– ना० मरेको वा बिग्रेको गर्भ । ~ **बुद्धि ⁄ मति**– वि० मूर्ख बुद्धि भएको; नासमझ; जड । > **मूढाग्रह**– ना० नचाहिँदो आग्रह; जिद्दी; ढिपी । **मूढात्मा**– वि० मूढ; मूर्ख ।

**मूढे**– वि० [मूढ+ए] हे० मुढे । ~ **बल**– ना० हे० मुढे बल ।

**मूत्र**– ना० [सं०] पिसाब; मूत । – **कृच्छ्र**– ना० रोकिईरोकिई थोरथोरै पिसाब हुने र पिसाब गर्दा ज्यादै दुख्ने एक रोग; मूत्रक्षरण । – **ज**– ना० युरिया; नाइट्रोजन मल । ~ **नली**– ना० मिर्गौलाबाट मूत्राशयसम्म जाने एक नली; मूत्रवाही । ~ **परीक्षण**– ना० रोगविज्ञानका अनुसार प्रयोगशालामा पिसाब जाँच्ने काम । – **वाही**– ना० मूत्रनली । – **स्राव**– ना० पिसाबफेराइ; मुत्ने काम । – **स्रावी**– ना० पिसाबको थैलीबाट पिसाब बाहिर फ्याँक्ने नली । > **मूत्राशय**– ना० पिसाबको थैली । **मूत्रेन्द्रिय**– ना० प्राणीको पिसाब फेर्ने अङ्ग (लिङ्ग वा योनि) ।

**मूर्ख**– ना० [सं०] १. साह्रै कम बुद्धि भएको वा बुद्धि नै नभएको; निर्बुद्धि; नासमझ; बेबकुफ; मूढ । २. लेखपढ गर्न नजान्ने; अशिक्षित; अपढ । – **ता ⁄ त्व**– ना० मूर्ख हुनाको भाव वा अवस्था; मुर्ख्याइँ । ~ **मण्डल ⁄ मन्डली**– ना० मूर्खहरूको जमात । ~ **अधिराज** (**मूर्खाधिराज**)– ना० एक नम्बरको मूर्ख; सिल्पट ।

**मूर्च्छना**– ना० [सं०] १. सङ्गीतका सातै स्वरको आरोह र अवरोह हुने क्रम; कुनै स्वरबाट उठान गरी क्रमशः स्वरहरूको उतार वा चढाव गर्ने प्रक्रिया । २. मूर्च्छा ।

**मूर्च्छा**– ना० [सं०] १. शोक, भय, रोग आदिबाट प्राणीमा हुने निश्चेष्ट अवस्था; बेहोसी; अचेतनता । २. बेहोसी हुने रोग; छारेरोग । ~ **रोग**– ना० मूर्च्छा हुने रोग; छारेरोग । > **मूर्च्छित**– वि० मूर्च्छा परेको; बेहोस भएको; अचेत ।

**मूर्त**– वि० [सं०] १. भौतिक; पार्थिव । २. रूप धारण गरेको; शरीरधारी; साकार; मूर्तिमान् । ३. कडा; ठोस । ४. संज्ञाहीन; मुर्दा । – **ता**– ना० मूर्त हुनाको भाव, स्थिति वा अवस्था । ~ **रूप**– ना० साकार वा प्रत्यक्ष रूप ।

**मूर्ति**– ना० [सं०] १. प्राणीको शरीर; जीउ । २. कल्पित वा परम्परामान्य आकारका अनुरूप स्थापना गरिएका देवदेवीका आकृति; प्रतिमा; प्रतिमूर्ति । ३. पुतला । ४. तस्बिर; चित्र; छाया । ५. अनुहार; चेहरा । ६. साधुसन्न्यासीको गन्ती गर्दा प्रयोग हुने आदरवाची शब्द । ७. वास्तुकला वा मूर्तिकलामा अङ्गुल वा मात्राको आठ गुनाबराबरको नाप; तूणी, वसु वा लोकबराबरको नापो । ~ **कुण्ड**– ना० काठमाडौँ उपत्यकाको उत्तर दिशामा रहेको शेषशायी नारायण (बूढानीलकण्ठ) सुतेको पोखरी । ~ **पूजक**– वि० मूर्ति वा प्रतिमाको पूजाआराधना गर्ने; हिन्दू धर्मको अनुयायी । ~ **पूजा**– ना० मूर्ति वा प्रतिमामा देव-देवीको भावना राखेर पूजाआराधना गर्ने काम; प्रतिमाको पूजा । ~ **भञ्जक**– वि० मूर्तिहरू तोडफोड गर्ने वा भाँच्ने-बिगार्ने; प्रतिमा टुटाउने-फुटाउने । – **मान्**– वि० १. शरीरधारी; मूर्ति वा रूप लिएर देखा परेको । २. साक्षात्; प्रत्यक्ष । ३. मूर्त ।

**मूर्द्धन्य**– वि०हे० मूर्धन्य ।

**मूर्द्धा**– ना० [सं०] हे० मूर्धा ।

**मूर्धन्य**– वि० [सं०] १. मूर्धास्थानबाट उच्चरित हुने; मूर्धस्थानी (देवनागरी वर्णमालाका ऋ, र, ष तथा टवर्गका वर्ण) । २. मूर्धासँग सम्बन्धित; मूर्धासम्बन्धी । ३. अतिश्रेष्ठ; सर्वोत्तम; प्रमुख; मूर्द्धन्य । ~ **वर्ण**– ना० मूर्धास्थानबाट उच्चरित हुने अक्षर (ऋ, र ष तथा टवर्ग) । > **मूर्धन्यीभवन**– ना० छिमेकी मूर्धन्य ध्वनिको प्रभाव वा अन्य मूर्धन्यस्थानमा परिवर्तन हुने प्रक्रिया (जस्तो– दाहा > डाहा, पत्तन > पट्टन > पाटन आदि) ।

**मूर्धस्थानी**– वि० [सं०] हे० मूर्धन्य ।

**मूर्धा**– ना० [सं०] १. शिर; टाउको; मस्तक । २. मुखभित्रको कठोर तालु र कोमल तालुबीचको भाग । ३. चुचुरो; शिखर । ४. शिखा । ५. नेता । > **मूर्धाभिषिक्त**– वि० १. वैदिक मन्त्रको उच्चारणका साथ अभिषेक गरिएको; शिरमा अभिषिक्त । ना० २. राजा । ३. क्षत्रिय । **मूर्धाभिषेक**– ना० राज्यारोहण गर्दाको समयमा राजामहाराजाहरूलाई मन्त्रोच्चारणका साथ गरिने अभिषेक ।

**मूल**– ना० [सं०] १. रूखपात, लहरो, बोटबिरुवा आदिको जमिनमुनि रहने खण्ड वा भाग; जरो; जड । २. तरुल, भ्याकुर, पिँडालु, मूला आदिको जमिनमुनि फल्ने वस्तु वा कन्द । ३. पैदा भएको ठाउँ; आरम्भ हुने ठाउँ; मुहान । ४. बोटबिरुवाको ठीक जमिनमाथि रहेको भाग; फेद । ५. सत्ताइस नक्षत्रमध्ये एक नक्षत्र । वि० ६. सर्वोत्तम; सर्वश्रेष्ठ । ७. प्रधान; प्रमुख; मुख्य (मूल कार्य, मूल कर्तव्य इ०) । ~ **ओछ्यान**– ना० अगेनानेरको ओछ्यान; मुख्य ओछ्यान । > **मूलक**– वि० १. कुनै नामवाचक शब्दका पछिल्तिर जोडिई उत्पत्तिको कारण जनाउने वा त्यसबाट उत्पन्न भएको भन्ने अर्थ दिने विशेषणबोधक शब्द (विज्ञानमूलक, जीवनमूलक इ०) । २. मूला । ३. तरुल, भ्याकुर आदि खान हुने कन्द । ~ **काजी**– ना० चार काजीमध्ये मुख्य काजी । – **कार**– ना० मूलग्रन्थका रचयिता वा लेखक; मूल पाठका निर्माता । – **कारिका**– ना० सूत्रात्मक ग्रन्थको क्रमबद्ध विवृत्ति । – **खर्के**– ना० वर्षायाममा उम्रने एक झार; चिल्लाडे; खुर्साने । ~ **ग्रन्थ**– ना० ग्रन्थकार स्वयंद्वारा रचित मूल कृति वा रचना; मूल पाठ; सूत्रग्रन्थ । ~ **घर**– ना० कुलको बूढोपुरानो घर; वंशको जेठो मानिस बसेको घर । ~ **चट्टान**– ना० जमिनको सतहमनिको सबभन्दा तल्लो भागमा सुरक्षित रहेको कडा चट्टान; प्रारम्भिक चट्टान । ~ **चोक**– ना० १. मुख्य चोक । २. भक्तपुर दरबारको एक प्रसिद्ध चोक । – **च्छेद ⁄ च्छेदन**– ना० जरैसमेत उखेलेर मास्ने काम; समूल नाश; पूर्णविनाश । ~ **जरो**– ना० बीच वा कलमीबाट आउने रूखको सीधै तल्लोपट्टि जाने, पहिलो र मुख्य जरो । ~ **ढोका**– ना० घरभित्र आवतजावत गर्न राखिएको मुख्य दैलो; मूलद्वार । – **तः**– क्रि० वि० १. मूल रूपमा; खासमा; मुख्यतः । २. प्रथमतः; सुरुमा । ~ **तत्त्व**– ना० १. आधारभूत

मुख्य सिद्धान्त; केन्द्रीय दृष्टिकोण । २. मूल वस्तु; मुख्य पदार्थ । ३. कुनै कुराको निर्माणमा मुख्य रूपले उपयोग हुने तत्त्व वा पदार्थ । ~ **थाम**– ना० घर बनाउँदा सुरुमा राखिएको मझेरीका माझको थाम; मुख्य थाम । ~ **धन**– ना० मुख्य पुँजी; साउँ; सावाँ । – **धनी**– वि० १. मूलधन लगाउने पुँजीपति । ~ **धातु**– ना० व्याकरणअनुसार कृदन्तव्युत्पादित शब्दमा गाँसिएका प्रत्ययलाई अलग्याउँदा बाँकी रहन जाने वा सो व्युत्पादित हुनुभन्दा पूर्वको रूप; प्रारम्भिक धातुरूप (गर्, भन्, पढ्, हु आदि) । ~ **पाठ**– ना० ग्रन्थकार स्वयंद्वारा रचित मूल भाग । – **पानी**– ना० मूलबाट निस्केको पानी; आफैँ उम्रेर बगेको पानी वा त्यस्तो पानी भएको ठाउँ । ~ **पुरुष**– ना० १. कुनै वंश वा कुलको आदिप्रवर्त्तक व्यक्ति; मुख्य पुरुष । २. ईश्वर । ~ **पुरोहित**– ना० पुरोहितहरूमध्येका मुख्य पुरोहित । ~ **प्रकृति**– ना० १. सत्त्वगुण, रजोगुण र तमोगुणको साम्यावस्था; त्रिगुणको निर्विकार स्थिति । २. संसारको आद्यशक्ति वा बीजशक्ति । ~ **बाटो**– ना० १. चौडाइ धेरै भएको ठूलो र फराकिलो बाटो; राजमार्ग; सडक; राजपथ । २. कुनै अनुसरण गर्न योग्य वा अँगाल्नुपर्ने जीवनको निश्चित बाटो वा पद्धति । ३. मुख्य उद्देश्य; मूल लक्ष्य । – **भूत**– वि० प्रमुख आधार वा तत्त्वसँग सम्बन्धित; मूल आधाररूप; आधारभूत; वास्तविक । ~ **मन्त्र**– ना० १. मुख्यचाहिँ मन्त्र; प्रमुख मन्त्र । २. मुख्य रायसल्लाह । ३. मुख्य कुरो । ~ **विषय**– ना० १. शिक्षार्थीहरूका लागि अध्ययनको मुख्य क्षेत्र बनेको, विशिष्टीकरणका लागि पूर्वावश्यक पाठ्यांशहरूका रूपमा पढाइने र ऐच्छिक क्षेत्रभित्र पर्ने रोजेको पाठ्य विषय । २. खास वा प्रमुख विषय । ~ **समिति**– ना० कुनै सङ्घ, संस्था आदिका खास कार्यसम्पादनका निम्ति परिमित सदस्यहरू भएको एक मुख्य समिति; कार्यकारी समिति । ~ **स्थान**– ना० १. मूल थलो; पुर्ख्यौली थलो । २. कुनै चीज सर्वप्रथम प्राप्त भएको ठाउँ ।

**मूला**– ना० हे० मुला ।

**मूलाधार**– ना० [सं०] १. हठयोगका अनुसार षट्चक्रमा पहिलो अर्थात् गुदद्वार र लिङ्गको बीच भागमा कल्पित एक चक्र । २. मूल आधार; मुख्य आधार ।

**मूली**– वि० हे० मुली ।

**मूल्य**– ना० [सं०] १. कुनै मालसामान खरिद गर्दा त्यसको बदलामा दिइने धन वा पैसा; मोल; दाम; किम्मत । २. परल; पर्ता; साउँ । ३. गुण वा व्यक्तिको महिमा । ४. उपयोगिताको मापक तत्त्व; मान । ~ **अभिवृद्धि कर**– ना० उपभोक्ताले तिर्ने अप्रत्यक्ष कर; भ्याट । ~ **तालिका**– ना० सरकारद्वारा नियन्त्रण गरिएको बजारमा प्रत्येक मालसामानको मूल्य अङ्कित गरी झुन्ड्याइने सूची; मूल्यसूची । – **देय**– ना० हुलाक आदि कुनै साधनद्वारा पठाइएको मालसामान पाउनेले पठाउनेलाई लेखिएबमोजिमको मूल्य चुक्ता गरेपछि मात्र पाउन सकिने वस्तु (भी० पी० पार्सल) । ~ **निर्धारण**– ना० कुनै वस्तुको विक्रय मूल्य निर्धारित गर्ने काम; दाम तोक्ने काम; भाउ कायम राख्ने काम । ~ **निर्धारण समिति**– ना० मूल्य तोक्ने आधिकारिक समिति । – **वान्**– वि० धेरै मोल पर्ने; बहुमूल्य; दामी; किम्मती । – **हीन**– वि० कुनै मूल्य नै नभएको; विनामूल्यको; महत्त्वहीन; तुच्छ; निकम्मा । – **ह्रास**– ना० कुनै चीजको दाम घट्ने काम; महत्त्व घट्ने काम ।

**मूल्याङ्कन**– ना० [सं०] १. कुनै रचना, वस्तु वा मालसामानको मोल आँक्ने काम; भाउ राख्ने वा मूल्य तोक्ने काम । २. उपयोगिताका आधारमा गरिने महत्त्व, विशेषता आदिको निर्धारण । ३. परीक्षार्थीहरूको उत्तरपत्र वा प्रयोगात्मक परीक्षाको अङ्कद्वारा स्तर तय गर्ने काम । ४. कर्मचारीहरूका कार्य, योग्यता, विशिष्टता आदिको तौलाइ । ~ **शाखा**– ना० कुनै कार्यालयअन्तर्गत सम्बन्धित विषयको मूल्याङ्कन गर्ने कामका निम्ति खडा गरिएको शाखा ।

**मूल्याङ्कित**– वि० [सं०] मूल्याङ्कन गरिएको ।

**मूल्यानुपाती**– वि० [सं०] १. मालसामानको लागत वा परल । २. कुनै मालको मोलअनुसार भन्सार निर्धारित गरिने (कर वा शुल्क) ।

**मूषक**– ना० [सं०] १. मुसो । २. चोर (लाक्षणिक अर्थमा) । वि० ३. छुल्याहा; ठग । – **कर्णी**– ना० मुसाकाने (लता) ।

**मूषिक**– ना० [सं०] मुसो । > **मूषिका**– ना० १. सानो मुसो; मुसो । ना० २. मुसाकाने ।

**मूसो**– ना०हे० मुसो ।

**मृग**– ना० [सं०] १. एक प्रसिद्ध चौपाया वन्य जन्तु; मिर्ग; हरिण । २. मृगशिरा नक्षत्र । ३. मकरराशि । ४. एक जातको हात्ती । ५. कामशास्त्रअनुसार चार प्रकारका पुरुषमध्ये चित्रिणी स्त्रीका निम्ति उपयुक्त मानिने दोस्रो पुरुष । ६. चन्द्रमाको दाग । – **चर्म**– ना० आसनी हुने मिर्गको छाला । – **तृष्णा**– ना० गर्मीयाममा कडा घाम लाग्दा मरुभूमि वा बलौटे जमिनमा टाढा कतै देखिने पानीको मिथ्या प्रतीति; मृगमरीचिका; जलभ्रम । – **नयना**/**नयनी**– वि० मृगका जस्ता लाम्चा र बान्की परेका चुलबुले आँखा भएकी (स्त्री) । – **नाभि**– ना० मृगको नाइटो; कस्तूरी; बिना; मृगमद । – **मद**– ना० कस्तूरी; मृगनाभि । – **मरीचिका**– ना० मृगतृष्णा; भ्रान्ति । – **मातृका**– ना० १. भद्दा पेट हुने र सिङ नहुने एक जातको मृगको पोथी । २. कस्तूरी मृगको पोथी ।

**मृगया**– ना० [सं०] वन्यजन्तुलाई पछ्याउँदै मार्ने काम; सिकार; आखेट ।

**मृगराज**– ना० [सं०] १. सिंह । २. बाघ ।

**मृग लाञ्छन**– ना० [सं०] चन्द्रमा ।

**मृगलोचना**/**मृगलोचनी**– वि० [सं०] मृगका समान सुन्दर आँखा भएकी; मृगनयनी ।

**मृगशिरा**– ना० [सं०] तीन ताराको पुञ्ज भएको सत्ताइस नक्षत्रमध्ये पाँचौँचाहिँ नक्षत्र; मृगशीर्ष ।

**मृगशीर्ष**– ना० [सं०] १. मृगशिरा नक्षत्र । २. मार्गशीर्ष मास ।

**मृगाक्षी**– वि० [सं०] मृगनयनी; मृगलोचनी ।

**मृगाङ्क**– ना० [सं०] १. चन्द्रमा । २. कपूर । ३. हावा ।

**मृगासन–** ना० [सं०] मृगचर्मको आसनी; पूजाआजा गर्दा बस्नका लागि प्रयोग हुने मृगको छाला ।

**मृगासिङ्गा–** ना० लाम्चालाम्चा साना डाँठ भएको पात हुने एक वनस्पति ।

**मृगी–** ना० [सं०] १. पोथी मृग; हरिणी । २. मूर्च्छा पर्ने रोग; छारेरोग; अपस्मार ।

**मृगेन्द्र–** ना० [सं०] १. मृगराज; सिंह । २. बाघ । ३. सिंहराशि ।

**मृडा–** ना० [सं०] पार्वती; गौरी । > **मृडानी–** ना० पार्वती; मृडा ।

**मृणाल–** ना० [सं०] कमल फूलका बोटको डाँठ; कमलनील; कमलतन्तु; मृणालिका । > **मृणालिका–** ना० मृणाल । **मृणालिनी–** ना० १. कमलको बोट । २. कमलको समूह । ३. कमल धेरै पाइने ठाउँ । **मृणाली–** ना० कमलको डाँठ; कमलनाल ।

**मृण्मय–** वि० [सं०] माटैमाटोले बनेको; माटाको । ~ **कला–** ना० मृत्तिकाकला (सेरामिक्स) ।

**मृण्मूर्ति–** ना० [सं०] माटाले बनाइएको मूर्ति ।

**मृत–** वि० [सं०] १. सास गएको; मृत्यु भएको; प्राणहीन । २. मारण वा भस्म गरिदिएको (धातु) । ३. गतिशीलता, उपयोगिता, जीवनशक्ति आदि केही नभएको । ~ **ऋण–** ना० ऋण असुल गर्ने कानुनी म्याद नहुनाले असुल गर्न नसकिने ऋण । – **क–** ना० १. मुर्दा; लास । वि० २. मरेको; मृत । ~ **कर्म–** ना० मृतक व्यक्तिको सद्गतिका निम्ति गरिने पारलौकिक कार्य; अन्त्येष्टि । – **प्रायः–** वि० सास मात्र झुन्डिएको; मरेजस्तो; मृततुल्य । – **भर्तृका–** वि० १. लोग्ने मरेकी; विधवा; राँडी । ना० २. विधवा स्त्री । ~ **भाषा–** ना० कुनै समयमा बोलिने भए तापनि वर्तमान समयमा नबोलिने र प्रायः लुप्त भइसकेको भाषा । ~ **मातृक–** वि० टुहुरो; मातृहीन । ~ **रेखा–** ना० त्यसभन्दा पछिको कार्यसम्पादन गर्न नसकिने वा नमिल्ने आवधिक सीमान्त विन्दु (डेडलाइन) । ~ **वत्सा–** वि० १. बालबच्चा मरेर निःसन्तान भएकी (स्त्री०) । २. जन्मेका बाच्छाबाच्छी नबाँच्ने (गाई) ।

**मृत सञ्जीवनी–** वि० [सं०] १. मरेकालाई वा मर्न लागेकालाई बचाउने (मन्त्र वा औषधी) । ना० २. मुर्दालाई पनि बिउँताउने भनी प्रसिद्ध विद्या वा बुटी । ३. धेरै पौष्टिकका रूपमा लिइने आसव वा सुरा ।

**मृत सूचक–** ना० [सं०] मृतकका सगोत्री वा नातेदारलाई निश्चित अवधिसम्म लाग्ने आशौच; मरणाशौच ।

**मृतस्नान–** ना० [सं०] आशौच लाग्ने नातेदार मर्दा शुद्धिका लागि गरिने स्नान; खल्को ।

**मृतात्मा–** ना० [सं०] १. मरेका प्राणीहरूको आत्मा; प्रेतात्मा । वि० २. हुती हराएको; उत्साह, जाँगर, हौसला आदि मरिसकेको (व्यक्ति) ।

**मृताशौच–** ना० [सं०] मृतकको सूतक; मरणाशौच ।

**मृतास्थि–** ना० [सं०] १. मुर्दाको हाड; अस्तु । २. शरीरको काम नलाग्ने हाड ।

**मृति–** ना० [सं०] मृत्यु; मरण ।

**मृत्तिका–** ना० [सं०] १. माटो; मट्टी । ~ **कला–** ना० माटाबाट भाँडाकुँडा आदि बनाउने कला वा सीप; मृण्मयकला । ~ **तरङ्ग–** ना० असल खालको माटाको विभिन्न आकारका पातला टुक्राहरूलाई आगोमा पोली तयार पारिएको जलतरङ्गजस्तै बाजा । (यो बाजा सङ्गीतशिरोमणि यज्ञराज शर्माद्वारा निर्माण गरिएको हो, हाल यो बाजा ने० रा० प्र० प्र० मा चालू छ) । – **पुत्र–** ना० खेतीकमाइ गर्ने व्यक्ति; खेतीवाल; माटीकोरे; किसान; कृषक ।

**मृत्यु–** ना० [सं०] १. देहावसान; निधन; मरण । २. यमराज; काल । ३. ब्रह्मा । ४. विष्णु । ५. माया । ६. कलि । ७. कामदेव । – **कर–** वि० १. मृत्यु गराउने; मारक । ना० २. कुनै व्यक्ति मर्दा त्यसका सम्पत्तिमा लाग्ने सरकारी शुल्क वा कर । ३. मुर्दा जलाउनका लागि लाग्ने दस्तुर । ~ **काल–** ना० प्राण निस्कने बेला; मरणको समय । > **मृत्युञ्जय–** वि० १. मृत्युलाई जित्ने । ना० २. शिव । ३. अकालमृत्युको निवारण गर्ने शिवको स्तोत्र वा मन्त्र । – **दण्ड–** ना० ज्यानसजाय; प्राणदण्ड । ~ **दर–** ना० जनसङ्ख्याको औसतमा हुने मृत्युको प्रतिशत; आनुपातिक मृत्युक्रम । – **पाश–** ना० मृत्युको पासो; कालको फन्दा । ~ **लोक–** ना० १. मर्त्यलोक; भूलोक । २. यमलोक । ~ **शय्या–** ना० मर्ने अवस्थाको शय्या; मरणासन्न अवस्था; पथरा । ~ **शुल्क–** ना० १. मुर्दा जलाउनका लागि लिइने शुल्क । २. कुनै व्यक्ति मर्दा त्यसको सम्पत्तिमा लाग्ने सरकारी दस्तुर ।

**मृत्सिकताश्म–** ना० [सं०] भूगर्भशास्त्रअनुसार माटो र बालुवा जमेर बनेको ढुङ्गो ।

**मृदङ्ग–** ना० [सं०] १. छाला मोडेर बनाइएको ढोलकजस्तो एक प्रकारको तालबाजा । २. बाँस । > **मृदङ्गी–** वि० मृदङ्ग बजाउने (व्यक्ति) ।

**मृदु–** वि० [सं०] १. कोमल; मुलायम; नरम; कमलो; सुकुमार । २. मिठास भरिएको; मधुर (स्वर) । ३. निर्धो; कमजोर; दुर्बल । ४. सुस्त; मन्द (गति) । – **ता–** ना० मृदु हुनाको भाव वा अवस्था; कोमलता; मिठास । ~ **भाषी–** वि० मीठो बोल्ने; मिष्ठभाषी; मधुरभाषी ।

**मृदुल–** वि० [सं०] १. कोमल; मृदु । २. सुकुमार । ३. उदार; दयालु । – **ता–** ना० मृदुल हुनाको भाव वा अवस्था; सौकुमार्य; सरलता ।

**मृद्वी–** ना० [सं०] १. अङ्गुरको झुप्पा; द्राक्षा । २. सुकुमार अङ्ग भएकी स्त्री । – **पाक–** ना० पहिले केही नीरस र पछि मधुर स्वाद भएको काव्यरचना ।

**मृन्मय–** वि० [सं०] १. माटो भएको; माटाको । २. माटाले बनेको; मृण्मय ।

**मृषा–** वि० [सं०] १. असत्य; झूटो; मिथ्या । क्रि० वि० २. बिनसित्ति; व्यर्थमा; विनाकारण ।

**मे–** ना० [सं०] ग्रेगोरी पात्रोअनुसार वर्षको पाँचौं महिना; अप्रिल र जुनका बीचको महिना; मई ।

**मेकअप**– ना० [अङ्०] १. मुद्रणकलामा कम्पोज भएको म्याटरलाई निर्देशित आकारमा परिणत गरी मिलाउने काम । २. रङ्गमञ्च, प्रदर्शन र सौन्दर्यका लागि शरीरका अङ्गअङ्गमा गरिने प्रसाधन वा शृङ्गार ।

**मेख१**– ना० [सं० मक्ष] घमन्ड; तुजुक; अभिमान ।

**मेख२**– ना० [फा०] दुई निदालका बीचको जोर्नीमा ठोकिने कीलो; कीलो ।

**मेखला**– ना० [सं०] १. कम्मरमा बाँध्ने कन्धनी; काञ्ची । २. पर्वतको मध्य भाग । ३. कुनै वस्तुको मध्य भागलाई चारैतिरबाट बेर्ने डोरी; धागो; शृङ्ला; साङ्ली । ४. नर्मदा नदी । ५. साधुसन्न्यासीहरूले लगाउने घाँटीदेखि घुँडामनिसम्म आउने लामो एकसरो वस्त्र; अलखा । > **मेखली**– ना० १. राई जातिका स्त्रीहरूले लगाउने घाँटीदेखि घुँडासम्म ढाक्ने लामो एक प्रकारको सेतो वस्त्र । वि० २. मेखला लाउने (व्यक्ति) ।

**मेगजिन**– ना० [अङ्०] १. तोप, बन्दुक, गोलीगट्ठा आदि लडाइँका सामानहरू बनाउने वा राख्ने ठाउँ । २. जगेडाका रूपमा गोली भरी राख्न राइफलमा जडिएको बट्टाका आकारको अवयव । २. पत्रपत्रिका ।

**मेघ**– ना० [सं०] १. आकाशमा जम्मा भएको जलकण; बादल; मेहरो । २. कुहिरो । ३. एक बास्नादार घाँस; मोथे । ४. थुप्रो; समूह; रास । ५. सङ्गीतशास्त्रका अनुसार गान्धार र धैवत स्वर वर्जित भई निषाद स्वर कोमल हुने र प्रायः रात्रिको चौथो प्रहर र वर्षायाममा हरसमय गाउन हुने औडव जातिको एक राग । –**काल**– ना० वर्षाऋतु । – **नाद**– ना० १. बादलको गडगडाहट; मेघको गर्जन । २. वरुण । ३. रावणको छोरा इन्द्रजित् । –**माला**– ना० बादलको ताँती । – **राज**– ना० इन्द्र । > **मेघागम**– ना० १. वर्षायामको थालनी । २. वर्षा ऋतु । **मेघाच्छन्न**– वि० बादल डम्म लागेको; बादलले ढाकेको । **मेघाडम्बर**– ना० मेघको गर्जन । **मेघालय**– ना० पूर्वतिर रहेको भारतको एउटा राज्य ।

**मेच**– ना० [फा० मज] काठ वा धातुको चार खुट्टा र अडेसोसमेत भएको केही अग्लो बस्ने साधन; कुर्सी ।

**मेचक**– वि० [सं०] १. गाढा नीलो; कृष्णवर्णको; श्यामल । २. अन्धकार; अँध्यारो । ना० ३. कालो वर्ण; श्यामल वर्ण । ४. बादल । ४. धूवाँ । – **व्रीहि**– ना० कालो बडहरी धान ।

**मेची**– ना० [सं० मेचक+ई] नेपाल अधिराज्यको पूर्वी सिमानामा बग्ने एक प्रसिद्ध नदी । ~ **अञ्चल**– ना० मेची नदीको नामबाट नामकरण भएको ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्ला भएको एक अञ्चल ।

**मेचे**– ना० [मेची+ए] मेची अञ्चलअन्तर्गत झापा जिल्लामा बस्ने एक जाति । ~ **कोचे**– ना० मेचे र त्यस्तै कोचे जातिको वर्ग ।

**मेछे**– ना० जङ्गी पोसाकको बेल्टमा किरिच घुसारिने ठाउँ ।

**मेजमान**– ना० [फा० मेजबान] १. पाहुनापाछ्राको स्वागतसत्कार गर्ने व्यक्ति । २. अतिथिका रूपमा विशिष्ट व्यक्तिलाई बोलाएर भोजन गराउने व्यक्ति; मेजबान । > **मेजमानी**– ना० १. मेजमानको काम । २. कोसेली; सौगात । ३. अतिथिहरूलाई खुवाउने विशिष्ट भोजको आयोजना ।

**मेजर**– ना० [अङ्०] १. मुख्य; प्रधान; जङ्गी वा सैनिक सेवातर्फ कप्तानभन्दा माथि र लेफ्टिनेन्ट कर्णेलभन्दा मुनिको बीचको सैनिक दर्जा; सेनानी । ~ **कप्तान**– ना० कप्तानमाथिको सैनिक दर्जा; मेजर; सेनानी । ~ **जनरल**– ना० ब्रिगेडियर जनरलभन्दा माथिको सैनिक अधिकारी; उपरथी । ~ **सुबेदार**– ना० सुबेदारभन्दा माथि र सेकेन्ड लेफ्टिनेन्टभन्दा तलको एक जङ्गी दर्जा; प्रमुख सुबेदार ।

**मेजो**– ना० आमदानीखर्चको बराबरी ।

**मेट्–नु**– स० क्रि० [प्रा० मेट+नु] १. दाग, चिह्न, अक्षर, चित्र आदि घोटेर वा पुछेर हटाउनु; नामेट पार्नु । २. अक्षर वा चित्रलाई कलम वा कुचीले नदेखिने गरी पुछ्नु; केरमेट गर्नु; केर्नु । ३. मिल्काउनु; फ्याँक्नु; फाल्नु । ४. भोक, प्यास आदि हटाउनु; तृप्त गर्नु । ५. अस्तित्वको लोप गर्नु; सखाप पार्नु । > **मेट**– ना० मेट्ने काम वा प्रक्रिया । **मेटमाट**– ना० १. जे-जसरी भए पनि मेट्ने काम; पुछपाछ । २. छिनाफाना । **मेटाइ**– ना० मेट्ने भाव, क्रिया वा प्रक्रिया । **मेटाइनु**– क० क्रि० मेट्न वा पुछ्न लाइनु । **मेटाउनु**– प्रे०क्रि० मेट्न लाउनु; मेट्ने पार्नु । **मेटामेट**– ना० परस्परमा एक-अर्कालै मेट्ने काम । **मेटिनु**– क० क्रि० मेट्ने काम गरिनु; पुछिनु; केरिनु । **मेटी**– ना० समाप्ति; टुङ्ग्याइ (सीमित शब्दमा जोडिएर मात्र प्रयुक्त, जस्तो– मरिमेटी, मारीमेटी आदि) ।

**मेटो**– ना० [मेट्+ओ] बाँकी रहेको कामको भाग । ~ **माराइ**– ना० बचेका कामलाई पूरा गर्ने क्रिया; बाँकी कामको तुराइ ।

**मेठ१**– ना० [अङ्० मेट] कामदार, ज्यामीहरूलाई काम लगाउने नाइके; ज्यामीको नाइके ।

**मेठ२**– ना० [√ मेख] घरमा थाममाथि र निदालमनि रहने काठको ठेउको ।

**मेठ३**– ना० [सं०] मदेसका नयाँ फँडनी वा झोरामा जमिनदारसरहको मान वा दर्जा । – **बन्दी**– ना० १. विभिन्न रकमका खर्चको फाँट । २. मेठ जग्गाको साँध, सिमाना वा त्यस्तो जग्गाको किल्लाकोहला गरी लेखिएको मुचुल्का कागत । > **मेठाङ्गी**– ना० मेठले गर्ने काम; मेठको काम वा पद ।

**मेडिकल**– वि० [अङ्०] औषधीसम्बन्धी; चिकित्सासम्बन्धी । ~ **काउन्सिल**– ना० चिकित्सकहरूको सङ्गठन; चिकित्सकसङ्घ ।

**मेडुसा**– ना० समुद्री किनारको थलथलमा बस्ने माछो ।

**मेढाशृङ्गी**– ना० [सं०] बाटुला, ठूलठूला पात हुने, राता फूल फुल्ने र लामालामा फल हुने एक वृक्ष वा त्यसैको फल; मेषशृङ्गी ।

**मेढो**– ना० [सं० मेढ] बलि दिइने पशु; बलिका निम्ति छुट्टयाइएको बोको आदि ।

**मेथी**– ना० [सं० मेथि] केराउका जस्ता पात हुने, सेता फूल फुल्ने, मसिना पहेँला दाना हुने तीतो एक किसिमको साग वा त्यसका दाना; मेथिका । ~ **जाउलो**– ना० मेथीले झानेको जाउलो;

मेथी हालेर बनाइएको पथ्य भात ।

**मेद**– ना० [सं०] १. बोसो । २. विशेष प्रकारको एक वर्णसङ्कर जाति । ३. एक नागराक्षस । – **कोष**– ना० रगत र पित्ते थैलीमा पाइने बोसोको तरल तत्त्व (केलेस्टेरल) । – **सार**– ना० आफ्नै विशेष प्रणाली भएको पारदर्शक शारीरिक द्रव । > **मेदस्वी**– वि० १. मोटो; थसुल्लो; स्थूलकाय । २. हृष्टपुष्ट; हट्टाकट्टा ।

**मेदा**– ना० [सं०] अदुवाका जस्ता कन्द र पात हुने एक बुटी वा त्यसैको कन्द ।

**मेदागिरि**– ना० [सं०] पुनर्नवाका जस्ता तर ससाना पात हुने, मसिना नीला फूल फुल्ने र जराचाहिँ राता हुने, आयुवर्द्धक मानिने एक बुटी; ब्राह्मी; घोडताप्रे ।

**मेदिनी**– ना० [सं०] १. पृथ्वी; धरती; धर्ती । २. संस्कृत भाषाको एक शब्दकोश ।

**मेदी**– ना० पुरानै जराबाट उम्रिएको चौथो सालको बाली ।

**मेध**– ना० [सं०] १. हवन; होम; यज्ञ । २. यज्ञमा बलि चढाइने पशु; यज्ञीय पशु ।

**मेधा**– ना० [सं०] १. कुरा बुझ्ने र सम्झिरहने शक्ति; धारणात्मक शक्ति । २. तीव्र बुद्धि; प्रज्ञा । ३. यज्ञ । ४. सरस्वतीको एक रूप । – **वान्**– वि० मेधा भएको; बुद्धिमान्; मेधावी ।

**मेधावी**– वि० [सं०] बुद्धि भएको; मेधावान् । ~ **मानव**– ना० नृतत्त्वशास्त्रअनुसार प्राचीन समयको पहिलो बुद्धिमान् मानिस; मुस्तेर मानव; नियन्डरथल मानव ।

**मेध्य**– वि० [सं०] १. यज्ञका लागि उपयुक्त । २. यज्ञसम्बन्धी; यज्ञीय । ३. मेधावर्द्धक; विशुद्ध; चोखो । ना० ४. बोको । ५. जौ । ६. खयरको रूख । – **वानर**– ना० नृतत्त्वशास्त्रअनुसार चेतनायुक्त मानिसजस्तो बाँदर; नरवानरगणमध्ये एक; अपुच्छख्यातचतुष्कमध्ये एक ।

**मेनका**– ना० [सं०] १. शकुन्तलालाई जन्म दिने एक अप्सरा । २. हिमालयकी पत्नी ।

**मेनु**– ना० [अङ्०] रेस्टुराँ, होटल, क्याफे आदिमा खाद्य पदार्थका नाम र मूल्यको विवरण लेखिएको पत्र ।

**मेनेजर**– ना० [अङ्०] व्यवस्थापक; प्रबन्धक । > **मेनेजरी**– ना० मेनेजरको काम वा पद ।

**मेन्डोलिन**– ना० [फ्रा०] चार वा पाँच जोडी तार हुने, गहिरो गोलो तुम्बा हुने र जबाले बजाइने एक वाद्ययन्त्र ।

**मेम**– ना० [अङ्० म्याडम] पाश्चात्य देशका सभ्य स्त्री; अङ्ग्रेज नारी; मेमसाहेब ।

**मेमो**– ना० [अङ्० मेमोरेन्डम] कुनै कामकुराका बारेमा भएका कारबाई स्पष्ट गर्नका निम्ति लेखिने सम्झनापत्र; स्मरणपत्र; ताकिता ।

**मेम्बर**– ना० [अङ्०] सङ्घ, संस्था आदिको सदस्य; सभासद् ।

**मेयर**– ना० [अङ्०] नगरपालिका वा महानगरपालिकाको निर्वाचित अध्यक्ष; नगरपिता ।

**मेरी बास्सै**– वि० बो० मेरी आम्मै; आम्मै नि । (उदा०– मैले त तिमीलाई पुल्टुङबाजी खाँदा मऱ्यौ भन्ठानेको, मेरीबास्सै ! धन्य बाँच्यौ !) ।

**मेरु**– ना० [सं०] १. पुराणमा वर्णित एक पर्वत; सुमेरु पर्वत । २. जपमालाको दुई छेउ जोडी त्यसमा उनिएको दाना; सुमेरु । ३. हारका बीचको मणि । ४. पिङको डोरी अडचाउने काठ । ५. मेरुदण्ड; ध्रुव । – **दण्ड**– ना० १. गर्धनदेखि गुदद्वारसम्म गएको पिठिउँका बीचको ठाडो हाड; पृष्ठवंश । २. भूगोलका अनुसार पृथ्वीको दक्षिणी ध्रुवदेखि उत्तरी ध्रुवसम्म गएको सोझो कल्पित रेखा । – **पृष्ठ**– ना० आकाश ।

**मेरो**– वि० [म+एरो] १. 'म' शब्दको षष्ठी विभक्तिको एकवचन । २. आफ्नो ।

**मेल१**– ना० [सं०] १. परस्पर भेट्ने काम; मिलाप; समागम । २. आपसको सद्भावना; मित्रता; मैत्री । ३. मिश्रण; मिलावट । ४. समाज; सभा । ५. ढङ्ग; छाँट । ६. प्रकार; तरिका । ७. प्रेम; प्रीति । ७. सङ्गीतशास्त्रमा एक प्रकारको थाट ।

**मेल२**– ना० [अङ्०] १. हुलाकद्वारा वितरित गरिने चिठी, पार्सल आदि डाँक । २. हुलाकव्यवस्था; हुलाकी वस्तु ओसार्ने यातायातको साधन; डाँकगाडी । ~ **गाडी**– ना० डाँकगाडी; मेल ।

**मेलजोल**– ना० [सं० मेल (द्वि०)] मेलमिलाप; मिलजुल ।

**मेलन**– ना० [सं०] १. मिलाउने वा मिसाउने काम; मिलावट; मिश्रण । २. भेटघाट; मिलन ।

**मेलब्याग**– ना० [अङ्० मेल+ब्याग] डाँकको थैली; चिठीपत्र आदि हाल्ने थैलो ।

**मेलम्ची**– ना०हे० मेलौँची ।

**मेलमिलाप**– ना० [मेल+मिलाप] परस्परमा राम्रो सम्बन्ध वा मैत्री हुने काम; मिलजुल; मेलजोल ।

**मेलशाखा**– ना० [अङ्० मेल+सं० शाखा] मेल वा डाँकसम्बन्धी काम गर्ने शाखा ।

**मेला**– ना० [सं०] १. आपसको समागम; भेट; मिलन । २. सभा; समाज । ३. यात्रा, उत्सव, तीर्थस्थल आदिमा हुने मानिसहरूको जमघट । ४. सुर्मा । ५. खेतीको काम; मेलो । ६. खास अवसरमा लाग्ने बजार; ठूलो हाट । ७. भीड; घुइँचो । ८. स्वरग्राम । ९. एक बोटविशेष । १०. गौचरन । ११. धेरै जना मिलेर गरिने आआफ्नो काम ।

**मेलापक**– वि० [सं०] मेल गराउने; मिलाउने ।

**मेलापात**– ना० [मेला+पात्र] खेतबारीमा धेरै जना मिलेर गरिने कामकाज ।

**मेला सन्जोग**– ना० [मेला+सन्जोग] बेला-मौका; काकताली ।

**मेलो**– ना० [मेला+ओ] १. कामको सिलसिला; मेसो । २. खेतीपातीको काम । ३. एउटा कामदारले दिनभरमा गर्न सक्ने काम । – **मेसो**– ना० कामको सुर वा सिलसिला ।

**मेलौँची**– ना० [भो० ब०] सिन्धुपाल्चोक जिल्लामा पर्ने इन्द्रावतीको एक मुख्य सहायक नदी; मेलम्ची । ~ **घ्याङ**– ना० सोही स्थानमा पर्ने बौद्धमार्गी लामाहरूको एक घ्याङ वा देवस्थल । ~ **खानेपानी**

**योजना**– ना० काठमाडौँको पानीको माग पूर्ति गर्ने ठूलो योजना ।
**मेवा**– ना० [फा० मेव] १. मसलाका रूपमा खाइने काजु, मुनक्का, बदाम आदि सुक्खा फल । २. प्रायः हाँगा नलाग्ने बोटमा अँडिरका जस्ता पात हुने, काला बियाँ भएका ठूला र लाम्चा फल फल्ने एक बोट वा त्यसकै फल; पपिता । ~ **मिष्टान्न**– ना० फलफूल, मिठाई आदि परिकार ।
**मेशिन**– ना०हे० मेसिन ।
**मेष**– ना० [सं०] १. भेडो । २. बाह्र राशिमध्ये एक; मेष राशि । – **शृङ्ग**– ना० १. मेढाशृङ्गी । २. भेडाको सिङ । ~ **सङ्क्रान्ति**– ना० वैशाख महिनामा लाग्ने सङ्क्रान्ति; बैसाखे सग्राँती ।
**मेसिन**– ना० [अङ्०] १. यन्त्र; कल; मिसिन । २. लुगा सिउने साधन; मेशिन । – **गन**– ना० यन्त्रजडित बन्दुक; छिटोछिटो गोली चल्ने बन्दुक । > **मेसिनरी**– ना० १. कुनै कलकारखानामा भएका यन्त्रहरूको समुदाय; कलपुर्जा । २. कार्यसञ्चालन गर्ने अङ्गप्रत्यङ्गको समूह ।
**मेसु**– ना० बाँसको टुसो खाँदेर अमिल्याइएको अचार वा खाद्य पदार्थ; तामा ।
**मेसो**– ना० १. कामको सिलसिला; कार्यक्रम । २. रहस्य; भेउ ।
**मेह**– ना० [सं०] १. पिसाब; मूत । २. प्रमेह ।
**मेहत्तर**– ना० [फा०] फोहोरमैला सफा गर्ने काम लिएको व्यक्ति; कुचिकार; पोडे; च्यामे; मेहतर ।
**मेहदी**– ना० [सं० मेन्धी] ससाना लाम्चा पात हुने, साना फूल फुल्ने र साना राता गेडा फल्ने, प्रायः स्त्रीजातिले हातखुट्टा रँगाउन प्रयोग गर्ने एक बोट वा त्यसका पातको झोल; तैरिणी; मेन्धी ।
**मेहनत**– ना० [अ० मिहनत] १. परिश्रम; मिहिनेत; श्रम । २. प्रयास; कोसिस; उद्योग । > **मेहनताना**– ना० मिहिनेत गरेबापत दिइने ज्याला; पारिश्रमिक; मजदुरी । **मेहनती**– वि० मेहनत गर्ने; परिश्रमी ।
**मेहमान**– ना० [फा०] १. अतिथि; पाहुना; आगन्तुक; अभ्यागत । २. खानपानका लागि बोलाइएको व्यक्ति; भोजमा निम्त्याइएको व्यक्ति । > **मेहमानी**– ना० १. मेहमान हुने क्रिया वा अवस्था । २. भोज ।
**मेहरबान**– वि० [फा० मेहबान] दयालु; कृपालु । > **मेहरबानी**– ना० कृपा; दया; निगाह ।
**मेहरो**– ना० [सं० मेघ] १. बादलको पङ्क्ति; मेघमाला । २. बर्सेको पानीको झोक्का ।
**मेहले**– ना० एक प्रकारको जङ्गली जनावर ।
**मेहेरी**– ना० [मेहेरो+ई] क्रमैमा आएको पालो । – **छोपाइ**– ना० मौकाअनुसार काम गर्ने क्रिया ।
**मैगाँठो**– ना० [म्वाइँ+गाँठो] धागो वा डोरीका दुई छेउ जोल्टचाएर पारिएको गाँठो; सुर्काउनी नपारी बनाइएको गाँठो ।
**मैझारो**– ना० [सं० मार्जन] कामको समाप्ति; टुङ्ग्याउनी । विप० खेवारा ।
**मैतालु**– वि० [माइत+आलु] १. माइत धेरै बस्ने (स्त्री) । २. विवाहउपरान्त पहिलोपल्ट दुलहीले माइतमा लैजाने (विभिन्न परिकार) । ३. पतिलाई छोडी माइतैमा बसोबास गर्ने (स्त्री) । ४. पतिको घरबाट माइतमा आएकी (स्त्री) । ~ **मैयाँ**– ना० धेरै दिन माइत बसेकी दुलही ।
**मैत्र**– वि० [सं०] मित्रसँग सम्बन्धित; मित्रको ।
**मैत्री**– ना० [सं०] आपसमा हुने मित्रभाव; मित्रता; दोस्ती । – **पूर्ण**– वि० मित्रताको भावनाले भरिएको । ~ **सङ्घ**– ना० दुई देशका बीच आपसी सहयोग तथा घनिष्ठता बढाउने उद्देश्यले स्थापित गरिने सङ्घ (जस्तो– नेपालभारत मैत्रीसङ्घ, नेपाल-चीन मैत्रीसङ्घ आदि) ।
**मैत्रेय**– ना० [सं०] १. एक भविष्यत् बुद्ध । २. सूर्य । ३. एक ऋषि । वि० ५. मित्र वा साथीसँग सम्बन्ध राख्ने ।
**मैथिल**– वि० [सं०] १. मिथिला देशसम्बन्धी; मिथिला देशका निवासी । ना० २. मिथिलाका राजा जनक । > **मैथिली**– ना० १. मिथिला देशको भाषा । २. सीता ।
**मैथुन**– ना० [सं०] १. स्त्रीपुरुषको यौनसमागम; रतिक्रीडा; सम्भोग; स्त्रीप्रसङ्ग । २. विवाह । ३. मिलाप । ४. जोडी; युगल । > **मैथुनिक**– वि० १. मैथुन गर्ने । २. मैथुनसम्बन्धी । **मैथुनी**– वि० मैथुन गर्ने ।
**मैदल**– ना० [सं० मदनफल] लामा काँडा हुने एक जातको सानो रूख । > **मैदले**– ना० मैदल पाइने वा मैदलका रूख भएको ठाउँ ।
**मैदा**– ना० [फा० मैद] १. मसिनो पीठो; चूर्ण; पिष्ट; आँटा । वि० २. मिही; मसिनो; मिहिन ।
**मैदान**– ना० [फा०] १. खुला र फराकिलो समथर भूभाग; चउर; फाँट । २. तराई । ३. खेल, परेड आदि खेल्न बनाइएको समतल; टुँडिखेल । ३. अखाडा । ४. दिसापिसाब गर्ने ठाउँ । ५. व्यापक (उखान– **एक कान, दुई कान मैदान**) ।
**मैदाल**– ना० काँडैकाँडा भएको र नासपातीका जस्ता पात हुने एक वृक्ष; डम्फर ।
**मैदीताल**– ना० कास्की जिल्लामा पर्ने एक प्रसिद्ध ताल ।
**मैन**– ना० [सं० मदन] १. मौरीको चाकाबाट मह निकालिसकेपछि बचेको नरम, चिल्लो र पहेँलो पदार्थ; मौरीको बिलाउनी; मइन । २. मटीतेल तयार गर्दा निस्कने चिल्लो पदार्थबाट बनाइने, बग्ने र पग्लने नरम वस्तु । ३. भिजेको कुरो कुटीपिँधी साह्रै मसिनु वा नरम पारिएको वस्तु । ~ **कपडा**– ना० वैज्ञानिक प्रक्रियाबाट छालाजस्तो बनाइएको, पानी नछिर्ने एक प्रकारको कपडा (रेक्सिन) । ~ **कर**– ना० उद्योगका रूपमा मौरी पाल्दा वा भीरमौरीको मह काढ्दा महको उत्पादन गरेबापत तिरिने तिरो । ~ **फल**– ना० फुस्रा रङका पात हुने, पहेँलो फूल फुल्ने, काँडादार एक बोट र त्यसैमा फल्ने, औषधीमा प्रयोग गरिने तथा तरकारी खाइने, ओखरजस्तो एक फल; मैदल; मैनगेडी; मदनफल । ~ **बत्ती**– ना० मैनबाट तयार पारिएको; बीचमा

वारपार लामो धागो हाली डोलो पारिएको बालिने बत्ती; मइनबत्ती ।

**मैनसिल–** ना० [सं० मनःशिला] हल्का पहेँलो एक खनिज द्रव्य; नेपाली; दिव्यौषधी ।

**मैना–** ना० सारौँजस्तो कालो रङ हुने, मानिसको झैँ बोली निकाल्न सक्ने, घरमा पिँजडामा राखी पालिने एक प्रसिद्ध चरो; सारिका । – **को बोली–** ना० साह्रै प्यारो वा मीठो बोली ।

**मैनाक–** ना० [सं०] पुराणअनुसार हिमालय र मेनकाको छोरो मानिएको एक पर्वत ।

**मैन्हा–** ना० हे० महिना । – **मारी–** वि० मैन्हा पूरा हुँदा पाइने वा भेटिने (तलब आदि) । – **वारी–** ना० महिनामारी ।

**मैमत्त–** वि० [सं० मदोन्मत्त] अभिमानले पूर्ण; मदमत्त; अहङ्कारी; मैमत्ता; मइमत्त । > **मैमत्ता–** वि० मैमत्त; अहङ्कारी ।

**मैयाँ–** ना० [सं० मातृ] १. राजकन्या; राजकुमारी; मैयाँसाहेब । २. छोरीचेलीलाई स्नेहपूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द । ~ **साहेब–** ना० मैयाँलाई आदरपूर्वक सम्बोधन गरिने शब्द; मैयाँ ।

**मैरी–** ना० सानो हाते घन; कीला आदि ठोक्ने मुङ्ग्रो; नँमुग; (हचामर) ।

**मैरेय–** ना० [सं०] एक प्रकारको मादक पेय पदार्थ; धयँराको फूल, चाकु, अमला र बर्रोबाट तयार पारिने एक प्रकारको रक्सी ।

**मैरो–** ना० १. मझेरी; छिँडी । २. चौको ।

**मैल–** ना०हे० मयल ।

**मैला–** ना० [मैल+आ] १. फोहोर; कसिङ्गर । २. विष्ठा; गुहु । ३. दाग; धब्बा ।

**मैलि-नु–** अ० क्रि० [मैलो+इ+नु] १. मैलो हुनु; मलिन हुनु; कालो हुनु; फोहोर लाग्नु । २. घसरपसर हुनु; काती हुनु; घिस्टिनु; दाग लाग्नु ।

**मैलो–** वि० [सं० मलिन] १. मैल भएको; मैल लागेको; मैलयुक्त । २. सफासुग्घर नभएको; फोहर । ३. अँध्यारो; मलिन ।

**मैल्याइ–** ना० [√ **मैलि** (+याइ)] १. मैलिने भाव, क्रिया वा प्रक्रिया । [मैल्याउ+आइ] २. मैल्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मैल्याइनु–** क० क्रि० मैलो पारिनु । **मैल्याउनु–** स० क्रि० मैलो पार्नु; फोहोर गर्नु ।

**मोक्तो–** ना० मोमोचा बनाउने भाँडाको एक खण्ड वा तह ।

**मोक्ष–** ना० [सं०] १. जन्ममृत्युको चक्रबाट जीवले छुटकारा पाउने काम; मुक्ति; कैवल्य; निर्वाण । २. बन्धनबाट छुट्ने काम; छुटकारा । ३. मरण; मृत्यु । ४. उद्धार । ५. वास्तुकला वा मूर्तिकलामा अङ्गुल वा मात्राबराबरको नाप । – **दा–** वि० १. मोक्ष दिने; मुक्त गर्ने । ना० २. मार्ग शुक्ल एकादशी ।

**मोगलान–** ना०हे० मुगलान ।

**मोघ–** वि० [सं०] १. व्यर्थ हुने; खेर जाने; निरर्थक । २. निरुद्देश्य; निष्प्रयोजन ।

**मोच१–** ना० [प्रा० मच्चु] १. झट्का वा धक्का लागेर शरीरका कुनै भागको जोर्नीको नसा यताउता हुने क्रिया । २. गर्भमा नै बालक मरेर जन्मने वा जन्मनासाथ मर्ने एक रोग । ३. बालक सुक्तै जाने एक रोग ।

**मोच२–** ना० [सं० मुञ्ज] बाबियोजस्तो पाट निकालिने एक थरी बोट ।

**मोचन–** ना० [सं०] १. कष्ट तथा बाधाबन्धन आदिबाट छुटाउने वा छुट्ने काम । २. हटाउने काम; अपसारण ।

**मोचामोची–** ना० [मोचो+मोचो] सानातिना केटाकेटी ।

**मोचो–** ना० [नेवा० मचा] १. केटो; ठिटो । २. नोकर ।

**मोच्याहा–** वि० [मोच+याहा] मोच रोग भएको र हुनेगरेको (मानिस वा ठाउँ) । स्त्री० मोच्याही ।

**मोज–** ना० [अ० मौज] १. सुख; आनन्द; सोख; मज्जा; चैन; मौज । २. मनको लहड; हौसला; उमङ्ग । ~ **मज्जा–** ना० मनमोज; मोज र मज्जा; सुखचैन; आमोदप्रमोद ।

**मोजरा–** ना० [फा० मुजरा] १. आंशिक छुट । २. धनीलाई गरिने अभिवादन । ३. रन्डीहरूले बसीबसी गाउने प्रक्रिया ।

**मोजा–** ना० [फा०] पैतालादेखि पिँडौलामनिसम्म ढाक्ने गरी गोडामा लगाइने वस्त्र वा पहिरन ।

**मोजी–** वि० [मोज+ई] मोज गर्ने; आनन्दी; मस्त; मौजी ।

**मोटक–** ना० [सं०] श्राद्ध, तर्पण आदिमा प्रयोग गरिने, दोब्र्याएर पवित्र बनाइएको कुश ।

**मोटर–** ना० [अङ्०] १. पेट्रोल, डिजेल, विद्युत्शक्ति आदिबाट ऊर्जा पैदा भई चल्ने यन्त्र; इन्जिन चलाउने मुख्य पुर्जा । २. त्यस्तो यन्त्रबाट सञ्चालित हुने सवारी साधन । ~ **कार–** ना० मोटरबाट सञ्चालित हुने सुविधायुक्त हल्का सवारी साधन; कार । – **खाना–** ना० मोटर राख्ने ठाउँ; ग्यारेज । ~ **गार्ड–** ना० मोटरगाडीहरूमा चक्काको ठीक माथि रहने फलामे ढकनी । ~ **साइकल–** ना० मोटर इन्जिनबाट चल्ने दुईपाङ्ग्रे सवारी; मोटरब्याक; भ्याटभ्याटे ।

**मोटाइ–** ना० [√ **मोटाउ** (+आइ)] १. मोटाउने भाव, क्रिया वा प्रक्रिया । २. मोटोपन । [ > ] **मोटाइनु–** अ० क्रि० १. मोटो होइनु । २. धनी बनिनु ।

**मोटाउनु–** अ० क्रि० [मोटो+आउ+नु] १. मोटो हुनु; पोटिलो हुनु; हृष्टपुष्ट हुनु; अथुलाउनु; मासु लाग्नु । २. धनी हुनु; सम्पन्न हुनु ।

**मोटामोटी–** वि० १. राम्रोसँग नियाल्ने काम नभएको; गहिरिएर नहेरिएको (हिसाब आदि) । २. मामुली; साधारण; सामान्य । ३. पुग-नपुग; झन्डै ।

**मोटित–** व [सं०] १. घुमुर्क्याइएको; गाँठो पारिएको । २. बाटेर पवित्र बनाइएको (कुश) ।

**मोटिलो–** वि० [मोटो+इलो] मोटो भएको; थसुल्ले; मोटो ।

**मोटो–** वि० [प्रा० मुट्ट] १. जीउमा धेरै मासु भएको; पुस्टिएको; स्थूलकाय; थसुल्लो । २. फैलिएको घेरो वा ठूलो चाङ भएको । ३. मिहिन नभएको; खस्रो । ४. धेरै सम्पत्ति भएको; सम्पन्न । ५. धेरै खाँदिएको; बाक्लो । ६. गढिलो नभएको; बोधो (बुद्धि, काम इ०) । – **घाटो–** ना० देख्दैमा रहरलाग्दो जीउ भएको;

हृष्टपुष्ट; थाम्मरथुम्मर; तन्दुरुस्त ।

**मोट्टायित**– ना० [सं०] काव्यशास्त्रका अनुसार प्रियतमको गुण आदिको प्रशंसा सुनेर मुग्ध भई अनुराग व्यक्त गर्ने एक प्रकारको भाव ।

**मोटचाइलो**– वि० [मोटो+याइलो] मोटो-मोटोजस्तो लागेको; लगभग मोटो ।

**मोठ**– ना० [सं० मुष्टि] १. जग्गैपिच्छेको कित्ता छुट्टिने गरी तयार पारिएको लगत दर्ताकिताब । २. गुलेलीको माझमा समाउने ठाउँमा बाँधेको काठ । ३. खुकुरी, तरबार, खुँडा आदिको मुठीले समाउने ठाउँ; मुठ; बिँड । ४. सम्पत्तिको मूल हिसाब लेखिएको कागज । क्रि० वि० ५. एकमुस्ट; डक्क । ~ **तहबिल**– ना० मुख्य ढुकुटी; एकमुस्ट वा सम्पूर्ण रकम राखिने ढुकुटी । – **बन्दी**– ना० किल्लाबन्दी; साँधसिमाना लगाउने काम ।

**मोड्-नु**– स० क्रि० [सं० मुर्+नु] १. बङ्ग्याउनु; टेढ्याउनु । २. बाटो बदल्नु; दायाँ-बायाँ लाग्नु । ३. पटयाउनु; दोबार्नु । > **मोड**– ना० १. सडक घुमेको वा मोडिएको ठाउँ; मोडिने ठाउँ; डेउढी; डचौढी; घुम्ती । २. मुहुडा ।

**मोडदार**– वि० [मोड+दार] मोड भएको; घुम्ती भएको । ~ **पर्वत**– ना० कुनै भाग माथि उठेको कुनै भाग तल धसिएको पहाड ।

**मोडाइ**– ना० [√ **मोड्** (+आइ)] मोड्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मोडाइनु**– क० क्रि० मोड्न लाइनु । **मोडाउनु**– प्रे० क्रि० मोड्न लाउनु । **मोडिनु**– अ० क्रि० १. बाटो बदलेर वा घुमेर जानु । २. टेढिनु; बाङ्गिनु । ३. दोब्रिनु । क० क्रि० ४. बङ्ग्याइनु ।

**मोतिया**– ना० बाटुला किसिमका ससाना पात हुने र बास्नादार सेता फूल फुल्ने एक वृक्ष वा त्यसैको फूल । ~ **बिन्दु**– ना० मोतीबिन्दु ।

**मोती**– ना० [सं० मौक्तिक] समुद्री सिपीबाट निस्कने वा बन्ने एक प्रकारको बहुमूल्य सेतो रत्न; मुक्ताफल । – **चुर**– ना० जिलेबीझैँ घिउमा पकाई पागमा डुबाएर बनाइने दानादार मिठाई; मुगीको लड्डु । ~ **दाने**– वि० मोतीका दानाजस्ता राम्रा (अक्षर आदि); मोतीका दानाझैँ । ~ **बिन्दु**– ना० आँखाको नानीमा जालो पर्ने एक रोग; मोतियाबिन्दु । – **राम**– ना० नेपाली साहित्यको माध्यमिक कालमा शृङ्गारधाराका प्रवर्तक, सक्रिय कवि तथा प्रसिद्ध साहित्यसेवी । (पूरा नाम : मोतीराम भट्ट, जीवनकाल : वि० सं० १९२३ – १९५३) ।

**मोथे**– ना० [सं० मुस्ता] कसुरका जस्ता पात हुने, ज्वाने फूलझैँ फुल्ने (साइपरेसी समूहको) एक भुइँझार; नागरमोथे; नागरमुस्ता; भद्रमुस्ता ।

**मोद**– ना० [सं०] १. आनन्द; प्रसन्नता; हर्ष; खुसी । २. सुगन्ध; बास्ना । > **मोदक**– वि० १. मोद वा आनन्द गराउने; प्रसन्नतादायक; हर्षप्रद । ना० २. लड्डु ।

**मोदी**– ना० [सं० मोदिनी] अन्नपूर्णा हिमालको पूर्वी भाग र माच्छापुच्छ्रे हिमालको पश्चिमी भागबाट उत्पन्न भई पर्वत जिल्लाको कुस्मादेखि आधा कोस दक्षिणमा पुगी कालीगण्डकीमा मिसिने एक नदी । – **बेनी**– ना० कालीगण्डकीको तीरमा स्थित, नृसिंहको मन्दिर रहेको एक प्रसिद्ध तीर्थस्थान ।

**मोनाल**– ना० [√ मुनाल] जीउमा खैरो भुइँमा छिर्केमिर्के रङ हुने डाँफेजस्तो एक जातको सुन्दर पक्षी ।

**मोनोग्राम**– ना० [अङ्०] एक वा एकभन्दा बढी अक्षरहरूको सङ्क्षिप्त साङ्केतिक चिह्न; गुम्फाक्षर ।

**मोनोटाइप**– ना० [अङ्०] पगालिएको सिसा मेसिनमा ढलान भई आफैँ लहरमा कम्पोज हुँदै जाने, छाप्ने अक्षर । ~ **मेसिन**– ना० मोनोटाइप ढाल्ने यन्त्र ।

**मोफसल**– ना० [अ० मुफस्सल] १. नगर वा मुख्य सहरदेखि बाहिरको ठाउँ; जिल्ला; प्रान्त । वि० २. फैलिएको; सविस्तार । ३. राजधानीभन्दा बाहिरको ।

**मोबिल**– ना० [अङ्०] कलपुर्जाहरूलाई गतिशील बनाउन तथा चिल्लो पारिराख्नका लागि हालिने गाढा तेलविशेष ।

**मोम**– ना० [फा०] हे० मैन; मइन । ~ **बत्ती**– ना० मैनबत्ती ।

**मोरङ**– ना० नेपाल अधिराज्यको कोसी अञ्चलअन्तर्गत पर्ने तराईखण्डको एक जिल्ला ।

**मोरङ्गे**– वि० [मोरङ+ए] १. मोरङमा पाइने; मोरङको । ना० २. मोरङको रैथाने । ~ **तिल**– ना० लाम्चा, गाढा, हरिया पात हुने, पहेँला फूल र कालजीराजस्ता दाना हुने एक प्रकारको तिल; झुसेतिल ।

**मोरचा**– ना०हे० मोर्चा ।

**मोरी**– ना० [मोरो+ई] स्त्रीहरूलाई प्यारो गरेर, झर्को देखाएर वा गालीका रूपमा प्रयोग गरिने शब्द; 'मोरो'को स्त्री रूप ।

**मोरो**– ना० [मर्+ओ] १. मुर्दा; लास; शव । २. लोग्नेमानिसलाई गाली गर्दा वा भित्र माया भए तापनि बाहिर रिस देखाउँदा प्रयोग गरिने शब्द ।

**मोर्चा**– ना० [फा० मोरच] १. सेना वा किल्लाको रक्षाका निम्ति वरिपरि खनेर वा अरू प्रकारले गरिएको बन्दोबस्ती । २. फौजलाई बलियो पार्ने किसिमले मिलाएर बनाइएको व्यूह; मोरचा । ३. विपक्षी सेनाका साथ गरिने प्रतिस्पर्धाका निम्तिको बलियो तयारी । ४. त्यस्तो तयारीका साथ शत्रुसँग गरिने सामना । ५. ताल्चा लगाउने एक साधन । – **बन्दी**– ना० विरोधी पक्षको सामना गर्न मोर्चा बनाउने काम ।

**मोल्-नु**– स० क्रि० [मोल+नु] कुनै चीजबीचको मोलतोल गर्नु; भाउ निश्चित गर्नु; दर तोक्नु ।

**मोल**– ना० [सं० मूल्य] कुनै वस्तुको मूल्य; भाउ; दर; दाम; किम्मत । – **तोल**– ना० सरसामान किनमेल गर्दा मोल घटाउने वा मिलाउने काम; भाउ गर्ने काम । ~ **मोलाइ**– ना० मोलतोल ।

**मोलम्बा**– ना०हे० मुलम्मा ।

**मोलाइनु**– क० क्रि० [√ **मोलाउ** (+इ+नु)] मोल्न लाइनु । [ > ] **मोलाउनु**– प्रे० क्रि० मोल्न लाउनु; दर वा भाउ किटाउनु ।

**मोलामोल**– ना० [मोल+मोल] परस्परमा गरिने मोलतोल; भाउको कसाकसी; भाउताउ ।

**मोलाहिजा**– ना० [अ० मुलाहिजा] मुलाहिजा; मोलाइजा ।

**मोलिनु**– क० क्रि० [मोल्+इ+नु] मोलतोल गरिनु; भाउ तोकिनु ।

**मोस्-नु**– स० क्रि० [सं० मुष्+नु] १. एउटाको हक मारेर अर्कालाई दिनु; खोस्नु । २. पाउनुपर्ने अंश वा भाग नदिनु; हकभाग नलाउनु । ३. ठग्नु; वञ्चित गर्नु ।

**मोसम / मोसमी / मोसम्बी**– ना० [पुर्त०] चाक्सीका छाँटको, पातलो बोक्रो र गुलिया केस्रा हुने एक प्रकारको तागतिलो फल ।

**मोसाइ**– ना० [√ **मोस्** (+आइ)] मोस्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मोसाइनु**– क० क्रि० मोस्न लाइनु । **मोसाउनु**– प्रे० क्रि० मोस्न लाउनु; ठगाउनु । **मोसिनु**– क० क्रि० हकभाग नलाइनु; वञ्चित गरिनु; ठगिनु ।

**मोसो**– ना० धूवाँका कालाकाला कण जमेको धूलो; ध्वाँसो ।

**मोह**– ना० [सं०] १. अविद्या; अज्ञान; निर्बुद्धि । २. आध्यात्मिक दर्शनका अनुसार देह र सांसारिक वस्तुलाई नै सर्वस्व मान्ने काम; सांसारिक जञ्जाल वा प्रपञ्चको आसक्ति । ३. भ्रान्ति; भ्रम । ४. लट्ठिने खालको प्रेम; व्यामोह । ५. झुक्यान; भूल; त्रुटि । ६. भय, चिन्ता, आतुरता, अत्यास आदिबाट सुद्धीबुद्धि हराउने काम; बेहोसी; मूर्च्छा । – **क**– वि० मोह गर्ने; मोहित पार्ने । ~ **जाल**– ना० मायाको बन्धन; मोहको जाल ।

**मोहडा**– ना० [√ मुहुडा] १. अनुहार; चेहरा । २. सामुन्नेको भाग; मुहुडा । ३. घोडाका टाउकामा लगाइने लगाम आदि साज ।

**मोहन**– ना० [सं०] १. कसैलाई मोहित पार्ने वा लट्ठ्याउने काम । २. बेहोस वा मूर्च्छित पार्ने तान्त्रिक विधि; मोहनी; मुहुनी । ३. कामदेवका पाँच बाणमध्ये एक । ४. कृष्ण । ~ **आकाशवाणी**– ना० नेपालमा सं० २००६-मा राणा प्रधानमन्त्री मोहनशमशेरका पालामा स्थापना गरिएको पहिलो आकाशवाणी केन्द्र । ~ **चोक**– ना० काठमाडौँको हनुमान्‌ढोका दरबारभित्रको एक प्रसिद्ध चोक । – **माला**– ना० खास गरेर कुमालजातिले लाउने, तिलहरीजस्तो लाम्चो गहना । – **शमशेर**– ना० राणाकालका अन्तिम र वि.सं. २००७ को परिवर्तनपछि गठित सरकारको प्रथम प्रधानमन्त्री । > **मोहनास्त्र**– ना० शत्रुपक्षलाई मोहका वशमा पार्ने र मूर्च्छित तुल्याउने प्राचीन कालको एक अस्त्र ।

**मोहनिद्रा**– ना० [सं०] १. मोह वा अज्ञानको वशमा परेर आउने निद्रा वा बेहोसी । २. मोहमा परी निश्चेष्ट वा संज्ञाहीन हुने क्रिया वा स्थिति ।

**मोहनी**– ना० [सं०] १. अरूलाई आफ्नो वशमा पार्ने वा लट्ठ्याउने तान्त्रिक मन्त्र वा विद्या; वशीकरण विद्या; टुना; मुहुनी । २. विष्णुका चौबीस अवतारमध्ये एक । ३. मोहित पार्ने शक्ति; माया ।

**मोहनीय**– वि० [सं०] मोहित पार्न लायक; मोहित पार्ने खालको ।

**मोहपाश**– ना० [सं०] मोहजाल; मायाजाल ।

**मोहर**– ना० [फा० मुह्र] १. पचास पैसाको नेपाली सिक्का । २. चाँदीको मुद्रा । ३. अक्षर, चिह्न आदि छाप्ने साधन; टक; छापा । ४. त्यस्तो साधनद्वारा छापिएको चिह्न । ~ **रुपियाँ**– ना० धातुका मुद्रा वा सिक्का; मो० रु० ।

**मोहर-नु**– स०क्रि०हे० मोहोर्नु ।

**मोहरा**– ना० [फा० मोहर] बुद्धिचाल वा चेस खेलका गोटी ।

**मोहराइ**– ना० [√ **मोहर्** (+आइ)] मोहर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मोहराइनु**– क० क्रि० मोहर्न लाइनु । **मोहराउनु**– प्रे० क्रि० मोहर्न लाउनु । **मोहरिनु**– क० क्रि० मोहर्ने काम गरिनु ।

**मोहरिया**– वि०हे० मोहोरिया ।

**मोहशास्त्र**– ना० [सं०] मोह वा अज्ञानमा अल्झाउने विद्या; मोहनी विद्या ।

**मोहित**– वि० [सं०] १. जडता, मोह अथवा अज्ञानमा भुलेको; मुग्ध । २. आस देखाइएको; लोभ्याइएको; लुब्ध । ३. कसैको रूप, गुण, विशेषता आदि देखेर आकर्षित भएको; प्रेममा फसेको ।

**मोहिनी**– वि० [सं०] १. मुग्ध तुल्याउने वा मोहमा अल्झाउने (स्त्री) । ना० २. एक अप्सराको नाम । ३. एक प्रकारको चमेलीको फूल । ४. मोहिनी विद्या; वशीकरण मन्त्र ।

**मोहिया**– ना० [मोही+इया] १. मोहीको काम; किसानी । २. मोहीको काम गर्ने मानिस ।

**मोहियानी**– वि० [मोही+यानी] १. मोहीसम्बन्धी; मोहीको २. मोहीले पाउने (अधिकार वा हक) । ~ **हक**– ना० जग्गा कमाएबापत कानुनअनुसार मोहीले पाउने आंशिक अधिकार ।

**मोही१**– ना० [सं०] १. मोहित पार्ने । २. मोह भएको । ३. लुब्ध; लोभी ।

**मोही२**– ना० [सं० मही] कुत तिर्ने सर्त वा कबुलमा अर्काको जग्गा कमाउने व्यक्ति; मोहिया । ~ **नाइके**– ना० मोहीहरूसँग कुत वा तिरोभरो उपर गर्ने जग्गाधनीको सिपाही । ~ **निष्कासन**– ना० भूमिसम्बन्धी कानुनबमोजिम जग्गाधनीले मोहीलाई मोहियाबाट खोस्ने काम । ~ **लहरो**– ना० बाटुला बाक्ला पात हुने, सेतो रङको एक थरी लहरो ।

**मोहेन्जोदाडो**– ना० सिन्धुसभ्यताका भग्नावशेष पाइएको, कला, संस्कृति र सभ्यताले पूर्ण भएको एक प्राचीन नगर ।

**मोहोजी**– ना० [अ० मग्ज] पोसाकका छेउछाउमा गाँसिने लुगाको पेटी वा धरो; सेप्टी; सन्जाप ।

**मोहोटि-नु**– अ० क्रि० [मोहोटो+इ+नु] धेरै खानाले अमन हुनु; खान मन मर्नु ।

**मोहोटो**– ना० अरुचि; अमन ।

**मोहोट्याइ**– ना० [√ **मोहोटि** (+याइ)] मोहोटो हुने वा मोहोटिने क्रियाप्रक्रिया । [ > ] **मोहोट्याइनु**– क० क्रि० मोहोट्याउने पारिनु । **मोहोट्याउनु**– स० क्रि० मोहोटिने पार्नु । **मोहोट्याहट**– ना० मोहोटिने भाव वा अवस्था ।

**मोहोतो**– ना० [प्रा० मुहड] भोटो, दौरा, सुरुवाल आदि लगाउने कपडाको बाहुलाको मुख; हत्केला वा गोडा छिराएर बाहिर निकालिने सोही ठाउँ ।

**मोहोर्-नु**– स० क्रि० [सं० मण्डन+नु] १. छाला, कपडा, कागत, धातुका पत्र आदिले बाँध्नु, आवरण वा जिल्द हाल्नु; मोहर्नु । २.

तह थपेर छोप्नु; मुख ढाकेर बन्द गर्नु ।

**मोहोरङ्गे**– ना० पातको उल्टापट्टि बिभ्ने भुस हुने एक जातको भार ।

**मोहोराइ**– ना० [√ **मोहोर्** (+आइ)] मोहोर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मोहोराइनु**– क० क्रि० मोहोर्न लाइनु । **मोहोराउनु**– प्रे० क्रि० मोहोर्न लाउनु । **मोहोरिनु**– क० क्रि० छाला, कपडा आदिले छोपिनु; मोहोर्ने काम गरिनु ।

**मोहोरिया**– वि० [मोहोर+इया] मोहोर वा छाप लागेको; छापे; सनद भएको; मोहरिया ।

**मोहोरी**– ना० [√ मोहडा+ई] तोप, बन्दुक आदिको गोली निस्कने मुख; मोहरी ।

**मोहोलो**– ना० बालीनाली नखाओस् भनी बस्तुभाउका मुखमा लगाइदिने जालीदार पेरुङ्गो; मोहलो ।

**मौका**– ना० [अ० मौक] १. काम गर्न सुहाउँदो समय; बेलाबखत । २. अवसर; अनुकूलता; सन्जोग । ~ **तहकिकात**– ना० मौका वा समयमै गरिने खोजतलास । ~ **परीक्षा**– ना० असफल भएको पत्रमा पुनः दिन पाइने परीक्षा; पुनःपरीक्षा ।

**मौक्तिक**– ना० [सं०] मोती ।

**मौखिक**– ना० [सं०] १. मुखसँग सम्बन्धित; मुख, वाणी वा उच्चारणसम्बन्धी; मुखको । २. लिखित रूपमा नगरिएको । ३. मुखले भनेको । ४. वचन वा स्वीकृति दिइएको ।

**मौज**– ना० हे० मोज ।

**मौजा**– ना० [अ० मौज] १. गाउँ; ग्राम । २. जग्गा; जमिन । ३. जिल्ला वा इलाकाको कुनै एक ठाउँ; मौजे ।

**मौजी**– वि० हे० मोजी ।

**मौजुद**– वि० [अङ्०] १. उपस्थित; ठीकठाक; खडा; हाजिर । २. सामुन्ने वा अगिल्तिर रहेको । ३. तयार; प्रस्तुत । > **मौजुदा**– क्रि० वि० यस वेला; वर्तमान समयमा; हाल ।

**मौजे**– ना० [मौजा+ए] मौजा ।

**मौजेनी**– ना० [मैजा+एनी] १. मौजाहरूको फिहरिस्त; मौजाहरूको विवरण । क्रि० वि० २. मौजापिच्छे; हरेक मौजामा ।

**मौज्दात**– ना० [फा०] १. कुल पुँजी; जम्मा भएको मूल धन; मौजात । २. सञ्चित वा जम्माजम्मी धन ।

**मौज्यानी**– ना० १. मौजासँग सम्बन्धित । २. मौजाको समुदाय, मौजेनी ।

**मौञ्जी**– ना० [सं०] ब्रह्मचर्य, तपस्या आदि साधना गर्नाका निम्ति लगाइने मुजका डोरीको कटिसूत्र; मेखला । ~ **बन्धन**– ना० उपनयन संस्कार; व्रतबन्ध ।

**मौद्गल्य**– ना० [सं०] गोत्रप्रवर्तक एक ऋषि । ~ **गोत्र**– ना० मौद्गल्य ऋषिबाट चलेर आएको एक गोत्र; कोइराला, कुइँकेल, उप्रेती, तिमिल्सिना आदिको गोत्र ।

**मौद्रिक**– वि० [सं०] मुद्रासँग सम्बन्धित; मुद्राको । ~ **आचार संहिता**– ना० सीमित क्षेत्रभित्र रहेर बैङ्कहरूले सञ्चालन गर्नुपर्ने कारोबार आदि । ~ **नीति**– ना० मुद्राको विनिमय, स्थिरता, प्रचलन आदिका सम्बन्धमा अँगालिने नीति वा नियम । ~ **विनिमय**– ना० विभिन्न देशका मुद्राको पारस्परिक विनिमय वा सटही । ~ **तरलता**– ना० मुद्रालाई तुरुन्तै वस्तुमा बदल्न सकिने अवस्था; नगदलाई वस्तुमा परिवर्तन गर्ने क्रिया

**मौन**– ना० [सं०] १. मौनीहरूको व्रत वा नियम । २. नबोल्ने नियम वा क्रिया; चुप । ~ **जुलुस**– ना० कुनै कुराको विरोध प्रदर्शन गर्दा नाराबाजी नगरी शान्तिपूर्ण तरिकाले निकालिने जुलुस । ~ **धारण**– ना० चुप लागेर बस्ने काम । ~ **पठन/पाठ**– ना० लिखित सामग्रीलाई श्रवणीय उच्चारणविना ओठ, जिभ्रो नचलाई पढ्ने काम; मनमनैको पढाइ । ~ **वाचन**– ना० आवाज ननिकाली मनमनै पढ्ने काम; मौनपाठ । ~ **व्रत**– ना० नबोल्ने व्रत; चुप रहने व्रत । ~ **व्रती**– वि० मौनव्रत लिएको; नबोल्ने भएर बस्ने; मौनी ।

**मौनी**– वि० [मौन+ई] १. मौनव्रत धारण गर्ने; मौनव्रती; अबोला । ना० २. माघ महिनाको अमावास्या । ३. मुनि ।

**मौरी१**– ना० धापिलो जग्गामा उम्रने, भन्डै उन्यूका जस्ता पात हुने एक किसिमको भार ।

**मौरी२**– ना० [√ माहुरी] माहुरी; माउरी । – **को गोलो**– ना० १. मौरी बस्ने र मौरीले मह काढ्ने थलो । २. टुङ्गो नलागेको स्थिति । ~ **पालन**– ना० महका निम्ति वैज्ञानिक ढङ्गले मौरी पाल्ने उद्योग ।

**मौरो**– ना० धापिलो जमिनमा हुने एक जातको घाँस ।

**मौर्य**– ना० [सं०] चन्द्रगुप्त मौर्यदेखि प्रारम्भ भएको, मगधको प्रसिद्ध एक प्राचीन राजवंश ।

**मौर्वी**– ना० [सं०] १. धनुषको डोरी; परिन्जो; प्रत्यञ्चा । २. मूर्वी घाँसको डोरीबाट बनाइएको कन्धनी ।

**मौल-नु**– अ० क्रि० [प्रा० मउल+नु] राम्ररी सप्रनु; सप्लाउनु; फस्टाउनु; खूब फैलिनु; मौलाउनु ।

**मौलवी**– ना० [अ०] १. इस्लामी धर्मशास्त्रका पुरोहित । २. अरबी, फारसी, उर्दू आदि भाषा पढाउने मुसलमान शिक्षक ।

**मौलश्री**– ना० [सं०] हे० मौलसिरी ।

**मौलसिरी**– ना० [सं० मौलश्री] ससाना सुगन्धी सेता फूल फुल्ने सदाबहार एक वृक्ष; सोही बोटको फूल; मौलश्री; बकुल ।

**मौलाइ**– ना० [√ **मोलाउ** (+आइ)] मौलाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **मौलाइनु**– क० क्रि० बोटबिरुवा आदि सप्रने पारिनु । **मौलाउनु**– अ० क्रि० १. बोटबिरुवा आदि लहलहाउनु; खूब सप्रनु; हरिलोभरिलो हुनु । २. उन्नति हुँदै जानु; बढिबढाउ हुनु ।

**मौलिक**– वि० [सं०] १. मूल वा जडसित सम्बन्धित; मूलभूत । २. मुख्य; प्रधान । ३. कसैको आधार नलिएको; नवीन वा सृजनात्मक । ~ **अधिकार**– ना० कुनै पनि प्रजातान्त्रिक देशको संविधान वा कानुनी परम्पराले त्यस देशका नागरिकहरूलाई प्रदान गरेका मूलभूत अधिकार; मौलिक हक । ~ **कर्तव्य**– ना० मौलिक हक पाएबापत नागरिकले राष्ट्रका प्रति गर्नुपर्ने कर्तव्य । – **ता**–

ना० मौलिक हुनाको भाव वा अवस्था । ~ **रचना–** ना० अरूको अनुवाद, नक्कल आदि नगरी आफ्नै सृजनात्मक प्रतिभाद्वारा तयार पारिएको कथा, कविता, निबन्ध आदि रचना । ~ **हक–** ना० मौलिक अधिकार ।

**मौलिनु–** अ० क्रि० [मौल+इ+नु] सप्रिनु; झाँगिनु; लहलहाइनु ।

**मौलिमणि–** ना० [सं०] १. श्रीपेचमा जडिएको रत्न । २. मस्तकमा पहिरिने मणि ।

**मौली–** ना० [सं०] १. धरती; पृथ्वी । वि० २. शिरमा मुकुट भएको ।

**मौलो–** ना० [सं० मौलि] १. परम्परागत रूपले कोत आदिमा पशुको बलि दिइने कीलो; पशुवध गरिने ठाउँ । २. हात्ती बाँध्ने कीलो; खमारी; खम्बा । ३. दाइँ गर्ने खलाका बीचमा गाडेको खाँबो; मियो ।

**मौवा–** ना० १. लाम्चालाम्चा पात हुने, भाले र पोथी अङ्ग भिन्नभिन्नै फूलमा हुने एक प्रकारको लेकाली वृक्ष । २. महुवा ।

**मौसम–** ना० [अ० मौसिम] १. उपयुक्त वा अनुकूल समय । २. सर्दी, गर्मी आदिका दृष्टिले विभाजित समय; ऋतु; याम । ३. बालीनाली लाउने वा पाक्ने खास समय ।

**मौसमी–** वि० [मौसम+ई, अ० मौसिमी] मौसमसम्बन्धी; मौसमको; ऋतु-ऋतुमा हुने । ~ **रिपोट/विवरण–** ना० जलवायु मापक यन्त्रद्वारा पहिल्याइने मौसमसम्बन्धी विवरण वा तथ्य । ~ **हावा–** ना० मनसुन ।

**मौसुफ–** वि० [अ० मौसूफ] १. प्रशंसा गरिएको; तारिफ गरिएको । सर्व० २. राजा तथा राजपरिवारका अन्य सदस्यहरूलाई निज वा मजकुरका अर्थमा प्रयोग गरिने सम्मानवाची शब्द; मौसूफ ।

**मौसूफ–** वि०/सर्व० [अ०] हे० मौसुफ ।

**मौहूर्तिक–** ना० [सं०] १. ज्योतिषी; गणक । वि० २. मुहूर्तसम्बन्धी ।

**म्याँ–** क्रि० वि० [अ० मू०] १. भेडा, बाख्रा, पाठा आदि कराउँदाको आवाज आउने गरी । ना० २. त्यसरी कराउँदाको आवाज वा ध्वनि ।

**म्याउँ–** ना० [अ० मू०] १. बिरालो (बालबोलीमा) । क्रि० वि० २. बिरालो कराएको आवाज आउने गरी । > **म्याउँचे–** वि० म्याउँम्याउँ गर्ने खालको; म्याउँम्याउँ गरी बोल्ने (मानिस) । स्त्री० माउँची । **– म्याउँ–** ना० १. डराएर थुरथुर हुने चाल वा बिस्तारै बोल्ने काम । क्रि० वि० २. लगातार म्याउँको आवाज निकालेर ।

**म्याक्सी–** ना० [अङ्०] गलादेखि गोडासम्म छोप्ने खालको एउटै जनाना पोसाक ।

**म्याग्दी–** ना० नेपालको धवलागिरि अञ्चलअन्तर्गत रहेको एक जिल्ला ।

**म्याग्मा–** ना० पृथ्वीभित्र रहेको वा जमिनमुनिको पग्लेको चट्टान ।

**म्याङ्लुङ–** ना० [लि० म्याङ (ढुङ्गो)+लुङ (बिरालो)] १. नेपाल अधिराज्यको कोसी अञ्चलअन्तर्गत तेह्रथुम जिल्लामा पर्ने एक प्रसिद्ध सिंहवाहिनी देवी । २. सोही देवीको स्थान रहेको ठाउँ ।

**म्याच–** ना० [अङ्०] १. फुटबल, भलिबल आदिको प्रतियोगितात्मक खेल । २. सलाई । ~ **फ्याक्टरी–** ना० सलाई बनाउने कारखाना (जस्तो– जुद्ध म्याच फ्याक्टरी) ।

**म्याट्रिक–** वि० [अङ्० मेट्रिक्स] १. दशमलव प्रणालीले नाप्ने वा जोख्ने (प्रणाली) । ना० २. प्रवेशिका परीक्षा; एस.एल.सी.; म्याट्रिकुलेसन । > **म्याट्रिकुलेसन–** ना० विश्वविद्यालयमा प्रवेश पाउर्नका निम्ति उत्तीर्ण गर्नुपर्ने परीक्षा; एस.एल.सी. ।

**म्याद–** ना० [अ० मीयाद] १. कुनै कामकुराका निम्ति तोकिएको समयावधि; अन्तिम मिति; हद वा सीमा । २. प्रतिवादीलाई तोकिएको समयभित्र प्रतिउत्तर लिई हाजिर हुन आउनू भनी पठाइने पुर्जी; समन; इतलायनामा ।

**म्यादी–** वि० [म्याद+ई] म्याद भएको; अस्थायी । ~ **जरो–** ना० आँठेजरो (टाइफाइड) । ~ **मलाहा–** ना० वर्षायामका लागि मात्र हुलाक वस्तु नदीमा वारपार गराउन व्यवस्था गरिएको माझी ।

**म्यान–** ना० [फा० मियान] तरबार राख्ने दाप वा खोल ।

**म्याना–** ना० [फा० मियान] प्रायः चार जनाले बोक्ने, ठूलो सन्दुकका आकारको सवारी साधन; उलिन्काठ; तामदान; पालकी ।

**म्यानेजर–** ना० [अङ्०] कुनै संस्थान, निगम, भोजनालय आदिका मुख्य व्यक्ति वा पदाधिकारी; प्रबन्धक; व्यवस्थापक ।

**म्यानेजिङ–** वि० [अङ्०] कामको प्रबन्ध गर्ने; कामको व्यवस्थासम्बन्धी । ~ **एजेन्ट–** ना० सम्बन्धित ठाउँहरूमा गई प्रबन्ध मिलाउने व्यक्ति; प्रबन्ध मिलाउने गुमस्ता । ~ **डाइरेक्टर–** ना० महाप्रबन्धक; प्रमुख व्यवस्थापक ।

**म्यान्जो–** ना० लामो बसिबियाँलो ।

**म्यारिड-प्रिन्ट–** ना० [अङ्०] चलचित्रकलामा दृश्य र ध्वनिको सम्मिश्रण गरिएको रिल ।

**म्युजियम–** ना० [अङ्०] १. ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा सार्वजनिक महत्त्वका मूर्ति, कला आदिको सङ्ग्रहालय; अजायबघर । २. राष्ट्रिय सङ्ग्रहालय ।

**म्युनिसिपल–** वि० [अङ्०] नगरपालिकासम्बन्धी । > **म्युनिसिपलिटी–** ना० नगरपालिका ।

**म्रियमाण–** वि० [सं०] मर्न लागेको; मरणोन्मुख ।

**म्लान–** वि० [सं०] १. ओइलाएको; सेलाएको; थाकेको । २. कमजोर; निर्धो; दुर्बल । ३. उदास; खिन्न । ४. फोहोर; मैलो । **– ता–** ना० म्लान हुनाको भाव, क्रिया वा अवस्था ।

**म्लेच्छ–** वि० [सं०] १. संस्कृत भाषा नबोल्ने (जाति); अनार्य जाति । २. आर्य धर्मको पालना नगर्ने । ३. नीच; अधम । ४. पापी । ५. फोहोरी ।

**म्वाइँ–** ना० प्यारो गरेर कसैको गाला आदि कुनै अङ्ग चुम्ने काम; चुम्बन । ~ **खानु–** ट० १. चुम्बन गर्नु । २. अतिशय प्यार देखाउनु

**म्वाल्या–** वि० धेरै; थुप्रै; मनग्य; प्रशस्त ।

# य

**य**–१. देवनागरी वर्णमालाका व्यञ्जनवर्णमध्ये छब्बीसौं वर्ण; तालव्य, अन्तःस्थ, सघोष, अल्पप्राण अर्धस्वर (इकार र अकारको सन्धि) । २. लेख्य रूपमा सो ध्वनि वा वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; बूढो य ।

**यँका**– ना० [नेवा०] तारबाजामध्येको एक बाजा ।

**यचाँ**– ना० [नेवा०] नरिवल, सुपारी आदि ताछ्ने हतियार ।

**यकार**– ना० [सं०] अन्तःस्थ वर्णसमूहको पहिलो अक्षर; 'य' अक्षर ।

**यकिन**– ना० [अ० यकीन] कथ्य० यक्किन पनि ।१. कुनै कामकुराको पक्कापक्की; निधो; ठहर; अठोट । २. विश्वास; पत्यार । >**यकिनन्**– क्रि० वि० १. विश्वासपूर्वक; ठहर्‍याएर । २. निस्सन्देह; अवश्य नै ।

**यकृत्**– ना० [सं०] पेटभित्र फोक्सोमनि दायाँपट्टि रहने एक भित्री अङ्ग; कलेजो (जसले खाएका वस्तुहरू पाचन गर्दछ) ।

**यक्ष**– ना० [सं०] देवयोनिका विविध भेदमध्ये एक । २. कुबेरका प्रजागण । ३. कुबेर । ४. राईजातिको एक भेद; याखा । – **पति** – ना० यक्षहरूको राजा; कुबेर । ~ **प्रश्न** – ना० ज्यादै कठिन प्रश्न; उत्तर दिन नसके ज्यान दिनुपर्ने सवाल । ~ **मल्ल** – ना० भक्तपुरमा वि०सं० १४८४-देखि १५३४-सम्म पचास वर्ष उपत्यका र त्यसका अधीनस्थ इलाकाको शासन गर्ने मल्लकालीन एक राजा । – **राज** – ना० कुबेर । >**यक्षिणी**/**यक्षी**– ना० १. यक्षजातिकी स्त्री; यक्ष नारी । २. कुबेरकी स्त्री । ३. दुर्गाको एक अनुचर शक्ति ।

**यगण**– ना० [सं०] छन्दशास्त्रअनुसार प्रत्येक तीन अक्षरमा पहिलो लघु र पछिल्ला दुई गुरु पर्ने एक गण; छन्दशास्त्रमा ISS चिह्नद्वारा सङ्केत गरिने एक गण ।

**यजन**– ना० [सं०]१. यज्ञ, होम आदि गर्ने काम । २. यज्ञस्थान ।

**यजमान**– ना० [सं०]१. वैदिक विधिद्वारा ब्राह्मणमार्फत यज्ञ आदि धार्मिक कार्य गर्ने व्यक्ति; यजमान । २. यज्ञ गर्नेगराउने व्यक्ति; यष्टा; कर्ता । ३. महादेवका अष्टमूर्तिमध्ये एक । >**यजमानी** – ना० १. यजनक्रिया; पुरोहित्याइँ; पुरेत्याइँ; जजमानी । २. यजमानकी पत्नी; जजमान्नी ।

**यजु**– ना० [सं०] चार वेदमध्येको दोस्रो वेद; यजुर्वेद ।

**यजुर्वेद**– ना० [सं०] प्रसिद्ध चार वेदमध्ये यज्ञयागादिका विधिको विस्तृत वर्णन भएको एक वेद वा शुक्लयजुर्वेद र कृष्ण-यजुर्वेद दुई भेदमा विभक्त दोस्रो वेद; चार वेदमध्येको एक वेद; यजुः । > **यजुर्वेदी**– वि० १. यजुर्वेदअनुसार कार्य गर्ने; यजुर्वेदका विधिहरूको पालन गर्ने; यजुर्वेद जान्ने । ना० २. ब्राह्मण, क्षत्रिय आदिको एक शाखा । **यजुर्वेदीय**– वि० १. यजुर्वेदसम्बन्धी; यजुर्वेदको । २. यजुर्वेद जान्ने; यजुर्वेदी । ३. यजुर्वेदअनुसार काम गर्ने ।

**यज्ञ**– ना० [सं०]१. देवताहरूको प्रसन्नताका लागि वैदिक विधिले गरिने हवन, पूजन, जप, पाठ आदि धार्मिक कार्य । २. दान, धर्म, लोकोपकार आदि उद्देश्यले गरिने शुभ कार्य । ३. अग्निदेवता । ४. विष्णु । ~ **कर्म**– ना० हवन आदि गरिने कार्य; यज्ञ । ~ **कुण्ड**– ना० वैदिक विधिले अग्निसंस्कार गरी हवन गर्नका निम्ति आगो बाल्ने खाडल; होमको आगो बाल्ने कुण्ड । – **पति**– ना० १. विधि जान्ने ब्राह्मणलाई बोलाई वैदिक विधानले यज्ञ गराउने व्यक्ति; यजमान । २. विष्णु । – **पशु**– ना० यज्ञमा बलि चढाइने मृग, छाग आदि पशु । – **पात्र**– ना० यज्ञयागादिका काममा उपयोग गरिने, विभिन्न प्रकारका धातु, काठ आदिका भाँडाबर्तन (सुरो, घृतपात्र, चरुपात्र, चमर आदि) । – **भूमि**– ना० यज्ञ गर्नाका लागि तयार गरिएको ठाउँ; यज्ञस्थल । ~ **मण्डप**– ना० यज्ञ गर्नका निम्ति ध्वजा, पताका, तोरण, चौकाचँदुवा आदिद्वारा सुसज्जित गरिएको मण्डप । – **शाला**– ना० १. यज्ञ गरिने घर वा स्थान । २. यज्ञमण्डप । – **शेष**– ना० यज्ञ गरेर बाँकी रहेको वस्तु; यज्ञमा प्रयोग गरेर बचेको सामान । – **सूत्र**– ना० जनै; यज्ञोपवीत । > **यज्ञागार**– ना० यज्ञशाला । **यज्ञाङ्ग**– ना० १. यज्ञका सरसामान । २. डुम्री वृक्ष । **यज्ञीय**– वि० १. यज्ञसम्बन्धी । २. यज्ञका निम्ति उपयुक्त । **यज्ञेश्वर**– ना० यज्ञका स्वामी; विष्णु ।

**यज्ञोपवीत**– ना० [सं०]१. द्विजजातिले गलामा धारण गर्ने यज्ञसूत्र; जनै । २. यज्ञोपवीत धारण गर्नका निम्ति गरिने संस्कार; उपनयन; व्रतबन्ध । ~ **संस्कार**– ना० उपनयनसम्बन्धी संस्कार; व्रतबन्ध ।

**यता**– क्रि० वि० [सं० अत्र] उताको विपरीत पर्नेतिर; यसतर्फ; आफूतिर; वर । ~ **उता**– क्रि० वि० १. यता र उता; वरिपरि; जतासुकै । २. यतै आसपासमा; नजिकै; छेउछाउमा । ना० ३. गोलमाल; हराई वा मासिई भएको हिनामिना । वि० ४. छरपुस्ट; छरिएको । ५. छारस्ट; नष्ट । ~ **उति**– क्रि० वि० १. यतै वरिपरि; अगलबगल; नजिकै; वरतिर-परतिर । २. जतातत्तै; सर्वत्र । वि० ३. जतासुकै अस्तव्यस्त रूपमा छरिएको; लथालिङ्ग भएको । ना० ४. काम महत्त्वपूर्ण नभए पनि त्यसका लागि गरिने अलमल । ५. हानिनोक्सानी; हरहिसाबमा भएको हिनामिना । ~ **न उता**– क्रि० वि० अलपत्र; कतै पनि नहुने चालमा ।

**यति**१– ना० [सं०]१. सन्न्यास धारण गरेको योगी; सन्न्यासी । २. ब्रह्मचर्यमा रहेको व्यक्ति; ब्रह्मचारी । ३. वार्णिक छन्दका कवितामा पद, वाक्य आदिमा विश्राम गर्ने ठाउँ; विराम । ४.

रोकिने काम; अडान ।

**यति२**– वि० [यो+ति] १. गनिएर, नापिएर वा तौलिएर कुनै वस्तु खास परिमाणमा पुगेको; योजति; यो परिमाणबराबर; यत्ति । २. अत्यन्त धेरै वा थोरै । क्रि० वि० ३. थोरै; अलिकति । – **को**– वि० १. आवश्यकताभन्दा पनि बढ्ता; यति धेरै; प्रशस्त । २. योजतिको; यतिसम्मको । – **खेर**– क्रि० वि० यति बेला; यस समयसम्म; अहिलेको समयमा । > **यतिन्जेल**– क्रि० वि० १. यस समयसम्म; अहिलेसम्म । २. यति लामो समयसम्म; यतिबेरसम्म; यतिन्ज्याल । **यतिन्ज्याल**– क्रि० वि० यतिन्जेल ।

**यति भङ्ग**– ना० [सं०] वार्णिक छन्दमा निश्चित ठाउँको अडानलाई पालन नगर्दा पर्न आउने छन्ददोष; आवश्यक ठाउँमा विश्रान्ति नपर्दा हुने दोष; यतिभङ्ग हुँदा हुने एक काव्यदोष ।

**यती**– ना० [भो०ब०] १. हिमालमा रहने, मनुष्यको जस्तै आकारको मानिएको एक प्रसिद्ध प्राणी; हिममानव; सोक्पा । २. वनझाँक्री ।

**यत्किञ्चित्**– क्रि० वि० [सं०] कुनै पनि वस्तुको थोरै मात्रामा; थोरबहुत; अलिकति ।

**यत्ति**– वि० [यति] १. यति । २. यति नै । – **का**– वि०/क्रि० वि० यतिका । – **को**– वि० १. योजत्तिको; यसबराबरको; यतिले भेटेसम्मको । २. यति धेरै; प्रशस्त; यत्रो । ३. यति थोरै; कम्ती । – **खेर**– क्रि० वि० यति नै समयमा; यतिखेर ।

**यत्न**– ना० [सं०] १. कुनै पनि उद्देश्य पूरा गरिने कार्य; प्रयास; चेष्टा; उद्योग; कोसिस; जमर्को । २. बिग्रिन, नासिन नपाओस् भनी गरिएको हिफाजत; जतन । ३. फारोतिनो गर्नका लागि गरिएको सञ्चय; बचोट; सङ्ग्रह । – **तः**– क्रि० वि० प्रयासका साथमा । – **वान्**– वि० यत्न गर्ने; यत्नशील । – **शील**– वि० मिहिनेत गर्ने स्वभावको; यत्नवान्; मिहिनेती ।

**यत्निखेर**– क्रि० वि० [यति+नै+खेर] १. ठीक यसै समयमा; यति नै बेला । २. अहिले ।

**यत्र**– क्रि० वि० [सं०] यहाँ (समासको आरम्भमा 'तत्र'सँग जोडिएर मात्रै प्रयोग हुने, जस्तै– यत्रतत्र) । – **तत्र**– क्रि० वि० १. जहाँसुकै पनि; जतातत; सबैतिर । २. विभिन्न ठाउँमा । ३. जथाभावी; छरपुस्ट । – **तत्र सर्वत्र**– क्रि० वि० १. यहाँ र वहाँ मात्र नभई जतासुकै पनि; जतातत । २. सबैतिर ।

**यत्रैसित/यत्रैसिति**– वि०बो० [यत्रो+इ+सित/(इ)] केही पर्बाह छैन; केको मतलब; भुत्रैसित; कन्डैसित ।

**यत्रो**– वि० [यो+त्रो] १. यस परिमाणभरिको; योजत्रो । सर्व० २. यो (अश्लील अर्थमा, जस्तै– यत्रो खा !) । वि० बो० ३. खेद, पछुतो, असफलता आदि जनाउँदा प्रायः वाक्यको अन्तमा प्रयोग गरिने शब्द । (उदा०– कति चेष्टा गरे पनि सकिएन, यत्रो !) ।

**यथा**– क्रि० वि० [सं०] १. जस्तै; जुन प्रकारको । २. जसरी; जहाँसम्म; जतिसम्म । – **कथित**– वि० १. भनेजति; भनिएबमोजिम । क्रि० वि० २. भनिएबमोजिम गरी । – **क्रम**– क्रि० वि० क्रमबद्ध ढङ्गले; सिलसिला मिलाएर; क्रमानुसार । – **तथा**– क्रि० वि० १. जथाभावी; जथानाम । २. जसरीतसरी । – **तथ्य**– क्रि० वि० सही किसिमले; सत्यतापूर्वक । – **पूर्व**– वि० १. परम्परादेखि चलेअनुसारको । २. पहिलेजस्तै; जस्तो थियो त्यस्तै । क्रि० वि० ३. पहिले जस्तै गरेर । – **भाग**– क्रि० वि० १. भागअनुसार; भागशान्तिले भेटेसम्म; भाग लगाएमुताबिक । वि० २. भागअनुसारको । – **योग्य**– क्रि० वि० १. जसो उचित ठहर्छ उसै । वि० २. जसलाई जे ठीक सुहाउँछ उसलाई त्यस्तै; यथोचित ।

**यथार्थ**– वि० [सं०] १. जस्तो हुनुपर्थ्यो त्यस्तै; जस्ताको तस्तै । २. ठीक; उचित । ३. सही; साँचो; सत्य; खास । ना० ४. वास्तविकता; साँचोपन । – **तः**– क्रि० वि० साँच्चै भन्ने हो भने; वास्तवमा । – **ता**– ना० यथार्थ हुने गुण वा प्रक्रिया; वास्तविकता; सत्यता । – **वाद**– ना० १. वस्तुजगत्को अस्तित्वलाई नै सर्वेसर्वा स्वीकार गर्ने एक दार्शनिक मत; वस्तुसत्यमा विश्वास राख्ने एक अनीश्वरवादी सिद्धान्त । २. जीवन र जगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने एक साहित्यिक मान्यता; जीवन र जगत्का बीचका सम्बन्धले मान्छेका जीवनमा देखापर्ने र वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्य । – **वादी**– वि० १. यथार्थवादको अनुसरण गर्ने; यथार्थवादको अनुयायी । २. यथार्थवादसम्बन्धी ।

**यथावत्**– क्रि० वि० [सं०] यसभन्दा पहिले जस्तो रूप र अवस्थाको थियो त्यस्तै; पहिलेको जस्तै; पूर्ववत् ।

**यथावसर**– वि० [सं०] १. समयअनुसारको । क्रि० वि० २. समयसुहाउँदो किसिमले ।

**यथाविधि**– क्रि० वि० [सं०] १. विधि-विधानअनुसार; नियमपूर्वक; रीत पुऱ्याएर । वि० २. विधिअनुसारको; रीत पुगेको ।

**यथाशक्ति**– वि० [सं०] १. क्षमताले भ्याएसम्मको; गच्छेअनुसारको; औकातले पुगेसम्मको । क्रि० वि० २. क्षमताले वा औकातले भ्याएसम्म ।

**यथाशक्य**– क्रि० वि०/वि० [सं०] यथाशक्ति ।

**यथासङ्ख्य**– ना० [सं०] १. अलङ्कारशास्त्रका मतमा पहिले कुनै वस्तुको वर्णन गरेर पछि क्रमशः तिनका उपमान वा आरोपित वस्तु आदिको वर्णन गरिएमा पर्न आउने एक अर्थालङ्कार । वि० २. सङ्ख्याअनुसारको; क्रमैसँगको । क्रि० वि० ३. सङ्ख्याअनुसार; सङ्ख्यामाफिक ।

**यथासमय**– क्रि० वि० [सं०] जुन काम जतिखेर भए ठीक हुन्छ त्यसै समयमा; निश्चित समयमा; निर्धारित समयमा ।

**यथासम्भव**– क्रि० वि० [सं०] हुन सकेसम्म; भियाएसम्म; भरसक; हुनेसम्म ।

**यथासाध्य**– क्रि० वि० [सं०] साध्य भएसम्म; जति साध्य हुन्छ त्यति; यथासम्भव ।

**यथास्थान**– क्रि० वि० [सं०] जुन ठाउँमा ठीक पर्छ त्यसै ठाउँमा; उचित स्थानमा ।

**यथास्थित–** वि० [सं०] पहिलेझैँ रहेको; यथावत् रहेको ।

**यथास्थिति–** ना० [सं०] पहिलेको जस्तै स्थिति; यथावत् अवस्था । **– वाद–** ना० पूर्वधारणाअनुसार जुन मतमा विश्वास गर्दै आइएको छ त्यसबाट विचलित नभई स्थिर रहने एक सिद्धान्त; स्थिति जस्तो थियो वा छ त्यस्तै रहोस् भन्ने मत; कट्टरतावाद । **– वादी–** वि० यथास्थितिवादको अनुसरण गर्ने; यथास्थितिवाद-सम्बन्धी ।

**यथेच्छ–** क्रि० वि० [सं०] १. इच्छा भएअनुसारको; मनमाफिक; चिताएबमोजिम । वि० २. पर्याप्त; पुग्दो; चिताएबमोजिमको । > **यथेच्छाचार–** ना० १. इच्छाअनुसारको आचरण; अनुशासन वा मर्यादालाई वास्ता नगरी जथाभावी गरिने चालचलन । २. मनोमानी गर्ने काम; उच्छृङ्खल व्यवहार । **यथेच्छाचारी–** वि० १. जे गर्न मन लाग्छ त्यही काम गर्ने; कुनै नियम र अनुशासनको पालन नगर्ने; स्वेच्छाचारी ।

**यथेप्सित–** वि० [सं०] चाहेअनुसारको; यथेच्छ ।

**यथेष्ट–** वि० [सं०] ना० १. चिताएजति; चाहेअनुसारको; पर्याप्त । क्रि० वि० २. इच्छाबमोजिम; मनमाफिक ।

**यथोक्त–** वि० [सं०] पहिले जस्तो बताइएको छ त्यस्तो; नियमबमोजिमको; कथनानुसारको; भनेजस्तो ।

**यथोचित–** वि० [सं०] १. जस्तो भए ठीक हुन्छ त्यस्तो; जस्ताको तस्तो । २. जति भए पुग्छ त्यति; यथायोग्य; समुचित । क्रि० वि० ३. उचित किसिमले ।

**यदा–** क्रि० वि० [सं०] जहिले; जुन समयमा; जतिखेर । **– कदा–** क्रि० वि० कहिलेकाहीँ; कुनैकुनै समयमा; आकलझुकल ।

**यदि–** क्रि० वि० [सं०] सम्भावनाले गर्दा; संयोगले गर्दा; भने (जस्तै– यदि राम विद्वान् हो त श्याम पनि विद्वान् हो) ।

**यदु–** ना० [सं०] महाभारतमा वर्णित राजा ययातिका जेठा छोरा; यदुवंशका प्रवर्तक राजकुमार । **– वंश–** ना० महाभारत आदिमा वर्णित राजा ययातिका छोरामध्ये जेठा छोरा यदुबाट प्रवर्तन भएको वंशपरम्परा; श्रीकृष्ण जन्मेको कुल; यादववंश ।

**यदृच्छया–** क्रि० वि० [सं०] १. जस्तो चिताइएको छ त्यसैअनुसार; कुनै नियम वा कारण नभईकन; मनलाग्दो किसिमले; स्वेच्छया । २. संयोगवश; अकस्मात्; अपर्झट ।

**यदृच्छा–** ना० [सं०] १. इच्छाअनुसारको क्रियाकलाप; स्वेच्छाभाव; मनमानीपन । २. आकस्मिक संयोग । > **यदृच्छित–** क्रि० वि० चिताएजस्तै; स्वेच्छापूर्वक; मनलाग्दो ।

**यद्यपि–** संयो० [सं०] यसो भए तापनि; हुन ता । (उदा०– यद्यपि ऊ मेरो नातेदार होइन, तर म उसलाई प्रेम गर्छु) ।

**यद्वा–** संयो० [सं०] अथवा; वा; या । **– तद्वा–** क्रि० वि० जथाभाबीसँग ।

**यन्त्र–** ना० [सं०] १. कलपुर्जा आदिबाट चल्ने कुनै उपयोग्य वस्तु; मेसिन । २. तान्त्रिक विधिअनुसार देवदेवीका नाम, अक्षर, चित्र आदि लेखेर बनाइएको, उपासक वा रोगीले धारण गर्ने वस्तु; जन्तर । ३. वाद्य; वाद्ययन्त्र । ४. सन्दुस, ढोका आदिमा लगाइने ताल्चा । ५. जुनसुकै कार्यमा प्रयोग हुने औजार; साधन । ६. प्रणाली; पद्धति । ~ **कला–** ना० यन्त्रलाई उपयुक्त ढङ्गले सञ्चालन गर्ने विद्या; यन्त्र चलाउने ज्ञान, प्रविधि वा सीप । ~ **गृह–** ना० यन्त्र राख्ने घर वा कोठा । ~ **चातुर्य–** ना० यन्त्रलाई जडान गर्ने, सञ्चालन गर्ने आदि ज्ञान; यन्त्रसञ्चालनको योग्यता; कालिगडी । ~ **चालित–** वि० यन्त्रद्वारा चलाइएको; यन्त्रले चलाइएको (कारखाना, भट्टा, मिल आदि) । **– ज्ञ–** वि० १. यन्त्रनिर्माण गर्न, मर्मत गर्न वा सञ्चालन गर्न जान्ने; यन्त्रसम्बन्धी ज्ञान भएको । २. नियन्त्रण वा बन्देजमा राख्ने; बन्धनमा पार्ने । ३. यन्त्रविद्याको ज्ञाता । ना० ४. मिस्त्री; कालिगड । > **यन्त्रणा–** ना० १. कसैलाई दिइने यातना; सास्ती । २. वेदना; पीडा; कष्ट । ~ **मन्त्र–** ना० १. टुनामुना; तन्त्रमन्त्रद्वारा गरिने मोहनी; वशीकरण । २. झारफुक । ३. यन्त्र र विधिविधानद्वारा जन्तर बाँध्ने काम । **– विद्–** ना० यन्त्रसम्बन्धी वा यन्त्रविज्ञानको ज्ञान भएको व्यक्ति; यन्त्रज्ञ । ~ **विद्या–** ना० यन्त्रनिर्माण गर्ने वा चलाउने विद्या; यन्त्रसम्बन्धी शास्त्र । **– शाला–** ना० १. यन्त्रद्वारा काम गर्न मिसिन जडान गरिएको ठाउँ; कलघर; इन्जिनघर; यन्त्रगृह । २. ग्रहनक्षत्रको गति-स्थिति अध्ययन गर्ने यन्त्र जडान गरिएको ठाउँ; वेधशाला । ~ **शास्त्र–** ना० यन्त्रसञ्चालन गर्ने विधिको निर्देशन गर्ने शास्त्र; यन्त्रनिर्माण गर्ने विज्ञान; यन्त्रविद्या । ~ **सज्जित–** वि० सामरिक महत्त्वका सम्पूर्ण हातहतियारयुक्त; आधुनिक सामरिक उपकरणयुक्त (सेना) । > **यन्त्रालय–** ना० यन्त्रगृह; यन्त्रशाला । **यन्त्रित–** वि० यन्त्र जडिएको ।

**यपलाङ कोगे–** ना० [भो० ब०] मुगु जिल्लाका तामाङ युवायुवतीले प्रतिवर्ष हिउँदमा एकपल्ट र वर्षामा एकपल्ट जाँडरक्सी खाई रातभर नाचगान गरी मनाउने चाड ।

**यम–** ना० [सं०] १. मान्छे मरेपछि पाप र पुण्यको परीक्षा गरी स्वर्ग वा नरकको फल प्रदान गर्ने भनिएका देवता; यमराज; धर्मराज । २. सूर्यकी विवाहिता पत्नी संज्ञाका पुत्र; दक्षिणदिशाका स्वामी । ३. जुम्ल्याहा; यमज । ४. अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह-यति पाँचवटा तत्त्व पालन गर्नाले पूर्ण हुने अनुशासन । ५. अष्टाङ्ग योगमध्येको पहिलो योग । ६. गति । ७. सद्गति; मृत्यु । ८. आयतनको हिसाबबाट आठौँ ग्रह ।

**यमक–** ना० [सं०] समान पद वा ध्वनि लगातार एकै वाक्य वा पद्यमा दोहोरिँदा पर्ने एक शब्दालङ्कार (जस्तै– मकल-कल, शिशिर-शिर इ०) ।

**यमज–** वि० [सं०] १. एकै गर्भबाट एकै समयमा जन्मेका; युगल; जुम्ल्याहा । ना० २. एकै पल्ट एउटै गर्भबाट जन्मेका जोडी बच्चा; जुम्ल्याहा । ३. अश्विनीकुमार; स्वर्वैद्य ।

**यमदण्ड–** ना० [सं०] १. यमराजले लिने दण्ड; कालदण्ड । २.

असह्य प्रहार । ३. मानिसका निधारमा रहने दुई प्रकारका रेखामध्ये एक ।

**यमदूत–** ना० [सं०] १. धर्मराजका आज्ञाले पापात्माहरूलाई यातना दिने काममा खटिएका दूत; धर्मराजका प्यादा । २. काग ।

**यमद्वार–** ना० [सं०] १. यमराजको दरबारको ढोका । २. मृत्युको मुख ।

**यम द्वितीया–** ना० [सं०] कार्तिक शुक्लपक्षको द्वितीया; यमपञ्चकको अन्तिम दिन; भाइटीका ।

**यम पञ्चक–** ना० [सं०] कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मका पाँच दिन; कागतिहारदेखि भाइतिहारसम्मका पाँच दिन ।

**यमपाश–** ना० [सं०] १. पापीहरूलाई बाँधेर नरकतिर घिस्याउने पासो; यमराजको पासो । २. ठूलो सास्ती; कठोर यातना । ३. मृत्यु; काल ।

**यमपुरी–** ना० [सं०] १. धर्मराज यमको लोक; यमराजको नगरी । २. नरक; रौरव आदि अनेक नरकलोक ।

**यमयातना–** ना० [सं०] नारकीय यातना; नरकको कठोर सास्ती ।

**यमराज–** ना० [सं०] मान्छे मरेपछि उसका शुभाशुभ कर्मको छानबिन गरी उपयुक्त फल प्रदान गर्ने देवता; पितृलोकका अधिदेवता; धर्मराज; यम ।

**यमल–** वि० [सं०] एउटै गर्भबाट एकै बेतमा जन्मिएका; जुम्ल्याहा । २. युगल; जोडा; जोर ।

**यमलोक–** ना० [सं०] १. मरिसकेपछि जीवले जानुपर्ने भनिएका लोकहरूमध्ये एक लोक; यमपुरी; धर्मनगर । २. नरक ।

**यमुना–** ना० [सं०] १. यमराजकी बहिनी; सूर्यकी छोरी । २. पश्चिमोत्तर भारतबाट बहेर प्रयागमा आई गङ्गाजीमा मिल्ने एक प्रसिद्ध नदी; जमुना । > **यमुनोत्तरी–** ना० बदरिकाश्रमको उत्तरतिर पर्ने हिमाल; यमुना नदीको उद्गमस्थल ।

**ययाति–** ना० [सं०] नहुष राजाका छ भाइ छोरामध्ये माहिला छोरा; यदु, पुरु, अनु आदिका पिता; चन्द्रवंशका एक प्रसिद्ध राजा; शर्मिष्ठा र देवयानीका पति; शुक्राचार्य र वृषपर्वाका जुवाइँ ।

**यर्सी–** ना० [भो० ब०] उखु पेल्ने लामो काठको खम्बा ।

**यव–** ना० [सं०] १. देवपितृकार्यका लागि पवित्र मानिने अन्नमध्ये एक; जौ । २. वास्तु तथा मूर्तिकलामा प्रयुक्त, एक जौबराबरको नापो वा तौल । ३. हस्तरेखा-विज्ञानअनुसार हत्केला वा पैतालाका जौ आकारका रेखा । **– क्षार–** ना० औषधीका लागि प्रयोग हुने, जौको बोट पोलेको खरानी; जवाखार । **– द्वीप–** ना० जाभाद्वीपको पुरानो नाम ।

**यवन–** ना० [सं०] १. युनान देशको आयोनिया प्रान्त वा त्यसैको निवासी । २. युनानी जाति । ३. पछि गएर मुसलमान, क्रिस्तानजस्ता विधर्मी विदेशीहरूका लागि प्रयोगमा आउन थालेको शब्द । ४. शीघ्र गति; छिटो चाल । ५. घोडा । > **यवनिका–** ना० नाटकप्रदर्शन गरिने मञ्चमा दृश्यपरिवर्तन वा नाटकसमापन गर्दा लगाइने पर्दा; जवनिका ।

**यश–** ना० [सं०] १. राम्रो काम गर्नेले पाउने इज्जत; सुकीर्ति; राम्रो ख्याति । २. प्रशंसा; तारिफ । > **यशस्कर–** वि० राम्रो कीर्ति वा प्रसिद्धि हुने; नाम चल्ने । **यशस्वान्–** वि० राम्रो यश भएको; यशशाली । **यशस्वी–** वि० ठूलो यश प्राप्त गरेको; कीर्तिमान कायम गरेको; प्रसिद्धि पाएको । **यशोगाथा–** ना० कसैको सत्कार्यको गुणगान गर्ने काम; यशको महिमावर्णन ।

**यशोधरा–** ना० [सं०] गौतम बुद्धकी धर्मपत्नी; राहुलकी आमा; गोपा ।

**यष्टि/यष्टी–** ना० [सं०] १. लट्ठी । २. लाठो; लौरो । ३. रूखहरूको हाँगो; शाखा । ४. वास्तु तथा मूर्तिकलामा सत्तरी अमलबराबरको नापोलाई बुझाउने शब्द; सत्तरी इन्चको नापो । ५. जेठीमधु ।

**यस–** सर्व० [प्रा० एअस्स < सं० एतस्य] 'यो' सर्वनाम तिर्यक् रूपमा परिणत हुँदा बन्ने रूप; 'जो'-बाट 'जस', 'त्यो'-बाट 'त्यस' बनेझैँ 'यो'-बाट बन्ने रूप (यसले, यसमा, यसको, यसबाट आदि) । ~ **उसले–** क्रि० वि० यसकारण; यसो हुनाले; यसनिम्ति । > **यसरी–** क्रि० वि० यस प्रकारले; यसो गरेर; यस किसिमले । **यसै–** क्रि० वि० १. यसो नै; यस प्रकारले नै । २. यस किसिमले; यही तरिकाले । ३. खास कारण नभई; उसै । ४. मोल नलिईकनै; सित्तैं ।

**यसो–** क्रि० वि० [यस+ओ] १. यस किसिमले; यसरी । (उदा०– यसो नचल भनेको उसले मानेन) । २. यता । (उदा०– त्यस खोलादेखि यसो मेरो हक छ ।) ३. खरखरी; कामचलाउ किसिमले । (उदा०– मैले उसलाई चिनेको छैन, यसो बाटामा देखेको मात्रै हुँ ।) । वि० ४. यस्तो । (उदा०– यसो नभन् ।) । ~ **उसो–** क्रि० वि० १. जस्तोसुकै प्रकारले; अल्याङमल्याङ गरेर; जस्तोसुकै भए पनि । ना० २. अलमल; अल्याङमल्याङ । ३. हाहो; हाटहुट । ४. आवश्यक साधारण वस्तुहरू; जेतेमेते । ५. सामान्य कामहरू; अगडमबगडम । ~ **त्यसो–** क्रि० वि०/ना० यसोउसो । > **यसोरी–** क्रि० वि० यसो गरेर; यसरी ।

**यस्तरी–** क्रि० वि० [यस्तो +गरी] १. यस्तो किसिमले; यस्तो गरी; यसरी; यसोरी । २. यति धेरै; औधी; यति विधि ।

**यस्तै–** वि० [यस्तो+ऐ] १. यो जस्तो छ त्यस्तै; यसै किसिमको । क्रि० वि० २. यस्तै गरी; यही तरिकाले ।

**यस्तो–** वि० [यो+जस्तो] योजस्तो; यसै किसिमको; यहीजस्तो । ~ **उस्तो–** वि० १. योजस्तो र ऊजस्तो; यस्तो र उस्तो । २. साधारण किसिमको; मामुली खालको; चानचुने । ३. जथाभाबी; अव्यवस्थित ।

**यहाँ–** क्रि० वि० [सं० इह] १. नजिकको कुनै निश्चित र निर्दिष्ट ठाउँमा; यसै ठाउँमा । २. यता; यहाँनिर; वरतिर । सर्व० ३. तपाइँ; हजुर; आफू । ४. यी महानुभाव; उहाँ; वहाँ । > **यहीँ–** क्रि० वि० १. यसै ठाउँमा; यहाँ नै । सर्व० २. यहाँ स्वयम्;

तपाईं नै ।

**यही**– वि० ⁄ सर्व० [यो+ई] धेरैवटा वस्तु वा विषयमध्ये यो नै; यहीचाहिँ ।

**याँ**१– वि० बो० [अ० मू०] १. बालक वा हुर्केका मानिस रुँदाको ध्वनिको अनुकरण । ना० २. त्यस्तो ध्वनि; याँहाँर; च्याँ; प्याँ ।

**याँ**२– क्रि० वि० [यहाँ] १. यति थोरै वा धेरै मात्रै; यस हदसम्म मात्रै । (उदा०– त्यसको सम्पत्ति भन्छौ याँ त होइन तर जतातते फैलिएको पाएँ ।) । वि० २. थोरै; कम्ती त; अलिकति । (उदा०– त्यसको धन भन्छौ, याँ त होइन त, जति खर्च गरे पनि नरित्तिने रहेछ) । ३. फुलेको; ठूलो (उदा०– ऊ रिसाएर याँ भएको रहेछ) । – **मानको**– वि० १. यत्ति ठूलो; यूँ । २. धेरै ठूलो ।

**या**– संयो० [फा०] १. दुई र दुईभन्दा धेरै विकल्पमा एउटा रोज्नुपर्दा प्रयोग गरिने शब्द; वा; यद्वा; अथवा (तिमी या म, राम्रो या नराम्रो इ०) । २. र (उदा०– धर्म भनेको दान या पुण्य हो ) । क्रि० वि० ३. सम्भव छ (या त्यो गयो, या ऊ छैन इ०) ।

**याक**– ना० [भो० ब०] १. चौँरीगाईको भालेलाई बुझाउने शब्द; चौँरी गोरु । २. आजका लिम्बू र तिनको भाषासँग मिल्ने भाषा (बान्ताबा, याखा इ०) बोल्ने राईजातिका साझे पूर्वज । – **थुम**– ना० १. याकजातिको थलो । २. लिम्बूहरूको इलाका । – **थुम्बा**– ना० १. लिम्बू । २. लिम्बूजातिको एक थर । – **थुम्बी**– ना० लिम्बूभाषा; लिम्ब्वानी ।

**याकबभुचा**– ना० [नेवा०] सानो, छोटो र डोलो काठको ढुङ्गामा एकातिर खाली नै छाडी अर्कातिर छालाका पाताले मोडी, झाँजरबाट लामो धागो बाहिर निकाली बनाइएको, ठोकेर बजाइने एकमात्रिक तालबाजा ।

correction
yakkha

**याक्खा**– ना० [सं० यक्ष] अरूणपूर्व वसोवास गर्ने आदिवासी जनजाति । > **याखाली**– ना० याखाजातिहरूको भाषा; लिम्ब्वानी भाषासँग मिल्ने एक खम्ब्वानी भाषा ।

**याक्सा ⁄ याक्सो**– ना० [सं० हर्क्षक] खेतीपाती रुङ्न बस्ने गरी बनाइएको खर वा स्याउलाको अस्थायी छाप्रो; खोरिया; ब्याँसीतिर बनाइने अस्थायी घर ।

**याग**– ना० [सं०] यज्ञ ।

**याचक**– वि० [सं०] १. अरूसँग अन्न आदि मागेर गुजारा गर्ने; मगन्ते; भिखारी । २. दरिद्र; गरिब । – **ता**– ना० १. मगन्तेपन; भिखारीपन । २. दरिद्रता ।

**याचन**– ना० [सं०] याचना । > **याचना**– ना० १. माग्ने काम; याचन । २. विनययुक्त भई प्रार्थना गर्ने काम; अनुरोध । **याचनीय**– वि० याचना गर्न लायक; याचना गर्ने खालको ।

**याचिका**– ना० [सं०] १. कुनै उच्च तहमा प्रस्तुत गरिने आवेदनपत्र; प्रार्थनापत्र । २. न्यायालयमा प्रस्तुत गरिने अर्जीपत्र ।

**याचित**– वि० [सं०] १. माग गरिएको; याचना भएको । २. प्रार्थना गरिएको ।

**याजक**– वि० ⁄ ना० [सं०] यज्ञ गर्ने वा गराउने (व्यक्ति); यष्टा ।

**याज्ञवल्क्य**– ना० [सं०] महर्षि वैशम्पायनका शिष्यमध्ये शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखाको प्रवर्तन गर्ने ऋषि; एक स्मृतिकार ।

**याज्ञिक**– ना० [सं०] १. यज्ञ गर्ने वा गराउने व्यक्ति; विधिपूर्वक यजमानी कार्य गर्न जान्ने व्यक्ति । वि० २. यज्ञ गर्ने; अग्निहोत्री ।

**याज्य**– वि० [सं०] १. यज्ञको निम्ति उपयुक्त; यज्ञलायक । २. कुनै प्रकारले यज्ञसँग सम्बन्धित ।

**यातना**– ना० [सं०] १. रोगव्याधबाट वा कुटपिटबाट हुने पीडा; सास्ती । २. पापात्मालाई यमलोकमा दिइने ताडना; दण्ड । – **पूर्ण**– वि० यातनामय । – **मय**– वि० कष्टले भरिपूर्ण ।

**यातायात**– ना० [सं०] १. आवागमन; आउनेजाने काम; आवतजावत । २. आवागमनका जल, स्थल र वायुमार्गमध्ये कुनै पनि साधन; बाटोघाटो । ~ **मन्त्रालय**– ना० यातायातसम्बन्धी कार्यको जिम्मेदारी वहन गर्ने मन्त्रीका मातहतमा रहने मन्त्रालय । ~ **विभाग**– ना० उक्त मन्त्रालयअन्तर्गत यातायातसम्बन्धी कार्यको रेखदेख गर्ने विभाग । ~ **समिति**– ना० यातायातलाई सुव्यवस्थित राख्न गठन हुने वा यातायातसम्बन्धी कार्यको रेखदेख गर्ने समिति ।

**यात्रा**– ना० [सं०] १. एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारीसाधनद्वारा जाने काम; भ्रमण; पर्यटन । २. धार्मिक उद्देश्यले तीर्थस्थलमा जाने काम; तीर्थाटन । ३. देवदेवीको उत्सवमा गरिने मेला; जात्रा । ४. परदेश जाने साइत; प्रस्थान । ~ **खर्च**– ना० कार्यालयबाट अन्यत्र खटिएका कर्मचारीले पाउने यात्रा तथा सवारी-साधनसम्बन्धी खर्च; भ्रमणभत्ता । > **यात्री**– ना० १. यात्रा गर्दै रहेको व्यक्ति; पर्यटक; बटुवा । २. परदेशी । ३. तीर्थाटनमा निस्किएको मान्छे; तीर्थयात्री । वि० ४. यात्रा गर्ने; भ्रमणशील । **यात्रु**– ना० ⁄ वि० यात्री ।

**याद**– ना० [फा०] १. मथिङ्गल वा मनमा हुने, बितेका कुराका सम्झना; झझल्को; स्मृति; सम्झाइ; हेक्का; सौँराइ । २. कुनै कुराको अर्थसाथको परिचय; अर्थबोध; बोध; ज्ञान; थाहा । > **यादगार ⁄ यादगारी**– ना० बिदा हुने वा मरेर जाने आत्मीयलाई बारम्बार सम्झाउने कुनै साधन; सम्झौटो ।

**यादव**– ना० [सं०] १. महाभारतमा वर्णित राजा ययातिका जेठा छोरा यदुका सम्पूर्ण सन्तान; यदुवंश । २. श्रीकृष्ण । ३. बिहार, उत्तरप्रदेश, मध्यप्रदेश र नेपाल तराईमा पाइने एक जाति; जादब; ग्वार; अहिर; जाट ।

**यान**– ना० [सं०] १. मान्छे एक ठाउँबाट अर्को ठाउँमा जानुपर्दा वा माल एक ठाउँबाट अर्को ठाउँ पठाउनुपर्दा लाने साधन; सवारीको साधन; इन्जनद्वारा भारी बोक्ने साधन । २. पुराणकालमा प्रयुक्त विमान; रथ । ३. बौद्ध धर्मका महायान, वज्रयान र हीनयानमध्येको कुनै यान वा पन्थ । > **यानाधिदेव**–

ना० कुनै कर्मचारीलाई सवारी राख्दा दिनुपर्ने तेल आदिको खर्च; मोटर, मोटरसाइकल आदि राख्दा मर्मत, पेट्रोल आदिका निम्ति दिनुपर्ने भत्ता ।

**यानि/याने–** क्रि० वि० [अ० यअनी] १. वास्तवमा; यथार्थमा; अर्थात् । वि० बो० २. कुनै कुरा बुझ्न नसकेको स्थितिमा फेरि बुझाउने सन्दर्भमा व्यक्त गरिने शब्द (उदा० यानि/याने कुरा चाहिँ अलिक उल्टै छ) ।

**यान्त्रिक–** वि० [सं०] १. यन्त्रका सहायताले काम गरिने; यन्त्रसम्बन्धी; कलपुर्जाका भरमा काम गर्ने । २. कृत्रिम; स्वाङे; बनावटी । – **ता–** ना० १. यान्त्रिक हुने गुण, स्थिति वा प्रक्रिया । २. मान्छेका बौद्धिक र चेतनात्मक गुणलाई निष्क्रिय बनाई केवल मिसिनका भरमा काम चलाउने पद्धति; यन्त्रको दास हुने परम्परा वा परिपाटी । ~ **भौतिकवाद–** ना० भौतिकवादको वैज्ञानिक यन्त्रप्रति आवश्यकताभन्दा धेर आस्थावान् हुने परिपाटी । ~ **विधि–** ना० यन्त्रको सहायताले कुनै काम गर्ने प्रक्रिया । ~ **सभ्यता–** ना० यन्त्रमा आश्रित अचेलको आधुनिक सभ्यता । > **यान्त्रिकीकरण–** ना० कुनै पनि कार्य यान्त्रिक किसिमले गर्नको निम्ति यन्त्र जुटाउने व्यवस्था ।

**यापन/यापना–** ना० [सं०] १. निर्वाहगराइ; निर्वाह; कामचलाइ; खेपाइ । २. जीविका; जीविकोपार्जन ।

**यापित–** वि० [सं०] यापन वा यापना गरिएको ।

**याबो–** ना० [एको] डन्डीबियो खेलमा जित्नेले प्वाइन्ट गन्दा एकलाई बुझाउने शब्द; एको ।

**याम–** ना० [सं०] १. प्रचलित घडीका हिसाबले तीन घण्टा र पानीघडीका हिसाबले साढे सात घडीको समय; प्रहर । २. समय; काल । ३. बेलाबखत; मौसम । ~ **टाइम–** ना० बेलाबखत; बेलामौका ।

**यामल–** ना० [सं०] १. जम्ल्याहा शिशु । वि० २. यमलसम्बन्धी ।

**यामान–** वि० १. आफूले सोचेभन्दा बढ्ता ठूलो; स्वाभाविकता वा आवश्यकताभन्दा धेरै ठूलो । २. अत्यन्त वजनदार; गहकिलो । – **को–** वि० यामान ।

**यामिक–** ना० [सं०] १. पालैपालो गरी बदलिने पहरेदार; समयसमयमा फेरिने पाले । वि० २. यामसम्बन्धी; समय-सम्बन्धी । ~ **मार–** ना० खास समयमा खास जातिको पोथीले भाले खोज्ने प्राकृतिक प्रक्रिया ।

**यामिनी–** ना० [सं०] १. रात; रात्रि । २. हलेदो । ३. यमकुलकी नारी; यमी । वि० ४. यमसम्बन्धी; गतिसम्बन्धी; मृत्युसम्बन्धी । ५. यायावरीय ।

**याम्य–** ना० [सं०] १. धर्मराजका प्रतिहार; यमदूत । २. दक्षिण दिशा; यमराज स्वामी भएको दिशा । ३. वरुणका छोरा मानिने एक ऋषि; अगस्त्य ऋषि । ४. मलयाचलमा हुने चन्दन । वि० ५. यमसम्बन्धी । ६. धर्मराजसँग सम्बन्धित दिशाको; दक्षिणतिरको ।

**यायावर–** वि० [सं०] १. जीवनभर विभिन्न ठाउँमा घुमिरहने; फिरन्ते । ना० २. सन्न्यास आश्रमको योगी; महन्त । ३. अश्वमेध यज्ञमा छोडिएको घोडा । ४. घुमन्ते जाति ।

**यार–** ना० [फा०] १. मन मिलेको साथी; हितले खाएको मित्र; दोस्त । २. अर्काकी स्त्रीसँग अनैतिक सम्बन्ध राख्ने व्यक्ति; गुन्डो; जार ।

**यारलम्फा–** ना० [अङ्० एयर+ल्याम्प] हावाको छिराइ र निस्काइ सन्तुलित भई धेरै चहकिलो हिसाबले बल्ने, मट्टीतेलबाट चल्ने चिमदार एक प्रदीप; लम्फा ।

**यारिङ–** ना० [अङ्० इयरिङ] कानका लोतीमा तुर्लुङ्ङ झुन्डिने हिसाबले लगाइने गहना; कानका लोतीमा लाइने झुम्के गहना; यार्लिङ ।

**यारैसिजै–** ना० [सं० आदर्शिका] १. प्राचीन कालमा आफ्नो अनुहार हेर्ने काममा प्रयोग गरिने साधन; ऐनाको काम लिइने साधन । २. घृतच्छाया ।

**यार्चागुम्बा/यार्चागुम्बु–** ना० [तिब्ब०] शिरतिरको अङ्ग झारझैँ र पाउतिरको अङ्ग कीराको झैँ हुने एक हिमाली वा तिब्बती डुलन्ते झार; तागतको औषधीका रूपमा व्यवहार गरिने त्यसैको सुकुटी ।

**यार्लिङ–** ना० [अङ्० इयररिङ] कानका लोतीमा लर्कने हिसाबले लगाइने झुम्के गहना; यारिङ ।

**यार्सागुम्बा–** ना० [तिब्ब०] हे० यार्चागुम्बा ।

**याल–** ना० [तुर्क०] घोडा, सिंह आदिका गर्दनमा पलाउने लामालामा बाक्ला झुत्ला; जगर ।

**यावत्–** क्रि० वि० [सं०] १. कुनै विषय वा वस्तुको निश्चित रेखासम्म; जहाँसम्म । २. जबसम्म; जुन समयसम्म । ३. जति परिणामसम्म । वि० ४. जति; जुन परिमाणको । ५. सबै नै; तमाम; भएभरिको ।

**यावन्त–** वि० [सं०] भएभरको सबै; सम्पूर्ण; यावत् ।

**यासोक्यानी–** ना० [भो० ब० यासोक+यानी] लिम्बू जातिकी एक प्रसिद्ध देवी; पाँचथरको यासोक भन्ने ठाउँमा अवतार लिएकी भनी प्रसिद्ध भएकी लिम्बू संस्कृतिकी एक देवी ।

**यिन–** सर्व० [यी] 'यिनी' सर्वनामको तिर्यक् रूप (जस्तै– यिनलाई, यिनले, यिनको आदि ।) । – **ताक–** क्रि० वि० अचेलभरि; आजकल ।

**यिनी–** सर्व० [ सं० एतानि] १. 'यो' सर्वनामको बहुवचनको रूप । २. सम्मान, आदर, श्रद्धा आदि बुझाउने तृतीयपुरुष सर्वनाम; यी महानुभाव ।

**यी–** सर्व० [सं० यः (यो)+ई] 'यो' सर्वनामको बहुवचन वा आदरार्थमा प्रयोग हुने रूप; यिनी ।

**युँ१–** ना० [भो० ब०] कुनै गहनाहरूका बीचमा जड्ने काममा प्रयोग गरिने प्रायः हरियोमिश्रित रङको नीलो हिमाली वा भोटेली पत्थर ।

**युँ२**– वि० [यहाँ+ऊ] १. याँमानको । क्रि० वि० २. याँ ।

**युक्त**– वि० [सं०] १. दुई वा दुईभन्दा बढी वस्तु अथवा तत्त्वहरू जोरिएको; मिलेको; संयुक्त । २. युक्तिसङ्गत; समुचित; उचित । ३. साथैमा रहेको; सहितको; पूर्ण (स्नेहयुक्त, भावयुक्त इ०) । ना० ४. योगाभ्यास गरेको योगी । ~ **रूप**– ना० संयुक्त अवस्थाको रूप; मिश्रित रूप ।

**युक्ति**– ना० [सं०] १. कुनै पनि समस्याको समाधान गर्ने उपाय; जुक्ती । २. कौशल; चातुर्य । ३. कुनै विषय प्रस्तुत गर्न आवश्यक पर्ने बठचाइँ; तर्क । ४. एकभन्दा बढ्ता तत्त्वहरूको संयुक्त रूप; योग; मिलन । ५. चालढाल; तौरतरिका । ६. अलङ्कारशास्त्रका अनुसार कुनै तरिकाले रहस्यमय चेष्टालाई लुकाउने प्रसङ्गको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । ७. औचित्य । ~ **पूर्णता**– ना० युक्तियुक्त अवस्था; उपाय प्राप्त भएको अवस्था । ~ **मूलक**– वि० युक्ति वा तर्कले उचित ठहरिने; बुद्धिसङ्गत । ~ **युक्त**– वि० तर्कपूर्ण; युक्तिसङ्गत । ~ **सङ्गत**– वि० युक्ति वा तर्कहरू पूरै मिलेको; युक्तिपूर्ण; युक्तियुक्त । ~ **सम्मत**– वि० उपायसहितको; तर्कसम्मत; तथ्यमा आधारित ।

**युक्त्याभास**– ना० [सं०] बाहिरबाट हेर्दा बुद्धिमत्तापूर्ण लाग्ने तर वास्तवमा तथ्यहीन कुरो झुक्किएर सही देखिने गरी पर्ने भान; आभास मात्रमा आधारित उपयुक्तता ।

**युक्लिप्टस**– ना० [अङ्० यूकिलिप्टस] सेता र चिल्ला परेका फेद वा हाँगा हुने, मसिना लाम्चा र हल्का हरिया पात हुने एक वृक्षविशेष; मसलाको वृक्ष ।

**युग**– ना० [सं०] १. जुनसुकै दुईवटा वस्तुको समूह; जोडा; युग्म । २. लोक-संस्कारअनुसार बाह्र वर्षको समयावधि । ३. रथ, हलो, गाडी आदिमा नारिने गोरुका काँधमा लगाइने जुवा । ४. पौराणिक काल-विभाजनअनुसार सत्य, त्रेता, द्वापर र कलिमध्ये कुनै एक । ५. समय; बेला-बखत; जमाना । ६. इतिहासमा कुनै महत्त्वपूर्ण घटना, कार्य, व्यक्ति आदिद्वारा प्रभावित एवं संज्ञित कालावधि (जस्तै– पौराणिक युग, पाषाणयुग, शाहयुग इ०) । ७. वास्तु तथा मूर्तिकलामा चार इन्चबराबरको नापो । ~ **चेतना**– ना० युगअनुकूलको चेतना; युगसुहाउँदो वा युगअनुसारको ज्ञान; युगबोध । ~ **धर्म**– ना० कुनै पनि समयमा अनुकूल ठानिई चल्दै गरेको धर्म; युगअनुसारको धर्म । ~ **नायक**– ना० युगलाई उचित मार्गमा हाँक्ने प्रतिभा; कुनै निश्चित समयका लागि प्रमुख मानिने व्यक्तित्व । ~ **पुरुष**– ना० कुनै निश्चित समयका सीमाभित्र महान् व्यक्तित्व स्थापित गर्न सफल भएको व्यक्ति; युगनायक । ~ **प्रवर्तक**– वि० नयाँ मान्यता र मूल्य स्थापित गरी युगलाई नै नयाँ मोडमा हिँडाउने; युगलाई नयाँ दिशा दिने; नयाँ युगको प्रवर्तन गराउने । ~ **भाग**– ना० सारा युगहरूको कुनै एक चरण ।

**युगल**– वि० [सं०] १. जोडिएको; जोल्टिएको; जोडा । २. जुम्ल्याहा; युग्म; यमल । ~ **गीत**– ना० प्रेमी-प्रेमिका मिलेर गाइने गीत; जुहारी ।

**युगसापेक्ष**– वि० [सं०] युगसित सम्बन्धित; युगानुकूल । – **ता**– ना० युगानुकूल हुने गुण वा विशेषता ।

**युगादि**– ना० [सं०] १. युग वा विश्वसृष्टिको प्रारम्भ; सृष्टिको थालनी । २. युगको पहिलो दिन; सृष्टि सुरु भएको दिन । ~ **नवमी**– ना० १. कार्तिक शुक्ल पक्षको नवमी तिथि; कुष्माण्ड-नवमी (त्यस दिन अमलाका फेदमा भात पकाएर वनभोज खाइन्छ) ।

**युगानुकूल**– वि० [सं०] समयअनुसारको; जुन समयमा जस्तो कुरा राम्रो मानिन्छ त्यस्तो; युगसुहाउँदो ।

**युगानुयुग**– क्रि० वि० [सं०] १. अनेकौं युग बितिसक्दासम्म; युगौंसम्म; अनन्त प्रवाहसम्म । ना० २. एकपछि अर्को गर्दै बित्ने युगहरूको समुदाय ।

**युगान्त**– ना० [सं०] १. कुनै निश्चित मानिने समयको समाप्ति; युगको अन्तिम समय । २. सृष्टिको प्रलय । > **युगान्तक**– वि० १. युगलाई नष्ट पार्ने । २. एक युग समाप्त गरी अर्को युग ल्याउने । – **कारी**– वि० युगान्तक । > **युगान्तर**– ना० १. दोस्रो युग; अर्को युग । २. युगपरिवर्तन । ३. समयपरिवर्तन ।

**युगोचित**– वि० [सं०] समयअनुसारको; जुगजमाना सुहाउँदो; युगानुकूल ।

**युगौं**– ना० [सं० युग+औं] १. अनेक युग । क्रि० वि० २. जुगानजुग ।

**युग्म**– वि० [सं०] १. जोडा; युगल; जुम्ल्याहा । २. अन्योन्याश्रित सम्बन्ध भएका; युगल; द्वन्द्व । ना० ३. बाह्र राशिमध्ये तेस्रो राशिको नाम; मिथुन । > **युग्मक**– वि० १. जोडा; जुम्ल्याहा; युग्म । २. एकअर्कामा सम्मिलित हुने । ना० ३. स्त्रीपुरुषका रजबीजाणुको मेल भएको अवस्था । **युग्मज**– वि० जुम्ल्याहा ।

**युत**– वि० [सं०] १. मिलेको; संयुक्त । २. सहित; युक्त ।

**युद्ध**– ना० [सं०] परस्परविरोधी दुई दलका बीचमा एकले अर्कालाई दमन गर्ने, हराउने, मार्ने आदि उद्देश्यले गरिने आक्रमण; लडाइँ; सङ्ग्राम; जुद्दे; कटक । ~ **क्षेत्र**– ना० परस्परका विपक्षीहरू भिड्ने ठाउँ; लडाइँ भएको वा हुने ठाउँ; युद्धभूमि । ~ **परिषद्**– ना० युद्ध थाल्ने, सञ्चालन गर्ने उद्देश्यले गठन गरिएको विशेष समिति । – **पोत**– ना० जलक्षेत्रमा युद्ध गर्दा पानीमुनि भित्रभित्र पनि हिँड्ने लडाकू नाउ; लडाकू सानो पानीजहाज वा मोटर । ~ **बन्दी**– ना० युद्धका समयमा शत्रुपक्षले पक्डेर थुनेको विपक्षी सेना वा योद्धा । ~ **भूमि**– ना० युद्धक्षेत्र; रणक्षेत्र । ~ **विद्या**– ना० युद्धसम्बन्धी शस्त्रास्त्र प्रयोगसँग सम्बन्धित विद्या; सामरिक विज्ञान । ~ **विराम**– ना० परस्परबाट चर्केको लडाइँलाई रोक्ने काम; विभिन्न उपायले युद्धलाई रोक्ने काम । – **विराम रेखा**– ना० युद्धविराम गर्दा तोकिएको हदबन्दी । ~ **वीर**– ना० १. युद्ध गर्ने काममा ठूलो पराक्रम देखाउने व्यक्ति । २. वीररस प्रधान हुने नाटक, काव्य आदिमा रहने नायक; दानवीर, धर्मवीर र युद्धवीर यी तीनमध्ये तेस्रो वीर । ३. युद्धसम्बन्धी वीरता प्रदर्शन

हुने कृतिको नायक । ~ **शास्त्र–** ना० युद्धविद्या । ~ **स्थगन–** ना० १. युद्ध चर्किरहेका बेलामा स्थायी वा अस्थायी सम्झौता हुनुभन्दा पनि पहिले नै युद्ध रोक्नुपर्ने स्थिति; लडाइँ बन्द गर्नुपर्ने अवस्था । २. अस्थायी युद्धविराम ।

**युधिष्ठिर–** ना० [सं०] महाभारत, पुराण आदिका अनुसार पाण्डुराजाकी रानी कुन्तीका गर्भबाट जन्मेका तीन भाइ छोरामध्येका जेठा; पञ्चपाण्डवमध्येका पहिला भाइ; जेठा पाण्डव; धर्मराज ।

**युनान–** ना० [ग्रि० आयोनिया/यूनान] १. युरोपको एक देश; ग्रिस । २. मिस्र देशको एक प्रान्त; यायोनिया । > **युनानी–** वि० १. युनानको; युनानसित सम्बन्ध भएको; युनानसम्बन्धी । ना० २. युनानका निवासी; युनानसँग सम्बन्धित वस्तु वा व्यक्ति । ३. ग्रिसेली भाषा ।

**युनिट–** ना० [अङ्०] कुनै पनि वस्तुको न्यूनतम एकाइ; एकएक भागमा छुट्ट्याउन सकिने वस्तुको एकाइ ।

**युनिफर्म–** ना० [अङ्०] १. कुनै विशेष संस्था वा कार्यालयसँग सम्बन्धित औपचारिक पहिरन; सम्बन्धित सबैले लगाउनुपर्ने मिल्दोजुल्दो साझे पोसाक । २. तानाबाना; बर्दी ।

**युनियन–** ना० [अङ्०] कुनै तहका जनता, विद्यार्थी, मजदुर आदिको सङ्गठन, समिति वा सङ्घ ।

**युरिया–** ना० [अङ्०] कृषिक्षेत्रमा प्रयोग गरिने एक प्रकारको रासायनिक मल; मूत्रज; मलमूत्रज; नाइट्रोजन मल ।

**युरिलो–** ना० अग्लो बोट हुने साधारण आकारका भुवादार पात हुने, पहेँलामा काला टीकाटीका परेका फूल फुल्ने क्याप्सुलका आकारका फल फल्ने हिमाली भेकमा हुने एक वनौषधी ।

**युरेसिया–** ना० [युरोप+एसिया] १. युरोप र एसियाको साझे नाम । २. युरोप र एसियालाई एकै महादेश ठानी राखिएको एक नाम ।

**युरोप–** ना० [अङ्०] संसारका छवटा महादेशमध्येको एक महादेश; अफ्रिकाको उत्तरमा र एसियाको पश्चिममा पर्ने महादेश । > **युरोपियन–** वि० युरोपीय ।

**युरोपीय–** वि० [अङ्० युरोप+सं० ईय] युरोपसँग सम्बन्ध भएको; युरोपसम्बन्धी; युरोपमा हुने; युरोपको; युरोपेली । ~ **साझा बजार–** ना० पश्चिमी युरोपका केही देशहरूले भन्सार आदि मिनाहा गरी आपसमा खुला रूपले लेनदेन गर्न मिल्ने गरी स्थापना गरेको साझा बजार ।

**युरोपेली–** वि० [युरोप+एली] युरोपसँग सम्बन्धित; युरोपको; युरोपीय ।

**युवक–** ना० [सं०] सामान्य रूपमा सोह्र वर्षमाथि र चालीस वर्षमुनिको पुरुष; तरुण; युवा; तन्नेरी । – **त्व–** ना० तन्नेरीपना । ~ **सङ्गठन–** ना० १. युवकहरूको उन्नति, हित र कल्याण गर्ने एवं युवाशक्तिलाई रचनात्मक कार्यमा संलग्न गराउने उद्देश्ले बनाइएको सङ्गठन । २. युवकहरूको सङ्गठन ।

**युवति/युवती–** ना० [सं०] १. जवान स्त्री; पट्ठी आइमाई; तरुनी । वि० २. पट्ठो उमेरकी; जवान (स्त्री) ।

**युवराज–** ना० [सं०] गद्दीनसिन राजाका उत्तराधिकारी । > **युवराजाधिराज–** ना० हे० युवराज ।

**युवराज्ञी–** ना० [सं०] १. युवराजकी विवाहिता रानी; युवरानी । २. युवराजाधिराजकी पत्नी ।

**युवा–** ना० [सं०] तरुण; जवानीले नछाडेको र बुढचाइँले नछोएको व्यक्ति । ~ **पिँढी–** ना० १. कुनै समयको सीमाभित्र बाल, युवा, वृद्ध मानिने पुस्तामध्ये सबैभन्दा तन्नेरी पुस्ता । २. तन्नेरीहरू मिली नेपाली साहित्यको उन्नतिका लागि चलाएको एक अभियान । ~ **वर्ग–** ना० तन्नेरीहरूको समुदाय ।

**यूका–** ना० [सं०] १. वास्तु तथा मूर्तिकलामा प्रयोग हुने एक जुम्राबराबरको नापो । २. जुम्रो; जम्रो ।

**यूथ–** ना० [सं०] १. एकै जातका जीवहरूको समूह; बथान; जमात; बगाल । २. सेना; शस्त्रास्त्रले सज्जित फौज । – **चर–** वि० बगालका बगाल भएर हिँड्ने (जीव); हूल बाँधेर हिँड्ने । ~ **विवाह–** ना० १. दुईभन्दा धेरै पुरुषले एउटी आइमाई साझे स्वास्नी बनाउने गरी गर्ने विवाह । २. पशुमा र केही पक्षीका बीचमा पाइने सामूहिक यौनाचार । > **यूथिका–** ना० जुही (फूल) ।

**यूप–** ना० [सं०] १. बलिका निम्ति पशु ल्याएर यज्ञवेदीका वरिपरि बाँधिने खम्बा; मौलो । २. विजयको स्मारकका रूपमा उभ्याइएको चिह्न; विजयस्तम्भ । – **ग्राम–** ना० लिच्छविकालको एक प्रसिद्ध बस्ती (ललितपुरको पूर्वनाम) ।

**येन–** ना० [जापा०] जापानको मुद्रा ।

**येनकेन–** क्रि० वि० [सं०] जुनसुकै प्रकारले; कुनै न कुनै प्रकारले; येनकेन प्रकारेण । ~ **प्रकारेण–** क्रि० वि० कुनै न कुनै प्रकारले; जुनसुकै प्रकारले ।

**यै–** सर्व० [यही] यो नै; यही ।

**यो–** सर्व० [सं० एषः] १. प्रथम पुरुष, एकवचनमा उभय लिङ्गका निम्ति प्रयोग हुने सार्वनामिक शब्द; विभक्ति लाग्दा 'यस' हुने सर्वनामको सरल रूप । वि० २. नजिक रहेको वस्तुलाई देखाउने सार्वनामिक विशेषण; यहाँनेरको; यतातिरको (जस्तै– यो घर, यो रूख, यो मानिस इ०) ।

**योग–** ना० [सं०] १. कुनै दुई वस्तु परस्परमा मिल्ने वा जोडिने काम; मिलाइ; जोडाइ; संयोग । २. सम्बन्ध; सम्पर्क । ३. आपसी हेलमेल; मेलपिलाप । ४. गणितमा जोड्ने काम वा क्रिया; जोड; जम्मा । ५. कुनै पनि काम वा कुराको उपयुक्तता वा अनुकूलता । ६. त्यस्तो राम्रो समय वा साइत । ७. यम, नियम आसन, प्राणायाम, प्रत्याहार धारणा, ध्यान र समाधिको अष्टाङ्गयोग । ८. चित्तलाई ईश्वरमा लीन गराउनका लागि एकाग्र हुने कार्य; मोक्षको उपाय । ९. चित्तको चञ्चल वृत्तिलाई रोक्ने काम; वैराग्य । १०. फलित ज्योतिषका अनुसार ग्रहहरू विशेष स्थितिमा जुट्नाले पर्न आउने शुभ वा अशुभ योग । ११. ज्योतिषशास्त्रका मतमा तिथि, वार, नक्षत्र, योग र करणसमेत मिलेर बन्ने पाँच अङ्गमध्येको एक; विष्कम्भ, प्रीति, आयुष्मान्

आदि सत्ताइसवटा योगको साझे नाम । १२. तिथि र नक्षत्रका संयोगले पर्न आउने आनन्द, कालदण्ड आदि सत्ताइसवटा योग । १३. ज्योतिषका मतमा सिद्धि र अमृत नामका योग । १४. छवटा दर्शनमध्ये एक; योगदर्शन । १५. टुनामुना; वशीकरण । १६. तारतम्य; सबै थोकको भरमभेट; काकताली । १७. छलकपटको व्यवहार; धोका । १८. लाभ; फाइदा; आम्दानी । – **क्षेम**– ना० १. प्राप्त वस्तुको सुरक्षाका निम्ति प्रयत्नरत रहने र अप्राप्त वस्तुको प्राप्तिका निम्ति दत्तचित्त रहने काम । २. राष्ट्रको शान्ति-सुरक्षा र सुव्यवस्था । ३. जीवननिर्वाहको काम । ४. कुशल-मङ्गलको समाचार; पीरपिराउ, आरामविराम आदिको जानकारी । ~ **दर्शन**– ना० चित्तलाई एकाग्र रूपले ईश्वरमा लीन गराउने शास्त्र; योगशास्त्र । – **दान**– ना० कुनै काममा महत्त्वपूर्ण सहायता दिने काम; सहभागिता । ~ **धारणा**– ना० योगमा एकाग्र भई ध्यानमग्न भएको अवस्था; योगधारण गरेको अवस्था । ~ **निद्रा**– ना० १. योगमा अवस्थित महापुरुषको समाधि; समाधिका अवस्थाको निद्रा । २. युगका अन्त्यमा हुने प्रलयअवस्थामा लाग्ने विष्णुको निद्रा । – **फल**– ना० गणितमा विभिन्न सङ्ख्या जोड्दा हुन आउने उत्तर; योगको परिणाम । – **बल**– ना० योगको साधनबाट प्राप्त हुने ईश्वरीय शक्ति । – **माया**– ना० १. समाधि अवस्थामा प्राप्त हुने अलौकिक शक्ति । २. भगवती; महामाया । ३. ईश्वरको सृजनशक्ति; प्रकृति । ~ **मार्ग**– ना० ईश्वरप्राप्तिका विभिन्न मार्गमध्ये एक मार्ग । – **रूढ**– वि० १. योग नै रूढ भएको । २. व्याकरणमा यौगिक देखिए पनि अर्थचाहिँ रूढ भएको । ~ **शास्त्र**– ना० योगविद्या । ~ **सूत्र**– ना० महर्षि पतञ्जलिको योगसम्बन्धी सूत्रसङ्ग्रह; योगदर्शन । > **योगात्मा**– ना० योगी । **योगानुशासन**– ना० योगशास्त्रले बताएको अनुशासन । **योगाभ्यास**– ना० योगशास्त्रबमोजिम योगका आठैवटा अङ्गहरूको विधिपूर्वकको अनुष्ठान; योगको साधन; योगानुशासनको पालन । **योगाभ्यासी**– वि० योगको साधनमा लीन । **योगाश्रम**– ना० १. योगको अभ्यास गर्ने मठ; योगसाधनाको आश्रम । २. योग सिकाउने ठाउँ; योगाभ्यास गराउने स्थल । **योगासन**– ना० योग गर्दा बस्ने पद्मासन, स्वस्तिकासन, भद्रासन, वज्रासन र वीरासनमध्येको कुनै एक आसन; योग गर्दा बस्ने विधि ।

**योगिनी**– ना० [सं०] १. योगाभ्यास गर्ने नारी; जोगिनी; तपस्वी नारी । २. काठमाडौँ उपत्यकामा रहेका चार देवी (वज्रयोगिनी, ब्रह्मयोगिनी, नीलतारा योगिनी र विजयेश्वरी योगिनी) मध्ये कुनै एक । ३. भगवतीका नारायणी, गौरी, शाकम्भरीलगायत चौँसट्ठी सहचारीमध्ये कुनै एक । ४. आषाढ कृष्णपक्षको एकादशी । ५. रणपिशाचिनी; रणचण्डी । ६. अष्टदेवी (शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, स्कन्दमाता, कुष्माण्डी, कालरात्रि, कात्यायनी र महागौरी) । ७. ज्योतिषशास्त्रअनुसार विशेष तिथिमा विशेष दिशामा रहने देवी; दिङ्माता (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा र महालक्ष्मी) । ८. तिथिका आधारमा पूर्व आदि दिशामा निवास गर्ने (नारीहरूले यात्रा गर्दा बार्नुपर्ने तथा सामुन्ने र दायाँ पर्दा अनिष्ट फल दिने) कालयोगिनी । ९. जन्म नक्षत्रमा तीनको अङ्क जोडेर आठले शेष गर्दा रहने अङ्कका आधारमा क्रमशः मङ्गला, पिङ्गला, धान्या, भ्रामरी, भद्रिका, उल्का, सिद्धा, सङ्कटा गरी आठवटा योगिनी; सूर्यादि ग्रहका पत्नीका रूपमा मानिने दशा (सूर्यपिङ्गला, चन्द्रमङ्गला, भौमभ्रामरी, बुधभद्रिका, गुरुधान्या, शुक्रसिद्धा, शनिउल्का र राहुसङ्कटा) । ~ **चक्र**– ना० ज्योतिषशास्त्रअनुसार योगिनीको स्थिति, निर्देशन र फल विचार गर्ने चक्र । ~ **दशा**– ना० योगिनीको दशा ।

**योगिराज**– ना० [सं०] योगीहरूमा श्रेष्ठ योगी; धेरै ठूला योगी; योगीन्द्र ।

**योगी**– वि० [सं०] १. संयुक्त; जोडिएको । ना० २. योगसाधना गर्ने व्यक्ति; योगाभ्यास गर्ने सन्त । ३. युक्त, युञ्जान र युक्त वियुक्तसमेत तीन प्रकारका योगीमध्ये कुनै पनि सिद्ध पुरुष; योगपुरुष । ४. जोगी । > **योगीन्द्र**– ना० योगिराज; योगीश्वर । – **राज**– ना० योगीका निम्ति सम्मानजनक सम्बोधन; योगिराज । **योगीश्वर**– ना० १. श्रेष्ठ योगी; योगीहरूमा सर्वश्रेष्ठ महात्मा; योगेश्वर । २. महादेव; शिव । ३. कृष्ण भगवान् ।

**योगेश्वर**– ना० [सं०] १. योगसाधन गरेको पुरुष; सिद्ध पुरुष । २. कृष्ण भगवान् । ३. महादेव; शिव ।

**योग्य**– वि० [सं०] १. काम सफलतापूर्वक गर्ने शक्ति, सीप, गुण आदि भएको; लायक; जान्ने; सिपालु । २. कुनै पद, काम, जिम्मेदारी आदिका लागि ठीक मानिने; उपयुक्त । ३. विद्या, गुण, बल, विवेक आदिका दृष्टिले उच्चस्तरको । ४. न्यायसङ्गत; मुनासिब; उचित ।

**योग्यता**– ना० [सं०] १. व्यवहार, कार्य वा शिल्पको लागि आवश्यक ज्ञान, अनुभव र शक्ति; ल्याकत; सामर्थ्य; क्षमता; दक्षता । २. कुनै विषयको आवश्यक ज्ञान; जानकारी । ३. व्यावहारिक अनुभव । ~ **क्रम**– ना० ज्ञान, गुण, शिक्षा आदिमा प्राप्त गरेको स्तरका आधारमा निर्धारित हुने क्रम; योग्यताका आधारमा तोकिने क्रम । – **सार**– ना० योग्यताको सारभूत तत्त्व; योग्यताको निर्धारण गर्ने मूलभूत तत्त्व । ~ **परीक्षा**– ना० १. प्रवेशिका, परीक्षामा सामेल हुन योग्य भएनभएको छान्नका निम्ति माध्यमिक तहका विद्यालयहरूबाट लिइने परीक्षा; ल्याकतजाँच (टेस्ट परीक्षण) । २. योग्यता जाँच्ने कुनै पनि परीक्षा ।

**योजक**– वि० [सं०] १. एकभन्दा बढ्ता चीज वा विषयलाई एकै ठाउँ मिलाउने; जोड्ने । २. योजना गर्ने; आयोजना मिलाउने । ३. व्यवस्थापन गर्ने; प्रबन्धक ।

**योजन**– ना० [सं०] १. परस्परको मेलमिलाप । २. जोड्ने काम; एकीकरण । ३. वास्तुकलामा व्यापक अर्थमा प्रयोग हुने ‘कोस’-को चार गुनाबराबरको नापो; चार कोस लमाइको नापो । –

**गन्धा–** ना० १. महर्षि पराशरका वीर्यबाट व्यास जन्माउने नारी; सत्यवती; मत्स्यगन्धा । २. कस्तूरी ।

**योजना–** ना० [सं०] १. कुनै पनि कार्य व्यवस्थित रूपमा सञ्चालित गर्नका निम्ति पहिले नै निर्धारित गरिने कार्यक्रम वा रूपरेखा; काम सिद्ध गर्न चाहिने साधन, उपाय, व्यवस्था आदिको पूर्वनिश्चित तयारी । २. जुनसुकै कार्यको व्यवस्था मिलाउने वा आयोजना गर्ने काम; समायोजना । ३. कार्यक्रम । ४. व्यवस्था; प्रबन्ध । ५. प्रयोग; व्यवहार । ६. जोड्ने काम; जोडाइ; मिलान । ~ **आयोग–** ना० सरकारले तयार पार्ने योजनासम्बन्धी कार्यका निम्ति गठित आयोग; राष्ट्रिय योजना आयोग । – **कार–** ना० योजनाको विस्तृत रूपरेखा तयार गर्ने व्यक्ति । ~ **प्रमुख–** ना० योजना सञ्चालन गर्ने कर्मचारीसमूहको प्रमुख व्यक्ति; योजनाको मुख्य व्यक्ति । – **बद्ध–** वि० पूर्वनिर्धारित योजनामा आधारित; सुनियोजित । ~ **मन्त्रालय–** ना० देशका योजनासम्बन्धी सम्पूर्ण कार्यसञ्चालन गरिने हिसाबले गठित मन्त्रालय; योजना हेर्ने मन्त्रीको कार्यालय । – **विद्–** वि० १. योजनाका बारेमा पर्याप्त ज्ञान भएको; योजना तर्जुमा गर्न आवश्यक पर्ने ज्ञान भएको । ना० २. योजना तर्जुमा गर्न जान्ने व्यक्ति । ३. योजना आयोगको सदस्य । ~ **स्थल–** ना० १. योजना सञ्चालनका निम्ति छानिएको वा उपयुक्त ठाउँ । २. योजना चल्दै गरेको ठाउँ; योजनाक्षेत्र ।

**योजनीय–** वि० [सं०] जोड्न लायक; जोड्नुपर्ने ।

**योजित–** वि० [सं०] १. जोडिएको । २. योजना गरिएको; योजनाका रूपमा ल्याइएको ।

**योज्य–** वि० [सं०] जोड्न लायक; योजनीय ।

**योद्धा–** ना० [सं०] १. युद्ध गर्ने व्यक्ति । २. वीर; युद्धवीर । ३. सैनिक व्यक्ति । वि० ४. युद्ध गर्ने । ५. बलियो; बहादुर; जोधा ।

**योधा–** वि० [सं०] हे० योद्धा ।

**योनि–** ना० [सं०] १. कुनै वस्तु उत्पन्न हुने स्थान; उद्गमस्थान; उत्पत्तिस्थल । २. स्त्रीजातिको मूत्रेन्द्रिय वा पिसाबद्वार । ३. पुराणअनुसार जीवले बेहोर्नुपर्ने चौरासी लाख जन्ममध्ये कुनै एक । ४. जन्म; चोला; जुनी । ५. खानी; आकर । – **गुटका–** ना० भगनासा । – **ज–** वि० पाठेघरभित्रै सम्पूर्ण आकार ग्रहण गरेर मात्रै जन्मने । ~ **परीक्षक–** ना० १. योनिको परीक्षण गर्ने वा जाँचबुझ गर्ने यन्त्र; योनि जाँच्ने सामान । वि० २. योनिका रोगसम्बन्धी ज्ञान भएको; योनिपरीक्षण गर्ने । ~ **परीक्षण–** ना० स्त्रीजातिको यौनाङ्ग परीक्षण गर्ने काम; योनिका रोग, स्थिति आदिको जाँच गर्ने काम । ~ **मार्ग–** ना० योनिद्वारको बाटो; योनिद्वारदेखि पाठेघरसम्मको बाटो । ~ **मुद्रा–** ना० औँलाहरूबाट योनिको आकार बनाइने एक तान्त्रिक मुद्रा । ~ **यन्त्र–** ना० १. मन्दिर वा धर्मपीठमा प्रबन्ध गरिएको पापद्वार वा धर्मद्वार । २. योनि । ~ **शोथ–** ना० स्त्रीजातिको यौनाङ्ग सुन्निने वा दुख्ने रोग । ~ **सङ्कुचन–** ना० योनि खुम्चिने काम; योनिको खुम्च्याइ । ~ **सम्भव–** वि० योनिज ।

**योनी–** ना० [सं०] हे० योनि ।

**योमरी–** ना० [नेवा०] चामलको पीठाको डल्लालाई बायाँ हत्केलामा राखेर दाहिने हातको चोर औँलाले थिच्दै भित्र खोक्रो पारी त्यस भागमा चाकु, मासु, मस्यौरो, मास, खुवा वा पूजाका लागि दुईचार गेडा चामल राखी भाँडाको मुख बन्द गरेर वाष्पपाकद्वारा पकाइने खाद्य वस्तु ।

**योषा/योषिता–** ना० [सं०] आइमाई; स्त्री ।

**यौगिक–** वि० [सं०] १. दुई वा दुईभन्दा बढी वस्तु वा तत्त्व मिलेको; संयुक्त । २. व्याकरणका अनुसार प्रकृति र प्रत्यय मिलेर बनेको; व्युत्पन्न । ३. दुई वा बढी शब्द मात्र मिलेर बनेको । ना० ४. दुई वा यसभन्दा पनि बढी गुण, तत्त्व आदि मिश्रित भएर बनेको वस्तु वा तत्त्व । ~ **शब्द–** ना० १. प्रकृति र प्रत्यय मिलेर बनेको शब्द; व्युत्पन्न शब्द । २. दुई वा यसभन्दा पनि धेरै शब्द मिली बनेको शब्द; संयुक्त शब्द ।

**यौटा–** वि० [√ एउटा] एक मात्र सङ्ख्या भएको; एकवटा मात्र; एउटा ।

**यौद्धिक–** वि० [सं०] युद्धसम्बन्धी । > **यौद्धिकी–** ना० युद्धशास्त्र (मिलिटरी साइन्स) ।

**यौधेय–** ना० [सं०] १. योद्धा; रणवीर । २. उत्तर भारतको एक प्राचीन जाति वा गण ।

**यौन–** वि० [सं०] १. योनिसम्बन्धी; योनिको । ना० २. पुरुष र स्त्रीको सम्पर्क; मैथुन । ~ **क्रिया–** ना० सन्तानोत्पादनको काम; मैथुन गर्ने काम; सम्भोग गर्ने काम । ~ **विकार–** ना० १. सम्भोग वा मैथुनक्रियाबाट उत्पन्न हुने रोग । २. मैथुनका कारणबाट जन्मिने मानसिक विकार । ~ **व्यापार–** ना० १. यौनकार्य चलाएर द्रव्य आर्जन गर्ने काम; द्रव्य आर्जनका निम्ति वेश्याव्यवसाय गर्ने काम । २. यौनसम्बन्धी आचरण; यौनव्यवहार । > **यौनिक–** वि० मैथुनक्रियाबाट उत्पन्न भएको; सम्भोगबाट जन्मेको; योनिबाट पैदा भएको ।

**यौवन–** ना० [सं०] जुनसुकै प्राणीको बाल्य अवस्थाभन्दा पछि र वृद्ध अवस्थाभन्दा अघिको उमेर; तरुण अवस्था; युवा अवस्था । – **पुष्प–** ना० आइमाई तरुनी छँदा योनिबाट झर्ने रज । – **पुष्पित देहलता–** ना० जवानीले पूर्ण भएको शरीर; जवानीले भरिएको जीउ ।

**यौवराजिक–** वि० [सं०] युवराजसम्बन्धी ।

**यौवराज्य–** ना० [सं०] युवराजको पद, अधिकार वा दायित्व । > **यौवराज्याभिषेक–** ना० राजगद्दीका उत्तराधिकारी राजकुमारलाई युवराजको स्थानमा औपचारिकतापूर्वक स्थापना गरिने विधिपूर्वकको अभिषेक ।

# र

**र**१– देवनागरी वर्णमालाको सताइसौँ व्यञ्जनवर्ण; मूर्द्धन्य, अन्तःस्थ; सघोष, अल्पप्राण, प्रकम्पित व्यञ्जनध्वनि; लेख्य रूपमा सो ध्वनि वा वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; खाँबे र।

**र**२– संयो० [सं० अपर] १. दुई समान पद, पदावली वा वाक्य जनाउनलाई जोड्ने शब्द; योजक शब्द; तथा; अनि। २. यसकारण (उदा०– तिमीले बोलायौ र म आएँ)। क्रि० वि० ३. त्यसपछि; अनि (उदा०– र मैले उसलाई निकै गाली गरेँ। निपा० ४. वाक्यान्तमा आई प्रश्नको आशय बुझाउने निपात (उदा० मैले भनेको थिएँ र ?)।

**रँक्याइ**– ना० [√ **राँकि** (+याइ)] राँकिने भाव, क्रिया वा प्रक्रिया। [ > ] **रँक्याइनु**– क० क्रि० राँकिने तुल्याइनु। **रँक्याउनु**– प्रे० क्रि० राँकिने तुल्याउनु। **रँक्याहट**– ना० रँक्याइ।

**रँग्-नु**– स० क्रि० [रँग +नु] १. रङ लगाउने काम गर्नु; रङ भर्नु; रङ्नु; रँगाउनु। २. भएनभएका कुरा गरेर होलाई होइन र होइनलाई हो पार्नु।

**रँग**– ना० [सं० रङ्ग] हे० रङ; रङ्ग।

**रँगरुट**– ना० [अङ्० रिक्रुट] १. सेना, पुलिस आदि सुरक्षासेवामा भर्ना हुने नयाँ व्यक्ति; सैनिक वा पल्टनमा गएको मान्छे। २. जुनसुकै कामको अभ्यासमा लागेको व्यक्ति; सिकारु मान्छे।

**रँगाइ**– ना० [√ **रँग्** (+ आइ)] १. रँग्ने भाव, क्रिया वा प्रक्रिया। [रँगाउ+आइ] २. रँगाउने भाव, क्रिया वा प्रक्रिया। [ > ] **रँगाइनु**– क० क्रि० रङ लगाउने काम गरिनु; रङ भरिनु। **रँगाउनु**– स० क्रि० रङ लगाउने काम गर्नु; रङ्ग लाउनु; रङ भर्नु वा पोत्नु; रङ्गीन तुल्याउनु; रङाउनु। **रँगिनु**– अ० क्रि० १. रङ लाग्ने काम हुनु; रङ चढ्नु; रङ पोतिनु। २. मादक पदार्थले लट्ठ पर्नु; नशा लाग्नु। ३. अरू समाजमा मिल्नु; बोरिनु। ४. संसर्ग वा परिस्थितिबाट आफू पनि प्रभावित हुनु।

**रँगिलो**– वि० [रँग+इलो] हे० रङ्गिलो।

**रँगेटो**– ना० [√ रिँग+एटो] १. कामको चटारो; काम धेरै पर्नाले हुने झमेला। २. रिँगटा; रिङटा; चक्कर।

**रँगेल्-नु**– स० क्रि० [रँगेलो+नु] १. अनेक किसिमका कामका झमेलामा फसाउनु; कामकाजमा अलमल्याउनु। २. पिरोल्नु; हुँडल्नु। ३. बिथोल्नु; भाँड्नु। > **रँगेलाइ**– ना० रँगेल्ने भाव, क्रिया वा प्रक्रिया। **रँगेलाइनु**– क० क्रि० रँगेल्ने काम गरिनु; रँगेलो बनाइनु। **रँगेलाउनु**– प्रे० क्रि० रँगेल्न लगाउनु; रँगेल्ने काम गराउनु। **रँगेलाहट**– ना० रँगेलाइ। **रँगेलाहा**– वि० रँगेल्ने खालको; रँगेलाइमा पार्ने। **रँगेलिनु**– अ० क्रि० १. रँगेल्ने काम हुनु; रुमलिनु। क० क्रि० २. रँगेल्ने काम गरिनु।

**रँगेलो**– ना० [रँग+एलो] धेरै कामको अव्यवस्थित झमेला; अनेक कामकुराको बोझ; झैझमेला; चटारो; लठारो।

**रँगेल्याइ**– ना० [रँगेलि+आइ] रँगेलिने भाव, क्रिया वा प्रक्रिया।

**रँधाइ**– ना० [√ **राँध्** (+आइ)] राँध्ने वा पकाउने क्रिया-प्रक्रिया। [ > ] **रँधाइनु**– क० क्रि० राँध्ने काम गराइनु। **रँधाउनु**– प्रे० क्रि० राँध्ने काम गराउनु; राँध्न लाउनु। **रँधिनु**– क० क्रि० राँध्ने काम गरिनु; राँधिनु।

**रइस**– ना० [अ० रईस] १. सुखसयल गर्न पर्याप्त सम्पत्ति भएको व्यक्ति; साहूकार; सम्पन्न मान्छे; धनीमानी। २. ठूलोबडो मान्छे; बडाबी।

**रउँ**– ना० [सं० रोम] शरीरमा उम्रने वस्तु; उमेर र जातिअनुसार कालो, सेतो, कैलो, सुनौलो आदि रङका मसिना केश; रौँ; भुत्ला।

**रउतेलो**– ना० [राउत+एलो] १. रौतेलो; राजकुमार। २. ठकुरी; बाबुसाहेब।

**रउस**– ना० [सं० रभस=वेग] रौस; उत्सुकता। > **रउसे**– वि० रउस गर्ने; रसिलो स्वभावको; रौसे।

**रकम**– ना० [अ०] १. धन; सम्पत्ति; पैसा। २. कागजी औपचारिकता मिलाउने काम; व्यवहारको बन्दोबस्त; स्याहास्रेस्ता। ३. प्रकार; भाँती; तरिका। ४. जग्गा, पसल, उद्योग, ठेक्कापट्टा आदिको दैदस्तुर; कर; शुल्क। ५. घरायसी कामका निमित्त जागिरदारले पाउने बिदा; कर्मचारीले पाउने घरबिदा। ६. राजस्वबापत लाग्ने कर; शुल्क। ७. विशेष अवसरमा सरकारले जनताबाट उठाउने श्रम; झार्लाङ्गी; झारा। ~ **कलम**– ना० १. रकमको छुट्टाछुट्टै उल्लेख भएको फाँटवारी; विभिन्न शीर्षकउपशीर्षकमा उल्लेख भएका रकमको विवरण; रकमको हरहिसाब। २. रैरकम। ~ **बन्दोबस्त**– ना० ठेक्कापट्टा, पोत आदि तोक्ने काम; रकम तोक्ने काम। ~ **बन्दोबस्त अड्डा**– ना० त्यस्तो काम गर्ने अड्डा। > **रकमान्तर**– ना० एक शीर्षकअन्तर्गत निकासा भएको रकमलाई अर्को शीर्षकमा सार्ने काम; रकमको उल्टापाल्टी। **रकमी**– वि० १. रकम-कलमका कुरामा ज्यादै सतर्क रहने; स्याहास्रेस्ताका सम्बन्धमा ज्यादै पोख्त। २. अड्डाअदालतको मरमामिलामा प्रशस्त अनुभवी।

**रकार**– ना० [सं०] 'र'अक्षर; अन्तस्थ वर्णको दोस्रो अक्षर; 'य'-भन्दा पछि र 'ल'-भन्दा अघिको एक व्यञ्जन; खाँबे र। > **रकारीभवन**– ना० अन्य ध्वनिले परिवर्तन भई 'र' हुने काम; रेफीभवन (जस्तै– घोडा=घोरा, छडी=छरी, घडी=घरी आदि)।

**रकेट**– ना० [अङ्०] १. अन्तरिक्षमा प्रक्षेपण गरिने मानवरहित वा मानवसहित यान; उपग्रहका रूपमा छोडिने यान। २. युद्धमा वा अत्यन्त छिटो काममा प्रयोग हुने एक वायुयान। ३. युद्ध आदिमा हुर्‍याएर प्रहार गरिने विस्फोटक क्षेप्यास्त्र। वि० ४.

छिटो; बेगिलो ।

**रक्खे–** ना० [सं० रक्षा] हे० रक्षा; रच्छे । ~ **माला–** ना० हे० रक्षामाला ।

**रक्त–** ना० [सं०] १. रुधिर; रगत । २. रातो रङ; लाल रङ । ३. तामो धातु । ४. रातो चन्दन; रातो रङ देखिने चन्दन । ५. केशर; रातो केशर । ६. कमल; पङ्कज । ७. सिँदुर । वि० ८. रातो; लाल । ९. हृदयमा कुनै विषय रङ्गिएको; अनुरक्त । ~ **अल्पक–** ना० रगतको चापलाई कम गराउने वस्तु; रक्तचापनियन्त्रक । ~ **कमल–** ना० रक्तपित्त । – **कोष–** ना० रगतमा रहने मसिना कोष; रक्तकण । ~ **कोषिका–** ना० रगतमा हुने एकदमै मसिना कणहरू; रक्तकोष । ~ **चन्दन–** ना० घोटेर निकाल्दा रातो रङको चन्दन आउने एक वृक्षविशेष; रातो चन्दन । – **चाप–** ना० शरीरमा सञ्चार हुने रगतको तीव्र वा अल्प चाप; रक्तसञ्चारको वेग वा गति । – **चाप मापक–** ना० रक्तचापको गतिलाई नाप्ने काममा प्रयोग हुने साधन; रक्तचाप नाप्ने यन्त्र । – **दान–** ना० अर्काको प्राणरक्षाका निम्ति रगत दिने काम । – **द्रव–** ना० रगतमा हुने एकदमै मसिना कण; रगतका तरल कण । – **धातु–** ना० १. गेरु । २. तामो । – **पला–** ना० केराका पातका टुप्पाजस्तै देखिने पात हुने, टुप्पामा फुल्ने, आयुर्वेदले विषका रूपमा स्वीकार गरेको एक वनस्पति । – **पात–** ना० १. रगत गिर्ने वा गिराउने काम; रगतपच्छे । २. लडाइँ चर्कने वा चर्काउने काम; परस्परको काटमार । – **पित्त–** ना० मुख, नाक, कान, मलमूत्रद्वारबाट रगत जाने रोग; रक्तस्राव । ~ **पिपासु–** वि० १. रगत पिउन चाहने । २. राक्षसको जस्तो स्वभाव भएको; रगत चुस्ने दैत्यजस्तो । – **पुष्ट–** ना० लामा खालका पात हुने, बोट भाँच्दा पहेँलो चोप आउने, टुप्पामा फुल्ने, आयुर्वेदका अनुसार चोप निद्राको लागि र पात तागत र ज्वरनाशको लागि सेवन गरिने एक बोट । – **प्रदर–** ना० स्त्रीहरूका योनिबाट निरन्तर रगत बहिरहने एक रोग; रक्तस्राव । – **प्रमेह–** ना० पुरुषका पिसाबबाट दुर्गन्धयुक्त रगत बग्ने एक रोग । – **वर्द्धक–** ना० १. रगत बढाउने शक्ति भएको औषधी; रगतवृद्धि गर्ने वस्तु । वि० २ खाँदा रगत बढाउने । ~ **मत्स्य–** ना० रातो रङको माछा । ~ **वर्ण–** वि० १. रातो रङको; लाल वर्णको । ना० २. रातो रङ । ३. बर्खामासमा निस्कने एक जातको कीरो; मखमली कीरो । ४. मुगा । ~ **विकार / विकृति–** ना० रगतमा देखिने कुनै पनि विकार; रगतसम्बन्धी जुनसुकै रोग । ~ **विज्ञान–** ना० रगतका विशेषता, गुण, रोग, विकार आदिको अध्ययन गर्ने विद्या । ~ **सघनता–** ना० शरीरमा रगतको मात्रा सघन रूपमा छरिएर बस्ने प्रक्रिया; रगत रहने घनत्वको अवस्था । ~ **सञ्चार–** ना० प्राणीका शरीरमा रगत सञ्चालन हुने क्रिया वा विधि । ~ **सन्धान–** ना० रगतजाँच (ब्लडटेस्ट) । ~ **सम्बन्ध–** ना० एकै आमाबाबुबाट जन्मिएकाहरूको नाता । – **सार–** ना० रगत जमेपछि छुट्टिने रगतको हडचाइँदो तरल अंश; रगतको पानी । – **स्राव–** ना० १. शरीरमा चोटपटक लाग्नाले रगत झर्ने स्थिति वा अवस्था । २. शरीरका कुनै इन्द्रियबाट रोगवश हुने रक्तस्राव । – **स्राव रोधक–** ना० रक्तस्राव हुने रोगलाई रोक्ने वस्तु; रगत चुहुने रोगलाई निराकरण गर्ने औषधी । > **रक्ताक्ष–** वि० १. आँखाको रङ रातो हुने; राता आँखा हुने । २. डरलाग्दो; भयङ्कर । ना० ३. परेवा नामको पक्षी; कपोत । ४. कोइली । ५. भैँसीको भाले; राँगो । **रक्तातिसार–** ना० दिसाबाट रगत जाने रोग; एक किसिमको अतिसार ।

**रक्ताम्मे–** वि० [सं० रक्तमय] १. जतातत‍ै रगत लागेको । २. चोट लागेर रगतैरगत भएको; रगतपच्छे ।

**रक्तालु–** ना० [सं०] १. तरुल । वि० २. अलिअलि रातो; रछायो ।

**रक्ताश्मयुग–** ना० [सं०] भूगर्भशास्त्रअनुसार छेपारो, माउसुली आदिजस्ता जीव सृष्टि भएको युग; आजभन्दा बाइस करोड पचास लाख वर्षपहिलेको युग ।

**रक्तिनी–** ना० [रक्त+इनी] १. रगत; रक्ती । २. बेसमयमा दिक्क पार्ने गरी परेको पानी; झोलेनी; रक्तेनी । ३. निरर्थक झरी (हेयार्थमा) ।

**रक्तिम–** वि० [सं०] रातो वर्णको; लाल रङको । > **रक्तिमा–** ना० रातो वर्ण; लाली ।

**रक्ती–** ना० [सं० रक्त+ई] १. रगत; रुधिर । २. खसी आदि काट्दा आउने रगत । वि० ३. रगतको झैँ (रङ) । ~ **रङ–** ना० रातो रङ ।

**रक्ते–** ना० [रक्त+ए] पिपिराका जस्ता राता पात र रातै डाँठ हुने एक झारविशेष ।

**रक्तेनी–** ना० [रक्त+एनी] हे० रक्तिनी ।

**रक्तेलो–** ना० [रक्त+एलो] गर्भबाट भर्खर पैदा भएको शिशु; सालनालसितैको बालक ।

**रक्तै–** वि० [रक्त+ऐ] रगतले भरिएको; रक्तपूर्ण ।

**रक्तोपचार–** ना० [सं०] १. रगतमा भएका विकारहरूलाई हटाउन गरिने औषधी; रगतका रोगको उपचार । २. रगतको कमी भएकालाई रगत दिएर गरिने उपचार ।

**रक्तोपल–** ना० [सं०] गेरु रङ्गको माटो हुने ठाउँको ढुङ्गा; गैरिक शिला; गेरु ढुङ्गा ।

**रक्त्योल–** वि० [सं० रक्तावली] १. रगतले पर्याप्त भिजेको; रक्ताम्मे; रक्तमय । ना० २. रगतको पोखरी ।

**रक्ष–** ना० [सं०] पुराण आदिका अनुसार एक जाति; राक्षस ।

**रक्षक–** वि० [सं०] १. रक्षा गर्ने; बचाउ गर्ने । २. पालनपोषण गर्ने; संरक्षणको अभिभारा वहन गर्ने । ना० ३. पहरेदार; रखवाला व्यक्ति; चौकीदार । ४. धरालो; अभिभावक ।

**रक्षण–** ना० [सं०] १. सञ्चय गर्ने काम; बचाउ गर्ने काम; रक्षाको भार वहन गर्ने काम; रक्षा; सुरक्षा । २. पालनपोषण; सह्यारसम्भार । ३. पहरेदारी; पालो; रुङाइ; रखवारी । > **रक्षणीय–**

वि० १. रक्षा गर्न लायक; बचाउ गर्नुपर्ने । २. पालनपोषण गर्नुपर्ने; पालनतालन गर्नुपर्ने ।

**रक्षमाला–** ना० [सं०] भूत, प्रेत, रोग, बालग्रह आदिबाट खास गरी केटाकेटीको सुरक्षाका निम्ति घाँटीमा बाँधिने बुटी; बाघनङ्ग्रा, बँदेलको दाह्रो, कौडा आदिको माला; जन्त्र; रक्खेमाला ।

**रक्षा–** ना० [सं०] कथ्य० रच्छे । १. सङ्कट वा दुःखद अवस्थाबाट उद्धार गर्ने काम; बचाउ । २. हानिनोक्सानी हुनबाट बचाउने काम; सुरक्षा । ३. हेरविचार; देखरेख; हिफाजत । ~ **कवच–** ना० १. दुष्ट ग्रह, रोगव्याधि, भूतप्रेत आदिको भयबाट बच्नका निम्ति धारण गरिने सूत्र; रक्षासूत्र यन्त्रादि । २. शत्रुका शस्त्रास्त्रको प्रहारबाट बच्नका निम्ति धारण गरिने पोसाक; शरीररक्षाका लागि लगाइने पहिरन । ~ **गृह–** ना० १. सुरक्षाका उद्देश्यले बनाइएको घर । २. सुरक्षाको जिम्मेदारी लिने वा रक्षाको व्यवस्था मिलाउने कार्यालय; पुलिसअड्डा । ३. नवजात शिशु र प्रसूति नारीको सुरक्षा, सेवाशुश्रूषाको व्यवस्था भएको ठाउँ; प्रसूतिगृह । – **दल–** ना० १. २००७ सालपछि पुलिसहरूलाई सहायता गर्न साधारण युवा नागरिकहरूबाट गठित तथा दुईचार वर्षपछि होमगार्डका नाममा परिवर्तित दल । २. रक्षा गर्नेहरूको समूह; रक्षकगण । ~ **बन्धन–** ना० १. श्रावण शुक्ल पूर्णिमाका दिन सप्तर्षिको पूजा गरेर नारीमा बाँधिने सूत्र; रिखीडोरो । २. यज्ञ, देवार्चन आदि कार्य गरेपछि प्रसादस्वरूप नारीमा बाँधिने डोरो । ३. रक्षासूत्र बाँध्ने काम । ४. ऋषितर्पणी पूर्णिमा; जनैपुर्ने । ~ **सङ्घ–** ना० १. टोल, गाउँ, क्षेत्रहरूको शान्तिसुव्यवस्था र सामाजिक सहयोग गर्ने उद्देश्यले गठन भएको सङ्गठन । (यस्तै उद्देश्यले २००७ सालको आतङ्कको अवस्थामा नेपालको राजधानीमा यसको गठन भएको सङ्घ) । २. समयसमयमा सरकारबाट जनतालाई वितरण हुने जिन्सी, नगदी आदि वस्तु सरोकारवाला क्षेत्रका व्यक्तिले प्राप्त गर्न सकून् भनी स्थानीय जनसमूहबाट बनेको समिति । ~ **सूत्र–** ना० रक्षाका निम्ति बाँधिने डोरो; रक्षाडोरो । > **रक्षिक–** वि० १. रक्षक; रक्षा गर्ने । २. पहरेदार; पालो बस्ने । **रक्षिका–** ना० १. रक्षा । २. रक्षा गर्ने काममा खटिएकी नारी; रक्षा गर्ने स्त्री । **रक्षित–** वि० १. सङ्कट, भय आदिबाट जोगाइएको; हानिनोक्सानी हुनबाट बचाइएको; रक्षा गरिएको । २. पालनपोषण गरिएको; सह्यारसम्भार गरिएको । ३. कुनै कामका निम्ति बँचोट गरिएको; साँचेर राखिएको । **रक्ष्य–** वि० रक्षा गर्न योग्य ।

**रक्साल–** ना० [सं० रक्षा+आल] कुनै देवदेवीलाई इच्छासिद्धि भएमा जप, होम, बलि आदि गर्न गरिने कबोल; भाकल ।

**रक्सि-नु–** अ० क्रि० [रक्सी+इ+नु] प्रशस्त घिच्नु; चाहिँदोभन्दा बढ्ता हसुर्नु ।

**रक्सी–** ना० [भो० ब०] अन्न, फल, फूल आदि कुहाएर मर्चा मिलाई नशा लाग्ने बनाइएको मद्य; मदिरा; दारु । – **बाज–** १. रक्सी खाने व्यक्ति; पियक्कड । वि० २. रक्स्याहा; जँडचाहा; नचाहिँदो हिसाबले रक्सीमा लाग्ने । > **रक्स्याहा–** वि० ज्यादै पियक्कड; रक्सी पिउनमा नामी; हदभन्दा बढ्ता रक्सी पिउने; रक्सीबाज ।

**रखवार–** वि० [भोज० > सं० रक्षापाल] सुरक्षाको काम गर्ने; रेखदेखको जिम्मेदारी लिने । > **रखवारी–** ना० १. हेरचाह गर्ने काम; सुरक्षा । २. भरणपोषण; सह्यारसम्भार । **रखवारे–** वि० १. रेखदेख गर्ने; भरणपोषण, सह्यारसम्भार आदि गर्ने । ना० २. पालोपहरा बस्ने व्यक्ति; रुँगालो ।

**रखवाला–** वि० [हि०] १. रक्षा गर्ने; बचाउ गर्ने; रक्षक । २. रेखदेख, भरणपोषण वा सह्यारसम्भार गर्ने । ना० ३. पाले; कुरुवा बस्ने मान्छे; रखवारे । > **रखवाली–** ना० १. रक्षा गर्ने काम; रखवारी । २. पालोपहरा बस्ने काम; रुङ्ने काम; रुङाइ; कुराइ; हेरचाह । **रखवालो–** वि०/ना० रखवाला ।

**रखाइ–** ना० [√ **राख्** (+आइ)] राख्ने भाव, क्रिया वा प्रक्रिया । [>] **रखाइनु–** क० क्रि० राख्ने काम गराइनु । **रखाउनु–** प्रे० क्रि० राख्न लाउनु; राख्ने काम गराउनु ।

**रखालो–** ना० [राख+आलो] १. रेखदेखको जिम्मेदारी लिने व्यक्ति; धरालो । २. रुङ्ने मान्छे; कुरुवा ।

**रखुवा–** वि० [राख्+उवा] १. राखेको; स्थापना गरेको । २. रखवाला; धरालोको काम गर्ने । ना० ३. कुरुवा काम गर्ने व्यक्ति; पाले ।

**रखेल्नी/रखौटी–** वि० [राख्+एल्नी/औटी] १. गुप्त रूपले यौन सम्पर्क राखेर ल्याइएकी; ल्याइते । ना० २. बिहे नगरी त्यसै ल्याइएकी स्वास्नी ।

**रखौटे–** वि० [राख्+औटे] १. गुप्त रूपले सम्बन्ध राखेको (नाठो, लोग्ने) । २. ल्याइते; रखौटी (स्वास्नी) । ना० ३. दलाल; अह्रौटे; नोकर ।

**रग–** ना० [अङ्०] ऊनीको ओढ्ने कपडा; सिरकको सट्टा ओढिने बाक्लो वस्त्र; कम्बल ।

**रगड्-नु–** स० क्रि० [प्रा० रहक्करण > सं० रभस्करण] १. कुनै वस्तुलाई केही साधनमा प्रशस्त घोट्नु; घिसोटेर दल्नु; रगेड्नु । २. खल, सिलौटो, जाँतो आदिमा हालेर खूब पिँध्नु; खल गर्नु । ३. काममा बेसरी जोत्नु; रगेड्नु । > **रगड–** ना० रगड्ने क्रिया वा प्रक्रिया । **रगडा–** ना० १. परस्परको झैझमेला; झगडा । २. कामको लठिबज्र; सँभालिनसक्नु अवस्था; लठारो; चटारो । ३. सङ्घर्ष; द्वन्द्व । **रगडाइ–** ना० रगड्ने वा घोट्ने क्रिया वा प्रक्रिया । **रगडाइनु–** क० क्रि० रगड्न वा घोट्न लाइनु । २. काममा जोताइनु । **रगडाउनु–** प्रे० क्रि० १. रगड्ने काम गराउनु; रगड्न लाउनु । २. काममा खूब जोताउनु; धेरै काम गराउनु । **रगडाहट–** ना० रगड्ने भाव, स्थिति वा क्रिया-प्रक्रिया; रगडाइ ।

**रगण–** ना० [सं०] वार्णिक छन्दको नियमअनुसार माझमा लघुमात्रा र दायाँबायाँ गुरुमात्रा हुँदा पर्ने एक गण; SIS चिह्नद्वारा चिनिने

गण ।

**रगत**– ना० [सं० रक्त] शरीरमा सिर्जना भएर खास प्रकारका सानाठूला नलीमार्फत सारा अङ्गमा चलायमान भएर दौडिरहने र मुटुमार्फत बेगिलो भइरहने रातो रङको तरल पदार्थ; रक्त; रुधिर । – **को नाता**– ना० बाबुआमा र छोराछोरीको वा सहोदरको साहिनु । – **पच्छे**– ना० १. कुटपिट आदिबाट चोट लागी शरीरबाट रगत झर्ने काम; रक्तपात । २. युद्ध; लडाइँ; मारामार । वि० २. रक्ताम्मे । – **मासी**– ना० पेटमा रोग भई मलद्वारबाट रगत र आउँ मिसिएको दिसा आउने रोग; उक्त रोग हुनेले झारेको दिसा । > **रगताम्मे**/**रगताम्य**– वि० रगत गिर्नाले सारा शरीर, घटनास्थल, परिवेश आदि रक्तमय भएको; रगतले व्याप्त; रक्तमय । **रगती**– ना० खसी, बोका आदि काट्दा आएको रगत; रक्ती ।

**रगते**– वि० [रगत+ए] १. रगतजस्तो । २. रगत भएको । ~ **झार**– ना० गहुँ छरेको ठाउँमा उम्रने, डाँठपात रातो हुने एक प्रकारको झार ।

**रगरग**– क्रि० वि० [अ० मू० रग्+अ (द्वि०)] १. मसिना कीटाणु, सर्प, खजुरा आदि हिँडेझैँ गरी । २. बालकहरूले चकचक गरेसरि; रगरगी; रगरगती । ना० ३. त्यस प्रकारको हिँडाइ वा चकचक । > **रगरगती**– क्रि० वि० अझै रगरगी । **रगरगाइ**– ना० रगरग गर्ने क्रिया वा किसिम; कीरा, केटाकेटी आदिको झैँ चकचक वा सकसक । **रगरगाइनु**– अ० क्रि० रगरग गर्ने हुनु । **रगरगाउनु**– अ० क्रि० रगरग गर्ने हिसाबले कीटाणु, केटाकेटी वा कुनै वस्तु हिँड्नु; सकसक हुनु; सगबगिनु । **रगरगी**– क्रि० वि० १. रगरग; रगरगती । ना० २. सुख, सफलता आदिको परिणामस्वरूप बढेको फुर्ती; ढाँचा; चकचकी । ३. ढलीमली । **रगरग्याइ**– ना० रगरगिने भाव, क्रिया वा किसिम; सकसक गर्ने ढङ्ग । **रगरग्याइनु**– क० क्रि० रगरगिने तुल्याइनु; सकसक गर्ने पारिनु । **रगरग्याउनु**– प्रे० क्रि० रगरगिने पार्नु; सकसक हुने बनाउनु; रगरग वा चकचक गर्न लगाउनु । – **रगरग्याहट**– ना० रगरग्याइ ।

**रगेड्-नु**– स० क्रि० कुनै वस्तुलाई घोट्नु; प्रशस्त दल्नु; रगड्नु । > **रगेडा**– ना० १. घोट्ने वा रगड्ने काम; रगेडिने वा घोटिने काम; रगड । २. बेहिसाबसँगको व्यस्तता । **रगेडाइ**– ना० रगेड्ने किसिम, क्रिया वा भाव । **रगेडाइनु**– क० क्रि० रगडाइनु । **रगेडाउनु**– प्रे० क्रि० १. घोट्न लाउनु; रगडाउनु । २. काममा जोताउनु; धेरै काम गराउनु । **रगेडिनु**– क० क्रि० रगडिनु ।

**रगेल्-नु**– स० क्रि० [सं० लालाकरण] मसिनु वा धूलो वस्तु पानी, दूध, तेल आदि तरल पदार्थमा मिसेर फिट्ने काम गर्नु; रयाल्नु । > **रगेलाइ**– ना० रयाल्ने भाव, क्रिया वा प्रक्रिया । **रगेलाइनु**– क० क्रि० रगेल्ने काम गराइनु । **रगेलाउनु**– प्रे० क्रि० रयाल्न लाउनु; रगेल्ने काम गराउनु । **रगेलिनु**– क० क्रि० रयालिनु ।

**रघु**– ना० [सं०] रामायण आदिका अनुसार सूर्यवंशी राजा दिलीप र रानी सुदक्षिणाबाट जन्मेका पुत्र; रघुवंशका प्रसिद्ध पुरुष; रामका पूर्वज । – **कुल**– ना० रघु महाराजबाट चलेको वंशपरम्परा । – **कुलतिलक**– ना० राम । – **नन्दन**– ना० रघुवंशमा अवतार लिएका भगवान्; रामचन्द्र; रघुनाथ । – **नाथ**– ना० रघुकुलका प्रसिद्ध पुरुष; मर्यादापुरुषोत्तम राम; रामचन्द्र । – **पति**– ना० रघुनाथ; रामचन्द्र । – **वंश**– ना० १. रघु राजाबाट प्रवर्तन भएको वंशपरम्परा; रघुकुल; रामचन्द्रको वंश । २. महाकवि कालिदासले संस्कृत भाषामा लेखेको, रघुकुलको आख्यानमा आधारित एक महाकाव्य । – **वंशी**– वि० १. रघुवंशमा उत्पन्न भएको; रघुकुलमा जन्मेको । ना० २. रामका सन्तान वा पुर्खा । – **वर**– ना० राघवहरूमध्येमा श्रेष्ठ पुरुष; राम ।

**रङ्-नु**– स० क्रि० [सं० रङ्ग +नु] रँग्नु ।

**रङ**– ना० [सं० रङ्ग] १. कुनै पनि वस्तुमा रहने तथा आँखाले हेरेर चाल पाइने, सेतो, रातो, कालो आदि वर्ण; रङ्ग; रँग । २. कुनै वस्तुलाई रँगाउने पदार्थ (चूर्ण, लेप वा झोल); रोगन; पालिस । ३. तास, बुद्धिचाल, त्रिपासा आदि खेलमा पत्ती वा गोटीलाई प्रमुख मान्दा स्विकारिने वर्ण; तास आदि खेलको प्रमुख वर्ण; तुरुप । ४. तासका खेलमध्ये एउटा खेल । ५. जाँड, रक्सी, भाङ आदि मादक पदार्थको नशा; लागो । ६. छाँटकाँट; चालढाल; ढाँचाकाँचा । ७. कसैबाट कसैमा पर्ने प्रभाव; असर । ८. फुर्ती; रबाफ; धाकधक्कु । ९. हे० रङ्ग पनि ।

**रङ बिरङ**– वि० [रङ्ग+विरङ्ग] १. अनेकौं रङका (वस्तुहरू) । २. थरीथरीका; किसिमकिसिमका । ३. धेरै किसिमका रङले युक्त । > **रङबिरङ्गी**– वि० रङबिरङ ।

**रङमङाइ**– ना० [सं० रङ्गमङ्ग+आइ] १. अनेक रङ्गमा मुछिने काम । २. अनेक विचार र शङ्काउपशङ्कामा मुछिने काम; दिशाहीन भएर अलमलिने किसिम, क्रिया वा भाव । ३. भ्रम; भ्रान्ति । > **रङमङाइनु**– अ० क्रि० विविध दिशा र विचारमा परेर भौँतारिनु; अलमलिनु; रङमङिनु । **रङमङाउनु**– अ० क्रि० विचार, सिद्धान्त वा लक्ष्य आदिको भ्रमबाट अलमलिनु; रङमङिनु । **रङमङिनु**– अ० क्रि० १. रुमलोमा पर्नु; विचार, तर्क आदिले काम नगर्नु । २. अलमलिनु । ३. धूवाँ, कुहिरो, हावा आदि पास हुन नपाई रुमलिनु; साँगुरो ठाउँमा अटेसमटेस होइनु । **रङमङ्याइ**– ना० रङमङिने भाव, क्रिया वा प्रक्रिया । **रङमङ्याइनु**– क० क्रि० रङमङिने तुल्याइनु । **रङमङ्याउनु**– प्रे० क्रि०/स० क्रि० रङमङिने पार्नु वा रङमङिन लाउनु ।

**रङाइ**– ना० [सं० रङ्ग+आइ] रँगाइ । > **रङाइनु**– क० क्रि० रँगाइनु । **रङाउनु**– स० क्रि० रँगाउनु । **रङिनु**– क० क्रि०/अ० क्रि० रँगिनु ।

**रङिलो**– वि० [रङ+इलो] रङ भएको; रङ्गिलो; रँगिलो ।

**रडेटो**– ना० हे० रँगेटो ।

**रडेल्-नु**– स० क्रि० [रङ+एलो+नु] रँगेल्नु; बिरोल्नु; हुँडल्नु; बिथोल्नु; भाँड्नु; भाँजो पार्नु । > **रडेलाइ**– ना० रँगेलाइ । **रडेलाइनु**– क० क्रि० रँगेलाइनु । **रडेलाउनु**– प्रे० क्रि० रँगेलाउनु । **रडेलाहट**– ना० रँगेलाहट । **रडेलाहा**– वि० रँगेलाहा । **रडेलिनु**– क० क्रि० रँगेलिनु ।

**रडेलो**– ना० [रङ+एलो] रँगेलो ।

**रडेल्याइ**– ना० [रडेलि+याइ] रडेलिने भाव, क्रिया वा प्रक्रिया ।

**रङ्क**– वि०[ सं०] १. एकदम गरिब; हरिकङ्गाल; निर्धन । २. लोभीको भाँडो; कन्जुस; कृपण । ना० ३. माग्ने व्यक्ति; भिक्षुक ।

**रङ्कु**– ना० [सं०] १. अन्धविश्वासीहरूले राँके भूत भनी स्वीकार गरेको एक प्राचीन हिमाली जाति; राङ्कवजाति । २. चौँरीगाई वा याक । ३. च्याङ्ग्रो । ४. एक पुराकथात्मक पाँडुले मृग । ५. पाखी ।

**रङ्ग**– ना० [सं०] १. हे० रङ (वर्ण वा रोगन) । २. सौन्दर्य । ३. नाचगान वा अभिनय; रामरमिता; रसरङ्ग । ४. क्रीडा; खेलकुद । ५. आनन्दको उत्सव; मोजमजा । ६. घर । ७. चालढाल; रङ्गढङ्ग । ८. कुनै धातुलाई टाल्न, जोड्न प्रयोग गरिने धातु; राङ । ९. खेलकुदको आयोजना गरिने ठाउँ; रङ्गशाला । १०. नाटक प्रदर्शन गरिने मञ्च; रङ्गमञ्च । – **कर्मी**– ना० रङरोगनको काम गर्ने मान्छे; रँगाउने कामदार; रङमिस्त्री । – **जीवक**– ना० १. चित्रकार । २. छिपा । – **जीवी**– ना० १. रङ्गमञ्चको कामबाट वा नाचेर जीवननिर्वाह गर्ने व्यक्ति; नट; नृत्यजीवी । २. चित्रकार । ३. रङरोगनको काम गरेर जीवनवृत्ति गर्ने व्यक्ति । ४. लुगा छिप्ने काम गर्ने जाति; छिपा । ~ **ढङ्ग**– ना० १. ढङ्ग; ढाँचाकाँचा । २. चालचलन; बानीबेहोर । ~ **न ढङ्ग**– क्रि० वि० १. छेक न छन्द; छन्द न बन्द; छाँट न काँट । २. व्यर्थ; विनाकाममा । ~ **बिरङ्ग**– वि० विभिन्न रङ मिसिएको; अनेक रङ भएको; रङ्गीबिरङ्गी । ~ **बिरङ्गी**– वि० रङ्गबिरङ्ग; रङ्गीचङ्गी । ~ **भङ्ग**– ना० आनन्दमा पर्ने बाधा; खुसियालीमा पर्न आएको व्यवधान । ~ **भवन**– ना० खेलकुद, नाचगान, नाटक आदि प्रदर्शनको आयोजना गरिने ठाउँ; रङ्गशाला; रङ्गमहल । – **भूमि**– ना० १. रङ्गमञ्च; खेल, नाटक, गीत-नाच आदिको आयोजना-स्थल; रङ्गशाला । २. पहलमानी खेल्ने ठाउँ; कसरतको अखाडा । ३. युद्धक्षेत्र; रणस्थल । – **भेद**– ना० मान्छेको कालो, गोरो आदि वर्णका आधारमा गरिने पक्षपात; वर्णका आधारमा गरिने पक्षपात वा भेदभाव । – **भेद नीति**– ना० रङ्गभेदका आधारमा गरिने पक्षपातपूर्ण नियम; काला र गोराका आधारमा गरिने भेदभावको नीति । – **मञ्च**– ना० नाचगानको प्रदर्शन गरिने, नाटक अभिनय गरिने, खेलकुद आदिको आयोजना गरिने मञ्च; रङ्गशाला । ~ **मञ्चन**– ना० खेलकुद, नाटक, नाचगान आदि प्रस्तुत गर्ने काम; रङ्गशालामा कुनै पनि कार्यक्रम प्रदर्शन गर्ने काम । ~ **मण्डप**– ना० रङ्गभूमि । – **मन्डली**– ना० रङ्गशालामा उपस्थित भएर कार्यक्रम प्रस्तुत गर्ने जमात; नाटक, खेलकुद आदिका सहयोगी र सहभागीसमेत मिलेर बनेको समूह; कलाकारहरूको डफ्फा (ट्रुप) । ~ **महल**– ना० १. राजामहाराजाका दरबार; राजप्रासाद; राजदरबार । २. भोगविलास र मोजमज्जा गर्ने घर; विलासको व्यवस्था मिलाएको भवन । ३. अन्तपुर; दरबारका चौगिर्दाभित्रको ठाउँ । ४. रङ्गशाला; रङ्गगृह । ~ **रस**– ना० १. आमोदप्रमोदको प्रसङ्ग; आनन्दोत्सव; मोजमजा । २. हास्यव्यङ्ग्य; रसरङ्ग ।

**रङ्गरुट**– ना० [अङ्० रिक्रूट] हे० रँगरुट ।

**रङ्गवाद**– ना० [सं०] वर्णवादी नीति; रङ्गभेदनीति ।

**रङ्गवादी**– वि० [सं०] रङ्गवादको अनुयायी ।

**रङ्गशाला**– ना० [सं०] नाटक, नाचगान, खेलकुद आदि कार्यको प्रदर्शन गरिने ठाउँ; रङ्गमञ्च; रङ्गभूमि ।

**रङ्गाइ**– ना० [√ **रङ्ग** (+आइ)] रँगाइ । [ > ] **रङ्गाइनु**– क० क्रि० रँगाइनु । **रङ्गाउनु**– स० क्रि०/प्रे० क्रि० रँगाउनु ।

**रङ्गाधिवेता**– ना० [सं०] भरतको नाटचशास्त्रअनुसार नाटक प्रदर्शन गरिने मञ्चमा मङ्गलपूर्वक नाटकको प्रदर्शन हुन सकोस् भन्ने उद्देश्यले पूजा गरिने देवदेवता ।

**रङ्गिनु**– अ० क्रि० [रङ्ग+इ+नु] १. रङ लागेको हुनु; रङ्गीन बन्नु । २. रङद्वारा प्रभावित हुनु । ३. लसपस भएर आफू पनि अर्को जस्तै हुनु ।

**रङ्गित१**– वि० [सं०] रङमा रङ्गिएको; रङ्गीबिरङ्गी भएको ।

**रङ्गित२**– ना० [भो० ब०] सिक्किम र दार्जिलिङको सीमा निर्धारण गर्ने नदी; टिस्टा नदीको एक सहायक नदी ।

**रङ्गिन**– वि० [फा०] रँगाइएको; रङ लागेको; रङ्गीचङ्गी; रङबिरङ ।

**रङ्गिलो**– वि० [रङ्ग+इलो] १. उज्जर रङ भएको; उत्ताउलो रङ भएको; चर्को रङको । २. हँसिलो किसिमको; पुक्खली ।

**रङ्गी**– वि० [सं०] १. रङदार; रङवाला; रङ्गिन । २. व्यसनी; मोजमज्जा गर्ने; आमोदप्रमोद गर्ने । ना० ३. रङ्गमञ्चको कलाकार । – **चङ्गी**– वि० अनेक किसिमका रङ्गहरू मिश्रित भएको; रङ्गीबिरङ्गी; झिलिमिली । ~ **बिरङ्गी**– वि० नाना रङद्वारा सिँगारिएको ।

**रङ्गोपजीवी**– वि० [सं०] १. रङ्गजीवी; रङगजीवक; रङ्गी । २. ना० अभिनेता; रङ्गमञ्चको कलाकार ।

**रङ्रुट**– ना० [अङ्० रिक्रूट] हे० रँगरुट ।

**रच्-नु**– स० क्रि० [सं० रचन/रचना] १. रचना गर्नु; बनाउनु; निर्माण गर्नु । २. कल्पना गर्नु; उप्जाउनु; कथन गर्नु । ३. सजाएर पस्कनु ।

**रचन**– ना० [सं०] रचना; निर्माण; गढाइ ।

**रचना**– ना० [सं०] १. बनाउने काम; निर्माण गर्ने काम । २. बनाउने कुशलता वा प्रविधि; निर्माणकला । ३. निर्माण भएको वास्तु, मूर्ति, ग्रन्थ आदि । ४. कल्पना; तर्जुमा; अजमाइस । ५. व्यवस्था; प्रबन्ध । ६. फूल, खरानी, हलेदो आदि मिलाई पिसेर

बनाइएको, टीका लगाउने काममा प्रयोग गरिने रातो धूलो; रोरी; रोचना । – **कार**– वि० १. रचना गर्ने; सर्जक । ना० २. रचयिता; रचना गर्ने व्यक्ति ।

**रचनात्मक**– वि० [सं०] १. कुनै प्रकारको रचना वा निर्माणमा मौलिकता थपिएको; सृजनात्मक; निर्माणात्मक । २. कुनै देश वा समाजको उन्नतिमा सहायक हुने; सृजनामूलक । – **ता**– ना० रचनात्मक हुने भाव, गुण वा विशेषता ।

**रचनी**– ना० [रचना+ई] राम्रो डालको, दुधालु र साधु आनीबानी भएको गाई ।

**रचयिता**– वि० [सं०] १. रचना गर्ने; रचनाकार; निर्माता । ना० २. लेख वा ग्रन्थ तयार गर्ने व्यक्ति; ग्रन्थकार ।

**रचाइ**– ना० [ √ **रच्** (+आइ)] रच्ने वा निर्माण गर्ने भाव, क्रिया वा प्रक्रिया [ > ] **रचाइनु**– क० क्रि० रच्ने काम गराइनु; निर्माण गराइनु । **रचाउनु**– प्रे० क्रि० रच्ने काम गराउनु; निर्माण गर्न लगाउनु ।

**रचित**– वि० [सं०] निर्माण गरिएको; रचना गरिएको; निर्मित ।

**रचिनु**– क० क्रि० [रच्+इ+नु] रच्ने काम गरिनु; निर्माण गरिनु ।

**रछान**– ना० [सं० राश+आन] १. घरनजिकै फोहोरमैला फ्याँक्न बनाइएको मलखाल्डो; रछानघुरान; जुठेल्नु । २. फोहोर जाने नाली; नाल ।

**रछाने**– वि० [रछान+ए] १. रछानजस्तै फोहोरमैला भएको; अत्यन्त दुर्गन्धित । ना० २. फोहोरमैलाबाट उछ्रने खटिरो; फोहोर खटिरो । ~ **खटिरो**– ना० फोहोरका कारणबाट जीउमा निस्कने खटिरो; फोहोर खटिरो ।

**रछायाँ/रछायो**– वि० [रक्त+छायाँ/छाया+ओ] १. धुस्रोफुस्रो देखिने खालको रातो; खैरोमा रातो मिसिएको । ना० २. त्यस्तो रङ ।

**रज**– ना० [सं०] १. नारीहरू रजस्वला हुँदा निस्कने रगत; ऋतु । २. फूलमा हुने केशर; पुष्पराग; पुष्पपराग । ३. धूलो; छारो । ४. सत्त्व, रज, तममध्ये सिर्जनाशक्तिको मुहान मानिने गुण; रजोगुण ।

**रजक**– ना० [सं०] धोबी ।

**रजगज**– ना० [ √ राजकाज] १. ठाँटबाँट; तडकभडक । २. मोजमज्जा; ढलीमली; ठसमस । ३. रजाइँ; सुखसयल ।

**रजत**– ना० [सं०] १. चाँदी; धातुको एक जाति । २. सेतो रङ । वि० ३. सेतो; शुभ्र वर्णको; सुकिलो । ~ **जयन्ती**– ना० संस्था, उद्योग, व्यक्ति, ऐतिहासिक घटना आदि पच्चीसौँ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा मनाइने उत्सव । – **मय**– वि० १. चाँदीबाट बनेको; चाँदीचाँदी भएको; चाँदीले ढाकिएको । २. सेतो; शुभ्र वर्णको ।

**रजनी**– ना० [सं०] १. सूर्यास्तपछिको सन्ध्याबाट सुरु भई सूर्योदयपूर्वको उषासम्मको समय; रात्रि; रात । २. नीलो रङ बनाउने काममा आउने एक जातको वृक्ष । ३. हलेदो । – **कर**– ना० १. चन्द्रमा । २. कपूर । – **गन्धा**– ना० रातमा मगमग बास्ना चल्ने एक फूलको जात; हसिना । – **मुख**– ना० रातको मुख वा आरम्भबिन्दु; साँझ । – **रमण**– ना० रातमा हिँडडुल गर्ने ग्रह; चन्द्रमा ।

**रजपुत**– ना० [सं० राजपुत्र] १. राजामहाराजाका सन्तान; राजाका छोरानाति; राजाको वंशपरम्परा । २. क्षत्रियहरूको कुलघरान एवं उच्चता जाहेर गर्ने वंशलाई बुझाउने संज्ञा । ३. भारतको राजपुताना प्रान्तका क्षत्रिय वंश; राजपूतखलक; भारतीय ठकुरी ।

**रजबन्धकी**– वि० [सं० राज+बन्धक+ई] राजा वा राज्यले बन्धक राखेको; सरकारबाट बन्धक वा धितोमा परेको ।

**रजबाधा**– ना० [सं० राजबन्ध+आ] राज्य वा सरकारले ऋण लिएबापत धितो राखेको जमिन वा वस्तु; सरकारले धरौटी राखेको वस्तु ।

**रजबाम**– ना० [रज+बाम] टाउको ठूलो हुने एक खालको बाम माछो; ठूलो बाम माछाको एक जात ।

**रजबार**– ना० [रजबाडा] १. सानातिना राज्यको राजा; बाइसेचौबीसेजस्ता राज्यका राजा; रजौटा । २. राजघराना; राजखानदान । ३. रजबाडा ।

**रजवती**– ना० [सं० रजोवती] रजोवती ।

**रजवाडा**– ना० [सं० राजवाटिका] १. सानोतिनो क्षेत्र वा अधिकार भएको राजा; रजौटो । २. राजाका अधीनका सानातिना राज्य; करद राज्य; उपराज्य ।

**रजस्थल१**– ना० [सं०] १. रजस्राव हुने स्थल, नारीको मासिक धर्ममा रगत निस्कने ठाउँ; पाठेघर । २. रगत निस्कने ठाउँ; घाउ । ३. फूलको केशर रहने ठाउँ; पुष्पपराग बन्ने ठाउँ ।

**रजस्थल२**– ना० [सं० राजस्थल] राजदरबार रहेको ठाउँ ।

**रजस्वला**– ना० [सं०] १. नारी तरुनी भएपछि प्रत्येक महिनामा पर सर्ने काम; ऋतुधर्म; मासिक धर्म । २. पर सरेकी आइमाई; रजस्राव भएकी स्त्री; नछुने । ३. गर्भधारण गर्ने तत्त्वले युक्त भएकी आइमाई; उमेर पुगेकी नारी ।

**रजहाँस**– ना० [सं० राजहंस] सेतो रङ, लामो घिच्रो र अग्ला खुट्टा भएको हाँस; राजहाँस ।

**रजाइँ**– ना० [राज+आइँ] १. राज्य गर्ने काम; राज्यको शासन वा सञ्चालन । २. अख्तियारको एकलौटी उपयोग; रजगज; हैकम । ३. मैमत्तापन; ढलीमली; ठसमस । ४. सहीसही-बिसहीबिसही ।

**रजिया**– ना० [सं० राजिक] भरेर हिसाब निकाल्नुपर्ने वस्तुको चार मानाबराबरको नापो; नाली ।

**रजिस्टर**– ना० [अङ्०] १. सिलसिला मिल्ने हिसाबले कुनै नगद वा जिन्सीको आयव्ययको लगत दर्ता गर्ने पुस्तक वा खाता । २. आएगएका पत्र, वस्तु आदिको विवरण उल्लेख गर्ने पुस्तिका; दर्ता वा चलानी कापी । ३. विद्यार्थी, कर्मचारी, मजदुर आदिको उपस्थिति जनाउने खाता; हाजिरकापी ।

**रजिस्टरी**– ना० [अङ्० रजिस्ट्री] १. कानुनमा उल्लेख भएअनुसारको रीत पूरा गरी सरकारी तहमा दर्ता गर्ने काम; जग्गा, उद्योग वा

कुनै वस्तु विधिपूर्वक सरकारी कार्यालयको प्रतिज्ञापत्र भरी दर्ता गर्ने काम । २. जुनसुकै वस्तुको लगतविवरण रजिस्टरमा दर्ता गर्ने काम । ३. हुलाक नियमअनुसार अतिरिक्त शुल्क तिरी एक ठाउँबाट अर्को ठाउँमा चिठीपत्र, सामानको पार्सल आदि पठाउने काम । ४. हुलाकमहसुल दरमा छुट सुविधा मिल्ने गरी दर्ता गरिएका चिठीपत्र, पुस्तकपत्रिका, पुलिन्दा, सङ्घसंस्थाका बुलेटिन आदि । वि० ५. रजिस्टरमा दर्ता गरिएको; रजिस्टरमा जनाइएको ।

**रजिस्टर्ड**– वि० [अङ्०] १. रजिस्टरी भएको; दर्ता गरिएको । २. दर्तावाल । ~ **एजेन्ट**– ना० कुनै कार्यालय, उद्योग, वाणिज्य आदि संस्थाको प्रतिनिधिका रूपमा दर्ता भएको व्यक्ति वा संस्था । ~ **बुक**– ना० दर्ता गरिएको किताब; दर्ताको अभिलेख राख्ने गरेको खाता; दर्ता जनाएको कापी; दर्तापुस्तक; दर्ताबही । ~ **संस्था**– ना० सङ्घसंस्था गठन गर्ने ऐनको नियमअनुसार प्रमाणित एवं दर्ता भएको संस्था; सरकारबाट मान्यता प्राप्त भएको र कानुनी तहबाट मान्य भएको संस्था ।

**रजिस्टार**– ना० [अङ्० रजिस्ट्रार] १. विश्वविद्यालयको गठनमा प्रशासनिक उच्चतहको पदमा रही सचिवले गर्ने प्रकारका सम्पूर्ण प्रशासनिक काम गर्नेगराउने अधिकारी; कुलसचिव; प्रस्तोता । २. नगरसभा, गृहमन्त्रालय, उच्च अदालत आदि संस्थाको प्रशासनिक कार्य रेखदेख गर्ने सचिवसरहको पदाधिकारी ।

**रजिस्ट्रेसन**– ना० [अङ्० रजिस्ट्रेशन] १. जग्गा, घर, सङ्घ-संस्था, उद्योग, प्रकाशन आदिलाई कानुनी तहबाट दर्ता गर्ने काम । २. कुनै वस्तुको लगत दर्ता गरी विवरणअभिलेख राख्ने काम । ~ **अड्डा**– ना० घरजग्गा, उद्योग, सङ्घसंस्था, हातहतियार आदिको लेनदेन गर्दा नामसारी गर्ने र दाखिलखारेजको अभिलेख दुरुस्त राख्ने अड्डा; पास अड्डा ।

**रजैया**– वि० [राजा+ ऐया] १. सरकारसित सरोकार भएको; सरकारी सम्बन्ध भएको; सरकारी । २. राजाको; राजासित सम्बन्धित । ~ **सडक**– ना० सवारीका सबै प्रकारका साधन आवतजावत गर्न सक्ने फराकिलो सडक; राजपथ; राजमार्ग ।

**रजोगुण**– ना० [सं०] मनमा काम, प्रेम, स्नेह, मोह, राग, चञ्चलता आदि उत्पन्न गराउने एक गुण; सत्त्व, रज र तममध्ये सृष्टिसँग सम्बन्धित एक गुण । > **रजोगुणी**–वि० १. रजोगुणले युक्त; रजोगुण भएको । २. रजोगुणसम्बन्धी ।

**रजोदर्शन**– ना० [सं०] १. नारीको रजस्वलाको प्रथम उदय । २. योनिद्वारबाट प्रत्येक महिना हुने रजको निर्गमन ।

**रजोधर्म**– ना० [सं०] नारीको नछुने हुने स्वाभाविक गुण; रजोदर्शन; नछुने ।

**रजोवती**– वि० [सं०] रजस्वला भएकी; पर सरेकी; नछुने भएकी; टक्रिएकी; पन्छिएकी (स्त्री) ।

**रजोहीनता**– ना० [सं०] १. मासिक धर्मबाट भएको निवृत्ति; रजस्वला हुन छोडेपछिको अवस्था । २. गर्भधारणका निम्ति अनुकूल रजस्वला हुने गुणको अभाव । ३. नारीको बाँझोपन ।

**रजौटे**– वि० [रजौटा+ए] रजौटासम्बन्धी; रजौटाको ।

**रजौटो**– ना० [राजा+औटो] सानातिना क्षेत्रको राज्यसञ्चालन गर्ने राजा; रजबार ।

**रज्जु**– ना० [सं०] १. डोरी । २. घोडाको मुखमा लगाउने डोरी; लगामडोरी । ३. नियन्त्रण गर्ने सम्पूर्ण अधिकार; बागडोर । ४. वास्तु तथा मूर्तिकलामा चौसट्ठी हात लम्बाइको नापोलाई बुझाउने शब्द । ~ **मार्ग**– ना० १. बिजुलीबाट चल्ने डोरी वा तारको बाटो; रोपलाइन; घिर्लिङ । २. ट्रलीसेवाको गाडी हिँड्ने बाटो ।

**रञ्जक**– वि० [सं०] १. रङसम्बन्धी काम गर्ने; रँगाउने; रङरोगन लगाउने । २. मनोरञ्जनको काम गर्ने; मन बहलाउने । ना० ३. रङरोगनको काम गर्ने शिल्पी; छिपा । ४. रँगाउने गुण भएको वस्तु; रङ । ५. रातो चन्दन; रक्त चन्दन । ६. सिँदुर । ७. माहुर; हातपाउमा लगाउने रङ; मेहँदी ।

**रञ्जन**– ना० [सं०] १. रँगाउने काम; रङरोगन गर्ने काम । २. खुसी तुल्याउने काम; मन बहलाउने काम । ३. रातो चन्दन; रक्त चन्दन । > **रञ्जना**– ना० १. रञ्जन गराउने स्त्री । २. रञ्जनाशैलीको एक प्राचीन लिपि; रञ्जनालिपि (नेपालमा बाह्रौँदेखि पन्ध्रौँ शताब्दीसम्म प्रचलित) । **रञ्जनी**– ना० १. हलेदो । २. पान । ३. नागबेली; नागवल्ली ।

**रञ्जनीय**– वि० [सं०] १. आनन्ददायी; आनन्द दिने खालको । २. रँगाउन लायक ।

**रञ्जित**– वि० [सं०] १. प्रसन्न; आनन्दित । २. बढाई-चढाई बोलेको । ३. रङ लगाइएको । – **कार**– ना० सेतो कपडामा ढाका आदिको छिपाइको काम गर्ने नेवारजातिको एक भेद ।

**रट्-नु**– स० क्रि० [सं० रट्+नु] १. पाठ, मन्त्र आदि कण्ठस्थ पार्ने उद्देश्यले घोक्नु; कण्ठ हुने गरी पढ्नु । २. कुनै कुरो बारबार आवृत्ति गर्नु; धेरै बाजि भनिरहनु । ३. अभ्यास गर्नु; चिन्तनमननमा तल्लीन हुनु । > **रटन**– ना० रट्ने काम; रटाइ । **रटना**– ना० १. कुनै शब्द, वाक्य वा पाठलाई एकदमै घोक्ने काम; कण्ठस्थ गराउने उद्देश्यले रटिरहने काम । २. एउटै कुरो दोहोऱ्याई-तेहऱ्याई उच्चारण गरिरहने काम । ३. एकाग्र ध्यान; एकोहोरो लगन । ४. फिक्री; चिन्ता । **रटन्त**– ना० १. रट्ने काम; रटाइ; रटना । वि० २. रट्ने बानी भएको; रटुवा । **रटन्ताम्**– ना० १. रटिरहने काम; बारम्बार घोकिरहने काम; घोकन्ताम् । वि० २. रटुवा; घोकुवा । **रटन्ते**– वि० १. खूब रट्ने वा घोक्ने; घोकन्ते । २. खूब घुम्नुपर्ने; फिरन्ते । **रटाइ**– ना० रट्ने भाव, क्रिया वा प्रक्रिया । **रटाइनु**– क० क्रि० रट्ने काम गराइनु; रट्न लाइनु । **रटाउनु**– प्रे० क्रि० रट्न लाउनु; रट्ने काम गराउनु । **रटिनु**– क० क्रि० रट्ने काम गरिनु; घोकिनु ।

**रड**– ना० [अङ्०] घर आदि बनाउन प्रयोगमा ल्याइने फलामको

डन्डी; छड ।

**रडाको**– ना० [लड्+आको] १. परस्परमा हुने झैझगडा; वैमनस्य; झैझमेला । २. ठूलो हुलदङ्गा; होहल्ला; राडो ।

**रडी**– ना० [रट्+ई] १. अड्डी लिने काम; धृष्टता । २. झैझगडा गर्ने काम; रोऱ्याइँ ।

**रड्क-नु**– अ० क्रि० [अ० मू० रड्क+नु] १. टेकेको वा भर गरेको ठाउँबाट खुट्टा, हात आदि कुनै अङ्ग खुस्किनु; चिप्लिनु । २. ठीक समय र ठाउँमा बुद्धि नपुग्नाले काम बिग्रनु; चुक्नु; भुल्नु । ३. पतन हुनु; च्युत हुनु । > **रड्काइ**– ना० रड्किने भाव, क्रिया वा प्रक्रिया । **रड्काइनु**– क० क्रि० रड्कने काम गराइनु; रड्कने पारिनु । **रड्काउनु**– स० क्रि०/प्रे० क्रि० १. रड्कन लाउनु; रड्कने काम गराउनु । २. कलमलाई दुरुपयोग गरी केही गलत रकम लिखतमा चढाउनु । **रड्किनु**– अ० क्रि० रड्कनु । **रड्को**– ना० रड्कने काम; चिप्लिने वा चुक्ने काम; रड्काइ । **रड्क्याइ**– ना० रड्किने भाव, क्रिया वा प्रक्रिया ।

**रण**– ना० [सं०] परस्परमा पक्षविपक्ष भई गरिने लडाइँ युद्ध; सङ्ग्राम । – **क्षेत्र**– ना० १. लडाइँको ठाउँ; विवाद उठ्नाले लडाइँ परेको ठाउँ । २. युद्धभूमि; रण छेडिएको भूमि । – **घ्वाँक**– वि० १. साधारण सीमाभन्दा ठूलो; अजङको; बडेमाको; रनघ्वाँक; घ्वाँक । – **चण्डी**– ना० १. रणक्षेत्रकी देवी; रणक्षेत्रको रगत पिएर मत्त हुने देवी; उग्रचण्डी । वि० २. पूरै रिसाएकी (स्त्री) । – **जित मल्ल**– ना० एकीकरणभन्दा पहिलेका भक्तपुरे राजाहरूमध्ये सबैभन्दा पछिल्लाचाहिँ राजा । – **झोक**– ना० ठूलो झोक; कडा खालको रिस; तातो रिस । > **रणत्कार**– ना० धनुको ताँदो फट्कार्दा झनझनाएर आउने आवाज; झणत्कार । – **धीर**– वि० युद्ध गर्नुपरेको बेलाको धीर ।

**रणन**– ना० [सं०] १. कुनै सुमधुर ध्वनियुक्त गीत, सङ्गीत आदिको नाद वा तरङ्ग । २. बाजा आदि बज्दाको ध्वनि; रन्को ।

**रणनाद**– ना० [सं०] रणक्षेत्रमा उत्तेजित वीरहरू कराउँदाको गर्जना; रणध्वनि ।

**रणबहादुर शाह**– ना० पृथ्वीनारायण शाहका नाति, प्रतापसिंह शाहका छोरा र गीर्वाणयुद्धका पिता शाहवंशका तेस्रा राजा श्री ५ रणबहादुर शाह; स्वामी महाराज; निर्वाणानन्द ।

**रणभूमि**– ना० [सं०] युद्ध भएको ठाउँ; लडाइँको मैदान; युद्धस्थल; युद्धभूमि ।

**रणलक्ष्मी**– ना० [सं०] युद्धकी अधिष्ठात्री देवी; विजयलक्ष्मी ।

**रणवीर/रणशूर**– ना० [सं०] वीरतापूर्वक युद्ध गर्ने योद्धा; लडाइँमा साहसपूर्वक लड्ने जवान; युद्धवीर ।

**रणसङ्ग्राम**– ना० [सं०] १. परस्परका दुई शक्तिका बीचमा चलेको युद्ध; लडाइँ । २. घम्साघम्सी; मारामार । ३. ठूलो झगडा ।

**रणस्तम्भ**– ना० [सं०] युद्धमा जितेबापत जित्ने पक्षले उभ्याएको ढुङ्गा वा धातुको खाँबो; विजयस्तम्भ; विजयखम्बा ।

**रणस्थल**– ना० [सं०] युद्धको मैदान; लडाइँको अखडा; युद्धक्षेत्र ।

**रणाङ्गण**– ना० [सं०] युद्धभूमि; रणस्थल ।

**रण्डी**– ना० [सं०] लोग्ने मरेकी आइमाई; विधवा; राँडी ।

**रत**– वि० [सं०] १. कुनै विषय वा काममा एकोहोरो किसिमले लागेको; अनुरक्त; आसक्त । २. दिलदेखि नै लागेको; तल्लीन भएको; दत्तचित्त; लिप्त । ना० ३. एकअर्कामा हुने आकर्षण; प्रेम । ४. रतिक्रीडा; स्त्रीसमागम; मैथुनकार्य ।

**रतङ्गे**– ना० [सं० रक्त+अङ्ग+ए] सागपात, बोटबिरुवा आदिका पात, डाँठ आदिमा रातो भएर लाग्ने एक प्रकारको रोग; राँके; राते ।

**रतन**– ना० [सं० रत्न] रत्न । – **जोत**– ना० सैजन वृक्ष; शोभाञ्जन । – **नाथ**– ना० १. सिद्ध गोरखनाथका एक प्रसिद्ध सिद्ध वा योगी । २. दाङको चौघरामा रहेको तिनैको मठ ।

**रतन्धे**– वि० [रतन्धो+ए] रात परेपछि आकाशका तारासमेत नदेख्ने गरी अन्धो हुने रोग लागेको; रतौँधीको रोगी ।

**रतन्धो**– ना० [सं० रात्र्यन्ध] १. राती आँखा अन्धो हुने रोग; रतौँधी । वि० २. रातीको अन्धो (व्यक्ति) ।

**रति-नु**– अ० क्रि० [सं० रत+नु] १. कुनै विषय वा व्यक्तिसित झ्याम्मिनु; लहसिनु । २. प्रेममा फँस्नु; अनुरक्त हुनु । ३. कसैका वशमा बस्न रमाउनु; सधिनु । ४. कसैसित आत्मीय हुनु ।

**रति**– ना० [सं०] १. शिवका नेत्रबाट उत्पन्न अग्निले नष्ट भएका मदन वा कामदेवकी अर्धाङ्गिनी; पुराण आदिमा वर्णित मदनकी पत्नी । २. मैथुन; सम्भोग । ३. प्रेम; प्रीति । ४. रससिद्धान्तअनुसार शृङ्गाररसको स्थायीभाव । ५. आकर्षण; झुकाउ । ६. शोभा; सौन्दर्य । ~ **कर्म**– ना० स्त्रीपुरुषका बीचको यौनाचार । ~ **केलि**– ना० यौनव्यापार; रतिक्रिया । ~ **क्रिया**– ना० भाले प्राणीको जननेन्द्रिय पोथी प्राणीका जननेन्द्रियमा पसाई गरिने भोगकार्य; मैथुन; सम्भोग । ~ **क्रीडा**– ना० रतिक्रिया । ~ **गृह**– ना० वातावरण नै उन्मादक किसिमको पारी कामक्रीडाका निम्ति तयार गरिएको घर; रतिमन्दिर । – **दान**– ना० मैथुन गर्ने काम; सम्भोगक्रिया । – **पति**– ना० पुराण आदिमा वर्णित रतिका पति; कामदेव; मदन । – **बन्ध**– ना० सम्भोगक्रीडाको आसन; रतिकलाको ढङ्ग । ~ **मन्दिर**– ना० १. रतिक्रीडाका निम्ति उपयुक्त व्यवस्था भएको घर; रतिक्रियाको भवन । २. पोथी प्राणीको जननेन्द्रिय; योनि । – **रस**– ना० १. रतिक्रीडाबाट प्राप्त हुने आनन्द । २. रतिक्रीडा । ~ **लम्पट**– वि० अतिशय कामुक; स्त्रैण; मैथुन गर्ने काममा आसक्त; आइमाई भनेपछि हुरुक्क हुने; स्त्रीलम्पट । ~ **लीला**– ना० १. मैथुनका लागि गरिने हाउभाउ वा चाल ।

**रती**– ना० [सं० रक्त+ई] हे० रत्ती । ~ **पनि**– क्रि० वि० थोरै पनि । – **भर**– क्रि० वि० अलिकति मात्रामा पनि; थोरै पनि; किञ्चित् पनि ।

**रतुली**– वि० [रातो+उली] रातो रङको; रातो वर्णको (बाखो) ।

**रतुवा१–** वि० [रातो+उवा] १. रातो वर्णको; रातो खालको । ना० २. रातो वर्णको मात्र हुने मृगको एक जात; रातो मृग । ३. सात माई नदीमध्येकी एक माईनदी; रतुवामाई ।

**रतुवा२–** वि० [रति+उवा] रतिएको; पूरै लहसिएको; सधिएको; आत्मीय भएको ।

**रतेउली/रतेली–** ना० [रात+एउली/एली] १. बिहाका दिन दुलाहा अन्भाइसकेपछि दुलाहाका घरमा आइमाईहरू भेला भएर रातभर गरिने, स्त्रीपुरुषका बीचको प्रेमालापमा आधारित नाचगान, अभिनय आदिको रमाइलो; रत्यौली । २. दुलही भित्र्याउने दिन दुलाहातर्फबाट खुवाइने भोज; रतेली भोज । ~ **भोज–** ना० बिहेका दिन दुलाहाका घरमा रात बिताउनेको सम्मानमा सबैलाई खुवाइने भोज ।

**रतौंधी–** ना० [सं० रात्र्यन्ध] रात परेपछि आँखा नदेख्ने रोग; रतन्धो ।

**रत्ति-नु–** अ० क्रि० [रति+नु] १. आकर्षित हुनु; लहसिनु; रतिनु । २. प्रेममा फस्नु; अनुरक्त हुनु । ३. कसैका वशमा बस्न रमाउनु; सधिनु । ४. आत्मीय हुनु ।

**रत्ती–** ना० [सं० रक्तिमा] १. लाल; रती; रातीगेडी; लालगेडी । क्रि० वि० २. अलिकति; अत्यन्त थोरै । (उदा०– अँ मैले भनेको रत्ती मान्दैन ) ।

**रत्न–** ना० [सं०] १. गहना, आभूषण, श्रीपेचजस्ता अलङ्कारमा जडिने बहुमूल्य पत्थर; हीरा, पन्ना, माणिक, आदिको पत्थर; मोती, माणिक्य, वैदूर्य, गोमेद, हीरा, मुगा, पद्मराग, पन्ना र नीलमणिसमेतका प्रसिद्ध नवरत्न; जवाहिरात । वि० २. सर्वोत्तम; सर्वश्रेष्ठ; उत्कृष्ट । **– कान्ति–** ना० १. रत्नको शोभा; रत्नको छवि । **– गर्भ–** वि० रत्नको जस्तो शोभा वा कान्ति भएको । **– गर्भा–** ना० पृथ्वी, धरती । **– गन्धी–** ना० शिरीषका जस्ता ससाना पात हुने, रहरलाग्दा राता रङका फूल लाग्ने, कोसाका भित्र फल फल्ने एक वृक्षविशेष; पात र बोक्राबाट पेटको रोग र फूलबाट दम, ब्रोङ्काइटिस र औलो ज्वराको आयुर्वेदिक औषधी बन्ने सोही वृक्ष; कृष्णाचुर । **– पाणि–** ना० बौद्धधर्मअनुसार रत्नसम्भवका छोरा; पाँच बोधिसत्त्वमध्ये एक । **– सम्भव–** ना० पञ्च ध्यानी बुद्धमध्येका एक; बौद्धिक स्तूपचैत्य आदिका दक्षिणपट्टि राखिने देवता; रत्नपाणिका पिता । > **रत्नाउलो–** ना० चार हजार फिटभन्दा अग्लो ठाउँका चिस्यान र मलिला ठाउँमा उम्रने, पानका आकारका हल्का हरियो रङका पात हुने, रातो डाँठ हुने, घाँसका रूपमा प्रयोग गर्दा गाईबस्तुको दूध पग्घ्ने भुइँघाँस । **रत्नाकर–** ना० १. विभिन्न बहुमूल्य रत्नको खानी मानिने ठाउँ । २. समुद्र; सागर । ३. खानी । ४. पुराणका अनुसार बाल्मीकि ऋषिको ऋषि हुनुभन्दा पहिलेको नाम । **रत्नावली–** ना० १. बहुमूल्य रत्नहरू जडिएको माला; रत्नको हार । २. अलङ्कारशास्त्रअनुसार कुनै प्रसङ्गमा प्रकृतिको क्रमिक विषयको उल्लेख हुँदा पर्ने अलङ्कार; अर्थालङ्कारको एक भेद । **रत्नि–** ना० वास्तु तथा मूर्तिकलामा एक्काइस अमलबराबरको नापो बुझाउन प्रयोग हुने शब्द । **रत्नौलो–** ना० रत्नाउलो ।

**रत्याइ–** ना० [√ **रति** (+याइ)] १. रतिने भाव, क्रिया वा प्रक्रिया । [रत्याउ+आइ] २. रत्याउने भाव, क्रिया वा प्रक्रिया [ > ] **रत्याइनु–** क० क्रि० रतिने तुल्याउनु । **रत्याउनु–** स० क्रि०/प्रे० क्रि० रतिने तुल्याइनु; अनुरक्त पार्नु; लहस्याउनु । **रत्याहट–** ना० रत्याइ । **रत्याहा–** वि० १. रत्याउने । २. रतिने ।

**रत्यौली–** ना० [**रात**+यौली)] रतेउली; रतेली ।

**रथ–** ना० [सं०] १. प्राचीन कालमा घोडाले तानेर हिँडाउने चारपाङ्ग्रे सवारीसाधन वा वाहन । २. अचेल देउ-देउताको यात्रामा प्रयोग गरिने, मान्छेबाट तानिने त्यस्तै साधन । ३. झाँकी आदिमा हिँडाउनको लागि सिँगारेर घर वा मन्दिरजस्तो रूपमा परिणत गरिएको मोटर, ट्रक आदि । ४. अचेलका आधुनिक वाहनमध्ये गोरुगाडा, बग्गी, टाँगा आदि । ५. शरीर; देह । ६. गोडा; खुट्टा । **– धूली–** ना० १. रथ, टाँगा, एक्का आदिका पाङ्ग्राले उडाएको धूलाको कण । २. परमाणुको आठ गुनाबराबरको नापो । ~ **यात्रा–** ना० देवदेवीका प्रतिमा वा मान्य व्यक्तिलाई रथमा राखी टोल, नगर वा निर्दिष्ट ठाउँमा घुमाई मनाइने उत्सव । **– वान्–** ना० रथचालक । > **रथाङ्ग–** ना० १. रथ, मोटर, गाडा, एक्का आदि यानसाधनको चक्का; पाङ्ग्रो । २. चक्र । ३. चक्रवाक पक्षी; चखेवा । (जस्तै– चखेवाचखेवीका जोडी रथाङ्गदम्पती हुन्) । **रथी–** वि० १. रथमा चढ्ने; रथारोही । ना० २. युद्धमा ठूलो वीरताको प्रदर्शन गर्ने वीर; योद्धा । ३. लेफ्टिनेन्ट जनरल । **रथोद्धता–** ना० छन्दशास्त्रका लक्षणअनुसार प्रत्येक चरणमा क्रमशः रगण, नगण, रगण र लघु तथा गुरु मात्रा हुने, एघार अक्षरको एक वार्णिक छन्द । **रथ्या–** ना० यान चल्न सक्ने सडक; मोटर दोहोरो आवतजावत गर्न सक्ने बाटो; राजमार्ग ।

**रद–** ना० [सं०] १. दन्त; दाँत । २. ज्योतिषशास्त्रमा ३२-को अङ्कलाई बुझाउने शब्द । **– च्छद–** ना० दाँतबाहिर आवरणका रूपमा रहने अङ्ग; ओष्ठ; ओठ । **– पट–** ना० ओठ; रदच्छद ।

**रदलबदल–** ना० [फा० रद्दोबदल] कसैलाई पूरै रद्द गर्ने र कसैलाई केही परिवर्तन गरी मिलाउने काम; केही हेरफेरका साथ मिलाउने काम; अदलबदल ।

**रद्द१–** वि० [सं० रत] १. आनन्द वा खुसीले मस्त; उन्मादले मत्त; मुग्ध; मक्ख । २. प्रसन्न; हर्षित; प्रफुल्ल । ३. अनुरक्त; आसक्त । ४. आश्चर्यले युक्त भएको; विस्मित; चकित ।

**रद्द२–** वि० [अ०] १. बिकम्मा; काम नलाग्ने । २. खारेज गरिएको । ना० ३. खारिज गर्ने काम; डिसमिस; खारेजी ।

**रद्दी–** वि० [अ० रद्द+ई] काम नदिने अवस्थाको; बिकामे; गएगुज्रेको । **– को टोकरी–** ना० घर, कार्यालय वा कतै पनि फोहोरमैला जतासुकै नछरियोस् र एकै ठाउँमा जम्मा होस् भनी राखिएको, बेत, बाँस, टिन आदिको टोकरी; काम नलाग्ने कागत तथा

कसिङ्गर हाल्ने टोकरी ।

**रनक–** ना० [अ० मू० रनक्+अ] १. कुनै कुरा वा कारणबाट मनमा उठ्ने उत्तेजना; रिस; झोक; भ्वाँक; झनक । २. सनक । ३. रन्को; रन्काइ । > **रनक्क–** क्रि० वि० १. एकै पल्ट उत्तेजनामा पुगेर रिसाउने गरी; रिसले रन्किने, सन्किने वा झन्किने गरी; झनक्क । २. तात्ने किसिमले; निकै जोसिएर ।

**रनघ्वाँक–** वि० [रण+घ्वाँक] १. बडेमाको; अजङको; घ्वाँके । २. हलक्क बढेर मोटाएको ।

**रनबन–** क्रि० वि० [रन+बन] वनैभरि; सारा जङ्गलमा ।

**रनभुल्ल–** ना० [√ रल्लि (+अ)+√ भुल् (+अ)] १. के कसो गर्ने भन्ने निर्णय लिन नसकी रल्लिएर भुलभुलैयामा पर्ने स्थिति । २. त्यस प्रकारको भुलभुलैया । वि० ३. त्यसरी भुलभुलैयामा परेको । क्रि० वि० ४. त्यसरी भुलभुलैयामा पर्ने गरी । > **रनभुल्लिनु–** अ० क्रि० रनभुल्ल हुनु; रनभुल्लमा पर्नु । **रनभुल्ल्याइँ–** ना० रनभुल्ल हुने वा रनभुल्लिने पन वा अवस्था ।

**रनाहा–** ना० [अ० मू० रन्+आहा] १. मनमा पर्ने असह्य ताप; आन्तरिक वेदना । २. रिसले उत्पन्न भएको छटपटी; अत्यन्त ठूलो झोक । ३. रिँगटा; चक्कर । ४. रिसको भाव; आवेग; उत्तेजना ।

**रनिङ सिल्ड–** ना० [अङ्०] आलोपालो गरी विजयी खेलाडीहरूले प्राप्त गरून् भनी राखिएको सिल्ड ।

**रनिवास–** ना० [रानी+आवास] दरबारका रानीहरूको आवासगृह; अन्तःपुरका सुन्दरीहरूको निवास; खोपी ।

**रन्क-नु–** अ० क्रि० [अ०मू० रनक्+नु] १. उत्तेजित अवस्थामा पुगेर रिसाउनु; अनायास झोक्किनु । २. अत्यन्त तातो हुनु; तात्नु । ३. बज्ने धातुमा आवाज आउने गरी आघात लाग्नु । ४. त्यस्तो आघात लागी धातुहरू बज्नु । > **रन्काइ–** ना० रन्किने वा तात्ने क्रियाप्रक्रिया; रिसले वा तापले चरम अवस्थामा पुग्ने किसिम वा क्रिया । **रन्काइनु–** क० क्रि० रन्कने वा तात्ने गराइनु; तताइनु । **रन्काउनु–** स० क्रि० रिस उठाउनु वा तातो पार्नु; झोक चलाउनु वा तताउनु । **रन्कारन्की–** ना० परस्परमा उत्तेजित भएर रन्कने काम; झोकाझोक; बाझाबाझ । **रन्काहा–** वि० रनक्क रिसाउने खालको; जङ्गिने स्वभावको; रिसाहा; झोकी । **रन्किनु–** अ० क्रि० १. घण्टा, काँसका बाजा, झ्याम्टा आदि बज्दा खास ध्वनि निस्कनु; लामो रन्को निकालेर बज्नु । २. रन्कनु । ३. रन्कने होइनु ।

**रन्को–** ना० [रन्क+ओ] १. रिसको आवेग; झोक; रनाहा । २. आवाजको अनुतान; ध्वनिको तरङ्ग; कुनै वस्तुबाट निस्कने मूल ध्वनिको अनुतानका रूपमा निस्कने शब्द । ३. कुनै कारणबाट पैदा हुने रिँगटा; फनफने रोग । ४. मानसिक एकोहोरोपन; मनको धुन ।

**रन्क्याइ–** ना० [√ **रन्कि** (+याइ] रन्किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **रन्क्याहट–** ना० रन्क्याइ ।

**रन्डा–** ना० [फा० रन्द] बसिलाको जस्तो धार भएको पातालाई खोल परेको काठमा ठोकेर हातो हाली बनाइएको काठको सतह मिलाउन र मसिन्याउन प्रयोग गरिन औजार ।

**रन्डी–** ना० [सं० रण्डा+ई] नाचगान, यौवनको व्यापार आदिबाट जीविका गर्ने स्त्री; वेश्या; गणिका । ~ **कोठी–** ना० वेश्या आइमाईको व्यावसायिक अखडा; वेश्यावृत्ति गर्ने कोठा । **– बाज–** वि० रन्डीहरूसँग पल्केको; रन्डीबाजी गर्ने; वेश्यासँग लसपस गर्ने; वेश्यागामी । **– बाजी–** ना० वेश्यासँगको गमन; रन्डीसितको लसपस ।

**रन्डो–** ना० [सं० रण्डा+ओ] रन्डीबाजीतिर लागेको पुरुष; वेश्यागामी पुरुष; फुँडो; बेसुल्लो ।

**रन्थन–** ना० [अ० मू०] पीडा, भ्रम, चिन्ता आदिबाट रन्थनिने क्रियाप्रक्रिया; छटपटी । > **रन्थनाइ–** ना० रन्थनाउने भाव क्रिया वा प्रक्रिया । **रन्थनाइनु–** अ० क्रि० १. रन्थनिनु । २. रन्थनाउने होइनु । **रन्थनाउनु–** अ० क्रि० रन्थन, भ्रम, पीडा, चिन्ता आदि अनुभव गर्नु; छटपटाउनु । **रन्थनिनु–** अ० क्रि० १. चोटपटक, ठक्कर आदिका वेदनाले ढुन्मुनिनु; रन्थनाउनु । २. रिङटा लाग्नु; रनाहा छुट्नु । **रन्थन्याइ–** ना० रन्थनिने भाव, क्रिया वा प्रक्रिया । **रन्थन्याइनु–** क० क्रि० रन्थनिने तुल्याइनु । **रन्थन्याउनु–** प्रे० क्रि०/स० क्रि० रन्थनिने तुल्याउनु; रन्थनिन लाउनु । **रन्थन्याहट–** ना० रन्थन्याइ । **– रन्थन्याहा–** वि० १. रन्थनिने । २. रन्थन्याउने ।

**रन्थरुमलो/रन्थरुमा–** ना० [सं० रणस्थल+रोमल] १. अस्तव्यस्तता; असरल्लपना । २. अन्योल; बेथिति ।

**रन्दा–** ना० [फा० रन्द] हे० रन्डा ।

**रन्धक–** ना० [सं०] १. खानेकुरा पकाउने व्यक्ति; भान्से । २. हानिकारक व्यक्ति ।

**रन्धन–** ना० [सं०] १. कुनै वस्तु पकाउने काम; राँध्ने काम । २. बरबादी; नाश ।

**रन्ध्र–** ना० [सं०] १. प्वाल; छिद्र । २. दोष; कलङ्क । ३. नारीको जननेन्द्रिय; योनि । ४. नौ-अङ्कलाई बुझाउने शब्द । **– वंश–** ना० गोपीबाँस ।

**रन्न–** क्रि० वि० [सं० रणन] १. ध्वनिको तरङ्ग वा अनुतानका साथमा; मूल आवाजका पछि निकै बेरसम्म निस्किरहने रन्कोका साथमा । २. ज्यादै तात्ने किसिमले; साह्रै रन्किएर । ३. रिसले चूर हुने ढङ्गले । ४. शरीरमा ज्वरो चढ्ने गरी ।

**रपट–** ना० [सं० पट] एकदमै फराकिलो समतल जमिन; मैदान; चापट ।

**रपोट–** ना० [अङ्० रिपोर्ट] कुनै कार्य वा आयोजना आदिको गतिविधिको विवरण प्रस्ट हुने हिसाबले प्रस्तुत गरिने प्रतिवेदन; रिपोट ।

**रफ्फु–** ना० [अ० रफू] १. कुनै कपडा फाटेको ठाउँमा सियोले बुनेको मिहिन बुनाइ । २. खत लागेका ठाउँमा राखिने पट्टी,

रुवा आदि । ~ **चक्कर**– वि० १. भागेको । २. भागेर बेपत्ता भएको ।

**रफत**– ना० [अ० रब्त] कुनै काममा विशेष दखल पाउनका निम्ति गरिने अभ्यास; दलेली ।

**रफ्तार**– ना० [फा०] हिँड्ने, चल्ने वा घटबढ हुने चाल; गति ।

**रबड**– ना० [अङ्‌० रबर] रबर । ~ **छन्द**– ना० पद्यशैलीका पक्षपातीहरूले गद्यकविताका निम्ति प्रयोग गर्ने गरेको व्यङ्ग्यात्मक नाम ।

**रबर**– ना० [अङ्‌०] १. झन्डै बरको झैँ पात हुने एक चोपदार वृक्ष । २. गाडीका चक्का, टचुब आदि अनेकौँ सामान बनाउन प्रयोग हुने, सोही वृक्षको चोप; रबड; लाबर । ~ **छन्द**– ना० रबडछन्द ।

**रबाफ**– ना० [अ० रोब] १. रहनसहन, वेशभूषा, बोलचाल, व्यवहार, आदिमा देखिने तडकभडक; बढ्ता ढाँचा; रवाफ; फुर्ती; धाक । २. अर्काउपर प्रभाव पार्न वा दबाउ दिन रचिने स्वाङ । > **रबाफिलो**/**रबाफी**/**रबाफे**– वि० रबाफ देखाउनुपर्ने; ढाँचा पार्ने खालको ।

**रबी**– ना० [अ० रबीअ] हिउँदे बाली; हिउँदमा पाक्ने कमाइ; जडहन । ~ **बाली**– ना० अन्न, दाल, मास आदि हिउँदे पैदावार; हिउँदे बाली ।

**रम्‌-नु**– अ० क्रि० [रम्+नु] १. रमाइलो अनुभव गर्नु; रमाउनु; आनन्दित हुनु । २. लट्ठ पर्नु; भुल्नु; एकोहोरो भएर लागिपर्नु । ३. रमाइलो मनाउनु; लहड गर्नु; खेल्नु । ४. भोगविलासमा भुल्नु ।

**रम**– ना० [अङ्‌०] वैज्ञानिक तरिकाले उत्पादन गरेको, हडचाइँदो झोल हुने रक्सी ।

**रमकझमक**– ना० [√ रमझम] तडकभडक बढाउने किसिमको रमझम; उत्ताउलो खालको शोभा ।

**रमजान**– ना० [अ०] मुसलमानहरूको रोजा (उपवास) बस्ने एक पर्व ।

**रमझम**– ना० [राम+अ० मू० झम्+अ] १. रमकझमक । २. झिलीमिली; सजधज ।

**रमण**– ना० [सं०] १. मनोरञ्जनका निम्ति गरिने विलास; क्रीडा । २. यताउति घुम्ने काम; विचरण । ३. लोग्ने; पोइ । ४. स्त्रीपुरुषको परस्परको रतिक्रीडा । वि० ५ प्यारो; प्रिय । ६. लहडी; रसिक । > **रमणी**– ना० १. नारी; स्त्रीजाति । २. सुन्दरी आइमाई; राम्री युवती ।

**रमणीय**– वि० [सं०] एकदमै राम्रो; मनोहर; सुन्दर । – **ता**– ना० सुन्दरता; मनोहरपना; रमाइलोपन ।

**रमता**– वि० [√ रम्+ता] हे० रमन्ता ।

**रमन**– ना० [अङ्‌० राउन्ड] १. सुरक्षाका निम्ति सिपाहीप्रहरीहरू राति वा जतिसुकै बेला घुम्ने काम; गस्ती लगाउने काम । २. गस्तीमा जाने प्रहरी ।

**रमन्ता**– वि० [√ रम्+अन्ता] फिरन्ता; डुलन्ता ।

**रमरम**– ना० [अ० मू० रम्+अ (द्वि०)] १. हल्का किसिमले हुने पिरो; अलिअलि पर्पऱ्याउने स्वाद (टिम्मुर आदिको झैँ) । क्रि० वि० २. हल्का किसिमको पिरो भएर; अलिकति मात्र परपऱ्याउने किसिमले । > **रमरमती**– क्रि० वि० अझै रमरम हुने भावले । **रमरमाइ**– ना० रमरमाउने भाव, क्रिया वा प्रक्रिया । **रमरमाइनु**– अ० क्रि० १. रमरम पिरो हुनु; अलिअलि पिरो हुनु । २. परपऱ्याउनु । **रमरमाहट**– ना० रमरमाइ ।

**रमरमिता**– ना० [राम+ रमिता] रमाइलोका निम्ति आयोजना गरिएको कार्यक्रम; रमिता; रामरमिता; आमोदप्रमोद; मनोरञ्जन ।

**रमरमिनु**– अ० क्रि० [रमरमाउ+इ+नु] रमरम हुनु; रमरममा परिणत हुनु ।

**रमरमी**– क्रि० वि० [अ० मू० रमरम+ई] १. रमरमती; ना० २. रमरम ।

**रमल**– ना० [अ०] पासा हानेर शुभाशुभ, सफलअसफल आदिको भविष्य विचार गर्ने ज्योतिषशास्त्रीय एक पद्धति ।

**रमा**– ना० [सं०] १. विष्णुकी शक्ति; लक्ष्मी । २. धर्मपत्नी; गृहिणी । ३. नारी; महिला । ४. शोभा; सुन्दरता । ५. धनदौलत; श्रीसम्पत्ति ।

**रमाइ**– ना० [√ **रम्** (+आइ)] १. रमाउने किसिम, क्रिया वा भाव । [राम्+आइ] २. गाईगोरु कराउने क्रिया वा प्रक्रिया । [ > ] **रमाइनु**– अ० क्रि० १. रमाउने हुनु । क० क्रि० २. राम्ने तुल्याइनु । **रमाइलो**– वि० १. मनोरञ्जनपूर्ण; एकदमै रमझम भएको; रमितायुक्त । २. रमणीय; अत्यन्त मनपर्दो । ना० ३. रमिता; रमझम; मनबहलाउ । **रमाउनु**– अ० क्रि० १. रमाउने काम हुनु; खुसी र आनन्दले प्रफुल्ल हुनु । २. विषयवासना र स्वार्थ आदिमा मक्ख पर्नु । ३. गाईबस्तुका पाडाबाछाहरू खुसाउनु । प्रे० क्रि० ४. राम्ने पार्नु; राम्न लगाउनु ।

**रमाना**– ना० [फा० रवान] १. कुनै ठाउँबाट गरिने प्रस्थान; भ्रमण वा यात्रा । वि० २. हिँडेको; भ्रमणशील; प्रस्थित । – **पुर्जी**– ना० यात्राको अधिकारपत्र; रवानापुर्जी ।

**रमापति**– ना० [सं०] रमाका पति; लक्ष्मीपति; विष्णु ।

**रमिता**– ना० [सं० रमणीयता] मनलाई आनन्द दिई रमाउने पार्ने उत्सव आदि; रमाइलोका निम्ति हुने खेल, तमासा आदि । > **रमितारु**/**रमितालु**– वि० १. रमिते । ना० २. रमिता हेर्न आउने व्यक्ति । **रमिते**– वि० १. तमासा हेर्ने काममा सामेल हुने; रमिता हेर्ने । ना० २. रमिताको दर्शक ।

**रमिनु**– अ० क्रि०[ रम्+इ+नु] १. रमाउने हुनु । [√ राम्+इनु] २. राम्ने हुनु ।

**रमेज**– ना० ऊनलाई नीलो रङमा रँगाउने एक प्राकृतिक पदार्थ ।

**रम्घा**– ना० [मग० लाङ्गा (गाउँ)] नेपाली साहित्यको प्राथमिक कालका प्रसिद्ध भक्तिवादी कवि भानुभक्त आचार्यको जन्मस्थान; गण्डकी अञ्चलको तनहुँ जिल्लामा पर्ने एक गाउँ ।

**रम्पर**– ना० [अङ्०] अन्डरबियर छाँटको, काछदेखि स्तनसम्म छोपिने, टाँक भएको वा नभएको र पौडी खेल्दा स्त्रीहरूले लगाउने नाइलनको लुगाविशेष ।

**रम्बाँस**– ना० हात्तीबार; रामबाँस ।

**रम्भा**– ना० [सं०] १. केराको बोट; कदली । २. शिवकी शक्ति; गौरी । ३. स्वर्गका अप्सराहरूमध्येकी एक अप्सरा । > **रम्भोरु**– वि० १. केराको थामको आकारका पुष्ट र गोरो वर्णका तिघ्रा भएकी (स्त्री) । ना० २. त्यस्ती तरुनी स्त्री ।

**रम्य**– वि० [सं०] १. अत्यन्त सुन्दर; मनोहर । २. रमणीय । ३. रमण गर्न योग्य । – **ता**– ना० रमाइलोपन; रमणीयता । – **वन**– प्रायः ठिटाठिटीहरू मनोरञ्जन गर्न भेला हुने स्थल; मिलनकेन्द्र ।

**रम्रिनु**– अ० क्रि० [राम्रो+इ+नु] राम्रो हुनु; सिँगारपटार हुनु । > **रम्र्याइँ**– ना० राम्रोपना; राम्रो हुने क्रिया वा प्रक्रिया । **रम्र्याइ**– ना० रम्र्याइँ । **रम्र्याइनु**– क० क्रि० राम्रो तुल्याइनु । **रम्र्याइलो**– वि० राम्रो तुल्याइएको जस्तो; राम्रो तुल्याइएको । **रम्र्याउनु**– प्रे० क्रि० राम्रो तुल्याउनु; राम्रो पार्न लाउनु । **रम्र्याहट**– ना० रम्र्याइँ; रम्र्याइ ।

**रयाल्-नु**– स० क्रि० [लयालु+नु] घुलनशील वा धूलो, पीठो आदि वस्तुलाई तरल पदार्थमा मिलाई वा धारा छुट्ने गरी हुँडल्नु; घोल्नु; रगेल्नु । > **रयालाइ**– ना० रयाल्ने किसिम, क्रिया वा भाव । **रयालिनु**– क० क्रि० रयालाइको योग्य पारिनु; घोलिनु; हुँडलिनु ।

**रयिनी**– ना० [राय+ इनी] १. राय थरकी आइमाई; राय स्त्री । २. रायकी पत्नी ।

**रल्ल**– वि० [सं० रत > प्रा० रअ+इल्ल] १. जिल्ल पर्ने खालको; बिलखबन्द परेको । २. जिल्ल; जिलाराम; वाल्ल । क्रि० वि० ३. जिल्ल परेर; वाल्ल भएर । > **रल्लनु**– अ० क्रि० १. जिल्लिनु । २. बेसुरो वा एकोहोरो हुनु; अधबेस्रो हुनु । **रल्लाइ**– ना० रल्लने क्रिया वा प्रक्रिया । **रल्लाइनु**– क० क्रि० रल्लने तुल्याइनु । **रल्लाउनु**– प्रे० क्रि०/स० क्रि० रल्लने तुल्याउनु । **रल्लाहट**– ना० रल्लाइ । **रल्लिनु**– अ० क्रि० १. रल्लनु; रल्लो हुनु । २. रल्लो होइनु । क० क्रि० ३. रल्लो पारिनु ।

**रल्लो**– ना० [रल्ल+ओ] १. मादक तत्त्वले मत्त भएको व्यक्ति; होस र खुट्टा ठेगानमा नभएको व्यक्ति । वि० २. अर्धसिल्ली; अधबेस्रो; भल्लो ।

**रल्ल्याइ**– ना० [√ **रल्लि** (+याइ)] १. रल्लिने भाव, क्रिया वा प्रक्रिया । [रल्ल्याउ+आइ] २. रल्ल्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **रल्ल्याइनु**– क० क्रि० जिल्लाराम पारिनु । **रल्ल्याउनु**– स० क्रि० जिल्ल्याउनु; जिल्लाराम पार्नु । **रल्ल्याहट**– ना० रल्ल्याइ । **रल्ल्याहा**– वि० १. रल्लो । २. रल्ल्याउने ।

**रव**– ना० [सं०] १. कुनै व्यक्ति, प्राणी वा वस्तुबाट व्यक्त वा अव्यक्त रूपमा प्रकट हुने नाद; ध्वनि । २. शब्द; आवाज । ३. भनभनाहट; गुञ्जन ।

**रवानगी**– ना० [फा०] हे० रवाना ।

**रवाना**– वि० [फा०] १. कुनै ठाउँमा जानका निमित्त हिँडेको; प्रस्थित; रमाना । ना० २. एक ठाउँबाट अर्को ठाउँको प्रस्थान; यात्रारम्भ । ~ **पुर्जी**– ना० कार्यालयले कर्मचारी सरुवा हुँदा वा काजमा जाँदा यात्राको प्रमाणस्वरूप दिने कागज ।

**रवाफ**– ना० [रवाब ? अ० रोब] १. कृत्रिम धाक; फुर्ती; ढाँचा; स्वाङ; रबाफ ।

**रवि**– ना० [सं०] आदित्य; सूर्य । ~ **मण्डल**– ना० १. सूर्यका वरिपरि देखिने रातो विम्ब वा घेरो; सूर्यमण्डल । २. सौर ग्रहको समूह; सौरमण्डल । – **वार**– ना० प्रत्येक हप्ताका सातवटा वारमध्ये पहिलो वार; सोमवारभन्दा पहिलो र शनिवारभन्दा पछिल्लो दिन; आइतबार । – **वासर**– ना० रविवार; आइतबार ।

**रशना**– ना० [सं०] १. कम्मरमा लगाउने साङ्ली आकारको आभूषण; नारीहरूको कन्धनी । २. लगौँटी अल्भाउन कम्मरमा लगाइने सूत्र; मौञ्जी । ३. पटुका; पेटी । ४. डोरी । > **रशनोपमा**– ना० अलङ्कारशास्त्रका अनुसार उमपेय क्रमशः उपमानमा बदलिँदै गएर शृङ्खला तयार हुने एक अर्थालङ्कार ।

**रश्मि**– ना० [सं०] १. चहकदार वस्तुबाट निस्कने किरण; प्रकाशमय वस्तुबाट निस्कने किरण; प्रकाश; ज्योति; चमक । २. रथ वा सादा घोडाका मुखबाट चालकका हातसम्म पुग्ने डोरी; चालकले घोडालाई वशमा राख्न प्रयोग गर्ने साधन । ३. घोडाको लगाम; गाडाको रास । ४. डोरी ।

**रस**– ना० [सं०] १. आलो वा गिलो वस्तु निचोर्दा आउने द्रव पदार्थ; भोल । २. वन्य जरीबुटीका पात, बोक्रा, डाँठ, जरा र फूलसमेत पाँच अङ्गलाई कुटेर निचोर्दा आउने तरल पदार्थ । ३. जरीबुटी, वनस्पति आदिलाई उसिनेर निकालिने सार; जरीबुटीको काँडा । ४. रूख-बिरुवामा घाउ लगाएर निकालिने खोटो, चोप आदि कुनै प्रकारको तरल पदार्थ; निर्यास । ५. प्राणीका शरीरबाट निस्कने रगत, दूध, वीर्य, पसिना आदि । ६. अमरता प्रदान गर्ने सुधा; अमृत । ७. रक्सी; मदिरा । ८. प्राणीले खाएको भोजन पाचनथैलीमा पुगी रगत बन्नुभन्दा पहिले बन्ने तरल पदार्थ; शरीरका सप्त धातुमध्ये एक । ९. जल; पानी । १०. तरल पदार्थ; पन्यालो वस्तु; द्रव । ११. पानीमा घोलिएको चिनी, मिस्री, नुन आदिको घोल; मिश्रित भोल । १२. खाद्य वस्तु जिभ्रामा पर्दा जिभ्राले अनुभव गर्ने अमिलो, नुनिलो, पिरो, गुलियो, टर्रो, तीतोसमेत छ प्रकारको स्वाद; षड्रस; रसनेन्द्रियले प्राप्त गर्ने आस्वाद । १३. साहित्यमा विभाव, अनुभाव र सञ्चारीभावका संयोगबाट प्रस्फुरण हुने शृङ्गार, वीर, करुण, हास्य, अद्‌भुत, भयानक, रौद्र, बीभत्स र शान्तसमेतका अनुभूतिगत नवरस । १४. कुनै वस्तुको सारतत्त्व; मुख्यतत्त्व । १५. आयुर्वेदीय पद्धतिअनुसार विभिन्न धातुहरूको भस्म बनाएर तयार गरिएको औषधी; रसादि । १६. पारो । १७. सिम्रिक ।

१८. कामव्यवहारमा रसबस गर्ने व्यक्तिले पाउने आकर्षण; आन्तरिक रुचि । १९. कुनै कार्य गर्दा मिल्ने आत्मसन्तुष्टि । २०. रसरङ्ग; रासक्रीडा; केलि । २१. गणितज्योतिषमा ६ अङ्कको नाम; ६ अङ्कलाई बुझाउने शब्द । २२. वास्तु तथा मूर्तिकलाअनुसार ६ अमलको नापोलाई बुझाउने शब्द । ~ **कपुर**– ना० आयुर्वेदमा प्रयोग हुने एक सेतो धातु । ~ **केलि**– ना० १. आमोदप्रमोद । २. रसरङ्ग । ३. मोजमज्जा । – **केसर**– ना० कपूर; कर्पूर । ~ **क्रीडा**– ना० रसकेलि । – **गरी**– ना० बेसारका जस्ता पात, तन्किएका काण्ड, दसदेखि तीस सेन्टिमिटर लामा, मालाआकारका पात हुने र पातकै टुप्पामा सेतो गुलाफी फूल फुल्ने, हिमालयतिर पाइने, आयुर्वेदमा गाईबस्तुका औषधीको रूपमा प्रयोग गरिने, अदुवाका समूहको एक बुटी । – **गर्गी**– ना० जरामा आलुजस्तै दाना लाग्ने, संयुक्त पात हुने, लहरामा बास्नायुक्त मसिना फूल फुल्ने र राता फल लाग्ने, आयुर्वेदका अनुसार काण्डको उपयोग दाँत दुख्दा र जराको उपयोग टाउको दुख्दा हुने एक लहरो । – **गर्भ**– ना० रसाञ्जन । – **गोला**– ना० दूध फटाएको छोक्रालाई गोलगोल पारी चिनीको चास्नीमा डुबाई बनाइने मिठाई; रसबरी । – **ज्ञ**– वि०१. साहित्य वा आयुर्वेदमा वर्णन भएअनुसार रसको मर्मलाई फेला पारी पारख गर्न जान्ने; रसको महत्त्वलाई बुझ्ने । २. कला र साहित्यको मूल्यलाई हृदयदेखि कदर गर्न जान्ने; रसिक ।

**रसद**– ना० [फा०]१. कुनै समूह, संस्था, सेना आदिका निमित्त व्यवस्था गरिने खाद्य सामग्री; रासन; अन्नपात; अनाज । २. सिधा; रसोद । ~ **पानी**– ना० खाने कुरा र पानी; अन्नपानी; खाद्यान्न र पेय जल ।

**रसदार**– वि० [रस+दार] एकदमै रसयुक्त; रसैरस भएको; रसिलो ।

**रस धयेँरो**– ना० [रस+धयेँरो] टोकरीटोकरी परेका राता फूल फुल्ने, फुस्रा हरिया रङका लाम्चा, मसिना पात हुने, बुटाबुटी परेका मसिना रूख हुने, प्रायः चार हजार फिटभन्दा कम उचाइमा मात्र हुने, प्रशस्त गुलियो रस भए पनि सीताको रगत ठानी मौरी बस्तैन भनी लोकले विश्वास गरिएको एक पोथ्रो ।

**रसधातु**– ना० [सं०]१. शरीरमा रहेका सात धातुमध्येको एक धातु वा जलीयतत्त्व । २. पारो ।

**रसन**– ना० [सं०] जिब्राले छोएर स्वाद विचार गर्ने कार्य; चखाइ । > **रसना**– ना० १. खाएका वस्तुको मीठोनमीठो, तीतोपिरो आदि स्वाद थाहा पाउने अङ्ग; जिब्रो । २. रसको अनुभव; रसास्वादन । **रसनीय**– वि० चाख्न योग्य; रस लिन योग्य । **रसनेन्द्रिय**– ना० स्वाद लिने ज्ञानेन्द्रिय; जिब्रो ।

**रसप्राधान्यवाद**– ना० [सं०] पूर्वीय काव्यशास्त्रका अनुसार शृङ्गार आदि रसलाई काव्यको आत्मा मान्ने र गुण, अलङ्कार आदिलाई बाहिरी तत्त्व मात्र मान्ने एक सिद्धान्त ।

**रसबरी**– ना० [अङ्० रासबरी] रसभरी; रसगोला ।

**रसबस**– ना० [रस+बस]१. कुनै आकर्षणद्वारा जन्मिने अनुराग; प्रेम; आत्मीयता । २. बसाउठी; बसउठ; भेटघाट; मेलमिलाप; हिमचिम ।

**रसभरी**– ना० [अङ्० रासबरी] रसबरी; रसगोला (मिठाई) ।

**रसम**– ना० [अ० रस्म]१. चालचलन; रीतिस्थिति । २. परिपाटी । ~ **रिवाज**– ना० परम्परागत चालचलन; रीतिस्थितिको प्रचलन; बूढीरूढि ।

**रसमाधुरी**– ना० [सं०] रसभरीमा दही राखेर बनाइएको एक प्रकारको मिठाई ।

**रसमैत्री**– ना० [सं०]१. दुई रसको उपयुक्त मेल; गुलियो, अमिलो, पिरो आदि नबाझ्ने रसको मिलाप । २. परस्परमा विरोध नपर्ने रसको मिश्रण ।

**रसरङ्ग**– ना० [सं०]१. आमोदप्रमोद, हर्ष, उत्सव आदिमा गरिने मनोरञ्जन; मन बहलाउने काम; रमिता । २. हँस्यौली; ठट्टा । – **वती**– वि० रसले रँगिएकी; आमोद-प्रमोदमा मग्न (स्त्री); रमाइली; मजाकी ।

**रसराज**– ना० [सं०]१. साहित्यशास्त्रअनुसार नवै रसहरूमा श्रेष्ठ मानिने शृङ्गार रस । २. आयुर्वेदका अनुसार पारो ।

**रसवाद**– ना० [सं०]१. रसलाई साहित्यको प्रमुख तत्त्व मान्ने एक साहित्यिक सिद्धान्त; रसप्राधान्यवाद । २. रसिलो वा ममतापूर्ण व्यवहार; प्रेमपूर्ण बातचित । ३. ख्यालठट्टा; रमझम । > **रसवादी**– वि० १. रसवादको अनुयायी । २. ठट्टा, रमाइलो आदि रुचाउने ।

**रसवान्**– वि० [सं०]१. रसिलो; झोलदार; रसयुक्त । २ काव्यमा चाहिने रसले युक्त । ३. रसिक; ठटचौलो ।

**रसविरोध**– ना० [सं०] मिसाएको खण्डमा स्वाद बिग्रने, दुई वा दुईभन्दा धेर रसको एकअर्कासितको विरोध ।

**रस शास्त्र**– ना० [सं०]१. साहित्यका अनुसार नवरसहरूको अध्ययन गर्ने एक शास्त्र । २. आयुर्वेदका अनुसार पारोको विविध प्रयोगबारे जानकारी गराउने शास्त्र । ३. रसायनशास्त्र ।

**रस सम्प्रदाय**– ना० [सं०] रसवादी सिद्धान्तको अनुसरण गर्ने आलोचकहरूको जमात; रसवादका अनुयायीको समूह ।

**रससिद्ध**– वि० [सं०] रसको अभिव्यञ्जनमा सफल भएको; रसाभिव्यक्तिको काममा सफल ।

**रससिन्दूर**– ना० [सं०] पारो र गन्धक मिलाई तयार गरिने एक रसौषध ।

**रसा**– ना० [सं०]१. भूमि; पृथ्वी । २. नदी; सरिता । ३. रसातल ।

**रसाइ**– ना० [सं०√ **रसाउ** (+आइ)] १. भाँडा आदि रसाएर टाल्ने क्रियाप्रक्रिया । २. रस आउने किसिम, क्रिया वा भाव । [ > ] **रसाइन**– ना० भाँडा आदि रसाएर टाल्ने शिल्प । **रसाइनु**– अ० क्रि० १. रस आउने होइनु । २. रसिनु; रसिलो हुनु । क० क्रि० ३. रसाइन लगाइनु ।

**रसाइली**– ना० [रसायल+ई]१. रसायल भन्ने ठाउँबाट आएको व्यक्ति । २. कामीहरूको एक थर ।

**रसाउ-नु–** अ० क्रि० [रस+आउ+नु] १. रसले युक्त हुनु; रस भरिनु; रसिलो हुनु । २. रस तपतपाउनु; रस चुहिनु । ३. तरल पदार्थ अलिअलि गरेर निस्कनु । ४. मनमा दया आदि पलाउनु । स० क्रि० ५. खुसी तुल्याउनु; रिझाउनु; प्रसन्न पार्नु । ६. रसाइन लाउनु ।

**रसाउनी–** ना० रसाइन ।

**रसाञ्जन–** ना० [सं०] आँखाको औषधीका निम्ति चुत्राको काठ, जरो आदि पकाएर बनाइने वस्तु; आँखाको औषधी; रसगर्भ ।

**रसातल–** ना० [सं०] पृथ्वीभन्दा तल मानिएका सात लोकमध्ये छैटौं लोक; पाताल र तलातलका बीचको एक लोक ।

**रसात्मक–** वि० [सं०] १. काव्यमा आवश्यक रसले युक्त । २. रसलाई महत्त्व दिएर लेखिएको । ३. रसिलो; रोचक । ४. झोलदार; झोलिलो; रसयुक्त; तरल ।

**रसादि–** ना० [सं०] १. पारो हालेर भस्मका रूपमा तयार गरिएको आयुर्वेदिक औषधी । वि० २. धातुउपधातु मिसाई बनाइएको (औषधी) ।

**रसायन–** ना० [सं०] १. धातुलाई गालेर भस्म पार्ने वा एक धातु वा द्रव्यलाई अर्का वस्तुमा परिणत गर्ने विज्ञान; रासायनिक विद्या; रसायनशास्त्र । २. तामालाई सुन बनाउन सकिने एक कल्पित योग । ३. औषधी । ४. रसाइन । ५. तरल पदार्थ बिस्तारै चुहुने काम; रसाइ । ~ **विज्ञान–** ना० रसायनसम्बन्धी विधिलाई प्रदर्शन गर्ने विद्या । ~ **शास्त्र–** ना० पदार्थमा रहने अनेकानेक रसतत्त्वको विवेचना वा विश्लेषण गर्ने विद्या; रसायनविज्ञान ।

**रसाल–** ना० [सं०] १. आँप; आम्रफल । २. उखु । ३. कटहर । वि० ४. रसले भरिएको; रसिलो । ५. मीठो; मधुर; स्वादयुक्त ।

**रसालु–** वि० [रस+आलु] रस वा स्वाद लिन जान्ने ।

**रसालो–** ना० [रस+ आलो] सिखर्नी ।

**रसि-नु–** अ० क्रि० [रस+इ+नु] १. प्रेम हुनु; परस्परमा आकर्षण बढ्नु; हिमचिम हुनु । २. तरल पदार्थ अलिअलि गरी चुहुनु । ३. दुईवटा धातुका वस्तुहरू परस्परमा रसाइनद्वारा जोडिनु । ४. प्वाल परेको ठाउँ रसाइनद्वारा टालिनु; रसाइनु ।

**रसिक–** वि० [सं०] १. रस वा स्वाद लिने; पारख गर्न जान्ने । २. आनन्दी; मगनमस्त । ३. क्रीडाप्रेमी; खेलप्रिय । ४. रसदार; स्वादिष्ठ । ना० ५. सौन्दर्य, कला, साहित्य आदि विषयमा अनुराग भएको व्यक्ति; सहृदयी व्यक्ति; भावयुक्त व्यक्ति । ६. काव्य र कलाको मर्म बुझ्न सक्ने व्यक्ति; रसज्ञ । **-ता–** ना० १. रसिकको गुण वा भाव; रसिकपन; रसज्ञता । २. हँसीदिल्लगी; ख्यालठट्टा ।

**रसित–** वि० [सं०] १. रस भएको; रसयुक्त । २. रसाएको; चुहेको । ३. शब्द वा आवाज निकालिएको ।

**रसिद–** ना० [फा० रसीद] कुनै वस्तु वा पैसा बुझाउँदा बुझ्ने तर्फबाट बुझाउनेले लिइराख्ने पुर्जी; भर्पाई ।

**रसिया–** ना० [रस+इया] १. युवकयुवतीले परस्परमा प्रश्नोत्तर गरेर गाउने शृङ्गार रसयुक्त लोकगीत; तरुनी-तन्नेरी मिलेर गाइने दोहोरी; जुहारीको एक प्रकार । २. झ्याउरे छन्दको एक प्रकार ।

**रसिलो–** वि० [सं० रस+इलो] १. धेरै रस भएको; रसैरस भरिएको । २. मीठो; स्वादिष्ठ । ३. सुन्दा आनन्द लाग्ने; सुमधुर । ४. मिजासिलो; रमाइलो कुरा गर्ने । ५. ठटचौलो; रसिक ।

**रसुवा–** ना० [भो० ब०] १. नेपालको बाग्मती अञ्चलको काठमाडौँ जिल्लाभन्दा उत्तरी भेकतिर रहेको एक पहाडी जिल्ला । २. सोही जिल्लाको उत्तरी भागमा पर्ने, आवतजावत गर्ने एक हिमाली भन्ज्याङ ।

**रसेटो१–** ना० [रस+एटो] १. रस पकाउने वा केही पकाउने चुलो; उखु, कागती, तित्री आदिको रस पकाउने ठूलो चुलो । २. पकाउने, पिँध्ने आदि धेरै कामधन्दाको टन्टा; झमेला ।

**रसेटो२–** ना० [रास+एटो] कुनै चीजबीचको थुप्रो वा डङ्गुर ।

**रसौषध–** ना० [सं०] पारो हालेर तयार गरिएको औषधी; धातुको भस्मको रसादि ।

**रस्ता–** ना० [फा० रास्त] १. बाटो; मार्ग । २. कुनै कार्यसम्पादन गर्ने उपाय; काम गर्ने कुनै पनि तरिका । **– किस्ता–** ना० १. कामकाज गर्ने प्रबन्ध; कार्यसञ्चालन गर्ने प्रबन्ध; रस्ता । २. विभिन्न प्रकारका आर्थिक कारोबार गर्ने बन्दोबस्त; रकमकलमका ठेकाहरूको लेनदेन गर्ने व्यवस्था ।

**रस्याइ–** ना० [√ **रस्याउ** (+आइ)] रस्याउने वा थुप्र्याउने क्रियाप्रक्रिया । [ > ] **रस्याइनु–** क० क्रि० रस्याउने काम गरिनु; थुप्र्याइनु ।

**रस्याउनु–** स० क्रि० [रास+याउ+नु] १. कुनै वस्तुको डङ्गुर लगाउनु; रास पार्नु; थुपार्नु । २. मलत्याग गर्नु; थुस्स्याउनु (निन्दार्थमा) ।

**रह–** ना० [सं० ह्रद] पानीको ठूलो दह; ताल; ह्रद ।

**रह-नु–** अ० क्रि० [प्रा. रह+नु] १. बस्नु; ठहर्नु; टिक्नु । २. मौजुद हुनु; उपस्थित हुनु; विद्यमान हुनु । ३. गतिमा अडान आउनु; रोकिनु; थामिनु । ४. कुनै वस्तुको अवशेष बच्नु; बाँकी हुनु; बच्नु । ५. जहाँको तहाँ छुट्नु; छोडिनु ।

**रहकुल–** ना० कुनै समूहको हिसाबबाट बाँकी रहेको अंश; अवशेष; बचेखुचेको वस्तु ।

**रहजन–** ना० [फा० राहजन] एकलास परेको बाटो ढुकेर बटुवाहरू लुट्ने डाँकू; एकान्तमा ढुकेर डाँका गर्ने चोर । > **रहजनी–** ना० बाटाघाटाको एकान्त ठाउँमा ढुकी मौका पारेर डाँका गर्ने काम; डकैती ।

**रहन–** ना० [रह+अन] रहाइ; बसाइ (समासको आरम्भमा मात्र, जस्तै– रहनसहन) । **– सहन–** ना० १. लवाइ, खवाइ, व्यवहार, परम्परा आदिको ढाँचाकाँचा । २. जीवननिर्वाह गर्ने पद्धति । > **रहनी–** ना० १. रहने वा रोकिने ठाउँ; गति अवरोध हुने स्थल ।

२. कसैको मन राख्ने व्यवहार; चित्त बुझाउने कुरो । ३. कवितामा निश्चित ठाउँमा रहने विश्राम; यति; अडान । ४. गीत वा सङ्गीतको क्रमशः दोहरिइरहने अंश; टेक; स्थायी । ५. थेगो ।

**रहर१–** ना० [हि० अरहर, सं० आढकी] १. शिरीषका जस्ता पात हुने, बढीमा चार मिटर लामो, एकै साल मात्र रहने बुटो हुने, पहेँला फूल फुल्ने र एकै भेट्नामा चारपाँचवटा कोसा लाग्ने, एक कोसामा दसबाह्रवटा दाना लाग्ने, दालजातको एक अन्न । २. यसै कोसाका फललाई दलेर दाल खान बनाइएको छाँटा ।

**रहर२–** ना० [लहड] कुनै काम वा ज्ञानार्जन आदि गर्न जाग्ने उत्कट इच्छा; उत्कण्ठा; चाख; चाह; आकाङ्क्षा । ~ **लाग्दी–** वि० अभिरुचि बढाउने खालकी; मन पर्ने किसिमकी; राम्री (स्त्री) । ~ **लाग्दो–** वि० अभिरुचि वा आकर्षण जगाउने खालको; मनपर्दो ।

**रहरी–** ना० [रहर+ई] रहर (दाल र बोट) ।

**रहरे–** वि० [रहर+ए] रहर गर्ने; अत्यन्त इच्छा गर्ने; रौसे । **– को खहरे–** पदा. अनावश्यक कुराको रहर गर्ने अचाड़ु व्यक्ति ।

**रहल–** वि० [रह+ल] रहेको; बचेको; बचेखुचेको; उब्रेको । **– पहल–** वि० १. बाँकी रहेको; बचेखुचेको । ना० २. उभ्रिएको वस्तु; निथारपिथार; जुठोपुरो ।

**रहस्य–** ना० [सं०] १. प्रकृतिका जुनसुकै पक्षमा भित्र छिपेर रहेको गाँठी कुरो; मूल तत्त्व; गुप्त तत्त्व; गुप्त भेद; गुह्य; गोप्य तत्त्व । २. मर्म; भित्री आशय । ३. दार्शनिक दृष्टिले दुर्बोध वस्तुको प्रत्यक्षीकरण गर्न प्रयास गरिने सार वस्तु; दुर्बोध तत्त्व । वि० ४. गुप्त; छिपेको । **– वाद–** ना० प्रत्यक्ष वस्तुलाई परिचालन गर्ने तत्त्वका रूपमा भित्री तहमा रहेका शक्तिलाई स्विकार्ने सिद्धान्त । **– वादी–** वि० रहस्यवादको अनुसरण गर्ने; रहस्यवादको समर्थक ।

**रहाँटे–** ना० १. रँगटे कमिलो । २. चर्खे पिङ ।

**रहाँटो–** ना० [रह+आँटो] राँटो ।

**रहाइ–** ना० [√ रह (+आइ)] रहने भाव, क्रिया वा प्रक्रिया [>] **रहाइनु–** क० क्रि० रहन लाइनु; बसाइनु । **रहाउनु–** प्रे० क्रि० रहन लाउनु; रहने पार्नु; बसाउनु ।

**रहित–** वि० [सं०] १. कुनै पदका पछिल्तिर लागी अभाव, हीन, विनाजस्ता अर्थ बुझाउने उत्तरपद (जस्तै– दयारहित, गुणरहित, धर्मरहित आदि) । २. विहीन; वञ्चित (उनी सबै गुणबाट रहित छन्) । **– त्व–** ना० हीनता; अभाव ।

**रहिनु–** अ० क्रि० [रह+इ+नु] रहने होइनु; बसिनु ।

**रहु–** ना० [सं० रोहित] एक जातको माछाविशेष; रोहित; रोहु ।

**रहेपहेको–** वि० [रहे+पहेको] बचेखुचेको; बाँकीसेकी; सिलोबालो; रहलपहल ।

**राँकि-नु–** अ० क्रि० [राँको+इ+नु] १. रिसले राँकोजस्तो हुनु; जङ्गिएर आगो हुनु । २. प्रकाशयुक्त हुनु; जाज्वल्यमान हुनु । ३. तागत भरिएर रनक्क हुनु; खूब मोटाउनु । ४. घाउखटिरा आदि सुन्निएर एकदमै टनटनाउनु ।

**राँकी–** ना० [अ० इराक+ई] नेपालका रैथाने मुसलमान व्यापारीहरूको नाम । ~ **बजार–** ना० काठमाडौँ इन्द्रचोकस्थित चुरा, पोते आदि व्यापार गर्ने सानो बजार; मुसलमानको बजार ।

**राँके–** ना० [राँको+ए] १. श्रावणसङ्क्रान्तिका भोलिपल्टको दिन; सो दिन खास गरी तामाङ, मगर, राई, लिम्बू आदिले मनाउने चाडपर्व र मेला । २. तातो किसिमको हावा; लू । ३. बोटबिरुवाका पातहरू डढेर राता हुने एक रोग; रतङ्गे । वि० ४. राँकोसम्बन्धी; राँकोवाला । ~ **बतास–** ना० तातो हावा; पश्चिमी हावा; लू । ~ **भूत–** ना० अँधेरी रातमा राँकोका रूपमा देखिन्छ भनेर लोकले मानेको एक भूत । ~ **हावा–** ना० राँके बतास ।

**राँको–** ना० [सं० रङ्कु+ओ] १. आगाको मुस्लो; अत्यन्त हुरहुराउँदो ज्वाला । २. बाँसका भाटा वा काठ चिरेर मुठीभर पारी सल्काइने र रातमा हिँड्दा उज्यालोको लागि प्रयोग गरिने पुल्ठो; मसाल; झर । ३. असह्य गर्मीको ताप । ४. ज्वराको ताप; भुङ्ग्रो । ~ **मुस्लो–** ना० १. राँको र मुस्लो । २. आगोको विकराल रूपको बलाइ; दनदनाहट ।

**राँक्कि-नु–** अ० क्रि० [राँको+इ+नु] राँकिनु ।

**राँग–** ना० [सं० रङ्ग] हे० राङ (धातु) ।

**राँगो–** ना० [सं० रङ्कु] भैँसीको भाले; जोत्न वा बिजनका लागि पालिएको भाले भैँसी; महिष ।

**राँटा–** ना० [राँटोको ति० रू०] हे० राँटो । **– राँटी–** ना० खेतका मसिना रुम्टारुम्टी; मसिना फोगटाफोगटी ।

**राँटे–** वि० [राँटो+ए] राँटैराँटा पारेर जोतखन गरेको; राँटा भएको ।

**राँटो–** ना० [√ रह+आँटो] १. खनजोत गर्दा कतैकतै खन्न वा जोत्न छुटपुट भएको बाँझो जमिन; रहाँटो । २. लिपपोत गर्दा बीचमा छुटेर पोतिएको ठाउँ; टाटो ।

**राँड–** ना० [सं० रण्डा] १. पोइ मरेर विधवा भएकी आइमाई; राँडी । २. रन्डी; वेश्या । ३. स्त्रीजातिलाई गाली गर्दा प्रयोग गरिने शब्द । **– भाँड–** ना० १. जथाभावीका लाजभाँड कुरा; भाँडभैलो; अश्लील गाली । २. राँडी र भाँड । ३. भाँडझैँ छाडा भएको राँडसमुदाय । वि० ४. छाडा; अश्लील ।

**राँडाराँडी–** ना० [राँडो+राँडी] १. विधुर र विधवा । २. केटाकेटी (स्नेहपूर्वक गाली गर्दा) । ३. मोरामोरी (गालीको अर्थमा) ।

**राँडी–** ना० [सं० रण्डा+ई] १. पतिको देहान्त भएपछिकी पत्नी; विधवा । २. आइमाईलाई गाली गर्दा प्रयोग हुने शब्द; राँड; फुँडी । वि० ३. लोग्ने मरेकी; पोइ मरेकी । **– को छोरो–** ना० १. बाबुको ठेगान नभएको छोरो, वेश्यापुत्र । २. लोग्नेमानिसलाई गाली गर्दा प्रयोग हुने शब्द । ~ **फुँडी–** ना० १. सहाय वा संरक्षक नभएकी आइमाई; निस्सहाय नारी । २. राँडी (निन्दार्थमा) । ~ **मासु–** ना० विधवाका शरीरमा लागेको मासु; पोइको मृत्युपछि स्वास्नीका जीउमा बढेर आएको मासु; राँडो मासु । **राँडीलाई पोतेको रहर** (उखान) ।

**राँडो–** ना० [सं० रण्डा+ओ] १. स्वास्नी मरिसकेको पुरुष; पत्नी बितिसकेको व्यक्ति; विधुर । वि० २. स्वास्नी मरेको; विधुर ।

**राँध्‌-नु–** स० क्रि० [सं० रन्धन+नु] कुनै वस्तु पकाउनु; पकाउनुपर्ने काम गर्नु; बनाइतुल्याइ गर्नु; रिँध्नु । > **राँधिनु–** अ० क्रि० १. खुबसँग पाक्नु; बेसरी पाक्नु । क० क्रि० २. राँध्ने काम गरिनु; रँधाइमा पारिनु ।

**राँबो/राँभो–** ना० [√ रामो] काठ ताछ्ता सम्म्याएर चिल्लो पार्ने हतियार; रामो ।

**राइँदाइँ/राइँफाइँ–** ना० [रजाइँ+दाइँ/फाइँ] १. कुनै कामकुरामा हुने आफ्नै सामर्थ्यपूर्ण ढलीमली; रजाइँ; सम्पूर्ण अधिकार । २. हैहुकुम ।

**राइटर–** ना० [अङ्०] नयाँ प्रशासनव्यवस्थाभन्दा पहिलेको बहिदारभन्दा माथि मुखियाभन्दा तलको पद वा उक्त पदको कर्मचारी ।

**राइता/राइतो–** ना० [हि० रायता (+ओ)] नुन र मरमसला मिलाई दहीको लेदोमा चोपेर तयार गरिएको बुनियाँको अचार; पिँधेको रायोको धूलो र मरमसला मिलाएर बनाइएको दहीको लेदो ।

**राइफल–** ना० [अङ्०] सिसाका मसिना दस, पन्ध्र, बीस वा अनेक गोलीहरू अटाउने र पड्केर टाढासम्मको लक्ष्यलाई प्रहार गर्न सक्ने आधुनिक बन्दुक ।

**राइफाँडो–** ना० [रायो+फाँडो] १. परस्परको झैझगडा; आपसको विवाद । २. कुनै वस्तु वा सरसामानको जथाभावी प्रयोग । ३. गोबर, फोहर, हिलो आदि गिलो वा लेदो वस्तु कुल्चेर जथाभावी टेक्दा हुने फोहोर । ४. रायो पकाएको फाँडो (निन्दार्थमा) ।

**राइबाघ–** ना० [सं० राजव्याघ्र] १. ठूलो जातको बाघ; पाटे बाघ (रायल-बङ्गाल-टाइगर] । वि० २. भयङ्कर वा ठूलो; डँडाक; ढड्डू ।

**राइबाघा–** वि० [सं० राजव्याघ्र] १. बघिनीको जस्तो दुच्छर स्वभावकी; राकस्नी; मापाकी; राइबघिनी । ना० २. बाघजस्ती भयङ्कर वा उग्र स्वभावकी आइमाई । ३. ठूलो जातकी बघिनी । > **राइबाघे–** वि० राइबाघको जस्तो कडा आनीबानी भएको; मापाको; दुच्छर स्वभावको; डँडाक ।

**राइरत्ती–** वि० [रायो+ रत्ती] १. भएभरको; अलिकति पनि नछोडिएको; सम्पूर्ण । क्रि० वि० २. थोर पनि; ज्यादै कम मात्रामा पनि; रायोको दानु अथवा रत्ती वा लालगेडीको दानुजति पनि ।

**राई१–** ना० [अङ्] गहुँको एक जात; मुडुलो गहुँ; मुडुली गहुँ; मुरली गहुँ ।

**राई२–** ना० [सं० राज] हिमाली भेगमा पाइने एक जातको च्याङ्ग्रो ।

**राई३–** ना० [प्रा० राइआ > सं० राजिका] १. प्राचीन नेपाली भाषामा राजालाई (विशेषत: कर्णाली प्रदेशका) बुझाउने शब्द । २. नेपालको एक जाति; किराँती । ३. प्राचीन कालमा मालपोत वा तिरोभरो उठाउने एक पदाधिकारी । ४. रायो । ५. पिप्लाको साग । ~ **कुरा–** ना० राईभाषा । ~ **गँडेरो–** ना० कालीगण्डकीतिर पाइने ठूलो जातको गँडेरो । ~ **जाति–** ना० राई । ~ **पगरी–** ना० मर्यादाका लागि राईलाई दिइने वा दिइएको पगरी; राईको मानमर्यादाको पगरी । ~ **भाषा–** ना० राईजातिले बोल्ने अनेकौँ भाषाहरूमध्ये कुनै एक ।

**राउटे–** ना० नेपालको सुदूर पश्चिमाञ्चलको, फिरन्ता व्यवसाय भएको सिकारजीवी एक जाति; काठका भाँडाहरू बनाई जीवन वृत्ति चलाउने र जङ्गलमा बस्ने एक जाति । ~ **कुरा–** ना० राउटे जातिको भाषा । ~ **जाति–** ना० राउटे । ~ **संस्कृति–** ना० राउटे जातिको, अझै गुफामा आश्रित संस्कृति । ~ **सभ्यता–** ना० राउटे जातिको अझै कृषि-व्यवसायमा रतिई नसकेको आदिम सभ्यता ।

**राउत–** ना० [राजदूत] नेपाली क्षत्रीको एक थर । स्त्री० राउत्नी; रौतिनी ।

**राउल–** ना० [राजकुल] नेपाली क्षेत्रीको एक थर । स्त्री० राउल्नी ।

**राकस–** ना० [सं० राक्षस] १. राक्षस; राच्छेस । २. दुष्ट स्वभाव भएको व्यक्ति वा प्राणी । वि० ३. दुष्ट; निठुरी । > **राकसनी/राकस्नी–** ना० राक्षस स्त्री; दानवी । २. दुष्ट स्वभाव भएकी आइमाई; साह्रै मापाकी स्वास्नीमान्छे; दुष्टा स्त्री । ३. असाधारण साहस र काम गर्ने शक्ति भएकी आइमाई । वि० ४. अति दुष्टा; दयामाया कत्ति पनि नभएकी; साह्रै क्रूर वा निष्ठुर स्वभावकी ।

**राका–** ना० [सं०] १. पूर्णिमाको रात; पूर्णिमा । २. अङ्गिरा ऋषिका चार छोरीमध्ये एक । ३. बृहस्पति ऋषिकी भगिनी; अग्नि, बृहस्पति, उतथ्य र संवर्तका चार भगिनी-अनुमती, राका, कुहू र सिनीवालीमध्ये एक ।

**राक्षस–** ना० [सं०] १. प्राचीन युगदेखि नै मान्छेका प्रतिपक्षी मानिएका असुरजाति; राकस । २. पुराण आदिका अनुसार नरभक्षी जाति । वि० ३. दुष्ट; क्रूर; दुच्छर । ~ **विवाह–** ना० युद्ध नगरीकनै सुटुक्क कन्या लुटेर ल्याई गरिने विवाह; स्मृतिले बताएका विभिन्न प्रकारका विवाहमध्ये एक ।

**राक्षसी–** ना० [सं०] १. राक्षसजातिकी स्त्री; स्त्री राक्षस । २. दुष्ट स्वभाव भएकी आइमाई; दुच्छर स्वास्नीमान्छे । वि० ३. राक्षससम्बन्धी; आसुरी । ४. राक्षसझैँ निष्ठुर स्वभावकी । ५. राक्षसजस्तो डरलाग्दो; विकट (कर्म) । ~ **माया–** ना० आसुरी माया; छलछाम । ~ **विवाह–** ना० राक्षसविवाह ।

**राक्से–** वि० [राकस+ए] १. फोहरी; मैलो । ना० २. रासकोटी ठकुरीलाई पूर्व नेपालमा भनिने शब्द । > **राक्सेनी–** वि० १. राकस स्वभाव भएकी (स्त्री) । ना० २. रासकोटी महिला वा रासकोटीकी पत्नी ।

**राख्‌-नु–** स० क्रि० [सं० रक्षण] १. कुनै वस्तुलाई कुनै ठाउँमा थन्क्याउनु; एक ठाउँमा जतनसाथ रहन दिनु । २. जोगाउनु;

साँच्नु; खर्च नगर्नु । ३. बसाउनु; बसाल्नु । ४. कुनै वस्तुको प्रतिष्ठा गर्नु; स्थापना गर्नु; थाप्नु । ५. विवाहविधि नगरी कुनै आइमाईलाई स्वास्नी बनाउनु; रखौटी तुल्याउनु ।

**राखन–** ना० [राख्+अन] कुनै वस्तुको संरक्षण ('धरन' शब्दसँग समास हुँदा मात्रै, जस्तै- राखनधरन) । – **धरन–** ना० कुनै वस्तुको थान्कोमुन्को गर्ने काम; जोगाउ ।

**राखफार–** ना० [राख्+फार] १. राख्ने र फेर्ने काम । २. फेरफार गर्ने कपडा, गहना आदि ।

**राखल–** ना० १. जीवनका आयुको सीमा; बाँच्नुपर्ने अवधि; आयु; परमायु । २. रक्षक भगवान्; विष्णु । – **दास–** ना० १. विष्णुको भक्त । २. दासहरूका रक्षक विष्णु ।

**राखाली–** ना० नेपालको एक प्रसिद्ध किराँत-जाति ।

**राखिनु–** क० क्रि० [राख्+इ+नु] राख्ने काम गरिनु; थान्कोमुन्को गरिनु; थन्क्याइनु ।

**राग१–** ना० [फा० रान] १. सुरुवालको जाँघ वा चाकमा पर्ने फराकिलो भाग । २. तिघ्राको अघिल्लो भाग । ३. घोडाको काठीमा बसेर जाँघले च्याप्ने एक प्रक्रिया ।

**राग२–** ना० [सं०] १. कुनै प्यारो विषय वा वस्तुप्रति हुने अनुराग; झुकाउ; प्रेमभाव; अनुरक्ति । २. कुनै वस्तु वा विषयप्रतिको मोह । ३. लोभ; लालसा । ४. उमङ्ग; आनन्द; हर्ष । ५. ईर्ष्या; द्वेष । ६. कपूर, कस्तूरी, चन्दन आदिबाट तयार गरिएको, शरीरमा घस्ने लेप; अङ्गलेप । ७. मेहँदी; माहुर । ८. रसरङ्ग । ९. अत्यन्त चर्को वा कडा गन्ध । १०. सङ्गीत-शास्त्रअनुसार स्वर र गायनप्रक्रियाद्वारा सुव्यवस्थित, सुन्दर र आकर्षक ध्वनिहरूको विशेष संयोजन; ध्वनिराग । (यसका औडव, षाडव र सम्पूर्ण तीन भेदका भैरव, मालकोश, हिण्डोल, दीपक, श्री र मेघ छ राग छन् ।) ११. पिरोपन; हरक । ~ **दरबारी–** ना० शास्त्रीय सङ्गीतको एक राग । – **द्वेष–** ना० १. मनमा जन्मिने घमन्ड, उत्तेजना, रिस आदि । २. आसुरी स्वभावको एक गुण; परस्परको व्यावहारिक पवित्रता कायम रहन नदिने मानसिक भाव; मनोमालिन्य; वैमनस्य । ~ **परिवार–** ना० शास्त्रीय सङ्गीतका छवटा राग र तीसवटा रागिनी एवं तिनका शाखा-प्रशाखाहरूसमेत जम्मा चार सय चौरासी भेदको समुदाय । – **माला–** ना० अनेक रागरागिनी क्रमबद्ध गरी गाइने गीत । ~ **रङ्ग–** ना० १. गानाबजानासम्बन्धी रामरमिता वा रौस । २. चालचलन; रङ्ग-ढङ्ग । ~ **रागिनी–** ना० राग-परिवार । > **रागात्मक–** वि० रागले भरिएको; झुकाउ र प्रेमले परिपूर्ण । **रागिनी–** ना० सङ्गीतशास्त्रका अनुसार छ रागका तीसवटा भेदको सामूहिक नाम (क्रमशः भैरव रागका-भैरव, वराटी, मधुमाधवी, सैन्धवी र बङ्गाली; मालकोशका-तोडी, गौरी, गुणकली, खम्बावती र ककुभ; हिण्डोलका-रामकली, देशाक्षी, ललित, विलावल र पटमन्जरी; श्रीका-मालश्री, आशावरी, धनाश्री, वसन्त र मारु; मेघका-टङ्क, मल्लार, गुर्जरी, भूपाश्री र देशकारी; दीपकका-देशी, कुमुदिनी, नट, केदारा र कान्धरा) । **रागिलो–** वि० १. राग दिने; हरक आउने; पिरो । २. रागात्मक । **रागी–** वि० १. रङ्गमा रँगिएको; रँगाइएको; रञ्जित; रङ्गिन । २. विषयवासनामा फँसेको; विषयलम्पट; विषयासक्त । ना० ३. प्रेमी; अनुरागी व्यक्ति । ४. राग गाउने व्यक्ति; गवैया; वस्ताज ।

**राघव–** ना० [सं०] १. दशरथका जेठा छोरा; रामचन्द्र । २. रघु नामक राजाका कुलमा उत्पन्न भएको व्यक्ति; रघुको सन्तान । ३. समुद्रमा हुने माछाहरूमा सबभन्दा ठूलो माछाको एक जात; ह्वेल ।

**राघिनासे–** वि० [राघिनास (स्थान)+ए] १. अनुहार र जीउमा मैलोधैलो भएको; फोहोरी । ना० २. लम्जुङको राघिनास भन्ने टारको मान्छे वा वस्तु ।

**राघी–** ना० [√ रागी] रातो वा कैलो वर्णमा सेतो वा कालो वर्ण मिसिएको गाई ।

**राघे–** वि० [राग+ए] १. रातो, कैलो वा कालो रङमा सेतो वा ध्वाँसे रङ मिसिएको; दागी रङको । ना० २. त्यस्तो वर्णको गोरु । – **पाटे–** वि० राघे र पाटा परेका बुट्टा देखिने; टाटेपाटे; झालेमाले ।

**राङ–** ना० [राँग] ताप पर्दा पग्लने, वजनदार एक प्रकारको सेतो धातु; राँग ।

**राङभाङ–** ना० [भो० ब०] भुवाको झुलो बनाई दर्सिनढुङ्गा र चकमकद्वारा आगो पार्ने काममा प्रयोग गरिने, साथै काठका रूपमा पनि असल मानिने एक प्रकारको लेकाली वृक्ष; लट्टी (खासगरी लोकविश्वासअनुसार सिस्नुमा हानेर पानी निकाल्ने चाहिँ) बनाउने काममा आउने सोही वृक्ष ।

**राच्छेस–** ना०/वि०[ सं० राक्षस] हे० राक्षस । > **राच्छेस्नी–** ना०/वि० हे० राकस्नी ।

**राज–** ना० [सं० राज्य] १. राज्यको शासन वा व्यवस्था; राज्यसञ्चालनको कार्यभार वा दायित्व । २. हे० राजकाज । ३. बस्ने कार्य (सम्मानार्थमा, जस्तै– यहाँ राज होस् ।) ४. राजा वा सरकारका अधिकारभित्रको इलाका; राज्य । [सं० राजन्] ५. अन्य शब्दका पूर्व वा उत्तरपदका रूपमा प्रयोग भई, सर्वश्रेष्ठ, राजकीय, प्रधान, मुख्य आदि अर्थ बुझाउने शब्द (जस्तै– राजसभा, राजसत्ता, पण्डितराज, राजयोग, राजहाँस आदि) । ६. राज्य । – **अङ्क–** ना० राजकर । – **आँप–** ना० ठूलोखाले फल फल्ने एक थरी आँप; राजाम्र । – **कन्या–** ना० राजाकी छोरी; राजकुमारी । – **कर–** ना० १. कुनै पनि देशको सरकारले उठाउने कर; राजस्व । २. प्राचीन जमानामा रैतीले राजालाई तिर्ने गरेको कर । ~ **कर्मचारी–** ना० १. सरकारी सेवामा नियुक्त कर्मचारी; सरकारी सेवाको जागिरदार व्यक्ति । २. राजाको कर्मचारी; राजदरबारको कर्मचारी । – **कली–** ना० १. कृष्णकलीको जस्तो बोटमा भित्रपट्टि राताराता चारवटा पात लाग्ने,

सुगन्धराजजस्तै फुल्ने, फूलको थुँगो तलतिर लर्कने एक बोट । २. सोही बोटको फल ।

**राजकाज**– ना० [सं० राजकार्य] १. देशको शासनसञ्चालनको व्यवस्था; राज्यसञ्चालनको व्यवस्था; राज्यसञ्चालन । २. ऐनकानुनका आधारमा चलेको सम्पूर्ण शासनकार्य; शासन । ३. राजाको शासन । ~ **अपराध**– ना० देशको शासनव्यवस्थाका विरुद्ध गरिएको अपराध; राज्यप्रति गरिएको अपराध; संविधानविरोधी अपराध । ~ **सम्बन्धी**– वि० १. देशको शासनव्यवस्थासँग सम्बन्ध भएको; देशको जुनसुकै राजनीतिक व्यवहारसँग सम्बन्ध भएको । २. संविधानसँग सम्बन्धित । ~ **सम्बन्धी मुद्दा**– ना० देशको राज्यसञ्चालनसँग सम्बन्ध भएको मुद्दा; देशको शासन-व्यवस्थासँग सम्बन्ध भएको मुद्दा; संवैधानिक रूपमा आपत्तिजनक अपराध गर्नेका विरुद्ध चलाइने मुद्दा । > **राजकाजी**– वि० राजकाजसित सम्बन्धित; राजकाजसँग सरोकार भएको ।

**राजकीय**– वि० [सं०] १. राज्यसित सम्बन्ध भएको; राज्यस्तरको । २. राजासँग सम्बन्धित । ~ **परिषद्**– ना० राजसंस्थायुक्त; राष्ट्रको उच्चस्तरीय सभा; राज्य वा राजसभा । ~ **प्राभियोक्ता**– ना० सरकारवादी हुने मुद्दामा सरकारका तर्फबाट कुनै मुद्दा चलाउने व्यक्ति; सरकारी पक्षबाट कसैका विरुद्ध मुद्दा चलाउने व्यक्ति । ~ **सभा**– ना० सरकारी स्तरको सभा; मन्त्री र सरकारका प्रमुख व्यक्तिहरूको सभा ।

**राजकुमार**– ना० [सं०] १. राजाको पुत्र; राजाको छोरो; शाहजादा । २. रौतेलो; कुमार; कुँवर; कमर । > **राजकुमारात्मज**– ना० राजकुमारको छोरो; राजाको नाति । **राजकुमारी**– ना० राजाकी छोरी; राजकन्या; शाहजादी । २. मैयाँ; रौतेली ।

**राजकुल**– ना० [सं०] १. राजाको वंशपरम्परा; राजघराना; राजाको परिवार । २. राजप्रासाद; राजदरबार । ३. प्राचीन कालमा न्यायअन्यायको छानबिन हुने ठाउँ; दरबार; कचहरी ।

**राजकुलो**– ना० [सं० राजकुल्य] सबभन्दा ठूलो कुलो; राजपैनी; गडकुलो ।

**राजकोष**– ना० [सं०] राजा वा सरकारको खजाना;राजस्व । > **राजकोषीय**– ना० सरकारी कोष वा राजस्वसम्बन्धी (नीति, सिद्धान्त आदि) ।

**राजखानी**– ना० १. बोका, थुमा, बनेल आदि जन्तुहरूका भाले जातिको अण्डकोष । २. त्यस्ता भाले जातिलाई काटी पकाउन वा पोल्न निकालिएको अण्डकोष । ३. अण्डकोष ।

**राजगद्दी**– ना० [सं० राज+गद्दी] १. राजाको गद्दी; राजसिंहासन । २. राज्याधिकार ।

**राजगुठी**– ना० [सं० राजगोष्ठी] १. विभिन्न देवदेवी, धर्मशाला, पुल आदिमा पूजाअर्चना, सह्यारसम्भार, सुरक्षा आदिका निम्ति सरकारले आफ्ना तर्फबाट केही चलअचल सम्पत्ति एकैमुष्ट जम्मा पारी स्थापना गरिएको गुठी । २. राजाहरूले धर्मकार्यका निमित्त राखेको गुठी ।

**राजगुरु**– ना० [सं०] १. राजालाई मन्त्रदान गर्ने गुरु; राजाका गायत्रीगुरु । २. राजाको धार्मिक कार्य गराउन औपचारिक रूपमा नियुक्त भएका गुरु । ३. राज्यको धर्मसम्बन्धी विषयमा सर्वोच्च मान्यताप्राप्त व्यक्ति ।

**राजगुह्य**– ना० [सं०] अत्यन्त रहस्यपूर्ण ज्ञान; गोप्यतम मन्त्र ।

**राजगृह**– ना० [सं०] राजामहाराजहरूको दरबार; राजप्रासाद; राजमहल ।

**राजघराना**– ना० [सं० राज+घराना] १. राजामहाराजाको वंशपरम्परा; राजाका सन्तान-दरसन्तान; राजाको वंश । २. राजपरिवार । > **राजघरानिया**– वि० राजाको वंशपरम्पराको; राजपरिवारको; राजकुलको ।

**राजचिह्न**– ना० [सं०] राजाका अङ्गमा रहने चिह्न; राजत्वका छाता, चमर, झन्डा, दण्डा, खड्ग, श्रीपेच आदि चिह्न ।

**राजज्योतिषी**– ना० [सं०] राजपरिवारमा ज्योतिषसम्बन्धी सबै काम गर्ने व्यक्ति; राजदरबारको निश्चित ज्योतिषी ।

**राजतन्त्र**– ना० [सं०] राजा सर्वेसर्वा भई देशको शासनव्यवस्था सञ्चालित हुने पद्धति; राष्ट्रको सर्वोच्च प्रशासक राजा नै हुने शासनतन्त्र । – **वाद**– ना० राजतन्त्र नै देशको निम्ति लाभदायक हुन्छ भन्ने सिद्धान्त । – **वादी**– वि० राजतन्त्रवादको अनुयायी ।

**राजतन्त्रात्मक**– वि० [सं०] राजतन्त्रका सिद्धान्तले निर्देश गरेअनुसारको; राजतन्त्रसम्बन्धी ।

**राजतान्त्रिक**– वि० [सं०] राजतन्त्रात्मक ।

**राजतिलक**– ना० [सं०] १. पहिलोपल्ट राज्यसिंहासनमा बस्ता राजालाई विधिपूर्वक प्रदान गरिने तिलक, टीका, प्रसाद आदि । २. राज्यारोहण । ३. राज्यारोहण-समारोह ।

**राजतेज**– ना० [सं०] १. सत्ताको प्रभाव वा तेज । २. राजाको प्रभाव वा तेज ।

**राजत्व**– ना० [सं०] १. राजाकीय विशेषता वा लक्षण; राजाको गुण वा भाव ।

**राजदण्ड**– ना० [सं०] १. राजाका साथमा हुने राजचिह्नस्वरूप दण्ड । २. राजाका आदेशअनुसार वा राज्यविधानअनुसार दिइने सजाय; सरकारले दिने दण्ड । ३. महाअपराधीलाई दिइने दण्ड । ४. ठूलो सजाय ।

**राजदन्त**– ना० [सं०] सामुन्नेका तल दुई र माथि दुई गरी जम्मा चार दाँत ।

**राजदया**– ना० [सं०] १. मृत्युदण्डको सजाय पाउने गरी फैसला भएका अभियुक्तलाई राजा, राष्ट्रपति वा सर्वोच्च शासकले दिने क्षमा; सजायको आंशिक वा पूर्ण माफी । २. राजाद्वारा दिइने अभयदान ।

**राजदरबार**– ना० [सं० राज+ फा० दरबार] १. राजा-महाराजाहरूको निवासगृह; राजप्रासाद; राजगृह ।

**राजदूत**– ना० [सं०] १. एक मित्रराष्ट्रको प्रतिनिधि भएर अर्को मित्रराष्ट्रमा

आवासीय वा अनावासीय स्तरमा खटिएको व्यक्ति । २. प्राचीन कालमा एक राजाको सन्देश अर्को राजाकहाँ पुऱ्याउने दूत ।

**राजद्रोह–** ना० [सं०] १. वचन, लेख, व्यवहार आदिद्वारा राष्ट्रप्रति देखाइएको घृणा, अवहेलना, द्वेष आदि; राष्ट्रप्रतिको अहित हुने नियतको काम । २. सरकार, देश वा संविधानका विरुद्ध गरिएको विद्रोह । > **राजद्रोहात्मक–** वि० राजद्रोहसम्बन्धी; राजद्रोहको । **राजद्रोही–** वि० १. राजद्रोह गर्ने; बागी; बागियान । ना० २. राजद्रोह गर्ने व्यक्ति ।

**राजद्वार–** ना० [सं०] १. राजदरबारको ढोका; राष्ट्रपति-भवनको द्वार; सरकारको दैलो । २. राजदरबार ।

**राजधर्म–** ना० [सं०] १. राजा वा सरकारको कर्तव्य । २. देशको शान्तिसुव्यवस्था, प्रजाको सुखसमृद्धि आदिलाई लिएर राजा वा सरकारले गर्ने कार्य वा उपभोग गर्ने अधिकार ।

**राजधानी–** ना० [सं०] जुनसुकै देशको राजा, राष्ट्राध्यक्ष वा सरकारको प्रमुख कार्यालय रहेको ठाउँ; राष्ट्रको सम्पूर्ण प्रशासन सञ्चालन गर्ने सदर मुकाम; देशको केन्द्रीय सदर मुकाम ।

**राजनीति–** ना० [सं०] १. प्रजाको शान्तिसुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासनव्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको उपयुक्त सन्तुलन गर्ने र यस्तै अन्य कार्य गर्ने नीति । २. राज्यको शासन-व्यवस्थासम्बन्धी नीति; राज्य-सञ्चालन-प्रणाली । ३. राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त ।

**राजनीतिक–** वि० [सं०] राजनीतिसँग सम्बन्ध भएको; राजनीतिसम्बन्धी; राजनीतिको; राजनैतिक । ~ **कारबाई–** ना० राजनीतिक अनुशासनको वा आचरणको सम्बन्धमा गरिने कारबाई । ~ **दल–** ना० राजनीतिक उद्देश्यको परिपूर्तिका निम्ति तयार गरिएको पार्टी वा सङ्गठन; राजनीतिक सङ्घ । ~ **बन्दी–** ना० राजनीतिक मुद्दामा पक्राउ परेको कैदी; राजकाज अपराधमा परेको कसूरदार । ~ **भूगोल–** ना० राजनीतिक क्षेत्र, सीमा, जिल्ला आदिका सङ्केतलाई प्रस्टचाउने भूगोल ।

**राजनीतिज्ञ–** वि० [सं०] राजनीतिका सम्पूर्ण मर्महरूलाई जान्ने; राजनीतिशास्त्रको ज्ञाता; राजनीति बुझेको; कूटनीति जानेको ।

**राजनीति पीडित–** वि० [सं०] १. राजनीतिमा लाग्नाले आर्थिक अवस्था गिरेको वा टाट उल्टेको । ना० २. आर्थिक दृष्टिले कमजोर भएको राजनीतिक व्यक्ति ।

**राजनीति शास्त्र–** ना० [सं०] राजनीतिका दर्शन र सिद्धान्तबारे सम्पूर्ण कुराहरूको व्याख्या, विवेचना, मूल्याङ्कन आदि गरिने सामाजिक विज्ञान; राजनीति-विज्ञान ।

**राजनीतीकरण–** ना० [सं०] औपचारिक रूपले नै राजनीतिक रूप दिने काम; अन्य घटना वा व्यवहारलाई राजनीतिक रङमा मुछ्ने काम ।

**राजनैतिक–** वि०हे० राजनीतिक ।

**राजन्य–** ना० [सं०] १. राजा (सम्मानका अर्थमा) । २. क्षत्रिय ।

**राजपक्षी**/**राजपङ्खी–** ना० [सं०] चमेरोसँग मिल्दोजुल्दो रातमा डुल्ने एक पक्षी ।

**राजपगरी–** ना० [सं० राज+पट्टक+ई] १. राजाबाट प्राप्त भएको सम्मान; राजाबाट दिइएको मानपदवी । २. राजाले दिएको शिरपोस ।

**राजपण्डित–** ना० [सं०] राजदरबारका पण्डित; राजालाई कथा, पुराण आदि श्रवण गराउने पण्डित; दरबारका कथावाचक ।

**राजपत्नी–** ना० [सं०] राजाकी धर्मपत्नी; राजमहिषी; रानी ।

**राजपत्र–** ना० [सं०] सरकारी सूचना, अध्यादेश, परिपत्र, संशोधित कानुनका बुँदाहरू, सरुवाबढुवा आदिका सम्पूर्ण कुरा औपचारिक तथा आधिकारिक रूपमा छापिने पत्र; गजेट । ~ **अनङ्कित–** वि० १. नाम, पद, सरुवा, बढुवा, निवृत्ति आदिको उल्लेख गजेटमा नहुने स्तरको (ननग्याजेटेड) । ना० २. नायब सुब्बा र त्यसदेखि तलका पदको कर्मचारी । > **राजपत्राङ्कित–** वि० १. नियुक्ति, सरुवा, बढुवा, छुट्टी आदिमा र निवृत्तिमा बस्दासमेत राजपत्रमा सूचना प्रकाशित हुने पदको (गजेटेड); गजेटमा उल्लेख हुने । २. सरकारी कर्मचारीहरूमा शाखाप्रमुख र सोभन्दा माथिका पदको; नायबसुब्बाभन्दा माथिका पदको ।

**राजपथ–** ना० [सं०] १. ठूलठूला सवारीका साधन चल्न सक्ने, कालोपत्र छापेको सडक; पक्की सडक । २. मूल सडक; राजमार्ग । > **राजपथिक–** वि० १. राजमार्ग भएर यात्रा गर्ने । ना० २. राजमार्गको यात्री ।

**राजपद–** ना० [सं०] १. राजा आसीन हुने स्थान; राजाको प्रतिष्ठा; राजाको पद । २. राजाले दिएको पद; सरकारी जागिर ।

**राजपद्धति–** ना० [सं०] राजकाज सञ्चालन गर्ने पद्धति; देशको राजनीतिक प्रणाली; राजनीति; राष्ट्रको संवैधानिक व्यवस्था ।

**राजपरिवार–** ना० [सं०] राजाका जहान वा परिवार ।

**राजपरिषद्–** ना० [सं०] राजाका शासनकालमा राजाकै अधीनमा गठन हुने विशेष अधिकारसम्पन्न सभा ।

**राजपलाँस–** ना० [सं०] कोइरालाका जस्तै आकारका फुस्रा र खस्रा पात हुने, खैरा र लाम्चा फूल फुल्ने एक जातको पलाँस ।

**राजपाट–** ना० [सं० राज्यपट्ट] राज्यसञ्चालनका सम्पूर्ण काम-कारबाई; राजकाज ।

**राजपाल–** ना० [सं०] १. राज्यको हेरचाह गर्ने व्यक्ति । २. राजा वा राष्ट्रपति अथवा राष्ट्राध्यक्षको प्रान्तीय प्रतिनिधि; राज्यपाल ।

**राजपुत्र–** ना० [सं०] राजामहाराजाको पुत्र; राजकुमार; रौतेलो । > **राजपुत्री –** ना० राजामहाराजाकी छोरी; राजकुमारी; रौतेली ।

**राजपुरुष–** ना० [सं०] १. सरकारी सेवामा नियुक्त भएको मान्छे; राजकर्मचारी । २. राजाको भित्रिया कर्मचारी ।

**राजपुरोहित–** ना० [सं०] राजा वा राजपरिवारको निश्चित पुरोहित; राजाको कर्मकाण्डी पुरोहित ।

**राजपूत–** ना० [सं० राजपुत्र] १. भारतीय जातिको ठकुरी । २. ठकुरी ।

**राजप्रतिनिधि–** ना० [सं०] राष्ट्रप्रमुखका बदलामा काम गर्ने व्यक्ति । २. सरकारको वारिसका रूपमा नियुक्त भएको प्रतिनिधि ।

**राजप्रासाद–** ना० [सं०] राजभवन; राजदरबार । ~**दीर्घ सेवा पट्ट–** ना० पहिले राजप्रासादमा अविच्छिन्न रूपले पच्चीस वर्षको सेवा गर्ने कर्मचारीलाई प्रदान गर्ने गरिएको एक पदक । ~**सेवा पदक–** ना० पहिले राजप्रासादमा अविच्छिन्न रूपले पन्ध्र वर्षसम्म सेवा गर्ने, तत्कालीन शाही नेपाली सेनाका व्यक्तिलाई प्रदान गर्ने गरिएको पदक ।

**राजबन्दी–** ना० [सं० राज+बन्दी] राजकाज-अपराधअन्तर्गत कैद परेको व्यक्ति; राजनीतिक बन्दी ।

**राजबेली–** ना० [सं० राज+वल्लीका] भोर्लाका आकारका चोसा परेका पात हुने, पातबाट नराम्रो गन्ध आउने, प्याजी रङ्ग मिश्रित फूलबाट सुगन्ध आउने, सेता टीका परेका छिर्के डाँठ हुने एक प्रकारको लहरो; त्यसै बोटको फूल वा पात ।

**राजभक्त–** १. राज्यको भक्त; देशभक्त । २. राजाको भक्ति गर्ने; राजाको सेवक ।

**राजभवन–** ना० [सं०] १. राजा बस्ने दरबार; राजदरबार; राजगृह । २. राष्ट्रको सर्वोच्च शासक बस्ने घर; राष्ट्राध्यक्षभवन ।

**राजभार–** ना० [सं०] १. राज्यको अभिभारा; जागिर वा पदवी । २. सरकारी जागिर; राजपाट । > **राजभारा** – ना० राजभार; जागिर ।

**राजभाषा–** ना० [सं०] राष्ट्रको प्रशासनिक कामकाज वा लेखापढीका निमित्त प्रयोग गरिने भाषा; राज्यभाषा ।

**राजभोग–** ना० [सं०] १. भात खान उत्तम मानिने, बास्नादार चामल हुने एक जातको धान । २. हलुवाईले तयार गर्ने एक प्रकारको मिठाई ।

**राजभोज–** ना० [सं०] १. राजकीय स्तरमा प्रबन्ध गरिएको भोज । २. विशिष्ट अतिथिको सम्मानमा आयोजना गरिने सरकारी भोज ।

**राजमण्डूक–** ना० [सं०] १. ठूलो जातको पानीभ्यागुतो; पाहा; ब्याङ । २. राजदरबारको मात्र आश्रय लिएर बाहिरी दुनियाँसित केही सरोकार नराख्ने व्यक्ति; राजाको निम्ति ज्यादै ठूलो भार बन्न पुगेको नामर्द व्यक्ति ।

**राजमहल–** ना० [सं० राज+ अ० महल] राजामहाराजाहरूको भवन; राजदरबार ।

**राजमहिषी–** ना० [सं०] सत्तासीन राजाकी जेठी धर्मपत्नी; पटरानी; राजपत्नी; महारानी ।

**राजमाता–** ना० [सं०] १. राजाकी आमा । २. नेपाल अधिराज्यका श्री ५ महाराजाधिराज सरकारका मुमा ।

**राजमार्ग–** ना० [सं०] १. फराकिलो र लामो पक्की सडक; मूलसडक; राजपथ । २. टाढाटाढासम्म जाने पक्की सडक ।

**राजमुकुट–** ना० [सं०] गद्दीनसिन राजाले शिरमा लगाउने शिरपेच; श्रीपेच ।

**राजमुद्रा–** ना० [सं०] हे० लालमोहर । २. सरकारी छाप ।

**राजयोग–** ना० [सं०] १.फलित ज्योतिषअनुसार राज्यको सुख र अधिकार प्राप्त गर्न पाउने ग्रहगतिको एक योग । २. पतञ्जलिको योगशास्त्रमा वर्णन गरिएको एक योगदर्शन ।

**राजरक्षक–** वि० [सं०] राजाका वरिपरि रहेर अङ्गको रक्षा गर्ने व्यक्ति; अठपहरिया; बडीगार्ड; ए.डी.सी. ।

**राजराज–** ना० [सं०] १. राजाहरूको राजा; सम्राट्; बादशाह । २. कुबेर । ३. चन्द्रमा ।

**राजराजेश्वर–** ना० [सं०] १. बादशाह; सम्राट्; राजराज । २. राजन्य । > **राजराजेश्वरी** – ना० १. रणबहादुर शाहकी महारानी राजेश्वरीका स्मृतिमा स्थापना गरिएकी एक देवी । २. राजराजेश्वरकी पत्नी ।

**राजरोग–** ना० [सं०] १. हे० क्षयरोग । > **राजरोगी** – वि० राजरोगले ग्रस्त ।

**राजर्षि–** ना० [सं०] १. राजाका वंशमा उत्पन्न भएका महर्षि; क्षत्रिय कुलमा उत्पन्न भएका ऋषि २. राजा पनि ऋषि पनि भएको व्यक्ति (उदा०– जनक) । ३. राजपाट छोडेर ऋषि बनेको व्यक्ति (उदा०– विश्वामित्र) ।

**राजलक्षण–** ना० [सं०] सामुद्रिक शास्त्रका अनुसार राजा हुने वा राजासमानको हुने लक्षण वा चिह्न; राजचिह्न । (उदा०– मैयाँसँग भेट्ने ती युवक राजलक्षणले युक्त भएका देखिन्थे ।)

**राजलक्ष्मी–** ना० [सं०] १. राजा वा राष्ट्रको वैभव तथा शक्ति वा गौरव; राजश्री । २. राष्ट्रकी अधिष्ठात्री देवी ।

**राजलवट–** ना० नेवार समुदायको एक उपाधि वा थर ।

**राजलिपि–** ना० [सं०] कुनै देशको सरकारी कार्य, अदालत आदिमा लेखापढीको माध्यम भएर चलेको लिपि ।

**राजवंश–** ना० [सं०] राजाको पहिलेदेखि चलिआएको वंश वा खानदान; राजाका सन्तान; राजकुल; राजघराना । > **राजवंशी** – वि० १. राजवंशमा उत्पन्न भएको । २. राजवंशसम्बन्धी; राजवंशको । ना० ३. नेपालीको एक थर; नेपालको झापा र मोरङमा बस्ने एक जाति ।

**राजवस्त्र–** ना० [सं०] राजाहरूले विशेष अवसरमा बाहिरपट्टि पहिरने एक प्रकारको खुकुलो वस्त्र ।

**राजविद्या–** ना० [सं०] राज्यको संरक्षण, सुदृढता तथा शासन-व्यवस्थासम्बन्धी कुशलता प्राप्त गर्ने विद्या; राजनीति ।

**राजविद्रोह–** ना० [सं०] राजा वा राज्यप्रति गरिने विप्लव; राजद्रोह । > **राजविद्रोही** – वि० राजविद्रोह गर्ने; राजद्रोही ।

**राजविराज–** ना० [सं०] सगरमाथा अञ्चलको सदर मुकाम र पूर्वी तराईको एक मुख्य वाणिज्यकेन्द्र ।

**राजवृक्ष–** ना० [सं०] चिल्ला लामा पात हुने, छिनछिनेका जस्ता पहेँला झुप्पादार फूल फुल्ने, अनेक औषधीका निम्ति उपयुक्त एक वृक्ष वा त्यसैका गुलिया, बाटुला, काला चक्की हुने लौरीदार फल; अमलतास; बन्दरलौरी ।

**राजवैद्य**– ना० [सं०] १. उच्चस्तरको वैद्य । २. राजदरबारमा औषधीउपचार गर्ने प्रमुख वैद्य ।

**राजश्री**– ना० [सं०] राजा वा राज्यको शोभा तथा वैभव ।

**राजसंरक्षक**– ना० [सं०] राजतन्त्रात्मक मुलुकमा राजाको नाबालक अवस्था वा लामो समयसम्मको अस्वस्थतामा राज्यको रेखदेख, व्यवस्था, सञ्चालन आदिको भार लिने व्यक्ति ।

**राजस**– ना० [सं०] १. मनको कुनै किसिमको आवेग वा क्रोध; रजोगुण । २. राजाको पद वा सिंहासन । ३. राज्यको शासन गर्ने अधिकार । वि० ४. रजोगुणबाट उत्पन्न; रजोगुणी ।

**राजसत्ता**– ना० [सं०] १. राज्यको शक्ति वा सामर्थ्ययुक्त स्वामित्व; प्रभुसत्ता; राज्याधिकार । २. राजतन्त्र । > **राजसत्तात्मक** – वि० राज्यको शासनप्रणाली, सिद्धान्त आदिमा राजाको सत्ता प्रधान रूपमा रहेको ।

**राजसदन**– ना० [सं०] राजदरबार; राजप्रासाद; राजभवन ।

**राजसभा**– ना० [सं०] राजाहरूको वा राजाको उपस्थिति भएको भाइभारदारहरूसहितका गण्यमान्य व्यक्तिहरूको सभा; भारदारीसभा ।

**राजसिंहासन**– ना० [सं०] राजतन्त्रात्मक मुलुकमा कुनै विशेष अवसरमा राजा बस्ने आसन; राजगद्दी ।

**राजसी**– वि० [सं०] १. राजाहरूलाई सुहाउने वा राजाहरूको जस्तो; राजोचित । २. रजोगुणसम्बन्धी; रजोगुणको ।

**राजसेवक**– ना० [सं०] १. राज्यको सेवा गर्ने व्यक्ति; राजकर्मचारी । २. राजाको सेवक ।

**राजसेवा**– ना० [सं०] सरकारी विभिन्न पदमा बहाल रहेर गरिने राज्यको सेवा वा नोकरी । २. राजाको सेवा ।

**राजस्व**– ना० [सं०] मालपोत, भन्सारमहसुल, विभिन्न कर वा शुल्क आदिका रूपमा राज्यलाई प्राप्त हुने धन । – **न्यायालय**– वि० राजस्वसम्बन्धी सिलसिलामा उठेका मुद्दामामिलाको कारबाई गर्ने अदालत ।

**राजहंस**– ना० [सं०] खुट्टा र चुच्चो रातो हुने ठूलोखाले एक जातको हाँस; रजहाँस । स्त्री० राजहंसी ।

**राज हुनु**– अ० क्रि० आसन ग्रहण गर्नु; बस्नु (विशिष्ट आदरार्थी प्रयोगमा) । (उदा०– जुवाइँ साहेब, यता राज होस् ।)

**राजा**– ना० [सं०] १. राजतन्त्रात्मक मुलुकमा वंशपरम्पराअनुसार उत्तराधिकार प्राप्त हुने तथा त्यहाँको शासन सञ्चालन गर्ने प्रमुख शासक । २. बालकप्रति स्नेह जनाउने शब्द । वि० ३. प्रमुख; विशेष । > **राजाङ्क** – ना० राजचिह्न; सरकारी छाप । **राजाज्ञा**– ना० राजाबाट भएको आज्ञा वा हुकुम । **राजाधिदेव**– ना० राजा वा प्रमुख शासकलाई निजी खर्चका निम्ति सरकारी कोषबाट दिइने रकम । **राजाम्र**– ना० राजआँप । **राजाश्रित**– वि० राजाको आश्रयमा बाँचेको; राजाबाट आश्रित ।

**राजिका**– ना० [सं०] ठूला पात हुने, तरकारी खानमा प्रसिद्ध सागविशेष; रायो; रायोको साग ।

**राजी**– ना० [अ०] १. कुनै कुरामा जनाइने सहमति; मन्जुरी । वि० २. मानेको; मन्जुर; सहमत । ~ **खुसी**– ना० १. मनोमानसँग गरिएको मन्जुरी र प्रसन्नता; खुसीराजी । – **नामा**– ना० १. आफ्नो हकमा रहेको घर-जग्गा आदि बिक्री गरेर खुसीसाथ छोड्ने काम वा सो छोड्दा ऐननियमअनुसार लेखिदिने कागत । २. कुनै पनि कर्मचारी वा सङ्घसंस्थाका सदस्यहरूले अशक्तता वा परिस्थिति देखाई आफू रहेको पद, अधिकार आदि छोड्ने काम; त्यसरी छोड्दा सम्बन्धित अड्डामा प्रस्तुत गर्ने त्यागपत्र; इस्तिफा । – **बाजी**– ना० परस्परमा प्रसन्नतापूर्वक भएको मन्जुरी; राजीखुसी । > **राजु** – वि० राजी ।

**राजेन्द्र**– ना० [सं०] राजाहरूका पनि राजा; राजाधिराज । ~ **वीरविक्रम शाह**– ना० वि० सं० १८७० मा जन्मी १८७३ मा राजगद्दीमा बस्ने र वि०सं० १९३८ मा दिवङ्गत भएका नेपालका शाहवंशीय पाँचौँ राजा ।

**राजै**– ना० [राजा+ऐ] लोकव्यवहारमा राजा वा प्रिय व्यक्तिलाई सम्बोधन गरिने शब्द । (उदा०– कहिले भेट होला है राजै, यो जिन्दगानीमा । माधव घिमिरे ।)

**राजोपकरण**– ना० [सं०] राजाका झन्डा, छत्र, चमर, दण्ड आदि चिह्न; राजचिह्न ।

**राज्ञी**– ना० [सं०] १. बडामहारानी; पट्टमहिषी । २. राजसिंहासनमा बसेकी स्त्री ।

**राज्य**– ना० [सं०] १. कुनै राजा वा शासनसत्ताका अधीनमा रहेको देश; मुलुक; राष्ट्र । २. कुनै ठूलो राष्ट्रअन्तर्गत स्वायत्तशासनको अधिकार पाएको भाग वा प्रदेश । ३. राजाको काम; रजाइँ; शासन । – **च्युत**– वि० राजसिंहासनबाट झिकिएको वा हटाइएको । – **च्युति**– वि० राज्यच्युत गर्ने कार्य, भाव वा अवस्था । – **तन्त्र**– ना० शासनपद्धति वा प्रणाली । ~ **परिषद्**– ना० १. राष्ट्रका प्रधान शासकको अनुपस्थितिमा वा विशेष परिस्थिति आइपर्दा काम चलाउनका निम्ति गठित हुने विशिष्ट व्यक्तिहरूको सभा । २. विभिन्न राज्यले पारस्परिक हितका निम्ति गठन गरेको सङ्गठन । – **पाल**– ना० कुनै राष्ट्रअन्तर्गतका राज्यमा राष्ट्रप्रमुखको प्रतिनिधि भई शासनसूत्र सँभाल्ने व्यक्ति; गभर्नर । – **मन्त्री**– ना० मन्त्रीभन्दा तल्लो र सहायक मन्त्रीभन्दा माथिल्लो तहमा रहने मन्त्री । – **लक्ष्मी**– ना० १. राजलक्ष्मी । २. नेपालको इतिहासमा प्रसिद्ध, राजेन्द्रवीरविक्रम शाहकी कान्छी रानी; देशमा राणा शासन सुरु भएको बखत (वि० सं० १९०३)की महारानी । ~ **विप्लव**– ना० राज्यमा हुने ठूलो विद्रोह वा क्रान्ति । ~ **व्यवस्था**– ना० कुनै राज्यको नियम, नीति वा सोहीअनुसार प्रशासकीय व्यवस्था मिलाउने सरकारी अङ्ग । ~ **संरक्षक**– ना० हे० राजसंरक्षक । ~ **सभा**– ना० राज्यका निर्वाचित प्रतिनिधि रहने एक सभा; लोकसभाभन्दा भिन्न सभा । – **साक्षी**– ना० आफूले क्षमा मागी सरकारी साक्षी भएर आफ्ना साथीहरूको अपराध प्रमाणित गराउन प्रहरीलाई सहयोग गर्ने व्यक्ति ।

~ **सिंहासन**– ना० हे० राजसिंहासन । > **राज्याङ्ग** – ना० १. राज्यका अङ्गहरूको समूह-देश, राजा, मन्त्री, दुर्ग, बल, कोष र मित्र । २. राज्य वा राष्ट्रमा हुनुपर्ने भूमि, जनता, सरकार, प्रभुसत्ता आदि आवश्यक तत्त्व । **राज्याभिषेक**– ना० नयाँ राजा पहिलो पल्ट विधिपूर्वक राजगद्दीमा बस्दा विभिन्न तीर्थबाट ल्याइएको तथा औषधीमिश्रित जलले मन्त्रपूर्वक गरिने अभिषेक एवं तत्सम्बन्धी उत्सव । **राज्यारोहण**– ना० कुनै राजा पहिलो पल्ट विधिपूर्वक राजगद्दीमा बस्ने काम । **राज्योपकरण**– ना० राजचिह्न; राजोपकरण ।

**राडि-नु**– अ० क्रि० [राडो+इ+नु] परस्परमा भित्रभित्रै द्वेष वा विरोध हुनु; राडो मच्चिनु; मुरमुरिनु ।

**राडी**– ना० [भो० ब०] घरेलु उद्योगका रूपमा प्रायः नेपाली ऊनबाट बुनिने, काम्लोजस्तो खस्रो, बिछ्याइने वस्त्र । ~ **डसना**– ना० १. राडी र डसना । २. गतिलो ओछ्यान । ~ **पदुवा**– वि० १. काम पार नलगाई राडीमा मात्र बसेर गफिने; साह्रै अल्छी । २. डरछेरुवा; पानीआन्द्रे । ~ **पाखी**– ना० १. राडी र पाखी । २. सामान्य ओढ्नेओछ्याउने ।

**राडो/राढो**– ना० [√ रडाको] आफुसआफुसमा भएको द्वेष वा विरोध; परस्परको चर्को झगडा; रडाको; हल्ला । > **रडचाइ** – ना० राडो झिक्ने वा राडिने क्रिया वा प्रक्रिया ।

**राढि-नु**– अ०क्रि० [राढो+इ+नु] हे० राडिनु ।

**राणा**– ना० [सं० राज्ञ]१. नेपालमा वि० सं० १९०३ मा शासनसत्ता आफ्नो हातमा लिने जङ्गबहादुरदेखि चलेको कुँवर थरका राणा प्रधानमन्त्री (तीन सरकार)का वंशजहरूको उपाधि । २. भारतको राजस्थानप्रदेशमा रहने क्षत्रिय राजाहरूको उपाधि । – **तन्त्र**– ना० राणाहरूले चलाएको जहानियाँ शासनपद्धति ।

**रात**– ना० [सं० रात्रि] घाम अस्ताएदेखि घाम नझुल्कुन्जेलको समय; दिनको विपरीतार्थक शब्द; रजनी; रात्रि । – **दिन**– ना० १. रात र दिन; दिनरात । क्रि० वि० २. विनाअडान; लगातार; रातोदिन; सर्वदा ।

**रातमाटे**– वि० [रातो+माटो+ए] रातो माटो भएको वा हुने (ठाउँ) ।

**रातारात**– क्रि० वि० [रात+रात] १. उज्यालो हुँदा नहुँदै; रातभरिमा । २. रातरात गरी; रातरातमा; रातीराती ।

**राति/राती**– क्रि० वि० [सं० रात्रि/रात्री] १. रातमा; रात्रिमा । ना० २. रात्रि; रात ।

**रातीगेडी**– ना० [राती+गेडो+ई] १. चनाका जस्ता पात हुने, हल्का गुलाफी रङ्गका फूल फुल्ने, केराउका जस्ता कोसा लाग्ने, जरा 'जेठीमधु' कहिने एक प्रकारको लता वा त्यसमा फल्ने, सुन आदि तौलिँदा लाल वा रत्तीको परिमाण बनाइने, कालो टीका भएको रातो गेडो; लालगेडी; आँखीगेडी । २. थोरै धन (उदा०– हर्के बूढी आमैको एउटा छोरो भएकाले त्यही उनका निम्ति रातीगेडी भएको थियो ।)

**रातु**– वि० [रातो+उ] रातो रङको; राती (गाई) । (उदा०– कैलो गाई त घर आयो, रातु गाईको ठेगानै छैन ।)

**राते१**– वि० [रात+ए] रातभरि रहेको; रातसम्बन्धी; रातको । (उदा०– एकराते दही, दुईराते मही ।)

**राते२**– ना० [रातो+ए] १. अमिल्याहा पात हुने, गेडावरिपरि राता अमिला केस्रा हुने र ती केस्राको झोल पनि रातै हुने, रगतमासीको औषधीमा काम लाग्ने बुटीविशेष; बेलीचन्दा । २. बोटबिरुवाको डाँठ रातो हुने एक प्रकारको रोग; रतङ्गे; राँको । ३. रतुवा (मृग) । वि० ४. रातो भएको; रातो रङको । ~ **घाँस**– ना० खरपाखामा उम्रने टुप्पामा छाताजस्तो भएको एक प्रकारको घाँस । ~ **मृग**– ना० स्तनधारी समूहमा पर्ने, रातोरातो खालको, भालेमा कस्तूरी मृगको जस्तै दाह्रा निस्कने र सानो सिङ हुने, भुक्तै हिँड्ने एक जातको मृग ।

**रातो**– वि० [सं० रक्त] १. सिन्दूर, रगत आदिको जस्तो रङ्ग भएको; रक्त; लाल । स्त्री० राती । ना० २. रगतजस्तो रङ; लाल । ~ **अचानु**– ना० १. कुनै काम फत्ते गरेबापत लिम्बू आदि जातिले आफ्नो सभामा कुखुरो काटेर भए पनि रगतले अचानु रातो पार्ने काम । २. त्यस्तो सभा टुङ्गिएपछिको भोज । ~ **उखु**– ना० गाढा रातो रङको डाँठ हुने एक जातको उखु । ~ **कमिलो**– ना० टोक्ने र पिसाब गर्ने काम एकै चोटि गर्ने मसिनु खालको कमिलो । ~ **गेवँरा**– ना० रातो डाँठ हुने गेवँरा उखुको एक जात । ~ **चारपाटे**– ना० साधारण हरिया डल्ला तर तीखा टुप्पा भएको पात हुने नीलो गुलाफी वा बैजनी रङको फूल फुल्ने एक जातको अग्लो बुटीवशेष । – **चुच्चे काग**– ना० जीउ कालो भई चुच्चो र खुट्टा रातो हुने, गाउँहुँदी आएर चारा खोजी खाने, जमातमा र एक्लै पनि हिँड्ने कागजस्तै चरो । ~ **च्याउ**– ना० जमिनमा उम्रने छाताको आकार र सिन्दूरजस्तो रङ भएको खान हुने एक च्याउ । ~ **जाँड**– ना० नेवारजातिका विभिन्न पूजा-आजामा चाहिने, हकुवा चामलको खाजाद्वारा तयार पारिएको, धेरै समयसम्म राख्न सकिने र पुरानो हुँदै जाने, रातो रङ भएको विशेष जाँड (ह्याउँथो) । (यस्तो जाँड बनाउने घ्याम्पो रहेको घरमा चट्याङ पर्दैन भन्ने जनविश्वास छ र यो जाँड रजस्वला, पाठेघर आदिको स्त्रीरोगमा औषधीका रूपमा पनि प्रयोग गरिन्छ ।) ~ **टाटो**– ना० सूर्य; घाम (उदय र अस्तमा) । ~ **डाँठे घाँस**– ना० साधारण हरिया डाँठ भएका वा नभएका मालाकार पात हुने, टुप्पामा सेता फूल फुल्ने, हिमालमा हुने एक जातको बुटी ।

**रातोदिन**– क्रि० वि० [रात+दिन] जत्तिखेर पनि; रात र दिनभरि; रातदिन; हरबखत; अहोरात्र ।

**रातो पानी बेत**– ना० ठूला रूखमा जेलिएर रहने, डाँठ र पातमा ससाना काँडा हुने, प्रायः सुक्खा ठाउँमा पाइने पानीबेतमध्ये कमसल खालको बेत; कुखुरे बेत ।

**रातो पान्डा**– ना० हिमाली भेगतिर पाइने, घरबिरालोजत्रै कालो पेट र रातो भुवादारी जीउ भएको मांसाहारी समूहमा पर्ने तर

शाकाहारी एक जन्तु ।

**रातो पिरो–** वि० [रातो+पिरो] हृष्टपुष्ट र गालामा रगत चढेको; भरभराउँदो र मनपर्दो । स्त्री० रातीपिरी ।

**रातो बलु–** ना० ठूला पात हुने र राता फूल फुल्ने एक जातको बलु ।

**रातो मत्स्येन्द्रनाथ–** ना० [सं० रक्त+मत्स्येन्द्रनाथ] ललितपुरमा बुङमतीदेखि रथ तानेर जाउलाखेलसम्म ल्याई प्रतिवर्ष प्रसिद्ध ऐतिहासिक भोटो देखाउने जात्रा गरिने एक देवता ।

**रातो मन्सरा–** ना० बोक्रा रातो हुने मझौला खालको एक जातको धान वा त्यसैको चामल ।

**रातो माटो–** ना० घर लिपपोत गरिने रातो रङगको एक प्रकारको माटो ।

**रातो मार्सी–** ना० मार्सी जातको रातो रङ हुने धान वा त्यसैको चामल; रक्तशाली; जाडेमार्सी ।

**रातो मुख–** ना० रिसाउँदा वा लाज मान्दा हुने मुखको रातो वर्ण ।

**रातो मुनियाँ–** ना० रातो रङ्ग भएको सानो मुनियाँ चरो ।

**रातो सिमी–** ना० रातोरातो गेडा हुने सिमीको एक जात ।

**रात्तै–** निपा० उदेक, आश्चर्य आदि जनाउँदा प्रयुक्त हुने शब्द । (उदा०– तिमीले भन्दैमा कहाँ मान्छु र रात्तै ।)

**रात्रि–** ना० [सं०] रात; रजनी; निशा । **– चर–** वि० १. राती हिँड्ने । २. निशाचर; राक्षस । ~ **पाठशाला–** ना० प्रायः प्रौढहरूलाई पढाइने, राति कक्षा चल्ने विद्यालय । ~ **भोज–** ना० विशिष्ट वा आमन्त्रित अतिथिहरूलाई राती दिइने औपचारिक भोज; रातको भोजन ।

**रात्र्यन्ध–** वि० [सं०] राती आँखा नदेख्ने रोग लागेको; रतौंधी रोग लागेको ।

**राधा–** ना० [सं०] १. महाभारतकालीन वृषभानुकी छोरी र कृष्णकी प्रियतमा; राधिका । २. महाभारतका प्रसिद्ध योद्धा कर्णलाई पाल्ने एक स्त्री । ३. वैशाख पूर्णिमा । ४. विशाखा नक्षत्र । ५. समृद्धि ।

**राधिका–** ना० [सं०] कृष्णकी प्रेमिका; राधा ।

**रानी–** ना० [सं० राज्ञी] १. राजाकी पत्नी; राजमहिषी; महारानी । २. आफैं राज्यसञ्चालन गर्ने स्त्री । ३. स्त्रीहरूलाई सम्मान जनाउने शब्द । ~ **अर्चले–** ना० कुटमिराको जस्तो बोट र पात हुने, कालो फल लाग्ने र वैशाखजेठतिर पाक्ने एक जातको अर्चले । ~ **करेला–** ना० साधारणभन्दा केही ठूलो लाम्चो खालको करेला । ~ **खेत–** ना० कुखुराहरूलाई लाग्ने एक सङ्क्रामक रोग । ~ **चरी–** ना० १. प्रायः केराका घारी, झाङ आदिमा रहने राम्रो र रङ्गीचङ्गी हुने सानो एक जातको चरो । २. पासाको एक किसिमको खेलविशेष । ~ **ढकायो–** ना० गाभामा रातो फूल हुने एक किसिमको ढकायो । ~ **तरुल–** ना० तरुलको एक जात । ~ **बन–** ना० चारैतिर फिँजिएको ठूलो वन; रनबन । – **बाबियो–** ना० पहराहुँदो उम्रने र तलतिर फर्केर रहने एक प्रकारको बाबियो । ~ **बाँस–** ना० बाँसको एक जात । ~ **भलायो–** ना० आँपका जस्ता संयुक्त मालाकार पात हुने, दाँती नपरेका किनारा हुने, पहेँलाहरिया भावका थुप्रै फूल फुल्ने, आयुर्वेदका अनुसार आउँ-पखाला र चर्मरोगमा काम लाग्ने, आँपको समूहमा पर्ने एक जातको काँडादार रूख वा त्यसैको फल । ~ **भ्याकुर–** ना० लहराका जरामा फल्ने, कुनाकुना परेका पात हुने एक जातको भ्याकुर । ~ **मासु–** ना० केस्रादार फल मासु । ~ **मोथे–** ना० मोथे झारको एक जात ।

**रानु–** ना० [रानी+उ] १. मौरीको रानी वा माउ; रानो । वि० २. अगुवा; मुख्य ।

**रानो–** ना० [√ रानी] १. फलको भित्री सारभाग; चुरो । २. रानु । वि० ३. भित्र गुदी भएको (ओखर आदि फल) ।

**राप–** ना० [सं० रवि] घाम, आगो आदिको तातोपन; आँच; ताप । **– ताप–** ना० घामपानी वा असिनापसिना सहने काम; चिन्तासुर्ता; पीरताप ।

**रापती–** ना० १. नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने रुकुम, रोल्पा, सल्यान, प्यूठान र दाङ पाँच जिल्ला भएको एक अञ्चल । २. सोही अञ्चलमा बग्ने एक प्रसिद्ध नदी ।

**रापि-नु–** अ० क्रि० [राप+इनु] १. राप लाग्नु; रापिलो हुनु; आँच बढ्नु । २. तातो हुनु; गर्माउनु; ताल्नु; सेकिनु । ३. कुनै कामकुरा मन नपरेर रिसाउनु; मुरमुरिनु ।

**रापिलो–** वि० [राप+इलो] राप वा आँच भएको; गर्माएको; मुरमुरिएको ।

**राफसाफ–** ना० [अ० रफ्स (हटाएको)+अ० साप] १. सबै पूरा हुने वा टुङ्गिने काम । २. हिसाब आदिको फछर्यौट वा चुक्ताचुक्ती । ३. सुग्घरसफाइ । ४. समस्याको समाधान; निराकरण । वि० ५. सफा; सुग्घर । ६. झन्जट नरहेको; झमेला हटाइएको । ७. समस्या समाधान भएको ।

**राबडी–** ना० [प्रा० रब्बा+अवलेह] १. दूधको तर र चिनीबाट बनाइने एक प्रकारको खानेकुरो । २. खावा घोटेको दूध; दूधको खावा ।

**राम्-नु–** अ० क्रि० [सं० रम्ब] गाई, भैंसी आदि खुसी भएर उफ्रँदै कराउनु ।

**राम–** ना० [सं०] १. अयोध्याका राजा दशरथ र उनकी पटरानी कौशल्याका जेठा छोरा; रामचन्द्र । २. ईश्वर; भगवान् । ३. प्रसिद्ध तीन रामका नाम (मर्यादापुरुषोत्तम राम, परशुराम र बलराम) । ४. माना-पाथी आदिले अनाज भर्दा गन्तीको शुभारम्भका रूपमा एक जनाउने शब्द । ५. जात्रा; रमाइलो । **– कडेरा–** ना० मकैका जस्ता लामालामा पात र त्यसकै जस्ता बोट हुने बुटीविशेष । **– कली–** ना० १. श्यामकलीका जातको रातो भेट्नु हुने बुटोविशेष वा त्यसको सेतो फूल । २. सङ्गीतमा हिण्डोल रागको एक रागिनी । **– कसुर–** ना० लाम्चा कुनाकुना परेका पात हुने, नीला फूल फुल्ने र मुगीका जस्ता लामा कोसा

हुने एक जातको लहरो वा त्यसैको सखरखण्डजस्तो गानु । – **कहानी–** ना० रामको जस्तो दुःखद कहानी भएको, कुनै पनि व्यक्तिका जीवनमा घटेका घटनाको वृत्तान्त; गथासो; दुखेसो । – **कृष्ण कुँवर–** ना० नेपालको राणापरिवारका पूर्वज, पृथ्वीनारायण शाहका एक प्रसिद्ध सेनापति । – **चन्द्र–** ना० विष्णुका दस अवतारमध्ये एक; राम । – **छायाँ–** ना० थोरै समयको आनन्द; क्षणिक सुख; मायाजाल । – **झुपडी–** ना० सानो छाप्रो; सानो भए पनि रामकृपाले पाएको, आरामदायी ठानिएको आफ्नै घर । – **तिलक–** ना० १. सपेता, कमेरो आदिमा मिसाएर घरमा रङ लाउने आदि काम लिइने एक किसिमको पहेँलो माटो । २. वैष्णवहरूले टीका लाउन प्रयोग गर्ने चन्दन; रामरज । – **तोरियाँ–** ठूलठूला पाँचचोसे पात हुने, सेता र कलेजी रङका फूल फुल्ने एक प्रकारको बोट वा त्यसैको तरकारी खाइने खस्रो कोसा (फल); भिण्डी । – **दल–** ना० १. रामचन्द्रलाई सहयोग गर्ने वानरी सैन्य । २. नेपालका प्रहरीको पुरानो एक विभाग । – **दाना–** ना० लट्टे । – **नरवानर–** ना० नृतत्त्वका अनुसार अश्मीभूत अस्थि अवशेषका रूपमा पाइएको नरवानर; शुष्कनरवानरको समसामयिक नरवानर । – **नवमी–** ना० रामको जन्म भएको दिन; चैत्र शुक्ल नवमी । – **नामी–** ना० रामनाम छापिएको एक प्रकारको पछ्यौरा । – **पत्री–** ना० काफलका जस्ता साधारण पात हुने, छ मिलिमिटर लामा फूल फुल्ने, बियाँ औषधीमा काम लाग्ने एक जातको सानो रूख । – **पुरी–** ना० प्रायः पहेँलो रङ्गको ऊनी पछ्यौरीविशेष । – **फटाका–** ना० वैष्णवहरूले निधारमा लाउने ठाडो तीनधर्के टीका वा तिलक; श्रीतिलक । – **फल–** ना० केराका पातजस्ता भालाकार र तीखा टुप्पा हुने दाँतीदार किनारा भएको, बास्ना आउने ठूलो सेतो फूल फुल्ने, ठूला फल लाग्ने, मृगौलाजस्ता बीउ हुने एक जातको रूखविशेष । – **वाण–** ना० १. अजीर्ण रोग भएकालाई खुवाइने रसादि औषधीविशेष । वि० २. रामले हानेको वाणजस्तै खेर नजाने वा तुरुन्त पूरा हुने; अचूक; अमोघ । – **भरोसा–** ना० रामको मात्र भरोसा वा आधार । – **भरोसे–** वि० अरू कसैको आधार नभई रामको मात्र भरोसा भएको । – **भिँडा–** ना० गोलभँडा । ~ **मन्दिर–** ना० १. नेपालको प्रसिद्ध तीर्थस्थल जनकपुरमा रहेको रामको प्रसिद्ध मन्दिर । २. रामको मूर्ति प्रतिष्ठापित भएको मन्दिर । – **माटी–** ना० काठबाट बन्ने सामान दराज, मेच आदि चिल्ल्याउन दलिने एक किसिमको माटो । – **रउस–** ना० आनन्द र रमाइलो; रामरमिता । – **रगेडा–** ना० असाध्य परिश्रम; चर्को मिहिनेत । – **रज–** ना० टीका लगाउन हुने एक प्रकारको पहेंलो माटो; रामतिलक । – **रमिता–** ना० आनन्ददायी उत्सवको रमिता; रमाइलो; रमझम । – **रस–** ना० १. मनलाई सुख दिने वस्तुको उपभोग; सुखचैन । २. नुन वा लवणका निम्ति प्रायः जोगीहरूले प्रयोग गर्ने शब्द । – **राज्य–** ना० १. देशका सबै जनतालाई सुखशान्ति परिपूर्ण हुने रामको जस्तो शासनव्यवस्था भएको आदर्श राज्य । २. मनमोज; ढलीमली । – **राम–** ना० १. भेटघाट वा बिदावारीका क्षणमा भनिने एक किसिमको ढोगभेट जनाउने शब्द । २. कुनै कुराको नाश हुँदा र कसैको दुःख-कष्ट देख्ता वा सुन्दा सहानुभूतिपूर्वक निस्कने शब्द; कठैबरा । ३. मलामीहरूले शवलाई सागरमा वा घाटमा लैजाँदा दोहऱ्याएर भन्ने शब्द । – **रिट्ठो–** ना० ठूलठूला पात र पहेँला फूल हुने एक जातको रूख वा त्यसैको झुप्पाकार फल । – **लीला–** ना० रामका कथाको अभिनय । ~ **शाह–** ना० वि० सं० १६६६ देखि १६९३ सम्म गोरखामा राज्य गर्ने शाहवंशीय प्रसिद्ध समाजसुधारक राजा ।

**रामा–** ना० [सं०] १. रूपवती वा सुन्दरी स्त्री । २. लक्ष्मी; सीता; राधा । ३. भार्या; पत्नी ।

**रामाइ–** ना० [राम्+आइ] गाईबस्तुले राम्ने क्रिया वा प्रक्रिया ।

**रामायण–** ना० [सं०] १. रामको चरित्र तथा कीर्ति वर्णन भएको संस्कृतमा वाल्मीकि मुनि, हिन्दीमा सन्त तुलसीदास र नेपालीमा कवि भानुभक्तद्वारा रचित प्रसिद्ध काव्यग्रन्थ । २. कुनै मृत व्यक्तिको शोकप्रकट गर्दै गाईजात्रामा सेतो वा पहेँलो वस्त्र धारण गरेर सहर घुमीघुमी गाइने गीत वा त्यस्तो गीत गाउने मण्डली ।

**रामानुज–** ना० [सं०] १. रामका भाइ (खास गरी लक्ष्मण) । २. वैष्णवपन्थ चलाउने दक्षिण भारतका एक प्रसिद्ध वैष्णवाचार्य ।

**रामारुमी–** वि० १.कतै पनि केही नदेखिने; निस्पट्ट; गाढा (अँध्यारो) । (उदा०– बेसीमै रामारुमी भइसकेकाले हिजो गाउँ आउन सकिएन ।) २. सुनसान; चकमन्न । (उदा०– जाडामा नौ बजेतिर नयाँ सडक पनि रामारुमी भइसक्छ ।)

**रामि–नु–** अ० क्रि० [राम्+इ+नु] राम्ने काम होइनु ।

**रामेछाप–** ना० नेपाल अधिराज्यको मध्यमाञ्चल विकासक्षेत्रभित्र पर्ने जनकपुर अञ्चलको एक पहाडी जिल्ला ।

**रामेश्वर–** ना० [सं०] भारतको दक्षिणी समुद्रको किनारामा अवस्थित स्वयम् रामचन्द्रले स्थापना गरेको मानिने, हिन्दूहरूका प्रसिद्ध चार धाममध्ये एक ।

**रामो–** ना० [प्रा० रम्प] बिँडमा मुङ्ग्राले ठोकेर काठ काट्ने वा खोप्ने, हलाका फालीजस्तो तर तीखो धार भएको फलामे हतियार; राँबो ।

**रामोराम–** ना० [राम+राम] किरिया हाल्दा प्रयोग गरिने शब्द; सत्तेसत्ते; धरोधर्म । (उदा०– रामोराम दिदी, मैले तपाईंको पछ्यौरा लिएको छैन ।)

**राम्बाँस–** ना० [सं० रम्भवंश] रम्बाँस; क्यात्तुके; हात्तीबार ।

**राम्ररी–** क्रि० वि० [राम्रो+गरी] राम्रो गरी; सुहाउँदोसँग ।

**राम्रो–** वि० [सं० रामिल] १. देख्ता मन पर्ने; सुन्दर; रमणीय । २. गुण, हित आदिका दृष्टिले उम्दा; असल; बेस । ~ **मुख–** ना० १. नरम वा मीठो बोलीवचन; सोझो मुख । २. सुन्दर अनुहार वा चेहरा ।

**राय**– ना० [फा०] १. कुनै कुरा, पक्ष, सिद्धान्त आदिमा व्यक्त गरिने विचार, आशय; मत । २. कुनै विषयमा कसैलाई दिइने उचित सुझाउ; सल्लाह; सम्मति । ~ **छनक**– ना० राय दिने सङ्केत; सम्मति वा सरसल्लाहको आभास । ~ **बझाइ**– ना० कुनै कुरामा कसैको सहमति र कसैको असहमति भई विचार नमिल्ने स्थिति; दुई थरीको कुरा फाट्ने काम; रायबाझो ।

**रायबाझो**– ना० [राय+बाझो] परस्पर राय फाटेर वा नमिलेर, अलगअलग राय हुने काम । ~ **फैसला**– ना० हाकिम, तहरिर र असिस्टेन्टका बीचमा राय फाटी वा नमिली गरिएको साधक फैसला ।

**रायल**– वि० [अङ्०] १. राजकीय; शाही । ना० २. छब्बीस इन्ची लमाइ र बीस इन्ची चौडाइ हुने कागतको नापोविशेष ।

**रायल्टी**– ना० [अङ्०] कुनै वस्तुका कर्ता वा कृतिका लेखकलाई निजमा रहेको स्वत्वाधिकार वा स्वामित्वका निम्ति दिइने उक्त वस्तु वा कृतिबाट भएका लाभको केही अंश; लेखकस्व ।

**रायो**– ना० [सं० राजिका] १. तोरीका जस्ता कोसा, पहेँला फूल र ठूलठूला पात हुने, तरकारीका निम्ति प्रसिद्ध एक जातको साग वा त्यसको तोरीजस्तो गेडा (फल); राई; पाच्छैं । २. पिप्लाको बीज ।

**रारा**– ना० [√ रह] पश्चिमी नेपालमा कर्णाली अञ्चलको मुगु जिल्लामा पर्ने प्रसिद्ध स्थल । ~ **दह**– ना० रारा गाउँको दक्षिण किनारामा रहेको एक प्रसिद्ध ताल ।

**राल**– ना० [सं० लाला] मुख रसाएर चुहिने लेसाइलो थुक; र्‍याल । ~ **ग्रन्थि**– ना० राल छोड्ने ग्रन्थि वा इन्द्रिय । – **घोल**– ना० १. एकै ठाउँमा मुछिने वा मिल्ने काम । २. तानातान, खिचातानी । > **राले** – ना० १. लुगामा राल नचुहियोस् भनी केटाकेटीका गलामा बाँधेर लगाइने वस्त्र । वि० २. राल काढिरहने ।

**रालो**– ना० [सं० रणन] घण्टाको बीचमा रहने र हल्लाउँदा घण्टा बज्ने दण्डाकार लङ्गुर ।

**रावण**– ना० [सं०] १. लङ्काको राजा तथा रामद्वारा मारिएको रामायणको प्रसिद्ध प्रतिनायक । वि० २. हाहाकार गराउने; अत्याचारी; दुष्ट र मिचाहा ।

**रावन्ने**– ना० [√ रावण] हे० रावण । ~ **मुला**– ना० गोठालेमूला; वनमूला ।

**राशन**– ना० [अङ्०] हे० रासन ।

**राशि**– ना० [सं०] १. कुनै वस्तुको रास वा थुप्रो । २. क्रान्तिवृत्तमा रहेका मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीन– यी बाह्र ताराहरूको समूह । ३. सङ्ख्या; अङ्क । ~ **चक्र**– ना० मेष, वृष, मिथुन आदि राशिहरूको चक्र वा मण्डल । ~ **नाम**– ना० जन्मेका समयको नक्षत्रअनुसार जुराई राखिएको नाउँ; चिह्नाको नाम ।

**राष्ट्र**– ना० [सं०] १. जनता, सरकार तथा सार्वभौमसत्तासम्पन्न भएको कुनै देश; मुलुक । २. एकै देशका एउटै संस्कृति तथा अर्थव्यवस्थामा आबद्ध समस्त नागरिक; जनता । ~ **ऋण**– ना० विभिन्न योजना चलाउनका निम्ति तोकिएको समयसम्ममा उचित ब्याज दिने गरी राष्ट्रले सर्वसाधारण जनतासँग लिने ऋण । ~ **घातक**– वि० राष्ट्रको हत्या वा ठूलो हानि हुने काम गर्ने । – **घाती**– वि० राष्ट्रको हत्यारो; राष्ट्रघातक । ~ **नायक**– ना० कुनै राष्ट्रका प्रमुख नेता । ~ **निर्माण**– ना० नयाँ राष्ट्र बनाउने वा कुनै राष्ट्रको उन्नति-प्रगति गर्ने काम । ~ **निर्माता**– ना० १. नयाँ राष्ट्रको सङ्गठन वा संरचना गर्ने व्यक्ति । पृथ्वीनारायण शाहलाई दिइएको उपाधि । – **पति**– ना० गणतान्त्रिक शासन-प्रणालीअनुसार बहुमतद्वारा निर्वाचित कुनै राष्ट्रका सर्वप्रधान शासक वा प्रतिनिधि । ~ **परिषद्**– ना० राष्ट्रका प्रमुख समस्यामा सल्लाह तथा सहयोग लिन गठित राष्ट्रका प्रतिनिधिहरूको परिषद् । – **पाल**– ना० १. राजा; नृप । २. राष्ट्रपति । – **पिता**– राष्ट्रको स्वतन्त्रता, स्वाधीनता र लोकतन्त्रका लागि विशिष्ट योगदान गर्ने महान् व्यक्तिलाई सम्मानस्वरूप दिइने उपाधि । ~ **बैङ्क**– ना० १ राष्ट्रका मुद्राको प्रचलन तथा नियन्त्रण गर्ने, आफ्नो राष्ट्रमा रहेका अन्य बैङ्कहरूको पुँजी सुरक्षाका निम्ति जम्मा गर्ने, सरकारी ऋणपत्रको प्रबन्ध गर्ने आदि कार्य गर्नगराउन विशेष अधिकारप्राप्त प्रधान ब्याङ्क, केन्द्रीय बैङ्क । २. नेपालको ऐनबमोजिम गठन भएको नेपाल राष्ट्र बैङ्कका नामले नेपाल अधिराज्यमा उपर्युक्त काम गर्ने प्रसिद्ध तथा प्रमुख बैङ्क । – **भाषा**– ना० १. राष्ट्रको भाषा; कुनै राष्ट्रमा प्रचलित भाषा । २. कुनै राष्ट्रका बहुसङ्ख्यक जनताले बोल्ने, व्यवहार गर्ने र सरकारी अड्डाखानामा लेखापढी आदिमा चलेको प्रमुख भाषा । ~ **मण्डल**– ना० समान भाव वा हितका दृष्टिले परस्पर आबद्ध हुने राष्ट्रहरूको मण्डल वा समूह (कमनवेल्थ) । – **वाद**– ना० १. आफ्नो राष्ट्रको उन्नति र हितलाई सर्वोपरि मान्ने सिद्धान्त वा राष्ट्र र राष्ट्रियताप्रतिको विशेष भक्तिभावना । २. मध्ययुगीन सामन्ती निरङ्कुशताका विरुद्धमा वा औपनिवेशिक दासताबाट मुक्तिका लागि उठेको राष्ट्रिय स्वतन्त्रताको आवाज; त्यसैसँग सम्बन्धित चिन्तन वा विचारधारा । – **वादी**– वि० राष्ट्रवादको मत मान्ने; राष्ट्रवादसित सम्बन्ध भएको । ~ **विप्लव**– ना० १. राष्ट्रमा उत्पात मचाई मुलुक विखण्डन गर्ने प्रयास; राष्ट्र टुक्र्याउने गतिविधि । ~ **सङ्घ**– ना० प्रथम विश्वयुद्धपछि राष्ट्रहरूका बीच पारस्परिक सहयोग, सद्भावना र मित्रता कायम गरी विश्वशान्तिको स्थापना गर्ने उद्देश्यले इ० १९१९ मा खडा भएको विश्वका स्वाधीन राष्ट्रहरूको सङ्गठन । ~ **सङ्घीय**– वि० राष्ट्रसङ्घसम्बन्धी; राष्ट्रसङ्घको । ~ **सेवक**– ना० १. राष्ट्रमा सार्वजनिक उत्तरदायित्व वहन गर्ने पदप्रतिष्ठामा रहेको व्यक्ति । २. नेपाल सरकार वा कुनै सङ्गठित संस्थाप्रति लिइने शपथ वा सर्त, कबुल वा सम्झौताअनुसार प्राप्त भएको नियुक्ति, मनोनयन वा निर्वाचन हुने कुनै लाभको पदधारण गरेको वा सो पदमा बहाल रहेसम्मका अवस्थाको व्यक्ति ।

**राष्ट्रिय–** वि० [सं०] १. राष्ट्रसम्बन्धी; राष्ट्रको । २. राष्ट्रले गर्ने वा राष्ट्रको हितका निम्ति गरिने विशिष्ट क्रियाकलाप वा उद्देश्य भएको । (जस्तै– राष्ट्रिय अखण्डता, राष्ट्रिय निर्देशन, राष्ट्रिय प्रकृति, राष्ट्रिय योजना, राष्ट्रिय लगानी, राष्ट्रिय हित इ० ।) –**करण–** ना० १. सरकारले क्षतिपूर्ति गरी वा नगरी विशेष उद्योग, भूमि आदिमा अधिकार गरी सार्वजनिक पार्ने काम । २. कुनै सरकारी उद्देश्यपूर्तिका निम्ति मुआवजा दिई वा नदिई सर्वसाधारण जनताको जग्गाजमिन आदिको अधिग्रहण गर्ने काम । – **कृत–** वि० राष्ट्रिय बनाइएको; राष्ट्रियकरण गरिएको । ~**गान–** ना० १. राष्ट्रले मान्यता दिएको गाना; राष्ट्रको गान; राष्ट्रिय गीत । २. नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मान्यताप्राप्त स्वदेशगान । ~ **गीत–** ना० आफ्नो राष्ट्रप्रति सबै जनताको असीम श्रद्धा र भक्ति जनाउन कुनै राष्ट्रिय उत्सव वा सामूहिक समारोहमा गाइने, राष्ट्रको वा राष्ट्रका प्रतीकको गुणगाथाले भरिएको गीत; राष्ट्रिय गान । ~ **जनावर–** ना० राष्ट्रिय रूपमा मान्यता दिइएको पशु (नेपालमा गाई) । ~ **झन्डा–** ना० १. कुनै राष्ट्रको प्रतीक र परिचयात्मक सङ्केतका रूपमा सृजित तथा निर्मित झन्डा । २. नेपालको संविधानअनुसार, सिम्रिक रङको भुइँ र गाढा नीलो रङको किनारा भएको, दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भएको, परम्परागत झन्डा । –**ता–** ना० राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना; राष्ट्रप्रेम; राष्ट्रको स्थिति वा आफ्नोपन । ~ **निकुञ्ज–** ना० वन्य जन्तु र पक्षीसम्पदालाई प्राकृतिक स्थितिमा संरक्षण गर्न छुट्याइएको जङ्गलको विशेष क्षेत्र । ~ **पञ्चायत–** ना० पञ्चायतकालीन नेपालको विधायिका । ~ **पन्छी–** ना० कुनै राष्ट्रले मान्यता दिएको पक्षी (नेपालमा डाँफे) । ~ **पुँजी–** ना० आफ्नै राष्ट्रिय उद्योग-उत्पादन वा श्रम-साधनद्वारा प्राप्त पुँजी वा धन; राष्ट्रिय आय । ~**पुँजीपति–** ना० बाहिरिया पुँजीपतिद्वारा हुने शोषणद्वारा देशलाई जोगाउने खालका उद्योग खोल्ने वा बन्दव्यापार गर्ने व्यक्ति । ~ **प्रजातन्त्र–** ना० संसदीय प्रणालीमा आधारित एक राजनीतिक व्यवस्था । ~ **प्रजातन्त्र दिवस–** ना० फागुन ७ गते मनाइने राष्ट्रिय चाड वा उत्सव । ~ **फुल–** ना० राष्ट्रले मान्यता दिएको फूल; (नेपालमा लालीगुराँस) । ~ **रङ्ग–** ना० राष्ट्रले प्रतीक मानेको रङ; (नेपालमा सिम्रिक रङ) । ~ **वाणिज्य बैङ्क–** ना० विभिन्न निक्षेप जम्मा गर्ने वा वाणिज्य तथा उद्योगसम्बन्धी कार्यमा ऋण उपलब्ध गराई देशको अर्थ-व्यवस्थामा सघाउ पुऱ्याउने ब्याङ्क । ~ **विकास सेवा–** ना० स्नातकोत्तर तहका छात्रछात्राहरूले कुनै जिल्लाका निर्धारित गाउँमा गई अध्यापन-कार्यमा सघाउ पुऱ्याउनुका साथै ग्रामीण क्षेत्रको अध्ययन गर्ने कार्यक्रम । ~ **विभूति–** ना० राष्ट्रको गौरव बढाउन आआफ्ना क्षेत्रमा विशिष्ट योगदान दिने महापुरुष । ~ **बिमा संस्थान–** ना० निर्जीवनबिमा र जीवन-बिमा दुई प्रकारका बिमा-व्यवसाय चलाई निर्धारित रकम लिने र त्यसरी बिमा भएका वस्तु, व्यक्ति आदिलाई भौतिक क्षतिबाट सुरक्षा गर्ने तथा भविष्यका निम्ति आर्थिक संरक्षण दिने कार्य गर्ने बिमासंस्थान ऐनद्वारा स्थापित संस्था । ~ **समाचार समिति–** ना० राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष तथा आधिकारिक रूपमा देशभित्र र बाहिरका गतिविधिको जानकारी जनसाधारणसमक्ष पुऱ्याउनका निम्ति समाचारसङ्कलन, वितरण तथा आदान-प्रदानको व्यवस्था गर्न बनेको एक स्वशासित संस्था; रा० स० स० । ~ **सेवा दल–** ना० छात्रछात्राहरूमा राष्ट्रिय भावनाको वृद्धि गरी उनीहरूलाई योग्य र अनुशासित नागरिक बनाउन तथा नेतृत्वको क्षमता बढाउन सैनिक तालिम वा शिक्षा दिइने दल ।

**राष्ट्रोत्थान–** ना० [सं०] विभिन्न उन्नति र प्रगति गरी राष्ट्रलाई उठाउने काम; राष्ट्रको उत्थान ।

**राष्ट्रोन्नति–** ना० [सं०] राष्ट्रको उन्नति; देशोन्नति ।

**रास१–** ना० [सं० राशि] थुप्रो; राशि ।

**रास२–** ना० [सं०] १. गोपगोपीहरूका साथ कृष्णले गरेको प्रसिद्ध क्रीडा वा अचेलको धाननाचको जस्तो नाचखेल; रासलीला । २. कोलाहल । ३. शब्द; ध्वनि ।

**रास३–** ना० [प्रा० रस्सि] १. बागडोर; लगाम । २. बग्गीको सवार बस्ने ठाउँ ।

**रासक–** ना० [सं०] हास्यरस प्रधान हुने एक प्रकारको एकाङ्की रूपक ।

**रासका रास–** ना० रासमाथि रास; हे० रासैरास ।

**रासन–** ना० [अङ्०] १. खानेपिउने सामग्री वा अन्नपात; रसदपानी; राशन । २. निर्धारित समय र मात्रामा सुपथ मूल्यमा दिइने वा पाइने खाद्य वस्तु । ~ **कार्ड–** ना० रासन वितरण गर्दा दिइने र जनाइने पत्रक ।

**रास नृत्य–** ना० [सं०] रासनाच; रासलीला ।

**रास लीला–** ना० [सं०] कृष्णले वृन्दावनमा गोपिनीहरूका साथ गरेको प्रमोदलीला; रासनृत्य ।

**रासायन–** वि० [सं०] रसायनसम्बन्धी; रासायनिक ।

**रासायनिक–** वि० [सं०] रसायन वा रसायनशास्त्रसम्बन्धी; रसायन । ~ **उर्जा–** ना० रासायनिक प्रक्रियाद्वारा उत्पन्न हुने ऊर्जा (शक्ति) । ~ **परिवर्तन–** ना० रासायनिक एवं भौतिक दुवै गुणमा परिवर्तन आउने मिश्रित वस्तुको रूपान्तरण । ~ **प्रतिक्रिया–** ना० दुई वा दुईभन्दा बढी रासायनिक यौगिक मिसाउँदा कुनै उत्प्रेरकका माध्यमले हुने आमूल परिवर्तन ।

**रासैरास–** ना० [√ रसबस] धेरै रास; रासमाथि रास; रासका रास ।

**रासोबासो–** ना० [√ रसबस] १. बरोबर आउनेजाने वा बस्ने गरेको ठाउँ । २. बसोबासो ।

**राह–** ना० [फा०] १. बाटो; मार्ग । २. परिआएको बेला बाटो

बनाउने एक खालको रकम वा कर । > **राहत–** ना० प्राकृतिक प्रकोपमा परेकाहरूको वा दुःखीहरूको उद्धार गर्ने काम; अड्ने उपाय; सान्त्वना । – **दानी–** ना० स्वदेशबाट विदेश जान वा विदेशबाट स्वदेश फिर्नका निम्ति सरकारसँग लिइने अनुमतिपत्र; पासपोर्ट ।

**राहा–** ना० [अ० राय] कुनै कुरामाथिको विचार; राय; मतो । (उदा०– अंशका कुरामा दाजुभाइको राहाबिराहा के छ पहिले त्यही बुझ्नु राम्रो होला ।)

**राही–** ना० [√ राह+ई] राह हिँड्ने; बटुवा ।

**राहु–** ना० [सं०] १. नौ ग्रहमध्ये एक र पुराणअनुसार समय-समयमा सूर्य वा चन्द्रमालाई छोप्ने ग्रह; पापग्रह । २. विप्रचित्ति र सिंहिकाका छोराको नाम । ३. अन्धकार । वि० ४. ज्यादै करेप्ने, पछेटा लाग्ने वा दुःख दिने (मानिस) । – **ग्रास–** ना० सूर्य अथवा चन्द्रको ग्रहण ।

**रिँग्-नु–** अ० क्रि० [सं० रिङ्गण+नु] फेरो मारेर वा फनफनी घुम्नु; चारैतिर डुल्नु; चक्कर खानु । (उदा०– सिङ्गै सहर रिँगेर पनि डाक्टरले लेखेको औषधी पाइएन ।)

**रिँगटा–** ना० [सं० रिङ्गण] १. दुब्लोपन, गर्मी, डर आदिले वा फनफनी घुम्दा आफू वरिपरिका दृश्य, पदार्थ सबै घुमेजस्तो हुने भान वा टाउको घुमेजस्तो लाग्ने व्यथा; फनफने । २. चक्कर लाग्ने वा घुम्ने अवस्था; भाउन्न; भर्मन । > **रिँगटे–** वि० रिँगटा लाग्ने वा लगाउने (पिङ, खेल आदि) ।

**रिँगा–** ना० ओखरजस्तै एक प्रकारको सानो जङ्गली फल ।

**रिँगाइ–** ना० [√ **रिँग्** (+ आइ)] रिँग्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **रिँगाइनु–** क० क्रि० रिँग्न लाइनु; फनफनी घुमाइनु । **रिँगाउनु–** प्रे० क्रि० रिँग्न लाउनु; फनफनी घुमाउनु । **रिँगिनु–** अ० क्रि० फनफनी घुमिनु । **रिँग्ने–** वि० १. रिँगाउने वा घुमाउने । २. दुःख दिने । ना० ३. कसैलाई गाली गर्दा प्रयोग गरिने शब्द । (उदा०– तेरीमा रिँग्ने, बिनसित्ति अरूलाई किन मुख छोडेको ?)

**रिँध्-नु–** स० क्रि० [सं० रध्+नु] खाने-पिउने कुरो तयार पार्नु वा पकाउनु; बनाइतुल्याइ गर्नु; राँध्नु । > **रिँधाइ–** ना० रिँध्ने भाव, क्रिया वा प्रक्रिया । **रिँधाइनु–** क० क्रि० रिँध्न लाइनु । **रिँधाउनु–** प्रे० क्रि० रिँध्न लाउनु; रिँध्ने पार्नु वा लाउनु । **रिँधिनु–** क० क्रि० रिँध्ने काम गरिनु ।

**रिकर्ड/रिकाट–** ना० [अङ्० रेकर्ड] हे० रेकर्ड ।

**रिकापी–** ना० [फा० √ रकाबी] गहिराइ कम भएको उत्तानो कचौरा वा सानो थलिया; रिकाबी ।

**रिकाब–** ना० [अ०] घोडा चढ्दा गोडा अड्याउने काठीमा झुन्ड्याइएको पाउदान । – **द्वार–** ना० काठीका दायाँबायाँ दुवैतिर रिकाब अड्याउन बाँधिने छालाको फित्ता ।

**रिकाबी–** ना० [फा० रकाबी] हे० रिकापी ।

**रिकुट–** ना० [अङ्० रिक्रुट] नयाँ भर्ती भएको सैनिक वा सिपाही । > **रिकुटे–** ना० १. रिकुट भएको व्यक्ति; नयाँ सिपाही । वि० २. रिकुटमा भर्ती भएको; रिकुटको ।

**रिक्त–** वि० [सं०] १. कुनै पद, स्थान, असर, सङ्ख्या आदि खाली भएको; रित्तो; शून्य । २. केही नभएको; कङ्गाल; निर्धन, गरिब । – **ता–** ना० रित्तो हुने अवस्था वा छाँट; रित्तोपन; खालीखाल्चा ।

**रिक्ता–** ना० [सं०] चौथी, नवमी र चतुर्दशी तिथि ।

**रिक्थ–** ना० [सं०] सम्पत्ति; धन; माल । – **पत्र–** ना० आफ्नो सम्पत्ति उत्तराधिकारीमा यस प्रकारले बाँड्नू भनी लेखिएको पत्र; इच्छापत्र ।

**रिक्सा–** ना० [जापा० जिन्रिकिशा] मानिसले पाउदान चलाएर वा त्यसै तान्ने एक प्रकारको तीनपाङ्ग्रे सवारी ।

**रिखी–** ना० [सं० ऋषि] हे० ऋषि । ~ **डोरो–** ना० रक्षाबन्धन । ~ **तर्पनी–** ना० रिखीलाई तर्पन दिने पूर्णिमा; जनैपूर्णिमा । ~ **पञ्चमी–** ना० ऋषिपञ्चमी ।

**रिङ्-नु–** अ० क्रि० [√ रिँग्नु] रिँग्नु; घुम्नु ।

**रिङ–** ना० [अङ्० रिङ्ग] १. तार, डन्डी, बेत, रबर आदिको चटक देखाइने वा फ्याँक्ने र समात्ने गरी खेलिने बाटुलो चक्का । २. कानमा लगाइने मुन्द्रो । ३. बाटुलो डोलो औँठी । ४. खेलतमासा आदि अखाडाको वृत्ताकार जमिन । ५. घण्टीको शब्द ।

**रिङटा–** ना० [√ रिँगटा] हे० रिँगटा । > **रिङटे–** वि० रिँगटे ।

**रिङाइ–** ना० [√ **रिङ्** (आइ)] रिङ्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **रिङाइनु–** क० क्रि० रिङ्न लाइनु । **रिङाउनु–** प्रे० क्रि० रिँगाउनु; घुमाउनु । **रिङिनु–** अ० क्रि० रिङ्ने काम होइनु; घुमिनु ।

**रिङ्गी गुम्बा–** ना० [भो० ब०] गण्डकी अञ्चलको गोरखा जिल्लामा रहेको एक प्रसिद्ध गुम्बा ।

**रिङ्गै–** क्रि० वि० [√ रिँग+ऐ] चारैतिर; वरिपरि । (उदा०– कालीवन रिङ्गै डढेलाले खाएछ ।)

**रिचो–** ना० [सं० ऋचा] वेदको मन्त्र; ऋचा ।

**रिजर्भ–** ना० [अङ्०] १. पूरै शुल्क वा अग्रिम रकम दिएर कुनै स्थान, वस्तु, गाडी आदि सुरक्षित गर्ने वा खेलतमासा, सवारी आदिको आसन ओगट्ने काम । वि० २. आफ्नै मात्र हकको; एकलौटी ।

**रिजिमन्ट–** वि० [अङ्० रेजिमेन्ट] १. भएजति सबै; खलिकपुर; तमाम । ना० २. धेरै जनाको फौज वा समूह । ३. रेजिमेन्ट ।

**रिझ–** ना० [अ० रिजा] कसैलाई गरिएको सेवा चाकरीमा हुने खुसी; प्रसन्नता । (उदा०– उक्त जग्गा रिझबापत निजलाई बकसपत्र गरिदिएँ ।) > **रिझाइनु–** क० क्रि० रिझाउने काम गरिनु । **रिझाउनु–** स० क्रि० कसैलाई सेवाशुश्रूषा, चाकरी आदिबाट खुसी पार्नु; प्रसन्न तुल्याउनु । **रिझिनु–** अ० क्रि० सेवा सुसार, चाकरी आदिबाट प्रसन्न हुनु; खुसी हुनु ।

**रिट–** ना० [अङ्०] १. राज्य वा न्यायालय आदिद्वारा कसैलाई कुनै

काम गर्न वा नगर्नका लागि दिइने आज्ञापत्र । २. कुनै मुद्दाको विषय कानुनबाट टुङ्गो लगाउन नमिल्ने अवस्थामा सम्बन्धित व्यक्तिले कानुनी उपचारका निम्ति सर्वोच्च अदालतमा दिने निवेदन ।

**रिटक–** ना० गीतको बोल वा स्थायी; टेको ।

**रिटाइ–** ना० [√ **रिटाउ** (+ आइ)] रिटाउने क्रिया वा प्रक्रिया । [ > ] **रिटाइनु–** क० क्रि० रिटाउने काम गरिनु ।

**रिटाउ-नु–** स० क्रि० [सं० रति+आउनु] १. कुनै वस्तुलाई चिरिच्याँट्ट पार्नु; सिँगार्नु; राम्रो तुल्याउनु । २. कौशल देखाएर काम गर्नु; सीप लाउनु । ३. फर्काउनु (जस्तो – कुलो रिटाउनु) ।

**रिटायर–** वि० [अङ्० रिटायर्ड] उमेरको हदम्याद पुगी जागिरबाट अवकाश पाएको; नोकरी छुटेको; सेवा वा कामबाट निवृत्त भएको ।

**रिटिक्क–** क्रि० वि० [अ० मू० रिटिक्+क] कुनै वस्तुलाई सजिसजाउ पार्ने गरी; रिटाउने कायदाले ।

**रिट्ठे–** वि० [रिट्ठो+ए] १.रिट्ठाजस्तो निक्खुर कालो (गोरु) । २. रिट्ठासम्बन्धी; रिट्ठाको । ~ **झाँक्री–** ना० रिट्ठाको माला पहिरने झाँक्री; धामीको देउता । ~ **भुमरी–** ना० हल गर्न असम्भव रहस्य ।

**रिट्ठो–** ना० [प्रा० अरिट्ठो] लामालामा पात हुने, सेता फूल फुल्ने, भित्र कालो बियाँ हुने, फलको बोक्रा लुगा धुने काममा प्रयोग गरिने एक जातको रूख वा त्यसैको खैरो गोलो फल । ~ **नबिराई–** टु० एउटा पनि नछोडीकन ।

**रिडी–** ना० पाल्पा र गुल्मी जिल्लाको बीचमा काली गण्डकीको किनारमा रहेको, माघे सङ्क्रान्तिमा तीन दिनसम्म ठूलो मेला लाग्ने, प्रसिद्ध धार्मिक एवं प्राकृतिक स्थल; रुरुक्षेत्र ।

**रित–** ना० [सं० रीति] कुनै कामकुरा गर्ने युक्ति; कामको काइदा वा तरिका; प्रथा; रीति । **– भाँत–** ना० १. पुर्ख्यौली प्रथा; रीतिथिति । २. चालचलन; विधिविधा । (उदा०– बिहेवारी रीतभाँतअनुसार नै गरे बेस हुन्छ ।) **–रोह–** ना० नियम-काइदा; रीतभाँत ।

**रित्ति-नु–** अ० क्रि० [रित्तो+इनु] कुनै वस्तु राखेको ठाउँबाट सकिनु; बाँकी नरहनु; खाली हुनु; रित्तो हुनु । > **रित्त्याइ–** ना० रित्तिने र रित्याउने क्रियाप्रक्रिया । **रित्त्याइनु–** क० क्रि० रित्तो पारिनु । **रित्याउनु–** प्रे० क्रि० बाँकी नराख्नु; रित्तो पार्नु; खाली गर्नु ।

**रित्तो–** वि० [सं० रिक्त] १. भित्र केही नभएको; खाली । २. सारहीन; निस्सार; खोक्रो । स्त्री० रित्ती । **– फुक्लो–** वि० हातमा वा साथमा केही वस्तु नभएको; अल्झोबिल्झो केही नभएको; स्वतन्त्र । स्त्री० रित्तीफुक्ली ।

**रिन–** ना० [सं० ऋण] भाकाभित्र ब्याजसुद्ध अथवा ब्याजविना साँवा मात्र बुझाउने गरी सापटी लिएको धन; ऋण । **– धन–** ना० रिन काढिएको धन आदि; सरसापट; ऐँचोपैँचो । > **रिनाहा** – वि० रिन लिइरहने; रिनबाट नउक्सने । **रिनाही–** वि० रिन लिने (स्त्री) ।

**रिनी–** वि० [रिन+ई] रिन लिने (व्यक्ति); ऋणी । **– धनी–** वि० रिन लिने र रिन दिने व्यक्तिहरू ।

**रिप–** ना० [सं०] १. ज्यादै ओस लाग्ने ठाउँ; चिसमिरो जमिन । २. हिलो ।

**रिपु१–** ना० [सं०] शत्रु; वैरी ।

**रिपु२–** वि० [सं० ऋभु] अत्यन्त निपुण: औधी सिपालु; पोख्त ।

**रिपोट / रिपोर्ट–** ना० [अङ्०] १. कुनै उल्लेख्य घटना वा कामकुरा आदिका बारेमा कसैलाई दिइने सूचना; कार्यविवरण । २. कुनै निकासा लिनुपर्ने वा अवगत गराउनुपर्ने कुराको विवरण लेखी तालुकवालाकहाँ गरिने जाहेरी; प्रतिवेदन । ~ **दस्तुर–** ना० १. कुरा गर्न खोजेको मानिस फेला नपरेमा लाग्ने दस्तुर वा रकम । २. पहुँचदस्तुर । > **रिपोर्टर–** ना० १. सभासमिति आदिमा भएका कामकुराको विवरण लेख्ने व्यक्ति । २. समाचारपत्रको संवाददाता । वि० ३. रिपोर्ट गर्ने वा रिपोर्ट दिने; प्रतिवेदक ।

**रिबन–** ना० [अङ्०] सिँगारपटार आदिको काम लिइने, नाइलनले बुनेको विभिन्न रङको पट्टी वा फित्ता ।

**रिभल्भर–** ना० [अङ्०] भित्री चक्का क्रमैले घुमेर एक-एकवटा गरी छुट्ने, गोली भर्न हुने पिस्तोलका ढाँचाको एक शस्त्र ।

**रिम–** ना० [अङ्०] जिस्ताको पच्चीस ताउका हिसाबले पाँच सय ताउ र चौबीस ताउका हिसाबले चार सय असी ताउ पनि हुने, बीस जिस्ता कागतको खात वा बिटो ।

**रिमा–** ना० प्रेमीले प्रेमिकालाई बोलाउँदा प्रयोग हुने पुरानो शब्द; मायालु । > **रिमै** – ना० रीमा ।

**रिमझिम–** ना० [अ० मू० रिम्+झिम] १. चटक, तमासा, उत्सव आदिको रमाइलो; रमिता । क्रि० वि० २. हल्का पानी पर्ने चालले; रिमरिम; सिमसिम ।

**रिमठिम–** ना० चालचलन; रीतिथिति ।

**रिमरिम–** क्रि० वि० [अ० मू० रिम्+अ (द्वि०)] १. अलिअलि उज्यालो हुने किसिमले; मिरमिर; झिसमिस । २. हल्का चालले पानी पर्ने गरी; रिमझिम । > **रिमरिमे** – वि० रिमरिम भएको वा परेको; सिमसिमे (पानी) ।

**रिमीझिमी–** ना० [रिमझिम] १. रमाइलो; रमिता; रिमझिम । क्रि० वि० २. सिमसिम ।

**रिमोट कन्ट्रोल–** ना० [अङ्०] कुनै यान्त्रिक उपकरणलाई निश्चित दूरीबाट नियन्त्रण गर्ने विद्युतीय संयन्त्र ।

**रिम्ट–** ना० घुम्ने काम; घुमाइ । > **रिम्टनु** – अ० क्रि० चक्कर लिनु; घुम्नु । **रिम्टाइ–** ना० रिम्टने क्रिया वा प्रक्रिया । **रिम्टाइनु–** क० क्रि० रिम्टन लाइनु । **रिम्टाउनु–** प्रे० क्रि० रिम्टन लाउनु वा रिम्टने पार्नु । **रिम्टिनु–** अ० क्रि० रिम्टनु ।

**रिम्बोर्छे–** ना० [भो० ब०] सेर्पाजातिका कुलदेवता वा गुरु ।

**रियाज–** ना० [अ० रियाजत] कुनै कुशलताको प्राप्तिका निमित्त गरिने रटाइ; रफत; अभ्यास । > **रियाजी** – वि० १. रियाज गर्ने;

रफत गर्ने । २. रियाजसम्बन्धी; रियाजको ।

**रियासत**– ना० [अ०] प्रान्तका रूपमा रहेको वा सानोतिनो राज्य; सामन्त राज्य । > **रियासती** – वि० रियासतसम्बन्धी; रियासतको ।

**रिल**– ना० [अङ्० रील] १. धागो बेरिने लट्टाइजस्तो काठको साधन वा त्यसमा बेरिएको धागो । २. टिनबाट मट्टीतेल झिक्ने एक प्रकारको पम्प । ३. कुनै यन्त्रको घुम्ने भाग । ४. चारकुने फल्याकलाई तल र माथिबाट आधाआधीजसो चिरी बीचमा कपेर साङ्ली पारी बनाइएको, जिल्ददार किताब खोलेर राख्न हुने खटिया; च्यापे; कठौतो ।

**रिवाज**– ना० [अ०] कुनै समाजमा चलेको रीति वा प्रथा; रीतिथिति; चालचलन ।

**रिश्वत**– ना० [अ०] हे० रिसवत ।

**रिस**– ना० [सं० रोष] १. मन नपर्ने, अनुचित वा अन्यायको काम भएको देखेर कसैप्रति मनमा उठ्ने रोष; क्रोध, कोप; जङ । २. कुनै कारणवश कसैप्रति गरिने डाहा; ईर्ष्या; द्वेष । – **को पोका**– वि० छिटो-छिटो रिसाउने; रिसाहा ।

**रिसल्ला**– ना० [अ० रिसाल] घोडचढीको फौज; अश्वारोही सेना ।

**रिसवत**– ना० [अ० रिश्वत] एक पक्षलाई हानि र अर्को पक्षलाई लाभ पुऱ्याउने उद्देश्यले लाभ हुने पक्षबाट प्राप्त गर्ने रकम, दैदस्तुर, सलामी, इनाम, बकस आदि नगदी वा अरू जुनसुकै आर्थिक लाभ; घुस; रिश्वत ।

**रिसाइ**– ना० [√ **रिसाउ** (+आइ)] रिसाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **रिसाइनु**– अ० क्रि० क्रोधित हुनु ।

**रिसाउनु**– अ० क्रि० [रिस+आउ+नु] १. कुनै कुरा, काम, कारण आदिमा चित्त नबुझी कसैसँग क्रुद्ध हुनु; रिस उठ्नु; जङ्गिनु; चिढिनु । २. अप्रसन्न हुनु; नाराज हुनु ।

**रिसानी**– ना० [रिस+आनी] रिसाउने काम; नाराजी (आदरार्थमा) । (उदा०– भूल भए माफ पाऊँ, बिनसित्ति रिसानी नहोस् मुमा !)

**रिसारिस**– ना० [रिसा+रिस] आफू-आफूमा रिसाउने काम; परस्परको रिस; झोकाझोक ।

**रिसाहा**– वि० [रिस+आहा] एक्कासि वा कुरै नबुझीकन बढी रिसाउने स्वभावको; जङ्ग्याहा; झोकी; क्रोधी ।

**रिसिनु**– अ० क्रि० [रिस+इनु] क्रोधित हुनु; चिढिनु ।

**रिसिभर**– ना० [अङ्०] टेलिफोनमा हातले समाती कान थापेर सुनिने र मुखले कुरा गरिने उपकरण वा यन्त्र ।

**रिहर्सल**– ना० [अङ्०] नृत्य, गीत, नाटक आदि दर्शकसमक्ष प्रस्तुत गर्नुभन्दा पहिले गरिने अभ्यास; कुनै कामकुराको पूर्वाभ्यास ।

**रिहा**– वि० [फा०] बन्धन वा कैदबाट छुटकारा पाएको; मुक्त; छुटेको । > **रिहाइ**– ना० १. छुटकारा; मुक्ति । २. मिनाहा; माफी । ३. अवकाश; छुट्टी ।

**रीढ**– ना० शरीरको पृष्ठभागमा गर्धनदेखि गुदद्वारसम्म फैलिएको लाम्चो करङ; पछाडिको हाड ।

**रीत**– ना० हे० रित ।

**रीति**– ना० [सं०] १. कुनै काम गर्ने काइदा, किसिम वा ढङ्ग; परिपाठ । २. कामको परिपाटी वा पद्धति । ३. पुर्ख्यौली चलन; रिवाज; प्रथा । ४. विधान; नियम । ५. साहित्यमा ओज, माधुर्य, प्रसाद आदि गुण उत्पन्न गर्ने विशिष्ट पदरचना (लाटी, गौडी, पाञ्चाली आदि) । – **थिति**– ना० १. चलेर आएको प्रथा; चालचलन; परम्परा । २. नीतिनियम; बरबन्दोबस्त । – **प्राधान्यवाद**– ना० समुचित पदहरूको ठीकठीक रखाइ नै काव्यको आत्मा मान्ने सिद्धान्त । – **भाँती**– ना० रीतभाँत । ~ **रिवाज**– ना० १. पहिलेदेखि चलिआएको कुनै काम गर्ने नियम वा काइदा; रीतिथिति; चालचलन; प्रथा । २. बरबन्दोबस्त; प्रबन्ध । – **वाद**– ना० साहित्यमा रीतिलाई प्रमुखता दिने सिद्धान्त । – **वादी**– वि० रीतिवादको अनुयायी । – **स्थिति**– ना० रीतिरिवाज; रीतिथिति ।

**रीमा**– ना० हे० रिमा ।

**रुँग्-नु**– स० क्रि० [सं० रुन्धन+नु] १. कुनै आशङ्कित खराबीबाट बच्न वा कसैको रेखदेख गर्नका निम्ति रखवारी गर्नु; रक्षा गर्नु; जोगाउनु; कुर्नु । २. कसैलाई पर्खनु; प्रतीक्षा गर्नु; ढुक्नु । > **रुँगाइ**– ना० रुँग्ने भाव, क्रिया वा प्रक्रिया । **रुँगाइनु**– क० क्रि० रुँग्न लाइनु । **रुँगाउनु**– प्रे० क्रि० रुँग्न लाउनु । **रुँगालो**– ना० रुँग्ने वा रखवारी गर्ने मानिस; धरालो । स्त्री० रुँगाली । **रुँगिनु**– क० क्रि० रुँग्ने काम गरिनु ।

**रुँदै**– ना० [सं० रुन्ध] पानी पर्न आँटेझैं भई धुम्मिएको बादल; बदली । > **रुँदाइ** – ना० रुँदिने भाव, क्रिया वा प्रक्रिया । **रुँदिनु**– अ० क्रि० पानी पर्लाजस्तो भई बादल लाग्नु; धुम्मिनु ।

**रुँध्-नु**– स० क्रि० [सं० रुन्ध्+नु] अगाडि बढ्न नदिनु; कामकाज आदि गर्न नदिनु; रोक्नु । > **रुँधाइ** – ना० रुँध्ने क्रिया वा प्रक्रिया । **रुँधाइनु**– क० क्रि० रुँध्न लाइनु । **रुँधाउनु**– प्रे० क्रि० रुँध्न लाउनु । **रुँधिनु**– अ० क्रि० १. रुँध्ने काम हुनु । क० क्रि० २. रुँध्ने काम गरिनु ।

**रु-नु**– अ० क्रि० [सं० रुद्] १. मन दुःखित भएर आँसु चुहाउँदै विलाप गर्नु; रुदन गर्नु; सुँक्कसुँक्क गर्नु वा डाँको छोड्नु । २. कसैको अप्रिय व्यवहारबाट हैरान हुनु । ३. ज्यादै दुःखित वा खिन्न हुनु । ४. कसैसँग गएर दुःखपुकारा गर्नु; मनको बह पोख्नु ।

**रुई**– ना० [सं० रूह] रुवो; कपास । – **दार**/**दारी**– वि० भित्र रुवो भएको वा रुवो हाली तगिएको रुवावाला; तकुवा (वस्त्र) ।

**रुका**– ना० [अ० रुक्के] राजाको आज्ञापत्र (दिव्य०); रुक्का ।

**रुकुम**– ना० नेपाल अधिराज्यको रापती अञ्चलमा पर्ने एक जिल्ला ।

**रुकुमा**– ना० प्रेमिकाले 'बिकरम' भनी सम्बोधन गर्दा प्रेमीले भन्ने पुरानो शब्द । > **रुकुमै** – ना० रुकुमा ।

**रुक्का**– ना० [अ० रुक्क] राणाशासनभन्दा पहिले श्री ५ को र राणाशासन सुरु भएपछि श्री ३ को हुकुमको तोक लेखिएको

सानो पत्र; सानो कागतमा टिप्पणी लेखी थिति बाँधिने एक प्रकारको ऐन वा शासनपत्र; हुकुमी आज्ञा । – **दस्खत–** ना० दस्तखतसहित प्रचारमा ल्याइएको रुक्का वा आज्ञापत्र ।

**रुक्खो–** वि० [सं० रूक्ष] रूखो ।

**रुक्मिणी–** ना० [सं०] कृष्णकी प्रथम पटरानी ।

**रुख१–** ना० [फा०] १. अनुहारबाट खुल्ने मनको भाव । २. आकृति; चेहरा; मुख । ३. झुकाउ; चेष्टा ।

**रुख२–** ना० [प्रा० रुक्ख] मास्तिर हाँगा हाल्ने र तलतिर जरा गाड्ने कुनै पनि बोट; वृक्ष; तरु । ~ **कटहर–** ना० रूखमा फल्ने ठूलो कटहर; कटहर । – **काने–** ना० हरिया, तीखा टुप्पा भएका पात हुने, पहेँला फूल फुल्ने एक जातको साह्रो लहरो । ~ **केशर–** ना० साधारण पातमाथि चिल्लो टल्कने खालको फूल फुल्ने एक जातको रूख वा त्यसैको विभिन्न आकार हुने सुपारीजस्तो फल; नागेश्वरी । ~ **पात–** ना० रूख, पोथ्रा, बुटा आदि; रूख र पात । ~ **बयर–** ना० सानासाना पात हुने र पहेँला फूल फुल्ने एक जातको काँढे रूख वा त्यसैको खैरो फल । ~ **सिमाली–** ना० सिमाली वृक्ष; सेतो सिमाली ।

**रुखसत–** ना० [अ० रुख्सत] १. छुट्ने काम; छुटकारा; मुक्ति । २. जाने वा हिँड्ने काम; प्रस्थान ।

**रुखाइ–** ना० [रूखो+आइ] रूखो हुनाको भाव, क्रिया वा प्रक्रिया ।

**रुखासुखा–** वि० [रूखो+सुखो] रूखो र सुक्खा; रूखोसूखो ।

**रुखि-नु–** अ० क्रि० [रूखो+इ+नु] १. चिल्लो, रसिलो आदि नभई रूखो हुनु; फुस्रिनु । २. मलिलो नहुनु । ३. लालायित हुनु; औताउनु ।

**रुखो–** वि० [सं० रूक्ष, प्रा. रुक्खो] १. चिल्लो नभएको; स्निग्ध नभएको; खस्रो; फुस्रो । २. शील, स्वभाव, विनय, नम्रता आदि गुण नभएको; ठर्रो; बिरसिलो; बिझाउने; कर्कश (बोली) । ३.पोस र बल लाग्ने कुरो नभएको; सारहीन । ४. उब्जनी नहुने; ऊषर (जमिन) । **–सुखो–** वि० १. चिल्लोचापुल्लो र रसिलोपोसिलो नभएको (खानेकुरो) ।

**रुख्याइ –** ना० रुखिने वा रुख्याउने काम । **रुख्याउनु–** प्रे० क्रि० १. रूखो पार्नु; फुस्र्याउनु । २. कसैको चित्त दुखाउनु । ३. अरूलाई लालायित तुल्याउनु । **रुख्याहा–** वि० रुखिएको; रूखो पार्ने खालको । स्त्री० रुख्याही ।

**रुगरुग–** क्रि० वि० [अ० मू०] केटाकेटी वा कीरा-फटचाङ्ग्रा हिँड्ने चालले; रगरग । > **रुगरुगती –** क्रि० वि० अझै छिटो र लगातार रुगरुग हुने गरी । **रुगरुगाउँदो–** वि० चिल्लो-चापुल्लो वा पोसिलो नभएको; मायालाग्दो । **रुगरुगी–** क्रि० वि० रुगरुगती; रगरगी । **रुगरुगे–** वि० १. रुगरुग गर्ने । २. चिल्लो नभएको रूखो; फुस्रो । (उदा०– रुगरुगे जाउलो खानु छ, भान्सामा के जानु ?) । ३. दयनीय; मायालाग्दो ।

**रुगा–** ना० [सं० रुज्] आँखा राता र रसिला हुने, नाकबाट पानी अनि पातलो सिँघान चुहिने, बारबार छिउँ लाग्ने र ज्वरोसमेत आउने एक रोग;रुघा । – **खोकी–** ना० सर्दी आदिका कारणले रुघा र खोकी दुवै लाग्ने रोग ।

**रुग्ण–** वि० [सं०] थलिएर जीर्ण भएको; बिरामी । > **रुग्णावकाश –** ना० थलिँदा वा बिरामी हुँदा लिइने र पाइने छुट्टी; बिरामीबिदा ।

**रुघा–** ना०हे० रुगा । ~ **खोकी–** ना० रुगाखोकी ।

**रुघिलो–** ना०हे० रुदिलो ।

**रुङ्-नु–** स० क्रि० [√ रुँग्+नु] रुँग्नु; कुर्नु; पर्खनु । > **रुङाइ –** ना० रुङ्ने क्रिया वा प्रक्रिया । **रुङाइनु–** क० क्रि० रुङ्न लाइनु । **रुङाउनु–** प्रे० क्रि० रुङ्न लाउनु । **रुङिनु–** क० क्रि० रुँगिनु ।

**रुच्-नु–** अ० क्रि० [सं० रुच्+नु] १. खाने इच्छा वा मन हुनु; रुचि लाग्नु । २. कुनै वस्तु मन पर्नु; निको लाग्नु । > **रुचाइ –** ना० रुच्ने वा रुचाउने काम । **रुचाइनु–** क० क्रि० मन पराइनु; निको मानिनु । **रुचाउनु–** प्रे० क्रि० १. मन पराउनु; निको मान्नु । स० क्रि० २. कुनै वस्तु छान्नु; रोज्नु ।

**रुचि–** ना० [सं०] १. खाने मन वा इच्छा; भोगको चाहना; भोक । २. अभिलाषा; धोको; चाह । ३. खानेकुराको स्वाद । ४. कुनै वस्तुलाई मन पराउने काम; खुसीलाग्दो चाख । ५. किरण; कान्ति; आभा; चमक । ६. सौन्दर्य; शोभा । – **कर–** वि० १. रुचि उत्पन्न गर्ने; खान मन लाग्ने; भोक लगाउने । २. मन रमाउने; मनपर्दो । ~ **कारक–** वि० रुचि पैदा गर्ने; रुचि जगाउने । ~ **वर्द्धक–** वि० रुचि बढाउने; रुचिकारक ।

**रुचिर–** वि० [सं०] १. रुचिअनुसारको; मनपर्दो । २. सुन्दर; मनोहर; राम्रो । ३. चहकिलो; चम्किलो । ४. मीठो वा स्वादिलो ।

**रुचिरा–** ना० [सं०] जगण, भगण, सगण, जगण र गुरु अक्षर मिलेर बन्ने, चार अक्षरमा यति हुने अतिजगती छन्दको एक भेद ।

**रुजु–** ना० [अ० रुजूअ] १. सक्कल प्रतिसित नक्कल भिडाउने र जाँच्ने काम । वि० २. उपस्थित; हाजिर । ३. तम्तयार; तत्पर । – **कार–** ना० रुजु गर्ने व्यक्ति । – **बही–** ना० हाजिरकापी – **हाजिर–** ना० गयल नभई नित्य आउनुपर्ने काम; दैनिक उपस्थिति ।

**रुजू–** ना० हे० रुजु ।

**रुझ्-नु–** अ० क्रि० [सं० रुज्+नु] परेको पानीले निथ्रुक्क हुनु; झरीमा पर्नु; भिज्नु । > **रुझाइ –** ना० रुझ्ने काम वा किसिम । **रुझाइनु–** क० क्रि० रुझ्ने पारिनु; भिजाइनु । **रुझाउनु–** प्रे० क्रि० रुझ्ने वा भिज्ने पार्नु । **रुझिनु–** अ० क्रि० रुझ्ने स्थितिमा परिनु ।

**रुढी–** ना० [सं० रूढि] आँठे, बिफर, हैजा आदि सङ्क्रामक रोग; महामारी; देशान ।

**रुण्ड–** ना० [सं०] टाउको नभएको शरीर; धड; गिँड; मुर्कट्टा ।

**रुदन्ती–** ना० [सं०] एक प्रकारको महत्त्वपूर्ण बुटी; सञ्जीवनी ।

**रुदिलो–** ना० [सं० रोध] रातो खालको भेट्नु भएको, पातको तल्लो भाग दाँती परेको हुने, अति बास्ना आउने फूल फुल्ने र पात एवं जरो, बाथ, जुका र चुर्नामा औषधी लाग्ने बुटोविशेष; रुधिलो ।

**रुद्ध–** वि० [सं०] १. पीडा, चिन्ता आदिले आवाज फुट्न नसकेको; कण्ठ रोकिएको । २. बाटो छेकिएको; अवरुद्ध । **– कण्ठ–** वि० कण्ठ रुद्ध भएको; गला रोकिएको; भक्कानु परेको ।

**रुद्र–** ना० [सं०] १. शिवको प्रलयकारी एक रूप । २. अजैकपाद, अहिर्बुध्न, स्रष्टा, विश्वरूपहर, बहुरूप, त्र्यम्बक, अपराजित, वृषाकपि, शम्भु, कपर्दी र रैवत– शिवका यी एघार गणको नाम । वि० ३. भयङ्कर; डरलाग्दो । **– घण्टी–** ना० घाँटीको माझमा बाहिरपट्टि उठेको हाडको फुकुन्डो । ~**मल्ल–** ना० वि० सं० १३६५तिर अरिमल्लका युवराज भएर रहने राजकुमार । **– वेणी–** ना० गुल्मी जिल्लामा पर्ने बडीगाउँ र कालीगण्डकीको दोभानमा रहेको एक तीर्थस्थल ।

**रुद्राक्ष–** ना० [सं०] कथ्य० रुद्राच्छे । हाँगामा लामालामा हरिया केशर हुने सेतो फूल फुल्ने प्रसिद्ध वृक्ष वा जपमाला बनाइने त्यसैको साह्रो गोल काँडे बियाँ । > **रुद्राक्षि –** ना० १. वास्तु वा मूर्तिकलामा प्रयोग हुने अङ्गुलको तीन गुनाबराबरको नाप; पर्वन, अग्नि वा विद्याबराबरको नाप । २. तीन अमलबराबरको नाप; तीन अङ्गुल ।

**रुद्रानन–** ना० [सं०] १. वास्तु वा मूर्तिकलामा प्रयोग हुने अङ्गुलको पाँच गुनाबराबरको नाप; तल, इन्द्रिय, भूत वा वाणबराबरको नाप । २. पाँच अमलबराबरको नाप; पाँच अङ्गुल ।

**रुद्राभिषेक–** ना० [सं०] विशेषतः रुद्रीपाठ गर्दै शिवलिङ्गमा चढाइने जलको धारो ।

**रुद्री–** ना० [सं०] रुद्रको पूजा तथा उपासनाका निम्ति शिवलिङ्गमा अविच्छिन्न जलधारा दिँदै गरिने वैदिक पाठ; यजुर्वेदको रुद्रस्तोत्र । रुद्राष्टाध्यायी पाठ ।

**रुधिर–** ना० [सं०] १. रगत; रक्त । २. रातो रङ ।

**रुधिलो–** ना० [सं० रोध] हे० रुदिलो ।

**रुनारानी–** ना० [रुनु+रुनु] सानातिना टुक्राटाक्री; ससाना रुना । (उदा०– बगरमा रुनारानीबाहेक अरू थोक के पो पाइएला र !)

**रुनु–** ना० [सं० रेणु] १. बालुवा वा धूलाका कण । २. ज्यादै थोरै परिमाण; रैन ।

**रुन्कारुन्की–** ना० [रन्को+रुन्को] सानातिना धेरै रुन्का; रुनारानी ।

**रुन्को–** ना० [√ रुनु] साह्रै सानो टुक्रो; रुनु ।

**रुन्चे–** वि० १. सानोतिनो कारणले पनि रुने; पिच्चपिच्च रोइरहने स्वभावको; पिन्चे । स्त्री० रुन्ची । ना० २. बालक-बालिकालाई रोग्याइँ लागिरहने रोग । ३. लोकसंस्कृतिका अनुसार रोएको अभिनय गरेर दर्शकलाई हँसाउने विदूषक । ~ **भतेर–** ना० दुलही अन्भाउने दिन हुने, दुलहीपट्टिकै घरको भोज ।

**रुन्झुन–** ना० [हि०] पाउजेब, मुजुरा, सितार आदि झन्झनाएको वा बजेको शब्द; झन्कार ।

**रुपन्देही–** ना० नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास-क्षेत्रभित्र पर्ने लुम्बिनी अञ्चलको तराई खण्डमा स्थित एक जिल्ला ।

**रुपलाइन–** ना० [अङ्० रोपलाइन] हे० रोपलाइन ।

**रुपसी–** वि० [हि०] रूपवती; सुन्दरी (नारी) ।

**रुपहारा–** वि० [रूप+हार] रूप नभएको; नराम्रो; कुरूप । **रुपहारा छोरी, हूपहारा छोरो** (उखान) ।

**रुपा–** ना० [सं० रूप्य] १. चाँदी । वि० २. चाँदीजस्तो; चाँदीको ।

**रुपाताल–** ना० [रूपा+ताल] पश्चिमी नेपालको गण्डकी अञ्चलको कास्की जिल्लामा रहेको एक प्रसिद्ध ताल ।

**रुपामक्खी–** ना० [सं० रूप्य-माक्षिकी] चाँदीको धाउ ।

**रुपासे–** ना० [√ रूपसी] प्रेमी वा प्रेमिकाले परस्परमा 'राम्रो वा राम्री छौ' भनी व्यङ्ग्यसाथ गर्ने सम्बोधन; रूपसी ।

**रुपियाँ–** ना० [सं० रूप्यक] १. नेपाली सय पैसा वा दुई मोहरबराबर मूल्यको चाँदीको सिक्का वा मुद्रा; रुपियाँ । २. भारतको अघिको चौसट्ठी पैसा र अहिलेको सय पैसा मोलको चाँदीको मुद्रा । ३. त्यति नै मूल्यको अचेल चलेको कागजी मुद्रा वा नोट । ४. धनसम्पत्ति; दौलत । ~ **पैसा–** ना० १. धातु वा कागजका विभिन्न प्रकार र मूल्यका मुद्रा; चलसम्पत्ति । २. रुपियाँ र पैसा ।

**रुपी–** ना० कलेजी भुइँमा सेता धर्के टीका हुने, पहेँलो चुच्चो भएको, नुहाएर कोरीबाटी गरेझैं देखिने एक जातको चरो, सारौं ।

**रुपैयाँ–** ना०हे० रुपियाँ । ~ **पैसा–** ना० रुपियाँ पैसा ।

**रुपौला–** वि० [रूपा+औला] १. चाँदीको जस्तो रङको; सेतो । ना० २. त्यस्तो रङको धूलो । ~ **मसी–** ना० चाँदीजस्तो रङको अक्षर लेख्ने मसी ।

**रुपौलो–** वि० [रूपा+औलो] चाँदीजस्तो सेतो; चाँदीका रङको; सफेद । स्त्री० रूपौली ।

**रुप्सिलो–** वि० [रूप्सो] रूप राम्रो भएको; उज्यालो अनुहारको (उदा०– नेपालमा कतै तारेभीर छ भने कतै रुप्सिलो छहरो पनि छ) ।

**रुप्से–** वि० [रुप्सिलो] रुप्सिलो; धेरै राम्रो (जस्तै– रुप्से छहरो) ।

**रुबल–** ना० [रु० रुब्ल] सोभियत रुसमा प्रचलित सय कोपेक मूल्यको सिक्का वा मुद्रा ।

**रुबाई–** ना० [अ०] उर्दूफारसीमा चार चरण हुने एक प्रकारको मुक्तक कविता वा सो कविता लेखिने छन्दको एक शैली ।

**रुमल्-नु–** स० क्रि० [रुमलो+नु] सबैतिर पुग्ने वा ढाक्ने किसिमले घुमाउनु; ओल्टाइपल्टाइ गर्नु । > **रुमलाइ –** ना० रुमल्ने क्रिया वा प्रक्रिया । **रुमलिनु–** अ० क्रि० १. हराएजस्तो वा कता हो कता भएर अलमलिनु; रुमलोमा पर्नु । २. धूवाँ, बाफ, कुहिरो आदि बाटो नपाएर परिधिभित्रै घुम्नु । क० क्रि० ३. ओल्टाइपल्टाइ गरिनु ।

**रुमलो–** ना० [सं० रुन्धन] १. कामको चटारो वा चेपाचेपले हुने झमेला; अल्झोबिल्झो । २. धूवाँ रडमडिएर निस्कने ठूलो मुस्लो ।

**रुमल्याइ–** ना० [√ **रुमलि** (+आइ) रुमलिने काम वा किसिम ।

[ > ] **रुमल्याहट**– ना० रुमलिने अवस्था वा किसिम ।

**रुमानी**– वि० [अङ्० रोमान्टिक] शृङ्गारी; रोमान्सेली ।

**रुमाल**– ना० [फा० रुमाल] हात-मुख र आङ पुछिने वा माल-सामान पोको पारिने, विभिन्न आकार-प्रकारको लाम्चिलो चारकुने कपडाको टुक्रो । > **रुमाले**– वि० १. गाउँठाउँका निवासीका दृष्टिमा सहरमा बसेकाले खान-लाउन धौधौ परेको; नबेसाई खान नपुग्ने (मान्छे); दरिद्र; कङ्गाल । ना० २. नेपालीहरूको एक थर ।

**रुम्जाटार**– ना० [रुम्जा (स्थान)+टार] ओखलढुङ्गा जिल्लामा पर्ने जोसमनी सम्प्रदायका सन्त ज्ञान दिलदासको प्रसिद्ध कर्मभूमि । नेपालको ठूलो टार । पुर्वेली गुरुङहरूको मुख्य वासस्थान ।

**रुम्टाराम्टी**– ना० [रुम्टो+रुम्टो१. जग्गाजमिनका सानातिना धेरै टुक्रा; फोगटाफोगटी । २. राँटाराँटी ।

**रुम्टो**– ना० १. जमिनको सानोतिनो टुक्रो; फोगटो । २. राँटो ।

**रुरु**– ना० [सं०] प्रायः नदीनालाका छेउछाउमा देखिने, हाँगाबिँगा भएका सिङ, छोटो पुच्छर र खैरो वर्णको हुने एक जातको मृग । – **क्षेत्र**– ना० पाल्पा र गुल्मी जिल्लाको दोसाँधमा कालीगण्डकीको किनारमा पर्ने, माघे सङ्क्रान्तिमा र कात्तिक एकादशीदेखि पूर्णिमासम्म ठूलो मेला लाग्ने, हृषीकेशको मूर्ति भएको एक तीर्थस्थल । (यो मूर्ति पाल्पाली राजा मुकुन्दसेनले कालीगण्डकीमा स्नान गर्दा भेट्टाएर स्थापित गरेका हुन् भन्ने जनश्रुति छ ।)

**रुल**– ना० [अङ्०] १. नियम; काइदा; रीति । २. सोझो धर्को तान्न उपयोग गरिने काठ, प्लास्टिक आदिको साधनविशेष । ३. सादा, बुट्टे वा सानाठूला रेखा अङ्कित गर्ने टाइपको प्रकार । – **दार**– वि० रुल वा धर्को भएको (कापी, कागत आदि) । > **रुलर** – ना० सोझो धर्को तान्नका निम्ति आड राखिने काठ, प्लास्टिक आदिको सामान; रुल ।

**रुवाइ**– ना० [√ **रु** (+वाइ)] रुने भाव, काम वा किसिम । [>] **रुवाइनु** – क० क्रि० रुने पारिनु । **रुवाउनु**– प्रे० क्रि० १. दुःख दिनु । २. रुने पार्नु; रुन लाउनु ।

**रुवाबासी**– ना० [रु+वास्] रुने-कराउने काम; धेरै जनाको रुवाइ; रोइ-कराइ ।

**रुष्ट**– वि० [सं०] कुनै कार्यकारणले रिसाएको; कुपित; क्रुद्ध । – **ता**– ना० रुष्ट हुने स्थिति वा चाल; जङ्गिनेपन ।

**रुस**– ना० एसियादेखि युरोपसम्म फैलिएको एक देश । > **रुसी** – वि० १. रुस-देशसम्बन्धी; रुस देशको । २. रुस देशको निवासी । ना० ३. रुस देशको भाषा ।

**रुहाइ**– ना० [√ **रुहु** (+आइ)] रुहुने क्रिया वा प्रक्रिया । [ > ] **रुहाइनु** – क० क्रि० रुहुन लाइनु । **रुहाउनु**– प्रे० क्रि० १. रुहुन लाउनु । **रुहिनु**– क० क्रि० २. रुहुने काम गरिनु ।

**रुहु-नु**– स० क्रि० [√ दुहु+नु] १. दुहेझैँ गरी गेडा मात्र आउने गरेर धान, गहुँ आदिका बाला तान्नु । २. दाँतीमा धान, दूबो आदि हालेको काँगियोले लिखा झार्नु ।

**रूक्ष**– वि० [सं०] १. चिल्लो, पोसिलो वा मसिनु नभएको; रूखो; फुस्रो; खस्रो; सुक्खा । २. बिझाउने; कर्कश; कठोर ।

**रूख**– ना० हे० रुख ।

**रूखासूखा**– वि० हे० रुखासुखा ।

**रूखो**– वि० हे० रुखो ।

**रूढ**– वि० [सं०] १. उम्रेको वा टुसाएको । २. चढेको; आरूढ । ३. सबैले मानेको; प्रसिद्ध । ४. व्यवहारमा चलेको; प्रचलित । ५. वृद्धि भएको; बढेको । ना० ६. प्रकृतिप्रत्ययको अर्थदेखि भिन्न अर्थ बुझाउने शब्द ।

**रूढि**– ना० [सं०] १. धेरै समयदेखि चलेको प्रथा; चलन । २. उठान; उत्पत्ति; जन्म । ३. प्रसिद्धि; फैलोट; वृद्धि । ४. प्रचलित अर्थ । वि० ५. पहिलेदेखि चलेको; परम्परादेखि मानिँदै आएको । – **बुढी**– ना० बूढापाकादेखि चलिआएको प्रथा; पहिलेदेखि मानिँदै आएको रीतिथिति; पुर्ख्यौली चाल । – **भाँडी**– वि० दिग्दारीलाग्दो; उराठिलो । – **लक्षणा**– ना० काव्यमा पाइने लक्षणा नामक शब्दशक्तिको एक भेद (यसमा व्यङ्ग्यार्थको अपेक्षाविना प्रचलनवश मुख्यार्थमा बाधा वाक्यप्रयोग हुन्छ, जस्तै– काममा कुशल ।) – **वाद**– ना० पुर्ख्यौली चालचलन जस्ताको तस्तै मान्नुपर्छ भन्ने मत वा सिद्धान्त; परम्परावाद । – **वादी**– वि० रूढिवाद मान्ने वा मन पराउने । ~ **विकृति**– ना० परम्परादेखि चलेको विसङ्गतिजन्य स्थिति; पहिलेदेखिको बिग्रँदो चालचलन ।

**रूढी**– ना० हे० रुढी ।

**रूप**– ना० [सं०] १. आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकार र रङ वा वर्ण; अनुहार; चेहरा । २. आकृति; शरीर, देह । ३. पहिरन; भेष । ४. प्रतिमा; मूर्ति । ५. समानता; सादृश्य । ६. वाक्यमा प्रयुक्त रूपायित शब्द; फर्म ।

**रूपक**– ना० [सं०] १. साहित्यमा उपमान र उपमेयको अभिन्न सम्बन्ध देखाई वर्णन गर्दा पर्ने एक अर्थालङ्कार (उदा०– हाँस्तछे बालिका यौटी बालसूर्य भईकन ।) २. नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, वीथी र प्रहसन– यी दस भेद हुने अभिनेयकाव्य वा दृश्यकाव्य । ~ **कार्यक्रम**– ना० रेडियो (आकाशवाणी) द्वारा प्रसारित हुने नाटक, प्रहसन आदि कार्यक्रम । > **रूपकातिशयोक्ति** – ना० काव्यमा अतिशयोक्ति अलङ्कारको एक भेद ।

**रूप तत्त्व**– ना० [सं०] कुनै पनि भाषाका शब्दको बनोटमा पाइने पूर्वसर्ग, परसर्ग, मध्यसर्ग आदि ।

**रूपभेद**– ना० [सं०] शब्दको अर्थ वा स्वरूप आदिमा हुने आंशिक परिवर्तन ।

**रूपमय**– वि० [सं०] रूपले युक्त; अति सुन्दर; साह्रै राम्रो ।

**रूपराशि**– ना० [सं०] सौन्दर्यको खानी; सुन्दरता ।

**रूपरेखा**– ना० [सं०] १. पछि हुने वा गरिने कामको मोटामोटी अनुमान; पूर्वयोजना । २. मूर्ति आदि तयार पार्न कोरिएको रेखा; मूर्तिको खाका । ३. मसौदा; खेस्रा ।

**रूपवती**– वि० [सं०] रूप भएकी; राम्री; सुन्दरी ।

**रूपवान्**– वि० [सं०] रूप भएको; सुन्दर; राम्रो ।

**रूप सज्जा**– ना० [सं०] रूप सजाउने काम; डिजाइन ।

**रूप साधन**– ना० [सं०] १. व्याकरणअनुसार वचन, लिङ्ग आदिका भेदले शब्दका विभिन्न रूप बनाउने प्रक्रिया । २. प्रसाधन ।

**रूपसी**– वि० हे० रुपसी ।

**रूपहारा**– वि० हे० रुपहारा ।

**रूपा**– ना० रुपा ।

**रूपाङ्कन**– ना० [सं०] १. कुनै भावी कार्य, योजना आदिको रूप निश्चित गर्ने वा बनाउने काम । २. बनौट, बुनौट आदिको विशेष ढाँचाकाँचा सोच्ने वा निर्धारित गर्ने काम ।

**रूपाङ्ग**– ना० [सं०] १. शब्दका रूपका अङ्ग (स्त्रीत्व, कर्तृत्व, कर्मत्व आदि) । २. धातुरूपका अङ्ग (वाच्य, लिङ्ग, पुरुष, काल, वचन आदि) ।

**रूपाताल**– ना० हे० रुपा ताल ।

**रूपात्मक**– वि० [सं०] रूपको प्रमुखता भएको; रूपयुक्त । **– ता**– ना० रूपात्मक हुनाको भाव वा अवस्था ।

**रूपान्तर**– ना० [सं०] अर्को रूपमा लैजाने वा उल्थ्याउने काम; अर्को रूप; भिन्न रूप । > **रूपान्तरण** – ना० १. रूपान्तर हुने वा रूपान्तर गर्ने काम; कुनै वस्तुको एक रूपबाट अर्को रूपमा र एक अवस्थाबाट अर्को अवस्थामा गरिने परिवर्तन । २. अनुवाद; उल्था ।

**रूपान्तरित**– वि० [सं०] रूपान्तर भएको वा गरिएको; रूप फेरिएको । ~ **भाषा विज्ञान**– ना० चम्स्कीद्वारा प्रणीत भाषाविज्ञानको एक अत्याधुनिक परिपाटी ।

**रूपामक्खी**– ना० हे० रुपामक्खी ।

**रूपायन**– ना० [सं०] शब्दको रूपावली तयार गर्ने प्रक्रिया; लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, वाच्य, भाव आदि व्याकरणात्मक अर्थ दिने प्रत्ययद्वारा शब्दका विभिन्न रूपहरूको रचना; इनफ्लेक्सन ।

**रूपायित**– वि० [सं०] १. रूपायन प्रक्रिया भएको । २. विभक्ति प्रत्यय आदि गाँसिएर नयाँ रूप लिएको ।

**रूपावली**– ना० [सं०] एउटै शब्दका एकभन्दा बढी रूपहरूको समूह ।

**रूपासे**– ना० हे० रुपासे ।

**रूपिणी**– वि० [सं०] १. रूप भएकी; रूपवती; सुन्दरी २. समान रूपकी; सदृश (स्त्री) ।

**रूपिम**– ना० [सं०] शब्दको लघुतम, अविभाज्य र सार्थक एकाइ ।

**रूपी**– वि० [सं०] १ं अरूको रूप लिएको हो कि भनेजस्तो; रूपधारी; अवतारी । २. राम्रो लाग्ने; सुन्दर ।

**रूप्म**– ना० [सं०] १. चाँदी । २. चाँदीको मुद्रा (रुपियाँ, मोहर, सुकी आदि) । वि० ३. राम्रो; सुन्दर । > **रूप्मक** – ना० रुपियाँ ।

**रे१**– ना० [सं०] १. सङ्गीतका सात स्वर (सा रे ग म प ध नि) मध्ये एक; ऋषभ स्वरको चिह्न । २. निम्न श्रेणी मानिएको मानिसलाई सम्बोधन गरिने शब्द; अरे; ओ । (उदा०– रे ब्याधा, तैँले यति राम्रो चरालाई किन मारिस् ?)

**रे२**– निपा० लख काट्दा वा प्रत्यक्ष थाहा नभएको कुरो बताउँदा वाक्यको पुछारमा प्रयोग हुने शब्द; अरे (उदा०– भान्दाइ पनि घर आउनुभएको थियो रे ।)

**रेकड/रेकर्ड**– ना० [अङ्०] १. स्थायित्व वा प्रामाणिकताका निम्ति पछिसम्म सुरक्षित राखिने कागतपत्र, लेखटिपोट आदि; अभिलेख । २. मिसिल । ३. ग्रामोफोन, टेप आदिका गीतहरू भरिएको चक्का; रिकाट । ~ **ठेटर/थिएटर**– ना० चलचित्रको ध्वनि अङ्कन गर्ने ठाउँ ।

**रेकर्डिङ**– वि० [अङ्०] रेकर्ड भएको वा गरिने । ~ **स्टुडियो**– ना० रेकर्ड गरिने कक्ष; रेकर्ड-थिएटर ।

**रेख**– ना० [प्रा० रक्खा] १. हेरविचार पुऱ्याउने काम; हेरचाह । २. आफ्नो मातहतको हक; स्वत्व । **– जोख**– ना० हेर्नेजाँच्ने काम; रेखदेख । **– देख**– ना० हेर्ने र ख्याल गर्ने काम; देखरेख; हेरचाह ।

**रेखा**– ना० [सं०] १. निर्धारित दिशामा लम्किएको मसिनु र लामो धर्को; डोरो । २. आकार; रूप; चिह्न । ३. सामुद्रिक शास्त्रअनुसार शुभ-अशुभ फल बताउने हात, गोडा, निधार, पैताला आदिको चिह्न । ~ **गणित**– ना० रेखाहरूका माध्यमले गणितका सिद्धान्तको प्रतिपादन गरिने गणितको एक भेद ।

**रेखाङ्कन**– ना० [सं०] चित्र आदि बनाउनका निम्ति पहिले तयार पारिने रेखाको आकार; खाका; रूपाङ्कन ।

**रेखाङ्कित**– वि० [सं०] रेखा अङ्कित भएको; धर्को तानिएको ~ **चेक**– ना० खातामा जम्मा भएर मात्र भुक्तानी हुने चेक (क्रस-चेक) । ~ **मापदण्ड**– ना० रेखाहरूका आधारमा निकालिने परिमाण; रेखाद्वारा छुट्ट्याइने नापो ।

**रेखाचित्र**– ना० [सं०] १. रेखैरेखाद्वारा तयार भएको चित्र; खाका । २. श्रव्यकाव्यमा गद्य फाँटअन्तर्गत; कथाभन्दा भिन्न खालको एक रूप; धर्का-चित्र ।

**रेखाचित्रण**– ना० [सं०] रेखाचित्र तयार पार्ने काम; खाकाखिचाइ ।

**रेखात्मक**– वि० [सं०] रेखा वा धर्का भएको ~ **पद्धति**– ना० रेखाद्वारा कुनै समस्या वा सूत्रको हल गरिने विधि । ~ **सही**– ना० हातका बूढीऔँलाको छाप; औँठाछाप ।

**रेखापत्र**– ना० [सं०] १. विशेष सूचना आदि ज्ञान गराउन रेखाबाट बनेका चित्र अङ्कित भएको पत्र । २. सानासाना खाना (कोठा वा ग्राफ) बनाएर तालिका आदिको रूपमा दिइएको विवरण । ३. समुद्रको गर्भमा भएका चट्टान, डरलाग्दो ठाउँ आदि देखाउन समुद्री जहाजका कप्तानले प्रयोग गर्ने रेखाङ्कित पत्र । ४. उपभोग्य वस्तुका उत्पादन र मूल्य, तापमानको घटबढ आदि रेखाद्वारा देखाइने पत्र ।

**रेखाबन्ध**– ना० [सं०] कुनै विवादास्पद ठाउँमा व्यवस्थित तरिकाले सीमा छुट्ट्याउन लगाइने चिह्न; सीमारेखा ।

**रेखी**– ना० [सं०] १. कुनै धार्मिक मङ्गलकार्यमा देवता वा पूजाका

पात्रहरूको स्थापनाका लागि अबिर, पीठो आदिले बनाइने चित्रमण्डल । २. सानो वा मसिनु रेखा; धर्को ।

**रेखो–** ना० [सं० रेखा] सानो सेतो टुक्रो; डोरो; धर्को । – **पाखो–** ना० वरिपरि फिँजिएको वा फैलिएको थुप्रै पाखो जग्गा ।

**रेगिस्तान–** ना० [फा०] मरुभूमि ।

**रेचक–** ना० [सं०] १. दिसा लगाउने वा पखाला गराउने काम; जुलाफ । २. दिसा लगाउने औषधी । ३. प्राणायाम गर्दा सास बिस्तारै निकाल्ने विधि । ४. कुनै पदार्थमा मिसिएको खराब तत्त्वलाई पृथक् पार्ने प्रक्रिया । वि० ५. दिसा लगाउने; पखाला गराउने ।

**रेचकी–** ना० [फा० रेजगी] प्रायः एकपैसेदेखि पच्चीसपैसेसम्मको चानचुने सिक्का; चानचुन; खुद्रा ।

**रेचन–** ना० [सं०] १. दिसा लगाउने काम वा त्यसका लागि खाइने औषधी । २. कुनै पदार्थलाई शोधन गर्ने काम । ३. प्राणायाम गर्दा भित्र तानेको श्वास बाहिर निकाल्ने प्रक्रिया ।

**रेचन्का–** ना० अँडिरको समूहमा पर्ने, फलमा ग्रन्थि र रौँ भएको एक जातको वनस्पति ।

**रेचित–** वि० [सं०] १. रेचनक्रियाद्वारा बाहिर निकालिएको; जुलाफ गरिएको । ना० २. नृत्यमा हातले भाउ लाउने एक प्रकार । ३. घोडाको एक चाल ।

**रेजगारी/रेजगी–** ना० [फा० रेजगी] रेचकी ।

**रेजा–** ना० [फा०] कुनै लेख, सूची, नामावली आदिमा छानिएको वा आवश्यक ठाउँमा लाइने विशेष चिनु (√) ।

**रेजिडेन्ट–** ना० [अङ्०] १. आफ्नो देशको प्रतिनिधि भएर अर्को देशमा गई बस्ने राजकर्मचारी । २. निवासी; बासिन्दा ।

**रेजिमेन्ट–** ना० [अङ्०] १. सेनाको कम्पनीभन्दा ठूलो समूह; गण । वि० २. भएभरको; रिजिमन्ट; सम्पूर्ण ।

**रेट्-नु१–** अ० क्रि० [रेत्+नु] १. करौँतीले काटेजस्तै गरी काट्नु; सेर्नु । २. अरूलाई मर्का पार्ने किसिमले वा कसेर मोल लिनु । ३. कुनै धारिलो साधनले अर्को कुनै वस्तुमा घोट्नु । ४. सारङ्गी, बेला आदि तारबाजा बजाउनका निम्ति गजाले घोट्नु ।

**रेट्नु२–** ना० ग्राहक, असामी, मोही आदिलाई रेटेर वा कसेर रकम लिने व्यक्ति; रेटाहा मानिस (उदा०– साहिँलो साहूजस्तो रेट्नु त यो गाउँमा अरू कोही पनि छैनन्) ।

**रेट–** ना० [अङ्०] भाउ; दर ।

**रेटाइ–** ना० [√ रेट् (+आइ)] रेट्ने काम वा किसिम । [>] **रेटाइनु** – क० क्रि० रेट्न लाइनु; सेराइनु । **रेटाउनु–** प्रे० क्रि० रेट्न लाउनु; सेराउनु । **रेटाहा–** वि० रेट्ने वा कस्ने स्वभावको; चुइयाँ । **रेटिनु–** क० क्रि० रेट्ने काम गरिनु; सेरिनु ।

**रेटीरेटी/रेटेरेटे–** ना० [रेट्+ई/ए (द्वि०)] रेट्ने वा काट्ने काम; काटीकाटी (प्रायः बालबोलीमा) ।

**रेडक्रस–** ना० [अङ्०] विशेषतः युद्ध, प्राकृतिक सङ्कट वा दुर्घटना आदिका समयमा जनसेवाको काम गर्ने एक अन्तर्राष्ट्रिय संस्था; सोही उद्देश्यले शाखा वा सङ्गठनका रूपका कुनै देशमा स्थापित र सञ्चालित निकाय; सेवा-संस्थान ।

**रेडिएटर–** ना० [अङ्०] इन्जिनलाई चिसो पार्न पानी दौडाउने जालीदार उपकरण ।

**रेडियम–** ना० [अङ्०] एक किसिमको प्रकाशमय बहुमूल्य खनिज धातु ।

**रेडियो–** ना० [अङ्०] १. तारको सम्बन्ध नभईकनै बिजुलीको सहायताद्वारा टाढाटाढाका शब्द ग्रहण गर्ने तथा खबर आदिको प्रसारण गर्ने प्रसिद्ध यन्त्र । २. एक्सरेद्वारा चित्र खिच्ने यन्त्र । ~ **नाटक–** ना० रेडियोद्वारा प्रसारित हुने नाटक; ध्वनिनाटक । ~ **वार्ता–** ना० १. रेडियोद्वारा प्रसारित गर्न लेखिएको कुनै एक प्रसङ्गमा आधारित लेख । २. रेडियोमा प्रसारित गर्न दिइने वा लिइने अन्तर्वार्ता । > **रेडियोलजी** – ना० एक्सरेको फोटोका आधारमा रोगको निदान गर्ने विज्ञान ।

**रेणु–** ना० [सं०] १. धूलाको मसिनु कण; चूर्ण । २. बालुवा । ३. फूलको पराग । > **रेणुका** – ना० १. बालुवा । २. मसिनु कण; धूलो ।

**रेत्-नु–** स० क्रि० [रेत्+नु] रेत लाउनु; रेतले खुर्कनु; कुँद्नु ।

**रेत–** ना० [फा० रेग] १. काठ, धातु आदिलाई मसिनु धूलो आउने गरेर खुर्कने प्रसिद्ध ज्यावल; रेत्ने औजार । २. बालुवा ।

**रेताइ–** ना० [√ रेत् (+आइ)] रेत्ने क्रिया वा प्रक्रिया [>] **रेताइनु** – क० क्रि० रेत्न लाइनु । **रेताउनु–** प्रे० क्रि० रेत्न लाउनु । **रेतिनु–** क० क्रि० रेत्ने काम गरिनु ।

**रेतिलो–** वि० [रेत+ इला] १. रेतको जस्तै धार भएको । २. बलौटे ।

**रेती–** ना० [रेत+ई] काठपातको काममा करौँतीले काटेको भाग सम्म मिलाएर बिट मार्ने चेप्टो वा गोलो ज्यावल ।

**रेन्चु–** ना० [अङ्० रेन्च] पेच, ढिम्री आदि कस्ने मुख भएको वा प्वाल परेको ज्यावल ।

**रेन्ज–** ना० [अङ्०] १. कुनै दुई स्थान वा पङ्क्तिको अन्तराल; दूरी । २. भूगोलमा विषम धरातललाई सङ्केत गरिने भाग वा ठाउँ । > **रेन्जर** – ना० १. वनबगैँचाको रक्षा गर्ने व्यक्ति वा त्यस्तो काम गर्नेको एक पद । २. वनरक्षक ।

**रेफ१–** ना० [सं०] अक्षरका थाप्लामा लगाइने हलन्त रकार ( र्‍ ) चिह्न (जस्तै- पूर्ण, वर्ष, हर्र इ०) ।

**रेफ२–** ना० [फरेब] १. झूटो दोषारोपण; फरेब । २. छनक; व्यङ्ग्य; घच्का । (उदा०– तिमी बिनसित्ति अरूलाई केको रेफ लाउँछौ !)

**रेफरी–** ना० [अङ्०] मैदानमा खेलकुद सुरु भएपछि त्यसको सञ्चालन तथा आवश्यक निर्णय गर्न नियुक्त व्यक्ति ।

**रेफीभवन–** ना० [सं०] शब्दभित्रका कुनै वर्ण रेफमा परिवर्तित हुने काम (जस्तै– द्वादश > बाह्र, एकादश > एघाह्र इ०) ।

**रेयोन–** ना० कृत्रिम रेशाद्वारा तयार पारिएको एक प्रकारको कपडा ।

**रेल्-नु–** स० क्रि० [रेलो+नु] १. कुनै वस्तु आवश्यकताभन्दा बेसी हाल्नु; ओइरिनु । २. जथाभाबीसँग धेरै खर्च गर्नु; हुरेल्नु । ३. कुनै वस्तु वा कुरालाई सकेसम्म घचेट्नु; ठेल्नु ।

**रेल–** ना० [अङ्० रेल-वे] इन्धन वा वाष्पशक्तिद्वारा लिकमा गुडेर चल्ने, थुप्रै मानिस अटाउने सवारी; रेलवे । **– गाडी–** ना० रेल । **– मार्ग–** ना० रेल चल्ने फलामको बाटो । **– वे–** रेलमार्ग; रेल ।

**रेलाइ–** ना० [√ **रेल्** (+आइ)] रेल्ने भाव, क्रिया वा प्रक्रिया । [>] **रेलाइनु –** क० क्रि० रेल्न लाइनु । **रेलाउनु–** प्रे० क्रि० रेल्न लाउनु ।

**रेलिङ–** ना० [अङ्० रेलिङ्ग] बार्दली; झ्याल, गिर्दा आदिमा लगाइने ग्रिल वा डन्डीहरूको छेकबार ।

**रेलिनु–** क० क्रि० [रेल्+इ+नु] रेल्ने काम गरिनु ।

**रेलो–** वि० [प्रा० रेल्ल] १. चाहिएभन्दा बढी नै हुन खोजेको; छेलोखेलो; मनग्य । २. रेल्नुसम्म रेलिएको; प्रशस्त खर्चिएको । ना० रासका रास; थुप्रोथुप्रो । ४. मानिसहरूको खचाखच; घुइँचो; भीड । **– खेलो–** वि० छेलोखेलो ।

**रेवती–** ना० [सं०] १. सत्ताइस नक्षत्रमध्येको आखिरी नक्षत्र । २. बलरामकी पत्नीको नाम ।

**रेसम–** ना० [फा० रेशम] एक प्रकारको कीराबाट निस्कने, बलियो, टलकदार तन्तु वा धागो ~ **कागत–** ना० भारत आदि देशतिर नेपाली कागतलाई भनिने नाम; नेपाली कागत । **– दार–** वि० रेसमजस्तो; रेसमका ढाँचाको > **रेसमी –** वि० रेसमले बनेको; रेसमको ।

**रेसा–** ना० [फा० रेश] बोटबिरुवाका डाँठपात वा जीवका शरीरमा हुने तन्तु । **– दार–** वि० रेसा भएको; रेसाजस्तो ।

**रेस्टुराँ–** ना० [फ्रा०] जलपान गर्ने ठाउँ वा पसल; चमेनाघर, भोजनालय ।

**रेसुङ्गा–** ना० नेपाल अधिराज्यको गुल्मी जिल्लामा पर्ने, ऋष्यशृङ्ग ऋषिले तपस्या गरिएको भनी प्रसिद्ध स्थान वा आश्रम ।

**रैकर–** ना० [रैती+कर] अरू कसैको अधीनमा नभएको, रैती आफैँले सरकारमा तिरो तिरेर कमाउने जग्गा; तिरो वा बाली तहसिल गर्ने गरी सरकारद्वारा रैतीलाई कमाउन दिएको जग्गा; राजगुठी र सरकारी लिखतबाहेकको, राज्यकरको प्रत्यक्ष रूपमा रहेको गैह्र जग्गा ।

**रैकौँचँ–** ना० मास आदिको पीठोमा हरिया सागपातका त्यान्द्रासमेत मिलाई मस्यौराजस्तै गरी घाममा सुकाएर बनाइने तरकारीविशेष (तराईक्षेत्रमा प्रचलित) ।

**रैक्रिया–** ना० [रही+क्रिया] कारणवश मरेको रातपछि ढिकुरो उठाइने र ढिकुराको काम एकदुई दिनमै सकी गरिने क्रिया; छोटकरी क्रिया ।

**रैतान–** ना० [रैती+आन] १. रैती वा मोहीहरूको समूह । २. दुनियाँ (दिव्य०) । > **रैतानी –** ना० १. रैतानको काम; किसानी । वि० २. रैतानसम्बन्धी; रैतानको । ३. रैतीसम्बन्धी; रैतीको ।

**रैती–** ना० [अ० रैयत] १. कुनै देशको भूभागमा घरजम गरी बस्ने मानिस; प्रजा; दुनियाँ । (उदा०– रैती मोटा भया दरबार बलियो रहन्या छ । दिव्य०) । २. अरूको जग्गा कमाउने व्यक्ति; मोही (उदा०– त्यो काजीले रैतीलाई तह लाएर खान सकेन) । **– दुनियाँ–** ना० देशका साधारण किसान र अरू निवासी । > **रैतेलो –** रैतीका रूपमा रहेको व्यक्ति; रैतानको बासिन्दा ।

**रैथाने–** वि० [रह+स्थान] १. कुनै ठाउँको पहिलेदेखिको वा पुरानो बासिन्दा; आदिवासी । २. ठालु; श्रेष्ठ । ना० ३. स्थानपति; क्षेत्रपाल ।

**रैन१–** ना० [सं० रेणु] ज्यादै सानो कण; रेणु; धूलो; छारो ।

**रैन२–** ना० [हि० सं० रजनी] रात वा रातीको विश्राम, जस्तो– रैनबसेरा (घर, स्थान) ।

**रैबन्दी१–** ना० [सं० रेखा+बन्ध+ई] १. बराबरी गरिएको भाग; दामासाही; एकनासको बन्डा । २. कर वा मूल्य आदि तोक्ने काम ।

**रैबन्दी२–** ना० [अ० रैयत+फा० बन्द] १. रैतीका नाउँमा जग्गाजमिन दर्ता गर्ने काम वा त्यस्तो दर्ता गरिएको जग्गाको मालपोत दर्तावाल रैतीले नै बुझाउने व्यवस्था । २. रीतिथिति ।

**रैबारे–** ना० [रैबार+ए] मध्यपश्चिम र सुदूरपश्चिम नेपालमा 'सम्चार' अर्थमा प्रयुक्त खबर ल्याउने-लैजाने मानिस; खबर ओहोरदोहोर गर्ने मान्छे; समाचारवाहक; सन्देशदूत; हलकारा ।

**रैमट्ट–** ना० १. विभिन्न वस्तु एकै ठाउँमा पार्ने वा मिलाउने काम; छ्यासमिस; सरोबर । २. हुँडल्ने काम; फाँड्ने काम; नामेट ।

**रैयत–** ना० [अ०] रैतीहरूको जमात; रैती; दुनियाँ । (उदा०– सारा रैयतको प्रसन्न मन भो ..... । – भानुभक्त आचार्य) > **रैयती–** वि० रैयतसित सम्बन्धित; रैयतको ।

**रैयाँ–** ना० १. बालाका छाँटको, बाहिरी भागमा चुच्चो-चुच्चो काँडा निकालिएको, नाडीमा लगाइने चाँदीको बाला । (पश्चिममा प्रायः मगर जातिका स्त्रीहरूले रैयाँ लगाउने गर्छन् ।) २. बिधुवीले लगाउने धातुको चुरी ।

**रैरकम–** ना० [(द्वि०) रकम] रकमकलम ।

**रोइ–** ना० [रु+ओइ] रुने काम । ~ **कराइ–** ना० १. रुने र कराउने काम; अलापविलाप; रुवाबासी । २. दुःखपुकारा ।

**रोइला–** ना० [रुवानी (मगरात प्रदेश)] एक चरणमा आठ वा बाह्र मात्रा हुने एक प्रकारको चुड्के लोकगीत ।

**रोक्-नु–** स० क्रि० [सं० रुध्+नु] १. भइरहेको कुनै कामकुरो बीचैमा छोड्नु; स्थगित गर्नु; रोक्का गर्नु । २. हुन लागेको कामकुरा हुन नदिनु; प्रतिबन्ध लगाउनु; निषेध गर्नु; मनाही गर्नु । ३. भाँजी हाल्नु; छेक्नु, थुन्नु । ४. सवारीसाधन आदिलाई अडचाउनु; अगाडि जान नदिनु; थाम्नु ।

**रोक–** ना० [रोक्+अ] १. रोक्ने काम; रोक्का; रोकावट; प्रतिबन्ध । २. मनाही; निषेध । **– टोक–** ना० १. रोक्का गर्ने, हड्कने काम;

प्रतिबन्ध; मनाही । २. निषेध गर्नका लागि गरिने सोधपुछ ।

**रोकड–** ना० [हि०] १. नगद रुपियाँ; धन; पुँजी । २. धरौट; नासो । ~ **बही–** ना० प्रतिदिनको हिसाबकिताब लेखिने बही । ~ **बाँकी–** ना० आम्दानीखर्चको जोडघटाउपछि बच्ने रोकड वा नगद धन ।

**रोकथाम–** ना० [रोक्+थाम्] कुनै कामकारबाईलाई रोक्ने-अडचाउने काम वा प्रयत्न ।

**रोकसिङ–** ना० [रोक+सिङ] गलैँचा बुन्ने चौकोसको भित्र तल्लापट्टि ऊनी धागो आदि अल्झाउन राखिने र गलैँचा बुनिँदै जाने डन्डी वा लट्ठी ।

**रोकाइ–** ना० [रोक्+(आइ)] रोक्ने भाव, क्रिया वा प्रक्रिया । [>] **रोकाइनु** – क० क्रि० रोक्न लाइनु । **रोकाउनु–** प्रे० क्रि० रोक्न लाउनु । **रोकारोक–** ना० परस्परमा रोक्ने काम; छेकाछेक । **रोकिनु–** क० क्रि० रोक्ने काम गरिनु; थामिनु । **रोकावट–** ना० रोक्ने काम; रोक्का; मनाही; हटक; प्रतिबन्ध । **रोकाहा–** वि० रोक लगाउने; रोक्ने ।

**रोक्का–** ना० [रोक्+का] रोक्ने वा बन्देज लगाउने काम; रोकावट । ~ **पुर्जी–** ना० कुनै भइरहेको कामकारबाई कानुनविपरीत भएमा वा त्यसबाट हानिनोक्सानी हुने भएमा त्यसको चलन वा उपभोग रोक्नका लागि सम्बन्धित सरकारी अड्डाबाट लेखिने पुर्जी; रोकावटपुर्जी ।

**रोखपोख–** ना० १. जग्गाजमिन आदिको उब्जनी हुनेनहुने, असलखराब आदि छुट्ट्याउने र मिलाउने काम । २. सापोनापो; सरदर ।

**रोग–** ना० [सं०] शरीर अस्वस्थ हुने शारीरिक विकार; व्यथा; बिमारी । – **ग्रस्त–** वि० रोग लागेको; रोगी ।

**रोगन–** ना० [फा० रौगन] कुनै वस्तु राम्रो पार्न वा टल्काउनका निम्ति लेपन गरिने लेसिलो वस्तु; रँगाउने पदार्थ; पालिस । – **दार–** वि० १. रोगन गरिएको । २. चम्किलो ।

**रोग नाशक–** ना० [रोग+नाशक] प्रतिरोधक शक्तिको उत्पादन गरी रोगलाई नाश पार्ने वस्तु ।

**रोग प्रतिकार–** ना० [सं०] कुनै पनि रोगलाई रोकथाम गर्ने काम ।

**रोगाइ–** ना० [√ **रोगाउ** (+आइ)] रोगाउने क्रिया वा प्रक्रिया । [>] **रोगाइनु** – अ० क्रि० रोगी होइनु ।

**रोगाउनु–** अ० कि० [रोग+आउ+नु] १. रोग लाग्नु; बिरामी पर्नु । २. निकै दिन बिरामी हुनु; थलिनु ।

**रोगाहा–** वि० [रोग+आहा] रोग लागिरहने वा बिरामी भइरहने; दीर्घ रोगी । स्त्री० रोगाही ।

**रोगिणी/रोगिनी–** ना० [सं०] रोगीको स्त्री रूप; स्त्री रोगी; रोगी आइमाई ।

**रोगी–** वि० [सं०] १. रोग लागेको; रुग्ण; बिरामी । २. सधैँजसो बिरामी हुने; एक न एक रोग लागेको । – **खाना–** ना० रोगीहरूलाई राखेर उपचार तथा रेखदेख गरिने घर । > **रोग्याहा** – वि० रोग लागिरहने; दीर्घ रोगी । स्त्री० रोग्याही ।

**रोङ–** ना० [भो० ब०] लेप्चा जातिले बोल्ने भाषा । – **गोङ–** ना० लेप्चा जातिको एक थर । ~ **लिपि–** चिनियाँ अक्षर लेखिने लिपि ।

**रोचक–** वि० [सं०] १. रुचि लाग्ने; चाखलाग्दो; आकर्षक । २. दिल बहलाउने; मनोरञ्जक । ३. रुचि वा भोक जगाउने; रुच्ने ।

**रोचना–** ना० [सं०] १. कुनै मङ्गलकार्यमा देवतालाई चढाइने अबिरजस्तो रातो चूर्ण; रोरी; रचना । २. शोभा बढाउने वस्तु ।

**रोचा–** ना० बिर्कोसमेत भएको तामाको ठूलो गाग्री । > **रोचे** – ना० हातमुख धुँदा पानी हालिने एक प्रकारको भाँडो ।

**रोज्–नु–** स० क्रि० [सं० रोचन+नु] १. आफूलाई चाहिएको वा मन परेको कुरो छानेर लिनु । २. कुनै वस्तु आफूले राम्रो मान्नु वा मन पराउनु । ३. कुनै उमेदवारलाई चुन्नु; निर्वाचन गर्नु । ४. वरण गर्नु ।

**रोज–** ना० [फा०] १. दिवस; दिन । २. वार (प्रायः लिखतका कागतमा प्रयोग हुँदा) । क्रि० वि० ३. प्रतिदिन; दिनहुँ; नित्य । – **रोज–** क्रि० वि० दिनका दिन; दिनैपिच्छे । (उदा०– रोज्रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछू । -भानुभक्त ।)

**रोजगार–** वि० रोजगारी गर्ने; व्यवसायी; इलमी (विप० बेरोजगार) । > **रोजगारी** – ना० [फा०] जीविका वा इलमउद्योगका निम्ति गरिने कुनै काम; कामधन्दा; व्यवसाय; पेसा ।

**रोजनामचा–** ना० [फा० रोजनामचा] १. रोज-रोज भएका काम कुराको टिपोट; दैनिकी । २. दिनदिनैको हिसाब वा आम्दानीखर्च टिपिएको बही ।

**रोजनामा–** वि० [√ रोजनामचा] दिनदिनमा भएका कामकुरा वा तिनको टिपोट ।

**रोजा१–** वि० [रोज्+आ] भएकामध्ये वा धेरैमा सबैभन्दा राम्रो; रोज्न लायक; उम्दा; बढिया ।

**रोजा२–** ना० [फा० रोजा] मुसलमानहरूले रमजान नाउँको व्रत विधानअनुसार दिनभरि केही नखाई बस्ने उपवास वा व्रत ।

**रोजाइ–** ना० [√ **रोज्** (+आइ)] रोज्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **रोजाइनु** – क० क्रि० रोज्न लाइनु । **रोजाउनु–** प्रे० क्रि० रोज्न वा छान्न लाउनु ।

**रोजाना–** वि० [फा० रोजाना] १. दिनदिनको; दैनिक । (उदा०– तपाइँको रोजाना खर्च कति छ ?) क्रि० वि० २. हररोज; प्रतिदिन; नित्य । ना० ३. दैनिक हिसाबले सधैँ पाइने वेतन वा पारिश्रमिक ।

**रोजिनु–** क० क्रि० [रोज्+इ+नु] रोज्ने काम गरिनु; छानिनु ।

**रोजिन्दा–** क्रि० वि० [रोज+इन्दा] १. दिनका दिन; दिनहुँ । २. सधैँभरि; नित्य । (उदा०– शिव रोजिन्दा यहाँ आउने गर्छन् ।)

**रोजी१–** ना० [फा०] पेटपालो गर्ने साधन; जीविका ।

**रोजी२–** वि० [रोज्+ई]१. आफूलाई मन परेको; रोजेबमोजिमको । २. रोजेको; छानेको । ~ **छाडी–** ना० १. धेरैमा राम्रो-राम्रो वा

मन परेको लिने र अरू छोड्ने काम; रोज्ने र छाड्ने काम। वि० २. भनेजस्तो; मनग्गे।

**रोट–** ना० [√ रोटो] १. गोरखनाथ, भैरव, देवी आदिलाई भोग लगाइने विशेष प्रकारको ठूलो रोटी। २. ठूलो र बाक्लो खालको रोटी।

**रोटरी–** वि० [अङ्०] रथको पाङ्ग्रो घुमेझैँ घुम्ने; रथको चक्काझैँ घुम्ने। ~ **क्लब–** ना० १. घुमन्ते क्लब। २. रोटरी इन्टरन्यासनल नामक अन्तर्राष्ट्रिय संस्थाका मातहतमा व्यवसायी तथा व्यापारीहरूले सामाजिक सेवा सुधार्ने र राष्ट्र-राष्ट्रबीचको समझदारी बढाउने उद्देश्यले खोलेको संस्था। ~ **प्रेस–** ना० समाचारपत्र छाप्ने, पटचाउने, कटिङ गर्ने र वितरणोपयोगीसमेत पार्ने भीमकाय मुद्रणयन्त्र।

**रोटा–** ना० ['रोटो'को ब० व० वा ति० रू०] हे० रोटो। – **रोटी–** ना० सानाठूला रोटीको समूह; रोटो र रोटी (उदा०– खोइ, आफ्नो त रोटारोटी खाँदैमा दिन बित्ने भो!)

**रोटी–** ना० [सं० रोटिका] १. पीठो मुछी रयालेर वा बेलेर फुस्रै अथवा चिल्लोमा पकाइएको खानेकुरो। २. सेलपुरी आदि मिठाई। ३. जीवनवृत्ति; जीविका।

**रोटे–** वि० [रोटो+ऐ] १. रोटोजस्तो; रोटाका किसिमको। २. उँभो जाने वा घुम्ने। ~ **कमिलो–** ना० कडा चिल्ने, कम्मर सानो भएको एक प्रकारको रछाहा कमिलो। ~ **पिङ–** ना० दुई खाँबामा हालिएको, बलामा मानिस बस्ने बारसहितको फलैँचा हुने, अरूले तलमाथि फनफनी घुमाइदिएर मच्चिने तथा खेलिने पिङ; चर्खेपिङ; रोहोटेपिङ।

**रोटो–** ना० १. पातमा पीठो पथारेर पातैले छोपी तावा, ढुङ्गा, भुङ्ग्रो आदिमा हालेर वा तावा, ढुङ्गाहरूमै उक्काउनका निम्ति अलिअलि चिल्लो हालेर पीठो पथारी पकाइने खानेकुरो; बाक्लो ठूलो रोटी। २. बाबर। ३. रोटीजस्तै भएर जमेको कुनै वस्तु।

**रोडा–** ना० [सं० लोष्ट] सडकमा बिछ्याउने वा घरढलान आदि काममा उपयोग गरिने कुटिएका इँटढुङ्गाका मसिना टुक्रा; कङ्क्रिट। > **रोडचाइँ –** ना० रोडा बिछ्याउने वा रोडालाई सिमेन्ट र बालुवामा घोलेर मिलाउने काम।

**रोदी–** ना० [गु०] १. विशेषतः गुरुङजातिमा प्रचलित, राती निश्चित ठाउँमा टिठाठिटीहरू भेला भएर गीत गाउने, ख्यालठट्टा गर्ने आदि मनोरञ्जक कार्यक्रम। २. धान काट्ने बेलामा नाचगान गरी मनाइने एक उत्सव। ~ **घर–** ना० रोदी बस्न वा उत्सव मनाउनका निम्ति तोकिएको घर वा थलो।

**रोधक–** वि० [सं०] छेकथुन गर्ने; रोक्ने।

**रोधन–** ना० [सं०] रोक्ने वा छेक्ने-थुन्ने काम, अवरोध; प्रतिबन्ध।

**रोप्-नु–** स० क्रि० [सं० रोप+नु] १. धान, कोदो आदिको बीउ ब्याडबाट उखेलेर खेत वा बारीमा लाउनु। २. छरिने खालका सबै बीउ जमिनमा गाड्नु; बीउ छर्नु। ३. कुनै ठाउँमा नयाँ बोटबिरुवा आदि लाउनु। ४. शरीरमा तीखो हतियार घुसार्नु; रोप्नु; घोच्नु।

**रोप–** ना० [सं०] १. बोटबिरुवा लाउने वा रोप्ने काम। २. रोकावट; रोक।

**रोपकार–** ना०हे० रोबकार।

**रोप केबुल–** ना० [अङ्०] रोपवेको क्यारियर अड्ने तार।

**रोपण–** ना० [सं०] १. खेतबारी आदिमा बोटबिरुवाहरू लगाउने काम। २. स्थापना गर्ने काम। ३. घोच्ने काम; घोपाइ।

**रोपन–** ना० [सं० रोपण] १. विवाहकार्यमा आइमाईले पानीमा पीठो मुछेर हाल्ने रेखी। २. रोपण। ~ **खेती–** ना० बीउ (बेर्ना) रोपेर गरिने खेती; धान, कोदो आदिको खेती।

**रोपनी–** ना० [सं० रोपणिक > रोपनिक] १. ५,४७६ वर्गफुट जमिनको नापो; चार मुरी माटाको परिमाण। २. रोप्ने काम।

**रोपलाइन–** ना० [अङ्०] मालसामान फल्याक, बाकस आदिमा राखी ल्याउन लैजान टाँगिएको बिजुलीको सहायताले चल्ने फलामे तारले बुनेको मोटो डोरी; रोपवे; रज्जुमार्ग।

**रोपवे–** ना० [अङ्०] रोपलाइन; रज्जुमार्ग।

**रोपाइँ–** ना० [रोप्+आइँ] खेतालाहरू लगाई खेत रोप्ने काम। ~ **जात्रा–** रोपाइँमा गरिने नाचगान, ख्यालठट्टा आदिको रमिता; हिलेजात्रा।

**रोपार / रोपाहार–** ना० [रोप्+आर / आहार] खेतमा धानको बीउ रोप्ने खेताला (प्रायः स्त्रीहरू)।

**रोपुवा–** वि० [रोप्+उवा] ब्याडमा उम्रेको बीउ उखेलेर फेरि रोपेको (धान, फर्सी, काँक्रो, सागपात आदिको बोट)।

**रोपो–** ना० [रोप्+ओ] रोपेका धान र कोदाको बीउ नसप्रेसम्मको बोट।

**रोब–** ना० [अ० रुअब] १. बढ्ता वा फोस्रो खालको ढाँचा; रबाफ; धाक। २. प्रताप; तेज।

**रोबकार–** ना० [फा० रू-बकार] १. अड्डाका सामुन्ने कुनै कुराको निर्णय गर्न दुई थरी झगडियालाई सँगै राखी गरिने कुनै काम; रोपकार। २. रोहबर; साक्षात्कार।

**रोबदार–** वि० [रोब +दार] रोब राख्ने; रोब भएको। (उदा०– हरि मानिस त निकै रोबदार रहेछन्।)

**रोब रवाफ–** ना० [रोब+रवाफ] धाक र ढाँचाकाँचा; तडकभडक।

**रोम१–** ना० [अङ्०] युरोप महादेशमा पर्ने इटाली देशको राजधानी।

**रोम२–** ना० [सं०] १. केश; रौँ (खास गरी टाउकादेखि बाहेक शरीरका अन्य भागको)। २. प्वाँख; भुत्ला। – **कूप–** ना० छालामा रौँहरू उम्रेका ठाउँमा हुने मसिना प्वाल। – **द्वार–** ना० रोमकूप।

**रोमन–** वि० [अङ्०] १. प्राचीन रोम (रूम) देश वा नगरको। ना० २. प्राचीन रोम देशको बासिन्दा। ३. अङ्ग्रेजी आदि विभिन्न युरोपेली भाषा लेखिने एक लिपि।

**रोमहर्ष–** ना० [सं०] रौँरौँपर्यन्त पुलकित हुने अवस्था; रोमाञ्च;

पुलक > **रोमहर्षक** – वि० रोमहर्ष पैदा गर्ने । **रोमहर्षण**– ना० १. हर्ष, भय, शोक आदिले शरीरका रौँहरू पनि ठाडाठाडा हुने स्थिति; रोमाञ्च हुने काम । २. पुराणप्रसिद्ध एक ऋषि । वि० ३. देख्तैमा भयङ्कर; भीषण ।

**रोमाञ्च**– ना० [सं०] हर्ष, भय, शोक आदिले शरीर जुरुङ्ङ भई रौँहरू ठडिने चाल वा अवस्था; रोमहर्षण । > **रोमाञ्चित** – वि० रोमाञ्च भएको; पुलकित ।

**रोमान्टिक**– वि० [अङ्०] १. विशेषतः व्यक्ति वा कल्पनाप्रधान भावभूमि तथा साहित्यिक शैली भएको २. रोमान्ससम्बन्धी ।

**रोमान्स**– ना० [अङ्०] १. उत्साह, कल्पना र भावुकताप्रधान कार्य, विचार वा आचरण । २. भावुकताप्रधान प्रेम । ३. कल्पनाप्रधान आदर्शवादी कथा ।

**रोमावलि ⁄ रोमावली**– ना० [सं०] १. रौँहरूको पङ्क्ति । २. नाइटोदेखि मास्तिरको ठाडा रौँको लहर ।

**रोमिल**– वि० [सं०] १. रौँले ढाकिएको । २. भुसैभुसले व्याप्त । (उदा०– कहिले शस्यमा भन्थे शैल रोमिल माधुरी– ल० प्र० देवकोटा, 'सुलोचना' ।)।

**रोरी**– ना० [सं० रोचना] माङ्गलिक कार्यविशेषमा प्रयोग गरिने र टीका लगाइने अबिरजस्तो रातो धूलो; रोचना; सिम्रिक ।

**रोरे**– वि० [सं० रोदन] कुनै न कुनै निहुँ झिकेर रोइरहने; रुने स्वभावको; रुन्चे; पिन्चे । > **रोऱ्याइँ**– ना० सानोतिनो निहुँ पारेर केटाकेटी रोइरहने काम; रोरे हुने चाल; रुन्चेपन ।

**रोल**– ना० [अङ्०] १. जागिरदारहरूको माथिल्लो दर्जामा चढ्ने पालो; उन्नतिक्रम । २. क्रम; नम्बर । – **दार**– वि० रोल पाउने; रोलवाला ।

**रोल्-नु**– स० क्रि० १. कुनै वस्तु पेलेर धूलोपीठो पार्नु; पहिरो लाउनु । २. कुनै कार्यमा मनग्गे खर्च गर्नु; रेल्नु ।

**रोलर**– ना० [अङ्०] १. लोहोरोजस्तो पेल्ने, पथार्ने आदि काम लिइने साधन; बेलन । २. मुद्रण हुने सामग्रीमा मसी दल्ने उपकरणविशेष ।

**रोलाइ**– ना० [√ **रोल्** (+आइ)] रोल्ने क्रिया वा प्रक्रिया । [ > ] **रोलाइनु**– क० क्रि० रोल्न लाइनु । **रोलाउनु**– प्रे० क्रि० रोल्न लाउनु । **रोलिनु**– क० क्रि० १. पहिरो लाइनु; पेलिनु । अ० क्रि० २. पहिरो जानु वा भत्कनु ।

**रोल्पा**– ना० [भो० ब०] नेपाल अधिराज्यको रापती अञ्चलमा पर्ने उत्तरी भेगको एक पहाडी जिल्ला ।

**रोल्याइँ**– ना० [रोलि+याइँ] रोलिने चाल; रोलिने अवस्था ।

**रोल्याइ**– ना० [रोलि+याइ] रोलिने क्रिया वा प्रक्रिया ।

**रोल्वालिङ**– ना० [भो० ब०] नेपालको पूर्वी भागमा पर्ने विभिन्न शिखरमध्ये एक शिखर; गौरीशङ्कर भएको हिमालको एक शृङ्खला ।

**रोष**– ना० [सं०] १. रिसको आवेग; क्रोधको उद्वेग । २. रिस; क्रोध । ३. जोस ।

**रोसम**– ना० [फा० रोजिन] १. इलम; उद्योग; पेसा । २. अभ्यास; आदत । ३. जानकारी; ज्ञान । ४. रोसममुहाली । (उदा०– कुस्लेको रोसम स्वरित भयो । – ल० प्र० देवकोटा, 'सुलोचना' ।) ~ **मुहाली**– ना कुस्लेहरूले परम्परागत रूपमा बजाउने काठ खोपेर बनाइएको सोझो र ठाडो बाजा; कुस्ले बाजा ।

**रोस्ट**– ना० [अङ्०] सिङ्गै कुखुरो गल्ने र बिल्ने गरी बनाइने खाद्य पदार्थ ।

**रोह**– ना० [फा० राह] १. कुनै काम कुराको नीतिनियम वा विधि । २. कामको सिलसिला; कार्यक्रम ।

**रोहण**– ना० [सं०] १. चढ्ने काम; चढाइ । २. अङ्कुरित हुने काम; उम्राइ; उमार ।

**रोहबर**– क्रि० वि० [फा० रू-बरू] १. अगिल्तिर; सामुन्ने; समक्ष । (उदा०– अहिलेसम्म अड्डामा झगडियाको रोहबर भएको छैन ।) > **रोहबरी** – ना० रोहबर ।

**रोहिणी**– ना० [सं०] १. सत्ताइस नक्षत्रमध्ये चौथो नक्षत्र । २. चन्द्रमाकी स्त्रीको नाम । ३. गाई । ४. बिजुली । ५. डल्ला मालाकार पात हुने, पहेँला फूल फुल्ने, राता ग्रन्थि र रौँले ढाकिएको फल लाग्ने, भाँच्ता दूध निस्कने एक जातको सदाबहार रूख ।

**रोहित**– ना० [सं०] १. गाढा वा चढेको रातो रङ । २. रगत; रक्त । ३. गुराँसको फूल । ४. रतुवा; मृग । ५. एक जातको असल खालको माछो; रोहु । ६. पुराणप्रसिद्ध राजा हरिश्चन्द्रका छोराको नाम । वि० ७. चढ्दो रातो रङको; लोहित ।

**रोही**– वि० [सं०] १. चढ्ने वा उक्लने; अवरोहण गर्ने (अश्वारोही, पर्वतारोही इ०) । २. बरको रूख; वटवृक्ष ।

**रोहु**– ना० [सं० रोहिष] ठूलो असल जातको माछोविशेष ।

**रोहो**– ना० [√ रोह] कुनै कामकुराको ठीक मेसो मिलेको ढाँचा; रोह ।

**रोहोटे**– वि० [रोहोटो+ए] १. रोहोटो भएको । २. उँभो जाने; रोटे । ना० ३. एक जातको कर्कलोविशेष । ~ **कमिलो**– ना० हे० रोटे-कमिलो । ~ **पिङ**– ना० हे० रोटेपिङ ।

**रोहोटो**– ना० [प्रा० अरहट] पानी जमेको सानो खाल्टो; सानो-तिनो पोखरी ।

**रौँ**– ना० [सं० रोम] १. जीउमा उम्रने प्रायः कालो र मिहिन सूत्रजस्तो वस्तुविशेष; रउँ; रोम; केश । – **चिरा**– वि० साह्रै लोभी र धुतारो; कण्टक । कुनै पनि वस्तुको भित्री भागसम्म खोतल-खातल गर्ने स्वभाव भएको । – **जरा**– ना० मूल जरा वा शाखा जराबाट निस्केका मिही जरा; मसिना धागे जरा ।

**रौँदालो**– ना० [सं० रुन्धन+आलो] १. निकासविना खाँदिएर घुमेको पानीको भल वा प्रवाह । २. कामको मेलोमेसो हराएको अवस्था ।

**रौँदी**– ना० [ने.] महामारी रोग ।

**रौँ प्रमाण**– ना० [रौँ+प्रमाण] साह्रै कम्ती परिमाण; अत्यन्त थोरै अवकाश ।

**रौतेला**– ना० [रौतेलो+आ] राजाको उत्तराधिकारी; युवराज । –

**रौतेली**– ना० रौतेलो र रौतेली; राजकुमार-राजकुमारी ।

**रौतेली**– ना० [हि० रावत+एली] राजकुमारी; कुमारी; कुँवारी ।

**रौतेलो**– ना० [हि० रावत+एलो] राजकुमार; कुमार; कुँवर ।

**रौद्र**– ना० [सं०] १. आलम्बन शत्रु, उद्दीपन शत्रुको चेष्टा, दोष आदि, अनुभाव मुड्की हान्नु आदि, सञ्चारी भाव आँखा राता पार्नु, आवेग, सेखी आदि र स्थायी भाव क्रोध हुने, साहित्यका नौ रसमध्ये एक रस । वि० २. रुद्रसम्बन्धी; रुद्रको जस्तो । ३. डरलाग्दो; भयङ्कर; प्रचण्ड; रिसाहा । – **ता**– ना० रौद्र हुने अवस्था वा चाल; प्रचण्डता; उग्रता ।

**रौनक**– ना० [अ०] १. चहलपहल हुने स्थिति; चमकदमक; झिलीमिली । २. सौन्दर्य; शोभा ।

**रौप्य**– ना० [सं०] १. चाँदी । वि० २. चाँदीबाट बनेको; चाँदीको ।

**रौरव**– वि० [सं०] १. डरलाग्दो; भयङ्कर । २. रुरु नामको मृगका छालाले बनेको । ना० ३. गरुडपुराणमा वर्णित एक्काइस महानरकमध्ये एक नरक ।

**रौरा**– ना० नाचगान सिकाउने वा नाचगानको उठान गर्ने मुख्य गुरु वा गुरुआमा ।

**रौस**– ना० [√ रउस] केही कुरा पाउन, कुनै कामकुरा गर्न वा कतै जानका निम्ति हर्कले उम्लिएको मनको वेग; हौसिएको इच्छा; रउस । > **रौसाइ**– ना० रौसिने काम वा किसिम । **रौसाइनु**– क० क्रि० रौस लिइनु । **रौसाउनु**– स० क्रि० रौस मान्नु । **रौसिनु**– अ० क्रि० रौस मान्नु । **रौसिली**– वि० रौस मान्ने (स्त्री) । **रौसिलो**– वि० कुनै कामकुरामा उत्साहपूर्वक अघि सर्ने; रौस मान्ने (उदा०– वीरेजस्तो रौसिलो केटो साथी पाएकोले बाटो काट्न गाह्रो भएन ।) **रौसे**– वि० रौस गर्ने; रौस भएको; उत्साही । **रौस्याइ**– ना० रौस्याउने क्रिया वा प्रक्रिया । **रौस्याइनु**– क० क्रि० रौसिन लाइनु । **रौस्याउनु**– प्रे० क्रि० रौसिने पार्नु । **रौस्याहट**– ना० रौसिनेपन । **रौस्याहा**– वि० रौस गर्ने (व्यक्ति); रसिक ।

**ऱ्याँऱ्याँ**– क्रि० वि० [अ० मू० ऱ्याँ (द्वि०)] ऱ्याइँऱ्याइँ ।

**ऱ्याइँऱ्याइँ**– क्रि० वि० [अ० मू० ऱ्याइँ (द्वि०)] १. सारङ्गी, बेला आदि तारबाजाहरू बजाउँदा आवाज आउने चालले; ऱ्याँऱ्याँ । २. करौँतीले काठ चिर्दा र घट्ट, जाँतो आदि घुम्दा शब्द निस्के जस्तै गरी ।

**ऱ्याक**– ना० [अङ्०] काठका फल्याक, फलाम वा स्टिलका पाताले बनाइएको पुस्तक आदि सरसामान राख्ने, खापा नभएको खुला खण्डे दराज ।

**ऱ्याखऱ्याख**– क्रि० वि० [अ० मू० ऱ्याख (द्वि०)] बेसमारी हकार्ने वा झपार्ने चालले । > **ऱ्याखऱ्याखती / ऱ्याखऱ्याखी** – क्रि० वि० अझ छिटो ऱ्याखऱ्याख हुने गरी ।

**ऱ्याङठयाङ**– ना० [अ० मू०] १. टाकटुक्क मिल्ने कुनै कामकुरो; तारतम्य; ठीकठाक । २. परस्परमा राय मिल्ने काम; मतैक्य ।

**ऱ्याङऱ्याङ**– क्रि० वि० [अ० मू० ऱ्याङ् (द्वि०)] १. भित्री भाग जताततै खुला छोड्ने गरी । ना० २. त्यस्तो खुला छोड्ने काम वा चाल । > **ऱ्याङऱ्याङती**– क्रि० वि० सरासर जान हुने गरी घरको भित्री भाग खुला रहने गरी । ना० ऱ्याङऱ्याङ ।

**ऱ्याल**– ना० राल ।

**ऱ्याली**– ना० [अङ्०] कुनै प्रदर्शन वा उत्सवका दृष्टिले घुम्ने मानिस आदिको समूह; भेला; जमघट (उदा०– अस्ति काठमाडौँमा मानवअधिकारवादीहरूको ऱ्याली भएको थियो ।)

**ऱ्याले**– वि० [ऱ्याल+ए] राले ।

**ऱ्याल्ल**– क्रि० वि० [अ० मू० ऱ्याल्+ल] ऱ्याल वा कुनै रयालिँदो पदार्थ निस्केजस्तै गरी ।

**ऱ्वाइँऱ्वाइँ**– क्रि० वि० [अ० मू० ऱ्वाइँ (द्वि०)] घट्ट, जाँतो आदि घुम्ने वा ती घुमाउँदा मसिनो तीखो खालको आवाज आउने गरी ।

**ऱ्वाम्म**– क्रि० वि० [अ० मू० ऱ्वाम्+म] कुनै कमलो वस्तुमा तीखो हतियारले बेसरी रोप्ने वा चुच्चो गाड्ने चालसँग ।

# ल

**ल**१– देवनागरी वर्णमालाको अट्ठाइसौँ व्यञ्जनवर्ण; संस्कृत व्याकरणअनुसार दन्त्य र नेपाली उच्चारणअनुसार दन्तमूलीय सघोष, अल्पप्राण, पार्श्विक, व्यञ्जन; लेख्य रूपमा सो वर्ण वा ध्वनिको प्रतिनिधित्व गर्ने लिपिचिह्न; हात भाँच्यो ल ।

**ल**२– निपा० स्वीकृति, प्रेरणा, उदेक, आश्चर्य, खेद, आग्रह आदि जनाउँदा प्रयुक्त हुने शब्द । (उदा०– ल, हिजोको जस्तै गरुँला । ल, कस्तो नकाम भएछ । ल, अब बेर नगरौँ । तिमी भरे छिटै घर जाऊ ल !)

**लँगडा**– ना० [√ लङ्गडा ] १. एक जातको असल आँपको नाउँ । २. 'लँगडो'को तिर्यक् रूप ।

**लँगडाइ**– ना० [√ **लँगडाउ** (+आइ) ] लँगडाउने काम वा किसिम । [> ] **लँगडाइनु** – अ० क्रि० लँगडाउने होइनु; खोच्याइनु ।

**लँगडाउनु**– अ० क्रि० [लँगडो+आउ+नु ] लँगडो हिँडेजस्तै चालले हिँड्नु; खोच्याउनु; लेच्याउनु ।

**लँगडो**– वि० [√ लङ्गडो ] खोच्याएर वा लेच्याएर हिँड्ने; खँजाहा; खोरन्डो ।

**लँगो**– ना० [लहँगा+ओ ] इस्टकोट; इस्कोट ।

**लँगौटिया**– वि० [लँगौटी+इया ] १. उमेरमिल्दो; एकै दाँवलको । २. मन मिल्ने । ~ **यार**– ना० बालककालदेखिको मन मिल्ने साथी; बालसँगाती; दौँतर ।

**लँगौटी**– ना० [सं० लिङ्ग+पटी ] कन्धनीमा घुसारेर उपस्थ र गुदद्वार छोप्ने सानो ठाडो धोती; कौपीन; धरो ।

**लइन**– ना० [अङ्० लाइन] पङ्क्ति वा श्रेणी; लाइन । ~ **छोकडा**– ना० लइनछोकडो । ~ **छोकडो**– ना० विदेशीहरूको सहवास वा सरसङ्गत पाएको र चनाखो तथा खाइलाग्दो भएको ठिटो । स्त्री० लइनछोकडी ।

**लउन्ठ**– ना० लेकमा हुने वा पाइने एक प्रकारको बोटविशेष ।

**लकडी**– ना० [सं० लगुड] १. रूख काटेको ठूलो मुढो वा काठको लामो गिँड । २. बाल्ने काठ; दाउरो ।

**लकपक**– ना० [अ० मू० ] १. लाज, धक, त्रास आदिले बोली लरबराउने वा अस्पष्ट हुने चाल; कुरोकन्थो स्पष्ट नहुने स्थिति । २. नातागत वा रोगका कारणले हिँड्दा धरमराउने काम । लरबर हुने अवस्था । > **लकपकाइ**– ना० लकपकाउने काम वा किसिम । **लकपकाइनु**– अ० क्रि० लकपक होइनु । **लकपकाउनु**– अ० क्रि० अपूर्ण वा अस्पष्ट रूपले बोल्नु; लकपक गर्नु; अकमकाउनु । **लकपकाहट**– ना० लकपकाउने काम, अवस्था वा किसिम; लकपकाइ । **लकपकिनु**– अ० क्रि० लकपकाउनु । **लकपकी**– ना० लकपकाउने काम; लकपक । **लकपके**– वि० लकपक गर्ने; लकपकाउने । **लकपक्याइ**– ना० लकपकिने काम वा किसिम । **लकपक्याहट**– ना० लकपकिने काम, अवस्था वा किसिम ।

**ल-कमिसन**– ना० [अङ्० ] कानुनआयोग ।

**लकरुवा**– [लक्कड+उवा ] निगालेचितुवा; चरीबाघ ।

**लकवा/लकुवा**– ना० [अ० ] सम्पूर्ण अङ्ग नचल्ने र चेतनाशून्य बनाइदिने रोगविशेष; पक्षाघात; पक्षवात; लकुवा ।

**लकाँसी**– ना० [नेवा० ] झ्यालढोकाको खापा अडिने ठेलाभित्र तेर्सो रहेको काठ ।

**लकार**– ना० [सं०] दन्त्यस्थानबाट उच्चारण गरिने, अन्तःस्थ वर्णको तेस्रो अक्षर; 'ल' अक्षर ।

**लकिर**– ना० [सं० रेखा ] लट्ठीजस्तो सोझो ठाडो धर्को; रेखा; धर्सो ।

**लकुना**– ना० [सं० लक्षण ] तल्लापट्टि दाँत फर्केकी ढोई ।

**लकुवा**– ना०हे० लकवा ।

**लक्कर**– ना० [लकडी < सं० लगुड ] १. लकडी; काठ । २. पुरुषको जननेन्द्रिय; शिश्न ।

**लक्का**– ना० [अ० ] १. पुच्छर फिँजारिएको एक जातको परेवा; भाले परेवा । २. बाज पक्षीको भाले । वि० ३. मस्त जवान; तरुनो; लायक ठिटो । ~ **जवान**– ना० लाठे वा मस्त युवक; बैँसदार तन्नेरी ।

**लक्कु**– ना० [सं० लक+उ ] खप्टचाएर हातभरि हुने गरी वा त्यसै राखिएको रुपियाँपैसा आदिको तड्गी; बिन्डी; क्याँट । लक्कुविनाको धक्कु, मसलाविनाको पक्कु (उखान) ।

**लक्खन्/लक्खाँ**– वि० [लाखन्/लाखौँ] कैयन् लाख; लाखन्; लाखौँ; लक्खौँ ।

**लक्खु**– ना० [नेवा० ] अम्तर्नु ।

**लक्ष**– ना० [सं०] १. सय हजारको सङ्ख्या; लाख । २. निसान; चिह्न । वि० ३. सय हजार; लाख ।

**लक्षण**– ना० [सं०] १. कुनै वस्तु चिन्ने वा थाहा पाउने विशेष चिह्न वा गुण; परिचायक चिह्न; लच्छिन । २. परिभाषा । ३. सामुद्रिक शास्त्रअनुसार शुभअशुभ बताउने शरीरका विशेष चिह्न । ४. कुनै घटना, रोग आदि हुनुभन्दा पहिले हुने सङ्केत । ५. उत्तम वा राम्रो गुण । ६. ढाँचा; छाँट; चाला ।

**लक्षणा**– ना० [सं०] साहित्यमा सामान्य अर्थदेखि भिन्न सम्बन्ध वा अभिप्रायलाई लिई अर्को अर्थ प्रकट गर्ने शब्दको शक्ति; अभिधेयार्थमा बाधा परेमा रूढि वा प्रयोजनका आधारमा अर्थ प्रतीत गराउने शब्दशक्ति; शब्दशक्तिका तीन भेद-अभिधा, लक्षणा र व्यञ्जनामध्ये एक ।

**लक्षार्थ**– ना० [सं०] लक्षणा शब्दशक्तिद्वारा बोध हुने अर्थ ।

**लक्षित–** वि० [सं०] १. देखिएको; तोकिएको; चिह्नित । २. बताइएको; कथित; टड्कालो । ३. शब्दको लक्षणाशक्तिद्वारा बोध हुने । > **लक्षितार्थ** – ना० शब्दको लक्षणाशक्तिद्वारा बोध हुने अर्थ; लक्ष्यार्थ ।

**लक्ष्मण–** ना० [सं०] राजा दशरथकी कान्छी रानी सुमित्रापट्टिका जेठा पुत्र; शत्रुघ्नका दाजु । – **कन्द–** ना० अँडिरका जस्ता पात हुने, सेता फूल फुल्ने, हरियो र सेतो रङ्ग मिसिएका लाम्चा फल फल्ने एक जातको लहरो वा त्यसैको ध्वाँसे रङ्गको ठूलो कन्द ।

**लक्ष्मी–** ना० [सं०] १. धनकी अधिष्ठात्री देवी वा विष्णुकी पत्नीको नाम; कमला; रमा । २. श्रीसम्पत्ति; समृद्धि । ३. लच्छिन; शोभा; सौभाग्य । ४. सफलता; विजय । ५. घरकी मालिक्नी; गृहस्वामिनी । – **को वास–** ना० सबै कुराको पौल; प्रशस्त धनप्राप्ति । ~ **धूप–** ना० पञ्च सुगन्धधूपमा लक्ष्मीफूल र गोकुलधूप मिलाई बनाइएको विशेषतः लक्ष्मीलाई प्रसन्न गराउन बालिने धूप । ~ **नारायण–** ना० १. विष्णु र लक्ष्मी । २. भित्रपट्टि दुई वा चार चक्र हुने शालिग्राम । – **पति–** ना० १. नारायण; विष्णु । २. राजा । ३. धनको मालिक; धनवान् व्यक्ति । ~ **पुत्र–** ना० १. धनाढ्य व्यक्ति (लक्ष्मीका पुत्र नभएका हुँदा) । २. कामदेव । ~ **पूजा–** ना० १. कार्तिक कृष्ण औँसीका दिन बिहान गरिने गाईको पूजा र राती घरघरमा दीपावलीको उत्सव मनाई गरिने लक्ष्मीको पूजा; गाई र धनको पूजा । २. दीपावली । ~ **फुल–** ना० बर्खायाममा झाँगिने, मसिना लाम्चा पात हुने एक प्रकारको लहरो र त्यसैमा फुल्ने राता सेता आदि फूल; जयन्ती । – **वान्–** १. लक्ष्मीले युक्त भएको; धनवान् । २. सौभाग्यशाली । ~ **विलास–** ना० श्रीसम्पत्तिले पूर्ण आमोदप्रमोद ।

**लक्ष्य–** ना० [सं०] १. हेर्नु, चिन्नु, जान्नु र गर्नुपर्ने कुनै पनि कामकुराको खास चिह्न वा निसाना; तारो । २. ताकेको कुरो; ताक; उद्देश्य; ध्येय । ३. आक्षेप गरिएको विषय । ४. लाखको सङ्ख्या । – **भेद–** ना० अस्थिर लक्ष्य वा निसानामा तारो हान्ने काम । ~ **भेदक पदक–** ना० चाँदमारीको प्रतियोगितामा विजयी हुने सैनिकहरूलाई प्रदान गर्ने उद्देश्यले १९८० सालमा स्थापित एक पदक । – **वेध–** ना० लक्ष्यभेद । – **वेधी–** वि० लक्ष्यवेध गर्ने । – **सिद्धि–** ना० आँटेको वा चिताएको कुरो पुग्ने स्थिति; लक्ष्यको प्राप्ति । > **लक्ष्यार्थ** – ना० १. पाउन चाहेको कुरो; ताकेको कुरो वा अर्थ । २. लक्षणाशक्तिबाट बुझिने अर्थ । **लक्ष्याहुति–** ना० देवप्रीतिका निमित्त वैदिक विधानअनुसार गरिने लक्षहोम; रुद्री, गायत्री वा सो सरहका कुनै स्तुति लाखपल्ट दोहऱ्याएर गरिने हवनकार्य ।

**लख्-नु–** स० क्रि० [लख+नु ] १. लख काट्नु; अनुमान वा अड्कल गर्नु । २. विचार गर्नु; सोच्नु ।

**लख–** ना० [प्रा० लक्ख ] १. कुनै विषयमा गरिएको अनुमान वा घत; अड्कल; अन्दाज । २. अक्षरको शिरमा लगाइने एकारको चिह्न ( े ) । – **कानो–** ना० अक्षरमा लगाइने लख र कान्दानीको चिह्न; ओकारको चिह्न; ओकार ( ो ) । – **टट्टु–** वि० मरन्च्याँसे; दुब्लो ।

**लखतरान–** वि० [लक्ष+त्राण] धेरै परिश्रमले थाकेर लस्त भएको; अति थकित ।

**लखन–** ना० [सं० लक्ष्मण] लक्ष्मण । ~ **तिवारी–** वि० काम न काजसित डुलिरहने; बिकामे । ~ **थापा–** ना० १. गोरखाका एक सिद्धको नाम । २. राणा कालका एक विद्रोही नेता । ३. महत्त्व नभएका ठटचौला कुरा मात्र गरेर हिड्ँने व्यक्ति । > **लखने** – वि० राम्रो लच्छिन भएको (अवज्ञामा) । ~ **टाट–** वि० मरन्च्याँसे; लखटट्टू । ~ **तेवारी–** वि० इलम-रोजगार वा काम केही नभई खालि डुलिरहने ।

**लखन्तरे–** वि० [लख+अन्तरे] जन्मका क्रमअनुसार आठौँ; जन्तरेपछिको ।

**लखपति–** वि० [सं० लक्षपति] लाखौँ रुपियाँको सम्पत्ति भएको; ठूलो धनाढ्य; लाखपति; लाखको मालिक ।

**लखपातर–** ना० [लख+पातर] धेरै पोइ भएकी वा नाठा खेलाउने स्त्री; फुँडी; वेश्या ।

**लखबन्धक–** ना० [सं० लक्ष+बन्धक] आफूले बन्धकमा लिएर भोग गरेको घरजग्गा आदि फेरि अर्कालाई बन्धक राख्ने काम; बन्धकमाथिको पनि बन्धक ।

**लखर लखर–** क्रि० वि० [अ० मू० लखर्+अ (द्वि०) ] बिकाममा र बिनसित्ति यताउति हिँड्ने वा ओहोरदोहोर गर्ने चाल ।

**लखर्किनु–** अ० क्रि० [√ लखरिनु] लखरलखर हिँड्नु । > **लखर्क्याइ–** ना० लखर्किने क्रिया वा प्रक्रिया । **लखर्क्याउनु–** प्रे० क्रि० लखर्किने पार्नु ।

**लखाइ–** ना० [√ **लख्** (+आइ)] लख्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लखाइनु–** क० क्रि० लख्न लाइनु । **लखाउनु–** प्रे० क्रि० लख्न वा गम्न लाउनु ।

**लखाकी–** ना० [नेवा०] इनारबाट पानी झिक्न डोल, वाल्टिन आदि झुन्ड्याइने डोरी; ठूलो मोटो खालको डोरी ।

**लखेट्-नु–** स० क्रि० [सं० लक्षाटन] १. हिर्काउन वा मार्नका लागि कसैको पिछा गर्नु; आखेट गर्नु; खेदो गर्नु । २. कुनै वस्तुलाई धपाउनु; लगार्नु । > **लखेटाइ–** ना० लखेट्ने क्रिया वा प्रक्रिया । **लखेटाइनु–** क० क्रि० लखेट्न लाइनु । **लखेटाउनु–** प्रे० क्रि० लखेट्न लाउनु; लखेटाइमा पार्नु । **लखेटालखेट–** ना० परस्परमा लखेट्ने काम । **लखेटिनु–** क० क्रि० लखेट्ने काम गरिनु; खेदिनु । **लखेटो–** ना० १. लखेट्ने वा लघार्ने काम । २. आखेट; खेदो । ३. कामको चेपाइ ।

**लखौटी–** ना० [लाख+औटी] १. वेश्या; फुँडी । २. ल्याइते स्वास्नी ।

**लखौरी–** वि० [लाख+औरी] लखरलखर अरूको घर चहार्ने ।

**लखौरो**– वि० [लाख+औरो] काम न काज यताउति हिँडिरहने; हल्लनदास ।

**लग्‌-नु**– स० क्रि० [सं० लग्‌+नु] कुनै वस्तु वा सरसामान आदि लिएर जानु; लैजानु; लानु ।

**लग**– ना० [सं० लग्न] १. एक जनालाई दिनभरमा गर्न तोकिएको काम; एक जनाले एक दिनमा भ्याउने वा गरिसक्ने काम; एक खेतालाको मेलो । २. नजिक; नेर; छेउ । (उदा०– सबैले तपाईंकै लगमा काम गरिदिए छिटै काम सकिन्थ्यो) ।

**लगड**– ना० [√ रगेल्‌] फापरबाट बनाइएको चटामरी ।

**लगडीझगडी**– ना० [(द्वि०) झगडा+ई] परस्परमा हुने तानातान वा झैँझमेला; लछारपछार; सङ्घर्ष ।

**लगत**– ना० [सं० लग्] १. कुनै कामका लागि चाहिने नगद वा जिन्सी मालमत्ताको जम्माजम्मी विवरणसहितको सूची; फिरिस्तविशेष । २. ठेकिएको दरबन्दी अङ्क वा त्यस्तो दरबन्दीको स्रेस्ता । ~**नापी**– ना० कुनै स्थान वा जग्गाको लगत खडा गर्न गरिएको नापी ।

**लगत्तै**– क्रि० वि० [सं० लग्नत:] उत्ति नै खेरि; उत्तिखेरै; तत्काल; तुरुन्तै; तात्तातै ।

**लगन**– ना० [सं० लग्न] १. विवाह, व्रतबन्ध आदि शुभ कार्य गर्न जुरेको योग वा मुहूर्त (उदा०– **लगनको बेलामा हगन, लगन पनि लेखियो, केटाको ढङ्ग पनि देखियो** – उखान) । २. कुनै कामकुरोमा दत्तचित्त भएर लाग्ने काम; तल्लीनता; लगाइ । (उदा०– कुनै पनि काममा लगन हुनुपर्छ) । ~ **गाँठो**– ना० वरवधूको दाम्पत्यप्रेम स्थिर रहोस् भन्ने दृष्टिले कन्यादानका समयमा जनै, पान, सुपारी आदि माङ्गलिक वस्तु आँचलमा हालेर मन्त्रपूर्वक पारेको गाँठो; लग्नग्रन्थि । (लगनगाँठो कन्यादानका समयदेखि चतुर्थीसम्म दुलहीका कम्मरमा बाँधिराखिन्छ) । – **शील**– वि० लगन भएको; काममा दत्तचित्त रहने । >**लगनी**– ना० १. कुनै कामकुरोमा तल्लीन भएर लाग्ने काम । २. एक जनाले दिनभरमा गर्न सक्ने वा भ्याउने काम; मेलो; लग । ३. उद्योग वा व्यवसाय ।

**लगभग**– क्रि० वि० [सं० लग्‌+भग्‌] पुगनपुग; झन्डैझन्डै; नजिकनजिक ।

**लगल**– ना० [लाग्‌+अल] बाजी रहेको खेलमा जित्नेले हार्नेसँग लिन बाँकी रहेको रकम । (उदा०– तिमीसँग मेरो पच्चीस रुपियाँ लगल भइसक्यो, देऊ न) ।

**लगलग**– क्रि० वि० [अ० मू० लग्‌+अ (द्वि०)] ठन्डी, डर, कमजोरी आदि कुनै कारणले शरीर काँप्ने वा हल्लने चाल; लुगलुग; थुरथुर । >**लगलगती**/**लगलगी**– क्रि० वि० अझ छिटो लगलग हुने गरी ।

**लगा१**– ना० [सं० लग्] १. कुनै परिधि वा घेराभित्रको भाग; इलाका; हाता । २. मातहती जग्गा आदिको किल्ला; साँध; सीमा ।

**लगा२**– ना० [सं० लगुड] जग्गा नाप्ने काममा प्रयोग गरिने नौ हात नापो भएको टाँगो; लग्गी ।

**लगाइ**– ना० [√ **लग्‌** (+आइ] १. लग्ने क्रिया वा प्रक्रिया । [√ **लाग्‌** (+आइ)] २. लाग्ने क्रिया वा प्रक्रिया । [लगाउ+आइ] ३. लगाइने वा कामकुरामा प्रवृत्त गराउने क्रिया-प्रक्रिया । [>] **लगाइनु**– क० क्रि० १. लगाउने काम गरिनु; लाइनु । २. कुनै कामकुरामा प्रवृत्त गराइनु । – **पगाइ**– ना० लगाउनेवर्ने काम; अह्राउ-पह्राउ ।

**लगाउनु**– स० क्रि० [लाग्‌+आउ+नु] १. शरीरमा वस्त्र धारण गर्नु; पहिरनु । २. रङ आदि पोत्नु वा घस्नु; लेपन गर्नु । ३. कुनै कामकुरामा धन वा मनको उपयोग गर्नु । ४. बोटबिरुवा आदि रोप्नु; लाउनु । ५. अरूको छुल्याइँ वा चुक्ली गर्नु । ६. अर्थ, भाव, अभिप्राय आदि प्रकट गर्नु । ७. कुनै काम वा कुरोमा लाग्न कसैलाई प्रेरित गर्नु । प्रे० क्रि० ८ लाग्ने तुल्याउनु; लाग्ने पार्नु ।

**लगातार**– क्रि० वि० [सं० लग्‌+तार] एकनाससित वा एकपछि अर्कोको सिलसिला नटुटीकन; निरन्तर; बराबर ।

**लगान**– ना० [सं० लाग्‌+आन] १. काममा लाग्ने वा दरबन्दी-अनुसारको खर्च; लगानी । २. झारफुकेका अनुसार भूतपिशाच, डाइनीबोक्सी, वायु आदि लागेर हुने आकस्मिक रोग; व्यथाको कारण । >**लगानी**– ना० १. कसैलाई ब्याज लिने गरी सरसापट दिइएको धन । २. कुनै उद्योगउत्पादनका निम्ति पहिले गरिएको खर्च । ३. सरकारलाई तिर्नुपर्ने मालपोत वा भूमिकर । ४. लागूभागू; लागभाग ।

**लगापात**– ना० [सं० लग्‌+पार्श्व] घरघडेरीसहित वरिपरि वा छेउछाउमा रहेको कुनै पनि जग्गाजमिन; चर्चिएको जग्गा वा त्यसको सेरोफेरो ।

**लगाम**– ना० [फा०] घोडाका मुखमा रहने काँडावाल फलामे बाग वा सामानका दुवै टुप्पामा बाँधिएको, घोडचढीले समाउने छाला वा डोरीको लामो फित्ता; बागडोर; करेली ।

**लगायत**– ना० यो० [अ०] समेत; सहित । (उदा०– अघि सय रुपियाँमा पसललगायत सिङ्गै घर बहालमा पाइन्थ्यो) ।

**लगार्‌-नु**– स० क्रि० [सं० लग्‌+आर्‌+नु] भगाउने, धपाउने, समाउने वा मार्ने विचारले कसैको पछि लाग्नु; पिछा गर्नु; लखेट्नु; खेद्नु । >**लगाराइ**– ना० लगार्ने काम वा किसिम; खेदाइ । **लगारिनु**– क० क्रि० लगार्ने काम गरिनु; खेदिनु । **लगारो**– ना० लगार्ने अवस्था; खेदो ।

**लगालग**– क्रि० वि० [सं० लग्‌+लग्] पालो नबिराई वा एकपछि तुरुन्तै अर्को लागेर; लगातार; धमाधम । >**लगालगी**– क्रि० वि० क्रम वा सिलसिला नटुटाई; एकनाससित; लगालग ।

**लगित्या**– ना० कुनै व्यक्तिकहाँ आफ्नो पेसाअनुसारको काम गर्न स्थायी रूपले लाग्ने व्यक्ति ।

**लगिनु**– क० क्रि० [लग्‌+इ+नु] लग्ने काम गरिनु ।

**लगी–** ना० [लग्+ई] आफूलाई चाहिने समयानुसारको काम वा सरसामानका लागि त्यस्तो पेसा भएका मानिसहरूलाई स्थायी रूपले लगाउने व्यक्ति । – **लगित्या–** ना० प्रचलनअनुसार गाउँका विभिन्न जातिका परिवार र तीनचार व्यावसायिक जातिका बीचमा हुने स्थायी सम्बन्ध । (यसमा एकै गाउँका कामी, दमाईं, सार्की आदिको अर्को कुनै एक परिवारसँग स्थायी सम्बन्ध हुन्छ र उनीहरूले त्यस परिवारका निम्ति आवश्यक सरसामान बनाइदिने र काममा सघाउने गर्छन् । यसरी काम गरेबापत लगीबाट उनीहरूले बाली काटिसकेपछि वर्षभरिको एकमुस्ट र विशेष चाडपर्वमा आफ्नो भाग पाउँछन्) ।

**लगुख–** ना० [नेवा०] हातले ठोकेर बजाइने, छालाले मोहोरिएको एक प्रकारको प्राचीन वाद्य ।

**लगुड–** ना० [सं०] १. काठको लामो गिँड । २. लौरो; लट्ठी ।

**लगुना–** ना० स्तनधारी समूहमा पर्ने, रातोरातो जीउमा सेता थोप्ला भएको, अढाई फिटसम्म अग्लो हुने, चित्तलका भन्दा छोटा खुट्टा भएको, एक्लै हिँड्न मन पराउने चित्तलकै जातको मृग ।

**लगेदा–** ना० [सं० लग्+एदा] गद्दी, हौदा आदि कस्ता बिछ्याइने बाक्लो ऊनी कपडा; एक प्रकारको जीनपोस लुगा ।

**लगेस्रो–** ना० [लाग+एस्रो] १. कुनै वस्तुमा लागेर बाँकी रहेको चीज; रहल । २. रिनपान आदिको लेस वा शेष ।

**लग्गा–** ना० [√ लगा] १. कुनै कुरामा लागेको हिस्सा; अंश; लग्घा । २. मातहतको जिम्मा; ढेस्सा । ३. जमिन नाप्ने नौहाते टाँगो; लग्गी । > **लग्गी–** ना० १. लग्गा; लग्घी । २. नाउ चलाउनका निम्ति ठेलिने घारो वा टाँगो ।

**लग्गु–** वि० [लाग्+उ] १. एकोहोरोसित कुनै कामकुरो वा व्यसनमा लागेको; तल्लीन । २. विषयवासनामा अनुरक्त; कामुक; लम्पट । ३. व्यसनी; अम्मली । ~ **जुवाडेजस्तो–** वि० सबै कुरा बिर्सेर एउटै कुरामा एकोहोरो लाग्ने ।

**लग्घा–** ना०हे० लग्गा । > लग्घी– ना० लग्गी ।

**लग्न–** ना० [सं०]१. ज्योतिषशास्त्रअनुसार कुनै ग्रहको क्रान्तिवृत्तको उदय हुने बेलामा क्षितिजमा स्पर्श हुने भाग वा अंश । २. विवाह, व्रतबन्ध आदि कुनै माङ्गलिक कार्य गर्ने मुहूर्त; साइत; लगन । वि० ३. जोरिएको; टाँसिएको । ~ **कुण्डली–** ना० लगनको कुण्डली वा पत्रिका; जन्मकुण्डली । ~ **ग्रन्थि–** ना० लगनगाँठो । ~ **दिन–** ना० लग्न वा मुहूर्त भएको दिन । ~ **पत्रिका**/**पत्री–** ना० विवाह, व्रतबन्ध आदि माङ्गलिक कार्यको ठीक समय उल्लेख गरिएको लेखोट वा टिपोट ।

**लघार्‌–नु–** स० क्रि० [√ लगार्नु] लगार्नु; लखेट्नु । > **लघाराइ–** ना० लघार्ने क्रिया वा प्रक्रिया । **लघारालघार–** ना० परस्परमा लघार्ने काम; आफुसको लघाराइ । **लघारिनु–** क० क्रि० लगारिनु; खेदिनु ।

**लघिमा–** ना० [सं०] १. आठ सिद्धिमध्ये एक (यसको प्रभावले सिद्ध पुरुष आकृतिमा सानो र हलुका बन्न सक्छ) । २. लघु हुनाको भाव वा स्थिति; हलुकापन; लघुता ।

**लघु–** वि० [सं०]१. लामो वा ठूलो नभएको; छोटो वा सानो । २. गह्रौं नभएको; हलुको; हलौं । ३. अलिकति; थोरै । ४. कनिष्ठ; कान्छो । ५. एकमात्रिक स्वर वा ह्रस्व स्वर; त्यसको चिह्न ( । ) । ६. एक मात्राको वा ह्रस्व उच्चारण हुने वर्ण (अ, इ, उ, क, कि, कु, इ०) । ~ **उद्योग–** ना० थोरै श्रमसाधनले पनि स्थापित र सञ्चालित गर्न सकिने उद्योग; सानोखाले व्यवसाय । ~ **उपन्यास–** ना० सङ्क्षिप्त औपन्यासिक तत्त्व भएको लामो कथाजस्तो सानो उपन्यास । ~ **कथा–** ना० कथातत्त्वले पूर्ण भएका ससाना कथा; छोटा कथा ।

**लघुतम–** वि० [सं०] सबैभन्दा छोटो वा सानो । ~ **समापवर्त्य–** ना० दुई वा दुईभन्दा बढी सङ्ख्याले निश्शेष भाग जाने सबभन्दा सानो सङ्ख्या ।

**लघुता–** ना० [सं०] लघु वा छोटो हुनाको गुण वा अवस्था; हलुकोपन । > **लघुताभास–** ना० आफूलाई तुच्छ वा हीन ठान्ने मानसिक भावना वा त्यसको छनक ।

**लघुत्व–** ना० [सं०] लघु हुनाको चाल वा अवस्था; लघुता; हल्कापन ।

**लघु दूधिका–** ना० [सं०] सिउँडीका जस्ता बाक्लाचिल्ला पात हुने, त्यस्तै फुल्नेफल्ने, भाँच्दा दूध निस्कने एक जातको बोट वा त्यसैको फल ।

**लघु नाटक–** ना० [सं०] विषयवस्तु एउटै र पात्रहरू कम भएको, थोरै समयमा अभिनय गर्न सकिने वा पत्रपत्रिकामा प्रकाशित गर्न लेखिएको प्रायः व्यङ्ग्यप्रधान छोटो नाटक ।

**लघुन्यास–** ना० [सं०] कुनै वस्तु वा धन कसैका साथमा सानो रूपमा राख्ने वा जिम्मा लगाउने काम; सानो वा मामुली ढाँचाको धरौटी ।

**लघुपत्र–** ना० [सं०] लामा, बाटुलिएका र धर्साधर्सा परेका खैरा जरा हुने, सेतो एक्लै एउटा फूल फुल्ने र कहिले गुलाफी फुल्ने भुईँमा हुने एक जातको बुटी; त्यसैको गानो वा कन्द ।

**लघु परियोजना–** ना० [सं०] थोरै पुँजी र श्रममा पूरा हुन सक्ने वा चालू गरिने ससाना खालका योजना; लघुयोजना ।

**लघु योजना–** ना० [सं०] सानाखाले उद्योग वा योजना ।

**लघुवाद–** ना० [सं०] सानातिना झैझगडा वा मुद्दामामिला । – **न्यायालय–** ना० त्यस्तो झगडा वा मुद्दा हेर्ने सुरुको अदालत; जिल्ला अदालत ।

**लघुशङ्का–** ना० [सं०] पिसाब फेर्ने काम; मूत्रत्याग ।

**लघु शोध प्रबन्ध–** ना० [सं०] कुनै तह वा परीक्षा पूरा गर्नका लागि प्रस्तुत गरिने सङ्क्षिप्त शोधपत्र वा पढाइको सट्टा राखिएको सानो अनुसन्धानात्मक प्रबन्ध; अध्ययनपत्र; अनुसन्धानप्रधान लेख ।

**लघूकरण–** ना० [सं०] कडा वा ठूलो सजायलाई घटाएर हल्का वा सानो पार्ने काम; दण्डादेशलाई होलोखुकुलो वा नरम पार्ने

काम ।

**लङ–** ना० [सं० लङ्गुल] मिलेको घर वा पङ्क्ति; लाम; ताँती ।

**लङौटिया–** वि० [लङौटी+इया] लँगौटिया । **– यार–** ना० लँगौटिया यार ।

**लङौती–** ना० लँगौटी ।

**लङ्का–** ना० [सं०] एसिया महादेशमा भारतदेखि दक्षिणपट्टि रहेको, अघि रावणको राज्य भनिने एक द्वीप वा टापू । **– पति–** ना० १. लङ्का देशको राजा । २. रावण । ३. विभीषण ।

**लङ्कासानी–** ना० [सं० लङकेश्वरी] खोर्सानीका जस्ता पात हुने र मरीचका जस्ता काला दाना फल्ने एक प्रकारको बोट वा त्यसैको बास्ना आउने रातो, कमलो फूल; लङ्केश्वरी ।

**लङ्गडा–** ना० [सं० लङ्ग] लँगडा ।

**लङ्गडाउ-नु–** अ० क्रि० [लङ्गडो+आउ+नु] लँगडाउनु; खोच्याउनु ।

**लङ्गडो–** वि० [सं० लङ्ग] लँगडो; खँजाहा; खोरन्डो ।

**लङ्गर–** ना० [सं० लङ्गल > फा० लङ्गर] १. डुङ्गा, जहाज आदिलाई पानीका माझमा अडचाउनुपर्दा साङ्लामा झुन्डचाई तल पुग्ने गरी खसालिने ठूलो अङ्कुसे परेको फलामे सामान । २. लङ्गुर ।

**लङ्गुर१–** ना० [सं० लङ्गूल] १. लामो पुच्छर र कालो मुख हुने एक जातको बाँदर । २. बाँदरको पुच्छर । ३. पुच्छर । ४. खास गरी हिमालको अग्लो लामो डाँडो (जस्तो– महालङ्गूर) ।

**लङ्गुर२–** ना० [फा० लङ्गर] १. ठूलो खालको वा भित्ते घडीहरूको तलतिर झुन्डिएर हल्लिइरहने पुर्जाविशेष । २. घण्टाको रालो । **– बुर्जा–** ना० सुरथ, पान, इँट, चीड, ताज र लङ्गुरका बुट्टा भएको थर्कीमा चारपाटे तीनवटा गोटीले खेलिने जुवाको खेलविशेष ।

**लङ्गुरे–** वि० [लङ्गुरो+ए] १. लङ्गुरोजस्तो; लङ्गुरोको । २. अल्गो र सानो ।

**लङ्गुरो–** ना० [लङ्गुर+ओ] हाँगाबिँगा नभएको अग्लो, सुरिलो र सानो लाथ्रो ।

**लङ्घन–** ना० [सं०] १. नाघ्ने वा फट्कने काम; टाङमुनि पार्ने काम । २. आज्ञा, नियम, विधि आदिको अतिक्रमण; अटेऱ्याइँ । ३. बिरामी अवस्थामा केही नखाई बस्ने काम; भोकोबसाइ; निराहार । > **लङ्घनीय–** वि० नाघ्नु वा फट्कनुपर्ने; लङ्घन गर्न योग्य ।

**लङ्घित–** वि० [सं०] १. लङ्घन गरिएको; नाघिएको । २. पालन गरिएको; उल्लङ्घनीय; उपेक्षित ।

**लङ्घ्य–** वि० [सं०] १. नाघ्न वा फट्कन उचित; अतिक्रमण गर्न योग्य; लङ्घनीय ।

**लचक–** ना० [अ० मू०] १. लच्कने काम वा ढाँचा । २. हाउभाउको एक प्रकार; छाँटछन्द । (उदा०– नृत्यमा तिनको लचकले नै दर्शकहरू मुग्ध हुन्छन्) । **– ता–** ना० लचक हुनाको भाव वा अवस्था; कुनै लाम्चो वस्तुको तन्काइ; लच्काइ । **– दार–** वि० लचक भएको; लच्कने खालको; लच्किलो । ~ **लचक–** क्रि० वि० लगातार लच्कने चालसँग । > **लचकान्त–** ना० लच्काइको हद वा सीमा । **लचक्क–** क्रि० वि० १. सबै भार थाम्न नसकी निहुरने किसिमले; हाँगा आदि लच्किएर । (उदा०– हिजो बेलुकीको आँधीले त रूखको यत्रो हाँगो पनि लचक्क लच्काएछ) । २. गद्दा वा स्प्रिङदार गद्दी आदि थिचिने र उक्सने भएर; लच्याक्क । (उदा०– यस्तो लचक्क लच्किने सोफामा बस्न सबैले कहाँ पाउँछन् र !) ।

**लचिलो–** वि० [लच्क+इलो] १. लच्कने खालको; लचक्क हुने । २. नमनीय । **– पन–** ना० लच्कने भाव वा अवस्था ।

**लचेप्रो–** ना० १. घिउ, तेल आदिको चिल्लो लागेर भिजेको स्थिति । वि० २. त्यसरी भिजेको ।

**लच्क-नु–** अ० क्रि० [लचक्क+नु] १. छेउछाउ उचालिएर माझ वा बीचको भाग झोलिनु; झुन्डिएजस्तो हुनु; नुहुनु । २. बोझ थाम्न नसकी निहुरिनु । ३. जवानीले शरीरमा गहकिलोपन आएर हल्लनु; लस्कनु । ४. कुरामा डग्न खोज्नु । ५. धक मान्नु । > **लच्काइ–** ना० लच्कने वा लच्काउने भाव, क्रिया वा प्रक्रिया । **लच्काइनु–** क० क्रि० लच्कने गराइनु; निहुराइनु । **लच्काउनु–** स० क्रि०/प्रे० क्रि० १. खुट्टो खोच्याउनु; लेच्याउनु । २. लच्कने पार्नु; निहुराउनु; झोल्याउनु । **लच्किनु–** अ० क्रि० १. लच्कनु । २. लच्केको होइनु ।

**लच्किलो–** वि० [लचक+इलो] लच्कने खालको; लचकदार ।

**लच्के–** वि० [लच्क+ए] लच्किलो । ~ **लुतो–** ना० आङका विभिन्न ठाउँमा निको हुँदै सर्दै जाने एक प्रकारको चर्मरोग ।

**लच्को–** ना० [लच्क+ओ] लच्काइको खेप वा पटक ।

**लच्छा–** ना० [सं० लता] १. ऊन, धागो, तार आदिको गुच्छा; जरी, बादरा आदिको झुप्पो । २. गोडामा लगाइने प्रायः तारले बनेको एक किसिमको गहना ।

**लच्छिन–** ना० [सं० लक्षण] १. सप्रने वा बिग्रने कुराको आभास, सङ्केत वा सूचना; लक्षण; पहिचान; स्वरूप । २. फाप वा अफापको चिह्न; छुक । ३. चालढाल; ढाँचाकाँचा; ढङ्ग । ४. शकुन; शुभ साइत । ५. चाला; ढङ्ग । **– को–** वि० राम्रो लच्छिन भएको । > **लच्छिनी–** वि० १. राम्रो लच्छिन भएकी (स्त्री) । २. भलो हुने लक्षणले युक्त; राम्रो लच्छिन हुने ।

**लच्छिमी–** ना० [सं० लक्ष्मी] १. लक्ष्मी । २. राम्रो शीलस्वभाव भएकी स्त्री । ३. गाई ।

**लच्छी–** ना० [लच्छा+ई] लच्छाको लघु रूप; सानो लच्छा ।

**लच्याक्क–** क्रि० वि० [अ० मू० लच्याक्+क] अलि ठूलो बेगले लच्किने गरी; लचक्क ।

**लच्या–** वि० चिटचिट लाग्ने; लेसिएको; टाँसिने खालको ।

**लछार्‌-नु–** स० क्रि० [प्रा० लुच्छ+नु] १. बोक्रा, छाला आदि खुत्तिने गरी तान्नु; लछेर्नु; लाछ्नु । २. पछार्ने गरी घिच्च्याउनु;

घिसार्नु ।

**लछार**– ना० [लछार्+अ] लछार्ने काम; लुछाइ । ~**पछार**– ना० बेफिक्रीसँग लछार्ने र पछार्ने काम; खहरेतान; घिच्च्याइमुन्टचाइ । – **पाटो**– ना० १. बोको लाछेर नाङ्गिएको पाटो । २. कसैले गर्न लागेको कुनै काम गर्न नसक्ने ठहऱ्याई हियाएर व्यङ्ग्यपूर्वक भनिने शब्द । ३. पुरुषेन्द्रियको छाला सुर्केर निस्किएको भाग ।

**लछाराइ**– ना० [√ **लछार्** (+आइ)] लछार्ने भाव, क्रिया वा प्रक्रिया । [>] **लछारिनु**– क० क्रि० लाछिने गरी तानिनु; घिस्स्याइनु; लछेरिनु । **लछाऱ्याइ**– ना० लछेराइ । **लछाऱ्याइनु**– क० क्रि० लछार्ने पारिनु । **लछाऱ्याउनु**– प्रे० क्रि० लछार्न लाउनु; लछारिने पार्नु ।

**लछारो**– ना० [लछार+ओ] १. ठूलो हैरानी; अति परिश्रम । २. कामको बोझ । ~**पछारो**– ना० दसतिर दौडेर गरिने वा धपेडी पर्ने परिश्रम ।

**लछेर्-नु**– स० क्रि० [√ लछार+नु] हे० लछार्नु । > **लछेराइ**– ना० लछेर्ने भाव, क्रिया वा प्रक्रिया ।

**लछ्प्प**– क्रि० वि० [अ० मू० लछ्रप् +प] जीउमा टाँसिने किसिमले; सबै भिज्ने गरी; लुछुप्प ।

**लजाइ**– ना० [√ **लजाउ** (+आइ)] लजाउने भाव, क्रिया वा प्रक्रिया । [>] **लजाइनु**– अ० क्रि० लाज मानिनु ।

**लजाउनु**– अ० क्रि० [लाज+आउ+नु] १. लाज मान्नु; सर्माउनु । २. धक वा सङ्कोच मान्नु ।

**लजालु**– वि० [सं० लज्जालु] १. लाज मान्ने स्वभावको; लज्जाशील । २. बुहारीझार; लज्जावती ।

**लजेजडी**– ना० [भो० ब०] हिमाली भेकमा पाइने एक प्रकारको बुटी ।

**लजो**– ना० काम गर्ने साधन वा उपकरण (कुटो, कोदालो, खुकुरी, चक्कु, करौँती इ०) ।

**लज्जा**– ना० [सं०]१. मान्य जनका सामुमा पर्दा भित्रभित्रै उब्जने धक; सङ्कोच । २. अनुचित काम गर्दा, काम विफल हुँदा, शरीरका गुप्ताङ्गहरू देख्ता वा देखिँदा मुख देखाउन, कसैका सामु पर्न वा कसैका मुखमा हेर्न असमर्थ तुल्याउने मनोभाव; कुरीकुरी; सरम; लाज । ३. इज्जत; प्रतिष्ठा । > **लज्जालु**– वि० १. लाज मान्ने स्वभावको; लज्जाशील । २. विनयी; नम्र । ना० ३. लज्जावती । **लज्जावती**– वि० १. लज्जालु; स्वभावैले लाज मान्ने स्वभावकी (स्त्री) । ना० २. अमिलीका जस्ता पात तथा सेता वा राता फूल र डाँठ हुने, छुँदा खुम्चिने भुइँझार; बुहारीझार; छुइमुई; लाजवन्ती । **लज्जावान्**– वि० लाज मान्ने; लज्जाशील । **लज्जाशील**– वि० स्वभावैले लाज मान्ने; लज्जालु । **लज्जित**– वि० १. लाज मानेको; लजाएको । २. विनयशील ।

**लज्जे**– ना० [लज्जा+ए] लज्जावती; लाजवन्ती ।

**लटकन**– ना० [लट्क+अन] १. लट्केको वस्तु; लर्को । २. झल्लर; झालर; झुम्को ।

**लटक्क**– क्रि० वि० [अ० मू० लटक्+क] मरमसला, तेल आदि पुगेर तिहुनतरकारी वा अन्य कुनै खाद्य पदार्थ लदरो वा बाक्लो हुने गरी ।

**लटनपटन**– ना० [√ लटपट] १. अव्यवस्था वा बेफिक्रीबाट भएको गोलमाल; लथालिङ्ग स्थिति; लटरपटर । २. छलछाम गरेर पैसा हिनामिना गर्ने काम । ३. भद्रगोल; छ्यासमिस ।

**लटपट**– ना० [सं० लट्+पट्] १. गोलमाल; लटनपटन । २. छुतछात; लसपस । > **लटपटाइ**– ना० लटपटाउने भाव, क्रिया वा प्रक्रिया । **लटपटाइनु**– अ० क्रि० लटपटाउने होइनु; अकमकाइनु । **लटपटाउनु**– अ० क्रि० बोल्दा जिब्रो लर्बराउनु; अलमलिनु; अकमकाउनु । **लटपटिनु**– अ० क्रि० १. अल्झने किसिमले बेह्रिनु; लुटपुटिनु; लपेटिनु । २. मिसिनु । ३. अलमलिनु; अल्झनु । ४. लटचाङपटचाङ हुनु; लऱ्याङबऱ्याङ हुनु; कामको अल्झोमा पर्नु । ५. लाटलुट हुनु; लसपस हुनु । ६. सन्दिग्ध हुनु । **लटपटे**– वि० लटपट वा भद्रगोल गर्ने; गोलमाले; भताभुङ्ग पार्ने । **लटपटचाइ**– ना० लटपटिने तथा लटपटचाउने भाव, क्रिया वा प्रक्रिया । **लटपटचाइनु**– क० क्रि० लटपट परिनु । **लटपटचाउनु**– स० क्रि० १. गिलो र डल्लो वस्तु सुक्खा पदार्थमा मिसाउनु; लटपट पार्नु; लोटपोट पार्नु । २. अलमल्याउनु । ३. बेर्नु; लपेट्नु ।

**लटमुखा**– वि० [लाटो+मुख+आ] मौकामा बोल्न वा मनका कुरा प्रकट गर्न नसक्ने ।

**लटरपटर**– ना० [√ लटपट] १. गडबडी; गोलमाल; लटनपटन । २. छ्यासमिस; घुलमिल; लसपस ।

**लटरम्म**– क्रि० वि० [अ० मू० लटरम्+म] फलफूलले बोटबिरुवा नै ढाक्ने गरी; फल वा फूल झुप्पैझुप्पा भएर; भरेली ।

**लटरी**– ना० [अङ्०] नगद वा कुनै चीजको पुरस्कारप्राप्तिका लागि गोला झिकेर वा अन्य युक्ति अँगालेर खेलिने मौकाबाजीको खेल; चिट्ठा ।

**लटीपटी**– ना० [√ लटपट] सर्वस्व; सिरीखुरी; लट्टीपट्टी ।

**लट्क-नु**– अ० क्रि० १. कुनै मुद्दामामिला नछिनिएर वा कामकुरो आदि नटुङ्गिएर टाँगिइरहनु; बाँकी रहनु । २. झुन्डिनु; तुर्लुङ्ग हुनु; झोलिनु । > **लट्काइ**– ना० लट्कने तथा लट्काउने भाव, क्रिया वा प्रक्रिया । **लट्काइनु**– क० क्रि० लट्कने पारिनु; झुन्ड्याइनु । **लट्काउनु**– स०क्रि०/प्रे०क्रि० १. काम-कुरो नसिद्ध्याई अलमल्याइराख्नु; रोकिरहनु; टाँग्नु । २. लट्कन लाउनु; लट्कने पार्नु । **लट्किनु**– अ० क्रि० १. लट्कनु । २. लट्कने होइनु । **लट्क्याइ**– ना० लट्किने भाव, क्रिया वा प्रक्रिया ।

**लट्टा**– ना० [प्रा०] १. मयल, चोप आदिले जमेर डल्लोडल्लो परेको केश; गुजुल्टो परेको रौँ । २. चिउरा, चामल, गुन्द्रुक आदि बिग्रेर वा टाँसिएर भएको चपरो । ३. जोगीहरूको केशपाश; जटा ।

**लट्टाई**– ना० कथ्य० लटाइ । चङ्गा उडाउँदा धागो बेर्न प्रयोग

गरिने काठको बेलनाकार साधन ।

**लट्टि-नु–** अ० क्रि० [लट्टा+इ+नु] १. दुईतीन थरी वस्तु एकअर्कामा जेलिई वा टाँसिई एउटै गुजुल्टो हुनु; जोल्टिनु । २. मयल, चोप आदिले वा यस्तै लेसाइलो पदार्थले रौँ आदि जमेर डल्लो पर्नु; लट्टा पर्नु ।

**लट्टी–** ना० [लट्टा+ई] १. मुठो पारेको धागाको एक परिमाण; लरियो; लच्छा; लर्को । २. एक सय बीस गज धागो चक्का आकारमा बेरेको मुठो । – **पट्टी–** ना० श्रीसम्पत्ति; सिरीखुरी; सर्वस्व ।

**लट्टु१–** ना० [सं० लुट्] धागाले भेट्नुमा बेह्री झट्का दिएर च्याम्पटीझैँ घुमाउँदै खेलिने एक प्रकारका खेलौना; भुरुङ ।

**लट्टु२–** वि० [√ लट्ठ] १. मायापिर्तीमा नराम्रोसँग लागेको; आसक्त; लग्गू । २. कुनै काममा एकोहोरो लागेको ।

**लट्टे१–** ना० [प्रा० लट्टिअ] भिजाएको अनदीको चामल पानी नहालीकन घिउ वा तेलमा भुटेर खुदो आदि गुलियो मिसाई पकाएको खानेकुरो; चाम्रे; ढकनी ।

**लट्टे२–** ना० [प्रा० लट्टा] लाम्चा भुवादार पात हुने, गाढा राता वा सेता झुप्पाकार फूल फुल्ने एक बोट वा त्यसमा फल्ने ससाना दाना; नचनी; रामदाना ।

**लट्टे३–** वि० [लट्टा+ए] १. लट्टैलट्टा परेको; मयल वा लेसाइलो पदार्थले जमेको । २. जटाधारी; जटावाल; जटे । ~ **झाँक्री–** ना० लट्टावाल झाँक्री; लट्टा पालेको वनझाँक्री ।

**लट्टे पड्काइ–** ना० [लट्टे+पड्काइ] लट्टेका दाना भुट्दा पड्केझैँ छिटोसँग बोल्ने वा पढ्ने काम ।

**लट्टेपा–** ना० [लट्टे+पापा] भुटेको लट्टेलाई खुदोमा मुछेर बनाइएको रोटी ।

**लट्टो–** ना० [लट्टा+ओ] कुनै कामकुराप्रतिको एकोहोरो लगाव; आसक्ति ।

**लट्ट्याइ–** ना० [√ **लट्टि** (+याइ)] १. लट्टिने भाव, क्रिया वा प्रक्रिया । [लट्ट्याउ+आइ] २. लट्ट्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **लट्ट्याइनु–** क० क्रि० लट्टा पारिनु; लट्टा बनाइनु । **लट्ट्याउनु–** स० क्रि०/प्रे० क्रि० १. लट्टा पार्नु । २. धेरै वस्तुहरूलाई जोल्ट्याएर वा टाँसेर एउटै बनाउनु ।

**लटचाकलुटुक–** क्रि० वि० [अ० मू० लटचाक्+अ (द्वि०)] लटक्क पार्ने गरी; निदाउने, लोलाउने र ओइलाउने चालले ।

**लट्ठ–** वि० [प्रा०] १. लागू पदार्थको सेवनले ग्रस्त; नशा वा मदले चूर; लठ । २. सम्झना वा होस नरहेको । ३. प्रसन्न; मस्त; रद्द । ४. आलस्य, निद्रा आदिले ग्रस्त ।

**लट्ठक–** वि० [सं० लस्त] लठुवा; स्वाँठ; भुच्चुक; हलम्बु; लठिङ्गरे ।

**लट्ठा–** ना० [लट्ठी] १. इँट, ढुङ्गा, रोडा आदिले थामजस्तो बनाइएको अग्लो गाह्रो । २. लामो थाम; स्तम्भ । ३. दुई देशका बीच साँध छुट्ट्याउन बीचमा गाडिने वा बनाइने स्तम्भ; निसानढुङ्गो; साँधेढुङ्गो । ~ **झड्की–** ना० लामो डोरीलाई दुई छेउबाट तानातान गर्ने खेल (टग अफ वार) ।

**लट्ठालट्ठी–** वि० [लट्ठ+लट्ठ] मादक पदार्थ, निद्रा वा आलस्य आदिले सताइएको; लट्ठिएको; लट्ठ ।

**लट्ठिनु–** अ० क्रि० [लट्ठ+इ+नु] १. लट्ठ पर्नु; नशाले चूर हुनु; लग्गू हुनु । २. मोहित हुनु; रद्द पर्नु । ३. आलस्य, निद्रा आदिले सताइनु ।

**लट्ठी–** ना० [प्रा० लट्ठि < सं० यष्टि] बाँस वा काठको सोझो लामो टुक्रो; ठूलो दरो लौरो; लाठी; डन्डा; लाठो; सोट्टा । – **कासा–** ना० प्रत्येक खेलाडीले एकएकवटा लट्ठी लिई डुम भएका खेलाडीको लट्ठी हुत्त्याएर खेल्ने एक खेल ।

**लट्ठु–** वि० [लट्ठक+ऊ] लट्ठक; हरिलन्ठ ।

**लट्ठ्याइ–** ना० [√ **लट्ठि** (+याइ)] १. लट्ठिने भाव, क्रिया वा प्रक्रिया । [लट्ठ्याउ+आइ] २. लट्ठ्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **लट्ठ्याइनु–** क० क्रि० लट्ठ पारिनु । **लट्ठ्याउनु–** स० क्रि०/प्रे० क्रि० १. नशाले लट्ठ पार्नु; आलसतालस गराउनु । २. मोहित पार्नु; लस्त गराउनु । ३. निद्रा, आलस्य आदिले ग्रस्त पार्नु ।

**लटयाइ–** ना० [**लाटि** (+याइ)] लटयाउने भाव, क्रिया वा प्रक्रिया । [>] **लटयाइनु–** क० क्रि० लाटो पारिनु; लटयाउने काम गरिनु । **लटयाउनु–** स० क्रि० लाटो वा जडजस्तो पार्नु; विचेत तुल्याउनु ।

**लटयाकलुटुक–** क्रि० वि० [अ० मू० लटयाक्+अ (द्वि०)] लटक्क पर्ने गरी निदाउने, लोलाउने र ओइलाउने चालले ।

**लटयाङपटयाङ–** क्रि० वि० [√ लटपट] १. लापरबाहीका साथ काम टार्ने हिसाबले; लत्याङलुरुङ । २. नियमविधि आदि नपुऱ्याएर; आतेपाते । ३. कामचलाउका छाँटले पोत्ने वा लिप्ने गरी; लतपत । ४. हरहिसाबमा अलमल्याउने गरी; लन्ठ्याङलुन्ठुङ ।

**लटयाङ्ग्रो–** वि० [लाटो+याङ्ग्रो] १. पड्कारोसँग बोल्न नसक्ने; अस्पष्ट बोली भएको; तत्याङतुतुङ गर्ने । २. लाटो खालको; लठयाङ्ग्रो; लठेब्रो ।

**लठ–** वि० [√ लट्ठ] लट्ठ । – **पत्र–** ना० लथालिङ्ग; अलपत्र । – **बज्र–** वि० लठाबज्र ।

**लठरो–** वि० [√ लठेउरो] लाटो स्वभावको; लठेउरो ।

**लठाङ्ग्रि-नु–** अ० क्रि० [लाठो+याङ्ग्रि+नु] १. जोल्टिनु; लठारिनु; बटारिनु । २. झगडा गर्नु; बाझ्नु; जुध्नु । > **लठयाङ्ग्याइ–** ना० लठाङ्ग्रिने क्रिया वा प्रक्रिया ।

**लठाबज्र–** ना० [लट्ठक+बज्र] १. परस्परको ठूलो झगडा वा मारपिट । वि० २. बरबाद भएको; भताभुङ्ग भएको । ३. सँभाली नसक्ने खालको; बेसम्भार; लठबज्र ।

**लठारिनु–** अ० क्रि० [लठारो+इ+नु] १. लठारोजस्तै गरी बटारिनु; बाटिनु । २. लठाङ्ग्रिनु; जोल्टिनु । ३. झगडा गर्नु ।

**लठारो–** ना० [लट्ठ+आकार] १. बाबियो, फलामका तार आदिको

मोटो डोरी; लखाकी । २. लामो समयसम्म परिरहने झगडा । ३. नटुङ्गिएका कामको चापाचाप; झमेला । > **लठाऱ्याइ–** ना० लठारिने क्रिया वा प्रक्रिया ।

**लठिँगरे/लठिङ्गरे–** वि० [लाठो+इँगर/इङ्गर+ए] १. लठुवा; लट्टक । २. लबिधरे; लर्दू ।

**लठिबज्र–** वि० [लठी (लाठो)+बज्र] १. अलपत्रिँदो अवस्थाको; लठिबज्रे; लठाबज्र । ना० २. मेलोमेसो केही नभएको काम । ३. लट्ठी लिएर जुध्ने वीरहरूको समूह । > **लठिबज्रे–** वि० १. काम राम्ररी सँभालेर गर्न नसक्ने; काम गर्ने काइदा नजानेको । २. मेलोमेसो केही नपाइने ।

**लठुवा–** वि० [सं० लट+उवा] १. लट्टक; मूर्ख; लठिङ्गरे । २. लबिधरे; लर्दू ।

**लठेउरो–** वि० [लाटो+एउरो] लाटो स्वभावको; लठेप्रो; लठचौरो; लठरो ।

**लठेप्रो/लठेब्रो–** वि० [√ लठेउरो] लठेउरो । स्त्री० लठेप्री/लठेब्री ।

**लठैत–** ना० [लाठो+ऐत] लाठो लिएर हिँड्ने व्यक्ति वा व्यक्तिहरूको समूह ।

**लठ्याङ्ग्रिनु–** अ० क्रि० [लठ्याङ्ग्रो+इ+नु] लठाङ्ग्रिनु ।

**लठ्याङ्ग्रो/लठचौरो–** वि० [लाटो+याङ्ग्रो/यौरो] लट्टक; लठेउरो; लठेप्रो; लठेब्रो ।

**लड्–नु–** स० क्रि० [सं० लडन] १. लडाइँ गर्नु; जुध्नु; झगडा गर्नु; लाप्पालाप्पी खेल्नु । २. लोट्नु; पछारिनु; गिर्नु; ढल्नु । ३. लेट्नु; सुत्नु; पल्टनु । ४. नोकरीका निम्ति सेवाआयोग आदिका परीक्षामा सामेल हुनु; प्रतिस्पर्धामा भाग लिनु ।

**लडकपन–** ना० [लडको+पन] १. लडकाको स्वभाव वा प्रकृति; बालकपन; ठिटौली; ठिटचाइँ । २. नासमझ हुनाको स्थिति । ३. बाल्यावस्था ।

**लडकी–** ना० [लडको+इ] १. केटी; ठिटी । २. पुत्री; छोरी ।

**लडको–** ना० [सं० लड्] १. केटो; ठिटो; लडिका । २. पुत्र; छोरो ।

**लडखड–** क्रि० वि० [लड्+खडा] लड्दै-भिड्दै; दुःखका साथमा । > **लडखडाइ–** ना० लडखड गर्ने भाव, क्रिया वा प्रक्रिया । **लडखडाइनु–** क० क्रि० लरखराइनु । **लडखडाउनु–** अ० क्रि० लरखराउनु; धर्मराउनु ।

**लडन्त–** ना० [लड्+अन्त] लड्ने वा झगडा गर्ने काम; जुधाजुध; हातमिसामिस; भिडन्त; युद्ध; घमासान; लडभिड । > **लडन्ता/लडन्ते–** वि० लडन्त गर्ने स्वभावको; युद्धमा लागेको ।

**लडबड–** क्रि० वि० [सं० लड्] १. रोगले वा कमजोरीले चलहल गर्न नसक्ने गरी; हिँड्न र उभिन नसक्ने चालले; धरमर । २. डर, रोग, धक आदिले अस्पष्ट आवाज आउने गरी; लरबर । > **लडबडाइ–** ना० लडबडाउने भाव, क्रिया वा प्रक्रिया । **लडबडाइनु–** अ० क्रि० लडखडाइनु; लकपकाइनु; धर्मराइनु । **लडबडाउनु–** अ० क्रि० १. हिँड्न वा उभिन नसकेर धर्मराउनु वा लड्न खोज्नु । २. लकपकाउनु; लरबरिनु; धकाउनु । **लडबडिनु–** अ० क्रि० लडबडाउनु । **लडबडचाइ–** ना० लडबडिने भाव, क्रिया वा प्रक्रिया ।

**लडबुडिनु–** अ० क्रि० [लडीबुडी+नु] लुडबुडिनु । > **लडबुडचाइ–** ना० लुडबुडचाइ । **लडबुडचाइनु–** क० क्रि० लुडबुडचाइनु । **लडबुडचाउनु–** स० क्रि०/प्रे० क्रि० लुडबुडचाउनु ।

**लडभिड–** ना० [लड्+भिड्] परस्परमा लड्ने र भिड्ने काम; झैझगडा; कलह; लडन्त ।

**लडाइँ–** ना० [लड्+आइँ] १. दुई विरोधी दल वा पक्ष खास गरी सशस्त्र सैनिकहरू लड्ने र एक अर्कालाई मारपिट गर्ने काम; सङ्ग्राम; युद्ध; रण; लडन्त । २. झगडा; तकरार; कुटाकुट; मारमुङ्ग्री । **– भडाइँ–** ना० मिल्न लागेको लडाइँ फेरि भड्केर सुरु भएको अवस्था ।

**लडाइ–** ना० [√ **लड्** (+आइ)] १. लड्ने भाव, क्रिया वा प्रक्रिया । [लडाउ+आइ] २. लडाउने भाव वा क्रिया-प्रक्रिया । [ > ] **लडाइनु–** क० क्रि० लडन्त गराइनु; भिडाइनु । **लडाउनु–** स० क्रि०/प्रे० क्रि० १. परस्परमा लडन्त गराउनु; भिडाउनु; जुधाउनु । २. लोटाउनु; पछार्नु । ३. लेटाउनु; सुताउनु; ढाल्नु । ४. गुडाउनु । ५. लड्न लाउनु; लड्ने पार्नु ।

**लडाक–** ना० [लड्+आक] १. लडन्त; लडाइँ; झगडा । २. योद्धा; वीर; लडाका; लडाकू । ३. झगडालु; कचिङ्गलो । **– पन–** ना० लडाक हुनाको भाव वा अवस्था ।

**लडाका–** वि० [लड्+आका] खूब लड्न सक्ने; योद्धा; जोधा; लडाकी; लडाकू । > **लडाकी–** वि० १. लडाका; लडाकू । २. युद्धमा खूब लड्ने (स्त्री) । **लडाकू–** वि० १. लडाका । २. लडाइँका काममा आउने (जस्तो– लडाकू जहाज) ।

**लडाको–** [लड्+आको] आपसको मनोमालिन्य; कचिङ्गल ।

**लडिका–** ना० [√ लडको] लडको; ठिटो; केटो ।

**लडिनु–** क० क्रि० [लड्+इ+नु] १. लड्ने काम गरिनु; जुधिनु । २. लोटिनु; गिरिनु । ३. लेटिनु; सुतिनु । ४. सङ्घर्ष गरिनु । ५. ढलिनु ।

**लडिया–** ना० [सं० लड्+इया] गोरुगाडा; बयलगाडी ।

**लडीबडी–** ना० लडीबुडी ।

**लडीबुडी–** ना० [लड्+ई+बुड्+ई] १. भुइँमा ढलीमली गरेर लड्ने काम; लोटपोट; लडीबडी । २. भुइँमा गुड्दै खेलिने एक खेल । ३. रिसले वा चिन्ताले भुइँमा लोटपोट गर्ने काम ।

**लडु–** ना० [सं० लड्+उ] एउटा मात्र गोरुले तान्ने सबारीगाडा ।

**लडे–** वि० बो० गाईबस्तुलाई गाली गर्दा प्रयोग हुने शब्द ।

**लडेलो–** वि० [लाड्+एलो] प्यारो; प्रिय ।

**लड्डु–** ना० [सं० लड्डुक] चिनी, मैदा, घिउ आदि मिसाएर बनाइएको गोलो डल्लो मिठाई; मोदक ।

**लण्ड–** ना० [सं०] १. विष्ठा; मल; गुहु । २. लिङ्ग; शिश्न ।

**लत–** ना० [सं० रत] १. रक्सी, धूमपानजस्ता वस्तुको व्यसन । २. कुनै पनि नजाती काम वा कुराको अभ्यास; आदत; बानी ।

**लतक्क–** क्रि० वि० [अ० मू० लतक्+क] १. ज्यादा पाकेर गल्ने गरी । २. लेदो पदार्थ चुहिने भएर; लितिक्क; लुतुक्क ।

**लतपत–** क्रि० वि० [लत्त+पोत्] बेढङ्गसित जथाभाबी पोत्ने वा पोतिने गरी; गिलो वा लेसाइलो पदार्थ यताउति लाग्ने, टाँसिने किसिमले । > **लतपतिनु–** अ० क्रि० लतपत भई पोतिनु वा लिपिनु; लेपिनु; घसारिनु । **लतपत्याइ–** ना० लतपतिने भाव, क्रिया वा प्रक्रिया । **लतपत्याइनु–** अ० क्रि० लतपत पारिनु । **लतपत्याउनु–** प्रे० क्रि० लतपत पार्नु ।

**लतरी–** ना० [हि० लतर] केराउसँगै रोपिने तथा रविबालीमा हुने एक जातको दलहन; खेसरी ।

**लतलत–** क्रि० वि० [अ० मू० लत्+अ (द्वि०)] १. गिलो पदार्थ लगातार चुहुने गरी; लितितिति; लततत । २. गिलो वा लेदो पदार्थमा मुख गाडेर धमाधम खाएजस्तै गरी । > **लतलती–** क्रि० वि० अझ लतलत हुने गरेर ।

**लता–** ना० [सं०] १. रूख, थाँक्रो आदिमा चढ्ने वा जमिनमा फैलिने कमलो बालो; लहरो; बल्ली । २. शाखा । ३. सुकुमार स्त्री । ४. मोतीको लुङ । – **करञ्ज–** ना० काँडे कुबिराक्ष । ~**कस्तूरी–** ना० राता डाँठ र अँडिरका जस्ता पात हुने, पहेँला फूल फुल्ने तथा रामतोरियाँजस्ता भुसे कोसा लागी त्यसभित्रको गेडाबाट कस्तूरीको जस्तो बास्ना आउने एक बोट । ~**कुञ्ज–** ना० चारैतिर लहराले घेरिएर घरजस्तो बनेको ठाउँ; लतागृह । ~**गृह–** ना० लताकुञ्ज ।

**लताम–** ना० अम्बा; बेलौती ।

**लता मण्डप–** ना० [सं०] लताकुञ्ज; लतागृह ।

**लतार्–नु–** स० क्रि० [सं० लता+नु] १. भुइँमा घस्रने गरी तान्नु; लत्र्याउनु; घिस्स्याउनु । २. लटपट गर्नु; लटपटचाउनु । ३. पछार्नु; गिराउनु । ४. घुसार्नु । ५. घिउतेल आदिमा सागपात पकाउनु । ६. निहुराउनु; नुहाउनु । ७. धेरै खानु; घिच्नु । > **लतारिनु–** क० क्रि० १. लतार्ने काम गरिनु । २. घिसारिनु; पछारिनु; निहुराइनु । **लतार्‍याइ–** ना० लतार्ने भाव, क्रिया वा प्रक्रिया । **लतारपतार–** ना० १. पानी नहाली भुटुनकै भरमा ओल्टाई-पल्टाई पारी तरकारी पकाउने काम । २. कामचलाउ वा झारातिराइका किसिमले लिप्ने, लेख्ने वा कोर्ने काम ।

**लताहा–** वि० [लात+आहा] लात्ती हान्ने स्वभावको; दुर्छे (घोडा, भैँसी, गाई इ०) ।

**लतिका–** ना० [सं०] १. सानो लहरो । २. मोतीको लुङ ।

**लत्क–नु–** अ० क्रि० [लत्को+नु] लेदो वा गिलो वस्तु चुहुनु । > **लत्काइ–** ना० लत्कने तथा लत्काउने भाव, क्रिया वा प्रक्रिया । **लत्काइनु–** अ० क्रि० लत्कन लाइनु । **लत्काउनु–** स० क्रि०/प्रे० क्रि० १. मलत्याग गर्नु; बिस्टचाउनु । २. लत्कन लाउनु; चुहाउनु । **लत्किनु–** अ० क्रि० १. चुहिनु । २. लत्कनु ।

**लत्को–** ना० सिँगानको आँठो । २. लेदो पदार्थको एक खेपमा चुहिने भाग वा अंश ।

**लत्त–** क्रि० वि० [सं० लत्+त] लेदो वा गिलो पदार्थ एकै चोटि निस्कने वा निकाल्ने गरी; ल्यात्त; सात० लततत ।

**लत्तर–** ना० [सं० लता] लहरामा फुल्ने, लामो भेट्नु हुने एक जातको रङ्गीविरङ्गी बास्नादार झुप्पे फूल ।

**लत्ता–** ना० [सं० लता] १. कपडाको टुक्रो । २. फाटेको पुरानो कपडा । ३. लोता; फित्ता । ~**कपडा–** ना० लुगाफाटो; वस्त्र ।

**लत्तिनु–** अ० क्रि० [लात+इ+नु] १. नजानेर वा असावधानीका कारणले कुनै वस्तु वा व्यक्तिमाथि लात लाग्नु । २. पराजित हुनु; हार्नु; कायल हुनु । ३. उपेक्षित हुनु; बेवास्ता हुनु ।

**लत्तो–** ना० [सं० लता] १. उत्साह; जाँगर; साहस; हिम्मत । २. उद्योग; प्रयत्न ।

**लत्त्याइ–** ना० [√ **लत्ति** (+याइ)] लत्तिने भाव, क्रिया वा प्रक्रिया । [>] **लत्त्याइ–** ना० लत्त्याउने भाव, क्रिया वा प्रक्रिया । **लत्त्याइनु–** क० क्रि० लत्तिने पारिनु; लात्तीले हानिनु । **लत्त्याउनु–** स० क्रि०/प्रे० क्रि० १. लातले छुनु, हान्नु वा हिर्काउनु; लात्ती लाउनु । २. हार खुवाउनु; उठ्न नदिई निहुराउनु ।

**लत्याकलुतुक–** क्रि० वि० [अ० मू० लतक् >लत्याक्+अ (द्वि०)] १. पग्लने गरी गलेर वा पाकेर । २. थकाइ, बोझ, हार आदिले शरीरको फुर्ती वा तुजुक स्वात्तै हराउने गरी ।

**लत्याहा–** वि० तीनवटी छोरीछोरी पाइसकेपछि जन्मेको छोरो; तेल्याहा ।

**लत्र–नु–** अ० क्रि० [लत्रक्क+नु] १. आधार नपाई लहरोझैँ पसारिनु; झुन्डिनु; निहुरनु; झुक्नु; नुहुनु । २. शरणमा पर्नु; पस्रनु । ३. खस्नु; गिर्नु । ४. घमन्ड छाडेर नम्र हुनु । ५. लाचार वा विवश हुनु ।

**लत्रक्क–** क्रि० वि० [अ० मू० लत्रक्+क] १. निहुरने वा झुक्ने गरी । २. झुन्डिने चालले; लुत्रुक्क । ३. अभिमान, शक्ति आदि टुटेर । ४. पस्रेर शरणमा पर्ने चालसँग ।

**लत्राइ–** ना० [√ **लत्र** (+आइ)] १. लत्रने भाव, क्रिया वा प्रक्रिया । [लत्राउ+आइ] २. लत्राउने भाव, क्रिया वा प्रक्रिया । [>] **लत्राइनु–** क० क्रि० निहुराइनु । **लत्राउनु–** स० क्रि० १. लाचार गराउनु; विवश पार्नु । २. झुकाउनु; निहुराउनु । ३. झुन्डिएको वस्तुले जमिन छुवाउनु; लतार्नु ।

**लत्रि–नु–** अ० क्रि० [लत्र+इ+नु] १. लत्रनु । २. झुक्ने काम हुनु । >**लत्र्याइ–** ना० लत्रिने वा लत्र्याउने क्रियाप्रक्रिया । **लत्र्याउनु–** स० क्रि० लत्राउनु । **लत्र्याहट–** ना० लत्रिने भाव, अवस्था वा क्रियाप्रक्रिया; लत्र्याइ ।

**लत्र्याँस्स–** क्रि० वि० [अ० मू० लत्र्याँस्+स] थाकेर वा ओइलाएर लत्रिने गरी ।

**लत्र्याङ्‍ङ–** क्रि० वि० [अ० मू० लत्र्याङ्+ङ] हे० लत्र्यान्न ।

**लत्र्यान्न–** क्रि० वि० [अ० मू० लत्र्यान्+न] ज्यादै थकित भएर; शरीर चलाउन नहुने किसिमले गलेर ।

**लथरो–** वि० [लाथ्रो] १. मोटोघाटो भएर पनि तागत नभएको

(मान्छे) । २. भिजेर गह्रौं भएको (वस्तु) ।

**लथालिङ्ग–** क्रि० वि० बेथितिसँग मालमत्ता फिँजिएर; भताभुङ्ग; अस्तव्यस्त; अलपत्र; आफलताफल ।

**लदबद–** क्रि० वि० [√ लतपत] लेदो वा गिलो हुने गरी; दबदब; थलथल । > **लदबदे–** वि० लदबदो । **लदबदो–** वि० दबदबाउँदो; लदबदे; दबदबे ।

**लदरो–** ना० [√ लेदो] लेदो ।

**लदाइ–** ना० [√ **लाद्** (+आइ)] १. लाद्ने भाव, क्रिया वा प्रक्रिया । [लदाउ+आइ] २. लदाउने भाव, क्रिया वा प्रक्रिया । [>] **लदाइनु–** क० क्रि० लाद्न लाइनु; गह्रौं भारी बोकाइनु । **लदाउनु–** स० क्रि०/प्रे० क्रि० १. खूबसित काममा जोत्नु । २. तालिममा बेसरी घोट्नु । ३. गह्रौं भारी बोकाउनु ।

**लदाबदी–** क्रि० वि० [लदबद] १. प्रशस्त मात्रामा; धेरै; बहुत; खूब । वि० २. छेलोखेलो; आफलताफल; प्रशस्त ।

**लदिनु–** अ० क्रि० [लाद्+इ+नु] १. काममा खूब जोतिनु । २. तालिममा ज्यादै रगडिनु । ३. धसिनु । ४. गऱ्हौं भारी बोकिनु । ५. अर्काको भार हुनु ।

**लदुरो–** वि० [लाद्रो+उरो] खन्चुवा; धेरै खाने; खन्चुरो ।

**लद्दी–** वि० [प्रा०] भिजेर गिलो भएको; लदरो भएको; लेदो ।

**लद्दू–** वि० [लाद्+ऊ] १. कुनै काम पनि गर्न नसक्ने; बेकम्मा; लट्टक । २. छिटोछरितो नभएको; लोसे; जुम्सो । ना० ३. भरिया; कुल्ली ।

**लन्ठ–** वि० [सं० लट] मूर्ख; लट्टक । > **लन्ठक–** वि० लट्टक ।

**लन्ठन–** ना० [सं० लण्ड] १. पुरुषको जननेन्द्रिय; लिङ्ग, शिश्न । २. काम नलाग्ने व्यक्ति ।

**लन्ठा–** ना० कामकाजको झोज; टन्टा; झमेला; अलमल ।

**लन्ठाधिराज–** वि० [लन्ठ+अधिराज] अतिमूर्ख; महालन्ठ ।

**लन्ठि-नु–** अ० क्रि० [सं० लुण्ठ+नु] १. उद्योगव्यवसायमा नलागी त्यसै थन्किरहनु; निरुद्योगी हुनु । २. कामकुरा केही नगरी यताउति हल्लिरहनु । ३. अलपत्र हुनु ।

**लन्ठू–** वि० [सं० लुण्ठ] लट्ठू; लट्टक ।

**लन्ठ्याइ–** ना० [√ **लन्ठि** (+याइ)] १. लन्ठिने भाव, क्रिया वा प्रक्रिया । [लन्ठ्याउ+आइ] २. लन्ठ्याउने क्रिया वा प्रक्रिया । [>] **लन्ठ्याइनु–** क० क्रि० लन्ठिने पारिनु । **लन्ठ्याउनु–** प्रे० क्रि० लन्ठिने पार्नु ।

**लन्ठ्याङ–** ना० [सं० लुण्ठ] १. लन्ठिने काम वा चाल । वि० २. काम नलाग्ने । ~ **मन्ठ्याङ–** क्रि० वि० लन्ठ्याङलुन्ठुङ । – **लन्ठ्याङ–** क्रि० वि० कतै नहेरी वा हल्लँदै एकोहोरो हिँडिरहेर । ~ **लुन्ठुङ–** क्रि० वि० १. यताउति लन्ठिने गरी । २. जसोतसो गरेर काम पटाउने चालले; लन्ठ्याङमन्ठ्याङ ।

**लन्डन–** ना० [अङ्०] इङ्गल्यान्डको राजधानी ।

**लन्डि-नु–** अ० क्रि० [सं० लण्ड+इ+नु] १. लडीबडी गर्नु; गुड्नु । २. परीक्षामा प्रायशः असफल हुनु; गुल्टिनु । ३. निरुद्योगी हुनु; लन्ठिनु । ४. अलपत्र हुनु । > **लन्ड्याइ–** ना० लन्डिने भाव, क्रिया वा प्रक्रिया । **लन्ड्याइनु–** क०क्रि०लन्ड्याउने काम गरिनु । **लन्ड्याउनु–** प्रे० क्रि० लन्डिने तुल्याउनु; अलपत्र पार्नु; आफल्नु ।

**लपक्क–** क्रि० वि० [अ० मू० लपक्+क] १. लेसाइलो वस्तु टाँसिने गरी । २. गिलो खानेकुरा चाट्ने चालले; ल्याप्प । ३. लतक्क ।

**लपटो–** ना० [√ लपेटो] १. लपेट्ने वा बेर्ने काम; लपेटो । २. रबरको बेरुवा नली । ३. बेर्ने वस्तु । ४. लबटा ।

**लपनछपन–** ना० [√ लुकाउ+छिपाउ] १. लुकाउने र छिपाउने काम; ढाकछोप । २. ढाँट्ने र छकाउने काम; छलछाम; ढाँटढुट ।

**लपलप–** क्रि० वि० [अ० मू० लप्+अ (द्वि०)] खोले आदि पातलो खाने कुरो चाटेर खाने गरी; लुपुलुपु । > **लपलपाउनु–** स० क्रि० १. खाने चाहनाले जिब्रो बाहिर निकाल्नु; साह्रै चाट्न थाल्नु लपलप गर्नु । २. खानेकुरामा साह्रै लोभिनु । **लपलपे–** वि० जिब्रो लपलप गर्ने; खानामा लोभिने; लोभी ।

**लपेट्-नु–** स० क्रि० [सं० लिप्+नु] १. गुटुमुटु पार्नु; बेर्नु । २. फेरो मार्नु । ३. दुई हातले बेर्नु; अँगालो हाल्नु । > **लपेटाइ–** ना० लपेट्ने भाव, क्रिया वा प्रक्रिया । **लपेटाइनु–** क० क्रि० लपेट्न लाइनु । **लपेटाउनु–** प्रे० क्रि० लपेट्न लाउनु । **लपेटिनु–** क० क्रि० बेरिनु; अँगालो मारिनु । **लपेटुवा–** वि० १. लपेटिएको; बेरिएको । ना० २. फर्सीको जस्तो पात हुने, काँडादार साना फल फल्ने एक बोट वा त्यसैको फल; झिम्झिरीटा ।

**लपेटो१–** ना० [लपेट्+ओ] १. लपेट्ने वा बेर्ने काम; लपटो । २. लपेट्ने वस्तु । ३. रबरको बेरुवा नली ।

**लपेटो२–** ना० [सं० लपेटा] कसैलाई हत्केलाले दिएको थप्पड; लबटो ।

**लपेस–** ना० [नेवा० लप्ते] १. गाँसेर बिट नउठाइएको पातको टपरी । २. लाफो; पत्तल ।

**लप्काइ–** ना० [√ **लप्काउ** (+आइ)] लप्काउने भाव, क्रिया वा प्रक्रिया । [>] **लप्काइनु–** क० क्रि० लप्काउने काम गरिनु; चाटिनु ।

**लप्काउनु–** स० क्रि० [लप्को+आउ+नु] १. चाटेर खानु । २. धेरै खानु । ३. ठगी गर्नु; ठगेर खानु वा तान्नु ।

**लप्किनु–** क० क्रि० [लप्को+इ+नु] चाटिनु; धेरै खाइनु; ठगिनु; लप्काइनु ।

**लप्को–** ना० आगाको ज्वाला; लपट; मुस्लो; राँको ।

**लप्टन–** ना० [अङ्० लेफ्टिनेन्ट] १. जङ्गी सेवातर्फ कप्तानदेखि मुनिको एक सैनिक पद; उपसेनानी । २. अघिको अमिनी अदालतमा रहने हाकिम । > **लप्टनी–** ना० लप्टनको पद वा काम ।

**लप्प–** क्रि० वि० [अ० मू० लप्+प] लपक्क ।

**लप्पनछप्पन–** ना० हे० लपनछपन ।

**लप्रक्क**– क्रि० वि० [अ० मू० लप्रक्+क] लर्कने गरी; लर्काएर ।
**लप्सी**– ना० [भो० ब०] बकैनाका जस्ता पात हुने लस्सादार अमिलो गुदी भएको फल फल्ने एक वृक्ष वा त्यसैको फल; श्लेष्मान्तक; लौसी ।
**लफङ्गो**– वि० [फा० लपङ्ग] १. कुनै काम-कुरो नहेरी त्यसै लन्ठिएर हिँड्ने; कामकाजको रेखदेख नगर्ने; बेकम्मा । २. खराब आचरण भएको; बदमास ।
**लफन्दर**– वि० [√ लफन्धर] १. धेरै बोल्ने; बतौरे । > **लफन्दरे**– वि० लफन्दरो । **लफन्दरो**– वि० १. बेकम्मा; रद्दी । २. लफङ्गो ।
**लफन्धर**– वि० [सं० लपन+धर] १. धेरै बोल्ने; फतौरो । २. स्वास्नी मरेको; राँडो । > **लफन्धरी**– वि० १. धेरै बोल्ने (स्त्री); फतौरी । २. पोइ मरेकी; राँडी ।
**लफरलफर**– क्रि०वि० [√ लफलफ] लफलफाउने खालका लुगा हल्लाएर ।
**लफलफ**– क्रि० वि० [सं० लिप्त] १. पानी आदिले भिजेका लुगा लाउँदा शरीरमा बराबर टाँसिने गरी; लफ्ग्राक-लफ्ग्राक । वि० २. भिजेको; रुझेको । > **लफलफाइ**– ना० लफलफाउने भाव, क्रिया वा प्रक्रिया । **लफलफाइनु**– अ० क्रि० लफलफ होइन्‌ । **लफलफाउँदो**– वि० लफलफ गर्दो; भिजेर तर भएको । **लफलफाउनु**– अ० क्रि० १. लुगा भिजी शरीरमा च्याप्प-च्याप्प टाँसिनु । २. पानीले बेसरी रुझ्नु; निथ्रुक्क हुनु ।
**लफुङ्गो**– वि० हे० लफङ्गो ।
**लफ्रक्क**– क्रि० वि० [अ० मू० लफ्रक्+क] भिजेको वा लामो भएको लुगा हल्लने वा भुइँमा घस्रने चालसित; लफलफ ।
**लफ्ग्राकलफ्ग्राक**– क्रि० वि० [अ० मू० लफ्ग्राक्+अ (द्वि०)] १. भिजेको लुगा शरीरमा च्याप्प टाँसिने गरी; लफलफ । २. लफङ्गो भएर हिँड्ने चालसित; विनाकामले हल्लिएर ।
**लफ्ग्राक्क**– क्रि० वि० [अ० मू० लफ्ग्राक्+क] धेरै पाँजिएर लफ्रक्क हुने गरी ।
**लबज**– ना० [अ० लब्ज] १. शब्द; पद । २. वचन; बोली । ३. भन्ने तरिका; भनाइ । ४. अभिप्राय ।
**लबटो**– ना० [√ लपेटो] १. हर्थुङ्गोदेखि जोरेका औँलाका टुप्पासम्मको आकार; हत्केलो; लपेटो । २. त्यस्तो आकारले गरेको प्रहार; थप्पड ।
**लबटचाइ**– ना० [√ **लबटचाउ** (+आइ)] लबटचाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लबटचाइनु**– क० क्रि० लबटाले हानिनु ।
**लबटचाउनु**– स० क्रि० [लबटो+याउ+नु] १. लबटाले हान्नु; थप्प्याउनु । २. गाँस हाल्दै धमाधम खानु; गप्प्याउनु ।
**लबर**– वि० [सं० लपन] १. झूटो कुरा गर्ने; ढँटुवा; फटाहा । २. धेरै बोल्ने; गफडी; गफी । – **चट्टा**– वि० १. फटाइँ गरेर ठग्दै हिँड्ने । २. मुखले जगतै मार्ने । ~ **पाँडे**– वि० १. नाटकमा हास्यरसको अभिनय गर्ने (पात्र); विदूषक । २. ठटचौलो; हँस्सीमजाक गर्ने । ३. जतासुकै पनि कुरो ठिक्क पार्न जान्ने; लबारो । ~ **ल्वाँठ**– वि० लण्ठ; बेकम्मा । > **लबरी**– ना० लबरको काम वा स्वभाव । ~ **स्वाँठ**– वि० मूर्ख; गोबरगणेश; लद्दू ।
**लबरो**– वि० हे० लबर ।
**लबर्चट्टा**– वि० [लबर+चोट्टा] १. ढँटुवा; लबर्चट्टु; ढाँट । २. धूर्त; चोट्टा; ठग । ३. लफुङ्गो । > **लबर्चट्टु**– वि० लबर्चट्टो ।
**लबस्तरी**– ना० [लबस्तरो+ई] १. 'लबस्तरो'को स्त्रीरूप; नकच्चरी; फलफले । २. नहरनी वा छुरा उध्याउने छाला ।
**लबस्तरो**– वि० [सं० रभस्तर] १. लाज नभएको; नकचरो; निर्लज्ज; थेत्तरो । २. कामकुरामा बाधा पार्ने । ना० ३. नहरनी वा छुरा उध्याउने छाला । > **लबस्तऱ्याइँ**– ना० लबस्तराको भाव वा चाल ।
**लबार**– वि० [√ लबर] हे० लबर । ~ **चोट्टा**– वि० लबरचोट्टा । ~ **पाँडे**– वि० लबरपाँडे । > **लबारो**– वि० हे० लबार ।
**लबालब**– वि० [फा०] मुखसम्म हुने गरी भरिएको; टनाटन; भरिपूर्ण ।
**लबिधरे**– वि० [सं० लम्बोदर] मोटो र अग्लो कदको; ठूलो काँटको; लर्दु; धिरी ।
**लबेद**– ना० [सं० वेद] रूढिपरम्परा; पुरानो रीतिरिवाज; लोकाचार ।
**लबेदा**– ना० [फा० लबाद] मयलपोस; दौरा ।
**लब्ध**– वि० [सं०] १. हासिल गरिएको; प्राप्त । २. गणितमा भाग आदि गर्दा प्राप्त भएको (उत्तर; लब्धि; भागफल) । ३. बोध भएको । ४. कमाएको; अर्जित । – **काम**– वि० अभीष्ट काम पूरा भएको; इच्छित पदार्थ प्राप्त भएको । – **कीर्ति**– वि० प्रसिद्ध; विख्यात; नामुद; विश्रुत । ~ **प्रतिष्ठ**– वि० प्रतिष्ठित; लब्धकीर्ति ।
**लब्धाङ्क**– ना० [सं०] परीक्षा आदिमा प्राप्त भएको अङ्क; प्राप्ताङ्क । ~ **पत्र**– ना० लब्धाङ्क दिइएको पत्र (मार्कसिट) ।
**लब्धि**– ना० [सं०] १. प्राप्ति; अभिग्रहण । २. लाभ; फाइदा । ३. गणितमा भागफल ।
**लभनावली**– ना० [सं०] साधारण हरियो पात हुने करबीरका जातको एक वनस्पति ।
**लभानी**– ना० एक दुई फिट लामा पात हुने, झुप्पामा राता फूल फुल्ने र लप्सीका जस्ता फल फल्ने, सिउँडीका जातको बोटविशेष ।
**लभ्य**– वि० [सं०] १. पाउन योग्य; प्राप्त गर्न लायक । २. उपयुक्त; उचित । ३. सुबोध ।
**लमकझमक**– क्रि० वि० [लमक्क+झमक्क] झम्टन खोज्ने गरी; आक्रमण गर्ने चालसित; लम्कीझम्की ।
**लमकलमक**– क्रि० वि० [अ० मू० लमक्+अ (द्वि०)] लामो फड्का मारेर लगातार हिँड्ने गरी; लम्कने चालले; लमक्क ।
**लमक्क**– क्रि० वि० [अ० मू० लमक्+क] लामो फड्का हालेर हिँडेझैँ गरी; लम्कने चालले ।
**लमजुङ**– ना० [भो० ब०] नेपाल अधिराज्यको गण्डकी

अञ्चलअन्तर्गत पर्ने एक जिल्ला ।

**लमतन्न**– क्रि० वि० [लामो+तन्न] १. सुत्दा हातगोडा फिँजाएर; पसारिएर; लम्पसार; चित । वि० २. लामो हुने गरी तानिएको ।

**लमलम**– क्रि० वि० [अ० मू० लम्+अ (द्वि०)] हे० लमकलमक ।

**लमलस्ट**– वि०हे० लमिलस्ट ।

**लमाइ**– ना० [लामो+आइ] लामोपट्टिको एक रैखिक नाप; लम्बाइ ।

**लमि-नु**– अ० क्रि० [लामो+इ+नु] लामो हुनु; लम्बिनु ।

**लमिनी**१– ना० [लामा+इनी] लामा जातकी स्त्री; लमेनी ।

**लमिनी**२– ना० [लमी+नी] लमीको काम गर्ने स्त्री ।

**लमिलस्ट**– वि० वाक्क लाग्ने किसिमको; पटचारलाग्दो (गफ, कुरा इ०) ।

**लमी**– ना० [नेवा०] विवाहमा वरवधू दुवै पक्षमा कुराकानी मिलाउने व्यक्ति; लाँपू ।

**लमेनी**– ना० [लामा+एनी] लामा-जातिकी स्त्री; लमिनी ।

**लम्क-नु**– अ० क्रि० [लम्को+नु] लामो फड्का हालेर छिटो हिँड्नु; लमकलमक हिँड्नु; लस्कनु; दौडनु ।

**लम्कन्ना/लम्कन्ने**– वि० [लामो+कान+आ/ए] १. लामो कान भएको । ना० २. दन्त्यकथामा वर्णित लामा कान हुने दैत्य ।

**लम्काँक्री**– ना० [लामो+काँक्रो+ई] ककडी ।

**लम्काइ**– ना० [√ लम्क (+आइ)] १. लम्कने भाव, क्रिया वा प्रक्रिया । [लम्काउ+आइ] २. लम्काउने भाव, क्रिया वा प्रक्रिया । [>] **लम्काइनु**– क० क्रि० लम्कन लाइनु । **लम्काउनु**– स० क्रि०/प्रे० क्रि० १. हिँड्दा हातगोडा आदि छिटोछिटो चलाउनु; छिटो हिँड्न लाउनु । २. हातगोडा आदि तान्नु वा तन्काउनु । **लम्किनु**– अ० क्रि० १. लम्कनु । २. लामालामा पाइला गरी हिँड्नु ।

**लम्कीझम्की**– ना० [√ लमकझमक] कसैलाई झम्टने उद्देश्यले लम्कने काम; हमला गर्ने तालसुर; लमकझमक ।

**लम्को**– ना० [लम्क+ओ] १. लामो कदम; लामो फड्को । २. बाटाको केही लामो र सोझो अंश; लर्कन ।

**लम्कोसे**– वि० [लामो+कोस+ए] आँखाको कोस लामो भएको ।

**लम्चाइलो**– वि० [लाम्चो+आइलो] लाम्चो परेको; लाम्चिलो ।

**लम्चि-नु**– अ० क्रि० [लाम्चो+इ+नु] लाम्चो हुनु; लम्मिनु; तन्कनु । > **लम्च्याइ**– ना० लम्चिने वा लम्च्याउने क्रिया-प्रक्रिया । **लम्च्याइनु**– क० क्रि० लाम्चो पारिनु; केही लम्ब्याइनु । **लम्च्याइलो**– वि० लाम्चो परेको; लाम्चो आकारको । **लम्च्याउनु**– स० क्रि०/प्रे० क्रि० लाम्चो पार्नु; केही लम्ब्याउनु; तन्काउनु ।

**लम्छट**– वि० [हि० लम+छड] १. हार मिलेको; पङ्क्तिबद्ध; लाम वा ताँती मिलाइएको । २. हलक्क बढेको ।

**लम्तन्न**– क्रि० वि० हे० लमतन्न । > **लम्तन्ने**– वि० १. लम्बेतान; लामो । २. अग्लो; लबिधरे ।

**लम्पट**१– ना० [लम्ब+पट्ट] १. सानो खालको पातलो डस्ना । २. कार्पेट आदिमा बिछ्याइने वा परदेशको यात्राका समयमा प्रयोग गरिने करङ्गे डस्ना ।

**लम्पट**२– वि० [सं०] १. कामवासनाले आसक्त; विलासी; कामुक । ना० २. कामुक पुरुष । – **ता**– ना० लम्पट हुनाको भाव वा स्थिति ।

**लम्पसार**– वि० [लामो+पसार] १. हातगोडा पसारेर सुतेको; भुइँमा फैलेर पल्टेको । क्रि० वि० २. लमतन्न ।

**लम्फा**– ना० [अङ्० ल्याम्प] मटीतेल राखी बत्ती बाल्ने एक प्रकारको लालटिनजस्तो साधन; यारलम्फा ।

**लम्फू**– वि० [लफङ्गरे] १. काम गर्न नजान्ने वा काम नपाएको; लफङ्गो; बेकारी । २. लट्ठक; मूर्ख; लखनटट्टू ।

**लम्ब**– ना० [सं०] १. कुनै एक सरल रेखामा समकोण बन्ने गरी खिचिएको अर्को सरल रेखा । वि० २. लामो; विस्तीर्ण; दीर्घ; विशाल । ३. सीधा उठेको; ठाडो । – **कर्ण**– वि० १. लम्कन्ना । ना० २. बाख्रो । ३. हात्ती । ४. राक्षस; पिशाच । ५. प्रताप मल्लका समयमा आएका एक दाक्षिणात्य तान्त्रिक ब्राह्मण ।

**लम्बर**– ना० [अङ्० नम्बर] १. नम्बर; सङ्ख्या । २. अङ्क ।

**लम्बरी**– वि० [लम्बर+ई] १. लम्बर भएको; नम्बरी । २. असल; उम्दा (सुन) । ना० ३. सय रुपियाँ वा त्यसभन्दा माथिको नोट । ४. सरकारद्वारा विशिष्ट विद्वान्‌लाई दिइने मान वा मर्यादा । ~ **जग्गा**– ना० जोतवालाकै नाउँमा भएको जग्गा ।

**लम्बा**– वि० [सं० लम्ब] १. लामो; लम्ब । ना० २. सर्प; लाम्कीरो ।

**लम्बाइ**– ना० [लम्ब+आइ] लमाइ । ~ **चौडाइ**– ना० १. लामो र चौडाको नापो; गज र लमाइको नाप । २. विस्तार; फैलावट । – **को एकाइ**– ना० रैखिक नापको सबभन्दा सानो परिमाण ।

**लम्बा चौडा**– वि० [लम्बा+चौडा] १. लामो र फराकिलो । २. विस्तारमा फैलाइएको; विवरणयुक्त; लम्बेचौडे (गफ, लेख आदि) । ३. ज्यादा लामो; लमलस्ट ।

**लम्बि-नु**– अ० क्रि० [लम्ब+इ+नु] हे० लम्मिनु ।

**लम्बिका**– ना० [सं०] रुद्रघण्टी; किलकिले; उपजिह्वा ।

**लम्बित**– वि० [सं०] १. झुन्डिएको; लत्रेको; नुहेको; लट्किएको । २. स्थगित । ३. कसैको आडभरोसामा रहेको; अवलम्बित; आश्रित ।

**लम्बुकोट**– ना० [लम्ब+कोट] घुँडासम्म आउने न्यानो खालको कोट; टपकोट; ओभरकोट ।

**लम्बे**– वि० [लम्ब+ए] लामो; लम्बा; दीर्घ; विशाल । ~ **चौडे**– वि० लम्बाचौडा । – **तान**– वि० धेरै लामो; खूब लम्बा ।

**लम्बोत्तर**– वि० [सं०] लाम्चो; लम्स्याइलो ।

**लम्बोदर**– ना० [सं०] १. गणेश । वि० २. ठूलो भुँडी भएको; भुँडे ।

**लम्ब्याइ**– ना० [√ **लम्बि** (+याइ)] १. लम्बिने भाव, क्रिया वा प्रक्रिया । [लम्ब्याउ+आइ] २. लम्ब्याउने भाव, क्रिया वा प्रक्रिया । [>] **लम्ब्याइनु**– क० क्रि० लामो गराइनु; लम्म्याइनु । **लम्ब्याउनु**– स० क्रि० पार्नु; लम्म्याउनु ।

**लम्मि-नु**– अ० क्रि० [लामो+इ+नु] १. लामो हुनु; लम्बिनु । २.

तन्किनु; तानिनु । ३. ढिलो हुनु; विलम्ब हुनु; टाँगिनु । >**लम्म्याइ–** ना० लम्मिने वा लम्म्याउने भाव, क्रिया वा प्रक्रिया । **लम्म्याइनु–** क० क्रि० लामो पारिनु; तन्काइनु । **लम्म्याउनु–** स० क्रि० १. लामो पार्नु; टँगाउनु । २. ढिलो गर्नु; विलम्ब गर्नु ।

**लम्ग्राङलुम्रुङ–** ना० [अ० मू० लम्ग्राङ्+अ (द्वि०)] १. लुम्रो चाल; लोसो हिँडाइ । क्रि० वि० २. त्यस्तो चालले हिँडेर ।

**लम्लस्ट–** वि० [√ लमिलस्ट] लामो र पटचार लाग्ने खालको (कुरा); लमिलस्ट ।

**लम्स्याइलो–** वि० [लाम्चो+याइ+लो] १. लाम्चो छाँटको; लामो भएर पसारिएको (ठाउँ) । २. लामो र सलसलाउँदो (हात-गोडा आदि) ।

**लय–** ना० [सं०] १. एक वस्तु अर्का वस्तुमा चिन्न र छुट्ट्याउन नसकिने किसिमले मिलेको अवस्था; मिलान; विलय । २. गहन एकाग्रता; मनको लीनता; तल्लीनता । ३. सृष्टिको अन्तमा हुने महानाश; विनाश; विघटन; प्रलय । ४. प्रच्छन्नता; अदृश्यता; अदर्शन । ५. सङ्गीतमा स्वरको आरोह र अवरोहको विशेष तीन क्रम (विलम्बित, मध्य र प्लुत) । ६. विश्रामस्थल; आवास; निवास । ७. आलिङ्गन । ८. आराम । ९. कुनै काम जान्नका लागि चाहिने तन्मयता; लयो । **– दार–** वि० १. लय भएको; साङ्गीतिक । २. राम्रो; सुन्दर । ३. आनन्दप्रद ।

**लयस१–** ना० [अङ्० लेस] सुन्दरताका लागि पोसाकको किनारमा जडिने रेसम आदिको फित्ता; पट्टा; गोटा; लैस ।

**लयस२–** वि० उत्तम वस्त्र, गहना आदिले सजिसजाउ भएको; झरिझुट्ट; लैस ।

**लयालु/लयालो–** वि० [सं० लय+आलु/आलो] १. झोल र चौटा नछुट्टिने गरी एकै ठाउँमा मिसिएको; गाढा पन्यालो । २. एकनास भएर मिलेको; लयदार ।

**लयो–** ना० [सं० लय] १. कुनै काम सिक्न चाहिने एकाग्रता; तन्मयता । २. कुनै कामकुरो थाहा पाउन वा सिक्न तल्लीन भएर लाग्ने काम । ३. काम गर्ने फुर्ती; जाँगर ।

**लरक्क–** क्रि० वि० [अ० मू० लरक्+क] १. लर्कने वा लट्कने गरी । २. थालेको कामकुरो सफल नहुँदा उत्साह मर्ने चालसित ।

**लरखर–** क्रि०वि० [√ लरलर] विनाकाम यताउति लरखरिने गरी; लर्खरिने चालले । >**लरखराइ–** ना० लरखराउने भाव, क्रिया वा प्रक्रिया । **लरखराइनु–** अ० क्रि० लरखर गरिनु । **लरखराउनु–** अ० क्रि० विनाकाम यताउति हिँड्नु; लरखरिनु । **लरखराहट–** ना० लरखराउने स्थिति, क्रिया वा प्रक्रिया । **लरखरिनु–** अ० क्रि० लरखराउनु । **लरखऱ्याइ–** ना० लरखरिने भाव, क्रिया वा प्रक्रिया । **लरखऱ्याइनु–** क० क्रि० लरखरिने पारिनु । **लरखऱ्याउनु–** प्रे० क्रि० बहकाउनु; अलमल्याउनु । **लरखऱ्याहट–** ना० लरखरिने भाव, स्थिति वा क्रियाप्रक्रिया; लरखऱ्याइ ।

**लरझर–** ना० [सं० लल् (द्वि०)] कसैकहाँ आउजाउ गर्ने वा अन्य प्रकारले सम्बन्ध स्थापना गर्ने क्रम वा काम ।

**लरबर–** क्रि० वि० [लरखर] १. विनाकाम हल्लने गरी; लरखर । २. डर, लाज, सङ्कोच, दुर्बलता, धक, मात आदिका कारणले मुखबाट लरबराएर शब्द निस्कने गरी; लडबड । ३. रोग, कमजोरी आदिका कारणले शरीर शिथिल भई राम्ररी टेक्न नसक्ने भएर । >**लरबराइ–** ना० लरबराउने भाव, क्रिया वा प्रक्रिया । **लरबराइनु–** अ० क्रि० लरखराइनु; बोली लडबडाइनु । **लरबराउनु–** अ० क्रि० १. विनाकाम यताउति हिँडडुल गर्नु; लरखराउनु । २. बोली लटपटिनु; लडबडाउनु । ३. कमजोरी आदिले गोडा काम्नु । **लरबरिनु–** अ० क्रि० लऱ्याङबऱ्याङ गर्नु; लटपटिनु; लरबराउनु । **लरबरे–** वि० लरबर गर्ने स्वभावको । **लरबऱ्याइ–** ना० लरबरिने तथा लरबऱ्याउने क्रियाप्रक्रिया । **लरबऱ्याइनु–** क० क्रि० अलमल्याइनु । **लरबऱ्याउनु–** स० क्रि० १. अर्काको काम बिगार्ने नियत लिएर गोलमाल गर्नु; अलमल्याउनु; लऱ्याङबऱ्याङ गर्नु । २. मुछ्नु; लटपटचाउनु । ३. रोग वा कमजोरीले गोडा धरमर पार्नु । **लरबऱ्याहट–** ना० लरबरिने काम, किसिम वा अवस्था ।

**लरलगानी–** ना० [(द्वि०) लगानी] ब्याजमा रुपियाँ लगाउने वा सापटी दिने काम ।

**लरलर–** क्रि० वि० [अ० मू० लर्+अ (द्वि०)] एकोहोरिएर हिँड्ने गरी; लुरुलुरु; लुइँलुइँ ।

**लरिक–** वि० १. फस्टाएको; सलक्क बढेको । २. सप्लाएको; लायकको (प्राणी) ।

**लरियो–** ना० [√ लरी] धागो, डोरी आदिको सानो अर्को गुच्छो; लट्टी; लरी ।

**लरी१–** ना० [अङ्०] मालमत्ता ओसार्ने, पछाडि छत खुला भएको ठूलो मोटर; मालवाहक मोटर; लहरी ।

**लरी२–** [सं० लतिका] १. धागो, पोते आदिको सानो लट्टी; लरियो । २. धागो, पोते आदि बेरेको लाम्चो किसिमको गुच्छो ।

**लर्क–नु–** अ० क्रि० [लट्क+नु] १. लट्कनु; झोलिनु; झुन्डिनु । २. लटकलटक हल्लनु । ३. असफल भई फर्कनु; निराश भएर फिर्नु । ४. सर्कनु । >**लर्कन–** ना० १. लर्कने वस्तु; झोल्लिने चीज (झल्लर, झुम्का आदि) । २. धान गोड्दा नलले नपाछोस् भनी निगाला वा नर्कटका ढुङ्ग्रा उनी जालीजस्तो बनाइएको, ज्यामीले नाडीमा लगाउने उपकरण । ३. एक बिसाउनीदेखि अर्को बिसाउनीसम्मको हिँडाइ; वेग । ४. नेटो वा मोड नआउँदासम्मको सोझो बाटो । **लर्काइ–** ना० लर्कने वा लर्काउने भाव, क्रिया वा प्रक्रिया । **लर्काइनु–** क० क्रि० लट्काइनु । **लर्काउनु–** स० क्रि०/प्रे० क्रि० १. लट्काउनु; झुन्ड्याउनु । २. हिस्स्याएर फर्काउनु ।

**लर्को१–** ना० [√ लरी] पोते, धागो आदिको लरी ।

**लर्को२–** ना० [फा० लङ्कर] मानिस आदि हिँडेको लामो ताँती; लस्कर; पङ्क्ति; लाम । ~**सर्को–** ना० छोइदिल्लगी; छेडखान ।

**लर्क्याइ–** ना० [लर्कि+याइ] लर्किने क्रिया वा प्रक्रिया ।

**लर्खर**– क्रि० वि० लरखर । >**लर्खराइ**– ना० लरखराइ । **लर्खराइनु**– क० क्रि० लरखराइनु । **लर्खराउनु**– अ० क्रि० लर्खराउनु । **लर्खराहट**– ना० लरखराहट । **लर्खरिनु**– अ० क्रि० लरखरिनु । **लर्खऱ्याइ**– ना० लरखऱ्याइ । **लर्खऱ्याइनु**– क० क्रि० लरखऱ्याइनु । **लर्खऱ्याउनु**– प्रे० क्रि० लरखऱ्याउनु । **लर्खऱ्याहट**– ना० लरखऱ्याहट ।

**लर्तरो**– वि० [सं० लल्+तर्+ओ] १. मामुली; साधारण; सामान्य । २. चानचुने; भारेभुरे ।

**लर्दु**– वि० [सं० लम्बोदर] अग्लो कदको; लबिधरे; धिरी ।

**लर्बर**– क्रि० वि० लरबर । >**लर्बराइ**– ना० लरबराइ । **लर्बराइनु**– अ० क्रि० लरबराइनु । **लर्बराउनु**– अ० क्रि० लरबराउनु । **लर्बराहट**– ना० लरबराहट । **लर्बरिनु**– अ० क्रि० लरबरिनु । **लर्बऱ्याइ**– ना० लरबऱ्याइ । **लर्बऱ्याइनु**– क० क्रि० लरबऱ्याइनु । **लर्बऱ्याउनु**– स० क्रि० लरबऱ्याउनु ।

**लऱ्याकलुरुक**– क्रि० वि० [अ० मू० लऱ्याक्+अ (द्वि०)] १. ओइलाउने वा खुम्चने गरी । २. वश पार्ने चालसित ।

**लऱ्याङतऱ्याङ/लऱ्याङबऱ्याङ/लऱ्याङमऱ्याङ/लऱ्याङलुरुङ**– क्रि० वि० [लऱ्याङ्+अ (द्वि०)] १. जसोतसो गरी काममा सुस्ती ल्याउने चालसित; अल्याङमल्याङ । २. रोग वा कमजोरीका कारणले सुस्तरी काम गर्ने वा हिँड्ने गरी । ३. लापरबाही वा उपेक्षापूर्वक कामकुरो गर्ने गरेर ।

**लल**– निपा० १. अरूको कुरा स्वीकार वा मन्जुर गर्दा भनिने शब्द । २. प्रेरणा, प्रोत्साहन वा उत्तेजना दिनका निम्ति प्रयोग गरिने शब्द; लौलौ । वि० बो० ३. कुनै खतरा, बिगार वा आपत् आइपर्दा आत्तिएर बोलिने शब्द ।

**ललकार्-नु**– स० क्रि० [ललकार+नु] लडाइँ, झगडा आदिका निम्ति आह्वान गर्नु; युद्धका लागि हाँक दिनु; ललकार गर्नु ।

**ललकार**– ना० [प्रा० लल्लक्क] १. लडाइँ, झगडा आदिका निम्ति गरिने आह्वान; हाँक; चुनौती । २. हप्काइ; दप्की ।

**ललकाराइ**– ना० [√ **ललकार्** (+आइ)] लडाइँ आदिमा हाँक वा चुनौती दिने काम; ललकार्ने भाव, क्रिया वा प्रक्रिया । [>] **ललकारिनु**– क० क्रि० हाँक दिइनु ।

**ललचाइ**– ना० [√ **ललचाउ** (+आइ)] ललचाउने भाव, क्रिया वा प्रक्रिया । [>] **ललचाइनु**– क० क्रि०/अ० क्रि० १. लोभ्याइनु । २. लोभिनु ।

**ललचाउनु**– स० क्रि० [लालच+आउ+नु] १. अरूको मनमा लालच जगाउनु; लोभ्याउनु । अ० क्रि० २. लालचमा पर्नु; लोभिनु ।

**ललचि-नु**– अ० क्रि० [लालच+इ+नु] लालचमा पर्नु; लोभिनु; लोभमा पर्नु; लुब्ध हुनु । > **ललच्याइ**– ना० ललचिने वा ललच्याउने क्रियाप्रक्रिया । **ललच्याइनु**– क० क्रि० ललचाइनु । **ललच्याउनु**– स० क्रि० ललचाउनु । **ललच्याहट**– ना० ललचिने भाव, स्थिति वा क्रियाप्रक्रिया; ललच्याइ ।

**ललन**– ना० [सं०] १. खेलबाड; क्रीडा; आमोदप्रमोद । २. जिब्रो बाहिर निकाल्दै ल्यापल्याप गर्ने काम । ३. केटाकेटी; भुराभुरी ।

**ललना**– ना० [सं०] १. कामिनी । २. सुन्दरी स्त्री । ३. जिब्रो । ४. बिलौना; ललौरी । >**ललनिका**– ना० ललना; स्त्री ।

**ललनी/ललहनी**– ना० हे० ललहरी ।

**ललहरी**– ना० आफ्ना दुःख, पीर आदि अरूसित पोख्ने काम; दुःखबेसाइ; बिलौना ।

**ललाइ**– [√ **ललाउ** (+आइ)] मीठा कुराले फकाउने काम; ललाउने क्रिया वा प्रक्रिया । – **फकाइ**– ना० ललाउने र फकाउने काम । [>] **ललाइनु**– क० क्रि० ललाउने काम गरिनु; फकाइनु । **ललाइनु-फकाइनु**– क० क्रि० ललाइफकाइ गरिनु ।

**ललाउ-नु**– स० क्रि० [सं० ललन+आउ+नु] मीठा कुरा गरेर मनाउनु वा भुलाउनु; फकाउनु; फुल्याउनु । ~ **फकाउनु**– स० क्रि० मीठामीठा कुरामा भुलाएर आफूले भनेको मान्ने गराउनु; ललाइफकाइमा पार्नु ।

**ललाट**– ना० [सं०] १. मस्तक; माथ; निधार । २. पुर्पुरो; चाँदो । ३. भाग्य; प्रारब्ध ।

**ललाम**– वि० [सं०] १. राम्रो; मनोहर । २. प्रिय । ३. श्रेष्ठ; उत्तम । ना० ४. गहना; अलङ्कार; आभूषण । ५. रत्न । ६. झन्डा; पताका ।

**ललित**– वि० [सं०] १. चित्त प्रसन्न पार्ने; मनपर्दो; प्यारो; प्रिय । २. सुन्दर; मनोहर; रमणीय । ३. कोमल; नरम; मृदु । ४. अभिलषित; अभीष्ट । ५. लावण्यमय । ना० ६. प्रस्तुत कार्य वा घटनालाई प्रत्यक्षरूपमा वर्णन नगरेर त्यस्तै अरू कुनै कार्य वा घटनाको उल्लेख गर्दा पर्ने एक काव्यालङ्कार । ~ **कला**– ना० मनका सूक्ष्म भाव सुकुमार तथा सौन्दर्यपूर्णरूपमा अभिव्यञ्जित हुने कला अर्थात् वास्तु, मूर्ति, सङ्गीत, चित्र आदि कला (फाइन आर्ट्स) । – **पत्तन**– ना० ललितपुर । – **पुर**– ना० १. काठमाडौँ उपत्यकाभित्रको एक जिल्ला । २. पाटन सहर । ~ **विस्तार**– ना० बुद्धको चरित्रको वर्णन गरिएको एक प्रसिद्ध बौद्ध ग्रन्थ ।

**ललिते**– वि० [ललित+ए] १. रूप र सीपको अभिनय गर्ने । २. मीठो कुरा गरेर प्रभाव पार्ने । ३. चिप्ला कुरा गरेर अरूलाई मोहित तुल्याउने; बेसारे । > **ललित्याइँ**– ना० ललिते छाँट वा चाल ।

**ललौरा**– ना० [सं० ललन+औरा] व्यर्थको गन्थन वा गनगन; ललौरी ।

**ललौरी**– ना० [सं० ललन+औरी] १. ललना; ललौरा । २. ललौराको स्त्री रूप । ~ **फकौरी**– ना० ललौरी गाउँदै फकाउने काम । ~ **बिलौरी**– ना० ललौरी गाउँदै बिलौना गर्ने काम; गनगन र बिलौना ।

**ललौरे**– वि० [ललौरा+ए] ललौरा गाउने; व्यर्थको गन्थन गर्ने ।

**लल्याकलुलुक**– क्रि० वि० [अ० मू० लल्याक्+अ+लुलो] १. शारीरिक दुर्बलताका कारणले गलेर; क्लान्त हुने गरी । २. फितलो; लुलो

वा लचिलो भएर जता लग्यो उतै हल्लने गरी; थामिन नसक्ने चालसित; लल्याङलुलुङ ।

**लल्याङलुलुङ–** क्रि० वि० [अ० मू० लल्याङ्+अ+लुलो] हे० लल्याकलुलुक ।

**लव–** ना० [सं०] १. सानो भाग; खण्ड; टुक्रो । २. थोरै परिमाण; अल्पमात्रा । ३. समयको सूक्ष्म विभाग; छत्तीस निमेषको समय । ४. हानि; नोक्सानी । ५. क्रीडा । ६. ऊनी; पस्मिना । ७. रामका एक छोराको नाम ।

**लवङ्ग–** ना० [सं०] ल्वाङको लहरो वा त्यसैको फूल; ल्वाङ ।

**लवण–** ना० [सं०] १. नुन । **– असुर–** ना० १.शत्रुघ्नद्वारा मारिएको, मधु राक्षसको एक छोरो । २. एक नरकको नाम । ~ **समुद्र–** ना० क्षारसमुद्र । > **लवणाकर–** ना० नुनको खानी; समुद्र; जलाशय । **लवणोत्तम–** ना० सिँधेनुन; यवक्षार ।

**लवलेश–** ना० [सं०] ज्यादै थोरै परिमाण; स्वल्प मात्रा ।

**लवसुम्लो–** ना० [सं० लव+सुम्लो] बारीमा बार बार्न प्रयोग गरिने ठूलो घोचो वा लाठो; गजबार ।

**लवाइ–** ना० [लाउ+आइ] १. लाउने भाव, क्रिया वा प्रक्रिया; लाउने ढङ्ग । २. पहिरन ।

**लसकन्डे–** वि० [सं० लस+कन्डो] हलचल गर्न नचाहने; बसेको बस्यै गर्ने ।

**लसकमसक ⁄ लसकलसक–** क्रि० वि० [अ० मू० लसक्+अ (द्वि०)] हात्ती आदि हिँडेझैँ गरी; लस्काइका चालमा ।

**लसक्क–** क्रि० वि० [अ० मू० लसक्+क] लस्कने चालसित ।

**लसपस–** [अङ्० लम्स+सं० स्पर्श] १. संसर्ग छातछूत; छुवाछूत । २. स्त्री र पुरुषका बीचको अनैतिक गुप्त सम्पर्क; व्यभिचार । > **लसपसिनु–** अ० क्रि० लसपस हुनु; संसर्ग हुनु; आसक्त हुनु; लहसिनु; रतिनु; फस्नु । **लसपसे–** वि० लसपस गर्ने । **लसपस्याइ–** ना० लसपसिने वा लसपस्याउने क्रियाप्रक्रिया । **लसपस्याउनु–** प्रे० क्रि० लसपसमा पार्नु । **लसपस्याहट–** ना० लसपसिने काम, किसिम वा स्थिति ।

**लसुन–** ना० [सं० लशुन] सुगन्धराजका जस्ता लामालामा हरिया पात हुने र पोटीका रूपमा कन्द हुने, मसाला तथा औषधीका रूपमा प्रयोग हुने, प्याज वा छ्यापीका जातको बोट वा त्यसको कन्द; लशुन; लहसुन । > **लसुने–** वि० १. लसुन खाने । २. लसुनको जस्तो गन्ध आउने । ना० ३. रिट्ठाका जस्ता हरिया र चिल्ला पात हुने, रङ्गीबिरङ्गी फूल फुल्ने एक वृक्षविशेष ।

**लस्क–नु–** अ० क्रि० [सं० लस्+नु] हात्ती वा त्यस्तै कुनै मोटो प्राणी हिँड्नु; लम्कनु; हात्ती हिँडेझैँ गरी हिँड्नु ।

**लस्कर–** ना० [फा० लश्कर] मानिस वा अन्य जीवको लामो ताँती; लर्को; लाम; पङ्क्ति ।

**लस्करी–** ना० [लस्कर+ई] आइमाईहरूले कानका डिलमा लगाउने मुन्द्री; लस्करीमुन्द्रा । ~ **उखु–** ना० एक जातको ठूलो र मोटो उखु । ~ **मुन्द्रा ⁄ मुन्द्री–** ना० नारीले कानका डिलमा लगाउने मुन्द्री; लसकरी ।

**लस्काइ–** ना० [√ **लस्क** (+आइ)] लस्कने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लस्काइनु–** क० क्रि० लस्कन लाइनु; लस्कने पारिनु । **लस्काउनु–** प्रे० क्रि० लस्कन लाउनु; लस्कने पार्नु । **लस्किनु–** अ० क्रि० लसकलसक हिँड्नु; लस्कनु ।

**लस्को–** ना० [लसक+ओ] १. लामो फड्को वा पाइलो; लस्काइ । २. हत्केलामा लिँदा एकपल्ट घस्न पुग्ने तेल वा सो तेलको घसाइ (जस्तो– एक लस्को तेल) । ३. पस्कँदाखेरि पन्यूमा एक पटकमा आएको थोरै ढिँडो ।

**लस्क्याइ–** ना० [√ **लस्कि** (+याइ)] लस्किने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लस्क्याहट–** ना० लस्कने काम, किसिम वा ढाँचा; लस्काइ ।

**लस्टि–नु–** स० क्रि० [लस्त+इ+नु] धेरै बिग्रनु ।

**लस्त–** वि० [सं० श्लथ] १. रोग, थकाइ आदिका कारणले शिथिल भएको; थकित; लखतरान; क्लान्त । २. टाँसिएको; आलिङ्गित ।

**लस्सा–** ना० [प्रा० लसिआ] गुँद, माड, खोटो आदिमा हुने टाँसिने तत्त्व; लेसाइलोपन; च्याटच्याट लाग्ने गुण । **– दार–** वि० लस्सा भएको; लेसाइलो । > **लस्सालु–** वि० लस्सादार ।

**लस्सी–** ना० दहीबाट तयार पारिएको एक प्रकारको स्वादिलो सर्बत वा पेय वस्तु ।

**लहँगा–** ना० [सं० लङ्क = कमर+अङ्गा] १. आइमाईहरूले कमरमा इँजारले बाँधी फरियाको सट्टा लगाउने एक अधोवस्त्र । २. लोकनाचमा मारुनीले लगाउने एक प्रकारको लामो वस्त्र ।

**लहटे–** ना० [लाहा+टे] लाहासम्बन्धी काम गर्ने एक वर्ग वा जाति ।

**लहड–** ना० [सं० लहरि] १. तरङ्ग; तर्कना; विचार । २. इच्छा; आकाङ्क्षा । ३. आमोद; विलास । **– बाजी–** ना० लहड । > **लहडी–** वि० लहड गर्ने स्वभावको; तरङ्गी; मनमोजी; रसिक ।

**लहनतहन–** ना० [सं० लभन+प्रा० तन्हा] १. पैसाको कारोबार; लेनदेन; लगानी; लहना । २. व्यवहार ।

**लहना–** ना० [सं० लग्न] १. वाणिज्यव्यवसाय, सापट आदिमा ब्याज, मुनाफा आउने गरी रुपियाँपैसा लगाउने काम; लगानी । २. लेनदेनको व्यवहार । ३. भाग्यभोग । ४. कौटुम्बिक सम्बन्ध ।

**लहर–** ना० [सं० लहरी] १. पानीमा हावा लाग्दा उठ्ने छाल; तरङ्ग; लहरी । २. ध्वनि, प्रकाश, विद्युत् आदिको तरङ्ग । ३. पङ्क्ति; कालम; ताँती । ४. जोस; उमङ्ग । ५. मोजमज्जा; लहड ।

**लहरी१–** ना० [अङ्० लरी] मालवाहक ठूलो गाडी; लरी ।

**लहरी२–** ना० [सं०] लहर; प्रवाह । ~ **साहित्य–** ना० प्रेम, लडाइँ आदि रोचक रोमाञ्चक विषय वा घटनाविशेषको सवाईजस्तो लोकछन्दमा रचिएको गीत वा गीतिकाव्य ।

**लहरे–** वि० [लहरो+ए] १. लहर मिलेको; पङ्क्तिबद्ध । २. लहरा

भएको; लहराका रूपको । ३. रूखका हाँगाबाट लहरोझैं निस्की झुन्डिएको । ~**आँप**– ना० लहरामा फल्ने टमाटरका आकारका एक जातको आँप । ~**खोकी**– ना० विशेष गरेर बालकहरूलाई एकोहोरै किसिमले लाग्ने खोकी (हुपिङ कफ) । ~**चित्र**– ना० लहरै क्रम मिलाइएको फिल्मी चित्र । ~**च्याउ**– ना० रूखमा उम्रने सेतो रङ्गको फूलजस्तो खान हुने लहरादार च्याउ । ~**जाई**– ना० ओलियसी समूहको एकथरी सेतो फूल । ~**तिथि**– ना० सोह्र श्राद्ध । ~**दही**– ना० जमेको बाक्लो दही । –**दार**– वि० लहरा भएको । ~**दुबो**– ना० केही साना पात, छोटा आँख्ला र लामो लहरा हुने दूबो विशेष । ~**धोती**– ना० मलमल आदि सेतो कपडाको भुईं हरियो रँगाई चौडाइको भागमा रूखको लहराजस्तो बाङ्गोबाङ्गो धर्सो पर्ने गरी लाम्चो बुट्टा पारिएको जनाना धोती । ~**पिपल**– ना० हाँगाबाट लहरो निस्कने एक जातको पीपल । ~**बढाईँ**– ना० लगातारको बढाइँ ।

**लहरो**– ना० [लहर+ओ] थाँक्रो, रूख आदिमा बेह्रिएर चढ्ने वा जमिनमा फैलने लामो बोट; बेलो; लता; झाल; बल्ली ।

**लहलह**– क्रि० वि० [लहर+लहर] १. हरिया अन्नका बोट, साग, घाँस आदि झ्याम्म भई सप्रने चालसित; हरियोभरिलो हुने गरी । वि० २. हरिलोभरिलो; लहलहाउँदो । >**लहलहाइ**– ना० लहलहाउने भाव, क्रिया वा प्रक्रिया । **लहलहाइनु**– अ० क्रि० लहलह होइनु । **लहलहाउँदो**– वि० लहलह भएको; हरिलोभरिलो । **लहलहाउनु**– अ० क्रि० लहलह हुनु; हरिलोभरिलो हुनु ।

**लहस**– ना० प्रसन्नता; खुसी; आनन्द । – **तहस**– ना० १. लसपस; छूतछात; संसर्ग । २. गुप्त काम-कुरो; खासखुस । > **लहसाइ**– ना० लहसाउने भाव, क्रिया वा प्रक्रिया; लहस्याइ । **लहसाइनु**– अ० क्रि० लहसिने होइनु । **लहसाउनु**– अ० क्रि० लहसिनु । **लहसिनु**– अ० क्रि० १. आसक्त हुनु; रत्तिनु; फस्नु । २. इच्छा हुनु; झुक्नु । **लहस्याइ**– ना० लहसिने वा लहस्याउने क्रियाप्रक्रिया । **लहस्याइनु**– क० क्रि० प्रेममा अल्झाइनु; आसक्त पारिनु । **लहस्याउनु**– स० क्रि० आसक्त पार्नु; रत्त्याउनु; झुकाउनु ।

**लहसुन**– ना०हे० लसुन ।

**लहस्याहट**– ना० [लहसि+याहट] लहसिने काम, किसिम वा अवस्था; लहस्याइ ।

**लहुरी**– ना० [लहुरो+ई] सानो लौरो; लौरी । ~**पिञ्जर**– वि० साह्रै दुब्लो; सिकुटे; फुकीढल; लौरीपिञ्जर ।

**लहुरो**– ना० [सं० लगुड] लौरो; लाठो; लट्ठी; सोट्टा; दण्डा ।

**लहै**– वि० बो० कसैलाई कुनै काममा सतर्क गराउन वा कुनै कुराको जानकारी दिन प्रयोग गरिने शब्द; लौ है । – **लहै**– ना० अर्काको बहकाउ; उल्का; होहल्ला; हाहा ।

**ला**– वि० बो० पछुतो, अचम्म, सम्झना आदि व्यक्त गर्दा भनिने शब्द । (उदा०– ला, खसिहाल्यो नि ! ला, मैले त भन्नै पो बिर्सेछु) ।

**ला-नु**– स० क्रि० [सं० ला+नु] १. लैजानु;, लिएर जानु; लग्नु; ओसार्नु । २. उडाउनु; चम्पट पार्नु ।

**लाँकुरी**– ना० खरीका छाँटको मसिना लाम्चा पात हुने हाँगाबिँगा हाल्ने रूखविशेष ।

**लाँक्रो**– ना० [सं० लाङ्गुल] एक बोट उखुको सिङ्गो डाँठ; ढाँक ।

**लाँडो**– ना० [सं० लण्ड] पुरुष वा नरजातिको मूत्रेन्द्रिय; शिश्न; लिङ्ग ।

**लाँपु**– ना० लमी ।

**लाइट**– ना० [अङ्०] १. टर्च लाइट । २. बत्ती ।

**लाइटर**– ना० [अङ्०] चुरोट आदि सल्काउन पेट्रोल, ग्याँस आदि हालिएको, थिचेर रगडी बालिने विभिन्न आकारप्रकारको हुने एक उपकरण ।

**लाइन**– ना० [अङ्०] १. पङ्क्ति; जाम; ताँती; हार । २. धर्को; रेखा । ३. बिजुलीको खम्बामा लगाइएको तार; बिजुलीको करेन्ट । ४. जमिनमा बिछ्याइएको पानीको पाइप । ५. रेलको लिक । ६. पढाइ वा जागिरको विषय । ~ **म्यान**– ना० टेलिफोन, बिजुली आदिमा बाहिरको काम गर्ने कर्मचारी; फुटबल खेलमा झन्डा लिएर छेउछाउमा कुदी सङ्केत दिने व्यक्ति ।

**लाइनु**– क० क्रि० [लाउ+इ+नु] लगाइनु ।

**लाइनो टाइप**– ना० [अङ्०] मुद्रणकलमा एकएक लाइन वा हरफको एक ढिको हुने विकसित अवस्थाका टाइपको एक रूप; हरफमुद्र ।

**लाइब्रेरियन**– ना० [अङ्०] पुस्तकालयाध्यक्ष; ग्रन्थपाल ।

**लाइब्रेरी**– ना० [अङ्०] पुस्तकालय; ग्रन्थागार ।

**लाइसार**– ना० [लाई+सार] लाउने कुरालाई महत्त्व दिने काम (**खाइसार कि लाइसार मरेपछि लम्पसार** -उखान) ।

**लाइसेन्स**– ना० [अङ्०] १. तोकिएको माल, वस्तु निकासी वा पैठारी गर्न नियमबमोजिम दिइएको अनुमतिपत्र । २. निजी वा भाडावाल सबारीचालकलाई सबारीसाधन चलाउन ऐनबमोजिम सरकारबाट दिइने अनुमतिपत्र । ३. रेडियो आदि प्रयोग गर्न सरकारबाट दिइने अनुमतिपत्र ।

**लाई१**– ना० [√ लाहा] सागपातमा लाग्ने अति मसिना खालका कालाकाला कीरा; रूखमा लाहा पैदा गर्ने एक प्रकारको कीरा । ~ **किरा**– ना० सागपातमा लाग्ने मसिना कीरा; लाई ।

**लाई२**– प्रत्य० व्याकरणमा कर्म र सम्प्रदान कारकको विभक्तिका रूपमा रहने र द्वितीयामा लोप भएर पनि प्रयोग हुने रूपसाधक प्रत्यय (जस्तो– भाइलाई बोलाऊ, म हरिलाई पुस्तक दिन्छु) ।

**लाउ-नु**– स० क्रि० [लगाउ+नु] १. लगाउनु । २. बन्द गर्नु; थुन्नु (उदा०– ढोका लाउन नबिर्स) । ३. कुनै शब्दका पछाडि प्रयुक्त भएर गर्नका निम्ति प्रेरणा दिने अर्थ बुझाउने क्रियापद (जस्तो– गोता लाउनु; भन्न लाउनु इ०) ।

**लाउके**– वि० [सं० लावक] १. अर्काले अह्राएको काम मात्र गर्ने; खटनपटनको काम मात्र गर्ने । २. बेसरोकारको काममा अघि सर्ने; लाफ्रे; लाभ्रे ।

**लाउड स्पिकर–** ना० [अङ्०] स्वरलाई विस्तारित रूप दिने एक यान्त्रिक उपकरण; ध्वनिप्रसारक यन्त्र ।

**लाउनी काठ/लाउने काठ–** ना० [लाउ+नी/ने+काठ] ढिकी चलाउँदा ओखलमा धान आदि चलाउन प्रयोग गरिने टुप्पामा कपडा बेरिएको लामो काठ; काठ; लुँडी ।

**लाक–** ना० [सं० लक्ष्य] मनको भित्री अभिप्राय; मनपेट; आँत ।

**लाकपाक–** ना० [फा० लाफ-व-गिजाफ] १. आपसी कुटपिट; कुटाकुट; हातहालाहाल; लाप्पा । २. परस्परको जुधाइ; कुस्ती ।

**लाकेट–** ना० [अङ्०] शोभाका निम्ति माला वा हारमा झुन्ड्याइने जन्त्रजस्तो सानो वस्तु; लकेट ।

**लाक्षणिक–** वि० [सं०] १. सङ्केतक । २. लक्षणसम्बन्धी; लक्षणबाट ब्यक्तिने वा लक्षणाशक्तिद्वारा अर्थबोध गराउने (शब्द, वाक्य आदि) । ३. पारिभाषिक; लक्षण गर्नुपर्ने । ४. गौण ।

**लाक्षा–** ना० [सं०] लाहा । ~ **रस–** ना० सधवा स्त्रीहरूले गोडामा लगाउने रातो रङ्ग; माहुर ।

**लाख–** ना० [प्रा० लाक्ख < सं० लक्ष] १. सय हजारको सङ्ख्या; लक्ष । वि० २. शतसहस्र; सय हजार । ३. झट्ट गनेर नसकिने; अनगन्ती; अति धेरै । > **लाखन्–** वि० १. अनेक लाख; अनगन्ती । २. अनेकौं । – **बिसी–** ना० प्राचीन समयमा एक देशले अर्को देशलाई सैनिक सहायता दिन नसकेमा दिइने एक लाख बीस रुपियाँको रकम वा सो चलनअनुसार दिइने कुनै रकम । ~ **रुपियाँको जिउ–** पदा० बहुमूल्य शरीर । ~ **रुपियाँको वचन–** पदा० बहुमूल्य बोली । **लाखौं–** वि० अनेक लाख; अनगन्ती ।

**लाखा–** ना० [नेवा०] १. नेवार जातिमा दुलहातर्फबाट दुलहीतर्फलाई दिइने दस्तुर वा रोटीमिठाई । २. पागमा डुबाएर बनाइएको एक प्रकारको ठूलो रोटी; लाखामरी ।

**लाखापाखा–** वि० [फा० लाखा+पाखो] १. छिन्नभिन्न भएर यताउति लागेको; यत्रतत्र छरिएको । २. बिल्लीबाठ परेको; ठाउँठहर हराएको ।

**लाखा फर्काइ–** ना० [लाखा+फर्काइ] नेवारजातिमा विवाहको करार भङ्ग गर्न वा वैवाहिक सम्बन्धविच्छेद गर्न दुलहीका तर्फबाट गरिने कामकारबाही वा फर्काइने वस्तु ।

**लाखु–** ना० [सं० लाङ्गूली] एक जातको भद्दा बाँदर ।

**लाखे–** ना० [सं० राक्षस] १. राक्षस; राकस । २. मकुन्डो लगाएर साउनभदौतिर सांस्कृतिक रिवाजअनुसार नचाइने राक्षसरूपधारी व्यक्ति । ~ **नाच–** ना० मकुन्डो लगाएर नाचिने परम्परागत सांस्कृतिक नाच ।

**लाखेस्–** वि० बो० कसैलाई बदलाको भावनाले डरत्रास देखाउनका निम्ति प्रयोग हुने शब्द; पखेस् ।

**लाखौँ–** वि० [लाख+औँ] १. अनेक लाख; लाखन् । २. अनगन्ती; असङ्ख्य; धेरै; प्रशस्त ।

**लाग्-नु–** अ० क्रि० [सं० लग्+नु] १. कुनै काममा तनमन दिएर लागिपर्नु; प्रवृत्त हुनु; कामकुरामा तल्लीन हुनु । २. कामकुरो गर्न सुरु गर्नु; प्रारम्भ गर्नु; थाल्नु । ३. कुनै काम हुन खोज्नु; आँट्नु । ४. लेसाइलो पदार्थ टाँसिनु; जोडिनु । ५. हातलागी हुनु; मिल्नु; पाउनु (जस्तो– हात लाग्नु) । ६. ठोकिनु; बज्नु । ७. सार गर्नु । ८. बन्द हुनु; थुनिनु । ९. पोतिनु; लिपिनु । १०. रङ्गरोगन वा पालिस बस्नु । ११. भूतप्रेत आदिले पक्रनु; लगानमा पर्नु । १२. नाता पर्नु; साइनो पर्नु । १३. अनुभव हुनु; मनमा हो भन्ने पर्नु । १४. लट्ठ पर्नु; लट्ठिनु । १५. अर्थबोध हुनु; माने वा मतलब खुल्नु । १६. दोष, बात आदि आइपर्नु; आरोप लाग्नु (जस्तो बात लाग्नु) । १७. गणितमा ठीकठीकसँग भाग जानु । १८. अडकल, जुक्ति, बुद्धि आदि मिल्नु । १९. लत, बानी आदि बस्नु । २०. पालुवा, फूल, फल आदि पैदा हुनु; उम्रनु । २१. खर्च, भाडा आदि पर्नु । २२. पक्ष लिनु; ओड गर्नु । २३. खेल, जूवा आदिमा बारम्बार उही दाउ आउनु । २४. खेदो गर्नु; पछ्याउनु । २५. दृष्टिदोष हुनु; कुदृष्टि पर्नु । २६. उपयोग वा व्यवहारमा आउनु; काममा प्रयुक्त हुनु ।

**लाग–** ना० [सं० लग्न] १. टुना, मन्त्र आदिको प्रभाव; भूतप्रेत आदिको छाया । २. हकदावी; दैया; सम्बन्ध । ३. प्रभाव; असर । ४. पहाड । ~ **छाड–** ना० १. घाम वा पानीले बोटबिरुवाको विकासको अनुकूल भएर ठिक्क बेलामा लाग्ने र ठिक्क बेलामा छाड्ने क्रियाप्रक्रिया; बिरुवामा घाम वा पानीको उपस्थिति वा अनुपस्थिति । २. रोग, भूत, प्रेत आदिको असर बढ्ने र घट्ने क्रम; लाग्दैछाड्दै गर्ने व्यथा । ~ **छोड–** ना० लागछाड । – **माल–** ना० १. पहाड र मधेस । २. व्यवसायको लागि मधेसबाट पहाड वा पहाडबाट मधेस जाने कार्य (तुल० गाउँबेँसी) । > **लागत–** ना० १. कुनै वस्तु तयार गर्न वा किन्न लाग्ने खर्च; उत्पादनव्यय; परल खर्च । वि० २. लाग्नेजति; चाहिनेजति । – **नास्ति–** ना० कुनै व्यक्ति, वस्तु वा कुरामा अधिकार वा अन्य किसिमको सम्बन्ध नहुने स्थिति । (उदा०– तिमीले पाउने कुरामा मेरो दाबी छैन, लागनास्ति गरिदिएको छु) । – **भाग–** ना० भूत, प्रेत आदिको प्रभाव; लागोभागो; लागलगान । ~ **लगान–** ना० भूतप्रेत आदिको बाधा वा असर । ~ **लगानी–** ना० १. लेनदेनको रुपियाँ; ऐँचोपैँचो वा रिन लिएको तिर्नुपर्ने धन । २. थालेको काम । – **लगेस्रो–** ना० कम्ती वा थोरै लागलगानी । – **वादी–** ना० १. कुनै मुद्दामा कानुनबमोजिम वादी हुने अधिकार भएको व्यक्ति । २. प्रतिवादी वादी र वादी प्रतिवादी भएको अवस्था ।

**लागि–** ना० यो० [सं० लग्] निमित्त; निम्ति; खातिर; हेतु; प्रयोजन ।

**लागिनु–** अ० क्रि० [लाग्+इ+नु] काममा संलग्न होइनु; लागिपरिनु ।

**लागिपर्-नु–** अ० क्रि० [लागि+पर्+नु] काममा तन्मय भएर लाग्नु; तल्लीन हुनु; एकाग्र हुनु । > **लागिपराइ–** ना० लागिपर्ने भाव, क्रिया वा अवस्था । **लागिपरिनु–** अ० क्रि० लागिपर्ने काम गरिनु; तन्मयतासाथ लागिनु ।

**लागिमेली–** क्रि० वि० [लाग्+इ+मेल्+ई] लाग्ने र जुट्ने किसिमले;

सघाउने रूपमा ।

**लागु–** ना० [लाग्+ऊ] १. मादक वस्तु वा नशादार पदार्थ (रक्सी, गाँजा, भाङ, जाँड इ०) । २. लागभाग; लागो । ३. ऐन, नियम, आदेश आदिलाई प्रभावशाली तुल्याउने वा व्यवहारमा ल्याउने काम । ४. प्रमाणित हुने काम; ठीक ठहर । वि० ५. तल्लीन भई काममा लागेको; लग्गू; आसक्त । ६. पल्केको; अनुरक्त । – **भागु–** ना० १. लागभाग । २. मादक पदार्थ । ~ **वस्तु–** ना० मादक पदार्थ (गाँजा, भाङ, चरेस, अफिम, रक्सी इ०); लागू ।

**लागू–** ना० हे० लागु । – **भागू–** ना० हे० लागुभागु ।

**लागो–** ना० १. भूतप्रेतको छाया वा बाधा; लागभाग । २. डाइनी, बोक्सी, धामीहरूको खेल ।

**लाग्दो–** वि० [लाग्+दो] १. हुँदो; भेट्दो (जस्तो– लाग्दो साँझ, छोड्दो दिन) । २. लाग्नेजति; चाहिँदो; जरुरत परेजति । ३. अरू शब्दका पछाडि गाँसिएर लाग्ने; अनुभव हुने अर्थ जनाउने शब्द (जस्तो– मायालाग्दो, उराठलाग्दो, डरलाग्दो इ०) ।

**लाग्ने–** वि० [लाग्+ने] १. तीखो धार भएको; धारिलो (खुकुरी, छुरा आदि) । २. छुच्चो; मुखाले । (उदा०– उसको मुख असाध्य लाग्ने भएर आएको छ) ।

**लाघव–** ना० [सं०] १. लघु हुनाको भाव वा अवस्था; लघुता । २. अल्पता; न्यूनता; क्षुद्रता; कमी ।

**लाङ ल्होसार (लोसार)–** ना० [भो०ब०] महायानबौद्ध धर्मावलम्बीहरूको नयाँ वर्ष ।

**लाचार–** वि० [अ०] १. कुनै उपाय गर्न नसक्ने अवस्थाको; विवश; बाध्य । २. असमर्थ; अशक्त । ३. साबित; कायल; हैरान । > **लाचारी–** ना० लाचार हुनाको भाव; विवशता ।

**लाछ्–नु–** स० क्रि० [लछार्+नु] बोक्रा लछार्नु; तोड्नु; चुँड्नु ।

**लाछलुछ–** ना० [लाछ्+सं० लुञ्छ] १. लाछ्ने र लुछ्ने काम; लुछाचुँडी; लुछलाछ । २. खोसाखोस; लुटलाट ।

**लाछा–** ना० [√ लच्छा] १. आइमाईहरूले चुल्ठामा गाँसेर लगाउने रौँको लच्छा । २. एक सेरको सनपाटको मुठो । ~ **डोरी–** ना० चुल्ठो समात्न र लामो पार्न आइमाईले लाउने तीन लुर्का भएको धागाको गुच्छो ।

**लाछिनु–** क० क्रि० [लाछ्+इ+नु] बोक्रा लछारिनु; लोडिनु; चुँडिनु ।

**लाछी–** वि० [सं० लाक्षा] १. साहस वा हचाउ नभएको; निर्धो; काँथर; नामर्द । २. धक वा लाजले अरूको अगाडि बोल्न नसक्ने । ३. ना० भेट्नुसमेत टिपिएको भोर्लाका पातको मुठो । ४. पहाडतिरका घरको सामुन्ने भागको बरन्डा । ५. घरका पाखामा गाँसेको छानु ।

**लाज–** ना० [सं० लज्जा] मान्य जनका सम्मुख पर्दा वा अनुचित कामकुरा, व्यवहार आदि भएको अनुभव गर्दा हुने धक वा सङ्कोच; लज्जा; सङ्कोच । – **गाल–** ना० १. जसरीतसरी; जसोतसो । २. इज्जत; प्रतिष्ठा; लोकलज्जा । – **भाँड–** ना० सभा, समाज वा मान्य जनका सामुन्ने बोल्न नहुने कुरो; अश्लील वचन; लाज लाग्ने कुरो । – **मर्दो–** वि० ज्यादै लाजलाग्दो; लाजले भुतुक्क पार्ने ।

**लाजा–** ना० [सं०] १. धान भुट्दा उठ्ने फूल; भुटेको धान; लावा ।

**लाञ्छन–** ना० [सं०] १. दाग; धब्बा; टाटो । २. कलङ्क; दोष; बात; आरोप । ३. चिह्न; निसान; निसानी । > **लाञ्छना–** ना० १. कलङ्क; अभियोग; दोष; लाञ्छन । २. अपवाद; निन्दा ।

**लाञ्छित–** वि० [सं०] लाञ्छना लगाइएको; दोषी तुल्याइएको; कलङ्कित ।

**लाटलुट१–** ना० [√ लटपट] जुठो चीज छरिएर बिटुलिने काम; लसपस; छातछूत ।

**लाटलुट२–** ना० [(द्वि०) लुट] जबर्जस्ती खोस्ने र लुट्ने काम; खोसमोस; लुटपिट ।

**लाटा–** ना० [लाटो+आ] १. मकै पाक्ने बेलामा बोटमा बस्ने पहेँलो कीरो; मकैकीरो । २. बालकहरूको खेलमा प्रयोग हुने एक शब्द । वि० ३. लाटो; लट्टक । ~ **गाँडा–** वि० लठेप्रो; लाटो; ग्वाँजे; लाटोगाँडो ।

**लाटानुप्रास–** ना० [सं०] अनुप्रास शब्दालङ्कारको एक भेद; समानार्थक शब्दको आवृत्ति हुने तर अन्वय गर्दा भेद प्रतीत हुने एक शब्दालङ्कार ।

**लाटिनु–** अ० क्रि० [लाटो+इ+नु] १. लाटो हुनु; लठचाङ्ग्रिनु । २. रोगले मुख बिग्रेर जिभ्राले स्वाद थाहा नपाउने हुनु । ३. शरीरका अङ्गमा अचेतन वा जडता पैदा हुनु; बोधो हुनु ।

**लाटी१–** ना० [सं०] काव्यशास्त्रअनुसार वैदर्भी र पाञ्चाली रीतिका बीचको एक रीति ।

**लाटी२–** वि० [लाटो+ई] १. बोल्न नसक्ने; मुखबाट शब्द उच्चारण गर्न नसक्ने (स्त्री) । २. लठचौरी । ३. सोझो नियतकी; सुधी । ४. मूर्ख; बुद्धिहीन (स्त्री) । – **काठ–** ना० लाम्चो आकारको पात हुने एक जातको रूख । – **को साल–** ना० अलपत्रे चाला । ~ **बुडचानी–** ना० १. धामीविद्याअनुसार बुडचानीका तीन बहिनीमध्ये एउटी; पूतना । २. रोगको एक भेद; मधौरुलाई विचेत पार्ने व्यथा ।

**लाटो–** वि० [सं० लट] १. बोल्न नजान्ने; बेला पुगेर पनि बोली नफुटेको; अबोला । २. लठचौरो; ग्वाँगे; लठेप्रो । ३. मूर्ख; जड । ४. सुधो; साधु । ५. निमुखा । ६. नुन, पिरो, चिनी आदि नपुगेको; चखिलो नभएको; बेस्वादिलो (तरकारी, अचार आदि) । – **कोसेरो–** ना० राती मात्र आँखा देख्ने, दिउँसो अन्धो हुने एक जातको चरो; भुल्को; उल्लू; उल्लूक । ~ **गाँडो–** वि० १. नबोल्ने र गाँड उम्रेको; लाटो र गाँडो । २. अबुझ; बुद्धिहीन । ३. सहारा नभएको; निस्सहाय । ~ **घाँस–** ना० चिसो ठाउँमा हुने एक प्रकारको घाँसे रूख । ~ **रिस–** ना० हतपती नउठ्ने, उठेपछि शान्त नहुने र केही गरिछाड्ने रिस वा झोक । ~ **सुधो–** वि० १. लाटो र सुधो । २. सीधासाधा; साधारण खालको ।

**लाठ१**– ना० [अङ्० लर्ड] राणाकालमा कमान्डरइनचीफभन्दा मुनिको प्रमुख सैनिक दर्जा; प्रधान सेनापति; जङ्गीलाठ ।

**लाठ२**– वि० [सं० लाट] १. घस्टिएर पुरानोजस्तो भएको; बिसम्भार भएर धुस्निएको; लास्ट (लुगाफाटो आदि) । २. बिग्रेको; बरबाद ।

**लाठ३**– ना० [√ लट्ठी] १. साइकलको पाउदान वा चक्का अडचाउने बीचको कीलो; धुरा; धुर । २. कलपुर्जाको एक अवयव ।

**लाठी**– ना० [लाठो+ई] लट्ठी । ~ **चार्ज**– ना० जुलुस आदि भीड हटाउन गरिने लाठीको प्रहार; लाठीमुङ्ग्री । ~ **प्रहार**– ना० लाठीचार्ज । ~ **मुङ्ग्री**– ना० जे पायो त्यसैले अरूलाई प्रहार गर्ने काम; परस्परमा लाठो र मुङ्ग्रोले कुट्ने काम; पिटापिट ।

**लाठे**– वि० [प्रा० लट्ठ] १. जवान; लायक; समर्थ; तन्दुरुस्त; लक्का जवान । ना० २. रोपाइँमा कोदालीको काम गर्ने पुरुष खेतालो ।

**लाठो**– ना० [सं० लगुड] लौरोभन्दा ठूलो र लामो कुट्ने साधन ।

**लाड**– ना० [सं० लड्] केटाकेटीलाई गरिने पुलपुल्याहट र माया । > **लाडिनु**– अ० क्रि० १. लाडे हुनु; पुलपुलिनु; प्यारो बन्न खोज्नु । २. बालकजस्तो बन्नु; केटाकेटीको जस्तो बानी गर्नु । ~ **लाडे**– वि० १. लाडिने स्वभावको; पुलपुलिएको; लाडिएको; लालित । २. केटाकेटीका स्वभावको बनेर बोल्ने वा व्यवहार गर्ने ।

**लात**– ना० [प्रा० लत्ता] १. खुट्टा; पाउ; पाद । २. खुट्टाको हनाइ; पाउको प्रहार; लात्ती ।

**लात्तालात्ती**– ना० [लात्ती+लात्ती] एकले अर्कालाई लात्तीको प्रहार गर्ने काम ।

**लात्तिनु**– अ० क्रि० [लात्ती+नु] लात्ती लाग्नु; लत्तिनु ।

**लात्ती**– ना० [प्रा० लत्ता] पादप्रहार; लात । – **कुत्ती**– वि० प्रशस्त; धेरै; छेलोखेलो; मनग्य ।

**लात्ते**– वि० [लात्ती+ए] लात्तीको; लात्तीले गरिने । – **कुत्ते**– वि० लात्तीकुत्ती । ~ **भकुन्डो**– ना० फुटबल ।

**लाथ्रो**– ना० [सं० लता] कलिलो वा नछिपिएको रूख वा त्यसको हाँगो ।

**लाद्-नु**– स० क्रि० [प्रा० लद्दइ+नु] १. लदाउनु; भारी बोकाउनु । २. भारी बोक्नु । ३. भारी हाल्नु । > **लादिनु**– क० क्रि० १. लदाइनु; भारी बोकाइनु । २. भारी बोकिनु ।

**लादी**– ना० [प्रा० लद्दी] १. भुँडीभित्र रहेको मल; आन्द्रामा रहेको विष्ठा । २. हात्ती, घोडा आदिको बिष्ठा; लिदी । ~ **भुँडी**– ना० मल र भुँडी दुवै ।

**लादे**– वि० [लाद+ए] १. ठूलो भुँडी भएको; भुँडे; भुँडीवाल । २. धेरै खाने; खन्चुवा; घिचुवा; घिच्चू (निन्दार्थमा) ।

**लादो**– ना०हे० लाद्रो ।

**लाद्रे**– वि० [लाद्रो+ए] १. ठूलो भुँडी भएको; पेटुवा । २. धेरै खाने; घिच्चू (निन्दार्थमा) ।

**लाद्रो**– ना० [√ लादी] लादी रहने भुँडी; पेट; लादो ।

**लापरलोपर**– वि० मेलोमेसो नभएको; ढङ्ग नमिलेको ।

**लापरवाह/लापर्बाह**– वि० [अ० ला+फा० परवा] १. कुनै कामकुराको पर्बाह वा वास्ता नगर्ने; असावधान । २. सामान्य विवेकको; होसियारी नभएको; बेहोस । > **लापर्बाही**– ना० पर्बाह नहुनाको भाव वा अवस्था; मुनासिबमाफिकको होसियारी वा विवेक नभएको अवस्था ।

**लापलाप**– क्रि० वि० [अ० मू० ल्याप् > लाप्+अ (द्वि०)] जिब्रो लपलपाएर; जिब्रोले चाटेझैँ गरी; लपलप । ~ **लिपलिप**– क्रि० वि० १. धेरै खानेकुराहरू चाटेझैँ गरी; लापलिप । २. जति खाए पनि नअघाएजस्तो हुने गरी; बढी लोभी भएर ।

**लापलिप**– क्रि० वि० [√ लपलप] १. सपासप वा खपाखप चाँडो खाने चालसँग । २. थोरै वा नपुग खानेकुरो खाएर; चाटीचुटी । ३. लिपपोत । > **लापलिपे**– वि० १. लापलिप गर्ने । २. खानेकुरो चाख्ने बानी बसेको; चखुवा ।

**लापा**– ना० [√ लोप्पा] उडेको चङ्गा घोप्टो परेर तल झर्ने चाल ।

**लाप्चे**– ना० १. नेपालको मेची अञ्चलको इलाम तथा नेपालबाहिरका दार्जिलिङ, सिक्किम र पश्चिमी भुटानमा बसोबास गर्ने लेप्चा-जाति । २. उक्त लेप्चा जातिको भाषा; रोङ भाषा । ~ **काउलो**– ना० एक जातको काउलो वा त्यसको फल; लाप्चेफल; करमर्द । ~ **फल**– ना० लाप्चेकाउलो ।

**लाप्पा**– ना० [सं० लपन] दुई जनाले परस्पर अँगालो हालेझैँ गरी समातेर एकले अर्कालाई पछार्न चाहने काम; त्यस्तो लडन्त; द्वन्द्वयुद्ध; जुधाजुध; कुस्ती ।

**लाप्सो**– ना० [सं० लम्ब] १. सुन, चाँदी आदिको लामो टुक्रो; लुम्को; साँप्लो । २. फाली ।

**लाफे**– वि० [लाफो+ए] १. लाफो लगाएको वा गाँसेको । २. लाफोजस्तो ।

**लाफो**– ना० १. मुख्य घरसँग जोरेर बनाइएको एकतले सानो खण्ड; पालीखण्ड; लाहास; लाफ्रो । २. पात गाँसेर चित्रामा नहाली बनाएको ओडो । ३. गाँसेर बिट नउठाएको पातको थाल; पत्तल; लपेस ।

**लाफ्रे**– वि० [लाफ्रो+ए] लाफ्रो भएको; लाफे ।

**लाफ्रो**– ना०हे० लाफो ।

**लाब्रे/लाब्रो**– वि० १. कुरा बनाएर आफ्नो गराउन चाहने; भए-नभएको कुरा गाँस्ने । ना० २. झुसिल्कीरो ।

**लाभ**– ना० [सं०] १. कुनै वस्तु उपलब्ध हुने वा पाउने काम; प्राप्ति; उपलब्धि; फाइदा । २. वाणिज्यव्यवसाय वा उत्पादनबाट लागत खर्च कटाई बढी हुने आम्दानी; मुनाफा; नाफा । ३. उद्योगव्यवसायअन्तर्गत उद्योगपति वा उत्पादनका स्वामीहरूसँग एकत्रित हुने श्रमिकहरूको श्रमको मूल्य । ४. प्रत्यक्ष ज्ञान; जानकारी । ५. भलाइ; उपकार । – **कर/कारी**– वि० लाभ वा फायदा हुने; लाभप्रद । ~ **दायक**– वि० लाभ हुने; लाभकर । – **प्रद**– वि० लाभ पुऱ्याउने; लाभकर । – **हानि**– ना० लाभ र हानि;

नाफा र नोक्सान । > **लाभांश–** ना० १. व्यापार वा संस्थान आदिको हिस्सेदारका रूपमा लगाइएको धनबाट भएको अतिरिक्त आम्दानी; लाभको अंश । २. सुविधाका लागि कम्पनीद्वारा भुक्तान गरिने प्रतिफल वा प्रिमियम । ३. कार्यक्षमता वा अतिरिक्त कार्यको उत्साहस्वरूप श्रमिक आदिलाई दिइने अतिरिक्त नगदी उपहार । ४. कम्पनी वा यस्तै कुनै संस्थाले बढी लाभ गरेपछि सेयरवालालाई निर्धारित रकमभन्दा बढी दिइने आनुपातिक रकम; बोनस ।

**लाभान्वित–** वि० [सं०] लाभको सुविधा पाएको; सुविधाभोगी ।

**लाभालाभ–** ना० [सं०] लाभ र हानि; नाफा र नोक्सान ।

**लाभे–** ना० [फा० लाफ] बट्टाईका जातिको एक प्रकारको पक्षी ।

**लाभ्रे१–** वि० [√ लाफ्रे] बेसरोकारको कामकुरामा अघि सरी बोल्ने; मुखसारी; लाउके ।

**लाभ्रे२–** ना० [सं० लम्ब] अन्नमा लाग्ने सेतो र लामो कीरो; चिलेसो । ~ **किरो–** ना० ठूलो भुसिल्कीरो ।

**लाम्–** वि० [√ लामो] लामो; लम्बा (समाससित शब्दमा प्रयुक्त हुँदा, जस्तै– लाम्कीरो, लाम्खुट्टे, लाम्पाते इ०) ।

**लाम–** ना० [फा० लार्म] १. लहर; ताँती; हार; पङ्क्ति । २. पैदल, सवार र तोपखानासमेत हुने फौजको दल; ब्रिगेड । ३. रणभूमि ।

**लामकिरो–** ना० [लामो+कीरो] सर्प; साँप ।

**लामखुट्टे–** ना० [लामो+खुट्टा+ए] १. गर्मी याममा हुने, प्राणीको रगत चुस्ने, औलो आदि रोग लगाउने दुई पखेटा र लामा खुट्टा भएको; एक जातको कीरो; मच्छर । वि० २. लामा खुट्टा हुने ।

**लामगरो–** ना० [लाम/लामो+गरो] १. रणभूमि; युद्धस्थल । २. लामो आकारको खेतको गरो ।

**लामघारे–** वि० [लामो+घार+ए] रणभूमि; लामा खुट्टा हुने अग्लो र नसुहाउँदो खालको; लाम्टाङे (मानिस) ।

**लामटाङ–** ना० १. नेपाल अधिराज्यको जनकपुर अञ्चलअन्तर्गत रोल्वालिङ हिमालशृङ्खलामा पर्ने तामाकोसी बगेर आएको घाटी । २. सोही नाउँठाउँको २३,७५० फिट अग्लो हिमशिखर ।

**लामपुछ्रे–** ना० [लामो+पुच्छर+ए] १. पछिल्तिर पुच्छरजस्तो लामो ज्योति भएको तारा; धूमकेतु । २. ढुकुरजस्तो, फुस्रो रङ हुने र लामो पुच्छर हुने एक जातको चरो । ३. लामो पुच्छर हुने एक जातको भेडा । वि० ४. लामो पुच्छर भएको ।

**लामबन्दी–** ना० [लाम+बन्दी] सशस्त्र सेनाद्वारा लाम लागेर वा घेरा दिएर छेक्ने वा तम्तयार रहने काम ।

**लामा१–** ना० ऊँटजस्तै अग्लो तर जुरो नभएको, शरीरभरि लामा रौँ हुने दक्षिण अमेरिकामा पाइने एक स्तनधारी जनावर ।

**लामा२–** ना० [भो० ब०] १. तिब्बतका बौद्ध धर्मका धर्मगुरु । २. सेर्पा, तामाङ आदि जातिका मूल पुरोहित । ३. भोटेजातिको मानबोधक शब्द । ~ **पाथी–** ना० बालीनालीमा असिना, पानी आदिको प्रकोप नपरोस् भनी धजासहितको बाँसको लिङ्गो गाडेर तन्त्रमन्त्र गरेबापत लामालाई दिइने पाथी धान आदिको दस्तुर ।

**लामि–** ना० [लामो+इ] लामो (समास हुँदा पूर्वपदका रूपमा मात्र प्रयुक्त) । **– छाने–** वि० १. लामो छाना भएको (घर) । ना० २. नेपालीको एक थर । **– डाँडा–** ना० १. लामो परेर फैलिएको डाँडो; लाम्चो पहाड । २. धादिङ जिल्लादेखि नुवाकोट जिल्लासम्म फिँजारिएको डाँडो । **– डाँडे–** वि० लामिडाँडामा हुने वा बस्ने ।

**लामो–** वि० [सं० लम्ब] १. धेरै परसम्म पुगेको; लमाइ बढ्ता भएको; दीर्घ; लम्बे । २. पछिसम्म रहने । ~ **हात–** ना० चोर्ने काम वा आदत; चोरी ।

**लाम्काने–** वि० [लामो+कान+ए] लामा कान भएको; लम्कन्ना ।

**लाम्कीरो–** ना० हे० लामकिरो ।

**लाम्खुट्टे–** ना० हे० लामखुट्टे ।

**लाम्चि-नु–** अ० क्रि० [लाम्चो+इ+नु] लाम्चो हुनु; लम्बिनु ।

**लाम्चिलो–** वि० [लाम्चो+इलो] लाम्चोलाम्चो खालको; लम्स्याइलो ।

**लाम्टाङे–** वि० [लामो+टाङ+ए] लामघारे ।

**लाम्टो–** ना० [सं० लम्बस्तन] १. शरीरको दूध आउने अवयव; स्तन; थुन । २. झोलिएको थुन; शिथिल स्तन । ३. दूधको मुन्टो । ४. मासुको लुँदो ।

**लाम्पाटो–** ना० [लामो+पाटो] मूल पाटोभन्दा मुनिको बारीको लाम्चो पाटो ।

**लाम्पाते–** ना० [लामो+पात+ए] १. सुर्तीविशेष । २. लसुनको पात । ३. साह्रो काठ हुने एक जातको रूख । वि० ४. लामो पात भएको ।

**लाम्पुछ्रे–** ना० हे० लामपुच्छ्रे ।

**लायक–** वि० [अ०] १. असल गुण भएको; योग्य । २. सुहाउँदो; उपयुक्त; मनासिब । ३. तन्दुरुस्त; स्वस्थ; समर्थ । ४. ठीक; उचित । ५. माफिक; मुताबिक । ६. मिल्दो; अनुकूल; दुरुस्त । ७. सत्य; यथार्थ । > **लायकिलो–** वि० लायक भएको । **लायकी–** ना० लायक हुनाको भाव वा अवस्था; योग्यता ।

**लार–** ना० [सं० नाल] धानको बाला काटिसकेपछि खेतमा बाँकी रहेको छोटो भेट्नु ।

**लारी–** ना० [√ लौरी] डन्डीबियोको एक खेल ।

**लार्के–** ना० १. नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास-क्षेत्रअन्तर्गत गण्डकी अञ्चलमा पर्ने एक हिमाल वा त्यहाँको घाटी । (हिउँ पग्लेको बेला यहाँबाट भोटतर्फ आवतजावत गर्ने गरिन्छ) । २. भाले ढुकुर । ३. कुनै काममा गौण रूपले संलग्न हुने मानिस; मतियार । वि० ४. पुच्छर लागेर हिँड्ने वा एक ठाउँको कुरो अर्को ठाउँमा पुऱ्याएर फाटो पार्ने ।

**लार्भा–** ना० [अङ्०] फुलबाट निस्कने, जीवजन्तुको प्रारम्भिक रूप ।

**लाल१–** ना० [सं० लालन] १. बालक; बच्चो; लाला । २. छोरो; पुत्र ।

**लाल२–** वि० [अ० लअल] रातो । ना० २. रातो गेडी; लालगेडी । ३. एक मासाको दसौँ भाग वा एक तोलाको सयौँ भाग; रत्ती ।

**लालक–** वि० [सं०] दयामाया वा लालनपालन गर्ने; भरणपोषण

गर्ने ।

**लालच ⁄ लालचा**– ना० [सं० लालस] १. कुनै वस्तु पाउने तीव्र इच्छा; लालसा; तिर्सना । २. अति लोभ; अनुचित इच्छा । > **लालची**– वि० लालच गर्ने; लोभी ।

**लालटिन ⁄ लालटिनी ⁄ लालटेन**– ना० [अङ्० ल्यान्टर्न] मटीतेल हालेर बालिने, चिम र उभिन्डो भएको एक प्रकारको बत्ती ।

**लाल ढड्डा**– ना० [लाल+ढड्डा] पल्टनिया जवानका खान्कीको दर्ताबही ।

**लालन**– ना० [सं०] स्नेहको व्यवहार; लाडप्यार; पुलपुल्याहट । – **पालन**– ना० स्नेहका साथ खानलाउन दिने काम; पालनपोषण । > **लालना**– ना० स्नेहका साथ बालकलाई पाल्ने काम; स्नेह; माया ।

**लालपाते**– ना० [लाल+पात+ए] टुप्पामा रातो फूल फुल्ने, भाँच्दा दूधभैँ सेतो तरल पदार्थ निस्कने, नर्कटभैँ एउटै डाँठ हुने एक थरी बोट वा त्यसैको रातो पात; लालुपाते ।

**लाल पुर्जा**– ना० [लाल+पुर्जा] जग्गाधनीलाई प्रमाणका निम्ति दिइने मोठ, कित्ता जग्गाको परिमाण आदि लेखिएको रातो छापचिह्न लागेको कागत; जग्गाधनी दर्ताप्रमाणपुर्जा ।

**लाल फित्ताशाही**– वि० [लाल+फित्ता+शाही] नियमको बहुलता भएको प्रशासनिक प्रणाली; फित्ताशाही (रेडटेपिज्म) ।

**लाल बुझक्कड**– वि० [लाल+बुझक्कड] ठीक कुरो थाहा नपाईकन अन्दाजको भरमा निराधार बुद्धि लडाउने; डेढअक्कली ।

**लाल बैजनी**– ना० [लाल+बैजनी] रातो र बैजनी मिश्रित एक प्रकारको रङ । राष्ट्राध्यक्षले विधेयक आदि स्वीकृत गर्दा लगाइने छाप, राजमुद्रा ।

**लालमोहन**– ना० [लाल+मोहन] खुवा, पीठो आदिको डल्लो रातो हुन्जेल घिउमा पकाई चास्नीमा डुबाएर बनाइएको मिठाई ।

**लालमोहर**– ना० [लाल+मोहर] १. राजाको शासनमा रातो रङ्गबाट लगाइने गरेको राजाको छाप । २. त्यस्तो छाप लागेको कागजात । > **लालमोहरिया**– वि० लालमोहर भएको वा पाएको; लालमोहरसम्बन्धी ।

**लालस ⁄ लालसा**– ना० [सं०] १. लालच । २. गर्भवतीको रुचि ।

**लालसागर**– ना० [लाल+सागर] दक्षिणी अरब र उत्तरपूर्वी अफ्रिकाका बीचको समुद्रको नाम ।

**लाला**– ना० [सं० लालन] बालक; बच्चो; बालो । – **बाला**– ना० बालबच्चा; केटाकेटी ।

**लालायित**– वि० [सं०] १. ज्यादै लुब्ध; अति लोभी । २. राल चुहाउने; रालो ।

**लालित**– वि० [सं०] १. लालना गरिएको; माया गरिएको । २. पुलपुल्याइएको ।

**लालित्य**– ना० [सं०] १. ललित हुनाको भाव वा अवस्था; सौन्दर्य; लावण्य । २. प्रेमसूचक हाउभाउ ।

**लालिमा**– ना० [लाल+इमा] रातोपना; लाली ।

**लाली**– ना० [लाल+ई] १. लालिमा; रातोपन । २. ओठ, गाला आदिमा सौन्दर्यका निम्ति लगाइने राम्रो रङ्गको शृङ्गारसाधन । ~ **गुराँस**– ना० हरिया खस्रा पात हुने, गुलाफी रङको भुप्पा फूल फुल्ने (इरिकेसी समूहको) एक वृक्ष वा त्यसैको फूल; नेपालको राष्ट्रिय फूल ।

**लालुपाते**– ना० [लाल+पात+ए] हे० लालपाते ।

**लाल्चा**– ना० [√ लालचा] लालच । (उदा०– मऱ्यो ताल्चा लाल्चाउपर परनिन्दा पर सऱ्यो– लेखनाथ) । > **लाल्ची**– वि० लाल्चा गर्ने; लालची ।

**लावण्य**– ना० [सं०] १. लवणको भाव वा गुण; नुनिलोपन । २. राम्रो हुनाको भाव वा अवस्था सौन्दर्य; माधुर्य । ३. असल शीलस्वभाव हुनाको गुण वा स्थिति; सुशीलता ।

**लावा१**– ना० [अङ्० लाभा] ज्वालामुखी पहाडबाट निस्कने पत्थर, धातु आदिको द्रव पदार्थ ।

**लावा२**– ना० [सं० लाजा] धान भुटेर तयार पारिने पूजा र मङ्गलकार्यमा समेत प्रयोग गरिने सेतो, हलुको खाद्य पदार्थ; लाजा । ~ **धान**– ना० बाहिर भुसले ढाकेको, भुट्दा लावा निस्कने लाम्चो खालको धान । ~ **बाजा**– ना० चारदेखि आठ फिटसम्म लामो हुने, विशेष गरेर सेर्पाजातिमा प्रचलित फुकेर बजाइने एक प्रकारको बाजा ।

**लावालस्कर**– ना० [फा० लावलश्कर] १. हातहतियारसहितको फौज वा सेना । २. सेना र त्यसको सरसामान । ३. मानिसको ताँती ।

**लास**– ना० [फा० लाश] मृत शरीर; मुर्दा; शव । ~ **जाँच**– ना० कर्तव्य, आत्महत्या वा अरू कुनै कारणबाट मानिस मर्दा मरेको वास्तविक कारण पत्ता लगाउनका निम्ति गरिने लासको जाँच; शवपरीक्षण (पोस्टमार्टम) । ~ **जाँच मुचुल्का**– ना० लासजाँच गरी मृत्युको कारण र अन्य विवरणसमेत लेखिएको कागत । ~ **परीक्षण**– ना० लासजाँच ।

**लास्ट**– वि० [√ लाठ] घस्टिएको; लाठ ।

**लास्य**– ना० [सं०] १. नाच; नृत्य । २. प्रेमभावनालाई विभिन्न हाउभाउका साथै अङ्गविन्यासद्वारा प्रकट गरिने विशेष प्रकारको नृत्य । ३. गानबजानसहितको नाच ।

**लाहाँचे**– ना० कालो लामो चुच्चो, रातो टाउको, नीला खुट्टा र हरियो शरीर हुने, रूख कपेर गुँड लगाउने एक जातको चरो ।

**लाहा**– ना० [सं० लाक्षा] पहेँलो कीराले रूखमा बनाउने, आगोमा पगाल्न हुने छाप लगाउने, टाल्ने आदि काममा प्रयोग गरिने एक पदार्थ; लाक्षा । – **छाप**– ना० पगालेको लाहामा लगाइने औँठी आदिको छाप; लाहामा लगाइने चिह्न । – **मसी**– ना० १. लाहापानीमा रङ मिसाई बनाएको मसी । २. लाल र कालो रङ वा ध्वाँसो मिसाई बनाइएको एक प्रकारको पाको, टिकाउ मसी ।

**लाहास–** ना० ठूलो मुख्य घरमा जोडेर बनाइएको सानो घर; लाफो ।

**लाही–** ना० [लाहा+ई] तोरी ।

**लाहुर–** ना० [लाहोर (स्थान)] १. अचेल पाकिस्तानमा परेको पन्जाबको राजधानी; लाहौर । २. सुन्दर नगर ।

**लाहुरी–** वि० १. राम्रो; लोभलाग्दो; अङ्गढङ्ग चट्ट मिलेको । ना० २. असल जातको भैँसी । ~ **भैँसी–** ना० असल जातको भैँसी । ~ **नेपाल–** ना० मकवानी राज्यको चितलाङ भेक ।

**लाहुरे–** ना० [लाहुर+ए] १. भारतीय पल्टनमा नोकरी गरेको नेपाली जवान । २. रिकुटे । ३. एक प्रकारको बर्खे फूल । ४. असल जातको भैँसी; लाहुरी । ~ **फुल–** ना० लामा टुप्पा हुने पात र सखरखण्डका जस्ता कन्द हुने, रङ्गीचङ्गी रङ्ग हुने तर बास्ना नआउने एक जातको फूल । ~ **फुली–** ना० चोसाचोसा परेको भुम्के फूली । ~ **माया–** ना० अस्थायी मायाप्रीति; क्षणिक प्रेमव्यापार ।

**लिँड–** ना० [सं० लेण्ड] १. डोलो लामो आकारको विष्ठा । २. मुसाको विष्ठा । ३. रुपियाँपैसाको लक्कु; बिन्डी ।

**लिँडिक–** ना० [लिनु+डिक] आपसी लेनदेनको व्यवहार ।

**लिँडुल्के–** वि० [लिँडुल्को+ए] लिँडुल्को भएको; लिँडे ।

**लिँडुल्को–** ना० १. काठको सानो छोटो ठेउको; गिँड; लिडुको; ट्वाकल । २. जोतेको डल्ला फोर्ने र सम्म पार्ने काठको लाम्चो गिँड । ३. गोटा परेका अवस्थामा बिस्टचाउने सानासाना आकारका लिँड । वि० ४. पुच्छर वा हातखुट्टा नभएको; लिँडो ।

**लिँडे–** वि० [लिँडो+ए] पुच्छर नभएको; ठुटे । २. एकोहोरे; हठी; जिद्दीवाल । ३. गाली गर्दा प्रयोग गरिने शब्द । ~ **कुचो–** ना० बढार्दाबढार्दा बुच्चो भएको पुरानो कूचो । ~ **ढिपी–** ना० एकोहोरो ढिपी; हठ; जिद्दी ।

**लिँडो–** वि० [सं० लेण्ड] १. पुच्छर काटिएको; ठुटे; लिँडे; लिन्डो । २. छोटो । ३. जिद्दीवाल; हठी; एकोहोरे ।

**लिँड्को–** ना० [लिँडो+को] १. काठको सानो बिर्को । २. पाखाबालीमा डल्ला फुटाउन लगाइने दाँदेका छाँटको एक कृषि-औजार ।

**लिँडचाइ–** ना० [√ **लिँड** (+याइ)] लिँडचाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लिँडचाइनु–** क० क्रि० १. लिँड त्याग गरिनु । २. टुक्रा पारिनु; बिन्डी पारिनु । **लिँडचाउनु–** स० क्रि० १. लिँड पार्नु; लिन्डा हग्नु; मलत्याग गर्नु । २. ठुटो पार्नु; छोट्याउनु; टुक्रा पार्नु । ३. पैसाको लक्कु पार्नु; बिन्डी पार्नु । ४. सोहोर्नु ।

**लि–नु–** स० क्रि० [प्रा० लेहइ+इ+नु] १. अरूको अधिकारमा रहेको कुनै वस्तु आफ्नो अधीन गर्नु; प्राप्त गर्नु; ग्रहण गर्नु । २. धारण गर्नु । ३. समात्नु; समाउनु । ४. स्वीकार गर्नु; मान्नु । ५. आक्रमण गरेर विजय गर्नु; जित्नु । > **लिइनु–** क० क्रि० लिने काम गरिनु; ग्रहण गरिनु ।

**लिउँचिउँ–** क्रि० वि० [अ० मू० लिउँ (द्वि०)] जसोतसो; जसरीतसरी; येनकेन ।

**लिउ–** ना० [भो० ब०] १. एक प्रकारको ऊनी सतरन्जा वा दरी । २. चौँरी गाईको रौँबाट बनाइएको राडी ।

**लिउन–** ना० [सं० लिम्पन] गोबर, भुस आदिको अनुपात मिलाई घरको भित्तामा लेपिने पदार्थ ।

**लिक–** ना० १. रेलगाडी गुड्नका लागि फलामको पातो बिछ्याएको बाटो । २. बयलगाडी आदिका पाङ्ग्रा गुड्दा बनेको डुँडजस्तो डोब वा धर्सो; गोरेटो ।

**लिक्कोमङ–** ना० [लि०] बिफर, दादुरा आदिले गाउँमा प्रवेश नगरोस् भन्नाका निम्ति गरिने, राईलिम्बूमा प्रचलित एक किसिमको पूजा ।

**लिक्ष–** ना० [सं०] वास्तु तथा मूर्तिकलामा प्रयुक्त हुने आठ रौँको टुप्पोबराबरको नापो ।

**लिखत–** ना० [सं० लिखित] १. कानुनी दृष्टिबाट रुपियाँपैसाको लेनदेन, जग्गाजमिनको सुक्रीबिक्री आदि कारोबार गर्दा लेखिएको रीतपूर्वकको कागत (तमसुक, राजीनामा, बकसपत्र आदि) । २. अक्षर, अङ्क, चिह्न आदिद्वारा अभिलेख गरिएका र मुद्दामामिलामा प्रमाणस्वरूप पेस गर्न सकिने वा प्रमाणका निम्ति लाग्ने कागजपत्र । ३. दुई पक्षका बीचमा कुनै कामकुराबारे परस्पर सम्झौताका सर्तहरू लेखिएको पत्र । ~ **पत्र–** ना० लिखतको कागज । ~ **पास–** ना० जग्गाजमिन आदिको बेचबिखन, रुपियाँपैसाको लेनदेनसम्बन्धी कागजपत्र ऐनकानुनबमोजिम सम्बन्धित अड्डामा पास गराउने काम । ~ **बदर–** ना० सम्बद्ध प्रयोजनका निम्ति तयार पारिएको कागजपत्र कच्चा भएका कारणले सदर नहुने काम वा अवस्था; फैसला आदि हुँदा कानुनअनुसार लिखतमा भएका कुराको टुटाइ वा उल्टाइ ।

**लिखा–** ना० [सं० लिक्षा] जुम्रा, उडुस आदिको फुल । ~ **टिपाइ–** ना० १. चानचुने फाइदा वा लाभ । २. धेरैतिरबाट बटुल्ने काम । ३. झर्कोलाग्दो काम । ~ **टिपुवा–** वि० १. लिखा टिपिरहने । २. रोगले खाएको वा सताएको; साह्रै दुब्लो । स्त्री० लिखाटिपुवी ।

**लिखित–** वि० [सं०] १. लेखिएको; रचिएको । २. रङ भरिएको । ३. कुनै उद्देश्यले कसैलाई लेखेर दिइएको वा आज्ञा, आग्रह गरिएको (लिखित अनुरोध, लिखित आदेश, लिखित बहस आदि) । ना० ४. लेखोट; लिखित । ~ **परीक्षा–** ना० प्रश्नको उत्तर लिखित रूपमा दिनुपर्ने प्रकारको परीक्षा । > **लिखितम्–** ना० १. लिखित; लेखोट । २. तमसुकका सुरुको बेहोरामा आफू लिखित रूपले सम्बद्ध रहेको देखाउन प्रयोग हुने शब्द ।

**लिखु–** ना० [भो० ब०] १. नेपाल अधिराज्यको कोसी अञ्चलअन्तर्गत सप्तकोसीक्षेत्रमा बग्ने एक खोलो; लिखु खोलो । वि० २. सानो खालको वा डाँठ झीनो भएको उखु ।

**लिखुटे–** वि०हे० लिखुरे ।

**लिखुरी–** ना० [लिखुरो+ई] १. लिखुरोको पोथी रूप । २. धान, गहुँ आदि बत्ताउँदा हावाको निम्ति हम्कने उपकरण । ३. धान

आदि बत्ताउन धारो हाल्दा बतास बोलाउने शब्द ।

**लिखुरे–** वि० [लिखुरो+ए] साह्रै दुब्लो; सिकुटे; लिखुरे; फुकीढल; लिखुरो; लिखुर्के; लिखुटे ।

**लिखुरो–** वि० साह्रै सानो र दुब्लोपातलो; मरन्न्याँसे; हल्लनटाट (प्रायः भेडा, बाखा आदिको पाठो) ।

**लिखेटो–** ना० [लिखो+एटो] कपाल कोर्ने काइँयाको माझमाझमा मसिना सिन्का हालेर फट्टाउँदा अरू दाँत अझ बाक्ला पारेको र कोर्दा लिखा ल्याउने साधन; लिखौटो ।

**लिखो–** ना० [सं० लिक्षा] जुम्रा, उडुस आदिको फुल ।

**लिखौटो–** ना०हे० लिखेटो ।

**लिग–** ना० [अङ्० लीग] १. सङ्घ; संस्था, जमात (जस्तो– गोर्खा लिग, मुस्लिम लिग आदि) । २. सम्झौता; सन्धि । ३. साँध; सीमा । – **लगा–** ना० साँध-सिमाना; हाता ।

**लिगलिगे–** ना० घाँटीभित्र कण्ठनिर झुन्डिएको पातलो सानो अवयव; किलकिले ।

**लिगेसन–** ना० [अङ्० लिगेशन] १. राजदूत वा कूटनैतिक प्रतिनिधिहरूको मण्डली । २. राजदूत बस्ने घर; राजदूतावास ।

**लिङ्ग–** ना० [सं०] पुरुषको जननेन्द्रिय; शिश्न । २. स्त्री र पुरुष छुट्ट्याउने प्राणीका शरीरको चिह्न । ३. मूर्ति वा प्रतिमाका रूपमा पूजित हुने शिवलिङ्ग । ४. कुनै कुराको पहिचान हुने चिह्न वा निसान; लक्षण । ५. व्याकरणमा पुरुष, स्त्री र नपुंसक छुट्ट्याउने शब्दका रूप (पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग) । ६. साङ्ख्यशास्त्रका अनुसार सम्पूर्ण विकृति फेरि लीन हुने मूल प्रकृति । ७. मीमांसाका निर्णयका आधारमा छ लक्षण (उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, अर्थवाद र उपपत्ति) । – **धारी–** वि० खालि चिह्न धारण गर्ने; भेषधारी; बिल्लाधारी । ~ **पुराण–** ना० अठार महापुराणमध्ये एक । ~ **वृत्ति–** ना० १. भेष बदलेर जीविका चलाउने व्यक्ति; नक्कली साधु । वि० २. आडम्बर गर्ने; ढोँगी । ~ **शरीर–** ना० हिन्दूशास्त्रअनुसार मृत्युपछि शुभअशुभ फल भोग्ने भनी मानिएको सूक्ष्म शरीर । > **लिङ्गी–** वि० १. लिङ्ग वा चिह्न धारण गर्ने; भेषधारी; बिल्लाधारी । २. लिङ्गसम्बन्धी । ३. लिङ्ग भएको ।

**लिङ्गे–** वि० [लिङ्ग+ए] १. लिङ्गसम्बन्धी । २. लिङ्ग भएको; लिङ्गी । ना० ३. देवस्थलहरूका यात्रामा झन्डा बोकेर वा त्यसै बाटो देखाउने अगुवा । ~ **पिङ–** ना० चारवटा बाँसका लिङ्गा चारतिर गाडेर दुईदुईवटा बाँसका टुप्पा जोडी मास्तिर तेर्स्याइएको बलोमा लठारो टाँगेर बनाइएको मच्चाएर खेलिने (प्रायः दसैँतिहारमा) पिङ ।

**लिङ्गो–** ना० [लिङ्ग+ओ] १. इन्द्रजात्रा, बिस्केटको जात्रा आदिमा परम्पराअनुसार ठडयाइने काठको लामो स्तम्भ; ध्वजा । २. आकाशबत्ती बाल्न कार्तिक महिनामा ठडयाइने बाँस वा लामो काठ । ३. ठडयाइएको स्तम्भका आकारको कुनै वस्तु ।

**लिङ्गवल–** ना० [किराँ०] कुलो, धारा, पानी र यातायातका साथै वाणिज्यसम्बन्धी काम गर्ने लिच्छविकालीन एक अड्डा ।

**लिची–** ना० [चि० लीची] लाम्चा पात र खस्रो बोक्रो हुने, मसिनामसिना फूल फुल्ने र रसदार गुलियो काँडादार फल हुने एक जातको रूख वा त्यसैको फल; लिच्ची ।

**लिच्चड–** वि० [हि० लीचड] १. जुकाजस्तो टाँसिएर अरूलाई बाधा दिने; पछिपछि लागेर दिक्क पार्ने; धिङ्न्याहा । २. मक्खीचुस; चुइयाँ; लोभी; कन्जुस । ३. अल्छी; लोसो; बोधो । ४. लेसाइलो; लेसिलो ।

**लिच्छवि–** ना० [सं०] प्राचीन नेपाल, मगध र कोशल देशको एक प्राचीन प्रसिद्ध शासकवंश ।

**लिटर–** ना० [अङ्०] तरल पदार्थको एक किलोबराबरको परिमाण वा नापो ।

**लिटो–** ना० [सं० लिक्त] १. भात नखुवाएका दूधमुखे बालकलाई खुवाउन भुटेका चामलको पीठो घिउचिनीमा पकाएर बनाइएको खानेकुरो; बालकलाई खुवाइने मनभोगका छाँटको खानेकुरो । २. पाकेर सिता जोडिएको र पस्कँदा पन्यूमा टाँसिने लचेप्रो भएको गिलो भात ।

**लिडुको–** ना०हे० लिँडुल्को ।

**लितिक्क–** क्रि० वि० [अ० मू० लित > लितिक्+क] गिलो पदार्थ थिचिँदा वा निचोरिँदा एक छेउबाट पिच्च निस्किएजस्तो गरी; लित्त; पितिक्क; लितिक्क ।

**लितिलिति–** [अ० मू० लित्+इ (द्वि०)] गिलो पदार्थ निचोरिएर रोकिई-रोकिई निस्कने गरी; लित्तलित्त ।

**लित्त–** क्रि० वि० [अ० मू० लित्+त] हे० लितिक्क । ~ **लित्त–** क्रि० वि० लगातारको लित्त । सात० लितितिति ।

**लित्ती–** ना० [सं० लिक्त+ई] नछोडी लाग्ने काम; धर्ना; पछेटा । ~ **कसाइ–** ना० १. साह्रै कडा परिश्रम; पसिना काढिन्जेलको बलगराइ । २. छोड्दै नछोडी धर्ना कस्ने काम ।

**लिथो–** ना० [अङ्०] लिथोग्राफ । – **ग्राफ–** ना० १. धातुको पाता वा ढुङ्गामा अक्षर, चित्र आदि खोपेर वा खिचेर कागतमा छापिने छापा; शिलामुद्रण । २. स्टेन्सिलमा सुक्खा अक्षर टाइप गरी लिथोमेसिनमा घुमाएर धेरै प्रति निकालिने प्रक्रिया । – **ग्राफी–** ना० लिथोग्राफ छाप्ने कला वा सीप; शिलामुद्रणविद्या । ~ **मुद्रण–** ना० लिथोमेसिनद्वारा गरिएको वा हुने मुद्रण । ~ **मेसिन–** ना० बिजुलीद्वारा मुद्राक्षर ढाल्ने आधुनिक यन्त्र ।

**लिदी–** ना० [प्रा० लद्दी] हात्ती, घोडा आदिको विष्ठा; लादी । – **बिदी–** ना० १. फोहर । क्रि० वि० २. पाकेर गल्ने गरी ।

**लिनदिन–** ना० [लिनु+दिनु] १. लिने र दिने काम; लिने वा दिने व्यवहार; लेनदेन । २. ऋण वा कुनै वस्तु लिने र दिने काम; सरसापट ।

**लिन्डो–** वि० १. लिँडो । ना० २. लिँड ।

**लिप्‌–नु–** स० क्रि० [सं० लिप्+नु] १. गोबर, माटो आदिको लेदो पदार्थ मुछेर घर, आँगन, खलो आदिमा पातलो गरी लाउनु;

घरका भित्ताहरूमा गोबरमाटो मिलाएर घस्नु वा टाल्नु; पोतर्नु; पोत्नु । २. हिलो, फोहर आदि जताततै घस्नु । ३. लेखाइ नराम्रो र बाक्लो पार्नु ।

**लिप–** ना० [लिप्+अ] लिपाइ (अन्य शब्दमा गाँसिएर मात्र प्रयुक्त) । **– घस–** ना० घर आदि लिप्ने र घस्ने काम; लिपपोत; लिपनपोतन; लिपलाप । **– पोत–** ना० घर आदि लिप्ने र पोत्ने काम; लिपघस ।

**लिपाइ–** ना० [√ **लिप्** (+आइ)] लिप्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लिपाइनु–** क० क्रि० लिप्न लाइनु । ~ **पोताइ–** ना० लिप्ने र पोत्ने काम । **लिपाउनु–** प्रे० क्रि० लिप्न लाउनु; पोताउनु ।

**लिपि–** ना० [सं०] १. अक्षर लेख्ने प्रणाली; अक्षरको रखाइ । २. लिखित अक्षर; वर्णमाला; वर्ण । ३. लेख्ने कला । ४. चित्रकला; रेखाङ्कन । ५. लेखोट ।

**लिपिक–** ना० [सं०] लेख्ने व्यक्ति; कारिन्दा; लेखनदास; लिपिकर । ~ **विभ्रम–** ना० लिपिकद्वारा भएको भूल वा अशुद्ध पाठ । **– कर–** ना० लिपिक ।

**लिपिक्क–** क्रि० वि० [अ० मू० लिपिक्+क] टाँसिने गरी; ल्याप्प; लिपिस्स ।

**लिपित्त–** क्रि० वि० [अ० मू० लिपित्+त] हे० लितिक्क ।

**लिपिनु–** क० क्रि० [लिप्+इ+नु] पोतिनु; लिप्सिनु ।

**लिपिबद्ध–** वि० [सं०] लिपिमा बाँधिएको; लेखिएको; लिखित ।

**लिपिशास्त्र–** ना० [सं०] लिपिको ऐतिहासिक विवेचना र विश्लेषण गरिएको शास्त्र; लिपिविज्ञान ।

**लिपिस्स–** क्रि० वि० [सं० लिप्त] हे० लिपिक्क ।

**लिप्टि–नु–** अ० क्रि० [सं० लिप्त+इ+नु] १. खप्टिनु; जोडिनु; टाँसिनु; जेलिनु । २. लपेटिनु; बेह्रिनु ।

**लिप्टो–** ना० [सं० लिप+टो] १. ओढ्ने वा फेर्ने काम लिइने, कपडाको सानो टुक्रो वा टालो । २. बिछ्याउने सानो चकटी वा सुकुल ।

**लिप्टयाइ–** ना० [√ **लिप्टि** (+याइ)] लिप्टिने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लिप्टयाइनु–** क० क्रि० लपेटिनु; बेरिनु । **लिप्टयाउनु–** स० क्रि० १. बेर्नु; लपेट्नु । २. जोर्नु; टाँस्नु ।

**लिप्त–** वि० [सं०] १. लिपपोत गरिएको; लिपेको; पोतेको । २. दूषित भएको; बिग्रेको । ३. मिलाइएको; टाँसिएको; जोरिएको । ४. तत्परताका साथ कुनै काममा लागेको; एकोहोरिएको ।

**लिप्यन्तर–** ना० [सं०] १. अर्को लिपि । २. लिपिपरिवर्तन ।

**लिप्स–नु–** स० क्रि० [लिप्+नु] १. बाक्लो लेदो पदार्थ भित्ता आदिमा मसिनो गरी लेस्नु; लेसाइलो पदार्थ घस्नु । २. अरूसँग लहसिनु ।

**लिप्सा–** ना० [सं०] कुनै वस्तु प्राप्त गर्ने तीव्र इच्छा; अभिलाषा ।

**लिप्साइ–** ना० [√ **लिप्स** (+आइ)] लिप्सने भाव, क्रिया वा प्रक्रिया; लिपाइ । [ > ] **लिप्साइनु–** क० क्रि० लिप्सन लाइनु । **लिप्साउनु–** प्रे० क्रि० १. लिप्सन लाउनु; लिपाउनु । २. लहसिने पार्नु । **लिप्सिनु–** स० क्रि० १. लिप्नु । क० क्रि० २. लिपिनु । अ० क्रि० ३. कसैसँग ज्यादै लहसिनु; विषयभोगमा आसक्त हुनु ।

**लिप्सी–** ना० [अङ्० लिपस्टिक] नारीजातिले सौन्दर्यका निम्ति ओठमा दल्ने रातो रङ्गको शृङ्गारसाधन; लिपिस्टिक ।

**लिप्सु–** वि० [सं०] लिप्सा भएको; कुनै वस्तु प्राप्त गर्ने इच्छा भएको; इच्छुक ।

**लिप्सो–** वि० [सं० लेश] एकदम सानो; धेरै मसिनो; सूक्ष्म ।

**लिफा–** ना० [अ० लिफाफः] १. वादीप्रतिवादी, उजुर, बिन्तीपत्र आदि लेख्ने दस्तुरसहितको फारम । २. दायाँबायाँ औँठाछाप र सहीछाप गरी राखिएको वा कसैलाई दिइएको खाली कागज ।

**लिफाफा–** ना० [अ० लिफाफ] चिठीपत्र हालेर बन्द गर्ने कागजको खोल; लिफा; खाम ।

**लिफ्ट–** ना० [अङ्०] १. अग्ला भवनमा मानिस आदि तल वा माथि पुऱ्याउन जडिएको विद्युत्द्वारा सञ्चालित भऱ्याङ; उत्तोलक यन्त्र । २. अर्काको सबारी साधन चढ्न दिने मौका ।

**लिबलिब–** क्रि० वि० [अ० मू० लिब्+अ (द्वि०)] १. जिब्रो चलाउने वा चाट्ने गरी; लपलप; ल्यापल्याप । २. खानामा ज्यादै लोभिने चालले । > **लिबलिबती** ⁄ **लिबलिबी–** क्रि० वि० अझै लिबलिब हुने गरी ।

**लिब्री–** ना० [लिभर+ई] १. किलकिले; लिगलिगे । २. सानो जिभ्री ।

**लिमिटेड–** ना० [अङ्०] परिमित; सीमित । ~ **कम्पनी–** ना० सेयरवालाहरूको दायित्व उठाउन निजहरूले कबुलियत गरेको सेयरको अधिकतम परिमाणसम्म मात्र कारोबार सीमित हुने गरी कम्पनी कानुनबमोजिम दर्ता गरिएको व्यापारी संस्था ।

**लिम्बु–** ना० [भो० ब०] लिम्बूवानक्षेत्रमा बस्ने एक किराँतजाति ।

**लिम्बुवान–** ना० [भो० ब०] दीर्घकालदेखि लिम्बू जातिको स्थायी बसोबासो भएको कोसी र मेची अञ्चलका पहाडी क्षेत्र ।

**लिम्बू–** ना० हे० लिम्बु ।

**लिरबिर–** क्रि० वि० [अ० मू० लिर् (द्वि०)] १. लरबरिने गरी । २. बिस्तारै चलमलाएर ।

**लिरा–** ना० इटाली देशको राष्ट्रिय मुद्रा ।

**लिरिङबिरिङ–** ना० [√ लिरबिर] १. बिस्तारै छुवाएर चलाउने काम; लुलो चालले हल्लाउने काम । क्रि० वि० २. त्यसरी चलाउने वा हल्लाउने गरी ।

**लिलाम–** ना० [पोर्त० लीलाम] कुनै डाँक बोलेर सबभन्दा बढी मोल दिने वा हद मोल बोल्नेवालालाई माल बिक्री गर्ने काम; डाँक । ~ **घर–** ना० लिलाम गर्ने निर्दिष्ट स्थान । ~ **बिक्री–** ना० लिलाम । > **लिलामी–** वि० १. लिलाममा खरिद वा बिक्री गरिएको । २. लिलामसम्बन्धी; लिलामको ।

**लिवाइ–** ना० [लि+वाइ] लिने भाव, क्रिया वा प्रक्रिया ।

**लिसिङपिसिङ–** क्रि० वि० [अ० मू० लिस्+इङ (द्वि०)] १. जसोतसो; येनकेन । ना० २. सानोतिनो कामधन्दा; लिसीपिसी ।

**लिसीपिसी–** क्रि० वि० [अ० मू० लिस्+ई (द्वि०)] १. मन नदिई सुस्तीका साथ । ना० २. सानोतिनो वा नगण्य कामधन्दा; लिसिङपिसिङ ।

**लिसे–** वि० [लिसो+ए] लिसोजस्तो टाँसिने; पिछा लाग्ने । ~ **टाँगो–**

नाο १. लिसो टाँसेको टाँगो । २. तुच्छ उद्योग । ३. दीर्घसूत्री चाल ।

**लिसो–** नाο [संο श्लिषा] १. खोटो, तेल आदि मिलाई सूर्यपाक गरेर तयार पारिएको च्याटच्याटे पदार्थ । २. रूखबाट निस्कने लेसाइलो चोप; गुँद; खोटो । ३. रूखमा मजबुतीसाथ टाँसिएर रहने एक लहरो । ४. मन नपरीकन पनि धेरै समयसम्म बसिरहने मानिस वा वस्तु ।

**लिस्टे/लिस्टो–** विο १. कन्जुस; मक्खीचुस; लोभी; लिस्टे । नाο २. एक जातको चरो

**लिस्ती–** नाο [प्राο लट्ठी] १. झ्यालढोका आदिमा काँच, फल्याक आदि जड्नका लागि चारैतिर जडिने काठ आदिको पातलो फ्रेम वा साधन । २. घरभित्र बिजुलीको तार सुरक्षितसँग जड्न भित्तामा ठोकिएको मोटाइचौडाइ कम भएको लामो काठ ।

**लिस्नु–** नाο १. एउटै खाँबो बीचबीचमा कपेर खुड्किलो पारिएको भऱ्याङ; एकखुट्टे भऱ्याङ; अखटो । २. भऱ्याङ । ३. खुड्किलो; सिँढी ।

**लिस्याइलो–** विο [लिसो+याइ+लो] १. मसिनो र टाँसिएलाजस्तो । २. च्याटच्याट लाग्ने; टाँसिने ।

**लिहल–** विο [लिο] कानुनी रूपमा लिएको, प्राप्त गरेको (तमसुक आदिमा मात्र प्रयुक्त हुने शब्द) । **– गत–** कानुनी रूपमा तमसुक लेखेर सापट लिइएको (रुपियाँपैसा) ।

**लिहिली–** नाο कौकामीहरूले भाँडाबर्तनहरू बनाउँदा तल राख्ने फलामको अचानु; ली । ~ **ठेलो–** नाο लिही अडचाउन गाडिने काठ ।

**लिही–** नाο [प्राο लिड्डी] कुखुराको विष्ठा; सुली ।

**ली–** नाο एकसय बीस गज बराबरको नापको परिमाण ।

**लीग–** नाο [अङ्ο] हेο लिग ।

**लीन–** विο [संο] १. नछुट्टिने गरी जोडिएको; टाँसिएको । २. छिपाइएको; प्रच्छन्न; लुकाइएको । ३. काममा एकाग्र भई लागेको; तन्मय भएको । ४. पग्लिएको; विगलित । ५. कुनै अर्को वस्तुमा अभेद गरी मिलेको; विलीन । **– ता–** नाο लीन हुनाको भाव वा अवस्था; तल्लीनता; संलग्नता ।

**लीला–** नाο [संο] १. चित्तको उमङ्गका साथ मनोरञ्जनका निम्ति गरिने खेल वा क्रीडा; विनोद । २. विलास; विहार; रतिक्रीडा; केलि । ३. देवताको चरित्र । ४. देवदेवीका अवतारका चरित्र आदिको अभिनय । ५. छद्मवेश; ढोँग । ६. प्रेमले उन्मत्त भएर रूप, वेश, आभूषण, वचन आदिले नायिकाद्वारा गरिने नायकको अनुकरण । > **लीलावतार–** नाο लीला वा लोक-अभिनयका लागि धारण गरिएको विष्णुको अवतार । **– वान्–** विο १. लीला गर्ने; क्रीडाशील । २. सुन्दर; रमणीय । > **लीलोद्यान–** नाο क्रीडा गर्ने बगैँचा ।

**लु१–** नाο [संο लुक] ग्रीष्म ऋतुको वेला गरम प्रदेशहरूमा चल्ने तातो हावा वा त्यसको धार ।

**लु२–** निपाο ल; लौ ।

**लुँग–** नाο [√ लङ] पोते, माला आदिको गुच्छाको हरेक लहर; लरियो ।

**लुँगी–** नाο [बο लुन्जी] दुवै छेउ सिएर वा नसिईकन पुरुष वा स्त्रीजातिले लगाउने अधोवस्त्र ।

**लुँडि-नु–** अο क्रिο [लुँडो+इ+नु] १. लुँडीजस्तो हुनु; लुँडो लागेर आउनु । २. बटुलिनु; गुजुल्टिनु; सोहोरिएर आउनु । ३. बटारिनु; बाटिनु; बेरिनु ४. बालीनाली राम्रो सप्रेर आउनु । ५. नदी वा समुद्रको पानी अचानक बढेर आउनु ।

**लुँडी–** नाο १. पराल, बाबियो आदि बटारेर बनाइएको एक पोयो डोरीको डल्लो । २. सानो लुँडो । ~ **धान–** नाο एक जातको धान ।

**लुँडे–** नाο १. ससाना पात र रातो डाँठ हुने एक जातको साग । २. ढिँडो, खोले आदि पकाइने, मुख फराक भएको र बिँड नभएको भाँडो; भुजङ्गो । ~ **धन्दा–** नोकरको जस्तो धन्दा; कमाराको धन्दा ।

**लुँडो–** नाο १. भाँडाकुँडा माझ्ने वा भुईंभित्ता आदि पोत्ने झुम्रो वा पराल आदिको गुजुल्टो; मस्को । २. घाँस, पराल, लुगा आदिको केही लाम्चो गुजुल्टो । ३. हरिस आदिका फेदमा गुजुल्टिएको घाँस वा झार । ४. आङ मल्दा निस्कने मयलको लिँड । ५. पराल आदि बटारेर बनेको पोयो । ६. धेरै मानिस आदिको धुइरो ।

**लुँडचाइ–** नाο [√ **लुँडि** (+याइ)] लुँडिने क्रिया वा प्रक्रिया । [ > ] **लुँडचाइनु–** कο क्रिο लुँडचाउने काम गरिनु; लुँडो पारिनु । **लुँडचाउनु–** सο क्रिο/प्रेο क्रिο १. लुँडोजस्तो बनाउनु; लुँडी पार्नु । २. गुजुल्टचाउनु । ३. बटार्नु; बाट्नु । ४. गाईबस्तुले सागपात आदि जथाभाबीसँग खानु । ५. मान्छेले सागपात आदि मनपरीसित टिप्नु । ६. जेजस्तो पायो सबै लैजानु । ७. पाएजति सबै खानु; हसुर्नु ।

**लुँदरी–** विο मोटोघाटो शरीर देखिएर पनि दह्रो भएर काम गर्न नसक्ने; साह्रै असमर्थ ।

**लुँदो–** नाο [संο लुण्ठा] पोस लागेर, बुढचाइँले वा रोगले शरीरमा झोलिएको मासुको लोलो; जीउमा लट्किएको छाला ।

**लुइँचे–** नाο वनजङ्गलमा हुने कुखुरो; जङ्गली कुखुरो ।

**लुइँलुइँ–** क्रिο विο [अο मूο लुइँ (द्विο)] एकोहोरिएर सरासर तीव्र वेगसाथ हिँड्दै; लमकलमक; लसलस; लसकलसक; फटाफट ।

**लुक्-नु–** अο क्रिο [संο लुक्+नु] १. नदेखिने गरी कुनै ठाउँमा बस्नु; छिप्नु; दबिनु । २. अदृश्य हुनु; अलप हुनु; छेकिनु; अल्पिनु ।

**लुक–** नाο [भोο बο] उत्तरी भेगमा पाइने एक जातको भेडा ।

**लुकाइ–** नाο [√ **लुक्** (+आइ)] लुक्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लुकाइनु–** कο क्रिο लुक्न लाइनु; छिपाइनु । **लुकाउनु–** सο क्रिο अरूले नदेख्ने गरी राख्नु; दबाउनु; छिपाउनु ।

**लुकाट–** नाο [संο लकुच] खस्रा पात हुने, भुवादार रातो रङ्गका लाम्चाबाटुला र गुलिया फल फल्ने एक जातको बोट वा त्यसैको फल ।

**लुकामारी–** ना० [लुक्+मार्] १. परस्परमा लुक्ने र फेला पार्ने गरी खेलिने प्रसिद्ध बालखेल; कुक्कु । २. परस्परमा लुक्ने काम; लुकालुक ।

**लुकाल–** ना० जाकनामा लादिने वा बोकाइने छाला मोडेको दुईमुखे थैली ।

**लुकालुक–** ना० [लुक्+आ+लुक्] १. आपसमा लुक्ने काम । २. लुकामारी ।

**लुकाहा–** वि० [लुक्+आहा] लुक्ने स्वभावको; लुकुवा ।

**लुकिनु–** अ० क्रि० [लुक्+इ+नु] नदेखिने हुनु; छिपिनु ।

**लुकीचोरी–** क्रि० वि० [लुक्+ई+चोर+ई] १. थाहै नदिईकन; गोप्य तवरले । २. लुकीछिपी ।

**लुकीछिपी–** क्रि० वि० [लुक्+ई+छिप्+ई] गोप्य तवरले; लुकीचोरी ।

**लुकुनी–** ना० [भो० ब०] मिहीन राडीबाट सिएर तयार गरिएको जीउमा लगाउने एक प्रकारको न्यानो कपडा ।

**लुकुवा–** वि० [लुक्+उवा] लुक्ने स्वभावको; लुकाहा । ~ **बाटो–** ना० चोरबाटो । ~ **मासु–** ना० लुगा लाएको बेला छरितो देखिने र फुकाल्दा मोटो देखिने जीउडाल ।

**लुखुरलुखुर–** क्रि० वि० [अ० मू० लुखुर्+अ (द्वि०)] १. कसैलाई पछ्याएर वा कसैको आज्ञा मानेर हिँड्ने चालले; लुरुलुरु । २. झल्लिएर भौँतारिने गरी । ३. विवश भएर हिँड्दै ।

**लुखुरे–** वि० लिखुरे ।

**लुखुरो–** वि० [सं० लिक्षा] लिखुरे ।

**लुगलुग–** क्रि० वि० [अ० मू० लुग्+अ (द्वि०)] चर्को जाडो, भय, त्रास वा रोग आदिका कारणले शरीरमा कम्प आउने गरी; लगलग; थरथर; थुरथुर । > **लुगलुगती/लुगलुगी–** क्रि० वि० अझै लुगलुग भएर । **लुगलुगे–** वि० लुगलुग कँपाउने; थुरथुर पार्ने (जाडो) ।

**लुगा–** ना० [सं० लक्तक] १. जीउमा लगाउने कपडा; पोसाक । २. ओढ्नेओछ्याउने; सिरकडसना आदि । ३. कपडा; वस्त्र । **– फाटो–** ना० वस्त्रहरूको समूह; लत्ताकपडा । ~ **भत्ता–** ना० स्थायी सेवामा रहेका पदाधिकारी वा उच्च ओहदाका व्यक्तिलाई विदेशभ्रमण गर्दा नियमानुसार लुगा किन्न दिइने निश्चित रकम ।

**लुग्दी–** ना० कागत बनाउन रूखका बोक्राबाट बनाइएको लेदो; कागतको लेदो (पल्प) ।

**लुच्चो–** वि० [सं० लुञ्छ] १. झूटो कुरा गरेर वा छकाएर अरूको रुपियाँपैसा ठग्ने; लुछेर लिने; धुतार; ठग । २. ढँटुवा; चेपारे । ३. धूर्त; फटाहा । > **लुच्च्याइँ–** ना० लुच्चो हुनाको भाव; फटचाइँ ।

**लुछ्-नु–** स० क्रि० [सं० लुञ्छ+नु] १. जबर्जस्ती तानेर छुट्याउनु; चुँडाल्नु; चुँड्नु । २. दाँत, नङ्ग्रा आदिले चिथोर्नु; नङ्ग्र्याउनु । ३. जबर्जस्तीसित लिनु; खोस्नु । ४. चाम्रो वस्तु पक्रेर तान्नु; खिँच्नु । ५. लाछ्नु; लछार्नु । ६. भुत्ला अलग्याउनु; भुत्ल्याउनु । > **लुछलाछ–** ना० १. धमाधम लुछ्ने काम; लुछाचुँडी । २. खोस्ने, चुँड्ने, थुत्ने वा धुत्ने काम; खोसखास; थुतथात । **लुछाइ–** ना० लुछ्ने भाव, क्रिया वा प्रक्रिया । **लुछाइनु–** क० क्रि० लुछ्न लाइनु । **लुछाउनु–** प्रे० क्रि० लुछ्न लाउनु ।

**लुछाचुँड–** ना० [लुछ्+चुँड्] लुछ्ने र चुँड्ने काम; लुछाचुँडी । > **लुछाचुँडी–** ना० १. एक-अर्कामा लुछ्ने र चुँड्ने काम; परस्परको लुछाइ र चुँडाइ । २. परस्परमा कुनै वस्तु बलजफत गरी खोस्ने वा लिन खोज्ने काम; खोसाखोस ।

**लुछाफहरी–** ना० [लुछ्+फहर्] १. लुछ्ने र फहराउने काम; लुछाइ र फहराइ । २. केश लुछेर, दाँतले टोकेर तथा चिथोरेर हुने झगडा ।

**लुछालुछ–** ना० [लुछ्+लुछ्] परस्परको लुछाइ ।

**लुछिनु–** क० क्रि० [लुछ्+इ+नु] १. लुछाचुँडी गरिनु । २. चिथोरिनु । ३. तानिनु । ४. नाङ्गिनु ।

**लुट्-नु–** स० क्रि० [सं० लुण्ठ+नु] १. जबर्जस्तीसित अर्काको धनमाल लिनु; डरत्रास देखाएर वा धम्काएर अरूको सम्पत्ति खोस्नु; हाक्काहाक्की चोर्नु । २. उचितभन्दा ज्यादा मोल लिनु; ठग्नु । ३. अन्याय गरेर अरूको सम्पत्ति हत्याउनु ।

**लुट–** ना० [सं० लुठन] जथाभाबीसित लिने वा लाने काम; सित्तैँ पाउने प्रयास; लूट । **लुटको धन फुपूको श्राद्ध** (उखान) । **– पाट–** ना० समूह मिलेर गरिने लुट । **– पिट–** ना० लुट्ने र पिट्ने काम; लुटपाट; लुटमार ।

**लुटपुट–** ना० [अ० मू० लुट्+अ (द्वि०)] १. खुसीले वा लाडे भएर नजिकै आई खेल्ने काम; लुटुपुटु । २. मायालाग्दो भएर भ्याम्मिने चाल । > **लुटपुटाइ–** ना० लुटपुटाउने भाव, क्रिया वा प्रक्रिया । **लुटपुटाइनु–** अ० क्रि० लुटपुटिने होइनु । **लुटपुटाउनु–** अ० क्रि० लुटपुटिनु । **लुटपुटिनु–** अ० क्रि० १. लुटपुट गर्नु; ढुनुमुनु खेल्नु । २. आसक्त हुनु; लहसिनु । ३. गुड्नु । **लुटपुटचाइ–** ना० लुटपुटिने भाव, क्रिया वा प्रक्रिया । **लुटपुटचाइनु–** क० क्रि० लुटपुट गराइनु । **लुटपुटचाउनु–** स० क्रि०/प्रे० क्रि० १. लोटपोट गराउनु; गुडाउनु । २. प्रेममा फँसाउनु; आसक्त पार्नु । **लुटपुटचाहट–** ना० लुटपुटिने काम, किसिम वा स्थिति; लुटपुटचाइ ।

**लुटमार–** ना० [लुट्+मार्] १. लुट्ने र मार्ने काम । २. लुटपिट ।

**लुटलाट–** ना० [लुट (द्वि०)] लुटेर लिने काम; लुटपाट ।

**लुटाइ–** ना० [√ **लुट्** (+आइ)] लुट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **लुटाइनु–** क० क्रि० लुट्न लाइनु । **लुटाउनु–** प्रे० क्रि० १. लुट्न लाउनु । २. सित्तैँमा दिनु; जति भन्यो उति दिनु ।

**लुटाकाने–** वि० [लुप्त+कान+ए] कान खुम्चिने जातको (बाखो) ।

**लुटान–** ना० [लुट्+आन] १. लुट्ने वा लुटिने काम । २. सामूहिक रूपमा भएको लुट । ३. लुटेको वस्तु ।

**लुटालुट–** ना० [लुट्+आ+लुट] १. परस्परमा एकले अर्कालाई लुट्ने काम; एकैसाथ धमाधम भएको लुटाइ । २. लुटालुट ।

**लुटाहा–** वि० [लुट्+आहा] लुटको काम गर्ने; लुट्ने स्वभावको; लुटेरो; लुटाहार ।

**लुटाहार**– वि० [लुट्+आहार] लुटाहा; लुटेरो ।

**लुटि-नु**१– अ० क्रि० [सं० लुट्+इ+नु] १. तिल वा मासका पातहरू खुम्रिने रोग लाग्नु । २. बोटबिरुवा आदि बटारिएर बढ्न नसक्नु । ३. कान छोटो हुनु ।

**लुटिनु**२– क० क्रि० [लुट्+इ+नु] १. लुटामार गरिनु; धनमाल खोसिनु । २. लुटमा पर्नु । ३. सर्वस्व हरिनु ।

**लुटुपुटु**– क्रि० वि० [√ लुटपुट] लुटपुट ।

**लुटे**– वि० [√ लुटि] १. निमोठिएर बढ्न नसकेको (बोटबिरुवा आदि) । २. साह्रै सानो कान भएको (मानिस, पशु आदि) ।

**लुटेरो**– वि० [लुट्+एरो] लुट्ने; लुटाहा; लुटाहार ।

**लुठी**– ना० [लुठो+इ] व्यभिचारिणी स्त्री; वेश्या ।

**लुठो**– ना० [सं० लटक] जार; नाठो; उपपति ।

**लुडबुडि-नु**– अ० क्रि० [लडिबुडी+नु] १. लडीबुडी गर्नु । २. गुड्नु; पल्टनबाजी खानु । > **लुडबुडयाइ**– ना० लुडबुडिने वा लुडबुडचाउने क्रियाप्रक्रिया । **लुडबुडयाइनु**– क० क्रि० लडीबुडी पारिनु । **लुडबुडयाउनु**– स० क्रि० १. लडीबडी पार्नु; लोटपोट पार्नु । २. गुडाउनु; पल्टनबाजी खुवाउनु ।

**लुडो**– ना० [अङ्०] केटाकेटीहरूले खेल्ने एक प्रकारको खेल ।

**लुण्ठन**– ना० [सं०] १. बलजफ्तीसँग अर्काको धनमाल लिने काम; लुट; चोरी । २. लोट्ने वा पछारिने काम । ३. गुड्ने काम; लडीबुडी गर्ने काम ।

**लुण्ठित**– वि० [सं०] १. लुटबाट ल्याइएको; चोरिएको । २. पछारिएको; लडेको । ३. गुडेको ।

**लुतुक्क**– क्रि० वि० [√ लतक्क] १. ओइलाएर लत्रिने गरी । २. ज्यादा पाकेर गल्ने चालले ।

**लुतुरे**/**लुतुरो**– ना० [लुतुरो+ए] १. लुगाफाटोको ससानो धरो; लुन्द्रो । वि० २. निर्धो; दुब्लो; लुखुरो; लुतुरे ।

**लुते**– वि० [लुतो+ए] १. लुतो आएको वा लुतो भएको; लुताको रोगी । २. बल नभएको; दुब्लो; फितलो; लुरे ।

**लुतेङ्ग्रो**– वि० [लुतो+एङ्ग्रो] १. लुतुरो; लुत्याङ्ग्रो । २. रोगी; पिलन्धरे; रोगाहा ।

**लुतो**– ना० [सं० लूता] ज्यादै चिलाउने र बाक्ला बिमिरा उठेर पाक्ने खटिराविशेष । ~ **न कन्याइ**– ना० काम पनि नहुने नाम पनि नहुने अथवा हर्षविस्मात केही नभएको अवस्था (उदा०– हामीलाई पो व्यवहार चलाउन गाह्रो पऱ्यो, तिम्रा त कोही छैनन्– लुतो न कन्याइ) ।

**लुत्त**– क्रि० वि० [अ० मू० लुत्+त] १. लेदो पदार्थ ज्यादा पाकेर खस्ने गरी; लत्त । २. झट्ट पस्ने वा निस्कने चालले; ल्वात्त; सुत्त । सात० लुतुतुतु ।

**लुत्ति-नु**– अ० क्रि० [लुत्त+इ+नु] १. इज्जत, प्रतिष्ठा, पद वा ओहदा आदिबाट च्युत हुनु; खुत्तिनु; निकालिनु । २. नष्ट हुनु; बिग्रनु । ३. भत्कनु; पहिरो जानु । > **लुत्त्याइ**– ना० लुत्तिने भाव वा क्रिया प्रक्रिया । **लुत्त्याइनु**– क० क्रि० खुत्त्याइनु । **लुत्त्याउनु**– स० क्रि० १. इज्जत, प्रतिष्ठा, पद वा ओहदाबाट च्युत गर्नु; खुत्त्याउनु । २. नष्ट गर्नु; बिगार्नु; भत्काउनु ।

**लुत्याङग्रो**– वि०हे० लुतेङ्ग्रो ।

**लुत्याहा**– वि० [लुतो+याहा] १. लुतो लागेको; लुते । २. कमजोर; दुर्बल; हुतीहारा; नामर्द ।

**लुत्रनु**– अ० क्रि० [लुत्र+नु] १. जिद्दी नगरेर लुत्रुक्क पर्नु; लत्रनु; ठर्रो नहुनु; नुहुनु; दब्नु । २. लाचार हुनु; विवश हुनु; बाध्य हुनु । ३. विनयभाव देखाउनु; नम्र हुनु । > **लुत्राइ**– ना० लुत्रने भाव वा क्रियाप्रक्रिया । **लुत्राइनु**– क० क्रि० लुत्रुक्क पारिनु । **लुत्राउनु**– प्रे० क्रि० लुत्रुक्क पार्नु; लत्राउनु । **लुत्रिनु**– अ० क्रि० लुत्रुक्क परिनु ।

**लुत्रुक्क**– क्रि० वि० [√ लत्रक्क] १. लुत्रने गरी । २. विवश हुने ढङ्गले; लुतुक्क; लत्रक्क ।

**लुत्रे**– वि० [लुत्र+ए] लुतुरे; लुतुरो । – **लाम्रे**– वि० चिथ्रा लुगा लाएको र दुब्लोपातलो; डुहुरे र ख्याउटे ।

**लुत्रो**– वि० [√ लुतुरो] लुत्रुक्क परेको; लुतुरो ।

**लुथुर्के**– ना० एक जातको पक्षी ।

**लुन्डो**– वि० [सं० रुण्ड] पुच्छर, पखेटा आदि काटिएको; लिँडुल्को; ठुटे ।

**लुन्तुरे**/**लुन्तुरो**– ना० १. बालकहरूको मूत्रेन्द्रिय; तुन्तुरो; तुरी । २. धरो; धुर्को; लुन्द्रो ।

**लुन्द्रे**– वि० [लुन्द्रो+ए] लुतुरो; लुरे; ख्याउटे ।

**लुन्द्रो**– ना० [लत्ता+त्यान्द्रो] १. कपडाको सानो धर्सो । २. त्यान्द्रो ।

**लुप**– ना० [अङ्०] स्त्रीहरूले योनिमा लगाउने गर्भनिरोधको साधन ।

**लुपुक्क**– क्रि० वि० [अ० मू० लुपुक्+क] गिलो पदार्थ एकै खेपमा चाटेर खाने गरी; लपक्क; ल्याप्प; सुपुक्क ।

**लुपुलुपु**– क्रि० वि० [√ लपलप] धमाधम चाटेर; लपलप ।

**लुप्त**– वि० [सं०] १. भाँचिएको; भग्न; क्षतिग्रस्त । २. लोप भएको; लुकेको, छिपेको; हराएको । ३. लुटिएको; ठगिएको । ४. अप्रयुक्त; अप्रचलित । ५. अदृश्य; नदेखिएको । ६. उपेक्षित; हेला गरिएको । > **लुप्ताकार**– ना० लोप भएको ठाउँमा लेखिने आधा अकार वा आकारको चिह्न (ऽ); खण्डाकार । > **लुप्तोपमा**– ना० उपमान, उपमेय, धर्म र वाचक चारमध्ये कुनै तीनवटा लोप हुँदा पर्ने उपमा अलङ्कारको एक भेद । ~ **शृङ्खला**– ना० नृतत्त्वशास्त्रअनुसार मानव र वानरका बीच बसेर मानवका पूर्वजसँग सम्बन्धको शृङ्खला जोड्ने एउटा मानवजस्तो प्राणी; दक्षिणी नरवानर ।

**लुब्ध**– वि० [सं०] १. मन गढाएर कुनै कुरा लिन चाहने; लोभी; लालची; लोलुप । २. इच्छुक; लालायित । ३. लम्पट; आसक्त । > **लुब्धक**– ना० १. लोभी मान्छे । २. सिकारी । ३. लम्पट मानिस । ४. उत्तरी गोलार्धको एक तेजस्वी तारा । **लुब्धिनु**– अ० क्रि० ज्यादै लोभी हुनु । **लुब्धो**– ना० लोभी; लालची ।

**लुम**– ना० [अङ्०] लुगा बुन्ने घरेलु साधन वा यन्त्र; तान ।

**लुमडी**– ना० [सं० लोमश] स्यालका जातको एक जङ्गली जनावर; फ्याउरो ।

**लुमुर**– वि० पुच्छरजस्तो हल्लिरहने । ~ **कुटेरो**– ना० पुच्छरभैँ गरी थाङ्नाको फेर हल्लने पोको; थाङ्ने पोको ।

**लुम्बिनी**– ना० [सं०]१. नेपाल अधिराज्यको पश्चिमाञ्चलक्षेत्रको रुपन्देही जिल्लामा पर्ने एक प्राचीन वन; गौतम बुद्धको जन्मस्थल । २. नेपाल अधिराज्यको यसै नामको अञ्चल ।

**लुम्रुङलुम्रुङ**– क्रि० वि० [अ० मू० लुम्रुङ्+अ (द्वि०)] तागत नभएको मानिस सुस्तसुस्त हिँड्ने चालले; ल्याम्राङल्याम्राङ ।

**लुम्रे**/**लुम्रो**– ना० [लुम्रो+ए] १. कपडाको लाम्चो धरो; लुन्द्रो । वि० २. लोसे; जुम्सो । ३. लुरे ।

**लुम्सो**– वि० लोसे चालको; ढिलो वा सुस्त चालको; लुम्रो ।

**लुर**– ना० शक्ति; पाइन । (उदा०– लुर भएको मान्छे भए पो उसबाट काम पार लाग्थ्यो) ।

**लुरखुर**– क्रि० वि० [अ० मू० लुर्+खुर] १. भल्लिने वा हल्लिने चालले; लुखुरलुखुर । २. दुब्लापातला मानिसले बिस्तारै काम गर्ने गरी । > **लुरखुराइ**– ना० लुरखुराउने भाव, क्रिया वा प्रक्रिया । **लुरखुराइनु**– अ० क्रि० लुरखुराउने होइनु । **लुरखुराउनु**– अ० क्रि० लुरखुरिनु । **लुरखुरिनु**– अ० क्रि० विनाकाम यताउति हिँडडुल गर्नु; लरखराउनु; भल्लिनु; लखरलखर हिँड्नु । **लुरखुरे**– वि० विनाकाम यताउति लरखरिने; भल्ला । **लुरखुर्‍याइ**– ना० लुरखुरिने भाव वा क्रियाप्रक्रिया । **लुरखुर्‍याहट**– ना० लुरखुरिने काम; लुरखुर्‍याइ ।

**लुरीखुरी**– क्रि० वि० [√ लरखर] निर्धो वा अशक्त मानिसले सकीनसकी काम गर्ने चालले; जेनतेन ।

**लुरुलुरु**– क्रि० वि० लाचारी वा हैरानीका साथ हिँडेर; लुइँलुइँ; लुखुरलुखुर; खुरुखुरु ।

**लुरे**/**लुरो**– वि० [लुरो+ए] १. निर्धो; अशक्त; कमजोर; लुलो । २. सानो जीउडालको; दुब्लो र पातलो । ३. काँथर; निफर; हिक्मतहारा; हिम्मत नभएको ।

**लुर्कन**– ना० [सं० लुलन] १. लट्कने गरी कानका लोतीमा अडचाएर लाइने गहना । २. भुन्डिएर रहेको वस्तु; लर्कन । > **लुर्कने**– ना० बाख्राका कानमनिको थुनजस्तो लुर्को ।

**लुर्का**– ना० ['लुर्को'को ति०रु०] हे० लुर्को ।

**लुर्के**– वि० [लुर्को+ए] लुर्को भएको । ~ **भन्टा**– ना० पात र डाँठमा काँडा हुने, लामो भीनो र नीलो रङ्गको फल फल्ने एक प्रकारको भन्टा; लुर्के भिँडा । ~ **भिँडा**– ना० लुर्के भन्टा ।

**लुर्को**– ना० [लुर्को] १. स्त्रीजातिले कानको लोतीमा लट्कने गरी लगाउने एक प्रकारको गहना; लुर्कन; लुर्का । २. बाख्राका कानमनि भुन्डिएर रहेको मासुको लुर्कन । ३. लरी; लर्को ।

**लुलि-नु**– अ० क्रि० [लुलो+इ+नु] लुलो वा फितलो हुनु ।

**लुलीलुली**– ना० [लुलो+इ (द्वि०)] केटाकेटीको हात लुलो पार्न लगाएर पाइ गराउन हल्लाइने एक बालखेल ।

**लुली हात**– ना० [लुलो+हात] केटाकेटीको हात लुलो पार्न लाएर आफूले हल्लाई उसका हातले उसैलाई लबटचाउने बालखेल ।

**लुलु**– ना० हिमाली भेगमा हुने साऱ्है सानो डालको चौँरी गाई ।

**लुले**/**लुलो**– वि० [सं० लुल्] १. दर्बिलो वा दऱ्हो नभएको; फितलो; दुर्बल; शिथिल । २. निश्चित सिद्धान्त वा धारणामा अडिग नभएको । ~ **लङ्गडो**– वि० अङ्गभङ्ग भएको ।

**लुल्याइ**– ना० [√ **लुलि** (+याइ)] १. लुलिने भाव वा क्रियाप्रक्रिया । [लुल्याउ+आइ] २. लुल्याउने क्रियाप्रक्रिया । [ > ] **लुल्याइनु**– क० क्रि० लुलो पारिनु । **लुल्याउनु**– स० क्रि० लुलो पार्नु वा गराउनु ।

**लुसाकुटी**– ना० [नेवा० कुसाकथि] ढिकीले कुट्दा ओखलका धान, चिउरा आदि चलाउन मिल्ने, टुप्पामा प्रायः भुम्रो बेरेको लामो काठ; लाउने काठ; लुँडी ।

**लुसि-नु**– अ० क्रि० [लोसो+इ+नु] १. लुसो वा लोसे हुनु; फुर्तिलो वा जाँगरिलो नहुनु; जुम्सिनु; ढिलो हुनु । २. लुसो भएर पछि लाग्नु; कुनै कुराको आशा गरेर बस्नु । > **लुस्याइ**– ना० लुसिने भाव, क्रिया वा प्रक्रिया । **लुस्याइनु**– क० क्रि० लोसो पारिनु । **लुस्याउनु**– प्रे० क्रि० लोसो पार्नु ।

**लुसी**– ना० [नेवा० ल्हुसि] १. चिउरा कुट्ने साँबी नलागेको काठको मुसल । २. नङिनीले नङ काट्ने हतियार ।

**लुसुक्क**– क्रि० वि० [अ० मू० लुसुक्+क] कसैलाई थाहापत्तै नदिई आउनेजाने वा लुरुक्क परेर हिँड्ने गरी ।

**लुसे**– वि० [लुसो+ए] १. कुनै कामकुरामा चाहिने जति जाँगर वा फुर्ती नभएको; काम गरे तापनि लिसिङपिसिङ गर्ने; जुम्सो; लोसे । २. जति गरे तापनि हट्न नचाहने; धिङ्न्याहा; अटेर ।

**लुसेत्रो**– वि० [लुसो+एत्रो] लुसे; लुसो; लुस्यात्रो ।

**लुसो**– वि० [√ लोसो] साह्रै ढिलो चालको; लोसो ।

**लुस्याइ**– ना० [√ **लुसि** (+याइ)] १. लुसिने भाव, क्रिया वा प्रक्रिया । [लुस्याउ+आइ] २. लुस्याउने भाव वा क्रियाप्रक्रिया । [ > ] **लुस्याइनु**– लुसो पारिनु । **लुस्याउनु**– प्रे० क्रि० लुसो पार्नु ।

**लुस्यात्रो**– वि०हे० लुसेत्रो ।

**लुस्स**– क्रि० वि० [अ० मू० लुस्+स] थाहै नपाई आउने वा जाने गरी; लुसुक्क ।

**लुहार**– ना०हे० लोहार । > **लुहार्नी**– ना० लोहार्नी ।

**लू**– ना० हे० लु१ ।

**लूट**– ना०हे० लुट ।

**लूतो**– ना०हे० लुतो ।

**ले**– विभ० नाम वा सर्वनाममा जोरिएर कर्ता र करण कारकको अवस्था बुझाउने रूपायक प्रत्यय । (जस्तै– भाइ**ले** कलम**ले** लेखे । मै**ले** हात**ले** इसारा गरेँ) ।

**लेई**/**लेउ**– ना० [प्रा० लेव > सं० लेप] भुईं वा भित्तामा सर्दी, चिसो आदिद्वारा आउने भ्याउ वा कस ।

**लेक**– ना० हिमालनेरका पहाडको माथिल्लो भाग वा अग्लो सेपिलो

पर्वत; शिखर । ~ **पाङ्ग्रो–** ना० ठूलो रूखमा फल्ने, लामा र ठूला कोसाभित्र हुने, पाङ्ग्रोजस्तो बाटुलो र कलेजी रङको एक जातको फल ।

**लेकाली–** वि० [लेक+आली] लेकमा हुने, बस्ने वा पाइने; लेकसम्बन्धी; लेकको । ~ **कौवा–** ना० लेकमा हुने सर्वाङ्ग शरीर कालो भएको कौवा ।

**लेख्‌-नु–** स० क्रि० [सं० लिख्+नु] १. कलम, मसी वा रङ, कूची आदिले अक्षर, मूर्ति, चित्र आदि बनाउनु । २. लेख, ग्रन्थ आदिको प्रणयन गर्नु ।

**लेख–** ना० [सं०] १. कुनै विषयमा लेखेर प्रकट गरिएको विचार वा कुरो; रचना । २. लेखिएको कागत; लिखत; लेखोट । ३. लेखिएको अक्षर; लिपि ।

**लेखक–** ना० [सं०] १. लेख, पुस्तक आदि लेख्ने व्यक्ति; रचनाकार; ग्रन्थकार । २. घरव्यवहारका तमसुक आदि लेख्ने व्यक्ति । ३. लिपिकार । **– स्व–** ना० लेखकले आफ्नो कृति प्रकाशित भएपछि सो कृतिको प्रकाशकबाट पाउने अधिकारपूर्वकको आंशिक रकम; रायल्टी ।

**लेखत–** ना० [√ लिखत] लिखत ।

**लेखन–** ना० [सं०] लेख्ने काम वा लेखाइसम्बन्धी कला । **– दास–** ना० साधारण व्यवहारी लेखापढीको काम गर्ने व्यक्ति; लिखत लेख्ने लेखक वा कारिन्दा ।

**लेखनाथ–** ना० [सं०] कविशिरोमणि उपाधि पाएका नेपाली साहित्यका प्रख्यात कवि (वि० सं० १९४१ – २०२२) ।

**लेखनी–** ना० [सं०] लेख्ने साधन; कलम ।

**लेखनीय–** वि० [सं०] लेख्नुपर्ने; लेख्न योग्य; लेख्य ।

**लेखन्ते–** ना० [लेख्+अन्ते] लेख्ने व्यक्ति; लेखक ।

**लेखपढ–** ना० [लेख्+पढ्] १. लेख्ने र पढ्ने काम; लेखापढी । २. अध्ययन ।

**लेख पाङ्ग्रो–** ना० लेक पाङ्ग्रो ।

**लेखा१–** ना० [सं०] १. कारोबारको सबै बेहोरा देखिने गरी राखिएको अभिलेख, स्याहा, खाताबही आदि र उक्त कागतपत्र; आयव्ययको विवरण; हिसाब वा गणना । २. लेखेर राखिएको कुरो; घटनाको विवरण । ३. रेखा; धर्को; पङ्क्ति । ४. चित्र; चिह्न ।

**लेखा२–** ना० यो० [सं० लक्ष्य] १. विचार वा दृष्टिकोणमा; भन्दा लेखि । २. लागि; निम्ति ।

**लेखाइ–** ना० [लेख्/लेखाउ+आइ] लेख्ने तथा लेखाउने भाव, क्रिया वा प्रक्रिया ।

**लेखाउनी/लेखौनी–** ना० [लेख्+आउनी] लेख्नेलाई दिइने ज्याला वा दस्तुर; लेखाइखर्च ।

**लेखाउनु–** प्रे० क्रि० [लेख्+आउ+नु] लेख्न लाउनु ।

**लेखाकर्म–** ना० [सं०] लेखा वा हिसाबकिताब राख्ने काम; तहबिलदारी (एकाउन्टेन्सी) ।

**लेखाचित्र–** ना० [सं०] कुनै व्यापार, कामकुरो वा घटनामा भइरहने घटबढ; फेरबदल वा अन्य तथ्यहरूको पारस्परिक सम्बन्ध सूचित गर्ने विभिन्न रेखा भएको चारकुने अङ्कनपत्र; ग्राफ ।

**लेखाजोखा–** ना० [लेख्+जोख्] लेखोजोखो ।

**लेखाधिकृत–** ना० [सं०] हिसाबकिताब जाँच्ने वा हेर्ने अधिकारी ।

**लेखाध्यक्ष–** ना० [सं०] सरकारी कार्यालय वा सङ्घसंस्था आदिको आयव्ययको हिसाब राख्ने अधिकारी; लेखापाल ।

**लेखान्त–** ना० [लेखा+अन्त] प्रारब्ध; भाग्य (उदा०– गाउँघरकी सोझी सुभद्रा लेखान्तमा विश्वास गर्थिन् – गु० प्र० मैनाली) ।

**लेखान्तर–** ना० [सं०] १. लेखान्त; भाग्य; प्रारब्ध । २. एक प्रकारको लेखबाट अर्को प्रकारको लेखमा परिणत गर्ने काम ।

**लेखापढी–** ना० [लेख्+पढ्+ई] १. लेख्ने र पढ्ने काम; लेखपढ । २. चिठीपत्र, पुर्जी आदि लेख्ने काम; पत्रव्यवहार । ३. लेनदेनसम्बन्धी व्यवहारमा सबुतप्रमाणका लागि गरिने लिखत; लेखोट ।

**लेखा परीक्षक–** ना० [सं०] सरकारी कार्यालय वा सङ्घसंस्था आदिको हरहिसाब जाँच गर्ने अधिकारप्राप्त व्यक्ति; अडिटर ।

**लेखा परीक्षण–** ना० [सं०] आर्थिक कारोबार हुने सरकारी निकाय र सङ्घसंस्था आदिका व्यावसायिक सङ्गठनहरूको खाता तथा अभिलेख नियमबद्ध रूपले जाँच, रुजू आदि गरी हरहिसाब हेर्ने र वास्तविक आर्थिक स्थितिका सम्बन्धमा प्रतिवेदन दिने काम; अधिकृत संस्था वा व्यक्तिद्वारा गरिने त्यस्तो हरहिसाबको नियमपूर्वकको जाँचबुझ; अडिट ।

**लेखा परीक्षा–** ना० [सं०] लेखापरीक्षण ।

**लेखापाल–** ना० [सं०] आम्दानी खर्चको हिसाब वा लेखा राख्ने, लेख्ने र जिम्मेवारी लिने कर्मचारी; एकाउन्टेन्ट ।

**लेखालेख–** ना० [लेख्+आ+लेख्] पालैसित लेख्ने काम; दोहरो पत्राचार ।

**लेखि–** क्रि० वि० [लेखा] दृष्टिकोणमा; विचारमा; लेखा; निम्ति । (उदा०– तिम्रा लेखि उनी मरेबराबरै भए त ?) ।

**लेखिका–** ना० [सं०] १. कुनै लेख, ग्रन्थ आदि लेख्ने स्त्री । २. लेखनदासको काम गर्ने स्वास्नीमानिस ।

**लेखिनु–** क० क्रि० [लेख्+इ+नु] लेख्ने काम गरिनु ।

**लेखिम–** ना० [सं० लेख+अङ्० इम्] लेखनमा कुनै भाषाको प्रतिनिधित्व गर्ने लघुतम, पृथक् लिपिचिह्न; ग्राफिम ।

**लेखुवा–** वि० [लेख्+उवा] लेखिएको (पुर्जी, बेहोरा आदि); लेख्ने वा लेखिटोपल्ने । (तिमीसँग लेखुवा बयान नै लियो कि मौखिक सोधनी मात्र गऱ्यो ? कामधाम नगरी लेखुवा भएर मात्रै कहाँ खान पाइन्छ र !) ।

**लेखो–** ना० [√ लेखा] १. सम्झनाका निम्ति गरिने आयव्ययको गणना; हिसाब; सङ्ख्या । २. विश्वास गरिने कुरो । **– जोखो–** ना० हिसाबकिताब वा नापतौलको गणना वा फाँटवारी ।

**लेखोट–** ना० [लेख्+ओट] सानो टिप्पणी लेखिएको कागत वा चिठीपत्र; लिखत । (उदा०– घरसारमै भए पनि एउटा लेखोट

त गर्नैपर्छ) । ~ **पत्र**– ना० लेखिएको कागतपत्र; लिखत । ~ **पुर्जी**– ना० १. कुनै कामकुराको निकास, फर्स्योट, तामेली आदि गर्ने सिलसिलामा र अरूसँग सोधनी गरी जवाफ लिनुपर्दा, मानिस झिकाउनुपर्दा वा सरजमिन बुझ्दा समेत लेखिने कागत । २. कुनै कामको बेहोरा लेखिएको कागत ।

**लेखो न जोखो**– ना० [लेख्+न+जोख] मात्रा वा सङ्ख्या बताउन नसकिने स्थिति ।

**लेखौट**– ना० [लेख्+औट] लेखोट ।

**लेख्य**– वि० [सं०] लेख्न लायक; लेख्नुपर्ने; लेखनीय । ~**दान**– ना० राजाले जग्गा दिँदा वा जग्गासम्बन्धी आयस्ताको नियम बनाउँदा तथा जनताले जग्गा किनबेच गर्दा भूस्वामित्वका लागि दिइने निस्सापत्र ।

**लेग्रो१**– ना० [प्रा० लग्ग] १. अलिकति बाँकी रहेको काम; कामको शेष । २. बचेखुचेको वा थिग्रिएको थोरै वस्तु; निथार; निथ्रेनी । ३. कपडा आदिमा टाँसिएको मैल; दाग ।

**लेग्रो२**– ना० [अ० मू० ल्याप्+रो] १. घाँटीको भित्रपट्टिको एक अवयव; घिच्रो । २. लामो र ठूलो स्वर; लेघ्रो । ३. जिह्वाग्र; जिब्राको अघिल्लो भाग ।

**लेघ्रो**– ना० हे० लेग्रो ।

**लेचि-नु**– अ० क्रि० [√ लच्किनु] १. हिँड्दा खुट्टा खोचिनु; लच्कनु । २. बोल्दा कुरो चपाउनु वा लरबरिनु । > **लेच्याइ**– ना० लेचिने वा लेच्याउने काम । **लेच्याइनु**– अ० क्रि० लेचिने होइनु । **लेच्याउनु**– अ० क्रि० १. लडखडाउनु; खोच्याउनु । प्रे० क्रि० २. लेचिने पार्नु; लच्काउनु ।

**लेट्नु**– अ० क्रि० [सं० लेटन+नु] आरामसाथ सुत्नु; पल्टनु वा ढल्कनु ।

**लेट**– वि० [अङ्०] १. विलम्बको; ढिलो । क्रि० वि० २. बियाँलो; अबेर ।

**लेटन**– ना० [सं०] छोड्दै नछोडी एकनासले धर्ना दिने काम; लम्पट ।

**लेट म्याटर**– ना० [अङ्०] छापिसकेपछि पनि फेरि उपयोग हुने सम्भावनाले नबिगारी राखिएको टाइप-सामग्री ।

**लेटर**– ना० [अङ्०] १. चिठी; पत्र । २. अक्षर । ~ **प्याड**– ना० पत्र लेख्नका निम्ति बनाइएको नाम, ठेगाना आदि भएको वा सादाखाले कागतका पत्रको समूह । ~ **बक्स**– ना० पत्रमञ्जूषा; चिठीबाकस ।

**लेटाइ**– ना० [√ **लेट्** (+आइ)] लेट्ने क्रिया वा प्रक्रिया । [ > ] **लेटाइनु**– क० क्रि० लेट्न लाइनु; पल्टाइनु । **लेटाउनु**– प्रे० क्रि० लेट्न वा पल्टन लाउनु; सुताउनु । **लेटिनु**– अ० क्रि० पल्टिनु; ढल्किनु ।

**लेठन**– ना० [√ लेटन] अड्डी लिने काम; धर्ना; लेटन ।

**लेठो**– ना० [√ लेठन] झमेला; झन्झट । – **बेठो**– ना० १. झैँझमेला । २. नगरी नहुने काम ।

**लेड**– ना० [अङ्०] १. कम्पोज गरिएका टाइपहरू सोझो पार्न लहरका बीचबीचमा हालिने सिसा वा काठको सिन्को । २. सिसा ।

**लेथ्नु/लेथ्नो**– वि० [सं० श्लथ] १. थकाइ, पिटाइ आदिले चल्नचटपटाउन नसक्ने भएको; थिलथिलो । २. दुर्बल वा शिथिल भएको; जीर्ण । ३. बिग्रेको; ध्वस्त ।

**लेथ्रो**– ना० [√ लेग्रो] उभार; थिग्रेनी; थिग्रो ।

**लेदो**– ना० [प्रा० लद्दी] १. बाक्लो तरल पदार्थ; लदरो वस्तु । वि० २. बाक्लो पन्यालो; दबदबे ।

**लेध्रो**– ना० [√ लेग्रो] उभार; थिग्रो ।

**लेनदेन**– ना० [लिनु+दिनु] १. कुनै वस्तु लिने र दिने काम; आदानप्रदान । २. परस्परमा ऋण लिनेदिने काम; सरसापट; कारबार ।

**लेना**– ना० [लि+ना] अरूलाई तिर्नुपर्ने धन वा नगदी वस्तु । – **देना**– ना० लेनदेन ।

**लेनिन**– ना० विश्वप्रसिद्ध एक साम्यवादी नेता । – **वाद**– ना० लेनिनले चलाएको र स्वीकार गरेको किसान, मजदुर र सर्वहारा वर्गद्वारा क्रान्ति गरी देशको शासनसत्ता जनताका हातमा ल्याउने र राष्ट्रिय पुँजी तथा उत्पादनमा समान हक र उपभोग कायम गर्ने राजनीतिक सिद्धान्त । – **वादी**– वि० लेनिनको सिद्धान्तमा विश्वास राख्ने; लेनिनवादको अनुयायी ।

**लेन्स**– ना० [अङ्०] १. एकै ठाउँमा किरण सोहोर्ने वा प्रकाश, दृश्य आदिलाई ठूलोसानो देखाउने, माझमा उठेको वा दबेको दूरबीन, क्यामरा आदिमा जडिने काँचको चक्का वा ऐना । २. बाहिरी पदार्थको छाया ग्रहण गर्ने आँखाभित्रको पारदर्शी सानो भाग; नानी ।

**लेप्-नु**– स० क्रि० [सं० लिप्+नु] लेपन गर्नु; लिप्नु ।

**लेप**– ना० [सं०] १. लिप्ने, पोत्ने वा चुप्रने वस्तु; लेपन; चन्दन । २. सुनिएमर्केका ठाउँमा लाउने लेदो ओखती; मलम । > **लेपन**– ना० १. लेप लगाउने काम; चन्दन, मलम आदि लाउने काम । २. लिपपोत; लिपाइ । **लेपनीय**– वि० लेपन गर्न सुहाउँदो, लिप्न वा घस्न लायक । **लेपित**– वि० लेप लगाइएको; लेपन गरिएको ।

**लेपाइ**– ना० [√ **लेप्** (+आइ)] लेप्ने क्रिया वा प्रक्रिया । [ > ] **लेपाइनु**– क० क्रि० लेप्ने काम गराइनु । **लेपाउनु**– प्रे० क्रि० लेपन गराउनु; लेप्न लाउनु । **लेपिनु**– क० क्रि० लेप्ने काम गरिनु; लिपिनु ।

**लेप्रो**– ना० [लेप+रो] १. उपेक्षा, अश्लीलता आदि प्रकट गरिँदा आउने शब्द । २. टाँसिएको मैला; दाग । > **लेप्र्याइ**– ना० लेप्रो हुने वा लेप्र्याउने क्रियाप्रक्रिया । **लेप्र्याइनु**– क० क्रि० लेप्र्याउने काम गरिनु । **लेप्र्याउनु**– स० क्रि० कुनै कामकुरा मन नपर्दा वा उपेक्षा, निन्दा आदिको भाव प्रकट गर्दा तल्लो ओठ बाहिर फर्काउनु; लेब्र्याउनु ।

**लेप्र्याक्क**– क्रि० वि० [अ० मू० लेप्र्याक्+क] ओठ लेप्र्याउने चालले ।

**लेप्र्याहट**– ना० [लेप्र्याउ+आहट] ओठ लेप्र्याउने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**लेबल/लेबुल**– ना० [अङ्० लेबुल] बट्टा, बाकस, बोतल आदिमा

टाँसिने, भित्र रहेका वस्तुको चिनारी वा विवरण लेखिएको पत्र ।

**लेब्याइ**– ना० [√ **लेब्याउ** (+आइ)] लेब्याउने क्रिया वा प्रक्रिया । [ > ] **लेब्याइनु**– क० क्रि० लेब्याउने काम गरिनु ।

**लेब्याउ-नु**– स०क्रि० लेप्याउनु ।

**लेब्याक्क**– क्रि०वि०हे० लेप्याक्क ।

**लेब्याहट**– ना० [लेब्याउ+आहट] हे० लेप्याहट ।

**लेभेन्डर**– ना० [अङ्०] वनस्पतिविशेषबाट बनाइने एक किसिमको अत्तर ।

**लेमनेड**– ना० [अङ्० लेमोनेड] कागतीको रस मिसाएर बनाइएको सर्बतविशेष ।

**लेश**– ना० [सं०] १. अति सानो कण वा अंश । २. साह्रै थोरै वस्तु । ३. शेष; तुष ।

**लेस्-नु**– स० क्रि० [सं० लेस+नु] लेप, मलम, तेल आदि वस्तु वा अन्य कुनै लेसाइलो पदार्थ मिहिन पारेर लिप्नु वा घस्नु; लेसार्नु ।

**लेस**– ना० [सं० श्लेष] १. थोरै मात्र चिप्लो घस्ने वस्तु । २. त्यस्तो वस्तुको अल्प परिमाण । ३. बाबरलेटजस्तो प्वाल-प्वाल परेको मिही कपडामा पातला बुट्टा निकालिएको, विभिन्न आकारका चौडाइ हुने, प्रायः केटीहरूका जामा, फ्रक आदिका बाहुला, गला आदि भागमा र पेटीकोट, सारी आदिका किनारामा लगाइने पट्टाजस्तो साधा वा रङ्गिन कपडा । – **लास**– ना० परस्परमा लेस्ने काम; लिपाइ-घसाइ ।

**लेसाइ**– ना० [**लेस्** (+आइ)] लेस्ने क्रिया वा प्रक्रिया । [ > ] **लेसाइनु**– क० क्रि० लेस्ने काम गराइनु । **लेसाउनु**– प्रे० क्रि० लेस्ने काम गरिनु ।

**लेसाइलो**– वि० [लेस+आइलो] लेसिने खालको; लस्सा भएको; लेसिलो ।

**लेसार्-नु**– स० क्रि० [लेस+आर+नु] गिलो पदार्थ च्याटच्याट लाग्ने पारेर घस्नु; लेस्नु । > **लेसाराइ**– ना० लेसार्ने काम वा प्रक्रिया । **लेसाराइनु**– क० क्रि० लेसार्न लाइनु । **लेसाराउनु**– प्रे० क्रि० लेसार्न लाउनु । **लेसारिनु**– क० क्रि० लेसार्ने काम गरिनु; लेसिनु । **लेसार्‍याइ**– ना० लेसारिने काम वा किसिम ।

**लेसिलो**– वि० [लेस्+इलो] लेसाइलो; लस्सादार ।

**लेस्नु/लेस्नो**– ना० [लेस्+नु/नो] लेस्ने वा लेसार्ने क्रिया प्रक्रिया, लेस्ने काम; लेसाइ ।

**लेस्याइ**– ना० [लेस्+याइ] लेसिने काम वा किसिम ।

**लेस्याइलो**– वि० [लेस्+याइलो] लेसाइलो; लेसिलो ।

**लेह**– ना० [सं०] १. चाट्ने काम । २. चाटेर खाइने वस्तु ।

**लेहाज**– ना० [√ लिहाज] व्यवहारमा हुनुपर्ने कुराको ध्यानविचार, शीलसङ्कोच, सम्मानमर्यादा आदिको स्थिति ।

**लेह्य**– वि० [सं०] १. चाट्नुपर्ने; चाट्न लायक । ना० २. चाटेर खाइने वस्तु; चटनी ।

**लैङ्गिक**– वि० [सं०] कुनै चिह्न वा लक्षण भएको; लिङ्गसम्बन्धी । – **ता**– ना० भाले तथा पोथी लैङ्गिक सम्बन्धका आधारमा जीवनयथार्थ र समाजलाई हेर्ने दृष्टिकोण वा मान्यता ।

**लैजा-नु**– स० क्रि० [लि+जा+नु] १. कुनै वस्तु, मानिस, खबर आदि लिएर जानु; लानु; लग्नु । २. अरूको मालमत्ता, वस्तु आदि हरण गर्नु; हर्नु ।

**लैनो**– वि० १. भर्खर बियाएको (गाईबस्तु) । २. भर्खर जन्मेको; नवजात; दूधे (पाडो, बाछो, पाठो आदि) । पो० लैनी (व्यङ्ग्यार्थमा) । ~ **नानी**– ना० भर्खर जन्मेको बालक; दूधे शिशु ।

**लैबरी**– ना० [लहै+बरा+ई] १. नेपाली लोकगीतमा प्रचलित एक भाकाको नाम । २. त्यस्तो गीतमा आउने रहनी वा थेगो ।

**लैलगाम**– ना० [(द्वि०) लगाम] लगाम र त्यससित सम्बन्धित वस्तु; सामानसहितको लगाम ।

**लैलै**– ना० [√ लहैलहै] लहैलहैको छोटकरी रूप; बहकाउ; हाहा ।

**लौँकिल**– ना० [नेवा०] कुनै दुई देशका बीचका सिमानामा गाडिने ढुङ्गो; लोहँकिल ।

**लोक**– ना० [सं०] १. ब्रह्माण्डको कुनै एक भाग अथवा खण्ड; संसार; जगत्; दुनियाँ । २. पुराणअनुसार स्वर्ग, मर्त्य र पाताल तीन स्थान वा पृथ्वीसहित उँभोका भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपलोक र सत्यलोक सात र उँधोका अतल, सुतल, वितल, तलातल, रसातल, महातल र पाताल सातसमेत चौध भुवन । ३. ग्रहमण्डल (जस्तो– सूर्यलोक, चन्द्रलोक, ध्रुवलोक आदि) । ४. मुख्य देवताको निवासस्थल (जस्तो– शिवलोक, विष्णुलोक, ब्रह्मलोक आदि) । ५. पुराणअनुसार, प्राणी जीवित छँदा भोग गर्ने र मरेपछि पुग्ने ठाउँ; इहलोक र परलोक । ६. समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय; जनसमूह । ७. वास्तु वा मूर्तिमा प्रयोग हुने अङ्गुल वा मात्राको आठ गुनाबराबरको नाप; तूणी, वसु वा मूर्तिबराबरको नाप; आठ अमल । ~ **कण्टक**– ना० दुष्ट वा खराब व्यक्ति; दुर्जन । – **कथा**– ना० परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा; दन्त्यकथा । ~ **कल्याणकारी**– वि० लोकको भलो गर्ने । – **कार्य**– ना० लोक वा सर्वसाधारण जनतासँग सम्बन्ध रहने काम । – **गाथा**– ना० परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको, नृत्य र कथात्मकतासमेत विद्यमान रहेको, राष्ट्रिय गौरव वा वीरचरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीत । – **गीत**– ना० जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत (रसिया, कर्खा, भ्याउरे, सिलोक आदि) । ~ **घोषणा**– ना० लोकका निम्ति गरिने नीतियुक्त घोषणा । – **चक्षु**– ना० सूर्य । – **जित्**– वि० १. संसारलाई जित्ने; लोकविजयी । २. बुद्ध ।

**लोकडो**– वि० [√ लडको] लगभग बाह्रचौध वर्षको; छोकडोभन्दा कम्ती उमेरको वा सानो (ठिटो) ।

**लोकतन्त्र**– ना० [सं०] बहुसङ्ख्यक जनताद्वारा छानिएका

प्रतिनिधिहरूको सम्मतिअनुसार कुनै देशको शासनव्यवस्था चल्ने र नीतिनिर्धारण आदि हुने शासनप्रणाली; प्रजातन्त्र । – **वाद–** ना० लोकतन्त्रको शासनपद्धति वा सिद्धान्त । – **वादी–** वि० लोकतन्त्रवादको अनुयायी वा त्यो सिद्धान्त मान्ने ।

**लोकतन्त्री–** वि० [सं०] लोकतन्त्रको; लोकतान्त्रिक । – **करण–** ना० कुनै देशको शासनपद्धतिलाई लोकतन्त्रको रूप दिने वा त्यसअनुरूप बनाउने काम; प्रजातन्त्रीकरण ।

**लोकतान्त्रिक–** वि० [सं०] लोकतन्त्रसम्बन्धी; लोकतन्त्रका सिद्धान्तअनुसारको ।

**लोकतालोकती–** ना० [लोकतो+लोकती] ना० सानाठूला धेरै लोकताको समूह ।

**लोकती–** ना० [लोकतो+ई] १. लोकतोको लघु रूप । २. लोकतोको स्त्रीरूप; स्त्रीलोकतो ।

**लोकतो–** ना० [सं० लक्तक] १. जुइनाको रूपमा प्रयोग हुन सक्ने पाट आदिको त्यान्द्रोसहितको बोक्रो; कागते पाट । २. पाट, बोक्रो, छाला आदिबाट बनेको नाम्लाको पातोजस्तै लामो धरो वा डोरी । ३. नेपाली कागत बनाउने एक प्रकारको घाँस । वि० ४. सुनेको नसुन्यै गरी वा भनेको नटेरी बसिरहने; चाम्रो ।

**लोकत्रय–** ना० [सं०] स्वर्ग, मर्त्य र पाताल तीनवटा लोक । > **लोकत्रयी–** ना० लोकत्रय ।

**लोकदूषण–** वि० [सं०] दुनियाँलाई खराब हुने काम गर्ने; दुनियाँको हानिनोक्सानी गर्ने ।

**लोकद्वय–** ना० [सं०] स्वर्ग र पृथ्वी दुई लोक ।

**लोकनाच–** ना० [लोक+नाच] हे० लोकनृत्य ।

**लोकनाट्य–** ना० [सं०] १. कुनै घटना वा पक्षको सिङ्गो कथानक नलिई लोकजीवनका सुखदु:ख, राष्ट्रिय मेलापर्व वा कुनै ऋतुकालीन सन्दर्भलाई अँगालेर रीतिरिवाजअनुसार जनसाधारणमा खेलिने वा देखाइने अभिनय । २. लोकनृत्य ।

**लोकनिन्दा–** ना० [सं०] लोकको निन्दा; लोकापवाद ।

**लोकनृत्य–** ना० [सं०] लोकजीवनमा प्रचलित सांस्कृतिक परम्परा तथा परिपाटीअनुसारको नाच; लोकनाच (जस्तै– घाटुनाच, धाननाच, मारुनीनाच इ०) ।

**लोकन्त–** ना० [सं० लोकन] विवाहपछि प्राय: दुलान नफर्काउन्जेल सँगै रहने वा सुसारका लागि बेहुलीका साथ जाने काम । > **लोकन्ती–** ना० १. बेहुलीका साथ जाने स्त्री साथी; बेहुलीकी सुसारे । २. लिम्बूजातिका बिहामा दुलहातिरबाट जाने जन्ती आइमाई र दुलहीतिरबाट दुलहीका साथ लागेर आउने आइमाई ।

**लोक परम्परा–** ना० [सं०] लोकमा पहिलेदेखि चलिआएको वा मानिएको रीतिरिवाज; लोकप्रथा ।

**लोकपवाद–** ना० [सं० लोकापवाद] लोकनिन्दा; लोकापवाद; हल्ला ।

**लोकपाल–** ना० [सं०] १. दिक्पाल । २. राजा; नृप ।

**लोकपालक–** ना० [सं०] लोकको पालना गर्ने पुरुष; राजा ।

**लोक प्रसिद्ध–** वि० [सं०] जनसमाजमा नाउँ कहलिएको; संसारप्रसिद्ध; विश्वविख्यात । ना० लोकप्रसिद्ध हुने स्थिति वा काम; विश्वभर फैलिएको ख्याति ।

**लोकप्रिय–** वि० [सं०] लोक वा दुनियाँलाई मन परेको; सबको प्यारो; जनप्रिय । – **ता–** ना० लोकप्रिय हुने भाव, अवस्था वा गुण; जनप्रियता ।

**लोक भावना–** ना० [सं०] १. लोक वा जनताको सेवा, कल्याण, उपकार आदि गर्ने भावना । २. जनताको भावना वा वृत्ति ।

**लोकमत–** ना० [सं०] कुनै देशका जनताको सामूहिक विचार वा हितको सूचक हुने अधिकांश जनताको मत वा राय ।

**लोक मर्यादा–** ना० [सं०] लोकमा गर्नुपर्ने वा लोकले मान्नुपर्ने सामाजिक रीतिस्थिति; लौकिक व्यवहार ।

**लोकल–** वि० [अङ्०] स्थानविशेषको; हे० स्थानीय । ~ **कल–** ना० टेलिफोन गर्दा त्यही स्थान वा इलाकामा मात्र गरिने कुराकानी वा कुरागराइ ।

**लोकलय–** ना० [सं०] लोकगीतमा प्रचलित साझा लय; जनताले गाउने गीतमा जनताकै कण्ठबाट सहज र स्वाभाविक रूपमा निस्केको स्वर वा भाका ।

**लोकवाद–** ना० [सं०] लोकको हकहितका निम्ति लाग्ने वा लोकको पक्ष लिने सिद्धान्त ।

**लोकवार्ता–** ना० [सं०] १. जनसाधारणमा पहिलेदेखि चलिआएको कुरो; सर्वसाधारणको विचार; किंवदन्ती । २. लोकसाहित्य ।

**लोक वाहन–** ना० [सं०] सर्वसाधारण जनताको सामान बोक्नाका निम्ति व्यवहार गरिने मोटर, ट्रक, रेल आदि गाडी ।

**लोकविश्रुत–** वि० [सं०] जनसमूहमा नाउँ चलेको; लोकप्रसिद्ध ।

**लोक व्यवहार–** ना० [सं०] लोकमा चलेको वा मानिएको व्यवहार; समाजमा प्रचलित प्रथा; लोकाचार ।

**लोक रञ्जन–** ना० [सं०] सबैलाई सुखी तथा प्रसन्न राख्ने काम; लोकको मनोरञ्जन ।

**लोक शान्ति–** ना० [सं०] कुनै विद्रोह, उत्पात, विध्वंस आदि नभएको समयमा जनतामा हुने शान्ति ।

**लोक सत्ता–** ना० [सं०] लोकतान्त्रिक प्रणालीअनुसार कुनै देशको सत्ता जनताकै हात वा अधिकारमा हुने शासनपद्धति; लोकतन्त्र; प्रजातन्त्र । > **लोक सत्तात्मक–** वि० जनताद्वारा सञ्चालित वा व्यवस्थित (शासन-पद्धति) ।

**लोक सदन/लोक सभा–** ना० [सं०] १. संसद्का दुई सदन वा सभामध्ये एक; लोकतन्त्रात्मक व्यवस्था भएका देशका जनप्रतिनिधिहरूको सभा; प्रतिनिधिसभा । २. भारतीय संसद्मा रहेको तल्लो सभा ।

**लोक समाज–** ना० [सं०] जनसमूह; जनसमाज ।

**लोक सम्मति–** ना० [सं०] मुलुकको शासनप्रणालीमा भाग लिने तथा प्रजातान्त्रिक पद्धतिको आधारस्तम्भ मानिने जनताको सामूहिक मत वा विचार; लोकमत ।

**लोक साहित्य–** ना० [सं०] सर्वसाधारण जनताको कोमल

मनोभावनालाई व्यक्त गर्ने सरस भाव र सरल भाषा भएको, विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्गानुकूल गाइने, सुनाइने वा देखाइने लोकव्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोककथा, लोकनृत्य आदिले युक्त साहित्य; लोकवार्ता। ~ **पुरस्कार–** ना० वि० सं० २०३२ सालमा स्थापना भएको, प्रत्येक वर्ष लोकसाहित्यसम्बन्धी विभिन्न विधागत तथा अनुसन्धानात्मक ग्रन्थमा साझा प्रकाशनद्वारा प्रदान गरिने एक पुरस्कार।

**लोकसिद्ध–** वि० [सं०] १. जनसमाजमा क्रियान्वित वा प्रचलित। २. लोकजीवनबाट स्वीकृत।

**लोक सेवक–** ना० [सं०] १. सर्वसाधारण जनताको सेवा गर्ने वा सार्वजनिक हितको काम गर्ने व्यक्ति; जनसेवक। २. त्यस्तो काममा नियुक्त सरकारी कर्मचारी।

**लोक सेवा–** ना० [सं०] १. जनसाधारणको हितमा गरिने विशेष कार्य; सर्वसाधारण जनताको सेवा। २. सरकारी सेवा वा नोकरी। ~ **आयोग–** ना० निजामतीतर्फ निर्धारित सरकारी पदमा नयाँ नियुक्ति वा बढुवा आदि हुनका निम्ति आवेदन दिने उम्मेदवारहरूको योग्यता जाँची छान्ने, अनुमोदन गर्ने र नेपाल सरकारलाई तत्सम्बन्धी परामर्श दिने एक संवैधानिक अङ्ग (पब्लिक सर्भिस कमिसन)।

**लोक हत्या–** ना० [सं०] लोकलाई मार्ने वा निमोठ्ने काम; जातिहत्या।

**लोकहित–** ना० [सं०] सार्वजनिक हित; जनकल्याण; लोकको भलाइ। **– कारी–** वि० लोकको हित वा भलाइ गर्ने; लोकलाई लाभ हुने काम गर्ने। ~ **कार्य–** ना० सार्वजनिक हितको काम; जनसाधारणका निम्तिको कल्याणकारी कार्य।

**लोकाचार–** ना० [सं०] १. जनसाधारणका बीच हुने सामाजिक सम्बन्ध तथा सद्भावपूर्ण प्रचलित व्यवहार। २. आडम्बरले भरिएको कामकुरो; देखौवा व्यवहार वा ढाँचा।

**लोकान्तर–** ना० [सं०] मरेपछि जीव लाने कल्पित लोक; परलोक। > **लोकान्तरित–** वि० परलोक भएको; मरेको; मृत।

**लोकापवाद–** ना० [सं०] दुनियाँमा भएको बदनामी; लोकनिन्दा।

**लोकाभार–** ना० [सं०] १. गाउँघरमा रैतीले तालुकदार, थरी, मुखिया आदि रोज्ने काम। २. जनप्रतिनिधिहरूको छनाइ वा रोजाइ।

**लोकायत–** ना० [सं०] १. यस लोकका अतिरिक्त अर्को लोक वा परलोक छ भन्ने विश्वास नगर्ने व्यक्ति। २. चार्वाकदर्शन।

**लोकायतन–** ना० [सं०] १. लोकविश्वास नमान्ने व्यक्ति; नास्तिक। २. चार्वाक।

**लोकालोक–** ना० [सं०] पुराणमा बताइएअनुसार सातै समुद्रलाई घेरेर रहेको एक पर्वतश्रेणी।

**लोकोक्ति–** ना० [सं०] लोकको अनुभवमा सँगालिएको, सङ्क्षेपमा व्यक्त भएको गहकिलो तथा चमत्कारपूर्ण वाक्य; आहान; उखान।

**लोकोत्तर–** वि० [सं०] संसार वा सांसारिक वस्तुबाट पाइन नसक्ने; अलौकिक; असाधारण।

**लोकोपकार–** ना० [सं०] सर्वसाधारण जनताको उपकार वा सार्वजनिक भलाइ हुने काम। > **लोकोपकारी–** वि० लोकको उपकार वा भलाइ गर्ने।

**लोखर्के–** ना० [सं० वृक्षचर > प्रा० रूक्खअर+के] झुप्पाकार रौँ तथा लामो पुच्छर भएको, टाउकोदेखि पुच्छरसम्म दुई काला रेखा हुने, प्रायः रूखमै गुँड बनाएर बस्ने, मुसाका जातको साह्रै चुलबुले प्राणी।

**लोगेकार गुम्बा–** ना० [भो० ब०] नेपालको मुस्ताङ जिल्लामा रहेको, कलात्मकताले सुसज्जित एक गुम्बा।

**लोग्ने–** ना० [सं० लग्न] स्वास्नीमानिसले वरण गरेको पुरुष; पति; पोइ। ~ **छोरो–** ना० लोग्नेमान्छेको महत्त्व जनाउँदा प्रयोग हुने शब्द; मर्द व्यक्ति। ~ **मानिस/मान्छे–** ना० भाले जातको मानिस; नर। **– स्वास्नी–** ना० लोग्ने र स्वास्नी; पतिपत्नी; दम्पती; जोईपोइ।

**लोचन–** ना० [सं०] १. आँखा; नेत्र; नयन। २. हेर्ने काम। ~ **पथ/मार्ग–** ना० दृष्टिमा पर्ने क्षेत्र; दृष्टिपथ।

**लोचना–** ना० [सं०] १. बौद्ध धर्मका अनुसार पञ्चतारामध्ये एक। २. अक्षोभ्यकी पत्नीको नाम; शक्ति। ३. वज्रपाणिकी माता; आमा।

**लोट्-नु–** अ० क्रि० [सं० लोठ+नु] १. खुट्टा नथिरिएर, ढलमलाएर आदि कारणले जमिनमा लड्नु; पछारिनु; खस्नु; ढल्नु। > **लोटन–** ना० १. लोट्ने वा पल्टने क्रियाप्रक्रिया। २. धेरै कवल भएको ढोकामा वारपार अड्याउने तलको काठ; ढिक। **लोटपोट–** ना० लुटुपुटु गर्ने वा लडीबडी खेल्ने काम; ढलीमली।

**लोट–** ना० [अङ्० नोट] कागजी मुद्रा; नोट।

**लोटा–** ना० हे० लोहोटा।

**लोटाइ–** ना० [√ **लोट्/लोटाउ** (+आइ)] १. लोट्ने भाव, क्रिया वा प्रक्रिया। २. लोटाउने भाव, क्रिया वा प्रक्रिया। [>] **लोटाइनु–** क० क्रि० १. लोटाउने काम गरिनु; लडाइनु। २. पोताइनु। **– पोताइ–** ना० लोटाउने र पोत्ने काम। **– पोती–** ना० लोटाइपोताइ।

**लोटाउनु–** स० क्रि० [सं० लोटन+आउ+नु] १. गोबर आदिको डल्लो गुडाएर खाएका ठाउँको जुठो, फोहोर आदि सफा गर्नु; नलिप्सीकन लुटपुट्याएर चोख्याउनु। प्रे० क्रि० २. लोट्ने पार्नु; लडाउनु; पछार्नु।

**लोटिनु–** अ० क्रि० [लोट्+इ+नु] १. लोट्ने काम गरिनु; लडिनु। [लोटाउ+इ+नु] १. लोटाउने काम गरिनु। २. लोटाइ हुनु वा पुग्नु।

**लोटी–** ना० लोहोटी।

**लोड–** ना० [भो० ब०] पैसा हालेर कम्मरमा बाँध्ने छालाको पेटी।

**लोडन–** ना० [सं०] १. हुँडल्ने वा मथ्ने काम। २. हल्लने काम;

झुलाइ ।

**लोडसेडिङ–** ना० [अङ्०] विशेष परिस्थितिमा विद्युत् आपूर्तिमा गरिने कटौती ।

**लोडित–** वि० [सं०] १. हुँडलिएको वा मथिएको । २. हल्लाइएको; झुलाइएको ।

**लोत१–** ना०हे० लोतो ।

**लोत२–** ना० [√ लोथ] १. एक प्रकारको वनस्पतिविशेष । २. बोक्रो; छाला । (उदा०– नराम्रो काम गर्नेको लोत काढिन्छ ।) ३. लोथ ।

**लोता–** ना० [लोतो+आ] जुत्ता, ब्याग, यन्त्र आदिका पुली-चक्काहरूमा लगाइने छाला वा कपडाको फित्ता; पटार ।

**लोति-नु–** अ० क्रि० [लोतो+इ+नु] १. काम गर्दिनँ पनि भन्न नसक्ने, गरिहाल्न पनि नसक्ने हुनु; लोते वा लोकतो बन्नु; अल्साउनु । २. कुनै कुराको आशाले ढुक्नु ।

**लोती–** ना० [सं० लत्] कानको पुछारमा झुन्डिएको नरम अवयव । **– खरे–** वि० १. केही पनि गर्न नसक्ने । २. कान खाने ।

**लोते–** वि० [लोतो+ए] १. लोतो स्वभावको; लोकतो । स्त्री० लोती । ना० २. जति तान्यो उति तन्कने रबड ।

**लोतो–** वि० १. आङ मर्काउने; अल्छी मान्ने वा जाँगर मरेको । २. कामकाजमा ढिला चालको । ३. जति हटाए पनि नहट्ने; धिङ्न्याहा । ना० ४. रुपियाँपैसा हालेर मुख बाँध्ने छालाको थैलो; लोत । > **लोत्याइँ–** ना० लोतो चाल; लोतेपन । (उदा०– तिम्रो लोत्याइँ देख्ता म तीन छक परेको छु ।) **लोत्याइ–** ना० लोतिने वा लोत्याउने क्रियाप्रक्रिया । **लोत्याइनु–** क० क्रि० लोतो तुल्याइनु ।

**लोत्याउनु–** प्रे० क्रि० लोतो वा जुम्सो तुल्याउनु ।

**लोत्रि-नु–** अ० क्रि० [√ लत्रिनु] १. लुत्रे वा लुते चालको हुनु; लुत्रुक्क पर्नु; निर्धो हुनु । २. कुनै वस्तु लत्रक्क भएर झोलिनु वा झुन्डिनु । > **लोत्रे–** वि० लोत्रने स्वभावको; लोते; लुते । **लोत्र्याइ–** ना० लोत्रिने क्रिया वा प्रक्रिया । **लोत्र्याइनु–** क० क्रि० लोत्रिने पारिनु । **लोत्र्याउनु–** प्रे० क्रि० लोत्रिने पार्नु । **लोत्र्याँस्स–** क्रि० वि० लखतरान हुने किसिमले; लोत्रिने वा लत्रिने चालसँग ।

**लोथ–** ना० [सं० श्लथ] १. शारीरिक वा मानसिक रूपमा बढी परिश्रम गर्दा हुने थिलथिल्याइ; चल्नचटपटाउन नसक्ने स्थिति । २. मृत शरीर; लास ।

**लोथ्रे–** वि० [लोथ्रो+ए] लोथ्रो चालको ।

**लोथ्रो–** ना० [√ लाथ्रो] काँचो काठको लाठो; लाथ्रो ।

**लोदर–** वि० १. बाक्लो वा भुत्ते चालको; हलचल कत्ति नगर्ने । २. लच्छिन नभएको; अलच्छिनी ।

**लोदो–** ना० शरीरका विभिन्न अङ्गको थलथले मासु; लुँदो ।

**लोध–** ना० [सं० लोध्र] भित्र धर्साधर्सा भएको र बाहिर पातला पिलपिले डिम्बाकार पात हुने, सेतापछि पहेँला बास्नादार फूल फुल्ने, अनि साना लाम्चा फल लाग्ने, एक जातको, ठन्डा ठाउँमा हुने रूख; लोध्र ।

**लोप–** ना० [सं०] १. हराउने वा नदेखिने स्थिति; अलप; गायब; गुम । २. नासिने काम; कमी; क्षय । ३. व्याकरणका नियमानुसार शब्दका कुनै अक्षरको अल्पाइ; वर्णलोप । ~ **चिह्न–** ना० लेखाइका सिलसिलामा शब्द वा वाक्य छुट्ता थप्न प्रयोग गरिने चिह्न ($\Lambda$); कागखुट्टे । > **लोपाञ्जन–** ना० आफ्ना आँखामा लाएपछि अरूले आफूलाई नदेख्ने भनिने, एक प्रकारको कल्पित अञ्जन ।

**लोपार्-नु–** स० क्रि० [लोप्पा+आर्+नु] १. कसैलाई लोप्पा खुवाउनु; लोप्याउनु; हिस्स्याउनु । २. लिप्नु वा घस्नु; लिप्सनु । > **लोपाराइ–** ना० लोपार्ने क्रिया वा प्रक्रिया । **लोपारिनु–** क० क्रि० लोपार्ने काम गरिनु; लोप्पा खुवाइनु ।

**लोपारे–** ना० पहिलो पटक कुनै नयाँ ठाउँमा जाने व्यक्ति ।

**लोप्पा–** ना० [सं० लपन] केही रिससमेत पोख्तै 'नापिस्' भन्ने भाव जनाउँदा र निन्दाको रूपमा कसैको मुख लोपार्ने, हातको अर्धचन्द्राकार मुद्रा; त्यसरी मुख लोपार्ने काम; लोठ । > **लोप्पिनु–** अ० क्रि० लोप्पा खाइने हुनु; लोपारिनु ।

**लोप्रालोप्री–** ना० [लोप्रो+लोप्रो] सानातिना धेरै लोप्रा वा पाप्राको समूह ।

**लोप्रि-नु१–** अ० क्रि० [लोप्रो+इ+नु] लोप्रो बन्नु; पाप्रो जम्नु ।

**लोप्रि-नु२–** अ० क्रि० [लोप्रे+इ+नु] १. लोप्रे अवस्थामा पुग्नु; लुत्रुक्क पर्नु; निमोठिनु; निखुत्तिनु । २. लोप्पा खानु; लोप्र्याइमाग्नु । ३. कुनै कुरोबाट निराश हुनु; हिस्सिनु ।

**लोप्रे–** वि० [लोप्रो+ए] १. निराशाले लुत्रुक्क परेको; घोप्टिएको; लोत्रे । २. लोप्रो बनेको; पाप्रो जमेको । ~ **कान–** ना० हिस्सिने वा लुत्रुक्क पर्ने अवस्था । ~ **हात–** ना० उल्टो हात (जस्तै– लोप्रे हात लाइदिनु अर्थात् मागेर पाइँदैन भनिदिनु ।)

**लोप्रो–** ना० [सं० लपन] १. छाला आदिको पातलो तह वा पत्र; पाप्रो । २. पकाएका खुर्सानीको टुक्रो । ३. सल्केका गुइँठाको चोइटो ।

**लोप्र्याइ–** ना० [√ **लोप्रि** (+याइ)] १. लोप्रिने क्रिया वा प्रक्रिया । [लोप्र्याउ+आइ] २. लोप्र्याउने क्रिया वा प्रक्रिया । [ > ] **लोप्र्याइनु–** क० क्रि० १. लोप्रो पारिनु । २. निराश बनाइनु । **लोप्र्याउनु–** प्रे० क्रि० १. लोप्रो पार्नु । २. निराश तुल्याउनु; हिस्स्याउनु । स० क्रि० ३. तातो पानी लाउनु; नाप्नु । (उदा०– कति न काम गर्छु भनेर अघि सरेको होइन ? के लोप्र्याइस् त खै !)

**लोफर–** वि० [अङ्०] १. घरबार, इज्जतआबरु, लाजसरम केहीको पनि वास्ता नभएको; झल्लो । २. मनलाग्दी घुम्ने र बोल्ने; छाडा; बदमास ।

**लोभ–** ना० [सं०] १. अरूको धनमाल आदि पाउने आशा; लालसा; लालच । २. मक्खीचुस हुने ताल; कन्जुसी । ~ **लालचा–** ना० लोभ र लालचा; साह्रै लोभ । > **लोभनीय–** वि० लोभ्याउने खालको; लोभलाग्दो; चित्ताकर्षक ।

**लोभानीपापानी–** ना० [लोभ+आनी + पाप+आनी] अनुचित रूपले

अरूको धनमाल हडप्ने र सित्तैँमा अरूलाई दुःख दिने काम; लोभ र लालचले हुने अधर्म विचार; लोभ र पाप ।

**लोभि-नु–** अ० क्रि० [लोभ+इ+नु] १. लोभ वा लालचमा पर्नु । २. आसक्त हुनु; लहसिनु; र्‍याल काढ्नु ।

**लोभित–** वि० [सं०] लोभिएको; लोभमा परेको; लुब्ध ।

**लोभी–** वि० [सं०] १. लोभ गर्ने; लालची । २. चुइयाँ तालको; कन्जुस ।

**लोभ्याइ–** ना० [√ **लोभि** (+याइ)] लोभिने तथा लोभ्याउने क्रिया-प्रक्रिया । [>] **लोभ्याइनु–** क० क्रि० लोभमा पारिनु । **लोभ्याउनु–** प्रे० क्रि० १. कसैलाई लोभमा पार्नु वा लालच देखाउनु । २. आफूतिर लहस्याउनु; आसक्त पार्नु ।

**लोम–** ना० [सं०] १. रोम; रौँ । २. पुच्छर । **– कूप–** ना० रौँको फेदमा हुने खाल्टो वा प्वाल; रोमकूप ।

**लोमश–** वि० [सं०] १. शरीरमा भ्यापभ्यापती रौँ भएको । ना० २. पुराणका अनुसार अमर मानिएका र महाभारतका अनुसार युधिष्ठिरका साथ तीर्थयात्रा गर्ने एक ऋषि । ३. भेडो । ४. स्याल ।

**लोमहर्ष–** ना० [सं०] रोमाञ्च; रोमहर्ष । >**लोमहर्षक–** वि० रोमाञ्च गराउने; रोमाञ्चित पार्ने । **लोमहर्षण–** ना० १. रोमाञ्च; पुलक । २. व्यासका एक शिष्यको नाम ।

**लोमुते–** ना० [हि० लहु+मुते] पिसाबमा रगत मिसिएर आउने रोग; लोहोमुते ।

**लोमे–** वि० चटाकसित काममा अघि नसर्ने; लोसो; जुम्सो ।

**लोराङ–** ना० लमी; लाँपु ।

**लोरी–** ना० [हि०] नानीलाई सुताउन आमाले गाउने गीत वा त्यसको लय ।

**लोर्के–** ना० रिसाएको निहुँ पारी प्रायः प्रेमिकाले प्रेमीलाई भन्ने शब्द; छाले ।

**लोल–** वि० [सं०] १. हल्लिएको; काँप्दो । २. स्थिर नभएको; चञ्चल । ३. चौचौ लाग्ने । ~ **मति–** ना० हो कि होइनको अवस्था; संशयात्मा ।

**लोलरा–** ना० पुरानो समयमा चलेको कानमा लाउने गहनाविशेष ।

**लोला–** ना० [सं० लोल] १. मोटाएर वा अन्य कुनै कारणले शरीरमा उठ्ने मासुको लुँदो वा डल्लो । २. फागु खेल्दा अबिर, रङ घोलेको पानी आदि भरेर हानिने रबरको सानो पोको; एक प्रकारको सानो खेलौना ।

**लोलाइ–** ना० [√ **लोलाउ** (+आइ)] लोलाउने काम वा किसिम । [>] **लोलाइनु–** अ० क्रि० निद्रा वा अरू कुनै कारणले आँखा लट्ठिनु; लोलाइमा परिनु ।

**लोलाउ-नु–** अ० क्रि० [लोल+आउ+नु] १. तन्द्रा, मात, कामासक्ति आदिले आँखा निदाएझैँ भई लट्ठिनु; अलिअलि निदाउन लाग्नु; झकाउनु । २. लोल हुनु ।

**लोलाक्षिका/लोलाक्षी–** ना० [सं०] चञ्चल आँखा भएकी स्त्री ।

**लोलित–** वि० [सं०] लोल भएको; लोलाएको ।

**लोलिनु–** अ० क्रि० [लोल+इ+नु] तन्द्राग्रस्त हुनु; लोलाउनु ।

**लोली–** ना० [सं० लोल] १. अरूका बोलीमा सही थाप्ने वा सुर मिलाउने काम । २. अरूसँग भाका वा लय मिलाएर गाउनेबोल्ने काम । **– ला–** ना० बाखालाई डाक्ता भन्ने शब्द ।

**लोलुप–** वि० [सं०] लोभ गर्ने; लालची; लुब्ध रहने (जस्तो– अर्थलोलुप, कामलोलुप आदि) । **– ता–** ना० लोलुप हुनाको भाव वा अवस्था; लोभीपन ।

**लोलो–** वि० [√ लोला] १. आँसुले भरिएको वा एकोहोरो हेर्ने (आँखा); लल्याकलुलुक भएको । ना० २. शरीरमा उठेको मासुको डल्लो; लुँदो; लोला । ३. आगाको ज्वाला; दीपशिखा । ४. पोतोको पूरक शब्द । **– पोतो–** ना० बाहिरी व्यवहारमा मात्र आत्मीयता वा मित्रता देखाई कुराले ठिक्क पार्ने काम; फकाउने चाल वा कुरो; चिप्लोघसाइ; चोचोमोचो ।

**लोसन–** ना० [अङ्० लोसन] १. घाउखटिरा सफा गर्न लगाइने मलमजस्तो औषधी । २. छाला सुक्खा हुँदा नरम पार्न लगाइने मलहमविशेष ।

**लोसार–** ना० [भो०ब० ल्होसार] हे० ल्होसार ।

**लोसि-नु–** अ० क्रि० [लोसो+इ+नु] लोसे हुनु; जुम्सो बन्नु ।

**लोसे–** वि० [लोसो+ए] लोसो स्वभावको; लोसो ।

**लोसो–** वि० [फा० लोस] १. ढिलो चालको वा सुस्तीसित काम गर्ने; जुम्सो । २. जति पन्छाए पनि नपन्छेर बस्ने; धर्ना कसिरहने ।

**लोस्टो–** ना० [सं० लोष्ट] ताता भाँडाकुँडा समाउने खोस्मेरो; कागत आदिको टुक्रो ।

**लोस्याइ–** ना० [√ **लोसि** (+याइ)] लोसिने काम वा किसिम । [>] **लोस्याइनु–** क० क्रि० लोसिने पारिनु । **लोस्याउनु–** प्रे० क्रि० लोसिने पार्नु; लोसो तुल्याउनु ।

**लोस्याङ्ग्रो–** वि० असाध्यै लोसो; जुम्सो ।

**लोह–** ना० [सं०] १. फलाम; लोहा । २. तामा आदि जुनसुकै धातु । ३. रातो रङ; रगत । वि० ४. तामाका रङको; रातो रातो; लाल । **– कर्मी–** ना० ढुङ्गा काट्ने र कुँद्ने काम गर्ने कालिगड । **– कार–** ना० फलामको काम गर्ने कालिगड; लोहार; कामी; कौ । **– किल–** ना० दुई देशका बीचमा साँध-सिमाना छुट्ट्याउन गाडिने ढुङ्गो; निसानढुङ्गो; साँधेढुङ्गो; लोँकिल । **– पाश–** ना० फलामको सिक्री वा साङ्लो; फलामे जन्जिर । **– सार–** ना० उम्दा खालको फलाम; इस्पात ।

**लोहसे–** ना० १. वनजङ्गल फाँडेर खोरिया खन्न ठीक पारेको, तर ठुटाठाटी उखेल्न बाँकी रहेको बाँझो जग्गा । २. कपास, घैया आदि छर्न फाँडिने जङ्गल; खोरिया ।

**लोहा–** ना० [सं० लोह] १. फलाम; लोह; लौह । २. लोहभस्म ।

**लोहाड–** ना० [लोहा+अड] हात्तीको पछिल्तिर झुन्डचाइने र पछुवाले पुट्ठामा पिट्ने फलामका कीला ठोकिएको काठको मुङ्ग्रो ।

**लोहार–** ना० [सं० लोहकार] फलामको काम गर्ने व्यक्ति वा

जाति; कामी; कौ । > **लोहार्नी**– ना० १. लोहारको काम गर्ने स्त्री; स्त्री लोहार । २. लोहारकी पत्नी

**लोहित**– वि० [सं०] १. तामाबाट बनेको । २. रातो-रातो रङको; लाल । ना० ३. मङ्गलग्रह । ४. रक्तचन्दन । ५. रातो रङ । > **लोहिताङ्ग**– ना० मङ्गलग्रह । **लोहिताश्व**– ना० अग्नि; आगो ।

**लोहिया**– ना० ऊनबाट बुनिने एक प्रकारको ओढ्ने वस्त्र ।

**लोहेसे**– ना० तोरीको तीन पल्ट पेलिएको पिना ।

**लोहो**– ना० [सं० लोहा] रगत । २. माछाको पित्त ।

**लोहोटा**– ना० [सं० लुण्ठ] पानी सारिने वा हालिने, धातुबाट बनेको डल्लो आकारको प्रसिद्ध भाँडो; लोटा । > **लोहोटी**– ना० सानो लोहोटा; लोटी ।

**लोहोमुते**– ना० [√ लोहो+मूत+ए] हे० लोमुते ।

**लोहोरी**– ना० [लोहरो+ई] १. सानो लोहोरो । २. आगो फुक्ने बाँस आदिको ढुङ्ग्रो ।

**लोहोरे**– वि० [लोहोरो+ए] लोहोरोजस्तो; लोहोरोका आकारको । ~**आँप**– ना० लोहोरोजस्तो देखिने एक जातको आँप ।

**लोहोरो**– ना० [सं० लोह] सिलौटामा मसला आदि पिँध्न प्रयोग गरिने, फलाम वा ढुङ्गाको लाम्चो गोलो उपकरण; सिलौटाको बत्ता ।

**लोहोसे**– ना० प्रायः बालनमा आफू नबोलीकन मडारिएर मात्रै अभिनय प्रदर्शित गरी दर्शकहरूलाई हँसाउने पात्र वा हास्यकार; विदूषक ।

**लौ**– निपा० स्वीकृति, विस्मय, आश्चर्य, उदेक आदि जनाउँदा प्रयोग गरिने शब्द । (उदा०– लौ, यो काम मै गर्छु । हुन्छ लौ, तिमी जाऊ । हेर, त्यहाँ के भएछ लौ !)

**लौँठी**– ना० घामपानीले समेत हतपत नभिज्ने खासगरी साँगु बनाउन प्रयोग गरिने एक प्रकारको काठ ।

**लौँडे**– ना० ढिँडो, पानीरोटी आदि पकाइने एक प्रकारको भुजुङ्गो; लुँडे ।

**लौका**– ना० [सं० लौकोको ति० रू०] तरकारी खाइने, तुम्बाका जातको लामो र डोलो लहरे फल ।

**लौकाट**– ना० [अ० मू०] कुखुराका जातको, ध्वाँसे भुइँमा सेता टीकाटीका परेका प्वाँख हुने, कराउँदा 'लौकाट-लौकाट' भनेजस्तो सुनिने एक चरो; गिनीफोर ।

**लौकाठ**– ना० अगाडिपट्टि हरिया र चिल्ला तथा पछाडिपट्टि खैरा र खस्रा पात हुने, पहेँला फूल फुल्ने एक जातको रूख वा अमिल्याहा गुलियो स्वाद हुने, भित्र साह्रो बियाँ भएको, पहेँलो रङको त्यसैको फल ।

**लौकिक**– वि० [सं०] १. लोकसित सम्बन्धित; यस लोकको; सांसारिक । २. लोकव्यवहारसुहाउँदो; व्यावहारिक । ~**विवाह**– ना० वैदिक वा धार्मिक विधिअनुसार नभई वरवधू स्वयं संलग्न भएर वैधानिक रूपमा गरिने आधुनिक बिहे । ~**संस्कृत**– ना० वैदिक संस्कृतमा रहेको विविध रूपलाई नियन्त्रित गरिएको संस्कृत भाषा; वैदिककालभन्दा पछि चलेको संस्कृत भाषा ।

**लौकी**– ना० [लौको+ई] १. सानो लौको । २. लौका; लौको ।

**लौको**– ना० [सं० लावुक] लौका; लौकी ।

**लौखा**– वि० बो० [लौ+खा] १. बिर्सेको कुरो सम्झेर पछुतो जनाइने शब्द; ज्या । (उदा०– लौखा ! बारीका तरकारी त गाईले भुसुक्कै पारेछ । लौखा ! झोला त बसमै पो छुटेछ) । २. कसैलाई हप्काउँदा वा खुच्चिङ मार्दा प्रयोग हुने शब्द (उदा०– लौखा ! बारीको तरकारी त गाईले भुसुक्कै पारेछ । लौखा ! बल्ल तँलाई ठीक भो)

**लौत**– निपा० [लौ+त] आँट, मन्जुरी, खप्की आदि जनाउँदा प्रयोग गरिने शब्द । (उदा०– लौत, आजैदेखि पढ्न थाल । लौत मलाई छो मात्र, तेरा बङ्गारा झार्छु) ।

**लौन**– वि० बो० [लौ+न] कसैलाई कुनै काम गर्न/गराउन वा परिआएको आपद् टार्नका लागि गुहार्दा भनिने शब्द । (उदा०– लौन, बिन्ती भन्छु एक खेप सहरसम्म गइदिनोस् । लौन, त्यहाँ त सर्प आयो !) । ~**नि**– वि० बो० अझ आत्तिएर गुहारिने शब्द । (उदा०– लौन नि ! त्यहाँको मारमुङ्ग्री म हेर्न सक्तिनँ । लौन नि ! बाबु भऱ्याङबाट लड्यो !)

**लौरी**– ना० [लौरो+ई] सानो लौरो; लहुरी । ~ **पन्जर**– वि० लौरीपिन्जर । ~ **पिन्जर**– वि० साह्रै दुब्लो; हल्लनटट्टी; अस्थिपञ्जर । – **पट्टा**– ना० आफुसमा लौरो जुधाउने र टाउको छलेर लौराले नै छेकी खेलिने बालखेल । ~**लङ्गन**– वि० लौरी नटेकी हिँड्नै नसक्ने; असाध्यै दुब्लो; लौरीपिन्जर ।

**लौरो**– ना० [√ लहुरो] हातले समाई टेकेर हिँडिने बुटेनको हाँगो वा लङ्गुरो र बाँस, बेत आदिको घोचो; लहुरो ।

**लौलौ**– निपा० [लौ+लौ] कुनै कुरामा प्रेरणा, समर्थन, स्वीकृति, आश्चर्य, आतुरी आदि जनाउँदा प्रयोग गरिने शब्द । (उदा०– लौलौ, यो काम गरिहाल्नोस् । के गर्नु लौलौ, महँगीले त माऱ्यो)

**लौसी**– ना० हे० लप्सी ।

**लौह**– ना० [सं०] १. फलाम; लोहा । वि० २. फलाम, तामा आदि धातुले बनेको; फलामसम्बन्धी । ३. रातो; लाल । – **कार**– ना० लोहार । – **भस्म**– ना० लोहा भस्म गरेर बनाइएको आयुर्वेदीय औषधीविशेष । ~**युग**– ना० मानिसले सर्वप्रथम फलामे हतियार बनाउन थालेको ऐतिहासिक समयावधि ।

**ल्यवाइ**– ना० [ल्याउ+वाइ] ल्याउने क्रिया वा प्रक्रिया ।

**ल्याइ-नु**– क० क्रि० [ल्याउ+इ+नु] लिएर आइनु ।

**ल्याइता/ल्याइते**– वि० [ल्याउ+ता/ते] विधिविधानपूर्वक विवाह नगरी त्यसै ल्याइएकी (स्त्री); रखौटी; भित्रेनी ।

**ल्याउ-नु**– स० क्रि० [लि+आउ+नु] १. कुनै धनमाल, कुरा, मानिस आदि लिएर आउनु । २. कमाइ, आमदानी आदि भित्र हुल्नु । ३. स्वास्नी भित्र्याउनु ।

**ल्याकत**– ना० [अ० लियाकत] हे० ल्यागत । ~**जाँच**– ना० ल्यागतजाँच । – **दार**– वि० ल्यागतदार । > **ल्याकती**– वि० ल्यागती ।

**ल्यागत**– ना० [√ ल्याकत] उपयुक्त वा योग्य हुने स्थिति; योग्यता; लायकपन । – **जाँच**– ना० ल्यागत जाँच्ने काम; योग्यतापरीक्षा (टेस्ट) । – **दार**– वि० ल्यागत भएको; ल्यागती; लायक; योग्य । > **ल्यागती**– वि० ल्यागत पुगेको; ल्यागतदार ।

**ल्याङफ्याङ**– ना० १. बेढङ्गको लवाइ; छन्द न बन्दको पहिरन । २. व्यवस्था नमिलेको कामकारवाई ।

**ल्याङल्याङ**– क्रि० वि० [अ० मू० ल्याङ्+अ (द्वि०)] १. कुनै घर, कोठो आदि साह्रै ठूलो र लामो हुने गरी । २. हल्लने वा हल्लाउने चालले । > **ल्याङल्याङती** ⁄ **ल्याङल्याङी**– क्रि० वि० अझै बढी ल्याङल्याङ भएर ।

**ल्याटिन**– ना० [अङ्०] इटाली देशमा प्रचलित प्राचीन भाषा ।

**ल्यात्त**– क्रि० वि० [अ० मू० ल्यात्+त] गिलो वा लेसाइलो पदार्थ चुहिने वा लेसारिने चालसित ।

**ल्यान्डरोभर**– ना० [अङ्०] ठूलो खालको र बलियो जिप गाडी ।

**ल्यापल्याप**– क्रि० वि० [द्वि० ल्याप्+अ (द्वि०)] कुनै तरल खानेकुरो आदि जिभ्राले चाट्ने वा चाटेर खाने चालसँग । > **ल्यापल्यापती** ⁄ **ल्यापल्यापी**– क्रि० वि० अझ क्रमिक रूपले ल्यापल्याप गरी ।

**ल्याप्चे**– ना० [अ० मू० ल्याप्+चे] औँठामा छापमसी दलेर शङ्खचक्रको रेखा प्रस्ट देखिने गरी गरिने सहीछाप; औँठाछाप ।

**ल्याप्प**– क्रि० वि० [अ० मू० ल्याप्+प] १. कुनै वस्तुमा लेदो पदार्थ लाग्ने वा लेसिने गरेर । २. लेसाइलो खानेकुरो एकै खेपमा चाट्ने गरी ।

**ल्याफल्याफ**– क्रि० वि० [अ० मू० ल्याफ्+अ (द्वि०)] १. पानीले भिजेका लुगाफाटो आदि हल्लने वा हल्लँदा शब्द आउने गरी । > **ल्याफल्याफती** ⁄ **ल्याफल्याफी**– क्रि० वि० अझ ल्याफल्याफ भएर ।

**ल्यासल्यास**– क्रि० वि० [अ० मू० ल्यास्+अ (द्वि०)] लेसाइलो पदार्थ बराबर टाँसिने वा लेसिने गरी । > **ल्यासल्यासती** ⁄ **ल्यासल्यासी**– क्रि० वि० अझ छिटो ल्यासल्यास भएर ।

**ल्यासे**– वि० [नेवा०] तरुनी; ठिटी । ~ **मैजू**– ना० तरुनी नेवार्नी ।

**ल्यू**– ना० [√ लिउ] चौँरीको ऊनबाट बनाइएको राडी ।

**ल्वाँग**– ना० [सं० लवङ्ग] हे० ल्वाङ । > **ल्वाँगे**– वि० १. कामकुरा गर्ने सीप वा ढङ्ग नभएको । २. भद्दा जीउको र बेकम्मा (मानिस) ।

**ल्वाक्क**– क्रि० वि० [अ० मू० ल्वाक्+क] धेरै वस्तु खास गरी रुपियाँपैसा एकै खेप दिने वा पाउने गरी । – **फ्वाक्क**– क्रि० वि० यताउति गरी वा टाक्कटुक्क मिलाएर; छ्वाय-फ्वाय ।

**ल्वाङ**– ना० [√ ल्वाँग] मसिना पात हुने एक जातको बोट र त्यसैको मसलाका निम्ति प्रसिद्ध ससानो सुगन्धी फूल । ~ **किलो**– ना० ल्वाङको फूलजस्तो र छत्तादार सानो फलामे कीलो । ~ **फुल**– ना० १. कानमा लगाइने ल्वाङका आकारको फूली । २. एक जातको लहरामा फुल्ने ल्वाङका आकारको सानो रातो फूल । > **ल्वाङे**– ना० ल्वाँगे ।

**ल्वातल्वात**– क्रि० वि० [अ० मू० ल्वात्+अ (द्वि०)] नटुटाई र थोरथोरै पस्ने-निस्कने गरी । > **ल्वातल्वाती**– क्रि० वि० अझै ल्वातल्वात भएर; ल्वातल्वात ।

**ल्वात्त**– क्रि० वि० [अ० मू० ल्वात्+त] कुनै कमलो वस्तुमा लामो कुरो एकै चोटि पस्ने वा निस्कने गरेर; ल्वाम्म ।

**ल्वापल्वाप**– क्रि० वि० [अ० मू० ल्वाप्+अ (द्वि०)] थोरथोरै तर क्रम नटुटाई लाग्ने वा चाट्ने गरी । > **ल्वापल्वापती** ⁄ **ल्वापल्वापी**– क्रि० वि० अझै बेसी ल्वापल्वाप भएर ।

**ल्वामल्वाम**– क्रि० वि० [ल्वाम्+अ (द्वि०)] अलिअलि र क्रम नटुटाई पस्ने वा गाडिने गरी । > **ल्वामल्वामती** ⁄ **ल्वामल्वामी**– क्रि० वि० अझै ल्वामल्वाम हुने गरी ।

**ल्वाम्म**– क्रि० वि० [अ० मू० ल्वाम्+म] कमलो वा नरम ठाउँमा कुनै लामो कुरो एकै चोटि पस्ने वा गाडिने गरी; स्वाम्म ।

**ल्वासल्वास**– क्रि० वि० [ल्वास्+अ (द्वि०)] १. नरम गिलो पदार्थ क्रम नटुटाई र थोरथोरै टाँसिने गरी । २. ल्वामल्वाम । > **ल्वासल्वासती** ⁄ **ल्वासल्वासी**– क्रि० वि० अझै ल्वासल्वास भएर ।

**ल्वास्स**– क्रि० वि० [अ० मू० ल्वास्+स] नरम वा गिलो पदार्थ तीव्र र शीघ्र रूपमा टाँस्ने-लगाउने गरी ।

**ल्हाफेवा**– ना० [थ०] थकाली जातिले तिब्बती पात्रोअनुसार प्रत्येक बाह्र वर्षमा आउने 'बाँदर वर्ष' पारेर कार्तिक महिनामा मनाउने कुलदेवताको पूजा, जुलुस र धार्मिक ग्रन्थको पाठसहितको बाह्रवर्षे जात्रा वा उत्सव ।

**ल्हाम**– ना० हिमाली भेगमा आइमाईले जाडोमा लगाउने लुगाविशेष ।

**ल्होसार**– ना० [भो० ब०] १. महायानी बौद्ध धर्मावलम्बीहरूको नयाँवर्षको पहिलो दिन । २. सो दिनमा मनाउने पर्व । ३. मञ्जुश्री ज्योतिष परम्पराअनुसार अग्नि वृषभमा मानिने २८३३ वर्ष अघिदेखि मानिएको संवत् ।

# व

**व**– देवनागरी वर्णमालाको उनन्तीसौँ, व्यञ्जन कण्ठोष्ठ्य; घोष, अल्पप्राण, अर्धस्वर व्यञ्जन; तलथोप्ली व ।

**वंश**– ना० [सं०] १. बाँस । २. ढाडको हाड; मेरुदण्ड । ३. नाकको डाँडी । ४. परिवार; कुल; खलक; खानदान । ५. सन्तति; सन्तान; लहरो । ~ **कर्पूर**– ना० वंशलोचन । – **धर**– ना० १. वंशलाई जोगाइराख्ने पुरुष; कुलको रक्षा गर्ने पुरुष; वंशको रक्षक । २. सन्तान । ~ **परम्परा**– ना० कुनै वंशको अक्षुण्ण रूपमा चल्दै आएको परम्परा वा क्रम । ~ **लोचन**– ना० पोथी बाँसको गुदीमा जम्ने र औषधीका रूपमा प्रयोग हुने चिनीजस्तो पदार्थ । (मेघ गर्जने अवस्थामा स्वाती नक्षत्र परेका बेला बाँसभित्र पानी जमेपछि वंशलोचन बन्छ भन्ने लोकविश्वास छ) । ~ **वृक्ष**– ना० १. कुनै वंशका मूल पुरुषदेखि लिएर त्यस वंशका वर्तमान कालसम्मका मानिसहरूको शाखासन्ततिको क्रम लेखिएको तालिका । २. बाँसको बोट । – **स्थ**– ना० प्रत्येक चरणमा बाह्र अक्षर हुने, जगण, तगण, जगण र रगणले एक पाउ बन्ने र पाँच अक्षरमा यति हुने एक वार्णिक छन्द । > **वंशागत**– वि० वंशमा परम्पराका रूपमा चलेर आएको; वंशपरम्पराबाट प्राप्त । **वंशाणु**– ना० वंशानुगत गुणहरू सार्ने अति सूक्ष्म वस्तु; जीवमा वंशानुगत रूपमा रहने अणु । **वंशानुक्रम**– ना० वंशपरम्परा । **वंशावली**– ना० १. कुनै वंशमा जन्मेका मानिसहरूको मूल पुरुषदेखि वर्तमान कालसम्मका शाखासन्तानको क्रमानुसार बनाइएको नामको तालिका । २. वंशको वृत्तान्त; पुर्ख्यौली ।

**वंशी**– ना० [सं०] १. बाँसुरी । २. रगत बग्ने नसा । ३. वंशलोचन । ४. कुनै नाम शब्दको पछिल्तिर लागी त्यस वंशमा पैदा भएको भन्ने अर्थ बुझाई विशेषण बन्ने शब्द । (जस्तै– रघुवंशी, शाहवंशी आदि) । वि० ५. वंशसम्बन्धी; वंशको; वंशीय । – **धर**– ना० १. कृष्ण । वि० २. बाँसुरी लिएर हिँड्ने; हातमा बाँसुरी लिएको । > **वंशीय**– वि० १. बंसियार । २. कुनै नाम शब्दको पछिल्तिर जोडिने र त्यस वंशमा पैदा भएको भन्ने अर्थ बुझाई विशेषण बन्ने शब्द; वंशी (जस्तै– सूर्यवंशीय, चन्द्रवंशीय आदि) । **वंशोद्भव**– वि० कुनै वंशमा पैदा भएको; कुनै कुलमा जन्मेको; वंशोत्पन्न । **वंश्य**– वि० १. वंशीय । ना० २. वंशको व्यक्ति । ३. पूर्वज; पुर्खा । ४. सन्तान ।

**वकार**– ना० [सं०] 'व' अक्षर; अन्तःस्थ वर्गको चौथो वर्ण ।

**वकालत**– ना० [अ०] १. अदालतबाट निर्णय गरिने मुद्दामामिलामा कसैको प्रतिनिधि भई साधिकार रूपले बहस वा पैरवी गर्ने काम; वकिलको काम । २. कुनै कुरामा प्रमाण वा तथ्यसहित गरिने जिरह । – **नामा**– ना० आफ्नो प्रतिनिधि भई अदालतमा मुद्दाको बहस वा पैरबी गर्न कसैलाई दिइनेलिइने अधिकारपत्र वा मन्जुरनामा ।

**वकिल**– ना० [अ० वकील] १. कसैको प्रतिनिधि भएर अदालतमा गई वकालत गर्न अधिकार पाएको व्यक्ति; कानुनव्यवसायी । २. राजदूत वा राजप्रतिनिधि । > **वकिली**– ना० वकिलको काम वा व्यवसाय ।

**वकुल**– ना० [सं०] हे० बकुल ।

**वक्तव्य**– ना० [सं०] १. कुनै विषयवस्तुका बारेमा स्पष्टतापूर्वक भनिएको कुरो; वक्तृता; कथन । वि० २. भन्नुपर्ने वा भन्न उचित; कथनीय ।

**वक्ता**– ना० [सं०] १. कथापुराण आदि भन्ने व्यक्ति; वाचक । २. भाषण दिने वा बोल्ने व्यक्ति । वि० ३. भन्ने वा बोल्ने; भाषण दिने ।

**वक्तृता / वक्तृत्व**– ना० [सं०] १. भाषण गर्ने खुबी वा चतुऱ्याइँ; वाक्कौशल । २. प्रवचन; भाषण ।

**वक्र**– वि० [सं०] १. टेढो; बाङ्गो । २. कुप्रिएको; कुप्रो । ३. विपरीत गतिमा चलेको (ग्रह, दृष्टि आदि) । ~ **गति**– ना० १. टेढो चाल; उल्टो वा बाङ्गो गति । २. मङ्गलग्रह । वि० ३. उल्टो गति वा क्रियाकलाप भएको । – **गामी**– वि० टेढो चाल चल्ने; वक्रगतिमा जाने वा चल्ने । – **ता**– ना० १. वक्र हुनाको भाव वा स्थिति; बाङ्गोपन; टेढोपन । २. बेइमानी । – **तुण्ड**– ना० १. गणेश । २. सुगा । ~ **दृष्टि**– ना० १. रिस जनाउने हेराइ; टेढो नजर; कुदृष्टि । २. टेढो आँखो ।

**वक्रोक्ति**– ना० [सं०] १. श्लिष्ट शब्दद्वारा गरिने उपहास वा व्यङ्ग्य । २. काव्यमा काकु वा श्लेषद्वारा भिन्न अर्थ गर्दा पर्ने एक अर्थालङ्कार । ~ **प्राधान्यवाद**– ना० शब्द र अर्थ दुवैमा कुरो घुमाएर चमत्कार देखाइनुलाई काव्यको आत्मा मान्ने सिद्धान्त । – **वाद**– ना० काव्यशास्त्रका आचार्य कुन्तकद्वारा प्रतिपादित उक्तिवैचित्र्य नै काव्यको आत्मा हो भनी मान्ने एक काव्यसिद्धान्त । – **वादी**– वक्रोक्तिवादको समर्थक वा अनुयायी ।

**वक्ष**– ना० [सं०] छाती । – **स्थल**– ना० छाती; वक्ष । (उदा०– तिम्रो शीतल वक्षस्थलमा, यो कविको शैशवकाल बित्यो – सिद्धिचरण) । > **वक्षोज / वक्षोरुह**– ना० कुच; स्तन ।

**वगला**– ना० [सं०] बगलामुखी । – **मुखी**– दस महाविद्यामध्ये एक ।

**वङ्ग**– ना [सं०] १. कपासको ढिँडी; रुवो । २. राङधातु । ३. बङ्गलादेश । ४. भारतमा पर्ने एक क्षेत्र; पश्चिम बङ्गाल ।

**वचन**– ना० [सं०] १. मानिसका मुखबाट निस्कने वा उच्चरित हुने कुनै पनि सार्थक शब्द; बोली; वाणी; भनाइ; कथन ।

२. पक्कापक्की गरिने कुरो; कबुल; प्रतिज्ञा । ३. शास्त्रमा बताइएको विधिविधानसम्बन्धी कुरो वा सूत्र । ४. कुनै कामका निम्ति कसैलाई गरिने आज्ञा; आदेश । ५. व्याकरणमा शब्दका रूपबाट एक वा एकभन्दा धेरै बुझाउने विधान वा त्यस्तो सङ्ख्या (जस्तो– एकवचन, बहुवचन आदि)। ~ **पत्र**– ना० सरकारले जनतासँग ऋण लिएर अमुक व्यक्तिबाट यति ऋण लिइएको छ र त्यसको ब्याज यस हिसाबले दिनुपर्छ भनी लेखिएको पत्र; ऋणपत्र । – **बद्ध**– वि० आफूहरूमा मात्र सीमित कुनै काम गर्न वा नगर्न प्रतिज्ञा गरेको; वचन दिएको; कबुलमा बाँधिएको । – **बद्धता**– ना० वचनबद्ध हुने भाव वा स्थिति; वचन दिने वा कबुलमा बाँधिने काम । ~ **लाउनु**– ट० चित्त दुख्ने गरी भन्नु । (उदा०– यसरी मुटु छेड्ने वचन नलाऊ न ।)

**वजन**– ना० [अ०] १. कुनै बोझको परिमाण वा तौल; वस्तुको भार; गह्रुँगोपन । २. कुनै विषयको महत्त्व वा विशेषता; गहकिलोपन । – **दार**– वि० वजन भएको; गह्रौँ । २. गहकिलो; महत्त्वपूर्ण । > **वजनी**– वि० वजनदार ।

**वजिर**– ना० [अ० वजीर] १. मन्त्री; अमात्य । २. हे० बजिर ।

**वज्र**– ना० [सं०] १. इन्द्रको मुख्य हतियार । २. औधी साह्रो वस्तु । ३. चटचाङ; चट्को । ४. सुर्की र चून मिलाएर बनाइएको जमेपछि साह्रो हुने लेदो वस्तु । – **काय**– ना० १. वज्रजस्तो दृढ वा बलियो शरीर । वि० २. त्यस्तो शरीर भएको । – **दन्ती**– ना० १. मौलसिरी २. एक किसिमको दन्तमञ्जन । – **धात्वीश्वरी**– ना० १. बौद्ध धर्मका अनुसार पञ्चतारामध्ये एक । २. वैरोचनकी पत्नीको नाम; शक्ति । ३. समन्तभद्रकी माता वा आमा । – **पाणि**– ना० १. इन्द्र । २. बौद्ध धर्ममा पञ्चबोधिसत्त्वमध्ये एक । ३. अक्षोभ्य वा लोचनाका छोराको नाम । वि० ४. हातमा वज्र लिने । – **पात**– ना० १. वज्र वा चटचाङ पर्ने काम । २. एक्कासि आइलागेको कुनै विपद् । ~ **भैरव**– ना० भैरवको एक नाम । – **मणि**– ना० हीरा । – **यान**– ना० बौद्ध धर्मको एक तान्त्रिक सम्प्रदाय वा महायानको एक शाखा । – **यानी**– वि० वज्रयानमा विश्वास राख्ने; वज्रयान-सम्बन्धी । ~ **योगिनी**– ना० तन्त्रप्रसिद्ध एक देवी; चार योगिनीमध्ये एक । – **लेप**– ना० १. भित्ता, पर्खाल आदिमा लगाइने वज्र वा शिलालेख, मूर्ति आदिमा लगाइने कडा पालिसविशेष । वि० २. खुबै बलियो; पक्का । ~ **वाराही**– ना० तन्त्रप्रसिद्ध एक वाराही देवी; नेपालका चार वाराहीमध्ये एक वाराही । ~ **सत्त्व**– ना० एक बुद्ध । – **सूची**– ना० टुप्पामा हीरा जडिएको वा अन्य कुनै छेड्नेकाट्ने तीखो सुइरो । ~ **हृदय**– वि० कठोर वा साह्रो हृदय भएको; निर्दयी । > **वज्राचार्य**– ना० १. बौद्धमार्गीहरूमा विशेष संस्कार गरेपछि प्राप्त हुने एक उपाधि । २. एक तान्त्रिक बौद्ध आचार्य । **वज्रासन**– ना० पद्मासनमा बसेर पैतालामाथि दुवै हत्केला उत्ताना पारी गरिने एक आसन ।

**वञ्चक**– वि० [सं०] १. ठग्ने स्वभाव वा प्रवृत्तिको; ठग; धूर्त । ना० २. स्याल ।

**वञ्चन**/**वञ्चना**– [सं०] ना० १. कसैलाई ठग्ने काम; ठगी । २. धोकामा पार्ने चाल; छल । > **वञ्चनीय**– वि० १. ठग्न उचित; वञ्च्य । २. परित्याग गर्न योग्य; त्याग्नुपर्ने; त्याज्य ।

**वञ्चित**– वि० [सं०] १. झुक्याइएको वा ठगिएको । २. धोका दिइएको; जिल्ल्याइएको ।

**वञ्च्य**– वि० [सं०] वञ्चनीय ।

**वट**– ना० [सं०] १. बरको बोट । २. टिकिया; गोली; चक्की । ३. डोरो । – **पत्री**– ना० बाटुला ठूलठूला पात, राता फूल र रातै जरा हुने, हिमालमा पाइने एक जातको पाषाणभेद । > **वटिका**– ना० १. सानो गोली; चक्की; बरी । २. फुरौला । ३. पच्चीस, पासा आदि खेलको गोटी । **वटी**– ना० १. गोली; चक्की; बरी । २. डोरी । ३. फुरौला ।

**वटु**– ना० [सं०] बालक; केटो । २. ब्रह्मचारी । > **वटुक**– ना० १. एकादश रुद्रमध्ये एक रुद्र; एक भैरव । २. बालक; वटु । ३. ब्रह्मचारी ।

**वडवा**– ना० [सं०] १. घोडी । २. अश्विनी नामकी अप्सरा । ३. कमारी; दासी । ४. वेश्या; रन्डी । > **वडवाग्नि**– ना० वडवानल । **वडवानल**– ना० समुद्रभित्र रहने आगो; वडवाग्नि ।

**वडा**– ना० [अङ् वार्ड] जनसङ्ख्या, घर, क्षेत्र आदिका आधारमा छुट्ट्याइएको नगर, गाउँ आदिको इलाका वा विभाग ।

**वणिक्**– ना० [सं०] १. बनियाँ; बेपारी । २. ज्योतिषशास्त्रको एक करण । ~ **वृत्ति**– ना० वणिक्को व्यवसाय वा काम; व्यापार; वाणिज्य ।

**वत्**– प्रत्य० [सं०] नामशब्दका पछाडि गाँसिएर समानता, युक्तता, सम्पन्नता आदि अर्थबोध गराउने प्रत्यय वा आबद्ध रूप (जस्तै– मातृवत्, मित्रवत्, हिमवत् इ०) ।

**वतन**– ना० [अ०] १. जन्मेको वा बसेको ठाउँ (घर, गाउँ वा टोल,जिल्ला, देश आदि) । २. घरद्वार भएको वा डेरा गरेर बसेको ठाउँ; ठेगाना ।

**वत्स**– ना० [सं०] १. मानिसको बालक । २. गाईको बाछो । ३. सन्तान; शिशु । ४. छोरो वा आफूभन्दा सानो उमेरको व्यक्तिलाई स्नेहपूर्वक बोलाइने शब्द । ५. गोत्रप्रवर्तक एक ऋषिको नाम । ~ **गोत्र**– ना० वत्स ऋषिको कुल वा वंशको परिचयात्मक नाम; नेपालमा लम्साल, दाहाल, रूपाखेती, राणा र कुँवर थर हुनेहरूको गोत्र । – **नाभ**– ना० सिमालीका जस्ता पात र बाछाको नाभिजस्तो जरो हुने एक प्रकारको विष-बुटी ।

**वत्सर**– ना० [सं०] वर्ष; साल ।

**वत्सल**– वि० [सं०] १. सन्तानमाथि प्रेम भएको । २. सबै केटाकेटीलाई छोराछोरीजस्तै माया गर्ने । ना० ३. साहित्यमा दस रस मान्दा सन्तानप्रति आमाबाबुको स्नेहवर्णनका रूपमा उत्पन्न हुने एक रस । ४. छोराछोरीप्रति आमाबाबुको प्रेमभाव;

स्नेह ।

**वद–** वि० [सं०] बोल्ने; कुरा गर्ने (प्रायः शब्दका पछाडि प्रयुक्त, जस्तै– प्रियंवद, सत्यंवद) ।

**वदन–** ना० सं० १. अनुहार; चेहरा; मुख । (उदा०– उनको वदन फूलजस्तै कोमल छ ।) । २. अघिल्लो हिस्सा वा भाग; मुहुडा । ३. कुनै कुरा भन्ने क्रिया वा भाव; बोल्ने काम; कथन ।

**वदी–** ना० [सं० वदि] कृष्णपक्ष; सुदीको विपर्याय शब्द (जस्तो– सुदी-वदी) ।

**वध–** ना० [सं०] कसैलाई मार्ने वा कुट्ने काम; हत्या; हिंसा । > **वधक–** वि० १. वध गर्ने; मार्ने; हत्यारा । २. व्याधा । – **भूमि–** ना० अपराधीलाई प्राणदण्ड दिने ठाउँ; वध गर्ने वा मार्ने ठाउँ । **वधिक–** वि० १. वध गर्ने; मार्ने । ना० २. कस्तूरी ।

**वधू–** ना० [सं०] १. भर्खर बिहा गरिएकी स्त्री; नवविवाहिता स्त्री; दुलही; बेहुली । २. भाइ, छोरा, भतिजा आदिकी पत्नी; बुहारी । ~ **गृह प्रवेश–** ना० घरमा नवविवाहिता दुलहीलाई पहिलो पल्ट प्रवेश गराउने विधि वा मुहूर्त ।

**वध्य–** वि० [सं०] १. मार्न लायक; मार्नुपर्ने । २. प्राणदण्ड दिन उचित । – **चिह्न–** ना० प्राणदण्ड दिइने अपराधीलाई लगाइने चिनु । – **भूमि–** ना० प्राणदण्ड दिने स्थान; वधभूमि ।

**वन–** ना० [सं०] १. थुप्रै रूख तथा बोटबिरुवाहरू उम्रेर बाक्लो भएको क्षेत्र; जङ्गल; झाडी; बन । २. बगैँचा । ३. दशनामी सन्न्यासीहरूले पाएको एक उपाधि । ~ **उद्योग–** ना० वनको संरक्षण तथा संवर्धन गरी प्राकृतिक सम्पदा बढाउने उद्योग । ~ **उपखण्ड–** ना० वनको खण्डभित्रको खण्ड । ~ **उपोदकी–** ना० वनमा हुने एक जातको पवै; बनपवै । ~ **कदली–** ना० बनकेरा । – **करी–** ना० जङ्गली हात्ती । ~ **कुक्कुट–** ना० बनकुखुरो; लुइँचे । ~ **कुञ्जर–** ना० जङ्गली हात्ती; वनकरी । ~ **कुसुम–** ना० जङ्गलमा फुल्ने एक जातको कुसुम फूल; बनैयाँ कुसुम । ~ **क्षेत्र–** ना० वनको साँधसिमाना छुट्टयाइएको वा बन्देज गरिएको निर्धारित क्षेत्र । – **खण्ड–** ना० टुक्राटुक्रीमा विभाजित वन; सानो जङ्गल । – **गढ–** ना० वनको किल्ला । ~ **चम्पक–** ना० बनचाँप; काठेचाँप । – **चर–** ना० १. वनमा बस्ने वा घुम्ने प्राणी; जङ्गली प्राणी । २. बनकर; बाँदर । ३.जन्तु; पशु । – **चारी–** वि० वनमा बस्ने वा घुम्ने (प्राणी) । – **ज–** वि० वनमा उत्पन्न हुने; जङ्गली; बनैयाँ । ~ **जन्तु–** ना० वनमा हुने वा बस्ने जन्तु वा प्राणी; जङ्गली जनावर । ~ **तुलसी–** ना० बाबरी । ~ **दमना–** ना० हिमालयमा पाइने एक जातको दमना । – **दुर्ग–** ना० राष्ट्ररक्षाका लागि वनलाई नै किल्लाका रूपमा प्रयोग गरिने स्थान । ~ **देवता–** ना० वनका अधिष्ठात्री देवता । स्त्री० वनदेवी । ~ **नाशन–** ना० कुनै क्षेत्रलाई जङ्गलले रहित पार्ने वा आवादी बसाउन जङ्गल फाँड्ने काम । – **पथ–** ना० १. जङ्गलको बाटो; वनको बीचबाट जानुपर्ने बाटो । २. डढेलो आदिबाट जोगाउन र यातायातको सुविधासमेतका लागि वनलाई खण्डखण्ड गरी छुट्टयाएर बनाइएको बाटो । ~ **भूमि–** ना० वनले ढाकिएको जमिन; वनस्थली । ~ **भोज–** ना० बनभात; बनभतेर । ~ **महोत्सव–** ना० वनको संरक्षण तथा संवर्धन गर्ने उद्देश्यले अनेक थरी बोटबिरुवा लगाई गरिने उत्सव । ~ **मानुष–** ना० बनमान्छे । ~ **रक्षक–** ना० वनजङ्गलको सुरक्षा गर्ने वा वनलाई विनाश हुनबाट जोगाउने व्यक्ति; वनपाल; बनपाले । ~ **रोपण–** ना० पाखामैदानमा वन वा जङ्गल लगाउने काम । – **माला–** ना० १. जङ्गली फूल वा फूलपातहरू उनेर बनाइएको माला । २. तुलसी, कुन्द, मन्दार, पारिजात र कमल– यी पाँचथरी फूल उनेर गाँसिएको माला । – **माली–** वि० १. वनमाला पहिरने । ना० २. कृष्ण । ३. लहराहरूबाट स्वागतद्वार आदि सजाइने र फलबाट विस्फोटक वस्तु तयार पार्न काम लिन सकिने एक जातको लहरो । ~ **वाटिका–** ना० वन र वाटिका; वनउपवन । – **वास–** ना० १. वनको वास वा वनमा बस्ने काम । २. धार्मिक दृष्टिले सजाय भोग्न वा निराधार भई गरिने वनको बसाइ । – **वासी–** वि० वनमा बस्ने; जङ्गलनिवासी । ~ **विज्ञान–** ना० वनजङ्गलको विषय वा वृक्षरोपण आदिसम्बन्धी विज्ञान वा शास्त्र । ~ **व्यवसाय–** ना० वनजङ्गल बढाउने र रूखपात, काठ, जडीबुटी आदि वनपैदावारको बिक्रीवितरण गरिने काम । ~ **संरक्षक–** ना० वनरक्षक । ~ **संरक्षण–** ना० वनजङ्गलको संरक्षण गर्ने वा वनलाई क्षय हुनबाट बचाउने काम । ~ **सम्पदा–** ना० वनजङ्गल र वन्य जन्तु तथा पक्षीका रूपमा रहेको राष्ट्रिय धन । ~ **सरोजिनी–** ना० कपासको बोट । ~ **सहचर–** ना० रातो फूल फुल्ने खालको सहचर बुटी । ~ **साधन–** ना० वनबाट प्राप्त हुने सबै सामग्री । – **स्थली–** ना० जङ्गलभित्रको सानो जमिन; वनभूमि ।

**वनस्पति–** ना० [सं०] प्रायः फूल नफुलीकनै फल लाग्ने खालको रूखविशेष; बोटबिरुवा, लता आदि । ~ **घिउ–** ना० नरिवल, बदाम, ज्यापु आदिको तेल प्रशोधन गरेर बनाइएको एक प्रकारको घिउ; घाँसे घिउ; डाल्डा । ~ **जगत्–** ना० बोटबिरुवा, झारपात आदि सम्पूर्ण वनस्पतिको समूह । ~ **नस्लसुधार–** ना० कुनै वनस्पतिको अङ्ग काटेर सोही जातिको अर्को स्थानमा वा अर्कै वनस्पतिको अङ्गसँग कृत्रिम तरिकाले जोडेर साधारण अवस्थाबाट विशेष अवस्थामा फेर्ने काम । ~ **विज्ञान–** ना० बोटबिरुवा आदिको जाति, अङ्ग आदि सहित सम्पूर्ण वनस्पतिको अध्ययन तथा विवेचना गरिने विज्ञान ।

**वनान्त–** ना० [सं०] १. वनको सीमान्त भाग । २. वनको भूमि ।

**वनान्तर–** ना० [सं०] १. वनको भित्री भाग । २. अर्को वन ।

**वनिका–** ना० [सं०] १. आइमाई; स्त्री । २. प्रेमिका; मायालु । ३. पत्नी ।

**वनिता–** ना० [सं०] आइमाई; स्त्री ।

**वनीकरण–** ना० [सं०] वनजङ्गल धेरै बनाएर जमिन घना पार्ने

काम ।

**वनेचर**– ना० [सं०] १. वनमान्छे; वनचर । २. ऋषि; मुनि । ३. राक्षस ।

**वनौषधि/वनौषधी**– ना० [सं०] वनजङ्गलको औषधी वा जडीबुटी ।

**वन्दन/वन्दना**– ना० [सं०] १.हात जोडेर गरिने स्तुति वा प्रार्थना; श्लोक वा मन्त्रका पाठसहितको पूजा । २. प्रणाम; ढोग । > **वन्दनीय**– वि० वन्दना गर्न योग्य; पूजनीय ।

**वन्दित**– वि० [सं०] १. वन्दना गरिएको; नमस्कार गरिएको । २. कैद गरिएको; थुनिएको । > **वन्दिता**– ना० १. वन्दना गर्ने व्यक्ति । २. सह्रनी गर्ने; प्रशंसक ।

**वन्दी**– ना० [सं०] १. स्तुतिपाठ वा वन्दना गर्ने व्यक्ति वा जाति; चारण । २. बन्दी । – **जन**– ना० राजदरबारमा स्तुतिगान गर्ने प्राचीन एक जाति वा वर्ग ।

**वन्द्य**– ना० [सं०] वन्दना गर्न योग्य; वन्दनीय; पुज्नुपर्ने ।

**वन्य**– वि० [सं०] वनमा उम्रने, हुने वा पाइने; वनसम्बन्धी; बनैया; जङ्गली । ~ **उत्पादन**– ना० वनमा पैदा हुने वा हुर्कने वस्तु; वनपैदावार । ~ **जन्तु**– ना० जङ्गली जनावरहरूको समूह; वनजङ्गलमा हुर्केबढेका र संरक्षणयोग्य जन्तु । ~ **जन्तु आरक्ष**– ना० जङ्गली जनावरहरूको सुरक्षा र व्यवस्था गर्न छुट्याइएको केही विशेष क्षेत्र । – **वृत्ति**– ना० जङ्गलमा उत्पन्न हुने वस्तु बेचेर जीविका चलाउने काम । ~ **श्री**– ना० वनको शोभा वा सम्पत्ति । ~ **स्रोत**– ना० वन वा वन्य उत्पादनबाट राष्ट्रलाई हुने आम्दानीको मुहान ।

**वपी**– ना० [सं०] सानो जलाशय; कुवा; पनेरो ।

**वपु**– ना० [सं०] शरीर; देह; तन । > **वपुष्मान्**– वि० शरीरधारी; देही ।

**वप्र**– ना० [सं०] १. माटाको थुप्रो; ढिस्कुरो; ढिस्को । २. पर्खाल । ३. गडतीर । – **क्रीडा**– ना० हात्ती, साँढे आदिले सिँगौरी खेल्ने काम ।

**वफा**– ना० [फा०] १. आफूले दिएको कुनै वचन पूरा गर्ने काम । २. कर्तव्यपालन; कर्तव्य । – **दार**– वि० १. आफ्नो वचन पूरा गर्ने; कर्तव्यपरायण । ना० २. राजभक्त; स्वामिभक्त । – **दारी**– ना० बफादार हुने काम; कर्तव्यपरायणता ।

**वमन**– ना० [सं०] छाद्ने काम; बान्ता; उल्टी ।

**वमित**– वि० [सं०] वमन गरिएको; छादिएको; उल्टी भएको ।

**वयःसन्धि**– ना० [सं०] बाल्यकाल र तरुण अवस्थाका बीचको अवस्था ।

**वयःस्थ**– वि० [सं०] तन्नेरी; तरुनो; जवान । २. बलिष्ठ; बलियो । ३. प्रौढ । ना० ४. वयमिल्दो साथी; दौँतरी ।

**वय**– ना० [सं०] १. जीवनको बितेको समय; उमेर; अवस्था । २. यौवन; जवानी ।

**वयस्**– ना० [सं०] बितेको जीवनकाल; आयु ।

**वयस्क**– वि० [सं०] १. वयप्राप्त; उमेर पुगेको । २. कुनै देशको संविधानअनुसार व्यवहारमा मानिने उमेर पूरा भएको; बालिग । ~ **मताधिकार**– ना० उमेर पुगेका सबै नागरिकले विनाभेदभाव मत दिन र प्रतिनिधि छान्न पाउने अधिकार; बालिग मताधिकार ।

**वयोवृद्ध**– वि० [सं०] बुढ्याइँमा पुगेको; उमेर ढल्केको; सबैले मान्ने वृद्ध ।

**वर१**– ना० [सं०] १. देवता,गुरुजन आदिसँग मागिने र उनीहरू प्रसन्न भएर दिने फल वा मनोरथसिद्धिको आशिष । २. कन्यासँग विवाह गर्न पक्का भएको केटो; दुलहा; बेहुलो । ३. शब्दका पछाडि गाँसिएर श्रेष्ठताको भाव बुझाउने शब्द (जस्तै– गुरुवर, कविवर, प्रियवर, मान्यवर इ०) । ४. उत्तम; श्रेष्ठ; गतिलो ।

**वर२**– प० स० कुनै काम सकेर अर्को काम गर्न अह्राउँदा क्रियापदमा द्वित्व झैँ भएर जोरिने शब्द (उदा०– तिमी घरैमा बसवर, खाऊवर र केटाकेटीको विचार गरवर) ।

**वर३**– क्रि० वि० [सं० अवर] आफूतिर; आफ्ना छेउमा; नजिक । – **को**– वि० आफ्ना छेउ वा नजिकको; आफन्त; नाताकुटुम्बभित्र पर्ने । (उदा०– यत्रो कार्यमा वरकोलाई छोडेर परको बोलाउनु पनि त भएन) ।

**वरण**– ना० [सं०] १. कुनै मङ्गलकार्य गर्दा जजमानले पुरोहितलाई आसन, वस्त्र आदि दिई टीका लगाउने काम । २. विवाहमा दुलहालाई गरिने आदरपूर्ण स्वागतसत्कार । ३. कन्याले वर रोज्ने वा स्वीकार गर्ने काम । ४. रोजाइ; छनोट; मनोनयन । ~ **स्वतन्त्रता/स्वातन्त्र्य**– ना० कसैलाई आफूखुसी वरण गर्ने वा छान्नचुन्न पाउने अधिकार ।

**वरणी**– ना० [सं० वरण] विवाहमा जन्ती आइपुग्नेबित्तिकै घरमा नलगी दुलहीका बाबुले दुलहालाई षोडशोपचारले गर्ने पूजाविशेष ।

**वरणीय**– वि० [सं०] वरण गर्न योग्य; रोज्न वा छान्न लायक । २. ग्रहण गर्न योग्य; लिनुपर्ने ।

**वरत्र**– क्रि० वि० [वर+ सं० अत्र] यस लोकमा; यस लोकका निम्ति; यस जगत्मा । (उदा०– परत्रको मृगतृष्णामा वरत्र बिगार्नु ठीक हुँदैन) ।

**वरद**– वि० [सं०] वर दिने; वरदाता; आशीर्वाद दिने ।

**वरदान**– ना० [सं०] देवता वा गुरुजन आदिले प्रसन्न भएर अभीष्टसिद्धिका निम्ति दिने आशीर्वाद; इच्छित वस्तुको प्राप्ति; वर ।

**वरदायक**– वि० [सं०] वर दिने; वरदाता ।

**वरन्**– संयो० [सं० वरम्] त्यसो भन्दा; बरु; तर ।

**वरपक्ष**– ना० [सं०] बिहेबटुलोमा दुलहातर्फका निम्तालु वा दुलहासँगै जाने मानिस; बरियाँत; जन्ती ।

**वरपर**– क्रि० वि० [वर+पर] १. नजिकपुँडो; चारैतिर; यताउति । ना० २. छरछिमेक ।

**वरपीपल**– ना० [वर+पीपल] १. वर र पीपलको रूख । २. पुण्यसञ्चयका निम्ति छहारी नभएका बाटाका छेउछाउमा रोपिने विष्णुलक्ष्मीका औतार मानिएका प्रसिद्ध दुई जातका रूख । (विष्णुलक्ष्मी सम्झेर प्रतिष्ठा गर्दा वरपीपलको बिहे गरिदिने नेपालीहरूको धार्मिक चलन छ) ।

**वरमाला**– ना० [सं०] स्वयंवरमा वा विवाहका समयमा दुलहालाई दुलहीले लगाइदिने माला ।

**वरयात्रा**– ना० [सं०] उत्सवपूर्वक वरलाई साथमा लिएर जाने व्यक्तिहरूको लर्को; बरियाँत; जन्त । > **वरयात्री**– ना० जन्तीमा जाने व्यक्तिहरूको समूह; बरियाँत ।

**वरवर्णिनी**– ना० [सं०] स्वयंवर गर्नका निम्ति तयार भएकी कन्या ।

**वराङ्ग**– ना० [सं०] १. माथ; शिर । २. सुन्दर शरीर । > **वराङ्गना**– ना० सुन्दर स्त्री; राम्री आइमाई । **वराङ्गी**– वि० सुन्दर शरीर भएकी स्त्री; राम्री कन्या ।

**वरात**– ना०हे० बनात ।

**वरापरी**– ना० [√ वरपर] आवश्यक खर्चबर्च; भइपरी आउने खर्च । (उदा०– बिहान-बेलुकीको छाक त जिनतिन चलेको छ, वरापरीले पो माऱ्यो) ।

**वराभय**– ना० [सं०] 'चाहिएको कुरा भन र निर्भर रहू' भन्ने भाव बुझाउने शब्द; वर र अभय । – **पाणि**– वि० १. वरमुद्रा र अभयमुद्रा धारण गरेका; वराभयमुद्रामा रहेका । ना० २. विष्णु । ३. बुद्ध ।

**वराह**– ना० [सं०] १. सुँगुर; बनेल । २. विष्णुका दस अवतारमध्ये तेस्रो अवतार । ३. अठार पुराणमध्ये वराहअवतारको माहात्म्य वर्णन गरिएको एक पुराण । ~ **अवतार**– ना० विष्णुका दस अवतारमा तेस्रो अवतार । ~ **कल्प**– ना० विष्णुले वराहको अवतार धारण गरेको समय । ~ **क्षेत्र**– नेपालको सुनसरी जिल्लामा पर्ने, सप्तकोसी र कोकाहा नदीको सङ्गममा रहेको वराह भगवान्को मन्दिरसहितको एक प्रसिद्ध तीर्थस्थल । ~ **मिहिर**– विक्रमादित्यका नवरत्नमध्ये एक तथा ज्योतिषशास्त्रका प्रख्यात आचार्य ।

**वरि**– ना० यो० [वर+इ] १. वरतिर; वर । (उदा०– तिम्रै घरवरि भेटुँला नि त) । ना० २. जोत्न लागेका गोरुलाई एक मेसोबाट फर्काउन हलीले प्रयोग गर्ने शब्द; होर्रा वा तलीको अर्को रूप । – **परि**– क्रि० वि० वरपर; यताउति; चारैतिर ।

**वरिष्ठ**– वि० [सं०] १. सबैभन्दा उम्दा; सर्वोत्तम; श्रेष्ठतम । २. अति ठूलो; उच्च कोटिको । ~ **अधिवक्ता**– ना० सर्वोच्च अदालतमा बहस गर्ने अधिकार भएको उच्च तहको वकिल ।

**वरी**– प० स० कुनै काम सकेर अर्को काम भएको वा थाल्ने कुरा जनाउन पूर्वकालिक क्रियामा गाँसिने एक रूप । (उदा०– नानी खेलीवरी घर आइसक्यो । तिमी खाईवरी छिटै आऊ) ।

**वरीयता**– ना० [सं०] १. अधिक श्रेष्ठता; धेरै उम्दापन । २. विशेष मान्यता ।

**वरुण**– ना० [सं०] १. समुद्रका अधिष्ठातृ देवता वा जलका अधिपति; पश्चिम दिशाका दिक्पाल मानिएका एक वैदिक देवता । २. आयतनको हिसाबले तेस्रो ग्रह; नेपच्युन । ३. पानी । ४. अन्तरिक्ष । ५. सूर्य; आदित्य (प्रायः मित्रका साथ जोडिएर, जस्तो– मित्रावरुण) । > **वरुणालय**– ना० समुद्र; सागर ।

**वरेण्य**– वि० [सं०] १. वरण गर्न उचित वा योग्य; पूज्यतम । २. सबैभन्दा उत्तम; श्रेष्ठतम; प्रधान; मुख्य । (उदा०– श्री राजन्यवरेण्य मित्रवर ए वीरत्वका सागर – बदरीनाथ भट्टराई, 'चिठी') ।

**वर्क-नु**– अ० क्रि० [फर्कनुको सादृश्यमा] १. हिँड्नु; जानु । २. वरतिर आउनु; फिर्किनु । ~ **फर्कनु**– अ० क्रि० १. घरि वर आउनु र घरि पर जानु; ओहोरदोहोर गर्नु । २. वल्टनु-पल्टनु; ओर्कनु-फर्कनु । > **वर्काइ**– ना० वर्कने क्रिया वा प्रक्रिया । **वर्काइ फर्काइ**– ना० वर्किने-फर्किने क्रिया वा प्रक्रिया । **वर्काइनु**– क० क्रि० १. फर्काइनु । २. पल्टाइनु । **वर्काइनु फर्काइनु**– क० क्रि० वर्कनफर्कन लाइनु । **वर्काउनु**– प्रे० क्रि० १. वर्कन लाउनु; फर्काउनु । २. पल्टाउनु । **वर्काउनु फर्काउनु**– प्रे० क्रि० वर्कनफर्कन लाउनु । **वर्किनु**– अ० क्रि० १. वरतिर आइनु । २. वर्कनु । **वर्किनु फर्किनु**– अ० क्रि० वर्कीफर्की हिँडिनु; वर्कने-फर्कने होइनु । **वर्की फर्की**– क्रि० वि० वर्कनेफर्कने गरेर; ओहरदोहर ।

**वर्ग**– ना० [सं०] १. समान दृष्टिका कुनै जाति, पेसा, वर्ण, श्रेणी, स्तर, आकारप्रकार आदिको समूह; समान धर्म, संस्कृति, भाषा आदि हुने मानिसहरूको समूह वा जमात; दल; श्रेणी; दर्जा; विभाग । २. एकै स्थानबाट उच्चारण हुने वर्णहरूको समुदाय । (जस्तो– कण्ठबाट क, ख, ग, घ, वर्त्सबाट च, छ, ज, झ आदि) । ४. गणितमा दुई समान अङ्क वा सङ्ख्याले गुन्ने रीति वा त्यसरी निकालिएको गुणनफल । ~ **किलो मिटर**– ना० एक किलोमिटर लम्बाइ र एक किलोमिटर चौडाइ भएको क्षेत्रफल । ~ **द्वन्द्व**– ना० वर्गसङ्घर्ष । ~ **निरपेक्ष**– वि० कुनै एक वर्गलाई मात्र प्रधानता नदिइने (राजनीति वा सिद्धान्त) । – **फल**– ना० दुई समान राशिको गुणनफल । – **भेद**– ना० जाति, रङ्ग आदिका आधारमा वर्ग छुट्ट्याउने वा भेदभाव गर्ने काम । ~ **माइल**– ना० एक माइल लम्बाइ र एक माइल चौडाइ भएको क्षेत्रफल । ~ **मिटर**– ना० एक मिटर लम्बाइचौडाइ भएको क्षेत्रफल । – **मिल**– ना० वर्गमाइल । – **मूल**– ना० त्यो राशि जसले वर्गफललाई भाग दिँदा वर्गाङ्क निक्लन्छ । (जस्तो– २५ को वर्गमूल ५ हो) । ~ **विभाजन**– ना० वर्ग छुट्ट्याउने वा बाँड्ने काम । ~ **विभेद**– ना० वर्ग अलग्ग्याउने काम; वर्गभेद । – **विहीन**– ना० वर्ग वा वर्गको भेदभाव नभएको । ~ **सङ्घर्ष**– ना० १. समाजका पीडित र पीडक वर्गबीच हुने सङ्घर्ष । २. समाजका शोषक र शोषितका बीच हुने युद्ध । ~ **समन्वय**– ना०

समाजका विभिन्न वर्गका बीच समानताको भाव राख्ने समान सहुलियत प्रदान गर्ने काम; विभिन्न वर्गका बीचको मेलमिलाप । ~ **स्वार्थ–** ना० विभिन्न आधारमा बनेका वर्गहरूको आपसी स्वार्थ; वर्गीय स्वार्थ ।

**वर्गाकार–** ना० [सं०] चारचार कुना परेको आकार । ~ **वृक्षारोपण–** ना० चारचार कुना पर्ने गरी खण्डखण्ड पारेर रूख रोप्ने प्रविधि ।

**वर्गाङ्क–** ना० [सं०] वर्गफल ।

**वर्गीकरण–** ना० [सं०] विभिन्न वर्गमा विभाजन गर्ने काम; वर्गअनुसार छुट्ट्याउने काम; वर्गवर्गको बँडाइ । ~ **मञ्जूषा–** ना० हुलाकमा वडा वा क्षेत्रअनुसार चिठीपत्र छाँटेर राखिने विशेष प्रकारको खन्डे दराज (सर्टिङकेस) ।

**वर्गीकृत–** वि० [सं०] वर्गमा विभाजन गरिएको; वर्ग छुट्ट्याइएको ।

**वर्गीय–** वि० [सं०] कुनै वर्गसित सम्बन्धित; वर्गको; वर्गमा रहेको । ~ **सङ्गठन–** ना० विभिन्न वर्गका बीच आआफ्नो हितसंरक्षणका निम्ति वैधानिक रूपमा स्थापित वा निर्मित सङ्गठन । (जस्तै– महिला सङ्गठन, युवक सङ्गठन, किसान सङ्गठन, मजदुर सङ्गठन, भूतपूर्व सैनिक सङ्गठन, विद्यार्थी सङ्गठन आदि) ।

**वर्च–** ना० [सं०] १. बल; शक्ति । २. प्रकाश; कान्ति; तेज; चम्काइ । ३. आकृति; रूप । > **वर्चस्व–** ना० आधिपत्य; अधिकार; नियन्त्रण । > **वर्चस्वान्–** वि० १. तेजस्वी; वर्चस्वी । २. शक्तिशाली । **वर्चस्विता–** ना० वर्चस्वी हुनाको भाव, गुण वा अवस्था । **वर्चस्वी–** वि० १. तेजयुक्त; तेजस्वी । २. शक्तिशाली; पराक्रमी । ना० ३. तेजस्वी व्यक्ति । ४. चन्द्रमा ।

**वर्जक–** वि० [सं०] १. परित्याग गर्ने; त्याग्ने वा छोड्ने । २. मनाही गर्ने; निषेधक ।

**वर्जन–** ना० [सं०] १. छोड्ने काम; त्याग; तिलाञ्जलि । २. निषेध; मनाही; अपवाद । ३. नेतृत्वका अनुसार मानवसमाजको कुनै वर्गमा यो काम गर्नु हुँदैन भनेर मानिएको तर त्यसलाई निषेध गर्न कुनै लिखित आधार नभएको काम । > **वर्जनीय–** वि० १. छोड्न योग्य; त्याज्य । २. निषेध वा मनाही गर्नुपर्ने ।

**वर्जित–** वि० [सं०] १. छोडिएको; अलग्ग्याइएको । २. बहिष्कृत; निषेधित । ३. वञ्चित; रहित ।

**वर्ज्य–** वि० [सं०] वर्जनीय; छोड्न वा त्याग्न योग्य ।

**वर्ण–** ना० [सं०] १. दृष्टिमा आउने रूप वा आकृति; सौन्दर्य; वेशभूषा । २. पदार्थमा हुने रातो, सेतो, कालो, पहेँलो आदि रूपभेद; रङ्ग । ३. हिन्दूधर्मअनुसार मनुष्यजातिका चार श्रेणी (ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र) । ४. रँगाउने पदार्थ; रोगन । ५. अ-देखि ज्ञ-सम्मका ध्वनिको प्रतीकचिह्न; टुक्र्याउन नसकिने ध्वनिको एकाइसूचक लिपि । ६. स्थायी, आरोही, अवरोही र सञ्चारी गरी चार प्रकारका भेद हुने गायनको प्रत्यक्ष विधि वा प्रक्रिया । > **वर्णक–** ना० १. आफ्नो स्वाभाविक रूप छिपाउन तथा बनावटी रूप निकाल्नका निम्ति लगाइने रङ र पहिरन । २. अभिनेता, गुप्तचर आदिको पहिरन वा रूपसज्जा । ३. मुखावरण; नकाब; बुर्का । ४. स्तुतिगायक; चारण; भाट । ~ **तूलिका–** ना० चित्र लेख्ने बुरुस; कूची । ~ **धर्म–** ना० वर्णअनुसारको पेसा, कर्तव्य वा स्वभाव र आचरण ।

**वर्णन–** ना० [सं०] १. क्रमबद्ध रूपमा आएको वा विस्तारपूर्वकको कथन; बेलीविस्तार; बखान । २. कुनै कुराकानी वा घटना आदिको बेहोरा राम्ररी थाहा हुने गरी गरिएको बयान; विवरण । ३. प्रशंसा; तारिफ । > **वर्णनातीत–** वि० वर्णन वा बखान गर्न नसकिने; बेलीविस्तार लाउन कठिन; अवर्णनीय ।

**वर्णनात्मक–** वि० [सं०] १. वर्णन बेसी भएको; वर्णनसहितको; वर्णनयुक्त; वर्णनमय । २. वर्णनका पद्धतिद्वारा तयार गरिने वा भएको (वर्णनात्मक व्याकरण, वर्णनात्मक भाषाविज्ञान इ०) । **– ता–** ना० वर्णनात्मक हुनाको भाव वा अवस्था ।

**वर्णनीय–** वि० [सं०] १. वर्णन गर्नुपर्ने; वर्णन गर्न सकिने । २. प्रशंसनीय; सह्रनीलायक ।

**वर्णपट–** ना० [सं०] १. केटाकेटी वा सिकारुहरूलाई अक्षर चिनाउनका निम्ति अकारादि क्रमले अक्षर छापिएको ठूलो पत्र; भित्ते वर्णमाला; साउँअक्षर लेखिएको काठको पाटी । २. सूर्यको किरण वा कुनै सेतो किरणमा सात किसिमका रङ्ग देखिने पट ।

**वर्ण परिचय–** ना० [सं०] १. अक्षरको ज्ञान । २. अक्षर चिनाउने पुस्तिका; वर्णमाला ।

**वर्णभेद–** ना० [सं०] १. सनातन धर्मअनुसार ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र गरी चार वर्णमा लाइएको भाग । २. उच्चता, नीचता वा रङका दृष्टिले मनुष्यजातिमा गरिएको भिन्नता वा भेदभाव ।

**वर्णमाला–** ना० [सं०] कुनै लिपिका साउँअक्षर क्रमैसँग लेखिएको पत्रसमूह; कखहरा पढाउने पुस्तक; वर्णपरिचय ।

**वर्ण लोप–** ना० [सं०] शब्दमा हुने कुनै वर्णको लोप । (जस्तो– स्टेसन > टेसन, बाच्छो > बाछो इ०) ।

**वर्ण विकार–** ना० [सं०] शब्दको कुनै एक वर्ण अर्कै वर्णमा परिणत हुने काम, वर्णको विकार । (जस्तो– संस्कृतबाट नेपालीमा आउँदा काकको काग, ग्रामको गाउँ, चक्रको चक्का इ०) ।

**वर्ण विचार–** ना० [सं०] वर्णको स्वरूप, कोटि, उच्चारण, प्रयोग आदिको विवेचना वा व्याख्या गर्ने नियम वा विभाग ।

**वर्ण विद्वेष–** ना० [सं०] काला, गोरा आदि वर्ण वा जातिका आधारमा सानोठूलो भनी भेदभाव गरिने प्रवृत्ति तथा हीनताजन्य भावना ।

**वर्ण विन्यास–** ना० [सं०] वर्णको व्यवस्थित रखाइ; अक्षरविन्यास; हिज्जे; वर्तनी; खिप्ती ।

**वर्ण विपर्यय–** ना० शब्दका वर्णहरू अगाडिको पछाडि वा पछाडिको अगाडि हुने चाल; अक्षरहरूको उलटफेर ।

**वर्ण विभाग–** ना० [सं०] १. हिन्दू धर्मका अनुसार छुट्ट्याइएका

चार विभाग– ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र । २. मनुष्य जातिमा रङका आधारले छुट्ट्याइने वर्ण वा श्रेणी ।

**वर्णवृत्त**– ना० [सं०] लघुगुरुको क्रम वा वर्णको सङ्ख्या मिलाई लेखिएको वाक्य; वार्णिक छन्दमा रचित पद्य ।

**वर्ण व्यवस्था**– ना० [सं०] हिन्दू धर्मका अनुसार गरिएको वर्णसम्बन्धी व्यवस्था वा विभाजन ।

**वर्ण सङ्कर**– ना० [सं०] दुई अलग जातिका आमाबाबुबाट जन्मेको सन्तान; ठिमाहा ।

**वर्णागम**– ना० [सं०] शब्दका सन्धि आदि हुँदा अगाडि, पछाडि वा बीचमा कुनै अक्षर थपिने काम । (उदा०– दि+आउँछ = दियाउँछ, दिलाउँछ -मा 'य' र 'ल' आगम इ०) ।

**वर्णात्मक**– वि० [सं०] वर्ण वा अक्षरमा लेखिने तथा लेखिएको (शब्द, पदावली आदि) ।

**वर्णानुक्रम**– ना० [सं०] अकारादि क्रम मिलाई गरिएको क्रम; अक्षरादि क्रम; अक्षरको सिलसिला । > **वर्णानुक्रमिक**– वि० वर्णानुक्रममा रहेको वा मिलेको; अक्षरको सिलसिलामुताबिकको ।

**वर्णाश्रम**– ना० [सं०] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चारै वर्णले पालन गर्नुपर्ने सनातन धर्मअनुसारका ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास आदि चार आश्रम । ~ **धर्म**– ना० वर्णाश्रममा रहेर पालन गरिने कर्तव्य तथा सोअनुसार प्राप्त गरिने धर्म ।

**वर्णित**– वि० [सं०] १. वर्णन गरिएको; बयान गरिएको; भनिएको । २. चित्रण गरिएको; चित्रित । ३. प्रशंसा गरिएको ।

**वर्णी**– वि० [सं०] १. कुनै एक वर्ग वा जातिको । २. शील, धर्म आदि भएको (ब्रह्मचारी) आदि ।

**वर्ण्य**– वि० [सं०] १. वर्णन गर्न लायक; वर्णनीय । २. प्रस्तुत ।

**वर्तन**– ना० [सं०] १. रहने वा टिक्ने काम; बसाइ । २. विद्यमान स्थिति; स्थिरता । ३. व्यवहार । ४. जीविका । ५. घुमाइ; चक्कर । > **वर्तनी**– ना० १. विद्यमानता; स्थिति । २. शब्दअन्तर्गत वर्णहरूको विन्यासमा हुने आवश्यक क्रमिकता र विशुद्धपन; हिज्जे । ३. जीवनवृत्ति; भत्ता । ४. निवृत्तिभरण; पेन्सन ।

**वर्तमान**– वि० [सं०] १. अहिले भइरहेको वा चलिरहेको; समसामयिक । २. विद्यमान; उपस्थित; मौजुद । ना० ३. व्याकरणमा कुनै काम अहिले भइरहेको जनाउने काल । ~ **काल**– ना० व्याकरणमा वर्तमान समयलाई सूचित गर्ने अवस्था वा सोअनुसार चल्ने क्रियारूप । (जस्तो– जान्छु, जान्छौँ, जान्छस्, जान्छौ, जान्छन् इ०) ।

**वर्तिका**– ना० [सं०] १. बत्ती; सुत्लो । २. पेन्सिलको ढाँचाको लेख्ने साधन । ३. बट्टाई ।

**वर्तित**– वि० [सं०] १. घुमाइएको; रिँगाइएको । २. बिताइएको ।

**वर्ती**– वि० [सं०] रहेको; स्थित (अरू शब्दका पछाडि गाँसिएर प्रयोग हुने, जस्तै– दूरवर्ती, समीपवर्ती इ०) ।

**वर्तुल**– वि० [सं०] १. चक्रका आकारको; वृत्ताकार; बाटुलो; गोल । ना० २. गोलाकृति; वृत्त; परिधि; घेरो । > **वर्तुलाकार**– वि० वृत्ताकार; बाटुलो । **वर्तुलाकृति**– वि० वर्तुलाकार ।

**वर्त्स**– ना० माथ्लो दाँतका फेददेखि पछिल्तिर कठोर तालुसम्मको गरागरा परेको भाग ।

**वर्त्स्य**– वि० [सं०] वर्त्सस्थानबाट उच्चरित हुने (ध्वनि) ।

**वर्दी**– ना० [अ०] हे० वरदी; बर्दी ।

**वर्द्ध**– ना० [सं०] बढ्ने काम; वृद्धि; बढाइ । > **वर्द्धक**– वि० १. वृद्धि गर्ने; बढाउने । **वर्द्धन**– ना० १. बढ्ने काम; वृद्धि; बढाइ । २. अभ्युदय; उन्नति । **वर्द्धनी**– ना० १. जलपात्र; कमण्डलु । २. मुर्दा लैजाने खट; शवयान । ३. कुचो । – **मान**– वि० १. बढ्ने खालको; वृद्धिशील । ना० २. जैन धर्मका प्रवर्तक तीर्थङ्कर । – **मानक**– वि० १. खुब बढ्ने खालको । ना० २. माटाको दियो; कपनी; पाला । **वर्द्धयिता**– वि० वृद्धि गर्ने; बढाउने । **वर्द्धित**– वि० १. वृद्धि भएको; बढेको । २. भरिएको ।

**वर्ध**– ना० [सं०] वर्द्ध । > **वर्धक**– वि० वर्द्धक । **वर्धन**– ना० वृद्धि; वर्द्धन । **वर्धनी**– ना० वर्द्धनी । – **मान**– ना० वर्द्धमान । – **मानक**– ना० वर्द्धमानक । **वर्धयिता**– वि० वर्द्धयिता । **वर्धित**– वि० वर्द्धित ।

**वर्मा**– ना० [सं०] क्षत्रियहरूको एक उपाधि वा थर ।

**वर्य**– वि० [सं०] १. वरण गर्न योग्य; रोज्नुपर्ने; छान्नुजस्तो । २. मनपर्दो । ३. उत्तम; श्रेष्ठ; गतिलो ।

**वर्ष**– ना० [सं०] १. दुई अयन, छ ऋतु र बाह्र महिना हुने, कालको एक प्रसिद्ध मान; संवत्सर; साल । २. कालगणनामा कुनै विशिष्ट चक्र वा अवधि पूरा हुन लाग्ने समय (जस्तै– चान्द्रवर्ष, सौरवर्ष, आर्थिक वर्ष इ०) । ३. कुनै मासको निश्चित तिथिदेखि फेरि त्यही मासको आउने तिथिका बीचको समय । ४. कुनै महाद्वीपको प्रधान भाग वा विभाग (जस्तै– भारतवर्ष, इलावर्ष आदि) । ५. जन्मदेखि वर्तमानसम्मको समय; उमेर; आयु । ६. झरी; वृष्टि । ७. > **वर्षण**– ना० १. बर्सने काम; बर्साइ; वर्षा । २. असिना । ~ **प्रवेश**– ना० १. नयाँ वर्षमा प्रवेश गर्ने काम । २. जन्मोत्सवको दिन; जन्मदिन । ३. नयाँ वर्षमा प्रवेश गर्दा रहेका ग्रहहरूको स्थिति लेखिएको पत्र । – **फल**– ना० जन्मलग्न वा वर्षकुण्डलीका आधारमा हुने वर्षभरिको शुभाशुभ फल । – **बन्दी**– ना० हे० बर्षौंदी । ~ **वृद्धि**– ना० नयाँ वर्षमा प्रवेश गर्ने काम; उमेरको बढती; जन्मदिन ।

**वर्षा**– ना० [सं०] १. पानी पर्ने काम; पानीको बर्साइ; वृष्टि; झरी । २. छ ऋतुमध्ये साउन र भदौ हुने एक ऋतु; बर्साद । ३. पानीपराइका छाँटले कुनै वस्तु धेरै परिमाणमा ओइरने काम । ~ **काल**– ना० पानी बर्सने समय; वर्षा ऋतु; बर्साद । > **वर्षाङ्ग**– ना० महिना; मास । **वर्षानुवर्षी**– वि० प्रतिवर्ष हुने; सालैपिच्छे हुने । ~ **मापक**– ना० कुनै निश्चित अवधिभित्र कति वर्षा भयो भन्ने तथ्य निकाल्ने यन्त्र । **वर्षाम्बु**– ना० परेको पानी; वर्षाको पानी; झरीको पानी । **वर्षाशन**– ना० बाह्र महिनाको सिधा वा मानाचामल; बर्खासन । **वर्षित**– वि० १. वृष्टि भएको; बर्सेको । ना० २. वृष्टि; वर्षा ।

**वर्षी**– वि० [सं०] वर्षको; सालको; वर्षीय । – **को**– वि० एक वर्ष उमेर पुगेको; वर्ष दिनको; बर्खीको । (उदा०– छोरी पाँच लागी, छोरो वर्षीको भयो) । स्त्री० वर्षीकी ।

**वर्षीय**– वि० [सं०] वर्षको; सालको ।

**वर्षे१**– वि० [वर्ष+ए] हे० बर्से१ ।

**वर्षे२**– वि० [वर्षा+ए] हे० बर्से२ ।

**वलक**– ना० [ने०] मोहीले तल्सिङ वा जग्गाधनीलाई रीत-नियमअनुसार बुझाउने कोसेलीपात अथवा दस्तुर; ओलक । – **पात**– ना० वलक आदि दस्तुर; कोसेलीपात ।

**वलभी**– ना० [सं०] १. छानो, माच आदिको बलो । २. घरको माथिल्लो तलाको कोठा ।

**वलय**– ना० [सं०] १. कङ्कण; बालो; चुरो । २. मण्डल; घेरा । > **वलयित**– वि० १. घेरिएको; वेष्टित । २. चक्कर खाएको; घुमेको ।

**वली**– ना० [√ ओली] ओली; किसिम; प्रकार; थरी (जस्तै– अनेकवली, नानावली)।

**वली अहद**– ना० [फा०] युवराजाधिराज पदवी पाएको, राजाको जेठो छोरो; वलेट ।

**वलेट**– ना० [फा० वलीअहद] राजतन्त्रात्मक मुलुकमा राजाको उत्तराधिकारी; युवराजाधिराज ।

**वल्क**– ना० [सं०] १. रूखको बोक्रो; बल्कल । २. माछाको कत्लो । – **द्रुम**– ना० भोजपत्रको रूख ।

**वल्कल**– ना० [सं०] १. रूखको बोक्रो । २. रूखको बोक्राद्वारा बनेको पोसाक । > **वल्कली**– वि० वल्कल भएको; वल्कल धारण गर्ने ।

**वल्तिर**– क्रि० वि० [वर+तिर] यतापट्टि; वरतिर । विप० पल्तिर ।

**वल्मीक**– ना० [सं०] धमिराको गोलो; दिउल ।

**वल्लभ**– वि० [सं०] १. मनपर्ने; प्यारो; प्रिय । २. पति; स्वामी । ३. मालिक । > **वल्लभाचार्य**– ना० इस्वीको पन्ध्रौं शताब्दीमा भएका, वैष्णव सम्प्रदायका प्रवर्तक एक प्रसिद्ध आचार्य ।

**वल्लरी**– ना० [सं०] १. लहरो; लता । २. मञ्जरी ।

**वल्लव**– ना० [सं०] १. गोठालो; गोप । २. पकाउने मानिस; भान्से ।

**वल्लि**– ना० [सं०] १. लहरो; लता । २. पृथ्वी ।

**वल्ली**– ना० [सं०] लहरो; लता ।

**वल्लो**– वि० [वर+ल्लो] कुनै दुई वस्तुमध्ये वरतिरको; नजिकको; वरको ।

**वव**– ना० [सं०] पञ्चाङ्गमा पर्ने एघार करणमध्ये एक ।

**वश**– ना० [सं०] १. अधीन; ऐँच; काबु । २. स्वामित्वपूर्ण अधिकार; कब्जा । ३. अरूलाई प्रभावमा पार्ने शक्ति; हैकम । ४.अरू शब्दका पछाडि जोरिएर कारणले, गर्दा आदि अर्थ जनाउने शब्द । (जस्तै– कार्यवश, विधिवश, संयोगवश इ०) । – **कर**– वि० वशमा राख्ने; ऐँचमा ल्याउने । – **वर्ती**– वि० कसैको वशमा रहेको वा परेको; अधीनस्थ । > **वशात्**– क्रि० वि० वशद्वारा वा वशले गर्दा (जोडिएर प्रयुक्त, जस्तै– दैववशात्, भाग्यवशात् इ०) ।

**वशिष्ठ**– ना० [सं०] १. सप्तर्षिहरूमा प्रमुख मानिएका, मन्त्रद्रष्टा वैदिक ऋषि । २. पुराणअनुसार ब्रह्माजीका मानसपुत्र । ३. भरद्वाजका समसामयिक र दिवोदासका पुत्र । सुदासका पुरोहित । ४. मित्रावरुण नामका देवता र उर्वशी नामकी अप्सराका पुत्र । ५. व्याघ्रपदका बाबु, उपमन्यु ऋषिका बाजे र सिन्धुप्रदका बूढाबाजे । ६. सूर्यवंशी राजाहरूका कुलपुरोहित तथा रामचन्द्र र हरिश्चन्द्रका गुरु । ७. ब्राह्मणोचित प्रतिष्ठा तथा आदर्शका प्रतिनिधि मुनि । ८. गोत्रप्रवर्तक एक ऋषि । (विश्वामित्रले वसिष्ठ ऋषिसँग समता राख्न प्रशस्त प्रयत्न गरेकाले त्यससम्बन्धी थुप्रै उपाख्यान प्रचलित छन्) । ~ **गोत्र**– ना० वसिष्ठ ऋषिको नाममा चलेको उनको कुल वा वंशको परिचयात्मक नाम; नेपालमा भट्टराई, दवाडी, थानसिङे भँडारी, सिजापती, चालिसे, सोती, मुडभरी, सुयल मगर, सुयल थापा र सुयल घर्तीहरूको गोत्र ।

**वशीकरण**– ना० [सं०] कसैलाई टुनामुना आदि गरी वशमा पार्ने काम; सम्मोहन; टुनामोहनी ।

**वशीकृत**– वि० [सं०] वशमा पारिएको; वशीभूत; सम्मोहित ।

**वशीभूत**– वि० [सं०] वशमा परेको; अधीनमा भएको ।

**वश्य**– वि० [सं०] १. वशमा राख्नुपर्ने वा राख्न सकिने; वशमा राखिएको; अधीन तुल्याइएको । ना० दास; कमारो ।

**वषट्**– ना० [सं०] कुनै देवतालाई यज्ञमा आहुति दिँदा उच्चारण गरिने शब्द (इन्द्राय वषट्, पूषणे वषट् आदि) ।

**वसती**– ना० [सं०] १. रहने वा टिक्ने काम । २. वासस्थान; आवास; घर । ३. डेरा । ४. आधार; आश्रय । ५. शिविर । ६. बस्ती ।

**वसन**– ना० [सं०] १. कपडा; वस्त्र; परिधान । २. ढाक्ने वस्तु वा उपकरण । ३. लुगा ।

**वसन्त**– ना० [सं०] १. छ ऋतुमध्ये एक र पहिलो ऋतु (चैत र वैशाख महिना); ऋतुराज । ~ **काल**– ना० वसन्तको याम; वसन्तऋतु । – **तिलका**– ना० चौध अक्षरको पाउ, प्रत्येक चरणमा क्रमशः तगण, भगण, दुई जगण र आखिरमा दुई गुरु हुने अनि छ र आठ अक्षरमा यति भएको एक छन्द । ~ **पञ्चमी**– ना० माघ शुक्ल पञ्चमी; श्रीपञ्चमी । ~ **पुष्प**– ना० वसन्त ऋतुमा फुल्ने फूलविशेष । ~ **श्रवण**– ना० वसन्तपञ्चमीका दिन काठमाडौँको हनुमानढोकामा विशेष समारोहका साथ कवि जयदेवद्वारा लिखित 'गीतगोविन्द' काव्यको कुनै भाग सुन्ने काम ।

**वसन्ती**– ना० [सं०] १. पाकेका कागतीको बोक्राजस्तो हल्का वा फिक्का पहेँलो रङ । वि० २. त्यस रङको ।

**वसन्तोत्सव**– ना० [सं०] वसन्तपञ्चमीका दिन वा त्यसको भोलिपल्ट

मनाइने एक उत्सव वा चाड; मदनोत्सव ।

**वसा–** ना० [सं०] १. प्राणीको शरीरमा हुने सेतो चिल्लो पदार्थ; बोसो ।

**वसियत–** ना० [अ० वसीयत] मृत्युउप्रान्त आफ्नो श्रीसम्पत्ति यस प्रकारले उपयोग गर्नू भनी दिइने स्वैच्छिक निर्देशन वा स्वीकृति; शेषपछिका लागि व्यवस्था वा आदेश गरिएको बकस । **– नामा–** ना० आफ्नो मृत्युउप्रान्त आफ्ना अधिकारमा रहेको चल-अचल सम्पत्ति यस प्रकारले उपयोग गरियोस् भनी मृत्युभन्दा पहिला नै लेखिदिने कागतपत्र; वसियतका सर्त लेखिएको शेषपछिको बकसपत्र वा बन्डाचुन्डाको लिखत ।

**वसिष्ठ–** ना० [सं०] हे० वशिष्ठ ।

**वसु–** ना० [सं०] १. आप वा अह, ध्रुव, सोम, धर वा धव, अनिल, अनल, प्रत्यूष र प्रभास– यी आठ वैदिक देवताको समूह । २. उक्तअनुसार आठलाई जनाउने सङ्ख्या । ३. मणि; रत्न । ४. वस्तु; द्रव्य । ५. सुन । ६. पानी । **– देव–** ना० कृष्णका बाबु र शूरसेनका छोराको नाम ।

**वसुधा–** ना० [सं०] वसुन्धरा; पृथ्वी; धरती । > **वसुधाधिप–** ना० राजा ।

**वसुन्धरा–** ना० [सं०] १. धरती; पृथ्वी (रत्नगर्भा वसुन्धरा) ।१. एक देवीको नाम ।

**वसुल–** ना० [अ० वुसुल] हे० असुल । > **वसुली–** ना० असुली ।

**वस्ताज/वस्ताद–** ना० [फा० उस्ताद] १. गानबजानमा दक्ष व्यक्ति; सङ्गीतज्ञ । वि० २. निपुण; सिपालु; पोख्त । > **वस्ताजी/वस्तादी–** ना० १. वस्ताजको कला वा काम । २. निपुणता; कुशलता । वि० ३. वस्ताजका ढाँचाको; वस्ताजजस्तो ।

**वस्ति–** ना० [सं०] १. नाइटादेखि उँधो रहेको पेटको भाग; तल्लो पेट । २. मूत्राशय । ३. रहने वा बस्ने काम; बसोबास; बस्ती । ~ **कर्म–** ना० पेटको मल सफा पार्न गुदद्वारबाट पिचकारी लगाउने काम; डुस । **– कोश–** ना० मूत्राशय ।

**वस्तु–** ना० [सं०] १. कुनै पनि भौतिक अस्तित्व भएको पदार्थ; विद्यमान चीज । २. धनसम्पत्ति; द्रव्य । ३. कुनै नाटक वा काव्यको कथानक वा मूलभूत अंश । ४. कुनै चित्र आदिको रेखाचित्र वा मूल आधार । ५. कुनै मुख्य कुरो वा सारतत्त्व । ६. उत्खनन वा अन्वेषण गर्दा पाइएका पुरातात्त्विक वस्तुको छोटकरी नाम । **– भाउ–** ना० गाईभैँसी आदि घरपाला पशु; पशुधन; चौपाया ।

**वस्तुगत–** वि० [सं०] वस्तुलाई प्रमुखता दिइएको; वस्तुपक्षमा गएको । ~ **अधिकार–** ना० कुनै पनि व्यक्तिलाई वस्तुको आधारमा वा वस्तुका साथै प्राप्त हुने अधिकार । ~ **प्रश्न–** ना० कुनै कुरा वा वस्तुको यथार्थ ज्ञानका आधारमा ठीक उत्तर दिइने छोटकरी प्रश्न ।

**वस्तु जगत्–** ना० [सं०] ज्ञानेन्द्रियबाट अनुभव गर्न सकिने तथा पदार्थले बनेको जगत् वा त्यसको आकारयुक्त रूप ।

**वस्तु ज्ञान–** ना० [सं०] १. वस्तुको यथार्थ ज्ञान वा परिचय । २. तत्त्वयुक्त कुराको बोध; तत्त्वज्ञान ।

**वस्तुतः–** क्रि० वि० [सं०] वास्तवमा; साँच्चै भनूँ भने; यथार्थतः ।

**वस्तु निर्देश–** ना० [सं०] १. नाटकको प्रारम्भमा कथाको सङ्केत गरी प्रस्तुत गरिने मङ्गलाचरण । २. कुनै कुरा ठीकसँग देखाउने काम । ३. सूचीपत्र; फेहरिस्त ।

**वस्तु निष्ठ–** वि० [सं०] बाह्य तत्त्व वा भौतिक पदार्थसँग सम्बन्ध राख्ने; बाह्य तत्त्वका भौतिक पदार्थमा अडेको र स्वयं कर्ता वा कृतिको आत्मा वा चेतनासँग कुनै सम्बन्ध नभएको; आत्मनिष्ठको विपर्यय । **– ता–** ना० वस्तुनिष्ठ हुनाको भाव, विशेषता वा अवस्था ।

**वस्तुपरक–** वि० [सं०] भाव वा विचारलाई उति महत्त्व नदिई बाहिरी वस्तुजगत्लाई बढी प्रश्रय दिएर लेखिने वा बनाइने (काव्य, शैली आदि) । **– ता–** वस्तुपरक हुनाको भाव, गुण वा अवस्था ।

**वस्तु प्रेषणादेश–** ना० [सं०] विदेशबाट माल पठाउनका निम्ति दिइएको लिखित आदेश ।

**वस्तुभाव–** ना० [सं०] वास्तविकता; यथार्थता ।

**वस्तुभेद–** ना० [सं०] १. मीमांसाशास्त्रका अनुसार उही अवस्थामा एकै शब्दको दुई भिन्न अर्थ गर्ने काम । २. वस्तुमा रहने वास्तविक अन्तर ।

**वस्तुवाद–** ना० [सं०] सांसारिक कुराकै सर्वोपरि प्रमुखता मान्ने वा दृश्य जगत् जस्तो छ त्यसको सत्ता पनि त्यस्तै मान्ने एक दार्शनिक सिद्धान्त । > **वस्तुवादी–** वि० वस्तुवादको सिद्धान्त मान्ने; वस्तुवादको अनुयायी ।

**वस्तु विनिमय–** ना० [सं०] कुनै वस्तुसित अर्को वस्तु साट्ने काम; वस्तुहरूको साटफेर वा लेनदेन ।

**वस्तुस्थिति–** ना० [सं०] कुनै घटना, विषय वा कुराको यथार्थ स्थिति; वास्तविक अवस्था ।

**वस्तूत्प्रेक्षा–** ना० [सं०] काव्यमा उपमेय वस्तुमा उपमान वस्तुको कार्य वा गुणको कल्पना गर्दा पर्ने उत्प्रेक्षा अलङ्कारको एक भेद ।

**वस्तूपमा–** ना० [सं०] उपमा अलङ्कारको एक भेद; धर्मलुप्तोपमा ।

**वस्त्र–** ना० [सं०] १. पहिरने वस्तु; पहिरन; पोसाक । २. सिइएको वा नसिइएको कपडा; लुगा । ३. देवदेवीले पहिरिने वा देवदेवीलाई चढाइने कपडा वा पोसाक । ~ **गृह–** ना० पाल । **– पूत–** वि० कपडाले छानेको; कपडछान गरेको । ~ **पाटी–** ना० कागतका विभिन्न आकृतिका चित्रहरू काटेका टुक्रा टाँसेर बनाइएको, खस्रो कपडाले मोरिएको पाटी वा दृश्य साधनमध्येको शैक्षिक सामग्री । > **वस्त्रागार–** ना० १. कपडाहरू थन्क्याउने कोठा; पोसाकखाना । २. कपडाको पसल वा दोकान ।

**वह–** ना० [सं०] १. वहन गर्ने वा लैजाने काम । २. सवारी यान; वाहन । ३. पवन; वायु; हावा । ४. नदी; नाला ।

**वहन–** ना० [सं०] १. कुनै वस्तु तानेर वा बोकेर एक ठाउँबाट अर्को ठाउँमा लैजाने काम; भारी बोक्ने काम । २. अभिभारा

लिने वा आश्रय दिने काम । ३. प्रवाहित हुने काम; बगाइ । ४. सवारी; यान; गाडी । ५. डुङ्गा; नौका; नाउ । > **वहनक–** ना० भारी बोक्ने मानिस वा यान । **वहनीय–** वि० वहन गर्न वा बोक्न योग्य; अङ्भर लिनुपर्ने ।

**वहाँ–** क्रि० वि० [√ उहाँ] १. त्यस ठाउँमा; त्यहाँ । सर्व० उहाँ ।

**वहिः–** क्रि० वि० [सं०] हे० बहिः । – **शुल्क–** ना० आयात गरिएका वस्तुमा लागेको कर ।

**वहित्र–** ना० [सं०] १. जहाज; पोत । २. एक किसिमको रथ ।

**वहीँ–** क्रि० वि० [वहाँ+नै] १. त्यहाँ नै; त्यहीँ । सर्व० २. उहाँ नै ।

**वह्नि–** ना० [सं०] १. आगो; अग्नि । २. पाचनशक्ति ।

**वाः–** वि० बो० [√ वाह] उदेक, आश्चर्य, फुर्ती, घमन्ड, स्याबासी, प्रशंसा आदि बुझाउँदा प्रयोग हुने शब्द । (उदा०– वाः अरूलाई हेप्न कहाँ पाइन्छ ! वाः तिमीले खूब गरेछौ) ।

**वा–** [सं०] १. विकल्पबोधक शब्द; अथवा; या (उदा०– बजारमा गएपछि दूध वा दही जे खोजेपनि पाइन्छ) । २. कि (उदा०– तिमी घर जान्छौ वा यहीँ बस्छौ ?) ।

**वाइँ–** ना० [अ० मू०] १. भैँसी वा पाडो कराएको शब्द; आइँ । रुवाइ फुट्ता निस्कने आवाज । – **वाइँ–** ना० १. बारबार वाइँ गर्ने चाल । क्रि० वि० २. लगातार वाइँ शब्दका साथमा ।

**वाइपर–** ना० [अङ] विशेषतः चालकले सवारी हाँक्न सुविधा हुने गरी गाडीको अगाडिपट्टि रहेको ऐनाको धूलो वा पानी पुछ्ने, यन्त्रचालित सुइरोजस्तो बुरुसे साधन ।

**वाइबा–** वि० [भो० ब०] स्पष्ट उच्चारण गर्न नसक्ने वा बोली राम्ररी नफुटेको; वायवाय गर्ने; लठचौरो; लठेब्रो । २. तामाङ जातिको एक थर ।

**वाक्–** ना० [सं०] १. लबज; शब्द । २. वचन; बोली । ३. भाषा; वाणी । ४. सरस्वती ।

**वाक्-नु–** अ० क्रि० [वाक्क+नु] बान्ता गर्न आँटेर वाक्कवाक्क हुनु; छाद्न खोज्नु ।

**वाकवाक–** क्रि० वि० [वाक्(द्वि०)] १. फोहोर, घिन, दिगमिग, रोग आदिले बान्ता हुन खोज्ने गरी; वाकवाकी । ना० २. बान्ता हुन खोज्ने स्थिति; वमन हुने चेष्टा । > **वाकवाकती–** क्रि० वि० १. अझ बेसी वाकवाक हुन खोजेझैँ गरी । ना० २. बान्ता हुन खोज्ने ढाँचा वा चेष्टा; वाकवाक । **वाकवाकी–** क्रि० वि० वाकवाकती ।

**वाकाइ–** ना० [वाक्+आइ] वाक्ने क्रिया वा प्रक्रिया ।

**वाकिफ–** वि० [अ०] कुनै कामकुरामा निपुण; जानिफकार; ज्ञाता ।

**वाकिनु–** अ० क्रि० [वाक्+इ+नु] वाक्ने काम होइनु ।

**वाक्क–** क्रि० वि० [अ० मू० वाक्+क] १. वमन गर्न खोज्ने किसिमले । ना० २. वमन; उल्टी । ३. कुनै व्यक्ति, वस्तु वा कामबाट मन विरक्तिने स्थिति; बेमन; सिकसिको; घृणा । – **ब्याक्क–** ना० १. एकनासको वमन । वि० २. वाक्क भएको ।

**वाक्कलह–** ना० [सं०] मुख-मुखको झगडा; मुखामुख; बाझाबाझ; भनावैरी ।

**वाक्केली–** ना० [सं०] ख्यालठट्टा; हँसी-दिल्लगी ।

**वाक्छल–** ना० [सं०] अर्कालाई धोका दिन भ्रामक शब्दको प्रयोग गर्ने काम; दोहोरो अर्थ लाग्ने शब्द वा वाक्यको प्रयोग गरी आफ्नो मतलब सिद्ध गर्ने छटचाइँ ।

**वाक्पटु–** वि० [सं०] कुरा गर्न औधी सिपालु ।

**वाक्पति–** ना० [सं०] १. कुराकानी गर्न वा भाषण दिन सिपालु व्यक्ति । २. वृहस्पति ।

**वाक्पद्धति–** ना० [सं०] विशिष्ट तथा लाक्षणिक अर्थमा प्रयुक्त हुने सूत्ररूपका पदावली वा वाक्यांश; वाग्धारा; टुक्का (जस्तै– मुख लाग्नु, बाटो तताउनु, आँखा जुधाउनु, नाक काट्नु इ०) ।

**वाक्य–** ना० [सं०] १. संरचनाका दृष्टिले ध्वनि, रूप, पद, पदावली र वाक्यांशयुक्त तथा प्रकार्यका दृष्टिले शब्द नै मुख्य भएको; पूर्ण अर्थ वा भाव प्रकट गर्ने, भाषाको आधारभूत एकाइ; कुरा प्रस्ट पार्ने सार्थक शब्दहरूको समूह । २. आदेश; आज्ञा । ~ **निर्माण–** ना० क्रिया केन्द्रविन्दुका रूपमा रहने र सबै शब्दको परस्पर अर्थसम्बन्ध हुने भाषिक श्रेणीक्रम भएको भाषिका संरचनाको निर्माण; वाक्यको बनोट । ~ **पद्धति–** ना० वाक्यको संरचना गर्ने नियम वा तरिका । ~ **रचना–** ना० वाक्यनिर्माण । ~ **विन्यास–** ना० शब्दहरू यथास्थानमा रहने गरी वाक्य बनाउने काम; वाक्यरचना । ~ **विस्तार–** ना० हरेक वाक्यका उद्देश्य तथा विधेयमा अन्य उपयुक्त शब्दहरू थप्दै-बढाउँदै वाक्य लम्ब्याउने काम; वाक्यको फैलावट । ~ **सङ्कोच–** ना० अर्थमा कुनै परिवर्तन नगरीकनै वाक्यलाई छोट्याउने काम । (उदा०– उनी जति सक्छन् त्यति काम गर्छन् > उनी सकेजति काम गर्छन्) । ~ **सिद्धि–** ना० वाक्सिद्धि ।

**वाक्यात्मक–** वि० [सं०] वाक्यको रूप लिएको; वाक्यले युक्त; वाक्यको रूप बनेको ।

**वाक्यांश–** ना० [सं०] कुरा राम्ररी नटुङ्गिएको वा एक प्रकारको भाव मात्र प्रकट हुने पदहरूको समूह; पूरा वाक्यको एक अंश वा सानो वाक्य; टुक्रे वाक्य; खण्डवाक्य ।

**वाक्युद्ध–** ना० [सं०] १. मुख-मुखको लडन्त वा झगडा; वाक्कलह; चर्काचर्की; बाझाबाझ; भनावैरी । २. वादविवाद; चर्को तर्क ।

**वाक्सिद्धि–** ना० [सं०] अज्ञात वा अदृश्य कुरा पनि भन्न सक्ने र जे बोल्यो त्यही कुरा पुग्ने शक्ति; भनेको कुरा पुग्ने सिद्धि वा सामर्थ्य ।

**वाक्स्वतन्त्रता–** ना० [सं०] प्रचलित ऐन-कानुन र संविधानअन्तर्गत रही कुनै कुरा बोल्ने वा विचार प्रकट गर्न पाउने अधिकार; भाषणस्वतन्त्रता ।

**वाक्स्वातन्त्र्य–** ना० [सं०] वाक्स्वतन्त्रता ।

**वागा–** ना० [सं०] बागडोर; लगाम ।

**वागीश–** ना० [सं०] १. कवि । २. ब्रह्मा । ३. बृहस्पति । वि० ४. राम्रोमीठो बोल्ने ।

**वागीश्वर**– ना० [सं०] १. कवि । २. बृहस्पति । ३. मञ्जुघोष । > **वागीश्वरी**– ना० वाणीकी देवी; सरस्वती ।

**वाग्जाल**– ना० [सं०] १. कसैलाई अलमल्याउने वा छलछाममा पार्ने घुमाउरो भनाइ । २. भाव साधारण भएको र बेसरी शब्द थोपरिएको लम्बेचौडे कुरा ।

**वाग्दण्ड**– ना० [सं०] १. कसैलाई वचनले सताउने काम; हप्कीदप्की; खप्की; भर्त्सना । २. वचन वा बोलीको नियन्त्रण; मुख सँभालेर बोल्ने काम ।

**वाग्दत्ता**– वि० [सं०] कामकुरो छिनिएकी वा कसैसँग बिहे गर्न पक्का भइसकेकी केटी; वाग्दान गरिसकिएकी कन्या ।

**वाग्दान**– ना० [सं०] १. विवाहका निम्ति कसैलाई छोरी दिएँ भनी विधिपूर्वक बोल्ने काम; केटीको काम-कुरो छिन्ने काम । २. वरणीमा दुलहालाई फल, द्रव्य आदिको भेटीसहित कन्या दिएको कुरा बोल्ने चलन वा विधि । ३. कसैलाई कुनै वस्तु नफर्किने गरी दिने वचन ।

**वाग्देवी**– ना० [सं०] वाणीकी अधिष्ठात्री देवी; सरस्वती ।

**वाग्दोष**– ना० [सं०] १. बोल्दा हुने त्रुटि वा बिराम; बोलीको दोष । २. वाक्यमा हुने व्याकरणसम्बन्धी भूल वा अशुद्धि । ३. तिरस्कार; निन्दा ।

**वाग्मती**– ना० [सं० वाग्वती] काठमाडौँ उपत्यकाको पूर्वोत्तरमा पर्ने वाग्द्वारबाट निस्केर बग्ने एक प्रसिद्ध नदी ।

**वाग्मिता/वाग्मित्व**– ना० [सं०] १. विद्वत्ता; पाण्डित्य । १. बोल्ने वा भाषण दिने कौशल; प्रवचनपटुता ।

**वाग्मी**– वि० [सं०] १. बोल्नमा वा भाषण दिनमा कुशल; प्रवचनपटु । २. विद्वान्; पण्डित । ३. बृहस्पति ।

**वाग्वज्र**– ना० [सं०] १. दुख्ने गरी लाग्ने बोली; कटुवाणी । २. सराप्ने काम; श्राप; सराप ।

**वाग्वाण**– ना० [सं०] बिभ्ने गरी भनिने बोली; वचनको प्रहार ।

**वाग्विदग्ध**– वि० [सं०] १. बोल्न वा कुरा गर्न सिपालु; वाक्पटु । २. विद्वान्; पण्डित । – **ता**– ना० वाग्विदग्ध हुने स्थिति वा भाव; वाक्चातुर्य; पन्डित्याइँ ।

**वाग्विलास**– ना० [सं०] मन बहलाउका निम्ति गरिने ठट्टा-मस्करी; हँसीठट्टा ।

**वाग्वीर**– वि० [सं०] १. बोल्न सिपालु; वाक्पटु । २. भित्री आँट नभए पनि बाहिर कुराले हिम्मत देखाउने; फाइँफुट्टे ।

**वाग्वैदग्ध्य**– ना० [सं०] तर्कपूर्ण कुराकानी गर्ने वा भाषण दिने सीप; वाक्चातुर्य; वाग्विदग्धता ।

**वाङ**– ना० १. गुल्टिने, पल्टिने वा जिल्लिने काम; विफलता; असफलता । २. मर्ने काम; जिभ्रोटोकाइ । ~ **खानु**– टु० फेल हुनु; बिग्रनु । (उदा०– त्यसले यसपल्ट पनि जाँचमा वाङ खायो ।)

**वाङ्ग्रा**– ना० धान, कोदो आदिको हरियो बोट वा डाँठ; नलुवा; नल ।

**वाङ्मधुर**– वि० [सं०] १. भन्दा कसैलाई नबिभ्ने (बोली) । २. मीठो बोलीवचन गर्ने; मधुरभाषी; मिष्ट भाषी ।

**वाङ्मय**– ना० [सं०] १. गद्य वा पद्यमा लेखिएका शास्त्र तथा काव्य दुवै प्रकारका समस्त भाषाबद्ध रचनाहरूको समूह; ग्रन्थ । वि० २. शब्दहरूले युक्त वा वाणी र वचनसित सम्बन्धित । ३. वाक्यसम्बन्धी; वाक्यात्मक । > **वाङ्मयी**– ना० सरस्वती देवी ।

**वाङ्लय**– ना० [सं०] वाक्यको लय; प्रस्तार ।

**वाचक**– वि० [सं०] १. कुनै व्यक्ति वा वस्तुलाई निर्देश गर्ने वा जनाउने; वाची (जस्तै– व्यक्तिवाचक, नामवाचक, सङ्ख्यावाचक आदि) । २. मौखिक । ना० ३. सप्ताह, पुराण आदि भन्ने मुख्य पण्डित । ४. बाच्ने वा भन्ने व्यक्ति; पाठक । ५. पाठ गर्ने वा बाच्ने शैली; वाचनशक्ति । – **धर्म लुप्तोपमा**– ना० वाचक पद र साधारण धर्म लुप्त हुने उपमा अलङ्कारको एक भेद । ~ **लुप्तोपमा**– ना० वाचक पद लुप्त हुने उपमा अलङ्कारको एक भेद । > **वाचकी**– वि० १. वाचन गर्ने । २. पुराणका मुख्य पण्डित । **वाचकोपमानलुप्तोपमा**– ना० वाचक र उपमान लुप्त हुने उपमा अलङ्कारको एक भेद ।

**वाचन**– ना० [सं०] १. बाच्ने, पाठ गर्ने वा पढेर सुनाउने काम; कथन । २. विधायिका सभा, बैठक आदिमा कुनै विधेयक, प्रस्ताव आदि उपस्थित गर्दा हुने आवृत्ति वा पाठ । ~ **कक्ष**– ना० वाचन गर्ने ठाउँ वा कोठो; वाचनालय । > **वाचनालय**– ना० जनसाधारणले पत्रपत्रिका आदि पढ्ने वा हेर्ने ठाउँ ।

**वाचनिक**– वि० [सं०] १. वचनसित सम्बन्ध भएको; वचनको । २. शब्दमा अभिव्यक्त; मौखिक ।

**वाचयिता**– वि० [सं०] पाठ गर्ने; बाच्ने; वाचक ।

**वाचस्पति**– ना० [सं०] १. वाणीका स्वामी । २. राम्ररी बोल्न सक्ने व्यक्ति; सुवक्ता । ३. देवताका गुरु बृहस्पति । ४. ब्रह्मा ।

**वाचा**– ना० [सं०] १. प्रायः सबैले सुन्ने गरी गरिने प्रतिज्ञा; कबुल; किरिया । २. वचन; बोली; वाणी । ३. धार्मिक ग्रन्थहरूको पाठ; सूत्र । ४. शब्द; ध्वनि । ~ **पत्र**– ना० प्रतिज्ञापत्र; कबुलियतनामा । – **बद्ध**– वि० वाचा वा कबुलमा बाँधिएको; वचनबद्ध । ~ **बन्धन**– ना० वाचा वा प्रतिज्ञामा बाँध्ने काम; वचनबद्ध गराउने काम ।

**वाचाल**– वि० [सं०] १. बोल्नमा सिपालु; चतुरो; वाक्पटु । २. धेरै बोल्ने; बकबके ।

**वाचिक**– वि० [सं०] १. मुखबाट प्रकट गरिने; मौखिक; बकितम् । २. वाचासम्बन्धी; वचनको । ना० ३. वाणीका माध्यमले अभिप्राय प्रकट गरिने एक अभिनय । ४. मौखिक समाचार ।

**वाची**– वि० [सं०] व्यक्त गर्ने वा बुझाउने; बोधक; वाचक (जस्तै– नामवाची, विशेषणवाची, सङ्ख्यावाची इ०) ।

**वाच्य**– ना० [सं०] १. वाक्यमा कर्ता, कर्म र भावको काम बुझाउने वा कुनै एउटासँग सम्बन्ध राख्ने क्रियापद । (जस्तै– कर्तृवाच्य : म किताब पढ्छु; कर्मवाच्य : (मद्वारा) भात खाइयो; भाववाच्य : (हामी) आइनेछ इ०) । २. अभिधाद्वारा व्यक्त हुने अर्थ । ३.

तिरस्कार; निन्दा । वि० ४. भन्न वा कहन योग्य । ५. शब्द वा अभिधाद्वारा बोध हुने; अभिधेय (अर्थ) । > **वाच्याघात–** ना० बोल्दाखेरि उच्चारण अवयवमा लाग्ने ठक्कर । **वाच्यार्थ–** ना० कारक र क्रियाको सीधा सम्बन्ध रहने, शब्दको नियत वा निश्चित अर्थ; अभिधेयार्थ ।

**वाजखाम–** ना० [फा० वजा+खामी] १. कुनै कुराका निम्ति धैर्य गरेर बस्ने वा पर्खने काम; खामोस । २. अवकाश; अवधि; म्याद । ३. लख काट्ने काम; अन्दाज; अड्कल ।

**वाजपेय–** ना० [सं०] समाजमा उच्चतम स्थानको प्राप्तिका लागि गरिने सात श्रौत यज्ञमध्ये पाँचौँ यज्ञ ।

**वाजबी–** वि० [अ० वाजिबी] १. न्यायसङ्गत; सुहाउँदो; मुनासिब; उचित । २. लायक; योग्य ।

**वाजसनेय–** ना० [सं०] शुक्लयजुर्वेदको एक शाखा । > **वाजसनेयी–** वि० १. वाजसनेय शाखाको अनुयायी । २. शुक्ल यजुर्वेदका प्रवर्तक तथा प्रणेता याज्ञवल्क्य मुनि ।

**वाजिब–** वि० [अ०] चित्तबुझ्दो; मुनासिब; वाजबी । > **वाजिबी–** वि० वाजिब ।

**वाजी–** ना० १. बाज चरो । २. घोडा । ३. शुक्लयजुर्वेदी । – **कर–** वि० १. शक्ति बढाउने; वीर्य वा शक्तिवर्द्धक । २. कामोद्दीपक । – **करण–** ना० औषधीद्वारा मानिसको शक्ति तथा वीर्य बढाउने काम वा त्यस्तो आयुर्वेदीय प्रयोग ।

**वाञ्छक–** वि० [सं०] वाञ्छा वा इच्छा गर्ने; इच्छुक ।

**वाञ्छन ⁄ वाञ्छना–** ना० [सं०] इच्छा गर्ने काम; अभिलाषा; वाञ्छा ।

**वाञ्छनीय–** वि० [सं०] १. अभिलाषालायकको; इच्छा गर्न योग्य । २. चाहिने खालको; आवश्यक; जरुरी । ~ **योग्यता–** ना० कुनै पद वा कामका निम्ति चाहिने योग्यता (शिक्षा, कार्यकुशलता आदि) ।

**वाञ्छा–** ना० [सं०] कुनै आवश्यक कुराका निम्ति गरिने चाहना; इच्छा; अभिलाषा ।

**वाञ्छित–** वि० [सं०] इच्छा गरिएको; चिताइएको; चाहिने ।

**वाट१–** ना० [सं०] १. बाटो;मार्ग । २. बाग; बगैँचा । ३. घेरो ।

**वाट२–** ना० [अङ्] बिजुलीबाट शक्ति पैदा हुने परिमाणको अंश वा एकाइ ।

**वाटर–** ना० [अङ्] पानी; जल । ~ **प्रुफ–** वि० भित्र पानी नछिर्ने वा पानीले असर नपार्ने (घडी आदि) । ~ **मार्क–** ना० उज्यालो तर्फ फर्काएर हेर्दा देखिने नोट, कागत आदिमा लागेको सेतो छाप वा चिह्न ।

**वाटिका–** ना० [सं०] १. उद्यान; बगैँचा । (जस्तो– अशोकवाटिका; पुष्पवाटिका इ०) । २. ससानो फलफूलबारी ।

**वाड–** ना० [अङ् वार्ड] पाइक र जनसङ्ख्या वा घरधुरीका आधारमा छुट्ट्याइएको गाउँ वा सहरको कुनै निश्चित क्षेत्र; वडा; वार्ड ।

**वाण–** ना० [सं०] १. हे० बाण । २. वास्तु वा मूर्तिमा प्रयोग हुने पाँच अमलबराबरको नाप; पाँच अङ्गुल । ३. मात्राको पाँचगुनाबराबरको नाप । ४. तल, रुद्रानन, इन्द्रिय वा भूतबराबरको नाप ।

**वाणिज्य–** ना० [सं०] मालसामानको खरिदबिक्री वा लेनदेन; व्यापार; बेपार । ~ **दूत–** ना० आफ्नो देशको व्यापारिक संरक्षण तथा संवर्द्धनका निम्ति अर्को देशमा पठाइएको वा राखिएको कुनै राष्ट्रको दूत । ~ **बैङ्क–** ना० वाणिज्य वा व्यापारसम्बन्धी काम गर्ने-गराउने तथा व्यापारव्यवसायमा सहायता गर्ने गरी स्थापित वा सङ्गठित बैङ्क । > **वाणिज्यालय–** ना० व्यापारको मुख्य स्थान; ठूलो दोकान वा पसल ।

**वाणी–** ना० [सं०] १. मुखबाट निस्कने सार्थक शब्दसमूह वा वाक्य; बोली; भाषा । २. आदर्श वचन, ध्वनि वा आवाज । (जस्तो– अमरवाणी, महावाणी, भविष्यवाणी, आकाशवाणी इ०) । ३. बोल्ने सामर्थ्य; वाक्शक्ति । ४. विद्याकी देवी; सरस्वती ।

**वात–** ना० [सं०] १. वायुप्रकोप भई शरीरका सन्धिस्थानहरूमा पीडा हुने एक रोग; बाथ । २. शरीरमा रहने वायु । ३. हावा; वायु । – **गुल्म–** ना० शरीरमा विषाक्त वायुका कारणले उत्पन्न हुने एक रोग; बाथ । ~ **ज्वर–** ना० शरीरमा वायुप्रकोप हुँदा आउने जरो । ~ **रोग–** ना० वातको बिमारी ।

**वाता–** ना०हे० बाता ।

**वातानुकूलन–** ना० [सं०] हावा सफा गर्ने वा प्राणवायुको मात्रा बढाउने काम वा त्यस्तो वैज्ञानिक प्रक्रिया ।

**वातानुकूलित–** वि० [सं०] चिसो र तातोलाई आफ्नो अनुकूल वा सहन सकिने र चाहिँदो सुहाउँदो पारिएको ।

**वातायन–** ना० [सं०] १. घरभित्र हावा र उज्यालो पठाउन राखिएको झ्याल वा छानामा कोपुले आधा ढाक्ने गरी बनाइएको प्वाल । २. झ्याल । ३. बार्दली । ४. छाना; छत; पाली । ५. घोडा ।

**वातावरण–** ना० [सं०] १. पृथ्वीको चारैतिर फिँजिएको हावा । २. प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने आसपासको अवस्था; परिस्थिति । – **जन्य–** वि० वातावरणको प्रभावले पैदा हुने । ~ **विज्ञान–** ना० जीवित वस्तुहरूको वातावरणसितको सम्बन्धमा अध्ययन गर्ने विज्ञान । > **वातावरणीय–** वि० वातावरणसित सम्बन्धित; वातावरणको (प्रभाव, स्वास्थ्य, अध्ययन आदि)।

**वातुल–** वि० [सं०] १. हावादार । २. बाथरोग लागेको; वातरोगले ग्रस्त । ३. छँटाएको; बौलाहा; पागल । ना० ४. आँधी । > **वातुलालय–** ना० पागलखाना ।

**वात्सल्य–** ना० [सं०] बाबुआमाको सन्तानका प्रति हुने स्नेह वा ममता । ~ **भाजन–** ना० छोराछोरीजस्तै प्रिय व्यक्ति; स्नेहपात्र । ~ **रस–** ना० साहित्यमा नवरसपछि पनि दसौँ रसका रूपमा मानिएको, स्थायी भाव वात्सल्य हुने एक रस ।

**वात्स्यायान–** ना० [सं०] १. 'कामसूत्र'– नामक ग्रन्थका प्रणेता एक प्रसिद्ध ऋषि । २. न्यायसूत्रका भाष्यकार ।

**वाद–** ना० [सं०] १. तत्त्वदर्शीहरूले निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त (जस्तै– प्रगतिवाद, भौतिकवाद, समाजवाद इ०) । २. सार कुरो पत्ता लगाउनका निम्ति गरिने

तर्क; शास्त्रार्थ; विचार; बहस; विवाद । ३. कथन; वर्णन । ४. अदालतमा उपस्थित गरिएको अभियोग । ५. निरूपण ।

**वादक–** वि० [सं०] १. वादविवाद गर्ने । २. बाजा बजाउने । ~ **मण्डली–** ना० वादकहरूको समूह वा डफ्फा ।

**वादग्रस्त–** वि० [सं०] निरूपण वा निश्चय भइनसकेको; विवादास्पद ।

**वादन–** ना० [सं०] १. बाजा बजाउने काम; बजाइ । २. वाद्ययन्त्र; बाजा ।

**वाद प्रतिवाद–** ना० [सं०] कुनै विषयमा परस्परको बहस; वादविवाद; शास्त्रार्थ ।

**वाद विवाद–** ना० [सं०] १. कुनै कुरा वा विषयको तत्त्वनिरूपणका निम्ति आफ्ना बुँदाको समर्थन र विपक्षीका बुँदाको खण्डनसाथ गरिने छलफल; तर्कवितर्क; विचारविमर्श; खण्डनमण्डन; वाक्प्रतियोगिता । २. भनाभन; बाझाबाझ । ~ **प्रतियोगिता–** ना० नियमअनुसार पक्षविपक्ष दुई समूहमा विभाजित भई कुनै विषयमा तर्कयुक्त रूपमा बोल्ने र बाजी जित्ने काम ।

**वादव्यय–** ना० [सं०] देवानी मुद्दामा वादीले फिरादपत्रसाथ अदालतमा दाखिल गर्नुपर्ने सवालअनुसारको दस्तुर; कोर्टफी ।

**वादा–** ना० [अ० वअद] १. सरसापटी लिएको नगदी वा जिन्सी फर्काउने अवधि; म्याद । २. कुनै कुरा पूरा गर्ने कबुल; प्रतिज्ञा; करार ।

**वादानुवाद–** ना० [सं०] १. कुनै विषयको उक्ति र उत्तर; दोषारोपण तथा त्यसको बचाउका निम्ति दिइने उत्तर । २. वादविवाद; शास्त्रार्थ ।

**वादित्र–** ना० [सं०] बाजा; वाद्य ।

**वादी१–** ना० [सं०] १. कसैका विरुद्ध अदालतमा मुद्दा दायर गर्ने व्यक्ति; उजुरवाला व्यक्ति । २. फिरादपत्र; नालिस । ३. रागमा मुख्य रूपले प्रयुक्त हुने स्वर । ४. बाजा बजाउने व्यक्ति; वाद्यवादक । वि० ५. कुनै वादमा लाग्ने वा सिद्धान्तविशेषको अनुयायी (जस्तै– अध्यात्मवादी, भौतिकवादी, समाजवादी इ०) । ६. कुनै कुरा बोल्ने; भन्ने । ७. कलह वा झगडा गर्ने । ८. न्याय माग्न जाने । स्त्री० वादिनी ।

**वादी२–** वि० [सं०] सर्दी गर्ने; वायुकारक ।

**वाद्य–** ना० [सं०] १. रेटेर, फुकेर वा ठोकेर बजाइने सङ्गीतको सरस तथा मनोरञ्जक स्वर, ताल आदि निकालिने सामग्री; बाजा । २. कथन; भाषण । ~ **गोष्ठी–** ना० सङ्गीतका सुरिला स्वर निकाल्ने र मधुर ताल दिने नानाथरी बाजा वा ती बाजाहरूको वादनसम्बन्धी कार्यक्रमको भेला । ~ **वादन–** ना० बाजा बजाउने काम; बाजाबजाइ । ~ **सङ्गीत–** ना० बाजाहरूबाट उत्पन्न हुने स्वरयुक्त सङ्गीत ।

**वाधक–** वि०हे० बाधक ।

**वाधा–** ना०हे० बाधा । > **वाधित–** वि० बाधित ।

**वान्–** प० स० [सं०] भएको, हुने आदि अर्थ जनाउने आबद्ध रूप (जस्तो– गुणवान्, मूल्यवान्, रूपवान् इ०) ।

**वान१–** ना० [सं०] १. वनसम्बन्धी वनको । २. सुकाइएको । ३. बगेको । ना० ४. सुकाइएको वा सुकेको फल ।

**वान२–** प्रत्य० [फा० बान] शब्दका पछाडि गाँसिएर जोगाउने, देखाउने, चलाउने, हाँक्ने आदि अर्थ जनाउने रूप(जस्तै– गाडावान, दरवान, मेहरवान इ०) ।

**वानप्रस्थ–** ना० [सं०] १. वैदिक आर्यहरूले निर्धारण गरेका आश्रममध्ये तेस्रो आश्रम । २. त्यस आश्रममा प्रवेश गरेको व्यक्ति । > **वानप्रस्थी–** वि० वानप्रस्थमा रहेको; वानप्रस्थसम्बन्धी । **वानप्रस्थ्य–** ना० वानप्रस्थमा रहेको स्थिति वा अवस्था ।

**वानर–** ना० [सं०] मानवजस्तै देखिने, रूखमा विचरण गर्ने प्रसिद्ध स्तनपायी प्राणी; बाँदर; कपि; मर्कट । ~ **पुच्छे–** ना० बाँदरपुच्छे । – **सदृशानुगण–** ना० १. वानरजस्ता प्राणीको समूह । २. अपुच्छख्यातचतुष्क र उत्थित नरवानर । ३. मानवगुणका दुई प्रवृत्तिमध्ये एक । > **वानरानुगण–** ना० १. नृतत्त्वको प्राथमिक वर्ग । २. निशाकपि अनुगण, कूर्चमर्कट अनुगण र नरवानरानुगणको समूह । **वानरी–** वि० १. वानरसम्बन्धी; वानरको । ना० २. पोथी वानर; बाँदर्नी ।

**वानस्पत्य–** वि० [सं०] १. वनस्पतिबाट तयार भएको; वनस्पति-सम्बन्धी । ना० २. फूल फुलेपछि फल लाग्ने जातका बोट-बिरुवा (आँप, दारिम, सुन्तला आदि) । ३. वनस्पतिको तत्त्व तथा त्यसको वृद्धि गर्ने उपाय आदिको विवेचना भएको शास्त्र; वनस्पतिशास्त्र ।

**वान्त–** वि० [सं०] १. बान्ता गरेको; छादेको । २. उकेलेको; थुकेको । ना० ३. वमन; बान्ता; छाद ।

**वापस–** वि० [फा०] फर्केर आएको; फिर्ता भएको । > **वापसी–** वि० १. फिर्ता आएको वा पठाइएको । ना० २. फिर्ता आउने काम; वापस हुने काम; प्रत्यावर्तन; फिर्ती ।

**वापि–** ना० [सं०] वापी । > **वापिका–** ना० सानो खालको वापी ।

**वापिस–** ना० [√ वापस] वापस; फिर्ता ।

**वापी–** ना० [सं०] १. ठूलो कुवा; पोखरी; तलाउ । २. भित्र पस्ने सिँढी भएको इनार; इनार ।

**वाफवैरी–** ना०हे० बापवैरी ।

**वाम–** वि० [सं०] १. बायाँ; देब्रे । २. प्रतिकूल; विपरीत; उल्टो । ३. टेढो; वक्र । ४. कठोर; निर्दय । ५. दुष्ट । ६. मनोहर; राम्रो । ना० ७ बायाँ हात । ८. बायाँपट्टिको अंश । ९. कुच; स्तन । १०. कामदेव । – **देव–** ना० महादेव; शिव ।

**वामन–** वि० [सं०] साह्रै होचो वा ठिँगुरिएको; बामपुड्के; बाउन्ने । ना० २. त्यस्तो मानिस । ३. दक्षिणदिशाको दिग्गज । ४. पुराणअनुसार विष्णुका दस अवतारमध्ये पाँचौं अवतार । ५. अठार महापुराणमध्ये वामन अवतारको माहात्म्य वर्णन भएको एक पुराण ।

**वामपक्ष–** ना० [सं०] वामपन्थ, वाममार्ग । > **वामपक्षी–** वि० वामपन्थी ।

**वामपन्थ–** ना० [सं०] मार्क्सवादी राजनीतिक मत वा अभियान;

वाममार्ग । > **वामपन्थी**– वि० वामपन्थको अनुयायी वा समर्थक; मार्क्सवादी चिन्तनका अनुयायी ।

**वाममार्ग**– ना० [सं०] १. तान्त्रिक साधनाअनुसार तन्त्र, मन्त्र, अभिचार आदि कामका साथ मद्य, मांस आदिको सेवन गर्ने विधान भएको एक मार्ग वा मत । २. प्रचलित नीतिनियम र व्यवस्थाको उल्टो चल्ने वा पुरातन विचार र स्थितिको आमूल परिवर्तन शीघ्रतासाथ चाहने राजनीतिक मत; वामपन्थ । > **वाममार्गी**– वि० १. वाममार्गको अनुसरण गर्ने । २. वामपन्थी ।

**वामलोचना**– ना० [सं०] १. सुन्दर र आकर्षक आँखा भएकी स्त्री; सुनयनी नारी । वि० २. राम्रो आँखा भएकी (स्त्री) ।

**वामा**– ना० [सं०] १. राम्री स्त्री; सुन्दरी नारी । २. दुर्गा; भवानी । ३. लक्ष्मी । ४. सरस्वती; शारदा ।

**वामाक्षी**– ना० [सं०] राम्रा आँखा हुने स्त्री ।

**वामागम**– ना० [सं०] वामाचार ।

**वामाङ्गिनी / वामाङ्गी**– ना० [सं०] बायाँ अङ्ग मानिएकी विवाहिता नारी; पत्नी ।

**वामाचार**– ना० [सं०] तान्त्रिक पद्धतिअनुसार मद्य, मांस, मत्स्य, मुद्रा, मैथुन –यी पाँच प्रकारका साधनद्वारा शक्तिको उपासना गर्ने धार्मिक सम्प्रदाय । > **वामाचारी**– वि० वामाचारको अनुयायी ।

**वामावर्त**– वि० [सं०] १. बायाँतर्फबाट फन्को मारेको; देब्रेतिर हुँदै घुमेको । ना० २. बायाँतर्फबाट दाहिनेतिर रेखा घुमेको शङ्ख ।

**वायरलेस**– ना० [सं०] बेतारको खबर; आकाशवाणी ।

**वायवीय**– वि० [सं०] वायुसँग सम्बन्धित; वायुको । ~ **पुराण**– ना० व्यासद्वारा रचित अठार महापुराणहरूमध्ये एक पुराण; वायुपुराण ।

**वायव्य**– ना० [सं०] १. दस दिशामध्ये एक दिशा; उत्तर र पश्चिम दिशाका बीचको कोण; वायव्यकोण । वि० २. वायुसम्बन्धी; वायवीय ।

**वायस**– ना० [सं०] काग; कौवा ।

**वायु**– ना० [सं०] १.पृथ्वीको चारैतिर ढाकेर रहेको, आँखाले नदेखिने भए पनि स्पर्शगुण भएको, प्राणीमात्रले सास फेर्न मिल्ने एक तत्त्व; पञ्चतत्त्वमध्ये एक; पवन; हावा । २. हावाका अधिष्ठाता देवता । ३. हृदयमा रहने प्राण, गुदामा रहने अपान, नाभिमा रहने समान, कण्ठमा रहने उदान र शरीरभर रहने व्यान नामका पाँच वायु । ४. हठयोगका अनुसार षट्चक्रको अभ्यास गर्दा प्रयोगमा आउने मानवशरीरमा भएको हावा । ५. मरेपछि काजक्रिया हुन नपाएको आत्मा; अगति परेको जीव; प्रेतात्मा; प्रेत । ६. प्रायः बालबच्चालाई लागोको रूपमा दुःख दिइरहने, झारफुक गरेर वा दोबाटामा पूजा गरेर पन्छाएपछि निको हुने, लोकरूढि भएको अमूर्त तत्त्व । – **कोण**– ना० पश्चिम र उत्तर दिशाको बीचको कुनो; वायव्यकोण । ~ **गति**– ना० हावाको जस्तो छिटो चाल; ज्यादै छिटो रफ्तारको उडान; अति छिटो हिँडाइ । ~ **गति विज्ञान**– ना० वायुको चाल नाप्ने वैज्ञानिक शास्त्र । ~ **नाशक**– वि० अपच भएर आन्द्रामा हुने पेशीसङ्कुचन वा वायुविकार भएमा सेवन गरिने (औषधी) । ~ **पथ**– ना० १. हवाईजहाजले उडान गर्ने बाटो; वायुमार्ग । २. हावा बग्ने बाटो; वायुको प्रवाहमार्ग । ~ **पुराण**– ना० व्यासद्वारा रचित अठार पुराणमध्ये वायुदेवताको वर्णन भएको एक पुराण । ~ **प्रशोधन केन्द्र**– ना० दूषित वायुलाई हटाएर स्वच्छ वायुको सञ्चार गराउने स्थल । ~ **मण्डल**– ना० १. आकाश । २. पृथ्वीको चारैतिर रहेको हावाको आवरण; वातावरण । ~ **मण्डलीय चाप**– ना० वायुमण्डलको स्वाभाविक वहनशीलताबाट पर्ने चाप; वायुमण्डलबाट हुने थिचाइ । ~ **मण्डलीय विज्ञान**– ना० वायुमण्डलको अध्ययनअनुसन्धान गर्ने र प्रयोगात्मक परीक्षण गर्ने शास्त्र; मौसमी शास्त्र । ~ **मार्ग**– ना० वायुपथ । ~ **यान**– ना० हावामा उड्ने वाहन; विमान; हवाईजहाज । – **लेख**– ना० आकाशमण्डलमा स्थित वायुको चाप देखाउने यन्त्र । ~ **लोक**– ना० वायुदेव बस्ने संसार; आकाश । – **वाद**– ना० इच्छाअनुकूल शारीरिक प्रयत्नबाट सञ्चालित वायु नै मुखका अङ्ग-अङ्गमा ठक्कर खाई वर्णका रूपमा परिणत हुन्छ भन्ने वैयाकरण मत । ~ **विकार**– ना० पेट, आन्द्रा आदिमा वायु वा ग्याँस भरिने रोग । ~ **विडङ्ग**– ना० ससाना सेता फूल र मरीचका जस्ता दाना फल्ने, आयुर्वेदमा कृमिनाशक औषधीका रूपमा लिइएको एक रूख वा त्यसकै फल; विडङ्ग । ~ **विद्या**– ना० मौसमी शास्त्र; वायुमण्डलीय विज्ञान । ~ **वेग**– ना० हावाको जस्तो छिटो चाल; वायुगति । – **शूल**– ना० हाडका जोर्नी, काखी, काप आदिमा वायुविकारबाट निस्कने गोला; वायुको खराबीबाट शरीरमा हुने कष्ट । ~ **सेना**– हवाईसेना; रकेट, मिसाइलबाट शत्रुको देशमा आक्रमण गर्ने फौज । – **स्नायु**– ना० हठयोगका अनुसार षट्चक्रको अभ्यास गर्दा कुण्डलिनीमा जम्मा हुने ईडा, पिङ्गला, सुषुम्णा आदि बहत्तर हजार नाडीको सङ्गमस्थल; स्नायुकेन्द्र ।

**वार**१– ना० [सं०] १. प्रवेश गर्न नपाउने गरी लगाइएको रोक; रोकावट; प्रतिबन्ध । २. भवन वा हाताको भित्र-बाहिर गर्दा उघारिने र लगाइने खापा; द्वार । ३. ढक्कन; बिर्को । ४. सप्ताहका दिनका नामको अन्तमा लाग्ने कालावधिक सूचक शब्द । (जस्तो– आदित्यवार, सोमवार आदि); दिन; दिवस । ५. अवसर; मौका । ६. आफू रहेतर्फका नदीको किनार; वल्लो किनार; वारि । ७. पटक;पल्ट; चोटि । ८. रास; थुप्रो; समुदाय । ९. शिव; महादेव । १०. मदिराको भाँडो ।

**वार**२– प० स० [फा०] १. शब्दका पछिल्तिर गाँसिएर समानता र तुल्यता वा कुनै काम गर्ने अर्थ बुझाउने प्रत्यय (जस्तो– छेकवार, रखवार, घटवार आदि) । ना० २. आक्रमण; हमला । ३. प्रहार; झटारो । > **वारदात**– ना० १. आकस्मिक दुर्घटना; भयावह स्थिति । २. हिंसापूर्ण घटना; मारपिट । ३. हुलदङ्गा ।

**वारपार**– ना० [वार+पार] १. नदी वा सडक आदिका दुवैतर्फका

किनार; वारि र पारि । २. थालेका कामको सफल वा असफल परिणाम; कामकुराको टुङ्गो । क्रि० वि० ३. वल्लो किनारादेखि पल्लो किनारातक । ४. एकातिरबाट अर्कोतिरसम्म । ५. एक छेउदेखि अर्को छेउसम्म ।

**वारब्यार**– ना० [फा० वार+सं० व्यवहार] १. लेनदेनसँग सम्बन्धित व्यवहार; बरबेबहार । २. आवतजावत; मेलमिलाप ।

**वारवनिता**– ना० [सं०] परपुरुषसँग अनैतिक सम्पर्क राख्ने स्त्री; वेश्या ।

**वार वार**– क्रि० वि० [सं०] धेरै पल्ट; अनेक पटक; धेरै चोटि बारम्बार ।

**वारस्त्री**– ना० [सं०] वेश्या ।

**वाराङ्गना**– ना० वारस्त्री; वेश्या ।

**वाराणसी**– ना० [सं०] वरुणा र असी नदीका माझमा रहेको र गङ्गाका तटमा स्थित भारतको एक नगरी; बनारस; काशी । > **वाराणसेय**– वि० वाराणसीसँग सम्बन्धित; वाराणसीको ।

**वारा सिङ्गोली**– ना० साधारण उचाइका र कपूरका जस्ता वासनायुक्त पात हुने, झुप्पामा फूल फुल्ने, पश्चिम नेपालको पनि प्रायः हिमाली भेगमा पाइने एक रूख ।

**वाराह**– ना० [सं०] १. वराह; बनेल । २. विष्णुका दस अवतारमध्ये तेस्रो अवतार । वि० ३. वराहसम्बन्धी; वराहको । ~ **कन्द**– ना० वनमा पाइने कन्दमूलविशेष (गिठो, भ्यागुर, वाराहीकन्द) । ~ **कल्प**– ना० तीस कल्पमध्ये एक कल्प; वर्तमान कल्प । ~ **क्षेत्र**– ना० सुनसरी जिल्लामा अवस्थित ऐतिहासिक तीर्थस्थल । ~ **पुराण**– अठार महापुराणमध्ये वराह अवतारको वर्णन गरिएको एक पुराण ।

**वाराही**– ना० [सं०] १. पोथी बनेल; भुनी । २. वराहरूप लिने विष्णुको शक्ति । ३. पृथ्वी । ~ **कन्द**– ना० हे० वाराहकन्द ।

**वारि१**– ना० यो० [√ वर] १. नदी, सडक आदिको आफू भएतर्फको किनारमा; नदी आदिको वल्लो तीरमा । ना० २. आफू भएतिरको किनार; वल्लो नदीतट वा सडकको किनार ।

**वारि२**– ना० [सं०] १. पानी; जल । २. वर्षा; झरी । – **ज**– ना० १. कमल । २. शङ्ख । वि० ३. पानीमा उत्पन्न हुने ।

**वारित्त**– वि० [सं०] १. रोक लगाइएको; मनाही गरिएको; निषिद्ध । २. छेकिएको; रोकिएको । ~ **साहित्य**– ना० सार्वजनिक हितका दृष्टिले प्रकाशन गर्नगराउन वा पढ्नपढाउन मनाही गरिएको साहित्य; सरकारबाट प्रतिबन्धित साहित्य ।

**वारिद**– ना० [सं०] पानी बर्साउने तत्त्व; जलद; बादल ।

**वारिनिधि**– ना० समुद्र ।

**वारिपारि**– ना० यो० [√ वार+पार] नदी वा सडक आदिको वल्लो र पल्लो किनारमा; वारि र पारि; वारपार ।

**वारिस**– ना० [अ०] १. उत्तराधिकारी । २. मुद्दामामिलामा कुनै पक्षका तर्फबाट कार्य गर्ने अधिकृत व्यक्ति; प्रतिनिधि; वारेस । ३. मरेका मान्छेका नाउँमा रहेको चलअचल सम्पत्ति उपभोग गर्न पाउने व्यक्ति; हकदार । – **नामा**– ना० १. कुनै कामकुराको लागि वा मुद्दामामिलाको पैरबी गर्नाका लागि वारिस पठाउँदा प्रमाणस्वरूप लेखेर दिइने कागतपत्र वा लिखत; वारेसनामा; अख्तियारनामा । २. उत्तराधिकारपत्र । ~ **पत्र**– ना० वारिसनामा ।

**वारी**– प्रत्य० [फा० वार+ई] नाम शब्दका पछिल्तिर गाँसिएर आउने एक तद्धितप्रत्यय । (जस्तो– महिनावारी, मास्केवारी, फाँटवारी, रखवारी आदि) ।

**वारुण**– वि० [सं०] १. वरुणसँग सम्बन्धित । ना० २. पानी; जल । ३.सिब्लिकानको रूख वा पात । ~ **पदक**– ना० २०२३ साल जेठ १० गते स्व० श्री ५ महेन्द्रबाट संस्थापित, अविच्छिन्न पन्ध्र वर्षसम्म वारुणयन्त्रमा काम गर्ने कर्मचारीलाई प्रदान गरिने पद । ~ **यन्त्र**– ना० भवन, कार्यालय आदिमा आगलागी हुँदा पानीको फोहरा फ्याँकेर सो आगो निभाउने यान्त्रिक उपकरण; दमकल ।

**वारुणी**– ना० [सं०] १. वरुण देवताकी पत्नी । २. पश्चिम दिशा । ३. मदिरा; रक्सी । ४. दूबो । ५. शतभिषा नक्षत्रयुक्त, चैत्र कृष्ण त्रयोदशीका दिन पर्ने एक योग ।

**वारेन्ट**– ना० [अङ्] १. कुनै अपराधीलाई पक्रन सम्बन्धित अड्डा वा कार्यालयबाट मातहतका कर्मचारीलाई सुम्पिएको अधिकारपत्र । २. कुनै अपराधीका नाउँमा फौजदारी अड्डाबाट जारी गरिएको पक्राउपुर्जी; एक किसिमको समाह्वान वा समन । ३. कुनै व्यक्तिलाई तोकिएको रकम भुक्तान गर्न रुपियाँ झिक्नेबाट गरिएको आदेश । > **वारेन्टी**– ना० १. कुनै तथ्यको विवरण सत्य छ भन्ने प्रतिज्ञा । २. वारन्ट पाउने व्यक्ति ।

**वारेस**– ना० [अ० वारिस] हे० वारिस । – **नामा**– ना० वारिसनामा; मन्जुरीपत्र ।

**वार्ड**– ना० [अङ्] १. संरक्षण; रेखदेख । २. प्रशासनिक र विकास आदि काम गर्न सुविधा हुने गरी छुट्ट्याइएको भूभाग; सीमित इलाका । ३. छात्रावास, अस्पताल, जेल आदिको खण्ड वा विभाग । ~ **समिति**– ना० प्रशासन वा चुनाव आदिको सुविधाका दृष्टिले नगर वा गाउँको सानो एकाइ वार्डमा गठित वा निर्वाचित व्यक्तिहरूको समिति । > **वार्डेन**– ना० १. संरक्षक । २. छात्रावासको रेखदेख गर्न खटिएको अधिकारी ।

**वार्णिक**– वि० [सं०] १. वर्ण वा अक्षरसँग सम्बन्धित; वर्णको । २. लेखक । ~ **छन्द**– ना० वर्ण वा अक्षरको लघुगुरु गणना गरिने शास्त्रीय छन्द; वर्णवृत्त ।

**वार्ता**– ना० [सं०] १. दुई वा सोभन्दा बढी मानिसका बीच आपसमा गरिने कुराकानी; बातचित । २. वृत्तान्त; हालखबर; समाचार । ३. हल्ला; जनश्रुति । ४. विषय; प्रसङ्ग । ५. वर्ण-व्यवस्थाअनुसार वैश्यजातिले अँगाल्ने आजीविका; वैश्यवृत्ति; वैश्यकर्म । – **लाप**– ना० कुराकानी; वार्ता । ~ **वाहक**– ना० सन्देशवाहक; समाचार पुर्‍याउने दूत ।

**वार्त्तिक**– ना० [सं०] १. कुनै विषयवस्तुको उक्त, अनुक्त र दुरुक्तबारे

अर्थ स्पष्ट गर्ने भाष्य वा पूरक शास्त्र । (पाणिनिको 'अष्टाध्यायी' व्याकरणमाथि कात्यायनले वार्तिक-ग्रन्थको रचना गरेका हुन्) । २. खेती गर्ने व्यक्ति; किसान । ३. व्यापारी; बनियाँ । ४. जासुस । वि० ५. वार्त्तासम्बन्धी; खेती वा उद्योगसँग सम्बन्धित ।

**वार्द्धक**– ना० [सं०] १. बुढ्याइँ; बुढौली; वृद्धत्त । २. वृद्धताका कारणले निर्धो भएको व्यक्ति । ३. वृद्धहरूको समुदाय वा मण्डली । > **वार्द्धक्य**– ना० १. वृद्ध हुनाको भाव वा स्थिति; वृद्धावस्था; बुढ्याइँ; बुढ्यौली । २. बढ्ती; वृद्धि ।

**वार्षिक**– वि० [सं०] १. सालको कुनै विशिष्ट तिथि, गते वा पर्वसँग सम्बन्धित; वर्षवर्षको । २. हरेक साल हुने वा गरिने । > **श्राद्ध**– १. पितृको मृत्युतिथिमा प्रतिवर्ष गरिने एकोद्दिष्ट श्राद्ध । २. मृत व्यक्तिको वर्ष दिन पुगेपछि आशौचमुक्त हुन छोराहरूबाट गरिने वार्षिक श्राद्ध; बर्खी । ~ **परीक्षा**– ना० विद्यालयहरूबाट वार्षिक सत्रको अन्तमा हरेक वर्ष लिइने परीक्षा । ~ **प्रतिवेदन**– ना० सरकारी वा गैरसरकारी कार्यालय र संस्थाहरूले वर्ष दिनसम्म भएगरेको कामकुराको जाहेरी; हरेक सालको अन्तमा दिइने विवरण । ~ **रिपोर्ट**– ना० वार्षिक प्रतिवेदन । ~ **विवरण**– ना० वर्षभरि गरिएका कामकारवाईको बेहोरा वा नालीबेली । ~ **सभा**– ना० हरेक वर्ष निश्चित दिनमा गरिने बैठक । ~ **हरहिसाब**– ना० कुनै संस्था वा कार्यालय आदिको सालभरिको आम्दानीखर्चको हिसाबकिताब । > **वार्षिकी**– ना० १. हरेक साल नियमित रूपले गरिने वा गर्नुपर्ने काम । (कुनै स्मारक कार्य, श्राद्ध आदि) । २. बर्सेनि हुने कुनै प्रकाशन । वि० ३. वर्षा ऋतुको; वर्षा ऋतुसँग सम्बन्धित । **वार्षिकोत्सव**– ना० १. कुनै सङ्घसंस्था, विद्यालय आदिले स्थापित मिति पारेर प्रतिवर्ष गर्ने उत्सव । २. जन्मेको तिथि पारेर हरेक वर्ष गरिने उत्सव ।

**वार्हस्पत्य**– वि० [सं०] १. वृहस्पतिसँग सम्बन्धित; वृहस्पतिको । ना० २. वृहस्पतिको नाउँमा गरिने यज्ञविशेष ।

**वाल१**– ना० [सं०] पुच्छरको रौँ ।

**वाल२**– ना० [नेवा०] बार बाँध्ने घोचो वा कीलो ।

**वाल३**– प्रत्य० [फा० वाला] कुनै खास शब्दहरूसँग पछाडि गाँसिएर 'रहेको, भएको, काम गर्ने, युक्त' आदि अर्थ बुझाउने प्रत्यय; वाला । (जस्तो– खेतीवाल, जिम्मावाल आदि)।

**वाल४**– ना० [फा०] एक जातको माछो ।

**वालक**– ना० [सं०] १. ठूलो टाउको र साना पखेटा हुने एक जातको लामो माछो । २. हात्ती, घोडा आदि जनावरको पुच्छर ।

**वालरस**– ना० [अङ्०] उत्तरी ध्रुवमा पाइने, तेह्र फिट लम्बाइ र दुई टन वजनसम्म पुग्ने, तीन फिटजति लामा दाह्रा निस्केको, बाक्लो तर रौँ नभएको, गह्रागह्रा परेको छाला हुने स्तनपायी जन्तु; स्तनधारी समूहमा पर्ने एक जनावर । (इस्किमो भनिने, हिउँमा बस्ने मानिसले सिकार खेलेर यसको मासु खाने गर्छन्) ।

**वालव**– ना० [सं०] ज्योतिषशास्त्रअनुसार एक करण ।

**वाला**– प्रत्य० [फा०] कुनै खास, शब्दसँग जोडिएर भएको, रहेको वा कुनै काम गर्ने आदि अर्थ बुझाउने तद्धितप्रत्यय; वाल । (जस्तो– बहालवाला, हकवाला, साबिकवाला आदि) ।

**वालाग्र**– ना० [सं०] वास्तुकला वा मूर्तिकलामा प्रयुक्त हुने रौँको टुप्पोबराबरको नापो; आठ रथधूलिबराबरको परिमाण ।

**वालि**– ना० [सं०] रामायणग्रन्थका अनुसार किष्किन्धा देशका प्रसिद्ध वानरराज; वानरका राजा ।

**वालुका**– ना० [सं०] १. प्रायः नदीका दुवै किनारमा पाइने, पानीले पखालिएको ढुङ्गा आदिको ससाना बालुवा; रेत । २. धूलो; चूर्ण ।

**वाल्मीक ⁄ वाल्मीकि**– ना० [सं०] संस्कृत भाषाको आदि महाकाव्य 'रामायण'-ग्रन्थका रचनाकार प्रसिद्ध ऋषि; संस्कृत साहित्यका आदिकवि । > **वाल्मीकीय**– वि० वाल्मीकिसँग सम्बन्धित; वाल्मीकिले रचना गरेको ।

**वाल्ल**– क्रि० वि० १. काम-कुरो चाल नपाउँदा वा चिनजान नहुँदा जिल्लिएर; बिलखबन्दमा परी; जिल्ल । २. रल्लिने चालमा; अलमल्ल ।

**वाशिष्ठ**– वि० [सं०] वशिष्ठ ऋषिसँग सम्बन्धित; वशिष्ठको । > **वाशिष्ठी**– वि० १. वशिष्ठले रचना गरेको (कर्मकाण्डपद्धति); वशिष्ठसँग सम्बन्धित । ना० २. वशिष्ठले बनाएको कर्मकाण्डको एक शाखा ।

**वाष्प**– ना० [सं०] तापको कडा असर परेर वा निर्धारित तापक्रमले आकाशमा उड्न सक्ने गरी बनेको पानीको बदलिँदो रूप; बाफ; बाष्प । ~ **बिन्दु**– पानी तताउँदा बाफ बन्न थाल्ने तापक्रमको नाप । > **वाष्पीकरण**– ना० तरल वस्तुलाई बाफका रूपमा परिणत गर्ने काम । **वाष्पीभूत**– वि० बाफका रूपमा परिणत भएको । **वाष्पीय**– वि० बाफसँग सम्बन्धित; बाफको ।

**वास१**– ना० [अङ्] १. चिनी वा स्टार्च भएको कन्दमूल । २. फलफूल, महुवा वा अन्न पानीसँग मिसाई, कुहाई रक्सी पार्न योग्य बनेको झोल ।

**वास२**– ना० [सं०] १. बसोबास गर्ने किसिमले बनाइएको ओत; घर; गृह । २. बसोबास गर्ने काम; रहने काम; निवास । ३. लगाउने कपडा; वस्त्र; पोसाक । ४. रहेको ठाउँ; अवस्थल । ५. बास्ना; सुगन्ध । ६. गन्ध । ७. क्षणिक आवास; डेरा । – **कुटी**– ना० पाल । ~ **गृह**– ना० बस्ने घर ।

**वासना**– ना० [सं०] १. सांसारिक वस्तुबाट उपलब्ध हुने सुखसुविधाको उपभोग; भोगविलास । २. इच्छा; चाहना; आकाङ्क्षा; कामना । ३. मानसिक अनुभूति; भावना । ४. संस्कारका रूपमा अवस्थित पूर्वजन्मको अभिलाषा; आनुवंशिक संस्कार । ५. अज्ञान; भ्रान्ति ।

**वासन्तिक**– वि० [सं०] १. वसन्त ऋतुसँग सम्बन्धित; वासन्ती । ना० २. विदूषक; हास्यकलाकार । ३. अभिनेता; अभिनय गर्ने पात्र ।

**वासन्ती**– ना० १. वसन्त ऋतुमा हुर्कने र फुल्ने लहरा; माधवी लता । २. नेवारी फूल । ३. वसन्त ऋतुमा मनाइने उत्सव; वसन्तोत्सव । ४. दुर्गा; भवानी ।

**वास बेसिन**– ना० [अङ्] शौचालय र स्नानगृह आदिमा उभिएर धाराको पानीले हातमुख धुनका लागि भित्तामा जडान गर्न मिल्ने गरी बनाइएको चिनियाँ माटो आदिको भाँडो ।

**वासर१**– ना० [सं०] वार; दिवस; दिन । २. आश्रयस्थल; घर ३. वरवधूको प्रथम शयनागार ।

**वासर२**– ना० [अङ्] स्टोभ, बल आदिमा हावा भर्न प्रयोग गरिने पम्पमा जडान गरिएको छाला वा रबरबाट निर्मित एक साधन ।

**वासलात**– ना० [अ० वासिलात] साबिकवालाले आफूले काम गरेको मितिसम्मको स्याहास्रेस्ता र आम्दानीखर्चको स्रेस्ताले ठहर भएबमोजिम मौज्दात, बाँकी, नगदीजिन्सी जो भएको सबै लेखिदिई हालवालालाई सुम्पिन तयार पारिने कागजात; सरुवा हुने कर्मचारीले बुझबुझारथ गरिँदा लेखिदिने कागज ।

**वासव**– ना० [सं०] १. स्वर्गका राजा; इन्द्र । २. धनिष्ठा नक्षत्र । वि० ३. वसु देवतासँग सम्बन्धित । – **दत्ता**– ना० १. सुबन्धुको आफ्नै कल्पनामा आधारित प्रेमकथात्मक एक संस्कृत गद्यरचना (यस प्रेमाख्यान र त्यसकी नायिकाको 'कथासरित् सागर' मा पाइने वत्सराज उदयन र वासवदत्ताको प्रेमाख्यान तथा त्यसकी नायिकासँग कुनै सम्बन्ध छैन) । २. कतिपय कथामा वर्णित एक प्रसिद्ध गायिका । ३. राजा उदयनकी रानी ।

**वास व्यवस्था**– ना० [सं०] बसोबास गर्ने प्रबन्ध; बस्ने ठाउँको बन्दोबस्त ।

**वासस्थान**– ना० [सं०] बसाइको वास्तविक थलो; बसेको ठाउँ; आवासस्थल । २. घर; गृह । ३. आश्रयस्थान; थातथलो ।

**वासित**– वि० [सं०] १. बास्ना आउने गरी तयार गरिएको; सुगन्धित । २. लुगापोसाकले सजाइएको; सज्जित । ३. खनजोत, गोडगाड गरिएको; आबादी (भूमि) । ४. नाम चलेको; प्रसिद्ध । ना० ५. चराचुरुङ्गीहरूको सामूहिक स्वर; कलरव ।

**वासिल**– वि० [अ०] उठतीपुठती भएको; असुल गरिएको; उठाइएको (शुल्क, चन्दा आदि) । ~ **बाँकी**– ना० १. असुल भइसकेको र बाँकी रकमकलमको हरहिसाब । २. स्रेस्तामा लिनेदिने दुवै थरी बसेर हरहिसाब गरी सहीछाप गरेको ठाडो ढपोट । > **वासिलात**– ना० १. असुलउपर भएको रकमकलम; उठाइएको शुल्क वा चन्दा । २. जो भएको सबै आम्दानीको जोड; कुल; आम्दानी । ३. तोकिएको ठाउँबाट उठ्तीपुठ्ती हुनुपर्ने रकमकलमको सूची ।

**वासिष्ठ**– वि० [सं०] हे० वाशिष्ठ ।

**वासी**– वि० [सं०] कुनै ठाउँ बुझाउने शब्दका पछिल्तिर गाँसिएर 'त्यहाँ रहने' वा 'बसोबास गर्ने' भन्ने अर्थ बुझाउने विशेषण (जस्तो– नगरवासी, ग्रामवासी आदि) ।

**वासुकि**– ना० [सं०] अष्टनागमध्येका एक नाग; प्रसिद्ध नागराज ।

**वासुदेव**– ना० [सं०] वसुदेवका पुत्र; कृष्ण ।

**वास्कट**– ना० [अङ्० वेष्ट+कोट] १. कोट, इस्टकोट आदि तयार गर्दा प्रयोगमा ल्याइने एक जातको बाक्लो सूती कपडा । २. इस्टकोट ।

**वास्तव**– ना० [सं०] १. वस्तुतथ्य; यथार्थ कुरा; साँचो भनाइ । वि० २. सत्य; यथार्थ; वास्तविक ।

**वास्तविक**– वि० [सं०] १. वास्तवमा हुने; अस्तित्व वा तथ्यपूर्ण; जस्ताको तस्तो । २. काल्पनिक वा मिथ्याभन्दा भिन्न; सत्य; साँचो । – **ता**– ना० वास्तविक हुनाको भाव वा अवस्था; वस्तुतथ्यता; सत्यता ।

**वास्ता**– ना० [अ० वासित] १. मतलब; सरोकार; प्रयोजन । २. सम्बन्ध; चासो । – **ब्यास्ता**– ना० १. वास्ता आदि; चासो र खोज; खोजीनिधी । २. हेरविचार; हेरचाह ।

**वास्तु**– ना० [सं०] १. घर बनाउन छुट्ट्याइएको भूमि; घडेरी । २. घर बनाउन उठाउँदै ल्याइने जग; घर ठडिने आधारस्तम्भ । ३. घर; वासस्थान; भवन; आवासगृह । ४. नयाँ घरमा प्रवेश गर्दा वा प्रवेश गरेपछि वास्तुदेवताका नाउँमा गरिने पूजाआजा; घरपैँचो । ५. भवननिर्माण गर्ने शिल्प वा कला । ६. भवन, प्रासाद, मन्दिर, घर आदिको सामूहिक नाम । ~ **कर्म**– ना० नयाँ घरमा सर्दा गरिने माङ्गलिक काम; घरपैँचो । ~ **कला**– ना० भवननिर्माण गर्ने शिल्प वा कालिगडी । – **कार**– ना० भवननिर्माणको पेसा अँगाल्ने व्यक्ति; इन्जिनियर । ~ **देवता**– ना० भवनका इष्ट देवता; गृहदेवता । ~ **विज्ञान**– ना० भवननिर्माणको प्रविधि; वास्तुविद्या । ~ **विद्या**– ना० भवन बनाउने शास्त्र; वास्तुकला; गृहनिर्माणको शास्त्र । ~ **शान्ति**– ना० नयाँ घरमा प्रवेश गर्दा गरिने शान्तिस्वस्ति आदि मङ्गलकार्य । ~ **शास्त्र**– ना० वास्तुविद्या ।

**वास्ते**– ना० यो० [अ० वासित] लागि; निम्ति; खातिर ।

**वास्सा**– ना०हे० बास्सा ।

**वाह१**– वि० बो० [फा०] १. राम्रो काम गर्नेलाई स्याबासी दिँदा वा तारिफ गर्दा प्रयोग गरिने शब्द; धन्य । २. खराब काम गर्नेलाई व्यङ्ग्यपूर्वक भनिने तिरस्कारसूचक शब्द ।

**वाह२**– वि० [सं०] १. शब्दको पछाडि जोडिएर बोक्ने, लैजाने, ओसार्ने आदि अर्थ बुझाउने पद । (जस्तो– वारिवाह, जलवाह आदि) । ना० २. परिआएको बखत डोली, भारी आदि बोक्ने एक प्रकारको रकम । ३. लैजाने काम; ओसार्ने काम । ४. बोक्ने साधन; ओसार्ने वस्तु; यान । ५. मानिसलाई बोकी ओसार्ने हात्ती, घोडा, गोरु आदि पशु । > **वाहक**– वि० १. बोकेर पुऱ्याउने; काँधमा वा पिठिउँमा बोकी हिँड्ने । २. रथ, गाडा आदि चलाउने; चालक; हँकुवा; ड्राइभर । ना० ३. भारी बोक्ने पेसा गरी जीविका गर्ने व्यक्ति; भरिया । ४. सबारी हाँक्ने व्यक्ति (सारथि, सबार, ड्राइभर इ०) ।

**वाहन**– ना० [सं०] १. मानिस चढेर हिँड्ने सजीव वा निर्जीव

साधन; सामान ओसार्ने यान; सवारी; यान (घोडा, बग्गी, मोटर, हात्ती आदि) । २. बोकेर लग्ने काम; ओसार्ने काम । ३. भारी बोकेर लग्ने पशु वा अन्य साधन ।

**वाहवाह**– वि० बो० [फा०] १. राम्रो काम गर्दा वा चित्तबुझ्दो काम देख्दा भनिने प्रशंसासूचक शब्द; धन्यधन्य । २. खराब वा निन्दनीय काम गर्नेलाई व्यङ्ग्यपूर्वक तिरस्कार गरेर भनिने शब्द । > **वाहवाही**– ना० वाहवाह भन्ने भाव वा किसिम; प्रशंसा; तारिफ ।

**वाहान्चोट**– ना०हे० बान्चोट ।

**वाहिनी**– ना० [सं०] १. देशको बाह्य शक्तिसँग आवश्यक परेमा युद्ध गर्नसमेत पछि नहट्ने सरकारी शक्ति; सेना; फौज । २. सेनाको एक विभाग । (यस विभागमा ८१ हात्ती, ८१ रथ, २४३ घोडचढी र ४०५ पैदल सैन्य रहन्छन्) । वि० ३. वाहित गर्ने; लग्ने; बगाउने (जस्तो– उत्तरवाहिनी, रक्तवाहिनी आदि) ।

**वाहियात**– वि० [फा०] १. नचाहिँदो; अनावश्यक; फजुल । २. काम नलाग्ने; रद्दी; निकम्मा । क्रि० वि० ३. विनाकारण; निष्प्रयोजन; नाहक । > **वाहियाती**– वि० वाहियात ।

**वाही**– वि० [सं०] १. मालमत्ता बोक्ने; ओसार्ने; वाहक । २. बग्ने; बगाउने; बहाउने ।

**वाहु**– ना० [सं०] पाखुरा; बाहु ।

**विंश**– ना० [सं०] बीस । > **विंशतितम**– वि० बीसौँ ।

**वि**– उप० [सं०] अनेकता, निषेध, विशेषता, प्रतिकूलता आदि बुझाउन मूल शब्दका अगाडि जोडिने उपसर्ग (जस्तो– विपर्याय, विनियोजन, विरोध, विभाग इ०) ।

**विकट**– वि० [सं०] १. डरलाग्दो; भयङ्कर; भीषण । २. अप्ठेरो; कठिन; मुस्किल । ३. जान वा पुग्न नसकिने; दुर्गम । ४. बडेमाको; नसुहाउँदो; भद्दा । ५. ज्यादै नराम्रो; कुरूप । ६. घमन्डी; गर्विलो; अभिमानी । ७. रिसले आँखीभौँ तन्केको; रिसाहा ।

**विकत्थन**– ना० [सं०] आफ्नो पौरख वा यस्तै साहसिक कामबारे स्वयं तारिफ गर्ने आदत; मिथ्या प्रशंसा ।

**विकम्पन**– ना० [सं०] १. थुरथुर काँप्ने काम; कँपाइ; प्रकम्पन । २. हल्लने स्थिति; चलायमान रूप ।

**विकर१**– ना० [सं०] १. श्राद्ध गर्दा अगति परेर मरेका र श्राद्धको पिण्ड खाने अधिकार नपाएका मृत बन्धुबान्धवका निमित्त दिइने पिण्ड वा अन्न । २. बिरामी अवस्था; बिमारी; रोग ।

**विकर२**– ना० [अङ्] १. रसायनविज्ञान आदिमा प्रयुक्त हुने शैक्षिक सामग्री । २. पानी थाप्ने काममा वा यस्तै प्रायोगिक परीक्षण गर्दा उपयोग गरिने साधन ।

**विकराल**– वि० [सं०] १. डरलाग्दो; भयङ्कर; भीषण । २. ज्यादै ठूलो; विशाल । ३. उग्र; प्रचण्ड ।

**विकर्तन**– ना० [सं०] १. बाबुको राज्य खोसेर राजा हुने छोरो । २. सूर्य । वि० ३. कत्रने । ४. काट्ने; टुक्र्याउने ।

**विकर्म**– ना० [सं०] १. अनुचित वा निषद्ध काम । २. विभिन्न किसिमको काम; विविध कर्म । ३. अधर्म; पाप । वि० ४. निषिद्ध कर्म गर्ने; कुकर्मी । ~ **क्रिया**– ना० निषिद्ध कर्म । > **विकर्मा**– वि० निषिद्ध कर्म गर्ने ।

**विकर्ष**– ना० [सं०] १. तान्ने वा घिच्च्याउने काम । २. बाण । > **विकर्षण**– ना० १. छुट्टयाउने काम । २. उल्टो तनाइ । विप० आकर्षण । ३. कामदेवका पाँच बाणमध्ये एक । ४. परीक्षण; जाँच ।

**विकल**– वि० [सं०] १. मनमा शान्ति नभएको; व्याकुल; विह्वल । २. सन्तोष नभएको; असन्तुष्ट; क्षुब्ध । ३. टुटे-फुटेको; भाँचिएको; भताभुङ्ग । ४. पूरा नभएको; अपूर्ण; अधुरो । ५. कम भएको; नपुगेको; घटेको ।

**विकलन**– ना० [सं०] १. कसैको नाउँमा गएको रकमकलम उसकै नाउँको खर्चखातामा लेख्ने काम । २. आय वा व्ययको थपघटसम्बन्धी विवरण जनाउने स्रेस्ताको अभिलेख ।

**विकला**– ना० [सं०] १. चन्द्रमाको कलाको साठीयौँ भाग; चन्द्रमाको एक कला । २. कलाको साठी भागको एक भाग । ३. रजस्वला हुन छाडेकी स्त्री । ४. वाग्दत्ता तर अविवाहिता नारी; वाग्दान भएपछि केटो मरेर विधवातुल्य भएकी स्त्री; वैकल्या ।

**विकलाङ्ग**– वि० [सं०] शरीरको कुनै अङ्ग साबुद नभएको; अङ्गभङ्ग भएको; अपाङ्ग ।

**विकलीकृत**– वि० [सं०] १. हातखुट्टा भाँचिएर वा अन्य कुनै अङ्ग विकृत भएर असमर्थ भएको । २. अङ्गभङ्ग गराई काम गर्न नसक्ने पारिएको । ३. मानसिक अस्वस्थता र बेचैनीले गर्दा सामान्यतः विह्वल भएको ।

**विकल्प**– [सं०] १. पहिले कुनै कुरा सोचेर फेरि त्यसका विपरीत अर्कै कुरा सोच्ने काम; पूर्वविचारलाई त्यागेर लिइएको नयाँ विचार । २. दुई वा बढी विषयमध्ये कुनै एक विषय छान्ने काम; अथवा । ३. व्याकरणका विषयगत विभिन्न नियममध्ये एउटा नियम स्वीकार गर्ने काम । ४. अन्यौल; भ्रान्ति; भ्रम । ५. योगशास्त्रका अनुसार मनमा सन्देह पैदा हुने चित्तवृत्ति । ६. परस्परविरोधी कुनै दुई विषयलाई लिएर यो अथवा त्यो भन्दा पर्ने अर्थालङ्कार । > **विकल्पन**– १. दुई वा त्योभन्दा धेरै वस्तुमध्ये कुनै एकलाई रोज्ने काम; विकल्प । २. अनिश्चय; सन्देह । ३. नचाहिँदो खालको तर्कवितर्क । **विकल्पित**– वि० १. निश्चय नभएको; अनिश्चित; सन्दिग्ध । २. नियमको अनुसरण नगर्ने; अनियमित ।

**विकसन**– ना० [सं०] १. फूलको कोपिला अवस्थाबाट फक्रेको अवस्थामा पुग्ने काम; प्रफुल्लता । २. अगाडि बढ्ने काम; उन्नति ।

**विकसित**– वि० [सं०] १. फक्रेको; फुलेको; प्रफुल्ल । २. खुसी भएको; प्रसन्न । ३. वृद्धि भएको; हल्केको ।

**विकस्वर**– वि० [सं०] १. फुलेको; विकसित । २. चम्किलो; टलकदार; झलमलाउँदो । ना० ३. विशेष कुरालाई सामान्य कुराले पुष्टि गर्दा पर्ने एक काव्यालङ्कार ।

**विकार**– ना० [सं०] १. कुनै वस्तु वा पदार्थको रूप, गुण आदिमा

आउने परिवर्तन; रूपान्तरण । २. बिग्रेको स्थिति; खराब भएको अवस्था । ३. अदलबदल; हेरफेर; परिवर्तन । ४. पूर्वविचार, मान्यता र विश्वास आदिमा देखा पर्ने अदलाबदली । ५. अनिष्ट कुरा वा पापकर्मतिर चित्तवृत्ति लाग्ने काम । ६. अरूलाई जानेर वा नजानेर बिगार गर्ने काम । > **विकारी–** वि० १. कुनै किसिमको विकार पैदा भएको; विकारयुक्त । २. बदलिने स्वभावको; परिवर्तनशील । ३. मनमा राग, द्वेष आदि विकार उत्पन्न भएको । ना० ४. साठी संवत्सरमध्येको एक संवत्सर ।

**विकाश–** ना० [सं०] १. देखाउने काम; प्रकटीकरण; प्रदर्शन । २. उज्यालो; प्रकाश; चहक । ३. फैलावट; विस्तार । ४. बढ्ती; वृद्धि । ५. आकाश । ६. आकाङ्क्षा; उत्सुकता । > **विकाशी–** वि० १. प्रकट हुने; देखिने । २. फुल्ने; खुल्ने ।

**विकास–** ना० [सं०] १. क्रमशः बढ्दै वा सुध्रिँदै गएको स्थिति; उन्नति । २. उत्तरोत्तर प्रगति; क्रमिक परिवर्तन । ३. हुर्केको वा सप्रेको अवस्था; वृद्धि । ४. फूल आदिको फुलाइ । ५. विस्तार; फैलावट । ~ **ऋण–** ना० सरकारका तर्फबाट अनुमतिप्राप्त ब्याङ्क वा संस्थाबाट विकासखर्चका लागि निर्धारित समयमा फिर्ता दिने प्रतिज्ञापनसहित तोकिएको ब्याज दिने गरी उठाइने ऋण । ~ **कार्य–** ना० देशको विकास वा उन्नति गर्ने काम; निर्माणकार्य । ~ **खर्च–** ना० विकासका कार्यमा गरिने सरकारी खर्च । ~ **बजेट–** ना० विकासका कार्यहरूसँग सम्बन्धित बजेट; विकास-योजनासम्बन्धी आयव्यय । ~ **मूलक–** वि० विकासलाई प्रमुख प्राथमिकता दिइएको; विकास नै प्रधान लक्ष्य भएको । ~ **योजना–** ना० देशको चौतर्फी विकासका लागि अल्पकालीन वा दीर्घकालीन अवधि तोकेर सरकार वा सम्बद्ध निकायबाट गरिने नीति-तर्जुमा वा पूर्वयोजना । – **वाद–** ना० एउटै मूल तत्त्वबाट वनस्पति, वृक्ष, जीवजन्तु आदि क्रमशः बढ्दै आएका हुन् भन्ने एक वैज्ञानिक सिद्धान्त; डार्बिनद्वारा प्रतिपादित प्राणीहरूको उत्पत्ति र विकाससम्बन्धी भौतिक सिद्धान्त । – **वादी–** वि० विकासवादको अनुयायी । – **शील–** वि० क्रमशः विकास हुँदै गएको । > **विकासित–** वि० १. फैलाइएको; विस्तारित । २. फुलेको; विकसित । ३. देखाइएको; प्रदर्शित । **विकासी–** वि० १. विकास हुने वा गर्ने; विकास भएको; विकसित । २. विकास गराउने । ३. विकासशील । **विकासे–** वि० वैज्ञानिक प्रविधिबाट विकास गरिएको; उन्नत । **विकासोन्मुख–** वि० १. विकासकार्यमा अघि सरेको; भर्खरभर्खर विकास हुन लागेको; विकासतिर लम्केको (देश) । २. अविकसित र विकसित अवस्थाको दोसाँधमा रहेको; अल्पविकसित ।

**विकिरण–** ना० [सं०] १. छर्ने वा फिँजाउने काम । २. मार्ने काम; हिंसा । ३. बोध; ज्ञान । ४. छरिएका धेरै किरणलाई एकै ठाउँमा समेटेर केन्द्रित गर्ने काम । ५. विभिन्न असाधारण किरण; जस्तै– क्ष-किरण, अल्फाकिरण आदिको उत्पत्ति हुने क्रिया ~ **उपचार–** ना० विकिरणको प्रयोग गरेर रोगको उपचार गर्ने प्रक्रिया । ~ **चित्र–** ना० विकिरणको प्रयोगद्वारा लिइने चित्र । ~ **प्रविधि–** ना० विकिरणद्वारा कुनै वस्तुको चित्र उतार्ने प्रक्रिया । ~ **विज्ञान–** ना० विद्युत्कणीय विकिरणसम्बन्धी अध्ययन गरिने विज्ञान ।

**विकीर्ण–** वि० [सं०] १. छरिएको; छरपुस्टिएको; फिँजिएको; २. फिँजाइएको । ३. प्रसिद्ध; विख्यात ।

**विकुञ्चन–** ना० [सं०] खुम्च्याउने वा मोड्ने काम ।

**विकुञ्चित–** वि० [सं०] खुम्चिएको; झोल्लिएको; चाउरी परेको ।

**विकृत–** वि० [सं०] १. बिग्रेको; विकार पैदा भएको; विकारयुक्त । २. अदलबदल भएको; हेरफेर हुन पुगेको; परिवर्तित । ३. अस्वाभाविक; अप्राकृतिक । ४. अधुरो; अपुरो । ५. रूप बिग्रेको; अङ्गभङ्ग भएको; कुरूप; भद्दा । > **विकृतावस्था–** ना० १. बिग्रेको वा अङ्गभङ्ग भएको स्थिति । २. रोगग्रस्त अवस्था ।

**विकृति–** ना० [सं०] १. स्वाभाविक वा प्राकृतिक रूपबाट भिन्न खालको रूप; नसुहाउँदो आकृति; कुरूप । २. विकार; बिगार; खराबी । ३. परम्परागत मान्यता, धारणा वा विश्वासमा आएको परिवर्तन । ४. व्याकरणमा मूल धातुबाट विकृत भई बनेको शब्दरूप; अपभ्रंश । ~ **विज्ञान–** ना० शारीरिक विकारबाट हुने रोगको विवेचना गरिएको शास्त्र; रोगविज्ञान ।

**विकेन्द्रीकरण–** ना० [सं०] १. शासनको शक्ति वा सत्ता केन्द्रीय स्तरमा मात्र सीमित नगरी अञ्चल, जिल्ला र गाउँ तहसम्म प्रत्यायोजन गर्ने काम । २. स्थानीय समस्याहरू सुल्झाई समुचित रूपमा प्रशासन चलाउन सकियोस् भन्ने उद्देश्यले हुने सरकारविषयक कार्य तथा उत्तरदायित्वको स्थानीय सरकारमा विभाजन ।

**विक्रम–** ना० [सं०] १. पराक्रम; बहादुरी; वीरता । २. तागत; सामर्थ्य; शक्ति । ३. हिँडाइको प्रत्येक अडान; कदम । ४. साठी संवत्सरमध्ये एक । ५. विष्णु; ईश्वर । ६. विक्रमसंवत् चलाउने प्रसिद्ध एक राजा; विक्रमादित्य । ७. विक्रमादित्यले प्रचलनमा ल्याएको संवत्; विक्रमसंवत् । ~ **संवत्–** ना० विक्रमादित्यले चलाएको संवत्; नेपालमा चलेको संवत्; विक्रमाब्द । > **विक्रमादित्य–** ना० १. विक्रमसंवत्का प्रवर्तक एक शक्तिशाली राजा । २. भारतका गुप्तवंशीय सम्राट् चन्द्रगुप्तको उपाधि । **विक्रमाब्द–** ना० विक्रमसंवत् । **विक्रमी–** वि० १. पराक्रमी; वीर । २. विक्रमादित्यसम्बन्धी । ना० ३. विक्रमसंवत् । **विक्रमीय–** वि० १. पराक्रमसम्बन्धी । २. विक्रमादित्यसँग सम्बन्धित । ३. विक्रमसंवत्को ।

**विक्रय–** ना० [सं०] मूल्य लिएर कुनै वस्तु दिने काम; बिक्री । ~ **कर–** ना० बिक्रीको मूल्यका आधारमा सरकार वा अनुमतिप्राप्त संस्थाले उठाउने शुल्क । ~ **पञ्जी–** ना० प्रतिदिनको बिक्री आदिको विवरण लेख्ने बही । ~ **पत्र–** ना० मालसामान बिक्री गर्दा त्यसको विवरण, दर, मोल आदि लेखिएको कागजात (क्यासमेमो) । ~ **लेख–** ना० घर वा जग्गाजमिन आदिको

सुक्रीबिक्रीमा बेहोरा, सर्त आदि लेखिएको कागजात; राजीनामा । > **विक्रयार्थ–** वि० बिक्रीका निम्ति राखिएको वा पठाइएको; बिक्री गरिने; बेचिने । **विक्रयी–** वि० १. बिक्री गर्ने; बेच्ने । ना० २. व्यापार गर्ने व्यक्ति; व्यापारी; साहू ।

**विक्रान्त–** वि० [सं०] १. आँट भएको; हिम्मती; साहसी; पराक्रमी; वीर । २. विजय गर्ने; विजेता; जित्ने । ना० ३. कदम; पाइलो । ४. युद्ध गर्ने व्यक्ति; योद्धा । ५. सिंह । ~ **गति–** ना० राम्रो चालले हिँड्ने व्यक्ति; सुन्दर हिँडाइ भएको प्राणी ।

**विक्री–** ना० [सं०] १. मोल लिएर कुनै वस्तु उसकै भोगचलनका लागि दिने काम; बेच्ने काम; विक्रय; बिक्री । २. एक वस्तु दिएर त्यसको बदलामा अर्को वस्तु लिने काम; विनिमय । ~ **कर–** ना० कुनै मालसामान बिक्री गर्दा मूल्यका आधारमा लाग्ने वा उठाइने शुल्क । > **विक्रीत–** वि० बिक्री भएको; बेचिएको । – **नामा–** ना० चलअचल सम्पत्ति बिक्री गर्दा लेखिएको कागत ।

**विक्रेता–** ना० [सं०] १. बिक्री गर्नाका लागि किन्ने संस्था । २. बेच्ने मानिस । वि० ३. बिक्री गर्ने; बेच्ने ।

**विक्रेय–** वि० [सं०] १. बिक्री गर्न लायक; बेच्न योग्य । २. बिक्री गर्न राखिएको; बिक्री हुने ।

**विक्षत–** वि० [सं०] १. चोटपटक लागेको; घाइते; घायल । ना० २. घाउ; चोटपटक; चोट ।

**विक्षरण–** ना० [सं०] लगातार चुहुने काम; प्रस्रवण ।

**विक्षिप्त–** वि० [सं०] १. दिमाग ठेगानमा नभएको; बहुलाएको; पागल । २. आत्तिएको; आकुल; व्यग्र । ३. यताउति छिरलिएको; छित्रिएको; छरिएको । ४. त्याग गरिएको; छोडिएको; त्यक्त । ५. फ्याँकिएको; मिल्काइएको ।

**विक्षुब्ध–** वि० [सं०] मनमा स्थिरता वा शान्ति नभएको; अतालिएको; ज्यादै क्षुब्ध ।

**विक्षेप–** ना० [सं०] १. यताउति छर्कने काम; छिरल्ने काम । २. हुत्त्याउने काम; फ्याँक्ने प्रक्रिया । ३. चित्त स्थिर नहुने स्थिति; विह्‌वलता; घबराहट । ४. विघ्न; बाधा । > **विक्षेपण–** ना० १. फ्याँक्ने काम; हुत्त्याउने काम । २. फिँजाउने काम; फैलावट । ३. अड्काउ; अवरोध । ४. घबराहट; अत्यास ।

**विक्षोभ–** ना० [सं०] १. मनको अस्थिरता वा अशान्ति; मानसिक उद्‌वेग । २. कुनै नराम्रो घटनाले वा सम्भावित त्रासले गर्दा मनमा पैदा हुने विकार; आतङ्क; घबडाहट ।

**विखण्डन–** ना० [सं०] १. कुनै वस्तु खण्डखण्ड वा टुक्राटुक्रा हुने क्रिया वा स्थिति । २. चट्टानहरू टुक्रिने वा चर्किने प्रक्रिया ।

**विखण्डित–** वि० [सं०] १. खण्डखण्ड पारिएको; टुक्राटुक्रा बनाइएको; खण्डित । २. अंशभाग लगाइएको; विभाजित । ३. घाइते पारिएको; अङ्गभङ्ग गरिएको । ४. खण्डन गरिएको (तर्क) ।

**विख्यात–** वि० [सं०] नाम चलेको; प्रसिद्ध । > **विख्याति–** ना० विख्यात हुनाको भाव वा अवस्था; प्रसिद्धि ।

**विगठन–** ना० [सं०] १. कुनै वस्तु पग्लँदै जाने काम; द्रवीभवन । २. सामूहिक अवस्थितिबाट टुक्राटुक्रा गरी छुट्टिँदै जाने काम; अलग्याइ ।

**विगत–** वि० [सं०] १. बितेको; गएको; अतीत । २. बितेको समयभन्दा पहिलेको; गत समयभन्दा पनि पुरानो । ३. बिछोड भएको; अलग्गिएको; वियुक्त । ४. मरिसकेको; मृत । ५. नभएको; रहित; विहीन । ~ **राग–** वि० सांसारिक मायामोह नभएको; राग वा वासना छुटेको; विरक्त ।

**विगति–** ना० [सं०] खराब गति; दुर्गति; दुर्दशा ।

**विगलन–** ना० [सं०] १. पग्लने वा गल्ने काम; द्रवीभवन । २. चुहुने काम; क्षरण । ३. कमजोरी; शिथिलता । – **शीलता–** ना० पग्लने वा गल्ने स्वभाव ।

**विगलित–** वि० [सं०] १. चुहिएको; तप्केको । २.पग्लेको; गलेको ।

**विग्रह–** ना० [सं०] १. छुट्ट्याउने काम; अलग्ग्याउने काम । २. कलह; झगडा; विद्वेष । ३. टुक्रा; खण्ड; विभाग । ४. व्याकरणका नियमअनुसार यौगिक शब्द, समस्त पद र वाक्य आदिको व्याख्या गर्नाका निम्ति तिनलाई अलगअलग पार्ने वा छुट्ट्याउने काम । ७. राजनीतिशास्त्रमा प्रचलित षाड्‌गुण्यमध्ये एक । ८. आकार; रूप; आकृति । > **विग्रही–** वि० १. झगडा गर्ने; झगडिया । २. प्राणी; शरीरी । ३. छुट्ट्याउने; अलग्याउने ।

**विघटन–** वि० [सं० विघट्टन] १. कुनै सङ्घसंस्था, अधिवेशन आदिलाई भङ्ग वा अन्त गर्ने काम; खारेजी । २. नाश; खतम; समाप्ति । ३. अलगअलग पार्ने काम; छुट्ट्याउने काम । ४. तहसनहस पार्ने काम । ५. फोर्ने वा तोड्ने काम ।

**विघटित–** वि० [सं०] १. विघटन गरिएको; भङ्ग गरिएको; खारेज गरिएको (सङ्गठन आदि) । २. अलग्याइएको; छुट्ट्याइएको । ३. तहसनहस पारिएको; छिन्नभिन्न गरिएको । ४. तोडफोड गरिएको; फोरिएको ।

**विघट्टन–** ना० [सं०] १. घोट्ने वा रगड्ने काम; पिँधाइ । २. उघार्ने वा खोल्ने काम । ३. अलग्याउने वा छुट्ट्याउने काम । > **विघट्टनीय–** वि० विघट्टन गर्न योग्य ।

**विघत–** ना० [सं० विघात] १. दुष्टयाइँ; उपद्रो । २. नोक्सानी; हानि ।

**विघात–** ना० [सं०] १. घाउखटिरा; आघात । २. हत्या; वध; मार । ३. टुक्र्याउने काम; छिन्नभिन्न गराउने कार्य । ४. रोक्ने प्रयास; बचावट । > **विघाती–** १. बाधा पुऱ्याउने; काम पूरा हुन नदिने; प्रतिबन्धक । २. हत्यारा; घातक ।

**विघ्न–** ना० [सं०] १. कुनै कामको थालनीमा वा बीचमा सो काम नै बिथोल्ने गरी आइपरेको घटना; अपशकुन । २. बाधाअड्चन; अड्काउ; रोकावट । ३. विरोध; शत्रुता । – **कारी–** वि० विघ्न पुऱ्याउने; उपद्रव गर्ने; काम बिथोल्ने । ~ **विघात–** ना० विघ्नबाधालाई हटाउने काम; बाधाअड्काउको निराकरण ।

**विचक्षण**– वि० [सं०] १. कुनै विषयको विशेषज्ञ;निपुण । २. बुद्धिमान्; चतुरो; चलाक । ३. ज्ञानगुन भएको; विद्वान्; पण्डित । ४. चम्किलो; चहकदार । – **ता**– ना० विचक्षण हुनाको भाव वा स्थिति; वैचक्षण्य ।

**विचयन**– ना० [सं०] १. जम्मा गर्ने काम; एकत्र गर्ने क्रिया । २. गवेषणा; खोजी ।

**विचरण**– ना० [सं०] १. घुमफिर गर्ने काम; भ्रमण; हिँडडुल । २. निश्चित ठाउँमा पुग्न हिँड्ने काम; गमन । वि० ३. चरण वा पाउ नभएको (छन्द, व्यक्ति आदि) ।

**विचरित**– वि० [सं०] १. घुमफिर गरेको; यताउति घुमेको । ना० २. भ्रमण; विचरण; पर्यटन ।

**विचलन**– ना० १. काँप्ने काम; कम्पन । २. अस्थिरता; चञ्चलता । ३. अहङ्कार । ४. अवैध रूपबाट सरसामान आयातनिर्यात गरी गरिने व्यापार आदि काम । ५. आफ्नो पुरानो ठाउँ छाडेर अरू ठाउँमा पुग्ने क्रिया ।

**विचलित**– वि० [सं०] १. आफ्नो लक्ष्य, स्थान आदिबाट हटेको; कर्तव्यबाट च्युत । २. चञ्चल; अस्थिर । ३. तर्सेको; आत्तिएको ।

**विचार**– ना० [सं०] १. कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने काम; मनमनै गरिने चिन्तन; मनन । २. मनले सोचेको वा सोचेर टुङ्गो लगाएको कुरो; सङ्कल्प; ठहर । ३. मनको सोचाइ; मनको अनुभूति । ४. तत्त्व-परीक्षा; तात्त्विक तर्कवितर्क । ५. वादी र प्रतिवादीका प्रमाण बुझेर सम्बन्धित क्षेत्रबाट मुद्दा छिन्ने काम; फैसला । ६. सत्य र असत्य कुरा छुट्ट्याउने बुद्धि; विवेक । ७. रेखदेख; हेरविचार । क्रियापुत्रीलाई बन्धुवर्गका तर्फबाट खान दिइने सिधा; घोत । ९. शोकमा परेका व्यक्तिलाई सम्झाई बुझाई सान्त्वना दिने काम । – **पति**– ना० न्यायाधीश । > **विचारक**– वि० १. सोचविचार गर्ने; मनन गर्ने । २. दार्शनिक; मीमांसाशास्त्रमा निपुण; मीमांसक । ना० ३. न्यायाधीश । ४. नायक । ५. गुप्तचर । ~ **गोष्ठी**– ना० कुनै विषयबारे आपसी विचारको आदानप्रदान गर्ने बैठक; सेमिनार । – **ज्ञ**– वि० १. न्यायाधीश । वि० २. विचार पुऱ्याउनमा कुशल । **विचारणीय**– वि० १. सोच्न लायक; विचार गर्नुपर्ने; चिन्तनीय । २. शङ्कास्पद; सन्दिग्ध । – **धारा**– ना० १. विचारको शृङ्खला; सोचसमझ; सल्लाह; सुझाउ । २. कुनै राजनीतिक वा आर्थिक सिद्धान्तसँग सम्बन्धित विचारप्रवाह । ३. आनुवंशिक वा परम्पराप्राप्त सोचाइ । – **वान्**– वि० विचार भएको; सोच्न सक्ने; बुद्धिमान् । ~ **विमर्श**– ना० १. परम्परामा विचार वा तर्कहरूको आदानप्रदान गर्ने काम; छलफल; सरसल्लाह । २. पक्षविपक्षमा गएर सोच्ने शक्ति । – **शील**– वि० राम्ररी सोचविचार गर्ने क्षमता भएको; मननशील । ~ **सरणी**– ना० विचारको प्रवाह;सोचाइको तहतह । – **स्थल**– ना० १. कुनै समस्या वा विषयबारे विचार गर्ने ठाउँ । २. अदालत; न्यायालय । ~ **स्वातन्त्र्य**– ना० परिआएको समस्या वा विषयका बारेमा आफ्नो अनुकूल सोचविचार गर्ने र आफ्नो मनको आशय प्रकट गर्ने स्वतन्त्रता । **विचारात्मक**– विचारले युक्त; विचार पुऱ्याएर गरिएको । **विचाराधीन**– वि० कुनै कामकुराबारे विशेष सोचविचार पुऱ्याउन बाँकी राखिएको; विचार पुऱ्याएर टुङ्गोमा पुग्न भनी छुट्ट्याइएको (विषय) । ~ **विचारार्थ**– वि० विचारविमर्शका लागि बाँकी राखिएका; सरसल्लाह गरेर टुङ्गोमा पुग्न बैठक आदिमा राखिएको । ~ **विचारास्पद**– वि० विचार पुऱ्याउनुपर्ने; विचारणीय । ~ **विचारित**– वि० मनन गरिएको; सोचविचार पुऱ्याइएको; सोचिएको । ~ **विचारी**– वि० १. विचारगर्ने; चिन्तक; विचारक । २. घुमफिर गर्ने । ना० ३. मुद्दामामिलाको निचोडखिचेर न्यायाधीशलाई अवगत गराउने वा मिसिलमा रहेका कुरा यथार्थ सुनाउने खरदारसरहको एक अदालती पद वा दर्जा । ~ **विचारोद्दीपक**– वि० विचार उत्तेजित गराउने; सोच्न लगाउने ।

**विचालन**– ना० [सं०] १. हल्लाउने काम; कम्पन पैदा गराउने काम । २. एक ठाउँको वस्तुलाई अर्को ठाउँमा पुऱ्याउने काम; विस्थापन ।

**विचित्र**– वि० [सं०] १. धेरै रङ्ग भएको; अनेक रङ्गको; रङ्गीचङ्गी; रङ्गीबिरङ्गी । २. कतैकहीँ नदेखिएको; अनौठो; अद्भुत; विलक्षण । ३. सामान्यभन्दा परको; असाधारण । ४. राम्रो; सुन्दर; मनोहर । ना० ५. उल्टो किसिमबाट फल सिद्ध गर्दा पर्ने एक अर्थालङ्कार । > **विचित्रक**– वि० १. अनौठो; अद्भुत; विलक्षण । ना० २. आश्चर्य; ताजुब । ३. भोजपत्रको रूख; भोजपत्र । ४. अशोकवृक्ष । – **शाला**– ना० ऐतिहासिक र पुरातात्त्विक वस्तुहरूको सङ्ग्रह रहेको भवन; सङ्ग्रहालय; म्युजियम; अजायबघर । **विचित्रित**– वि० धेरै रङ्ग भएको; रङ्गविरङ्गको; रङ्गीचङ्गी ।

**विचिन्तन**– ना० [सं०] मनमा कुरा खेलाइरहने काम; चिन्ता; फिक्री । २. मानसिक तर्कवितर्क; सोचविचार । > **विचिन्तनीय**– वि० विचार गर्न लायक; मननयोग्य; विचारणीय ।

**विचिन्त्य**– वि० [सं०] १. विशेष किसिमले चिन्ता गर्नुपर्ने; चिन्तनीय; शोचनीय । २. राम्रो किसिमले हेरविचार गरिएको; रेखदेख गरिएको । ३. सन्देहयुक्त; शङ्कास्पद ।

**विचूर्ण**– वि० [सं०] राम्रोसँग पिँधी धूलो पारिएको; मसिनो तुल्याइएको ।

**विचेत**– वि० [सं०] १. चेत वा होस नभएको; सुद्धी हराएको; बेहोस । २. मरेको; मुर्दा; मृत । ३.विवेक नभएको; मूर्ख; मूढ । > **विचेतन**– वि० १. चैतन्य गुमेको; होस वा चेत नभएको; बेहोस; अचेत । २. बिर्सने आदत भएको; विस्मरणशील । ३. विवेक हराएको; मूर्ख । ना० ४. चेतनारहित हुने भाव वा क्रिया; संज्ञाशून्य स्थिति; निश्चेतन ।

**विचेष्ट**– वि० [सं०] १. चेष्टा नभएको; संज्ञाहीन; निश्चेष्ट; बेहोस । २. चल्नचलबलाउन नसक्ने; अचल; स्थिर । – **ता**– ना० संज्ञाहीनता; गतिशून्यता । > **विचेष्टित**– वि० १.प्रयास गरिएको;

मेहनत पुऱ्याइएको । २. खोजतलास गरिएको; खोजी भएको । ३. विचार नपुऱ्याई गरिएको ।

**विच्छन्द–** वि० [सं०] १. छाँट नमिलेको; नसुहाउँदो । २. छन्द नमिलेको; छन्द न बन्दको । ३. धेरै किसिमका छन्द भएको; विविध छन्दको (महाकाव्य आदि) । ना० ४. धेरै लङ, खण्ड वा कोठा भएको ठूलो भवन ।

**विच्छित्ति–** ना० [सं०] १. अलग्ग्याउने वा छुट्ट्याउने काम; विच्छेद; अलग्ग्याइ । २. कमी; न्यूनता; अधूरोपन । ३. स्त्रीको शृङ्गारप्रिय हाउभाउ; नारीको चेष्टाभेद । – **विशेष–** ना० १. अङ्गराग । ३. स्त्रीको आकर्षक चेष्टा; हाउभाउ ।

**विच्छिन्न–** वि० [सं०] छिन्नभिन्न पारिएको; काटेर छुट्ट्याइएको; टुक्राटुक्रा बनाइएको । २. तहसनहस पारिएको; फाँडिएको ।

**विच्छेद–** ना० [सं०] १. अलग्ग्याउने काम; सम्पर्कहीनता । २. काटेर टुक्राटुक्रा पार्ने काम; टुक्र्याइएको स्थिति । ३. सिलसिलाको अभाव; क्रमभङ्ग । ४. बिछोड; वियोग । ५. बरबादी; नाश; खतम । > **विच्छेदक–** वि० छिन्नभिन्न पार्ने; टुक्र्याउने; सम्पर्क टुटाउने । **विच्छेदन–** ना० १. प्वाल पार्ने वा छेड्ने काम; रोपण । २. काटेर टुक्र्याउने वा छुट्ट्याउने काम । ३. बिछोड; अलग्याइ; वियोग । ४. चट्टान फुस्रिने चाल । **विच्छेदनीय/विच्छेद्य–** वि० काटेर एकएक गरी टुक्र्याउन लायक; छुट्ट्याउन योग्य ।

**विजन–** वि० [सं०] १. केही पनि नभएको; निर्जन । २. कोलाहल नभएको; मानिसको आवागमन नहुनाले हल्ला नभएको; एकान्त । ना० ३. निर्जन ठाउँ; एकान्त स्थल ।

**विजय–** ना० [सं०] १. लडाइँमा शत्रुपक्षलाई हराउने काम; युद्धमा हुने जित । २. वादविवाद, प्रतियोगिता, बाजी आदिमा पाएको सफलता वा जित; जय; जितबाजी । ३. साठी संवत्सरमध्ये एक । ~ **चिह्न–** ना० युद्ध, प्रतियोगिता आदिमा जित भएको चिनो; विजयको चिन्नल । ~ **डिण्डिम–** हे० विजय दुन्दुभि । – **दुन्दुभि–** ना० लडाइँका समयमा जित भएपछि बजाइने एक किसिमको प्राचीन बाजा । ~ **पताका–** ना० लडाइँमा शत्रुपक्षलाई हराएर जित भएपछि फहराइने झन्डा वा ध्वजा; विजयसूचक चिह्न । ~ **मुहूर्त–** ना० १. काम सुरु गर्न ज्योतिषशास्त्रले दिएको माङ्गलिक समय वा क्षण । २. युद्धमा जाँदा लडाइँ जित्न उत्साह दिने प्रस्थानसमय । ~ **यात्रा–** ना० शत्रुपक्ष वा यस्तै विपक्षलाई जित्ने कामनाले गरिने यात्रा वा प्रस्थान; प्रतियोगिता, युद्ध आदिमा विजय प्राप्त भएपछि गरिने उत्सव । ~ **लक्ष्मी–** ना० युद्ध आदिमा विजय दिलाउने देवी; विजयश्री । – **शाल–** ना० ज्यादै बलियो काठ हुने एक जातको रूख; विजयसार । ~ **श्री–** ना० विजयलक्ष्मी । – **सार–** ना० विजयशाल । – **सिद्धि–** ना० युद्ध आदि जितेको सम्झनामा खडा गरिएको स्मारक वा स्तम्भ; रणस्तम्भ; जयस्तम्भ ।

**विजया–** ना० [सं०] १. दुर्गा भवानी; देवी । २. दुर्गा वा पार्वतीकी सखी । ३. युद्ध आदिमा विजय प्राप्त गरेपछि मनाइने उत्सव; विजयोत्सव । ४. विजयादशमी; दसैँ । ~ **दशमी–** ना० १. आश्विन शुक्ल दशमी । २. त्यस दिन नवदुर्गाको प्रसाद आदि लगाई हिन्दूहरूले मनाउने उत्सव; दसैँ; दसैँको टीकाको दिन । ~ **होम–** ना० सन्न्यास लिँदा गर्नुपर्ने धार्मिक कर्म ।

**विजयार्थी–** वि० [सं०] विजय चाहने; जित्न इच्छुक ।

**विजयास्त्र–** ना० [सं०] युद्धमा विजय दिलाउने हतियार वा अस्त्र ।

**विजयी–** वि० [सं०] १. विजय प्राप्त गर्ने; जित्ने; विजेता । ना० २. युद्ध, खेलकुद, वादविवाद आदिमा विजय प्राप्त गर्ने व्यक्ति ।

**विजयोत्सव–** ना० [सं०] १. विजय प्राप्त गरेपछि त्यस उपलक्ष्यमा मनाइने उत्सव; विजयको उल्लासमय वातावरण । २. विजयादशमीका दिन मनाइने उत्सव; दसैँ ।

**विजयोपहार–** ना० [सं०] विजयको स्मृतिस्वरूप दिइने वा राखिने वस्तु, उपहार (सिल्ड, कप इ०) ।

**विजल–** वि० [सं०] १. पानी नभएको; जलरहित; निर्जल । ना० २. पानी नभएको अवस्था; वर्षाको अभाव; खडेरी; सुक्खा ।

**विजल्प–** ना० [सं०] १. साँचोझूटो वा भएनभएको उटपटाङ कुरा; बकवाद । २. दुष्टतापूर्ण कुराकानी; ईर्ष्यापूर्ण वार्तालाप । > **विजल्पित–** वि० १. भनिएको । २. बकबक गरिएको ।

**विजात–** वि० [सं०] १. पैदा भएको; जन्मेको; उत्पन्न २. जात नमिल्दा बाबुआमाबाट पैदा भएको; वर्णसङ्कर; ठिमाहा । ३. अर्कै रूपमा बदलिएको; परिवर्तित ।

**विजाति–** वि० [सं०] १. अर्कै जातको; भिन्न जातिको । २. भिन्न किसिमको; अर्कै खालको । ना० भिन्न जाति; अर्कै वर्ग । > **विजातीय–** वि० अर्कै जातको; फरक जात भएको; भिन्नजातीय ।

**विजिगीषा–** ना० [सं०] जित्ने इच्छा; विजय प्राप्त गर्ने चाहना । > **विजिगीषु–** वि० १. विजिगीषाको चाहना गर्ने; जित्न इच्छुक । २. निर्वाचन, प्रतियोगिता आदिमा विशिष्ट किसिमले विजयी हुन चाहने (महत्त्वाकाङ्क्षी व्यक्ति) ।

**विजित–** वि० [सं०] अरूबाट जितिएको; हारेको; पराजित ।

**विजेतव्य–** वि० [सं०] जित्न लायक; जित्न सकिने ।

**विज्ञ–** वि० [सं०] १. विशेष रूपले जान्ने; जानिफकार;पोख्त । २. विद्वान्; पण्डित । ३. समझदार; विवेकी; बुद्धिमान् । ना० ४. विशेषज्ञता हासिल गरेको व्यक्ति । – **ता/त्व–** ना० १. विज्ञ हुनाको भाव वा स्थिति; विशेषज्ञता । २. बुद्धिमानी ।

**विज्ञप्त–** वि० [सं०] १. भनिएको; बताइएको; सूचित । २. विज्ञापन गरिएको; प्रचारप्रसारमा ल्याइएको ।

**विज्ञप्ति–** ना० [सं०] १. सर्वसाधारणको जानकारीका लागि प्रचारसाधनबाट जनाउ दिने काम; सूचित गर्ने काम । २. विज्ञापन; सूचना; जनाउ । ३. कुनै महत्त्वपूर्ण विषयवस्तुका बारेमा रेडियो, पत्रिका आदि प्रचारसाधनबाट जानकारी दिलाउने काम ।

**विज्ञात–** वि० [सं०] १. जानपहिचान भएको; थाहा पाइएको;

जानिएको । २. नाम चलेको; प्रसिद्ध; प्रख्यात । > **विज्ञाता**– वि० ठीकबेठीक छुट्ट्याउन सक्ने; राम्रो किसिमले जान्ने; विज्ञ ।

**विज्ञान**– ना० [सं०] १. भौतिक विषयको तत्त्व, सिद्धान्त आदिको प्रयोगात्मक विवेचना गरिएको शास्त्र । २. विशिष्ट ज्ञान; प्रज्ञा । ३. विवेक; बुद्धि । ४. ईश्वर; आत्मा । ५. बौद्ध मतका अनुसार आत्मस्वरूपको ज्ञान । – **मय**– वि० १. विज्ञानले युक्त । २. प्रज्ञामय; ज्ञानी । – **मय कोश**– ना० वेदान्तशास्त्रका अनुसार बुद्धि र ज्ञानेन्द्रियहरूको समुदाय । – **वाद**– ना० १. भौतिक ज्ञान वा विज्ञानलाई मात्र सर्वाधिक महत्त्व भएको मान्ने मत वा सिद्धान्त । २. वस्तुलाई सत्ता नमानी ज्ञानलाई मात्र मुख्य सत्ता मान्ने बौद्ध दर्शनको सिद्धान्त । – **वादी**– वि० विज्ञानवादको अनुयायी; विज्ञानवादमा विश्वास राख्ने । > **विज्ञानी**– वि० १. विज्ञानमा पोख्त; विज्ञानवेत्ता; वैज्ञानिक । २. कुनै विषयका बारेमा विशेष ज्ञान राख्ने । ३. आत्मा र परमात्मास्वरूपको तत्त्वज्ञान जान्ने ।

**विज्ञापक**– वि० [सं०] १. जनाउ दिने; विज्ञापन गर्ने; प्रचारक । २. बताउने; सूचना दिने; थाहा दिने । ३. प्रचारसाधनहरूमा विज्ञप्ति दिने ।

**विज्ञापन**– ना० [सं०] १. सरकारी वा गैरसरकारी स्तरमा सेवाआयोगका माध्यमले वा अन्य रूपमा कुनै कामकुरा, सेवाप्रवेश वा पदपूर्तिका निम्ति आवेदनपत्रको आह्वान आदि गर्न सर्वसाधारण जनतालाई जानकारी हुने गरी प्रचार गरिएको विशेष सूचना । २. बताउने काम; जनाउ दिने काम । ३. विक्रीयोग्य मालहरूको प्रचारप्रसारका लागि रेडियो; अखबार आदिबाट दिइने जानकारी । – **दाता**– ना० पत्रिका, चित्र आदिमा विज्ञापन छपाउन दिने व्यक्ति; विज्ञापनको काममा खटिएको व्यक्ति । ~ **सेवा**– ना० रेडियोबाट फर्मायसी वा अन्य गीतहरूको गुञ्जनका साथै बीचबीचमा विज्ञापनको कामसमेत गर्ने सेवा । > **विज्ञापनीय**– वि० विज्ञापनयोग्य; प्रचार गर्न लायक ।

**विज्ञापित**– वि० [सं०] विज्ञापन गरिएको; प्रचार गरिएको ।

**विज्ञाप्य**– वि० [सं०] १. विज्ञापन गर्न योग्य; विज्ञापनीय । २. प्रार्थना; निवेदन ।

**विज्ञेय**– वि० [सं०] राम्रोसँग जान्नुपर्ने; जानकारी राख्नुपर्ने; जान्न योग्य ।

**विट**– वि० [सं०] भोगविलासमा ज्यादै संलग्न; कामुक; लम्पट । २. धूर्त; चलाक । ३. भएको धनसम्पत्ति रन्डीबाजीमा उडाइसकेको व्यक्ति । ४. नाटकको एक हास्यपात्र ।

**विटप**– ना० [सं०] १. रूख; वृक्ष । २. हाँगो; शाखा । > **विटपी**– ना० रूख; बोट; वृक्ष ।

**विडम्बन**– ना० [सं०] १. विडम्बना । २. छद्मवेश । ३. क्लेश । ४. जालसाजी । ५. उपहास । ६. नक्कल ।

**विडम्बना**– ना० [सं०] १. देखासिकी; नक्कल; अनुकरण । २. गिज्याउने वा होच्याउने काम; खिसीटिउरी । ३. धोखा; छलकपट । ४. दुःख; कष्ट; पीडा । ५. उपहास; ठट्टा । ~ **काव्य**– ना० १. व्यक्तिविशेषको चरित्रलाई उपहासका रूपमा लिएर लेखिएको काव्य; उपहासकाव्य । २. उस्तै पात्र र उस्तै अभिनय राखी त्यसमा केही उपहासकारक वस्तु जोडी पूर्वकाव्यको हँस्सी उडाउन बनाइएको काव्य; एक प्रकारको काव्यशैली । > **विडम्बनीय**– वि० १. अनुकरण गर्न लायक । २. उपहासयोग्य; गिज्याउन सुहाउने ।

**विडम्बी**– वि० [सं०] विडम्बना गर्न योग्य; विडम्बनीय ।

**विडाल**– ना० [सं०] बिरालो ।

**विड्वराह**– ना० [सं०] सुँगुर ।

**वितण्डा**– ना० [सं०] १. अरूका कुरा नसुनेर आफ्नो मात्रै कुरा माथि पार्ने गलत प्रयत्न । २. निरर्थक तर्क वा कुरो; बकवाद । ३. विनाकारणको झैझगडा; व्यर्थको बाझाबाझ । – **वाद**– ना० आफूले जित्नका लागि प्रतिक्रियावादी रूपमै भए पनि निरर्थक र अमिल्दा तर्क पेस गर्ने सिद्धान्त; निरर्थक उक्ति, प्रत्युक्ति; कुप्रचार । २. व्यर्थको झगडा; नचाहिँदो कलह ।

**वितत**– वि० [सं०] १. सपाट परेको;फैलिएको; फिँजिएको; विस्तृत । २. छोपिएको; ढाकिएको । ३. कार्य सम्पन्न भएको; कामकुरो सिद्ध भएको । ना० ४. गितार; वीणा ।

**वितथ**– वि० [सं०] १. तथ्य नभएको; झूठो; मिथ्या ।२. नचाहिँदो; व्यर्थ; निरर्थक । – **वादी**– वि० झूटो बोल्ने; मिथ्यावादी । > **वितथ्य**– वि० तथ्यहीन; झूटो; मिथ्या ।

**वितरक**– वि० [सं०] १. वितरण गर्ने; बाँडफाँड गर्ने । ना० २. व्यापारका क्षेत्रमा उत्पादित वस्तुहरूको बिक्री आदिको प्रबन्ध गर्ने संस्था वा व्यक्ति ।

**वितरण**– ना० [सं०] १. कुनै वस्तु तोकिएअनुसार बाँड्ने काम; बाँडचुँड । २. प्रदान; अर्पण; समर्पण । ३. कुनै नदी आदि तर्ने काम; पार गर्ने काम ।

**वितरित**– वि० [सं०] १. बाँडिएको; वितरण गरिएको; २. प्रदान गरिएको; दिइएको । ३. तारिएको; पार गरिएको ।

**वितर्क**– ना० [सं०] १. कुनै तर्क वा भनाइको खण्डन वा विपक्षमा प्रस्तुत गरिने तर्क; तर्कमाथि उठाइएको तर्क । २. विचार; मनन; सोचाइ । ३. शङ्का;सन्देह; दुबिधा । > **वितर्कण**– ना० १. तर्क वा वितर्क गर्ने काम; बहस; वादविवाद । २. सन्देह; शङ्का । **वितर्कित**– वि० १. वितर्क गरिएको । २. वादविवाद गरिएको । **वितर्क्य**– वि० तर्क वा विचार गर्न लायक ।

**वितल१**– ना०हे० बितोल ।

**वितल२**– ना० [सं०] १. पृथ्वीभन्दा तलका सात लोक (अतल, वितल, सुतल, तलातल, रसातल, महातल, पाताल)-मध्ये एक;पृथ्वीभन्दा मुनिको कल्पित लोक । २. कुनै ठाउँको ठीक उल्टो ठाउँ; प्रतिलोम ।

**वितस्ति**– ना० [सं०] बाह्र अङ्गुलको नापो; वास्तु वा मूर्तिकलामा प्रयुक्त हुने एक बित्ताबराबरको परिमाण; बित्ता ।

**वितह**– ना० [वि+तह] १. तह नमिलेको स्थिति; कामकुरो नपटेको

रूप । २. अग्लोहोचो नमिलाइएको जग्गा; सम्म नमिलेको ठाउँ ।

**वितान–** ना० [सं०] १. पुगेजति फैलाउने काम; फैलावट; विस्तार । २. मन्दिर आदिको भित्री भागमा कोठामाथि टाँगिने चारकुने रङ्गीचङ्गी कपडा; चँदुवा । ३. पाल । ४. मौका; अवसर । वि० ५. खाली; रित्तो; शून्य । ६. मूर्ख; बुद्धिहीन; शठ ।

**विताल–** वि० [सं०] ताल नमिलेको; बेतालको ।

**वितुष–** वि० बोक्रा छोडाइएको; बोक्रा नभएको; भुस वा कसर फ्याँकिएको ।

**वितृष्ण–** वि० [सं०] तृष्णा वा तिर्सना नभएको; कामनामुक्त; निस्पृह । > **वितृष्णा–** ना० १. तृष्णा नभएको स्थिति; तृष्णाको अभाव; सन्तोष । २. नराम्रो खालको तृष्णा ।

**वित्त–** ना० [सं०] १. धनमाल; जायजेथा; सम्पत्ति; अर्थ; ऐश्वर्य । २. सामर्थ्य; शक्ति । वि० ३. उपलब्ध; प्राप्त । ४. परीक्षा गरिएको; जाँचिएको । ~ **आयोग–** ना० खर्चबर्च र अर्थसम्बन्धी व्यवस्था मिलाउन गठन गरिएको समिति । ~ **प्रबन्धक–** ना० राज्यको आयव्यय, राजस्व आदिको समुचित रेखदेख र व्यवस्था मिलाउने सरकारी कर्मचारी । ~ **मन्त्री–** ना० अर्थमन्त्री । ~ **विधेयक–** ना० प्रतिनिधिसभासमक्ष राखिने आयव्ययसम्बन्धी आर्थिक विधेयक । ~ **सचिव–** ना० अर्थसचिव । ~ **साधन–** ना० राज्य वा संस्था आदिले नगद धन प्राप्त गर्ने भौतिक वस्तु ।

**वित्तीय–** वि० [सं०] वित्तसम्बन्धी; आर्थिक । ~ **विवरण–** ना० अर्थसम्बन्धी कारोबारको लेखाजोखा; वित्तसम्बन्धी विवरण ।

**विद्–** वि० [सं०] १. ज्ञाता; जान्ने; जानिफकार । २. विद्वान्; पण्डित । ३. शब्दको पछाडि गाँसिएर 'जान्ने, विज्ञ' आदि अर्थ बुझाउने शब्द (जस्तो– नीतिविद्, शास्त्रविद्, शिक्षाविद् आदि) । ना० ४. ज्ञान; बुद्धि । ५. बुधग्रह ।

**विदग्ध–** वि० [सं०] १. ज्यादै डढेको; पोलिएको । २. पकाइएको; पक्व । ३. खाएर पचाइसकिएको; हजम पारिएको । ४. उद्भट विद्वान्; पण्डित । ५. रसरङ्गमा भुल्ने; रसिक; रसज्ञ । ६. सिपालु; चतुर; निपुण । **– ता–** ना० विदग्ध हुनाको भाव वा स्थिति; पन्डित्याइँ; चातुर्य । > **विदग्धा–** ना० हावभावद्वारा आकर्षण गर्न बिछट्ट सिपालु स्त्री; भावभङ्गीले परपुरुषलाई आकर्षित पार्ने नायिका ।

**विदर्भ–** ना० [सं०] भारतको दक्षिण-पश्चिम राज्यमा पर्ने एक प्राचीन राज्य (अहिलेको बरारक्षेत्र) ।

**विदल–** वि० [सं०] १. चिराचिरा पारिएको; चिरिएको । २. पात नभएको; दलहीन । ३. फुलेको; प्रफुल्ल । ना० ४. बाँसको चोयाको टोकरी; बास्केट । ५. हाँगो । ६. टुक्रो । ७. माड्ने वा दल्ने काम । > **विदलन–** ना० १. बेसरी माड्ने वा दल्ने काम । २. चिर्ने वा फार्ने काम । **विदलित–** वि० १. फारिएको; चिरा पारिएको । २. फुलेको; फक्रेको । ३. बेसरी माडिएको वा दलिएको ।

**विदारक–** वि० [सं०] १. काठका मुढा आदिलाई बन्चरो वा त्यस्तै साधनले टुक्र्याउने; चिरा पार्ने; चिर्ने । २. ढुङ्गा आदि फोर्ने । ३. कष्ट दिने; भित्रभित्रै सताउने (जस्तो– हृदयविदारक) ।

**विदारण–** ना० [सं०] १. काठका दाउरा, मुढा आदि टुक्र्याउने काम; चिरा पार्ने वा चिर्ने काम । २. ढुङ्गा आदि कडा वस्तु टुक्र्याउने काम; फोराइ । ३. दुःख वा कष्ट पुऱ्याउने व्यवहार; सताउने काम । ४. हत्या; मारण; वध । ५. लडाइँ; युद्ध ।

**विदारित–** वि० [सं०] १. बन्चरो, करौंती आदिले टुक्र्याइएको; फोरिएको (दाउरा, मुढा आदि) । २. घन आदिले फोरिएको (ढुङ्गा आदि) । ३. दुःख वा कष्ट पुऱ्याइएको; सताइएको ।

**विदारी–** ना० [सं०] १. भुइँमा लत्रिएर फल्ने कुभिन्डो; भुइँकुभिन्डो । २. शालपर्णी नाम गरेका रूख । ३.लहराको जोर्नीजोर्नीमा फल्ने एक प्रकारको फल; गिठो । ४. वाराहीकन्द । ~ **कन्द–** ना० कर्कलाका जस्ता पात हुने लहराका फेदमा फल्ने, रछ्यायो रङ्गको, झुस हुने एक प्रकारको फल; भुईंकुभिन्डो ।

**विदिक्–** ना० [सं०] दुई दिशाको बीचको कुनो; विदिशा; उपदिशा ।

**विदित–** वि० [सं०] १. थाहा पाइएको; जानिएको; ज्ञात; अवगत । २. नाम चलेको; प्रसिद्ध; प्रख्यात । ३. जनाइएको; सूचना दिइएको; सूचित । ना० ज्ञान; विवेक । ५. विद्वान् व्यक्ति ।

**विदिशा–** ना० [सं०] १. दुई दिशाको बीचको कुनो; आग्नेय, नैर्ऋत्य, वायव्य र ईशान नामका चार उपदिशा; विदिक् । २. मध्य भारतको अहिले भेलसा भनिने एक प्राचीन सहर ।

**विदीर्ण–** वि० [सं०] १. चिरफार गरेको; फ्याक पारेको (काठ, मुढा आदि) । २. टुक्र्याइएको; फोरेको (ढुङ्गा आदि) । ३. कष्ट दिइएको; सताइएको ।

**विदुर–** वि० [सं०] १. आफ्नो काम पटचाउन सिपालु; चलाक; चतुर । २. जान्नेबुझ्ने; जानिफकार; विज्ञ; निपुण । ना० ३. विद्वान् व्यक्ति । ४. धृतराष्ट्रका विमातृतर्फका कान्छा भाइ पर्ने एक ज्ञानी पुरुष ।

**विदुषी–** ना० [सं०] १. राम्रो पढेलेखेकी स्त्री; विद्वान् स्त्री । वि० २. राम्रो पढेलेखेकी (स्त्री) ।

**विदूषक–** ना० [सं०] १. नाटकमा अनौठो किसिमको वेशभूषा, चालचलन र कुराकानी आदिबाट अरूलाई हँसाउने एक ठटचौलो पात्र; नाटकको हास्यकलाकार; नायकको ठट्टा गर्ने एक साथी । वि० २. काम बिगारिदिने; भ्रष्ट पार्ने । ३. गाली गर्ने; सताउने । ४. मुख्य रूपमा हानि पुऱ्याउने; दोष पुऱ्याउने ।

**विदूषण–** ना० [सं०] १. अरूलाई दोष दिने काम; दोषारोपण । २. वातावरणमा परेको नराम्रो प्रभाव ।

**विदूषित–** वि० [सं०] १. बिग्रेको; सडेगलेको; कुहिएको । २. दोष लगाइएको; बात लगाइएको; अभियुक्त । ३. हेला गरिएको; अपमानित; तिरस्कृत ।

**विदेश–** ना० [सं०] आफू जन्मेहुर्केको देशभन्दा भिन्न देश; अर्काको देश; पराई मुलुक ।

**विदेशी–** वि० [सं०] १. अर्काको देशको; विदेशमा तयार भएको

वा बनेको; अर्को मुलुकको (कपडा, माल आदि) । २. विदेशी सरकार, एजेन्ट वा दलालद्वारा स्थापना गरिएको वा चलाइएको (संस्था, सङ्गठन, हल्ला आदि) । ~ **मुद्रा–** ना० अर्को देशको मुद्रा; अर्काको देशमा चलेको रुपियाँपैसा । ~ **लगानी–** ना० कुनै देशको उद्योग, व्यवसाय आदिमा विदेशबाट गरिएको लगानी । ~ **शत्रु–** ना० शत्रुका देश वा राज्यको नागरिक ।

**विदेह–** वि० [सं०] १. शरीर नभएको । २. बेहोस; अचेत । ३. मरेको; मृत । ना० ४. मिथिलादेशका प्रसिद्ध पौराणिक राजा; जनक । ५. मिथिला र मगधदेशलाई जनाउने प्राचीन नाम ।

**विद्ध–** वि० [सं०] १. प्वाल पारिएको; छेद गराइएको; छेडिएको । २. घाइते; अङ्गभङ्ग भएको; आहत । ३. टाँसिएको; जडिएको ।

**विद्यमान–** वि० [सं०] १. रहेको; अवस्थित; मौजुद; वर्तमान । २. उपस्थित; हाजिर । ३. जो भएको; यथार्थ; प्रत्यक्ष । **– ता–** ना० विद्यमान हुनाको भाव वा अवस्था; रहने काम; उपस्थिति ।

**विद्या–** ना० [सं०] १. शिक्षण संस्थाबाट वा स्वाध्ययनबाट हासिल गरिने ज्ञान; पढाइद्वारा आर्जन गरिने बुद्धि । २. कुनै विषयबारे वर्णन वा विवेचना गरिएको शास्त्र; विज्ञान । ३. तन्त्रमन्त्र; तन्त्रशास्त्र । ४. इन्द्रजालसम्बन्धी कर्म; जादु; टुना । ५. दुर्गा; भवानी । > **विद्यागम–** ना० ज्ञानको उपलब्धि; विद्याप्राप्ति । **– गृह–** ना० पाठशाला; विद्यालय । **– दान–** ना० पढाउने काम; अध्यापन; शिक्षण । **– देवी–** ना० सरस्वती; विद्याकी अधिष्ठात्री देवी । **– धर–** ना० एक देवयोनिजाति (गन्धर्व, किन्नर आदि) । **विद्याधिदेवता–** ना० सरस्वती । **विद्यानुसेवन–** ना० विद्या पढ्ने वा पढाउने काम; विद्याध्ययन । ~ **परिषद्–** विश्वविद्यालयको प्राज्ञिक नीतिबारे निर्णय गर्ने अधिकारप्राप्त समिति (फ्याकल्टी बोर्ड) । **– पीठ–** ना० १. शिक्षाप्रदान गर्ने ठूलो प्रमुख केन्द्र । २. उच्च स्तरको शिक्षा दिने विद्यालय; महाविद्यालय; क्याम्पस । **विद्याभ्यास–** ना० विद्याको अध्ययनमनन गर्ने काम । ~ **मन्दिर–** ना० पाठशाला; विद्यालय; विद्यागृह । **विद्यारम्भ–** ना० पाँच वर्ष वा त्यसको लगभगमा बालकलाई अक्षरारम्भ गराउने संस्कार; षोडश संस्कारमध्ये एक संस्कार । **विद्यार्जन–** ना० शिक्षा हासिल गर्ने काम; विद्या पढ्ने काम; विद्याप्राप्ति ।

**विद्यार्थी–** ना० [सं०] १. नियमित रूपले विद्याको आर्जनमा लागिरहने व्यक्ति; शिक्षणसंस्थामा अध्ययनरत व्यक्ति; छात्र; शिष्य । २. कुनै विषयबारे खोजअध्ययन गर्ने व्यक्ति; विद्वान् । वि० ३. विद्या पढ्न चाहने । ~ **सङ्गठन–** ना० विद्यार्थीहरूको हक र हितका लागि विद्यार्थीहरूबाट बनाइएको सङ्घ वा सङ्गठन; विद्यार्थीहरूको समिति ।

**विद्यालय–** ना० [सं०] पढ्ने र पढाउने ठाउँ; पाठशाला; स्कुल ।

**विद्यावान्–** वि० [सं०] १. धेरै विद्या प्राप्त गरेको; विद्वान् ।

**विद्यावारिधि–** ना० [सं०] तोकिएको योग्यता प्राप्त गरेपछि सम्बन्धित विश्वविद्यालयबाट अनुमति लिई अनुसन्धानपूर्ण शोधग्रन्थ तयार गरेर स्वीकृत भएमा दिइने विशेष उपाधि; पीएच्०डी० ।

**विद्याश्रम–** ना० [सं०] बसोबास र खानपानको समेत प्रबन्ध भएको विद्यालय; गुरुकुल (बोर्डिङ) ।

**विद्यास्नातक–** ना० [सं०] १. विश्वविद्यालयबाट उपाधि प्राप्त व्यक्ति । २. उच्च शिक्षा हासिल गरेको व्यक्ति । वि० ३. उच्च शिक्षा प्राप्त गरेको ।

**विद्याहीन–** वि० [सं०] विद्या नभएको वा नपढेको; अपठित; अनपढ ।

**विद्युत्–** ना० [सं०] १. बर्खाकालमा बादल लागेको बेला आकाशमा झिलिक्क चम्कने क्षणिक प्रकाश; बिजुली । २. प्रकाश, ताप, आकर्षण आदि पैदा गर्न सक्ने विशिष्ट वैज्ञानिक क्रियाबाट उत्पन्न गराइने शक्ति; बिजुली । ३. चटचाङ; वज्र; चट्को; चिर्को । ~ **आघात–** ना० १. ऋणात्मक विद्युत्तरङ्गबाट धनात्मक विद्युत्तरङ्गतिर विद्युत्तरङ्ग प्रवाहित हुने प्रक्रिया । २. विद्युत्तरङ्गले चोट पुऱ्याउने काम । > **विद्युताणु–** ना० कुनै रासायनिक यौगिकलाई पानीमा घोल्दा धनात्मक तथा ऋणात्मक परमाणु विघटन भई छुट्टिएर बनेको परमाणुयुक्त विद्युत् । **विद्युतीकरण–** ना० सबैतिर बिजुली-सेवा उपलब्ध गराउने काम । ~ **ऊर्जा–** ना० विद्युत्बाट प्राप्त हुने शक्ति । ~ **एकाइ–** ना० विद्युत्शक्तिको न्यूनतम परिमाण; युनिट । ~ **कर्पोरेसन–** ना० विद्युत्शक्तिको उत्पादन र वितरण गर्ने निगम; बिजुलीअड्डा । ~ **घात–** ना० बिजुलीको करेन्टबाट दिइने प्राणदण्ड; करेन्टको स्पर्शबाट हुने मृत्यु । ~ **चिकित्सा–** ना० बिजुलीको करेन्टद्वारा गरिने उपचार । ~ **तरङ्ग–** ना० दूरसञ्चारको प्रणाली सञ्चालन गरिने विद्युत्चुम्बकयुक्त तरङ्ग (माइक्रोवेभ) । ~ **दर्शक–** ना० विद्युत्तरङ्गको गति देखाउने यन्त्र; बिजुलीको खपत देखाउने मिटर । **– पात–** ना० आकाशबाट चटचाङ खस्ने काम; वज्रपात । **– प्राधिकरण–** ना० बिजुली अड्डा । ~ **वितरक–** ना० १. बिजुली उपलब्ध गराउने उपकरण । ~ **शक्ति–** ना० पानी, कोइला, तेल आदिको वैज्ञानिक प्रयोगबाट प्राप्त हुने ऊर्जा । ~ **स्तम्भ–** ना० बिजुलीको तार जाने खम्बा; पोल ।

**विद्युन्मापक–** ना० [सं०] बिजुलीको शक्ति, वेग आदि नाप्ने यन्त्र; बिजुलीको खपत नाप्ने मिटर; विद्युद्दर्शक ।

**विद्युन्माला–** ना० [सं०] १.लहरै जडिएको बिजुलीको प्रकाश । २. हरेक पाउमा दुई मगण र दुई गुरु हुने एक वार्णिक छन्द ।

**विद्युल्लता–** ना० [सं०] आकाशमा बिजुली चम्कँदा देखिने नागबेलीजस्ता विभिन्न रेखा ।

**विद्योपार्जन–** ना० [सं०] विद्याको आर्जन; विद्या हासिल गर्ने काम; शिक्षाप्राप्ति ।

**विद्रधि–** ना० [सं०] शरीरका मासुका गाँठा; पीप भरिएको घाउ; अर्बुद रोग ।

**विद्रुम–** ना० [सं०] रूखका कलिला पात; पालुवा । २. कोपिलो । ३. मुगा; प्रबाल ।

**विद्रोह–** ना० [सं०] १. सरकारको कार्यसञ्चालनमा बाधा पुऱ्याउने वा राज्यलाई विफल पार्ने उद्देश्यले गरिएको ठूलो उपद्रव; विप्लव;

क्रान्ति । २. शासनसत्ता वा सरकारलाई पल्टाउने काम । ३. ठूलो विरोध; कडा शत्रुता । ४. भनाबैरी; झैझगडा । ५. रिस; आवेश; द्वेष; तीव्र ईर्ष्या । > **विद्रोहात्मक–** वि० विद्रोह वा आतङ्क फैलाउने; विरोध गर्ने; शान्तिमा खलल पार्ने । **विद्रोही–** वि० १. विद्रोह गर्ने; बागी; विप्लवी; क्रान्तिकारी । २. द्वेष गर्ने; ईर्ष्यालु; रिस देखाउने ।

**विद्वच्छिरोमणि–** ना० [सं०] विद्वान्हरूमा श्रेष्ठ व्यक्ति; अत्यन्त विद्वान् व्यक्ति । २. नेपालमा अहिलेसम्म औपचारिक रूपबाट दुई विद्वान् (स्व० हेमराज पाण्डे र स्व० कुलचन्द्र गौतम) लाई प्रदान गरिएको एक सम्मान ।

**विद्वज्जन–** ना० [सं०] बुद्धिविवेक भएको व्यक्ति; विद्वान्; पण्डित ।

**विद्वत्तम–** वि० [सं०] १. सबभन्दा बढी विद्या कमाएको; प्रकाण्ड विद्वान् । ना० २. शिव; महादेव ।

**विद्वत्ता–** ना० [सं०] १. विद्वान् हुनाको भाव, गुण वा स्थिति; पाण्डित्य । २. विवेक; बुद्धि; अक्कल । ३. ज्ञान ।

**विद्वत्परिषद्/विद्वत्सभा–** ना० [सं०] विद्वान्हरूको सभा वा समिति ।

**विद्वद्वर्ग–** ना० [सं०] विद्वान्हरूको वर्ग वा समूह ।

**विद्वद्वृत्ति–** ना० [सं०] १. विद्वान्लाई जीवनयापनका लागि दिइने सावधिक आर्थिक अनुदान । २. शिक्षा आदि सेवामा कार्यरत व्यक्तिलाई अग्रिम योग्यता प्राप्त गर्ने मौका दिइँदा दिइने थप आर्थिक सुविधा (फेलोसिप) ।

**विद्वान्–** वि० [सं०] १. धेरै विद्या आर्जन गरेको; ज्यादै शिक्षित; पण्डित । २. शास्त्रको मर्म बुझ्ने; तत्त्ववेत्ता; तत्त्वज्ञ । ना० ३. धेरै लेखपढ गरेको व्यक्ति; पण्डित ।

**विद्वेष–** ना० [सं०] १. आपसी मनमुटाव; वैरभाव; शत्रुता । २. विरोध; झगडा । ३. द्वेष; ईर्ष्या; डाह । > **विद्वेषक/विद्वेषी–** वि० रिस गर्ने; डाह गर्ने; ईर्ष्यालु; इखालु ।

**विधर्म–** ना० [सं०] १. आफूले मानिआएको धर्मदेखि भिन्न धर्म; अर्काको धर्म; परधर्म । वि० २. खराब; घृणित; कुत्सित । ३.गुण नभएको; निर्गुण । > **विधर्मी–** वि० १. आफ्नो धर्मको विरुद्ध आचरण गर्ने; धर्मच्युत; धर्मभ्रष्ट । २. विधर्मको अनुसरण गर्ने; परधर्मी । ३. कुकर्मी; अधर्मी ।

**विधवा–** ना० [सं०] पति मरेकी स्त्री; राँडी । ~ **विवाह–** ना० विधवाले पुनर्विवाह गर्ने काम; विधवाको विवाह । > **विधवाश्रम–** ना० आश्रयहीन विधवाहरूको भरणपोषण गर्ने ठाउँ; विधवाहरू बस्ने आश्रम ।

**विधा–** ना० [सं०] १. अंश; हिस्सा; भाग । २. काइदा; तरिका; शैली । ३. काव्य वा साहित्यमा प्रचलित खासखास विषय, प्रकार वा किसिम (जस्तो– नाटचविधा, कविताविधा, कथाविधा इ०) । ४. कामकाज; व्यवहार । ५. उच्चारणविधि; उच्चारण । ६. काम गरेबापत पाइने निर्धारित रकम; तलब; वेतन । ७. सृष्टिकर्ता ईश्वर; ब्रह्मा । ८. क्रम; सिलसिला; रोल । ९. विचारको केन्द्रीय रूप; मुख्य विचार । १०. लक्ष्य; उद्देश्य ।

**विधाता–** वि० [सं०] १. कामकुराको चाँजोपाँजो गर्ने; व्यवस्था मिलाउने; प्रबन्धक । २. सृष्टि गर्ने; निर्माता । ना० ३. व्यवस्था मिलाउने व्यक्ति । ४. सृष्टि गर्ने व्यक्ति । ५. ब्रह्मा । ६. ईश्वर । ७. प्रारब्ध; भाग्य । ८. विश्वकर्मा । ९. कामदेव ।

**विधान–** ना० [सं०] १. प्रारम्भ गरिने कामको पूर्वयोजना; कुनै कामकुराको आयोजन । २. कामको चाँजोपाँचो; व्यवस्था; प्रबन्ध । ३. बनाउने काम; निर्माण; संरचना । ४. पद्धति; विधि; प्रणाली । ५. राज्य वा सरकारले समयसमयमा देशको आवश्यकताअनुकूल बनाएका नियमहरूको सङ्ग्रह; ऐन; कानुन । ६. राज्यसत्ताको सञ्चालन गर्ने सर्वोच्च नियमसङ्ग्रह; शासनविधान; संविधान । ७. कुनै सङ्घ, संस्था, सङ्गठन आदिको सञ्चालनका लागि तयार पारिएको कार्यविधि वा नियमावली । ८. कामकाज; व्यवहार । ९. धर्मशास्त्रको आदेश; वेदवाक्य; ब्रह्मवाक्य । – **अनुसार–** क्रि० वि० विधानले दर्साएअनुसार; विधानका परिधिभित्र रहेर । – **ज्ञ–** वि० विधानको मर्म जान्ने; ऐनकानुनको ज्ञाता । ~ **परिषद्–** ना० कुनै पनि देशको पुराना कानुनहरूको संशोधन गर्ने र नयाँ कानुनको तर्जुमा गर्ने निर्वाचित वा मनोनीत प्रतिनिधिहरूको सभा; विधान बनाउने परिषद्; तल्लो सदन; भारतको प्रान्तीय सरकारमा गठित प्रतिनिधिसभा । ~ **मण्डल–** ना० विधान बनाउने सभा; विधायिका सभा । – **वाद–** ना० विधानको सीमा र परिधिभित्र रहने सिद्धान्त वा मत । – **वादी–** वि० विधानवादको अनुसरण गर्ने । ~ **सभा–** ना० विधानपरिषद्; विधानमण्डल; विधायिका सभा; व्यवस्थापिका ।

**विधायक–** वि० [सं०] १. कानुनको निर्माण गर्ने; विधान बनाउने (व्यवस्थापिकाको सदस्य)। २. व्यवस्था मिलाउने; प्रबन्धक । ना० ३. विधानपरिषद् वा विधायिका सभाको प्रतिनिधि सदस्य; व्यवस्थापिकाको निर्वाचित वा मनोनीत सदस्य; तल्लो सदनको जनप्रतिनिधि ।

**विधायन–** ना० [सं०] व्यवस्थापिकाद्वारा ऐनकानुनको निर्माण गर्ने काम ।

**विधायिका–** वि० [सं०] ना० १. राज्यको शासनसञ्चालनका लागि प्रायः जनताबाट चुनिएको प्रतिनिधिसभा; सरकारका तीन अङ्ग (कार्यपालिका, न्यायपालिका र विधायिका) मध्ये एक अङ्ग; व्यवस्थापिका सभा; तल्लो सदन । २. विधायकको स्त्रीलिङ्गी रूप । ~ **सभा–** ना० विधायिका; प्रतिनिधिसभा; व्यवस्थापिका ।

**विधायी–** वि० [सं०] १. विधान बनाउने; ऐनकानुनको निर्माण गर्ने; विधायक । २. व्यवस्था मिलाउने; प्रबन्धक । ~ **कार्य–** ना० विधायिकाबाट सम्पन्न गरिने विधाननिर्माण आदि काम; ऐनकानुन बनाउने काम ।

**विधि–** ना० [सं०] १. कामकुरो गर्ने तरिका; प्रणाली; रीति; ढङ्ग; शैली । २. आदेश; आज्ञा; निषेधको उल्टो रूप । ३. चाँजोपाँचो; व्यवस्था; प्रबन्ध । ४. धर्मशास्त्र वा प्रामाणिक ग्रन्थहरूमा बताइएको शास्त्रीय नियम । ५. आचरण; व्यवहार ।

६. कर्म; प्रारब्ध; भाग्य । ७. ऐनकानुन; विधान । ८. रचना; निर्माण । ९. सृष्टिका देवता; ब्रह्मा । > **विधिक–** वि० विधि वा कानुनसँग सम्बन्धित; कानुनअनुकूल । – **गत–** वि० विधिअनुकूल; ऐनकानुनसँग मिल्ने । – **ग्राह्य–** वि० विधानले कुनै बाधा नपर्ने; वैध । – **ग्राह्य मुद्रा–** ना० ऋण भुक्तानी गर्नाका लागि विधानले मान्यता दिएको मुद्रा । – **ज्ञ–** वि० विधान जान्ने; ऐनकानुनको मर्मसँग परिचित; कानुनवेत्ता । ~ **नियम–** ना० यो गर्नुहुन्छ योचाहिँ हुँदैन भन्ने नियम; ऐनकानुन वा शास्त्रको नियम । ~ **निषेध–** ना० १. विधि र निषेध; गर्न हुने र नहुने कुराको निर्देश । २. कानुनद्वारा गरिएको निषेध; विधिको निषेध । ~ **परामर्शी–** ना० सरकारलाई विधि वा कानुनसम्बन्धी सल्लाह दिने पदाधिकारी । ~ **पालक–** वि० विधि वा कानुनको परिपालन गर्ने; कानुनको परिधिभित्र रहने । ~ **पूर्वक–** वि० विधि-विधानअनुसार । ~ **भङ्ग–** ना० विधि वा कानुनको उल्लङ्घन; कानुनको उपेक्षा वा अवहेलना; कानुनविपरीत व्यवहार । ~ **मान्य–** वि० कानुनसम्मत; विधिले दिएको; विधिसम्मत; प्रचलित ऐनकानुनमा बाधा नपर्ने । – **वत्–** क्रि० वि० विधि वा कानुनको परिधिभित्र रहने गरी; विधिपूर्वक; कानुनअनुसार । – **वशात्–** क्रि० वि० अकस्मात; संयोगवश; अचानक; भाग्यवश । ~ **विधान–** ना० १. कर्मको फल; भाग्यको लेखा । २. कानुनी व्यवस्था; ऐनकानुन । ३. सबै अङ्ग पुगेको काम-कुरो । ~ **विपर्यय–** ना० १. कर्म वा प्रारब्धले ठगिने काम; दुर्भाग्य; अभाग । २. ऐन-कानुनको विपरीत चालचलन । ~ **विहित–** वि० १. विधि वा नियमअनुकूल गरिएको; नियमले दिएको । २. ऐन-कानुनअनुसार गरिएको । – **वेत्ता–** वि० विधि वा कानुन जान्ने (व्यक्ति) । ~ **सचिव–** ना० विधि वा कानुनका सम्बन्धमा सरकारलाई सल्लाह दिने सरकारी उच्च पदाधिकारी; कानुन-सचिव । ~ **स्नातक–** वि० विधि वा कानुन विषयको स्नातकपरीक्षामा उत्तीर्ण; कानुनवेत्ता । ना० २. कानुन जान्ने व्यक्ति ।

**विधु–** ना० [सं०] १. चन्द्रमा; जून । २. ब्रह्मा । ३. विष्णु । ४. कपूर । ५. वायु ।

**विधुर–** वि० [सं०] १. स्वास्नी मरेको पुरुष; राँडो । २. दुःख पाएको; कष्टभोगी । ३. आत्तिएको; व्याकुल; विह्वल । ४. विपक्षमा लाग्ने; विरोधी । ~ **दर्शन–** ना० १. डरलाग्दो वा आपत्तिजनक कुरो देखिने काम; भयावह दृश्य । २. अशान्ति । ~ **विवाह–** ना० पत्नी मरेपछि पतिबाट गरिने पुनर्विवाह ।

**विधेय–** वि० [सं०] १. गर्नुपर्ने; काम गर्न लायक; कर्तव्य । २. नियमद्वारा जानिने; विधिद्वारा थाहा पाइने । ३. आज्ञा पालन गर्ने; आज्ञापालक । ना० ४. गर्नुपर्ने काम; कर्तव्य; कर्म । ५. व्याकरणका अनुसार उद्देश्य वा कर्ताका बारेमा भनिने कुरो; वाक्य पूर्ण गराउने पद ।

**विधेयक–** ना० [सं०] १. व्यवस्थापिका वा विधायिकासभामा पारित गर्नका लागि प्रस्तुत गरिने कानुनको प्रारूप वा कानुनको मस्यौदा; प्रतिनिधिसभामा पेस गरिने ऐनको प्रस्तावित रूप; मस्यौदाकानुन । २. राष्ट्रको सर्वोच्च शासकबाट स्वीकृत हुनुभन्दा पूर्वको कानुनी मस्यौदा वा ऐनको प्रारूप ।

**विधेयाविमर्श–** ना० [सं०] भन्नुपर्ने कुरो वा मुख्य आशय दबिन जाँदा पर्ने एक साहित्यिक वाक्यदोष ।

**विध्य–** वि० [सं०] छेड्न लायक; प्वाल पार्न योग्य ।

**विध्यनुकूल–** वि० [सं०] विधि वा कानुनको दृष्टिबाट कुनै किसिमको त्रुटि नभएको; ऐनकानुनका सबै बुँदाहरू पालन गरिएको ।

**विध्वंस–** ना० [सं०] १. भयङ्करको नाश; विनाश; छारस्ट; स्वाहा । वि० २. भयङ्करसँग नाश भएको; विनष्ट । > **विध्वंसक–** वि० विध्वंस गर्ने; विनाशक । – **कारी–** वि० विध्वंसक । **विध्वंसन–** नाश गर्ने काम; ठूलो आतङ्क मच्चाउने क्रिया; तहसनहस; विध्वंस । – **वाद–** ना० चारैतिर अशान्ति मच्चाएर राज्यको ऐनकानुनलाई नै खलल पार्ने मत वा सिद्धान्त; विध्वंसकारी क्रियाकलापमा लाग्ने मत । – **वादी–** वि० विध्वंसवादको अनुयायी । > **विध्वंसी–** वि० विध्वंसकारी; भताभुङ्ग पार्ने; विनाशक ।

**विनत–** वि० [सं०] १. टुप्पाबाट भुइँसम्म लत्रेको; नुहेको; झुकेको । २. विनम्र; विनयी; विनीत ।

**विनति–** ना० [सं०] १. आदर-भाउसहितको प्रार्थना; निवेदन; बिन्ती । २. आफूलाई परेको पीरमर्काबारेको उजुर । ३. आदरभाउ देखाउने काम; नम्रता । ~ **पत्र–** ना० बिन्तीपत्र; निवेदन ।

**विनतोदर–** वि० [सं०] १. पेट सुकेको वा बसेको; कुप्रो परेको; कुप्रे । २. बीचमा खाल्डो परेको ।

**विनम्र–** वि० [सं०] १. ज्यादै नुहेको; धेरै नम्र; विनीत । २. झुकेको; झोलिएको; लच्केको ।

**विनय–** ना० [सं०] १. नुहेको वा झुकेको भाव; नम्रता । २. सज्जन हुनाको भाव; शिष्टता; भद्रता । ३. प्रार्थना; अनुरोध; बिन्ती । ४. इन्द्रियलाई वश गर्ने पुरुष; जितेन्द्रिय । ५. शासन; नियन्त्रण । – **पिटक–** ना० बौद्ध भिक्षुहरूको नियम र अनुशासनसम्बन्धी विषय लेखिएको एक बौद्ध ग्रन्थ; त्रिपिटकमध्ये एक । – **शील–** वि० नम्र स्वभाव भएको; सुशील; विनयी । > **विनयी–** वि० विनय भएको; विनयशील; विनम्र ।

**विनश्वर–** वि० [सं०] १. नाश हुने स्वभावको; नाशशील । २. सधैँ नरहने; अनित्य; क्षणिक । – **ता–** ना० नश्वरको अभाव; विनश्वर हुनाको भाव वा स्थिति; नाश हुने प्रकृति; नश्वरता ।

**विनष्ट–** वि० [सं०] १. विनाश भएको; नष्ट; विध्वस्त । २. बिग्रेभत्केको; विकृत । ३. मरेको; मृत । ४. गिरेको; भ्रष्ट; पतित ।

**विना–** ना० यो० [सं०] नाम शब्दको अगाडि वा पछाडि रहेर नभईकन, रहित, अभावमा आदि अर्थ बुझाउने शब्द (जस्तो– विनाकाम; उद्देश्यविना इ०); नभईकन; रहित; अभावमा ।

**विनायक**– ना० [सं०] १. विघ्नबाधा शमन गर्ने इष्टदेवता; गणपति; गणेश । २. नाइके; मालिक; नायक; नेता । ३. काठमाडौँ उपत्यकाभित्रका प्रसिद्ध चार विनायक (भक्तपुरमा सूर्यविनायक, चाबहिलमा चन्द्रविनायक, काठमाडौँमा अशोकविनायक र चोभारमा जलविनायक) ।

**विनाश**– ना० [सं०] १. ठूलो बरबादी; सत्यानाश; स्वाहा; विध्वंस । २. बिगार; भताभुङ्ग; तहसनहस । ३. नदेखिने काम; लोप । > **विनाशक**– वि० १. नाश गर्ने; विध्वंसक । २. दुःख पुऱ्याउने; बिगार्ने । – **कारी**– वि० विनाशक । > **विनाशी**– वि० नाश हुने; नश्वर । **विनाश्य**– वि० नाश हुन लागेको; नाश हुन योग्य ।

**विनिसृत**– वि० [सं०] १. बाहिर गएको; निस्केको । २. भागेको; पलायित ।

**विनिपात**– ना० [सं०] १. आकाशबाट पृथ्वीतर्फ झर्ने काम; गिराइ; पतन । २. बरबादी; विध्वंस; सत्यानाश । ३. आपत्ति; सङ्कट । ४. मृत्यु; अवसान । ५. कष्ट; पीडा; दुःख । ६. अपमान; हेला; घृणा । ७. नरक । > **विनिपातक**– वि० १. नाश गर्ने; विध्वंसकारी । २. अपमान गर्ने । **विनिपातन**– ना० १. गर्भ तुहाउने काम । २. खसाल्ने काम । **विनिपाती**– वि० विनाशकारी ।

**विनिमय**– ना० [सं०] १. एक वस्तु दिएर अर्को वस्तु लिने काम; साटफेर; अदलाबदली । २. कुनै एक देशको मुद्राबाट अर्को देशको मुद्रा साट्ने काम; सटही । ३. हेरफेर; परिवर्तन । ४. बन्धक राख्ने काम । ~ **अधिकोष**– ना० कुनै एक विदेशी मुद्राको बदलामा अर्को देशको मुद्रा साटेर दिने वा बाहिर पठाउने बैङ्क । ~ **व्यवस्था**– ना० मुद्रासटही गर्ने प्रबन्ध । ~ **हुलाक**– ना० एक अर्को देश भई हुलाकवस्तु लैजाने व्यवस्था गरिदिने हुलाकघर ।

**विनिमेय**– वि० [सं०] १. विनिमय वा साटफेर गर्न सकिने । २. दरपीठ वा सुम्पुवा गरी हस्तान्तरण गर्नसकिने । ~ **पत्र**– ना० १. विनिमयसम्बन्धी कार्यको उल्लेख भएको कागजात । २. दरपीठ वा सुम्पुवा गरिएको व्यक्तिलाई लेखिएबमोजिमको रकम प्राप्त गर्न सक्ने गरी दिइएको अधिकारपत्र ।

**विनियम**– ना० [सं०] मूल ऐन वा कानुनको परिधिभित्र रही बनाइएको उपनियम; कुनै सङ्घ, संस्था वा सङ्गठनको सञ्चालनका लागि मूल ऐनको उद्देश्यअनुकूल तयार गरिएको नियम । > **विनियमन**– ना० ऐनको व्याख्याका रूपमा नियम बनाई कार्यप्रणालीलाई छिटोछरितो र सुविधायुक्त बनाउने काम । २. कुनै गति वा विस्तार आदिलाई धेरै बढ्न नदिने काम; नियन्त्रण । ३. वाहनको गति आदिलाई आवश्यकताअनुसार बढाउने, घटाउने वा ठीक पार्ने काम ।

**विनियुक्त**– वि० [सं०] काममा खटाइएको; विनियोजित ।

**विनियोग**– ना० [सं०] १. कुनै काममा लगाउने वा खटाउने काम; उपयोग; प्रयोग । २. कहीँ पठाउने काम; प्रेषण । ३. छाड्ने काम; परित्याग । ४. छुट्ट्याउने वा अलग्याउने काम; पृथक्करण । ५. यज्ञ आदिमा वैदिक मन्त्र पढ्नुभन्दा पहिले मन्त्रद्रष्टा ऋषि, देवता र उद्देश्य बताई गरिने सङ्कल्प । ~ **विधेयक**– ना० राजस्वको के-कति अंश कुनकुन शीर्षकमा खर्च गर्ने भन्ने विषय रहेको, विधायिकामा प्रस्तुत गरिने आर्थिक विधेयक वा प्रारूप; विनियोजन विधेयक ।

**विनियोजक**– वि० [सं०] १. काममा खटाउने; प्रयोग वा उपयोग गर्ने । २. कुनै योजना वा उद्योगव्यवसाय आदिमा पुँजीको लगानी गर्ने; लगानीकर्ता ।

**विनियोजन**– ना० [सं०] १. काममा खटाउने काम; उपयोग; प्रयोग । २. कुनै काममा पुँजी लगाउने काम; राजस्वको परिचालन । ~ **विधेयक**– ना० विधायिकासभामा पारित गर्नाका लागि प्रस्तुत गरिने, कुन शीर्षकमा केकति राजस्व खर्च गर्ने भन्ने आर्थिक मस्यौदा; विधायिकामा प्रस्तुत गरिने आर्थिक विधेयक । ~ **शीर्षक**– ना० मन्त्रालय, विभाग आदिमा गरिने तलब, भत्ता, प्रकाशन, इन्धन, घरभाडा आदिको खर्चगत विभाजन ।

**विनियोजित**– वि० [सं०] १. विनियोजन गरिएको; काममा खटाइएको; प्रयुक्त; नियुक्त । २. चढाइएको; अर्पण गरिएको; अर्पित ।

**विनियोज्य**– वि० [सं०] काममा लगाउन लायक; उपयोग गर्न योग्य ।

**विनिर्गत**– वि० [सं०] १. बाहिर गएको; निस्केको । २. बन्धनबाट छुटेको; मुक्त ।

**विनिर्गम**– ना० [सं०] १. बाहिर जाने वा निस्कने काम; बाहिरिने क्रिया ।

**विनिर्मुक्त**– वि० [सं०] १. बन्धनबाट छुटकारा पाएको; मुक्त । २. निस्केको; फुत्केको ।

**विनिवारण**– ना० [सं०] कडाइका साथ रोक्ने काम; रोकावट; प्रतिबन्ध ।

**विनीत**– वि० [सं०] १. ज्यादै नुहेको वा झुकेको; नम्र; विनयी । २. सज्जन; सुशील; भद्र; शिष्ट । ३. लगिएको; पुऱ्याइएको । ४. टुप्पोदेखि नुहेको; झुकेको । ५. इन्द्रिय जित्ने; जितेन्द्रिय; संयमी । ६. मिल्काइएको; हटाइएको ।

**विनोद**– ना० [सं०] १. मन बहलाउने काम; आनन्ददायी क्रियाकलाप; मनोरञ्जन । २. खेलकुद; क्रीडा । ३. खेलाँची; ख्यालठट्टा; परिहास । > **विनोदी**– वि० ख्यालठट्टा गर्ने स्वभावको; लहडबाज ।

**विन्दु**– ना० [सं०] १. लम्बाइ, चौडाइ, उचाइ कुनै नभएको, ज्यादै सानो चिह्न; थोप्लो; बिन्दु । वि० २. चलाक; बुद्धिमान् । ३. उदार; दयालु । – **पथ**– ना० एउटा चलायमान विन्दुले लम्बाइ वा चौडाइतर्फ लिने बाटो; बिन्दु तन्काउने मार्ग ।

**विन्ध्य**– ना० [सं०] भारतको मध्यभागमा पर्ने, पूर्वपश्चिम भएर रहेको एक प्रसिद्ध पर्वत; विन्ध्याचल । – **वासिनी**– ना० १. विन्ध्याचल पर्वतकी अधिष्ठात्री देवी । २. पश्चिम नेपालको

कास्की जिल्लाअन्तर्गत पोखरामा रहेकी एक प्रसिद्ध देवी; तिनै देवीको मन्दिर । (उहिले राजाबाट कास्कीकोटमा स्थापना गर्न विन्ध्याचलबाट ल्याइएकी यी देवीलाई पोखरामा बिसाइएको र त्यहाँबाट उचाल्न नसकी बिसाइएकै ठाउँमा स्थापित गरिएको हो भन्ने किंवदन्ती छ) । ~ **विन्ध्याचल–** ना० मध्य भारतमा रहेको एक प्रसिद्ध पर्वत; विन्ध्यपर्वत ।

**विन्यस्त–** वि० [सं०] १. राखिएको; स्थापना गरिएको । २. सुरक्षाका लागि पछि फिर्ता हुने गरी दिइएको (नासो, धरौटी आदि) ।

**विन्यास–** ना० [सं०] १. राख्ने काम; स्थापना । २. जड्ने वा सजाउने काम; जडान । ३. लहरै मिलाएर राख्ने काम; सुगठित स्थापना । ४. समूह; सङ्कलन; सङ्ग्रह । ५. आधार; आश्रय । ६. नासो; धरौटी; धितो ।

**विपक्ष–** ना० [सं०] १. कुनै दल वा मान्यताको उल्टो दल वा मान्यता; विरोधी पक्ष; प्रतिकूल पक्ष । २. शत्रु; दुस्मन; वैरी । ३. वादी वा प्रतिवादी; झगडिया । ४. कुनै पक्ष वा सम्प्रदाय आदिको पक्षमा नलाग्ने काम; निष्पक्षता । वि० ५. उल्टो; प्रतिकूल; विपरीत । ६. पक्षपात नभएको; निष्पक्ष । ७. पखेटा नभएको । > **विपक्षी–** वि० १. विरुद्ध पक्षको; प्रतिकूल पक्षमा लाग्ने; विरोधी । ना० २. शत्रु; वैरी । ३. प्रतिद्वन्द्वी । ४. प्रतिवादी ।

**विपज्जनक–** ना० [सं०] विपत्तिमा पार्ने; सङ्कट पैदा गर्ने ।

**विपज्जाल–** ना० [सं०] विपत्तिको जालो; दुःख-कष्टको घर; आपत्तिको समूह ।

**विपञ्चिका/विपञ्ची–** ना० [सं०] १. वीणा; सितार; गितार । २. खेल; क्रीडा ।

**विपण–** ना० [सं०] खुद्रा वा चानचुने व्यापार । > **विपणी–** ना० १. विशेष अवसरमा अथवा साप्ताहिक, वार्षिक आदि रूपले लाग्ने सामयिक बजार; हाट; बजार । २. वाणिज्य; उद्योगव्यवसाय; व्यापार । ३. बेच्न राखिएको मालसामान ।

**विपत्–** ना० [सं०] आपत्; आपत्ति; कष्ट । – **कर–** वि० आपत्ति पैदा गर्ने; कष्ट दिने; कष्टप्रद । ~ **काल–** ना० विपत् परेको स्थिति; सङ्कटकाल ।

**विपत्ति–** ना० [सं०] १. विपत्; बिचल्ली; सङ्कट; आपत्ति ।२. यातना; पीडा; कष्ट; दुःख । ३. अप्ठेरो; कठिनाइ; मुस्किल । ४. ठूलो हानिनोक्सानी पुऱ्याउने घटना; दुर्घटना । ५. बरबादी; सत्यानाश । ६. निधन; मृत्यु । – **जनक–** वि० विपत्ति पैदा गर्ने; विपत्कर ।

**विपत्र–** ना० [सं०] १. बैङ्क वा महाजन आदिबाट तोकिएअनुसारको रकम फलानो मितिसम्म चुक्ता गरिदिउँला भन्ने भाका लेखिएको पत्र; हुन्डी । २. माग गरिएको मालको मूल्य चुक्ता गर्नेबारे दुवै पक्षबाट मान्य हुने गरी लेखिएको सर्तनामा; विनिमयपत्र ।

**विपथ–** ना० [सं०] १. हिँड्न मुस्किल पर्ने बाटो; खराब बाटो; कुमार्ग । २. प्रतिकूल उद्देश्य; नसुहाउँदो काम । ३. भिन्न मार्ग; अलग बाटो । – **गामी–** वि० विपथमा लागेको; कुमार्गमा हिँड्ने ।

**विपद्–** ना० [सं०] विपत् । > **विपदा–** ना० विपत्ति । ~ **ग्रस्त–** वि० आपद्‌विपद्‌मा फसेको; सङ्कटग्रस्त ।

**विपन्न–** वि० [सं०] १. विपत्तिमा परेको; सङ्कटग्रस्त । २. नाश भएको; नष्ट ।

**विपरिधान–** ना० [सं०] सेना, प्रहरी आदिले पहिरिने एकनासको पोसाक; वर्ग वा व्यवसायसुहाउँदो पहिरन (युनिफर्म) ।

**विपरीत–** वि० [सं०] १. पूरै किसिमले नमिल्दो; उल्टो; बिब्ल्याँटो । २. आफ्नो अनुकूल नभएको; प्रतिकूल । ३. विरुद्ध; खिलाफ । ४. नियमसित नमिल्दो खालको; नियमविरुद्ध । ५. असत्य; मिथ्या; झूटो । – **तः–** क्रि० वि० विपरीत किसिमले; उल्टो चालसँग । – **ता–** ना० विपरीत हुनाको भाव वा अवस्था; उल्टोपन । > **विपरीतार्थ–** ना० १. उल्टो अर्थ; विरुद्ध अर्थ । वि० २. उल्टो वा विरुद्ध अर्थ लाग्ने । **विपरीतार्थक–** वि० उल्टो अर्थ बुझाउने ।

**विपर्यय–** ना० [सं०] १. तलमाथि वा अगाडिपछाडि परेको अवस्था; क्रमको अभाव; व्यतिक्रम । २. सिलसिला टुटेको रूप; क्रम भत्केको अवस्था । ३. भ्रम; भ्रान्ति । ४. गल्ती; भूल । ५. उल्टोपन; प्रतिकूलता । ६. साटफेर; विनिमय; अदलाबदली । ७. भेष वा पोसाकको परिवर्तन । ८. अभाव; शून्यता । ९. हानि; नोक्सान । १०. विनाश; खतम । ११. विपत्ति । १२. द्वेष; रिस । १३. कुनै शब्दमा वर्ण अगाडिपछाडि पर्ने स्थिति (जस्तो पिशाच > पिचास आदि) ।

**विपर्यस्त–** वि० [सं०] १. बदलिएको; हेरफेर भएको; परिवर्तित । २. उल्टो; विपरीत । ३. सिलसिला बिग्रेको; क्रमभङ्ग भएको । ४. भ्रान्ति गराउने; सन्देहास्पद ।

**विपर्याय–** ना० [सं०] कुनै पनि शब्दको विरोधी वा उल्टो अर्थ बुझाउने शब्द; विपर्यायवाची शब्द । (जस्तो– तल=माथि, राम्रो=नराम्रो; बाहिर=भित्र आदि) ।

**विपर्यास–** ना० [सं०] १. कुनै एक व्यक्ति वा वस्तुको बदलामा अर्को रहने काम; हेरफेर; अदलीबदली । २. प्रतिकूलता; विरुद्धता; उल्टोपन । ३. भ्रम; भ्रान्ति; भूल ।

**विपल/विपला–** ना० [सं०] एक पलको साठी भागको एक भाग; पलको साठीयौँ भाग; समयको ज्यादै सूक्ष्म एकाइ ।

**विपश्वी बुद्ध–** ना० [सं०] पौराणिक जनश्रुतिअनुसार सत्ययुगमा नेपाल आउने एक बुद्ध ।

**विपिन–** ना० [सं०] १. ठूलासाना रूखलहराहरू भएको ठाउँ; जङ्गल; वन । २. बगैँचा; उपवन ।

**विपुल–** वि० [सं०] १. बडेमाको; ज्यादै ठूलो । २. धेरै; प्रचुर; प्रशस्त । ३. फैलिएको; विस्तृत; विशाल । ४. ज्यादै गहन; अगाध; गम्भीर । – **ता/त्व–** ना० विपुल हुनाको भाव वा स्थिति । > **विपुला–** ना० १. धर्ती; पृथ्वी । २. आर्या छन्दको एक भेद । वि० ३. 'विपुल' शब्दको स्त्रीलिङ्गी रूप ।

**विप्र–** ना० [सं०] १. द्विजाति; ब्राह्मण । २. मेधावी पुरुष; जेहनदार व्यक्ति । ३. शुभचिन्तक साथी; हितैषी मित्र । ४. पीपलको

रूख । ५. शिरीषको रूख ।

**विप्रकर्ष–** ना० [सं०] १. तान्ने वा घिच्च्याउने काम; अपकर्षण । २. विशेष खालको श्रेष्ठता; उम्दापन । ३. अन्तर; फरक । ४. स्वरपछिको संयुक्त व्यञ्जन छुट्टिई उत्तरवर्ती स्वरको आगम भएर अघिल्लो व्यञ्जनमा जोडिने काम । (जस्तो– अर्क > अरक, फर्क > फरक, पृथ्वी > पृथिवी आदि)

**विप्रतिपन्न–** वि० [सं०] १. परस्पर विरुद्ध; असहमत । २. व्याकुल; हैरान । ३. विवादग्रस्त ।

**विप्रलब्ध–** वि० [सं०] १. धोका खाएको; ठगिएको; वञ्चित । २. वियोगले छटपटाएको; वियोगी; विरही । > **विप्रलब्धा–** वि० १. विप्रलब्ध शब्दको स्त्रीलिङ्गी रूप । २. ठगिएकी; वञ्चिता । ३. वियोगिनी; विरहिणी । ना० ४. सङ्केतित समय र स्थानमा प्रियजनको भेट नपाई छटपटाएकी नायिका; विरहिणी ।

**विप्रलम्भ–** ना० [सं०] १. वियोग; विछोड (प्रायः प्रेमी र प्रेमिकाका बीच) । २. छलकपट; धोका । ३. कलह; झगडा; भनावैरी । ~ **शृङ्गार–** ना० नायकनायिकाको विरहको वर्णन रहेको शृङ्गार रसको एक भेद; वियोगशृङ्गार ।

**विप्रलाप–** ना० [सं०] १. मतलब नभएको कुरो; बकवाद; नचाहिँदो गन्थन । २. बरबराउने काम; प्रलाप ।

**विप्रक्षेपण–** ना० [सं०] चारैतिर रेखदेख गर्ने काम; चलाकीपूर्ण हेराइ ।

**विप्रेषण–** ना० [सं०] १. कुनै व्यक्तिका नाउँमा सञ्चारसाधनद्वारा रुपियाँपैसा र यस्तै अरू मालसामान पठाउने काम । २. टाढा पठाइने वस्तु वा रुपियाँपैसा ।

**विप्लव–** ना० [सं०] १. ठूलो आन्दोलन; विद्रोह; उग्र क्रान्ति; भयङ्कर विरोध; दङ्गा । २. अशान्ति; उत्पात; उपद्रव । ३. ठूलो परिवर्तन; उथल-पुथल । ४. सङ्कट; आपत्ति; विपत्ति । ५. महामारी; सर्वनाश; स्वाहा; विध्वंस । ६. पानीमाथि उत्रने काम; पौडाइ । ७. विनाशकारी वर्षा; बाढी । – **कारी–** वि० आन्दोलन मच्चाउने; उपद्रव गर्ने; क्रान्तिकारी । > **विप्लवी–** वि० विप्लवकारी ।

**विफल–** वि० [सं०] १. फल नलागेको; फलहीन; निष्फल । २. काम नलाग्ने; व्यर्थ; निरर्थक; निष्प्रयोजन । ३. काम पूरा नभएको; असफल । ना० ४. फल नलाग्ने रूख; फल नभएको वा झरेको रूख । – **ता–** ना० १. विफल हुनाको भाव वा अवस्था; असफलता । २. सुखद परिणामको अभाव ।

**विबद्ध–** वि० [सं०] १. डोरी आदिले बेसरी कसेर बाँधेको; मस्काएको । २.कब्जियत भएको; गोटा परेको ।

**विबुध–** ना० [सं०] १. पण्डित; विद्वान् ।२. चतुर व्यक्ति; बुद्धिमान् । ३. देवता । ४.चन्द्रमा ।

**विभक्त–** वि० [सं०] १. अंशबन्डा भएको; दाजुभाइ छुट्टिएको । २. बाँडिएको; भाग लगाइएको; विभाजित । ३. अलग पारिएको; छुट्ट्याइएको । ४. पृथक् गरिएको वा भएको । ५.एक्लो पारिएको ।

**विभक्ति–** ना० [सं०] १. अंशभाग; बाँडचुँड; विभाजन; विभाग । २. अलग्याउने काम; पृथक्करण । ३. अंश; भाग; हिस्सा । ४. व्याकरणअनुसार कारकसँग क्रियाको सम्बन्ध बुझाउनका निम्ति शब्दका पछाडि लाग्ने 'ले, लाई, बाट' आदि प्रत्यय; कारकसूचक प्रत्यय ।

**विभव–** ना० [सं०] १. चल-अचल सम्पत्ति; ऐश्वर्य; धन । २. ठूलो बन्ने भाव; महिमा । ३. सामर्थ्य; शक्ति; पराक्रम । ४. ऐसआरामको साधन; भोगविलासको वस्तु । ५. साठी संवत्सरमध्ये एक संवत्सर । – **शाली–** वि० ऐश्वर्यवान्; सम्पन्न ।

**विभा–** ना० [सं०] १. कान्ति; दीप्ति; प्रभा; चमक । २. किरण; प्रकाश; तेज । ३. सौन्दर्य । – **कर–** ना० १. सूर्य; घाम । २. आगो; अग्नि ।

**विभाग–** ना० [सं०] १. एकएक गरी अलग्ग्याउने वा बाँड्ने काम; विभाजन । २. अंश; भाग; हिस्सा । ३. पुस्तकको उपशीर्षक वा प्रकरण; अध्याय; परिच्छेद । ४. छुट्ट्याउने वा अलगअलग पार्ने काम; पृथक्करण । ५. शिक्षणसंस्थामा सुविधाका लागि तर्जुमा गरिएको विषयगत कार्यक्षेत्र (जस्तो– नेपाली विभाग; अङ्ग्रेजी विभाग आदि); मन्त्रालय वा अड्डाअदालतमा कामको बाँडफाँडका लागि अलग्ग्याइएको क्षेत्र (जस्तो– शिक्षा विभाग; सूचना-विभाग इ०) । > **विभागाध्यक्ष–** ना० कुनै विभागको प्रमुख अधिकारी; विभागीय प्रमुख ।

**विभागीय–** वि० [सं०] विभागको; विभागसम्बन्धी । ~ **अधिकृत–** ना० कुनै विभागको प्रशासक वा हाकिम । ~ **आदेश–** ना० कुनै कामकारबाईका विषयमा विभागले दिएको आदेश । ~ **कारबाई–** ना० १. कर्मचारीमाथि विभागीय प्रमुखमा रहेको अधिकारअनुसार गरिने सजायसम्बन्धी कारबाई । २. सम्बन्धित विभागबाट नै टुङ्गो लाग्ने कामकुरो । ~ **प्रमुख–** ना० कुनै विभागको अध्यक्ष वा प्रधान अधिकारी; विभागाध्यक्ष ।

**विभाजक–** वि० [सं०] १. बाँडफाँड गर्ने; बाँड्ने वा विभाजन गर्ने । २. टुक्रा पार्ने; अलगअलग गराउने । ३. फुटाउने; बेमेल गराउने ।

**विभाजन–** वि० [सं०] १. बाँड्ने काम; भाग लाग्ने काम; बाँडचुँड । २. विभागविभागको कार्य निर्धारण गर्ने काम । ~ **घण्टी–** ना० विधायिका सभामा प्रस्तुत कुनै प्रस्तावबारे विवाद सकिएपछि सभाको मत जान्न भिन्नभिन्न समूहमा विभक्त आआफ्नो स्थान ग्रहण गर्न सूचना दिने घण्टी ।

**विभाजित–** वि० [सं०] १. विभाजन गरिएको; बाँडिएको; विभक्त । २. अलग्याइएको; छुट्ट्याइएको ।

**विभाज्य–** वि० [सं०] १. बाँडफाँड गर्न सुहाउँदो; भाग लगाउन योग्य । २. अलग्याउनुपर्ने; छुट्ट्याउनुपर्ने ।

**विभाव–** ना० [सं०] १. कारण; निदान । २. रसनिष्पत्तिका क्रममा रति, शोक आदि स्थायी भावको उद्दीपक वा आधारका रूपमा रहेका संवेदनशील भाव; रसपरिपाकमा कारणकोटिका भाव

(आलम्बनविभाव वा उद्दीपनविभाव) ।

**विभावना**– ना० [सं०] १. अनुगामी वा प्रतिगामी अनुभूतिहरूको शृङ्खला; कल्पना; सोचाइ । २. आशय; विवेक; विचार । ३. वादविवाद; पक्षविपक्षबारे उठेको तर्क । ४. मनन; चिन्तन । ५. कारणविना पनि कार्यको वर्णन गरिने एक अर्थालङ्कार ।

**विभावरी**– ना० [सं०] १. रात्रि, रात । २. तारा चम्केको रात । ३. वेश्या; कुलटा । ४. मुखाले स्त्री; कुटिल नारी ।

**विभावित**– वि० [सं०] १. देखाइएको; प्रकट गरिएको; व्यक्त । २. जानेबुझेको; थाहा पाएको; विज्ञात । ३. सोचिएको ।

**विभाषा**– ना० [सं०] १. कुनै दुई पक्षमध्ये एक; विकल्प; अथवा । २. छान्ने वा रोज्ने काम; छनोट; चयन । ३. अतिरिक्त भाषा; एक प्रकारको प्राकृत भाषा । > **विभाषी**– वि० बेग्लै मातृभाषा भएको; अर्कै भाषा बोल्ने; विमातृभाषी ।

**विभास**– ना० [सं०] १. चमक; प्रकाश; कान्ति । २. बिहानीपख गाइने एक प्रार्थनागीत; प्रभाती गीत । ३. मारुनीनाचको अन्तर्गत गाइने एकथरी राग ।

**विभिन्न**– वि० [सं०] १. किसिमकिसिमको; धेरै प्रकारको; थरीथरी । २. अलग; भिन्न; पृथक् । ३. मिसिएको; मिसौटो; मिश्रित । **– ता**– ना० विभिन्न हुनाको भाव वा अवस्था; अलग-अलग हुनाको स्थिति ।

**विभीषक**– वि० [सं०] भयानक; डरलाग्दो ।

**विभीषण**– ना० १. रामायणप्रसिद्ध रावणको कान्छो भाइ । वि० २. डर वा त्रास पैदा गर्ने; भयङ्कर ।

**विभीषिका**– ना० [सं०] १. ठूलो डरत्रास उत्पन्न गर्ने वस्तु; डर वा भय पैदा गराउने कुरो । २. डर; त्रास; भय ।

**विभु**– वि० [सं०] १. चारैतिर फैलिएको; व्यापक; सर्वव्यापी । २. ज्यादै ठूलो; महान् । ३. समर्थ; शक्तिशाली । ४. अविनाशी; नित्य । ५. अधिपति; मालिक । ना० ६. जीवात्मा । ७. ईश्वर; देवता । ८. आकाश । ९. समय; काल । १०. महादेव; शिव । ११. विष्णु । > **विभुता**– ना० विभु हुनाको भाव, गुण वा अवस्था; प्रभुता; स्वामित्व ।

**विभूत**– ना० [सं०] हवन वा यज्ञकुण्डको खरानी; विभूति ।

**विभूति**– ना० [सं०] १. पुगीसरीको अवस्था; ऐश्वर्य; वैभव । २. धनदौलत; सम्पत्ति । ३. ईश्वरीय शक्ति; अलौकिक सामर्थ्य । ४. अभ्युदय; उन्नति; प्रगति । ५. देशका लागि उल्लेखनीय योगदान दिने व्यक्ति ६. यज्ञकुण्डको खरानी; बिगुत । **– पथ**– ना० महापुरुषहरू हिँडेको बाटो; देशका अमर विभूतिहरूले निर्देश गरेको मार्ग ।

**विभूषण**– ना० [सं०] १. विशेष प्रकारको आभूषण; हीरा, सुन, चाँदी आदिका बहुमूल्य गहना । २. कुनै महत्त्वपूर्ण पौरख देखाएबापत दिइने पदक, तक्मा आदि । ३. सुन्दरता; सौन्दर्य । ४. सजाउने काम; शृङ्गार ।

**विभूषित**– वि० [सं०] १. सजाइएको; सिँगारिएको; अलङ्कृत । २. सुशोभित; शोभायमान । ३. गुणले युक्त ।

**विभेदक**– वि० भिन्न तुल्याउने; छुट्ट्याउने । ~ **अभिलक्षण**– उत्पादक वर्ण-विज्ञानअनुसार मुख्यवर्गीय, विवर, स्रोत, उच्चारण-प्रक्रियागत आदि विशेषताका आधारमा भाषाको एउटा ध्वनि वा वर्णबाट अर्को ध्वनि वा वर्ण छुट्ट्याउने लक्षणहरू; डिस्टिङ्क्टिभ फिचर ।

**विभेदना**– ना० [सं०] १. वस्तुहरूका बीच आपसमा देखिने नमिल्दा कुरा; फरक; अन्तर; भेद । २. अनेक किसिम; धेरै प्रकार; थरी-थरी । ३. छेड्ने वा रोप्ने काम; भेदन । ४. टुक्रा-टुक्रा पार्ने काम; विखण्डन । ५. मतभेद; फूट । > **विभेदीकरण**– ना० १. विभेद गर्ने काम । २. पक्षपात ।

**विभोर**– वि० [हि०] १. मोहित; लोभिएको । २. एकचित्त भई लागेको; तल्लीन । ३. विह्वल ।

**विभ्रंश**– ना० [सं०] १. आफ्नो जात, संस्कार अथवा समाजबाट खस्ने काम; पतन; अवनति । २. विनाश; क्षय । **– घाटी**– ना० पृथ्वीको हलचलले गर्दा भासिएको निम्न भूमि । > **विभ्रंशित**– वि० १. पतन भएको; खसेको । २. नष्ट ।

**विभ्रम**– ना० [सं०] १. अन्योलको स्थिति; भ्रम; भ्रान्ति । २. सन्देह; धुकचुक; दुबिधा । ३. यताउति डुल्ने काम; घुमघाम; भ्रमण । ४. नारीहरूले हडबड वा हतारमा अव्यवस्थित तरिकाले सिँगार गर्दा हुने एक हाव । > **विभ्रमात्मक**– वि० विभ्रम उत्पन्न हुने; भ्रम पैदा गराउने ।

**विभ्राट्**– वि० [सं०] चम्किलो; साह्रै तेजिलो; अति चहकदार ।

**विभ्रान्त**– वि० [सं०] १. भ्रान्तिमा परेको; भ्रान्त । २. घुमेको । ३. व्याकुल; विह्वल । > **विभ्रान्ति**– ना० १. अलमलिएको स्थिति; भ्रम; भ्रान्ति । २. घुम्ने काम; चक्कर; भ्रमण । ३. खिन्नता; व्याकुलता; दिक्दारी ।

**विमत**– वि० [सं०] १. भिन्न मतको; विरुद्ध मत वा विचारमा लाग्ने; उल्टो विचारको । २. कुनै एक मत वा विचारसँग नमिल्ने; सहमति नभएको; असहमत । ३. हेला गरिएको; उपेक्षित; तिरस्कृत । ना० ४. उल्टो विचार; विपरीत मत; विरोधी भावना । > **विमति**– वि० १. बुद्धि भ्रष्ट भएको; मूर्ख; अशिष्ट । २. उल्टो विचारको; विपरीत मतको । ना० ३. बेमन्जुरी; नामन्जुरी; असहमति । ४. मतभिन्नता; मतभेद । ५. अज्ञानता; कुबुद्धि ।

**विमत्सर**– वि० [सं०] मत्सर वा द्वेष नभएको; ईर्ष्याहीन ।

**विमद**– वि० [सं०] १. उत्ताउलो नभएको; मदहीन । २. बेखुस; अप्रसन्न ।

**विमनस्क**– वि० [सं०] १. मनमा शान्ति नभएको; दिक्दार; खिन्न; उदास । २. आत्तिएको; व्याकुल; हडबडाएको । ३. अन्तै मन लगाउने; अन्यमनस्क ।

**विमना**– वि० [सं०] १. मनमा बेचैनी भएको; दिक्दार; उदास; खिन्न । २. व्याकुल; विह्वल । ३. विरोधी मतको; उल्टो विचारको ।

**विमर्द ⁄ विमर्दन**– ना० [सं०] १. रगड्ने वा घोट्ने काम; विदलन ।

२. लडाइँ; सङ्घर्ष; युद्ध । ३. बरबादी; सत्यानाश ।

**विमर्श–** ना० [सं०] १. कुनै वास्तविक तथ्यको अन्वेषण; सत्य कुराको खोजी । २. कुनै विषयवस्तुबारे गरिने विवेचना वा विचार । ३. सरसल्लाह; परामर्श । ४. अवलोकन; समीक्षा; आलोचना । ५. बहस; तर्क; वादविवाद । ६. नाटकका पाँच सन्धि-मुख, प्रतिमुख, गर्भ, विमर्श, उपसंहारमध्ये एक सन्धि । >**विमर्शन–** ना० १. खोज; अन्वेषण । २. तर्कवितर्क; वादविवाद । ३. समीक्षा । **विमर्शित–** वि० विमर्श गरिएको ।

**विमर्ष–** ना० [सं०] १. विवेचना; विचार । २. अधैर्य; असहिष्णुता । ३. असन्तोष; अतृप्ति । ४. आलोचन; समीक्षा । ५. नाटकका पाँच सन्धिमध्ये एक । (यसमा खेद, अपवाद, सङ्केत, व्यवसाय, द्रव, द्युति, शक्ति, प्रसङ्ग, प्रतिषेध, विरोध, प्ररोचना, आदान र छादन हुन्छन्) ।

**विमल–** वि० [सं०] १. फोहरमैला नभएको; निर्मल । २. स्वच्छ; सफा; कञ्चन । ३. विशुद्ध; पवित्र । ४. दाग नभएको; निष्कलङ्क; निर्दोष । ५. राम्रो; सुन्दर । ना० ६. चाँदीको मुलम्मा । ७. अभ्रख ।

**विमला–** ना० [सं०] १. बौद्ध धर्मको महायान र वज्रयानको दशभूमि; त्रयोदश भूमिको दोस्रो भूमि । २. सरस्वती । वि० ३. मल नभएकी ।

**विम्ब–** ना०हे० बिम्ब । > **विम्बित–** वि० बिम्बित ।

**विमाता–** ना० [सं०] सौतेनी आमा; अर्की आमा ।

**विमातृ–** ना० [सं०] विमाता । **– भाषी–** वि० आफ्नो मातृभाषाबाहेक कुनै अर्को भाषाको व्यवहार गर्ने; अन्य भाषा बोल्ने; विभाषी ।

**विमान–** ना० [सं०] १. आकाशमार्गबाट जाने सवारी; व्योमयान; हवाईजहाज; वायुयान । २. मुर्दा बोक्ने खट; अर्थी । ३. सातताले दरबार; धेरै तला भएको महल । ४. अपमान; हेला; अनादर । ~ **अपहरण–** ना० कुनै प्रतिकारात्मक भावना वा ठूलो मागको पूर्तिका निम्ति हवाईजहाजका चालकलाई धम्काएर आफ्नो अनुकूल परेको विमानस्थलमा सो जहाज उतार्न लगाउने काम; विमानलाई अपहरण गर्ने काम । ~ **घाट–** ना० हवाईजहाज बस्न र उड्न मिल्ने गरी बनाइएको ठाउँ; विमानस्थल । ~ **झ्याल–** सानो झ्याल; सन्झ्याल । ~ **परिचारिका–** ना० हवाईजहाजका यात्रीहरूको रेखदेख गर्ने नारी । **– भेदी–** वि० उडिरहेको विमानलाई खसाल्न सक्ने (अस्त्र, तोप आदि) । **– स्थल/स्थान–** ना० हवाईजहाज उडाउने र बसाउने ठाउँ; विमानघाट; हवाईमैदान ।

**विमानित–** वि० [सं०] मानहानि गरिएको; हेला गरिएको; अपमानित; उपेक्षित ।

**विमार्ग–** ना० [सं०] १. खराब बाटो; कुमार्ग; अबाटो ।

**विमार्जन–** ना० [सं०] १. धुने वा पखाल्ने काम; सफा गर्ने काम । २. पवित्र पार्ने काम; विशोधन । ३. बढार्ने काम ।

**विमुक्त–** वि० [सं०] १. राम्रोसँग मुक्त भएको; निर्मुक्त । २. स्वेच्छाचारी; स्वतन्त्र; स्वच्छन्द । ३. छाडिएको; परित्यक्त । ४. फ्याँकिएको; मिल्किएको । > **विमुक्ति–** ना० १. छुटकारा; कैदबाट मुक्ति; रिहाइ । २. जीवात्माले सांसारिक बन्धनबाट छुटकारा पाउने काम; निर्वाण; मुक्ति; मोक्ष ।

**विमुख–** वि० [सं०] १. विपरीत दिशातर्फ मुख भएको; पछिल्तिर मुख मोडेको; पराङ्मुख । २. निराश; हताश । ३. उदासीन; विरक्त । ४. उल्टो; प्रतिकूल । ५. बेखुस; अप्रसन्न । ६. मुख नभएको ।

**विमुग्ध–** वि० [सं०] १. ज्यादै मोहित; लट्ठ । २. भ्रममा परेको; भ्रान्त । ३. आत्तिएको; अतालिएको । ४. केही नजान्ने; मूढ ।

**विमुद्रीकरण–** ना० [सं०] मुद्राको वैधता खतम गर्ने काम; विशेष स्थितिमा कुनै मुद्रा वा नोटको प्रचलन अवैध गर्ने काम ।

**विमुद्रीकृत–** वि० [सं०] सरकारी आदेशबाट कुनै मुद्रा नचल्ने गराइएको; खोटो तुल्याइएको ।

**विमूढ–** वि० [सं०] १. मोहमा फसेको; ज्यादै मोहित । २. मन्द बुद्धि भएको; अबुझ; मूर्ख ।

**विमोक्ष–** ना० [सं०] सांसारिक मायाबन्धनबाट छुटकारा पाउने काम; मोक्ष; मुक्ति । >**विमोक्षण–** ना० १. मोक्ष; मुक्ति । २. अस्त्र आदि छाड्ने काम । ३. त्याग । ४. चरा आदिले फुल पार्ने काम ।

**विमोचन–** ना० [सं०] १. बन्धनबाट छुटकारा पाउने काम; रिहाई । २. हटाउने काम; अपसारण । ३. बाहिर पठाउने काम; निकाल्ने काम । ४. पुस्तक वा अन्य कुनै कृतिको प्रथम प्रकाशन हुँदा विधिपूर्वक गरिने अनावरण; लोकार्पण ।

**विमोचित–** वि० [सं०] विमोचन गरिएको; लोकार्पित ।

**विमोहक–** वि० [सं०] १. मोहित पार्ने; लट्ठ्याउने । २. भ्रममा पार्ने; छल्ने ।

**विमोहन–** ना० [सं०] १. मोहित पार्ने काम; लट्ठ्याउने काम । २. मोहिनी; टुना; जादु । ३. सुद्धी वा होस गुम हुने काम । ४. भ्रम; भ्रान्ति; मतिभ्रम । ५. मनःस्थिति र स्नायुको गडबडीले गर्दा हुने एक किसिमको मानसिक रोग ।

**विमोहित–** वि० [सं०] १. लट्ठिएको; लहसिएको; मुग्ध । २. टुनामुनाले वश गरिएको ; मोहिनी लाइएको । ३. भ्रममा परेको; विभ्रान्त ।

**विम्ब–** ना० [सं०] हे० बिम्ब ।

**वियुक्त–** वि० [सं०] १. अलग भएको; छुट्ट्याइएको । २. इष्टजनबाट बिछोड भएको; वियोग भएको । ३. नभएको; रहित; हीन ।

**वियोग–** ना० [सं०] १. अलगिने वा छुट्टिने काम; अलग्ग्याइ; बेग्ल्याइ । २. इष्टजन वा प्रिय व्यक्तिसँगको बिछोड; छुट्टिम । ३. बिछोडको वेदना; विरह । ४. एक सङ्ख्याबाट अर्को सङ्ख्या घटाउने काम; घटाउ । ५. फरक; अन्तर । ~ **शृङ्गार–** ना० विप्रलम्भ-शृङ्गार । >**वियोगात्मक–** वि० १. बिछोड हुने वा गराउने । २. नजोडिने । ३. वियोगसम्बन्धी । **वियोगान्त–** वि० भय र त्रासको परिपाक हुँदै अन्तमा वियोग, शोक, मृत्यु आदि भएको (नाटक, उपन्यास,

कथा आदि); दुखान्त ।

**वियोगिनी**– ना० [सं०] १. प्रेमीको बिछोडले छटपटाएकी नायिका; विरहिणी । २. वियोगीको स्त्रीरूप । ३. विषम पाउमा क्रमशः दुई सगण, एक जगण र अन्तमा गुरु हुने, सम पाउमा क्रमशः सगण, भगण, रगण र लघु एवं गुरु हुने एक वार्णिक छन्द ।

**वियोगी**– ना० [सं०] १. प्रेमिकासँग बिछोड भएको प्रेमी; विरही नायक । २. चखेवा । वि० ३. छुट्टिएको; पृथक् ।

**वियोजक**– वि० [सं०] १. वियोग गराउने; छुट्टयाउने; अलग पार्ने । २. गणितमा अन्तर निकाल्ने ।

**वियोजन**– ना० [सं०] १. एकअर्कालाई अलग्याउने वा छुट्टयाउने काम । २. दुई सङ्ख्याका बीच अन्तर निकाल्ने काम; घटाउने काम ।

**वियोजित**– वि० [सं०] वियोजन गराइएको; छुट्टयाइएको ।

**विरक्त**– वि० [सं०] २. सांसारिक मायामोहदेखि अलग भएको; उदासीन; वैरागी । २. कुनै विषयवासनामा लागिनपर्ने; अनासक्त । ३. हैरान; दिक्दार; खिन्न । ४. ज्यादै रातो । ५. रङ उडेको; धुस्रो । ६. असन्तुष्ट; सन्तोष नमान्ने । ७. रिसाहा; क्रुद्ध; उत्तेजित । > **विरक्ति**– ना० १. सांसारिक विषयदेखि टाढा रहने काम; विराग; वैराग्य । २. दिक्दारी; खिन्नता; उदासीनता । ३. असन्तुष्टि; अप्रसन्नता ।

**विरङ्ग**– वि० [सं०] अनेक रङ्गको; रङ्गीचङ्गी । > **विरङ्गी**– वि० रङ्गीचङ्गी; धेरै रङ्गको ।

**विरचना**– ना० [सं०] १. विशेष किसिमले सजाउने काम; राम्रो सजावट । २. निर्माण; बनोट; रचना ।

**विरचित**– वि० [सं०] १. राम्रो किसिमले रचना गरिएको; बनाइएको । २. लेखिएको; लिखित; रचित (पुस्तक, लेख, कविता आदि) । खूब सजाइएको; सिँगारपटार गरिएको ।

**विरञ्चि**– ना० [सं०] ब्रह्मा । – **सुत**– ना० नारद ।

**विरत**– वि० [सं०] १. कामबाट हटेको वा हटाइएको; निवृत्त । २. मोहबन्धनमा नफसेको; विरक्त । > **विरति**– ना० विरत हुने भाव वा अवस्था; विरक्ति; उदासीनता ।

**विरथ/विरथी**– वि० [सं०] १. रथमा वा अरू कुनै सवारीमा नचढेको; पैदल । २. रथबाट खसालिएको; रथहीन गराइएको ।

**विरल**– वि० [सं०] १. अपेक्षाकृत कम; थोरै । २. बीचबीचमा खाली रहेको; घना नभएको; पातलो । ३. ज्यादै कम मात्रामा पाइने; दुर्लभ; बिरलाकोटी । – **ता**– ना० १. विरल हुनाको भाव वा स्थिति; न्यूनता । २. ध्वनिको गतिमा क्रमबद्धता नभई फड्को मारेजस्तो अवस्था ।

**विरस**– वि० [सं०] १. रस नभएको; बिरसिलो; नीरस । २. स्वाद नभएको; बेस्वादको । ३. मन नपर्ने; अप्रिय । ४. रूखो; कर्कश (स्वभाव) ।

**विरह**– ना० [सं०] १. अलग्गिने वा छुट्टिने काम; बिछोड; वियोग । २. आफन्त वा प्रेमीप्रेमिकाका बीच भएको बिछोडबाट हुने वेदना; वियोगजन्य पीडा वा दुःख । ३. नभएको स्थिति; शून्यता; अभाव । ४. कष्ट; पीडा; वेदना । ५. त्याग । ~ **ग्रन्थि**– ना० विरहवेदनाले मुटुमा परेको भक्कानो; वियोगव्यथाको गाँठो । > **विरहाग्नि**– ना० विरहबाट भएको भुटो वा पीर; वियोगजन्य चिन्ता । **विरहानल**– ना० विरहाग्नि । **विरहिणी**– ना० वियोगिनी; प्रेमीबाट बिछोड भएकी नायिका । **विरहित**– वि० १. नभएको; रहित । २. छाडिएको; परित्यक्त । **विरही**– ना० १. प्रेमिकाबाट बिछोड भएको नायक; वियोगी पुरुष । वि० २. एक्लो; ठिङ्गो; नागो । ३. बिछोड भएको; वियोगी । **विरहोत्कण्ठिता**– ना० सङ्केतित समय र स्थानमा प्रेमी नआइदिनाले उत्कण्ठित भई छटपटिएकी नायिका ।

**विराग**– ना० [सं०] राग वा विषयवासनाप्रतिको इच्छा हटेको स्थिति; विरक्ति; वैराग्य । > **विरागी**– वि० १. राग वा विषयभोगको लालसा नभएको; अनासक्त; वैरागी । २. विरक्त ।

**विराजमान**– वि० [सं०] १. सुहाएको; शोभायमान; शोभित । २. आनन्दसँग बसेको वा रहेको; विराजित । ३. रहेको; विद्यमान; उपस्थित; मौजुद ।

**विराजित**– वि० [सं०] १. सुखसुविधाका साथ बसेको; आनन्दसँग रहेको । २. सुशोभित । ३. उपस्थित; मौजुद ।

**विराट्**– ना० [सं०] १. विश्वरूप परब्रह्म । २. विश्व; संसार । ३. क्षत्रिय । वि० ४. ठूलो आकारको; ज्यादै ठूलो । ५. विस्तृत ।

**विराट**– ना० [सं०] महाभारतको समयको एक देश । २. त्यसै देशका राजा । – **नगर**– ना० पूर्वी नेपालको कोसी अञ्चल, मोरङ जिल्लामा पर्ने एक प्रमुख औद्योगिक सहर ।

**विराध**– ना० [सं०] १. रामायणकालमा रामले बध गरेको एक राक्षस । २. अपकार; बिगार । ३. अपमान; तिरस्कार । ४. विरोध; असहमति ।

**विराम**– ना० [सं०] १. रोकिने वा थामिने काम । २. थकाइ मार्ने वा सुस्ताउने काम; विश्राम । ३. समाप्ति; अन्त । ४. वाक्य, वाक्यांश आदिको अन्तमा अडान लिने ठाउँ वा त्यस्तो चिह्न । ५. छन्दको बीचबीचमा केही क्षण रोकिने ठाउँ; यति । ~ **चिह्न**– ना० लेख आदिमा प्रयोग गरिने विरामसूचक चिह्न(पादविराम, अर्धविराम, पूर्णविराम आदि) । ~ **सन्धि**– ना० विशेष परिस्थितिमा दुवै पक्षको स्वीकृतिबाट केही अवधिका लागि लडाइँ बन्द गर्ने सम्झौता ।

**विरुत**– ना० [सं०] १. चिच्च्याएको शब्द; चीत्कार । २. होहल्ला; कोलाहल । ३. चराहरूको कूजन; कलरव । वि० ४. अस्पष्ट शब्द भएको; बोलेको नबुझिने खालको । ५. गुञ्जायमान ।

**विरुद**– ना० [सं०] १. गुण बखान्ने काम; प्रशस्ति; कीर्तिगाथा । २. प्राचीन कालका राजामहाराजाहरूको मानबोधक र कीर्तिसूचक पदवी । ३. कीर्ति; यश । > **विरुदावली**– ना० १. कविता वा गद्यबाट गरिने राजस्तुति । २. गुण, उदारता, पराक्रम आदिको विस्तृत वर्णन; सविस्तार प्रशंसा ।

**विरुद्ध–** वि० [सं०] १. कुनै विचार, मत, सिद्धान्त, इच्छा, गुण आदिसँग मेल नखाने किसिमको; विपरीत । २. एकदमै नमिल्ने; उल्टो; प्रतिकूल । ३. नसुहाउँदो; अप्रासङ्गिक; असङ्गत । ४. विरोध गर्ने; असहमति; विरोधी । ५. शत्रु; विपक्ष; वैरी । ६. रोक लगाइएको; रोकिएको; अवरुद्ध । ना० ७. वैरभाव; शत्रुता । ८. विरोध; असहमति । ~ **आचरण–** ना० नियमको विपरीत चल्ने चालचलन वा आचरण । ~ **पक्ष–** ना० शत्रुको पक्ष; वादी वा प्रतिवादीका लागि अर्को पक्ष । > **विरुद्धाचरण–** ना० विरुद्ध आचरण; निषिद्ध व्यवहार ।

**विरूप–** वि० [सं०] १. नराम्रो आकृतिको; कुरूप; भद्दा । २. विभिन्न रूपको; अनेक आकृतिको । ३. शोभा नभएको; कान्तिहीन; श्रीहीन । > **विरूपाक्ष–** वि० १. ज्यादै भद्दा वा नराम्रो आँखा भएको । ना० २. शिव; महादेव । ३. महादेवका गणहरूमध्ये एक गण । ४. एक राक्षस । ५. एक नाग । ६. एक यक्ष । ७. एक लोकपाल । ८. किरातकालमा बनेको अनुमान गरिएको, नेपालको पशुपति आर्यघाटमा अवस्थित एक पाषाणमूर्ति । **विरूपी–** वि० कुरूप; भद्दा; विरूप ।

**विरेचक–** वि० [सं०] १. पेट सफा हुने गरी दिसा लगाउने; जुलाफ गराउने (औषधी) । २. कसर, मयल आदि निकाल्ने; सफा पार्ने ।

**विरेचन–** ना० [सं०] १. पेटको कसरमसर फ्याँक्ने गरी दिसा लगाउने काम; जुलाफ । २. दिसा लगाएर पेट सफा गराउने औषधी । ३. दु:खान्त नाटकबाट पाठक वा दर्शकलाई करुणा र त्रास पैदा गराई मनको शुद्धीकरण गर्ने नाटचप्रभाव ।

**विरोचन–** ना० [सं०] १. सूर्य; घाम । २. चन्द्रमा; जून । ३. पौराणिक कालका प्रसिद्ध दैत्यराज बलिको बाबु; प्रह्लादको छोरो ।

**विरोध–** ना० [सं०] १. कुनै कामकारबाई रोक्नका निम्ति गरिने कोसिस; विपरीत प्रयत्न । २. विभिन्न तर्क वा विचारको विपरीत भावना; प्रतितर्क; प्रतिविचार । ३. नमिल्दो वा उल्टो स्थिति; प्रतिकूलता । ४. मतभेद; फूट । ५. वैरभाव; शत्रुता; दुस्मनी । ६. बाधा; अवरोध; अड्काउ; रोकावट । ७. जाति, गुण, क्रिया, द्रव्य आदिका साथ विरोध वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । ८. चारैतिरको छेकवार; घेरो । ९. नियन्त्रण; रोकतोक । १०. बेमेल; असङ्गति । **विरोधक–** वि० विरोध गर्ने; बाधा पुऱ्याउने; विरोधी । – **कर्ता–** वि० विरोधक । ~ **पत्र–** ना० कसैले भनेगरेको कामकुराको खण्डन गरेर लेखिएको पत्र; विरोध दर्साउने लिखित पत्र । ~ **प्रदर्शन–** ना० कुनै घटना वा स्थितिबारे विरोध जनाउन गरिने प्रदर्शन वा जुलुस । > **विरोधाचरण–** ना० विरोध दर्साउन गरिने कामकुरो; शत्रुतापूर्ण व्यवहार । **विरोधाभास–** ना० १. दुई वा धेरै वस्तुका बीच पाइने विरोधको भान । २. क्रिया, गुण, जाति, द्रव्य आदिको वर्णन गर्दा सामान्यतः तिनका बीच विरोधजस्तो देखिने एक अर्थालङ्कार ।

**विरोधी–** ना० [सं०] १. शत्रु; वैरी । २. विपक्षी । वि० ३. विरोध गर्ने । ४. विपरीत; उल्टो । ५. बाधा पार्ने; बाधक । ~ **पक्ष–** ना० विपक्ष ।

**विल–** ना० [सं०] प्वाल; छिद्र ।

**विलक्षण–** वि० [सं०] १. अनौठो; अद्भुत; अचम्मको । २. सामान्यभन्दा भिन्न खालको; असाधारण; अलौकिक । ३. कुनै किसिमको लक्षण नभएको ।

**विलक्ष्य–** वि० [सं०] उद्देश्य नभएको; लक्ष्यहीन ।

**विलग्न–** वि० [सं०] १. अर्को वस्तुमा टाँसिएको; गाँसिएको; संलग्न । २. झुन्डिएको; लट्किएको । ३. फ्याँकिएको; मिल्किएको । ४. गाडिएको; रोपिएको । ५. बाँधिएको; बद्ध ।

**विलङ्घन–** ना० [सं०] १. कुनै खोला, बाटो आदि नाघ्ने वा फड्कने काम । २. आज्ञा नमान्ने व्यवहार; अनुशासनमा नरहने काम; उल्लङ्घन । ३. खाना छाड्ने काम; निराहार; उपवास । > **विलङ्घनीय–** वि० विलङ्घन गर्न योग्य ।

**विलम्ब–** ना० [सं०] १. तोकिएको समयको अवधि नाघ्ने काम; ढिल्याइँ । २. सुस्ती; जुम्सोपन । ३. झुन्डिने वा लट्कने काम । ४.साठी संवत्सरमध्ये एक संवत्सर । वि० ५. बियाँलो;ढिलो; अबेर । – **कारी–** वि० १. अबेर वा ढिलो गराउने । २. कुनै विषयको कारबाई यथाशक्य ढिलो होस् भन्ने उद्देश्यले प्रस्तुत गरिने (प्रस्ताव, कार्यक्रम आदि) । ~ **शुल्क–** ना० १. बुझाउनुपर्ने शुल्क, रकम वा दैदस्तुर तोकिएको समयमा नबुझाई बढी विलम्ब गरेमा लाग्ने शुल्क वा अतिरिक्त रकम; शिक्षणसंस्था आदिको शुल्क समयमा नबुझाएमा लिइने जरिमाना; ढिलाइ जरिमाना । २. वाहन, जहाज आदि तोकेको समयभन्दा बढी अडचाएमा लाग्ने दण्ड । > **विलम्बित–** वि० १. विलम्ब भएको; ढिलो गरिएको । ३. झुन्डचाइएको; लट्काइएको । ३. लामो पारिएको; लम्ब्याइएको । ४. फिँजाइएको; फैलाइएको ।

**विलम्बी–** वि० १. ढिलो गर्ने; जुम्सो । २. लट्कने; झुन्डिने ।

**विलय–** ना० [सं०] १. आफ्नो अस्तित्वसमेत खतम हुने गरी अर्कामा मिल्ने काम; लीन हुने काम; लय । २. खतम हुने वा हराउने काम; लोप । ३. पग्लने वा गल्ने काम । ४. अन्त; समाप्ति; नाश । ५. सारा विश्व खतम हुने क्रिया वा अवस्था; प्रलय । > **विलयक–** वि० लीन गराउने; प्रलय गराउने । **विलयन–** ना० १. लीन हुने काम; लय । २. पग्लने वा गल्ने काम । ३. समाप्ति; अन्त ।

**विलसित–** वि० [सं०] १. सजिएको । २. चहकदार; तेजिलो । ३. विलास गर्ने; क्रीडाशील । ४. व्यक्त; प्रकट । ना० ५. चम्कने क्रिया; चमक; कान्ति । ६. प्रकट हुने काम । ७. प्रेम पैदा गर्ने हाउभाउ ।

**विलाप–** ना० [सं०] वियोग, मृत्यु आदिमा हार्दिक दु:ख प्रकट गर्दै रुने काम; बिलौना ।

**विलास–** ना० [सं०] १. भौतिक उपकरणको परिपूर्णता वा

सम्पन्नताले शरीर वा मनलाई आनन्दित तुल्याउने काम; सुखसयल; ऐसआराम; मोजमज्जा । २. खेलकुद; क्रीडा; ३. मनोविनोद । ४. पुरुषका प्रति अनुराग वा प्रेम पैदा गराउने स्त्रीको चेष्टाविशेष; नारीको हाउभाउ । ५. स्त्री र पुरुषका बीचको आकर्षण; कामुकता; लम्पटता । **– कर–** ना० मनोरञ्जन कर । ~ **भवन–** ना० सुखसयल गर्ने घर वा दरबार; विलास गर्ने ठाउँ; रतिगृह । ~ **मन्दिर–** ना० विलासभवन । > **विलासिका–** ना० शृङ्गाररस प्रधान हुने उपरूपकको एक भेद । ~ **विलासिनी–** वि० १. कामुक चरित्र भएकी; सुन्दरी (स्त्री) । ना० २. वेश्या; गणिका । **विलासी–** वि० १. बढी सुखसयल गर्ने । २. कामवासनामा लम्पट । ३. विनोदप्रिय । ४.उज्यालो । ना० ५. रसिक व्यक्ति । ६. कामदेव ।

**विलिप्त–** वि० [सं०] लिपपोत गरिएको; पोतिएको ।

**विलीन–** वि० [सं०] १. कुनै वस्तुमा घोलिएको; लय भएको । २. नदेखिने; अदृश्य; लुप्त । ३. पग्लेको; गलेको । ४. एकअर्कासँग जोरिएको; सम्बद्ध । ५. मरेको; मृत । > **विलीनीकरण–** ना० १. कुनै एक वस्तु अर्को वस्तुमा नछुट्टिने गरी मिलाउने वा घोल्ने काम; एकीकरण । २. गाभ्ने वा विलीन गर्ने काम; विलयन ।

**विलुप्त–** वि० [सं०] १.लोप भएको; बेपत्ता भएको; अदृश्य । २. भाँचिएको; टुक्रिएको; भत्किएको । ३. लुटिएको; अपहरण गरिएको; अपहृत; अपहरित । ४. नाश गरिएको; विनष्ट ।

**विलेख–** ना० [सं०] सम्झौता वा संविदाको विवरण दिइएको र सम्बन्धित व्यक्तिद्वारा विधिवत् हस्ताक्षर गरिएको लिखित वा मौखिक साधनपत्र; संलेख । > **विलेखन–** ना० १. भुइँका वनस्पति खुर्कने वा ताछ्ने काम । २. खनजोत । ३. बोटबिरुवा उखेल्ने काम ।

**विलेप–** ना० [सं०] १. शरीर सुन्दर पार्नका लागि घसिने सुगन्धी तेल वा द्रव्य; अङ्गराग; बुकुवा । २. भवन वा पर्खालका भित्तामा लिपिने वस्तु; लिउन । > **विलेपन–** ना० १. शरीरमा तेल, सुगन्धी द्रव्य, लेप, मलम आदि दल्ने काम । २. शरीरमा घस्ने सुगन्धी द्रव्य; अङ्गराग । ३. लिपिने वस्तु; लिउन ।

**विलोकन–** ना० [सं०] १. राम्रो किसिमले हेर्ने काम; दृष्टि; हेराइ; देखाइ । २. सोच्ने वा विचार गर्ने काम । ३. जाँच्ने काम; परीक्षण । ४. आँखा; दृष्टि । > **विलोकनीय–** वि० १. हेर्न लायक; दर्शनीय । २. सुन्दर; राम्रो ।

**विलोकित–** वि० [सं०] १. राम्ररी हेरिएको; अवलोकित । २. सोचविचार गरिएको । ३. जाँच गरिएको; परीक्षित ।

**विलोचन–** ना० [सं०] आँखा; नेत्र ।

**विलोडन–** ना० [सं०] १. हुँडल्ने वा मथ्ने काम; मन्थन । २. हल्लाउने वा चलाउने काम; आलोडन ।

**विलोडित–** वि० [सं०] विलोडन गरिएको ।

**विलोप–** ना० [सं०] १. कुनै वस्तु नभएको स्थिति; अभाव । २. बरबादी; नाश; खतम । ३. कुनै वस्तु लिएर भाग्ने काम; लुटपिट; डकैती > **विलोपन–** ना० १. नाश वा भताभुङ्ग पार्ने काम । २. कुनै वस्तु लिएर भाग्ने काम; पलायन । **विलोपित–** वि० १. चोरिएको; हराएको ।

**विलोम–** वि० [सं०] १. प्रचलित मान्यता, विचार वा सोचाइभन्दा उल्टो; विपरीत । २. उल्टो क्रम वा विपरीत विधिबाट उत्पन्न । ना० ३. उल्टो क्रम; क्रमहीनता । > **विलोमन–** ना० उल्टो हुने वा गराउने काम ।

**विलोल–** वि० [सं०] १. चञ्चल; अस्थिर । २. चारैतिर फिँजिएर हल्लिएको । > **विलोलित–** वि० हल्लाइएको ।

**विल्व–** ना० [सं०] बेल । > **विल्वानार–** ना० शमीका जस्ता मसिना लामा पात र चमेलीका आकारका रङ्गीबिरङ्गी फूल हुने एक जातको काँडावाल वृक्ष ।

**विवक्षा–** ना० [सं०] १. बोल्ने इच्छा; भन्ने वा बताउने अभिलाषा । २. भनाइ, अभिप्रायः इरादा । ३. मूल आशय; केन्द्रीय भाव; अर्थ ।

**विवक्षित–** वि० [सं०] १. भन्न खोजिएको; कथित । २. चाहना गरिएको; इच्छित । ३. इरादा भएको । > **विवक्षितान्यपरवाच्य–** ना० वाच्य अर्थ विवक्षित भएर बुझिएपछि अर्को विशेष अर्थ व्यङ्ग्य भएर प्रधान रूपमा बुझिने हुँदा हुने ध्वनि ।

**विवक्षु–** वि० [सं०] कुनै कुरो प्रकट गर्न इच्छा भएको; भन्न इच्छुक ।

**विवत्सा–** वि० [सं०] १. सन्तान नभएकी; बाछो मरेकी (गाई) हतुवा । ना० २. बाछोबाछी मरेकी गाई ।

**विवर–** ना० [सं०] १. दुलो; प्वाल । २. ओडार; गुफा । ३. खाडल; खाल्टो । ४. दोष; खोट; दाग । ५. सुनसान ठाउँ; निर्जन स्थान ।

**विवरण–** ना० [सं०] १. कुनै वस्तु, विषय, घटना, कार्य आदिको विस्तृत वर्णन; बयान; वृत्तान्त; नालीबेली । २. व्याख्या; टीका । ३. सिलसिला; बेहोरा । ~ **तालिका–** ना० विवरण लेखिएको कोठे कागत; विवरणको सूची । ~ **पत्र–** ना० १. कुनै वस्तु, काम वा घटनाको विवरण लेखिएको पत्र । २. सभा, गोष्ठी आदिमा दिइने व्याख्यानमा परेका विषयवस्तुको बेहोरा लेखिएको कागत । ३. सूचित गरिने कुरा वा वस्तुको केही विवरण पनि लेखिएको सूचीपत्र । > **विवरणिका–** ना० कुनै वस्तु; काम वा घटना आदिको छोटो विवरण । **विवरणी–** ना० १. उच्च पदाधिकारीकहाँ पठाउन तयार पारिएको रिपोट । २. कुनै वस्तु, काम, घटना आदिको छोटो विवरण ।

**विवर्जन–** ना० [सं०] १. त्याग्ने वा छोड्ने काम । २. उपेक्षा; बेवास्ता । ३. रोक; छेक । ४. निषेध; मनाही ।

**विवर्जित–** वि० [सं०]१. अनावश्यक वा अनुपयोगी मानेर छोडिएको; त्याग गरिएको । २. वास्ता नगरिएको; नीच मारिएको । ३. रोक लगाइएको; निषेध गरिएको; निषिद्ध ।

**विवर्ण–** वि० [सं०] १. नराम्रो रूप भएको; वर्ण बिग्रेको; कुरूप ।

२. फुङ्ग उडेको; फिक्का किसिमको (रङ) । ३. अनुहारमा तेज नभएको; फुर्ती नभएको; कान्तिहीन । ना० ४. ब्राह्मण, क्षत्रिय आदि चार वर्णदेखि भिन्न जाति । ५. नीच स्वभावको व्यक्ति । **– ता–** ना० १. विवर्ण हुनाको भाव वा अवस्था । २. बाध्यता; लाचारी ।

**विवर्त–** ना० [सं०] १. जल आदि घुम्ने वा चक्कर खाने क्रिया; फर्कने क्रिया । २. परिवर्तन । ३. भ्रम; भ्रान्ति । > **विवर्तन–** विवर्त हुने क्रिया वा भाव; चक्कर; घुमाइ । **विवर्तित–** वि० १. घुमेको; चक्कर खाएको । २. परिवर्तित ।

**विवर्धन–** ना० [सं०] १. बढ्ने काम वा किसिम; वृद्धि । २. उन्नति ।

**विवर्धित–** वि० [सं०] १. वृद्धि गरिएको; बढाइएको । २. उन्नत; विकसित । ३. समृद्ध । ४. सन्तुष्ट ।

**विवश–** वि० [सं०] १. आफ्नो इच्छा नहुँदानहुँदै वा आफ्नो इच्छाविपरीत कुनै काम गर्न बाध्य भएको; बाध्य; लाचार । २. आफूखुसी हिँडडुल गर्न वा अन्य कुनै कामकुरा गर्न नपाउने; आफ्नो वशमा नभएको; पराधीन; परतन्त्र । ३. बेहोस । **– ता–** ना० १. विवश हुनाको भाव वा अवस्था । २. बाध्यता; लाचारी ।

**विवसन/विवस्त्र–** वि० [सं०] शरीरमा कुनै किसिमको वस्त्र नभएको; लुगा नलाएको; नाङ्गो; दिगम्बर ।

**विवाद–** ना० [सं०] १. कुनै विषय, समस्या वा कुरालाई लिएर गरिने छलफल; बहस; वादविवाद । २. भनाभन; कलह; झगडा । ३. प्रतिवाद; खण्डन । **– ग्रस्त–** वि० विवाद वा झगडा भएको; विवाद वा छलफल गर्नुपर्ने; विवादास्पद । ~ **तथ्य–** ना० १. वादविवादसम्बन्धी तथ्य वा प्रश्न । २. पक्षविपक्षका आरोप-प्रत्यारोपबाट पैदा भएको सकारात्मक र नकारात्मक दुवै हुन सक्ने वास्तविक बुँदा । ~ **विषय–** ना० वादी वा प्रतिवादी कुनै पक्षद्वारा पेस गरिएको लिखित पत्रमा एक पक्षले सकारेको र अर्को पक्षले इन्कार गरेको निश्चित र मुख्य प्रमाण । ~ **स्थगन–** ना० चलिरहेको विवाद वा छलफल नटुङ्गिदै बीचैमा रोकिने क्रिया; विवादलाई स्थगित गर्ने क्रिया । > **विवादान्त–** वि० १. चलिरहेको विवादको अन्त हुने वा भएको; विवाद टुङ्गिने । २. सभा आदिमा उठेको विवाद समाप्त गर्नलाई प्रस्तुत भएको वा सभामा चलेको कुराका विषयमा भएको विवाद सकिएपछि निर्णयार्थ पेस गरिएको (प्रस्ताव) । **विवादास्पद–** वि० विवादग्रस्त । **विवादी–** ना० १. विवाद वा झगडा गर्ने; विवादप्रेमी । २. सङ्गीतमा रागलाई विकृत पार्ने स्वर । ३. दुई स्वरका बीचमा दुई श्रुति वा अर्ध स्वरको अन्तर हुने क्रिया ।

**विवाह–** ना० [सं०] स्त्री र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कृत्य; बिहे । ~ **दर्ता–** ना० १. कानुनअनुसार विवाहको उमेर पुगेका स्त्रीपुरुषले परम्परागत रूपमा धार्मिक वा सामाजिक विधिअनुसार विवाह नगरीकन पतिपत्नीका रूपमा रहन चाहेमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा गई दर्ता गराउने कानुनी विवाहको विधि । २. विवाह भएका जोडीले गाउँ विकास समिति वा नगरपालिकामा गई विवाह प्रमाणित गर्ने काम; गाउँ विकास समिति वा नगर पालिकाले विवाहको अभिलेख राख्ने काम । ~ **डालो–** ना० पश्चिम नेपालमा चलेको चलनअनुसार विवाहको दिन किटान गर्न पठाइने कोसेली । ~ **पञ्चमी–** ना० मङ्सिर महिनाको शुक्लपक्षमा पर्ने रामचन्द्रको सीताका साथ विवाह भएको भनेर मानिएको पञ्चमी । (यस दिन जनकपुरधाममा उत्सव मनाइन्छ र ठूलो मेला पनि लाग्छ) । ~ **विच्छेद–** ना० दम्पतीमध्ये पति वा पत्नीले वा दुवैले परस्पर पतिपत्नीका रूपमा रहन नचाहेमा सामूहिक वा कानुनी विधिअनुसार गरिने सम्बन्धभङ्ग; पारपाचुके । > **विवाहित–** वि० धार्मिक, सामाजिक वा कानुनी विधिअनुसार विवाहबन्धनमा बाँधिएको; विवाह भएको । **विवाहिता–** वि० बिहे गरिएकी; विवाह भएकी (स्त्री) ।

**विविध–** वि० [सं०] अनेक प्रकारको; भाँतिभाँतिको; विभिन्न किसिमको; थरीथरीको । ~ **आय–** ना० वर्गीकरण नगरिएको कलमबाट आम्दानी भएको रकम । ~ **खर्च–** ना० वर्गीकरण नगरिएको कलमबाट खर्च भएको रकम । **– ता–** ना० विविध हुनाको भाव वा अवस्था; विभिन्नता; अनेकता । > **विविधीकरण–** ना० १. विविध वा अनेक किसिमको बनाउने क्रिया । २. विविध वा अनेक रूपमा छुट्ट्याउने क्रिया ।

**विवृत–** वि० [सं०] १. वर्णको उच्चारणमा जिब्रो तालुभन्दा तल झरी मुखविवर बढी खुला हुने (प्रयत्न); खुलेको । २. त्यसरी उच्चारण हुने अवस्था वा वर्ण (देवनागरी वर्णमालामा 'आ' स्वर) । > **विवृति–** ना० १. अस्पष्ट भएको कुनै सूत्र आदिलाई स्पष्ट गराउन लेखिएको टीका, भाष्य आदि । २. विवरण ।

**विवृत्त–** वि० [सं०] १. चक्कर खाएको; घुमेको । २. फर्केको; फिरेको; प्रत्यागत । > **विवृत्ति–** ना० १. विवर्तन । २. नभएको, नपुगेको कुरा र बढी भएको कुराबारे छलफल हुने काम वा प्रक्रिया । ३. विस्तार ।

**विवेक–** ना० [सं०] १. असलखराब, सत्यअसत्य, न्यायअन्याय आदि छुट्ट्याउने क्रिया, क्षमता वा ज्ञान । २. सत्यको ज्ञान; यथार्थको ज्ञान । ३. प्रकृति र पुरुषको भिन्नताको ज्ञान । ४. बुद्धि; समझ । **– पूर्ण–** वि० असलखराब, सत्यअसत्य, न्यायअन्याय आदि छुट्ट्याउने शक्ति भएको; विवेकशील बुद्धिमान् । **– वान्–** वि० विवेकी; विवेक भएको (व्यक्ति) । ~ **शास्त्र–** ना० विवेकसम्बन्धी कुराको सैद्धान्तिक चर्चा भएको शास्त्र वा विद्या । **– शील–** वि० विवेक भएको; विवेकी स्वभावको । ~ **शून्य–** वि० सत्यअसत्य, न्यायअन्याय, असलखराब आदि छुट्ट्याउने शक्ति नभएको; विवेक नभएको; बुद्धिहीन । > **विवेकाधीन–** वि० विवेकका भरमा अडेको; विवेकमा आश्रित । **विवेकी–** वि० विवेकशील; विवेकवान् । **– वान्–** वि० विवेकी; विवेक भएको (व्यक्ति) ।

**विवेचक–** वि० [सं०] १. कुनै शास्त्रीय विषय वा विषयवस्तुको विवेचना गर्ने शक्ति भएको । २. गुणदोषको विचार गर्ने;

विचारपूर्वक निर्णय गर्ने; मीमांसक; समीक्षक ।

**विवेचन/विवेचना–** ना० [सं०] १. राम्रोनराम्रो, सत्यअसत्य आदि छुट्ट्याउने वा पारख गर्ने काम; विवेचना; समीक्षा । २. सत् र असत्‌को विचार; छानबिन । > **विवेचनात्मक–** वि० विवेचनीय । **विवेचनीय–** वि० राम्रोनराम्रो, असलखराब आदि छुट्ट्याउनुपर्ने; गुणदोष आदि केलाउनुपर्ने; विवेचना गर्नुपर्ने; विवेचना गर्न योग्य ।

**विवेच्य–** वि० [सं०] विवेचना गर्न योग्य; विवेचना गर्नुपर्ने; विवेचनीय ।

**विशङ्कु–** ना० [सं०] ललितपुर नगरको दक्षिणपट्टिको गोदावरी जाने बाटोमा पर्ने एक गाउँ वा बस्ती । ~ **नारायण–** ना० सोही बस्तीको पूर्वपट्टिको डाँडामा गुफाभित्र रहेको त्यसै नामले प्रसिद्ध नारायणको मूर्ति ।

**विशद–** वि० [सं०] १. स्वच्छ; निर्मल । २. विस्तृत; फराक ।

**विशल्य–** वि० [सं०] १. कष्ट, चिन्ता वा वेदना नभएको । २. कष्टरहित; निष्कण्टक ।

**विशाखा–** ना० [सं०] १. सत्ताइस नक्षत्रमध्ये सोह्रौँ नक्षत्र । वि० २. शाखा वा हाँगा नभएको (लहरा आदि) ।

**विशारद–** वि० [सं०] १. कुनै विषयमा दक्ष; विशेषज्ञ (जस्तो– शिक्षाविशारद, चिकित्साविशारद आदि) । २. पण्डित; विद्वान् । ३. उत्तम; श्रेष्ठ ।

**विशाल–** वि० [सं०] १. आकारप्रकार, आयतन आदिका दृष्टिले धेरै फैलिएको; ज्यादै ठूलो; बडेमाको; विस्तृत । २. ज्यादै अग्लो; उन्नत । ३. भव्य; सानदार । **– ता–** ना० विशाल हुनाको भाव वा अवस्था; फैलावट । ~ **बजार–** ना० १. नागरिकहरूका सामान्यतया सबैजस्ता उपभोग्य वस्तु एउटै भवनमा प्राप्त गराउने उद्देश्यले स्थापना गरिएको विशाल आकारको बजार । २. काठमाडौंको धर्मपथमा चलेको सोही नाउँको एक बजार । > **विशालाक्ष–** वि० लामा, ठूला आँखा भएको; विशाल आँखा भएको । **विशालाक्षी–** वि० १. लामा, ठूला आँखा हुने (स्त्री) । ना० २. पार्वती । ३. एक देवी वा योगिनी । ४. नागदन्ती ।

**विशिख–** ना० [सं०] १. शर; बाण । २. भालाको छाँटको एक थरी हतियार । वि० ३. टुपी नभएको; शिखाहीन ।

**विशिष्ट–** वि० [सं०] अरूभन्दा विशेष किसिमको विशेषता भएको; माथिल्लो तहको; असाधारण । **– ता–** वि० विशिष्ट हुनाको भाव वा स्थिति; वैशिष्ट्य । ~ **प्राध्यापक–** ना० प्राध्यापकहरूमध्ये विशिष्ट योग्यता वा प्रतिभा भएका प्राध्यापकहरूलाई दिइने दर्जा र सो अनुरूपको सुविधा । ~ **लेखा परीक्षण–** ना० विशेष कारणवश नियमित लेखापरीक्षणको अतिरिक्त गरिने लेखापरीक्षण । ~ **श्रेणी–** ना० निजामती सेवाअन्तर्गत श्री ५ को सरकारको सहसचिव वा सो सरहको पदभन्दा माथिल्लो पद वा श्रेणी । > **विशिष्टाधिकार–** ना० १. कुनै देशका राजा, राष्ट्रपति वा प्रधान शासकमा निहित विशेष किसिमको अधिकार; परमाधिकार । २. कसैको पद, स्थिति आदिबाट उत्पन्न हुने विशेष अधिकार ।

**विशिष्टीकरण–** ना० [सं०] कुनै काम वा कुरालाई विशिष्ट रूप दिने भाव, गुण, अवस्था, क्रिया वा प्रक्रिया । ~ **तालिका–** ना० कुनै विषय वा कुरालाई विशिष्ट रूपमा देखाउन तयार गरिएको सूची वा फेहरिस्त ।

**विशीर्ण–** वि० [सं०] १. पुरानो भएर वा अन्य कारणले थोत्रिएर टुटे-फुटेको; जीर्णशीर्ण; थोत्रोमोत्रो । २. खसेको वा झरेको । ३. सुकेको; झर्रिएको । ४. ओइलाएको ।

**विशुद्ध–** वि० [सं०] १. विशेष किसिमले शुद्ध गरिएको; धेरै शुद्ध; अति चोखो । २. अरू वस्तु वा कुरा नमिसिएको । ३. छलकपट नभएको; पाप नभएको; निष्पाप । ४. कुनै कलङ्क वा दाग नभएको; निष्कलङ्क । ना० ५. हठयोगमा प्रयुक्त हुने षट्चक्रमध्ये पाँचौँ । **– ता–** ना० विशुद्ध हुनाको भाव, गुण वा अवस्था; शुद्धता; पवित्रता ।

**विशुद्धि–** ना० [सं०] १. विशुद्धता । २. दोष, शङ्का आदि हटाउने भाव वा क्रिया । **– वाद–** ना० दूषित प्रभावबाट जोगिएर विशुद्ध रहनुपर्छ भन्ने एक सिद्धान्त ।

**विशृङ्खल–** वि० [सं०] १. शृङ्खलाबद्ध रूपमा नरहेको; सिलसिला नमिलेको; छरिएको; अस्तव्यस्त । २. कसैको अनुशासनमा नरहेको; मर्यादामा नरहेको; उच्छृङ्खल । **– ता–** ना० विशृङ्खल हुनाको भाव वा अवस्था; छरपुस्टचाइँ ।

**विशेष–** वि० [सं०] १. गुण, धर्म, परिमाण आदिमा अरूभन्दा बढ्ता; अरूभन्दा विशिष्ट किसिमको; असाधारण । २. विलक्षण । ३. अधिक । ना० ४. विशिष्टता । ५. न्यायशास्त्रअनुसार द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय, अभाव आदि सात पदार्थमध्ये एक । ६. विशेष गुणद्वारा वस्तुको परिचय गराइँदा हुने एक अर्थालङ्कार । ७. कुनै खास परिस्थिति वा समयमा कार्यान्वित हुने वा चल्नेचलाइने (जस्तो– विशेष उत्पादन, विशेष काम, विशेष डाँक, विशेष छुट, विशेष प्रस्ताव इ०) । ~ **अख्तियार–** ना० कुनै विशेष समय, परिस्थिति वा काममा प्रयोग गर्न सकिने गरी प्राप्त भएको अधिकार । ~ **अदालत–** ना० विशेष कारण र परिस्थिति आदिबाट उत्पन्न भएका कारबाई वा मुद्दामामिलाको छानबिन गरी निर्णय गर्न गठित अदालत । > **विशेषक–** ना० १. एकै क्रियापदका साथ अन्वय गरिने तीन श्लोकको समुदाय । २. कुनै वस्तुहरूबाट अलग्याउने विशेष चिह्न । ३. तिलक । ४. विशेषण । ५. सामान्य भई नछुट्टिएको कुरा कारणवश छुट्टिएको हुँदा पर्ने एक अलङ्कार । ~ **कानुन–** ना० सामान्यतया प्रचलित ऐन, कानुन, नियममा व्यवस्था नगरिएको तर कुनै खास समय, परिस्थिति वा विषयमा लागू हुने कानुन । ~ **कोष–** ना० विशेष काम वा उद्देश्यका निम्ति छुट्ट्याइएको वा छुट्ट्याइने कोष । ~ **ग्राह्यता–** ना० कुनै कामकुरा वा सेवा आदिमा अरूलाई भन्दा योग्य, अनुभवी आदि

कसैलाई पहिलो स्थान दिने काम वा क्रिया; प्राथमिकता ।

**विशेषज्ञ–** वि० [सं०] कुनै विषय विशेष रूपले जान्ने वा त्यस विषयमा सामान्यतः अरूको भन्दा बढी ज्ञान भएको; कुनै काममा बढी जानकारी प्राप्त गरेको; कुनै काम-कुरामा विशेषज्ञता भएको । **– ता–** ना० विशेषज्ञ हुनाको भाव, गुण वा अवस्था ।

**विशेषण–** वि० [सं०] १. सङ्ख्या, परिमाण, गुण, धर्म आदिद्वारा कुनै वस्तुको विशेषता बुझाउने वा जाहेर गर्ने (शब्द) । ना० २. व्याकरणमा नाम वा सर्वनाम शब्दको गुण, धर्म, परिमाण, सङ्ख्या आदि जाहेर गर्ने शब्द; नाम, सर्वनामको विशेषता जाहेर गर्ने शब्द ।

**विशेषतः–** क्रि० वि० [सं०] विशेष गरेर; खासगरी ।

**विशेषता–** ना० [सं०] विशेष हुनाको भाव वा अवस्था; असाधारणता; असामान्यता; विलक्षणता ।

**विशेष प्रहरी–** ना० [सं०] १. कुनै सङ्घ, संस्था, कार्यालय आदिमा कानुनको रीत पुऱ्याई वा नपुऱ्याई भ्रष्टाचार, रकमकलमको हिनामिना गरेमा वा गरेको लागेमा आवश्यक कारबाई गर्ने विशेष अधिकार भएको प्रहरी वा सोसम्बन्धी अड्डा । २. कुनै स्थानमा भएको गडबडी, अशान्ति आदिलाई नियन्त्रण गर्न नियमित रूपमा रहेका स्थानीय प्रहरीहरूबाट नपुग्ने भएमा विशेष रूपमा थप्न राखिएको प्रहरी ।

**विशेष पुलिस–** ना० [सं० विशेष+ अङ्० पुलिस] विशेष प्रहरी ।

**विशेष बिदा–** ना० [सं० विशेष+ अ० बिदाअ] सरकारी वा अर्धसरकारी संस्था, कार्यालय आदिका कर्मचारीलाई विशेष परिस्थितिमा पूरा तलबी, आधा तलबी र बेतलबी रूपमा दिइने बिदा ।

**विशेष मौद्रिक अधिकार–** ना० [सं०] १. राष्ट्रब्याङ्कमा वा कुनै शासनाधिकारीमा निहित मुद्रासम्बन्धी विशेष प्रकारको अधिकार ।

**विशेष योग्यता–** ना० [सं०] १. कुनै पदका लागि आवश्यक भनेर निर्धारित योग्यताभन्दा बढी योग्यता । २. कुनै परीक्षामा निर्धारित विषयमध्ये कुनै, केही वा सबै पत्रमा पचहत्तर प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्दा देखिने योग्यता; विशेष किसिमको दक्षता ।

**विशेष सभा–** ना० [सं०] विशेष समय, परिस्थितिमा वा विशेष कामका लागि बसेको सभा; विशेष प्रकारको समिति ।

**विशेष सापटी–** ना० [सं० विशेष+सापटी] विशेष समय, परिस्थितिमा वा विशेष कामका लागि लिइने वा दिइने सापटी ।

**विशेषाङ्क–** ना० [सं०] कुनै पत्रिकाको कुनै विशेष समय वा पर्वमा निक्लने अङ्क; नियमित अङ्कभन्दा अतिरिक्त निक्लेको विशेष किसिमको अङ्क ।

**विशेषाधिकार–** ना० [सं०] कुनै व्यक्ति, संस्था, सङ्गठन आदिमा निहित विशेष किसिमको अधिकार; खास समय, परिस्थिति वा काममा प्रयोग गरिने विशेष किसिमको अधिकार ।

**विशेषोक्ति–** ना० [सं०] साहित्यमा कारण हुँदाहुँदै पनि कार्यको उत्पत्ति नभएको देखाउँदा हुने एक अर्थालङ्कार ।

**विशेष्य–** ना० [सं०] १. व्याकरणमा विशेषणद्वारा वर्णन गरिने वा विशेषता बताइने वस्तु वा पदार्थ; विशेषण लागेको नामशब्द; विशेषणयुक्त शब्द । वि० २. गुण, क्रिया, परिमाण आदिद्वारा छुट्याउन सकिने; भिन्न देखाउन योग्य । ३. मुख्य; प्रधान ।

**विशोक–** वि० [सं०] चिन्ता गर्नुपर्ने कुनै कुरा नभएको; शोक नभएको; शोकरहित; अशोक ।

**विशोधन–** ना० [सं०] १. कुनै पदार्थमा भएको वा मिसिएको फोहोरमैला वा अशुद्ध पदार्थलाई फ्याँकी वा अलग गरी राम्ररी शुद्ध गर्ने क्रिया; संशोधन । २.प्रायश्चित्त । > **विशोधनीय–** वि० विशोधन गर्न योग्य वा उचित; विशोधन हुन सक्ने ।

**विशोधित–** वि० [सं०] कुनै वस्तुमा भएको फोहोर, मैला वा अशुद्ध पदार्थलाई फ्याँकी वा अलग गरी राम्ररी शुद्ध पारिएको; विशेष किसिमबाट संशोधन गरिएको ।

**विशोध्य–** वि० [सं०] विशुद्ध वा पवित्र पार्नयोग्य ।

**विश्रान्त–** वि० [सं०] १. विश्राम गर्ने; बिसाइ मार्ने । २. विश्रान्तिमा पुगेको; अडेको । ३. थाकेको; क्लान्त ।

**विश्रान्ति–** ना० [सं०] १. थालेको काम सकेर वा नसक्दै थकाइ मार्ने वा सुस्ताउने क्रिया । २. रोग आदिबाट भएको कमजोरीलाई मेटाउन र स्वास्थ्यलाभ गर्न आराम लिने क्रिया । ३. नोकरी आदिबाट अवकाश पाइसकेपछि बुढेसकालमा आराम लिने काम । ~ **काल–** ना० १. काम गर्दागर्दै बीचको समयमा थकाइ मार्न निश्चित गरिएको समय; अल्पावकाश । २. नोकरी आदि पेसाबाट अवकाश लिएपछि आराम लिने समय; अवकाशकाल । ~ **धाम–** ना० १. थकाइ, दुःख, पीर, आदिबाट विश्राम लिने घर; विश्राम लिने ठाउँ । २. सांसारिक दुःख, प्रपञ्चबाट विश्राम लिने ठाउँ; मृत्यु वा ईश्वर ।

**विश्राम–** ना० [सं०] काम गर्दाको थकाइ मेट्न वा परिश्रमबाट थरक मार्न सुस्ताउने काम; विश्रान्ति; बिसाइ । ~ **कक्ष/गृह–** ना० कुनै यात्रामा जाँदा रेल, हवाईजहाज आदि सवारीसाधन वा यान नआउन्जेल यात्रीहरूको विश्रामका लागि बनाइएको कोठो; प्रतीक्षालय । ~ **भवन–** ना० सरकारी वा निजी कुनै कामकाजमा जाने वा घुम्न जाने सरकारी कर्मचारी वा अन्य व्यक्तिको भोजन, विश्राम आदिका निमित्त बनाइएको कच्ची वा पक्की भवन । ~ **स्थान–** ना० विश्राम गर्ने ठाउँ; बिसाइ-थलो । > **विश्रामालय–** ना० कुनै यात्रामा वा वनभोज आदिमा जाँदा खानेपिउने र विश्राम लिने ठाउँ ।

**विश्रुत–** वि० [सं०] १. कुनै किसिमको गुण, योग्यता वा विशेषताले गर्दा जतासुकै प्रसिद्ध भएको; प्रख्यात; विख्यात । २. पढेलेखेको; जानेसुनेको । > **विश्रुति–** ना० विश्रुत हुनाको भाव वा अवस्था; ख्याति; प्रसिद्धि ।

**विश्लिष्ट–** वि० [सं०] १. विश्लेषण भएको वा छुट्टिएको । २. फुलेको; विकसित ।

**विश्लेषक–** वि० [सं०] विश्लेषण गर्ने; विश्लेषणका प्रक्रियाअनुसार

कुनै विषय वा कुरालाई छुट्ट्याउने ।

**विश्लेषण**– ना० [सं०] १. संश्लिष्ट भएको वा एउटैमा मिलेर रहेको कुरालाई अलगअलग छुट्ट्याउने काम वा प्रक्रिया । २. कुनै वाक्यरचना आदि केकस्तो छ र त्यसमा केकस्ता तत्त्व छन् आदि कुरालाई केलाउने प्रक्रिया । > **विश्लेषणात्मक**– वि० विश्लेषणको प्रमुखता भएको; विश्लेषणमा आधारित; विश्लेषण-प्रधान; विश्लेषणमूलक ।

**विश्लेषित**– वि० [सं०] विश्लेषण भएको; विश्लेषण गरिएको ।

**विश्लेष्य**– वि० [सं०] विश्लेषण हुनाका निम्ति योग्य वा आवश्यक ।

**विश्व**– ना० [सं०] १. सम्पूर्ण सृष्टि; ब्रह्माण्ड । २. संसार; जगत् । ३. खास किसिमका दस देवताको एक गण (वसु, सत्य, क्रतु, दक्ष, काल, काम, भृति, कुरु, पुरुरवा र माद्रवा) । – **कर्मा**– ना० १. शिल्पशास्त्र वा हस्तकलाका आविष्कर्ता मानिएका पुराणप्रसिद्ध एक देवता; देवशिल्पी । २. कारिगरी काम गर्ने व्यक्ति; कारिगर; कर्मी । ३. फलामका भाँडाकुँडा वा हतियार बनाउने एक जाति; कामी । ~ **कल्याण**– ना० संसारको भलो हुने काम; लोकहित । – **कोश**– ना० विश्वमा घटेका वा भएका प्रमुख घटना, वस्तु वा व्यक्तिहरूको क्रमबद्ध रूपमा सविस्तार वर्णन गरिएको ग्रन्थ; विश्वका सम्पूर्ण प्रमुख तथा ज्ञातव्य कुराहरूलाई प्रकाश पार्ने परिचयात्मक विशेष कोश । ~ **खाद्य कार्यक्रम**– ना० विश्वका कुनै पनि देशमा भएको वा हुने खाद्यान्नको अभाव मेट्न वा हटाउन र खाद्यान्नसम्बन्धी अन्य आवश्यक व्यवस्था गर्न सञ्चालित कार्यक्रम । ~ **खाद्य तथा कृषि सङ्गठन**– ना० विश्वको खाद्य वस्तु तथा कृषिसम्बन्धी कुराको हेरविचार तथा अन्य आवश्यक व्यवस्था गर्न संयुक्त राष्ट्रसंघअन्तर्गत बनेको सङ्गठन । ~ **खाद्य परिषद्**– ना० विश्वको खाद्यव्यवस्थासम्बन्धी कुराको हेरविचार गर्न र खाद्यान्नको अभाव भएका देशका तत्सम्बन्धी आवश्यक व्यवस्था गर्न संयुक्त राष्ट्रसंघअन्तर्गत गठित समिति वा परिषद् । – **जनीन**– वि० विश्वभरि फैलिएको; सर्वत्र उत्पन्न हुने । ~ **जलवायु विज्ञान**– ना० विश्वको जल-वायुसम्बन्धी कुराको जानकारी दिने विज्ञान वा तत्सम्बन्धी यान्त्रिक प्रक्रिया । ~ **डाक**– ना० अन्तर्राष्ट्रिय हुलाक; विश्वहुलाक । ~ **नागरिक**– ना० विश्वको नै हित गर्ने वा कल्याण गर्ने विशेष गुण वा योग्यताका आधारमा विश्वका सबै देशले आफ्नो देशको नागरिक मानेको वा सम्मान गरेको व्यक्ति । ~ **नागरिकवाद**– ना० सारा संसारको एउटै नागरिकतामा विश्वास गर्ने सिद्धान्त; अन्तर्राष्ट्रिय नागरिकताको सिद्धान्त । – **नाथ**– ना० १. संसारका स्वामी । २. शिव; महादेव । ३. काशीमा रहेको एक प्रसिद्ध शिवलिङ्ग । – **पाणि**– ना० अमोघसिद्धि तथा ताराका पुत्र एक ध्यानी बोधिसत्त्व; पञ्चबोधिसत्त्वमध्ये एक । ~ **बन्धुत्व**– ना० सारा विश्वलाई नै दाजुभाइ, कुलकुटुम्ब सम्झने भावना वा अवस्था; विश्वलाई नै बन्धुबान्धव मान्ने एक दर्शन । ~ **बालकोष**– ना० विश्वका बालकहरूको आहारविहारसम्बन्धी कुरामा ध्यान पुऱ्याएर उनीहरूलाई शारीरिक तथा मानसिक विकासको अवसर प्रदान गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घअन्तर्गत गठित एक कोष; विश्वका बालकहरूको कल्याणका निम्ति स्थापित भएको कोष । ~ **बैङ्क**– ना० विश्वका गरिब देशलाई आवश्यक आर्थिक सहायता प्रदान गर्ने र विश्वको सन्तुलित आर्थिक विकास गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घअन्तर्गत स्थापित ब्याङ्क; विश्वको साझा ब्याङ्क । ~ **भोक मुक्ति अभियान**– ना० विश्वमा हुने खाद्यान्नको अभाव रोक्न वा विश्वका जनतालाई भोकबाट मुक्ति दिलाउने उद्देश्यले चलाइएको अभियान । ~ **मञ्च**– ना० विश्वका यावत् कुराहरू हुने, घट्ने वा विश्वका आर्थिक, राजनीतिक आदि विभिन्न प्रकारका खेलहरू सञ्चालित हुने मञ्च; विश्वरङ्गमञ्च । ~ **महासङ्घ**– ना० संयुक्त राष्ट्रसङ्घ ।

**विश्वम्भर**– वि० [सं०] १. विश्वको भरणपोषण गर्ने । ना० ईश्वर; विष्णु । ३. विश्वभर्ता । > **विश्वम्भरा**– ना० १. विश्वको भरणपोषण गर्ने देवी; भगवती । २.पृथ्वी ।

**विश्वराजनीति**– ना० [सं०] विश्वका कुनै देशको वा विश्वका विभिन्न देशका बीचको, विश्वलाई प्रभावित गर्ने खालको राजनीति; विश्वको राजनीति ।

**विश्वरूप**– ना० [सं०] १. विश्वका विभिन्न प्राणीहरूको शिर, धेरै हातगोडा भएको र सबै किसिमका प्राणीका रूपमा एकत्र देखा परेको, गीतामा वर्णित भगवान् कृष्णको विशाल रूप । २. विश्वका रूपमा देखा परेको ईश्वर । ३. विश्वको स्थिति वा रूप । > **विश्वरूपी**– वि० १. विश्वरूपसम्बन्धी । २. विभिन्न रूपमा प्रकट हुने ।

**विश्व विजयी**– वि० [सं०] संसारभरिको विजेता ।

**विश्व विख्यात**– वि० [सं०] विश्वभरि नाम फैलिएको; विश्वप्रसिद्ध; लोकविश्रुत ।

**विश्वविद्यालय**– ना० [सं०] विश्वका विभिन्न विषय वा विभिन्न किसिमका शास्त्रहरूको उच्चकोटिको शिक्षा प्रदान गर्ने, सम्बन्धित विषयमा विद्यार्थीहरूको परीक्षा लिने र उत्तीर्ण विद्यार्थीहरूलाई तदनुसार उपाधि प्रदान गर्ने शिक्षाको सर्वोच्च संस्थान । ~ **सभा**– ना० विश्वविद्यालयको आर्थिक, शैक्षिक आदि महत्त्वपूर्ण कुराको निर्णय गर्ने र विश्वविद्यालयसँग सम्बन्धित अन्य आवश्यक नीतिनिर्माण गर्ने, विश्वविद्यालयको सर्वोच्च सभा । ~ **सेवा आयोग**– ना० विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति, बढुवा आदि गर्दा आवश्यक परीक्षा, अन्तर्वार्ता आदि लिने र सोअनुसार योग्य उमेदवारलाई नियुक्तिको सिफारिस गर्ने र विश्व विद्यालयसेवाको सुदृढीकरणमा उचित परामर्श दिने आयोग । > **विश्वविद्यालयीय**– वि० विश्वविद्यालयसम्बन्धी; विश्वविद्यालयको ।

**विश्वविश्रुत**– वि० [सं०] विश्वविख्यात ।

**विश्वव्यापक/विश्वव्यापी**– वि० [सं०] विश्वमा सर्वत्र ढाकेर रहेको; सबै ठाउँ ओगटेर बसेको; संसारभरिको; विश्वभरि व्याप्त भएको ।

**विश्वशान्ति–** ना० [सं०] विश्वका देशहरूमा कुनै किसिमको युद्ध, शीतयुद्ध आदि नभएको र संसारभरि नै शान्ति व्याप्त भएको अवस्था ।

**विश्वसनीय–** वि० [सं०] विश्वास गर्न योग्य; विश्वास गर्न हुने; भरपर्दो; पत्यारिलो । – **ता–** ना० विश्वसनीय हुनाको भाव वा अवस्था; विश्वास गरिने स्थिति; विश्वास; पत्यार ।

**विश्वस्त–** वि० [सं०] विश्वास भएको; पत्यार गर्न सकिने; पत्यारिलो; विश्वासिलो; भरपर्दो । – **ता–** ना० विश्वस्त हुनाको भाव वा स्थिति ।

**विश्व स्वास्थ्य सङ्गठन–** ना० [सं०] संसारभरका जनताको स्वास्थ्यको स्तर बढाउने र उनका निम्ति आवश्यक सहायता प्रदान गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घअन्तर्गत गठित अन्तर्राष्ट्रिय संस्था ।

**विश्वहित–** ना० [सं०] विश्वकल्याण ।

**विश्व हुलाक सङ्घ–** ना० इ० १९३५ मा स्विट्जरल्यान्डको बर्नमा स्थापित, विश्वका हुलाकहरूको सङ्घ ।

**विश्वात्म बोध–** ना० [सं०] विश्वको आत्मस्वरूप तथा विश्वभरि व्याप्त मानिने परमात्माको ज्ञान; विश्वका चैतन्यस्वरूप आत्माको ज्ञान ।

**विश्वात्मा–** ना० [सं०] १. ईश्वर (ब्रह्मा, विष्णु, शिव) । २. विश्वभरि व्याप्त चेतनास्वरूप आत्मा । ३. सूर्य ।

**विश्वामित्र–** ना० [सं०] क्षत्रियवंशमा उत्पन्न भएका, ब्रह्मर्षिका निम्ति ठूलो तपस्या गरी आखिरमा वशिष्ठद्वारा मान्यता पाएपछि मात्र ब्रह्मर्षि भएका एक महर्षि; एक गोत्रप्रवर्तक ऋषि; सप्तर्षिमध्ये एक; कौशिक ।

**विश्वास–** ना० [सं०] १. कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा; दृढ आस्था; पत्यार । २. आस्था; श्रद्धा । ३. भरोसा; आड । – **घात–** ना० कसैले आफूप्रति गरेको विश्वासको हत्या; कसैको आफूप्रति भएको आस्थाको विपरीत आचरण । – **घातक/घाती–** वि० आफूप्रति गरिएको विश्वासभङ्ग गर्ने; बोलकबोल वा वचनबद्धताको विरुद्ध चल्ने; धोका दिने; धोकेबाज । ~ **पात्र–** ना० पहिलेदेखि नै पत्याइएको या पत्याउन हुने भरपर्दो व्यक्ति; विश्वासलाग्दो वा विश्वासिलो व्यक्ति । ~ **प्रद–** वि० विश्वास दिलाउने; विश्वास उब्जाउने; भरपर्दो । ~ **प्रस्ताव–** ना० प्रतिनिधिसभाका अध्यक्ष, मन्त्रिमण्डल वा अरू कुनै संस्थाका अध्यक्ष, पदाधिकारी आदिमा त्यस संस्थाका सदस्यहरूको विश्वास प्रकट गर्नलाई पेस गरिने प्रस्ताव । ~ **भाजन–** ना० विश्वासपात्र । > **विश्वासिलो–** वि० पत्यारिलो; भरपर्दो; विश्वासलाग्दो; विश्वासपात्र; विश्वासी । **विश्वासी–** वि० विश्वासिलो ।

**विश्वेश्वर–** ना० [सं०] १. ईश्वर । २. विश्वनाथ ।

**विष–** ना० [सं०] १. खाएमा वा कुनै किसिमले थोरै मात्रा पनि शरीरभित्र गएमा डरलाग्दो रोग वा विकार पैदा गराउने र अन्तमा ज्यानसमेत लिन सक्ने वा लिने घातक वस्तु; बिख; जहर । २. पानी । ३. कमलनालको गुदी । ४. स्वास्थ्य वा सुखशान्तिलाई हानिनोक्सानी पुऱ्याउने कुरा । ५. वत्सनाभ । ६. हिमालयमा पाइने एकदेखि पाँच मिटर अग्लो, चौडा, तीनखण्डे, हरिया भेट्नु भएका पात हुने, पाँचदेखि बाह्र सेन्टिमिटरसम्म चौडा र छदेखि सात सेन्टिमिटरसम्म लामा पात हुने, नील मञ्जरीका रूपमा फूल फुल्ने, भुवादार फल लाग्ने, आयुर्वेदमा कन्द विषालु मानिएको एक जातको बुटो । – **कन्या–** ना० १. सम्भोग गर्ने पुरुषलाई मार्ने आशयले बाल्यावस्थादेखि नै शरीरमा अनेक किसिमले विष प्रवेश गराई विषाक्त बनाइएकी केटी । २. ज्योतिष-शास्त्रअनुसार विवाह गरेमा वा सम्भोग गरेमा पति वा अन्य कुनै पुरुष मर्ने योगमा जन्मेकी केटी । – **ज्वर–** ना० एक प्रकारको कडा जरो; औलिया ज्वरो । – **दन्त–** ना० सर्पको माथिल्लो च्यापुमा हुने, अरूलाई टोक्ता विष निक्लने खोक्रो दाँत । – **धर–** ना० १. सर्प । वि० २. विष धारण गर्ने; विष भएको । – **फेँज–** ना० गोठाले मूलाका छाँटका पात हुने एक जातको झार ।

**विषम–** वि० [सं०] १. सबै भाग, अंश वा पक्ष समान वा बराबर नभएको; कम्ती वा बेसी भएको; असमान । २. सम्म नपरेको; समतल नभएको (जमिन आदि) । ३. दुई अङ्कले भाग नलाग्ने; बिजोर (सङ्ख्या) । ४. सजिलैसित बुझ्न नसकिने; बुझ्न गाह्रो; दुर्बोध्य । ५. सम्पन्न गर्न अप्ठ्यारो; पार गर्न मुस्किल; विकट । ६. दुःख वा डर पैदा गर्ने किसिमको; कष्टकर; भयङ्कर । ७. एक दिन बिराएर आउने (ज्वरो) । ८. अधिकतम र न्यूनतम तापक्रममा धेरै अन्तर भएको ; ग्रीष्ममा धेरै गर्मी र हिउँदमा धेरै जाडो हुने । ना० ९. चारै चरणमा समान अक्षर नहुने छन्द ।१०. दुई भिन्न विरोधी वस्तुको सम्बन्ध वा यथायोग्यको निरूपण गर्दा पर्ने एक अर्थालङ्कार । ~ **ज्वर–** ना० कहिले चिसो कहिले तातो, कहिले मन्द र कहिले तीव्र भएर अनियमित रूपले आउने ज्वर; कामजरो । – **ता–** ना० विषम हुनाको भाव वा अवस्था; वैषम्य । – **त्व–** ना० विषमता ।

**विषमय–** वि० [सं०] विषले युक्त; विषैविषले भरिएको ।

**विषम वृत्त–** ना० [सं०] पाउ वा चरण समान नभई फरक हुने वृत्त वा छन्द; असमान पद भएको छन्द ।

**विषमित–** वि० [सं०] विषमय तुल्याइएको; विषालु पारिएको ।

**विषमीभवन–** ना० [सं०] कुनै शब्द अथवा शब्दांशका समान वर्णहरूमध्ये एउटा असमान हुन पुग्ने भाषावैज्ञानिक प्रक्रिया ।

**विषय–** ना० [सं०] १. ज्ञानेन्द्रियले ग्रहण गरिने पदार्थ (रूप, रस, गन्ध, स्पर्श र शब्द) । २. पञ्चमहाभूतबाट बनेको वस्तु वा पदार्थ; भौतिक पदार्थ । ३. जन्मदेखि मृत्युपर्यन्त गरिने लोकसम्बद्ध व्यवहार; सांसारिक व्यवहार । ४. इन्द्रियहरूका माध्यमबाट प्राप्त हुने आनन्द; इन्द्रियजन्य सुख । ५. कुनै पनि विचार गरिने कुरो वा वस्तु । ६. कुनै लेख, ग्रन्थ आदिमा

विवेचना गरिएको कुरो वा प्रसङ्ग । ७. सम्पत्ति । ८. सीमा । ९. उद्देश्य । ना० यो० १०. बारे । > **विषयक–** वि० विषयसम्बन्धी; विषयको । – **गत–** वि० कुनै विषयसँग सम्बन्धित भएको; विषय मुख्य भएको; विषयप्रधान; विषयमूलक । – **पति–** ना० लिच्छविकालमा जिल्लाको ठूलो हाकिमको पद वा दर्जा; लिच्छविकालीन जिल्लाको ठूलो अधिकारी । ~ **प्रवेश–** ना० १. कुनै ग्रन्थको विषयवस्तुसँग सामान्य चिनारी गराउने उद्देश्यले त्यस ग्रन्थको सुरुमा दिइएको कथन वा भूमिका । २. कुनै विषयमा भर्खरै प्रवेश गर्ने क्रिया; कुनै विषयको प्रारम्भ । ~ **मूलक–** वि० विषयको प्रमुखता भएको; मूल रूपमा विषयसँग सम्बन्धित । – **वस्तु–** कुनै ग्रन्थ, लेख आदिमा प्रतिपादन वा विवेचना गरिने वा गरिएको विषय वा कुरो । – **सुख–** ना० १. सांसारिक विषयवस्तुको भोगबाट प्राप्त हुने सुख; सांसारिक पदार्थबाट पाइने सुख; इन्द्रियहरूद्वारा प्राप्त हुने सुख; सांसारिक सुख । २. स्त्रीसम्भोगबाट प्राप्त हुने सुख । ~ **सूची–** ना० कुनै ग्रन्थमा परेका विषयहरूको क्रमबद्ध सूची; विषयानुक्रमणिका; विषयतालिका; अनुक्रमणिका । > **विषयात्मक–** वि० कुनै विषयसित सम्बद्ध भएको; विषयको प्रतिपादन नै मुख्य उद्देश्य भएको; विषयप्रधान । **विषयानुक्रमणिका–** ना० विषयसूची । **विषयान्तर–** ना० चलिरहेको कुराकानी वा प्रसङ्गलाई छाडी लिइएको अर्को विषय; क्रम, सिलसिला वा सन्दर्भभन्दा बाहिरको विषय । **विषयासक्त–** वि० सांसारिक विषयसुखमा ज्यादै आसक्त भएको; विषयवासनामा आसक्ति भएको; विषयी; लम्पट; विलासी । **विषयासक्ति–** ना० सांसारिक विषयसुखप्रतिको लिप्सा; विषयवासनामा अत्यधिक अनुरक्ति; भोगविलासमा तल्लीन; विषयमा लागू हुने प्रवृत्ति । **विषयी–** वि० विषयासक्त ।

**विषयुक्त–** वि० [सं०] विष मिसिएको; बिख भएको ।

**विष विज्ञान–** ना० [सं०] विषसम्बन्धी कुराको प्रतिपादन वा विवेचना भएको विज्ञान; विषसम्बन्धी विशेष जानकारी दिने शास्त्र ।

**विष वृक्ष–** ना० [सं०] विषदार वृक्ष; बिखालु रूख ।

**विष वैद्य–** ना० [सं०] सर्प, बिच्छी आदि बिखालु प्राणीले टोक्ता शरीरमा फैलिने विष झार्ने व्यक्ति; झारफुक गरेर विष झार्ने वैद्य ।

**विषाक्त–** वि० [सं०] १. विषले भरिएको; बिखैबिख भएको; विष मिसिएको; विषमय । २. शरीरलाई हानिनोक्सानी गर्ने; स्वास्थ्य बिगार्ने; अस्वास्थ्यकर ।

**विषाणु–** ना० विषालु वा सङ्क्रामक रोग सार्ने सूक्ष्म जीवाणु ।

**विषाद–** ना० [सं०] सोचेको, चाहेको वा आशा गरेको कुरो नहुँदा, नपुग्दा हुने दुःख, खिन्नता; नैराश्य; दिक्दारी; बिस्मात । > **विषादित–** वि० विषादमा परेको; उदासिलो; दिक्कलाग्दो; खिन्न । **विषादी–** वि० १. उदासीन; खिन्न, २. विष खाने । ३. विषयुक्त ।

**विषालु–** वि० [सं०] विष मिसिएको; विष भएको; विषयुक्त ।

**विषुव–** ना० [सं०] १. सूर्य विषुवत्‌रेखामा बस्दाको समय; दिनरात बरोबर हुने समय । २. २२ मार्च र २२ सेप्टेम्बरका दिन पर्ने त्यस्तो योग ।

**विषुवत्–** वि० [सं०] भूगोलको बीचमा रहेको; माझको; मध्यस्थित । ~ **रेखा–** ना० पृथ्वीका बाहिरीतहको माझमा उत्तरी र दक्षिणी ध्रुवको समानान्तर पूर्वबाट पश्चिमपट्टि गएको भनी कल्पना गरिएको रेखा; विषुवत्‌रेखा । ~ **सङ्क्रान्ति–** वैशाख र कार्तिक महिनाको सङ्क्रान्ति ।

**विषोपचार–** ना० [सं०] सर्प, बिच्छी आदि बिखालु प्राणीले टोकी वा अन्य कुनै किसिमले शरीरमा विष फैलिन गएमा विष नै प्रयोग गरेर गरिने उपचार; प्रतिविषोपचार ।

**विषोत्पादक–** वि० [सं०] विष पैदा गर्ने; विष उत्पादन गर्ने; विष उब्जाउने ।

**विष्कु–** ना० [सं०] वास्तु वा मूर्तिमा प्रयोग हुने एक अङ्गुलको बीस गुनाबराबरको नाप; बीस अमल; बीस अङ्गुल ।

**विष्कम्भ/विष्कम्भक–** ना० [सं०] १. ज्योतिषका सत्ताइस योगमध्ये एक । २. अघिपछिका कथालाई मध्यम पात्रद्वारा सूचित गरिने, गर्भाङ्कका निकट रहने, नाटकको एक अङ्क । ३. बाधा; रोकावट । ३. बिरेआग्लो; तगारो ।

**विष्ट–** वि० [सं०] १. घुसेको; छिरेको ; पसेको । ना० २. दमाईं-कामीलाई सालबसाली बाली दिएर लुगा सिउने, खेतीकिसानीको लजो बनाउने जाति । ३. नेपालीको एक थर ।

**विष्ठा–** ना० [सं०] गुहु; दिसा । > **विष्ठानुराग–** ना० अघोरी मत वा विचारअनुसार दिसा वा विष्ठाप्रतिको अनुराग; दिसा खाने इच्छा । **विष्ठाहारी–** वि० दिसाको आहार गर्ने; विष्ठा खाएर बाँच्ने ।

**विष्णु–** ना० [सं०] १. हिन्दू धर्मशास्त्रअनुसार सृष्टिको रचना गर्ने, पालना गर्ने र संहार गर्ने तीन देवतामध्ये पालन गर्ने देवता; नारायण । २. सर्वव्यापक चित् शक्ति । – **गुप्त–** ना० चाणक्य । ~ **पुराण–** अठार महापुराणमध्ये एक; विष्णुका महिमाको वर्णन भएको पुराण । – **मती–** ना० काठमाडौँ उपत्यकाभित्र बाग्मतीमा मिसिएर दक्षिणपश्चिमतर्फ बग्ने एक नदी । – **वल्लभा–** ना० १. लक्ष्मी । २. तुलसी । ३. अग्निशिखा । ~ **विष्णु–** वि० बो० आफूले ढोग्नुपर्ने वा गोडा लाग्न नहुने व्यक्तिलाई गोडाले कुल्चिँदा वा लाग्दा पाप नलागोस् भन्ने विचारले भनिने शब्द ।

**विसङ्गत–** ना० [सं०] १. नमिलेको; बेमेलको; असङ्गत । २. नसुहाउँदो; अयोग्य ।

**विसङ्गति–** ना० [सं०] नमिल्दोपन; बेमेलपन; असङ्गति । – **वाद–** ना० जीवनजगत्‌का कुनै पनि वस्तु, विचार वा क्रियाकलापमा सङ्गति नभएको देख्ने तथा जीवनलाई निःसार र निरर्थक ठान्ने एक साहित्यिक दृष्टिकोण वा धारणा; विसङ्गतिमा विश्वास गर्ने एक वाद । – **वादी–** वि० विसङ्गतिवादमा विश्वास गर्ने; विसङ्गतिवादको अनुयायी ।

**विसंवाद–** ना० [सं०] १. असत्य कथन; झूटो कुरा । २. विरोध; खण्डन । ३. हप्काइदप्काइ । ४. प्रतिज्ञा भङ्ग गर्ने क्रिया; छल; धोका । ५. असहमति । > **विसंवादी–** वि० १. नचाहिँदो कुरो बोल्ने; बोलेको ठेगान नभएको । २. नमिल्दो वा नसुहाउँदो कुरा बोल्ने; असङ्गत कुरा गर्ने । ३. प्रतिज्ञा भङ्ग गर्ने; धोका दिने ।

**विसर्ग–** ना० [सं०] १. स्वरान्त शब्दका पछिल्तिर लाग्ने र केही जोड दिएर उच्चारण गरिने, आधा 'ह'-जस्तो ध्वनि (छि:; छया:; प्राय: आदि) । २. स्वरान्त शब्दका पछिल्तिर दुई समान बिन्दुका रूपमा लेखिने चिह्न; दबास बिन्दु (:) । ३. कुनै वस्तु आदि छोड्ने काम; दिने काम; त्याग; दान ।

**विसर्जन–** ना० [सं०] १. पूजाआजा गर्दा आह्वान गरिएका देवताहरूलाई बिदा दिने काम । २. कुनै अनुष्ठान, कामकुरा, सभा-सम्मेलन आदिको कार्यक्रम समाप्त गर्ने वा टुङ्ग्याउने काम । ३. दिसापिसाब गर्ने काम; मलमूत्रको त्याग । ४. कुनै कुरा छोड्ने काम; परित्याग । > **विसर्जनीय–** वि० १. विसर्जन गर्न योग्य वा उचित; छाड्नुपर्ने; परित्याज्य । २. पठाउन वा हटाउन लायक ।

**विसर्जित–** वि० [सं०] १. विसर्जन भएको; धार्मिक, राजनीतिक, सामाजिक आदि कुनै अनुष्ठान वा कार्यक्रम समाप्त गरिएको । २. पठाइएको वा हटाइएको ।

**विसर्पण–** ना० [सं०] १. सर्पका छाँटले घस्रेर हिँड्ने क्रिया; घस्राइ । २. फैलने क्रिया; प्रसर्पण । ३. ठाउँ छाड्ने काम; स्थानत्याग ।

**विसूचिका/विसूची–** ना० [सं०] पिसाब नहुने तर बारबार झाडा र बान्ता हुने बिमारी; एक प्रकारको हैजा ।

**विसैन्यीकृत–** वि० [सं०] सैनिकविनाको बनाइएको; सैन्यहीन तुल्याइएको; सैन्यरहित बनाइएको (क्षेत्र) ।

**विस्तर–** ना० [सं०] १. विस्तार । २. विस्तारसाथ गरिएको वर्णन; विस्तृत वर्णन । ३. बिछचौना; आसन । ४. आधार । ५. समूह । > **विस्तरण–** ना० कुनै वस्तुमा बल प्रयोग गर्दा त्यसको आकारप्रकारमा हुने वा आउने फरक; विस्तारण ।

**विस्तार–** ना० [सं०] १. फैलाउने काम; फैलावट; फैलोट । २. विस्तृत रूपमा दिइएको विवरण । ३. विशालता । > **विस्तारण–** ना० विस्तार गर्ने काम; फैलाउने क्रिया । **विस्तारित–** वि० फैलाइएको; विस्तृत गरिएको; फिँजाइएको ।

**विस्ती–** ना० [सं० विष्टी] लिच्छविकालीन शासनव्यवस्थामा प्रचलित एक प्रकारको कर ।

**विस्तीर्ण–** वि० [सं०] १. खूब फैलिएको; धेरै फराकिलो । २. प्रशस्त लमाइ र चौडाइ भएको । **– नास–** ना० ठूलो नाक भएको वानर; नरवानरानुगणको एक भेद ।

**विस्तृत–** वि० [सं०] १. टाढासम्म फिँजिएको; फैलिएको; लम्बेचौडे; विस्तीर्ण । २. लामो विवरण भएको; व्याख्यासहितको । ३. साह्रै ठूलो; विशाल । > **विस्तृति–** ना० लम्बाइ, चौडाइ, मोटाइ वा सबै किसिमबाट भएको फैलावट; विस्तार; फैलाउ; फैलोट । **विस्तृतीकरण–** ना० १. कुनै वस्तु वा कुरालाई विस्तृत बनाउने क्रिया । २. कुनै लेख, रचना आदिलाई बढाएर विस्तृत बनाउने काम ।

**विस्थापन–** ना० [सं०] एक ठाउँमा बसेको वा स्थापित भएको वस्तु आदिलाई अन्यत्र सार्ने काम ।

**विस्थापित–** वि० [सं०] आफ्नो देश, निवासस्थान आदिबाट बलैले अन्यत्र हटाइएको; निष्कासित; उद्वासित; निकालाबास ।

**विस्फारण–** ना० [सं०] १. बढाउने, तन्काउने, फैलाउने वा फिँजाउने काम; फैलाइ । २. खोलाइ; उघाराइ । ३. च्यात्ने क्रिया । ४. धनु चढाउने काम ।

**विस्फारित–** वि० [सं०] राम्ररी खोलिएको; फराकिलो पारेर उघारिएको (जस्तो– विस्फारित नेत्र) ।

**विस्फीति–** वि० [सं०] मुद्राको बाहुल्य वा विस्तार घटाएर सन्तुलित स्थितिमा ल्याउने क्रिया; मुद्रास्फीतिलाई पहिलेको स्थितिमा ल्याउने काम ।

**विस्फोट–** ना० [सं०] १. कुनै वस्तु ठूलो आवाजका साथ फुट्ने वा चर्कने क्रिया । २. ठूलो आवाजका साथ पड्कने क्रिया । ३. खटिरो । ४. बिफर । > **विस्फोटक–** वि० १. आगो आदिको सम्पर्कमा आउँदा फुट्ने वा पड्कने सम्भावना भएको; विस्फोट हुने खालको (पदार्थ) । ना० २. विषालु खटिरो; ननिको खटिरो । **विस्फोटन–** ना० आवाजका साथ पड्कने वा फुट्ने क्रिया; विष्फोट हुने काम ।

**विस्मय–** ना० [सं०] १. अचम्म; उदेक; आश्चर्य । २. कुनै आश्चर्यजनक वा अनौठो कुरो देख्ता चित्तमा हुने विकार । ३. साहित्यमा प्रचलित नौ रसमध्ये अद्भुत रसको स्थायी भाव । **–कर–** वि० आश्चर्यपूर्ण; उदेकलाग्दो; छक्क पार्ने; अनौठो; आश्चर्यजनक । > **विस्मयाकुल–** वि० विस्मयमा परेको; चकित भएको; छक्क परेको । **विस्मयादिबोधक–** वि० अकस्मात् कुनै कुरा देख्दा, सुन्दा वा मनमा उत्पन्न हुँदा विस्मय, हर्ष, खेद, घृणा आदि व्यक्त गर्ने (शब्द वा चिह्न, जस्तो– अहो ! ऐया ! आहा ! आम्मै इ०) ।

**विस्मरण–** ना० [सं०] स्मरण नहुने वा बिर्सने क्रिया; विस्मृति; भुलाइ । > **विस्मरणीय–** वि० स्मरण गर्न नहुने वा स्मरण गर्न अनुचित; बिर्सन लायक; बिर्सन हुने; बिर्सन सकिने ।

**विस्मित–** वि० [सं०] जिल्ल परेको; आश्चर्यमा परेको; छक्क परेको; आश्चर्यचकित ।

**विस्मृत–** वि० [सं०] सम्झना नभएको; बिर्सिएको; भुलेको । **–प्राय:–** वि० झन्डैझन्डै बिर्सेको; लगभग बिर्सेको; बिर्सन लागेको । > **विस्मृति–** ना० विस्मरण; बिर्साइ; भुलाइ ।

**विस्वाद–** वि० [सं०] स्वाद नभएको; बेस्वादको ।

**विहग/विहङ्ग–** ना० [सं०] १. चरो; पक्षी; विहग । २. आकाशमार्गमा उड्ने जीव वा वस्तु ।

**विहङ्गम–** ना० [सं०] १. चरो; पक्षी; विहग । २. सूर्य । ३. चन्द्रमा ।

~ **दृष्टि/विहङ्गावलोकन–** ना० आकाशमा उडिरहेको चराले माथिबाट सरसरती हेर्दा तल जमिनको दृश्य देखेझैँ कुनै कामकुराप्रति मोटामोटी र सङ्क्षिप्त रूपले हेरिने क्रिया; सूक्ष्म निरीक्षण, परीक्षण नभएर सरसरती र सामान्य दृष्टि ।

**विहसन–** ना० [सं०] मुसुक्क हाँस्ने काम; मुस्कुराहट ।

**विहसित–** वि० [सं०] मुसुक्क हाँसेको; मुस्कुराएको ।

**विहार–** ना० [सं०] १. आफूखुसी एक्लै वा मित्रजनका साथ घुमफिर गर्ने काम; टहल्ने काम । २. मनोविनोदका निमित्त गरिने खेलकुद आदि । ३. बौद्ध भिक्षुहरूको बस्ने मठ । ४. मन्दिर । > **विहारी–** वि० १. विहार गर्ने; सुखसयल गर्ने; भोगविलास गर्ने । २. विहारमा बस्ने; भारतको विहार राज्यमा बस्ने । ना० ३. कृष्णको एक नाम ।

**विहित–** वि० [सं०] १. विधिअनुसार भएको; विधिपूर्वक गरिएको; कृत (जस्तो– शास्त्रविहित) । २. चित्तबुझ्दो; मनासिब; उचित ३. सम्पन्न गरिएको; पूरा भएको ।

**विहीन–** वि० [सं०] १. नभएको; रहित । २. नामशब्दका पछाडि जोडिई नभएको भन्ने अर्थ बुझाउने प्रत्ययधर्मी (शब्द, जस्तै– धनविहीन, दयाविहीन आदि) ।

**विहृत–** वि० [सं०] १. निकालिएको वा बाहिर गरिएको; हटाइएको । ना० २. नायिकाले नायकसँग व्यक्त गर्नुपर्ने कुरा पनि लाजले गर्दा भन्न नसक्ने स्थिति । ३. स्त्रीहरूका दस हाउभाउमध्ये एक । > **विहृति–** ना० १. बलैले निकाल्ने वा हटाउने क्रिया । २. आमोदप्रमोद; क्रीडा; विहार ।

**विह्वल–** वि० [सं०] चिन्ता, दुःख, भय, शोक आदिले गर्दा मनमा शान्ति नभएको; मन ठेगानमा नभएको; विकल; व्याकुल; क्षुब्ध । **– ता–** ना० विह्वल हुनाको भाव वा स्थिति; चित्तको अस्थिरता; व्याकुलता । > **विह्वलित–** वि० विह्वल भएको; व्याकुल तुल्याइएको ।

**वीक्षण–** ना० [सं०] १. राम्ररी ठम्याएर हेर्ने काम । २. निरीक्षण । ३. आँखा । > **वीक्षणीय–** वि० नियालेर हेर्न योग्य; दर्शनीय ।

**वीज–** ना० [सं०] १. हे० बीज; बीउ । २. नाटक, महाकाव्य आदिमा सङ्घर्षमय कथावस्तुको मुख्य फल वा उद्देश्यको प्रधान कारण; अर्थप्रकृतिका पाँच प्रकारमध्ये एक > **वीजक–** ना० हे० बीजक ।

**वीटिका–** ना० [सं०] १. मुखशुद्धिका लागि खाइने पानको सानो बीडा । २. दाउरा, झिँजा, पराल आदिको अँगालाभरिको बिटो ।

**वीणा–** ना० [सं०] प्रायः सातवटा तार र दुइटा तुम्बा हुने र हातले बजाइने प्राचीन किसिमको तारबाजा । **– वादिनी–** ना० सरस्वती ।

**वीतराग–** वि० [सं०] १. सांसारिक मोहमाया आदिको बन्धनबाट मुक्त; सांसारिक विषयसुखमा आसक्ति नभएको; वासनारहित । २. निष्काम ।

**वीथी–** ना० [सं०] १. पङ्क्ति; लहर; हरफ । २. पैदल हिँड्ने सानो बाटो; गोरेटो । ३. पसल; हाटबजार । ४. सूर्य हिँड्ने रेखा; बाटो । ५. शृङ्गाररस प्रधान हुने दस रूपकमध्ये एक ।

**वीप्सा–** ना० [सं०] १. आदर, आश्चर्य आदि प्रकट गर्नका निम्ति एउटै शब्द बारबार भन्दा पर्ने एक शब्दालङ्कार । २. शब्दको द्विरुक्ति । ३. सातत्य (जस्तो– खितितिति, सननन आदि) ।

**वीर–** ना० [सं०] १. आफूखुसी उत्साह र साहसका साथ कठिन वा भीषण काम गर्ने व्यक्ति; कुनै पनि काममा नडराउने, नआत्तिने व्यक्ति; सुरो, आँटिलो वा बहादुर व्यक्ति । २. योद्धा । ३. भाले बँदेल । ४. वीर रस । ५. थारूजातिका स्त्रीहरूले कानमा लाउने चाँदीको गहना । वि० ६. बलवान्; साहसी; पराक्रमी; पुरुषार्थी । **– गति–** ना० १. युद्धक्षेत्रमा हिम्मतका साथ वा वीरतापूर्वक शत्रुसँग लड्दालड्दै मर्ने वीरहरूले प्राप्त गर्ने उत्तम गति । २. योगसाधनामा संलग्न समाधिस्थ योगीहरूले मृत्युपछि प्राप्त गर्ने परमधाम । **– गन्ज–** ना० नेपालको नारायणी अञ्चलअन्तर्गत पर्सा जिल्लामा रहेको एक प्रसिद्ध सहर तथा व्यापारिक क्षेत्र; पर्सा जिल्लाको सदर मुकाम । **– गाथा–** ना० वीरका बहादुरीको वर्णन गरिएको काव्य; वीर वा वीरताको वर्णन; वीरस्तुति । **– ता–** ना० १. वीर हुनाको भाव, अवस्था वा विशेषता; वीरहरूले देखाउने बहादुरी वा पराक्रम । २. वीरहरूले वीरता देखाएबापत मालपोत तिर्नु नपर्ने गरी सरकारबाट पाएको जग्गा; बिर्ता । **– त्व–** ना० वीरता; सुऱ्याइँ । **– पट्ट–** रणक्षेत्रमा वीरतासाथ लड्ने नेपाली सेनालाई प्रदान गर्ने उद्देश्यले २०२० सालमा स्थापित एक पदक । **– प्रसू–** ना० वीरमाता । **– भद्र–** ना० दक्षप्रजापतिका यज्ञमा सतीदेवीको देहत्यागपछि रिसाएका शिवजीको जटाबाट उत्पन्न भएका शिवका एक गण । **– माता–** ना० वीर छोरा जन्माउने स्त्री; वीर पुत्रकी आमा; वीरप्रसू । ~ **रस–** ना० साहित्यमा बलवान् शत्रुलाई दबाउने वा कठिन कार्य गर्ने आदि वीरतापूर्वक काम गर्न लाग्दा मनमा आउने उत्साह र साहसबाट पैदा हुने एक रस; नवरसमध्ये एक । (यो रस चार प्रकारको मानिएको छ – दानवीर, धर्मवीर, युद्धवीर र दयावीर) । **– लोक–** ना० युद्धक्षेत्रमा हिम्मतका साथ शत्रुसँग लड्दालड्दै मर्ने वीरहरूले प्राप्त गर्ने लोक; वीरगति । **– व्रत–** ना० वीर वा पराक्रमी व्यक्तिको निष्ठापूर्ण नियम वा काम; युद्ध । **– शय्या–** ना० वीरहरूको अन्तिम अवस्थालाई सुहाउने शय्या; युद्धभूमि; रणभूमि । > **वीराभास–** ना० अवध्यको वधप्रति अनुचित साहस देखाएमा वा अरू कुनै नसुहाउँदो तरिकाले वीररसको वर्णन गरेमा हुने एक रसाभास । **वीरासन–** ना० देब्रे गोडाको पैताला र दाहिने गोडाको घुँडाले टेकेर बसिने एक आसन ।

**वीरेन्द्र–** ना० [सं०] १. वि० सं० २०२८ सालदेखि २०५८ जेठ १९ सम्म नेपालमा शासन गर्ने शाहवंशीय दसौँ राजा । वि० २. वीरहरूमा श्रेष्ठ; ठूलो वीर । **– प्रज्ञालङ्कार–** ना० नेपालसम्बन्धी उल्लेखनीय योगदान दिने विशिष्ट विदेशी

विद्वान्हरूलाई प्रज्ञाप्रतिष्ठानद्वारा प्रदान गर्ने गरिएको मानार्थ प्रज्ञालङ्कार । – **वीरविक्रम शाहदेव–** ना० वि०सं० २०२८ देखि २०५८ जेठ १९ गतेसम्म नेपालमा शासन गर्ने शाहवंशीय दसौँ राजा ।

**वीरोस्–** ना० भारोपेली भाषा बोल्ने प्रागैतिहासिक मानव ।

**वीर्य–** ना० [सं०] १. खाएका पदार्थका रसबाट बन्ने, बल तथा कान्ति बढाउने र सन्तान उत्पन्न गराउने, पुरुषका शरीरभित्र बन्ने एक धातु; शुक्र । २. पौरुष; पुंस्त्व । ३.वीरता; पराक्रम । ४. शरीरभित्रको सारतत्त्व । – **कोष–** ना० शुक्रकीटमा परिणत हुन सक्ने अन्य कोषको अन्तिम रूप । – **थैली–** ना० पुरुषका शरीरभित्र वीर्य रहने थैली; वीर्यग्रन्थि । – **वान्–** वि० वीर्य वा तेज भएको; बलियो; शक्तिशाली । – **शाली–** वि० शरीरमा शक्ति वा फुर्ती भएको; शक्तिशाली; पराक्रमी । ~ **स्खलन–** ना० पुरुषका शरीरबाट वीर्यपतन हुने क्रिया; वीर्यक्षरण; वीर्यपतन । – **हीन–** वि० १. शरीरमा वीर्य कम भएको । २. शक्ति वा स्फूर्ति नभएको; शक्तिहीन; नामर्द ।

**वृक्ष–** ना० [सं०] १. रूख; बोट । २. कुनै विषय वा कुराको मूल रूप वा आदि रूपलाई फेद र अवान्तर कुरालाई हाँगाबिँगा मानेर वृक्षका रूपमा देखाइएको चित्र (जस्तै– वंशवृक्ष) । – **रेखा–** ना० पहाडको रूख उम्रन सक्ने उचाइसम्मको रेखा । ~ **रोपण–** ना० वृक्षारोपण । ~ **बिडाल–** ना० धेरै मोटो र लामो पुच्छर हुने जङ्गली बिरालो; वनबिरालो । > **वृक्षाम्ल–** ना० भकिअमिलो । **वृक्षायुर्वेद–** ना० वनस्पतिहरूमा हुने रोगहरूलाई हटाउने वा तिनका रोकथामका उपायको चर्चा भएको आयुर्वेदशास्त्र; वृक्षसम्बन्धी वैद्यक ग्रन्थ; वैदाङ्ग । **वृक्षारोपण–** ना० उजाडिँदै गएको पाखापखेरा र गाउँ, सहरनजिकका भागहरूलाई हरिलोभरिलो बनाउने र जलवायुका दृष्टिले स्वास्थ्यप्रद र अनुकूल बनाउन विभिन्न जातका वृक्ष लगाउने काम; भूक्षय रोक्न र दाउरा, घाँसपातको काम चलाउन विभिन्न किसिमका बोटबिरुवा लगाउने काम ।

**वृज्जि–** ना० [सं०] नेपालको पश्चिमी तराई, तिरहुत र मिथिलातिर बसोबास गरेका, एक समय गणतान्त्रिक व्यवस्था चलाउने एक प्राचीन जाति ।

**वृत्त–** ना० [सं०] १. केन्द्रबाट बराबर दूरीमा हुने गरी चारैतिर रेखाले घेरिएको क्षेत्र; गोल परिधि भएको क्षेत्र । २. गोलाकार क्षेत्रको परिधि; बाटुलो घेरो; मण्डल । ३. वृत्तान्त । ४. अक्षरहरूको सङ्ख्याका आधारमा बनेको छन्द; वार्णिक र मात्रिक छन्द । वि० ५. परिधि भएको; गोलो; बाटुलो । ६. भएको, घटेको वा अस्तित्वमा आएको; घटित । – **चित्र–** ना० इतिहास, विज्ञान, धर्म, संस्कृति आदि राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका विषयवस्तुमा आधारित सामयिक लघु चलचित्र । – **पत्र–** ना० प्रतिनिधिसभामा भएका दैनिक कामकुराको संक्षिप्त बेहोरा लेखिएको खाता वा बही । – **मार्ग–** ना० गोलाकार बाटो; चक्रपथ । – **मुण्ड–** वि० गोल मुण्ड भएको । > **वृत्ताकार–** ना० १. गोल परिधि भएको आकार; वृत्तको जस्तो आकार; बाटुलो घेरो । वि० २. गोल आकार भएको; बाटुलो; गोलो ।

**वृत्तान्त–** ना० [सं०] १. कुनै वस्तु वा विषयको विस्तृत विवरण; बयान; बेलिविस्तार । २. हालखबर; समाचार । ३. वर्णनात्मक कथा वा कहानी । ४. इतिहास; पुर्ख्यौली ।

**वृत्ति–** ना० [सं०] १. जीवननिर्वाह गर्नका निम्ति गरिने काम; जीवन धान्न अँगालिने वा लिइने पेसा; जागिर । २. जीवनको भरणपोषणको साधन; जीविका । ३. जीवननिर्वाहका निम्ति कसैलाई दिइने धन; भत्ता । ४. जेहेन्दार, गरीब विद्यार्थीहरूलाई अध्ययनकालमा सहायतास्वरूप दिइने रकम । ५. कुनै काम गरेबापत पाइने धन; पारिश्रमिक; ज्याला; मजदुरी । ६. चालचलन; आचरण । ७. कुनै पद, वाक्य वा ग्रन्थको अर्थ स्पष्ट हुने गरी गरिएको व्याख्या; टीका । ८. व्याकरण, दर्शन आदि सूत्ररूपमा रहेका अर्थगर्भित छोटो वाक्यको अर्थ खुलस्त पार्ने वाक्य । ९. सोझै र घुमाउरो किसिमले अर्थ बुझाउने शब्दको शक्ति (अभिधा, लक्षणा र व्यञ्जना) ।१०. रससुहाउँदो रूपमा वर्णको योजना तथा अर्थको गुम्फन गरेर काव्यको रचना गरिने शैली (कैशिकी, भारती, सात्वती र आरभटी) । ११. परुषा, कोमला र उपनागरिका– यी तीन वर्णगत वृत्ति । – **कर–** ना० जीविकाका लागि अँगालिएको पेसामा लाग्ने कर । – **दाता–** वि० जीविकाका निम्ति सरसुविधा र साधनको प्रबन्ध मिलाइदिने (व्यक्ति) ।

**वृत्त्यनुप्रास–** ना० [सं०] साहित्यिक रचनामा अनेक व्यञ्जनको भिन्न क्रमले एकपल्ट र उही क्रमले एक वा अनेकपल्ट स्वरूपसाम्य हुने शब्दालङ्कार; अनुप्रासको एक भेद ।

**वृत्रासुर–** ना० [सं०] इन्द्रलाई मार्न भनी जन्माइएको तर मन्त्रोच्चरण गर्दा स्वराघातको गडबडीले विपरीतार्थ हुन गई इन्द्रद्वारा मारिएको पुराणप्रसिद्ध एक असुर ।

**वृथा–** अव्य० [सं०] व्यर्थ; सित्तैं । > **वृथाभिमान–** ना० आफ्नो बर्कत, बुताभन्दा बाहिरको कुरा गर्न सक्छु भन्ने धाक; नचाहिँदो फाइँफुट्टी; व्यर्थको घमन्ड । **वृथाभिमानी–** वि० व्यर्थको अभिमान गर्ने; वृथाभिमान गर्ने ।

**वृद्ध–** वि० [सं०] १. धेरै उमेर भएको; बूढो । २. विद्या, अनुभव आदिले परिपक्व । ३. धेरै पहिलेको; पुरानो । ४.वृद्धि भएको; बढेको । ५. जम्मा भएको; थुप्रिएको । ना० ६. उमेरले बूढो भएको मानिस । ७. विद्या, अनुभव आदिले परिपक्व भएको मानिस; बूढोपाको व्यक्ति । ८. छरछिमेकको प्रतिष्ठित पाको पुरुष; मान्यजन । ~ **काल–** ना० बुढेसकाल; बुढचौली अवस्था । – **ता/त्व–** ना० वृद्ध हुनाको भाव वा अवस्था; बुढचाइँ । ~ **भाव–** ना० वृद्धता; बुढचौली ।

**वृद्धि–** ना० [सं०] १. बढ्ने काम; बढ्ती । २. बढोत्तरी; उन्नति । ३. कुनै वस्तुको दरभाउ आदि बढ्ने काम । ४. कुनै व्यक्तिको

दर्जा, तलब आदि बढ्ने काम । ५. ब्याज । ६. लाभ; नाफा । ७. सन्तान जन्मने वा सन्तति बढ्ने काम । ८. सन्तान जन्मँदा लाग्ने आशोच; सुत्केरो । ~ **सन्धि–** व्याकरणमा अवर्ण अर्थात् अ, आदेखि पछि एच् अर्थात् ए, ओ, ऐ र औमा कुनै एकका स्थानमा ऐ वा औ हुने एक सन्धि । – **कर–** वि० १. वृद्धि गर्ने; बढाउने; उन्नति गर्ने । ना० २. आम्दानीमा लगाइने वा बढाइने कर । ~ **काल–** ना० कुनै कुरा वृद्धि भएको समय । ~ **दर–** ना० कुनै वस्तुको मूल्य वा कसैको तलब आदिको वृद्धिको क्रम । ~ **श्राद्ध–** ना० विवाह, व्रतबन्ध आदि माङ्गलिक कार्य र अन्य धार्मिक अनुष्ठान गर्दा पूर्वाङ्गमा गरिने श्राद्ध; नान्दीमुखी श्राद्ध; आभ्युदयिक श्राद्ध ।

**वृन्त–** ना० [सं०] फलफूल, पात आदिको डाँठ; सागपात आदिको पातका फेदपट्टिको मोटो भाग; भेट्नु ।

**वृन्द–** ना० [सं०] १. समूह; जमात (जस्तै– सज्जनवृन्द, महिलावृन्द आदि) । २. झुप्पो; गुच्छो ।

**वृन्दा–** ना० [सं०] १. विष्णुद्वारा सतीत्व नष्ट गरिएकी एक पौराणिक स्त्री; जालन्धरकी पत्नी । २. तुलसी । > **वृन्दाकर–** ना० १. देवता वा श्रेष्ठ व्यक्ति । २. समूह । **वृन्दारण्य–** ना० वृन्दावन । **वृन्दावन–** ना० १. मथुराको उत्तरतिर रहेको एक वन; कृष्णको क्रीडास्थल मानिएको हिन्दूहरूको प्रसिद्ध एक तीर्थस्थल । २. घनघोर जङ्गल; बिन्द्रावन ।

**वृश्चिक–** ना० [सं०] १. ज्योतिषशास्त्रमा बाह्र राशिमध्ये आठौँ राशि । २. बिच्छी । ३. सूर्योदय हुँदा प्रायः वृश्चिक राशिको उदय हुने मङ्सिर महिना ।

**वृष–** ना० [सं०] १. साँढे । २. ज्योतिषमा बाह्र राशिमध्ये दोस्रो राशि । ३. कुनै वर्ग वा समूहको श्रेष्ठ व्यक्ति । ४. शिवको वाहन; नन्दी । ५. धर्म । – **कर्मा–** वि० गोरुझैँ जोतिएर काम गर्ने । – **पर्वा–** ना० पुराणप्रसिद्ध एक दानव; शर्मिष्ठाका बाबु ।

**वृषभ–** ना० [सं०] १. साँढे; गोरु । २. कामशास्त्रअनुसार चार प्रकारका पुरुषमध्ये एक; शङ्खिनी स्त्रीका निम्ति उपयुक्त पुरुष । ३. वृष । – **ध्वज–** ना० महादेव; शिव ।

**वृषल–** ना० [सं०] १. कुकर्मी वा पापी व्यक्ति । २. पतित व्यक्ति । ३. शूद्र । ४. घोडा । > **वृषली–** ना० १. शूद्र जातिकी स्त्री । २. सन्तान नभएकी स्त्री; बाँझी स्त्री । ३. बाह्र वर्षकी अविवाहित कन्या । ४. रजस्वला भए पनि विवाह नहुनाले पिताका घरमा रहने कन्या । ५. रजस्वला ।

**वृषोत्सर्ग–** ना० [सं०] मानिस मरेको एघारौँ दिन मृतकका उद्देश्यले क्रियापुत्रीले र आफ्नो क्रिया आफैँले गर्दा जिउँदो मानिस आफैँले साँढे डाम्न लगाएर छोड्ने धार्मिक कृत्य ।

**वृष्टि–** ना० [सं०] १. बादलबाट जल वा पानीको धारो लाग्ने काम; झरी; वर्षा । २. पानी परेझैँ कुनै वस्तु थोरै वा धेरै मात्रामा ओइरिने वा झर्ने काम; ओइराइ; झराइ । ~ **काल–** ना० वर्षाकाल; बर्सात । – **छाया–** ना० वाष्पयुक्त वायुलाई रोक्ने पर्वतश्रेणीको पछिल्तिर परेको क्षेत्र; वायुविमुख जमिन । – **मान–** ना० झरीवर्षाको नापो गर्ने यन्त्र; वर्षामापक यन्त्र ।

**वृहत्–** वि० [सं०] ज्यादै ठूलो; बडेमाको; बृहत्; विशाल । > **वृहती–** ना० बृहती ।

**वेग–** ना० [सं०] १. कुनै वस्तुको ज्यादै छिटो चाल; शीघ्र गति । २. नदी आदिको बग्ने क्रिया; प्रवाह । ३. जोर; झोक्का । ४. आवेग । – **वान्–** वि० ठूलो वेग भएको; शीघ्र गति भएको; ज्यादै छिटो उड्ने वा हिँड्ने । > **वेगिनी–** ना० नदी । **वेगी–** वि० १. वेग भएको; वेगवान् । २. काममा लागिरहने । ना० ३. हुलाकी; हल्कारो; बाज चरो ।

**वेडा–** ना० [सं०] काठ, बाँस आदि मिलाई तार, डोरी आदिले जोल्ठ्याई नदी पार गर्नका लागि बनाएको साधन; डुङ्गा; नाउ ।

**वेणि–** ना० [सं०] वेणी । – **बन्ध–** ना० बाटेको कपाल; चुल्ठो ।

**वेणी–** ना० [सं०] १. बाटेको कपाल; चुल्ठो । २. नदीहरूको सङ्गम; दोभान (जस्तो– पञ्चवेणी, त्रिवेणी आदि) ।

**वेणु–** ना० [सं०] बाँस । २. बाँसुरी; मुरली । – **कार–** ना० बाँसुरी बजाउने व्यक्ति । – **नाद–** ना० बाँसुरीको ध्वनि ।

**वेत–** ना० [सं० वेतस्] लट्ठी, चोया आदिको काम लिइने,मेच, कुर्सी आदि बुनिने चाम्रो र बलियो एक जातको जङ्गली लहरो ।

**वेतन–** ना० [सं०] १. तलब; तनखा; महिनावारी । २. जीवन-निर्वाहको साधन; वृत्ति । – **क्रम–** ना० कर्मचारीले काम गरेबापत पाउने तलबको क्रम । – **जीवी–** वि० सरकारी वा गैरसरकारी कार्यालयको कर्मचारीका रूपमा काम गरेबापत पाइने तलबले जीविका चलाउने; कृषि व्यापार, उद्योग आदि स्वतन्त्र पेसा नलिई नोकरीबाट पाइने तलबका भरमा जीवनयापन गर्ने; जागिरदार; जागिरे । – **भोगी–** ना० वेतन वा तलब लिएर काम गर्ने व्यक्ति; तलब लिने वा खाने मानिस । – **मान–** ना० कर्मचारीलाई दिइने वेतनको परिमाण; तलबक्रम ।

**वेताल–** ना० [सं०] १. शिवको गणको आत्मा प्रवेश गरेको मुर्दा; एक भूतयोनि । २. शिवको एक गण । ३. द्वारपाल । ४. रथको अगिल्तिर र कतैकतै पछिल्तिर पनि रहने, टुप्पो माथितिर फर्केको, लामो धुरोजस्तो मोटो काठ ।

**वेत्ता–** वि० [सं०] १. राम्ररी जान्ने; ज्ञाता; जानिफकार । ना० २. कुनै नामवाचक शब्दको पछिल्तिर रहेर ज्ञाता वा जान्ने अर्थ बुझाई विशेषण बनाउने शब्द (जस्तै– तत्त्ववेत्ता, शास्त्रवेत्ता इ०) ।

**वेत्र–** ना० [सं०] १. वेतको लट्ठी । २. पुरानो समयमा द्वारपालले लिने लट्ठी ।

**वेद–** ना० [सं०] १. आर्यहरूका धर्म, संस्कृति, आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएका, सर्वप्राचीन र सर्वाधिक मान्य आर्यग्रन्थ; श्रुति; आम्नाय; छन्दस् (ऋक्, यजु, साम र अथर्व–

यी चार वेद प्रसिद्ध छन्) । २. ज्ञान । ३. ईश्वर । ४. अङ्गुलको चारगुनाबराबरको नाप; चार अमलबराबरको नाप; चार अङ्गुल । **– ज्ञ–** वि० वेद जान्ने; वेदको ज्ञाता । **– त्रय/त्रयी–** ना० ऋक्, यजु र साम– यी तीन वेदको समुच्चय ।

**वेदना–** ना० [सं०] १. चोटपटक लाग्दा वा कुनै दुःखदायी घटना घट्दा हुने शारीरिक वा मानसिक कष्ट । २. पीडा, दुःख आदिको तीव्र अनुभूति । ३. चेतना; ज्ञान । ४. विवाह । ५. बौद्ध दर्शनअन्तर्गत स्कन्धपञ्चक । > **वेदनीय–** वि० १. वेदना हुने; पीडा दिने; दुःखदायी । २. जान्नुपर्ने; ज्ञातव्य ।

**वेद वाक्य–** ना० [सं०] १. वेदका ऋचा वा वाक्य । २. वेदले बताएको कुरो; वेदोक्त वचन । ३. प्रामाणिकताका निम्ति छानबिन गरिरहनु नपर्ने वचन; अकाटच वाक्य ।

**वेद विहित–** वि० [सं०] वेदले भनेको वा बताएको; वेदोक्त ।

**वेद व्यास–** ना० [सं०] वेदलाई चार भागमा बाँडी वर्तमान रूपमा सङ्कलन गर्ने तथा महापुराणका रचयिता एक ऋषि; पराशरतर्फबाट जन्मेको सत्यवती पुत्र; व्यास ।

**वेदाङ्ग–** ना० [सं०] शरीरका अङ्गजस्तै गरी मानिएका वेदका छ अङ्ग (पाद–छन्दशास्त्र, हात–कल्प, आँखा–ज्यौतिष, कान–निरुक्त, नाक–शिक्षाशास्त्र र मुख–व्याकरण) ।

**वेदाध्ययन–** ना० [सं०] १. वेद पढ्ने काम; वेदको अध्ययन । २. ब्राह्मणका षोडश संस्कारमध्ये एक ।

**वेदाध्यायी–** वि० [सं०] वेदको अध्ययन गर्ने; वेदपाठी ।

**वेदान्त–** ना० [सं०] १. वेदमा वर्णित लौकिक तथा पारलौकिक सिद्धान्तहरूको विवेचना र प्रतिपादन गर्ने सिद्धान्त । २. आत्मा, परमात्मा र जगत्सम्बन्धी वैदिक मान्यताको प्रतिपादन गर्ने उपनिषद् र आरण्यक आदि वेदको अन्तिम भाग; वेदको निचोड; ब्रह्मविद्या । ३. षड्दर्शनमध्ये अद्वैतवादको प्रतिपादन गरिएको एक दर्शन । > **वेदान्ती–** वि० १. वेदान्तमा प्रतिपादित विचारको अनुसरण गर्ने; वेदान्तदर्शनको अनुयायी; ब्रह्मवादी । ३. वेदान्त जान्ने । ना० ३. वेदान्तशास्त्रको विद्वान् ।

**वेदि–** ना० [सं०] वेदी । > **वेदिका–** ना० सानो वेदी ।

**वेदी–** ना० [सं०] १. धार्मिक कृत्यका निम्ति पवित्र माटोद्वारा अग्लो र सम्म पारी विभिन्न आकारमा बनाइएको भूमि; चौकी । २. चौतारो । वि० ३. जान्ने; ज्ञाता । ना० ४. विद्वान्; पण्डित । ५. आचार्य; शिक्षक ।

**वेदोक्त–** वि० [सं०] वेदले बताएको; वेदमा लेखिएको; वेदमा प्रतिपादित; वेदविहित ।

**वेद्य–** वि० [सं०] १. थाहा पाउनुपर्ने; जान्नुपर्ने; जान्न योग्य; ज्ञातव्य । २. प्राप्त गर्न योग्य ।

**वेध–** ना० [सं०] १. कुनै वस्तुको पछिल्तिर छिचोल्ने वा वारपार छुने गरी प्वाल पार्ने क्रिया; छेडाइ । २. दूरवीक्षणयन्त्रद्वारा टाढाटाढाका ग्रह, नक्षत्र हेर्ने काम । ३. तारो आदिलाई निसाना बनाई हान्ने काम; तारोहनाइ । ४. ग्रहको स्थान निश्चित गर्ने काम । ५. कुनै ग्रह अर्को ग्रहको सामुन्ने हुन पुग्ने क्रिया । ६. छिद्र । > **वेधक–** वि० १. कुनै वस्तुमा वारपार छिचोल्ने गरी प्वाल पार्ने । २. तारो आदिलाई निसाना बनाई हान्ने । ३. कुनै ग्रह अर्को ग्रहको सामु भएको वेला अर्को ग्रहको तेज हरण गर्ने । **वेधन–** ना० १. छेड्ने वा प्वाल पार्ने काम । २. तारो हान्ने काम । **वेधनी–** ना० रत्न आदिमा पछिल्तिर छिचोल्ने गरी प्वाल पार्ने साधन । **वेधनीय–** वि० वेध गर्न योग्य; छेड्न वा खोप्न लायक । **– शाला–** ना० ग्रह, नक्षत्र आदि हेर्ने यन्त्रहरू राखिएको भवन वा ठाउँ; वेधसम्बन्धी उपकरण राखिएको ठाउँ; वेधालय ।

**वेधा–** ना० [सं०] १. ब्रह्मा । २. प्रजापति ।

**वेधालय–** ना० [सं०] वेधशाला ।

**वेधी–** वि० [सं०] १. वेध गर्ने; छेड्ने; वेधक । ना० २. कुनै नामवाचक शब्दको पछिल्तिर रही भेद गर्ने वा प्वाल पार्ने भन्ने अर्थ बुझाउने शब्द (जस्तै– शब्दवेधी, लक्ष्यवेधी आदि) ।

**वेधे–** ना० एक मिटर अग्लो, तलतिर डल्ला भावका र दाँती परेका किनारा तर मास्तिर दाँती नपरेका किनारा भएका साधारण हरिया पात हुने, घोगाका रूपमा गुलाफी टीकाटीका परेका फूल फुल्ने एक जातको बुटी । (यसको तरकारी पकाएर पनि खाइन्छ र आयुर्वेदमा यसलाई कृमिनाशक भनिएको छ) ।

**वेध्य–** वि० [सं०] प्वाल पार्न लायक; वेधन गर्न योग्य ।

**वेला–** ना० [सं०] १. समय; काल; बखत । २. संयोग; सन्जोग; मौका; अवसर । ३. समयको मान; घडी, पला आदि ।

**वेश–** ना० [सं०] १. कुनै देशका बासिन्दा, जाति, वर्ग र पेसाका मानिसको परिचायक पहिरन; पोसाक; वेष । २. वेश्याहरू बस्ने ठाउँ । **– धारी–** वि० १. अरूद्वारा आफू नचिनिने बन्न वा अर्काको नक्कल गर्न नक्कली वेश धारण गर्ने; अर्काको भेष धारण गर्ने । २. कुनै धार्मिक सम्प्रदायको अनुयायी भई त्यसै अनुसारको वेश धारण गर्ने । **– भूषा–** १. शरीरमा पहिरिएको वस्तु, आभूषण आदि; लवाइ तथा शारीरिक शृङ्गार । २. लुगाफाटो आदि लगाउने तरिका; पहिरन । ३. लुगा, गहना आदि । **– वनिता–** ना० वेश्या ।

**वेश्या–** ना० [सं०] पैसाका लागि अरूका अगाडि नाचगान गर्ने, हाउभाउ, कटाक्ष आदिद्वारा परपुरुषलाई व्यभिचारको निमन्त्रण दिने र मैथुनसमेत गराउने स्त्री; रन्डी । **– गमन–** ना० वेश्या स्त्रीसँग यौन सम्बन्ध राख्ने काम; वेश्यास्त्रीसँगको सहवास । **– गामी–** वि० वेश्या स्त्रीसँग सहवास गर्ने; रन्डीबाज । > **वेश्यालय–** ना० वेश्याहरू बस्ने ठाउँ; रन्डीकोठी । ~ **वृत्ति–** ना० पैसाका लागि परपुरुषसँग यौन सम्पर्क राख्ने पेसा; परपुरुषसँग सहवास गरेर पैसा कमाउने वृत्ति ।

**वेष–** ना० [सं०] हे० वेश ।

**वेष्टन–** ना० [सं०] १. धागो, डोरी, लुगा आदि बेर्ने काम; लपेट्ने प्रक्रिया । २. सर्प आदि कुनै वस्तुमा वा शरीरमा बेरिने क्रिया । ३. लपेट्ने वा बेर्ने कुरो (धागो, डोरी, पगरी, फेटा, पटुका, पेटी आदि) ।

**वेष्टित**– वि० [सं०] लपेटिएको; बेरिएको ।

**वेसन**– ना० [सं०] चना, भटमास आदिको पीठो; पहेँलो दाल हुने जातिका अन्नको पीठो ।

**वेसवार**– ना० [सं०] धनियाँ, जीरा आदि मिलाएर पिँधिएको सुगन्धी मसला; मसलाको धूलो ।

**वेस्टकोट**– ना० [अङ्] इस्टकोट; इस्कोट ।

**वैकल्पिक**– वि० [सं०] १. पहिले छानिएको व्यक्ति, वस्तु आदि नपाइएमा सो ठाउँमा प्रयोग गरिने वा प्रयोग गर्न सकिने समकक्ष स्तरको अर्को (उमेदवार वा सदस्य, व्यक्ति, वस्तु आदि); विकल्पमा आउने; इच्छाधीन; ऐच्छिक; रोजी । २. सन्दिग्ध; सन्देहयुक्त ।

**वैकल्य**– ना० [सं०] १. पूरै अङ्ग नहुनाको भाव; अङ्गहीनता; विकलता । २. सबै कलाले पूर्ण नहुनाको भाव; कुनै कुराको कमी; अपूर्णता; न्यूनता । > **वैकल्या**– ना० १. विवाह गर्ने वाग्दान भइसकेपछि वर मर्नाले वा अन्य कुनै कारणले विवाह हुन नपाएकी स्त्री । वि० २. अङ्गभङ्ग भएकी; विकलाङ्ग (स्त्री) ।

**वैकारिक**– वि० [सं०] १. विकृत वस्तुबाट बनेको; विकार पैदा भएको । २. विकारसम्बन्धी; विकारको ।

**वैकालिक**– वि० [सं०] १. निश्चित वा निर्धारित समयमा नभएको; हुनुपर्ने समयभन्दा पहिले वा पछि भएको; समय नमिलेको (ध्वनि) । २. असमयमा भएको; असमयको; बेमौसमको । ३. साँझपखको ।

**वैकुण्ठ**– ना० [सं०] १. कुनै किसिमको भय, संशय, चिन्ता वा कुण्ठा नभएको ठाउँ; अकाल, अभाव र अपूर्णता नभएको ठाउँ । २. विष्णुलोक । ~ **चतुर्दशी**– ना० कार्तिक शुक्ल चतुर्दशी । ~ **लोक**– ना० वैकुण्ठ; विष्णुलोक । > **वैकुन्ठे**– ना० सेतो र कालो दुई सर्प लेखेको थर्कीमा चार कौडा वा एक पासाले हानेर खेलिने एक खेल ।

**वैक्रम**– वि० [सं०] १. विक्रमादित्यबाट सुरु भएको; विक्रमादित्यको; विक्रमादित्यसम्बन्धी; विक्रमीय । २. पराक्रमसम्बन्धी । > **वैक्रमीय**– वि० विक्रमसम्बन्धी ।

**वैखरी**– ना० [सं०] कुण्डलिनीचक्रमाथि विन्दुरूपले रहेको अव्यक्त, ईश्वरीय चित्शक्तिले पश्यन्ती र मध्यमा अवस्था पार गरी व्यक्त रूप लिएको वाणी; वाणीको व्यक्त रूप ।

**वैखानस**– ना० [सं०] १. वानप्रस्थाश्रममा रहेको व्यक्ति; वानप्रस्थी । २. कर्मिष्ठ, वनवासी ब्राह्मण; तपस्वी । ३. कृष्णयजुर्वेदका चार शाखामध्ये, योगीहरूका धर्म, आचार आदि कुराको विवेचन गरिएको एक शाखा । वि० ४. वानप्रस्थाश्रमसम्बन्धी ।

**वैगुण्य**– ना० [सं०] १. गुण नहुनाको भाव; विगुणता । २. अवगुण ।

**वैचारिक**– वि० [सं०] विचारसम्बन्धी; विचारको ।

**वैचित्र्य**– ना० [सं०] विचित्र हुनाको भाव वा स्थिति; विचित्रता ।

**वैजयन्त**– ना० [सं०] १. इन्द्रको दरबार; स्वर्गीय प्रासाद । २. इन्द्रको झन्डा ।

**वैजयन्तिक**– ना० [सं०] झन्डा लिएर अगि लाग्ने व्यक्ति; झन्डा लिने मानिस । > **वैजयन्तिका**– ना० १. झन्डा; ध्वजा । २. जयन्तीको बोट । ३. वज्रदन्ती वृक्ष । ४. मोतीको हार; माला । ५. अरणी । **वैजयन्ती**– ना० १. झन्डा; ध्वजा; पताका । २. तुलसी, कुन्द, मन्दार, पारिजात र कमल– यी पाँच थरी फूल मिलाई बनाइएको घुँडासम्म आउने माला ।

**वैजात्य**– ना० [सं०] १. विजात हुनाको भाव; भिन्न जातीयता; विजातीयता । २. बेमेलपन ।

**वैज्ञानिक**– वि० [सं०] १. विज्ञानले आविष्कार गरेको; विज्ञानका सहायताले तयार भएको । २. विज्ञान जान्ने; विज्ञानवेत्ता । ना० ३. विज्ञानसम्बन्धी अध्ययन वा काम गर्ने व्यक्ति । – **ता**– ना० वैज्ञानिक हुनाको भाव वा अवस्था; विज्ञानसित सम्बन्ध रहेको वा भएको स्थिति; विज्ञानसितको सम्बद्धता । > **वैज्ञानिकी**– वि० वैज्ञानिकसम्बन्धी । **वैज्ञानिकीकरण**– ना० आधुनिक रूपले, विज्ञानसुहाउँदो गरी कुनै विधिविधान, व्यवस्था आदिलाई उपयोगी बनाउने काम ।

**वैतनिक**– वि० [सं०] १. सरकारी वा गैरसरकारी सङ्घसंस्था, कार्यालय आदिमा काम गरेबापत तलब पाउने । ना० २. ज्यालामा काम गर्ने मान्छे; ज्यामी । – **ता**– ना० वैतनिक हुनाको भाव वा स्थिति ।

**वैतरणी**– ना० [सं०] १. मृत्युपछि यमलोक जाँदा बाटामा पर्ने, पीप, रगत, मासु आदिले निर्मित मानिएको पुराणप्रसिद्ध एक काल्पनिक नदी । २. मर्ने बेलामा वैतरणी नदी तर्न सुगम होस् भन्ने उद्देश्यले गाईदान गर्ने काम । ३. भारतको उडिसा प्रान्तमा बग्ने एक नदी ।

**वैतालिक**– ना० [सं०] १. प्राचीन समयमा स्तुतिगीत आदि पाठ गरेर राजामहाराजाहरूलाई बिउँझाउने व्यक्ति; बन्दी । २. वेतालको साधना गर्ने व्यक्ति; वेतालको उपासक ।

**वैदर्भी**– ना० [सं०] १. साहित्यमा माधुर्यव्यञ्जक वर्ण, सानुनासिक शब्द र छोटा समास भएका वाक्यहरूको प्रयोग हुने, करुण, शृङ्गार र हास्यरसको अभिव्यक्तिमा सहायक एउटा रीति । २. विदर्भराज भीमकी कन्या; दमयन्ती । ३. रुक्मिणी ।

**वैदाङ्ग**– ना० [सं०] वैद्यशास्त्र । > **वैदाङ्गी**– वि० वैदाङ्गसम्बन्धी । वैद्यशास्त्रको अनुभवी ।

**वैदिक**– वि० [सं०] १. वेदसम्बन्धी; वेदको; वेदमा भएको; वेदमा भनिएको या बताइएको । ना० २. वेद पढेको र त्यसैबाट आफ्नो निर्वाह गर्ने व्यक्ति । ~ **धर्म**– ना० वेदका युगमा आर्यहरूमा प्रचलित धर्म (प्रकृति– उपासना, पितृपूजन, यज्ञकर्म, तपस्या आदि) । ~ **युग**– ना० वेदको रचना भएको र वेदधर्म प्रचलित भएको समय । ~ **संस्कृत**– ना० वैदिक कालमा आर्यहरूको रचनामा पाइने तर अहिलेका संस्कृतमा नचलेका संस्कृत शब्द; वेदमा प्रयुक्त संस्कृत भाषा । > **वैदिकी**– वि० वैदिकको स्त्रीलिङ्गी विशेषण ।

**वैदुष्य**– ना० [सं०] विद्वान्मा हुने गुण; विद्वता; पाण्डित्य ।

**वैदूर्य**– ना० [सं०] भित्रपट्टि रातो, पहेँलो, हरियोको केही भाव हुने बहुमूल्य मणि; लसुने ।

**वैदेशिक**– वि० [सं०] १. अर्को देशको; विदेशको; विदेशसम्बन्धी;

विदेशी । ना० २. विदेशमा बस्ने मानिस; परदेशी मानिस; विदेशी मानिस । ~ **नीति–** ना० विदेशसम्बन्धी नीति; परराष्ट्रनीति । ~ **हुलाक–** ना० विदेशमा मालसामान, चिठीपत्र आदि पठाइने हुलाक; विदेशसँग चिठीपत्र आदि आदानप्रदान गर्ने हुलाक ।

**वैदेह–** ना० [सं०] १. विदेह देशका राजा । २. जनक ।

**वैदेही–** ना० [सं०] १. विदेहकी कन्या; जनकनन्दिनी; सीता । वि० २. मिथिला प्रदेशकी (स्त्री) ।

**वैद्य–** ना० [सं०] आयुर्वेदीय विधिअनुसार रोगको निदान गर्ने वा रोगीको औषधीउपचार गर्ने व्यक्ति; आयुर्वेदीय चिकित्साविधिको ज्ञाता; कविराज । > **वैद्यक–** वि० १. आयुर्वेदीय चिकित्सासम्बन्धी । २. वैद्यसम्बन्धी । ना० ३. आयुर्वेद । **वैद्यकी–** ना० वैद्यको काम वा पेसा; वैद्यगिरी । **– खाना–** ना० आयुर्वेदीय विधिअनुसार औषधी बनाउने वा उपचार गर्ने ठाउँ; आयुर्वेदीय चिकित्सालय । **– गिरी–** ना० वैद्यले लिएको पेसा; वैद्यले गर्ने काम; वैदाङ्गी । **वैद्यगी–** ना० वैद्यगिरी । **– नाथ–** ना० १. विहारको सन्थाल इलाकामा रहेका, रावणका आराध्य र दस ज्योतिर्लिङ्गमध्ये एक मानिएका शिव । २. धन्वन्तरि । **– राज–** ना० १. आयुर्वेदीय पण्डित वा विद्वान्; आयुर्वेदीय पद्धतिअनुसार औषधीउपचार गर्न सिपालु वैद्य; वैद्यहरूका अग्रणी; श्रेष्ठ वैद्य । २. धन्वन्तरि । ~ **विद्या/शास्त्र–** ना० वैद्य बन्नका लागि पढ्नुपर्ने शास्त्र; वैद्यविद्यासम्बन्धी शास्त्र; आयुर्वेदीय शास्त्र; वैदाङ्ग ।

**वैध–** वि० [सं०] नियमकानुनअनुसार बनेको वा भएको; विधिपूर्वकको; विधानअनुसारको; नियमकानुनसँग नबाभ्ने ।

**वैधर्मिक–** वि० [सं०] १. आफ्नोभन्दा भिन्न धर्मको; पराई धर्मको; विधर्मको । २. धार्मिक दृष्टिले नमिल्दो; धर्मसङ्गत नभएको । ३. नास्तिक ।

**वैधर्म्य–** ना० [सं०] १. विधर्म हुनाको भाव; भिन्नधर्मिता; विधर्मिता । २. असमानता । ३. नास्तिकता ।

**वैधवेय–** ना० [सं०] विधवा स्त्रीले पुनर्विवाह गरी पाएको सन्तान; पुनर्भूपुत्र ।

**वैधव्य–** ना० [सं०] विधवा हुनाको भाव वा अवस्था; विधवापन ।

**वैधानिक–** वि० [सं०] नियमकानुनअनुसारको; विधानअनुसारको; नियमपूर्वकको; कानुनी । **– ता–** ना० वैधानिक हुनाको भाव, गुण वा अवस्था; विधानअनुरूपता; वैधता । ~ **दाबी–** ना० कुनै वस्तु, सम्पत्ति आदिका लागि कसैका तर्फबाट कानुनमुताबिक गरिएको दाबी । ~ **राजतन्त्र–** ना० संविधानअनुसार राजाको अधिकार निर्धारित र व्यवस्थित गरी तदनुसार चलाइने प्रजातान्त्रिक शासनपद्धति ।

**वैधीकरण–** ना० [सं०] कुनै कुरालाई विधि वा नियमअनुकूल बनाउने काम; वैधानिक वा वैध बनाउने काम ।

**वैधीकृत–** वि० [सं०] नियमअनुकूल हुने गरी कुनै कुराको सुधार गरिएको; नियमअनुकूल बनाइएको; विधिअनुसार पारिएको ।

**वैधुर्य–** ना० [सं०] १. विधुर हुनाको भाव; स्वास्नी मरेको अवस्था; राँडोपन । २. पत्नी वा अन्य प्रियजनबाट वियुक्त भएको अवस्था ।

**वैनतेय–** ना० [सं०] १. विनता नामकी आमाबाट जन्मेको एउटा ठूलो जातको पन्छी; विष्णुको वाहन; गरुड । २. अरुण ।

**वैपरीत्य–** ना० [सं०] विपरीत हुनाको भाव वा क्रिया; एक थोक हुनुपर्नेमा अर्को थोक हुने काम ।

**वैभव–** ना० [सं०] १. धनसम्पत्ति; भौतिक सुखसुविधाका साधन; ऐश्वर्य । २. शक्ति; सामर्थ्य । **– शाली–** वि० भौतिक सुखसुविधाका साधनले पूर्ण; सम्पत्तिशाली ।

**वैभाषिक–** वि० [सं०] १. विभाषामा हुने वा आउने; विभाषासम्बन्धी । २. विकल्पसम्बन्धी; वैकल्पिक । ३. विभाषानामक बौद्ध सम्प्रदायसँग सम्बन्ध राख्ने वा त्यसको अनुयायी ।

**वैमनस्य–** ना० [सं०] १. मनोमालिन्य; शत्रुता; दुस्मनी; वैर । २. अन्यमनस्कता । ३. खिन्नता; उदासी ।

**वैयक्तिक–** वि० [सं०] व्यक्तिसँग मात्र सीमित वा सम्बन्धित; व्यक्तिगत । ~ **बन्ध–** ना० व्यक्तिद्वारा लेखिएका कुरा पूरा गर्न बाध्य हुने र पूरा नगरेका खण्डमा निर्धारित धन दण्डस्वरूप दिनलाई स्वतः जिम्मेवार हुने गरी लेखिएको प्रतिज्ञापत्र । ~ **स्वतन्त्रता–** ना० व्यक्तिलाई प्राप्त स्वतन्त्रता; व्यक्तिगत स्वतन्त्रता ।

**वैयाकरण–** वि० [सं०] व्याकरणको राम्रो ज्ञान भएको; व्याकरणको आधिकारिक ज्ञाता; व्याकरणकार ।

**वैर-नु–** स० क्रि० ओइरनु ।

**वैर–** ना० [सं०] शत्रुता; दुस्मनी । **– भाव–** ना० शत्रुतापूर्ण सम्बन्ध; शत्रुता ।

**वैराइ–** ना० [√ **वैर**(+आइ)] वैरने क्रिया वा भाव । [ > ] **वैराइनु–** क० क्रि० ओइराइनु । **वैराउनु–** प्रे० क्रि० ओइराउनु ।

**वैराग–** ना० [सं०] वैराग्य । > **वैरागी–** वि० मनमा विराग वा वैराग उत्पन्न भएको; सांसारिक मायामोह र विषयवासनादेखि दूर रहेको; विषयवासनाप्रति आसक्ति नभएको; विरक्त ।

**वैराग्य–** ना० [सं०] १. मनमा कसैका प्रति रागभाव पैदा नहुने अवस्था । २. सांसारिक मायामोह र विषयवासनालाई तुच्छ ठान्ने र ती सबै कुरा छोडेर एकान्तमा बस्ने तथा ईश्वरको भजन गर्ने वृत्ति । ३. विरक्ति; दिग्दार ।

**वैराज्य–** ना० [सं०] १. कुनै राष्ट्रको दुई थरी प्रभुसत्ताद्वारा सँभालिइरहेको शासनप्रणाली । २. त्यस प्रकारको शासनप्रणाली प्रचलित भएको देश ।

**वैरान–** ना० [वैरो+आन] १. ओइरान । २. आवादी नभई रहेको; पैह्रो लागेको वा भिरालो जग्गा; ओइरान ।

**वैरि-नु–** स० क्रि० हे० ओइरिनु ।

**वैरी–** ना० [सं०] १. आफूसँग वैरभाव राख्ने व्यक्ति; आफ्नो कुभलो चिताउने व्यक्ति; शत्रु । वि० २. वैरभाव राख्ने; कुभलो चिताउने; विरोधी (व्यक्ति) ।

**वैरो–** ना० ओइरो ।

**वैरोचन–** ना० [सं०] १. बौद्ध धर्ममा पञ्च ध्यानी बुद्धमध्ये एकका लागि प्रयुक्त हुने शब्द; वज्रधात्वीश्वरीका पति; समन्तभद्रका पिता । २. चैत्यका बीचमा राखिएको देवता । ३. राजा बलि ।

**वैरोपैरो–** ना० ओइरोपहिरो ।

**वैऱ्याइ–** ना० [वैरि+याइ] वैरिने भाव, क्रिया वा प्रक्रिया; ओइऱ्याइ ।

**वैलक्षण्य–** ना० [सं०] हे० विलक्षणता ।

**वैल-नु–** अ० क्रि० [सं० अवम्लान+नु] ओइलनु ।

**वैला–** ना० [अ० वेलर] एक जातको असल घोडा ।

**वैलाइ–** ना० [√ **वैलाउ**(+आइ)] ओइलाउने क्रिया वा भाव । [ > ] **वैलाइनु–** अ० क्रि० ओइलाइनु ।

**वैलाउ-नु–** अ० क्रि० [सं० अवम्लान+नु] हे० ओइलाउनु ।

**वैवस्वत–** ना० [सं०] १. मनुष्यका मूल पुरुष मानिएका चौध मनुमध्ये सातौँ मनु; वर्तमान मनु । २. यमराज । ३. शनि ।

**वैवाहिक–** वि० [सं०] विवाहसम्बन्धी; विवाहको । ~ **अधिकार–** ना० १. विवाहसम्बन्धी अधिकार । २. विवाहसम्बन्धबाट प्राप्त हुने अधिकार । ~ **सम्बन्ध–** ना० विवाहको सम्बन्धसँग जोरिएको नातो, साइनो वा तत्सम्बन्धी सूत्र; गाँठो ।

**वैशाख–** ना० [सं०] सौरमानअनुसार वर्षको प्रथम महिना; चैत्र र ज्येष्ठ महिनाको बीचको महिना; सूर्य मेष राशिमा छँदा पर्ने महिना । > **वैशाखी–** ना० १. विशाखा नक्षत्रमा पर्ने पूर्णिमा; विशाखा नक्षत्रयुक्त पूर्णिमा; वैशाखको पूर्णिमा । २. एउटा खुट्टा नभएका व्यक्तिहरूले काखीमा अडचाई टेकिने कापे लट्ठी ।

**वैशिष्टच–** ना० [सं०] विशिष्ट हुनाको भाव वा अवस्था; विशिष्टता ।

**वैश्य–** ना० [सं०] प्राचीन आर्यहरूको सामाजिक अवस्थाअनुसार कृषि, वाणिज्य, पशुपालन आदि पेसा लिने जाति; प्राचीन आर्यहरूको वर्णव्यवस्थाअनुसार तेस्रो वर्ण । ~ **कर्म–** ना० वर्णव्यवस्थाअनुसार वैश्यजातिले गर्ने काम; खेती, व्यापार आदि पेसा; वैश्यवृत्ति । ~ **देवता–** ना० धर्मशास्त्रमा वसु, रुद्र, विश्वदेव तथा मरुत्‌का लागि प्रयुक्त हुने शब्द । ~ **वृत्ति–** ना० वैश्यहरूद्वारा पेसाका रूपमा गरिने काम; वैश्यहरूको वृत्ति; वैश्यकर्म ।

**वैश्रवण–** ना० [सं०] १. कुवेर । २. रावण । ३. लिच्छविकालीन नेपालमा प्रचलित मुद्रा; लिच्छविकालीन नेपाली मुद्राको नाम ।

**वैश्वदेव–** ना० [सं०] शास्त्रअनुसार गृहस्थीका घरमा भोजन गर्नुभन्दा पहिले नित्य गरिने पाँच प्रकारका महायज्ञमध्ये एक; पञ्च महायज्ञमध्ये भूतयज्ञ । > **वैश्वदेवी–** ना० दुई मगण, दुई यगण भएको र पाँचौँ अक्षरमा यति भएको छन्दविशेष ।

**वैश्वानर–** ना० [सं०] १. अग्नि । २. जठराग्नि (पेटको आगो) ।

**वैषम्य–** ना० [सं०] विषम हुनाको भाव वा अवस्था; विषमता ।

**वैष्णव–** ना० [सं०] १. आफ्नो आराध्य देवताका रूपमा विष्णुको उपासना गर्ने व्यक्ति; विष्णुका भक्त । २. विष्णु वा विष्णुका कुनै अवतारलाई प्रधानता दिई आराधना, उपासना गर्ने धार्मिक सम्प्रदाय । वि० ३. विष्णुसम्बन्धी ।

**वैष्णवी–** ना० [सं०] १. लक्ष्मी । २. वैष्णव धर्ममा दीक्षित भएकी स्त्री । ~ **टीका–** ना० वैष्णव सम्प्रदायमा दीक्षित भएकाहरूले लगाउने टीका ।

**वैषयिक–** वि० [सं०] १. कुनै विषयसँग सम्बन्धित; विषयसम्बन्धी । २. विषयवासनामा बढी आसक्त रहने; विषयासक्त; कामुक; विषयी ।

**व्यक्त–** वि० [सं०] १. प्रकट गरिएको; इन्द्रियद्वारा प्रत्यक्ष गर्न सकिने । २. आँखाअगाडिको, आँखाले देख्न सकिने; खुलस्त; स्पष्ट । **– ता–** ना० व्यक्त हुनाको भाव वा अवस्था; स्पष्टता । ~ **शब्द–** ना० सुन्ने व्यक्तिहरूद्वारा उही रूपमा भनिने र लेखिने शब्द; वर्णनात्मक शब्द ।

**व्यक्ति–** ना० [सं०] १. मानिस । २. अरूभन्दा छुट्टै अस्तित्व भएको प्राणी ।३. जाति वा समूहमध्ये एउटा । ४. स्वतन्त्र सत्ता । ५. व्यक्त हुने वा स्पष्ट हुने काम ।

**व्यक्ति-नु–** अ० क्रि० [व्यक्त+इ+नु] व्यक्त हुनु ।

**व्यक्तिगत–** वि० [सं०] कुनै एक व्यक्तिसँग मात्र सम्बन्ध भएको; एक जनासित मात्र सम्बन्ध राख्ने; एक व्यक्तिको । ~ **अधिकार–** ना० संविधानद्वारा प्रदत्त र सुरक्षित, व्यक्तिको मौलिक अधिकार; देशको प्रत्येक नागरिकले संविधानबमोजिम कर्तव्यपालन गरेपछि प्राप्त हुने मौलिक अधिकार । ~ **विवरण–** ना० कुनै सेवा वा पेसामा संलग्न व्यक्तिका विषयमा नाम, थर, वतन, तीनपुस्ते, जन्मेको साल, मिति, शैक्षिक योग्यता आदि खुलाई लेखाई लिइने विवरण; व्यक्तिगत अभिलेख; वैयक्तिक वृत्तान्त ।

**व्यक्तिचित्र–** ना० [सं०] १. कुनै एक व्यक्तिसित सम्बन्धित चित्र । २. कुनै एक व्यक्तिले तयार गरेको चित्र ।

**व्यक्तित्व–** ना० [सं०] १. कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण । २. व्यक्तिविशेषको निजीपन । ३. व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता । ~ **बोध–** ना० कुनै व्यक्तिमा विशेष रूपमा निहित गुण वा क्षमतालाई थाहा पाउने काम; व्यक्तिका निजी विशेषताको बोध वा ज्ञान । ~ **विकास–** ना० व्यक्तिको व्यक्तिगत गुण वा विशेषतालाई विकसित पार्ने वा हुने काम ।

**व्यक्ति पूजा–** ना० [सं०] कुनै देश वा समाजको जनसमुदायलाई भन्दा एउटा व्यक्तिलाई महत्त्व दिने काम; कुनै व्यक्तिविशेषलाई मात्र विशेष महत्त्व प्रदान गर्ने तथा उसको गुणगान गर्ने काम ।

**व्यक्ति प्रधान–** वि० [सं०] १. व्यक्तिलाई प्रधानता दिने; व्यक्तिको महत्त्व भएको । २. आवश्यकताअनुसार बाहिरी कुरालाई ग्रहण गरिएको भए तापनि कवि वा लेखकका निजी विशेषताले प्रधानता पाएको (अभिव्यक्ति, शैली आदि) ।

**व्यक्ति राजनीति–** ना० [सं०] व्यक्तिव्यक्तिमा सीमित राजनीति ।

**व्यक्ति भाषा–** ना० [सं०] भाषिकाक्षेत्रभित्रका कुनै व्यक्तिद्वारा बोलिने शब्दरूप, वाक्यगठन र व्यक्तिगत केही भिन्नता भएको भाषा ।

**व्यक्तिवाद–** ना० [सं०] १. अरूको वास्तै नगरी व्यक्तिगत स्वार्थ मात्र सिद्ध गर्न खोज्ने विचार वा मत । २. सम्भव भएसम्म

हरेक क्षेत्रमा व्यक्ति स्वतन्त्र हुनुपर्छ र उसमाथि राज्य वा समाजको कम नियन्त्रण हुनुपर्छ भनी मान्ने राजनीतिक सिद्धान्त; समूहवादको विपरीतवाद । > **व्यक्तिवादी**– वि० १. व्यक्तिवादमा विश्वास गर्ने; व्यक्तिवादको समर्थक वा अनुयायी । २. व्यक्तिवादसम्बन्धी; व्यक्तिवादको ।

**व्यक्तिवृत्त**– ना० [सं०] व्यक्तिको वैयक्तिक जीवनको सम्पूर्ण र यथार्थ वृत्तान्त; व्यक्तिको निजी जीवनसँग सम्बन्धित तथ्य; बायोडाटा ।

**व्यक्तीकरण**– ना० व्यक्त वा प्रकट गर्ने क्रिया वा प्रक्रिया ।

**व्यक्तीकृत**– वि० [सं०] स्पष्ट वा प्रकट गरिएको; स्पष्टीकृत ।

**व्यक्त्याइ**– ना० [√ **व्यक्ति**(+याइ)] व्यक्तिने भाव, क्रिया वा प्रक्रिया । [>] **व्यक्त्याइनु**– क० क्रि० व्यक्त गरिनु वा गराइनु । **व्यक्त्याउनु**– स० क्रि० व्यक्त गर्नु; प्रकटमा ल्याउनु ।

**व्यग्र**– वि० [सं०] व्याकुल; विह्वल । – **ता**– ना० व्यग्र हुनाको भाव वा अवस्था; व्याकुलता ।

**व्यङ्ग**– वि० [सं०] १. शरीर वा अङ्ग नभएको; शरीरहीन । २. शरीरमा कुनै एक अङ्ग नभएको (कानो, खोरन्डो, लँगडो आदि) ।

**व्यङ्ग्य**– वि० [सं०] १. अभिधा र लक्षणाभन्दा भिन्न व्यञ्जनावृत्तिद्वारा बोध हुने; बलाघातद्वारा अर्कै गहिरो अर्थ झल्कने पारिएको; एउटा कुरा भनेझैँ गरी अर्को कुरा भनिएको; छेड हानिएको । ना० २. अभिधा र लक्षणाभन्दा भिन्न व्यञ्जनाद्वारा बुझिने गूढार्थ; साङ्केतिक अर्थ । ३. छनक । ~ **चित्र**– ना० कुनै व्यक्ति वा घटनालाई लक्ष्य गरी त्यसमा भएको नराम्रो पक्षको व्यङ्ग्यपूर्वक उपहास गरेर लेखिएको चित्र; कार्टुन । ~ **विनोद**– ना० व्यङ्ग्यवार्ता, प्रहसन, कुराकानी र अभिनयद्वारा मनोरञ्जन गर्ने, मन बहलाउने वा आनन्द लिने काम । > **व्यङ्ग्यात्मक**– वि० कुनै व्यक्ति वा घटनाप्रति व्यङ्ग्य गरिएको; छेडखानीले भरिएको; छेड हानिएको; व्यङ्ग्यपूर्ण । **व्यङ्ग्यार्थ**– ना० वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न किसिमको, व्यञ्जनावृत्तिद्वारा बोध हुने विशेष चमत्कारी अर्थ; ध्वन्यर्थ । **व्यङ्ग्योक्ति**– ना० १. सोझै नभनेर घुमाउरो पाराले भनिएको कुरो वा कथन भएको उक्ति । २. छेडखान गरेर भनिएको कुरो; व्यङ्ग्यपूर्ण उक्ति; छेड ।

**व्यञ्जक**– वि० [सं०] १. व्यञ्जनाद्वारा अर्थबोध गराउने सामान्य अर्थका अतिरिक्त व्यङ्ग्यार्थलाई पनि व्यक्त गर्ने (शब्द)। २.व्यङ्ग्यार्थ प्रकट गर्ने, बुझाउने वा व्यङ्ग्य भाव जनाउने (शब्द) । ना० ३. नाटकमा आन्तरिक भाव व्यक्त गर्ने चेष्टा; हाउभाउ; अभिनय ।

**व्यञ्जन**– ना० [सं०] १. सास, घोक्रो र मुख हुँदै, बाधा एवं सङ्कीर्णता बेहोर्दै, खण्डित प्रवाहका साथ टड्कारो घर्षण उत्पन्न गर्दै बाहिर निस्कने सघोष तथा अघोष ध्वनि; स्वरको सहायताविना स्वतन्त्र रूपले उच्चरित हुने वर्ण; स्वरहीन वर्ण; कदेखि हसम्मका वर्ण । २. कुनै अर्थ वा कुनै कुरालाई व्यक्त गर्ने क्रिया; प्रकटगराइ । ३. मुख्य भोजनलाई स्वादिष्ट बनाउने दाल, तरकारी, अचार आदि सहायक भोज्यपदार्थ । ~ **सन्धि**– ना० दुई व्यञ्जनवर्णको सन्धि हुने व्याकरणिक क्रिया; हल्सन्धि (जस्तै– सत्+जन=सज्जन, तत्+मय=तन्मय आदि) ।

**व्यञ्जना**– ना० [सं०] शब्दका अभिधा, लक्षणा र व्यञ्जना तीन शक्तिमध्ये एक; वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न, व्यङ्ग्यार्थ वा विशेष चमत्कारी अर्थ बुझाउने शब्दशक्ति । ~ **वृत्ति**– ना० १. व्यङ्ग्यात्मक रूपमा वा घुमाउरो पाराले भाव व्यक्त गर्ने वृत्ति वा शैली । २. व्यञ्जनाशक्ति ।

**व्यञ्जित**– वि० [सं०] व्यञ्जनाशक्तिद्वारा बोध गराइएको; व्यक्त गरिएको; ध्वनित ।

**व्यतिक्रम**– ना० [सं०] १. सिलसिला टुटेको वा नमिलेको स्थिति; क्रमभङ्ग । २. कुनै क्रममा हुने बाधा वा रोकावट । ३. विधि, नियम आदिको उल्लङ्घन । ४. विघ्न; बाधा; अड्काउ । > **व्यतिक्रमण**– ना० क्रमको उलटफेर; क्रमभङ्ग; व्यतिक्रम ।

**व्यतिरेक**– ना० [सं०] १. परस्पर नमिल्ने विरोधी गुण वा कुरा; अन्तर; भेद । २. अन्वयभन्दा भिन्न प्रक्रिया; अतिक्रमण । ३. केही धर्मका आधारमा समान उपमान, उपमेयमा उपमानभन्दा केही गुणको आधिक्य वा न्यूनता भई वैधर्म्य वा फरक बुझिएमा हुने एक अर्थालङ्कार ।

**व्यतीत**– वि० [सं०] १. पहिले नै भइसकेको; बितेको; गुज्रेको; विगत । २. मरेको; मृत । ३. प्रस्थान गरेको; प्रस्थित ।

**व्यथा**– ना० [सं०] मानसिक वा शारीरिक रूपमा हुने पीडा; कष्ट; पीर; चिन्ता । २. बिमारी; बिसन्चो । > **व्यथित**– वि० १. व्यथाग्रस्त; पीडित । २. आत्तिएको; डराएको; भयभीत । ३. पीर परेको; चिन्तित ।

**व्यभिचार**– ना० [सं०] १. अनुचित वा खराब काममा लाग्ने प्रवृत्ति; अनाचार; दुराचार; दुश्चरित्रता । २. परस्त्री वा परपुरुषसँग हुने अनुचित यौन सम्बन्ध; (रन्डीबाजी, वेश्यावृत्ति आदि) । ३. मर्यादा आदिको अतिक्रमण । > **व्यभिचारिणी**– ना० चरित्र भ्रष्ट भएकी स्वास्नीमानिस; परपुरुषसँग अनुचित यौन सम्बन्ध राख्ने स्त्री; व्यभिचारमा प्रवृत्त स्त्री ।

**व्यभिचारी**– वि० [सं०] १. परस्त्रीसँग अनुचित यौन सम्बन्ध राख्ने; व्यभिचार गर्ने; दुश्चरित्र । २. खराब बाटोमा लागेको; कुलतमा प्रवृत्त । ~ **भाव**– ना० स्थायी भावका सहकारी रूपमा वर्तमान रहने र अनेक रसमा व्यभिचरण वा सञ्चरण गरी रसनिष्पत्ति गराउन सहायक हुने, साहित्यमा प्रचलित एक भाव; सञ्चारी भाव वा सहचारी भाव ।

**व्यय**– ना० [सं०] १. कुनै काममा हुने धन, बल, बुद्धि आदिको खर्च; क्षय; नाश । २. वस्तु आदि घट्दै जाने काम; ह्रास । ३. ज्योतिषशास्त्रअनुसार लग्नकुण्डलीको बाह्रौँ स्थान । – **कारक**– वि० खर्च गराउने; खर्चिलो । ~ **भार**– ना० सरकारी वा

गैरसरकारी रूपमा सुरु गरिने कुनै योजना वा कार्यमा लाग्ने खर्चको भार । > **व्ययी–** वि० बढी खर्च गर्ने स्वभावको; खर्चालु ।

**व्यर्थ–** वि० [सं०] १. कुनै अर्थ नभएको; विनाअर्थको; निरर्थक । २. कुनै काममा नआउने; विनाप्रयोजनको; उपयोगिताविनाको; बिनसित्तिको । क्रि० वि० ३. नाहक; बिनसित्ति; बित्था ।

**व्यवधान–** ना० [सं०] १. कुनै कुरालाई खण्डित गर्ने वस्तु वा क्रिया । २. बीचमा छेक्ने वस्तु; पर्दा; आवरण । ३. छेकबार; आड; ओट । ४. बिथोल्ने काम; बाधा; अड्काउ ।

**व्यवधायक–** वि० [सं०] १. बाधाअडकाउ पैदा गर्ने; व्यवधान गर्ने । २. कुनै कामकुरामा छेकथुन गर्ने ।

**व्यवसाय–** ना० १. जीविकाका लागि गरिने कुनै पनि कार्य; जीवननिर्वाहको साधन; वृत्ति; पेसा; रोजगार; इलम । २. काम । ३. प्रयास; उद्यम । ४. व्यापार । ५. विभिन्न हतियार, उपकरण, सामान आदि बनाउने काम वा उद्योग । ~ **प्रशिक्षण–** ना० कुनै व्यवसाय वा पेसामा दक्षता हासिल गर्न दिइने तालिम; कुनै व्यवसायसँग सम्बद्ध प्रशिक्षण । ~ **सङ्घ–** ना० उद्योग, व्यापार, नोकरी आदि कुनै पेसासित सम्बन्धित व्यक्ति वा कर्मचारीहरूको हक, हितको सुरक्षा गर्न बनेको सङ्घ वा संस्था । > **व्यवसायी–** वि० उद्योग, व्यापार, नोकरी आदि कुनै पेसासँग सम्बन्धित; कुनै व्यवसायमा लागेको ।

**व्यवस्था–** ना० [सं०] १. जस्तो हुनुपर्ने हो ठीक त्यस्तै अवस्था; राम्रो हालत; इन्तजाम; प्रबन्ध । २. रीतिस्थिति; चालचलन । ३. शास्त्र वा ऐनकानुनद्वारा स्थिर गरिएको नियम वा विधान । ४. वस्तुहरू यथाक्रम मिलाएर राख्ने काम । ५. कुनै कामका निम्तिको चल्दोमिल्दो उपाय; बाटो । > **व्यवस्थाता–** ना० प्रबन्धक; व्यवस्थापक । **व्यवस्थापक–** ना० १. कुनै कामकुराको व्यवस्था मिलाउने वा तत्सम्बन्धी कार्यसञ्चालन गर्ने व्यक्ति; प्रबन्धक । वि० २. कुनै वस्तु वा मालसामान आदि ठीकसँग मिलाएर यथास्थान राख्ने । ३. कुनै कुरा वा समस्यामा शास्त्रीय वा कानुनसम्बन्धी सल्लाह दिने । ४. कुनै विषयवस्तुको शास्त्रीय विधान; दस्ताबेज ।

**व्यवस्थापन–** ना० [सं०] १. कुनै कामकुराको व्यवस्था वा प्रबन्ध मिलाउने काम; तरतर्जुमा । २. कुनै वस्तु, मालसामान आदिलाई यथास्थान र यथाक्रम राख्ने काम । ३. कुनै कुरो वा समस्याको टुङ्गो लगाउने काम; निर्धारण; निर्णय; निश्चय । ४. कुनै विषयमा नियमकानुन बनाउने काम वा विधि । > **व्यवस्थापनीय–** वि० व्यवस्थापन गर्न उचित; व्यवस्था गर्नुपर्ने; व्यवस्थाप्य ।

**व्यवस्थापिका–** ना० [सं०] कुनै सङ्घ, संस्था वा सरकारको नीतिनियम बनाउने वा सामान्य कार्यनीति निर्धारित गर्ने सभा वा सदन; सरकारका तीन प्रमुख अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामध्ये एक; विधायिका । ~ **सभा–** ना० आवश्यकताअनुसार पुराना ऐनकानुनको संशोधन गर्ने र नयाँ कानुन बनाउने तथा सरकारको सामान्य कार्यनीति निर्धारण गर्ने; जनप्रतिनिधिहरूको सभा; प्रतिनिधिसभा; विधायिका सभा; संसद् ।

**व्यवस्थापित–** वि० [सं०] व्यवस्था मिलाइएको; प्रबन्ध गरिएको; नियम र विधिपूर्वक राखिएको वा राख्न लगाइएको ।

**व्यवस्थाप्य–** वि० [सं०] व्यवस्था मिलाउनुपर्ने; व्यवस्था मिलाउन सकिने; व्यवस्था मिलाउन योग्य ।

**व्यवस्थामुखी–** वि० [सं०] १. व्यवस्थातर्फ झुकेको । २. व्यवस्थालाई सहयोग पुर्‍याउने ।

**व्यवस्थावादी–** वि० [सं०] व्यवस्थाका पक्षमा बोल्ने; व्यवस्थालाई मन पराउने ।

**व्यवस्थित–** वि० [सं०] व्यवस्था मिलेको; यथास्थान र यथाक्रममा रहेको; सुव्यवस्थित । – **ता–** ना० व्यवस्थित हुनाको भाव वा स्थिति; व्यवस्थिति । > **व्यवस्थिति–** ना० व्यवस्थितता ।

**व्यवहार–** ना० [सं०] १. पारिवारिक वा सामाजिक जीवनमा एउटा व्यक्तिले अरूसित गर्ने आचरण । २. चालचलन । ३. लेनदेन । ४. रीतिस्थिति । ५. चलनचाँजो । ५. कामकाज । ७. मुद्दामामिला । > **व्यवहारक–** वि० १. व्यवहार गर्ने; व्यवहारी । २. लेनदेन आदि गर्ने; व्यापारी । – **तः–** क्रि० वि० व्यवहार मिल्ने गरी; व्यवहारसित फाटो नहुने पारेर । – **वाद–** ना० १. व्यावहारिक पक्षमा बढी जोड दिने एक दार्शनिक विचारधारा । २. नागरिकहरूको व्यवहारसित सम्बन्धित मुद्दामामिला । ~ **विधि–** ना० १. विशेष कामका लागि स्थापित सङ्घसंस्था र तिनको सञ्चालन आदिका विषयसित सम्बन्धित नियमकानुन आदिको स्पष्ट र सिलसिला मिलाई गरिएको सङ्ग्रह । २. कामको वा काममा उपयोग गर्ने तरिका वा काइदा । ३. विभिन्न कामकुराको व्यवहार मिलाउन उल्लेख गरिएको शास्त्र; धर्मशास्त्र; विधिशास्त्र । > **व्यवहारिक–** वि० हे० व्यावहारिक । **व्यवहारी–** वि० १. व्यवहारमा लागेको; व्यवहारमा भिजेको । २. व्यवहार गर्न जान्ने; व्यवहारमा निपुण । ३. व्यवहारमा आउने; काम लाग्ने । ४. मुद्दामामिला आदि गर्न सिपालु; अड्डाअदालत बुझेको । **व्यवहार्य–** वि० व्यवहारमा ल्याउन सकिने; व्यवहार गर्न योग्य ।

**व्यवहृत–** वि० [सं०] व्यवहारमा प्रयोग गरिएको; काममा ल्याइएको; प्रयोगमा आएको ।

**व्यष्टि–** ना० [सं०] आफूमा पूर्ण समष्टिको एक अंश ~ **मूलक–** वि० व्यष्टिका उद्देश्यले तयार गरिएको; व्यष्टिका उद्देश्यले बनेको; व्यष्टिप्रधान ।

**व्यसन–** ना० [सं०] १. धूमपान, मादक पदार्थको सेवनजस्ता कुरामा लागेको लत । २. कुनै विषयप्रतिको अत्यधिक आसक्ति । ३. नराम्रो किसिमसित अस्तव्यस्त हुने क्रिया । ४. विपत्ति । ५. वियोग । > **व्यसनी–** वि० १. धूमपान, मादक पदार्थको सेवनजस्ता कुराको लतमा लागेको; अम्मली । २. कुनै कामकुराप्रति बढी आसक्त भएको । ३. कुनै काममा एकाग्रताका साथ लागेको; तल्लीन ।

**व्यस्त–** वि० [सं०] कुनै काममा एकाग्रतासाथ संलग्न रहेको; कामकाजले गर्दा बेफुर्सद रहेको । **– ता–** ना० १. व्यस्त रहनाको भाव वा स्थिति; पूर्ण रूपको संलग्नता । २. कुनै कामले गर्दा हुने बेफुर्सदी ।

**व्याकरण–** ना० [सं०] १. कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचनाविधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्ट्याउनुका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र; शब्द तथा वाक्यसम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र । २. वेदका छ अङ्गमध्ये एक । ३. व्याख्या । **– कार–** ना० व्याकरण बनाउने; व्याकरणको रचयिता; वैयाकरण । ~ **शास्त्र–** ना० व्याकरण । > **व्याकरणात्मक–** वि० व्याकरणका नियमानुसार हुने; व्याकरणमा आधारित (लिङ्गव्यवस्था, वाक्यगठन आदि) । **व्याकरणी–** वि० व्याकरणशास्त्रको ज्ञाता; वैयाकरणी ।

**व्याकुल–** वि० [सं०] १. कुनै दुःख वा पीरले गर्दा मनमा शान्ति नभएको; विकल । २. आत्तिएको; हडबडाएको । **– ता–** ना० व्याकुल हुनाको भाव वा स्थिति; अत्यास; विकलता । > **व्याकुलित–** वि० १. व्याकुल भएको । २. आत्तिएको; हडबडाएको; मन अस्थिर भएको; व्यग्र ।

**व्याख्या–** ना० [सं०] १. अर्थ स्पष्ट नभएको कुनै पद, वाक्य कविता आदिको अर्थ र भाव स्पष्ट खुलाउने विवरण; टीका । २. कुनै कुरा, घटना, दृश्य आदिको खुलस्त वर्णन; व्याख्यान । **– कार–** वि० अर्थ स्पष्ट नभएको कुनै पद, वाक्य कविता आदिको अर्थ र भाव स्पष्ट गरी टीका लेख्ने; टीकाकार । ~ **क्रम–** ना० कुनै जटिल पद, वाक्य, कविता आदिको व्याख्या गर्ने क्रम । > **व्याख्याता–** वि० व्याख्याकार । **व्याख्यात्मक–** वि० १. व्याख्याले युक्त; व्याख्यासहितको । २. व्याख्याको उद्देश्यले भएको वा तयार पारिएको ।

**व्याख्यान–** ना० [सं०] १. व्याख्या वा वर्णन गर्ने काम; भाषण; वक्तृता । २. व्याख्या । ~ **पीठ–** ना० भाषण वा प्रवचन दिन बनाइएको अग्लो मञ्च; व्याख्यान दिन तयार पारिएको मञ्च । ~ **माला–** ना० लगातार एकपछि अर्को गरेर दिइने व्याख्यानको क्रम । ~ **विधि–** ना० प्रवचन वा व्याख्यान दिने पद्धति । ~ **शिरोमणि–** ना० व्याख्यान गर्नमा निपुण; श्रेष्ठ व्याख्याता ।

**व्याख्येय–** वि० [सं०] १. व्याख्या गर्नुपर्ने वा व्याख्या गर्न लायक । २. भाषण गर्न हुने वा गर्न योग्य । **– ता–** ना० व्याख्येय हुनाको भाव वा अवस्था; व्याख्या गर्न लायक स्थिति ।

**व्याघात–** ना० [सं०] १. ठूलो चोट; आघात । २. बाधा; विघ्न । ३. दुइटा कुरो वा भनाइमा रहेको पारस्परिक विरोध; कुरा बाझिएको स्थिति । ४. ज्योतिषका आयुष्मान् आदि योगमध्ये एक अशुभ योग । ५. कुनै उपायद्वारा सिद्ध गरिएको वस्तुलाई त्यसै उपायले विपरीत सिद्ध गर्दा हुने एक अर्थालङ्कार । ६. बिग्रने वा नासिने काम । ७. खण्डन । > **व्यघातक–** वि० बिगार्ने वा नास्ने; काम चौपट पार्ने; व्यघात गर्ने । **व्याघाती–** वि० १. व्याघात गर्ने; व्याघातक । २. बाधकी ।

**व्याघ्र–** ना० [सं०] बाघ । ~ **चर्म–** ना० बाघको छाला; बघम्बर । ~ **नख–** ना० १. बाघको नङ; नङ्ग्रा । २. बाघको नङ्ग्राको आकारको, हातमा लगाएर शत्रु वा रिस उठेको मानिसलाई चिथोर्ने एक हतियार । > **व्याघ्री–** ना० बघिनी ।

**व्याज–** ना० [सं०] १. झुक्याउने काम; छल; कपट; धोका । २. वास्तविक नभएर देखावटी कारण; निहुँ; बहाना । **– निन्दा–** ना० सरसरती हेर्दा प्रशंसा गरेजस्तो देखिने तर वास्तवमा निन्दा गरिएको हुँदा हुने एक अर्थालङ्कार; वाच्यार्थ स्तुति, व्यङ्ग्यार्थ निन्दा हुँदा हुने एक अर्थालङ्कार । **– स्तुति–** ना० सरसरती हेर्दा निन्दा गरिएको जस्तो देखिने तर वास्तवमा प्रशंसा गरिएको हुँदा हुने एक अर्थालङ्कार; वाच्यार्थ निन्दा व्यङ्ग्यार्थ स्तुति हुँदा हुने एक अर्थालङ्कार । > **व्याजोक्ति–** ना० १. वास्तविक आशय त्यस्तो नभएर देखावटी रूपमा मात्र भनिएको भनाइ । २. एकपल्ट मुखबाट फुस्किसकेको वा प्रकट भइसकेको कुरालाई ढाकछोप गर्ने अर्थ जनाउँदा हुने एक अर्थालङ्कार ।

**व्यादान–** ना० [सं०] मुख बाउने काम; मुख फट्टाउने काम ।

**व्याधा–** ना० [सं०] १. मासु खान वा मनोविनोद गर्न जङ्गली पशुपक्षीलाई मार्ने व्यक्ति; जङ्गली पशुपक्षीलाई मारेर जीविका चलाउने व्यक्ति; सिकारी ।

**व्याधि–** ना० [सं०] १. शारीरिक रोग; व्यथा । २. सङ्कट । ३. वेदना; पीडा । ४. साहित्यमा एक सञ्चारी भाव । ५. साहित्यमा पूर्वरागका दस दशामध्ये एक । > **व्याधित–** वि० रोगग्रस्त; व्याधिग्रस्त ।

**व्यान–** ना० [सं०] पाँच वायुमध्ये शरीरभरि व्याप्त भएर रहने वायु ।

**व्यापक–** वि० [सं०] १. आफ्नो चारैतिर फैलिएको; सर्वत्र फिँजिएको । २. चारैतिर ढाकेर रहेको; अत्यन्त ठूलो; विस्तृत । ३. चारैतिर प्रभाव पार्ने । **– ता–** ना० व्यापक हुनाको भाव; आफ्नो चारैतिर फैलने क्रिया; विस्तृति; फैलावट ।

**व्यापार–** ना० [सं०] १. लाभका निम्ति कुनै वस्तु वा मालसामान खरिद गरेर वा उत्पादन गरेर बिक्री गर्ने काम; किन्नेबेच्ने काम; वाणिज्य; बेपार । २. व्यवसाय । ३. फलको इच्छाले वा त्यसै पनि कर्ताले गर्ने कुनै काम । ~ **कर–** ना० १. व्यापार गर्दा बिक्री भएका वस्तुमाथि लाग्ने कर । २. व्यापारमा लाग्ने निर्धारित कर । ~ **चिह्न–** ना० व्यापारीले अरूका मालदेखि भिन्न देखाउन आफ्ना मालमा लगाउने विशेष चिह्न; व्यापारचिह्न । ~ **प्रवर्धन समिति–** ना० नेपाल अधिराज्यमा उत्पादित विभिन्न प्रकारका उपयोगी मालसामानहरूको विदेशीहरूसँग हुने व्यापारमा विविधीकरणका साथै उत्तरोत्तर वृद्धि गर्नगराउन गठन गरिएको समिति । ~ **मण्डल/सङ्घ–**

ना० १. आफ्नो हक, हितको संरक्षण र संवर्धन गर्न व्यापारीहरू मिलेर गठन गरिएको संस्था; व्यापारीहरूको प्रतिनिधि संस्था । २. व्यापार गर्नका निम्ति केही व्यक्तिहरू मिली संयुक्त रूपमा पुँजी लगाई बनाइएको सामूहिक रूप; व्यापारकम्पनी ।

**व्यापारिक–** वि० [सं०] १. व्यापारसम्बन्धी । २. व्यापार विषयको । ~ **ऋण–** ना० व्यापार गर्ने उद्देश्यले लिइएको ऋण । ~ **संस्था–** ना० व्यापारसंस्था ।

**व्यापारी–** ना० [सं०] व्यापार गर्ने व्यक्ति; बेपारी ।

**व्यापी–** वि० [सं०] १. व्याप्त हुने; सबैतिर फैलिने । ना० २. स्थान र कालबोधक नामवाची शब्दका पछिल्तिर जोडिएर 'त्यो स्थान र काललाई व्याप्त गरेर रहेको' भन्ने अर्थ बुझाई पूरै पद विशेषण बन्ने शब्द (जस्तै– विश्वव्यापी, युगव्यापी, सर्वव्यापी आदि) ।

**व्याप्त–** वि० [सं०] १. चारैतिर फैलिएको; जतासुकै फिँजिएको; ढाकिएको । २. राम्ररी भरिएको; परिपूर्ण । ३. चारैतिरबाट घेरिएको; बेरिएको । ४. विशेष किसिमबाट प्राप्त ।

**व्याप्ति–** ना० [सं०] १. व्याप्त हुनाको भाव वा अवस्था; व्याप्त भएर रहने काम; व्यापकता । २. न्यायशास्त्रअनुसार एक पदार्थ अर्को पदार्थमा पूर्ण रूपले मिल्ने काम । ३. परिपूर्णता ।

**व्याम–** ना० [सं०] दुवै हात काँधका सोझै दुवैतिर फैलाउँदा एक हातका औँलाका टुप्पादेखि अर्को हातका औँलाका टुप्पासम्मको लमाइको नाप ।

**व्यामोह–** ना० [सं०] १. ज्ञानको अभाव; अज्ञान; अविद्या । २. गहिरो सम्मोह ।

**व्यायाम–** ना० [सं०] १. शरीरलाई स्वस्थ तथा तन्दुरुस्त बनाउन र शक्ति तथा स्फूर्ति प्राप्त गर्न नियमित रूपमा गरिने शारीरिक श्रम; कसरत । २. परिश्रम । ३. फैलाउने काम; लम्म्याउने काम । ४. लमाइ । ~ **भूमि–** ना० व्यायामस्थल; व्यायामशाला । – **शाला–** ना० व्यायाम गरिने घर; कसरत गर्ने ठाउँ; व्यायामभूमि; अखाडा ।

**व्यायामी–** वि० [सं०] नियमित रूपमा कसरत गर्ने; व्यायाम गर्ने ।

**व्यायोग–** ना० [सं०] एउटै मात्र अङ्क; प्रसिद्ध कथानक; गर्भ र विमर्शबाहेक अरू तीन सन्धि, शान्तबाहेक अरू रस प्रधान हुने एक रूपक; दस रूपकमध्ये एक ।

**व्यावसायिक–** वि० [सं०] १. कुनै व्यवसायसित सम्बन्ध भएको; व्यवसायसम्बन्धी । २. विभिन्न व्यवसाय वा पेसाको आधारमा हुने वा गरिने (क्षेत्र, प्रतिनिधित्व आदि) । ~ **सङ्गठन–** ना० विभिन्न पेसामा संलग्न व्यक्तिहरूले आफ्नो हक र हितको संरक्षण तथा संवर्द्धनका उद्देश्यले खडा गरेको संस्था; व्यवसायसित सम्बद्ध व्यक्तिहरूको प्रतिनिधि-सङ्गठन ।

**व्यावहारिक–** वि० [सं०] १. व्यवहारमा चल्ने वा चलेको । २. व्यवहार जानेको; व्यवहारमा सिपालु । ३. व्यवहारअनुकूल हुन जान्ने । – **ता–** ना० व्यावहारिक हुनाको भाव वा स्थिति ।

**व्यास–** ना० [सं०] १. वेदका मन्त्रहरूको सङ्ग्रह गर्ने र तिनलाई तीन भागमा विभक्त गर्ने पुराणप्रसिद्ध एक ऋषि; पुराणहरूका निर्माता वा सम्पादनकर्ता ऋषि; वेदव्यास; कृष्णद्वैपायन । २. पुराण भन्ने व्यक्ति; पुराणका वक्ता वा वाचक । ३. वृत्तपरिधिको एक स्थानबाट अर्को स्थानसम्म पुग्ने कल्पित सोझो रेखा । ४. कुनै वस्तुको विस्तार; फैलावट । ५. हिउँ पग्लेको वेला नेपाल र तिब्बतका बीच आवागमन गर्न हुने सुदूर पश्चिमाञ्चलको एक क्षेत्र तथा घाटी; यसै नामको एक हिमाल । ~ **मापक–** वि० व्यासलाई नाप्ने (यन्त्र) । > **व्यासार्ध–** ना० १. कुनै वृत्तको आधा भाग । २. कुनै वृत्तको केन्द्रदेखि परिधिको कुनै विन्दुसम्मको सोझो रेखा ।

**व्याहृति–** ना० [सं०] १. उक्ति; कथन, अभिव्यक्ति । २. गायत्रीमन्त्रको प्रारम्भमा आउने सात लोकका प्रतीक तीन शब्द; भूः भुवः, स्वः आदि त्रिलोकात्मक मन्त्र ।

**व्युत्क्रम–** ना० [सं०] १. कुनै वस्तु वा कामकुरा जुन क्रममा हुनुपर्ने हो त्यस क्रममा नरहने क्रम; क्रमभङ्ग; व्यतिक्रम । २. मर्यादाको उल्लङ्घन; मर्यादाको अतिक्रमण ।

**व्युत्पत्ति–** ना० [सं०] १. प्रकृति र प्रत्ययको विभाजनपूर्वक शब्दको विग्रह गर्ने क्रिया; कुनै शब्दको प्रकृति, प्रत्यय र त्यसको मूल रूपको निरूपण गर्ने क्रिया । २. व्युत्पत्तिप्रक्रियाको ज्ञान । ३. छन्द, व्याकरण, कला, लोकस्थिति, परपदार्थको विज्ञान आदिबाट गरिने योग्यायोग्यको विवेक । ४. विशेष किसिमबाट भएको उत्पत्ति; उत्पत्तिको प्रक्रिया । ~ **मूलक–** वि० व्युत्पत्तिमा आधारित भएको; व्युत्पत्तिप्रधान । ~ **शास्त्र–** ना० कुनै भाषामा भएका शब्दहरू र तिनमा भएको ध्वनिपरिवर्तन तथा अर्थपरिवर्तनको निरूपण गर्ने शास्त्र; शब्दहरूको व्युत्पत्तिसम्बन्धी शास्त्र ।

**व्युत्पन्न–** वि० [सं०] १. राम्रोनराम्रो, सत्यअसत्य छुट्ट्याउने क्षमता भएको; विचारशील । २. पढेलेखेको; देखेसुनेको; विद्वान् । ३. कुनै विषयको विशेषज्ञ । ४. कुनै मूलशब्दमा परसर्ग, पूर्वसर्ग आदि जोडिई बनेको; विशेष व्याकरणिक प्रक्रियाबाट बनेको (शब्द) ।

**व्युत्पादक–** वि० [सं०] १. व्युत्पन्न गराउने; ज्ञान बढाउने । २. व्युत्पत्ति देखाउने । ३. विशेष किसिमको वस्तु तयार गर्ने ।

**व्युत्पादन–** ना० [सं०] व्युत्पन्न गराउने क्रिया ।

**व्यूढ–** वि० [सं०] १. क्रममा राखिएको; ठाउँ मिलाएर राखिएको । २. सेनापतिहरूद्वारा संरक्षण गरिएको (सैन्य) । ३. कसिएको र फैलिएको; विशाल (छाती) । ४. विहित ।

**व्यूह–** ना० [सं०] १. समुदाय; समूह । २. निर्माण; रचना । ३. लडाइँमा सैनिकहरूलाई विशेष किसिमले क्रम मिलाएर राख्ने तरिका; सैन्यविन्यास । ४. विशेष खालको तर्कवितर्क । ~ **निर्माण–** ना० व्यूहरचना । ~ **भङ्ग–** ना० १. युद्धमा सेनाको व्यूह तोड्ने वा भत्काउने काम । २. सेनाको डफ्फालाई तितरबितर पार्ने

काम । ~ **रचना**– ना० लडाइँको मैदानमा शत्रुसँग भिड्दा आफ्नो पक्षको सुरक्षाका निम्ति सेनालाई विशेष क्रममा मिलाएर राख्ने काम; फौजी नाकाबन्दी; व्यूहनिर्माण ।

**व्योम**– ना० [सं०] आकाश; नभ; गगन । – **चारी**– वि० १. आकाशमा विचरण गर्ने; आकाशमा उड्ने; आकाशचारी । ना० २. देवता; ३. पक्षी । ~ **मण्डल**– ना० १. झन्डा; पताका । २. आकाश । ~ **यान**– ना० आकाशमार्गमा उड्ने यान; विमान; हवाईजहाज; चीलगाडी ।

**व्रज**– ना० [सं०] १. मथुरा र वृन्दावनको नजिकको एक क्षेत्र; मथुराको उत्तरतिरको एक क्षेत्र । २. मार्ग । ३. समूह । ~ **भाषा**– ना० मथुराको आसपासका क्षेत्रमा बोलिने एक स्थानीय भाषा; रीतिकालीन हिन्दी साहित्यका रचनाको प्रमुख माध्यम बनेको भाषा । ~ **वधू**– ना० व्रजवासी स्त्रीहरू; गोपिनीहरू; गोपिका । > **व्रजेश**– ना० कृष्ण ।

**व्रत**– ना० [सं०] १. शारीरिक, मानसिक शुद्धताका निम्ति वा धार्मिक उद्देश्यले संयम, नियमपूर्वक गरिने देवताको आराधना, उपासना आदि । २. देवादिको आराधना, पूजाआजाका साथ वा पूजा आदि नगरीकनै निराहार वा फलाहार गरी बस्ने काम । ३. नियतकालका निम्ति वा सधैँ केही वस्तु मात्र खाने वा कुनै वस्तु उपभोग गर्ने वा नगर्ने नियमको पालन । ~ **चर्या**– ना० धार्मिक अनुष्ठान; व्रत बस्ने काम । ~ **पारायण**– ना० १. व्रतका अन्तमा गरिने जल, प्रसाद आदिको भोजन; व्रतान्त भोजन । २. व्रतको समाप्तिका अवसरमा व्रतमा भएको कमी वा त्रुटि पूरा गर्न गरिने धार्मिक कार्य । ३. व्रतको समाप्ति; साङ्गे । – **बन्ध**– ना० ब्राह्मण, क्षत्रिय, वैश्यका षोडश संस्कारमध्ये एक; उपनयनसंस्कार । > **व्रती**– वि० व्रत बस्ने; बर्तालु ।

**व्रात्य**– ना० [सं०] समय वा उमेरअनुसार गर्नुपर्ने यज्ञोपवीत आदि संस्कार नगरेको व्यक्ति; पतित व्यक्ति ।

**व्रीडा**– ना० [सं०] १. लाज; लज्जा; सरम । २. असजिलोपन ।

c:\Sabdkosh\Sha.p65



# श

**श**– देवनागरी वर्णमालाको तीसौँ व्यञ्जनवर्ण; नेपालीमा 'स' बाट व्यतिरेक नभएको; संस्कृत व्याकरणअनुसार तालव्य तर स्तरीय नेपाली उच्चारणअनुसार तालु-दन्तमूलीय, अघोष, अल्पप्राण, ऊष्म वर्ण; लेख्य रूपमा सो वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न; तालव्य श; मोटो श ।

**शक**– ना० [सं०] १. आदिम थलो कृष्णसागर छेउछाउमा भएको तथा ग्रिक सिथियनसँग मिल्दोजुल्दो मानिने एक प्राचीन आर्यजाति । २. एक प्राचीन राजाको नाम; शालिवाहन । ३. शक संवत् ।

**शकट**– ना० [सं०] १. गोरु, राँगा आदिले तान्ने चक्कावाल गाडा वा यान । २. दुई हजार पल वा तीन मनबराबर हुने, प्राचीन समयका जोखाइको परिमाण अथवा मान । > **शकटिका**– ना० सानो शकट वा गाडा ।

**शकर**– ना० [फा०] सखर । – **कन्द**– ना० सखरखण्ड । – **पाला**– ना० सखरपाला ।

**शकल**– ना० [सं०] बोक्रो; वल्कल । २. टुक्रो; खण्ड ।

**शक-संवत्**– ना० [सं०] इस्वी सन्‌भन्दा अठहत्तर वर्षपछि र विक्रम संवत्‌भन्दा एक सय पैँतीस वर्षपछि आरम्भ भएको शालिवाहनको नाममा प्रसिद्ध एक संवत् ।

**शकाब्द**– ना० [सं०] शक संवत्‌को वर्ष ।

**शकार**– ना० [सं०] उष्म वर्णको प्रथम अक्षर ।

**शकुन**– ना० [सं०] १. कुनै कामको थालनीमा झल्किने वा देखिने शुभ वा अशुभ लक्षण । २. कुनै माङ्गलिक कार्यका निम्तिको साइत; मुहूर्त । ३. सगुन । ~ **शास्त्र**– ना० शकुन र त्यसको शुभ वा अशुभ फल बताउने शास्त्र; शकुनौती ।

**शकुनि**– ना० [सं०] चरो; पक्षी (खास गरी कुखुरो, चील, गिद्ध, बाज आदि) । २. धृतराष्ट्रकी पत्नी गान्धारीको भाइ र दुर्योधनको मामा; महाभारतको एक दुष्ट पात्र । वि० ३. अनुचित सल्लाह दिने वा कूटनीतिक चाल चल्ने; कपटी; जुवाडे ।

**शकुनी**– वि० [सं०] शकुन वा साइत हेर्ने; शकुनको ज्ञाता ।

**शकुनौती**– ना० [शकुन+औती] शकुनसम्बन्धी कुरा वा मुहूर्तको विचार गर्ने विद्या; शकुनशास्त्र ।

**शकुन्त**– ना० [सं०] १. पक्षी; चरो । २. नीलकण्ठ पक्षी; ठेउवा । > **शकुन्तक**– ना० पक्षी; चरो । **शकुन्तला**– ना० १. विश्वामित्रको तपस्या भङ्ग गर्नका निम्ति इन्द्रद्वारा स्वर्गबाट पठाइएकी मेनका अप्सराबाट जन्मेकी विश्वामित्रकी पुत्री । (मेनकाले स्वर्ग फर्कँदा बालिकालाई एकान्त जङ्गलमा छोडेको र शकुन्त (पक्षी) हरूले तिनको रक्षा गरेकाले शकुन्तला नाम रहेको भनिन्छ) । २. कण्व ऋषिकी धर्मपुत्री, दुष्यन्तकी रानी र भरतकी आमा ।

**शक्त**– वि० [सं०] १. शक्ति वा सामर्थ्य भएको; समर्थ; सक्षम; योग्य । २. तागतदार; बलियो; दह्रो ।

**शक्ति**– ना० [सं०] १. तन, मन वा धनका रूपमा रहने सामर्थ्य; जोड; बल; तागत; पराक्रम । २. राज्यमा रहने प्रमुख तत्त्व (प्रमुख उत्साह, मन्त्रणा आदि) । ३. सक्रिय दैवी सामर्थ्यका रूपमा रहेका देवपत्नी वा स्त्रीदेवता (इन्द्राणी, वैष्णवी, ब्रह्माणी, ब्रह्मवादिनी, कौमारी, नारसिंही र वाराही) । ४. ईश्वरीय प्रकृति वा माया । ५. शब्दका विविध अर्थ बुझाउने तीन सामर्थ्य वा अर्थशक्ति (अभिधा, लक्षणा र व्यञ्जना) । ६. वाष्प, ऊर्जा वा बिजुलीबाट पैदा हुने सामर्थ्य; क्षमता । ७. भग; योनि (तन्त्रमा) । ८. प्रहार गरिने अस्त्र (भाला, बर्छा आदि) । ९. वास्तु वा मूर्तिमा नौ अमलबराबरको नाप; नौ अङ्गुल; मात्राको नौगुनाबराबरको नाप; प्रादेश, सूत्र, ग्रह वा द्वारबराबरको नाप । – **ग्रह**– ना० शब्दका विभिन्न प्रकारका अर्थ बुझाउने वृत्ति वा शक्तिको ज्ञान । ~ **घर**– ना० बिजुली आदि शक्ति पैदा हुने ठाउँ वा घर; शक्तिभण्डार (पावर हाउस) । – **त्रय**– ना० १. राज्यका प्रमुख तीन शक्ति (प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्ति) । २. शब्दका तीन किसिमका अर्थ बुझाउने शक्ति (अभिधा, लक्षणा र व्यञ्जना) । – **मत्ता**– ना० शक्तिमान् हुनाको चाल वा स्थिति । – **मान्**– वि० शक्ति भएको; सामर्थ्यवान्; बलवान् । – **शाली**– वि० शक्ति वा सामर्थ्यले युक्त; शक्तिमान् । ~ **सम्पन्न**– वि० शक्तिले भरपूर; बलियो र आँटी ।

**शङ्कर**– ना० [सं०] १. शिव; महादेव । वि० २. आनन्द वा समृद्धि दिने; कल्याण गर्ने; मङ्गलमय । (उदा०– **शङ्कर सहाय छन् ता भयङ्करको के डर ?** – उखान) । > **शङ्कराचार्य**– ना० इस्वीको आठौँ शताब्दीका प्रसिद्ध आचार्य तथा अद्वैतवादका प्रवर्तक दार्शनिक सन्न्यासी ।

**शङ्का**– ना० [सं०] १. केही अनिष्ट होला कि भन्ने डर; आशङ्का; सन्देह । (उदा०– **शङ्काले लङ्का पिर्छ** – उखान) । २. सङ्कल्पविकल्प; द्विविधा; धरमर; दोधार । – **जनक**– वि० शङ्का पैदा गर्ने; संशयमा पार्ने । > **शङ्कालु**– वि० शङ्का गर्ने स्वभावको; मनमा शङ्का लिइरहने । **शङ्कास्पद**– वि० शङ्का गर्ने स्वभावको; मनमा शङ्का गर्न सकिने स्थितिको; सन्देहास्पद । **शङ्कित**– वि० शङ्का गरिएको; शङ्कास्पद । **शङ्की**– वि० शङ्का गर्ने स्वभावको; डराउने (प्रायः उपसर्ग लाग्दा वा समासको अन्तमा प्रयुक्त हुने, जस्तै– आशङ्की, विशङ्की, अनिष्टशङ्की, पापशङ्की इ०) ।

**शङ्कु**– ना० [सं०] १. तीखो घोच्ने हतियार (बाण, भाला आदि) । २. भित्तातिर गाडिने कीलो, खुटी, मेख आदि वस्तु । ३. घडीको

केन्द्रमा रहने सुइरो । ४. पातको डाँठ वा भेटनु । ५.प्राचीन कालमा प्रचलित बाह्र अङ्गुलको नाप । ६. झीना सिङ हुने एक जातको मृग ।

**शङ्ख**– ना० [सं०] १. समुद्रमा पाइने घुँगी जातका कीराको ढुङ्गाजस्तो साह्रो गुँड वा खबटो; त्यसैको अघि युद्धमा शत्रुपक्षलाई हाँक र स्वपक्षलाई उत्साह दिन बजाइने र अचेल कुनै माङ्गलिक कार्य वा पूजाआजामा दोहोरो र बाहुनक्षेत्रीका मलाममा एकोहोरो बजाइने बाजा । २. औँलाका टुप्पामा हुने एकातिर बगेर गएजस्तो आकृतिको रेखात्मक चिनु । ३. सय पद्मको सङ्ख्या वा गणना । ४. कुबेरका नौ निधिमध्ये एक । ५. विष्णुद्वारा मारिएको एक राक्षस; शंखासुर । ~ **चक्र**– ना० १. औँलाका टुप्पामा हुने शङ्ख वा पाङ्ग्राजस्तो रेखात्मक चिह्न । २. पुराणअनुसार विष्णुको बाजा । ~ **पुष्पिका**– ना० सेतो अपराजिता; सिन्काउली । २. जुही । – **वाद**– विशेष उपलक्ष्यका अवसरमा राजदरबारमा शङ्ख फुक्ने अधिकारी । – **विष**– ना० शङ्खिया; सङ्खिया । > **शङ्खाकृति**– ना० शङ्खको जस्तो एकापट्टि समतल परेको र अर्कापट्टि साँघुरिँदै चुच्चिएको आकृति वा कुनै लामो गोलाकार वस्तु । **शङ्खास्थि**– ना० कन्चटको हाड ।

**शङ्खिनी**– ना० [सं०] कामशास्त्रका अनुसार चार प्रकारका स्त्रीमध्ये एक; लाम्चा-लाम्चा आँखा हुने, घाँटीमा तीन रेखा भएकी कामक्रीडामा रसिली तथा गुणशीलतायुक्त सुन्दर स्त्री ।

**शची**– ना० [सं०] इन्द्रकी पत्नीको एक नाम; इन्द्राणी ।

**शटा**– ना० [सं०] १. लामो, लट्टा परेको कपाल; जटा । २. सिंहको जगल्टा; केसर । ३. घोडाको याल । ४. वृक्षको जरा ।

**शठ**– वि० [सं०] १. बुद्धि नभएको; मूर्ख; स्वाँठ । २. छल गर्ने; धूर्त; कपटी । ना० ३. मूर्ख व्यक्ति । – **ता**– ना० १. मूर्खता; स्वाँठ चाल । २. छलीपना; कपटचाइँ; धूर्तता ।

**शण**– ना० [सं०] सन । ~ **सूत्र**– ना० सनपाटको धागो; सनपाट ।

**शण्ठ**– वि० [सं०] १. हक्क न बक्कको; लट्टक; मूर्ख । २. नपुंसक; हिजडा ।

**शण्ड**– ना० [सं०] १. साँढे; बैल । २. नपुंसक ।

**शण्ढ**– ना० १. अन्तःपुरका स्त्रीहरूको रेखदेखका लागि रहेको नपुंसक व्यक्ति । २. नपुंसक । ३. साँढे; बैल ।

**शत**– ना० [सं०] १. सयको सङ्ख्या वा गन्ती; सय । वि० २. सय सङ्ख्याको ३. सयौँ । > **शतक**– वि० १. सय सङ्ख्याको; सय । ना० २. सय वर्षको समय; शताब्दी; सदी । ३. एकै विषयका सय श्लोकको समूह (जस्तै– नीतिशतक, वैराग्यशतक, शृङ्गारशतक आदि) । **शतघ्नी**– ना० १. पत्थरमा फलामका कीला गाडेर बनाइएको एकै चोटि सयकडौँ व्यक्तिलाई मार्न प्रयोग गरिने एक प्राचीन अस्त्र । २. तोप, बन्दुक आदि अस्त्र । – **चण्डी**– ना० १. नवरात्रिमा सय आवृत्ति सप्तशती पाठ गर्ने वा गराउने क्रिया । २. चौपट्टै रिसाउने खालकी आइमाई; कर्कशा वा क्रोधी स्त्री । – **दल**– ना० १. सयवटा पत्र हुने कमलफूल; कमल; पद्म । वि० २. सयवटा पत्र हुने । – **धा**– क्रि० वि० १. सय किसिमले । वि० २. सय गुना । – **पत्री**– ना० १. सयपत्री । वि० २. फूलमा सय वा धेरै पत्र हुने ।

**शतपथ**– वि० [सं०] १. धेरै मार्ग वा शाखा भएको । २. याज्ञवल्क्य कर्ता मानिने यजुर्वेदको एक ब्राह्मण । ~ **ब्राह्मण**– ना० सोही शतपथ नाम गरेको ब्राह्मण खण्ड । > **शतपथिक**– वि० १. शतपथ ब्राह्मणको अनुयायी वा ज्ञाता । २. धेरै मत मान्ने ।

**शतभिषा**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये चौबीसौँ नक्षत्र ।

**शतरन्जा**– ना०हे० सतरन्जा । > **शतरन्जी**– ना० सतरन्जी ।

**शतरुद्री**– ना० सय ब्राह्मणद्वारा एघार आवृत्तिका दरले एक दिनमा गरिने रुद्राभिषेक अनुष्ठान ।

**शतवार्षिक**– वि० [सं०] सय वर्षमा हुने, गरिने वा सकिने; सय वर्षको अवधि पूरा भएको । > **शतवार्षिकी**– वि० १. शतवार्षिक । २. सय वर्षमा हुने वा मनाइने (उत्सव, जस्तो– मोतीराम शतवार्षिकी; पहलमानसिंह स्वाँर शतवार्षिकी आदि) ।

**शतशः**– क्रि० वि० [सं०] १. सयकडौँ; सयौँ । २. सयौँ किसिमले ।

**शतांश**– ना० [सं०] १. एक भागको सय खण्डको एक खण्ड; सयौँ भाग । २. परम्पराअनुसार अर्जित धनको सय भागको एक भाग दान गर्नुपर्ने परिमाण । > **शतांशक**– ना० पुनरावृत्तिको सम्पूर्ण योगलाई बराबरी सय भागमा खण्डित पार्ने मान ।

**शताङ्क**– ना० [सं०] सयका आधारमा को कुन स्थानमा पर्छ भनी गरिने हिसाब ।

**शताब्द**– ना० [सं०] शताब्दी । > **शताब्दी**– ना० सय वर्षको समय वा अवधि; शतक; सदी ।

**शतायु**– वि० [सं०] सय वर्षसम्मको आयु भएको; धेरै वर्ष बाँच्ने ।

**शतावधान**– ना० [सं०] १. सयौँ वा धेरै कामकुरा एकै पटक वा छिटोछिटो सोच्नसुन्न सक्ने शक्ति । वि० २. त्यस्तो शक्ति भएको (व्यक्ति) । > **शतावधानी**– वि० शतावधान ।

**शतावरी**– ना० [सं०] सुपका जस्ता पात अनि सेता फूल र राता गोल फल हुने, ठूलो र सानो दुई प्रकारको भेद भएको, स्वास्थ्यका निम्ति हितकर मानिने तथा तरकारी खाइने एक जातको लता; कुरिलो ।

**शती**– ना० [सं०] १. सयवटा वस्तु वा श्लोकको समूह (जस्तो– सप्तशती) । २. शतक; शताब्दी ।

**शत्रु**– ना० [सं०] कथ्य०– सत्तुर । चर्को वैमनस्य वा विरोध भएको व्यक्ति अथवा पक्ष; दुस्मन; वैरी; रिपु । – **ता**– ना० वैरभाव; दुस्मनी ।

**शनि**– ना० [सं०] १. फलित ज्योतिषअनुसार अशुभ तथा अनिष्टकारक मानिने एक ग्रह; नवग्रहमध्ये सातौँ ग्रह; शनैश्चर । २. साताको आखिरी दिन; सन्सरबार । ~ **दृष्टि**– ना० शनिश्चरको जस्तो अमङ्गल गर्ने दृष्टि; कुदृष्टि । ~ **प्रदोष**– ना० शुक्लपक्षको त्रयोदशीका दिन शनिवार पर्दा व्रत बसेर गरिने शिवको सायङ्कालीन पूजा । – **वार**– ना० साताको अन्तिम दिन वा

वार । – **वासर**– ना० शनिवार ।

**शनिश्चर**– ना० [सं०] १. शनि ग्रह । २. शनिवार । > **शनिश्चरे**– वि० १. अमङ्गल गर्ने; बिच्छुकी । २. शनिश्चरको ।

**शनैः**– क्रि० वि० [सं०] १. बिस्तारै; सुस्तरी ।

**शनैश्चर**– ना० [सं०] १. शनिश्चर । वि० २. मन्द गतिले वा बिस्तारै हिँड्ने । – **वार**– ना० शनिवार; सन्सरबार ।

**शन्तनु**– ना० [सं०] चन्द्रवंशी एक राजा तथा महाभारतप्रसिद्ध भीष्मका पिता ।

**शपथ**– ना० [सं०] १. कुनै कामकुरो हो-होइन वा गर्ने-नगर्ने भन्ने विषयमा बोलिने वचन; धर्मभकाइ; किरिया; प्रतिज्ञा । २. संविधानअनुसार कुनै उच्च पदभार ग्रहण गर्दा गरिने प्रतिज्ञा । ~ **ग्रहण**– ना० संवैधानिक रूपमा तथा नियमपूर्वक कुनै उच्चपदस्थ व्यक्ति वा निर्वाचित प्रतिनिधिले आफ्नो पदप्रति इमान्दार रही सेवा गर्न वचनबद्ध हुने तथा प्रतिज्ञा गर्ने काम । ~ **पत्र**– ना० सम्बन्धित स्थानमा आफ्नो कुरा साँचो हो भनी प्रस्तुत गर्नका निम्ति शपथ गरिएका कुरा लेखिएको पत्र; प्रतिज्ञापत्र । > **शपथिका**– ना० शपथपत्र ।

**शप्त**– वि० [सं०] १. सराप दिइएको; सरापेको; शापित । ना० २. सराप दिइएको व्यक्ति ।

**शफर/शफरी**– ना० [सं०] एक प्रकारको सानो टल्कने माछो; असला माछो ।

**शबर**– ना० [सं०] एक प्राचीन जङ्गली जाति; भिल्ल । > **शबरी**– ना० १. रामकी अनन्य भक्त एक भिल्लिनीको नाम । २. भिल्लिनी ।

**शबल**– वि० [सं०] मिश्रित रङ भएको; रङ्गीबिरङ्गी; छिरबिरे ।

**शब्द**– ना० [सं०] १. अनुभूत विषयवस्तुलाई व्यक्त गरिने वर्णात्मक वा ध्वन्यात्मक ध्वनि; आवाज । २. वर्ण वा वर्णसमूहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि; सार्थक पद; लबज । – **कोश**– ना० कुनै भाषाका शब्दहरूको वर्णक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटि आदि खुलाएर उही वा अन्य भाषामा अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ; अभिधान । – **कोष**– ना० शब्दकोश । – **चित्र**– ना० १. साहित्यमा कर्णमधुर वा चमत्कार उत्पन्न गर्ने शब्द प्रयोग हुने यमक, अनुप्रास आदि शब्दालङ्कार । २. अक्षरहरूको रखाइद्वारा कुनै जीव वा वस्तुको वर्णनचित्र तयार पारिने साहित्यिक रचना (खड्ग, मुख आदि बन्ध) । ३. प्रत्यक्ष देखेझैँ गरी कुनै व्यक्ति, वस्तु वा घटनाको वर्णन गरिने साहित्यिक लेखन वा शैली । – **जाल**– ना० शब्दको थोपरथापर; शब्दाडम्बर । ~ **प्रमाण**– ना० कसैले भनेको वा लेखेको शब्दका आधारमा अडेको वा लिइएको प्रमाण । ~ **ब्रह्म**– ना० १. शब्दमा निहित वा शब्दरूपमा विद्यमान ब्रह्म; आत्मा वा परमात्मासम्बन्धी आध्यात्मिक ज्ञान । (शब्द नै ब्रह्म हो, सृष्टि हो र त्यही नै ब्रह्मका रूपमा नित्य रहिरहन्छ भन्ने ब्रह्मवादीहरूको सिद्धान्त छ) । – **भेद**– ना० ध्वन्यात्मक, व्यक्तवर्णात्मक र अनुकरणात्मक रूपबाट हुने शब्दका तीन भेद । – **भेदी**– वि० नदेखिने वा अँध्यारो ठाउँबाट आएको शब्दका भरमा नै निसाना लगाउने (बाण वा व्यक्ति) । ~ **योजना**– ना० १. कुनै वाक्य वा रचनामा उचित शब्द राख्ने वा प्रयोग गर्ने काम । २. त्यसरी राखिएका शब्दहरूको क्रम । ~ **विद्या**– ना० शब्दको उत्पत्ति, रूप, संरचना, भेद आदिको ज्ञान गराउने विद्या; शब्दशास्त्र । – **वेधी**– वि० शब्दभेदी । ~ **श्लेष**– ना० दुई वा धेरै चमत्कारपूर्ण अर्थ दिने गरी कुनै ठाउँमा एउटै शब्द प्रयुक्त हुने काम । ~ **शास्त्र**– ना० शब्दविद्या; व्याकरण । ~ **शुद्धि**– ना० शब्दको शुद्धता । ~ **साधन**– ना० शब्दहरूको व्युत्पत्ति, भेद, रूपान्तर आदि देखाइने व्याकरणको अङ्ग वा भाग । > **शब्दाक्षर**– ना० प्रणव; ॐ । **शब्दाडम्बर**– ना० सामान्य कुरा प्रकट गर्दा पनि अप्रचलित तथा कठिन शब्द र लामालामा वाक्यहरू प्रयोग गरिने काम वा ढाँचा; शब्दजाल; एक प्रकारको उदात्तविरोधी तत्त्व । **शब्दातीत**– वि० शब्दद्वारा भेट्न वा भन्न नसकिने; वर्णनातीत । **शब्दानुशासन**– ना० शब्दको शुद्धि, अर्थ, भेद आदिको ज्ञान गराउने शास्त्र; व्याकरण । **शब्दान्वय**– ना० वाक्यमा प्रयुक्त शब्दका वचन, लिङ्ग, काल आदिको भेद छुट्ट्याउने र अन्य शब्दका साथ रहेको सम्बन्ध देखाउने काम ।

**शब्दार्थ**– ना० १. शब्द र त्यसको अर्थ । २. शब्दको प्रचलित तथा सामान्य अर्थ । ~ **तत्त्व**– ना० शब्दार्थको मूल अभिप्राय वा लक्षण । ~ **तात्त्विक**– वि० शब्दार्थतत्त्वसम्बन्धी ।

**शब्दालङ्कार**– ना० [सं०] साहित्यमा शब्दालङ्कार र अर्थालङ्कार दुई भेदमध्ये एक; शब्द वा वर्णनको चमत्कारको प्रधानता भएको र त्यसैबाट माधुर्य उत्पन्न हुने अलङ्कार (यमका, अनुप्रास आदि) ।

**शब्दावली**– ना० [सं०] १. कुनै भाषा वा बोलीमा प्रयुक्त हुने खासखास विषय वा कार्यसित सम्बन्धित शब्दहरूको सूची । २. कुनै वाक्यरचना आदिमा प्रयोग भएका शब्दहरूको प्रकार तथा क्रम ।

**शब्दाश्रित**– वि० [सं०] शब्दमा आश्रित हुने वा अड्ने । ~ **निपात**– ना० कुनै शब्दमा आश्रित भएर मात्र प्रयुक्त र अर्थवान् हुने निपात (त, न, नि, नै, पो आदि) ।

**शम**– ना० [सं०] १. मानसिक स्थिरता वा आनन्द; शान्ति । २. मन शान्त पार्ने काम; इन्द्रिय तथा अन्तःकरणको संयम । ३. शान्तरसको स्थायी भाव । ४. माफ दिने काम; क्षमा । – **ता**– ना० शम हुनाको भाव, गुण वा धर्म ।

**शमन**– ना० [सं०] १. कुनै बाधा, विकार, उपद्रो आदिलाई शान्त पार्ने काम; शान्ति । २. यमराज । ३. कुनै कुराको अन्त्य; समाप्ति । > **शमनी**– ना० रात; रात्रि । **शमनीय**– वि० शमन गर्न सकिने; शमन हुने ।

**शमशेर**– ना० हे० समसेर ।

**शमित–** वि० [सं०] १. शमन गरिएको वा भएको; शान्त । २. दबाइएको; दमित ।

**शमी–** ना० [सं०] टुप्पो तीखो नभएका चिल्ला हरिया पात हुने, विवाह आदि कार्यमा तथा यज्ञका निम्ति हाँगाबिँगा अरणी बनाएर आगो निकाल्न प्रयोग गरिने एक जातको रूख वा त्यसैको काठ ।

**शम्पा–** ना० [सं०] १. ओखलमा हिर्काउँदा आगो निकाल्ने भाँडो (यसो गर्दा राक्षसहरू भाग्छन् भन्ने किंवदन्ती छ)। २. बिजुली ।

**शम्बल–** ना० [सं०] १. बाटोखर्च; सामल । २. समुद्री किनार; तट । ३. जल्ने काम; डाह; ईर्ष्या ।

**शम्बूक–** ना० [सं०] १. घुँगी कीरो । २. शङ्ख । ३. आफ्ना जातिका निम्ति वर्जित साधना गरेको कारणमा रामद्वारा मारिएको, रामायणको एक शूद्र तपस्वी । ३. हात्तीको सुँडको अगिल्लो भाग ।

**शम्भु–** ना० [सं०] १. शिवजी; महादेव । २. सिद्ध पुरुष ।

**शयन–** ना० [सं०] १. सुत्ने काम; पल्टाइ; लेटाइ । २. सुत्ने साधन (खाट, पलङ, ओछ्यान, गुन्टा आदि) । ~ **कक्ष–** ना० सुत्ने ठाउँ वा कोठा; शयनागार । ~ **गृह–** ना० सुत्ने घर; शयनागार । ~ **थैलो–** ना० भित्रपट्टि शरीर घुसाई सुत्ने खोलका आकारको बिछ्यौना (स्लिपिङ ब्याग) । > **शयनागार–** ना० शयनगृह; शयनकक्ष ।

**शय्या–** ना० [सं०] सुत्ने तथा ओछ्याउने साधन (ओछ्यान, खाट, पलङ आदि) । ~ **दान–** ना० मरेका एघारौँ दिनमा वा पुराण आदि मङ्गलकार्यको साङ्गे हुने दिनमा ब्राह्मण वा पुरोहितलाई दिइने वस्त्र, भाँडाकुँडा, बिछ्यौना र खाद्य वस्तुसहितको दान ।

**शर–** ना० [सं०] १. बाण, कलम आदि बनाउन उपयोग हुने निगालो, मालिङ्गो आदिको डाँठ । २. बाण, काँड, तीर आदि । ३. नेती बेरिने पोरा लाइएको मधानीको सोठो । ४. निगालाका टुप्पामा तीखो सुइरो वा लिसो हालेर चरा समाउने वा मार्ने अङ्कुसे ।

**शरच्चन्द्र–** ना० [सं०] शरत्कालमा देखिने स्वच्छ चन्द्रमा । (उदा०– शरच्चन्द्रको रमणीय रातमा झरना अझ सुन्दर देखिन्छ) । > **शरच्चन्द्रिका–** ना० शरत्कालमा लाग्ने सफा जून; शरद्‌ऋतुमा देखिने चन्द्रमाको स्वच्छ किरण ।

**शरण–** ना० [सं०] १. कठिन वा दुःखद अवस्थामा कसैबाट रक्षित हुने तथा कसैको आधार लिन पाउने काम; आड लिएर गरिने रक्षा; आश्रय (उदा०– मेरो आज शरण् पर्‍यो भनि दया आयो उ काग्‌मा पनि । – भानुभक्तीय रामायण । **शरणको मरण गर्नुहुँदैन ।** – उखान) । २. कसैको पछाडि लाग्ने काम; पिछा; आत्मसमर्पण । > **शरणागत–** वि० शरणमा आएको; शरणमा परेको (उदा०– शरणागतको रक्षा गर, प्रभु !) । **शरणागति–** ना० शरण पर्ने काम ।

**शरणार्थी–** वि० [सं०] १. शरण चाहने वा माग्ने; आश्रयको इच्छा गर्ने । ना० २. परिस्थितिवश आफ्नो जन्मभूमि वा देश छाडेर अर्को ठाउँ वा देशमा गई आश्रय लिने अथवा बसोबास गर्न चाहने व्यक्ति । ~ **बस्ती–** ना० शरणार्थीहरू आएर नयाँ आवादी वा घरजम गरी बसेको ठाउँ । ~ **शिविर–** ना० शरणार्थीहरूको अस्थायी बसोबास भएको स्थान ।

**शरण्य–** वि० [सं०] १. आश्रय दिनुपर्ने; शरण दिन योग्य । २. शरणमा लिने; रक्षक ।

**शरत्–** ना० [सं०] शरद् । ~ **काल–** ना० शरद् ऋतुको समय ।

**शरद्–** ना० [सं०] छ ऋतुमध्ये चौथो ऋतु; वर्षापछिको ऋतु; असोज र कात्तिक महिनामा पर्ने ऋतु ।

**शरपुङ्खा–** ना० [सं०] टुप्पातर्फ मसिना फराक पात हुने, प्याजी रङका फूल फुल्ने एक जातको बोट र त्यसैको लामोलामो कोसो वा फल ।

**शरभ–** ना० [सं०] हिमालमा हुने सिंहभन्दा पनि बलियो मानिएको, धेरै माथि उफ्रन सक्ने, पुराणप्रसिद्ध आठखुट्टे पशु ।

**शरम–** ना० [फा० शर्म] हे० सरम ।

**शराव–** ना० [सं०] प्रायः कुनै पदार्थ खान वा पिउन प्रयोग गरिने माटाको भाँडो; माटाको पाला ।

**शरासन–** ना० [सं०] १. धनु; कमान । २. बाण राख्ने ठोक्रो ।

**शरीर–** ना० [सं०] १. हाड, मासु, रगत आदिले युक्त प्राणीका सम्पूर्ण अङ्गको समूह; देह; तन; जीउ; काय । २. कुनै पनि वस्तुका सबै अङ्गले युक्त पार्थिव रूप । – **धारी–** वि० शरीर धारण गर्ने; देहधारी । ~ **रक्षक–** ना० हे० अङ्गरक्षक; बडीगार्ड । ~ **विज्ञान–** ना० शरीरका अङ्गहरूको बनोट तथा तिनका कार्यकलापको विवेचना गरिएको विज्ञान; शरीरशास्त्र । ~ **शास्त्र–** ना० शरीरविज्ञान । ~ **संस्कार–** ना० १. नाना प्रकारका शुद्धि संस्कारका अनुष्ठानद्वारा शरीरलाई शुद्ध र पवित्र पार्ने काम । २. सौन्दर्यका निम्ति गरिने शरीरको सफाइ, शृङ्गार आदि काम । > **शरीरी–** वि० शरीर भएको; शरीर धारण गर्ने (प्राणी, जीव आदि) ।

**शर्करा–** ना० [सं०] १. सखर, खुदो; चिनी । २. बालुवाको कण; बलौटे जमिन । ३. कुनै पनि साह्रो टुक्रो वा कण (कङ्कट, गेगर, असिना इ०) ।

**शर्मा–** ना० [सं०] १. ब्राह्मणहरूका नामको पछाडि रहने एक उपाधि (जस्तो– विष्णु शर्मा, बालचन्द्र शर्मा इ०) । २. प्रसन्नता; आनन्द; खुसी । ३. आशीर्वाद । ४. आधार; घर (प्रायः वैदिक अर्थमा) ।

**शर्मिष्ठा–** ना० [सं०] महाभारतप्रसिद्ध दानवराज वृषपर्वाकी पुत्री तथा चन्द्रवंशी राजा ययातिकी कान्छी रानी ।

**शर्वरी–** ना० [सं०] १. रात्रि; रात । २. साठी संवत्सरमध्ये एक । ३. हलेदो ।

c:\Sabdkosh\Sha.p65



**शलभ–** ना० [सं०] १. गाइनेकीराजस्तो बथानिएर उड्ने एक जातको कीरो; सलह । २. फटयाङ्ग्रो ।

**शलाका–** ना० [सं०] १. काठ, बाँस, धातु आदिको टुक्रा; डन्डी वा छेस्को । २. रङ भर्ने वा आँखामा गाजल लाउने पेन्सिल । ३. नलीखुट्टाको हाड । ४. दुम्सी । ५. सलाई । ५. छाताको करङ ।

**शल्य–** ना० [सं०] १. चिरफार गर्ने हतियार (कैँची, छुरा, सुइरो, स्याँगी आदि) । २. कण्टक; काँडो । ३. बाण; तीर । ४. बिझ्ने दुःखदायी कुरो । ५. हाड; अस्थि । ६. मद्र देशका महाभारतकालीन राजाको नाम । **– क्रिया–** ना० चिरफारद्वारा शारीरिक उपचार गरी ठीक पार्ने काम; शल्यचिकित्सा । ~ **चिकित्सक–** ना० चिरफारका पद्धतिले काम गर्ने डाक्टर वा वैद्य । ~ **चिकित्सा–** ना० चिरफारका पद्धतिले गरिने रोगको उपचार वा चिकित्सा; शल्यकर्म । ~ **विज्ञान–** ना० शरीरमा भएका घाउखटिरा वा दूषित अङ्गको चिकित्साका निम्ति चिरफार गर्ने पद्धति बताउने विज्ञान; शल्यशास्त्र । ~ **शास्त्र–** ना० शल्यविज्ञान । > **शल्योपचार–** ना० चिरफारद्वारा गरिने उपचार वा चिकित्सा ।

**शव–** ना० [सं०] मृत शरीर; लास; मुर्दा; सिनु (पशुको) । **– कर्पट–** ना० कात्रो । ~ **परीक्षा–** ना० मृत्युको कारण थाहा पाउनका लागि लास जाँच्ने काम; पोस्टमार्टम । ~ **यात्रा–** ना० बन्धुबान्धवहरू मिलेर मृतकलाई जलाउने, गाड्ने आदि अन्तिम संस्कारका निम्ति घाट वा चिहानमा लैजाने काम । ~ **यात्री–** ना० शवयात्रामा सम्मिलित हुने व्यक्ति; मलामी । ~ **यान–** ना० मुर्दालाई संस्कार गर्न लैजाँदा राख्ने खट; घारो ।

**शश–** ना० [सं०] १. खरायो; चौघडा । २. कामशास्त्रअनुसार चार किसिमका पुरुषमध्ये मधुरभाषी, सत्यवक्ता, सुशील र गुणग्राही व्यक्ति । > **शशक–** ना० खरायो; चौघडा; शश । **– धर–** ना० चन्द्रमा । **– शृङ्ग–** ना० वास्तविक संसारमा नहुने, खरायोको सिङजस्तै असम्भव वा काल्पनिक कुरो; भरपत्यार गर्न नसकिने कुरा ।

**शशाङ्क–** ना० [सं०] चन्द्रमा; शशी । **– शेखर–** ना० महादेव; शिव ।

**शशि–** ना० [सं०] शशी । **– कला–** ना० १. चन्द्रमाको सोह्र कला । २. चरणैपिच्छे चार नगण र एक सगण हुने वर्णवृत्त । **– कान्त–** ना० १. चन्द्रकान्तमणि । २. कमल; कुमुद । **– धर–** ना० १. चन्द्रमा २. शिव । **– प्रभा–** ना० चन्द्रको किरण; ज्योत्स्ना । ~ **मण्डल–** ना० चन्द्रमाको मण्डल वा घेरा; चन्द्रमण्डल । **– मुख–** ना० चन्द्रमाजस्तो सुन्दर अनुहार भएको वा साह्रै राम्रो व्यक्ति । **– मुखी–** ना० त्यस्तो अनुहार भएकी राम्री स्त्री । **– वदना–** वि० १. चन्द्रमाजस्तो उज्यालो मुख भएकी; शशिमुखी । ना० २. हरेक चरणमा नगण र यगण हुने एक वार्णिक छन्द । **– शेखर–** ना० शिव; महादेव ।

**शशी–** ना० [सं०] चन्द्रमा; इन्दु ।

**शष्प–** ना० [सं०] १. भर्खरै उम्रेको घाँस; कलिलो तृण । २. गुप्तेन्द्रियमा उम्रिएका रौँ ।

**शस्त्र–** ना० [सं०] हातमा लिएर नै काट्ने मार्ने आदिकाम गरिने हतियार (खुकुरी, तरबार, खुँडा आदि) । ~ **गृह–** ना० शस्त्रागार; सिलखाना । ~ **चिकित्सा–** ना० शल्यचिकित्सा । **– जीवी–** ना० १. हातहतियार चलाउने काम गरेर जीविका गर्ने व्यक्ति; सैनिक । वि० २. शस्त्र चलाएर जीविका गर्ने । **– धारी–** वि० १. हतियार लिएर वा भिरेर हिँड्ने; शस्त्र लिएको । ना० २. सैनिक; योद्धा । **– न्यास–** ना० कुनै हतियार हातमा नलिने प्रतिज्ञा वा व्रत; शस्त्रको त्याग । ~ **विद्या–** ना० शस्त्र वा हातहतियार चलाउने विद्या; धनुर्विधा । > **शस्त्रागार–** ना० हातहतियार राख्ने ठाउँ वा घर; शस्त्रगृह; सिलखाना । **शस्त्रास्त्र–** ना० हातैमा लिएर हिकाईने खुकुरी, तरबार आदि र फ्याँकेर प्रहार गरिने बाण, भाला, बन्दुक आदि हतियार; शस्त्र र अस्त्र ।

**शस्त्री–** वि० [सं०] शस्त्रले सुसज्जित; हतियार भिरेको; शस्त्रधारी । **– करण–** ना० कुनै राष्ट्र वा राष्ट्रका गुटहरूले सम्पूर्ण शक्ति शस्त्रास्त्रमा निर्भर गराउने काम ।

**शस्य–** ना० [सं०] १. भर्खर उम्रेको वा कलिलो घाँस । २. खेतीपातीको उपज बाली; अन्न; धान्य । वि० ३. सह्राउनुपर्ने; प्रशंसनीय ।

**शहीद–** ना० [अ०] हे० सहिद ।

**शाक–** ना० [सं०] १. तरकारी खाइने हरियो पात, डाँठ आदि; साग । २. राम्रो काठ हुने एक जातको रूख । **– द्वीप–** ना० पुराणमा वर्णित प्रसिद्ध सात द्वीपमध्ये एक ।

**शाकाहार–** ना० [सं०] सागपात, फलफूल, दूधदही, अन्न आदि मात्रको खवाइ; माछामासु आदि नभएको भोजन । > **शाकाहारी–** वि० सागपात, फलफूल, दूधदही आदि सात्त्विक भोजन मात्र गर्ने; माछामासु आदि नखाने ।

**शाकिनी–** ना० [सं०] १. शाक वा सागपातको खेती वा सो खेती गर्ने जमिन । २. पिशाचिनी वा देवी ठानिने, दुर्गाकी एक सेविका । ३. डाइनी; बोक्सी ।

**शाकुनिक–** वि० [सं०] १. चराचुरुङ्गी मार्ने वा समातेर बेच्ने पेसा भएको (व्यक्ति) । २. शकुन वा ग्रहगतिको शुभाशुभ फल बताउने (व्यक्ति) ।

**शाकुन्तल–** वि० [सं०] १. शकुन्तलासम्बन्धी; शकुन्तलाको । ना० २. शकुन्तलाका गर्भबाट उत्पन्न भएका राजा भरत । ३. शकुन्तला र दुष्यन्तसम्बन्धी कथा भएको यसै नाउँको काव्यकृति (संस्कृतमा कालिदासद्वारा रचित ‘अभिज्ञानशाकुन्तल’ नाटक, नेपालीमा देवकोटाद्वारा रचित ‘शाकुन्तल’ महाकाव्य आदि) ।

**शाके–** वि० [सं०] १. शकसम्बन्धी; शकको; शालिवाहनको । ना० २. शकसंवत् ।

**शाक्त–** वि० [सं०] १. तान्त्रिक विधिअनुसार प्रायः दिव्य शक्तिका स्त्रीमूर्ति काली, दुर्गा आदिको शक्तिको उपासना गर्ने; शक्तिपूजक, (शक्तिहरूका पवित्र अर्थात् दक्षिणाचार र अपवित्र अर्थात्

c:\Sabdkosh\'Sha'.p65



वामाचार दुई किसिमका अनुष्ठानविधि हुन्छन्)। २. शक्तिसम्बन्धी; दैवी शक्तिको । ना० ३. काली, दुर्गा आदि दैवी शक्तिको उपासना गर्ने व्यक्ति; शक्तिको उपासक; वाममार्गी । > **शाक्तागम–** ना० दैवी शक्तिसम्बन्धी कुरा लेखिएको शास्त्र; तन्त्रशास्त्र ।

**शाक्य–** ना० [सं०] १. शक्तिशाली तथा सभ्य रूपमा रहेको र पश्चिम नेपाल, पहाड, मदेस सबैतिर फिँजारिएको एक प्राचीन क्षत्रिय जाति; गौतम बुद्धको कुल वा वंश । २. गौतम बुद्ध । ३. बौद्ध धर्मावलम्बी नेवारजातिको एक वर्ग; बाँडा । – **भिक्षु/भिक्षुक–** ना० १. बौद्ध सन्न्यासी । २. बौद्ध धर्म मान्ने एक वर्ग; बाँडा ।

**शाखा–** ना० [सं०] १. मूल फेदबाट माथि गएर फाटेको रूखको सानो अङ्ग; हाँगो । २. कुनै पनि मूल भाग वा वस्तुबाट निस्केको अङ्ग वा अवयव; विभाग । ३. कुनै संस्था, कार्यालय आदिअन्तर्गतको सुविस्ताका निम्ति टाढा रहेको सङ्गठन वा अङ्ग । ४. वेदका संहिताको पाठ तथा क्रमभेद । ५. कुनै दर्शनशास्त्र आदिको अर्को भेद; सम्प्रदाय । ६. कुनै विषय वा सिद्धान्तसित सम्बद्ध एकै विचार वा मूलका मानिसहरूको वर्ग वा समूह । ७. छोरापट्टिको वंशावली तथा छोरापट्टिका सन्तानको लहरो । ~ **अधिकृत–** ना० राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी; शाखाको प्रमुख । ~ **प्रशाखा–** ना० १. ठूलो शाखा र सानो शाखा; शाखाको पनि शाखा । २. पहिले निस्केका अङ्गको पनि सानोतिनो अङ्ग वा उपाङ्ग; हाँगाबिँगा । ~ **मार्ग–** ना० मूल मार्गबाट छुट्टिएर गएको वा मूल मार्ग आई जोडिने अर्को मार्ग; सानो वा छड्के बाटो । – **मृग–** ना० शाखावानर । – **वानर–** ना० रूखका हाँगामा झुन्डिएर निर्वाह गर्ने, पुच्छर नभएको वानर; शाखावानरानुगणभित्र पर्ने वानर । – **वानरानुगण–** ना० रूखका हाँगामा झुन्डिएर बस्ने एक प्रकारको वानरको सामूहिक नाम; शाखावानर र त्यससित मिल्ने जातको वानरको समूह । ~ **व्यवसाय–** ना० मूल व्यवसायबाहेकको अर्को सानो व्यवसाय वा काम । > **शाखी–** वि० १. शाखा भएको; हाँगा भएको । २. शाखासित सम्बन्ध राख्ने (वेदको) । ना० ३. रूख । **शाखोच्चार/ शाखोच्चारण–** ना० विवाहका समयमा सम्बन्धित पुरोहितहरूले वरवधूका वंशको नाम, गोत्र, प्रवर आदि भन्ने काम ।

**शाङ्कर–** वि० [सं०] १. शङ्करसम्बन्धी; शङ्करको । २. शङ्कराचार्यले बनाएको; शङ्कराचार्यसम्बन्धी ।

**शाट–** ना० [सं०] १. कपडाको टुक्रो २. कमरमा बाँधेर पहिरिने वस्त्र (धोती आदि) । > **शाटी–** ना० सारी; फरिया; गुनिउँ ।

**शाठ्य–** ना० [सं०] शठ हुनाको भाव वा अवस्था; शठता; स्वाँठ चाल; छट्टेलपन ।

**शाण–** ना० [सं०] हतियार उध्याउने ढुङ्गाको चक्का; सान । > **शाणित–** वि० साँध लगाइएको; धार निकालिएको ।

**शाण्डिल्य–** ना० [सं०] भक्तिशास्त्रका निर्माता तथा गोत्रप्रवर्तक एक ऋषि । – **गोत्र–** ना० शाण्डिल्य ऋषिको नामले चलेको उनको कुल वा वंशवृक्ष; काफ्ले, महत आदि थर हुनेहरूको गोत्र ।

**शान१–** ना० [सं० शाण] हतियार उध्याउने ढुङ्गो; शाण; सान; साँध ।

**शान२–** ना० [अ०] हे० सान ।

**शान्त–** वि० [सं०] १. कुनै प्रकारको रिसराग, द्वेष, दुःख आदि मनोविकार नभएको; शिष्ट र सौम्य प्रकृतिको; शान्तियुक्त; सुशील र विनम्र । २. गति वा वेग नभएको; निश्चल । ३. कुनै उपद्रो, विघ्नबाधा, हल्ला आदि नभएको; निःशब्द; मौन । ४. मानिस आदि नभएको; सुनसान; निर्जन । ५. शमन भएको; निभेको । ६. प्राणपखेरु उडेको; मरेको; मृत । ७. प्रसन्न वा सन्तुष्ट पारिएको; धैर्य भएको । – **मना–** वि० शान्त मन भएको; नतात्ने वा नआत्तिने स्वभावको । ~ **रस–** ना० काव्यका नवरसमध्ये सांसारिक दुःख, निस्सारता आदिको ज्ञान वा परमात्माको स्वरूप आलम्बन र वैराग्य स्थायी भाव भएको एक रस । > **शान्ता–** ना० ऋष्यशृङ्ग मुनिसँग विवाह भएकी, राजा दशरथकी पुत्री तथा लोमपाद ऋषिकी धर्मपुत्री ।

**शान्ति–** ना० [सं०] १. सुखदुःख, हर्षविस्मात्, रिसद्वेष आदि मनोभावनाले नबिथोलिएको मानसिक स्थिति; शान्त वा स्थिर अवस्था । २. विद्रोह, होहल्ला, खलबली, रडाको आदि नभएको अवस्था । ३. भोकतिर्खा, श्रमताप, घामपानी आदिको शमन । ४. ग्रहहरूको बाधा तथा अशुभ फल, दोष आदिको निवृत्ति गर्ने कुनै माङ्गलिक कार्य । ५. मनमा कुनै दुःखपीर आदि नहुने बाधारहित अवस्था; आराम; चैन । ६. सांसारिक विषयभोगप्रतिको विरक्ति वा उदासीनता । ७. सहने काम; धैर्य; सान्त्वना । > **शान्तिक–** वि० १. शान्ति गर्ने वा शान्ति दिने; शान्तिकर । २. शान्तिसम्बन्धी । ना० ३. शान्तिकर्म; शान्तिस्वस्ति । – **कर–** वि० १. शान्ति गर्ने; शान्तिकारी । ना० २. मनमा हुने वा भएको चिन्ता, आकुलता, तनाव आदि घटाउन गरिने औषधी । ~ **कर्म–** ना० अनिष्ट, बाधा आदिको शान्ति वा निवारणका लागि गरिने पूजापाठ; शान्तिस्वस्ति । – **कारी–** वि० शान्तिकर । ~ **क्षेत्र–** ना० युद्ध वा कुनै प्रकारको विवादरहित कुनै क्षेत्र, देश तथा देशहरूको समूह वा निश्चित भूभाग (कुनै क्षेत्र वा भूभागलाई युद्ध, विवाद वा झैझगडाबाट अलग राखी शान्तिपूर्ण वातावरणमा विकासपथतिर लम्काउने उद्देश्यले शान्तिक्षेत्र घोषित गर्ने प्रस्ताव एवं भूमध्यसागरीय क्षेत्र, हिन्द महासागर, दक्षिणपूर्व एसियाली देशहरूको सङ्गठनको क्षेत्रलाई शान्तिक्षेत्र घोषित गर्न राखिएका प्रस्ताव) । – **दाता–** वि० शान्ति दिने (व्यक्ति) । ~ **दायक–** वि० शान्ति दिने; शान्तिप्रद । ~ **दूत–** ना० शान्तिवार्ता गर्नका निम्ति वा शान्तिको प्रस्ताव लिएर अर्को देश, प्रतिपक्षी समूह आदिमा जाने दूत । ~ **पर्व–** ना० युधिष्ठिरको चित्तशान्तिका निम्ति भनिएका धेरै कथा, उपदेश तथा ज्ञानको चर्चा भएको, महाभारतको बाह्रौं पर्व । ~ **पाठ–** ना० कुनै माङ्गलिक कार्य

c:\Sabdkosh\Sha.p65



थाल्दा विघ्नबाधा हटाउनका लागि आरम्भमा गरिने धार्मिक पाठ ।

**शान्तिपूर्ण–** वि० [सं०] शान्ति छाएको; शान्ति भएको ; शान्तिमय । ~ **सहअस्तित्व–** ना० शान्तिपूर्ण वातावरणमा एकअर्कासँग मैत्री, सद्भावना र समझदारी राख्ने तथा पारस्परिक विवाद नल्याई स्वतन्त्र रूपमा बाँच्ने राजनीतिक सिद्धान्त ।

**शान्तिप्रद–** वि० [सं०] शान्ति दिने; आनन्ददायी; शान्तिदायक ।

**शान्तिप्रिय–** वि० [सं०] शान्ति मन पराउने; शान्तिप्रेमी ।

**शान्तिप्रेमी–** वि० [सं०] शान्ति मन पराउने; शान्ति चाहने; शान्तिप्रिय ।

**शान्तिमय–** वि० [सं०] सबैतिर शान्ति छाएको; शान्तिले भरिभराउ ।

**शान्तिवाद–** ना० [सं०] आधुनिक राजनीतिका अनुसार सबै राष्ट्रले सैनिक शक्तिको प्रयोग तथा युद्धको विरोध गर्ने र सर्वत्र शान्ति स्थापित गरी शान्तिपूर्वक रहने तथा आफुसका झैँझगडालाई पनि शान्तिपूर्वक समाधान गर्ने वाद वा सिद्धान्त । > **शान्तिवादी–** वि० १. शान्तिवादको समर्थक तथा अनुयायी । २. शान्तिवादसम्बन्धी; शान्तिवादको ।

**शान्ति वार्ता–** ना० [सं०] शान्ति स्थापना गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी राष्ट्रहरूका बीच हुने औपचारिक वा अनौपचारिक कुराकानी वा बैठक ।

**शान्ति सन्धि–** ना० [सं०] १. परस्परमा झैँझगडा नगरी शान्तिपूर्वक बस्नका निम्ति गरिने सन्धि । २. युद्धरत देशहरूले पारस्परिक शान्ति र मित्रता स्थापित गर्नका लागि गर्ने सम्झौता ।

**शान्ति सम्मेलन–** ना० [सं०] विश्वमा वा कुनै भूभागमा शान्ति स्थापित गर्ने उद्देश्य लिई कुनै जनसमूह, संस्था वा देशहरूले गर्ने विशेष सम्मेलन ।

**शान्ति सेना–** ना० [सं०] विश्वको कुनै क्षेत्रमा रहेको तनावपूर्ण स्थिति साम्य गरी शान्ति कायम गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा विभिन्न तटस्थ राष्ट्रहरूबाट उक्त क्षेत्रमा पठाइने सैन्य ।

**शान्ति स्वस्ति–** ना० [सं०] कुनै अनिष्ट वा ग्रहदोष आदि हटाउन र कल्याणका निम्ति गरिने पूजापाठ, जप, तप, अनुष्ठान आदि ।

**शाप–** ना० [सं०] कसैको अनिष्ट चिताई बोलिने वचन; श्राप; सराप । > **शापित–** वि० १. शाप दिइएको; सरापिएको; २. शापले पीडित ।

**शाब्दिक–** वि० [सं०] १. शब्दद्वारा व्यक्त गरिएको वा भनिएको; मौखिक । २. शब्दसम्बन्धी ।

**शाब्दी–** वि० [सं०] शब्दसम्बन्धी; शाब्दिक । ~ **व्यञ्जना–** ना० वाक्यमा प्रयोग गरिएका शब्दार्थमा मात्र सीमित रहने व्यञ्जना ।

**शामियाना–** ना० [फा०] हे० सामियाना; समियाना; समेना ।

**शाम्ब–** ना० [सं०] जाम्बवतीका गर्भबाट पैदा भएका कृष्णका छोराको नाम ।

**शाम्भव–** वि० [सं०] १. शम्भुसम्बन्धी; शिवको । २. शम्भुबाट उत्पन्न । ३. शम्भुको भक्त वा उपासक । > **शाम्भवी–** ना० १. महादेवकी शक्ति; पार्वती; दुर्गा । २. नीलो छाँटको दूबो; नीलदूर्वा ।

**शायद–** क्रि० वि० [फा०] हे० सायद ।

**शायर–** ना० [अ० शाइर] हे० सायर । > **शायरी–** ना० सायरी ।

**शायी–** वि० [सं०] शयन गर्ने; निदाउने; सुत्ने वा पल्टने । (जस्तो– धराशायी, शेषशायी आदि) ।

**शारङ्ग–** ना० [सं०] हे० सारङ्ग । > **शारङ्गी–** ना० सारङ्गी बाजा ।

**शारदा–** ना० [सं०] १. विद्याकी अधिष्ठात्री देवी; सरस्वती । २. एक किसिमको वीणा वा सारङ्गी । ३. देवीको एक नाम; दुर्गा । ~ **लिपि–** ना० दसौँ शताब्दीमा ब्राह्मीको रूपान्तर कुटिल लिपिबाट विकसित भई काश्मीर र पन्जाबतिर चलेको एक लिपि । > **शारदी–** वि० १. शरत्कालसम्बन्धी; शरद् ऋतुको । ना० कात्तिक शुक्ल पूर्णिमा; शरद् ऋतुको पूर्णिमा ।

**शारदीय–** वि० [सं०] शरद् ऋतुमा पर्ने; शरत्कालको; शरद् ऋतुसम्बन्धी । ~ **नवरात्र–** ना० आश्विनको शुक्ल पक्षमा पर्ने नवरात्र । ~ **महापूजा–** ना० शरत्कालमा हुने दुर्गाको विशेष पूजा; नवरात्रिको दुर्गापूजा ।

**शारिका–** ना० [सं०] १. मैना पक्षी । २. सारौँ चरो । ३. बेला, सारङ्गी आदि बजाइने धनुका आकारको साधन; गजो । ४. बुद्धिचाल, पासा आदि खेलमा थर्कीमा चालिने गोटी ।

**शारीरिक–** वि० [सं०] १. शरीरसँग सम्बन्ध राख्ने; शरीरको; कायिक । २. शरीरबाट उत्पन्न; देहज ।

**शार्क–** ना० [अङ्०] हे० सार्क ।

**शार्ङ्ग–** वि० [सं०] १. शृङ्ग वा सिङसम्बन्धी; सिङबाट बनेको । २. धनुषले सुसज्जित । ना० ३. सिङको हतियार । ४. विष्णुको धनु । – **धर–** ना० १. विष्णु । २. वैद्यक ग्रन्थ रच्ने एक प्रसिद्ध वैद्य । – **धारी–** ना० विष्णु ।

**शार्दूल–** ना० [सं०] १. बाघ, सिंह, चितुवा आदि हिंस्रक जन्तु । २. अग्रणी वा श्रेष्ठ पुरुष (जस्तो– नरशार्दूल) । – **विक्रीडित–** ना० प्रत्येक पाउमा उन्नाइस अक्षर हुने, मगण, सगण, जगण, सगण, दुई तगण र गुरु अक्षर मिलेर बन्ने र सात तथा बाह्र अक्षरमा विश्राम हुने एक वार्णिक छन्द ।

**शार्वरी–** ना० [सं०] १. साठी संवत्सरमध्ये एक संवत्सरको नाम । वि० २. रात्रिसम्बन्धी; रातको । ३. अन्धकार; अँध्यारो ।

**शाल१–** ना० [अ०] हे० साल ।

**शाल२–** ना० [सं०] साल (वृक्ष) । – **धूप–** ना० सालधूप ।

**शाला–** ना० [सं०] बस्ने वा काम गर्ने ठाउँ– वास, घर, कुटी, कोठो आदि (प्रायः समासका अन्तमा प्रयोग हुने, जस्तै– कार्यशाला, प्रयोगशाला, धर्मशाला, पर्णशाला , पाठशाला, नाटचशाला इ०) ।

**शालाकी–** ना० [सं०] चिरफार गर्ने वैद्य; शल्यचिकित्सक ।

**शालाक्य–** ना० [सं०] टाउकाको मात्र चिकित्साको व्यवस्था भएको

आयुर्वेदीय शल्य-चिकित्साशास्त्रको एक विभाग । – **तन्त्र–** ना० शालक्यका रूपले उपचार गरिने विधिविधानको तन्त्र वा सिद्धान्त ।

**शालिग्राम–** ना० [सं०] कालीगण्डकीमा पाइने कालो, चिल्लो, र चक्रचिह्न भएको, विष्णुका रूपमा पूजा गरिने विशेष प्रकारको पत्थर ।

**शालिधान्य–** ना० [सं०] सालीधान; मार्सीधान ।

**शालिनी–** ना० [सं०] १. शालिन्को स्त्रीलिङ्गी रूप (जस्तो– भाग्यशालिनी, शक्तिशालिनी आदि) । २. गृहस्वामिनी; गृहिणी । ३. एक मगण, दुई तगण र दुई गुरुबाट बन्ने, चार र सात अक्षरमा अडान हुने एक वार्णिक छन्द ।

**शालिवाहन–** ना० [सं०] शक संवत् चलाउने प्रसिद्ध शक अथवा खस राजा ।

**शालिहोत्र–** ना० [सं०] घोडा वा अन्य पशुहरूको चिकित्सासम्बन्धी विद्या; पशु-चिकित्साशास्त्र । > **शालिहोत्री–** ना० घोडा वा अन्य पशुहरूको चिकित्सक; पशुचिकित्सक ।

**शाली–** वि० [सं०] सहित; युक्त; सम्पन्न (प्रायः समासको अन्तमा, जस्तै– शक्तिशाली, भाग्यशाली, सौभाग्यशाली इ०) ।

**शालीन–** वि० [सं०] १. शिष्टता तथा नम्रता भएको; उत्तम आचारविचारको । २. लजाउने प्रकृतिको; लजालु । ३. काममा पोख्त; कुशल; सिपालु । – **ता–** ना० शालीन हुनाको भाव, गुण वा अवस्था; सौम्यता ।

**शाल्मलि/शाल्मली–** ना० [सं०] १. सिमलको रूख । २. पुराणमा वर्णित पृथ्वीका सात द्वीपमध्ये एक । ३. गरुडपुराणमा उल्लेख भएका एक्काइस महानरकमध्ये एक ।

**शाव–** वि० [सं०] १. शवसम्बन्धी (कुनै नाताकुटुम्बको); मृत्युद्वारा उत्पन्न; मृतकसित सम्बन्धित । ना० २. प्रायः पशुपन्छीको बच्चो; छाउरो । > **शावक–** ना० कुनै पनि वन्यजन्तुको बच्चो ।

**शाश्वत–** वि० [सं०] १. कहिल्यै पनि नाश नहुने; सधैँभरि रहिरहने; चिरस्थायी; नित्य; सनातन; चिरन्तन । ना० २. वेदव्यास । ३. स्वर्ग । ४. शिव । ५. सूर्य । ६. अन्तरिक्ष ।

**शासक–** ना० [सं०] १. राज्यको प्रबन्ध तथा सञ्चालन गर्ने व्यक्ति वा सरकार; शासन गर्ने व्यक्ति; शासनकर्ता । २. अधीनस्थ व्यक्तिहरूलाई अनुशासित वा नियन्त्रित गर्ने व्यक्ति; मुख्य हाकिम । > **शासकीय–** वि० शासक वा शासनसम्बन्धी; शासकको कामसँग सम्बन्ध राख्ने ।

**शासन–** ना० [सं०] १. सरकारले गर्ने कुनै देशको प्रबन्ध तथा सञ्चालनसम्बन्धी काम । २. अनुशासन वा मर्यादा पालन गराउने काम; आज्ञा; आदेश; हुकुम । ३. इन्द्रियहरूको संयम वा नियन्त्रण । ४. कुनै कसुरका निम्ति दिइने दण्ड वा सजाय । ५. कसैलाई दिइने लिखित अधिकार । ६. कुनै शब्दले आफ्नो नजिकमा रहेको शब्दको रूप परिवर्तन गर्न विवश गर्ने व्याकरणिक प्रक्रिया । – **कर्ता–** ना० शासन गर्ने; शासक । ~ **तन्त्र–** ना० शासनपद्धति; शासनप्रणाली । ~ **पत्र–** ना० राजाको आज्ञा लेखिएको ताम्रपत्र; शिलापत्र आदि । ~ **पद्धति–** ना० शासन गर्ने विधि वा तरिका; शासनप्रणाली । ~ **प्रणाली–** ना० राज्यसञ्चालन गर्ने पद्धति; शासनपद्धति । ~ **व्यवस्था–** ना० शासनसम्बन्धी प्रबन्ध; राज्य चलाउने बन्दोबस्त ।

**शासना–** ना० [सं० शासन] कसैबाट हुने वा गरिने सास्ती; ठूलो कष्ट; साह्रो परिश्रम ।

**शासनाधिकार–** ना० [सं०] शासन गर्ने अथवा राज्य चलाउने अधिकार । > **शासनाधिकारी–** वि० शासनाधिकार पाएको (व्यक्ति) ।

**शासनारूढ–** वि० [सं०] शासनमा आएको; शासन लिएको ।

**शासनिक–** वि० [सं०] शासनसम्बन्धी; शासनको; शासकीय । ~ **विपर्यय–** ना० शासनव्यवस्थामा एकाएक र बलपूर्वक गरिएको परिवर्तन; बलात् सत्तापहरण ।

**शासनीय–** वि० [सं०] १. शासन वा नियन्त्रण गर्न उचित । २. सजाय दिनुपर्ने; दण्डनीय ।

**शासित–** वि० [सं०] १. शासन गरिएको; राज्य चलाइएको । २. नियमकानुन-अन्तर्गत राखिएको । ३. सजाय दिइएको; दण्डित ।

**शास्त्र–** ना० [सं०] १. सम्बन्धित गहन ज्ञानका साथै सर्वसाधारणको कल्याण तथा अनुशासनका नियमविधान लेखिएको वा समष्टिअध्ययनको सञ्चित भण्डार भएको विशेष ग्रन्थ (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद, अथर्ववेद, मीमांसा, न्याय, धर्मशास्त्र, पुराण र अर्थशास्त्र गरी अठार प्रकारका) । २. कुनै विषयसम्बन्धी आवश्यक तथा गूढ र ज्ञातव्य कुरा क्रमपूर्वक लेखिएको ग्रन्थ; विज्ञान । ३. यथार्थ वा वास्तविक ज्ञान; विद्या; सिद्धान्तग्रन्थ । – **कार–** वि० शास्त्र, विशेषतः धर्मशास्त्रको रचना गर्ने । – **ज्ञ–** वि० शास्त्रको ज्ञाता; शास्त्र जान्ने । – **दर्शी–** वि० शास्त्रज्ञ । – **विद्–** वि० शास्त्रको ज्ञाता; शास्त्रज्ञ । ~ **विहित–** वि० शास्त्रमा बताइएअनुसारको; शास्त्रसम्मत । ~ **सङ्गत–** वि० शास्त्रमा मिल्ने; शास्त्रसम्मत । ~ **सम्मत–** वि० शास्त्रको कथन वा नियमविरुद्ध नभएको; शास्त्रविहित । – **सिद्ध–** वि० १. शास्त्रद्वारा सिद्ध वा प्रमाणित । २. शास्त्रविहित । > **शास्त्रार्थ–** ना० १. शास्त्रको निर्दिष्ट अर्थ वा तात्पर्य । २. शास्त्रसम्बन्धी तथा शास्त्रीय विषयमा गरिने छलफल वा तर्कवितर्क ।

**शास्त्री–** वि० [सं०] १. शास्त्रको ज्ञाता; शास्त्र जान्ने वा शास्त्रज्ञ । ना० २. शास्त्रमा पारङ्गत वा कुशल भएको व्यक्ति; विद्वान् पुरुष । ३. संस्कृतमा मध्यमाभन्दा माथिल्लो र आचार्यभन्दा तल्लो कक्षा; स्नातक तह; सो परीक्षा उतीर्ण हुँदा दिइने एक उपाधि ।

**शास्त्रीय–** वि० [सं०] शास्त्रमा लेखिएअनुसारको; शास्त्रमा निहित रहने; शास्त्रसम्बन्धी ।

**शास्त्रीयता–** ना० [सं०] शास्त्रीय हुनाको भाव, अवस्था वा विशेषता । – **वाद–** ना० ग्रिस र रोमका प्राचीन शास्त्रीय नियमका

अनुसरणमा साहित्यको सृजना हुनुपर्छ भनेर मान्ने पश्चिमी साहित्यसिद्धान्त ।

**शास्त्रीय समालोचना–** ना० [सं०] शास्त्रीय नियमका आधारमा साहित्यिक कृतिको विवेचना गर्ने एक प्रकारको समीक्षापद्धति ।

**शास्त्रोक्त–** वि० [सं०] शास्त्रमा कहिएको वा बताइएको; शास्त्रविहित ।

**शाह–** ना० [फा०] १. ठकुरीको एक थर । २. राजा; बादशाह । ३. ठकुरी क्षेत्रीको एक उपाधि ।**–जादा–**ना० राजाका छोरा वा भाइ । **–जादी–** ना० राजाकी छोरी वा बहिनी ।

**शाहन्शाह–** ना० [फा०] राजाहरूका पनि राजा; महाराजाधिराज; सम्राट् । > **शाहन्शाही–** ना० १. शाहन्शाहको कार्य, मर्यादा वा पदवी । वि० २. शाहन्शाहसम्बन्धी; शाहन्शाहको । ३. शाहन्शाहको जस्तो ।

**शाहवंश–** ना० [शाह+वंश] शाहको कुल ।

**शाही–** वि० [अ०] १. शाह वा राजाको वंशसँग सम्बन्धित । ना० २. ठकुरीहरूको एक वर्गको पदवी । ~ **अधिपत्र–** ना० मानपदवी पाउने व्यक्तिहरूलाई राजाबाट प्रदान गर्ने गरिएको मानपदवीको प्रशस्तिसमेत भएको पत्र ।~ **आयोग–** ना० राजाबाट कुनै विशेष कार्यको सम्पादनका निम्ति गठन गरिने आयोग । ~ **घोषणा–** ना० १. राजा वा बादशाहबाट शासनक्षेत्रमा दिइने विशिष्ट वक्तव्य । ~ **परिवार–** ना० राजपरिवार । ~ **रक्षक–** ना० अङ्गरक्षक । ~ **सम्बोधन–** ना० राजाबाट देशवासीका नाममा गरिने सम्बोधन भाषण । ~ **सूचना–** ना० राजाबाट जारी गरिने सूचना । ~ **सेना–** ना० नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र बन्नुपूर्वको नेपाली सेनाको नाम । ~ **स्वीकृति–** ना० संसद्बाट पास भएका विधेयकलाई राजाबाट लालमोहर लगाउने काम ।

**शिंशपा–** ना० [सं०] कालो, सेतो र पहेँलो तीन प्रकारको हुने र काठबाट फर्निचरहरू बनाइने एक रूख; सिसौ ।

**शिक्षक–** ना० [सं०] शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति; अध्यापक; गुरु; मास्टर । ~ **शिक्षण–** ना० विद्यार्थी वा जिज्ञासुलाई शिक्षा दिने नयाँ तरिकाको ज्ञान वा सिकाइ; शिक्षकतालिम । ~ **शिक्षण केन्द्र–** ना० शिक्षकहरूलाई शिक्षणविधि सिकाउने ठाउँ; शिक्षकहरूका निम्तिको शिक्षालय ।

**शिक्षण–** ना० [सं०] १. शिक्षा दिने वा ज्ञानार्जन गराउने काम; अध्यापन । २. कुनै विषय सिक्नेसिकाउने काम; तालिम । ~ **विज्ञान–** ना० शिक्षण दिने विधि वा परिपाटीको विवेचना गरिएको शास्त्र । ~ **विधि–** ना० विद्यार्थीलाई शिक्षा दिने तरिका वा परिपाटी । ~ **शास्त्र–** ना० शिक्षणपद्धतिसँग सम्बन्धित शास्त्र । ~ **समिति–** ना० कुनै विषयको शिक्षण व्यवस्था तथा समुचित सञ्चालनका निम्ति बनेको समिति (जस्तो– नेपाली शिक्षण समिति; इतिहास शिक्षण समिति, संस्कृत शिक्षण समिति इ०) । ~ **संस्था–** ना० छात्रछात्राहरूलाई व्यवस्थित रूपमा शिक्षा दिने वा पठनपाठन गराउने एक वा धेरै शिक्षालय । > **शिक्षणीय–** वि० शिक्षा दिन योग्य; सिकाउन उचित; सिकाउनुपर्ने ।

**शिक्षा–** ना० [सं०] १. विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्नेगराउने वा पढाइको चाँजोपाँचो मिलाउने काम; ज्ञान दिने वा लिने काम; विद्या । २. सिकेर, सुनेर वा अन्य कुनै पनि प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारिक विषयको बोध । ३. कुनै कुराको उचित तालिम वा अर्तीउपदेश । ४. वेदका छ अङ्गमध्ये मन्त्रहरूको उच्चारणविधिको निरूपण गरिएको अंश वा खण्ड । ~ **दिवस–** ना० नेपालमा प्रतिवर्ष भाद्र २३ गते शैक्षिक क्षेत्रमा उत्सव मनाइने दिन । ~ **दीक्षा–** ना० व्यक्तिको मानसिक र चारित्रिक विकास तथा सद्गुणका निम्ति दिइने अर्तीउपदेश । > **शिक्षाध्यक्ष–** ना० त्रिभुवन विश्वविद्यालयको सङ्गठनअनुसार शैक्षिक मामलाको दायित्व वहन गर्ने तथा पाठचक्रम, अनुसन्धान, विद्यार्थी कल्याण र संयोजन आफ्ना मातहतमा रहेको एक उच्च पद; रेक्टर । ~ **पद्धति–** ना० शिक्षा दिने ढाँचा वा काइदा; शिक्षण-प्रणाली । ~ **परिषद्–** ना० १. शिक्षाको प्रचारप्रसार तथा अभिवृद्धिका निम्ति संलग्न वा सङ्गठित संस्था । २. कुनै शिक्षणसंस्थाको पाठचक्रम, शिक्षणव्यवस्था आदिको निर्णय वा तर्जुमा गर्न बनेको, शिक्षाविद्हरूको समिति । ~ **प्रणाली–** ना० शिक्षा दिने प्रणाली वा काइदा; शिक्षापद्धति । **– प्रद–** वि० शिक्षा दिने वा पाइने; ज्ञानबर्द्धक । ~ **मन्त्रालय–** ना० देशको शिक्षाक्षेत्र तथा शैक्षिक सङ्गठनका तहमा आवश्यक क्रियाकलापको संयोजन, नीतिनिर्धारण, व्यवस्थापन आदि मूलभूत कार्य गर्ने मन्त्रालय । ~ **मन्त्री–** ना० शिक्षामन्त्रालयको कार्यभार वहन गरेको वा त्यसको समुचितव्यवस्था मिलाउने मन्त्री । ~ **योजना–** ना० १. शिक्षाका आवश्यक साधन जुटाउने तथा समुचित उपाय, व्यवस्था आदि गर्ने पूर्वनिश्चित रूपरेखासहितको योजना । २. नेपालमा राष्ट्रिय शिक्षायोजनाअन्तर्गत सक्षम जनशक्ति तयार पार्ने तथा व्यवसायमूलक पद्धतिमा जोड दिने उद्देश्यले चलाइएको शैक्षिक योजना ।

**शिक्षार्थी–** ना० [सं०] शिक्षा लिने वा पढ्ने व्यक्ति; विद्यार्थी; छात्र । ~ **समुदाय–** ना० शिक्षार्थीहरूको समूह ।

**शिक्षालय–** ना० [सं०] शिक्षार्थीहरूले शिक्षा प्राप्त गर्ने ठाउँ वा भवन; शिक्षा दिने वा पढाउने संस्था; विद्यालय ।

**शिक्षाविद्–** वि० [सं०] शिक्षाको ज्ञाता; विद्वान् ।

**शिक्षा विधान–** ना० [सं०] देशमा शिक्षाको समुचित विकास तथा शैक्षिक संस्थाहरूको संयोजित सङ्गठनका निम्ति आवश्यक उद्देश्य, नीति, कार्यक्रम, विधि, पद्धति आदि उल्लेख भएको नियमविनियम; शिक्षासवाल ।

**शिक्षा विभाग–** ना० [सं०] शिक्षासम्बन्धी विषयमा आफ्ना मातहतको व्यवस्था मिलाउने वा रेखदेख गर्ने सरकारी विभाग ।

**शिक्षिका–** ना० [सं०] स्त्रीशिक्षक; अध्यापिका; गुरुआमा ।

**शिक्षित–** वि० [सं०] १. शिक्षा प्राप्त गरेको; पढेलेखेको वा बुझेको ।

२. विधिवत् व्यावहारिक कुरा वा शास्त्रीय कुराको ज्ञान हासिल गरेको । ३. जान्नेसुन्ने; विद्वान्; पण्डित ।

**शिखण्ड–** ना० [सं०] १. मुजुरको पुच्छर; मयूरपुच्छ । २. शिखा; टुपी । > **शिखण्डी–** ना० १. मुजुर वा त्यसको प्वाँख । २. कुखुरो । ३. बाण । ४. मूलरूपमा कन्या भए तापनि पुत्ररूपमा घोषित र भीष्म पितामहका मृत्युको कारण हुने, महाभारतप्रसिद्ध द्रुपद राजाको छोरो । ५. पौरुष वा बलको अभाव भएको व्यक्ति वा त्यस्तो व्यक्तिलाई उभ्याएर आफ्नो काम पटचाउने मानिस ।

**शिखर–** ना० [सं०] १. पर्वतको सबभन्दा माथिल्लो भाग; चुचुरो; टाकुरो । २. घर, मन्दिर आदिको उपल्लो चुच्चो भाग; गजुर । ~ **नारायण–** ना० उपत्यकाका चार नारायणमध्ये काठमाडौँदेखि दक्षिणमा पर्ने फर्पिङ भन्ने ठाउँमा रहेका एक नारायण । ~ **सम्मेलन–** ना० कुनै निश्चित उद्देश्य लिई राष्ट्राध्यक्षहरूका बीचमा हुने सम्मेलन वा सद्भावनापूर्ण भेला । > **शिखरिणी–** ना० १. प्रत्येक चरण यगण, मगण, नगण, सगण, भगण र लघु र गुरुसमेत सत्र अक्षरले बन्ने, छ र बाह्र अक्षरमा विश्राम हुने एक वार्णिक छन्द । २. छातीदेखि नाभिसम्म गएको रोमपङ्क्ति । ३. श्रेष्ठ वा उत्तम नारी; शालीन स्त्री । **शिखरी–** वि० १. शिखर भएको वा शिखर हुने; टाकुरे । ना० २. पहाडी किल्ला; पर्वत ।

**शिखा–** ना० [सं०] १. चूडाकर्म गर्दा शिरको माझमा राखिने कपालको गाँठो; टुपी । २. मुजुर, डाँफे आदिको सिउर । ३. आगो, बत्ती आदिको ज्वाला । ४. तीखो टुप्पो । – **धर–** वि० शिखा धारण गर्ने; शिखावान् । – **वान्–** वि० १. शिखा भएको; शिखाधर; शिखी । ना० २. अग्नि । ३. बत्ती । ४. चिता । – **सूत्र–** ना० द्विजातिको मुख्य धार्मिक चिह्न भएको शिखा र जनै ।

**शिखी–** वि० [सं०] १. शिखा भएको; शिखाधर । २. चुच्चो परेको; तिखाउरे । ना० ३. द्विजाति । ४. मुजुर, डाँफे आदि सिउर हुने पक्षी । ५. अग्नि; बत्ती । ६. बाण । ~ **बुद्ध–** ना० काठमाडौँ उपत्यकाको फूलचोकी पहाडमा तपस्या गर्ने, पुराणप्रसिद्ध एक बुद्धको नाम ।

**शिङ्घाण–** ना० [सं०] सिँघान ।

**शिञ्जा–** ना० [सं०] १. गहनाहरू बजेको आवाज; झन्कार; सिञ्जा । २. धनुको डोरी; ताँदो ।

**शिञ्जिनी–** ना० [सं०] १. ताँदो; परिन्जो । २. गोडामा पहिरिने गहना (पाउजेब, नूपुर आदि) । ३. बज्ने माला ।

**शिति–** वि० [सं०] १. श्वेत; सेतो । २. कालो । – **कण्ठ–** ना० नीलकण्ठ; महादेव ।

**शिथिल–** वि० [सं०] १. राम्ररी नकसिएको; खुकुलो (गाँठो, कुरो आदि) । २. कामले साह्रै थाकेको वा गलेको; लस्त । ३. आज्ञा वा नियमविधानको राम्रो पालना नभएको । ४. दह्रो नभएको; दुर्बल । ५. छरितोसँग काम गर्न नसक्ने; जुम्सो । – **ता–** ना० १. शिथिल हुने चाल वा स्थिति । २. वाक्यरचनामा शब्दयोजना नमिल्दा पर्ने, काव्यको एक दोष ।

**शिम्बी–** ना० [सं०] १. सिमी, केराउ, बोडी आदिको कोसो । २. सिमी ।

**शिर–** ना० [सं०] १. शरीर आदिको उपल्लो भाग; टाउको; माथ; मस्तक । २. प्रायः खोलाको उद्गमस्थल । ३. कुनै वस्तु वा ठाउँविशेषको टुप्पो । – **द्वार–** ना० घोडाका टाउकामा कसिने छालाको उपकरण । – **नामा–** ना० १. चिठीपत्र, लिखत आदिको सुरमा लेखिने प्रशस्ति वा शिरमा लेखिने बेहोरा । २. कुनै लेखरचना आदिको शीर्षक । ~ **पाउ–** ना० १. मानमर्यादाका निम्ति वा पुरस्कारका रूपमा दिइने लुगा,गहना आदि । २. छाताजुत्ता । ३. शिर र पाउ; आदि र अन्त । ४. सबै; सम्पूर्ण । ~ **पुच्छर–** ना० शिर र पुच्छर; आदि र अन्त । – **पेच–** ना० राजाले लाउने कल्कीयुक्त मुकुट; राजमुकुट; श्रीपेच । – **पोस–** ना० टाउकामा लगाइने टोपी; पगरी, श्रीपेच आदि वस्त्र वा आभूषण । – **फुल–** ना० नारीले शिरमा लाउने, फूलका आकारको सुनको गहना । – **बन्दी–** ना० सौभाग्यवती नारीले सिउँदोबाट लर्कने गरी शिरमा लगाउने, सुनको फित्ताजस्तो, तीन लहरा परेको र टुप्पोमा झुप्पो भएको गहना । – **बिन्दु–** ना० नाकेबोलीमा ङ, ञ, ण, न, म् – को ध्वनि उच्चारण गर्दा अक्षरका थाप्लामा दिइने थोप्लो; अनुस्वार ( ं ) । ~ **बेहोरा–** ना० चिठी, निवेदन, लिखत आदि आरम्भ गर्दा शिरमा लेखिने मानबोधक वाक्य वा परिचयात्मक विवरण; शिरनामा; शीर्षक । – **विन्दु–** ना० शिरबिन्दु ।

**शिरस्त्र/शिरस्त्राण–** ना० [सं०] १. लडाइँमा योद्धाहरूले शिरको बचाउका निम्ति लाउने फलामे टोपी । २. पगरी; टोपी ।

**शिरस्थान–** ना० [सं०] दैलेख बजारदेखि झन्डै डेढ कोस पश्चिमपट्टि नाभिखोला र छामगाड खोलाको दोभानमा रहेको, ज्वालादेवीको मन्दिर ।

**शिरहात–** ना० [शिर+हात] भलो होस् भनी अरूको शिरमा हात राख्ने काम; आशीर्वाद ।

**शिरहान्ने–** ना० [शिर+हान्ने] आगामा पोलेको सियाले टाउकामा घोचेर गरिने, एक प्रकारको ग्रामीण उपचारपद्धति ।

**शिरा–** ना० [सं०] शरीरमा रक्तसञ्चार गराउने नाडी वा नसो; मांसपेशी । – **स्फोट–** ना० नाडीग्रन्थि । – **हर्ष–** ना० शरीरका नसा झमझमाउने एक रोग ।

**शिरीष–** ना० [सं०] नरम मसिना पात हुने, सेता वा प्याजी रङ्गका कमला र राम्रा फूल फुल्ने, पङ्को काठ हुने र लामालामा चेप्टा फल लाग्ने एक जातको रूख ।

**शिरोधार्य–** वि० [सं०] १. शिरमा धारण गर्न योग्य; माथमा चढाउनुपर्ने । २. आदरसाथ ग्रहण गर्न योग्य; स्वीकार्य । (उदा०– यहाँहरूबाट पाएको सुझाउ शिरोधार्य छ) ।

**शिरोपर–** वि० शिर चढाउन उचित; आदरसाथ लिनुपर्ने; शिरोधार्य । (उदा०– यहाँले भन्नुभएका कुरा शिरोपर छन्) ।

**शिरोबिन्दु–** ना० [सं०] १. शिरको ठीक माथि आकाशमा पर्ने स्थान वा सो स्थानको सूचक बिन्दु । २. अनुस्वार जनाउने

चिह्न; शिरबिन्दु

**शिरोभरो⁄शिरोभारो**– ना० [शिर+भार] सबै दायित्व वहन गर्नुपर्ने कुरो वा स्थिति । (उदा०– केही दिनका निम्ति घरको शिरोभारो साथीलाई सुम्पेर उनी परदेश लागे) ।

**शिरोभूषण**– ना० [सं०] १. शिरमा लगाइने गहना; मुकुट । २. श्रेष्ठ तथा आदरणीय व्यक्ति ।

**शिरोमणि**– ना० [सं०] १. शिरमा धारण गरिने मणि वा रत्न । २. कुनैकुनै हात्ती, नाग आदिको शिरमा पाइने मणि । ३. कुनै विषयका विशिष्ट विद्वान्‌लाई दिइने सम्मानद्योतक उपाधि (जस्तो– कविशिरोमणि, इतिहासशिरोमणि, सङ्गीतशिरोमणि इ०) ।

**शिरोवर्ती**– वि० [सं०] १. श्रद्धा र सम्मान गर्नुपर्ने; सर्वश्रेष्ठ; सर्वोत्तम । २. शिरमा रहेको वा रहन लायक । ना० ३. आदरणीय व्यक्ति; प्रधान पुरुष ।

**शिरोवेष्टन**– ना० [सं०] शिरमा गुतिने फेटा; पगरी ।

**शिला१**– ना० [सं० शिल] उञ्छ; सिला ।

**शिला२**– ना० [सं०] १. पत्थर; ढुङ्गो । २. जाँतो; घट्ट । ३. सँघारठेलो । ~ **खण्ड**– ना० ढुङ्गाको टुक्रो । – **जित**– ना० सूर्यको रापले तातेका विशेष किसिमका ढुङ्गाबाट निस्कने, कालो पग्लिएको पदार्थ । – **न्यास**– ना० घर, मन्दिर आदि बनाउँदा साइतमा विधिपूर्वक पूजाआजा गरी जगमा ढुङ्गो, इँट आदि राख्ने काम; गृहारम्भ । – **पट**– ना० ढुङ्गाको पट वा आसन; ढुङ्गाको पाटी । – **पत्र**– ना० शिलालेख । – **लेख**– ना० चिरस्थायित्वका निम्ति शिलामा कुँदिएको कुनै विशेष विषयको प्रचार, प्रमाण आदि हुने लेख वा स्मारिका ।

**शिलावृत्ति**– ना० [सं० शिलवृत्ति] सिला खोजेर गरिने जीवननिर्वाह; उञ्छवृत्ति ।

**शिल्प**– ना० १. नाना थरीका कलापूर्ण वस्तुहरू बनाउने, बुट्टा भर्ने आदि हातको कला वा सीप; हस्तकला; कालिगडी । २. कुनै काम तह मिलाएर गर्ने ढाँचा । ~ **उद्योग**– ना० शिल्पसम्बन्धी कुरा वा हस्तकलाको उद्योग । > **शिल्पक**– ना० अठार उपरूपकमध्ये एक तथा शान्त र हास्यरसबाहेक अरू रस हुने, मसान आदिको वर्णन गरिने, नायक ब्राह्मण र उपनायक नीच पात्र भएको, चारअङ्के उपरूपक । ~ **कला**– ना० शिल्पसम्बन्धी कला; हस्तकला; कालिगडी । – **कार**– ना० शिल्पसम्बन्धी वा हस्तकलाको काम गर्ने कालिगड; शिल्पी । – **कारी**– ना० शिल्पकारको काम वा कौशल; कारिगरी । ~ **कौशल**– ना० शिल्पकला । ~ **गृह**– ना० शिल्पशाला । – **जीवी**– ना० कारिगरीको कामबाट जीवनवृत्ति चलाउने व्यक्ति; कारिगर । – **ता⁄त्व**– ना० शिल्पको भाव, गुण वा धर्म । – **वाद**– ना० साहित्यलाई शिल्पको कालिगड मान्ने र शिल्पलाई केवल प्रविधि मात्र नमानेर साहित्यकै पर्याय सम्झने, बीसौँ शताब्दीको तेस्रो दशकमा अमेरिकामा प्रयोग भएको साहित्यिक सिद्धान्त । ~ **विद्या**– ना० शिल्पसम्बन्धी विद्या वा ज्ञान । ~ **विधान**– ना० रचनात्मक अभिव्यक्तिका सन्दर्भमा आवश्यक कुरा कलात्मक एवं कुशलतापूर्वक प्रस्तुत गर्ने पद्धति वा ढाँचाकाँचा । – **शाला**– ना० १. शिल्पसम्बन्धी काम गर्ने घर वा शिल्पविद्या सिकाउने विद्यालय । २. शिल्पसम्बन्धी साधन वा वस्तुहरू राखिएको ठाउँ । ~ **शास्त्र**– ना० शिल्पसम्बन्धी निर्माणका विधि लेखिएको वा कालिगडीको विवेचना गरिएको शास्त्र; शिल्पविद्या । ~ **शास्त्री**– ना० शिल्पसम्बन्धी शास्त्र वा प्रयोगकुशलताको ज्ञाता । ~ **सज्जा**– ना० शिल्पले सजाउने काम; हस्तकलाको सजावट ।

**शिल्पिक**– वि० [सं०] १. शिल्पकला वा कारिगरीसित सम्बन्धित । ना० २. शिल्पको काम गर्ने व्यक्ति; कालिगड । > **शिल्पिका**– ना० औषधीका रूपमा काम लिइने एक प्रकारको तृण ।

**शिल्पी**– ना० [सं०] १. शिल्पसम्बन्धी काम गर्ने व्यक्ति; शिल्पकार; कालिगड । वि० २. शिल्पसम्बन्धी; शिल्पको । ३. शिल्पकलामा निपुण ।

**शिव**– ना० [सं०] १. हिन्दूका तीन प्रधान देवता– ब्रह्मा, विष्णु र महादेवमध्ये संहारकार्यका प्रतीक मानिएका प्रसिद्ध देवता; रुद्र; महादेव; शम्भु; पशुपति । २.मङ्गल; कल्याण; आनन्द । ३. मुक्त हुने काम; मुक्ति; मोक्ष । ४. विष्कम्भादि सत्ताइस योगमध्ये एक योग । ५. कालो धतुरो । ६. पानी; जल । > **शिवका**– ना० लिच्छविकालीन मुद्रा वा सिक्का । – **गामी**– ना० मङ्गलकामना गरेर शिवको उपासना गर्ने व्यक्ति । – **गिरि**– ना० कैलाश (शिखर वा पर्वत) । ~ **चतुर्दशी**– ना० शिवरात्रि । – **ता⁄त्व**– ना० १. शिव वा कल्याणको भाव, गुण वा धर्म । २. अमरता; मोक्ष । – **नामी**– ना० 'शिव-शिव' आदि रूपमा शिवको नाममा छापिएको ओढ्ने, चद्दर वा बर्को । ~ **पुराण**– ना० अठार महापुराणमध्ये शिवको महिमा वर्णन गरिएको एक पुराण; शैव पुराण । – **पुरी**– ना० १. शिवलोक; कैलाश । २. वाराणसी । ३. काठमाडौँ उपत्यकाको सोझो उत्तरमा रहेको एक पर्वत । – **बुटी**– ना० भाङ; गाँजा । (शिवले खाने वा शिवको नाम लिएर खाइने रूपमा) । – **भक्त**– ना० १. शिवजीको भक्त । २. वि० सं० १९८१ वैशाख १ गतेदेखि तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरद्वारा नेपालमा दासप्रथाको उन्मूलन गर्दा पशुपतिनाथको सञ्चित धन उपयोग गरिएकाले त्यसै सन्दर्भमा अमलेख गरिएका कमारा-कमारीहरूलाई दिइएको उपनाम । – **रात्रि**– ना० शिवको पूजाआजा गरिने, उत्सव मनाइने तथा व्रतउपवास आदि बसिने, फागुन कृष्णचतुर्दशी तिथिको रात; शिवचतुर्दशी । – **लिङ्ग**– ना० शिवको लिङ्गाकार रूप; लिङ्गका रूपमा पुजिने शिवको मूर्ति वा प्रतीक । – **लिङ्गी**– ना० पन्जाकार तथा कुनाकुना परेका पात हुने, लहरा वा पातका टुप्पामा धागाका छाँटका त्यान्द्रा देखिने, साना पहेँल्छ्या फूल फुल्ने, फर्सीको जस्तो एक जातको लहरो; त्यसै लहरामा फल्ने काँचोमा हरियोसेतो धर्से र पाकेपछि रातो हुने गोल फल वा गेडाभित्र शिवलिङ्गका आकारको नाइटो हुने बीउ । – **लोक**– ना० शिवजीको वास भएको लोक; कैलाश । – **वाहन**– ना० शिवजीको वाहन; नन्दी नाउँको साँढे ।

**शिवा**– ना० [सं०] १. पार्वती; दुर्गा । २. मोक्ष; मुक्ति ।

**शिवालय–** ना० [सं०] १. शिवको मूर्ति वा लिङ्ग स्थापित भएको मन्दिर; शिवमन्दिर; महादेवको देवल । २. शिवको वास हुने ठाउँ ।

**शिवालिक–** ना० महाभारत पर्वतशृङ्खलादेखि दक्षिणपट्टि त्यसैको हाराहारीमा पूर्वपश्चिम केही टाढासम्म फिँजारिएको होचो पर्वतमाला; चुरे पहाड ।

**शिवि–** ना० [सं०] १. पुराणप्रसिद्ध एक दानशील राजाको नाम । २. सिकारी जन्तु । ३. भोजपत्र ।

**शिविका–** ना० [सं०] पाल्की; म्याना ।

**शिविर–** ना० [सं०] १. सेना रहने वा बस्ने ठाउँ; छाउनी; ब्यारेक । २. राजनीतिक आन्दोलन वा युद्धका सिलसिलामा कायम गरिने किल्ला; दुर्ग । ३. यात्रा, पर्वतारोहण आदिका अवसरमा अस्थायी रूपमा पाल टाँगी बास कायम गरिने ठाउँ ।

**शिशिर–** ना० [सं०] १. छ ऋतुमध्ये अन्तिम वा हेमन्तपछिको ऋतु; माघ र फागुन महिनामा पर्ने ऋतु । वि० २. सर्दी जमेको; चिसो । ~ **ऋतु–** ना० छ ऋतुमध्ये अन्तिम ऋतु; माघ र फागुन महिनामा पर्ने ऋतु ।

**शिशु–** ना० [सं०] १. जन्मेदेखि प्रायः पाँच वर्षसम्मका उमेरका बालक; नानी; बच्चो । २. कुनै पनि पशुपक्षीको बच्चो (बाछो, छावा, केटो, चल्लो, बचरो इ०) । ~ **उद्यान–** ना० केटाकेटीलाई खेल्न, बस्न र मनोरञ्जन गर्नका निम्ति बनाइएको साधनयुक्त बगैँचा । ~ **कल्याण केन्द्र–** ना० केटाकेटीको स्वास्थ्यको संरक्षण, निरीक्षण वा उपचार आदि गरिने स्थान । – **ता–** ना० बालकपन; बाल्यावस्था । – **त्व–** ना० शिशुता ।

**शिशुपाल–** ना० [सं०] युधिष्ठिरद्वारा राजसूय यज्ञ भइरहेका बेला द्वेष र दुर्वचनको फलस्वरूप कृष्णका हातबाट मारिने, चेदिदेशका राजाको नाम । ~ **वध–** ना० कृष्णद्वारा शिशुपाललाई मारिएको कथाको विषय वर्णन भएको कविमाघनिर्मित संस्कृत भाषाको महाकाव्य ।

**शिशुमार–** ना० [सं०] १. सौँस नामको एक जलजन्तु । २. पुछारमा ध्रुवतारा रहेको देखिने एक नक्षत्रमण्डल । ~ **चक्र–** ना० त्यस्ता नक्षत्रहरूको घेरो वा फन्को ।

**शिशु रोग विशेषज्ञ–** ना० [सं०] केटाकेटीहरूको रोग तथा निदानसम्बन्धी विशेष ज्ञान भएको व्यक्ति; बालकहरूको कुशल डाक्टर वा चिकित्सक ।

**शिश्न–** ना० [सं०] पुरुषको जननेन्द्रिय; लिङ्ग ।

**शिष्ट–** वि० [सं०] १. आनीबानी राम्रो भएको; नियमअनुशासनमा रहने तथा सभ्यता र सौजन्यपूर्ण व्यवहार गर्ने । २. सधाइएसिकाइएको; समुचित शिक्षादीक्षा पाएको; सभ्य । ३. शान्त र नम्र स्वभावको । ४. बाँकी रहेको; शेष; रहल । ना० ५. मान्य वा प्रतिष्ठित व्यक्ति; बुद्धिमान् पुरुष । – **ता–** ना० शिष्ट हुनाको भाव, गुण वा स्थिति । ~ **प्रयोग–** ना० मर्यादित रूपको वा शिष्ट व्यक्तिलाई सुहाउने खालको प्रयोग (बोलाइ, लेखाइ आदिमा) । ~ **मण्डल–** ना० मैत्री, सद्भावना, सम्झौता, सुसम्बन्ध आदिका निम्ति कुनै विशिष्ट व्यक्तिको नेतृत्वमा अर्को देश वा सम्बन्धित तहमा जाने भद्र व्यक्तिहरूको समूह । – **समाज–** ना० शिष्ट वा सभ्य मानिसहरू बसेको समाज; सभ्यहरूको समूह । ~ **सम्मत–** वि० शिष्ट जनद्वारा स्वीकृत वा अनुमोदित; भलादमीहरूले अँगालेको ।

**शिष्टाचार–** ना० [सं०] १. आगन्तुकहरूप्रति अँगालिने मान-मर्यादासहितको राम्रो व्यवहार; आतिथ्य; सत्कार । २. शिष्ट वा सभ्य मानिसहरूको आचरण; सदाचार । ~ **महापाल–** ना० परराष्ट्रमन्त्रालयअन्तर्गत मित्रराष्ट्रका राजदूत वा अन्य प्रतिनिधिहरूको स्वागतका लागि खटिने विशिष्ट अधिकृत (चीफ अफ प्रोटोकल) । > **शिष्टाचारी–** वि० १. शिष्ट आचरण वा सभ्य व्यवहार गर्ने; शिष्टाचारको पालन गर्ने । २. सदाचारी । ३. विनम्र; विनयशील ।

**शिष्य–** ना० [सं०] १. शिक्षकद्वारा कुनै किसिमको शिक्षा प्राप्त गर्ने व्यक्ति; विद्यार्थी; शिक्षार्थी । २. आफूले पढाएको वा सिकाएको व्यक्ति; चेलो । ३. आफूसँग कुनै धर्मको दीक्षा लिएको वा आफूले मन्त्र सुनाएको चेलो । वि० ४. सिकाउनसधाउन योग्य । – **ता/त्व–** ना० शिष्य हुनाको भाव वा अवस्था । ~ **परम्परा–** ना० कुनै गुरुसम्प्रदायबाट चल्दै आएको शिष्यहरूको पुस्तैनी परम्परा; परम्परागत शिष्यमण्डली ।

**शीकर–** ना० [सं०] १. पानीका मसिना थोपाको समूह; छिटाछिटी; जलकण । २. बतासमा उडेको पानीको थोप्लो; ओस; शीत ।

**शीघ्र–** क्रि० वि० [सं०] तुरुन्त; चाँडो; झट्ट । – **कारी–** वि० १. शीघ्र काम गर्ने; काम गर्नमा तेजिलो । २. शीघ्र प्रभाव पार्ने (औषधी, भोजन आदि) । – **गामी–** वि० चाँडो हिँड्ने; द्रुतगामी । – **ता/त्व–** ना० शीघ्र वा चाँडो हुने चाल वा स्थिति; छिटोपना । > **शीघ्रातिशीघ्र–** क्रि० वि० अति चाँडो वा हुनेसम्मको छिटो; तुरुन्तातुरुन्ती; छिटोभन्दा पनि छिटो ।

**शीत–** ना० [सं०] १. राती जमिन, रूख, पात आदिमा पर्ने पानीका ससाना थोप्ला; ओस । २. ठन्डीको अवस्था वा अनुभव; जाडो; चिसो । ३. नचलमलाउने; अल्सी । – **कटिबन्ध–** ना० भूमध्यरेखादेखि ६६½ अंश उत्तर र ६६½ अंश दक्षिणदेखि ध्रुवप्रदेशसम्म पर्ने; साह्रै चिसो रहने पृथ्वीका दुई भाग । – **कण–** ना० राती वा जाडामा आकाशबाट परेको, टल्कने पानीका थोप्ला; जलबिन्दु; शीत । – **कर–** वि० १. चिसो वा ठण्डा गर्ने । ना० २. चन्द्रमा । ३. कपूर । – **करण–** ना० चिसो वा ठन्डा बनाउने प्रक्रिया । ~ **काल–** ना० जाडोको समय; हिउँद याम (प्रायः मङ्सिर, पुस र माघ महिना वा हेमन्त ऋतुदेखि आधा शिशिर ऋतुसम्म) । ~ **कालीन–** वि० जाडाको समयको; जाडामा हुने; जाडोसम्बन्धी । ~ **ज्वर–** ना० साह्रै जाडो वा ठन्डी भएर चढ्ने एक किसिमको जरो; कामजरो । ~ **प्रधान–** वि० १. धेरै शीत लाग्ने वा जाडो हुने (देश, ठाउँ आदि) । २. सर्दी वा चिसो लाग्ने । ~ **मण्डल–** ना० सुमेरु र कुमेरु वृत्तदेखि ध्रुवतर्फको जाडो क्षेत्र । ~ **मरुभूमि–** ना० हिउँले ढाकिएको

क्षेत्र । ~ **युद्ध–** ना० सेना र शस्त्रास्त्रको प्रत्यक्ष प्रयोग नभए तापनि राष्ट्रहरूका बीच भित्रभित्रै विरोध चल्ने र प्रकट रूपमा तानातान भइरहने तथा त्यस्तो नीतिले युद्धको भावना चर्कँदै जाने अवस्था वा कार्य ।

**शीतल–** वि० [सं०] १. जलवायुका संयोगले वा तापक्रम घट्नाले आनन्दलाग्दो भएको; शरीरलाई सन्च लाग्ने स्थितिको; ठिक्क खालको चिसो । २. नतात्ने वा नजङ्गिने; सौम्य; नरम (स्वभाव) । ३. नदुखाउने; सन्चो लाग्ने । ~ **गेडी–** ना० केराउका जत्रा राता, सेता, हरिया दाना हुने, प्रायः केटाकेटीले खाने गुलियो खानेकुरो । ~ **चिनी–** ना० हे० कबाफचिनी । – **ता–** ना० शीतल हुनाको भाव वा स्थिति; सन्च लाग्ने चिसोपन । ~ **पाटी–** ना० बेत आदिका मसिना चोयाले बुनेको एक किसिमको मान्द्रो । २. बोटका छेउछाउमा भएका गर्मीयाममा हावा लाग्ने, शीतल हुने पौवा वा पाटी । ३. विश्रामस्थल ।

**शीत लहरी–** ना० [सं०] शीतप्रधान क्षेत्रमा चल्ने वा जाडो याममा बग्ने बर्फिलो चिसो हावा ।

**शीतला–** ना० [सं०] १. गर्मी चढेको बेला शरीरमा खटिरा निस्कने एक सङ्क्रामक रोग; बिफर । २. बिफर रोगकी अधिष्ठात्री देवीको नाम ।

**शीताङ्क–** ना० [सं०] अधिकतम जलवाष्प ग्रहण गरिसकेको वायुको अवस्था; द्रवीकरण हुने स्थिति ।

**शीताङ्ग–** ना० [सं०] हातगोडा चिसो भएर आउने एक प्रकारको जरो; सन्निपातको जरो ।

**शीताद्रि–** ना० [सं०] हिमालय पर्वत; हिमाल ।

**शीतार्द्र–** वि० [सं०] शीत वा ओसले भिजेको ।

**शीतोपचार–** ना० [सं०] अत्यधिक चिसाको प्रयोगबाट रोगको उपचार गर्ने प्रक्रिया ।

**शीतोष्ण–** वि० [सं०] चिसो र न्यानो; ठन्डा र गर्मी । ~ **प्रदेश–** ना० चिसोतातो बराबरी रहेको वा समान जलवायु भएको भूभाग ।

**शीत्कार–** ना० [सं०] अत्यधिक आनन्द वा आकस्मिक पीडाका क्षणमा मुखबाट निस्कने केवल 'सी-सी' को अव्यक्त ध्वनि । सम्भोगका समयमा मुखबाट निस्कने आवाज ।

**शीर्ण–** वि० [सं०] १. खस्नु, छरिनु, फ्याँकिनु, फुट्नु आदिबाट नष्ट भएको; थोत्रिएको; मकाएको । २. ओइलाएको; सुकेको । ३. रोगले खाएको; दुब्लाएको । – **ता/त्व–** ना० शीर्ण हुनाको भाव वा अवस्था ।

**शीर्ष–** ना० [सं०] १. कुनै विषयवस्तुको माथिल्लो भाग वा टुप्पो; टाउको; शिर । २. मस्तक; ललाट; निधार । > **शीर्षक–** ना० १. लेख, निबन्ध, कविता आदिको शिरमा रहने नाम; टाउको । २. टाउको जोगाउने वा ढाकिने वस्तु (फेटा, टोपी, पगरी आदि) । – **देशना–**ना० जीवित व्यक्तिका टाउकाको नाप लिने प्रक्रिया । ~ **बिन्दु–** ना० हे० शिरोबिन्दु । ~ **रेखा–** अक्षरमाथि रहने सीधा रेखा; डिको ।

**शीर्षस्थ–** वि० [सं०] सबभन्दा माथि रहेको; उपल्लोस्तरको । ~ **सम्मेलन–** ना० विभिन्न राष्ट्रका बीच हुने उच्चस्तरीय सम्मेलन ।

**शीर्षस्थान–** ना० [सं०] १. सबभन्दा उच्च वा माथिल्लो ठाउँ । २. भेरी अञ्चलको दुल्लुमा ज्वालादेवीको पश्चिमपट्टि रहेको ज्वाला निस्कने ठाउँ ।

**शील–** ना० [सं०] १. राम्रो बानीबेहोरा; असल चालचलन; चरित्र; स्वभाव; प्रकृति । २. जोडिएको, लागेको, अभ्यस्त, अनुरक्त आदि अर्थ दिई समासका अन्तमा प्रयोग हुने (जस्तो– भ्रमणशील, स्नेहशील, सौन्दर्यशील इ०) ।

**शुक–** ना० [सं०] १. सुगा । २. शुकदेव । – **देव–** ना० शुकी (सुगी)का रूपमा पृथ्वीमा घुमेकी घृताची नामकी अप्सराबाट जन्मेका, व्यासका छोरा; प्रसिद्ध पुराणवाचक ज्ञानीका रूपमा प्रख्यात ऋषि ।

**शुकबार–** ना० हे० सुक्रबार ।

**शुक्ति–** ना० [सं०] १. सिपी । २. घुँगीकीरो । ३. शङ्ख । ४. खप्पर । > **शुक्तिका–** ना० १. सिपी । २. शरीररचना-विज्ञानमा तख्ताकार वा कुनै वस्तु रहने, हाडको खोक्रो भागको नाम ।

**शुक्र–** ना० [सं०] १. आयतनका हिसाबले वा नवग्रहमध्ये छैटौँ ग्रह; भृगु । २. आफ्ना सञ्जीवनी मन्त्रले युद्धमा मारिएका राक्षसहरूलाई पुनर्जीवित गर्ने, राक्षसहरूका गुरु; दैत्यगुरु; शुक्राचार्य । ३. पुरुषको सन्तानोत्पादक मुख्य तत्त्व; वीर्य । ४. शुक्रवार । – **कीट–** ना० शुक्रकीटाणु । ~ **कीटाणु–** ना० पुरुषको परिपक्व तथा सन्तानउत्पादनको क्षमता भएको वीर्यकोष । – **मेह–** ना० मूत्रेन्द्रियबाट शुक्र बगिरहने एक रोग । – **वार–** शुकबार । – **वासर–** ना० शुक्रवार; शुकबार ।

**शुक्र वाहिनी–** वि० [सं०] शुक्र वा वीर्य बग्ने । ~ **नली–** ना० पुरुषको शरीरमा हुने शुक्र बग्ने नली ।

**शुक्राचार्य–** ना० [सं०] भृगु ऋषिका छोरा र दानवहरूका गुरु; प्रसिद्ध ऋषि ।

**शुक्राणु–** ना० [सं०] स्त्रीको गर्भमा प्रविष्ट भएर सन्तान उत्पादन गराउने पुरुषको वीर्यको अणु वा परिपक्व शुक्रकीट ।

**शुक्ल–** वि० [सं०] १. सेतो; उज्यालो; विशुद्ध । ना० २. साठी संवत्सरमध्येको एक संवत्सर । ३. ब्राह्मण र क्षत्रियहरूको एक उपाधि वा थर । ~ **पक्ष–** ना० औँसीपछिको परेवादेखि पूर्णिमासम्मका चन्द्रमाको कला र बिम्ब बढ्दै जाने पन्ध्र दिनको समूह; पूर्णिमापक्ष; सुदी । ~ **यजुर्वेद–** ना० शुक्लयजुर्वेद र कृष्णयजुर्वेदमध्ये एक ।

**शुचि–** वि० [सं०] चोखो; शुद्ध; पवित्र ।

**शुण्ड–** ना० [सं०] १. मत्ताहात्तीको गण्डस्थलबाट चुहिने सुगन्धी रस । २. हात्तीको सुँड ।

**शुदी–** ना० [सं० शुक्ल] शुक्लदिवसको सङ्क्षिप्त रूप; सुदी ।

**शुद्ध–** वि० [सं०] १. धूलोमैलो, मिलावट आदि नभएको; स्वच्छ; निर्मल; चोखो; पवित्र । २. छलकपट केही नभएको; निष्कपट । ३. दाग वा दोष नभएको; निष्कलङ्क; निर्दोष । ४. त्रुटि वा

c:\Sabdkosh\'Sha'.p65



अशुद्धिरहित (वर्ण, शब्द, वाक्य, भाषा आदि); ठीक । ५. केही नजान्ने वा धनजन केही नभएको; सुदाम । **– ता–** ना० शुद्ध हुनाका निम्ति चाहिने कुरो वा तत्त्व; शुद्ध हुनाको भाव वा स्थिति; शुद्धपना । ~ **बुद्ध–** ना० साह्रै सोझो प्रकृतिको; केही नजान्ने । ~ **शान्ति–** ना० मृतकको आशौचबाट शुद्ध हुनलाई मरेका बाह्र वा तेह्र दिनमा गरिने होम, दान आदि कर्म; मृतकको जुठो चोख्याउने काम । > **शुद्धात्मा–** वि० हृदय शुद्ध भएको; मनमा छल, कपट, पाप आदि नभएको । **शुद्धापह्नुति–** ना० उपमेयलाई मिथ्या देखाई उपमानलाई नै सत्य प्रमाणित गरिने अर्थालङ्कार; अपह्नुति अलङ्कारको एक भेद ।

**शुद्धि–** ना० [सं०] १. शुद्ध पार्ने काम; चोख्याउने काम । २. पवित्रता; शुद्धता । ३. सफाइ; स्वच्छता । ४. कुनै प्रायश्चित्तपरक कर्म वा संस्कार; पवित्रीकरण । ~ **पत्र–** ना० १. पुस्तकपुस्तिकाहरूमा अशुद्ध छापिएका अक्षर, पद आदिको सङ्केत गरी सच्याएर छापिएको पत्र । २. धर्म वा जातिबाट च्युत भएको व्यक्तिले प्रायश्चित्त गरी वा नगद तिरी धर्माधिकारीद्वारा पाएको प्रमाणपत्र; पतियापुर्जी । > **शुद्धीकरण–** ना० अशुद्धलाई शुद्ध गर्ने काम वा प्रक्रिया । **शुद्धीकृत–** वि० शुद्ध गरिएको; सच्याइएको ।

**शुद्धोदन–** ना० [सं०] कपिलवस्तुका शाक्यवंशीय राजा तथा गौतम बुद्धका पिताको नाम ।

**शुनःसेप–** ना० [सं०] अजीगर्तनामक वैदिक ऋषिका माहिला छोरा; एक वैदिक ऋषि; (यिनलाई हेला गरेर शुनःसेप अर्थात् 'कुकुरको पुच्छर' भन्ने नाम राखिएको थियो । राजा हरिश्चन्द्रले नरबलि दिन लागेर पनि शुनःसेपले ईश्वरको स्तुति गरी आफूलाई उम्काएपछि विश्वामित्रले यिनलाई धर्मपुत्र बनाएर 'देवरात' भन्ने नाम राखेका थिए) ।

**शुभ–** वि० [सं०] १. कल्याण गर्ने; मङ्गलमय; हितकारी; असल । २. मनोहर; सुन्दर । ना० ३. माङ्गलिकता; कल्याण । ४. राम्रो भाग्य; अनुकूलता; फाप । ~ **कर्म–** ना० १. भलो वा असल हुने काम; पुण्यकार्य । २. विवाह, व्रतबन्ध आदि धार्मिक कार्य; सत्कर्म । ~ **कामना–** ना० १. भलाइको चाहना; शुभेच्छा । २. कुनै विशेष पर्व वा अवसरमा साथीसँगाती वा इष्टमित्रहरूलाई कल्याण चिताई दिइने वा पठाइने सन्देश । ~ **चिन्तक–** वि० कल्याणको कामना गर्ने; असल चिताउने; हितैषी । ~ **दृष्टि–** ना० १. कुनै कामकुराप्रति असल चिताइने हेराइ; सुदृष्टि । २. राम्रो ग्रहको दृष्टि पर्ने काम ।

**शुभम्–** ना० [सं०] कुनै ग्रन्थ, चिठीपत्र, लिखत आदिको अन्तमा लेखिने मङ्गलसूचक शब्द । > **शुभमस्तु–** ना० १. कसैको कल्याण वा भलो चिताएर भनिने शब्द । २. आशीर्वाद दिँदा प्रयोग गरिने शब्द; कल्याण होस् ।

**शुभाकाङ्क्षा–** ना० [सं०] अरूको शुभ वा असल होस् भन्ने चाहना; शुभेच्छा । > **शुभाकाङ्क्षी–** वि० शुभाकाङ्क्षा गर्ने; कल्याण चाहने ।

**शुभागमन–** ना० [सं०] कल्याण वा मङ्गल हुने गरी भएको कसैको आगमन; भलो हुने आगमन । (उदा०– तपाईंको शुभागमनले म अत्यन्त हर्षित छु) ।

**शुभाञ्जन–** ना० [सं०] १. शोभाञ्जन वृक्ष; सैँजन । २. आँखालाई हित गर्ने गाजलविशेष ।

**शुभारम्भ–** ना० [सं०] कुनै कार्यको विधिवत् आरम्भ; असल कामको थालनी ।

**शुभाशिष/शुभाशीर्वाद–** ना० [सं०] आफूभन्दा साना व्यक्तिलाई कल्याण चिताएर दिइने आशिष्; हितकारी आसिक; मङ्गलकारी आशीर्वाद ।

**शुभाशुभ–** वि० [सं०] शुभ र अशुभ; असल र खराब; राम्रोनराम्रो ।

**शुभेच्छा–** ना० [सं०] शुभ कुराको इच्छा वा चाहना; शुभकामना । > **शुभेच्छु/शुभेच्छुक–** वि० भलो चिताउने; शुभचिन्तक ।

**शुभ्र–** वि० [सं०] १. सेतो; टकटका । २. चम्किलो; उज्यालो । **– ता–** ना० शुभ्र हुनाको भाव, गुण वा स्थिति; सेतोपना; उज्यालोपना ।

**शुल्क–** ना० [सं०] १. यातायातका साधन, खासगरी बाटो, घाट आदिमा लाग्ने कर वा महसुल । २. कुनै वस्तुको उत्पत्ति, उपभोग, आयातनिर्यात आदि हुँदा सरकार वा राज्य, स्थानीय निकाय वा गा० वि० स०, न० पा० आदि विविध निकाय वा कुनै अधिकृत संस्थान आदिले उठाउने वा लगाउने निर्दिष्ट रकम(जग्गाको तिरो, मालसामानको भन्सार, पानीबिजुली आदिको महसुल इ०) । ३. शैक्षिक, सामाजिक, धार्मिक आदि संस्थाहरूमा पठनपाठन वा अन्य कामका निम्ति प्रवेशका समयमा र मासिक,वार्षिक आदि रूपमा बुझाइने नियमानुसारको दस्तुर; फीस । ४. कुनै आंशिक काम गरेबापत दिइने ज्याला; पारिश्रमिक; मजदुरी ५. घर, सामान आदि उपभोग गरेबापत दिइने वा लिइने कबुलअनुसारको रकम; भाडा; किराया । ६. वैवाहिक कार्यमा रीतिरिवाजअनुसार कन्या वा वरपक्षलाई दिइने दस्तुर; दाइजो । **– ग्राही–** वि० शुल्क लिने वा उठाउने ।

**शुश्रूषा–** ना० [सं०] १. असक्त, रोगी र बालबच्चा आदिको स्याहार वा सुसार; टहल; सेवा । २. आज्ञापालन । ३. कुनै कुरा सुन्ने वा जान्ने चाहना । > **शुश्रूषु–** वि० १. सुसार वा टहल गर्न इच्छा गर्ने; सेवा गर्ने । २. आज्ञापालन गर्ने; आज्ञाकारी । ३. सुन्न वा जान्न चाहने ।

**शुषिर–** वि० [सं०] १. प्वाल वा छिद्र भएको । ना० २. प्वाल; छिद्र; दुलो । ~ **वाद्य–** ना० मुखले फुकेर बजाइने बाजा (बाँसुरी, सनई, मुरली आदि) ।

**शुष्क–** वि० [सं०] १. आगो, घाम आदिको रापले तातेर पानीको भाग वा चिसोपनजति निथ्रिएको; सुकेको; सुक्खा । २. मनोविनोद वा हँस्सीठट्टामा अभिरुचि नलिने; बिरसिलो; नीरस । ३. अमिल्दो स्वभावको; खस्रो । ४. कुनै सार नभएको । ५. चाख नलाग्ने; झर्कोलाग्दो । ~ **कलह–** ना० कारण वा मतलबविनाको झगडा; व्यर्थको रडाको । **– ता–** ना० शुष्क हुनाको भाव वा स्थिति; सुक्खापन; बिरसिलोपन । ~ **नरवानर–** ना० शिवालिक

c:\Sabdkosh\Sha.p65



पर्वतशृङ्खलामा अश्मीभूत अस्थिअवशेषका रूपमा पाइएको मानवजस्तो देखिने वानर । > **शुष्काङ्ग–** वि० शरीर सुकेको; दुब्लोपातलो ।

**शूक–** ना० [सं०] कुनै वस्तुको तिखिएको चुच्चो भाग (झुस; टुँडो आदि) । ~ **धान्य–** ना० लामो टुँडो हुने जातको कुनै अन्न (गहुँ, जौ, धान आदि); जुँगेधान, जौ, गहुँ आदि ।

**शूकर–** ना० [सं०] १. सुँगुर । २. बँदेल; वराह ।

**शूद्र–** ना० [सं०] आर्यहरूको वर्णव्यवस्थाअनुसार अन्तिम वा चौथो वर्ण; पहिले अछूत मानिएको परिगणित जाति; हरिजन । – **ता–** ना० शूद्र हुनाको भाव वा अवस्था । ~ **देवता–** ना० पूषा ।

**शून्य–** वि० [सं०] १. गुदी वा सारवस्तु केही पनि नभएको; खाली; रित्तो; खोक्रो । २. मानिसको बस्ती, हलचल आदि नभएको; सुनसान; निर्जन; एकान्त । ३. भौतिक रूप वा आकार नभएको; निराकार । ४. वास्तविकता वा अस्तित्व नभएको । ५. नभएको; रहित (समस्त पदका अन्तमा, जस्तो– ज्ञानशून्य, भावशून्य इ०) । ना० ६. खाली ठाउँ; आकाश अन्तरिक्ष । ७. गणितमा कुनै अङ्कको पछाडि हाल्दा त्यस अङ्कलाई दस गुना बढाउने र एक्लो प्रयोग हुँदा अभावको सूचक बन्ने गोलो चिह्न; बिन्दु (०) । ८. विज्ञानका अनुसार हावा पनि नभएको खाली ठाउँ । ९. हठयोगका अनुसार शरीरका आठ चक्रमध्ये सातौँ चक्र । १०. केही पनि नहुने कुरो वा स्थिति; अभाव; अवास्तविकता । ११. ब्रह्म । – **ता–** ना० शून्य हुनाको भाव वा स्थिति; रित्तोपन । – **वाद–** ना० १. ईश्वर, आत्मा आदिको नित्य सत्ता नमान्ने र संसारलाई शून्य ठान्ने एक दार्शनिक सिद्धान्त; बौद्धको माध्यमिक दर्शन । २. नास्तिक मत । – **वादी–** वि० १. शून्यवादको अनुयायी । २. बौद्ध । ३. नास्तिक । – **सान्य–** वि० सुनसान । ~ **हृदय–** वि० १. प्रिय वस्तुको अभाव वा अन्य कुनै कारणले होसहवास हराएको । २. मनमा दयामाया वा चेतना नभएको ।

**शूर–** वि० [सं०] १. डर नभएको; आँटिलो; साहसी; पराक्रमी । ना० २. वीर पुरुष; योद्धा । ३. कृष्णका बाजेको नाम । – **ता–** ना० शूर हुनाको गुण वा स्थिति; सूरोपन; शौर्य । ~ **विद्या–** ना० युद्ध गर्ने वा युद्धकला सिकाउने विद्या । – **वीर–** ना० १. साहसी योद्धा; ठूलो वीर । वि० २. साह्रै आँटिलो; सूरो । – **सेन–** ना० १. द्वापरयुगका मथुराका राजा र कृष्णका मामाबाजे । २. व्रजभूमि वा त्यसका निवासी । (वर्तमान मथुरा र त्यसका निकटको प्रदेश शूरसेन देश कहलाउँथ्यो र त्यस देशका सेनाहरू अति शूरा हुनाले राजाको नाम पनि शूरसेन नै थियो भनिन्छ) ।

**शूर्प–** ना० [सं०] अगाडि बिट नभएको र पछाडि बिट उचालिएको, मदेसमा प्रचलित, पुरानो चारकुने नाङ्लो । > **शूर्पणखा–** ना० नाङ्लाजस्ता नङ भएकी, रावणकी बहिनीको नाम ।

**शूल–** ना० [सं०] १. प्राचीन कालको भालाजस्तो तीखो र घोच्ने फलामे हतियार । २. पोल्ने मासुमा घुसारिने सुइरो । ३. वायु बिग्रनाले पेट आदि अङ्गमा हुने चर्को पीडा; सोला हान्ने रोग । ४. मानसिक वेदना; व्यथा; पीडा । ५. ज्योतिषशास्त्रअनुसार सत्ताइस योगमध्ये एक । ६. वास्तु वा मूर्तिमा तीन अमलबराबरको नाप; तीन अङ्गुल; पर्वन्, रुद्राक्षि, अग्नि, गुण वा विद्यामध्ये कुनै एकबराबरको नाप । – **पाणि–** ना० १. हातमा शूल लिने व्यक्ति २. महादेव; शिव । ~ **विद्या–** ना० वास्तु वा मूर्तिमा तीन अमलबराबरको नाप; तीन अङ्गुल; पर्वन्, रुद्राक्षि, शूल, अग्नि, गुण वा विद्याबराबरको नाप ।

**शूली–** ना० [शूल+ई] १. ठूला अपराधीलाई गुदद्वारबाट रोपी माथिसम्म उनेर प्राणदण्ड दिइने, भालाजस्तो तीखो टुप्पो भएको प्राचीन हतियार; बातो । वि० २. त्रिशूल लिने (महादेव) । ३. शूलको रोग भएको ।

**शृगाल–** ना० [सं०] जम्वुक; स्याल ।

**शृङ्खला–** ना० [सं०] १. कुनै वस्तुको क्रम वा सिलसिला; मेसो; पङ्क्ति; लङ । २. धातु, विशेषतः फलामका मुन्द्री गाँसेर बनाइएको सिक्री वा साङ्लो; जन्जिर । – **बद्ध–** वि० १. शृङ्खला वा क्रम, लङ आदि मिलेको; सिलसिलेवार । २. सिक्री वा जन्जिरले बाँधिएको । > **शृङ्खलित–** वि० १. शृङ्खलामा राखिएको; क्रमबद्ध । २. सिक्रीले उनिएको; जन्जिरमा बाँधिएको ।

**शृङ्ग–** ना० [सं०] १. सिङ । २. टाकुरो वा चुचुरो (जस्तो– पर्वतशृङ्ग) । ३. कुनै ठाडो वस्तुको अगिल्लो वा उपल्लो चुच्चो भाग (घरको धुरी, मन्दिरको गजुर, खुँडे जुनको चोसो वा कुनु; स्तनको टुप्पो इ०) । ४. फुकेर बजाइने नरसिङ्गा वा भैँसी आदिका सिङको बाजा । ५. पानीको सिर्को; फोहरा; पचका । **पुट–** ना० जुका परेका बालकहरूलाई खुवाइने जरायोको सिङ पुट गरी बनाइएको प्रसिद्ध आयुर्वेदीय औषधी ।

**शृङ्गार–** ना० [सं०] १. शरीर वा कुनै वस्तुलाई राम्रो र आकर्षक पार्न सजाउनेसिँगार्ने काम; सजावट । २. शारीरिक शोभा बढाउन कोरीबाटी गरी लुगा, सिँदुर, गाजल, लिपिस्टिक आदि लाउने काम; सिँगारपटार । ३. शोभा बढाउने वस्तु; सिँगार गर्ने साधन । ४. काव्यमा वर्णित नौ प्रकारका रसमध्ये पहिलो र रति स्थायी भाव, नायकनायिका आलम्बनविभाव आदि हुने एक रस । (यो संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार दुई किसिमको हुन्छ)। ५. सम्भोगको इच्छा; रसिकता; प्रेम । > **शृङ्गारक–** ना० १. प्रीति; प्रेम । २. सिँदुर । वि० ३. सिँगार्ने । ~ **रस–** ना० काव्यका नव रसमध्ये एक रस; शृङ्गार । **शृङ्गाराभास–** ना० नसुहाउँदो र अनुचित रूपमा शृङ्गारको वर्णन गर्दा हुने एक प्रकारको काव्यदोष । **शृङ्गारिक–** वि० शृङ्गारको भावना भएको; शृङ्गारसम्बन्धी । **शृङ्गारित–** वि० १. शृङ्गार गरिएको; सिँगारिएको । २. शृङ्गार वा प्रेममा आसक्त । **शृङ्गारी–** वि० १. शृङ्गारयुक्त; शृङ्गार गर्ने; सजिसजाउ । ना० २. ठाँटिलोरसिलो व्यक्ति । ३. कामुक वा ढाँचाढर्रा पार्ने मानिस ।

**शृङ्गी–** वि० [सं०] १. सिङ हुने वा सिङ भएको; सिङालो (पशु) । २. सिङबाट बनेको वा सिङको (बाजा) । ना० ३. पहाडको टाकुरो । ४. सिङ्गेमाछो ।

**शेख**– ना० [अ०] १. मुसलमानको पैगम्बर मुहम्मदका वंशजहरूले पाएको एक उपाधि । २. मुसलमानका प्रमुख चार वर्ग– शेख, सैयद, मुगल, पठानमध्ये श्रेष्ठ मानिने वर्ग ।

**शेखर**– ना० [सं०] १. शिरमा धारण गरिने वस्तु (टोपी, मुकुट, पगरी, किरीट आदि) । २. शिखर; चुचुरो । ३. टाउको; शिर ।

**शेप**– ना० [सं०] १. पुरुषको जननेन्द्रिय; लिङ्ग । २. पशुको रज । ३. पुच्छर ।

**शेफालिका/शेफाली**– ना० [सं०] भेट्नैपिच्छे रहरका जस्ता पाँचपाँचवटा पात हुने एक जातको बोट वा माथि नीलो र तल सेतो हुने त्यसको फूल ।

**शेयर**– ना० [अङ्०] हे० सेयर ।

**शेर१**– ना० [फा०] हे० सेर (सिंह) ।

**शेर२**– ना० [अ० शेअर] हे० सेर (कविता) ।

**शेष**– वि० [सं०] १. बाँकी रहेको; बचेखुचेको; रहल । ना० २. छानेर बचेको वस्तु; छनौटो । ३. गणितमा भाग गर्दा वा ठूलो अङ्कबाट सानो अङ्क घटाउँदा बचेको अङ्क । ४. कुनै वस्तुको उपभोग गरिसकेपछि पनि रहेको थोरै अंश; निथारपिथार । ५. टुङ्गिने काम वा अवस्था; समाप्ति; मरण; अन्त्य । ६. शेषनाग । – **नाग**– ना० भगवान् विष्णुको शय्याका रूपमा परिकल्पना गरिएका सहस्र फणायुक्त नागराज; अनन्त । – **पछि**– क्रि० वि० मृत्युउप्रान्त; मरेपछि; सेखपछि । ~ **प्रश्न**– ना० ईश्वर, सृष्टिकर्ता, मरणउप्रान्तको स्थिति, बीज र फलको पौर्वापर्य आदिका बारेमा आजसम्म टुङ्गो लाग्न नसकेकाले उत्तर पाउन बाँकी रहेको असम्भव प्रश्न । – **शायी**– ना० विष्णु । > **शेषान्तर**– वि० १. शेष रहेको कुरो; परिणाम । २. भूतप्रेत; प्रेतात्मा (धामीझाँक्रीका बोलीमा) ।

**शैक्षणिक**– वि० [सं०] शिक्षणसम्बन्धी; शिक्षणको; शिक्षणका प्रयोजनमा आउने ।

**शैक्षिक**– वि० [सं०] १. शिक्षासँग सम्बन्ध राख्ने; शिक्षासम्बन्धी । ना० २. शिक्षाशास्त्रको विशेषज्ञ । ~ **भ्रमण**– ना० पाठ्यक्रममा निर्देश गरेअनुसार शिक्षाका विभिन्न क्रियाकलापमध्ये ऐतिहासिक, भौगोलिक, सामाजिक आदि विषयको अध्ययनअवलोकनका निम्ति शिक्षणसंस्थाबाट विद्यार्थीहरू सम्बन्धित स्थानमा घुम्न जाने काम । ~ **सत्र**– ना० शिक्षायोजनाअनुसार विद्यालयमहाविद्यालयमा नयाँ कक्षाको आरम्भ भएदेखि वर्ष दिनभित्र चालु रहने समयावधि ।

**शैथिल्य**– ना० [सं०] १. शिथिल हुने चाल वा स्थिति; शिथिलता; खुकुलोपन । २. निर्धोपन; कमजोरी । ३. नसर्ने वा लेसिने चाल; ढिलाइ; सुस्ती ।

**शैल**– ना० [सं०] १. शिला भएको वा शिलाबाट बनेको; शिलासम्बन्धी । ना० २. पहाड; पर्वत । ~ **कन्या/कुमारी**– ना० हिमालयकी पुत्री; पार्वती । – **कूट**– ना० पहाडको चुचुरो; शिखर; टाकुरो ।

**शैलज**– वि० [सं०] शैल वा पर्वतबाट उत्पन्न । > **शैलजा**– ना० १. पार्वती । २. दुर्गा ।

**शैलपुत्री**– ना० [सं०] नवदुर्गामध्ये एक; पार्वती ।

**शैल शिखर**– ना० [सं०] पहाडको टाकुरो; पर्वतको चुचुरो; शैलकूट ।

**शैलाधिप/शैलाधिराज**– ना० [सं०] हिमालय ।

**शैली**– ना० [सं०] १. विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति; काम गराइको ढाँचा; परिपाटी; छाँटछन्द । २. असल शीलस्वभाव भएका व्यक्तिबाट हुने कुरो । ३. कुनै सिद्धान्तजस्तै भएर आएको रीति वा चलन । ४. साहित्यिक रचनामा लेखकका व्यक्तित्वगत विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा । (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली आदि) । – **कार**– ना० साहित्यिक रचनामा कुनै विशिष्ट तथा आकर्षक शैलीको निर्माता; शैलीको चमत्कार प्रदर्शित गर्ने व्यक्ति । ~ **तत्त्व**– ना० लेखनका सन्दर्भमा कुनै पनि अनुभूत विषयवस्तुका अभिव्यक्तिलाई सुन्दर तथा प्रभावपूर्ण पार्नका निम्ति तरिकासाथ सजाइने विशिष्ट पदरचना ।

**शैलेन्द्र**– ना० [सं०] हिमालय पर्वत ।

**शैल्पिक**– वि० [सं०] शिल्पसम्बन्धी; शिल्पको ।

**शैव**– वि० [सं०] १. शिवसम्बन्धी; शिवको । ना० २. हिन्दूका मुख्य तीन (शैव, शाक्त, वैष्णव) सम्प्रदायमध्ये शिवलाई मान्ने सम्प्रदाय; शिवको उपासक; शिवभक्त । ३. शिवपुराण । ४. पाशुपत अस्त्र । – **पत्र**– ना० बेलपत्र ।

**शैवल**– ना० [सं०] हे० शैवाल । > **शैवलिनी**– ना० नदी; खोलो ।

**शैवाल**– ना० [सं०] पानीसिँवाली; झ्याउ ।

**शैव्या**– ना० [सं०] पुराणप्रसिद्ध राजा हरिश्चन्द्रकी पत्नी ।

**शैशव**– ना० [सं०] १. शिशुको अवस्था; बाल्यावस्था; बालकपन । (तिम्रै शीतल बक्षस्थलमा यो कविको शैशवकाल बित्यो । – सिद्धिचरण, 'ओखलढुङ्गा') । वि० २. शिशुसम्बन्धी; बालकको ।

**शैशिर**– वि० [सं०] शिशिर ऋतुमा हुने; शिशिर ऋतुसम्बन्धी ।

**शोक**– ना० [सं०] १. स्वजन वा प्रिय व्यक्तिको मृत्यु वा वियोगमा हुने मानसिक कष्ट; मनको पीर; सुर्ता; चिन्ता । २. साहित्यमा करुणरस निसृत हुने स्थायी भाव । ~ **काव्य**– ना० कुनै प्रिय वा गुणी व्यक्तिका वियोगमा हृदयको व्याकुलता अभिव्यञ्जित गरी लेखिएको, करुणरसप्रधान काव्य । ~ **गीत**– ना० प्रिय व्यक्तिसँगको बिछोडमा शोक व्यक्त गर्दै गाइने गीत । ~ **पुस्तिका**– ना० कुनै विशिष्ट व्यक्तिको निधन हुँदा सम्बन्धित ठाउँमा गएर हार्दिक शोक व्यक्त गरी मन्तव्य लेख्ने वा हस्ताक्षर गर्ने पुस्तिका । ~ **प्रस्ताव**– ना० कुनै विशिष्ट व्यक्तिको निधन भएकोमा दुःख व्यक्त गर्दै सभा, समिति आदिले पारित गर्ने प्रस्ताव । ~ **सन्तप्त**– वि० आफन्त वा प्रिय व्यक्तिको वियोगमा व्याकुल भएको; शोकमा डुबेको । ~ **सन्देश**– ना० शोकाकुल अवस्थामा शोकसन्तप्त व्यक्ति वा परिवारलाई दिइने वा पठाइने समवेदनाको सन्देश । ~ **सभा**– ना० कुनै विशिष्ट व्यक्तिको निधनमा शोक व्यक्त गर्न गरिने सभा वा जमघट । ~ **समाचार**– ना० कसैका मृत्युको शोकसम्बन्धी खबर वा कुरो ।

c:\Sabdkosh\Sha.p65



**शोका**– ना० [सं० शक] नेपालको सुदूर पश्चिममा दार्चुला जिल्लाको उत्तरी भागमा र त्यसको पश्चिमपट्टिको भारतीय इलाकामा पनि बसोबास गर्ने एक जाति ।

**शोकाकुल**– वि० [सं०] शोकले छटपटाएको; दुःखले व्याकुल भएको; वेदनाग्रस्त ।

**शोकातुर**– वि० [सं०] शोकले ग्रस्त भएको; शोकाकुल ।

**शोकार्त**– वि० [सं०] शोकले पीडित; शोकाकुल ।

**शोच**– ना० [सं०] १. सोच्ने काम; सोच । २. अफसोस; विलाप; चिन्ता । > **शोचनीय**– वि० १. चिन्ता गर्नुपर्ने; चिन्तनीय । २. विचार पुऱ्याउनुपर्ने; विचारणीय । **शोच्य**– वि० शोचनीय ।

**शोण**– वि० [सं०] १. गाढा रातो; लाल । ना० २. रातो रङ; लाल । ३. भारतको बिहार प्रान्तमा बग्ने तथा पटनानजिकै गङ्गामा मिल्ने एक नदी ।

**शोणित**– वि० [सं०] रातो वर्णको; लाल; लोहित । ~ **चन्दन**– ना० रातो चन्दन । – **पुर**– ना० १. बाणासुरको नगर । २. काठमाडौंदेखि दक्षिणपश्चिममा रहेको एक प्राचीन बस्ती (थानकोट) ।

**शोथ**– ना० [सं०] पित्त, वायु आदिको प्रकोपद्वारा शरीरको कुनै अङ्ग सुनिने रोग; सूज ।

**शोध**– ना० [सं०] १. शुद्ध पार्ने वा चोख्याउने काम; शुद्धिसंस्कार । २. रिन तिर्ने काम । ३. कुनै विषयमा गहन अध्ययनका साथ गरिने खोज; अनुसन्धान । ४. साटो फेर्ने काम; बदला । > **शोधक**– वि० शुद्ध पार्ने वा चोख्याउने । २. रिन फर्स्योट गर्ने । ३. खोज वा अनुसन्धान गर्ने; शोधकर्ता । ४. शुद्धि वा संशोधन गर्ने – **कर्ता**– वि० १. शोध गर्ने वा शुद्ध पार्ने (व्यक्ति) । २. भर्ताल दिने (मानिस) । – **कार**– वि० हे० शोधकर्ता । ~ **कार्य**– ना० कुनै विषयमा विशेषतः विश्वविद्यालय तहका स्नातकोत्तर वा विद्यावारिधिजस्ता उच्च र विशिष्ट उपाधिका निम्ति स्वीकृति लिएर शोधप्रबन्ध वा शोधग्रन्थ तयार पार्न गरिने प्रारम्भिक वा पूर्वकार्य । **शोधन**– ना० १. शुद्ध पार्ने काम; शुद्धगराइ । २. शोध गर्ने काम; अनुसन्धान । ३. धातु आदि चम्काउने वा उजिल्याउने काम । ~ **निर्देशक**– ना० १. शोधकार्य गर्ने शोधार्थीलाई आवश्यक निर्देशन दिने वा मार्गदर्शन गर्ने व्यक्ति; अनुसन्धाननिर्देशक । २. कुनै विषयको ज्ञान सूचनात्मक रूपमा प्रदान गर्ने ग्रन्थ; प्रश्नोत्तरका रूपमा विषयवस्तुको ज्ञान गराउने पुस्तक । **शोधनीय**– वि० १. शोधन गर्न योग्य । २. शोधन वा शुद्ध गर्न सकिने । ~ **पत्र**– ना० शोध-निर्देशकका अन्तर्गत रहेर शोधार्थीले कुनै विषयमा आफ्नो शोधकार्य पूरा गरी तयार पार्ने गहन लेख वा पत्र । – **परक**– वि० शोधका रूपमा गरेको वा शोधलाई विशेष जोड दिइएको (लेख, ग्रन्थ आदि) । ~ **प्रबन्ध**– ना० शोधका आधारमा प्राप्त जानकारीलाई सङ्कलित गरेर लेखिएको प्रबन्ध; शोधपत्र । ~ **भर्ना**– ना० कुनै विषय वा शीर्षकअन्तर्गत खर्च हुने रकम अर्कातिर खर्च गर्नुपर्दा पछि सो रकमान्तर भएको हिसाब पूरा गर्ने काम; सट्टाभर्ना । > **शोधार्थी**– ना० कुनै विषयमा शोध वा अनुसन्धान गर्न चाहने वा गरिरहेको व्यक्ति वा छात्र । > **शोधित**– वि० १. शोध गरिएको । २. शुद्ध पारिएको; सुधारिएको । ३. चुक्ता गरिएको; तिरिएको ।

**शोध्य**– वि० [सं०] हे० शोधनीय । ~ **पत्र**– ना० छाप्नुभन्दा पहिलेका अशुद्धिहरू ठीक पार्न तयार गरिने, कुनै छापिने लेख वा किताबको नमुना; प्रुफ ।

**शोभन**– ना० [सं०] १. राम्रोपन; सुन्दरता; शोभा; कान्ति । २. ज्योतिषशास्त्रका अनुसार सत्ताइस योगमध्येको एक योग । वि० ३. राम्रो लाग्ने; मनोहर; सुन्दर; चमकदार ।

**शोभा**– ना० [सं०] १. व्यक्ति, वस्तु वा सभा, कार्यक्रममा हुने सौन्दर्य; सुन्दरता । २. चमक; कान्ति वा प्रकाश । ३. भव्यता ।

**शोभाञ्जन**– ना० [सं०] सजिवनको बोट वा त्यसमा फल्ने कोसो ।

**शोभान्वित**– वि० [सं०] शोभाले युक्त ।

**शोभायमान**– वि० [सं०] शोभा बढाइरहेको; धेरै सुहाएको; राम्ररी खुलेको ।

**शोभा यात्रा**– ना० [सं०] १. कुनै सांस्कृतिक-सामाजिक उत्सव वा विशिष्ट व्यक्तिका अभिनन्दनमा निकालिने जुलुस । २. जन्ती; बरियाँत ।

**शोभित**– वि० [सं०] १. शोभाले पूर्ण; शोभायुक्त; सुहाएको; खुलेको । २. सजिएको वा सजाइएको; सजिसजाउ ।

**शोषक**– वि० [सं०] १. पानी, रस, चिसो आदि सुकाउने; सोस्ने; सुक्खा पार्ने । २. जुक्ति, बल आदि लगाएर अरूको धनसम्पत्ति, श्रम, उत्पादन आदि तान्ने वा चुस्ने; धुताहा; चुसाहा ।

**शोषण**– ना० [सं०] १. कुनै तातो वस्तुद्वारा पानी, रस, चिसो आदिको सोसाइ; सुक्ने वा सुकाउने काम । २. अरूको , खास गरी आफ्ना अधीनमा रहेका निर्धानिमुखा व्यक्तिहरूका गुण, काम, परिश्रम, उत्पादन, आय आदिबाट व्यक्तिगत स्वार्थ पूरा गर्न उठाइने अनुचित लाभ; चुस्ने वा धुत्ने काम; चुसाइ । – **रहित**– वि० कसैले कसैलाई थिचोमिचो गर्न नपाउने वा कुनै पनि प्रकारको शोषण नभएको (समाज) । > **शोषणी**– ना० लेख्ता वा रेखा खिच्दा बढी भएको मसी सोस्ने कागत; सोस्ता । **शोषणीय**– वि० १. शोषण हुने वा हुन सक्ने; चुसिने । २. चुस्न लायक; शोषण गर्न योग्य ।

**शोषित**– वि० [सं०] १. सुक्खा पारिएको; सुकाइएको । २. अनुचित रूपमा सोस्ने काम गरिएको; चुसिएको; शोषणमा परेको ।

**शौक**– ना० [अ०] हे० सोख ।

**शौच**– ना० [सं०] १. शास्त्रले बताएअनुसार खानपान, आचरण, व्यवहार आदि सबै शुद्ध राख्ने काम; स्वच्छता; पवित्रता । २. सूतक, जुठो आदिबाट चोखिने काम । ३. दिसापिसाप आदि गर्ने काम । > **शौचागार / शौचालय**– ना० दिसापिसाप गर्ने ठाउँ; पाइखाना; चर्पी; हगनगौंडी ।

**शौनक**– ना० [सं०] ऋग्वेदको प्रातिशाख्य तथा अन्य अनेक वैदिक रचनाका प्रणेता, पुराणप्रसिद्ध, नैमिषारण्यवासी एक महर्षि ।

**शौरसेनी**– ना० [सं०] १. प्राचीन समयमा भारतको शूरसेन (वर्तमान मथुरा र त्यसको छेउछाउ) देश वा प्रदेशमा बोलिने शिष्ट

प्राकृत भाषा । वि० २. शूरसेन देशको वा त्यहाँ चलेको; शूरसेनसम्बन्धी ।

**शौर्य–** ना० [सं०] सूरोपन; वीरता; बहादुरी; पराक्रम ।

**शौल्किक–** ना० [सं०] लिच्छविकालीन भन्सारचौकीको अधिकारी ।

**श्मशान–** ना० [सं०] मसान; मरनघाट ।

**श्याम–** वि० [सं०] १. कालो र नीलो मिसाउँदा हुने रङको; हल्का कालो; कल्साउँदो; साँवलो । २. गाढा हरियो । ना० ३. कृष्ण । ४. कालो रङ । ५. बादल; मेघ । – **कर्ण–** ना० सबै शरीर सेतो र कानमात्र कालो भएको उत्तम जातको घोडा । (यस्तो घोडा फापिलो र अश्वमेध यज्ञका निम्ति उपयोगी मानिन्छ) । – **कर्ने–** ना० श्यामकर्ण । – **कली–** ना० १. कमलो डाँठमा उँधो फर्केर फुल्ने, बाहिरी पात रातो र भित्री गुभो बैजनी रङको हुने, एक जातको फूल । २. गीतको एक राग वा लय । (उदा०– **रामकली गाए पनि श्यामकली गाए पनि बूढीलाई गोसाइँथान । –** उखान) ।

**श्यामल–** वि० [सं०] हल्का कालो वर्णको; अलिअलि कालो; साँवलो । – **ता–** ना० हल्का कालोपन । > **श्यामलिमा–** ना० कालिमा; श्यामलता ।

**श्याम व्यङ्ग्य–** वि० [सं०] मानवीय जीवनका सङ्गत-असङ्गत आदि प्रतिनिधिमूलक घटना र पात्रका माध्यमबाट एकै पटक विरोधाभासपूर्ण प्रभाव पारी मर्माहत तुल्याउने तथा युगीन परिवेशमा व्याप्त विसङ्गति र विकृतिप्रति स्वैरकल्पनाको समेत प्रयोग गरेर कटु मनोविनोदात्मक पाराले व्यङ्ग्य प्रहार गर्ने बीसौँ शदीमा पश्चिमी मुलुकको आधुनिकोत्तर आख्यान साहित्यमा देखापरेको अरू व्यङ्ग्यभन्दा बढी भेदक र सशक्त व्यङ्ग्य; ब्ल्याक ह्युमर ।

**श्यामसाही–** ना० अम्खोरा ।

**श्यामसुन्दर–** ना० [सं०] कृष्ण; वासुदेव ।

**श्यामा–** ना० [सं०] १. सोह्रवर्षे बाला । २. राधा; राधिका । ३. काली; दुर्गा । ४. कालो वर्णकी स्त्री । ५. सन्तान पैदा नगरेकी स्त्री । ६. काली गाई । ७. कृष्णपक्षको रात । ८. मीठो बोली बोल्ने कालो रङको प्रसिद्ध चरो; पोथी कोइली । ९. धानबारीमा हुने, धानकै जस्तो बोट भएको र झन्डै उस्तै गेडा फल्ने बुटे झार । > **श्यामिका–** ना० कालोपन; कालिमा; श्यामलता ।

**श्रद्धा–** ना० [सं०] १. देखिएको वा नदेखिएको कुनै पनि आदर्श गुण, विशिष्ट कुरा, महत्त्व, शक्ति आदिबाट मन प्रभावित भई तिनका प्रति उत्पन्न हुने आदरपूर्ण भावना; ईश्वर, धर्म आदि र आफ्ना पूज्य तथा मान्यजनप्रतिको सद्भाव; आस्था; निष्ठा; विश्वास; भक्तिभाव । २. उत्कट वा प्रबल इच्छा; चाहना; सर्धाइँ (विशेषतः गर्भिणी स्त्रीको) । ३. वैवस्वत मनुकी पत्नी । ४. अत्रि ऋषिकी पत्नी । > **श्रद्धाञ्जली–** ना० १. देवता वा सम्मान्य व्यक्तिमा चढाउनका निम्ति देखाइने फल, फूल, माला, अर्घ्य आदिसहितको अञ्जली । २. कुनै दिवङ्गत पूज्य व्यक्तिमा श्रद्धा अभिव्यक्त गर्दा गरिने गुणानुवाद । **श्रद्धालु–** वि० १. गर्नुपर्ने काम श्रद्धापूर्वक गर्ने; श्रद्धा भएको; भक्तालु । २. इच्छा वा चाहना गर्ने; अभिलाषी । ना० ३. गर्भिणी स्त्री । **श्रद्धावान्–** वि० श्रद्धा भएको; श्रद्धालु । **श्रद्धास्पद–** वि० श्रद्धा गर्न योग्य; श्रद्धेय । **श्रद्धेय–** वि० १. श्रद्धा गर्न योग्य; श्रद्धा गरिनुपर्ने; आदरणीय । २. विश्वास गर्न सकिने; विश्वसनीय ।

**श्रम–** ना० [सं०] १. कुनै वस्तुको उत्पादन तथा निर्माण वा जीवननिर्वाहका निम्ति शारीरिक वा बौद्धिक शक्ति लगाएर गरिने काम; मिहिनेत; परिश्रम । २. कुनै कामका निम्तिको मानवीय चेष्टा; प्रयत्न; प्रयास । ३. काम गर्दा लाग्ने थकाइ; थकान; ग्लानि । ४. शरीरको कसरत; व्यायाम । ५. घामपानीमा तप्ने काम; असिनापसिना । – **कण–** ना० धेरै मिहिनेत गर्दा शरीरबाट निस्कने पसिनाका थोपा । ~ **कार्यालय–** ना० श्रमिकहरूको सङ्ख्या, स्थिति आदिको जानकारी प्राप्त गर्नेगराउने कार्यालय । – **जीवी–** वि० १. शारीरिक वा बौद्धिक श्रम गरेर अथवा कुनै किसिमको मजदुरीद्वारा जीवन निर्वाह गर्ने; श्रमद्वारा जीविका चलाउने । ना० २. श्रम गर्ने व्यक्ति; श्रमिक । ३. मजदुर; ज्यामी । – **णक–** ना० बौद्ध सन्न्यासी; बौद्ध भिक्षु । – **दान–** ना० सर्वसाधारण जनताले सहयोगात्मक भावना तथा स्वेच्छापूर्वक सार्वजनिक बाटोघाटो, बाँधपैनी, विद्यालयमहाविद्यालय आदिको निर्माणकार्यमा ज्याला नलिई वा कम ज्याला लिई गर्ने काम । – **दानी–** वि० श्रमदान गर्ने; श्रमका रूपमा दान दिने । ~ **नीति–** ना० कुनै पनि उत्पादनमा सामूहिक श्रम लगाउने नीति वा कार्यपद्धति । ~ **विभाग–** ना० श्रमिकहरूको हकहितको संरक्षण तथा व्यवस्थासम्बन्धी काम गर्ने विभाग । ~ **विभाजन–** ना० कुनै काम छिटोछरितो टुङ्ग्याउन वा श्रमलाई सामूहिक छरितो रूपमा ल्याई व्यवस्थित रूपमा छुट्ट्याई बाँड्ने तथा जिम्मा लाउने काम । ~ **शक्ति–** ना० श्रमद्वारा प्राप्त हुने शक्ति वा तागत । ~ **साध्य–** वि० श्रमले मात्र पार लाउन सकिने; चर्को मिहिनेत गर्नुपर्ने; कष्टसाध्य । ~ **सङ्गठन–** ना० श्रमको समुचित उपयोग तथा श्रमिकहरूको स्थिति र हकहितको सुधार एवं सुरक्षाका निम्ति बनेको सङ्गठन । ~ **सङ्घ–** ना० कुनै कारखाना आदिमा काम गर्ने श्रमिकहरूको संस्था; श्रमसङ्गठन ।

**श्रमिक–** ना० [सं०] १. श्रम गर्ने व्यक्ति; मजदुर; ज्यामी । वि० २. मेहनत गर्ने; श्रमी । ~ **कल्याण कार्य–** ना० श्रमिकहरूको भलाइका निम्ति गरिने कार्य । ~ **कल्याण केन्द्र–** ना० श्रमिकहरूको कल्याण हुने, विभिन्न कार्य गरिने केन्द्र वा ठाउँ । ~ **दिन–** ना० एक दिनमा एक व्यक्तिले गरेका कामका अनुपातले हडताल आदिका समयमा भएको हानिको हिसाब लगाउँदा हुने दिनको सङ्ख्या । ~ **सङ्घ–** ना० श्रमसङ्घ ।

**श्रवण–** ना० [सं०] १. कथा, पुराण, प्रवचन आदि सुन्ने काम; शब्दग्रहण । २. सुन्ने ज्ञानको इन्द्रिय; कर्ण; कान । ३. सत्ताइस नक्षत्रमध्ये बाइसौँ नक्षत्र । ~ **केन्द्र–** ना० सबैले सुन्न पाउने गरी सार्वजनिक रूपमा रेडियो वा ध्वनियन्त्र राखिएको मुख्य ठाउँ । ~ **विद्या–** ना० सुनेर मात्र आर्जन गरिने वा सिकिने विद्या ।

c:\Sabdkosh\Sha.p65



**श्रवणीय**– वि० [सं०] सुन्न लायक; सुन्नुपर्ने । – **ता**– ना० श्रवणीय हुनाको भाव वा स्थिति; सुन्न सकिने अवस्था ।

**श्रवणेन्द्रिय**– ना० [सं०] पाँच ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिभ्रो र छाला) मध्ये एक इन्द्रिय; सुन्ने इन्द्रिय; कान ।

**श्रव्य**– वि० [सं०] १. सुन्न योग्य; सुन्न सकिने ।२. सुनेर मात्र थाहा पाइने । ~ **काव्य**– ना० अभिनय नभई सुनेर वा पढेर मात्र आनन्दानुभूति गरिने, पद्य वा गद्यमा लिखित कविता, कथा, निबन्ध, जीवनी आदि विधाका काव्य ।

**श्राद्ध**– ना० [सं०] शास्त्र तथा कुलका आचारअनुसार पितृहरूले पाऊन् भन्ने उद्देश्यले श्रद्धापूर्वक गरिने कर्म । ~ **पक्ष**– ना० आश्विन महिनाको कृष्णपक्ष; सोह्रश्राद्ध । > **श्राद्धिक**– वि० श्राद्धसम्बन्धी; श्राद्धको । **श्राद्धीय**– वि० श्राद्धसम्बन्धी; श्राद्धिक ।

**श्रान्त**– वि० [सं०] १. श्रमले थाकेको; थकित; क्लान्त । २. इन्द्रियहरूलाई वशमा राख्ने । ना० ३. सन्न्यासी; साधु । > **श्रान्ति**– ना० १. थकाइ मेट्नका लागि गरिने विश्राम; बिसाइ । २. परिश्रम; मेहनत । ३. थकाइ; थकान; ग्लानि ।

**श्राप**– ना० [सं० शाप] शाप; सराप ।

**श्रावक**– ना० [सं०] १. बौद्ध भिक्षु वा सन्त । २. जैन मतका अनुयायी सन्न्यासी । वि० ३. श्रवण गर्ने; सुन्ने; श्रोता ।

**श्रावण**– ना० [सं०] १. नेपाली वर्षको चौथो महिनाको नाम; असार र भदौका बीचमा पर्ने महिना । २. श्रवणेन्द्रियसम्बन्धी ज्ञान । > **श्रावणी**– ना० १. श्रावण महिनाको पूर्णिमा । २. यज्ञोपवीत धारण गरिने वार्षिक पर्वदिन; जनैपूर्णिमा; रक्षाबन्धन ।

**श्रावणेर**– वि० [सं०] भिक्षु हुनुभन्दा पूर्वको नयाँ बौद्ध सन्न्यासी ।

**श्राव्य**– वि० [सं०] १. श्रवण गराउन उचित; सुन्न वा सुनाउन लायक । २. प्रस्ट सुनिने । ३. सूचनीय ।

**श्री**– ना० [सं०] १. विद्या, बुद्धि, सम्पन्नता, रूप, गुण आदिका शक्ति वा पूर्णताद्वारा झल्कने शोभा; कान्ति; दीप्ति । २. छेलोखेलो धनसम्पत्ति; ऐश्वर्य । ३. धनकी प्रतीक लक्ष्मी । ४. विद्या तथा गुणकी प्रतीक सरस्वती । ५. कुनै महिमा वा गौरवको चिह्न; यश । ६. सजावट; सिँगार । ७. औडव जातिअन्तर्गत पर्ने, शास्त्रानुसार सूर्यास्तपछि र विशेषतः हेमन्त ऋतुमा गाइने एक रागको नाम । ८. एउटा गुरुवर्णबाट एक पाउ बन्ने उक्त जातका छन्दको एक भेद (जस्तो– आ । खा । जा) । ९. पुरुषका नाम अगाडि लगाइने शुभ तथा आदरसूचक शब्द (जस्तो– श्री कोमलप्रसाद, श्री वसन्तविक्रम इ०) । – **कान्त**– ना० विष्णु । – **कृष्ण**– ना० वासुदेव । – **खण्ड**– ना० बेलका जस्ता पात हुने, नीला गुच्छादार फूल फुल्ने र चुरो अति सुगन्धी हुने चन्दनको रूख वा काठ । (यसका सेतो, पहेँलो, रातो आदि भेद छन् । सेतो श्रीखण्ड औधी उत्तम मानिन्छ)। २. त्यसैको काठ घोटेको चन्दन । – **गणेश**– ना० १. कामको थालनी; आरम्भ । २. अम्बिकापुत्र विनायक; गणेश । – **गदित**– ना० अठार उपरूपकमध्ये एक तथा उदात्त नायकनायिकाको वर्णन गरिने, गर्भ र विमर्शसन्धि नभएको; दृश्यकाव्य (एकाङ्की) । – **गाई**– ना० घरपाला गाईसँग जङ्गली साँढे लागेर जन्मेको गाई । – **चन्दन**– ना० श्रीखण्ड – **ताड**– ना० प्राचीन समयमा पुस्तक लेख्न पात उपयोग गरिने एक जातको ताड; त्यही नामको ताडपत्र । – **तिलक**– ना० रामफटाका । – **धर**– ना० विष्णु । – **निवास**– ना० विष्णु । – **पति**– ना० १. लक्ष्मीका पति । २. राजा; नृपति । – **पद**– ना० १. देवता वा पूज्य व्यक्तिको चरणचिह्न; पादुका । २. वन्दनीय पाउ । – **पञ्चमी**– ना० माघ शुक्ल पञ्चमी; वसन्तपञ्चमी ।

**श्रीपाँच**(५)– ना० [श्री+श्री+श्री+श्री+श्री] १. नेपालका राजा वा उनको परिवारका नामअगाडि जोड्ने गरिएको सम्मानसूचक उपाधि । २. राजा । ३. २०६३ सालभन्दा पहिले नेपालका । – **को सरकार**– ना० वि.सं. २०६३ भन्दा पहिले राजाका नामबाट चलेका कार्यकारी शक्तिको प्रयोग गर्ने; नेपालको शासन-व्यवस्था वा सरकार ।

**श्रीपाद**– ना० [सं०] लिच्छविकालमा राजाको पर्यायका रूपमा 'सरकार' अर्थ बुझाउने शब्द ।

**श्रीपेच**– ना० [श्री+पेच] राजमुकुट; शिरपेच ।

**श्रीफल**– ना० [सं०] १. बेल; बिल्व । २. नरिवल ।

**श्रीबन्दी**– ना० [शिर+बन्दी] शिरबन्दी ।

**श्रीबिन्दु**– ना० [शिर+बिन्दु] शिरबिन्दु ।

**श्रीमती**– ना० [सं०] श्रीमान्को स्त्रीलिङ्गी रूप; विवाहिता स्त्रीहरूका नामको अगाडि लगाइने आदरवाची शब्द (जस्तै– श्रीमती इन्दिरा, श्रीमती कल्पना, श्रीमती उषा शर्मा इ०) ।

**श्रीमद्भागवत**– ना० [सं०] मूल रूपमा श्रीकृष्णको चरित्र वर्णन गरिएको व्यासलिखित प्रसिद्ध पुराणग्रन्थ; अठार महापुराणमध्ये एक ।

**श्रीमन्त**– ना० [सं०] श्रीमान्को बहुवचन; सर्वश्री ।

**श्रीमहारक**– ना० [सं०] लिच्छविकालमा राजाको निश्चित उत्तराधिकारी ।

**श्रीमान्**– वि. [सं०] १. शोभा वा ऐश्वर्यले युक्त भएको; सौभाग्यशाली । ना० २. पुरुषका नामको अगाडि लेखिने आदरसूचक शब्द । ३. न्यायाधीश वा अन्य ठूलाबडालाई सम्बोधन गर्ने शब्द । ४. पति; लोग्ने ।

**श्रीमुख**– ना० [सं०] १. तेजिलो वा उज्यालो मुख; शोभायुक्त अनुहार । २. मान्यजनको मुख ।

**श्रीयन्त्र**– ना० [सं०] १. तान्त्रिक विषयमा शिवतन्त्रसम्बन्धी एक यन्त्र । २. विन्दु र त्रिचालीसवटा त्रिकोण जोल्टिएर बन्ने, आठ र सोह्र कमलदल, तीन वृत्त र तीन भूपुर हुने लक्ष्मीको तान्त्रिक जन्तर ।

**श्रीयुक्त**/**श्रीयुत**– वि० [सं०] १. शोभा वा सौन्दर्यले पूर्ण; गौरवशाली; धनवान् । ना० २. पुरुषजातिका नामको अगाडि लगाइने एक आदरसूचक शब्द ।

**श्रीवत्स**– ना० [सं०] १. पुराणअनुसार विष्णुको छातीमा अङ्कित भृगु ऋषिको पादचिह्न । २. पुरुषका छातीमा कमै पाइने दाहिनेबाट घुमेको रौंको चक्राकार चिह्न । ३. पहिले काठमाडौँ

उपत्यकाका राजाहरूमा चलेको र बाकुपौमा लाग्दा पछिसम्म कानुनी मान्यता पाएको देखिने छाप; हे० 'बाकुपौ' पनि ।

**श्रीवल्ली**– ना० [सं०] १. पानका जस्ता ठूलठूला, हरिया पात हुने र क्रमशः फैलिँदै जाने प्रसिद्ध लहरो (मनीप्लान्ट) । (यसको फेदमा पानी हाल्दा सरेर टुप्पाबाट झर्ने गर्छ । अचेल यो सुन्दरताका निम्ति र पैसा फलाउँछ भन्ने विश्वास वा लच्छिनका रूपमा कौँचा र गमलाहरूमा लगाई घरका वरिपरि, बरन्डा तथा ढोका र कोठामा समेत सजाइएको देखिन्छ) । २. पनेरको बोट ।

**श्रीवृक्ष**– ना० [सं०] १. पीपलको वृक्ष । २. बेलको रूख । ३. नरिवल ।

**श्रीशैल**– ना० [सं०] दक्षिण भारतमा पर्ने कृष्णा नदीको तटमा अवस्थित तथा मल्लिकार्जुनको ज्योतिर्लिङ्ग भएको पर्वत-शिखर ।

**श्रीसम्पत्ति**– ना० [सं०] कसैको आफ्नो अधिकारभित्र रहेको सिरीखुरी सम्पत्ति; जायजेथा; सर्वस्व; लट्टीपट्टी ।

**श्रीहर्ष**– ना० [सं०] इ० बाह्रौँ शताब्दीका संस्कृत साहित्यका प्रसिद्ध कवि तथा 'नैषध' महाकाव्यका रचयिता ।

**श्रुत**– वि० [सं०] १. ध्यान दिएर श्रवण गरिएको; सुनिएको । २. परापूर्वदेखि सुन्दै आएको; कहलिएको; विख्यात । ना० ३. सुन्ने विषय वा शास्त्र (वेद आदि) । > **श्रुतानुश्रुत**– वि० १. धेरै जनाबाट सुनिएको; बहुचर्चित । ना० २.धेरैबाट सुनिएको कुरा; किंवदन्ती ।

**श्रुति**– ना० [सं०] १. सुन्ने इन्द्रिय; कान । २. सुन्ने काम वा कुरो; श्रवण । ३. वेद । ४. सङ्गीतमा स्वरभेद वा स्वरको अन्तराल । (सात मूल स्वरका प्राचीन आचार्यका मतानुसार बाइस र आधुनिक पद्धतिअनुसार अठार श्रुतिभेद मानिएका छन्) । – **कटु**– वि० १. सुन्दा नमीठो लाग्ने वा खट्कने; कर्णकटु (वचन, ध्वनि, उच्चारण आदि) । ना० २. काव्य-रचनाको दोष मानिने यस्तै मधुरता नभएको ध्वनि वा नमीठो कुरो । – **गम्य/गोचर**– वि० १. कानले ग्रहण गर्न सकिने; सुन्न सकिने । २. सुनेको; श्रुत । – **धर**– वि० सुनेका कुरा सम्झिरहने; सुनेको कुरो हेक्का गरिरहने शक्ति भएको । ~ **परम्परा**– ना० सुनेका भरमा अर्थात् एक कान, दुई कान हुँदै चल्दै आएको पुरानो कुरा; कर्णपरम्परा । ~ **प्रमाण**– ना० वेदविहित प्रमाण; वेदका विधिले स्वीकृति दिएको कुरो । ~ **मण्डल**– ना० कानको बाहिरपट्टिको अवयव । ~ **मधुर**– वि० सुनिरहूँ जस्तो वा कानलाई मीठो र प्यारो लाग्ने; कर्णमधुर । ~ **लेख**– ना० अरूले बोलेका कुरा सुन्दै जस्ताको तस्तै लेखिने लेख । ~ **लेखन**– ना० सुनेर लेख्ने काम वा विधि । ~ **बिम्ब**– ना० सुनेका ध्वनिबारे श्रोताको धारणा बन्नुभन्दा पहिलेको बिम्ब वा चित्र । > **श्रुत्यनुप्रास**– ना० एउटै स्थानबाट उच्चारण हुने वर्णको बारबार प्रयोग हुँदा पर्ने एक शब्दालङ्कार । (उदा०– मऱ्यो ताल्चा लाल्चा उपर पर निन्दा पर सऱ्यो/निराशाले आशा उपर अति खासा घर गऱ्यो ।– लेखनाथ पौडेल) ।

**श्रुव**– ना० [सं०] १. यज्ञमा घिउ होमिने लामो चम्चाका छाँटको काठको साधन; सुरो । २. यज्ञ; होम ।

**श्रेणि**– ना० [सं०] हे० श्रेणी ।

**श्रेणी**– ना० [सं०] १. कुनै वस्तुको शृङ्खला वा क्रम; पङ्क्ति; लहर; ताँती (जस्तो– पर्वतश्रेणी, हिमश्रेणी आदि) । २. गुण, तह आदिका दृष्टिले गरिएको विभाजन; वर्ग; कक्षा (जस्तो– मध्यम श्रेणी, सातौँ श्रेणी आदि ।) – **करण**– ना० श्रेणी वा क्रम मिलाउने काम; वर्गीकरण । – **कृत**– वि० श्रेणी वा क्रम मिलाएर राखिएको; वर्गीकृत । – **बद्ध**– ना० श्रेणी वा पङ्क्ति मिलेको; ताँती लागेको ।

**श्रेणी मूलक**– वि० [सं०] श्रेणी वा पेसा मूल रूपमा रहेको । ~ **समाजवाद**– ना० क्रान्तिमा विश्वास नगरी शान्तिपूर्ण उपाय अँगालेर उद्योगको प्रबन्ध र सञ्चालनमा बढी अधिकार गर्ने, सामूहिक ठेक्का लिने र मजदुरहरूबाट स्वयं उद्योगको स्थापना गर्दै पुँजी र उत्पादनका साधन साझा पार्न प्रयास गर्ने विचार वा सिद्धान्त ।

**श्रेय**– वि० [सं०] १. अपेक्षाकृत असल; बढी बेस । २. मङ्गल गर्ने; हितकारक । ना० ३. कुनै पनि उपयुक्त वा अनुकूल स्थिति; कल्याण; मङ्गल; भलो । ४. कुनै कामको शुभ परिणाम; सुखद कीर्ति । > **श्रेयस्कर**– वि० श्रेय वा कल्याण गर्ने हितकारी; मङ्गलमय ।

**श्रेष्ठ**– वि० [सं०] १. सबैभन्दा असल; उत्तम; बढिया; मुख्य । २. उमेरमा जेठो; वयोवृद्ध; गण्यमान्य । ना० ३. नेवारजातिको एउटा वर्ग वा थर । – **तर**– वि० अझ श्रेष्ठ; बढी उत्तम । – **तम**– वि० सबैभन्दा श्रेष्ठ; सबैभन्दा उत्तम ।

**श्रेष्ठता**– ना० [सं०] श्रेष्ठ हुने गुण वा स्थिति; श्रेष्ठत्व; उम्दापन । > **श्रेष्ठताभास**– ना० आफैँलाई श्रेष्ठ वा उत्तम ठान्ने मनोभाव; अहम्मन्यता ।

**श्रेष्ठी**– ना० [सं०] धनाढ्य व्यक्ति; महाजन; सेठ ।

**श्रोत**– ना० [सं०] १. कर्ण; कान । २. शरीरबाट मल बाहिर जाने इन्द्रिय । ३. पानीको वेग; स्रोत । ४. हात्तीको सुँड । > **श्रोतव्य**– वि० सुन्न लायक; सुन्नुपर्ने ।

**श्रोता**– वि० [सं०] १. कथा, उपदेश, व्याख्यान आदि श्रवण गर्ने वा सुन्ने; अरूले बोलेको कुरा सुन्ने । ना० २. श्रवण गर्ने वा सुन्ने व्यक्ति । ~ **गण**– ना० कथा, पुराण, उपदेश, भाषण, व्याख्यान आदि सुन्नेहरूको समूह; श्रोतृगण । – **मुखी**– वि० श्रोतापट्टि वा श्रोताको रुचिमा ध्यान दिने ।

**श्रोतृ**– ना० [सं०] श्रोता । ~ **गण**– ना० श्रोतागण ।

**श्रोत्र**– ना० [सं०] १. सुन्ने इन्द्रिय; कान । २. वेद ।

**श्रोत्रिय**– वि० [सं०] १. वेदको ज्ञाता; वेदमा प्रवीण । ना० २. वेद पढ्ने व्यक्ति; वेद जान्ने ब्राह्मण ।

**श्रौत**– वि० [सं०] १. कानसम्बन्धी; कानको । २. श्रुतिसम्बन्धी; वेदअनुसारको । ३. वेदसम्मत; वेदोक्त । ~ **कर्म**– ना० वेदले बताएअनुसारको काम; वैदिक कार्य । ~ **सूत्र**– ना० आश्वलायन, साङ्ख्यायन, कात्यायन आदि नामले अभिहित तथा वेदमा आधारित सूत्रग्रन्थहरूको सङ्ग्रह ।

c:\Sabdkosh\Sha.p65



**श्लाघनीय**– वि० [सं०] सह्राउन लायक; प्रशंसनीय ।

**श्लाघा**– ना० [सं०] सह्राउने काम; गुणगान; प्रशंसा ।

**श्लाघ्य**– वि० [सं०] सह्रनी गर्न लायक; प्रशंसनीय ।

**श्लिष्ट**– वि० [सं०] १. टाँसिएको, जोडिएको वा मिलेको; आलिङ्गित । २. श्लेषयुक्त; दुई वा अनेक अर्थ लाग्ने (शब्द) । > **श्लिष्टोक्ति**– ना० दुई वा अनेक अर्थ लाग्ने भनाइ ।

**श्लील**– वि० [सं०] १. लाजभाँड नभएको; शिष्ट । २. समाजको कल्याण गर्ने ।

**श्लेष**– ना० [सं०] मिल्ने वा जोरिने काम; संयोग । > **श्लेषोक्ति**– ना० श्लेषयुक्त कथन; श्लिष्टोक्ति ।

**श्लेष्मान्तक**– ना० [सं०] १. लप्सीको रूख । २. पशुपतिका वनको वरिपरिको जङ्गल ।

**श्लोक**– ना० [सं०] १. पद्यमा रचित वा कथित वाक्य; सिलोक; पद्य । २. प्रशंसा; स्तुति । – **बद्ध**– वि० श्लोक वा पद्यमा लेखिएको; छन्दोबद्ध ।

**श्ववृत्ति**– ना० [सं०] मालिकको इसारामा नाच्ने र उसको दयामा बाँच्ने कुकुरको जस्तो वृत्ति; आत्मगौरवलाई तिलाञ्जलि दिई अरूको निगाह वा अधीनमा रहने काम ।

**श्वान**– ना० [सं०] कुकुर ।

**श्वास**– ना० [सं०] १. नाक वा मुखद्वारा बाहिरबाट हावा तानी स्वच्छ राख्ने तथा फोक्सो क्रियाशील पार्ने प्राणवायु; सास । २. लामो वा छिटो रूपमा फेरिने सास; सुस्केरा । ३. दमको रोगी; धम्की । ४. ज्यान; प्राण । – **काश**– ना० दम र खोकीको रोग । ~ **नली**– ना० बाहिरबाट शुद्ध सास लिने र भित्रबाट दूषित सास फ्याँक्ने गरी फोक्सोतिर सास ओहोरदोहोर गर्ने नली । – **प्रश्वास**– ना० नाकबाट भित्र तानिने तथा बाहिर छोडिने सास; श्वास र निश्वास ।

**श्वेत**– वि० [सं०] १. सेतो । ना० २. सेतो रङ्ग । – **कुष्ठ**– ना० पाण्डुरोग । ~ **नीति**– ना० गोरा जातिको प्रधानता भएको कुनै देशको सरकारले अँगालेको अन्य देशका काला जातिका मानिसलाई नागरिक भएर रहन नदिने नीति वा सिद्धान्त । ~ **पत्र**– ना० १. आधुनिक राजनीतिका अनुसार कुनै महत्त्वपूर्ण चर्चा, वार्ता आदि प्रायः सेतो कागतमा लेखेर प्रकाशित गरिने राजकीय विज्ञप्ति । २. सरकारले जनतालाई राष्ट्रिय सरोकारका विषयमा अवगत गराउन जारी गरिने विज्ञप्ति । – **प्रदर**– ना० जननेन्द्रियबाट पानी बग्ने, स्त्रीहरूको एक प्रकारको रोग । ~ **वाराह**– ना० १. ब्रह्माका आयुको पहिलो दिन मानिएको एक कल्प । २. सेतो बनेल । > **श्वेताङ्ग**– ना० १. सेतो शरीर हुने प्राणी; गोरा जाति । २. हाँस । **श्वेताम्बर**– ना० १. जैन धर्ममा सेतो वस्त्र पहिरिने एक सम्प्रदाय । २. सेतो वस्त्र लाउने सन्न्यासी ।

c:\Sabdkosh\'Sha'.p65



# ष

**ष**– देवनागरी वर्णमालाको एकतीसौँ व्यञ्जन; नेपालीमा 'स' बाट व्यतिरेक नभएको; मूर्धन्य ष; पेट फाऱ्यो ष ।

**षट्**– ना० [सं०] १. 'छ'को सङ्ख्या वा अङ्क । वि० २. छवटा । – **कर्ण**– वि० भन्ने र सुन्नेबाहेक तेस्रो व्यक्तिले पनि सुनेको; छवटा कानमा परेको (कुरो) । – **कर्म**– ना० १. स्वधर्ममा रहनेका निम्ति ब्राह्मणले गर्नुपर्ने छवटा काम (पढ्नु, पढाउनु, दान दिनु, दान लिनु, यज्ञ गर्नु र यज्ञ गराउनु) । २. मानिसले गर्नुपर्ने छवटा कर्म (स्नान, पूजा, तर्पण, होम, जप र सन्ध्या) । ३. योगीहरूका छवटा कर्म (धौती, वस्ती, नेती, त्राटक, नौलिक र कपालभाती)। ४. तान्त्रिकहरूका छ वटा कर्म (मारण, उच्चाटन, स्तम्भन, वशीकरण, विद्वेष र शान्ति) । – **कर्मा**– वि० षट्कर्म गर्ने (ब्राह्मण, तान्त्रिक, योगी वा गृहस्थ) । – **कोण**– वि० १. छ कुना परेको; छकुने । ना० २. सरस्वतीको प्रतीक छकुने यन्त्रविशेष । – **चक्र**– ना० हठयोगका अनुसार मानिसका शरीरमा रहने छवटा चक्र (मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा) । – **दर्शन**– ना० हिन्दूका तत्त्वज्ञानसम्बन्धी छ दर्शन वा शास्त्र (साङ्ख्य, योग, न्याय, वैशेषिक, पूर्वमीमांसा र उत्तरमीमांसा) । – **पद**– वि० १. छखुट्टे (प्राणी) । ना० २. भ्रमर । – **पदी**– ना० छवटा चरण वा पाउ हुने छन्द । – **शास्त्र**– ना० वेदका छवटा अङ्ग; षडङ्ग । – **शास्त्री**– ना० वेदका छवटै अङ्गमा पारङ्गत व्यक्ति; षट्शास्त्रको ज्ञाता ।

**षडङ्ग**– ना० [सं०] १. वेदका शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिष– यी छवटा प्रमुख अङ्ग वा शाखा । २. राजनीतिका सन्धि, विग्रह, ढुकाइ, आक्रमण, तटस्थता र शरण– यी छवटा मुख्य चाल । ३. शरीरका दुई खुट्टा, दुई हात, टाउको र धड– यी छवटा मुख्य अवयव । ४. गाईको गोबर, गहुँत, दूध, दही, घिउ र गोरोचनसमेत छ थरी उपयोगी पदार्थ ।

**षडभिज्ञ**– ना० [सं०] बुद्ध ।

**षडवन्त**– ना० [सं०] अग्निहोत्रका कर्ममा अग्निधलाई पुरोडाश दिने पात्र ।

**षडानन**– ना० [सं०] छ मुख हुने कार्तिकेय; कुमार ।

**षड्ऋतु**– ना० [सं०] वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर गरी छवटा ऋतु ।

**षड्गुण**– ना० [सं०] एउटा राज्यले अर्को राज्यसित मौकाअनुसार अँगाल्ने छवटा मुख्य नीति– सन्धि, विग्रह, यान (आक्रमण), आसन (विश्राम), द्वैधीभाव र संश्रय (बलियो राजा वा राज्यको आश्रय) ।

**षड्ज**– ना० [सं०] सङ्क्षेपमा 'स' वा 'सा' भनिने, सङ्गीतको सप्तस्वरमध्येको पहिलो स्वर ।

**षड्दर्शन**– ना० [सं०] हिन्दूहरूका छवटा आस्तिक दर्शन (साङ्ख्य, योग, न्याय, मीमांसा, वैशेषिक र वेदान्त) ।

**षड्बिन्दु**– ना० [सं०] १. विष्णु । २. कमिलाका छाँटको एक प्रकारको कीरो । ३. कपाल दुख्ता लगाइने तिलको तेल, बाखीको दूध र भृङ्गीराजको रस मिलाएर बनाइएको आयुर्वेदीय तेल ।

**षड्मुख**– ना० [सं०] शिवपार्वतीका पुत्र कुमार ।

**षड्यन्त्र**– ना० [सं०] १. अरूको अनिष्ट गर्नका निम्ति गुप्त रूपले गरिने जालझेलको व्यवहार वा कारबाई; कपटपूर्ण आयोजन । २. मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेष र उच्चाटन गराउने छ प्रकारका यन्त्र । – **कारी**– वि० षड्यन्त्र गर्ने (मानिस); षड्यन्त्री । > **षड्यन्त्री**– वि० षड्यन्त्रकारी ।

**षड्रस**– ना० [सं०] गुलियो, अमिलो, नुनिलो, पिरो, तीतो र टर्रो– यी छ प्रकारका रस वा स्वाद ।

**षड्राग**– ना० [सं०] सङ्गीतशास्त्रका अनुसार छ किसिमका राग (श्री, भैरव, मेघ, हिन्डोल, दीपक र मालकोश) ।

**षड्रिपु**– ना० [सं०] मानिसहरूका काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य– यी छवटा जोडदार शत्रु ।

**षड्विकार**– ना० [सं०] प्राणीहरूका मनमा हुने छवटा विकार वा परिणाम (जन्म, वृद्धि, बाल्यावस्था, यौवन, वार्धक्य र मृत्यु) ।

**षण्ड**– ना० [सं०] १. नसुमरेको गोरु; बैल । २. नपुंसक; हिजडा ।

**षण्ढ**– ना० [सं०] नपुंसक; हिजडा । स्त्री० षण्ढा ।

**षण्मुख**– ना० [सं०] हे० षडानन ।

**षष्टि**– ना० [सं०] साठी ।

**षष्ठ**– वि० [सं०] छ सङ्ख्याको; छैटौँ । > **षष्ठांश**– ना० १. छ भागमध्ये एक भाग; छैटौँ भाग । २. प्राचीन कालमा राजा वा राज्यले कृषकसँग लिने उब्जाको छैटौँ भाग ।

**षष्ठिका**– ना० [सं०] बालक जन्मेका छैटौँ दिनको रातमा पूजा गरिने देवी ।

**षष्ठी**– ना० [सं०] १. शुक्ल वा कृष्ण पक्षमा पर्ने छैटौँ तिथि; खस्टी (कथ्य०) । २. छैटी । ३. व्याकरणअनुसार प्रायः सम्बन्ध जनाउने विभक्ति; सम्बन्धषष्ठी । ~ **तत्पुरुष**– ना० सम्बन्धबोधक षष्ठी पूर्वपद हुने समास; तत्पुरुष समासको एक भेद (जस्तो– घरकाज, पुस्तकघर, राजदरबार आदि) ।

**षाडव**– ना० [सं०] सङ्गीतमा सात स्वरमध्ये छ स्वर मात्र लाग्ने र एक स्वर वर्जित हुने एक राग । – **औडव**– ना० आरोहमा षाडव र अवरोहमा औडव हुने एक राग । – **सम्पूर्ण**– ना० आरोहमा षाडव र अवरोहमा सम्पूर्ण हुने राग ।

**षाण्मासिक**– वि० [सं०] छ महिनाको; छमहिने; अर्द्धवार्षिक ।

c:\Sabdkosh\Sha.p65



**षोडश–** ना० [सं०] १. सोह्रको सङ्ख्या वा अङ्क; सोह्र । वि० २. सोह्रौँ । ~ **कला–** ना० चन्द्रमाका सोह्रकला वा अंश (अमृता, मानदा, पूषा, तुष्टि, पुष्टि, रति, धृति, शशिनी,चन्द्रिका, कान्ति, ज्योत्स्ना, श्री, प्रीति, अङ्गदा, पूर्णा र अमृता) । – **दान–** श्राद्ध आदि कर्ममा एकसाथ गरिने सोह्र वस्तुको दान (भूमि, आसन, जल, वस्त्र, गाई, सुन, चाँदी, दीपक, अन्न, ताम्बूल, छत्र, सुगन्धी द्रव्य, फूलमाला, फल, शय्या र खराउ) । ~ **मातृका–** ना० सोह्रवटी देवीको समूह (गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, माता, लोकमाता, शान्ति, पुष्टि, धृति र स्वस्ति) । ~ **शृङ्गार–** ना० स्त्रीहरूले शरीर सजाउन अँगाल्ने सोह्र प्रकारका शृङ्गार (बुकुवा लाउनु, स्नान गर्नु, वस्त्रधारण गर्नु, मिसी लाउनु, कपाल कोर्नु, गाजल लाउनु, सिउँदोमा सिन्दूर लगाउनु, माहुर लगाउनु, निधारमा टिको लाउनु, चिउँडा वा गालामा कोठी बनाउनु, तिउरी लाउनु, अत्तर आदि सुगन्ध छर्कनु, गहनाहरू लाउनु, फूलको माला पहिरिनु, पान खानु र ओठमा लाली लाउनु) । ~ **संस्कार–** गर्भाधादेखि मृत्युसम्ममा हुने द्विजातिका यी सोह्र थरी संस्कार (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि) ।

**षोडशा–** ना० [सं०] सोह्रवर्षे तरुनी; पट्ठी; षोडशी ।

**षोडशी–** ना० [सं०] १. सोह्र वर्षकी पट्ठी; मस्त तरुनी । २. दस महाविद्यामध्ये एक विद्या । ३. सनातनीहरू मरेका एघारौँ दिनमा गरिने मासिकका निम्तिका सोह्रवटा श्राद्ध ।

**षोडशोपचार–** ना० [सं०] कुनै देवताको पूजा गर्ने सोह्र अङ्ग वा रीति (आवाहन, आसन, अर्घ्य, आचमन, मधुपर्क, स्नान, वस्त्राभरण, यज्ञोपवीत, चन्दन, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, परिक्रमा र प्रणाम ।) ।

# स

**स**१– देवनागरी वर्णमालाको बत्तीसौँ व्यञ्जनवर्ण; संस्कृत-परम्पराअनुसार दन्त्य र नेपाली उच्चारणअनुसार तालु-दन्तमूलीय अघोष अल्पप्राण ऊष्म ध्वनि; लेख्य रूपमा सो वर्ण वा ध्वनिको प्रतिनिधित्व गर्ने लिपिचिह्न; पातलो स ।

**स**२– अव्य० [सं०] नामशब्दका अगाडि जोडिएर सहित, सदृश, सम, सह, सित, समेत आदि अर्थ जनाउने उपसर्गजस्तो एकाक्षरी शब्द (जस्तो– सपरिवार, सगोल, सजाति, सगोत्री, सप्रयास, सकर्मक, सहित, सानुकूल इ०) ।

**सँग**– ना० यो० [सं० सङ्ग] १. साथमा; सित । २. सहित; समेत । ना० ३. नजिक हुनेपन; सामीप्य ।

**सँगाती**– ना० [सं० सङ्गति] सँगसँगै खेलेहुर्केको वा साथमा रहने व्यक्ति; दौँतर; साथी । (उदा०– राम मेरा सँगाती हुन् । हामी दुवै बालसँगाती हौँ) ।

**सँगार**– ना० सँघार ।

**सँगाल्–नु**– स० क्रि० [सं० सङ्कलन+नु] १. कुनै कुरा जोगाएर राख्नु वा जम्मा गर्नु; सञ्चित गर्नु; साँच्नु । २. सङ्कलन गर्नु; बटुल्नु । >**सँगालाइ**– ना० सँगाल्ने काम वा किसिम । **सँगालिनु**– क० क्रि० सँगाल्ने काम गरिनु । **सँगालो**– ना० सँगालिएको कुरो वा वस्तु; सङ्कलन । (जस्तो– कथाको सँगालो, कविताको सँगालो, विचारको सँगालो इ०) ।

**सँगिना/सँगिनी**– ना० [सँगी+इना/इनी] १. आइमाई साथी; सखी । २. मितिनी । ३. सँगिनै । > **सँगिनै**– ना० स्वास्नीमानिसहरू मिलेर गाउने, नेपालको पूर्वी भेगमा विशेष प्रचलित लोकगीत वा त्यसको लय ।

**सँगी**– ना० [सं० सङ्गी] १. सँगसँगै हुर्केबढेको वा साथैमा रहने व्यक्ति; दौँतर; साथी । २. मित्र; मीत ।

**सँगेट्–नु**– स० क्रि० फिँजिएका वस्तुहरूलाई एक ठाउँमा भेला गर्नु; छरिएका वस्तु जम्मा गर्नु; सोहोर्नु; बटुल्नु । >**सँगेटाइ**– ना० सँगेट्ने भाव, क्रिया वा प्रक्रिया । **सँगेटाइनु**– क० क्रि० सँगेट्न लाइनु । **सँगेटाउनु**– स० क्रि० सँगेट्न लाउनु । **सँगेटिनु**– क० क्रि० सँगेट्ने काम गरिनु ।

**सँगेल्–नु**– स० क्रि० [√ सँगाल्नु] १. सबैतिरबाट ल्याएर जम्मा गर्नु; जतनसाथ सँभालेर राख्नु; सँगेट्नु । २. कुनै वस्तु मिलाएर राख्नु; तह लाउनु । ३. सञ्चित गर्नु; सँगाल्नु । >**सँगेलाइ**– ना० सँगेल्ने भाव, क्रिया वा प्रक्रिया । **सँगेलाइनु**– क० क्रि० सँगेल्न लाइनु । **सँगेलाउनु**– प्रे० क्रि० सँगेल्न लाउनु । **सँगेलिनु**– क० क्रि० सँगेल्ने काम गरिनु ।

**सँघार**– ना० [सं० संघाट] ढोका आदिमा रहेको चौकोसको तल्लो भाग; ढोकाभित्र र बाहिरको बीचको भाग; सँघारठेलो रहने ठाउँ । ~ **ठेलो**– ना० ढोका आदिमा चौकोसमुनि तेर्स्याइने बाहिरी बाराको मोटो तेर्सो काठ ।

**सँचाइ**– ना० [साँच्+आइ] साँच्ने काम वा किसिम ।

**सँधाइ**– ना० [√ **साँध्** (+आइ)] साँध्ने भाव, क्रिया वा प्रक्रिया । >**सँधाइनु**– क० क्रि० साँध्न लाइनु । **सँधाउनु**– प्रे० क्रि० साँध्ने काम गराउनु वा गर्न लाउनु ।

**सँधियार**– ना० [साँध+इयार] आफ्नो साँधमा घर बनाएर बस्ने वा साँधको जग्गाजमिन चर्चने व्यक्ति; आफ्नो घरजग्गाको साँध वा सिमाना जोरिएको छिमेकी ।

**सँभल्–नु**– अ० क्रि० [प्रा० संह्वल+नु] १. कुलत वा खराब बाटो छोडेर राम्रो सङ्गत वा ठीक बाटामा लाग्नु; नराम्रो कामकुराबाट जोगिनु; चरित्र भ्रष्ट हुनुबाट बच्नु । २. कुनै अहितका कुराप्रति सचेत रहनु; सावधान हुनु ।

**सँभला**– ना० मारुनी नाचमा गाइने गीतको एक राग ।

**सँभलाइ**– ना० [√ **सँभल्** (+आइ)] सँभल्ने भाव, क्रिया वा प्रक्रिया । [>] **सँभलिनु**– अ० क्रि० जोगिनु; सावधान होइनु ।

**सँभार्–नु**– स० क्रि० [सं० सम्भार] १. भत्कन, बिग्रन नदिनु; सुरक्षा वा रक्षा गर्नु । २. देख्दा राम्रो हुने पार्नु; सुन्दर वा झरिफुट्ट गर्नु; सिँगार्नु । ३. तह लाउनु ।

**सँभार**– ना० [सं० सम्भार] भत्कन, बिग्रन आदिबाट बचाउने काम; सुरक्षा; रक्षा; हेरविचार; मर्मत । ~ **खर्च**– ना० सम्भारखर्च; मर्मतखर्च ।

**सँभाराइ**– ना० [√ **सँभार्** (+आइ)] सम्भार गर्ने वा गराउने क्रिया, भाव वा प्रक्रिया । [>] **सँभारिनु**– क० क्रि० १. होसियारका साथ रहनु; सावधान रहनु । २. दुर्घटनाबाट बच्नु; सुरक्षित हुनु; खराब कामकुराबाट बच्नु ।

**सँभाल्–नु**– स० क्रि० [प्रा० संहल+नु] १. छरिन, भत्किन, बिग्रन आदिबाट बचाउनु; सम्भार पुर्‍याउनु; सुरक्षा गर्नु; स्याहार गर्नु; समाल्नु; समार्नु । २. जोगाएर वा बचाएर राख्नु; बचाउनु । ३. भरणपोषण वा पालनपोषण गर्नु; पाल्नु । ४. हेरचाह गर्नु; रेखदेख गर्नु । ५. कुसङ्गत वा खराब लतमा परेर बिग्रन लागेकालाई नियन्त्रित गर्नु । ६. महत्त्वपूर्ण कार्यको भार बोक्नु; उत्तरदायित्व वहन गर्नु । ७. भीर, अक्कर आदि ठाउँबाट खस्न वा लड्न लागेकालाई बचाउनु । ८. कुनै कामकुराको प्रबन्ध मिलाउनु; व्यवस्थाको चाँजोपाँजो गर्नु । ९. घरगृहस्थीको काम वा सभा, संस्था आदिको राम्रो सञ्चालन गर्नु । >**सँभाल**– ना० १. स्याहारसुसार । २. रक्षा; बचाउ । ३. पाल्ने वा पालनपोषण गर्ने काम । ४. हेरविचार; रेखदेख गर्ने काम । **सँभालाइ**– ना०

सँभाल्ने भाव, क्रिया वा प्रक्रिया । **सँभालिनु**– क० क्रि० सँभाल्ने काम गरिनु ।

**संक्षिप्त**– वि० [सं०] हे० सङ्क्षिप्त ।

**संक्षेप**– ना० [सं०] हे० सङ्क्षेप ।

**संज्ञा**– ना० [सं०] १. बाह्य पदार्थको ज्ञान तथा शरीर वा मनका कार्यव्यापारको अनुभूति हुने शक्ति; चेतनाशक्ति; होस । २. बुद्धि; प्रज्ञा । ३. ज्ञान; बोध । ४. कुनै वस्तु वा कार्यका निम्ति पारिभाषिक रूपमा प्रचलित नाम । ५. हात, आँखा आदिद्वारा गरिने सङ्केत वा इसारा । ६. व्याकरणमा कुनै व्यक्ति, वस्तु, कार्य, भाव आदिको बोधक शब्द; नाम । ७. सूर्यसँग बिहा भएकी विश्वकर्माकी एक कन्या । ८. गायत्रीको एक नाम । –**पद**– ना० नामवाचक शब्द । –**वान्**– वि० १. संज्ञाले युक्त; चेतना वा होस भएको । २. नाम भएको । –**हीन**– वि० संज्ञा वा चेतना नभएको; चेतनारहित; अचेत; बेहोस ।

**संन्यस्त**– ना० [सं०] हे० सन्न्यस्त ।

**संन्यास**– ना० [सं०] हे० सन्न्यास । >**संन्यासी**– वि० सन्न्यासी ।

**संयत**– वि० [सं०] १. कुनै नीति, नियम आदिले बाँधिएको । २. मर्यादा वा सीमाभित्र रहेको; मर्यादित । ३. क्रम, औचित्य आदिबाट व्यवस्थित भएको वा हुने । ४. अनुशासनमा रहने; नियन्त्रणमा रहेको । ५. इन्द्रियनिग्रही; संयमी । ६. सावधानीपूर्वकको; सतर्क ।

**संयन्त्र**– ना० [सं०] १. ठूलठूला काम गर्ने विशेष यन्त्र; इन्जिन । २. साधारण कामका यन्त्रहरू बनाउने ठूलो यन्त्र; ठूलो मेसिन ।

**संयम**– ना० [सं०] १. दबाउने वा रोकेर राख्ने क्रिया वा भाव; वशमा राख्ने काम । २. नैतिक वा धार्मिक दृष्टिले मनलाई विषयवासनासम्बन्धी अनुचित वा हानिकारक मार्गमा प्रवृत्त हुनुबाट रोक्ने काम; इन्द्रियनिग्रह । ३. स्वास्थ्यको दृष्टिमा हानिकारक वस्तुको सेवन गर्नुबाट बचाउने काम; परहेज । ४. व्यावहारिक दृष्टिले आफूलाई अनुचित काममा प्रवृत्त हुनुबाट बचाउने काम । ५. क्रोध, घमन्ड आदि आउन नदिने काम; शान्त भएको अवस्था वा स्थिति । ६. बन्धन । ७. योगक्रियामा ध्यान, धारणा र समाधिको साधन । ८. उद्योग; प्रयत्न । >**संयमन**– ना० १. संयम गर्ने क्रिया वा प्रक्रिया । २. मनलाई खराब वा अनुचित विषयवस्तुमा लाग्न नदिने काम; मनोनिग्रह; आत्मसंयम । ३. बन्धन वा रोकावटमा रहने कार्य; दमन । ४. आत्मसंयम । **संयमित**– वि० १. संयम गरिएको; मर्यादित । २. रोकेर वा अन्य कुनै कारणबाट वशमा पारिएको । ३. दमन गरिएको वा भएको । ४. अनुशासित; नियन्त्रित । **संयमी**– वि० १. संयममा रहने; इन्द्रियलाई दमन गर्ने । २. नियन्त्रित गर्ने; रोक्ने । ३. संयमपूर्वक जीवन बिताउने; आत्मनिग्रही ।

**संयुक्त**– वि० [सं०] १. कुनै वस्तुका साथ जोडिएको; संयुक्त भएको; गाँसिएको; टाँसिएको । २. मिसिएको; मिलेको । ३. नछुट्टिएको वा भङ्ग नभएको (संस्था आदि) । ४. दुईभन्दा बढी अंसियार भएको (व्यापारिक संस्था) । ~ **कुटुम्ब**– ना० एउटै खलक वा परिवार । ~ **क्याम्पस**– ना० दुइटा भिन्नभिन्न अध्ययन-संस्थान क्षेत्रअन्तर्गतका विषयहरू पढाइने व्यवस्था भएको क्याम्पस । ~ **खाता**– ना० ब्याङ्क आदि दामकामे संस्थासित गरिने लेनदेनको विषयमा एक वा एकभन्दा बढी व्यक्तिका नाममा रहेको र संयुक्त रूपमा हस्ताक्षर गरी सञ्चालन गरिने खाता वा तत्सम्बन्धी हिसाब । ~ **जमानी**– ना० १. कुनै काम वा व्यवहारका निम्ति दुई वा दुईभन्दा बढी व्यक्तिहरू सम्मिलित भई बसिने जमानी । २. कारणी र त्यससँग सम्बन्धित दुवै पक्ष बसी गरिने जमानबन्दी । ~ **परिवार**– ना० बाबु-छोरा, दाजुभाइ आदि नछुट्टिई एकाघरमा बसेको परिवार; मानु नछुट्टिएको वा सगोलमा रहेको एउटै जहान । ~ **राष्ट्र सङ्घ**– ना० दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा विश्वशान्ति, पछौटे देशको उन्नति, मानवकल्याण आदि विभिन्न उद्देश्य पूरा गर्नका लागि गठन गरिएको, संसारका धेरै राष्ट्रहरूको सङ्गठन । ~ **रूप**– ना० अनेक वस्तु वा विशेषताको सम्मिलित वा संयोजित रूप । ~ **लेखा**– ना० ब्याङ्क आदिमा एकभन्दा बढी व्यक्तिहरूको नाममा संयुक्त रूपले चल्ने हिसाब; संयुक्त खाता । ~ **वाक्य**– ना० निरपेक्ष संयोजकबाट जोडिएर सबै उपवाक्य स्वतन्त्र हुने वाक्य; दुई वा दुईभन्दा बढी सरल वाक्यहरू मिलेर बीचमा र, वा, अनि, पनि आदि जोडिएर बन्ने वाक्य; वाक्यका मुख्य तीन भेद सरल, मिश्र र संयुक्तमध्ये एक । ~ **विज्ञप्ति**– ना० दुई वा दुईभन्दा बढी देशका उच्चस्तरीय प्रतिनिधिहरू सम्मिलित हुने वार्तामा छलफल भई निर्णय गरिएका विषयको संयुक्त रूपमा प्रकाशित विज्ञप्ति वा सूचना । ~ **व्यञ्जन**– ना० दुई वा दुईभन्दा बढी व्यञ्जन मिलेको अक्षर; संयुक्त वर्ण (जस्तै– क्य=क्+य्+अ, ज्ञ=ज्+ञ्+अ आदि) । ~ **समिति**– ना० दुई वर्ग, समुदाय वा संस्था आदिले मिलेर तयार गरेको समिति; सम्मिलित रूपमा तयार भएको समिति । ~ **सरकार**– ना० सङ्कटको स्थिति वा आवश्यकता परेका अवस्थामा विभिन्न दल वा पार्टी मिली बनेको सरकार; सर्वदलीय रूपमा वा जनसमूहबाट मिलीजुली तयार भएको सरकार । ~ **स्वर**– ना० एकभन्दा बढी स्वर मिलेर बनेको स्वर (जस्तै– अ+अ=आ, अ+इ=ए, अ+उ=ओ आदि) ।

**संयुत**– वि० [सं०] संयुक्त; मिलेको; जोरिएको । >**संयुति**– ना० १. संयुत हुनाको, भाव वा अवस्था । २. दुई वा दुईभन्दा बढी पदार्थ एक पदार्थमा वा स्थानमा जम्मा हुने मिल्ने काम (जस्तो– ग्रहहरूको संयुति) ।

**संयोग**– ना० [सं०] १. दुई वा दुईभन्दा बढी वस्तु वा तत्त्व एक साथ मिल्ने वा जोरिने काम; मिश्रण; मेल । २. अकस्मात् हुने मिलन; अचानकसित हुने भेट । ३. स्त्रीपुरुष वा प्रेमीप्रेमिकाको मिलन । ४. मैथुन; रतिक्रीडा; सम्भोग । ५. वैवाहिक सम्बन्ध । ६. विशेष परिस्थितिबाट मिलेको अवसर; मौका । ७. आकस्मिक

रूपले परिआउने वा मिल्ने घटना; आकस्मिकता; भवितव्य । ८. समान उद्देश्यका निम्ति कुनै दुई थरी व्यक्ति, पक्ष, राष्ट्र आदिको हुने मेल । – **जन्य–** वि० सम्पर्कमा रहेको वा रहन जाने संयोगबाट हुने वा भएको । ~ **शृङ्गार–** ना० साहित्यमा नायकनायिकाको सधैँ पारस्परिक भेटघाट, दर्शन, स्पर्श आदि भएको कुरा वर्णन गर्दा पर्ने एक अलङ्कार; शृङ्गार रसका संयोगशृङ्गार र वियोगशृङ्गारमध्ये एक; सम्भोगशृङ्गार । > **संयोगात्मक–** वि० १. जोडिने किसिमको; मिल्ने प्रकारको । २. संयोगले सम्बन्ध रहने; आकस्मिक मिलन हुने । **संयोगान्त–** वि० अन्तमा नायकनायिकाको संयोग वा मिलन भएको देखाइएको; संयोग हुने वा भएको (नाटक, कथा, उपन्यास, चलचित्र आदि) ।

**संयोजक–** वि० [सं०] १. दुई वा दुईभन्दा बढी विषय वा वस्तुलाई मिलाउने; विभिन्न वस्तु वा तत्त्वलाई एकसाथ पार्ने । २. व्याकरणका शब्द वा वाक्यलाई जोड्ने (अव्यय, जस्तै– र, तर, कि, वा आदि) । ३. कुनै सभा, गोष्ठी आदि कार्यक्रमको आयोजना गर्ने; आयोजक । ~ **चिह्न–** ना० दुई वा त्यसभन्दा बढी रूपखण्ड वा शब्द आदिलाई जोड्ने वा जोडिएको देखाउने चिह्न; (-) चिह्न (जस्तो– अध्ययन-संस्थान, प्रज्ञा-प्रतिष्ठान, समाचार-पत्र, वन-अध्ययन-संस्थानका आदि) । – **त्व–** वि० १. संयोजकको भाव वा स्थिति । २. दुई वा दुईभन्दा बढी वस्तु आदिलाई जोड्ने तत्त्व ।

**संयोजन–** ना० [सं०] १. दुई वा दुईभन्दा बढी तत्त्व मिल्ने वा जोरिने काम । २. कुनै कामकुराको ठीक चाँजोपाँजो; आयोजन । ३. व्यवस्था; प्रबन्ध । ४. कुनै एक वस्तुसँग अर्को वस्तुको मेल; मिलान; जोडाइ । ५. मैथुन; सम्भोग । > **संयोजनीय–** वि० संयोजन गर्न वा मिलाउन योग्य; संयोज्य ।

**संयोजित–** वि० [सं०] १. संयोजन गरिएको; मिलाइएको । २. चाँजापाँचो ठीक गरिएको; आयोजित ।

**संयोज्य–** वि० [सं०] संयोजनीय ।

**संरक्षक–** वि० [सं०] १. सुरक्षाको जिम्मा लिने; रक्षा वा बचाउ गर्ने । २. सह्यारसम्भार गर्ने; हेरचाह गर्ने । ३. पालन-पोषणको अभिभारा लिने; आश्रयदाता । ना० ४. असमर्थ व्यक्ति वा सन्तानको पालनपोषण गर्ने व्यक्ति; अभिभावक । ५. रखवाला । ६. बालबालिकाको हेरचाह गर्ने व्यक्ति; धरालो; ददा । – **त्व–** ना० संरक्षक हुनाको भाव वा अवस्था ।

**संरक्षण–** ना० [सं०] १. राम्ररी गरिने रक्षा वा हिफाजत; सुरक्षा; बचाउ; जगेर्ना । २. रेखदेख गर्ने काम; हेरविचार । ~ **कर–** ना० स्वदेशी उद्योग वा व्यापारव्यवसाय आदिमा बाहिरबाट आउने वस्तुको खराब प्रभाव नपरोस् भनी लगाइने कर । > **संरक्षणीय–** वि० १. राम्ररी रक्षा गर्न उचित वा योग्य; राम्रोसँग रक्षा वा बचाउ गर्नुपर्ने । २. बचाउन वा जोगाउन लायक ।

**संरक्षित–** वि० [सं०] राम्ररी रक्षा गरिएको; जोगाएर राखेको; सुरक्षित । ~ **राज्य–** ना० कुनै शक्तिशाली ठूलो राष्ट्रका अधीनमा रहेको सानो राज्य; शक्तिशाली राज्यको अधिकारमा भर परेको कमजोर राज्य ।

**संरक्ष्य–** वि० [सं०] राम्ररी रक्षा गरिरहनुपर्ने; संरक्षणीय ।

**संरचना–** ना० [सं०] ज्ञान-विज्ञानसम्बन्धी कुनै पनि वस्तु, तत्त्व आदिका, बनाइएको ढाँचा वा किसिम; बनावट; बनोट (जस्तो– शब्दसंरचना, भावसंरचना, वस्तुसंरचना आदि) । ~ **विज्ञान–** ना० विज्ञानका क्षेत्रमा नयाँ वस्तु वा चीजको निर्माण-प्रविधिसम्बन्धी निरूपण तथा विवेचन गरिएको शास्त्र (मर्फोलोजी) ।

**संरुद्ध–** वि० [सं०] गतिमा रोकावट आएको; रोकिएको; बाधा परेको ।

**संरूप–** ना० [सं०] भाषाविज्ञानमा भाषाको मुक्त वा आबद्ध रूपमा आउने अर्थपूर्ण न्यूनतम एकाइ; रूपखण्ड; रूपिम (जस्तै – 'दाँत्+ई=दाँती, दँत्+अन्तृ=दन्ते; दन्+आसो=दनासो'मा दाँत्, दँत् र दन् संरूप हुन् ।) ।

**संलग्न–** वि० [सं०] १. कुनै काममा लागेको; लीन भएको । २. जोल्टिएको; सम्बद्ध । ३. नत्थी भएको; जोरिएको; टाँसिएको । – **ता–** ना० संलग्न हुनाको भाव वा अवस्था; तन्मयता ।

**संलाप–** ना० [सं०] परस्परमा गरिने सरसल्लाह; आपसी वार्तालाप; गुप्त कुराकानी । > **संलापक–** वि० १. संलाप गर्ने; कुराकानी गर्ने । ना० २. शृङ्गार र करुणका अतिरिक्त अन्य रस प्रधान हुने, तीन वा चार अङ्क र नायक धूर्त किसिमको हुने एक रूपक । **संलापित–** वि० संलाप भएको; कुराकानी गरिएको । **संलापी–** वि० संलाप वा कुराकानी गर्ने; संलापक । **संलाप्य–** वि० संलाप गर्न योग्य ।

**संलेख–** ना० [सं०] कानुनी वा अन्य कुनै कामकारबाईका बारेमा भएका प्रामाणिक बुँदा, बेहोरा आदि लेखिएको कागत ।

**संवत्–** ना० [सं०] १. वर्ष; साल; संवत्सर । २. विक्रम संवत् । ३. कुनै विशिष्ट व्यक्ति वा प्रशासनका पालादेखि आरम्भ भएको वर्षगणना (विक्रम, इस्वी, शक, नेपाल आदि) । > **संवत्सर–** ना० १. बाह्र महिना मिली सौरमानका आधारमा बनेको वर्ष; साल; संवत् । २. साठीवटा विभिन्न नामका संवत् (प्रभव, विभव, शुक्र, प्रमोद, प्राजापत्य, अङ्गिरस, श्रीमुख, भाव, युवा, धाता, ईश्वर, बहुधान्य, प्रमाथी, विक्रम, वृष, चित्रभानु, स्वर्भानु, दारुण, पार्थिव, व्यय, वर्षण, सर्वजित्, सर्वधारी, मानुष, विरोधी, विकृत, खर, नन्दन, विजय, जय, मन्मथ, दुर्मुख, हेमलम्ब, विलम्ब, विकारी, सर्वरी, जव, सुभिक्ष, शोभन, क्रोध, विश्वावसु, पराभव, प्लवङ्ग, कालिक, सौम्य, साधारण, अहिछत्र, पारिवारी, प्रमाथी, आनन्द, राक्षस, अनल, पिङ्गल, सिद्धार्थ, रौद्र, दुर्मति, दुन्दुभी, रक्त, क्रोध र क्षय) । ३. विक्रम संवत् ।

**संवर–** ना० [सं०] १. पानी; जल । २. सहनशीलता । ३. आत्मसंयम । ४. छोप्ने साधन; बिर्को । ५. बोध; ज्ञान । ६. छनाइ; रोजाइ । ७. पुल; साँघु । > **संवरण–** ना० १. रोज्ने काम; छनोट; छनाइ । २. विवाहका निम्ति योग्य वर छान्ने

काम; वरण । ३. ढाक्ने काम; छोपाइ । ४. लुकाउने काम; ढाकछोप । ५. छोप्ने वस्तु; आवरण । ६. पुराणमा वर्णित सूर्यकी पुत्री तपतीसित विवाह गर्ने एक प्रसिद्ध राजा । ७. वरणी गर्ने बेलामा कन्याका पिता र दुलाहाका बीचमा पर्दा टाँगी पढिने कथा । **संवरणीय–** वि० वरण गर्न लायक; वरण गर्न योग्य ।

**संवर्द्धक–** वि० [सं०] १. राम्ररी बढाउने; वृद्धि गराउने; संवर्धन । २. पालनपोषण गर्ने ।

**संवर्द्धन–** ना० [सं०] १. राम्ररी बढाउने काम; संवृद्धि । २. पालनपोषण ।

**संवर्द्धनी–** ना० [सं०] हे० संवर्धनी ।

**संवर्द्धनीय–** वि० १. संवर्द्धन गर्न योग्य वा उचित; राम्ररी बढाउनुपर्ने; संवर्धनीय । २. पालनपोषण गर्न योग्य ।

**संवर्द्धित–** वि० [सं०] १. राम्ररी बढाइएको; विकसित गराइएको; संवर्धित । २. पालनपोषण गरिएको ।

**संवर्धक–** ना० [सं०] हे० संवर्द्धक ।

**संवर्धन–** ना० [सं०] हे० संवर्द्धन ।। > **संवर्धनीय–** वि० संवर्द्धनीय ।

**संवर्धनी–** ना० बढार्ने वस्तु; कूचो; संवर्द्धनी ।

**संवर्धित–** वि० [सं०] हे० संवर्द्धित ।

**संवहन–** ना० [सं०] दायित्व लिने काम; अभिभारा बोक्ने काम । – **क्रिया–** ना० कुनै वस्तुको सार्ने वा आफै सर्ने स्वभाव; राम्ररी सञ्चार हुने प्रणाली ।

**संवाद–** ना० [सं०] १. नियन्त्रित विषयवस्तुहरू वा परिस्थितिमा गरिने कुराकानी । २. बोलाइ आदि शिक्षणको एक पद्धति । ३. परस्परको कुराकानी; वार्तालाप; बातचित । ४. विवाद; बहस; तर्क । ४. समाचार; खबर; सन्देश । – **दाता–** ना० समाचारपत्रमा प्रकाशित गर्नुपर्ने कुराहरू विभिन्न ठाउँबाट प्राप्त गर्ने उद्देश्यले ठाउँठाउँबाट समाचार पठाउन तोकिएको व्यक्ति; समाचारदाता । ~ **समिति–** ना० समाचार संकलन गर्ने र प्रकाशित गर्नेगराउने उद्देश्यले गठित समिति; राष्ट्रिय समाचार समिति । > **संवादात्मक–** वि० संवाद वा बातचितका शैलीको; कथोपकथन भएको । **संवादिका–** ना० संवाददाताको काम गर्ने महिला; स्त्री संवाददाता । **संवादी–** वि० १. संवाद गर्ने; कुराकानी गर्ने । २. सहमत हुने । ३. समान; सदृश । ना० ४. सङ्गीतमा वादी स्वरको श्रुतिमधुरता बढाउने स्वर ।

**संवार–** ना० [सं०] १. ढाक्ने वा छोप्ने काम; ढाकछोप । २. ध्वनिविज्ञानका अनुसार ध्वनिका उच्चारणमा केही खुम्च्याहट पैदा भई कोमल वर्णहरूको उच्चारण हुने एक प्रयत्न । > **संवारण–** ना० १. रोक्ने काम; रोकाइ; छेकाइ । २. छोप्ने वा ढाक्ने काम; ढकाइ; ढाकछोप ।

**संवार्ता–** ना० [सं०] संवाद ।

**संवास–** ना० [सं०] १. धेरै दिनको सँगैको बसाइ; सहवास; बसाउठी । २. सार्वजनिक रूपमा प्रयोग हुने पाटी, पौवा, धर्मशाला आदि; सार्वजनिक निवास । ३. घर; गृह । ४. सुवासित वस्तु; सुगन्ध । ५. मैथुन; सम्भोग । > **संवासित–** वि० बास्ना आउने पारिएको; सुगन्धित तुल्याइएको ।

**संवाहन–** ना० [सं०] कुनै तत्त्वको प्रभाव परी तातो, चिसो, द्रव वा वाष्पीय वस्तुको सञ्चार हुने काम ।

**संवाहनिक–** वि० [सं०] संवाहन हुने; संवाहनसँग सम्बन्धित । ~ **वर्षा–** ना० सतहको न्यानो बाफिलो हावा उचाइमा पुगेर हुने वर्षा ।

**संविद्–** ना० [सं०] १. चेतनाशक्ति; ज्ञान । २. तत्त्वबोध; स्मरण; समझ । ३. अनुभूति; संवेदना । ४. वृत्तान्त; हाल । ५. राती पालो बस्ने प्रहरीको साङ्केतिक शब्द; प्यारोल । ६. प्रतिज्ञा । ७. विश्वास । ८. स्वीकृति । ९. वार्तालाप; कुराकानी । > **संविद–** वि० संविद्युक्त; चेतनामय; सचेत ।

**संविदा–** ना० [सं०] १. परस्परमा गरिने सम्झौता; सन्धि; मेलमिलाप । २. व्यापार, ठेक्कापट्टा आदिमा सम्बन्धित पक्षबाट गरिने सर्तबन्दी; अनुबन्धन; करार । ~ **पत्र–** ना० आपसको छलफलबाट भएको निधोलाई सम्बन्धित पक्षको रोहबरमा लेखी हस्ताक्षर गरिएको कागज; संविदा वा सम्झौताका सर्त लेखिएको पत्र; करारनामा ।

**संविधान–** ना० [सं०] १. राज्य, राष्ट्र, कुनै उच्च संस्था आदिको सङ्घटन, विघटन, सञ्चालन, स्थगन आदिको व्यवस्था गर्ने नियमहरू लेखिएको मूल विधान; मूल कानुन । २. देशका सम्पूर्ण ऐनकानुनको मूल स्रोत । ३. व्यवस्था; प्रबन्ध । ४. साहित्यिक कृतिमा वस्तु, शिल्प आदि मिलाउने काम । ५. व्यवस्था; प्रबन्ध; बन्दोबस्त । – **को धारा–** ना० संविधानको व्याख्या गर्ने क्रममा वर्गीकृत दफा वा उपदफा । ~ **परिषद्–** ना० कुनै राष्ट्र, देश वा उच्च संस्थाको विधाननिर्माण गर्न गठन भएको समिति; संविधान बनाउने निर्वाचित प्रतिनिधिहरूको सभा; विधायिका । ~ **प्रदत्त–** वि० संविधानले प्रदान गरेको (अधिकार, स्वतन्त्रता आदि) । – **वाद–** ना० संविधानलाई नै सर्वेसर्वा मान्ने राजनीतिक सिद्धान्त । – **वादी–** वि० संविधानका मर्यादालाई अक्षरशः पालन गर्ने । ~ **सभा–** ना० संविधान निर्माण गर्ने प्रयोजनका लाग जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सभा ।

**संविभाजन–** ना० [सं०] १. कुनै वस्तुलाई अलगअलग पार्ने काम; अंश वा भाग लाउने काम । २. सम्बन्धित व्यक्तिहरूमा भएका दायित्व, दोष, गुण आदि तत्त्वलाई बाँडफाँड गर्ने काम ।

**संविलयन–** ना० [सं०] गणितमा दुई समूहका अङ्कहरू आकस्मिक रूपले बराबर भई निःशेष हुने काम ।

**संवृत–** वि० [सं०] १. कुनै साधन वा तत्त्वले ढाकिएको; छोपिएको । २. छिपेको; लुकेको । ३. जोगाड भएको; रक्षित ।

**संवृत्त–** वि० [सं०] १. कुनै साधन वा तत्त्वले ढाकिएको; छोपिएको । २. छिपेको; लुकेको । ३. जोगाड भएको; सुरक्षित ।

**संवृद्ध–** वि० [सं०] राम्ररी बढेको; पूर्ण रूपले बढेको; विकसित भएको; सप्रिएको । > **संवृद्धि–** ना० १. राम्रो वृद्धि; बढिबढाउ; समृद्धि । २. सामर्थ्य; शक्ति ।

**संवेग–** ना० [सं०] १. मानसिक वा शारीरिक क्रियामा आउने

उत्तेजना; आवेग । २. तीव्र वेग; द्रुत गति; शीघ्रता । ३. प्रचण्डता; उग्रता । > **संवेगात्मक–** वि० १. संवेग भएको; तीव्र उत्तेजना हुने स्वभावको । २. लाज, डर, ईख, प्रेम, रिस आदि संवेग वा उत्तेजनाबाट उत्पन्न (प्रकृति, भाव, समस्या आदि) ।

**संवेदन ⁄ संवेदना–** ना० [सं०] १. मानिसका मनमा हुने मार्मिक अनुभूति । २. सचेत रूपमा हुने ज्ञान वा बोध; प्रतीति । ३. सूचना दिने काम; विचारप्रकट । > **संवेदनीय–** वि० संवेदन गर्न योग्य; संवेद्य ।

**संवेद्य–** वि० [सं०] संवेदना हुने वा भएको; संवेदनशील; अनुभवगम्य । **– ता–** ना० संवेद्य हुनाको भाव वा अवस्था; संवेदनशीलता ।

**संवैधानिक–** वि० [सं०] संविधानले निर्देश गरेअनुसारको; संविधानमा आधारित वा संविधानद्वारा सुरक्षित र व्यवस्थित; संविधान-अनुकूलको । ~ **अङ्ग–** ना० संविधानमा उल्लेख भएको वा संविधानद्वारा संरक्षित निकाय (मन्त्रिपरिषद्, सर्वोच्च अदालत, लोकसेवाआयोग, निर्वाचनआयोग, महालेखा परीक्षक आदि) । ~ **अदालत–** ना० संविधानमा उल्लिखित तथा संविधानद्वारा संरक्षित र मान्य अदालत । ~ **उपचार–** ना० संविधानका मर्यादामा आघात नपुऱ्याई गरिने कार्यहरू; संविधानका आधारमा गरिने सरकारी कार्यवाही । ~ **कानुन–** ना० संविधानका आधारमा निर्माण भएका र वैधता प्राप्त गरेका ऐनकानुन । ~ **राजतन्त्र–** ना० संविधाले दिएका सीमित अधिकारमा रही नेतृत्व दिने राजा भएको देशको शासनव्यवस्था । ~ **सरकार–** ना० संविधानद्वारा सीमित तथा परिभाषित शक्ति मात्र पाएको सरकार; कानुनी रूपको सरकार ।

**संशय–** ना० [सं०] १. कुनै कुराको टुङ्गो नलाग्ने वा के होला भन्ने स्थिति; सन्देह; शङ्का । २. दोधारको अवस्था; दुविधा । **– वाद–** ना० परम्परादेखिका मान्यता ठीक र बेठीक पनि हुन सक्ने हुनाले आप्त वचनमा मात्र विश्वास गर्न सकिन्न भन्ने एक मत; पूर्वीय दर्शनको एक भेद । **– वादी–** वि० १. संशयवादका सिद्धान्तको समर्थक; संशयको अनुयायी । २. शङ्कालु स्वभावको; दोधारे । > **संशयात्मक–** वि० यसो हो भनेर किट्न नसकिने; सन्देहयुक्त; सन्दिग्ध (प्रश्न, उत्तर, कुरा आदि) । **संशयात्मा–** वि० १. मनमा शङ्का लिइराख्ने; शङ्कालु स्वभावको । २. विश्वास नगर्ने; आत्मविश्वास नभएको । **संशयालु–** वि० १. संशय भएको; संशययुक्त । २. संशयशील । **संशयी–** वि० संशय गर्ने; संशयात्मा ।

**संशुद्ध–** वि० [सं०] १. राम्ररी सफा पारिएको; विशुद्ध; पवित्र । २. संशोधन गरिएको; शुद्ध पारिएको; संशोधित । > **संशुद्धि–** ना० १. राम्ररी शुद्ध गर्ने काम; पवित्र पार्ने काम । २. पूर्ण संशोधन गर्ने काम ।

**संशोधक–** वि० [सं०] १. संशोधन गर्ने; भूल वा त्रुटि सच्याउने; शुद्ध पार्ने । २. संस्कार गर्ने । ३. ऋण फछर्याउने । ना० ४. संशोधन गर्ने व्यक्ति; प्रस्तावहरूका सुझाउ वा संशोधनको प्रस्तुतकर्ता ।

**संशोधकीय–** ना० [सं०] कुनै ग्रन्थ आदिको संशोधन गर्नेको भनाइ वा विचार ।

**संशोधन–** ना० [सं०] १. कुनै रचना वा लेखाइमा भएका अशुद्धिलाई राम्ररी शुद्ध पार्ने काम; संशुद्धि । २. संस्कार; परिष्कार । ३. ऋणतिराइ । ४. प्रस्तावहरूको काँटछाँट, थपथाप आदि सुधार गर्ने कार्य वा सुझाउ । **– वाद–** ना० मूल सिद्धान्तलाई हेरफेर गर्ने; मौलिकतालाई बदल्ने र विपरीत दिशामा मोडिने नीति; त्यस्तो राजनीतिक प्रक्रिया वा सिद्धान्त । **– वादी–** वि० संशोधनवादका सिद्धान्तको अनुयायी; संशोधनवादमा विश्वास गर्ने । > **संशोधनीय–** वि० संशोधन गर्न उचित तथा आवश्यक; सच्याउनुपर्ने ।

**संशोधित–** वि० [सं०] संशोधन गरिएको; सुधारिएको ।

**संश्रय–** ना० [सं०] १. कुनै वस्तुको आड; आश्रय; सहाय । २. संयोग; मेल । ३. सम्पर्क; सम्बन्ध । ४. पारस्परिक सहयोगको सन्धि । ५. विश्रामस्थान; वासस्थल ।

**संश्लिष्ट–** वि० [सं०] १. अङ्कमाल गरेको; आलिङ्गित । २. नजिकको; समीपस्थ । ३. राम्रोसँग जोडिएको; बेसरी टाँसिएको ।

**संश्लेष–** ना० [सं०] १. आलिङ्गन । २. मिलन; मेल । ३. संयोग । ४. सम्बन्ध । ५. सन्धि । > **संश्लेषण–** ना० १. कुनै वस्तु, तत्त्व, वाक्य आदिलाई जोड्ने वा मिलाउने काम; जोराइ; टँसाइ । २. जोड्ने वा बाँध्ने साधन ।

**संसज्ज–** ना० [सं०] जुनसुकै समयमा पनि युद्धको खतरा आउन सक्ने ठानी सेनालाई पूर्ण रूपमा तैनाथ गरिराख्ने काम ।

**संसद्–** ना० [सं०] १. प्रजातान्त्रिक मुलुकहरूमा जानताद्वारा निर्वाचित प्रतिनिधिहरू सर्वोच्च संस्था; व्यवस्थापिका । २. समिति; सभा । ~ **सचिवालय–** ना० संसद्सम्बन्धी कार्य गर्ने सचिवको कार्यालय । > **संसदीय–** वि० १. संसद्सम्बन्धी; संसद्सँग सम्बन्ध भएको । २. जनताले मत प्रदान गरी छानिएका प्रतिनिधिहरू मिलेर सरकार बनाउने तथा शासन चलाउने (राजनीतिक परिपाटी, जस्तै– संसदीय व्यवस्था, संसदीय प्रजातन्त्र आदि) ।

**संसर्ग–** ना० [सं०] १. सँगसँगै रहने-बस्ने गरी भएको सम्बन्ध वा सम्पर्क । २. सहवास; बसाउठी; उठबस । ३. जातिगत भेदभाव वा चोखीनितीका हिसाबले हुने लसपस; छातछुत । ४. सम्भोग; समागम । ~ **दोष–** ना० कुसङ्गतका प्रभावद्वारा उब्जने नराम्रा गुण; सम्पर्कले हुने नजाती परिणाम । > **संसर्गी–** वि० १. संसर्गमा रहने सम्बन्ध वा सम्पर्क भएको । २. छुवाछुत गर्ने; लसपस गर्ने । ३. निकटमा रहेको; समीपस्थ । ना० ४. संसर्गमा रहने व्यक्ति; जोडा; सँगी; साथी ।

**संसाधन–** ना० [सं०] उपभोगविना उपयोग गरिने फर्निचर, यन्त्र, पुस्तक आदि सामग्री ।

**संसार–** ना० [सं०] १. मान्छेले देख्ने, भोग्ने र अनुभव गर्ने सम्पूर्ण

भौतिक जगत्; चराचर विश्व; विश्व; भुवन । २. जन्ममरण भएको जगत्; मर्त्यलोक । ३. प्राणीजगत्; जीवलोक । ४. जनता; दुनियाँ । ५. सांसारिक जीवन; लौकिक प्रपञ्च । ~ **चक्र–** ना० जन्ममरण, सृष्टिप्रलय, सुखदुःख आदि द्वन्द्वात्मक गति निरन्तर चलिरहने संसाररूपी चक्र । ~ **यात्रा–** ना० १. जन्मेदेखि मृत्युपर्यन्त जीवनको यात्रा भोग्ने काम; सुख-दुःख आदि भोगेर गरिने जीवनयापन । २. जिन्दगी; जीवन । ~ **सागर–** ना० संसाररूपी समुद्र; समुद्रझैँ पार पाइनसकिने संसार । > **संसारी–** वि० १. संसारमा आवागमन गरिरहने; बारम्बार जन्ममरणका चक्रमा घुम्ने । २. संसारको प्रपञ्चमा भुलेको; मायामोहमा डुबेको । ना० ३. संसारमा बस्ने जीव; प्राणी; जीवात्मा ।

**संसृत–** वि० [सं०] १. बारम्बार जन्ममरण भइरहने । २.संसृतिमा आएको । ३. प्रवाहयुक्त; वेगवान् । > **संसृति–** ना० १. बारबार हुने जीवन र मृत्युलोकको आइजाइ; जन्ममरण । २. जगत्; संसार । ३. प्रवाह; धारा ।

**संसृष्ट–** वि० [सं०] १. साथमा उत्पन्न भएको; सहजात । २. सयुंक्त; मिलेको; जोरिएको । ३. सम्मिलित; अन्तर्भूत । > **संसृष्टि–** ना० १. परस्परको संयोग; मेल । २. मिश्रण; मिलावट । ३. निर्माण गर्ने काम; रचना । ४. एउटै वाक्यमा दुई अलगअलग अलङ्कार स्पष्ट देखिँदा पर्ने एक काव्यालङ्कार । ५. सहवास; बसाउठी ।

**संसेवन–** ना० [सं०] १. राम्रोसँग सेवा गर्ने काम; सुसेवन । २. व्यवहारमा ल्याउने काम; समुचित उपयोग । ३. घनिष्ठ सम्बन्ध; आत्मिक सम्पर्क ।

**संसेवित–** वि० [सं०] १. संसेवन भएको । २. राम्ररी सेवा गरिएको; सुसेवित ।

**संस्करण–** ना० [सं०] १. कुनै वस्तुलाई परिष्कार गर्ने काम; परिष्कृति । २. कुनै वस्तु ठीकठाक पार्ने काम; तयारी । ३. पुस्तकपुस्तिका आदिको खेपैपिच्छेको नयाँ प्रकाशन वा मुद्रण; आवृत्ति । ४. सिलसिला मिलाउने काम; क्रमबद्धता ।

**संस्कर्ता–** वि० [सं०] १. संस्कार गर्ने वा गराउने; परिष्कृत पार्ने । २. पकाइतुल्याइ गर्ने व्यक्ति; भान्से ।

**संस्कार–** ना० [सं०] १. अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम; सुधार; शुद्धता । २. कुनै वस्तुको मरम्मत; जीर्णोद्धार । ३. पवित्र पार्ने काम; संशुद्धि । ४. खाने कुरा पकाइ तुल्याइ गर्ने काम । ५. भाँडाकुँडा आदिको सरसफाइ । ६. रहनसहन, मर्यादा, सम्पर्क, शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव; धारणा । ७. वैदिक विधिअनुसार गरिने ब्राह्मण जातिका सोह्र संस्कार वा कृत्य (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि) । ८. अन्त्येष्टि क्रिया; दाह-संस्कार । > **संस्कारक–** वि० १. संस्कार गर्ने वा हुने; संस्कारसम्बन्धी । ना० २. संस्कार गर्ने व्यक्ति; संस्कर्ता । ३. संशोधक; परिमार्जक । **संस्कारित–** वि० १. संस्कार गरिएको; संस्कार भएको । २. संशोधित; परिष्कृत । **संस्कार्य–** वि० संस्कार गर्न योग्य वा उचित; संस्कार हुने ।

**संस्कृत–** वि० [सं०] १. संस्कार गरिएको वा शुद्ध पारिएको; परिमार्जन गरिएको; परिष्कृत । २. शुद्ध गरिएको; सुद्धचाइएको; संशोधित । ३. साजसज्जा गरिएको; अलङ्कृत । ४. पकाईतुल्याई तयार गरिएको (खानेकुरो) । ना० ५. पूर्वीय आचार्यहरूले ज्ञानगरिमा, साहित्य,वेदोपनिषद् आदि अनेक विषयहरूको सृजन गरेको, आर्यहरूको प्राचीन भाषा; देववाणी । ६. पाणिनि, यास्क आदिले निर्माण गरेका व्याकरणअनुसार शुद्ध पारिएका वर्ण वा शब्द । ~ **भाषा–** ना० आर्यभाषा, परिष्कृत वा अत्यन्त परिमार्जित भाषा ।

**संस्कृति–** ना० [सं०] १. कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रूप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने काम; संस्कार; परिष्कार । २. कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप । ३. धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन । ४. कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्यपरम्पराको समष्टि नाम ।

**संस्तवन–** ना० [सं०] १. कीर्ति वा यशको गान; प्रशंसा; स्तुति । २. कुनै व्यक्ति सम्बन्धित काम कुरा वा सेवाका निम्ति योग्य र उपयुक्त भएको पुष्टि दिँदै गरिने प्रशंसा ।

**संस्तुति–** ना० [सं०] १. पूर्ण रूपले हुने स्तुति वा प्रशंसा । २. अनुमोदन; सिफारिस ।

**संस्था–** ना० [सं०] १. राम्रोसित स्थायी किसिमले रहने काम; ठहराइ; बसाइ । २. कुनै धर्म, सङ्गठन, समाज, राजनीति आदिको प्रचारप्रसार वा लोकहितका उद्देश्यले गठन गरिने सार्वजनिक सभा; सङ्घ । ३. सरकारी वा गैरसरकारी कार्यालयहरूमा काम गर्ने व्यक्तिहरूको सामूहिक हितका निम्ति तयार भएको सङ्गठित समुदाय । ४. व्यावसायिक दृष्टिले कुनै खास नियम तथा सिद्धान्तअनुसार काम गर्ने कुनै सङ्गठित दल वा वर्ग (जस्तो– सहकारी संस्था, साझा संस्था इ०) । –**गत–** वि० संस्थाका रूपमा परिणत भएको; संस्थाका रूपमा रहेको; संस्थानसम्बन्धी (जस्तो– संस्थागत उन्नति, संस्थागत कार्य, संस्थागत विकास आदि) ।

**संस्थान–** ना० [सं०] १. साहित्य, ज्ञान, विज्ञान, कला, संस्कृति आदिको उन्नयनका उद्देश्यले तयार गरिएको कुनै संस्था । २.

सामाजिक एवं दैनिक जीवनका आवश्यक वस्तुहरूको वितरण, व्यवस्थापन आदिको तर्जुमा गर्ने सरकारीगैरसरकारी संस्था; निगम । ३. राम्ररी बस्ने काम; बसाइ; स्थिति । ४. सार्वजनिक स्थान । ५. विधिवत् बसाउने वा अडचाउने काम; स्थापना । ६. रूप; आकृति । ७. अस्तित्व । ८. समूह; समष्टि । ९. रचना; निर्माण ।

**संस्थापक–** ना० [सं०] १. आफ्नो धन अर्पण गरी देवालय, विद्यालय, औषधालय, पुस्तकालय आदि सार्वजनिक महत्त्वका कार्य गर्ने वा कुनै सभा, सङ्गठन, संस्था आदिको प्रथम स्थापना गर्ने व्यक्ति । २. कुनै नयाँ काम, मत, सम्प्रदाय आदिको उठान गर्ने वा प्रवर्तन गर्ने व्यक्ति; प्रवर्तक । ~ **सदस्य–** ना० कुनै सङ्घ, संस्था, मत, सम्प्रदाय आदिको स्थापना गर्ने प्रथम समूहमध्येको एक व्यक्ति ।

**संस्थापन/संस्थापना–** ना० [सं०] १. राम्ररी स्थापित गर्ने वा बसाउने काम; नडगमगाउने हिसाबले राख्ने काम । २. उद्योगयन्त्र आदिलाई आवश्यक ठाउँमा गरिने जडान । ३. कुनै नयाँ कार्य, विषय, परम्परा, मूल्य आदि कायम गर्ने वा तिनलाई नयाँ रूपमा परिणत गर्ने काम । > **संस्थापनीय–** वि० संस्थापन गर्न उचित वा योग्य; संस्थापन हुन सक्ने; संस्थाप्य ।

**संस्थापित–** वि० [सं०] संस्थापन गरिएको वा भएको; व्यवस्थित रूपमा स्थापना गरिएको ।

**संस्थाप्य–** वि० [सं०] संस्थापन गर्न योग्य वा उचित; संस्थापनीय ।

**संस्थित–** वि० [सं०] १. राम्ररी रहेको; नडग्ने गरी अडेको; स्थिर रूपमा स्थापित । २. ठडिएको; उभिएको; खडा । ३. एकत्र गरिएको । ४. देहावसान भएको; मरेको । > **संस्थिति–** ना० संस्थित वा खडा हुनाको भाव वा अवस्था; स्थिरता ।

**संस्पर्श–** ना० [सं०] १. राम्ररी छुने काम; पूर्ण रूपमा छुने प्रक्रिया । २. कुनै नयाँ प्रवृत्तिको प्रभाव । > **संस्पर्शी–** वि० संस्पर्श गर्ने (व्यक्ति)

**संस्मरण–** ना० [सं०] १. बारबार सम्झनामा आउने बितेका दिनको कुरो; मीठो सम्झना; मधुर स्मृति । २. राम्रोसित वा बरोबर सम्झना गर्ने काम; नामजपाइ; संस्मृति । ३. पुरानो घटना, वस्तु, महत्त्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख, कथन वा रचना । > **संस्मरणीय–** वि० संस्मरणयोग्य; सम्झिरहनुपर्ने ।

**संस्मृति–** ना० [सं०] पूर्ण संस्मृति; संस्मरण ।।

**संहार–** ना० [सं०] १. बिग्रने, नासिने, र स्वाहा हुने काम वा स्थिति; नाश; ध्वंस । २. नृशंस हत्या; काटमार; मारामार । ३. संसारको प्रलय; कल्पान्त । ४. समाप्ति; अन्त । ५. सार रूपमा भनिएको कुरो; निचोर । ६. भेला पार्ने काम; बटुलाइ । > **संहारक–** वि० संहार वा नाश गर्ने; विनाशकारी; संहारकर्ता । **– कर्ता/कारी–** वि० संहार गर्ने; संहारक ।

**संहित–** वि० [सं०] १. एकै ठाउँ भेला पारिएको; जम्मा गरिएको; एकत्रित । २. मिलाइएको वा सम्मिलित गरिएको; जोरिएको; संयुक्त । ३. संबद्ध; संश्लिष्ट । ४. अधिकारीहरूद्वारा नियम, विधि आदिलाई संहिताका रूपमा ल्याइएको । > **संहिता–** ना० १. संहित हुनाको भाव वा अवस्था; संयोग; मेल । २. व्याकरणमा अक्षरहरूमा हुने पारस्परिक सन्धि । ३. निश्चित रूपमा चलेको वा क्रमबद्ध रूपमा एकत्रित गरी मिलाइएको आचार, नियम, विधि आदिको सङ्कलन वा तत्सम्बन्धी विधिव्यवहार (जस्तो– धर्मसंहिता, आचारसंहिता, दण्डसंहिता आदि) । ४. गद्यलेख आदिको क्रमबद्ध सङ्ग्रह, सङ्कलन । ५. मन्त्रद्रष्टा ऋषिहरूद्वारा लोकहितका निम्ति सङ्कलन भएका उपासना, ज्ञान, यज्ञविधि, आशीर्वादात्मक सूक्त आदिसित सम्बन्धित (वेदको ब्राह्मणभागदेखि भिन्न) मन्त्र वा प्रार्थनाको समूह ।

**सइन–** ना० [अङ्० साइनस] सधैँ पाकिरहने वा बिग्रेर भित्रसम्म गढेको कहिल्यै निको नहुने घाउ; सैन ।

**सइस–** ना० [फा० सईस] घोडाको रेखदेख वा स्याहारसुसार गर्ने नोकर; चिरुवादार ।

**सक्-नु–** अ० क्रि० [सं० शक्+नु] १. कुनै काम सिद्धचाउनु वा टुङ्ग्याउनु । २. कुनै काम गर्नका निम्ति समर्थ हुनु । ३. उपभोग वा खर्च गरेर सिद्धचाउनु; बुत्याउनु । ४. खतम पार्नु; नास्नु ।

**सक–** ना० [सं० शक्ति] कुनै काम पूरा गर्न सक्ने सामर्थ्य वा बल; शक्ति (उदा०– घरमा सकले भ्याउने काम सबले गरिदिए दुःख हुँदैन) । ~ **असक–** वि० सक्ने र नसक्ने; समर्थअसमर्थ । **–भर–** क्रि० वि० बल र बुद्धिले भ्याएसम्म ।

**सकर्मक–** वि० [सं०] व्याकरणका अनुसार क्रियाको फल कर्तामा नरही अर्कै वस्तुमा रहने (क्रिया वा क्रियापद) । ~ **क्रिया–** ना० कर्ममा काम निर्भर रहने वा कर्म लिने क्रिया (जस्तै– लिनु, खानु, हेर्नु इ०) । ~ **क्रियापद–** ना० सकर्मक क्रियाका रूप चल्ने शब्द (जस्तै– लिन्छ, खायो, हेर्नेछ इ०) ।

**सकल१–** ना [सं०] १. सबै अङ्ग वा अवयवले युक्त; कुनै अंश नछुटेको । २. सम्पूर्ण; सबै । ३. कलाले सहित ।

**सकल२–** वि० कुनै कागत वा लेखोटको मूल प्रति; गुरुकापी; मूल कागतपत्र; सक्कल । (उदा०– सकलबमोजिम नकल ठीक दुरुस्त छ भनी सही गर्ने) ।

**सकली–** वि० [सकल+ई] १. नकली नभएको । २. मिलावट, बिटुल्याइँ आदि नभएको; चोखो; शुद्ध । ३. असल; उम्दा । ~ **ढाका–** ना० पहिले ढाका सहरमा तयार गरिएको, मलमलमा रङ्गिन धागाले फूल काढिएको असल कपडा ।

**सकस–** ना० [फा० सख्ती] १. कुनै कामकुरोमा हुने वा पाइने हैरानी; सासना; सास्ती । २. अप्ठेरो स्थिति वा दुःखी अवस्था; कठिनाइ; तकलिफ ।

**सकसक–** ना० [अ० मू०] १. शरीरमा मसिना कीरा हिँड्नाले हुने असजिलोपन । २. क्रि० वि० २. केटाकेटी आदि चञ्चल भएर

चलिरहेझैँ; छुकछुक; तरबर । ३. कुनै कामकुरो गर्न मन तुलबुलाउने छाँट; खसखस । > **सकसकाइ–** ना० सकसकाउने भाव, क्रिया वा प्रक्रिया । **सकसकाइनु–** अ० क्रि० सकसक चलिनु; चञ्चल होइनु । **सकसकाउनु–** अ० क्रि० १. शरीरमा जुम्रा, उपियाँ, भुसुना, कमिलाजस्ता मसिना कीरा हिँड्दा असजिलो अनुभव हुनु; सकसक गर्नु । २. मसिना केटाकेटी आदि चलिरहनु; छुकछुकाउनु । ३. चञ्चल हुनु । **सकसकी–** ना० सकसक लाग्ने काम; सगसगी । **सकसके–** वि० सकसक गर्ने; चलिरहने ।

**सकाइ–** ना० [√ **सक्** (+आइ)] सक्ने भाव, क्रिया वा प्रक्रिया । [>] **सकाइनु–** क० क्रि० सक्न लाइनु । **सकाउनु–** प्रे० क्रि० सक्न लाउनु; सक्ने पार्नु ।

**सकाम–** वि० [सं०] १. केही पाउने चाहना भएको; कामनायुक्त । २. फलको आशा गर्ने । ३. इच्छापूर्ण भएको; तृप्त । ४. वासनायुक्त; विषयी; कामनायुक्त ।

**सकार्-नु–** स० क्रि० [सकार+नु] १. कुनै कामकुरो गर्न स्वीकार वा मन्जुर गर्नु; प्रस्ताव, सर्त आदि मान्नु । २. कुनै काम आफ्नो जिम्मामा लिनु; अङभर गर्नु; सँभाल्नु ।

**सकार१–** ना० [सं०] 'स' अक्षर; ऊष्मवर्णको तेस्रो अक्षर ।

**सकार२–** ना० [सं० स्वीकार] १. कुनै काम वा कुराप्रतिको समर्थन; स्वीकार; मन्जुरी । २. कुनै कुरा पूरा गर्ने वचन; कबुल; प्रतिज्ञा । **– नामा–** ना० कुनै कुरा स्वीकार वा कबुल गर्दा नियममुताबिक लेखिने कागत; मन्जुरनामा ।

**सकाराइ–** ना० [√ **सकार्** (+आइ)] सकार्ने क्रिया वा प्रक्रिया । [ > ] **सकाराइनु–** क० क्रि० सकार्न लाइनु; सकार गराइनु । **सकाराउनु–** प्रे० क्रि० सकार्न लाउनु; सकार गराउनु ।

**सकारात्मक–** वि० [सकार+ सं० आत्मक] १. कुनै पक्ष वा विचारको समर्थन वा अनुमोदन गर्ने; मन्जुरी जनाउने; स्वीकृतिसूचक । २. रचनात्मक; हुँदो । विप० नकारात्मक । **– ता–** ना० सकारात्मक हुनाको भाव, क्रिया वा अवस्था ।

**सकारिनु–** क० क्रि० [सकार्+इ+नु] सकार गरिनु ।

**सकारी–** वि० [सं०] सकारको; 'स' अक्षरसँग सम्बन्धित । **– भवन–** ना० कुनै व्यञ्जनध्वनि सकारमा परिणत हुने प्रक्रिया (जस्तो– भान्छा> भान्सा, पन्छनु> पन्सनु आदि) ।

**सकाल–** क्रि० वि० [सं०] १. एकाबिहानै; सखार; सबेरै । ना० २. प्रातःकाल; झिसमिस ।

**सकिनु–** क० क्रि० [सक्+इ+नु] कुनै काम पूरा गरिनु; काम गर्ने सामर्थ्य प्राप्त गरिनु ।

**सकुल्य–** वि० [सं०] १. तीन पुस्तामाथिदेखि छ पुस्तासम्म पुगेको वा एउटै ताउलाको भात खानुबाट फुटेर एउटै घाटको पानी खाने भई बसेको बन्धुबान्धव । २. एउटै कुल वा वंशको; मूल हाँगो एउटै भएको ।

**सके–** संयो० [सक्+ए] सम्भावना जनाउने वा होला कि भनी अनुमान गरिने शब्द; सम्भवतः; सायद; सकभर । (उदा०– सके यो काम उनैले गरेका हुन् । तिमी जाँदै गर, सके म पनि आउनेछु ।) ।

**सकौनी–** ना० [सक्+औनी] रोपाइँ सिद्धयाएपछि खुसियालीको उपलक्ष्यमा गरिने उत्सव ।

**सक्कल–** वि०हे० सकल । > **सक्कली–** वि० सकली ।

**सक्के–** क्रि० वि० [सं० शक्य] सम्भावना भए; सम्भव हुँदा; भरिको पूरक (जस्तो– भरिसक्के) ।

**सक्खर–** ना० [प्रा० सक्करा > सं० शर्करा] सखर । **– खण्ड–** ना० सखरखण्ड । **– साला–** ना० सखरसाला ।

**सक्खे–** वि० [सं० शक्य] १. हुन सक्ने; सकले भ्याएसम्म; सम्भव । ना० २. सक्नेसम्मको क्षमता; सामर्थ्य; शक्ति ।

**सक्तु–** ना० [सं०] सातु; सतुवा ।

**सक्तो–** वि० [सक्+तो] शक्तिले खामेजति; बलबुद्धिले पुगेजति । (उदा०– तपाईं नआत्तिनुहोस्, म सक्तो प्रयास गर्छु) ।

**सक्नुको–** वि० [सक्नु+को] छुन, सहन वा सँभाल्न सकिने; कम्तीको; (उदा०– त्यो मान्छे देख्न मात्रै सुधो हो, सक्नुको छ र !) ।

**सक्रिय–** वि० [सं०] लगनका साथ काम गर्ने वा काममा दत्तचित्त भएको; क्रियात्मक रूपमा लागिरहने; गतिशील । **– ता–** ना० सक्रिय हुनाको भाव वा स्थिति; गतिशीलता; फुर्तिलोपन । **~ नेतृत्व–** ना० कुशल, गतिशील तथा प्रभावकारी रूपमा दिइने नेतृत्व । **~ भूमिका–** ना० अभीष्ट कुरो सिद्ध गर्न वा कुनै कुरा पूर्ण गर्न विशेष रूपमा लागिपर्ने तथा सूत्रधार बन्ने कामको पृष्ठभूमि वा आधार । **~ सदस्य–** ना० क्रियाशील सदस्य । **~ सहायता–** ना० कुनै कामका निम्ति मुखले मात्र नभई तन-मन-धनले र विशेषतः शारीरिक परिश्रमले समेत गरिने सहायता । **~ सेवा–** ना० सरकारी पद, सेना आदिमा रहेर वा राष्ट्रिय तथा सामाजिक क्षेत्रमा विशेष खटेर गरिने सेवा वा काम ।

**सक्षम–** वि० [सं०] काम गर्ने क्षमता भएको वा गर्नुपर्ने काम पार लाउन सक्ने; समर्थवान् । **– ता–** ना० १. सक्षम हुनाको भाव वा स्थिति । २. कुनै प्रज्वलित वस्तुको प्रज्वलन शक्ति वा कुनै बलिया वस्तुका बलको क्षमता वा दृढता ।

**सख–** ना० [सं० सखा] सहायता; सहयोग (दिव्य०) ।

**सखर–** ना० [सं० शर्करा] उखु, खजुर, ताड आदिको रस पकाएर जमाइएको, रासायनिक पदार्थद्वारा प्रशोधन नभएको बुको वा डल्लो गुलियो पदार्थ; गुड । **– खण्ड–** ना० झन्डै पानका आकारका पात हुने, सेतो वा रातो फूल फुल्ने एक जातको लहरो र त्यसैको खैरो वा रातो गुलियो कन्द । **– पाला/साला–** ना० सखर पकाएर पातलो पारी जमाइएको चारपाटे आकारको खानेकुरो ।

**सखल्ल–** वि० [खुलस्त] भएको कुरा मनमा नराखी बोल्ने; खुलस्त; स्पष्ट । (उदा०– तिनको सखल्ल हुने बानी सबैलाई मन पर्छ) ।

**सखा–** ना० [सं०] साथी; मित्र; सँगी; सहचर ।

**सखाप–** ना० [अ० साफ] जो भएका सबै वस्तुको बेमाख; केही अंश पनि बाँकी नराख्ने काम ।

**सखार१–** क्रि० वि० [सं० सकाल] १. बिहान सबेरै; झिसमिसेमा ।

\1saroj\Sabdkosh\Dict'sa'.p65



ना० २. प्रातःकाल; झिसमिसे ।

**सखार**२– ना० [सकार] सकार ।

**सखारै**– क्रि० वि० [सखार+ऐ] बिहान छिटै; सखारमा; सबेरै ।

**सखिया**– ना० [सखी+इया] सखी; सँगिनी । ~ **नाच**– ना० थारूजातिमा प्रचलित एक लोकनृत्य ।

**सखी**– ना० [सं०] १. स्त्रीसाथी; सँगिनी । २. सहगामिनी; सहेली । ३. मारुनी नाचमा गाइने दुई थरी गीतको अंश वा टुक्रा । – **भाव**– ना० वैष्णव सम्प्रदायमा आफूलाई इष्टदेवताकी सखी वा प्रेमिका मानेर उपासना गर्ने भक्तिको एक प्रकार । ~ **सम्प्रदाय**– ना० आफूलाई अर्को रूपमा नलिई प्रभुको सखी वा प्रेमिकाका रूपमा लिएर उपासना तथा सेवा गर्ने वैष्णव भक्तहरूको एक सम्प्रदाय ।

**सखुवा**– ना० [सं० शाक] राम्रो काठ हुने सालको रूखविशेष ।

**सख्त**– वि० [अ०] १. सिकिस्त; साह्रै (बिरामी) । २. कठोर; कडा । ३. मजबुत; दृढ । > **सख्ती**– ना० सख्त हुने भाव वा अवस्था; कडापन; कडाइ; कठोरता ।

**सख्य**– ना० [सं०] सखाको भाव; मित्रता । – **भाव**– ना० १. उपास्य देवलाई आफ्ना साथी वा प्रेमी मान्ने र सम्झने भक्तिको एक भाव । २. आफूभन्दा ठूलो वा सानो व्यक्तिलाई त्यस रूपमा नलिई साथीका रूपमा लिने वा हेर्ने काम ।

**सगण**– ना० [सं०] छन्दशास्त्रका अनुसार क्रमशः दुई लघु र एक गुरुबाट बन्ने गण (□)।

**सगबग**– ना० [ने०] सर्प, गँडचौला, जुकाजस्ता घस्रेर हिँड्ने प्राणी चलमलाउने चाल; हिँड्नेचल्ने काम; सगसग । > **सगबगाइ**– ना० सगबगाउने भाव, क्रिया वा प्रक्रिया; सगबगगराइ । **सगबगाइनु**– अ० क्रि० सगबगाउने काम होइनु । **सगबगाउनु**– अ० क्रि० १. सगबग गर्नु; चलमलाउनु । २. कुनै कामका निम्ति तम्सनु । **सगबगाउँदो**– वि० सगबग गर्ने; चलमलाउँदो । **सगबगाहट**– ना० सगबगाउने भाव, अवस्था वा प्रक्रिया । **सगबगिनु**– अ० क्रि० सगबग होइनु । **सगबगी**– ना० सगबग गर्ने काम; सगबग ।

**सगर**१– ना० [सं०] १. पुराणकालीन प्रसिद्ध एक सूर्यवंशी राजाको नाम । वि० २. विष मिलेको; विषयुक्त ।

**सगर**२– ना० [सं० स्वर्ग] १. आकाश; आस्मान । २. स्वर्ग (उदा०– सगरका तारा को गन्न सक्छ र !) । – **बिट**– ना० क्षितिज । – **माथा**– ना० नेपालको सगरमाथा अञ्चलअन्तर्गत सोलुखुम्बु जिल्लामा नाम्चेबजारको उत्तरमा पर्ने, ८,८४८ मिटर अग्लो, विश्वको प्रसिद्ध तथा सर्वोच्च हिमशिखर; झ्यामोलोङ्मा ।

**सगसग**– ना० [अ० मू०] सकसक । > **सगसगाइ**– ना० सगसगाउने भाव, क्रिया वा प्रक्रिया । **सगसगाइनु**– अ० क्रि० सकसकाइनु । **सगसगाउनु**– अ० क्रि० सकसकाउनु । **सगसगी**– ना० सकसकी । **सगसगे**– वि० सकसके ।

**सगाइ**– ना० [√ **सगाउ** (+आइ)] सगाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सगाइनु**– क० क्रि० सघाउ गरिनु; सघाइनु ।

**सगाउनु**– स० क्रि० [√ सघाउनु] सघाउ गर्नु; सघाउनु ।

**सगुण**– वि० [सं०] १. राम्रा वा असल गुणहरूले युक्त; सद्गुणी; गुणवान् । २. साहित्यिक गुणले भरिएको । (लेख, रचना आदि) । ३. परिन्जो लागेको । ना० ४. सत्त्व, रज र तमोगुणले युक्त ब्रह्म; साकार ब्रह्म ।

**सगुन**– ना० [सं० शकुन] १. कुनै काम थालिँदा झुल्किने वा देखिने शुभ वा अशुभसूचक लक्षण । २. कुनै माङ्गलिक कार्यमा अपशकुन हटाउन र शुभ शकुन जनाउनका निम्ति दमाईं आदिलाई दिइने माङ्गलिक वस्तु । > **सगुनी**– वि० सगुनसम्बन्धी; सगुनको, सगुनयुक्त । > **सगुने**– ना० धामीका शब्दमा घाउखटिराका देवता ।

**सगोत्र**– वि० [सं०] १. कुनै कुलमा वा एउटै पूर्वजबाट जन्मेको; एउटै वंश वा गोत्रको । ना० २. एउटै गोत्र; समान गोत्र । ३. आफ्नै कुल वा वंश; फुकी; स्वाँगेभाइ । ~ **व्यभिचार**– ना० १. आफ्नै वा एउटै गोत्रका केटा र केटीमा हुने अनैतिक यौन सम्बन्ध । ~ **विवाह**– ना० एउटै गोत्रकी कन्यासँग हुने बिहावारी । > **सगोत्री**– वि० एउटै गोत्रको; आफ्नै वंशको; सगोत्र । **सगोत्रीय**– वि० सगोत्री ।

**सगोल**– वि० [सं०] १. नछुट्टिई एक खलक वा परिवारमा मिलेर बसेको; भिन्न नभएको; बन्डाफन्डा नभएको । २. एउटै समूहमा रहेको वा धेरै जनाको हक लाग्ने; गोस्वारा; साझा ।

**सग्राँती**– ना० [सं० सङ्क्रान्ति] महिनाको पहिलो दिन; एक गते; सङ्क्रान्ति । ~ **मसान्त**– ना० लाग्ने महिनाको पहिलो दिन र बित्ने महिनाको आखिरी दिन । (नेपाली समाजमा यी दुवै दिन घर छोड्न वा कसैलाई केही दिनु हुँदैन भनी बार्ने चलन छ)।

**सग्लाइ**– अ० क्रि० [√ **सग्लाउ** (+आइ)] सग्लाउने क्रिया वा प्रक्रिया । [ > ] **सग्लाइनु**– अ० क्रि० सग्लाउने होइनु ।

**सग्लाउ-नु**– अ० क्रि० [सग्लो+इ+नु] हृष्टपुष्ट वा गतिलो हुनु; सप्रनु ।

**सग्लि-नु**– अ० क्रि० [सग्लो+इ+नु] कुनै वस्तु सग्लो हुनु; सिङ्गो रहनु ।

**सग्लो**– वि० [सं० सकल+ओ] सबै कला, भाग वा अवयवले पूर्ण भएको; टुटफुट नभएको; सिङ्गो । (उदा०- घर मात्र अग्लो भएर के गर्नु; भाँडाकुँडा चाहिँ एउटै सग्लो छैन) । स्त्री० सग्ली ।

**सघन**– वि० [सं०] १. बाक्लो वा घना (वनजङ्गल आदि) । २. खँदिलो; ठोस । ३. साथै चलाउन वा चल्न सक्ने कुराले युक्त । ~ **खेती**– ना० धेरै परिश्रम र आवश्यक मलजल गरी सानो खेतमा पनि क्रम नटुटाई वा एक बाली फाँडिनासाथ अर्को बाली लाग्ने, तयार हुने किसिमले खेती गर्ने र प्रशस्त बाली उब्जाउने काम ।

**सघाइ**– ना० [√ **सघाउ** (+आइ)] सघाउने भाव, क्रिया वा प्रक्रिया; सहायता; सघाउ । [ > ] **सघाइनु**– क० क्रि० सघाउने काम

गरिनु ।

**सघाउ–** ना० [सं० सहायता] सघाउने काम; सहयोग; मदत; गुहार । > **सघाउनी–** ना० १. सघाएको काम । २. सघाएका निम्ति दिइने इनाम वा पुरस्कार । **सघाउनु–** स० क्रि० १. अरूको कामकुराका सहायता गर्नु; सक्तो मदत गर्नु । २. साथ दिनु; गुहार दिनु । **– पघाउ–** ना० हारगुहार; आडभरोस; सहायता । **सघावट–** ना० सघाउने काम; सघाओट; सघाउ ।

**सघो–** ना० [सघाउ+ओ] सघाउ । > **सघोट–** ना० सघावट; सघाउ; सघो । **– पघो–** ना० सघाउपघाउ ।

**सङ–** ना० यो० [√ सँग] साथमा; सँग; सित । ~ **लगुवा–** सँगै जाने व्यक्ति; साथ लागेको मानिस । ~ **लगुवी–** ना० सँगै जाने स्त्री; साथ लाग्ने सँगिनी ।

**सङाल्-नु–** स० क्रि० [√ सँगाल्नु] सङ्ग्रह गर्नु; बटुल्नु; सँगाल्नु । > **सङालाइ–** ना० सङाल्ने भाव, क्रिया वा प्रक्रिया; सँगालाइ । **सङालिनु–** क० क्रि० सङाल्ने काम गरिनु; सँगालिनु । **सङालो–** ना० सँगालो ।

**सङ्कट–** ना० [सं०] १. कुनै आपत्विपत्को स्थिति; साह्रै अप्ठ्यारो अवस्था; कष्ट; कठिनाइ । २. जोखिम; डर । ३. दुई ठूलठूला जल वा स्थल भागलाई जोर्ने घाँटी । वि० ४. सङ्कीर्ण; साँघुरो । ~ **काल–** ना० १. कुनै आपद्विपद्, आतङ्क आदि भएको वा हुने कुरा जनाउँदा राष्ट्रतर्फबाट घोषित गरिने समयावधि । २. आपद्विपद्ले घेरिएको अवस्था; खराब परिस्थिति । ~ **कालीन–** वि० १. सङ्कट परेको अवस्थाको; सङ्कटकालको । २. सङ्कटकालमा सङ्कटको स्थितिबाट बच्नका निम्ति प्रयोग हुने, पाइने वा गरिने (जस्तै– सङ्कटकालीन अधिकार, सङ्कटकालीन घोषणा; सङ्कटकालीन बैठक इ०) । ~ **ग्रस्त–** वि० सङ्कटले गाँजेको वा घेरेको । **– मय–** वि० सङ्कटले भरिएको; आतङ्कयुक्त ।

**सङ्कटा–** ना० [सं०] १. सङ्कटबाट जोगाउने, सङ्कट हटाउने भनी कहलिएकी एक देवी । २. काठमाडौँको नयाँ सडकनजिक टेबहाल भन्ने ठाउँमा अवस्थित त्यसै नामकी प्रसिद्ध देवी । ३. ज्योतिषशास्त्रका अनुसार मानवजीवनमा सङ्कट गराउने एक योगिनी ।

**सङ्कटापन्न–** वि० [सं०] सङ्कटको अवस्थामा परेको; सङ्कटपूर्ण ठाउँ वा स्थितिको; जोखिमी ।

**सङ्कटा माई–** ना० सङ्कटा ।

**सङ्कटास्पद–** वि०हे० सङ्कटापन्न ।

**सङ्कर–** ना० [सं०] १. अन्तर्मिश्रण; मिलावट । २. भिन्न जातिका आमाबाबुबाट पैदा भएको सन्तान; ठिमाहा । ३. एउटै वाक्य वा सन्दर्भमा छुट्ट्याउन नसकिने गरी हुने दुई वा दुईभन्दा बढी अलङ्कारको मिश्रण । ~ **भाषा–** ना० विभिन्न भाषापरिवारका शब्दको योगबाट बनाइएको भाषा; खिचडी भाषा ।

**सङ्कर्षण–** ना० [सं०] १. मिलेर तान्ने वा घिच्च्याउने काम; खुम्च्याइ । २. आकर्षण । ३. हलोजोताइ । ४. बलरामको एक नाम ।

**सङ्कलक–** ना० [सं०] सङ्कलन गर्ने व्यक्ति; सङाल्ने मानिस; सङ्ग्रहकर्ता ।

**सङ्कलन–** ना० [सं०] १. कुनै वस्तु, सरसामान आदि जम्मा गर्ने वा थुप्र्याउने काम; सङ्ग्रह; बटुलाइ । २. कुनै रचना आदिका उपयोगिताको दृष्टिले समेत छनोट गरी एक ठाउँमा भेला पार्ने काम; सँगालो । ३. गणितमा अङ्कहरू जम्मा गर्ने प्रक्रिया; योग; जोड । ४. मिल्ने काम; सङ्गम ।

**सङ्कलित–** वि० [सं०] १. सङ्कलन गरिएको; सँगालिएको वा बटुलिएको । २. सञ्चित गरिएको; जगेर्ना गरिएको । ३. जोडिएको ।

**सङ्कल्प–** ना० [सं०] १. कुनै इच्छा साकार पार्ने अठोट वा कुनै काम गर्ने दृढ निश्चय; मनको आँट; मनसुबा । २. देव कार्य तथा पितृकार्य गर्दा जजमानले जौ, तिल, कुश र पानी हातमा लिएपछि पुरोहितद्वारा पढिने प्रतिज्ञावाक्य वा दानवाक्य । ३. फलको आशाले कुनै धार्मिक वा पुण्यकार्य गर्ने दृढता । ४. तत्काल उपस्थित कुनै समस्याका बारेमा निर्णय गरी परिणाम निकालिने आकस्मिक प्रस्ताव । ५. उद्देश्य; लक्ष्य; विचार; आकाङ्क्षा । ~ **बिर्ता–** ना० कुशबिर्ता । > **सङ्कल्पित–** वि० मानसिक दृढतासाथ कुनै कार्य पूर्ण गर्न निश्चय गरिएको; मनले सङ्कल्प गरिएको ।

**सङ्कष्ट–** ना० [सं०] ठूलो आपत्विपत्को अवस्था; सङ्कट ।

**सङ्काय–** ना० [सं०] उच्चकोटिको अध्ययनका निम्ति रहेको कुनै विशिष्ट विभाग वा शाखा (फ्याकल्टी) ।

**सङ्कीर्ण–** वि० [सं०] १. खुला वा फुक्का हृदय नभएको; साँघुरिएको; साँघुरो । २. चित्त सानो भएको; छोटो चित्तको; अनुदार; सङ्कुचित । ३. क्षुद्र; नीच । **– ता–** ना० १. सङ्कीर्ण हुने चाल वा स्थिति; छोटो विचार; अनुदारदाता । २. अनेक वाक्यका पद छ्यासमिस हुँदा हुने वाक्यदोष । **– नास–** ना० नृतत्त्वशास्त्रका अनुसार सानो नाक हुने एक जातको वानर; वानरको एक भेद ।

**सङ्कीर्तन–** ना० [सं०] भजनका रूपमा गरिने देवता आदिको नाम, महिमा, गुण आदिको वर्णन; देवताको स्तुति वा यशोगान ।

**सङ्कुचित–** वि० [सं०] १. खुम्चिएको; साँगुरिएको । २. सानो चित्तको; तुच्छ । ३. सङ्कीर्ण; अनुदार ।

**सङ्कुल–** ना० [सं०] १. भरिभराउ; घना । २. परस्परमा मिलेको; संयुक्त । ना० ३. परस्परविरोधी असङ्गत कुराहरूको जमघट । ४. अव्यवस्थित लडाइँ; मिचामिच; घन्चमन्च । **– ता–** ना० सङ्कुल हुनाको भाव, स्थिति वा छाँट । > **सङ्कुलित–** वि० सङ्कुल भएको वा बनाइएको ।

**सङ्केत–** ना० [सं०] १. हात, आँखा, ओठ आदि अङ्ग-उपाङ्गका माध्यमले वा अन्य कुनै उपायद्वारा मनोभाव व्यक्त गरिने चेष्टा;

इसारा; इङ्गित; सान । २. कुनै कुरा निर्देशित गरिने चिह्न; चिनु; प्रतीक । ३. सूक्ष्म रूपले जनाइएको कुरा; सूचना; सूत्र । > **सङ्केतक–** वि० १. सङ्केत गर्ने; इसारा दिने । २. प्रेमी र प्रेमिकाको पूर्वसूचित मिलनस्थल । ~ **चिह्न–** ना० कुनै नाम, पद आदिको सङ्क्षिप्त रूप दिँदा लेखिने साङ्केतिक चिह्न (०); छोटकरी नाम (जस्तै– प्रा०– प्राध्यापक, सम्पा०– सम्पादक, भू० पू०– भूतपूर्व, का० म० न० पा०– काठमाडौँ महानगरपालिका, रा० स० स०– राष्ट्रिय समाचार समिति इ०) । ~ **पाटी–** ना० कुनै कुराको सङ्केत दिनका निम्ति सम्बन्धित ठाउँमा राखिएको वा टाँगिएको अक्षर अङ्कित फल्याक वा पातो; सूचनापाटी । ~ **लिपि–** ना० चाँडोचाँडो भाषण, प्रवचन आदि टिप्नका लागि आविष्कार गरिएको सङ्क्षिप्त रूपमा शब्द, वाक्य आदि लेखिने चिह्नयुक्त लिपि (सर्टह्यान्ड) । ~ **शब्द–** ना० लामो वाक्य वा कुरोलाई छोटकरीमा बुझाउन प्रयोग गरिने शब्द । (उदा०– कृपया उता पल्टाउनुहोस्– कृ०उ० प०), जवाफ आकाशवाणीबाट तुरुन्त पाऊँ– ज० आ० वा० तु० आदि) । ~ **स्थल–** ना० १. सङ्केत वा इसारा गरिएको ठाउँ । २. उत्खनन आदि कार्यका निम्ति चिनु लगाइएको ठाउँ । **सङ्केतिका–** ना० लेखतालिका; सङ्केतसूची । **सङ्केतित–** वि० सङ्केत गरिएको; औँल्याइएको ।

**सङ्केन्द्रण–** ना० [सं०] १. सबै कुरा एकै स्थान वा केन्द्रतिर लगाउने काम; एकैतर्फको ध्यानजमाइ । २. सैन्य शक्ति आदिको भेला । ~ **सिद्धान्त–** ना० मार्क्सवादका अनुसार ठूलठूला पुँजीपतिले ससाना पुँजीपतिलाई आखिरमा कि निकालेर बाहिर पार्छन् कि आफूमा मिलाउँछन् र सारा पुँजी न्यास (ट्रस्ट) ब्याङ्कमा जम्मा हुन्छ भन्ने सिद्धान्त वा विचार ।

**सङ्कोच–** ना० १. कसैका सामु केही कुरा भन्न वा गर्न अनकनाउने बानी; असजिलोपनाको अनुभव; हलुका लाज; धक । २. चाउरी पर्ने काम; खुम्च्याइ । ३. छोट्ट्याउने काम; सङ्क्षेपण । > **सङ्कोचन–** ना० १. विस्तार भएको कुरो आफ्नो पूर्वरूपमा फर्कन खोज्ने स्थिति; खुम्च्याइ । २. सङ्कोच हुने वा लाज मान्ने काम । **सङ्कोची–** वि० १. सङ्कोच मान्ने; लाज मान्ने; धकाउने । २. चाउरी पर्ने; खुम्चिने ।

**सङ्क्रमण–** ना० [सं०] १. कुनै कुराको एक ठाउँबाट अर्को ठाउँमा वा एक वस्तुबाट अर्को वस्तुमा हुने गमन; फिँजिने काम; फैलावट । २. ग्रह आदि एक राशिबाट अर्को राशिमा जाने काम; ठाउँसराइ । ३. शरीरको एक भागबाट अर्को भागमा रोग सर्ने प्रक्रिया । ४. सङ्गीतमा गायन तथा वाद्यवादन रहने ध्वनि । – **कारी–** वि० सङ्क्रमण गर्ने; कुनै सङ्क्रामक रोग वा महामारी फैलाउने । ~ **काल–** ना० कुनै शासन, स्थिति, नियम आदि दिगो भइनसकेको अव्यवस्थित समय; सङ्क्रमणको याम वा अवधि । ~ **कालीन–** वि० सङ्क्रमणकालसम्बन्धी । ~ **नाशक–** वि० रोगका कीटाणुहरू नाश गर्ने र रोग फैलिन नदिने (औषधी) ।

**सङ्क्रमित–** वि० [सं०] सङ्क्रमणका अवस्थाको; सङ्क्रमण भएको । ~ **माल–** ना० तोकिएको ठाउँमा नपुगी बीच बाटैमा रहेको माल वा सामान ।

**सङ्क्रान्ति–** ना० [सं०] १. सूर्य वा अरू कुनै ग्रहपुञ्ज एक राशिबाट अर्को राशिमा जाने काम वा त्यसरी प्रवेश गर्ने समय । २. कुनै एक अवस्था वा बिन्दु पार गरी अर्को अवस्था वा बिन्दुमा पुग्ने मार्ग । ३. स्थानान्तरण । ४. सौर महिनाको पहिलो दिन; एक गते; सग्राँती । ~ **काल–** कुनै एक स्थिति वा युगबाट अर्को स्थिति वा युगमा प्रविष्टि हुँदाको बीचको समय; सङ्क्रमणकाल ।

**सङ्क्रामक–** वि० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा सर्दै वा फैलँदै जाने; सङ्क्रमण गर्ने । २. संसर्ग वा छुवाछुतद्वारा सर्ने; सरुवा (रोग, व्यथा आदि) ।

**सङ्क्षिप्त–** वि० [सं०] १. छोटकरीमा भनिएको वा लेखिएको । २. सारांश मात्र राखिएको; छोट्ट्याइएको; कम पारिएको । ३. छोटकरी; छोटो । ~ **उत्तरात्मक–** वि० परीक्षाहरूका प्रश्नको उत्तर लेख्ने क्रममा छोटो उत्तरको अपेक्षा गर्ने; सङ्क्षिप्त उत्तर दिनुपर्ने (प्रश्न) । – **ता–** ना० सङ्क्षिप्त हुनाको भाव, गुण वा स्थिति । > **सङ्क्षिप्तात्मक–** वि० संक्षिप्त रूप दिइएको; छोटकरीमा भनिने वा लेखिने (प्रश्न, उत्तर आदि) । **सङ्क्षिप्तीकरण–** ना० सङ्क्षिप्त गर्ने काम; छोट्ट्याउने काम । **सङ्क्षिप्तीकृत–** वि० सङ्क्षिप्त गरिएको; सङ्क्षेपमा भनिएको ।

**सङ्क्षेप–** ना० [सं०] १. सार कुरो मात्र लिएर बनाइएको, मूल सन्दर्भको छोटो रूप; सारांश; मजबुन । २. कम गर्ने काम; छोटकरी पार्ने प्रक्रिया । ३. सङ्क्षिप्त रूपमा दिइने सूचना; सङ्केत; इसारा । > **सङ्क्षेपक–** वि० १. सङ्क्षिप्त गर्ने; सारांश दिने; छोट्ट्याउने । २. सूक्ष्म रूपमा थाहा दिने । ~ **चिह्न–** ना० सङ्क्षिप्त प्रयोग वा छोटकरी उच्चारणमा लगाइने चिह्न । (जस्तो– ले०–लेखक; अनु०–अनुवादक । आ०वा०– आकाशवाणी । रे'छ– रहेछ । आ'छ– आएको छ । लेख्या' थियो– लेखेको थियो) । > **सङ्क्षेपण–** ना० सङ्क्षेप गर्ने काम; सङ्क्षिप्तीकरण । **सङ्क्षेपीकरण–** ना० १. कुनै अनुच्छेद वा अभिव्यक्तिलाई सङ्क्षेपमा लेख्ने प्रक्रिया; मूल अंशलाई सामान्यतः एकतृतीयांशमा सङ्क्षिप्त बनाउने सीप । २. सङ्क्षेप गर्ने काम; सार खिचाइ; सङ्क्षेप; सारांश । **सङ्क्षेपीकृत–** वि० सङ्क्षेपीकरण गरिएको; सङ्क्षेपमा ल्याइएको ।

**सङ्खत्रो–** ना० सङ्खेत्रो ।

**सङ्खिया–** ना० एक कडा विष ।

**सङ्खुवासभा–** ना० [सङ्खुवा+सभा] नेपालको कोसी अञ्चलको सुदूर उत्तरी हिमाली भेकमा पर्ने सभा र सङ्खुवा खोलाको आधारमा नाम रहेको एक जिल्ला ।

**सङ्खे–** वि० [सङ्ख+ए] सङ्खजस्तो; सङ्खका ढाँचाको । ~ **किरो–** ना० खबटाभित्र हुने र जताततै हिँड्ने एक प्रकारको चिप्लेकीरो । ~ **घाँटी–** ना० तल फुकेको र माथि साँघुरिँदै चुच्चो परेको घाँटी ।

**सङ्खेत्रो–** ना० [सं० शङ्ख+एत्रो] भोगटेका छाँटका लाम्चा पात

र सेता फूल हुने एक जातको बोट; आयुर्वेदमा चखेत्रोको जस्तो गुण बताइएको, शङ्खलाई गाल्ने कीपजस्तो त्यसैको फल ।

**सङ्ख्य–** वि० [सं०] १. गणना वा गन्ती गर्न सकिने; गन्न हुने; सङ्ख्या निकाल्न सकिने । ना० २. लडाइँ; युद्ध । > **सङ्ख्यक–** वि० सङ्ख्याले युक्त; सङ्ख्या भएको; शब्दका पछाडि गाँसिएर सङ्ख्या वा परिमाणको बोध गराउने (जस्तै– अल्पसङ्ख्यक, बहुसङ्ख्यक आदि) ।

**सङ्ख्या–** ना० [सं०] १. गणनाक्रमबाट कुनै वस्तुको मात्रा बुझाउने शब्द वा अङ्क । २. गणनाबाट निस्कने परिमाण; थान; गोटा । ३. कुनै दैनिक, मासिक पत्रपत्रिकाको अङ्क । > **सङ्ख्याङ्क–** ना० १. सङ्ख्याका सङ्केत वा चिह्न । २. सङ्ख्या, अङ्क वा चिह्न; न्युमेरल । **सङ्ख्याङ्कन–** ना० पुस्तकपुस्तिका, बिल-भरपाई आदिमा हातले वा यन्त्रद्वारा नम्बर चढाउने वा सङ्ख्या हाल्ने काम; सङ्ख्यालाई व्यक्त गर्ने वा लेख्ने काइदा वा तरिका । **सङ्ख्यातीत–** वि० सङ्ख्याभन्दा परको; असङ्ख्य; अनगन्ती । **सङ्ख्येय–** वि० सङ्ख्या भएको; गन्न सकिने; सङ्ख्या जनिने वा सङ्ख्याले जनाउन सकिने (मूर्त वस्तु) । विप० असङ्ख्येय ।

**सङ्ग–** ना० [सं०] १. साथमा रहने वा सँगै हुने काम; सहवास; बसउठ । २. भेट्ने काम; मिलन; संयोग; संसर्ग । ३. संसारी विषयभोगप्रतिको अनुराग; स्त्रीसम्पर्क; आसक्ति । ४. नदीहरूको सङ्गम; दोभान । ना० यो० ५. सँग; साथ ।

**सङ्गठन–** ना० [सं० सङ्घटन] १. आवश्यक व्यक्तिहरू वा विभिन्न तत्त्वलाई एकत्रित गरी समान उद्देश्य, हकहित आदिमा प्रवृत्त र संलग्न गराउने काम । २. त्यस्तो कार्य वा उद्देश्यको परिपूर्तिका निम्ति मिलेर बनाइने सङ्घ वा संस्था । ३. परस्परको मेल; जमात; टोली । – **कर्ता–** वि० सङ्गठन गर्ने; भेला पार्ने । > **सङ्गठनात्मक–** वि० मूल रूपमा सङ्गठन गरिने; मेल गराइने; जुटाइने (कुनै काम वा कार्यक्रम), (जस्तै– सङ्गठनात्मक उत्तर, सङ्गठनात्मक योजना, सङ्गठनात्मक विस्तार इ०) ।

**सङ्गठित–** वि० [सं० सङ्घटित] १. सुदृढ किसिमले एकत्रित पारिएको; सङ्गठन गरिएको । २. कुनै कामविशेषका निम्ति पारस्परिक रूपमा सम्बद्ध; व्यवस्थित ।

**सङ्गत–** वि० [सं०] १. साथसाथै आएको; जोरिएको; मिलेको । २. एकत्र भएको; संयोजित; सञ्चित । ३. मिल्ने पाराको; सुहाउँदो; उचित । ना० ४. परस्परको मेल वा मैत्री; बसाउठी; हेलमेल; सहवास । ५. ज्ञानगुनका लागि भेला हुने वा मेलमिलाप गरिने ठाउँ ।

**सङ्गति–** ना० [सं०] १. मिल्ने वा जोरिने काम; मेलमिलाप; सम्बन्ध । २. ठिक्क मेल खाने प्रक्रिया (लिङ्ग, वचन, पुरुष आदिको) । ३. कुनै क्रमबद्ध कुरा; सिलसिला; प्रसङ्ग । ४. सहवास; समागम । ५. उपयुक्तताका दृष्टिले हुने भेला; सभा; सङ्घ । – **पूर्ण–** वि० सङ्गति भएको; सुहाउँदो; मिल्दो ।

**सङ्गम–** ना० [सं०] १. परस्परमा मिल्ने वा जुट्ने काम; भेटघाट । २. साहचर्य; सङ्गति । ३. दुई नदी मिलेको ठाउँ; दोभान । ४. रतिक्रिया; समागम । ५. अनुकूलन; संयोग ।

**सङ्गमरमर/सङ्गमर्मर–** ना० [फा० सङ्गमरमर] खानीमा पाइने र सजावटका निम्ति भुइँ आदिमा छापिने, चिप्लो टल्कने, रातो, सेतो रङ हुने, बलियो र असल जातको पत्थरविशेष ।

**सङ्गाती–** ना० [सं० सङ्गति] सँगसँगै हुर्केबढेको वा धेरै दिन सहवास गरेको साथी; पुरानो साथी; सँगाती ।

**सङ्गिन–** ना० [फा० सङ्गीन] १. बन्दुकका टुप्पामा जोडिएको घोच्ने भालाजस्तो हतियार । वि० २. भारी वा मोटो; डरलाग्दो; कडा; गम्भीर वा कठोर । ~ **चोरी–** ना० सरकारी ढुकुटीको चोरी ।

**सङ्गिनी–** ना० [सङ्गी+इनी] सँगिनी ।

**सङ्गी–** वि० [सं०] १. साथमा रहने वा सम्पर्कमा आउने । ना० २. सँगी ।

**सङ्गीत–** ना० [सं०] १. विशेषतः लय, ताल र वाद्यवादनका साथ गाइने गीत; स्वरतालयुक्त मधुर गायन । २. नृत्य, गीत र वाद्यवादनको मेल; गानाबजाना । ३. बाजागाजा र नाच वा हाउभाउसहित गीत गाउने कला; गायनविद्या । ४. सामूहिक गान; सहसङ्गीत । ~ **मार्तण्ड–** ना० सङ्गीतका विशिष्ट विद्वान्; सङ्गीतभास्कर । ~ **रूपक–** ना० गीतप्रधान रूपक वा गीतिनाटक । ~ **लहरी–** ना० १. सङ्गीतको लहर वा तरङ्ग । २. सङ्गीतकला वा सङ्गीतविद्याको किताब । – **शाला–** ना० सङ्गीतालय । ~ **शास्त्र–** ना० सङ्गीतका सैद्धान्तिक तथा व्यावहारिक कुरा, नियमविधि, शैलीशिल्प आदिको विवेचना गरिएको शास्त्र; गायनविद्या । ~ **शिरोमणि–** ना० सङ्गीतका विशेष ज्ञातालाई प्रदान गरिने, नेपालको एक राष्ट्रिय उपाधि वा सम्मान । > **सङ्गीतालय–** ना० गानाबजाना हुने ठाउँ वा घर; सङ्गीतशाला ।

**सङ्गृहीत–** वि० [सं०] सङ्ग्रह गरिएको; जम्मा पारिएको; बटुलिएको; सङ्कलित ।

**सङ्ग्रह–** ना० [सं०] १. कुनै वस्तु एक ठाउँमा जम्मा गर्ने काम; एकत्रीकरण; सञ्चय । २. विविध विषय वा रचना जम्मा गरी बनाइएको पुस्तक; सङ्कलन । ३. स्त्रीसँगको संसर्ग वा समागम । – **कर्ता–** ना० सङ्ग्रह गर्ने व्यक्ति; भेला पार्ने मानिस; सङ्कलक । > **सङ्ग्रहण–** ना० सङ्ग्रह गर्ने काम; लिने काम; सँगालाइ । **सङ्ग्रहणी–** ना० अपच हुने र खाएको वस्तु जस्ताको तस्तै दिसा हुने एक रोग; अतिसारको एक प्रकार । **सङ्ग्रहणीय–** वि० सङ्ग्रह गर्न योग्य; राख्न लायक वा जम्मा गर्नुपर्ने; सङ्ग्राह्य । **सङ्ग्रहालय–** ना० प्राचीन महत्त्वका, दुर्लभ र अनौठा वस्तुहरू बटुलेर राखिने ठाउँ वा घर । **सङ्ग्रही–** वि० सङ्ग्रह गर्ने; जम्मा पार्ने; बटुल्ने । **सङ्ग्रहीता–** वि० १. सङ्ग्रह गर्ने; एकत्र पार्ने; सङ्ग्रही । ना० २. सारथी ।

\1saroj\Sabdkosh\Dict'sa'.p65



**सङ्ग्राम**– ना० [सं०] युद्ध; रण; लडाइँ ।

**सङ्ग्रालि-नु**– अ० क्रि० [सङ्ग्रालो+इ+नु] १. घाउ, खटिरा, रोग आदि चर्को रूपमा बढ्नु । २. कुटाकुट, रडाको, बाझाबाझ आदि नराम्रोसित चर्कनु । ३. आगाको मुस्लो डरलाग्दो भएर बढ्नु; राँकिनु ।

**सङ्ग्रालो**– ना० [सं० सङ्गर+आलो] १. ठूलो झगडा, विरोध वा सङ्घर्ष; चर्को भिडन्त । २. अस्मेलको बाढी ।

**सङ्ग्राहक**– वि० [सं०] सङ्ग्रह गर्ने; सँगाल्ने; बटुल्ने; सङ्ग्रही ।

**सङ्ग्राह्य**– वि० [सं०] सङ्ग्रह गर्न उचित; जम्मा गर्नुपर्ने ।

**सङ्घ**– ना० [सं०] १. कुनै विशेष उद्देश्यको पूर्तिका निम्ति बनेको वा समान उद्देश्य लिएका धेरै व्यक्ति वा सङ्गठित संस्थाहरूको समूह; कुनै विशेष सिद्धान्त, नियम आदिमा आधारित संस्था । २. समूह; मण्डली; जमात । ३. बौद्ध भिक्षुहरूको मठ वा समाज । ४. प्राचीन कालमा प्रचलित एक प्रकारको प्रजातान्त्रिक पद्धति । ५. परराष्ट्रनीति, रक्षा, मौद्रिक व्यवस्था आदि समान उपयोगका प्रमुख विषयहरू केन्द्रीय सत्तामा राखी अन्य कुरामा स्वायत्त शासनको अधिकार प्रयोग गर्ने अनेक राज्यको सङ्गठन वा एकाइ ।

**सङ्घटन**– ना० [सं०] सङ्गठन । > **सङ्घटित**– ना० सङ्गठित ।

**सङ्घर्ष**– ना० [सं०] १. दुई वा त्यसभन्दा बढी व्यक्ति, दल वा शक्ति बीचमा हुने स्पर्धा; टक्कर । २. कुनै विकट परिस्थितिबाट बच्न वा मौलिक हकको संरक्षणका निम्ति गरिने सामूहिक विद्रोहको प्रयास । ३. रगडिने वा घोटिने काम । ४. भिडिने काम; घम्साघम्सी; भिडन्त । ५. परस्परको हानथाप वा होड; प्रतियोगिता । ६. दुई थरीका बीचको पेलाइ; ठेलमठेल ।

**सङ्घर्षण**– ना० [सं०] परस्परको रगडिने वा घोटिने काम; जुधाइ; सङ्घर्ष । > **सङ्घर्षणात्मक**– वि० सङ्घर्ष वा सङ्घर्षण हुने; सङ्घर्षणप्रक्रिया प्रमुख भएको ।

**सङ्घर्षमय**– वि० [सं०] १. सङ्घर्षैसङ्घर्षले भरिएको; प्रायः सङ्घर्ष मात्रै भएको । २. सङ्घर्ष गरिरहनुपर्ने ।

**सङ्घर्षरत**– वि० [सं०] सङ्घर्षमा लागेको; सङ्घर्षमा तल्लीन; सङ्घर्षी ।

**सङ्घर्षशील**– वि० [सं०] १. सङ्घर्षमा लागेको; सङ्घर्षमै जीवन बिताएको । २. सङ्घर्ष गरिरहनुपर्ने ।

**सङ्घर्ष समिति**– ना० [सं०] स्वाधीनता, मौलिक अधिकार आदिको प्राप्तिका निम्ति आन्दोलन थाल्ने वा सङ्घर्ष सञ्चालन गर्ने समिति ।

**सङ्घर्षी**– वि० [सं०] १. सङ्घर्ष गर्ने; सङ्घर्षरत । २. ऊष्मीभूत वा घृष्ट व्यञ्जन (स, ह) ।

**सङ्घ स्थविर**– ना० [सं०] बौद्ध मठ वा सङ्घारामका मुख्य भिक्षु ।

**सङ्घात**– ना० [सं०] १. कुनै परिस्थिति वा प्रतिक्रियास्वरूप हुने ठूलो आघात; चर्को मानसिक ठक्कर । २. कुनै कामका निम्ति सङ्गठित दल; जमात । ३. दुई वा दुईभन्दा बढी स्वरहरूको मेल (जस्तै– ऐ, औ आदि) ।

**सङ्घात्मक**– वि० [सं०] सङ्घको प्रधानता भएको; सङ्घको रूप दिइएको । ~ **सरकार**– ना० सङ्घीय राज्यमा सम्बन्धित विभिन्न राज्यको प्रतिनिधित्व भएको सरकार ।

**सङ्घार१**– ना० [सं० सङ्घाट] सँघार; दैलाको ठेलो ।

**सङ्घार२**– ना० [सं० संहार] १. फजुल खर्च र जथाभाबी गरी भएभरको सम्पत्ति स्वाहा पार्ने काम; संहार । २. सबै थोक सिद्ध्याउने काम; सत्यानाश; बरबादी ।

**सङ्घाराम**– ना० [सं०] बौद्ध भिक्षुहरू निवास गर्ने मठ; विहार ।

**सङ्घारे**– वि० [सङ्घार+ए] १. फजुलमा सम्पत्ति उडाउने स्वभावको; सङ्घार गर्ने; संहारे । २. सबै कुरा नाश पार्ने; सर्वनाशी; सत्यानाशी ।

**सङ्घीय**– वि० [सं०] सङ्घ भएको; सङ्घसम्बन्धी । (जस्तो– सङ्घीय गणतन्त्र, राष्ट्रसङ्घीय अधिवेशन आदि) । ~ **संविधान**– ना० आन्तरिक मामिलामा प्रायः स्वतन्त्र हुने तर परराष्ट्रनीति, रक्षा आदि प्रमुख आवश्यक विषयहरूका सम्बन्धमा केन्द्रीय वा सङ्घीय सरकारको अधीनमा रहने राज्य वा सङ्घको संविधान ।

**सङ्रङ्ग/सङ्रङ्ङ**– क्रि० वि० [अ० मू० सङ्रङ्+ग/ङ] रसजति सबै सुकेर वा सुक्ने गरी ।

**सङ्रालि-नु**– अ० क्रि० [सङ्रालो+इ+नु] सङ्रालो भएर आउनु; सङ्ग्रालिनु ।

**सङ्रालो**– ना० [√ सङ्ग्रालो] १. प्रवाह बनेर आउने मीठो सम्झना । २. सङ्ग्रालो ।

**सङ्ल-नु**– अ० क्रि० [सङ्लो+नु] १. मिलेको माटो, धूलो आदि पदार्थ थेग्रिई तरल पदार्थ स्वच्छ हुनु; थिग्रिनु; टहकिनु । २. नराम्रा कुरा हटेर चित्त सफा हुनु; हृदय निर्मल बन्नु । स० क्रि० ३. मेसो मिलाई तह लाउनु र बटुल्नु (धागो, जनै आदि) । > **सङ्लाइ**– ना० सङ्लने भाव, क्रिया वा प्रक्रिया । **सङ्लाइनु**– क० क्रि० सङ्लो वा सफा पारिनु; सङ्लने तुल्याइनु । **सङ्लाउनु**– प्रे० क्रि० सङ्लो वा सफा पार्नु; सङ्लने तुल्याउनु । **सङ्लिनु**– अ० क्रि० १. सङ्लो होइनु । २. सङ्लनु ।

**सङ्लो**– वि० [सं० सङ्कल] १. धूलोमैलो वा कसर केही नभएको; अरू थोक केही नमिलेको; स्वच्छ; निर्मल । २. हृदय सफा र शुद्ध भएको; निष्पाप; पवित्र ।

**सचराचर**– वि० [सं०] १. चर र अचरसहित (पृथ्वी); स्थावर र जङ्गमले पूर्ण । ना० २. संसार; विश्व ।

**सचल**– वि० [सं०] १. चलायमान; चल्ने; जङ्गम । ना० २. चल्ने वस्तु; जङ्गम पदार्थ । – **ता**– ना० सचल हुनाको भाव वा अवस्था; चञ्चलता ।

**सचि-नु**– अ० क्रि० [सच्चा+इ+नु] सच्याउने काम गरिनु; साँचो कुरा वा शुद्ध रूप रहनु ।

**सचित्र**– वि० [सं०] चित्रहरू समावेश भएको; चित्रसहित ।

**सचिव–** ना० [सं०] १. कार्यपालिकालाई सहयोगसल्लाह दिँदै आन्तरिक कार्यसञ्चालन गर्ने, मन्त्रिमण्डलले गरेको निर्णयलाई कार्यान्वित गराउने विशिष्ट तहको कर्मचारी । २. कुनै सङ्घसंस्थाका कार्यको संयोजन तथा निर्णय आदि क्रियान्वित गराउने एक प्रमुख पद । ३. कुनै प्रमुख व्यक्ति वा उच्च तहका अधिकारीको पत्रव्यवहार, जनसम्पर्क, व्यवस्थासञ्चालन आदि काम गर्ने निजी सहायक (पी० ए०) । ४. मन्त्री; अमात्य । ~ **स्तर–** ना० १. सचिवहरूले नै गर्नुपर्ने वा विभिन्न मन्त्रालयका सचिवहरूका बीचमा गरिने सम्झौता, जाँच आदि कामकुराको तह । २. दुई सरकारका सचिवका बीच सम्पन्न हुने सम्झौता वा लेनदेन आदिको कामकुरो । > **सचिवालय–** ना० १. कुनै राज्य, प्रान्तीय सरकार वा ठूलठूला सङ्घसंस्थाका सचिवहरूको प्रधान कार्यालय; सेक्रेटरियट । २. मन्त्रिस्तरीय विभागको प्रशासनलाई नियन्त्रित र सञ्चालित गर्ने उच्च तहको कार्यालय; मन्त्रीहरूको प्रधान कार्यालय; मन्त्रालय । **सचिवी–** ना० १. सचिवले गर्ने वा सँभाल्ने काम; सचिवको काम वा पद । २. सचिवको ढाँचा वा छाँट ।

**सचेत–** वि० [सं०] १. चेतना भएको वा चेत फर्केको; सजग; होसियार । २. विवेकपूर्ण; बुद्धिमान् । ३. सहृदय; भावुक । > **सचेतक–** ना० १. कुनै विषयमा सावधान हुन प्रेरणा दिने व्यक्ति; होसियार गराउने मानिस । २. संसद्मा भएका आफ्ना पक्षका सदस्यहरूछेउ प्रस्तुत हुने कुनै विधेयकबारे संस्था वा सङ्गठनका नीतिको सूचना अवगत गराउने व्यक्ति । वि० ३. सचेत गराउने । **– ता–** ना० सचेत हुनाको भाव वा स्थिति । **सचेतन–** वि० १. चेतना वा ज्ञान भएको; सतर्क; जागरुक । ना० २. चेतनायुक्त वा सचेत प्राणी ।

**सचेष्ट–** वि० [सं०] चेष्टा भएको वा चेष्टा गर्ने; प्रयत्नशील सक्रिय ।

**सच्चरित–** वि० [सं०] सच्चरित्र ।

**सच्चरित्र–** वि० [सं०] १. असल चरित्र भएको; राम्रो चालचलनको; सद्व्यवहार गर्ने । ना० २. असल चरित्र; सदाचार । **– ता–** ना० सच्चरित्रको गुण वा अवस्था ।

**सच्चा–** ना० [प्रा० सच्च < सं० सत्य] १. जस्तो हुनुपर्ने उस्तै; जस्ताको तस्तो; साँचो । २. सकली व्यवहार भएको; चोखो । ३. न्यायोचित; मनासिब । > **सच्चाइ–** ना० सच्चा हुन चाहिने कुरो; साँचोपन; सत्यता ।

**सच्चिदानन्द–** ना० [सं०] सत्, चित् र आनन्दमय रूप; परब्रह्म ।

**सच्याइ–** ना० [√ **सच्याउ** (+आइ)] सच्याउने क्रिया वा प्रक्रिया । [ > ] **सच्याइनु–** क० क्रि० सच्याउने काम गराइनु; सुधारिनु । **सच्याउनु–** स० क्रि० १. टुटेफुटेको वस्तुलाई बनाउनु; सपार्नु; सुधार्नु । २. अशुद्धि भएको मिलाउनु वा सपार्नु; शुद्ध पार्नु ।

**सछी–** ना० कुनै मालसामान बिक्री गर्दा माल कमसल ठहरेका खण्डमा फिर्ता गर्ने गरी दुवै पक्षको पत्यारपर्दो मानिसकहाँ जम्मा गरिने, मालधनीले पाउने मोलको केही रकम वा अंश ।

**सज्-नु–** स० क्रि० [सं० सज्ज+नु] १. टुटेफुटेका वस्तुलाई बनाउनु; जीर्णोद्धार गर्नु । २. सजिसजाउ पार्नु; सिँगार्नु; सजाउनु । ३. खसी पार्नु ।

**सजग–** वि० [सं० जागरण] सावधान; होसियार; सतर्क; सचेत; चनाखो ।

**सजधज–** ना० [√ सज+धज] ध्वजापताका, तोरण आदिले सजाएर गरिएको सिँगार; सजावट ।

**सजन–** वि० [सं०] १. मानिसका साथको; जनसहित । २. गोती ।

**सजल–** वि० [सं०] १. पानी भएको; जलयुक्त; आर्द्र; गिलो । २. आँसुले भरिएको; अश्रुपूर्ण ।

**सजा–** ना० [फा०] सजाय ।

**सजाइ–** ना० [√ **सज्** (+आइ)] १. सज्ने भाव, क्रिया वा प्रक्रिया । [सजाउ+आइ] २. सजाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सजाइनु–** क० क्रि० १. सजिसजाउ पारिनु; सजाउने काम गरिनु । **सजाउनु–** स० क्रि० १. भएका वस्तु ठीकठीक ठाउँमा मिलाएर वा नयाँ लुगा, अलङ्कार आदिले सजाएर राम्रो पार्नु; सजिसजाउ गर्नु । २. कुनै ठाउँ वा वस्तुलाई आवश्यक साधनले सिँगारेर दर्शनीय वा मनोरम बनाउनु ।

**सजात–** वि० [सं०] १. साथै जन्मेको; सँगै जन्मेको । ना० २. दाजु वा भाइ । > **सजाति–** वि० १. एउटै जाति वा वर्गको; समान जात वा वर्णको । ना० २. एकै जातका अमाबाबुबाट भएका सन्तान; एउटै जाति । **सजातीय–** वि० एउटै जात वा वर्गको; सजाति ।

**सजाय–** ना० [फा० सजा] १. कुनै दोष वा अभियोग प्रमाणित भएपछि दिइने शारीरिक वा आर्थिक दण्ड; दण्ड र कैदमध्ये कुनै एक वा दुवै; कारावास । २. कुनै कामकुराका निम्ति दिइने सास्ती; यातना; शासना । ३. दण्डजरिवाना ।

**सजायाफ्ता–** वि० [फा०] सजाय पाइसकेको; कैद भोगिसकेको ।

**सजावट–** ना० [सजाउ+आवट] सजाउने वा सिँगार्ने काम; सजिसजाउपना; सजधज ।

**सजि-नु–** अ० क्रि० [सं० सज्जा+इ+नु] सज्जित हुनु; अलङ्कृत हुनु ।

**सजिउन–** ना० सजिवन ।

**सजिया–** वि० [साज+इया] साजा हकको; धेरै हकदार भएको; सगोलको; गोस्वारा ।

**सजिलो–** वि० [सं० सु+जिलो] १. कम प्रयास वा परिश्रमले हुन सक्ने; सुगम; सरल । २. पाहिक परेको; मिल्दोजुल्दो; अनुकूल ।

**सजिवन१–** ना० [सं० शम्बरी] अँडिरका जस्ता पाँचकुने पात हुने, पहेँला फूल फुल्ने, फेद मोटो हुने एक जातको बोट वा त्यसैको अण्डाकार फल । २. तराई प्रदेशमा हुने अग्ला रूखमा लामा-लामा बोडीका आकारका तरकारी खान हुने कोसा फल्ने एक रूख; त्यसैको फल ।

**सजिवन**२– ना० [सं० सञ्जीवन] हात्तीकाने; सातला । २. मैथिलीभाषी क्षेत्रमा तरकारी खाइने लौका ।

**सजिसजाउ**– वि० [सजि+सजाउ] १. राम्ररी सजाइएको; खुबै सिँगारिएको; सुसज्जित; अलङ्कृत । २. ठीकठाक परेको; प्रस्तुत; तयार ।

**सजीव**– वि० [सं०]१. जीव वा प्राण भएको; शरीरधारी; प्राणयुक्त । २. ओज वा तेज भएको; ओजस्वी । ना० ३. प्राणी; जीव ।

**सज्जन**– ना० [सं०] १. असल, कुलीन वा शिष्ट व्यक्ति; भलादमी; सुजन । वि० २. साधु प्रकृतिको; सोझो वा ज्ञानी (व्यक्ति) । –**ता**– ना० सज्जनमा रहने गुण वा स्वभाव; भलादमीपन; सौजन्य ।

**सज्जा**– ना० [सं०] १. सजाउने काम; सजावट । २. सजाउने साधन वा उपकरण; वेषभूषा । >**सज्जात्मक**– वि० सज्जा गर्ने; बाह्य सौन्दर्यलाई बढाउने (अलङ्कार आदि) । **सज्जित**– वि० १. सजिसजाउ भएको; सिँगारिएको । २. तयार पारिएको; तम्तयार ।

**सज्जी**– ना० [प्रा०] धुने वा सफा गर्ने काममा प्रयोग गरिने प्रसिद्ध क्षार पदार्थ । – **खार**– ना० सज्जी । ~ **माटो**– ना० खारमाटो ।

**सज्यारु**– ना० [सजिया+आरु] १. अधियाँमा काम गर्ने मोही । २. कुनै काममा बराबर पुँजी लगाई नाफानोक्सान बेहोर्ने गरी सजियामा काम गर्ने व्यक्ति ।

**सझिया**– वि० [साझा+इया] साझा हकको; सजिया ।

**सझियार**– ना० [साझा+इयार] कुनै साझा कामकर्तव्य, लगानी, लाभ आदिमा सम्मिलित व्यक्ति; साझेदार ।

**सञ्चय**– ना० [सं०] १. अलिअलि गरी बटुलेर धेरै पार्ने काम; क्रमैसँग गरिने जोरजाम; जोहो । २. धेरै परिमाण; राशि; थुप्रो । ~ **कोष**– ना० १. सरकारी तथा विभिन्न संस्थान, निगम आदिका स्थायी कर्मचारीहरूको भविष्यको व्यवस्थाका निम्ति सेवाको अवधि समाप्त भएपछि मात्र झिकिने सर्तमा मासिक वेतनबाट प्रतिशतको हिसाबमा काटिने र थपिने रकम जम्मा गरिएको तथा नियमानुसार ब्याजसमेत वृद्धि हुँदै जाने धन । २. त्यस्तो रकम वा धन जम्मा गर्ने अड्डा । ३. कर्मचारी सञ्चय कोष । > **सञ्चयन**– ना० १. सञ्चय गर्ने काम । २. फूल आदि चुन्ने वा छान्ने काम । **सञ्चयी**– वि० १. सञ्चयवृत्ति भएको; सञ्चय गर्ने । २. लोभी स्वभावको; कृपण ।

**सञ्चरण**– ना० [सं०] १. टहल्ने वा घुमफिर गर्ने काम; हिँडाइ; डुलाइ । २. फिँजाउने काम; फैलाउ ।

**सञ्चरित**– वि० [सं०] सञ्चार भएको; फैलिएको ।

**सञ्चलन**– ना० [सं०] १. हिँडडुल गर्ने काम । २. कुनै पनि वस्तुको गति; कम्पन; हल्लाइ ।

**सञ्चार**– ना० [सं०] १. हिँड्ने वा घुम्ने काम; यात्रा; पर्यटन । २. आवतजावत गर्ने बाटो; मार्ग; पथ । ३. कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा पठाउने काम । ४. त्यस प्रकारका विविध साधन (डाँक, तार, पत्रपत्रिका, रेडियो, चलचित्र इ०) >**सञ्चारक**– वि० १. सञ्चार गर्ने; खबर, सूचना आदि फैलाउने । २. सङ्क्रमण गर्ने । ना० ३. पथप्रदर्शक; नेता । ४. कुनै पनि सङ्क्रामक रोगको कीटाणुग्रस्त व्यक्ति, प्राणी वा माध्यम । **सञ्चारण**– ना० सञ्चार गर्ने वा गराउने काम । ~ **मन्त्री**– ना० सञ्चार मन्त्रालयको कार्यभार सँभाल्ने मन्त्री । – **विद्**– ना० सञ्चारसम्बन्धी काम वा प्रविधिको ज्ञाता । ~ **विभाग**– ना० सञ्चारसम्बन्धी काम वा साधनको व्यवस्था मिलाउने र आवश्यक नीतिनियम आदि कार्यान्वित गराउने सरकारी विभाग । ~ **साधन**– ना० दुई वा धेरै स्थान, व्यक्ति आदिका बीच सम्बन्ध स्थापित गर्ने साधन (तार, हुलाक, रेडियो, टेलिफोन, मोटर, जहाज आदि) । **सञ्चारिका**– ना० १. सञ्चारकको स्त्रीरूप । २. कुटुनी; दूती । **सञ्चारिणी**– वि० सञ्चारीको स्त्रीरूप ।

**सञ्चारी**– वि० [सं०] १. सञ्चार गर्ने वा सञ्चार हुने; गतिशील; परिवर्तनीय । २. रोग फैलाउने; सरुवा । ~ **भाव**– ना० साहित्यिक रसको निष्पत्ति गराउने स्थायी भावहरूमा प्रकट र प्रच्छन्न रहेर रस पुष्टि गर्ने प्रायः सर्वमान्य तेत्तीस प्रकारका भाव । (नाटचशास्त्रका आचार्य भरतद्वारा उल्लिखित तेत्तीस भावका नाम यी हुन्– निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, औग्र्य, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, अलसता, अमर्ष, निद्रा, अवहित्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, सन्त्यास, लज्जा, हर्ष, असूया, विषाद, धृति, चपलता, ग्लानि, चिन्ता र वितर्क) ।

**सञ्चालक**– वि० [सं०] १. राम्ररी चलाउने; गतिशील पार्ने । ना० २. कुनै पनि कामलाई समुचित रूपले चलाउने वा गतिशील पार्ने व्यक्ति; सुव्यवस्थित किसिमले कुनै काम थाल्न वा चलाउन सिपालु मानिस ।

**सञ्चालन**– ना० [सं०] कुनै काम वा व्यवस्थालाई सुचारु रूपले चलाउने काम; गतिशील रूपमा निरन्तर चलाइने कुनै काम वा त्यस्तो कामको समुचित प्रबन्ध । ~ **समिति**– ना० कुनै पनि सङ्घ, संस्था, दल आदिको उद्देश्यअनुरूप कार्यक्रमको निरूपण तथा निर्णय गरी आवश्यक व्यवस्था मिलाउने र तिनको कार्यान्वयनसमेत गराउने, सम्बन्धित सदस्यहरूमध्येबाट नियमानुसार गठित समिति ।

**सञ्चालित**– वि० [सं०] व्यवस्थित तरिकाबाट सञ्चालन गरिएको; राम्ररी चलाइएको ।

**सञ्चित**– वि० [सं०] सञ्चय गरिएको; राम्ररी बटुलिएको; जोरजाम गरिएको । ~ **कोष**– ना० १. भविष्यका निम्ति आवश्यक कार्यलाई जम्मा पारिएको कुनै धन । २. सरकारलाई प्राप्त हुने सबै किसिमको राजस्व तथा राजस्वको धितो लिइएका सबै कर्जा र ऐनको अधिकार दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त हुने धन आम्दानी बाँधेर राखिने सरकारी कोष । ~ **ज्ञानराशि**– ना० जम्मा भएको ज्ञानको राशि । >**सञ्चिता**/ **सञ्चिति**– ना० १.

सञ्चित वा जम्मा गर्नाको क्रिया वा भाव; जोगाउने काम; बटुलाइ; सञ्चय । २. तह लगाउने काम; हेरविचार; सुरक्षा ।

**सञ्जय–** ना० [सं०] कौरव र पाण्डवको झगडामा शान्तिपूर्ण सम्झौता गराउन प्रयत्नशील हुने र धृतराष्ट्रलाई महाभारतयुद्धको प्रत्यक्ष वर्णन सुनाउने उनैका विश्वस्त सारथि ।

**सञ्जात–** वि० [सं०] १. कसैका साथ वा कसैद्वारा उत्पन्न; जन्मेको (जस्तो– वात-सञ्जात=हनुमान्) । २. प्रकट भएको; देखिएको; व्यक्त । ना० ३. पुराणका अनुसार एक प्राचीन जाति । – **बलि–** वि० १. मरेको प्राणीको मासु खाने । ना० २. डुम कौवा ।

**सञ्जीवन–** ना० [सं०] १. राम्रो वा स्वस्थ जीवन । २. कसैको सहवासमा जीवन बिताउने काम । ३. पुनर्जीवन दिने एक बुटी; सञ्जीवनी । ४. एक नरकको नाम । > **सञ्जीवनी–** ना० १. मरेको व्यक्तिलाई पुनर्जीवित पार्ने भनिएको एक प्रसिद्ध अमृत । २. त्यस्तो बुटीविशेष ।

**सट–** ना० [अङ्०] रोकिने वा बन्द हुने काम; टुटाइ । (उदा०– आज बिजुली सट भएछ) ।

**सटक–** ना० [√ सडक] सडक । ~ **सीताराम–** ना० कसैलाई थाहापत्तै नदिई सुटुक्क भाग्ने काम; सुइँकुच्चाठोकाइ ।

**सटनी–** ना० [साट्+अनी] १. कुनै वस्तु परस्पर साट्ने काम; सटही; सटानी । २. साटफेर गर्दा लाग्ने दस्तुर; बट्टा ।

**सटरपटर–** ना० [सट्ट+पट्ट] कुनै काममा फुर्तीफार्ती देखाउने वा विशेष सक्रिय हुने चाल ।

**सटही–** ना० [√ साट्] १. वस्तु वा मुद्रा विनिमय गर्ने वा साट्ने काम; भजाउने काम; सटनी । २. रुपियाँपैसा आदि विनिमय गर्दा लाग्ने दस्तुर; बट्टा । ~ **काउन्टर–** ना० कुनै ब्याङ्कअन्तर्गत वैदेशिक मुद्रा साट्न तोकिएको ठाउँ । ~ **दर–** ना० मुद्राविनिमय आदिका निम्ति केन्द्रीय वा राष्ट्रबैङ्कद्वारा निर्धारित विभिन्न मुद्राको दर वा भाउ ।

**सटाइ–** ना० [√ **साट्** (+आइ)] साट्ने काम वा किसिम; भजाइ । [ > ] **सटाइनु–** क० क्रि० साट्न लाइनु । **सटाउनु–** प्रे० क्रि० साट्न लाउनु ।

**सटानी–** ना०हे० सटनी ।

**सटासट–** क्रि० वि० [अ० मू० सट्+आ+सट] १. कुनै काम छिटोछिटो गर्ने गरी; धमाधम । २. फुर्तीसाथ हिँड्ने चालले; फटाफट ।

**सटीक–** वि० [सं०] टीकाद्वारा अर्थ खुलस्त पारिएको; टीका वा व्याख्यासहितको ।

**सटुवा–** वि० [साट्+उवा] १. साट्ने काम गरेको; सटही गरेको । २. साट्ने; सटनी गर्ने ।

**सट्क-नु–** अ० क्रि० १. कसैले चालै नपाउने गरी लुसुक्क हिँड्नु; सुटुक्क जानु; भाग्नु । २. शरीरका नसा रड्केर पीडा हुनु; झस्को पस्नु । ३. मानसिक स्थिति वा मस्तिष्क खजमजिनु; छँटाहापन आउनु । > **सट्काइ–** ना० सट्कने वा सट्काउने क्रिया वा प्रक्रिया । **सट्काइनु–** क० क्रि० सट्कन लाइनु । **सट्काउनु–** स० क्रि० १. प्रायः चिनजानको व्यक्तिद्वारा कसैले थाहा नपाउने गरी धनमाल सुटुक्क लैजानु; आँखा छलेर चोर्नु । प्रे० क्रि० सट्कने पार्नु । **सट्किनु–** अ० क्रि० १. सट्कने काम होइनु । २.सट्कनु । **सट्को–** ना० १. चाल नपाइने किसिमले आउने वा जाने गति । २. पलक झिम्क्याउनुभरको क्षण । (उदा०– एकै सट्कोमा माल त गायब भइसकेछ) । **सट्क्याइ–** ना० सट्किने भाव, क्रिया वा प्रक्रिया । **सट्क्याहट–** ना० सट्किने भाव, स्थिति वा क्रियाप्रक्रिया ।

**सट्ट–** क्रि० वि० [अ० मू० सट्+ट] १. गर्नुपर्ने कामकुरो तुरुन्त वा सफाइका साथ गर्ने गरी । २. कुनै वस्तु झटपट सुटुक्क झिक्ने चालले । ३. भएको वस्तु सबै सिद्ध्याउने गरेर ।

**सट्टक–** ना० [सं०] अठार उपरूपकमध्ये एक; प्रवेशक, विष्कम्भक केही नहुने र प्रशस्त मात्रामा अद्भुत रसमात्रै पाइने प्राकृत भाषाको उपरूपकको एक भेद ।

**सट्टा–** ना० [प्रा० सट्ट] १. वस्तुको निम्ति दिइने कुनै अर्को वस्तु; साटो; बदला । २. साट्ने काम; सटही । – **पट्टा–** ना० परस्परमा एउटा वस्तु दिएर अर्को वस्तु लिने काम; साटफेर; विनिमय । ~ **बिदा–** ना० सार्वजनिक बिदाका दिनमा काम गर्नुपर्ने कर्मचारीले अर्को कुनै दिनमा बिदा पाउने व्यवस्था । ~ **बिर्ता–** ना० १९६२ सालमा सरकारबाट पाहिक पर्ने जग्गा हरण भई त्यसको सट्टामा दिइएको वा नयाँ मन्जुर गरिएको बिर्ता जग्गा । ~ **भर्ना–** ना० आफूले लिएको कुनै वस्तु खती हुँदा वा हराउँदानासिँदा साटो दिइने अर्को वस्तु अथवा त्यस्तो वस्तु साटो दिने काम ।

**सट्ठी–** ना० [सं० सट्ट] लिनुदिनुपर्ने रकम वा चीजको छिनाफाना; फच्चे; चुक्ती ।

**सटचाकसुटुक–** क्रि० वि० [(द्वि०) अ० मू० सुटुक्+अ] १. गरिएका कामकुरा छिपाएर वा कसैलाई स्पष्ट थाहा नदिईकन । २. आकलझुकल आउने वा जाने चालसँग । ३. गोप्य कुराको धेरथोर सुइँको पाएर । ना० ४. गुप्ती कुरो वा व्यवहार ।

**सठिया–** वि० [साठी+इया] १. रोपेको साठी दिन वा दुई महिनामा पाक्ने र हुने । ना० त्यस्तरी पाक्ने धान, मकै आदि बाली वा अन्न । ~ **भटमास–** ना० मसिनु सेतो गेडा हुने, एक जातको भटमास ।

**सड्-नु–** अ० क्रि० [प्रा० सड्+नु] १. घाम, पानी आदिका प्रभावले दुर्गन्ध वा अमिलोपन पैदा हुने गरी कुनै चीजमा विकार आउनु; कुहुनु; गल्नु । २. काठ आदि मकाउनु; बिग्रनु । ३. निष्क्रिय हुनु । ४. पतित हुनु ।

**सडक–** ना० [सं० सगर] टाढासम्म पुगिने वा सर्वसाधारण जनता हिँड्ने फराक राम्रो बाटो; मोटर चल्ने मूल बाटो; राजमार्ग । ~ **विभाग–** ना० यातायात मन्त्रालयअन्तर्गत रहेको, नयाँ सडकको निर्माण गर्ने र भएका सडकहरूको जीर्णोद्धार तथा मर्मत गर्ने

एक प्रमुख अड्डा । ~ **मार्ग**– ना० मोटर, कार, बस आदि गुड्ने बाटो ।

**सडन**– ना० [सड्+अन] १. सडेको चीज वा व्यक्ति । २. सड्ने काम ।

**सडन्ते**– वि० [सड्+अन्ते] सड्न लागेको; सड्ने स्वभावको ।

**सडल**– ना० [सड्+अल] सडेबिग्रिएको वस्तु वा व्यक्ति । – **पडल**– ना० १. सडेबिग्रिएर काममा नआइरहेको वस्तु । वि० २. सडे-पडेको ।

**सडाइ**– ना० [√ **सड्** (+आइ)] १. सड्ने भाव, क्रिया वा प्रक्रिया । [सडाउ+आइ] २. सडाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **सडाइनु**– क० क्रि० सड्ने पारिनु । **सडाउनु**– प्रे० क्रि० सड्ने पार्नु; नराम्रो अवस्थामा पुऱ्याउनु; बिगार्नु । **सडिनु**– अ० क्रि० सड्ने हुनु । **सडियल**– वि० १. सडेको वा कुहिएको; सड्ने जातको । २. नासिने र बिग्रिने; बेकम्मा । **सडुवा**– वि० सड्ने खालको; सड्न लागेको । स्त्री० सडुवी ।

**सड्क–नु**– अ० क्रि० हे० सट्कनु । > **सड्कन्ताम्**– वि० १. सड्कने बानी भएको । ना० २. सुइँकुच्चा; भगाइ । **सड्काइ**– ना० सड्कने तथा सड्काउने भाव, क्रिया वा प्रक्रिया । **सड्काइनु**– क० क्रि० सड्कन लाइनु । **सड्काउनु**– प्रे० क्रि० सड्कने पार्नु; सट्काउनु । **सड्कुवा**– वि० सड्कने स्वभावको; सड्केको । **सड्को**– ना० सट्को ।

**सत्**– वि० [सं०] १. सत्तायुक्त; वर्तमान; विद्यमान; मौजुद । २. वास्तविक; यथार्थ; सत्य । ३. टिकिरहने; स्थायी; नित्य । ४. धर्मात्मा; पुण्यात्मा । ५. उच्च; श्रेष्ठ; उत्तम । ६. चोखो र निर्दोष; पवित्र । ना० ७. सत्य; ईश्वर । ८. सद्‍गुणी व्यक्ति; सज्जन; साधु । ९. ब्रह्म वा परमात्मा । १०. धर्म । ११. पातिव्रत्य; सतीत्व ।

**सत**– ना० [सं० सत्त्व] १. कुनै वस्तु वा पदार्थको सार; सत्त्व । २. अस्तित्व; सत्ता ।

**सतचालिस**– ना० [सं० सप्तचत्वारिंशत्] १. छयालीसपछि आउने अङ्क, सङ्ख्या वा गन्ती; ४७-को अङ्क । वि० २. चालीस र सात जोड्दा हुने वा छयालीसपछिका सङ्ख्याको । > **सतचालिसौँ**– वि० सतचालीस सङ्ख्यामा पर्ने; सतचालीस सङ्ख्याको ।

**सतचालीस**– ना० हे० सतचालिस । > **सतचालीसौँ**– वि० हे० सतचालिसौँ ।

**सतचुर / सतचुर्ण**– वि० [सं० शत+चूर्ण] १. सयौँ टुक्रा भएर फुटेको; टुक्रैटुक्रा भएको । २. निथाचूर्ण ।

**सतत**– क्रि० वि० [सं०] १. अवच्छिन्न रूप वा अटुट क्रमले; एकनाससित; निरन्तर; लगातार । २. सधैँभरि; हमेसा ।

**सतपदी**– ना० सप्तपदी ।

**सतबिउ / सतब्यु**– ना० [सं० शत+बीउ / ब्यू] सद्‍मी ।

**सतभतार**– ना० [सं० शतभर्तृका] १. सयौँ लोग्ने बनाएकी वा नाठा खेलाउने स्वास्नीमानिस; रन्डी; वेश्या; फुँडी । वि० २. ज्यादा अग्लो र मोटो; नसुहाउँदो कदको; बेछाँटको; भद्दा । > **सतभतारे**– ना० / वि० सतभतार ।

**सतम्**– ना० [सं० शतम्] सयलाई बुझाउने सङ्ख्या । ~ **शाखा**– ना० भारोपेली भाषा-परिवारमध्ये दुई वर्गमा विभाजित (सतम् र केन्तुम्) शाखामा अघिल्लो वर्ण 'स' को उच्चारण गर्नेहरूको एक शाखा वा वर्ग (भारतेली, इरानेली, स्लाभेली, लिथुआनियाली आदि समूह) ।

**सतरन्ज**– ना० [फा० शतरन्ज] बुद्धिचालको खेल वा त्यो खेल खेल्ने साधन ।

**सतरन्जा**– ना० [सं० सप्तरङ्ग] विभिन्न रङ्ग हुने र मोटो खालको ओछ्याउने सुती कपडाविशेष; दरी; शतरन्जा । > **सतरन्जी**– ना० सानो सतरन्जा; सतरन्जा; शतरन्जी ।

**सतराज**– ना० [सं० शतराज] एक जातको धानविशेष ।

**सतर्क**– वि० [सं०] १. तर्कपूर्ण वा युक्तियुक्त; तर्क गर्नमा सिपालु । २. जोगिएर रहने; सचेत; सावधान । – **ता**– ना० सतर्क हुनाको भाव, गुण वा अवस्था; सावधानी ।

**सतसट्ठिऔँ / सतसट्ठियौँ**– वि० सतसट्ठी सङ्ख्यामा पर्ने; सतसट्ठी सङ्ख्याको ।

**सतसट्ठी**– ना० [प्रा० सत्तसट्ठि] १. छयसट्ठीपछिको सङ्ख्या वा गन्ती; ६७-को अङ्क । वि० २. साठी र सात जोड्दा हुने सङ्ख्याको । > **सतसट्ठीऔँ / सतसट्ठीयौँ**– वि० हे० सतसट्ठिऔँ ।

**सतह**– ना० [अ०] कुनै वस्तुको माथिल्लो तहसम्म भएको भाग; माथिल्लो तह । ~ **डाँक**– ना० जमिनबाट ल्याइने, लगिने वा ओसारपसार गरिने चिठीपत्र आदि हुलाक ।

**सतहत्तर**– ना० [प्रा० सत्तहत्तरि] १. छयहत्तरपछिको सङ्ख्या वा गन्ती; ७७-को अङ्क । वि० २. सत्तरी र सात जोड्दा हुने सङ्ख्याको । > **सतहत्तरौँ**– वि० सतहत्तर सङ्ख्यामा पर्ने; सतहत्तर सङ्ख्याको ।

**सतही**– वि० [सतह+ई] सतहको; सतहसम्बन्धी । ~ **भूक्षय**– ना० सतहको जमिन खिइँदै वा नासिँदै जाने काम ।

**सताइ**– ना० [√ **सताउ** (+आइ)] सताउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सताइनु**– क० क्रि० सताउने काम गरिनु ।

**सताउनु**– स० क्रि० [सं० सन्ताप+नु] १. अरूलाई कारण वा अकारण दुःख दिनु; सासना दिनु । २. पिरोल्ने काम गर्नु; हैरान पार्नु ।

**सतार१**– ना० विशेष गरेर नेपालको पूर्वी तराई झापा जिल्लामा बस्ने एक जाति ।

**सतार२**– वि० १. अग्लो र मोटोघाटो; खूब सप्रेको । २. लाज नभएको; नकच्चरो । ३. कसैलाई नटेर्ने; उन्मत्त । ना० ४. एक गाउँको नाम । > **सतार्नी**– ना० १. फौजदारी अड्डामा बापतीलाई कोर्ने स्त्री (नुवाकोट जिल्लाको तामे सतार गाउँकी गङ्गी खड्किनी फौजदारी अड्डामा सर्वप्रथम त्यस्तो काम गर्ने सिपाहीको पदमा भर्ना भएकीले त्यसै सन्दर्भअनुसार) । वि० २. लाज नभएकी; निर्लज्ज; बेसरम (स्त्री) ।

**सतास**– ना० [सं० सत्त्व+आस] १. नदीले बगाई खेतमा फ्याँकेको

काठकसिङ्गर; घाँसफुस आदि वस्तु । वि० २. खुब सप्रेको वा बढेको (बाली) । >**सतासिनु–** अ० क्रि० बाली खुबसित सप्रनु; हल्कनु वा बढ्नु ।

**सतासिऔँ/सतासियौँ–** वि० [सतासी+औँ/यौँ] सतासी सङ्ख्यामा पर्ने; सतासी सङ्ख्याको ।

**सतासी–** ना० [सं० सप्तन्+अशीतिः] १. छयासीपछिको सङ्ख्या वा गन्ती; ८७-को अङ्क । वि० २. असी र सात जोड्दा हुने वा त्यति सङ्ख्याको । >**सतासीऔँ/सतासीयौँ–** वि० हे० सतासिऔँ ।

**सतास्याइ–** ना० [सतासि+याइ] सतासिने भाव, क्रिया वा प्रक्रिया ।

**सतिबयर–** ना० [सं० सातीन+बदर] भेट्नैपिच्छे तीनतीनवटा पात लाग्ने, पहेँला वा राता फूल फुल्ने, मसिना अमिला दाना फल्ने एक जातको बोट वा त्यसैको फल ।

**सतिसाल–** ना० [सं० सत्त्व+सार] मसिना बाटुलिएका पात हुने, कोसारूपमा लाम्चा फल फल्ने, चुरो खूब बलियो हुने एक जातको रूख; तमाल ।

**सती–** ना० [सं०] १. आफ्ना पतिबाहेक परपुरुषको कामना नगर्ने स्त्री; पतिव्रता; साध्वी । २. पतिको शवसँगै चितामा जलेर मर्ने स्त्री । ३. दक्षप्रजापतिकी कन्याको नाम; महादेवकी जेठी पत्नी । ४. दुर्गा । **– त्व–** ना० सती स्त्रीमा रहने गुण; पातिव्रत्य । ~ **प्रथा–** ना० विवाहित लोग्ने मरेपछि जिउँदी स्वास्नीलाई लोग्नेको लाससँगै जलाउने वा जल्न दिने प्रथा (यो प्रथा नेपालमा १९७७ सालको असार २५ गतेदेखि ऐनद्वारा निषेध गरी बन्द भएको छ) ।

**सतुवा१–** ना० [सं० सक्तुकम्, प्रा० सत्तुआ] सातु; सत्तू ।

**सतुवा२–** ना० तलादार पात र रछ्यायाँ भावको डाँठ हुने, भेट्नु भएका फूल फुल्ने र फूलका बीचमा पहेँलो हरियो हुने एक जातको बोट वा बुटी ।

**सतृष्ण–** वि० [सं०] १. तृष्णाले युक्त; चाहना भएको । २. तिर्खाएको; तिर्खालु । ३. साह्रै इच्छुक ।

**सतेहास–** ना० [था०] थारूजातिका स्त्रीहरूले गलादेखि छातीसम्म लटकिने गरी लगाउने एक प्रकारको गहना ।

**सतोसत–** क्रि० वि० [सं० सत्य-सत्य] किरिया हाल्दा सत्यताको प्रण गर्दा जोड दिएर भनिने शब्द; सत्ते; धरोधर्म । (उदा०– बिनसित्ति किन दोष लगाउनुहुन्छ ? सतोसत तपाईंलाई मैले केही भनेको छैन !) ।

**सत्कर्ता–** वि० [सं०] १. सत्कार वा मानमिजास गर्ने; आदरभाउ राख्ने । २. असल काम गर्ने; सत्कर्म गर्ने (व्यक्ति)

**सत्कर्म–** ना० [सं०] १. असल वा राम्रो काम; सुकर्म; पुण्यकर्म; धर्मकार्य । २. अतिथिको सत्कार; आतिथ्य ।

**सत्कार–** ना० [सं०] १. आउनेजाने व्यक्तिका प्रति गरिने सम्मान वा आदर; अतिथिसम्मान; पाहुनाको सेवाटहल । २. आदरभाउ; मानमनितो । >**सत्कारक–** वि० १. अतिथिको स्वागतसम्मान गर्ने; पाहुनाको मानमनितो गर्ने । २. असल वा राम्रो काम गर्ने ।

**सत्कार्य–** ना० [सं०] १. असल कार्य; राम्रो काम; सत्कर्म । वि० २. सत्कार गर्न योग्य ।

**सत्कीर्ति–** ना० [सं०] असल कामकुरा गरेर पाइने कीर्ति वा नाम; सुयश ।

**सत्कुल–** ना० [सं०] असल कर्मबाट लोकमा नाम चलेका व्यक्तिहरू जन्मेको कुल; उच्च कुल; ठूलो घराना ।

**सत्कृत–** वि० [सं०] १. सत्कार वा स्वागत गरिएको; सम्मानित । २. उचित रूपले गरिएको; राम्ररी गरिएको । >**सत्कृति–** ना० १. आतिथ्यपूर्ण स्वागत; राम्रो सत्कार । २. राम्रो वा असल काम; सदाचार ।

**सत्गति–** ना० [सं०] सद्गति ।

**सत्तम–** वि० [सं०] १. कुनै मनुष्यजातिमा सबैभन्दा उत्तम वा सर्वश्रेष्ठ वर्ग (जस्तो– द्विजसत्तम, ब्राह्मणसत्तम) । २. परम पूज्य; विशेष आदरणीय ।

**सत्तरिऔँ/सत्तरियौँ–** वि० [सतरी+औँ/यौँ] सत्तरीको सङ्ख्यामा पर्ने; सत्तरी सङ्ख्याको ।

**सत्तरी१–** ना० [फा० शहतीर] १. दलिनहरू अडचाउन घरको गारामा वारपार राखिने काठ, फलाम आदिको निदाल; लामो, ठूलो र मोटो काठ । वि० २. धेरै ठूलो; बडेमाको ।

**सत्तरी२–** ना० [सं० सप्तति] १. उनान्सत्तरीपछिको सङ्ख्या वा गन्ती; ७०-को अङ्क । वि० २. साठी र दस जोड्दा हुने सङ्ख्याको; सातको दसगुना । >**सत्तरीऔँ/सत्तरीयौँ–** वि० हे० सत्तरिऔँ ।

**सत्तल–** ना० [सं० चत्वर] यात्री, बटुवा आदिलाई बस्नका निम्ति सरकार वा धर्मात्मा व्यक्तिहरूद्वारा ठाउँठाउँमा (विशेषतः देवस्थलहरूमा) निर्मित ठूलो कोठो, तलो आदि भएको घर वा पाटी; धर्मशाला ।

**सत्ता१–** ना० [सं०] १. मूर्त रूपमा वर्तमानमा रहने वा हुने भाव, गुण वा वस्तुस्थिति; विद्यमानता; अस्तित्व । २. उपभोगका साथसाथै सक्षमता देखाएर काम गर्ने शक्तिसामर्थ्य वा अधिकार (जस्तो– राजसत्ता, प्रभुसत्ता आदि) । ३. श्रेष्ठता; उम्दापन ।

**सत्ता२–** ना० [√ सात] गन्जिफा, तास आदिको सातफुट्टी भएको पत्ती वा चक्की ।

**सत्ताइस–** ना० [प्रा० सत्तावीस] १. छब्बीसपछिको सङ्ख्या वा गन्ती; २७-को अङ्क । वि० २. बीस र सातको जोडमा हुने गन्ती वा सङ्ख्याको । >**सत्ताइसौँ–** वि० गन्ती गर्दा सत्ताइस सङ्ख्यामा पर्ने; सत्ताइस सङ्ख्याको ।

**सत्ताधारी–** ना० [सं०] १. देशको शासनसत्ता आफ्ना हातमा भएको वा लिएको व्यक्ति; विद्यमान स्थितिप्रति पूर्ण नियन्त्रण राखेर बस्ने प्रमुख व्यक्ति । २. कुनै विषयको मुख्य अधिकार वा प्रभुत्व पाएको व्यक्ति ।

**सत्तान्तरित–** वि० [सं०] आफूमा रहेको शासनसत्ता अरूलाई सुम्पिएको वा अर्पिएको (कुनै देश, राज्य वा प्रदेश) ।

**सत्तामुखी**– वि० [सं०] सत्ताको मुख ताक्नुपर्ने; सत्ताको मात्रै आशा गर्ने ।

**सत्तारूढ**– वि० [सं०] सत्तामा बसेको; सत्तासीन । ~ **दल**– ना० बहुमतले निर्वाचित भएर सत्तामा बसेको राजनीतिक दल वा पार्टी ।

**सत्तासीन**– वि० [सं०] सत्तामा रहेको वा बसेको; सत्तारूढ ।

**सत्तु**– ना० [√ सातु] सातु; सतुवा ।

**सत्ते१**– वि० [√ सात] दुनोटमा सातलाई भनिने वा सातको साटो प्रयोग गरिने (अङ्क वा शब्द, जस्तो– पाँचसत्ते पैँतीस, नौसत्ते त्रिसट्ठी इ०) ।

**सत्ते२**– ना० [सं० सत्य] १. सत्य; साँचो । २. यो कुरा साँचो हो भनी जनाउन किरिया हाल्दा प्रयोग गरिने शब्द; सतोसत । (उदा०– सत्ते मलाई तपाईंको असाध्यै माया लाग्छ) । ~ **रामोराम**– ना० सत्ते; सतोसत ।

**सत्त्व**– ना० [सं०] १. कुनै मूर्त वा अमूर्त वस्तुको विद्यमानता; सत्ता; अस्तित्व । २. कुनै वस्तुको मुख्य अंश वा सार तत्त्व । ३. प्रकृतिका तीन गुण– सत्त्व, रज र तममध्ये एक । ४. जीवनी शक्ति; प्राण; बल; साहस । ५. जीव वा प्राणी । ६. स्वभाव; प्रकृति । ७. जल, वायु, तेज आदि पदार्थ; मूल तत्त्व । ८. सहज स्वभाव; यथार्थ अवस्था । ९. मृत आत्मा; भूत । ~ **गुण**– ना० चिर अस्तित्वका लागि आवश्यक वा राम्रो काममा प्रवृत्त तुल्याउने गुण; प्रकृतिका तीन गुणमध्ये उत्तम गुण । ~ **गुणी**– वि० १. सत्त्वगुणले युक्त; सत्त्वगुण भएको । २. उत्तम प्रकृतिको; साधु तथा विवेकी ।

**सत्पथ**– ना० [सं०] असल बाटो; सन्मार्ग; सदाचार ।

**सत्पात्र**– ना० [सं०] कुनै वस्तु अर्पन वा विश्वास गर्न योग्य पात्र; असल व्यक्ति; सज्जन ।

**सत्पुरुष**– ना० [सं०] राम्रो बाटोमा लागेको असल मानिस; सत्पात्र; सज्जन; भलादमी ।

**सत्यं शिवं सुन्दरम्**– ना० [सं०] ज्ञानका क्षेत्रमा मानवताको उत्कृष्ट आदर्श व्यक्त गर्ने सत्य प्रतिष्ठापूर्ण, शिव कल्याणमय र सुन्दर सौन्दर्यप्रिय हुनाको अर्थ द्योतित भएको र चिन्तनमा सत्य, कर्ममा शिवत्व र प्रत्यक्षमा सौन्दर्यको तत्त्वबोध हुने एक सूत्र ।

**सत्य**– वि० [सं०] १. जस्तो हुनुपर्छ त्यस्तै वा सन्देह नभएको; साँचो; सच्चा; वास्तविक; यथार्थ । २. पत्याउन सकिने; विश्वस्त; इमान्दार । ३. सद्गुणसम्पन्न; धर्मात्मा । ना० ४. सत्य, त्रेता, द्वापर र कलि चार युगमध्ये पहिलो युग । ५. पुराणअनुसार पृथ्वीउँभोको सात लोकमध्ये सबभन्दा माथिल्लो लोक । ६. वास्तविक वा प्रामाणिक सिद्धान्त । ७. साँचो कुरो वा स्थिति; यथार्थता; साँचोपन । ८. कुनै कुरो पूरा गर्न बोलिने वचन; कबुल; प्रतिज्ञा । ९. कसैलाई विश्वस्त पार्न किरिया हाल्दा व्यक्त हुने शब्द; सत्ते । – **काम**– वि० सत्य वा सत्य वस्तुको कामना गर्ने; सत्यको अन्वेषी; सत्यप्रेमी । – **ता**– ना० १. साँचो हुनाको गुण वा स्थिति; साँचोपन; सच्चाइ । २. जस्तो हुनुपर्छ त्यस्तै हुने प्रक्रिया; वास्तविकता; यथार्थता । – **नारायण**– ना० सत्यबाट प्रसन्न हुने र सन्तुष्ट रहने भनी प्रसिद्ध विष्णुको एक नाम; सत्तेनारान (कथ्य०) । ~ **निष्ठ**– वि० सत्यमा रहेको; सत्यको पालना गर्ने; सत्यवान् । ~ **प्रतिज्ञ**– वि० आफूले बोलेको वा कबुलेको कुरो कुनै किसिमले पनि पुऱ्याइछोड्ने; वचनको पक्का । ~ **युग**– ना० सत्य, त्रेता, द्वापर र कलि चार युगमध्ये पहिलो युग; कृतयुग । ~ **लोक**– ना० पुराणका अनुसार पृथ्वीउँभो रहेका सात लोकमध्ये सबभन्दा माथिल्लो लोक । ~ **वक्ता**– वि० साँचो बोल्ने; सत्यवादी ।

**सत्यवती**– वि० [सं०] १. सत्यमा अडिग रहने (स्त्री) । ना० २. पराशर ऋषिद्वारा माझीपुत्री मत्स्यगन्धाको पहिलेको नाउँ फेरिएकी, महाभारत र पुराणका रचयिता व्यासकी आमा; भीष्मकी विमाता । ~ **ताल**– ना० नेपालको पाल्पा जिल्लामा तानसेनदेखि दक्षिणपश्चिम भागमा रहेको एक ताल ।

**सत्यवादी**– वि० [सं०] १. सधैँ साँचो बोल्ने; सत्यवक्ता । २. आफ्नो प्रतिज्ञामा दृढ रहने ।

**सत्यवान्**– वि० [सं०] १. सत्यको आचरण तथा पालना गर्ने; सत्यमा अडिग रहने । ना० २. पुराणप्रसिद्ध शाल्व देशका एक राजकुमार; सावित्रीका पति ।

**सत्यव्रत**– ना० [सं०] १. सत्यको पालन गर्ने नियम वा व्रत । २. पुराणप्रसिद्ध एक राजर्षिको नाम । वि० ३. सधैँ साँचो व्यवहार गर्ने व्रत लिएको; सत्यनिष्ठ । > **सत्यव्रती**– सत्यव्रत ग्रहण गरेको; सत्यव्रतमा रहने ।

**सत्यहाङमा**– ना० [सं० सत्य+ लि० हाङ्वा] लिम्बूजातिको महात्मा पण्डित तपस्वी र आबाल ब्रह्मचारी फाल्गुनन्दले चलाएको धार्मिक पन्थ ।

**सत्याग्रह**– ना० [सं०] राजनीतिका क्षेत्रमा कुनै असल व्यवस्था वा न्यायसङ्गत पक्षको स्थापनाका लागि सत्ताधिकारीसमक्ष असन्तोष, विरोध आदि प्रकट गर्ने वा आफ्ना मागको प्रभाव पार्ने गरी शान्तिपूर्वक अड्डी लिएर बस्ने काम; सत्य कुराको रक्षा वा पालनका निम्ति गरिने आग्रह । > **सत्याग्रही**– वि० सत्याग्रह गर्ने ।

**सत्यानाश**– ना० [सं० सत्ता+नाश] मूलैदेखि नाश; सर्वनाश; ठूलो बरबादी; ध्वंस । > **सत्यानाशी**– वि० सत्यानाश पार्ने; सत्यानाश गर्ने ।

**सत्यापन**– ना० [सं०] १. कुनै भनाइको सत्यता प्रमाणित गर्ने काम; आवश्यक कुराको जाँचपडतालपछि पत्ता लगाइने सत्यता । २. सत्यको पालना वा निर्वाह गर्ने काम ।

**सत्र१**– ना० [प्रा० सत्तरह] १. सोह्रपछिको सङ्ख्या वा गन्ती; १७-को अङ्क । २. तास, पासा आदि खेलको दाउविशेष । ३. मनमाफिकको सन्जोग; राम्रो मौका; फलिफाप ।

**सत्र**२– ना० [सं०] १. विद्यालयमहाविद्यालय आदिको पढाइ हुने समय वा कार्यावधि; शैक्षिक वर्ष । २. सभा, संस्था आदिको केही समयसम्म नियमित रूपले तथा निरन्तर हुने बैठक वा अधिवेशन । ३. तेह्र दिनदेखि सय दिनभित्रमा समाप्त गरिने एक यज्ञ; होम । ४. महात्मा, साधु वा असमर्थ गरिबहरूलाई नियमित रूपले भोजन दिइनेबाँडिने ठाउँ; सदावर्त; दानपुण्य । ५. आश्रय लिइने ठाउँ; घर; गृह । – **न्यायालय**– ना० कुनै निश्चित अवधिभित्र हत्या आदिको अभियोगबारे विचार गर्ने न्यायसभा वा अदालत ।

**सत्रान्त**– ना० [सं०] चलिरहेको सत्रको आखिरी समय; सत्रको समाप्ति । – **परीक्षा**– ना० सत्र वा शैक्षिक वर्षको अन्तमा लिइने परीक्षा; सत्रको आखिरी जाँच ।

**सत्रावसान**– ना० [सं०] कुनै सरकारको विधायिका अङ्गको हिउँदे वा वर्षे अधिवेशनको समाप्ति; सत्रान्त ।

**सत्सङ्ग**– ना० [सं०] १. ज्ञानी-गुणीहरूसँग सहवास वा सज्जनहरूको सङ्गत । २. धर्म वा अध्यात्मज्ञानसम्बन्धी चर्चा, व्याख्या आदि हुने समाज । > **सत्सङ्गति**– ना० सत्सङ्गत । **सत्सङ्गी**– वि० १. सज्जनको सङ्गतमा रहने; सत्सङ्गमा लाग्ने । २. धार्मिक वा आध्यात्मिक ज्ञानको समाजमा रहने ।

**सद्**– अव्य० [सं०] स्वरवर्ण, वर्गका तृतीय, चतुर्थ, पञ्चम, अन्तःस्थ र 'ह' वर्णका अगाडि आउँदा बन्ने 'सत्' शब्दको रूप (जस्तो– सत्+इच्छा=सदिच्छा, सत्+गुण=सद्गुण, सत्+धर्म=सद्धर्म इ०) ।

**सदन**– ना० [सं०] १. बस्ने ठाउँ; निवास; भवन; गृह; घर । २. यज्ञमण्डप; मन्दिर । ३. कुनै विषयको विचारविमर्श गर्ने र नियमविधान बनाउने व्यक्तिहरूको सभा वा सो सभा बस्ने ठाउँ । ४. कुनै देशको संविधानअनुसार रहने लोकसभा र महासभा वा प्रतिनिधिसभा र राजसभा । – **नेता**– ना० १. सभामुख । २. प्रतिनिधि सभाका अध्यक्ष ।

**सदय**– वि० [सं०] दया भएको; दयालु ।

**सदर**– ना० [अ० सद्र] १. प्रशासन; व्यापार आदिको प्रमुख स्थल वा जिल्ला, अञ्चल आदिको मुख्य मुकाम; केन्द्र । २. देशको केन्द्रीय स्थल; राजधानी । ३. स्रेस्ता विषयमा खास ठाउँ । ४. पेस गरिएको टिप्पणी, प्रस्ताव, राय आदिमा सम्बन्धित प्रमुख व्यक्तिले जनाउने समर्थन वा स्वीकृति । वि० ५. प्रधान; मुख्य; उचित । ~ **अमिनी गोस्वारा**– ना० राणाशासनमा राजधानीमा रहेको साधक, रिपोट आदि हेर्ने अड्डा । – **बदर**– ना० १. सदर वा बदर गर्ने काम; मन्जुरी र नामन्जुरी । २. स्याहा ढपोटहरूमा खास ठाउँ । ~ **मुकाम**– ना० जिल्ला, अञ्चल, विकासक्षेत्र आदिको मुख्य कार्यालय रहेको ठाउँ वा प्रशासनिक प्रमुख स्थान । – **स्याहा**– ना० स्थिर रूपमा जम्मा हुने सरकारी रकम; सञ्चित कोष । > **सदरिया**– वि० १. सदरमा बस्ने; सदरको; सहरिया । २. राजधानीमा रहने । ३. राम्रो रहनसहनमा पुगेको; सभ्य; शिष्ट ।

**सदस्य**– ना० [सं०] १. कुनै सङ्घसंस्था, सभा आदिमा नियमानुसार अधिकारपूर्ण रूपमा रहेको व्यक्ति; सभासद्; पार्षद । २. यज्ञकार्यमा ब्रह्मा वा सहायक ऋत्विक्; याजक । – **ता**– ना० सदस्यको पद, अधिकार, काम वा स्थिति ।

**सदा**– क्रि० वि० [सं०] १. पहिलेदेखि अहिलेसम्म; हिजो, आज, भोलि सबै दिन; सधैँ; नित्य । २. एकनाससित; लगातार; निरन्तर ।

**सदाचरण**– ना० [सं०] असल वा उत्तम आचरण; राम्रो चालचलन ।

**सदाचार**– ना० [सं०] शास्त्रले बताएअनुसारको वा व्यवहारमा गर्नुपर्ने राम्रो आचरण; असल चालचलन; सद्व्यवहार । > **सदाचारिता**– ना० सदाचारमा रहने चाल; सदाचारी बन्नका निम्ति गरिने कार्य । **सदाचारी**– वि० सदाचारमा रहने; असल चालचलन वा आचरण भएको ।

**सदाबर्त**– ना० [सं० सदाव्रत] १. साधु, गरिबगुरुवा, अतिथि आदिलाई सधैँ भोजन वितरण हुने ठाउँ; सत्र । २. साधु, गरिबगुरुवा आदिलाई दिइने अन्न, वस्त्र, सिधा आदिको दान । > **सदाबर्ती**– वि० सदाबर्तको; सदाबर्तसम्बन्धी; सधैँ दान भइरहने ।

**सदाबहार**– वि० [सं० सदा+ फा० बहार] १. वसन्त ऋतुमा जस्तै सधैँ हराभरा रहने (रूख, बोट आदि) । २. सधैँ प्रसन्न मुद्रामा रहने । ~ **वन**– ना० सधैँ हरिलोभरिलो भइरहने वन ।

**सदाशय**– वि० [सं०] १. असल विचार लिने; भलादमी । ना० २. राम्रो आशय; उत्तम विचार । > **सदाशयी**– वि० १. सदाशयले युक्त । २. सदाशयसम्बन्धी । – **ता**– ना० सदाशय हुनाको भाव, गुण वा अवस्था ।

**सदाशिव**– ना० [सं०] १. शिवको एक नाम; महादेव । वि० २. सधैँ कल्याण गर्ने; कल्याणस्वरूपको ।

**सदासर्वदा**– क्रि० वि० [सं०] सदाकाल; सधैँभरि ।

**सदिच्छा**– ना० [सं०] असल वा हितकारी इच्छा; मङ्गलमय कामना ।

**सदी**– ना० [अ०] सय वर्षको समूह; शताब्दी ।

**सदुपदेश**– ना० [सं०] १. राम्रो उपदेश; उत्तम वा हितकारी शिक्षा । २. असल परामर्श; भलो सल्लाह ।

**सदुपयोग**– ना० [सं०] कुनै विषयवस्तुलाई राम्रो किसिमले व्यवहारमा ल्याउने वा लगाउने काम; उचित उपयोग । (उदा०– विद्यार्थीले पुस्तकको सदुपयोग गर्नुपर्छ) > **सदुपयोगी**– वि० सदुपयोग हुने; राम्ररी उपयोगमा आउन सक्ने ।

**सदृश**– वि० [सं०] उस्तै देखिने; एकनासे; समान; तुल्य ।

**सदेह**– वि० [सं०] १. देह वा शरीर भएको; देहयुक्त । क्रि० वि० २. शरीरका साथ; सशरीर ।

**सदैव**– क्रि० वि० [सं०] कुनै समय पनि नछुटाईकन; सधैँ नै ।

**सद्गत**– ना० [सं० सद्गति] १. मृतकको सद्गति वा मुक्तिका निमित्त लास जलाउने, काजक्रिया गर्ने आदि काम; दाहसंस्कार अन्त्येष्टिक्रिया । २. तीर्थस्थलमा भएको मरण । ३. उत्तम गति; मोक्ष; मुक्ति ।

**सद्गति**– ना० [सं०] १. पुराणअनुसार, मरेपछि उत्तम लोकमा पुग्ने काम; असल अवस्था; उत्तम गति । २. मोक्ष हुने काम; मुक्ति; मृत्यु ।

**सद्गुण**– ना० [सं०] १. असल, राम्रो गुण । वि० २. गुणवान्; सद्गुणी । > **सद्गुणी**– वि० असल वा उत्तम गुण भएको; गुणवान् ।

**सद्गुरु**– ना० [सं०] १. नैतिक ज्ञान वा अध्यात्मविद्या सिकाउने गुरु; धर्मगुरु । २. आचारनिष्ठा भएका गुरु; असल गुरु । ३. परमात्मा; ईश्वर ।

**सद्दे**– वि० [सं० सद्यः] १. नबिग्रिएको वा नयाँ; जस्ताको तस्तो । २. टुटफुट नभएको; सग्लो; सिङ्गो । ३. मिसोट नभएको; साँचो; सकली । ४. बिरामी नभएको; तन्दुरुस्त; निरोगी । ५. दोष वा बिराम नभएको; निर्दोष । – **किर्ते**– ना० असली र नकली; साँचो र जाली (व्यवहार, कामकारबाई, प्रमाण आदि) । ~ **जातक**– ना० जन्मँदा नमरेको; सग्लो जन्म भएको बालक ।

**सद्धर्म**– ना० [सं०] १. लोकहितकारी धर्म; असल धर्म; सज्जनको धर्म । २. बौद्ध धर्म । > **सद्धर्मी**– वि० सद्धर्ममा बस्ने; सद्धर्म अँगालेको ।

**सद्बुद्धि**– ना० [सं०] असल, राम्रो बुद्धि; सत्कार्यमा लाग्ने समझ ।

**सद्भाव**– ना० [सं०] १. असल भाव वा विचार; स्नेह र हितपूर्ण स्वच्छ विचार । २. मैत्री भावना; मेलमिलाप । > **सद्भावना**– ना० असल वा राम्रो भावना; सद्भाव; शुभकामना । **सद्भावी**– वि० १. सद्भावले युक्त; सद्भावना राख्ने । २. सदाशयी ।

**सद्मी**– ना० [सं० शतबीज] १. मार्ग कृष्ण चतुर्दशीका दिन पाशुपत क्षेत्रमा छरिने विभिन्न किसिमका (सयौँ) बीज र फलफूल आदिको सम्मिश्रण; सद्बिउ । वि० २. नाना थरीका वस्तुहरू मिलेको ।

**सद्यः**– क्रि० वि० [सं०] भर्खरै; भक्खरै; अहिले नै; तुरुन्तै; आलै (जस्तो, सद्यःस्नान = भर्खरको नुहाइ, सद्यःप्रसूता = आलै सुत्केरी आदि) ।

**सद्वृत्ति**– ना० [सं०] १. असल चालचलन; राम्रो चरित्र; सदाचार; सद्व्यवहार ।

**सद्व्रत**– ना० [सं०] १. असल व्रत; उत्तम नियमनिष्ठा; सदाचार । वि० २. सद्व्रती । > **सद्व्रती**– वि० सद्व्रत ग्रहण गरेको; उत्तम व्रत लिएको; सदाचारी ।

**सद्धर्मी**– वि० [सं०] १. एउटै धर्म मान्ने; समान धर्म भएको; उही मत वा सम्प्रदायको ।

**सधवा**– वि० [सं०] १. पति जीवित भएकी; पोइ बाँचिरहेकी; सौभाग्यवती; सधुवा । ना० २. त्यस्ती स्त्री ।

**सधाइ**– ना० [√ **साध्** (+आइ)] १. साध्ने भाव, क्रिया वा प्रक्रिया । [सधाउ+आइ] २. सधाउने भाव, क्रिया वा प्रक्रिया; आदेश वा आज्ञा लिने काम । [ > ] **सधाइनु**– क० क्रि० १. सधाउने काम गरिनु । २. साध्न लाइनु । ~ **सिकाइ**– ना० सधाउने र सिकाउने काम; शारीरिक तथा व्यावहारिक शिक्षा ।

**सधाउ-नु**– स० क्रि० [साध्+आउ+नु] १. कुनै काममा तालिम गर्नु वा शिक्षा दिई त्यसैअनुसार काम गर्ने बनाउनु । २. शिल्प आदि कार्यमा हात बसाउनु । ३. घोडा, हात्ती, गोरु आदि पशुलाई आफूले चाहेअनुसार हिँड्ने वा काम गर्ने पार्नु । ४. कुनै काममा लाग्न जीउलाई बानी पार्नु; सुधार्नु । ५. पुरानो वा बिग्रेको वस्तुलाई नयाँ वा काम लाग्ने बनाउनु; सच्याउनु । ६. लगानीमा गएको वा डुबेको धन उठाउनु ।

**सधान**– वि० [साध्+आन्] १. काममा लागेको वा लगाइएको; कायम भएको । २. साध्ने काम; सधाइ ।

**सधिनु**– अ० क्रि० [साध्+इ+नु] सधाउने काम हुनु; साधिनु ।

**सधुक्कडी**– वि० [साधु+अक्कडी] सन्तसाधुका ढाँचाको वा उनीहरूले बोल्ने (भाषा, बोली इत्यादि) ~ **भाषा**– ना० विभिन्न भाषाको मिश्रणले गर्दा कुनै भाषाको मूल रूपभन्दा भिन्न भएको, साधुहरूले बोल्ने भाषा ।

**सधुवा**/**सधुवी**– ना० [सं०] सधवा ।

**सधूम**– वि० [सं०] धूवाँसहितको; धूवाँयुक्त; धूवाँ उठेको ।

**सधैँ**– वि० [सदा+नै] सदा; नित्य; लगातार । (उदा०– सधैँ खाने गरे विष पनि पच्छ) । **सधैँको स्याहार चोर आउँदा बिस्याहार**– उखान । – **भरि**– क्रि० वि० अटुट रूपले; सदाकाल ।

**सन्**– ना० [अ०] इस्वी साल वा वर्ष; अङ्ग्रेजी संवत् ।

**सन**– ना० [सं० शण] खण्डाकार पात हुने र पहेँला, सेता वा नीला फूल फुल्ने एक जातको लङ्गुरे बोट वा त्यसैका बोक्रा कुहाएर निकालिने राम्रो टल्कने पाट ।

**सनई**– ना० [फा० शहनाई] विवाह, व्रतबन्ध आदि मङ्गल कार्य वा मुहूर्तमा फुकेर बजाइने सातवटा प्वाल भएको प्रसिद्ध बाजा; पञ्चैबाजा वा नौमती बाजाको मुख्य स्वरबाजा; सनही ।

**सनक१**– ना० [सं० स्वनक] १. रिसको आवेग; झोक । २. मनको एकोहोरो ताना; धुन । (उदा०– सनक चढाएर मात्र हुँदैन, बुद्धि पनि खियाउनुपर्छ) ।

**सनक२**– ना० [सं०] ब्रह्माका सनकादि चार मानसपुत्रमध्ये एक । > **सनकादि**– ना० ब्रह्माका चार मानसपुत्रको नाम (क्रमशः सनक, सनन्दन, सनातन र सनत्कुमार) ।

**सनकी**– वि० [सनक+ई] सनक चढेको; सन्की ।

**सनक्क**– क्रि० वि० [अ० मू० सनक्+क] १. एक्कासि मानसिक आवेग उठ्ने चालले; सन्कने गरेर । २. सबै एकै खेप पिइसक्ने गरी ।

**सनद**– ना० [अ०] कुनै कामको निकासापुकासा वा बन्दोबस्तका बारेमा दिइने सरकारी आज्ञापत्र; राजाज्ञाको प्रमाण; रुक्का । ~ **पत्र**– ना० सनदको कागत वा पुर्जी; राजाज्ञाको प्रमाणपत्र । ~ **पुर्जी**– ना० राणाशासन-कालमा प्राइममिनिस्टर वा मुख्तियारको छाप लागेको आडरपुर्जी वा बडापत्र । ~ **सवाल**– ना० सनद र सवाल ।

**सनपाट**– ना० [सन+पाट] सनका बोक्राबाट बनाइएको पाट ।

**सनसन**– क्रि० वि० [अ० मू० सन्+अ (द्वि०)] १. दूध, पानी आदि छिटोछिटो पिउने गरी । २. बाण, गोली आदि चल्दा शब्द निस्केझैँ गरेर । ३. हावा चल्दा शब्द आएझैँ गरी ।> **सनसनती**– क्रि० वि० अझ छिटो सनसन हुने गरी । **सनसनाहट**– ना० सनसन हुने चाल वा शब्द । **सनसनी**– क्रि० वि० सनसनती ।

**सनाही**१– ना० [फा० शहनाई] हे० सनई ।

**सनही**२– ना० मलको रूपमा प्रयोग गरिने धानका जातको एक थरी झार ।

**सनाई**– ना० [√ सन] छिनछिनेको जस्तो बोट र पात रेचक हुने पाटविशेष; सानो जातको सन । ~ **पत्ती**– ना० पेट खलास गर्न प्रयोग गरिने, सुके पनि हरियै रहने एक प्रकारको पात ।

**सनाखत**– ना० [फा० शनाख्त] १. अड्डाखानामा सम्बन्धित व्यक्तिका सामुन्ने यो काम वा कुरो मैले गरेको हुँ भन्ने बेहोरा लेखी प्रमाणस्वरूप गरिने सहीछाप; भिडाउने वा चिनाउने काम । २. पोलिएको व्यक्ति, अनिश्चित वा बेवारिस लास आदि चिन्न लाउने काम । ~ **कागत**– ना० चोरी, डाँका, खून आदि मुद्दामा दोपाया, चौपाया, धनमाल, वस्तुहरू उजुरवाला जुन मानिसलाई चिनाउनुपर्छ धेरैमा एकैनासका राखी मिलाई यही हो भनी किटानसाथ चिनाएर गरिने कागत ।

**सनातन**– वि० [सं०] १. धेरै अघिदेखि चलिआएको; परापूर्वदेखिको; प्राचीन । २. कहिल्यै नाश नहुने; अविनाशी; शाश्वत; नित्य । ना० ३. धेरै पहिलेदेखि चल्दै आएको व्यवहार । ४. अनादिकाल; परापूर्व । ५. शिव, विष्णु, ब्रह्मा, लक्ष्मी, दुर्गा र सरस्वतीका निम्ति प्रयोग हुने नाम । – **ता**– ना० सनातनको चाल वा स्थिति । ~ **धर्म**– ना० १. आर्यहरूमा प्राचीन समयदेखि चलिआएको मानवीय धर्म । २. वेद, पुराण, तन्त्र, मूर्तिपूजा आदिद्वारा समर्थित अचेल चलेको हिन्दू धर्म । ~ **धर्म सेवा समिति**– ना० सनातन धर्मको महत्त्व र उपयोगिताको प्रचार गरी मानवकल्याणमा संलग्न रहने उद्देश्यले नेपालमा चलेको एक संस्था ।> **सनातनी**– वि० १. सनातनदेखिको; सनातनसम्बन्धी; प्राचीन । २. सनातन धर्मको अनुयायी; सनातन धर्म अँगाल्ने ।

**सनिसर**– ना० [सं० शनिश्चर] शनिश्चर; सन्सर ।

**सनासो**– ना० [सं० सन्देश] कसौँडी, तसला आदि च्याप्न प्रयोग हुने, गँगटाको पन्जाजस्तो मुख र घुमेको बिँड भएको फलामे साधन; बाहुली ।

**सनेस**– ना० [सं० सन्देश] १. एउटा कुरो भनेझैँ गरी अर्को कुरो जनाउने काम; छनक; सुइँको । २. छोटकरी समाचार; सन्देश । ३. कोसेली; उपहार ।

**सन्क-नु**– अ० क्रि० [सनक+नु] १. सनक वा रिस चढ्नु; उत्तेजित हुनु । २. बतासे कुरा गर्न थाल्नु; सिल्लीजस्तो हुनु ।> **सन्काइ**– ना० सन्कने वा सन्काउने क्रियाप्रक्रिया । **सन्काइनु**– क० क्रि० सन्काउने काम गरिनु । **सन्काउनु**– स० क्रि० १. आँखाले सङ्केत गर्नु वा सूचना दिनु । २. तरल पदार्थ छिटोछिटो पिउनु । प्रे० क्रि० ३. उत्तेजित पार्नु; झोक चलाउनु । ४. बौलाहा बनाउनु । **सन्कासन्की**– ना० परस्परमा सन्कने काम; रन्कारन्की । (उदा०– कुरा गर्दागर्दै तिनीहरू सन्कासन्की पो गर्न थाले) । **सन्काहा**– वि० १. सन्कने बानी भएको; सन्की । २. अर्द्धसिल्ली । **सन्की**– वि० सन्कने स्वभावको; सन्काहा । **सन्को**– ना० १. सन्कने चाल; सन्कने काम; सनक । २. एकै सासमा पिइसकिने घुट्को; पियाइको खेप ।

**सन्च**– ना० [√ सन्चो] सन्चो; सुबिस्ता । (उदा०– नानीलाई सन्च आमालाई हाइसन्च) ।

**सन्चो**– ना० [सं० स्वास्थ्य] १. रोग, पीडा आदिको निवारण; आरोग्य; सन्च । २. आपत्, झन्झट, बाधा आदि केही नरहने स्थिति; सुबिस्ता; आनन्द । ~ **बिसन्चो**– ना० स्वस्थता र अस्वस्थता; नीरोगित्व र बिमारी ।

**सन्छेप**– ना० [सं० सङ्क्षेप] १. छोटकरी भनाइ वा लेखाइ; सङ्क्षेप । २. इसारा; सङ्केत ।

**सन्जना**– ना० जालीझैँ बन्ने गरी मसिनु पारेर काटिएको मूला आदिको चाना; भुजुरी ।

**सन्जाप**– ना० [फा० सन्जाफा] भोटो, दौरा, सुरुवाल आदिको छेउमा सिएर गाँसिने कपडाको धर्सो; सेप्टी; मोहोजी; मञ्जी ।

**सन्जे**– ना० [सं० सन्ध्या] १. सन्ध्या; साँझ । २. साँझमा जपिने मन्त्र; गायत्रीजप । ~ **काल**– ना० साँझको वेला; सन्ध्याकाल; सायङ्काल । (उदा०– सन्जेकालमा रोए अलच्छिन लाग्छ रे) ।

**सन्जोग**– ना० [सं० संयोग] आकस्मिक तारतम्य; संयोग; भवितव्य ।> **सन्जोगे**– ना० भान्सामा चाहिने नुन, मसला आदि हाल्ने काठ वा टिनको खण्डेदार भाँडो; पञ्चपाला ।

**सन्झ्याल**– ना० [नेवा० सँझ्याल] गारो बाहिर निस्केको पुरानो छाँटको कलात्मक बुट्टे झ्याल ।

**सन्टरी**– ना० [अङ्० सेन्ट्री] १. पालो बस्ने व्यक्ति; पहरेदार; पाले; सन्तरी । २. पहरा; पालो; चपट ।

**सन्ठ**– वि० [सं० शठ] १. जीउ मात्र देख्नाको तर बुद्धि नभएको; स्वाँठ; मूर्ख; लन्ठ । २. उच्छृङ्खल; उत्ताउलो ।> **सन्ठिनु**– अ० क्रि० १. स्वाँठ हुनु; धूर्त बन्नु । २. लन्ठिनु ।

**सन्ठी**– ना० [सं० शुण्ठी] सनको पाट निकालिसकेपछिको झिँजा; सन ताछेको लट्ठी ।

**सन्ड/सन्डो**– वि० [सं० षण्ढ] १. मोटोघाटो वा बलियोबाङ्गो भईकन मूर्ख; भुसतिघ्रे र मूढ । २. मीठामसिना कुराले आफ्नो काम पटचाउन जान्ने । ३. चाप्लुसी गर्न र धुत्न सिपालु; धूर्त चालको बाठो ।। ४. लाज, इज्जत केही नभएको ।> **सन्डचाइ**– ना० सन्डचाउने भाव, क्रिया वा प्रक्रिया । **सन्डचाइनु**– क० क्रि० सन्डचाउने काम गरिनु । **सन्डचाउनु**– स० क्रि० सन्ड भएर अरूलाई झुक्यानमा पार्नु; धुत्नु; ठग्नु ।

**सन्डचु**– ना० मसिना कीरा जाँदा चोपमा टाँसिने, मसिनै पात र

\1saroj\Sabdkosh\Dict'sa'.p65



हाँगा भएको एक जातको बुटी ।

**सन्त**– ना० [सं०] १. व्यवहार र विषयमा नअल्भी धर्म वा पुण्य कार्यमा लागेको पुरुष; सज्जन व्यक्ति; साधु; सन्न्यासी । २. अँजुली; अञ्जली । वि० ३. शान्त स्वभावको; विनम्र ।

**सन्तति**– ना० [सं०] १. सन्तान; छोराछोरी, नातिनातिना आदि । २. वंश; कुल; परिवार । ३. वंश वा कुलको विस्तार । ~ **निरोध**– ना० सन्ताननिरोध; गर्भनिरोध ।

**सन्तधारा**– ना० [सं०] नेपाली कविताको उत्तरप्राथमिक कालमा मूलतः निर्गुण भक्तिधाराको प्रवाह ल्याउने जोसमनी सन्तसम्प्रदाय तथा त्यसै सम्प्रदायमा फस्टाउँदै गएको काव्यपरम्परा ।

**सन्तप्त**– वि० [सं०] १. धेरै तातेको; खूब गर्मी भएको । २. मनमा ठूलो पीर परेको; चिन्ताले रन्थनिएको । ३. कामले थाकेको; श्रान्त ।

**सन्त महन्त**– ना० सन्त र महन्त; साधु; सन्न्यासी ।

**सन्तरी**– ना० [अङ्० सेन्ट्री] हे० सन्टरी ।

**सन्ताउन्न**– ना० [प्रा० सत्तरवन्न] १. छपन्नपछिको सङ्ख्या वा गन्ती; ५७-को अङ्क । वि० २. पचास र सात जोड्दा हुने सङ्ख्याको । > **सन्ताउन्नौँ**– वि० सन्ताउन्न सङ्ख्यामा पर्ने; सन्ताउन्न सङ्ख्याको ।

**सन्तान**– ना० [सं०] १. छोराछोरी; बालबच्चा; सन्तति । २. परिवार; खलक; वंश; कुल । ३. अवच्छिन्न क्रम; शृङ्खला । ४. इन्द्रको स्वर्गमा रहेका पाँच देवतामध्ये एक । ~ **दरसन्तान**– ना० अघिदेखि पछिसम्मका सन्तान; वंशपरम्परा । (उदा०– यो जग्गा तिम्रा सन्तानदरसन्तानले भोग गर्नू भनी दानपत्रमा उल्लेख छ, ~ **निग्रह/निरोध**– ना० बढी सन्तानको जन्म रोक्नलाई इन्द्रियनिग्रह वा अन्य वैज्ञानिक साधनद्वारा गर्भधारण हुन नदिने काम; सन्ततिनिरोध ।

**सन्तानब्बे**– ना० [प्रा० सत्तनवई] १. छयानब्बेपछिको सङ्ख्या वा गन्ती; ९७-को अङ्क । वि० २. नब्बे र सात जोड्दा हुने सङ्ख्याको । > **सन्तानब्बेऔँ/सन्तानब्बेयौँ**– वि० सन्तानब्बे सङ्ख्यामा पर्ने; सन्तानब्बे सङ्ख्याको ।

**सन्तानवान्**– वि० [सं०] सन्तान भएको; छोराछोरी भएको ।

**सन्तानी**– ना० [सन्तान+ई] १. चाँडोचाँडो र धेरै बेत बियाउने क्रिया वा अवस्था । वि० २. चाँडचाँडो र धेरै बेत बियाउने (गाई, बाख्रो आदि) ।

**सन्तानोत्पादन**– ना० [सं०] जैविक वस्तुहरूले आफूजस्तै अन्य जैविक वस्तुलाई बढाउने जीवनरसको मौलिक गुण वा प्रक्रिया; सन्तान जन्माउने काम ।

**सन्ताप**– ना० [सं०] १. कुनै कारणले मन चसचस भइरहने दुःख; मानसिक पीडा; मनको पीर; । २. प्रकाश, तेज आदिको चर्को ताप; राप; आँच; दाह; उष्णता । ३. पश्चात्ताप; जलन । > **सन्तापित**– वि० १. धेरै सन्ताप दिइएको; सन्तप्त; उत्पीडित । २. निकै तताइएको । **सन्तापी**– वि० सन्ताप दिने; सन्तप्त पार्ने ।

**सन्तुलक**– वि० [सं०] सन्तुलन गर्ने वा सन्तुलनमा ल्याउने; सन्तुलनकर्ता ।

**सन्तुलन**– ना० [सं०] १. दुई वा त्यसभन्दा बढी वस्तुलाई समान रूपमा ल्याउने वा समान परिमाण तथा स्थितिमा राख्ने काम । २. दुवै पक्षलाई बरोबरी पारी मिलाउने काम । – **कर्ता**– वि० सन्तुलन गर्ने; मिलाउने वा बराबरी पार्ने; सन्तुलक ।

**सन्तुलिका**– ना० [सं०] १. दुवै पक्षलाई बराबरी पार्ने वस्तु वा रेखा । २. तराजुका दुवै पातालाई बराबरी पार्ने सुइरो । कसैसँग लेनदेन गर्दा दामासाहीको हिसाबले बराबरी पार्ने मापदण्ड ।

**सन्तुलित**– वि० [सं०] आवश्यकताअनुसार चाहिँदो मात्रामा ठीकसँग मिलाइएको; सन्तुलन गरिएको । ~ **आहार**– ना० सन्तुलित भोजन । ~ **भोजन**– ना० शरीरलाई चाहिने सबै वस्तु ठिक्क परिमाणमा भएको खाना; आवश्यक पोषणतत्त्वले युक्त भोजन ।

**सन्तुष्ट**– वि० [सं०] १. सन्तोष प्राप्त गरेको; चित्त बुझेको; प्रसन्न । २. अघाएको; तृप्त । > **सन्तुष्टि**– ना० १. सन्तुष्ट हुने काम; प्रसन्नता । २. अघाउँजी हुने स्थिति; तृप्ति । **सन्तुष्टीकरण**– ना० १. सन्तुष्ट पार्ने वा तुल्याउने काम; चित्तबुझाइ । २. तृप्त पार्ने काम ।

**सन्तृप्त**– वि० [सं०] तृप्त भएको; चाहिँदो मात्रामा पुगेको । ~ **वायु**– ना० पूर्ण रूपले जलवाष्प ग्रहण गरिसकेको वायु । ~ **विलयन**– ना० पूर्ण रूपले कुनै वस्तुमा मिल्ने काम ।

**सन्तोक**– ना० [सं० सन्तोष] सन्तोष । > **सन्तोकी**– वि० सन्तोक गर्ने; सन्तोषी ।

**सन्तोष**– ना० [सं०] १. आफ्नो वर्तमान अवस्था वा आफूसँग भएका वस्तुबाट हुने आनन्दको अनुभव; सन्तुष्टि; सन्तोक । २. अघाउने काम; अघाइ; तृप्ति । ३. प्रसन्नता; आनन्द; हर्ष; खुसी । > **सन्तोषी**– वि० १. जो भएकोमा चित्त बुझाउने वा खुसी हुने; सन्तोष गर्ने स्वभावको; सन्तुष्ट । २. कलझगडा नगर्ने; शान्त ।

**सन्त्रस्त**– वि० [सं०] साह्रै आत्तिएको; धेरै हडबडाएको; डराएको; तर्सेको । (उदा०– युद्धको विभीषिकाले आजको मानवसमाज सन्त्रस्त छ) ।

**सन्त्रास**– ना० [सं०] हडबडाएको अवस्था; व्याकुलता; डर; छटपटी । (उदा०– अचेल किन हो प्रत्येक मान्छेमा सन्त्रास पैदा भएको छ) ।

**सन्था**– ना० [सं० संस्थान] एक खेपमा पढाइने वा पढिने पाठ; गुरुले दिएको एक दिनको पाठ ।

**सन्दर्भ**– ना० [सं०] १. कुनै लेख; रचना, पुस्तक आदिको विषय-प्रसङ्ग । २. लेख, कुरो, वर्णन आदिको क्रम वा सिलसिला । ३. मिलाएर गाँस्ने वा टाँक्ने काम । ४. साहित्यिक कृति वा रचना; लेख, निबन्ध आदि । ५. कुनै गूढ कुरा प्रस्ट पार्ने ग्रन्थ । ६. फैलाउने काम; विस्तार । ७. सम्मिश्रण; सङ्ग्रह । ~ **कृति**– ना०

कुनै रचना वा ग्रन्थ तयार पार्दा प्रयोग गरिएका पुस्तक आदि । ~ **गाँठी**– ना० खास सन्दर्भ वा प्रसङ्गलाई ठम्याउन सघाउ पुऱ्याउने उक्त सन्दर्भमा प्रयुक्त शब्द वा शब्दावली । ~ **ग्रन्थ सूची**– ना० खास लेखकद्वारा लिखित खास पुस्तक, लेख वा अन्य सामग्रीका पुछारमा दिइएको, लेखकद्वारा उपयोगमा ल्याइएको ग्रन्थ, लेख, पत्रपत्रिका आदिको सूची; सन्दर्भमा आएका ग्रन्थहरूको विवरण । ~ **विवरण**– ना० सन्दर्भको बेहोरा । ~ **सामग्री**– ना० सन्दर्भका रूपमा प्रयुक्त पुस्तक, पत्रिका आदि साधन । ~ **सूची**– ना० सन्दर्भका रूपमा प्रयुक्त पुस्तकहरूको सूची वा विवरण > **सन्दर्भिका**– ना० लेखक तथा अन्य स्रोत खुल्ने गरी दिइएको खास विषयसँग सम्बन्धित ग्रन्थ तथा अन्य लिखित सामग्रीहरूको विवरण वा विवरणपुस्तिका ।

**सन्दर्शन**– ना० [सं०] १. राम्ररी हेर्ने वा देख्ने काम; अवलोकन । २. एक टकको हेराइ; नियालाइ । ३. विचार गर्ने काम; पर्यवेक्षण ।

**सन्दिग्ध**– ना० [सं०] १. सन्देह भएको; शङ्का लागेको; शङ्कास्पद । २. ठेगाना नभएको; अनिश्चित । (जस्तो– सन्दिग्ध कथन वा कुरा, सन्दिग्ध सूची, सन्दिग्ध वातावरण इ०) । ना० ३. अस्पष्ट कथन; अपूर्ण वार्ता । – **ता**– ना० १. सन्दिग्ध हुने काम वा स्थिति; अस्पष्टता । २. यस्तो हो कि उस्तो हो भनेर सन्देह हुँदा वा वक्तव्य, कुरा आदि अनिश्चित हुँदा हुने अर्थदोष । ~ **प्राधान्य**– ना० वाच्यार्थ वा व्यङ्ग्यार्थ कुन प्रधान हो भन्ने कुरामा सन्देह हुँदा हुने एक गुणीभूत व्यङ्ग्य ।

**सन्दीपन**– वि० [सं०] १. बाल्ने काम; प्रज्वलित गर्ने काम । २. उद्दीप्त पार्ने काम; उद्दीपन । ३. कामदेवका पाँच बाणमध्ये एक ।

**सन्दीप्त**– वि० [सं०] १. खूब राम्ररी बलेको; प्रज्वलित । २. उक्साइएको; उत्तेजित; उद्दीप्त ।

**सन्दुक/सन्दुस**– ना० [अ० सन्दूक] धनमाल; लत्ताकपडा राखिने काठ, फलाम आदिको बाकस; सन्दुस । > **सन्दुके**– वि० सन्दुकको; सन्दुकका ढाँचाको ।

**सन्देश**– ना० [सं०] १. कसैले अरूलाई लेखी वा भनी पठाएको कुरो; समाचार; खबर; सनेस । २. पालन गर्नुपर्ने कुनै आज्ञा; आदेश । ३. कोसेली; सौगात । ~ **प्रेषक**– ना० १. एक ठाउँबाट अर्को ठाउँसम्म सन्देश पठाउने यन्त्र; ट्रान्समिटर; ध्वनियन्त्र । २. सन्देश पठाउने व्यक्ति । ~ **प्रेषण**– ना० तार, बेतार आदिद्वारा सन्देश पठाउने वा जाने काम । ~ **वाहक**– ना० सन्देश लैजाने वा पुऱ्याउने व्यक्ति ।

**सन्देसा**– ना० [सं० सन्देश] ताजा वा मौलिक खबर; समाचार; सन्देश ।

**सन्देह**– ना० [सं०] १. कुनै विषय वा कुराको हो कि होइनको अवस्था; दोधार; संशय; शङ्का । २. अन्योलको वातावरण; भ्रान्ति; भ्रम । ३. उपमेयमा उपमानको चमत्कारले संशय हुँदा पर्ने एक अर्थालङ्कार । – **वाद**– ना० वस्तुस्थिति र तथ्यहरूको अध्ययनद्वारा वास्तविक स्वरूपको मूल्याङ्कन नगरी अधूरो वा अधकल्चो छोड्ने र जानीजानी कुरा बङ्ग्याएर भिन्न रूपमा प्रचार गरी सन्देह फैलाउने विचार वा सिद्धान्त । – **वादी**– वि० १. सन्देहवादमा लाग्ने; सन्देहवादको अनुयायी । २. सन्देह गर्ने; शङ्का लिने । > **सन्देहात्मक**– वि० सन्देहले भरिएको; सन्देहपूर्ण; शङ्का हुने; सन्दिग्ध । **सन्देहास्पद**– वि० सन्देहात्मक; सन्दिग्ध ।

**सन्धान**– ना० [सं०] १. जोर्ने वा मिलाउने काम; सम्बन्ध, मेल । २. मिसाइने वस्तु, काम वा कुरो; मिसावट; मिश्रण । ३. खोज्ने, पत्ता लाउने काम; खोजी; अन्वेषण । ४. हतियार आदिको ताकिने वा हिर्काइने साधन (काँड, घुयँत्रो, मटचाङ्ग्रो, गोली आदि) । ५. खान रुचि जगाउने चखिलो स्वादिलो वस्तु; अचार । ६. जोर्नी; सन्धि । ७. एकाग्रता । ८. स्वर आदिको साधन । ९. आसव झिक्ने काम ।

**सन्धि**– ना० [सं०] १. परस्परमा मिल्ने काम; मेलमिलाप; मित्रता; मैत्री । २. दुई वस्तुका माझको खाली ठाउँ; अन्तर । ३. दुई वा त्यसभन्दा बढी वस्तु वा अवयव जोडिएको ठाउँ; जोर्नी; गाँस । ४. मर्मस्थल; जननेन्द्रिय आदि । ५. परस्परको विरोध हटाई मेलमिलापसँग रहन तथा सहयोगी हुन दुई राष्ट्र वा समूहका बीचमा गरिएको मैत्रीपूर्ण वाचा-बन्धन; सम्झौता । ६. एक अवस्था वा युगको समाप्ति भई अर्को अवस्था वा युगको प्रारम्भ हुने समय । ७. व्याकरणमा नियमले उच्चारण गरिने ठाउँका अघिल्लो शब्दको अन्त्य वर्ण र पछिल्लो शब्दको आदि वर्ण केही परिवर्तित भई एकरूप भएर मिल्ने काम वा नियम । ८. नाटकमा प्रधान कुरासँग सम्बन्धित कथाको पाँच अवान्तर सम्बन्ध (मुख, प्रतिमुख, गर्भ, विमर्श, र निर्वहण) । ९. चोरले घरमा घुस्नका निम्ति खनेको सुरुङ वा प्वाल; सेँध । ~ **पत्र**– ना० दुई देशका बीचमा रक्षा, वाणिज्य, संस्कृति आदि विषयमा मेलमिलापको वार्ता टुङ्गिएपछि लेखिने त्यससम्बन्धी सर्तसहितको कागत । ~ **बन्धन**– ना० स्नायु; शिरा । ~ **बाथ**– ना० शरीरका जोर्नीजोर्नीमा हुने बाथको रोग । ~ **भङ्ग**– ना० १. सन्धिमा लेखिएका सर्तअनुसार कामकारबाई नभएको वा नहुने स्थिति; सन्धिपत्रको उल्लङ्घन वा टुटाइ । २. वैद्यशास्त्रका अनुसार, हातगोडा आदिको जोर्नीको हाड भाँचिनेफुट्ने क्रिया वा अवस्था । ~ **विच्छेद**– ना० १. परस्परमा भएको सन्धि वा सम्झौता टुट्ने वा टुटाउने काम; सन्धिभङ्ग । २. व्याकरणका अनुसार सन्धि भएका शब्दहरूलाई टुक्र्याई पूर्वरूप देखाउने काम । (जस्तो– शिक्षालय=शिक्षा+आलय, गणेश=गण+ईश) – **सर्पन**– ना० नजिकका घरलाई साँध र त्यसको छेउछाउमा रहेको जग्गाजमिन, बाटोघाटो, तागोतगारो, पानीपँधेरो, वन-जङ्गल आदिबाट हुने असजिलो अवस्था वा ती कुनै वा सबै नभई नहुने मर्का । – **स्थल**– ना० १. शरीरको जोर्नी वा मर्मस्थल । २. केन्द्रीय भाग; बीचको ठाउँ । > **सन्धेय**– वि० सन्धि गर्न योग्य; खोज्न लायक । **सन्ध्यक्षर**– ना० सन्धि भई बन्ने ऐ, औ स्वरवर्ण ।

**सन्ध्या**– ना० [सं०] १. अघिल्लो एक घडी र पछिल्लो एक घडी

मिली बनेको दिन र रातका बीचको समय; साँझ । २. साँझमा उपासना गरिने देवी (प्रातःसन्ध्या, मध्याह्नसन्ध्या र सायं-सन्ध्या) । ३. सन्ध्यादेवीको उपासनामा जपिने मन्त्र; गायत्रीजप; सन्जे । ४. ब्रह्माकी पत्नीको नाम । ५. दुई युगका बीचको समय; सन्धिकाल । ~ **काल–** ना० सन्ध्याको समय; साँझको बेला; सन्जेकाल । > **सन्ध्योपासना–** ना० १. सन्ध्याका समयमा गरिने उपासना (गायत्रीको जप, पाठपूजा आदि) । २. गुरुबाट पाएका मन्त्रको बिहानबेलुकी गरिने जप ।

**सन्न–** क्रि० वि० [अ० मू० सन्+न] १. रिसाउने, तात्ने वा सन्कनेजस्तै गरी । २. गोली, बाण आदि वेगसित आउने किसिमले । ३.तरल पदार्थ आदि नरोकिईकन एक खेप पिएर वा खाएर । ४. घबराउने कुरो सुन्दा मन र मस्तिष्क झस्कने छाँटसित ।

**सन्नति–** ना० [सं०] १. अभिवादन; सादर प्रणाम । २. विनम्रता । ३. मोडदार पर्वतको तलतिर मोडिएको खण्ड ।

**सन्नद्ध–** वि० [सं०] १. ठीकठाक भएको; तयार; कटिबद्ध । २. कसेर बाँधेको; मस्काएको । ३. साथमा गाँसिएको; संलग्न । ४. कुनै पनि वस्तुले युक्त । ५. शस्त्रास्त्रद्वारा पूर्णतः सुसज्जित; युद्धका निम्ति तयार भएको । ६. समीपवर्ती; नजिकको ।

**सन्नाटा–** ना० [सं० सन्नष्ट] १. चारैतिर कुनै किसिमको आवाज नहुने वा चकमन्न रहने स्थिति; शून्यता; नीरवता । वि० २. कुनै शब्द वा हलचल केही नभएको; सुनसान; एकलास ।

**सन्निकट–** वि० [सं०] अत्यन्त समीपको; निकै नजिकको ।

**सन्निपात–** ना० [सं०] १. वात, पित्त र कफ बिग्रँदा हुने एक कडा रोग; विषमज्वर; त्रिदोष । २. ठूलो सन्ताप; ठक्कर । ३. एकै खेप ओइरने काम; कामको थुप्रो ।

**सन्निविष्ट–** वि० [सं०] १. एकबाजि हटाइएको विषय वा अन्य विषयलाई समावेश गरिएको; नयाँ प्रवेश गराइएको । २. झिकिएका शब्द वा वाक्यका स्थानमा अरू शब्द, वाक्य आदि राखिएको । ३. साथमा रहेको; मिलेको ।

**सन्निवेश–** ना० [सं०] १. घुस्ने वा पस्ने काम; प्रवेश । २. साथमा रहने, जुट्ने तथा बसाउने काम; सामीप्य । ३. संलग्नता; गाभिने काम । ४. सहरनजिकको मनोरञ्जन गर्ने, खेल्ने मैदान ।

**सन्निहित–** वि० [सं०] १. कुनै वस्तुसँगसँगै मिलेको वा गाभिएको । २. नजिकै राखिएको; समीपस्थ । ३. अडेको, टिकेको वा सुरक्षित रहेको ।

**सन्नी–** ना० [सं० सन्धि] १. पुरुष वा स्त्रीजातिको मर्मस्थान । २. शरीरमा जोर्नी परेको ठाउँ; सन्धि ।

**सन्न्यस्त–** वि० [सं०] १. सन्न्यास लिएको; सन्न्यासी भएको । २. व्यावहारिक कुरा सबै बिसाएको; घरव्यवहार त्यागेको । (उदा०– अचेल उहाँ राजनीतिबाट सन्न्यस्त हुनुहुन्छ) ।

**सन्न्यास–** ना० [सं०] १. सांसारिक विषयबाट विरक्त भई निष्काम अवस्थामा रहने एक आश्रम (हिन्दूका चार आश्रममध्ये एक) । २. सांसारिक विषयभोग वा प्रपञ्चबाट विरक्त भई लिइने एक धर्म; योगधर्म; वैराग्य । ३. स्वेच्छाले कुनै कुरा छोड्ने, त्याग्ने वा त्यसबाट बेग्लै रहने काम; परित्याग । > **सन्न्यासी–** वि० १. सन्न्यास लिएको; घरबार, परिवार त्यागेको । ना० २. सन्न्यास धर्म ग्रहण गरेको व्यक्ति; जोगी । ३. सन्न्यास जीवनबाट गृहस्थ जीवनमा फर्केका व्यक्तिबाट जन्मेको पुरुष सन्तान । स्त्री० सन्न्यासिनी ।

**सन्मान–** ना० [सं० सम्मान] मानमर्यादा; आदरभाउ; सम्मान ।

**सन्मार्ग–** ना० [सं०] कर्तव्यका निम्ति हिँड्नु वा लाग्नुपर्ने असल, राम्रो बाटो । (उदा०– छोरो सन्मार्गमा लागिदिए बाबुलाई आनन्द हुन्छ) ।

**सन्सर–** ना० [सं० शनिश्चर] शनिश्चर; सनिसर (उदा०– **सन्सरको छुट्टी, मङ्गलको भेट, कि आउला जरो कि दुख्ला पेट** – उखान) ।

**सन्सार–** ना० [सं० संसार] संसार; जगत् । > **सन्सारी–** वि० सन्सारको; संसारी ।

**सपक्क–** क्रि० वि० [अ० मू० सपक्+क] १. गिलो खानेकुरो एकै खेपमा खाने किसिमले । २. लाउँदा वा ओढ्दा आङमा सुहाउने किसिमले; लगाएको लुगा मिल्ने गरी । ३. कुनै वस्तु टम्म मिलेर टाँसिने चालले । ४. मिलाएर केश कोर्ने, बाट्ने, तलास्ने आदि किसिमसँग; राम्ररी कोरीबाटी गरेर ।

**सपत्नी–** ना० [सं०] सौता; सौती । > **सपत्नीक–** वि० पत्नीसहित; श्रीमतीसमेत ।

**सपना–** ना० [सं० स्वप्न] १. निदाएका बेला मानसिक रूपमा देखिने दृश्य वा घटना र मनमनै खेल्ने कुरा; स्वप्न । २. रमाइलो भविष्यको आशा वा कल्पना । ३. उदेकलाग्दो कुरो वा मनको लहड । > **सपनी–** सपनाको लघु रूप; सपना (गीत, कविता र लोकगीतमा प्रचलित, जस्तै– आज राति सपनीमा तिमीलाई देखें ) ।

**सपरिवार–** वि० [सं०] आफ्ना जहान, केटाकेटीसमेत भएको; परिवारसहितको । (उदा०– तपाईं यहाँ सपरिवार हुनुहुन्छ कि एक्लै ?) ।

**सपरिश्रम–** वि० [सं०] परिश्रम भएको वा गरिएको; परिश्रमले युक्त । ~ **कारावास–** ना० कैदीहरूलाई कडा परिश्रम गर्नुपर्ने कामसमेत गराइने जेलखाना ।

**सपसप–** क्रि० वि० [अ० मू० सप्+अ (द्वि०)] गिलो पदार्थ लगालग खाने किसिमले; सपासप । > **सपसपती/सपसपी–** क्रि० वि० लगालग छिटछिटो खाने गरेर ।

**सपाटो–** ना० सानो नासपाती वा मयलका आकारको हुने, एक थरी तराईतिर पाइने स्वादिष्ठ फलविशेष ।

**सपाद–** वि० [सं०] पूरा चरणमा अर्को एक पाउसमेत भएको; एक चौथाइ बढेको; सवा ।

**सपार्‌–नु–** स० क्रि० [सप्र+नु] १. टुटेफुटेका वस्तुलाई ठीक पारेर बनाउनु; सुधार्नु; मर्मत गर्नु । २. बानीबेहोरा सुधारी तर लाउनु;

उँभो लगाउनु । ३. बिराम, त्रुटि आदिको सुधार गर्नु; सच्याउनु । प्रे० क्रि० ४. सप्रने पार्नु । >**सपाराइ–** ना० सपार्ने काम वा किसिम । **सपारिनु–** क० क्रि० सपार्ने काम गरिनु ।

**सपासप–** क्रि० वि० [सपसप] १. गिलो खानेकुरो धमाधम खाने किसिमले; सपसपी । २. लचिलो लट्ठी वा डोरी आदिले लगालग हिर्काउने चालसँग । >**सपासपी–** क्रि० वि० अझै छिटो सपासप खाने किसिमले ।

**सपिउँ–** वि० [सं० सव्य] सुल्टो । विप० बिपिउँ ।

**सपिण्डी–** वि० [सं० सपिण्ड] १. एउटै पितृलाई बाबु, बाजे र बराजुका क्रममा पिण्डदान दिने छोरो, नाति र पनाति गरी तीन पुस्ताको । ना० २. बाह्रौँ दिनमा गरिने मृतकको श्राद्ध । –**करण–** ना० मरेको बाह्रौँ दिनमा मृतकलाई पिण्डदान दिँदा पिण्डलाई तीन पुस्ताका सपिण्डीसँग मिलाउने वा जोड्ने श्राद्धकर्म ।

**सपुच्छ–** ना० [सं०] १. नरवानरानुगणभित्र पर्ने सङ्कीर्णनास वानरमा पुच्छर हुने बाँदर । वि० २. पुच्छर भएको ।

**सपुत–** ना० [सुपुत्र] १. राम्रो बानीबेहोर भएको छोरो; योग्य पुत्र; सुपुत्र । २. वंश वा कुलको इज्जत चम्काउने सन्तान । (**सपूत भए छोरो, कपूत भए मोरो–** उखान) ।

**सपुर्द–** ना० सुपुर्द । >**सपुर्दगी–** ना० सुपुर्दगी ।

**सपूत–** ना० हे० सपुत ।

**सपेटो–** ना० [प्रा० सपिट्ठ] पशुहरूको पातो वा तिघ्रोसहितको काटिएको खुट्टो; साँप्रो ।

**सपेता–** ना० [फा० सफेद >सफेदा] १. घर, कोठा पोत्ने चूनजस्तो माटो । २. रङ्गको काममा लगाइने जस्ताको भस्म ।

**सपेरो–** ना० [साँप+एरो] १. सर्पलाई समात्ने र त्यसलाई सधाई नचाउने व्यक्ति । २. सर्पले टोकेको विष झार्ने व्यक्ति; विषवैद्य ।

**सप्काइ–** ना० [√ **सप्काउ** (+आइ)] सप्काउने काम वा किसिम । [>] **सप्काइनु–** क० क्रि० सप्काउने काम गरिनु ।

**सप्काउ–नु–** स० क्रि० [सप्को+आउ+नु] १. गिलो रसदार खानेकुरो सासले तानेर गाँस हाल्नु; सप्प्याक्क पार्नु । २. नरम लट्ठी वा डोरी आदिले हिर्काउनु । ३. पछ्यौरा; मजेत्रो आदिको सप्को हाल्नु ।

**सप्को१–** ना० [सपक्क+ओ] गिलो रसदार खानेकुराको गाँस; सप्प्याक्क खाइने गाँस ।

**सप्को२–** ना० [सं० सपक्ष] १. दाहिनेपट्टिबाट छाती छोपी कुममा अड्याइने सारी, पछ्यौरा आदिको छेउ । २. धोती, सारी, पछ्यौरा आदि लुगाफाटाको छेउले अरूको जीउमा भएको स्पर्श; लुगाका टुप्पाबाट भएको छुवाइ । (उदा०– धोतीको सप्को लाग्ला है, अलि पर बस) ।

**सप्त–** ना० [सं०] सात । >**सप्तक–** ना० १. एकै जात वा किसिमका सात वस्तुको समूह (जस्तो– तारसप्तक) । २. सङ्गीतमा षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद– यी सात स्वरको समुदाय । –**कोसी–** ना० पूर्वी नेपालका विभिन्न स्थानबाट बगेर मिलेका इन्द्रावती, सुनकोसी, तामाकोसी, दूधकोसी, अरुण, वरुण (लिखु) र तमोर– यी सातवटा नदीको सामूहिक नाम । –**गण्डकी–** ना० मध्यपश्चिमी नेपालका विभिन्न भागमा बगेर मिल्ने तादी, मादी, मर्स्याङ्दी, काली, सेती, बूढीगण्डकी र त्रिशूली– यी सात नदीको सामूहिक नाम । –**धान्य–** ना० धान, गहुँ, जौ, मास, मुगी, कागुनु र सामा मिलाइएको अन्न । –**नदी–** ना० हिन्दूहरूका अति पवित्र मानिएका सातवटा नदी (गङ्गा, यमुना, गोदावरी, सरस्वती, नर्मदा, सिन्धु र कावेरी) । –**पदी–** ना० १. विवाहमा वर र वधू मिलेर गरिने सप्तकुलपर्वतको पूजा । २. सातवटा चरण हुने (छन्द) । –**पर्ण–** ना० छतिवन । –**पाला–** ना० सातवटा खोबिल्टा भएको थाली; सातखण्डे थाली ।

**सप्तम–** वि० [सं०] सातौँ । ~ **श्रेणी–** ना० सातौँ कक्षा वा वर्ग ।

**सप्त–मातृका–** ना० [सं०] कुनै माङ्गलिक कार्यमा अग्रपूजा गरिने सातवटी मातृका वा देवीको नाम (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्राणी, चामुण्डा र वाराही) ।

**सप्तमी–** ना० [सं०] १. चान्द्रमासका शुक्लपक्ष तथा कृष्णपक्ष दुवैको सातौँ तिथि । ना० २. व्याकरणमा आधार अर्थ बुझाउने सातौँ विभक्ति (मा, विषे आदि) ।

**सप्तमृत्तिका–** ना० [सं०] कुनै माङ्गलिक कार्यमा प्रयोग गरिने तबेला, हात्तीसार, गोठ, तीर्थस्थल, राजद्वार, गुरुद्वार र नदी सात ठाउँको वा सात थरी माटो ।

**सप्तरिखि–** ना० [सं० सप्तर्षि] सात ऋषि; सप्तर्षि ।

**सप्तरी–** ना० [सं० सप्तारि] नेपाल अधिराज्यको पूर्वाञ्चल विकासक्षेत्रभित्र पर्ने सगरमाथा अञ्चलको तराईभागमा स्थित एक जिल्ला ।

**सप्तर्षि–** ना० [सं०] १. प्रसिद्ध सात ऋषिहरूको समूह (गौतम, भरद्वाज, विश्वामित्र, जमदग्नि, वसिष्ठ, कश्यप र अत्रि; अथवा मरीचि, अत्रि, अङ्गिरा, पुलह, क्रतु, पुलस्त्य र वसिष्ठ) । २. आकाशमा उत्तरतिर देखिने ध्रुवतारालाई परिक्रमा गरिरहेका सातवटा ताराको समूह ।

**सप्तशती–** ना० [सं०] १. सात सय मन्त्रस्वरूप पद्यखण्डमा रचिएको भगवतीको स्तोत्र; चण्डी । २. सात सय पद्यबाट बनेको कृति (जस्तो– विहारी सतसई आदि) । ३. सात सय वस्तुको समूह ।

**सप्तसिन्धु–** ना० [सं०] पन्जाब क्षेत्रमा बग्ने प्रसिद्ध सात नदी (झेलम, चिनाव, राबी, व्यास, सतलज, दृषद्वती र सरस्वती) ।

**सप्ताह–** ना० [सं०] १. सात दिनको समूह; हप्ता; साता । २. सात दिनमा बाचेर सम्पन्न गरिने भागवत आदि पुराणको पाठ वा धार्मिक अनुष्ठान । –**व्यापी–** वि० एक साता वा हप्तासम्म चल्ने वा हुने (कार्यक्रम, गोष्ठी आदि) ।

**सप्र–नु–** अ० क्रि० [सं० सपर] १. बालीनाली खूब बढ्नु वा राम्रो हुनु; सप्लाउनु । २. असल वा उन्नतिको बाटामा लाग्नु; उँभो

लाग्नु; सुध्रनु । ३. कुनै व्यापारव्यवसायबाट मनग्य फाइदा हुनु; धनी बन्नु । ४. राम्रो हुनु; सग्लाउनु ।

**सप्रक्क–** क्रि० वि० [अ० मू० सप्रक्+क] रसिलो खानेकुरो सासले तानेर मुखमा गाँस हाल्ने गरी; त्यसरी गाँस हाल्दा शब्द आउने चालले ।

**सप्रमाण–** वि० [सं०] प्रमाणसहितको; प्रमाण भएको ।

**सप्राइ–** ना० [√ **सप्र** (+आइ)] सप्रने काम वा किसिम । [ > ] **सप्रिनु–** अ० क्रि० सप्रने काममा लागिनु ।

**सप्प्राक–** ना० [अ० मू० सप्प्राक्+अ] मुछेर खाइने चालले । – **सुप्रुक–** क्रि० वि० मुछेर खाइने र रसयुक्त गिलो खानेकुरो चाँडचाँडै खाएजस्तो गरेर । > **सप्प्राक्क–** क्रि० वि० एक्कासि रसिलो खानेकुरो स्वादसित गाँस हाली खाने चालसँग ।

**सप्लाइ–** ना० [√ **सप्लाउ** (+आइ)] सप्लाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सप्लाइनु–** अ० क्रि० सप्लाउने काम होइनु ।

**सप्लाउनु–** अ० क्रि० [सं० सपल्लव] १. बालीनाली, बोटबिरुवाहरू हलक्क र राम्ररी बढ्नु; कलकलाउँदो हुनु; मौलाउनु; झाँगिनु । २. शरीर मोटोघाटो र रातोपिरो हुनु । ३. गरेका कामकुराको उन्नति हुनु; बढिबढाउ हुनु ।

**सप्लैंटो/सप्ल्याँटो–** वि० सब्लैंटो/सब्ल्याँटो ।

**सफर–** ना० [अ०] १. मनोविनोदका निम्ति गरिने टाढाको यात्रा; घुमफिर । २. यात्रा; भ्रमण । ~ **मैना–** ना० सैनिक अभियानमा वा ठूलाबडाको सवारी चलाउँदा अघिअघि गएर बाटो, बास, रसदपानी आदिको बन्दोबस्त गर्ने सैनिक टोली; पेस्की फौज । > **सफरी–** वि० १. भ्रमणसित सम्बन्ध राख्ने; सफरसम्बन्धी । २. बोकेर हिँडाउनडुलाउन मिल्ने खाट; क्याम्पखाट । ३. सफर गर्दा लगाउन छरितो मानिएको अत्याधुनिक शैलीको, कोटसमेतको काम दिने कमिज ।

**सफल–** वि० [सं०] १. गरेको प्रयास सार्थक वा सिद्ध भएको; कुनै कामकुरो फत्ते भएको । २. फलसहितको; फलयुक्त । – **ता–** सफल हुने काम वा अवस्था । > **सफलीभूत–** वि० गरेको काम वा कुरो सफल भएको; कार्यसिद्धि भइसकेको ।

**सफा–** वि० [अ०] १. धूलोमैलो वा कसरफोहोर आदि नभएको; स्वच्छ; चम्किलो; साफ; सुग्घर । २. बिटुलो नभएको; शुद्ध; चोखो । ३. दोष, दाग वा छलकपट नभएको; निर्दोष; बेदाग; निष्कपट । ४. बुट्टा, धर्सो आदि नभएको; सादा ।

**सफाइ–** ना० [सफा+आइ] १. सफा हुने छाँट; शुद्धता । २. सफासुग्घर गर्ने काम । ३. कुनै अपराधीलाई लागेको खतबात, मुद्दा आदिको निर्णय भई दोष वा अभियोग मेटिएर हुने छुटकारा; दोष वा अभियोगबाट हुने मुक्ति; पार पाउने वा निर्दोष साबित हुने काम । ४. हातको चतुऱ्याइँ; हातसाफ । – **पत्र–** ना० लागेको दोष, अभियोग आदिबाट सफाइ पाएको कुरा लेखिएको कागत ।

**सफाचट–** ना० [अ० सफा+चट] १. भएजति सबै सखाफ पार्ने वा सिद्ध्याउने काम; सबै बेमाख । २. बिलकुल साफ; एकदम सफा ।

**सफाटचाम्पो–** ना० ब्याट्री वा ग्याँसबाट चल्ने भएकाले धूवाँ नफाल्ने टचाम्पो ।

**सफारी–** ना० [अङ्०] १. जङ्गली जनावरको सिकार गर्ने वा अवलोकन गर्ने अभियान । २. हल्का खालको सुट । ~ **पार्क–** ना० सिंह, बाघ, हात्ती, गैँडा आदि जङ्गली जनावरहरू स्वतन्त्र रूपमा विचरण गर्न पाउने गरी छुट्ट्याइएको जमिनको ठूलो भाग; वन्यजन्तु आरक्षण केन्द्र ।

**सफासफ–** क्रि० वि० [सफा+सफा] एकदम सफासँग; खुलस्तसाथ । (उदा०– तिमी सफासफ भन न, कुरो के हो ?) > **सफासफी–** क्रि० वि० सफासफ चालासित; खुल्लमखुल्ला; सफासफ । (उदा०– भेट त भयो, सफासफी कुरो हुन पाएन) ।

**सफा सुग्घर–** वि० [सफा+सुग्घर] सफा र सुग्घर रहेको; फोहोरमैला हुन नपाएको; स्वच्छ; निर्मल ।

**सफेद–** वि० [अ०] १. सफा र सेतो; श्वेत । २. बुट्टा वा रङ्गीचङ्गी नभएको; सादा । ३. चम्कने; उज्ज्वल; सुकिलो । > **सफेदी–** ना० सफेद हुने छाँट; सेतोपन ।

**सब१–** वि० [सं० सर्व] भएभरको; सम्पूर्ण; तमाम; कुल; सारा । (**सब कठिन अल्छीले, सब सहज उद्योगले–** उखान) ।

**सब२–** वि० [अङ्०] मुख्यभन्दा एक श्रेणी तल्लो; नायब; सहायक; छोटो (जस्तो– सब-एकाउन्टेन्ट (नायब लेखापाल), सब-इन्सपेक्टर (सहायक निरीक्षक), सब-पोस्टअफिस (छोटी हुलाक) इ०) ।

**सबन्ध–** वि० [सं०] सर्तअनुसारको; प्रतिबन्धसहितको । ~ **मुक्ति–** ना० कुनै कैदीलाई तोकिएको समयमा पुनः झ्यालखानामा उपस्थित हुने गरी केही समय छोड्ने काम; सप्रतिबन्ध तथा आवधिक मुक्ति ।

**सबल–** वि० [सं०] १. बलले युक्त; शक्तिशाली; बलियो । २. फौज वा सेनाले सज्जित । > **सबलीकरण–** ना० कुनै ध्यानाकर्षित विषय वा वस्तुमा अझै चाख जगाउन गरिने क्रियाकलाप ।

**सबाई–** ना० कागत बनाउने काममा प्रयोग हुने एक प्रकारको घाँस ।

**सबार–** ना० [फा० सवार] सवारी (दिव्य०) ।

**सबासुदो–** ना० [भो० ब०] लिम्बूको अमालमा मुद्दा फैसला भएपछि जित्नेले भलादमीलाई दिने दस्तुर ।

**सबासुद्धो–** ना० [सबा+सुद्ध] साउँसँगै लिइने सयकडा पचासका हिसाबले लाग्ने ब्याज वा दस्तुर; साँवासुद ।

**सबिता–** ना० [सोभिता] हल्का रातो रङ हुने एक प्रकारको सेतो चम्किलो धातु ।

**सबुत/सबुद–** ना० [अ० सबूत] १. मुद्दामामिला, झैझगडा आदिमा दसीप्रमाण, साक्षीसरजमिन, लिखतकागत आदि सबै कुरा ऐनले निर्देशित गरेअनुसार बुझ्न सकिने अवस्था वा तिनको समष्टि

रूप (उदा०– सबै सबुत बुझेर फैसला भएमा नै ठीक न्याय पाइन्छ) । २. कुनै कुराको यथार्थ प्रमाण वा निस्सा ।

**सबेर–** ना० [सं० सुबेला] १. उज्यालो हुनेहुने बेला; एकाबिहान; सखार । २. प्रातःकाल; बिहान । ३. कुनै तोकिएको समयभन्दा पहिलेको समय ।

**सबै–** वि० [सब+नै] भएभरको जम्मै; सारा नै; सम्पूर्ण **सबै कुरा चल, कीर्ति अचल–** उखान ।

**सब्जा–** ना० [फा०] १. कालो भाव मिसिएको सफेद रङको घोडा । २. असल जातको बम्बई आँपको एक प्रकार ।

**सब्जी–** ना० [फा०] तरकारी; सागपात; सागसब्जी ।

**सब्लेँटो/सब्ल्याँटो–** वि० [सं० सव्य+एँटो/याँटो] लुगा, कागत आदिको सुल्टो (भाग); उल्टो वा बिब्ल्याँटो नभएको; सुल्टो । (उदा०– गन्जी बिब्ल्याँटो भयो, सब्ल्याँटो पारेर लाऊ) ।

**सभा–** ना० [सं०] १. प्रवचन, भाषण, छलफल, विचार आदिका निम्ति एकत्रित जनसमूह; सार्वजनिक भेला । २. सभाभवन; बैठक । ३. कुनै उद्देश्यपूर्तिका निम्ति सङ्गठित सङ्घ वा संस्था । ४. सूर्य वा चन्द्रमाको वरिपरि देखिने बिम्ब अथवा मण्डल । ५. परिधि; वृत्त । ~ **कक्ष–** ना० प्रतिनिधि सदस्यहरू वा आमन्त्रित व्यक्तिहरू भेला भई कुराकानी, सरसल्लाह आदि गर्ने, पत्रकारहरूसित भेटघाट गर्ने, कुनै समारोह सम्पन्न गर्ने जस्ता विभिन्न काम गरिने ठूलो दलान वा बैठककोठो । ~ **गृह–** ना० सभा गर्नका निम्ति निर्मित घर; सभा हुने ठाउँ वा घर; सभाभवन । >**सभाग्रणी–** ना० सभाका अगुवा वा मुख्य; सभामुख । ~ **त्याग–** ना० सभामा भएगरिएका कुनै प्रस्ताव वा स्थितिप्रतिको विरोध दर्साउँदा थोरै वा धेरै सदस्य सभा छाडेर बाहिर निस्कने काम । – **पति–** ना० १. कुनै सङ्घसंस्था वा समितिको प्रमुख अधिकारी; अध्यक्ष । २. कुनै सभाको सञ्चालनका निम्ति रोजिएको, नाम प्रस्तावित भएको वा वरण गरिएको विशिष्ट व्यक्ति । ~ **मण्डप–** ना० १. कुनै विशेष सभाको आयोजनाका निम्ति तयार गरिएको मञ्च । २. सभागृह । – **मुख–** ना० सभाका अग्रणी वा प्रमुख व्यक्ति; सभाको अध्यक्ष; सदननेता । – **सद्–** ना० १. सम्बन्धित कुनै सभा वा गोष्ठीको अङ्गका रूपमा रहेको अधिकृत व्यक्ति; सभाको सदस्य; पार्षद् । २. सभामा भाग लिने भलादमी; सभ्य ।

**सभ्य–** वि० [सं०] १. सभाका निम्ति योग्य वा सुहाउँदो; विनयी; शिष्ट; भद्र । २. विश्वास गर्न सकिने; विश्वस्त । ना० ३. सभाको सदस्य; सभासद् । ४. कुलीन वा शिष्ट व्यक्ति; भलादमी । – **ता–** ना० १. सभ्य हुनाको भाव, गुण, विशेषता वा स्थिति; शिष्टता; भद्रता । २. कुनै जाति वा राष्ट्रको सामाजिक, भौतिक, आध्यात्मिक आदि अवस्था र उन्नति-प्रगतिको सम्पूर्ण प्रतिबिम्ब ।

**सम्–** उप० [सं०] शब्दका अगाडि जोडिएर उत्कृष्टता, निरन्तरता, पूर्णता, समानता, सामीप्य आदिको अर्थ बोध गराउने, पञ्चम वर्ण रहने वा शिरबिन्दु पनि हुने शब्द । (जस्तो– सम्पूर्ण, सम्मान, सम्मोहन, संयत, संरक्षण, संसार इ०) ।

**सम–** वि० [सं०] १. घटीबढी, लामोछोटो, ठूलोसानो आदि नभएको; बराबर; समान; सदृश; तुल्य । २. सम्म परेको; समथर । ३. कसैको ओड नलिने; निष्पक्ष; तटस्थ । ४. जोर सङ्ख्या वा गन्ती (जस्तो– २, ४, ६, ८ आदि) । ना० ५. योग्य वस्तुको अनुरूप प्रशंसा गर्दा पर्ने एक अर्थालङ्कार । ६. सङ्गीतमा लय तथा तालको विश्राम हुने ठाउँ । – **कक्ष–** वि० समान कक्षा वा दर्जाको; बराबरीको । – **कक्षी–** वि० समान कक्षा वा तहमा रहेर काम गर्ने (व्यक्ति) । – **कालीन–** वि० एकै समयको वा एकै समयमा भएको; उही बखतको (घटना, कुरा, विषय आदि) । – **कोण–** ना० रेखागणितमा नब्बे अंश भएको कोण । –**कोणी–** वि० चारै कोण बराबर भएको; समकोणको (क्षेत्र) ।

**समक्ष–** क्रि० वि० [सं०] आँखाको सामुन्ने; अगाडि; मुखेन्जी ।

**समग्र–** वि० [सं०] समस्त; सबै; पूर्ण; पूरा; अन्तिम । (उदा०– हामी समग्रको एउटै विचार भए राम्रो हुन्थ्यो । तपाईंका समग्र कविता पढेको छु) ।

**समङ्किता–** वि० [सं०] राम्ररी चित्रित वा निर्मित गरिएको (देवीको मूर्ति आदि) । (सालङ्कारा, समङ्किता । – ल० प्र० देवकोटा, सुलोचना) ।

**समचाप–** ना० [सं०] हावा आदिको समान चाप वा थिचाइ । – **रेखा–** ना० हावाको समान थिचावट भएका स्थानहरूलाई जोड्ने रेखा ।

**समच्छे–** वि० [सं० समक्ष] १. सबै बराबर भएको; एकछत्त; छ्यासमिसे । (उदा०– सबै थोक समच्छे भैसक्यो, के गरेको !) ना० यो० २. समक्ष; सामुन्ने ।

**समजातीय–** वि० [सं०] १. समान जातिको; एउटै जातको । २. एउटै विचारको ।

**समझ–** ना० [प्रा० समुज्झ] १. जान्ने, बुझ्ने र सम्झने मानसिक शक्ति; बुद्धि; ज्ञान । २. विचार; विवेक । – **दार–** वि० समझ भएको; बुद्धिमान्; विचारवान् । – **दारी–** ना० समझदार हुने काम वा स्थिति; बुद्धिमानी; होसियारी ।

**समतल–** वि० [सं०] सतह होचोअग्लो नभई बराबर भएको; सम्म परेको; समथर । २. समशीतोष्ण; मधुरो ।

**समता–** ना० [सं०] १. सम हुनाको भाव वा अवस्था; समानता; एकनासेपन; बराबरी । २. पक्षपात नगर्ने ढाँचा; निष्पक्षता । ३. समान स्तरका शब्दविन्यासद्वारा आदिदेखि अन्त्यसम्म एक पद हुँदा हुने, साहित्यिक दस गुणमध्ये एक ।

**समताप–** ना० [सं०] एकनासको ताप; बराबरी तातो । ~ **मण्डल–** ना० पृथ्वीमण्डलभन्दा माथिल्लो तहको वायुमण्डल ।

**समतुल्य–** वि० [सं०] सबै दृष्टिले बराबरीको; समान दँजाइमा आउने ।

**समथर–** वि० [सं० समस्थल] १. होचोअग्लो नभएको; सम्म परेको; समतल । ना० २. सम्म ठाउँ वा जमिन । >**समथरिलो–** वि०

१. समथर भएको; सतह मिलेको । २. एकतर्फ मात्र थोरै अग्लिँदै गएको । **समथऱ्याइलो**– वि० समथर होलाजस्तो; समथर पार्न सकिने ।

**समदर्शी**– वि० [सं०] सबैलाई समान दृष्टिले हेर्ने तथा आफन्त र पराई भन्ने साँघुरो विचार नलिने; पक्षपातरहित ।

**समदृष्टि**– ना० [सं०] सबैलाई समान रूपले हेर्ने काम; सबैमा एकै नजर राख्ने काम ।

**समद्विभुज**– ना० [सं०] रेखागणित वा ज्यामितिमा उस्तै किसिमका, बराबरका नाप भएका दुई भुजा ।

**समन**– ना० [अ०] फौजदारी मुद्दाका प्रतिवादीलाई आफ्नो भन्नुपर्ने प्रमाणसहितको उत्तर दिन आऊ भनी बोलाइने वा अदालतमा हाजिर हुनका निम्ति पक्राउ गर्न पठाइने पुर्जी ।

**समन्त**– वि० [सं०] १. सम्पूर्ण; समस्त । ना० २. सीमा; हद । – **प्रभा**– ना० बौद्धधर्ममा त्रयोदश भूमिको एघारौँ भूमि; वज्रयानको एकादश भूमि । – **भद्र**– ना० १. पञ्चबोधिसत्त्वमध्ये एक; बुद्धदेव । २. वैरोचन वा वज्रधात्वीश्वरीका छोराको नाम ।

**समन्वय**– ना० [सं०] १. दुई वा अनेक कुराको पारस्परिक सम्बन्ध वा मेल; संयोग । २. कार्य र कारणको सङ्गति । >**समन्वयात्मक**– वि० समन्वय वा मेल ल्याउने; मिलाउने किसिमको ।

**समन्वित**– वि० [सं०] १. आफैँ राम्ररी मिलेको; समन्वय भएको । २. परस्परमा गाँसिएको; गाभिएको । ~ **चेतना**– ना० साहित्यिक रचनामा विचार र भाव परस्पर एकात्म रूपमा रहेको अवस्था ।

**समन्वेषण**– ना० [सं०] कुनै प्रदेश वा क्षेत्रभित्र गएर त्यहाँको चारैतिरको स्थिति, वातावरण आदि पत्ता लाउने काम ।

**समपहरण**– ना० [सं०] सरकारद्वारा दण्डका रूपमा कसैको धन-सम्पत्ति जफत गर्ने काम; दण्डस्वरूप हुने धनसम्पत्तिमाथिको कब्जा ।

**सममूल्यदर**– ना० [सम+मूल्य+दर] सबैतिर एकैनास कायम भएको मूल्य वा भाउ ।

**समय**– ना० [सं०] १. घडी, पला, दिनरात, बिहानबेलुकी, गते, तिथि, वार, साता, पक्ष, महिना, ऋतु, अयन, वर्ष, दशक, शताब्दी आदि नामले बुझिने वा तिनको परिणति जनाउने गतिमय अवस्था । २. कुनै काम वा घटना भएको र विशेष परिस्थिति आइलागेको काल वा बेला । ३. कुनै कामकाजको बखत; बेला; मौका; अवसर । ४. बचेको वा खाली भएको क्षण, फुर्सद; अवकाश । ५. कुनै प्रवाहक्रममा चलेको नियम; प्रथा । ~ **तालिका**– ना० १. रेल, मोटर, बस, हवाईजहाज आदि यातायातका साधनको पुग्ने र छुट्ने, पढाइ, परीक्षा, खेल आदिको सुरु हुने र सकिने, कुनै समारोह, कार्यक्रम वा विषयको सञ्चालन हुने आदि समयको निर्धारित सूची; समयसूची । २. खास योजना वा कार्यक्रम सञ्चालन गर्न व्यवस्थित रूपमा बाँडफाँड गरिएको समयविवरण; समयसारिणी । ~ **निष्ठ**– वि० समयको सदुपयोग गर्ने वा समय सित्तैं खेर नफाली नियमानुकूल प्रत्येक काम गर्ने; तोकिएको समय, स्थान र काममा संलग्न हुन विलम्ब नगर्ने बानी भएको । – **बजी**– ना० विशेषतः नेवारजातिमा प्रचलित कुनै कार्य वा भोजभतेरभन्दा पहिले गरिने हलुका चमेना । ~ **बिन्दु**– ना० समयको मध्य भाग वा टुङ्गो लाग्ने ठाउँ । ~ **सारिणी**– ना० निर्धारित समयको सूची; समयतालिका । ~ **सूची**– ना० समयको निर्धारित विवरण; समयतालिका । > **समयानुकूल**– वि० समयअनुसारको; बखतसुहाउँदो । **समयालेख**– ना० समय जनाउने अभिलेख; टाइम; रिकर्ड । **समयावधि**– ना० कुनै निर्दिष्ट कामकुराको निम्ति लाग्ने वा तोकिने खास समय; समयको अवधि वा सीमा । **समयावसान**– ना० १. कुनै समयको आखिरी वा समाप्तिको बेला । २. सत्रावसान ।

**समर**– ना० [सं०] सङ्ग्राम; युद्ध; लडाइँ ।

**समरजङ्ग**– ना० [अ० सैफर-जङ्ग] बाटोघाटो आदि बनाउने, सुधार्ने काम गर्ने, नेपालको चपरासी पल्टन ।

**समरस**– वि० [सं०] कला वा काव्यमा भेदाभेदसंवेद्य दुवैबाट समान रूपले आनन्दबोध हुने; समान आस्वादन वा रस दिने । – **ता**– ना० समरस हुनाको भाव, गुण वा अवस्था ।

**समराङ्गण**– ना० [सं०] लडाइँको मैदान; युद्धभूमि ।

**समरूप**– ना० [सं०] उस्तैउस्तै आकार भएका दुई वा दुईभन्दा बढी चित्र र वृत्ति । – **ता**– ना० समान रूप भएका वस्तुहरूको अवस्था; खास कुरा वा समूहमा हुने समान गुण वा विशेषता ।

**समरो**– वि० [सं० सम+रो] १. खाएर, धेरै मोटाएर वा सुन्निएर टुन्न परेको । २. बराबरको; डोलो; सुडौल ।

**समर्चन/समर्चना**– ना० [सं०] १. राम्ररी गरिएको पूजाआजा । २. आदरसत्कार; मानमर्यादा ।

**समर्थ**– वि० [सं०] १. शक्ति वा क्षमता भएको; तागतदार; बलवान् । २. कुनै काम पार लाउन सक्ने; लायक; योग्य ।

**समर्थक**– वि० [सं०] १. कुनै कामकुरा, प्रस्ताव, राय आदिको समर्थन, पुष्टि वा अनुमोदन गर्ने । २. अरू कसैले भनेका कुरामा सही थाप्ने । ना० ३. उमेदवार हुँदा, कुनै नियम प्रस्तुत गर्दा आदि कार्यमा प्रस्तावकका कुरामा विधिवत् समर्थन जनाउने व्यक्ति ।

**समर्थता**– ना० [सं०] समर्थ हुने चाल वा स्थिति; सशक्तता ।

**समर्थन**– ना० [सं०] १. कुनै प्रस्ताव तथा राय, विचार र कसैले भनेका कामकुरालाई अनुमोदन वा पुष्टि गर्ने काम । २. प्रस्तावकका कुरालाई सकार्ने वा सिद्ध गर्ने काम । – **कर्ता**– वि० समर्थन गर्ने; अनुमोदन जनाउने; समर्थक । ~ **पुस्तिका**– ना० पासबुक । > **समर्थनीय**– वि० समर्थन गर्न योग्य; अनुमोदन गर्न उचित ।

**समर्थ मानव**– ना० [सं०] नृतत्त्वका दक्षिणी नरवानर र लुप्तशृङ्खला ।

**समर्थित**– वि० [सं०] समर्थन वा पुष्टि गरिएको; ठीक छ वा गर्नुपर्छ भनी सिद्ध गरिएको; अनुमोदित ।

**समर्पक**– वि० [सं०] श्रद्धापूर्वक दिने वा चढाउने; समर्पण गर्ने ।

**समर्पण**– ना० [सं०] १. श्रद्धासाथ कसैलाई कुनै चीज दिने वा चढाउने काम; आदरपूर्वकको अर्पण । २. आफ्नो अधिकार, स्वामित्व आदि अरू कसैलाई दिने वा सुम्पने काम ।

**समर्पित**– वि० [सं०] १. समर्पण गरिएको; चढाइएको । २. सुम्पिएको ।

**समवकार**– ना० [सं०] पुराणइतिहास आदिसित सम्बन्धित कुनै देवता वा असुरको कथा भएको, विमर्श सन्धिबाहेक अन्य चारैवटा सन्धि हुने र वीररसप्रधान, तीनअङ्के रूपक; एक प्रकारको पूर्णाङ्की रूपक; एक प्रकारको पूर्णाङ्की नाटक ।

**समवयस्क**– वि० [सं०] समान वा एउटै उमेरको; उमेरमिल्दो; दौँतरी ।

**समवर्ती**– वि० [सं०] सँगसँगै हुने, रहने वा चल्ने; बराबरीको दाँजोमा रहेको ।

**समवाय**– ना० [सं०] १. समुदाय; समूह; जमात; समष्टि । २. घनिष्ठ सम्बन्ध; अटुट साइनो । ३. गहिरो मेल वा मिलाप; अविच्छिन्न संयोग ।

**समवितरण**– ना० [सं०] खाद्यान्न वा वस्त्रादिको कमी भएका नागरिकहरूलाई प्रतिदिन, प्रतिसप्ताह वा प्रतिमासका लागि निर्धारित वस्तुहरू समान मात्रामा वितरण गर्ने कार्य वा व्यवस्था ।

**समवेत**– वि० [सं०] १. एकत्र भएको; जोरिएको; सम्मिलित । २. घनिष्ठता वा अभेद्य रूपले सम्बन्धित; अन्तर्भूत ।

**समवेदना**– ना० [सं०] १. आफन्तहरू मित्रवर्ग वा परिचित कसैलाई स्वजनको मृत्युवियोग, दुःखविपद् आदि पर्दा आफूलाई पनि हुने त्यस्तै वेदना वा दुःखको अनुभव । २. त्यस्तो वेदना वा दुःखको अनुभव हुँदा प्रकट गरिने भाव; सहानुभूति । ~ **सन्देश**– ना० शोकाकुल व्यक्ति वा परिवारलाई पठाइने समवेदना वा दुःखयुक्त सन्देश ।

**समशीतोष्ण**– वि० [सं०] शीत र उष्म सम भएको; ज्यादा गर्मी पनि नहुने र ज्यादा ठन्डा पनि नहुने । ~ **कटिबन्ध**– ना० भूमध्यरेखादेखि साढे तेइस र साढे छयसट्ठी अंशका बीचमा पर्ने, शीत र उष्म समान भएको, उत्तर र दक्षिणका दुई भाग ।

**समष्टि**– ना० [सं०] उस्तै खालका वा भएभरका वस्तुहरूको मेल; व्यक्तिको समूह वा जमात । ~ **मूलक**– वि० मूल रूपमा समष्टि भएको; समष्टिको प्रमुखता हुने । – **वाद**– ना० व्यक्तिलाई प्रधानता नदिई सामाजिक र सामूहिक नियन्त्रण नै मानवीय विकासका निम्ति अनिवार्य मानिने तथा देशको शासनव्यवस्था वा सम्पूर्ण उत्पादन र उत्पादित वस्तुहरूको अधिकार समष्टि रूपमा जनताको हातमा हुनुपर्छ भन्ने राजनीतिक सिद्धान्त वा विचारधारा । –**वादी**– वि० समष्टिवादसम्बन्धी; समष्टिवादलाई मान्ने ।

**समसमागमी**– ना० [सं०] समलिङ्गीहरूका बीच यौनक्रीडा गर्नेहरूको वर्ग ।

**समसाँझै**– क्रि० वि० [सम+साँझ+ऐ] साँझ पर्न लाग्दा; मध्य साँझमा

**समसामयिक**– वि० [सं०] एकै समयको वा एकै समयसित सम्बन्धित; उही वेलाको (जस्तो– समसामयिक परिस्थिति, समसामयिक पत्रिका, समसामयिक लेखक इ०) ।

**समसेर**– ना० [फा० शम्शीर] १. तरबार । २. राणापरिवारका पुरुष व्यक्तिहरूले नामको पछाडि जोर्ने शब्द (जस्तो– देवशमशेर, चन्द्रशमशेर, जुद्धशमशेर इ०) ।

**समस्त**– वि० [सं०] १. जे-जति छ सबै; सम्पूर्ण; तमाम; सारा । २. पूर्णतः गाँसिएको वा मिसिएको; संयुक्त ।

**समस्तर**– ना० [सं०] वर्ग, स्थिति, गुण, आवश्यकता आदि दृष्टिले समान स्तर; बराबरी वा एकनासको तह । (उदा०– बजारभाउ नियन्त्रण गर्न मालको मूल्यमा समस्तर-निर्धारणको आवश्यकता छ) । ~ **निर्धारण**– ना० भिन्नभिन्न शिक्षणसंस्थाबाट पढेर आएका शिक्षार्थीहरूको डिग्रीलाई तत्सम्बन्धी पाठ्यक्रम अध्ययन गरी खास तहअनुरूपको हो भनी तोकिदिने प्रक्रिया ।

**समस्थल**– वि० [सं०] होचो अग्लो नभएको; सम्म परेको; समथर ।

**समस्या**– ना० [सं०] १. समाधान गर्न गाह्रो पर्ने वा कुनै रूपबाट पनि समाधान निकाली तामिल गर्नुपर्ने कुरो; जटिल अवस्था । २. गाँठो फुकाउनुपर्ने कुनै विषय वा कुरो; अड्को । ३. कल्पना तथा भाव भरी छन्द पूरा गर्नका लागि कविहरूलाई दिइने कविताको एक अंश वा विषय । ~ **पूर्ति**– ना० समस्या दिइएको कुनै विषय वा अंशलाई आफ्ना शब्द तथा वाक्यद्वारा स्पष्ट पारी विभिन्न पाद बनाएर पूरा गर्ने काम ।

**समाइ**– ना० [√ **समाउ** (+आइ)] समाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **समाइनु**– क० क्रि० समाउने काम गरिनु; समातिनु ।

**समाउ-नु**– स० क्रि० [सं० समानयन] १. कसैले दिएको कुरा लिनु; ग्रहण गर्नु; समात्नु । २. कुनै वस्तु वा व्यक्तिलाई हातले वा अन्य साधनले नफुस्कने पार्नु; पक्रनु । ३. प्रहरीले कुनै अभियोगमा कसैलाई पक्रनु । ४. स्वीकार गर्नु; अँगाल्नु ।

**समाकलन**– ना० [सं०] राम्रोसँग गणना गर्ने वा तथ्याङ्क मिलाउने काम ।

**समाकुल**– वि० [सं०] १. साह्रै घबडाएको; ज्यादै आकुल । २. घुइँचो भएको; भरिभराउ ।

**समाक्षर लोप**– ना० [सं०] नजिकै रहेका दुइटा समान ध्वनिहरूमध्ये उच्चारणसुविधाका लागि कुनै एक ध्वनि हराउने प्रक्रिया (जस्तै– खरिददार > खरिदार) ।

**समाख्याता**– वि० [सं०] कुनै कुराको राम्ररी व्याख्या वा वर्णन गर्ने ।

**समाख्यान**– ना० [सं०] राम्ररी गरिएको व्याख्या वा वर्णन; विवरण; बयान ।

**समागत**– वि० [सं०] सुबिस्तासाथ आइपुगेको; फिर्किएको; आएको ।

**समागम**– ना० [सं०] १. नजिक वा अगाडि आउने वा पर्ने काम; भेट; मुलाकात । २. एकै ठाउँमा धेरै मानिसको भेला; जमघट; सङ्गम । ३. स्त्रीप्रसङ्ग; सम्भोग ।

**समाचार**– ना० [सं०] १. भर्खरैको सूचना वा अखबारमा छापिएका

हालखबर तथा नयाँ घटनाको विवरण; सन्चार; सन्देश । २. असल आचरण; राम्रो चालचलन । ~ **चित्र–** ना० दृश्यसाधनका रूपमा कुनै घटनाविशेषको वर्णन गर्ने चलचित्र । – **दाता–** ना० समाचार दिने व्यक्ति; संवाददाता । ~ **पत्र–** ना० विभिन्न किसिमका समाचारहरू छापिएको नियमित समयमा प्रकाशित हुने पत्र (दैनिक, साप्ताहिक आदि); अखबार । ~ **पत्रिका–** ना० समाचारपत्र । ~ **समिति–** ना० समाचारको सङ्कलन, वितरण आदि गर्ने अधिकृत संस्था वा निकाय (जस्तै– नेपालको रा० स० स०, भारतको पी० टी० आई०, चीनको सिन्ह्वा, जापानको क्योडो, फ्रान्सको ए० एफ० पी० इ०) । ~ **सूचना–** ना० समाचारपत्रका निम्ति आवश्यक वा समाचारका रूपमा प्रकाशित सूचना । ~ **स्रोत–** ना० समाचार प्राप्त गराउने कुनै पनि साधन, सम्बन्धित व्यक्ति, प्रतिनिधि वा समिति ।

**समाज–** ना० [सं०] १. एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह । २. सज्जनहरू भेला भई बस्ने ठाउँ । ३. कुनै विशेष उद्देश्य लिएर सङ्गठन गरिएको संस्था वा सङ्घ (जस्तो– आर्यसमाज, ब्रह्मसमाज, थारूसमाज आदि) । – **परक समालोचना–** ना० साहित्यलाई समाजसापेक्ष सम्झने र उयोगितावादी दृष्टिले साहित्यको मूल्याङ्कन गर्ने सिद्धान्त ।

**समाजवाद–** ना० [सं०] समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण सम्पत्तिमा कसैको एकलौटी अधिकार हुन नदिई सबैले मिलेर परिश्रम गर्दै उत्पादन र उपभोक्ताका साधनमा समाजको साझा अधिकार रहनुपर्छ भन्ने राजनीतिक सिद्धान्त ।

**समाजवादी–** वि० [सं०] १. समाजवादलाई रुचाउने; समाजवादको अनुयायी । २. समाजवादसम्बन्धी; समाजवादको । ~ **जनवाद–** ना० समाजवादी प्रजातन्त्र । ~ **प्रजातन्त्र–** ना० समाजवादी व्यवस्थाअन्तर्गत देशका बहुसङ्ख्यक श्रमिकवर्गका लागि जनवादी अधिकारहरूको व्यवस्था गरिने शासनपद्धति; समाजवादी जनवाद (चीन, उत्तर कोरिया आदि देशमा प्रचलित शासनव्यवस्था) । ~ **व्यवस्था–** ना० श्रमिक वा मजदुरवर्गको नेतृत्व र अधिनायकत्वमा समाजवाद क्रियान्वित भएको शासनव्यवस्था ।

**समाजशास्त्र–** ना० [सं०] समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विद्या; मानवसमाज तथा संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र । > **समाजशास्त्री–** वि० समाजशास्त्रको ज्ञाता वा विद्वान् ।

**समाजी–** वि० [सं०] १. समाजको; समाजसम्बन्धी । २. कुनै समाजमा सदस्यका रूपमा रहेको (जस्तो– आर्यसमाजी, ब्रह्मसमाजी आदि) ।

**समात्-नु–** स० क्रि० [सं० सम+आत्त] १. अरूले दिएको कुनै वस्तु लिनु; ग्रहण गर्नु; अँगाल्नु । २. कुनै वस्तुलाई फुत्किन नसक्ने गरी अँठ्याउनु; पक्रनु । ३. प्रहरी वा सरकारी कर्मचारीले भाग्न नसक्ने गरी कसैलाई समाउनु; गिरफ्तार गर्नु । ४. कुनै वस्तुका निम्ति कसैलाई धरपकड गर्नु; करेप्नु । > **समाताइ–** ना० समात्ने काम वा किसिम । **समातासमात–** ना० परस्परमा एकले अर्कालाई समात्ने काम । **समातिनु–** क० क्रि० समाइनु; पक्रिनु ।

**समादर–** ना० [सं०] विशेष आदर वा सम्मान; प्रतिष्ठा । > **समादरणीय–** वि० समादर गर्नुपर्ने; समादर गर्न योग्य ।

**समादान–** ना० [फा० समायन] मैनबत्ती राखेर बालिने भाँडोविशेष ।

**समादृत–** वि० [सं०] राम्रो किसिमले आदरसत्कार गरिएको; सम्मानित ।

**समादेश–** ना० [सं०] सरकारको विशेष आदेश; राजाज्ञा; हुकुम । > **समादेशक–** वि० समादेश वा हुकुम दिने; उर्दी गर्ने; कमान चलाउने ।

**समाधान–** ना० [सं०] १. सन्देह, शङ्का, मतभेद आदि हटाउने वा मेट्ने काम; निवारण; निराकरण । २. कुनै कठिन प्रश्न वा समस्याको टुङ्ग्याउनी । ३. राम्ररी मिलाउने वा स्थापना गर्ने काम । ४. मनको एकाग्र चिन्तन; समाधि ।

**समाधि–** ना० [सं०] १. ब्रह्मचिन्तनमा केन्द्रित हुने योगसाधनाको आठौँ तथा अन्तिम अवस्था । २. सम्पूर्ण क्लेशबाट मुक्त भई अनेक अलौकिक शक्तिसञ्चय गरिने योगसाधनाको फल । ३. ईश्वर वा ध्येयको ध्यानमा मग्न हुने काम; मानसिक एकाग्रता; ध्यान; तप; साधना । ४. योगी वा महात्माहरूको देहत्याग । ५. कसैको मृत शरीर गाडिएको ठाउँ; चिहान । ६.साहित्यमा अन्य कारणद्वारा कार्यसिद्धिको वर्णन हुने एक अर्थालङ्कार । ~ **क्षेत्र–** ना० योगीको लास गाडिने ठाउँ; मरणघाट; चिहानडाँडो । > **समाधिस्थ–** वि० १. समाधि लिएर बसेको; समाधि लगाएको । २. ध्यानस्थ । ~ **स्थल–** ना० समाधिक्षेत्र ।

**समाधेय–** वि० [सं०] १. परस्परमा सम्झाई-बुझाई मेलमिलाप गरिने (विवाद, झगडा आदि) । २. समाधान गर्न सकिने ।

**समान–** वि० [सं०] १. तुलनात्मक तथा गुणात्मक दृष्टि र मूल्यगत महत्त्वले समेत बराबर भएको; उस्तै; सदृश; तुल्य । ना० २. शरीरमा रहने पाँच प्रकारका वायुमध्ये एक । – **ता–** ना० समान हुने चाल वा स्थिति; तुल्यता; सादृश्य; साम्य । ~ **हक–** ना० जाति, वर्ग, लिङ्ग, तथा धनीगरिब आदिको भेदभाव नरही नागरिकले मौलिक रूपमा पाउने बराबरीको अधिकार ।

**समानाधिकरण–** वि० [सं०] १. उही स्थान, वर्ग वा पदार्थमा विद्यमान; समान आधार भएको । २. व्याकरणमा एकै कारकको विभक्तिले युक्त । ना० ३. उही अर्थलाई स्पष्ट र राम्रो पार्न आउने एकै जातको वा समानार्थक अर्को शब्द । ४. कारकको समान सम्बन्ध ।

**समानान्तर–** वि० [सं०] १. दुवै कोण वा छेउ बराबरीको फरकमा रहेको; समान्तर । २. रूप, स्थिति, गुण आदिका दृष्टिले समान

भएको; बराबरीको; समस्तरीय । ३. केही कुरामा समान भए पनि केही कुरामा भिन्न पनि रहेको; प्रतियोगी । ४. पहिले समान स्रोत, इतिहास, ध्येय आदि भए पनि पछि टुक्रिई वा फाटी मूल संस्था, धारा आदिको प्रतिरूपमा आएको (संस्था) । ५. कुनै व्यक्ति वा कुराको विकल्पका रूपमा पेस भएको वा उभिएको । ~ **मतदान–** ना० पक्षविपक्ष दुवैतिर वा दुई समूहमा समान अन्तर भएको मतदान । ~ **रेखा–** ना० १. बराबरको दूरीमा रहेका वा खिचिएको रेखा । २. एक अक्षांशका स्थानबाट खिचिएका रेखा । ~ **सरकार–** ना० कुनै देशको विद्यमान सरकारको प्रतिस्पर्धा वा विरोधमा स्थापित तथा केही भागमा शासन गर्ने अर्को सरकार; प्रतिसरकार ।

**समानार्थक–** वि० [सं०] समान वा उस्तै अर्थ भएको; उही अर्थ बुझाउने; पर्याय । (जस्तै– आकाशका समानार्थक शब्द– नभ, व्योम, गगन, सगर, अकास आदि) ।

**समानार्थी–** वि० [सं०] समान अर्थ दिने; समानार्थक ।

**समानुपात–** ना० [सं०] कुनै वस्तुको बराबरीको परिमाण वा मात्रा; एकनासको अनुपात ।

**समानुपातिक–** वि० [सं०] समानुपातको विचार वा आधारले हुने; बराबरीको परिमाण वा मात्रामा आउने । ~ **प्रतिनिधित्व–** ना० क्षेत्र, जनसङ्ख्या, वर्ग आदिका आधार वा अनुपातले हुने तथा गरिने प्रतिनिधित्व ।

**समान्तर–** वि० [सं०] हे० समानान्तर ।

**समानुपाती–** वि० [सं०] समानुपातमा रहेको; समानुपात हुने; समानुपातसम्बन्धी ।

**समापक–** वि० [सं०] थालेको काम पूरा गर्ने वा टुङ्ग्याउने; कार्य समाप्त गर्ने (उदा०– यस अनुष्ठानको समापक तपाईं नै हुनुहुन्छ) ।

**समापन–** ना० [सं०] १. कुनै कार्य पूर्ण गर्ने काम; कार्यको सम्पन्नता; समाप्ति; टुङ्ग्याइ । २. उपलब्धि; प्राप्ति । ३. मार्ने काम; हिंसा; नाश । ~ **प्रस्ताव–** ना० पहिलेदेखि चलेको कुनै वादविवाद, छलफल आदिलाई टुङ्ग्याउन ल्याइएको प्रस्ताव; विवादान्त प्रस्ताव । ~ **समारोह–** ना० विभिन्न काम वा चरणमा विभाजित गरी पूर्ण भएको कुनै कार्यक्रम वा आयोजनालाई विसर्जन गरिने समारोह । > **समापनीय–** वि० समापन गर्न वा हुन योग्य; समाप्त हुन उचित; समाप्य ।

**समापन्न–** ना० [सं०] १. संयोगले एकसाथ आइपर्ने कुनै दुई कार्य वा घटना । वि० २. त्यस्तो घटना वा कार्यका रूपमा आएको; घटित । ३. पूरा भएको; समाप्त । ४. दुःखी; पीडित । ५. मारिएको ।

**समापवर्तक–** वि० [सं०] १. समापवर्तन गर्ने । ना० २. गणितमा दुई वा धेरै राशिलाई अलगअलग भाग गर्दा शेष नरहने गरी भाग गर्न सकिने सङ्ख्या (जस्तो– २७, ३६, ४५ अङ्कलाई ९ ले भाग दिँदा केही शेष रहँदैन । यसैले ९ उक्त तीनवटै राशिको समापवर्तक हो) ।

**समापवर्तन–** ना० [सं०] गणितमा समापवर्तक निकाल्ने क्रिया-प्रक्रिया ।

**समापिका–** वि० [सं०] सम्पन्न गर्ने; समाप्त गर्ने; पूरा गर्ने; (स्त्री) । ~ **क्रिया–** ना० व्याकरणका दृष्टिले वाक्य पूरा गर्न आउने र पूर्ण अर्थ दिने क्रियापद (जस्तो– जान्छ, जान्छु आदि) ।

**समापित–** वि० [सं०] समापन गरिएको; पूर्ण गरिएको; समाप्त ।

**समाप्त–** वि० [सं०] सिद्धिएको; पूरा भएको; टुङ्गिएको; बाँकी नरहेको । ~ **पुनरादान–** ना० वाक्य पूरा भइसकेपछि त्यसभित्र पद जोड्दा हुने वाक्यदोष । > **समाप्तम्–** ना० १. तमसुक वा पुराना चिट्ठीपत्र आदिका पुछारमा लेखिने शब्द । २. समाप्ति ।

**समाप्ति–** ना० [सं०] भइरहेको वा चलिरहेको कामकुराको अन्त वा टुङ्ग्याइ; टुङ्ग्याउनी । > **समाप्तिक–** ना० १. वेदको अध्ययन समाप्त गर्ने व्यक्ति । वि० २. समाप्त वा पूरा गर्ने; समापक ।

**समाप्य–** वि० [सं०] समाप्त गर्न योग्य; पूरा गर्न लायक ।

**समायोग–** ना० [सं०] १. सम्बन्ध; संयोग; भेट । २. तयारी । ३. राशि; सङ्ग्रह ।

**समायोजक–** ना० [सं०] समायोजन गर्ने व्यक्ति ।

**समायोजन–** ना० [सं०] १. कसैलाई वा कुनै कुरालाई वातावरण, परिस्थिति आदिको अनुकूल बनाउने काम; वातावरण, परिस्थिति आदिसँग मिल्दोपन । २. आवश्यक परेका वा खोजेका बेला पाइने गरी मालसामान जोरजाम गर्ने वा जगेडा राख्ने काम । ३. संयोजन; सन्तुलन ।

**समारम्भ–** ना० [सं०] १. विशेष किसिमले वा राम्ररी गरिएको आरम्भ; कुनै शुभ कामको आरम्भ; शुभारम्भ । २. उद्यम । ३. अङ्गराग ।

**समारोह–** ना० [सं०] १. कुनै चाडपर्व वा विशेष अवसरमा राम्रो तयारीका साथ गरिने आयोजना; सजधजका साथ मनाइने उत्सव । २. राम्ररी मास्तिर चढ्ने काम; उक्लने काम ।

**समार्थक–** वि० [सं०] हे० समानार्थक ।

**समार्थी–** वि० [सं०] हे० समानार्थी ।

**समाल्-नु–** स० क्रि० सँभाल्नु । > **समालाइ–** ना० समाल्ने भाव, क्रिया वा प्रक्रिया । **समालिनु–** अ० क्रि० धैर्य लिएर बस्नु; सँभालिनु ।

**समालोचक–** ना० [सं०] १. कुनै साहित्यिक कृति, रचना वा अन्य प्रकारका विषयवस्तुको समालोचना गर्ने व्यक्ति; आलोचक; समीक्षक । वि० २. टीकाटिप्पणी गर्ने; गुणदोष देखाउने ।

**समालोचन/समालोचना–** ना० १. कुनै विषयवस्तु वा कुराका राम्रानराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम । २. कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना । ३. कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुणदोषको सम्यक् विवेचना गरिएको लेख वा प्रबन्ध; आलोचना; समीक्षा ।

**समालोचित–** वि० [सं०] समालोचना गरिएको; आलोचित ।

**समालोच्य–** वि० [सं०] समालोचना गर्नुपर्ने; समालोचना गर्न योग्य ।

**समापवर्तन**– ना० [सं०] १. प्राचीन हिन्दूपरम्पराअनुसार ब्रह्मचर्याश्रममा रही वेदवेदाङ्गको अध्ययन पूरा गरी गुरुकुलको ब्रह्मचर्याश्रमबाट गृहस्थाश्रममा फर्कने क्रिया; द्विजातिका षोडश संस्कारमध्ये एक । २. गएको ठाउँबाट फर्केर आउने क्रिया; पुनरागमन; प्रत्यागमन । ३. विश्वविद्यालयका स्नातक वा सोभन्दा माथिका परीक्षामा समुत्तीर्ण भएका स्नातकहरूलाई उपाधि वितरण गर्ने कार्य; उपाधिवितरणोत्सव; दीक्षान्त समारोह ।

**समाविष्ट**– वि० [सं०] १. समावेश वा सामेल गरिएको; सम्यक् प्रविष्ट । २. अर्कोभित्र समावेश भएको; अन्तर्भाव भएको; राम्ररी अटाएको ।

**समावृत्त**– वि० [सं०] १. राम्ररी घेरा हालिएको; घेरिएको । २. छोपिएको; ढाकिएको ।

**समावेदन**– ना० [सं०] राम्ररी तयार गरिएको आवेदन; विशेष रूपको निवेदन; बिन्तीपत्र ।

**समावेश**– ना० [सं०] १. सामेल गर्ने वा गराउने काम; सम्यक् प्रवेश । २. कुनै विषय वा वस्तु अर्को विषय वा वस्तुभित्र मिल्ने काम; अन्तर्भूत हुने क्रिया; अन्तर्भाव ।

**समाश्रय**– ना० [सं०] १. राम्रो किसिमको आश्रय; सहारा । २. कसैको आडभरोसा लिने काम; कसैको आश्रयमा जाने स्थिति वा प्रक्रिया ।

**समाश्रित**– वि० [सं०] कसैको सहारा वा आडमा बसेको; सम्यक् आश्रित ।

**समास**– ना० [सं०] १. व्याकरणअनुसार शब्दरचनाका क्रममा दुई वा दुईभन्दा बढी शब्द नियमानुसार विभक्तिलोप, ध्वनिहरूको हेरफेर, संयोग आदि भई पूरै पदको एउटै अर्थ वा शब्दानुसारको अर्थ बुझाउने गरी मिल्ने, एउटै पद बन्ने वा समस्त हुने काम; परस्पर सम्बन्ध रहने मुक्त शब्दहरूको एकमेल हुने काम (जस्तै– घरको काज = घरकाज, सानी आमा = सानीमा, दुई बाटाको समूह = दोबाटो, घर र बारी = घरबारी इ०) । २. उपर्युक्त प्रकारले विभिन्न रूपबाट समास हुने तत्पुरुष, कर्मधारय, द्विगु, द्वन्द्व, बहुव्रीहि, अव्ययीभाव आदि भेद वा प्रकार । ३. सङ्क्षेप । ४. सानोमा धेरै अटाउने काम । > **समासित**– वि० समास भएको; मिलेको; समस्त । **समासीन**– वि० १. राम्ररी बसेको । २. उच्च आसनमा बसेको वा विराजमान भएको । **समासोक्ति**– ना० साहित्यमा प्रकृत कुरामा कार्य, स्त्री-पुलिङ्ग, विशेषण आदिको समानताबाट अप्रकृतको व्यवहारको आरोप गरी देखाएमा हुने एक अर्थालङ्कार; लिङ्ग, क्रिया र विशेषणको समानताले अर्को अर्थ पनि झल्किने भएमा हुने एक अर्थालङ्कार ।

**समाहरण**– ना० [सं०] १. एक स्थानमा एकत्रित गर्ने काम; जम्मा गर्ने काम; सङ्ग्रह; बटुलाइ । २. राशि; रास; थुप्रो ।

**समाहर्ता**– वि० [सं०] १. कुनै वस्तु आदिलाई एक ठाउँमा जम्मा गर्ने; सङ्ग्रह गर्ने । ना० २. राजकर वा तिरो उठाउने अधिकारी ।

**समाहा**– ना० [सं० सम+आहा] खेतमा बढ्ता भएको पानी निकाल्ने निकास ।

**समाहार**– ना० [सं०] १. धेरै वस्तुलाई एक ठाउँमा जम्मा गर्ने काम; एकत्रित पार्ने काम; समाहरण । २. समूह; राशि । ३. मिलाउने वा जोर्ने काम; मेल; मिलाप । ४. कर्मधारय समासको एक भेद ।

**समाहित**– वि० [सं०] १. एक ठाउँमा जम्मा गरिएको; एकत्रित । २. इन्द्रियहरूलाई वशमा राखेको; इन्द्रियका चाहनाहरूमाथि विजय पाएको; शान्त स्थितिमा भएको; शान्त । ३. समाधान गरिएको; टुङ्गो लगाइएको । ४. समाधिमा रहेको; समाधिस्थ ।

**समाह्वान**– ना० [सं०] फौजदारी मुद्दामा अदालतमा हाजिर हुनका लागि अभियुक्त वा साक्षीलाई अदालतबाट पठाइने पुर्जी; समन ।

**समिज**– ना० महिलाहरूले लगाउने गन्जीविशेष ।

**समिति**– ना० [सं०] १. कुनै विशेष कामकुराका निम्ति गठन गरिएको सानोतिनो मण्डल । २. परिषद्; सभा । ३. सभा; कचहरी ।

**समिधा**– ना० [सं० समिध्] विशेष गरी यज्ञकुण्डमा बालिने दाउरा; दाउरा; इन्धन ।

**समियाना**– ना० [फा० शामियाना] सामियाना ।

**समीकरण**– ना० [सं०] १. समान बनाउने वा बराबर पार्ने क्रिया; सम्म्याउने काम । २. गणितमा ज्ञात राशिका सहायताले अज्ञात राशि निकाल्ने प्रक्रिया ।

**समीक्षक**– वि० [सं०] समीक्षा गर्ने (व्यक्ति); समालोचक ।

**समीक्षा**– ना० [सं०] १. कुनै कृतिबारे गुणदोष छुट्टचाई निष्पक्षता र गम्भीरतापूर्वक गरिने विवेचना; समालोचना । २. कुनै विषयवस्तुबारे अनुसन्धान गर्ने काम; खोजी; गवेषण । ३. कुनै विषयवस्तुलाई राम्ररी वा नियालेर हेर्ने काम । ४. राम्रोसित गरिएको जाँच; नियालेर गरिएको जाँच; सम्यक् परीक्षा । > **समीक्षालय**– ना० अधिराज्यका विभिन्न गाउँ, नगर, जिल्ला, अञ्चल आदिमा भएका विभिन्न विषयको उन्नतिप्रगतिलाई तालिकाका रूपमा देखाइने घर वा कोठा; प्रगति वा मूल्याङ्कनको प्रदर्शनशाला । **समीक्षित**– वि० राम्ररी जाँचेर गुणदोषको विवेचना गरिएको; समीक्षा गरिएको । **समीक्ष्य**– वि० १. समीक्षा गर्न लायक; समीक्षा गर्न योग्य । ना० २. मीमांसाशास्त्र ।

**समीचीन**– वि० [सं०] १. हरेक दृष्टिले उचितः न्यायसङ्गत । २. उपयुक्त । ३. वास्तविक । **– ता**– ना० समीचीन हुनाको भाव वा अवस्था ।

**समीप**– ना० यो० [सं०] १. निकट; वर; नजिक । ना० २. निकटता; सामीप्य । **– ता**– ना० समीप हुनाको भाव वा अवस्था; सामीप्य; निकटता । **– वर्ती**– वि० समीप वा छेउमा रहेको ।

**समीभवन**– ना० [सं०] संयुक्त व्यञ्जनहरू एक अर्काको प्रभावमा आएर प्रभावित वा परिवर्तित हुने भाषावैज्ञानिक प्रक्रिया; व्यञ्जनसन्धि । (समीभवन प्रगत, परागत र पारस्परिक गरेर तीन प्रकारका छन्) ।

**समीर**– ना० [सं०] १. वायु; पवन; हावा । २. प्राणवायु । > **समीरण**– ना० १. समीर; हावा । २. यात्री; पथिक । वि० ३. चलिरहेको; चल्ने; गतिशील ।

**समुचित**– वि० [सं०] १. नियमकानुन वा व्यवहारका दृष्टिले ठीक; उचित; न्यायसङ्गत । २. सुहाउँदो; उपयुक्त । ३. यथेष्ट; पर्याप्त; पुग्दो ।

**समुच्चय**– ना० [सं०] १. जम्मा गर्ने काम; एकत्रित पार्ने काम; बटुलाइ । २. राशि; थुप्रो । ३. साहित्यमा कुनै एउटा कार्यसाधक हुँदाहुँदै अर्को पनि त्यसको साधक हुने वा भएको वर्णन गर्दा पर्ने अलङ्कार ।

**समुच्चा**– वि० [सं० समुच्चय] सम्पूर्ण; जम्मै ।

**समुज्ज्वल**– वि० [सं०] खूब उज्यालो वा चम्किलो; अत्यन्त उज्ज्वल; चहकिलो ।

**समुत्तीर्ण**– वि० [सं०] कुनै परीक्षा आदिमा राम्ररी उत्तीर्ण भएको; राम्रोसँग पास भएको; सम्यक् रूपमा उत्तीर्ण ।

**समुत्थान**– ना० [सं०] १. राम्रोसित उठ्ने काम; सम्यक् उत्थान । २. उभ्याउने वा खडा गर्ने क्रिया । ३. उठान; थालनी; आरम्भ । ४. अभ्युत्थान ।

**समुत्पत्ति**– ना० [सं०] १. राम्ररी उत्पन्न हुने काम; सम्यक् उत्पत्ति । २. जन्म ।

**समुत्पन्न**– वि० [सं०] १. राम्ररी उत्पन्न भएको; सम्यक् रूपमा उत्पन्न । २. जन्मेको; पैदा भएको ।

**समुत्सुक**– वि० [सं०] साह्रै उत्सुक; उत्कण्ठित । – **ता**– ना० समुत्सुक हुनाको भाव वा स्थिति; उत्कण्ठा ।

**समुदाय**– ना० [सं०] १. धेरै मानिस वा वस्तुको समूह । २. दल; जमात । ३. कुनै उद्देश्यविशेषले स्थापित वा सञ्चालित संस्था वा समिति ।

**समुद्यत**– वि० [सं०] १. राम्ररी तयार परेको वा पारिएको; उद्यत । २. कुनै कामकुरामा राम्ररी जुटेको; लागेको; तत्पर ।

**समुद्र**– ना० [सं०] १. पृथ्वीको स्थलभागलाई घेरेर रहेको नुनिलो पानीको अगाध राशि; सागर; उदधि; समुन्द्र । २. कुनै विषय, वस्तु वा गुणको ठूलो खानी । – **पार**– ना० समुद्रको पारिपट्टि भएका देश वा भूभाग (युरोप र अमेरिका) । ~ **फल**– ना० काउलाका जस्ता पात, राता फूल र टुप्पामा जुँगा हुने र प्याजी रङका फल हुने एक जातको वृक्ष; त्यसैको फल; तुवरक । – **फिँज/फेन**– ना० १. गाढा पहेँला रङका गेडा फल्ने एक जातको मसिनो धान वा त्यसैको चामल । २. कान आदि दुख्दा औषधीका रूपमा प्रयोग गरिने, समुद्रको फेनबाट बनेको पदार्थ; समुद्रको फीँज । ~ **मथन/मन्थन**– ना० १. देवता र दानव मिलेर एकसाथ समुद्रको मन्थन गरेको र त्यसबाट लक्ष्मी आदि चौध रत्न प्राप्त भएको एक पौराणिक प्रसङ्ग । २. समुद्रलाई मथन गर्ने काम ।

**समुद्री**– वि० [सं० समुद्रीय] समुद्रमा हुने; समुद्रको; समुद्रसम्बन्धी । ~ **उडान**– ना० समुद्रमाथि गरिने उडान । ~ **गाई**– ना० अफ्रिकाको तटदेखि बङ्गालको खाडीसम्म पाइने, शाकाहारी, साढे तीन मिटरजति लम्बाइ हुने, माछाको जस्तो पुछारमा पखेटा र बहनाजस्तो अवयव भएको, अन्दाजी एक सय पचास के०जी० वजन हुने स्तनधारी समूहको समुद्री जन्तु । ~ **गैँडा**– ना० छोटा, हात्तीका जस्ता खुट्टा हुने, गैँडाभन्दा अलि सानो तर जीउ उस्तै भद्दा र ठूलो टाउको भएको, पानी र जमिन दुवैमा बस्न सक्ने भए तापनि प्रायः पानीमै बसिरहने अफ्रिकी जन्तु । ~ **घोडा**– ना० पुच्छरले झारपात समात्न सक्ने, खबटे परेको शरीर, घोडाको जस्तो ठूलो टाउको तर लामो थुतुनो भएको, समुद्रमा पाइने एक प्रकारको माछा । (यो जातिको माछामा भाले माछाले नै ओथारा बस्ने काम गर्छ) । ~ **डाँकु**– ना० समुद्रमा हिँड्ने जहाज आदिमा डाँका गर्ने व्यक्ति; जलदस्यु । ~ **धरातल**– ना० समुद्रभित्रको जमिनको सतह । ~ **मार्ग**– ना० पानीजहाज आदिद्वारा आवागमन गरिने समुद्रको बाटो । ~ **मौसम आयोग**– ना० समुद्रको मौसमका बारेमा जानकारी हासिल गर्नका निम्ति बनेको आयोग । ~ **वायु**– ना० समुद्री सतहबाट बहने मन्द वायु । ~ **विज्ञान**– ना० समुद्रका बारेमा विस्तृत चर्चा भएको शास्त्र; समुद्रसम्बन्धी विज्ञान । ~ **विमान आयोग**– ना० सामुद्रिक विमानसम्बन्धी कुराको जानकारीका लागि गठित आयोग । ~ **सिंह**– ना० समुद्रमा पाइने, दस फिट लामो शरीर र दुई हजार पाउण्ड जति वजन भएको, पानीमा बस्दाबस्दा हातखुट्टा बहनाजस्तो भइसकेको, जुँगा भएको, जमिनमा पनि हिँड्न सक्ने, भालेको गर्धनमा अलिअलि जगर भएको जन्तु । ~ **सुरक्षा समिति**– ना० सामुद्रिक सुरक्षासम्बन्धी कुराका लागि गठन गरिएको समिति ।

**समुन्द्र**– ना० [सं० समुद्र] समुद्र; सागर । ~ **फल**– ना० लामो मुटुको आकारका, तीखो टुप्पा भएका हरिया पात हुने, गुलाफको जस्तो फूल फुल्ने, आयुर्वेदमा जरा शक्तिवर्द्धक, वातनाशक र स्नायुसम्बन्धी रोगमा तथा पात चर्मरोगमा हितकर मानिएको एक लहरे बोट ।

**समुन्नत**– वि० [सं०] १. बेसरी माथि उठेको वा ज्यादै उचाइमा पुगेको । २. खुबै अग्लो; निकै उचो । ३. प्रशस्त उन्नति गरेको; विद्याकौशल, धनधान्य आदिका दृष्टिले सम्पन्न । > **समुन्नति**– ना० १. समुन्नत हुने काम; उच्चता । २. विद्या, वैभव आदिका दृष्टिले हुने सम्पन्नता; ठूलो उन्नति; अभ्युदय; समृद्धि ।

**समुपस्थित**– वि० [सं०] राम्रो रूपमा उपस्थित भएको; सम्यक् उपस्थित । > **समुपस्थिति**– ना० त्यसरी उपस्थित हुने काम ।

**समुल्लास**– ना० [सं०] १. धेरै आनन्द; साह्रै खुसियाली; ठूलो हर्कबढाइँ । २. ग्रन्थको परिच्छेद ।

**समूल**– वि० [सं०] १. जरा भएको; मूलसहितको; मूलयुक्त । २. कारणसहितको; सकारण ।

**समूह**– ना० [सं०] १. एकै ठाउँमा धेरै वस्तुहरूको थुप्रो; धेरै वस्तुहरूको समुदाय; राशि । २. धेरै मानिसहरूको जमात; हूल । ~ **गान/गीत**– ना० धेरै जना मिलेर एकसाथ एकै स्वरमा गाइने गीत; सामूहिक रूपमा गाइने गान; समूहगीत; मागल । – **वाद**– ना० १. उद्योगव्यवसायमा सामूहिक पुँजीको प्रयोग गर्ने वा भूमि तथा उत्पादनका वस्तुमा सामूहिक प्रभुत्वको आवश्यकतामा जोड दिने सिद्धान्त । २. बेलायतका लास्कीद्वारा प्रतिपादित एक राजनीतिक सिद्धान्त । ~ **विभाजन**– ना० शिक्षार्थीहरूलाई खास पाठ्यवस्तुमा विस्तृत अभ्यास वा जानकारी दिन कक्षालाई ससाना समूहमा बाँड्ने क्रिया । – **शील**– वि० १. समूहमा रहने, मिल्ने वा पाइने । २. सामूहिक (गुण) । > **समूहीकरण**– ना० विभिन्न एकाइलाई समूहबद्ध गर्ने काम । **समूहीकृत**– वि० एकत्र पारिएको; थुप्र्याइएको; जम्मा गरिएको ।

**समृद्ध**– वि० [सं०] १. धनधान्य आदिले सम्पन्न; पुगीसरी आएको । २. उन्नतिशील; उन्नत । > **समृद्धि**– ना० १. समृद्ध हुनाको भाव वा अवस्था; सम्पन्नता । २. उन्नति; अभ्युदय; बढिबढाउ ।

**समेट्-नु**– स० क्रि० [सं० सीमित+नु] १. यताउति छरिएर रहेका व्यक्ति, वस्तु वा विचारलाई एकत्र पार्नु; सँगेट्नु । २. गुटमुट्याउनु । > **समेटसामेट**– ना० समेट्नेमिलाउने काम । **समेटाइ**– ना० समेट्ने भाव, क्रिया वा प्रक्रिया । **समेटाइनु**– क० क्रि० समेट्न लाइनु । **समेटाउनु**– प्रे० क्रि० समेट्न लाउनु । **समेटिनु**– क० क्रि० समेट्ने काम गरिनु; सँगेटिनु ।

**समेत**– ना० यो० [सं०] १. सहित; सुद्ध । वि० २. कसैका साथ लागेको वा मिलेको; युक्त ।

**समेना**– ना० [अ० शामियाना] ठूलो चारैतिर खुला हुने एक किसिमको पाल; सामियाना ।

**समेलो**– ना० [समाल्+एलो] १. कुनै काम गर्दाको छरितोपन । २. समेटसामेट ।

**समोच्च रेखा**– ना० [सं०] समान उचाइका स्थानहरूलाई जोड्ने रेखा ।

**समोसा**– ना० [हि०] भित्रपट्टि पकाएको आलु, नुन मसला आदि हाली, तीनचुच्चे पारी तेल वा घिउमा पकाइएको गहुँको पीठाको खाद्य वस्तु; सिँगाडा ।

**सम्चार**– ना० [सं० समाचार] समाचार; खबर ।

**सम्झ-नु**– स० क्रि० [प्रा० सम्बुज्झ+नु] १. पहिले बितेका वा घटेका घटना वा कुराको सम्झना गर्नु; स्मरण गर्नु; याद गर्नु । २. कुनै विषयवस्तु वा कुरो बुझ्नु । ३. ठान्नु ।

**सम्झना**– ना० [सम्झ+ना] कुनै व्यक्ति, वस्तु, घटना, कुरा आदिलाई सम्झने काम; स्मृति; याद; स्मरण । ~ **राख्नु**– टु० १. नबिर्सनु । २. चिनु राख्नु ।

**सम्झाइ**– ना० [√ **सम्झ** (+आइ)] सम्झने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सम्झाइनु**– क० क्रि० सम्झन लाइनु ।

**सम्झाउनी**– ना० [सम्झ+आउ+नी] १. सम्झनाका निम्ति दिइने कुनै चीज । २. सम्झनामा रहने गरी गरिएको कामकुरो । – **बिर्साउनी**– ना० सम्झनामा रहने र बिर्सन सकिने दुवै हुने कुनै चीज वा कामकुरो ।

**सम्झाउनु**– स० क्रि० [सम्झ+आउ+नु] झल्को दिलाउनु; सम्झना गराउनु; स्मरण दिलाउनु ।

**सम्झिनु**– क० क्रि० [सम्झ+इ+नु] सम्झना गरिनु ।

**सम्झौटो**– ना० [सम्झ+औटो] १. बिर्सिएको कुनै वस्तुलाई सम्झना गराउने वस्तु वा चिठीपत्र । २. कुनै कामकुरा भएको वा गरेको विषय सम्झनका निम्ति लेखिएको टिपोट वा लेखोट; स्मृतिपत्र ।

**सम्झौता**– ना० [सम्झ+औता] १. विभिन्न व्यक्ति, समूह वा देशका बीचमा कुनै कुराको सम्बन्धमा हुने सन्धि । २. विरोधी विचारधारा भएका व्यक्ति, समूह, देश आदिका बीचमा हुने मेलमिलाप; सन्धि; सुलह ।

**सम्ठ-नु**– अ० क्रि० [सं० समष्टि+नु] १. सित्तैँमा अर्काको वस्तु जति सक्यो उति जम्मा हुनु । स० क्रि० २. परस्त्रीसँग व्यभिचार गर्नु । > **सम्ठाइ**– ना० १. सम्ठाउने भाव, क्रिया वा प्रक्रिया; गुटमुटयाइ । २. पिटाइ । **सम्ठ्याइनु**– क० क्रि० सम्ठ्याउने काम गरिनु । **सम्ठ्याउनु**– स० क्रि० १. सोठ्याउनु । २. गुटमुट्याउनु ।

**सम्धिनी**– ना० [सम्धी+इनी] १. सम्धीको स्त्रीरूप; सम्धीकी स्त्री । २. छोरा वा छोरीकी सासू । ~ **टपरो**– ना० छोरीलाई घर पठाउँदा माइतीका तर्फबाट छोरीकी सासूका निम्ति सेलरोटी हाली पठाइने टपरो । ~ **बाबर**– ना० सेल पकाउँदा हालिने ताईभरिको बाबर । (यो बाबर पहाडतिर खास गरी तामाङ जातिमा छोरी घर पठाउँदा सासूलाई सेलसँगै कोसेलीका रूपमा पठाइन्छ) । ~ **रोटी**– ना० छोरी घर पठाउँदा सम्धिनीका निम्ति पठाइने सेलरोटी आदिको भाग ।

**सम्धी**– ना० [सं० सम्बन्धी] छोरी वा छोराको ससुरो । ~ **गाँठो**– ना० केटाकेटीको विवाहपछि सम्धीढोग फुकाउँदा पारिने गाँठो । ~ **टीका**– ना० दुलहीका बाबुले दुलाहाका बाबुलाई लगाइदिने टीका । ~ **पाती**– ना० विवाहका अवसरमा सम्धीसम्धी भेट गर्ने विधि । ~ **फेटा**– ना० दुलहीका माइतीका तर्फबाट सम्धीलाई लगाइदिने फेटा । ~ **भेटी**– ना० विवाहका अवसरमा दुलहीका बाबुआमाका तर्फबाट सम्धीलाई दिइने भेटी । > **सम्ध्याइलो**– ना० सम्धी र सम्धीका नाता पर्ने इष्टमित्र; सम्धी र सम्धीका नातेदार । **सम्ध्यौल**– ना० सम्धीको घर ।

**सम्पत्/सम्पत्ति**– ना० [सं०] १. कसैको निजी अधिकारमा रहेको चल वा अचल धन; धनदौलत । २. ऐश्वर्य; वैभव । ~ **कर**– ना० कुनै व्यवसायमा संलग्न व्यक्तिको सम्पत्ति निश्चित परिमाणभन्दा बढी भएमा ऐनअनुसार लाग्ने कर । ~ **मूल्याङ्कन**– ना० अचल सम्पत्तिको समयअनुसारको मूल्य तोक्ने काम; सम्पत्तिको मूल्यनिर्धारण ।

**सम्पदा**– ना० [सं०] १. प्राकृतिक सम्पत्ति वा साधन; प्राकृतिक देन । २. सम्पत्ति; वैभव; धन ।

**सम्पन्न**– वि० [सं०] १. चाहिँदो मात्रामा धनधान्यादि भएको; समृद्ध । २. सहित; युक्त (जस्तो– धनसम्पन्न, विद्यासम्पन्न इ०)।

**सम्परीक्षक**– ना० [सं०] सम्परीक्षण गर्ने व्यक्ति ।

**सम्परीक्षण**– ना० [सं०] एकपल्ट परीक्षण भइसकेका परीक्षाका उत्तरपुस्तिका वा अन्य लेख आदिको कुनै त्रुटि रहन गएको छ कि भनी पुन: परीक्षण गर्ने काम ।

**सम्पर्क**– ना० [सं०] १. भेटघाट, बसउठ, चिठीपत्र आदिका माध्यमबाट कसैसँग सम्बन्ध राख्ने काम । २. मिलावट; मिश्रण । ३. संयोग । ४. स्पर्श । ~ **अधिकारी**– ना० १. मैत्रीपूर्ण सम्बन्ध भएका अन्य अधिकारी, व्यक्ति वा नागरिकहरूसँग आवश्यक कामकुराका निम्ति सम्बन्ध राख्ने अधिकारी । २. त्यस्तो अधिकारीको पद वा दर्जा । ~ **भाषा**– ना० भिन्नभिन्न भाषाभाषीद्वारा विचारको आदानप्रदानका लागि परस्पर बोलिने भाषा; साझा भाषा । ~ **विच्छेद ध्वनि**– ना० टेलिफोनमा कल (बोलावट) गयो भनी जनाउने ध्वनि (रिङ ब्याकटोन) । ~ **सूचक**– ना० एक ठाउँको सम्पर्क अर्को ठाउँसँग भएको कुराको जनाउ दिने यन्त्र वा ध्वनि; टेलिफोन गएको सूचना दिने आवाज ।

**सम्पात**– ना० [सं०] दिन र रातको लमाइ समान हुने दिन ।

**सम्पाति**– ना० [सं०] रामायणप्रसिद्ध जटायुका दाजु; गृध्रराज ।

**सम्पादक**– वि० [सं०] १. कुनै काम पूरा गर्ने; कार्य सम्पन्न गर्ने । २. प्रस्तुत वा तयार गर्ने । ना० ३. कुनै पुस्तक, पत्रपत्रिका आदिका लेखरचना राम्ररी मिलाई ठीक गरी प्रकाशनयोग्य बनाउने व्यक्ति; सम्पादन गर्ने व्यक्ति । > **सम्पादकीय**– वि० १. कुनै पुस्तकपुस्तिकाको विषय वा उद्देश्यलाई प्रस्टचाउने गरी सम्पादकका तर्फबाट सङ्क्षेपमा लेखिएको विशेष प्रकारको लेख । २. समाचारपत्र आदिमा समसामयिक विषयमा सम्पादकका तर्फबाट लेखिएको विशेष प्रकारको लेख । वि० ३. सम्पादकको; सम्पादकसम्बन्धी ।

**सम्पादन**– ना० [सं०] १. कुनै पत्रपत्रिका वा ग्रन्थका विषयहरूको विषयक्रम, पाठ आदि ठीकसित मिलाई आवश्यक परिवर्तन, परिवर्धन, थपघट, भाष्य, टीका आदि सबै ठीक रूपमा तयार गर्ने काम; सम्पादकको काम । २. कुनै काम राम्ररी पूरा गर्ने वा सम्पन्न बनाउने काम । > **सम्पादनीय**– वि० सम्पादन गर्नुपर्ने; सम्पादन गर्न योग्य ।

**सम्पादिका**– ना० [सं०] कुनै पुस्तकपुस्तिका वा पत्रपत्रिका आदिको सम्पादन गर्ने स्त्री ।

**सम्पादित**– वि० [सं०] १. सम्पादन गरिएको । २. पूरा गरिएको ।

**सम्पाद्य**– वि० [सं०] सम्पादन गर्न योग्य; सम्पादन गर्न लायक; सम्पादन गर्नुपर्ने ।

**सम्पुट**– ना० [सं०] १. बिर्को भएको बट्टाका आकारको वस्तु; डिब्बा । २. पातले बनाइएको कचौराजस्तो पात्र; दुनो; बोहोता । ३. बन्द गरिएको अँजुली; अञ्जलीपुट । ४. रसादि औषधीहरू पुट गर्ने माटाको पाला आदि भाँडो । ५. एक वस्तुलाई अर्को वस्तुले छोप्ने काम । > **सम्पुटक**– ना० रत्नहरू राख्ने बट्टा । **सम्पुटिका**– ना० सानो सम्पुटक । **सम्पुटित**– वि० १. दुवैतिर ढाकिएको; सम्पुट गरिएको । २. सम्पुटमा राखिएको । ३. प्रत्येक श्लोकको अगाडि र पछाडि इष्टमन्त्र पढ्दै गरिने (चण्डीपाठ आदि) ।

**सम्पुष्टि**– ना० [सं०] कसैको कथन, वक्तव्य वा विचार आदिको अर्को सूत्रबाट राम्ररी पुष्टि हुने काम ।

**सम्पूर्ण**– वि० [सं०] १. एकदमै भरिएको; पूर्ण रूपमा भरिएको; भरिपूर्ण । २. भएजति जम्मै; पूरा; सबै; सारा । ३. समाप्त; खत्तम । ना० ४. सङ्गीतमा सप्तकका सातै स्वर प्रयोग हुने रागको एक भेद । – **त:**– क्रि० वि० सबैजसो; पूरैजस्तो; प्राय:; सम्पूर्णत: । – **तया**– ना० सम्पूर्णत: । – **ता**– ना० १. सम्पूर्ण हुनाको भाव वा स्थिति; पूर्णता । २. समाप्ति ।

**सम्पृक्त**– वि० [सं०] १. अर्को वस्तुसँग मिसिएको वा मिसाइएको; मिश्रित । २. अर्को वस्तुसँग लागेको; संलग्न; सम्बद्ध ।

**सम्पोषण**– ना० [सं०] १. राम्ररी पालनपोषण गर्ने काम; पोसिलो बनाउने काम । २. पोसिलो बनाउने कुरो; भिटामिन; खाद्योज ।

**सम्प्रति**– क्रि० वि० [सं०] १. यस बेला; अहिले; हाल । २. कसैका सामु; अगाडि ।

**सम्प्रदान**– ना० [सं०] १. फिर्ता नलिने गरी कसैलाई कुनै वस्तु दिने काम । २. व्याकरणमा दिने अर्थ बुझाउने वा लागिको सङ्केत गर्ने कारक; चतुर्थी विभक्ति हुने कारक । (जस्तो– म रामलाई पुस्तक दिन्छु, तिमी गाईलाई घाँस देऊ इ०) ।

**सम्प्रदाय**– ना० [सं०] १. पुरानो समयदेखि गुरुशिष्यपरम्पराका रूपमा प्रचलित विशेष धर्म वा मत; गुरुपरम्पराबाट प्राप्त उपदेश वा धर्म । २. कुनै गुरुपरम्परामा दीक्षित भई विशेष किसिमको धर्म अँगाल्ने व्यक्तिहरूको समुदाय; एउटै धर्म वा मतका अनुयायी । ३. एउटै सिद्धान्त, मत, विचार वा विश्वास भएका मानिसहरूको वर्ग, कुनै मतावलम्बीहरूको समुदाय । ४. कुनै परम्परागत प्रथा; रीति । – **वाद**– ना० साम्प्रदायिकतालाई महत्त्व दिने मत वा सिद्धान्त । – **वादी**– वि० आफ्नो सम्प्रदायलाई ठूलो र अरूको सम्प्रदायलाई तुच्छ मान्ने; सम्प्रदायवादको अनुयायी ।

**सम्प्राप्ति**– ना० [सं०] १. राम्ररी प्राप्त हुने क्रिया वा भाव; सम्यक् प्राप्ति; लाभ । २. निर्दिष्ट वा तोकिएको ज्ञान र सीपमा शिक्षार्थीले प्राप्त गरेको वास्तविक क्षमता ।

**सम्प्रेषण**– ना० [सं०] १. एक ठाउँ वा एक व्यक्तिबाट अर्को ठाउँ वा व्यक्तिकहाँ कुनै समाचार, विचार, रोगाणु वा अन्य कुनै कुरा पठाउने काम; स्थानान्तरित गर्ने काम । २. व्यक्त गर्न खोजिएको विचार वा भाव बोधगम्य बनाउने प्रक्रिया । > **सम्प्रेषणीय**– वि० सम्प्रेषण हुने वा दिने । **सम्प्रेषित**– वि० सम्प्रेषण भएको वा

\1saroj\Sabdkosh\Dict'sa'.p65



गरिएको ।

**सम्बद्ध–** वि० [सं०] १. राम्ररी सिलसिला मिलेको; सम्बन्धित भएको; जोडिएको; संयुक्त । २. राम्ररी बाँधिएको; गाँसिएको; नत्थी गरिएको । **– ता–** ना० सम्बद्ध हुनाको भाव वा अवस्था ।

**सम्बन्ध–** ना० [सं०] १. कुनै एउटा वस्तु वा कुरा अर्को वस्तु वा कुरासँग जोरिने काम; संयुक्त हुने काम; योग । २. सम्पर्क । ३. एउटै कुलमा जन्मनाले वा विवाह आदिले जोडिएको नाता; साइनो । ४. मैत्री । ५. बारे । ~ **कारक–** ना० एक शब्दको सम्बन्ध अर्को शब्दसँग रहेको सूचित गर्ने कारक । > **सम्बन्धन–** ना० सम्बन्ध हुने वा रहने काम; मान्यताप्राप्ति (उदा०– त्रिविका सम्बन्धनमा रहेका निजी क्याम्पस पनि निकै छन्) । ~ **विच्छेद–** ना० विवाह आदि वा लेनदेन, व्यवहार आदिमा भएको सम्बन्धलाई कारणवश तोड्ने वा विच्छेद गर्ने काम । **– षष्ठी–** ना० व्याकरणमा एक शब्दको अर्को शब्दका साथ सम्बन्ध देखाउँदा आउने षष्ठी विभक्ति; सम्बन्धबोधक षष्ठी (को-का-की, नो-ना-नी, रो-रा-री आदि विभक्तिबोधक प्रत्यययुक्त) । **सम्बन्धातिशयोक्ति–** ना० सम्बन्ध नभए तापनि अतिशयोक्तिका आधारमा सम्बन्ध देखाउँदा हुने एक अर्थालङ्कार । **सम्बन्धित–** वि० १. सम्बन्ध रहेको वा भएको; सम्बद्ध । २. नातेदार । ३. कुनै विषयको; बारेको । **सम्बन्धी–** वि० १. कुनै सम्बन्ध भएको वा सम्बन्ध पर्ने; सम्पर्क भएको । २. साइनो पर्ने; नातेदार । ३. कुनै विषय वा बारेको । ४. सम्धी ।

**सम्बल–** ना० [सं०] आश्रय; आधार ।

**सम्बुद्ध–** वि० [सं०] १. राम्रो बोध भएको; ज्ञान प्राप्त गरेको; राम्ररी बुझेको; प्रबुद्ध । २. राम्ररी जागेको; बिउँझेको; जाग्रत्; सचेत । ना० ३. बुद्ध ।

**सम्बोधन–** ना० [सं०] १. कसैलाई बोलाउने वा पुकार्ने काम । २. व्याकरणमा कसैले कसैलाई आफूतिर आकृष्ट गर्न वा बोलाउन प्रयोग गरिने एक विभक्ति (हे, ए आदि) । ३. कुनै विशिष्ट व्यक्तिद्वारा कुनै सङ्घ, संस्थासँग सम्बन्धित वा सभा आदिमा उपस्थित जनसमुदायसमक्ष भाषण गर्ने काम । ४. बिउँझाउने काम; सम्झाउने काम । ~ **भाषण–** ना० कुनै सङ्घ, संस्था, सभा आदिमा उपस्थित जनसमुदायलाई सम्बोधन गरेर गरिने भाषण । > **सम्बोधनीय–** वि० सम्बोधन गर्नुपर्ने; सम्बोधन गर्न योग्य । **सम्बोधित–** वि० १. बोलाइएको; पुकारिएको; सम्बोधन गरिएको । २. राम्ररी बुझाइएको; बोध गराइएको । ३. ब्यूँझाइएको ।

**सम्भरण–** ना० [सं०] राम्ररी भरणपोषण गर्ने काम; पालन; पोषण; भरण । ~ **निधि–** ना० सञ्चयकोष ।

**सम्भव–** वि० [सं०] १. हुन सक्ने; सम्भावना भएको; सम्भावित । ना० २. उत्पत्ति; जन्म । **– तः–** अव्य० सम्भव भएको भाव बुझाउने शब्द; हुन सक्छ; सायद; कदाचित्; सके ।

**सम्भार–** ना० [सं०] कुनै वस्तु, मालसामान आदिलाई बिग्रिनमासिन नदिई सँभालेर राख्ने काम; जोगाउने काम; हिफाजत ।

**सम्भावना–** ना० [सं०] १. कुनै कुरा पूरा हुन सक्ने वा घटना आदि घटित हुने स्थिति । २. एक कुरा हुँदा त्यसको सिलसिलामा अर्को कुरा हुन सक्ने अवस्थाको वर्णन गर्दा हुने एक अर्थालङ्कार ।

**सम्भावित–** वि० [सं०] १. सम्भावना भएको; हुन सक्ने ठानिएको; आशा राखिएको । २. अनुमान गरिएको; कल्पित । > **सम्भाविता–** ना० कुनै घटनाको घट्न सक्ने सम्भावनालाई प्रस्तुत गर्ने अङ्क ।

**सम्भाव्य–** वि० [सं०] हुन सक्ने; सम्भावना भएको; सम्भावित । **– ता–** ना० सम्भाव्य हुनाको भाव वा स्थिति ।

**सम्भाषण–** ना० [सं०] १. दोहरो कुराकानी । २. बातचित; कथोपकथन । ३. पेरोल ।

**सम्भाष्य–** वि० [सं०] छलफल गर्न योग्य; कुराकानी गर्न लायक ।

**सम्भोग–** ना० [सं०] १. स्त्रीपुरुषका बीचको यौनक्रिया; स्त्रीपुरुषको समागम; मैथुन । २. कुनै वस्तुको उपभोगबाट आनन्द प्राप्त गर्ने काम । ३. उपभोग । ४. शृङ्गार रसका दुई भेदमध्ये एक; संयोग । ~ **शृङ्गार–** ना० साहित्यमा अनुरक्त नायक-नायिकाको परस्परमा भेटघाट, दर्शन, स्पर्श आदि हुँदा हुने एक रस; शृङ्गाररसका दुई भेदमध्ये एक; संयोगशृङ्गार ।

**सम्भ्रम–** ना० [सं०] १. चित्तको व्याकुलता; विह्वलता; हडबडी । २. मानसिक शङ्का; सन्देह । ३. एक थोकलाई अर्को थोक सम्झने क्रिया; भ्रम; भूल । ४. भय; डर । ५. चक्कर खाने क्रिया; घुम्ने क्रिया; चक्कर; भ्रमण । ६. मान; प्रतिष्ठा ।

**सम्भ्रान्त–** वि० [सं०] १. व्याकुल भएको; विह्वल भएको; हडबडाएको; आत्तिएको । २. भ्रममा परेको; बाटो बिराएको । ३. चक्कर खाएको; घुमेको । ४. सम्मानित; प्रतिष्ठित; कुलीन ।

**सम्म१–** वि० [सं०] १. एकनाससित सतह मिलेको; होचोअग्लो नभएको; समथर ।

**सम्म२–** ना०यो० [सं० समा] कुनै ठाउँको भौगोलिक सीमा वा कुनै कामकुराको समयावधिलाई बुझाउने शब्द; सम्मन्; तक; पर्यन्त (हिमालसम्म, कार्तिकसम्म इ०) ।

**सम्मठ–** ना० [सं० समर्थ] आँट (उदा०– भन्ने सम्मठ कस्छु कालसँगको स्पर्धा बढाईकन) ।

**सम्मत–** वि० [सं०] १. एउटै राय वा मत भएको; सहमत । २. स्वीकार गरिएको; मानिएको; स्वीकृत । ३. अधिकार वा सम्मति दिइएको; स्वीकृतिप्राप्त । ४. मन परेको; रुचाइएको । > **सम्मति–** ना० १. सम्मत हुनाको भाव; एउटै मत हुने क्रिया; सहमति; ऐकमत्य । २. राय । ३. स्वीकृति ।

**सम्मन्–** ना०यो० [सम्म] सम्म; पर्यन्त ।

**सम्मन्त्रणा–** ना० [सं०] पछिसम्म राम्रो गर्ने राम्रो सल्लाह; राम्रो परिणाममा पुऱ्याउने असल सल्लाह ।

**सम्मान–** ना० [सं०] १. विशेष मान; ठूलो आदर वा सत्कार । २. प्रतिष्ठा; इज्जत । ~ **गारद–** ना० राजा, राष्ट्राध्यक्ष वा त्यस्तै विशिष्ट व्यक्ति कुनै अर्को देशको औपचारिक भ्रमणमा जाँदा वा

फर्कँदा वा अन्य कुनै समय, अवसर वा पर्वमा विशेष सम्मान प्रदर्शन गर्न उपस्थित सैनिक दल वा त्यसले दिएको सलामी (गार्ड अफ् अनर) । > **सम्माननीय–** वि० सम्मान गर्नुपर्ने; सम्मान गर्न योग्य; आदरणीय (प्रधान मन्त्री, प्रधान न्यायाधीश, राजसभाका सदस्य आदिलाई प्रयुक्त हुने) । ~ **पत्र–** ना० अभिनन्दनपत्र । **सम्मानित–** वि० सम्मान गरिएको; आदरसत्कार गरिएको; सबैले मानेको; प्रतिष्ठित । **सम्मान्य–** वि० सम्मान गर्न योग्य; सम्माननीय । **सम्मानार्थ–** क्रि० वि० सम्मानका लागि (जस्तो– सम्मानार्थ सदस्य, सम्मानार्थ उपाधि आदि) ।

**सम्मि–नु–** अ० क्रि० [सम्म+इ+नु] एकनाससित सतह मिल्नु; अग्लोहोचो नहुनु; समतल हुनु; सम्म हुनु ।

**सम्मिलन–** ना० [सं०] १. गाभिने, मिल्ने वा जोरिने काम; संयुक्तता । २. मिश्रित हुने क्रिया; मिसाइ । ३. भेटघाट; सम्मेलन । ४. सूर्य वा चन्द्र ग्रहणको खग्रास हुँदा पूरा ढाकिएको अवस्था । ~ **विलेख–** ना० कुनै देशका अञ्चल, जिल्ला आदिका भूखण्ड अर्को अञ्चल, जिल्ला आदिमा मिलाउँदा दुवै पक्षका अधिकारीहरूको सही भएको प्रामाणिक लिखतपत्र ।

**सम्मिलित–** वि० [सं०] १. अर्को वस्तु वा कुरामा मिलेको; मिसिएको । २. सरिक भएको; सामिल भएको ।

**सम्मिश्रण–** ना० [सं०] एक वस्तु अर्को वस्तु वा कुरामा मिसिने काम; मिश्रण; मिलावट ।

**सम्मीलित–** वि० [सं०] १. दुवै परेला जोडिएको; परेलाले ढाकिएको; चिम्लिएको (आँखा) । २. चन्द्र वा सूर्यलाई कालिमाले ढाकेको; खग्रास भएको ।

**सम्मुख–** वि० [सं०] १. अगाडिपट्टिको; अगिल्तिरको; सामुन्नेको । ना० यो० २. मुखेन्जी; सामु ।

**सम्मेलन–** ना० [सं०] १. कुनै सङ्घसंस्थाका सदस्य वा कुनै वर्ग, व्यवसाय वा मतका व्यक्तिहरू कुनै निश्चित उद्देश्य तथा कार्यक्रमका साथ जम्मा हुने काम । २. दुई वा दुईभन्दा बढी वस्तुलाई मिलाउने वा मिसाउने काम; मिश्रण ।

**सम्मोह–** ना० [सं०] १. रोग, भय, शोक आदिबाट निश्चेष्ट भएको अवस्था; मूर्च्छा; बेहोसी । २. के गर्ने, के नगर्ने भन्ने कुराको ज्ञान नभएको अवस्था; अज्ञानावस्था । ३. अज्ञान । ४. आत्तिने क्रिया; अत्यास । ५. वशीकरण । > **सम्मोहक–** वि० सम्मोहमा परेको; सम्मोहित गराउने । **सम्मोहन–** ना० १. रूप, गुण वा अन्य कुनै आकर्षक कुराका आधारमा कसैलाई मोहित पार्ने काम; लोभ्याउने काम । २. कामदेवका पाँच बाणमध्ये एक । ३. दुस्मनलाई लट्ट्याउने पौराणिक समयको एक अस्त्र । ४. तन्त्रविद्या वा टुनामुना आदिद्वारा मोहित पार्ने काम; मोहनी लाउने काम । **सम्मोहित–** वि० १. निश्चेष्ट तुल्याइएको; लट्ट्याइएको । २. मोहमा पारिएको; मोहनी लगाइएको; वशीकृत ।

**सम्म्याइ–** ना० [**सम्मि** (+आइ)] १. सम्मिने भाव, क्रिया वा प्रक्रिया [सम्म्याउ+आइ] २. सम्म्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सम्म्याइनु–** क० क्रि० सम्म पारिनु ।

**सम्म्याउ–नु–** स० क्रि० [सम्म+याउ+नु] १. अग्लोहोचोलाई मिलाएर एकनास पार्नु; समथर बनाउनु; सम्म पार्नु । २. खजमजिएका वस्तु तह लाउनु । ३. एकनास तुल्याउनु ।

**सम्यक्–** वि० [सं०] १. सुहाउँदोबुझिँदो; मुनासिब; ठीक; उचित; उपयुक्त । २. सबै; सम्पूर्ण; सारा; समस्त । क्रि० वि० ३. मिलाएर; राम्ररी । ना० ३. महायानी बौद्धधर्मानुसार हरेक बाह्र, पाँच वा तीन वर्षमा समर्थ व्यक्तिले काठमाडौँमा मनाउने, राजालाई समेत उपस्थित गराई बुद्धको र राजाको पनि पूजा गरी त्यसपछि भोजसमेत गराई सम्पन्न गरिने एक प्रकारको धार्मिक उत्सव ।

**सम्राज्ञी–** ना० [सं०] १. सम्राट्की पत्नी । २. साम्राज्यको शासन गर्ने स्त्री । ३. महारानी ।

**सम्राट्–** ना० [सं०] ठूलो राजा; महाराजाधिराज; बादशाह ।

**सम्ल्ह–नु–** अ० क्रि० [सम्भर+नु] कुनै नराम्रो वा हानिकारक कुराबाट बच्नु; सावधान हुनु; सँभालिनु । > **सम्ल्हाइ–** ना० सँभलाइ । **सम्ल्हाइनु–** क० क्रि० सँभालाइनु । **सम्ल्हिनु–** सँभलिनु; सम्ल्हनु ।

**सम्सम–** ना० तिलस्मी ढोका उघार्ने अर्थमा आख्यान वा कथामा प्रयुक्त साङ्केतिक शब्द । (उदा०– खोली सम्सम सानन्द । लक्ष्मीप्रसाद देवकोटा, सुलोचना) ।

**सम्हाल्–नु–** स० क्रि० [सं० सम्भार+नु] कुनै वस्तु वा कुरा जोगाएर राख्नु; बचावट गर्नु; सम्भार गर्नु । > **सम्हाल–** ना० सम्हाल्ने काम; बचावट; सम्भार । **सम्हालाइ–** ना० सम्हाल्ने भाव, क्रिया वा प्रक्रिया; सँभालाइ । **सम्हालिनु–** क० क्रि० सँभालिनु ।

**सय–** ना० [सं० शत] १. नब्बे र दसको योगबाट बन्ने सङ्ख्या; तीन अङ्कबाट बन्ने सबभन्दा सानो सङ्ख्या । वि० २. नब्बे र दसका योगसङ्ख्याको; शय ।

**सयकडा–** ना० [प्रा० सयकण्ड] १. प्रतिशतको हिसाब गर्दा सय कायम राखी त्यसमाथि थपिने अतिरिक्त सङ्ख्या । २. त्यसरी हिसाब गर्दा सयभित्रबाट काटिने संख्या । क्रि० वि० ३. एक सयका हिसाबमा; सयपिच्छे; प्रतिशत । > **सयकडी–** ना० सयकडाका हिसाबले लिइनेदिइने अङ्क, दस्तुर वा मेहनताना । **सयकडौँ–** वि० अनगिन्ती सङ्ख्याको; धेरै सय; सयौँ; अति धेरै ।

**सयताल–** ना० [सं०] वास्तु तथा मूर्तिमा अङ्गुलको दस गुना बराबरको नापका लागि प्रयुक्त हुने शब्द; दस अमलबराबरको नाप ।

**सयपत्री–** ना० [सं० शत+पत्री] १. छेउमा करौँतीजस्ता धार परेका नरम लामा पात र धेरै पत्र हुने पहेँला वा सुनौला रङको फूल फुल्ने एक जातको बोट । २. त्यसैको फूल ।

**सयल–** ना० [अ० सैर] मन बहलाउनका निम्ति रमणीय वा मन लागेको ठाउँमा घुम्ने वा टहल्ने काम; सैर; विहार ।

**सयौँ–** वि० [सय+औँ] १. गणनाका क्रमले सयसय सङ्ख्यामा

\1saroj\Sabdkosh\Dict'sa'.p65



परेको; सय सङ्ख्याको । २. सयकडौँ ।

**सर्‌-नु**– अ० क्रि० [सं० सर+नु] १. कुनै व्यक्ति, वस्तु वा कुरा एक ठाउँबाट अर्को ठाउँतिर हट्नु; अर्को ठाउँमा जानु । २. घस्रनु; हिँड्नु । ३. बसेको ठाउँ, थलो आदि बदल्नु; बस्ती फेर्नु; बसाइँ जानु । ४. सङ्क्रामक रोग आदि एउटाबाट अर्कामा फैलँदै जानु ।

**सर१**– ना० [सं०] १. ठूलो प्राकृतिक पोखरी; तलाउ; जलाशय । २. जलप्रपात; झरना । ३. दूध वा दहीको तर । ४.हार; माला ।

**सर२**– वि० [फा०] १. जितिएको; विजित । ना० २. जितबाजी; विजय (उदा०– नेपाली फौजले किल्ला सर गऱ्यो) । ३. असर; प्रभाव । ४. सफलता । ५. उपयुक्तता; अनुकूलता ।

**सर३**– सम्बो० [अङ्०] १. सम्मानित व्यक्तिलाई सम्बोधन गर्ने शब्द; महोदय । २. ब्रिटिस राज्यद्वारा प्रदान गर्ने गरिएको एक उपाधि (जस्तो सर विलियम, सर अशोक ब्यानर्जी आदि) ।

**सरकार**– ना० [फा०] १. देश वा राज्यको शासकमण्डल; राज्यसंस्था; शासनसत्ता; शासन व्यवस्था । २. प्रभु; स्वामी; राजा ।

**सरकारवादी**– वि० [सरकार+वादी] सरकार नै वादी भएर चलाइने; ऐनले सरकारबाट चलाए हुने गरी तोकेअनुसार सरकारले नै उजुर गरेको वा सरकार नै उजुरवाला हुने; सरकार वादी हुने (मुद्दा) । ~ **मुद्दा**– ना० उक्त किसिमले सरकारवादी भनेर तोकिएको वा सरकार नै वादी भई चलाइने मुद्दामामिला (राजकाजसम्बन्धी, कन्याचोरी, जूवा, अर्काको घरमा आगो लगाउने, गोवध आदि) ।

**सरकारिया**– वि० [सरकार+इया] सरकारसम्बन्धी; सरकारी; राजकीय ।

**सरकारी**– वि० [सरकार+ई] १. सरकारको; सरकारसम्बन्धी; सरकारिया । २. मालिकको । ३. सरकारका तर्फबाट वा सरकारवादी मुद्दाहरूमा वकालत वा बहस गर्ने (जस्तो– सरकारी अधिवक्ता, सरकारी अभिवक्ता आदि)। ~ **आदेश**– ना० सरकारद्वारा निकालिने आदेश, अधिकारपत्र आदि; सरकारले जारी गरेको आदेश । ~ **कर्मचारी**– ना० सरकारी सेवामा रही नियमित रूपमा काम गर्ने कर्मचारी; निजामती, प्रहरी र सैनिक सेवाका कर्मचारी; जागिरे । ~ **कारोबार**– ना० सरकारका तर्फबाट गरिने कामकाज; सरकारसम्बन्धी कामकाज । ~ **जग्गा**– ना० कुनै व्यक्ति वा गैरसरकारी संस्थाको नाममा दर्ता नरही सरकारको अधीनमा रहेको जग्गा । ~ **मुद्दा**– ना० १. सरकारवादी मुद्दा । २. सरकारसम्बन्धी मुद्दा । ~ **यन्त्र**– ना० सरकारको कामकाज चलाउने अड्डाअदालत र तिनीहरूमा काम गर्ने कर्मचारी । ~ **रकम**– ना० सरकारी कोषमा रहेको र जनताले सरकारलाई तिर्नुपर्ने वा तिर्न बाँकी रहेको नगद । ~ **वकिल**– ना० सरकारी मुद्दामामिलामा सरकारका तर्फबाट बहस गर्ने वकिल (महान्यायाधिवक्ता, वरिष्ठ सरकारी अधिवक्ता, सरकारी अधिवक्ता, सरकारी अभिवक्ता आदि) । ~ **वन**– ना० सरकारको अधीनमा रहेको वन ।

**सरक्क**– क्रि० वि० [अ० मू० सरक्‌+क] कुनै व्यक्ति वा वस्तु बिस्तारै सर्ने वा पन्छिने किसिमले; परतिर सर्ने गरी ।

**सरगम**– ना० [सा+रे+ग+म] सङ्गीतका सात स्वर (सा, रे, ग, म, प, ध, नि) ।

**सरचार्ज**– ना० [अङ्०] एकपल्ट एक किसिमबाट कर तिरिसकेको वस्तुमा अर्कोपल्ट अर्को रूपबाट लगाइने कर; अतिरिक्त कर ।

**सरजमिन**– ना० [फा० सरजमीन] १. सम्बन्धित घटना घटेको वा समस्या परेको ठाउँ । २. छरछिमेकका मानिस; साँधसँधियार । ३. सम्बन्धित स्थान वा छरछिमेकका मानिस बुझ्नुपर्ने मुद्दामामिलामा सबुत-प्रमाणका निम्ति रीत पुऱ्याई बुझ्ने कामकारबाई ।

**सरजिमी**– ना० [फा० सरजमीन] वरिपरिको वा छरछिमेकको देश (दिव्य०) ।

**सरण**– ना० [सं०] सर्ने भाव, क्रिया वा प्रक्रिया ।

**सरणि/सरणी**– ना० [सं०] १. मार्ग; बाटो । २. पद्धति; प्रणाली । ३. रेखा; डोरो । ४. चलेर आएको परिपाटी वा प्रथा; रीति ।

**सरताप्रे**– ना० [सं० शर+ताप्रे] बाण, भाला आदिका टुप्पाका आकारका पात हुने र खैरो फूल फुल्ने एक जातको बुटी; मुसाकाने; कानपाते ।

**सरदर**– वि० [फा० सर+दर] १. ठूलोसानो वा असलखराब नछुट्टयाई सबैको एकनाससित मोल राख्दा पर्न आउने; ठूलोसानोको आधारमा मूल्याङ्कन नगरी गोटाको आधारमा मोल राख्दा पर्न आउने (सङ्ख्या) । २. विभिन्न आय भएका विभिन्न तहका व्यक्तिहरूका सम्पूर्ण आयलाई व्यक्ति वा वस्तुका निम्ति हुने विभिन्न तहको सबै आम्दानीखर्च समानुपातिक रूपमा ल्याउँदा प्रतिव्यक्ति वा प्रतिवस्तु पर्न आउने ।

**सरदार**– ना० [फा०] १. कुनै मण्डलीको नेता; अगुवा; नायक । २. पुरानो चलनअनुसार मीर सुब्बाभन्दा माथि र काजीभन्दा तलको एक निजामती दर्जा; भारदारमध्ये एक । ३. पन्जाबी पुरुषजातिलाई प्रयोग गरिने आदरार्थी शब्द । > **सरदारी**– ना० सरदारको पद, काम वा स्थिति; सरदारको पन ।

**सरनाम**– वि० [फा०] १. नाम भएको; प्रसिद्ध; विख्यात । ना० २. राम्रो काम गरेर वा असल कुरामा चलेको नाम; सुनाम ।

**सरपञ्च**– ना० [फा० सर+ सं० पञ्च] पञ्चहरूमा मुख्य पञ्च; प्रधान पञ्च ।

**सरपोस**– ना० [फा०] बिर्को; ढकनी (कसौँडीको काने) ।

**सरम**– ना० [फा० शर्म] १. लाज; लज्जा; शरम । २. इज्जत; आबरु । ३. अनकनाउने काम; सङ्कोच । ~ **छाडा**– वि० सरम नभएको; बेसर्मी; गतिछाडा ।

**सरयू**– ना० [सं०] सुदूर पश्चिमाञ्चल नेपालको रापती अञ्चलबाट निक्ली भेरी अञ्चलसम्म 'बबई' नामले र भारतमा गई घाघरा र सरयू नामले प्रसिद्ध कर्णाली नदी ।

**सरर्र**– क्रि० वि० [अ० मू० सरर्‌+र] बीचमा नरोकिईकन कुनै

कामकुरा हुने गरी; कत्ति बाधा वा बल नगरीकन; सजिलैसित वा छिटोछिटोसँग ।

**सरल–** वि० [सं०] १. सीधा रूपमा रहेको; बाङ्गोटिङ्गो नभएको; सोझो । २. छलकपट नभएको; सीधा । ३. धेरै परिश्रम नगरीकन पूरा गर्न सकिने; सजिलो; सुगम । ना० ४. सल्लो । ५. विभिन्न राशिलाई चिह्नअनुसार भाग, गुणन, जोड र घटाउ गरेर सकभर सानो रूपमा परिणत गरिने वा उत्तर निकालिने गणितको एक प्रक्रिया । ~ **कारक–** ना० विभक्तिको चिह्न वा विभक्तिप्रत्यय नलागेको र शब्दको मूल रूप विकृत नभएको कारक । (जस्तो– गोपाल आँप खान्छन्, म वन जान्छु इ०) । – **ता–** ना० १. सरल हुनाको भाव, गुण वा अवस्था; सजिलोपन । २. सोझो हुनाको भाव; सोझोपना; सीधापन; निष्कपटता । ३. सजिलैसँग बुझ्न वा काम गर्न सकिने स्थिति; सुगमता; सुबोधता । > **सरलीकरण–** ना० कुनै अप्ठ्यारो कुरालाई सजिलो पार्ने काम वा क्रिया (जस्तो– भाषामा सरलीकरण, भावमा सरलीकरण आदि) । **सरलीकृत–** वि० सरल गरिएको, सरल बनाइएको ।

**सरस–** वि० [सं०] १. रसले युक्त; रससहितको; रसिलो । २. स्वादिष्ठ; मीठो । ३. भिजेको; आर्द्र । ४. रस वा भावले युक्त; रसपूर्ण (साहित्यिक रचना) । ५. रसिक; सहृदय । – **ता–** ना० सरस हुनाको भाव वा स्थिति; रसिलोपन; मिठास ।

**सरसफाइ–** ना० [(द्वि०) सफाइ] १. सफासुग्घर गरिने वा हुने काम; राम्रो सफाइ । २. चोखीनिती; शुद्धि । ~ **अड्डा–** ना० सहरको सरसफाइको काम हेर्ने, नगरपालिकाजस्तो एक अड्डा ।

**सरसर–** क्रि० वि० [अ० मू० सर्+अ (द्वि०)] १. बिस्तारै हावा चल्ने वा पात हल्लने गरी । २. घस्रने वा सर्ने किसिमले । ३. नअलमलिईकन (लेख्ने वा पढ्ने किसिम) । > **सरसरती–** क्रि० वि० अझै सरसर हुने गरी; सरसरी । **सरसराइ–** ना० सरसराउने भाव, क्रिया वा प्रक्रिया । **सरसराइनु–** अ० क्रि० सरसर शब्द निस्किनु । **सरसराउनु–** अ० क्रि० सरसर शब्द आउनु; सरसराहट हुनु । **सरसरी–** क्रि० वि० सरसरती ।

**सरसहयोग–** ना० [(द्वि०) सहयोग] परस्पर गरिने सहयोग; सघाउपघाउ; मरमद्दत ।

**सरसल्लाह–** ना० [(द्वि०) सल्लाह] कुनै कामकुरा गर्नाका निम्ति गरिने पारस्परिक सल्लाह; विचारको अदानप्रदान; परामर्श ।

**सरसाइनु–** ना० [(द्वि०) साइनु] दुई वा दुईभन्दा बढी व्यक्ति वा परिवारको परस्परको नाता; नसनाता ।

**सरसापट–** ना० [(द्वि०) सापट] परस्पर सापट लिने वा दिने काम; ऐँचोपैँचो । > **सरसापटी–** ना० सरसापट ।

**सरसामान–** ना० [(द्वि०) सामान] सामानहरूको समूह; मालमत्ता ।

**सरसिज–** ना० [सं०] कमल; सरोज; पद्म ।

**सरसी–** ना० [सं०] सानो पोखरी; तलाउ । – **रुह–** ना० कमल; पद्म ।

**सरस्वती–** ना० [सं०] १. विद्या वा वाणीकी अधिष्ठात्रीका रूपमा मानिएकी देवी; शारदा । २. विद्या । ३. भाषा; वाणी । ४. प्रयागमा आई गङ्गा र यमुनाको सङ्गममा मिल्ने पुराणप्रसिद्ध एक नदी; सप्तसिन्धुमध्ये एक । ~ **पूजा–** ना० १. श्रीपञ्चमी वा वसन्तपञ्चमीका दिन उत्साह तथा आराधनासाथ गरिने सरस्वतीको पूजा । २. सरस्वती वा विद्याकी देवीको पूजा ।

**सरह–** वि० [सं० सदृश] आकार, गुण, श्रेणी, मूल्य र महत्त्वका दृष्टिले बराबर भएको; समान; तुल्य; बराबर ।

**सरहद–** ना० [फा० सर+ अ० हद] १. कुनै जमिनका टुक्राको चार किल्ला छुट्याउने चिनु; सीमा; साँध । २. सीमाभित्रको प्रदेश । ३. आफ्नो देश; स्वदेश । > **सरहदिया–** वि० १. आफू बसेको देश वा सरहदभित्र रहने; सीमाभित्रको प्रदेशमा बस्ने । २. सरहदसम्बन्धी; सरहदको । **सरहदी–** वि० सरहदिया ।

**सरहपा–** ना० [सं० सर्+पाद] इस्वीको आठौँ शताब्दीमा हुने वाममार्गी सिद्धसम्प्रदायका आदिपुरुष; लोकभाषामा 'दोहाकोश' नाउँको पुस्तक लेख्ने एक प्रसिद्ध व्यक्ति ।

**सराइ–** ना० [सर्+आइ] १. सर्ने भाव, क्रिया वा प्रक्रिया । [सार+आइ] २. सार्ने भाव, क्रिया वा प्रक्रिया ।

**सराइनी–** ना० [सारङ्गी] सारङ्गी (जस्तो सराइनीका बोल) ।

**सराइनु–** क० क्रि० [सराउ+इ+नु] सर्न लाइनु; सर्ने पारिनु ।

**सराउ–** ना० १. कसैको मृत्यु भएमा जुठोभित्र सहयोगस्वरूप लगिने अन्न, द्रव्य आदि । २. विचार । ३. घोत ।

**सराउनु–** प्रे० क्रि० [सर्+आउ+नु] सर्न लाउनु; सर्ने पार्नु ।

**सराघौँ–** ना० [सर्+आघौँ] चालू वर्षसमेत गरेर आउने चौथो वर्ष; पराघौँको अर्को वर्ष; झन् पराघौँ ।

**सराङ–** ना० दाउरा सुकाउनाका लागि चुलो, अगेनु आदिमाथि बनाइने टाँड ।

**सराद्ध–** ना० [सं० श्राद्ध] श्राद्ध; सराद ।

**सराप्-नु–** स० क्रि० [सराप > श्राप+नु] १. कसैले गरेको अपमान, अपकार आदिका बदलामा त्यस्तो गर्ने व्यक्तिको अनिष्ट होस् भन्नु; सराप दिनु; शाप दिनु । २. गाली गर्नु; अपशब्द बोल्नु ।

**सराप–** ना० [श्राप] १. कसैले गरेको अपकार, अपमान आदिका बदलामा आवेशमा आएर त्यस्तो व्यक्तिको अनिष्ट होस् भनी व्यक्त गरिने बोली; शाप; श्राप । २. सराप्ने काम वा सराप्ता गरिने गाली । ~ **बगाइ–** ना० पैतृक श्रापबाट मुक्ति पाउनाका लागि नदीमा गरिने पूजा ।

**सरापाइ–** ना० [√ **सराप्** (+आइ)] सराप्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सरापिनु–** क० क्रि० सराप दिइनु ।

**सराफ–** ना० [अ० सर्राफ] सराफी । – **खाना–** ना० १. एउटा देशको मुद्रासित अर्को देशको मुद्राको विनिमय वा साटफेर गर्ने अड्डा । २. विभिन्न किसिमका मुद्राको विनिमयसम्बन्धी काम गर्ने ठाउँ वा घर । > **सराफी–** ना० १. रुपियाँ, पैसा साट्ने वा सुनचाँदीको खरिदबिक्री गर्ने व्यापारी । २. सुन, चाँदी, सिक्का, नोट आदि जाँच्ने वा त्यससम्बन्धी काम गर्न अधिकारप्राप्त

व्यक्ति ।

**सराब**– ना० [अ० शराब] रक्सी आदि मादक पेय पदार्थ; मद्य; मदिरा । – **खाना**– ना० सराब बनाउने वा बेच्ने ठाउँ; मधुशाला; भट्टी । > **सराबी**– वि० सराबको अम्मली; रक्सीबाज; जँडचाहा ।

**सराबरी**– ना० [सरोबरी] दुई वा धेरै थोक वस्तुको एकै ठाउँको मिसाइ; छ्यासमिस; सरोबरी ।

**सराबी**– वि० [सराब+ई] धेरै सराब सेवन गर्ने; रक्सीबाज; रक्स्याहा ।

**सराय**– ना० [अ०] १. यात्रीहरू बस्न वा विश्राम गर्न बनाइएको घर; सत्तल । २. विशेष पर्वका दिन मन्दिरभित्रका खुकुरी, तलवार, खुँडा, खड्ग र लट्ठी आदि हतियार हातमा लिएर नचाउँदै, लडाउँदै बाजाका तालमा नाच्दै देखाइने अर्घाखाँचीभेगका जिल्लाको एक प्रसिद्ध जात्रा ।

**सरासर**– क्रि० वि० [फा०] १. नअडिईकन; फटाफट । २. एकनाससित; धमाधम । ३. साक्षात्; प्रत्यक्षतः । ४. पूरापूर; बिलकुल । > **सरासरी**– क्रि० वि० १. नअडीकन; सरासर । २. एकनासले; लगातार; निरन्तर ।

**सराहना**– ना० [सं० श्लाघा] प्रशंसा; सह्रनी । > **सराहनीय**– वि० प्रशंसनीय; सह्रनीलाग्दो ।

**सरि**– ना० यो० [सं० सदृश] बरोबर; समान; सदृश; तुल्य ।

**सरिक**– वि० [अ० शरीक] १. अरूले गर्न थालेको कुनै पनि काममा जुट्ने वा साथ दिने; सहयोगका निम्ति अघि सर्ने । २. साथमा रहने; सम्मिलित । ना० ३. त्यस्तो सहयोग गर्ने वा साथमा रहने व्यक्ति ।

**सरित्/सरिता**– ना० [सं०] नदी; खोलो ।

**सरिनु**– अ० क्रि० [सर्+इ+नु] एक ठाउँबाट अर्को ठाउँमा गइनु; हिँडिनु ।

**सरिप/सरिफ**– वि० [अ० शरीफ] शिष्टता वा सज्जनता भएको; भलाद्मी; सज्जन ।

**सरिफा**– ना० [सं० श्रीफल] सलिफा ।

**सरिबा**– ना० [सारिवा] साना राता फूल फुल्ने लहरादार वनस्पतिविशेष ।

**सरियान**– वि० [अ० सरीहन] साक्षात्; साक्खै; खास ।

**सरी**– क्रि० वि० एउटा वस्तु जति छ अर्को पनि उत्तिकै; बराबरी । (उदा०– चामल र मकै सरी साट्न कहाँ पाइन्छ र) । – **बरी**– क्रि० वि० दुई वा धेरै वस्तु एकै ठाउँ मिसिएर; छ्यासमिसे चालमा ।

**सरीसृप**– ना० [सं०] घस्रेर हिँड्ने जन्तु, कीरा आदि (सर्प, गँडचौलो, चिप्लेकीरा आदि) । ~ **युग**– ना० सरीसृपजीवको सृष्टि भएको युग; आजभन्दा उन्नाइस करोड वर्ष पहिले प्रारम्भ भएको युग ।

**सरुन**– ना० [सं० श्रवण] ज्योतिषमा सत्ताइस नक्षत्रमध्ये श्रवणदेखि रेवतीसम्मका, घर छाउने, काठ काट्ने आदि काम गर्न निषेध गरिएका छ नक्षत्र । > **सरुने**– वि० १. सरुनमा परेको; सरुनको । ना० २. खुकुरी, तरबार, धनुर्वाण आदि लिएर युद्धको नक्कल गरिने काम ।

**सरुवा१**– वि० [सरोबर] १. धान सरोबरी भएको (चामल); नफलेको (चामल) । २. ना० धेरै धान भएको चामल ।

**सरुवा२**– वि० [सर्+उवा] १. सर्ने किसिमको; सरौटे; सङ्क्रामक । २. एक ठाउँबाट अर्को ठाउँमा सरेर आएको । ३. सरकारी अड्डाखाना वा अन्य संस्थान आदिका कर्मचारीहरू एक मन्त्रालय, विभाग वा कार्यालयबाट अर्को मन्त्रालय, विभाग वा कार्यालयमा सर्ने काम । ४. बिखालु तेल आउने कदम । ~ **पुर्जी**– ना० उक्त किसिमले सरुवा हुँदा कर्मचारीलाई दिइने पुर्जी । ~ **रोग**– ना० रोग लागेका व्यक्तिसँग छातछुत गर्दा सर्ने रोग; सङ्क्रामक रोग ।

**सरुहम**– ना० [भोज०] तराईतिर हुने एक प्रकारको धान ।

**सरूप**– वि० [सं०] १. समान रूप भएको; उस्तै रूप वा वर्णको । २. रूप भएको; साकार । ३. सुन्दर; राम्रो । – **ता**– ना० सरूप हुनाको भाव वा स्थिति; समरूपता; एकरूपता ।

**सरेक**– ना० पाहिक; पाइक ।

**सरेस**– ना० [फा० सरेश] राँगो, उँट आदि पशुको छाला, माछाको कत्ला आदि पकाएर बनाइने, पुस्तक, बही आदि सिएर जिल्द हाल्दा टाँसिने र छापाखानामा मसी लगाउने रुलर आदि बनाइने लस्सादार पदार्थ ।

**सरो**– ना० [सं० सर+ओ] १. कपडा, पात आदि कुराको तह वा पत्र । २. दैनिक व्यवहारका निम्ति वा अरू कामकाजका लागि आवश्यक हुने एक थान सबै वस्तु । वि० ३. एक, दुई आदि सङ्ख्यावाची शब्दमा जोडिई विशेषण बनेर प्रयुक्त हुने शब्द (जस्तो– एकसरो लुगा, दुईसरो खास्टो इ०) ।

**सरोकार**– ना० [फा०] १. प्रयोजन; वास्ता; चासो । (उदा०– अरूको कामको तिमीलाई के सरोकार ?) २. सम्बन्ध; सम्पर्क । (उदा०– उहाँसँग तपाईंको केही सरोकार पनि होला) । – **वाला**– वि० सरोकार वा सम्बन्ध भएको; सम्बन्धित । > **सरोकारी**– वि० सरोकार भएको; सरोकार राख्ने; सरोकारवाला ।

**सरोज**– ना० [सं०] कमल; पद्म । > **सरोजिनी**– १. ना० कमल फुल्ने वा फुलेको तलाउ; कमलपोखरी । २. कमलिनी ।

**सरोद**– ना० [फा० सुरुद] अठार वा बाइस तार लागेको, जवाले बजाइने, सारङ्गीजस्तो, छालाले मढेको एक किसिमको तार-बाजा ।

**सरोबर**– वि० [सरोबरी] दुई वा धेरै वस्तु समान रूपले मिलेको, छ्यासमिस भएको; सरोबरी भएको । > **सरोबरी**– ना० दुई वा धेरै वस्तु समान रूपले मिल्ने काम; सराबरी ।

**सरोवर**– ना० [सं०] तलाउ; पोखरी; दह (जस्तो– मानसरोवर) ।

**सरौटे**– वि० [सरौटो+ए] १. छुवाछूत हुँदा एउटाबाट अर्कोमा सर्ने खालको; सरुवा । ना० २. सरुवा रोग; सरौटो ।

**सरौटो**– ना० [सर्+औटो] १. सारेर, निछोटेर काममा ल्याउन लायक बनाइएको अन्नपात । २. सरुवा रोग; सङ्क्रामक रोग ।

**सरौतो–** ना० [प्रा० सारवत्त] सुपारी आदि काट्ने कैँचीका ढबको फलामे हतियार ।

**सरौलो–** ना० [सर्+औलो] गाईबस्तुलाई खुवाइने पीठो, नुन आदि हाली मलेको भुस्सा ।

**सर्क-नु–** अ० क्रि० [अ० मू० सरक्क+नु] १. खाएपिएको वस्तु श्वासका वेगले नाकको भित्री प्वालबाट माथितिर लाग्नु । २. पदोन्नति आदि भएर छिटै माथितिर उक्लनु; उँभो लाग्नु । ३. उन्नति वा बढिबढाउ हुनु; अभ्युदय हुनु । ४. झस्को पस्नु; हूप पस्नु; सङ्कनु । ५. देखासिकी गर्दै वा अभिमानले फुल्नु; मात्तिनु ।

**सर्कस–** ना० [अ०] १. लामो समयसम्मको व्यायामसम्बन्धी अभ्यास र तालिमद्वारा अभ्यस्त र सिपालु मानिस तथा पशुहरूद्वारा समेत प्रदर्शन गरिने कौतूहलपूर्ण र आश्चर्यजनक खेल-तमासा । २. त्यस्तो काम गर्ने जमात ।

**सर्काइ–** ना० [√ **सर्क** (+आइ)] १. सर्कने भाव, क्रिया वा प्रक्रिया । [सर्काउ+आइ] २. सर्काउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सर्काइनु–** क० क्रि० सर्कने पारिनु; उँभो लाइनु । **सर्काउनु–** स० क्रि०/प्रे० क्रि० १. सर्किने पार्नु । २. उँभो लाउनु वा सपार्नु । ३. अघि सार्नु; अग्रसर बनाउनु ।

**सर्कार–** ना० [फा० सरकार] सरकार । – **वादी–** वि० सरकारवादी । > **सर्कारिया–** वि० सरकारिया । **सर्कारी–** वि० सरकारी ।

**सर्किनी–** ना० [सार्की+इनी] १. सार्की जातिकी स्त्री । २. सार्कीकी पत्नी ।

**सर्केना–** ना० [सार्की+एना] १. सर्किनीको मानबोधक शब्द । २. सर्किनी ।

**सर्केनी–** ना० [सार्की+एनी] सर्किनी ।

**सर्को–** ना० [सं० सर] १. चुरोट, तमाखु आदि धूवाँ आउने पदार्थको एकपल्टको तनाइ; एक पटकको धूमपान; धूवाँतनाइको एक खेप । २. एकपटक पिङ खेल्ने वा मच्चाउने काम; पिङको एकपटकको मच्चाइ वा खेलाइ ।

**सर्ग–** ना० [सं०] १. कुनै विषयसँग सम्बद्ध ग्रन्थको अध्याय; परिच्छेद । २. सृष्टि; सृजना । ३. रचना; निर्माण । ४. स्वभाव; प्रवृत्ति । ५. निश्चय; निधो; सङ्कल्प ।

**सर्जन१–** ना० [सं०] १. रचना; निर्माण । २. सृष्टि; सृजन । ३. त्याग्ने काम; छोडाइ ।

**सर्जन२–** ना० [अङ्०] चिरफार गर्ने डाक्टर; शल्यचिकित्सक ।

**सर्जाम–** ना० [फा० सर+अन्जाम] १. कुनै कामका निम्ति तयार गरिएको सामग्री; सरसमान; सर्दाम । २. हतियार वा सामान; उपकरण ।

**सर्जिकल वार्ड–** ना० [अङ्०] शल्यक्रियाविभाग ।

**सर्टह्यान्ड–** ना० [अङ्० शर्टह्यान्ड] सङ्केतलिपि ।

**सर्त–** ना० [अ० शर्त] १. कुनै काम, सम्झौता वा सन्धि गर्दा परस्परमा पालन गरिने निर्दिष्ट कुरा; प्रतिज्ञा; कबुल । २. हारजित हुने कुरामा बाजी थाप्ने काम; बाजी; होड । – **नामा–** ना० सर्तका कुरा लेखिएको कागत; प्रतिज्ञापत्र । – **बन्दी–** ना० कुनै काममा आवश्यक कबुल मन्जुर गर्ने वा गराउने काम । ~ **बन्देज–** ना० सर्तबन्दी ।

**सर्दाम–** ना०हे० सर्जम ।

**सर्दार–** ना० [फा० सरदार] सरदार । > **सर्दारी–** ना० सरदारी ।

**सर्दी–** ना० [फा०] १. चिसोपन । २. जाडो; ठन्डी । ३. रुघा ।

**सर्दु–** ना० घरेलु तानमा बुनेको एक प्रकारको मोटो खाँडी ।

**सर्दो–** वि० [सर्+दो] आफूलाई मिल्दो हुने खालको; सजिलो वा पाइक पर्ने; अनुकूल ।

**सर्धाइँ–** ना० [सं० श्रद्धा+आइँ] १. कुनै कामकुरो वा वस्तुप्रतिको चाख; कुनै कुराप्रतिको अभिरुचि; चाहना; चाह । २. कुनै कुरो खाने इच्छा; तृष्णा; तिर्सना ।

**सर्प–** ना० [सं०] घस्रेर हिँड्ने लामो, विषालु कीरो; साँप; लाम्कीरो । – **गन्धा–** ना० चाँदमरुवा । – **को मकै–** ना० कर्कलाको जस्तो डाँठ हुने, घोगाका आकारको फल लाग्ने र सेतो, डल्लो कन्द हुने, आयुर्वेदका अनुसार कफनाशक र पित्त बढाउने गुण भएको एक जातको बुटी; वज्रकन्द; एक जातको ओल ।

**सर्पट१–** ना० [सं० सरट] अगाडिका दुवै खुट्टा एकसाथ फालेर वेगसित दुगुर्ने घोडाको एक चाल ।

**सर्पट२–** ना० जन्जिरबाट नापी गरिने जग्गा । ~ **कटान–** ना० साँधसिमाना छुट्याउने वा कित्ताफोड गर्ने काम । ~ **नापी–** ना० जन्जिरद्वारा गरिने जग्गाको नापी ।

**सर्पयज्ञ/सर्पयाग–** ना० [सं०] सर्पहरूको नाश गर्नाका निम्ति परीक्षित्का छोरा जनमेजयले गरेको महाभारतपुराणप्रसिद्ध एक यज्ञ; नागयज्ञ ।

**सर्पविद्या–** ना० [सं०] १. सर्पलाई लट्ट्याउने, समात्ने वा वशमा पार्ने विद्या । २. सर्पका विषयमा सबै कुरा लेखिएको शास्त्र; सर्पसम्बन्धी विद्या; गारुडी विद्या ।

**सर्बत–** ना० [अ० शरबत] १. सक्खर वा चिनी र मरीच, सुकुमेल आदि मिलाई तयार पारिएको पानी । २. फलफूलका रसमा चिनी आदि हाली पकाइएको पेय पदार्थ ।

**सर्भे–** ना० [अङ्०] १. जग्गाजमिनको नापी तथा भौगोलिक वा भौगर्भिक विशेषताको निरूपण गर्ने काम; कुनै जमिनको टुक्राको परिमाण आदि पत्ता लगाउन गरिने नापजाँच । २. कुनै स्थान वा विषयमाथि सामान्य दृष्टि दिने, विचारविमर्श गर्ने वा त्यसको व्याख्या गर्ने काम ।

**सर्म–** ना० [फा० शर्म] सरम; लाज ।

**सर्माइ–** ना० [√ **सर्माउ** (+आइ)] सर्माउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सर्माइनु–** अ० क्रि० सर्माउने काम हुनु; सरम मानिनु । **सर्माउनु–** अ० क्रि० सरममा पर्नु; लाज मान्नु; सङ्कोच मान्नु; लजाउनु । **सर्माहट–** ना० सर्माउने भाव, स्थिति, क्रिया वा प्रक्रिया । **सर्मालु–** वि० सरम मान्ने; लज्जाशील; लजालु ।

**सऱ्याइ–** ना० [√ **सऱ्याउ** (+आइ)] सऱ्याउने भाव, क्रिया वा

प्रक्रिया । [ > ] **सऱ्याइनु–** क० क्रि० सऱ्याउने काम गरिनु ।

**सऱ्याउनु–** स० क्रि० [सर्+याउ+नु] १. तह, खात वा सर झिक्नु । २. मकैका घोगाको बाहिरी खोस्टो निकाल्नु ।

**सर्र–** क्रि० वि० [अ० मू० सर्+र] १. एकाएक शीतल तथा आनन्ददायक हावा चलेर । २. राम्ररी पिङ मच्चिने किसिमले । ३. कुनै पनि काम विनारोकटोक सजिलैसित हुने गरी । ~**सर्र–** क्रि० वि० लगातार सर्र हुने गरी ।

**सर्लाही–** ना० नेपालको मध्यमाञ्चल विकासक्षेत्रभित्र पर्ने जनकपुर अञ्चलको तराई भागमा रहेको एक जिल्ला ।

**सर्व–** वि० [सं०] सबै; सम्पूर्ण; समस्त; जम्मै । – **जनीन–** वि० सबैको; सबैसित; सार्वजनिक ।

**सर्वजा–** ना० [सं० सर्वजया] हलेदाका जस्ता लामा र ठूला पात हुने, रातापहेँला, छिरबिरे रङका फूल फुल्ने कोसाभित्र रामतोरियाँका जस्ता काला फल फल्ने एक जातको सानो कमलो बोट; त्यसैको फूल ।

**सर्वजात–** ना० [सं०] सबै जात; विभिन्न जाति ।

**सर्वजित्–** वि० [सं०] सबैलाई जित्ने वा जित्न सक्ने; सबैमाथि विजय हासिल गर्ने ।

**सर्वज्ञ–** वि० [सं०] १. सबै कुरा जान्ने । ना० २. ईश्वर । ३. बुद्ध । – **ता–** ना० सर्वज्ञ हुनाको भाव वा स्थिति ।

**सर्वतः–** क्रि० वि० [सं०] १. सबैतिर; जताततै; वरिपरि । २. अनेक प्रकारले; धेरै किसिमले । ३. पूर्णत; पूर्ण रूपले ।

**सर्वतन्त्र–** ना० [सं०] १. सबै किसिमका तन्त्र; सबै तन्त्रविद्या । २. सम्पूर्ण शास्त्र वा तन्त्रको अध्ययन गर्ने व्यक्ति । वि० ३. सबै जनता वा शास्त्रले मानेको ।

**सर्वतोभद्र–** वि० [सं०] १. सबैको सबै प्रकारले कल्याण गर्ने । २. जुँगा, दाह्री, कपाल सबै खौरेको । ना० ३. देवतालाई राखिने वा पूजा गरिने ठाउँमा कपडामा वा जमिनमा विभिन्न रङ भएका वस्तुद्वारा कोठाकोठा पारी लेखिने र पूजा गरिने एक यन्त्र ।

**सर्वतोभावेन–** क्रि० वि० [सं०] १. हरप्रकारले; सबै तरहले । २. उचित तवरले; ठीकसित ।

**सर्वतोमुख–** वि० [सं०] १. सबैतिर मुख भएको; चारैतिर मुख फर्केको । २. सबै किसिमका विषय वा समस्यामा विचार व्यक्त गर्न सक्ने; सबै विषयको ज्ञान वा प्रतिभा भएको । > **सर्वतोमुखी–** वि० सबैतिर गति भएको; कुनै कुरामा पनि पछि नपर्ने; सर्वतोमुख ।

**सर्वत्र–** क्रि० वि० [सं०] सबै ठाउँमा; सबैतिर; जहाँतहीँ ।

**सर्वथा–** क्रि० वि० [सं०] १. सबै प्रकारले; सबै किसिमबाट । २. जसरी भए पनि ।

**सर्वदल–** ना० [सं०] १. राजनीति वा अन्य विषयसँग सम्बद्ध विभिन्न किसिमका विचारधारा राख्ने व्यक्तिहरूको जमात वा दल । २. कुनै विषयमा विचारविमर्श गर्न भेला भएका सबै दल वा जमात । > **सर्वदलीय–** वि० १. सबै दल वा संस्थाको; सबै दल वा संस्थासँग सम्बन्धित । २. सबै दल मिलेर बनेको वा गरेको (सरकार, शासन आदि) ।

**सर्वदर्शिता–** ना० [सं०] सर्वदर्शी हुनाको भाव वा स्थिति ।

**सर्वदर्शी–** वि० [सं०] १. सबै कुरा देख्ने वा देखेको; सर्वत्र दृष्टि पुऱ्याउने । २. सबै विषय वा वस्तुको ज्ञान भएको । ३. ईश्वर; परमात्मा ।

**सर्वदा–** क्रि० वि० [सं०] १. हरबखत; सधैँ । ना० २. अदुवाको जस्तो बोट हुने, रातो वा पहेँलो रङको फूल फुल्ने एक जातको रूख वा त्यसैको फूल ।

**सर्वनाम–** ना० [सं०] १. व्याकरणका अनुसार नाम प्रयुक्त हुने पदका सट्टामा आउने शब्द (त्यो, तिनी, उहाँ आदि) । २. सबै नाम वा सबैको नाम ।

**सर्वनाश–** ना० [सं०] भएभरका व्यक्ति वा वस्तुको नाश; सखाप हुने काम वा स्थिति; बरबादी; सत्यानाश । > **सर्वनाशक–** वि० सर्वनाश गर्ने; बरबाद गर्ने; सत्यानाशी ।

**सर्वप्रथम–** क्रि० वि० [सं०] १. सबैभन्दा पहिले; सबभन्दा अगाडि । वि० २. सबैभन्दा पहिले भएको; सबैमा पहिलो ।

**सर्वप्रिय–** वि० [सं०] सबैलाई प्यारो लागेको; सबैको प्यारो; लोकप्रिय । – **ता–** ना० सर्वप्रिय हुनाको भाव वा स्थिति; लोकप्रियता ।

**सर्वभक्षी–** वि० [सं०] १. भोज्य र अभोज्य विचार नगरीकन सबै कुरा खाने; भोज्याभोज्यको विचार नभएको । ना० २. अग्नि; आगो ।

**सर्वभोगी–** वि० [सं०] १. असल खराब सबै वस्तुको उपभोग गर्ने । २. खान हुने, खान नहुने सबै कुरा खाने; सर्वभक्षी ।

**सर्वमङ्गला–** वि० [सं०] १. सबैको कल्याण गर्ने (स्त्री); मङ्गलकारिणी । ना० २. दुर्गा । ३. लक्ष्मी ।

**सर्वमान्य–** वि० [सं०] १. सबैले मानेको; सबैद्वारा सम्मानित । २. सबैले मान्नुपर्ने; सबैलाई मान्य हुने; सबैले मान्न योग्य ।

**सर्वरकम–** ना० [सं० सर्व+ अ० रकम] सबै किसिमको धन-सम्पत्ति; सबै रकम ।

**सर्वव्यापक**/**सर्वव्यापी–** वि० [सं०] १. सबै ठाउँमा फैलिएको; सबै ठाउँमा व्याप्त भएर रहेको । २. सबैलाई ढाकेर रहेको । ना० ३. ईश्वर; परमात्मा ।

**सर्वशक्तिमान्–** वि० [सं०] १. सबै कामकुरा गर्ने शक्ति भएको; सबै किसिमका शक्तिले युक्त भएको । ना० २. ईश्वर; देवता ।

**सर्वश्री–** ना० [सं०] धेरै मानिसका नामको उल्लेख गर्दा सबैका नामका अगाडि 'श्री' नलेखी सामूहिक रूपमा आदर जनाउन सबैभन्दा पहिले आएको नामको अगिल्तिर मात्र लगाइने आदरसूचक शब्द; श्रीमन्त ।

**सर्वश्रेष्ठ–** वि० [सं०] सबैभन्दा श्रेष्ठ; उच्च; सर्वोत्तम; सबैभन्दा ठूलो; उम्दा । – **ता–** ना० सर्वश्रेष्ठ हुनाको भाव वा अवस्था ।

**सर्वसंहार–** ना० [सं०] सर्वनाश; सत्यानाश; सबथोक स्वाहा । > **सर्वसंहारक–** वि० सर्वसंहारी; सर्वनाशी । **सर्वसंहारी–** वि० सर्वसंहार गर्ने; सर्वनाशी ।

**सर्वसत्ता–** ना० [सं०] कुनै काम वा विषयसँग सम्बन्धित सबै किसिमको अधिकार; सम्पूर्ण अधिकारयुक्त सत्ता । ~ **सम्पन्न–** वि० कुनै काम वा विषयसँग सम्बन्धित सबै अधिकारले युक्त; सम्पूर्ण अधिकार भएको ।

**सर्वसम्मत–** वि० [सं०] उपस्थित वा सम्बन्धित सबै व्यक्तिहरूको सहमति वा स्वीकृति भएको; सबैको सम्मति पाएको; सबैले मानेको । > **सर्वसम्मति–** ना० उपस्थित वा सम्बन्धित सबैको सहमति वा रायसल्लाह ।

**सर्वसाक्षी–** ना० [सं०] १. संसारमा हुने सबै कामकुरा देख्ने ईश्वर; सर्वद्रष्टा परमेश्वर । वि० २. सबै कुरा देख्नेसुन्ने; सबै कुराको साक्षी भएको ।

**सर्वसाधारण–** ना० [सं०] १. सबै प्रकार वा स्तरका मानिसको जमात; अधिकांश सामान्य जनता । वि० २. सामान्य रूपको; साधारण खालको; मामुली ।

**सर्वस्व–** ना० [सं०] १. भएभरको पूरै सम्पत्ति; सारा सम्पत्ति; जिलीगाँठी । २. कुनै ठूलो अभियोगमा कानुनअनुसार आफ्नो भएभरको सम्पत्ति अपहरण हुने वा गुम्ने अवस्था (जस्तो– सर्वस्व हुनु, सर्वस्व लिइनु आदि) । ~ **हरण–** ना० भएभरको पूरै सम्पत्ति हर्ने काम; सिरीखुरीहरण ।

**सर्वहारा–** ना० [सं० सर्वहार+आ] सबै कुरा हराएको वा गुमेको वर्ग; केही नभएको विपन्न वर्ग; निम्न तहको श्रमिक वर्ग । ~ **अधिनायकत्व–** ना० देश वा समाजका धनी वर्गको हातबाट शासनसत्ता खोसेर सर्वसाधारण श्रमिकहरूले शासनको सर्वाधिकार आफ्नो हातमा लिने काम वा प्रक्रिया । **– वाद–** ना० सर्वहारावर्गको अधिनायकत्वका निम्ति प्रयत्नशील रहने र त्यसकै उद्देश्यमा विश्वास राख्ने वाद; मार्क्सवाद । **– वादी–** वि० १. सर्वहारावादमा विश्वास राख्ने; सर्वहारावादको अनुयायी । २. सर्वहारावादसम्बन्धी; मार्क्सवादी ।

**सर्वाङ्ग–** ना० [सं०] १. शरीरका सम्पूर्ण अङ्गप्रत्यङ्ग; देहका सबै अङ्ग । २. सम्पूर्ण शरीर; सारा देह । वि० ३. सग्लो सिङ्गो । ~ **पूर्ण–** वि० १. सबै अङ्गप्रत्यङ्गले युक्त; अङ्गहरू भएको; अविकलाङ्ग । २. अङ्गविन्यासमा आवश्यक सबै कुराले परिपूर्ण; जीउडाल, रूप सबैमा राम्रो । ~ **सुन्दर–** वि० सबै अङ्गप्रत्यङ्ग सुन्दर भएको; सम्पूर्ण अवयव राम्ररी मिलेको । > **सर्वाङ्गीण–** वि० १. सबै अङ्गको; सबै अङ्गमा व्याप्त वा पूर्ण; सबै अङ्गले युक्त । २. सम्पूर्ण पक्षसित सम्बन्धित; चौतर्फी (विकास, उन्नति आदि) ।

**सर्वाधिकरणाधिकृत–** ना० [सं०] लिच्छविकालीन सबै अड्डाको मुख्य हाकिम ।

**सर्वाधिकार–** ना० [सं०] सम्बन्धित क्षेत्रको सबै कामकुरो गर्ने अधिकार; सबै किसिमको अख्तियार; सम्पूर्ण अधिकार । ~ **सम्पन्न–** वि० सबै प्रकारका अधिकारले युक्त; सबै प्रकारको अधिकारप्राप्त । > **सर्वाधिकारी–** ना० सबै किसिमका अधिकारले युक्त व्यक्ति; सबै अधिकार पाएको व्यक्ति वा अधिकारी ।

**सर्वास्तिवाद–** ना० [सं०] कुनै वस्तु पनि असत् नभई सम्पूर्ण वस्तुको स्वत्व र अस्तित्व छ भन्ने एक दार्शनिक सिद्धान्त; बौद्ध धर्मको एक भेद । > **सर्वास्तिवादी–** वि० सर्वास्तिवादमा विश्वास गर्ने; सर्वास्तिवादको अनुयायी ।

**सर्वे–** ना० [सं०] हे० सर्भे । > **सर्वेक्षक–** ना० सर्वेक्षण गर्ने व्यक्ति वा अधिकारी । **सर्वेक्षण–** ना० १. कुनै विषयको तथ्यपूर्ण जानकारीका लागि गरिने आधिकारिक निरीक्षण (जस्तो– भूसर्वेक्षण; वनसर्वेक्षण आदि) । २. कुनै विषयमा ध्यानपूर्वक गरिने विवेचना । ३. कुनै कुराका समसामयिक गतिविधि, प्रयोग र प्रवृत्तिसम्बन्धी अध्ययनका लागि सम्बन्धित क्षेत्रमा गई वा अध्ययनका विभिन्न साधनको उपयोग गरी तथ्य वा तथ्याङ्कहरूको सङ्कलन गरिने अनुसन्धानको विधि वा प्रक्रिया ।

**सर्वेश/सर्वेश्वर–** ना० [सं०] सबैको भलो गर्ने ईश्वर; सबैका स्वामी ।

**सर्वेसर्वा–** वि० [सं०] कुनै विषय वा कामकुरासित सम्बन्धित सबै किसिमको सर्वोच्च अधिकार पाएको; सर्वाधिकारसम्पन्न ।

**सर्वोच्च–** वि० [सं०] १. सबैभन्दा उच्च वा अग्लो । २. सबैभन्दा माथिल्लो तहको; सर्वश्रेष्ठ । ~ **अदालत–** ना० देशभित्रका मुद्दामामिलाको इन्साफ गर्ने र तल्लो तहका अदालतले गरेका न्यायिक निर्णयहरूका सम्बन्धमा आवश्यकतानुसार पुनर्विचार गर्ने सर्वोच्च न्यायिक संस्था । ~ **सत्ता–** ना० कुनै पनि देशको शासनपद्धतिको वास्तविक अधिकार; वास्तविक प्रभुसत्ता । ~ **समादेश–** ना० राष्ट्रका सर्वोच्च व्यक्तिबाट दिइएको आदेश ।

**सर्वोत्कृष्ट–** वि० [सं०] सबैभन्दा उत्कृष्ट; सबभन्दा असल; सर्वश्रेष्ठ ।

**सर्वोत्तम–** वि० [सं०] सबैभन्दा उत्तम; सबैमा उम्दा; सर्वोत्कृष्ट ।

**सर्वोपरि–** क्रि० वि० [सं०] सबैभन्दा माथिको; सबैभन्दा बढी । **– ता–** ना० सर्वोपरि हुनाको भाव वा स्थिति; सर्वोत्कृष्टता ।

**सर्वौषधि–** ना० [सं०] दस प्रकारका औषधीहरूको समूह (कूट, जटामसी, हलेदो, बोझो, शिलाजित, श्रीखण्डचन्दन, रक्तचन्दन, कपूर, मोथे र नरिवल) ।

**सर्सराइ–** ना० [√ **सर्सराउ** (+आइ)] सर्सराउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सर्सराइनु–** अ० क्रि० सर्सर आवाज आइनु ।

**सर्सराउ-नु–** अ० क्रि० [सरसर+आउ+नु] हावा आदि चल्दा सरसर शब्द गर्नु; सऱ्याकसुरुक गर्नु; सरसराउनु ।

**सर्सिउँ/सर्स्युँ–** ना० [सं० सर्षप] तोरीका भन्दा केही ठूला पात, पहेँला फूल र तोरीका जस्ता कोसा हुने, दाना पेलेर तेल निकालिने एक जातको बोट; ठूलो किसिमको तोरी ।

**सल–** ना० [सं० सर] १. गारो, पर्खाल आदि लगाउँदा राखिने इँट

\1saroj\Sabdkosh\Dict'sa'.p65



वा ढुङ्गाको तह । २. दाउराको खलियोको चाङ । ३. तह; खात ।

**सलकी–** वि० [सं० शलाका] चारै पाटा मिलेको; राम्रो ।

**सलक्क–** क्रि० वि० [अ० मू० सलक्+क] १. मुखमा हालेको कुरो नचपाईकन एकै चोटि सजिलैसित निलेझैँ गरी । २. पुष्ट शरीर भई राम्रो देखिने किसिमले । ३. लहलहाएर बढ्ने चालमा; सल्काइलो भएर ।

**सलगम/सलेगम–** ना० [फा० शलगम] गाजर वा मूलाजस्तै गरी जमिनभित्र फल्ने, तरकारी खाइने एक प्रकारको डल्लो कन्द; गान्टेमूला ।

**सलज्ज–** वि० [सं०] लाज भएको; लज्जायुक्त; लज्जालु ।

**सलतनत–** ना० [अ० सल्तनत] १. कुनै राजा वा शासकद्वारा शासित देश; राज्य; मुलुक । २. कुनै राजा वा शासकको राज्यसञ्चालन गर्ने अधिकार । ३. शासनप्रबन्ध । ४. सम्झौता; सुलह ।

**सलबल–** क्रि० वि० [सं० सल+बल] १. सर्प, गँडचौला, माछा, कीरा आदि चल्ने वा चलमलाउने गरी; सिलिङबिलिङ भएर । २. चुलबुले तालमा यताउति गर्दै; चलबल; चलमल । वि० ३. सलबलाउँदो । > **सलबलाइनु–** अ० क्रि० सलबल गरिनु । **सलबलाउँदो–** वि० १. सलबल गर्ने; सलबले । २. सलबल परेको; लदबदो (अचार, तरकारी आदि)। **सलबलाउनु–** अ० क्रि० सर्प, गँडचौला, माछा आदि बिस्तारै चल्नु; सिलिङबिलिङ गर्नु; चलमलाउनु । **सलबलिनु–** अ० क्रि० सलबलाउनु । **सलबले–** वि० १. सलबल गर्ने बानी भएको; सलबलाउने ।२. सलबलाउँदो । **सलबल्याहट–** ना० सलबल गर्ने भाव, स्थिति, क्रिया वा प्रक्रिया ।

**सलमा–** ना० [अ० सलम] कपडा आदिमा किसिमकिसिमका बुट्टा आदि भर्ने काममा प्रयोग गरिने, सुनचाँदीबाट बनाइएको मसिनु बेरुवा तार ।

**सलवार–** ना० [फा० शलवार] मोहोतो र जाड ठूलो भएको महिलाहरूले लगाउने एक किसिमको सुरुवाल ।

**सलसल–** क्रि० वि० [अ० मू० सल+अ (द्वि०)] १. नचपाईकन धमाधम निल्ने गरी । २. सलसलाउँदो ढङ्गले सप्रेर वा लहलहाउँदो जस्तो भएर । ३. पानी वा लेदो वस्तु बगेजस्तै गरी; सुलसुल । > **सलसलती–** क्रि० वि० अझै सलसल हुने गरी । **सलसलाइ–** ना० सलसलाउने भाव, क्रिया वा प्रक्रिया । **सलसलाइनु–** अ० क्रि० सलसल होइनु; सलबलाइनु । **सलसलाउँदो–** वि० १. सप्रेर रहरलाग्दो भएको; सलक्क परेको । २. हलक्क बढेको वा लहलहाउँदो । ३. देख्दा राम्रो र नरम; सलसल गर्दो (खानेकुरा, वस्तु आदि) । स्त्री० सलसलाउँदी । **सलसलाउनु–** अ०क्रि० सप्रेर हलक्क बढ्नु; लहलहाउनु; सलक्क परेको हुनु । **सलसली–** क्रि० वि० सलसल ।

**सलह–** ना० [सं० शलभ] धान आदिको बाली विनाश गर्ने एक जातको पतङ्ग; बालीनाली, बोटबिरुवाको पातैसमेत खाएर नाङ्गो पार्ने फटचाङ्ग्रोजस्तो उड्वा कीरो । **– को बथान–** ना० १. सलहको बगाल । वि० २. अनगन्ती ।

**सलाई–** ना० [सं० शलाका] १. बट्टाको बाहिर चौडाइका दुईतर्फ टाँसिएको कागतजस्तो पदार्थमा घोट्दा बल्ने, रासायनिक पदार्थ लागेको काठको मसिनु टुक्रो; घोटेर आगो पार्ने, टुप्पामा मसला लागेको काठको छेस्को; दियासलाई । २. औषधी, सुर्मा आदि लाउन बनाइएको एक किसिमको सुइरो; शलाका ।

**सलाद–** ना० [अङ्० स्यालाड] १. केरा, सुन्तला आदि फल र अन्य प्रकारका कन्द, मीठा मसलालाई दही आदिमा मिलाई वा नुन, खोर्सानी, अमिलो आदिसँग मिसाएर खाइने पदार्थ । २. काँचै खाइने एक प्रकारको कन्दको पात ।

**सलाम–** ना० [अ०] १. आदरका निम्ति खुला दाहिने हत्केलो बाहिरपट्टि पर्ने गरी शिरमा राखी, औँलाले माथिल्लो निधार छोई गरिने फौजी ढाँचाको अभिवादन; प्रणाम; कुर्नेस । २. राणाकालमा अन्यायमा परेकाले बिन्तीपत्र दिई वा ठाडै प्रधानमन्त्रीछेउ न्याय माग्न कराउने प्रथा ।

**सलामी–** ना० [अ०] १. ठूला वा उच्च पदका व्यक्तिलाई तोप पड्काएर गरिने सम्मान । २. सैनिकहरूले प्रणाम गर्ने एक पद्धति । ३. बाजा बजाई विशेष किसिमले अभिवादन गर्ने प्रक्रिया । ४. उच्च व्यक्तिहरूलाई सलाम गर्दा चढाइने भेटी । ५. मुख्य शासकले वर्षको एक पटक नजरानाका रूपमा जागिरदार, ठेकदार आदिसँग कट्टा गरी लिने रकम । ६. ओरालो परेको ठाउँ; तेर्पे परेको जमिन ।

**सलिफा–** ना० [सं० श्रीफल] १. गिर्खागिर्खा परेको, हरियो बोक्रो हुने, भित्र काला, चिल्ला, लाम्चा बियाँ हुने एक प्रसिद्ध फल । २. आँट ।

**सलिल–** ना० [सं०] जल; पानी ।

**सलील–** वि० [सं०] १. लीला गर्ने; लीलारत; लीलायुक्त । २. क्रीडा गर्ने; क्रीडाशील; खेलबाडी ।

**सलेदो–** ना० [सुत्लो ?] बाल्नाका निम्ति टुकी, लालटेन आदि बत्तीका भाँडाभित्र हालिने सुत्लो; फित्ता ।

**सल्क–नु–** अ० क्रि० [अ० शोल ?] १. आगो, बत्ती आदि बल्न सुरु गर्नु । २. आगोको सानो बीउबाट बल्न सुरु गरेर एक ठाउँबाट अर्को ठाउँमा फैलनु । ३. एक ठाउँमा लागेको वा सुरु भएको रोग अर्को ठाउँमा पनि पुग्नु । ४. रिसले भित्रभित्रै चूर हुनु; मुरमुरिनु । > **सल्काइ–** ना० सल्कने तथा सल्काउने भाव, क्रिया वा प्रक्रिया । **सल्काइनु–** क० क्रि० १. आगो, बत्ती आदि बालिनु । २. रोग आदि सारिनु ।

**सल्काइलो–** वि० [सलक्क+आइलो] सलक्क परेको; सप्लाएको र मिलेको कदको ।

**सल्काउ–नु–** स० क्रि० [सल्क+आउ+नु] १. आगो बत्ती आदि बाल्नु; बल्ने बनाउनु । २. रोगहरू एक ठाउँबाट अर्को ठाउँमा

पुऱ्याउनु । ३. कसैलाई रिस उठ्ने बनाउनु ।

**सल्कि-नु–** अ० क्रि० [सल्क+इ+नु] १. सल्कनु । २. सरुवा रोग फैलिनु । ३. दन्किनु । >**सल्क्याइ–** ना० सल्किने भाव, क्रिया वा प्रक्रिया ।

**सल्याकसुलुक–** क्रि० वि० [सलक्क+सुलुक्क] १. मुखमा हालेको कुरो दाँतले नचपाईकन सुलुत्त निल्ने गरी; सलक्क । २. सलबल ।

**सल्याङबल्याङ–** क्रि० वि० [सलबल] १. सर्प, गँडचौला आदिको समूह चलमलाउने वा सलबलाउने गरी; सल्याङसुलुङ । २. उत्सुकता देखाउने वा तरखराउने गरेर । ३. धेरै कीरा एकैसाथ चल्ने-चल्मलाउने किसिमसित; स्याउँस्याउँ ।

**सल्याङसुलुङ–** क्रि० वि० [सल्याङबल्याङ] सलबल; सल्याकसुलुक ।

**सल्ल–** क्रि० वि० [अ० मू० सल्+ल] १. पानी आदि तरल पदार्थ राम्ररी बग्ने गरी । २. सर्प आदि उरग प्राणी दगुर्ने किसिमले ।

**सल्लाह–** ना० [अ० सलाह] १. कुनै कामकुरामा अर्कालाई दिइने वा अर्काबाट लिइने सुझाउ; सम्मति; परामर्श । २. मत; राय । ३. कसैलाई दिइने वा कसैबाट लिइने हितका कुरा; उपदेश; अर्ती । ४. मेल; मतो ।

**सल्लाहकार–** वि० [अ० सलाह + सं० कार] आवश्यकतानुसार सल्लाह दिने; परामर्शदाता । ~ **सभा–** ना० १. संसद्को चुनाव हुनुभन्दा अगाडि, आफूलाई प्राप्त अधिकारबमोजिम संसद्ले झैँ काम गर्न खडा गरिएको जनप्रतिनिधिहरूको सभा । २. कुनै विषयमा सल्लाह दिनाका निम्ति आमन्त्रित व्यक्तिहरूको सभा ।

**सल्ली–** ना० [सल्लो+ई] १. जोत्दा गोरुको काँधमा राखिने जुवा । वि० २. सल्लाको सोझी; सल्लोबराबरको (जस्तो– तीन सल्ली घाम) ।

**सल्लेझार–** ना० [सल्लो+ए+झार] सेता फूल र मसिना लाम्चा पात हुने गाईबस्तुलाई खुवाइने वा खुवाउन हुने एक जातको झार ।

**सल्लेनी–** ना० [सल्लो+एनी] १. काँक्राको बियाँजस्तो लाम्चो हुने एक जातको धान । २. सल्लाघारी; सल्लेरी ।

**सल्लेपिर/सल्लेबिर–** ना० [सं० सल्लकी+पर्ण] सल्लाको सुकेर झरेको पात ।

**सल्लेरी–** ना० [सल्लो+एरी] १. सल्लाका रूखहरू धेरै भएको वन; सल्लाघारी । २. सगरमाथा अञ्चलको पहाडी भागमा पर्ने एक बस्ती ।

**सल्लो–** ना० [सं० सल्लकी] झुप्पा परेको चमरको आकारको सिन्काजस्तो पात हुने, ठूलठूला खस्रा फल फल्ने, पहेँला फूल फुल्ने, खोटो निस्कने, चुरोलाई चिरेर दियालो बनाउन सकिने एक जातको अग्लो वृक्ष; एक जातको देवदारु ।

**सल्यान–** ना० नेपालको मध्य पश्चिमाञ्चल विकास-क्षेत्रअन्तर्गत राप्ती अञ्चलमा (दाङ जिल्लाको उत्तरतिर) रहेको, पहिलेको एक सामन्त राज्य र अहिलेको एक जिल्ला । >**सल्यानी–** वि० सल्यानमा हुने; सल्यानको; सल्यानसम्बन्धी ।

**सवर्गीय–** वि० [सं०] एउटै वर्गको; समान पेसाको ।

**सवर्ण–** वि० [सं०] १. एउटै वा समान जातको; एउटै वा समान वर्णको । २. एउटै वा समान रङको । ३. हिन्दूहरूका चार जातिभित्रको । ना० ४. व्याकरणमा उच्चारणका दृष्टिले एउटै स्थान र प्रयत्नका दृष्टिले आभ्यन्तर प्रयत्न हुने वर्ण (जस्तो– सं० कौल, फा० कौल) ।

**सवा–** ना० [सं० सपाद] १. कुनै सङ्ख्याको सिङ्गै र चतुर्थांशको परिमाण । वि० २. सिङ्गै र एक चतुर्थांश परिमाणको; चतुर्थांशसमेत गाभिएको सिङ्गो (सवा गज, सवा मिटर, सवा एक इ०) ।

**सवाइखर–** ना० [सं० सपाद+ईक्षण] आखीझ्याल ।

**सवाई–** ना० १. [सं० सपाद] १. कुनै सङ्ख्या वा वस्तुको चार खण्डको एक खण्ड; एक चतुर्थांश; चौथाइ । २. चरणमा प्रायः चौध अक्षर र बाह्रतेह्र अक्षरका पनि हुने एक नेपाली प्रसिद्ध लोकलय र त्यसै लयमा रचित गीत वा कविता ।

**सवार–** ना० [फा०] १. सवारीका लागि घोडामाथि चढ्ने व्यक्ति; घोडसवार; घोडचढी । २. बग्गी, घोडा आदि हाँक्ने व्यक्ति; सारथि ।

**सवारी–** ना० [फा०] १. घोडा, मोटर आदि यान वा वाहनमा बसेर कहीं जाने काम । २. कहीं जानाका लागि वाहनका रूपमा प्रयोग गरिने साधन; यान । ३. राजा वा प्रतिष्ठित व्यक्तिको कुनै यात्राका निम्ति प्रस्थान वा यात्राबाट हुने फिर्ती आगमन । ~ **कर–** ना० सवारीसाधनमाथि लगाइने कर; सवारीदस्तुर । ~ **चालक–** ना० सवारी चलाउने व्यक्ति (ड्राइभर, पाइलट आदि) । ~ **दर्ता–** ना० कुनै व्यक्ति वा संस्थाले प्रयोग गर्ने सवारीसाधनलाई सम्बन्धित कार्यालयमा दर्ता गराउने काम । ~ **दुर्घटना–** ना० सवारीसाधनमा उत्पन्न खराबीका कारणबाट पर्न सक्ने घटना (मोटर पल्टिनु वा जुध्नु, हवाईजहाज खस्नु, जहाज डुब्नु आदि) । ~ **साधन–** ना० सवारीका निम्ति प्रयोग गरिने साधन (घोडा, हात्ती, रेल, मोटर, हवाईजहाज, पानीजहाज आदि) । ~ **सुविधा–** ना० १. सवारीका निम्ति प्राप्त हुने घोडा, हात्ती, मोटर, रेल, आदिद्वारा आवागमन गर्न पाइने सुविधा । २. त्यस्तो सुविधाका निम्ति प्राप्त हुने रकम वा साधन ।

**सवाल–** ना० [फा०] १. कसैसँग कुनै कुरा सोधपुछ गर्ने काम; सोधाइ; प्रश्न । २. सजिलै समाधान गर्न नसकिने अप्ठ्यारो विषय; समस्या । ३. अड्डाअदालतको कार्य सुचारु रूपले सञ्चालन होस् भन्नाका लागि सम्बन्धित ऐनकानुनअन्तर्गत बनेको नियम । ~ **जबाफ–** ना० १. सवाल र जवाफ; प्रश्नोत्तर । २. तर्कवितर्क; वादविवाद । ३. घर, कोठा आदिका झ्यालढोकाहरू एकसँग अर्को मिल्ने गरी जोडा मिलाएर राख्ने वा हाल्ने काम ।

**सविकल्प–** वि० [सं०] १. एउटै मात्र नभएर विकल्प वा अर्को पक्ष पनि भएको । २. यही हो भनेर अठोट गर्न नसकिने; सन्दिग्ध ।

ना० ३. कुनै आलम्बनको सहायताबाट हुने समाधि । ४. वेदान्तमा ज्ञाता र ज्ञेयका अन्तरको ज्ञान ।

**सविता–** ना० [सं०] १. सूर्य; दिवाकर । २. पैदा गर्ने व्यक्ति; सृष्टिकर्ता; उत्पादक ।

**सविनय–** क्रि० वि० [सं०] १. नम्र बनेर; विनयका साथ; विनयपूर्वक । वि० २. नम्रता भएको; शिष्टता भएको; विनम्र; शिष्ट ।

**सविस्तार–** क्रि० वि० [सं०] कुनै कुरा नछोडीकन; विस्तारका साथ; खुलस्त हुने गरी ।

**सव्य–** वि० [सं०] १. दाहिने; दायाँ । २. अनुकूल; सर्दो । ३. देब्रे; बायाँ । ४. प्रतिकूल; उल्टो । ना० ५. दाहिने काँधमा राखिएको जनै फेरि बायाँ काँधमा सार्ने काम । ६. यज्ञोपवीत; जनै । ७. अङ्गिराका पुत्र मन्त्रद्रष्टा एक ऋषि । **– साची–** ना० १. दायाँबायाँ दुवै हातले हतियार चलाउन सक्ने व्यक्ति । २. पाँच पाण्डवमध्ये तेस्रा; अर्जुन ।

**सशक्त–** वि० [सं०] शक्तिले युक्त; शक्तिशाली । **– ता–** ना० सशक्त हुनाको भाव वा अवस्था; शक्तियुक्त स्थिति; शक्तिमत्ता ।

**सशङ्क–** वि० [सं०] १. शङ्का भएको; सन्देहयुक्त; सन्देहास्पद । २. सतर्क; सावधान ।

**सशस्त्र–** वि० [सं०] साथमा हातहतियार भएको; हतियारयुक्त । ~ **प्रहरी–** ना० शस्त्रयुक्त प्रहरी; हातहतियारले सुसज्जित प्रहरी । ~ **प्रहरी चौकी–** ना० शस्त्रयुक्त प्रहरी रहने चौकी ।

**ससल्काइ–** ना० [√ **ससल्काउ** (+आइ)] ससल्काउने क्रिया वा प्रक्रिया । [ > ] **ससल्काइनु–** अ० क्रि० ससल्काउने होइनु ।

**ससल्काउ-नु–** अ० क्रि० [ससल्को+आउ+नु] कुनै काम गर्न उत्सुकता वा चटरपटर देखाउने हुनु; तत्परिनु ।

**ससल्को–** ना० कुनै काम गर्न तरखराउने चासो; तत्परता ।

**ससानु/ससानो–** वि० [सानु+सानु/सानो+सानो] १. सानुसानु; सानोसानो; सानो खालको । २. केही वा थोरै सानो ।

**ससीम–** वि० [सं०] १. सीमा भएको; सीमित । २. साँधसिमाना छुट्टिएको; हदभित्रको (जग्गा आदि) ।

**ससुराल–** ना० [सं० श्वसुरालय] पत्नीको माइतघर; ससुराली । > **ससुराली–** ना० पत्नीका बाबुआमाको घर; पत्नीको माइती; ससुराको घर वा कुल; ससुराल ।

**ससुरो–** ना० [सं० श्वसुर] १. पत्नीका बाबु । २. पतिका बाबु । ३. श्वसुर; । आद० ससुरा ।

**सस्तो–** वि० [सं० शस्त] १. थोरै मोलमा पाइने; कम मूल्यको । २. चलनचल्तीको मोल वा निर्धारित मोलभन्दा कम मूल्यको । ३. कम महत्त्वको; सामान्य; साधारण; मामुली । ४. मनग्गे पाइने; छेलोखेलो भएको । ~ **बजार–** ना० विशेष चाडबाड, पर्व आदिमा जनसाधारणलाई सस्तो मोलमा खाद्यान्न तथा उपभोग्य समान उपलब्ध गराउने उद्देश्यले लागेको वा खुलेको बजार ।

**सस्त्रीक–** वि० [सं०] पत्नी भएको; पत्नीसहितको; सपत्नीक ।

**सस्मित–** वि० [सं०] १. मुसुक्क हाँसेको; मुस्कुराएको । क्रि० वि० २. मुसुक्क हाँसेर; मुस्कुराउँदै ।

**सस्य–** ना० [सं०] १. धान । २. बालीनाली ।

**सस्वर–** वि० [सं०] १. स्वर वा आवाज निकालिएको; भाका हालिएको । २. मुखले स्पष्ट उच्चारण गरिएको; बोलिएको । ~ **आवृत्ति–** ना० खास पद्यांश वा गद्यांशको भावानुकूल तथा हावभावपूर्ण आवृत्ति । ~ **पाठ–** ना० कुनै धार्मिक ग्रन्थ, गेयात्मक रचना आदिको अरूले सुन्ने किसिमले गरिने पाठ; सस्वर वाचन । ~ **वाचन–** ना० बोलेर पढ्ने प्रक्रिया; स्वर झिकेर पढ्ने काम ।

**सह-नु–** स० क्रि० [सह+नु] १. शारीरिक वा मानसिक पीडा वा कुनै प्रकारको आपत्ति खप्नु; सहन गर्नु । २. धैर्यधारण गर्नु; खामोस खानु ।

**सह१–** ना० [फा० शह] बुद्धिचालको खेलमा बादशाहलाई दिइने किस्त ।

**सह२–** ना० यो० [सं०] १. साथ; सित; सँग । २. सहित; समेत । ३. सँगसँगै; साथसाथै । ४. कुनै नामिक पदमा उपसर्गजस्तै भई लागेर कसैका साथमा रहने भन्ने अर्थ बुझाउने शब्द (जस्तै– सहगामी, सहचरी, सहजात आदि) । ५. थोरै वस्तुले धेरै काम दिने स्थिति वा प्रक्रिया; फारु; फारो । ६. छेलोखेलो हुने काम; पउल अवस्था । **– अभियुक्त–** वि० एकै कसूरमा मुख्य अभियुक्तका साथ फौजदारी अभियोग लागेको; सहअपराधी । **– अस्तित्व–** ना० व्यक्तिव्यक्ति वा राष्ट्रराष्ट्रमा परस्पर एकअर्काको हक, हित वा मानमर्यादाको ख्याल गर्दै शान्तिका साथ रहौँ र बाँचौँ भन्ने विचार; पञ्चशीलका पाँच सिद्धान्तमध्ये एक । **– उत्पादन–** ना० १. कुनै एउटा उद्योगबाट पैदा हुने मुख्य उत्पादनका साथ पैदा हुने अन्य उत्पादन । २. एउटा वस्तु उत्पादन गरिने क्षेत्रबाट अन्य वस्तु पनि उब्जाउने काम । **– कर्मी–** वि० साथमा रहेर काम गर्ने; सँगसँगै मिलेर काम गर्ने; समान व्यवसायमा काम गर्ने (व्यक्ति) । **– योद्धा–** वि० कुनै आन्दोलन वा युद्धमा सँगसँगै सङ्घर्ष वा युद्ध गर्ने ।

**सहकार–** ना० [सं०] १. दुई वा दुईभन्दा बढी व्यक्तिसँगै बसेर काम गर्ने वृत्ति वा क्रिया; पारस्परिक सहयोग वा सहायता । २. आँपको वृक्ष । **– पाक–** ना० आदिमा साधारण र अन्तमा मधुर हुने वा भएको काव्यरचना । > **सहकारिता–** ना० १. धेरै व्यक्ति एकसाथ मिलेर काम गर्ने भावना; सामूहिक रूपले काम गर्ने प्रवृत्ति । २. उपभोक्ता वा व्यवसायीहरू मिलेर सबैको हितका निम्ति कुनै माल बनाउने वा बिक्री गर्ने काम ।

**सहकारी–** वि० [सं०] १. एकसाथ मिलेर काम गर्ने; साथसाथै काम गर्ने । ना० २. सहयोगी; साथी । ३. सहायक व्यक्ति; मदतगार । ~ **गोदाम–** ना० सहकारी संस्थाको गोदाम वा मालसमान रहने घर । ~ **निरीक्षक–** ना० सहकारी संस्थामा काम गर्ने कर्मचारी । ~ **पसल–** ना० सहकारी संस्थाद्वारा सञ्चालित साझा पसल । ~ **ब्याङ्क–** ना० सहकारी कामविशेषमा

वा एकसाथ मिलीजुली काम गर्ने प्रवृत्तिलाई प्रोत्साहनस्वरूप सहायता दिन पुँजी उपलब्ध गराउने ब्याङ्क । ~ **संस्था/समिति–** ना० सामान्यतः किसान, मजदुर वा साना पुँजी भएका व्यवसायी वा उपभोक्ताहरूले साझा रूपमा मिलेर सबैको कल्याणका निम्ति उपभोग्य वस्तुको उत्पादन वा वितरण आदिको प्रबन्ध गर्ने र पुँजी तथा श्रमअनुसार मुनाफा बाँडिने एक संस्था ।

**सहकाल–** ना० [सं० सुकाल] जमिनबाट प्रशस्त उब्जा भएको वा भाउबेसाहा सस्तो भएको समय; सुभिक्ष ।

**सहकुलपति–** ना० [सं०] १. विश्वविद्यालय आदि संस्थामा कुलपतिभन्दा मनि र उपकुलपतिभन्दा माथि रहने एक पदाधिकारी । २. त्रिभुवन विश्वविद्यालयमा शिक्षामन्त्री वा शिक्षा राज्यमन्त्रीका हैसियतले पदेन रहने उक्त पद ।

**सहगमन–** ना० [सं०] १. कसैका साथमा जाने क्रिया; सँगसँगै जाने काम । २. पत्नीले मृत पतिका साथ जल्ने पुरानो रीति; सती जाने काम ।

**सहगान–** ना० [सं०] धेरै जना मिलेर सँगसँगै गाउने काम वा त्यसरी एकैसाथ गाइने गीत; समूहगान ।

**सहगामिनी–** ना० [सं०] १. मृत पतिका साथ सँगै चितामा जल्ने स्त्री; सती जाने स्त्री । २. भार्या; पत्नी । ३. सहेली; सँगिनी ।

**सहगामी–** ना० [सं०] १. सँगसँगै जाने; साथमा जाने; साथ लाग्ने । २. साथी; दौँतर ।

**सहचर–** वि० [सं०] १. साथसाथै हिँड्ने; सहगामी । २. साथी; सँगी । ३. सेवक । > **सहचरी–** ना० १. सहचरको स्त्रीरूप । २. साथमा रहने स्त्री; सँगिनी; सखी । ३. भार्या; पत्नी । **सहचारिणी–** ना० सहचरी ।

**सहचारिता/सहचारित्व–** ना० [सं०] सहचारी हुनाको भाव, गुण वा अवस्था ।

**सहचारी–** वि० [सं०] १. सहचर । २. कुनै राजदूत वा विशिष्ट राजपुरुषका साथ रही काम गर्ने अधिकारी (जस्तो– सांस्कृतिक सहचारी, सैनिक सहचारी आदि) ।

**सहचालक–** ना० [सं०] हवाईजहाज आदि सवारी साधनमा मुख्य चालकको सहयोगी भई काम गर्ने व्यक्ति; मुख्य चालकको सहयोगी चालक ।

**सहज–** वि० [सं०] १. एकैसाथ जन्मेको; एकै समयमा जन्मेको; जुम्ल्याहा । २. आफैँ भएको; प्राकृतिक; स्वाभाविक । ३. साधारण; सामान्य; प्राकृत । ४. सुगम; सरल । ना० ५. सहोदर दाजुभाइ । ६. स्वभाव; प्रकृति । ~ **ज्ञान–** ना० प्राणी वा जीवजन्तुमा जन्मदेखि उत्पन्न भएको कुनै काम गर्नु हुन्छ वा हुँदैन भन्ने प्रकृतिप्रदत्त ज्ञान; स्वाभाविक ज्ञान; सहजबुद्धि । **– ता–** ना० सहज हुनाको भाव, गुण वा अवस्था । ~ **ध्यान–** ना० सहज ज्ञान वा समाधि । ~ **बुद्धि–** ना० जीव वा प्राणीमा रहने जन्मजात बुद्धि वा समझ; सहज ज्ञान । ~ **समाधि–** ना० १. गुरुबाट पाएको आसन, मुद्रा आदिको प्रयोग नगरीकनै गर्न सकिने समाधि । २. बौद्ध तान्त्रिक तथा हठयोगीका अनुसार सम्पूर्ण बाह्य आडम्बरबाट रहित भएर सरलतापूर्वक जीवनयापन गर्ने प्रक्रिया ।

**सहजाइ–** ना० [√ **सहजाउ** (+आइ)] सहजाउने भाव, क्रिया वा प्रक्रिया । > **सहजाइनु–** अ०क्रि० बरालिनु ।

**सहजाउ–नु–** अ० क्रि० [सहजि+आउ+नु] १. राम्रो मान्नु; रुचाउनु । २. सहजिनु ।

**सहजात–** वि० [सं०] सहज ।

**सहजानुभूति–** ना० [सं०] सहज रूपमा उत्पन्न हुने अनुभूति; प्रातिभज्ञान ।

**सहजि–नु–** अ० क्रि० [सं० सहज+नु] १. जिम्मेवारीको कुनै काम नगरी अल्लारिएर यताउति हिँड्नु; बरालिनु । २. उच्छृङ्खल हुनु; उद्दण्ड बन्नु ।

**सहटाइ–** ना० [√ **सहटाउ** (+आइ)] सहटाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सहटाइनु–** क० क्रि० सहटिने होइनु ।

**सहटाउनु–** अ० क्रि० [सहटि+आउ+नु] सहटिनु; ससल्काउनु ।

**सहटिनु–** अ० क्रि० [सं० सल्] कसैले बोलाए पनि नबोलाए पनि वा भने पनि नभने पनि काम गर्न अगि सर्नु; ससल्किनु; सहटाउनु । > **सहटचाइ–** ना० सहटिने भाव, क्रिया वा प्रक्रिया ।

**सहता/सहत्व–** ना० [सं०] सह वा साथ हुनाको भाव वा अवस्था ।

**सहदेव–** ना० [सं०] १. पाँच पाण्डवमध्ये कान्छो भाइ; माद्रीको कान्छो छोरो । २. एक प्रकारको प्रसिद्ध बुटी । > **सहदेवा–** ना० बेथेकाजस्ता पात, पहेँला फूल हुने एक जातको बुटी । **सहदेवी–** ना० सहदेवा बुटीको एक भेद; पीतपुष्पी । (सहदेवा र सहदेवी बुटीका टुप्पा स्वतः आई जोडिएर बस्छन् भन्ने कथन छ) ।

**सहधर्मिणी–** ना० [सं०] भार्या; पत्नी ।

**सहधर्मी–** वि० [सं०] १. एउटै धर्ममा विश्वास गर्ने; एउटै धर्म मान्ने; एउटै धर्मको अनुयायी । २. समान गुण, धर्म वा स्वभावको । ना० ३. पति; लोग्ने ।

**सहन–** ना० [सं०] १. सहने भाव वा क्रिया । २. क्षमा । वि० ३. सहेर बस्न सक्ने; सहिष्णु । **– शील–** वि० १. सहन सक्ने स्वभावको; सहिष्णु । २. क्षमाशील । ३. विपत्ति आदिमा धैर्य धारण गर्ने; धैर्यशाली । **–शीलता–** ना० सहनशील हुनाको भाव, गुण वा अवस्था; सहिष्णुता ।

**सहनायक–** ना० [सं०] नाटक, चलचित्र, उपन्यास,काव्य आदिमा नायकको जस्तै प्रमुख भूमिका भएको पात्र; नायकको प्रमुख सहयोगी । > **सहनायिका–** ना० काव्य, नाटक, चलचित्र, उपन्यास आदिमा नायिकाको जस्तै भूमिका भएकी स्त्री पात्र; नायिकाको प्रमुख सहयोगी स्त्रीपात्र ।

**सहनीय–** वि० [सं०] सहन उचित वा योग्य; सहन सकिने; सह्य ।

**सहपथिक–** वि० [सं०] १. बाटोमा सँगसँगै हिँड्ने । २. एउटै बाटामा हिँड्ने ।

**सहप्रतिवादी–** ना० [सं०] कुनै मुद्दामामिलामा मुख्य प्रतिवादीसँगै प्रतिवादीका रूपमा देखिएको गौण प्रतिवादी ।

**सहप्रशासक**– ना० [सं०] संस्थान आदि अर्धसरकारी वा स्वायत्त संस्थामा उपप्रशासकभन्दा माथिल्लो निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीसरहको प्रशासनिक कर्मचारी ।

**सहप्राध्यापक**– ना० [सं०] उपप्राध्यापकभन्दा माथिल्लो र प्राध्यापकभन्दा तल्लो तहको राजपत्राङ्कित प्रथम श्रेणीसरहको, विश्वविद्यालयमा प्राध्यापन गर्ने शिक्षक; रिडर ।

**सहपाठी**– वि० [सं०] एउटै कक्षामा साथसाथै पढ्ने; एउटै पाठ पढ्ने; सहाध्यायी; पाठेभाइ ।

**सहभागिता**– ना० [सं०] सहभागी हुनाको भाव; कुनै कामकुरामा अरूका साथै भाग लिने वा सहभागी भएर काम गर्ने प्रक्रिया वा अवस्था । २. अरूका साथ मिलेर काम गर्ने अवसर वा अधिकार ।

**सहभागी**– वि० [सं०] १. अरूसरह कुनै कामकुरामा भाग लिने वा सरिक हुने; अरूका साथ भाग लिने । २. कुनै कामको लाभहानिमा समान भागी हुने । ना० ३. त्यस्तै व्यक्ति ।

**सहभाव**– ना० [सं०] एकसाथ हुने क्रिया वा अवस्था; मित्रता; बसउठ; सख्यभाव । > **सहभावी**– वि० १. साथमा रहने; साथसाथ हुने । २. सहचर; साथी । ३. मदतगार ।

**सहभोज/सहभोजन**– ना० [सं०] कुनै पर्व, उत्सव वा आनन्दका अवसरमा एकभन्दा बढी व्यक्ति एक साथ बसेर गरिने भोजन; धेरै जना एकसाथ बसेर खाने काम ।

**सहभोजी**– वि० [सं०] एकसाथ बसेर खाने; सँगसँगै भोजन गर्ने ।

**सहमत**– वि० [सं०] १. अरूसित राय मिलेको; एउटै राय भएको; एउटै मत वा विचार भएको । २. मन्जुर भएको । > **सहमति**– ना० सहमत हुनाको भाव वा अवस्था; कुनै कामकुरामा एउटै राय हुने काम; ऐकमत्य ।

**सहमरण**– ना० [सं०] १. साथसाथैको मरण । २. सती जाने काम; सहगमन ।

**सहयोग**– ना० [सं०] १. परस्परमा एकअर्कामा गरिने मद्दत; पारस्परिक सहायता । २. परस्पर मद्दतका साथ गरिने काम । > **सहयोगी**– वि० १. सहयोग गर्ने; मद्दत दिने; मदतगार । २. परस्परमा सहयोगका साथ वा मिलेर गरिने (कार्यक्रम आदि) ।

**सहर१**– ना० [फा० शहर] ठूलठूला सडक, बजार, उद्योग, कारोबार आदि साधनसम्पन्न भएको ठूलो बाक्लो बस्ती; नगर; पुर ।

**सहर२**– ना० [सं० शफर] एक जातको टल्कने माछो; शफर ।

**सहराउँदो**– वि० [सह्यार+आउँदो] १. सबै शरीर चिल्लो हुने । २. चिल्लो वा भुटुन पुगेको ।

**सहरिया**– वि० [शहर+इया] १. सहरमा बस्ने वा हुने; सहरसम्बन्धी; सहरको । ना० २. सहरका बासिन्दा ।

**सहरी**– वि० [शहर+ई] सहरमा भएको; सहरको; सहरिया । – **करण**– ना० सहर बसाउने वा निर्माण गराउने काम । ~ **क्षेत्र**– ना० नगर वा नगरपालिकाको निर्धारित सीमाभित्र पर्ने सहरको क्षेत्र । ~ **मार्ग**– ना० सहरको क्षेत्रमा पर्ने वा परेको मूल बाटो ।

**सहलह**– ना० [प्रा० साह+लय] सबै किसिमका मानिससँगको लसपस; भेदभावविनाको छातछूत ।

**सहलिया**– वि० [सं० सरल > सहल+इया] १. साधारण; सामान्य; मामुली । [सहलह+इया > सहलहिया] २. सहलह गर्ने; लसपसे ।

**सहवरण**– ना० [सं०] पञ्चायती व्यवस्थामा राष्ट्रिय पञ्चायतबाहेक पञ्चायतका अन्य तहका निर्वाचित वा मनोनीत सदस्य कुनै कारणवश बीचमा सदस्यताबाट मुक्त भएमा सदस्यहरूबाटै सर्वसम्मतिका आधारमा गरिने छनोट वा मनोनयन ।

**सहवास**– ना० [सं०] १. दुई वा दुईभन्दा धेरै मानिस सँगै बस्ने काम; बसाउठी । २. समागम; सम्भोग । > **सहवासी**– वि० १. सँगै बस्ने; एकसाथ रहने । ना० २. सँगी; साथी । ३. छिमेकी ।

**सहशिक्षा**– ना० [सं०] विद्यालय, महाविद्यालय आदि शैक्षिक संस्थाहरूमा बालकबालिका र युवायुवतीहरूमा भेदभाव नराखी समान रूपले दिइने शिक्षा; केटाकेटीलाई एकसाथ राखेर दिइने शिक्षा । > **सहशिक्षालय**– ना० सहशिक्षाको व्यवस्था भएको विद्यालय; सहशिक्षा दिने शिक्षणसंस्था ।

**सहसंवेद्य**– वि० [सं०] विभिन्न मानसिक आवेगका बीचमा सामञ्जस्यको स्थिति भएको; समन्वित मनोदशाको । – **ता**– ना० सहसंवेद्य हुनाको भाव वा स्थिति; समन्वित मनोदशा ।

**सहसचिव**– ना० [सं०] निजामती सेवामा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी; सचिवभन्दा एक श्रेणीमुनिको सचिवको सहयोगी कर्मचारी ।

**सहसम्बन्ध**– ना० [सं०] १. दुई श्रेणी वा दुई किसिमका विचारको एक-अर्कासँग रहेको सम्बन्ध । २. दुई व्यक्ति वा वस्तुमा परस्पर देखिने सम्बन्ध ।

**सहसा**– क्रि० वि० [सं०] १. अपर्झटमा; एकाएक; अकस्मात्; अचानक । २. सोचविचार नगरीकन; हडबडाएर ।

**सहसेनानी**– ना० [सं०] नेपाली सेनामा सेनानीभन्दा तल्लो एक दर्जा; क्याप्टेन; कप्तान ।

**सहसोपचार**– ना० [सं०] १. कसैको मानसिक स्थितिमा प्रभाव पारेर रोग निको पार्न झटपट गरिने मनोवैज्ञानिक किसिमको उपचार । २. कुनै रोगको तत्काल गरिने उपचार ।

**सहस्र**– ना० [सं०] १. हजारको सङ्ख्या वा अङ्क (१०००) । वि० २. दस सय; हजार । ३. धेरै; अनगन्ती; असङ्ख्य (लाक्षणिक अर्थमा) । – **जरी**– ना० सहस्रबुटी । – **दण्ड**– ना० १. दण्ड वा धनुषको हजार गुना बराबरको नाप । २. एक कोसबराबरको नाप । – **दल**– ना० १. हजार दल वा पत्र भएको कमल । २. ध्यान गर्दा कल्पना गरिने चक्रको क्रममा सातौँ वा अन्तिम सहस्रौँ दल भएको कमलको फूल । ३. हठयोगमा प्रयुक्त हुने हजारौँ पत्र भएको कल्पित फूल । – **धारा**– ना० १. देवता आदिलाई स्नान गराउनाका निम्ति पानी खसालिने हजारौँ छिद्र भएको पात्र । २. माघे जात्रामा हजारौँ धारा लगाउन एउटा

प्वालमा पचासौँ गहुँका छ्वाली घुसारिने, सहस्रौँ प्वाल भएको, पानीले भरिएको गाग्रो । ३. हजारौँ मुख भएको पानीको मुहान । **– नाम–** ना० कुनै देवदेवीको हजारौँ नाम भएको पत्र (जस्तो– विष्णुसहस्रनाम, दुर्गासहस्रनाम, शिवसहस्रनाम आदि) । **– पाद–** ना० १. सूर्य । २. विष्णु । ३. अरिमुठे कीरो । **– बाहु–** ना० १. सहस्रार्जुन । २. अग्नि । ३. शिव । ४. विष्णु । **– बुटी–** ना० धेरै मसिना जरा लागेको लसुनको जस्तो पोटी हुने, पोटीबाटै ठूला र बाक्ला पात लाग्ने ठूलो हरियो थुँगोमा ससाना गुलाफी फूल फुल्ने एक जातको बुटी; सहस्रजडी; मयूरशिखा । **– लोचन–** ना० १. इन्द्र । २. सहस्राक्ष । > **सहस्राक्ष–** वि० १. हजार आँखा हुने । ना० २. इन्द्र । ३. विष्णु । ४. ब्रह्मा । **सहस्राब्दी–** ना० १. कुनै संवत्को एकदेखि हजार वर्षसम्मको अवधि । २. एक हजार वर्ष वा दस शताब्दीको समूह । **सहस्रार्जुन–** ना० कृतवीर्यका छोरा, पुराणप्रसिद्ध बलिष्ठ राजा; कार्तवीर्य; सहस्रबाहु । **सहस्रौँ–** वि० हजारौँ ।

**सहतिर–** ना० [फा०] धरिन ।

**सहाइ–** ना० [√ **सह** (+आइ)] सहने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सहाइनु–** क० क्रि० सहन लाइनु वा सहने पारिनु । **सहाउनु–** प्रे० क्रि० सहन लाउनु वा सहने पार्नु ।

**सहाध्यायी–** वि० [सं०] १. सँगै अध्ययन गर्ने; सहपाठी । ना० २. त्यस्तो व्यक्ति वा विद्यार्थी ।

**सहानुभूति–** ना० [सं०] अरूको मनमा भएको दुःखको अनुभूतिबाट संवेदित भई आफूलाई हुने अनुभूति; अर्काको दुःख, वेदना आदिमा हुने समान अनुभूति; अरूको दुःख देखेर वा सुनेर आफ्ना मनमा हुने सहानुभव ।

**सहापराधी–** ना० [सं०] सामाजिक, नैतिक वा कानुनी दृष्टिले अपराधपूर्ण काम गर्ने अपराधीलाई साथ दिने व्यक्ति; अपराधीसँग सरिक हुने वा मिलेमतो गर्ने व्यक्ति; मतियार ।

**सहाय–** ना० [सं०] १. सहायता; आड; मदत । २. सहायक; मदतगार । ३. मित्र; साथी; दौँतर ।

**सहायक–** ना० [सं०] १. कुनै कामकुरा राम्रो, चाँडो वा सफलतापूर्वक गर्न मद्दत गर्ने व्यक्ति; सहायता गर्ने व्यक्ति; लागिमेली गर्ने वा सघाउने व्यक्ति । २. आफ्ना अधीनमा रहेर काम गर्ने वा आफूलाई गर्न लागेको काममा सहयोग गर्ने व्यक्ति; सहकारी; सहयोगी । ३. मित्र; साथी । वि० ४. सहायता गर्ने; सघाउने । ~ **अनुदान–** ना० १. कुनै सङ्घ-संस्था तथा स्थानीय तहका अड्डाहरूलाई सहायताका रूपमा वा अन्य प्रयोजनका निम्ति दिइने आर्थिक सहयोग वा चन्दा । २. आफ्ना साधन र शक्तिले मात्र स्वावलम्बी हुन नसक्ने खालका संस्था वा उद्यमले सहायताका रूपमा सरकारबाट पाउने एकमुस्ट रकम । ~ **आजीविका–** ना० मुख्य पेसा वा कामबाट हुने आम्दानीले आफ्नो वा आफूमाथि आश्रित, परिवारका सदस्यहरूको भरणपोषण हुन नसक्ने देखेर केही अतिरिक्त आयका लागि गरिने कामधन्दा; गौण व्यवसाय । ~ **क्याम्पस प्रमुख–** ना० विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा क्याम्पसप्रमुखलाई प्रशासनकार्यमा सहायता गर्ने अधिकारी; क्याम्पस प्रमुखभन्दा मुनिको प्रशासनिक अधिकारी । ~ **ग्रन्थ सूची–** ना० कुनै अनुसन्धानात्मक लेख, पुस्तक आदि लेख्दा सहायता लिइएका पुस्तक, पत्रपत्रिकाहरूको सूची । ~ **डिन–** ना० विश्वविद्यालयअन्तर्गतका कुनै अध्ययनसंस्थानमा त्यस अध्ययनसंस्थानका डीनलाई प्रशासनसम्बन्धी काममा सहयोग गर्ने अधिकारी; डीनभन्दा मुनिको प्रशासनिक अधिकारी । ~ **नदी–** ना० अर्को ठूलो नदीमा पुगी मिसिएर बग्ने नदी । ~ **प्रशासक–** ना० विश्वविद्यालयअन्तर्गत विभिन्न निकायहरूमा प्रशासनिक काम गर्ने तृतीय श्रेणीको अधिकृत कर्मचारी । ~ **प्रशिक्षक–** ना० विश्वविद्यालयका क्याम्पसहरूमा प्रशिक्षकभन्दा तल्लो दर्जाको शिक्षक । ~ **प्राध्यापक–** ना० विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा अध्यापनकार्य गर्ने, प्रशिक्षकभन्दा माथिल्लो दर्जाको र उपप्राध्यापकभन्दा तल्लो दर्जाको शिक्षक । ~ **मन्त्री–** ना० कुनै मन्त्रालयमा मन्त्री वा राज्यमन्त्रीलाई मन्त्रालयसँग सम्बन्धित काममा सहायता पुऱ्याउने मन्त्री । ~ **मार्ग–** ना० १. ठूलो राजमार्गमा जोडिने शाखामार्ग । २. मूल बाटोमा जोडिने गाउँले बाटो वा सानो बाटो । ~ **रथी–** ना० शाही सैनिकमा ब्रिगेड वा वाहिनीको एक दर्जा; सेनाको एक उच्च पद (ब्रिगेडियर जनरल) । ~ **विषय–** ना० १. पढाइ हुने विषयहरूमा मूल र अनिवार्य विषयबाहेकको अतिरिक्त विषय । २. शिक्षार्थीले छानेर आफ्नो अध्ययनको मूलविषय नबनाउने अथवा मूलविषयभन्दा कम पाठ्यांशहरू अध्ययन गरिने ऐच्छिक विषय ।

**सहायता–** ना० [सं०] १. कुनै कामकुरा राम्रो, चाँडो वा सफलतापूर्वक सम्पन्न गर्न दिइने आर्थिक, प्राविधिक, शारीरिक आदि मद्दत; सहयोग । २. आडभरोसा; आश्रय । ~ **गृह–** ना० आपत्ति वा सङ्कटमा परेका मानिसको सहायताका लागि स्थापना गरिएको घर ।

**सहारा–** ना० [सं० साधार] १. सहायता; मदत । २. आड; भरोसा । ३. आधार; आश्रय ।

**सहिद–** ना० [अ०] आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति । ~ **दिवस–** ना० सहिदहरूको सम्झना गर्दै उनीहरूप्रति श्रद्धाञ्जली प्रकट गरिने विशेष दिन । ~ **सप्ताह–** ना० १. सहिदहरूको अमर सम्झनामा श्रद्धाञ्जली प्रकट गरिने सप्ताहव्यापी कार्यक्रम । २. नेपालमा प्रत्येक वर्ष माघ १० गतेदेखि माघ १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ सहिदप्रति श्रद्धाञ्जली अर्पण गरिने एक साता । ~ **स्मारक–** ना० सहिदहरूको अमर सम्झनामा स्थापित वा निर्मित चिह्न सालिक, कुञ्ज, द्वार आदि ।

**सहिष्णु–** वि० [सं०] कष्ट वा पीडा सहन सक्ने; सहनशील । **– ता–** ना० सहिष्णु हुनाको भाव, गुण वा अवस्था; सहनशीलता ।

**सही**– ना० [अ० सहीह] १. कुनै लिखित कागतपत्र, लेख आदिका कुरामा स्वीकृति वा सहमति जनाउन आफ्नो नाउँ लेख्ने वा दस्तखत गर्ने वा ल्याप्चे आदि लगाउने काम; कुनै लिखित कुरामा स्वीकृति वा मन्जुरी दिने काम । २. हस्ताक्षर; दस्तखत । ३. मन्जुरी; स्वीकार । वि० ४. सत्य; साँचो । ५. यथार्थ; उचित; ठीक; मनासिब । ~**छाप**– ना० १. कुनै लिखित कागतपत्र, लेख आदिमा आफ्नो मन्जुरी जनाउन गरिने हस्ताक्षर वा औँठो, नामाङ्कित मुद्रा आदिले लगाइने छाप । २. सही । ~ **थपाइ**– ना० अर्काले गरेको कुरासँग जनाइने सहमति; कसैका कुरा चित्त बुझ्ने पनि नबुझ्ने पनि सकार्ने काम; होमा हो । ~ **सही बिसही बिसही**– ना० अरूलाई आफ्नो कामको मूल्याङ्कन गर्न नदिई आफै आफ्नो समीक्षक हुने नीति; अधिनायकवाद ।

**सहुलियत**– ना० [अ० सहूलत] कुनै विषय समय तथा परिस्थितिमा सबैलाई वा खासखास किसिमका व्यक्तिलाई दिइने सुविधा; कुनै कामकुरामा गरिने सजिलोपन; सुगमता । – **दार**– वि० सहुलियत दिने ।

**सहृदय**– वि० [सं०] १. अर्काको दुःखमा दुःखित भएर मन पगाल्ने; मर्मशील । २. कोमल हृदय भएको; दयालु । ३. काव्य, कथा आदिको पारख गर्ने र तिनका विशेषताबाट प्रभावित हुने साहित्यको अधिकारी वा योग्य पाठक; रसज्ञ; रसिक । ४. सज्जन; भलो । – **ता**– ना० सहृदय हुनाको भाव वा अवस्था; चित्तको कोमलता; दयार्द्रता; कारुणिकता ।

**सहेतुक**– वि० [सं०] १. कुनै हेतु वा कारण भएको । २. उद्देश्य भएको; सकारण ।

**सहेली**– ना० [सं० सहेल+ई] १. साथमा रहने स्त्री; सँगिनी; सहचरी । २. सेविका; सुसारे; उपचारिका ।

**सहोक्ति**– ना० [सं०] १. एकभन्दा बढी व्यक्ति एकसाथ बोल्ने काम; साथमा बोल्ने काम । २. सँग, साथ, सहित आदि शब्दको प्रयोग गरेर अनेक वस्तुको सहभाव देखाई तिनको समान कार्यको मनोरञ्जक वर्णन गर्दा हुने एक अर्थालङ्कार ।

**सहोडा**– ना० [सं० शाखोट] लाम्चा पात र सेता फूल हुने, सुन्तला रङका फल फल्ने एक जातको बोट वा त्यसैको फल; खाग्सी ।

**सहोदर**– वि० [सं०] एउटै आमाको गर्भबाट पैदा भएको; साक्खै (दाजु वा भाइ) । सहोदरा (स्त्री०) ।

**सह्य**– वि० [सं०] सहन वा खप्न सकिने; सहन लायक; सहन योग्य ।

**सह्यार्-नु**– स० क्रि० [सह्यार+नु] १. स्याहार गर्नु; सँभाल्नु । २. सेवाटहल गर्नु; पालनपोषण गर्नु । ३. अङ्गीकार गर्नु । ४. सम्भार गर्नु; स्याहार्नु ।

**सह्यार**– ना० [सं० सम्भार] १. कुनै वस्तु वा मालसामानलाई जतनसाथ राख्ने काम; हिफाजत । २. बालबच्चाहरूको हेरविचार गर्ने काम; सुसार । ३. पालनपोषण गर्ने काम; स्याहार । ~**सुसार**– ना० स्याहारसुसार ।

**सह्याराइ**– ना० [√ **सह्यार्** (+आइ)] सह्यार्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सह्यारिनु**– क० क्रि० सह्यार्ने काम गरिनु; सह्यार गरिनु ।

**सह्नी**/**सह्ना**/**सह्नी**– ना० [सराहना+आ/ई] सराहना; प्रशंसा; तारिफ । ~**लाग्दो**– वि० प्रशंसा गर्न योग्य; सह्नाउन लायक ।

**सह्नाइ**– ना० [√ **सह्नाउ** (+आइ)] सह्नाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सह्नाइनु**– क० क्रि० सह्नी गरिनु ।

**सह्नाउ-नु**– स० क्रि० [सह्नी+आउ+नु] कसैको विद्या, बुद्धि, स्वभाव, गुण आदिको प्रशंसा गर्नु; सह्नी गर्नु ।

**सा**– ना० गाईभैंसीले भाले (साँढे वा राँगो) खोज्दाको लक्षण; गाईबस्तुको भालेसित मिसिने चाहना ।

**साँखिलो**– वि०हे० साखिलो ।

**साँखुलो**– ना० एक जातको डुन्डु साग ।

**साँखु**– ना० एकदमै सेतो नभएर घुर्मैलो सेतो वर्ण हुने (गाई) ।

**साँखे**– वि० सफा सेतो रङ नभएर घुर्मैलो सेतो रङ हुने (गोरु) ।

**साँगु**– ना०हे० साँघु ।

**साँगुर्याइ**– ना०हे० साँघुर्याइ । > **साँगुर्याइनु**– क०क्रि० साँघुर्याइनु । **साँगुर्याउनु**– स०क्रि० साँघुर्याउनु ।

**साँगुरि-नु**– अ०क्रि० [साँगुरो+इ+नु] हे० साँघुरिनु ।

**साँगुरो**– वि०हे० साँघुरो ।

**साँगे**– ना० [साँगु+ए] मारुनी नाच सम्पन्न गर्ने वेलामा गाइने गीत ।

**साँघी**– ना० [साँघु+ई] १. हिँडडुल गर्ने ठाउँमा तेर्सिएर छुतछात गराउने वस्तु (छेस्को, घाँस, पराल आदि) । २. छूत ।

**साँघु**– ना० [सं० शाक ?] सानातिना नदीनाला तर्न दुवै किनारामा वा पानीमाथि ढुङ्गा आदि थुपारी त्यसमाथि अडचाइएको काठको हिउँदे पुल; फड्के; साँगु ।

**साँघुरि-नु**– अ० क्रि० [साँघुरो+इ+नु] साँघुरो हुनु; साङ्ग्रिनु; खुम्चिनु; चाउरिनु; साँगुरि-नु ।

**साँघुरी**– वि० [साँघुरो+ई] १. अलिअलि साँघुरिएको; थोरै साँघुरो (जस्तो– साँघुरी डाँडो, साँघुरी गढी, साँघुरी भन्ज्याङ आदि) ।

**साँघुरो** – वि० [सं० सङ्कुल] १. लम्बाइ वा चौडाइ सानो भएको; फराकिलो नभएको; साङ्ग्रो; कोप्चो; साँगुरो । २. चाहिँदो मात्रामा नअटाउने; वस्तुअनुसार सानो (ठाउँ, भाँडो, लुगा आदि) । ना० ३. खाँचो; हर्जा । ४. कमी; न्यूनता ।

**साँघुर्याइ**– ना० [√ **साँघुरि** (+आइ)] १. साँघुरिने भाव, क्रिया वा प्रक्रिया; साँगुर्याइ । [√ साँघुर्याउ+आइ)] २. साँघुर्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **साँघुर्याइनु**– क० क्रि० साँघुरो पारिनु; साँगुर्याइनु । **साँघुर्याउनु**– स० क्रि० साँघुरो पार्नु; साँगुर्याउनु ।

**साँच्-नु**– स० क्रि० [सं० सञ्चय+नु] १. खर्च नगरी वा नमासी पछिका निम्ति जोगाएर राख्नु; सञ्चित गर्नु; बचाउनु । २.

एकत्रित गरेर राख्नु; जम्मा गर्नु; सङ्ग्रह गर्नु; सँगाल्नु । ३. कुनै निश्चित कामका लागि तोकिएको वस्तुलाई किफायत गरेर केही उबार्नु ।

**साँचासाँची**– वि० [साँचो+साँचो] झूटो वा ठट्टाका रूपमा नभएको; बनावटी वा देखावटी नभएको; सत्य; यथार्थ; वास्तविक; साँचो ।

**साँचि-नु**– क० क्रि० [साँच्+इ+नु] १. जम्मा गरिनु; सङ्ग्रह गरिनु । २. जोगाइनु; बचाइनु; उबारिनु । अ० क्रि० ३. कतैबाट पनि दुःख नपाउने स्थितिमा पुगिनु; सुरक्षित होइनु; बाँचिनु ।

**साँचिलो**– वि० [साँचो+इलो] आफूलाई निर्दोष वा साँचो भएको देखाउने; साखुल्ले; साखिलो । स्त्री० साँचिली ।

**साँचो**१– वि० [सं० सत्य] झूटो नभएको; बनावटी वा देखावटी नभएको; जस्तो छ त्यस्तै; सत्य; वास्तविक । (उदा०– **साँचो डग्दैन, झुटो तग्दैन** – उखान) ।

**साँचो**२– ना० [प्रा० सञ्चअ] १. मुछेको माटो आदि गिलो पदार्थ हालेर विशेष आकारको वस्तु बनाउने साधन; गिलो पदार्थबाट कुनै रूप वा आकार आदि ढाल्ने तदाकार भाँडो । २. कुनै बुट्टा वा चित्र छाप्ने साधन । ३. ताल्चा खोल्ने साधन । ४. जुत्ता बनाउँदा निश्चित आकारको रूप दिन प्रयोग गरिने, काठ आदिको साधन । ~ **झुटो**– वि० साँचो र झूटो; सत्य र मिथ्या; सत्यासत्य । – **मुचो**– ना० १. साँचाहरूका समूह; साँचाको झुत्तो । २. सञ्चिता; बचत ।

**साँच्चि**– वि०हे० साँच्ची ।

**साँच्ची**– वि० [साँचो+ई] १. जस्ताको तस्तो; साँचो; सत्य; साँच्चि । ना० २. कुनै कुराका प्रसङ्गमा कुनै अर्को आवश्यक कुरा सम्झँदा भनिने शब्द (उदा०– साँच्ची, आजकाल उनी कहाँ छन् हँ ?) क्रि० वि० ३. साँच्चै; साँच्चीकै । – **कै**– क्रि० वि० साँच्चै । > **साँच्चै**– क्रि० वि० साँचो नै; साँच्चीकै; वस्तुतः ।

**साँझ**– ना० [सं० सन्ध्या] १. दिन र रातको सन्धिकाल; दिनको अन्त्य र रात्रिको सुरुको समय; घाम अस्ताएपछिको केही बेरको समय; सन्ध्याकाल; सायङ्काल; बेलुका । क्रि० वि० २. दिन र रातको बीचको समयमा । ~ **बत्ती**– ना० सांस्कृतिक रीति तथा धार्मिक भावनाअनुसार साँझमा घरमा बालिने बत्ती ।

**साँढ**– ना० [सं० षण्ड] १. साँढे । २. सिङ मोटा हुने एक जातको लेकाली ठूलो भेडो; बरुवालको थुमा । ३. मोटो र बलियो व्यक्ति । ४. मर्यादा, अनुशासन नभएको व्यक्ति ।

**साँढा**– वि० [साँढे+आ] कसैका अधीनमा नबस्ने; कसैको अनुशासनमा नरहने; स्वच्छन्द; छाडा ।

**साँढी**– ना० [साँढे+इ] १. मानिस मरेका एघारौँ दिन वृषोत्सर्ग गर्दा डामेको बाछाका साथमा छोडिने बाछी । २. कसैका नियन्त्रण, अनुशासनमा नरहेकी स्त्री; आफूखुसी आचरण गर्ने स्त्री ।

**साँढे**– ना० [सं० षण्ड] १. वृषोत्सर्गमा वा अन्य धार्मिक उद्देश्यले डामेर छोडिएको बहर; साँढ । २. मोटोघाटो र बलियो भईकन मनलागी व्यवहार गर्ने व्यक्ति । वि० ३. उच्छृङ्खल; उद्दण्ड (**साँढेको जुधाइ, बाछाको मिचाइ**– उखान) ।

**साँदन**– ना० [सं० सन्दानिका] सालजस्तो, बाटुला पात र लाम्चा पात हुने दुई भेद भएको एक जातको रूख ।

**साँध्-नु**– स० क्रि० [सं० सन्धान+नु] १. कुनै वस्तुमा नुन, खोर्सानी, अमिलो आदि हालेर मुछी अचार, चटनी आदि बनाउनु । २. धेरै कुरा एक ठाउँमा मिलाएर मुछ्नु; रिँध्नु । ३. कुरा काट्नु ।

**साँध**१– ना० [सं० शाण ?] हतियार उध्याउने चक्का वा मणिलाई सफा गर्ने पत्थर; सान ।

**साँध**२– ना० [सं० सन्धि] जमिनका भिन्नभिन्न टुक्रालाई छुट्याउने दुई जमिनका बीचको भाग वा छेउ; भिन्नभिन्न टुक्रा जमिनको सन्धिरेखा; सिमाना; सीमा । ~ **सँधियार**– ना० आफ्ना जग्गाजमिनसँग जोडिएको जग्गा र सो जग्गाका मालिक; छरछिमेक । ~ **सिमाना**– ना० चारैतिरको साँध ।

**साँधसुँध**– ना० [साँध+(द्वि०)] सीप लगाएर अचार आदि साँध्ने काम ।

**साँधी**– ना० [साँध+ई] १. सिमाना; साँध । वि० २. साध्य; साद्धे ।

**साँप**– ना० [सं० सर्प] सर्प; लाम्कीरो । – **को गोहो**– ना० साँप हिँड्ने बाटो । > **साँपे**– वि० १. उमेर पुग्दा पनि साँपझैँ घस्रने (बालक) । २. गोडा लुलो र नटेकिने भएको (व्यक्ति) ।

**साँप्रे**– वि० [साँप्रो+ए] १. ठूला साँप्रा वा तिघ्रा भएकी (स्त्री) । ना० २. तरुनी आइमाईलाई गाली गर्दा प्रयोग गरिने शब्द ।

**साँप्रो**– ना० [प्रा० संपुड] १. खसी, बोका, राँगा आदिको तिघ्रो; सपेटो । २. मानिसको तिघ्रो (गाली वा निन्दाका अर्थमा) । ~ **च्यात्नु**– टु० रिसमा कसैको तिघ्रा फटाएर तान्नु । २. सम्भोग गर्नु ।

**साँप्लो**१– ना० [सं० शलाका] सुन, चाँदीको मोटो, लामो टुक्रो ।

**साँप्लो**२– ना० सुप्लो ।

**साँबी**– ना० [सं० शम्ब] धान कुट्न मुस्लीका टुप्पामा कपेर जडिएको फलामको चक्का ।

**साँबे**– वि० [साँबी+ए] साँबीसम्बन्धी; साँबीको । ~ **पाथी**– ना० साँबी बनाएबापत कामीले पाउने पाथी अन्न ।

**साँभे**– ना० [सं० शम्ब+ए] सेतो र ध्वाँसे रङको धर्के बुट्टा हुने, मानिसलाई लखेट्ने एक जातको बिखालु सर्प; पाटे ।

**साँवल**– ना० [सं० शम्बल] सामल ।

**साँवलो**– वि० [सं० श्यामल] केही कालो वर्णको; श्यामवर्णको; सामलो ।

**साँवा**– ना० [साउँ] मूलधन; साउँ । ~ **ब्याज**– ना० सापटी दिइएको धनमध्ये मूल धनसहितको ब्याज; साउँ र ब्याज ।

**सांवत्सर**– वि० [सं०] संवत्सरसित सम्बन्ध भएको; सांवत्सरिक । > **सांवत्सरिक**– वि० संवत्सरसम्बन्धी; संवत्सरको; वार्षिक ।

**सांवादिक**– वि० [सं०] १. संवादसित सम्बन्ध भएको; संवादसम्बन्धी;

समाचारको । २. बोलचालमा चलेको वा चल्न सक्ने । ३. विवादास्पद; विवादग्रस्त । ना० ४. पत्रपत्रिका, रेडियो आदिमा समाचार दिने व्यक्ति; संवाददाता ।

**सांसद–** ना० [सं०] संसद्का सदस्य ।

**सांसर्गिक–** वि० [सं०] संसर्गबाट पैदा हुने; लसपसबाट उब्जने ।

**सांसारिक–** वि० [सं०] संसारमा भएको; संसारका सम्पूर्ण गतिविधिसँग सम्बन्धित ।

**सांस्कारिक–** वि० [सं०] संस्कारसम्बन्धी; संस्कारबाट उत्पन्न; संस्कारजन्य ।

**सांस्कृतिक–** वि० [सं०] संस्कृतिसँग सम्बन्ध भएको; संस्कृतिका क्षेत्रमा हुने, आउने वा मिल्ने (जस्तो– सांस्कृतिक प्रेरणा, सांस्कृतिक महत्त्व, सांस्कृतिक सद्भावना आदि) ।

**साइँ–** ना० [सं० स्वामी] १. स्वामी । २. सन्न्यासीहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द (जस्तो– साइँबाबा) ।

**साइँदुवा ⁄ साइँधुवा–** ना० [सं० स्वामिद्रोही] १. नचाहिँदो उपद्रव गर्ने व्यक्ति; उद्दण्ड व्यक्ति । २. हत्यारो । ३. दोषी; बापती । ४. कुनै लोग्नेमान्छेलाई गाली गर्दा बोलिने शब्द । स्त्री० साइँदुवी ⁄ साइँधुवी ।

**साइँली–** वि० [साइँलो+इ] साहिँली ।

**साइँलो–** वि० साहिँलो ।

**साइ–** ना० [√ साइँ] १. घरको जग; घडेरी । २. आधार । ३. लोग्ने; पति । ४. जार ।

**साइकल–** ना० [अङ्० साइकिल] दुई खुट्टाले चलाइने, दुई पाङ्ग्रे सवारी; बाइस्कल; साइकिल । ~ **दौड–** ना० साइकल दौडाएर खेलिने एक प्रकारको प्रतियोगितात्मक खेल । ~ **बिसौनी–** ना० साइकल अडयाउने वा राख्ने ठाउँ (साइकल स्टयान्ड) ।

**साइकिल–** ना० [अङ्०] साइकल; बाइस्कल ।

**साइज–** ना० [अङ्०] सानोठूलो वा लम्बाइचौडाइको परिमाण ।

**साइटिन–** ना० [अङ्०] सातसात पत्ती लिएर एकै किसिमका वा एउटै रङका लहरे क्रम मिलाई फुट्टी गनेर खेलिने तासको एक खेल ।

**साइत–** ना० [अ० साअत] १. फलित ज्योतिषअनुसार विवाह, व्रतबन्ध आदि वा कुनै माङ्गलिक कार्य आरम्भ गर्ने शुभ समय; कामको शुभ मुहूर्त । २. कतैतिर यात्रा वा प्रस्थान गरिने उपयुक्त समय । ३. शुभ लक्षण; असल शकुन ।

**साइतर–** ना० [सास्तर > सं० शास्त्र] गाउँखाने कथा; जान्ने कथा ।

**साइन–** ना० [अङ्०] १. दस्तखत; सही । २. चिह्न; चिनु । – **बोर्ड–** ना० परिचयपाटी; चिह्नपाटी ।

**साइनु१–** क० क्रि० [सा+इ+नु] साउने काम गरिनु; बाउसे गरिनु ।

**साइनु२–** ना० [√ साहिनु] सम्बन्ध; नातागोता; साहिनु । ~ **न सपनु–** ना० नाता पनि नपर्ने र चिनापर्ची पनि नभएको व्यक्ति । ~ **पर्नु–** टु० सम्बन्धभित्रको हुनु; नाता पर्नु । ~ **मिच्नु–** टु० १. बिहेवारी गर्दा साधारण वा टाढा हुँदै गएको नातालाई नटेर्नु । २. साइनुले मान्नुपर्नेलाई आफूभन्दा सानो ठान्नु । ~ **लाग्नु–** टु० नाता पर्नु । ~ **पैल्याइनु–** टु० साइनु खुट्टयाउनु; नाता खोज्नु । ~ **सनहे–** ना० सम्बन्धी जन वा नातागोतामा हुने स्वाभाविक अनुरक्ति; सम्बन्ध स्नेह ।

**साइपाटो–** ना० [अ० साअत+ सं० पट्ट] विवाहमा दुलाहाका तर्फबाट दुलहीका घरमा विवाहको लग्नसमय आदि लेखिएको पत्र पठाइने काठेठेकी; लग्नपत्रिका र फलफूल आदि अन्य सगुनका सामग्री ।

**साइमुन्द्री१–** ना० [सं० सामुद्रिक] सामुद्रिक विद्या ।

**साइमुन्द्री२–** ना० [साइमुन्द्रो+ई] लिम्बू जातिको रीतिरिबाजअनुसार ज्वाइँले ससुरालीलाई बुझाउनुपर्ने रकम । (यो रकम नबुझाएसम्म छोरी मरेमा काजक्रिया माइतीतर्फकाले गर्नुपर्ने र बाबुले नतिरेको भए पनि सन्तानले रकम तिरेर क्रिया सार्न सकिने हुन्छ) ।

**साइमुन्द्रो–** ना० [साइत+मुन्द्रो] दुलाहाका तर्फबाट दुलहीतर्फ लगिने साइपाटोका साथ पठाइने र स्वयंवरमा दुलहाले दुलहीलाई लगाइदिने औँठी ।

**साईं–** ना० [सं० स्वामी] पति; स्वामी ।

**साउँ–** ना० [साहू] १. सकेका वा मागेका वेलामा चुक्ता गर्ने र निश्चित दरले ब्याज बुझाउने गरी सापटी दिइएको मूलधन । २. उद्योग, व्यापार आदि कुनै कामधन्दामा लगाइएको मूलधन; पुँजी; सावाँ । ३. प्रधान; मूल; मुख्य । ~ **अक्षर–** ना० देवनागरी लिपिमा मात्रा नलागेका स्वर र व्यञ्जन; मात्रा नलागेका मूल वर्ण; बाह्रखरी; सावाँअक्षर । ~ **अच्छेर–** ना० साउँअक्षर । ~ **ब्याज–** ना० ब्याजसहितको मूल धन; सावाँ र ब्याज ।

**साउती–** ना० [सं० श्रौती] १. अरूले नसुन्ने गरी कसैका काननिर मुख लगेर गरिने कुरा; कानेखुसी । २. गुप्त किसिमले गरिने कुराकानी; गुप्त सल्लाह; गुप्त परामर्श ।

**साउन–** ना० [सं० श्रावण] नेपाली वर्षको चौथो महिना; श्रावण ।

**साउ-नु–** स० क्रि० [साँध्+नु] १. रोपाइँ गर्नाका निम्ति हलोजस्तै तानेर दाँदेद्वारा माटो हिल्याउनु वा हिलो माटो मिलाउनु । २. बाउसे गर्नु ।

**साउने–** वि० [साउन+ए] १. साउनमा हुने वा पर्ने । २. साउनमा जन्मेको । ३. साउनको; साउनसम्बन्धी । ~ **किरो–** ना० साउन लागेपछि दिउँसो जङ्गलमा कराउने र हिउँद लागेको सङ्केत दिने झ्याउँकीरी । ~ **झरी–** ना० १. साउन महिनामा पर्ने झरी । २. साउन महिनामा परेजस्तै लामो समयसम्म लगातार पर्ने झरी । > **साउनेती–** ना० १. साउन महिनामा दमाईं, कामी, सार्की आदिलाई चैतेतीसम्मका लागि गरिने थमौती । २. त्यस्तो थमौती गर्दा दिइने दस्तुर । ~ **निउरो–** ना० एक जातको निउरो । ~ **पानी–** ना० विवाह गरेको पहिलो वर्षमा सासू र नयाँ बुहारीले साउन महिनामा बारिने एउटै मूल वा धाराको पानी । ~ **फागु–** ना० १. सरकार, बिर्तावाल, बेखवाल आदिलाई पहिले रैतीले बुझाउने फागुको रकम । २. घरधुरीको हिसाबले

सरकारमा बुझाइने दस्तुर ।

**साकट–** वि० अत्यन्त लोभी; मक्खीचूस ।

**साकार–** वि० [सं०] १. आकार वा स्वरूप भएको; आकृतियुक्त; मूर्त । २. कार्यरूपमा परिणत भएको वा गरिएको; कार्यान्वित गरिएको (योजना, विचार आदि) । ना० ३. देवता वा ईश्वरको आकारयुक्त रूप; मूर्त रूप ।

**साकिनी–** वि० [साखिने] साखिने ।

**साकेत–** ना० [सं०] अयोध्या ।

**साक्खे/साक्खै–** वि० [सं० साक्षात्] १. एउटै आमाबाट जन्मेको; सहोदर; खास आफ्नै (नाता) । २. ज्यादै नजिकको; घनिष्ठ (नातागोता) ।

**साक्षर–** वि० [सं०] १. अक्षर चिनेको वा जानेको; लिपि चिनेको । २. अलिअलि लेखपढ गर्न सक्ने; अल्पशिक्षित ।

**साक्षरता–** ना० [सं०] साक्षर हुनाको भाव वा अवस्था । ~ **अभियान–** ना० अक्षर नचिनेका वा नजानेकाहरूलाई अक्षर चिनाउन र लेखपढ नगरेकाहरूलाई केही लेखपढ गर्न सिकाउन चलाइने अभियान । ~ **कार्यक्रम–** ना० निरक्षर तथा अशिक्षितहरूलाई साक्षर तथा शिक्षित बनाउन चलाइने कार्यक्रम ।

**साक्षरी–** वि० [साक्षर+ई] अलिअलि लेखपढ गर्न सक्ने; साक्षरसम्म भएको ।

**साक्षात्–** क्रि० वि० [सं०] १. आँखाको सामुन्ने; प्रत्यक्ष; सम्मुख । वि० २. साक्खै; खास । ३. मूर्तिमान्; साकार । ४. मुलाकात; भेट । **– कार–** ना० प्रत्यक्ष रूपमा प्राप्त हुने आआफ्ना विषयको ज्ञान; इन्द्रियजन्य ज्ञान; प्रत्यक्षानुभूति । ३. अन्तर्वार्ता ।

**साक्षी–** ना० [सं०] १. राम्रो वा नराम्रो कुनै घटना आफ्नो आँखाले देख्ने व्यक्ति; घटनास्थलमा स्थित भएको व्यक्ति; साछी । २. कुनै झगडा, विवाद वा अन्य घटना घट्दा घटनास्थलमा उपस्थित भएको र आफैँले प्रत्यक्ष देखेसुनेका कुराको बयान गर्ने व्यक्ति; देखी जान्ने वा सुनी जान्ने; गवाह; साक्ष्य । ३. सरकारी अड्डामा कामकाज हेर्ने व्यक्ति । **– करण–** ना० कुनै लेख वा प्रमाणपत्र आदिको प्रतिलिपि ठीकसाँचो हो भनी जनाउन हस्ताक्षर गर्ने काम; कुनै कुराको साक्षीका रूपमा सही गर्ने क्रिया; सत्यापन । **– कृत–** वि० १. कुनै कामकुराको साक्षीका रूपमा राखिएको । २. साक्षीद्वारा प्रमाणित गरिएको ।

**साक्ष्य–** वि० [सं०] १. आफैँले देख्ने; दर्शक । ना० २. साक्षी बस्ने काम; साछीबकाइ । ३. साक्षी । **– विधि–** ना० साक्षीका काम, कर्तव्य र साक्षीसम्बन्धी कुराको चर्चा भएको विधि वा कानुन ।

**साख–** वि० [खास] १. कुनै खास नाता पर्ने; नजिकको नातादार । २. स्नेही; हितैषी । ना० ३. लेनदेन तथा व्यापारव्यवहारका क्षेत्रमा हुने प्रामाणिक मान्यता तथा विश्वसनीयता । ४. प्रतिष्ठा; विश्वास । ~ **पत्र–** ना० भविष्यमा लेनदेनकारोबार फछर्याउनका लागि दिइने आश्वासनपत्र वा प्रतिज्ञापत्र ।

**साखिनु–** ना० सिमसारमा उम्रने, झ्याम्टोजस्तो बुटो हुने एक जातको घाँस ।

**साखिने–** वि० [अ० साकित] सानु खाल वा जातको; सानु कदको (जन्तु आदि); साकिनी ।

**साखिलो/साखिल्लो–** वि० [साख+इलो/इल्लो] पछाडि काम बिगारेर वा कुनै काम नगरेर पनि अगाडि साँचिलो हुने; साखुल्ले; साँचिलो; साँखिलो । २. नजिकको नातादार नभईकन पनि भएजस्तै भाव देखाउने; साँखिलो ।

**साखी–** ना० [सं० साक्षित्] सज्जन महात्माहरूका मनमा तत्काल फुरेका, साक्षीका रूपमा उद्धृत हुने अन्य साधुमहात्माहरूका सूक्तिमय वाक्य; हितवचन ।

**साखु–** ना० [सं० शाल] सखुवा-वृक्ष ।

**साखुल्ले–** वि० [साखिलो] साखिलो; साँखिलो ।

**साख्य–** ना० [सं०] सखी वा साथी हुने भाव; सख्यता ।

**साग–** ना० [सं० शाक] तरकारी पकाएर खाइने हरियो डाँठपातसहितको नरम सानो बोट । **– पात–** ना० तरकारीका रूपमा खाइने हरियोपरियो वा ताजा वस्तु (साग, पात, कन्द, फल आदि) ।

**सागर–** ना० [सं०] १. पुराणअनुसार राजा सगरका छोराले बनाएको समुद्र; जलधि । २. मुर्दा पोल्ने घाट; मसान ।

**सागसब्जी–** ना० [साग+सब्जी] सागपात ।

**सागसिस्नु–** ना० [साग+सिस्नु] गरिबगुरुवाहरूले खाने रुक्खासुक्खा भोजन; खोलेफाँडो ।

**सागा–** ना० [सं० शाक] पानीमा हुने मसिनु एक किसिमको झ्याउको रोटी; सिँवालीको रोटी ।

**सागिर्द–** ना० [फा० शागिर्द] १. शिष्य; चेलो । २. अनुचर; पछुवा ।

**सागौन–** ना० [सागवान < सं० शाल] शालवृक्ष ।

**साग्रह–** क्रि० वि० [सं०] आग्रह वा अनुरोधका साथ; आग्रहपूर्वक; सानुरोध ।

**साङ्कर्य–** ना० [सं०] १. सङ्कर हुनाको भाव वा अवस्था । २. छुट्ट्याउन नसकिने अनेक वस्तुको सम्मिश्रण; मिलावट ।

**साङ्केतिक–** वि० [सं०] १. सम्बन्धित व्यक्तिबाहेक अरूले नबुझून् भन्ने उद्देश्यले सङ्केतका रूपमा व्यक्त गरिएको; स्पष्ट नखोली इसाराका रूपमा बताइएको । २. सङ्केतसम्बन्धी; सङ्केतको । ~ **भाषा–** ना० १. खास गरी बहिराहरूले अङ्गसञ्चालनद्वारा प्रयोग गर्ने भाषा । २. साधारण चल्तीको भाषादेखि भिन्न पारी सम्बन्धित व्यक्ति वा संस्थाले कुराकानीका निम्ति वा समाचार आदानप्रदान गर्न बनाएको भाषा । २. हात, मुख, आँखा आदिको इसारा; अङ्गसञ्चालनका अन्य प्रक्रियाद्वारा भाव व्यक्त गरिने शैली वा पद्धति; सानभाषा । ~ **वाद–** ना० भाषाको उत्पत्ति पहिले सङ्केतका आधारमा भएको हो भनेर मान्ने एक सिद्धान्त ।

**साङ्ख्य–** ना० [सं०] १. जड प्रकृति र चेतन पुरुषलाई सृष्टिको मूलकारण मान्ने, कपिलमुनिद्वारा प्रतिपादित एक दर्शन; षड्दर्शनमध्ये एक । वि० सङ्ख्यासम्बन्धी; परिगणनीय ।

> **साङ्ख्यिकी**– ना० तथ्याङ्क वा आँकडा सङ्कलन, सारिणीकरण, विश्लेषण, व्याख्या आदि गर्ने विज्ञानको शाखा ।

**साङ्ग**– वि० [सं०] १. अङ्गले सहित भएको; अङ्गयुक्त । २. सबै अङ्गउपाङ्गले पूर्ण; साङ्गोपाङ्ग । – **ता**– ना० साङ्ग हुनाको भाव वा स्थिति; अङ्गप्रत्यङ्गयुक्तता ।

**साङ्गतिक**– वि० [सं०] सङ्गति मिलेको; सङ्गतिसम्बन्धी; सङ्गतिको ।

**साङ्गरूपक**– ना० [सं०] उपमानका सबै अङ्गको उपमेयमा आरोप गर्दा हुने एक अर्थालङ्कार; रूपकालङ्कारको एक भेद ।

**साङ्गीतिक**– वि० [सं०] १. सङ्गीत भएको; सङ्गीतले पूर्ण; सङ्गीतमय । २. सङ्गीतसम्बन्धी; सङ्गीतको ।

**साङ्गे**– ना० [सं० साङ्ग] १. यज्ञ, व्रत, पुराणवाचन आदिका अन्तमा पूर्णताका निम्ति गरिने समापन कार्य; यज्ञ, व्रत, पुराणवाचन आदिको समाप्ति; साङ्गता । २. उद्यापन; प्रतिष्ठा ।

**साङ्गोपाङ्ग**– वि० [सं०] १. सबै अङ्ग र उपाङ्गले सहित; अङ्गप्रत्यङ्गयुक्त । २. पूर्ण; पूरा ।

**साङ्ग्रामिक**– वि० [सं०] १. सङ्ग्रामसम्बन्धी; सङ्ग्रामको । २. शस्त्रास्त्रले युक्त वा सज्जित ।

**साङ्ग्रिनु**– अ० क्रि० [साङ्ग्रो+इ+नु] हे० साँघुरिनु ।

**साङ्ग्रिला**– ना० [फ्रा० शाङ्ग्रि+ला] १. जीवनले आनन्द प्राप्त गर्ने, दिव्य सुवासले युक्त, टाढाको काल्पनिक सुन्दर स्थान; मुग्ध तुल्याउने मनोहर स्थल । २. त्यस्तो सुवासयुक्त धूपीको बगैँचा वा वन ।

**साङ्ग्रो**– वि० [सं० सङ्कुल] हे० साँघुरो ।

**साङ्घातिक**– वि० [सं०] मर्मस्थलमा चोट पार्ने; मरणासन्न हुने गरी चोट पार्ने; असह्य आघात पुऱ्याउने ।

**साङ्घिक**– वि० [सं०] सङ्घसम्बन्धी; सङ्घको ।

**साङ्ली**– ना० [साङ्लो+ई] १. धागो, डोरो आदि गुटमुटिएर वा जेलिएर पर्ने गाँठो । २. सानो किसिमको साङ्लो ।

**साङ्ले**– वि० [साङ्लो+ए] साङ्लाझैँ पारी बटारेको वा बुनेको; साङ्लोजस्तो । ~ **बुट्टा**– ना० साङ्लाजस्तो बुट्टा; साङ्लाका आकारको बुट्टा । ~ **बुनोट**– ना० साङ्लाको आकार पर्ने किसिमले वा साङ्लो पारी गरिएको बुनाइ । ~ **रायो**– ना० सानासाना छिर्का परेको र खुम्चिएको पात हुने एक जातको रायो ।

**साङ्लो**– ना० [सं० शृङ्खला] १. घर आदिको दैलोमा साँचो लगाउने उद्देश्यले लगाइने फलामको सिक्री । २. सिक्री; बन्धन; जन्जिर । ३. रातोरातो वा कालो खालको विभिन्न भेद (घरसाङ्लो, मलसाङ्लो, वनसाङ्लो आदि) हुने, दुई जोडी पखेटा र तीन खुट्टा भएको एक जातको कीरो ।

**साची**– ना० [सं० सत्तसा] लाम्चा पात भएको एक जातको पान; सतसा ।

**साछी**– ना० [सं० सक्षी] हे० साक्षी ।

**साज१**– ना० [सं० सर्ज] सालका जस्ता पात र खैरा गोल फल फल्ने, गाईबस्तुलाई डाले घाँसका रूपमा खुवाइने एक जातको वृक्ष ।

**साज२**– ना० [फा० साज] १. कुनै विशेष काममा उपयोग गरिने सरसामान; सामग्री । २. कुनै व्यक्ति वा वस्तुलाई सजाउने गहना, कपडा आदि साधन; शृङ्गारको सामग्री । ३. सवारीका निम्ति घोडा आदि सजाउने सामान (काठी, लगाम आदि) । ४. सङ्गीतका क्षेत्रमा उपयोग गरिने वाद्यसामग्री । प० स० ५. कुनै वस्तुवाचक नामका पछाडि जोडिएर 'त्यो वस्तु बनाउने वा मर्मत गर्ने' भन्ने अर्थ बुझाउने शब्द (जस्तो– घडीसाज, जिल्दसाज आदि) । – **बाज**– ना० सरसामान; आवश्यक सामग्री । ~ **सज्जा**– ना० १. कुनै वस्तु वा व्यक्तिलाई सजाउने काम । २. सजाउने उपकरण; सरसामग्री ।

**साजा१**– वि० [√ साझा] धेरै जनाको हक वा हिस्सा भएको; गोस्वारा; सजियाँ; साझा ।

**साजा२**– ना० [सं० सार्द्र] आलो; साजी; ताजा ।

**साजिस**– ना० [फा० साजिश] अपराधयुक्त वा कपटपूर्ण कार्य; त्यस्तो कार्यमा हुने गुप्त सहयोग; षड्यन्त्र ।

**साजी**– वि० [साजा+ई] १. भर्खरै तयार भएको; बासी नभएको (खानेकुरा) । २. भर्खरै टिपेको; नओइलाएको; ताजा; आलो; साजा (सागपात आदि) ।

**साजेदार**– वि० [साजा+दार] हे० साझेदार । > **साजेदारी**– ना० साझेदारी ।

**साझा**– वि० [प्रा० साज्झओ] १. धेरै जनाका हकको; धेरै जनाको हिस्सा भएको; सजिया; साजा । २. सम्मिलित व्यक्तिहरूमध्ये लगानी भएको मूल धनअनुसार समान अनुपातमा बाँडिने; हिस्सेदार वा अंसियारहरूमा दामासाहीले भाग लाग्ने; सजियाँ; गोस्वारा । ~ **कार्यक्रम**– ना० कृषकहरूलाई आवश्यक ऋण दिनु, कृषिसामग्री तथा कृषिउपजका बिक्रीवितरणको व्यवस्था मिलाउनु, दैनिक उपभोग्य सामानहरूको बेचबिखनको व्यवस्था गर्नु र ग्रामीण क्षेत्रमा किसानहरूबाट निक्षेप प्राप्त गरी पुँजीको परिचालन गर्नुजस्ता मुख्य उद्देश्य भएको कार्यक्रम । ~ **पसल सेवा**– ना० पहिले साझा भण्डारको एकएक शाखाका रूपमा साझा पसल कार्यक्रम नामले रहेको र २०३१ सालदेखि सहकारी संस्थाका रूपमा रहेको, ग्रामीण क्षेत्रमा कृषिसामग्री तथा दैनिक उपभोग्यवस्तुहरू सुपथ र सुलभ मूल्यमा पुऱ्याउने उद्देश्यले स्थापित एक संस्था । ~ **पुरस्कार**– ना० साझा प्रकाशनले वर्षभरिमा आफूले प्रकाशित गरेका पुस्तकहरूमा सर्वश्रेष्ठ ठहरिएको पुस्तकलाई वि० सं० २०२६-देखि प्रदान गर्ने गरेको एक पुरस्कार । ~ **प्रकाशन**– ना० नेपाली भाषा र साहित्यको विकासमा सक्दो योगदान गर्दै विभिन्न विषयमा पुस्तकहरूको प्रकाशन तथा बिक्रीवितरण गर्ने उद्देश्यले वि० सं० २०२२ मा नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीका रूपमा गठित संस्था । ~ **भन्डार**– ना० सर्वसाधारण जनतालाई सुपथ मूल्यमा

उपभोग्य मालसामान उपलब्ध गराउने र उपभोक्ता र उत्पादकका बीचमा सीधा सम्बन्ध कायम गराउने उद्देश्यले साझा केन्द्रीय सङ्गठनको तेस्रो संस्थाका रूपमा २०२१ सालमा स्थापित संस्था । ~ **यातायात–** ना० यात्रुपरिवहनसेवाको अभावपूर्ति गर्ने उद्देश्यले स्थापित साझा केन्द्रीय सङ्गठनअन्तर्गत वि० सं० २०२१ सालमा स्थापित एक संस्था । ~ **व्यवस्थापक–** ना० साझा संस्थामा रहेर काम गर्ने प्रमुख कर्मचारी । ~ **संस्था–** ना० गाउँगाउँमा कृषिसामग्री लगायत दैनिक उपभोगका मालसामानहरूको बिक्रीवितरण गर्ने अड्डा वा शाखा । ~ **स्वास्थ्य सेवा–** ना० जनतालाई आवश्यक औषधीउपचार सुपथ मूल्यमा, सुलभ रूपमा उपलब्ध गराउने उद्देश्यले २०२१ सालमा स्थापित साझा केन्द्रीय सङ्गठनअन्तर्गतको एक संस्था ।

**साझीदार/साझेदार–** ना० [साझा+दार] हिस्सेदार; अंसियार; सेयरहोल्डर । > **साझेदारी–** ना० केही व्यक्ति मिलेर लगानीको अनुपातमा समान रूपले नाफानोक्सान बेहोर्ने गरी चलाइएको वा सुरु गरिएको कारोबार ।

**साट्–नु–** स० क्रि० [साटो+नु] १. आफूसँग भएको कुनै वस्तु वा मालसामान दिएर त्यसको सट्टामा अर्को वस्तु वा मालसामान दिनु; सट्टापट्टा गर्नु । २. रुपियाँपैसा आदिको विनिमय गर्नु; भजाउनु ।

**साटन–** ना० [अङ्० स्याटिन] एक प्रकारको चिप्लो र टलकदार रङ्गिन कपडा ।

**साटफेर–** ना० [साट+फेर] १. कुनै वस्तु वा मालसामान दिएर त्यसका ठाउँमा अर्को वस्तु वा मालसामान लिने काम; साट्ने वा फेर्ने काम; सट्टापट्टा । २. फेरफार ।

**साटसुट–** ना० [(द्वि०) सुट्+अ] १. सम्बन्धित व्यक्तिले बाहेक अरूले थाहा नपाऊन् भनी गुप्त किसिमले झटपट गरिने काम । २. अरूलाई थाहा नदिई सुटुक्क लिनेदिने काम । ३. गुप्त किसिमको कुराकानी । क्रि० वि० ४. गुप्त तवरले; चालै नपाई; सुटुक्क; लुकीछिपी । ५. छिटछिटो काम टुङ्ग्याउने चालमा; झटपट । > **साटसुटे–** वि० साटसुट गर्ने स्वभावको; छिटोछरितोसँग काम गर्ने; चटपटे । **साटसुट्ट–** क्रि० वि० १. छिटोछिटो वा झटपट हुने गरी । २. कसैलाई थाहै नदिएर; सुटुक्क; साटसुट ।

**साटासाट–** ना० [साट्+आ+साट्] आफुसआफुसमा कुनै वस्तु साट्नेवर्ने काम; साटफेर ।

**साटिनु–** क० क्रि० [साट्+इ+नु] अदलीबदली पारिनु; सट्टापट्टा गरिनु ।

**साटो१–** ना० बार बार्दा तेर्सो पारी बाँधिने लामो बाँस, नर्कट, काठ आदि वस्तु ।

**साटो२–** ना० १. विनिमय; सट्टा; बदला । २. आफ्ना छोरालाई छोरी दिने व्यक्तिकै कुटुम्बका छोरालाई आफ्नी छोरी पनि दिएर बिहे गर्ने चलन वा त्यसैअनुसार छोरीको साटासाट । – **पाटो–** ना० साटफेर; सट्टापट्टा । – **पोल्टो–** ना० आफ्नी छोरी दिँदा कुटुम्बबाट आफ्नो छोरालाई छोरी नपाएमा त्यसको साटो कुटुम्बबाट लिइने धन । ~ **फेराइ–** ना० कसैले गरेको नजाती कामका बदलामा अर्काले पनि त्यस्तै गर्ने चाल; बदला लिने काम ।

**साठगाँठ–** ना० [साथी+गाँठो] १. अरूले थाहा नपाउने गरेर गुप्त किसिमले कसैसँग गरिने मिलोमतो; भित्री मतो; गुप्त मेलमिलाप । २. षड्यन्त्र; साजिस ।

**साठिऔँ/साठियौँ–** वि० [साठी+औँ/यौँ] गणनाका क्रमले साठी सङ्ख्यामा परेको; साठी सङ्ख्याको ।

**साठी–** ना० [प्रा० सट्ठि] १. पचास र दसको योगबाट बन्ने सङ्ख्या; ६०-को अङ्क । वि० २. पचास र दसको योगबाट बन्ने सङ्ख्याको । > **साठीऔँ/साठीयौँ–** वि० हे० साठऔँ ।

**साठो–** ना० फिनी, पन्जाबी आदि रोटी उक्साउनका लागि घिउ मिलाई मलेको पीठो; दाउन ।

**साडी–** ना० [सं० शाटी] सारी ।

**साडो–** ना० काँडैकाँडा भएको एक जङ्गली जन्तु; दुम्सी ।

**साढु–** ना० [श्यालीबोढ्र] साली वा जेठीसासूको लोग्ने । ~ **दाइ/दाजु–** ना० जेठीसासूको लोग्ने । ~ **भाइ–** ना० सालीको लोग्ने ।

**साढे–** वि० [सं० सार्ध] भएको सङ्ख्यामा अर्को आधासमेत जोडिएको; आधासहितको । ~ **दुई–** ना० दुई र आधा; अढाई । ~ **सात–** ना० १. फलितज्योतिषका अनुसार आफ्ना राशिबाट द्वादश, प्रथम र द्वितीय राशिमा शनिग्रह साढेसात वर्षसम्म रहँदा रहने शनैश्चरको अनिष्टकारक दशा; साढेसाती । २. सात र आधा । ~ **साती–** ना० साढेसातको दशा ।

**सात–** ना० [सं० सप्त] १. छ र एकको योगबाट बन्ने सङ्ख्या; ६-पछिको सङ्ख्या; ७-को अङ्क । वि० २. ६ र १ का योगले बन्ने सङ्ख्याको । ~ **कान्ले–** ना० खेतमा हुने र धेरै लामो भएर फैलिने (सात कान्लासम्म फैलिन सक्ने भनी कहलिएको) दूबोजस्तो एक झार ।

**सातत्य–** ना० [सं०] सतत वा निरन्तर हुनाको भाव; निरन्तरता; अविच्छिन्नता ।

**सात दिने–** वि० [सात+दिन+ए] १. सात दिनसम्म चल्ने (पुराण आदि) । २. सात दिनको (दाजुभाइ) ।

**सात पगरी–** ना० [सं० सप्त+पट्टक] १. अन्दाजी सय सिपाहीको मुख्य नाइके सुबेदारको मातहतमा रहने, सोह्र जना मानिस आफ्नो दलमा भर्ना गर्न पाउने, लडाइँमा अनुभव पाएका सात जना सैनिक (दिव्य०) ।

**सात पत्रे–** ना० [सात+पत्र+ए] मानिस र पशुको भुँडीभित्र हुने, खाएको वस्तु पच्ने, पत्रैपत्र परेको अवयव; पाकस्थली ।

**सात पोके–** ना० [सात+पोका+ए] गाईभैँसी बिहाएपछि पहिलो छाकको बिगौती सात पोका पारी कप्टेरामा घुसारेर देउतालाई चढाइने भाग ।

**साता**– ना० [सं० सप्ताह] १. सात दिनको समूह; सात दिनको समय; सप्ताह; हप्ता । २. दुनोटमा कुनै अङ्कको सात गुनाभन्दा भनिने शब्द (पाँच साता पैंतीस, छ साता बयालीस आदि); साताङ ।

**साताङ**– ना० [सात+अङ्क] दुनोटमा कुनै अङ्कको सात गुना भन्दा भनिने शब्द (दुई साताङ चौध, तीन साताङ एक्काइस इ०) ।

**सातु**– ना० [प्रा० सत्तु <सं० सक्तुकम्] भुटेको मकै, चना, जौ, गहुँ आदिको पीठो; सत्तु; सतुवा ।

**सातो**– ना० [सं० सत्त्व] १. चेतनतत्त्व; चैतन्य; होस । २. अस्तित्वको मूल वस्तु; शक्ति; सत्त्व । ३. केटाकेटीलाई कुनै ठूलो डर लाग्दा होसहवास हराउने स्थिति वा रोग । – **पुत्लो**– ना० चेतनतत्त्व र शरीर; होसहवास ।

**सात्त्वती**– ना० [सं०] वीर, रौद्र, अद्भुत र शान्त रसमा व्यवहार गरिने दान, दया, शौर्य आदि वीरोचित कार्यमा वर्णन गरिने, नाटकका मुख्य चार वृत्तिमध्ये एक ।

**सात्त्विक**– वि० [सं०] १. सत्त्व, रज र तम तीन गुणमध्ये सत्त्वगुणले युक्त; सत्त्वगुणले भरिएको । २. सत्त्वगुणबाट उत्पन्न वा निर्मित । ३. सत्त्वगुणको आधिक्य भएको; सत्त्वगुणप्रधान । ना० ४. साहित्यमा सत्त्वगुणबाट उत्पन्न हुने स्तम्भ, स्वेद, रोमाञ्च आदि अङ्गविकार । ~ **भाव**– ना० नाटच वा नृत्य आदिमा सत्त्वगुणबाट उत्पन्न हुने अङ्गविकार (स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभङ्ग, कम्प, वैवर्ण्य, अश्रुपात र प्रलय) ।

**साथ**– ना० यो० [सं० सार्द्ध] १. सँग; सित । २. समेत; सहित । ना० ३. सामीप्य; निकटता । – **साथै**– क्रि० वि० एकै साथमा; सँगै रहेर; सँगसँगै ।

**साथी**– ना० [साथ+ई] १. एकसाथ रहने वा सँगै बसउठ गर्ने व्यक्ति; सँगी । २. कुनै कामकुरामा साथ दिने व्यक्ति; परिआएका बेलामा मद्दत गर्ने व्यक्ति; सहायक; सहयोगी; मदतगार ।

**सादगी**– ना० [फा०] १. सादा हुनाको भाव, गुण वा अवस्था; सादापन; सरलता । २. निष्कपटता ।

**सादर**– क्रि० वि० [सं०] आदर वा मानमर्यादाका साथ; सम्मानका साथ; आदरपूर्वक; ससम्मान ।

**सादा**– वि० [फा०] १. कुनै किसिमको देखावटी आडम्बर, तडकभडक, सिँगारपटार आदि नभएको; सामान्य किसिमको; साधारण । २. अनेक रङ, बुट्टा आदि नभएको । ३. छलकपट नभएको; मनमा एक थोक मुखले अर्को थोक गर्न नजान्ने; सोझो; सरल ।

**सादृश्य**– ना० [सं०] १. रूप,गुण आदिका दृष्टिले देखिने एकरूपता; समानता; तुल्यता । २. तुलना; दाँजो; बराबरी । ना० ३. कुनै प्रयोगलाई देखेर त्यसको सादृश्यमा अन्यत्र पनि त्यस्तै प्रयोग गर्ने भाषावैज्ञानिक प्रक्रिया (जस्तो– बस्छे > बस्+छे का सादृश्यले छ > छ+अ जस्ता प्रयोग पनि छे बन्नु अर्थात् बहिनी छे बनाउनु आदि) । – **गत**– वि० सादृश्य भएको; सादृश्य वा उपमाका रूपको (अलङ्कार आदि) ।

**साद्धे**– वि० [सं० साध्य] साध्य; सम्भव ।

**साध्-नु१**– स० क्रि० [सं० साध्+नु] १. लामो समयसम्मको साधनाद्वारा मन्त्र, विद्या आदिको सिद्धि प्राप्त गर्नु । २. लामो प्रयास र साधनाद्वारा दुस्साध्य वस्तुलाई वशमा पार्नु; अधीनमा ल्याउनु । ३. नियमपूर्वकको प्रयास र अभ्यासद्वारा सफलता प्राप्त गर्नु; कुनै काम फत्ते पार्नु; सिद्ध गर्नु । ४. व्याकरणअनुसार कुनै शब्दको प्रकृतिप्रत्यय देखाई सूत्रहरूका नियमद्वारा प्रचलित रूप बनाउनु । ५. कुनै विषयसँग सम्बन्धित सिद्धान्तलाई नियमानुसार प्रमाणित गर्नु ।

**साध्-नु२**– स० क्रि० [सोध्+नु] तल्लो तहका संस्था वा व्यक्तिले आफ्नो अधिकारक्षेत्रभन्दा बाहिरको कामकुरा गर्नुपर्दा माथिल्लो तहका व्यक्ति वा संस्थाको आदेश लिन जाहेर गर्नु ।

**साधक१**– वि० [सं०] १. तप, मन्त्र, साधना आदिद्वारा कुनै कुरा सिद्ध गर्ने । २. कुनै कुराको सिद्धिका लागि तप वा मन्त्र साधना गर्ने । ३. भूतप्रेत आदिलाई मन्त्रद्वारा आफ्नो वशमा पार्ने । ना० ४. इन्द्रजाली । ५. झाँक्री; धामी । ६. तपस्वी; योगी ।

**साधक२**– ना० [साध्+अक] १. तल्लो तहका अड्डाअदालतमा परेका, आफूले छिन्न नसकिने वा छिन्न नमिल्ने मुद्दामामिलामा आफ्नो राय लेखी निर्णयका निम्ति माथिल्ला अधिकारी वा अड्डामा पठाइने जाहेरी । २. आफ्नो अधिकारभन्दा माथिको वा आफूले आँट्न नसकिने विषयमा निकासाका निम्ति तालुकवाला अधिकारी वा अड्डालाई लेखी पठाइने रिपोर्ट । ~ **फैसला**– ना० आफूले गरेको निर्णय ठीक छ-छैन भनी माथिल्लो तहमा जाँच्न पठाउने गरी गरिएको फैसला; जाहेरी फैसला ।

**साधन**– ना० [सं०] १. कुनै वस्तु तयार पार्ने वा कुनै काममा प्रयोग गरिने सामान; उपकरण; औजार । २. साजबाज । ३. कुनै वस्तु वा कुराको कारण; हेतु । ४. तपश्चर्या । ५. मन्त्र आदि सिद्ध गर्ने काम ।

**साधना**– ना० [सं०] १. लामो समयसम्म कष्ट सही मनलाई एकाग्र राखेर कुनै सिद्धि वा सफलताको प्राप्तिका लागि गरिने योग, काम वा प्रयत्न । २. अभीष्ट फलप्राप्तिका लागि नियमपूर्वक गरिने देवादिको उपासना वा आराधना; अनुष्ठान । ३. सफलता, दक्षता वा पूर्णताको प्राप्तिका लागि कुनै काम बारबार गर्ने क्रिया; अभ्यास; रफत । ४. भूतप्रेत आदिलाई मन्त्रादिद्वारा वशमा पार्ने काम । ~ **भूमि/स्थल**– ना० कुनै सिद्धि वा सफलताको प्राप्तिका लागि साधना गरिने भूमि वा स्थल ।

**साधर्म्य**– ना० [सं०] भिन्नभिन्न वस्तुमा एउटै धर्म रहनाको भाव, गुण वा अवस्था, धर्म आदिका दृष्टिले हुने एकरूपता; एकधर्मिता ।

**साधसोध**– ना० [साध्+सोध्] १. आफूले निश्चय गर्न अडबड परेका कुरामा मातहत अड्डा वा कर्मचारीले तालुक अड्डा वा माथिल्ला अधिकारीमा पेस गरी लिने निकासा, निर्देशन वा सल्लाह । २. कुनै कामकुराबारे साध्ने वा सोध्ने काम ।

**साधा**– वि० [सादा] १. छलछाम नगर्ने; सरल स्वभावको; सोझो;

सादा । २. सामान्य; मामुली ।

**साधार–** वि० [सं०] १. निराधार वा कपोलकल्पित नभएर तर्कसम्मत आधार भएको; आधारयुक्त । २. कुनै प्रमाणमा आधारित; सप्रमाण ।

**साधारण–** वि० [सं०] १. कुनै किसिमको विशेषता वा उल्लेखनीय कुरा नभएको; सामान्य; मामुली । २. सरल; सजिलो । ३. जतासुकै पाइने; सबै ठाउँमा हुने । ४. धेरैसँग मिल्दोजुल्दो; अरूसरहको । ५. सहज; प्रकृत । **– तः/तया–** क्रि० वि० १. साधारण किसिमसँग; सामान्य रूपले । २. प्रायः; धेरैजसो । ~ **शिक्षा–** ना० सर्वमान्य अनुभवसँग सम्बन्धित र भविष्यमा जुनसुकै विषयमा विशिष्टीकरण गर्ने शिक्षार्थीले पनि सामान्यतः लिनु आवश्यक ठानिएको शिक्षा । ~ **सेयर–** ना० कुनै कम्पनी वा औद्योगिकव्यापारिक संस्थाद्वारा बिक्रीवितरणमा ल्याइएको साधारण किसिमको हिस्सा वा सेयर । ~ **सभा–** ना० १. कुनै सङ्घसंस्था आदिका साधारण सदस्यहरू सम्मिलित भएको सभा; साधारण सदस्यहरूको सभा । २. विशेष कार्यका निम्ति नभई साधारण कामका निम्ति गरिएको सभा । ३. नियमित रूपले चल्ने सामान्य सभा । >**साधारणीकरण–** ना० १. समान गुण, धर्म वा विशेषताका आधारमा अनेक वस्तुलाई एक श्रेणीमा राख्ने काम । २. विभिन्न तत्त्व, गुण वा विशेषताका आधारमा कुनै साधारण नियम वा सिद्धान्त स्थिर गर्ने काम । ३. साहित्यमा नायक र नायिकाका साथ भावक (श्रोता, पाठक, दर्शक)-को तादात्म्य हुने मानसिक व्यापारविशेष । ४. कुनै विषयलाई सामान्यतः सबैमा उही भावको आलम्बन हुने गरी रसानुभूति हुने रूपमा ल्याउने काम; सामान्यीकरण ।

**साधिका–** वि० [सं०] साधनाद्वारा कुनै कामकुरा सिद्ध गर्ने स्त्री; साधना गर्ने स्त्री ।

**साधिकार–** वि० [सं०] १. अधिकार पाएको वा भएको; अधिकारयुक्त । क्रि० वि० २. अधिकारपूर्वक ।

**साधित–** वि० [सं०] १. साधना गरिएको ; सिद्ध पारिएको । २. अभ्यास वा प्रयासद्वारा वशमा ल्याइएको ।

**साधिनु–** क० क्रि० [साध्+इ+नु] १. शिक्षा लिइनु; तालिम हासिल गरिनु । २. माथिल्लो तहबाट आज्ञा वा आदेश लिइनु ।

**साधु–** ना० [सं०] १. सांसारिक प्रपञ्च वा विषयासक्तिबाट टाढा रही परमार्थचिन्तनमा जीवन बिताउने व्यक्ति; सन्त; महात्मा । २. सरल प्रकृतिको मानिस; सोझो मानिस । ३. पोइल गएकी वा परपुरुषसँग लागेकी स्त्रीको विवाहित पति (का० अ०) । वि० ४. शिष्ट । **– ता/त्व–** ना० साधु हुनाको भाव वा अवस्था; सोझोपन; सौजन्य । **– मती–** ना० बौद्ध धर्मानुसार दशभूमि र त्रयोदशभूमिको नवौँ भूमि । **– वाद–** ना० कसैले उपकार, अनुग्रह आदि असल काम गर्दा 'साधु-साधु' भनेर स्याबासी दिन भनिने शब्द; स्याबास; धन्यवाद । ~ **सन्त–** ना० सांसारिक झैझमेलामा नअल्झेको सज्जन; महात्मा ।

**साध्य–** वि० [सं०] १. सिद्ध गर्न सकिने; पूरा गर्न सकिने; फत्ते गर्न सकिने । २. घट्न सक्ने; हुन सक्ने; सम्भव । ३. निको पार्न सकिने; निवारण गर्न सकिने । ना० ४. देवयोनिविशेष । ५. समाधानका निम्ति प्रस्तुत समस्या; सिद्ध हुन सक्ने तर्कयुक्त कुरो । >**साध्यवसाय/साध्यवसाना/साध्यवसानिका–** ना० साहित्यमा पूर्वोक्त विषयको अन्य विषयका साथ अभेदसम्बन्ध देखाएमा हुने लक्षणा ।

**साध्या–** ना० [भो० ब०] लामाको सेवा गर्ने चेली ।

**साध्वी–** ना० [सं०] पवित्र आचरण भएकी स्त्री; पतिव्रता स्त्री ।

**सान१–** ना० [सं० सङ्ग] मत्ताका पछिपछि लागेर हिँड्ने हात्तीको बथान ।

**सान२–** ना० [प्रा० सण्णा > सं० संज्ञान] १. ओठ, जिब्रो, टाउको, हात, आँखा आदि चलाएर अरूलाई मनको भाव प्रकट गर्ने काम; इसारा; सङ्केत । २. जनाउ; सूचना ।

**सान३–** ना० [अ० शान] १. गौरव, इज्जत वा प्रतिष्ठाको अवस्था; चकचकी । २. तडकभडक; ढाँचा । ३. बडप्पन; मैमत्याइँ ।

**सान४–** ना० [सं० शाण] १. हतियार उध्याउने वा धार लगाउने काम । २. रत्नहरूमा रहने पानी । ~ **ढुङ्गो–** ना० हँसिया आदि हतियार उध्याउने कालो कडा ढुङ्गो; सान लगाउने ढुङ्गो ।

**सानदार–** वि० [अ० शान+दार] १. सान भएको; गौरवशाली; भव्य । २. प्रभाव पार्ने; सुन्दर । ३. ढाँचावाल; भड्किलो ।

**सानन्द–** वि० [सं०] १. आनन्दले युक्त; प्रसन्न । क्रि० वि० २. आनन्दका साथ; आनन्दपूर्वक; खुसीसाथ ।

**सानबान–** ना० हे० साहनवाहन ।

**सान सौकत–** ना० [अ० शान-शौकत] १. सजिनेसिँगारिने स्थिति; सजावट । २. ठाँटबाँट; तडकभडक ।

**साना–** वि० [सानोको ति० रू०] सानो । ~ **उद्योग–** ना० थोरै मानिस, थोरै श्रम र सानै पुँजीले चलाइने उद्योग । **– बा/बाबु–** ना० आमाकी बहिनीको लोग्ने ।

**सानिमा–** ना० [सानी+आमा] सानीआमा । ~ **सासू–** ना० १. पति वा पत्नीकी सानीमा । २. आफ्नी सासूभन्दा पछि विवाह गरिएकी सासूकी सौता ।

**सानी–** वि० [सानो+ई] १. धेरै वर्ष नखाएकी; कम उमेरकी । २. नसप्रेकी; नबढेकी; सानो कदकी । **– आमा–** ना० १. आमाकी बहिनी; सानीमा । २. आमाकी सौतेनी बैनी; सौतेनी आमा ।

**सानीमा–** ना० हे० सानिमा ।

**सानु१–** वि० सानो । ~ **करौँदा–** ना०ससाना पात, ल्वाङका आकारका फूल, आधा प्याजी वा रातो र आधा सेतो रङका फल हुने एक जातको बोट; त्यसैको अमिलो रस हुने फल; करमर्दी । **– तिनु–** वि० १. थोरै महत्त्व वा मोलको; कम मूल्यको । २. सानो । ~ **केराउ–** ना० हरिया र साना गेडा हुने एक जातको केराउ । ~ **जटामसी–** ना० गुलाबका जस्ता पात र हरिया रङका हाँगा हुने, फेदमा झुत्ला भएका, लामालामा दुइटा मूलाजस्ता जरा हुने, हिमालयमा पाइने सुगन्धी बुटी; एक जातको जटामसी । ~ **तिते पिँडालु–** ना० लामालामा पात, सेतो ठूलो फूल र

छ्यापीको जस्तो कन्द हुने, हिमालयमा पाइने आयुर्वेदका अनुसार ज्वरनाशक र वीर्यवर्द्धक मानिएको, जङ्गलमा पाइने, एक बुटी; ऋषभ ।

**सानु**२– ना० [सानो] १. बालबालिकालाई प्रेमले बोलाउँदा प्रयोग गरिने शब्द । २. साना ।

**सानुनय**– क्रि० वि० [सं०] १. अनुनय वा विनयपूर्वक; नम्रतासाथ । वि० २. विनययुक्त; विनयशील ।

**सानु पर्वै**– ना० [सानो+पर्वै] सानो जातको पर्वै ।

**सानु पिप्ला**– ना० पानपाते आकारका हरिया पात हुने, पानकै जस्ता फूल फुल्ने, किम्बुका जस्ता र पिरो स्वादका फल फल्ने एक जातको वनस्पति ।

**सानु पिपल**– ना० [सानु+पीपल] लाम्चा पात, पहेँला फल र सेतो हाँगा हुने पीपलका जातको एक बोट; अश्वत्थिका ।

**सानुबन्ध**– वि० [सं०] १. कुनै सर्त वा बन्धन भएको; प्रतिज्ञा गरिएको । २. सम्बन्ध वा क्रम नटुटेको ।

**सानो**– ना० [सानो+ए] सानो व्यक्तिलाई हेला गरेर बोलाउँदा प्रयोग गरिने शब्द ।

**सानो**– वि० [प्रा० सिण्णो < सं० शीर्ण] आकार, परिमाण, कद, दर्जा आदि कम भएको; उचाइ, मोटाइ आदि कम भएको; झीनो; सानु । ~ **जुनटिकी**– ना० सानो, चन्द्राकार वा गोला भावको, टुप्पा मठारिएको, भाले र पोथी अङ्ग भिन्नाभिन्नै फूलमा लाग्ने, आयुर्वेदमा पेटसम्बन्धी रोगमा हितकर बताइएको एक जातको वृक्ष । – **तिनो**– वि० १. ससानो; सानुतिनु । २. साधारण; मामुली । ~ **नगदी कोष**– ना० हाताहात भुक्तानी दिनका लागि बराबर सोधभर्ना हुने पेस्कीका रूपमा दिई स्थापना गरिएको सानो रकमको नगदी कोष । ~ **सूतक**– ना० सुत्केरी हुनुभन्दा पहिले निस्कने पानीफोको ।

**सान्ती**– ना०/ना० यो० [सं० सम्+तृ] राम्रोसँग वा बराबरी वितरण गर्ने काम; केही शब्दका पछाडि जोडिएर उक्त अर्थ दिने शब्द (जस्तै– पालोसान्ती, भागसान्ती, हिसाबसान्ती आदि) ।

**सान्त्वना**– ना० [सं०] १. प्रियजनको मृत्यु वा कुनै प्रकारको हानिनोक्सानीले गर्दा दुःखमा परेका व्यक्तिलाई शान्ति वा धैर्य दिने काम; सम्झाउनेबुझाउने काम । २. ढाढस; आश्वासन । ३. सन्तुष्ट हुने वा पार्ने वचन; चित्त बुझाउने कुरो; मानसिक शान्ति । ~ **पुरस्कार**– ना० प्रतियोगितामा भाग लिनेमध्ये प्रथम, द्वितीय वा तृतीय नभएका तर योग्यता वा विशेषताका आधारमा तृतीयभन्दा केही मात्र पछि देखिने व्यक्तिलाई प्रोत्साहनस्वरूप दिइने पुरस्कार ।

**सान्थुङ्गे**– ना० [सानो+थुङ्गो+ए] सानो एक जातको सयपत्री ।

**सान्ध्य**– वि० [सं०] १. सन्ध्यासम्बन्धी; बेलुकीपखको; साँझको । २. सन्ध्याका समयमा हुने । ~ **कुसुमा**– ना० सन्ध्याका समयमा फुल्ने फूल । ~ **गोष्ठी**– ना० सन्ध्याका समयमा हुने, आमन्त्रित मित्रहरूको रमाइलो गोष्ठी । ~ **लालिमा**– ना० साँझपख क्षितिजमा देखिने रातोपना ।

**सान्निध्य**– ना० [सं०] सन्निधि वा समीप हुनाको भाव वा स्थिति; सामीप्य ।

**साप्-नु**– स० क्रि० [सं० सर्प+नु] नाप्नुको पूरक ।

**सापट**– ना० १. पछि फिर्ता लिने वा दिने गरी कसैलाई दिइएको वा कसैसँग लिइएको धन, मालसामान आदि । २. काम सिद्धिएपछि फिर्ता गर्ने गरी धन, मालसामान आदि लिने वा दिने काम; उधारो; ऋण; कर्जा । > **सापटी**– वि० १. पछि फिर्ता गर्ने गरी लिइएको वा दिइएको (धनमाल आदि)। ना० २. सापट; ऋण ।

**सापत्न्य**– ना० [सं०] सौतेनी हुनाको भाव वा अवस्था; सौतेनी व्यवहार ।

**सापिलो**– वि० [साप्+इलो] नापिने; नपना हुने ।

**सापेक्ष**– वि० [सं०] १. स्वतन्त्र रूपले रहेको नभएर अर्काको अपेक्षा वा आशा राख्ने; अर्कासित सम्बद्ध । २. अन्य तत्त्व, विचार, दृष्टिकोण आदिबाट सम्बन्धित हुनाले त्यसैको अपेक्षा राख्ने । – **ता** – ना० सापेक्ष हुनाको भाव, गुण वा अवस्था । – **वाद**– ना० विश्वको कुनै पनि कुरा आफैँमा स्वतन्त्र नभएर अर्कासित कुनै न कुनै रूपमा सम्बद्ध हुन्छ भनेर मान्ने सिद्धान्त । ~ **विराम**– ना० १. कुनै विषयको आधारमा गरिने विराम वा रोक; सापेक्ष रूपमा गरिने विराम । २. सापेक्ष विरामचिह्न । ~ **विराम चिह्न**– ना० परस्परको सापेक्षता देखाउन वाक्यांश वा वाक्यार्धमा दिइने विरामचिह्न; (:) चिह्न ।

**सापेक्षिक**– वि० [सं०] सापेक्ष भएको; सापेक्षसम्बन्धी; सापेक्ष । ~ **आर्द्रता**– ना० १. कुनै निश्चित तापमा हुने वायुको घनत्वमा पाइने जलवाष्पको वास्तविक मात्रा र त्यही तापमा सन्तृप्त वायुमा रहेको मात्राको बीचको अनुपात (सामान्यतः प्रतिशतमा बताइन्छ) । २. हाइग्रो मिटरद्वारा निर्धारित गरिने वातावरणीय चिसोपन ।

**सापो**– ना० [साप+ओ] १. नाप्ने काम । २. नापोको अग्रक । – **नापो**– क्रि० वि० १. मिल्नेमिल्ने गरी; सरदर; सालाखाला । २. रोखपोख ।

**साप्ताहिक**– वि० [सं०] १. प्रत्येक सप्ताहमा हुने; हरेक हप्ताको; हप्ताभरिको । २. सप्ताहसम्बन्धी; सात दिनको; साताको । ना० ३. एकएक सातामा प्रकाशित हुने पत्रपत्रिका वा समाचारपत्र ।

**साफ**– वि० [अ०] १. धूलोमैलो आदि नभएको; स्वच्छ; सफा । २. मिलावट वा खोट नभएको; शुद्ध । ३. खुलस्त; स्पष्ट । ४. उज्ज्वल; चम्किलो । ५. खाली; शून्य । ६. चुक्ता भइसकेको; तिर्न बाँकी नरहेको (हिसाब आदि) । क्रि० वि० ७. बेसरी; बेसमारी ।

**साफल्य**– ना० [सं०] सफल हुनाको भाव, गुण वा अवस्था; सफलता ।

**साफा**१– ना० [साउने+फागु] साउने फागुको सङ्क्षिप्त रूप; साउने फागु ।

**साफा२**– ना० [अ०] फेटा; पगरी ।

**साफी१**– ना० [साफ+ई] १. एकपल्ट लेखेको कुरा दोहोऱ्याएर सफा र शुद्धसँग सार्ने काम; मसौदा वा खेस्रा राम्ररी सार्ने काम । २. दोहोऱ्याएर सफासँग सारेको कागत; मसौदा वा खेस्रा सारेको शुद्ध प्रति । वि० ३. दोहोऱ्याएर सफासँग सारेको; मसौदाबाट सफा प्रति उतारिएको ।

**साफी२**– ना० [अ०] १. गाँजा, कक्कड आदिका चिलिमको भेट्नामा धूवाँ छान्नका लागि बेरिने कपडा वा त्यसमा घुसारिने घाँस, पराल आदिको बुजो । २. रुमाल ।

**साबर**– ना० [सं० संवर] साँभर नामको मृगको नरम छाला । २. एक प्रकारसित तयार पारिएको कमलो छाला । ३. झील । >**साबरी**– वि० १. साबर झीलको खारा पानीबाट बनेको (नुन) २. साबरबाट निर्मित (जस्ता, ब्याग आदि) ।

**साबिक**– वि० [अ० साबिक] १. अहिलेको भन्दा पूर्व अवस्थाको; पहिलेको । (उदा०– हाल नापीले साबिक रोपनीमा घटाएको छ) । २. पहिलेदेखि चल्दै आएको; सनातन । (उदा०– साबिक रीतिरिवाजलाई पनि कायमै राख्नु सांस्कृतिक उपादेयता हो) । ~ **ऐन**– ना० १. कायम भइरहेको ऐन; चालू ऐन । २. अहिलेको भन्दा पुरानो ऐन; पुरानो कानुन । – **वाला**– वि० हालभन्दा पहिले काम गर्ने; पुरानियाँ (कामदार) ।

**साबित**– वि० [अ०] १. निस्साप्रमाणबाट सिद्ध भएको; सबुत पुगेको; प्रामाणिक । २. अपराध वा दोष स्वीकार गरेको; कायल भएको । > **साबिती**– ना० १. भूल वा अपराध स्वीकार गर्ने काम; साबित हुने काम । वि० २. अपराध वा दोष स्वीकार गर्ने खालको (बयान) ।

**साबुत/साबुद**– वि० [अ० साबित] १. टुटफुट नभएको; सग्लो; सिङ्गो । २. पूरा; सबै; सम्पूर्ण ।

**साबुदाना**– ना० [अङ्० सैगो+दाना] ताडका जातको रूखको गुभाको गुदीबाट बनाइने, खान हुने सेता मसिना दाना ।

**साबुन**– ना० [अ० साबून] कपडा, कपाल, शरीर आदि सफा गर्नका लागि क्षार, तेल आदि रासायनिक पदार्थको मिश्रणबाट बनाइएको पानीमा घोल्दा वा शरीर र वस्त्रमा दल्दा फीँज आउने पदार्थ ।

**साबेल**– ना० [अङ्० शोवेल] कथ्य० साभेल । माटो, ढुङ्गा आदि उठाउने, पन्छाउने वा फ्याँक्ने, कोदालीको जस्तो पातो र लामो, सोझो बीँड भएको औजार वा हाते ज्याबल ।

**साभार**– क्रि० वि० [सं०] १. लगाएको गुनले विनीत बन्दै; आभार प्रकट गर्दै; कृतज्ञतापूर्वक । वि० २. कुनै पुस्तकपत्रिका वा लेख आदिबाट लिइएको; उद्धृत ।

**साभिलाष**– क्रि० वि० [सं०] अभिलाषासहित; इच्छापूर्वक; चाहनाअनुसार ।

**साम**– ना० [सं०] १. ऋक्, यजु:, साम र अथर्व – चार वेदमध्ये एक । २. वेदमा गाइने मन्त्र; सामवेदका कण्डिका । ३. कूटनैतिक चार उपाय– साम, दान, दण्ड, भेदमध्ये एक । ४. प्रिय वचन; मीठो बोली ।

**सामकालिक**– वि० [सं०] समान कालको; एकै समयको (ध्वनि) ।

**सामग्री**– ना० [सं०] १. कुनै विशेष कामका लागि चाहिने साधन; सरसामान; सामाग्री । २. उपकरण; साधन ।

**सामञ्जस्य**– ना० [सं०] १. रूप, रस, गुण, धर्म आदिमा एकरूप हुनाको भाव वा अवस्था; मेलमिलाप । २. उपयुक्तता; औचित्य । ३. अनुकूल हुनाको भाव; मिल्दोपना । ४. बराबरी; समानता; तुल्यता ।

**सामदान**– ना० [अ० शमऽ+ फा० दान] मैनबत्ती आदि बाल्दा अडचाइने ठाडो पानस ।

**सामदुलिङ गुम्बा**– ना० [भो० ब०] नेपालको मुस्ताङ जिल्लामा अवस्थित कादजपापन्थी बौद्धहरूको प्रसिद्ध तीर्थस्थलका रूपमा रहेको गुम्बा ।

**सामना**– ना० [सामुन्ने] १. सामुन्ने पारेर एकअर्को पक्ष वा व्यक्तिका बीच सङ्घर्ष गर्ने काम; मुकाबिला; मुठभेड । २. आमनेसामने हुने काम; मुखामुख ।

**सामन्त**– ना० [सं०] १. शक्तिशाली राजालाई कर बुझाउने सानो राजा; रजौटो । २. राजा वा प्रमुख शासकको आड लिएर सर्वसाधारण जनतालाई शोषण गर्ने व्यक्ति । ३. लिच्छविकालीन उच्च ओहदाको एक दर्जा । ~ **तन्त्र**– ना० राज्यको भूभाग ठूलठूला भारदार, सामन्त, सरदार, जमिनदार वा धनीहरूको अधिकारक्षेत्रमा रही त्यसको बदलामा राजालाई आर्थिक सहायता दिइने शासनव्यवस्था । – **वाद**– ना० १. कुनै राज्यअन्तर्गतका सामन्त, जमिनदार बिर्तावाल आदिलाई खेती, मोही आदिमाथि पूरापूर अधिकार दिइने सिद्धान्त वा शासनपद्धति । २. सामन्तहरूको सत्ता मान्ने शासनव्यवस्था; सामन्ततन्त्र । – **वादी**– वि० सामन्तवादको अनुयायी; सामन्ततन्त्रमा विश्वास भएको । ~ **साही**– ना० सामन्तवाद । >**सामन्ती**– वि० १. सामन्तको; सामन्तसम्बन्धी । ना० २. सामन्तको काम वा पद ।

**सामयिक**– वि० [सं०] १. समय सुहाउँदो; समयका दृष्टिले उपयुक्त; समयानुकूल । २. नियत समयमा गरिने; ठीक समयमा हुने । ३. समयको; बेलाबखतको । ~ **कर**– ना० समयका आधारमा उठाइने कर; तोकिएको समयमा मात्र कुनै वस्तुमाथि लगाइने कर । ~ **चर्चा**– ना० रेडियो, पत्रपत्रिका आदिबाट बेलाबखत प्रचार-प्रसारमा ल्याइने समसामयिक जल्दाबल्दा घटना, विषय वा समाधानका उपाय । – **ता**– ना० समयानुकूल हुनाको भाव वा स्थिति । ~ **पत्र**– ना० वेला-बखत लेखिने कागजात; सावधिक पत्र । ~ **परीक्षा**– ना० कुनै शैक्षिक तह पूरा गर्ने अन्तिम परीक्षामा नपुग्दै बीचबीचमा लिइने परीक्षा । ~ **प्रकाशन**– ना० कुनै विशेष चाडपर्व आदिको समय मिलाई वा वेला-बखत प्रकाशनमा ल्याइने पत्रपत्रिका । ~ **वार्ता**– ना० रेडियो वा पत्र-

पत्रिकाबाट प्रसारित गरिने समसामयिक घटना, प्रश्न वा विषयको चर्चा; सामयिक चर्चा । > **सामयिकी–** वि० समयसम्बन्धी; सामयिक ।

**सामरिक–** वि० [सं०] समर वा युद्धसँग सम्बन्धित; लडाइँसम्बन्धी; युद्धको । ~ **व्यवस्था–** ना० युद्धको सञ्चालन तथा शस्त्र-अस्त्रसम्बन्धी चाँजोपाँजो ।

**सामरी–** वि० [सं० श्यामल+ई] हे० साँवली (जस्तो– सामरी भन्ज्याङ) ।

**सामर्थी–** वि० [सं० सामर्थ्य] सामर्थ्य भएको; खुपी भएको; समर्थ; बलवान् ।

**सामर्थ्य–** ना० [सं०] १. समर्थ हुनाको भाव, गुण वा अवस्था; समर्थता । २. क्षमता; योग्यता । ३. शक्ति; बल । ४. शब्दको व्यञ्जनाशक्ति ।

**सामल–** ना० [सं० सम्बल] १. यात्रा गर्दा चाहिने आर्थिक साधन; बाटाखर्च । २. खानेपकाउने दैनिक खाद्य पदार्थ । – **तुमल–** ना० घरमा बिहानबेलुकाको छाक टार्न वा बाटो लाग्दा खान चाहिने चामल, खाजा आदि खानेकुरा । > **सामली–** ना० सामल बोक्ने व्यक्ति; सामलतुमल लिने भरिया ।

**सामलो–** वि० [सं० श्यामल] साँवलो ।

**सामवेद–** ना० [सं०] चार वेदमध्ये तेस्रो वेद । > **सामवेदी–** ना० १. सामवेदको ज्ञाता; सामवेद पढ्ने वा पाठ गर्ने व्यक्ति । २. वि० सामवेदसम्बन्धी ।

**सामसाम-सुमसुम–** ना० [सुमसुम (द्वि०)] १. नचाहिँदो कामकुरामा अलमल गर्ने काम; अल्याङमल्याङ । २. लम्प्राङलुम्प्रुङ; जुम्सोपन । ३. अँध्यारोमा वा अन्धाले हातले यताउति छाम्ने काम; छामछामछुमछुम ।

**सामसुन–** वि० [सं० साम्य+शून्य] १. कुनै आवाज वा कोही व्यक्ति नभएको; सुनसान; चकमन्न । २. निस्तब्ध; निश्छल ।

**सामसुम–** क्रि० वि० [सं० साम्य+शून्य] १. होहल्ला बन्द हुने गरी; हल्लीखल्ली बन्द हुने गरी; हल्लीखल्ली नभएको चालमा; चुपचाप । २. आगोको बीउसमेत नरहने गरी निभेर । ३. भैभगडा, विद्रोह आदि सबै शान्त हुने चालले । > **सामसुम्म–** क्रि० वि० अझै जोडसित सामसुम हुने गरी ।

**सामा१–** ना० [सं० श्यामाक] धानको खेतमा उम्रने र धानको जस्तै बोट हुने मसिना राता दाना फल्ने जङ्गली धान वा त्यसैको चामल; नाभो धान ।

**सामा२–** ना० जुत्ताको माथिल्लोपट्टि रहने भाग वा घर ।

**सामा३–** ना० [√ सामान] पूजा गर्ने सरसामग्री; पूजाको सामान (जस्तो– पूजासामा) ।

**सामाग्री–** ना० हे० सामग्री ।

**सामाजिक–** वि० [सं०] १. समाजसँग सम्बन्धित; समाजको । २. समाजमा पाइने, हुने वा रहेको ( कुरीति, चलन, व्यवस्था, नीति आदि) । ना० ३. काव्यनाटक आदिका श्रोता वा दर्शक । ~ **अध्ययन–** ना० सामाजिक शिक्षा । ~ **करार–** ना० राजनीतिक दर्शनअनुसार समाजको उत्पत्तिको एक सिद्धान्त; हब्स, लक र रुसोको सिद्धान्त । ~ **तत्त्व–** ना० समाजमा रहेर समाजकै हितका लागि काम गर्ने व्यक्ति वा साधन । – **ता–** ना० समाजअनुसार चल्ने काम; समाजमिल्दो व्यवहार वा चालचलन । ~ **भूगोल–** ना० समाजको अध्ययन गर्ने भूगोल । ~ **विज्ञान–** ना० समाजसँग सम्बन्धित क्रमबद्ध ज्ञान । ~ **शास्त्र–** ना० जनसाधारणको व्यवहारदर्शनको विषयमा लेखिएको शास्त्र; इतिहास, भूगोल, अर्थशास्त्र आदि । ~ **शिक्षा–** ना० सामाजिक शास्त्रका मुख्यतः इतिहास, भूगोल, नागरिक शास्त्र, अर्थशास्त्र र समाजशास्त्रका स्रोतबाट लिइएको, विद्यालयतहको शिक्षाका लागि उपयुक्त एकीकृत तथा सम्मिश्रित विषयवस्तु । ~ **समायोजन–** ना० व्यक्ति वा समूह बदलिँदो परिस्थिति र सामाजिक वातावरणको दबाबसँग अनुकूलित हुँदै जाने प्रक्रिया । ~ **सुरक्षा–** ना० समाजमा हुन सक्ने चोरी, डकैती, लुटपिट, कुटपिट, असुरक्षा आदिबाट बच्ने वा बचाउने संस्थागत व्यवस्था । ~ **सेवा–** ना० जनसाधारणको सेवा; समाजका रोगी, अपाङ्ग आदिको भलाइका लागि गरिने काम ।

**सामान–** ना० [फा०] १. जीवनका लागि आवश्यक उपयोगी वस्तु; मालमत्ता; असबाब । २. सामग्री; साधन ।

**सामान्य–** वि० [सं०] १. कुनै खास विशेषता नभएको; मामुली; साधारण । २. जनसाधारणसँग सम्बन्ध भएको; सार्वजनिक । ना० ३. रूप, गुण, धर्म आदिका दृष्टिले परस्परमा रहेको समानता; बराबरी । ४. उपमान र उपमेय वा प्रस्तुत र अप्रस्तुतका बीच समान रूपले रहने गुण, धर्म आदिको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । ~ **आबर्जे–** ना० सबै कारोबारको हिसाब वर्गीकरण गरी त्यसको अभिलेख राख्ने आबर्जे । ~ **कानुन–** ना० आम जनताको साधारण व्यवहार तथा रीतिरिवाज आदिमा प्रयोग हुने कानुन । ~ **कोष–** ना० कुनै खास कामकुराका निम्ति स्थापित गरिएको नभई सार्वजनिक प्रयोजनका निम्ति खर्च हुने वा खर्च गर्न पाइने कोष । – **तः/तया–** क्रि० वि० साधारण किसिमले । ~ **तत्त्व–** ना० प्राणिमात्रमा रहने पृथ्वी, जल, तेज, वायु र आकाश नामक पाँच तत्त्व । ~ **रूप–** ना० व्याकरणशास्त्रका अनुसार विभक्ति, प्रत्यय आदि लाग्नुभन्दा पहिलेको रूप । > **सामान्या–** ना० साहित्यशास्त्रका अनुसार सबै पुरुषसँग समान रूपले प्रेम देखाउने नायिका; वेश्या । **सामान्यीकरण–** ना० विभिन्न वस्तुमा एकरूपता ल्याउने काम; धर्म, गुण, विशेषता आदिको माध्यमबाट स्थापित गरिने समानता; साधारणीकरण ।

**सामासिक–** वि० [सं०] १. समाससँग सम्बन्धित; समासको । २. समासका रूपमा हुने । ३. सङ्क्षिप्त; छोटकरी (विधि) । – **ता–** ना० सामासिक हुनाको भाव, क्रिया वा अवस्था ।

**सामियाना–** ना० [फा० शामियाना] धेरै मानिस बस्न हुने, ठूलो र

चारैतिर खुला हुने पाल; समेना; समियाना; पाल ।

**सामी–** ना० [सं० शम्ब] मुसल, ढिकी आदिको कुट्ने काठमा हालिने, फलामको धारिलो मुन्द्राजस्तो साधन ।

**सामीप्य–** ना० [सं०] समीप हुनाको भाव, गुण वा स्थिति; निकटता; सान्निध्य ।

**सामु–** क्रि० वि० [सं० सम्मुख] अघिल्तिर; मुखेन्जी; सामुन्ने । – **सामु–** क्रि० वि० मुखामुख भएर; आमुन्नेसामुन्ने ।

**सामुदायिक–** वि० [सं०] समुदायसम्बन्धी; समूहको; सामूहिक । ~ **मनोरञ्जन–** ना० कुनै समुदाय वा समूहमा साथसाथै मनाइने रमाइलो क्षण । ~ **योजना–** ना० जनसमुदायको हितका दृष्टिले कृषिसुधार, शिक्षा, बाटोघाटो, स्वास्थ्य आदि योजना जनसमुदायद्वारा नै सञ्चालित हुने कार्यक्रम । ~ **स्वास्थ्य सेवा–** ना० जनसमुदायको हितका दृष्टिले सञ्चालन गरिने औषधीउपचारसम्बन्धी सेवाकार्य; स्वास्थ्यका लागि प्रतिकारात्मक विधिहरू सिकाउन चलाइने अभियान वा कार्यक्रम ।

**सामुद्रिक–** वि० [सं०] १. समुद्रसम्बन्धी; समुद्रको । २. समुद्रमा पैदा हुने । ३. शरीरका चिह्न वा रेखासम्बन्धी । ना० ४. हातपाउका रेखा र शरीरका चिह्न आदि हेरेर मानिसको शुभाशुभ फल बताउने ज्योतिषविद्या; फलित ज्योतिषशास्त्रको एक अङ्ग । ५. त्यस्तो ज्योतिषशास्त्रको ज्ञाता । ~ **धार–** ना० समयसमयमा समुद्रमा आउने पानीको चाप; समुद्री आँधी । ~ **बिमा–** ना० समुद्रपारबाट आयातनिर्यात गरिने वस्तुमा गरिने बिमा; पारवहन वस्तुबिमा । ~ **सुरक्षा समिति–** ना० सामुद्रिक यात्रा वा पारवहनको सुरक्षा गर्ने संस्था ।

**सामुन्ने–** क्रि० वि० [सं० सम्मुख] सामु; मुखेन्जी; अगाडि ।

**सामूहिक–** वि० [सं०] समूहको; समूहसम्बन्धी; सामुदायिक । ~ **जीवन–** ना० धेरै जनसमुदायसँग सम्बन्ध राख्ने जीवन । ~ **प्रयास–** ना० कुनै काम पूरा गर्नका लागि समूहमा एकत्र भई गरिने प्रयास । ~ **सुरक्षा–** ना० दैवी वा भौतिक सम्भाव्य आपत्‌बाट जनसाधारणलाई संस्थागत रूपमा प्रदान गरिने सुरक्षा ।

**सामेल–** ना० [अ० शामिल] १. विशेष उर्दीबमोजिम तोकिएका ठाउँमा उपस्थित हुने काम; हाजिरी । २. भेला । वि० ३. एकत्रित; उपस्थित; हाजिर । > **सामेली–** ना० १. सामेल हुने काम; हाजिरी; उपस्थिति । वि० २. सामेल हुने ।

**साम्पत्तिक–** वि० [सं०] सम्पत्तिसम्बन्धी; धनमालको ।

**साम्प्रतिक–** वि० [सं०] १. वर्तमान समयको; यसै बेलाको; तत्कालको । २. उपयुक्त; ठिक्क ।

**साम्प्रदायिक–** वि० [सं०] कुनै निश्चित जाति, धर्म, सम्प्रदाय वा गुटसँग सम्बन्ध भएको; सम्प्रदायसम्बन्धी । – **ता–** ना० आफ्नो जाति, धर्म, सम्प्रदाय वा गुटको मात्र हित गर्ने र अन्य सम्प्रदाय आदिको हितको उपेक्षा गर्ने काम; सङ्कुचित मनोवृत्ति ।

**साम्ब–** ना० [सं०] १. अम्बा वा पार्वतीसहितका शिव; शिव; महादेव । २. कृष्णका जाम्बवतीका गर्भबाट उत्पन्न पुत्र ।

**साम्मे–** ना० [सं०] साम्य । (उदा०– उनीहरूको झगडा अझै साम्मे भएको छैन) ।

**साम्य–** ना० [सं०] १. सम हुनाको भाव, गुण वा अवस्था; उस्तै हुनाको स्थिति; तुल्यता; समानता । २. दुई विरोधी पक्ष वा व्यक्तिका बीच ल्याइने सम्झौता वा मेल; सामञ्जस्य । ३. पानी, रिस, आगो आदिको वेगमा आएको कमी; शान्ति । – **वाद–** ना० मार्क्सद्वारा प्रतिष्ठित तथा लेनिनद्वारा क्रियान्वित, सम्बन्धित सम्पत्तिको अधिकार व्यक्तिविशेषमा नरही समुदाय वा समाजको अधिकारमा रहनुपर्छ भन्ने र सार्वजनिक उत्पादन, प्रबन्ध र उपयोगका सिद्धान्तमा समाजव्यवस्था स्थिर गर्ने राजनीतिक सिद्धान्त; आर्थिक विषमता हटाई शोषित वर्गलाई सशक्त पार्दै उन्नत समाजको स्थापना गर्ने राजनीतिक विचारधारा । – **वादी–** वि० साम्यवादको सिद्धान्तमा विश्वास राख्ने; साम्यवादको अनुयायी । > **साम्यावस्था–** ना० १. सत्त्व, रज, तम– यी तीन गुण घटीबढी नभई समान रूपले रहेको अवस्था; कुनै गुणको उत्कर्षहीन स्थिति । २. उतारचढाउ नभएको एकनासको अवस्था; शान्त स्थिति ।

**साम्राज्य–** ना० [सं०] १. ससाना धेरैवटा राज्य सम्मिलित भएको ठूलो राज्य; सम्राट्ले शासन गरेको राज्य । २. राज्यको सर्वोच्च शक्ति; प्रभुसत्ता; सार्वभौमिकता । ३. कुनै काम वा क्षेत्रमा रहेको कसैको पूर्ण अधिकार । – **वाद–** ना० १. ससाना कमजोर देश वा राज्यहरूलाई शक्तिद्वारा वशमा पारेर राज्यको विस्तार गर्ने सिद्धान्त; साम्राज्य खडा गर्ने सिद्धान्त । २. एक देशले अर्को देशमा आर्थिक, राजनीतिक वा सैनिक शोषण गर्ने सिद्धान्त वा विचार । – **वादी–** वि० साम्राज्यवादको सिद्धान्त मान्ने; साम्राज्यवादको अनुयायी ।

**सायक–** ना० [सं०] धनुको ताँदोमा अडचाएर तन्काई वेगसित हुत्याइने अस्त्र; बाण; शर ।

**सायङ्काल–** ना० [सं०] १. साँझको समय वा बखत; बेलुकीपख; सन्ध्याकाल; साँझ । २. मृतकका निम्ति प्रेतकर्मका उद्देश्यले मरेका दिनदेखि नौ दिनसम्म बेलुका किरियापुत्रीहरूले बत्ती बाल्ने काम । > **सायङ्कालिक/सायङ्कालीन–** वि० सायङ्कालसम्बन्धी; सायङ्कालको ।

**सायद–** क्रि० वि० [अ० शायद] कथम्कदाचित्; केही गरी; सम्भवतः; सके ।

**सायम्–** ना० [सं०] १. सन्ध्याको समय; साँझ; सायङ्काल । क्रि० वि० २. साँझको समयमा ।

**सायर१–** ना० [फा० शार] कपडाको बार; भीत ।

**सायर२–** ना० [अ० शायर] उर्दू, अरबी, फारसी आदि भाषामा कविता रच्ने व्यक्ति; कवि । > **सायरी–** ना० १. उर्दू, अरबी फारसी आदि भाषामा रचिएका कविता वा ती कविताको पाठ । २. सायरको काम वा वृत्ति ।

**साया**– ना० [फा० साय] १. स्त्री जातिले लगाउने घाँगरजस्तो लुगा । २. थारूजातिका स्त्रीहरूले पहिरिने एक प्रकारको कपडा । ३. छाया ।

**सायास**– वि० [सं०] १. आयास वा प्रयाससहित; ठूलो मेहनतका साथ । क्रि० वि० २. ठूलो परिश्रम गरेर; यत्नका साथ; सपरिश्रम ।

**सायुज्य**– ना० [सं०] १. भेद थाहा नहुने गरी दुई वा सोभन्दा धेरै वस्तु एकसाथ मिल्ने काम; लीन हुने काम । २. जीवात्मा परमात्मामा लीन हुने मुक्तिको एक अवस्था; निर्वाण । ३. एकरूपता; सादृश्य ।

**सायुध**– वि० [सं०] आयुध वा हतियारले सहित; हतियार लिएको; सस्त्र ।

**सार्-नु**– स० क्रि०/प्रे० क्रि० [सं० सारण+नु] १. एक ठाउँबाट अर्को ठाउँमा लैजानु; स्थानपरिवर्तन गर्नु । २. ग्रन्थ, लेख, प्रबन्ध आदि जस्ताको तस्तै अर्को प्रतिमा लेख्नु; प्रतिलिपि निकाल्नु । ३. एक जीउबाट अर्को जीउमा कीटाणु, रोग आदि सल्काउनु; सरुवा रोग अरूछेउ पुऱ्याउनु । ४. हटाउनु । ५. सानाठूला गेडा वा कसिङ्गर छुट्ट्याउन एक किसिमको चालले नाङ्लो चलाउनु; निफन्नु ।

**सार**– ना० [सं०] १. कुनै वस्तु वा पदार्थको मुख्य भाग; मुख्य अंश; सत्त्व; तत्त्व । २. कुनै वस्तुको भित्री मुख्य भाग; गुदी । ३. सल्लो आदिको रूखबाट निस्कने चोप; खोटो; निर्यास । ४. दूध वा दहीको तर; नौनी । ५. कुरा, कृति, लेख आदिको मुख्य अंश वा मतलब; मजबुन । ६. भनाइको तात्पर्य; अभिप्राय । ७. कुनै लेख वा प्रबन्ध आदिको अन्तिम भनाइ; निष्कर्ष; उपसंहार । ८. निचोर; गाँठी कुरा । ९. धन; दौलत; सम्पत्ति । १०. बल; शक्ति । ११. साहित्यमा, पहिले वर्णन गरिएका कुराको उत्तरोत्तर उत्कर्ष वा अपकर्षको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । १२. पानी; जल । १३. वेदको सस्वर पाठ गर्दा उदात्त, अनुदात्त र स्वरितअनुसार हात हल्लाएर स्वरगत आरोह, अवरोह र साम्य आदिको भाव व्यक्त गर्ने काम । १४. मासी; मज्जा । वि० १५. मुख्य; प्रधान । १६. वास्तविक; तथ्य । १७. सर्वोत्तम; सर्वश्रेष्ठ । **– गर्भित**– वि० भित्र सार वा गहन कुरा भएको; गहकिलो; विद्वत्तापूर्ण । **– ग्राहिता**– ना० सारग्राही हुनाको भाव वा अवस्था । **– ग्राही**– वि० कुनै वस्तु वा पदार्थको सारतत्त्व मात्र लिने; तत्त्वग्राही ।

**सारङ्ग**– ना० [सं०] १. ठूला कान, छोटो पुच्छर र खैरो रङ हुने एक जातको मृग; चित्रमृग । २. छिरबिरे वस्तु; एउटैमा विभिन्न रङ्ग हुने पदार्थ । ३. हात्ती घोडा, सिंह आदि जनावर तथा रजहाँस, सारौँ, कोइली, मुजुर, काकाकुल आदि पक्षी र भमरो, मौरी आदि कीटपतङ्गको नाम । ४. कृष्ण । ५. विष्णुको धनु । ६. कामदेव । ७. बादल । ८. फूल (खास गरी कमल) । ९. तलाउ । १०. चन्द्रमा । ११. शङ्ख । १२. सारङ्गी । वि० १३. मनोहर; सुन्दर; राम्रो । १४. रँगाएको; रङ्गिन । **– पाणि**– ना० विष्णु । ~ **लोचना**– ना० मृगनयनी ।

**सारङ्गी**– ना० [सं०] १. नहर वा तारमा रेटेर बजाइने गितारजस्तो सानो नेपाली बाजा; नेपालका गाइने जातिले बजाई हिँड्ने बाजा । २. सारङ्ग मृग । ३. पाँच मगण र आठ अक्षरमा यति भएको एक वार्णिक छन्द ।

**सारणी**– ना० [सं०] १. पानी निकाल्ने ढल । २. खोल्सो; सानो नदी; कुलो ।

**सारतत्त्व**– ना० [सं०] १. मूल कुरा; मुख्य आशय; निष्कर्ष । २. कुनै पदार्थको मूल तत्त्व; गुदी । ३. दूध वा दहीको तर; नौनी ।

**सारथि**– ना० [सं०] १. घोडा आदिको लगाम समातेर रथ वा बग्गी हाँक्ने व्यक्ति; कोचवान; चालक । २. साथी; मित्र । ३. सहायक । ४. नेता; नायक । **– त्व**– ना० सारथिको काम वा पद ।

**सारनतारन**– ना० [सं० सारण+तारण] १. सारसुर गर्ने काम; सारफेर । २. आवतजावत । ३. लिने र दिने काम; लेनदेन ।

**सारनी**– ना० जमिन समथर छ वा छैन भनी हेर्ने डकर्मीको साधन; बटान ।

**सारफेर**– ना० [सार+फेर] १. अदलबदल गर्ने काम; अदलीबदली; साटफेर; सारनतारन । २. पग्लने पदार्थ आपसमा मिलाउने काम; घालघुल ।

**सारवान्**– वि० [सं०] सार भएको; खँदिलो; सारगर्भित ।

**सारस**– ना० [सं०] १. प्रायः जलाशयको नजिकमा रहने, ठुँड, गर्धन र खुट्टा ज्यादै लामा हुने बकुल्लाका आकारको ठूलो चरा । २. हाँस; हंस । ३. चन्द्रमा । ४. कमल । वि० ५. तलाउसम्बन्धी; जलाशयको ।

**सार सङ्क्षेप**– ना० [सं०] १. कुनै शोधप्रबन्धको सङ्क्षिप्त ढाँचाकाँचा । २. सार रूपमा आएको सङ्क्षेप; सारपूर्ण सङ्क्षेप; सार एवं सङ्क्षेप ।

**सारसुर**– ना० [सार+सुर] १. मालसामान यताको उता र उताको यता राख्ने काम; सार्ने काम । २. सुरसार ।

**सारसोर**– ना० [सं० सारस्वर] स्पष्ट उच्चारणका साथ हातको सार लगाएर वेदको मन्त्र पाठ गर्ने काम ।

**सारसौँदो**– वि० [सं० सारसहित] १. बिरामी वा बिसन्चो नभएको; निरोगी; तन्दुरुस्त; स्वस्थ । २. मोटोघाटो; हृष्टपुष्ट ।

**सारस्वत**– वि० [सं०] १. सरस्वतीको भक्त; सरस्वतीसम्बन्धी; वाणीसँग सम्बन्धित । ना० २. प्रसिद्ध व्याकरणग्रन्थ ।

**सारस्वर**– ना० [सं०] स्वरको आरोहअवरोहअनुसार हात हल्लाएर वेद पाठ गर्ने काम; सारसोर ।

**सारांश**– ना० [सं०] १. सारभाग; निचोर; निष्कर्ष । २. कुनै कुरो वा लेखको सङ्क्षिप्त रूप; तेरिज; मजबुन । ३. आशय; तात्पर्य; अभिप्राय । ४. नतिजा; परिणाम । ५. परिशिष्ट; उपसंहार ।

**सारा**– वि० [सं० सर्व] १. भएजति सबै; सम्पूर्ण; समस्त । २.

भएजति; यावत् ।

**सारिका**– ना० [सं०] १. चुच्चो आँखाको डिल र खुट्टा पहेँलो हुने र अरू सर्वाङ्ग कालो हुने, सिकाएमा मानिसको बोली बोल्ने एक पक्षी; मैना । २. सारौँ चरा ।

**सारिणी**– ना० [सं०] १. ग्रहगति, ग्रहफल, समयक्रम आदिको उल्लेख भएको ज्योतिषशास्त्रीय तालिका वा कोष्ठक । २. सहदेवी; महामना बुटी; पीतपुष्पी । २. कपास । ३. पहेँलो खालको सिसौ । ४. आँखाको ज्योति बढाउने एक जातको जङ्गली जडीबुटी; रातो पुनर्नवा । ५. जलधारा; प्रवाह । > **सारिणीकरण**– ना० कुनै खास तथ्य वा तथ्याङ्कलाई अन्तिम रूप दिएर क्रमबद्ध तरिकाले लेख्ने काम; रेखाद्वारा कोठाकोठा बनाई त्यसमा कुनै विषय वा अङ्कलाई क्रमिक रूपमा राख्ने प्रक्रिया ।

**सारिनु**– क० क्रि० [सार्+इ+नु] सार्ने काम गरिनु ।

**सारी१**– ना० [सं० शाटी] १. आइमाईहरूले कम्मरदेखि गोलीगाँठासम्म ढाक्ने गरी लगाउने एक प्रकारको फरिया; जनाना धोती; साडी । २. रेसमी, जरी आदिको बुट्टा भएको, स्त्रीहरूले लगाउने बहुमूल्य धोती ।

**सारी२**– ना० [सं०] १. सारौँ चरा । २. पच्चीस, पासा आदि खेलको गोटी । ३. धारिला मोटा खण्डे पातहरूमा काँढैकाँढा उम्रने सानो रूख; सिउँडी । – **कोटो**– ना० सारौँ; सारौँटे ।

**सारूप्य**– ना० [सं०] १. समान रूप हुनाको भाव, गुण वा अवस्था; एकरूपता; उस्तै स्वरूप भएको स्थिति । २. जीवात्मा परमात्माका रूपमा मिल्ने स्थिति; मुक्तिको एक भेद ।

**सारो**– वि० [सं० सार] १. नरम नभएको; धेरै खँदिलो; कडा; साह्रो । ना० २. ज्यादै बिरामी भएको स्थिति; सिकिस्तको अवस्था ।

**सारोपा**– ना० [सं०] लक्षणाशक्तिको एक भेद; उपमानमा उपमेयको आरोप गरिने एक प्रकारको लक्षणा ।

**सारुँ**– ना०हे० सारौ ।

**सारौँ**– ना० [सं० सारिका] कालो रङको शरीर, पहेँला खुट्टा र पहेँलै चुच्चो हुने, काली र डाङ्ग्रे गरी दुई जात भएको सानो चरो; रूपी; सारौँटे ।

**सारौँटी/सारौँटे**– ना० [सं० सारिका] सारौँ; सारुँ ।

**सार्क१**– ना० [अं० शार्क] एक जातको ठूलो समुद्री माछो ।

**सार्क२**– ना० [अं०] साउथ एसियन एसोसियसन फर रिजनल कोपरेसनको सङ्क्षिप्त रूप; आपसी सहयोग, समझदारी र सद्भावनाका माध्यमबाट क्षेत्रीय सम्बन्धको विकास गर्ने उद्देश्यबाट दक्षिण एसियाका सात देश (भारत, पाकिस्तान, नेपाल, बङ्गलादेश, श्रीलङ्का, भूटान र मालदिब्स) को सहभागितामा ऐतिहासिक प्रथम शिखर सम्मेलनद्वारा वि० सं० २०४२ मा संस्थापित काठमाडौँ सचिवलय रहेको अन्तर्राष्ट्रिय स्तरको एउटा सङ्गठन ।

**सार्की**– ना० [सं० क्षारक] नुनिलो माटो वा क्षारको प्रयोग गरेर काँचो छालालाई बलियो र पाको बनाउने परम्परित काम भएको एक जाति; छालाको काम गर्ने व्यक्ति; चर्मकार । ~ **खटिरो**– ना० प्रायः हातका औँलाका जोर्नी भएका ठाउँमा निस्कने पानी भरिएर डहाउने एक घातक खटिरो ।

**सार्जङ**– ना० [सं० शार्दूल+ फा० जङ्ग] नेपालको एउटा पुरानो पल्टन ।

**सार्थ**– वि० [सं०] १. अर्थ वा मतलब भएको; अभिप्राययुक्त; सार्थक । ना० २. व्यापारीहरूको दल; देशविदेश घुम्दै वाणिज्यव्यवसाय गर्ने जमात । ३. समूह; टोली ।

**सार्थक**– वि० [सं०] १. अर्थअनुसारको; अर्थले बताएबमोजिमको; मतलब भएको । २. सफल; सिद्ध; अनुकूल । ३. काम लाग्ने; उपयोगी । – **ता**– ना० सार्थक हुनाको भाव, गुण वा स्थिति; सफलता ।

**सार्थवाह**– ना० [सं०] १. वैदेशिक वा समुद्री व्यापारी; घुमन्ता व्यापारी । २. व्यापारी दलको नेता; प्रमुख व्यापारी ।

**सार्ध**– वि० [सं०] १.आधाले सहित; साढे । ना० यो० २. साथ; सँग; सहित ।

**सार्वकालिक**– वि० [सं०] सबै कालमा हुने; सबै समयमा पाइने ।

**सार्वजनिक**– वि० [सं०] १. सबै जनाको उपयोगका लागि बनाइएको; सबैलाई समान रूपले काम लाग्ने; सार्वजनीन (नियम, व्यवस्था, निर्माण, प्रयोग इ०) । २. सबैसित सम्बन्ध भएको; धेरैसँग सम्बन्धित । ~ **गुठी**– ना० सर्वसाधारण जनताले वेलामौकामा उपभोग गर्न पाउने साझा गुठी; सबैको हक-भोगको गुठी । ~ **जग्गा**– ना० सरकार वा स्थानीय प्रशासनको अधीनमा रहेको र सर्वसाधारण जनताले समेत समान रूपमा उत्सव-समारोह आदिमा उपभोग गर्न पाउने जग्गा । ~ **जवाफदेही**– वि० सार्वजनिक रूपमा जवाफ दिनुपर्ने वा त्यस्तो उत्तरदायित्व भएको (काम, पद आदि) । ~ **बाटो**– ना० सबैले हिँड्न वा चल्तीफिर्ती गर्न पाउने बाटो । ~ **बिदा**– ना० सबै तहका वैतनिक वा अवैतनिक कामदारहरूले समान रूपले उपभोग गर्न पाउने बिदा । ~ **लेखा समिति**– ना० विनियोजनलेख वा आधिकारिक सभामा प्रस्तुत अरू कुनै हिसाबको जाँचबुझ गरी प्रतिवेदन तयार गरी पेस गर्ने सार्वजनिक समिति । ~ **संस्था**– ना० सर्वसाधारण जनताको भलाइका लागि खोलिएको संस्था । ~ **सभा**– ना० सर्वसाधारण जनताको भेला हुने सभा । ~ **सुरक्षा**– ना० सर्वसाधारण जनतालाई उपद्रवी तत्त्वको सम्भावित आघातबाट बचाउन गरिने बन्दोबस्त । ~ **स्थान**– ना० सार्वजनिक जग्गा । ~ **हित**– ना० सबै जनालाई विनाभेदभाव प्रदान गरिने कल्याणकार्य ।

**सार्वजनीन**– वि० [सं०] विश्वजनीन; सार्वभौम; सार्वजनिक ।

**सार्वदेशिक**– वि० [सं०] १. सम्पूर्ण देशसँग सम्बन्ध भएको; सबै देशको । २. जहाँतहीँ पाइने ।

**सार्वनामिक**– वि० [सं०] सर्वनामसम्बन्धी; सर्वनामको ।

**सार्वभौम–** वि० [सं०] १. सम्पूर्ण भूमिसँग सम्बन्धित; सबै पृथ्वीको । २. कुनै एक राष्ट्रअन्तर्गतको यावत् भूमिसम्बन्धी; राष्ट्रको भूभागसँग सम्बन्धित । ना० ३. सम्पूर्ण पृथ्वीको मालिक; चक्रवर्ती; सम्राट् । ४. उत्तर दिशामा रहेको दिग्गज । ~ **सत्ता–** ना० राज्यका चार तत्त्व– जनसङ्ख्या, भूभाग, सार्वभौमसत्ता र सरकारमध्ये एक तत्त्व; नेपालको राजनीतिक व्यवस्थाअनुसार सर्वसाधारण जनतामा रहेको राज्यगत सर्वोच्च शक्ति; सार्वभौमिकता; प्रभुसत्ता । ~ **सत्ता सम्पन्न–** वि० सार्वभौम सत्ताले युक्त भएको; प्रभुसत्तासम्पन्न (राष्ट्र) ।

**सार्वभौमिक–** वि० [सं०] सार्वभौम । – **ता–** ना० सार्वभौम सत्ता ।

**साल१–** ना० [अ०] बाह्र महिनाको समय; वर्ष; संवत् ।

**साल२–** ना० [प्रा० सल्ल] गर्भको बच्चालाई चारैतिरबाट बेरेर सुरक्षा प्रदान गर्ने र बालक जन्मँदा नाभिमा जोरिएर आउने आन्द्रो तथा मांसपेशी; औँरो; काँडो ।

**साल३–** ना० [नेवा०] १. तिल, तोरी, रायो आदि पेलेर तेल निकाल्ने यन्त्र; कोल । २. दुई काठ जोर्नका लागि दुवैमा प्वाल पारी ठोकिने काठको कीला; काठको चुकुल ।

**साल४–** ना० [सं० शाल] १. सालको रूख; शालवृक्ष । २. एक जातको माछो । ३. पर्खाल ।

**साल५–** ना० [अ० शाल] दोसल्ला जस्तो उनी वा रेसमी ओढ्ने वस्त्र ।

**सालक–** ना० [सं० शल्लक] जीउभरि माछाको जस्तै कत्लैकत्ला भएको, लामोमोटो पुच्छर हुने, हरेक खुट्टामा पाँचपाँचवटा नङ हुने, जलथल दुवैमा हिँड्ने चतुष्पद प्राणी ।

**सालखुट्टे–** ना० [साल+खुट्टा+ए] एक जातको जडीबुटी ।

**साल घारी–** ना० [साल+घारी] सालका रूखहरू प्रशस्त भएको ठाउँ; सालका रूखहरूको समूह ।

**सालतमाम–** ना० [फा०] सालको समाप्ति; वर्षको अन्त; बर्खान्त । > **सालतमामी–** ना० सालतमाम ।

**सालधूप–** ना० [सं० शालधूप] सालको रूखबाट निस्कने खोटो; सालको धूप ।

**सालनाल–** ना० [साल+नाल] बच्चा जन्मँदा साथसाथ निस्कने साल र नाल; गर्भको बच्चा बेरेर निस्केको नसा र मासुको लुँदो; जरायु ।

**सालबसाल–** क्रि० वि० [फा०] हरेक साल; प्रत्येक वर्ष; बर्सेनि; सालिन्दा । > **सालबसाली–** वि० हरेक वर्षको; प्रतिवर्ष हुने ।

**सालसुल–** ना० [फा० साल+सुल] तिरतार; लेनदेनको फर्स्योट; फच्चे; चुक्ता ।

**साला१–** वि० [फा० साल] साल वा वर्षसम्बन्धी; वार्षिक; सालको ।

**साला२–** ना० [सालो + आ] १. 'सालो'को तिर्यक् रूप । २. कसैलाई गाली गर्दा हेपेर बोलिने शब्द; साले ।

**सालाखाला–** क्रि० वि० [फा०] १. दुई वा सोभन्दा बढी भिन्न वस्तु एकै ठाउँ पार्ने वा मिलाउने गरी; छ्यासमिस । २. सानोठूलो, असलकमसलको रोखपोख मिलाएर; सरदर ।

**सालाना–** क्रि० वि० [फा० सालान] १. हरसाल; प्रतिवर्ष; सालियाना । वि० २. सालभरमा हुने; सालबसाली ।

**सालिक–** ना० [अ०] १. धातु, ढुङ्गा, काठ आदिबाट बनाइएको कुनै व्यक्तिको प्रतिमूर्ति; प्रतिमा; सालिग । २. स्मारकका रूपमा ठूलै आकारको बनाएर सार्वजनिक स्थल आदिमा राखिने धातु वा ढुङ्गाको मूर्ति ।

**सालित्र–** ना० [सं० शालिहोत्र] पशुचिकित्सक; पशुवैद्य ।

**सालिन्दा–** क्रि० वि० [फा० सालिन्द] हरेक साल; प्रतिवर्ष; बर्सेनि ।

**सालिभे–** ना० [सं० शलभ] एक जातको फटचाङ्ग्रो ।

**सालिम मिस्री–** ना० [अ० सअलब+मिस्री] धेरै लामा र ठूला पात, कोसाका रूपमा फुल्ने सेता फूल र पिँडालुको जस्तो कन्द हुने एक जातको बुटी; सुधामूली ।

**सालिम्बो–** ना० खरजस्तै एक किसिमको घाँस ।

**सालियाना–** वि० [फा० सालियान] १. सालैपिच्छेको; हरेक सालको; प्रतिवर्ष हुने । ना० २. सालिन्दा बुझाइने रकम ।

**साली–** ना० [सं० श्यालिका] पत्नीकी बहिनी ।

**साले–** ना० [सालो+ए] कुनै व्यक्तिलाई हेपेर गाली गरिने शब्द ।

**सालेबम–** ना० चारवटा घोडा जोतेर तानिने ठूलो बग्गी ।

**सालेमाले–** ना० [अ० मू० सलबम] मुछ्ने वा मथल्ने काम; सरोबर; मिसमास ।

**सालैज्यू–** ना० [साला+ज्यू] १. लोकगीतको बीचबीचमा प्रयोग गरिने एउटा थेगो; मगर जातिले रोदी बस्दा गाउने गीतको दोहोरिने भाग । २. मगरजातिले मादल बजाउँदै गाउने रोदीगीतको एक भेद ।

**सालो–** ना० [सं० श्यालक] पत्नीको भाइ ।

**सालोक्य–** ना० [सं०] आराध्य ईश्वरको लोकमा सदा रहन पाइने मुक्ति; मुक्तिको एक प्रकार ।

**साल्ट ट्रेडिङ–** ना० [अङ्०] नुन, चिनी आदिको बिक्रीवितरण । ~ **कर्पोरेसन–** ना० नेपालमा कम्पनी ऐनअनुसार अर्धसरकारी संस्थाका रूपमा खुलेको, नुन, चिनी आदि बिक्रीवितरण गर्ने संस्थान ।

**साल्बू–** ना० [भो० ब०] हिउँ पग्लेका समयमा नेपालबाट भोटतर्फ आवतजावत गर्ने, रसुवा जिल्लामा रहेको एक प्रसिद्ध घाटी ।

**साल्मी–** ना० [नेवा० सालमी] सालसम्बन्धी वा तेल पेल्ने काम गर्ने नेवारजातिको एक थर; मानन्धर ।

**साल्मे–** ना० भीरमा पाइने एक प्रकारको घाँस ।

**सावकाश–** वि० [सं०] १. छुट्टी वा अवकाश पाएको; फुर्सद भएको । क्रि० वि० २. फुर्सदमा; मौकामा ।

**सावगास–** ना० [सं० सावकाश] १. आफ्नो आर्थिक अवस्था; सीमित जायजेथा । २. सामर्थ्य; शक्ति । ३. अवसर; मौका; अनुकूलता ।

**सावधान–** वि० [सं०] एकाग्र वा एकमना भएको; होसियार; सचेत; एकाग्र । – **ता–** ना० होसियारी; सतर्कता । > **सावधानी–** ना०

सावधान हुनाको भाव वा स्थिति; सतर्कता ।

**सावधि–** वि० [सं०] १. हद वा सीमा तोकिएको; अवधि किटिएको । २. सीमा बाँधिएको; मर्यादित ।

**सावधिक–** वि० [सं०] समय तोकिएको; निश्चित समयमा निस्कने वा प्रकाशित हुने (पत्रपत्रिका); तोकिएको समयमा पूरा गरिने (काम) । ~ **जीवन बिमा–** ना० केही वर्ष तोकेर त्यस अवधिमा पूरा गरिने जीवनबिमा । ~ **निक्षेप–** ना० विशेष अवधि वा समयसम्मका लागि जम्मा गरिने रुपियाँपैसा आदि; म्यादी खातामा जम्मा गरिएको रकम । ~ **पत्र–** ना० निश्चित अवधिमा प्रकाशित हुने पत्रपत्रिका । ~ **पद–** ना० समय वा म्याद तोकिएको वैतनिक वा अवैतनिक पद । ~ **परीक्षा–** ना० छात्रछात्राहरूको प्रमुख परीक्षाबाहेक खासखास अवधिमा लिइने परीक्षा (टर्मिनल) ।

**सावयव–** वि० [सं०] अवयव वा अङ्गहरूले सहित । ~ **रूपक–** ना० उपमेयवर्गका नाना अवयवअवयवीहरूमा उपमानवर्गका नाना अवयवीहरूको आरोप भएमा हुने एक रूपक ।

**सावरी१–** ना० [सं० साम्भल] १. भारतको राजपुताना प्रदेशमा भएको नुनिलो पानीको झीलबाट तयार गरिएको नुन; साबरी । वि० २. उक्त झीलबाट तयार गरिएको (नुन) ।

**सावरी२–** ना० चिल्लो बान्कीको, तीखो चुच्चो हुने र सेतो तथा रातोरातो रङ्गको एक थरी चरो ।

**सावाँ–** ना० [साउँ] मूलधन; साउँ । ~ **ब्याज–** ना० सावाँ र ब्याज ।

**सावा–** ना० [सं० सभा] १. सभा; कचहरी; गोष्ठी । २. सूर्यमण्डल । ३. चन्द्रमण्डल । – **सुत–** ना० गाउँघरमा कचहरी वा सभा आदि गर्दा-गराउँदा तिर्नुपर्ने दस्तुर; सभाशुल्क ।

**सावित्री–** ना० [सं०] १. सूर्यलाई स्तुति गरिएको वेदमन्त्र; गायत्री मन्त्र । २. सरस्वती । ३. पुराणप्रसिद्ध सत्यवानकी पतिव्रता पत्नी । ४. पतिव्रता नारी । ५. सौभाग्यवती नारी; सधवा स्त्री ।

**साश्रु–** वि० [सं०] १. आँसुले भरिएको (आँखा); आँखामा टिलपिल-टिलपिल आँसु लिएको (व्यक्ति) । क्रि० वि० २. गहभरि आँसु लिएर ।

**साष्टाङ्ग–** वि० [सं०] १. आठ अङ्ग (शिर, हात, गोडा, हृदय, आँखा, तिघ्रा, वचन र मन) ले सहित; अष्टाङ्गयुक्त । २. मन, वचन र कर्मले गरिएको; श्रद्धायुक्त । ~ **दण्डवत्/प्रणाम–** ना० पूज्य व्यक्ति वा देवतालाई दण्ड वा लट्ठीजस्तै पसेर आठै अङ्गले भुइँ छुने गरी हात जोडेर गरिने प्रणाम; त्यसरी नम्रता देखाउँदै गरिने ढोग, नमस्कार वा अभिवादन ।

**सास–** ना० [सं० श्वास] १. नाक वा मुखबाट प्राकृतिक तवरले हावा भित्र खिची फोक्सोमा पुऱ्याएर त्यही वायु बाहिर निकाल्ने काम; श्वास । २. त्यसरी भित्र-बाहिर गर्ने वायु । ३. ज्यान; प्राण; जीवन । – **न वास–** ना० सास पनि नफेर्ने, बोल्दा पनि नबोल्ने अवस्था ।

**सासना–** ना० [सं० शासन] पीडा; कष्ट; सास्ती ।

**सासू–** ना० [सं० श्वश्रू] १. पतिकी आमा । २. पत्नीकी आमा । ~ **ससुरा–** ना० पति वा पत्नीका बाबुआमा । ~ **बुहारी–** ना० पतिकी आमा र पुत्रवधू ।

**सासेर–** ना० [सात+सेर] बिसौली, धार्नी आदिको तौलप्रणालीमा धार्नी पूरा हुन आधा बोडी कम भएको नापो; सात सेर ।

**सास्ती–** ना० [सं० शास्ति] १. सासना; यातना; कष्ट; पीडा । २. दण्ड; सजाय ।

**साह१–** ना० मधेसमा तेली, कानू, सुनार आदि व्यवसायी जातिको नामका पछि प्रयोग गरिने आदरसूचक शब्द वा थर ।

**साह२–** ना० [फा०] १. ठकुरीको एक थर । २. राजा; बादशाह । ३. ठकुरी क्षेत्रीको एक उपाधि । **–जादा–** ना० राजाका छोरा वा भाइ । – **जादी–** ना० राजाकी छोरी वा बहिनी ।

**साहचर्य–** ना० [सं०] १. साथै हिँडडुल गर्ने र खानपिन गर्ने काम; सधैं साथमा रहने काम; सङ्गति । २. सहचर हुनाको भाव वा अवस्था; मेलमिलाप । – **वाद–** ना० समय र स्थानगत सामीप्यले गर्दा खासखास वस्तु वा प्रक्रियासँग सम्बद्धता गाँस्ने मानसिक प्रक्रिया; खास परिस्थिति वा तत्त्वसँग प्रत्यक्षीकृत तथा अर्थपूर्ण सम्बन्धद्वारा अनुक्रियाढाँचा प्राप्त गर्ने वा सिक्ने मनोवैज्ञानिक सिद्धान्त ।

**साहनवाहन–** ना० [सं० साधन+वाहन] १. सरसामान र भाइभतिजाहरू । २. आफ्ना साधन र अनुचर; मालमत्ता र भरिया । ३. चाहिने सामग्री र बोक्ने हात्तीघोडाहरू ।

**साहब–** ना० [अ० साहिब] हे० साहेब ।

**साहस–** ना० [सं०] १. कठिन वा अप्ठेरा काम पनि गर्ने आँट; हिम्मत । २. लूट; बलात्कार; अपहरण । > **साहसिक–** वि० १. साहस भएको; आँटी; साहसी । २. निर्भीक; निडर । ३. पराक्रमी; शक्तिशाली । ४. क्रूर; निष्ठुर; निर्दय । **साहसिलो–** वि० हिम्मत भएको; साहसयुक्त; आँटिलो । **साहसी–** वि० साहसिलो; साहसिक ।

**साहा१–** ना० [फा० शाह] सामन्त वा राजाहरूलाई प्राप्त एक प्राचीन उपाधि ।

**साहा२–** [सं० सह] १. समागमका लागि भैंसीले राँगो खोज्ने वा गाईले बहर खोज्ने काम । २. समागम भएका गाईभैंसीको गर्भ नरही फेरि समागम गर्ने इच्छा; उल्टाइ ।

**साहा३–** ना० हिलो सम्म पार्ने दाँदेजस्तो कृषि-औजार ।

**साहा-बेसाहा–** ना० [(द्वि०) बेसाहा] १. खरिदबिक्री गरिने अन्नपात र मालमत्ता आदि; बेसाहा । २. बेसाहाको दरभाउ ।

**साहाय्य–** ना० [सं०] १. धेरैतिरबाट भएको मद्दत । २. मित्रता; मैत्री; हारगुहार ।

**साहिँली–** वि० [साहिँलो+ई] १. जन्मको क्रमले गन्दै जाँदा तेस्री (स्त्री); माहिलीपछि जन्मेकी । ~ **औँलो–** ना० माझी औँलो र कान्छी औँलाका बीचको औँलो; अनामिका ।

**साहिँलो–** वि० [प्रा० सज्झिलग] १. जन्मको क्रमले तेस्रो (भाइ); माहिलोपछि जन्मेको; साइँलो । ना० २. साहिँलीको लोग्ने ।

**साहित्य**– ना० [सं०] १. सहित हुनाको भाव, गुण वा अवस्था; साथ रहेको स्थिति । २. कुनै देश वा जातिको व्यावहारिक वा भावनात्मक विषयसम्बन्धी ग्रन्थ, लेख आदि; वाङ्मय । ३. जीवनजगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ आदि । ४. इतिहास, पुराण, पुराकथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथासम्भव सजाई रचिएको गद्य वा पद्यकृति; काल्पनिक र भावुकतापूर्ण पद्यमय वा गद्यमय रचना (कविता, खण्डकाव्य, महाकाव्य, नाटक, कथा, उपन्यास आदि) । ५. परस्पर सापेक्ष पदको एउटै क्रियामा हुने अन्वय । ६. गद्य वा पद्यकृतिहरूबाट हुने रसको आस्वाद । – **कार**– ना० साहित्यका ग्रन्थहरू लेख्ने व्यक्ति; गद्य वा पद्यकृतिको रचयिता; कवि वा गद्यकार; लेखक । > **साहित्यानुरागी**– वि० साहित्यमा अनुराग राख्ने; साहित्यप्रेमी ।

**साहित्यिक**– वि० [सं०] १. साहित्यसँग सम्बन्ध राख्ने; साहित्यसम्बन्धी । ना० २. साहित्यकार । ~ **उपनाम**– ना० लेखक वा कविहरूले आफ्ना कृतिमा प्रकाशित गर्ने वास्तविकभन्दा अर्को नाम । ~ **भाषा**– ना० साहित्यका फाँटमा प्रयोग हुने आलङ्कारिक र भावपूर्ण भाषा; काव्यभाषा ।

**साहिनु/साहिनो**– ना० [सं० सम्बन्धिन्] जन्म गोत्र वा कुटुम्बको सम्बन्धबाट बन्ने नाता; साइनु; नातो ।

**साही१**– वि० [अ०] १. शाह वा राजाको वंशसँग सम्बन्धित । ना० २. ठकुरीहरूको एक वर्गको पदवी । ~ **अधिपत्र**– ना० मानपदवी पाउने व्यक्तिहरूलाई राजाबाट प्रदान गर्ने गरिएको मानपदवीको प्रशस्तिसमेत भएको पत्र । ~ **आयोग**– ना० राजाबाट कुनै विशेष कार्यको सम्पादनका निम्ति गठन गरिने आयोग । ~ **घोषणा**– ना० १. राजा वा बादशाहबाट शासनक्षेत्रमा दिइने विशिष्ट वक्तव्य । ~ **परिवार**– ना० राजपरिवार । ~ **रक्षक**– ना० अङ्गरक्षक । ~ **सम्बोधन**– ना० राजाबाट देशवासीका नाममा गरिने सम्बोधन भाषण । ~ **सूचना**– ना० राजाबाट जारी गरिने सूचना । ~ **सेना**– ना० नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र बन्नुपूर्वको नेपाली सेनाको नाम । ~ **स्वीकृति**– ना० संसद्बाट पास भएका विधेयकलाई राजाबाट लालमोहर लगाउने काम ।

**साही२**– ना० जुर्रा (बाज)-को पोथी ।

**साहुती**– ना० [√ साउती] कानेखुसी; गुप्त सल्लाह; साउती ।

**साहुल**– ना० [अ० शाकूल] डकर्मीले भित्ताको काम गर्दा सुर सोझो भएनभएको जाँच्ने ज्याबल; सबाल ।

**साहु**– ना० [प्रा० साहु] १. व्यापारीका लागि प्रयोग गरिने आदरसूचक शब्द; दुकानदार । २. सज्जन; भद्र व्यक्ति; भलादमी । ३. ऋण दिने वा ब्याजमा रुपियाँ लाउने व्यक्ति; सापट दिने व्यक्ति; धनी; महाजन । ४. पिराहा; सताउने व्यक्ति । – **असामी**– ना० ऋण दिने र लिने व्यक्ति; धनी र रिनी । – **कार**– ना० रुपियाँपैसा सरसापट दिने र सुन-चाँदीको खरिद-बिक्री गर्ने व्यापारी; महाजन । – **कारी**– ना० साहूकारको पेसा; महाजनी ।

**साहू**– ना० हे० साहु ।

**साहेब**– ना० [अ० साहिब] १. ठूलाबडा व्यक्तिलाई आदरसाथ सम्बोधन गरिने शब्द; श्रीमान्; महोदय; साहब । २. मालिक; स्वामी; अधिपति । – **ज्यू**– ना० राजपरिवारदेखि बाहेकका शाहवंशका कुनै व्यक्तिलाई श्री ५ बाट बक्सिने दर्जा । > **साहेबी**– वि० १. साहेबको; साहेब वा मालिकलाई सुनाइने; साहेबद्वारा गरिने । ना० २. साहेब हुनाको भाव वा अवस्था ।

**साह्रै**– वि०/क्रि०वि० सिकिस्त ।

**साह्रो**– वि० [सं० सार] १. गिलो नभएको; नरम नहुने; कडा; सारो । २. सिकिस्त; असाध्य (बिरामी) । ३. चर्को; उच्च (स्वर) । ४. बढ्ता; ज्यादा; अति । ५. खस्रो; दह्रो । ना० ६. ज्यादै बिरामी; मरणासन्न व्यक्ति । ~ **गाह्रो**– वि० गाह्रो; अप्ठेरो; खनखाँचो; खट्टापट्टा; सन्धिसर्पन ।

**सिँक्क**– क्रि० वि० [अ० मू० सिँक्+क] सिँगान जोरसित बाहिर निकाल्ने वा मास्तिर खिचिने गरी; सिँगान फाल्दा आवाज आउने गरेर । ~ **सिँक्क**– क्रि० वि० लगातार सिँक्क गरेर ।

**सिँगटो**– ना० पराइनुका जस्तै बोट र पात हुने एक रूख ।

**सिँगडा**– ना० [सं० शृङ्गाटक] १. तीन कुना परेका पात हुने, पानीमा उम्रने, तीनकुने फल लाग्ने एक जातको लहरो; पानीरूख; सिङडा । २. त्यसैको फल; पानीफल । ३. सिँगडाको फलजस्तै तीनकुने पारी भित्र सुक्खा तरकारी हालेर बाहिरबाट गहुँको बेलेको काँचो रोटी बेरेर घिउ वा तेलमा पकाइएको नुनिलो खाद्यवस्तु ।

**सिँगाउरी**– ना० [सीँग+आउरी] पशुले सिङ जुधाई लड्ने वा सिङले माटो उधिनी खेल्ने काम; सिँगौरी; सिङाउरी ।

**सिँगाउरो**– ना० [सीँग+आउरो] मालसामान वा लगाउने कपडा झुन्ड्याउनका लागि अङ्कुसे पारी भित्तामा ठोकिएको काठ; सिँगौरो; सिङौरो । २. मूलाको कोसो ।

**सिँगान**– ना० [सं० सिङ्घाण] नाकका प्वालबाट निस्कने कफजस्तो मल; सिँघान; सिङान । > **सिँगाने**– वि० १. नाकबाट सिँगान चुहाइरहने; सिँघाने/सिङाने । २. लुरे; फोहोरी । ना० ३. सिँगान पुछ्ने रुमाल । ४. चिप्लो र्‍यालजस्तो लेदो पदार्थ निस्कने एक झार । ५. टुसो पलाउँदा सिँगानजस्तै देखिने मालिङ्गो ।

**सिँगार्-नु**– स० क्रि० [सिँगार+नु] १. सिँगार गर्नु; अलङ्कृत पार्नु; सजाउनु; सिङार्नु । २. मरमसला हालेर तिहुनतरकारी आदि देख्नमा राम्रो र खानमा स्वादिलो बनाउनु ।

**सिँगार**– ना० [सं० शृङ्गार] १. शरीरको शोभा बढाउन लुगा, गहना र टीका आदि लाउने काम; केश कोरीबाटी लुगा, गहना र सिन्दूर, गाजल आदि लाउने काम; शृङ्गार; ठाँटबाँट । २. शोभा; सौन्दर्य; राम्रोपन । ३. सजावट । – **पटार**– ना० १. सिँगार्ने र सजिसजाउ पार्ने काम । २. लुगा, गहना टीका आदिले शरीरलाई आकर्षक बनाउने काम । > **सिँगाराइ**– ना० १. सिँगार्ने

भाव, क्रिया वा प्रक्रिया; सिँगारपटार । २. लुगा, गहना आदिले सजिने वा सजाउने प्रक्रिया । **सिँगारिनु–** अ० क्रि०/क० क्रि० सजिसजाउ होइनु वा गरिनु ।

**सिँगारी–** ना० [सिँगार+ई] सर्वाङ्ग कालो र निधारमा सेतो ठाडो धर्सा परेको बाख्रो; सिँगारे ।

**सिँगारु–** ना० [सं० शृङ्गारक] १. छोराछोरी नपाउने स्त्री वा पुरुष; हिजडा; नपुंसक । २. पश्चिम नेपालको विशेषतः जाजरकोट जिल्लामा प्रचलित एक प्रसिद्ध लोकनृत्य ।

**सिँगारे–** वि० [सिँगार+ए] १. सिँगारपटार गरेको; ठाँट परेको । २. सर्वाङ्ग कालो र निधारका दुई छेउमा ठाडो सेतो धर्सा भएको (बाख्रो, बोको आदि); सिङारे; सिङारी । ना० ३. त्यस्तो बाख्रो वा बोको ।

**सिँगालो–** वि० [सिङालो] सिङ हुने; सिङ भएको ।

**सिँगौरी–** ना० [सिँगाउरी] सिँगाउरी; सिङौरी ।

**सिँगौरो–** ना०हे० १. सिँगाउरो । २. मूलाको कोसो ।

**सिँघान–** ना०हे० सिँगान । > **सिँघाने–** वि० सिँगाने ।

**सिँच्-नु–** स० क्रि० [सं० सिञ्च+नु] १. पानी छर्कनु; सेचन वा अभिषेक गर्नु; छम्कनु; सिच्नु । २. बालीनालीमा कुलो वा अन्य कृत्रिम तरिकाले पानी पुऱ्याउने काम गर्नु; बोटबिरुवामा पानी छम्कनु । > **सिँचाइ–** ना० जग्गाजमिनमा कुलो वा अन्य कृत्रिम तरिकाले पानी लगाउने काम । > **सिँचाइनु–** क० क्रि० सिँच्न लाइनु । > **सिँचाउनु–** प्रे० क्रि० सिँच्न लाउनु । **सिँचिनु–** क० क्रि० सिँच्ने काम गरिनु ।

**सिँढी–** ना० [सं० श्रेणी] १. अग्लो ठाउँ, मन्दिर, घरको तला आदिमा चढ्नका लागि खुड्किलाखुड्किला पारी ईंट, ढुङ्गा, सिमन्टी आदिबाट बनाइएको भऱ्याङ; लिस्नु । २. खुड्किलो । ३. बिस्तारै उँभो लाग्ने वा उन्नति हुने क्रम । ४. पङ्क्ति; श्रेणी ।

**सिँदुर–** ना० [सं० सिन्दूर] सिन्दूर । ~ **जात्रा–** ना० सिन्दूरयात्रा ।

**सिँदुरे१–** ना० [सं० सिन्धुवार] ससाना गाढा, राता झुप्पा भएका फल फल्ने, खैरो मञ्जरीका रूपमा फूल फुल्ने एक वृक्ष, त्यसैको फूल ।

**सिँदुरे२–** वि० [सिँदुर+ए] १. सिँदुर भएको । ना० २. सम्पूर्ण शरीर कालो भई डँडाल्नोमा जुरोसम्मका केही रौँ वा सिङनेरका केही रौँ राता भएको गोरु । ३. विवाहमा दुलहीलाई सिन्दूर हाल्दा गणेशको प्रतिमाबाट दुलहीको सिउँदोसम्म सिन्दूरको अटूट रेखा हाल्दा भुइँमा नपरोस् भनी बिछ्याइने नयाँ कपडा । ४. विवाहमा दुलहाका तर्फबाट लगिने सिन्दूरको भाँडो वा थैली । ५. खरमा हुने र मान्छेका शरीरमा लाग्ने एक प्रकारको कीरो । ~ **आँप–** ना० भेट्नापट्टिको बोक्रामा सिँदुरको जस्तो रङ हुने आँप । ~ **बट्टा–** ना० विवाहमा लगनको बेला सिँदुर हाल्ने बट्टा; पानबट्टा ।

**सिँधिया–** ना० सिजिया ।

**सिँधुली–** ना० १. जनकपुर अञ्चलको दक्षिणी पहाडी भागमा पर्ने एक जिल्ला; सिन्धुली । २. सिँधुली जिल्लामा रहेको एक प्रसिद्ध गढी ।

**सिँधेनुन–** ना० [सं० सिन्ध (देश) +ए+नुन] सिन्धप्रदेशको पहाडी खानीबाट निस्कने हल्का रातो रङको पवित्र मानिएको, ढुङ्गाजस्तो सारो नुन ।

**सिँधो–** वि० [सं० स्निग्ध] घिउतेल आदि चिल्लो हालेको; गोरस पुगेको । – **पिठो–** ना० चिल्लो हालेर पकाएको पुवा, बाबर आदि ।

**सिँवाली१–** ना० [सं० शेफालिका] एउटै भेट्नुमा तीनतीनवटा लाम्चा पात हुने, डल्ला खालका धेरै रङ्गका फूल फुल्ने एक जातको बोट ।

**सिँवाली२–** ना० [सं० शैवाल] १. पानीभित्रको ढुङ्गामा जम्ने काईजस्तो झ्याउ; पानीको सतहमा जम्ने काई; सिमाली । २. त्यसैबाट बनाइएको पातलो रोटी; सागा ।

**सिंह–** ना० [सं०] १. गर्दनमा लामालामा जगर हुने, बलियो एक हिंस्रक जङ्गली प्राणी; शेर; केशरी । २. बाह्रवटा राशिमध्येको पाँचौ राशि; कर्कट र कन्याको बीचको राशि । ३. भाद्र महिनाको सङ्क्रान्ति । ४. महान् पराक्रमी; नामुद वीर । – **चिल–** ना० एक प्रकारको मांसाहारी पक्षी । ~ **दरबार–** ना० वि० सं० १९६४-मा तयार भई राणा प्रधान मन्त्रीहरू बस्ने गरेको र सात सालपछि नेपाल सरकारको सचिवालय रहेको एक प्रसिद्ध र ऐतिहासिक विशाल भवन । – **द्वार–** ना० दरबार, मन्दिर आदिका मूलढोकामा दुवैतिर सिंह राखेर बनाइएको कलात्मक द्वार; दरबार आदिको मूल ढोका । – **ध्वज–** ना० नेपालको राष्ट्रिय झन्डा बोकेको, चारकुने पाटामा निर्मित सिंहको आकार वा चिह्न । – **नाद–** ना० १. सिंह गर्जँदा आउने आवाज; सिँहको गर्जन । २. युद्धमा विपक्षीलाई दिइने हाँक; ललकार । ३. हाँक दिएर भनिने कुरा; जोडका साथ गरिने कामकुरो । ~ **पुच्छ्रे–** वि० १. सिंहको पुच्छरजस्तो । ना० २. सिंहको जस्तो पुच्छर भएको एक जातको वानर । – **राज–** ना० १. वनको सम्राट्तुल्य शक्तिशाली सिंह । २. वीर पुरुष ।

**सिंहल–** ना० [सं०] प्राचीन भारतको दक्षिणमा रहेको, केही मानिसका मतमा, वर्तमान श्रीलङ्का मानिने द्वीप; लङ्का द्वीप । > **सिंहली–** वि० १. सिंहलद्वीपमा हुने; सिंहलसम्बन्धी । २. सिंहलद्वीपको निवासी । ना० ३. सिंहलद्वीपको भाषा ।

**सिंहावलोकन–** ना० [सं०] १. सिंहले झैँ पछिल्तिर फर्केर हेर्ने काम । २. पहिले गरिसकेका काममा बीचबीचमा लगाइने दृष्टि । ३. समीक्षा वा समालोचना ।

**सिंहासन–** ना० [सं०] दुवैतिर सिंहका मूर्ति उठाई तिनका पीठमा बनाइएको, राजा, देवता आदिको विशिष्ट आसन ।

**सिइनु–** क० क्रि० [सिउ+इ+नु] सिउने काम गरिनु ।

**सिउँडी–** ना० [सं० सेहुण्ड] मसिना पाटापाटा परेका फूल फुल्ने,

तीन वा तीनभन्दा बढी पाटा परेका हरिया डाँठ हुने, डाँठका टुप्पामा मात्र बाक्लो पात हुने र दूध निस्कने काँडादार बोट; स्यूँडी; सिहुँडी ।

**सिउँडे–** ना० [सं० सुकेशिनी] तीन कुना परेका ठूला पात, धतुराका आकारका ससाना धेरै रङका फूल र राता गोला फल हुने एक जातको लहरो ।

**सिउँदो–** ना० [सं० सीमन्त] निधारमाथि शिरका रौँ दायाँबायाँ पन्छाउँदा बीचमा पर्ने रेखा; स्यूँदो; सीमन्त ।

**सिउ–** ना० [√ **सिउनु**] सिउने काम; तुन्ने काम (बालबोलीमा) ।

**सिउ-नु–** स० क्रि० [सं० सिव्+नु] नाथ्रीमा उनेका सिया-धागाले गाँस्नु वा जोर्नु; तुन्नु; खुट्नु; सुर्कनु; स्यू-नु ।

**सिउनी–** ना० [सं० सिवन] १. सिउने वा सिएको घर; सिएको ठाउँ वा डोब; सिलाइ; स्यूनी । २. सिएको ज्याला; सिलाइको मजुरी ।

**सिउर–** ना० [प्रा० सिहर < सं० शिखर] १. मुजुर, जुरेली आदि चराका टाउकामाथि हुने केशगुच्छ; स्यूर । २. कुखुरा वा हाँसका टाउकामा च्याप्टो वा डोलो भई निस्केको मासुको लोलो । ३. कपालमा मसिना आँठैआँठा झिकी बाटेको एक किसिमको चुल्ठो; सिउरी ।

**सिउर-नु–** स० क्रि० [सिउर+नु] शिरमा, कोटकमिजको माथिल्लो खल्तीमा वा छाना, दलिनहुँदो कुनै हल्का वस्तु नखस्ने गरी राख्नु वा घुसार्नु; स्यूरनु । > **सिउराइ–** ना० सिउरने भाव, क्रिया वा प्रक्रिया । **सिउराइनु–** क० क्रि० सिउराउने काम गरिनु; सिउरन लाइनु । **सिउराउनु–** प्रे० क्रि० सिउरने पार्नु; सिउरन लाउनु । **सिउरिनु–** स० क्रि० सिउरने काम गरिनु ।

**सिउरी–** ना० [सिउर+ई] १. कपालका रौँमा धेरै आँठा झिकी बाटिने एक किसिमको चुल्ठो; सिउर; स्यूडी । २. भात, ढिँडो आदि पकाइएका भाँडाका बिट वा घेरामा लागेर सुकेको माड; माम्रो ।

**सिउरे–** वि० [सिउर+ए] सिउर भएको; कल्कीवाल ।

**सिउसिउ–** क्रि० वि० [अ० मू० सिउ (द्वि०)] १. ज्यादै जाडोले मुखबाट बारबार सिउ आवाज निस्कने गरी । ना० २. भेडा, बाखा, कुखुरा आदिलाई धपाइने शब्द ।

**सिउसिउ राजा–** ना० [सं० शिवसिंह+राजा] जनश्रुतिबाट नाम चल्दै आएका एक राजा; शिवसिंह राजा । (उदा०– अनि सिउसिउ राजाको पालो आयो, अनि शिवसिंह राजा भए । – बालकृष्ण सम, चिसो चुल्हो) ।

**सिऔटो–** ना० [सिउ+औटो] सिएको वस्तु ।

**सिक्-नु–** स० क्रि० [प्रा० सिक्ख+नु] १. अरू कसैबाट कुनै कामकुरो वा बानीबेहोरा जान्नु; बुझ्नु; अरूद्वारा ज्ञान हासिल गर्नु । २. शिक्षा प्राप्त गर्नु; अध्ययन गर्नु; पढ्नु । ३. अभ्यास गर्नु; रट्नु; घोक्नु । ४. देखासिकी गर्नु; सिको गर्नु; नक्कल गर्नु ।

**सिक१–** ना० [प्रा० सिक्कग] कुनै मालसामान अघचिलो पारेर झुन्ड्याउन डोरी, तार आदिबाट बनाइएको जाली; मालताल झुन्ड्याइने उभिन्डो ।

**सिक२–** ना० [√ सिक्को] १. बाँस, काठ आदिको मसिनो, लामो छेस्को; सिन्का । २. अत्तर, तरल औषधी आदिले भिजाउन कपास, कपडा आदि बेरिएको सिन्को ।

**सिकटे–** वि० [√ सुकुटे] सुकुटे; सिकुटे ।

**सिकता–** ना० [सं०] १. बालुवा । २. बलौटे जमिन । > **सिकताश्म–** ना० भूगर्भशास्त्रका अनुसार बालुवा जमेर बनेको ढुङ्गो; बलौटे ढुङ्गो ।

**सिकन्जा–** ना० [फा० शिकन्जा] १. कस्ने, थिच्ने वा निचोर्ने यन्त्र । २. कुनै अङ्ग बेसरी थिचेर अपराधीलाई सास्ती दिइने एक प्रकारको यन्त्र ।

**सिकर्नी–** ना० [सं० शिखरिणी] पानी निथारेको दहीमा अलैँची आदि मसला र चिनी मिलाई फेटेर बनाइएको खाद्य वस्तु; रसालो; सिखर्नी ।

**सिकर्मी–** ना० [नेवा० सिकःमि] काठको चौकोस, झ्यालढोका र दराज आदि बनाउने कर्मी; काठको काम गर्ने कारिगर ।

**सिकसिक–** क्रि० वि० [अ० मू० सिक्+अ (द्वि०)] १. घिन मानेर; निकनिक । वि० २. पूरै भिजेको । ३. भिजेर घिनलाग्दो भएको । > **सिकसिकाइ–** ना० सिकसिकाउने भाव, क्रिया वा प्रक्रिया । **सिकसिकाइनु–** अ० क्रि० घिनाइनु । **सिकसिकाउनु–** अ० क्रि० फोहोरमैला देखेर निकनिक मान्नु; सिकसिको लाग्नु; घिनाउनु ।

**सिकसिको–** वि० [सिकसिक+ओ] १. पूरै भिजेको । २. अलिअलि भिजेर घिनलाग्दो भएको; सिगसिगो । ना० ३. भिजेको ठाउँ ।

**सिका–** ना० [सं० शिक्य] माटाका भाँडा आदि अघचिलो पारेर राख्नका लागि बिँडामा तीनतिर डोरी लाएर झुन्ड्याइएको वस्तु; सिक ।

**सिकाइ–** ना० [√ **सिक्** (+आइ)] सिक्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सिकाइनु–** क० क्रि० सिकाउने काम गरिनु; सिक्न लाइनु । **सिकाउनु–** स० क्रि० १. कुनै नयाँ कामकुराको ज्ञान दिनु । २. शिक्षा दिनु; अर्ती वा उपदेश दिनु । ३. तालिम दिनु; सधाउनु । प्रे० क्रि० ४. सिक्न लाउनु; ज्ञान गराउनु; बोध गराउनु; पढाउनु ।

**सिकाकाई–** ना० एउटै भेट्नुमा पत्रपत्र परेका छदेखि बीस जोरसम्म पात हुने, लामा लहरा भएको, माथिल्लोपट्टि फिक्का हरियो त्यान्द्रे पात र पुष्पदलमा सेता नसा हुने, कोसाका रूपमा फल लाग्ने (लेगुनोसी समूहको) एक वनस्पति ।

**सिकायत–** ना० [अ० शिकायत] १. कसैसँग कुनै व्यक्तिका विषयमा गरिने उजुरी वा चास्सचुस्स कुरा; छुल्याइँ; चुक्ली । २. शरीरमा हुने गडबडी; रोग; व्यथा ।

**सिकार१–** ना० एकमाथि अर्को खप्टिएको जस्तो सिङ हुने एक मृग; जरायो ।

**सिकार२–** ना० [अ० शिकार] १. मनोविनोदका निम्ति तथा मासु

खान वा दुर्लभ वस्तु प्राप्त गर्न वन्यजन्तु र पक्षीलाई लखेट्ने, समाउने गर्नुका साथै बन्दुक, गोली आदिले हिर्काई मार्ने काम; आखेट; ऐरो; मृगया । २. त्यसरी समातिएको वा मारिएको पशुपन्छी । ३. खाने मासु । ४. अरूको जालमा अल्भेकेको वा त्यसबाट दुःखी भएको मानिस । > **सिकारी–** ना० १. सिकार गर्ने वा सिकार खेल्ने व्यक्ति । २. व्याधा । वि० ३. सिकारसम्बन्धी; सिकारको ।

**सिकारु–** वि० [सिक्+आरु सं० शिक्षार्थी] कुनै नयाँ कामकुरो सिक्न लागेको; सिक्न चाहने (व्यक्ति) ।

**सिकिस्त–** वि० [फा० सिकस्त] १. ज्यादै बिरामी; मर्न आँटेको; मरणासन्न । २. ज्यादै अप्ठेरो परिस्थितिमा अल्भेकेको; नराम्रो अवस्थामा परेको । ३. खाँचो; खट्टा । > **सिकिस्ती–** ना० १. बिरामीको मरणासन्न अवस्था; सिकिस्तको स्थिति । २. ज्यादै कठिन अवस्था । ३. ठूलो खाँचो; अत्यावश्यकता ।

**सिकुटे–** वि० [√ सुकुटे] ज्यादै पातलो शरीर भएको; सुसुपाल; चमेरे ।

**सिकुवा१–** १. [सिक्+उवा] सिक्न लागेको; सिकारु ।

**सिकुवा२–** ना० १. घरको भुइँतलामा रहेको प्रायः ठूलो कोठा; बैठककोठा । २. मूल ढोकासँगै रहेको, बस्न मिल्ने खालको बाहिरी लाम्चो पेटी; पिँढी । ३. घरको गजतर्फको भाग वा छानो । ४. घुमजस्तो एक प्रकारको पातलो छाता ।

**सिको–** ना० [सिक्+ओ] अरूले गरेको देखेर त्यस्तै गरिने कामकुरा; नक्कल; देखासिकी ।

**सिक्का–** ना० [अ०] १. सरकारी टकसारमा तयार गरिएको, धातुको विभिन्न मूल्य भएको चक्की; मुद्रा; रुपियाँपैसा । २. आफ्नो धाक जमाउने काम; रवाफ । ३. हैकम; प्रभाव ।

**सिक्ख–** ना० [सं० शिष्य] गुरु नानकले चलाएको धार्मिक सम्प्रदायको अनुयायी व्यक्ति; केश, काइँयो, कङ्कण, कृपाण र कछाड – यी पाँच चीजहरूलाई अँगाल्ने सिखसम्प्रदायका अनुयायी ।

**सिक्टर–** ना० [अङ्० सेक्रेटरी] कसैको कामको मदतगार; कार्य-सहायक; अनुयायी ।

**सिक्त–** वि० [सं०] १. गउँत, पानी आदिले सेचन गरिएको; अभिषेक गरिएको; अभिषिक्त । २. पानीले लथपथ भएको; भिजेको ।

**सिक्थ–** ना० [सं०] १. मइन; मोम । २. महका चाकाको सुक्खा खोस्टो ।

**सिक्री–** ना० [सं० शृङ्खला] १. धातुका मुन्द्राहरू एकअर्कामा जेल्दै बनाइएको साङ्लो; जन्जिर । २. सुन वा चाँदीका मसिना मुन्द्री जोडेर बनाइएको, शिरमा, निधारका दुईतिर वा गलामा लाउने मालाजस्तो गहना । ~ **टाँका–** ना० सिलाइमा सिक्रीजस्तो आकारको बनाएर दिइने टाँका ।

**सिक्रे–** वि० [सिक्री+ए] सिक्रो मात्रै भएको ।

**सिक्रेइलो–** वि० [सिक्रो+एइलो] धेरै सिक्रा र थोरै पात भएको ।

**सिक्रो–** वि० १. पात, फूल आदि भरिसकेको (बोट वा लहरा) । २. ताप्के आदि माल भुन्डचाउन रिङजस्तो चक्कालाई तीनतिरबाट तीनवटा डोरीले बाँधेर दलिनतिर राखिने एक किसिमको उभिन्डो; सिक ।

**सिक्लाइ–** वि० [√ सिकाई] सिक्ने भाव, क्रिया वा प्रक्रिया; सिकाइ ।

**सिख–** ना० [सं० शिष्य] १. गुरु नानकका अनुयायी । २. हे० सिक्ख ।

**सिखर्नी–** ना० [सं० शिखरिणी] हे० सिकर्नी ।

**सिखल–** ना० धान चुट्ने खलाको वरिपरि लगाइने नलको वा परालको घेरो ।

**सिगरेट–** ना० [अङ्०] चुरोट ।

**सिगसिगाइ–** ना० [√ **सिगसिगाउ** (+आइ)] सिकसिकाइ । [ > ] **सिगसिगाइनु–** अ० क्रि० सिकसिकाइनु ।

**सिगसिगाउ-नु–** अ० क्रि० [सिगसिगो+आउ+नु] सिगसिगो मान्नु; सिकसिकाउनु ।

**सिगसिगो–** वि०हे० सिकसिको ।

**सिगार–** ना० [अङ्०] सुर्तीको पातमात्र पत्रैपत्र गरी बेरेर बनाइएको एक प्रकारको ठूलो चुरोट ।

**सिङ–** ना० [प्रा० सिङ्ग] प्रायः खुर भएका र मासु नखाने पशुहरूका टाउकामा उम्रेको, आत्मरक्षाका लागि हतियारको काम दिने हाडको सोठो; शृङ्ग; विषाण; सीँग । ~ **जुरो–** ना० १. पूर्ण यौवनको चिनु; उमेर पुगेपछि बल, बुद्धि आउने स्थिति । २. जर्कटो हुने चाल । ~ **जोरी–** ना० टाउको जुधाएर खेलिने केटाकेटीको एक खेल । ~ **न पुच्छर–** ना० १. फेद न टुप्पो । २. केही काम नलाग्ने अर्थ दिने व्यञ्जना । **– पासे–** ना० दुहुँदा पुच्छर गाईबस्तुको सिङमा र खुट्टामा अल्भाउने डोरी । **– पासो–** ना० १. सिङजस्तै आँकुसे परेको पासो वा बन्धन । २. सिङको पासो । ~ **पुच्छर–** ना० सिङ र पुच्छर; छेउ र टुप्पो; उठान र बैठान ।

**सिङार–** ना० [सं० शृङ्गार] सिँगार । **– पटार–** ना० सिँगारपटार । > **सिङाराइ–** ना० सिङार्ने भाव वा क्रिया ।

**सिङारु–** ना० सिँगारु । **सिङारिनु–** अ० क्रि० सिँगारिनु ।

**सिङारे–** वि० सिँगारे ।

**सिङ्गमरमर/सिङ्गमर्मर–** ना० [फा० सङ्गमरमर] सङ्गमरमर ।

**सिङ्गी–** ना० [सं० शृङ्गी] सासले तानेर शरीरको कुनै अङ्गमा भएको वात वा रक्तविकार हटाउने सिङ वा त्यस्तै आकारको कुनै ढुङ्ग्रो ।

**सिङ्गुलै–** क्रि० वि० [सिङ्गो+मूल+ऐ] १. खास आफैँ; स्वयम् । २. सिङ्गो नै; सिङ्गै ।

**सिङ्गे माछो–** ना० [सं० शृङ्गी+मत्स्य] जीउमा कत्ला हुने रातोरातो माछो ।

**सिङ्गो–** वि० [सं० साङ्ग] १. शिरपुछार सबै भएको; पूरै अङ्ग भएको; सग्लो । २. एक मात्र; केवल; एक । ३. नफोरेको;

\1saroj\Sabdkosh\Dict'sa'.p65



नखोटिएको; अखण्डित ।

**सिङ्घसन–** ना० [अ० सङ्गेयशव] प्रायः हरियो रङको एक प्रकारको बहुमूल्य पत्थर ।

**सिङ्घा–** ना० [था०] बिहा, व्रतबन्ध आदि उत्सवहरूमा विशेषतः थारूसमाजमा प्रचलित, फुकेर बजाइने नरसिङ्गाका आकारको सानो बाजा ।

**सिङडा–** ना०हे० सिँगडा ।

**सिङान–** ना०हे० सिँगान । > **सिङाने–** वि० सिँगाने ।

**सिङार्-नु–** स०क्रि०हे० सिँगार्नु ।

**सिङौरी–** ना०हे० सिँगौरी ।

**सिङौरो–** ना०हे० सिँगौरो ।

**सिजि-नु–** अ० क्रि० [सिज्+इ+नु] हरिया अन्न वा सागपात थुप्रिएर गुम्सनु; काँचो वनस्पति वा झारपात सड्नु ।

**सिजिया–** ना० घिउतेल हाल्ने छालाको भाँडो; सिँधिया ।

**सिच्-नु–** स०क्रि०हे० सिँच्नु ।

**सिञ्चन–** ना० [सं०] १. पानी छर्कने काम; सेचन । २. खेतबारीमा पानी लाउने काम; सिँचाइ ।

**सिञ्चित–** वि० [सं०] १. गउँत, पानी आदि छर्किएको; सेचन गरिएको । २. बोटबिरुवामा कुलो आदिबाट पानी पटाइएको ।

**सिञ्जा१–** ना० [सं०] हे० शिञ्जा ।

**सिञ्जा२–** ना० [सं०] कर्णाली अञ्चलमा पर्ने प्रसिद्ध ऐतिहासिक स्थल । > **सिञ्जाली–** वि० १. सिञ्जा क्षेत्रमा पाइएको; सिञ्जाको । ना० २. सिञ्जाक्षेत्रको प्राचीन नेपाली भाषा वा भाषिका ।

**सिट्-नु–** स० क्रि० [सं० शिष्ट+नु] १. दपेटेर काममा जोत्नु; पछि लागेर काममा खट्न लाउनु । २. नराम्रो छेडपेच गरेर भन्नु; घोच्नु । २. कडा उपदेश दिनु । ४. आफ्नो नियन्त्रणमा राख्नु । ५. हुच्चेर वा हानेर पठाइएको बियोलाई लट्ठी वा सिटोले छेक्नु । ६. गाली गर्नु; खै गर्नु ।

**सिट–** ना० [अङ्० सीट] १. बस, रेल, सिनेमाहल, स्कुलका कक्षा आदिमा प्रतिव्यक्ति बस्ने साधन; एक व्यक्तिभर बस्न मिल्ने ठाउँ । २. कुनै पद वा ओहदा । – **रोल–** ना० कर्मचारीहरूको हुलिया लेखिएको कागजात; व्यक्तिगत विवरणपुस्तिका । – **रोल फाराम–** ना० सिटरोल लेखिएको वा व्यक्तिगत विवरण भरिएको कागजपत्र ।

**सिटाइ–** ना० [√ **सिट्** (+आइ)] सिट्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सिटाइनु–** क० क्रि० सिट्ने पारिनु । **सिटाउनु–** प्रे० क्रि० सिट्ने पार्नु ।

**सिटासिटी–** ना० [सिटो+सिटो] सानातिना हाँगाबिँगा; खस्रेटा ।

**सिटिनु–** क० क्रि० [सिट्+इ+नु] दपेटेर काममा जोतिनु; नियन्त्रणमा राखिनु ।

**सिटी–** ना० [सं० सीत्कृति] १. ओठ खुम्च्याएर जोरसित मुखबाट हावा निकाल्दा वा भित्र तान्दा निस्कने तीखो आवाज । २. कुनै सङ्केत गर्नाका लागि फुकेर बजाइने बाजा वा अन्य साधन । ३. रेल, इन्जिन आदि आउँदा वा जाँदा सङ्केत दिने ध्वनियन्त्र । ४. त्यस्तो यन्त्र वा अरू कुनैको सूचना दिने आवाज ।

**सिटे–** वि० [सिटो+ए] सिटोजस्तो । ~ **उखु–** ना० सिटाजस्तै डाँठ हुने उखुको एक जात ।

**सिटो–** ना० [सं० शिष्ट ?] १. प्रायः सुकेको सानो हाँगो । २. डन्डीबियोका खेलमा सात सङ्ख्याका लागि प्रयोग गरिने शब्द ।

**सिट्ठी–** ना० [सं० शिष्ट] १. बलेर वा डढेर गोल बनिसकेको अंश । २. डढिसकेको तमाखु; तमाखुको गोल; सिठुवा । ३. उखु, नास्पाती, पान आदिको रस चुसिसकिएको छोक्रा । ४. ज्यादै ठन्डी; ठिही । वि० ५. दुब्लो; सिट्ठो ।

**सिट्ठो–** वि० [सिट्ठी+ओ] दुब्लाएर वा सुकेर हाड र छाला मात्र भएको; साह्रै दुब्लो; लौरीपिञ्जर ।

**सिठी१–** ना० [सं० षष्टि] १. ज्येष्ठ शुक्ल षष्ठीको दिन । २. उक्त दिन नेवारसमाजमा मनाइने परम्परागत एक प्रसिद्ध चाड ।

**सिठी२–** ना० [सिठो+ई] १. सिठुवा; सिट्ठी । २. लौरो; सिटो । – **जुझ–** ना० धनु, काँड, खुकुरी, ढुङ्गा, झटारो र घुयेँत्रोजस्ता हतियारले हानाहान गरी खेलिने पुरानो एक खेल । – **दानी–** ना० चुरोट, बिँडीका ठुटा, खरानी हाल्ने भाँडो; ठुटौरो; एस्ट्रे ।

**सिठुवा–** ना० [√ सिठो+उवा] १. गाईबस्तुले छानेर खाइसकेपछि बाँकी बचेको घाँस । २. तमाखु खाएपछि आगोले डढेर बचेको कालो अवशेष; तमाखुको गोल ।

**सिठो–** ना० [सं० शिष्ट] तमाखु र चुरोट बिडीको डढेउलो; सिठुवा ।

**सित१–** ना० यो० [सं० सहित] सँग; साथ; सहित ।

**सित२–** वि० [सं०] १. कुनै रङ नपरेको; सेतो; सफेद । २. चमकदार; चहकिलो । ३. सफा; स्वच्छ; सुग्घर । ना० ४. शुक्लपक्ष; सुदी ।

**सितन–** ना० [√ सित] भात, रोटी, ढिँडो, चिउरा आदिलाई स्वादिलो बनाउन साथमा खाइने तिहुन, तरकारी, अचार, चटनी आदि खानेकुरो ।

**सितमणि–** ना० [सं०] काँचजस्तो पारदर्शक बहुमूल्य पत्थर; बिल्लौर ।

**सितार–** ना० [फा० सेहतार] नखी लगाएको वा नलगाएको दाहिने हातका औँलाले तार तानेर देब्रे हातका औँलाले पर्दामा चाली झङ्कार निस्कने गरी स्वरसाधन गरिने, सात तार भएको एक तुम्बादार प्रसिद्ध बाजा ।

**सितारा–** ना० [फा० सितार] १. सुन, चाँदी, अभ्रख आदिबाट बनेको, बाटुलो, चोसे आदि आकारको हुने, प्रायः शृङ्गारका लागि निधारमा तथा आँखाका घेरामा लगाइने र दुपट्टा, सारी आदिमा पनि जडिने, पातलो, ससानो टल्कने चक्की । २. रातको समयमा आकाशमा चम्कने तारा ।

**सितारिया–** ना० [सितार+इया] सितार बजाउने व्यक्ति ।

**सितिमिति–** क्रि० वि० सानोतिनो प्रयासद्वारा; थोरै मेहनतले; हत्तपत्त ।

**सितो–** ना० [प्रा० शित्थ <सं० सिक्थ] पाकेको चामलको दानो;

भातको चुरो मरी फुलेको गेडो ।

**सित्तैँ**– क्रि० वि० १. कुनै मूल्य नलिईकन; विनामोल । २. बिनसित्ति; व्यर्थ । ३. अकारण; नाहक ।

**सिद्ध**– वि० [सं०] १. तयार भएको; बनेको; पूर्ण । २. भनेजस्तै परिणाम निस्केको; सफल । ३. उद्देश्य पूरा भएको । ४. आध्यात्मिक सिद्धि प्राप्त गरेको । ५. तर्क वा प्रमाणद्वारा ठीक ठहऱ्याइएको; प्रमाणित । ६. सिपालु; दक्ष; निपुण । ७. पाकेको; खान लायक । ८. निश्चित; पक्का । ना० ९. अणिमा आदि अष्टसिद्धिमध्ये पूरै वा केही सिद्धि प्राप्त गरेको योगी । १०. ऋषि; तपस्वी । ११. सत्ताइस योगमध्ये एक योग । १२. पहँलो सर्स्यूँ । १३. एक देवयोनि । ~ **गुटिका**– ना० अदृश्य हुनाका निम्ति मुखमा हालिने मन्त्रसिद्ध कल्पित गोली । – **ता**– ना० सिद्ध हुनाको भाव वा स्थिति । – **पीठ**– ना० योग वा तान्त्रिक साधना चाँडै सिद्ध हुने, पहिलेका सिद्धहरू बसेको ठाउँ । ~ **पोखरी**– ना० काठमाडौँ उपत्यकाभित्र भक्तपुर नगरको पश्चिम छेउमा रहेको, प्रतिवर्ष मेला लाग्ने एक पोखरी । – **हस्त**– वि० आफ्नो काममा राम्रोसँग हात बसेको; छिटो र सफा काम गर्न सक्ने; सिपालु ।

**सिद्धा**– ना० [सं०] १. ज्योतिषशास्त्रअनुसार आठ योगिनीमध्ये सातौँ योगिनी । २. सिद्धि पाएकी नारी ।

**सिद्धाञ्जन**– ना० [सं०] आँखामा लगाउँदा भुईँभित्र दबिएको वस्तु पनि देखिने भनी प्रसिद्ध भएको, मन्त्रसिद्ध अञ्जन वा गाजल ।

**सिद्धान्त**– ना० [सं०] १. विचार, तर्क र अनुभवद्वारा स्थापित मत; प्रमाणित विचारशृङ्खला । २. साहित्य, सङ्गीत, कला, विज्ञान आदिका सम्बन्धमा विद्वान्द्वारा प्रतिपादित सत्य रूपमा ग्रहण गरिएको मूल विचार; मान्य मत । ३. ऋषिमुनिहरूको मान्य उपदेश । ४. निचोर कुरो; सारतत्त्व । ५. कुनै धार्मिक, दार्शनिक, राजनीतिक, सामाजिक आदि सर्वमान्य मत । ६. निश्चित मतका आधारमा लेखिएको कुनै शास्त्रीय ग्रन्थ । ७. साधारण व्यवहारमा प्रायः एकरूपता ल्याउन स्थापित कुनै नियम । – **वादी**– वि० धर्म, दर्शन, राजनीति आदि क्षेत्रमा प्रतिपादित कुनै मतको कट्टर अनुयायी । > **सिद्धान्ती**– वि० १. शास्त्रीय सिद्धान्तहरूको धुरन्धर ज्ञाता । २. आफूद्वारा स्वीकृत धार्मिक, राजनीतिक आदि सिद्धान्तमा अडिग ।

**सिद्धान्न**– ना० [सं०] १. खान तयार गरिएको मिठाई, रोटी, भात आदि; पाकेको अन्न; पक्वान्न । २. एक जनालाई एक छाकजति खान पुग्ने चामल, दाल, आदि सरजाम; सिधा ।

**सिद्धार्थ**– ना० [सं०] १. शाक्यवंशीय राजा शुद्धोदनका पुत्र; गौतम बुद्ध; लगभग अढाइ हजार वर्षपूर्व पश्चिम नेपालको लुम्बिनी-प्रदेशमा जन्मेर देशबाहिरसमेत बुद्धदर्शनको प्रचार गर्ने ऐतिहासिक महापुरुष । वि० २. मतलब पूरा भएको; आँटेको काम सफल भएको । ~ **गौतम**– ना० गौतम बुद्ध । ~ **राजमार्ग**– ना० गण्डकी अञ्चलको पोखरालाई लुम्बिनी अञ्चलको नेपालभारत सिमाना सुनौलीसँग जोड्ने गरी भारतीय सहयोगबाट बनेको , एक सय असी किलोमिटर लामो सडक; सुनौली-पोखरा राजमार्ग ।

**सिद्धासन**– ना० १. योगसाधना गर्दा गरिने एक आसन; चौरासी आसनमध्ये एक । २. वीतराग सिद्धहरू बस्ने थलो; सिद्धपीठ ।

**सिद्धि-नु**– अ० क्रि० [सिद्ध+इ+नु] १. थालेको कामकुरो पूरा हुनु; सकिनु; समाप्त हुनु । २. केही पनि बाँकी नरहनु; खाली हुनु; रित्तिनु; सकिनु । ३. टुङ्गो लाग्नु; तय हुनु । ४. बिग्रनु; नाश हुनु । ५. प्राण जानु; मर्नु ।

**सिद्धि**– ना० [सं०] १. योग वा तपस्याद्वारा प्राप्त हुने अलौकिक शक्ति । २. योगसाधनाद्वारा प्राप्त गरिने आठ प्रकारका सिद्धि (अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व) । ३. मुक्ति; निर्वाण । ४. आँटेको काम पूरा भएको स्थिति; सफलता । ५. थालेको यज्ञ, दान, अनुष्ठान आदिको निर्विघ्न समाप्ति; कार्यपूर्णता । ६. निपुणता; सिपालुपन । ७. गणेशका दुई पत्नी ऋद्धि र सिद्धिमध्ये कान्छीचाहिँ । – **दाता**– वि० १. सिद्धि दिने; काम पूरा गरिदिने । ना० २. गणेश । – **नरसिंह**– ना० पाटनको प्रसिद्ध कृष्णमन्दिर र राजप्रासादहरूको निर्माण गर्ने, ललितपुरराज्यका मध्यकालीन मल्लवंशीय एक राजा । ~ **विनायक**– ना० गणेशको पुराणप्रसिद्ध नाम ।

**सिद्धयाइँ**– ना० [सिद्ध+याइँ] सिद्ध वा महात्माको भाव वा गुण; सिद्धको कार्य ।

**सिद्धयाइ**– ना० [√ **सिद्धयाउ** (+आइ)] सिद्धयाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सिद्धयाइनु**– क० क्रि० समाप्त गरिनु ।

**सिद्धयाउनु**– स० क्रि० ⁄ प्रे० क्रि० [सिद्धि+याउ+नु] १. समाप्त गर्नु । २. टुङ्ग्याउनु । ३. पूरा गर्नु; सफल पार्नु । ४. नाश गर्नु; बिगार्नु । ५. मार्नु । ६. हराउनु । ७. खाली पार्नु; रित्याउनु ।

**सिद्रो**– सिन्कीझैँ खाँदेर बनाइएको सानो माछा; सिध्रो ।

**सिधा१**– ना० [सिद्धान्न] १. विशेष पर्वमा ब्राह्मणलाई दान दिइने दाल, चामल आदि काँचो अन्न । २. नपकाएको अन्न ।

**सिधा२**– वि० [सं० सिद्ध] १. कपटको भाव वा कुटिलता नभएको; सरल प्रकृतिको । २. सरलशान्त स्वभावको; साधु । ३. सोझो ४. नबाङ्गिई सोझै माथितिर उभिएको; सोझो गरी ठडिएको । ना० यो० ५. अगाडि; सामुन्ने ।

**सिधार्-नु**– अ० क्रि० [सं० सृ +नु] १. काम सिद्ध गरेर जानु; हिँड्नु । २. प्राण जानु; मर्नु । > **सिधाराइ**– ना० सिधार्ने भाव, क्रिया वा प्रक्रिया । **सिधारिनु**– अ० क्रि० हिँडिनु ।

**सिधासादा ⁄ साधा**– वि० १. सरल मिजासको; शान्त प्रकृतिको । २. सीधा र सादा ।

**सिधिया**– ना० सानोतिनो धोक्रो; थैलो ।

**सिध्रो**– ना०हे० सिद्रो ।

**सिनाबिना**– ना० [सं० सेना+ फा० बिना] सानातिना केटाकेटी; भुराभुरी; ठिनामिना ।

**सिनाल**– ना० गर्धनमा र पुट्ठामा लामालामा रौँ हुने एक जातको लेकाली बाख्रो ।

**सिनिक्त**– क्रि०वि०हे० सिनित्त ।

**सिनित्त**– क्रि० वि० [सं० सुनिक्त] १. जो भएको सरसामान सबै उठाएर; केही वस्तु नरहने गरी; सिनिक्त । २. हेर्दै लोभ लाग्ने गरी; बसूँबसूँजस्तो । ३. पखालपुखुल पारेर; सफा पारेर । वि० ४. खतम; समाप्त ।

**सिनु**– ना० [प्रा० सिन्न] पशुपन्छी आदिको मरेको शरीर; मुर्दा; लास ।

**सिने कला**– ना० [अङ्० सिने + सं० कला] चलचित्रनिर्माण गर्ने वा चलचित्रमा अभिनय गर्ने सीप ।

**सिनेट**– ना० [अङ्०] १. विधायिकाका दुई सदनमध्ये एक सदन; प्रतिनिधिसभा । २. प्राचीन रोमको राष्ट्रपरिषद् वा व्यवस्थापिका । ३. अमेरिकाको प्रतिनिधिसभा वा उच्च सदन । ४. विश्वविद्यालयको प्रबन्धसमिति । > **सिनेटर**– ना० सिनेटको सदस्य; विधायक ।

**सिने नाटक**– ना० [अङ्० सिने+ सं० नाटक] विद्युत्तरङ्गीय प्रकाशपुञ्जबाट सेतो पर्दामा चलचित्रका रूपमा देखाइने नाटक ।

**सिनेमा**– ना० [अङ्०] विद्युत्तरङ्गीय प्रकाशपुञ्ज सेतो पर्दामा परेर गतिशील देखिने छायाचित्र; चलचित्र; बाइस्कोप ।

**सिन्काउली**– ना० [सिन्को+आउली] लाम्चा पात हुने, अण्डाकार साना फल फल्ने र सेता फूल फुल्ने एक रूख वा त्यसैको पात; तेजपात ।

**सिन्की**– ना० [नेवा०] खाडल वा गोल्फु, घैंटो आदिमा खाँदेर अमिल्याइएको मूला; मूला खाल्डामा हाली गुम्साई अमिलो पसेपछि झिकेको, साँधेर अचार र झोलिलो तिहुन खाइने वस्तु ।

**सिन्के**१– ना० नेपाली कागज बनाउने काममा प्रयोग गरिने एक प्रकारको जङ्गली झार ।

**सिन्के**२– वि० [सिन्को+ए] १. सिन्का हुने; सिन्कैसिन्का भएको । २. सिन्काजस्तो मसिनो । ~ **धूप**– ना० पातलो छेस्को वा बाँसको सरोमा धूपचूर्ण बेरी बनाइएको धूप; अगरबत्ती । ~ **मुला**– ना० काठ पसेको सानो, झीनो मूला ।

**सिन्को**– ना [सं० तृणक, इषीका ?] १. पातहरू गाँस्नका लागि बनाइएको बाँसको मसिनो छेस्को । २. सिरुका पातका डाँठजस्ता ससाना लाम्चा टुक्रा; छेस्को । ~ **कटाइ**– ना० विवाहविच्छेदका लागि जातिविशेषमा प्रचलित पुरानो प्रथा । ~ **पाङ्ग्रो/पाङ्रो**– ना० पतिपत्नीको परस्पर परित्याग; सम्बन्धविच्छेद । ~ **लुकाइ**– ना० माटाको थुप्रोमा सिन्को लुकाई खोजेर खेलिने एक थरी बालखेल; धूलीमाटी ।

**सिन्कौली**– ना० [सिन्को+औली] १. सिन्काउली; तेजपात । २. सिन्कोलुकाइ खेल ।

**सिन्डिकेट**– ना० [अङ्०] १. कुनै कामकुरामा संयुक्त रूपमा लागेका व्यक्तिहरूको सङ्गठन । २. कुनै काम वा व्यापार चलाउन वा पूरा गर्न बनाइएको व्यक्तिगत कम्पनी ।

**सिन्दुरे**– ना० [सिन्दूर+ए]१. विवाहमा दुलहीलाई सिन्दूर हाल्दा गणेश र ग्रहकलश भएको ठाउँबाट दुलहीको सिउँदोसम्म सिन्दूरको रेखा नटुटाई हाल्दै लगिने सेतो कपडाको थान । २. गहुँको बोटमा लाग्ने सिन्दूरको रङको कीरो । वि० ३. सिन्दूरसम्बन्धी; सिन्दूरको । ४. सिन्दूर राख्ने; सिन्दूर हाल्ने (भाँडो) ।

**सिन्दूर**– ना० [सं०] १. सौभाग्यवती स्त्रीले शोभाका निम्ति निधारमा वा सिउँदामा लगाउने वा देवपूजामा प्रयोग गरिने सुन्तलारङको चूर्ण; सिँदुर । २. सौभाग्यशृङ्गार । ३. सरकारी कर्मचारीको शोभा वा मान (जस्तो– सरकारी सिन्दूर) । ४. नोकरी; सेवा । ~ **जात्रा/यात्रा**– ना० १. कुनै ठूलो कार्य सिद्ध हुँदा गरिने देवदेवीको पूजासहितको नगरप्रदक्षिणा; सफलताको उत्सव । २. राजाको राज्याभिषेकपछि गरिने नगरप्रदक्षिणा । ३. ठूलो बाजी, प्रतियोगिता वा चुनाव आदिमा विजय हासिल गर्नेलाई रथ वा बग्गीमा राखी सिन्दूरलावा बर्साउँदै गरिने नगरपरिक्रमा ।

**सिन्धु**– ना० [सं०] १. समुद्र; सागर । २. ठूलो नदी; पाकिस्तानमा बहने नदी । ३. सप्त सिन्धुमध्ये एक । ४. बाग्मती अञ्चलमा काठमाडौँदेखि पूर्वपट्टि रहेको सिन्धुपालचोक जिल्लाको एक क्षेत्र । – **घाटी**– ना० सिन्ध प्रदेशमा रहेको घाटी । – **पालचोक**– बाग्मती अञ्चलमा पर्ने एक जिल्ला ।

**सिन्धुली**– ना० जनकपुर अञ्चलको मध्य भेगमा पर्ने एक पहाडी जिल्ला । ~ **गढी**– ना० सिन्धुली जिल्लामा पर्ने एक प्राचीन ऐतिहासिक किल्ला ।

**सिन्धुवार**– ना० [सं०] सिँदुरे वृक्ष वा त्यसैको फल ।

**सिप**– ना० [सं० शिल्प] १. स्वाभाविकता र उपयुक्तताका साथ मानसिक तथा शारीरिक काम गर्ने दक्षता; हात, औँला, खुट्टा र आँखाको सन्तुलनद्वारा गरिने कार्यशैली; निपुणता; कौशल । २. हातद्वारा काम गरेर मालसामान तयार गरिने धातु वा अन्यपदार्थसम्बन्धी कला; कारिगरी; शिल्प; हस्तकौशल ।

**सिपालु**– वि० [सीप+आलु] कुनै कामकुरो गर्नमा दक्षता प्राप्त गरेको; सीप भएको; पोख्त ।

**सिपाही**– ना० [फा०] १. फौज वा प्रहरीसेवातर्फको निम्नवैतनिक कर्मचारी । २. सेवक; दूत ।

**सिपी**– ना० [सं० शुक्ति] १. पानी जमेको ठाउँमा समुद्रमा पाइने, शङ्खजस्तो कडा च्याप्टो खोलभित्र रहने एक जातको कीरो । २. टाँक, किलिप आदि बनाइने त्यसकै खोलको फग्ल्याँटो ।

**सिप्किनु/सिप्किनो**– ना० स्याउलो आदिको सानो सिटो; घाँससहितको सानो हाँगो ।

**सिप्रिक्क**– क्रि० वि० [अ० मू० सिप्रिक्+क] १. भित्र सुकेर चेप्टिने गरी; सेप्रो भएर; स्याप्प । २. टाँसिने वा गाँसिने चालले ।

**सिप्रिङ**– ना० [भो० ब०] माछा मार्न प्रयोग गरिने, चोयाबाट बुनेको, डोकोजस्तो आकारको टोकरी ।

**सिप्लिकान**– ना० लाम्चा नरम पात हुने, पहेँला फूल फुल्ने र गोल फल फल्ने तथा मुन्टाको अचार, तरकारी आदि खाइने एक जातको रूख ।

**सिफर**– ना० बिफर बिग्रेर शरीरको जोर्नीमा आउने एक जातको खटिरो वा लोला ।

**सिफारिस**– ना० [फा० सिफारिश] १. कसैको कुनै काम सफल पार्नका लागि उसका बारेमा गरिने मौखिक वा लिखित प्रशंसा; अनुमोदन । २. अरू कसैको कुनै कार्यसम्पादनका लागि कसैसँग गरिने अनुरोध; कसैको योग्यता वा कार्यक्षमताबारे लेखिएको पत्र; भनसुन । ~ **पत्र**– ना० कसैको योग्यता वा कार्यक्षमताबारे लेखिएको पत्र; नोकरी, विश्वास आदिको प्राप्तिका लागि सहयोग हुने गरी व्यक्ति वा संस्था आदिबाट गरिने प्रशंसाको लिखित पत्र । > **सिफारिसी**– वि० सिफारिस गरिएको; अनुमोदित ।

**सिभिल**– ना० [अङ्०] १. निजामती । २. नागरिक; असैनिक । ~ **इन्जिनियर**– ना० सार्वजनिक इन्जिनियर । ~ **सर्जन**– ना० सर्वसाधारण रोगीको स्वास्थ्यका लागि चिरफार गर्ने चिकित्सक; अप्रेसन गर्ने डाक्टर ।

**सिम१**– ना० [अ० मू०] पानी कहिल्यै नसुक्ने जमिन; चिसमिरो जग्गा; सिमसार ।

**सिम२**– वि० [फा० सिह] १. जग्गाका चार तह (अब्बल, दोयम, सिम, चहार) मध्ये तेस्रो; राम्रो खेती नहुने (जग्गा) । २. तेस्रो दर्जाको । – **काने**– ना० डाँठ नभएको, हरिया पात हुने, नीलो फूल फुल्ने, भुइँमा घिस्रने एक जातको घाँस । ~ **कुखुरो**– ना० जलकुखुरो । ~ **घाँस**– ना० पहेँला धेरै फूल फुल्ने, पुष्पदल र फूल लामा हुने, सेता मसिना बियाँ वा बीउ भएको फल लाग्ने एक वनस्पति ।

**सिमन्टी**– ना० [अङ्० सिमेन्ट] घर आदि बनाउने काममा बलियो जोडाइका लागि माटाको सट्टा प्रयोग गरिने, ढुङ्गा आदिको रासायनिक मिश्रणबाट तयार पारिने एक किसिमको धूलो ।

**सिमरायो**– ना० सिमसारमा हुने, परपन्याउने खालको रायो ।

**सिमरौनगढ**– ना० [शाल्मलीवन+गढ] सिम्रौनगढ ।

**सिमल**– ना० [सं० शाल्मली] राता ठूलठूला फूल फुल्ने, लाम्चो किसिमको कोसाभित्र बाटुला फल लाग्ने, एउटै भेट्नामा धेरै पात लाग्ने, भुवाबाट डसना, तकिया आदि बनाइने, काँडा हुने जातको ठूलो रूख । ~ **कन्द**– ना० १. पाँचपाँच कुना परेको पात, खुड्किलैखुड्किला परेको जस्तो डाँठ र प्युठाने मुलाका आकारको जरा हुने एक जातको बोट । २. त्यसैको कन्दमूल । ~ **काँडे**– वि० १. सिमलका काँडाको आकारको पुष्ट सानो चुच्चो परेको (स्तन) । २. त्यस्तो स्तन भएकी (युवती) । ~ **चरी**– ना० अन्नकी अधिष्ठात्री देवी; धान्यलक्ष्मी ।

**सिमलट्टे**– ना० [सिम+लट्टा+ए] पानीलट्टे ।

**सिमल तरुल**– ना० सिमलकन्द ।

**सिमसार**– ना० १. पानी नसुक्ने र अलिअलि झार हुने चिसमिरो जमिन; पनौटे जग्गा; सिम । २. हिलो र पानी भएको ठाउँ; धाप; दलदल ।

**सिमसिम**– क्रि० वि० [अ० मू० सिम+अ(द्वि०)] १. मसिना थोपाका साथ पानी परिरहने गरी; बिरबिर; रिमरिम । ना० २. हल्का पानी परिरहने चाल । > **सिमसिमे**– वि० सिमसिम पानी परिरहेको (मौसम) ।

**सिमाना**– ना० [सं० सीमा] १. अन्तिम रेखा; साँध; सीमा । २. किनारा; छेउ । ~ **कर**– ना० सीमाकर । ~ **जाँच**– ना० दुई देशका बीचको सीमारेखालाई दुरुस्त राख्न जाँचपडताल गर्ने काम ।

**सिमाली**– ना० सिँवाली ।

**सिमी**– ना० [सं० शिम्बी] बोडीका जस्ता साना हरिया पात हुने, विभिन्न रङका फूल फुल्ने, हरिया वा सेता कोसा फल्ने लहरो; त्यसैको कोसाभित्र हुने तरकारी, दाल आदिका लागि प्रसिद्ध गेडो ।

**सिमे**– वि० [सिम+ए] १. सिमसम्बन्धी; सिमको । २. सिममा उम्रने; सिमसारमा पाइने । ना० ३. सिमबाट उब्जने रोग । ४. सिममा बस्छ भन्ने ठानिएको एक कल्पित देवयोनि । – **भूमे**– सिमसार भूमिमा रहने देवयोनिविशेष; गाउँले विश्वासअनुसार पूजा गरिने भूदेवता । ~ **माटो**– ना० सिम जग्गामा पाइने लेसिलो माटो । – **साग**– ना० सिमरायो ।

**सिमेन्ट**– ना० [अङ्०] हे० सिमन्टी ।

**सिम्कनु/सिम्किनु**– ना० [√ सिप्किनु] लामो, झीनो, सानो काठ; सिप्किनु ।

**सिम्टा**– ना० १. सल्लाको फल । २. हलेदाको सुकेको चाना । ३. गोलभँडा । ४. तबला बजाउने एक तरिका; तबलाको एक प्रकारको ताल ।

**सिम्रिक**– ना० [फा० सन्जरफ] गाढा रातो रङको, सिन्दूरजस्तो चूर्ण वा शृङ्गारपदार्थ; नेपालको राष्ट्रिय रङ ।

**सिम्रौनगढ**– ना० [√ सिमरौनगढ] कर्नाटवंशी राजाहरूले बनाएको, नेपालको बारा जिल्लामा पर्ने, मध्यकालीन एक ऐतिहासिक गढी ।

**सियाँल**– ना० [प्रा० सियल < सं० शीतल] १. घाम छेकिएको ठाउँ; ओझेल परेको ठाउँ । २. छाया; छहारी ।

**सिया**– ना० शरीरका कुनै भागमा वायु तर्केर हुने कष्ट ।

**सियाइ**– ना० [√ **सिउ** (+याइ)] सिउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सियाइनु**– क० क्रि० सिउन लाइनु । **सियाउनु**– प्रे० क्रि० सिउन लाउनु ।

**सियामुसली**– ना० जराबाट हुँदै निस्केका लामा, तीखा टुप्पा भएका पात हुने, सानानीला फूल फुल्ने, कन्द भएको (कोमिलिनेसी समूहको) शक्तिवर्द्धक र सर्पको विष मार्ने एक वनस्पति ।

**सियावायु**– ना० [प्रा० सियावाओ] अगति परेर मरेकाहरूको प्रेतात्मा; सताउने वायु ।

**सियो**– ना० [सं० सीवनी] १. कपडा आदि सिउने, धागो, अल्झाउने नाथ्री भएको, फलामको सुई; लुगा सिउने फलामे सानो सुइरो । २. फलामको सुइरो । ३. हलाले जोतेको डोब ।

**सिर**– ना० [प्रा०] शरीरको माथिल्लो भाग; टाउको; शिर ।

**सिरक**– ना० [सं० शीतरक्षक] भित्र कपास, रुवा, भुवा आदि भरेर बाहिर कपडाले छोपी तगेको दोलाईंजस्तो बाक्लो ओढ्ने कपडा ।

**सिरप**– ना० [अङ्०] १. पिइने खालको झोल पदार्थ; सर्बत । २. रासायनिक मिश्रणबाट तयार गरिएको झोल औषधी ।

**सिरपाइ**– ना० गाडामा जोतेको गोरु फुकाएपछि गोरुगाडा वा लडिया अडचाउनका लागि टेकाइने दुइटा काठबाट बनेको खुट्टा ।

**सिरा**– ना० [सं०] १. शरीरमा रक्तप्रवाह गराउने नाडी; नसा । २. कँडाली ।

**सिरान**– ना० [सिर+आन] १. सुत्दाखेरि टाउकोपट्टि परेको ठाउँ । २. सुत्दा टाउकोमन्तिर पर्ने अग्लो नरम वस्तु; तकिया । ३. नदीनाला आदि निस्केको ठाउँ । ~ **घरे**– ना० गाउँको माथिल्लो भागमा घर बनाएर बस्ने व्यक्ति । > **सिरानी**– ना० तकिया; सिहानी ।

**सिराहा**– ना० पूर्वाञ्चल विकासक्षेत्रअन्तर्गत सगरमाथा अञ्चलको तराई भागमा पर्ने एक जिल्ला ।

**सिरिङ्ङ**– क्रि० वि० [अ० मू० सिरिङ्+ङ] १. ज्वर, भय, जाडो आदिको कारणले शरीरमा कम्प हुने गरी । २. दाँतमा ढुङ्गा वा चिसोतातो वस्तु लाग्दा पीडा हुने चालले । ~ **सिरिङ्ङ**– क्रि० वि० लगातारको सिरिङ्ङ ।

**सिरिस**– ना० [सं० शिरीष] शिरीष फूल । – **घारी**– ना० सिरिसेनी । > **सिरिसे**– वि० शिरीष भएको (ठाउँ) । **सिरिसेनी**– ना० शिरीषको घारी; सिरिसघारी ।

**सिरी**– ना० [सं० श्री] १. श्री; सम्पत्ति । २. सौन्दर्य; शोभा । – **खुरी**– ना० १. भएभरको सबै सम्पत्ति; सबै जायजेथा । २. भएभरको सम्पत्तिको नाश; स्वाहा; सर्वस्व ।

**सिरु**– ना० [सं० रसाल] कुशका जस्ता लामालामा पात र काँसका जस्ता सेता फूल हुने घाँस । – **पाते**– वि० १. सिरुको पातजस्तो धारिलो (खुकुरी आदि) । ना० २. एउटा गाँठो पारेको र अर्को नपारेको सिरुको पात मुठीमा राखी सबैलाई छुवाउँदा जसलाई गाँठो पर्छ ऊ डुम हुने गरी खेलिने एक बालखेल । – **बारी**– ना० सिरु भएको बारी वा जग्गा । – **बारे**– ना० लाम्चा पात, गुलाफी घोगाका आकारका फूल र घोगामा मसिना तिलजस्ता टल्कने गेडा हुने एक जातको झार; शितावर ।

**सिरेटो**– ना० [सिर्र+एटो] १. हिउँदमा हिमालयबाट बहने अत्यन्त चिसो वायु । २. मुटु छेड्ने खालको चिसो बतास; स्याँठ; शीतलहरी ।

**सिरोभरो**– ना० [शिर+भर] सम्पूर्ण जिम्मेवारी; बनाउन र बिगार्न दुवै सक्ने स्थिति; सर्वाधिकार ।

**सिरौंला**– ना० कथ्य० सिरम्ला । १. धान उसिनेर सुकाइसकेपछि भुटेर बनाइएको चामल ।

**सिर्कनु**– ना० [सं० शिट] मसिनु लट्टी; सिप्किनु ।

**सिर्का**– ना० [फा० सिर्क] घाममा राखेर अमिल्याएको उखु, अङ्गुर, अनार आदिको रस ।

**सिर्कासिर्की**– ना० [सिर्को+सिर्को] सानाठूला सिर्काको समूह ।

**सिर्को**– ना० [सं० सृ+को] १. थुनबाट निस्केको दूधको मसिनो र सानो धारो । २. सानो मुख भएको भाँडो वा दूधदानी आदिबाट थिचेर निकालिने पानी आदिको मसिनो धारो ।

**सिर्जना**– ना० [सं० सर्जन] १. नयाँ निर्माण; सृष्टि; रचना । २. सृष्टि; उत्पत्ति; सृजना । ३. आरम्भ; सुरु ।

**सिर्तो**– ना. १. ससाना वा भुरे राजारजौटाहरूले ठूला राजा वा सम्राट्लाई बुझाउने कर । २. करबलबाट दिइने रकम ।

**सिर्फ**– क्रि० वि० [अ०] खालि; केवल; मात्र ।

**सिर्र**– क्रि० वि० [अ० मू० सिर्+र] १. चिसो कडा हावा चल्ने गरी । २. सिर्को निस्कने चालले । सात० सिरिरि/सिरिरिरि ।

**सिल१**– ना० [सं० शिला] शिला; ढुङ्गो (जस्तो– सिलढुङ्गो) ।

**सिल२**– ना०. १. उनेका माछाहरूको माला । २. कपालमा पर्ने जम्राहरूको ताँती ।

**सिल३**– ना० [अङ्० शील्ड] १. कुनै वस्तुको गोप्यता र सुरक्षाका लागि सम्बन्धित व्यक्तिले मात्र खोल्ने गरी खाम, कपडाको थैलो आदिको बाहिर जोर्नीहरूमा लगाइने लाहाछाप । २. विद्यालय, सरकारी कार्यालय आदि सङ्घसंस्थाहरूको नाम आदि लेखिएको रबरछाप; मोहर; लालमोहर ।

**सिल४**– ना० सामान्यत: सात फिट लम्बाइ भएको, धेरैजसो समुद्रमा र कहिलेकाहीँ जमिनमा पनि बस्ने, हातखुट्टाले पानी खियाउन सक्ने, झन्डै एक टन भार भएको स्तनपायी जन्तु ।

**सिलखान/सिलखाना**– ना० [अ० सिलाह+ फा० खान] फौजी हातहतियार राख्ने सुरक्षित ठाउँ वा भवन; शस्त्रागार; जङ्गी असबाबखाना ।

**सिलगढी**– ना० [सं० शिला+गढी ?] नेपालको पश्चिम क्षेत्रमा सेती अञ्चलअन्तर्गत पर्ने डोटी जिल्लाको प्रमुख बस्ती ।

**सिलटिमुर**– ना० एक जातको टिमुर । ~ **खानु**– टु० मर्नु ।

**सिलढुङ्गो**– ना० [सं० शिला = सिल+ढुङ्गो] हतियारहरू उध्याउने ढुङ्गो; सानढुङ्गो; सिली ।

**सिलबन्द**– वि० [सिल+बन्द] १. लाहाछाप लागेको; सिल मारेको । ना० २. लाहाछाप लगाउने काम । > **सिलबन्दी**– वि० लाहाछाप लगाई सम्बन्धित व्यक्तिबाहेक अरूबाट खोल्न नपाइने बनाइएको ।

**सिलमुन्द्री**– ना०. [सिल+मुन्द्री] कानको लोतीदेखि छेउछेउमा गरेर लहरै माथिसम्म लगाइने सुनका मुन्द्रीहरू ।

**सिलसा**– ना० चामलमा पर्ने मसिनो सेतो कीरो; चिलसा ।

**सिलसिला**– ना० [अ०] १. एकपछि अर्को गर्दै जाने प्रक्रिया; क्रम;

तारतम्य । २. लहर; श्रेणी; पङ्क्ति । ३. सन्दर्भ; प्रसङ्ग; परिप्रेक्ष्य । > **सिलसिलेवार**– वि० १. सिलसिला वा क्रम मिलेको । २. श्रेणीबद्ध; क्रमबद्ध ।

**सिला**– ना० [सं० शिल] बाली काटिसकेपछि बाँकी रहेका अन्नका बाला, कोसा, घोगा, गेडा आदि खोज्ने र टिप्नेभाँच्ने काम । – **बिर्ती**– ना० सिला खोजेर जीवनयापन गर्ने काम; सिला खोज्ने वृत्ति; उञ्छवृत्ति ।

**सिलाइ**– ना० [√ **सिलाउ** (+आइ)] सिउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सिलाइनु**– क० क्रि० सिउन लाइनु ।

**सिलाउनु**– प्रे० क्रि० [सिउ+लाउ+नु] सिउन लाउनु; सियाउनु ।

**सिलाजित**– ना० [सं० शिलाजित्] घामले तातेका विशेष किसिमका ढुङ्गाबाट निस्कने प्रसिद्ध, कालो, पौष्टिक द्रवपदार्थ; शिलाजित् ।

**सिलाबर**– ना० [अङ्० सिल्भर] १. चाँदी । २. चाँदीजस्तै मिश्रित सेतो धातु; सिलेभर; सिल्बर ।

**सिलाम**– ना० १. केही ठूला, तुलसीका जस्ता बास्ना आउने पात, मञ्जरीका रूपमा फुल्ने सेता फूल र साबुदानाजस्ता सेता दाना हुने एक जातको बोट । २. त्यसैको अचार बनाएर खाइने फल वा दाना ।

**सिलिक**– ना० [अङ्० सिल्क] १. रेसम नामको कीराको गुँडबाट सुत कातेर बनाइएको कपडा; रेसम; सिल्क । २. रेसमी कपडा वा ओढ्ने वस्त्र ।

**सिलिका**– ना० बोतल बनाउन प्रयोग गरिने अति मसिनो बालुवा ।

**सिलिक्सन**– ना० [अङ्० सिल+स्कीन] सिल नामक जलजन्तुको टोपी आदि बनाइने नरम भुवादार छाला ।

**सिलिङ१**– वि० [अङ्०] घरको दलिनमा ठोकिने काठ, टिन आदिको बुट्टे फल्याक वा पातो ।

**सिलिङ२**– ना० [अङ्० शिलिङ्ग] पाउन्डको बीसौँ भागबराबरको अङ्ग्रेजी सिक्का वा मुद्रा ।

**सिलिङबिलिङ/सिलिङमिलिङ/सिलिङसिलिङ**– क्रि० वि० [अ० मू० सिलिङ (द्वि०)] सर्प, जुका, गडचौँला, माछा आदि रगरगाउने गरी; सिलीबिली ।

**सिलिन्डर**– ना० [अङ्०] १. छाप्ने कागज टाइपबेडसम्म पुर्‍याई थिच्ने उपकरण । २. अक्सिजन, खाना बनाउने ग्याँस आदि राख्ने बेलना आकारको भाँडो ।

**सिली**– ना० [सं० शिला] छुरा, हँसिया, आरो, आदि हतियार उध्याउने कालो चिल्लो ढुङ्गो । ~ **ढुङ्गो**– ना० सिली; सानढुङ्गो ।

**सिलीबिली**– क्रि० वि० [सिलिङबिलिङको ल० रू०] सिलिङबिलिङ ।

**सिलु गीत**– ना० गोसाइँथान तीर्थ गर्न जाँदा भएका घटना वर्णन गरिएको प्रसिद्ध नेवारी लोकगीत ।

**सिलेट**– ना० [अङ्० स्लेट] अक्षर लेख्नका लागि बनाइएको कालो र पातलो, काठको फ्रेम भएको ढुङ्गाको पाटी; सिलोट ।

**सिलेभर**– ना० [अङ्० सिल्भर] सिलाबर; सिल्भर ।

**सिलो**– ना० [सं० शिला] ढुङ्गो; पत्थर ।

**सिलोक**– ना० [सं० श्लोक] श्लोक । > **सिलोके**– वि० विवाह आदिमा सिलोक हाल्ने; सिलोक भन्ने ।

**सिलोट**– ना० [अङ्० स्लेट] स्लेट ।

**सिलो बालो**– ना० [सं० शिल+बाल] धान, गहुँ आदि काट्ता जमिनमा खसेको वा छुटेको बाला ।

**सिलौटे**– वि० [सिलौटो+ए] १. सिलौटोजस्तो । ना० २. पहिले जङ्ग वा लडाइँको कामका लागि बारुद पिँध्ने कामदारले खान पाउने जग्गामा लागेको रकम ।

**सिलौटो**– ना० [शिला+औटो] मसला आदि पिँध्ने चेप्टो र सम्म परेको ढुङ्गो ।

**सिल्पट**– वि० [सं० शिलापट्ट] १. ज्यादा धसिएको वा खिइएको; मलेदा (मोहर, रुपियाँ) । २. बेकम्मा । ना० ३. काठको चारपाटे ठेउको वा सत्तरी ।

**सिल्बर**– ना०हे० सिलाबर ।

**सिल्लड**– वि० [सिल्ली+अड] १. गतिछाडा; थेचरो; थेतरो; सिल्पट । २. केही बहुला छाँटको; अर्धङ्गी; अर्धसिल्ली ।

**सिल्ली**– ना० [अङ्० सिली] १. राम्रो बुद्धि नभएको; गोज्याङ्ग्रो । २. बौलाहा; पागल ।

**सिवनरवानर**– ना० १. नृतत्त्वशास्त्रका अनुसार शिवालिक पर्वतमा पाइएजस्तै केन्यामा पाइएको, मानवजस्तै देखिने, अश्मीभूत अस्थिअवशेषका रूपमा फेला परेको वानर । २. शिवालिकमा पाइएको मानवजस्तो देखिने वानर ।

**सिवा/सिवाय**– ना० यो० [अ० सिवा] बाहेक; विना; अतिरिक्त; सिवा ।

**सिस**– ना० [सं० शीर्ष] टाउको; शीर्ष; तारो । > **सिसक**– ना० सिसा । ~ **पराल**– ना० मदेशतिर नल छोडी काटेको धानको पराल ।

**सिसमहल**– ना० [फा० शिशमहल] झ्याल, ढोका, भित्तो आदिमा चारैतिर सिसैसिसा जडिएको महल वा विशेष घर ।

**सिसा**– ना० [सं० सीसक] खरानीरङको गह्रौँ एक प्रसिद्ध धातु । – **कलम**– ना० भित्रपट्टि सिसा, सुर्मा, पत्थर वा रङ्गिन खरी आदिको सिन्काजस्तो लेख्ने अंश भएको, बाहिर काठले बेरिएको साधन; पेन्सिल ।

**सिसार**– ना० १. चाडबाडमा ल्याइएको कोसेली । २. लिम्बू जातिमा दसैँको कोसेलीका रूपमा लगिने खसीको वा सुँगुरको साँप्रो ।

**सिसितिल**– ना० बाटुला, भुसिला पात, पहेँला फूल र पाटा परेको डाँठ हुने तथा मकैका जस्ता दाना फल्ने एक जातको बोट वा त्यसैको फल ।

**सिसिर**– ना० [प्रा०] शिशिर (जाडो) ।

**सिसी फुल**– ना० [? + फूल] खण्डखण्ड परेका, साना, लाम्चा दूध आउने पात र हरिया डल्लामा ससाना फूल फुल्ने एक जातको बुटी वा त्यसैको फूल ।

**सिसोबासो**– ना० [सं० शिशु+वास] केही दिनका लागि आफूले

जिम्मा लिएको बालबच्चो ।

**सिसौ–** ना० [सं० शिंशपा] साना, चिल्ला र बाटुला पात हुने, लामालामा खैरा कोसा फल्ने, खूब बलियो काठ हुने एक जातको रूख वा त्यसैको काठ; उत्तम काठ हुने एक रूख । ~ **घारी–** ना० सिसौको जङ्गल । > **सिसौडी–** ना० बाखालाई स्याउला खुवाइने एक किसिमको बोट ।

**सिस्नु–** ना० सेतो वा कालो भावको हरियो फूल फुल्ने, बिभ्ने र पोल्ने तीखा सेता नरम काँडा हुने, घाँस जातको, रुचिकारक र अग्निवर्धक बोट ।

**सिस्ने–** वि० [सिस्नु+ए] सिस्नुजस्तो; सिस्नुसँग सम्बन्धित । ~ **जरो–** ना० लाम्चा, मसिना, चिप्ला नरम पात हुने, ठूलठूला पहरामा उम्रने, सेल, अनर्सा आदि रोटी पकाउँदा फुलाउन काम लाग्ने लहरो ।

**सिस्नेरी–** ना० [सिस्नु+एरी] १. धेरै सिस्नो भएको ठाउँ; सिस्नोघारी । २. काठमाडौं उपत्यकाको दक्षिणपूर्वमा पर्ने एक गाउँको नाम ।

**सिहिरेटो–** ना० [√ सिरेटो] बतासको मुस्लो; सिरेटो ।

**सिहुँडी–** ना०हे० सिउँडी ।

**सीँ–** ना० १. वेगसित नाकबाट सिँगान निकाल्दा निस्कने शब्द । २. काँचो वा चिसो काठ सल्कँदा त्यसमा भएको पानी पाकेर निस्कने शब्द । क्रि० वि० ३. नाकको सास तानेर सिँगान फाल्दाखेरि शब्द आउने गरी ।

**सीँग–** ना०हे० सिङ ।

**सीँसीँ–** ना० [सीँ (द्वि०)] १. बारम्बार सीँसीँ भई निस्कने शब्द । क्रि० वि० २. त्यसरी नै लगातार सीँसीँ भएर ।

**सीकर–** ना० [सं०] १. पानीको थोपो; जलकण । २. पानीको छिटा; बाछिटा ।

**सीङ–** ना०हे० सिङ ।

**सीता–** ना० [सं०] १. जोत्दा जमिनमा परेका हलाको डोब । २. मिथिलाका राजा जनकले पाएकी छोरी; रामकी पत्नी । ३. पतिव्रताधर्म पालन गर्ने नारी । ४. जोतिएको जमिन । ५. खेती । ६. लक्ष्मी । ७. पार्वती । ८. आकाशगङ्गाका चार धारामध्ये एक । ९. मदिरा । ~ **गुफा–** ना० गण्डकी अञ्चलको गोरखा जिल्लामा अवस्थित एक प्रसिद्ध गुफा । ~ **चन्दन–** ना० झट्ट हेर्दा जलुकाको पातजस्तो तर पातमै रातासेता छिर्का हुने पाते फूल । ~ **फल–** ना० ठूलो रूखमा फल्ने, माथि रातो हुने, पहेँला बोक्रा भएका फल हुने एक जातको सलिफा ।

**सीत्कार/सीत्कृति–** ना० [सं०] सास मास्तिर खिच्ने शब्द; श्वास फ्याँक्ने प्रक्रिया । २. प्रायः दुःखानुभूतिमा वा जाडोले कठ्याङ्ग्रिँदा निस्कने ध्वनि ।

**सीधा–** वि० हे० सिधा२ ।

**सीप–** ना० हे० सिप ।

**सीमन्त–** ना० [सं०] सिउँदो । ~ **कर्म/संस्कार–** ना० सीमन्तोन्नयन । > **सीमन्तोन्नयन–** ना० गर्भाधानको छैटौँ महिनामा गर्नुपर्ने द्विजजातिका षोडश संस्कारमध्ये एक संस्कार; गर्भवती नारीले विशेष योग र समयमा सिउँदो कोर्ने धार्मिक संस्कार; सीमन्तकर्म ।

**सीमा–** ना० [सं०] १. कुनै ठाउँ, देश, जिल्ला वा देशका चारैतिरका विस्तारको अन्तिम रेखा; साँध; सिमाना । २. नियम वा आचारको हद; मर्यादा । ३. किनारा; छेउ । ~ **कर–** ना० प्रायः व्यापारीले सामान आयतनिर्यात गर्दा दुई देशबीच रहेको भन्सार अड्डाले तोकेबमोजिम लिइने महसुल; सीमाशुल्क । > **सीमाङ्कन–** ना० १. जग्गाजमिनको साँध-सिमाना कायम गर्न चिनो आदि लगाउने काम । २. प्रायः दुई देशका बीचको सीमाको निर्धारण । ~ **चिह्न–** ना० सीमाङ्कन । ~ **जाँच–** ना० सुगौली सन्धिपछि तराईमा अमिनीबाट बर्सेनि हुने गरेको सिमानाको जाँचबुझ । > **सीमातीत–** वि० सीमा नाघेको; सीमाबाहिरको ।

**सीमान्त–** ना० [सं०] सीमाको आखिरमा रहेको ठाउँ; सीमाको अन्त । ~ **अवस्थिति–** ना० सीमाको छेउमा रहेको स्थिति । ~ **उपयोग–** ना० कुनै वस्तुको अधिकतम उपयोग ।

**सीमावर्ती–** वि० [सं०] सिमानामा रहेको; सीमाको ।

**सीमा शुल्क–** ना० [सं०] सीमाकर ।

**सीमित–** वि० [सं०] १. सीमामा बाँधिएको; तोकिएको । २. थोरै; परिमित । ~ **राजतन्त्र–** ना० संविधानद्वारा राजाको अधिकार सीमित तुल्याइएको राजतन्त्र ।

**सीमोल्लङ्घन–** ना० [सं०] सीमा वा हदभन्दा बाहिर पुग्ने काम; मर्यादाको उल्लङ्घन ।

**सीर–** ना० [सं०] १. हलो । २. हलामा जोतिने गोरु । ३. सूर्य; रवि । – **जमिन–** ना० जमिनदारको खान्कीमा तोकिएको जमिन; सीरले वा आफ्नै जोतले चर्चेको जमिन । – **ध्वज–** ना० १. मिथिला प्रदेशका राजा जनक । २. बलराम ।

**सीस–** ना० हे० सिस ।

**सु१–** ना० [√ सुसु] पिसाब; सुसु (बालबोलीमा) ।

**सु२–** उप० [सं०] शब्दको अघिल्तिर लागेर सुन्दर, बढिया, उत्तम, श्रेष्ठ, राम्ररी, अनायास आदि अर्थ बुझाउने एक उपसर्ग (जस्तो– सुअवसर, सुदर्शन, सुकर्म आदि) ।

**सुँक्क–** क्रि० वि० [अ० मू० सुँक्+क] १. रुवाइको अन्तमा भक्कानु छुटेर बीचबीचमा सास तान्ने गरी । २. नाकबाट निस्कन लागेको सिँगान भित्र तान्दा आवाज निस्कने चालले । ~ **सुँक्क–** क्रि० वि० लगातार सुँक्क गरेर ।

**सुँगुर–** ना० [सं० शूकर] बनेलको जातको, बिष्ठा खाने घरपाला जन्तु; च्वाँचे । > **सुँगुरे–** ना० रूखो माटामा उब्जने एक किसिमको काँडे झार ।

**सुँघ्–नु–** स० क्रि० [सं० शिङ्घ+नु] नाकद्वारा मीठोनमीठो गन्धको अनुभव गर्नु; वासना लिनु । > **सुँघनी–** ना० नाकबाट छिँक्का निकाल्न नाकमा हालिने सुर्ती आदिको धूलो; नस । **सुँघाइ–** ना० सुँघ्ने भाव, क्रिया वा प्रक्रिया । **सुँघाइनु–** क० क्रि० सुँघ्न लाइनु ।

**सुँघाउनु**– प्रे० क्रि० सुँघ्न लाउनु । **सुँघिनु**– क० क्रि० सुँघ्ने काम गरिनु; बास लिइनु ।

**सुँघो**– ना० [सं० सुगन्ध]१. भुटेको अन्नपातबाट वा सुकेर खरिएका कडा वस्तुबाट आउने बास्ना । २. सुकेको माटो, काँचो इँट, गाग्रो आदिमा पानी पर्दा आउने गन्ध ।

**सुँड**– ना० [सं० शुण्ड]१. स्तम्भजस्तो, लामो नाक; हात्तीको नाकको टुप्पो; सूँड । २. रगत आदि चुस्ने मच्छर आदिको चुच्चो ।

**सुँडिनी**– ना० सुत्केरी हुने अवस्थामा प्रसवसम्बन्धी उपचार गर्ने नारीवैद्य; बच्चा पाउने व्यथा लागेपछि थालेर जातकको नाल काटुन्जेलसम्म सुत्केरीको सुसार गर्ने आइमाई; सुँडेनी ।

**सुँडी**– ना० [प्रा० सुण्डिअ < सं० शौण्डिक] १. जाँडरक्सीको उत्पादन र बिक्री-वितरण गर्ने पेसा भएको व्यक्ति वा जाति । २. मद उत्पादन गर्ने भट्टी । ~ **रकम**– ना० जाँडरक्सी बनाउने भट्टी चलाएबापत सरकारलाई तिर्नुपर्ने रकम वा कर । ३. रक्सी हाल्ने भाँडो ।

**सुँडेनी**– ना०हे० सुँडिनी ।

**सुइँ**– ना० [सं० सुत्र]१. पानी, पिसाब आदि तरल पदार्थको सिर्को निस्कने चाल वा शब्द । २. मसिनु बतास लाग्दाको शब्द वा चाल । ३. उड्ने पन्छी, हानेको वाण वा ढुङ्गो आदि जाँदाको चाल वा शब्द । ४. पिङ मच्चाउँदाको चाल वा शब्द ।

**सुइँक-नु**– अ० क्रि० [सुइँत्त+नु]१. अरूले चाल नपाउने गरी भाग्नु; सुइँकुच्चा ठोक्नु । २. दौडनु; दगुर्नु । ३. प्राण जानु; मर्नु । ४. बिग्रनु; नाश हुनु । ५. कुनै कामकुरो गर्न हिम्मत गर्नु; आँट गर्नु । >**सुइँकिनु**– अ० क्रि० १. सुइँकुच्चा ठोकिनु । २. सुइँकनु ।

**सुइँकुच्चा**– ना० [√ सुइँक]१. अरू कसैले चाल नपाउने गरी भाग्ने काम; छिटो सुइँकने काम । २. दगुर्ने काम; दौडाइ ।

**सुइँको**– ना० [प्रा० सुअओ <सं० सूचक खस प्रा० सूयको > सुइको] १. गुप्त खबर; सुराक; सूत्र । २. भित्री हल्ला; घुइरो ।

**सुइँक्क**– क्रि० वि० [सुइँको+क]१. चाल नपाउने गरी भगाएर; एक्कासि उठाएर । २. थाहै नदिईकन ।

**सुइँक्याइ**– ना० [√ **सुइँकि** (+याइ)] सुइँकिने भाव, क्रिया वा प्रक्रिया । [√ ] **सुइँक्याइनु**– क० क्रि० उत्साहका साथ काम गरिनु । **सुइँक्याउनु**– स० क्रि० १. उत्साहका साथ कुनै काम गर्नु; काम फत्ते गर्नु । २. भगाउनु; दौडाउनु । ३. परस्त्रीगमन गर्नु; अनैतिक रूपले स्त्रीसम्भोग गर्नु । ४. हरण गर्नु; चोर्नु । ५. सिद्ध्याउनु; मार्नु ।

**सुइँखुट्टे**– वि० [सुइँ+खुट्टो+ए] झीना र लामा खुट्टा हुने; सिलीखुट्टे ।

**सुइँठाइ**– ना० [√ **सुइँठाउ** (+आइ)] सुइँठाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुइँठाइनु**– अ० क्रि० खूब मोटाइनु ।

**सुइँठाउनु**– अ० क्रि० [सुइँठि+आउ+नु]१. खूब मोटाउनु; हृष्टपुष्ट हुनु; सुइँठिनु । २. खूब धनी हुनु; सम्पन्न बन्नु ।

**सुइँठि-नु**– अ० क्रि० हे० सुइँठाउनु । >**सुइँठ्याइ**– ना० सुइँठिने वा सुइँठ्याउने क्रियाप्रक्रिया । **सुइँठ्याइनु**– क० क्रि० खूब मोटो पारिनु । **सुइँठ्याउनु**– स० क्रि०/प्रे० क्रि० १. हट्टाकट्टा तुल्याउनु; मोटो पार्नु । २. स्त्रीसम्भोग गर्नु ।

**सुइँत्त**– क्रि०वि०हे० सुइत्त ।

**सुइँय्यँ**– क्रि० वि० [अ० मू० सुइँ+यँ]१. सुइँको चालका साथमा एकै खेपमा । २. सिटी बजाउँदाझैँ शब्द निस्केर । ३. वेगले कुनै कुरो जाने गरी । ४. बाण आदि फ्याँक्दा आवाज निस्केझैँ भएर ।

**सुइत्त**– क्रि० वि० [अ० मू० सुइत्+त] छिटोसित जाने गरी; वेगले उछिट्टिने चालले; सुइँत्त ।

**सुइया**– ना० सेतो र सानो जातको माछोविशेष ।

**सुइय्य**– क्रि० वि० [अ० मू० सुइ+य] थाकेर विश्राम लिँदा लामो सास फेर्ने वा सास फेर्दा शब्द आउने गरी ।

**सुइरे**– वि० [सुइरो+ए]१. सुइरोजस्तै तीखो र धारिलो टुप्पो भएको; सुइराका आकारको । २. टुसा वा सुइरा परेर उम्रने (पिँडालु, गहुँ आदि) । ~ **झार**– ना० धानको बीउजस्तो भएर खेतमा आउने एक किसिमको बर्खे झार ।

**सुइरो**– ना० [सुई+रो]१. प्रायः फलामको लामो, झीनो र तीखो वस्तु; घोच्ने र उन्ने काम गरिने कडा तीखो काठ वा धातुको साधन । २. टुसो; मुना; गाभो ।

**सुइवाचा**– ना० एउटै भेट्नुमा तीनदेखि पाँचसम्म चन्द्रमा आकारका डल्ला र टुप्पो मठारिएका हरिया पात हुने, पहेँला अथवा गुलाफी फूल फुल्ने, आयुर्वेदका अनुसार ज्वरनाशक र वातपित्तनाशक गुण भएको एक वनस्पति ।

**सुई**– ना० [सं० सूचि > सुई]१. लुगाकपडा सिउने सियो । २. घडी, कम्पास, मिटर आदिका डायलमा अङ्क सङ्केत गर्ने सियोजस्तो अवयव । ३. सुइरो । ४. इन्जेक्सन ।

**सुक्-नु**– अ० क्रि० [सं० शुष्क+नु]१. आगो वा घामको रापले अथवा बतासले हानेर पानी वा ओसिलोपन हराउनु; राम्ररी ओभाउनु; सुक्खा हुनु । २. छिप्पिएर वा चाउरिएर रसहीन हुनु । ३. बोटबिरुवामा हरियो भाव सकिनु; आलोकाँचो नरहनु । ४. बुढेसकाल, रोग वा मानसिक तापले शरीरको रगतमासु घटेर दुब्लाउनु । ५. खोलानालाको पानी घट्नु । ६. गाईभैँसी आदिले दूध दिन छाड्दै जानु; दूध कम दिनु ।

**सुकबार**– ना० [सं० शुक्रवार] साताको छैटौँ वार; बिहीबार र सन्सरबारका बीचमा पर्ने वार ।

**सुकर**– वि० [सं०] सजिलैसँग गर्न सकिने; सुगम; सहज; सजिलो । – **ता**– ना० सुकर हुनाको भाव, गुण वा स्थिति ।

**सुकर्म**– ना० [सं०]१. असल वा गतिलो काम; राम्रो काम; सत्कर्म । २. धर्मकर्म; परोपकार; उद्धारकार्य । ३. फलित ज्योतिषका सत्ताइस योगमध्ये एक । >**सुकर्मा**– वि० १. सुकर्म गर्ने; सुकर्ममा लागेको । ना० २. विश्वकर्मा । **सुकर्मी**– वि० १. सत्कर्म गर्ने; पुण्यात्मा । २. सदाचारी ।

**सुकला१**– ना० [सं०] उत्तम कला; राम्रो सीप ।

**सुकला२**– ना० [सुकाल] सुताइ वा निदाइ; शयन (विशिष्ट आदरमा) ।

**सुकवि**– ना० [सं०] प्रतिभाशाली काव्यकार; उत्तम काव्य रचना गर्ने कवि ।

**सुकसुक**– क्रि० वि० [सं० शुक्ल > सुक (द्वि०) ] १. सफासुग्घर हुने गरी; चम्किलो पारेर; सुगसुग । २. नरम चालले; कोमलतासाथ । > **सुकसुकाइ**– ना० सुकसुक हुने वा सकसकाउने क्रियाप्रक्रिया । **सुकसुकाइनु**– अ० क्रि० सुकसुकाउँदो होइनु । **सुकसुकाउँदो**– वि० १. माझमुझ गरी सफा गरिएको । २. बढारकुँढार गरेर सिनित्त पारिएको; निकै सुग्घर । ३. सुकुमार; कोमल । **सुकसुकाउनु**– अ० क्रि० सफा सुग्घर वा सिनित्त हुनु; सुकसुकाउँदो बन्नु ।

**सुका**– ना० [अ० सूक] पच्चीस पैसा; मोहरको आधा वा रुपियाँको चौथाइ भाग ।

**सुकाइ**– ना० [√ **सुक्** (+आइ)] १. सुक्ने भाव, क्रिया वा प्रक्रिया । [सुकाउ+आइ] २. सुकाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुकाइनु**– क० क्रि० सुकाउने काम गरिनु; सुक्ने पारिनु । **सुकाउनु**– स० क्रि०/प्रे० क्रि० १. पानी वा ओसिलोपन सोस्न घाम, आगो आदिको रापमा राख्नु; सुक्ने स्थितिमा पुऱ्याउनु । २. सुक्खा गराउनु; सुक्ने पार्नु ।

**सुकाउरो**– वि० [सुक्+आउरो] पानी नपुग्ने; सुक्ने खालको ।

**सुकाल**– ना० [सं०] १. खानपिउन प्रशस्त अन्नपात भएको समय; सहकाल । २. शुभ मुहूर्त; असल समय ।

**सुकिनु**– अ० क्रि० [सुक्+इ+नु] १. सुक्ने होइनु; ओसिलोपन हराइनु । २. दुब्लाइनु ।

**सुकिलो**– अ० क्रि० [सं० शुक्ल] १. फोहोर वा मैलो नभएको; सफा । २. सेतो; सफेद ।

**सुकी**– ना० [सुका+ई] पच्चीस पैसा मूल्यबराबरको सिक्का; चौथाइ रुपियाँको मुद्रा; एक सुकाको मुद्रा ।

**सुकुटी**– ना० [सुक्+उटी] पछि खानका लागि सड्न नपाउने गरी सुकाएर राखिएको मासु ।

**सुकुटे**– वि० [सुक्+उटे] दुब्लोपातलो; सिकुटे ।

**सुकुन्डो**– ना० [नेवा० सुकुन्दा] तेल हाल्ने, लोटाका छाँटको, एकातिर समाउने बिँड र गणेशको मूर्ति, अर्कातिर दियो भएको, अन्दाजी एक फुटसम्म अग्लो, काँसको बुट्टेदार भाँडो ।

**सुकुमबास**– ना० [प्रा० सुक्ख+वास] १. घरजग्गा केही पनि नभएको स्थिति; सम्पत्ति वा जायजेथा नभएको अवस्था । २. कुनै जीविका नभएको अवस्था । > **सुकुमबासी**– वि० १. सुकुमबास भएको; घरबार, जायजेथा केही पनि नभएको (व्यक्ति) । ना० २. घरजग्गा नभएको रैती; घरवाससम्म भएको तर खेती नभएको रैती ।

**सुकुमार**– वि० [सं०] १. ज्यादै कोमल; कमलो । २. कोमल शरीर भएको । ३. संवेदनशील हृदय भएको; उदार । ना० ४. पिलपिलाउँदो बालक । ५. कोमल शब्द र अक्षर भएको काव्य । **– ता**– ना० सुकुमार हुनाको भाव, गुण वा स्थिति । > **सुकुमारी**– वि० १. कोमल अङ्ग भएकी; कोमलाङ्गी (स्त्री) । २. ना० असल र राम्री कन्या । ३. कोमलाङ्गी बालिका ।

**सुकुमेल**– ना० [सं० सूक्ष्मैला] सर्वजाका जस्ता लाम्चा पात हुने र सेतो सानो अलैँचीजस्तो फल फल्ने एक जातको बोट वा आयुर्वेदका अनुसार शिर, हृदय र मूत्राशयको रोगलाई हित गर्ने त्यसैको फल; सानो अलैँची ।

**सुकुल१**– ना० [सं०] १. उत्तम कुल; उच्च वंश । वि० २. उत्तम कुलको; कुलीन ।

**सुकुल२**– ना० [नेवा० सुकू] परालको डोरीलाई परस्परमा जेलेर बुनेको ठूलो आसन; परालको ठूलो गुन्द्री । **– गुन्डो**– ना० घरमा धनसम्पत्ति केही नभएर पनि बाहिर धनीझैँ ठाँटबाँट गरेर हिँड्ने व्यक्ति ।

**सुकुवा**– ना० [सुक्+उवा] क्रमशः शरीर दुब्लाउँदै जाने एक रोग; सुकेनास ।

**सुकृत**– ना० [सं०] १. असल काम; सत्कर्म । २. धर्म; पुण्य । वि० ३. असल तरिकाले गरिएको ।

**सुकृती**– ना० [सं०] १. असल काम गर्ने; सत्कर्मी । २. पुण्यात्मा; धार्मिक । ३. बुद्धिमान्; ज्ञानी । ४. परोपकारी । ५. भाग्यवान् ।

**सुकृत्य**– ना० [सं०] १. राम्रो काम; पुण्यकर्म । २. परोपकार; सेवाकार्य । ३. पुराणअनुसार पूर्वजन्मको मानिने राम्रो काम; असल भाग्य ।

**सुके**– वि० [सुक्+ए] सुक्ने; सुकाउने । **– नास**– ना० शरीर दुब्लाएर क्षीण हुँदै जाने एक रोग; क्षयरोग; सुकुवा । ~ **लुतो**– ना० काछहुँदो मसिना फोका उठी पाँजिने र असाध्यै चिलाउने लुतो ।

**सुकै**– प्रत्य० [सं० शक्] विशेषण वा क्रियाविशेषणपछि जोरिएर त्यसको सीमा वा विस्तार बुझाउने प्रत्ययशब्द (जस्तो– जोसुकै, जतिसुकै, जुनसुकै, जहाँसुकै आदि) ।

**सुक्ख**– ना० [प्रा०] सुख; चैन; आराम ।

**सुक्खड**– वि० [सुक्खा+अड] १. सुकेको; शुष्क । ना० २. सुकेको वा सुकेर ढलेको रूख ।

**सुक्खा**– वि० [प्रा० सुक्ख < सं० शुष्क] १. पानी वा ओसिलोपन नभएको; सुकेको । २. घिउतेल आदि चिल्लो पदार्थ नपरेको; रूखा । ३. पानी नभएको वा नलाग्ने (जमिन) । ४. रगत सुकेको (शरीर) । ना० ५. बर्खायाममा पनि पानी नपरेको अवस्था; खडेरी । ६. अनिकाल; अकाल; दुर्भिक्ष । **– जर्ता**– ना० १. खेतमा पानी कम भएर अन्नपात ज्यादै कम भएको अवस्था । २. बालीनालीको सुक्खा पर्दा दिइने सहुलियत ।

**सुक्री बिक्री**– ना० [सं० सुक्रय+विक्रय] किन्ने र बेच्ने काम; किनबेच; खरिदबिक्री; बेचबिखन ।

**सुख**– ना० [सं०] १. शारीरिक र मानसिक आनन्दको अनुभव; सबै चाँजोपाँजो मिलेर हुने प्रिय वा अनुकूल अनुभूति; आनन्द; हर्ष ।

२. परोपकार वा धार्मिक कामबाट हुने आनन्द । ३. मनोकामना पूरा हुँदा मनमा हुने खुसियाली; प्रिय वस्तुको प्राप्तिबाट हुने आनन्दको अनुभव । ४. सुविधा; सुबिस्ता । ५. समृद्धि; उन्नति । ६. कल्याण; मङ्गल । ७. निरोगी अवस्था; आरोग्य । – **कर**– वि० सुख वा आनन्द दिने । – **कारक/कारी**– वि० सुखकर; आनन्ददायक । – **द**– वि० सुख दिने वा हुने; आनन्ददायक । – **दाता**– वि० सुख दिने; सुखदायक । – **दायक/दायी**– वि० सुखद; सुखदाता । – **प्रद**– वि० सुखद । ~ **साध्य**– वि० सजिलै हुने; सहज । ~ **स्वप्न**– ना० पछि सुख हुन्छ भन्ने कल्पना । > **सुखानुभूति**– ना० सुखको अनुभव; आनन्दको अनुभूति; सन्तोष । **सुखान्त**– वि० १. अन्तमा सुखमय परिणाम निस्कने; परिणाममा सुख भएको । २. समाप्तिमा संयोग वा मिलन आदिको सुख भएको देखाइने (नाटक, काव्य आदि) । **सुखासन**– ना० १. आफूलाई सजिलो हुने बसाइ । २. सुखरूपी आसन; सुखको आसन । ३. उलिन्काठ; पालकी ।

**सुखी**– वि० [सं०] धन, परिवार र इष्टमित्र चारैतिरबाट सन्तोष पाएको; आनन्दी ।

**सुख्यात**– वि० [सं०] असल कामकुरामा नाम चलेको; राम्रो नाम चलेको; प्रसिद्ध । > **सुख्याति**– ना० सुख्यात हुनाको भाव वा स्थिति; सुयश; सुनाम; प्रसिद्धि ।

**सुगठित**– वि० [सं०] राम्रोसँग गठन गरिएको (संस्था, सङ्गठन आदि) ।

**सुगत**– ना० [सं०] १. बुद्धदेव । वि० २. बौद्ध । ३. सद्गतिप्राप्त । ४. असल चालचलनको ।

**सुगति**– ना० [सं०] मरेपछि हुने असल गति; सद्गति; मोक्ष ।

**सुगन्ध**– ना० [सं०] १. मीठो बास्ना; मनै रमाउने गन्ध; सुवास; महक । २. सुगन्धी वस्तु; मीठो बास्ना आउने पदार्थ । – **राज**– ना० लसुनका जस्ता केही लामा पात हुने, राती धेरै बास्ना चल्ने, जोडा सेता फूल फुल्ने बोट वा त्यसकै फूल; रजनीगन्धा । – **बाल**– ना० भुस नभएको सोझो डाँठमा काँक्राका जस्ता चारपाँच कुना परेका पात हुने, लामालामा डाँठमा गुलाफी फूल फुल्ने, लाम्चा गेडा फल्ने एक जातको सुगन्धी बोट । > **सुगन्धा**– ना० गन्ध चल्ने फूलको बोट । **सुगन्धित**– वि० बास्ना आउने बनाइएको; सुगन्ध चल्ने । **सुगन्धी**– वि० सुगन्धित; सुगन्धयुक्त ।

**सुगम**– वि० [सं०] १. जान सकिने; सजिलैसँग पुग्न सकिने । २. सजिलैसित बुझ्न सकिने; सुबोध; सहज । – **ता**– ना० १. सजिलै जान सकिने स्थिति । २. सजिलै बुझ्न सकिने अवस्था ।

**सुगसुग**– क्रि०वि०हे० सुकसुक ।

**सुगा**– ना० [सं० शुक] रातो, मोटो चुच्चो र बाँकी सबै जीउमा हरिया प्वाँख हुने, मानिसको बोली टिप्ने प्रसिद्ध चरो । ~ **ठुँडे**– वि० चुच्चो वा भद्दा मुख भएको (व्यक्ति) । ~ **नाके**– वि० सुगाको जस्तो लामो नाक भएको (व्यक्ति) । ~ **पढाइ**– ना० अर्थ नबुझी पढ्ने वा रट्ने काम; एकोहोरो रटाइ । ~ **रटाइ**– ना० सुगाले जस्तै अर्थै नबुझी पाठ रट्ने वा घोक्ने काम; व्यर्थको पढाइ ।

**सुगी धान**– ना० गाढा पहेँला गेडा हुने एक जातको धान ।

**सुग्घर**– वि० [सं० सुघत] कथ्य० सुघर । १. फोहरमैला नभएको; सफा । २. राम्रो; चोखो । ~ **सफाइ**– ना० सफासुग्घर भएको स्थिति; सरसफाइ । > **सुग्घरी**– वि० कथ्य० सुघरी । सफासुग्घर भएर बस्ने ।

**सुग्रीव**– ना० [सं०] १. रामायणप्रसिद्ध वानरराज; पुराणप्रसिद्ध बालिका भाइ । २. शङ्ख । ३. इन्द्र । वि० ४. राम्रो घाँटी भएको ।

**सुचरित/सुचरित्र**– वि० [सं०] असल चालचलन भएको; राम्रो स्वभाव भएको; सच्चरित्र । स्त्री० सुचरित्रा ।

**सुचारु**– वि० [सं०] खूब राम्रो; ज्यादै सुन्दर ।

**सुचालक**– वि० [सं०] विद्युत्तरङ्ग प्रवाहित नहुने तर खालि ताप मात्र सर्ने वस्तु (अभ्रक आदि); सुसंवाहक ।

**सुची**– ना० पिसाब; मूत्र ।

**सुज/सुजन१**– ना० [फा० सोजिश] वात, पित्त आदि रोगले अथवा चोटपटकले शरीरको कुनै पनि अङ्ग फुल्ने वा सुनिने काम ।

**सुजन२**– वि० [सं०] भलादमी; सज्जन । – **ता**– ना० भलादमीपन; सौजन्य ।

**सुजनी**– ना० [फा० सोजनी] भुइँमा बस्न बिछ्याउने सानो आसन; चकटी; सानो लम्पट ।

**सुजाक**– ना० [फा० सूजाक] अलि जलन हुने मूत्रेन्द्रियको रोग; भिरङ्गी । > **सुजाकाणु**– ना० धातुमेहद्वारा उत्पन्न हुने रोग; गोनेरिया ।

**सुजात**– वि० [सं०] १. उच्च वंशमा जन्मेको; कुलीन । २. राम्रोसँग जन्मेको; सकुशल जन्म भएको ।

**सुजिकार**– ना० [सं० सूचिकार] लुगाफाटा सिउने कामको पेसेवार जाति; सूचिकार ।

**सुजी**– ना० खस्रो खालको र दाना छुट्टिने किसिमको गहुँको पीठो ।

**सुजीकार**– ना० हे० सुजिकार ।

**सुजेरो**– ना० [सुजी+एरो] १. तोपचरो । २. सुजीकारको कैँची सियो आदि राख्ने झोला वा थैलो; नोक्चो ।

**सुझ्-नु**– अ० क्रि० [सुझ+नु] १. मनमा नयाँनयाँ विचारको स्फुरण हुनु; नयाँ कुरा उब्जनु । २. स्मरण हुनु; सम्झनु । ३. आभास हुनु ।

**सुझ**– ना० [√ सुद्धि] १. विचारको स्फुरण; उपाय वा कुनै नयाँ युक्तिको प्रस्फुटन; सूझ । २. सुझ्ने काम । – **दार**– वि० राम्रो सुझ भएको; अकिलदार । – **बुझ**– ना० १. समस्यालाई राम्ररी बुझ्ने र त्यसको समाधान गर्ने बुद्धि; विवेक । २. स्मरण ।

**सुझाइ**– ना० [√ **सुझ** (+आइ)] १. सुझ्ने भाव, क्रिया वा प्रक्रिया । [सुझाउ+आइ] २. सुझाउने भाव वा क्रियाप्रक्रिया । [ > ] **सुझाइनु**– क० क्रि० सुझ्न लाइनु ।

**सुझाउ/सुझाव**– ना० [√ सुझ+आउ] १. नयाँ कामकुराको प्रस्ताव; रायसल्लाह; अनुरोध । २. सम्झाउने वा स्मरण गराउने काम । >**सुझाउनु**– प्रे० क्रि० सुझ्न लगाउनु; विचारको स्फुरण गराउनु ।

**सुझिनु**– अ० क्रि० [सुझ्+इ+नु] सुझ्ने काम होइनु; विचार फुरिनु ।

**सुट**– ना० [अङ्०] जीउ र खुट्टामा लगाइने एकैनासे कोट र पाइन्ट भएको पश्चिमी ढाँचाको किम्मती लुगा । – **केस**– ना० सानो अटैची वा बाकस ।

**सुटिङ**– ना० [अङ्०] चलचित्र खिच्ने काम । ~**स्टुडियो**– ना० चलचित्र खिच्ने ठाउँ वा घर ।

**सुटुक**– ना० डुम्रीको बोट वा फल ।

**सुटुक्क**– क्रि० वि० [अ० मू० सुटुक्+क] कुनै कामकुरो गर्दा अरूले चाल नपाउने गरी; पत्तै नपाईकन; सुट्ट । >**सुटुक्किनु**– अ० क्रि० १. सुटुक्क जानु; चालै नपाई जानु । २. गुल्टिनु; मर्नु ।

**सुट्ट**– क्रि० वि० [अ० मू० सुट्+ट] १. सुटुक्क निस्कने वा भाग्ने गरी । २. छिटै भित्र पस्ने किसिमले ।

**सुठनी/सुठुनी**– ना० १. पानका आकारका पात, सेतो फूल र सेतै गोल कन्द हुने एक जातको लहरो । २. त्यसैको कन्दमूल; एक प्रकारको सखरखण्ड ।

**सुठो**– ना० [सं० प्रा० सुण्ठी < सं० शुण्ठी] १. खार, चून आदि खनिज मिसाई तयार गरी सुकाएको अदुवा । २. सुकेको अदुवा । >**सुठौरो/सुठाउरो**– ना० १. सुठो हालेर प्रायः सुत्केरीका लागि बनाइएको खानेकुरो । २. सुठोको झोल वा रस ।

**सुडौल**– वि० शरीरको गठन राम्रो भएको; राम्रो जीउडालको ।

**सुत्-नु**– अ० क्रि० [सं० सुप्त+नु] १. बिछ्यौनामा निदाउनका लागि पस्रनु; लेट्नु; पल्टनु । २. निदाउनु । ३. स्त्रीसम्भोग गर्नु ।

**सुत१**– ना० [सं०] १. छोरो; पुत्र; पुरुषसन्तान । २. सुत्केरी हुनुभन्दा पहिले स्त्रीको योनिबाट निस्कने तरल पदार्थ; सेप । ३. गाईबस्तुको जननेन्द्रिय; योनि ।

**सुत२**– ना० [प्रा० सुत्त > सं० सूत्र] १. रुवो, रेसम, ऊन आदिको मसिनु डोरो; धागो । २. घरका गारामा भित्रपट्टि दलिनहरू अड्याउन लगाइने लामो काठ ।

**सुतरी**– ना० [सं० सूत्र] सूतको डोरी; सुथरी ।

**सुतल**– ना० [सं०] तलका सात लोक अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पातालमध्ये तेस्रो लोक ।

**सुतली**– ना० [सं० सूत्र] इनामपात ।

**सुता**– ना० [सं०] १. छोरी; पुत्री; स्त्रीसन्तान । २. प्रायः तराईका स्त्रीजातिले लगाउने एक प्रकारको गहना ।

**सुताइ**– ना० [√ **सुत्** (+आइ)] १. सुत्ने भाव, क्रिया वा प्रक्रिया । [सुताउ+आइ] २. सुताउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुताइनु**– क० क्रि० सुत्न लाइनु । **सुताउनु**– स० क्रि०/प्रे० क्रि० १. सुत्न लाउनु; निद्रामा पार्नु । २. लडाउनु; लेटाउनु । ३. स्त्रीसम्भोग गर्नु ।

**सुतारो**– ना० [सुत+आरो] जुत्ता सिउने बिँड भएको सियो; आरो ।

**सुताहा**– वि० [सुत्+आहा] धेरै समय सुत्ने; धेरै सुत्ने बानी भएको; सुतुवा ।

**सुतिनु**– अ० क्रि० [सुत्+इ+नु] सुत्ने काम होइनु; लेटिनु; पल्टिनु ।

**सुती**– वि० [सुत+ई] कपासबाट बनाइएका धागाले बुनिएको; सुतको; सूती । ~ **उद्योग**– ना० सुतीबाट तयार हुने कपडा आदिको उद्योग; सुतीसम्बन्धी कारखाना । ~ **खेती**– ना० सुती धागाको खेती । ~ **धागो**– ना० कपासबाट तयार गरेको धागो; सुतको धागो ।

**सुतीक्ष्ण**– वि० [सं०] १. ज्यादै तीखो; प्रखर; अति तीक्ष्ण । २. खूब लाग्ने; धारिलो (हतियार) । ना० ३. अगस्त्य मुनिका भाइ पर्ने एक ऋषि ।

**सुतुरमुर्ग**– ना० [अ० शुतुरमुर्ग] ऊँटजस्तो लामो तर झीनो गर्दन भएको ,जोडसँग दौडन सक्ने, मरुभूमिमा हुने ठूलो जातको पक्षी ।

**सुतुवा**– वि० [सुत्+उवा] १. धेरै सुत्ने बानी भएको; सुताहा । २. ज्यादै अल्छी ।

**सुत्केरी**– ना० [सं० सूतिका] १. भर्खरै बच्चा जन्माएकी स्त्री; नवप्रसूता नारी । २. लैनो गाईभैँसी आदि । ~ **बिदा**– ना० सुत्केरी भएको बखत नियमानुसार महिला कर्मचारीलाई दिइने वैतनिक बिदा ।

**सुत्केरो**– ना० [सं० सुतक+एरो] बालबच्चाको जन्म हुँदा निश्चित अवधिसम्म बन्धुवर्गलाई लाग्ने आशौच; सूतकाशौच; जननाशौच; सूतक ।

**सुत्त**– क्रि० वि० [अ० मू० सुत्+त] १. सानो वस्तु सजिलैसित वा चाँडै पस्ने गरी; खुत्त । २. भाग्दा अरूले चाल नपाउने गरी; फुत्त ।

**सुत्लो**– [सं० सूत्र] १. घाउमा घुसारिने, डोरीझैँ एकसरो वा दोहोरो बाटिएको, कपडा आदिको पोयो वा लुँडो; औषधी मिलाएर घाउमा कोचिने कागत, कपडा आदि बाटेर बनाइएको सुइरो । २. मकैको धानचमर वा भर्खर निस्केको सानो घोगो । ३. खजुरोजस्तो कानमा पसेर सताउने सानो कीरो; कनसुत्लो । ४. बाँसको खबटो ।~ **हलाइ**– ना० मकैले भर्खर घोगा हाल्न थाल्ने काम ।

**सुद**– ना० [फा० सूद] ब्याज । – **खोर**– ना० अनुचित किसिमले बढी ब्याज लिने व्यक्ति; धेरै ब्याज लिने साहू । – **खोरी**– ना० असामीसित अनुचित तरिकाले बढी ब्याज लिने काम; सुदखोरको काम ।

**सुदर्शन**– ना० [सं०] १. विष्णुको दाहिने हातमा रहने, गोलाकार बाहिर दाँती भएको हतियार; सुदर्शन-चक्र । २. शिव । ३. जामुनाको रूख । वि० ४. देख्न राम्रो; सुन्दर ।

**सुदाम**– वि० [सं० सुदामा] १. केही नखाएको वा नभएको । क्रि० वि० २. रित्तै; निख्लै ।

**सुदामा–** ना० [सं०] १. श्रीकृष्णका सहपाठी र परम मित्र एक गरिब ब्राह्मण । वि० २. गरिब; निर्धन । **– को कनिका–** टु० साह्रै थोरै उपहार वा कोसेली (दीनता जनाउने नम्र बोलीमा) । **– को तण्डुल–** टु० सुदामाको कनिका ।

**सुदि–** ना० [सं० सुदिन] शुक्लदिवसको छोटकरी रूप; शुक्लपक्षको दिन; उजेली पक्ष; सुदी ।

**सुदिन–** ना० [सं०] १. बादल, वर्षा केही नभएको दिन; असल वा राम्रो दिन । २. भाग्य; सुख । ३. सन्चोसुबिस्ताको समय वा याम; सुखको दिन ।

**सुदी–** ना०हे० सुदि ।

**सुदुर्जया–** ना० [सं०] बौद्ध ग्रन्थका अनुसार दशभूमि वा त्रयोदश भूमिमध्ये पाँचौँ भूमि ।

**सुदूर–** वि० [सं०] १. धेरै टाढा रहेको; निकै टाढाको । क्रि० वि० २. ज्यादै टाढा; अति दूर । ~ **पूर्व–** ना० १. निकै पूर्व; टाढाको पूर्वी भाग । २. वर्तमान विश्वमा प्रचलन भएअनुसार जापान, चीन, कोरिया, फिलिपिन्स र रुसको पूर्वी भूभाग ।

**सुदृढ–** वि० [सं०] १. अति दृढ; निकै बलियो; मजबुत । २. सुरक्षित । > **सुदृढीकरण–** ना० सुदृढ वा मजबुत पार्ने काम; नहल्लने गरी बलियोसित जमाउने काम ।

**सुदृष्टि–** ना० [सं०] १. असल वा शुभ दृष्टि; कल्याणकारी हेराइ; कृपादृष्टि । वि० २. राम्रो दृष्टि दिने; दयावान् । ३. दूरदर्शी ।

**सुद्ध/सुद्धा–** ना० यो० [प्रा० सुद्ध < सं० सार्ध] समेत; सहित; लगायत ।

**सुद्धाइँ–** ना० [प्रा० सुद्ध+आइँ] घरमा कसैको मृत्यु भएमा घरलाई शुद्ध बनाउन मृततिथिदेखि बाह्रौँ वा तेह्रौँ दिनमा गरिने हवन, पाठ, पञ्चगव्यप्राशन आदि; शुद्धशान्ति ।

**सुद्धि-नु–** अ० क्रि० [सं० शुद्ध+इ+नु] १. शुद्ध हुनु; पवित्र हुनु । २. लेख शुद्ध हुनु । ३. जुठो, सूतक आदिबाट चोखिनु ।

**सुद्धी–** ना० [सं० सुधी] १. स्मरणशक्ति । २. चेतना; होस; ज्ञान ।

**सुद्धयाइँ–** ना० [शुद्ध+याइँ] शुद्ध गराउने काम; शुद्धशान्ति ।

**सुद्धयाइ–** ना० [√ **सुद्धि** (+याइ)] १. सुद्धिने क्रिया वा प्रक्रिया । [सुद्धयाउ+आइ] २. सुद्धयाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुद्धयाइनु–** क० क्रि० शुद्ध पारिनु । **सुद्धयाउनु–** स० क्रि०/प्रे० क्रि० शुद्ध वा पवित्र पार्नु ।

**सुधर्म–** ना० [सं०] १. असल वा उत्तम धर्म । २. पुण्य । वि० ३. धार्मिक । > **सुधर्मा–** ना० इन्द्रको सभा; देवताहरूको गोष्ठी ।

**सुधांशु–** ना० [सं०] १. चन्द्रमा । २. कपूर ।

**सुधा–** ना० [सं०] १. अमृत; पीयूष । २. पानी । ३. दूध । ४. गङ्गा । ५. पृथ्वी । ६. अमला । ७. वधू । ८. पुत्री ।

**सुधार्-नु–** स० क्रि० [सुधार+नु] १. भइरहेका गल्ती, कमी आदिको निराकरण गर्नु; सुधार गर्नु; सपार्नु । २. सच्याउनु; शुद्ध पार्नु । ३. मरम्मत गर्नु; जीर्णोद्धार गर्नु । ४. तर लाउनु; सँभाल्नु ।

**सुधार–** ना० [सं० शुद्धीकरण] १. जो भएको दोष, गल्ती, त्रुटि आदि हटाउने काम; सुधार्ने वा सपार्ने काम; संशोधन । २. पुनर्निर्माण; जीर्णोद्धार; मरम्मत । ३. कुनै व्यक्ति वा वस्तुलाई हुनुपर्ने जस्तो पारी उम्दा वा असल बनाउने काम । **– क–** वि० १. सुधार गर्ने; सपार्ने । २. समाज वा धर्ममा रहेका दोषहरू क्रमशः हटाउँदै जाने । **– वाद–** ना० समाज वा धर्ममा प्रचलित दुर्गुणहरू आमूल परिवर्तन नगरी क्रमशः धेरथोर हटाउँदै वा सुधार्दै लैजाने एक सिद्धान्त । **– वादी–** वि० सुधारवादको अनुयायी । > **सुधारालय–** ना० सजाय पाएका बालक वा अन्य व्यक्तिलाई शिक्षादीक्षा दिई चरित्र सुधार गर्ने स्थान वा बन्दीगृह ।

**सुधाराइ–** ना० [√ **सुधार** (+आइ)] सुधार्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुधारिनु–** क० क्रि० सुधार गरिनु ।

**सुधी–** वि० [सं०] १. छलकपट नगर्ने स्वभावको; सोझो; सीधा । २. बुद्धिमान् । ना० ३. उत्तम बुद्धि; सुबुद्धि ।

**सुधो–** वि० [सं० सुदी] सीधासाधा बानी भएको; छक्कापन्जा नगर्ने; सोझो; सूधो । **– सादो–** वि० सुधो ।

**सुध्याइ–** ना० [√ **सुध्याउ** (+आइ)] सुध्याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुध्याइनु–** क० क्रि० सोधनी गरिनु ।

**सुध्याउनु–** स० क्रि० [सं० सोध्+याउ+नु] सोधनी गर्नु ।

**सुध्र-नु–** अ० क्रि० [सं० शुद्ध+नु] १. नराम्रो अवस्थाबाट क्रमशः राम्रो अवस्थातिर लाग्दै जानु; सप्रनु; बन्नु । २. गल्ती नहुनु; भूलसुधार हुनु; सच्चिनु । ३. सँभालिनु; तर लाग्नु । > **सुध्राइ–** ना० सुध्रने भाव, क्रिया वा प्रक्रिया । **सुध्रिनु–** अ० क्रि० १. सुध्रने होइनु; सप्रिनु । २. सुध्रनु । **सुध्र्याइ–** ना० सुध्रिने भाव, क्रिया वा प्रक्रिया

**सुन्-नु–** स० क्रि० [प्रा० सुण+नु] १. अर्काले भनेको कुरो वा कुनै आवाज कानले थाहा पाउनु; श्रवणेन्द्रियबाट कुनै स्पष्ट वा अस्पष्ट ध्वनि ग्रहण गर्नु । २. अरूले भनेको कुरामा ध्यान दिनु ।

**सुन–** ना० [सं० सुवर्ण] १. खिया नपर्ने, नखिइने र पग्लने, पहेँलो रङको बहुमूल्य उज्ज्वल धातु; गहनागुरिया बनाइने सोही प्रसिद्ध मूल्यवान् धातु; सुवर्ण । २. प्रायः मगरजातिका नारीहरूले कानको लोतीमा लगाउने थेप्चो गोलाकार गहना । **– कल्छे–** वि० सुनको कलशजस्तो; सुनको कलश भएको (घडा) आदि । **– किरी–** ना० सुनको रङको झल्कने कीरो । ~ **कुखुरो–** ना० ढाँडखेतमा हुने, कालो जीउ र छिरबिरे रङ भएको कुखुराको जातको चरो । ~ **केवँरा–** ना० पहेँलो खालको केवँरा फूल । ~ **कोसी–** ना० नेपालको पूर्वी प्रदेशमा बहने एक प्रसिद्ध नदी; सप्तकोशीमध्ये एक । **– गाभा–** ना० जङ्गली रूखका कापमा उम्रने, लाम्चा पात हुने, जमाने मान्द्राका आकारको फूल फुल्ने एक जातको घाँस वा त्यसैको फूल । ~ **चाँदी–** ना० सुन र चाँदी; मूल्यवान् धातुहरू । ~ **चाँप–** ना० पहेँलो अतिसुगन्धी फूल फुल्ने, भित्र मुगाजस्तो बियाँ हुने, झुप्पादार फल फल्ने र पहेँलो काठ हुने एक जातको रूख । **– टालो–** ना० पहेँलो रङको एक जातको

चरा । ~ **टिकी**– ना० पहेँलो फूल फुल्ने र जराबाट घाउको औषधी हुने एक लहरो । ~ **पङ्खी**– ना० कुखुरो (तागाधारीले कुखुरो खान थालेपछि राखेको नाम); घडीचरो । ~ **पाती**– ना० १. मसिना धेरै टीका हुने पात र कलेजी रङका फूल हुने, हिमालयका आसपासमा पाइने एक रूख; त्यसैको पत्र । २. त्यसैको फूल । ~ **पानी**– ना० चोख्याउनका लागि सुन चोपेको पानी । ~ **बारुलो**– ना० पहेँलो रङको एक जातको बारुलो । ~ **बुढी**– ना० धनी आइमाई । – **मा सुगन्ध**– वि० अति उत्तम । ~ **लहरो**– ना० आकाशबेली लहरो, पहेँलो रङ्गको परजीवी लहरो ।

**सुनवाइ**– ना०हे० सुनुवाइ ।

**सुनसरी**– ना० कोसी अञ्चलको तराईप्रदेशमा पर्ने एक जिल्ला ।

**सुनसान**– ना० [सं० शून्य (द्वि०)] १. कुनै आवाज वा हल्ला नभएको स्थिति; सन्नाटा; चकमन्न । वि० २. कोही नभएको; एकान्त ।

**सुनाइ**– ना० [√ **सुन्** (+आइ)] १. सुन्ने भाव, क्रिया वा प्रक्रिया । २. अरूको पीरमर्का सुन्ने र त्यसमा ध्यान दिने काम; सुनुवाइ । [सुनाउ+आइ] ३. सुनाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुनाइनु**– क० क्रि० सुन्न लाइनु । **सुनाउनु**– स० क्रि०/प्रे० क्रि० १. कुनै कुरो वा आवाज कानद्वारा अवगत गराउनु; श्रवण गराउनु । २. अनुरोध वा निवेदन गर्नु ।

**सुनाखरी१**– ना० [सुन+खरी] १. पहेँलो र सानो जातको खरीझार । २. रूखको कापमा उम्रेर अनेक रङका फूल हुने वनस्पति ।

**सुनाखरी२**– ना० [सुन+ अ० खरीफ] घैयाको रङको एक प्रकारको मसिनो धान ।

**सुनाझाक्री**– ना० [सुनझाँक्री] माथिल्लो तहको झाँक्री; जान्ने झाँक्री ।

**सुनाबिर्ता**– ना० [सुन+बिर्ता] १. मालपोत तिर्नुपर्ने बिर्ता जग्गा; राजाले सुनकुश साक्षी राखेर दिएको बिर्ता । २. खरिद गरिएको बिर्ता जग्गा ।

**सुनाम**– ना० [सं०] असल नाम; सुकीर्ति; जस ।

**सुनामक्खी**– ना० [सं० स्वर्णमक्षिका] सुनको जस्तो रङ भएको एक उपधातु वा खनिज पदार्थ ।

**सुनामी**– ना० [सं०] समुद्रमा भुइँचालो जाँदा उठ्ने पानीको विशाल तरङ्ग ।

**सुनार**– ना० [सं० स्वर्णकार] सुनचाँदीका गहना बनाउने जाति, वर्ग वा व्यक्ति ।

**सुनि-नु१**– अ० क्रि० [सं० शोथ] ढाडिनु; फुल्नु ।

**सुनिनु२**– क० क्रि० [सुन्+इ+नु] कानद्वारा शब्दबोध गरिनु; कर्णगोचर गरिनु ।

**सुनियोजित**– वि० [सं०] १. राम्रोसँग काममा लगाइएको; ठीक किसिमले नियुक्त गरिएको । २. नियमबद्ध; क्रममा मिलेको । – **ता**– ना० सुनियोजित हुनाको भाव वा स्थिति; नियमबद्धता ।

**सुनीति**– ना० [सं०] १. राम्रो नीति; न्याय । २. पुराणप्रसिद्ध राजकुमार ध्रुवकी आमा ।

**सुनुवाइ**– ना० [सुन्+वाइ] मुद्दामामिलाका उजुर, पीरमर्का आदि सुन्ने र विचार गर्ने काम; सुनवाइ ।

**सुनुवार**– ना० सुनकोसीको तीर हुँदै पूर्वी नेपालमा छरिएर बसेको आफूलाई सूर्यवंशी भन्ने क्षत्रियसमान एक जाति ।

**सुनौला**– वि० [सुन+औला] १. सुनको रङको; सुनको जस्तो रङ भएको; पहेँलो । ना० २. सुनको धूलोजस्तो एक प्रकारको रङ ।

**सुनौली**– ना० [सुन+औली] लिम्बूजातिको विवाहको रीतिरिवाजअनुसार छोरी विवाह गरेबापत छोरी जन्माउने बाबुलाई बुझाउनुपर्ने रकम वा दस्तुर ।

**सुनौलो**– वि० [सुन+औलो] सुनौला । ~ **न्याउली**– ना० राम्रो पहेँलो वर्णको, पखेटा र पुच्छर भने कालो रङको हुने, झ्याम्म परेको रूखको टुप्पामा बसेर कराउने, रातोदह्रो चुच्चो भएको न्याउली चरी ।

**सुन्खत्रो**– ना० भोगटे, ज्यामिर आदि फल ।

**सुन्तला**– ना० [फा० सङ्गतर] पहेँलो र रातो मिसिएको रङको बोक्रा हुने, भित्र केस्राकेस्रा परेका पहेँलै फल हुने, सेता पातभित्र पहेँलो र हरियो खालको गुभो भएको फूल हुने एक बोट वा त्यसैको फल ।

**सुन्दर**– वि० [सं०] १. मनलाई हर्ने; राम्रो; मनोहर; आकर्षक । २. असल; जाती; बेस । ना० ३. कामदेव । – **ता**– ना० सुन्दर हुनाको भाव, गुण वा अवस्था; राम्रोपन; सौन्दर्य । > **सुन्दरी**– वि० १. राम्री (स्त्री) । ना० २. बीसौँ शताब्दीको सातौँ दशकमा बनारसबाट निस्केको प्रसिद्ध नेपाली पत्रिका । ३. पोथी बाँदर; बाँदर्नी ।

**सुन्ना**– ना० [सं० शून्य] १. कुनै कुराको पनि अस्तित्व नभएको स्थिति; सुन्ने । २. अङ्कका पछिल्तिर दहाइ वा दस गुना बुझाउन थपिने गोलाकार चिह्न; शून्य । वि० ३. खाली; केही वस्तु नभएको ।

**सुन्नि-नु**– अ० क्रि० कुनै अङ्ग वा सबै जीउ फुल्नु; ढाडिनु ।

**सुन्ने**– वि० [सं० शून्य] १. सुन्ने काम गर्ने । ना० २. सुन्ना । ~ **कथा**– ना० दन्त्यकथा । ~ **बित्तिकै**– क्रि० वि० कुरो कानमा पर्नासाथ । ~ **साक्षी**– ना० कुनै भनाभन वा बारदात सुन्ने गबाह । – **सान्ने**– वि० १. सुनसान; कुनै आवाज नभएको; चकमन्न । २. कुनै प्राणी नभएको वा नरहेको ।

**सुप**– ना० [सं० शतपुष्पा] मसिना पात, चम्सुरका जस्ता फूल र जीराजस्ता दाना फल्ने एक सुगन्धी साग वा त्यसैका दाना ।

**सुपथ१**– ना० [सं०] १. असल बाटो; सन्मार्ग । २. सच्चरित्र । वि० ३. सुहाउँदो; उचित ।

**सुपथ२**– वि० [सं० सुपथ्य] १. सजिलैसित पचाउन सकिने; पच्न सक्ने (खाद्य वस्तु) । २. चाहिने मात्र लिइएको; लागतअनुसार कायम गरिएको (मूल्य) । ~ **मूल्य**– ना० धेरै नाफा नलिई लागतअनुसार कायम गरिएको मूल्य; सस्तो वा मुनासिब मोल ।

**सुपरभाइजर–** ना० [अङ्०] शिक्षा, स्वास्थ्य, निर्माण आदि कुनै क्षेत्रमा रेखदेख गर्ने कर्मचारी; पर्यवेक्षक ।

**सुपर रायल–** ना० [अङ्०] १. छाप्ने कागजको २२×२९ इन्च बराबरको आकार वा नाप । २. त्यसैका आकारको कागज ।

**सुपरिन्टेन्डेन्ट–** ना० [अङ्०] हेरविचार वा रेखदेख गर्ने कर्मचारी; अधीक्षक ।

**सुपरिवेक्षक–** ना० [सं०] १. सुपरिवेक्षणको कार्यमा खटिएको वा तोकिएको व्यक्ति । २. कुनै कार्यको यथार्थ स्थिति बुझ्ने र रेखदेख गर्ने अधिकारी ।

**सुपरिवेक्षण–** ना० [सं०] १. ठीक तरिकाले निर्धारित काम भएनभएको स्थितिका बारेमा सम्बन्धित तहबाट गरिने निरीक्षण वा रेखदेख । २. शिक्षाका क्षेत्रमा शैक्षिक योजना तथा निर्देशनअनुरूप कार्यान्वयन वा कार्यप्रगति भइरहेको छ, छैन भनी निरीक्षण गर्ने र आवश्यक सल्लाहसहयोग जुटाउने काम ।

**सुपर्णी–** ना० [सं०] पुरनी लहरो ।

**सुपसुप–** क्रि० वि० [अ० मू० सुप्+अ (द्वि०)] ससाना गाँस हालेर छिटोछिटो खाएझैँ गरी ।

**सुपाच्य–** वि० [सं०] खाएको वस्तु चाँडो वा सजिलैसित पच्ने; हल्का (खाद्य वस्तु) ।

**सुपाठ–** ना० [सं०] १. असल वा कल्याणकारी कामकुरो; सन्मार्ग । २. राम्रो आचरण; असल बानीबेहोरा ।

**सुपात्र–** वि० [सं०] १. शिक्षादीक्षा वा दानदक्षिणा आदि दिन र कुनै काम गराउन उपयुक्त (व्यक्ति); सत्पात्र । ना० २. सुयोग्य व्यक्ति । ३. राम्रो, सुहाउँदो पात्र वा भाँडो ।

**सुपारी–** ना० नरिवलका जस्ता पात र सानो काण्ड हुने पहेँला, लामा फूल फुल्ने र साह्रो गोलाकार फल लाग्ने बोट वा त्यसैको फल । ~ **किरो–** ना० जीउमा पहेँलो धर्सा परेको र छुँदा डल्लो पर्ने लाम्चो कीरो । ~ **गाँठो–** ना० नाम्लो र बरियाको जोर्नीको गाँठो । ~ **फूल–** ना० सुपारीका आकारको एक प्रकारको गोलाकार फूल ।

**सुपारे–** वि० [सुपारी+ए] १. कालो डल्लोडल्लो परेको (गोरु) । २. सानासाना दाना हुने (आँप) ।

**सुपुक्क–** क्रि० वि० [अ० मू० सुप् > सुपुक्+क] सानो गाँस हालेर एकै खेपमा निल्ने गरी; गिलो खानेकुरा थोरै तर झटपट खाने वा खाँदा शब्द निस्कने चालसित ।

**सुपुत्र–** ना० [सं०] १. असल र लायक छोरो; सपूत । २. जीवक पुत्र । > **सुपुत्री–** ना० १. असल र लायक छोरी । वि० २. असल छोरी भएको (व्यक्ति) ।

**सुपुर्द–** ना० [फा० सिपुर्द] कुनै वस्तु वा व्यक्ति अरूलाई जिम्मा लगाउने वा सुम्पने काम; सुपुर्दगी । > **सुपुर्दगी–** ना० १. कुनै वस्तु अरूलाई जिम्मा लगाउने वा सुम्पने काम । २. उक्त कामका निम्ति ऐनले गरेको वा ऐनमा भएको व्यवस्था ।

**सुपुसुपु–** क्रि० वि० [अ० मू० सुप्+उ (द्वि०)] दाल, तिहुन आदिमा मुछिएको खानेकुरो खाँदा शब्द आउने गरी; ससाना गाँस हालेर छिटोछिटो खाने किसिमले; सुपसुप ।

**सुपो–** ना० [प्रा० सुप्पो > सं० सूर्प] बाँसको चोयाबाट बनेको चेप्टो गोलाकार निफन्ने भाँडो; एक प्रकारको नाङ्लो ।

**सुप्त–** वि० [सं०] १. सुतेको; निदाएको । २. पल्टिएको; लेटेको; पस्रिएको । ३. निश्चल; निष्क्रिय; निश्चेष्ट । **– ता–** ना० सुप्त हुनाको भाव वा अवस्था; सुताइ ।

**सुप्तली–** ना० [सुख+तलुवा] सफा र नरम बनाउन जुत्ताभित्र पैतालाले टेकिने ठाउँमा लगाइने छाला, कपडा आदिको पत्र ।

**सुप्प–** क्रि० वि० [अ० मू० सुप्+प] थोरैथोरै खाने वा खाँदा शब्द आउने गरी । ~ **सुप्प–** क्रि० वि० लगातार सुप्प हुने गरी ।

**सुप्लो–** ना० [सं० शल्क] १. केराको बोटको पत्र । २. बाँसको बोटको पत्र; बाँसको खबटो ।

**सुप्रतिष्ठा–** ना० [सं०] १. असल र राम्रो प्रतिष्ठा वा स्थिति; राम्रो इज्जत । २. सुख्याति; सुप्रसिद्धि; सुयश । देवमन्दिर, प्रतिमा आदिको स्थापना । ३. अभिषेक । > **सुप्रतिष्ठित–** वि० १. राम्रो इज्जत र मान भएको; लोकप्रतिष्ठा पाएको । २. राम्ररी प्रतिष्ठा भएको वा स्थापना गरिएको । ३. सुप्रसिद्ध; विख्यात ।

**सुप्रदीप्त–** वि० [सं०] ज्यादै चम्किलो; चमक भएको ।

**सुप्रशंसनीय–** वि० [सं०] राम्रो रूपमा प्रशंसा गर्न योग्य; विशेष प्रशंसनीय । ~ **पट्ट–** ना० नेपाली सेनालाई प्रदान गर्ने गरिएको २०२० सालमा स्थापित एक पदक ।

**सुप्रसिद्ध–** वि० [सं०] खूब प्रसिद्ध भएको; ज्यादै प्रख्यात ।

**सुप्रुक्क–** क्रि० वि० [अ० मू० सुप्रुक्+क] मुछिएको वा रसदार खानेकुरो थोरै परिमाणमा छिटो गाँस हाल्ने गरी ।

**सुप्लुक्क–** क्रि० वि० [अ० मू० सुप्लुक्+क] नरम खानेकुरो नचपाईकनै निल्ने गरी ।

**सुफल–** ना० [सं०] १. वृक्षको राम्रो वा असल फल । २. असल परिणाम; राम्रो नतिजा । ३. अनार । ४. कागजी बदाम । ५. राजवृक्ष; अमलतास । वि० ६. सुन्दर फल भएको । ७. सफल; सिद्ध । > **सुफला–** वि० १. राम्रा र धेरै फल फल्ने । ना० २. इन्द्राणी । ३. कुभिन्डो । ४. केरा । ५. दाख ।

**सुफी–** ना० [अ० सूफी] पवित्र तथा स्वच्छ रहेर साधना र तपस्याद्वारा नै ईश्वरलाई पाउन सकिन्छ भनी मान्ने, मुस्लिम धर्मावलम्बीहरूको एक उदारवादी सम्प्रदाय ।

**सुबन्त–** वि० [सं०] सुप् विभक्ति अर्थात् ले, लाई, देखि आदि विभक्ति प्रत्ययले युक्त (दबिएको वा नदबिएको पद) ।

**सुबा–** ना० [फा० सूब] कुनै देश; कुनै विशिष्ट भाग वा खण्ड; प्रदेश; प्रान्त; अञ्चल ।

**सुबान–** ना० [सं० सुभाव] राम्रो बानीबेहोरा; सत्सङ्गबाट मिलेको काइदा, कदर आदिको ज्ञान । **– को–** वि० राम्रो बानीबेहोर भएको; असल स्वभावको ।

**सुबिदार–** ना०हे० सुबेदार । > **सुबिदारी–** ना०हे० सुबेदारी ।

**सुबिस्ता**– ना० [सं० सुविस्तार] १. अनुकूल र उपयुक्त अवसर वा स्थिति; सुविधा; सुगमता । २. आराम; चैन; आनन्द । ३. शान्ति ।

**सुबुद्धि**– ना० [सं०] १. असल बुद्धि; राम्रो सोचाइ । वि० २. सद्बुद्धि भएको; बुद्धिमान्; समझदार ।

**सुबेदार**– ना० [अ० सूब+दार] सेनामा झन्डै सय जना सैनिक आफ्ना अधीनमा रहने एक अधिकृत; सुबिदार । > **सुबेदारी**– ना० सुबेदारको पद वा दर्जा; सुबेदारले गर्ने काम; सुबिदारी ।

**सुबोध**– वि० [सं०] १. सजिलैसित बुझ्न सकिने; बोधगम्य; सुगम । ना० २. राम्रो बोध वा ज्ञान ।

**सुबोल**– ना० [सु+बोली] राम्रो बोलीवचन; असल वा हितकारी कुरो ।

**सुब्बा**– ना० [अ० सूब] १. नायब सुब्बाभन्दा माथि र मीर सुब्बाभन्दा तलको एक निजामती दर्जा (हाल सरकारी सेवामा राजपत्र अनङ्कित प्रथम श्रेणीमा नायब सुब्बाको पद मात्र प्रचलित) । २. लिम्बू जातिको मानबोधक शब्द । > **सुब्बाङ्गी**– ना० १. सुब्बाको दर्जा वा काम । २. सुब्बाको मानपदवी । **सुब्बिनी**– ना० सुब्बाकी पत्नी; सुब्बेनी । **सुब्बेनी**– ना० सुब्बिनी ।

**सुभ्-नु**– अ० क्रि० [सं० शुभ+नु] १. राम्रो फलिफाप हुनु; शुभ हुनु; फाप्नु । २. ओखतीले फाइदा गर्नु ।

**सुभग**– वि० [सं०] १. सुन्दर; प्यारो । २. भाग्यवान्; असल भाग्य भएको । > **सुभगा**– वि० १. पति भएकी; सुहागिनी; सौभाग्यवती (स्त्री) । २. सुन्दरी ।

**सुभट**– ना० [सं०] महान् योद्धा वा वीर; ठूलो लडाका ।

**सुभद्रा**– ना० [सं०] १. कृष्णकी बहिनी; अर्जुनकी पत्नी । २. दुर्गाको मूर्ति वा रूप ।

**सुभा**– ना० [अ० सुबह] शङ्का; सन्देह ।

**सुभावना**– ना० [सं०] राम्रो भावना; असल विचार ।

**सुभाशङ्का**– ना० [अ० सुबह+शक] अनिष्ट हुने त्रास; कुनै खराबीको आशङ्का ।

**सुभाषिणी**– वि० [सं०] राम्रो बोली भएकी; सुरिलो गला भएकी (स्त्री) ।

**सुभाषित**– ना० [सं०] १. सारगर्भित सुन्दर उक्ति; राम्रो कथन; सूक्ति । वि० २. राम्रोसँग सोचिएको वा भनिएको । ३. राम्रो भाषण गर्ने; वाग्मी ।

**सुभाषी**– वि० [सं०] १. मीठो बोली वचन भएको; मधुरभाषी । २. राम्ररी भाषण गर्ने; वाग्मी ।

**सुभिक्ष**– ना० [सं०] कथ्य० सुभिच्छे । अन्नबाली राम्रो भएको समय; सहकाल ।

**सुभिनु**– अ० क्रि० [सुभ्+इ+नु] सुभ्ने होइनु; फापिनु ।

**सुभो**– वि० [प्रा० सं० शुभ] १. भलो; कल्याणकारी; शुभ । २. आफूलाई फाइदा गर्ने; फाप्ने ।

**सुमङ्गल**– वि० [सं०] १. ज्यादै मङ्गल गर्ने; कल्याणकारी । ना० २. शुभ लक्षणको वस्तु । > **सुमङ्गली**– ना० १. विवाहमा गरिने मङ्गलकार्य । २. विवाहमा दुलहीलाई सिन्दूर हाल्दा पढिने मन्त्र ।

**सुमडी**– वि० [फा० शूम] १. अशुभ, कृपण । २. अल्छी र लोसे । ३. कुनै कुराको वास्ता नगर्ने ।

**सुमति**– ना० [सं०] १. असल मति; सुबुद्धि । वि० २. ज्यादै बाठो; चतुर; बुद्धिमान् ।

**सुमन**– ना० [सं०] १. फूल; पुष्प । २. राम्रो मन; प्रसन्न मन ।

**सुमन्त्र**– ना० [सं०] १. राम्रो वा असल मन्त्र । २. राजा दशरथका मन्त्री; बग्गी हाँक्ने सारथि । ३. राम्रो सल्लाह; असल सुझाउ । > **सुमन्त्रित**– वि० १. मन्त्रले राम्ररी फुकफाक गरिएको । २. राम्रो सल्लाहद्वारा तयार गरिएको ।

**सुमर्-नु**– स० क्रि० १. भाले पशुहरूलाई खसी पार्नु; अण्डकोष निष्क्रिय बनाउनु । २. कुनै मालमत्ताको उपभोग गर्नु; भोगचलन गर्नु । ३. छोरीबुहारीलाई खूबसँग काममा जोत्नु । > **सुमराइ**– ना० सुमर्ने भाव, क्रिया वा प्रक्रिया । **सुमराइनु**– क० क्रि० सुमर्न लाइनु । **सुमरिनु**– क० क्रि० सुमर्ने काम गरिनु; खसी पारिनु ।

**सुमसुम**– क्रि० वि० १. बिस्तारै छाम्ने वा सुमसुम्याउने गरी । २. कामगराइमा ढिलो चालसँग । > **सुमसुम्याइ**– ना० सुमसुम्याउने भाव, क्रिया वा प्रक्रिया । **सुमसुम्याइनु**– क० क्रि० सुमसुम्याउन लाइनु; मुसारिनु । **सुमसुम्याउनु**– स० क्रि० १. बिस्तारै हातले प्रेम वा माया गरेर छुनु; मुसार्नु । २. हल्का किसिमले हातगोडा आदि मिच्नु; हल्का मर्दन गर्नु । > **सुमसुम्याहट**– ना० सुमसुम्याउने भाव, गुण वा क्रिया; सुमसुम्याइ ।

**सुमान्य**– वि० [सं०] विशेष रूपले मान्नुपर्ने; प्रतिष्ठित ।

**सुमार्ग**– ना० [सं०] १. राम्रो वा असल बाटो; सुपथ । २. राम्रो बानीबेहोरा; सदाचार ।

**सुमित्रा**– ना० [सं०] लक्ष्मण र शत्रुघ्नकी आमा; राजा दशरथकी रानी ।

**सुमुख**– वि० [सं०] १. राम्रो मुख भएको; सुन्दर अनुहारको । २. राम्रो ढोका भएको; दक्षिणतिर मुख फर्केको (द्वार) । ३. प्रफुल्ल । ना० ४. राम्रो मुख । ५. मीठो बोली । ६. शिव । ७. गणेश । > **सुमुखी**– वि० १. राम्रो मुख भएकी (स्त्री) । ना० २. प्रत्येक पाउमा क्रमशः सात जगण, एक लघु र एक गुरु हुने वार्णिक छन्द । ३. सुन्दरी स्त्री ।

**सुमेरु**– ना० [सं०] १. पुराणअनुसार पर्वतहरूको राजा मानिएको देवताहरूले सभा गर्ने सुनको पर्वत । २. उत्तरी ध्रुव । ३. जपमालाको जोर्नीको बीचमा राखिने रुद्राक्ष वा तुलसी काठको ठूलो दाना; सुमेर्नी । ४. हुक्काको चिलिम राख्ने ठाउँ, चिलिम अडचाउने हुक्काको ठाडो सोतो । ५. मन्दिरको गजुर । ~ **महासागर**– ना० उत्तरी ध्रुववरिपरिको महासागर । ~ **वृत्त**– ना० उत्तरी ध्रुवदेखि बाहिर ६६½ अंशको अक्षांशबाट खिचिएको रेखा ।

**सुमेर्नी**– ना० [सं० सुमेरु] जपमालाको दुईपट्टिको मुख जोडिएको

ठाउँमा राखिने रुद्राक्ष, मुगा आदिको ठूलो दाना ।

**सुम्ठ्याइ–** ना० [√ **सुम्ठ्याउ** (+आइ)] १. सुम्ठ्याउने वा गुटमुटयाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुम्ठ्याइनु–** क० क्रि० सुम्ठ्याउने काम गरिनु ।

**सुम्ठ्याउ-नु–** स० क्रि० [सम्ठ्याउ+नु] १. लट्ठी, कोर्रा आदिले पिट्नु । २. गुटमुटयाउनु ।

**सुम्प-नु–** स० क्रि० [समर्पण+नु] १. कुनै मालसामान अरूका जिम्मा लाउनु; बुझाउनु; सुपुर्द गर्नु । २. समर्पण गर्नु; दिनु । > **सुम्पाइ–** ना० सुम्पने भाव, क्रिया वा प्रक्रिया । **सुम्पाइनु–** क० क्रि० सुम्पन लाइनु । **सुम्पाउनु–** प्रे० क्रि० सुम्पन लाउनु । **सुम्पिनु–** स० क्रि०/क० क्रि० १. सुम्पनु । २. सुम्पने काम गरिनु; मालमत्ताको जिम्मा लाइनु ।

**सुम्पुवा–** वि० [सुम्प+ उवा] १. जिम्मा लगाइएको वा सुम्पिएको; बुझाइएको । ना० २. अपराध गर्ने व्यक्तिलाई कसूरअनुसारको दण्ड दिलाउन सम्बन्धित अदालतमा सुम्पने काम; सुपुर्दगी । ३. जिम्मा लाउने काम । ~ **पुर्जी–** ना० कुनै अपराधमा सजाय पाएको व्यक्तिलाई जेलखानामा राख्ने अधिकारपत्र; अपराधीलाई जेलमा पठाउन अधिकारप्राप्त व्यक्तिद्वारा जारी गरिएको लेखोट ।

**सुम्बा–** ना० [फा० सुम्ब] १. तीखो टुप्पो हुने, मोटो लट्ठीजस्तो तमौटेको ज्याबल । २. रूखको सोझै तल गएको मोटो मूल जरो । ३. ठूलो सर्प ।

**सुम्लि-नु–** अ० क्रि० [सुम्लो+इ+नु] १. फुल्नु; सुनिनु । २. मोटाउनु; हृष्टपुष्ट हुनु (निन्दार्थमा) । ३. पेट बोक्नु; गर्भिणी हुनु (व्यङ्ग्यार्थमा) ।

**सुम्लो–** ना० [सं० शुल्ल] १. कुट्दा, बजारिँदा वा पिलिँदा मस्याइला ठाउँमा सुनिएर उठेको मासुको लोलो । २. मुछेको पीठो आदिको लाम्चो लोलो । ३. केही उठेको लम्च्याइलो पानीको तरङ्ग । ४. सुन, चाँदी आदि धातुको सोठो ।

**सुम्ल्याइ–** ना० [√ **सुम्लि** (+आइ)] १. सुम्लिने भाव, क्रिया वा प्रक्रिया । [सुम्लाउ+आइ] २. सुम्लाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुम्ल्याइनु–** क० क्रि० सुम्लाउन लाइनु; फुलाइनु । **सुम्ल्याउनु–** स० क्रि० १. फुलाउनु । २. स्त्रीसम्भोग गर्नु । ३. गर्भाधान गराउनु ।

**सुयश–** ना० [सं०] राम्रो कीर्ति; उत्तम यश; सुकीर्ति ।

**सुयोग–** ना० [सं०] १. शुभ योग वा मुहूर्त । २. सुअवसर; राम्रो मौका ।

**सुयोग्य–** वि० [सं०] अति योग्य; ज्यादै लायक ।

**सुयोधन–** ना० [सं०] १. कौरव वंशका राजा धृतराष्ट्रका छोरा; दुर्योधन । वि० २. राम्रो लडाका; असल योद्धा ।

**सुर१–** ना० [सं०] १. देवता । २. सूर्य । ३. ऋषि वा मुनि ।

**सुर२–** ना० कुना; कोण ।

**सुर३–** ना० १. अभिप्राय; आशय; आँट । २. होस; चैतन्य । ३. तल्लीनता; धुन ।

**सुर४–** ना० [सं० स्वर] गानाबजानाको स्वर; ध्वनि ।

**सुरक्षण–** ना० [सं०] १. कर्जा लिँदा कानुनबमोजिम धितो राख्न सकिने सम्पत्ति वा तत्सम्बन्धी कागजात । २. औषधीको सिसीको सुरक्षाको लागि गरिने बेरुवा; प्याक ।

**सुरक्षा–** ना० [सं०] राम्रो बचाउ; समुचित रक्षा । ~ **ऐन–** ना० शान्ति-सुरक्षाको ऐन । ~ **कानुन–** ना० शान्तिसुरक्षाको कानुन । ~ **गार्ड–** ना० सुरक्षाका लागि राखिएको रक्षक । ~ **परिषद्–** ना० राष्ट्रहरूमा परस्पर लडाइँझगडा हुन नपाओस् भनी यथासम्भव प्रयत्न गर्ने, संयुक्त राष्ट्रसङ्घको एक अङ्ग वा कार्यकारिणी निकाय । > **सुरक्षात्मक–** वि० १. सुरक्षाका विचारले गरिने (कामकारबाई) । २. सुरक्षासम्बन्धी; सुरक्षाको ।

**सुरगज–** ना० [सं०] इन्द्रको हात्ती; ऐरावत ।

**सुरगुरु–** ना० [सं०] देवताका गुरु; बृहस्पति ।

**सुरङ्ग–** वि० [सं०] १. राम्रो रङ्ग भएको; सुन्दर वर्णको । ना० २. सुन्दर रङ्ग; राम्रो रङ्ग । ३. सुन्तला । ४. सिँदुर ।

**सुरत१–** ना० [सं०] रतिक्रीडा; कामक्रीडा; स्त्रीसम्भोग ।

**सुरत२–** ना० [अ० सूरत] तास वा गन्जिफाको एउटा चित्राकृति; सुरथ ।

**सुर~तरङ्गिणी–** ना० [सं०] १. आकाशगङ्गा । २. भागीरथी नदी । ३. सरयू नदी; कर्णाली नदी ।

**सुरतरु–** ना० [सं०] १. कल्पवृक्ष । २. देवदारु ।

**सुरतार–** ना० [सुर+तार] कामको थालनी; सुरसार ।

**सुरधनु–** ना० [सं०] इन्द्रेनी; इन्द्रधनु ।

**सुरधाम–** ना० [सं०] देवलोक; स्वर्ग ।

**सुरधुनी–** ना० [सं०] गङ्गा ।

**सुरधेनु–** ना० [सं०] कामधेनु ।

**सुरनारी–** ना० [सं०] देवाङ्गना; देववधू ।

**सुरपुर–** ना० [सं०] १. देवताहरूको राजधानी; अमरावती । २. स्वर्ग ।

**सुरभि–** ना० [सं०] १. कामधेनु । २. गाई । ३. बास्ना; सुगन्ध । ४. पृथ्वी । ५. तुलसी । ६. सुन । ७. मदिरा । ८. वसन्त ऋतु । वि० ९. बास्ना आउने; सुगन्धी । १०. सुन्दर; मनोरम; राम्रो । > **सुरभित–** वि० सुरभियुक्त; बास्ना आउने बनाइएको; सुगन्धित; सुवासित ।

**सुरमई–** वि० [फा०] सुर्माको जस्तो हल्का नीलो वा कालो (रङ) ।

**सुरमणि–** ना० [सं०] चिन्तामणि (रत्न) ।

**सुरम्य–** वि० [सं०] खूब राम्रो; अति रमणीय; असाध्य सुन्दर ।

**सुरमा–** ना०हे० सुर्मा ।

**सुरराज–** ना० [सं०] देवताका राजा; देवराज; इन्द्र ।

**सुरलोक–** ना० [सं०] देवताको लोक; देवलोक; स्वर्ग ।

**सुरस–** वि० [सं०] १. राम्रो रस भएको; रसिलो । २. मीठो; स्वादिष्ट । ना० ३. जल; पानी । ४. सुखभोग; आनन्द । ५. प्रेम; प्रणय । – **ता–** ना० सुरस हुनाको भाव, गुण वा अवस्था;

रसिलोपन ।

**सुरसा–** ना० [सं०] १. पुराणअनुसार नागहरूकी आमा बताइएकी रामायणप्रसिद्ध एक राक्षसी । २. दुर्गाको एक नाम । ३. सर्पगन्धा ।

**सुरसार–** ना० [अ० शुरूआत] कुनै कामको थालनी; कामको प्रारम्भिक तरखर ।

**सुरसुन्दरी–** ना० [सं०] १. देवकन्या; देवाङ्गना । २. अप्सरा; परी ।

**सुरसुर–** क्रि० वि० [अ० मू० सुर्+अ (द्वि०)] १. तरल पदार्थ थोरथोरै पिउने गरी । २. ससाना प्राणी घस्रेर हिँड्ने चालसँग । ३. डोरी, धागो, आदि बिस्तारै फुस्कने वा तान्ने क्रममा । > **सुरसुरती/सुरसुरी–** क्रि० वि० अझै छिटो सुरसुर हुने चालसँग ।

**सुरा–** ना० [सं०] १. रक्सी; मदिरा; मद्य । २. सोमरस । ३. जल; पानी ।

**सुराक/सुराख/सुराग–** ना० [तु० सुराग] गुप्त रूपले अपराध, षड्यन्त्र आदिको सूत्र पत्ता लगाउने काम; थाहा; पत्ता; सुइँको । > **सुराकी–** वि० सुराक लाउने; सुराक दिने (व्यक्ति, वस्तु वा कार्य) ।

**सुराङ्गना–** ना० [सं०] देवाङ्गना ।

**सुराज्य–** ना० [सं०] सर्वसाधारण जनताले पनि सुखसुविधा उपभोग गर्न पाउने राज्य; कल्याणकारी राज्य ।

**सुरारि–** ना० [सं०] देवताको शत्रु; असुर; दानव; राक्षस ।

**सुरालय–** ना० [सं०] १. देवलोक; स्वर्ग । २. सराबखाना ।

**सुराही–** ना० [अ०] सानो मुख, लामो घाँटी र ठूलो फुकेको पेट हुने जलपात्र । **– दार–** वि० सुराहीजस्तो गोल र लाम्चो खालको ।

**सुरि-नु–** अ० क्रि० [शूर+इ+नु] १. कुनै अप्ठ्यारो वा गाह्रो काम गर्ने आँट गर्नु; हिम्मत गर्नु । २. मन उरालिनु; उत्तेजित हुनु ।

**सुरिलो१–** वि० [सुइरो+इलो] माझमा हाँगाबिँगा नभएको र सोझो; लामो, ठाडो र सोझो (रूख, लिङ्गो, बाँस आदि) ।

**सुरिलो२–** वि० [सुर+इलो] मीठो र तीखो (स्वर); सुमधुर (आवाज) ।

**सुरी–** ना० [बा० बो०] १. बिरालो; म्याउँ । २. बिरालालाई डाक्ने शब्द ।

**सुरु–** ना० [अ० शुरूअ] कुनै कामको उठान वा थालनी; कामको तहबह; आरम्भ । ~ **अड्डा–** ना० पहिलो तहको अड्डा वा सुरु अदालत । ~ **अदालत–** ना० सुरुमा वादीप्रतिवादी लिई मुद्दामामिला हेर्ने जिल्ला अदालत । > **सुरुआत–** ना० कुनै पनि गर्न आँटेका कामको थालनी; आरम्भ; सुरु; खेवारा; सुरुवात ।

**सुरुक्क–** क्रि० वि० [अ० मू० सुरुक्+क] १. आनेकाने नगरी काम गर्ने वा दिने चालसित; खुरुक्क । २. बिस्तारै ।

**सुरुङ–** ना० [सं० सुरङ्ग] जमिन खनेर भित्रभित्रै बनाइएको प्वाल वा बाटो ।

**सुरुचि–** ना० [सं०] १. राम्ररी रुच्ने काम । २. सुन्दर वा असल कुरामा भएको रुचि; परिष्कृत रुचि । ३. राजा उत्तानपादकी कान्छी रानी; ध्रुवकी सौतेनी आमा ।

**सुरुवा–** ना० [फा० शोरबा] मासु, गेडागुडी आदि बेसरी पकाएर निकालिएको रस; झोल ।

**सुरुवात–** ना० आरम्भ; सुरुआत; सुरु ।

**सुरुवाल–** ना० [फा० शलवार] कमरदेखि गोलीगाँठासम्म छोप्ने, माथि एउटै र तलतिर दुई बाहुला भएको , मोहोता सानो हुने, इँजारद्वारा कमरमा बाँधिने वस्त्र; मोहोता सानो हुने र राग हुने पाइजामा ।

**सुरुसुरु–** क्रि० वि० [अ०मू०सुर्+उ(द्वि०)] नरोकिईकन वा नअलमलिईकन; खुरुखुरु ।

**सुरूप–** वि० [सं०] १. राम्रो अनुहार भएको; राम्रो रूप भएको । ना० २. राम्रो रूप । **– ता–** ना० सुरूप हुनाको भाव वा अवस्था; सुन्दरता । > **सुरूपा–** वि० सुन्दर रूप भएकी (स्त्री) ।

**सुरेन्द्र–** ना० [सं०] देवताका राजा इन्द्र । ~ **वीरविक्रम शाह–** ना० सं० १८८६ मा जन्मी वि० सं० १९३८-मा दिवङ्गत हुने नेपालका शाहवंशीय छैटौँ राजा ।

**सुरेल–** ना० [ने०] पूर्वी नेपालमा बसोबासो गर्ने एक जाति ।

**सुरेली–** ना० [√ सुरिलो] हाँगाबिँगा नभएको अग्लो रूख, खम्बा, डोरी आदिमा दुई हात र दुई खुट्टाले च्यापी छातीले घस्रिएर चढ्ने वा ओर्लने काम ।

**सुरेश–** ना० [सं०] देवराज; सुरेन्द्र ।

**सुरो१–** वि० [सं० शूर] १. पराक्रमी; वीर; बलवान् । २. साहसी; आँटिलो ।

**सुरो२–** ना० [सं० श्रुव] पन्जासहितको हातका आकारको, होम गर्दा आगामा घिउ हाल्ने खयर काठको साधन । ~ **चरु–** ना० होम गर्दा घिउ हाल्ने काठको साधन र होम गरिने अन्न ।

**सुर्क-नु–** स० क्रि० १. कपडाको दुई पाटालाई सियोधागोले सुर्काउनी पर्ने गरी जोर्नु; लामा फड्का हालेर सिउनु । २. एक हातले बालाको नलमा समाती अर्को हातले धान आदि तान्नु; रुहुनु । ३. पाखुरा दह्रो पार्नु । ४. बाहुला माथि सार्नु । > **सुर्काइ–** ना० सुर्कने भाव, क्रिया वा प्रक्रिया । **सुर्काइनु–** क० क्रि० सुर्कन लाइनु । **सुर्काउनी–** ना० डोरी वा धागाको एक छेउमा अर्को छेउ घुमाएर तान्दा सजिलैसित कसिने गरी बनाइएको एक किसिमको खुकुलो गाँठो; सुर्केनी । **सुर्काउनु–** प्रे० क्रि० सुर्कन लाउनु; सुर्काउनी पार्नु ।

**सुर्कासुर्की–** ना० [सुर्को+सुर्को] सानातिना धेरै सुर्का ।

**सुर्किनु–** क० क्रि०/स० क्रि० [सुर्क+इ+नु] १. फड्का मारेर सिइनु । २. सुर्कनु ।

**सुर्की–** ना० [फा० सुर्खी] १. इँट कुटेर बनाइएको धूलो । ना० २. नङ काटेपछि त्यसको फेद टल्काउन घोटिने असल इँटको धूलो ।

**सुर्के–** वि० [सुर्को+ए] १. ठाडो धर्सा पारेर लगाएको (चन्दन वा टीका) । २. निधारमा कालो वा सेतो ठाडो धर्सा भएको (पशु) ।

**सुर्केनी**– ना० [सुर्क+एनी] सुर्काउनी ।

**सुर्को**– ना० [सुर्क+ओ] १. एक सासमा पिइने तातो तरल पदार्थ । २. खेतबारीको लाम्चो गह्रो । ३. सुर्केर सिउने काम वा खेप । ४. पानी, बालुवा, रेखी आदिको धर्सो वा सोतो । ५. चन्दनको ठाडो टिको ।

**सुर्कौनी**– ना० [सुर्क+औनी] सुर्काउनी; सुर्केनी ।

**सुर्क्यौलो**– ना० [सुर्क+यौलो] सुर्केनी पारेको गाँठो ।

**सुर्ख**– वि० [फा०] रातो रङको । > **सुर्खी**– ना० १. रातोपन; लालिमा । २. पाको इँटको धूलो; सुर्की । वि० ३. रातो ।

**सुर्खेत**– ना० [सं० सुरक्षेत्र > सुरखेत] भेरी अञ्चलमा पर्ने एक जिल्ला; मध्य पश्चिमाञ्चल विकासक्षेत्रको सदर मुकाम ।

**सुर्जे**– ना० [सं० सूर्य] सूर्य ।

**सुर्ता**– ना० [सं० स्मृति] मनको ताप; चिन्ता; फिक्री; पीर । > **सुर्ताइनु**– क० क्रि० सुर्ता गरिनु; फिक्री वा चिन्ता लिइनु । **सुर्ताउनु**– स० क्रि० १. सुर्ता वा फिक्री गर्नु; चिन्ता लिनु । २. पछुतो मान्नु; पछुताउनु ।

**सुर्ती**– ना० [सूरत (प्रदेश)+ई] १. ठूलठूला, नरम, मसिना भुवादार पात हुने, टुप्पामा सेता लाम्चा फूल फुल्ने, रायोको जस्तो एक जातको बोट वा त्यसैको पात । २. सो पातबाट बनाइएको चुरोट, बिँडी आदिभित्र कोचिएको धूलो । ३. मुखमा च्यापेर वा तमाखु, कक्कड, चुरोट, बिँडी आदिका रूपमा सल्काएर धूवाँ खाइने सुकाइएको काँचो पात । – **सार**– ना० सुर्तीमा पाइने सार; चुरोट, सुर्ती आदिबाट लाग्ने पहेँलो रङको कस; निकोटिन ।

**सुर्मा**– ना० [फा० सुरम] आँखाको फाइदाका निम्ति गाजलजस्तै गरी लगाइने नीलो भावको कालो रङ्गको एक प्रकारको खनिज पदार्थको मिहिन चूर्ण; सुरमा ।

**सुर्‍याइँ**– ना० [सूरो+याइँ] बहादुरी; पराक्रम; सूरोपन ।

**सुर्‍याइ१**– ना० [सं० शूर+याइ] १. कुनै काम गर्न तम्सिने भाव वा किसिम; आँट । २. शौर्य; वीरता ।

**सुर्‍याइ२**– ना० [√ **सुरि** (+आइ)] १. सुरिने भाव, क्रिया वा प्रक्रिया । [सुर्‍याउ+आइ] २. सुर्‍याउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुर्‍याइनु**– क० क्रि० सुरिने पारिनु; तम्स्याइनु । **सुर्‍याउनु**– स० क्रि०/प्रे० क्रि० १. कुनै कामकुरोमा उत्तेजित गर्नु; तम्साउनु । २. शूरो गराउनु; आँटिलो पार्नु ।

**सुर्र**– क्रि० वि० [अ० मू० सुर्+र] १. वेगसित पानी वा धूवाँ एकै सासले तान्ने गरी । २. अतालिएर दौडने चालले ।

**सुल्-नु**– अ० क्रि० [वसुल+नु] असुल हुनु; लेनदेन चुक्ती हुनु; फच्चे हुनु ।

**सुल**– ना० [अ० वसूल] कसैसँग लिनुपर्ने पैसा वा जिन्सी लिने काम; असुल; फच्चे ।

**सुलक्षण**– वि० [सं०] १. राम्रो लक्षणको; लच्छिन भएको । २. भाग्यमानी । ना० ३. राम्रो लच्छिन; शुभ लक्षण । > **सुलक्षणा**– वि० राम्रो लक्षण भएकी (स्त्री) ।

**सुलच्छिन**– ना० [सं० सुलक्षण] राम्रो लच्छिन; सुलक्षण ।

**सुलतान**– ना० [अ० सुल्तान] बादशाह; सम्राट्; राजा । > **सुलताना**– ना० बेगम; सम्राज्ञी । **सुलतानी**– वि० सुलतानसम्बन्धी; सुलतानको ।

**सुलभ/सुलभ्य**– वि० [सं०] १. सजिलैसित पाइने; प्राप्त गर्न कठिनाइ वा परिश्रम नपर्ने; सुलभ्य । २. सहज; सुगम; सजिलो । ~ **मुद्रा**– ना० अर्थशास्त्रमा, अर्को देशबाट माल झिकाउनका निम्ति सहजै प्राप्त हुन सक्ने कुनै देशको मुद्रा । ~ **मुद्रादेश**– ना० सुलभ मुद्राप्रसार भएको देशको क्षेत्र ।

**सुलसाल**– ना० [सुल (द्वि०)] छिनाफाना; लेनदेनको हिसाब चुक्तिने काम ।

**सुलसुल**– क्रि० वि० [अ० मू० सुल्+अ (द्वि०)] १. घाउखटिरा आदिमा मसिना कीरा हिँड्ने गरी; सगसग । २. बिस्तारै पानी बग्ने चालले । ३. पातलो झाडा नथामिईकन भएझैँ । ४. सर्प आदि जन्तु घस्रेर हिँड्ने गरी । > **सुलसुलती/सुलसुली**– क्रि० वि० ऊझैं सुलसुल हुने गरी । **सुलसुले**– ना० १. कुखुरा, हाँस, परेवा आदिका शरीरमा लाग्ने एक जातको मसिनो कीरो; ग्वामे । २. कागत, किताब आदिमा लाग्ने सेतो टल्कने कीरो । ३. ढुसी कीरो । ४. सर्प, गडचौँलो आदि घस्रेर हिँड्ने कीरो । ५. पातलो झाडा नथामिई भइरहने चाल ।

**सुलह**– ना० [फा०] दुई विरोधी पक्षमा झगडा वा लडाइँपछि भएको मेलमिलाप; सम्झौता; सन्धि । – **नामा**– ना० सुलह वा सम्झौताका सर्तहरू लेखी सम्बद्ध व्यक्तिहरूद्वारा हस्ताक्षर गरिएको कागत; सन्धिपत्र ।

**सुलि-नु**– अ० क्रि० [सुल्+इ+नु] १. लेनदेनको हिसाब चुक्ती हुनु; फच्चे हुनु; सुल्नु । २. चुक्ती होइनु; तिरिनु ।

**सुली**– ना० परेवा, कुखुरा, हाँस आदि पक्षीको बिष्टा ।

**सुली१**– ना० [सं० शुल्क+ई] लिच्छविकालको आर्थिक प्रशासनमा कर उठाएर सङ्कलन गर्ने अड्डा; लिच्छविकालको कर अड्डा ।

**सुली२**– ना० [प्रा० सं० शूल+ई] भालाका छाँटको तीखो टुप्पो भएको हतियार; शूली; बातो । ~ **चढाउनु/हाल्नु**– टु० सूलीमा उन्नु; त्यसरी अनिष्ट गर्नु वा बिताउनु ।

**सुलुक्क**– क्रि० वि० [अ० मू० सुलुक्+क] १. चिप्लो नरम पदार्थ दाँतले नचपाईकन एकै खेपमा निलेझैँ गरी; सलक्क । २. छरितो र लम्स्याइलो छाँट परेको चालमा ।

**सुलुत्त**– क्रि० वि० [अ० मू० सुलुत्+त] १. सानो दुलामा एक्कासि पसेझैँ गरी; सुत्त । २. सानो ठाउँबाट छिर्ने चालले ।

**सुलेख**– ना० [सं०] १. राम्रो र उम्दा लेखावटको लिपि । २. सुन्दर वा उत्तम लेख ।

**सुलोचना**– वि० [सं०] १. सुन्दर आँखा भएकी । ना० २. वासुकिकी एक कन्या । ३. सुलोचना महाकाव्यकी नायिका ।

**सुल्क-नु**– अ० क्रि० [सुलुक्क+नु] सुलुक्क चालसित बगेर जानु । > **सुल्किनु**– अ० क्रि० सुल्ल बग्नु; चिप्लिनु । **सुल्क्याइ**– ना०

सुल्किने भाव, क्रिया वा प्रक्रिया । **सुल्क्याइनु–** अ० क्रि० सुल्किने पारिनु; सुल्ल बगाइनु । **सुल्क्याउनु–** स० क्रि० सुल्किने पार्नु; सुल्ल बगाउनु ।

**सुल्टि–नु–** अ० क्रि० [सुल्टो+इ+नु] १. सुल्टो हुनु; सब्ल्याँटो हुनु । २. प्रतिकूल कुरो अनुकूल हुनु; सव्य पर्नु ।

**सुल्टो–** वि० [सं० सव्य] १. बिब्ल्याँटो वा उल्टो नभएको; सब्ल्याँटो । २. भनेजस्तो; अनुकूल; सव्य । ३. क्रि० वि० नियम वा विधिअनुसार ।

**सुल्टयाइ–** ना० [√ **सुल्टि** (+याइ)] १. सुल्टिने भाव, क्रिया वा प्रक्रिया । [**सुल्टयाउ**(+आइ)] २. सुल्टयाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुल्टयाइनु–** क० क्रि० सुल्टो पारिनु । **सुल्टयाउनु–** प्रे० क्रि० १. अनुकूल पार्नु । २. सुल्टो वा सब्ल्याँटो पार्नु ।

**सुल्पुङे–** वि० [√ पुर्सुङ्गे] एक थरीको कुरा अर्का थरीलाई सुनाई प्रायः झगडा फैलाउने (व्यक्ति); मुसुमुन्द्रे; कनसुत्ले; नारद ।

**सुल्फा–** ना० [फा० सुल्फ] १. गाँजाको चोप; चरेस । २. सानो चिलिममा भरिएको तमाखु वा कक्कड ।

**सुल्याइ–** ना० [√ **सुल्याउ** (+आइ)] १. सुल्याउने वा चुक्त्याउने क्रिया वा प्रक्रिया । २. सुल्याउने वा मैथुन गराउने क्रियाप्रक्रिया । [ > ] **सुल्याइनु–** क० क्रि० १. सुल गरिनु । २. मैथुन गरिनु ।

**सुल्याउ–नु–** स० क्रि० [सुम्ल्याउ+नु] १. स्त्रीसमागम गर्नु; मैथुन वा सम्भोग गर्नु । [सुल्+याउ+नु] २. लेनदेन चुक्ती वा फच्चे गर्नु; फच्च्याउनु ।

**सुल्ल–** क्रि० वि० [अ० मू० सुल्+ल] १. बिस्तारै पानी बग्ने गरी । २. सर्प, खजुरो, कन्सुत्लो आदि हिँड्ने वा बग्ने चालले । ३. पातलो दिसा, पिसाब आदि नरोकिई बग्ने गरी । ४. धागो, डोरी आदि फुस्किएर वा तानिएर । सात० सुलुलुलु ।

**सुवचन–** ना० [सं०] राम्रो वा मीठो बोली; मधुर वचन ।

**सुवदना–** ना० [सं०] १. सुन्दर अनुहार भएकी स्त्री; सुन्दरी स्त्री । २. मगण, रगण, भगण, नगण, मगण र लघु-गुरु भएको, सातसात अक्षरमा विश्राम हुने एक वार्णिक छन्द ।

**सुवर्ण–** ना० [सं०] सुन; स्वर्ण । **– कार–** ना० सुनको गहना बनाउने कालिगड; सुनार । ~ **केतकी–** ना० पहेँलो केवडा । **– मान–** जुनसुकै अवस्थामा पनि तोकिएको दरभाउअनुसार ब्याङ्कको कागजी नोट सुनका रूपमा भुक्तान गर्न सकिने मुद्राप्रणाली; सुनको मान वा दर कायम गरिएको कागजी मुद्रा ।

**सुवास–** ना० [सं०] १. मीठो बास्ना; सुगन्ध; खुस्बू । २. राम्रो निवासस्थान । ३. असल नाम; सुकीर्ति । > **सुवासित–** वि० सुगन्धयुक्त; मीठो बास्ना आउने गराइएको । **सुवासिनी–** ना० १. युवती भइसकेपछि पनि आमाबाबुका घरमा रहने स्त्री । २. सधवा स्त्री । ३. स्वास्नी ।

**सुविख्यात–** वि० [सं०] ज्यादै प्रसिद्ध; प्रायः धेरैले जाने-बुझेको ।

**सुविचार–** ना० [सं०] १. असल विचार; सद्विचार । २. मिहिन वा सूक्ष्म विचार ।

**सुविधा–** ना० [सं०] कुनै पनि काम सजिलैसित गर्न सकिने अवस्था; सुबिस्ता; सजिलोपना । **– भोगी–** वि० हरतरहबाट सुविधा पाउने वा पाएको ।

**सुविधि–** ना० [सं०] राम्रो विधि; असल नियम ।

**सुवीर–** ना० [सं०] अत्यन्त वीर; महावीर । ~ **पट्ट–** नेपाली सेनालाई प्रदान गर्ने गरिएको २०२० सालमा स्थापित एक पदक ।

**सुवृत्त–** वि० [सं०] १. असल चालचलन भएको; सदाचारी; सच्चरित्र । ना० २. उत्तम वृत्त वा आचरण । > **सुवृत्ति–** ना० १. उत्तम वृत्ति वा जीविका । २. राम्रो आचरण; सदाचार ।

**सुवेश** / **सुवेष–** ना० [सं०] राम्रो वेशभूषा; असल पहिरन ।

**सुव्यवस्था–** ना० [सं०] राम्रो बन्दोबस्त; सुन्दर व्यवस्था । > **सुव्यवस्थित–** वि० राम्रोसँग बन्दोबस्त गरिएको; सुन्दर व्यवस्थाले युक्त ।

**सुशासन–** ना० [सं०] उत्तम किसिमको शासन; असल राज्यव्यवस्था; कल्याणकारी शासनव्यवस्था ।

**सुशासित–** वि० [सं०] राम्रोसँग शासन चलाइएको; राम्ररी शासन गरिएको ।

**सुशिक्षा–** ना० [सं०] उत्तम खालको शिक्षा; असल शिक्षा । > **सुशिक्षित–** वि० राम्रो शिक्षा पाएको; असल शिक्षा दिइएको ।

**सुशील–** वि० [सं०] १. असल शीलस्वभावको; उत्तम चरित्र भएको; शीलवान् । २. सज्जन तथा सरल । **– ता–** ना० सुशील हुनाको भाव, गुण वा अवस्था; राम्रो बानीबेहोरा; सच्चरित्रता । > **सुशीला–** वि० १. असल आचरण वा स्वभाव भएकी; सच्चरित्रा (नारी) । ना० २. राधाकी एक सखी ।

**सुशोभन–** वि० [सं०] उत्तम शोभाले युक्त; अति राम्रो । ~ **समारोह–** ना० श्री ५ बाट विशेष उपाधि, पदक आदि वितरण गरिने समारोह वा उत्सव ।

**सुशोभित–** वि० [सं०] १. साह्रै सुहाएको; अत्यन्त शोभायमान । २. राम्रोसँग सजाइएको; सजिसजाउ ।

**सुश्री–** ना० [सं०] १. अविवाहिता नारीहरूका नामको अगाडि लेखिने आदरसूचक शब्द । २. राम्रो शोभा; कमनीय ऐश्वर्य । वि० ३. शोभाले युक्त; अति सुन्दर ।

**सुश्रुत–** ना० [सं०] १. आयुर्वेदको प्रसिद्ध ग्रन्थ 'सुश्रुतसंहिता'-का रचयिता सुविख्यात महर्षि । वि० २. राम्ररी सुनिएको; राम्ररी पढिएको । ३. सुविख्यात; प्रसिद्ध । ~ **संहिता–** ना० सुश्रुत महर्षिद्वारा रचित एक प्रसिद्ध वैद्यक ग्रन्थ ।

**सुषमा–** ना० [सं०] १. परम शोभा; अत्यन्त सुन्दरता । २. माथिल्लो तहको विशेषतः प्राकृतिक सौन्दर्य । ३. तगण, यगण, भगण र गुरु भएको एक वार्णिक छन्द । > **सुषमित–** वि० सुषमाले युक्त ।

**सुषुप्त–** वि० [सं०] १. गाढा निद्रामा परेको; मस्तसँग निदाएको । २. निष्क्रिय अवस्थामा कुनै चीजमा अडेको (गुण वा तत्त्व) । ~ **ज्वालामुखी–** ना० अहिलेसम्म विस्फोटन नभएको र पछि पनि छिटै विस्फोटन नहुने खालको ज्वालामुखी । > **सुषुप्ति–**

ना० १. मस्तसँगको निदाइ; गाढा निद्रा । २. वेदान्तअनुसार ब्रह्मको प्राप्ति हुँदा पनि जीवलाई ज्ञान नहुने अवस्था । ३. जीवका तीन अवस्था– जाग्रत्, स्वप्न, सुषुप्तिमध्ये एक ।

**सुषुम्ना–** ना० [सं०] १. योगशास्त्रअनुसार, इडा र पिङ्गला नाडीका बीचमा रहेको नाडी; इडा, पिङ्गला र सुषुम्ना तीन प्रकारका नाडीमध्ये तेस्रो नाडी । २. शरीरविज्ञानका अनुसार नाभिबाट आरम्भ भई मेरुदण्ड हुँदै ब्रह्मरन्ध्रसम्म पुग्ने नाडी । ३. आयुर्वेदअनुसार अरू नाडीहरूले बेरिएको, नाभिस्थलका माझमा रहेको केन्द्रीय नाडी । ~ **शीर्ष–** ना० सुषुम्ना नाडीको मुख्य वा शीर्षभाग ।

**सुष्ठु–** क्रि० वि० [सं०] १. राम्ररी; काइदासाथ । वि० २. राम्रो; सुन्दर; काइदाको । **– ता–** ना० सुन्दरता; सौष्ठव ।

**सुसंस्कृत–** वि० [सं०] १. राम्रो तबरबाट तयार पारिएको; राम्ररी संस्कार गरिएको । २. शिक्षादीक्षा, नैतिक मर्यादा, सत्सङ्ग आदि पाएर सुसभ्य भएको ।

**सुसङ्गठित–** वि० [सं०] १. अङ्ग-प्रत्यङ्गहरू राम्ररी मिलेको । २. राम्रो प्रकारले एकत्रित वा सुगठित भएको । ३. राम्ररी सङ्गठित तुल्याइएको ।

**सुसङ्गत–** वि० [सं०] १. पूर्वापर आधार मिली राम्रो सङ्गति देखिने; जुनसुकै दृष्टिले पनि युक्तिसङ्गत । २. राम्रो सङ्गत, सम्पर्क आदि भएको । ना० ३. राम्रो सङ्गत; सत्सङ्ग । > **सुसङ्गति–** ना० राम्रा र असल मानिसहरूसितको बसउठ; राम्रो सङ्गत; सज्जनहरूसितको घनिष्ठता ।

**सुसज्जित–** वि० [सं०] १. हरेक दृष्टिबाट सजिसजाउ; राम्रो हिसाबले तयार । २. हरेक दृष्टिबाट तत्पर ।

**सुसञ्चालन–** ना० [सं०] जुनसुकै कार्यको पनि राम्रो प्रकारले हुने सञ्चालन; राम्रो बन्दोबस्त ।

**सुसञ्चालित–** वि० [सं०] राम्रो तरिकाबाट सञ्चालन गरिएको; सुचारु ढङ्गले चलाइएको ।

**सुसमय–** ना० [सं०] राम्रो वेला; सुअवसर ।

**सुसमाचार–** ना० [सं०] राम्रो समाचार; असल हालखबर; शुभ समाचार ।

**सुसम्पन्न–** वि० [सं०] १. आवश्यक वस्तुहरूले परिपूर्ण; सबै कुराले पूर्ण । २. राम्रो खानदानको; पुगीसरी आएको । ३. धनी; समृद्ध । **– ता–** ना० सुसम्पन्न हुनाको अवस्था वा स्थिति; धनीपना; पुगीसरी; समृद्धि ।

**सुसाइ–** ना० [√ **सुसाउ** (+आइ)] हावा, हुरी, पानी आदि सुसाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुसाइनु–** अ० क्रि० सुसाउने काम होइनु ।

**सुसाउनु–** अ० क्रि० [सं० श्वस्+आउ+नु] हुरी, बतास, पानी आदिको वेगबाट घर्षण पैदा भई 'सुइँसुइँ' शब्द उत्पन्न हुनु ।

**सुसाङ्ख्य–** ना० [सं०] हिसाब गरेर निष्कर्ष निकाल्ने स्वचालित यन्त्र; क्यालकुलेटर ।

**सुसाध्य–** वि० [सं०] १. विनाप्रयास पनि सिद्ध गर्न सकिने; सजिलै सफल हुने । २. एकदम सरल; सजिलो ।

**सुसार–** ना० [सं० शुश्रूषा] बस्तुभाउ, खेतीपाती, केटाकेटी, बिरामी आदिलाई गरिने सेवा वा टहल; सह्यारसम्भार । > **सुसारे–** वि० १. सुसार गर्ने काममा खटिएको; सुसार गर्ने । २. परिचारिकाको काममा खटिएको । ना० ३. सेविका; धाई; नर्स ।

**सुसिक–** ना० [लिम्बू] १. लिम्बूजातिका संस्कारअनुसार गर्भिणी आइमाईको गर्भ तुहाउने भूत । २.अगति परेको आत्मा; दुरात्मा ।

**सुसिद्धि–** ना० [सं०] कुनै कुरामा राम्रो साधना; प्रवीणता; कुशलता ।

**सुसु–** वि० [अ० मू० सु+(द्वि०)] १. अत्यन्त दुब्लो वा पातलो; कमजोर । ना० २. जाडो हुँदा मुखबाट प्रकट हुने शब्द । ३. पिसाब (बालबोली) ।

**सुसुपाल–** वि० [सं० शिशुपाल] दुब्लाएर हाड र छाला मात्र बाँकी रहेको; अत्यन्त दुब्लो ।

**सुसुर्को/सुसुल्को–** ना० [सं० शुश्रूषा] १. सह्यारसम्भार; सुसार । २. घरको सानोतिनो र अलमल्याउने कामकाज; सुसेधन्दा; कोठेधन्दा ।

**सुसे–** वि० [प्रा० सुस्से] १. अत्यन्त दुब्लो वा पातलो; फुकिढल; सुकुटे; सिकटे; सिकुटे । २. तुच्छ; साधारण । ~ **धन्दा–** ना० घरको ओसारपसार, थान्कोमुन्को, राखनधरन आदि सामान्य काम; सुसुल्को । ~ **पाथी–** ना० १. छाप नलागेको पाथी । २. कच्ची पाथीबराबरको नाप । ~ **माना–** ना० १. छाप नलागेको कच्ची मानु । २. कच्ची मानाबराबरको नाप ।

**सुसेल्–नु–** स० क्रि० [सुसेलो+नु] मुखबाट कुनै धुन आउने हिसाबले हावा निकाली सुसु पार्नु; सुसेलो निकाल्नु । > **सुसेलपारा–** वि० १. सुसेल्ने स्वभावको (व्यक्ति) । ना० २. सुसेलोको धुन वा शैली । **सुसेलपारे–** वि० सुसेलपाराको भैँ शैलीको । **सुसेलाइ–** ना० सुसेल्ने क्रिया वा प्रक्रिया । **सुसेलाइनु–** क० क्रि० सुसेल्न लगाइनु । **सुसेलाउनु–** प्रे० क्रि० सुसेल्न लगाउनु । **सुसेलाहट–** ना० सुसेलाइ । **सुसेलिनु–** क० क्रि० १. सुसेल्ने काम गरिनु । अ० क्रि० २. सुसेल्ने हुनु ।

**सुसेली–** ना० [सुसेलो+ई] १. ओठ खुम्च्याएर सास भित्रबाहिर फुक्तै निकालिने एक किसिमको आवाज । २. सल्ला, हावा, आदि सुसाउँदाको आवाज । ३. सुसेलो (गीत, लोकगीत, कविता आदिमा प्रचलित अर्थ) ।

**सुसेलो–** ना० [सुसु+एलो] १. ओठ गोलो बनाएर पौन खिँच्दै वा सास फेर्दै निकालिने भन्डै बाँसुरी आदिको जस्तो मधुर ध्वनि । २. सुस्केरा । ३. हावा वेगले चल्दाको सुइँसुइँ ध्वनि । ४. सल्ला आदिका पात हावामा बज्दाको सरसर ध्वनि । ५. खोलो, नदी आदि बग्दाको स्वाँस्वाँ ध्वनि । ६. गीत वा सङ्गीत (व्यङ्ग्यार्थमा) ।

**सुस्केरा–** ना० [सुसु+कार+आ] १. कुनै मानसिक पीडा वा भौतिक दुःख पर्दा मान्छेका मुखबाट निस्किने लामो उच्छ्वास; सुस्केरो । २. ओठ बज्ने गरी नसुसेली जिब्रो र ओठको घर्षणबाट श्रम,

दिग्दारी वा खेद प्रकट गर्ने उद्देश्यले निकालिने खुइय्य ध्वनिको सुसेलो । ३. हावा, पानी आदि सुसाएको आवाज । ४. सर्प आदिको स्याँकस्याँक ध्वनि । > **सुस्केरी–** ना० सुस्केरा (गीत, लोकगीत र काव्यमा प्रचलित) । **सुस्केरो–** ना० सुस्केरा ।

**सुस्त–** वि० [फा०] १. शारीरिक वा मानसिक रूपमा कमजोर; दुर्बल । २. ढिलो; जुम्सो । ३. उत्साह नभएको; अल्सी । क्रि० वि० ४. सुस्तरी; बिस्तारै; मन्द गतिले । > **सुस्तरी–** क्रि० वि० बिस्तारै; सुस्त हिसाबसँग; सुस्त । **– सँग–** क्रि० वि० बिस्तारै । ~ **सुस्त–** क्रि० वि० लगातार सुस्तरी ।

**सुस्ताइ–** ना० [√ **सुस्ताउ** (+आइ)] १. सुस्ताउने वा विश्राम लिने क्रिया वा प्रक्रिया । २. ढिलोपन; जुम्सो चाल । [ > ] **सुस्ताइनु–** अ० क्रि० १. थकाइ मारिनु । २. सुस्त होइनु ।

**सुस्ताउनु–** अ० क्रि० [सुस्थिर+आउ+नु] १. थकाइ मार्नु, थरक मार्नु; श्रम शान्त गर्नु । [सुस्त+आउ+नु] २. ढिलो हुनु । ३. अल्छी हुनु । > **सुस्ताहट–** ना० सुस्ताइ ।

**सुस्ती–** ना० [फा०] १. बल, गति आदिमा हुने दुर्बलता; कमजोरी । २. ढिलोपन; ढिलासुस्ती; आलेटाले; अलमल । > **सुस्त्याइँ–** ना० सुस्त हुनाको भाव; सुस्तपन; सुस्ती ।

**सुस्थ–** वि० [सं०] स्वस्थ; सारसौँदो । **– ता–** ना० स्वस्थता; सारसौँदोपन । > **सुस्थित–** वि० १. सारसौँदो; स्वस्थ । २. राम्ररी बसेको; राम्रोसँग रहेको ।

**सुस्थिर–** वि० [सं०] राम्ररी स्थायित्व प्राप्त गरेको; स्थिर भएको; सुदृढ; दिगो ।

**सुस्वर–** ना० [सं०] १. राम्रो किसिमको स्वर; सुमधुर आवाज । वि० २. सुमधुर स्वर भएको; मीठो आवाज भएको । **– ता–** ना० १. स्वरको मधुरता; मधुर आवाजको उपस्थिति । २. ध्वनिमाधुर्य ।

**सुस्वाद–** ना० [सं०] मीठो स्वाद; राम्रो स्वाद । > **सुस्वादु–** वि० खाँदा वा सुन्दा अत्यन्त मीठो लाग्ने; अत्यन्त स्वादिलो ।

**सुस्वास्थ्य–** ना० [सं०] स्वास्थ्य (विनय तथा शिष्ट अर्थमा) । ~ **केन्द्र–** ना० स्वास्थ्यनिवास ।

**सुहाइ–** ना० [√ **सुहाउ** (+आइ)] सुहाउने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सुहाइनु–** अ० क्रि० सुशोभित होइनु । **सुहाउँदो–** वि० शोभनीय; शोभावर्धक ।

**सुहाउनु–** अ० क्रि० [सं० शोभा+आउ+नु] १. कुनै आभूषण, परिधान आदिले सुशोभित हुनु । २. एक अर्कासँग बस्दा वा मिल्दा राम्रो देखिनु । ३. गरेको काम, बोलेको वचन, चलेको चाल, खाएको भोजन, लाएको लुगा आदि गर्ने, बोल्ने, चल्ने, खाने, लाउने क्रिया सुहाउँदोमिल्दो हुनु । ४. शोभा बढाउने खालको हुनु ।

**सुहाग–** ना० [सं० सौभाग्य] १. दाम्पत्यको दीर्घताका लागि लगाइने सिन्दूर; सौभाग्य सिन्दूर; ऐँभात; स्वाग । २. सुहागा; स्वाग । ~ **रात–** ना० सौभाग्यरात्रि; मधुरात्रि पतिपत्नीले जीवनमा पहिलोपल्ट दाम्पत्यसुख प्राप्त गरेको रात; प्रेमीप्रेमिकाको प्रेमको उद्देश्य पूरा भएको प्रथम रात ।

**सुहागा–** ना० सुन आदि धातु गलाउन प्रयोग गरिने एकथरी खनिज क्षार; स्वाग ।

**सुहारी–** ना० [सं० सुआहार+ई] घिउतेलमा पकाइएको, मैदाको अत्यन्त पातलो पुरी; हे० स्वारी ।

**सुहृत–** ना० [सं०] आफ्ना मनले खाएको मित्र; शुद्ध र निष्कपट मनोभाव भएको आत्मीय जन । ~ **सम्मति–** ना० मित्रको सल्लाह । ~ **सम्मित–** वि० मित्रको वचन वा सल्लाहजस्तो हितकर (वचन) ।

**सुहृदय–** ना० [सं०] १. पवित्र हृदय; चोखो मन; निश्छल चित्त । वि० २. पवित्र हृदय भएको; चोखो मनको; निश्छल चित्तको ।

**सू–** ना० [बा० बो०] पिसाप; सुसु ।

**सूँड–** ना० [सं० शुण्ड] हे० सुँड ।

**सूकर–** ना० [सं०] सुँगुर ।

**सूक्त–** वि० [सं०] १. ज्ञान र उपदेशयुक्त । २. मीठो किसिमले भनिएको । ना० ३. वेदको मन्त्र वा तिनको समूह; कुनै विषयको आन्तरिक ज्ञानगरिमाले युक्त कथन; वैदिक स्तुति वा प्रार्थना । **– कार–** ना० वैदिक सूक्तको रचयिता ऋषि ।

**सूक्ति–** ना० [सं०] १. मधुर वचन; मीठो बोली । २. महान् वाणी; आप्तवचन । ३. उल्लेखनीय वा उद्धरणीय पङ्क्ति । ~ **माधुरी–** ना० सूक्तिको मधुरता; भनाइमा रहने मिठास । ~ **सङ्ग्रह–** ना० उपदेश वा नीतिसम्बन्धी सूक्तिहरूको सँगालो; सूक्तिसङ्कलन । ~ **सिन्धु–** ना० १. मध्यकालीन नेपाली साहित्यको शृङ्गाररसप्रधान कविताहरूको एक प्रसिद्ध सङ्ग्रह । ~ **सिन्धु काण्ड / सिन्धु पर्व–** ना० उक्त 'सूक्तिसिन्धु' ग्रन्थको परिणामस्वरूप नेपाली साहित्यसंसारमा उत्पन्न काण्ड । ~ **सुधा–** ना० १. सूक्तिरूपी अमृत; अमृततुल्य सूक्ति । २. मृदुवचन; सूक्ति ।

**सूक्ष्म–** वि० [सं०] १. अत्यन्त सानो; आँखाले ठम्याउन गाह्रो पर्ने । २. अति गडेर विचार गरेर मात्र निर्णय गर्न सकिने; गूढ । ना० ३. आध्यात्मिक दृष्टिले विचार गरिने तत्त्व । ४. अलङ्कारशास्त्रअनुसार अर्थालङ्कारको एक भेद । ~ **जलवायु** ना० जल र वायुसम्बन्धी सूक्ष्मतम तत्त्व; सूक्ष्म अध्ययनको विषयका रूपमा लिइएको निकै सानो परिधिको जलवायु । **– ता–** ना० मसिनो वा सूक्ष्म हुने विशेषता वा गुण; मसिनोपना । **– दर्शक यन्त्र–** ना० आँखाले देख्न नसकिने वस्तुहरूलाई देखाउने यन्त्र; आँखामा टाँसेर हेर्दा अत्यन्त सूक्ष्म कुरा ठूलो आकारको देखा पर्ने एक पारदर्शक साधन; आइग्लासको अत्यन्त शक्तिशाली प्रकार; माइक्रोस्कोप; अणुवीक्षण-यन्त्र । ~ **दृष्टि–** ना० १. अत्यन्त मसिनो कुरा पनि देख्ने आँखा वा आँखाको शक्ति । २. अत्यन्त गहिरा कुरा ठम्याउन र निर्णय दिन सक्ने बुद्धि; बलियो अन्तर्दृष्टि । ~ **परीक्षण–** ना० १. कुनै विषयवस्तुको मसिनो जाँच गर्ने काम; छानबिन । २. सूक्ष्मदर्शक यन्त्रद्वारा गरिने रोगाणु आदिको परीक्षण । **– वीक्षण यन्त्र–** ना० सूक्ष्मदर्शक यन्त्र । **– शरीर–** ना० १. पाँच ज्ञानेन्द्रिय, पाँच प्राण, पाँच महाभूत एवं मन र

बुद्धिसमेत सत्र तत्त्वको समूह । २. मृत्युपछि उक्त सत्र तत्त्वहरूमा मिलेको अदृश्य शरीर ।

**सूखा–** वि० [सं० शुष्क] हे० सुखा ।

**सूचक–** वि० [सं०] १. सूचना वा जनाउ दिने; खबर गर्ने । २. गोप्य कुरा भन्ने वा भेद खोल्ने । ना० ३. गुप्तचर विभागको प्रहरी; गुप्ती पुलिस । ४. नाटकको सूत्रधार । ५. सूचीकार । **– पत्ती–** ना० शैक्षणिक प्रयोजनका लागि अक्षर वा वर्ण, शब्द तथा शब्दावली लेखिएका उपयुक्त आकारका बाक्ला कागजका टुक्रा । ~ **पत्र–** ना० सूचना दिने उद्देश्यले लेखिएको वा प्रकाशित गरिएको कुनै पनि लिखत (सूचना, परिपत्र, इस्तिहार, विज्ञापन आदि) । > **सूचकाक्षर–** ना० सङ्क्षेपीकृत शब्द (जस्तो– पं० पण्डित, प्रा० प्राध्यापक इ०) । **सूचकाङ्क–** ना० कुनै वस्तुको घटीबढी मूल्य बताउने लेखा वा तथ्याङ्क ।

**सूचना–** ना० [सं०] १. सम्बन्धित सबैलाई केही कुरो थाहा दिने काम । २. थाहा दिनका निम्ति पठाइएको, टाँसिएको वा प्रकाशित गरिएको लिखत । ~ **अधिकारी–** ना० १. विभिन्न तथ्यहरूको जानकारी दिने अधिकृत; सूचना विभागको अधिकृत । २. समीक्षालयको अधिकृत । ~ **पत्र–** ना० सम्बन्धित व्यक्ति वा समुदायले थाहा पाऊन् भनी मुद्रित वा लिखित रूपमा दिइने जनाउ; सूचना । ~ **पाटी–** ना० कार्यालय, शिक्षालय आदिले आवश्यक सूचनाहरू टाँस्ने गरेको पाटी । ~ **मन्त्रालय–** ना० सूचना, तथ्याङ्क आदिसँग सम्बन्धित मन्त्रालय । ~ **मन्त्री–** ना० जनताका समस्या सरकारसमक्ष र सरकारका आँकडा जनतासमक्ष आदानप्रदान गर्ने मन्त्री; सूचनामन्त्रालयको मन्त्री । > **सूचनालय–** ना० राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहका जुनसुकै आवश्यक तथ्याङ्क, समाचार वा विज्ञप्तिहरू प्रसारित गर्ने र ती विषयसँग सम्बन्धित लेख, पुस्तक, पत्रपत्रिका आदिको प्रदर्शन, प्रकाशन एवं वितरण गर्ने सरकारी कार्यालय । **सूचनीय–** वि० सूचित गर्न लायक; सूचना दिन योग्य ।

**सूचि–** ना० [सं०] १. सियो । २. सुइरो । ३. खापसियो; हापसियो । > **सूचिका–** ना० १. सानो खालको सियो । २. सानो र छोटो सूची; सङ्क्षिप्त फेहरिस्त । ३. सूचना दिने काम गर्ने आइमाई; सूचक स्त्री । **– कार–** ना० हे० सूचीकार ।

**सूचित–** वि० [सं०] सूचना भएको; थाहा दिइएको; विज्ञापित । ~ **आदेश–** ना० सूचनाका माध्यमले दिइने वा दिइएको आदेश; लिखित आज्ञा ।

**सूचि नियम–** ना० [सं०] कुनै विषयलाई तालिकाबद्ध गर्ने नियम; फेहरिस्त तयार पार्ने शिल्प ।

**सूची–** ना० [सं०] १. लुगाफाटो सिउने काममा प्रयोग हुने सियो; सूचि; सुई । २. कुनै वस्तुको तीखो टुप्पो; चुच्चो । ३. कुनै विषयवस्तुको विवरणतालिका; ग्रन्थ, सामान आदिको व्यवस्थित क्रमविन्यास भएको फेहरिस्त; सूचीपत्र । **– करण–** ना० क्रम मिलाएर राख्ने वा प्रस्तुत गर्ने काम; फेहरिस्त; क्रमविन्यास । **– कार–** ना० १. लुगाफाटा सिउने व्यक्ति; लुगा सिएर पेट पाल्ने व्यक्ति; सुजिकार । २. सियोको काम गर्ने व्यक्ति; सियो बनाउने मान्छे । ~ **पत्र–** ना० १. कुनै वस्तुहरूको नामावली, मूल्य, प्राप्यता आदिको विवरण उल्लेख भएको पुस्तिका; तालिका; सूची । २. कुनै विषयवस्तुको सूची भएको पत्र ।

**सूच्य–** वि० [सं०] १. सूचना दिनुपर्ने खालको; सूचित गर्न योग्य । ना० २. नाटकमा अभिनयद्वारा मञ्चन गर्न नसकिने वा अभिनय गर्न अयोग्य मानिने प्रसङ्ग वा घटनालाई संवादद्वारा प्रकट गरिने विषय । > **सूच्यार्थ–** ना० १. सूचना दिइने विषय; सूच्य प्रसङ्ग । २. व्यञ्जना शक्तिद्वारा बोध हुने अर्थ; व्यङ्ग्यद्वारा प्रकट हुने तात्पर्य । क्रि० वि० ३. सूचित गर्ने उद्देश्यले ।

**सूझ–** ना० हे० सुझ ।

**सूत१–** ना० [सं०] १. राजा आदिलाई जागा गराउनका निम्ति बिहान स्तुतिपाठ गर्ने जाति; भाट । २. सारथि; रथको नियन्ता । ३. क्षत्रिय पुरुष र ब्राह्मण जातिकी स्त्रीबाट जन्मिएको सन्तान । वि० ४. जन्मेको; पैदा भएको ।

**सूत२–** ना० हे० सूत२ ।

**सूतक–** ना० [सं०] १. बालक पैदा हुँदा र ग्रहण लाग्दा लाग्ने सुत्केरो; जन्मको आशौच । २. जन्मेको बच्चो; पैदा भएको शिशु । > **सूतकाशौच–** ना० आफ्ना कुलमा बच्चा जन्मनाले पर्ने सूतक; जन्मसूतक; सुत्केरो ।

**सूतिका–** ना० [सं०] १. भर्खरै प्रसूति भएकी स्त्री; भर्खरैकी सुत्केरी; आली सुत्केरी । २. बालकको तिथि, मिति, घडी, पला आदि टिपिएको कागत; टिप्पन । > **सूतिकागार–** ना० सूतिकागृह । ~ **गृह–** ना० सुत्केरी आइमाई बस्ने ठाउँ (घर वा कोठी); सूतिकागार । ~ **वात/वायु–** ना० १. गर्भिणी नारीको प्रसवावस्थामा गर्भ पैदा हुन प्रेरणा गर्ने वायु; प्रसववायु । २. सुत्केरी आइमाईको पेट गडबडाउने वायुरोग ।

**सूती–** ना०हे० सुती ।

**सूत्र–** ना० [सं०] १. कुनै वस्तुबाट तयार भएको तन्तु; धागो । २. जनै; यज्ञोपवीत; ब्रह्मसूत्र । ३. व्याकरण, दर्शन, गणित, विज्ञान आदिका नियमलाई छोटकरीमा बोध गराउने बीजगणितात्मक पद्धति; उक्त पद्धतिको लागि प्रयोग गरिने शब्दसङ्केत वा वाक्यसङ्केत; बीज; फर्मुला । ४. कुनै विश्वस्त र गुप्त खबर । ५. सुराक, ठूलो घटना, षड्यन्त्र आदि कुराहरू पत्ता लगाउने सहायक साधन; सुइँको । ६. कुनै उपाय; जुक्ती; किल्ली; कडी । ७. कुनै विषयको दफा वा आधारभूत बुँदा । ८. वास्तु तथा मूर्तिकलाअनुसार अङ्गुलको नौ गुनाबराबरको नापो; नौ इन्चको नापो । **– कार–** ना० १. सङ्क्षिप्त तर सारगर्भित वाक्यहरूको सूत्र तयार गर्ने आचार्य; सूत्रका प्रणेता । २. सूत वा धागो तयार गर्ने व्यक्ति । > **सूत्रण–** ना० सूत्र तयार गर्ने काम; सूत्र बाँध्ने काम । **– धार–** ना० १. शास्त्रीय नाटकहरूमा रङ्गमञ्चको आन्तरिक व्यवस्था मिलाउने प्रधान नट । २. प्राचीन नेपालको

न्याय-प्रशासनअन्तर्गत न्यायविभागको हालीमुहाली आफ्नै हातमा राख्ने मुख्य व्यक्ति; न्यायिक अधिकृत । – **पात**– ना० १. कार्यको वा घटनाको प्रारम्भिक थालनी । २. घर, बङ्गला आदि बनाउँदा जग्गाको नापनक्सा तयार गर्नका निम्ति नाप्ने टेप, फित्ता वा डोरी जमिनमा फैलाउने काम । ३. प्रारम्भ; मूल । उठान । ४. प्रादुर्भाव । – **पिटक**– ना० बुद्ध धर्मका दीर्घ, मध्यम, संयुक्त, एकोत्तर र क्षुद्रकसमेत पाँच निकायका सूत्रहरूको सङ्कलन; सूत्रहरूको पेटारो । ~ **सञ्चालक**– ना० गुप्त रूपले घटना, कार्य आदिका सूत्र र युक्तिहरूको सञ्चालन गर्ने राजनीतिक व्यक्ति; दुरभिसन्धिक । > **सूत्री**– वि० सङ्ख्या, नाम, विशेषण आदि शब्दका सूत्रसम्बन्धी अर्थ जनाउने शब्द (जस्तै– दीर्घसूत्री, पञ्चसूत्री इ०) । **सूत्रीय**– वि० १. सङ्ख्यावाचक शब्दका उत्तरपदस्वरूप प्रयोग भई विशेषण जनाउने शब्द; सूत्रसम्बन्धी (जस्तै– दस सूत्रीय, चौध सूत्रीय आदि) । २. कुनै विद्वान्ले प्रणयन गरेका सूत्रसँग सम्बन्धित ।

**सूधो**– वि०हे० सुधो ।

**सूनसान**– ना०हे० सुनसान ।

**सूप**– ना० [सं०]१. पकाएर खान तयार पारिएको दाल । २. दाल, तरकारी, मास, गेडागुडी आदि खानेकुराको झोल; रस । – **कार**– ना० भान्छे; पाचक । – **कारिता**– ना० १. पाकशिल्प; पकाउने गुण; भान्सेको विशेषता । २. सूप बनाउने शिल्प । ~ **शास्त्र**– ना० पाकशास्त्र ।

**सूपो**– ना० हे० सुपो ।

**सूरो**– वि० हे० सुरो ।

**सूर्य**– ना० [सं०]१. दिनमा आकाशमा देखिएर प्रकाश र ताप दिने; ज्योतिषशास्त्रले ग्रह तर ज्योतिषविज्ञानले तारा मानेको, बाह्य अन्तरिक्षको एक बल्दो लोक; घाम; बेला; सुर्जे । २. ज्योतिषशास्त्रअनुसार नौवटा ग्रहमध्येको पहिलो ग्रह । ३. पृथ्वी, मङ्गल, बुध आदि ग्रहहरूद्वारा परिक्रमा गरिने एक विशाल तेजपुञ्ज । ~ **कपाली**– ना० दिनमा घाम छउन्जेल दाहिनेपट्टिको आधा कपाल दुख्ने रोग; अधकपाली; अधाहा । – **कान्त**– १. किरण छिर्दा एकै ठाउँमा केन्द्रीभूत हुन जाने हुनाले सो किरण कुनै वस्तुमा पर्दा आगोसमेत पैदा हुन सक्ने, काँचको साधन । २. स्फटिक । ~ **ग्रह**– ना० १. ज्योतिषशास्त्रका अनुसार सूर्य । २. सूर्य अनिष्टकारी हुँदा लाग्ने ग्रहदशा । ~ **ग्रहण**– ना० १. औँसीका दिनमा सूर्यमा चन्द्रमाले ढाक्दा देखिने अँध्यारो टाटो; सूर्यकै रेखामनि चन्द्रमा र चन्द्रमाका मनि राहु (छाया वा टाटो) पर्न गई सूर्यमा सो छाया परेको समय; सूर्यखग्रास । २. उक्त समयमा गरिने धार्मिक विधि । ~ **नारायण**– ना० घाम; घामदेउता; सूर्यदेव । – **पथ**– ना० पृथ्वीको घुमाइले गर्दा सूर्य हिँडेझैँ देखिने मकररेखाबीचको मार्ग । – **पाक**– वि० घाममा सुकाएर तयार पारिएको (औषधी इ०) । ~ **पुराण**– ना० सूर्यको महात्म्यको वर्णन गर्ने पुस्तक । ~ **फुल**– ना० घाम लाग्दा फुल्ने र घाम अस्ताउँदा लुत्रुक्क परेर खुम्चने, रातो डाँठ र अमलाका जत्रा मसिना पात हुने रातो, प्याजी, पहेँलो आदि रङको फूल । – **मणि**– ना० ज्यादै टल्कने, एक पुराकथात्मक मणि । ~ **मण्डल**– ना० १. सूर्यको वरिपरि देखिने तेजिलो बिम्ब वा घेरो । २. सूर्य, तारा र ग्रहहरूको परिवार । – **मुखी**– ना० १. सूर्यतिर फर्केर फुल्ने, सूर्य छेकिँदा ओइलाएजस्तो भई खुम्चिने एक जातको फूल; अजम्बरी । २. घामको किरणमा आगो पार्ने एक प्रकारको काँच । ३. सूर्यकान्त मणि । ~ **वंश**– ना० पुराण आदिका अनुसार विवस्वान् नामका सूर्य र तिनकी पत्नी संज्ञाद्वारा उत्पन्न वैवस्वत मनुले पत्नी श्रद्धातिरबाट जन्माएका सन्तानको वंश; इक्ष्वाकु, निमि आदि राजकुल । ~ **वंशी**/**वंशीय**– वि० सूर्यवंशसँग सम्बन्धित; सूर्यवंशको । ~ **विनायक**– ना० काठमाडौँ उपत्यकामा भक्तपुर नगरका दक्षिणतर्फ स्थित एक प्रसिद्ध गणेश; नेपाल खाल्टाका चार विनायकमध्ये एक । ~ **शक्ति**– ना० सूर्यको तापबाट उत्पन्न हुने शक्ति; सौर इन्धनबाट प्राप्त हुने शक्ति; सौर मण्डलबाट उत्पन्न हुने बल; सौर शक्ति । – **सुता**– ना० यमुना नदी । – **स्नान**– ना० सूर्यका किरणले सम्पूर्ण शरीरमा छुने गरी खुला ठाउँमा बसेर घाम ताप्ने काम; आतपस्नान । > **सूर्यास्त**– ना० दिन समाप्त भएर सूर्य अस्ताउने काम; घाम डुब्ने काम; बेलबुडाइ; घामडुबाइ । **सूर्योदय**– ना० बिहान सूर्य उदाउने काम; घामझुल्को; घामझुल्काइ । **सूर्योन्मुख**– वि० १. सूर्यको सम्मुख खडा भएर वा सूर्यलाई हेरी अर्पण गरिने (सामग्री, उपचार) । २. सूर्यलाई सामु पारी बसेर सूर्यका माध्यमबाट गरिने (उपचार, स्वास्थ्योपचार) । **सूर्योपासक**– ना० सूर्यको उपासना गर्ने भक्तजन; सूर्यपूजक व्यक्ति । **सूर्योपासना**– ना० १. सूर्यको पूजा, जप, अर्चना, आराधना आदि; सूर्यको भक्ति । २. सूर्यको पूजा गर्ने सम्प्रदाय । ३. उक्त पूजाको विधि ।

**सूल**– ना० [सं० शूल]१. शूल; पीडा; व्यथा । २. पेट दुख्ने रोग ।

**सूली१**– ना० हे० सुली२ ।

**सूली२**– ना० हे० सुली२ ।

**सृजना**– ना० [सं० सृजन] कुनै वस्तु वा कृतिको आविष्कार; सिर्जना; सृष्टि; रचना ।

**सृजनात्मक**– वि० [सं०] रचनासम्बन्धी; रचना गर्ने; रचनाको; रचनात्मक । – **ता**– ना० रचनासम्बन्धी गुण; उत्पादनक्षमता; उत्पादनशीलता । ~ **शक्ति**– ना० कुनै कृति वा वस्तु सिर्जना गर्न सक्ने प्रतिभा; सिर्जना गर्ने क्षमता ।

**सृष्टि**– ना० [सं०]१. बनाउने वा पैदा गर्ने काम; सिर्जना । २. उत्पत्ति; जन्म; पैदा । ३. संसारको रचना; विश्वको उत्पत्ति । ४. सम्पूर्ण भौतिक जगत्; चराचर; विश्व; संसार; ब्रह्माण्ड । – **कर्ता**– ना० १. कुनै कुराको सिर्जना गर्ने तत्त्व वा व्यक्ति । २. संसारको सिर्जना गर्ने तत्त्व । ३. ब्रह्मा; प्रजापिता । ~ **विज्ञान**– ना० भौतिक जगत्का सम्पूर्ण वस्तुहरूको सृष्टि, विकास आदिको विवेचना र विश्लेषण गरिएको शास्त्र; सृष्टिसँग

सम्बन्धित विद्या । ~ **विद्या–** ना० सृष्टिविज्ञान ।

**सेँध–** ना० [सं० सुरन्ध्र] चोरले घर फोर्नका लागि घरका गारामा वा जगमा पारेको प्वाल ।

**सेउ–** ना० [स्याखु] पातले छोपिएको घुम; ओतो; छल्लो ।

**सेउली–** ना० १. बिहा, व्रतबन्ध वा अन्य शुभ कार्यका निम्ति तयार गरिने पैयुँ, सिमाली, शमी आदिका पातीसहितका ससाना हाँगा । २. धामीले जोखना हेर्दा र मन्त्र पढेर झारफुक गर्दा हातमा लिने स्याउलो ।

**सेउलो–** ना० छाप्रो हाल्न, सोत्तर ओछ्याउन वा अरू कुनै प्रयोजनले काटिएको, रूखको हरियो डालो; स्याउलो ।

**सेक्‌-नु–** स० क्रि० [सं० सेचन] १. कुनै वस्तु वा शरीरको कुनै अङ्गमा आगाको तातो पर्न दिनु । २. पोल्नु; सेकाउनु; तताउनु । ३. एक वस्तुद्वारा अर्को वस्तुमा तापसङ्क्रमण गराउनु । ४. सह्यारसुसार गर्नु; हेरचाह गर्नु । ५. बदमासी गर्नेलाई पिट्नु वा ठटाउनु । ६. घाम आदिले पोलेर कष्ट दिनु । ७. टुट्टा वा नोक्सान पार्नु; खती गर्नु । ८. पानी छर्कनु; अभिषेक गर्नु ।

**सेक–** ना० [सेक्+अ] १. सूक्ष्म रूपले जलको वा तेजको प्रभाव अङ्गमा पर्ने काम । २. आगो, हावा, घाम आदिमा कुनै वस्तु तताउने वा पकाउने काम; सेक्ने काम । ३. कुनै तातो वस्तुद्वारा कुनै अङ्गलाई सेकताप गर्ने काम; सेकाइ । ~ **ताप–** ना० १. सेकेर तातो पार्ने काम; तताउने काम । २. सेक्ने र तताउने काम; घाम, आगो आदिका तापबाट सेकाउने काम । ३. सह्यारसम्भार; सेवाटहल । – **साक–** ना० सेक्नेवर्ने काम ।

**सेकरिन–** ना० [अङ्०] चिनीजस्तै गुलियो तर मधुमेहका रोगीले खाँदा केही बिगार नगर्ने एक पदार्थ ।

**सेकाइ–** ना० [√ **सेक** (+आइ)] सेक्ने किसिम, क्रिया वा भाव । [ > ] **सेकाइनु–** क० क्रि० १. सेक्ने काम गरिनु; तताइनु । २. बदमासी गर्ने फटाहालाई सजाय दिइनु; यातना दिइनु । **सेकाउनु–** स० क्रि०/प्रे० क्रि० १. ताप, राप वा आगोमा राखेर तताउनु वा पोल्नु; त्यसरी तताउनु वा पोल्न लाउनु । २. सास्ती दिनु वा दिलाउनु । **सेकिनु–** क० क्रि० सेकाइ पूरा गरिनु; सेकाइनु ।

**सेकी–** ना० [सं० शेष+ई] १. शेष । २. जुठोपुरो; बाँकीसेकी ।

**सेकुवा–** वि० [सं० सेक्+उवा] १. आगो, बिजुली आदिमा सेकाएर तयार पारिएको, नुन, मरमसला आदिमा मली रापमा सेकाइएको (माछा, मासु आदि) । ना० २. सेकेर खान तयार पारिएको माछा वा मासु ।

**सेकेन्ड–** ना० [अङ्०] १. मिनेटभन्दा कम अवधिका समयको एकाइ; मिनेटको साठीऔँ अंश । वि० २. दोस्रो दर्जाको; मध्यम खालको ।

**सेक्रेटरी–** ना० [अङ्०] १. सचिव । २. मन्त्री । > **सेक्रेटेरियट–** ना० सचिवालय ।

**सेक्सन–** ना० [अङ्०] कुनै वस्तु वा कार्यक्षेत्रको विभाग; फाँट; शाखा । ~ **अफिसर–** ना० फाँटवाला हाकिम; शाखा-अधिकृत ।

**सेख–** ना० [सं० शेष] १. कुनै विषय वा वस्तुको अवशेष; उबार; बाँकी । २. मृत्यु; मरण (उदा०– बाबुको सेखपछि छोरो घरको मालिक हुन्छ ।) । ३. पैतृक सम्पत्ति; अंश । – **पछि–** क्रि० वि० मृत्युउप्रान्त; शेषपछि ।

**सेखासेख–** ना० [सं० सेख+सेख] १. परस्परको प्रतिद्वन्द्विता; होडबाजी । २. एकअर्कामा तँ वीर कि म वीर भनेर चम्किने काम; तुजुक ।

**सेखी–** ना० [फा० शेखी] १. आफैँ मात्र ठूलो, राम्रो, योग्य आदि भएको देखाउने अहंभाव । २. त्यसरी कसैसँग जोरी खोज्ने वा फुर्ती देखाउने काम; अभिमान; घमन्ड; तुजुक । ३. व्यर्थको रबाफ वा ढाँचा । – **बाज–** वि० सेखी गर्ने; घमन्डी । – **वाल–** वि० सेखी भएको; सेखी गर्ने; तुजुकवाला ।

**सेचक–** वि० [सं०] पानी छर्कने; सिञ्चन गर्ने; अभिषेक गर्ने ।

**सेचन–** ना० [सं०] १. तरल वस्तुको छर्काइ; छिटाछिटा छर्कने काम । २. मन्त्र-उच्चारणका साथै पवित्र जल छर्कने धार्मिक कार्य; अभिषेक । ३. पानीद्वारा गरिने सिँचाइ । ४. पुरुष र स्त्रीका सम्भोगक्रियामा प्रजननशील जीवाणुकोषको संयोग हुने प्रक्रिया ।

**सेज–** ना० [सं० शय्या > प्रा० सज्जा] बिछ्यौना; शय्या; ओछ्यान ।

**सेट्‌-नु–** स० क्रि० [सिटो+नु] कुनै वस्तुलाई मिल्दोजुल्दो बनाउन ठोक्नु; कुनै व्यक्तिलाई अनुशासित हुन बाध्य तुल्याउनु; सिट्नु ।

**सेट–** ना० [अङ्०] समानधर्मी काममा आउने वस्तुहरूको समुदाय; एकै प्रयोजनमा एकअर्काका पूरक भई आउने अनेकौँ वस्तुको समुदाय; बाना ।

**सेटलमेन्ट अफिसर–** ना० [अङ्०] तत्कालीन श्री ५ को सरकार सर्भे विभागअन्तर्गत जग्गा नापजाँच गराउने नापीगोस्वाराको मुख्य हाकिम ।

**सेटाइ–** ना० [√ **सेट** (+आइ)] सेट्ने क्रियाप्रक्रिया । [ > ] **सेटाइनु–** प्रे० क्रि०/स० क्रि० सेटेर अनुशासित तुल्याइनु । **सेटाउनु–** प्रे० क्रि० सेटेर अनुशासित तुल्याउनु । **सेटिनु–** क० क्रि० सेटाइद्वारा अनुशासित पारिनु ।

**सेठ–** ना० [सं० श्रेष्ठ] १. धनाढ्य व्यक्ति; धनधान्यले पूर्ण भएको मान्छे; महाजन । २. ठालु; प्रतिष्ठा कमाएको व्यक्ति । – **साहुकार–** ना० माथिल्ला तहका व्यापारी महाजन । > **सेठानी–** ना० १. सेठकी पत्नी; सेठकी स्त्री । २. धनाढ्य आइमाई । **सेठिनी–** ना० सेठानी ।

**सेड–** ना० [अङ्०] ना० १. बस, कार, मोटरसाइकल आदि यानलाई घाम, पानीबाट जोगाउन बनाइएको ओतसहितको स्टचान्ड; छायासहितको यानबिसौनी । २. घाम, पानी, हावा आदि छल्ने साधन; ओत वा ओड ।

**सेडा–** ना० [अङ्०] केन्द्रीय आर्थिक विकास तथा प्रशिक्षण केन्द्रको सङ्क्षिप्त रूप (सेन्ट्रल इकोनोमिक डेभलपभेन्ट एसोसिएसन) ।

**सेताम्मे–** वि० [सं० श्वेत+अम्मय > अम्म] १. फुटेर, छरिएर,

फुलेर वा फैलिएर सबैतिर सेतैसेतो भएको (कपास, काँस, सिमल, केश आदि)। ना० २. त्यसरी व्याप्त भएको सेतो दृश्यावली। क्रि० वि० ३. सेतोपनले ढाक्ने वा छोप्ने गरी। (उदा०– रामको कपाल कम उमेरमै सेताम्मे भइसक्यो)।

**सेती**– ना० [सेतो+ई] १. नेपालको कर्णालीप्रदेशमा पर्ने एक प्रसिद्ध नदी। २. गण्डकी अञ्चलमा माछापुछ्रे हिमालको काखबाट पोखरा उपत्यका हुँदै गण्डकीमा मिल्न पुग्ने एक नदी। वि० ३. सेतो वर्णकी (स्त्री); गोरी। ~ **अञ्चल**– ना० नेपालका चौध अञ्चलमध्ये पूर्वको मेची अञ्चलदेखि गणना गर्दा तेह्रौँमा पर्ने एक अञ्चल। ~ **गेडी**– ना० लालगेडीजस्तै तर सेतो रङको गेडा फल्ने एक लहरो; त्यसै लहराको फल। ~ **बेनी**– ना० नेपाल अधिराज्यको पर्वत जिल्लामा पर्ने कालीगण्डकी र सेती नदीको सङ्गमस्थल; सेती दोभान। ~ **मकै**– ना० सेतो रङका गेडा फल्ने मकै। – **माटी**– ना० १. घर पोत्ने काममा प्रयोग हुने माटो; कमेरो। २. कमेरे माटो भएको ठाउँ।

**सेतु**– ना० [सं०] १. खोलानाला आदि पार गर्न वल्ला तीरदेखि पल्ला तीरसम्म, सिमेन्ट, फलाम, काठ आदिका साधनबाट बनाइएको साँगु; साँघु; पुल। २. पुलेसो। – **बन्ध**– ना० १. पुल बनाउने काम; सेतु बाँध्ने काम। २. भारतको रामेश्वरम् भन्ने ठाउँमा लङ्का जानका निम्ति समुद्रमा रामचन्द्रले निर्माण गरेको भनी पुराणमा वर्णित एक पुल। ३. रामायणका अनुसार उक्त पुल बनाउँदाको अभियान। ४. उक्त पुलको निर्माणसँग सम्बन्धित रामायणको अंश।

**सेतो**– ना० [सं० श्वेत] १. दूध, कमेरो, चून आदिको जस्तो रङ; श्वेत। वि० २. उक्त रङको। ~ **आतङ्क**– ना० १. अश्वेत जातिउपर श्वेत जातिले गरेको आतङ्क। २. प्रगतिवादी विचारकहरूका दृष्टिमा वर्तमान युगमा ध्रुवीकरणको विकासमा पश्चिमी राष्ट्रहरूले खेलेको गलत भूमिका। ~ **कुश**– ना० कुशका भेदमध्ये सेतो जातको कुश; श्वेतकुश। ~ **खयर**– ना० रातो र सेतो रङ्ग निस्कने दुई खालका खयरमध्ये पानमा हालिने चाहिँ खयर; श्वेतखदिर।। ~ **गायो**– ना० सेतो पित्त आउने रोग; अमल पित्तको रोग। ~ **गिद्ध**– ना० गिद्धको सेतो प्रकार। ~ **चना**– ना० ठूलो जातको चना; काबुली चना। ~ **चुल्सी**– ना० झन्डै एक सेन्टिमिटरसम्म उँचाइको, गाँठेगुँठे काण्ड हुने, सेतो फूल फुल्ने, आयुर्वेदका अनुसार बच्चाबच्चीका मुखमा घाउखटिरा आउँदा धूलो बनाएर प्रयोग गरिने वनस्पतिविशेष। ~ **जाई**– ना० चैतवैशाखमा सेता रङ्गका, जाईका आकारको फूल फुल्ने, सुगन्धित बास्ना आउने एक जातको लहरो; त्यसैको फूल। – **ठाडे**– ना० १. सेतो भावको एक जातको धान। २. त्यसै धानको चामल। ~ **ढुकुर**– ना० चुच्चो र खुट्टामा रातो रङ भई बाँकी जीउ सेतो हुने एक थरी ढुकुर। ~ **तित्रो**– ना० सेतो रङको तित्रो चरो। ~ **दुबो**– ना० बन्सोका आकारका सेता पात हुने, फूल नफुल्ने एक थरी बगैँचे झार। ~ **दुभी**– ना० सेतोसेतो दाग देखिने एक प्रकारको चर्मरोग; पाण्डुरोगको एक भेद। ~ **भन्टा**– ना० प्याजी रङ्गको फूल फुल्ने र सेतो रङको फल फल्ने भन्टा। ~ **भालु**– ना० उत्तरको ध्रुवीय प्रदेशका हिउँमा हुने, सेतो रङको भालु; ध्रुवीय प्रदेशमा पाइने विशेष किसिमको प्रसिद्ध भालु। ~ **भिँडा**– ना० सेतो भन्टा। ~ **मरिच**– ना० मरीचको कालो र सेतो भेदमध्ये कालोभन्दा बढी गुणकारी मानिने र नचाउरिने, उज्जर रङको दाना हुने मरीच। ~ **रुदिलो**– ना० सेतो फूल फुल्ने रुदिलो वृक्ष। ~ **सतीबयर**– ना० उज्जर रङका दाना फल्ने सतीबयर। ~ **सिमाली**– ना० सेता दाना फल्ने एक जातको सिमी।

**सेना**– ना० [सं०] युद्ध, शान्तिसुरक्षा आदिका निम्ति तालिम दिई तैनाथ गरिएका सशस्त्र सैनिक जवानको समुदाय; फौज; पल्टन। >**सेनाध्यक्ष**– ना० जल, स्थल, वायु आदि सेनाको प्रमुख; प्रधान सेनापति। ~ **नायक**– ना० १. सेनाका कुनै एक गुल्मको नायक; गणनायक। २. सेनाध्यक्ष। **सेनानिवेश**– ना० आवासीय प्रबन्धसहित सेना रहने ठाउँ; ब्यारेक; सैनिक छाउनी। **सेनानी**– ना० सेनाको उच्च अधिकृत पद वा दर्जा; गणनायक (मेजर)। – **पति**– ना० सेनाका कुनै गुल्मको प्रमुख; सेनानायक। **सेनापत्य**– ना० सेनापतिको पद वा दायित्व। – **बेना/मेना**– ना० १. कुनै वीर पुरुष वा देवताका प्रमुख सैनिक, सामान्य सिपाही, वाहन आदिको समूह। २. आश्रित व्यक्तिहरूको समुदाय; स्यानब्यान। – **वास**– ना० सैनिक निवास; छाउनी। ~ **रहित**– वि० सैनिक व्यवस्था विनाको; विनासेनाको (व्यवस्था वा राजनीति)। ~ **सौभाग्य भास्कर**– ना० कुनै रणक्षेत्रमा शत्रुसँग देशको शान्तिसुरक्षाका निम्ति बहादुरीसाथ लड्ने नेपाली सेनाका अधिकृत जवानलाई प्रदान गर्ने गरिएको पदक।

**सेन्ट१**– ना० [अङ्०] १. सुगन्धित बास्ना आउने तरल पदार्थ। २. पानीरूपमा हुने अत्तर। ३. राम्रो बास्ना।

**सेन्ट२**– ना० [अङ्०] बेलाइतको कम मूल्यको मुद्रा।

**सेन्टर**– ना० [अङ्०] १. मध्य स्थान; केन्द्रीय भाग; केन्द्र। २. कुनै परीक्षा वा काम हुनका निम्ति तोकिएको ठाउँ; अखाडा; गौँडा; घाट। >**सेन्टरी**– ना० १. पालोमा तैनाथ गरिएको प्रहरी। २. पाले।

**सेन्ट्रल**– वि० [अङ्०] केन्द्रको; केन्द्रतहमा रहने; केन्द्रीय (जस्तो– सेन्ट्रल जेल = केन्द्रीय कारागार)।

**सेन्सर**– ना० [अङ्०] १. पत्र, पत्रिका, सूचना, चलचित्र, पुस्तक, विज्ञापन आदि विषयमा कुनै आपत्तिजनक कुरा भएनभएको जाँच्ने कार्य। २. अभिव्यक्ति, प्रकाशन, प्रचार आदिमा सरकारद्वारा लगाइने प्रतिबन्ध। ~ **बोर्ड**– ना० सेन्सर गर्ने जिम्मेदारी भएको समिति।

**सेप्–नु**– क्रि० वि० [सं० सिक्त] १. धागो, दाम्लो आदिलाई पानी लगाई खूब घोट्दै बाट्दै गरी नफुक्ने बनाउनु। २. ठीक हिसाबले काम नगर्नेलाई ऐँचमा राख्नु; सेट्नु। ३. ढेस्सिनु। ४.

दबाएर राख्नु; उठ्न नदिनु । ५. छेडपेच गर्नु; व्यङ्ग्य प्रहार गर्नु ।

**सेप१**– ना० १. रूख, कान्ला आदिको छाया पर्ने ठाउँ; सेपिलो ठाउँ । २. ओसिलो जमिन; चिस्यान ठाउँ ।

**सेप२**– ना० गाईवस्तुको सा आउँदा सुतमा देखिने तथा भाले खोज्न चटारिएको सङ्केत मिल्ने, रालजस्तै सेतो तरल पदार्थ; सेफ; पशुको रज ।

**सेपाइ**– ना० [√ **सेप्** (+आइ)] सेप्ने भाव, क्रिया वा प्रक्रिया । [>] **सेपाइनु**– क० क्रि० सेप्न लाइनु । **सेपाउनु**– प्रे० क्रि० सेप्न लाउनु । **सेपिनु**– क० क्रि० सेप्ने काम गरिनु; सेपाइमा पारिनु ।

**सेपिलो**– वि० [सेप+इलो] कान्ला, रूख आदिका सेपले पहार लाग्न नपाउने; ओसिलो; सर्दी लाग्ने; चिसो ।

**सेपे**– ना० [सेप+ए] काठको सानो सन्दुस; बाकस ।

**सेप्टी१**– ना० [अ० मू० स्याप्+टी] १. दुब्ला गाला । २. गाला (उपेक्षार्थमा) । ३. दुब्लाउँदा गालाका दुवैतर्फ देखिने खाल्टो ।

**सेप्टी२**– ना० [अङ्०] १. दौरा, सुरुवाल, बर्को आदिका किनारमा जोडी सिइने कपडाको सानो पेटी; सन्जाप; पाटी । ३. घरका झ्यालढोका, खट्प्वाल आदिमा लगाइने सानो काठ । ३. गारोको तलो छाप्ने ठाउँमा भित्र र बाहिर वारपार हुने किसिमले राखिने लामो काठ; सेप्री; लिन्टल । ~ **पिन**– ना० कपडा, कपाल आदि वस्तुलाई सुरक्षित ढङ्गले राख्न र मिलाउन काम लाग्ने खास प्रकारको सियो । ~ **रेजर**– ना० दाह्री आदि काट्ने ब्लेडलाई सुरक्षित किसिमले जड्न मिल्ने खास प्रकारको छुरा ।

**सेप्रि-नु**– अ० क्रि० [सेप्रो+इ+नु] सेप्रो वा डाम्रो हुनु; स्याप्प पर्नु ।

**सेप्री**– ना० [अङ्० सेफ्टी] गाराको सुरक्षाका लागि जडिने काठ; सेप्टी ।

**सेप्रो**– वि० [अ० मू० स्याप्+रो] भित्रपट्टि दह्रो र गुदीदार नहुनाले सुकेर स्याप्प्राक्क परेको; चाउरी परेको; स्याप्प परेको ।

**सेप्र्याइ**– ना० [√ **सेप्रि** (+याइ)] १. सेप्रिने क्रिया वा प्रक्रिया । [सेप्र्याउ+आइ] २. सेप्र्याउने क्रियाप्रक्रिया । [ > ] **सेप्र्याइनु**– क० क्रि० सेप्रो पारिनु । **सेप्र्याउनु**– स० क्रि०/प्रे० क्रि० सेप्रो पार्नु; सेप्रो पार्न लाउनु । **सेप्र्याहट**– ना० सेप्र्याइ ।

**सेफ१**– ना० [अङ्०] घर, दोकान, ब्याङ्क आदिका दामी भण्डारमा सुन-चाँदी, धनमाल आदि दामी वस्तु सुरक्षित राख्ने काममा व्यवहार गरिने मोटो फलामको दराज वा बाकस (तिजोरी) ।

**सेफ२**– ना० [सं०] १. पुरुषजातिको जननेन्द्रिय; लिङ्ग । २. सेप ।

**सेफा**– ना० [नेफाको अनु० द्वि०] फरियाको गज छोटो भएका खन्डमा नेफा र सारीका बीचमा गाँसिने लामो कपडा; फरियाकै रङ्ग र बुट्टाका किसिमको धरो ।

**सेम**– ना० [भो० ब० सिङ] आगो बाल्ने कामका लागि तयार गरिएका काठका टुक्रा; दाउरा ।

**सेमिनार**– [जर्म०] कुनै विषयका बारेमा सामूहिक रूपले गरिने छलफल; विचार-सङ्गोष्ठी ।

**सेयर**– ना० [अङ्० शेयर] कुनै साझा व्यापारमा लगाइएका सम्पत्तिको भाग वा हिस्सा; साझेदारी । ~ **धनी**– ना० सेयरको मालिक; साझेदार । ~ **होल्डर**– ना० सेयर लिने व्यक्ति; सेयरधनी; साझेदार ।

**सेर्-नु**– स० क्रि० [सं० क्षरण] काट्ने हतियारले चट्ट नछिनाई बिस्तारै धसेर काट्नु; रेट्नु ।

**सेर१**– ना० [सं०] पुरानो प्रणालीको तौलमा मनको चालीसौँ भाग; असी तोला तौलको परिमाण ।

**सेर२**– ना० [फा० शेर] १. सिंह । २. वीर पुरुष; बहादुर मानिस ।

**सेर३**– ना० [फा० शेर] १. दुई पङ्क्तिमा कुनै भावको पूर्णता आउने गरी लेखिने एक प्रकारको फारसी वा उर्दू कविता ।

**सेर४**– ना० [सेल] नेपालको पश्चिमी भेकमा मही फटाई बनाइने एक प्रकारको रोटी ।

**सेरबानी**– ना० [फा० शेरबानी] घाँटी टम्म हुने र फेर घुँडासम्म आउने, ओभरकोटका छाँटको बाहिरी पोसाक ।

**सेरा१**– ना० [फा० सेराब] १. सिमसार परेको र फाँटिलो खेत; चिस्यान जमिन । २. राजारजौटाहरूले आफैँ रोपाइँ गरी धान कमाउने खेत; राजाको खेती । ३. ठूलो खेत; माणी खेत ।

**सेरा२**– वि० [फा० शेर] धनको जगरसेठ; ठूलो धनी ।

**सेराइ**– ना० [सेर् (+आइ)] सेर्ने क्रिया वा प्रक्रिया । [ > ] **सेराइनु**– क० क्रि० सेर्न लाइनु; सेरिने तुल्याइनु । **सेराउनु**– प्रे० क्रि० सेर्न लाउनु; रेटाउनु ।

**सेरालो**– ना० [सेरा+लो] सेराको रेखदेख गर्ने प्रमुख कर्मचारी; कम्तिया ।

**सेराहट**– ना० [सेर्+आहट] १. सेराइ । २. शोषण; ठगी ।

**सेराहा**– वि० [सेर्+आहा] १. सेर्ने काम गर्ने । २. शोषक; ठग ।

**सेरिनु**– क० क्रि० [सेर्+इ+नु] सेर्ने काम गरिनु; रेटिनु ।

**सेरेन्जा**– ना० [धिमा०] गजाले रेटेर बजाइने, चारवटा तार हुने, सारङ्गीजस्तो तारबाजा ।

**सेरोफेरो**– ना० [सेरो+फेरो] १. कुनै जग्गाजमिन, घरघडेरी आदिका हाताभित्र पर्ने सबै ठाउँ; कुनै जग्गा, जमिनको वरिपरिको भाग । क्रि० वि० २. सर्वत्र; चारैतिर ।

**सेर्पा**– ना० [भो० ब०] हिमाली वर्गको एक नेपाली जाति; स्यार्बा । > **सेर्पाली**– ना० १. सेर्पा जातिले गाउने गीत; लोकगीतको एक भाका । २. सेर्पा जातिको भाषा । वि० ३. सेर्पासम्बन्धी; सेर्पाको ।

**सेर्बानी**– ना० [फा० शेरवानी] सेरबानी कोट ।

**सेर्मा**– ना० [तिब्ब० सेर् (=सुन)+मा] १. पाखो जमिनमा लाग्ने सरकारी पोत; जग्गाको तिरो । २. लिम्बू जातिको एक थर ।

**सेल्-नु**– स० क्रि० [सं० शीलन] छेड्नु; छेडेर उन्नु; सेला पार्नु ।

**सेल**– ना० [√ सेल्+अ] धानका चामलको पीठोमा दाउन र गुलियो मिलाई पानीमा रयालेर ताई आदिमा तातेको घिउतेलमा रिङ आकारको पारेर बनाइने रोटी; घुमाउने रोटी; जेब्रे ।

**सेला**– ना० [सेल्+आ] सेलेर सुकाएको वा सुकाउन झुन्डचाएको

\1saroj\Sabdkosh\Dict'sa'.p65



मासु ।

**सेलाइ**– ना० [√ **सेल्** (+आइ)] १. सेल्ने वा उन्ने क्रियाप्रक्रिया । [सेलाउ+आइ] २. सेलाउने वा चिसो हुने किसिम, क्रिया वा भाव । [ > ] **सेलाइनु**– अ० क्रि० १. सेलाउने हुनु; चिसिनु । क० क्रि० २. सेलिनु; उनिनु ।

**सेलाउनु**– अ० क्रि० [शीतल+आउ+नु] १. तातो वस्तु चिसो हुनु; ठन्डा हुनु । २. जोस, प्रतिभा, उत्साह आदि कुरा घट्दै जानु । स० क्रि० ३. तातो वस्तु चिसो पार्नु । ४. देवताको निर्माल्य जल, पुष्प, मूर्ति आदि वस्तु पवित्र ठाउँमा लगेर विसर्जन गर्नु । ५. मृतकको शव जलाउनु; दाहसंस्कार गर्नु । प्रे०क्रि० [सेल्+आउ+नु] सेल्न लगाउनु ।

**सेलिया**– ना० [सं० शिर+इया/शैल+इया] नाच्ने आइमाईले लाउने पुरानो किसिमको एक गहना; सेलियापगरी । ~ **पगरी**– ना० सेलिया ।

**सेली**– ना० [सं० शैल+ई] १. पगरीका वरिपरि लगाइने सुनको सिक्री वा मोतीको लहर; तोडा । २. सेलिया ।

**सेलो१**– ना० [भो० ब०] भोटे, तामाङ, सेर्पा आदिका लोकगीतको चरणमा सात वा आठ अक्षर हुने लय; सेलो गीत ।

**सेलो२**– ना० [सेल्+ओ] १. मासु, कुभिन्डो आदि काटेर बनाएको लामो तुन्द्रो; मासुको टुक्रो । २. पिँडालु, कर्कलो आदिका कन्दबाट निस्केको ससाना टुसामध्ये कुनै एक । ३. काँडो; बाण (जस्तो– बिखको सेलो) ।

**सेल्टि-नु**– अ० क्रि० [सिल्टो+इ+नु] १. भोकले आत्तिएर मर्न खोज्नु; भोकाउनु । २. मर्नु; सास जानु । > **सेल्टचाइ**– ना० सेल्टिने वा सेल्टचाउने क्रियाप्रक्रिया । **सेल्टचाइनु**– क० क्रि० सेल्टिने तुल्याइनु । **सेल्टचाउनु**– प्रे० क्रि०/स० क्रि० सेल्टिने तुल्याउनु ।

**सेवक**– वि० [सं०] १. सेवाटहल गर्ने; सह्यारसुसार गर्ने; सेवी । २. सेवन गर्ने; उपयोग गर्ने । ना० ३. देवदेवीको भक्त; आराधक । ४. नोकरचाकर; परिचारक; भृत्य ।

**सेवडा**– ना० [हि०] १. संन्यासीहरूको एक प्रकार; एक प्रकारको संन्यासी । [सेव+डा] २. नुन, मसला आदि मिलाएको मैदा मुछी बेलेर चारपाटे पर्ने गरी काटेर घिउमा पकाइएको खाद्य; काटेको निम्की ।

**सेवती**– ना० [सं० सेमन्ती] सेतो गुलाफ ।

**सेवन**– ना० [सं०] १. सुस्वास्थ्यका निम्ति औषधी प्रयोग गर्ने काम । २. पुरश्चरण; उपासना । ३. सत्सङ्ग, तीर्थ, देवस्थल आदिमा सधैँ बस्ने वा जाने काम; देवार्चन । ४. सेवा गर्ने काम; सेवाकार्य; परिचर्या । ५. पालन; पालना । ६. नियमपूर्वक गरिने प्रयोग; अभ्यास । ७. उपभोग; उपयोग । > **सेवनीय**– वि० सेवा गर्न योग्य; सेवन गर्न योग्य ।

**सेवन्ती**– ना० [सं०] लहरो भएर थाँक्रोमा चढ्ने र सेतो फूल फुल्ने गुलाफ वा सोही फूल; वनमल्लिका; सेवती ।

**सेवा**– ना० [सं०] १. शारीरिक, मानसिक, वाचिक आदि सबै पक्षले गरिने देवदेवी आदिको आराधना; उपासना; अर्चना । २. मान्य जनको सम्मान । ३. सरकारी वा गैरसरकारी तहमा तलब लिएर गरिने काम; नोकरी । ४. आफ्नो रुचिअनुसार सार्वजनिक हित वा जनकल्याणका निम्ति गरिने काम; उपकार । ५. मानसिक र शारीरिक स्वास्थ्यका निम्ति नियमित रूपले गरिने व्यवहार । ६. तीर्थ, व्रत, सत्सङ्ग आदि हुने ठाउँमा नियमपूर्वकको बसाइ । ७. टहल; चाकरी । ~ **अवधि**– ना० १. अटुट रूपले सेवामा रहेको समय । २. सैनिक, प्रहरी, निजामती, विश्वविद्यालय आदिका विभिन्न पदअनुसारको नोकरी गर्न मिल्ने अवधि; सेवाका लागि तोकिएको उमेरको हद । ३. सेवामा प्रवेश गर्न पाउने उमेरको हद । ~ **आयोग**– ना० सेवामा संलग्न हुनेहरूको भर्ना, बहाली, खोसुवा आदिका निम्ति गठित आयोग । ~ **कालीन**– वि० सेवा गर्दै गरेका अवस्थाको; सेवाकालको । ~ **कालीन प्रशिक्षण**– ना० कुनै पनि सेवामा प्रवेश भइसकेका शिक्षक तथा अन्य कर्मचारीको व्यावसायिक तथा बौद्धिक प्रवीणता वा क्षमतावृद्धिका लागि दिइने प्रशिक्षण । ~ **पट्ट**– ना० नेपाली सेनामा प्रशंसनीय सेवा गर्ने बिल्लादार र सो भन्दा माथिका व्यक्तिहरूलाई प्रदान गर्ने गरिएको पदक । ~ **बिर्ता**– ना० सेवक वा नोकरचाकरहरूलाई तलबबापत उत्पादन खानू भनी पहिलेपहिले दिइने गरेको बिर्ता । ~ **मुक्त**– वि० सेवाबाट मुक्त; उमेरको हद नाघी सेवाबाट हटेको । – **मुखी**– वि० सेवामा भर पर्ने; सेवा रुचाउने । – **युक्त**– वि० सेवा गरिएको; सेवासँग सम्बन्धित । ~ **योजक**– ना० कुनै सरकारी वा गैरसरकारी तहमा कामदारहरूलाई नियुक्त गर्ने व्यक्ति वा अङ्ग; सेवानियोजक । ~ **वृत्ति**– ना० १. सेवा वा नोकरी गरेर जीवननिर्वाह गर्ने काम । २. देवदेवालय, मठमन्दिर आदिको सेवा गरी चलाइने जीविका । ~ **समर्पण**– ना० सेवाका लागि पूर्ण रूपले आफूलाई गरिने समर्पण ।

**सेवालय**– ना० [सं०] असहायहरूको सेवा, सहायता गर्ने स्थल ।

**सेविका**– ना० [सं०] नोकर्नी; चाकर्नी; परिचारिका; दासी । ~ **गण**– ना० सेविकाहरूको समूह वा मण्डली ।

**सेवित**– वि० [सं०] १. सेवा गरिएको; शुश्रूषा गरिएको; सुसार गरिएको । २. पूजा गरिएको; आराधना गरिएको ।

**सेवितव्य**– वि० [सं०] सेवा र सम्मान गर्न योग्य; सेवा गर्नुपर्ने; सेव्य ।

**सेवी**– वि० [सं०] १. सेवा वा टहल गर्ने; सेवक । २. उपभोग गर्ने; सेवन गर्ने । ३. आराधक; उपासक । ४. कुनै शब्दका पछिल्तिर लागि त्यस वस्तुको सेवा गर्ने वा सेवन गर्ने भन्ने अर्थ बुझाउने उत्तरपद (जस्तै–मदसेवी, ईश्वरसेवी आदि) ।

**सेवोपहार**– ना० [सं०] १. सेवा गरेबापत दिइने उपहार; सेवकले पाउने उपहार । २. उपादान ।

**सेव्य**– वि० [सं०] सेवितव्य; सेवनीय ।

**सैँतिस–** ना० [प्रा० सत्ततीसइ <सं० सप्तत्रिंशत्] १. तीसमा सात जोड्दा बन्ने सङ्ख्या; छत्तीस र अठतीसका बीचको सङ्ख्या; ३७-को अङ्क । वि० २. उक्त सङ्ख्या वा अङ्कबराबरको । >**सैँतिसौँ–** वि० सैँतीस सङ्ख्याको क्रममा पर्ने; छत्तीसपछिको पहिलो ।

**सैँतीस–** ना० हे० सैँतिस । >**सैँतीसौँ–** वि० हे० सैँतिसौँ ।

**सैतान–** ना० [अ० शैतान] १. इस्लाम र इसाईका मतअनुसार दुष्टता र दुर्जनको प्रतीक मानिएको एक देवयोनि । २. भूतप्रेत वा पिचास । वि० ३. बदमास; दुष्ट । > **सैतानी–** वि० १. सैतानसम्बन्धी; सैतानको । ना० २. सैतानको काम; बदमासी; दुष्टता ।

**सैद्धान्तिक–** वि० [सं०] १. सिद्धान्तका आधारमा चल्ने; सिद्धान्तको अनुयायी । २. सिद्धान्तको; सिद्धान्तसम्बन्धी । ४. सिद्धान्त जान्ने; सिद्धान्तविद् । ~ **समालोचना–** ना० साहित्यशास्त्रीहरूले निर्माण गरेका सिद्धान्तको आधारमा काव्यकृतिको समालोचना गरिने पद्धति । ~ **स्वर–** ना० १. उच्चारणअवयवको स्थितिको आधारमा स्वरवर्णको उच्चारणको आनुकल्पिक सम्भावनाबिन्दु; शास्त्रीय स्वरवर्ण; शास्त्रीय मूल स्वर । २. अन्तर्राष्ट्रिय ध्वनिशास्त्रीय वर्णमालाले स्वीकार गरेको स्वरवर्ण ।

**सैन१–** ना० १. पहाडको शिखरभन्दा केही तलको, सम्म परेको, बस्ती, खर्क र गौचरको निम्ति अनुकूल ठाउँ । २. खर्क; खर्के पाखो ।

~ **शासन–** ना० जान

**सैन२–** ना० [अङ्० साइनस] सइन । ~ **खटिरो–** ना० भयानक रूपको एक खटिरो ।

**सैनिक–** ना० [सं०] १. सेनामा भर्ना भएको व्यक्ति; पल्टनिया जवान; सिपाही; योद्धा । वि० २. सेनासम्बन्धी; फौजसम्बन्धी । ~ **अदालत–** ना० सैनिकहरूका विरुद्धको मुद्दामामिला हेर्ने अदालत । ~ **कानुन–** ना० सैनिक अदालत तथा प्रशासनसित सम्बन्धित कानुन । ~ **जेल–** ना० सैनिक (सेना र प्रहरी) कानुनअनुसार कसूरदार सैनिक जवानलाई थुनामा राख्ने ठाउँ; कालकोठरी; कोतगारत । – **ता–** ना० १. सैनिकको स्वभाव वा गुण । २. सैनिकजीवन; युद्ध । ~ **तालिम–** ना० सैनिक जवानलाई दिइने युद्ध गर्ने, हतियार चलाउने, व्यायाम गर्ने आदि तालिम । ~ **तालिम केन्द्र–** ना० सैनिक जवानलाई तालिम दिइने ठाउँ वा स्कुल । ~ **दीर्घ सेवापट्ट–** ना० सैनिक सेवामा अविच्छिन्न पच्चीस वर्ष सेवा गर्ने सैनिकलाई प्रदान गरिने पदक । ~ **द्रव्यकोश–** ना० सैनिक सेवामा काम गर्ने कर्मचारीहरूको तलबबाट महिनैपिच्छे कट्टा गरी जम्मा हुने र सेवामुक्त भएपछि पाउने सञ्चित धन; सैनिकको सञ्चयकोष । ~ **न्यायालय–** ना० युद्ध र सेनासम्बन्धी मुद्दामामिला हेर्ने इजलास; सैनिक अदालत । ~ **परिचारिका–** ना० सैनिकस्वास्थ्य केन्द्रमा नर्सको काम गर्ने आइमाई; सैनिक सेविका । ~ **विद्रोह–** ना० कुनै देशका सर्वोच्च शासकका विरुद्ध त्यस देशका सेनाद्वारा गरिने विद्रोह; सैनिक क्रान्ति । ~ **विनय निर्देशक–** ना० सेनामा सैनिक तालिम दिने अधिकारी (डाइरेक्टर अफ मिलिटरी ट्रेनिङ) । ~ **शिक्षा केन्द्र–** ना० सेनालाई तालिम दिने स्कुल । ~ **शिक्षाधिकृत–** ना० सैनिक शिक्षाकेन्द्रका हाकिम । ~ **सङ्गठन–** ना० सैनिक वर्गको सामाजिक, बौद्धिक आदि विकास र सैनिक सेवाको सुदृढीकरणका लागि भएको व्यवस्थित सङ्गठन; सेनाको सुदृढीकरण । ~ **सचिव–** ना० सैनिक विभागको प्रशासकीय उच्च अधिकारी (मिलिटरी वा सैनिक सेक्रेटरी) । ~ **सहचारी–** ना० जुनसुकै देशका राजदूतावासमा रही सेनासम्बन्धी मामिला हेर्ने, दक्षताप्राप्त कूटनीतिक अधिकारी । ~ **सेवा–** ना० निजामती सेवा र प्रहरी सेवाभन्दा छुट्टै सैनिकहरूतर्फको सेवा । ~ **सेवा पदक–** ना० नेपाली सेनामा दस वर्षसम्म अविच्छिन्न रूपमा प्रशंसनीय सेवा गर्ने कर्मचारीलाई प्रदान गरिने पदक । ~ **स्वास्थ्य केन्द्र–** ना० सेनाको उपचारका निम्ति बनेको अस्पताल । ~ **स्वास्थ्य सेवा निर्देशक–** ना० सेनामा स्वास्थ्यसम्बन्धी कार्यक्रमको निर्देशन र सञ्चालन गर्ने उच्च पदाधिकारी । ~ **हिरासत–** ना० १. सैनिकहरूद्वारा नियन्त्रित थुनाघर । २. उक्त थुनाघरमा थुन्ने वा थुना पर्ने कार्य । > **सैनिकीकरण–** ना० उमेर पुगेका बालिग नागरिकलाई अनिवार्य सैनिक शिक्षा दिई सेनामा प्रवेश गराउने नीति वा कार्यक्रम ।

**सैन्धव–** वि० [सं०] १. सिन्धु देशमा भएको; सिन्धुसम्बन्धी । २. सिन्धु वा समुद्रसम्बन्धी । ३. समुद्रमा हुने वा पाइने । ना० ४. सिन्धुदेशमा हुने घोडाको एक जात । ५. सिँधेनुन । > **सैन्धवी–** ना० ग्रीष्म ऋतुमा गाउँदा शोभनीय हुन्छ भनी बताइएको एक रागिनी ।

**सैन्य–** वि० [सं०] १. सेनासँग सम्बन्धित; सेनाको । ना० २. सिपाही; सैनिक । ३. पल्टन; सेना; फौज । – **वास–** ना० सेनाको आवास; शिविर; छाउनी । ~ **विनियोजन–** ना० देशका सङ्कटकालमा युद्धमा भर्ना गरिएका सेनालाई आवश्यकता पूरा भएपछि सेवाबाट छुट्टी दिने काम; सेनाको विघटन वा बर्खासी । ~ **शक्ति–** ना० १. सेनाको भरमा चल्ने शक्ति । २. फौजको शक्ति । ~ **सज्जा–** ना० सेनालाई हतियारले सुसज्जित तुल्याई युद्धका वा सुरक्षाका निम्ति सधैँ तयार राख्ने काम ।

**सैर–** ना० [अ०] १. मन बहलाउनका निमित्त गरिने पर्यटन; वरपरतिर घुमेर गरिने मनबहलाउ । २. पदयात्रा । ३. यात्रा ।

**सैरन्ध्री/सैरिन्ध्री–** ना० [सं०] १. अन्तःपुरमा वा नाटक आदिका मञ्चमा शृङ्गारको काम गरेर जीवनवृत्ति चलाउने महिला; रूपसज्जाको काममा खटिएकी सेविका । २. द्रौपदी ।

**सैल–** ना० [अ० सैर] सयल; सैर ।

**सैलुङ–** ना० [भो० ब०] जनकपुर अञ्चलअन्तर्गत पूर्व दुई नम्बर क्षेत्रमा पर्ने एक अग्लो र प्रसिद्ध लेक ।

**सैवाल–** ना० [सं० शैवाल] पानी जमेका ठाउँमा पलाउने हरियो रङको झ्याउ; सिमाली; जलसिमाली । ~ **समुद्र–** ना० झारहरूले

घेरिएको समुद्र ।

**सैसैला–** ना० [अ० मू०] रूखका लामा हाँगाबिँगामा वा लचिला वस्तुमा झुन्डिएर वा बसेर हल्लिँदै खेलिने खेल; बालक्रीडाको एक प्रकार; चच है ।

**सो–** सर्व० [सं० सः] १. पहिले उल्लेख भइसकेका वस्तुका नामको सट्टामा प्रयोग हुने सर्वनाम; त्यो । वि० २. उक्त; त्यही; निज । (उदा०– सो कुरो मैले बुझिनँ) ।

**सोँठो–** ना० [सं० सोट्ट] १. मोटो लट्ठी; ठूलो घोचो; लाठो । २. लाठाको प्रहार; लट्ठीको हनाइ ।

**सोँस–** ना० [सं० शिशुमार] कालो वा खैरो रङको पिठिउँ, सेतो रङको छाती र लामो थुतुनु हुने एक जातको स्तनपायी जलचर; गुँज (डल्फिन माछो) ।

**सोइपरी–** क्रि० वि० [सो+पर्+ई] त्यसमा पनि; अझ; झन् अझ । (उदा०– ऊ मकहाँ आफैँ आउनुपर्ने थियो, सोइपरी मैले त डाकेकै हुँ ) ।

**सोइला/सोइलो–** ना० [सं० शलाका] १. गाडी वा हलामा लगाइने, गोरु वा राँगाका जुवामा ठोकिने काठको छोटाछोटा डन्डी; जुवामा गोरु वा राँगाको गर्दनलाई यताउति सर्न नदिन जडिएको सोही साधन । २. काठको तीखो, लामो कुनै पनि ठेडी वा सुइरो ।

**सोकाउनु–** अ० क्रि० [सोक+आउ+नु] शोकमा पर्नु; शोकग्रस्त हुनु; सोगाउनु ।

**सोकेस–** ना० [अङ्०] कुनै वस्तुहरू प्रदर्शन गर्दा वा बेच्दा सुरक्षित राख्न सिसा ठोकेर बनाइएको दराज; प्रदर्शनी वा बिक्रीका नमुना सुरक्षित रूपमा राख्न बनाइएको पारदर्शक वस्तु जडिएको दराज वा कुनै पनि वास्तुशिल्प ।

**सोक्पा–** ना० [भो० ब०] हिमालयका गुफातिर बस्ने र जङ्गली मान्छे भनी प्रसिद्ध एक पुराकथात्मक वा दन्त्यकथात्मक प्राणी; हिममानव; यती; याँठे ।

**सोक्याहा–** वि० [शोक+याहा] जतिखेर पनि शोकै मात्र गरिरहने; शोक गर्ने स्वभावको; चिन्तालु; सुर्तालु ।

**सोख–** ना० [अ० शौक] १. आफूलाई मन परेको वस्तुको सङ्ग्रह, उपभोग आदि गर्ने प्रबल चाहना; इच्छा । २. सुख; ऐसआराम; आनन्द; अयस । > **सोखिन–** वि० सोखी (कलाकार, खेलाडी, शिल्पी आदि); सौखिन । **सोखिलो–** वि० सोख गर्ने स्वभाव भएको; सोखी; आमोदप्रेमी । **सोखी–** वि० १. कुनै विषयमा चिन्ता नगर्ने । २. कुनै व्यवसाय, शिल्प, कला वा क्रीडामा पेट पाल्ने उद्देश्यले नलागी केवल मन बहलाउने उद्देश्यले लागेको; सौखिन ।

**सोख्ता–** ना० [फा० सोख्त] मसी आदि सोस्ने काममा प्रयोग हुने खस्रो किसिमको बाक्लो कागत; सोस्ता (ब्लटिङ पेपर) ।

**सोगाउ-नु–** अ०क्रि०हे० सोकाउनु ।

**सोघा–** ना० [लिम्बू०] लिम्बू संस्कृतिमा मान्छेलाई अकाल मृत्युको सिकार बनाउँछ भनी विश्वास गरिने एक प्रेत ।

**सोच्-नु–** स० क्रि० [सं० शोचन] १. विचारमा डुबेर चिन्तन गर्नु; मनन गर्नु । २. शोकसुर्ता गर्नु; अपशोच गर्नु । > **सोच–** ना० १. कुनै विषयमा विचारमग्न हुने काम; मनन; सोच्ने काम । २. सङ्ग्रह; जोरजाम; सञ्चय; साँच । ३. मनमा पर्ने चिन्ता; मनको पीर । **सोचना–** ना० १. चिन्तन गर्ने काम; विचारगराइ । २. चिन्तन; सोचविचार गरेर मात्रै गरिने कुनै निर्णय । ३. विवेकदृष्टि; बुद्धिको सदुपयोग । ४. सोचाइ वा विचारगराइ । **सोचाइ–** ना० सोच्ने भाव, क्रिया वा प्रक्रिया । **सोचाइनु–** क० क्रि० सोच्न लाइनु । **सोचाउनु–** प्रे० क्रि० सोच्ने गराउनु; विचार गराउनु । **सोचिनु–** क० क्रि० सोच्ने काम गरिनु; विचार गरिनु ।

**सोज–** ना० [सं० शोच/सुझ] १. सोचविचार गर्ने काम; सोझ । २. कुनै वस्तु जोरजाम गरेर जोगार गर्ने काम; जोहो; जगेडा । ३. सुझ ।

**सोजा–** ना० [मोजाको अनुकरण सादृश्य] गोडामा मोजाभन्दा बाहिरपट्टि लगाइने जुत्ताका आकारको कपडा आदिको वस्तु ।

**सोझ–** ना०हे० सोज ।

**सोझासोझी–** ना० [सोझो+सोझो] १. आमुन्नेसामुन्ने; आम्नेसाम्ने । क्रि० वि० २. विना छलकपट; इमानदारीसाथ; हाक्काहाक्की ।

**सोझिनु–** अ० क्रि० [सोझो+ई+नु] १. सीधा हुनु; बाङ्गोको विपरीत हुनु । २. भनेको मान्ने हुनु; नबटारिनु । ३. उद्देश्यतिर उन्मुख भई अघि बढ्नु । क० क्रि० ४. सोझो पारिनु ।

**सोझी–** क्रि० वि० [सोझो+ई] १. सामुन्ने; एकदमै सीधैं; सामु पारेर; सोझै । २. कतै वा कहीँ पनि नरोकिईकन; सरासर; कतै नअलमलिई ।

**सोझेटो–** ना० [सोझो+टो] सोझो बाटो; चोर बाटो; पियालो ।

**सोझेरी–** क्रि० वि० [सोझो+एरी] १. सीधासाधा हिसाबले; बाङ्गोटिङ्गो नगरी; सोझै । २. छलकपटविना । ना० २. सोझो मति; सोझो कार्य; सोझो वचन ।

**सोझै–** क्रि०वि० सीधै; सरासर; सोझी ।

**सोझो–** वि० [प्रा० सोभ्भ] १. बाङ्गोको विपरीत; सीधा । २. छलकपट नगर्ने; इमानदार; सरल स्वभावको । ~ **कुरा–** ना० भएको साँचो कुरा; खसोखास । ~ **मन–** ना० शुद्ध चित्त; असल नियत । ~ **मुख–** ना० फर्कोफर्को नगरेको वा नरिसाएको मुख । ~ **हात–** ना० आफूले ताकेको ठाउँमा लाग्ने हात ।

**सोझ्याइ–** ना० [√ **सोझि** (+याइ)] सोझिने क्रिया वा प्रक्रिया । [ > ] **सोझ्याइनु–** क० क्रि० सोझो पारिनु; सीधा बनाइनु । **सोझ्याउनु–** प्रे० क्रि०/स० क्रि० सोझो पार्नु; सीधा गर्नु; सोझो वा सीधा पार्न लगाउनु ।

**सोट्टा–** ना० [अ० मू० स्वाँठ+आ] १. कसैलाई पिट्ने काममा प्रयोग गरिने लट्ठी; डन्डा; सोँट्टा । २. सिर्कनु; छडी । ३. सन्ठी । > **सोट्टिनु–** अ० क्रि० डन्डाद्वारा लाग्नु; पिटाइ हुनु; कुटिनु । **सोट्ट्याइ–** ना० सोट्ट्याउने भाव, क्रिया वा प्रक्रिया । **सोट्ट्याइनु–**

क० क्रि० सोट्टैसोट्टाले पिटिनु; गोदाइनु । **सोट्ट्याउनु–** स० क्रि०/प्रे० क्रि० लट्ठीले मार गोद्नु वा गोदाउनु; चुट्नु वा चुटाउनु ।

**सोठा–** ना० [सोँठा] १. कपडा सिउने मेसिनको धागो बेर्ने कागतको टोक्रो ।

**सोठो–** ना० [सोँठो] १. मोटो लट्ठी; लामो घोचो; सोँठो । २. सोठाको प्रहार ।

**सोडा–** ना० [फा० शोर] १. लुगाफाटा, भाँडाकुँडा आदि धुने काममा प्रयोग गरिने पाउडरजस्तो धूलो क्षार पदार्थ । २. पानीमा मिलाएर वा रोटी आदि उकास्ने काममा प्रयोग गरेर खाइने वस्तु; खाने सोडा ।

**सोडातोडा–** ना० [(द्वि०) सोडा+तोडा = तोडासोडा] चर्सासँग लगाइने रकमको नाम ।

**सोडा पानी–** ना० [सोडा+पानी] सोडा र एस्कर्बिक एसिडसमेत मिलाई बोतलमा बन्द गरिएको पानी; सोडादार पानी ।

**सोतर–** ना० [सं० शोषास्तर > प्रा० सोसअत्त > सोहत्त+र] १. पलुवा पशुहरूलाई थलो ओबानो राख्नका निम्ति ओछ्याइने सुक्खा पातपत्कर आदि । २. बिछ्याइने काममा प्रयोग हुने एक जातको उन्यूँ; सोत्रे उन्यूँ । वि० ३. बिरामी भई पसारो परेको; लम्पसार परेको । ४. जथाभावी छरिएको ।

**सोताङ्गी–** ना० [सोताङ्ग+ई] १. सोताङ्गवर्गका किराती जातिहरूले बोल्ने भाषाको नाम । वि० २. सोताङहरूको; सोताङसम्बन्धी ।

**सोताला–** ना० [भो० ब०] आदरका रूपमा लोग्नेमानिसलाई प्रयोग गरिने शब्द ।

**सोती–** ना० [सोतो+ई] १. तेर्सो परेको ठाउँमा सलल बगेर पानी जाने ठाउँ; सोतो परेको ठाउँ । २. पहाडको काखमा रहेको मसिना गरा भएको सानो खेत । ३. नेपालका बाहुनछेत्रीको एक थर । ४. घरभित्रको एक कोठाबाट अर्को कोठामा जाने वा भित्रबाहिर गर्ने छेडो (कोराइडर) ।

**सोते–** ना० [सोतो+ए] १. बाँस काटेर बनाइएको (चिलिम जड्न हुने) हुक्का । २. बाँसको हुक्का । वि० ३. सोतो परेको ।

**सोतो–** ना० [सं० स्रोत] १. सोझो, साँघुरो र लाम्चो परेको बाटो वा ठाउँ । २. सुलुत्त परेको वस्तु । ३. बादल, धूवाँ, ज्योति आदिको मुस्लो । ४. पानीको भुल्को; जलप्रवाह; स्रोत । ५.ससानो कुलो ।

**सोत्रि-नु–** अ० क्रि० [सोतर+इ+नु] १. सोतरझैँ जथाभाबी छरिनु; बग्रेलो हुनु । २. धराशयी भएर सामूहिक रूपमा ढल्नु ।

**सोत्रे–** ना० १. रुघामर्कीको रोग । २. मौरीका भन्दा केही साना बोट र अलि फुस्रा पात हुने एक वृक्ष । ~ **उन्यु–** ना० सोतर बनाउने काममा प्रयोग हुने एक जातको उन्यू; उन्यूँको एक भेद । > **सोत्र्यान–** ना० १. सोतरझैँ जतासुकै छरिने काम; असरल्ल भई लम्पसार पर्ने काम । २. सोतर बनेका वस्तुहरूको समूह । **सोत्र्याम्म–** क्रि० वि० १. जथाभावी सुत्ने वा गन्द्र्याङ्ग लड्ने गरी । वि० २. सोत्तर परेको; सोत्रिएको ।

**सोदर–** वि० [सं०] एउटै गर्भबाट जन्मेको; आफ्नै आमाका गर्भबाट जन्मेको; सहोदर । > **सोदरा–** वि० एकै गर्भबाट जन्मिएकी; सहोदरा । **सोदरीय–** वि० एकै गर्भको; सहोदर ।

**सोदाहरण–** वि० [सं०] उदाहरणसहितको; प्रस्ट पार्नका निम्ति उदाहरणसमेत दिइएको । क्रि० वि० २. उदाहरणका साथमा ।

**सोद्देश्य–** वि० [सं०] १. उद्देश्यसहितको; उद्देश्यले युक्त भएको; उद्देश्य राखिएको । क्रि० वि० २. उद्देश्यका साथमा ।

**सोध्-नु–** स० क्रि० [सं० शोधन+नु] १. कसैलाई कुनै कुराको प्रश्न गर्नु । २. जवाफ माग्नु; निधो माग्नु । ३. शुद्ध गर्नु; संशोधन गर्नु । ४. खारखेर गर्नु; बयान लिनु । ५. औषधीहरू परिशोधन गर्नु; दबाई बनाउनु ।

**सोध–** ना० [सं० शोध] लिएको रकम फिर्ता गर्ने काम; सट्टाभर्ना ।

**सोधनी–** ना० [सोध्+अनी] सोध्ने काम; सोधाइ; प्रश्न; सबाल ।

**सोधपुछ–** ना० [सोध्+ हि० पुछ] प्रश्नगराइ; केरकार ।

**सोध भर्ना–** ना० [सोध्+भर्ना] पहिले लिएको रकम वा जिन्सी आदि पछि भर्ना गर्ने काम; लिएको बढी रकम, तलब, भत्ता आदिबाट कट्टा गरी हिसाब मिलाउने काम; सट्टाभर्ना ।

**सोधाइ–** ना० [√ **सोध्** (+आइ)] सोध्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सोधाइनु–** क० क्रि० सोध्ने काम गराइनु; सोध्न लाइनु । **सोधाउनु–** प्रे० क्रि० सोध्ने काम गराउनु; सोध्न लगाउनु । **सोधिनु–** क० क्रि० सोध्ने काम गरिनु ।

**सोपाधि–** वि० [सं०] उपाधि वा दर्जासहितको उपाधि । > **सोपाधिक–** वि० उपाधिले सहित वा युक्त भएको; उपाधिसहितको ।

**सोपान–** ना० [सं०] भऱ्याङ; लिस्नो ।

**सोप्प्राक्क–** क्रि० वि० [अ० मू० सोप्प्राक्+क] हे० सुप्रुक्क ।

**सोफा–** ना० [अङ्०] कपास, फोम आदिका साथै स्प्रिङसमेत जडी बाहिरबाट कपडा आदिको आवरण हाली तयार पारिएको अडेसदार लामो बेन्च । ~ **सेट–** ना० सोफा र आवश्यक अन्य वस्तुको बाना (कुर्सी, टेबुल इ०) ।

**सोभान–** ना० [सं० सुवाणी] राम्रो आनीबानी; सुबान । ~ **साही–** ना० एकीकरणपूर्वको जुम्ला राज्यका अन्तिम कल्यालवंशी राजा ।

**सोभिता–** ना० [सं०] रछाया रङको, एक प्रकारको निकेलजस्तो धातु ।

**सोम१–** वि० १. धेरै समयसम्म सुतिरहने; सुताहा । २. अल्सी; लोसो । ३. बितेबिग्रेको वास्तै नगर्ने; कुनै कुराको पर्वाह नभएको । ४. कृपण; किरन्टोकी ।

**सोम२–** ना० [सं०] १. जून; चन्द्रमा । २. आइतबारका भोलिपल्टको बार; सौँबार । ३. देवताहरूले पान गर्ने अमृत; सोमरस । ४. सोमलता ।

**सोमत–** ना० [अ० सोहबत] १. राम्रो किसिमको आनीबानी । २. सभ्य आचरण; सभ्यपन; सदरियापन । ३. शिष्टता; भद्रता । > **सोमतिलो–** वि० राम्रो स्वभाव र आचरण भएको; सोमती । **सोमती–** वि० राम्रो सोमत भएको ।

\1saroj\Sabdkosh\Dict'sa'.p65



**सोमतीर्थ–** ना० [सं०] भारतको काठियाबाड प्रदेशमा रहेको एक प्राचीन तीर्थस्थल; प्रभासतीर्थ ।

**सोमनाथ–** ना० [सं०] सोमतीर्थमा रहेका मन्दिरमा रहेको शिवको मूर्ति; बाह्रवटा ज्योतिर्लिङ्गमध्ये प्रसिद्ध एक लिङ्ग ।

**सोमपान–** ना० [सं०] १. सोमलताको रसपान गर्ने काम; सोमरसको पान । २. मदिरापान गर्ने काम ।

**सोमपायी–** वि० [सं०] सोमरस पान गर्ने (व्यक्ति) ।

**सोमबार–** ना० [सं० सोमवासर] सातोटा बारमध्ये दोस्रो बार; आइतवार र मङ्गलवारबीचको दिन; सौँबार । > **सोमबारे–** वि० सौँबारका दिनको; सौँबारसम्बन्धी; सोमबारे ।

**सोमयज्ञ/सोमयाग–** ना० [सं०] विधिपूर्वक संस्कार गरिएको सोमरस पान गरेर सम्पन्न गरिने प्रसिद्ध एक वैदिक याग ।

**सोमरथ–** ना० [सं०] सोमलता वा सोमरसलाई यज्ञस्थलमा ल्याउने रथ ।

**सोमरस–** ना० [सं०] १. सोमलता नामको लहराबाट निकालिने, देवताहरूले पान गर्ने रस । २. सोमरसले झैँ मत्याउने पेय पदार्थ; भाङ ।

**सोमलता–** ना० [सं०] चन्द्रमाका कला वृद्धि र ह्रास भएझैँ शुक्लपक्षमा दिनहुँ पात पलाउँदै र कृष्णपक्षमा झर्दै गएर औँसीका दिन डाँठ मात्र बाँकी रहने, हिमालयतिर हुने एक लहरो ।

**सोमवंश–** ना० [सं०] अत्रि ऋषिका आँखाबाट जन्मिएका चन्द्रमाका सन्तान मानिने एक पौराणिक क्षत्रियवंश । > **सोमवंशी–** वि० सोमवंशको । **सोमवंशीय–** वि० सोमवंशी; चन्द्रवंशी ।

**सोमवती–** वि० [सं०] १. सोमवार र औँसी तिथि मिलेको (दिन) । ना० २. सौँबारे औँसी ।

**सोमवल्लरी/सोमवल्ली–** ना० [सं०] सोमलता ।

**सोमवार–** ना० हे० सोमबार ।

**सोयुज–** ना० [रुसी] सोभियत रुसले तयार गरेको चन्द्रलोक जाने रकेट वा विमान ।

**सोर१–** ना० [सं० स्वर] १. आवाज; ध्वनि; स्वर । [फा० शोर] २. चर्को हल्ला; कोलाहल; खलबल । – **गुल–** ना० धेरै मानिसको हल्ला; कोलाहल ।

**सोर२–** ना०हे० सोह्र ।

**सोरठी–** ना० [प्रा० सोरट्ठ] गुरुङ, मगर आदि जातिमा प्रचलित गीतिनाटचको एक भेद । ~ **मादल–** ना० सोरठी नाचमा नाच्ने गर्राहरूले भिरेर बजाउने मादल ।

**सोरत्र–** क्रि० वि० [सं० सर्वत्र] १. जतातते; सबैतिर । २. पूरै बनिबनाउ हुने गरी । वि० ३. सर्वाङ्ग अनुकूल परेको ।

**सोरही–** ना० [सोह्र+ई] सोह्र मुठाको समुदाय (उदा०– यसपालिको सनको खेती सप्रिएन, एक सोरहीमा एक मन पनि भएन) ।

**सोरा–** ना० [फा० शोर] चिसोको प्रभावले माटोबाट निस्कने एक किसिमको सेतो क्षारपदार्थ; सोडा; नुनिया ।

**सोरानी–** ना०हे० सोह्रानी ।

**सोराहा–** ना० [सोह्र+आहा] सोह्र सोरहीको समुदाय ।

**सोरौँ–** ना० [सोर+औँ] हे० सोह्रौँ ।

**सोल१–** ना० [सेला] १. पिँडालुको सेला काटेर सुकाइएका चाना; पिँडालुका सुकेका टुक्रा । २. नाम्लाका पातमा लगाइने डोरी; बरियो ।

**सोल२–** ना० [अङ्०] बुट वा जुत्ताका पैतालाको बाक्लो पातो; जुत्ताको तलुवा ।

**सोला१–** ना० [अ० शुअल] १. मान्छे पोल्न तयार पारिएको चिता । २. आगाको लप्को । – **की सती–** वि० मसक्क आँट्ने; हुरुक्क हुने (स्त्री) ।

**सोला२–** ना० [सं० शूल] १. चोरबाटो हिँड्ने अपराधी वा सिकारका जन्तुलाई धरापमा पारेर फसाउन नदेखिने गरी राखेको शूली; बातो; दर्जन; धराप; पासो । २. सुइरो; भाला । ३. कुनै ठाउँको रक्षाका निम्ति नदेखिने वा देखिने गरी बिछ्याएर राखिएका काँडा बिभ्ने वा घोच्ने वस्तु । ४. अङ्गप्रत्यङ्ग चसचसी घोच्ने एक प्रकारको पीडादायी तरङ्ग वा व्यथा ।

**सोलि-नु–** अ० क्रि० [सोली+इ+नु] सोलीका आकारको हुनु; भुसिनु; चुलिनु ।

**सोली–** ना० १. पीँधतिर सानो र मुखतिर फुक्दै गई ठूलो भएको चोयाको टोकरी । २. मुख ठूलो र पीँध सानो भएको, एक भाँडाबाट अर्का भाँडामा तेल आदि पदार्थ खन्याउने काममा आवश्यक पर्ने साधन; छुची ।

**सोलु–** ना० [भो० ब०] १. सोलुखुम्बु जिल्लाको एक स्थल । २. सगरमाथा अञ्चलको एक जिल्ला; सोलुखुम्बु । – **खुम्बु–** ना० नेपाल अधिराज्यको सगरमाथा अञ्चलमा पर्ने एक जिल्ला; विश्वप्रसिद्ध हिमाल सगरमाथा रहेको जिल्ला ।

**सोलुत्रे–** ना० [फ्रा०] प्रागपुरातत्त्वअनुसार सोलुत्रेमानवले प्रयोग गरेका पत्थरका हतियार । ~ **मानव–** ना० फ्रान्सको सालुत्रे भन्ने ठाउँमा इसापूर्व चौध हजार वर्षतिर थियो भन्ने पत्ता लागेको मानव ।

**सोलोडोलो–** क्रि० वि० [(द्वि०) डोलो] १. सारा डोल वा इलाका नै आफ्नो अधिकारमा पर्ने गरी । ना० २. सर्वाधिकार । ३. पारिवारिक एकाधिपत्य । ४. लामोछोटो, ठूलोसानो मिलाउँदा हुने बराबरी; सालाखाला ।

**सोल्टा–** ना० [सालो+टा] महिलाले आफ्ना दाजु वा भाइका साला, जेठानलाई भन्ने नाताबोधक शब्द । > **सोल्टिना/सोल्टिनी–** ना० बहिने ज्वाइँ वा भिनाजुका दिदी वा बहिनी । **सोल्टी–** ना० सोल्टा । **सोल्टेरो–** ना० एक सोल्टीले अर्को सोल्टीलाई दिने उपहार; खिल्लत; कोसेली; सोल्टचौलो । **सोल्टो–** ना० सोल्टा (हेयार्थमा) । **सोल्टचौलो–** ना० सोल्टेरो ।

**सोल्मा–** ना० [भो० ब०] १. भोटेजातिले मृतकको काजक्रिया गर्दा भातद्वारा बनाइने देवताको रूप; तोर्मा । २. काटेर सुकाइएका पिँडालुका चाना ।

**सोल्याइ**– ना० [√ **सोलि** (+याइ)] सोलिने वा चुलिने क्रियाप्रक्रिया । [ > ] **सोल्याइनु**– क० क्रि० सोलिनु; चुल्याइनु । **सोल्याउनु**– प्रे० क्रि०/स० क्रि० चुल्याउनु ।

**सोल्ल**– ना० किरातकाल तथा लिच्छविकालमा पञ्चखतसम्बन्धी मुद्दामामिला हेर्ने अड्डा ।

**सोल्लर**– ना० [अ० मू० सल्ल+र] मान्छेले खाने अन्न, सागपात आदि मिलाएर तयार पारिएको फाँडो ।

**सोल्लास**– वि० [सं०] १. भित्री हृदयदेखि नै प्रसन्न भएको; भित्रदेखि प्रस्फुटित भई आएको; हर्षले युक्त । क्रि० वि० २. उल्लासका साथमा ।

**सोस्-नु**– स० क्रि० [सं० शोषण] १. कुनै ठाउँमा वा वस्तुमा रहेको पानी वा अन्य तरल पदार्थलाई खिच्नु; तान्नु । २. सुक्खा पार्नु; सुकाउनु । ३. निष्ठुर धनीले गरिब र पीडितहरूलाई शोषण गर्नु ।

**सोसाइ**– ना० [सोस्+आइ] १. सोस्ने क्रिया वा प्रक्रिया; चुसाइ । २. घाम आदिद्वारा हुने चिसोपनको विलय ।

**सोसाइटी**– ना० [अङ्०] १. सामाजिक हितका निमित्त स्थापना भएको कुनै समिति; सभा । २. सङ्घ; संस्था । ३. समाज; समुदाय ।

**सोसाइनु**– क० क्रि० [√ **सोस्** (+आइ+नु)] सोस्न लगाइनु । [ > ] **सोसाउनु**– प्रे० क्रि० सोस्ने काम गराउनु । **सोसाहा**– वि०/ना० शोषक; चुसुवा; सोस्ने । **सोसिनु**– क० क्रि० १. सोसाइमा पारिनु । अ० क्रि० २. सोसाइमा पर्नु ।

**सोस्ता**– ना० [√ सोख्ता] मसी आदि सोस्ने, खस्रो र बाक्लो कागत; सोख्ता ।

**सोस्तो**– ना० तरकारी खाइने बोडी; बोडा ।

**सोहमत**– ना० [अ० सोहबत] सोमत । > **सोहमती**– वि० सोमती ।

**सोहरसाहर**– ना० [सोहोर+अ (द्वि०)] सोहरेर गरिने सरसफाइ; सोहोरसाहर ।

**सोहरा**– ना० [√ सोहोर] भित्रभित्रको हल्ला; घुइरो; सोहोरा ।

**सोहाग**– ना० सुन गाल्ने, औषधी बनाउने आदि काममा आवश्यक पर्ने एक खनिज वस्तु; स्वागा ।

**सोही१**– वि० [सो+ई] १. त्यहीचाहिँ; उक्तचाहिँ नै । सर्व० २. ऊ नै ।

**सोही२**– ना० [मोही < (द्वि०) सोही] मोहीको पनि मोही; मोहियानी हक पाउनेबाट अधियाँमा जग्गा कमाउने व्यक्ति ।

**सोहोर्-नु**– स० क्रि० [प्रा० सोहर+नु] १. जतासुकै छरिएको वस्तुलाई एकै ठाउँमा भेला पार्नु । २. भएभरको धनमाल लिनु ।

**सोहोरसाहर**– ना० हे० सोहरसाहर ।

**सोहोरा**– ना० हे० सोहरा ।

**सोहोराइ**– ना० [√ **सोहोर्** (+आइ)] सोहोर्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **सोहोराइनु**– क० क्रि० सोहोर्न लगाइनु । **सोहोराउनु**– प्रे० क्रि० सोहोर्ने काम गराउनु । **सोहोरिनु**– क० क्रि० सोहोर्ने काम गरिनु; बटुलिनु; समेटिनु ।

**सोह्र**– ना० [सं० षोडश] १. दस र छको योग गर्दा हुने सङ्ख्या; १६ सङ्ख्या; सोर । वि० २. उक्त सङ्ख्याबराबरको । ~ **कौडी**– ना० जुवा खेल्ने काममा प्रयोग हुने सोह्रवटा कौडा । ~ **गन्डी**– वि० सोह्र आना गोरखपुरी पैसाबराबरको (तौल); सोह्र गन्डाबराबर तौल भएको । ~ **दिने**– ना० बिहा भएको सोह्र दिनभित्रै मैताल पठाउने काम । ~ **भाइ**– ना० व्यङ्ग्य अर्थमा सोह्रवटा कौडाको खेल; कौडाको जुवा । ~ **श्राद्ध**– ना० आश्विन कृष्णपक्षको प्रतिपदादेखि अमावास्यासम्मका पन्ध्रवटा श्राद्ध र आश्विन शुक्ल प्रतिपदाका दिन गरिने मातामहको श्राद्धसमेत । ~ **सराद**– ना० सोह्रश्राद्ध ।

**सोह्रानी**– ना० [सोह्र+आना+ई] १. राणाकालका थरीमुखियाहरूलाई तिरो उठाएर सरकारलाई बुझाएबापत भोगचलन गर्न दिइएको जिम्मेदारीसहितको बिर्ता । २. चौँसट्ठी पैसाको एक रुपियाँ हुने प्राचीन मुद्रा; दशमलव प्रणाली लागू हुनुभन्दा पहिलेको भारतीय एक रुपियाँ; सोरानी । ३. दोब्बर रकम ब्याज लिने प्रथा । वि० ४. सोह्र आनाबराबरको (उब्जा, बाली आदि) ।

**सोह्रौँ**– वि० [सोह्र+औँ] सोह्र सङ्ख्यामा आफ्नो क्रम परेको; सोह्र नम्बरमा पर्ने (वस्तु); पन्ध्रपछिको पहिलो; सोह्रौँ ।

**सौँठ-नु**– स० क्रि० [सौँठो+नु] सौँठाले हिर्काउनु; सोइ्याउनु । > **सौँठाइ**– ना० सौँठाउने भाव, क्रिया वा प्रक्रिया । **सौँठाइनु**– क० क्रि० लट्ठीले हिर्काइनु । **सौँठाउनु**– प्रे० क्रि० सौँठने काम गराउनु; सौँठाउन लाउनु । **सौँठिनु**– क० क्रि० सौँठाले हानिनु ।

**सौँबार**– ना० [सं० सोमवार] प्रतिहप्ता आइतबारदेखि थालिएर सन्सरबार टुङ्गिने सात वारमध्ये दोस्रो; सोमवार ।

**सौँराइ**– ना० [सं० √ **स्मरण** (+आइ)] सम्झना; सम्झनागराइ । [ > ] **सौँराइनु**– क० क्रि० सम्झना गराइनु । **सौँराउनु**– प्रे० क्रि० सम्झना गराउनु । **सौँराहट**– ना० सौँराइ; सम्झना ।

**सौखिन**– वि० [अ० शौकिन] १. सोखी; सोखिन । २. लहडी; रसिक ।

**सौख्य**– ना० [सं०] १. सुख; आनन्द । २. कल्याण; कुशलमङ्गल ।

**सौगत**– वि० [सं०] १. सुगतसम्बन्धी; बुद्धसम्बन्धी । २. बौद्ध धर्मावलम्बी; बुद्धधर्मको अनुयायी । > **सौगतिक**– वि० १. बौद्ध धर्मको अनुयायी; बुद्धधर्मावलम्बी । २. नास्तिक; अनीश्वरवादी । ना० ३. अनीश्वरवाद । ४. नास्तिकता ।

**सौगन्ध**– वि० [सं०] बास्नादार; मगमग बास्ना आउने । > **सौगन्धिक**– वि० १. बास्ना आउने; सुगन्धयुक्त । ना० २. सुगन्धपूर्ण द्रव्य बनाएर बेच्ने व्यक्ति; सुगन्धद्रव्य बनाउने मान्छे; गन्ध-बेपारी ।

**सौगात**– ना० [तुर्की] आफूभन्दा ठूला व्यक्तिहरूलाई टक्र्याइने कोसेली; उपहार; नजराना ।

**सौजन्य**– ना० [सं०] सुजन हुनाको भाव, गुण वा अवस्था; सुजनतापूर्वक गरिने काम; सज्जनता; भलादमीपन ।

**सौता**– ना० [सं० सपत्नी] आफ्नै लोग्नेकी अर्की स्वास्नी; एकै लोग्नेका दुई वा दुईभन्दा बढी स्वास्नी भएमा एउटीको अर्कीसँगको नाता । > **सौताने**– वि० सौताको नाताको; सौतातिरबाट नाता पर्ने; सौतेलो ।

**सौतिनी**– वि० [सौता+इनी] १. सौतापट्टिको; सौतातिरको । ना० २. सौता । ~ **आमा**– ना० आफ्नै आमाकी सौता । ~ **ग्रह**– ना० किंवदन्तीअनुसार लोग्नेको सौता ल्याउने ग्रह वा योग । ~ **डाहा**– ना० सौतामाथि गर्ने वा सौताद्वारा हुने ईर्ष्या । ~ **नाता**– ना० सौतिनी आमातिरको नाता । ~ **पेच**– ना० सौतासौताका बीच हुने पेच वा छलकपट । ~ **बाबु**– ना० आमाको अर्कापट्टिको पति; दोस्रो वा अन्य बाबु । ~ **भाइ**– ना० सौतिनी आमापट्टिको भाइ । ~ **माम्लो**– ना० सौता र सौताका छोराछोरी, नातागोता भएको अवस्था वा त्यसबाट हुने लेठो । ~ **व्यवहार**– ना० १. सौताले गर्ने नराम्रो व्यवहार । २. दुस्मनीपूर्ण व्यवहार । ३. भेदभाव; पक्षपात । ~ **हाड**– ना० सौतेनी आमातर्फबाट पर्न गएको हाडनाता ।

**सौतिने**– वि० [सौता+इने] सौतिनी ।

**सौती**– ना० [सौता+ई] सौता ।

**सौतेनी**– वि० [सौता+एनी] सौतापट्टिको; सौतातिरको । ~ **आमा**– ना० आफ्नै आमाकी सौता । ~ **ग्रह**– ना० सौतिनी ग्रह । ~ **डाहा**– ना० सौतिनी डाहा । ~ **नाता**– ना० सौतिनी नाता । ~ **पेच**– ना० सौतिनी पेच । ~ **बाबु**– ना० सौतिनी बाबु । ~ **भाइ**– ना० सौतिनी भाइ । ~ **माम्लो**– ना० सौतिनी माम्लो । ~ **व्यवहार**– ना० सौतिनी व्यवहार । ~ **हाड**– ना० सौतिनी हाड ।

**सौतेलो**– वि० [सौता+एलो] सौतापट्टिको; सौतातिरको; सौताने; सौतिने ।

**सौत्रान्तिक**– वि० [सं०] बौद्ध धर्मको हीनयानपक्षका दुई शाखामध्ये एक ।

**सौदा**– ना० [तुर्की] १. किनबेच गरिने वस्तु; क्रयविक्रय गरिने सामान; व्यापारिक वस्तु । २. स्वीकार्य दरमा कुनै वस्तुको किनबेच भयो भनी पैसाको आदानप्रदान हुनुअगावै दुई पक्षबीच भएको समझौता । – **गर**– ना० पैसा लिएर वा दिएर वस्तुको व्यापार गर्ने व्यक्ति; व्यापारी; वणिक् । – **गरी**– ना० १. किन्ने र बेच्ने काम; किनबेच; व्यापार । २. किनबेचको निर्णय वा सम्झौता । – **पात**– ना० १. किनबेच गरिने वस्तु । २. सौदाको किनबेच । – **बाजी**– ना० द्रव्यका आधारमा वस्तुहरूको किनबेच; सौदागरी ।

**सौदामिनी**– ना० [सं०] बिजुली; विद्युत्; आकाशमा चम्कने बिजुली ।

**सौदे**– वि० बो० [सं० सुभद्रे] दूध दुहुँदा गाईभैँसीलाई खुट्टो सार्न बोलिने शब्द ।

**सौन्दर्य**– ना० [सं०] १. राम्रो बनाउने तत्त्व । २. सुन्दर हुनाको भाव; सुन्दरता । ~ **चेतना**– ना० सुन्दरताका दृष्टिले वस्तुलाई ग्रहण गर्ने चेतना; साहित्यका क्षेत्रमा प्रगाढ भूमिका खेल्ने चेतना; सुन्दरताबोध । ~ **बोध**– ना० सुन्दर र असुन्दरका बीचमा रहेको अन्तर्बोध; लालित्य, कोमलता, शिष्टता, माधुर्य आदितर्फको झुकाउ । ~ **सिद्धि**– ना० विशुद्ध सुन्दरताको प्राप्ति; प्रकृतिजगत्मा रहेको सौन्दर्ययुक्त तत्त्वको साधना र उपलब्धि । ~ **सिन्धु**– ना० सुन्दरताको खानी; सौन्दर्यसागर ।

**सौभाग्य**– ना० [सं०] १. सुख र समृद्धि प्राप्त गर्न सकिने भाग्य; उत्तम प्रारब्ध । २. मङ्गलमय अवस्था; कल्याण । ३. नारीहरूमा हुने सधवापनको चिनु; सौभाग्यवतीको लक्षण । ४. सधवा नारीले प्रयोग गर्ने प्रसाधन; सधवाका सिँगारपटारका सामग्री । ~ **ज्योति**– ना० सधवा नारीमा हुने कान्ति; ऐभाँतको दीप्ति । – **वती**– वि० सधवा अवस्थामा लामो जीवन भोग्ने; ऐभाँती; सौभाग्यशालिनी । – **वान्**– सौभाग्यशाली; सुखसमृद्धिपूर्वक जीवन यापन गर्ने (पुरुष) । ~ **सूत्र**– ना० १. सौभाग्यसूचक धागो; सधवापन जनाउने सूत्र (पोते, तिलहरी, मङ्गलसूत्र आदि) ।

**सौमनस**– वि० [सं०] सुमन वा फूलसम्बन्धी । > **सौमनस्य**– ना० फूल फक्रिएझैँ मन प्रफुल्लित हुने काम; मानसिक प्रसन्नता ।

**सौम्य**– वि० [सं०] १. सोम वा चन्द्रमासम्बन्धी; चन्द्रमाको । २. शीतल प्रकृतिको; स्वच्छ, सरल तथा शान्त स्वभावको । ३. हेर्दा एकदमै राम्रो लाग्ने; मनोहर; सुन्दर । ना० ४. सोमयज्ञ । ५. चन्द्रमाका पुत्र; बुध । ६. ब्राह्मण । – **ता**– ना० १. सौम्य हुनाको भाव, गुण वा अवस्था । २. सुशीलता; सुन्दरता । ३. शीतलता । ~ **दर्शन**– वि० देख्नेलाई राम्रो लाग्ने; आँखालाई एकदम राम्रो लाग्ने; प्रियदर्शन ।

**सौर**– वि० [सं०] १. सूर्यसँग सम्बन्ध भएको; सौरमण्डलभित्रको । २. सूर्यबाट उत्पन्न; सूर्यसम्बन्धी । ३. सूर्यको उपासना गर्ने; सूर्यको उपासक । ना० ४. सूर्यको छोरो; शनैश्चर । ~ **जगत्**– ना० सौरमण्डल । ~ **दिवस**– ना० अघिल्लो सूर्योदयदेखि लिएर पछिल्लो सूर्योदयसम्मको अवधि ।

**सौरभ**– ना० [सं०] सुगन्धयुक्त बास्ना; राम्रो बास्ना; सुवास । > **सौरभित**– वि० बास्नादार; बास्ना आएको; बास्नायुक्त ।

**सौर मण्डल**– ना० [सं०] सूर्यका वरिपरि प्रदक्षिणा गर्ने ग्रहनक्षत्र आदिको समुदाय; सौरपरिवार । २. सूर्यको परिधि; सूर्यवरिपरिको रापिलो घेरो । ३. सौरजगत् ।

**सौर मास**– ना० [सं०] सूर्यले एउटा राशिको भोग गरुन्जेललाई एक महिना मान्ने पञ्चाङ्गप्रणालीको महिना; अघिल्लो सङ्क्रान्तिदेखि पछिल्लो सङ्क्रान्तिसम्मको समयलाई मानिने महिना; सौरमहिना; सौरमान ।

**सौर वर्ष**– ना० [सं०] १. सौरमासका आधारमा मानिने वर्ष; सूर्यगतिअनुसार मानिने वर्ष । २. वैशाख सङ्क्रान्तिदेखि चैत्र मसान्तसम्ममा पूरा हुने एक साल ।

**सौरा**– ना० [सं० शफर+आ] १. माछाको एक जात; सहर माछो ।

**सौरि**– ना० [सं०] सूर्यपुत्र; शनैश्चर ।

**सौरी**– ना० [सं०] १. सूर्यकी पत्नी; संज्ञा; उषा । २. सूर्यपत्नी

छाया ।

**सौर्य–** ना० [सं०] १. सूर्यका छोरा; सूर्यपुत्र; शनैश्चर; शनि । २. सूर्यको शक्ति, तेज, पद वा अधिकार । वि० ३. सूर्यको; सौर । ~ **शक्ति–** ना० सूर्यको तापबाट तयार हुने इन्धनशक्ति; सूर्यसम्बन्धी शक्ति; सौरशक्ति ।

**सौवर्ण–** वि० [सं०] १. सुनबाट बनेको; सुनको; सुवर्णसम्बन्धी । २. सुनजस्तो पहेँलो । ना० ३. सुवर्ण; सुन ।

**सौवीर–** ना० [सं०] १. ठूलो र लाम्चो दाना लाग्ने बयरको एक जात; काशीबयर । २. सिन्धु नदीका किनारमा रहेको, सिन्धुसभ्यताका प्रसङ्गसँग सम्बन्धित एक प्राचीन देश ।

**सौष्ठव–** ना० [सं०] १. सुन्दरता; राम्रोपन । २. दक्षता; सीप; जुनसुकै कामका लागि आवश्यक पर्ने ज्ञान ।

**सौहार्द–** ना० [सं०] १. सद्भावना तथा सरलताले भरिएको व्यवहार; सहृदयता; मनको कोमलपन । २. स्नेह; मैत्री; मितेरी । – **पूर्ण–** वि० १. सद्भावले भरिएको; सज्जनतायुक्त । २. आत्मीय भाव भएको ।

**सौहार्द्य ⁄ सौहृद–** वि० [सं०] १. सुहृद् वा मित्रसम्बन्धी । ना० २. मित्रता; स्नेह; सौहार्द ।

**स्कन्द–** ना० [सं०] महादेवको वीर्य अग्निमा पर्नाले अग्निका गर्भबाट जन्मेका मानिने कुमार; कार्तिकेय । ~ **पुराण–** ना० व्यासद्वारा रचित अठार महापुराणमध्ये एक । – **माता–** ना० स्कन्दकी आमा; पार्वती ।

**स्कन्ध–** ना० [सं०] १. काँध; कुम । २. रूखका हाँगा फाटेको ठाउँ; हाँगाको काप । ३. शाखा; हाँगाबिँगा । ४. ग्रन्थ आदिको अवान्तर छुट्टचाइएको एक महाअध्याय; खण्ड; विभाग; सङ्काय । ५. नृतत्त्वशास्त्रमा प्रयोग हुने नाम । – **कूट–** ना० काँधको सबभन्दा अग्लो ठाउँ; कुम ।

**स्कलर–** ना० [अङ्०] १. शास्त्रको कुनै अङ्गको प्रकाण्ड विद्वान् । २. स्कुलकलेजको अध्यापक । ३. स्कुलकलेजको छात्र । ४. विद्वद्वृत्तिअन्तर्गत अनुसन्धान गरिरहेको शोधार्थी । – **सिप–** ना० विशेष जेहेनदार विद्यार्थी, अन्वेषक, आविष्कर्ता आदिलाई अध्ययनअवधिमा प्रदान गरिने वृत्ति; छात्रवृत्ति ।

**स्काइल्याब–** ना० [अङ्०] अमेरिकाको अन्तरिक्ष अनुसन्धानशाखाले आकाशमण्डलको अध्ययनका निम्ति अन्तरिक्षमा निर्माण गरेको प्रयोगशाला ।

**स्काउट–** ना० [अङ्०] सामाजिक चरित्र, स्वास्थ्य, जनकल्याण आदिको विकासका निम्ति सैनिक प्रणालीका आधारमा तालिम पाएको व्यक्ति; बालचर ।

**स्कुटर–** ना० [अङ्०] पेट्रोलले चल्ने, प्रायः महिलाहरूले चढ्ने मोटरसाइकलको एक प्रकार ।

**स्कुल–** ना० [अङ्०] १. माध्यमिक तहसम्मको औपचारिक पठनपाठनको व्यवस्था हुने संस्था; विद्यालय । २. कुनै ज्ञानविज्ञानको विशेष शाखा वा त्यसका अनुयायीको वर्ग; शाखा । > **स्कुली–** वि० स्कुलमा हुने; स्कुलसम्बन्धी, स्कुलको ।

**स्क्वास–** ना० [अङ्० स्क्वाश] फलफूल आदिको प्रशोधनबाट तयार गरिएको पेय पदार्थ ।

**स्खलन–** ना० [सं०] १. कहीं कतैबाट हुने केही कुराको झराइ । २. तरल पदार्थको चुहाइ । ३. कुनै पनि काममा हुने भूल; भूलचूक । ४. आफ्नो मर्यादा, आचरण, मार्ग आदिबाट भएको पतन ।

**स्खलित–** वि० [सं०] स्खलन भएको; झरेको; खसेको; पतित; च्युत ।

**स्टर्लिङ–** ना० [अङ्०] ब्रिटिस मुद्रा । ~ **पाउन्ड–** ना० ब्रिटिस मुद्राप्रणालीअनुसार सिलिङभन्दा ठूलो एकाइ; बीस सिलिङ बराबरको बेलाइती मुद्रा; २४० पेनी अर्थात् पेन्स बराबरको बेलाइती मुद्रा ।

**स्टाफ–** ना० [अङ्०] कुनै सङ्घसंस्था, कार्यालय आदिमा निश्चित र नियमित रूपले काम गर्ने कर्मचारीहरूको समूह ।

**स्टिचिङ–** ना० [अङ्०] १. कागत आदिको खुटाइ; किडिक । २. खुट्ने यन्त्रबाट गरिएको जोडाइ । ३. घाउको उपचारको निम्ति सिइएको टाँका । ~ **पिन–** ना० कागत नत्थी गर्ने मेसिनमा राखिने तारको पिन; स्टिचिङ मिसिनको पिन । ~ **मिसिन–** ना० सानोतिनो पुस्तकपुस्तिकाका पत्रहरू च्यापेर सिउने मिसिन; नत्थी गर्ने मिसिन; स्टेपलर ।

**स्टिमर–** ना० [अङ्०] बाफका आधारमा चल्ने सानो जलयान; बाफद्वारा चल्ने सानो नाउ ।

**स्टुडियो–** ना० [अङ्०] १. फोटो खिच्ने ठाउँ वा कोठा; फोटो तयार गर्ने प्रयोगशाला । २. चलचित्र छायाङ्कन गर्ने कक्ष । ३. चलचित्र वा रेडियोमा ध्वनिको नियन्त्रण, अङ्कन आदि गर्ने ठाउँ ।

**स्टुल–** ना० [अङ्०] प्रायः एक जना मात्र बस्न सकिने, बस्नेभन्दा चियाका कपहरू मात्र राख्ने काममा प्रयोग गरिने तीन वा चार खुट्टा भएको बेत, काठ, फलाम आदिको सानो आसन; त्रिपाई ।

**स्टेट–** ना० [अङ्०] १. सार्वभौमसत्तासम्पन्न राज्य; आफ्नो सार्वभौमिक सत्तामा चलेको देश । २. प्रान्त । ३. वैज्ञानिक खेतीको कानुनअनुसार तोकिएको चार किल्लाभित्रको इलाका ।

**स्टेथिस्कोप–** ना० [अङ्०] डक्टरले दुवै कानमा जडी रोगीको मुटु, फोक्सो आदिको धड्कनको गति सुनेर रोगको परीक्षा गर्ने, जन्तरका आकारको यन्त्र ।

**स्टेनलेस स्टिल–** ना० [अङ्०] खिया नपर्ने गरी प्रशोधित गरिएको फलाम र त्यसबाट तयार गरिएको सामान ।

**स्टेनो–** ना० [अङ्०] १. आशुलेखन । २. आशुलेखक । – **ग्राफर–** ना० सर्टह्यान्डअनुसार लेख्न जान्ने व्यक्ति । – **ग्राफी–** ना० सर्टह्यान्डलेखन; स्टेनो; आशुलेखन ।

**स्टेन्सिल–** ना० [अङ्०] टाइप गरी वा हातैले लेखी साइक्लोमेसिनमा घुमाई प्रशस्त प्रति छाप्ने काममा प्रयोग गरिने कागत । ~ **पेपर–** ना० स्टेन्सिल । ~ **प्रतिलिपि–** ना० स्टेन्सिलमा टाइप गरी साइक्लो गरेर तयार गरिएको प्रतिलिपि ।

**स्टेप्स**– ना० १. पूर्वी युरोप र उत्तरी अमेरिकामा हिउँबाट पूरै छोपिने (टुन्ड्रा) र आंशिक रूपमा छोपिने (टायगा) प्रदेश समाप्त भएपछि ठीक दक्षिणतर्फबाट आरम्भ हुने समशीतोष्ण तृणभूमि । २. हिमाली टायगा (खागर) र टुन्ड्रा (पखेर) समाप्त भएपछि आरम्भ हुने तृणभूमि; पाटन; बुक्यान ।

**स्टेपलर**– ना० [अङ्०] स्टिचिङ गर्ने वा टाँका मार्ने यन्त्र; स्टिचिङ मेसिन ।

**स्टेसन**– ना० [अङ्०] रेल, मोटर आदि यानहरूमा चढेका यात्रु ओर्लने, उक्लने अथवा लादिएका माल ओराल्नेउकाल्ने ठाउँ ।

**स्ट्रेचर**– ना० [अङ्०] दुइटा लामा काठमा बलियो किसिमको कपडाको झोलुङ्गो पारी त्यसमा बिरामी राखी वरपर सारफेर गर्ने सफरी; अस्पतालमा बिरामी वा मुर्दा बोक्ने साधन ।

**स्टोन**– ना० [अङ्०] प्रेसमा पुस्तक आदिका फर्मा कस्दा र पेज बाँध्दा उपयोग गरिने फलामे पिर्का ।

**स्टोर**– ना० [अङ्०] १. खास प्रयोजनले सङ्ग्रह गरिएका सामानको राशि । २. त्यस्तो राशि सङ्ग्रह गर्ने घर वा कोठा; भँडार । – **किपर**– ना० भण्डारको रेखदेख गर्ने कर्मचारी; भण्डारका सामान खर्च हुँदा वा नयाँ थप्नुपर्दा सो गर्ने तथा त्यसको यथावत् हेरचाह गर्ने र विवरण दुरुस्त राख्ने व्यक्ति; भण्डाररक्षक ।

**स्टयान्डिङ कमिटी**– ना० [अङ्०] १. स्थायी रूपमा गठित कमिटी; स्थायी समिति; कार्यसमिति । २. प्रधान न्यायाधीश र निजले तोकेको अर्को न्यायाधीशसमेत भएको समिति ।

**स्तन**– ना० [सं०] आइमाई र पोथी जनावरको दूध आउने कल्चौंडो वा थुन र त्यसको वरिपरिको परिवेश; फाँचो । – **धारी**– वि० मानिस, गाई, बाँदर, घोडा, चमेरा, कुकुर, बाखो आदि स्तनपायी जन्तु । ~ **पान**– ना० माऊको थुनमा मुख लगाएर दूध चुस्ने काम; दूध खाने काम ।

**स्नतपायी**– वि० [सं०] माऊ वा आमाको दूध खाएर हुर्कने; स्तनपान गर्ने; स्तनप । ~ **युग**– ना० सालनालमा बेरिएर प्राणीहरू जन्मिन थालेको युग; आजभन्दा सातकरोड वर्षपूर्व प्रारम्भ भएको युग ।

**स्तन्य**– वि० [सं०] १. स्तनसम्बन्धी । ना० २. स्तनमा हुने वस्तु; दूध ।

**स्तब्ध**– वि० [सं०] १. कुनै पनि चेष्टा नभएको; जड । २. गतिमा रोकावट आएको; अवरुद्ध । ३. कर्तव्यबाट विमुख भएको; विमूढ । ना० ४. सुनसान; सन्नाटा; चकमन्न । – **ता**– ना० जडता; निश्चेष्टता; शून्यता; चकमन्न्याइँ ।

**स्तम्भ**– ना० [सं०] १. भवन, किल्ला आदिको खामो; खम्बा; थाम । २. आडभरोसा; टेको; सहारा । ३. समाचारपत्र वा पत्रिकामा कुनै खासखास विषयलाई प्रदान गरिएको स्थायी स्थान । ~ **चित्र**– ना० खम्बाद्वारा देखाइने सङ्ख्यात्मक चित्र । > **स्तम्भक**– वि० रोक्ने; स्तम्भित पार्ने । **स्तम्भन**– ना० १. कुनै क्रम वा गतिमा आउने रोकावट; स्तब्ध हुने काम । २. अङ्गप्रत्यङ्गको सञ्चालनमा आउने गतिरोध । ३. चेष्टारहित हुने काम । ४ मन्त्र, तन्त्र आदिका प्रभावले कसैको गति, चेष्टा आदिलाई रोक्ने काम । ~ **लेखक**– ना० कुनै समाचारपत्र वा नियमित रूपमा प्रकाशित हुने अन्य पत्रिकाका निश्चित विषयमा सधैँ लेखिरहने व्यक्ति; स्तम्भ लेख्ने व्यक्ति । **स्तम्भित**– वि० १. तन्त्र, मन्त्र, औषधी आदिका प्रयोगद्वारा स्तब्ध गराइएको । २. छक्क; जिल्ल; वाल्ल ।

**स्तर**– ना० [सं०] १. वस्तुको कुनै ठाउँमा फैलिएको पत्र; तह । २. कुनै ठाउँलाई ढाकेर रहने वस्तुको खाप; सल । ३. कुनै वस्तुको महत्त्व, मूल्य आदि निर्धारण गर्ने गुण; योग्यता; मर्यादा; कोटि । ~ **निर्धारण**– ना० गुण, विशेषता, महत्त्व आदिका आधारमा कुनै वस्तुको कोटि वा तह तोक्ने काम । – **हीन**– वि० गुण, विशेषता, मूल्य आदिका आधारमा निम्न कोटिको; स्तर नभएको; तल्लो तहको । > **स्तरीकरण**– ना० कुनै खास कुरालाई खास मानक वा स्तरमा पुऱ्याउने क्रियाप्रक्रिया । **स्तरीकृत**– वि० उच्चस्तरमा पुऱ्याइएको; स्तरमा वृद्धि भएको; उपल्लो तहको । **स्तरीय**– वि० गुण, महत्त्व, विशेषता आदिका आधारमा उच्च स्तरको; माथिल्लो तहको; स्तरीकृत ।

**स्तव**– ना० [सं०] १. तारिफ; प्रशंसा । २. प्रार्थना; स्तुति । > **स्तवक**– ना० १. फल, फूल आदिको झुप्पो; गुच्छो । २. ससानो थुप्रो; सानो रास । ३. कुनै कृति वा ग्रन्थको परिच्छेद; अध्याय । वि० ४. स्तुति गर्ने; प्रशंसक । **स्तवन**– ना० स्तव ।

**स्तुति**– ना० [सं०] १. कुनै देवदेवीको प्रसन्नताका लागि गरिने स्तोत्रपाठ; गुणानुवर्णन; प्रार्थना, स्तव; स्तवन । २. प्रशंसा गर्ने काम; कसैको तारिफ गर्ने काम । ३. बढाईचढाई गरिने बयान; भएनभएको बढाइ । – **गत**– वि० स्तुतिसम्बन्धी । ~ **गीत**– ना० देवीदेवता वा कुनै महापुरुषको स्तुति गर्न गाइने गीत । – **वाद**– ना० स्तुति गर्ने नीति । – **वादी**– वि० स्तुति गर्ने नीतिको अनुयायी । > **स्तुत्य**– वि० तारिफ गर्न लायक; गुण, महत्ता आदिका आधारमा प्रशंसनीय ।

**स्तूप**– ना० [सं०] किल्ला, स्मारक आदि बनाउने नियतले ढुङ्गा, माटो, इँट आदिले बनाइएको अग्लो थुप्रो वा ढिस्को (विशेषगरी बौद्धहरूले बुद्धका अवशिष्ट चिह्न राख्नका लागि बनाउने स्मारक) । > **स्तूपक**– ना० थुम्को ।

**स्तोत्र**– ना० [सं०] स्तुति, प्रार्थना, तारिफ आदि गर्नुपर्दा उच्चारण गरिने वाङ्मय वा श्लोक वा देउदेउताको गुणकीर्तन भएका मन्त्रहरूको समूह । ~ **पाठ**– ना० स्तोत्रको पठन, वाचन वा उच्चारण ।

**स्त्री**– ना० [सं०] १. महिला; आइमाई; स्वास्नीमान्छे । – **केशर**– ना० फूलका परागमा हुने कणहरूमा पुंस्त्व र स्त्रीत्व भएका कणहरूमध्ये स्त्रीतत्त्वप्रधान कण । – **त्व**– ना० नारीमा हुने आवश्यक गुण; नारीत्व; स्वास्नीमानिसको अनिवार्य विशेषता । ~ **धन**– ना० १. स्वास्नीमानिसको पेवाधन; आइमाईलाई दिइएको धन; दाइजो । ~ **धर्म**– ना० १. स्त्रीजातिले गर्नुपर्ने कर्तव्य;

नारीको आचरण । २. रजस्वला हुने स्थिति वा अवस्था; परसराइ । ३. आफ्ना पतिप्रतिको यौनगत इमानदारी; सतीत्व । ~ **पुरुष–** ना० १. आइमाई र लोग्नेमान्छे । २. एक आइमाई र एक लोग्नेमान्छेको जोडा; दम्पती; लोग्नेस्वास्नी । ~ **प्रसङ्ग–** ना० १. पुरुषले वासनातृप्तिका लागि आइमाईसँग गर्ने सहवास; सम्भोग । २. आइमाईसँगको सम्पर्क । ३. महिला विषयक चर्चा वा सन्दर्भ । ~ **लम्पट–** वि० स्वास्नी वा स्वास्नीमानिस भनेपछि मरिमेट्ने; बढ्ता स्त्रीप्रसङ्ग गर्ने; कामुक । ~ **लिङ्ग–** ना० १. नारीत्व बुझाउने चिह्न (स्तन, स्वरमधुरता आदि) । २. व्याकरणका पुलिङ्ग, स्त्रीलिङ्ग, नपुंसकलिङ्ग आदि लिङ्गव्यवस्थामध्ये स्त्रीत्व बुझाउने लिङ्ग । ३. नारी जातिको जननेन्द्रिय; योनि । ~ **व्रत–** ना० एक नारीलाई मात्र पत्नी स्वीकार गरी सन्तुष्ट हुने कार्य; एकनारीव्रत; पत्नीव्रत । – **शिक्षा–** ना० नारीजातिलाई शिक्षित पार्ने शैक्षिक व्यवस्था; नारीको शिक्षा । ~ **समागम–** ना० पुरुषको नारीसित हुने शारीरिक लसपस; यौनाचार । ~ **सम्भोग–** ना० स्त्रीसमागम । > **स्त्रैण–** वि० स्त्रीलम्पट ।

**स्थ–** प्रत्य० [सं०] शब्दका अन्तमा रही स्थित वा रहेको भन्ने अर्थ बुझाउने प्रत्ययधर्मी शब्द (गृहस्थ, तटस्थ, दूरस्थ, कण्ठस्थ इ०) ।

**स्थगन–** ना० [सं०] १. हुँदै गरेको कामको स्थायी वा अस्थायी अवरोध । २. गति वा चालको स्थायी वा अस्थायी रोकावट ।

**स्थगित–** वि० [सं०] स्थगन भएको; स्थगन गरिएको ।

**स्थपति–** ना० [सं०] १. कुनै राज्यको राजा । २. थपालोको स्वामी; थापा । ३. खले टाकुरो वा भुरे राज्यको मालिक; रजौटा । ४. गाउँठाउँको प्रमुख; मुखिया; प्रधान । ५. डकर्मी । ६. वास्तुकार ।

**स्थल–** ना० [सं०] १. जुनसुकै वस्तुलाई रहन आवश्यक पर्ने आधार; ठाउँ; थलो । २. धरातल; भुइँ । ~ **कमल–** ना० जमिनमा हुने कमलका फूलको बोट वा फूल । – **गत–** वि० स्थलमा भएको; स्थलसम्बन्धी । ~ **गोलार्ध–** ना० पृथ्वीको समुद्र वा महासागरबाहिरको अंश । – **चर–** वि० १. जमिनमा रहने; पानीमा बस्न नसक्ने । ना० २. जमिनमा बसेर जीवन यापन गर्ने प्राणी (माछो, जलहात्ती, गुँज आदिका विपरीत पशु, मान्छे, सर्प आदि) । – **चारी–** वि० स्थलचर । – **ज–** वि० स्थलमा जन्मिएको वा पैदा भएको । – **डमरुमध्य–** ना० ठूलठूला भूभागलाई जोड्ने जमिनको सानो सोतो । ~ **पक्षी–** ना० पानीमा पौरी नखेल्ने वा आकाशमा धेर उड्न नसक्ने चरो (कुखुरो, च्याखुरो, मुजुर, सुतुरमुर्ग इ०) । – **पद्म–** ना० स्थलकमल । ~ **मण्डल–** ना० पृथ्वीको सम्पूर्ण खँदिलो भूभाग । ~ **यातायात–** रेल, मोटर आदिबाट चल्ने वाहनमार्फत गरिने वा हुने यातायात । ~ **यात्रा–** ना० १. पैदलयात्रा । २. मोटर, रेल आदिबाट गरिने यात्रा । ~ **युद्ध–** ना० स्थलसेनाहरूद्वारा जमिनमा हुने लडाइँ । ~ **रक्षा–** ना० १. स्थलसेनाबाट देशको रक्षा गर्ने प्रणाली । २. स्थलको रक्षा । ~ **वायु–** ना० स्थलसतहबाट बहने मन्द वायु । ~ **संयोजक–** ना० महादेशहरूलाई जोड्ने साँघुरो जमिनको भाग । ~ **सर्वेक्षण–** ना० जग्गाजमिनको सर्भे । ~ **सुरक्षा–** ना० स्थलरक्षा । – **सेना–** ना० जलसेना, वायुसेना, स्थलसेनामध्ये एक थरी सेना स्थलयुद्धमा तालिम दिइएको फौज । ~ **सैनिक–** ना० स्थलसेनाको जवान । ~ **सैन्य–** ना० स्थलसेना । > **स्थलाकृतिक–** ना० भूमापन कार्यका निम्ति तयार गरिएको रूपरेखा; नाप्न तयार गरिने पूर्वाधार । **स्थली–** ना० अग्ला ठाउँमा सम्म परेको जमिन; खनजोत नगरिएको उच्च ठाउँको समथर जमिन; थली ।

**स्थविर–** वि० [सं०] बूढो; वृद्ध अवस्थाको । – **ता–** बुढ्याइँ; बूढोपना ।

**स्थाणु–** ना० [सं०] १. कुनै रूख ढलेर त्यसको फेदतिर रहेको ठुटो; रूखको ठुटो । २. खम्बा; स्तम्भ । ३. टाउको काटेर मुर्कट्टा भएको लास । ४. एक प्रकारको भाला । ५. महादेव; शिवजी । ६. श्वेतहूण (हेफताल)-वंशी तोरमण, मिहिरकुल आदि विजेताका र तिनका प्रजाका कुलदेवता; थानी । वि० ७. अचल; दृढ; दह्रो । – **भूत–** वि० रूखको ठुटोसरह गतिहीन भएको ।

**स्थान–** ना० [सं०] १. कुनै वस्तु अडिने आधार; ठाउँ; थलो । २. बस्ने ठाउँ; रहने आवास । ३. देवदेवीको मठमन्दिर । ४. पद; ओहदा । ५. ध्वनिविज्ञानका आधारमा उच्चारणका अवयवहरू सक्रिय भई ध्वनि निस्कने ठाउँ; उच्चारणस्थान । > **स्थानक–** वि० स्थानीय; ठाउँको; ठाउँमा पर्ने (प्रायः शब्दको अन्तमा गाँसिने, जस्तै स्वस्थानक, सुस्थानक, दुरूहस्थानक इ०) । ~ **च्युत–** वि० १. आफ्नो ठाउँ वा पदबाट खोसुवा, घटुवा आदि कारणले झरेको; पदबाट खुस्किएको । २. ठाउँबाट हटेको; स्थानभ्रष्ट । ~ **देवता–** ना० १. स्थानीय देवता; क्षेत्रपाल । २. थानी । ~ **भ्रष्ट–** वि० आफ्नो पद, ओहदा आदिबाट तल्लो तहमा वा पदहीन अवस्थामा खसालिएको; ठाउँबाट गिरेको; पदच्युत; स्थानच्युत । ~ **वञ्चित–** वि० पाउनुपर्ने पद वा स्थानबाट कारणवश ठगिएको; जसले जुन ठाउँ वा कदर पाउनुपर्ने हो नपाएको ।

**स्थानान्तर–** ना० [सं०] १. कुनै एक ठाउँबाट अर्को ठाउँको सराइ; अर्को बसाइँ । २. भिन्न स्थान; अर्को ठाउँ । ३. कर्मचारीको सरुवा, बढुवा वा घटुवा । > **स्थानान्तरण–** ना० १. एक ठाउँको वस्तुलाई अर्को ठाउँमा सार्ने काम । २. अर्को पद वा काममा सार्ने काम; पदान्तर । ~ **प्रमाण पत्र–** ना० कुनै शिक्षणसंस्थाबाट अर्को शिक्षणसंस्थामा अध्ययन गर्नका निम्ति दिइने प्रमाणपत्र (ट्रान्सफर सर्टिफिकेट) । **स्थानान्तरित–** वि० एक ठाउँबाट अर्को ठाउँमा सारिएको; पद-परिवर्तन गरिएको; स्थानान्तरण गरिएको ।

**स्थानापन्न–** वि० [सं०] अर्काको ठाउँमा आएको; सट्टामा आएको; अर्काका पदमा सरुवा भई आएको ।

**स्थानिक–** वि० [सं०] १. स्थानीय । ना० २. थानी ।

**स्थानी–** वि० [सं०] १. स्थानीय; स्थानिक । ना० २. थानी ।

**स्थानीय**– वि० [सं०] १. कुनै खास ठाउँको; रैथाने (व्यक्ति, कर्मचारी आदि) । २. कुनै खास ठाउँमा उब्जने, पाइने वा हुने (हावापानी, चलन, बोली आदि) । ३. स्थानसम्बन्धी । ~**अधिकार**– ना० कुनै स्थान वा इलाकाको कार्यसम्पादन गर्ने स्थानीय अधिकारीले पाएको अधिकार । ~**अधिकारी**– ना० त्यस्तो अधिकारवाला व्यक्ति । ~**आदेश**– ना० कुनै निश्चित ठाउँसित मात्र सम्बन्धित आदेश; आफ्नै स्थानीय अधिकारीतहबाट भएको आदेश । ~**आय**– ना० कुनै निश्चित सीमाक्षेत्रभित्रका कर, भाडा, मालपोत आदिबाट स्थानीय प्रशासनलाई हुने आमदानी । ~**कर**– ना० कुनै निश्चित इलाकालाई तोकिएको विशेष प्रकारको कर । – **करण**– ना० १. प्रशासन आदिको स्थानीय आधारमा गरिएको विकेन्द्रीकरण । २. कुनै कुरालाई आफ्नै स्थानअनुसारको बनाउने क्रियाप्रक्रिया । ~**कानुन**– ना० व्यवस्थापिकासम्बन्धी अधिकार क्षेत्रअन्तर्गत कुनै निश्चित स्थान, इलाका वा भागविशेषमा सीमित रूपले लागू हुने किसिमले व्यवस्था गरिएको कानुन; स्थानीय नियम ।

**स्थानीयता**– ना० [सं०] स्थानीय गुण, विशेषता वा धर्म । – **वाद**– ना० स्थानीय गुण, विशेषता आदिप्रति विशेष मोह भएको नीति । – **वादी**– वि० स्थानीयतावादको अनुयायी ।

**स्थानीय नियमावली**– ना० १. कुनै निश्चित ठाउँको कार्यसञ्चालनका निम्ति तर्जुमा गरिएको नियमतालिका । २. गाउँ विकास समिति आदिको नियमावली ।

**स्थानीय प्रशासन**– ना० [सं०] गाउँ, नगर र जिल्ला तहसम्मको शासनकार्य सञ्चालन गर्नका निम्ति कानुनद्वारा व्यवस्था गरिएको प्रशासन ।

**स्थानीय विकास**– ना० [सं०] १. खास ठाउँको विकास । २. स्थानीय विकास मन्त्रालयअन्तर्गत गरिएको स्थानीय विकास र सोसम्बन्धी कार्यक्रम । ~ **सेवा**– ना० उक्त मन्त्रालयको मातहत हुने स्थानीय विकाससम्बन्धी सेवा ।

**स्थानीय समय**– ना० [सं०] कुनै स्थानविशेषमा प्रचलित समय ।

**स्थानीय स्वशासन**– ना० [सं०] १. आफ्नो निजी ठाउँको गाउँ, नगर, जिल्ला आदिको विकासका निम्ति आवश्यक पर्ने सम्पूर्ण कार्य गर्न स्थानीय जनताले पाएको अधिकार । २. स्थानीय क्षेत्रको सम्पूर्ण कानुनी प्रशासनकार्य; विकास, स्वास्थ्य आदिको स्वायत्तता; स्थानीय स्वायत्त शासन । ३. नेपालको संविधानअनुसार अञ्चल, जिल्ला, गाउँ, नगर आदि स्थानीय एकाइ इलाकाहरूलाई सुधार्ने, योजना, विकास आदि सञ्चालन गर्ने स्वायत्तता प्राप्त भएको प्रशासन ।

**स्थानीय स्वायत्त संस्था**– ना० [सं०] स्थानीय प्रशासनिक एकाइ (जस्तै– गाउँ, नगर, जिल्ला) आदिको सञ्चालन, विकास, संरक्षणजस्ता कार्यका निम्ति सरकारले प्रत्यायोजन गरेको अधिकार पाउने संस्था; केन्द्रीय तहबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय संस्था ।

**स्थापक**– वि० [सं०] १. कुनै पनि वस्तुको स्थापना गर्ने; संस्थापक । २. देवालय, विद्यालय, सामाजिक सङ्घसंस्था आदिको स्थापना गर्ने । ३. देवदेवीका प्रतिमा राख्ने; प्रतिष्ठा गर्ने । ना० ४. त्यस्तो स्थापना गर्ने व्यक्ति ।

**स्थापत्य**– ना० [सं०] १. घर, देवालय, पुल, किल्ला आदिको वास्तुकलासम्बन्धी काम । २. स्थापना गर्ने काम; प्रतिष्ठा । ~**कला**– ना० वास्तुकला । ~**विद्या**– ना० वास्तुकलासम्बन्धी शास्त्र । ~**वेद**– ना० अथर्ववेदअन्तर्गतको वास्तुकलासम्बन्धी एक उपवेद ।

**स्थापन/स्थापना**– ना० [सं०] १. कुनै वस्तुलाई दृढतापूर्वक खडा गर्ने, राख्ने, जोड्ने वा जमाउने काम । २. सङ्घ, संस्था, देवालय, सामाजिक सङ्गठन आदि खडा गर्ने काम । ३. तथ्य र प्रमाणका आधारमा कुनै मत, सिद्धान्त आदिको स्थापना गर्ने काम । ४. भर्ना गर्ने काम । > **स्थापनीय**– वि० स्थापना गर्न योग्य; स्थापना गर्नुपर्ने ।

**स्थापित**– वि० [सं०] १. स्थापना गरिएको; खडा गरिएको । २. थापिएको ।

**स्थायित्व**– ना० [सं०] चिरकालसम्म आफ्नो महत्ता, मूल्य आदि यथावत् कायम राख्ने वा रहने काम; टिक्ने काम; खपाउपन; टिकाउ ।

**स्थायी**– वि० [सं०] पछिसम्म वा नियमले तोकेको समयसम्म रहिरहने; अस्थायी गुण नभएको; दिगो । – **करण**– ना० स्थायी गराउने क्रिया वा प्रक्रिया । ~ **दर्ता**– ना० नियमबमोजिम गरिने स्थायी रजिस्ट्रेसन । ~**नियुक्ति**– ना० कुनै सेवा वा पदमा स्थायी रूपले हुने नियुक्ति वा भर्ना । ~**पद**– ना० यति समयसम्म रहने भनी म्याद नकिटिएको र तलबको निश्चित दरबन्दी भएको पद; दिगो रहने पद । ~**भाव**– ना० रसशास्त्रअनुसार प्रत्येक रसको प्राणस्वरूप रहने स्थायी रसतत्त्व; रति, हास, क्रोध, उत्साह, भय, शोक, घृणा, विस्मय, शान्त, वात्सल्य आदि भावमध्ये कुनै पनि भावको बीजरूप; विभाव, अनुभाव, सञ्चारीभावका माध्यमबाट रसका रूपमा प्रकट हुने तत्त्वको बीजस्वरूप । ~**समिति**– ना० १. संस्थासङ्गठन दीर्घकालसम्म चलिरहने वा अर्को अधिवेशनसम्म सबै कामकुराको व्यवस्था गर्ने समिति । २. राजसभाको कार्यसमिति । ३. स्थायी रूपमा कुनै विशेष काम गर्नका लागि गठित समिति ।

**स्थाली**– ना० [सं०] १. पूजा, भोजन आदिमा प्रयोग हुने पात्र; थाली । २. सोमरस तयार पार्दा प्रयोग गरिने विशेष प्रकारको पात्र । ~ **पुलाउ**– ना० पात्रमा तयार गरिएको पुलाउ । ~ **पुलाक न्याय**– ना० ठूलो भाँडामा पकाइएको भातलाई एक सिता छामेर पाकेनपाकेको परीक्षण गरेझैँ एक पक्षको परीक्षणबाट सम्पूर्ण पक्षको निर्णय गरिने न्यायशास्त्रीय पद्धति; प्रमाणका स्रोतहरूमध्ये एक ।

**स्थावर**– वि० [सं०] १. स्थिर; अर्को कुनै वस्तुले नचलाएसम्म

चल्दै नचल्ने; अचल । ना० २. रूखपात, ढुङ्गोमाटो आदि जड वा निर्जीव वस्तु । ~ **विष–** ना० जनावर आदिबाहेक अन्य स्रोतबाट प्राप्त हुने विष । ~ **सम्पत्ति–** ना० अर्को ठाउँमा सार्न नसकिने धनमाल; अचल सम्पत्ति (घरखेत आदि) ।

**स्थित–** वि० [सं०] १. रहेको; बसेको । २. राखिएको; बसालिएको । **– प्रज्ञ–** वि० संयमी, आत्मसन्तुष्ट, धीर, स्थिरबुद्धि र निष्काम रहेको (व्यक्ति) । **– प्राज्ञिकता–** ना० स्थितप्रज्ञ हुनाको भाव, क्रिया वा स्थिति ।

**स्थिति–** ना० [सं०] १. स्थिर रहने काम; स्थायी रहने काम । २. थातथलो; बसोबास । ३. चालचलन; रीतिस्थिति; अवस्था । ४. चाँजोपाँजो; बन्दोबस्त । ५. प्राकृतिक वा मानवीय अवस्था; अवस्थिति । ~ **ऊर्जा–** ना० कुनै वस्तुको स्थायी अवस्थाबाट उत्पन्न गरिने ऊर्जा; कुनै निश्चित ठाउँदेखि अर्को निश्चित ठाउँसम्म सञ्चालन हुने हिसाबले उत्पादन गरिने शक्ति । ~ **परिवर्तन–** ना० स्थितिको परिवर्तन; थितिको फेरबदल । ~ **मल्ल–** ना० नेपालको मध्यकालीन इतिहासमा पन्ध्रौँ शताब्दीपूर्व उपत्यकामा शासन गर्ने एक राजा; मल्लकालका एक प्रसिद्ध राजा; जयस्थिति मल्ल । > **स्थापक–** वि० पहिलेको रीतिथितिको बन्दोबस्त मिलाउने; चलनचाँजो मिलाउने । **स्थापकत्व–** ना० स्थितिको स्थापना गर्ने गुण; स्थितिको व्यवस्थापन गर्ने गुण । **स्थापन/स्थापना–** ना० स्थिति बसाल्ने क्रियाप्रक्रिया । > **स्थित्युद्धार–** ना० मर्मत; जीर्णोद्धार ।

**स्थिर–** वि० [सं०] १. स्थायी रूपले रहेको; बसेको; विद्यमान । २. ढलपल नगर्ने; अचल । ३. दृढ; आफ्नो भनाइमा पूरै अडान लिने; स्थिरसिद्धान्तको । ४. स्थायी; दीर्घ कालसम्म रहिरहने । ५. हडबड नगर्ने स्वभावको; शान्त । ~ **आय–** ना० निश्चित रूपले समयसमयमा भइरहने आमदानी; सधैँ एकै रूपमा भइरहने आयस्ता; स्थायी आय । ~ **चित्त–** वि० १. मनको चञ्चलता पूरै वश गरेको; चित्त स्थिर भएको । २. हडबड नगर्ने; नआत्तिने । **– ता/त्व–** ना० चञ्चल नभई, नचली वा नहल्लिई एकै ठाउँमा अड्ने गुण; अडिगपन । ~ **दृष्टि–** ना० १. एकै लक्ष्यमा अडिरहने दृष्टि । २. दृढ दृष्टि; दह्रो दृष्टि । **– धी/बुद्धि–** वि० बुद्धि स्थिर भएको; दृढनिश्चयी; विचार, विश्वास आदिमा स्थिर भएको; दृढनिश्चय लिन सक्ने । ~ **भाव–** ना० अडिग भाव; निश्चल भाव । ~ **मुद्रा–** ना० क्रयशक्तिका दृष्टिले अन्तर्राष्ट्रिय बजारमा विशेष स्थिरता पाएको, कुनै देशको मुद्रा । > **स्थिरीकरण–** ना० स्थिर गराउने काम; स्थायी बनाउने काम; स्थिरताप्रदान । **स्थिरीकृत–** वि० स्थिर तुल्याइएको ।

**स्थूल–** वि० [सं०] १. आकारका दृष्टिले विशाल; ठूलो । २. अत्यन्त अग्लो; लामो । ३. मोटो । ४. रूपडाल नमिलेको; भद्दा । ५. वेदान्तदर्शनमा शरीरको अवस्था र जन्मजन्मान्तरका तहको व्याख्या गरिने स्थूल, सूक्ष्म, कारण, महाकारण र शुद्ध चैतन्यझैँ पाँचवटा तहमध्ये पहिलो तहको; जड; अन्नमय कोश; गोचर पदार्थ । **– कन्द–** ना० पिँडालु । **– ता–** ना० १. ठूलो हुन आवश्यक गुण; ठूलोपन । २. अग्लोपन । ३. मोटाइ । ४. नसुहाउँदोपन; भद्दापन । ५. भौतिक शरीरको गुण; नश्वरशीलता । ~ **दृष्टि–** ना० १. बाहिरी दृष्टि; कामचलाउ दृष्टि । २. बोधो दृष्टिकोण । ~ **बुद्धि–** वि० १. बोधो बुद्धि भएको । ना० २. बोधो बुद्धि । ~ **शरीर–** ना० पञ्चमहाभूतका संयोगबाट तयार भएको शरीर; पार्थिव शरीर; जड देह । > **स्थूलीकरण–** ना० १. कुनै आकृति, मूर्ति, मुद्रा आदिलाई त्यसै रूपमा ठूलो बनाउने काम; ठूलो पार्ने काम । २. जड तुल्याउने काम । **स्थूलीकृत–** वि० १. ठूलो तुल्याइएको । २. जड बनाइएको; भद्दा बनाइएको ।

**स्नात–** वि० [सं०] नुहाएको; पवित्रता प्राप्त गरेको; शुद्ध भएको ।

**स्नातक–** ना० [सं०] १. ब्रह्मचर्यव्रत समाप्त भई गृहस्थाश्रममा प्रवेश गर्न तयार भएको पुरुष; गुरुकुलपरम्पराको शिक्षामा पारङ्गत भई व्यावहारिक जीवनमा प्रवेश गर्ने बेलाको मान्छे । २. कुनै विश्वविद्यालयबाट बी० ए० वा शास्त्रीसरहको उपाधि प्राप्त गरेको व्यक्ति । ३. धार्मिक उद्देश्यले कुनै यज्ञ, उत्सव आदिमा दीक्षा लिएर भिक्षु बनेको ब्राह्मण । ~ **उम्मेदवार–** ना० पञ्चायतकालमा पञ्चायती संविधानअनुसार स्नातकको नाताले निर्वाचित हुने राष्ट्रिय पञ्चायतका चार सदस्यपदमध्ये कुनै एकको लागि भएको उम्मेदवार । ~ **तह–** ना० विश्वविद्यालयले प्रदान गर्ने स्नातक उपाधिको स्तर; ग्रेजुएट तह । ~ **प्रतिनिधि–** ना० १. विश्वविद्यालयबाट स्नातक तहको उपाधि प्राप्त गरेका व्यक्तिहरूको सामूहिक प्रतिनिधित्व गरिने काम । ~ **प्रतिनिधित्व–** ना० स्नातक प्रतिनिधिको पद, अभिभारा, अधिकार, कर्तव्य आदि । ~ **सङ्गठन–** ना० १. पञ्चायतकालमा पञ्चायती संविधानमा व्यवस्था भएअनुसार आफ्नो पक्षबाट राष्ट्रका निम्ति योगदान होओस् भन्ने उद्देश्यले स्नातकहरूको शक्तिलाई सक्रिय गराउन गरिएको स्नातकहरूको सङ्गठन । २. स्नातकहरूद्वारा निर्मित कुनै पनि सङ्घ । ~ **स्तर–** ना० प्रमाणपत्र तहको परीक्षा पास गरेपछि पढिने एक तह वा सो तहको उच्च शिक्षा । > **स्नातकोत्तर–** ना० डिप्लोमा वा ग्र्याजुएट परीक्षाभन्दा माथिको शैक्षिक तह; एम० ए० सरहको शैक्षिक उपाधि; आचार्य । **स्नातकोपाधि–** ना० स्नातकले पाउने प्रमाणपत्र; बी० ए० वा शास्त्रीको डिग्री; स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्र ।

**स्नान–** ना० [सं०] पानीले शरीरको मैला पखाल्ने वा धुने काम; जीउ वा धडसमेतको धुवाइ; नुहाइ; नुहाइधुवाइ । ~ **कर्म/क्रिया–** ना० १. नुहाउने काम; नुहाइ । २. धार्मिक उद्देश्यले जीउलाई शुद्ध तुल्याउन गरिने नुहाइधुवाइ । ~ **गृह–** ना० स्नान गर्ने घर वा कोठा । > **स्नानागार–** ना० नुहाउने कोठा; स्नानगृह; बाथरुम ।

**स्नायविक–** वि० [सं०] शरीरका ज्ञानवाहिनी नली वा नाडीसँग सम्बन्धित । ~ **प्रणाली–** ना० पाँच ज्ञानेन्द्रियको सूचना ग्रहण गरेर मस्तिष्कसम्म पुऱ्याउने ज्ञानवाहिनी नली वा नाडीहरूको सिङ्गो संरचना । ~ **रोग–** ना० मथिङ्गल बिग्रने, असन्तुलित

हुने, सन्किने वा सड्किने रोग । ~ **रोगी–** वि० स्नायविक रोग लागेको (बिमारी) ।

**स्नायु–** ना० [सं०] शरीरको रगत सञ्चालन गर्ने तन्तु; रक्तवाहिनी नसा; शिरा । ~ **केन्द्र–** ना० १. योगका अनुसार षट्चक्रको अभ्यासको क्रममा मान्छेका शरीरमा भएका बहत्तर हजार नसाहरू भेट हुने ठाउँ; कुण्डलिनी । २. मस्तिष्क; मथिङ्गल; गिदी । ~ **पीडा–** ना० १. स्नायुरोगले गर्दा हुने पीडा । २. स्नायुमा हुने पीडा । ~ **पीडित–** वि० स्नायुरोगले ग्रस्त । ~ **प्रणाली–** ना० स्नायविक प्रणाली । ~ **रोग–** ना० स्नायविक रोग । ~ **रोगी–** वि० स्नायविक रोगी । ~ **विकार–** ना० ज्ञानेन्द्रियका नसाका विकारबाट हुने कुनै पनि रोग; स्नायविक विकार ।

**स्निग्ध–** वि० [सं०] १. मनले विश्वास गरेको; मायालाग्दो; प्यारो । २. चिप्लो वा चिल्लो (पदार्थ); मुलायम । **– ता/त्व–** ना० १. स्निग्ध हुनाको भाव वा स्थिति; चिल्लोपन; चिप्लोपना; चिल्ल्याइँ । २. मुलायमपन; मिहिनपन ।

**स्नेह–** ना० [सं०] १. आमाबाबु, अभिभावक वा मान्यजनहरूबाट आफूभन्दा साना व्यक्तिलाई गरिने प्रेम; माया । २. आत्मीय व्यक्ति, वस्तु वा कुराको निम्ति मनमा उत्पन्न हुने कोमल भावना । ३. घिउ, तेल आदि चिल्लो पदार्थ । ~ **पात्र–** ना० १. स्नेह गरिने वस्तु, व्यक्ति वा कुरा । २. घिउतेल आदि चिल्लो पदार्थ राखिने भाँडो । ~ **भाजन–** ना० स्नेहपात्र । > **स्नेहाङ्कुर–** ना० १. भर्खरै पलाएको स्नेह । २. समाप्त भएर पुनः जागेको स्नेह । ३. स्नेह गरिने कुनै कोमल पात्र (बालक, बिरुवा इ०) । **स्नेही–** वि० माया गर्ने; मायालु स्वभावको; प्यारो गर्ने ।

**स्नो–** ना० [अङ्०] १. अनुहार राम्रो पार्न लगाइने नौनीजस्तो नरम, सेतो र सुगन्धित पदार्थ; शृङ्गारको एक साधन । २. हिउँ ।

**स्पन्ज–** ना० [अङ्०] १. निकै हलुको, प्वालैप्वालले भरिएको र पानी सोस्ने, साबुन दल्ने आदि काममा प्रयोग हुने, रबरबाट बनेको नरम पदार्थ । २. कपासजस्तो फुस्स परेको हल्का किसिमको हुने, समुद्रका अतिसूक्ष्म कीटाणुको योगबाट बनेको जीवपिण्ड; समुद्रको जीवपिण्ड ।

**स्पन्द/स्पन्दन–** ना० [सं०] १. बिस्तारै हल्लने काम; कम्पन । २. अलिअलि चल्ने काम; धुकधुकी । ३. फुरफुराइ; स्फुरण । > **स्पन्दित–** वि० १. स्पन्दन भएको वा काँपेको । २. हल्लिएको; चलेको । ३. फरफराएको; स्फुरित ।

**स्पर्धा–** ना० [सं०] १. परस्परमा एकले अर्कालाई जित्नका निम्ति गरिने होड वा प्रयत्न; प्रतियोगिता; होडबाजी । २. अरूको दँजाइमा पुग्ने इच्छा । ३. हाँक; चुनौती । ४. सेखी; घमन्ड । **– धर्मी–** वि० स्पर्धा गर्ने स्वभाव भएको; स्वभावैले स्पर्धा गर्ने । **– शाली–** वि० स्पर्धाको भावनाले युक्त; स्पर्धा गर्ने । > **स्पर्धी–** वि० १. स्पर्धा गर्ने; स्पर्धाशाली; प्रतिस्पर्धी । २. डाह गर्ने; इखालु ।

**स्पर्श–** ना० [सं०] १. कसैलाई छुने काम वा छुँदा हुने ज्ञान; छुवाइ । २. ग्रहणकालमा छायाले सूर्य वा चन्द्रमालाई छुने काम । ३. व्याकरणअनुसार ध्वनिको उच्चारणक्रममा कदेखि मसम्म पाँच वर्गका ध्वनि । ४. पञ्चमहाभूतका पृथ्वी, अप, तेज, वायु र आकाशमध्ये वायु । ५. रोग, विकृति आदिको प्रभाव । **– जन्य–** वि० स्पर्शद्वारा उब्जने वा सर्ने । ~ **सङ्घर्षी–** ना० युक्तोष्म वा अर्धपृष्ठ व्यञ्जन । > **स्पर्शेन्द्रिय–** ना० चिसोतातो, साह्रोकमलो आदि गुण छोएर थाहा पाउने इन्द्रिय; जीवित शरीरको छाला ।

**स्पष्ट–** वि० [सं०] १. देख्न, सुन्न, पढ्न वा बुझ्न सकिने; कुनै किसिमको अस्पष्टता नभएको; छर्लङ्ग; प्रस्ट । २. निर्मल; निश्छल; शुद्ध । ३. जस्तो छ त्यस्तो; सत्य; वास्तविक; यथार्थ । **– तया–** क्रि० वि० स्पष्ट रूपमा; खुलासासँग; सफासाथ; सफासफी । **– ता–** ना० स्पष्ट हुनाको भाव वा अवस्था; प्रस्टचाइँ । ~ **वक्ता–** वि० मनमा कुरा नलुकाई वा डर, सङ्कोच आदि नमानेर फटाफट साँचो कुरो बोल्ने; स्पष्टवादी । **– वादी–** वि० स्पष्टवक्ता ।

**स्पष्टीकरण–** ना० [सं०] १. छर्लङ्ग नभएका कुरालाई छर्लङ्ग पार्ने काम । २. कुनै विषयमा केही गरियो वा भनियो भने त्यसको आशयसमेत प्रस्ट गर्ने काम । ३. कुनै ओहदाका कर्मचारीले बेनियमको काम गरेमा माथिल्ला तहका कर्मचारीले नसिहतका रूपमा लिने लिखित बयान वा विवरण ।

**स्पुतनिक–** ना० [रुसी] रुसी अन्तरिक्षविज्ञानका वैज्ञानिकले चन्द्रलोकमा प्रक्षेपण गरेको विमानको नाम; रकेट ।

**स्पृश्य–** वि० [सं०] स्पर्श गर्न योग्य; छुन सकिने; छुवाछूत चल्ने; छुन हुने । > **स्पृश्यास्पृश्य–** वि० छुन हुने र नहुने; छुवाछूत चल्ने र नचल्ने ।

**स्पृष्ट–** वि० [सं०] १. स्पर्श भएको; छोइएको; छुवाछूत भएको । ना० २. ध्वनिविज्ञानमा 'क'-देखि 'म'-सम्मका वर्णहरूको उच्चारणको प्रयत्न ।

**स्पृहणीय–** वि० [सं०] इच्छा गर्न लायक; चाहना गर्न सकिने; वाञ्छनीय ।

**स्पृहा–** ना० [सं०] कुनै पनि विषयप्रतिको अभीप्सा; अभिलाषा; चाहना ।

**स्पेन–** ना० [ल्याट० हिस्पानिया] युरोपको एक देश । > **स्पेनिया–** ना० १. स्पेन देशको मुख्य भाषा; स्पेन देशका मान्छेको भाषा । वि० २. स्पेनसम्बन्धी; स्पेन देशको । **स्पेनिस–** ना० स्पेन देशको बासिन्दा; स्पेननिवासी ।

**स्पेस–** ना० [अङ्०] १. कुनै अर्का वस्तुका बीचमा रहेको खाली ठाउँ; खुला । २. प्रेसमा कम्पोज गरिने अक्षरका एकअर्काका बीचमा रहने खाली ठाउँ ।

**स्प्रिङ–** ना० [अङ्०] १. स्थिति, स्थापक गुणले युक्त फलामको कमानी; इस्पातको तार, पाता आदि दोब्र्याई खुम्च्याउन, तन्काउन

मिल्ने पारिएको लचिलो वस्तु; तान्दा तन्किने र छोड्दा खुम्चिने तार, पाता आदि । – **दार**– वि० कमानीदार ।

**स्फटिक**– ना० [सं०] १. पालिस गरेमा पारदर्शक बन्ने किसिमको बहुमूल्य पत्थर; बिल्लौर । २. सूर्यकान्तमणि; पारसमणि । वि० ३. एकदम निर्मल; कञ्चन । > **स्फटिकाश्म**– ना० भूगर्भशास्त्रअनुसार सूर्यकान्तमणि तयार हुने पत्थर; फटिक जातको खनिज पदार्थ । **स्फटिकीकरण**– ना० एकदम कञ्चन बनाउने काम; फटिकझैँ पारदर्शक बनाउने काम ।

**स्फीत**– वि० [सं०] १. बढेको; वर्द्धित । २. फुलेको । ३. समृद्ध; सम्पन्न । > **स्फीति**– ना० कुनै वस्तुको मूल्यात्मक ह्रास हुने काम; महत्त्व घटे पनि वस्तु बढी हुने काम ।

**स्फुट**– वि० [सं०] १. फुलेको वा फक्रेको; विकसित । २. फुटेको । ३. स्पष्टसँग ठम्याइने; छर्लङ्ग । ४. अलगअलग छुट्टिएको वा मसिनु र थोरथोरै; फुटकर । > **स्फुटन**– ना० १. कुनै पनि वस्तुको टुटफुट । २. कोपिला, मञ्जरी, फूल आदि फक्रने काम । ३. वायुको गतिमा घर्षण पैदा भई आवाजमा हुने परिवर्तन । **स्फुटित**– वि० १. फुटेको; फक्रेको । २. फूलका रूपमा परिणत भएको ।

**स्फुरण**– ना० [सं०] १. मनमा अस्पष्ट भएको कुरा अकस्मात् फुर्ने काम; भाव वा विचारको फुराइ । २. फरफराइ । ३. स्पष्ट हुने वा छर्लङ्गिने क्रिया ।

**स्फुरित**– वि० [सं०] १. स्फुरण भएको; फुरेको । २. फुरफुर गरेको । ३. मनमा आएको; विचारमा सुझेको ।

**स्फुलिङ्ग**– ना० [सं०] १. आगाको सानो कोइलो; फिलिङ्गो; झिल्को । २. कलह, रोग, प्रकोप आदिको सानो बीउ ।

**स्फूर्ति**– ना० [सं०] १. शरीरमा आउने हौसला र हलुङ्गोपन; काम गर्ने जाँगर; फुर्ती । २. फरफराउने काम; फरफराइ । ३. अभिमान; घमन्ड; सेखी ।

**स्फोट**– ना० [सं०] १. बाहिरी आवरण फारेर कुनै वस्तु बाहिर निस्कने काम; फुटाइ । २. प्रत्यक्ष हुने काम; प्रकटीकरण । ३. शरीरमा निस्कने फोको वा खटिरो । ४. शब्द सुनेर मनमा उत्पन्न हुने विचार; शब्दरूप ब्रह्म । ५. नित्य शब्द (मीमांसा) । > **स्फोटन**– ना० १. फुट्ने वा फोर्ने काम; विदारण । २. व्यक्तगराइ; प्रकट ।

**स्मगलर**– ना० [अङ्०] बिक्रीवितरणमा रोक लागेका मूर्ति, चरेस, गाँजाजस्ता निषिद्ध वस्तुको चोरी, निकासी-पैठारी गर्ने र कर आदि छलेर अवैध तरिकाले व्यापार गर्ने व्यक्ति । > **स्मगलिङ**– ना० अवैध वस्तुको गैरकानुनी ढङ्गबाट निकासी, पैठारी, बिक्रीवितरण आदि गर्ने काम ।

**स्मरण**– ना० [सं०] १. मनमा रहेको कुनै पनि विषयको फेरि ध्यान वा विचारमा आउने काम; सम्झना; याद । २. आराध्य देवतालाई बारम्बार सम्झने काम; नवधा भक्तिमध्ये एक । ३. साहित्यमा कुनै एउटा वस्तुलाई देखेर अर्को वस्तुको स्मरण हुँदा पर्ने एक अर्थालङ्कार । ~ **पत्र**– ना० १. पहिले भएको घटना, प्रसङ्ग आदिलाई पुनः ताजा गराउनको लागि सम्झौटोका रूपमा लेखेर दिइने पत्र; स्मृतिपत्र । २. पछि नभुलियोस् भनी सजिलाका लागि लेखिने पत्र; सम्झौटो । ~ **शक्ति**– ना० सम्झने शक्ति; कुनै कुरालाई नभुली अडचाइरहने शक्ति । > **स्मरणार्थ**– वि० सम्झनाको प्रयोजन भएको; सम्झनाका लागि । **स्मरणीय**– वि० सम्झना गर्न लायक; भुल्न नहुने; सम्झनुपर्ने ।

**स्मारक**– ना० [सं०] कसैलाई वा कुनै विषयलाई सम्झाउन वा नबिर्सनका निम्ति बनाइने खास वस्तु (स्तम्भ, सालिक, भवन, ग्रन्थ, संस्था आदि) । ~ **क्षेत्र**– ना० विगतका कुरा, ऐतिहासिक महत्त्वका घटना आदि स्मरण गराउन कुनै स्तम्भ वा केही सङ्केतक वस्तु स्थापना गरिएको ठाउँ । ~ **ग्रन्थ**– ना० कुनै विद्वान्, नेता, महापुरुष आदिको महत्त्वलाई सम्झनामा आलै राख्ने दृष्टिले तयार गरिएको ग्रन्थ । > **स्मारिका**– ना० १. कुनै महत्त्वपूर्ण कुरा, व्यक्ति वा स्थान आदिको स्मरणार्थ तयार गरिएको चिह्नस्वरूप वस्तु । २. त्यसैसित सम्बन्धित विशेषतः विवरणात्मक तथा सचित्र पुस्तिका (सोभेनियर) । ३. स्मरणपत्र ।

**स्मार्त**– वि० [सं०] १. स्मृतिसम्बन्धी; स्मृतिको । ना० २. स्मृतिको अनुसरण गर्ने व्यक्ति; स्मृतिको अनुयायी । ३. स्मृतिविहित ग्रन्थ । ४. स्मृतिको ज्ञाता; धर्मशास्त्रज्ञ ।

**स्मित**– ना० [सं०] १. दाँत नदेखिने र आवाज ननिस्कने हिसाबले हाँसिने हाँसो; हलुका मीठो हाँसो; मुस्कुराहट । वि० २. मुस्कुराएको; हाँसेको । ३. विकसित; फुलेको । ~ **वदना**– वि० हँसिलो अनुहार भएकी (स्त्री) । > **स्मिति**– वि० मन्द हास; मुस्कुराहट; मुस्कान ।

**स्मृत**– वि० [सं०] स्मरण गरिएको; सम्झना भएको; याद गरिएको ।

**स्मृति**– ना० [सं०] १. स्मरण; सम्झना; हेक्का । २. साहित्यमा, बिर्सिएको वा पुरानो कुरा सम्झना गराउँदा हुने एक सञ्चारी भाव । ३. ऋषिमुनिहरूद्वारा रचित धर्म, दर्शन, आचार, व्यवहार, शासन, नीति आदिसित सम्बन्धित धर्मशास्त्र । ४. उक्त अठार प्रकारका मुख्य ग्रन्थका आधारमा अठारको सङ्ख्यासूचक शब्द । – **कार**– ना० स्मृति वा धर्मशास्त्रका रचयिता (विशेषतः अठार प्रसिद्ध स्मृतिकार हुन्– मनु, याज्ञवल्क्य, अत्रि, विष्णु, हारीत, बृहस्पति, उशनस्, अङ्गिरा, यम, कात्यायन, पराशर, व्यास, दक्ष, आपस्तम्ब, गौतम, वशिष्ठ, नारद र भृगु) । ~ **ग्रन्थ**– ना० १. स्मरणका निमित्त लेखिएको ग्रन्थ; कुनै महत्त्वपूर्ण घटना वा विशिष्ट व्यक्तिको योगदानका सम्पूर्ण पक्षलाई लिएर लेखिएको ग्रन्थ । २. मनुस्मृतिसम्बन्धी ग्रन्थ । ~ **चित्र**– ना० स्मृतिरूपी चित्र । – **पट**– ना० अमर सहिदहरू मारिएका ठाउँमा सम्झनाका निम्ति तिनका वीरताको गुण र विवरण लेखिएको शिलास्तम्भ; अभिलेख । ~ **पत्र**– ना० सम्झनाका निम्ति लेखिएको पत्र वा कागज; सम्झौटो । – **शेष**– ना० १. सम्झना मात्रको अवशेष; स्मरण मात्र बाँकी । २. कुनै महापुरुष वा विशिष्ट व्यक्तित्वको भौतिक शरीरको सम्झनाका निम्ति राखिन सक्ने

\1saroj\Sabdkosh\Dict'sa'.p65



वा राखिएका केश, दाँत, खराउ, पात्र आदि वस्तु ।

**स्यमन्तक–** ना० [सं०] पुराणअनुसार कृष्णकी पत्नी सत्यभामाका बाबु सत्राजित्‌ले सूर्यलाई खुसी तुल्याएर पाएको र कृष्णलाई चोरीको झूटो आरोप लागेको एक प्रसिद्ध मणि ।

**स्याँगी–** ना० सागपात, कन्द, फल, पाउरोटी आदि काट्ने सोझो र लामो एक किसिमको छुरीजस्तो हतियार; स्याडी ।

**स्याँठ–** ना० [सं० शीत] सामान्यतः चिसो हुने किसिमले चल्ने सिरेटो; सिट्ठी ।

**स्याँल–** ना० [सियाँल] ओझेल; छायाँ; सियाँल ।

**स्याँसे–** वि० [स्याँस्याँ+ए] १. रोगका कारणले स्याँस्याँ गरिरहने; धम्की वा दमले सताएको । ना० २. धम्कीको बिरामी ।

**स्याँस्याँ–** क्रि० वि० [अ० मू० स्याँ (द्वि०)] १. सास बढ्ने रोगका कारणले वा परिश्रम परेर छिटोछिटो सास फेर्ने गरी । ना० २. त्यसरी सास फेर्दा निस्कने शब्द ।

**स्याँहाल–** ना० सियाँल ।

**स्याइँ१–** क्रि० वि० [√ **सर्धाइँ**] अर्काले कुनै मीठो चीज खाएको देख्दा आफ्नो मुख पनि पानीले भरिने किसिम; खाने इच्छाले हुने जिभ्राको लपलप्याइ ।

**स्याइँ२–** ना० [अ० मू०] पानी, दूध आदि तरल वस्तु तात्न लाग्दा निस्कने शब्द । ~ **स्याइँ–** क्रि० वि० १. स्याँस्याँ; स्वाँस्वाँ । २. स्याँठ चलेजस्तो गरी । ३. घाँस, पराल आदि धमाधम काट्दा निस्कने आवाज वा ध्वनिका साथमा ।

**स्याइ–** ना० [√ **स्यू** (+आइ)] सिउने भाव, क्रिया वा प्रक्रिया; सियाइ; सिलाइ । [ > ] **स्याइनु–** स० क्रि० सिउने काम गराइनु; सियाइनु; सिलाइनु ।

**स्याउँस्याउँ–** क्रि० वि० [अ० मू० स्याउँ (द्वि०)] १. घाउखटिरा वा कुनै सडेगलेका वस्तुमा मसिना कीरा परेर वा उब्जेर सलबलाउने किसिमले; औँसा, कमिला आदि मसिना कीटाणुहरू एकनाससित रगरगाउने गरी; सिलिङबिलिङ । २. धेरै मानिस विशेषतः केटाकेटीहरू एकै ठाउँ जम्मा भएर चलमलाउने वा यताउति गर्दै चलिरहने गरी । > **स्याउँस्याउँती–** क्रि० वि० अझै स्याउँस्याउँ हुने गरी ।

**स्याउ१–** ना० [फा० सेब] १. नासपातीको जस्तो बोट र पात हुने, गुलाफी ढबका सेता फूल फुल्ने र पहिले हरियो फल लागी बिस्तारै सेतो र पाक्दा रातोरातो हुने फल फल्ने एक बोट । २. त्यसै बोटमा लाग्ने फल ।

**स्याउ२–** ना० बेसनको पीठोलाई पानीमा रयाली, नुन, खुर्सानी, मसला आदि हाली तेल वा घिउमा पकाइने भुजुरीजस्तो खाद्य पदार्थ ।

**स्याउ-नु–** प्रे० क्रि० [स्यू+आउ+नु] स्यून लाउनु; सियाउनु; सिलाउनु ।

**स्याउला–** ना० [स्याउलोको ब० व० वा ति० रू०] स्याउलो । ~ **स्याउली–** ना० १. स्याउलाको समूह । २. स्याउला र घाँसपात आदि ।

**स्याउली–** ना० [स्याउलो+ई] स्याउलाको लघु रूप; सेउली (विशेषतः कविता, गीत र लोकगीतमा प्रचलित) ।

**स्याउले–** वि० [स्याउलो+ए] स्याउलाजस्तो; स्याउलासम्बन्धी; स्याउलाबाट बनेको (जस्तै– स्याउले घाँस, स्याउले छाप्रो आदि) । ~ **घाँस–** ना० बस्तुभाउलाई खुवाउन उपयुक्त रूखको घाँस अर्थात् पातसहितको हाँगोबिगो; डाले घाँस । ~ **छाप्रो–** ना० स्याउलाले छानु छाइएको छाप्रो ।

**स्याउलो–** ना० [शेवल] धेरै पात भएको हाँगो; पातैपात भएको डालो; सेउलो ।

**स्याक्चा–** ना० [भो० ब०] पहिले राणाकालमा नेपाल र तिब्बतको सन्धिअनुसार नेपाली बाबु र तिब्बती आमाबाट जन्मेको नेपाली नागरिक ।

**स्याखु–** ना० १. घामपानीमा ओढ्ने एक प्रकारको घुम । २. च्याङ्ग्राको एक जात; च्यापू । वि० ३. साह्रै सानो र ख्याउटे; मरन्च्याँसे; दुब्लो ।

**स्याखू–** वि० ज्यादै दुब्लोपातलो; मरन्च्यासे; भ्यास्स परेको ।

**स्याङ्ताने–** वि० अत्यन्त दुब्लोपातलो; हाडछाला मात्र भएको; मरन्च्याँसे; फुकीढल; पिलन्धरे ।

**स्याङ्जा–** ना० नेपालको गण्डकी अञ्चलमा पर्ने एक जिल्ला ।

**स्याडी–** ना०हे० स्याँगी ।

**स्याट्ट–** क्रि० वि० [अ० मू० स्याट्+ट] कुनै काम शेष नराखी झटपट सक्ने गरी; सबै सिद्ध्याउने किसिमले ।

**स्यानब्यान–** ना० [सं० सेना-वाहन] १. राजामहाराजा, नेता आदिका पछिल्तिर ताँती लागेर हिँड्ने मानिस । २. कीरासरिका छोराछोरी; सेनाबेना ।

**स्यानु/स्यानो–** वि० सानो ।

**स्यान्डिल–** ना० [अङ्०] प्रायः पछाडि फित्ता बाँध्ने र दुवैतिर केही भाग खुला भएको, छालाको जुत्ता वा चप्पल ।

**स्याप्प–** क्रि० वि० [अ० मू० स्याप्+प] १. भित्रपट्टि रहने वस्तु निखिनाले चाउरिएर; सेप्रिएको चालमा । २. मसिनु नरम वस्तुले हिर्काउँदा शब्द निस्कने गरी ।

**स्याबजी–** ना० [नेवा०] भुटेर फुराउँदा डल्लोडल्लो हुने चिउरा ।

**स्याबास–** ना० [फा० शाबाश] राम्रो वा सह्रनीलाग्दो काम गरेबापत फुर्क्याउन प्रयोग गरिने शब्द; क्याबात; धन्य । > **स्याबासी–** ना० स्याबास जनाइने काम; वाहवाही ।

**स्याम्म–** क्रि० वि० [अ० मू० स्याम्+म] सिप्किनु वा स्याउलाले जोडसँग हान्ने गरी; स्याप्प ।

**स्यार्पा–** ना० [भो० ब०] पूर्वी नेपालको हिमाली भेकमा बस्ने मङ्गोलमूलको एक जाति; सेर्पा ।

**स्यार्पुदह/स्यार्पुताल–** ना० [स्यार्पु (स्थान) +दह/ताल] रुकुम जिल्लामा उत्तरदक्षिण परेर आधा कोससम्म फराकिलो भई बसेको एक पोखरी ।

**स्याल**– ना० [सं० शृगाल] कुकुरजत्रै र कुकुरजस्तै हुने, मुख केही चुच्चो र पुच्छर झुप्प परेको मांसाहारी एक जङ्गली जनावर । ~ **काने**– ना० लाम्चा, टुप्पामा कोप्रा परेका पात हुने, नीलो रङ्गको फूल फुल्ने एक जातको बुटी । ~ **टट्टु**– वि० साह्रै अग्लो र दुब्लोपातलो; हल्लनटट्टू । ~ **पुच्छ्रे**– ना० कटुसका जस्तै ससाना पात हुने एक जातको बोट । ~ **फुस्रे**– ना० खरीका जस्ता पात हुने, पहेँला फूल फुल्ने, रिट्ठाजस्ता काला दानादार फल फल्ने, एक जातको बोट वा त्यसैको फल । **– को सिङ**– ना० रूढिबूढीअनुसार भाले स्यालको टाउकोमा पहिलो खेप कराउँदा सिङ निक्लन्छ र पछि त्यहीँ दब्छ भन्ने धारणा । ~ **सिङ**– ना० कुनै काममा पनि नआउने मानिस ~ **सिङे**– वि० स्यालको सिङजस्तो कुनै पनि काम नदिने ।

**स्याल्ल**– क्रि० वि० [अ० मू० स्याल्+ल] चिप्लो तरल पदार्थ फैलेर बग्ने गरी । **– ब्याल्ल**– क्रि० वि० त्यस्तो पदार्थ जथाभाबी बग्ने र पोखिने गरेर; न्याल्लब्याल्ल ।

**स्यास**– ना० तक्मा सुर्काएर भिरिने रेसमी फित्ता वा पेटी ।

**स्याहा**– ना० [फा० सियाह] आयव्ययको विवरण लेखिने स्रेस्ताको कागत वा बही । ~ **मोहर**– ना० १. अड्डाअदालत आदिको छाप । २. पहिलेपहिलेका राजारजौटाले गरिदिएको, छाप लागेको कागत ।

**स्याहार्-नु**– स० क्रि० [स्याहार+नु] १. छरिएको वा अलपत्र परेको वस्तुलाई तह लगाउनु; सँभाल्नु । २. टुहुराटिङ्गरा, अलपत्र परेका आदिलाई सम्भार गर्नु; सह्यार्नु ।

**स्याहार**– ना० [√ सह्यार] कुनै वस्तु वा व्यक्तिको सुसार वा हेरचाह गर्ने काम; सह्यार । ~ **सम्भार**– ना० राम्ररी स्याहार्ने र सम्भार गर्ने काम; सह्यारसम्भार । ~ **सुसार**– ना० स्याहार्ने र सुसार गर्ने काम; सह्यारसुसार ।

**स्याहाराइ**– ना० [√ **स्याहार** (+आइ)] स्याहार्ने भाव, क्रिया वा प्रक्रिया । [ > ] **स्याहारिनु**– क० क्रि० स्याहार्ने काम गरिनु; सह्यारिनु ।

**स्युर**– ना०हे० सिउर ।

**स्युस्यु**– क्रि० वि० [अ० मू०] १. जाडो भएको बेलामा काम्दै मुखबाट त्यस्तो शब्द निस्कने गरी । २. भेडाको बथानबाट एक-दुई भेडा यताउता लागेको बेलामा यताउता जान नदिनलाई बोलेझैँ गरी ।

**स्यूँडी**– ना०हे० सिउँडी ।

**स्यूँदो**– ना० [सं० सीमान्त] हे० सिउँदो ।

**स्यू-नु**– स०क्रि०हे० सिउनु ।

**स्यूडी**– ना०हे० १. सिउरी । २. सिउँडी ।

**स्यू-नी**– ना००हे० सिउनी ।

**स्यूर-नु**– स०क्रि० सिउराइनु ।

**स्यूराइ**– ना० सिउराइ । > **स्यूराइनु**– क०क्रि० सिउराइनु । **स्यूराउनु**– प्रे०क्रि० सिउराउनु । **स्यूरिनु**– स०क्रि० सिउरिनु ।

**स्यूर**– ना०हे० सिउर ।

**स्रग्धरा**– ना० [सं०] १. प्रत्येक चरणमा म र भ न य य य गण हुने र सातसात अक्षरमा अडान हुने एक्काइस अक्षरको एक वार्णिक छन्द । २. बौद्धहरूकी एक देवी ।

**स्रग्विणी**– ना० [सं०] १. प्रत्येक चरणमा चार रगण हुने एक वार्णिक छन्द । २. एक देवीको नाम ।

**स्रवण**– ना० [सं०] तरल आदि पदार्थको चुहाइ; चुहाइ । **– सार**– ना० नाइट्रोइन एसिड; युरिया; मूत्रसार ।

**स्रष्टा**– ना० [सं०] १. सृष्टि वा रचना गर्ने; रचयिता; निर्माता । २. ब्रह्मा । ३. विष्णु । ४. शिव ।

**स्राव**– ना० [सं०] १. जीवजन्तु तथा रूखबिरुवाका भित्री अङ्गबाट निस्कने वा चुहुने पानी, तेल र रगतजस्तो तरल वस्तु । २. गर्भस्राव; गर्भपात । ३. निर्यास; रस । > **स्रावक**– वि० स्राव गर्ने; चुहाउने । **स्रावित**– वि० स्रावका रूपमा चुहाइएको वा निकालिएको ।

**स्रुत**– वि० [सं०] १. रसाएर निस्केको; चुहेको । २. बगेको; प्रवाहित ।

**स्रुव/स्रुवा**– ना० [सं०] खयरका काठबाट बनाइएको डाडुका आकारको, यज्ञमा घिउ हवन गरिने साधन; सुरो ।

**स्रेस्ता**– ना० [फा० शरिस्त:] अड्डाअदालतको नियमपूर्वकको लेखापढी तथा हरहिसाब आदि राख्ने स्याहा वा बही । ~ **अदालत**– ना० न्यायिक कार्यबाहेकको प्रशासनिक कार्य गर्ने अदालत; स्रेस्तासम्बन्धी काम गर्ने अदालत । **– दार**– वि० १. स्रेस्ताको काम गर्ने; स्रेस्ता जान्ने; स्रेस्तामा निपुण । ना० २. त्यस्तो व्यक्ति । ~ **पाठशाला**– ना० नेपालमा निजामती सेवामा जाने व्यक्तिलाई ऐनस्रेस्तासम्बन्धी प्रशिक्षण दिनका लागि वि० सं० १९६२ सालतिर खुलेको पाठशाला । ~ **प्रणाली**– ना० वैज्ञानिक ढङ्गले स्रेस्ता गर्ने र स्रेस्ताका कागतपत्र राख्ने नयाँ तरिका वा ढङ्ग । ~ **शिक्षा**– ना० ऐनस्रेस्तासम्बन्धी शिक्षा । > **स्रेस्तेदार**– वि०/ना० स्रेस्तादार ।

**स्रोत**– ना० [सं०] १. पानीको प्रवाह वा धारा; पानीको बहाइ । २. नदीको मुहान । ३. झरना; छहरा । ४. कुनै कामकुरा हुन वा पुस्टिन सक्ने बलियो आधार; सोर्स । ५. वंशपरम्परा । > **स्रोतस्विनी**– ना० १. नदी; खोलो । २. धारा; प्रवाह ।

**स्लिपर**– ना० [अङ्०] १. रेलमार्गमा लिकभन्दा मनि बिछ्याइने मोटामोटा काठ । २. रबरका चप्पल; हवाई चप्पल ।

**स्लेट**– ना० [अङ्०] सिलेट ।

**स्व**– वि० [सं०] १. निजी; आफ्नो; आफ्नो वर्ग वा जातको; आफन्त (समस्त पदका आरम्भमा, जस्तो– स्वदेश, स्वतन्त्र, स्वजन इ०) । २. आफैआफ हुने वा भएको (जस्तो– स्वचालित, स्वनियन्त्रित इ०) । प० स० ३. केही शब्दका अन्तमा लागेर भाववाचकता वा धन, अस्तित्व आदिका प्राप्तिको अर्थ दिने एक रूप (जस्तो– निजस्व, परस्व, धर्मस्व, राजस्व इ०) । ना० ४. दाजुभाइ; गोती; बन्धु । ५. सम्बन्धी; ज्ञाति । सर्व० ६.

\1saroj\Sabdkosh\Dict'sa'.p65



स्वयम्; आफैँ ।

**स्वः**– ना० [सं०] १. आकाश; व्योम । २. देवलोक; स्वर्ग ।

**स्वकीय**– वि० [सं०] आफ्नो; व्यक्तिगत; निजी । ~ **सचिव**– ना० राजा, राष्ट्रपति आदिको व्यक्तिगत वा आन्तरिक प्रबन्धसम्बन्धी कार्य गर्ने सचिव । > **स्वकीया**– ना० १. आफ्नी पत्नी; विवाहिता पत्नी । २. साहित्यमा सरल प्रकृतिकी, विनययुक्त, गार्हस्थ्य चलाउने र पतिव्रता गुण भएकी नायिका । विप० परकीया ।

**स्वख्यापन**– ना० [सं०] आफ्नो प्रशंसा आफैले बखान्ने काम; आत्मप्रशंसा; आत्मश्लाघा ।

**स्वगत**– वि० [सं०] १. आफैँमा मात्र सीमित; मनमनमा आएको वा रहेको । क्रि० वि० २. आफैँआफ; स्वतः । ~ **कथन**– ना० नाटकहरूमा पात्रले आफ्नो मनको कुरा अरूले नसुनेझैँ गरी एक्लै गुनगुन गरेर दर्शकतिर हेर्दै भन्ने संवादको एक शैली; अश्राव्य ।

**स्वचालक**– वि० [सं०] स्वचालन हुने; स्वयं चल्ने वा यन्त्र आदिलाई चलाउने ।

**स्वचालन**– ना० [सं०] कुनै विशिष्ट प्रक्रियाविना सामान्य साधन वा कलपुर्जा, दम आदिका सहायताले नै आफैँ चल्ने वा यन्त्र आदि चलाउने काम; स्वयं सञ्चालन हुने प्रक्रिया ।

**स्वचालित**– वि० [सं०] कलपुर्जा, दम आदिले नै आफै सञ्चालित हुने तथा आवश्यक काम गर्न थाल्ने । ~ **यन्त्र**– ना० आफै चल्ने यन्त्र वा मिसिन ।

**स्वच्छ**– वि० [सं०] १. कुनै प्रकारको फोहरमैला वा दूषित तत्त्व नभएको; निर्मल; सफा । २. शुद्ध; पवित्र; निष्कलङ्क । ३. उज्ज्वल; चम्किलो । ४. खुलस्त; स्पष्ट; प्रस्ट । ५. नीरोग; स्वस्थ । – **ता**– ना० १. स्वच्छ हुनाको भाव वा स्थिति; विशुद्धता; निर्मलता । २. सरसफाइ ।

**स्वच्छन्द**– वि० [सं०] १. अरूको नियन्त्रण वा अधीनमा नरहने; आफूखुसी चल्ने; स्वाधीन । २. अनुशासन वा मर्यादामा नरहने; उच्छृङ्खल स्वभावको । क्रि० वि० ३. कुनै सोचविचार, सङ्कोच वा डरबिना नै; स्वेच्छया ।

**स्वच्छन्दता**– ना० [सं०] स्वच्छन्द हुनाको भाव, प्रकृति वा अवस्था । – **वाद**– ना० शास्त्रीय बन्धनमा जेलिएका साहित्यिक सिद्धान्तलाई त्यागी जीवन र जगत्‌का स्वतन्त्र चिन्तन, प्रकृति आदिका रोमान्टिक भाव व्यक्त गरेर साहित्यसृजन गर्ने एक प्रवृत्ति वा सिद्धान्त; जर्मनी, फ्रान्स, ब्रिटेन देशहरूमा अठारौँ शताब्दीमा प्रारम्भ भएको एक साहित्यिक मान्यता; रोमान्सवाद । – **वादी**– वि० स्वच्छन्दतावादको अनुयायी; स्वच्छन्दतावादमा विश्वास गर्ने; रोमान्टिक ।

**स्वजन**– ना० [सं०] १. आफ्ना परिवारका मानिस; आत्मीय जन । २. नातासम्बन्धी व्यक्ति; नातादार ।

**स्वजाति**– ना० [सं०] १. आफ्नै जात; आफ्नो जाति । २. आफ्नै धर्म, संस्कृति आदिमा मिल्ने जात वा वर्ग । ३. आफ्नै प्रकार; आफ्नै किसिम । > **स्वजातीय**– वि० आफ्नै जात वा वर्गको; एउटै जातिको ।

**स्वतः**– क्रि० वि० [सं०] आफैँआफ; स्वयम्; आफैँ । ~ **सिद्ध**– वि० अरू कुनै वस्तु वा तत्त्वको सहायताविना आफैँ सिद्ध भएको; स्वयम्‌सिद्ध । – **स्फुरित नासिक्यीभवन**– ना० अनुनासिक व्यञ्जनको सहायताविना नै स्वरवर्ण नासिक्य हुने क्रिया ।

**स्वतन्त्र**– वि० [सं०] १. अरू कसैको बन्धन, दबाउ, अधीन आदिमा नरही आफ्नै तन्त्र वा शासनमा रहने र त्यसै माध्यमले स्वयं सोचीबुझी काम गर्न सक्ने वा पाउने; स्वाधीन । २. अरूको अवलम्ब, आधार वा आश्रय केही नभएको (जस्तो– स्वतन्त्र रचना, स्वतन्त्र मतदान आदि) । ३. कुनै नियम-विधि वा प्रतिबन्धबाट मुक्त (जस्तो– स्वतन्त्र नागरिक, स्वतन्त्र चिन्तन आदि) । ४. अरू कसैसँगको सम्पर्क नभएको; अलग; भिन्न । – **ता**– ना० १. स्वतन्त्र हुनाको वा रहनाको भाव वा अवस्था । २. कुनै प्रकारको शासनिक बाधा, रोकावट, बन्धन आदि नभई उचित तथा सङ्गत काम र व्यवहार स्वयं गर्न पाउने अधिकार वा शक्ति; स्वातन्त्र्य ।

**स्वत्व**– ना० [सं०] १. स्वको भाव वा अवस्था; आफ्नोपन । २. कुनै विषय वा वस्तुप्रतिको स्वामित्व; अधिकार; हक । ३. मौलिकता; निजी तत्त्व । ~ **संलेख**– ना० कुनै चलअचल सम्पत्तिको उत्तराधिकार, इच्छापत्र आदिको बेहोरामा यसको अधिकार हो भनी उल्लेख भएको पत्र; अधिकारपत्र । > **स्वत्वाधिकार**– ना० आफ्नो स्वामित्व सिद्ध गर्न ऐननियमले दिएको अधिकार; निजी हक । **स्वत्वाधिकारिणी**– ना० स्वत्वाधिकारीको स्त्रीरूप; स्वत्वाधिकार पाउने स्त्री । **स्वत्वाधिकारी**– ना० स्वत्वाधिकार पाएको व्यक्ति; स्वामी; मालिक ।

**स्वदेश**– ना० [सं०] पुर्खाका पालादेखि बसोबास गरिआएको देश; आफ्नो देश; मातृभूमि; जन्मभूमि । > **स्वदेशी**– वि० १. स्वदेशसँग सम्बद्ध; आफ्नै देशको; मातृभूमिको । २. आफ्नै देशमा तयार भएको; स्वदेशमा बनेको (कपडा, जुत्ता इ०) ।

**स्वधर्म**– ना० [सं०] १. आफ्नो वंश वा कुलमा परम्परादेखि चलेको वा पालन गर्दै आएको धर्म; आफ्नो धर्म । २. आफूले धारण गरिएको समाजका निम्ति कल्याणकारी कामकुरो; आफ्नो कर्तव्य । > **स्वधर्मी**– वि० १. स्वधर्ममा रहने; स्वधर्मको नियमलाई राम्ररी पालन गर्ने । २. एउटै धार्मिक सम्प्रदायभित्रको; समान जाति, रहनसहन वा संस्कारसित सम्बद्ध ।

**स्वधा**– ना० [सं०] १. श्राद्ध, तर्पण आदि पितृकार्यमा जल, पिण्ड आदि अर्पण गर्दा भनिने मन्त्र । २. पितृहरूलाई चढाइने हवि; पितृमन्त्र । ३. दक्षप्रजापतिकी एक कन्या ।

**स्वन**– ना० [सं०] लघुतम पृथक् आवाज; ध्वनि; फोन । > **स्वनिक**– वि० स्वन वा ध्वनिसँग सम्बन्धित; स्वन वा ध्वनिको । ~ **विज्ञान**– ना० स्वन वा ध्वनिको वैज्ञानिक अध्ययन गर्ने शास्त्र; ध्वनिविज्ञान; फोनेटिक्स ।

**स्वनाम–** ना० [सं०] आफ्नो नाम । ~ **धन्य–** वि० आफ्नै नामले धन्य वा प्रसिद्ध; असल गुण वा विशेषताले नै नाउँ कहलिएको ।

**स्वनिम–** ना० [सं० स्वन+ अङ्० इम] कुनै भाषाको ध्वनिव्यवस्थामा पाइने लघुतम विभेदक एकाइ; उच्चार्य वर्ण; फोनिम । > **स्वनिमिक–** वि० स्वनिमसँग सम्बन्धित; स्वनिम वा वर्णको । ~ **विज्ञान–** स्वनिम वा वर्णको वैज्ञानिक अध्ययन गर्ने शास्त्र; वर्णविज्ञान; फोनोलजी/फोनेमिक्स ।

**स्वपक्ष–** ना० [सं०] आफ्नो पक्ष वा समर्थक; तरफदार । विप० विपक्ष । ~ **त्यागी–** वि० आफ्नो पूर्वविचार, सिद्धान्त, दल आदिको त्याग गर्ने (व्यक्ति) । > **स्वपक्षी–** वि० स्वपक्षको; स्वपक्षसम्बन्धी । विप० विपक्षी ।

**स्वप्न–** ना० [सं०] १. सपना । २. निद्रा; नीद । ३. सहजै पूरा नहुने तथा काल्पनिक किसिमको ठूलो काम, योजना वा विचार । ~ **दोष–** ना० कुनै सपना देखेको वेला वीर्यपात हुने एक प्रकारको रोग वा अवस्था । ~ **द्रष्टा–** वि० १. स्वप्न देख्ने । २. कल्पनाको आकाशमा रमाउने । > **स्वप्नालु–** वि० स्वप्न देखिरहेको; निद्रालु । **स्वप्नावस्था–** ना० १. स्वप्न देखिने अवस्था । २. धार्मिक क्षेत्रमा लाक्षणिक रूपले स्वप्नजस्तै अवास्तविक वा निस्सार मानिने सांसारिक जीवन । **स्वप्निल–** वि० १. सपनासम्बन्धी; सपनाको । २. स्वप्नाको रूपमा हुने वा स्वप्नसमान देखिने । ३. सुतेको; निदाएको ।

**स्वभाव–** ना० [सं०] आफ्नो वा निजी भाव । २. प्राणी वा पदार्थमा सधैं एकनासले रहने, जन्मजात तथा प्राकृतिक गुण वा विशेषता; सहज वा स्वाभाविक प्रकृति । ३. आनीबानी; चालचलन; आदत । ४. मानसिक प्रवृत्ति; मिजास । – **तः–** क्रि० वि० स्वभावको फलस्वरूप; स्वभावैले; प्रकृतिले नै । ~ **सिद्ध–** वि० विशेष मिहिनेत गर्नै नपर्ने; स्वभावैले सिद्ध हुने; स्वाभाविक; सहज; प्राकृतिक । > **स्वभावोक्ति–** ना० १. साहित्यमा वस्तु वा विषयको स्वभावलाई यथावत् रूपमा वर्णन गर्दा पर्ने एक अलङ्कार । २. जस्ताको तस्तै भन्ने काम; यथार्थ कथन ।

**स्वमत–** ना० [सं०] १. आफ्नो राय; आफ्नो निर्णय । २. स्वपक्षको बारेमा निर्णय गर्ने मत वा विचार ।

**स्वयंवर–** ना० [सं०] १. कन्याले आफूलाई मन पर्ने वर स्वयं रोजेर वरण गर्ने एक रीति वा विधान । २. विवाह हुनुअगाडि कन्याकै घरमा अथवा देवस्थलमा गई वर-कन्या दुवैबाट माला, औंठी आदि लगाएर विधिपूर्वक कन्याद्वारा गराइने वरको वरण । > **स्वयंवरा–** ना० आफ्नो वर आफैँले छान्ने कन्या; पतिंवरा ।

**स्वयमेव–** क्रि० वि० आफू नै; स्वयम्; आफैँ ।

**स्वयम्–** क्रि० वि० [सं०] १. आफू नै; आफैँ; आफैँआफ (जस्तो– म स्वयम्, ऊ स्वयम्, तिमी स्वयम् इ०) । वि० २. आफैँआफ सबै काम गर्ने वा हुने (जस्तो– स्वयंसिद्ध, स्वयंचालित आदि) । सर्व० ३. आफू । – **दूत–** ना० साहित्यमा आफैँ दूत बन्ने अर्थात् आफ्नो प्रेम आफैँ प्रकट गर्ने नायक । – **दूतिका/दूती–** ना० आफ्नो सन्देश आफैँ लिएर नायककहाँ गई प्रेम प्रकट गर्ने परकीया नायिका ।

**स्वयम्पाक–** ना० [सं०] आफूलाई चाहिने भोजन आफैँ पकाउने काम; आफैँले पकाईतुल्याई गरिएको खाद्य वस्तु । > **स्वयम्पाकी–** वि० १. आफूले खाने कुरा आफैँ पकाएर खाने । २. धार्मिक दृष्टिअनुसार आफूले पकाएको मात्र खाने अरूले पकाएको नखाने नियममा रहेको (व्यक्ति) । ३. आफैँ पाक्ने ।

**स्वयम्भुव–** ना० [सं०] १. आदि मनु । २. सृष्टिकर्ता ब्रह्मा । ३. शिव; महादेव ।

**स्वयम्भू–** वि० [सं०] १. आफै उत्पत्ति भएको; स्वतः उत्पन्न । ना० २. ब्रह्मा । ३. विष्णु । ४. शिव । ५. कामदेव । ६. काल । ७. काठमाडौँ नगरको पश्चिमपट्टिको गोपुच्छ पर्वतमा अवस्थित एक प्रसिद्ध बौद्ध चैत्य । > **स्वयम्भूत–** वि० आफैँ भएको; आफ्नै इच्छाले अवतीर्ण वा उत्पन्न; स्वयम्भू । ~ **लिङ्ग–** ना० षट्चक्रको चिन्तन गर्दा सर्वप्रथम कल्पना गरिने शिवलिङ्गका आकारको वस्तु; मूलाधार स्थानमा कल्पना गरिने लिङ्गाकार वस्तु ।

**स्वयं सिद्ध–** वि० [सं०] १. कुनै तर्क वा प्रमाणविना नै आफैँ सिद्ध वा ठीक भएको । २. अरूको सहयोग नभएरै पनि सफलता पाएको । > **स्वयं सिद्धि–** ना० सिद्ध वा प्रमाणित गरिरहन नपर्ने सिद्धान्त; सर्वमान्य सिद्धान्त वा तत्त्व ।

**स्वयं सेवक–** ना० [सं०] १. आफ्नै इच्छाले कुनै सेवाकार्यमा लाग्ने व्यक्ति । २. कुनै लोकहितकारी सङ्गठन वा संस्थामा अवैतनिक रूपले काम गर्ने व्यक्ति । > **स्वयं सेविका–** ना० स्वयंसेवकको स्त्रीरूप; स्त्रीस्वयंसेवक ।

**स्वर्–** ना० [सं०] १. देवलोक; स्वर्ग । २. परलोक । ३. आकाश ।

**स्वर–** ना० [सं०] १. प्राणीहरूका उच्चारण-अवयवहरूबाट वा एक वस्तुको अर्को वस्तुमा आघात पर्दा निस्कने कोमलता, तीव्रता, आरोहअवरोह आदिले युक्त ध्वनि; आवाज; शब्द । २. ध्वनिका स्वरवर्णमध्ये पहिलोचाहिँ (अ, आ, इ, इ०) । ३. सङ्गीतमा निश्चित गरिएका सात ध्वनि वा सुर (षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद) । ४. वेदपाठका सन्दर्भमा उदात्त, अनुदात्त र स्वरित नामक तीन प्रकारका हुने शब्दको उतारचढाउ । ५. सास लिने बेला नाकबाट निस्कने वायुका कारणबाट उत्पन्न हुने शब्द । ६. आकाश । – **ग्राम–** ना० सङ्गीतमा 'सा'-देखि 'नि'-सम्मका सात स्वरहरूको समूह; स्वर-सप्तक । ~ **चिम्टी–** ना० श्वासप्रश्वास खुल्दै बन्द हुँदै गर्ने र स्वर प्रस्फुटित गराउने, फोक्साका मुखमा रहेको ओठका आकारको चेप । ~ **तन्त्री–** ना० कण्ठपेटारीभित्र रहेको स्वर वा आवाज निकाल्न सघाउ पुऱ्याउने सूत्रका आकारको अङ्ग; स्वरनली । ~ **नली–** ना० स्वरतन्त्री । – **पात–** ना० शब्दको उच्चारण गर्दा कुनै स्वर वा अक्षरमा पर्न जाने रोकावट; उच्चारण गर्दा शब्दको बीचमा पर्ने यति वा विराम । ~ **प्रसारण–** ना०

बोल्दा वा सस्वर पढ्दा आवाजको उतारचढाउ हुने प्रक्रिया । ~ **भङ्ग**– ना० १. कुनै कारणले स्वर सुक्ने वा गला बस्ने काम । २. उच्चारणमा हुने बाधा वा अस्पष्टता । ३. साहित्यमा हर्ष, भय, क्रोध, मद आदिले घाँटी रोकिएर एक थोक भन्नुपर्नेमा मुखबाट अर्कै थोक निस्कने प्रक्रिया । ~ **मधुरिमा**– ना० स्वरको मिठास; गलाको माधुर्य । – **यन्त्र**– ना० स्वरको उच्चारणमा सहायता पुऱ्याउने वा प्रयत्न गर्ने घाँटीभित्रको एक अवयव; कण्ठनली । ~ **लहरी**– ना० १. सङ्गीतमा तीव्र, उतारचढाउ आदि स्वरहरूको लहर वा तरङ्ग । २. सङ्गीतमा केही समयसम्म एकै रूपमा हुने झङ्कार वा आलाप । ~ **लिपि**– ना० गीत, लय, राग, तान आदिमा आउने सबै स्वरको सङ्केत गर्ने चिह्नसहितको क्रमबद्ध लेख (नोटेसन) ।

**स्वरवास**– ना० [सं०] १. आयुर्वेदअनुसार बिरुवा वा बुटीका पात, जरो, बोक्रो, फल र फूलसमेत मिलाएर कुटी निचोरेर निकालिएको झोल । २. कुनै चीजको आफ्नै प्राकृतिक रस ।

**स्वर सङ्गति**– ना० [सं०] सँगै रहेका विषम स्वरमध्ये अगिल्लो र पछिल्लो स्वर समानरूपका बन्ने गरी हुने मेल (जस्तै– ढिकुटी=ढुकुटी, जान्छ=आन्छ आदि) ।

**स्वर सङ्गीत**– ना० [सं०] सुन्दा मधुर लाग्ने र मुखैले गाएर मात्र पनि मीठो हुने गीत ।

**स्वर सन्धान**– ना० [सं०] ध्वनिनियमअनुसार स्वर मिलाउने वा स्वरलाई सङ्गतिपूर्ण बनाउने काम ।

**स्वर सप्तक**– ना० [सं०] सङ्गीतका सात स्वरहरूको समुदाय; सा, रे, ग, म, प, ध, नि सात स्वरहरूको सप्तक ।

**स्वरागम**– ना० [सं०] शब्दका आदि, मध्य र अन्त्य कुनै ठाउँमा स्वर थपिई ध्वनिपरिवर्तन हुने प्रक्रिया (जस्तै– कर्म=करम, बक्स=बाकस आदि) ।

**स्वराघात**– ना० [सं०] ध्वनिको उच्चारण हुँदा स्वरमा बढी आघात हुने प्रक्रिया; बोल्दा वा सस्वर पढ्दा स्वरवर्णमा पर्ने जोड वा बल ।

**स्वराज्य**– ना० [सं०] १. विदेशी शासकको दबाउ वा पन्जाबाट छुटेर आफ्नै देशका जनतामा आएको र चलेको कुनै देशको शासनसत्ता; त्यस्तो शासनसत्ता प्राप्त गरेको स्वाधीन देश । २. आफ्नो देश; आफ्नो राज्य ।

**स्वरान्तर**– ना० [सं०] दुई स्वरका उच्चारणका बीचको अन्तर वा विश्राम ।

**स्वरित**– ना० [सं०] १. स्वर भएको वा निस्केको; स्वरयुक्त (अक्षर वा वर्ण) । २. टड्कालो, राम्रो र मीठो स्वर भएको ।

**स्वरूप**– ना० [सं०] १. जुनसुकै विषय वा वस्तुको आकार; आकृति । २. अनुहार; मुख । ३. वस्तुमा रहने आफ्नो स्वभाव । वि० ४. साह्रै राम्रो; अति सुन्दर । ५. समान; तुल्य । क्रि० वि० ६. किसिमले; तवरसँग; रूपमा । – **वान्**– वि० सुन्दर रूप भएको; खूब राम्रो । > **स्वरूपी**– वि० १. रूप भएको; रूपवान् । २. कसैको स्वरूपजस्तै देखिने; समरूपी । ३. अरूको रूप धारण गरेको; छद्मवेशी । > **स्वरूपोत्प्रेक्षा**– ना० उत्प्रेक्षा अलङ्कारको एक भेद; वस्तूत्प्रेक्षा ।

**स्वरोदय**– ना० [सं०] स्वर वा नाकको श्वासप्रक्रियाका आधारमा सबै किसिमको शुभ र अशुभ फल थाहा पाइने वा भनिने एक विद्या ।

**स्वर्ग**– ना० [सं०] १. पुण्यात्मा र सत्कर्मीहरू मृत्युपछि सुख भोग्न जान्छन् भनी पुराण, स्मृति आदिले भनेको लोक; देवलोक । २. अमरावती; इन्द्रपुरी । ३. अत्यन्त रमणीय ठाउँ; सुन्दर स्थान । – **गामी**– वि० १. मरणोपरान्त स्वर्ग जाने; स्वर्गतर्फ गमन गर्ने । २. मृत; स्वर्गीय ।

**स्वर्गङ्गा**– ना० [सं०] आकाशगङ्गा; मन्दाकिनी ।

**स्वर्गद्वारी**– ना० [सं०] नेपाल अधिराज्यको प्यूठान जिल्लामा पर्ने एक प्रसिद्ध तीर्थस्थान । ~ **प्रभु**– ना० उक्त तीर्थस्थानको स्थापना गर्ने एक सिद्ध पुरुष ।

**स्वर्गवास**– ना० [सं०] १. स्वर्गमा गएर बस्ने काम; स्वर्गको बसाइ । २. देहावसान; मृत्यु; मरण । > **स्वर्गवासी**– वि० १. स्वर्गमा बस्ने; स्वर्गको निवासी । २. देहान्त भएको; मरेको; दिवङ्गत ।

**स्वर्गस्थ**– वि० [सं०] १. स्वर्गमा बसेको; स्वर्गमा रहेको । २. स्वर्गवासी; स्वर्गीय ।

**स्वर्गारोहण**– ना० [सं०] १. स्वर्ग जाने काम; स्वर्गगमन । २. देहान्त; मरण ।

**स्वर्गीय**– वि० [सं०] १. स्वर्गमा हुने; स्वर्गको; स्वर्गसम्बन्धी २. देहान्त भएको; मरेको । ३. असाधारण; अलौकिक ।

**स्वर्ण**– ना० [सं०] १. सुवर्ण; सुन । – **कार**– ना० १. सुनको गहनागुरिया बनाउने पेसा भएको मानिस । २. सुनार; बाँडा । – **कीट**– ना० १. सुनजस्तो रङ हुने एक जातको झल्कने कीरो; सुनकीरी । २. एक प्रकारको जूनकीरी । – **गिरि**– ना० सुनजस्तो पहेँलो पर्वत; सुमेरुपर्वत । ~ **जयन्ती**– ना० कुनै व्यक्ति, सङ्घसंस्था, महत्त्वपूर्ण कार्य आदिको जन्म, आरम्भ वा स्थापनाको पचास वर्ष प्रवेश भएको उपलक्ष्यमा मनाइने उत्सव; पचासौँ जन्मोत्सवको पर्व । ~ **दिवस**– ना० १. बनिबनाउ भएको दिन; सुखशान्तिको दिन । २. महत्त्वपूर्ण घटना घटेको दिन । – **मान**– ना० आफ्नो द्रव्यको एकाइको मूल्यलाई सुनको मूल्यसँग समानुपातमा निश्चित गरिएको मान । ~ **मुद्रा**– ना० सुनको धातुबाट बनाइएको मुद्रा; असर्फी । ~ **युग**– ना० प्रशस्त उन्नति तथा सुखशान्ति भएको युग; सुनौला युग । > **स्वर्णाभ**– वि० १. सुनजस्तो आभा वा चमक भएको । २. सुनका जस्तो रङ्गको; सुनौलो । **स्वर्णिम**– वि० सुनजस्तै चम्किलो; सुनौलो ।

**स्वर्लोक**– ना० [सं०] देवलोक; स्वर्ग ।

**स्वर्वैद्य**– ना० [सं०] स्वर्गका वैद्य; अश्विनीकुमार ।

**स्वलङ्कृत**– वि० [सं०] राम्ररी सिँगारिएको वा सजाइएको; शृङ्गारका साधनहरूले अलङ्कृत ।

**स्वल्प**– वि० [सं०] १.साह्रै अल्प वा थोरै; अलिकति मात्र । २. ज्यादै सानो; क्षुद्र; तुच्छ । > **स्वल्पाहार**– ना० साह्रै थोरै खवाइ; सामान्य वा हल्का भोजन । **स्वल्पाहारी**– वि० स्वल्पाहार गर्ने; थोरै खाने ।

**स्ववासी**– वि० [सं०] आफैँ बसेको; आफैँले भोगचलन गरेको (घरबारी) ।

**स्वविवेक**– ना० [सं०] गुणदोष, हितअहित, प्रियअप्रिय, कर्तव्यअकर्तव्यजस्ता विषयलाई आफैँ सोच्न वा ठम्याउन सक्ने शक्ति; आफ्नै उचित ध्यान वा विचार ।

**स्वशासन**– ना० [सं०] आफ्नो क्षेत्र, प्रान्त वा राज्यका निम्ति आवश्यक शासन, प्रबन्ध आदि आफैँ गर्ने पूर्ण अधिकार; स्वायत्तशासन ।

**स्वशासित**– वि० [सं०] सम्बन्धित तहबाटै आफ्नो शासनव्यवस्था चलेको; स्वशासन भएको ।

**स्वशिक्षण**– ना० [सं०] शिक्षकका सहयोगको अपेक्षाविना नै शिक्षार्थीले सिक्ने सिकाइसम्बन्धी कार्यकलाप; स्वाध्याय ।

**स्वसञ्चालन**– ना० [सं०] कुनै कामकुरो कसैको सहायताविना स्वयम् चल्न सक्ने क्रिया वा स्थिति; आफैँद्वारा हुने सञ्चालन ।

**स्वसञ्चालित**– वि० [सं०] स्वसञ्चालन भएको; आफैँआफ चलेको ।

**स्वस्ति**– ना० [सं०] १. कसैलाई मङ्गलमय कामना व्यक्त गर्दै दिइने आशीर्वाद; शुभमस्तु । २. मङ्गल; कल्याण । > **स्वस्तिक**– ना० मङ्गलको सङ्केत गर्ने एक प्राचीन चिह्न; मङ्गलचिह्न (卐) । – **कर्ता ⁄ कार**– ना० स्वस्ति गर्ने मानिस । ~ **वाचक**– वि० स्वस्तिवाचन गर्ने; आशीर्वाद दिने । ~ **वाचन**– ना० वैदिक विधिद्वारा कार्यको आरम्भमा निर्विघ्नताको निम्ति गरिने मङ्गलमन्त्रको पाठ । ~ **श्री**– ना० प्रायः पुरानो पद्धतिमा बढी प्रचलित, चिठीपत्र आदिको शिरमा आदरणीय व्यक्तिहरूको नाम वा नाताबोधक शब्दका अगाडि प्रयोग गरिने सम्मानार्थी शब्द ।

**स्वस्थ**– वि० [सं०] १. शारीरिक तथा मानसिक रूपले ठीक रहेको; कुनै प्रकारको रोगव्याध नलागेको; तन्दुरुस्त; निरोगी । २. आलस्य, उद्वेग, विकार आदि नभएको; दुर्गुण वा त्रुटिरहित ।

**स्वहस्ताक्षर**– ना० [सं०] १. आफ्नै हातले लेखेको अक्षर; आफ्नै हस्ताक्षर । २. कारणीको हस्ताक्षर (लिखित कागजमा) । > **स्वहस्ताङ्कित**– वि० आफ्नो हातको निसान लागेको; आफ्नो हस्ताक्षर भएको । **स्वहस्तान्तरण**– ना० आफ्नो अधिकारको सम्पत्ति, दायित्व आदि कसैलाई सुम्पने काम; लिखित वा प्रामाणिक आधारमा आफ्नो अधिकार कसैलाई जिम्मा लाउने काम ।

**स्वाँ**– क्रि० वि० [अ० मू०] सुस्केरा हाल्दा वा मस्त निदाउँदा नाकबाट लामो सास निस्कने किसिमले ।

**स्वाँग**– ना० [सं० स्व+अङ्ग] नकल; स्वाङ । > **स्वाँगिलो**– वि० स्वाङ पार्ने स्वभाव भएको । स्त्री० स्वाँगिली । **स्वाँगी**– वि० स्वाङ पार्ने; नकल गर्ने ।

**स्वाँगे**– वि० [स्वाँग+ए] १. स्वाँग पार्ने । २. स्व-अङ्गको । ~ **भाइ**– ना० सगोत्री भाइ ।

**स्वाँठ**– वि० [सं०] १. दुष्टतापूर्ण व्यवहार गर्ने; साह्रै बदमास । २. बुद्धि, विवेक, विचार आदि हुँदै नभएको; महाको मूर्ख, लट्ठक । > **स्वाँठे**– वि० स्वाँठ ।

**स्वाँफ्वाँ**– क्रि० वि० [अ० मू० स्वाँ (द्वि०)] १. मस्त निद्रामा परी लामोलामो श्वासप्रश्वास चल्दा आवाज आउने गरी ।

**स्वाँरो**– ना० १. भिरालो परेको आवादी पाखो । २. चराइने बारी; खर्क ।

**स्वाँस्वाँ**– क्रि० वि० [अ० मू० स्वाँ (द्वि०)] १. परिश्रम वा दमले छिटछिटो र लामो सास चल्ने गरी; तीखो स्याँस्याँ । ना० २. कडा परिश्रम वा दौडाइबाट छिटो र ठूलो सास फेर्दा आउने शब्द । ~ **फ्वाँफ्वाँ**– क्रि० वि० धेरै परिश्रमले सास वा दम बढेझैँ गरी । ~ **र फ्वाँफ्वाँ**– क्रि० वि० १. स्वाँस्वाँफ्वाँफ्वाँ । ना० २. परिश्रम, रिस आदिबाट हुने सासको वेग ।

**स्वाइँ**– ना० [अ० मू०] तातेको घिउतेलमा रोटी पकाउँदा, आगाको भुङ्ग्रो, तातो फलाम आदिमा पानी पर्दा र हावा चल्दा आउने शब्द । > **स्वाइँय**– क्रि० वि० वेगसित त्यस्तो स्वाइँ आवाज आउने गरी । **स्वाइँस्वाइँ**– क्रि० वि० लगातार स्वाइँ गरेर । **स्वाइँस्वाइँती**– क्रि० वि० अझै जोडले स्वाइँस्वाइँ हुँदै ।

**स्वाउँदो**– वि० [√ सुहाउँदो] खुलेको; मिल्दो; सुहाउँदो ।

**स्वाउनु**– अ० क्रि० [√ सुहाउनु] खुल्नु; मिल्नु; सुहाउनु ।

**स्वाक्षर**– ना० [सं०] १. आफैँले लेखेको अक्षर; आफ्नो हस्तलेख; स्वहस्ताक्षर । २. सही; दस्तखत । > **स्वाक्षरित**– वि० १. आफ्नै हातले नामठेगाना, लेख आदि लेखेको । २. आफ्नै हस्ताक्षर वा सही भएको ।

**स्वाग**– ना०हे० सुहाग ।

**स्वागत**– ना० [सं०] १. अतिथि, मान्य जन वा प्रिय व्यक्ति आउँदा अगाडि लम्केर गरिने अभिनन्दन । २. कुनै औपचारिक सभासमारोहमा त्यसरी नै गरिने अभ्यर्थना । ३. कसैको विचार, कथन आदिलाई अनुकूल वा उत्तम ठानेर ग्रहण वा स्वीकार गर्ने भाव वा क्रिया । ~ **अभिवादन**– ना० कुनै विशिष्ट व्यक्तिका आगमनमा गरिने स्वागत वा सत्कारपूर्ण नमस्कार आदि । – **कर्ता**– वि० स्वागत गर्ने; स्वागतकार्यमा भाग लिने । ~ **गान**– ना० कुनै समारोहमा आमन्त्रित वा उपस्थित विशिष्ट व्यक्ति वा जनसमुदायको स्वागतमा गाइने गीत । – **पतिका**– ना० पति परदेशबाट फर्केर आउँदा प्रसन्न भएर स्वागतका निम्ति प्रस्तुत रहने नायिका; आगतपतिका; साहित्यमा वर्णित नायिकाका अवस्थाअनुसार दस भेदमध्ये एक । – **प्रिया**– ना० पति परदेशबाट फर्कँदा प्रसन्न भएर स्वागतका निम्ति प्रस्तुत हुने नायिका । ~ **भाषण**– ना० आमन्त्रित अतिथिहरूको स्वागत-सत्कारका निम्ति गरिने भाषण । ~ **समारोह**– ना० कुनै विशिष्ट

व्यक्तिको स्वागत, आगमन, सत्कार आदिका क्रममा आयोजना गरिने समारोह वा भेला । ~ **समिति–** ना० कुनै विशेष समारोहमा स्वागतसत्कार वा तत्सम्बन्धी व्यवस्थाका लागि गठन गरिएको समिति ।

**स्वागता–** ना० [सं०] प्रत्येक चरणमा क्रमैले रगण, नगण, भगण र दुई गुरु हुने एक समवृत्त वार्णिक छन्द ।

**स्वाङ–** ना० [स्वाँग] १. अर्काको नकल गरेर बनाइएको रूप; कृत्रिम भेष । २. आफ्नो काम पटचाउन खोज्ने वा होजस्तो पार्ने बनावटी चाल; ढाँचा; नकल । ३. आडम्बर; ठाँट । > **स्वाङी–** वि० १. स्वाङ पार्ने; नकल गर्ने । २. आडम्बरी ।

**स्वाट्ट–** क्रि० वि० [अ० मू० स्वाट्+ट] १. सजिलैसित आउनेजाने, हिँड्ने वा सकिने चालमा । २. एकै पटकमा निल्ने वा बुत्याउने गरेर । ३. तत्काल मर्ने, खस्ने आदि किसिमले । ४. लट्ठी आदिले बिस्तारै हानेझैँ गरी ।

**स्वातन्त्र्य–** ना० [सं०] स्वतन्त्र हुनाको भाव वा अवस्था; स्वतन्त्रता; स्वाधीनता । ~ **सङ्ग्राम/युद्ध–** ना० विदेशी शासन, उपनिवेश आदिबाट देश र जनतालाई मुक्त गराउनका निम्ति गरिने युद्ध; स्वतन्त्रतासङ्ग्राम ।

**स्वाति/स्वाती–** ना० [सं०] १. ज्योतिषमा सत्ताइस नक्षत्रमध्ये पन्ध्रौँ नक्षत्र । २. सूर्यकी एक पत्नी ।

**स्वात्त–** क्रि० वि० [अ० मू० स्वात्+त] एकै पल्ट सकिने किसिमले । २. चाँडै वा थाहै नपाई पस्ने जस्तै गरी ।

**स्वात्म–** वि० [सं०] आफूसित सम्बन्ध भएको; आफ्नो; निजी ।

**स्वाद–** ना० [सं०] कुनै वस्तु खाँदापिउँदा जिभ्रो वा रसेन्द्रियले गर्ने अनुभव; चाख्ता जिभ्रामा हुने मीठोनमीठो, नुनिलोअलिनो, तीतोपिरो आदिको क्रियाप्रतिक्रिया । – **हीनता–** ना० जिभ्रोमा प्राप्त हुने स्वादको अभाव; स्वाद नहुनाको भाव वा स्थिति । > **स्वादिलो–** वि० १. मीठो स्वाद भएको; चखिलो । २. रुचिलाग्दो; रसिलो । **स्वादिष्ठ–** वि० खाइरहूँ जस्तो; अत्यन्त मीठो; स्वादिलो । **स्वादु–** वि० १. मीठो स्वाद भएको; स्वादिलो; स्वादिष्ठ । ना० २. मीठो स्वाद; मधुरता; मिठास ।

**स्वादे–** वि० [स्वाद+ए] मीठो र स्वादिलो वस्तु मात्र खान चाहने; जिबुल्ले । ~ **जिभ्रो–** ना० जिबुल्ले खालको बानी; मीठो खान चाहने आदत । (उदा०– **अल्छी तिघ्रो, स्वादे जिभ्रो** – उखान) ।

**स्वाधिकार–** ना० [सं०] १. कुनै वस्तुप्रतिको आफ्नो अधिकार वा हक । २. स्वाधीनता; स्वतन्त्रता ।

**स्वाधिष्ठान–** ना० [सं०] १. हठयोगका अनुसार शरीरका छवटा चक्रमध्ये शिश्नमूलमा रहने भनी मानिएको एक चक्र । २. विज्ञानका अनुसार यौवन र शरीरमा प्रजननशक्ति उत्पन्न तथा विकसित हुने ग्रन्थिहरूको केन्द्र ।

**स्वाधीन–** वि० [सं०] आफ्नै अधीन वा आत्मनिर्भरतामा रहेको; पराधीन नभएको; स्वतन्त्र; स्वच्छन्द । विप० पराधीन । – **ता–** ना० स्वाधीन हुनाको भाव वा अवस्था; स्वतन्त्रता । ~ **पतिका–** ना० साहित्यमा पतिलाई आफ्ना अधीनमा राख्ने नायिका; नायिकाका आठ भेदमध्ये एक । ~ **भर्तृका–** ना० स्वाधीनपतिका ।

**स्वाध्याय–** ना० [सं०] नियमपूर्वक दैनिक रूपमा गरिने अध्ययन; वेद, पुराण, उपनिषद् आदिको आफैँले गरिने अध्ययन; स्वशिक्षण । ~ **यज्ञ–** ना० नित्य नियमपूर्वक पाठ गरिने यज्ञ; स्वाध्यायरूप यज्ञ । ~ **सामग्री–** ना० शिक्षकको सहायता नै नभए तापनि शिक्षार्थी आफैँले उपयोग गरी अपेक्षित कुरा सिक्न सक्ने शिक्षण-सामग्री ।

**स्वान्त–** ना० [सं०] १. अन्तःकरण; अन्तरात्मा; हृदय । २. आफ्नो अन्त वा मृत्यु । ३. मानसिक शान्ति । ४. आफ्नो देश वा प्रदेश । ~ **सुखाय–** क्रि० वि० आफ्नो आन्तरिक सुखका निम्ति; मानसिक रूपमा हुने सन्तुष्टिका लागि ।

**स्वाप–** ना० [सं०] १. निद्रा, नीद । २. सपना; स्वप्न । ३. अज्ञान । > **स्वापन–** ना० १. युद्धमा शत्रुपक्षलाई निद्रा लगाउने वा लट्ट्याउने प्राचीनकालको एक अस्त्र; मोहनास्त्र । २. निद्रा लगाउने वा लटचाउने औषधी । ३. वि० लट्ट्याउने; निद्रा लगाउने ।

**स्वापस्वाप–** क्रि० वि० [अ० मू० सप् > स्वाप्+अ (द्वि०)] रसिलो पारी मुछिएको दालभात आदि छिटछिटो खाने किसिमले ।

**स्वाप्प–** क्रि० वि० [अ० मू० सप् > स्वाप्+प] रसयुक्त खाद्य वस्तु खाँदा हात र मुखका सम्पर्कबाट आवाज आउने किसिमले ।

**स्वाभाविक–** वि० [सं०] १. स्वभावसम्बन्धी; स्वभावअनुसार हुने । २. स्वभावबाट उत्पन्न; स्वतःसिद्ध । ३. आफैँआफ हुने; प्राकृतिक । – **ता–** ना० स्वाभाविक हुनाको भाव वा अवस्था ।

**स्वाभिमान–** ना० [सं०] १. आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको गरिमा; आत्मगौरव । २. आफ्नो देश, जाति, संस्कृति आदिको सद्अभिमान । > **स्वाभिमानी–** वि० स्वाभिमान भएको; स्वाभिमान गर्ने ।

**स्वामिकार्तिक–** ना० [सं०] कार्तिकेय; कुमार; स्कन्द ।

**स्वामित्व–** ना० [सं०] १. कुनै वस्तुको स्वामी वा अधिपति हुनाको भाव वा अवस्था; मालिक्याइँ । २. प्रभुता; प्रभुत्व ।

**स्वामिनी–** ना. [सं०] स्वामीको स्त्रीरूप; मालिक्नी ।

**स्वामिस्व–** ना० [सं०] कुनै ग्रन्थको लेखक, कुनै वस्तुको आविष्कारक वा कुनै वस्तुको मालिकले सम्पूर्ण आयबाट पाउने निर्धारित प्रतिशतको लाभांश; रोयल्टी; लेखकस्व ।

**स्वामी–** ना० [सं०] १. कुनै वस्तुको हर्ताकर्ताको अधिकार भएको व्यक्ति; धनी; मालिक । २. लोग्ने; पति । ३. घरको मूली मान्छे । ४. साधुसन्तहरूलाई सम्मानपूर्वक सम्बोधन गरिने शब्द । वि० ५. कुनै वस्तुको हकदार; धनी; अधिकारवाला । ~ **महाराज–** ना० १. योगीराज । २. सन्न्यास ग्रहण गरेपछिका राजा रणबहादुर शाहलाई जनाउने गरिएको नाम ।

**स्वाम्म–** क्रि० वि० [अ० मू० स्वाम्+म] तीखो टुप्पो भएको वस्तुले कुनै ठाउँमा अप्रत्याशित रूपले घोच्ने वा रोप्ने गरी; च्वाम्म; ख्वाम्म ।

**स्वाम्य–** ना० [सं०] कुनै वस्तुको अधिकार वा आधिपत्य; स्वामित्व; प्रमुखता ।

**स्वायत्त–** वि० [सं०] आफ्नो अधीनमा रहेको; आफ्नो अधिकारभित्रको । **– ता–** ना० स्थानीय शासनको अधिकार वा स्थिति; स्वाधीनता । ~ **शासन–** ना० आफ्नो शासनको प्रबन्ध आफैँले सञ्चालन गर्ने काम; स्थानीय क्षेत्रका शासन त्यसै क्षेत्रका जनताद्वारा आफैँ चलाउने काम वा स्वतन्त्रता । **– शासी–** वि० आफ्नो शासन आफैँ चलाउने । > **स्वायत्तीकरण–** ना० कुनै पनि विषय वा वस्तुको अधिकार आफ्ना हातमा लिने काम ।

**स्वायम्भुव–** ना० [सं०] १. पुराणअनुसार चौध मनुमध्येका पहिला मनु; ब्रह्माका पुत्र । वि० २. ब्रह्मासम्बन्धी; ब्रह्माको ।

**स्वारस्वार–** क्रि० वि० [अ० मू० स्वार्+अ (द्वि०)] १. झुन्डचाएको वा टाँगिएको धागो, डोरी, लुगा आदि धमाधम खुस्कने वा तानिने गरी । २. दानादार अन्न वा वस्तु लगातार चुहिने वा झर्ने चालसँग । ३. नाङ्लाले अनाजमा भएको कसर सार्दा निस्कने आवाजका साथमा । ४. कूचाले कसिङ्गर बढार्दा शब्द आउने किसिमले । > **स्वारस्वारती** ⁄ **स्वारस्वारी–** क्रि० वि० अझै स्वारस्वार हुने गरी ।

**स्वारी–** ना० [√ सुहारी] मैदा बेलेर बनाइने पुरीका आकारको नरम र पातलो रोटी; सुहारी ।

**स्वार्जित–** वि० [सं०] आफैले आर्जन गरेको; आफ्नो कमाइको ।

**स्वार्थ–** ना० [सं०] १. आफ्नो मतलब वा उद्देश्यपूर्तिका निम्ति गरिने काम; आफ्नो मतलब । २. आफ्नो भलाइ; निजी लाभ । ३. कुनै शब्दले व्यक्त गर्ने अभिधात्मक अर्थ; वाच्यार्थ । ४. आफ्नो धन; आफ्नो सम्पत्ति । ~ **ग्रन्थि–** ना० आफ्नो उद्देश्य पूर्ति गर्न रचेको जाल; स्वार्थको गाँठो । ~ **त्याग–** ना० कुनै सामाजिक स्वार्थ वा सार्वजनिक कल्याणका निम्ति आफ्नो भलाइ र फाइदा त्याग गर्ने काम; आफ्नो हित छाडेर समाजको हितका निम्ति गरिने त्याग । ~ **त्यागी–** वि० अरूको भलाइका निमित्त आफ्नो भलाइ र स्वार्थ त्याग गर्ने; निस्वार्थी । **– पर–** वि० स्वार्थी; स्वार्थपरायण । **– परता** ⁄ **परत्व–** ना० स्वार्थपर हुनाको भाव वा स्थिति; आफ्नो स्वार्थपूर्तिका निम्तिमा मात्र लाग्ने काम । ~ **परायण–** वि० आफ्नो स्वार्थसिद्धिमा मात्र लाग्ने; स्वार्थी; मतलबी । ~ **परायणता–** ना० स्वार्थपरायण हुनाको भाव वा अवस्था । **– रत–** वि० मरीमेटी आफ्नै स्वार्थपूर्ति गर्ने काममा लागेको; स्वार्थपरायण । ~ **साधक–** वि० आफ्नो मतलब सिद्ध गर्ने; स्वार्थी; मतलबी । ~ **साधन** ⁄ **साधना–** ना० आफ्नै स्वार्थ वा मतलब हासिल गर्ने काम; स्वार्थसिद्धि ।

**स्वार्थान्ध–** वि० [सं०] स्वार्थले अन्धो भएको वा आफ्नो हितमा लाग्नाले अर्काको भलोकुभलो नहेर्ने; विवेकबुद्धि हराएको । **– ता–** ना० स्वार्थान्ध हुनाको भाव वा स्थिति ।

**स्वार्थी–** वि० [सं०] अर्काको हानि गरेर पनि आफ्नो भलाइ गर्न चाहने; आफ्नो मात्र मतलब सिद्ध गर्ने; स्वार्थपरायण; मतलबी ।

**स्वार्र–** क्रि० वि० [अ० मू० स्वार्+र] १. अनाज खन्याउँदा, कूचाले बढार्दा वा स्याउला आदि घिस्याउँदा शब्द निस्कने गरी । २. धागो, डोरी आदि फुस्कने वा तानिने गरी । ३. चुरोट, तमाखु आदि तान्दा सास खिच्ने किसिमले ।

**स्वालस्वाल–** क्रि० वि० [अ० मू० स्वाल्+अ (द्वि०)] १. माला आदि धमाधम उनेझैँ गरी । २. लेदो वा पन्यालो वस्तु चुहिएजस्तै । ३. पन्यालो पदार्थ वा मसिना दानादार वस्तु खुरुखुरु चुहिने गरेर । ४. मुखमा हालेको खाद्य पदार्थ नचपाईकन निल्ने प्रक्रियामा । > **स्वालस्वालती** ⁄ **स्वालस्वाली–** क्रि० वि० अझै स्वालस्वाल हुने गरी । **स्वालालाला–** क्रि० वि० पानी, दूध आदि झोलिलो पदार्थ नअडी बग्ने गरी ।

**स्वाल्ल–** क्रि० वि० [अ० मू० स्वाल्+ल] १. पानी, दूध आदि तरल पदार्थ पोखिएर बिस्तारै बग्ने गरी; सुल्ल । २. सर्प, गँडचौला आदि घस्रेर हिँड्ने किसिमले ।

**स्वावलम्बन–** ना० [सं०] आफ्नै पौरखले आत्मनिर्भर रहने भाव वा अवस्था; आफ्नै खुट्टामा उभिने वा आफ्नै भरथेगमा अड्ने काम ।

**स्वावलम्बी–** वि० [सं०] स्वावलम्बनको भावना भएको; आफ्नै खुट्टामा उभिएको; आत्मनिर्भर ।

**स्वास्थ्य–** ना० [सं०] १. स्वस्थ वा निरोगी रहनाको भाव, गुण वा अवस्था; तन्दुरुस्ती; आरामी; आरोग्य । २. मानसिक उद्वेग वा चिन्तारहित अवस्था । **– कर–** वि० स्वास्थ्यलाई हित गर्ने; स्वास्थ्य राम्रो पार्ने । ~ **कार्यक्रम–** ना० शारीरिक एवं मानसिक स्वस्थताका निम्ति स्वच्छ वातावरण बनाई स्वास्थ्योपचार गर्ने कार्यक्रम । ~ **केन्द्र–** ना० गाउँघर, टोल आदिमा स्वास्थ्यसेवा उपलब्ध गराउने उद्देश्यले स्थापित औषधोपचार गर्ने ठाउँ (हेल्थसेन्टर) । ~ **चौकी–** ना० स्वास्थ्यसम्बन्धी सामान्य सेवा उपलब्ध गराउने सानो औषधालय; स्वास्थ्यकेन्द्र । ~ **निवास–** ना० बिरामी व्यक्तिलाई स्वास्थ्योपचारका साधन उपलब्ध हुने आवासीय भवन; स्वास्थ्यनिवास (स्यानिटोरियम) । ~ **परीक्षा–** ना० सरकारी वा गैरसरकारी सङ्घसंस्थामा भर्ना हुनुअघि रोगीनिरोगी छुट्टचाउन जाँच्ने काम; स्वास्थ्यको परीक्षण । **– पद–** वि० स्वास्थ्यका निम्ति फाइदा गर्ने; स्वस्थता प्रदान गर्ने; स्वास्थ्यकर । ~ **प्रयोगशाला–** ना० स्वास्थ्यको परीक्षण तथा उपचारसम्बन्धी प्रयोग गरिने घर वा ठाउँ । ~ **विज्ञान–** ना० शरीरको भौतिक र मानसिक अवस्था जाँच्ने तथा स्वस्थतासम्बन्धी नियम र सिद्धान्तको विवेचना गर्ने विज्ञान वा शास्त्र । ~ **विद्यालय–** ना० स्वास्थ्यसम्बन्धी शिक्षा दिने उद्देश्यले स्थापित र सञ्चालित विद्यालय । ~ **शारीरिक–** वि० स्वास्थ्य र शरीरविषयको; स्वास्थ्य र व्यायामसम्बन्धी । ~ **शिक्षा–** ना० मान्छेलाई शारीरिक र मानसिक दुवै रूपले स्वस्थ बनाउन दिइने शिक्षा; स्वस्थ बन्न उपयोगी हुने शिक्षा । ~ **शिविर–** ना० अस्थायी रूपमा रहेको स्वास्थ्यकेन्द्र; कुनै रोगको प्रकोप फैलन नपाओस् भनी केही समयका निम्ति स्वास्थ्यटोली बस्ने ठाउँ । ~ **सदन–** ना०

स्वास्थ्यनिवास । ~ **सेविका**– ना० बिरामीको रेखदेख तथा नवजात शिशुको हेरचाह आदि गर्ने स्वास्थ्यसहायक स्त्री; परिचारिका; नर्स ।

**स्वास्नी**– ना० [सं० सुवासिनी] औपचारिक रूपमा पाणिग्रहण गरिएकी स्त्री; पत्नी; गृहिणी । ~ **चखुवा**– वि० धेरै स्वास्नी बिहे गर्ने; एउटा स्वास्नीले नपुग्ने । ~ **टोकुवा**– वि० स्वास्नी मर्ने; स्वास्नी जीवित नरहने । ~ **पिराहा**– वि० स्वास्नीलाई पिर्ने वा नसहने । ~ **मानिस / मान्छे**– ना० स्त्रीजाति; महिला; आइमाई ।

**स्वाहा**– ना० [सं०] १. देवताको तृप्तिका निम्ति अग्निमा हवन गर्दा उच्चारण गरिने मन्त्र (जस्तो– इन्द्राय स्वाहा, वरुणाय स्वाहा आदि) । २. अग्निकी पत्नी । ३. पूर्णतः विनाश; सर्वनाश; सत्यानाश ।

**स्विँक्क**– क्रि० वि० [स्विँक्+क] बूढी औंला र चोर औंलाले नाक समातेर जोडले सास खिची सिँगान तान्ने वा झिक्ने गरी ।

**स्विकार्नु**– स० क्रि० १. समर्थन जनाउनु । २. सकार्नु; मन्जुर हुनु ।

**स्विच**– ना० [अङ्०] विद्युत्तरङ्गको प्रवाह रोक्ने वा खोल्ने बटनजस्तो सानो साधन ।

**स्विटर**– ना० [अङ्० स्वेटर] प्रायः ऊनको वा ऊनी र सुती मिश्रित धागोबाट बुनिने न्यानो बाक्लो गन्जी; सुइटर ।

**स्वीकरण**– ना० [सं०] १. स्वीकार वा अङ्गीकार गर्ने काम; मन्जुरी । २. ग्रहण गर्ने वा लिने काम; अँगालाइ । > **स्वीकरणीय**– वि० स्वीकार गर्न उचित वा योग्य ।

**स्वीकार**– ना० [सं०] १. कुनै कुरा वा विषयप्रति समर्थन जनाउने काम; अङ्गीकार; स्वीकृति; मन्जुरी । २. कुनै काम गर्न तयार भई गरिने कबुल; सकार गरी दिइएको वचन । ३. ग्रहण गर्ने वा लिने काम; अँगालाइ । – **नामा**– ना० कुनै काम गर्न वा लेनदेन आदिका निम्ति कसैलाई आफ्नो स्वीकार जनाई वा अधिकार दिई लेखिदिएको कागत; स्वीकारपत्र । ~ **पत्र**– ना० स्वीकारनामा । > **स्वीकारात्मक**– वि० १. समर्थन गरिएको वा स्वीकृति जनाइएको; पुष्टि गरिएको । २. सन्तोषपूर्वक प्राप्त गरिएको । **स्वीकार्य**– वि० स्वीकार गर्न योग्य; मान्न लायक; स्वीकृति जनाउनुपर्ने ।

**स्वीकृत**– वि० [सं०] १. स्वीकृति प्राप्त गरेको; समर्थन गरिएको; स्वीकार जनाइएको । २. मान्यता दिइएको; सदर । ३. ग्रहण गरिएको; गृहीत ।

**स्वीकृति**– ना० [सं०] १. स्वीकार गर्ने भाव वा क्रिया । २. सकार्ने काम; अँगालाइ । ~ **पत्र**– ना० कुनै कुरा, मन्तव्य आदिका बारेमा आफ्नो मन्जुरी जनाएर वा कुनै काम गर्न कसैलाई अधिकार दिएर लेखिदिने कागत ।

**स्वेच्छया**– क्रि० वि० [सं०] आफ्नै मनोमानीमा, खुसीराजीले; इच्छापूर्वक; राजीखुसीसाथ ।

**स्वेच्छा**– ना० [सं०] आफ्नै मनमा उठेको चाहना; आफूखुसी; आफ्नो इच्छा । > **स्वेच्छाकृत**– वि० आफ्नै खुसीराजीले गरेको; स्वेच्छया गरिएको ।

**स्वेच्छाचार**– ना० [सं०] राम्रोनराम्रोको ध्यान नराखी आफ्नै इच्छाअनुसार गरिने काम; मनखुसी आचरण; मनमानी । > **स्वेच्छाचारिता**– ना० स्वेच्छाचारी हुनाको भाव वा अवस्था; निरङ्कुशता । **स्वेच्छाचारी**– वि० १. जस्तो मन लाग्यो त्यस्तै गर्ने; निरङ्कुश । २. ऐननियम, सामाजिक मर्यादा आदिमा नरहने ।

**स्वेद**– ना० [सं०] १. पसिना । २. साहित्यमा लज्जा, हर्ष, श्रम, रोष आदिद्वारा शरीर पसिनाले तर हुने एक सात्त्विक अनुभाव । > **स्वेदक**– वि० पसिना निकाल्ने; प्रस्वेदक । – **कण**– ना० पसिनाको कण वा थोपा; स्वेदबिन्दु । – **ज**– ना० १. पसिनाबाट पैदा हुने जुम्रा, उडुस आदि जीव । वि० २. पसिना उत्पन्न गराउने । > **स्वेदन**– ना० परिश्रम, जरो आदिका कारणले पसिना निस्कने काम; पसिनाबहाइ ।

**स्वैच्छिक**– वि० [सं०] १. आफ्नो इच्छानुसारको; इच्छासम्बन्धी । २. आफ्नो इच्छाअनुसार गर्न वा छान्न पाइने । ~ **अवकाश**– ना० बीस वर्ष सेवाअवधि पुगेका निजामती कर्मचारीले आफ्नो इच्छाले चाहेमा पाउने अवकाश ।

**स्वैरकल्पना**– ना० [सं०] यथार्थको आभास दिने खालको तर उडन्ते कल्पना; फेन्टासी ।

**स्वैरिणी**– ना० [सं०] वेश्यावृत्ति गरेर जीविका गर्ने स्त्री; कुलटा ।

**स्वोपार्जन**– ना० [सं०] आफैँले वा आफ्ना करामतले गरिने आर्जन; आफ्नै कमाइ ।

**स्वोपार्जित**– वि० [सं०] आफ्नै पराक्रमले आर्जन गरेको; आफैँले कमाएको ।

# ह

**ह्**– देवनागरी वर्णमालाको तेत्तीसौँ व्यञ्जन, स्वरयन्त्रमुखी, कण्ठ्य, सङ्घर्षी, घोष, महाप्राण व्यञ्जन वर्ण; संस्कृत परम्पराअनुसार ऊष्म र नेपाली उच्चारणअनुसार श्वसित ध्वनि; लेख्य रूपमा सो वर्ण वा ध्वनिको प्रतिनिधित्व गर्ने लिपिचिह्न; दुईगोडे ह; हली ह ।

**हँ**– वि० बो० [सं० हुम्] १. प्रायः आफूभन्दा साना व्यक्तिको बोलावटको प्रत्युत्तरमा भनिने शब्द; हइ । २. आश्चर्य, विस्मय, जिज्ञासा, स्मृति आदि प्रकट गर्दा मुखबाट अकस्मात् निस्कने शब्द । ३. कुराकानीका अवसरमा केही कुरो नसुनी वा स्पष्ट नभई दोहोऱ्याउन जोड दिने शब्द । ४. शारीरिक दुःख, पीडा आदिमा शरीरबाट निस्कने शब्द; अँ ।

**हँकाइ**– ना० [√ **हाँक्** (+आइ)] मोटर, बग्गी आदि हाँक्ने भाव, क्रिया वा प्रक्रिया; वाहन चलाउने काम । [▷] **हँकाइनु**– क० क्रि० हाँक्न लाइनु । **हँकाउनु**– प्रे० क्रि० हाँक्न लाउनु । **हँकुवा**– वि० १. रथ, बग्गी आदि चलाउने वा हाँक्ने; हाँकिएको । ना० २. हाँक्ने व्यक्ति; चालक ।

**हँखी**– ना० [नेवा०] सोझो गरी काठ काट्न वा चिर्न काठमा चिनु लाइने कालो रङको धागो बेर्ने सानो लट्टाई ।

**हँगालो**– ना० [हाँगो+आलो] १. जमिनको गहिरो भाग उठाउन रूखका हाँगाबिँगा छापिएको ठाउँ । २. त्यसरी छापिएका हाँगाबिँगा ।

**हँडिक**– ना० रुपियाँपैसा वा यस्तै अन्य वस्तु केही समयका लागि सापटी लिन विश्वासका लागि दिइने वस्तु; धितो; धरोट ।

**हँडिदो**– वि० १. सडेर वा बिग्रेर हरियो भावको देखिने; अमिल्चो र उग्लिएको स्वाद भएको (पानी, मही आदि) । २. रगत, बोसो आदिको भाग मिसिएको र हल्का रातो (पानी) ।

**हँपाइ**– ना० [हाँप्+आइ] हाँप्ने भाव, क्रिया वा प्रक्रिया ।

**हँसमुख**– वि० [हाँस्+मुख] १. सधैँ हसिलो मुख हुने; बोलीवचनमा प्रसन्न मुद्रा भएको । २. हँसीमजाक गर्ने; ठटचौलो; विनोदी ।

**हँसाइ**– ना० [√ **हाँस्** (+आइ)] १. हाँस्ने भाव, क्रिया वा प्रक्रिया । [हँसाउ+आइ] २. हँसाउने भाव, क्रिया वा प्रक्रिया । [▷] **हँसाइनु**– क० क्रि० हाँस्न लाइनु । **हँसाउनु**– प्रे० क्रि० हाँस्न लाउनु; हाँस्ने पार्नु; हाँसो उठाउनु । **हँसालु**– वि० हँसिलो प्रकृतिको; हाँस्ने स्वभावको ।

**हँसिया**– ना० [प्रा० असिअ] हातले बिँड समातेर घाँसपराल आदि काट्ने, टुप्पासम्म घुमेको फलामे हतियार; आँसी ।

**हँसिलो**– वि० [हाँस+इलो] १. सधैँ हाँसिरहेझैँ देखिने; प्रसन्न (अनुहार) । २. हाँस्ने प्रकृति भएको; हँसमुख । ३. हँसीठट्टा गर्ने; ठटचौलो; विनोदप्रिय ।

**हँसुली**– ना० [हँसिया+उली] हँसियाका आकारको प्रायः तराईतर्फका स्त्रीहरूले गलामा लगाउने सुनचाँदीको एक प्रकारको गहना ।

**हँसुवा१**– ना० [√ हँसिया] हँसियाजस्तै घाँस, पराल काट्न प्रयोग गरिने, बीचमा भाँचिएको फलामे हतियार ।

**हँसुवा२**– वि० [हाँस्+उवा] १. हँसीदिल्लगी गर्ने प्रकृतिको; ठटचौलो; मजाकी । २. हाँसी मात्र रहने; आफू हाँस्ने र अरूलाई पनि हँसाउने ।

**हँसेउली / हँस्यौली**– ना० [हाँसो+एउली / यौली] १. हाँसो उठाउने खालको ठटचौलो कुराकानी । २. नभएको गफ हाँकेर आकाशपाताल जोर्ने काम; ठट्टा; दिल्लगी । ३. सानो हास्यअभिनय; प्रहसन । ~ **ठटचौली**– ना० आफुसमा गरिने हाँसो र ठट्टा; हँस्यौली र ठटचौली ।

**हँस्यौलो**– वि० [हाँस्+यौलो] १. सधैँ प्रसन्न अनुहार भएको; हँसिलो । २. हँसीदिल्लगी गर्ने; ठटचौलो । ना० ३. हँस्यौली ।

**हँस्सी**– ना० [हाँसो+ई] १. हाँस्ने वा हँसाउने काम; हाँसो । २. हाँस्नहँसाउन गरिने तथ्यहीन कुरा; दिल्लगी । ३. अरूलाई उल्ल्याउने खालको गफ; ठट्टा । ४. उपहासपूर्ण निन्दा; बदनामी । ~ **दिल्लगी**– ना० १. भएनभएका गफ चुटेर वातावरणलाई नै रमाइलो पार्ने काम । २. अरूलाई जिस्क्याउने वा सामान्य कुरालाई पनि बङ्ग्याउने ख्यालठट्टा । ३. झूटो कामकुरो; तथ्यहीन कुराकानी । ~ **मजाक**– ना० हाँस्ने र मजाक गर्ने काम; ख्यालठट्टा ।

**हंस**– ना० [सं०] १. प्रायः तलाउ, पोखरी आदिमा बस्ने एक प्रसिद्ध चरो; हाँस । २. जीवनशक्ति; प्राण । ३. होस; चेतना; सुद्धी । ४. जीवात्मा । ५. परब्रह्म; ईश्वर । ६. विष्णुका चौबीस अवतारमध्ये एक । ७. सूर्य । ८. सन्न्यासीको एक वर्ग । ९. सास तान्दा 'ह' र छोड्दा 'स' गरी प्राणीले सास फेर्दा स्वतः उच्चारण गर्ने मन्त्र; अजपा मन्त्र । ~ **गति**– ना० १. हाँसको जस्तो चाल; हाँसको जस्तो हिँडाइ । २. जीव गएर परमात्मामा लीन हुने काम; सायुज्यमुक्ति । – **गामिनी**– वि० हाँसको जस्तो हिँडाइ भएकी (स्त्री) । – **राज**– ना० १. रजहाँस । २. खस्रा, केही घुँगुरिएका पात र मसिना लामा डाँठ हुने, विविध रङका फूल फुल्ने तथा प्रायः पत्थरिलो जमिनमा पाइने एक पोथ्रो वा त्यसैको फूल । >**हंसिनी / हंसी**– ना० पोथी हाँस ।

**हइ**– निपा० है; हँ ।

**हक**– ना० [अ०] १. अधिकार; अख्तियार । २. न्याय वा इन्साफबाट पाइने सम्पत्ति; अधिकार भएको वस्तु । ३. कुनै वस्तुमा त्यसका मालिकको हुने स्वत्व । ४. उचित वा सही कामकुरो । वि० ५. सही; उचित; साँचो; यथार्थ । – **डक**– ना० हैकम; प्रभुत्व । – **दाबी**– ना० १. आफ्नो हक भएको सम्पत्ति । २. त्यस्तो सम्पत्तिमा

आफ्नो प्रभुत्व देखाउन गरिने वकालत । – **दार**– वि० अधिकार भएको; न्यायले पाइने; हकवाला । – **दैया**– ना० दाजुभाइमा पाइने अंशको अधिकार; अंशबन्डा गर्ने अधिकार; अंश । ~ **बेहक**– ना० कुनै वस्तुका विषयमा उजुरवालाको हक छ वा छैन भनी ऐनकानुनका आधारमा छानबिन गर्ने कामकुरो । – **वाला**– वि० १. कुनै काम वा वस्तु आदिमा पूरै वा आंशिक स्वामित्व भएको; हकदार; अंसियार । ना० २. दाजुभाइमा कानुनअनुसार अंश खान पाउने सबभन्दा नजिकको व्यक्ति । – **सफा**– ना० बिक्री, बन्धकी वा दानबकस भएको कुनै अचल सम्पत्ति हकवाला वा सन्धिसर्पन आदिको नाताले कानुनअनुसार फिर्ता लिने काम; बिक्री भइसकेको घरजग्गा आदि हकवालाले थैली बुझाई कानुनअनुसार आफ्नो बनाउने काम ।

**हकार्-नु**– स० क्रि० [हकार+नु] १. ठूलो स्वरले बोलाउनु; चिच्च्याएर डाक्नु । २. गाली गर्नु; हप्काउनु; झपार्नु ।

**हकार१**– ना० [सं०] ह-अक्षर; ऊष्म वर्गको चौथो वर्ण ।

**हकार२**– ना० [सं० हक्क+कार] १. बोलाउने काम; आह्वान । २. सप्रन वा सुध्रनका लागि गरिने हप्काइ; फटकार । ३. तिरस्कार । – **पकार**– ना० हकार्ने र तर्साउने काम; डाँटफटकार । > **हकाराइ**– ना० हकार्ने भाव, क्रिया वा प्रक्रिया; हप्काइ । **हकारिनु**– क० क्रि० हकार्ने काम गरिनु; हप्काइनु ।

**हकारीभवन**– ना० [सं०] महाप्राण वा यस्तै अन्य वर्णहरू रगडिएर निर्बल भई हकारमा हुने परिवर्तन (जस्तै– गभीर > गहिरो, द्वादश > बाह्र, ह्रद > दह आदि) ।

**हकि**– वि० बो० [हो+कि] कुनै कुरो ठीक वा साँचो होहोइन भनी सोद्धा गरिने शब्द; हो कि होइन; हगि ।

**हकिकत**– ना० [अ० हकीकत] १. वास्तविक वा तथ्य कुरो; यथार्थ भनाइ । २. नतिजा; परिणाम ।

**हकिब**– ना० [अ० अकीक] नाउँ कपेर औंठीमा जड्न र कचौरा, रिकापी आदि बनाउन प्रयोग हुने, प्रायः अरब मुलुकमा पाइने रङ्गदार साह्रो पत्थर (यसका भाँडामा विष पऱ्यो भने रङको परिवर्तन हुन्छ भनिन्छ) ।

**हकिम**– ना० [अ०] युनानी पद्धतिअनुसार चिकित्सा गर्ने वैद्य; युनानी डाक्टर । > **हकिमी**– ना० १. हकिमको पेसा वा काम; युनानी चिकित्साशास्त्र । वि० २. हकिमसम्बन्धी; हकिमको ।

**हकी१**– वि० [हक+ई] १. निर्भीक भएर तथ्य वा यथार्थ कुरा बोल्ने; हक्की । २. कसैसित नदब्ने; निर्भीक ।

**हकी२**– ना० [अङ्०] टुप्पो घुमेको लट्ठीले सानो बल वा भकुन्डो खेलिने एक खेल ।

**हकुवा**– ना० [नेवा०] बोटैसमेत कुनिउँ लगाई गुम्स्याइएको धान; त्यसै धानको चामल ।

**हक्क न बक्क**– वि० [(द्वि०) न+बक्क] १. उत्तरसमेत फर्काउन नसकी वाल्ल परेको; अकमकिएको । २. यसो न उसो ।

**हक्की**– वि० [हकी] नडराईकन भएको कुरा बोल्ने; हकी; निर्भीक ।

**हग्-नु**– स० क्रि० [सं० हदन] १. खाएको वस्तु पचेर मल बनेपछि गुदद्वारबाट फ्याँक्नु; दिसा गर्नु; झाडा फिर्नु । २. अन्यायसित लगेको धन फिर्ता गर्नु । ३. पैदा गर्नु; जन्माउनु (तुच्छार्थमा) ।

**हगन**– ना० [हग्+अन] हग्ने वा दिसा गर्ने काम । ~ **गौँडी/गौँडो**– ना० गौँडो र छेको परेको, हग्नका लागि चल्तीको ठाउँ; गुहेगौँडी; पाइखाना । > **हगने**– वि० खाएर दिसा गर्नुबाहेक केही काम नगर्ने ।

**हगाइ**– ना० [√ **हग्** (+आइ)] हग्ने भाव, क्रिया वा प्रक्रिया । [>] **हगाइनु**– क० क्रि० हग्न लाइनु । **हगाउनु**– प्रे० क्रि० हग्न लाउनु । **हगास**– ना० तारन्तार लाग्ने दिसा; झाडा; छेरपटी । **हगासन**– ना० ठाडो गरी दुवै खुट्टा खुम्च्याएर चाक झुन्डिने गरी पैतालाले टेक्ने आसन; हग्न बस्दा बन्ने आसन ।

**हगि**– वि० बो० [√ हकि] हो कि होइन; होइन त; हकि ।

**हगिनु**– क० क्रि० [हग्+इ+नु] हग्ने काम गरिनु; दिसा गरिनु ।

**हगुवा**– वि० [हग्+उवा] १. तारन्तार हगिरहने; दिसा लागिरहेको । २. जहाँ पायो त्यहीँ दिसा गर्ने; बाटाकुबाटामा हग्ने (केटाकेटी) ।

**हङ्गामा**– ना० [फा० हङ्गाम] १. दुई पक्षका बीच भएको झगडा; कुनै पक्षका विरुद्ध गरिने आक्रमण; दङ्गा । २. होहल्ला; कोलाहल; हलचल ।

**हङ्रायो**– ना० पाङ्ग्रो, बल्डचाङ्ग्रो आदि खाने स्यालजस्तो एक बनैया जन्तु

**हचक**– ना० [√ हच्क] हच्कने वा कुनै कामकुरोबाट पछि हट्ने काम; हच्काइ ।

**ह-चार**– ना० [ह+चार] मानवसभ्यताका लागि आवश्यक चार गुण–होरो, हृदय, हात, हृष्टता (फोर-एच) । ~ **क्लब**– ना० चारपाते क्लब ।

**हचिनु**– ना० विभिन्न आकारका पात भएको, थुँगाका रूपमा फुल्ने, बाहिरी भाग कलेजी र भित्री भाग पहेँलो रङको हुने, तीसदेखि साठी मिटरसम्म अग्लो झारविशेष ।

**हचुवा**– वि० १. नापजोख र गन्तीको आधार नलिई सामान्य अन्दाज गरिएको (मोल) । २. तर्क वा प्रमाणबाट सिद्ध नभएको (नीति वा सिद्धान्त) । ना० ३. नापजोख र गन्ती नगरी अन्दाज गरिएको मोल ।

**हच्कनु**– अ० क्रि० [√ हट्+नु] १. डर, आशङ्का वा असमर्थताले गर्दा कुनै कामकुरोबाट पछि हट्नु; हच्किनु । २. अरू कसैको गाली वा हप्काइबाट काम गर्न छाड्नु; उत्साह मर्नु; आँट हराउनु । > **हच्काइ**– ना० हच्कने तथा हच्काउने भाव, क्रिया वा प्रक्रिया । **हच्काइनु**– क० क्रि० हच्काउने काम गरिनु; दच्काइनु । **हच्काउनु**– स० क्रि० १. विपत्ति वा त्रास देखाएर हतोत्साह पार्नु । २. दच्काउनु । **हच्किनु**– अ० क्रि० १. हच्कने काम गरिनु; दच्किनु । २. हच्कनु । **हच्को**– ना० हच्कने काम वा स्थिति; हच्काइ । **हच्क्याइ**– ना० हच्किने भाव, क्रिया वा

प्रक्रिया । **हच्क्याहट–** ना० हच्किने भाव, क्रिया वा अवस्था; हच्क्याइ ।

**हज–** ना० [अ०] मुसलमानहरू कावाको दर्शनका लागि मक्का जाने काम । ~ **कमिटी–** ना० हज गर्न जानेहरूका लागि व्यवस्था मिलाउन गठन गरिएको कमिटी ।

**हजम–** ना० [अ० हज्म] १. खाएको वस्तु राम्रोसँग पच्ने काम; पाचन । २. भएभरको खाना खाइसिद्ध्याउने काम । ३. अनुचित तरिकाले वा बेइमानी गरेर अर्काको धन पचाउने काम; हडप ।

**हजाम–** ना० [अ० हज्जाम] कपाल खौरने वा बनाउने पेसा भएको जाति; नाऊ; नापित । >**हजामत–** ना० कपाल, दाह्री आदि कत्रने, खौरने वा बनाउने काम; क्षौरकर्म ।

**हजार–** ना० [फा०] १. दस सयको सङ्ख्या; १०००-को अङ्क; चार अङ्कको न्यूनतम सङ्ख्या । वि० २. दस सय; सहस्र सङ्ख्याको । >**हजारन्–** वि० हजारौँ । **हजारा–** ना० धारा, फोहरा आदिको टुटीमा जडिएको धेरै ससाना छिद्र भएको साधन; हजारी । **हजारिया–** वि० १. धेरै हजार सम्पत्ति भएको; धनाढ्य । ना० २. सेठ; महाजन । ३. एउटै घारीमा थुप्रै मसिना कोसा फल्ने एक जातको केरा; घिउकेरा । **हजारी–** ना० फूलबिरुवालाई पानी दिने चाल्नीदार टुटी भएको, बाल्टीभन्दा सानो, मगका आकारको भाँडो; हजारा । **हजारौँ–** वि० १. धेरै हजार; हजारन्; सहस्रौँ । २. निकै धेरै; अनगन्ती; असङ्ख्य ।

**हजुर–** ना० [अ० हुजूर] १. ठूलाबडा वा मान्य जनलाई सम्बोधन गर्दा भनिने शब्द । २. मान्य जनले बोलाउँदा प्रत्युत्तरमा भनिने शब्द । ३. मान्य जनसँग कुरा गर्दा वा सही थाप्दा प्रयोग गरिने शब्द । सर्व० ४. मान्य वा ठूलाबडा व्यक्तिलाई बुझाउने शब्द । ~ **आमा–** ना० पिता वा माताकी आमा; पितामही वा मातामही ।

**हजुरिया–** ना० [हजुर+इया] दरबारमा राजामहाराजाका साथमा रहने र बाहिरको उजुर वा पीरमर्का जाहेर गर्ने अधिकारीहरूमध्ये प्रमुख व्यक्तिलाई दिइने पद । ~**जनरल/जर्नेल–** ना० राणा प्रधानमन्त्रीका निजी सचिव ।

**हट्-नु–** अ० क्रि० [सं० घट्टन+नु] १. बसेको ठाउँबाट यताउति सर्नु; ठाउँ छाडेर पर जानु । २. अलग हुनु; छुट्टिनु । ३. नोकरी वा सेवाबाट अवकाश लिनु; काम छाड्नु । ४. काम चल्नु; टर्नु ।

**हटक–** ना० [सं० भ्रष्टक ?] १. रोक्ने काम; रोक्का; मनाही; निषेध । २. जाति वा समाजबाट छुट्ट्याउने, पन्छाउने र अलग पार्ने काम; रोक्का; मनाही । ३. चलिरहेको वा खाइरहेको वस्तु ग्रहण नगर्ने काम (जस्तो– पानीहटक, भातहटक आदि) । वि० ४. पृथक्; छुट्टै । >**हटकी–** वि० कुनै काम नगर्न रोक्का गरिएको; मनाही भएको ।

**हटहट–** ना० [अ० मू० हट्+अ (द्वि०)] १. घोडा चढ्ने वा हप्काउने कामको अनुकरणका रूपमा प्रयोग हुने शब्द । २. घोडा (बालबोलीमा) ।

**हटाइ–** ना० [√ **हट्** (+आइ)] १. हट्ने भाव, क्रिया वा प्रक्रिया । [हटाउ+आइ] २. हटाउने भाव, क्रिया वा प्रक्रिया । [>] **हटाइनु–** क० क्रि० हट्न लाइनु । **हटाउनु–** स० क्रि०/प्रे० क्रि० १. एक ठाउँबाट अन्यत्र पुऱ्याउनु; पर सार्नु; पन्छाउनु । २. अलग गराउनु; छुट्ट्याउनु । ३. झिक्नु; निकाल्नु ।

**हटारु–** ना० [हाट+आरु] १. मौकामौकामा लाग्ने हाट वा बजारमा पसल राख्न जाने व्यापारी । २. हाटबजारमा किनमेल गर्न जाने व्यक्ति ।

**हटिनु–** अ० क्रि० [हट्+इ+नु] एक ठाउँबाट अर्को ठाउँमा सारिनु ।

**हटिया१–** ना० [हाट+इया] १. सानो वा अस्थायी बजार । २. अस्थायी रूपमा मौकामौकामा बजार लाग्ने ठाउँ ।

**हटिया२–** ना० नेपालको पल्लो किराँतमा पर्ने हिमालयको एक घाटी ।

**हटिलोमटिलो–** वि० [प्रा० हट्टमहट्ट] मोटोघाटो; हृष्टपुष्ट ।

**हटौरी–** ना० [हट्टी+औरी] ठेक्का वा इजाराको रकम; चुरोटको ठेक्काको रकम ।

**हट्ट–** ना० [सं०] १. अस्थायी बजार; हाट; मेला । २. पसल; दुकान ।

**हट्टाकट्टा–** वि० [प्रा० हट्टमहट्ट] १. मोटोघाटो; तन्दुरुस्त; हृष्टपुष्ट । २. ज्यादै बलियो; बल भएको ।

**हट्टी–** ना० [हट्ट+ई] १. ठेक्कापट्टा; इजहारा । २. ठेकदारको पसल । **– वाल–** ना० रक्सी, चुरोट आदिको हट्टी वा ठेक्का लिने व्यक्ति ।

**हट्ठाकट्ठा–** वि० [प्रा० हट्टमहट्ट] हट्टाकट्टा ।

**हट्ठी–** ना० [प्रा० हत्थ] एकलौटी हक; एकाधिपत्य (मनोपली) ।

**हठ–** ना० [सं०] १. कुनै कामकुरोमा गरिने एकोहोरो जिद्दी; तारन्तारको आग्रह; ढिपी; टेक । २. दृढ सङ्कल्प; अटल प्रतिज्ञा । ३. अनुचित कुरामा पनि गरिने जिद्दी; दुराग्रह । **– धर्म–** ना० १. ठीकबेठीकको पर्बाह नगरी कुनै धर्मको अन्धानुसरण गर्ने काम; धर्ममा अति कट्टर हुने काम । २. लिँडे ढिपी; नचाहिँदा काममा गरिने आग्रह । **– धर्मिता–** ना० हठधर्मी हुनाको भाव, क्रिया वा प्रक्रिया; हठधर्म । **– धर्मी–** वि० आफ्नो विचार, अवस्था, धर्म आदिका बारेमा जिद्दी गर्ने; दुराग्रही । **– योग–** ना० पतञ्जलिद्वारा प्रतिपादित ईश्वरप्राप्ति गर्ने, राजयोगको विपरीत योग; आसन, मुद्रा आदिद्वारा शरीरलाई धेरै कष्ट दिएर चित्तवृत्तिलाई बाह्य प्रपञ्चबाट हटाई अन्तर्मुखी पार्ने योगको एक विधि । >**हठात्–** क्रि० वि० १. बलपूर्वक; जबरजस्ती । २. एकाएक; अचानक; एक्कासि; सहसा । **हठी–** वि० हठ गर्ने; जिद्दीवाल ।

**हडक्-नु–** स० क्रि० [√ हटक+नु] निषेध गर्नु; मनाही गर्नु । >**हडकाइ–** ना० हडक्ने भाव, क्रिया वा प्रक्रिया ।

**हडचूर–** ना० [हाड+चूर्ण] अरू नै रूखका प्रकाण्डमा उम्रने, सिउँडीजस्तो र आयुर्वेदका अनुसार भाँचिएको वा फुटेको हाड

जोड्न उपयोग हुने एक प्रकारको लहरो; अस्थिसंयोजक ।

**हडताल–** ना० [सं० हरिताल] कुनै कामकारबाई वा प्रचलनप्रति असन्तोष, दुःख, विरोध आदि प्रकट गर्न तथा आफ्नो माग पूरा गराउनाका निम्ति मजदुर, कर्मचारी, विद्यार्थी आदि र जनसाधारणद्वारा सामूहिक रूपले पसल, अड्डा, पढाइ, काम आदि बन्द गर्ने काम वा त्यस्तो प्रक्रियाको राजनीतिक हतियार; हरताल । > **हडताली–** वि० १. हडताल गर्ने; हरताली (व्यक्ति वा समूह) । २. हडतालसम्बन्धी ।

**हडप्-नु–** स० क्रि० [प्रा० हडप्प+नु] अरूको धनमाल वा सम्पत्ति हडप गर्नु; पचाउनु ।

**हडप–** ना० [प्रा० हडप्प] १. अर्काको धनमाल लिएर फिर्ता नदिने चाल; अनुचित तरिकाद्वारा अरूको सम्पत्तिको हत्याइ । २. निल्ने वा पचाउने काम । > **हडपाइ–** ना० हडप गर्ने वा हडप्ने क्रिया वा प्रक्रिया । **हडपाइनु–** क० क्रि० हडप्न लाइनु; पचाइनु । **हडपाउनु–** प्रे० क्रि० हडप्न लाउनु । **हडपिनु–** क० क्रि० हडप गरिनु ।

**हडप्पा–** ना० भारतको सिन्धुप्रदेशमा रहेको, प्राचीन सभ्यता र संस्कृतिका थुप्रै भग्नावशेष भेट्टिएको एक प्रसिद्ध जनपद ।

**हडबड–** ना० [प्रा० हड्ड+बड्ढ] १. काम छिटै नसकिएला कि भनी अत्यासले हुने मनको चञ्चलता; हतपत; चटारो; हतार; हडबडी । २. हतारमा काम सक्नुपर्ने बाध्यता; आत्तुरी; समयको कमी । > **हडबडाइ–** ना० हडबड गर्ने भाव, क्रिया वा प्रक्रिया; हतार । **हडबडाइनु–** अ० क्रि० हडबड गरिनु । **हडबडाउनु–** अ० क्रि० १. हडबड गर्नु; हतारिनु; चटपटाउनु । २. आत्तिनु; घबडाउनु । **हडबडिनु–** अ० क्रि० हडबड गर्नु; चटारिनु । **हडबडी–** ना० हडबड । **हडबडे–** वि० हडबड गर्ने; चटपटे; अस्थिर ।

**हड्क-नु–** स० क्रि० [हटक+नु] कुनै कामकुरो गर्नबाट रोक्नु; निषेध गर्नु; मनाही गर्नु । > **हड्काइ–** ना० हड्कने भाव, क्रिया वा प्रक्रिया । **हड्काइनु–** क० क्रि० हड्कन लाइनु; रोकाइनु । **हड्काउनु–** प्रे० क्रि० हड्कन लाउनु; रोकाउनु; हच्काउनु । **हड्किनु–** क० क्रि० हड्कने काम गरिनु ।

**हड्खाइँ–** ना० [हाड+खाइँ] १. आगामा पिल्स्याउने वा झुल्स्याउने काम । २. हाड तताउने ज्वरो ।

**हड्डी–** ना० [सं० हड्ड] १. हाड; अस्थि । २. मूला आदि छिप्पिएका वस्तुमा हुने गुदीभित्रको साह्रो अंश । वि० ३. हाड मात्र भएको; साह्रै दुब्लो; सिट्टी ।

**हड्प-नु–** स० क्रि० [हडप+नु] अर्काको धनमाल, सम्पत्ति आदि हाकाहाकी लिनु वा लिएर फिर्ता नदिनु । > **हड्पाइ–** ना० हड्पने भाव, क्रिया वा प्रक्रिया । **हड्पाइनु–** क० क्रि० हड्पन लाइनु । **हड्पाउनु–** प्रे० क्रि० हड्पन लाउनु । **हड्पिनु–** स० क्रि० हड्पनु ।

**हड्याइ–** ना० [√ **हड्याउ** (+आइ)] हड्याउने वा धरपकड गरेर लिने क्रिया वा प्रक्रिया । [>] **हड्याइनु–** क० क्रि० धरपकड गरेर लिइनु ।

**हड्याउनु–** स० क्रि० [सं० हठ+याउ+नु] लिनुपर्ने धनमाल आदि धरपकड वा जोरजुलुम गरेर लिनु; धड्नु ।

**हड्याङबड्याङ/हड्याङहुडुङ–** ना० [√ हडबड] १. साह्रै हडबडसित काम गर्दाको चाल; हड्याङहुडुङ । २. हुन्डर ।

**हण्डा–** ना० [सं०] १. धातु, माटो आदिको ठूलो घ्याम्पो । २. निम्न जातकी स्त्री । – **चिण्डा–** ना० माटाका भाँडा र तुम्बी; लौका आदिका भाँडा ।

**हण्डी–** ना० [सं०] १. मझौला कसौँडीका आकारको माटाको भाँडो; हाँडी । २. सरकार वा अन्य सङ्घसंस्थाबाट जोगीहरूलाई नियमित रूपले दिइने सिधा; सदाबर्त ।

**हत्–** वि० बो० [धत्] चित्त नबुझेका कुरामा कसैप्रति उपेक्षा, तिरस्कार, घृणा आदि प्रकट गर्दा वा हप्काउँदा भनिने शब्द; धत् ।

**हत–** वि० [सं०] १. ज्यान लिइएको; मारिएको । २. घाइते पारिएको । ३. उत्साह भङ्ग भएको । > **हतक–** वि० १. मृत; मरेको; मुर्दा । २. तुच्छ; नीच; अधम ।

**हतकडी–** ना० [हात+कडी] कुनै अभियोगमा समातिएका व्यक्ति वा सजाय पाएका कैदीलाई भाग्न नदिन नारीमा लगाइने फलामे कडी वा बाला ।

**हतचेत/हतज्ञान–** वि० [सं०] १. चेतना हराएको; बेहोस । २. सुद्धी हराएको ।

**हतपत–** ना० [√ हत्तपत्त] कुनै कामकुरो छिटै सिद्ध्याउनका निम्ति हतारिने चाल; हडबड; हतार । > **हतपताइ–** ना० हतपताउने भाव, क्रिया वा प्रक्रिया । **हतपताइनु–** अ० क्रि० हतपत गरिनु । **हतपताउनु–** अ० क्रि० १. हतपत गर्नु; हतारिनु । २. कुनै काम गर्न चञ्चल हुनु । **हतपतिनु–** अ० क्रि० हतारिनु । **हतपती–** क्रि० वि० १. हतपत गरेर; चाँडो । २. सितिमिति; हत्तपत्त । **हतपते–** वि० हतपत गर्ने बानी भएको; हडबडे; चटपटे ।

**हतप्रभ–** वि० [सं०] १. प्रभा वा कान्ति नष्ट भएको; श्रीहीन । २. परास्त ।

**हतबुद्धि–** वि० [सं०] बुद्धि मरेको; बुद्धिहीन ।

**हतभागी/हतभाग्य–** वि० [सं०] भाग्य नभएको; भाग्यहीन; अभागी ।

**हतर–** ना० [√ हात] घाँटी सानो हुने तामा, पित्तल आदिको सानो गाग्रो; घल्चा ।

**हतश्री–** वि० [सं०] १. मुखमा चमक नभएको; दीप्तिहीन; श्रीहीन । २. सौन्दर्य हराएको; ओइलाएको; म्लान ।

**हतार–** ना० [प्रा० हत्थ+कार] चाँडो गर्न आत्तिएको स्थिति; चटारो; हतपत । – **पतार–** ना० हडबडी; हतपत । > **हतारिनु–** अ० क्रि० छिटोछिटो काम सक्न आत्तिनु; चटारिनु; आत्तिनु । **हतारो–** ना० हतार ।

**हतार्‍याइ–** ना० [हतारि+याइ] हतारिने भाव, क्रिया वा प्रक्रिया ।

**हताश–** वि० [सं०] आशा मरेको वा मेटिएको; हतोत्साह; निराश ।

**हतासो–** ना० [हात+आसो] गुन्द्री आदि बुन्ने हाते साँचो ।

**हताहत–** वि० [सं०] हत र आहत; मारिएको र घाइते पारिएको ।

**हति-नु–** स० क्रि० [हात+इ+नु] हातमा आउनु; रतिनु ।

**हतिनी–** ना० [प्रा० हत्तिनी < सं० हस्तिनी] हात्तीको पोथी; ढोई ।

**हतियार–** ना० [हात+इयार] १. हातले समातेर काटमार आदि गरिने अस्त्र (खुकुरी, तरबार, बन्दुक आदि); काट्ने औजार । २. काट्ने, खन्ने आदि काम गर्ने उपकरण (कुटो, कोदालो, घन, साबेल इ०); औजार । ३. साधन; उपकरण; ज्याबल । – **बन्द–** वि० हतियार भिरेको; सशस्त्र ।

**हतुवा–** वि० [हात+उवा] १. दूधमुखे बाछाबाछी वा पाडापाडी मरेको; हातैले पगार्नुपर्ने (गाई, भैँसी आदि) । २. हातले काम गर्ने । – **पतुवा–** वि० सहायक; मदतगार ।

**हतोत्साह–** वि० [सं०] उत्साह सेलाएको; आँट वा जाँगर मरेको । > **हतोत्साहित–** वि० उत्साह भङ्ग गराइएको; हिम्मत वा जाँगर टुटाइएको ।

**हतौडा–** ना० [हतौडो+आ] हतौडोको तिर्यक् रूप ।

**हतौडी–** ना० [हात+औडी] १. श्राद्ध, यज्ञ, पूजा आदि गर्दागराउँदा अँगालिने सीप वा मेलो; हत्यौडी । २. सुन, चाँदी आदि पिट्ने सानो घन; मुङ्ग्रो ।

**हतौडो–** ना० [हात+औडो] ढुङ्गा आदि फोर्ने वा तातो फलाम आदि पिट्ने ठूलो घन; होत्रो ।

**हत्केलो–** ना० [सं० हस्ततल] हर्थुङ्गा र औँलाका फेदका माझको गहिरो ठाउँ; उत्तानो पार्दा माथि पर्ने हर्थुङ्गोको माथिल्लो भाग ।

**हत्त न पत्त–** क्रि० वि० [(+न) हत्तपत्त] एकदम हतारिँदै; चटाकसँग ।

**हत्तपत्त–** क्रि० वि० [प्रा० हत्थ (द्वि०)] १. छिटो; चाँडो । २. सितिमिति; हतपती ।

**हत्त र पत्त–** क्रि० वि० [हत्त (+र) पत्त] हतारिँदै; छिटोछिटो ।

**हत्ताजोडी–** ना० [हात+जोड+ई] दुई हात जोल्टिएझैँ गरी उम्रने एक प्रकारको जङ्गली बुटी ।

**हत्ति-नु–** अ० क्रि० [प्रा० हत्थ+इ+नु] हातलागी हुनु; हातमा पर्नु; हस्तगत हुनु ।

**हत्तिनी–** ना० [प्रा० हत्थिनी < सं० हस्तिनी] पोथी हात्ती; हतिनी; ढोई ।

**हत्ती–** वि० [हात+ती] सङ्ख्यावाचक शब्दका पछाडि लागेर हातको परिमाण बुझाउने शब्द (जस्तो–दोहत्ती, त्रिहत्ती आदि) ।

**हत्तु–** वि० [हात+तू] काम नलाग्ने; गए-गुज्रेको; बेफ्वाँकको ।

**हत्ते–** ना० [सं० हत्या] १. कसैको ज्यान लिने वा कसैलाई मार्ने काम; हत्या; हिंसा । २. ज्यान मार्दा लाग्ने अपराध; ज्यान मारेको पाप । ३. जोडपूर्वकको आसक्ति; चर्को रूपको उक्साइ ।

**हत्तेरी–** वि० बो० [धत्+तेरो+ई] जरुरी कामकुरो बिर्सेमा वा बिग्रेमा खिन्नता, विस्मय, धिक्कार आदि भाव व्यक्त गर्न प्रयोग गरिने शब्द; धत्तेरी ।

**हत्तेरो–** वि० [हत्ते+एरो] १. हत्या गर्ने; जीवहिंसा गर्ने; हत्यारा । २. बदमास; दुश्चरित्र; साइँदुवा । ३. एकोहोरो जिद्दी गर्ने; हत्ते हाल्ने; हठी; जिद्दीवाल ।

**हत्ते हलाइ–** ना० [हत्ते+हाल्+आइ] हत्ते हाल्ने भाव, क्रिया वा प्रक्रिया ।

**हत्ते हलान–** ना० [हत्ते+हाल+आन] हत्ते हाल्ने वा ज्यादै ढिपी गर्ने काम; ठूलो जिद्दी ।

**हत्तेहाला–** वि० [हत्ते+हाल्+आ] आफूलाई चाहिने कामकुरोमा हुरुक्क भएर धर्ना कस्ने; हत्ते हाल्ने ।

**हत्या–** ना० [सं०] १. पशुपक्षी वा मान्छेलाई मार्ने काम; हिंसा; वध; हत्ते । २. प्राणीलाई मार्दा लाग्ने पाप ।

**हत्याइ–** ना० [√ **हत्याउ** (+आइ)] हत्याउने भाव, क्रिया वा प्रक्रिया । [▷] **हत्याइनु–** क० क्रि० हात पारिनु ।

**हत्याउनु–** स० क्रि० [हात+याउ+नु] १. हातलागी गर्नु; कुनै चल वा अचल सम्पत्ति उचितअनुचित जुनसुकै किसिमले भए पनि आफ्नो गराउनु । २. आफ्नो वशमा लिनु । ३. काममा सधाउनु; रत्त्याउनु ।

**हत्या काण्ड–** ना० [सं०] कानुनविपरीत वध गर्ने क्रियाकलाप; मान्छेको हत्यासँग सम्बन्धित कामकुरो ।

**हत्यारा/हत्यारो–** वि० [हत्या+रा/रो] १. अरूको ज्यान लिने; हत्या गर्ने; ज्यानमारा । २. ठूलो अपराध गर्ने; अति पापी । ३. ज्यादै हत्ते हाल्ने; हत्तेरो ।

**हत्यौडा–** ना० [हात+यौडा] हतौडा । > **हत्यौडी–** ना० हतौडी ।

**हत्यौरी–** ना० [हात+यौरी] गुन्द्री बुन्ने तानका निम्ति हातले बाटिने बाबियाको डोरी ।

**हद–** ना० [अ० हद्द] १. तोकिएको अवधि वा समय; सीमा; साँध । २. कुनै वस्तुको तोकिएको र निस्तुकमा देखिने घटी वा बढी भाग । ३. कामकुरा वा नियमविधिको मर्यादा; पराकाष्ठा । क्रि० वि० ४. अचाक्ली; ज्यादै; अति । ~ **दर्जाको–** वि० साह्रै; ज्यादै; चर्को । (उदा०– तिम्रो भाइ हद दर्जाको उल्लू रहेछ । यो सुन्तला हद दर्जाको मीठो रहेछ) । ~ **बन्दी–** ना० १. हद वा सीमाको निर्धारण; साँध छुट्ट्याउने काम । २. कुनै कारणले आउन वा जान लगाइने रोक । ३. जग्गाजमिन बढी राख्न नपाइने व्यवधान । ~ **मूल्य–** ना० कुनै वस्तु यतिसम्ममा किन्न हुन्छ भनी सरकारले किटान गरेको दर । ~ **म्याद–** ना० १. कुनै कामकुरो गर्न तोकिएको अवधि; निर्धारित समय; आखिरी म्याद । २. मुद्दा गर्ने आखिरी म्याद । > **हद्दै–** क्रि० वि० ज्यादाभन्दा ज्यादा; अन्तिम साँधमा; अचाक्लि ।

**हद्द–** क्रि० वि० [अ०] हद वा सीमासम्म; पराकाष्ठातक; शक्तिले भेटेसम्म; ज्यादाभन्दा ज्यादा ।

**हनन–** ना० [सं०] मार्ने काम; वध; हत्या ।

**हनहन–** क्रि० वि० [अ० मू० हन्+अ (द्वि०)] ज्वरो धेरै रन्कने गरी; मर्लान्तिझैँ पारेर । > **हनहनती/हनहनी–** क्रि० वि० बेसी

मात्रामा हनहन हुने गरी

**हनाइ–** ना० [√ **हान्** (+आइ)] हान्ने भाव, क्रिया वा प्रक्रिया। [▷] **हनाइनु–** क० क्रि० हान्न लाइनु। **हनाउनु–** प्रे० क्रि० हान्न लाउनु; हिर्काउनु।

**हनु–** ना० [सं०] मुखभन्दा तल्लो अनुहारको भाग; च्यापु; चिउँडो। >**हनुमन्ते–** ना० १. बालकको अन्नप्राशन गर्दा वैदिक विधिअनुसार हनुमान्को रूप लिएर भातप्रसाद खाने व्यक्ति। २. अनुचित रूपले वा अचाक्लीसँग खाने व्यक्ति; हन्तकाली। ३. काठमाडौँ उपत्यकामा भक्तपुरको दक्षिणतर्फ बग्ने एक खोलो।

**हनुमान्–** ना० [सं०] १. रामायणप्रसिद्ध रामभक्त एक वानर; वायुपुत्र; अञ्जनीकुमार। वि० २. ठूलो र लामो च्युँडो भएको। ३. बलवान्; वीर; शक्तिशाली। ~ **ढोका–** ना० काठमाडौँको वसन्तपुरस्थित मूल ढोकामा हनुमान्को मूर्ति रहेको प्राचीन राजदरबार वा त्यसकै मूलढोका।

**हन्को–** ना० [हन्+को] ज्वराको ताप वा तीव्र वेग।

**हन्टर–** ना० [अङ्०] घोडा चढ्दा घोडाको गतिमा तीव्रता ल्याउन पिठिउँमा पिट्ने छालाको डोरी वा सिप्केनी; कोर्रा; चाबुक।

**हन्डर–** ना० [प्रा० हणिर] कामकुरो गर्दै जाँदा परेको कष्ट; दैवी वा प्राकृतिक आपद्; सास्ती; गोता; हैरानी (उदा०– **बाउन्न हन्डर, त्रिपन्न ठक्कर** –उखान)।

**हन्डचाडहन्डुड–** क्रि० वि० [अ० मू० हन्डचाङ्+अ (द्वि०)] मालमत्ता, भाँडाकुँडा आदि यताको उता, उताको यता पार्ने अव्यवस्थित रूपले मिल्किनेछोडिने गरी।

**हन्तकाली–** वि० १. जतिबेला पनि खाइरहने; जति खाए पनि नअघाउने; अगस्ती। २. असन्तोकी। >**हन्तकाले–** वि० हन्तकाली।

**हन्न–** क्रि० वि० [अ० मू० हन्+न] एकाएक ज्वराको ताप बढ्ने गरी।

**हन्बेर्नु/हन्बेर्नो–** ना० [हात+बेर्+उ/ओ] १. तातेको भाँडो वा भाँडाको बिँड समात्ने हतियार वा झुम्रो (सनासो, लुँडो आदि)। २. फलामको काम गर्ने कालिगडहरूले आगो तह लाउने, टुप्पो घुमेको लामो ज्याबल। ३. बाध्यतावश संरक्षण दिनुपर्ने वस्तु वा व्यक्ति; घाँडो। ४. कुनै काम नलाग्ने व्यक्ति; हल्लौँडो।

**हप–** ना० [अङ्० हब] पाङ्ग्राका बीचमा रहने फलाम वा काठको लामो डन्डी; धुरा।

**हपक्क–** क्रि० वि० [अ० मू० हपक्+क] हावा नचलेको बेलामा कडा गर्मी हुने गरी; गर्मी, राप आदि सहसा अनुभव हुने चालले।

**हपहप–** क्रि० वि० [अ० मू० हप्+अ (द्वि०)] १. ज्यादा गर्मी भएर गुम्सिने वा डाह हुने किसिमले; हपहपी। २. ठूलाठूला गाँस हालेर खाँदै; खपखप। >**हपहपती/हपहपी–** क्रि० वि० अझै हपहप हुने गरी।

**हपार्–नु–** स० क्रि० [√ **हकार्नु**] १. बरालिने वा कामकुरो बिराउने मानिसलाई नराम्रोसँग गाली गर्नु; हप्काउनु; हप्की दिनु। २. ठूलो स्वरले टाढाबाट बोलाउनु; पुकार्नु; कौलास्नु। >**हपाराइ–** ना० हपार्ने भाव, क्रिया वा प्रक्रिया। **हपारिनु–** क० क्रि० हपार्ने काम गरिनु।

**हपाहप–** क्रि० वि० [अ० मू० हप्+आ+हप्] ठूलठूला गाँस हालेर खाने गरी; हपहप।

**हप्क–नु–** अ० क्रि० [फा० खपः+क+नु] १. अरूको हप्कीदप्कीले डराउनु; तर्सनु; दच्कनु। २. पिठिउँ छुट्टिएलाजस्तो गरी दुख्नु। ३. धर्ती फाटेका ठाउँमा छुट्टिन खोज्नु। >**हप्काइ–** ना० हप्कनेहप्काउने भाव, क्रिया वा प्रक्रिया। **हप्काइनु–** क० क्रि० हप्काउने काम गरिनु; हप्की दिइनु। **हप्काउनु–** स० क्रि० १. कामकुरो बिग्रेमा गाली गर्नु वा हकार्नु; हप्की दिनु; हपार्नु। २. त्रास वा डर देखाउनु; सावधान गराउनु।

**हप्की–** ना० [फा० खप्गी] १. कुनै कामकुरो बिगारेमा दिइने गाली; हप्काउने काम; खप्की। २. रल्लिने, बरालिने आदि गरेमा तह लाउन गरिने कडाइ; ऐँचन। – **दप्की–** ना० हप्काउने र गाली गर्ने काम; तह लाउन कडाइसित खै गर्ने काम।

**हप्ता–** ना० [फा० हफ्त] सात दिनको समय; साता; सप्ताह। – **वारी–** वि० १. हरेक हप्तामा गरिने वा दिइने (काम वा ज्याला आदि)। २. सातसात दिनको; साप्ताहिक।

**हप्प–** क्रि० वि० [अ० मू० हप्+प] कडा गर्मीले सताउने गरी; हावा नचलेर गुम्सँदै।

**हप्याक–** ना० [अ० मू० हप्याक्+अ] तिर्खा, थकाइ आदिले कष्टसित सास फेर्ने चाल। – **हप्याक–** क्रि० वि० १. लगातारको हप्याकका साथमा। ना० २. ढाडको करकरी दुखाइ। ३. धर्ती फाट्ने चाल। >**हप्याक्क–** क्रि० वि० हप्याक चालसित एकै खेपमा।

**हबलदार–** ना० [फा०] सिपाहीभन्दा माथि र जमादारभन्दा मुनिको सैनिक वा जङ्गी कर्मचारी। >**हबलदारी–** ना० हबलदारको पद वा काम।

**हबला–** ना० मल्लकालीन राजाहरूका पालामा प्रचलित प्रसिद्ध राजचिह्न (आसागुर्जा, गदा, सोँठा, सिंहध्वज, चमर, पङ्खा, दण्ड आदि)। – **माल–** ना० राजकीय पर्व वा माङ्गलिक उत्सवमा नियत कर्मचारीहरूद्वारा बोकिने उपर्युक्त राजचिह्न।

**हबलो–** ना० [होभलो] १. केही नेपाली ब्राह्मणपरिवारहरूमा भाद्र शुक्ल अष्टमीका दिन ढडचाएको बिरौँला काँचै दूर्वादेवीलाई चढाएर त्यसको प्रसाद खाने एक चाड; दूर्वाष्टमी पर्व। २. त्यही अवसरमा चढाइएको केराउ, सिमी आदिको भिजेको दाना; क्वाँटी।

**हबालु–** वि० [हावा+आलु] हावा लाग्ने; हावादार। (उदा०– सकल कोष्ठ हबालु फराकिला। – ल० प्र० देवकोटा, 'सुलोचना')।

**हबिगत–** ना० [हबाल+गति] १. शक्ति; सामर्थ्य, तुजुक। २. खस्केको आर्थिक स्थिति; दारिद्र्य; गरिबी।

**हबेली–** ना० [फा०] ठूला झ्यालढोका भएको हावादारी भवन;

ठूलो घर; महल; हवेली ।

**हब्बाँ**– ना० [सं० हम्बा] गोईगोरुले रामेको शब्द; बाँ ।

**हब्बा**– ना० हबिगत; हब्बे । – **कब्बा**– ना० शक्ति र सामर्थ्य; हब्बेकब्बे ।

**हब्बाकब्बा**– ना० [सं० हव्यकव्य] देवता र पितृहरूलाई अर्पण गरिने आहुति, तर्पण आदि; देवतालाई 'स्वाहा' शब्दले दिइने हव्य र पितृलाई 'स्वधा' शब्दले दिइने 'कव्य'-को समुदाय ।

**हब्बे**– ना० [√ हब्बा] १. छाँटकाँट नमिलेको; अमिल्दो । २. बोल्न नजान्ने; लठचौरो । ३. सामर्थ्य; हब्बा । हबिगत । – **कब्बे**– ना० शक्तिसामर्थ्य; बलबुता । ~**न कब्बे**– ना० शक्तिसामर्थ्यको अभाव; गति न गरास । (उदा०– जब पुग्यो नब्बे, हब्बे न कब्बे) । – **हब्बे**– क्रि० वि० १. पुगेसपुगेस; जसोतसो । २. हव्यकव्य ।

**हब्सी**– ना० [अ० हब्शी] १. पूर्वी अफ्रिकामा रहने अति कालो वर्ण र मोटो ओठ हुने एक जाति । वि० २. ज्यादै कालो वर्णको; भद्दा रूपको (व्यक्ति) ।

**हमला**– ना० [अ० हमलः] कुनै देशबाट अर्को देशमाथि वा कुनै व्यक्ति वा समुदायबाट अर्को व्यक्ति वा समुदायमाथि गरिने आक्रमण; चढाइ; युद्ध । – **दार**– वि० हमला गर्ने । – **वर**– वि० हमलादार ।

**हमाल**– ना० [अ०] १. राजपूत र जैसी ब्राह्मणजातका आमाबाबुबाट पैदा भएको सन्तान । २. नेपाली जातिको एक थर ।

**हमाली**– ना० तीस पोल अर्थात् डेढ बिसौली वा पौने धार्नीबराबरको तौल ।

**हमेसा**– क्रि० वि० [फा० हमेश] नित्यजसो; सधैँभरि; दिनप्रतिदिन; सदा ।

**हम्क-नु**– स० क्रि० [सं० हुम+क+नु] १. हाते पङ्खा, कागज वा यस्तै कुनै वस्तु हल्लाएर हावा निकाल्नु; पङ्खा आदिको हावाले गर्मीको उकुसमुकुस कम गराउनु । अ० क्रि० [सं० हन्+नु] २. गाई, भैँसी आदिले फुँक्क गरेर हान्न खोज्नु; गाईबस्तुले टाउको तलमाथि गराई हान्न उद्यत हुनु । ३. चाँडोचाँडो सास फेर्नु; हाँफ्नु । >**हम्काइ**– ना० १. हम्कने वा पङ्खा हल्लाउने क्रियाप्रक्रिया । २. हम्कने वा हान्नेहाँफ्ने क्रियाप्रक्रिया । **हम्काइनु**– क० क्रि० हम्कन लाइनु; पङ्खा हल्लाइनु । **हम्काउनु**– प्रे० क्रि० हम्कन लाउनु; पङ्खा हल्लाउनु । **हम्काहम्की**– ना० १. गाईबस्तुले मानिसलाई वा गाईबस्तुलाई नै हान्न खोज्ने क्रिया । २. परस्परमा पङ्खा आदि हम्कने काम । **हम्किनु**– क० क्रि० हावा चलाउनाका लागि पङ्खा आदि हल्लाइनु ।

**हम्को**– ना० [हम्क+ओ] १. पङ्खा आदिले हम्केको हावाको वेग । २. गाईभैँसी आदिले हानेजस्तो टाउको हल्लाउने काम । ३. प्रभुत्वको भाव । ~ **झम्को**– ना० १. हम्कोसाथैको हल्लाइको वेग । २. हान्ने र हाँफ्ने क्रिया । ३. प्रमुखताको भाव वा प्रदर्शन; बडप्पन ।

**हम्मे**– ना० [अ० मू० हाम्म+ए] कठिनाइ; गाह्रो । ~ **हम्मे**– क्रि० वि० गाह्रोगाह्रो भएर; बल्लतल्ल ।

**हम्मेसि**– क्रि० वि० [फा० हमेश] १. सितिमिति; हत्तपत्त । २. एकाएक; सहसा । ३. सधैँ; हमेसा ।

**हय**– ना० [सं०] १. घोडा; अश्व । २. देवराज; इन्द्र । – **ग्रीव**– ना० १. विष्णुका चौबीस अवतारमध्ये एक । २. घोडाको जस्तो टाउको भएको एक दानव ।

**हर्-नु**– स० क्रि० [सं० हरण+नु] १. अर्काको धनमाल लुटेर वा चोरेर लिनु; हरण गर्नु; खोस्नु । २. कसैले कुनै वस्तु पाउन लागेकोमा बाधा पार्नु ।

**हर१**– ना० [प्रा०] १. शरीरको काँधदेखि फिलासम्मको पिठिउँको भाग । २. शरीरको ढाडनसासहितको अगलबगलको भाग । ३. पछाडिको फिलाको जोर्नी र आसपासको भाग ।

**हर२**– ना० [सं०] १. महादेव; शिव । २. गणितको भिन्न राशिमा भाग दिने सङ्ख्या; भिन्न गर्दा अंशभन्दा मुनिको सङ्ख्या । ३. नुहाउने काम; स्नान (बालबोलीमा) । वि० ४. जबर्जस्ती गरी लिएर जाने; हरण गर्ने; चोर्ने । ५. नाश गर्ने; नष्ट पार्ने । ६. कुनै शब्दका पछिल्तिर गाँसिएर नाश गर्ने, शान्त गर्ने आदि अर्थ बुझाउने उत्तरपद (जस्तो– कष्टहर, रोगहर, दुःखहर आदि) ।

**हर३**– ना० [सं० हल] खेत जोत्नका लागि प्रयोग गरिने साधन; हलो (तराई प्रदेशमा) ।

**हर४**– ना० [फा०] केही नामवाचक शब्दको अगाडि रही त्यसका सबै एकाइसँग सम्बन्ध रहेको कुरा बुझाउने शब्द; प्रति (जस्तो– हरव्यक्ति, हरघडी आदि) । – **एक**– वि० प्रत्येक; एकएक; हरेक ।

**हरक**– ना० नाक खिहिन्याउने गन्ध; नमीठो गन्ध; सडेगलेका वस्तुको दुर्गन्धको वेग ।

**हरकट्टा**– ना० फेदैबाट लामालामा उत्तिसका जस्ता पात निस्कने र बीचका डाँठका टुप्पामा सेतो भुवा भएका पहेँला फूल फुल्ने सुगन्धी जरा हुने, आयुर्वेदअनुसार घाउखटिरा आदिलाई शमन गर्ने एक झार ।

**हरघडी**– क्रि० वि० [हर+घडी] जुनसुकै बेला पनि; हरबखत; हमेसा; निरन्तर ।

**हरण**– ना० [सं०] १. अर्काको धनमाल जबरजस्ती लिने काम; खोस्ने काम । २. चोरी; अपहरण । ३. हटाउने वा निर्मूल पार्ने काम (जस्तो– रोगहरण, दुःखहरण आदि) ।

**हरतरह**– ना० [फा० हर+तरह] १. नाना किसिम; अनेक तरह । २. धेरै उपाय ।

**हरताल१**– ना० [हार+ताल] पासा, कौडी आदि जुवामा लगातार तिरिरहनुपर्ने दाउ; तिरताल; हारताल ।

**हरताल२**– ना० हडताल । >**हरताली**– वि० हडताली ।

**हरदम**– क्रि० वि० [हर+दम] १. हरेक समयमा; जुनसुकै बेला

पनि । २. दम रहेसम्म ।

**हरदिन–** क्रि० वि० [फा० हर+सं० दिन] हरेक दिनमा; प्रत्येक दिन; दिनहुँ ।

**हरप्पा–** ना० [हि० हरपा] बाँडा, सुनार आदिको तराजु राख्ने बट्टा ।

**हरफ–** ना० [अ० हर्फ] १. अक्षरको हार वा ताँती; वर्णको लहर । २. पङ्क्ति; ताँती; लहर । ३. अक्षर; वर्ण ।

**हरफनमौला–** वि० [फा० हर+अ० फन-मौला] हरेक प्रकारका कामको धेरथोर जानकारी राख्ने; टपर्टुय्याँ ।

**हरबखत–** क्रि० वि० [फा० हर+बख्त] जुनसुकै बेला पनि; हरसमय; सधैँ ।

**हरबर–** ना० [हट+बढ] १. केटाकेटीले फनफनी घुमेर भन्ने बोली वा खेल । २. अनेकतिर घुमाउने काम; ठूलो सासना वा सास्ती ।

**हरबाङ्गे–** वि० [हर+बाङ्गो] ढाड बाङ्गो भएको; ढाड कुप्रिएको ।

**हररा–** ना० एक प्रकारको साँपको जात ।

**हररोज–** क्रि० वि० [फा० हर+रोज] हरेक दिन; दिनदिनै; दिनहुँ ।

**हरल–** वि० [हार्+अल] कौडी, पासा, तास आदि जुवामा हारेको (पैसा, वस्तु आदि); पराजित ।

**हरसङ्गा/हरसङ्घा–** ना० [सं० हल+सन्धान] हलो आदि बनाउने काठपातका साधन ।

**हरसमय–** क्रि० वि० [फा० हर+सं० समय] हरबखत ।

**हरहमेसा–** क्रि० वि० [फा० हर+हमेश] सधैँभरि; जुनसुकै बेला पनि ।

**हरहर१–** ना० [सं० हर+हर] १. नुहाइधुवाई गर्दा धार्मिक भावनाले दोहोऱ्याई-तेहऱ्याई महादेवको नाम लिइने शब्द । २. नुहाउने काम; स्नान (बालबोलीमा) ।

**हरहर२–** क्रि० वि० [अ० मू० हर+अ (द्वि०)] १. बत्ती, आगो आदि ज्वाला छुटेर बल्ने गरी । २. कडा गर्मी वा भित्री रोगले हृदयमा जलन पैदा भएर; डाह हुने किसिमले । ३. हावा सरसराउने चालसित । >**हरहरी–** क्रि० वि० १. अझ बेसी हरहर हुने गरी । ना० २. नाम्लाको पाटो वा गुन्द्रीको बिट मार्दा आखिरमा पारिने गाँठो ।

**हरहिफाजत–** ना० [फा०] थन्क्याउने र व्यवस्थित गर्ने काम; सुरक्षा; थान्कोमान्को ।

**हरहिसाब–** ना० [फा० हर+हिसाब] धनपैसाको मामलामा तेरोमेरो गर्न खाता वा टिपोट हेर्ने काम; लेनदेनको व्यवहार हेर्ने काम; हिसाबकिताब ।

**हराइ–** ना० [√ **हर्** (+आइ)] हर्ने भाव, क्रिया वा प्रक्रिया । [√ **हराउ** (+आइ)] १. हराउने वा परास्त गर्ने भाव, क्रिया वा प्रक्रिया । २. हराउने वा बेपत्ता हुने क्रियाप्रक्रिया । [√ **हार** (+आइ)] ४. हार्ने भाव, क्रिया वा प्रक्रिया । [>] **हराइनु–** क० क्रि० १. हराउने काम गरिनु; हार गराइनु । २. हरण गराइनु । ३. अ० क्रि० कुनै वस्तु वा व्यक्ति बेपत्ता होइनु ।

**हराउनी–** ना० [हार्+आउ+नी] १. मुद्दामामिलामा मुद्दा छिनिसकेपछि हार्नेलाई लाग्ने जरिमाना; हराउरी । २. हराउने स्थिति वा काम ।

**हराउनु१–** स० क्रि० [हार+आउ+नु] १. कुनै प्रतियोगिता वा मुद्दामामिलामा अर्को पक्षलाई परास्त गर्नु; हार गराउनु; जित्नु । २. दमन गर्नु; ड्याक्नु ।

**हराउनु२–** अ० क्रि० [हार्+आउ+नु] १. कुनै वस्तु अन्यत्र पुगेर बेपत्ता हुनु; लापता हुनु; गुम्नु । २. राखेका ठाउँको वस्तु नदेखिने हुनु; अदृश्य बन्नु; फेला नपर्नु; अलप वा लुप्त हुनु । ३. टुङ्गो बिर्सनु ।

**हराउरी–** ना० [हार+आउरी] १. हार्नेलाई लाग्ने दण्ड । विप० जिताउरी । २. हराउनी ।

**हराम–** वि० [अ०] १. नियम, अनुशासन वा आज्ञाअह्रोट नमान्ने; हत्तेरो । २. काम नलाग्ने; दुष्ट; नजाती; अनुचित । ३. त्याग्नुपर्ने; निषिद्ध । ना० ४. अधर्म; पाप; बेइमानी । **– खोर–** वि० १. पाप वा अपराधको कमाइ खाने; अर्काको आर्जनमा जीविका चलाउने । २. सित्तैँमा आएको खाने; उद्योगव्यवसाय नगर्ने; अल्छी । **– खोरी–** ना० केही उद्योग नगरीकन अर्काको कमाइ खाने काम । **– जादा–** ना० १. साह्रै दुष्ट वा बदमास व्यक्ति । २. हरामीको छोरो । >**हरामी–** वि० १. खराब; दुर्जन । ना० २. व्यभिचारबाट उत्पन्न पुरुष ।

**हरि१–** ना० [सं०] १. ईश्वर; भगवान् । २. विष्णु । ३. सूर्य । ४. चन्द्रमा । ५. बाँदर । ६. दयाको भाव; दैवी गुण । (उदा०– पेटमा हरि भएको व्यक्तिले अर्काको पीरमर्का राम्रोसँग हेर्छ) ।

**हरि२–** पू० स० विशेषण शब्दको अगाडि जोडिएर अधिकताको अर्थ बुझाउने शब्द (जस्तै– हरिकङ्गाल, हरिलट्टक, हरिलम्फू आदि) । **– कङ्गाल–** वि० आफ्नो धनसम्पत्ति केही नभएको; अति दरिद्र; ज्यादै कङ्गाल; तन्नम ।

**हरिकीर्तन–** ना० [सं०] हरिको गुणगान वा भजन; ईश्वरभजन ।

**हरिचन्दन–** ना० [सं०] १. हरिलाई मन पर्ने चन्दन; श्रीखण्ड-चन्दन । २. पाँच प्रकारका देवतरुमध्ये मगमगाउँदो काठ भएको एक तरु । ३. कमलको पराग । ४. केशर । ५. चन्द्रमाको किरण ।

**हरिजन–** ना० [सं०] १. एक मात्र हरिमा समर्पित हुने भक्त । २. परस्परमा अस्पृश्य मानिएका वा निम्न जातका व्यक्तिलाई सामूहिक रूपमा भनिने आदरार्थी नाम ।

**हरिटट्टु–** वि० [हरि+टट्टू] १. हारेर टाट भएको; सिरीखुरी भएको । २. हरिलट्टक ।

**हरिण–** ना० [सं०] ठूलठूला मोहक आँखा हुने र गीत वा सङ्गीतको धुन सुन्न मन पराउने एक बनैया जन्तु; मृग । >**हरिणाक्षी–** वि० हरिणका जस्ता सुन्दर आँखा भएकी; मृगनयनी (स्त्री) ।

**हरिणी**– ना० [सं०] १. पोथी हरिण; मृगी । २. कामशास्त्रमा वर्णित चार प्रकारका स्त्रीमध्ये एक; चित्रिणी । – **प्लुता**– ना० विषम पाउमा क्रमशः तीन सगण, एक लघु र एक गुरु हुने अनि सम पाउमा एक नगण, दुई भगण र एक रगण हुने वार्णिक छन्द ।

**हरित**– वि० [सं०] १. हरियो रङ भएको; हरियो । ना० २. हरियो रङ । ३. सूर्यको घोडा । ४. सिंह । ५. दिशा । ~ **कण**– ना० बोटबिरुवाको प्रकाश संश्लेषण गर्ने वा पात र हाँगालाई हरियो गराइराख्ने मसिना कण । ~ **क्रान्ति**– ना० 'बालीनाली सपारौँ, धेरै अन्न उब्जाऔँ' भन्ने नारा; बढी अन्न र फलफूल उब्जाउने कृषिक्रान्ति वा अभियान ।

**हरिताल**– ना० [सं०] प्रायः पुराना हस्तलिखित नेपाली कागजमा कीराले नकाटोस् भनी लेख्नुअघि दल्ने गरिएको पहेँलो रङ्गको विषालु खनिज पदार्थ; हरताल; नीलोतुथो ।

**हरितालिका**– ना० [सं०] १. विष्णुसँग विवाहित हुन नपरोस् भनी सँगिनीद्वारा हरेर जङ्गलमा पुऱ्याएकी पार्वतीले महादेव पति पाउनका निम्ति गरेको व्रत । २. प्रायः नेपाली सधवा नारीहरूले सौभाग्यको स्थिरताका लागि भाद्र शुक्ल तृतीयाका दिन निराहार बसेर गरिने शिवको पूजा । ३. भाद्रशुक्ल तृतीयाको दिन; तीज ।

**हरितिमा**– ना० [सं०] हरियोहरियो वर्ण; हरियोपन; हरियाली ।

**हरिद्वार**– ना० [सं०] १. उत्तरभारतमा रहेको एक प्रसिद्ध तीर्थस्थल; गङ्गाद्वार । २. हरिका मन्दिरको ढोका; हरिमन्दिर ।

**हरिधाम**– ना० [सं०] १. विष्णु रहने स्थान; वैकुण्ठलोक । २. हरिको मन्दिर; देवमन्दिर ।

**हरिनास**– ना० रगतको विकारबाट पैताला फुट्ने एक रोग; हर्नाठ ।

**हरिनु**– क० क्रि० [हर्+इ+नु] धनमाल चोरेर वा लुटेर लगिनु ।

**हरिप**– वि० [अ० हरीफ] १. कत्ति पनि धनसम्पत्ति नभएको; कङ्गाल । २. भनेको नटेर्ने; जोधाहा । ३. शत्रु; दुस्मन ।

**हरिप्रिया**– ना० [सं०] १. विष्णुकी पत्नी; लक्ष्मी । २. तुलसी । ३. पृथिवी ।

**हरिबोधिनी**– ना० [सं०] चतुर्मास समाप्त भएर देवोत्थान हुने एकादशी; कार्तिक शुक्ल एकादशी ।

**हरिमुस्ले**– वि० [हरि+मुस्लो+ए] ठूलो तिघ्रा हुने; भुसतिघ्रे ।

**हरियाली**– ना० [हरियो+आली] हरिया घाँसपात, बोटबिरुवा, लतावृक्ष आदि वनस्पतिले चारैतिर आकर्षण देखिनाको भाव वा स्थिति; हरितिमा ।

**हरियो**– ना० [प्रा० हरिओ] १. सामान्यतः सागपातमा हुने रङ; पहेँलो र नीलो रङको मिश्रणबाट पैदा हुने रङ; हरित वर्ण । वि० २. भर्खरै पलाएको कलिलो (बोटबिरुवा) । ३. ताजा; आलो । ~**जाई**– ना० पाकेपछि पनि हरियै रहने एक जातको जाई । ~**ढुकुर**– ना० सेता आँखा, रछाय रङ्गको घाँटी र कालो पुच्छर हुने एक जातको पक्षी । – **परियो**– ना० १. हरियो सागपात वा हरियो । वि० २. हरियो । ~**परेवा**– ना० पहेँलो टाउको, हरियो गर्धन र हरियै पखेटा हुने एक जातको परेवा । ~**बकुल्लो**– ना० कालो सिउर र हरियो भावका पखेटा हुने एक जातको बकुल्लो । – **भरियो/भरिलो**– वि० सप्लाएर हरियो भएको (बोटबिरुवा, बाली आदि) । ~**मास**– ना० मुगीको रङ्गको एक जातको मास । ~**मुला**– ना० गोठाले सागको मूला ।

**हरिलट्ठक**– वि० [हरि+लट्ठक] भनेको नबुझ्ने र नमान्ने; लट्ठक; स्वाँठ; मूर्ख ।

**हरिलम्फु**– वि० [हरि+लम्फू] केही पनि नजान्ने; मूर्ख; अपढ; हलम्बू ।

**हरिलोभरिलो**– वि० [हरियो+भरिलो] चारैतिर हरिया र पुष्ट बोटबिरुवा भएको; हरियालीले ढाकेको ।

**हरिवासर**– ना० [सं०] १. एकादशी । २. आइतबार ।

**हरिवाहन**– ना० [सं०] १. विष्णुको वाहन; गरुड । २. सूर्य । ३. इन्द्र ।

**हरिशयनी**– ना० [सं०] चतुर्मास व्रतको आरम्भ भएर हरिले पातालमा शयन गर्ने भनी मानिएको दिन; आषाढ शुक्ल एकादशी ।

**हरिश्चन्द्र**– ना० [सं०] पुराणप्रसिद्ध, दानी तथा सत्यनिष्ठामा रहेका सूर्यवंशी एक राजा ।

**हरिस**– ना० [सं० हलीषा] एक छेउमा हलो र अर्को छेउमा जुवा रहने हलाको ठाडो लामो काठ ।

**हरिहर**– ना० [सं०] १. विष्णु र शिवको संयुक्त रूप; हरि र महादेव । २. भोजन गर्दा अनुमति दिइने शब्द । ३. कुनै भजनको प्रत्येक चरणका आखिरमा भनिने शब्द । ४. हरिकङ्गाल भएको स्थिति; तन्नम अवस्था । – **पुर गढी**– ना० मकवानी राजा हरिहर सेनले बनाएको एक पुरानो ऐतिहासिक किल्ला ।

**हरीछाल**– ना० मालभोगका भन्दा लामा र ठूला कोसा हुने एक जातको केरा ।

**हरीतकी**– ना० [सं०] हर्रो ।

**हरुवा१**– वि० [हार्+उवा] १. खेल, युद्ध आदिमा असफल हुने; हार्ने । २. डरछेरुवा; काँथर; नामर्द ।

**हरुवा२**– ना० [सं० हलवाह] खेतबारीमा हलो जोत्ने व्यक्ति; हली ।

**हरू**– प० स० [सं० अपर] नाम, सर्वनाम आदिको पछिल्तिर गाँसिएर बहुवचनको अर्थ बुझाउने वा सादृश्यबोध गराउने प्रत्यय (जस्तै– गाईहरू, मानिसहरू, श्यामहरू इ०) ।

**हरे**– वि० बो० [सं०] १. अफसोच, ग्लानि, निराशा, कष्ट, समवेदना, सहानुभूति आदि भाव बुझाउन अप्रत्याशित रूपमा मुखबाट निस्कने नाम; हरे शिव । २. 'हरि' शब्दको सम्बोधनको रूप; हे हरि ।

**हरेउ**– ना० [हरियो] १. प्रायः वर्षामासमा हरिया झारपातहुँदो बस्ने हरियो रङ्गको एक प्रकारको विषालु सर्प । २. काई ।

**हरेक**– वि० [हर+एक] प्रत्येक; हरएक ।
**हरेरी**– ना० [हार्+एरी] भारी बोक्ने नाम्लाको कानको गाँठो ।
**हरेलो**– ना० [सं० हल+एलो] १. खेत जोत्नुभन्दा पहिले कुनै विघ्न नपरोस् भनी किसानले सखारै खेतमा गएर गर्ने भूमिपूजा । २. धान रोपिसकेपछि रोपाइँ सिद्धिएको उपलक्ष्यमा तीजपछिको मङ्गलवारका दिन खेतमा गरिने कृषिका अधिष्ठाता देवताको पूजा ।
**हरेस**– ना० [हार्+एस] काम गर्दागर्दै पनि लक्ष्यप्राप्ति नभएर उत्साह सेलाएको वा आशा टुटेको स्थिति; निरुत्साह; निराशा ।
**हरोहर**– ना० [हरिहर] हुँदै नहुनुको अवस्था; अत्यन्त अभाव; शून्यता ।
**हरौरी**– ना० [हार्+औरी] हराउरी ।
**हर्क-नु**– अ० क्रि० [सं० हरक+नु] अनिष्टको डर वा शङ्काले बतासझैँ भई दौडेर भाग्नु ।
**हर्क**– ना० [सं० हर्ष] आनन्दको क्षण; खुसियाली; हर्ष । (उदा०– **कौवालाई बेल पाक्यो हर्क न बिस्मात्** –उखान) । – **बढाइँ**– ना० खुसियालीमा गरिने उत्सव; विवाह, पदोन्नति, पुत्रलाभ आदिको खुसियाली । – **मान**– वि० खूब हर्क मानेको; हर्षमान् ।
**हर्काइ**– ना० [√ **हर्क** (+आइ)] हर्कने भाव, क्रिया वा प्रक्रिया । [▷] **हर्काइनु**– क० क्रि० हर्कने पारिनु । **हर्काउनु**– प्रे० क्रि० १. मुहुरी फर्काउनु । २. हर्कने पार्नु ।
**हर्को१**– ना० १. मर्ने वेलाको अन्तिम श्वास; एकोहोरो सास । २. बेतोडको दौड ।
**हर्को२**– ना० [हरक+ओ] हे० हरक ।
**हर्ख**– ना० [सं० हर्ष] हे० हर्क । – **बढाइँ**– ना० हर्कबढाइँ ।
**हर्चुल**– ना० गाईबस्तुलाई घाँस खुवाइने एक प्रकारको बोटविशेष ।
**हर्जा**– ना० [अ० हर्ज] कुनै वस्तु नभइनहुने स्थिति; खाँचो; अत्यावश्यकता ।
**हर्जाना**– ना० [अ० हर्ज+फा० आन] कसैको धनमाल वा अन्नबाली नोक्सान भएमा सट्टामा दिइने धन वा वस्तु; क्षतिपूर्ति ।
**हर्ता**– वि० [सं०] १. हरण गर्ने; हर्ने । २. टाढा लैजाने । – **कर्ता**– वि० १. कुनै काम वा स्थानको प्रमुख (व्यक्ति); सर्वेसर्वा । ना० २. कुनै कामकुरो बनाउने र बिगार्ने वा खोस्ने र पूरा गरिदिने व्यक्ति । – **धर्ता**– वि० १. घरपरिवारको अभिभारा बोक्ने वा पालनपोषण गर्ने । ना० २. हालीमुहाली ।
**हर्थुङ्गो**– ना० [हात+थुङ्गो] हातको नाडीदेखि औँलाका टुप्पासम्मको भाग; हत्केलाका पछाडिपट्टिको भाग ।
**हर्दिआँप**– ना० [हर्दी+आँप] हलेदे आँप ।
**हर्न**– ना० [अङ्०] १. हावाको जोड पार्दा शब्द निस्कने ध्वनियन्त्र । २. सडकमा हिँड्ने पथिकलाई सचेत गराउन बस, कार, रिक्सा, टेम्पो आदि गाडीमा जडान गरिएको ध्वनिउत्पादक यन्त्र । ३. ध्वनियन्त्रबाट निस्केको आवाज ।
**हर्नाठ**– ना० कुर्कुच्चा र पैताला फुट्ने र धाँजा फाट्ने एक प्रकारको रोग; हरिनास ।
**हर्नियाँ**– ना० [अङ्० हर्निआ] अण्डकोषमा आन्द्रा झर्ने एक रोग ।
**हर्ने**– वि० [हर्+ने] हरण गर्ने; खोस्ने । ~ **भर्ने**– वि० बनाउन र बिगार्न सक्ने; खोस्ने र दिने; हरण तथा भरण गर्ने; हर्ताकर्ता ।
**हर्पी**– ना० [हर्पे] १. सानो हर्पे । २. हर्पे ।
**हर्पे**– ना० [प्रा० हडप्प] घिउ, तेल आदि हालिने काठको थेप्चो आकारको भाँडो; एक प्रकारको सिडमाङ; हर्पी ।
**हर्फारेबडी**– ना० [सं० हरिपर्वरी] ससाना पात, पहेँला फूल र अमलाजस्ता फल लाग्ने एक बोट वा त्यसैको फल; लवली ।
**हर्र**– क्रि० वि० [अ० मू० हर्+र] १. रोकिएको हावा एकाएक वेगसित बहने गरी; उखुम गर्मी भएको वेला हावा सर्सराएजस्तो गरी । २. हावा चलेजस्तै एकाएक आउने वा जाने गरी; उड्ने वा वेगसित दौडने चालले । ३. अकस्मात् पानी पर्ने गरी । ४. दन्केर आगो बल्ने किसिमले । ना० ५. बाखा, भेडा आदिलाई बोलाउँदा भनिने शब्द ।
**हर्रा**– ना० [हर्रो+आ] पातलो दिसा; झाडा; पखाला ।
**हर्रो**– ना० [प्रा० हरडइ <सं० हरीतकी] १. ठूलठूला पात हुने, मञ्जरीका रूपमा ससाना नीला फूल फुल्ने तथा छोहोराका आकारका टर्रा फल फल्ने एक जातको बोट । २. आयुर्वेदमा रेचक, वात-पित्त-कफनाशक, आँखालाई फाइदा गर्ने, अग्निवर्द्धक र बुद्धिवर्द्धक भनी बताइएको त्यसैको टर्रो स्वादको फल; त्रिफलामध्ये एक ।
**हर्ष**– ना० [सं०] चिताएको कुरो पुग्दा वा चाहेजस्तो कुनै काम बन्दा मनमा हुने आनन्द; प्रसन्नता; खुसियाली । ~ **गीत**– ना० उत्सव आदिमा गाइने हर्षप्रधान गीत । ~ **बढाइँ**– ना० १. कुनै उन्नतिको काम हुँदा हर्षले मनाइने उत्सव; हर्कबढाइँ; खुसियाली । २. ठूलो खुसियालीमा बन्दुक, तोप आदि पड्काई गरिने उत्सव वा बढाइँ । – **मान्**– वि० हर्षित; दङ्गदास । >**हर्षातिरेक**– ना० अत्यधिक हर्ष भएको स्थिति; चारैतिरबाट सुन्न पाइने हर्षको कुरो । **हर्षाश्रु**– ना० धेरै कालपछि प्रियजनसँग मिलन हुँदा आनन्दको उद्रेकले आँखाबाट निस्कने आँसु; प्रेमाश्रु । **हर्षित**– वि० ज्यादै हर्ष अनुभव भएको; प्रसन्न; आनन्दित; पुलकित ।
**हर्सन्दा**– ना० [हर+सालिन्दा] भइपरी आउने कामकाजका निम्ति सरकारी ढुकुटीमा जगेडा राखिछोडिने रकम; अतिरिक्त कामका लागि छुट्ट्याइएको धन ।
**हर्सा**– ना० [सं० अर्शस्] गुदद्वारको भित्रपट्टि खटिरो आउने र रगत बग्ने एक रोग; अल्काइ; अर्श । >**हर्से**– वि० हर्साको रोग लागेको ।
**हल्**– ना० [सं०] अन्तमा 'अ' स्वर नलागेका व्यञ्जनवर्णको मूल रूप; सो रूप देखाउन वर्णमुनि लगाइने छड्के रेखा (्) भएको चिह्न (जस्तो– क्, ख्, ग्, घ्, ङ् इ०) ।
**हल१**– ना० [सं०] १. खेतबारी जोतिने काठे साधन वा फलामे यन्त्र; हलो । २. एउटा हलाले दिनभरि जोतिने जमिनको एकाइ

(जस्तो– एक हलको जग्गा, एक हलको मेलो इ०) । ३. एउटै हलामा नारिएका गोरुको जोडी । वि० ४. जोडा; युगल । (उदा०– ती दुई साथी एक हल भएका छन्) ।

**हल२**– ना० [अ०] कुनै कठिन विषय, प्रश्न, समस्या आदिको समाधान; निराकरणको उपाय ।

**हलका१**– वि० [प्रा० लहुक] हलुको ।

**हलका२**– ना० [अ० हलक:] छुट्ट्याइएको क्षेत्र; निर्धारित घेरो; वृत्त; परिधि ।

**हलकारो**– ना० [फा० हरकार] १. चिठीपत्र आदि घरघर बाँड्दै हिँड्ने हुलाकअड्डाको निम्नतहको कर्मचारी; हुलाकी । २. हुलाकी सिपाही ।

**हलक्क**– क्रि० वि० [अ० मू० हलक्+क] बोटबिरुवा आदि छिटै बढ्ने वा हुर्कने गरी; छिटै सप्रने चालसित ।

**हलगोरु**– ना० [हल+गोरु] १. एउटै सोइलामा नारिने वा सँगसँगै जोतिने गोरु; जोडा गोरु । २. आपसमा प्रायः नछुट्टिने दुई व्यक्ति; जोडी; दौँतर ।

**हलचल**– ना० [हल+चल] १. हल्लने, चल्ने र चलबलाउने काम । २. जनतामा त्रास र आतङ्क फैलँदा हुने हल्लाखल्ला; खलबली; कोलाहल ।

**हलधर**– ना० [सं०] १. पुराणप्रसिद्ध वसुदेवका छोरा बलराम । २. हलो जोत्ने व्यक्ति; हली । वि० ३. हलो बोक्ने; हलाले जोत्ने काम गर्ने ।

**हल न चल**– वि० [हल+न+चल] चल्न-चलमलाउन नसक्ने; रोगले शरीर हल्लाउनेसम्म क्षमता नभएको (व्यक्ति) ।

**हलन्त**– वि० [सं०] स्वररहित व्यञ्जनवर्ण अन्तमा हुने; हल् अन्तमा भएको (शब्द, जस्तो– पश्चात्, झन्, हट् इ०) । ~ **बहिष्कार**– ना० प्राचीन र मध्यकालीन वाङ्मयकार एवं साहित्यिक स्रष्टाहरूको पालादेखि उच्चारणका आधारमा राम, विकास, एक आदि शब्दलाई गद्य वा पद्य दुवै विधामा विकल्पले राम्, विकास्, एक् इत्यादि हलन्त रूपमा लेख्ने गरिएकोमा उक्त, वैयक्तिक हलन्त रूप लेखिनु हुँदैन र सक्छन्, भन्छन् आदि क्रियापदलाई सकछन, भनछन आदि रूपमा लेखिनुपर्छ भनी सं० १९६५ मा 'माधवी' पत्रिकाका सम्पादक स्व० राममणि आचार्य दीक्षित र उनका अनुयायीहरूले प्रस्तुत गरेको मत र सो मतसँग सम्बन्धित आन्दोलन ।

**हलपाटे**– वि० [हल+पाटो+ए] जोडा हुनुपर्नेमा नभई एक्लो भएको; जोडीबाट छुट्टिएको वा अर्को जोडाको मृत्यु भएको (गोरु वा व्यक्ति) ।

**हल पिराहा**– वि० [हल+पिराहा] हल वा साथीलाई नसहने; जोडालाई पिर्ने (पशु वा मानिस) ।

**हल फुटाइ**– ना० [हल+फुटाइ] साथीसाथी फुट्ने-छुट्टिने काम ।

**हलम्बु**– वि० [हरि+लम्फू] कुनै कामकाज नभएको; बेकम्मा; लट्टक; हरिलम्फू; लन्ठ ।

**हलवाई**– ना० हलुवाई ।

**हलसारो**– ना० [हल+सार+ओ] १. प्रायः बर्खे बाली लगाउने बेलामा पानी बर्सेपछि सर्वप्रथम हलो चलाउँदा भूमिपूजा गरेर मनाइने उत्सव; वसन्तपञ्चमीजस्ता कृषिपर्वमा पहिलो पटक हलो जोत्ने काम । २. पाडा, बाच्छा मरेको लैनो भैँसी वा गाई; हतुवा पशु । ३. बुहारीले पत्यार गरेर कसैलाई राख्न दिएको वस्तु । वि० ४. पाडाबाछा मरेर हातले पघार्नुपर्ने; हतुवा (गाई-भैँसी); हातसारो ।

**हलहल**– क्रि० वि० [अ० मू० हल्+अ (द्वि०)] १. छाद्ने वा बान्ता गर्ने चालले । २. बोटबिरुवाहरू राम्रोसँग सप्रने र बढ्ने गरी । > **हलहलती**/**हलहली**– क्रि० वि० अझै हलहल भएर । **हलहले**– ना० पालुङ्गाका छाँटका पात हुने र तरकारी खाइने एक थरी साग ।

**हलाइ**– ना० [√ **हाल्** (+आइ)] हाल्ने क्रिया वा प्रक्रिया । [>] **हलाइनु**– क० क्रि० हाल्न लाइनु । **हलाउनु**– प्रे० क्रि० हाल्न लाउनु । **हलान**– ना० हाल्ने काम वा खेप; हलाइ ।

**हलापाटे**– ना० [हलो+पाटो+ए] हलो जोत्ने मानिस; हली ।

**हलायुध**– ना० [सं०] कृष्णका दाजु बलराम; हलधर ।

**हलाल**– ना० [अ०] इस्लाम धर्मका अनुसार मासु खानका लागि घोक्रो रेटेर खसी, भेडा आदि पशु मार्ने तरिका ।

**हलाहल**– ना० [सं०] १. क्यात्तुकेका छाँटका लामालामा सेता झुस भएका पात, झुसिला लामालामा डाँठमा प्याजी रङका झुसिला लाम्चा फल र फलका टुप्पामा मसिनो रातो फूल तथा फुस्रो कन्द हुने, हिमालयका लेकमा पाइने एक जातको विषबुटी; नर्सिङ विष । २. पुराणअनुसार देवदानवले मिलेर समुद्रमन्थन गर्दा निस्केको कडा विष ।

**हली**– ना० [सं०] १. खेतीकमाइ गर्नका लागि हलो जोत्ने मानिस; हरुवा । २. वसुदेवका छोरा बलराम । ~ **भाग**– ना० १. शारीरिक श्रम बेसी गर्ने र खान पनि अबेर आउने हुँदा भोक र श्रमअनुसार हलीलाई चाहिने खानाको निकै ठूलो परिमाण । २. त्यस्तै ठूलो भाग ।

**हलुको**– वि० [प्रा० लहुक] १. सजिलै उचाल्न र बोक्न सकिने; गह्रौं नभएको; कम वजनको; हलौं; हलका । २. उज्जर वा चर्को रङ्ग नभएको; फिक्का । ३. मानमर्यादा नभएको; कम इज्जतको; अप्रतिष्ठित । ४. थोरै; अलिकति (घाउ वा चोट) ।

**हलुङ**– वि० [हलुङ्गो] हलुको । > **हलुङ्कसी**– क्रि० वि० हलुङ्गो चालसित; बिस्तारै । (उदा०– मनको भुमरो हलुङ्कसी प्रभुको पाउसरोजमा पसी – लेखनाथ, 'लालित्य') ।

**हलुङ्गो**– वि० [√ हलुको] हलुको; हलौं ।

**हलुवा**– ना० [अ० हल्वा] गहुँको पीठो वा सुजी घिउमा भुटी सखर, चिनी आदि मिलाएर दूधमा वा घिउ र चास्नीमा पकाइएको नरम खाद्य पदार्थ; मनभोग ।

**हलुवाई**– ना० [अ० हल्वा+ई] हलुवा, लड्डु, पेडा आदि मिठाई

बनाउने र बेच्ने पेसा भएको व्यक्ति वा जाति; मिठाई बेच्ने पसले; हलवाई । – **रोटी**– ना० मिठाई ।

**हलुवाबेत/हलुवाबेद**– ना० [अ० हल्वाए+फा० बेद] कडाकडा पात, सेता फूल, राता, मझौला खालका गुलिया फल हुने एक रूख वा त्यसैको फल ।

**हले**– वि० [हलो+ए] १. हलगोरु जोत्ने; हली । २. नेपालमा कृषकका तीन श्रेणी (हले, कोदाले र सुकुम्बासी)-मध्ये एक । ~ **कोदाले**– वि० १. हलाले जोत्ने र कोदालाले खन्ने । २. हलगोरु हुने र कोदालाले खनेर मात्र दुःखजिलो गर्ने ।

**हलेदे**– वि० [हलेदो+ए] १. हलेदोजस्तो; हलेदोको रङको । ना० २. हलेदो हुने ठाउँ । ~**आँप**– ना० आँपको जस्तो गन्ध आउने र अचार बनाएर खाइने एक जातको हलेदो; हर्दिआँप ।

**हलेदो**– ना० [सं० हरिद्रा] सर्वदाका जस्ता ठूलठूला पात हुने, तलैतला परेका सेता वा पहेँला फूल फुल्ने, अदुवाको आकारको, तीतो टर्रो भावको पहेँलो कन्द हुने, एक जातको बोट वा सुकाएर बेसार बनाइने त्यसैको कन्द ।

**हले पाखो**– ना० [हले+पाखो] हरेक रोपनीमा सरदर पन्ध्र पाथी अनाज पैदा हुने असल खालको पाखो ।

**हले बीज**– ना० [हले+बीज] बीजनप्रणालीमा तिरो लगाउनका लागि कायम गरिएको एक हल गोरुबाट जोत्न मिल्ने जग्गा ।

**हलेसा**– ना० 'नाचनी' नामको नृत्यभित्र पर्ने एक थरी राग ।

**हलेसो**– ना० [सं० हारीत] हरियो गर्धन र गर्धनमनिको भाग प्याजी रङको हुने, टाउको नीलो र पखेटा तथा पुच्छर फुस्रो रङको भएको, परेवाजत्रै एक जातको चरो ।

**हलो**– ना० [सं० हल] गोरु, राँगा आदिले तानेर खेतबारी जोत्ने फाली, अनौ, हरिस, जुवा र जोतारो भएको साधन; हल; हर । ~ **जुवा**– ना० जोत्ने हलो र हलामा गोरु नार्ने जुवा । ~ **जोता/जोताहा**– ना० हलो जोत्ने व्यक्ति; हली; हरुवा ।

**हलौं**–वि० [हलुङ्गो] हलुङ्गो; हलुको ।

**हलौ१**– ना० [अङ्०] फोन, ट्रङ्कल गर्दा वा कसैलाई भेट्दा सम्बोधन गरिने शब्द ।

**हलौ२**– निपा० [हो+लौ] कुनै कामकुरोमा स्वीकृति जनाउने शब्द; हुन्छ; लौ ।

**हल्क-नु**– अ० क्रि० [हलक्क+नु] बोटबिरुवा आदि छिटै सप्रनु; हलक्क बढ्नु; लहलहाउनु ।

**हल्का**– वि० [हलुको+आ] हलुको; हलौं ।

**हल्काइ**– ना० [√ **हल्क** (+आइ)] हल्कने भाव, क्रिया वा प्रक्रिया । [⊵] **हल्काइनु**– क० क्रि० हल्काउने काम गरिनु; हलक्क बढाइनु । **हल्काउनु**– प्रे० क्रि० हलक्क बढाउनु; लहलहाउने पार्नु ।

**हल्काफुल्का**– वि० [हलुका+फुल्का] १. हलुको खालको । २. पथ्य (खाना) ।

**हल्किनु**– अ० क्रि० [हल्क+इ+नु] हलक्क बढिनु ।

**हल्ट**– वि० [अङ्०] १. काम रोकिने स्थिति भएको । २. अवरोध उत्पन्न भएको । (उदा०– तिमी नआएर हाम्रो कामै हल्ट भयो) । वि० बो० २. विशेषत: सैनिक वा प्रहरीले पालोपहरा बस्ता कुनै मानिस देखेर निजलाई रोक्नका निम्ति भन्ने शब्द ।

**हल्पी**– वि० [फा० हलब (देश)+ई] पहिले हलब देशमा तयार भएको वा असल जातको (ऐना) । ~**ऐना**– ना० असल जातको एक प्रकारको ठूलो ऐना ।

**हल्ल-नु**– अ० क्रि० [सं० हल्लन+नु] १. हावाको वेगले वा आफ्नै शक्तिले यताउति चल्नु; चलमलाउनु; झुल्नु; हल्लिनु । २. लगलग, लुगलुग, डगडग, थरथर आदि चालसित काम्नु; कम्पन हुनु । ३. आफ्नो ठाउँबाट डग्नु; चल्नु । ४. काम न काजसित यताउति हिँड्नु; लरखरिनु । ५. डराउनु; हप्किनु ।

**हल्ल**– क्रि० वि० [अ० मू० हल्+ल] १. धेरै मानिस एकैसाथ खित्का छाडेर हाँस्ने गरी; धक फुकाएर । २. छाद्ने वा बान्ता गर्ने गरी ।

**हल्लखल्ल**– ना० [हल्ला+खल्ला] चारैतिर फिँजिएको हल्ला; खलबल; हल्लाखल्ला ।

**हल्लनटट्टी/हल्लनटट्टु/हल्लनटाट**– वि० [हल्लने+टाट] १. काम न काजसँग यताउति चहारिरहने; हल्लनदास । २. भएभरको सम्पत्ति सिद्ध्याएको; टाट उल्टेको; हरिकङ्गाल । ३. मरन्च्याँसे; खुइटे; ज्यादै दुब्लो । ना० ४. केही नभएको व्यक्ति; ज्यादै गरिब मानिस ।

**हल्लनदास**– वि० [हल्लन+दास] काम न काजसित त्यसै हल्लिरहने; हल्लेरै दिन काट्ने; लखौटे ।

**हल्लन्ताम्**– वि० [हल्ल+अन्ताम्] कामकाज नभएको; हल्लेरै दिन बिताउने; हल्लनदास ।

**हल्ला**– ना० [सं० कोलाहल] १. अलिअलि गर्दै फैलिएको वा नजानिँदो किसिमले बिस्तारै फिँजिएको राम्रो वा नराम्रो अपुष्ट खबर; अपत्यारिलो समाचार; घुइरो । २. टाढाबाट सुनिने व्यक्तिगत वा सामूहिक आवाज; चर्को स्वर । ३. धेरै जना कराएको आवाज; कोलाहल; खलबल; भाँडभैलो ।

**हल्लाइ**– ना० [√ **हल्ल** (+आइ)] १. हल्लने भाव, क्रिया वा प्रक्रिया । [हल्लाउ+आइ] २. हल्लाउने भाव, क्रिया वा प्रक्रिया । [⊵] **हल्लाइनु**– क० क्रि० हल्लाउन लाइनु; यताउति चलाइनु । **हल्लाउनु**– स० क्रि० १. यताउति चलाउनु; डोलाउनु । २. कम्पन गराउनु; कँपाउनु । ३. जगाउनु । ४. झुलाउनु; मच्चाउनु । ५. तर्साउनु; धम्काउनु । ६. बिनसित्ति वरपर दौडाउनु ।

**हल्लाखल्ला**– ना० [हल्ला+खल] १. चारैतिर फिँजिएको हल्ला; ठूलो हल्ला; हल्लखल्ल । २. कोलाहल; खलबल ।

**हल्लागुल्ला**– ना० [हल्ला+फा० गुल] हल्लीखल्ली; कोलाहल ।

**हल्लिनु**– क० क्रि० [हल्ल+इ+नु] यताउति चलिनु वा हिँडिनु ।

**हल्लीखल्ली**– ना० [√ हल्ला+खल्ला] ठूलो हल्ला; हल्लाखल्ला ।

**हल्लीश**– ना० [सं०] नाटचविद्याका अठार उपरूपकमध्ये एक भेद; नृत्यप्रधान एकाङ्की ।

**हल्लुँड**– ना० [हल+लुँड] हलाको हरिसमा जुवा भुन्डचाइने छालाको डोरी; नारा ।

**हल्लुँडे**– वि० [हल्लुँडो+ए] १. हल्लुँडोजस्तो; बुद्धि नभएको; हलम्बू । २. एक जातिको नरम खालको रूख ।

**हल्लुँडो**– ना० [हलो+लुँडो] १. भैँसी, गाई आदि पशुलाई गाली गर्दा प्रयोग गरिने शब्द । वि० २. काम नलाग्ने; बेकम्मा; तनाहा ।

**हल्ले१**– ना० [√ हद] १. दुई दल भई गिर्ालै हानेर भकुन्डाको सीमा कटाई खेलिने एक खेल । २. त्यस खेलमा दुवै पक्षतर्फ लगाइने चिनु वा त्यसै चिनुबाट भकुन्डो छिराउने काम ।

**हल्ले२**– वि० [हल्ला+ए] हल्ला मचाउने; हल्लाबाज ।

**हवन**– ना० [सं०] देवकार्यमा 'स्वाहा' शब्द उच्चारण गरेर अग्निमा घिउ, चरु आदिको आहुति दिने विधान; होम; यज्ञ । > **हवनीय**– वि० १. हवन गर्न योग्य; अग्निमा आहुति दिन लायक (चरु, घिउ आदि) । २. हवन गर्न हुने वा सकिने; हव्य ।

**हवलदार**– ना० [फा०] हबलदार । > **हवलदारी**– ना० हबलदारी ।

**हवस्**– अव्य० [होओस्] मान्य जनबाट कुनै काम अह्राउँदा मन्जुरी जनाएर भनिने शब्द । (उदा०– हवस्, यहाँले धन्दा मान्नुपर्दैन । म छिटै आइहाल्छु) ।

**हवा**– ना० [अ०] हावा ।

**हवाई**– वि० [हवा+ई] १. हावासँग सम्बन्धित; वायुको । २. हावामा चल्ने; हिँड्ने वा उड्ने । ~ **अड्डा**– ना० हवाईजहाज उड्ने वा बस्ने ठाउँ; विमानस्थल; विमानघाट । ~ **उडान**– ना० हवाईजहाजबाट उड्ने वा उडाउने काम । ~ **उडान बिमा**– ना० हवाईजहाजको उडानमा जहाजको हानिनोक्सानी भएमा सम्बन्धित कम्पनीले दिने क्षतिपूर्ति; हवाई उडानको बिमा । **उड्डयन आयोग**– ना० हवाईजहाजको उडान तथा नीतिनियमसम्बन्धी कार्य गर्नेगराउने अधिकारप्राप्त समिति । ~ **ग्राउन**– ना० हवाईमैदान । ~ **जहाज**– ना० आकाशमार्गबाट यात्रा गर्ने यान; विमान; वायुयान । ~ **डाँक**– ना० १. हवाईजहाजबाट पठाइने वा पठाइएका चिठीपत्र आदि । २. हवाईजहाजबाट चिठीपत्र पठाइने वा लगिने काम वा व्यवस्था । ~ **पत्र**– ना० चिठी लेखेर हवाईजहाजबाट पठाइने खाम र पत्रसमेत एउटैमा भएको विशेष पत्र । ~ **बिमा**– ना० हवाईजहाजमा चढ्ने यात्रीहरूले गराउने बिमा । ~ **मैदान**– ना० हवाईजहाज उड्ने-ओर्लने ठाउँ; विमानस्थल । ~ **यातायात**– ना० वायुसेवाद्वारा गरिने आवतजावत । ~ **सैन्य**– ना० जलसेना र थलसेनाबाहेकको, हवाईजहाजबाट युद्ध गर्ने सेना ।

**हवाल**– ना० [अ० अहवाल] १. काम गरेर पनि जस नपाउने स्थिति; हैरानी; दुर्दशा; फजिती । २. अवस्था; परिस्थिति ।

**हवाला**– ना० [अ० हवाल] १. कुनै व्यक्ति वा वस्तुलाई अर्कासमक्ष सुम्पने वा जिम्मा लगाउने काम; सुपुर्दगी । २. प्रमाण दिने उद्धरण; साक्ष्य; उल्लेख; दृष्टान्त । ३. अधीनता; परतन्त्रता । ४. अपराधीको पिछा गर्ने सिपाही; पहरा ।

**हवालात**– ना० [अ०] १. कुनै व्यक्तिलाई अपराधअनुसार थुन्ने काम; थुना; हिरासत । २. विचाराधीन कैदीलाई राख्ने ठाउँ । > **हवालाती**– वि० १. थुनामा रहेको; हवालातमा परेको । २. हवालातसम्बन्धी; हवालातको ।

**हवास१**– ना० [अ०] चैतन्य; होस; ज्ञान (होसको पूरकका रूपमा प्रयुक्त हुने) ।

**हवास२**– ना० [अ० हवा+आस] १. भुईँको चिसो नआओस् भनेर छिँडीको तलामनि गराइएको खाली ठाउँ वा प्वाल । २. भान्छाको धूवाँ जाने प्वाल वा निकास; चिम्नी ।

**हवि**– ना० [सं०] यज्ञको अग्निकुण्डमा आहुति दिइने पदार्थ; घिउ, चरु आदि हवनीय द्रव्य ।

**हविगत**– ना० [अ० अहवाल+सं० गति] १. तुजुक; शक्ति; सामर्थ्य । २. गिर्दै गएको आर्थिक अवस्था; दारिद्र्य ।

**हविष्पात्र**– ना० [सं०] यज्ञको अग्निमा हवन गर्न घिउ छुट्टचाउने भाँडो; घृतवहन-पात्र ।

**हविष्य**– वि० [सं०] १. अग्निमा होम गर्न लायक; आहुति दिन योग्य; पवित्र । ना० २. व्रत, यज्ञ आदि गर्ने वा गराउनेले अघिल्लो दिन खाइने सात्त्विक भोजन; हविष्यान्न । > **हविष्यान्न**– ना० १. हवनयोग्य पवित्र अन्न; चरु । २. पवित्र वा सात्त्विक भोजन ।

**हवेली**– ना० [अ०] १. खुला भ्यालढोकाहरू भएको, हावा लाग्ने, अग्लो र ठूलो घर; महल । २. सम्पन्न व्यक्तिको सुविधायुक्त भवन; सेतो घर ।

**हव्य**– वि० [सं०] १. अग्निमा आहुति दिन योग्य; हवन गर्न लायक (घिउ, चरु आदि) । ना० २. हवन गरिने वस्तु; होमका लागि छुट्टचाइएको घिउ, चरु, तिल, जौ आदि; हवि । – **कव्य**– ना० देवता र पितृहरूलाई अर्पण गरिने आहुति, तर्पण, सिधा, पिण्ड आदि; देवतालाई 'स्वाहा' शब्दले दिइने हव्य र पितृलाई 'स्वधा' शब्दले दिइने कव्यको समुदाय ।

**हस्**– अव्य० हवस् ।

**हसक**– ना० [हस्को] सडेगलेका वस्तुको गन्ध; हरक; हस्को । > **हसक्क**– क्रि० वि० १. सडेगलेका वस्तुबाट नमीठो गन्ध आउने गरी; हस्को आउने चालले । २. काम नबन्दा मन दुख्ने गरी; खिस्रिक्क ।

**हसना**– ना० [अ० हसन] प्रायः रातमा खूब बास्ना चल्ने र भुप्पाका रूपमा पहेँला मसिना फूल फुल्ने एक प्रकारको सानो बोट वा त्यसैको फूल; हसिना ।

**हसबली**– ना० [अ० हस्ब] सालबसाली खातालगतमा नभएको बेठेगानको फुटकर सरकारी आम्दानी; लगत नभएको भइपरी आउने आम्दानी ।

**हसहस**– क्रि० वि० [अ० मू० हस्+अ (द्वि०)] छिटोछिटो खाने चालले । >**हसहसी**– क्रि० वि० हसहस ।

**हसित**– ना० [सं०] १. केही दाँत देखाएर निस्केको हाँसो; मन्द हँसाइ । वि० २. फुलेको; विकसित । ३. उपहास वा गिल्ला गरिएको । ४. केही दाँत देखाएर हाँसेको (व्यक्ति) ।

**हसिना**– ना० [अ० हसीन] ज्यादै सुन्दरी स्त्री; रूपवती नारी; कामुक स्त्री; हसना ।

**हसुर्–नु**– स० क्रि० १. धेरै मात्रामा भोजन गर्नु; गुतार्नु (निन्दार्थमा) । २. मन नपर्ने गरी खानु; घिच्नु । । >**हसुराइ**– ना० हसुर्ने भाव, क्रिया वा प्रक्रिया । **हसुराइनु**– क० क्रि० हसुर्न लाइनु । **हसुराउनु**– प्रे० क्रि० हसुर्न लाउनु । **हसुराहसुर**– ना० हारालुछ गर्दै खाने काम; कोचाकोच गरी खाने काम । **हसुरिनु**– क० क्रि० धेरै खाइनु; घिचिनु ।

**हस्क–नु**– अ० क्रि० [प्रा० हस्स+नु] १. खुसीले मात्तिनु; ज्यादै हर्षले उम्लनु । २. हिस्स पर्नु; हिस्सिनु; जिल्लिनु । ३. पछि हट्नु; हच्कनु । ४. हस्को आउनु; दुर्गन्ध चल्नु । ५. खिस्रिक्क पर्नु; खस्कनु । >**हस्काइ**– ना० हस्कने तथा हस्काउने भाव, क्रिया वा प्रक्रिया । **हस्काइनु**– क० क्रि० हिस्स पारिनु । **हस्काउनु**– प्रे० क्रि० १. हिस्स पार्नु; हिस्स्याउनु । २. जिल्ल्याउनु । ३. हच्काउनु । **हस्किनु**– अ० क्रि० १. हस्कनु । २. हिस्स पारिनु ।

**हस्को**– ना० [हसक्क+ओ] हरक; गन्ध । >**हस्क्याइँ**– ना० हस्को आउने भाव वा अवस्था; हस्कोपन ।

**हस्त**– ना० [सं०] १. हात; बाहु; भुजा । २. हात्तीको सुँड । ३. चौबीस अङ्गुल वा दुई बित्ताको नाप । ४. सत्ताइस नक्षत्रमध्ये पाँच तारा हुने र हातको आकारको मानिने एक नक्षत्र; हस्ता । – **कला**– ना० हातद्वारा सम्पन्न गरिने काम; हातको सीप; हस्तकौशल (चित्र, मूर्ति आदि) । – **कौशल**– ना० हातको सीप वा हातको प्रयोगद्वारा प्राप्त हुने दक्षता; हस्तकला । – **क्षेप**– ना० अर्काको काममा हात हाल्ने व्यवहार; आफ्नो अधिकारबाहिरको कुरामा गरिने दखल; अवरोध । – **गत**– वि० हातलागी भएको वा हातमा परेको । – **पत्र**– ना० विद्यार्थीको अध्ययनका लागि शिक्षकबाट लिखित वा मुद्रित रूपमा दिइने लेख वा पाठ (ह्यान्ड आउट) । – **मापन**– ना० हातले नापो लिने काम; हातको परिमाण । – **मुद्रा**– ना० नृत्य, पूजा, साधना आदिमा विभिन्न भाव प्रकट गर्ने हातको आकृति; सन्ध्यावन्दनमा गरिने सुमुख, सम्मुख, वितत आदि हस्ताकृति । – **रेखा**– ना० सामुद्रिक शास्त्रका अनुसार हत्केलामा कोरिएका शुभाशुभसूचक धर्का; हातको रेखा । – **लिपि**– ना० कसैका हातको लेखोट; हस्ताक्षर । – **लेख**– ना० हस्तलिपि ।

**हस्ता१**– ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक ।

**हस्ता२**– ना० [सं० हस्ताक्षर] हस्ताक्षर; स्वलिपि ।

**हस्ताक्षर**– ना० लेखात्मक दस्तखत; सही; हस्तलिपि । >**हस्ताक्षरित**– वि० हस्ताक्षर गरिएको; दस्तखत भएको ।

**हस्तान्तर/हस्तान्तरण**– ना० [सं०] १. कुनै वस्तु अरूका हातमा दिने काम; हातेसारी । २. आफ्नो जिम्मामा रहेको वस्तु कसैको जिम्मा लगाउने काम । ३. बेचबिखन । ४. सम्पत्तिको हक एक व्यक्तिबाट अर्को व्यक्तिमा सारिने कानुनी कार्य; दाखिलखारिज । >**हस्तान्तरणीय**– वि० अरूलाई दिने वा सुम्पन सकिने (प्रतीतपत्र आदि) । **हस्तान्तरित**– वि० हस्तान्तरण गरिएको ।

**हस्तामलक**– ना० [सं०] १. आफ्ना हातमा रहेका औँलाजस्तो सबै काल र सबै कुरा देख्न वा जान्न सकिने विषय । २. शङ्कराचार्यका एक शिष्यको नाम ।

**हस्ति**– ना० [सं० हस्ती] हात्ती । – **दन्त**– ना० हात्तीको दाँत वा दाह्रा । – **हाड**– ना० हात्तीको हाड; हात्तीको दाँत ।

**हस्तिकर्णी पलाँस**– ना० एउटै पातको डाँठबाट तीनतीनवटा पात निस्कने संयुक्त पात भएको, मञ्जरीका भावको गाढा रातो वा सुन्तला रङको फूल फुल्ने, आयुर्वेदअनुसार कृमि, पखाला र आउँलाई निको पार्ने तथा सर्पको बिख मार्ने मानिएको (लेगुमिनोसी समूहको) एक बोट ।

**हस्तिनी**– ना० [सं०] १. पोथी हात्ती; ढोई । २. कामशास्त्रअनुसार चार प्रकारका स्त्रीमध्ये रोमयुक्त तथा स्थूल काय हुने, धेरै खाने र कामवासना प्रबल भएकी स्त्री ।

**हस्ती**– ना० [सं०] हात्ती; गज ।

**हस्ते**– क्रि० वि० [सं० हस्त+ए] अर्काको हात हुँदै; कसैको हातमा; मार्फत । – **वारी**– ना० कुनै वस्तु कसैको मार्फत पाउने वा पठाउने काम ।

**हस्त्यायुर्वेद**– ना० [सं०] हात्तीको चिकित्साविषयमा लेखिएको शास्त्र ।

**हस्त्यारोही**– ना० [सं०] १. हात्तीको सवार । वि० २. हात्ती चढ्ने ।

**हस्याङफस्याङ**– क्रि० वि० [अ० मू० हस्याङ्+अ (द्वि०)] हतारमा आत्तिएर दौडँदा गर्मी वा थकाइले स्वाँफ्वाँ गर्ने गरी ।

**हस्स**– क्रि० वि० [प्रा०] १. सडेगलेको वस्तुबाट दुर्गन्ध चल्ने गरी; ह्वास्स । २. जिल्लिने गरी; निराश हुने चालले ।

**हह**– वि० बो० [अ० मू० ह (द्वि०)] गाईगोरु धपाउँदा भनिने शब्द ।

**हा**– वि० बो० [सं०] १. दिक्दारी, शून्यता, शोक, बिस्मात, घृणा आदि मनका भाव प्रकट गर्दा मुखबाट निस्कने शब्द । २. कसैले अनुचित कामकुरो गरेमा हप्काउनका लागि प्रयोग गरिने शब्द; निषेधसूचक शब्द ।

**हाँ**– वि० बो० [सं० आम्] १. अरूले भनेगरेका कुरामा सही थापेर भनिने शब्द; स्वीकृतिसूचक शब्द । २. मन्जुरी वा स्वीकृति ।

**हाँक्–नु**– स० क्रि० [प्रा० हक्कार+नु] १. शत्रुपक्षका विरुद्ध युद्ध गरिने कुराको घोषणा गर्नु; हाँक दिनु; ललकार्नु । २. हैकम चलाउनु; अह्राउनु । ३. हिम्मतका साथ कुनै गौरवपूर्ण कामलाई अगाडि बढाउनु; आँट गर्नु । ४. मोटर, बग्गी, वायुयान आदि सवारी चलाउनु । ५. चमर; पङ्खा आदि हल्लाएर हावा निकाल्नु;

हम्कनु । ६. फुर्माएर वा बढाई-चढाईकन कुरा गर्नु; गफ चुट्नु ।

**हाँक**– ना० [प्रा० हक्कार] १. प्रतिपक्षी वा विपक्षीलाई सङ्घर्षका निम्ति गरिने आह्वान; ललकार; हुङ्कार । २. कुनै साहसपूर्ण कामका लागि जनसमूहलाई अगाडि बढाउने वा हाँक्ने काम । ३. आँट; हिम्मत; साहस । – **डाँक**– ना० हप्कीदप्की ।

**हाँकिनु**– क० क्रि० [हाँक्+इ+नु] १. हाँक्ने काम गरिनु; हाँक दिइनु । २. बग्गी, मोटर आदि चलाइनु । ३. फर्माएर वा बढाई-चढाई कुरा गरिनु ।

**हाँकोडाँको**– ना० [हाँक+डाँक] १. तारन्तारको बोलावट; ठूलो स्वरको बोलाइ । २. हारगुहार ।

**हाँगा**– ना० [हाँगोको ति० रू०] हाँगो । – **बिँगा**– सानातिना धेरै हाँगा; ठूलो हाँगो र त्यसमा पलाएका साना हाँगा ।

**हाँगिनु**– अ० क्रि० [हाँगो+इ+नु] कुनै रूखको हाँगा फाट्दै जानु; हाँगाबिँगा फैलिनु; झाँगिनु ।

**हाँगे**– वि० [हाँगो+ए] १. हाँगा फाटेको; धेरै हाँगा भएको (लहरा, रूख आदि) । २. बढी औँलो पलाएको (व्यक्ति) । ~**टिको**– ना० तीन हाँगा भएको, आइमाईले निधारमा लाउने टीको ।

**हाँगो**– ना० १. रूखको मूल काण्डबाट फाटी बेग्लाबेग्लै बाँडिएर बढेको भाग; रूखबाट निस्केका सानातिना डाँठ; शाखा । २. मुख्य नदीबाट छुट्टिएर अलग्गै बग्ने नदी । ३. मुख्य वस्तुसँग सम्बन्धित सानो वस्तु; शाखा ।

**हाँडाचिन्डा**– ना० [हाँडी+चिण्डो] १. माटाका भाँडा र लौका, तुम्बी आदिका भाँडा । २. भाँडाकुँडाका लागि तुच्छार्थबोधक शब्द ।

**हाँडी**– ना० [सं० हण्डिका] मकै, खट्टे, चिउरा आदि भुट्ने कसौँडीका आकारको तर मुख ठूलो भएको माटाको भाँडो; हण्डी । ~ **ओढार**– ना० हाँडीका आकारको वा हाँडीजस्तो अँध्यारो ठूलो ओडार । ~ **खाउडे**– वि० १. अँध्यारो र घोप्टो मुख भएको; अँध्यारमुखे । ना० २. त्यस्तो मानिसलाई गाली गर्दा प्रयोग गरिने शब्द । ~ **गाग्रा**– ना० मकै भुट्ने हाँडी र पानी ओसार्ने, हाल्ने गाग्राघैँटाहरू । ~ **घोप्टे**– वि० १. कालो र घोप्टो मुख भएको; ज्यादै कालो अनुहारको । २. सबै आफू मात्र खाऊँ भन्ने; भएभरको खान खोज्ने (व्यक्ति) । ~**घोप्टयाए जस्तो**– वि० ज्यादै अँध्यारो; अति कालो ।

**हाँडे**– ना० [सं०] कानका फेदमा च्यापुका दुवैपट्टि फुकुन्डो निस्केर सुन्निने एक रोग ।

**हाँडो**– ना० [सं० हण्डी] १. माटाको वा धातुको थोत्रो भाँडो । २. निन्दा गर्दा वा झर्किएर भाँडाको नाम लिँदा भनिने हेयार्थक शब्द । – **चिन्डो**– ना० हाँडाचिण्डा । – **भाँडो**– ना० १. हाँडी र भाँडाहरूको समूह; भएभरका भाँडाकुँडा । २. घरायसी कामका मालमत्ता; झिटीमिटी ।

**हाँप्-नु**– अ० क्रि० [सं० हाफिका+नु] १. गर्मी वा परिश्रमले छिटोछिटो लामो सास फेर्नु; स्वाँस्वाँ गर्नु; धक्नु । २. थुतुनाले फुँक्क गरेर हान्नु । >**हाँपझाँप**– ना० १. हतारले हिँड्दा वा छिटछिटो दौडँदा थकाइले लामो सास फेर्ने काम; स्वाँफ्वाँ । २. मन परेको कुरा लिन वा खोस्नका निम्ति गरिने झम्टाइ । ३. साह्रै हडबडी वा हतपत । **हाँपिनु**– अ० क्रि० हाँप्ने काम गरिनु ।

**हाँस्-नु**– अ० क्रि० [सं० हास+नु] १. मुखको मुद्रा र कान्तिले हृदयको खुसी वा आनन्द प्रकट गर्नु; खुसीले मुखबाट शब्द निकालेर प्रसन्नता प्रकट गर्नु; हाँसो निकाल्नु; खित्का छाड्नु । २. खुसी हुनु; दङ्ग पर्नु । ३. अर्काको गिल्ला गर्नु; उपहास गर्नु ।

**हाँस**– ना० [सं० हंस] चेप्टो, फराकिलो चुच्चो र औँला नछुट्टिएको पन्जा हुने एक जातको मत्स्यजीवी जलीय पक्षी; परेवाकुखुराजस्तै मासुका लागि घरमा पालिने, प्रायः हिलोमा र पानीमा खेल्न रुचाउने सोही चरो; हंस । – **को चिउरा**– ना० जमेको पानीमाथि तरजस्तो गरी लाग्ने चरीअमिलाका आकारका ससाना पात र त्यसकै तलतिर ससाना जरा देखिने झ्याउ; वारिपर्णी । – **खुट्टे**– ना० हाँसका पन्जाका आकारका पात हुने, आयुर्वेदअनुसार खटिरा, रक्तदोष आदि नाश गर्ने एक जातको लहरो; हंसपदी । ~ **पोखरी**– ना० १. हाँस बस्ने र चर्ने पोखरी । २. इलाम जिल्लामा रहेको यसै नामको एक डाँडो ।

**हाँसिनु**– अ० क्रि० [हाँस्+इ+नु] हाँस्ने काम गरिनु ।

**हाँसे**– ना० [हाँसो+ए] आफू पहिले हाँसेर मात्र अरूलाई हँसाउने खालको अभिनेता ।

**हाँसो**– ना० [हाँस्+ओ] १. हाँस्ने काम; हास । २. कसैको बिगार वा परिहासमा निस्कने हँसाइ; उपहास; ठट्टा ।

**हाइँ**– ना० [√ हाँक] १. बोल्न सुरु गरेको बालकले शब्द टिप्न खोज्दा भन्ने शब्द । २. फाइँको अग्रक । – **फाइँ**– ना० कुनै काम सिद्ध गराउनका निम्ति झिकिएको फुर्ती वा धाक; फुइँफाइँ; हाकहुक ।

**हाइ**– वि० बो० [सं० हा] १. ठूलो मानसिक ताप वा शारीरिक कष्ट परेको वेलामा सन्ताप प्रकट गरिने शब्द; हाय । २. कसैलाई ज्यादै ठूलो कष्ट वा सन्ताप परेको देख्ता सहानुभूति र समवेदना दर्साउन प्रयोग गरिने शब्द; कठै । ३. अरूको उन्नति र प्रगतिमा प्रसन्नता जाहेर गर्न उच्चारण गरिने शब्द (उदा०– हाइ, कति राम्रो भाग्य !) ।

**हाइडेलवर्ग मानव**– ना० [हाइडेलवर्ग (स्थान)+मानव] नृतत्त्वशास्त्रका अनुसार जर्मनीको हाइडेलवर्ग नामक स्थानमा १९०७ इ० मा पहिलोपल्ट अश्मीभूत अस्थिअवशेषका रूपमा पाइएको नरवानर; आजभन्दा लगभग छ लाख वर्षपूर्वको मानव ।

**हाइड्रा**– ना० [सं०] दुई मिलिमिटरदेखि बीस मिलिमिटरसम्मको लम्बाइ भएको, आठदसवटा हात भएको, जम्मा दुई तहले मात्रै शरीर बनेको, शरीरमा शत्रुको सामना गर्न चिल्ने थुप्रै आरा हुने, खोल्साखाल्सी र पोखरी आदिमा पाइने, झट्ट हेर्दा झारपातजस्तो देखिने एक जीव ।

**हाइड्रोजन–** ना० [अङ्०] उदजन ।

**हाइबरा–** वि० बो० [हाइ+बरो] अरू कसैलाई ठूलो सङ्कट पर्दा भनिने शब्द; बिचरा; कठै ।

**हाइलम्फु–** वि० [हाइ+लम्फू] केही काम नलाग्ने; लट्ठू; लन्ठ; हलम्बू ।

**हाइसन्च/हाइसन्चो/हाइसुक्ख–** ना० [हाइ+सन्च/सन्चो/ सुख] १. सबैतिरबाट कुनै प्रकारको चिन्ता नभएको स्थिति; शारीरिक वा मानसिक कष्ट नभएको अवस्था; खोजेको जस्तो आनन्द वा मजा । २. सामान्य सुखमा पनि मानिने सन्तोष । क्रि० वि० ३. आनन्दसँग; सुखसाथ । ४. सङ्कोच नमानीकन वा आज्ञा नलिएरै ।

**हाई–** ना० [सं० हाफिका] १. आलस्य, निद्रा आदिको आवेशबाट हुने आङतन्काइ । २. शरीरलाई शिथिल बनाउने र मुख बाउने चेष्टाविशेष ।

**हाई स्कुल–** ना० [अङ्०] माध्यमिक विद्यालय; कक्षा दससम्म अध्ययनअध्यापन गरिने पाठशाला ।

**हाई-हाई–** वि० बो० [हाई (द्वि०)] १. चारैतिरबाट सुखसुविधा भएको स्थिति; क्रमशः सम्पन्न हुँदै गएको अवस्था । ना० २. प्रशंसा; तारिफ ।

**हाउ१–** ना० [सं० हाव] १. स्त्रीजातिले आँखा, मुख, हात आदि नचाएर अरूलाई आकर्षण गर्ने चेष्टा; हाव । २. सङ्गीत, नृत्य आदिमा कुनै भाव अभिव्यञ्जित गर्नाका लागि गरिने अङ्गहरूको चेष्टा ।

**हाउ२–** ना० [अ० मू०] केटाकेटीलाई डर देखाउन वा तर्साउनका लागि कल्पना गरिएको भयावह प्राणी । – **गीत–** ना० बालक तर्साउन गाइने एक थरी गीत । – **गुजी–** ना० हाउ कीरो ।

**हाउडे–** वि० [हाउडो+ए] १. आफ्नो कामकर्तव्यमा भने चासो नराख्ने अरूसँग लिनेपाउने कुरामा चाहिँ ठूलो मुख बनाउने । २. ठूलो मुख भएको; धेरै खाने । स्त्री० हाउडी ।

**हाउबुजी–** ना० [हाउ+बुजी] हाउ कीरो; हाउगुजी ।

**हाउभाउ–** ना० [सं० हावभाव] हावभाव ।

**हाउलिनु–** अ० क्रि० [हाउलो+इ+नु] धुम्मिनु; बादल लाग्नु; कुहिराले ढाक्नु ।

**हाउलो–** ना० १. कुहिरो; बादल । २. हुस्सु ।

**हाकपारी–** ना० [हाँक+पार्+ई] धाक वा फुर्ती देखाउने काम; हाइँफाइँ; हाकहुक ।

**हाकहुक–** ना० [हाँक+हुङ्कार] कुनै काम अरूबाट सिद्ध गराउनका निम्ति लगाइने धाक वा फुर्ती; हाइँफाइँ; हो-हो ।

**हाकाहाकी–** क्रि० वि० [हाँक (द्वि०)] कुनै कामकुरा भन्न वा गर्न असजिलो भए तापनि निःसङ्कोच तथा साहसपूर्वक प्रकट गर्न तम्सिएर; प्रत्यक्ष रूपमा; खुल्लमखुल्ला ।

**हाकिम–** ना० [अ०] आफ्ना मातहतका कर्मचारीको कामको रेखदेख गर्नाका साथै अड्डा वा कार्यालयको उचित व्यवस्था मिलाउने मुख्य व्यक्ति; कार्यालयको प्रमुख पदाधिकारी । >**हाकिमी–** ना० हाकिमको अवस्था, काम वा पद ।

**हाकी–** ना० [प्रा० हक्किअ] दुवै हात फैलाएर साना केटाकेटीलाई मायाले बोलाउने शब्द ।

**हाक्कहुक्क–** क्रि० वि० [√ हाकहुक] १. हप्काउने र तर्साउने गरी; चर्को डाँकोका भरमा प्रभुत्व जमाउन खोजेर । २. जसोतसो गरी मेलो सार्ने वा काम सक्ने चालसित ।

**हाङ्रायो–** ना० [सं० हंसराज] धनेश चरो ।

**हाच्छिउँ/हाँच्छ्युँ–** ना० [छिक्का] नाकभित्र केही पस्दा, नस हाल्दा वा अरू कुनै कारणले नाकबाट सासको झोक्का फुत्कँदा सुनिने शब्द; छिँक्ने काम; आच्छ्युँ; छिउँ; छिँक ।

**हाजा–** ना० [नेवा०] सितो नजोडिएको फरफराउँदो भात; बफाएको भात ।

**हाजिर–** वि० [अ०] १. अगाडि रहेको; रुजू; उपस्थित । २. प्रस्तुत; तयार । ना० ३. कुनै नियत स्थानमा उपस्थित हुने काम; उपस्थिति । ~**कापी–** ना० हाजिर वा उपस्थिति जनाइने पुस्तिका; हाजिर गर्ने बही । ~ **गोस्वारा–** ना० सरकारी कर्मचारीको हाजिर लिने र काम गरेनगरेको लेखा राख्ने पुरानो एक अड्डा । ~**जमानी–** ना० कुनै अपराध वा काम-कुरामा लागेको मानिस अड्डाले खोजेको बखत हाजिर गराउँला भनी बीचको मानिसले आफू जमानी भई लेखिदिने कागत । – **जवाफ–** वि० प्रश्नको आशयअनुसार तुरुन्त उपयुक्त उत्तर दिएर खेलिने खेल । – **जवाफ प्रतियोगिता–** ना० प्रायः विद्यार्थी वा अन्य इच्छुक व्यक्तिहरूका बीच कम्तीमा दुई थरी समूहविभाजन गरी सामान्यज्ञानसम्बन्धी छोटा प्रश्न सोधेर बुद्धिप्रखरताको मापन गर्ने प्रतियोगिता; सामान्यज्ञान प्रतियोगिता । – **जवाफी–** वि० हाजिर जवाफ हुनाको भाव, गुण वा अवस्था । – **वाला–** ना० हाजिर गर्ने कर्मचारी; उपस्थिति लिने वा जाँच्ने व्यक्ति । वि० २. हाजिर भएको; उपस्थित ।

**हाजिरा–** ना० [हाजिर+आ] हाजिर भएर काम गरेबापत पाइने ज्याला; पारिश्रमिक ।

**हाजिरी–** ना० [अ०] हाजिर हुने वा लिने काम; उपस्थिति । ~ **जवान–** ना० हाल हाजिर रहेका मानिसको सङ्ख्या । ~**जवाफ–** ना० सोध्नेबित्तिकै छिटो दिइने जवाफ; हाजिरजवाफ । ~ **फाराम–** ना० हाजिर गर्ने वा गरिएको कागत; प्रत्येक महिनाको अन्तमा कर्मचारीलाई तलब खुवाउनका लागि माथिल्लो कार्यालयमा पठाइने उपस्थितिविवरण ।

**हाजी–** ना० [अ०] हज गरेर आएको मुसलमान ।

**हाट–** ना० [सं० हट्ट] १. तोकिएको बार वा समयमा गाउँहरूमा लाग्ने सानो बजार; अस्थायी दुकान । २. पसल; दुकान । – **खोला–** ना० हाटबजार । ~ **बजार–** ना० तोकिएको दिनमा मात्र लाग्ने हाट र सधैँभरि लाग्ने बजार । ~ **बजार विकास आयोजना–** ना० कृषिमन्त्रालय, खाद्यकृषि-बजारसेवा विभागले भइरहेका

हाटबजारको सुव्यवस्था गर्ने र तिनमा सुविधा प्रदान गर्ने उद्देश्यले मधेसको लाहान भन्ने ठाउँबाट आरम्भ गरेको एक कार्यक्रम ।

**हाटहुट–** ना० [अ० मू०] कुनै कामकुरो छिटै सिद्ध्याउनका लागि गरिने चलाखी र फुर्तीसाथको प्रयत्न; हाट्टहुट्ट; हाइँफाइँ । > **हाटहुटे–** वि० हाटहुट गर्ने; चलाखीसाथ छिटो काम गर्ने ।

**हाटे–** वि० [हाट+ए] १. हाटको; हाटसम्बन्धी । २. हाट जाने । ना० ३. हाट भर्न जाने वा हाट भरेर फिर्ने मानिस ।

**हाट्टहुट्ट–** [√ हाटहुट] हाटहुटको तीव्रतासाथ ।

**हाड–** ना० [सं० हड्ड] १. मानिस, पशुपक्षी आदिका शरीरभित्र रहने सात धातुमध्ये सबभन्दा कडा धातु; शरीरभित्र शरीरकै अङ्गका रूपमा रहने सेतो कडा पदार्थ; अस्थि; हड्डी । २. ओखर, काजु, बदाम आदि फलको कडा खपटो । ३. आँप, मूला आदि छिपिएर भित्र गुदी वा गुदीको आवरणमा जम्ने कडा जालो । **– खोड–** ना० शरीर सडेर पनि धेरै वर्षसम्म रहने हाड, खुर आदि वस्तु । ~ **छाला–** वि० १. हाड र छाला मात्र बाँकी रहेजस्तो; ज्यादै दुब्लो । ना० २. हाड र छाला । ~ **नाता–** ना० वंश-परम्परागत काल, जन्म वा विवाह आदिका सम्बन्धले एकै योनिको सम्बन्ध; नजिकको साइनु । ~ **नाता करणी–** ना० हाडनाता पर्नेसँग गरिने मैथुनकार्य; हाडनाताका स्त्रीपुरुषका बीच भएगरेको अनैतिक सहवास । **– फोरा–** वि० हाडनातामा करणी गर्ने । **– मासु–** ना० १. हाड र मासु । २. असलकमसल वस्तुको मिल्दो अनुपात; यथायोग्य ।

**हाडे–** वि० [हाड+ए] १. हाड भएको । २. हाडजस्तै कडा बोक्रा भएको; खपटे (ओखर, बदाम आदि) । ~ **उन्यु–** ना० छ्वालीका जस्ता कडा र गाढा कलेजी रङका छत्राकार डाँठ, दम्कन्नेका छाँटका नसादार पात हुने र बाल्दा पड्कने झ्याँगिएको जङ्गली झार । ~ **ओखर–** ना० कडा बोक्रा भएको भाइटीकामा प्रायः सर्जामका रूपमा लिइने ओखर; खपटे बोक्रा भएको र भित्रको गुदी खाइने एक मसला । **– गुडी–** ना० 'हाडेगुडी हाडेगुडी यहाँ के छ ?' भन्दै माउले सोध्ने र अर्कोले उत्तर दिँदै जाने, केटाकेटीले ताँती लागेर खेल्ने एक खेल । ~ **जिउ–** ना० हाड देखिने जीउ; खबटे जीउ । ~ **बयर–** ना० केही लाम्चा र बाटुला पात, हरिया ससाना फूल र थोरै गुदी हुने राता गोल फल फल्ने काँडादार बोट वा त्यसैको फल । ~ **लसुन–** ना० लसुनका जस्ता पोटी र पात हुने रातापहेँला छिर्का परेका फूल फुल्ने बोट वा त्यसैको फल ।

**हाडैहाड–** ना० [हाड+हाड] धेरै हाड; हाडहाडको मात्र भाग वा अंश ।

**हात–** ना० [प्रा० हत्थ] १. शरीरको कुमदेखि औँलाका टुप्पासम्मको अवयव; कुहुनादेखि वा हर्थुङ्गादेखि औँलासम्मको अङ्ग; बाहुली; बाहाँ; बाहु; हस्त । २. कुइनादेखि माझी औँलाको टुप्पासम्मको लामो नापो; आधा गजको परिमाण । ३. अख्तियार; अधिकार; पहुँच । ४. तास, कौडा आदि खेलको पटक; चोटि । वि० ५. दुई बित्ताको; आधा गज नापो भएको । **– कट्टु–** वि० हात काटिएको वा नभएको; डुँडो । **– को मयल–** ना० १. केही समय हातमा रहेर जाने तुच्छ कुरा (दामपैसाका निम्ति प्रयुक्त) । **– को सफाइ–** ना० १. अरूका आँखा छलेर गरेको चोरी वा ठगी । २. त्यसरी आँखा छल्ने हातको चलाखी । **– जोडी–** ना० १. हातका पन्जाका आकारको जरो, हाडे लसुनका जस्ता पात हुने र घोगाका आकारका फूलमा मरीचजत्रो कलेजी दाना लाग्ने, प्रायः हिमालमा पाइने बुटी वा त्यसैको जरो; पाँचऔँले । **– पात–** ना० १. अनुमति वा इच्छाविना वासनापूर्तिका लागि पुरुषले स्त्रीमाथि हात हाल्ने काम; बलात्कार । २. कुट्ने र पिट्ने काम; कुटपिट । ~ **मिसामिस–** ना० परस्परमा हात छोड्ने काम; हातहालाहाल । **– मुख–** ना० १. काम गर्ने हात र खाने, बोल्ने मुख; हात र मुख । २. जीवननिर्वाहको साधन (जस्तो– हातमुख-जोराइ) । **– लागी–** ना० कुनै वस्तु आफ्नो अधिकारमा आउने काम; आम्दानी; प्राप्ति । २. गणितको क्रियामा दसथानी सङ्ख्याको अन्तिम अङ्क लेखेर बाँकी रहेको सङ्ख्या; गुणन, भागाहार आदिमा आएको लब्धिको एकाइ, सङ्ख्या लेखेर बचेको दहाइ आदि सङ्ख्या । **– सार/सारी/सारो–** ना० हातहातै सारेर पूरा गरिने काम; धेरै जनामा एकपछि अर्को लाग्दै पूर्ण हुने पालैसितको कामगराइ । **– हतियार–** ना० १. खुँडा, भाला, बन्दुक आदि हतियारको समूह; शस्त्रास्त्र । २. कर्मीको काम गर्ने साधन; ज्याबल; औजार । ~ **हालाहाल–** ना० परस्परमा हात हाल्ने काम; पिटापिट ।

**हाता–** ना० [अ० इहात] १. निजी वा सङ्घसंस्था आदिको भवनको चौघेरा; घेरा; गिर्दा । २. जिल्ला; प्रान्त; प्रदेश ।

**हाताहाती–** क्रि० वि० [हात+हात] लगत्तै; हातहातै; तुरुन्तातुरन्ती (लेनदेन, खरिदबिक्री आदि) ।

**हाते–** वि० [हात+ए] १. हातमा लिएर उपभोग गरिने; हातको लायक । २. हातसम्बन्धी; हातको । ३. कलिलैमा पाडाबाछा मरेर हातैले पघारी दूध दुहिने; हतुवा (गाई-भैँसी आदि) । ना० ४. तासको खेलमा थप तास नथुतीकन बाँडेकै तासबाट बाजी जित्ने काम; हाते माथ । ~ **कम्पोज–** ना० मुद्रण गर्नका निम्ति केसबाट अक्षर टिपी हातले गरिने कम्पोज । **– जरो–** ना० लेकाली भेकमा पाइने एक बुटी । ~ **तान–** ना० हातले कपडा बुन्ने तान (ह्यान्डलुम) **– पाते–** ना० १. हातपात । क्रि० वि० २. हाताहाती । ~ **प्रेस–** ना० हातैले चलाइने मुद्रणयन्त्र । ~ **बन्चरो–** ना० पाषाणयुगमा मानवले प्रयोग गर्ने गरेको विनाबिँडको बन्चरो । ~ **बर्मा–** ना० काठ प्वाल पार्न हातले घुमाइने ज्याबल । ~ **माथ–** ना० तासको खेलमा भुइँको पत्ती नटिपी-नथुतीकन बाँडेको तासले नै बाजी जित्ने काम । **– मालो–** ना० परस्परमा हात समात्ने काम; अङ्कमाल; बाहाँजोरी ।

**हातो–** ना० [हात+ओ] १. जाँतो घुमाउन समातिने बिँड । २. यन्त्र आदि चलाउँदा हातले समातिने अवयव ।

**हात्ती–** ना० [सं० हस्ती] लामो सुँड, ठूलो र भद्दा शरीर, नाङ्लाजत्रा कान भएको, प्रायः वाहनका रूपमा प्रयोगमा ल्याइने एक स्तनपायी जनावर । – **काने–** ना० १. खस्रा ठूलठूला पात हुने, राता वा पहेँला फूल फुल्ने, खिर्राका जस्ता फल फल्ने, खस्रो बोक्रा हुने र पहेँलो चोप निस्कने बुटीविशेष; सजिवन; रतन्जोत । २. मास्तिर कानजस्तै निस्केको, फित्ता बान्न नपर्ने छालाको जुत्ता । – **छेरा–** ना० नफलेको निम्न खालको रातो मोटो चामल । ~ **पाइले–** ना० १. हात्तीका पाइलाका आकारका पात र गुलाफी रङका झुप्पा परेका फूल फुल्ने, गोलो फल लाग्ने, एक जातको खनायो । २. खुट्टा सुन्निएर थामजस्तो हुने रोग । वि० ३. खुट्टा सुन्निने रोग लागेको; थामखुट्टे । – **बार–** ना० विशेषगरी डोरी, नाम्ला, दाम्ला आदि बनाउन पाटको रूपमा प्रयोग गरिने सेता फुस्रा रङका लामालामा डुँडका आकारका लोप्रा हुने र ती लोप्राको दुवै छेउ र टुप्पामा तीखा र घोच्ने काँडा भएको, ठूलठूला झाङ हुने र त्यसै झाङबाट निस्किएको टुसो बढी फुलेर फलसमेत लाग्ने बुटो । – **बुटे–** ना० मसिना हरिया फूल फुल्ने खालको बन्सो घाँस । – **सार–** ना० हात्ती बाँध्ने ठाउँ वा घर; हात्ती राखिने ठाउँ । – **सुँडे–** वि० १. हात्तीको जस्तो सुँड भएको; भद्दा लाम्चो अनुहारको । ना० २. टीकाटीका परेका लाम्चा ठूला पात हुने, हात्तीका सुँडजस्तै घुँगुरिएका लामा केस्राका टुप्पामा मसिना, नीला फूल फुल्ने एक बुटी । – **हौवा–** ना० ठूलो डर देखाएर केटाकेटीलाई तर्साएजस्तै तर्साउने काम ।

**हान्-नु–** स० क्रि० [सं० हन्+नु] १. हातहतियार, सिङ, मुक्का, लात्ती आदिले कसैमाथि प्रहार गर्नु; हिर्काउनु । २. काठ, ढुङ्गा आदिमा बन्चरो, घन, मुङ्ग्रो आदि चलाउनु; ठोक्नु । ३. घडी, घण्टा आदि बजाउनु । ४. दाउमा मार्ने उद्देश्यले कौडा, पासा आदि छाड्नु वा पैसा हार्नु । ५. स्त्रीसमागम गर्नु । ६. अर्काले उठाउने लाभमा हानि पुऱ्याएर आफ्नो लाभ वा हुँदो गराउनु । ७. छिटै हिँड्नु; टाढा मिल्काउनु वा आफल्नु (जस्तो– वेग हान्नु, ढुङ्गा हान्नु, जाल हान्नु इ०) ।

**हानथाप–** ना० [हान्+थाप्] कुनै फाइदा लिन दुई वा धेरै जनाले तँछाडमछाड गर्ने काम; परस्परको प्रतिस्पर्धा; हारालुछ; लुछाचुँडी ।

**हानमार–** ना० [हान्+मार] काटमार; मारकाट ।

**हानाहान–** ना० [हान्+आ+हान्] १. एकले अर्कोलाई हान्ने वा प्रहार गर्ने काम; परस्परको मारपिट । २. हानथाप; प्रतिस्पर्धा; लुछाचुँडी ।

**हानि-नु–** अ० क्रि० [हान्+इ+नु] १. वेगसित जानु; जोडले जानु । क० क्रि० २. कुनै वस्तुले हिर्काइनु । ३. काममा बाधा पारिनु ।

**हानि–** ना० [सं०]१. खेती, व्यापारव्यवसाय आदिमा भएको घाटा; नोक्सान; टुट्टा । २. दुःख पुऱ्याउने काम; कुभलो; अपकार । ३. खती; बर्बादी । – **कर–** वि० नोक्सान गराउने वा गर्ने; हानि पुऱ्याउने । – **कारक–** वि० हानिकर । ~ **नोक्सानी–** ना० घाटानोक्सान भएको स्थिति; कुनै वस्तु हराएको वा नाश भएको अवस्था ।

**हानेफाने–** ना० [हान्+फान्] १. फुर्तीसाथको कामगराइ; छिटोछिटो काम गर्ने चाल । २. हाइँफाइँ; लम्कीझम्की ।

**हान्डहुन्ड–** ना० [हुन्डर (द्वि०)] कुनै वस्तु वा व्यक्तिलाई यताउता पारेर खलबल्याउने काम; हन्डाङहुन्डुङ ।

**हापहाप–** ना० [अ० मू० हाप्+ (द्वि०)] १. फ्याउरो कराएको आवाज । क्रि० वि० २. उक्त आवाज निस्कने गरी ।

**हापा–** वि० [सं०]१. बढ्ता च्यातिएको मुख भएको; ठूलो मुख भएको । २. हाब्रे; खन्चुवा । ना० ३. बाँसको खबटो ।

**हापुङ्ङ–** क्रि० वि० [अ० मू० हापुङ्+ङ] १. बालकले मुख बाएर खाना खाने गरी (उदा०– को खाई को खाई नानी हापुङ्ङ खाई) । २. ना० त्यसरी खाने किसिम; खवाइ ।

**हाप्प–** क्रि० वि० [अ० मू० हाप्+प] नचाहिँदो तरिकाले सुन्निने वा फुल्ने गरी; हुप्प ।

**हाप्सिलो–** ना० [सं० हाफिका >**हाप्**+सिलो] १. रातबिरात हापहाप गरी कराएर गाउँघरका आसपासमा घुम्ने र घारीहुँदो बस्ने फ्याउराका जातको एक हिंस्रक प्राणी । वि० २. ठूलठूला गाँस हालेर खाने; धेरै खाने; खन्चुवा ।

**हाफ–** वि० [अङ्०] आधा; अर्ध । – **टिन–** ना० लगभग एक पाथी पानी अटाउने टिनको भाँडो ।

**हाबी–** ना० [अङ्० हब्बी] रुचि; चासो; लगनशीलता ।

**हाब्रे–** वि० [हाब्रो+ए] १. बेछाँटको ठूलो; ज्यादै भद्दा । २. चुबुरचुबुर खाइरहने; खन्चुवा । ३. मुख बढ्ता च्यातिएको; खाने मुख ठूलो भएको ।

**हाब्रो–** ना० १. बढ्ता च्यातिएको वा ठूलो मुख । २. तालुमनि र जिब्रोमाथि कलनासोसम्मको खाली ठाउँ; वर्णात्मक ध्वनि उच्चारण गर्दा सहायक मुखमार्ग । ३. थुतुने ओढार ।

**हाम१–** ना० १. खाने वा गाँस हाल्ने काम; खवाइ (बालबोलीमा) । २. हाम्म ।

**हाम२–** ना० [घाम] अर्द्धवृत्ताकार इन्द्रेनी ।

**हाम३–** ना० [सं० झम्प] उँचो ठाउँबाट तल फाल हाल्ने वा खस्ने काम; हामफलाइ । ~ **फलाइ–** ना० हाम फाल्ने काम; फालहलाइ । ~ **फाल्नु–** अ० क्रि० उँचो ठाउँबाट जमिनमा वा पानीमा शरीरमा चोटपटक नलाग्ने गरी हुत्तिनु; फाल हाल्नु । ~ **फालिनु–** अ० क्रि० फाल हालिनु ।

**हामी–** सर्व० [प्रा० अम्ह <सं० अस्मद्] १. उत्तम पुरुष प्रथमा विभक्तिको 'म' शब्दको बहुवचन रूप । २. धेरै जनाको प्रतिनिधित्व गरेर कुनै एक व्यक्तिले बोल्दा प्रयोग गरिने शब्द । ३. 'म'को सट्टामा अहम्भाव जनाउन प्रयोग गरिने सर्वनाम ।

**हाम्म–** क्रि० वि० [हाम्+म] १. ससाना केटाकेटीलाई अँगालो मार्न वा काख लिन बोलाउने गरी । ना० २. अङ्कमाल; अँगालो (बालबोलीमा) ।

**हाम्रो–** वि० [हामी+रो] हामीहरूको; मेरो शब्दको बहुवचन ।

**हाय–** वि० बो० [सं० हा] खेद, दया, सहानुभूति, करुणा, शोक आदिको भाव प्रकट गर्ने शब्द; हाइ ।

**हायलकायल–** वि० [अ० हायल+कायल] १. कामकुरामा दिक्दार भएको; आत्तिएको; हैरान; कायल; हावाकावा । २. थर्कमान; थरहरी ।

**हायहाय–** वि० बो० हाइहाइ ।

**हायु१–** वि० [सं० आहार] १. धेरै खाने; खाइचौ; खन्चुवा । २. आफ्नो खूबी नभएको; गतिपतिहीन ।

**हायु२–** ना० नेपालको पूर्वी पहाडी भागमा बसोबास गर्ने एक जाति ।

**हार्-नु–** अ० क्रि० [सं० हार+नु] १. विपक्षीबाट पराजित हुनु; हार खानु । २. लाचार वा निराश हुनु; आस नरहनु । ३. खिन्न हुनु । स० क्रि० ४. कुनै खेल, बाजी आदिमा रुपियाँपैसा आदि गुमाउनु ।

**हार१–** ना० [सं० हारि] १. युद्ध, खेल, प्रतियोगिता आदिमा विपक्षी वा प्रतियोगीको जित; आफ्नो हराइ; पराजय । २. थाक्ने काम; थकाइ; शिथिलता । ३. बाध्यता वा असमर्थताले निहुरनुपर्ने स्थिति; विवशता; लाचारी ।

**हार२–** ना० [सं०]१. गलामा पहिरिने फूल, रत्न आदिको माला । २. बीचमा मणि वा कुण्डल आदि लट्केको सुनको सिक्री । ३. लहर; पङ्क्ति; ताँती । वि० ४. लाने वा ल्याउने । ५. हरण गर्ने; चोर्ने । ६. नाश गर्ने । >**हारक–** वि० १. खोसेर लिने; हरण गर्ने; खोस्ने । २. मनोहर; राम्रो । ना० ३. चोर । ४. लुटेरा; डाँकू । ५. हार; माला ।

**हारगुहार–** ना० [फा० हार+गुहार] १. चोरी, मारपिट वा अन्य कुनै सङ्कट परेको बेलामा मद्दत पाउनका लागि गरिने प्रार्थना; सघाउपघाउको याचना । २. सङ्कट वा आपत्का वेलामा गरिने उद्धारकार्य ।

**हारजित–** ना० [हार+जित] १. हार्ने वा जित्ने काम; जय र पराजय । २. लाभ र हानि ।

**हारदाम्लो–** ना० [सं० हार+दाम्लो] मालदाम्लो ।

**हारहुर–** क्रि० वि० [अ० मू० (द्वि०) हार] सबै मिलेर एकै खेपमा वा हतारहतार सक्ने गरी; घारघुर ।

**हारा–** ना० [हार्+आ] शब्दका पछि गाँसिएर विवशता, अभाव आदिको अर्थ बुझाउने शब्द । (जस्तो– हिम्मतहारा, मतिहारा, हुतीहारा इ०) ।

**हाराबारा–** वि० [√ हालाबाला] १. हायलकायल; हावाकावा । ना० २. गीत गाएर केटाकेटीको हात समाती घुमाइने एक खेल ।

**हारालुछ–** ना० [हार+लुछ] तँछाडमछाड गरी बलैले कुनै वस्तु लिने काम; हर्ने र लुछ्ने खालको टापटिप ।

**हाराहारी–** क्रि० वि० [हार+हार] १. एकै लहरका सामुमा अर्को लहर हुँदै; एउटै पङ्क्तिमा; आमुन्नेसामुन्ने; सोझासोझी । ना० २. समान दूरी; समानान्तर ।

**हारिनु–** अ० क्रि० [हार्+इ+नु] हार्ने होइनु; हार खाइनु ।

**हारी–** वि० [सं०]१. खोस्ने; हरण गर्ने (जस्तो– मनोहारी) । २. चोर्ने । ३. माला भिरेको; हार लगाएको । **– जिती–** क्रि० वि० सबै कुराको विचार गर्दा; आखिरमा । (उदा०– हारीजिती उनलाई खेत बेचेर घर बनाएको राम्रै भयो) ।

**हार्द–** ना० [सं०]१. हृदयभित्रको कुरा । २. अनुराग; प्रेम; स्नेह ।

**हार्दिक–** वि० [सं०]हृदयमा रहेको वा हृदयबाट आएको; मनमनले गरिएको; स्वतः स्फूर्त (जस्तो– हार्दिक प्रेम, हार्दिक स्नेह, हार्दिक सहानुभूति इ०) । **– ता–** ना० १. हार्दिक हुनाको भाव, गुण वा स्थिति । २. मित्रता; प्रेम; स्नेह ।

**हार्बिन/हार्मोनियम–** ना० [अङ्० हार्मोनियम] तीन प्रकारका मन्द, मध्य र तारसप्तकमा स्वर निकाल्नका लागि ससाना पर्दाहरू जडिएको काठको फल्याकमा हावा भरेर औँला चाली बजाइने । सन्दुकका आकारको अङ्ग्रेजी बाजा ।

**हार्रहुर्र–** क्रि० वि० [अ० मू० (द्वि०) हुर्+र] हारहुर ।

**हाल्-नु–** स० क्रि० [सं० हुल्+नु] १. कुनै कुरो भाँडामा, केही वस्तुमा वा मुख आदिमा राख्नु वा पार्नु; मिलाउनु; थन्क्याउनु । २. मिल्ने ठाउँमा पसाल्नु वा घुसार्नु; प्रवेश गराउनु (जस्तो– बाहुलामा हात हाल्नु, ओढ्नेमा खोल हाल्नु इ०) । ३. मोल दिनु (जस्तो– रुपियाँ हाल्नु, पैसा हाल्नु आदि) । ४. मिलाउनु वा मिसाउनु (जस्तो– भाका हाल्नु, किरिया हाल्नु इ०) । ५. प्रवेश दिनु; नियुक्ति गर्नु; भर्ना गर्नु । ६. सौता ल्याउनु । ना० ७. पूर्वसहायक क्रियाका रूपमा गाँसिएर निश्चय वा शीघ्रता आदि बुझाउने क्रियापद (जस्तो– गइहाल्नु, गरिहाल्नु, भनिहाल्नु इ०) ।

**हाल–** ना० [अ०] १. अहिलेको समय; चालू समय; वर्तमान काल । २. अवस्था; दशा; परिस्थिति; हालत । ३. खबर; समाचार । **– आबादी–** ना० झाडी, बुटचान आदि फाँडी हालै आबाद गरिएको वा गर्न लायकको जग्गा; नयाँ आबादी । **– खबर–** ना० १. समाचार; सन्देश । २. हालचाल; स्थिति; हालत । **– चाल–** ना० १. अवस्था; स्थिति; चालामाला । २. चालचलन; बानीबेहोर; आचरण ।

**हालत–** ना० [अ०] अवस्था; स्थिति; दशा; हबिगत ।

**हालवाला–** वि० [हाल+वाला] १. हाल रहेको; अहिले भएको; वर्तमान समयको । २. भर्खरैको; नौलो; नयाँ ।

**हालसाबिक–** वि० [हाल+साबिक] १. अहिलेको र पहिलेको; हालको र साबिकको; नयाँ र पुरानो । २. नयाँ भर्ना भएको र बर्खास्त हुने; बहालवाला र अवकाशप्राप्त ।

**हालसाल–** क्रि० वि० [अ० हाल+साल] हिजोआज; अचेल; वर्तमान

समयमा ।

**हालहुल–** ना० [हाल्+हुल] १. कुनै वस्तु अर्को भाँडामा अटाईनअटाई कोच्ने काम; हाल्ने र हुल्ने काम । २. झगडा फसादबाट भएको दङ्गाफसाद ।

**हाला१–** ना० [√ हार] १. चारैतिरबाट दुःख पाउने काम; हैरानी; हायलकायल । २. दशा; चालामाला ।

**हाला२–** ना० [सं०] रक्सी; मदिरा; मद्य ।

**हालाबाला–** वि० [अ० हाल+फा० वाला] हायलकायल; हाराबारा ।

**हालाहाल–** ना० [हाल्+हाल्] परस्परमा दुवै थरीले हाल्ने काम; लगालग वा धमाधमको हलाइ ।

**हालाहुलु–** ना० नेपालमा पाइने विभिन्न जातिमा पहिले सबभन्दा सानो मानिएको जाति ।

**हालिनु–** क० क्रि० [हाल्+इ+नु] हाल्ने काम गरिनु; राखिनु; मिलाइनु ।

**हालीमुहाली–** ना० [अ० हाल+मुहाल] कथ्य० हालीमाली । १. आफ्नो इच्छाअनुसार काम गर्न पाउने स्थिति; ढलीमली । २. बनाउन र बिगार्न सक्ने क्षमता; सबै किसिमको अधिकार; एकलौटी हक । वि० ३. परिवारमा सब कामकुराको निर्णय गर्ने अधिकार भएको; मूली ।

**हालै–** क्रि० वि० [हाल+नै] थोरै दिन पहिले मात्र; केही दिनअगाडि; हिजोआजै; भर्खरै ।

**हाल्लहुल्ल–** क्रि० वि० [हाल+हुल] पन्यालो पदार्थ जथाभावी पोखिने गरी; छयाल्लब्याल्ल पारेर ।

**हाव–** ना० [सं०] पुरुषलाई मोहित पार्न स्त्रीद्वारा प्रयोग गरिने आकर्षक शारीरिक चेष्टा; साहित्यमा सम्भोगशृङ्गारका अनुसार नायकलाई आकर्षित गर्न नायिकाद्वारा अँगालिने चेष्टा (कटाक्ष, भ्रूविक्षेप आदि) । – **भाव–** ना० १. नायक वा पतिलाई मोहित पार्न नायिकाले आँखा, मुख, हात आदि नचाएर गरिने मनोहर क्रियाकलाप; हाउभाउ; नाजनखरा । २. नायक, अभिनेता, नर्तक वा वेश्या आदिले विषयसुहाउँदो प्रभाव पार्ने स्वर, अङ्गसञ्चालन आदिद्वारा गरिने चेष्टा ।

**हावा–** ना० [अ० हवा] पृथ्वीको चारैतिर फैलिएको केही ग्याँस विशेष गरी अक्सिजन र नाइट्रोजनको मेलबाट बनेको, प्राणी, वनस्पति आदिको जीवनका लागि सास फेर्न चाहिने, अदृश्य तर निरन्तर प्रवाहमान पदार्थ; पञ्चतत्त्वमध्ये एक; वायु; बतास । – **कावा–** ना० हायलकायल । ~ **कुरा–** ना० नपत्याइँदो कुरा; गफ । ~ **खुस्काइ–** ना० १. जीवनको अन्त; मरण । २. टायर आदिबाट हावा बाहिर निस्कने काम । ३. पागल हुने वा बौलाउने अवस्था । – **खोरी–** ना० १. पहाडका रमणीय स्वास्थ्यप्रद स्थल; गर्मी याम बिताउन उँचो ठाउँमा बनेको घर । २. हावा खाने काम; घुमफिर । ~ **घर–** ना० शुद्ध हावा प्रशस्त खेलोस् भनी बनाइएको घर; बङ्गला । – **दार/दारी–** वि० १. हावा आवतजावत गर्ने झ्यालढोका वा प्वाल प्रशस्त भएको । २. प्रमाण नभएको; उडन्ता (खबर) । ३. ठाउँठाउँमा धेरै छिद्र पारी हलुको चालले बनाइएको (औँठी, तिलहरी आदि गहना) । – **पानी–** ना० प्राणीको जीवन र स्वास्थ्यमा असर पार्ने स्थानीय हावा, पानी आदि प्राकृतिक पदार्थ; हावा र पानीको अवस्था; जलवायु । – **बाजी–** ना० प्रमाण, सबुत केही नभएको कुरो; उडन्ता खबर । ~ **बिग्रेको–** वि० पागल; विक्षिप्त ।

**हास–** ना० [सं०] १. हाँस्ने काम; हाँसो । २. उपहास; ठट्टा; दिल्लगी । ३. साहित्यमा हास्यरसको स्थायी भाव (यसका छ भेद छन्- स्मित, हसित, विहसित, अवहसित, अपहसित र अतिहसित) । ४. हास्यरस । ५. फक्रने वा फुल्ने काम । – **परिहास–** ना० ठट्टा; दिल्लगी ।

**हासिल–** वि० [अ०] १. पाइएको; उपलब्ध; प्राप्त । २. काम सिद्ध भएको; काम पूरा भएको; सफल । ना० ३. लाभ; प्राप्ति; उपलब्धि । ४. सफलता; सिद्धि ।

**हास्य–** वि० [सं०] १. हाँस्न लायक; प्रहसनयोग्य । २. हँस्सी गर्न सुहाउँदो; उपहासयोग्य । ना० ३. साहित्यका नौ रसमध्ये एक रस; हास्यरस । – **जनक–** वि० हाँसोउठ्दो; नसुहाउँदो; नमिल्दो । ~ **रस–** ना० साहित्यमा विकृत आकार, वेशभूषा, चेष्टा आदिबाट पैदा हुने, 'हास' स्थायी भाव भएको एक रस । ~ **व्यङ्ग्य–** ना० १. छेडखानका साथै हाँसो उठाउने कामकुरो; हँसाउने र छेडपेच हान्ने काम; हास्य र व्यङ्ग्य । २. साहित्यमा यथार्थ तर अनुचित काम-कारबाहीमाथि हँसाउने गरी गरिने व्यङ्ग्य । ३. साहित्यमा विशेषतः कथा, कविता, निबन्ध आदिका माध्यममा प्रयोग गरिने एक शिल्प । > **हास्यास्पद–** वि० १. देख्दा हाँसो पैदा हुने; हाँसोउठ्दो । २. गर्न नहुने; लाजलाग्दो; निन्दनीय ।

**हाहा–** ना० [सं० हा (द्वि०)] १. चर्को स्वर गरेर हाँस्दा मुखबाट निस्कने आवाज; चर्को हाँसो । २. अरू कसैको निन्दा वा उपहास । ३. धेरै जनाको वेदनायुक्त आवाज; कोलाहल; हाहाकार । ४. ठूलो चोट; ज्यादै कष्ट; विपत्ति । ५. अत्त्याउने वा आत्तिने काम; डोहो; आच्छुआच्छु । ६. चराचुरुङ्गी आदिलाई धपाउने काम । ७. कुनै अभद्र काम नगर्न सम्झाउने शब्द । ८. अर्काको भनाइमा विना-सोचविचार लाग्ने काम; बहकाउ; लहैलहै । – **कार–** ना० १. धेरै जनाको वेदनापूर्ण आवाज; आर्तनाद । २. ठूलो कष्ट; विपत्ति । – **हूहू–** ना० १. सङ्गीतकलामा प्रसिद्ध गन्धर्वजातिका प्रमुख गायक; हाहा र हूहू नामका गन्धर्व । २. ठट्टामजाक; हँसीदिल्लगी; लहडबाजी । ३. हटाउने वा पन्छाउने आशय व्यक्त गर्ने शब्द ।

**हाहु/हाहो–** क्रि० वि० [हाहा] जेनतेन गरी; कुनै तवरले पनि काम सिद्ध गर्ने चालसित; हाटहुट; हाहाहुहू ।

**हिँगुवा–** ना० लाम्चा पात हुने, हरियोमा नीला र खैरा धर्का परेका पत्रदार फूल फुल्ने र हरियो खोक्रो फल फल्ने एक रूख; आयुर्वेदका अनुसार पेटको खराबी र स्त्रीको गर्भसम्बन्धी रोगमा फाइदा गर्ने त्यसैको फल ।

**हिँड्–नु**– अ० क्रि० [सं० हिण्ड+नु] १. खुट्टा चालेर फट्को मार्दै वा सार्दै एक ठाउँबाट अर्को ठाउँमा जानु; पदयात्रा गर्नु; पैदल जानु । २. प्रस्थान गर्नु; पहिलेको ठाउँ छाड्नु । ३. अर्को पोइसँग जानु; पोइल जानु । ४. मर्नु; नाश हुनु ।

**हिँडडुल**– ना० [हिँड्+डुल्] सुस्तरी यताउति हिँड्ने र घुम्ने काम; डुलफिर; घुमफिर ।

**हिँडन्ता/हिँडन्ते**– वि० [हिँड्+अन्ता/अन्ते] खूब हिँड्न सक्ने; धेरै वा छिटोछिटो हिँड्ने; हिँडुवा ।

**हिँडाइ**– ना० [√ **हिँड्** (+आइ)] हिँड्ने भाव, क्रिया वा प्रक्रिया । [▷] **हिँडाइनु**– क० क्रि० हिँड्न लाइनु । **हिँडाउनु**– स० क्रि०/प्रे० क्रि० १. चोरी गर्नु; अपहरण गर्नु । २. धेरै हिँड्ने पार्नु; हिँड्न लाउनु । ३. लैजानु; लानु । **हिँडिनु**– अ० क्रि० हिँड्ने काम गरिनु; पैदल गइनु । **हिँडुवा**– वि० हिँडन्ता । स्त्री० हिँडुवी । **हिँडैया**– वि० खूब हिँड्ने बानी भएको; हिँडन्ता ।

**हिंसक**– वि० [सं०] १. हिंसा गर्ने; मार्ने; हत्यारो; घातक । २. मार्ने वा टोक्ने जातको (बाघ, भालु, सर्प आदि); हिंस्रक । ना० ३. अर्काको हिंसा वा निन्दा गर्ने व्यक्ति ।

**हिंसा**– ना० [सं०] १. प्राणीहरूको ज्यान लिने वा काटमार गर्ने काम; हत्या; वध । २. अरूलाई कुनै किसिमबाट पीडा दिने वा हानि पुऱ्याउने काम; अपकार । > **हिंसात्मक**– वि० हिंसाको भावना भएको; अरूको कुभलो गर्ने । **हिंसालु**– वि० १. हिंसा गर्ने; मार्ने वा सताउने; हिंस्रक । २. हिंसा गर्ने प्रवृत्ति भएको । **हिंस्य**– वि० हिंसा गर्न योग्य; मार्नुपर्ने वा मार्न सकिने ।

**हिंस्रक**– वि० [सं०] १. हिंसा गर्ने वा मार्ने; हिंसक । ना० २. हिंसा गर्ने पशु; डरलाग्दो जनावर ।

**हिउँ**– ना० [सं० हिम] प्राकृतिक ठन्डीले जमेको आकाश वा बादलमा रहने जलीय अंशको ठोस रूप; पहाडका टाकुरामा जमेको त्यसैको सेतो ढिका; हिम । – **चितुवा**– ना० सेतो शरीरमा कालो थोप्ला हुने, लामो पुच्छर र अलि सानो जीउ भएको, मांसाहारी समूहमा पर्ने प्रायः हिमाली भेगमा पाइने चितुवा । – **चुली**– ना० हिमालका चुचुराहरूको समूह; हिउँको चुली; हिमचुली ।

**हिउँद**– ना० [सं० हिमद] जाडो याम; नागपञ्चमीदेखि श्रीपञ्चमीसम्मका छ महिनाको समय ।

**हिउँदे**– वि० [हिउँद+ए] हिउँदको; हिउँदमा हुने वा लगाइने । ~ **गहुँ**– ना० हिउँदमा खेतबारीमा लगाइने गहुँ बाली । ~ **बाली**– ना० हिउँदमा हुने खेतीपाती; हिउँदमा लाग्ने तथा हिउँदमै पाक्ने बाली; नगदे बाली ।

**हिक्–नु१**– स० क्रि० [हेप्+नु] थिचोमिचो गर्नु; हेप्नु; दमन गर्नु ।

**हिक्–नु२**– अ० क्रि० [हिक्का+नु] १. हिक्का लाग्नु; हिक्कहिक्क गर्नु । २. हात्ती कराउनु ।

**हिकमत**– ना० [अ०] १. कुनै काम गर्ने आँट; हिम्मत; साहस । २. कुनै समस्या समाधान गर्ने बाटो; उपाय; युक्ति । ३. चलाकी; बुद्धिमानी । – **दार**– वि० हिकमत भएको; हिकमती; आँटिलो । – **हारा**– वि० हुती नभएको; पानीमरुवा; नामर्द; लाछी । > **हिकमती**– वि० हिकमतदार; साहसी ।

**हिकाइ**– ना० [√ **हिक्** (+आइ)] १. हिक्ने वा हेप्ने क्रियाप्रक्रिया । २. हिक्ने वा हिक्का लाग्ने क्रियाप्रक्रिया । [▷] **हिकाइनु**– क० क्रि० हिक्न लाइनु । **हिकाउनु**– प्रे० क्रि० हिक्न लाउनु । **हिकिनु**– क० क्रि० हेपिनु ।

**हिकीहिकी**– ना० [हिक्का (द्वि०)] मर्ने बेलामा आउने हिक्का वा दम ।

**हिक्क**– क्रि० वि० [√ हिक्का] हिक्का लाग्ने गरी; हिक्काको आवाज आउने गरी । – **हिक्क**– क्रि० वि० लगातार हिक्क भएर ।

**हिक्का**– ना० [सं०] १. घाँटीबाट वेगका साथ वायु निस्कने काम; बाडुली । २. लगातार धेरै पटक बाडुली निस्किरहने रोग । ३. मर्ने बेलाको आखिरी दम; हिकीहिकी ।

**हिग्वे**– ना० [नेवा०] तीतोतीतो वा टर्रो स्वादको, भित्रपट्टि रातो र कमलो हुने सुपारी ।

**हिङ**– ना० [सं० हिङ्गु] १. लाम्चा पात र साना खैरा फल हुने एक जातको बोट । २. त्यसको कडा गन्ध हुने चोप वा दालतरकारी पकाउँदा तेलघिउमा फुराइने गन्धयुक्त मसला । – **जिरो**– वि० रोगले गलाएर ज्यादै दुब्लो भएको; मरन्न्यासे; सिट्ठी । ~ **हलाइ**– ना० अरूलाई साटो फेर्ने उद्देश्यले कसैलाई उक्साएर कष्ट पुऱ्याउने काम ।

**हिङाइ**– ना० [√ **हिङाउ** (+आइ)] हिङाउने भाव, क्रिया वा प्रक्रिया । [▷] **हिङाइनु**– क० क्रि० हिङाउन लाइनु ।

**हिङाउनु**– स० क्रि० [हिङ+आउ+नु] १. अरूलाई हानि वा कष्ट हुने गरी कुनै कामकुरो गर्न बाध्य गर्नु । २. गुदद्वारमा हिङ हालेझैँ गरी बेचैन पार्नु; पीडा दिनु ।

**हिङ्गास्टक**– ना० [सं० हिङ्ग्वष्टक] हिङ, जीरा, मरीच, बिरेनुन, सुठो, पिप्ला आदि द्रव्य मिसाएर तयार पारिएको अजीर्णनाशक एक आयुर्वेदीय औषधि; पाचक ।

**हिङ्गु**– ना० [सं०] हिङको बोट वा त्यसैको चोप । – **पत्री**– ना० जिम्बुबुटी । > **हिङ्गुल**– ना० १. पारो मिश्रित एक खनिज पदार्थ; सिम्रिक । २. सिन्दूर ।

**हिङ्गुल**– ना० [सं० हिङ्गुलाज] हिङ्गुलाज पत्थर; हिङ्गुरो ।

**हिङ्गुलाज**– ना० [सं०] १. सिन्धप्रदेशको पहाडमा रहेको दुर्गाको एक मूर्ति । २. यिनै देवीको प्रसादस्वरूप माला उनेर लगाइने सेतो एक प्रकारको बियाँ; ठिङ्गुरो; हिङ्गुल ।

**हिचकिच**– ना० [हि० हिचक] अनकनाइ; धरमराहट; दोधार; असमञ्जस । > **हिचकिचाइ**– ना० हिचकिचाउने भाव, क्रिया वा प्रक्रिया; अनकनाइ । **हिचकिचाइनु**– अ० क्रि० धरमराउने काम गरिनु; अनकनाइनु । **हिचकिचाउनु**– अ० क्रि० १. डर, सङ्कोच आदिले गर्दा केही भन्न वा गर्न धरमराउनु; सङ्कोच

मान्नु; अनकनाउनु; अकमकाउनु । २. काम थाल्ने वा नथाल्ने दोधारमा पर्नु; हच्कनु । **हिचकिचाहट**– ना० हिचकिचाउने भाव, स्थिति वा क्रियाप्रक्रिया; हिचकिचाइ; अनकनाहट ।

**हिजडा**– ना० [ ? ] स्त्री वा पुरुष नछुट्टिएको प्राणी; नपुंसक; सिँगारु ।

**हिजरी**– ना० [अ०] १. हजरत मुहम्मदले मक्का छोडेर मदीना जानु । २. हजरत महम्मदले मक्का छाडेर गएको तिथिदेखि चलेको संवत् ।

**हिजै**– क्रि० वि० [हिजो+नै] हिजोको दिनमै ।

**हिजो**– क्रि० वि० [सं० ह्यस्] १. आजको दिनभन्दा पहिलो दिनमा; गएको दिनमा; एक दिन पहिले । ना० २. गएको दिन । ~ **अस्ति**– क्रि० वि० भर्खरै बितेका दिनहरूमा । ~ **आज**– क्रि० वि० अचेल; वर्तमान समयमा ।

**हिज्जे**– ना० [अ०] हरेक शब्दमा रहने अक्षरहरूको व्यवस्थित क्रम वा रखाइ; वर्णविन्यास; बर्तनी; खिप्ती ।

**हिटर**– ना० [अङ्०] बिजुलीबाट भात, चिया आदि पकाउन वा जाडामा ताप्न प्रयोग गरिने बलेको तारयुक्त चुलो; बिजुलीको चुलो ।

**हिटी**– ना० [नेवा०] पानीको धारा खसाल्ने पाइप वा नली; धारो (जस्तो– नारायणहिटी, मरुहिटी आदि) । – **मङ्ग**– ना० एक फुटजति लामो हुने अजिँगरमुखी आकारको, उपत्यकाका धार्मिक चाडपर्वमा फुकेर बजाइने ढुङ्ग्रोजस्तो एक बाजा ।

**हिट्टेली**– ना० भारोपली भाषापरिवारको, युरोपभित्र बोलिने एक शाखा ।

**हिण्डोल**– ना० [सं०] मध्यम, तीव्र, ऋषभ र पञ्चम वर्जित हुने र अन्य स्वर शुद्ध रहने, शास्त्रअनुसार दिनको प्रथम प्रहरको अन्तमा र विशेष गरी वसन्त ऋतुमा गाइने औडव जातिको एक राग ।

**हित**– ना० [सं०] १. कसैको असल हुने काम; उपकार; भलाइ । २. कल्याण; मङ्गल । ३. फाइदा; लाभ; प्राप्ति । ४. इष्टमित्र; बन्धु । ५. हितैषी व्यक्ति । – **कर**/**कारक**/**कारी**– वि० १. हित गर्ने; भलो गर्ने । २. लाभ पुऱ्याउने; लाभप्रद । ३. हित सोच्ने; भलो चिताउने । ~ **चिन्तक**– वि० हित चिताउने; हितैषी । – **चिन्तन**– ना० असल वा भलो हुने कामकुराको विचार; शुभकामना । > **हिताहित**– ना० १. हित र अहित; फाइदा र बेफाइदा । वि० २. असल र खराब । **हितेच्छु**– वि० भलो चाहने; शुभेच्छु; हितैषी । **हितैषी**– वि० कल्याण चाहने; हितेच्छु । **हितोपदेश**– ना० १. हित वा कल्याण हुने कुराको उपदेश; राम्रो अर्ती । २. नारायण पण्डितद्वारा रचित संस्कृत भाषाको एक प्रसिद्ध नीतिग्रन्थ ।

**हित्तचित्त**– ना० [सं० हृत्+चित्त] दुई व्यक्तिका बीच भएको मिलिमतो; दुई जनाको मिलेको मन; मिलेका दुई दिल ।

**हिदायत**– ना० [अ०] १. सही बाटो देखाउने काम; मार्गदर्शन । २. कुनै काम गर्न वा नगर्नका लागि दिइएको आदेशउपदेश ।

**हिनहिनाइ**– ना० [√ **हिनहिनाउ** (+आइ)] हिनहिनाउने भाव, क्रिया वा अवस्था । [√ ] **हिनहिनाइनु**– अ० क्रि० हिनहिनाउने काम हुनु; घोडा कराइनु ।

**हिनहिनाउनु**– अ० क्रि० [सं० हेषण+आउ+नु] हिनहिन आवाज निस्कनु; घोडा कराउनु; हिलिनु । > **हिनहिनाहट**– ना० हिनहिनाउने भाव, अवस्था वा क्रियाप्रक्रिया ।

**हिनामिना**– ना० [हन् (हरण)+मीन् (अफाल्नु)] १. मालसामानको बरबादी; खती; नोक्सानी; क्षति । २. तलमाथि; गडबडी ।

**हिन्ताल**– ना० [सं०] पातैपातले छोपिएको, छोटो डाँठ हुने ताडको रूख ।

**हिन्द**– ना० [फा०] हिन्दुस्तान; भारत देश । ~ **चीन**– ना० कम्पुचिया, भियतनाम र लाओसको समूह । ~ **महासागरीय क्षेत्र**– ना० दक्षिणी एसिया, मध्यपूर्व, अफ्रिका तथा दक्षिणपूर्व एसियाको पश्चिमी भाग ।

**हिन्दी**– वि० [फा०] १. हिन्दुस्तानको; भारतसम्बन्धी; भारतीय । ना० २. हिन्दुस्तानका निवासी; भारतीय व्यक्ति । ३. हिन्दुस्तानको प्रमुख भाषा; स्वतन्त्र भारतको राष्ट्रभाषा ।

**हिन्दु**– ना० [फा०] वेद, धर्मशास्त्र, नीतिशास्त्र र पुराण आदिलाई आफ्नो धर्मग्रन्थ मान्ने जाति वा धर्म । – **हिन्दुत्व**– ना० १. हिन्दू हुनाको भाव, गुण वा अवस्था । २. हिन्दूहरूको आचारविचार तथा व्यवहार । ~ **धर्म**– ना० हिन्दूहरूको धर्म ।

**हिन्दुपति**– ना० [फा० हिन्दू+सं० पति] मकवानपुर, चौदण्डी, विजयपुर आदि ठाउँका सेन राजाहरूले धारण गरेको एक प्रशस्ति ।

**हिन्दुस्तान**– ना० [फा० हिन्दोस्तान] हिन्दूहरू रहेको देश; हिन्दूस्थान; भारत । > **हिन्दुस्तानी**– वि० हिन्दूस्थानी; भारतीय ।

**हिन्दुस्थान**– ना० [फा० हिन्दू+सं० स्थान] हिन्दूहरूको निवासभूमि; भारतवर्ष; भारत देश । ~ **समाचार**/**समिति**– वि० भारतको एक समाचार समिति । > **हिन्दुस्थानी**– वि० हिन्दूस्थानको; भारतीय ।

**हिन्दू**– ना० हे० हिन्दु ।

**हिन्दोल**– ना० [सं०] १. झुलना; पिङ । २. डोली ।

**हिन्नति**– ना० [सं०] अर्काको नजरमा आफूलाई गिराउने काम ।

**हिप्पी**– ना० भौतिक जगत्‌बाट विस्मृतितिर फर्की शान्तिको खोजीमा विभिन्न देशमा घुम्ने वा बस्ने गोरा घुमन्ता जाति ।

**हिफाजत**– ना० [अ०] कुनै वस्तुलाई जोगाएर वा बचाएर राखी बिग्रन नदिने काम; सुरक्षा; बचाउ; जतन । > **हिफाजती**– वि० १. हिफाजत गर्ने; बचाउ तथा सुरक्षा दिने । २. बचाउ गर्न योग्य; हिफाजत गर्नुपर्ने ।

**हिम**– ना० [सं०] १. कडा ठन्डीले जमेको पानी; हिउँ । २. चिसो; जाडो; ठन्डा । ३. हिउँद; हेमन्त ऋतु । ४. कुइरो; हुस्सु । ५. हिमालय पर्वत । वि० ६. ठन्डा; शीतल । – **कण**– ना० हिउँ वा तुसाराको सानो कण; शीतविन्दु । – **कर**– ना० चन्द्रमा । – **कल्प**– ना० पुरातत्त्वशास्त्रका अनुसार हिमयुगको समस्त भाग;

आजभन्दा लगभग दस लाख वर्षपूर्वको समय; पूर्वहिमानीको अन्तिम समयमा प्रारम्भ भएर हिमान्युत्तर समयभन्दा पूर्वको समय ।

**हिमचिम**– ना० [(द्वि०)+चिन्] चिनाजानी; जानपहिचान; बसाउठी ।

**हिमचुली**– ना० हिमशिखर; हिउँचुली ।

**हिमताल**– ना० [सं० हिम+फा० तालाव] हिमाली क्षेत्रमा भएका हिउँका ताल ।

**हिमनद**– ना० [सं०] हिउँले बनेको नदी; हिउँ बग्ने खोलो । > **हिमनदी**– ना० चुचुरामा हिउँको भार धेरै भई पहाडको सतहदेखि नै खसेर तलतिर बग्न थालेको हिउँ; हिमनद; अति चिसो पानी हुने नदी ।

**हिमपात**– ना० [सं०] पानी पर्ने प्रदेशमा ज्यादै जाडो भएर हिउँ बर्सने काम; जाडो याममा लेकतिर हुने हिउँको पतन ।

**हिममलेवा**– ना० [सं० हिम+मलेवा] नेपालको लेकाली भेगमा पाइने मलेवा चरो ।

**हिममानव**– ना० [सं०] हिमालमा बस्ने, मनुष्यका आकारको प्राणी; यति; सोक्पा; याँठे ।

**हिमयुग**– ना० [सं०] पुरातत्त्वशास्त्रका अनुसार हिमकल्पका विभिन्न हिमानी (प्रथम, प्रथम अन्तर, द्वितीय, द्वितीय अन्तर, तृतीय, तृतीय अन्तर र चतुर्थ) समयमध्ये कुनै एक समय; सम्पूर्ण हिमानीसमय ।

**हिमरेखा**– ना० [सं०] हिउँ नपग्लिई सधैँ जमिरहने भूमिको सीमारेखा ।

**हिमवान्**– ना० [सं०] १. हिमालय पर्वत । वि० २. हिउँ भएको ।

**हिमशिखर**– ना० [सं०] हिमचुली; हिउँचुली; हिमालय ।

**हिमशिला**– ना० [सं०] हिउँको ढिका; बरफ ।

**हिमशृङ्खला**– ना० हिमालय पर्वतका पङ्क्ति; हिमालयका श्रेणी ।

**हिमशैल**– ना० [सं०] हिमालय पर्वत ।

**हिमांशु**– ना० [सं०] १. चन्द्रमा । २. कपूर ।

**हिमाइत**– ना० [अ० हिमायत] १. पक्षपात; हिमायत । २. बेवास्ता गर्ने भाव; उपेक्षा । > **हिमाइती**– वि० १. पक्षपाती; हिमायती । २. उपेक्षा वा बेवास्ता गर्ने । **हिमाइते**– वि० हिमाइती ।

**हिमागर**– ना० [सं०] हिमक्षेत्रमा हिमनदीले बनाएको खाडल ।

**हिमाङ्क**– ना० [सं०] १. पानी जम्ने तापक्रम । २. चन्द्रमा । ३. कपूर ।

**हिमाचल**– ना० [सं०] हिमालय पर्वत ।

**हिमाच्छादित**– वि० [सं०] हिउँले ढाकेको; हिउँ नै हिउँ भएको ।

**हिमाद्रि**– ना० [सं०] हिमाल; हिमालय पर्वत; हिमाचल ।

**हिमानी**– ना० [सं०] १. हिउँको थुप्रो; हिउँको रास । २. हिमयुग । ~ **माटो**– ना० हिमनदीको प्रभावबाट बनेको माटो; हिमनदीले सोहोरेर ल्याएको माटो । > **हिमान्युत्तर**– ना० पुरातत्त्वशास्त्रका अनुसार हिमयुगपछिको समय; इसाभन्दा दस हजार वर्षपूर्वको समय; नवाश्मयुग वा आधुनिक युग प्रारम्भ भएको समय ।

**हिमायत**– ना० [अ०] १. बेवास्ता गर्ने काम; उपेक्षाभाव । २. पक्षपात; तरफदारी । > **हिमायती**– वि० १. पक्षपात गर्ने; पक्ष लिने । २. अटेर; उपद्रवी ।

**हिमाल**– ना० [सं० हिमालय] हिमालय । ~ **चुली**– ना० १. हिउँचुली । २. नेपालको गोरखा र लमजुङ जिल्लाको सिमानामा रहेको ७,८९३ मिटर अग्लो पर्वत । – **चेरी**– ना० विभिन्न आकारका धेरै पात हुने, घोगाजस्तो भएर फुल्ने एक सदाबहार रूख ।

**हिमालय**– ना० [सं०] नेपालको उत्तरी सीमाक्षेत्रमा वारपार पसारिएको, टाकुराहरू सधैँजसो हिउँले ढाकिरहने, उँचो पर्वतमाला; हिमशृङ्खला । ~ **पर्वत**– ना० खरीमाटो वा खरीढुङ्गाको युगमा सृष्टि भएको पर्वत; आजभन्दा लगभग तेह्र करोड पचास लाख वर्षपहिले सृष्टि भएको पहाड; हिमालय ।

**हिमाली**– वि० [हिमाल+ई] हिमालमा रहने; हिमालको; हिमालसम्बन्धी । ~ **गिद्ध**– ना० हिमालय पर्वतको आसपासमा पाइने गिद्ध । ~ **भाषा**– ना० भोट-बर्मेली शाखाको, भोट-हिमाली-वर्गको एउटा भेद ।

**हिमैकड्मो**– ना० नेपालको सङ्खुवासभा जिल्लामा पाइने डाँफेभन्दा ठूलो एक जातको हिमाली लुइँचे चरो ।

**हिमोट**– ना० [हिम+ओट] हिमनदीले सोहोरेर ल्याएको माटो; बालुवा, ढुङ्गा र झारपात आदि वस्तु ।

**हिम्मत**– ना० [अ०] १. कठिन काम गर्ने उत्साह वा साहस; हिक्मत । २. पराक्रम; सुऱ्याइँ; बहादुरी । – **दार**– वि० हिम्मत भएको; आँट गर्ने; उत्साही । – **हारा**– वि० हिम्मत नभएको; निरुत्साही । > **हिम्मती**– वि० हिम्मतदार ।

**हियरा**– ना० [सं० हृदय] १. हृदय; मुटु; मन । २. छाती; वक्षस्थल । ३. स्तन; दूध ।

**हियाइ**– ना० [√ **हियाउ** (+आइ)] हियाउने भाव, क्रिया वा प्रक्रिया । [> ] **हियाइनु**– क० क्रि० हियाउने काम गरिनु ।

**हियाउ**– ना० [हियो+आउ] १. आँट; हिम्मत; उत्साह; ह्याउ । २. हृदय; मन ।

**हियाउ-नु**– स० क्रि० [हेय+आउ+नु] हेला वा अपमान गर्नु; हेय गराउनु; हेप्नु; ह्याउनु ।

**हियार**– ना० [सं० हृदय] हृदय; हियरा । > **हियारो**– ना० मुटु; हियो; हृदय ।

**हियो**– ना० [प्रा० हिअअ < सं० हृदय] हृदय; मुटु; मन ।

**हिरण**– ना० [सं०] १. सुन; सुवर्ण । २. वीर्य । ३. कौडो । > **हिरणमय**– वि० १. सुनबाट बनेको; सुनको । २. सुनौला; स्वर्णमय । ना० ३. हिरण्यगर्भ; ब्रह्मा ।

**हिरण्य**– ना० [सं०] १. सुन; सुवर्ण; स्वर्ण । २. ब्रह्मा । – **कशिपु**– ना० १. कश्यप प्रजापतिका छोरा, पुराणप्रसिद्ध दैत्यराज । २. सुनको पलङ । – **गर्भ**– ना० १. नेपालको कृष्णगण्डकीमा पाइने शालिग्रामशिला । २. ब्रह्मा । ३. विष्णु । ४. फलामजस्तो एक

प्रकारको धाउ । ५. उपनिषत्‌का अनुसार सम्पूर्ण पदार्थ र जीवहरूको मूल उद्‌गमस्थल भएको सृष्टिको प्रारम्भमा रहेको सुनौला रङ्गको पिण्ड । **– नाभ–** ना० १. विष्णु । २. मैनाकपर्वत । >**हिरण्याक्ष–** ना० पुराणप्रसिद्ध एक दैत्य; हिरण्यकशिपुको दाजु ।

**हिरन–** ना० [सं० हिरण] १. मर्न लागेका बिरामीलाई खुवाइने सुनपानी, दही आदि पदार्थ । २. भात आदि खानेकुरो (रिस वा गालीका रूपमा) ।

**हिरा–** ना० [सं० हीरक] पुरानो कोइलाखानीको आसपासमा पाइने, अति साह्रो र सानमा चढाएपछि अन्धकारमा पनि उज्यालो चमक दिने बहुमूल्य रत्न; हीरक । – **कसी–** ना० गन्धकको रासायनिक प्रक्रियाबाट तयार हुने फलामको विकार । >**हीरावली–** ना० प्रायः बिछ्याउने काम लिइने, देख्दा राम्रो, चारखाने खस्रो कपडा ।

**हिरासत–** ना० [अ०] १. अपराधीलाई निश्चित वा अनिश्चित समयसम्म थुन्ने काम; कैद; थुना; नजरबन्दी । २. बन्दीखान; झ्यालखान; खोर । ३. सिपाही वा पुलिसको रेखदेख; पहरा ।

**हिरिक्क–** क्रि० वि० [अ० मू० हिरिक्+क] १. कुनै प्रिय वस्तु वा व्यक्तिको प्राप्तिका निम्ति हत्ते हाल्ने गरी; प्रेममा नराम्रोसँग फस्ने चालले । २. प्राण जाने गरी; मर्ने चालले । >**हिरिक्किनु–** अ० क्रि० कुनै वस्तुको प्राप्तिका लागि तीव्र इच्छा गर्नु; हिरिक्क हुनु । **हिरिक्क्याइ–** ना० हिरिक्किने भाव, क्रिया वा प्रक्रिया । **हिरिक्क्याहट–** ना० हिरिक्क हुने भाव, अवस्था वा क्रियाप्रक्रिया ।

**हिर्काइ–** ना० [√ **हिर्काउ** (+आइ)] हिर्काउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **हिर्काइनु–** क० क्रि० हिर्काउने काम गरिनु; हानिनु ।

**हिर्काउ-नु–** स० क्रि० मर्मान्तक पीडा हुने गरी पिट्नु; हान्नु । > **हिर्किनु–** स० क्रि० वेगले कतै जानु (निन्दार्थमा) ।

**हिर्दोक–** वि० अँगाल्न पनि नहुने अफाल्न पनि नसकिने; नलिनु नछोड्नु खालको; गर्नु न मर्नु भएको ।

**हिलमिल–** ना० राम्रो मेलमिलाप; हृदयदेखिको मेल; हिमचिम ।

**हिलि-नु१–** अ० क्रि० [हिलो+इ+नु] हिलो हुनु; माटो, बालुवा आदिमा पानी मिसिई लेदो हुनु ।

**हिलि-नु२–** अ० क्रि० [सं० हेष+इ+नु] १. बेफ्वाँकमा गिजिएर हाँस्नु । २. घोडा कराउनु; हिनहिनाउनु ।

**हिलिलिलि–** क्रि० वि० [हिल्ल+ई (द्वि०)] १. घोडा कराउने गरी; हिनहिनाउने चालले । २. गिजिएर हाँसिरहने गरी; हिलिने चालले ।

**हिलीमिली–** ना० [√ हेलमेल] हृदयदेखिको मेलमिलाप; हेलमेल; हिमचिम; हिलमिल ।

**हिले–** वि० [हिलो+ए] १. हिलोमा हुने वा पाइने; हिलाको; हिलोसम्बन्धी । ना० २. रोपाइँ गर्दा परस्परमा हिलो छ्यापाछ्याप गरेर खेलिने खेल । ~**जात्रा–** ना० गाईजात्राको भोलिपल्ट रोपाइँको अभिनय गरेर देखाइने जात्रा; रोपाइँजात्रा । ~**पालुङ्गो–** ना० पालुङ्गोभन्दा लामा पहेँल्छ्या पात र फुस्रो डाँठ हुने पालुङ्गो; गोब्रे पालुङ्गो । ~**फागु–** ना० अबिरको सट्टा हिलो घस्नेछ्याप्ने गरेर खेलिने खेल वा त्यस्तो फागुजात्रा । ~**माछो–** ना० हिलामा वा मैलो पानीमा बस्ने माछो ।

**हिलो–** ना० [प्रा० हिला] पानीमा मुछिएको माटो; माटाको लेदो; पङ्क ।

**हिल्याइ–** ना० [√ **हिल्याउ** (+आइ)] हिल्याउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **हिल्याइनु–** क० क्रि० हिल्याउने काम गरिनु; हिलो पारिनु ।

**हिल्याउ-नु–** स० क्रि० [हिलो+याउ+नु] रोपाइँ गर्दा खेतको माटोमा पानी लगाई जोती वा खनी हिलो पार्नु; बाउसे गर्नु; टाकुचे गर्नु ।

**हिल्ल–** क्रि० वि० [अ० मू० हिल्+ल] १. गिजिएर हाँस्ने गरी । २. खित्का छाडेर हाँस्ने किसिमले ।

**हिल्ला–** ना० [अ० हील] कुनै वस्तु, व्यक्ति वा आफूले गर्नुपर्ने कामकुरो आफू पन्सने गरी अरूलाई सुम्पिने काम; जिम्मा ।

**हिसाब–** ना० [अ०] १. वस्तुहरूको सङ्ख्या वा परिमाण तोक्ने काम; गणना; गन्ती । २. आम्दानीखर्चको लेखाजोखा; हरहिसाब । ३. गणितशास्त्र; गणितविद्या । ४. भाउ; दर । ५. नियम; अनुशासन; रीति । ६. ढङ्ग; चाल; तरिका । ७. पर्वाह; वास्ता । ~ **किताब–** ना० १. आम्दानीखर्चको लेखाजोखा; लेनदेन-व्यवहारको निर्धारण; हरहिसाब । २. हिसाब लेख्ने किताब । ३. लेनदेनसम्बन्धी व्यवहार । ४. सुहाउँदो व्यवस्था; बन्दोबस्त । ~ **जाँच–** ना० आम्दानीखर्चको लेखाजोखा हेर्ने काम । ~**सान्ती–** ना० हिसाब वा अनुपातअनुसारको भाग बाँडिलिने काम । > **हिसाबी–** वि० १. हिसाब गर्ने; गन्ती गर्ने । २. हिसाब जान्ने; गणितज्ञ । ३. अरूको तिर्नुपर्ने पैसाबारे वास्ता नराखी लिनुपर्ने पैसाको पछि लाग्ने ।

**हिसी–** ना० [नेवा० <सं० श्री] १. सौन्दर्य; लावण्य । २. छाँटकाँट मिलेर राम्रो बनेको रूप ।

**हिस्स–** क्रि० वि० [√ हस्स] १. चाहना गरेको वस्तु नपाउँदा निराश हुने गरी; हिस्सिने चालले; जिल्ल; खिस्रिक्क; डिच्च । (उदा०– **हिस्स बूढी खिस्स दाँत ।** –उखान) । २. मुसुक्क; खिस्स ।

**हिस्सा–** ना० [अ० हिस्स] १. बाँडफाँड गर्दा हुने कसैको अधिकार भएको वस्तु वा वस्तुको एकाइ; भाग; अंश । २. मूल समूहको कुनै एकाइ; खण्ड; टुक्रो । ३. चकला । **– दार–** वि० भागबन्डाको हकदार; हिस्सेदार । ~ **विभाजन–** ना० अंशभाग गर्ने काम; बाँडफाँड ।

**हिस्सि-नु–** अ० क्रि० [हिस्स+इ+नु] १. चाहेको वस्तु नपाएर निराश हुनु; हिस्स पर्नु; जिल्लिनु । २. खिस्रिक्क हुनु; डिच्च पर्नु ।

**हिस्सी–** ना० [√ हिसी] हिसी; सौन्दर्य । ~**परेको–** वि० छाँटकाँट मिलेको; ज्यादै सुन्दर (अनुहार, रूप आदि) ।

**हिस्सेदार**– वि० [हिस्सा+दार] १. कुनै किसिमको सम्पत्ति वा व्यवसायमा हिस्सा भएको; भागबन्डाको हकदार; अंसियार। ना० २. त्यस्तो हिस्सा वा हक भएको व्यक्ति। >**हिस्सेदारी**– ना० १. हिस्सेदारको हक; हिस्सा; भाग; अंश। २. साझा; गोस्वारा।

**हिस्स्याइ**– ना० [√ **हिस्सि** (+याइ)] १. हिस्सिने भाव, क्रिया वा प्रक्रिया। [हिस्स्याउ+आइ] २. हिस्स्याउने भाव, क्रिया वा प्रक्रिया। [▷] **हिस्स्याइनु**– क० क्रि० हिस्स पारिनु; जिल्ल्याइनु।

**हिस्स्याउनु**– स० क्रि० [हिस्सी+याउ+नु] १. चाहनाको वस्तु नदिएर वा अवरोध खडा गरेर निराश पार्नु; हिस्स पार्नु। २. खिसिक्क तुल्याउनु; डिच्च पार्नु।

**हीँ**– वि० बो० १. लाचारी वा लज्जाको भाव व्यक्त गर्दा मुखबाट निस्कने शब्द। क्रि० वि० २. कमजोरी व्यक्त गर्ने चालले; दीनतापूर्वक रुने गरी। ३. हार स्वीकार गरेर लजाउँदै। – **हीँ**– ना० १. लाचारी प्रकट गर्ने वा अनकनाएको भाव जनाउने शब्द; हैं-हैं। क्रि० वि० २. केटाकेटी रुँदा निस्कने शब्द जसरी। ३. विनम्र भएर खुसामद गर्दा प्रयोग गरिने शब्दझैँ।

**हीन**– वि [सं०] १. अधम; क्षुद्र; नीच। २. कम; घटी। ३. निन्दा गर्न योग्य; गर्हणीय। ४. गरिब; दीन। ५. पद, मार्ग, स्थान आदिबाट च्युत; भ्रष्ट। ६. नाम पदका पछि गाँसिएर नभएको, रहित, तुच्छ आदि अर्थ बुझाउने शब्द (जस्तो– पुत्रहीन, भाग्यहीन, मतिहीन आदि)।

**हीनता**– ना० हीन हुनाको भाव, गुण वा अवस्था; कमी; न्यूनता। ~ **ग्रन्थि**– ना० आफूलाई हीन वा कमजोर सम्झने मनोरोग; हीनताबोध। ~ **बोध**– ना० आफूलाई हीन सम्झने वा आफू सानो हुँ भन्ठान्ने मानसिक भावना; हीन भावनाको बोध; हीनताग्रन्थि। >**हीनताभास**– ना० हीनताको प्रतीति; हीनत्वबोध।

**हीनत्व**– ना० [सं०] आफूलाई हीन वा कमजोर मान्ने प्रवृत्ति; हीनता।

**हीनबुद्धि/हीनमति**– वि० [सं०] बुद्धि नभएको; मतिहीन; मूर्ख।

**हीनयान**– ना० [सं०] कर्मकाण्डपद्धति नमान्ने बौद्धधर्मीहरूको एक सम्प्रदाय; बौद्ध सम्प्रदायका हीनयान, महायान र वज्रयान तीन सम्प्रदायमध्ये एक।

**हीरक**– ना० [सं०] हीरा। ~ **जयन्ती**– ना कुनै विशेष व्यक्ति, संस्था, कार्य आदिको जन्म भएको साठी वर्षमा प्रवेश हुँदा मनाइने विशेष उत्सव।

**हीरा**– ना० हे० हिरा।

**हीही**– ना० [अ० मू० ही (द्वि०)] १. घोडा कराएको आबाज; हिनहिनाहट। २. हल्का हाँसोमा सुनिने शब्द।

**हुँ**– वि० बो० [सं० हुम्] कसैलाई तर्साउन वा हप्काउन बोलिने शब्द; हाँ।

**हुँगिया**– ना० दन्त्यकथामा डुँगियासँग लोली मिलाउन प्रयोग गरिएको एक कल्पित रूख।

**हुँडल्-नु**– स० क्रि० [सं० हिल्लोल+नु] १. तरल वा लेदो पदार्थ एक जीउ हुने गरी चलाउनु; घोल्नु। २. रोटी पकाउन पानी मिसिएको पीठो फेट्नु; फाउनु। ३. हुँडलो मच्चाउनु; झगडा उठाउनु; राडो मच्चाउनु। >**हुँडलहाँडल**– ना० कुनै वस्तु हुँडल्ने र चलाउने काम; तलमाथि र वरपर पार्ने काम। **हुँडलाइ**– ना० हुँडल्ने भाव, क्रिया वा प्रक्रिया। **हुँडलिनु**– अ० क्रि० १. तरल वा लेदो पदार्थ चल्नु; घोलिनु। २. मिसिनु। क० क्रि० ३. हुँडल्ने काम गरिनु; फेटिनु। **हुँडलो**– ना० धेरै जनाका बीचको मनोमालिन्य; राडो; रडाको; खिचलो। **हुँडल्याइ**– ना० हुँडलिने भाव, क्रिया वा प्रक्रिया।

**हुँडार**– ना० [हुण्ड] ब्वाँसो।

**हुँदि**– क्रि० वि० [√ हुँदो] १. भयो भने; भएमा; हुँदा। २. गरेमा। ना० यो० ३. शब्दको पछाडि जोडिएर सर्त वा सङ्केत बुझाउने शब्द (जस्तो– गएहुँदि; पाएहुँदि; त्यताहुँदि आदि)। ४. तिर; तर्फ। ५. यताउति; वरपर।

**हुँदो**– ना० [हु+दो] १. कल्याण; हित; भलो। २. उपकार; भलाइ। ३. भलाइ, कल्याण वा उपकारका लागि। (उदा०– रामले जागिर दिलाउन त्यसको हुँदो भनसुन गरेकै हो, तर सफल भएन)। ना० यो० ४. आसपासमा भन्ने अर्थ बुझाउन स्थानवाचक वा कालवाचक शब्दका पछिल्तिर जोडिने शब्द; तिर; तर्फ; हुँदि। (उदा०– मङ्सिरहुँदो धान पाक्छ, साँझहुँदो त्यो आउँछ, राम पशुपतिहुँदो बस्छ आदि)। वि० ५. हुँदै; भइरहेको। (उदा०– यो काम हुँदो छ)। – **खाँदो**– वि० राम्रोसँग खानपिन गर्न पुग्ने सम्पत्ति भएको; व्यवहार चलाउन पुग्ने आर्थिक स्थिति भएको; सम्पन्न।

**हु-नु**– अ० क्रि० [प्रा० हु+नु] १. विद्यमान रहनु; मौजुद रहनु। २. बन्नु; निर्माण गरिनु। ३. रूप वा स्थिति बदलिनु; एक रूपबाट अर्को रूपमा परिवर्तन देखिनु। ४. कुनै घटना वा व्यवहार प्रत्यक्ष रूपमा आउनु। ५. रोग, व्याधि आदिले सताउनु। ६. ठीक समय आउनु; कुनै प्रयत्नको परिणाम निस्कनु। ७. अनुमति, अनुकूलता, स्वीकृति, स्वभाव आदिको भाव जनाउनु।

**हु**– ना० [अ० मू०] स्याल, कुकुर आदि जन्तु कराउँदा निस्कने शब्द। – **हु**– क्रि० वि० स्याल, कुकुर आदि जन्तु कराउँदा शब्द निस्कने गरी।

**हुइयाँ/हुइया**– ना० [अ० मू०] १. स्याल कराउँदा सुनिने शब्द; स्यालको आबाज। २. नचाहिँदो खबर; हल्ला; अफबाह।

**हुकुम**– ना० [अ० हुक्म] १. आदेश। २. आफूभन्दा ठूला व्यक्तिको आज्ञा। ३. प्रभुत्व; अख्तियार। ४. खेल्ने तासका चार रङमध्ये एक; सुरथ। – **प्रमाङ्गी**– ना० हुकुम भएका कुराहरू लेखिएको कागत; हुकुमको निकासा। सङ्क्षे०– हु० प्र०। >**हुकुमत**– ना० १. अधिकार; प्रभुत्व; आधिपत्य। २. शासन; राज्य; सलतनत।

**हुकुमी**– वि० [हुकुम+ई] १. राजाज्ञासम्बन्धी। २. हुकुमको; हुकुमसम्बन्धी। ३. हुकुममा चल्ने। ~ **शासन**– ना० १. हुकुमबाट चल्ने शासन। २. नेपालमा राणापरिवारले चलाएको १०४

वर्षको (१९०३-२००७) शासन ।

**हुक्क–** क्रि० वि० [अ० मू० हुक्+क] १. हिक्का वा बाडुली लाग्ने गरी । २. वमन हुने गरी; हलुक्क ।

**हुक्का–** ना [अ० हुक्का] नरिवल, धातु आदिका भाँडामा सुमेरु घुसारिएको, धूवाँ पानीमा छानिएर आउने खालको, तमाखु खाने साधन । >**हुक्के–** वि० राजामहाराजा र धनीमानीका घरमा तमाखु भरी खुवाउन नियुक्त भएको (व्यक्ति वा नोकर) ।

**हुक्र-नु–** अ० क्रि० [सं० हुङ्कार+नु] १. चर्को डाँकोले कराई हप्काउनु; हकार्नु । २. साँढे कराउनु; डुक्रनु । >**हुक्राइ–** ना० हुक्रने भाव, क्रिया वा प्रक्रिया । **हुक्रिनु–** अ० क्रि० हकारिनु ।

**हुङ्कार–** ना० [सं०] १. कुनै व्यक्तिलाई हप्काउन वा तर्साउन गरिने 'हुँ' शब्द; हप्की गर्ने शब्द । २. घमन्डसाथ चिच्याउने काम; गर्जन । ३. हाँक; ललकार । ४. धनुको आवाज; टङ्कार ।

**हुचिल–** ना० [गुहे+चील] लाटोकोसेराका अनुहारको ठूलो चरो; गुहे चील ।

**हुच्च–** क्रि० वि० [अ० मू० हुच्+च] उत्तानो हात गरेर वेगसित कुनै वस्तु हुत्त्याउने गरी; हुत्त ।

**हुच्च-नु–** स० क्रि० [हुच्च+नु] १. दुवै हात उत्तानो पारेर कुनै वस्तु मिल्काउनु; हुत्त्याउनु । २. कुनै चीजलाई लट्ठी, डन्डी आदिले मिल्काउनु; हुच्चिनु । ३. पैसाको निसान गरेर खोपी खेल्नु । >**हुच्चन्ती–** ना० डन्डीबियोको खेलमा बियो हुच्चने लट्ठी; डन्डी । **हुच्चिनु–** स० क्रि० हुच्चनु । **हुच्ची–** ना० कतै जान वा कुनै काम गर्नका लागि अरूलाई उल्क्याउने वा उराल्ने चाल । **हुच्च्याइ–** ना० हुच्चिने भाव, क्रिया वा प्रक्रिया ।

**हुज्जत–** ना० [अ०] १. व्यर्थको बहस; नचाहिँदो तर्क; विवाद । २. झगडा; कचिङ्गल; दगलफसल । ३. दङ्गा; मारपिट । >**हुज्जती–** वि० नचाहिने कुरामा कचिङ्गल गर्ने; झगडालु ।

**हुटहुटी–** ना० [हुट+हुट] उत्साह दिँदै हतार गराउने काम; उत्साह; प्रेरणा ।

**हुटिटचाउँ–** ना० लामा खुट्टा, छोटो पुच्छर, कालो चुच्चो र खैरो पिठ्यूँ हुने, जलाशयका नजिकमा रहने एक चरो ।

**हुडुक्क–** ना० [सं०] डमरुका आकारको एक किसिमको ठूलो बाजा ।

**हुड्का–** ना० [हुड्को+आ] डमरुजस्तै तर केही लामो, बायाँ हातमा च्यापी दाहिने हातका औँलाले बजाइने, सुदूर पश्चिमाञ्चलका पहाड र तराईतिर, हुड्केहरूले भारत तथा कर्खा गाउँदा र अन्य स्थलमा दुसाद र डुमहरूले पनि प्रयोग गर्ने एक तालबाजा ।

**हुड्के–** ना० [हुड्का+ए] हुड्का बजाउने व्यक्ति वा वर्ग ।

**हुड्केली–** ना० [हुड्को+एली] पश्चिम नेपालमा प्रचलित दमाईं जातिले नाच्ने र गाउने लोकनृत्य एवं गीत ।

**हुड्को–** ना० हुड्केली गीतमा प्रचलित डमरुजस्तो सानो र दुईतिर फुकेको, हातले बजाइने बाजा; हुड्का ।

**हुत–** वि० [सं०] हवन गरिएको; आहुतिका रूपमा अग्निमा हालिएको; होमिएको ।

**हुतहुत–** क्रि० वि० [अ० मू० हुत्+अ (द्वि०)] धमाधम फाल्ने वा मिल्काउने गरी । >**हुतहुती–** क्रि० वि० अझै छिटो हुतहुत पारेर ।

**हुताशन–** ना० [सं०] अग्नि; आगो ।

**हुती–** ना० [सं० हूति] कुनै काम गर्ने उत्साह; ह्याउ; हिम्मत; आँट । **– कार–** ना० हुती भएको । **– हारा–** वि० हुती वा हिम्मत नभएको; हिम्मतहारा ।

**हुत्त–** क्रि० वि० [अ० मू० हुत्+त] १. हुत्त्याउने वा मिल्काउने गरी; खुत्त । २. छिटो गरी निस्कने वा पस्ने चालले । सात० हुतुतुतु । **हुत्तिनु–** अ० क्रि० जोडसित एकातिर घचेटिनु; हुत्त फ्याँकिनु; फालिनु । **हुत्त्याइ–** ना० १. हुत्तिने भाव, क्रिया वा प्रक्रिया । २. हुत्त्याउने भाव वा क्रियाप्रक्रिया । **हुत्त्याइनु–** क० क्रि० वेगसित मिल्काइनु । **हुत्त्याउनु–** स० क्रि० १. वेगसित मिल्काउनु वा फ्याँक्नु; हुर्‍याउनु । २. मन नपरेको वस्तु हटाउनु । ३. कुनै व्यक्तिलाई उसको स्थान वा पदबाट हटाउनु ।

**हुद्दा–** ना० [अ० अहद] सेनामा सिपाहीभन्दा माथिल्लो एक ओहदा; हवलदार । ~ **कर्मचारी–** ना० हवलदार क्लर्क ।

**हुनसम्मको–** वि० [हुनु+सम्म+को] सम्भव भएसम्मको; ज्यादै; हुनिविघ्न ।

**हुनहुन–** क्रि० वि० [अ० मू० हुन्+अ (द्वि०)] खोलो बगेको वा भमरा, माहुरी आदि कराएको जस्तो शब्द आउने गरी । > **हुनहुनाइ–** ना० हुनहुन आवाज निकाल्ने भाव, क्रिया वा प्रक्रिया । **हुनहुनाइनु–** अ० क्रि० झिँगा, भमरा आदि भन्किनु । **हुनहुनाउनु–** अ० क्रि० १. भमरो, माहुरी आदि कीरा कराउनु; हुनहुन आवाज गर्नु । २. खोला आदि वेगसित सुसाउनु । ३. झिँगा भन्कनु । **हुनहुनाहट–** ना० हुनहुनाउने भाव, अवस्था वा क्रियाप्रक्रिया; हुनहुनाइ ।

**हुनामी–** ना० [पा० हअमाण] हुनुपर्ने कुरा; भवितव्य; नभइनछोड्ने कामकुरो ।

**हुनिया–** ना० प्रायः हिमालका फेदीतिर रहने र घरजम नगर्ने एक फिरन्ता जाति ।

**हुनिविघ्न–** वि० [हुने+विघ्न] हुनसम्मको ।

**हुनिहार–** ना० [हुनेहार] सम्भावित कुरो वा घटना; हुनेहुनामी; भवितव्यता ।

**हुनी–** ना० [हु+नी] हुनुपर्ने कामकुरो; हुनुहुनामी ।

**हुनुहुनामी–** ना० [हुने+हुनामी] सम्भावित कामकुरो वा घटना; भइछाड्ने कुरा; भवितव्यता ।

**हुने–** ना० [हु+ने] १. हुनुपर्ने वा भएको । २. सम्पन्न । ३. राम्रो खानपिन भएको । ~**कुरो–** ना० १. मिल्दो कुरो; उचित बात । २. भवितव्यता । **– खाने–** वि० हुँदोखाँदो; सम्पन्न; धनी । **– हार–** ना० सम्भावित कुरो वा घटना; हुनेहुनामी; भवितव्य ।

– **हुनामी**– ना० हुनुहुनामी ।

**हुन्डर**– ना० [√ हुँडल] १. हूलदङ्गा; हूलहुज्जत; होहल्ला । २. ठूलो हावा; आँधी; तुफान । >**हुन्डरी**– वि० १. हुन्डर मच्चाउने; उपद्रवी; उपद्रो गर्ने । २. हडबडसँग काम गर्ने । ना० ३. हुन्डर ।

**हुन्डी**– ना० [हि०] १. धनसम्पत्ति लेनदेन गर्ने कुनै सङ्घ वा संस्थाद्वारा अन्यत्र रहेका आफ्ना वा अरू सङ्घसंस्थालाई 'कुनै वस्तु वा रुपियाँपैसा फलानालाई दिनू' भनी लेखिएको पत्र । २. त्यसरी पठाइएको धनमाल ।

**हुन्डो**– ना० पानी राख्ने ढकनी भएको तामाको ठूलो गाग्रो वा घ्याम्पो; रौँचा; रौँचे ।

**हुन्न**– क्रि० वि० [अ० मू० हुन्+न] १. भमरो, माहुरी, झिँगा आदि भन्कँदा सुनिने गरी; भमरा आदि कराउने चालले । ना० २. भमरा, माहुरी, झिङ्गा आदिको भुनभुनाहट ।

**हुन्यौलो**– वि० [हुने+यौलो] पछि असल हुने ठानिएको; होनहार ।

**हुप१**– ना० [अ० हूक] लुगाफाटोको सप्को अल्झाउन वा कपडाको छेउ अडचाउन प्रयोग गरिने धातुबाट निर्मित अङ्कुसे साधन; सेफ्टी पिन ।

**हुप२**– ना० वातविकारको प्रभावले एक्कासि पिठिउँ चस्केर दुख्ने व्यथा; झस्को । – **हारा**– वि० आँट नभएको; काँथर (**हुपहारा छोरो, रूपहारा छोरी**– उखान) ।

**हुप्प**– क्रि० वि० [अ० मू० हुप्+प] १. कुनै घाउचोट आदिको कारणले उक्सने वा सुनिने गरी । २. घमन्ड वा रिसले फुल्ने चालले ।

**हुबहु**– क्रि० वि० [फा० हूबहू] सकलीजस्तो; उस्तै; दुरुस्त; काटीकुटी ।

**हुम्**– ना० [सं०] १. सम्झना, दुबिधा, आशङ्का, रिस, घृणा आदि मानसिक भाव जनाउने शब्द । २. तन्त्रशास्त्रमा मन्त्रको अघिल्तिर वा पछिल्तिर प्रयोग गरेर भूतप्रेत आदिको लागो निवारण गर्ने बीजमन्त्र ।

**हुमाउ चरो**– ना० [फा० हुमा+चरो] लामालामा धेरै प्वाँख हुने, उक्त प्वाँखको कल्की बनाई राजामहाराजाहरूका शिरपेचमा लगाइने, सानो जीउ भएको सेतो वा पहेँलो एक जातको चरो ।

**हुमे**– ना० [√ होमे] होम गर्ने ब्राह्मण; पुरोहित; पुरेत । – **डुमे**– ना० पुरेत र दमाईं ।

**हुमेलो**– ना० [हूल+मेलो] घरायसी कामकाजमा वा विवाह आदिमा भेला भएका मानिसहरूको भीड; हूलमूल ।

**हुम्ला**– ना० कर्णाली अञ्चलको उत्तरपश्चिम भेगमा पर्ने एक जिल्ला ।

**हुरहुर**– क्रि० वि० [अ० मू० हुर्+अ (द्वि०)] १. दन्केर आगो बल्ने गरी; ह्वारह्वार । २. हावा चल्ने गरी । ३. धेरै मानिसहरू एकैसाथ पस्ने वा निस्कने गरी । >**हुरहुरती**– क्रि० वि० अझै हुरहुर हुने गरी । **हुरहुराइ**– ना० हुरहुराउने भाव, क्रिया वा प्रक्रिया । **हुरहुराइनु**– अ० क्रि० दन्केर बलिनु । **हुरहुराउँदो**– वि० १. दन्केर बल्लाजस्तो; ज्वाला मास्तिर गइरहेको । २. बतासिने खालको; दुर्बलताले अनुहार फीका परेको । **हुरहुराउनु**– अ० क्रि० १. दन्केर आगो बल्नु; चारैतिरबाट ज्वाला उठेर आगो दन्कनु । २. वेगसित हावा चल्नु; बतास चल्नु । ३. कुनै काम शीघ्रतापूर्वक गर्नु; हुर्दुराउनु । **हुरहुरिनु**– अ० क्रि० आगो दन्केर बल्नु; ज्वाला निस्केर आगो दन्कनु । **हुरकुरी**– क्रि० वि० हुरहुरती । **हुरहुरे**– वि० १. दन्केर बल्ने (दाउरा आदि) । २. हुरहुर गरेर चल्ने (बतास) । ३. हडबडाएर काम गर्ने; हडबडे ।

**हुरी१**– ना० [हुर्] निकै जोडसित बहने वायु; वेगसित चलेको हावा; आँधी; आँधीबेहरी ।

**हुरी२**– ना० [हूर] १. भोजन गर्न बस्ने मानिसहरूको डफ्फा । २. भोजनको पटक ।

**हुरुक्क**– क्रि० वि० [अ० मू० हुरुक्+क] १. मन परेको वस्तु पाउनका लागि हत्ते हाल्ने गरी । २. प्राणवायु निस्कने वा मर्ने चालमा ।

**हुरुरुरु**– क्रि० वि० [अ० मू०] १. हावा चल्ने वा चल्दा शब्द निस्कने गरी । २. निकै जोडसित दौडने चालले । ३. दन्केर आगो बल्ने गरी । ४. धेरै जना धमाधम आउने वा जाने किसिमले ।

**हुरेल्-नु**– स० क्रि० [हुर्+नु] १. फजुलमा धेरै खर्च गर्नु; अनावश्यक कामकुरामा पैसा मास्नु । २. हुर्र मिल्काउनु; फ्याँक्नु । ३. बेसरी खन्याउनु; खत्त्याउनु । ४. हुल्नु; कोच्नु । >**हुरेलधरेल**– ना० मालसामान र रुपियाँपैसा चाहिँदोभन्दा बढी खर्च गर्ने काम; फजुलको बढी खर्च । **हुरेलाइ**– ना० हुरेल्ने तथा हुरेलाउने भाव, क्रिया वा प्रक्रिया । **हुरेलाइनु**– क० क्रि० हुरेल्न लाइनु । **हुरेलाउनु**– प्रे० क्रि० बढी खर्च गराउनु । **हुरेलिनु**– क० क्रि० फजुलमा धेरै खर्च गरिनु ।

**हुर्क-नु**– अ० क्रि० [सं० हुर्क+नु] १. बाल्यावस्था पार गर्नु; बढ्नु; जवान हुनु । २. चराका बचेरा उड्न सक्ने हुनु । ३. आगो दन्केर बल्नु । ४. निकै जोडसित बतास चल्नु । >**हुर्काइ**– ना० हुर्कने तथा हुर्काउने भाव, क्रिया वा प्रक्रिया । **हुर्काइनु**– क० क्रि० हुर्कने पारिनु । **हुर्काउनु**– प्रे० क्रि० हुर्कने पार्नु । **हुर्किनु**– अ० क्रि० जवान होइनु; हुर्कनु । **हुर्क्याइ**– ना० हुर्किने भाव, क्रिया वा प्रक्रिया । **हुर्क्याहट**– ना० हुर्किने भाव, अवस्था वा क्रियाप्रक्रिया; हुर्क्याइ ।

**हुर्दुङ्ग**– ना० [हल्ला-दङ्गा] १. ठूलो हल्ला र दङ्गा; कोलाहल । २. जथाभावी खर्च गर्ने काम । >**हुर्दुङ्गो**– वि० १. जथाभावी पैसा खर्च गर्ने; फजुलमा धेरै खर्च गर्ने । २. हडबडे; हतपते । **हुर्दुङ्ग्याहा**– वि० हुर्दुङ्गे ।

**हुर्दुराइ**– ना० [√ **हुर्दुराउ** (+आइ)] हुर्दुराउने भाव, क्रिया वा प्रक्रिया । [>] **हुर्दुराइनु**– अ० क्रि० हडबडाइनु । **हुर्दुराउँदो**–

वि० १. निकै वेगसित दौडने खालको; छिटोछिटो हिँड्ने । २. कामकुरा राम्रोसँग नटुङ्ग्याउने; हतपते ।

**हुर्दुराउ-नु**– अ० क्रि० [हुर्र+दौड+आउ+नु] १. हडबडाउनु; आत्तिनु । २. चाँडोचाँडो दौडनु; दगुर्नु । ३. चटारिनु; हुर्दुरिनु । >[**हुर्दुरिनु**– क० क्रि० हुर्दुराउने काम गरिनु । **हुर्दुरे**– वि० हुर्दुराउने; हडबडे; हतपते । **हुर्दुन्याइ**– ना० हुर्दुरिने भाव, क्रिया वा प्रक्रिया ।

**हुर्मत**– ना० [अ० हुरमत] १. इज्जत; प्रतिष्ठा; आबरु । २. मान; गौरव । – **हारा**– वि० हुर्मत नभएको; बेइज्जती; नामर्द; हुतीहारा ।

**हुर्र**– क्रि० वि० [अ० मू० हुर्+र] १. चरा उड्दा आवाज आएझैँ गरी; चरा उड्ने किसिमले । २. हलुको चालसित छिटै आउने गरी । ३. हुर्त्याउने वा हुच्याउने चालमा । ४. बतास चल्ने गरी । ५. आगो बल्ने गरी; हर्र । >[**हुर्रा**– ना० १. गन्जिफाका खेलमा आफूसँग भएजति पत्ती एकै बाजि थापी खेलिने दाउ । क्रि० वि० २. फ्याँकिने वा हुर्त्याउने गरी । **हुर्रिनु**– अ० क्रि० १. वेगसित दौडनु; छिटोछिटो हिँड्नु । २. बेसरी दौडँदा लछारिनु वा पछारिनु । ३. चरा आदि उड्नु । ४. आगो दन्किनु ।

**हुर्रे१**– ना० ज्यामीलाई चमेनाका साथ खान दिइने जाँड वा रक्सी ।

**हुर्रे२**– वि० बो० [अङ्०] खेल आदिको प्रतियोगिताका विजयी पक्षले हर्ष प्रकट गर्न कराएर भनिने शब्द ।

**हुर्त्याइ**– ना० [√ **हुर्रि** (+याइ)] १. हुर्रिने भाव, क्रिया वा प्रक्रिया । [हुर्त्याउ+याइ] २. ना० हुर्त्याउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **हुर्त्याइनु**– क० क्रि० वेगसित फालिनु ।

**हुर्त्याउनु**– स० क्रि० [हुइ+याउ+नु] वेगसित फ्याँक्नु; हुर्र मिल्काउनु; हुत्त्याउनु; हुच्चनु ।

**हुर्हुर**– क्रि० वि० [अ० मू० हुर्+अ (द्वि०)] ज्वालाका राँको निकालेर आगो दन्कने गरी । >[**हुर्हुरे**– ना० एउटै भेट्नामा मिलेका पाँचपाँचवटा पात हुने, लामालामा खैरा रङका केशर भएका ससाना फूल फुल्ने र तोरीका जस्ता कोसा फल्ने एक बुटी; जलब्राह्मी ।

**हुल्-नु**– स० क्रि० [सं० हुल्+नु] १. भित्र पसाल्नु; छिराउनु; अँचेट्नु । २. कोच्नु; घुसार्नु ।

**हुल**– ना० [सं० कुल] धेरै मानिसहरूको समूह; प्राणीहरूको समूह; जमात । – **कुल**– ना० दङ्गा र विद्रोह; हूल उठाएर गरिने विद्रोह; आतङ्क । – **चाल**– ना० हूलदङ्गा; हूलमूल । – **दङ्गा**– ना० धेरै मानिसका बीचको झगडा; साम्प्रदायिक कलह; उपद्रव; मारपिट; लुटमार । – **मूल**– ना० धेरै मानिसको भीड; भीडभाड; ठेलमठेल । – **हाल**– ना० हूलमूल । – **हुज्जत**– ना० धेरै जना वा जमातै मिलेर गरिएको दङ्गा; हूलदङ्गा ।

**हुलाइ**– ना० [√ **हुल्** (+आइ)] हुल्ने भाव, क्रिया वा प्रक्रिया । [⊳] **हुलाइनु**– क० क्रि० हुल्न लाइनु । **हुलाउ**– ना० हुल्ने वा भर्ना हुने काम; प्रवेश । **हुलाउनु**– प्रे० क्रि० हुल्न लाउनु ।

**हुलाक**– ना० [अ० हुल्क] १. चिठीपत्र र पार्सल आदि लिने, ल्याउने र लैजाने व्यवस्था गर्ने सरकारी अड्डा; डाँक । २. डाँकबाट आवतजावत गर्ने सामग्री; चिठीपत्र पार्सल आदि । ~ **अड्डा**– ना० हुलाकसम्बन्धी काम गर्ने अड्डा; पोस्ट-आफिस । ~ **गोस्वारा**– ना० अधिराज्यभरको हुलाक-अड्डालाई सञ्चालन गर्ने केन्द्रीय हुलाकअड्डा; गोस्वाराहुलाक । ~ **घर**– ना० हुलाक रहेको घर; डाँकघर; हुलाकअड्डा । ~ **टिकट**– ना० डाँकसम्बन्धी मामिलाका लागि सरकारबाट जारी गरिएको टिकट । ~ **पत्र**– ना० हुलाकबाट आउनेजाने चिठी । ~ **महसुल**– ना० डाँकमहसुल । ~ **वस्तु**– ना० हुलाकका चिठीपत्र र पार्सल आदि । ~ **सार**– ना० १. सरकारी तहमा एक अड्डाले अर्को अड्डालाई जिम्मा लगाउँदै मोफसलबाट सरहदमा र सरहदबाट कुनै तोकिएको ठाउँमा चीजबीच, मानिस आदि पुऱ्याउने काम । २. दुनियाँदारी तहमा एक जिल्लाबाट कुनै वस्तु अर्को जिल्ला वा ठाउँमा पठाउँदा बीचबीचमा पर्ने जिमिदार वा गाउँको मुखियाछेउ जिम्मा लगाउँदै सो वस्तु तोकेको ठाउँमा पुऱ्याउने काम ।

**हुलाकी**– वि० [हुलाक+ई] १. हुलाकको; डाँकसम्बन्धी । ना० २. हुलाकमा आएका चिठीपत्र ओसारपसार तथा वितरण गर्ने कर्मचारी । ~ **घर**– ना० हुलाक-अड्डा ।

**हुलिया**– ना० [अ० हुलिय] १. मानिस वा वस्तुको चिनारी गराउने रूप, रङ्ग, आकृति, चिह्न आदिको विवरण । २. रूप; आकृति; बनोट । ३. विवरण । ४. खोलुवा कैफियत ।

**हुलुक्क**– क्रि० वि० [अ० मू० हुलुक्+क] खाएको वस्तु घाँटीबाट बाहिर निस्कने गरी; वमन गर्ने वा छाद्ने चालमा ।

**हुल्याहा**– वि० [हूल+याहा] १. हूलदङ्गा मच्चाउने; उपद्रो गर्ने; बिथोल्ने । २. हूलदङ्गा गर्न दल बाँधेर हिँड्ने ।

**हुल्लड**– ना० [हूल+अड] १. हुल्दङ्गा; होहल्ला । वि० २. हुल्याहा । – **बाज**– वि० हुल्लड मच्चाउने; हुल्याहा । – **बाजी**– ना० हुल्लडबाजहरूद्वारा गरिने उपद्रव ।

**हुल्ला**– ना० [√ हल्ला] १. हूल मिलेर गरिने उपद्रव; हूलदङ्गा । २. हूल; जमात ।

**हुस्स**– क्रि० वि० [अ० मू० हुस्+स] १. धूवाँजस्तो कुहिरो फैलने गरी । २. फुल्ने वा उक्सने किसिमले । ३. दूध, पानी आदि उम्लने गरी । >**हुस्सिनु**– अ० क्रि० हुस्स फुल्नु; सुन्निनु; उक्सिनु ।

**हुस्सु१**– ना० [हुस्स] धूवाँजस्तो पातलो कुहिरो ।

**हुस्सु२**– वि० [फा० होश+उ] १. होस नभएको; सुद्धी नभएको । २. मूर्ख; बेबकुफ । ~[**दण्ड**– ना० होस नपुऱ्याई काम गरेका कारणले हुने दण्ड, बेकुफी दण्ड ।

**हुस्से**– ना० [हुस्सु+ए] बिहान भुइँमै लाग्ने बाक्लो कुहिरो; हुस्सु ।

**हुस्स्याइ**– ना० [√ **हुस्सि** (+याइ)] १. हुस्सिने भाव, क्रिया वा प्रक्रिया । [हुस्स्याउ+आइ] २. हुस्स्याउने भाव, क्रिया वा प्रक्रिया । [⊳] **हुस्स्याइनु**– क० क्रि० हुस्सिने पारिनु । **हुस्स्याउनु**– प्रे० क्रि० हुस्सिने पार्नु; हुस्सिन लाउनु ।

हू– ना० हे० हु ।

**हूण/हून**– ना० [सं०] १. कैयन् पल्ट भारतको पश्चिमोत्तर सीमामा आक्रमण गर्ने, प्राचीन एक म्लेच्छ जाति । २. सम्भवतः हूणकै देशमा प्रचलित स्वर्णमुद्रा ।

**हूल**– ना० हे० हुल ।

**हृत**– वि० [सं०] १. हरण गरिएको; खोसिएको । २. चालै नपाइने गरी झिकिएको; चोरिएको । ३. मुग्ध पारिएको; मोहित । > **हृति**– ना० हरण गर्ने क्रिया वा भाव; हरण; खोसाइ ।

**हृत्कम्प**– ना० [सं०] हृदयको कम्पन; मुटुको धुकधुकी वा चाल ।

**हृत्केन्द्र**– ना० [सं०] हृदयको मध्य भाग; हृदय ।

**हृत्तन्त्री**– ना० [सं०] हृदयरूपी तन्त्री वा वीणा; हृदयमा बज्ने तार ।

**हृद्**– ना० [सं०] हृदय; मन ।

**हृदय**– ना० [सं०] १. प्रायः सबै प्राणीको शरीरमा छातीभित्र बायाँतिर हुने, स्पन्दनद्वारा शरीरभरिका नाडीहरूमा शुद्ध रगत फिँजाउने मांसकोश; मुटु । २. अन्तरात्मा; अन्तःकरण; चित्त; मन । ३. असल र खराब छुट्ट्याउने शक्ति; विवेक । ४. कुनै वस्तुको सारतत्त्व वा भित्री रहस्य । ५. ज्यादै प्यारो व्यक्ति । ६. कोमल भावना; भावुकता । – **ग्राही**– वि० हृदयलाई आकर्षित गर्ने वा वशमा पार्ने; रुचिकर तथा सुन्दर । > **हृदयङ्गम**– वि० १. हृदयमा राम्रोसँग घुसेको वा बोध भएको । २. मर्मलाई छुने; घतलाग्दो; मर्मस्पर्शी । ~ **पटल**– ना० मनको पाटो; भित्री मन । ~ **विदारक**– वि० हृदयलाई छियाछिया पार्ने; मुटु फुट्लाजस्तो; ज्यादै दुःखलाग्दो; दया, करुणा र शोक पैदा गर्ने । – **वेधी**– वि० हृदयलाई वेधन गर्ने; मुटु छेड्ने । ~ **स्पर्शी**– वि० १. हृदयलाई स्पर्श गर्ने; मुटु छुने । २. मनलाई द्रवित तुल्याउने; मुटु पगाल्ने । – **हारी**– वि० मनलाई मोहित पार्ने वा लोभ्याउने; मनोहर । – **हीन**– वि० मनमा कोमलता नभएको; निष्ठुर; निर्दय । > **हृदयालु**– वि० सहृदय; भावुक; स्नेही । **हृदयेश/हृदयेश्वर**– ना० १. प्रेमपात्र; प्रियतम । २. पति; स्वामी । **हृदयेश्वरी**– ना० हृदयकी मालिक्नी; पत्नी; प्रियतमा ।

**हृदाकाश**– ना० [सं०] हृदयरूपी आकाश; हृदय ।

**हृद्गत**– वि० [सं०] १. हृदयमा रहेको; मनमा गढेको । २. आन्तरिक; भित्री ।

**हृद्य**– वि० [सं०] १. अति मन परेको; प्यारो । २. हृदयसम्बन्धी; हार्दिक । ३. सुन्दर; मनोहर । ४. मीठो; स्वादिष्ठ ।

**हृषीकेश**– ना० [सं०] १. इन्द्रियहरूका स्वामी मानिने विष्णु । २. श्रीकृष्णको एक नाम । ३. भारतको हरिद्वारनजिकै उत्तरपूर्वमा रहेको एक प्रसिद्ध तीर्थ ।

**हृष्ट**– वि० [सं०] खुसी भएको; प्रसन्न; हर्षित । – **पुष्ट**– वि० १. बलियो र मोटो; मोटोघाटो । २. प्रसन्न र स्वस्थ ।

**हे**– वि० बो० [सं०] कसैलाई बोलाउँदा नामको अगाडि लगाइने अव्यय; सम्बोधनसूचक शब्द; ए ।

**हेँगा**– ना० [भोज०] रोपाइँका बेलामा गोरुद्वारा तानेर खेतको हिलो सम्म्याउने काठको बाक्लो र लाम्चो फलेक; लिँडुल्को ।

**हेँडिक**– ना० [हेँट (मग०)+डिक] १. बन्धकी राखिएको जग्गा वा वस्तु । २. एउटाले भोगबन्धकी खाइरहेको जग्गा, अर्काले रुपियाँ तिरी ल्याएको पछिको तमसुकमा भिडिने पहिलो तमसुकको कागत ।

**हेँहेँ**– ना० [अ० मू० हेँ (द्वि०)] हीँहीँ ।

**हेइ**– ना० [√ हे] भैँसीलाई बोलाउँदा भनिने शब्द ।

**हेका/हेक्का**– ना० [प्रा० हडक्क] १. स्मरणशक्ति; स्मृति; सम्झना; याद । २. हृदय; मन ।

**हेगुवा**– ना० ऐँसेलुको जत्रै बोट, मयलका जत्रा र अलि फुस्रा पात हुने एक बोट ।

**हेङ्गा**– ना० माछाको एक जात ।

**हेट**– ना० [प्रा० हेट्ट] १. तलको ठाउँ; छिँडी । २. पर्वतको फेदी; खुँज; कछार । > **हेटान**– पहाडको फेदी; खुँज । **हेटौँडा**– ना० १. पर्वतको पुछारको ठाउँ । २. नारायणी अञ्चलको एक प्रसिद्ध औद्योगिक क्षेत्र ।

**हेड**– वि० [अङ्०] १. प्रधान; मुख्य । ना० २. टाउको; शिर । ~ **आफिस**– ना० प्रधान कार्यालय । ~ **क्लर्क**– ना० मुख्य कारिन्दा । ~ **क्वाटर**– ना० सेना वा सैनिक सङ्गठनको केन्द्रीय कार्यालय । ~ **गुरु/पण्डित**– ना० मूल गुरु; प्रधान अध्यापक (पहिले-पहिले संस्कृत पाठशालामा प्रचलित) । ~ **मास्टर**– ना० प्रधान अध्यापक । – **लाइट**– ना० मोटर, रेल आदिमा अगिल्तिर जडिएको बत्ती; अग्रदीप ।

**हेतु**– ना० [सं०] १. कारण; प्रयोजन । २. लक्ष्य; उद्देश्य; अभिप्राय । ३. कारणलाई नै कार्यका रूपमा वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । ४. तर्कशास्त्रअनुसार कुनै सिद्धान्त स्थिर हुने युक्ति; साधन । – **वाद**– ना० १. प्रत्येक कुराको हेतु खोज्ने वा तर्क गर्ने नैयायिक मत । २. नास्तिकवाद । ३. तर्क; विवाद । – **वादी**– वि० हेतुवादको अनुयायी । > **हेत्वाभास**– ना० निष्कर्षमा कारण नभए पनि कारणजस्तै देखिने स्थिति; कारणहीन तथ्यमा कारणको आभास आउने एक नैयायिक सिद्धान्त । **हेत्वापह्नुति**– ना० साहित्यमा उमपेयका निषेधको कारण देखाएर उपमानको प्रस्थापन गरिँदा हुने अपह्नुति अलङ्कारको एक भेद ।

**हेप्-नु**– स० क्रि० १. कसैको डर, धाक, अदप आदि नमान्नु; अटेर्याइँ गर्नु । २. बल, बुद्धि अवस्था आदिमा अरूलाई आफूभन्दा तलको ठान्नु; अपमान गर्नु; हियाउनु । ३. थिचोमिचो गर्नु; दबाउनु । ४. बेवास्ता गर्नु; हेला गर्नु । > **हेपाइ**– ना० हेप्ने भाव, क्रिया वा प्रक्रिया । **हेपाइनु**– क० क्रि० हेप्न लाइनु । **हेपाउनु**– प्रे० क्रि० हेप्न लाउनु । **हेपाहा**– वि० हेप्ने बानी भएको; नटेर्ने; हेपुवा; मिचाहा । स्त्री० हेपाही । **हेपिनु**– क० क्रि० हेप्ने काम गरिनु । **हेपुवा**– वि० हेपाहा ।

**हेम**– ना० [सं०] १. सुन; स्वर्ण; सुवर्ण । – **गिरि**– ना० सुमेरु

पर्वत ।

**हेमन्त**– ना० [सं०]१. छ ऋतुमध्ये पाँचौँ ऋतु; मङ्सिर र पुस महिनाको ऋतु । २. जाडोयाम; हिउँद । ~ **ऋतु**– ना० हेमन्त ।

**हेमाद्रि**– ना० [सं०]१. सुमेरु पर्वत । २. दान, व्रत, तीर्थ, मोक्ष र परिशेष गरी जम्मा पाँच खण्ड भएको 'चर्तुवर्ग-चिन्तामणि'-नामक प्रसिद्ध प्रामाणिक ग्रन्थ लेख्ने, इस्वीको तेह्रौँ शताब्दीका एक विद्वान् पुरुष ।

**हेय**– वि० [सं०]१. छोड्न योग्य; त्याज्य । २. खराब; रद्दी । ३. तुच्छ; निकृष्ट; नीच ।

**हेर्-नु**– स० क्रि० [प्रा० हेर्+नु] १. आँखाद्वारा कुनै व्यक्ति वा वस्तुको रूप, रङ्ग, आकृति आदिको ज्ञान प्राप्त गर्नु; आँखा लगाउनु; दर्शन गर्नु । २. रेखदेख पुऱ्याउनु; हेरविचार गर्नु । ३. कुरुवा बस्नु; कुर्नु; रुङ्नु । ४. ज्योतिष-शास्त्रअनुसार कसैको ग्रहगतिको शुभ वा अशुभ फल बताउनु । ५. बाटो कुर्नु; प्रतीक्षा गर्नु । ६. अध्ययन गर्नु; लिखित वा मुद्रित लिपिबाट ज्ञान हासिल गर्नु । ७. भूत-प्रेत, बोक्सी आदिको लागो विचार गर्नु । ८. विवेक पुऱ्याउनु; विचार गर्नु । ९. पालन-पोषण गर्नु ।

**हेर**– वि० बो० [हेर्+अ] १. कसैलाई चेतावनी दिँदा वा सावधान बनाउँदा भनिने शब्द । ना० २. हेर्ने काम; हेराइ । – **चाह**/**चाहा**– ना० १. चारैतिर दृष्टि पुऱ्याएर रेखदेख गर्ने काम; हेरविचार; रेखदेख । २. पालनपोषण; भरणपोषण । – **फेर**– ना० १. बदल्ने वा बदलिने काम; अदलबदल; परिवर्तन । २. कुनै वस्तुको साटफेर; विनिमय ।

**हेरम्ब**– ना० [सं०]१. गणेश । २. गर्व गर्ने वीर; धीरोद्धत नायक ।

**हेरविचार**– ना० [हेर+विचार] हेर्ने र विचार पुऱ्याउने काम; हेरचाह ।

**हेराइ**– ना० [√ **हेर्** (+आइ)] हेर्ने भाव, क्रिया वा प्रक्रिया । [⊵] **हेराइनु**– क० क्रि० हेर्न लाइनु; देखाइनु । **हेराउनु**– स० क्रि० १. ज्योतिषीलाई ग्रहगोचरको फल देखाउनु । २. धामी, झाँक्री आदिद्वारा भूतप्रेत, बोक्सी आदिको बाधा जँचाउनु । प्रे० क्रि० ३. हेर्न लगाउनु; देखाउनु ।

**हेराहेर**– ना० [हेर्+हेर] परस्परमा एकले अर्कोलाई हेर्ने काम; देखादेख । >**हेराहेरि**– क्रि० वि० हेर्दाहेर्दै; आँखाकै सामुन्नेमा ।

**हेरि**– वि० बो० [हेर+ई] १. कुनै कामकुरामा कसैको ध्यान आकृष्ट गर्दा भनिने शब्द । २. हेर ।

**हेरिनु**– क० क्रि० [हेर्+इ+नु] हेर्ने काम गरिनु; देखिनु ।

**हेरोफेरो**– ना० [हेर+फेरो] १. आँखाले तत्काल देख्न सकिने ठाउँ; दृष्टिगोचर क्षेत्र । २. सेरोफेरो; लगापात ।

**हेल्-नु**– स० क्रि० [सं० हेलन+नु] १. गाईभैँसी, घोडा आदिलाई खोलो वा नदी तार्नका लागि पानीको भेलमा पसाउनु । २. हुल्नु; पसाउनु ।

**हेल१**– ना० गाई, भैँसी आदि पालेर दूध बेची जीविका चलाउने जाति; अहिर ।

**हेल२**– ना० [अ० हिलिओग्राफ] झन्डा, बत्ती आदिको सङ्केतबाट सैनिकहरूले कुरा बुझाउने वा सूचना दिने काम ।

**हेल३**– ना० [सं० हेपी] घोडाको गलथना र गर्धन बाँध्ने धागाको डोरी ।

**हेलचक्र्याइँ**/**हेलचेक्र्याइँ**/**हेलच्याँक्री**– ना० [सं० हेला+चक्र+याइँ] १. जरुरी कामकुरामा पनि ध्यान नदिने प्रवृत्ति; उपेक्षा; बेवास्ता । २. हेप्ने काम वा बानी; अटेऱ्याइँ ।

**हेलत्व**– ना० [हेलाँ] हेलाँ; अपमान ।

**हेलन**– ना० [सं० हेला] हेला । (उदा०– सीता हर्नु थिएन हेलन गरी सीताजि हर्नूभयो ।– भानुभक्तीय रामायण) ।

**हेलमेल**– ना० [हिल+मिल] १. मेलमिलाप; मिलजुल; हिलमिल । २. बसाउठी; सङ्गत ।

**हेलम्बु**– ना० [भो० ब०] नेपाल अधिराज्यको सिन्धुपाल्चोक जिल्लाको उत्तरी भेगमा रहेको, पर्यटनव्यवसायका दृष्टिले प्रसिद्ध रमणीय स्थान ।

**हेलाँ**– ना० [सं० हेला] १. हेला; तिरस्कार; अपमान । २. बेवास्ता; उपेक्षा ।

**हेला**– ना० [सं०]१. कसैको स्थान वा पदअनुसार आदर नगर्ने काम; अनादर; अपमान । २. बेवास्ता; उपेक्षा । ३. धृष्टतापूर्वक आँखा, हात आदि नचाएर क्रीडा व्यक्त गर्ने स्त्रीको चेष्टा । ४. क्रीडा; केलि ।

**हेलिकोप्टर**– ना० [अङ्० हेलिकप्टर] माथितिर लामा पङ्खा हुने, आकाशमा एकै ठाउँ केही बेर स्थिर पनि रहन सक्ने, उड्न र बस्न धेरै ठाउँ नचाहिने एक विमान ।

**हेलिनु**– क० क्रि० [हेल्+इ+नु] १. हेल्ने काम गरिनु । अ० क्रि० २. नदी, खोलो आदिको वेग विचारै नगरी वा पारी तर्ने डरै नमानी पानीको भेलमा पस्नु । ३. एक्कासि युद्ध, सङ्घर्ष आदिमा लाग्नु; होमिनु ।

**हेलीमेली**– वि० [हेल+मेल+ई] १. हेलमेल भएको; मेलमिलाप देखिएको २. मिलनसार ।

**हेलै**– क्रि० वि० [हेला+ऐ] सजिलैसँग कुनै झन्झट नभईकन; सहजै ।

**हेल्याइ**– ना० [हेलि+याइ] हेलिने भाव, क्रिया वा प्रक्रिया ।

**है**– वि० बो० १. कतै टाढाबाट बोलाउँदा प्रत्युत्तरमा भनिने शब्द; हँ । निपा० २. जे भन्ने हो, भनिसकेपछि विशेष अनुनय वा प्रार्थना जनाउन वाक्यका अन्तमा प्रयोग गरिने शब्द । (उदा०– तिमी त साँच्चै लोभी रहेछौ है) । ३. सावधान हुँदा वा कुनै काम कुराको मन्जुरी गराउँदा भनिने शब्द । (उदा०– यस्तो काम नबिर्सीकन गरिदिनू है) ।

**हैँसा**– ना० अंश; भाग । (उदा०– भाइभाइमा बाँडिने भाग अंशको हैँसा हो) । >**हैँसे**– ना० १. कुनै गह्रौँ वस्तु धेरै जना मिलेर उचाल्दा, ठेल्दा, तान्दा वा पल्टाउँदा बल मिलाउन बोलिने

बोली; सहयोगी स्वर । २. सहयोग । ३. कामको भाग ।

**हैकम–** ना० [अ० हुक्म] १. अह्रोट; हुकुमत; तैनाथ । २. अनुशासन; नियन्त्रण; अदब । ३. प्रभाव; दबदबा । ४. नियन्त्रण; कब्जा । **– वादी–** वि० हैकम चलाउने; प्रभुत्ववादी ।

**हैजा–** ना० [अ० हैज:] तारन्तार दिसा र वमन भइरहने एक सङ्क्रामक रोग; विसूचिका; उपरतली; कलेरा ।

**हैम–** वि० [सं०] १. सुनको; स्वर्णसम्बन्धी । २. हिउँको; हिउँसम्बन्धी ।

**हैमन्तिक–** वि० [सं०] हेमन्त ऋतुको; हेमन्तसम्बन्धी ।

**हैमी–** वि० [सं०] १. सुनको । २. सुनौला रङको (प्रभा आदि) । ३. हेमन्त ऋतुको; हैमन्तिक ।

**हैरान–** वि० [अ०] १. छक्क पार्ने तथा उदेकलाग्दो कामकुरा बेहोर्नु परेर आत्तिएको; दिक्दार; वाक्क । २. हिँड्दा, घुम्दा, खोज्दा आदि कारणले व्याकुल । ३. थाकेको; थकित; क्लान्त । > **हैरानी–** ना० १. दिक्दारी; खिन्नता । २. थकाइ; पीडा । ३. धपेडी; धामा ।

**हैसियत–** ना० [अ०] १. सामाजिक तथा आर्थिक स्तर वा योग्यता; सामर्थ्य; शक्ति । २. मानमर्यादा; इज्जत; प्रतिष्ठा । ३. धनसम्पत्ति । **– दार–** वि० सामाजिक प्रतिष्ठा वा आर्थिक स्थिति दह्रो भएको; सम्पन्न । **– वाला–** वि० हैसियतदार ।

**हो१–** अ०क्रि० [√ हु] १. 'हुनु' क्रियाको आज्ञार्थी भाव बुझाउने शब्द । (उदा०– तँ यस्तै खराब हो) । निपा० २. स्वीकृतिसूचक वा सन्तोष जनाउने अव्ययशब्द; अँ । (उदा०– हो, तिमीले केही महिनाअघि भनेजस्तै नतिजा देखियो) ।

**हो२–** सम्बो० [सं०] हे; ए (प्रायः शब्दका अन्तमा, जस्तै– भाइहो ! साथीहरूहो ! इ०) ।

**होइनु–** अ० क्रि० [हु+इ+नु] मौजुद रहिनु; विद्यमान रहिनु; भइनु ।

**हो कि–** वि० बो० [हो+कि] सम्भावना जनाउने वा सन्देह र साक्ष्यको सूचना गर्ने पदावली (उदा०– ऊ घर आएको हो कि । त्यो कुरा हो कि होइन थाहा छैन) ।

**होक्काँ/होक्राँ–** क्रि० वि० [सं० हुङ्कार] १. साँढे वा बहर डुक्रने किसिमसँग । ना० २. त्यस्तो डुक्राइको शब्द । ३. लड्नका निम्ति सुर्‍याइँसाथ दिइने हाँक; जोरीखोजाइ ।

**होक्राङ–** ना० [सं० हुङ्कार] १. बाघको शब्द वा गर्जन । २. होक्काँ; होक्राँ । > **होक्राङे–** ना० १. सानो खालका बाघको एक जात । वि० २. होक्राङ गर्ने ।

**होचाइ–** ना० [होचो+आइ] होचो हुनाको भाव वा अवस्था; होचोपन ।

**होचि-नु–** अ० क्रि० [होचो+इ+नु] १. अर्को वस्तुभन्दा कम उचाइको हुनु; होचो हुनु । २. नीचो हुनु; कमजोर हुनु ।

**होची–** ना० [होचो+ई] होचोको स्त्रीरूप वा लघुरूप । वि० होचो भएकी; पुड्की । **– अर्घेली–** ना० १. केही अज्ञान र केही बिराम । २. न्याय र अन्याय ।

**होचो–** वि० [सं० ह्रस] १. उच्चाइमा कुनै अर्कोभन्दा कमको; अग्लो नभएको । २. सानो कदको; पुड्को (व्यक्ति) । ३. निर्धो; कमजोर ।

**होच्याइ–** ना० [√ **होचि** (+याइ)] १. होचिने भाव, क्रिया वा प्रक्रिया । [होच्याउ+आइ] २. होच्याउने भाव, क्रिया वा प्रक्रिया । [≥] **होच्याइनु–** क० क्रि० होचो पारिनु । **होच्याउनु–** स० क्रि० १. अग्लाइ वा उचाइ कम पार्नु; होचो गराउनु । २. निन्दा गर्नु; तुच्छ्याउनु; ह्याउनु ।

**होजरी–** ना० गन्जी, मोजा, स्विटर आदि बुन्ने व्यवसाय ।

**होटेल–** ना० [अङ्०] मूल्य तिरेर खानपिन गरिने वा भाडा दिएर यात्रीहरू केही समय बस्ने, सुत्ने विश्रामस्थान; आवासीय भोजनालय । ~ **कर–** ना० होटेलको व्यवसायका आधारमा सरकारबाट उठाइने शुल्क । ~ **व्यवसाय–** ना० होटेल खोलेर धन आर्जन गरिने उद्योग ।

**होड१–** ना० दुई वस्तुका बीचको, थोरै करायेँ परेको छिद्र; अन्तर ।

**होड२–** ना० [सं० होड] १. बाजी; सर्त । २. प्रतियोगिता; प्रतिस्पर्धा । **– बाजी–** ना० १. बराबरी हुनका निम्ति गरिने प्रण वा प्रयत्न; बाजी; सर्त । २. प्रतिस्पर्धा; प्रतिद्वन्द्विता । ३. तँछाडमछाड ।

**होता–** ना० [सं०] होम गर्ने ब्राह्मण; ऋत्विक् ।

**होत्रो–** ना० [हतौडो] फलामको काम गर्ने कारिगरहरूको ठूलो घन; हतौडा ।

**होनहार–** वि० [हि०] १. भविष्यमा असल बन्ने खालको । २. परन्तुमा योग्य बन्ने लक्षण भएको । ३. जेहनदार; प्रतिभाशाली । ४. ज्यादै सिपालु; निपुण ।

**होपजग्गा–** ना० ठूलठूला जागिरदारलाई पेन्सनको सट्टा आयस्ता खान पाउने गरी दिइएको जग्गा ।

**होपापापी–** ना० १. लाभ हुने कुनै कामकुरामा लोभिएर गरिने प्रतिद्वन्द्विता वा तँछाडमछाड । २. लोभले गर्दा छिटोछिटो खाने काम ।

**होम्-नु–** स० क्रि० [सं० होम+नु] १. यज्ञको अग्निकुण्डमा विधिपूर्वक मन्त्र उच्चारण गरी घिउ, चरु आदिको आहुति दिनु; होम गर्नु; हवन गर्नु । २. कसैलाई खतरनाक काममा अल्झाउनु; झोस्नु ।

**होम–** ना० [सं०] १. अग्निकुण्डमा विधिपूर्वक मन्त्र पढेर घिउ, चरु आदि हाल्ने काम; हवन । २. अग्निमा आहुति दिएर गरिने यज्ञ । **– कुण्ड–** ना० होम गर्न आगो बालिने कुण्ड वा पात्र ।

**होमाइ–** ना० [√ **होम्** (+आइ)] होम्ने भाव, क्रिया वा प्रक्रिया । [≥] **होमाइनु–** क० क्रि० होम गराइनु । **होमाउनु–** प्रे० क्रि० होम गराउनु ।

**होमियोप्याथ–** ना० [अङ्०] होमियोप्याथी चिकित्साप्रणालीद्वारा उपचार गर्ने व्यक्ति । > **होमियोप्याथिक–** वि० होमियोप्याथीसम्बन्धी; होमियोप्याथीको । **होमियोप्याथी–** ना० रोगका उस्तै लक्षणहरू उब्जाउने पदार्थद्वारा नै कुनै रोगको निदान गर्ने सिद्धान्तमा आधारित एक पाश्चात्य चिकित्सा-प्रणाली ।

**होमे–** वि० [होम+ए] १. होम गर्ने; हवन गर्ने । ना० २. होम गर्ने

ब्राह्मणलाई निन्दा गरी भनिने शब्द । ३. पुरोहित; ब्राह्मण ।

**होरा**– ना० [सं० युनानी भाषाद्वारा गृहीत] १. अहोरात्रको चौबीसौँ भाग; एक घण्टाको समय । २. ज्योतिषशास्त्रका अनुसार जन्मकुण्डलीको ग्रहगति हेरेर शुभाशुभ फल बताउने विद्या, जातकशास्त्र । ३. जन्मपत्रिका; लग्नकुण्डली । ४. कुनै राशि वा लग्नको आधा भाग । ५. खेतबारी जोत्दा छेउ वा टुङ्गोमा पुगेपछि गोरु फर्काएर अर्को सियामा लगाउन हलीले भन्ने आज्ञावाचक शब्द ।

**होरी**– ना० [होली] फागु; होली; होलिकोत्सव ।

**होलिका**– ना० [सं०]१. फागुन शुक्ल पूर्णिमाका दिन दहन गरिने चीर । २. होली; फागु ।

**होली**– [सं० होलिका] १. फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म परस्परमा रङ छ्यापेर वा अबिर दली आनन्दका साथ मनाइने उत्सव; फागु; होरी । २. फागुका अवसरमा गाइने गीत वा त्यसको लय ।

**होलो**– वि० १. श्रम, भार, पैसा आदि कम्ती पर्ने; सजिलो; सरल । २. भीडभाड नभएको; घुइँचो नभएको । ३. सजिलैसित कुनै वस्तु छिर्ने वा फुक्ने; खुकुलो । ~ **खुकुलो**– वि० सजिलो र सन्चसुबिस्ताको । – **मोलो**– ना० होलोखुकुलो ।

**होल्डर**– ना० [अङ्०] १. नीब जडेर मसीमा चोबी लेख्ने कलम । २. तारसँग सम्बन्ध गराई बत्ती बाल्न बिजुलीको चिम अडयाउने साधन ।

**होल्डाल**– ना० [अङ्०] यात्रा गर्दा वा परदेश जाँदा काममा ल्याइने बिछ्याउना, ओढ्ने आदि हाली गुन्टाजस्तो बनाएर बाँधिने ओछ्यानका छाँटको लामो थैलो ।

**होस**– ना० [फा० होश] १. चेतना; ज्ञान; सुद्धी । २. सम्झना; स्मरण; याद । ३. अक्कल; बुद्धि; समझ । – **हवास**– ना० होस र अक्कल; बुद्धि र सुद्धी । >**होसियार**– वि० १. होस वा चेतना भएको; सचेत; सजग; सावधान । २. समझदार; बुद्धिमान् ३. चलाख; धूर्त । **होसियारी**– ना० १. होसियार हुनाको भाव, गुण वा अवस्था; सावधानी; सचेतता । २. चतुऱ्याइँ, चलाखी । ३. समझदारी; बुद्धिमानी ।

**होस्टे**– ना० धेरै जना मिलेर कुनै गह्रौं वस्तु उचाल्दा, तान्दा वा ठेल्दा एकसाथ बल लगाउन हौसला दिने बोली; गुहार; सहायता । ~ **हैँसे**– ना० समान सहायता; एकनासको बल ।

**होस्ल्याङ**– वि० होस वा रङ्गढङ्ग नभएको; सुद्धीबुद्धि हराएको; हुस्सू । >**होस्ल्याङे**– वि० होस्ल्याङ; हुस्सू ।

**होहल्ला**– ना० [हो+हल्ला] भएनभएका कामकुरा वा घटनाको व्यापक हल्ला; हल्लीखल्ली; खलबली ।

**होहो**– ना० [हो (द्वि०)] बहकावट; लहैलहै; लैलै । >**होहोरे**– ना० अर्काको लहैलहै; उलामाला ।

**हो होइन**– वि० [हो+होइन] १. साह्रै कम्ती; नजानिँदो । २. साँचोझूटो पर्गेल्नुपर्ने । ना० ३. सकारात्मक वा नकारात्मक शब्द; अँ तथा नाइँ ।

**हौआ**– ना० हौवा ।

**हौज**– ना० [अ०] नुहाउन वा बोटबिरुवा सिँच्नका निम्ति पानी जम्मा गरिराख्ने कुण्ड ।

**हौडा**– ना० [हल्ला] १. ठूलो कोलाहल; होहल्ला । २. अफबाह; हल्ला ।

**हौदा**– ना० [अ०] आरामसँग मानिस बस्नका लागि हात्तीका पिठ्यूँमा कसिने आसन ।

**हौवा**– ना० [हाउ+आ] १. निराधार वा तथ्यहीन कुरो; उडन्ते हल्ला । २. मनमा त्रास पैदा गराउने काल्पनिक वस्तु ।

**हौस-नु**– अ० क्रि० [हौसला+नु] उत्साहित हुनु; रौसनु ।

**हौसला**– ना० [अ०] १. कुनै सन्तोष तथा प्रसन्नता पाउन चाहिने हिम्मत वा साहस; उत्साह; आँट । २. सामर्थ्य; शक्ति । ३. आकाङ्क्षा; अभिलाषा ।

**हौसाइ**– ना० [√ **हौस** (+आइ)] हौसने भाव, क्रिया वा प्रक्रिया । [>] **हौसाइनु**– अ० क्रि० हौसने होइनु । **हौसाउनु**– स० क्रि० १. उक्साउनु; रौसाउनु । अ० क्रि० २. हौसिनु । **हौसिनु**– अ० क्रि० उत्साहित हुनु; काम गर्न तम्सिनु; सुरिनु । **हौस्याइ**– ना० हौसिने तथा हौस्याउने भाव, क्रिया वा प्रक्रिया । **हौस्याइनु**– क० क्रि० हौसला दिइनु । **हौस्याउनु**– प्रे० क्रि० हौसला दिनु; उत्साहित पार्नु; सुऱ्याउनु ।

**ह्नेदिक**– ना० यो० १. समीप; निकट; नगिच । २. अगाडि; अघि; अघिबाट ।

**ह्याइनु**– क० क्रि० [ह्याउ+इ+नु] ह्याउने काम गरिनु ।

**ह्याउ**– ना० [हियो <सं० हृदय] १. आत्मबल; मानसिक बल । २. साहस; हिम्मत; आँट ।

**ह्याउ-नु**– स० क्रि० [सं० हेय+नु] १. अपमान गर्नु; हेला गर्नु; तुच्छ ठान्नु । २. बेवास्ता गर्नु; हेप्नु ।

**ह्याकुलो**– ना० [सं० हृदयक्रोड, नेवा० ह्याकुला] छातीको अगिल्लो उठेको भाग; छाती ।

**ह्याङगर**– ना० [अङ्०] १. हवाईजहाज आदि राख्ने घर; विमानशाला । २. कोट आदि झुन्डयाउने काठ वा तारको साधन ।

**ह्युम**– ना० [भो०ब०] लामाहरूको धर्मग्रन्थ ।

**ह्युमपाइप**– ना० [अङ्०] खहरे, कुलो आदिको पानी सडकको वार पार गराउन राखिने सिमेन्टको ढ्वाङ ।

**ह्रद**– ना० [सं०] प्राकृतिक रूपले पानी जमेको ठाउँ, ठूलो तलाउ; दह (जस्तो– नागह्रद) । २. ध्वनि; नाद । ३. किरण ।

**ह्रस्व**– वि० [सं०]१. छोटो कदको; पुड्को; गान्टे । २. लामो नभएको; अपेक्षाकृत छोटो । ३. एक मात्राको वा एक मात्राकालमा उच्चरित हुने; लघु (अ इ उ ऋ स्वर) । ~ **दीर्घ**– ना० ह्रस्व र दीर्घ; ह्रस्वदीर्घसम्बन्धी वर्णविन्यास । >**ह्रस्वीभवन**– ना० दीर्घ स्वर ह्रस्व स्वरमा परिवर्तित हुने प्रक्रिया ।

**ह्रास–** ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुको गुण, अस्तित्व, मात्रा आदि क्रमशः घट्तै जाने क्रिया वा स्थिति; न्यूनता; कमी । २. विनाश; क्षय; क्षीणता । >**ह्रासोन्मुख–** वि० ह्रास हुन थालेको; घट्दै गएको; पतनोन्मुख ।

**ह्लाद–** ना० [सं०] प्रसन्नता; खुसीयाली; आह्लाद । >**ह्लादक–** वि० प्रसन्न गराउने; खुसी तुल्याउने; आह्लादक ।

**ह्लासा–** ना० [भो० ब०] तिब्बत स्वशासित क्षेत्रको राजधानी; ल्हासा ।

**ह्वाँ–** ना० [अ० मू०] चर्को रूपमा रुँदा मुखबाट निस्कने आवाज । – **ह्वाँ–** क्रि० वि० डाँको छोडेर रुने गरी ।

**ह्वाइ–** ना० [ता०] तामाङ जातिमा प्रचलित धार्मिक जात्रा र चाडपर्वमा गाइने प्रायः मानवसृष्टिसँग सम्बन्धित विषय भएको लोकगीत ।

**ह्वाङह्वाङ–** क्रि० वि० [अ० मू० ह्वाङ्+अ (द्वि०)] १. बाघ, सिंह आदि गर्जने वा ठूलो स्वर गरी कुकुर भुक्ने किसिमसित । २. ठूलो खोलो कराएको आवाज सुनिने गरी । ना० ३. त्यस्तो गर्जाइ, भुकाइ वा कराइको आवाज । >**ह्वाङह्वाङती/ह्वाङह्वाङी–** क्रि० वि० १. ह्वाङह्वाङको ठूलो आवाजका साथमा । २. घर, कोठा, दुलो आदि खाली वा खुला हुने गरी; छर्लङ्ग देखिने चालसित; ड्वाङड्वाङती ।

**ह्वाङ्ग/ह्वाङ्ङ–** क्रि० वि० [अ० मू० ह्वाङ्-ग/ङ] १. एक्कासि कुकुर, बाघ आदि कराउने वा तिनले झम्टने किसिमसित । २. घर, कोठा आदि एकदम खुला रहने गरी; उदाङ्ङ । ३. ठूलो प्वाल परेर ।

**ह्वात–** ना० [अ० मू० ह्वात्+अ] पानी आदि तरल पदार्थ वा मसिनु अन्न दिने, पोख्ने वा मिल्काउने चाल । >**ह्वाततत–** क्रि० वि० लेदो पदार्थ भएजति पोखिने वा खत्तिएजस्तै गरी; खततत । **ह्वातह्वात/ह्वातह्वाती–** क्रि० वि० बारम्बार ह्वात शब्दका साथमा । **ह्वात्त–** क्रि० वि० १. एकै खेपमा पोखिने वा खत्तिने चालसित । २. रूख, बिरुवा, मानिस आदि एकाएक बढेर । ३. कुनै काम झटपट गरिहाल्ने किसिमले ।

**ह्वान्द्राङ्ङ–** क्रि० वि० [अ० मू० ह्वान्द्राङ्+ङ] धातु आदिको ठूलो वस्तु खस्ता वा हावाको जोडले ढोका आदि लाग्दा आवाज आउने गरी । >**ह्वान्द्राङ्ङे–** वि० १. ह्वान्द्राङ्ङ आवाज निस्कने । २. निकै ठूलो; डँडाक; घ्वाँक ।

**ह्वान्द्रे–** वि० [अ० मू० ह्वान्द्राङ+ए] आकार वा परिमाणमा निकै ठूलो; घ्वाँक । ~**मुसो–** ना० ठूलो जात वा आकारको मुसो ।

**ह्वाप्प–** क्रि० वि० [अ० मू० ह्वाप्+प] १. ठूलो भाँडामा सानो वस्तु एकै चोटि पस्ने गरी । २. खाँदा ठूलो गाँस हालेर ।

**ह्वाम्म–** क्रि० वि० [अ० मू० ह्वाम्+म] १. एकाएक हाम फाल्ने गरी; भ्वाम्म । २. खाँदा ठूलो गाँस हाल्ने चालसित ।

**ह्वारह्वार–** क्रि० वि० [अ० मू० ह्वार्+अ (द्वि०)] १. ठूलो ज्वाला उठेर आगो बल्ने वा त्यसरी बल्दा शब्द आउने गरी । २. बेसरी पानी पर्ने किसिमसँग । ३. धेरै मानिस एकै मेसोमा पस्ने वा निस्कने गरेर । >**ह्वारह्वारती/ह्वारह्वारी–** क्रि० वि० अझै ह्वारह्वार भएर ।

**ह्वार्र–** क्रि० वि० [अ० मू० हुर्> ह्वार्+र] १. दाउरा, बत्ती आदि बल्दा एकैबाजि ज्वाला उठ्ने गरी; हुर्र । २. निकै जोडले पानी पर्ने किसिमसित । ~ **ह्वार्र–** क्रि० वि० लगातार ह्वार्र भएर ।

**ह्वार्लाङ–** क्रि० वि० [अ० मू०] सिएको कपडा आदि छाँटकाँट नमिली ठूलो हुने किसिमले । >**ह्वार्लाङे–** वि० १. छाँटकाँट नमिलेको र भद्दा खालको; ठूलो (लुगा) । २. होस्ल्याङ; हुस्सू । **ह्वार्लाङ्ङ–** क्रि० वि० १. ठूलो वस्तु खस्ने, भत्कने वा त्यस्तो हुँदा आवाज निस्कने गरी । २. अग्लो ठाउँबाट खस्ने वा फाल हाल्ने चालसित ।

**ह्वालह्वाल–** क्रि० वि० [अ० मू० ह्वाल्+अ (द्वि०)] पानी आदि तरल पदार्थ प्रशस्त बगिरहने वा बगिरहँदा शब्द निस्कने प्रकारसित । >**ह्वालह्वालती/ह्वालह्वाली–** क्रि० वि० अझै ह्वालह्वाल भएर ।

**ह्वालालाला–** क्रि० वि० [अ० मू० ह्वाल्+ल (द्वि०)] ठूलो धारा छुटेर पानी आदि तरल पदार्थ बग्ने, पोखिने वा त्यसो हुँदा शब्द निस्कने गरी; नरोकिई बाढी आउने चालसित ।

**ह्वाल्ल–** क्रि० वि० [अ० मू० ह्वाल्+ल] पानी, दूध आदि पन्यालो पदार्थ एक्कासि सबै पोखिने गरी ।

**ह्वासह्वास–** क्रि० वि० [ह्वास्+अ (सात०)] १. नराम्रो गन्ध आउने गरी; हरक चल्ने किसिमले । २. उक्सने, फुल्ने वा चाँडै बढ्ने गरी । ३. विचार नगरी काम गर्ने, बोल्ने वा घरमा पस्ने गरी । ४. भासिने वा फस्कने किसिमले । >**ह्वासह्वासती/ह्वासह्वासी–** क्रि० वि० ह्वासह्वासको क्रम अझै बढेर ।

**ह्वास्स–** क्रि० वि० [अ० मू० ह्वास्+स] १. अपर्झट दुर्गन्ध, हरक, बाफ आदि आउने गरी । २. जमिन भत्केर खस्ने वा भासिने चालले । ३. एकाएक उक्सने, फुल्ने वा बढ्ने गरेर । ४. पानी आदि तताएको पदार्थ ताप पुगेर उम्लने गरी ।

**ह्विस्की–** ना० [अङ्०] उखु वा जौ आदि अन्नबाट बन्ने एक किसिमको रक्सी ।

**ह्वेल–** ना० [अङ्०] पृथ्वीमा पाइएका जीवहरूमध्ये सबभन्दा ठूलो, अनेक जाति वा भेद हुने, स्तनपायी जन्तु; सबैभन्दा ठूलो माछो; राघव ।

नेपाली बृहत् शब्दकोश

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789993 371106

नेपाल प्रज्ञा-प्रतिष्ठान

ने.प्र.प्र.